CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्युत्पत्तिमूलक

संस्कृत-नेपाली शब्दकोश

प्रा. नीलमणि ढुङ्गाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्युत्पत्तिमूलक
संस्कृत-नेपाली शब्दकोश

प्रा. नीलमणि ढुङ्गाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

T.U. Central Library of Nepal Cataloguing - in - Publication Data

व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश/नीलमणि ढुङ्गाना .–
ललितपुर : साझा प्रकाशन, २०७८ वि.
ट, १४०८ पृ. : सचित्र
ISBN 978-9937-32-399-4
१. संस्कृत-शब्दकोश-नेपाली २. नेपाली-शब्दकोश-संस्कृत
I. ढुङ्गाना, नीलमणि

491.20391495
V999 dc 23 20211117005

R.
सरस्वती नः सुभगा मयस्करत्
NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ पुस्तकालय
Acc 12240

प्रकाशक : साझा प्रकाशन
संस्करण : पहिलो, २०७८ (२१०० प्रति)
मूल्य : रु. २,८००।–
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५४२१११८
prakasan.sajha@gmail.com

Vyutpattimulak Sanskrit-Nepali Shabdakosh
By Nilmani Dhungana, 2021

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोष २६८

सरस्वती नः सुभगा मयस्करत्
NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वि.सं. २०४३
वाल्मीकि विद्यापीठ
पुस्तकालय

प्रकाशकीय

वाङ्मयको विकास र विस्तारमा निरन्तर क्रियाशील साझा प्रकाशन लेखक, साहित्यकार तथा वाङ्मयप्रेमीको धरोहर हो। नेपाली भाषाका आदिकवि, महाकवि, कविशिरोमणि, नाटचसम्राट्, इतिहासशिरोमणि, राष्ट्रकविजस्ता अनेकौं स्थापित साहित्यिक रत्नहरू जोडिएको यस संस्थाले गोरखा भाषा प्रकाशिनी समिति हुँदै नेपाली भाषा प्रकाशिनी समितिले विगतमा प्रकाशन गरेका महत्त्वपूर्ण कृतिहरूलगायत सयौं गहनतम कृतिहरूसमेत निरन्तर प्रकाशन गरिरहेको छ। लेखक, पाठक र प्रकाशकको त्रिवेणीको रूपमा सेवा प्रदान गर्ने यस संस्थाले आफूले प्रकाशन गरेका साहित्यिक कृतिहरूको बिक्रीवितरण गरी आत्मनिर्भर बन्न कठिन परिस्थिति आउँदा पनि भाषिक, साहित्यिक एवं सांस्कृतिक संरक्षणका लागि विभिन्न भाषा, साहित्य एवं संस्कृतिका कृतिहरू प्रकाशन गरेर विशेष योगदान गरिरहेको तथ्य अविस्मरणीय छ।

विश्वका संस्कृत तथा कतिपय संस्कृतेतर विश्वविद्यालयमा एक महत्त्वपूर्ण विषयका रूपमा अध्ययन अध्यापन गरिने संस्कृत भाषाप्रतिको मोह पूर्वीय जगत्मा भन्दा पाश्चात्त्य जगत्मा बढ्दै गएको छ। वेद, वेदाङ्ग, दर्शन, काव्यशास्त्र, ज्योतिषशास्त्र आदि संस्कृत वाङ्मयका विविध क्षेत्रमा पश्चिमी मुलुकका विद्वान्हरूले प्रशस्त अनुसन्धान गरी ग्रन्थहरू लेखेका छन्। उनीहरूले संस्कृत व्याकरणको अध्ययनपछि भाषाविज्ञानको क्षेत्रमा दिएको योगदान विशेष उल्लेखनीय छ।

विश्वका प्राचीन भाषामध्ये प्राचीनतम र भारोपेली परिवारको समृद्ध भाषा हो संस्कृत। यसबाट सयौं आधुनिक भाषा विकसित भएका छन्। नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान आदि क्षेत्रमा बोलिने नेपाली, मैथिली, भोजपुरी, हिन्दी आदि भाषा यसै भाषाबाट महाराष्ट्री, शौरसेनी, मागधी, अर्द्धमागधी आदि भाषा प्राकृत हुँदै अपभ्रंश भएर विकसित भएका हुन्। यी भाषामा पाइने शब्दहरू अधिकांश संस्कृत तत्सम शब्द र त्यसबाट विकसित तद्भव शब्द छन्। बढ्दो विकासको क्रममा वाङ्मयका विभिन्न क्षेत्रमा आवश्यक प्राविधिक तथा पारिभाषिक शब्दको उपयोग आधुनिक भाषाशास्त्रीहरूले संस्कृत भाषाबाटै लिएर गरेका छन् भने आवश्यकताअनुसार त्यस्ता नवीन शब्दको उद्भावन गर्दा तिनीहरूले संस्कृत भाषाकै शब्दनिर्माण प्रक्रियाको अनुसरण गर्न थालेका छन्। संस्कृत भाषाको पारिवारिक क्षेत्रभित्र नपर्ने अन्य भाषामा पनि सांस्कृतिक, सामाजिक आदि सम्पर्कले गर्दा संस्कृतका व्यावहारिक तथा पारिभाषिक शब्दहरूको प्रयोग गर्ने क्रम दिनानुदिन बढ्न थालेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत भाषामा व्युत्पत्तिलाई प्रधानता दिई रचिएका ग्रन्थहरूमा यास्कद्वारा रचित **निरुक्त**को महत्त्वपूर्ण स्थान छ । शब्दगत व्युत्पत्तिका सम्बन्धमा पाणिनिलगायत संस्कृत व्याकरणका सबै सम्प्रदायले निकै जोड दिएका छन् । **शब्दकल्पद्रुम**, **वाचस्पत्यम्** आदि संस्कृत भाषामा रचिएका व्युत्पत्तिमूलक शब्दकोश हुन् । तर साधारण पाठकका निम्ति ती ग्रन्थ त्यति बोधगम्य छैनन् । नेपाली भाषामा पनि केही संस्कृत शब्दकोश आएका छन्, तिनमा लिङ्ग निर्देश गरी सामान्य अर्थ पनि दिइएको छ तर शब्दगत व्युत्पत्ति गरिएको छैन, शब्दगत अर्थको प्रामाणिकताका लागि प्रयोगस्थलको निर्देश पनि गरिएको देखिँदैन ।

हालै साझा प्रकाशनले प्राध्यापक नीलमणि ढुङ्गानाद्वारा दशक लामो गहन अध्ययन र परिश्रमका साथ तयार पारिएको संस्कृत भाषा र वाङ्मयको जानकारी दिने उपयोगी ग्रन्थ **व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश** प्रकाशन गरेको छ । यसका विशेषताका सम्बन्धमा लेखक स्वयंले २० बुँदामा प्रकाश पारिसकेको हुँदा यस विषयमा बढी भनिरहनुपर्ला जस्तो लाग्दैन ।

छुट्टै विशेषता बोकेको तथा अत्यन्त मेहनत र सचेततासाथ तयार पारिएको यस कोशको प्रकाशनसम्बन्धी गहन अभिभारा सुम्पिएर हामीलाई अनुगृहीत तुल्याउने कोशकारप्रति सतत आभार व्यक्त गर्दछौँ । साथै संस्कृत भाषाका अध्येता, संस्कृत वाङ्मयका जिज्ञासु, अनुसन्धाता, सम्बद्ध क्षेत्रका शिक्षक, विद्यार्थीलगायत आमपाठकसमक्ष यो शब्दकोश प्रेषण गरेका छौँ ।

असोज, २०७८ **साझा प्रकाशन**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्गल, कोशको विधानविधि र प्रयोजन

डम्बरीञ्च सदा देवीं भलुवाजोरवासिनीम् ।
नीलाश्मद्युतिसंकाशं चन्द्रेश्वरमहं भजे ॥

काव्येषु शास्त्रेषु तथैव लोके प्रयुक्तशब्दानपि सङ्कलय्य ।
श्रीपाणिनिनिर्मितसूत्रशास्त्रैर्यथामति तानपि सम्परीक्ष्य ॥
अगाधपाण्डित्यजुषां बुधानां वचांसि ग्रन्थानपि संविभाव्य ।
व्युत्पत्तिदं कोशमिदं व्यधायि गीर्वाणवाणीतरणोत्सुकाय ॥

तात्पर्यार्थ

भलुवाजोर निवासिनी भगवती डम्बरी देवी (पक्षे माता) र नीलमणिको कान्तिजस्तो चहकिलो कान्ति भएका चन्द्रेश्वर वा केवलेश्वर (पक्षे पिता) लाई भज्दछु अर्थात् नमस्कार गर्दछु भन्ने वाक्यबाट नमस्कारात्मक मङ्गलाचरण गरी यस कोशग्रन्थको निर्माण प्रारम्भ भएको हो ।

यस ग्रन्थनिर्माणका क्रममा मैले संस्कृत गद्यकाव्य, पद्यकाव्य, शास्त्र र व्यवहारबाट प्रत्यक्ष रूपमा शब्द सङ्कलन गरी पाणिनि (कात्यायन र शाकटायनसमेत) द्वारा रचित सूत्र तथा अन्य सम्बद्ध विषयक ग्रन्थ र शास्त्रअनुसार आफ्नो बुद्धिले भ्याएसम्म तिनको स्वरूपगत र अर्थगत परीक्षण गरी तिनलाई प्रविष्टि तथा उपप्रविष्टिमा अकारादि वर्णानुक्रमले विन्यास गरेको छु। सन्देह भएका कतिपय स्थलमा विद्वान् गुरुहरूसित छलफल गरी प्राप्त निष्कर्षलाई अवलम्बन गरेको छु। यथासम्भव व्युत्पत्तिमूलक बनाइएको यस कोशले विशेषतः संस्कृत तथा त्यसमा निबद्ध वाङ्मयरूपी गहिरो ज्ञानगङ्गा तर्न वा त्यसमा आलोडन गर्न उत्सुक व्यक्ति, विद्यार्थी, शिक्षक तथा अनुसन्धातालाई बढी लाभ पुऱ्याउन सकेमा म आफ्नो परिश्रम सफल भएको ठान्ने थिएँ। अस्तु !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत कोश निर्माणका सन्दर्भमा

नेपाली वाङ्मयको विकासका क्रममा विभिन्न क्षेत्रमा सृजना हुँदै आएका विधाहरूमध्ये एक मानिने शब्दकोशको निर्माण परम्परा पनि निकै लामो छ। संस्कृत, हिन्दी, अङ्ग्रेजी आदि भाषामा अभिव्यक्त भाव तथा विचारलाई नेपाली भाषाको माध्यमबाट बुझ्न र बुझाउन विभिन्न कोशग्रन्थको निर्माण गरेर विद्वान्हरूले ठुलो योगदान गरेका छन् तापनि नेपाली भाषाको माध्यमबाट बुझ्नु, बुझाउनु पर्ने विषय संसारमा अझ धेरै छन्। तिनीहरूमा हाम्रो गति पर्याप्त रूपमा पुग्न सकेको छैन। उपयुक्त कोशग्रन्थ, शैक्षिक सामग्री आदिको अभावले त्यस विषयमा हामी निकै पछि परेका छौं। हाम्रो अध्ययन, अनुसन्धानको क्षेत्र ज्यादै सीमित छ। टाढाको कुरा त परै रहोस्, हाम्रो भाषा, संस्कृति तथा हाम्रा पूर्वजको देनलाई आफूले बुझ्ने र अरूलाई बुझाउने उपयुक्त सामग्रीको अभाव भएको हुँदा प्रशस्त कलाकौशलको धनी भएर पनि हाम्रो ढुकुटीमा ताल्चा लागेको छ। सभ्यता र संस्कृतिका धनी भनेर विश्वमा चिनिने नेपालीको शिर निहुरिँदै गएको छ। यस अवस्थामा अब हामीले हाम्रा सन्ततिलाई विश्वसामु शिर ठड्याएर उभिन सक्ने, सचेत र प्रबुद्ध नागरिक बनाउन नयाँनयाँ रचना एवं कोशग्रन्थको निर्माण नगरी नहुने स्थिति आएको छ।

यही भावनाबाट प्रेरित भई नेपाली भाषाको माध्यमबाट व्युत्पत्तिमूलक संस्कृत–नेपाली शब्दकोश तयार पारौं भन्ने दृष्टिकोण लिएर दश वर्षअघि नै कलम चलाउन थालेको थिएँ। सन्दर्भ सामग्री पर्याप्त नहुनु, सम्बद्ध विषयका विद्वान्हरूको अभाव हुँदै जानु, व्यावहारिक झमेला आइपर्नु आदि विविध कारणबाट यो कोश तयार हुन निकै समय लाग्यो। बिचमा धेरै विघ्न आइपरे। प्राविधिक कठिनाइ र असहयोगको वातावरणले पनि मलाई निकै सतायो तर पनि विचलित भएर काम रोकिएन। मित्रको सहयोग र समागमले गर्दा यस धर्तीको आकाशमा मडारिइरहेका विघ्नका बादलहरू क्रमशः क्षीण हुँदै गए, कोश निर्माणको कार्य अघि बढ्दै गयो र सम्पन्न भयो पनि।

संस्कृत वाङ्मयको विशालता र गहिराइलाई ध्यानमा राखेर यसलाई धेरै भागमा तयार गर्नुपर्ने थियो, प्रारम्भमा त्यस किसिमको अवधारणा नआएको पनि होइन तर कारणवश त्यस्तो हुन सकेन। जे भयो सो भयो भन्ने लोकोक्तिमा अहिले चित्त बुझाउनुपरेको छ। जनरुचि र सद्भाव तथा सुझावलाई ध्यानमा राखी यसलाई आवश्यकताअनुसार परिष्कृत र परिमार्जित तुल्याउँदै अर्को संस्करणलाई अझ नयाँ शैलीमा विभिन्न भागमा प्रस्तुत गर्ने दृढ आकाङ्क्षा रहेको कुरा विज्ञ पाठक तथा विद्वज्जनसमक्ष निवेदन गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत वाङ्मयका जिज्ञासु, अनुसन्धाता, सहजै ससूत्र संस्कृत शब्दको व्युत्पादनमा अभिरुचि राख्ने विद्यार्थी, प्राचीन विषयको बोध गर्न चाहने शिक्षक एवं छात्र–छात्रा, पुरातत्त्वसम्बन्धी अन्वेषक, धार्मिक तीर्थस्थलको सूचना प्राप्त गर्न चाहने पर्यटक, संस्कृत भाषाको प्रयोगका लागि आवश्यक शब्दभण्डार बढाउन चाहने संस्कृतानुरागी पाठक र आधुनिक भाषाको शब्दभण्डारलाई समृद्ध तुल्याउन चाहने ती ती भाषाका अध्येता, प्रयोक्ता, अनुसन्धाता तथा सम्पादकका कठिनता हटाउन यस कृतिले विशेष सहयोग पुऱ्याउनेछ भन्ने मलाई लागेको छ।

यस कोशग्रन्थको निर्माणमा निरन्तर प्रेरणा दिई शब्दको व्युत्पत्ति प्रदर्शनका क्रममा देखा परेका समस्याको समाधानका लागि ग्रन्थको अध्ययनसमेत गरेर सुझाव दिई सहयोग गर्नुहुने प्राध्यापक डा. माधवशरण उपाध्यायप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

त्यस्तै विषयगत कतिपय समस्याको समाधानको क्रममा आवश्यक जानकारी दिई सन्दर्भ सामग्रीसमेत उपलब्ध गराएर सहयोग गर्नु हुने प्रा. विद्यानाथ उपाध्याय, प्रा. डा. विष्णुप्रसाद देवकोटा, प्रा. दिनेशराज पन्त, प्रा. ध्रुवप्रसाद ज्ञवाली, प्रा. श्रीकृष्ण अधिकारी, प्रा. वासुदेव आचार्य, प्रा. डा. काशीनाथ नेउपाने, डा. आमोदवर्धन कौण्डिन्न्यायन, डा. प्रमोदवर्धन कौण्डिन्न्यायन र डा. ऋषिराम रेग्मीलाई धन्यवाद ज्ञापन गर्दछु।

यस कोशलाई यस रूपमा ल्याउन आफैँले निर्माण गरेको संस्कृतानुकूल अक्षर प्रदान गरेर सहयोग गर्ने डा. सुमोदवर्धन कौण्डिन्न्यायनप्रति हृदयतः साधुवाद व्यक्त गर्दछु।

यस कोशमा प्रयुक्त चित्रहरू अधिकांश इन्टरनेटबाट साभार गरिएका छन् भने केही चित्र अन्य ग्रन्थबाट फोटोकपीका रूपमा लिइएकाले स्रोतको पूर्ण सम्मान गर्दछु।

साझा प्रकाशनले आफ्नो उद्देश्यअनुरूप राष्ट्रिय वाङ्मयको उन्नति, विकास र विस्तारका विविध क्षेत्रमा महत्त्वपूर्ण ग्रन्थहरूको प्रकाशन कार्य गर्दै आएको छ। यस सन्दर्भमा प्रस्तुत **व्युत्पत्तिमूलक संस्कृत–नेपाली शब्दकोश** प्रकाशन गर्ने मेरो प्रस्ताव स्वीकृत गरेर काम गर्ने अवसर प्रदान गरेकोमा साझा प्रकाशनका तात्कालिक पदाधिकारी र प्रकाशनको गहन दायित्व वहन गर्ने वर्तमान पदाधिकारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्तमा यस कार्यमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सबै मित्रहरूका साथै प्रकाशनको कार्यमा सहयोग गर्ने साझा प्रकाशनका सम्बद्ध सबै कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दछु।

असोज १, २०७८

नीलमणि ढुङ्गाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस कोशका कतिपय विशेषता

१. हालसम्म नेपाली भाषामा यस किसिमको शब्दकोश प्रकाशित नभएको हुँदा यो नितान्त नौलो छ।

२. भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने विद्यार्थी, शिक्षक, सम्पादक, अनुसन्धानकर्ता तथा पाठकका समस्यालाई ध्यानमा राखी समाधान गर्ने दृष्टिकोणले यो कोशग्रन्थ तयार भएको छ।

३. बहुज्ञता व्युत्पत्ति भन्ने राजशेखरको सङ्कलनगत अभिव्यक्तिअनुसार प्रविष्टिक्रममा आएका शब्दबोध्य विषयहरूको यथासम्भव बढी सूचना दिन सकियोस् भन्ने दृष्टिकोण यस कोशमा राखिएको छ।

४. यसमा प्रयोग भएका संस्कृतका शब्दहरू संस्कृत वाङ्मयमा बढी प्रचलित छन्, केही नेपाली वाङ्मयमा पनि प्रयुक्त छन्, तिनलाई देवनागरी लिपिको परम्परागत वार्णिक प्रणालीका क्रममा सन्निवेश गरी अर्थापन गरिएको छ।

६. यसले पाणिनीय शैलीबाट ससूत्र शब्दव्युत्पादनका साथै अर्थबोधको विस्तारमा पनि निकै जोड दिएको छ। यसको उपयोग गर्ने अध्येता, छात्र, शिक्षक, अनुसन्धाताका निमित्त संस्कृत वाङ्मयमा प्रतिपादित विषयको ज्ञानका लागि यो प्रवेशद्वार हुने छ, तिनीहरूले यथेप्सित ज्ञान हासिल गर्न सक्ने छन् भन्ने लागेको छ।

७. व्युत्पत्ति दिँदा पद, त्यसपछि सानो कोष्ठमा लिङ्गनिर्देश, त्यसपछि मझौला कोष्ठमा विग्रह, समासको नाम वा प्रकृति र प्रत्यय तथा प्रत्ययविधायक सूत्रलाई इटालिक शैलीमा संस्कृत भाषामै राखिएको छ।

८. शब्दहरूको प्रयोगस्थल निर्देश गर्दा अधिकांश सूक्तिमय काव्य (पञ्चतन्त्र, हितोपदेश, कामन्दकीयनीतिसार, चाणक्यनीति, सुभाषितसुधारत्नभाण्डागार आदि) बाट सामग्री लिइएका छन् भने आंशिक रूपमा कुमारसंभव, रघुवंश, भट्टिकाव्य आदि प्रसिद्ध काव्य, मनुस्मृति, धर्मसिन्धु, रामायण, महाभारत, श्रीमद्भगवद्गीता, पुराण आदिबाट पद्य, पद्यांश र गद्यांश उद्धृत गरिएका छन्।

९. शब्दगत अर्थापनको प्रामाणिकताका लागि कोशग्रन्थको पनि व्यापक प्रयोग भएको छ।

१०. यसमा संज्ञावाचक शब्दलाई जनाउन पुं, स्त्री. नपुं. शब्दको प्रयोग भएको छ भने विशेषण जनाउन पुं. वि. को प्रयोग गरी पुलिङ्गी रूप दिइएको छ। स्त्रीलिङ्गी वा नपुंसक लिङ्गी विशेषण बनाउनुपरेमा पुलिङ्गी रूपलाई व्याकरणको नियमअनुसार सम्बद्ध लिङ्गका रूपमा बदल्नुपर्दछ।

११. अर्थअनुसार फरक पर्न गएको व्युत्पत्तिलाई अर्थभन्दा अगाडि कोष्ठभित्र समावेश गरिएको छ। कतिपय पदहरूको अर्थप्रमाणका निमित्त दिइएका संस्कृतमा निबद्ध परिभाषा, उदाहरण गाढा अक्षरमा नै यथाक्रममा समाविष्ट छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. यस कोशमा धातुका प्रतिनिधि रूप र शब्द गरी करिब ३५ हजार शब्द सङ्कलित तथा व्युत्पादित छन्।

१३. धातुको क्रममा त्यस धातुका प्रतिनिधि रूपलाई नेपाली भाषामा अर्थसमेत दिएर समावेश गरिएको छ। उपसर्गले ल्याएको धातुको अर्थगत परिवर्तनलाई पनि त्यसै क्रममा सोदाहरण सङ्केत गरिएको छ।

१४. यस कोशमा करिब २ हजारजति पारिभाषिक शब्द पनि प्रविष्टिक्रममा आएका छन्, तिनको अर्थ र विवरण दिएपछि स्रोत ग्रन्थको उल्लेख सानो कोष्ठमा गरिएको छ।

१५. प्रायः असमस्त शब्दहरूलाई प्रविष्टिमा समावेश गरिएको छ भने समस्त शब्द उपप्रविष्टिमा निहित छन्। तर कतै कतै महत्त्व दिनुपर्ने र व्यावहारिकताका हिसाबले समस्त पदलाई पनि प्रविष्टिमै समावेश गरिएको छ।

१६. यसमा ज्योतिशशास्त्रसम्बन्धी धेरै विषय समाहित भएका छन्। सचित्र वर्णित यस्ता स्थलहरूका प्रसङ्ग निकै रोचक तथा ज्ञानवर्द्धक छन्। अन्तरिक्षसम्बन्धी विषयमा रुचि लिने अध्येता वा पाठकका लागि यो विषय निकै महनीय छ।

१७. क्षीण हुँदै गएको संस्कृत व्याकरणको पठनपाठनमा पुनर्जागरण ल्याउन पनि यो कोश निकै उपयोगी हुने छ।

१८. हाम्रो जीवनशैलीमा भिजेर रहेका सांस्कृतिक पक्ष तीर्थस्थल, देवस्थल, वेद, वेदाङ्ग, उपनिषद्, रामायण, महाभारत, दर्शन, पुराण, काव्य, काव्यशास्त्र, विभिन्न सम्प्रदाय र तिनका विशेषता, वाङ्मयका विभिन्न शाखा र प्रशाखा, तिनको विकासक्रम, संस्कृत वाङ्मयका प्रतिनिधि स्रष्टा, तिनका कृति, योगशास्त्र, आयुर्वेद, कला, नीतिशास्त्रसँग सम्बद्ध विषय आदिका बारेमा प्रामाणिक जानकारी दिने हुँदा यो पृथक् कोश उपादेय छ।

१९. यस कोशमा प्रयुक्त चित्रहरू अधिकांश इन्टरनेटबाट साभार गरिएका छन् भने केही चित्र अन्य ग्रन्थबाट फोटोकपीका रूपमा लिइएका र निर्मित पनि छन्।

२०. नेपाली शब्दको वर्णविन्यासका सम्बन्धमा भने हाल प्रचलित (२०६७ मा प्रकाशित) नेपाली शब्दकोश, ने.प्र.प्र. को व्यवस्थालाई अँगालिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्केतसूची

अक.	अकर्मकः,
अदा.	अदादि,
अन.	अनद्यतनः
अनु.प्र.	अनुसन्धानप्रकाश
अभि.चि.	अभिधानचिन्तामणिः,
अभि.गु.	अभिनवगुप्तः
अभि.शा.	अभिज्ञानशाकुन्तलम्
अमर.	अमरकोषः,
अ.ज्यो	अर्वाचीनज्योतिर्विज्ञाम् ,
अ.पु.	अग्निपुराणम्
अम.श.	अमरुकशतकम्
अ.वे.	अथर्ववेदः
अव्य.	अव्ययः,
आ.त.	आह्निकतत्त्वम्
आत्म.	आत्मनेपदम्,
आ. सू.	आह्निकसूत्रावली
उ.	उणादि
उ.को.	उणादिकोषः
उप.	उपसर्गः
उपमा.त.	उपमानतत्पुरुषः
उभ.	उभयलिङ्गः
उभय.	उभयपदम्
उ.रा.च.	उत्तररामचरितम्
ऋक्प्रा.	ऋक्प्रातिशाख्यम्
ऋतु.	ऋतुसंहारः
ए.त.	एकादशीतत्त्वम्
ए.को.	एकाक्षरी कोषः
कण्ड्वा.	कण्ड्वादि
क.नै.सं.ग्र.	कतिपयनैपालसंस्कृतग्रन्थकार–परिचयः
क.स.सा.	कथासरित्सागरः
काद.	कादम्वरी
का.धे.त.	कामधेनुतन्त्रम्
का.मा.	कार्तिकमाहात्म्यम्
का.पु.	कालिकापुराणम्
का.प्र.	काव्यप्रकाश
का.मा.	काशीमाहात्म्यम्
का.मी.	काव्यमीमांसा
का.र.	काव्यरसायनम्
काशि.	काशिका
किरा.	किरातार्जुनीयमहाकाव्यम्
कुवल.	कुवलयानन्दः
कु.सं.	कुमारसम्भवमहाकाव्यम्
कृ.प्र.वि.	कृत्प्रत्ययविश्लेषण
के.ग्र.	केतकिग्रहगणितम्
के.ग्र. प. भा.	केतकिग्रहगणितपरिमलभाष्यम्
कौ.अ.	कौटिल्यार्थशास्त्रम्
क्र्या.	क्र्यादि
ग.पु.	गरुडपुराणम्
ग.सू.	गणसूत्रम्
गवे.सू.	गवेषणासूची
गी.गो.	गीतगोविन्दम्
गो.प्र.	गोलप्रकाशः
गौ.त.	गौतमीयतन्त्रम्
घे.सं.	घेरण्यसंहिता
च.चि.	चतुर्वर्गचिन्तामणिः
च.त.	चतुर्थी तत्पुरुषसमासः
चन्द्रा.	चन्द्रालोकः
च.भा.	चम्पूभारतम्
चरक.	चरकसंहिता
च.रा.	चम्पूरामायणम्
चा.नी.	चाणक्यनीतिः
चुरा.	चुरादि
छन्दो.	छन्दोमञ्जरी
जातक.	जातकार्णवः
जुहो.	जुहोत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जैमिनि.	जैमिनिभारतम्	पा.शि.	पाणिनीयशिक्षा
ज.सं.	जयतु संस्कृतम्	पा.सू.व्या.	पाणिनीयसूत्रव्याख्या
ज्यो.त.	ज्योतिस्तत्त्वम्	पुं.	पुलिङ्गः
तना.	तनादि	पुं.वि.	पुंलिङ्गःविशेषणम्
त.प्र.नि.	तद्धितप्रत्ययनिरूपण	पुरा.	पुराणम्
त.वि.	तर्पणविधिः	पु.च.	पुरश्चर्यार्णवः
त.सं.	तर्कसङ्ग्रहः	पौ.को.	पौराणिककोशः
त.स.	तत्पुरुषसमासः	प्रा.त.	प्रायश्चित्ततत्त्वम्
त.सा.	तन्त्रसारः	प्रा.स.	प्रादिसमासः
तुदा.	तुदादि	ब.भै.स्तो.	बटुकभैरवस्तोत्रम्
ति.त.	तिथ्यादितत्वम्	ब्र. ज्यो. र.	ब्रह्माण्ड औ ज्योतिषका रहस्य
तृ.त	तृतीयातत्पुरुषः	ब्र.वै.पु.	ब्रह्मवैवर्तपुराणम्
तै.आ.भा.	तैत्तरीय आरण्यक भाष्य	ब्र.सं.	ब्रह्मसंहिता
त्रिकाण्ड.	त्रिकाण्डशेषः	ब्र.पु.	ब्रह्मपुराणम्
द.कु.	दशकुमारचरितम्	ब्रह्मा.पु.	ब्रह्माण्डपुराणम्
द.रू.	दशरूपकम्	बृ.ज्यो.सा.	बृहज्ज्योतिस्सारः
दिवा.	दिवादि	बृ.धा.कु.	बृहद्धातुकुसुमाकरः
दे.पु.	देवीपुराणम्	बौ.स्मृ.	बौधायनस्मृतिः
दे.भा.	देवीभागवतम्	बहु.स.	बहुव्रीहिसमासः
द्वि.क.	द्विकर्मकः	बृ.स्मृ.	बृहस्पतिस्मृतिः
ध.ना.मा.	धनञ्जयनाममाला	भ.गी.	भगवद्गीता
धरणि.	धरणिकोशः	भ.गी.टी.	भगवद्गीता टीका
ध.सि.	धर्मसिन्धुः	भट्टि.	भट्टिकाव्यम्
धा.	धातुः	भर्तृ.	भर्तृहरिः
ध्वन्या.	ध्वन्यालोकः	भ.पु.	भविष्यपुराणम्
न.त.	नञ्तत्पुरुषः	भाग.	भागवतम्
न.च.	नलचम्पूः	भाग.मा.	भागवतमाहात्म्यम्
नपुं.	नपुंसकलिङ्गम्	भा.च.	भारतचम्पूः
न. बहु.	नञ् बहुव्रीहिः	भा.प.	भाषापरिच्छेदः
ना.धा.	नामधातुः	भा.प्र.	भावप्रकाशः
ना.शा.	नाट्यशास्त्रम्	भा.प्र.नि.	भावप्रकाशनिघण्टुः
नि.सि.	निर्णयसिन्धुः	भ्वा.	भ्वादि
नी.श.	नीतिशतकम्	मङ्खक.	मङ्खककोशः
नी.श्लो.	नीतिश्लोकः	म.त.	मलमासतत्त्वम्
नैष.	नैषधीयचरितमहाकाव्यम्	म.पु.	मत्स्यपुराणम्
नै.सि.	नैष्कर्म्यसिद्धि ः	म.प.स.	मध्यमपदलोपी समासः
न्या.सू.	न्यायसूत्रम्	म.ना.	महानाटकम्
पञ्चत.	पञ्चतन्त्रम्	म.नि.त.	महानिर्वाणतन्त्रम्
प.त.	पञ्चमीतत्पुरुषः	मनु.	मनुस्मृतिः
पर.	परस्मैपदम्	म.पु.	मत्स्यपुराणम्
पा.गृ.सू.	पारस्करगृह्यसूत्रम्	म.भा.	महाभारतम्
पा.यो.सू.	पातञ्जलयोगसूत्रम्	म.वी.च.	महावीरचरितम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभा./म.भाष्य	महाभाष्यम्	वै.श.	वैराग्यशतकम्
मा.पु.	मार्कण्डेयपुराणम्	वै.सुभा.	वैद्यकीयसुभाषितसाहित्यम्
मु.चि.	मुहूर्तचिन्तामणिः	श.क.द्रु.	शब्दकल्पद्रुमः
मुण्ड.	मुण्डकोपनिषद्	शत.ब्रा.	शतपथब्राह्मणम्
मुद्रा.	मुद्राराक्षसः	शब्दच.	शब्दचन्द्रिका
मु.प्र.	मुद्राप्रकाशः	श.र.	शब्दरत्नावली
मु.बो.	मुग्धबोधः	शब्दा.	शब्दार्णवः
मु.रा.	मुद्राराक्षसम्	शब्दार्थ.	शब्दार्थचिन्तामणिः
मृच्छ.	मृच्छकटिकम्	शा.प.	शार्ङ्गधरपद्धतिः
मेदिनी.	मेदिनीकोषः	शा.पू.प.	शारदीयपूजापद्धतिः
मे.दू.	मेघदूतम्	शा.ध.	शार्ङ्गधरः
या.व.	याज्ञवल्क्यस्मृतिः	शि.व.	शिशुपालवधमहाकाव्यम्
यो.सू.	योगसूत्रम्	शि.पु.	शिवपुराणम्
रघु.	रघुवंशः	शु.स्मृ.	शुक्रस्मृतिः
र.ग.	रसगङ्गाधरः	शु.त.	शुद्धितत्त्वम्
रभस.	रभसकोशः	शृ.ति.	शृङ्गारतिलकम्
र.म.	रतिमञ्जरी	शृ.श.	शृङ्गारशतकम्
रत्न.	रत्नकोषः	श्रा.त.	श्राद्धतत्त्वम्
रा.त.	राजतरङ्गिणी	श्रा.मञ्जरी	श्राद्धमञ्जरी
रा.नि.	राजनिघण्टः	श्रा.म.	श्राद्धमयूखः
रा.टी.	रामाश्रमी टीका	सं.त.	सङ्गमतन्त्रम्
रामा.	रामायणम् (वाल्मीकि)	सं.दी.	संस्कारदीपकः
रुद्र.	रुद्रकोशः	सं.भा.वि.	संस्कृतभाषाविज्ञानम्
रुधा.	रुधादि	सं.वा.इ.	संस्कृत वाङ्मयका इतिहास
रे.ग.	रेखागणितम्	सं.सा.	संस्कृतसाहित्येतिहासः
लि.पु.	लिङ्गपुराणम्	सं.सा.इ.	संस्कृत साहित्यका इतिहास
लीला.	लीलावती	सं.सा.को.	सस्कृत साहित्य कोश
व.कृ.दी.	वर्षकृत्यदीपकः	सक.	सकर्मकः
व.पु.	वराहपुराणम्	स.दा.	सङ्गीतदामोदरः
वा.	वार्तिकम्	स.श.	सप्तशती
वा.प्र.	वार्तिकप्रकाशः	सा.त.कौ.	साङ्ख्यतत्त्वकौमुदी
वाम.पु.	वामनपुराणम्	सा.द.	साहित्यदर्पणः
वा.पु.	वायुपुराणम्	सा.प्र.	साहित्यप्रदीप
वाङ्म.	वाङ्मयार्णवः	सि.कौ.	सिद्धान्तकौमुदी
वि.ध.पु.	विष्णुधर्मोत्तरपुराणम्	सि.द.	सिद्धान्तदर्पणः
वि.पु.	विष्णुपुराणम्	सु.ज्यौ.	सुगमज्यौतिषम्
वि.प्र.	विश्वप्रकाशः	सुभा.	सुभाषितसुधारत्नभाण्डागारः
विश्व.	विश्वकोषः	स्त्री.	स्त्रीलिङ्ग
वि.स्मृ.	विदुरस्मृतिः	स्मृति.	स्मृतितन्त्रम्
वृ.चा.श.	वृद्धचाणक्यशतकम्	हला.	हलायुधकोशः
वृ.मा.	वृन्दमाधव	हि.सा.को.	हिन्दी साहित्य कोश
वृ.र.	वृत्तरत्नाकरः	हितो.	हितोपदेशः
वे.सं.	वेणीसंहारनाटकम्	हेम.	हेमचन्द्रः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अ

अ-देवनागरी लिपिको प्रथम अक्षर, भाषाविज्ञानअनुसार खण्डीय वर्ण, स्वरको प्रथम वर्ण, पश्च, निम्न, अगोलित र शिथिल स्वर । प्रथमतः अ ह्रस्व उदात्त, ह्रस्व अनुदात्त, ह्रस्व स्वरित, दीर्घ उदात्त, दीर्घ अनुदात्त, दीर्घ स्वरित, प्लुत उदात्त, प्लुत अनुदात्त, प्लुत स्वरित गरी ९ किसिमको हुन्छ। प्रत्येकको अनुनासिक र अननुनासिकका भेदले यो अठार किसिमको हुन्छ। आभ्यन्तर प्रयत्नमा यो विवृत हो भने बाह्य प्रयत्नमा उदात्त, अनुदात्त र स्वरित हो । **विवृतं स्वराणाम्** (सि.कौ.) भाषाविज्ञानअनुसार अका अनेक संवर्ण हुन्छन् । **अ** असंवर्णको जातीय वर्ण ।

अ (अव्य.) १.सादृश्य— **अब्राह्मणः—** यज्ञोपवीतधारण, सन्ध्यावन्दन आदि क्रिया गर्ने हुँदा ब्राह्मणजस्तो ब्राह्मणेतर व्यक्ति २.अभाव— **अज्ञानम्—** ज्ञानको अभाव ३.भिन्नता— **अपटः—** पटभिन्न वस्तु ४.अल्पता— **अनुदरा कन्या**— पातलो कम्मर भएकी केटी। ५.अप्राशस्त्य— **अकार्यम्—** गर्नु नहुने कार्य ६.विरोध— **अधर्मः** [*विरुद्धो धर्मो यस्य सः*] धर्मविरोधी परापकारी। यो नाम, विशेषण र अव्यय पदसित समास हुँदा नञ्को **न**को लोप भएर बाँकी रहने अंश हो। यो व्यञ्जन वर्णको अगाडि आउँदा **अ** र स्वरवर्णको अगाडि आउँदा **अन्** हुन्छ अर्थात् नञ्समासमा **नञ्** २.२.६ ले नञ्समास भएपछि नलोपो नञः ६.३.७३ ले **न** लोप हुन्छ र स्वरवर्ण पर भएमा **तस्मान्नुडचि** ६.३.७४ ले नुडागम हुन्छ। जस्तै— न ज्ञानम्=**अज्ञानम्**, न अश्वः=**अनश्वः** ७.अनुकम्पा (मेदिनी.)।

तत्सादृश्यमभावश्च तदन्यत्वं तदल्पता।
अप्राशस्त्यं विरोधश्च नञर्थाः षट् प्रकीर्तिताः॥ (भर्तृ.)

अः (पुं.) [*अवति-रक्षति, अव रक्षणे इति धातोः, अतति सर्वं व्याप्नोति, अत सातत्यगमने इति धातोर्वा अन्येष्वपि दृश्यते ३.२.१०१ इत्यत्र अपिशब्दोपादानाद् डः, डित्त्वसामर्थ्याट्टिलोपः*] १.वासुदेव। **अकारो वासुदेवः स्यात्** (ए.को.) २.महेश्वर। **अः स्याच्चैव महेश्वरः** (ए.को.) ३.ब्रह्म।

अकारो विष्णुरुद्दिष्ट उकारस्तु महेश्वरः।
मकार उच्यते ब्रह्मा प्रणवे तु त्रयो मताः॥ (दुर्गादास)

४.तन्त्रका मतमा सोह्रौं स्वर/अःकार।

अऋणी (पुं.वि.) [*ऋणमस्यास्तीति ऋणी, अत इनिठनौ ५.२.११५ इति इनिः,न ऋणी, न.त.*] ऋण नभएको। यहाँ **ऋ** हल्वर्ण मानिएको छ, अच् मान्दा **अनृणी** हुन्छ। यो नञ् नभएर निपातन भएकाले सन्धि नभएको हो भन्ने कतिपय विद्वान्को धारणा छ।

अं [*अकारोऽत्र उच्चारणार्थः*] तन्त्रको मतमा पन्ध्रौं स्वर/अंकार। पाणिनि, पतञ्जलि आदि वैयाकरणको मतमा अनुस्वार नामक अयोगवाह। हे. **अयोगवाहः** ।

अंश (धा.) [*चुरा. विभाजने, अंशकरणे (कविकल्पद्रुम) सक., सेट् उभय.*] भागबन्डा लगाउनु, अंश लगाउनु। लट्— **अंशयति-ते—** अंश लगाउँछ। **अंशयति अंशापयति वा धनं वणिक्।** (दुर्गादास) लिट्— **अंशयाञ्चकार-चक्रे—** अंश लगाएछ। (अन.)। लुट्— **अंशयिता**— अंश लगाउने छ। (अन.)। लृट्— **अंशयिष्यति-ते—** अंश लगाउने छ। लोट्— **अंशयतु, अंशयताम्—** अंश लगाओस्। लङ्—**आंशयत्-त**— अंश लगायो (अन.)। विधिलिङ्— **अंशयेत्-त**—अंश लगाउला, अंश लगाओस्। आशीर्लिङ्—**अंश्यात्, अंशयिषीष्ट**— अंश लगाओस्। लुङ्— **आंशीत्—** अंश लगायो। लृङ्— **आंशयिष्यत्-त**— अंश लगाउने थियो इत्यादि।

अंशः (पुं.) [*अंश्यते इति अंश विभाजने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.भागबन्डा २.कुनै देवता वा देवीको अवतार ३.भाज्यांश ४.वृत्तको ३६० खण्डको एक खण्ड ५.मेष, वृष आदि राशिका भोग्य कालको तिस भागको एक भाग ६.चन्द्रमाको सोह्र खण्डमध्ये एक खण्ड ७.एक यदुवंशी राजा ८.बाह्र सूर्यमध्येका एक सूर्य। **अंशो विभाजने प्रोक्त एकदेशस्य वस्तुनः** (हेम.)।

अंशकः (पुं.वि.) १.[*अंशं हरति, अंशं हारी ५.२.६९ इति कन्*] भाग लिने/अंशियार । **अंशको दायादः** (सि.कौ.) २.(पु.) [*स्वल्पः अंशः, अल्पे ५.३.८५ इति कन्*] सानो अंश। **अंशकं देहि मे पुण्यं दीनोद्धारक हे विभो** (पुरा.)।

अंशकम् (नपुं.) [*अंशेन सूर्येण काशते प्रकाशते, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, डित्त्वाट्टिलोपः*] दिन।

अंशकरणम् (नपुं.) [*अंशस्य करणम्, ष.त.*] अंश लगाउने काम।

अंशकला (स्त्री.) [*अंशस्य कला, ष.त.*] १.अंशको साठी भागको एक भाग २.अंशको पनि अंश। **एते चांशकला पुंसः कृष्णस्तु भगवान् स्वयम्** (भाग.१.३.२८)।

अंशतः (अव्य.) [*अंशे इति, तसिप्रकरणे आद्यादिभ्य उपसङ्ख्यानम् (वा.) ५.४.४४ इति सप्तम्यर्थे तसिः*] केही अंशमा/आंशिक रूपमा।

अंशनम् (नपुं.) [*अंश विभाजने इति धातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बाँड्ने काम।

अंशपत्रम् (नपुं.) [*अंशस्य पत्रम्, ष.त.*] अंश छुट्याइएको व्यहोरा भएको कागज।

अंशभाक् (पुं.वि.) [*अंशं भजते इति, भजो ण्विः ३.२.६२ इति ण्विप्रत्ययः, सर्वापाहारिलोपः, अत उपधायाः ७.२.११६ इति वृद्धिः, चोःकुः ८.२.३० इति कुत्वम्*] अंश लिने व्यक्ति/अंशियार।

अंशयिता (पुं.वि.) [*अंशयतीति, अंश विभाजने इति धातोर्णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, आर्धधातुकस्येड् वलादेः ७.२.३५ इति इडागमः, गुणायादेशौ*] १.भाग लगाउने २.अंशियार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंशलः (पुं.वि.) [*अंशं लाति गृह्णाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] अंश वा भाग लिने व्यक्ति।

अंशहरः (पु.वि.) [*अंशं हरति, हृञ् हरणे इति धातोः, हरतेरनुद्यमनेऽच् ३.२.९ इत्यच्*] अंशको भागी/अंशियार।

अंशांशः (पुं.) [*अंशस्य अंशः, ष.त.*] १.अंशको पनि अंश २.अंशावतार

एतन्नानावताराणां निधानं बीजमव्ययम्।
यस्यांशांशेन सृज्यन्ते देवतिर्यङ्नरादयः॥ (भाग.१.३.५)

अंशावतरणम् (नपुं.) [*अंशस्य अंशानां वा अवतरणम्, ष.त.*] १.भगवान्‌को अंश लिएर पृथ्वीमा जन्म लिनु २.महाभारत आदि पर्वको सत्साठियौँ अध्याय।

अंशावतारः (पुं.) [*अंशस्य अवतारः, ष त.,अंशरूपो वा अवतारः, म.प.स.*] परमात्माको केही अंशको मात्र अवतार, जस्तै— परशुराम, वेदव्यास, दत्तात्रेय, लक्ष्मी, सरस्वती आदि।

अंशी (पुं.वि.) [*अंशोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.हिस्सा लिने अधिकार भएको व्यक्ति/अंशको अधिकारी।

विभागश्चेत् पिता कुर्यात् स्वेच्छया विभजेत् सुतान्।
ज्येष्ठं वा श्रेष्ठभागेन सर्वे वा स्युः समांशिनः॥ (या.व.)

२.अंशावतार जस्तै— परशुराम।

अंशुः (पुं.) [*अंशयति, विभजते इति अंश विभाजने इति धातोः, मृगय्वादयश्च (उ) १.३९ इति बाहुलकात् कुः*] १.किरण २.सूक्ष्म अंश ३.मार्ग महिनाका सूर्य ४.चैत्र मासका आदित्य ५.मसिनो धागो ६.हरित गणका दश देवतामध्ये एक ७.पुरुमित्रका एक पुत्र, ८.श्रीकृष्णका बालसखा। **अंशुः सूत्रादिसूक्ष्मांशे किरणे चण्डदीधितौ** (मेदिनी.) **अंशुर्लेशे रवौ रश्मौ** (विश्व.) ९.ऋषिविशेष १०.सोमलताको अवयव ११.लहराको कुनै पनि भाग १२.लुगा १३.गति १४.वेग। **~जालम्** (नपुं.) [*अंशूनां जालम्, ष.त.*] किरणको समूह। **~धरः** (पुं.) [*धरतीति, धृञ् धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अंशूनां धरः, ष.त.*] सूर्य। **~पट्टम्** (नपुं.) [*अंशूनां पट्टम्, ष.त.*] रेसमी वस्त्र। **~पतिः** (पुं.) [*अंशूनां पतिः, ष.त.*] सूर्य। **~माली** (पुं.) १.[*अंशूनां माला, ष.त., सा अस्त्यस्य, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] सूर्य २.भरतका एक शिष्य। **~हस्तः** (पुं.) [*अंशवो हस्ता इव यस्य सः, बहु.स.*] सूर्य। **मित्रो ध्वान्तारातिरब्जांशुहस्तश्चक्राब्जाहर्बान्धवः सप्तसप्तिः** (अभि.चि.)।

अंशुकम् (नपुं.) [*अंशुभिः काशते इति काशृ दीप्तौ इति धातोः अन्येष्वपि दृश्यते ३.२.१०१ इत्यत्र अपिशब्दोपादानाद् डः, टिलोपः*] १.कपडा। **अंशुकं वस्त्रमम्बरम्** (अभि.चि.)। २.रेसमी कपडा ३.ओढ्ने ४.धोती/अधोवस्त्र ५.सूर्यको किरण ६.तेजपात ७.धमिलो प्रकाश। **यत्रांशुकाक्षेपविलज्जितानाम्** (कु.सं.) **अंशुकं श्लक्ष्णवस्त्रे स्याद्वस्त्रमात्रोत्तरीययोः** (मेदिनी.)।

अंशुमत् (नपुं.वि.) [*अंशवः सन्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] किरण वा तेज भएको।

अंशुमती (स्त्री.) [*प्रशस्ता अंशवः सन्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, उगितश्च ४.१.६ इति ङीप्*] १.सालपर्णी/साखिनो २.वनगहते ३.किरण भएको वस्तु। **अंशुमान् भास्करे सालपर्ण्यामंशुमती स्मृता** (मेदिनी.)। ४.ऋग्वेदमा वर्णित एक नदी ५.सुव्रत मुनिकी छोरी ६.[*अंशुमत्याः पुष्पं मूलं वा, अनुदात्तादेश्च ४.३.१४० इत्यञ्, पुष्पमूलेषु बहुलम् (वा) ४.३.१६६ इति अञो लुप्*] सालपर्णीको फूल अथवा जरा।

अंशुमत्फला (स्त्री.) [*अंशुमन्ति सूक्ष्मावयववन्ति फलान्यस्याः, यद्वा अंशुमानिव फलान्यस्याः, टाप् ४.१.४*] केरा। **कदली वारणवुसा रम्भा मोचांशुमत्फला** (अमर.)।

अंशुमान् (पुं.) [*अंशवः सन्त्यस्य, अंशुशब्दात् तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] १.सूर्य। **बालखिल्यैरिवांशुमान्** (रघु.१५.१०) २.सूर्यवंशी राजा सगरका नाति, असमञ्जसका छोरा। **असमञ्जादथांशुमान्** (रामा.बालकाण्ड) ३.सोमलताको एक अवयव ४.एक आदित्य ५.पञ्चजनका एक पुत्र ६.कौशिकका पुत्र ७.विश्वव्यापी प्रकाश,परमात्मा ८.(पुं.वि.) प्रकाशयुक्त।

अंशुलः (पुं.वि.) १.[*अंशुं प्रभां लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३० इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] चम्किलो २.(पुं.) [*अंशुं विद्याज्योतिः लाति गृह्णाति, पूर्ववत्*] चाणक्य ३.विद्वान् व्यक्ति।

अंशुहस्तः (पुं.) [*अंशव एव हस्ता यस्य सः, बहु.स.*] सूर्य।

अंशूदकम् (नपुं.) [*अंशुप्रधानमुदकम्, म.प.स.*] रातमा बाहिर राखेको चिसो पानी।

अंस (धा.) [*समभिधाते, चुरा.सक.सेट्, उभ.*] हिर्काउनु, आघात पार्नु। लट्— **अंसयति-ते—** हिर्काउँछ, आघात पार्छ। लिट्— **अंसयाञ्चकार-चक्रे—** हिर्काएछ, आघात पारेछ (अन.)। लुट्— **अंसयिता**—हिर्काउने छ, आघात पार्ने छ। (अन.)। लृट्— **अंसयिष्यति-ते—** हिर्काउने छ, आघात पार्ने छ। लोट्— **अंसयतु-ताम्—** हिर्काओस्, आघात पारोस्। लङ्— **आंसयत्-त—** हिर्कायो, आघात पार्‍यो (अन.)। विधिलिङ्— **अंसयेत्-त—** हिर्काउला, आघात पार्ला, हिर्काओस्, आघात पारोस्। आशीर्लिङ्— **अंस्यात्-अंसयिषीष्ट—** हिर्काओस्, आघात पारोस्। लुङ्— **आंसीत्-त—** हिर्कायो, आघात पार्‍यो। लृङ्— **आंसयिष्यत्-त—** हिर्काउने थियो, आघात पार्ने थियो इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंसः (पुं.) [*अंस्यते समाहन्यते भारादिना, अंस समभिघाते इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ् यद्वा अमति अम्यते वा, अम गतौ इति धातोः, अमेः सन् (उ.) ७०९ इति सन्*] १.काँध। **अंसो भुजशिरः स्कन्धः** (अभि.चि.) २.विभाग ३.भागबन्डा। **अंसः स्कन्धे विभागे स्यात्** (हेम.)। **~भारः** (पुं.) [*अंसस्य भारः, ष.त.*] जुवा। **~विवर्ती** (पुं.वि.) [*अंसं विवर्तते, तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] काँधतिर मोडिएको।

अंसकूटः (पुं./नपुं.) [*अंसस्य कूट इव, त.स.*] जुरो। **अंसकूटन्तु ककुदम्** (अभि.चि.)।

अंसत्रम् (नपुं.) [*अंसं त्रायते, अंसपूर्वकात् त्रैङ् पालने इति धातोः, आदेच उपदेशेऽशिति ६.१.४५ इत्यात्वम्, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] काँध बचाउन लगाइने कवच।

अंसद्वयसम् (नपुं.) [*अंसौ प्रमाणमस्य, प्रमाणे द्वयसज्दध्नञ्मात्रचः ५.२.३७ इति द्वयसच्*] काँधसम्मको। **तत्पूर्वमंशद्वयसं द्विपाधिपाः क्षणं सहेलाः परितो जगाहिरे** (शि.व.)।

अंसमात्रम् (नपुं.) [*अंसौ प्रमाणमस्य, प्रमाणे द्वयसज्दध्नञ्मात्रचः ५.२.३७ इति मात्रच्*] काँधसम्म/काँध बराबरको। **तिष्ठन्तं पयसि पुमांसमंसमात्रे तद्दघ्नं तदवयती किलात्मनोऽपि** (शि.व.)।

अंसलः (पुं.वि.) [*प्रशस्तोंऽशः स्कन्धोऽस्त्यस्य, वत्सांसाभ्यां कामबले ५.२.९८ इति लच्*] १.बलियो काँध भएको २.बलियो ३.मोटो। **बलवान् मांसलोंऽसलः** (अमर.)।

अंहः (नपुं.) [*अमन्ति गच्छन्त्यनेनाधस्ताद् जनाः, यद्वा अमन्ति प्राप्नुवन्ति दुःखमनेन तत्, अमति गच्छति प्रायश्चित्तादिना वा, अम गत्यादौ इति धातोः, अमेर्हुक्च (उ) ६६२ इति असुन्, हुगागमश्च*] १.पाप/कुकृत्य। **कलुषं वृजिनैनोऽघमंहो दुरितदुष्कृतम्** (अमर.) २.दुःख ३.विघ्न ४.स्वधर्मत्याग।

अंहतिः (स्त्री.) [*हन्ति दुरितमनया, हन हिंसागत्योः इति धातोः, हन्तेरंह च (उ.) ५११ इति अतिप्रत्ययः, हन्धातोरंहादेशश्च, बह्वादिभ्यश्च ४.१.४५ इति ङीषि अंहतीत्यपि*] १.दान (अमर.) २.त्याग ३.रोग, व्याकुलता। **अंहतिस्त्यागे रोगेऽप्युभे स्त्रियौ** (मेदिनी.)।

अंह्रिः (पुं.) [*अंहते गच्छति, अहि गतौ इति धातोः वङ्क्र्यादयश्च (उ) ५१५ इति क्रिन्नन्तो निपातः*] १.वृक्षको फेद २.चरण। **अंह्रिः पादश्चरणः** (हला.) ३.चारको सङ्ख्या।

अंह्रिपः (पुं.) [*अंह्रिभिः पिबति, पा पाने इति धातोः, सुपि स्थः ३.२.४ इत्यत्र सुपीति योगविभागात् कः, आलोपः ६.४.६४*] वृक्ष। **तरुवसू पर्णी पुलाक्यंह्रिपः** (अभि.चि.)।

अंह्रिस्कन्धः (पुं.) [*अंह्रेः स्कन्ध इव*] गोलीगाँठो। **अंह्रिस्कन्धः कूर्चशिरः समे** (अभि.चि.)।

अक (धा.) [*कुटिलायां गतौ, भ्वा.अक.सेट्, पर.*]– टेढो हिँड्नु। लट्–**अकति**–टेढो हिँड्छ। **अकति अकयति वा सर्पः** (दुर्गादास) लिट्– **आक**– टेढो हिँडेछ (अन.)। लुट्– **अकिता**– टेढो हिँड्ने छ (अन.)। लृट्– **अकिष्यति**– टेढो हिँड्ने छ। लोट्– **अकतु**– टेढो हिँडोस्। लङ्– **आकत्**– टेढो हिँड्यो (अन.)। विधिलिङ्– **अकेत्**– टेढो हिँड्ला, टेढो हिँडोस्। आशीर्लिङ्– **अक्यात्**– टेढो हिँडोस्। लुङ्– **आकीत्**– टेढो हिँड्यो। लृङ्– **आकिष्यत्**– टेढो हिँड्ने थियो इत्यादि। **अकति सर्पः** (दुर्गादास)।

अकचः (पुं.वि.) [*अविद्यमानाः कचाः (केशाः) यस्य सः, बहु. स.*] १.केश नभएको २.(पुं.) केतुग्रह।

गुदे पीडनं वाहनैर्द्रव्यलाभो
ऽकचे कीटगे कन्यगे युग्मगे वा।
भवेच्छिद्रगे राहुछाया यदा स्या
दजे गोऽलिगे जायते चातिलाभः ॥ (सु.ज्यो.)

अकण्टकः (पुं.वि.) [*अविद्यमानं कण्टकं यस्य सः, बहु.स.*] १.काँडो नभएको २.दुःखरहित ३.बाधक नभएको ४ शत्रु नभएको।

विषं भुङ्क्ष्व महाराज स्वजनैः परिवारितः।
विना केन विना नाभ्यां कृष्णाजिनमकण्टकम् ॥ (सुभा.)

अकथनीयः (पुं.वि.) [*कथयितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्, न कथनीयः, न.त.*] १.भन्न अयोग्य/भन्न लायक नभएको/भन्न नसकिने २.अतिशयोक्तिपूर्ण।

अकथ्यः (पुं.वि.) [*कथनार्हः, अर्हे कृत्यतृचश्च ३.३.१६ इति यत्, न कथ्यः, न.त.*] १.भन्नु नहुने/अवाच्य २.[*कथ्याद् भिन्नः*] लेख्य ३.अतिशयोक्तिपूर्ण।

अकनिष्ठः (पुं.वि.) [*अतिशयेन युवाऽल्पो वा, अतिशायने तमबिष्ठनौ ५.३.६४ इति इष्ठन्, युवाल्पयोः कनन्यतरस्याम् ५.३.६४ इति युवन्शब्दस्याल्पशब्दस्य वा स्थाने कनादेशः, न कनिष्ठः, न.त.*] १.कान्छो नभएको/जेठो, माहिलो आदि २.(पुं.) [*अके दुःखे निष्ठा यस्य सः, बहु.स.*] बुद्ध।

अकनीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन युवा अल्पो वा, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, युवाल्पयोः कनन्यतरस्याम् ५.३.६४ इति युवन्शब्दस्याल्पशब्दस्य वा स्थाने कनादेशः, न कनीयान्, न.त.*] दुईमध्येको जेठो।

अकन्या (स्त्री.) [*न कन्या, न.त.*] कुमारीभिन्न/विवाहित।

अकम् (नपुं.) [*न कम्, न.त., नलोपो नञः ६.३.७३ इति नलोपः*] १.सुखको अभाव/दुःख। **कं सुखं परिकीर्तितम्।** (ए.को) २.पाप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकम्पनः (पुं.वि.) [*न कम्पनः, न.त.*] १.नकाँप्ने/नहल्लने २.जस्तै आपत् आइपरे पनि धैर्य धारण गर्ने ३.शत्रुदेखि नडग्ने ४.(पुं.) रावणको एक सेनापति। लङ्काको युद्धमा हनुमान्ले यसलाई मारेका थिए। यसका बाबुको नाम सुमाली र आमाको नाम केतुमाली थियो। रावणकी आमा केकसी यसकी एउटी बहिनी थिई भने अर्की बहिनीको नाम कुम्भीनसी थियो। (रामा.) ५.एक प्राचीन राजा (म.भा.)।

अकम्पितः (पुं.वि.) [*न कम्पितः,न.त.*] १.नकाँपेको/नहल्लिएको। **असन्दिग्धान् स्वरान् ब्रूयादविकृष्यनकम्पितान्।** (ऋ.प्रा.) २.(पुं.) बौद्ध गणका अधिपति। **व्यक्तः सुधर्मा मण्डितमौर्यपुत्रो ह्यकम्पितः** (अभि.चि.)।

अकरः (पुं.वि.) [*अविद्यमानौ करौ हस्तौ यस्य सः, बहु.स.*] १.हात नभएको २.निकम्मा ३.[*अविद्यमानः करो राज्यदेयद्रव्यं यस्य सः, बहु.स.*] कर नलागेको ४.[*अविद्यमानाः कराः किरणा यस्य सः, बहु.स.*] किरणरहित। **अकरो हन्त सूर्योऽपि भ्रश्यतीति न संशयः** (प.त.)।

अकरणम् (नपुं.) [*डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः, रपरत्वम्, न करणम्, न.त.*] १.काम नगर्नु २.क्रियाको उल्टो/निषेधार्थ ३.[*क्रियतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः ७.१.१ करणस्य अभावः, न.त.*] इन्द्रियले रहित हुनु।

अकरणिः (स्त्री.) [*अकरणम्, डुकृञ् करणे इति धातोः, आक्रोशे नञ्यनिः ३.३.११२ इत्यनिः, गुणः, रपरत्वम्, न करणिः, न.त.*] १.असफलता २.प्रायः सराप्ता प्रयोग हुने शब्द/गाली। **अकरणिरित्यादयः शापे** (अमर.) ३.आक्रोश।

अकरणीयः (पुं.वि.) [*कर्तुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्, न करणीयः, न.त.*] गर्नु नहुने/अकर्तव्य।

अकरुणः (पुं.वि.) [*अविद्यमाना करुणा यस्य सः,बहु.स.*] दया नभएको/कृपाशून्य/निर्दय। **रघोर्वंशे कुत्सामकरुण समुत्सारयति कः** (म.ना.)।

अकर्कशः (पुं.वि.) [*न कर्कशः,न.त.*] १.कोमल, मुलायम २.श्रुतिमधुर ३.कठोर वर्णको प्रयोग नभएको। **कोमलः पुनः। मृदुलो मृदुसोमालसुकुमारा अकर्कशः॥** (अभि.चि.)

अकर्णः (पुं.वि.) [*अविद्यमानौ कर्णौ यस्य सः,बहु.स.*] १.कान नभएको २.कान नसुन्ने। **अकर्ण एडो बधिरः** (अभि.चि.)।

अकर्णः (पुं.) [*अविद्यमानः कर्णः पृथक् श्रोत्रेन्द्रियो यस्य, तस्य चक्षुःश्रवत्वात्*] सर्प।

अकर्तनम् (नपुं.) [*न कर्तनम् न.त.*] नकाट्नु।

अकर्तव्यः (पुं.वि.) १.[*कर्तुं योग्यः, डुकृञ् करणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्, न कर्तव्यः, न.त.*] नैतिक मर्यादा वा सीमाले गर्न नसुहाउने।

अकर्तव्यम् (नपुं.) [*न कर्तव्यम्, न.त.*] नराम्रो काम/आपराधिक क्रियाकलाप/निषिद्ध आचरण। **अकर्तव्यं न कर्तव्यं प्राणैः कण्ठगतैरपि** (ब्र.वै.पु.)।

अकर्ता (पुं.वि.) [*न कर्ता, न. त.*] १.कर्ममा निर्लिप्त साङ्ख्य दर्शनमा प्रतिपादित पुरुष।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥ (भ.गी.)

२.(पुं.वि.) कुकर्म गर्ने ३.कर्ताभिन्न।

अकर्म (नपुं.) १.[*न कर्म, न.त.*] कर्मको अभाव २.खराब काम, दुष्कर्म/गर्नु नहुने काम। **किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः** (भ.गी. ४.१६)।

अकर्मकः (पुं.वि.) [*अविद्यमानं कर्म यस्य सः, बहु.स., शेषाद्विभाषा ५.४.१५४ इति कप्*] १.कर्म नहुने (धातु) २.काम नभएको। **~क्रिया** (स्त्री.) [*अकर्मिका चासौ क्रिया, कर्म.स.*] कर्ताको कार्यव्यापारको फल कर्तामा नै टुङ्गिने क्रिया/कर्म नलिने क्रिया।

अकर्मकृत् (पुं.वि.) [*अकर्म करोतीति डु कृञ् करणे, इति धातोः क्विप् च ३.२.७६ इति क्विप्, सर्वापहारिलोपः, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] खराब काम गर्ने/कुकृत्य गर्ने।

अकर्मण्यः (पुं.वि.) [*कर्मणि साधुः, तत्र साधुः ४.४.९८ इति यत्, न कर्मण्यः, न.त.*] १.केही पनि काम नगर्ने/अल्छी २.(नपुं.) शुभकार्य गर्नु नहुने तिथिको विशेष भाग।

षष्टिदण्डात्मिकायाश्च तिथेर्निष्क्रमणे परे।
अकर्मण्यं तिथिमलं विद्यादेकादशीं विना॥ (ति.त.)

अकर्मण्यता (स्त्री.) [*अकर्मण्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] निष्क्रियता/अकर्मण्य हुने चाल, अवस्था।

अकर्मा (पुं.वि.) [*अविद्यमानं कर्म यस्य सः, बहु. स.*] १.काम नलाग्ने/निकम्मा/काम गर्न सक्ने क्षमता नभएको २.स्वेच्छाचारी ३.ढिलो काम गर्ने ४.काम नभएको।

अकलः (पुं.वि.) [*अविद्यमाना कला यस्य सः, बहु.स.*] १.अखण्ड/भाग लगाउन नसकिने २.कला नभएको ३.(पुं.) परब्रह्मको उपाधि।

अकलुषितः (पुं.वि.) [*न कलुषितः, न.त.*] १.निर्मल/स्वच्छ २.कुनै प्रकारको दुर्भावना नभएको।

अकल्कः (पुं.वि.) [*अविद्यमानं कल्कं पापं दम्भो वा यस्य सः, बहु.स.*] १.पाप वा दोष नभएको/शुद्ध २.दिसा वा मल नपरेको ३.छलकपट नभएको।

अकल्कनः (पुं.वि.) [*अविद्यमानं कल्कनम् कपटता यस्य सः, बहु. स.*]१.छलकपट नभएको २.सरल/सोझो। **वीतदम्भस्त्व-कल्कनः** (हेम.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकल्का (स्त्री.) [*अविद्यमानं कल्कं तमोमालिन्यं यस्यां सा, बहु.स.*] १.चाँदनी २.छलकपट नभएकी/शाठ्यरहित/निर्मल/दम्भशून्य। **अकल्का कौमुदी स्त्रियाम्** (वाङ्म.)।

अकल्पः (पुं.वि.) [*अविद्यमानः कल्पो यस्य सः,बहु.स.*] १.नियन्त्रण गर्न नसकिने २.असमर्थ।

अकल्पः स्वाङ्गचेष्टायां शकुन्त इव पञ्जरे।
अनुच्छ्वसन् स्मरन् पूर्वं गर्भे किं नाम विन्दते॥ (ग.पु.)

३.तुलना गर्न नसकिने ४.न्यायसङ्गत नभएको (पुं.) ५.नियति।

अकल्पितः (पुं.वि.) [*न कल्पितः,न.त.*] १.कल्पना नगरेको २.अकृत्रिम/स्वतः सिद्ध/वास्तविक।

अकल्मषः (पुं.वि.) [*अविद्यमानं कल्मषं पापं मलं वा यस्य सः, बहु.स.*] १.कालुष्य नभएको/निष्पाप २.निर्मल।

अकल्यः (पुं.वि.) [*कल्यो निरामयः, न कल्यः, न.त.*] १.रोगी २.असमर्थ। **अकल्यः स्वाङ्गचेष्टायां शकुन्त इव पञ्जरे** (भाग.)।

अकल्याणम् (नपुं.) [*न कल्याणम्,न.त.*] कुभलो, अमङ्गल, अशुभ।

अकस्माद् (अव्य.) [*न कस्मादिति केचित्*] १.अचानक/एकाएक २.विनाकारण। **अकस्मादागन्तुना सह विश्वासो न युक्तः।** (हितो.) **सहसैकपदे सद्योऽकस्मात्सपदि तत्क्षणे** (अभि.चि.)।

अकाण्डः (पुं.) १.[*न काण्डः, न.त.*] विनाअवसर/विनाप्रसङ्ग २.(पुं.वि.) [*अविद्यमानः काण्डः (अवसरः) यस्य सः, न. बहु.स.*] विनाअवसर भएको/आकस्मिक ३.[*न विद्यते काण्डः (शाखा) यस्य सः,बहु.स.*] हाँगा नभएको **~च्छेदनम्** (नपुं.) [*अकाण्डेऽसमये प्रसङ्गप्राप्तरसस्यच्छेदनम्, त.स.*] विनासमयमा कुनै बहाना गरी प्रसङ्गप्राप्त रसमा अवरोध तुल्याउँदा पर्न जाने दोष। भवभूतिरचित महावीरचरित नाटकको दोस्रो अङ्कमा राम र परशुरामको युद्ध मच्चिरहेको वेला रामले बालो फुकालेर आउँछु भनी युद्धक्षेत्रबाट निस्केको वर्णन गर्दा त्यस प्रसङ्गमा रामगत वीररसको आस्वादमा आघात परेकाले दोष परेको छ। **~जातः** (पुं.वि.) [*अकाण्डे जातः, स.त.*] १.सहसा उत्पन्न २.विना-समयमा पैदा भएको। **~जातपातः** (पुं.वि.) [*अकाण्डे जात एव पातः*] जन्मँदै मरेको। **~ताण्डवम्** (नपुं.) [*अकाण्डे ताण्डवम्,स.त.*] अप्रासङ्गिक घटनाको प्रदर्शन। **~प्रथनम्** (नपुं.) [*अकाण्डेऽसमयेऽप्रस्तुतरसस्य प्रथनम् विस्तारः*] प्रस्तुत विषयलाई छोडेर अप्रस्तुत विषयसँग सम्बद्ध रसको विस्तार गर्दा पर्न जाने रसदोष। वेणीसंहार नाटकको दोस्रो अङ्कमा अनेक वीरहरूको हत्या भइरहेको अवस्थामा रानी भानुमती र दुर्योधनको प्रेमालापको वर्णन दुष्ट मानिन्छ। यहाँ शृङ्गार रसको प्रयोग अप्रासाङ्गिक छ। **~शूलम्** (नपुं.) [*अकाण्डे शूलम्, स.त.*] अचानक भएको पेट दुखाइ।

अकाण्डपातः (पुं.) [*अकाण्डे पातः, स.त.*] आइलागनु/सहसा उत्पन्न हुनु। **अकाण्डपातोपनता न कं लक्ष्मीर्विमोहयेत्** (क.स.सा.)।

अकामः १.(पुं.वि.) [*अविद्यमानः कामो यस्य सः, बहु.स.*] इच्छा वा वासनाबाट मुक्त/भोगको अभिलाषा नभएको २.(पुं.) [*न कामः, न.त.*] कामनाको अभाव।

अकामतः (अव्य.) [*अकामेन, तसिप्रकरणे आद्यादिभ्य उपसङ्ख्यानम् (वा) ५.४.४४ इति तसिः*] १.इच्छा नभई २.विनावासना ३.नजानी। **इतरे कृतवन्तस्तु पापान्येतान्यकामतः** (मनु.)।

अकायः (पुं.वि.) [*अविद्यमानः कायो यस्य सः, बहु.स.*] १.शरीर नभएको २.(पुं.) राहु ३.परब्रह्मको उपाधि।

अकारः (पुं.) [*अ इति निर्देशे वर्णात्कारः (वा.) ३.३.१०८ इति कारप्रत्ययः*] अवर्ण।

अकारणः १.(पुं.वि.) [*अविद्यमानं कारणं यस्य सः, बहु.स.*] कारण नभएको/निराधार २.(नपुं.) [*न कारणम्, अकारणम् न.त.*] विनाकारण। **अकारणाविष्कृतवैरदारुणादसज्जनात् कस्य भयं न जायते।** (काद.) **~गुणोत्पन्नगुणः** (पुं.) [*कारणं विना उत्पन्नश्चासौ गुणश्च,कर्म.स.*] १.स्वाभाविक गुण २.न्यायको मतमा विभुनिष्ठ गुणहरू— बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, यत्न, धर्म, अधर्म, भावना र शब्द।

अतीन्द्रिया विभूनान्तु ये स्युर्वैशेषिका गुणाः।
अकारणगुणोत्पन्ना एते तु परिकीर्तिताः॥ (भा.प.)

अकारादिः (पुं.वि.) [*अकार आदौ यस्य सः, बहु.स.*] अ आदि क्रममा भएको।

वृक्षस्याग्रे फलं दृष्टं फलाग्रे वृक्ष एव च।
अकारादि सकारान्तं यो जानाति स पण्डितः॥ (सुभा.)

अकारान्तः (पुं.वि.) [*अकारोऽन्ते यस्य सः, बहु.स.*] अकार अन्त्यमा आउने।

अकार्पण्यम् (नपुं.) [*न कार्पण्यम्, न.त.*] १.कृपणताको अभाव २.थोरै भए पनि दुःख नमानी प्रतिदिन अलि अलि गरिने दान।

स्तोकादपि च दातव्यमदीनेनैव चात्मना।
अहन्यहनि यत्किञ्चिदकार्पण्यं हि तत्स्मृतम्॥ (ए.त.)

अकार्यः (पुं.वि.) [*अविद्यमानं कार्यं यस्य सः, बहु.स.*] काम नभएको।

अकार्यम् (नपुं.) [*न कार्यम् न.त.*] गर्नु नहुने काम/निषिद्ध आचरण/खराब काम। **किमकार्यं कदर्याणां दुस्त्यजं किं धृतात्मनाम्** (भाग.)।

अकार्यरतः (पुं.वि.) [*अकार्ये निरर्थककर्मणि कुत्सितकर्मणि वा रतः,स.त.*] १.निरर्थक काममा संलग्न २.खराब काममा लागेको

कोऽन्धो योऽकार्यरतः को बधिरो शृणोति नैतानि।
को मूको यः काले प्रियं वक्तुं न जानाति॥ (सुभा.)

अकालः (पुं.) [*न कालः, न.त.*] १.असमय २.अशुभ समय ३.शुक्र, बृहस्पति आदि ग्रह अस्त भएको समय ४.(पुं.वि.) [*अविद्यमानः*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालो यस्य सः, बहु.स.] असामयिक/ विनासमय। **अकालमेघवद् वित्तमकस्मादेति याति च** (क.स.) **~कुसुमम्** (नपुं.) [*अकाले जातं कुसुमम्, म.प.स.*] बेमौसमी फूल। **~जलदोदयः** (पुं.) [*अकाले जलदस्य उदयः*] १.बेमौसममा मेघ लाग्नु २.असामयिक कुहिरो आउनु। **~मरणम्** (नपुं.) [*अकाले मरणम्, स.त.*] असामयिक निधन/अकाल मृत्यु। **~वृष्टिः** (स्त्री.) [*अकाले वृष्टिः, स.त.*] असामयिक वर्षा।

अकालजः (पुं.वि.) [*अकाले जातः, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्त्वाट्टिलोपः*] विनासमयमा पैदा भएको/बेमौसमी। **अकालजन्तु विरसं न धान्यं गुणवद् भवेत्** (रा.नि.)।

अकि (धा.) [*लक्षणे, भ्वा. सक.सेट् आत्म.*] चिह्न लगाउनु। लट्– **अङ्कते**– चिह्न लगाउँछ। लिट्– **आनङ्के**– चिह्न लगाएछ (अन.)। लुट्– **अङ्किता**– चिह्न लगाउने छ (अन.)। लृट्– **अङ्किष्यते**– चिह्न लगाउने छ। लोट्– **अङ्कताम्**– चिह्न लगाओस्। लङ्– **आङ्कत**–चिह्न लगायो (अन.)। विधिलिङ्– **अङ्केत**– चिह्न लगाउला, चिह्न लगाओस्। आशीर्लिङ्– **अङ्किषीष्ट**– चिह्न लगाओस्। लुङ्– **आङ्किष्ट**– चिह्न लगायो। लृङ्– **आङ्किष्यत**– चिह्न लगाउने थियो। णिचि– **अङ्कयते**–चिह्न लगाउन लगाउँछ। सनि– **अञ्चिकिषते**–चिह्न लगाउन चाहन्छ। कृदन्ते– **अङ्ककः, अङ्किका, अङ्किता-त्री**– चिह्न लगाउने। **अञ्चिकिषा**– चिह्न लगाउने इच्छा। **अङ्कितः**– चिह्न लगाएको। **अङ्कनीयम्, अङ्कितव्यम्, अङ्क्यम्**– चिह्न लगाउनुपर्ने, चिह्न लगाइने। **अङ्कनम्, अङ्कना**– चिह्न लगाउने काम। **अङ्कित्वा, समङ्क्य**– चिह्न लगाएर, **अङ्कितुम्**– चिह्न लगाउन। **अङ्कः**– चिह्न, सङ्ख्यावाचक शब्द इत्यादि। यस्तै टेढो जानु पनि यसको अर्थ हुन्छ।

अकिञ्चनः (पुं.वि.) [*अविद्यमानः किञ्चनो यस्य सः, मयूरव्यंसकादयश्च ३.१.७२ इति निपातनात्साधुः*] केही नभएको/निर्धन/दरिद्र। **अकिञ्चनेषु भक्तेषु प्रायो नोद्यापनाग्रहः** (भा.मा.६.५७)।

अकिञ्चनता (स्त्री.) [*अकिञ्चनस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] १.पाँच यममध्येको एक। **अहिंसा सुनृतास्तेयब्रह्माकिञ्चनता यमाः** (अभि.चि.१.८१) २.कुनै पनि सम्पत्ति नभएको स्थिति।

अकिञ्चनत्वम् (नपुं.) [*अकिञ्चनस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः,*] केही नहुनु/कुनै वस्तु वा सम्पत्ति साथमा नहुनु। **स्थाने भवानेकनराधिपः सन्नकिञ्चनत्वं मखजं व्यनक्ति** (रघु.)।

अकिञ्चनिमा (पुं.) [*किञ्चनस्य भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२२ इति इमनिच्, न किञ्चनिमा, न.त.*] केही वा कुनै सम्पत्ति नभएको अवस्था।

अकिञ्चिज्ज्ञः (पुं.वि.) [*किञ्चिद् जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः, न किञ्चिज्ज्ञः, न.त.*] केही नजान्ने।

अकिञ्चित् (अव्य.) [*न किञ्चित्, न.त.*] केही पनि नहुनु।

अकिञ्चित्करः (पुं.वि.) [*किञ्चित् करोति तच्छीलः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः, न किञ्चित्करः, न.त.*] केही गर्न नसक्ने वा नगर्ने।

अकिल्विषः (पुं.वि.) [*अविद्यमानं किल्विषं पापं यस्य सः, बहु.स.*] पाप नभएको।

अकिल्विषम् (नपुं.) [*न किल्विषम्., न.त.*] १.अपाप/पुण्य २.निर्दोषता। **न मां दोषेण सुग्रीव गन्तुमर्हस्यकिल्विषम्।** (रामा.)

अकीर्तिः (स्त्री.) [*न कीर्तिः, न.त.*] अपजस।

अकीर्तिञ्चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम्।
सम्भावितस्य चाकीर्तिर्मरणादतिरिच्यते॥ (भ.गी)

~करः (पुं.वि.) [*अकीर्तिं करोति तच्छीलः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] १.अकीर्तिकारक/अपकीर्ति फैलाउने २.बेइज्जत।

अकुटिलः (पुं.वि.) [*न कुटिलः,न.त.*] १.सोझो/सरल/कपटपूर्ण व्यवहार नगर्ने २.बाङ्गो नभएको/सीधा।

अकुण्ठः (पुं.वि.) [*अविद्यमाना कुण्ठा यस्य सः, बहु. स.*] कुण्ठा नभएको।

अकुतः (अव्य.) [*न कुतः, न.त.*] कतैबाट पनि होइन।

अकुतोभयः (पुं.वि.) [*अविद्यमानं कुतोऽपि भयं यस्य सः, बहु.स.*] कसैसित पनि डर नभएको।

अकुतोभयम् (नपुं.) [*न कुतोभयम्, न.त.*] कसैसँग नडराउनु।

अकुत्सितः (पुं.वि.) [*न कुत्सितः, न.त.*] असल/राम्रो।

वनेषु दोषाः प्रभवन्ति रागिणां
गृहेषु पञ्चेन्द्रियनिग्रहस्तपः।
अकुत्सिते कर्मणि यः प्रवर्तते
निवृत्तरागस्य गृहं तपोवनम्॥ (सुभा.)

अकुप्यम् (नपुं.) [*न कुप्यम्, न.त.*] १.खोट वा दाग नलागेको धातु २.सुन ३.चाँदी। **कुरूनकुप्यं वसु वासवोपमः।** (किरा. **हिरण्यकोशाकुप्यानि हेम्नि** (अभि.चि.)।

अकुलीनः (पुं.वि.) [*कुले भवः, कुलीनः, कुलात्खः ४.१.१३९ इति खः, आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् ७.१.२ इति खस्य ईनः, न कुलीनः, अकुलीनः, न.त.*] असल कुलमा पैदा नभएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकुलीनः कुलीनश्च मर्यादां यो न लङ्घयेत्।
धर्मापेक्षी मृदुर्दान्तः स कुलीनशतैर्वरः ॥ (सुभा.)

अकुलीनता (स्त्री.) [*कुले भवः कुलीनः, न कुलीनः, अकुलीनः, न.त., तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ५.१.४*] राम्रो कुलमा पैदा नभएको अवस्था।

अकुशलः (पुं.वि.) [*न कुशलः, न.त.*] १.कुशल नभएको/अस्वस्थ २.सिप वा निपुणता नभएको।

अकूटः (पुं.वि.) [*अविद्यमानं कूटं यत्र सः,बहु.स.*] १.असली/सत्य २.खेर नजाने ३.खोटो वा नक्कली नभएको ४.शिखर नभएको।

अकूती (स्त्री.) स्वयम्भुव मनुकी छोरी। यिनकी आमाको नाम शतरूपाबाट जन्मिएकी। यिनी अत्यन्त राम्री थिइन्। यिनको विवाह रुचिका साथ भयो। (पौ.को.)

अकूपारः (पुं.) [*कुम् पृथ्वीं पिपर्ति, पॄ पालनपूरणयोः, इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, अन्येषामपि दृश्यते ६.३.१३७ इति दीर्घः, न कूपारः, अकूपारः न.त.*] १.समुद्र २.सूर्य ३.कच्छप अवतार ४.चट्टान। **अकूपारः कूर्मराजसमुद्रयोः** (हैम.)।

अकृतः (पुं.वि.) [*न कृतः, न.त.*] १.नगरेको २.समयमा नभएको।
कालातीतन्तु यत्कुर्यादकृतं तद् विनिर्दिशेत् । (स्मृ.सं.) ३.प्राकृतिक, स्वाभाविक।

अकृतकारम् (नपुं.) [*समूलाकृतजीवेषु हन्कृञ्ग्रहः ३.४.३६ इति कर्मणि णमुल्*] गर्दै नगरिएको कार्य/पटक्कै नभएको काम।

अकृतज्ञः (पुं.वि.) [*न कृतज्ञः, न.त.*] कृतज्ञ नहुने/कृतघ्न/उपकार गर्नेको भलो नगर्ने/गरेको उपकार नसम्झने।

भजतोऽपि न वै केचिद् भजन्त्यभजतः कुतः।
आत्मारामाः पूर्णकामा अकृतज्ञा गुरुद्रुहः ॥ (भाग.)

अकृतज्ञता (स्त्री.) [*अकृतज्ञस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] गरेको उपकार नसम्झनु।

असत्यता निष्ठुरताऽकृतज्ञता
भयं प्रमादोऽलसता विषादिता।
वृथाऽभिमानो ह्यतिदीर्घसूत्रिता
तथाङ्गरौक्ष्यादि विनाशनं श्रियः ॥ (सुभा.)

अकृतव्रणः (पुं.वि.) [*अकृतो व्रणो यस्य सः, बहु.स.*] १.कतै घाउ वा चोट नलागेको २.(पुं.) परशुरामका एक प्रिय शिष्य तथा एक वीर अनुचर। यी महेन्द्र पर्वतमा बस्थे। वनवासमा युधिष्ठिरसित यिनको भेट भएको थियो। त्यहाँ यिनले परशुरामको निकै प्रशंसा गरेका थिए। (म.भा.)

अकृतार्थः (पुं.वि.) [*न कृतार्थः, न.त.*] १.असफल २.फल नभएको।

अकृतित्वम् (नपुं.) [*कृतिनो भावः कर्म वा तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वप्रत्ययः, न कृतित्वम्, न.त.*] १.अक्षमता/अकुशलता/अयोग्यता २.अपटुता।

अकृती (पुं.वि.) [*न कृती, न.त.*] १.काम नगर्ने २.कामका लागि अयोग्य/अकुशल।

अकृत्यम् (नपुं.) [*न कृत्यम्, न.त.*] खराब काम।

अकृत्यं मन्यते कृत्यमगम्यं मन्यते सुगम्।
अभक्ष्यं मन्यते भक्ष्यं स्त्रीवाक्यप्रेरितो नरः ॥ (प.त.२.१५१)

अकृत्रिमः (पुं.वि.) [*न कृत्रिमः,न.त.*] बनावटी नभएको, स्वाभाविक। **तदकृत्रिमसौहार्दमापत्स्वपि न मुञ्चति** (हितो.)।

अकृपः (पुं.वि.) [*अविद्यमाना कृपा यस्य सः, बहु. स.*] दया नभएको

अकृपणः (पुं.वि.) [*न कृपणः, न.त.*] १.दीनताशून्य/कृपणतारहित
कुलेऽप्यकृपणे रामः संभूतः सर्वकामदे । (रामा.) २.प्रशस्त।
भूशय्यां नवपल्लवैरकृपणैरुत्तिष्ठ यामो वयम् (वै.श.)।

अकृशः (पुं.वि.) [*न कृशः, न. त.*] दुब्लो नभएको/मोटो।

अकृष्टः (पुं.वि.) [*न कृष्टः, न.त.*] खनजोत नगरिएको। **~पच्यः** (पुं.वि.) [*अकृष्ट एव पच्यः, राजसूयसूर्यमृषोद्यरुच्यकुप्य-कृष्टपच्याव्यथाः ३.१.११४ इति क्यबन्तो निपातः*] खनजोत नगरी फलेको/आफैं उम्रिएर बढी पाकेको।

अकृष्टपच्याः पश्यन्तौ ततो दाशरथी लताः।
रत्नान्नपानकुप्यानामाट्यतुर्नष्टसंस्मृती ॥ (भट्टि.)

अकृष्णकर्मा (पुं.वि.) [*अकृष्णं निष्पापत्वात् शुक्लं कर्म यस्य सः, बहु.स.*] १.दुष्कर्मरहित २.शुद्ध आचरण भएको।
शिखिवदानोऽकृष्णकर्मा (अमर.)।

अकेशः (पुं.वि.) [*अविद्यमानाः केशाः (कचाः) यस्य सः, बहु.स.*] १.कपाल नभएको २.[*अल्पाः, अप्रशस्ता वा केशाः यस्य सः, बहु. स.*] थोरै कपाल भएको ३.(पुं.) केतुग्रह।

अकेशा (स्त्री.वि.) १.[*अविद्यमानाः केशा यस्याः सा, बहु.स., सहनञ्विद्यमानपूर्वाच्च ४.१.५७ इति ङीष्निषेधः*] कपाल नभएकी २.[*अल्पा अप्रशस्ता वा केशा यस्याः सा, बहु.स.*] थोरै कपाल भएकी।

अकैतवम् (नपुं.) [*न कैतवम्, न.त.*] निष्कपटता/अधूर्तता।

मनस्यन्यद् वचस्यन्यत् कर्मण्यन्यद् विधाय च।
क्रियते यन्नरैः कर्म कैतवं तत्प्रकीर्तितम् ॥ (वृ.चा.श.)
तद्विपरीतम्।

अकोविदः (पुं.वि.) [*न कोविदः, न.त.*]अज्ञानी/केही नजानेको।

अकौटिल्यम् (नपुं.) [*कुटिलस्य भावः गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, वृद्धिः, न कौटिल्यम्, न.त.*] अकुटिलता/सरलता।

अकौशलम् (नपुं.) [*कुशलस्य भावः, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इति कुशलचपलनिपुणपिशुनकुतूहलक्षेत्रज्ञा युवादिषु ब्राह्मणादिषु च पठ्यन्ते) अण्, न कौशलम्, न.त.*] अकुशलता।

अकौशल्यम् (नपुं.) [*कुशलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च इति ष्यञ्, न कौशल्यम्, न.त.*] अकुशलता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकारेऽल्पे महत्कर्म क्रिया लघ्वी महागदे।
द्वयमेतदकौशल्यं कौशल्यं युक्तकर्मता॥ (वृ.मा.)

अक्का (स्त्री.) [*अकं दुःखं कायति गृह्णाति, अकपूर्वकात् कै शब्दे इति धातोः, आत्वम् ६.१.४५ आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४ पृषोदरादित्वादल्लोपः*] आमा।

अक्तः (पुं.वि.) [*अञ्जू व्यक्तिम्रक्षणादौ इति धातोः, अञ्जिघसिभ्यः क्तः (उ) ३८६ इति क्तः*] १.ढाकिएको/व्याप्त। **हिक्काश्वासातुरे पूर्वं तैलाक्ते स्वेद इष्यते।** (चक्र.) २.विभिन्न जातको मिश्रण भएको ३.व्यक्त भएको ४.परिच्छिन्न ५.[*गत्यर्थकाद् अञ्चुधातोः गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] गएको ६.युक्त।

अक्रमः १.(पुं.) [*न क्रमः, न.त.*] क्रम नहुनु। **व्युत्क्रमस्तूत्क्रमो ऽक्रमः** (अभि.चि.) २.(पुं.वि.) [*अविद्यमानः क्रमो यस्य सः*] क्रम नभएको। **~संन्यासः** (पुं.) [*अविद्यमानः क्रमो यस्य सः, बहु.स., स चासौ संन्यासश्च, कर्म.स.*] ब्रह्मचर्याश्रम, गृहस्थाश्रम र वानप्रस्थाश्रमलाई छोडी लिइने संन्यास।

अक्रमता (स्त्री.) [*अविद्यमानः क्रमो यत्र तद् वाक्यम्, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] क्रमको व्यत्यय हुँदा पर्ने एक किसिमको साहित्यिक दोष। अव्यय पदको उपयुक्त स्थानमा प्रयोग नहुँदा क्रम व्यत्यय भएर यो दोष पर्छ। **समय एव करोति बलाबलं प्रणिगदन्त इतीव शरीरिणाम्।** (शि.व.) यहाँ इति प्रणिगदन्त इव भन्नुपर्नेमा प्रणिगदन्त इति भनेकाले अक्रमता दोष परेको छ। यस्तै, **मेरो छ भन्दा उनको निवासस्थल सुन्दर।** यसमा भन्दा पद ठाउँमा परेको छैन, उनको पछि भन्दा भन्ने पद राख्नुपर्थ्यो। यो नित्य दोष हो। **स्वानुपस्थाप्यपदोत्तराव्ययपदप्रयोगवत्त्वमक्रमत्वम्** (सा.द.टी)।

अक्रमातिशयोक्तिः (स्त्री.) [*अविद्यमानः कार्यकारणयोः क्रमो यत्र, सा चासौ अतिशयोक्तिश्च कर्म.स.*] कार्य र कारण एकै स्थानमा वा एकै समयमा रहेको अवस्थाको वर्णन गर्दा पर्न जाने अतिशयोक्ति अलङ्कार। सामान्यतः पहिले कारण आउँछ, अनि कार्य। कारण र कार्यको यस्तो क्रमव्यवस्था हुँदाहुँदै पनि कविले आफ्नो प्रतिभाद्वारा कारण र कार्य एकै स्थलमा वा एकै समयमा भएको वर्णन गर्दा यो अलङ्कार पर्छ। नवीन आलङ्कारिकहरूले यसलाई कारणातिशयोक्ति भनेका छन्। जस्तै– **आलिङ्गन्ति समं देव ज्यां शरांश्च पराँश्च ते।** यसमा कविले आफ्नो प्रतिभाद्वारा शत्रु र बाणले एकैचोटि ज्या (ताँदो) र पृथ्वीलाई स्पर्श गरेको विषय वर्णन गरी कार्यकारणभाव एकै समयमा भएको देखाएकाले अक्रमातिशयोक्ति अलङ्कार परेको छ। (कुवल.)

अक्रियः (पुं.वि.) [*अविद्यमाना क्रिया कर्म प्रशस्ता क्रिया वा यस्य सः, न.बहु.*] १.काम नगर्ने। **अक्रियत्वाच्च सर्वदा** (चरक) २.कर्मत्यागी।

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः।
स सन्न्यासी च योगी च न निरग्निर्न चाक्रियः॥ (भ.गी.)

अक्रिया (स्त्री.) [*न क्रिया, न.त.*] १.क्रियाको अभाव २.कर्तव्यको उपेक्षा ३.नकाम।

अक्रूरः १.(पुं.वि.) [*न क्रूरः, न.त.*] १.अनिर्दयी/दयालु २.क्रूरता नभएको/सरल। **स्त्रीणां मुखोद्यमक्रूरं विष्पष्यर्थं मनोरमम्** (मनु.) ३.(पुं.) कृष्णका मामा, स्वफलक र गान्दिनीका पुत्र ४.विष्णु। **अक्रूरः पेशलो दक्षो दक्षिणः क्षमिणां वरः** (म.भा.)।

अक्रोधः (पुं.) [*न क्रोधः न.त.*] १.क्रोधको अभाव २.धर्मका दश लक्षणमध्ये एक।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥ (मनु.)

३.(पुं.वि.) [*अविद्यमानःक्रोधो यस्य सः,बहु.स.*] रिस नभएको।

अक्रोधनः (पुं.वि.) [*न क्रोधनः, न.त.*] १.नरिसाउने।

अक्रोधनः सत्यवादी भूतानामविहिंसकः।
अनसूयः सदाचारी दीर्घमायुरवा प्नुयात्॥ (म.भा.)

२.एक पौराणिक पात्र/आयुका पुत्र (म.पु. ५०.३७) ३.अयुतायुका पुत्र (वा.पु. ९९.२२२)।

अक्लान्तः (पुं.वि.) [*न क्लान्तः, न.त.*] नथाकेको।

अक्लिष्टः (पुं.वि.) [*न क्लिष्टः, न.त.*] १.नथाकेको २.सजिलो

अक्लिष्टकर्मा (पुं.वि.) [*अक्लिष्टं कर्म यस्य सः, बहु.स.*] सजिलै काम सम्पन्न गर्ने। **दूतोऽहं कोशलेन्द्रस्य रामस्याक्लिष्टकर्मणः** (रामा.)।

अक्लेशः (पुं.वि.) [*अविद्यमानः क्लेशो यस्य सः, बहु.स.*] १.दुःख नभएको २.परिश्रम नगरेको ३.थकाइ नलागेको ४.(पुं.) [*न क्लेशः,न.त.*] दुःखको अभाव, परिश्रमको अभाव।

अक्षः (पुं.) १.[*अश्नुतेऽत्यर्थम्, अशू व्याप्तौ इति धातोः क्रीडार्थे अशेर्देवने (उ) ३५२ इति सः, यद्वा अक्षति, अक्षू व्याप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पाशा। **पाशकः प्राशकोऽक्षश्च देवनः** (अभि.चि.) २.सातथरी व्यसनमध्ये एक/जुवा।

मृगयाक्षाः स्त्रियः पानं वाक्पारुष्यार्थदूषणे।
दण्डपारुष्यमित्येतद् ज्ञेयं व्यसनसप्तकम्॥ (अभि.चि.)

३.[*अक्ष्णोति अक्षति वा, अक्षू व्याप्तौ संहतौ च इति धातोः, अच् ३.१.१३४*] व्यवहार ४.रथको पाङ्ग्रो ५.रथको धुरो ६.बिभीतक वृक्ष/बर्रो। **कलिरक्षो विभीतकः** (अभि.चि.४.२१) ७.गाढा ८.कर्षविशेष/सोह्र मासाको तौल ९.एक असर्फी १०.ज्ञान ११.आत्मा १२.अक्षकुमार/रावणको कान्छो छोरो १३.गरुड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४.शिव। **अक्षश्च रथयोगी च सर्वयोगी महाबलः** (भारत) १५.रुद्राक्ष१६. पृथ्वीको मेरुदण्ड १७.सुसंस्कृत पलभा/अक्षांश **चन्द्राश्विनिघ्ना पलभार्द्धिता च लङ्कावधिः स्यादिह दक्षिणोऽक्षः** (भास्वती) **प्रभा शरघ्ना स्वतुरीययोगादक्षः सदा दक्षिणदिक् प्रदिष्टः**। (जातक.) १८.जन्मदै अन्धो १९.इन्द्राक्ष २०.कृष्ण र सत्यभामाको एक पुत्र (वा.पु. ९६.२३८) २१.एक दानव (ब्र.पु. ३.६.११)।

अक्षो रथस्यावयवे व्यवहारे विभीतके।
पाशके शकटे कर्षे ज्ञाने चात्मनि रावणौ ॥ (मेदिनी.)

~कर्णः (पुं.) [*अक्षस्य कर्णः,ष.त.*] अक्षांशको कर्ण/लम्बज्या र अक्षज्याले बनेको जात्यत्रिभुजको कर्ण **~कुमारः** (पुं.) [*अक्ष इति कुमारः, कर्म.स.*] १.रावणको कान्छो छोरो, अक्षयकुमार। हे. **अक्षयकुमारः** २.सत्यभामाको गर्भबाट उत्पन्न श्रीकृष्णका एक पुत्र। **~कूटः** (पुं.) [*अक्ष्णोः कूटः, ष.त.*] आँखाको पुतली। **~कोविदः** (पुं.वि.) [*अक्षे कोविदः, स.त.*] जुवा खेल्न सिपालु। **~क्रीडा** (स्त्री.) [*अक्षैः क्रीडा, तृ.त.*] जुवा। **~दृक्** (पुं.वि.) [*अक्षं व्यवहारं पश्यति, दृशिर् प्रेक्षणे इति धातोः क्विप्, लोपः, कुत्वम्*] व्यवहारज्ञाता।

अक्षजः (पुं.) [*अक्षाद् ब्रह्मणो मनसः इन्द्रियाद् जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] विष्णु। **जघानोत्पत्य गदया हनावसुरमक्षजः** (भाग.)।

अक्षणिकः (पुं.वि.) [*न क्षणिकः, न.त.*] स्थिर/धेरै समय टिक्ने।

अक्षतः (पुं.वि.) [*अविद्यमानं क्षतं यस्य सः, बहु.स.*] १.चोट नलागेको २.हिंसा नगरिएको। **~योनिः** (स्त्री.) [*अक्षता योनिर्यस्याः सा, बहु.स.*] सम्भोग नगरिएकी केटी।

अक्षतः (पुं.) [*अविद्यमानं क्षतं यस्य सः, बहु. स.*] जौ। **अक्षतास्तु यवाः प्रोक्ता :** (वचनविशेष) **ना यवे स्मृतः** (वाङ्म.१६)।

अक्षतम् (नपुं.) [*अविद्यमानं क्षतं यस्य तत्, बहु.स.*] १.नकुटिएको धान, नपिसिएको मकै, कोदो आदि २.लाजा। **अक्षतं तण्डुले धान्ये लाजेषु क्लीवयोषितोः** (वाङ्म.)।

अक्षता (स्त्री.) [*न क्षता, न.त.*] १.कुमारी/सम्भोगद्वारा योनि क्षत नभएकी केटी २.लाजा।

अक्षताः (पुं.बहु.) [*क्षणु हिंसायाम् इति धातोः, नपंसके भावे क्तः ३.३.११४ इति क्तः, अविद्यमानं क्षतं येषान्ते, बहु.स*] पूजा सामग्रीमा आउने सग्ला जौ वा भिजेको चामल।

नाक्षतैरर्चयेद् विष्णुं न तुलस्या गणाधिपम्।
न दूर्वया यजेद् देवीं विल्वपत्रैर्न भास्करम् ॥ (स्क.पु.)

अक्षदर्शकः (पुं.) [*पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः अक्षाणां व्यवहाराणां दर्शकः, ष.त.*] मुद्दा हेर्ने डिट्ठा/न्यायाधीश।

अक्षदेवी (पुं.वि.) [*अक्षैर्दीव्यति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] जुवा खेलाउने।

अक्षद्यूः (पुं.) [*अक्षैर्दीव्यति, दीवु क्रीडादौ इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, सर्वापहारिलोपः, च्छ्वोः शूड्नुनासिके च ६.४.१९ इति ऊठ्, यण् ६.१.७७*] जुवाडे/जुवामा लत बसेको व्यक्ति।

अक्षधूः (स्त्री.) [*अक्षस्य धूः, ष.त. अनक्षे एव, ऋक्पूरब्धूपथामानक्षे ५.४.७४ इत्यः*] रथको धुरो।

अक्षधूर्तः (पुं.वि.) [*अक्षेषु धूर्तः, सप्तमी शौण्डैः २.१.४० इति समासः*] जुवाडे।

अक्षपादः (पुं.) [*अक्षं पादौ यस्य सः, बहु.स.*] १.नैयायिक २.न्यायशास्त्र बनाउने गौतम ऋषि। एक किंवदन्तीअनुसार गौतम ऋषिले आफ्नो मतको खण्डन गर्ने वेदव्यासको मुख नहेर्ने प्रण गरेका थिए, पछि वेदव्यासले यिनलाई प्रसन्न गराए अनि यिनले गोडाबाट आँखा निकाली वेदव्यासलाई हेरेका थिए। यसरी आफ्नो प्रतिज्ञा पालन गरेर गोडाबाटै हेर्न सक्ने भएकाले यिनको नाम अक्षपाद रहेको हो। **ज्ञानाब्धिरक्षिचरणः कणभक्षकश्च श्रीपक्षिलोऽप्युदयनः स च वर्धमानः। गङ्गेश्वरः शशधरो बहवश्च नव्या ग्रन्थैर्व्यरुन्धत इमे हृदयान्धकारम् ॥** (सुभा.) न्यायदर्शनको विकासमा प्रमुख योगदान दिने व्यक्तिमा ज्ञानाब्धि, अक्षपाद, कणाद, पक्षिल, उदयन, गङ्गेश्वर, शशधर आदि धेरै मनीषीहरू छन्। यसका प्रवर्तक भने अक्षपाद नै हुन् त्यसैले यसलाई अक्षपाददर्शन पनि भनिन्छ। न्यायदर्शनमा ५२८ सूत्र छन्। यिनलाई पाँच अध्यायमा बाँडिएको छ। प्रत्येक अध्यायमा दुई दुई आह्निक छन्। मुक्ति प्राप्त गर्नु नै यस दर्शनको मुख्य उद्देश्य हो। ३.प्रभास क्षेत्रमा भएका विष्णुका एक अवतार। यिनी सत्ताइसौँ द्वापरका व्यास जातूकर्ण्यका समकालिक थिए। (वा.पु. २२.२१६)

अक्षम् (नपुं.) [*अक्ष्णोति अक्षति वा, अक्षू व्याप्तौ संहतौ च इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] १.इन्द्रिय २.कालो नुन ३.निलोतुथो ४.रथको अवयव ५.आँखा। **सर्वे तेऽनिमिषैरक्षैस्तमनुद्रुतचेतसः**। (रामा.) **अक्षं सौवर्चले तुत्थे हृषीके**। (हेम.)।

अक्षमः (पुं.वि.) [*अविख्माना क्षमा सामर्थ्यं सहनशीलता च यस्य सः, बहु.स.*] १.असमर्थ २.सहनशीलता नभएको।

विष्णुसेवी च श्वपचो वंशानां कोटिरुद्धरेत्।
हरेरभक्तो विप्रश्च स्वञ्च रक्षितुमक्षमः ॥ (ब्र.वै.पु.३२)

३.[*अविद्यमाना क्षमा सहनशीलता यस्य सः, बहु.स.*] असहिष्णु।

अक्षमता (स्त्री.) [*न क्षमता, न.त.*] असामर्थ्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षमा (स्त्री.) १.[*न क्षमा, न.त.*] असहिष्णुता/ईर्ष्या २.सागरनन्दी र विश्वनाथद्वारा प्रतिपादित एक नाट्यालङ्कार ३.(स्त्री.वि.) [*अविद्यमानं क्षमं सामर्थ्यं यस्याः सा, बहु.स.*] असमर्थ ।

अक्षमालापवृत्तिज्ञा कुशासनपरिग्रहा ।
ब्राह्मीव दौर्जनी संसद् वन्दनीया समेखला ॥ (न.च.)

अक्षमाला (स्त्री.) [*अक्षाणां माला, ष.त.*] १.रुद्राक्षको माला २.जपमाला । **पञ्चाशल्लिपिभिर्माला विहिता जपकर्मसु । अकारादिक्षकारान्ता अक्षमाला प्रकीर्तिता ॥** (त.सा.) ३.[*अक्षाणाम् अकारादिक्षकारान्तवर्णानां माला, ष.त.*] अदेखि क्षसम्मका वर्णको पङ्क्ति । ४.वसिष्ठ ऋषिकी पत्नी/अरुन्धती ५.शेष नागको जपमाला (वा.पु.) ।

(अक्षमाला)

अक्षमालामुद्रा (स्त्री.) [*अक्षमालाया मुद्रा, ष.त.*] औँठो र चोरी औँलाको टुप्पामा बाँकी तीन औँला जोडेर फिँजाउँदा हुने हस्तक्रियाको मुद्रा ।

अङ्गुष्ठतर्जन्यग्रे तु ग्रथयित्वाऽङ्गुलित्रयम् ।
प्रसारयेदक्षमालामुद्रेयं परिकीर्तिता ॥ (मु.प्र.)

अक्षम्यः (पुं.वि.) [*क्षन्तुं शक्यः, पोरदुपधात् ३.१.९८ इति यत्, न क्षम्यः, न.त.*] माफ दिन नसकिने । **~अपराधः** [*अक्षम्यश्चासौ अपराधश्च, कर्म.स.*] क्षमा गर्न नसकिने अपराध ।

अक्षयः (पुं.) १.[*न क्षयः, न.त.*] नाश नहुनु २.(पुं.वि.) [*अविद्यमानः क्षयो यस्य सः, बहु.स.*] अव्यय/ कल्पान्तस्थायी/नाश नहुने ३.(पुं.) योगविशेष । सोमवार औँसी, आइतवार सप्तमी, मङ्गलवार चौथी, बृहस्पतिवार अष्टमी पर्दा अक्षय नामक योग पर्छ । यस दिन पुण्यकर्म गर्ने मानिसले त्यसको फल साठी हजार जन्मसम्म भोग गर्न पाउँछ । त्यो दिन पाप गरेमा उसले त्यति नै जन्मसम्म पापको फल भोग्नुपर्छ ।

सोमवारेऽप्यमावास्या आदित्याहे च सप्तमी ।
चतुर्थ्यङ्गारवारे तु अष्टमी च बृहस्पतौ ॥
अत्र यत् क्रियते पापमथवा धर्मसञ्चयः ।
षष्टिजन्मसहस्राणि जायते च तदक्षयम् ॥ (ति.त.)

४.[*अः वासुदेवः, तस्मिन् क्षयो निवासो ऽस्य*] ब्रह्मनिष्ठ । **~तृतीया** (स्त्री.) [*अक्षया चासौ तृतीया च, कर्म.स.*] वैशाख शुक्ल तृतीया/सत्ययुग प्रारम्भ हुने दिन । यस दिन सातु र सर्वतले भरिएको घडा दान गर्ने चलन छ ।

यत्किञ्चिद् दीयते दानं स्वल्पं वा यदि वा बहु ।
तत् सर्वमक्षयं यस्मात् तेनेयमक्षया स्मृता ॥ (भ.पु.)

~नवमी (स्त्री.) [*अक्षया चासौ नवमी च,कर्म.स.*] कार्तिक शुक्ल नवमी तिथि/त्रेता युग प्रारम्भ भएको दिन/धात्री नवमी/कुष्माण्ड नवमी । यस दिन अमलाको वृक्षमुनि भोजन गर्दा ठुलो पुण्य हुन्छ । (म.पु. १७.४) । **~वटः** (पुं.) प्रयाग र गयामा रहेका बरका रुख । पुराणअनुसार प्रलय हुँदा पनि यिनको नाश नभएको हुँदा यिनलाई अक्षयवट भनिएको हो । (वा.पु. १११.७९-८३) ।

अक्षयकुमारः (पुं.) रावण र मन्दोदरीको कान्छो छोरो/मेघनादको भाइ । सीता खोज्ने क्रममा लङ्का पुगेका हनुमान्‌ले भोक लागेर रावणको बगैँचा प्रमोदवनभित्र पसी फलफूल खान लाग्दा उनीमाथि आक्रमण गर्न आएको यस राक्षसलाई मारेका थिए ।

अक्षया (स्त्री.) १.[*अविद्यमानःक्षयो यस्याः सा, बहु.स.*] सोमवार औँसी, आइतवार सप्तमी र मङ्गलवार चतुर्थी मिलेको योगविशेष ।

अमा वै सोमवारेण रविवारेण सप्तमी ।
चतुर्थी भौमवारेण अक्षयादपि चाक्षया ॥ (भ.पु.)

२.[*अविद्यमानः क्षयो नाशो यस्याः सा, बहु.स.*] शक्ति । शक्तिको नाश हुँदैन, रूपान्तर मात्र हुन्छ । ३.दुर्गा ४.(स्त्री.वि.) [*अविद्यमानः क्षयो भवनं यस्याः सा, बहु.स.*] घरवास नभएकी ।

अक्षयोदकम् (नपुं.) [*अक्षयञ्च तदुदकञ्च, कर्म.स.*] श्राद्धमा दिइएका अन्नपानादि अक्षय होऊन् भनी आशीर्वाद माग्न ब्राह्मणका हातमा वा कुशवटुकमा चढाइने पानी ।

अक्षय्यः (पुं.वि.) [*अविद्यमानः क्षय्यो नाशो यस्य सः, बहु.स.*] नाश नहुने । **तपः षड् भागमक्षय्यं ददत्यारण्यका हि नः ।**

अक्षरः (पुं.) [*क्षरति सञ्चलति विनश्यति इति क्षरः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अविद्यमानः क्षरो नाशोऽपचयो वा यस्य सः, यद्वा अश्नोति व्याप्नोति इति, अशू व्याप्तौ इति धातोः, अशेः सरः (उ) ३५७ इति सरप्रत्ययः, तितुत्रतथसिसुसरकसेषु च ७.२.९ इति इण्निषेधः*] १.विष्णु २.शिव ३.ब्रह्मा ४.बुद्ध ४ दानव ५.जीव ।

अक्षरम् (नपुं.) [*क्षरति सञ्चलति विनश्यति इति क्षरः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अविद्यमानः क्षरो नाशोऽपचयो वा यस्य तत्, बहु.स. यद्वा अश्नोति व्याप्नोति इति, अशू व्याप्तौ इति धातोः, अशेः सरः (उ.) ३५७ इति सरप्रत्ययः, तितुत्रतथसिसुसरकसेषु च ७.२.९ इति इण्निषेधः*] १.मोक्ष २.परब्रह्म ३.अकारादि वर्ण ।

षाण्मासिके तु सम्प्राप्ते भ्रान्तिः सञ्जायते यतः ।

~मुखः (पुं.वि.) [*अक्षराणि मुखे यस्य सः, बहु.स.*] विद्वान् । **~वर्जितः** (पुं.वि. [*अक्षरैर्वर्जितः, तृ.त.*] अशिक्षित ।**~ विन्यासः** (पुं.) [*अक्षराणां विन्यासः ष.त*] लिपि/ अक्षरहरूको विन्यास । **लिखिताक्षरविन्यासे लिपिलिविरुभे स्त्रियौ** (अमर.) ।

~सङ्घातः (पुं.) [*अक्षराणां सङ्घातो यत्र सः, बहु.स.*] १.विचित्र अर्थ र परिमित अक्षर भएको उक्ति हुने नाटकको एक लक्षण २.[*अक्षराणां सङ्घातः, ष.त.*] कठोर वर्णको उच्चारण गर्दा हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असजिलोपना। **~संस्थानम्** (नपुं.) [*अक्षराणां संस्थानम्, ष.त.*] वर्णविन्यास।

अक्षरमालिका (स्त्री.) [*अक्षराणां मालिका, ष.त.*] पङ्क्तिबद्ध अक्षरको समूह।

लिखिता चित्रगुप्तेन ललाटेऽक्षरमालिका।
तां देवोऽपि न शक्नोति ह्युल्लिख्य लिखितुं पुनः॥ (सुभा.)

अक्षरशः (अव्य.) [*अक्षरेऽक्षरे इति सङ्ख्यैकवचनाच्च वीप्सायाम् ५.४ ४३ इति शस्*] एक-एक अक्षर गरेर।

अक्षरारम्भः (पुं.) [*अक्षरस्य आरम्भः, ष.त.*] १.बालकलाई पढाउन प्रारम्भ गरिने एक धार्मिक कर्म/सोह्र संस्कारमध्ये एक २.[*अक्षरस्यारम्भः*] अक्षर वा लिपि अध्ययनको प्रारम्भ।

अक्षरेखा (स्त्री.) [*अक्षस्य रेखा, ष.त.*] पृथ्वी वा त्यसको मानचित्रमा खिचिएको उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्मको कल्पित रेखा।

अक्षरेऽपि [*अक्षरे अपि*] अक्षरमा पनि।

अक्षवती (स्त्री.) [*अक्षाः पाशकाः सन्ति अस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मादुपधायाश्च मतोर्वोऽयवादिभ्यः ८.२.९ इति वत्वम्, उगितश्च ४.१.६ इति ङीप्*] जुवाको खेल। **पराजितं सौवलेनाक्षवत्याम्** (म.भा.)।

अक्षवाटः (पुं.) [*अक्षस्य मल्लयुद्धस्य वाटः, ष.त.*] मल्लयुद्ध गर्ने थलो/कुस्ती खेल्ने ठाउँ। **नियुद्धभूरक्षवाटः** (अभि.चि.)।

अक्षवित् (पुं.वि.) [*अक्षं व्यवहारं वेत्ति, विद ज्ञाने इति धातोः क्विप्, लोपः*] १.व्यवहारज्ञ २.जुवा खेल्न सिपालु।

अक्षशाला (स्त्री.) [*अक्षस्य कृते शाला*] जुवा खेलाउने घर।

अक्षशौण्डः (पुं.वि.) [*अक्षेषु शौण्डः, स.त.*] जुवा खेल्न सिपालु

अक्षसूत्रम् (नपुं.) [*अक्षाणां सूत्रम्, ष.त.*] जपमाला।

अक्षांशः (पुं.) [*अक्षस्य अंशः, ष.त.*] सम स्थानबाट ध्रुवसम्म अथवा खमध्यबाट निरक्ष खमध्यसम्म याम्योत्तर वृत्तमा रहेको अंश, अक्षकोणको भाग। पृथ्वीको अक्ष र भूमध्यरेखाको समानान्तरमा कोरिन सक्ने कल्पित रेखामध्ये कुनै एक। ध्रुवतारा र भूमध्य रेखाका माझको कोणिक दूरी।



(अक्षांशः)

अक्षान्तिः (स्त्री.) [*क्षमणम्, क्षमु सहने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुनासिकस्य क्विझलोः क्ङिति ६.४.१५ इति दीर्घः, न क्षान्तिः, न.त.*] असहिष्णुता/ ईर्ष्या/अर्काको उत्कर्ष सहन नसक्नु। **अक्षान्तिरीर्ष्यासूया तु दोषारोपो गुणेष्वपि** (अमर.)।

अक्षारः (पुं.वि.) [*अविद्यमानः क्षारो यत्र सः, बहु. स.*] क्षार पदार्थ अंश नभएको। **~लवणः** (पुं.) [*अक्षारश्चासौ लवणश्च, कर्म.स.*] समुद्री नुनबाहेक अन्य नुन/सिधे नुन, भोटे नुन।

अक्षि (नपुं.) [*अश्नुते विषयान्, अशू व्याप्तौ इति धातोः, अशेर्नित् (उ.) इति क्सिः*] १.आँखो। हेमचन्द्रले बायाँ आँखाको देवता सोम (चन्द्रमा) भएकाले बायाँ आँखालाई सौम्य र दायाँ आँखाका देवता भानु अर्थात् सूर्य भएकाले दायाँ आँखालाई भानवीय भनेका छन् २.दुईलाई बुझाउने सङ्ख्यावाचक शब्द। **~तारा** (स्त्री.) [*अक्ष्णोस्तारा, ष.त.*] [*आँखाको नानी*]। **~पक्ष्म** (नपुं.) [*अक्ष्णोः पक्ष्म, ष.त.*] परेला। **~लोम** (नपुं.) [*अक्ष्णोर्लोम, ष.त.*] परेला। **~पटलम्** (नपुं.) [*अक्ष्णोः पटलम् ष.त.*] आँखाको आवरण। **~विकूणितम्** (नपुं.) [*अक्ष्णोर्विकूणितम्, ष.त.*] कर्के नजर। **अपाङ्गदर्शनं काक्षः कटाक्षोऽक्षिविकूणितम्** (अभि.चि.)।

अक्षिकूटकम् (नपुं.) [*अक्ष्णः कूटकम्, ष.त.*] आँखाको नानी।

अक्षिगतः (पुं.वि.) [*अक्षिविषयं गतः, म.प.स.*] १.रिस गरिएको व्यक्ति २.(पुं.वि.) पटक्कै मन नपरेको/आँखामा बिझाउने खालको। **द्वेष्योऽक्षिगतः** (अभि.चि.)।

अक्षिगोलकः (पुं.) [*अक्ष्णः गोलकः, ष.त.*] आँखाको नानी।

अक्षिजाहम् (नपुं.) [*अक्ष्णोर्मूलम्, तस्य पाकमूलपील्वादिकर्णादिभ्यः कुणब्जाहचौ ५.२.२४ इति जाहच्*] आँखाको फेद।

अक्षिनिकाणम् (नपुं.) [*अक्षि-निपूर्वकात् कणधातोः स्वाङ्गेऽध्रुवे ३.४.५४ इति णमुल्*] आँखा बन्द गरेर। **अक्षिनिकाणं जल्पति**।

अक्षीणः (पुं.वि.) [*न क्षीणः,न.त.*] क्षीण नभएको/नाश नभएको।

वृत्तं यत्नेन संरक्षेद् वित्तमायाति याति च।
अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतो हतः॥ (भाग.५)

अक्षीवः (पुं.वि.) [*क्षीवते इति क्षीवृ मदे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, न क्षीवः,न.त.*] १.नमातेको २.(पुं.) सहिजन (अमर.)।

अक्षीवम् (नपुं.) [*न क्षीवते अनेन, इति क्षीवृ मदे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अक्षि वाति, वा गतिगन्धनयोः इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] सामुद्रिक नुन। **सामुद्रं लवणं हि यत्। तदक्षीवं वशिरश्च** (हेम.)।

अक्षुणः (पुं.वि.) [*न क्षुणः, न.त.*] १.नखनिएको २.चूर्ण नपारिएको।

अक्षुण्णः (पुं.वि.) [*न क्षुण्णः,न.त.*] १.नटुटेको २.लगातार चलेको।

अक्षू (धा.) [*व्याप्तौ, सङ्घाते च भ्वा.अक.सेट् पर.*] ढाक्नु पुग्नु, सञ्चित गर्नु। लट्– **अक्षति.अक्ष्णोति**– ढाक्छ, पुग्छ, सञ्चित गर्छ। लिट्– **आक्ष**– ढाकेछ, पुगेछ, सञ्चित गरेछ (अन.)। लुट्– **अक्षिता**– ढाक्ने छ, पुग्ने छ, सञ्चित गर्ने छ (अन.) लृट्– **अक्षिष्यति**– ढाक्ने छ, पुग्ने छ, सञ्चित गर्ने छ। लोट्– **अक्षतु, अक्ष्णोतु**–ढाकोस्, पुगोस्, सञ्चित गरोस्। लङ्– **आक्षत्, आक्ष्णोत्**– ढाक्यो, पुग्यो, सञ्चित गर्‍यो (अन.)। विधिलिङ्– **अक्षेत्, अक्ष्णुयात्**– ढाक्ला, पुग्ला, सञ्चित गर्ला ढाकोस्, पुगोस्, सञ्चित गरोस्। आशीर्लिङ्– **अक्ष्यात्**–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढाकोस्, पुगोस्, सञ्चित गरोस्। लुङ्– **आक्षीत्**– ढाक्यो, पुग्यो, सञ्चित गऱ्यो। लृङ्– **आक्षिष्यत्**– ढाक्ने थियो, पुग्ने थियो, सञ्चित गर्ने थियो। कर्मणि– **अक्ष्यते**– ढाकिन्छ, पुगिन्छ, सञ्चित गरिन्छ। णिचि– **अक्षयति**– ढाक्न लगाउँछ, पुऱ्याउन लगाउँछ, सञ्चित गराउँछ। सनि– **अचिक्षिषति, अचिक्षति**– ढाक्न खोज्छ, पुग्न खोज्छ, सञ्चित गर्न खोज्छ। कृदन्ते– **अक्षकः, अक्षिका, अक्षिता, अक्षित्री, अक्षयिता-त्री**– ढाक्ने, पुग्ने, सञ्चित गर्ने। **अक्षितव्यम्, अष्टव्यम्, अक्षयितव्यम्. अक्षणीयम्**– ढाक्नुपर्ने, पुग्नुपर्ने, सञ्चित गर्नु पर्ने। **अक्षितुम्, अष्टुम्**–ढाक्न, पुग्न, सञ्चित गर्न। **अक्षित्वा, अष्ट्वा, अक्षयित्वा, समक्ष्य**– ढाकेर, पुगेर, सञ्चित गरेर। **अक्षि**– आँखो इत्यादि।

अक्षेमम् (नपुं.) [*न क्षेमम्, न.त.*] अमङ्गल।

अक्षोटः (पुं.) [*अक्ष्णोति, अक्षू व्याप्तौ सङ्घाते च इति धातोः, बाहुलकादोटः, अक्षस्येवोटाः पर्णान्यस्य इति वा*] ओखर।

अक्षोभः (पुं.) १.[*न क्षोभः*] हलचल नहुनु २.[*अविद्यमानः क्षोभो यस्य सः, बहु.स.*] हात्ती बाँध्ने खम्बा ३.शङ्कु/किलो ४.पाँच महाबुद्धमध्ये एक।

अक्षौहिणी (स्त्री.) [*ऊहः समूहोऽस्त्यस्याः, ऊहिनी, अत इनिठनौ २.२.११५ इति इनिः, नान्तत्वान् ङीप्, अक्षादूहिन्यामुपसङ्ख्यानम् (वा.) इति वृद्धिः, पूर्वपदात्संज्ञायामगः ८.४.३ इति णत्वम्, अक्षाणां रथानां सर्वेषामिन्द्रियाणां वा ऊहिनी समूहवर्ती*] २१८७० रथ, २१८७० हात्ती, ६५६१० घोडा, १०९३५० पैदल सवार भएको सेना (रा.टी.अमर.)।

अक्ष्णम् (नपुं.) [*अक्ष्णोति व्याप्नोति सकलम्, अशू व्याप्तौ, इति धातोः, कृत्यशूभ्यां क्स्नः (उ.) ३०४ इति क्स्नः*] अखण्ड काल, निरन्तर (उ.को.)।

अखण्डः (पु.वि.) [*अविद्यमानः खण्डो यस्य सः, बहु.स., यद्वा न खण्ड्यते, खडि भेदने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.नटुटेको २.पूर्ण/समस्त। **~दीपः** (पुं.) [*अखण्डश्चासौ दीपश्च, कर्म.स.*] निश्चित समयसम्म वा सधैँका लागि निरन्तर बलेको बत्ती।

अखण्डता (स्त्री.) [*अखण्डस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.अविछिन्नता/सिङ्गोपन।

अखण्डनः (पुं.) [*अविद्यमानं खण्डनं विच्छेदो यस्य सः, बहु.स.*] काल।

अखण्डितः (पुं.वि.) [*न खण्डितः, न.त.*] नटुटेको/खण्ड-खण्ड नभएको।

अखण्डिताधरा (स्त्री.) [*अखण्डितमधरं यस्याः सा, बहु.स.*] १.ओठ नटोकिएकी २.कन्या केटी ३.नायिकाविशेष।

अखर्वः (पुं.वि.) [*न खर्वः, न.त.*] १.बाउन्ने नभएको २.धेरै। **अखर्वेण गर्वेण विराजमानः** (द.कु.३)।

अखातः (पुं.वि.) १.[*न खातः, न.त.*] नखनिएको/प्राकृतिक। २.(पुं.) प्राकृतिक ताल। **अखातो देवखातकः** (अमर.) ३.मन्दिर अगाडिको पोखरी।

अखातम् (नपुं.) [*न खातम्, न.त.*] १.नखनेको २.प्राकृतिक सरोवर।

अखाद्यः (पुं.वि.) [*न खाद्यः, न.त.*] खानु नहुने/ अभक्ष्य।

अखिलः (पुं.वि.) [*अविद्यमानं खिलमवशिष्टं यस्य सः, बहु.स.*] सबै/समस्त।

सर्वं समस्तमन्यूनं समग्रं सकलं समम्।
विश्वाशेषाखण्डकृत्स्नान्यक्षाणि निखिलाखिलम्॥
(अभि.चि.)

अख्यातः (पुं.वि.) [*न ख्यातः न.त.*] अप्रसिद्ध।

अख्यातम् (नपुं.).) [*न ख्यातम् न.त.*] अप्रसिद्धि।

अख्यातिः (स्त्री.) [*न ख्यातिः, न.त.*] अपकीर्ति/अपयश। **~करः** (पुं.वि.) [*अख्यातिं करोति तच्छीलः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु इति टः*] अपकीर्ति फैलाउने/बेइज्जती गर्ने।

अग (धा.) [*कुटिलायां गतौ, भ्वा.अक.सेट्.पर.*] टेढो हिंड्नु। लट्– **अगति**– टेढो हिंड्छ। लिट्– **आग**– टेढो हिंडेछ (अन.) लुट्– **अगिता**–टेढो हिंड्ने छ (अन.)। लृट्– **अगिष्यति**– टेढो हिंड्ने छ। लोट् – **अगतु**– टेढो हिंडोस्। लङ्– **आगत्**– टेढो हिंड्यो (अन.)। विधिलिङ्– **अगेत्**– टेढो हिंड्ला, टेढो हिंडोस्। आशीर्लिङ्–**अग्यात्**– टेढो हिंडोस्। लुङ्– **आगीत्**– टेढो हिंड्यो। लृङ्– **आगिष्यत्**– टेढो हिंड्ने थियो इत्यादि। कृदन्ते– **अगति कुटिलं गच्छति, अगः**– १.सर्प, २.[*न गच्छति अगः*] वृक्ष, पर्वत।

अगः (पुं.वि.) [*न गच्छति इति, नञ्पूर्वकाद् गम्लृ गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः, नगोऽप्राणिष्वन्यतरस्याम् ६.३.७७ इति वा प्रकृत्या पक्षे नलोपः, न.त.*] १.नहिंड्ने/नजाने २.(पुं.) वृक्ष ३.पहाड ४.[*अगति कुटिलं गच्छति*] सर्प ५.सूर्य ६.सात। **अगो महीरुहे शैले भास्करे पवनाशने** (हैम.)।

अगच्छः (पुं.) [*न गच्छः, न.त.*] वृक्ष (अभि.चि.४.१८०)।

अगणनीयः (पुं.वि.) [*न गणनीयः, न.त.*] गन्न नसकिने।

अगणितः (पुं.वि.) [*न विद्यते गणितं गणना यस्य सः, बहु.स.*] १.असङ्ख्य/अनगन्ती २.[*न गणितः, न.त.*] गणितभिन्न।

अगण्यः (पुं.वि.) [*न गण्यः, न.त.*] असङ्ख्य/गन्न नसकिने **गुणैरगण्यैरतिशीलशालिभिः** (किरा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगतिः (स्त्री.) [*न गतिः, न.त.*] १.आश्रय वा उपायको अभाव/केही गर्न सक्ने स्थिति नहुनु २.दुर्गति ३.प्रवेश नहुनु ४.निरुपाय ५.(पुं.वि.) [*अविद्यमाना गतिर्यस्य सः*] १.गति नभएको/केही गर्न नसकेको ३.दुरवस्थामा पुगेको ३.मुक्त नभएको।

अगद (धा.) [*निरोगत्वे, कण्ड्वा.उभ.सेट्.*] निरोगी हुनु। लट्– **अगदयति–ते**– निरोगी हुन्छ इत्यादि।

अगदः (पुं.) [*अविद्यमानो गदो यस्मात्, न.बहु.स.*] १.औषधि। **भैषज्यमगदो जायुः** (अभि.चि.) २.विषहरणविज्ञान ३.(पुं.वि.) [*अविद्यमानो गदो यस्य सः, बहु.स.*] १.स्वस्थ/रोग नभएको २.[*अविद्यमानो गदो यस्मात् सः, बहु.स.*] आयुर्वेदका आठ शाखामध्ये एक। **औषधान्यगदो विद्या दैवी च विविधा स्थितिः।** (मनु.) **~तन्त्रम्** (नपुं.) [*अगदस्य तन्त्रम्, ष.त.*] सर्प, विच्छी आदिले टोक्ता गरिने औषधिसम्बन्धी शाखा/आयुर्वेदको एक शाखा।

अगदङ्कारः (पुं.) [*अगदं करोतीति, कर्मण्यण् ३.२.१ इत्यण्, कारे सत्यागदस्य ६.३.७० इति मुमागमश्च*] वैद्य/चिकित्सक। **रोगहार्यगदङ्कारः** (अभि. चि.)।

अगदत्वम् (नपुं.) [*अगदस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] नीरोगिता/स्वस्थता।

अगमः (पुं.वि.) १.[*न गम्यतेऽसौ इति अगमः, गम्लृ गतौ इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इति अप्,*] १.दुर्गम २.दुर्बोध ३.(पुं.) [*न गच्छति, पचाद्यच्*] १.वृक्ष २.पर्वत। **सालानोकह–गच्छपादपनगा वृक्षागमौ पुष्पदः** (आभ.चि.)।

अगम्यः (पुं.वि.) [*गम्यते इति, गम्लृ गतौ इति धातोः पोरदुपधात् ३.१.९८ इति यत्, न गम्यः, न.त.*] १.दुर्गम/जान नसकिने। **अगम्या साऽभवत्तत्र यत्राभूत् स महारणः।** (स.श.) २.जान्न नसकिने। **योगिनामप्यगम्यः।** (नी.श.) ३.अकल्पनीय। **या संपदस्ता मनसोऽप्यगम्याः** (नी.श्लो.) ४.दुर्बोध्य।

अगम्या (स्त्री.) [*न गम्या, न.त.*] मैथुन गर्न नहुने स्त्री। **~गमनम्** (नपुं.) [*अगम्यायाः गमनम्, ष.त.*] सगोत्री, हाडनाता आदि परेर मैथुन गर्नु नहुने स्त्रीलाई मैथुन गर्नु। **~गामी** (पुं.वि.) [*अगम्यायां गमनं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सगोत्री, हाडनाता आदि परेर मैथुन गर्नु नहुने स्त्रीलाई मैथुन गर्ने काममा संलग्न।

अगरी (स्त्री.) [*अविद्यमानो गरो विषं यस्याः सा बहु.स., ङीष्*] १.विषनाशक द्रव्यविशेष २.देवताडनामक वृक्षविशेष।

अगरुः (पुं.) [*अविद्यमानो गरुः दुर्भरोऽस्मात्*] सुगन्धित द्रव्यविशेष। **काकतुण्डोऽगरुः स्मृतः** (हला.)।

अगर्हितः (पुं.वि.) [*न गर्हितः, न.त.*] अनिन्दित।

ज्येष्ठः कुलं वर्धयति विनाशयति वा पुनः।
ज्येष्ठः पूज्यतमो लोके ज्येष्ठः सद्भिरगर्हितः॥ (मनु.९.१०९)

अगस्तः (पुं.) [*अगमस्यतीति, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तः, शकन्ध्वादिषु पररूपं वाच्यम् (वा) ६.१.९४ इति पररूपम्*] १.दक्षिण दिशामा बस्ने एक ऋषि। **अथागस्तः कुम्भयोनिरगस्तिः कलशीसुतः** (शब्दा.) २.जडीबुटीविशेष। **अगस्तः पित्त कफजित्** (रा.नि.) ३.खन्चुवा।

अगस्तिः (पुं.) [*विन्ध्याख्यमगमस्यति वसेस्तिः (उ.) इति बाहुलकात् तिः, यद्वा क्तिच्क्तौ च संज्ञायाम् ३.३.७४ इति क्तिच्*] १.एक ऋषि २.दक्षिणतिर उदाउने एक तारा ३.खन्चुवा ४.वृक्षविशेष।

(अगस्ति)

अगस्त्यः (पुं.) [*अगं विन्ध्याख्यं पर्वतं स्त्यायति स्तभ्नोति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इति आलोपः*] १.एक ऋषि, यिनी मित्रा र वरुणका पुत्र थिए, उर्वशीलाई देखेर घडामा वीर्यपतन भई पैदा भएकाले यिनको नाम और्वशेय र कुम्भसम्भव वा कुम्भ पनि रहन गएको छ। २.दक्षिणतिर उदाउने एक तारा।

अगस्त्यो दक्षिणाशामाश्रित्य नभसि स्थितः।
वरुणस्यात्मजो योगी विन्ध्यो वातापिमर्दनः॥ (ब्र.पु.)

३.खन्चुवा ४.जडिबुटीविशेष।

अगस्त्योदयः (पुं.) *अगस्त्यस्य उदयः, ष.त.*) अगस्त्य ताराको उदय। **अगस्त्योदये विषशुद्धिः** (काद.)।

अगाधः (पुं.वि.) [*नास्ति गाधः स्थितिरत्र, बहु.स.*] १.अतिगहिरो।

अगाधजलसञ्चारी न गर्वं याति रोहितः।
अङ्गुष्ठोदकमात्रेण शफरी फर्फरायते॥ (सुभा.)

२.आशय बुझ्न कठिन पर्ने।

अगाधजलः (पुं.) [*अगाधं जलं यत्र सः, बहु.स.*] दह। **द्रहोऽगाधजलो ह्रदः** (अभि.चि.)।

अगाधम् (नपुं.) [*अविद्यमानो गाधः स्थितिरत्र, न.बहु.स.*] ज्यादै गहिरो खाडल। **गर्तश्वभ्रावटगाधदरास्तु विवरे भुवः** (अभि.चि.)।

अगारम् (नपुं.) [*अगान् ऋच्छति, ऋ गतौ इति धातोः कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] घर। **शून्यानि चाप्यगाराणि वनान्युपवनानि च** (मनु.)।

अगि (धा.) [*गतौ, भ्वा.पर.सक. सेट्*] हिँड्नु। लट्– **अङ्गति**– हिँड्छ, चल्छ। लिट्– **आनङ्ग**– हिँडेछ,चलेछ। **अङ्गिता**– हिँड्ने छ,चल्ने छ। **अङ्गिष्यति**– हिँड्ने छ,चल्ने छ। **अङ्गतु/तात्**– हिँडोस्, चलोस्। **आङ्गत्**– हिँड्यो, चल्यो। विधिलिङ्– **अङ्गेत्**– हिँडोस्, चलोस्। हिड्ला, चल्ला। आशीर्लिङ्– **अङ्ग्यात्**– हिँडोस् चलोस्। लुङ्– **आङ्गीत्**– हिँड्यो, चल्यो। **आङ्गिष्यत्**– हिँड्ने थियो, चल्ने थियो। णिचि– **अङ्गयति**– हिँडाउँछ, चलाउँछ। **अञ्जिगिषति**– हिँड्न चाहन्छ, चल्न चाहन्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगुः (पुं.वि.) [*अविद्यमानाः गावः किरणाः यस्य सः,बहु.स.*] १.किरण नभएको २.(पुं.) राहु/क्रान्तिवृत्त र चन्द्रविमण्डलको पात **क्रान्तिवृत्तचन्द्रमण्डलसंपातः पातो राहुर्वेत्युच्यते** (गो.प्र.)।

अगुणः (पुं.वि.)१.[*अविद्यमानो गुणो यस्य सः, बहु.स.*] १.गुण नभएको।

अगुणस्य हतं रूपमशीलस्य हतं कुलम्।
असिद्धेस्तु हता विद्या अभोगस्य हतं धनम् ॥ (सुभा.)

२.(पुं.) [*गुणस्याभावः*] गुणको अभाव।

अगुरु १.(नपुं.) [*न गुरुर्यस्मात् तत्, बहु.स.*] २.एक प्रकारको चन्दन। नेपाल, भोट, आसाम, पूर्वी बङ्गाल आदि देश वा गाउँमा उम्रने, ६० देखि १०० फिटसम्म अग्लो, पाँच फिटदेखि सात फिटसम्म मोटो आकार हुने रुख। यो बिस वर्षमा जवान हुन्छ। यसको कलिलो बोटको काठ, पहेँलो, वासना नभएको हुन्छ र जवान भएपछि बोटबाट कालो खोटो निस्कने र वासना आउने गर्छ। यसको धुलाबाट धूप तथा ओखती बनाइन्छ। यसलाई कृष्णागुरु, धूपागुरु आदि पनि भनिन्छ।

अगुरुरिति वदतु लोको गौरवमत्रैव पुनरहं मन्ये।
दर्शितगुणैव वृत्तिर्यस्य जने जनितदाहेऽपि ॥ (सुभा.)

३.सिसौ ४.(पुं.वि.) [*न गुरुः,न.त.*] गुरुभिन्न ५.(नपुं.) छन्दशास्त्रमा ह्रस्वमात्रिक अक्षर।

अगूढः (पुं.वि.) [*न गूढः, न.त.*] नलुकेको/नछोपिएको। **~व्यङ्ग्यध्वनिः** (पुं.) [*न गूढः, न.त., अगूढो व्यङ्ग्यो यत्र, बहु.स., स चासौ ध्वनिः, कर्म.स.*] वाच्यार्थ जस्तै सबैले बुझ्ने खालको व्यङ्ग्यार्थ भएको ध्वनि। अर्थात् मध्यम काव्य/गुणीभूतव्यङ्ग्य काव्यको एक भेद। **~व्यङ्ग्यलक्षणा** (स्त्री.) [*न गूढः व्यङ्ग्यो व्यङ्ग्यार्थो यस्याः सा, बहु.स. सा चासौ लक्षणा कर्म.स.*] सबैले बुझ्ने खालको प्रयोजनरूप व्यङ्ग्यार्थ भएको लक्षणा। जस्तै– **बाग्मतीमा घर छ** भन्दा जलप्रवाहरूप मुख्य अर्थ बुझाउने बाग्मतीमा घरको अस्तित्व सम्भव नभएको हुनाले मुख्य अर्थमा बाधा परेको छ। त्यसैले बाग्मती शब्दको लक्षणाशक्तिद्वारा तट भन्ने अर्थ बुझिन्छ। बाग्मतीको तटमा घर छ नभनेर बाग्मतीमा घर छ भन्नु चाहिँ चिसो वा पवित्र भन्ने अर्थ जनाउनु हो। यस्तै संस्कृतमा **गङ्गायां घोषः**। यो प्रयोजनरूप व्यङ्ग्यार्थ अभिधेय अर्थजस्तै सबैले बुझ्ने किसिमको छ।

अगूढगन्धः (पुं.) *अगूढो गन्धो यस्य सः, बहु.स.*) हिङ।

अगोचरः (पुं.वि.) [*न गोचरः, न.त.*] १.अतीन्द्रिय/अज्ञात।

अगोचरहतं बाढमुदितं मांसमुत्सृजेत् (रा.व.)।

अगोचरः (पुं.) [*न गोचरः, न.त.*] १.ईश्वर २.ब्रह्म।

अगौः (स्त्री.) [*अतिशयिता गौः, नञस्तत्पुरुषात् ५.४.७१ इति टज्निषेधः*] राम्रो गाई।

अगौकाः (पुं.) [*अगः वृक्ष ओको वासस्थानं यस्य सः, बहु.स.*] पक्षी। **पित्सन् नीडाण्डजोऽगौकाः** (अभि.चि.)।

अग्नायी (स्त्री.) [*अग्नेरियम्, वृषाकप्यग्निकुसितकुसिदानामुदात्तः ४.१.३७ इति ऐ आदेशः, ङीप् च*] १.अग्निकी पत्नी/स्वाहा।

अग्नायी स्वाहा च हुतभुक्प्रिया (अमर.) २.त्रेतायुग (जटाधर)।

अग्निः (पुं.) [*अङ्गति ऊर्ध्वं गच्छति, अङ्गेर्नलोपश्च (उ.) ४९९ इति निः, नलोपश्च*] १.आगो २.चित्रकनामक औषधिविशेष।

अग्निर्वैश्वानरेऽपि स्यात् चित्रकाख्यौषधौ पुमान्। (मेदिनी.)

३.तीनको सङ्ख्या ४.एक वैदिक देवता ५.आग्नेयकोणको दिक्पाल ६.वेद, तन्त्र वा पुराणद्वारा मान्यता प्राप्त तेजका अधिष्ठातृदेवता। यिनकी **पत्नी**– स्वाहा, **गोत्र**– शृङ्गी, **माता**– अरणी, **पिता**– शाण्डिल्य, **छोराहरू**– पावक, पवमान र शुचि। वायु पुराणअनुसार ४९ अग्नि छन् तर महाभारतअनुसार यिनको सङ्ख्या अझ धेरै छ। पावक अग्निका २७ भेद छन्– अङ्गिरा, दक्षिणाग्नि, गार्हपत्याग्नि, आहवनीयाग्नि, निर्मथ्याग्नि, वैद्युत, शूर, संवर्त, लौकिक, जठराग्नि, भिषग्, क्रव्यात्, क्षेमवान्, वैष्णव, दस्युमान्, बलद, शान्त, पुष्ट, विभावसु, ज्योतिष्मान्, भरत, भद्र, स्विष्टकृत्, वसुमान्, ऋतु, सोम र पितृमान्। **आयुर्वेदमा वर्णित तीन अग्निहरू**– भौमाग्नि, दिव्याग्नि र जठराग्नि। **कर्मकाण्डमा वर्णित सात अग्निहरू**– गार्हपत्याग्नि, दक्षिणाग्नि, आहवनीयाग्नि, सभ्याग्नि, आवसथ्याग्नि, औपासनाग्नि वा स्मार्ताग्नि र लौकिकाग्नि। अग्निको राँकोलाई **अर्चिः** (पुं.) झिल्कोलाई **स्फुलिङ्गः** (पुं.) रापलाई **सन्तापः/सज्ज्वरः** (पुं.) झारपात पोल्ने अग्निलाई **शालाकः** (पुं.) बिजुलीबाट उत्पन्न भएको अग्निलाई **अशनिः** (पुं.) भकभकाउँदो अग्निलाई **अञ्झलम्** (नपुं.) भरभर गर्दै बलेको अग्निलाई **उत्प्रभः** (पुं.) भुसको अग्निलाई **मुर्मुरः/तुषाग्निः** (पुं.) वज्र पर्दाको अग्निलाई **इरम्मदः** (पुं.) र संस्कार गरिएको अग्निलाई **प्रणीतः** (पुं.) भनिन्छ। यज्ञमा अग्नि निकाल्न मथिने काठलाई **अरणिः** (पुं.) वा **अरणी** (स्त्री.) भन्दछन्। **~कणः** (पुं.) [*अग्नेः कणः, ष.त.*] फिलिङ्गो. आगाको झिल्को। **~कर्म** (नपुं.) [*अग्नौ कर्म, स.त.*] अग्निमा आहुति दिने काम। **~कवचम्** (नपुं.) १.आगाले नडढाउने वस्तु २.आगाबाट बच्न लगाइने वस्त्र ३.तन्त्रशास्त्रअनुसार शरीरको रक्षाका लागि विभिन्न अङ्गमा छोएर कल्पना गरिने विभिन्न नामका मन्त्र। **~काण्डः** (पुं.) [*अग्नेः काण्डः, ष.त.*] आगलागी। **~कुण्डः** (पुं.) [*अग्नेः कुण्डः, ष.त.*] १.अग्नि रहने खाल्टो, २.अगेनु, ३.यज्ञमा हवन गर्ने खाल्टो ४.भरतका एक शिष्य। **~कुमारः** (पुं.) [*अग्नेः कुमारः ष.त*] १.कार्तिकेय २.[*कुमारस्य अग्निरिव*] बालकहरूको पाचनशक्ति बढाउने औषधि। **~केतुः** (पुं.) [*अग्नेः केतुः, ष.त.*] १.धुवाँ २.[*अग्निः केतुर्यस्य सः, बहु.स.*] शिवजी, ३.रावणको सेनाभित्रको एक राक्षस।**~कोणः** (पुं.) [*अग्नेः कोणः,ष.त.*] आग्नेय दिशा/पूर्व र दक्षिण दिशाको माझको उपदिशा वा विदिशा। **~गर्भः** (पुं.) [*अग्निर्गर्भे यस्य सः, बहु.स.*] १.सूर्यकान्तमणि २.(स्त्री.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शमी वृक्ष। **~चक्रम्** (नपुं.) [*अग्नेश्चक्रम्, ष.त.*] १.आगाका ज्वालाको भुमरी २.योगशास्त्रअनुसार त्रिकोणाकार आधार भएको कुण्डलिनी ३.यज्ञका लागि अग्नि जुराउने चक्र वा सारिणी। **~जिह्वा** (स्त्री.) [*अग्नेर्जिह्वा, ष.त.*] आगाको लपेटा। यो सात किसिमको हुन्छ– काली, कराली, मनोजवा, लोहिता, धूम्रवर्णा, स्फुलिङ्गिनी र विश्वरूपिणी। **~त्रयम्** (नपुं.) [*अग्नीनां त्रयम्, ष.त.*] दाक्षिणग्नि आहवनीयाग्नि र गार्हपत्याग्नि। **~दाहः** (पुं.) [*अग्नौ दाहः, स.त.*] १.लास जलाउने काम २.आगामा पोल्ने काम।

अग्निदाहे न मे दुःखं छेदे न निकषे न वा।
यत्तदेव महद् दुःखं गुञ्जया सह तोलनम्॥ (सुभा.)

~परीक्षा (स्त्री.) [*अग्नौ परीक्षा, स.त.*] कडा किसिमको जाँच, प्राचीन समयमा अपराधी पत्ता लगाउने एक किसिमको प्रणाली। **~पाकः** (पुं.) [*अग्नौ पाकः, स.त.*] आगामा पकाउने वा पोल्ने काम। **~बाणः** (पुं.) [*अग्निरूपो बाणः, म.प.स.*] आगो बर्साउने बाण। राम र रावणको युद्धमा यसको प्रयोग भएको थियो (रामा. लङ्काकाण्ड)। **~भयम्** (नपुं.) [*अग्नेर्भयम्, ष.त.*] आगाको डर। **~मान्द्यम्** (नपुं.) [*अग्नेर्मान्द्यम्, ष.त.*] जठराग्नि मन्द हुने रोग/अपच हुने रोग। **~शामकदलम्** (नपुं.) [*अग्नेः शामकम्, ष.त., अग्निशामकञ्च तद् दलम् कर्म.स.*] आगो निभाउनका लागि सङ्गठित प्रशिक्षित व्यक्तिहरूको दल। **~शिखा** (स्त्री.) [*अग्नेः शिखा ष.त.*] आगाको ज्वाला। **~ष्टोमः** (पुं.) [*अग्नेः स्तोमः, अग्नेः स्तुत्स्तोमसोमाः ८.३.२ इति षत्वम्, ष्टुत्वम्*] स्वर्गप्राप्तिको कामनाले गरिने एक प्रकारको यज्ञ। यसमा ऋत्विक् १६ हुन्छन्, यसको पूर्णाहुति पाँच दिनमा हुन्छ,, यो यज्ञ सर्वप्रथम बालीले गरेको थियो (ब्रह्मा.पु.३.७)। **~सङ्घातः** (पुं.) काव्यको एक लक्षण। **~संस्कारः** (पुं.) [*अग्निना संस्कारः, तृ.त.*] १.मरेका मानिसको दाहक्रिया २.[*अग्नेः संस्कारः, ष.त.*] यज्ञमा गरिने आगाको गर्भाधान, पुंसवन आदि सोह्र संस्कार। **~संहतिः** (स्त्री.) काव्यको एक लक्षण। **~सखः** (पुं.) [*अग्नेः सखा, ष.त, राजाहः सखिभ्यष्टच् ५.४.९ इति टच्*] हावा।

अग्निकः (पुं.) [*अग्निरिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] वर्षामा देखिने बिरबहुटी नामक एक किरो। **इन्द्रगोपस्त्वग्निरजो वैराटस्तित्तिभोऽग्निकः** (अभि.चि.)।

अग्निकारिका (स्त्री.) [*अग्नेः कारिका, ष.त.*] अग्निहोत्र। **अग्नीन्धनं त्वग्निकार्यमाग्नीध्रा चाग्निकारिका** (अभि.चि.)।

अग्निकार्यम् (नपुं.) [*अग्नेः कार्यम्, ष.त.*] १.आगाको काम २.लास जलाउने काम ३.अग्निहोत्र।

अग्निचित् (पुं.वि.) [*अग्निं चिनोति स्म, अग्नौ चेः ३.२.९१ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] १.यज्ञमा आगो चयन गर्ने २.(पुं.) अग्निहोत्री।

अग्निचित्या (स्त्री.) [*अग्नेश्चयनम्, चित्याग्निचित्ये च ३.१.१३२ इति भावे यकारः, तुक् च निपातितः*] अग्निहोत्रीको काम।

अग्निज्वाला (स्त्री.) *अग्नेर्ज्वाला, ष.त.*] आगाको ज्वाला।

अग्निदेवत्यम् (नपुं.) [*अग्निदेवतायै इदम्, तादर्थ्ये यत् ५.४.२४ इति यत्*] आगामा होम गर्न वा चढाउन तयार पारिएको वस्तु।

अग्निदेवाः (स्त्री.बहु.) [*अग्निर्देवो यासान्ताः, बहु.स.*] कृत्तिका नक्षत्र। **कृत्तिका बहुलाश्चाग्निदेवाः** (अभि.चि.)।

अग्निधमनम् (नपुं.) [*अग्नेर्धमनम्, ष.त.*] आगो फुक्ने काम।

न कुर्यादग्निधमनं कदाचिद् व्यजनादिना।
मुखेनैव धमेदग्निं धमन्या वेणुजातया॥ (आ.सू.)

अग्निपुराणम् (नपुं.) [*अग्निना प्रोक्तं पुराणम्, म.प.स.*] अठारौँ पुराण। यस पुराणमा ३८३ अध्याय, ११ हजार ४ सय ९७ श्लोक छन्। आयुर्वेद, शब्दकोश, व्याकरण, काव्यशास्त्र आदि विभिन्न विषयको वर्णन भएकाले यस पुराणलाई प्राचीन संस्कृति र पुराणको कोश नै मानिन्छ। यसमा वर्णित प्रमुख विषयहरू– मङ्गलाचरण, ग्रन्थ रचनाको उद्देश्य, मत्स्य कूर्म आदि विष्णुका अवतारको वर्णन, रामायणको कथा, कृष्णकथा, महाभारतको कथा, बुद्ध र कल्कि अवतारको वर्णन, सृष्टिको उत्पत्ति, स्वायम्भुव मनुको वर्णन, काश्यप वंशको वर्णन, देवताको पूजाविधान, कर्मकाण्डपद्धति, देवालयको निर्माणबाट हुने फल, मन्दिर तलाउ आदिको निर्माणबाट हुने फाइदा, प्रतिमास्थापनाको विधि, विभिन्न पर्वत, जम्बूद्वीप, गङ्गा, काशी र गयाको माहात्म्य, भारतवर्षको वर्णन, ज्योतिषशास्त्रको वर्णन, युद्धविद्याको वर्णन, तान्त्रिक उपासना पद्धति, वर्णाश्रमधर्म, विवाहसंस्कार, आशौचविचार, वानप्रस्थ, यतिधर्म, नाना किसिमका पाप र तिनको प्रायश्चित्त, नरकको वर्णन, दानको महिमा, राजधर्म, आयुर्वेद, अश्वायुर्वेद, गजायुर्वेद र वृक्षायुर्वेदको वर्णन, काव्यशास्त्रीय विषय, व्याकरण र कोशको निरूपण, योगविद्या, ब्रह्मज्ञान र गीताको सार आदि।

अग्निप्रस्तरः (पुं.) [*अग्नेः प्रस्तरः, ष.त.*] आगो पार्ने ढुङ्गो/दल्छिन ढुङ्गो।

अग्निभम् (नपुं.) [*अग्निरिव भाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] सुवर्ण।

अग्निभूः (पुं.) [*अग्नेरभूत्, भुवः३.२.१७९ इति क्विप्*] कार्तिक स्वामी/शिवपुत्र कुमार।

अग्निभूतिः (स्त्री.) १.[*अग्नेर्भूतिः, ष.त.*] खरानी २.(पुं.) महावीरका एक गणधर/शेषजैनाचार्यका शिष्य।

अग्निमन्थः (पुं.) [*अग्निं मथ्नाति, मन्थ विलोडने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] गिनेरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निमुखः (पुं.) १.[*अग्निरेव मुखं यस्य सः, कहु.स.*] देवता २.[*अग्निरिव मुखं यस्य सः, पवित्रतया, बहु.स.*] ब्राह्मण ३.चित्रक वृक्ष ४.भलायो।

अग्निमुखम् (नपुं.) [*अग्नेर्मुखम्, ष.त.*] आगाको अग्रभाग।

अग्निमुखी (स्त्री.) [*अग्निरिव मुखं यस्याः सा, बहु.स. स्वाङ्गाच्चो पसर्जनादसंयोगोपधात् ४.१.५४ इति ङीष्*] १.भलायो। **भवेदग्निमुखो देवे विप्रे भल्लातके स्त्रियाम्।** (मेदिनी.) २.बढी कराउने आइमाई ३.[*अग्निर्मुखं प्रधानमस्यां सा*] भान्साघर ४.गायत्रीमन्त्र।

अग्निरक्षणम् (नपुं.) [*अग्निः रक्ष्यतेऽस्मिन्, अनेन वा, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.अग्निहोत्र २.अगेनु ३.[*अग्नेः रक्षणम्, ष. त.*] आगो राख्ने काम ४.राक्षस आदिबाट अग्निलाई रक्षा गर्ने मन्त्र।

अग्निरजः (नपुं.) [*अग्नेः रजः, ष.त.*] १.आगाको झिल्को २.[*अग्नेः रज इव, तत्*] सुवर्ण।

अग्निरजाः (पुं.) [*अग्नेः रज इव*] १.बिरबहुटी नामक किरा।

अग्निवर्धनम् (नपुं.) [*वर्द्धतेऽनेन, करणे ल्युट् अग्नेर्वर्धनम्, ष.त.*] रुचिप्रद औषधि।

अग्निवल्लभः (पुं.) [*अग्नेर्वल्लभः, ष.त.*] १.खोटो २.साल।

अग्निवाहः (पुं.) [*अग्निं वाहयति, कर्मण्यण् ३.२.१ इति अण्*] १.धुवाँ। **धूमः स्याद् वायुवाहोऽग्निवाहो दहनकेतनम्।** (अभि.चि.) २.(तद्वाहनत्वात्) भेडो।

अग्निवेशः (पुं.) आयुर्वेद तन्त्रका प्रवर्तक, पुनर्वसुका शिष्य।

अग्निवेशकृते तन्त्रे चरकप्रतिसंस्कृते।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ॥ (दृढबल)

अग्निशिखम् (नपुं.) [*अग्निरिव शिखा केशरोऽस्य*] १.कुंकुम २.[*अग्नेः शिखा अस्य*]दियो ३.वाण।

अग्निशिखा (स्त्री.) [*अग्नेः शिखा, ष.त.*] आगाको ज्वाला।

अग्निष्टुत् (पुं.) [*अग्निः स्तूयते, अग्निपूर्वकात् ष्टुञ् स्तुतौ इति धातोः, क्विप्, तुक्, अग्नेःस्तुत्स्तोमसोमाः ८.३.८२ इति षत्वम्, ष्टुत्वम्*] यज्ञविशेष।

अग्निष्टोमयाजी (पुं.वि.) [*अग्निष्टोमेन इष्टवान्, करणे यजः ३.२.८५ इति णिनिः*] अग्निष्टोम यज्ञ गरेको।

अग्निसात् (अव्य.) *कृत्स्नमग्निः संपद्यते, विभाषा साति कार्त्स्न्ये ५.४.५२ अभिविधौ सम्पदा च ५.४.५३ इति सातिप्रत्ययः, सात्पदाद्योः ८.३.१११ इति षत्वनिषेधः*] भस्म गर्नु/खरानी पार्नु।

अग्निस्वात्ताः (पुं.बहु.) [*अग्निना सु सम्यक् आत्ताः भक्षिताः, अग्निष्वात्ताः इति पाठस्तु चिन्त्यः*] पितृगणविशेष। यिनीहरू मरीचिका सन्तान हुन्। श्रौत र स्मार्त अग्निद्वारा डढेर यिनको मृत्यु भएको थियो।

विराट्सुताः सोमसदः साध्यानां पितरः स्मृताः।
अग्निस्वात्ताश्च देवानां मारीच्या लोकविश्रुताः ॥ (मनु.)

अग्निहोत्रः (पुं.वि.) [*अग्निहोत्रमस्यास्तीति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] अग्निहोत्र गर्ने।

अग्निहोत्रं गृहं क्षेत्रं मित्रं भार्यां सुतं शिशुम्।
रिक्तपाणिर्न पश्येच्च राजानं देवतां गुरुम् ॥ (सुभा.)

अग्निहोत्रम् (नपुं.) [*अग्नौ हूयतेऽत्र*] विधिपूर्वक स्थापित अग्निमा हवन गरिने एक यज्ञ। अग्निहोत्र दुई किसिमको हुन्छ— एक महिनामा पूर्ण हुने र जीवनको अवसानसँगै पूर्ण हुने। जीवनको अवसानसँगै पूर्ण हुने अग्निहोत्रमा बाँचुन्जेल बिहान र बेलुका हवन गर्नुपर्छ र मरेपछि त्यसै अग्निले यज्ञकर्तालाई डढाउनुपर्छ अर्थात् दाहसंस्कार गर्नुपर्छ।

अग्निहोत्री (पुं.) [*अग्निहोत्रमस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] अग्निहोत्र यज्ञ गर्ने व्यक्ति।

अग्नीन्धनम् (नपुं.) [*अग्निः इध्यतेऽत्र कार्ये, अधिकरणे ल्युट्*] १.अग्निहोत्र २.[*अग्नेरिन्धनम्, भावे ल्युट्*] यज्ञमा होम गर्नुभन्दा अगाडि आगो बाल्ने काम।

अग्नीन्धनं भैक्षचर्यामधःशय्यां गुरोर्हितम्।
आसमावर्तनात् कुर्यात् कृतोपनयनो द्विजः ॥ (मनु.)

३.आगो बाल्ने काम। [*अग्निः इध्यतेऽनेन, करणे ल्युट्*] १.दाउरा २.समिधा।

अग्नीभवनम् (नपुं.) [*अनग्निः अग्निर्यथा सम्पद्यते तथाभवनम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] व्यापक रूपमा आगो लाग्नु।

अग्नौकरणम् (नपुं.) हवन गर्ने काम।

अग्न्यस्त्रम् (नपुं.) [*अग्निप्रक्षेपकमस्त्रम्, म.प.स.*] आगो बर्साउने अस्त्र, आग्नेयास्त्र।

अग्न्याधानम् (नपुं.) [*अग्नेराधानम्, ष.त.*] १.वेदमन्त्रद्वारा अग्निको स्थापना २.अग्निहोत्र।

अग्न्यालयः (पुं.) [*अग्नेरालयः, ष.त.*] यज्ञमा अग्निस्थापना गर्ने कुण्ड

अग्न्युत्पातः (पुं.) [*अग्नेरुत्पातः ष.त.*] १.आगाबाट मच्चिएको उत्पात २.आगाको मुस्लो ३.उल्कापात ४.[*अग्निरिव उत्पातः ऊर्ध्वगमनमस्य*] धूमकेतु।

अग्रः (पुं.वि.) [*अगि गतौ इति धातोः ऋज्रेन्द्र— (उ.) १९६ इति रन्, नलोपश्च*] १.अगाडिको/अघिल्लो २.मुख्य ३.सर्वोत्तम ४.सबैभन्दा माथिल्लो। **~गण्यः** (पुं.वि.) [*गणयितुं योग्यः, गण सङ्ख्याने इति धातोः अचो यत् ३.१.९७ इति यत्, अग्रे गण्यः, स.त.*] १.पहिले गन्ती हुने २.मुख्य, ३.सबैभन्दा अगाडि नाम आउने। **~गामी** (पुं.वि.) [*अग्रे गन्तुं शीलमस्य, गम्लृ गतौ इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगुवा/नेता। **~जिह्वा** (स्त्री.) [*जिह्वाया अग्रम्, अग्रशब्दस्य पूर्वप्रयोगः*] जिब्राको टुप्पो वा अग्रभाग। **~दानी** (पुं.वि.) [*अग्रे दानं प्रेतोद्देशेन तिलार्पणं ग्राह्यत्वेन विद्यतेऽस्य सः, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.पतित ब्राह्मण २.प्रेत शय्या लिने र काट्टो खाने ब्राह्मण। **~मांसम्** (नपुं.) [*अग्रं मुख्यञ्च तन्मांसञ्च, कर्म.स.*] १.छातीको मासु २.मुटु ३.कलेजो। **~सरः** (पुं.वि.) [*अग्रे सरतीति, सृ गतौ इति धातोः, बाहुलकात् पुरोऽग्रतोऽग्रेषु सर्तेः ३.२.१८ इति टः*] अघि सर्ने/अघि लाग्ने।

अग्रजः (पुं.) [*अग्रे जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्त्वाट्टिलोपः*] १.ब्राह्मण २.अगाडि जन्मेको/दाजु।

अग्रजन्मा (पुं.) [*अग्रे आदौ जन्मास्य, अग्राद् विराट्पुरुषस्य मुखाद्वा जन्मास्य*] १.ब्राह्मण २.दाजु ३.ब्रह्म ४.(पुं.वि.) पहिले जन्मिएको।

अग्रजा (स्त्री.) [*अग्रे जाता, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्त्वाट्टिलोपः, ततष्टाप् ४.१.४*] अगाडि जन्मेकी/दिदी।

अग्रणीः (पुं.वि.) [*अग्रे नीयते इति णीञ् प्रापणे इति धातोः सत्सुद्विषद्रुहयुजभिदच्छिदजीनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, अग्रग्रामाभ्यां नयतेर्णो वाच्यः (वा.) इति णत्वम्*] १.अगाडि लाग्ने २.श्रेष्ठ।

अग्रतः (अव्य.) [*अग्रशब्दात् आद्यादिभ्य उपसङ्ख्यानम् (वा.) ५.४.४४ इति, तसिः*] १.अगाडि। **समरे सदैव अग्रतो भीमो गच्छति**। २.पूर्वतिर। **अग्रतो द्वारम्**। ३.सामुन्ने। **पित्रोरग्रतः शिशुः क्रीडति**। ४.सर्वप्रथम। **शिशुरग्रतो भुङ्क्ते। प्राच्यां पुरस्तात् प्रथमे पुरार्थेऽग्रत इत्यपि।** (अमर.) **~सरः** (पुं.) [*अग्रतः, सरतीति, पुरोऽग्रतोऽग्रेषु सर्तेः ३.२.१८ इति टः*] १.अगाडि सर्ने २.नेता।

अग्रम् (नपुं.) [*अग्यते अगति वा, अग कुटिलायां गतौ इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभ्रेरामालाः १९६, इति रक्, नलोपश्च*] १.उत्तम बिन्दु २.पहाड रुख आदिको शिखर ३.अगाडि ४.श्रेष्ठ ५.चार गाँस। **अग्रं ग्रासचतुष्टयम्** (स्मृति) ६.भिक्षाविशेष ७.छेउ/प्रान्त/भाग ८.सोह मासा बराबरको परिमाण ९.आलम्बन १०.प्रधान ११.समूह।

अग्रं पुरस्तादुपरि परिमाणे पलस्य च।
आलम्बने समूहे च प्रान्ते च स्यान्नपुंसकम्।
अधिके च प्रधाने च प्रथमे चाभिधेयवत्॥ (मेदिनी.)

अग्रसन्धानी (स्त्री.) [*अग्रे फलभोगात् पूर्वं जन्मकालिकग्रहस्थित्यादिभिः सन्धीयते अन्विष्यते कार्यमनया*] पहिले नै मानिसको शुभ अशुभ,आयु आदि बताउने यमपुस्तिका/चिना।

अग्रहायणः (पुं.) [*जिहीते भावान्, ओहाङ् गतौ इति धातोः हश्च व्रीहिकालयोः ३.१.१४८ इति ण्युट् युक् च, हायनस्य अग्रः, हायनशब्दस्य परनिपातः*] १.मार्ग महिना २.वर्षको प्रारम्भ।

अग्राङ्गुलिः (पुं.) [*अग्रश्चासौ अङ्गुलिश्च, कर्म.स.*] बुढी औंलो।

अग्राशनम् (नपुं.) [*अग्रञ्च तदशनञ्च कर्म.स.*] खानुभन्दा अगाडि देवता तथा पितृलाई चढाइने अन्न/औसानी।

अग्राह्यः (पुं.वि.) [*न ग्राह्यः, न.त.*] स्वीकार गर्न नहुने।

अग्राह्यं शिवनैवेद्यं पत्रं पुष्पं फलं जलम्।
शालग्रामशिलास्पर्शात् सर्वं याति पवित्रताम्॥ (ति.त.)

अग्रिमः (पुं.वि.) [*अग्रे भवः अग्रशब्दात् अग्रादिपश्चाड्डिमच् वा. ४.३.२३ इति डिमच्*] १.अघिल्लो, २.जेठो ३.सामुन्नेको।

अग्रियः (पुं.वि.) [*अग्रे भवः अग्रशब्दात् अग्राद्यत् ४.४.११६ घच्छौ च ४.४.११७ इति घः, आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् ७.१.२ इति इयः*] १.अघि लाग्ने, २.प्रमुख, ३.पहिले जन्मिएको।

अग्रीयः (पुं.वि.) [*अग्रे भवः, अग्रशब्दात् अग्राद्यत् ४.४.११६ घच्छौ च ४.४.११७ इति छः, आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् ७.१.२ इति ईयः*] १.प्रमुख, २.अगाडि लाग्ने, ३.जेठो, ४.प्रथम।

अग्रे (अव्य.) अगाडि।

अग्रे गीतं सरसकवयः पार्श्वतो दाक्षिणात्याः
पृष्ठे लीलावलयरणितं चामरग्राहिणीनाम्।
यद्यस्त्येवं कुरु भव रसास्वादने लम्पटत्वं
नो चेच्चेतः प्रविश सहसा निर्विकल्पे समाधौ॥ (भर्तृहरि)

अग्रेगावा (पुं.वि.) [*अग्रे गच्छतीति अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति गमेर्वनिप्, विड्वनोरनुनासिकस्यात् ६,४.४१ इत्यात्वम्*] अगाडि जाने। **अग्रेगावा च शूराणाम्** (भट्टि. ६.१२५)।

अग्रेगूः (पुं.वि.) [*अग्रे गच्छति कार्यार्थमग्रे सरति, अग्रेपूर्वकात् गम्लृ गतौ इति धातोः, भ्रमेश्च डूः (उ.) २३६ इत्यत्र चग्रहणात् डूः, डित्त्वाट्टिलोपः यद्वा अग्रपूर्वकाद् गम्धातोः क्विप्, सर्वापहारिलोपः, ऊ च गमादीनामित्युपसङ्ख्यानम् (वा.) इति मलोपः, अकारस्य ऊकारः*] १.अग्रगामी २.(पुं.) नोकर। **अग्रेगूः सेवके** (उ.को.)।

अग्रेदिधिषुः (पुं.) [*अग्रे प्रधानं दिधिषुर्यस्य सः, अग्रे इति विभक्तिप्रतिरूपको निपातः, समासान्तविधेरनित्यत्वान्न कप् ४.५.१५३ द्विजः क्षत्रियादिरपि*] विवाहित स्त्रीका साथ विवाह गर्ने ब्राह्मण,क्षत्रिय वा वैश्यजातिको पुरुष (नाममाला)।

अग्रेदिधिषूः (स्त्री.) जेठीको विवाह नहुँदै विवाह भएकी कान्छी छोरी।

जेष्ठायां यद्यनूढायां कन्यायामूह्यतेऽनुजा।
सा चाग्रेदिधिषू र्ज्ञेया पूर्वा तु दिधिषूर्मता॥ (स्मृति)

बहिनीको विवाह भइसक्ता पनि विवाह नभएकी जेठी कन्यालाई दिधिषू भनिन्छ।

अग्रेपतिः (पुं.) [*अग्रेभूतः पतिः,म.प.स.*] पुनर्विवाह गर्ने स्त्रीको पहिलो लोग्ने, अघिल्लो पति।

अग्रेवणम् (नपुं.) [*वनस्य अग्रे, राजदन्तादित्वात्परनिपातः, अलुक्, णत्वम्*] वनको पुछार/वनको छेऊ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्रेसरः (पुं.वि.), *अग्रे सरति, सृ गतौ इति धातोः पुरोऽग्रतोऽग्रेषु सर्तेः ३.२.१८ इति टः, सप्तम्या अलुक्, अग्रेण सरतीति विग्रहे तु एदन्तस्य निपातः]* १.अगाडि सर्ने २.नेता। **अग्रेसरं सत्तमनुत्तमं च ग्रामण्यमग्रण्यमुदाहरन्ति** (हला.)।

अग्रेसरिकः (पुं.वि.) [*अग्रेसरोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] अग्रगामी/अगाडि सर्ने।

अग्र्यः (पुं.वि.) [*अग्रे भवः, अग्राद्यत् ४.४.११६ इति यत्*] १.प्रमुख २.सर्वोत्तम/उत्कृष्ट ३.दाजु ४.[*अग्रमिव, शाखादिभ्यो यत् ५.३.१०३ इति यत्*] अग्रभाग।

अघ (धा.) [*पापकरणे, चुरा. उभ.अक.सेट्*] पाप गर्नु। लट्– **अघयति-ते–** पाप गर्छ इत्यादि। **अघयति व्याधः।** (दुर्गादास)

अघः (पुं./नपुं.) [*अङ्घते गच्छति दानादिना, अघि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पाप २.दुःख। **अघौघविध्वंसविधौ पटीयसीः** (शि.व.१.१८) ३.व्यसन ४.अपराध। **अघः दुःखे व्यसनैनसोः** (हैम.)।

अघनः (पुं.वि.) [*न घनः, न.त.*] पातलो। **अघनं दधि द्रप्सम्** (हला.)।

अघमर्षणः (पुं.) विश्वामित्रको वंशमा पैदा भएका एक ऋषि।

अघमर्षणम् (नपुं.) [*अघानि पापानि मृष्यन्ते येन तत्, मृष तितिक्षायाम् इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति बाहुलकात् ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.पाप नाश होस् भनी स्नान वा सन्ध्या गर्दा पढिने ऋग्वेदको मन्त्र २.[*अघस्य मर्षणम् ष.त.*] पाप नाश गर्ने काम।

अघर्मः (पुं.) [*घर्मस्य अभावः, न.त.*] ठन्डी।

अघवान् (पुं.वि.) [*अघमस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.पापी, २.दुःखी।

अघासुरः (पुं.) [*अघनामा असुरः, म.प.स.*] अघ नामक एक राक्षस/कंसको सेनापति।

अघि (धा.) [*गत्याक्षेपे, अक.सेट्, आत्म.*] हिँड्नु, निन्दा गर्नु। लट्– **अङ्घते–** हिँड्छ, निन्दा गर्छ। लिट्– **आनङ्घे–** हिँडेछ, निन्दा गरेछ (अन.)। लुट्– **अङ्घिता–** हिँड्ने छ, निन्दा गर्ने छ (अन.) लृट्– **अङ्घिष्यते–** हिँड्ने छ, निन्दा गर्ने छ। लोट्– **अङ्घताम्–** हिँडोस्, निन्दा गरोस्। लङ्– **आङ्घत–** हिँड्यो, निन्दा गर्‍यो (अन.)। विधिलिङ्– **अङ्घेत–** हिँड्ला, निन्दा गर्ला, हिँडोस्, निन्दा गरोस्। आशीर्लिङ्– **अङ्घिषीष्ट–** हिँडोस्, निन्दा गरोस्। लुङ्– **आङ्घिष्ट–** हिँड्यो, निन्दा गर्‍यो। लृङ्– **आङ्घिष्यत–** हिँड्ने थियो, निन्दा गर्ने थियो इत्यादि।

अघोः (अव्य.) सम्बोधन। **अघोः यज** (वोपदेव)।

अघोरः (पुं.वि.) १.[*अतिशयेन घोरः*] साह्रै डरलाग्दो। २.[*न घोरः, न.त.*] डर लाग्दो नभएको।

अघोरपन्थः (पुं.) [*न घोरः, अघोरः, न.त. अघोरः पन्थाः यस्य सः, बहु.स.*] प्राचीन समयमा चलेको एक सम्प्रदाय। यो सम्प्रदाय अथर्ववेदसँग सम्बद्ध छ। यसलाई अवधूतमत पनि भनिन्छ। अहिले यसको सम्बन्ध गोरखनाथ सम्प्रदाय र तन्त्रप्रधान शैव दर्शनसँग छ। यस सम्प्रदायका अनुयायीहरू गुरुको पूजा गर्छन्, मद्य र मासु खान्छन्, श्मशानमा बसेर शक्तिको साधना गर्दछन्। यिनीहरुको भेषभूषामा एकरूपता छैन। कोही माला लगाउँछन् भने कोही त्रिशूलधारी छन्।

अघोरा (स्त्री.) [*अविद्यमाना घोरा भयानकमूर्तिर्यस्याः सा, बहु.स.*] १.भाद्रकृष्ण चतुर्दशी २.[*अतिशयेन घोरा*] ज्यादै डर लाग्दो।

अघोषः (पुं.) १.[*घोषयति शब्दतरङ्गमिति घोषः, न अल्पो घोषो यस्य सः, यद्वा न विद्यते घोषो उच्चरणकाले घर्षणं यस्मिन् सः*] उच्चारण कालमा घर्षण पैदा नहुने ध्वनि। संस्कृत भाषाका क च ट त प ख छ ठ थ फ श ष स ध्वनि अघोष हुन्। (सि.कौ.) २.(पुं.वि.) [*अविद्यमानः घोषः शब्दो यत्र सः, बहु.स.*] शब्दरहित।

अघ्न्यः (पुं.वि.) [*न हन्यते इति, अघ्न्यादयश्च (उ.) ५६१ इति यगन्तो निपातः*] १.मार्नु नहुने, २.(पुं.) प्रजापति।

अघ्न्या (स्त्री.) [*न हन्यते इति, अघ्न्यादयश्च (उ) .५६१ इति यगन्तो निपातः, टाप्*] गाई।

अङ्कः (धा.) [*पदे, चुरा.लक्षणे च, सक.सेट् उभ.*] चिह्न लगाउनु, गन्नु। लट्–**अङ्कयति**–चिह्न लगाउँछ, गन्छ। लिट्– **अङ्कयाञ्चकार–** चिह्न लाएछ, गर्ने छ (अन.)। लुट्– **अङ्कयिता**–चिह्न लगाउने छ, गन्ने छ (अन.) लृट्–**अङ्कयिष्यति**– चिह्न लगाउने छ, गन्ने छ। लोट्– **अङ्कयतु–** चिह्न लगाओस्, गनोस्। लङ्– **आङ्कयत्–** चिह्न लगायो, गन्यो (अन.) विधिलिङ्– **अङ्कयेत्–** चिह्न लगाउला, गन्ला, चिह्न लगाओस्, गनोस्। आशीर्लिङ्– **अङ्क्यात्**–चिह्न लगाओस्, गनोस्। लुङ्–**आञ्चिकत्**–चिह्न लगायो, गन्यो। लृङ्–**आङ्कयिष्यत्**– चिह्न लगाउने थियो, गन्ने थियो। कर्मणि–**अङ्क्यते**–चिह्न लगाइन्छ, गनिन्छ। कृदन्ते– **अङ्ककः, अङ्किका, अङ्कयिता-त्री**– चिह्न लगाउने, गन्ने। **अङ्कयितुम्**– चिह्न लगाउन, गन्न। **अङ्कनम्,अङ्कना**– चिह्न लगाउने काम, गन्ने काम। **अङ्कयित्वा, समङ्क्य**– चिह्न लगाएर, गनेर। **अङ्कयन्, अङ्कयन्ती**– चिह्न लगाइरहेको/की गनिरहेको/की। **अङ्कः**– सङ्ख्या, चिह्न आदि।

अङ्कः (पुं.) [*अङ्क्यते लक्ष्यतेऽनेन, अकि लक्षणे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, यद्वा अञ्चति गच्छति अनेन सः, अञ्चु गतिपूजनयोः इति धातोः, अञ्च्यञ्जियुजिभृजिभ्यः कश्च (उ) ६६५ इत्यसुन्, कवर्गश्चान्तादेशः, अथवा अङ्कयति, अङ्क लक्षणे पदे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सङ्ख्या, गन्ती वा जम्मा बुझाउन प्रयोग गरिने चिह्न-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.२.३.आदि। यिनलाई बुझाउने केही प्रचलित शब्द। हे. सङ्ख्या। २.रूपकको आठौँ भेद। यसमा एक अङ्कको प्रयोग हुन्छ। सामान्य स्तरका धेरै नायकहरू हुन्छन्। मुख्य रस करुण हुन्छ। आइमाईको रुवावासी चल्छ। प्रसिद्ध कथानकलाई लिएर नाटककारले सकेसम्म बढाइ-चढाइ गरेको हुन्छ। भाँणमा जस्तै अङ्करूपकमा पनि मुख र प्रतिमुख सन्धिको प्रयोग हुन्छ। नायकको विजय र प्रतिनायकको पराजय देखाइएको हुन्छ, गालीगलोज र झगडा बढी हुन्छ। यसको उदाहरण भासरचित उरुभङ्ग हो। (सा.द.६.२६१) ३.नाटकभित्रको एक अंश/नाटकीय कथानकको एक भाग।

प्रत्यक्षनेतृचरितो रसभावसमुज्ज्वलः।
भवेदगूढशब्दार्थः क्षुद्रचूर्णकसंयुतः।
अन्तर्निष्क्रान्तनिखिलपात्रोऽङ्क इति कीर्तितः॥ (सा.द.)

~मुखम् (नपुं.) [*अङ्कस्य मुखम्, ष.त.*] नाटकमा सम्पूर्ण अङ्कका घटनाको सूचना दिने, बीजनामक अर्थप्रकृति भएको अङ्क।

यत्र स्यादङ्क एकस्मिन्नङ्कानां सूचनाऽखिला।
तदङ्कमुखमित्याहुर्बीजार्थख्यापकञ्च तत्॥ (सा.द.)

~विद्या (स्त्री.) [*अङ्कस्य विद्या, ष.त.*] गणित शास्त्र/गणित सिकाउने विद्या।

अङ्कच्छेदः (पुं.) [*अङ्कस्य छेदः, ष.त.*] प्रसङ्ग छोट्याएर अङ्क टुङ्ग्याउने काम।

अङ्कनम् (नपुं.) [*अकि गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्* *अनः*] १.चिह्न लगाउने काम, शैवहरूले त्रिशूलको र वैष्णवहरूले तताएको धातुको टुप्पाले शङ्ख, चक्र, गदा र पद्मको चिह्न आफ्नो बाहुमा लगाउँछन्, २.गन्ती गर्नु, ३.श्रेणी छुट्ट्याउनु।

अङ्कावतारः (पुं.) [*अङ्के अङ्कान्तरमवतरत्यस्मिन्, अवे तृस्त्रोर्घञ् ३.३.१२० इति घञ्*] अङ्कको अन्त्यमा त्यसै अङ्कको अङ्ग बनेर आएको अर्को अङ्क (सा.द.६.४०) जस्तो— अभिज्ञानशाकुन्तलको छैटौँ अङ्क पात्रको सूचनाले गर्दा पाँचौँ अङ्कको अङ्ग बन्न पुगेको छ। त्यसैले छैटौँ अङ्क अङ्कावतारको नमुना हो। यो अर्थोपक्षेपकको भेद हो।

अङ्कान्ते सूचितः पात्रैस्तदङ्कस्याविभागतः।
यत्राङ्कोऽवतरत्येषोऽङ्कावतार इति स्मृतः॥ (सा.द.)

अङ्कास्यः (पुं.) [*अङ्कानां नाटकान्तर्गतानां सर्वेषां भागानां एकस्मिन् अङ्के प्रायेण प्रथम एव आस्यम् मुखमिव ष.त.*] अङ्कमुख। यसमा सबै अङ्कको सारांश दिइएको हुन्छ। यो काम नाटककारले प्रायः प्रथम अङ्कमा गर्ने गरेको देखिन्छ। जस्तो मालतीमाधवको प्रथम अङ्क। यसलाई अङ्कमुख वा बीजार्थख्यापक अङ्क पनि भन्न सकिन्छ। (सा.द. ६.४१)

अङ्कितः (पुं.वि.) [*अङ्क्यते स्म इति, निष्ठा ३.२.१०२ इति क्तः*] १.छाप लगाइएको २.गनिएको ३.तोकिएको। **~मूल्यम्** (नपुं.) [*अङ्कितञ्च तन्मूल्यम्, कर्म.स.*] कुनै वस्तुको तोकिएको मूल्य।

अङ्किलः (पुं.) [*अङ्कति गच्छतीति, अकि गतौ इति धातोः, बाहुलकात् (उ.) ५७ इलच्*] वृषोत्सर्गमा डामेर छोडिएको साँढे (शि.पु.काशीखण्ड)।

अङ्की (स्त्री.) [*स्त्रियां ङीप्*] हर्रो आकारको मादल/काखमा राखेर बजाइने मादल।

अङ्कुरः (पुं.) [*अङ्क्यते लक्ष्यते निःसृतं दृश्यते, अकि लक्षणे इति धातोः, मन्दिवाशिमथिचतिचङ्क्यङ्किभ्य उरच् (उ.) ४० इति सूत्रेण उरच्*] १.आँकुरा/टुसा २.रौँ ३.पानी ४.रगत। **अङ्कुरो रोम्णि सलिले रुधिरेऽभिनवोद्गमे** (हैम.) (अङ्कूर इत्यपि)। ५.नाट्यशास्त्रमा वर्णित निवृत्यङ्कुर/सूचाङ्कुर।

अङ्कुरितः (पुं.वि.) [*अङ्कुराः सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] टुसाएको/नयाँ आँकुरा पलाएको। **~यौवना** (स्त्री.) [*अङ्कुरितं यौवनं यस्याः सा, बहु.स.*] जवानीको लक्षण देखिएकी केटी।

अङ्कुशः (पुं.नपु.) [*अङ्क्यते हस्तिचालनार्थं फलान्याहर्तुमाहन्यतेऽनेन, अकि लक्षणे इति धातोः सानसि वर्णसिपर्णसितण्डुलाङ्कुशचषालेल्वलपल्वलधिष्ण्यशल्याः (उ) ५५७ इति उशच्*] १.अङ्कुसे/हात्ती हाँक्ने अङ्कुश। **अङ्कुशोऽस्त्री सृणिः स्त्रियाम्** (अमर.) २.रुखबाट फलफूल झार्न बनाइएको अङ्कुश परेको लट्ठी ३.[*अङ्कते लक्षयत्यनेन*] टुप्पो बाङ्गो भएको यन्त्रविशेष। **~ग्रहः** (पुं.) [*अङ्कुशं गृह्णातीति*] माहुते। **~दन्तः** (पुं.वि.) [*अङ्कुशाकारो दन्तो यस्य सः, बहु.स.*] एउटा दाह्रो सोझो र अर्को दाह्रो तल झरेको (हात्ती)। **~दुर्धरः** (पुं.) [*अङ्कुशेन दुर्धरः, तृ.त.*] मत्ता हात्ती। यसलाई अंकुशले पनि वशमा ल्याउन सकिँदैन। **~धारी** (पुं.) [*अङ्कुशं धारयितुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] माहुते। **~मुद्रा** (स्त्री.) [*अङ्कुशाकारा मुद्रा, म.प.स.*] माझी औँला सोझो गरी त्यसको बिचबाट चोरी औँला कुप्र्याउँदा बन्ने हस्तक्रियाको मुद्रा।

अङ्कुशवारणम् (नपुं.) [*अङ्कुशेन वारणम्, तृ.त*] हात्तीलाई नियन्त्रण गर्ने काम।

अङ्कुशी (स्त्री.) [*अ च्यते पूज्यते बौद्धविशेषैः, इति अङ्कः, ततः उशच्, ततो ङीप्, न्यङ्क्वादितया कुत्वम्*] जैनकी एक देवी।

अङ्कुशेश्वरः (पुं.) [*अङ्कुशाकारः ईश्वरो यत्र सः, बहु.स.*] नर्मदा नदीको तीरमा रहेको एक तीर्थ (म.पु. १९३.१०)।

अङ्कोटः (पुं.) [*अकि लक्षणे इति धातोः बाहुलकात् ओटच्*] वृक्षविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्कोलः (पुं.) [*अकि लक्षणे इति धातोः बाहुलकात् ओलच्*] एक तीर्थ (म.पु. १९०)।

अङ्क्यः (पुं.) [*अङ्के उत्सङ्गे भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्*] १.हर्रो आकारको मादल/काखमा राखेर बजाइने मादल २.(पुं.वि.) काखे ३.[*अङ्कयितुं योग्यः, अकि लक्षणे इत्यस्माद् यत्*] चिनो लगाउनुपर्ने।

अङ्ग (धा.) [*पदे लक्षणे च, चुरा. सक.सेट् उभ.*] चिह्न लगाउनु, गन्नु। लट्– **अङ्गयति**– चिनो लगाउँछ, गन्छ इत्यादि।

अङ्ग (अव्य.) सम्बोधनबोधक पद। **अङ्गावेक्षस्व सौमित्रे कस्येमां नयसे चमूम्**। (रामा.) **अङ्ग सम्बोधनेऽव्ययम्** (विश्व.)।

अङ्गः (पुं.) [*अनक्ति व्यक्तीकरोति, अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु इति धातोः, अञ्च्यञ्जियुजिभृजिभ्यः कुश्च (उ.) ६६५ इति असुन्, कवर्गश्चान्तादेशः यद्वा अङ्गति गच्छतीति पचाद्यच्*] १.पक्षी, २.वेन राजाका बाबु (भाग २.७.४३) ३.स्वायंभुव मनुका वंशमा पैदा भएका एक प्रजापति (वा.पु.६२.१०७) ४.वालिका क्षेत्रज पुत्र, दीर्घतमाका छोरा (भाग ९.२३) ५.देशविशेष (विष्णु.पु. ४.१८)।

~राजः (पुं.) [*अङ्गानां (अङ्गदेशस्य) राजा, ष.त.*] १.अङ्गनामक देशका राजा/कर्ण २.दशरथ राजाका मित्र लोमपाद।

अङ्गकम् (नपुं.) १.[*अल्पमङ्गम्, अल्पे ५.३.८५ इति कन्*] सानो, दुब्लो, पातलो वा शरीर।

यथा यथा सेवनयत्नजन्मा निदाघतोयेन निषिक्तमङ्गकम्।
तथा तथाऽवर्धत तापसान्तिके महाविकासा मम भक्तिवल्लरी॥

(चम्पूभा.) २.[*ह्रस्वमङ्गम्, ह्रस्वे ५.३.८६ इति कन्*] पुड्के शरीर।

अङ्गग्रहः (पुं.) [*अङ्गानां रोगादिना ग्रहः, वेदना*] रोगले शरीर दुख्ने पीडा।

अङ्गजः (पुं.) [*अङ्गे जायते इति, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वात् टिलोपः*] १.केश, २.पुत्र ३.मद, ४.रोग, ५.कामदेव। स्त्री र पुरुषलाई संयोगका लागि प्रेरणा दिने एक पौराणिक देवता। यिनकी पत्नी– **रति,** साथी– **वसन्त,** वाहन– **कोइली,** शस्त्र– **फूलबाट बनेको धनुष**। बाण– **उन्मादन, शोषण, तापन, संमोहन र स्तम्भन**। शिवजीको तेस्रो नेत्रबाट पैदा भएको अग्निबाट डढेपछि यिनको नाम अनङ्ग भएको हो। ६.युवावस्थामा स्त्रीजातिको शरीरमा पैदा हुने सात्त्विक भावविशेष।

अङ्गजम् (नपुं.) [*अङ्गे जायते इति, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, टिलोपः*] १ रगत २.(त्रि.) शरीरमा पैदा भएको।

अङ्गजा (स्त्री.) [*अङ्गे जाता, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, टाप्*] १.छोरी, २.ब्रह्माकी छोरी (म.पु. ३.१२)।

अङ्गजालङ्कारः (पुं.) [*अङ्गजश्चासौ अलङ्कारश्च, कर्म.स.*] शरीरबाट उत्पन्न भएको सात्त्विक अलङ्कार। कामवासनालाई सङ्केत गर्ने नायिकाका आङ्गिक क्रियाकलाप। यो तीन किसिमको हुन्छ– भाव, हाव र हेला। **भाव**– युवावस्था प्रारम्भ हुने बेलामा निर्विकार चित्तमा पैदा हुने विकृति। (ध.ना.मा.) **हाव**– अङ्गज अलङ्कारको एक भेद। नारीको स्वाभाविक चेष्टा, भोगेच्छा व्यक्त हुने कटाक्षपात आदि। (ध.ना.मा.) **हेला**– स्त्रीजातिको ललित अभिनयद्वारा अभिव्यक्त शृङ्गारिक भावना। (ना.शा. २४.११) यी सत्त्वका विभिन्न रूप भएकाले शरीरसँग सम्बद्ध छन्। भरतले सत्त्व शरीरसँग सम्बद्ध हुन्छ। सत्त्वबाट भाव पैदा हुन्छ, भावबाट हाव पैदा हुन्छ र हावबाट हेला पैदा हुन्छ, भनेका छन्। (ना.शा.२४)।

अङ्गणम् (नपुं.) [*अङ्गत्यत्र, अगि गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् पृषोदरादित्वात् ६.३.१०९ साधुः, अङ्गनमित्यपि*] १.आँगन २.हिँड्ने साधन। **अङ्गणं प्राङ्गणे याने कामिन्यामङ्गना मता** (विश्व.)।

अङ्गतिः (पुं.) [*अगि गतौ इति धातोः, अतिः*] १.अग्निहोत्री २.ब्रह्मा ३.अग्नि। **अङ्गतिः पुंसि अग्निहोतृब्रह्मवह्निषु** (मेदिनी.)।

अङ्गदः (पुं.) [*अङ्गानि शत्रूणां शरीराणि द्यति खण्डयति दो अवखण्डने इति धातोः आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] १.बालिको छोरो/रामको सेनापति २.उर्मिलाबाट जन्मिएका लक्ष्मणका दुई छोरामध्ये एक छोरा ३.बृहतीको गर्भबाट पैदा भएको पुरुको एक छोरो।

अङ्गदसूः (पुं.) [*अङ्गदं सूते, क्विप्*] वालि।

अङ्गदम् (नपुं.) [*अङ्गं ददातीति, दा दाने इति धातोः, आतो ऽनुपसर्गे कः ३.२.३ इति कः,आलोपः ६.४.६४*] पाखुरामा लगाउने एक प्रकारको गहना/बाजू। **अङ्गदः कपिभेदे ना केयूरे तु नपुंसकम्** (मेदिनी.)।

अङ्गनम् (नपुं.) [*अङ्गत्यत्र, अगि गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अङ्गणमिति तु पृषोदरादित्वात्साधुः*] १.आँगन/चोक, २.[*अङ्गयते गम्यतेऽनेन, करणे ल्युट् अनः*] सवारी साधन।

अङ्गना (स्त्री.) [*प्रशस्तानि अङ्गानि अस्याः सा, अङ्गशब्दात् अङ्गात्कल्याणे (ग.) ५.२.१०० इति नः, टाप्*] १.सुन्दर स्त्री, २.कन्या राशि, ३.वामन नामक दिग्गजकी पत्नी।

अङ्गम् (नपुं.) [*अनक्ति व्यक्तीकरोति, अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु इति धातोः, अञ्च्यञ्जियुजिभृजिभ्यः कुश्च (उ.) ६६५ इति असुन्, कवर्गश्चान्तादेशः*] १.अवयव/शरीरको एक भाग।

अङ्गानि चम्पकदलैः स विधाय धाता (शृ.श.)

२.अप्रधान।

एक एव भवेदङ्गी शृङ्गारो वीर एव वा।
अङ्गमन्ये रसाः सर्वे कार्यं निर्वहणेऽद्भुतम् ॥ (सा.द.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.[*अङ्ग्यते विषयो बुध्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९इति घञ्*] १.मन। **हिरण्यगर्भाङ्गभुवं मुनिं हरिः ।** (शिशु.)) २.[*अङ्गानि हस्तपादादीनि सन्त्यस्य, अर्शाद्यच्*] शरीर। **अङ्गं मनसि काये च** (अभि.चि.) ३.शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, र छन्द नामक वेदका अङ्ग ४.(त्रि.) [*अङ्गमस्यास्तीति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.नजिक २.अङ्गयुक्त। **~कर्म** (नपुं.) [*अङ्गस्य कर्म, ष.त.*] शरीर मल्नु वा सुम्सुम्याउनु। **~क्रिया** (स्त्री.) [*अङ्कस्य क्रिया, ष.त.*] शारीरिक कर्म। **~ग्रहः** (पुं.) [*अङ्गानां ग्रहः, रोगादिना, ष.त.*] १.शरीर दुख्ने रोग २.स्थापत्य शास्त्रअनुसार इँट, ढुङ्गा नहल्लियोस् भनी जोडेको फलाम वा तामाको टुक्रा। **~चालनम्** (नपुं.) [*अङ्गानां चालनम् ष.त.*] हात गोडा चलाउने काम। **~च्छेदः** (पुं.) [*अङ्गानां छेदः, ष.त.*] शरीरका नाक, कान, गोडा आदि काट्नु। **~न्यासः** (पुं.) [*आङ्गानां न्यासः, ष.त.*] शरीरको हात गोडा आदि अङ्गमा हातले छोएर मन्त्र पढी देवता रहेको भावना प्रकट गर्ने काम। सन्ध्या, पाठ, पूजा आदिको प्रारम्भमा वा अन्त्यमा गर्ने यसको विधान छ। **~न्यासमुद्रा** (स्त्री.) [*अङ्गानां न्यासः, ष.त., तस्य मुद्रा*] अङ्गन्यासमुद्रा छ थरी हुन्छन्– हृदयन्यास, शिरोन्यास, कवचन्यास, शिखान्यास, नेत्रन्यास र अस्त्रन्यास। **~पालिः** (पुं.) [*अङ्गे पालयति, सुखयति साधु मर्दयति संवाहयति, पा रक्षणे इति धातोरलिप्रत्ययः*] मालिस गर्ने व्यक्ति। **~प्रत्यङ्गम्** (नपुं.) [*अङ्गञ्च प्रत्यङ्गञ्च, द्व.स.*] शरीरका सबै अङ्ग। **~प्रायश्चित्तम्** (नपुं.) [*अङ्गस्य प्रायश्चित्तम्, ष.त.*] स्मृतिअनुसार शरीरको शुद्धिका लागि गरिने दानरूप प्रायश्चित। **~प्रोक्षणम्** (नपुं.) [*अङ्गस्य प्रोक्षणम्, ष.त.*] शरीर पुछ्नु वा सफा गर्नु। **~भङ्गः** (पुं.) [*अङ्गानामङ्गस्य वा भङ्गः, ष.त.*] शरीरको कुनै अङ्गको भङ्ग हुनु। **~रक्षकः** (पुं.वि.) [*अङ्गस्य रक्षकः, ष.त.*] शरीर रक्षा गर्ने पहरेदार। **~रक्षा** (स्त्री.) [*अङ्गस्य रक्षा, ष.त.*] शरीरको रक्षा। **~रसः** (पुं.) १.[*अङ्गस्य रसः, ष.त.*] वृक्षका फूल, फल, पात आदि कुटेर निकालिएको रस, २.[*अङ्गभूतो रसः, म.प.स.*] साहित्यमा मुख्य रस वा भावको अङ्ग भएर आएको रस। **~रागः** (पुं.) [*रज्यतेऽनेन, इति रागः, करणे घञ्, अङ्गानां रागः, ष.त.*] १.बुकुवा, २.चन्दन केसर आदि शरीरमा लगाइने वस्तु, ३.शरीरमा लगाइने वासना आउने धुलो (पाउडर) विशेष, ४.बुकुवा लगाइने क्रिया, ५.आइमाईको शरीरमा पाँच ठाउँमा गरिने सिंगार– सिउँदोमा सिन्दूर लगाउनु, निधारमा टीका लगाउनु, गालामा कोठी बनाउनु, शरीरमा केशर लगाउनु र हात गोडामा मेहदी वा माहुर लगाउनु ६.चौसट्ठी कलाहरूमध्ये एक कला, ७.लुगा वा गहना। **~रुहः** (पुं.) [*अङ्गे रोहतीति, रुह प्रादुर्भावे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.ऊन, २.शरीरका राैं, नङ आदि। **~लेपः** (पुं.) [*अङ्गानां लेपः ष.त.*] अङ्गराग/शरीरमा बुकुवा आदि लगाउने काम। **~वस्त्रम्** (नपुं.) [*अङ्गानां कृते वस्त्रम्*] पहिरने लुगा। **~विकलः** (पुं.वि.) [*अङ्गानि विकलानि यस्य सः, बहु.स.*] १.हात, गोडा आदि भाँच्चिएको, २.पक्षाघात भएको, ३.मूर्छा परेको। **~विकारः** (पुं.) [*अङ्गानामङ्गस्य वा विकारः, ष.त.*] शरीरसम्बन्धी दोष। **~विकृतिः** (स्त्री.) [*अङ्गानां विकृतिः, ष.त.*] १.मृगी रोग, २.शरीरमा पैदा भएको विकार। **~विक्षेपः** (पुं.) [*अङ्गानां विक्षेपः, ष.त.*] १.नाच्दा देखाइने शरीरको हावभाव, २.नाच। **~विच्छेदः** (पुं.) [*अङ्गानां विच्छेदः, ष.त.*] अङ्ग टुक्र्याउने काम। **~विद्या** (स्त्री.) [*अङ्गानां विद्या, ष.त.*] १.शरीरको चिह्नबाट शुभाशुभको फल बताउने सामुद्रिक विद्या, २.[*अङ्गभूता विद्या, म.प.स.*] वेदका अङ्गभूत छ विद्या– शिक्षाशास्त्र, कल्पशास्त्र, व्याकरणशास्त्र, निरुक्तशास्त्र, ज्योतिषशास्त्र र छन्दःशास्त्र। **~विधिः** (पुं.) [*अङ्गभूतो विधिः, म.प.स.*] कुनै कर्मको अप्रधान विधि। कर्मको प्रासङ्गिक विधि। **~विभ्रमः** (पुं.) [*अङ्गानां विभ्रमः, ष.त.*] १.रोगीले आफ्नो अङ्ग चिन्न नसक्ने मगजको रोग २.शृङ्गार रसमा नायिकाको विभ्रमनामको चेष्टा। **~वैकृतम्** (नपुं.) [*अङ्गानां वैकृतम्, ष.त.*] १.इसारा, २.अङ्गको चेष्टाले हृदयको भाव बताउने क्रिया, ३.टाउको हल्लाएर स्वीकार बताउने क्रिया, ४.अङ्गको बिग्रँदोपन, ५.आँखा झिम्क्याउनु। **~शुद्धिः** (स्त्री.) [*अङ्गानां शुद्धिः, ष.त.*] शरीरको सफाइ। **~शैथिल्यम्** (नपुं.) [*अङ्गानां शैथिल्यम्, ष.त.*] शरीरको शिथिलता। **~शोषः** (पुं.) [*अङ्गानां शोषो यत्र, सः*] सुकेरोग/क्षयरोग। **~संवाहनम्** (नपुं.) [*अङ्गानां संवाहनम्, ष.त.*] १.शरीर मिच्ने काम २.मालिस गर्ने काम। **~संस्कारः** (पुं.) [*अङ्गानां संस्कारः, ष.त.*] शरीरको सिंगार, अङ्ग सफा गर्ने काम।। **~सँस्क्रिया** (स्त्री.) [*अङ्गानां सँस्क्रिया ष.त.*] शारीरिक संस्कार। **~संस्थानम्** (नपुं.) [*अङ्गानां संस्थानम्, ष.त.*] १.अङ्गको बनोट। २.[*अङ्गानां संस्थानं वर्ण्यते यत्र तत्, बहु.स.*] प्राणी.वनस्पति आदिको अङ्ग र आकृतिको विवेचना गर्ने जीवविज्ञानको एक शाखा। **~संहतिः** (स्त्री.) [*अङ्गानां संहतिः ष.त.*] अङ्गको गठन वा बनोट। **~सख्यम्** (नपुं.) [*अङ्गानां सख्यम्, ष.त.*] गहिरो दोस्ती/फाटे नपर्ने मित्रता। **~सङ्गः** (पुं.) [*अङ्गानां सङ्गः, ष.त.*] मैथुन/स्त्रीसहवास। **~सन्धिः** (पुं.) [*अङ्गानां सन्धिः, ष.त.*] अङ्गको जोर्नी। **~सुप्तिः** (स्त्री.) [*अङ्गानां सुप्तिः, ष.त.*] शरीर शून्य हुने वा हात गोडा निदाउने रोग। **~सेवकः** (पुं.) [*अङ्गस्य सेवकः, ष.त.*] अङ्गरक्षक। **~स्कन्धः** (पुं.) [*अङ्गस्य स्कन्धः, ष.त.*] रूप, वेदना, विज्ञान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संज्ञा र संस्कार नामका शरीरका पाँच स्कन्ध। **~हानिः** (स्त्री.) [*अङ्गानां हानिः, ष.त.*] शरीरमा भएको क्षति। **~हीनः** (पुं.वि.) [*अङ्गेन अङ्गैर्वा हीनः, तृ.त.*] १.कुनै अङ्ग नभएको वा नपुगेको./हात गोडा आदि अङ्ग नभएको। २.(पुं.) कामदेव।

अङ्गराजः (पुं.) [*अङ्गानां राजा, ष.त.*] १.कुन्तीको जेठो छोरो/कर्ण। यो अङ्गदेशको राजा थियो। महाभारतको युद्धमा यसलाई अर्जुनले मारेका थिए। २.दशरथका मित्र, राजा लोमपाद।

अङ्गवाक्यम् (नपुं.) [*अङ्गभूतं वाक्यम्, म.प.स.*] अधीन वाक्य/मिश्रवाक्यका मुख्य वाक्यको अङ्ग भएर आउने उपवाक्य।

अङ्गस्यातिविस्तृतिः (स्त्री.) [*अङ्गस्य अतिशयेन विस्तरणम्*] अङ्गरस वा उपकथाको ज्यादा विस्तार गर्दा पर्न जाने दोष। किरातार्जुनीय र शिशुपालवध महाकाव्यमा प्रधान वीररसको सहयोगी शृङ्गाररसको अतिविस्तारले गर्दा यो दोष परेको छ।

अङ्गहारः (पुं.) [*अङ्गस्य स्थानात्स्थानान्तरे नयनम्, अङ्गस्य हरणम्, हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] नाच्दा हात गोडा चलाउने काम। **अङ्गहारोऽङ्गविक्षेपः** (अमर.)।

अङ्गाङ्गीभावः (पुं.) [*अङ्गाङ्गं यथा सम्पद्यते तथा भावः, अभूततद्भावे च्विः, ईत्वम्*] १.आश्रयाश्रयीभाव, उपकार्योपकारकभाव २.दुई वा सोभन्दा बढी रस, ध्वनि वा अलङ्कारहरू परस्पर आश्रयाश्रयीभाव हुने अवस्था।

अङ्गाभिनयः (पुं.) [*अङ्गानामभिनयः, ष.त.*] अङ्ग तथा उपाङ्गको अभिनय। भरतले शिर, हात, छाती, पार्श्व, कटि र पाउ गरी ६ अङ्ग र आँखा, नाक, भौँ, ओठ, गाला र चिउँडो गरी ६ उपाङ्गका अभिनय प्रतिपादन गरेका छन्।

अङ्गारः (पुं./नपुं.) [*अङ्गति गच्छति ज्वलति, अगि गतौ, इति धातोः, अङ्गिमदिमन्दिभ्य आरन् (उ) ४२१ इति आरन् प्रत्ययः*] १.अगुल्टो २.मङ्गलग्रह ३.कोइला ४.अँगेरीनामक वृक्षविशेष। **अङ्गार उल्मुके न स्त्री पुंलिङ्गस्तु महीसुते** (मेदिनी.)। **~वल्लरी** (स्त्री.) [*अङ्गारवर्णपर्णा वल्लरी, म.प.स.*] कालोपाते लहरो। **~वल्ली** (स्त्री.) [*अङ्गारवद् वल्ली यस्याः सा, बहु.स.*] लहरोविशेष। **~शकटी** (स्त्री.) [*अङ्गाराणां शकटी ष.त.*] अगेनु। **~धानिका** (स्त्रीं.) [*अङ्गारा धीयन्तेऽस्याम् डुधाञ् धारणपोषणयोः इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् ततः कप्, टाप् इत्वम्*] १.आगो ताप्ने मकल २.अगेनो।

अङ्गारकः (पुं./नपुं.) [*अङ्गार एव, संज्ञायां कन् ५.३.८७ इति कन्*] १.फिलिङ्गो २.(पुं.) [*अङ्गार इव अङ्गारकः, रक्तावयवतया तप्ताङ्गारसदृशः अङ्गारशब्दात् इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] मङ्गल ग्रह, ३.पहेँलो कठसरैया ४.भृङ्गराज। **अङ्गारकः कुजेऽपि स्यादुल्मुकांशे कुरुण्टके** (मुकुट)। **~चतुर्थी** (स्त्री.) [*अङ्गारिका इति चतुर्थी, कर्म.स.*] माघशुक्ल चतुर्थी तिथि।

अङ्गारम् (नपुं.) [*अङ्गम् ईयर्ति, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] अँगार./दाउरा बालेर खरानी नभइसकेको कालो पदार्थ।

अङ्गारिका (स्त्री.) [*अङ्गारसदृशो रक्तवर्णोऽस्या अस्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः इति इकः, ततष्टाप् ४.१.४ यद्वा अङ्गार इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप् ४.१.४ इत्वम्*] १.पलासको कोपिला, २.उखुको गिँड वा ठुन्को। **भवेदङ्गारिका चेक्षुकाण्डे किंशुककोरके** (विश्व.)।

अङ्गारितः (पुं.वि.) [*अङ्गारः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.भिल्स्याइएको/राम्रोसित न पोलिएको २.कालो पारिएको।

अङ्गिका (स्त्री.) [*अङ्गमिव इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप् ४.१.४ इत्वम्*] चोलो।

अङ्गिरसः (पुं.) १.आग्नेयी र उरुका एक पुत्र (म.पु. ४.४३), २.अथर्ववेदको चौथो खण्ड (वि.पु. ३.६.१) ३.एक देवगण (ब्र.पु.. ३.१.५०) ४.तेत्तिस मन्त्रद्रष्य ऋषिहरूको एक समूह (वा.पु. ५९.१०२) **~कल्पः** (पुं.) [*अङ्गिरस इति कल्पः, कर्म.स.*] अथर्ववेदको केही भाग (वायुपु. ६१.५४)।

अङ्गिराः (पुं.) [*अङ्गानि गच्छति जानाति वा, अगि गतौ इति धातोः, अङ्गतेरसिरि रुडागमश्च (उ.) ६८५ इति असुप्रत्ययः रुडागमश्च*] १.ईश्वर, २.एक ऋषि/ब्रह्माका मानस पुत्र,कसैको मतमा उरु र आग्नेयीका पुत्र। यिनको विवाह कर्दम ऋषिकी छोरी श्रद्धासित भएको थियो। यिनबाट चार छोरी तथा उतथ्य र बृहस्पति नामका दुई छोरा पैदा भएका थिए। ३.अग्नि, ४.दश प्रजापतिमध्ये एक ५.छैटौँ संवत्सर, ६.बृहस्पति, कश्यपका एक पुत्र, ७.अथर्वण ऋषि। यिनका पिताको नाम अथर्वा थियो। (वा.पु.६५.९८) ८.स्वायंभुव मन्वन्तरका सप्तर्षिमध्ये एक ९.चौथो मन्वन्तरका व्यास १०.नवौँ द्वापरका भगवान्का अवतार ऋषभका एक पुत्र ११.वरुण यज्ञबाट पैदा भएका एक ऋषि। यिनले आफ्नो छोरा शंयुलाई श्राद्धकल्पको व्याख्या सुनाएका थिए। यिनी आग्नेय वंशका आदिपुरुष मानिन्छन्। **~स्मृतिः** (स्त्री.) [*अङ्गिराप्रणीता स्मृतिः, म.प.स.*] अङ्गिरा ऋषिले बनाएको धर्मशास्त्रसम्बन्धी ग्रन्थ। यसमा ७२ श्लोक छन्।

अङ्गी (पुं.वि.) [*अङ्गानि सन्ति अस्य, अङ्गशब्दात् अत इनिठनौ ५.२.११५ इति इनिः*] १.शरीरधारी २.मुख्य वा प्रधान।

ये रसस्याङ्गिनो धर्मा शौर्यादय इवात्मनः।
उत्कर्षहेतवस्ते स्युरचलस्थायिनो गुणाः॥ (सा.द.)

अङ्गीकरणम् (नपुं.) [*अङ्गीति च्व्यन्तमव्ययपदम्, तत्पूर्वकात् डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः, णत्वम्*] स्वीकार गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्गीकारः (पुं.) [*अङ्गीति च्व्यन्तमव्ययपदम्, तत्पूर्वकात् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] स्वीकार।

अङ्गीकृतम् (नपुं.) [*अङ्गीति च्व्यन्तमव्ययपदम्, तत्पूर्वकात् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] स्वीकार गरिएको। **अङ्गीकृतं सुकृतिनः परिपालयन्ति** (सुभा.)।

अङ्गीकृतिः (स्त्री.) [*अङ्गीति च्व्यन्तमव्ययपदम्, तत्पूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] स्वीकृति/सहमति।

अङ्गीयः (पुं.वि.) [*अङ्गे भवः, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] अङ्गसम्बन्धी।

अङ्गुरिः (स्त्री.) [*अङ्गति आधिक्येन चलति, अगि गतौ इति धातोः, ऋतन्यञ्जिवन्यञ्ज्यर्पिमद्यत्यङ्गिकुयुकृशिभ्यः कलिजयतुजलि जिष्टुजिष्ठजिसन्स्यनिथिनुल्यसासानुकः (उ.) ४५० इति उलिः, बालमूललघ्वङ्गुलीनां वा लो रः (वा.) ८.२.१८ इति लस्य रः*] औंलो।

अङ्गुरी (स्त्री.) [*अघि गतौ इति धातोः ऋतन्यञ्जि (उ.) ४५० इति उलिः, बालमूललघ्वङ्गुलीनां वा लो रः (वा.) इति लस्य रः, ततो ङीप्*] औंलो (अमरटीका)।

अङ्गुरीयकम् (नपुं.) [*अङ्गुरीयमेव,स्वार्थे कः*] औंठी। **रामनामाङ्कितं चेदं प्रगृहाङ्गुरीयकम्** (रामा.)।

अङ्गुलः (पुं.) [*तत्राङ्गेर्बाहुलकादुलच्*] १.औंलो २.आठ जौ-बराबरको नापो। **अङ्गुलस्तु यवो मतः** (अमरदत्त.)। **अङ्गुलो ना यवमानम्** (वाचस्पति)।

अङ्गुलिः (पुं.) [*अङ्गति आधिक्येन चलति, अगि गतौ इति धातोः, ऋतन्यञ्जिवन्यञ्ज्यर्पिमद्यत्यङ्गिकुयुकृशिभ्यः कलिजयतुजलि जिष्टुजिष्ठजिसन्स्यनिथिनुल्यसासानुक (उ.) ४५० इति उलिः*] १.बुढी, चोर, माझी, साहिली र कान्छी औंला २.हात्तीका सुँढको नाक ३.आठ जौ बराबरको एक नापो। **अङ्गुलिः करशाखायां कर्णिकायां गजस्य च** (हैम.)**~तोरणम्** (नपुं.) [*अङ्गुल्या स्तोरणम्, ष.त.*] निधारमा लगाउने अर्धचन्द्राकार तिलक। **~त्राणम्** (नपुं.) [*अङ्गुल्यास्त्राणम्, ष.त.*] १.औंठाको संरक्षणका निमित्त धनुर्धरले लगाउने सामान २.औंतर्नु। **~मुद्रा** (स्त्री.) [*मुदं राति ददातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः, ततष्टप् ४.१.४, अङ्गुलौ धारयितुं योग्या मुद्रा, म.प.स.*] औंठी। **~मुद्रिका** (स्त्री.) [*अङ्गुलौ धारयितुं योग्या मुद्रिका, म.प.स.*] औंठी। **~मोटनम्** (नपुं.) [*अङ्गुल्याः मोटनम्, ष.त.*] चुट्की बजाउनु। **~संज्ञा** (स्त्री.) [*अङ्गुल्याः संज्ञा, ष.त.*] औंलाले गरिने इसारा। **मुखार्पितैकाङ्गुलिसंशयैव** (कु.सं.)।

अङ्गुलित्रम् (नपुं.) [*अङ्गुलिं त्रायते इति, त्रैङ् पालने इति धातोः, आदेच उपदेशेऽशिति ६.१.४५ इत्यात्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] औंतर्नु।

अङ्गुलिषङ्गः (पुं.) [*अङ्गुल्यां सङ्गो यस्य सः, बहु.स.*] औंतर्नु।

अङ्गुली (स्त्री.) [*अङ्गति आधिक्येन चलति, अगि गतौ इति धातोः, ऋतन्यञ्जि (उ) ४५० इति उलिः, ङीप्*] औंलो।

अङ्गुलीकः (पुं.) [*अङ्गुल्यां कायते निधीयतेऽसौ, इति कै शब्दे इति धातोः, आदेच उपदेशेऽशिति ६.१.४५ इत्यात्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] औंठी।

अङ्गुलीप्रतिमुद्रा (स्त्री.) [*अङ्गुल्याः प्रतिमुद्रा, ष.त.*] शङ्ख, चक्र रेखा आदि भएको औंठाको छाप/ल्याप्चे।

अङ्गुलीयः (पुं.) सामवेदका एक शाखाप्रवर्तक/कृतका २४ शिष्यमध्ये एक शिष्य (ब्रह्मा.पु. २.३५)।

अङ्गुलीयकः (पुं./नपुं.) [*अङ्गुलौ भवः, अङ्गुलीशब्दात् जिह्वामूलाङ्गुलेश्छः ४.३.६२ इति छः, छस्य आयनेयी ७.१.२ इति ईयः, ततः स्वार्थे कन्*] औंठी। **अङ्गुलीयकमूर्मिका** (अमर.) **काकुत्स्थस्याङ्गुलीयकः** (भट्टि.)।

अङ्गुलीयम् (नपुं.) [*अङ्गुलौ भवः, अङ्गुलीशब्दात् जिह्वामूलाङ्गुलेश्छः ४.३.६२ इति छः,छस्य आयने. ७.१.२ इति ईयः*] औंठी।

अङ्गुलीमुद्रा (स्त्री.) [*अङ्गुलेः लक्षणया तद्धारयितुः मुदं हर्षं रराति ददाति, कः, आलोपः,टाप्*] नाम लेखिएको औंठी।

अङ्गुलीमुद्रिका (स्त्री.) [*अङ्गुलीमुद्रा एव स्वार्थे कः,टाप्, इत्वम्*] नाम लेखेको औंठी।

अङ्गुलीमोटनम् (नपुं.) [*अङ्गुल्योर्मोटनं मर्दनं यस्मिन् बहु.स.*] चुट्की (दुई औंला) बजाएर निस्किएको आवाज।

अङ्गुलीस्फोटम् (नपुं.) [*अङ्गुलीं स्फोटयित्वा इति स्वाङ्गेऽध्रुवे ३.४.५४ इति णमुल्*] १.अङ्गुलीद्वारा सङ्केत गरेर २.चुट्की बजाएर।

अङ्गुष्ठः (पुं.) [*अङ्गुशब्दोऽङ्गवाची, अङ्गौ पाणौ तिष्ठतीति, स्थाधातोः सुपि स्थः ३.२.४ इति कः, अम्बाम्बगोभूमिसव्यापद्वित्रिकुशेकुशङ्क्वङ्गुमञ्जिपुञ्जिपरमेबर्हिर्दिव्यग्निभ्यः स्थः ८.३.९७ इति षत्वम्*] बुढी औंलो। **~पुरुषः** (पुं.) [*अङ्गुष्ठप्रमाणः पुरुषः, म.प.स.*] एक औंठो बरा-बरको पुरुष। वेदमा ब्रह्मलाई सर्वज्ञ, सर्वव्यापी र सर्वभोक्ता मानिएको छ। जीवात्मा ब्रह्मकै सानो रूप हो। त्यसलाई अङ्गुष्ठपुरुष भन्दछन्। मानिसको मृत्यु भएपछि शरीरबाट निस्कने जीवात्मालाई गरुडपुराणमा अङ्गुष्ठपुरुष भनिएको छ।

अङ्गुष्ठजाहम् (नपुं.) [*अङ्गुष्ठस्य मूलम्, तस्य पाकमूले पील्वादि कर्णादिभ्यः कुणब्जाहचौ ५.२.२४ इति जाहच्*] औंठाको फेद।

अङ्घ्रिः (पुं.) [*अङ्घते गच्छति, अघि गतौ इति धातोः, वङ्क्र्यादयश्च (उ.) ५१५ इति क्रिनन्तो निपातः*] १.चरण/गोडा, २.पद्यको चरण। **पदङ्घ्रिचरणोऽस्त्रियाम्** (अमर.)। वृक्षको जरो **~पर्णिका** (स्त्री.) [*अङ्घ्रेरारभ्य पर्णानि अस्याः,स्वाङ्गाच्चोप*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्जनादसंयोगोपधात् ४.१.५४ इति ङीष्, ततः स्वार्थे कन्, टाप् ४.१.४] जडीबुटीविशेष।

अङ्घ्रिनामकः (पुं.) [*अङ्घ्रेर्नाम यस्य सः, बहु.स.*] १.रुखको फेद २.पैतालो। **अङ्घ्रिर्ना पादमूलयोः** (मेदिनी.)।

अङ्घ्रिपः (पुं.) [*अङ्घ्रिभिः पिबतीति पा पाने इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] वृक्ष।

अच् (पुं.) १.स्वरवर्ण/अ, आ, इ उ, ऋ, लृ, ए, ऐ, ओ, औवर्ण २.व्याकरणमा प्रसिद्ध एक प्रत्याहार।

अचक्षुः (पुं.वि.) [*अविद्यमानं चक्षुर्यस्य सः, बहु.स.*] १.आँखा नभएको २.[*न चक्षुः, न.त.*] खराव वा रोगी आँखा।

अचण्डः (पुं.वि.) [*न चण्डः,न.त.*] १.शान्त,सौम्य,क्रोधी स्वभाव नभएको २.सीधा स्वभावको।

अचण्डी (स्त्री.) [*न चण्डी, न.त.*] सुशीला/ असल स्वभाव भएकी।

अचतुरः (पुं.वि.) १.[*अविद्यमानश्चतुः = चतुःसङ्ख्यका वर्णा यत्र, न.बहु.*] १.चारको सङ्ख्या नभएको २.[*न चतुरः, न.त.*] १.लठेब्रो, बोधो २.सीधा स्वभावको।

अचलः (पुं.) [*चलति, चल कम्पने इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, न चलः*] १.पर्वत २.किलो। **अचलस्तु गिरिकीलयोः** (हैम.) ३.(पुं.वि.) स्थिर ४.अविकारी/ कूटस्थ।

न स्वरूपान्न सामर्थ्यान्न च ज्ञानादिकाद् गुणात्।
चलनं विद्यते यस्येत्यचलः कीर्तितोऽच्युतः॥ (म.भा.)

५.सातको सङ्ख्या।

अचलधृतिः (स्त्री.) प्रत्येक पाउमा सोह्रवटा लघुवर्ण भएको छन्द।

अचला (स्त्री.) [*अचला : पर्वताः सन्ति अस्याम्, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, ततष्टाप् ४.१.४*] पृथ्वी। **~सप्तमी** (स्त्री.) [*अचला इति सप्तमी, म.प.स.*] माघ शुक्ल सप्तमी।

अचिन्तनीयः (पुं.वि.) [*न चिन्तनीयः, न.त.*] १.आकस्मिक २.विचारै गर्न नसकिने।

अचिन्तितः (पुं.वि.) [*न चिन्तितः, न.त.*] विचार नगरेको/नसोचेको, अप्रत्याशित/आकस्मिक।

अचिन्तितानि दुःखानि यथैवायान्ति देहिनाम्।
सुखान्यपि तथा मन्ये पुरुषार्थमपेक्षते॥ (शा.प.)

अचिन्त्यः (पुं.वि.) [*न चिन्तयितुं शक्यः*] १.चिन्तन गर्न नसकिने। **अचिन्त्यं हि फलं सूते सद्यः सुकृतपादपः।** (क.स.सा.) २.(पुं.) मध्यभारतको एलोराबाट ६० माइल उत्तरपूर्वमा पर्ने अजन्ता नामक गुफासमूह। यहाँ बौद्ध योगाचारमतका संस्थापक आर्य असङ्गको प्रथम आश्रम थियो। यहाँका गुफाहरूमा सुन्दर चित्रकलाको अङ्कन भएको छ। यो काम विहारका स्थविर अचलको आदेशअनुसार छैटौं शताब्दीमा सम्पन्न भएको हो।

अचिन्त्यभेदाभेदवादः (पुं.) [*अचिन्त्यश्चासौ भेदाभेदश्च, कर्म.स., अचिन्त्यभेदाभेदस्य वादः, ष.त.*] ईश्वर र जीव तथा ईश्वर र जगत्को भेदाभेदभाव सम्बन्ध मान्ने एक प्रसिद्ध सिद्धान्त। यस सिद्धान्तका प्रवर्तक महाप्रभु चैतन्य हुन्। यिनको जन्म १४५० ई.मा भएको थियो। यिनका कृतिका नामले चिनिने दश पद्य छन्। अन्य कृतिहरू उपलब्ध छैनन्। महाप्रभु चैतन्यको सिद्धान्तको पुष्टिका लागि यिनका चेलाहरूले थुप्रै कृतिहरू रचेका छन्। चैतन्य कृष्णलाई भगवान् मान्थे तर भगवान्को अवतार भने होइन। पछि यिनका अनुयायीहरूले चैतन्यलाई नै भगवान् मान्न थाले। चैतन्य श्रीमद्भागवतलाई ब्रह्मसूत्रको भाष्य भन्दथे। गोस्वामीद्वारा लिखित सर्वसंवादिनी टीकायुक्त **षट्सन्दर्भ** यस सिद्धान्तको सर्वोत्कृष्ट ग्रन्थ हो। यसको प्रभाव संस्कृत साहित्यका काव्यग्रन्थहरूमध्ये विशेष गरी जयदेवको गीतगोविन्दमा परेको छ।

अचिरद्युतिः (स्त्री.) [*अचिरा क्षणस्थायिनी द्युतिः कान्तिर्यस्याः सा, बहु.स.*] बिजुली। यस्तै **अचिरप्रभा, अचिररोचिः, अचिरांशुः** जस्ता शब्द बिजुली अर्थमा प्रसिद्ध छन्।

अचिरम् (अव्य.) १.[*न चिरम्, न.त.*] संक्षिप्त, क्षणिक, क्षणस्थायी। २.तुरुन्तै, केही क्षण पहिले। **अचिरेण, अचिराय, अचिराद, अचिरस्य** पनि यसै अर्थमा प्रयुक्त छन्।

अचिरांशुः (स्त्री.) [*अचिरं क्षणस्थायिनः अंशवः किरणा यस्याः सा, बहु.स.*] बिजुली।

अचेतनः (पुं.वि.) [*न विद्यते चेतना यस्य सः, बहु.सः*] चेतना नभएको/जड पदार्थ/निर्जीव/अबोध।

कामार्ता हि प्रकृतिकृपणाश्चेतनाचेतनेषु (मे.दू.)।
सेन्द्रियं चेतनं द्रव्यं निरिन्द्रियमचेतनः (चरक.)।

अचैतन्यम् (नपुं.) [*चेतनस्य भावः कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, न चैतन्यम्, न.त.*] १.चेतनाको अभाव/अज्ञानता २.जडता।

अच्छः (पुं.) [*न छाद्यते दृष्टिरिति, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः,टिलोपः*] १.भालु २.स्फटिक ३.सन्मुख ४.(पुं.वि.) सफा/निर्मल। **अच्छः स्फटिकभल्लूक निर्मलेष्वच्छमव्ययम्। आभिमुख्ये** (मेदिनी.)।

अच्छभल्लः (पुं.) [*अच्छम् आभिमुख्येन भल्लते, अच्*] भालु।

अच्छम् (नपुं.) [*न छाद्यते दृष्टिरिति, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः,टिलोपः*] सन्मुख/ अभिमुख।

अच्छन्दाः (पुं.वि.) [*अविद्यमानं छन्दो यस्य सः, न.बहु.*] १.वेद नपढेको २.छन्दमा नरचिएको।

अच्छिद्रः (पुं.वि.) [*अविद्यमानं छिद्रं यस्य सः, न.बहु.*] छिद्रले रहित, दोषरहित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपच्छिद्रं जपच्छिद्रं यच्छिद्रं श्राद्धकर्मणि ।
सर्वं भवतु मेऽच्छिद्रं भास्करस्य प्रसादतः ॥ (श्रा.त.)

अच्छिन्नः (पुं.वि.) [*न छिन्नः, न.त.*] नकाटिएको/अखण्डित ।

अच्छोटनम् (नपुं.) [*आ समन्तात् छोटनम्, छेदनम्, छुट छेदने इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, पृषोदरादित्वाद् ह्रस्वः*] सिकार खेल्ने काम ।

अच्युतः (पुं.) [*अविद्यमानं च्युतं स्खलनं स्वपदाद् यस्य सः, न.बहु., नाच्योष्ट इति वा, च्युङ् गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.विष्णु २.कर्तव्यबाट स्खलित नहुने व्यक्ति ३.(पु.वि.) स्थिर । **अच्युतस्तु हरौ पुंसि त्रिषु स्थिरे** (विश्व.) ४.(पुं.वि.) [*न च्युतः,न.त.*] आफ्नो ठाउँबाट नखसेको वा नभरेको ।

अच्युताग्रजः (पुं.) [*अच्युतस्य अग्रजः, ष.त.*] १.बलराम २.इन्द्र ।

अच्युतात्मजः (पुं.) [*अच्युतस्य आत्मजः, ष.त.*] कामदेव ।

अच्युतावासः (पुं.) १.[*अच्युतस्य आवासो यत्र सः,बहु.स.*] वैकुण्ठ २.पिप्पल ।

अज (धा.) [*गतिक्षेपणयोः, भ्वा. गतौ अकर्म. क्षेपणे सकर्म., सेट् व्यादेशे अनिट् पर.*] जानु, नेतृत्व गर्नु, फ्याँक्नु । लट्– **अजति**– जान्छ, नेतृत्व गर्छ, फ्याँक्छ । लिट्– **विवाय**– गएछ, नेतृत्व गरेछ, फ्याँकेछ (अन.) । लुट्– **वेता, अजिता**– जाने छ, नेतृत्व गर्ने छ, फ्याँक्ने छ (अन.) । लृट्– **वेष्यति, अजिष्यति**–जाने छ, नेतृत्व गर्ने छ, फ्याँक्ने छ । लोट्– **अजतु**–जाओस्, नेतृत्व गरोस्, फ्याँकोस् । लङ्– **आजत्**– गयो, नेतृत्व गऱ्यो, फ्याँक्यो (अन.) । विधिलिङ्– **अजेत्**–जाला, नेतृत्व गर्ला, फ्याँक्ला, जाओस्, नेतृत्व गरोस्, फ्याँकोस् । आशीर्लिङ्– **वीयात्**– जाओस्, नेतृत्व गरोस्, फ्याँकोस् । लुङ्– **आजीत्, अवैषीत्**– गयो, नेतृत्व गऱ्यो, फ्याँक्यो । लृङ्– **आजिष्यत्, अवेष्यत्**– जाने थियो, नेतृत्व गर्ने थियो, फ्याँक्ने थियो । कर्मणि– **वीयते**– गइन्छ, नेतृत्व गरिन्छ, फ्याँकिन्छ । णिचि– **वाययति-ते**– हिँडाउँछ, नेतृत्व गर्न लगाउँछ, फ्याँक्न लगाउँछ । सनि– **विवीषति, अजिजिषति**– हिँड्न खोज्छ, नेतृत्व गर्न खोज्छ, फ्याँक्न खोज्छ । कृदन्ते– **वायकः, वायिका, वेत्ता, वेत्री**– हिँड्ने, नेतृत्व गर्ने, फ्याँक्ने । **अजितव्यम्, वेतव्यम्, वयनीयम्, वायनीयम्**– [*अजेर्व्यघञपोः २.४.५६, वलादावार्द्धधातुके वेष्यते २.४.५६ इति वीभावः*] हिँड्नु पर्ने, नेतृत्व गर्नु पर्ने, फ्याँक्नु पर्ने । **अजिनम्**–छाला, **अजिरम्**– आँगन । **समाजः**–समूह । **आजिः**– युद्ध । **अजः**– बोको । **अजा**– बाखो इत्यादि ।

अजः (पुं.) [*अजति गच्छति, नन्दि ग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.४.१३४ इत्यच्*] १.बोको २ ब्रह्मा ३.[*न जायते इति नञ् पूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१०२ इति डः, डित्वाट्टिलोपः*]

(अजः)

विष्णु । **अजः सृजति भूतानि भूतात्मा यदनुग्रहात्** (भाग.२.८.९) ४.शिव ५.कामदेव ६.रघुका पुत्र ७.शिववाहन ८.मेषराशि ९.अन्धकार १०. तीन वर्ष पुरानो धान ११.रामका पितामह ।

अजो विधिरजो विष्णुरजः शम्भुरजस्तमः ।
अजस्त्रैवार्षिकी व्रीहिरजो रामपितामहः ॥ (ध.ना.मा.)

१२.(पुं.वि. [*न जायते इति नञ्पूर्वकात् जनी प्रादुर्भावे इति धातोः, डः*] अजन्मा/जन्मरहित ।

अजका (स्त्री.) [*अजा एव अजका, अजिका, स्वार्थे कन्, टाप् ४.१.४*] १.सानो बाखो २.बाखाको बच्चा ।

अजक्षीरम् (नपुं.) [*अजायाः क्षीरम्, ष.त, ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् ६.३.६३ इति ह्रस्वः*] बाखाको दुध ।

अजगन्धिका (स्त्री.) [*अजस्येव गन्धोऽस्याः, अजशब्दः स्वगन्धे लाक्षणिकः*] १.बाबरी २.बोकेभार ।

अजगरः (पुं.) [*गिरति, गॄ निगरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्,अजो नित्यो गरो विषं यस्य सः, बहु.स.*] १.ठुलो सर्प/अजिङ्गर, २.कवच । **अजगरः स्मृतः सर्पभेदेऽपि कवचे बुधैः** (मेदिनी.) ।

(अजगरः)

अजगवम् (नपुं.) [*अजं छागं गच्छति यज्ञत्वेन प्रविशति इति अजगः, विष्णुः, सोऽस्त्यस्मिन्, जाड्यजगात् संज्ञायाम् ५.२.११० इति वः*] १.शिवको धनुष/पिनाक २.धुलाको वर्षा ३.त्रिशूल ।

अजजीवकः (पुं.) [*अजो जीविका जीवनोपायो यस्य सः, बहु.स.*] बाखा, बोका, खसी बेचेर जीविका चलाउने व्यक्ति ।

अजडा (स्त्री.) *जडयतीति तत्करोति तदाचष्टे ३.१.२६ इति णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.३४ इत्यच्, टाप् ४.१.४ न जडा, न.त.*] काउछो ।

अजत्वम् (नपुं.) [*अजायाः भावः, तस्य भावस्त्वतलौ इति त्वः,त्वे च ६.३.६४ इति ह्रस्वः,पक्षे अजात्वम्*] बाखोपना/पशुत्व ।

अजननिः (स्त्री.) [*जननमिति, जनी प्रादुर्भावे इति धातोः भावे आक्रोशे नञ्यनि ३.३.११२ इति अनिः,न जननिः, न.त.*] जन्म नहुनु ।
तस्याजननिरेवास्तु जनन्याः क्लेशकारिणः (हितो.) ।

अजन्मा (पुं.वि.) [*न विद्यते जन्म यस्य सः, न.बहु.*] न जन्मिएको ।

अजन्यः (पुं.) [*जने साधुः, जन्यः, तत्र साधुः ४.४.९८ इति यत्, न जन्यः, न.त. यद्वा न जन्यते, जनेर्यक् (उ.).५६० इति यक् यद्वा न जन्यते सम्पाद्यते केनापि, तकिशशिचकियतिजनिभ्यो यद्वाच्यः (वा.) इति यत्*] १.उत्पात/भूकम्प आदि २.(पुं.वि.) नजन्मने ।

अजपः (पुं.वि.) [*अप्रशस्तं जपति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्*] १.राम्रोसित न जप्ने वा नपढ्ने/अधम पाठक (हेम.) २.[*अजान् पाति रक्षति आतोऽनुपसर्गे कः ३.२.३ इति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कः, आलोपः] बाखापालक। **ओषधीर्नामरूपाभ्यां जानाति ह्यजपो वने** (चरक.)।

अजपदः (पुं.) [*अजस्य पादौ इव पादौ यस्य सः, सुप्रातसुश्व सुदिवशारिकुक्षचतुरश्रेणीपदाजपदप्रोष्ठपदाः ५.४.१२० इति अच्प्रत्ययान्तो निपातः*] बोकाको जस्तो गोडा भएको।

अजपा (स्त्री.) [*न विद्यते जपो मुखोच्चारणं यस्याः सा, न.बहु. स.*] अजपा नामक गायत्री। मानिसले सास बाहिर फ्याँक्दा **हं** र भित्र तान्दा **स** को उच्चारण गर्छ। यो उच्चारण एक अहोरात्रमा सामान्यतः २१ हजार ६ सय पटक हुन्छ। यसरी दिनरात उच्चारण गरिने ब्रह्मवाचक हंसलाई अजपा गायत्री भनिएको छ। यो गायत्री नाम उच्चारण गरेर वा माला लिएर जपिरहनु पर्दैन। उठ्दा, हिंड्दा, बस्दा, सुत्दा सधैं जपिएको हुन्छ। यसलाई प्रतिदिन समर्पण गरे पुग्छ।

हकारेण बहिर्याति सकारेण विशेत्पुनः।
षट् शतानि दिवारात्रौ सहस्त्राण्येकविंशतिः।
एतत्सङ्ख्यान्वितं मन्त्रं जीवो जपति सर्वदा॥ (ग.पु.)

~जपः (पुं.) [*न विद्यते जपो मुखोच्चारणादिकं यस्याः सा, बहु.सः, तस्याः जपः, ष.त*] जपमाला आदि साधनको प्रयोग नगरीकन मुखोच्चारण विना नै हुने जप।

अजमीढः (पुं.) [*अजश्छागो यज्ञे मीढः सिक्तो यत्र तत्, तद्देशाधिपः*] राजा युधिष्ठिर।

अजमोदा (स्त्री.) [*अजं मोदयति, मुद हर्षे इति धातोः णिच्, ततः कर्मण्यण् ३.२.१ इति अण्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] ज्वानो। यो दुई प्रकारको हुन्छ– खेतमा लगाइने र जङ्गली।

अजमोदिका (स्त्री.) [*अजस्य मोदिका, ष.त.*] ज्वानो।

अजयः (पुं.) [*न जयः, न.त.*] पराजय, हार।

सुखदुःखसमे कृत्वा लाभालाभौ जयाजयौ (भ.गी.)।

अजय्यः (पुं.वि.) [*जेतुं शक्यः, क्षय्यजय्यौ शक्यार्थे ६.१.८१ इति यत्, न जय्यः, न.त.*] जित्न नसकिने। **राज्ञामजय्योऽजनि पुण्डरीकः** (रघु.)।

अजरः (पुं.वि.) [*अविद्यमाना जरा यस्य सः, न.बहु. स.*] १.बुढो नहुने २.नओइलिने।

अजराः (पुं.बहु.) [*अविद्यमाना जरा येषान्ते, न.बहु स.*] देवता।

अजरामरः (पुं.वि.) [*अजरश्चासौ अमरश्च, कर्म.स.*] अजम्मरी/कहिल्यै बुढो नहुने र कहिल्यै नमर्ने।

अजरामरवत्प्राज्ञो विद्यामर्थञ्च चिन्तयेत्।
गृहीत इव केशेषु मृत्युना धर्ममाचरेत्॥ (हितो.)

अजर्यम् (नपुं.) [*न जीर्यति, जॄ वयोहानौ इति धातोः अजर्यं सङ्गतम् ३.१.१०५ इति यत्*] १.सङ्गति २ सौहार्द ३.बुढो नहुने।

अजशृङ्गी (स्त्री.) [*अजः शृङ्गमस्याः, अजशब्दस्तत्सदृशे लाक्षणिकः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] भेडासिङ्गे।

अजसत्त्वाङ्गना (स्त्री.) [*अजस्येव सत्त्वं स्वभावो यस्याः सा, सा चासौ अङ्गना च, कर्म.स.*] बाखाको जस्तो स्वभाव भएकी आइमाई।

अजस्रम् (नपुं.) [*न जस्यति, जसु मोक्षणे इति धातोः, नमिकम्पि स्म्यज- ३.२.१६७ इति रः*] निरन्तर।

अजहत्स्वार्था (स्त्री.) [*न जहत् स्वार्थोऽत्र सा, बहु.स.*] आफ्नो अर्थ नछोडी अर्को अर्थ बुझिने लक्षणाको एक प्रकार। यसलाई उपादानलक्षणा पनि भनिन्छ। जस्तै– **कुन्ताः प्रविशन्ति** मा कुन्तशब्दले कुन्त (भाला) रूप अर्थलाई नछोडी कुन्तधारी पुरुष भन्ने अर्थ बुझाएको छ। यस्तै नेपालीमा **दुध आयो** भन्दा दुधधारी पुरुषमा लक्षणा हुन्छ। यसमा लक्षणाद्वारा दुधको अर्थ नछोडी दुध बोक्ने मानिस भन्ने अर्थबोध भएको छ। (सा.द.२ परिच्छेद)

अजहल्लिङ्गः (पुं.) [*न जहत् लिङ्गं यः सः, बहु.स.*] कुनै अवस्थामा पनि लिङ्ग नबदलिने,जस्तै– **श्रुतिः प्रमाणम्,** यहाँ श्रुतिः स्त्रीलिङ्गपद भएकाले त्यसको विशेषण **प्रमाणा** हुनुपर्थ्यो तर त्यसो भएन, प्रमाणम् भयो। यस्तै **वेदाः प्रमाणम्**।

अजहा (स्त्री.) १.[*न जहाति शूकान् इति अजहा,अनुपसर्गाल्लिम्प इति शः,द्वित्वादिः, न.त.*] काउछो २.(पुं.वि.) [*न जह्यते, नञि जहातेः (उ.) इति कनिन्*] अत्याज्य।

अजा (स्त्री.) [*अजति, अज गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततष्टाप् ४.१.४*] १.माया २.बाखो ३.भाद्रकृष्ण एकादशी ४.औषधिविशेष। **अजा महौषधिर्ज्ञेया शङ्खकुन्देन्दुपाण्डुरा** (चरक)। **~युद्धम्** (नपुं.) अजयोर्युद्धम्, ष.त.) बाखाजुधाइ।

अजायुद्धमृषिश्राद्धं प्रभाते मेघडम्बरम्।
दम्पत्योः कलहश्चैव परिणामे न किञ्चन। (सुभा.)

~पुत्रः (पुं.) [*अजायाः पुत्रः, ष.त.*] बोको।

सिंहं नैव गजं नैव व्याघ्रं नैव च नैव च।
अजापुत्रं बलिं दद्याद् दैवो दुर्बलघातकः॥ (सुभा.)

अजाकृपाणीयः (पुं.) [*अजापतनमिव कृपाणपतनमिव अजाकृपाणम्, अजाकृपाणमिव, समासाच्च तद्विषयात् ५.३.१०६ इति छः, छस्य ईयः*] संयोगवश वा अचानक आइपर्नु।

अजागलस्तनम् (नपुं.) १.[*अजायाः गलस्य स्तनमिव, ष.त.*] बाखाको गलामा हुने लुर्कनो २.निरर्थक जीवन।

अजाजी (स्त्री.) [*अजमजति, अज गतिक्षेपणयोः, इति धातोः कर्मण्यण् ३.२.१ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] जीरा। **जीरकोऽजरणोऽजाजी** (अमर.)।

अजाजीवः (पुं.) [*अजा आजीवो जीविका यस्य सः, बहु.स*] बाखा पालन गरेर जीविका गर्ने मानिस।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजातः (पुं.वि.) [*न जातः, न.त.*] १.नजन्मिएको २.नउम्रिएको।

अजातशत्रुः (पुं.) [*न जातः शत्रुर्यस्य सः, सर्वप्रियत्वात्*] १.राजा युधिष्ठिर २.बिम्बिसारका पुत्र। **अजातशत्रुः शल्यारिर्धर्मपुत्रो युधिष्ठिरः** (अभि.चि.३.३७१) ३.(पुं.वि.) शत्रुरहित।

अजानानः (पुं.वि.) [*न जानीते, ज्ञा अवबोधने इति धातोः, अनुपसर्गाज्ज्ञः १.३.७६ इत्यात्मनेपदम्, ततो लटि शानच्*] नजान्ने **एतदाकर्ण्य विदीर्णहृदया दयितहृदयप्रेम्णा कर्तव्याकर्तव्यमजानाना जानकी जानीहि भ्रातरमिति सौमित्रिमादिदेश** (च.रा.)।

अजानिः (पुं.) [*अविद्यमाना जाया यस्य सः, न.बहु. जायाया निङ् ५.४.१३४ इति निङ्*] पत्नी नभएको/विधुर।

अजानिकः (पुं.वि.) [*अजेन आनो जीवनं यस्य सः, बहु.*] बाखाको व्यापारी।

अजानेयः (पुं.) [*अजवत् शिववृषभवत् यथास्थानमारोहिणम् आ समन्तान्नयति प्रापयति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति यत्, गुणः*] १.उत्तम दर्जाको घोडा २.(पुं.वि.) निर्भय।

अजितः १.(पुं.वि.) [*न जितः, न.त.*] नजितिएको २.(पुं.) [*न केनापि पराजित ऐश्वर्येण*] १.शिव २.विष्णु ३.बुद्ध ४.तीर्थङ्कर जैन।

अजिनपत्रा (स्त्री.) [*अजिनमिव पत्रं यस्याः सा, बहु.स.*] जलुको

अजिनम् (नपुं.) [*अज्यते क्षिप्यते प्राप्यते वा, अज गतिक्षेपणयोः, इति धातोः, अजेरज च (उ.) २१५ इति इनच्, (वीभावबाधनार्थम्) अजादेशश्च*] रौँ भएको मृग, बाघ आदिको छाला। **अजिनं चर्म कृत्तिः स्त्री** (अमर.)।

अजिनयोनिः (पुं.) [*अजिनस्य चर्मणो योनिरुत्पत्तिस्थानम्, ष.त.*] कृष्णसार मृग। **मृगे कुरङ्गवातायुहरिणाजिनयोनयः** (अमर.)।

अजिरम् (नपुं.) [*अजन्ति गृहान्निसरन्त्यत्र, अज गतौ इति धातोः, अजिरशिशिरशथिलास्थिरस्फिरस्थविरखदिराः (उ.) ५६ इति किरच्*] १.आँगन २.[*अजति गच्छतीति*] हावा ३.[*अजन्ति विषयाणि गच्छन्त्यत्र*] इन्द्रिय ४.[*अजति गच्छति*] भ्यागुतो ५.[*अजति गच्छति क्षणभङ्गुरमेति*] शरीर। **अजिरं प्राङ्गणे वाते विषये दर्दुरे तनौ** (विश्व.)।

अजिह्मः (पुं.वि.) [*न जिह्मः, न. त.*] १.सीधा २.इमानदार।

अजिह्मगः (पुं.) [*न जिह्मः, अजिह्मं यथा स्यात्तथा गच्छति इति गम्लृ गतौ इति धातोः अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, टिलोप*] १.बाण २.(पुं.वि.) सरल बाटो हिँड्ने।

अजिह्वः (पुं.वि.) [*अविद्यमाना जिह्वा यस्य सः, बहु. स.*] १.जिब्रो नभएको २.(पुं.) भ्यागुतो।

अजीगर्तः (पुं.) [*अज्यै गमनाय गर्तं यस्य सः, बहु.स.*] सर्प।

अजीर्णः १.(पुं.विं.) [*न जीर्णः, जॄ वयोहानौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] नपचेको।

अजीर्णम् (नपुं.) [*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] अपच। वायुगोला।

अजीर्णे भेषजं वारि जीर्णे वारि बलप्रदम्।
भोजने चामृतं वारि भोजनान्ते विषप्रदम्॥ (सुभा.)
प्रायेणाहारवैषम्यादजीर्णं जायते नृणाम् (वैद्यक)।

अजीर्णिः (स्त्री.) [*जॄ धातोः, स्त्रियां क्तिन् ३.३.९४) इति क्तिन्*] मन्दागिन। **कैरजीर्णिभयात् प्रातर्भोजनं परिहीयते** (हितो.)।

अजीवः (पुं.वि.) १.[*न विद्यते जीवो यस्य सः, न.बहु.सः*] जीवरहित,मरेको २.[*जीवाद् भिन्नः, न.त.*] अचम्मको/साधारण जीवमा पाइने भन्दा भिन्न प्रकृतिको।

अजीवनिः (स्त्री.) [*जीव प्राणने इति धातोः, आक्रोशे नञ्यनि ३.३.११२ इत्यनिः, न जीवनिः, न.त.*] १.जीवन नरहनु/मृत्यु २.श्रापको एक बोली। **तस्याजीवनिरेवास्तु** (अमर.) **अजीवनिस्ते भूयात्।** (मु.बो.) तँ मरेस्।

अजुगुप्सितः (पुं.वि.) [*न जुगुप्सितः, न.त*] १.अनिन्दित २.अघृणित
उपविश्य च तान् विप्रानासनेष्वजुगुप्सितान्।
गन्धमाल्यैः सुरभिभिरर्चयेद् देवपूर्वकम्॥ (मनु.)

अजेयः (पुं.वि.) [*जेतुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, गुणः, न जेयः, न.त.*] जित्न नसकिने।

अजैकपाद् (पुं.) [*अजस्य एकपाद इव एकपादो यस्य सः, बहु.स.*] एघार रुद्रमध्येका एक रुद्र।

अज्जुका (स्त्रीं.) [*अर्जयति परपुरुषसम्भोगादिना द्रव्यमिति, अर्ज अर्जने इति धातोः, समिकस उकन् (उ.) १९७ इति बाहुलकात् उकन्, रस्य जः, स्त्रीत्वविवक्षायां टाप् ४.१.४*] १.नाटकमा तरुणी वेश्याको भूमिका निर्वाह गर्ने स्त्री २.वेश्या।

अज्झटा (स्त्री.) [*अदित्यव्ययमाश्चर्यार्थे, अतः=आश्चर्यस्य, झटः सङ्घातोऽस्यां सा*] भुइँ अमला। **झटाऽमलाज्झटा ताली शिवा तामलकीति च** (अमर.)।

अज्ञः (पुं.वि.) [*जानातीति ज्ञः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, न ज्ञः, न.त.*] १.मूर्ख.। **अज्ञः सुखमाराध्यः सुखतरमाराध्यते विशेषज्ञः।** (प.त.) २.बालक ३.(पुं.वि.) केही नजान्ने। **अज्ञं हि बालमित्याहुः** (सुभा.)।

अज्ञता (स्त्री.) [*अज्ञस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अज्ञानता। **अज्ञता कस्य नामेह नोपहासाय जायते** (क.स.)।

अज्ञातः (पुं.वि.) [*न ज्ञातः न.त.*] नजानिएको। **~चेतनः** (पुं.) [*अज्ञाता चेतना यस्य सः, बहु.स.*] चेतना थाहा नभएको/अचेतन। **~यौवना** (स्त्री.) [*अज्ञातं यौवनं यस्याः सा, बहु.स.*] उमेर चढेको थाहा नपाउने नायिका। **~वासः** (पुं.) [*न ज्ञातो वासो यस्य सः, बहु.स.*] १.बस्ने ठाउँ थाहा नभएको २.[*अज्ञातश्चासौ वासश्च, कर्म.स.*] लुकेर बस्ने काम।

अज्ञानता (स्त्री.) [*न ज्ञानम्, तस्य भावः, अज्ञानशब्दात् तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] अबोधता/अज्ञता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञानम् (नपुं.) [*न ज्ञानम्, न.त.*] १.थाहा नहुनु/नजान्नु २.अविद्या/ज्ञानसँग नमिल्दो ज्ञान ३.जडता। **अज्ञानावृतचेतसामतिरुषां कोऽर्थः तिरश्चां गुणैः** (सुभा.) **अज्ञानमविद्याऽहम्मतिः स्त्रियाम्।** (अमर.) सृष्टिकालमा ब्रह्माले पहिलो पटक ५ किसिमका अज्ञानको सृष्टि गरे– तम, मोह, महामोह, तामिस्र र अन्धतामिस्र। (भाग.) ४.सत् र असत्द्वारा अनिर्वचनीय त्रिगुणात्मक भावविरोधी तत्त्व (वेदान्त)।

अज्ञानी (पुं.वि.) [*न ज्ञानी, न.त.*] अबुझ/ज्ञान नभएको/मूर्ख।

अज्ञेयः (पुं.वि.) [*न ज्ञेयः, न.त.*] नजानिने/जान्न नसकिने।

अज्येष्ठवृत्तिः (स्त्री.) [*ज्येष्ठस्य वृत्तिः, ष.त. नास्ति ज्येष्ठवृत्तिर्यस्य सः, बहु.स.*] जेठाले गर्नुपर्ने व्यवहार नगर्ने।

अञ्चलः (पुं.) [*अञ्चति विशिष्यो भवति, अञ्चु विशेषणे इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११, इति कलप्रत्ययः*] १.आँचल, लुगाको किनारा २.मजेत्रो ३.सल। **क्षीणाञ्चलमिव पीनस्तनजघनायाः** (उद्भट) ४.आँखाको छेउ। **दृगञ्चलैः पश्यति केवलं मनाक्** (उद्भट) ५.[*अञ्चयति विभाजयति देशम्*] देशको खण्ड।

अञ्चितः (पुं.वि.) [*अञ्च्यते स्म, अञ्चु गतिपूजनयोः इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, अञ्चेः पूजायाम् ७.२.५३ इति इट् नाञ्चे पूजायाम् ६.४.३० इति नलोपनिषेधः*] १.पूजित, सम्मानित, २.सुशोभित ३.धनुषको जस्तो आकार भएको। **पूजितेऽञ्चितः** (अमर.)।

अञ्चु (धा.) [*गतिपूजनयोः, भ्वा. सक.वेट् उभ.*] जानु, पूजा गर्नु। लट्– **अञ्चति**– जान्छ, पूजा गर्छ। लिट्– **आनञ्च**– गएछ, पूजा गरेछ (अन.)। लुट्–**अञ्चिता**– जाने छ, पूजा गर्ने छ। (अन.)। लृट्– **अञ्चिष्यति**– जाने छ, पूजा गर्ने छ। लोट्– **अञ्चतु**– जाओस्, पूजा गरोस्। लङ्– **आञ्चत्**– गयो, पूजा गऱ्यो (अन.)। विधिलिङ्– **अञ्चेत्**– जाला, पूजा गर्ला, जाओस्, पूजा गरोस्। आशीर्लिङ्– **अञ्च्यात्**– पूजा गरोस्, **अच्यात्**– जाओस्। लुङ्– **आञ्चीत्**–गयो, पूजा गऱ्यो। लृङ्– **आञ्चिष्यत्**– जाने थियो, पूजा गर्ने थियो इत्यादि। कर्मणि– **अञ्च्यते**– पूजा गरिन्छ, (पूजायां नलोपाभावः) **अच्यते**-गइन्छ। णिचि-**अञ्चयति-ते**– हिंडाउँछ, पूजा गराउँछ। **अञ्चिचिषति**– हिंड्न चाहन्छ, पूजा गर्न चाहन्छ। कृदन्ते– **अञ्चकः/अञ्चिका, अञ्चिता-त्री**– पूजा गर्ने। **अञ्चयन्/अञ्चयन्ती**– पूजा गर्दै, । **प्राङ्**– पूर्व, **उदङ्**– उत्तर, **न्यङ्**-तेर्सो **अञ्चितः**– पूजा गरिएको, **अञ्चितवान्**– पूजा गरेको। **अक्तः/अक्तवान्**-हिंडेको। **अञ्चित्वा**– पूजा गरेर। **अक्त्वा**– हिँडेर। **अञ्चितुम्**– पूजा गर्न। **अक्तुम्** -हिड्न **समञ्च्य**– राम्रोसित पूजा गरेर। **समच्य**– राम्रोसित हिँडेर इत्यादि।

अञ्चु (धा.) [*विशेषणे, चुरा.सक.सेट् उभ.*] सम्मान गर्नु, छुट्ट्याउनु लट्– **अञ्चयति-ते**– सम्मान गर्छ, छुट्ट्याउँछ। लिट्– **अञ्चयाञ्चकार-चक्रे**– सम्मान गरेछ, छुट्ट्याएछ (अन.) लुट्– **अञ्चयिता**– सम्मान गर्ने छ, छुट्ट्याउने छ (अन.) लृट्– **अञ्चयिष्यति–ते**– सम्मान गर्ने छ, छुट्ट्याउने छ। लोट्– **अञ्चयतु–ताम्**– सम्मान गरोस्, छुट्ट्याओस्। लङ्– **आञ्चयत्-त**– सम्मान गऱ्यो, छुट्ट्यायो (अन.)। विधिलिङ्– **आञ्चयेत्-त**– सम्मान गर्ला, छुट्ट्याउला, सम्मान गरोस्, छुट्ट्याओस्। आशीर्लिङ्– **अञ्च्यात्, अञ्चयिषीष्ट**– सम्मान गरोस्, छुट्ट्याओस्। लुङ्– **आञ्चीत्-त**– सम्मान गऱ्यो, छुट्ट्यायो। लृङ्– **आञ्चयिष्यत्-त**– सम्मान गर्ने थियो, छुट्ट्याउने थियो इत्यादि।

अञ्चु (धा.) [*गतौ याचने च, भ्वा. सक.सेट् उभ.*] हिँड्नु, प्रार्थना गर्नु। लट्– **अञ्चति, अञ्चते**– हिँड्छ, प्रार्थना गर्छ। लिट्– **आनञ्च, आनञ्चे**– हिँडेछ, प्रार्थना गरेछ (अन.) लुट्– **अञ्चिता**– हिँड्ने छ, प्रार्थना गर्ने छ (अन.)। लृट्– **अञ्चिष्यति, अञ्चिष्यते**–हिँडने छ, प्रार्थना गर्ने छ। लोट्– **अञ्चतु, अञ्चताम्**–हिँडोस्, प्रार्थना गरोस्। लङ्– **आञ्चत, आञ्चताम्**– हिँड्यो, प्रार्थना गऱ्यो (अन.)। विधिलिङ्– **अञ्चेत, अञ्चेत**–हिँड्ला, प्रार्थना गर्ला, हिँडोस्, प्रार्थना गरोस्। आशीर्लिङ्–**अच्यात, अच्यात**-हिँडोस्, प्रार्थना गरोस्। लुङ्– **आञ्चीत, आञ्चीत**– हिँड्यो, प्रार्थना गऱ्यो। लृङ्– **आञ्चिष्यत, आञ्चिष्यत**–हिँड्ने थियो, प्रार्थना गर्ने थियो इत्यादि।

अञ्जनः (पुं.) १.[*अनक्ति पश्चिमस्यां दिशि रक्षकत्वेन प्रकाशते, कृत्यल्युटो बहुलम् ३.११३ इति ल्युट् अनः*] पश्चिमको दिग्गज २.[*अञ्जनवद् वर्णोऽस्य सः*] कश्यपकी पत्नी कद्रुबाट उत्पन्न एक सर्प।

अञ्जनकेशी (स्त्री.) [*अञ्जनमिव केशा यस्याः सा, बहु.स.*] १.कालो कपाल भएकी महिला २.मालकागुनु।

अञ्जनम् (नपुं.) १.[*अज्यते लिप्यते नयनमनेन, अजि लेपने इत्यस्मात् करणाधिकरयोश्च ३.३.११७ इति करणे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] गाजल/तोरीको तेलमा बत्ती बाली त्यसमाथि बत्ती ननिभ्ने गरेर कुनै भाँडो घोप्ट्याई माथिबाट छोपी बत्ती बलेर सकिएपछि सो छोपेको भाँडाको भित्री भागमा जम्मा भएको कालो ध्वाँसो निकाली त्यसमा तेल हालेर संस्कार गरी तयार गरिएको, नीरोगिता र शोभाका लागि आँखाको कोसको डिलमा लगाइने लेप। **विलोचनं दक्षिणमञ्जनेन संभाव्य** (रघुः) २.[*अज्यते व्यज्यतेऽर्थोऽनेन*] अनेकार्थकशब्दको प्रयोग भएको स्थलमा वाच्य अर्थबाट झल्कने अन्य अर्थ बुझाउने व्यापार।

अनेकार्थस्य शब्दस्य वाचकार्थैर्नियन्त्रिते।
संयोगाद्यैरवाच्यार्थधीकृद् व्यापृतिरञ्जनम्॥ (का.प्र.)

अञ्जना (स्त्री.) [*अञ्जनवद् वर्णोऽस्याः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, टाप्*] १.हनुमान्की आमा २.दिग्गजकी पत्नी, ३.गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषिकी छोरी। **~नन्दनः** (पुं.) [*अञ्जनायाः नन्दनः, ष.त.*] अञ्जना र केशरीका छोरा/पवनपुत्र हनुमान्।

अञ्जनावती (स्त्री.) [*अञ्जनवर्णत्वाद ञ्जनमस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् इति मतुप्, मस्य वः, मतौ बह्वचो ऽनजिरादीनाम् इति दीर्घः*] सुप्रतीक नामक दिग्गजकी पत्नी।

अञ्जनिका (स्त्री.) [*अञ्जनवद् कज्जलवद् वर्णो ऽस्याः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, स्वार्थे कः, टाप्, इत्वम्*] १.सानो मुसो २.हलाहल विष (हेम.)।

अञ्जनी (स्त्री.) [*अनक्ति चन्दनकुङ्कुमादिभिः शोभते इति अञ्जू धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्तरि ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, स्त्रियां ङीप्*] १.वृक्षविशेष २.चन्दन आदि लेपनद्रव्य घसेकी नारी।

अञ्जलिः (पु.) [*अज्यते प्राप्यतेऽनेन, अञ्जू व्यक्त्यादौ इति धातोः, ऋतन्यञ्जिवन्यञ्ज्यर्पिमद्यत्यङ्गिकुयुकृशिभ्यः कलिज् यतुजलिजिष्ठुजिष्ठजिसनूस्यनिथिनुल्यसासानुकः (उ) ४५० इति अलिच्*] १.अँजुली। खुला उत्ताना दुई हात जोडी ती हत्केलाका माथिल्ला भाग झुकाउँदा हुने छत्राकार खोबिल्टो २.आदर वा प्रार्थनाको मुद्रामा त्यसो गरी हात जोड्ने काम ३.नापोविशेष। **अञ्जलिस्तु पुमान् हस्तसंपुटे कुडवेऽपि च** (मेदिनी.)।

अञ्जलिका (स्त्री.) [*अञ्जलिरिव कायते प्रकाशते इति, आतोऽनुपसर्गे कः, ३.२.३ इति कः, टिलोपः टाप्, इत्वम्*] १.सानो मुसो २.लज्जावती झार।

(अञ्जलिका)

अञ्जसा (अव्य.) [*अञ्जं गतिं विलम्बं वा स्यति नाशयति षोऽन्तःकर्मणि, इति धातोः, षै क्षये इति धातोर्वा नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप्*] १.सीधा २.सत्य/यथार्थ ३.छिटो।

आसमाप्तेः शरीरस्य यस्ते शुश्रूषते गुरुम्।
स गच्छत्यञ्जसा विप्रो ब्रह्मणः सद्म शाश्वतम्॥ (मनु.)
सत्ये शीघ्रे तथाञ्जसा (हला.)।

अञ्जसाकृतम् (नपुं.) [*अञ्जसा कृतम्, अञ्जस उपसङ्ख्यानम् (वा.) ६.३.३ इति विभक्तेरलुक्*] छिटो गरिएको।

अञ्जसानिगदितम् (नपुं.) [*अञ्जसा निगदितम्, अञ्जस उपसङ्ख्यानम् (वा.) ६.३.३ इति विभक्तेरलुक्*] हडबडसित (छिटो, विचारै नगरी) भनिएको।

नाञ्जसानिगदितं विभक्तिभि
र्व्यक्तिभिश्च निखिलाभिरागमे।
तत्र कर्मणि विपर्यणीनमन्
मन्त्रमूहकुशलाः प्रयोगिणः॥ (शि.व.)

अञ्जीरः (पु./नपुं.) [*अञ्जति, अञ्जू व्यक्त्यादौ इति धातोः, कृशृपृकटिपटिशोटिभ्य ईरन् (उ) ४७८ इति बाहुलकात् ईरन्*] अञ्जीर नाम गरेको वृक्ष र त्यसको फल।

अञ्जू (धा.) [*व्यक्तिमर्षणकान्तिगतिषु, रुधा. सक. वेट् पर.*] प्रकट हुनु, मालिस गर्नु, चम्कनु, जानु। लट्– **अनक्ति–** प्रकट हुन्छ, मालिस गर्छ, चम्कन्छ, जान्छ। **अभ्यनक्ति–** तेलले मालिस गर्छ। **व्यनक्ति–** प्रकट गर्छ, स्पष्ट गर्छ। **अध्यनक्ति–** मर्छ। **आनक्ति–** तेल लगाउँछ। **न्यनक्ति–** तेल लगाउँछ, लुक्छ। **प्रत्यनक्ति–** तेल लगाउँछ, सजाउँछ। **समनक्ति**–तेल लगाउँछ, मान गर्छ, मर्छ, जम्मा गर्छ। लिट्– **आनञ्ज**–प्रकट भएछ, मालिस गरेछ, चम्केछ, गएछ। लुट्– **अङ्क्ता**– प्रकट हुने छ, मालिस गर्ने छ, चम्कने छ, जाने छ। लृट्– **अञ्जिष्यति**–प्रकट हुने छ, मालिस गर्ने छ, चम्कने छ, जानेछ। लोट्– **अनक्तु**– प्रकट होओस्, मालिस गरोस्, चम्कोस्, जाओस्। लङ्– **आनक्**– प्रकट भयो, मालिस गर्‍यो, चम्क्यो, गयो। विधिलिङ्– **अञ्ज्यात्**– प्रकट होला, मालिस गर्ला, चम्केला, जाला, प्रकट हवस्, मालिस गरोस्, चम्कोस्, जाओस्। आशीर्लिङ्– **अज्यात्**– प्रकट होओस्, मालिस गरोस्, चम्कोस्, जाओस्। लुङ्– **आञ्जीत्**–प्रकट भयो, मालिस गर्‍यो, चम्क्यो, गयो। लृङ्– **आञ्जिष्यत्**–प्रकट हुने थियो, मालिस गर्ने थियो, चम्कने थियो, जाने थियो। कर्मणि– **अज्यते**– प्रकट गरिन्छ, मालिस गरिन्छ, चम्किन्छ, गइन्छ। णिचि– **अञ्जयति**– प्रकट गराउँछ, मालिस गराउँछ, चम्काउँछ, हिँडाउँछ। सनि– **अञ्जिजिषति**– प्रकट गर्न चाहन्छ, मालिस गर्न चाहन्छ, चम्कन खोज्छ, हिँड्न खोज्छ। कृदन्ते– **व्यञ्जितव्यम्, व्यञ्जयितव्यम्, व्यञ्जनीयम्. व्यङ्ग्यम्**–प्रकट हुनुपर्ने। **व्यञ्जितुम्, व्यङ्क्तुम्, अञ्जयितुम्**– व्यक्त गर्न। **अञ्जित्वा, अभिव्यज्य**– व्यक्त गरेर। **व्यक्तः, व्यञ्जितः**– व्यक्त भएको। **व्यञ्जकः, व्यञ्जिका, व्यञ्जिता-त्री–** व्यक्त गर्ने। **व्यञ्जना**– व्यङ्ग्य अर्थ बुझाउने शब्दशक्ति। **व्यक्तिः**– पुरुष वा नारी व्यक्ति, व्यञ्जनाव्यापार आदि।

अट (धा.) [*गतौ, भ्वा अक. सेट् पर.*] यताउति घुम्नु। लट्– **अटति**– यताउति घुम्छ। लिट्– **आट**– यताउति घुमेछ (अन.) लुट्– **अटिता**– यताउति घुम्ने छ (अन.)। लृट्– **अटिष्यति**– यताउति घुम्ने छ। लोट्–**अटतु–** यताउति घुमोस्। **आटत्**– यताउति घुम्यो (अन.) विधिलिङ्– **अटेत्**– यताउति घुम्ला, यताउति घुमोस्। आशीर्लिङ्– **अट्यात्**– यताउति घुमोस्। लुङ्– **आटीत्**– यताउति घुम्यो। लृङ्– **आटिष्यत्**– यताउति घुम्ने थियो इत्यादि।

अटनम् (नपुं.) [*अट गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] घुम्नु, भ्रमण। जस्तै– **देशाटनम्, तीर्थाटनम्, भिक्षाटनम्** आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अटनिः (स्त्री.) [*अटति गुणोऽत्र, अट गतौ इति धातोः बाहुलकात् अनिः*] धनुषको टुप्पो वा अग्रभाग।

अटनी (स्त्री.) [*अटति गुणोऽत्र, अट गतौ इति धातोर्बाहुलकादनिः, कृति ङीष्*] धनुषको टुप्पो। **अग्रन्त्वर्तिरटन्यपि** (अभि.चि.)।

अटरुषः (पुं.) [*अयन् गच्छतो रोषति, रुष हिंसायाम् इति धातोः, क प्रकरणे मूलविभुजादिभ्य उपसङ्ख्यानम्, (वा) ३.२.५, इति कः*] असुरो। **वैद्यमाताऽटरुषकः** (अमर.)।

अटविः (स्त्री.) [*अटन्ति प्राणिनोऽत्र, अट गतौ इति धातोः पद्यटिभ्यामविः, (वा.) इत्यविः*] वन/जङ्गल।

अटवी (स्त्री.) [*अटन्ति प्राणिनोऽत्र, अट गतौ इति धातोः पद्यटिभ्यामविः (वा) इत्यविः, कृदिकारादक्तिनः (ग.सू.) ४.१.४५ इति ङीष्*] वन/जङ्गल।

अटाट्या (स्त्री.) [*अटनमिति परिचर्यापरिसर्यामृगयाटाट्यानामुपसङ्ख्यानम् (वा.) ३.३.१०१, इति निपातः*] बारम्बार वा अतिशय भ्रमण/पर्यटन।

अट्ट (धा.) [*अतिक्रमहिंसनयोः, भ्वा.सक .सेट् आत्म.*] १.हत्या गर्नु २.अतिक्रमण गर्नु। लट्– **अट्टते**– हत्या गर्छ, अतिक्रमण गर्छ। लिट्– **आनट्टे**– हत्या गरेछ, अतिक्रमण गरेछ (अन.) लुट्– **अट्टिता**– हत्या गर्ने छ, अतिक्रमण गर्ने छ (अन.) लृट्– **अट्टिष्यते**– हत्या गर्ने छ, अतिक्रमण गर्ने छ। लोट्– **अट्टताम्**– हत्या गरोस्, अतिक्रमण गरोस्। लङ्– **आनट्ट**– हत्या गऱ्यो, अतिक्रमण गऱ्यो (अन.)। विधिलिङ्– **अट्टेत**– हत्या गर्ला, अतिक्रमण गर्ला, हत्या गरोस्, अतिक्रमण गरोस्। आशीर्लिङ्– **अट्टिषीष्ट**– हत्या गरोस्, अतिक्रमण गरोस्। लुङ्– **आट्टिष्ट**– हत्या गऱ्यो, अतिक्रमण गऱ्यो। लृङ्– **आट्टिष्यत**– हत्या गर्ने थियो, अतिक्रमण गर्ने थियो इत्यादि।

अट्ट (धा.) [*अनादरे, चुरा सक. सेट् उभ.*] अनादर गर्नु। लट्– **अट्टयति-ते**– अनादर गर्छ, इत्यादि।

अट्टः (पुं.) [*अट्यते, अट्ट अतिक्रमणे इति धातोः अकर्तरि च कारके संज्ञायाम् इति घञ्*] १.दरबारका ठुला पर्खालमा शत्रुसितको प्रत्याक्रमणका निमित्त बनाइएका अटाली २.अटाली ३.दुपट्टा ४.दोकान। **पण्यशाला निषद्याट्टो हट्टो विपणिरापणः** (अभि.चि.)।

अट्टम् (नपुं.) [*अट्टयति गलमतिक्रम्य गच्छति, पचाद्यच्*] १.भात २.अन्न ३.सुखा वस्तु। **~शूलः** (पुं.वि.) अन्न बेच्ने। **अट्टशूला जनपदाः** (भाग.मा.)।

अट्टहासः (पुं.) [*अट्टवत् अट्टालिकावत् लक्षणया उच्चस्वरो हासः, म.प.स.*] ठुलो स्वरको हाँसो।

अट्टालकः (पुं.) [*अट्टवत् प्रासादगृहवत् अलति शोभते, अट्ट पूर्वकात्, अल भूषणादौ, इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, स्वार्थे कन्*] अटाली/कौसी।

अट्टालिका (स्त्री.) [*अट्टवत् प्रासादगृहवत् अलति शोभते इति, अट्टपूर्वकात्, अल भूषणादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, स्वार्थे कन्, टाप्, इत्वम्*] अटाली/कौसी/बार्दली २.राजदरबार (रा.त.)।

अट्या (स्त्री.) [*अटनम्, अट गतौ इति धातोः भावे क्यप्, टाप्*] भ्रमण/पर्यटन। **तौर्यत्रिकं वृथाऽट्या च कामजो गुणः** (स्मृति.)।

अठि (धा.) [*गतौ सक.सेट् आत्मने, इदित्*] जानु। लट्– **अण्ठते**– जान्छ इत्यादि।

अड (धा.) [*उद्यमे,भ्वा. सक.सेट् पर.*] उद्योग गर्नु। लट्– **अडति**– उद्योग गर्छ। लिट्– **आड**–उद्योग गरेछ (अन.)। लुट्– **अडिता**– उद्योग गर्ने छ (अन.)। लृट्– **अडिष्यति**– उद्योग गर्ने छ। लोट्– **अडतु**–उद्योग गरोस्। लङ्– **आडत्**– उद्योग गऱ्यो (अन.)। विधिलिङ्–**अडेत्**–उद्योग गर्ला, उद्योग गरोस्। आशीर्लिङ्– **अड्यात्**– उद्योग गरोस्। लुङ्– **आडीत्**– उद्योग गऱ्यो। लृङ्– **आडिष्यत्**– उद्योग गर्ने थियो इत्यादि।

अड्ड (धा.) [*अभियोगे, भ्वा.सक.सेट् पर.*] आरोप लगाउनु, प्रार्थना गर्नु। लट्– **अड्डति**– आरोप लगाउँछ, प्रार्थना गर्छ इत्यादि।

अण (धा.) [*प्राणने, दिवा.अक.सेट् आत्मने.*] बाँच्नु। लट्– **अण्यते**– बाँच्छ। लिट्– **आणे**– बाँचेछ (अन.)। लुट्– **अणिता**– बाँच्ने छ (अन.)। लृट्– **अणिष्यते**–बाँच्ने छ। लोट्– **अण्यताम्**–बाँचोस्। लङ्– **आण्यत**– बाँच्यो (अन.) विधिलिङ्– **अण्येत**– बाँच्ला, बाँचोस्। आशीर्लिङ्– **अणिषीष्ट**–बाँचोस्। लुङ्– **आणिष्ट**– बाँच्यो। लृङ्– **आणिष्यत**– बाँच्ने थियो इत्यादि।

अण (धा.) [*शब्दार्थे, भ्वा.सक.सेट् पर.*] शब्द गर्नु। लट्– **अणति**– शब्द गर्छ इत्यादि।

अणकः (पुं.वि.) [*अणति, अण शब्दे इति धातोः,नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कुत्सिते ५.३.७४ इति कन्*] तुच्छ/छोटो मिजासको।

अणवीनम् (नपुं.) [*अणूनां भवनं क्षेत्रम्, विभाषा तिलमाषोमाभङ्गाणुभ्यः ५.२.४ इति खञ्, खस्येनः*] सामाधान हुने क्षेत्र।

अणव्यम् (नपुं.) [*अणूनां भवन क्षेत्रम्, यत्*] सामाधान हुने क्षेत्र।

अणिः (पुं.) [*अणति, अण शब्दे इति धातोः, सर्वधातुभ्य इन् (उ) ५६७ इति इन्*] १.पाङ्ग्राको बिचमा रहेको किलो २.सीमा ३.सियाको टुप्पो ४.किनारा ५.घरको कुना।

अणिमा (पुं.) [*अणुशब्दात् पृथ्वादिभ्य इमनिज्वा ५.३.५८ इति इमनिच्*] १.सूक्ष्मता २.आठ सिद्धिमध्येको एक सिद्धि। सूक्ष्म रूप लिन सक्ने क्षमता। जसले अणिमा सिद्धि प्राप्त गरेको हुन्छ त्यसलाई देख्न सकिन्न। देवताहरू सूक्ष्मरूप लिएर यत्रतत्र विचरण गरिरहेका हुन्छन्, अणिमाको सिद्धिका कारणले तिनीहरू देख्न सकिँदैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अणीयः (पुं.वि.) [*अयमनयोरतिशयेन अणुः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति अजादी गुणवचनादेव ५.३.५८ इति नियमाद् ईयसुन्*] दुईमा थोरै वा सानो।

अणुः (पुं.) [*अणति कम्पनेन शब्दायते इति, अण शब्दे, इति धातोः, अणश्च (उ) ९८ इति उः*] १.कुनै वस्तुको साह्रै सानो टुक्रा वा अंश।

कार्यमण्वपि काले तु कृतमेत्युपकारताम्।
महानत्युपकारोऽपि रिक्ततामेत्यकालतः॥ (सुभा.)

२.परमाणुको संयोगबाट बनेको तत्त्व ३.पदार्थको मूल कारण ४.धानविशेष ५.विष्णु ६.शिव ७.धुलाको कण ८.सङ्गीत शास्त्रअनुसार तीन तालको कालको चौथो अंशको समय ८.एक मुहूर्तको ५४६७५०० भाग। **लवलेशकणाणवः** (अमर.) **~वीक्षणम्** (नपुं.) [*अणुर्वीक्ष्यतेऽनेन, अणुपूर्वकात् वीक्षधातोः करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट् अनः*] सूक्ष्मदर्शक यन्त्र। **~सिद्धान्तः** (पुं.) [*अणोः सिद्धान्तः, ष.त.*] अणुको व्याख्या गर्ने शास्त्र।

अणुकः (पुं.वि.) १.[*अणुप्रकारः, स्थूलादिभ्यः प्रकारवचने कन् ५.४.३ इति कन्*] सानो किसिमको २.[*अणु निपुणे (वा.) ५.४.२९ इति कः*] सूक्ष्मदर्शी, निपुण।

अणुको निपुणे चाल्पे त्रिलिङ्गः परिकीर्तितः (वाङ्म.)।

अण्डः (पुं./.नपुं.) [*अमन्ति संप्रयोगं यान्ति अनेन, अम गत्यादिषु, इति धातोः, ञमन्ताड्डः (उ.) ११९ इति डः*] १.अण्डकोष २.कस्तूरीकोष ३.वीर्य ४.फुल। **अण्डं मुष्के च पेश्यां स्यात्।** (मेदिनी.) **~कोषः** (पुं.) [*अण्डस्य कोषो यत्र सः*] १.राजखानी २.फूलको बाहिरी बोक्रा ३.फल (रामा.) **फलमित्यपि कुत्रचित्।**

अण्डकः (पुं.) [*अण्ड एव, स्वार्थे कन्*] अण्डकोष। **अण्डकः पुंसि मुष्के** (वाङ्म.)।

अण्डजः (पुं.) [*अण्डे जातः सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, टिलोपः*] १.ब्रह्मा २.चरो ३..माछो ४.छेपारो ५.सर्प ६.मृगको नाभि ७.(पुं.वि.) [*अण्डाज्जातः*] अण्डबाट पैदा भएको। **अण्डजो मृगनाभौ ना सरटेऽही खगे झषे** (मेदिनी.) **अण्डाज्जातेऽण्डजस्त्रिषु** (वाङ्म.)।

अण्डजा (स्त्री.) [*अण्डे जाता, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, टिलोपः, टाप्*] मृगको नाभि। **अण्डजा मृगनाभौ स्यात्** (वाङ्म.)।

अण्डसूः (स्त्री.) [*अण्डान् सूते, सत्सूद्विषद्रुहदुहयुजविद - भिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्*] १.पक्षीको पोथी जाति २.सर्प ३.माछा ४.छेपारो ५.भ्यागुतो ६.(वि.) फुल पार्ने।

अण्डाकारः (पुं.वि.) [*अण्डस्येव आकारो यस्य सः, बहु.स.*] अण्डजस्तो आकार भएको।

अण्डीरः (पुं.) [*काण्डाण्डादीरन्नीरचौ ५.२.१११ इति ईरच्*] १.बलियो पुरुष २.हृष्टपुष्ट। **अण्डीरः पुरुषे शक्ते** (मेदिनी.) ३.ठुलो अण्डा भएको पशु। **अण्डीरः पुरुषे पुंसि सञ्जने मुष्कवत् पशा** (वाङ्म.)।

अण्डुकः (पुं.) [*अण्डोऽस्यास्तीति, बाहुलकादुकञ्*] गुला। **अण्डुकः पुंसि मुष्के** (वाङ्म.)।

अत (धा.) [*सातत्यगमने, भ्वा.अक.वेट्. पर.*] निरन्तर हिँड्नु। लट्– **अतति**–निरन्तर हिँड्छ। लिट्– **आत**– निरन्तर हिँडेछ (अन.)। लुट्– **अतिता**– निरन्तर हिँड्ने छ (अन.)। लृट्– **अतिष्यति**– निरन्तर हिँड्ने छ। लोट्–**अततु**– निरन्तर हिँडोस्। लङ्– **आतत्**– निरन्तर हिँड्यो (अन.)। विधिलिङ्– **अतेत्**– निरन्तर हिँड्ला, निन्तर हिँडोस्। आशीर्लिङ्– **अत्यात्**– निरन्तर हिँडोस्। लुङ्– **आतीत्**– निरन्तर हिँड्यो। लृङ्– **आतिष्यत्**– निरन्तर हिँड्ने थियो इत्यादि।

अतः (अव्य.) [*एतस्मादिति पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्, एतदोऽन् ५.३.५ इति प्रकृतेः अनादेश, नलोपः*] १.यसपछि, २.यसभन्दा बढी।

अतो हास्यतरं लोके किञ्चिदन्यन्न विद्यते।
यत्र दुर्जन इत्याह दुर्जनः सज्जनं जनम्॥ (सुभा.)

३.यहाँबाट ४.यसैले। **अतः स्वकरणीयानि कुर्यादद्यैव बुद्धिमान्।** (सुभा.) **~उर्ध्वम्** (नपुं.) [*अतः परम्*] यसपछि। **~एव** (अव्य.) यसैले/यस कारण।

अतटः (पुं.) [*अविद्यमानं तटमत्र, बहु.स.*] १.पर्वतको उच्चभाग २.भीर। **मनोरथानामतटप्रपातः** (अभि.शा.)।

अतद्गुणः (पुं.) [*अविद्यमानस्तद्गुणो यत्र सः, बहु.स.*] लोकन्यायमूलक एक अलङ्कार। निकटवर्ती वस्तुको गुण ग्रहण गर्ने सम्भावना हुँदाहुँदै पनि ग्रहण गर्न नसकेको अवस्थाको वर्णन गर्दा पर्न जाने अलङ्कार। यस अलङ्कारको प्रतिपादन गर्ने प्रथम आचार्य मम्मट हुन्। **तद्रूपादनुहारश्चेदस्य तत्स्यादतद्गुणः।** (का.प्र.) जयदेवले निकटवर्ती भएर पनि वस्तुको गुण नलिनुलाई अतद्गुण भनेका छन्। (चन्द्रा. १०५)

अतन्त्रः (पुं.वि.) [*अविद्यमानं तन्त्रं यस्य सः बहु.स.*] १.बन्धन नभएको २.अनियन्त्रित।

अतन्द्रितः (पुं.वि.) [*तन्द्रा सञ्जाता अस्येति तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्, न तन्द्रितः, न.त*] जागरुक/तन्द्रा अवस्थामा नरहने/फुर्तिलो।

मङ्गलाचारयुक्तः स्यात्प्रयतात्मा जितेन्द्रियः।
जपेच्च जुहुयाच्चैव नित्यमग्निमतन्द्रितः॥ (मनु.४४५)

अतरः (पुं.वि.) [*तरणम् तरः, तॄ प्लवनतरणयोः इति धातोः ॠदोरप् ३.३.५७ इत्यप्, अविद्यमानस्तरो यस्य सः, बहु.स.*] १.तर्न नसकिने २.पार लगाउन नसकिने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतर्कितः (पुं.वि.) [*न तर्कितः, न.त.*] १.नसोचेको/आकस्मिक २.तर्क नगरेको। **~आगतः** (पुं.वि.) अचानक आएको। **~उपपन्नः** (पुं.वि.) अचानक भएको। **अतर्कितोपपन्नं दर्शनम्** (कु.सं. ६.५४)।

अतर्कः (पुं.वि.) [*अविद्यमानस्तर्को हेतुर्यस्य सः, बहु.स.*] १.तुक नभएको २.शुष्क तर्कमा आधारित (म.भा.,दानपर्व)।

अतलः (पुं./नपुं) [*अस्य भूखण्डस्य तलम्, पृषोदरादित्वादि-दमोऽत्वम्*] १.पुराणमा वर्णित एक लोक, २.(पुं.वि.) अत्यन्त गहिरो ३.(पुं.) [*अविद्यमानं तलमस्य सः*] शिव। **~स्पर्शः** (पुं.) [*अविद्यमानस्तलस्य अधोभागस्य स्पर्शो यस्य सः, बहु. स.*] गहिरो। **अगाधमतलस्पर्शे त्रिषु श्वभ्रे नपुंसकम्** (मेदिनी.)। **~स्पृक्** (पुं.वि.) [*अतलं स्पृशति, स्पृशोऽनुदके क्विन् ३.२.५८ इति क्विन्*] अत्यन्त गहिरो।

अतसः (पुं.) [*अतति निरन्तरं प्रसरति, अत सातत्यगमने इति धातोः, अत्यविचमितमिरमिलभिनमितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.) ४०४ इति असच्*] १.आत्मा २.वायु ३.[*आतयति निरन्तरं प्रसारयति वायुम्*] १.आलस २.सन्पाट।

अतसम् (नपुं.) [*अतति वायुना प्रसरतीव*] वन।

अतसो ना वनस्पत्यन्तरे स्यादतसी स्त्रियाम्।
उमाख्ये धान्यभेदे क्ली त्वतसं वनमुच्यते ॥ (वाङ्म.)

अतसी (स्त्री.) [*आतयति निरन्तरं प्रसारयति वायुम्, पिप्पल्यादयश्च ४.१.४१ इति ङीष्*] १.सन्पाट २.आलस।

अति (धा.) [*बन्धने भ्वा.सक.सेट् पर.*] बाँध्नु, पाउनु, हासिल गर्नु। लट्– **अन्तति**– बाँध्छ, पाउँछ, हासिल गर्छ इत्यादि।

अति (अव्य.) [*अतति सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] १.पूजा २.प्रशंसा ३.उत्कर्ष ४.अतिशय, ५.अतिक्रमण। **अति सर्वत्र वर्जयेत्** (सुभा.)।

अत्यव्ययं प्रशंसायां प्रकर्षे लङ्घनेऽपि च।
नितान्तासम्प्रतिक्षेपवाच्येऽप्येतत्प्रयुज्यते ॥

(वाङ्म.) यो प्रादि उपसर्गभित्रको एक उपसर्ग हो।

अतिकथः (पुं.वि.) [*कथामतिक्रान्तः प्रादिस.*] १.अकथनीय/भन्न नसकिने २.अश्रद्धेय (मेदिनी.) ३.धर्म नाश भएको (हेम.)

अतिकथा (स्त्री.) [*कथामतिक्रान्ता, प्रादिस.*] १.अयथार्थ वाक्य २.व्यर्थभाषण (विश्व.) ३.अतिरञ्जनै अतिरञ्जनाले भरिएको कथा।

अतिकरुणः (पुं.) [*अतिशयः करुणः*] ज्यादै हृदयविदारक अवस्था, शोकाकुल स्थिति।

अतिकल्पना (स्त्री.) [*कल्पनामतिक्रान्ता, प्रादिस.*] १.रेडियो नाटकको एक प्रकार। यसको प्रयोग बिसौं शताब्दीको अन्ततिर लेखिएका संस्कृत समालोचनामा भएको छ। यसमा काल्पनिक चित्रणको बढी महत्त्व हुन्छ। रङ्गमञ्चमा मञ्चन गर्दा अस्वाभाविक ठानिने अलौकिक तथा मानवेतर वस्तुले पनि यसमा आवश्यकताअनुसार रूप लिन सक्छन्। २.अस्वाभाविक कल्पना।

अतिकल्यम् (नपुं.) [*अतिशयेन कल्यम्*] अतिशय सबेरै।

नातिकल्यं नातिसायं नातिमध्यन्दिने स्थिते।
नाज्ञातेन समो गच्छेन्नैको न वृषलैः सह ॥ (मनु.४.१४०)

अतिकृच्छ्रः (पुं./नपुं.) [*अतिशयेन कृच्छ्रः*] १.ज्यादा कष्ट २.कृच्छ्र-व्रतको एकभेद। यसमा दुई मत छन्– अँजुलीभर खाएर गरिने व्रत र नौ दिनसम्म प्रतिदिन एक-एक गाँस खाने वा छ दिन एक-एक गाँस खाई तीन दिन उपवास बसेर गरिने व्रत। **एषु नवमदिनेषु भोजनप्राप्तिस्तत्र ग्रासनियमं त्यक्त्वा पाणिपूरान्नभोजने अतिकृच्छ्रः।**

एकैकं ग्रासमश्नीयात्त्र्यहाणि त्रीणि पूर्ववत्।
त्र्यहं चोपवसेदन्त्यमतिकृच्छ्रं चरन् द्विजः ॥ (ध.सि.)

अतिकृतिः (स्त्री.) पच्चिस अक्षरको पाउ भएका छन्द।

अतिकेसरः (पुं.) [*अतिरिक्ता केसराः सन्त्यस्य*] बाह्रमासे गुलाफ।

अतिक्रमः (पुं.) [*अतिक्रमणम्, भावे ३.३.१८ इति घञ्, वृद्ध्यभावः*] १.अह्राएको नटेर्ने क्रिया २.[*क्रममतिक्रान्तः, प्रादिस.*] क्रमको उल्लङ्घन ३.[*पूर्ववद् भावे घञ् ३.३.१८*] युद्धमा निडर सैन्यले शत्रुमाथि हमला गर्ने काम। **पर्ययोऽतिक्रमस्तस्मिन्नतिपात उपात्ययः** (अमर.)।

अतिक्रमणम् (नपुं.) [*अतिक्राम्यते इति क्रमु पादविक्षेपे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.समय बिताउनु वा नाघ्नु, २.सीमा वा हद बाहिर जानु।

अतिक्रमणीयः (पुं.वि.) [*अतिक्रमितुं योग्यः, अतिपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, तव्यत्तव्यानीयरः ३.२.९६ इत्यनीयर्*] अतिक्रमण गर्न लायक।

अतिक्रान्तः (पुं.वि.) [*अतिक्रामति स्म, अतिपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.क्रम उल्लङ्घन गरेको २.दिन नाघेको/बितेको। **वेगे तु समतिक्रान्ते गतोऽयमिति लक्ष्यते** (रक्षित)।

अतिक्रामकः (पुं.वि.) [*अतिक्राम्यति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.क्रमको उल्लङ्घन गर्ने २.अतिक्रमण गर्ने।

अतिक्रुद्धः (पुं.वि.) [*अतिशयेन क्रुद्धः*] ज्यादै रिसाहा।

अतिगण्डः (पुं.वि.) *गण्डमतिक्रान्त. अत्यादयः क्रान्ताद्यर्थे द्वितीयया (वा.) इति समासः*] १.ठुलो गलफुलो भएको २.(पुं.) ज्योतिषशास्त्रअनुसार सत्ताइस योग मध्येको छैटौं योग।

कलिप्रियो वेदविनिन्दकश्च
धूर्तः कृतघ्नो गलरोगयुक्तः।
सरोमदेहः पुरुषोऽतिदीर्घः
प्रकाण्डगण्डस्त्वतिगण्डजन्मा ॥ (कोष्ठीप्र.)
अतिगण्डो योगभेदे बृहद्गण्डे तु वाच्यवत् (वाङ्म.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिगतः (पुं.वि.) [*अतिशयेन गतं गमनं यस्य सः, बहु.स.*] ज्यादा हिँडेको वा गएको।

अतिगन्धः (पुं.) १.[*अतिशयेन गन्धः*] ज्यादा कडा गन्ध। २.(पुं.) [*अतिशयो गन्धो यस्य सः, बहु.स.*] १.गन्धक, २.चाँपको फूल, ३.जरामा अदुवाजस्तो वासना आउने पिर्रे भार ४.मोगरबेली ५.हिङ ६.(पु.वि.) ज्यादै गन्ध आउने।

अतिगन्धकः (पुं.) [*अतिशयो गन्धो यस्य सः, बहु.स.*] १.सेतो फूल हुने गह्राउने लहरो २.चाँपको रुख।

अतिगर्वः (पुं.) [*अति अधिको गर्वः*] ज्यादै घमन्ड/अतिशय अभिमान।

अतिगर्वितः [*अति अधिको गर्वः, सोऽस्यास्तीति इतच्*] अतिशय अभिमानी।

अतिगुप्तः (पुं.वि.) [*अतिशयेन गुप्तः*] अत्यन्त गोप्य रहेको/जो कोहीलाई थाहा दिन नहुने।

अतिगुरुः (पुं.वि.) [*अतिशयेन गुरुः*] १.ज्यादै गरुङ्गो २.(पुं.) परमपूजनीय व्यक्ति।

अतिग्राह्यः (पुं.वि.) [*अतिशयेन ग्राह्यः*] ज्यादै ग्रहण गर्न योग्य।

अतिचरणम् (नपुं.) [*अतिशयेन चरणम्*] ज्यादा अभ्यास वा काम गर्नु।

अतिचरा (स्त्री.) [*गन्धविस्तारेण स्वस्थानमतिक्रम्य चरति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्, टाप्*] स्थलकमलिनी।

अतिचापल्यम् (नपुं.) [*अतिशयेन चापल्यम्*] ज्यादा चकचकेपना।

अतिचारः (पुं.) [*अतिक्रम्य चरणम् गमनम् भावे ३.३.१८ इति घञ्*] १.छिटो हिँड्नु, २.मङ्गल, बृहस्पति, शनि, बुध र शुक्रले आफू रहेको राशिको भोग्यकाल पूर्ण नगरी शीघ्र र वक्र हुँदै अर्को राशिमा सर्ने काम ३.नाघ्नु, ४.सद्गुणलाई छोड्नु, ५.जैन मतअनुसार उल्टोपाल्टो।

अतिचारिका (स्त्री.) [*चरतीति चर गतौ इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् इत्वम्, अतिशयेन चारिका*] उग्रचण्डा कल्पअनुसार सोह्र भुजा भएकी दुर्गा।

अतिचारी (पुं.वि.) [*अतिशयेन चरति तच्छीलः, संपृचा– ३.२.१४२ इति घिनुण्*] १.अति छिटो हिँड्ने २.एक राशिको भोग पूरा नगरी वक्र र शीघ्र हुँदै अर्को राशिमा प्रवेश गर्ने (ग्रह)।

अतिच्छत्रः (पुं.) [*छदति छादयति वा, छद अपवारणे इति धातोः सर्वधातुभ्यः ष्ट्रन् (उ.) ६०८ इति ष्ट्रन्, छत्रमतिक्रान्तः, प्रादिस.*] १.च्याऊ, २.पहाडिया सूप, ३.जरामा अदुवाजस्तो वासना हुने पिर्रे ४.पानीमा उम्रेर फैलने घाँस।

अतिजगती (स्त्री.) [*जगतीं द्वादशाक्षरपादां वृत्तिमतिक्रान्ता, प्रादिस.*] १.तेह्र अक्षरको पाउ भएको एक छन्द। यसका माया, एकावली, मञ्जुभाषिणी, राधा, चण्डी र रामविलास नामक ६ भेद छन्। **माया** = प्रत्येक पाउमा क्रमशः भगण तगण यगण सगण र एक गुरु वर्ण भएको छन्द। **एकावली**– प्रत्येक पाउमा क्रमशः भगण नगण, जगण जगण र एक लघु वर्ण हुने छन्द। **मञ्जुभाषिणी** = प्रत्येक पाउमा क्रमशः सगण जगण सगण जगण र एक गुरु वर्ण भएको छन्द। **राधा** = प्रत्येक पाउमा क्रमशः रगण तगण मगण यगण र एक गुरु वर्ण भएको छन्द। **चण्डी** = प्रत्येक पाउमा क्रमशः नगण नगण सगण सगण र एक गुरु वर्ण भएको छन्द। **रामविलास** = प्रत्येक पाउमा क्रमशः चार रगण र एक गुरु वर्ण भएको छन्द। २.[*जगतीं भुवमतिक्रान्ता, प्रादिस.*] पृथ्वीको क्षेत्रलाई नाघेर पर पुगेको।

अतिजरः (पुं.वि.) [*अतिशयिता जरा यस्य सः, बहु.स.*] ज्यादा वृद्ध।

अतिजवः (पुं.वि.) [*अतिशयितो जवो यस्य सः, बहु.स.*] अत्यन्त वेगले हिँड्ने।

अतिजागरः (पुं.वि.) [*अतिशयितो जागरो निद्राराहित्यं यस्य सः, बहु.स.*] १.ननिदाएको/धेरै समयसम्म नसुतेको, २.कम निद्रा भएको, ३.(पुं.) नीलवक नामक पक्षीविशेष।

अतिजीर्णः (पुं.वि.) [*अतिशयेन जीर्णः*] ज्यादा पुरानो।

अतिजीवनः (पुं.वि.) [*जीवनमतिक्रान्तः, प्रादिस.*] अरू मर्दा पनि बाँचिरहने।

अतिडीनम् (नपुं.) [*डीयते इति डीङ् विहायसा गतौ इति धातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, ओदितश्च ८.२.४५ इति तकारस्य नः, ओदिन्मध्ये डीङः पाठसामर्थ्यान्नेट्, अतिक्रान्तं डीनम्, प्रादिस.*] पक्षीको उडाइविशेष/वेगशाली वा अक्कासिदो उडान।

अतितमाम् (अव्य.) [*अति अव्ययपदात् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्, ततः किमेतत्तिङव्ययधादाम्वद्रव्यप्रकर्षे ५.४.११ इत्यामुः*] अत्यन्त/अतिशय/ज्यादै/धेरै।

अतितराम् (अव्य.) [*अति अव्ययपदात् द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप्, ततः किमेतत् तिङव्यय-धादाम्वद्रव्यप्रकर्षे ५.४.११ इत्यामुः*] ज्यादै।

नान्ध्रीपयोधर इवातितरां प्रकाशो
नो गुर्जरीस्तन इवातितरां निगूढः।
अर्थो गिरामपिहितः पिहितश्च किञ्चित्
सौभाग्यमेति मरहट्टवधूकुचाभः॥ (का.मी.)

अतितीक्ष्णः (पुं.वि.) [*अतिशयेन तीक्ष्णः*] १.अतिशय तिखो, २.अतिशय पिरो।

अतितीव्रः (पुं.वि.) [*अतिशयेन तीव्रः*] १.अतिशय तेजिलो २.(पुं.) सङ्गीतमा तिखो र उच्च स्वर।

अतितुप्तिः (स्त्री.) [*अतिशयेन तृप्तिः*] पूर्ण सन्तोष।

अतितृष्णा (स्त्री.) [*अतिशयेन तृष्णा*] ज्यादा तिर्सना।

अतितेजस्वी (पुं.वि) [*अतिशयेन तेजस्वी, प्रा.स.*] १.अति तेजिलो २.ज्यादै समर्थ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतितेजस्व्यपि नेता पानासक्तो न साधयत्यर्थान्।
तृणमपि दग्धुमशक्तो वडवाग्निः संपिबत्यग्निम् ॥ (शा.प.)

अतिथिः (पुं.) [*अतति निरन्तरं गच्छति, अत सातत्यगमने इति धातोः, ऋतन्यञ्जिवन्यज्यपिमद्यत्यङ्गकुयुकृशिक्ष्यकलिच्यतुजलिजिष्णुजिर्ष्ठाजिसनृस्यानिथिनुल्यसासानुकः (उ) ४५० इति इथिन्*] १.पाहुना।

अतिथिर्यस्य भग्नाशो गृहात्प्रतिनिवर्तते।
स तस्मै दुष्कृतं दत्वा पुण्यमादाय गच्छति ॥ (हितो.)
यस्य न ज्ञायते नाम न च गोत्रं न च स्थितिः।
अकस्माद् गृहमायाति सोऽतिथिः प्रोच्यते बुधैः ॥ (पुरा.)

२.कुशको छोरा/रामचन्द्रको नाति।

अतिथिः कुशपुत्रे स्यात्तथैव गृहमागते (वाङ्म.)।

~क्रिया स्त्री.) [*अतिथेः क्रिया, ष.त.*] अतिथि-सत्कार। **~धर्मः** (पुं.) [*अतिथेर्धर्मः, ष.त.*] **अतिथिसत्कार**। **~परिचर्या** (स्त्री.) [*अतिथेः परिचर्या, ष.त.*] अतिथि-सत्कार। **~पूजा** (स्त्री.) [*अतिथेः पूजा, ष.त.*] अतिथिसत्कार। **~यज्ञः** (पुं.) [*अतिथेर्यज्ञः, ष.त.*] अतिथिसत्कार। **~शाला** (स्त्री.) [*अतिथेः शाला, ष.त*] पाहुनाघर। **~सत्कारः** (पुं.) [*अतिथेः सत्कारः, ष.त.*] अतिथिको सेवा। **~सत्क्रिया** (स्त्री.) [*अतिथेः सत्क्रिया ष.त.*] अतिथिसत्कार। **~सपर्या** (स्त्री.) [*अतिथेः सपर्या, ष.त.*] अतिथिसत्कार। **~सेवा** (स्त्री.) [*अतिथेः सेवा, ष.त.*] अतिथिसत्कार। **~संविभागः** (पुं.) [*अतिथेः संविभागः, ष.त.*] जैनमतअनुसार चार शिक्षाव्रतमध्ये एक व्रत।

अतिदर्पः (पुं.) [*अतिशयो दर्पः*] अतिशय घमन्ड।

अतिदर्पे हता लङ्का अतिमाने च कौरवाः।
अतिदाने बलिर्बद्धः सर्वमत्यन्तगर्हितम् ॥

अतिदाक्षिण्यम् (नपुं.) [*अतिशयेन दाक्षिण्यम्, प्रादिस.*] ज्यादै सोझोपना/अतिशय सरलता।

अतिदाक्षिण्ययुक्तानां शङ्कितानां पदे पदे।
परापवादभीरूणां दूरतो यान्ति सम्पदः ॥ (सुभा.)

अतिदानम् (नपुं.) [*अतिशयञ्च तद् दानञ्च, कर्म.स.*] धेरै दान।

अतिदानाद् बलिर्बद्धः (सुभा.)।

अतिदानी (पुं.वि.) [*अतिशयेन दानी*] धेरै दान गर्ने।

अतिदीर्घसूत्रिता (स्त्री.) [*अतिदीर्घसूत्रिणो भावः, तस्य भावस्त्वतलौ इति तल, यप्*] ज्यादै जुम्सोपना।

अतिदुर्लभः (पुं.वि.) [*अतिशयेन दुर्लभः*] दुःखले पाइने।

अतिदुष्करः (पुं.वि.) [*अतिशयेन दुष्करः*] ज्यादै कठिन।

अतिदुष्टः (पुं.वि.) [*अतिशयेन दुष्टः*] ज्यादै दुर्जन।

अतिदूरम् (नपुं.) [*अतिशयेन दूरम्*] ज्यादै टाढा।

अतिदूरपथाः श्रान्ताश्छायां यान्ति च शीतलाम्।
शीतलाश्च पुनर्यान्ति का कस्य परिवेदना ॥ (प.त.)

अतिदेशः (पुं.) [*अतिदिश्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति घञ्*] १.एक ठाउँ छोडेर अर्को ठाउँमा जानु २.एक विषय छोडेर अर्को विषय लिनु, ३.आफ्नो तोकिएको विषयबाहेक अरू विषयमा पनि काम लाग्ने नियम।

अन्यत्रैव प्रणीतायाः कृत्स्नाया धर्मसंहतेः।
अन्यत्र कार्यतः प्राप्तिरतिदेशः स उच्यते ॥ (मीमांसा)

४.सामान्य वाचिक अभिनय/अरूले भनेको कुरा भन्नु। जस्तै—

तनयां तव याचते हरिर्जगदात्मा पुरुषोत्तमः स्वयम्।
गिरिगह्वरशब्दसन्निभां गिरमस्माकमवेहि वारिधे ॥ (अभि.गु.)

अतिदोषः (पुं.) [*अतिशयो दोषः*] ठुलो अपराध।

अतिद्वयः (पुं.वि.) [*द्वयमतिगतः, प्रादिस.*] १.जोडा अरू नभएको/अनुपम २.दुईभन्दा उत्कृष्ट। **धिया निबद्धेयमतिद्वयी कथा** (काद.)।

अतिधन्वा (पुं.वि.) [*धन्वानमतिगतः, प्रादिस.*] काँड हान्न सिपालु

अतिधवलः (पुं.वि.) [*अतिशयेन धवलः*] अतिशय सेतो वा सफा।

अतिधृतिः (स्त्री.) [*धृतिमतिगता, प्रादिस.*] १.अधैर्य, २.असन्तोष, ३.उन्नाइस अक्षरको एक छन्द। यसका शार्दूलविक्रीडित, रसाल र मणिमाल गरी तीन भेद छन्— **शार्दूलविक्रीडित**— म, स, ज, स, त, त गण तथा एक गुरु भएको छन्द। **रसाल**— भ, न, ज, भ, ज, ज गण तथा एक लघु भएको छन्द। **मणिमाल**— स, ज, ज, भ, र, स गण तथा एक लघु भएको छन्द।

अतिनावम् (नपुं.) [*नावमतिक्रान्तम्, अत्यादयः (वा.) २.३.१८ इति तत्पुरुषः*] १.डुङ्गा चढेर पारी पुगिसकेको वस्तु २.डुङ्गाभन्दा छिटो हिंड्ने वस्तु।

अतिनिद्रा (स्त्री.) [*निद्रामतिक्रान्ता, प्रादिस.*] ज्यादा निद्रा।

अतिनिपुणः (पुं.वि.) [*अतिशयेन निपुणः*] ज्यादै सिपालु।

अतिनिर्हारी (पुं.वि.) [*अतिनिर्हारः अस्यास्तीति, अत इनि ठनौ, ५.२.११५ इति इनिः*] ज्यादै वासना आउने।

अतिनीचः (पुं.वि.) [*अतिशयेन नीचः*] अत्यन्त नीच।

अतिनुः (पुं.) [*नावमतिक्रान्तम्, अत्यादयः (वा.) २.३.१८ इति समासः*] नाउमन्दा छिटो हिंड्ने जलयान, जलतरङ्ग आदि।

अतिपत्तिः (स्त्री.) [*अतिपूर्वकात् पद गतौ इति धातोः क्तिन्*] १.सीमाबाट टाढै रहनु २.काम पूरा नहुनु/असफलता।

अतिपन्थाः (पुं.) [*स्वती पूजायाम्, कुगतिप्रादयः २.२.१८ इति समासः, न पूजनात् ५.४.६९ इति टच्निषेधः*] असल बाटो।

अतिपरिचयः (पुं.) [*अतिशयेन परिचयः, त.स.*] ज्यादै चिनारी।

अतिपरिचयादवज्ञा सन्ततगमनादनादरो भवति (सुभा.)।

अतिपातः (पुं.) [*अतिक्रम्य पतनम्, पत्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पालो उछिन्ने काम, २.अह्राएको नटेर्ने क्रिया ३.अतिक्रमण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिपातकम् (नपुं.) [*पातकमतिक्रान्तम्. प्रादिस.*] धर्मशास्त्रअनुसार नौथरी पातकमध्ये एक। याज्ञवल्क्यको मतमा— आमा, बहिनी, छोरी र बुहारीसँग मैथुन गर्नुलाई अतिपातक भनिन्छ।

जनन्याञ्च भगिन्याञ्च स्वसुतायां तथैव च।
स्नुषायां गमनं चैव विज्ञेयमतिपातकम्॥ (या.व.)

अतिप्रचण्डः (पुं.वि.) [*अतिशयेन प्रचण्डः, प्रादिस.*] १.ज्यादै २.अतिशय उद्दण्ड।

अतिप्रजननम् (नपुं.) [*अतिशयेन प्रजननम्, जनी प्रादुर्भावे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ज्यादै सन्तान जन्माउने काम।

अतिप्रसिद्धः (पुं.वि.) [*अतिशयेन प्रसिद्धः*] ज्यादै प्रसिद्ध।

अतिबलः (पुं.वि.) [*अतिशयितं बलं यस्य सः,बहु.स.*] ज्यादै बलियो। **विजृम्भमाणोऽतिबलः प्रत्यबुध्यत राक्षसः** (रामा.)।

अतिबला (स्त्री.) [*अतिशयं बलं यस्याः, बहु.स.*] १.भोक प्यास नलाग्ने र शरीर तेजिलो देखिने अवस्था गराउने एक विद्या, यो विद्या विश्वामित्रले श्रीराम र लक्ष्मणलाई दिएका थिए। **गृहाण द्वे इमे विद्ये बलामतिबलां तथा।** (रामा.) २.बलु जातिको एक भेद। यो सानो ठुलो गरी दुई जातको हुन्छ। **सानो**— यो ज्यादै गर्मी ठाउँमा हुन्छ, चार-पाँच हात अग्लो यसको बोट हुन्छ। यो गुर्जाको छाँटको, किनारा काटिएको पात हुनाका साथै सुन्तला रङको फूल र केही घुम्रेको डोलो फल भएको हुन्छ। यसलाई बम्बईमा बलबत्ती भन्दछन्। **ठुलो**— यसको पात, फूल, फल एवं बोट ठुलो हुन्छ।

अतिभारः (पुं.) [*अतिशयो भारः, प्रादिस.*] ठुलो बोझ।

कोऽतिभारो समर्थानां किं दूरं व्यवसायिनाम्।
को विदेशो सविद्यानां कः परः प्रियवादिनाम्॥ (सुभा.)

अतिभाषा (स्त्री.) [*भाषामतिक्रान्ता, प्रादिस.*] १.वैदिक तथा लौकिक संस्कृत मिसिएको भाषा। नाटकमा देवपात्रले यस भाषाको प्रयोग गर्ने व्यवस्था छ। २.पिजियन भाषा/मिश्रित भाषा।

अतिभीः (पुं.) [*अतिबिभेत्यस्याः, भीधातोः क्विप्*] १.वज्रको ज्वाला २.[*अतिशयिता भीः*] अतिशय डर।

अतिभीषणः (पुं.वि.) [*अतिशयेन भीषणः*] ज्यादा डरलाग्दो।

अतिभुक्तिः (स्त्री.) [*अतिशयेन भुक्तिः, प्रादिस.*] ज्यादा भोजन।
अतिभुक्तिरतीवोक्तिः सद्यः प्राणापहारिणी (सुभा.)।

अतिभूमिः (पुं.वि.) [*अतिक्रान्ता भूमिर्येन सः, बहु.स.*] मर्यादा नाघेको, आधिक्य।

अतिमर्त्यम् (नपुं.) [*मर्त्यमतिक्रान्तम्, प्रादि.स.*] साधारण मान्छेले गर्न नसक्ने काम २.अलौकिक कार्य।

कृतवान् किल कार्याणि सह रामेण केशवः।
अतिमर्त्यानि भगवान् गूढः कपटमानुषः॥ (भाग.१.२०)

अतिमर्यादः (पुं.वि.) [*मर्यादामतिक्रान्तः,प्रादिस.*] मर्यादा पालन नगर्ने।

अतिमलिनः (पु.वि.) [*अतिशयेन मलिनः, गतिस.*] १.ज्यादै मैलो २.निन्याउरो ३.गर्न नहुने।

अतिमलिने कर्तव्ये भवति खलानामतीव निपुणा धीः।
तिमिरे हि कौशिकानां रूपं प्रतिपद्यते दृष्टिः॥ (शा.प.)

अतिमात्रम् (नपुं.) [*मात्रां स्तोकमतिक्रान्तम्, प्रादिस. गोस्त्रियोरुपसर्जनस्य १.२.४८ इति ह्रस्वः*] ज्यादै/धेरै।

अतिमानः (पुं.) [*मानमतिक्रान्तः, प्रादिस.*] ज्यादा घमन्ड।

अतिदानाद् बलिर्बद्धो चातिमानात् सुयोधनः।
विनष्ये रावणो लौल्यादति सर्वत्र वर्जयेत्॥ (शा.प.)

अतिमानवः (पुं.) [*मानवमतिक्रान्तः,प्रादिस.*] अलौकिक शक्ति भएको मानिस।

अतिमानुषः (पुं.वि.) [*मानुषमतिगतः, प्रादिस.*] अलौकिक।

अतिमानिता (स्त्री.) [*अतिमानिनो भावः, अतिमानिन् इत्यस्मात्, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] ज्यादा जिद्दी।

अतिमुक्तः (पुं.) [*अतिक्रान्तो मुक्तां शौक्ल्यात्, अत्यादयः (वा.) २.२.१८ इति तत्पुरुषः, गोस्त्रियोः १.२.४८ इति ह्रस्वः,*] १.वासन्ती लता २.तिनिसको रुख ३.(पुं.वि.) विरक्त।

अतिमुक्तकः (पुं.) [*अतिशयितो मुक्तो विस्तारो यस्य सः,बहु.स., शेषाद् विभाषा ५.४.१५४ इति कप्*] माधवी लहरो।

अतियथार्थवादः (पुं.) [*अतियथार्थस्य वादः, ष.त.*] यो आधुनिक संस्कृत समालोचनामा प्रयुक्त शब्द हो। यस वादमा बाहिरको मात्र होइन भित्रको पनि यथार्थ चित्रण भएको हुन्छ। यस सिद्धान्तको जन्म फ्रान्समा भएको हो। यसले सम्पूर्ण साहित्यलाई प्रभाव पारेको छ। संस्कृत साहित्यका आधुनिक गद्यकाव्यमा पनि यसको प्रभाव परेको देखिन्छ।

अतिरञ्जनम् [*अतिपूर्वकात् रञ्ज रागे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] अतिशय प्रशंसा वा वर्णन गर्नु।

अतिरथी (ना.) [*रथिनमतिक्रान्तः, प्रादिस.*] फिल्डमार्सल।

अतिरमणीयः (पुं.वि.) [*अतिशयेन रमणीयः, प्रादिस.*] ज्यादै सुन्दर।

अतिरमणीये काव्ये पिशूनोऽन्वेषयति दूषणान्येव।
अतिरमणीये वपुषि व्रणमेव हि मक्षिकानिकरः॥ (सुभा.)

अतिरक्ता (स्त्री.) [*अत्यन्तं रक्ता, प्रादिस.*] १.आगाका सात जिब्रामध्येको एक जिब्रो २.अत्यन्त आसक्त ३.अत्यन्त रातो।

अतिरिक्तः (पुं.वि.) [*अतिरिच्यते स्म, रिचिर् विरेचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाहेकको २.विशेषरूपमा थपिएको ३.अर्घेलो। **अतिरिक्तः समधिकः** (अमर.) **~करः** (पुं.) [*अतीत्य रिक्तो वृद्धिं गतः, अतिरिक्तः, स चासौ करः, कर्म.स.*] थप कर।
~निर्णयः (पुं.) [*अतिरिक्तश्चासौ निर्णयः, कर्म.स.*] १.चाहिँदोभन्दा बढ्ता वा बाहिरका प्रमाणका आधारमा गरिएको विशेष निर्णय २.कानुनमा अपुग भएर गरिएको थप निर्णय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~पत्रम् (नपुं.) [*अतिरिक्तञ्च तत्पत्रञ्च, कर्म.स.*] १.क्रोडपत्र २.समाचार पत्रमा अधिक कुरा छपाउन थपिने पत्र। **~लाभः** (पुं.) [*अतिरिक्तश्चसौ लाभश्च, कर्म.स.*] धेरै फाइदा वा नाफा। **~शुल्कम्** (नपुं.) [*अतिरिक्तञ्च तत् शुल्कञ्च, कर्म.स.*] थपिएको शुल्क। **~समयः** (पुं.) [*अतिरिक्तश्चासौ समयश्च कर्म.स.*] तोकिएको भन्दा भिन्न समय।

अतिरिक्ताङ्कः (पुं.) [*अतिरिक्तश्चासौ अङ्कश्च, कर्म.स.*] विशेष सूचना वा समाचार प्रकाशित गर्न निकालिएको पत्रिकाको थप अङ्क।

अतिरिक्तांशः (पुं.) [*अतिरिक्तश्चासौ अंशश्च, कर्म.स*] कुनै वस्तुको विशेष अंश।

अतिरुद्रः (पुं.) [*रुद्रमतिशयितः, प्रादिस.*] अतिरुद्री। षडङ्ग रुद्रीको एघार आवृत्ति एक रुद्र हुन्छ। एघार रुद्रीको एक लघुरुद्री हुन्छ। एघार लघुरुद्रीको एक महारुद्री हुन्छ। एघार महारुद्रीको एक अतिरुद्री हुन्छ। (बौ.स्मृ.)

अतिरेकः (पुं.) [*अतिपूर्वकाद् रिचिर् विरेचने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आधिक्य २.बाहुल्य ३.अन्तर।

अतिलोभः (पुं.) [*अतिशयेन लोभः, त.स.*] ज्यादा लोभ।

अतिलोभो न कर्तव्यश्चक्रं भ्रमति मस्तके (सुभा.)।

अतिवक्ता (पुं.वि.) [*अतिवक्ति, अतिपूर्वकाद् वच परिभाषणे इति धातोः, तृन् ३.२.१३५ इति साधुकारिणि तृन्*] १.राम्रो बोल्ने २.बढी बोल्ने।

अतिवर्षणम् (नपुं.) [*अतिशयेन वर्षणम्, प्रादिस.*] अतिवृष्टि/ज्यादै पानी पर्नु।

अतिवादः (पुं.) [*अतिपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सहनै नसकिने गाली/अपमानयुक्त बोली २.रुखो बोली।

अतिवादांस्तितिक्षेत नावमन्येत कञ्चनः।
न चेमं देहमाश्रित्य वैरं कुर्वीत केनचित्॥ (मनु.)

अतिवादी (पुं.वि.) [*सर्वानतीत्य वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.सबैलाई जितेर बोल्ने २.सबै मतको खण्डन गरेर आफ्नो मतको स्थापना गर्ने।

अतिवाहिकः (पुं.) [*अतीत्य देहमन्यदेहे प्रापणम् अतिवाहः, सोऽस्त्यस्मिन्निति अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्य इकः*] प्रेत/गति नपाएको मृतात्मा।

अतिवाहितः (पु.वि.) [*अतिपूर्वकाद् वह प्रापणे इति धातोर्णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.बिताइएको। **महान् समयोऽतिवाहितः।** (शि.वि.) २.अतिक्रमण गरिएको।

अतिविकटः (पुं.वि.) [*अतिशयितो विकटः, कर्म.स.*] १.ज्यादै अप्ठ्यारो २.ज्यादै डरलाग्दो (शब्दमाला)।

अतिविषा (स्त्री.) [*विषमतिक्रान्ता प्रादिस. यद्वा विषमतिक्रान्तं यया, बहु.स.*] १.उत्तिस २.जडिबुटीविशेष।

अतिवृष्टिः (स्त्री.) [*अतिपूर्वकात् वृष वर्षणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] ज्यादा वर्षा।

अतिवेलः (पुं.वि.) [*अतिक्रान्तो वेलां मर्यादाम्, प्रादिस.*] १.ज्यादै, धेरै, सीमारहित २.तट नाघेर बाहिर आएको।

अतिवेलम् (नपुं.) [*वेलां मर्यादां कुलं वा अतिक्रान्तम्, प्रादिस.*] १.ज्यादै.धेरै हुनु २.मर्यादालाई नाघ्नु ३.समय नाघ्नु।

अतिव्यथा (स्त्री.) [*अत्यन्तं व्यथा*] ज्यादै यातना/तीव्र वेदना/अतिशय पीडा।

अतिव्ययः (पुं.) [*अतिशयेन व्ययः,प्रादिस.*] ज्यादा खर्च/फजुल खर्च।

अतिव्ययोऽनवेक्षा च तथार्जनमधर्मतः।
मोक्षणं दूरसंस्थानं कोषव्यसनमुच्यते॥ (सुभा.)

अतिव्याप्तिः (स्त्री.) [*अतिव्यापनमिति अति विपूर्वकात् आप्धातोः स्त्रियां क्तिन् ३.३.९४ इति भावे क्तिन्*] १.कुनै नियम वा सिद्धान्तको अनुचित विस्तार २.लक्षणमा लक्ष्यका अतिरिक्त विषयको प्रवेश/कुनै वस्तु वा विषयको परिभाषा गर्दा उक्त परिभाषामा पर्नु नहुने तीन दोष— अव्याप्ति, अतिव्याप्ति र असम्भव मध्ये दोस्रो दोष।

भक्त्या बिभर्ति नैकत्वं रूपभेदादयं ध्वनिः।
अतिव्याप्तेरथाव्याप्तेर्न चासौ लक्ष्यते तया॥ (ध्वन्या.)

अतिशक्तिता (स्त्री.) [*अतिशयिता शक्तिर्यस्य, तस्य भावः, तस्य भाव स्त्वतलौ ५.१.११९इति तल्, टाप्*] धेरै बल।

अतिशनिः (पुं.) [*शनिमतिक्रान्तः प्रादि स.*] अरुण ग्रह (युरोनस) हे. **अरुण**।

अतिशयः (पुं.) [*अतिशेते इति, शीङ् स्वप्ने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा अतिशयनम्, एरच् ३.३.५६ इत्यच्। सततं क्रियान्तरैरव्यवधानम्, अतिशयस्तु पौनः पुन्यम्, इति भेदः*] १.ज्यादै/धेरै २.लौकिक स्थितिभन्दा छुट्टै किसिमले वर्णन गर्दा पर्ने एक अर्थालङ्कार। यो सादृश्यगर्भ अभेदप्रधान र अध्यवसायमूलक हुन्छ। अतिशय सादृश्यले गर्दा यस अलङ्कारमा उपमानद्वारा उपमेयको निगरण हुन्छ, भेदमा अभेदको स्थापना हुन्छ, असम्बन्धमा सम्बन्धको वर्णन हुन्छ, कार्य र कारणको एक साथ वर्णन गरिन्छ। कारणभन्दा पहिले नै कार्यको उत्पति भएको अवस्थाको चित्रण गर्दा पनि यो अलङ्कार पर्छ। अतिशयोक्तिको चर्चा गर्ने प्रथम आचार्य भामह हुन्। उनले लोक व्यवहारमा नमिल्ने उक्तिलाई अतिशयोक्ति भने। दण्डीले पनि भामहकै मतको अनुसरण गर्दै लोकातिक्रान्त वर्णनलाई नै अतिशयोक्ति माने। उद्भटले भेदमा अभेद, अभेदमा भेद, सम्भाव्यमानार्थनिबन्धना र कारण तथा कार्यको पौर्यापर्यविपर्यय गरी चारथरी अतिशयोक्ति देखाए। मम्मटले उपमानद्वारा उपमेयको निगरण, प्रस्तुत विषयको अर्कै रूपबाट वर्णन, यदिवाचक शब्दको प्रयोगबाट गरिने कल्पना तथा कार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र कारणको पौर्वापर्य विपर्ययलाई अतिशयोक्ति भनेका छन्। अतिशयोक्तिको चर्चा गर्ने अन्य आचार्यमा जयदेव, विश्वनाथ, अप्पय दीक्षित र पण्डितराज जगन्नाथ मुख्य छन्। जगन्नाथले विषयद्वारा विषयीको निगरण गर्दा हुने अतिशय कथनलाई अतिशयोक्ति भनेका छन्। अतिशयोक्ति अलङ्कारका प्रमुख भेदहरू– १.**रूपकातिशयोक्ति**– उपमानले उपमेयको निगरण गरेको देखाउदा पर्ने अलङ्कार। २.**भेदकातिशयोक्ति**– उपमेय र उपमानको अभेद सम्बन्ध हुँदाहुँदै पनि यसमा तिनको भेद भएको वर्णन गर्दा पर्ने अलङ्कार ३.**सम्बन्धातिशयोक्ति**– सम्बन्ध नभएकोमा पनि सम्बन्ध भएको वर्णन गर्दा यो अलङ्कार पर्छ। ४.**अक्रमातिशयोक्ति**– कारण र कार्यको एकै साथ वर्णन गर्दा पर्ने अलङ्कार ५.**असम्बन्धातिशयोक्ति**– सम्बन्धमा असम्बन्धको वर्णन गर्दा पर्ने अलङ्कार। ६.**अत्यन्तातिशयोक्ति**– कारणभन्दा पहिले नै कार्य भएको वर्णन गर्दा पर्ने अलङ्कार। ७.**सापह्नवातिशयोक्ति**– कुनै कुराको निषेध गरेर वर्णन गर्दा पर्ने अलङ्कार। अतिशयोक्ति अलङ्कार विशेष गरी नायकको वीरताको वर्णनमा, नायिकाको सौन्दर्य वर्णनमा र प्रकृति चित्रणमा उपयोगी मानिन्छ।

अतिशयोपमा (स्त्री.) [*अतिशया चासौ उपमा च, कर्म.स.*]दण्डीको मतअनुसार उपमा अलङ्कारको एक भेद। यसमा कुनै वस्तुको अन्य वस्तुसित उपमा दिन सकिँदैन।

अतिशर्करी (स्त्री.) पन्ध्र अक्षर भएको पाउ भएका छन्द। शशिकला, मालिनी आदि यसै छन्दका उदाहरण हुन्।

अतिशायिनी (स्त्री.) प्रत्येक पाउमा क्रमैले गुरु वर्णपछि लघुवर्णको प्रयोग भएको छन्द।

अतिशीतः (पुं.वि.) [*अतिशयेन शीतः, प्रादिस.*] १.ज्यादै चिसो २.ज्यादै ठन्डा।

अतिशून्यः (पुं.) [*शून्यमतिक्रान्तः प्रादिस.*] ज्यादै अभाव।

अतिशोभनः (पुं.वि.) [*अतिशयेन शोभनः*] अत्यन्त असल। अत्यन्त राम्रो।

अतिश्वः (पुं.) [*श्वानमतिक्रान्तः, प्रादिस.*] १.वराह २.(पु.वि.) कुकुरभन्दा छिटो हिंड्ने जनावर।

अतिसंस्कृतः (पुं.वि.) [*अतिशयेन संस्कृतः, प्रादिस.*] ज्यादै परिष्कार गरिएको।

अतिसञ्चयः (पुं.) [*अतिशयेन सञ्चयः*] ज्यादा सञ्चय गर्ने काम।

अतिसञ्चयकर्तॄणां वित्तमन्यस्य कारणात्।
अन्यैः सञ्चीयते यत्नादन्यैश्च मधु पीयते॥ (सुभा.)

अतिसत्कृतः (पुं.वि.) [*अतिशयेन सत्कृतः, प्रादिस.*] ज्यादै सत्कार गरिएको।

अतिसत्कृता अपि शठाः सहभुवमुज्झन्ति न जातु प्रकृतिम्।
शिरसा महेश्वरेणापि धृतो ननु वक्र एव शशी॥ (सुभा.)

अतिसर्जनम् (नपुं.) [*अतिशयेन सर्जनम्, सृज विसर्गे इति धातोः ल्युट् च, ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.दान २.त्याग ३.विछोड ४.वध। **विधुरां ज्वलनातिसर्जनान्ननु मां प्रापय पत्युरन्तिकम्** (कुमा.)।

अतिसाम्यम् (नपुं.) [*अतिशयेन साम्यम्, प्रादिस.*] ज्यादै मिल्दो-जुल्दो।

अतिसायम् (नपुं.) [*अत्यासन्नं सायम्, प्रादिस.*] सूर्यास्तको आसपासको समय।

अतिसारः (पुं.) [*अतिशयेन मलं द्रवीकृत्य, सरति निस्सारयति, अतिपूर्वकात् सृ गतौ इति धातोः, हलश्च इति घञ्, वृद्धिः, पक्षे दीर्घश्च, अतीसारः*] रगतमासी।

अतिसारो यथा नृणां सर्वतेजोपहारकः।
रेतस्ते निर्गमस्तद्वद् बलवीर्यापहारकः॥ (शङ्करानन्द)

अतिसौरभः (पुं.) [*अतिशयं सौरभं यस्य सः, बहु.स*] १.आँप, २.(पुं.वि.) ज्यादै बास्ना आउने।

अतिहसितम् (नपुं.) [*हसितमतिक्रान्तम् प्रादिस.*] १.अङ्ग प्रत्यङ्ग हल्लने गरी भएको हाँसो २.साहित्य शास्त्रमा वर्णित हाँसोका छ भेदमध्ये अन्तिम भेद। **विक्षिप्ताङ्गं भवत्यतिहसितम्** (सा.द.)।

अतिहायनः (पुं.वि.) [*अतिशयं हायनं यस्य सः, बहु.स.*] ज्यादै पुरानो वा बुढो।

अतिहायनम् (नपुं.) [*अतिक्रान्तं हायनम्*] बितेको समय।

अतिहासः (पुं.) [*अतिशयेन हासः*] खित्का छोडेको हाँसो।

अतिह्रस्वः (पुं.वि.) [*अतिशयेन ह्रस्वः*] ज्यादै छोटो।

अतीक्ष्णः (पुं.वि.) [*न तीक्ष्णः, न.त.*] १.बोधो/भुत्ते २.कोमल।

अतीतः (पुं.वि.) [*अतिपूर्वकात्, इण् गतौ इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.बितेको, नाघेको २.भूतकालको/ज्यादै प्राचीन।

अतीतम् (नपुं.) [*यातमहः, पृषोदरादीनि यथोपदिष्टमिति साधुः*] बितेको दिन।

अतीन्द्रियः (पुं.वि.) [*इन्द्रियमतिक्रान्तः, प्रादिस.*] १.अप्रत्यक्ष २.अनुभवभन्दा परको/अलौकिक।

अतीव (अव्य.) [*अतति गच्छति, अत सातत्यगमने इति सर्वधातुभ्य इन् (उ) इति इन्। अति च इव च, द्व.स.*] ज्यादै नै।

अतीसारः (पुं.) [*उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति दीर्घः*] हे. **अतिसार**।

अतुलः (पुं.वि.) [*अविद्यमाना तुला यस्य सः, बहु.*] अनुपम/तुलना गर्न नसकिने।

अतुलनीयः (पुं.वि.) [*तुलयितुं शक्यः, तुलनीयः, न तुलनीयः न.त.*] तुलना गर्न नसकिने/अनुपम।

अतुल्यः (पुं.वि.) [*न तुल्यः न.त.*] अतुलनीय, अनुपम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतृप्तः (पुं.वि.) [*न तृप्तः, न.त.*] १.भोको २.प्यास नमेटिएको ३.सन्तोष नभएको ।

धनेषु जीवितव्येषु स्त्रीषु भोजनवृत्तिषु ।
अतृप्ता मानवाः सर्वे याता यास्यन्ति यान्ति च ॥ (सुभा.)

अतृप्तिः १.(स्त्री.) [*न तृप्तिः, न.त.*] १.भोको हुनु २.तृप्त नहुनु, ३.सन्तोष नहुनु, २.(पुं.वि.) [*अविद्यमाना तृप्तिर्यस्य सः, बहु.स.*] १.असन्तुष्ट/अतृप्त २.लुब्ध ।

अतोका (स्त्री.) [*अवगलितं तोकमपत्यं यस्याः सा, बहु.स.*] लइनो गाई ।

अत्ता (स्त्री.) [*अत सातत्यगमने इति धातोः, तक्, टाप्*] १.आमा २.दिदी ३.सासू ४.बुढी वेश्या ।

अत्ता श्वश्र्वां मातरि च स्त्रीलिङ्गे परिकीर्तिता ।
नाट्योक्त्या वृद्धवेश्यायां ज्येष्ठायाञ्च श्वसर्यपि ॥ (वाङ्म.)

अत्तिः (स्त्री.) [*अत्यते सततं कर्मणि संब्ध्यते अनया, करणे क्तिन्*] दिदी ।

अत्तिका (स्त्री.) [*अत्तिरेव संज्ञायां कन् ५.३.९७ इति कन्, टाप् ४.१.४*] दिदी । **अत्तिका भगिनी ज्येष्ठा** (अमर.) ।

अत्यच्छः (पुं.वि.) [*अतिशयेन अच्छः, प्रादिस.*] १.ज्यादै सफा/ज्यादै सुकिलो २.अतिसफा हृदय भएको/अतिअसल ।

अत्यच्छेनाविरुद्धेन सुवृत्तेनातिचारुणा ।
अन्तर्भिन्नेन सम्प्राप्तं मौक्तिकेन निबन्धनम् ॥ (सुभा.)

अत्यधिकः (पुं.वि.) [*अतिशयेन अधिकः*] ज्यादै धेरै ।

अत्यन्तः (पुं.वि.) [*अन्तम्. सीमाम् अतिक्रान्तः, प्रादिस.*] १.ज्यादा, अतिशय २.सीमा नाघेको ।

अत्यन्तविमुखे दैवे व्यर्थे यत्ने च पौरुषे ।
मनस्विनो दरिद्रस्य वनादन्यत् कुतः सुखम् ॥ (सुभा.)

~कोपनः (पुं.) [*अत्यन्तं कुप्यति, क्रुधमण्डार्थेभ्यश्च ३.२.१५१ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] अत्यन्त रिसाहा । **चण्डस्त्वत्यन्तकोपनः** (अमर.) ।

अत्यन्तगः (पुं.वि.) [*अत्यन्तं गच्छति, अत्यन्तपूर्वकाद् गम्लृ गतौ इति धातोः, अत्यन्ताध्वदूरपारसर्वानन्तेषु डः, ३.२.४८ इति डः, टिलोपः*] ज्यादै हिँड्ने ।

अत्यन्तम् (नपुं.) [*अन्तं सीमामतिक्रान्तम्, प्रादिस.*] ज्यादै ।

अत्यन्तमतिमेधावी त्रयाणामेकमश्नुते ।
अल्पायुषो दरिद्रो वा ह्यनपत्यो न संशयः ॥ (सुभा.)

अत्यन्ताभावः (पुं.) [*अत्यन्तश्चासौ अभावश्च, कर्म.स.*] १.नित्य अभाव/जुनसुकै अवस्थामा पनि रहिरहने अभाव २.एक ध्वनिविरोधी मत /ध्वनि भन्ने वस्तु छँदै छैन भन्ने सिद्धान्त ।

अत्यन्तिकम् (नपुं.) [*अतिशयेन अन्तिकम्*] ज्यादै नजिक ।

अत्यन्तीनः (पुं.वि.) [*अन्तस्यात्ययः, अत्ययेऽव्ययीभावसमासः २.१.६ अत्यन्तं गच्छति, अवारपारात्यन्तानुकामं गामी ५.२.११ इति खः, खस्येनः ७.२.१*] छिटो हिँड्ने/शीघ्रगामी ।

अत्ययः (पुं.) [*अत्ययनम्, इण् गतौ इति धातोः एरच् ३.३.५६ इत्यच्*] १.अतिक्रमण २.उत्पात ३.विघ्न ४.नाश/मृत्यु ५.दोष ६.दण्ड ७.कठिनता/दुःख ।

अत्ययोऽतिक्रमे दण्डे विनाशे दोषकृच्छ्रयोः (वाङ्म.) ।
अत्ययोऽतिक्रमे कृच्छ्रेऽत्युत्पाते नाशदण्डयोः (धरणि.) ।

अत्ययी (पुं.वि.) [*अत्येति अतिक्राम्यति तच्छीलः, जिदृक्षि-विश्रीण्वमाव्यथाभ्यमपरिभूप्रसूभ्यश्च ३.२.१५७ इति इनिः*] अतिक्रमण गर्न सिपालु ।

अत्यर्थम् (नपुं.) [*अर्थो निवृत्तिः विषयो वा, अर्थमतिक्रान्तम्, प्रादिस.*] १.अत्यन्त । **नात्यर्थमर्थार्थितया लुब्धमुद्वेजयेज्जनः ।** (सुभा.) २.(अव्य.) [*अर्थस्य अभावः, अव्ययं विभक्ति- इति समासः*] अर्थको अभाव ।

अत्यल्पः (पुं.वि.) [*अतिशयेन अल्पः*] ज्यादै थोरै ।

अत्यष्टिः (स्त्री.) [*अष्टिं षोडशाक्षरपादिकां वृत्तिमतिक्रान्ता, प्रादिस.*] सत्र अक्षरको पाउ भएको छन्द ।

अत्याकारः [*आकारम् अतिक्रान्तः, प्रादिस.*] ठुलो शरीर ।

अत्याचारः (पुं.) [*आचारम् अतिक्रान्तः, अत्युत्कट आचारो वा प्रादिस.*] १.मानिआएका वा स्वीकृत आचार वा नियमको विपरीत कर्म २.थिचोमिचो ३.खराब काम ४.अरूलाई दुःख दिने काम ५.(पुं.वि.) [*अति अनुचित आचारो यस्य सः, बहु.स.*] अनुचित आचरण भएको ।

अत्याज्यः (पुं.वि.) [*न त्याज्यः, न.त.*] १.छोड्न वा त्याग्न नसकिने २.त्याग्नु नहुने ।

अत्यारूढः (पुं.वि.) [*अतिशयेन आरूढः.*] ज्यादै बढेको, सबैभन्दा ठुलो पदवी पाएको वा अभ्युदय भएको । **अत्यारूढो हि नारीणामकालज्ञो मनोभवः** (सुभा.) ।

अत्याशा (स्त्री.) [*आशामतिक्रान्ता, प्रादिस.*] ज्यादा आशा/महत्त्वाकाङ्क्षा ।

अत्यासः (पुं.) [*आसनम्, आसः, आसमतिक्रान्तः, प्रादिस.*] आत्तिने काम, अत्याहट ।

अत्यासन्नः (पुं.वि.) [*अतिशयेन आसन्नः, प्रादिस.*] ज्यादै नजिकको ।

अत्यासन्ना विनाशाय दूरतश्चाफलप्रदाः ।
मध्यभावेन सेव्यन्ते नृपो वह्निर्गुरुः स्त्रियः ॥ (सुभा.)

अत्याहारः (पुं.) [*अतिशय आहारः, प्रादिस.*] आवश्यकभन्दा बढी भोजन ।

अत्याहारी (पुं.वि.) [*अत्याहर्तुं शीलमस्य, अति आपूर्वकाद् हृधातोः णिनिप्रत्ययः*] आवश्यकभन्दा धेरै खाने ।

अत्याहितम् (नपुं.) [*अतीव आधीयते स्म, तन्निवारणार्थं मनो दीयतेऽस्मिन्, डुधाञ् धारणे इति धातोः, क्तोऽधिकरणे ध्रौव्यगतिप्रत्यवसानार्थेभ्यश्च ३.४.७६ इति क्तः, दधातेर्हिः*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७.४.४२ इति हिः] १.ठुलो भय/अन्यन्त त्रास २.जीवनलाई नै खतरामा पुऱ्याउने साहसी कार्य। **अत्याहितं किमपि राक्षसकर्म कुर्यात्।** (रामा.) ३.अचाक्ली।

अत्युक्तिः (स्त्री.) [*उक्तिमतिक्रान्ता, प्रादिस.*] १.अस्वाभाविक वा अनुचित कथन/बढाइचढाइका साथ भएको बयान २.असम्भव उक्ति ३.अतिशयोक्ति वर्गको एक अर्थालङ्कार। यसमा कसैको शौर्य, औदार्य आदि गुणको मिथ्या वर्णन गरिएको हुन्छ। काव्यप्रकाशमा मम्मटले यसलाई उदात्त अलङ्कारभित्र समावेश गरेका छन्।

अत्युक्था (स्त्री.) [*उक्थाम्, एकाक्षरपादिकां वृत्तिमतिक्रान्ता, प्रादिस.*] दुइ अक्षरको पादव्यवस्था भएको छन्द।

अत्युच्चैः (अव्य.) [*अतिशयेन उच्चैः*] १.ज्यादै अग्लो २.ज्यादै ठुलो ३.ज्यादै माथिल्लो। **अत्युच्चैर्भवति लघीयसां धार्ष्ट्यम्** (सुभा.)।

अत्युन्नतः (पुं.वि.) [*अशियेन उन्नतः*] १.ज्यादै माथिल्लो।

अत्युन्नतपदारूढः पूज्यान्नैवापमानयेत्।
नहुषः शक्रतां प्राप्य च्युतोऽगस्त्यावमाननात्॥ (सुभा.)

२.ज्यादै अग्लो।

अत्यूहः (पुं.) [*अतिशयेन ऊहते शब्दायते, पचाद्यच्*] कालो काग ३.[*अतिशयेन ऊहस्तर्कः*] चाहिँदोभन्दा बढी तर्क/वितर्क ४.औषधिविशेष।

अत्र (अव्य.) [*एतस्मिन् काले विषये वा, सप्तम्यास्त्रल् ५.३.१० इति त्रल् प्रकृतेः एतदोऽश् ५.३.५ इति अश्भावः, एतदोऽन् इति पाठेऽन्भावः, नलोपः*] यहाँ, यस विषयमा।

बिम्बाकारं सुधाकारं कान्तावदनपङ्कजम्।
अत्र क्रियापदं गुप्तं मर्यादा दशवार्षिकी॥ (सुभा.)
अपि सन्निहितोऽत्र कुलपतिः (अभि.शा.)।

अत्रत्यः (पुं.वि.) [*अत्र भवः, अत्रशब्दात् अव्ययात् त्यक्त्यपौ ४.२.१०४ इति त्यक्*] यहाँको, यहाँ भएको।

अत्रभवती (स्त्री.) [*इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति प्रथमार्थे त्रल्, अत्र इयं भवती, कर्म.स.*] १.तपाईं २.पूज्य ३.मान्य।

अत्रभवान् (पुं. वि.) [*इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति प्रथमार्थे त्रल् एतदोऽश् ५.३.५ इति अश्, अत्र अयं भवान्, कर्म.स.*] १.तपाईं २.पूज्य ३.मान्य।

अत्रान्तरे (अव्य.) यसै बिचमा।

अत्रिः (पुं.) [*अत्ति स्म, एकगण्डुषेण सर्वं गङ्गाजलं पीतवान्, अद भक्षणे इति धातोः, अदेस्त्रिनिश्च (उ.) ५१७ इति चात् त्रिप्, पक्षे त्रिन्—अत्री, अत्रिणौ अत्रिणः*] एक वैदिक मन्त्रद्रष्टा ऋषि, सप्त ऋषिमध्येका एक ऋषि। यिनी ब्रह्माका पुत्र हुन्। यिनका तीन छोरा थिए— दत्त, दुर्वासा र चन्द्रमा। यिनकी पत्नीको नाम अनसूया हो।

कश्यपाऽत्रिर्भरद्वाजो विश्वामित्रोऽथ गौतमः।
जमदग्निर्वसिष्ठश्च सप्तैते ऋषयः स्मृताः॥ (अमर.)

अत्रिजः (पुं.) [*अत्रेर्जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, टिलोपः*] १.चन्द्रमा २.ब्राह्मण ३.दत्तात्रेय ४.दुर्वासा।

अत्रिजातः (पुं.) [*अत्रेर्जातः, ष.त.*] १.चन्द्रमा २.ब्राह्मण ३.दत्तात्रेय ४.दुर्वासा।

अथ (धा.) [*दौर्बल्ये, चुरा.अक.सेट्, उभ.*] दुर्बल हुनु। लट्— **अथयति-ते—** दुर्बल हुन्छ, इत्यादि।

अथ (अव्य.) [*अर्थधातोः अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः, पृषोदरादित्वाद् रस्य लोपः*] १.संशय २.आरम्भ ३.निरन्तरता ४.मङ्गल द्योतक शब्द ५.प्रश्न ६.विकल्प ७.प्रकरण ८.समुच्चय ९.पक्षान्तर।

अथकिम् (अव्य.) [*अर्थं पूर्ववाक्यार्थं कवते स्वीकरोति, डिम्प्रत्ययः, पृषोदरादितया रवयोर्लोपः*] स्वीकार/स्वीकारोक्ति।

अथर्व (नपुं.) [*अथ लोककल्याणाय अर्व्यते प्रस्तूयते यत्, अनिप्, शकन्ध्वादितया पररूपम्*] चौथो वेद।

अथर्वणः (पुं.) [*अथर्वो विद्यतेऽस्य, नप्रत्ययः*] शिव।

अथर्वणिः (पुं.) [*अथर्वं अथर्ववेदं नयति, ज्ञानविशेषं प्रापयति णीञ् प्रापणे इति धातोः क्विप्, पृषोदरादितया ह्रस्वः*] अथर्ववेदका ज्ञाता।

अथर्ववेदः (पुं.) [*अथपूर्वकाद् ऋ गतौ इति धातोः, वनिप्, अथर्वा चासौ वेदः, कर्म.स.*] चार वेदमध्येको अन्तिम वेद। यसमा २० काण्ड, ७३० सूक्त र ५९८७ मन्त्रहरू छन्। १२०० सय मन्त्रहरू ऋग्वेदबाट उद्धृत गरिएका छन्। अरू मन्त्रहरू पनि ऋग्वेदको दसौँ मण्डलका मन्त्रहरूसँग मिल्दाजुल्दा छन्। यसमा अध्यात्मिक, आधिदैविक आधिभौतिक विषयको वर्णन छ। अथर्ववेदमा मन्त्रतन्त्रको पनि सङ्ग्रह छ। आयुर्वेद, राजनीति, स्त्रीकर्तव्य आदिको चर्चा पनि यसमा भएको छ। अथर्ववेदको उपवेद— **स्थापत्यवेद,** गोत्र— **वैखानस,** ऋषि— **दध्यङ्ङाथर्वण** देवता— **जल** छन्द— **अनुष्टुभ्**। **~प्रातिशाख्यम्** (नपुं.) [*अथर्ववेदस्य प्रातिशाख्यम्, ष.त*] यसमा अथर्ववेदको मूल पाठलाई बुझाउन आवश्यक अत्यन्त उपयोगी सामग्रीको सङ्कलन भएको छ।

अथर्वा (पुं.) [*अथ लोकमङ्गलाय अर्वति वेदविशेषं प्रस्तौति, अनिप्, शकन्ध्वादितया पररूपम्*] १.अथर्ववेदका द्रष्टा एक ऋषि २.[*अथ लोकमङ्गलं ऋच्छन्ति प्रापयन्ति, वनिप्*] अथर्ववेदका सूक्त ३.ब्राह्मण।

अथवा (अव्य.) किंवा/वा।

अथो (अव्य.) [*अर्थधातोः डोप्रत्ययः, पृषोदरादित्वाद् रस्य लोपः*] हे. अथो।

स्त्रियो रत्नान्यथो विद्या धर्मः शौचं सुभाषितम्।
विविधानि च शिल्पानि समादेयानि सर्वतः॥ (मनु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद (धा.) [*भक्षणे अदा, सक. अनिट् पर.*] खानु। लट्– **अत्ति**– खान्छ। लिट्– **आद**– खाएछ (अन.)। लुट्– **अत्ता**–खाने छ (अन.)। लृट्– **अत्स्यति**–खाने छ। लोट्– **अत्तु**– खाओस्। लङ्– **आदत्**– खायो (अन.)। विधिलिङ्– **अद्यात्**– खाला, खाओस्। आशीर्लिङ्–**अद्यात्**– खाओस्। लुङ्– **आत्सीत्**– खायो। लृङ्– **आत्स्यत्**– खाने थियो इत्यादि।

अदः (नपुं.) [*पुं./स्त्री.– असौ*] प्रत्यक्ष तर टाढाको व्यक्ति वा वस्तुलाई बुझाउने सर्वनाम शब्द।

इदमस्तु सन्निकृष्टे समीपतरवर्ति चैतदो रूपम्।
अदसस्तु विप्रकृष्टे तदिति परोक्षे विजानीयात्॥ (सि.कौ.)

अदत्तम् (नपुं.) [*न दत्तम्, न.त.*] १.नदिएको २.अन्यायपूर्वक दिइएको।

अदत्ता (स्त्री.) [*न दत्ता, न.त.*] १.नदिइएकी २.अविवाहिता।

अदनम् (नपुं.) [*भावे ल्युट् अनः*] खाने काम/भोजन।

अदभ्रः (पुं.वि.) [*दभ्रादल्पादन्यः, न.त.*] प्रचुर/धेरै।

अदभ्रदर्भामविशय्य स स्थलीं
जहासि निद्रामशिवैः शिवारुतैः (किरा.)।

अदम्यः (पुं.वि.) [*न दम्यः, न.त.*] १.दमन गर्न नसकिने २.नियन्त्रण गर्न नसकिने।

अदर्शनम् (नपुं.) [*न दर्शनम्, न.त.*] १.नदेखिनु/अदृश्य हुनु/ २.व्याकरणको भाषामा लोप हुनु। **अदर्शनं लोपः** (पाणिनि)।

अदलः (पुं.) [*अविद्यमानानि दलानि पत्राणि यस्य सः, बहु.स.*] पात नभएको वृक्ष।

अदला (स्त्री.) [*अविद्यमानं दलं यस्याः सा, बहु.स.*] घिउ कुमारी।

अदाता (पुं.वि.) [*न दाता, न.त.*] कन्जुस/कृपणी।

कालेऽदाता पिता वाच्यो वाच्यश्चानुपयन् पतिः।
मृते भर्तरि पुत्रस्तु वाच्यो मातुररक्षिता॥ (मनु.)

अदादिगणः [*अद् आदौ यस्य सः, स चासौ गणः*] १.अद्‌बाट सुरु हुने, शप्‌को लुक् हुने धातुहरूको रूपसिद्धि प्रक्रिया र तिनको लागि आवश्यक सूत्र तथा अर्थसमेत भएको व्याकरणग्रन्थको एक प्रकरण २.अद आदि गरेका धातुको समूह।

अदान्तः (पुं.वि.) [*न दान्तः, न.त.*] १.तपस्याको दुःखलाई सहन गर्न नसक्ने २.बाह्येन्द्रिय नियन्त्रण गर्न नसक्ने।

अदि (धा.) [*बन्धने, भ्वा. सक. सेट् पर.*] बाँध्नु। लट्– **अन्दति**– बाँध्छ। लिट्– **आन्द**– बाँधेछ (अन.) इत्यादि।

अदितिः (स्त्री.) [*दातुं छेत्तुम् योग्या दितिः, न दितिः, न.त., नञ्पूर्वकाद् दोधातोः, क्तिन्*] १.पृथ्वी २.प्रकृति ३.देवताकी आमा/कश्यपकी पत्नी/दक्षप्रजापतिकी छोरी ४.कामधेनु ५.समिधाको रक्षा गर्ने काम ६.वाणी ७.अन्तरिक्ष ८.दुर्गा।

अदितिः स्त्री भवान्यां स्यात् पृथिव्यां देवमातरि।
सुरभौ वाचि होमार्थं समिद्रक्षणकर्मणि।
द्यावापृथिव्योरदितिः (वाङ्म.)।

अदितिनन्दनाः (पुं.बहु.) [*अदितेः नन्दनाः, ष.त.*] देवता।

अदूरः (पुं.वि.) [*अविद्यमानं दूरं यस्य सः, बहु.स.*] ज्यादै टाढा नभएको। **~दर्शी** (पुं.वि.) [*दूरं पश्यति, दूरदर्शी, न दूरदर्शी, न.त.*] १.टाढा नदेख्ने २.पछिसम्मको विचार गर्न नसक्ने।

अदूरम् (नपुं.) [*न दूरम्, न.त.*] नजिक।

अदूरत्रिंशाः (पुं.बहु.) [*त्रिंशतोऽदूराः, सङ्ख्ययाव्ययासन्नाधिकसङ्ख्यासङ्ख्येये २.२.२५ इति समासः, बहुव्रीहौ सङ्ख्येये डजबहुगणात् ५.४.७३ इति डच्, टिलोपः*] तिसको नजिकै पुगेका/लगभग तिसका।

अदृक् (पुं.वि.) [*न विद्येते दृशौ अस्य, बहु.स.*] अन्धो/आँखा नदेख्ने।

अदृष्टः (पुं.वि.) [*न दृष्टः, न.त.*] नदेखिएको। **~पूर्वः** (पुं.) [*अदृष्टः पूर्वस्मिन् काले यःसः*] १.पहिले नदेखिएको। **अदृष्टे दर्शनोत्कण्ठा दृष्टे विच्छेदभीरुता** (भानुदत्त) २.अनुभव नगरिएको।

अदृष्टचरः (पुं.वि.) [*पूर्वमदृष्टः, भूतपूर्वे चरट् ५.३.५३ इति चरट्*] पहिले नदेखेको।

अजनि पुनस्समीकमनयोरुभयोर्बलयो–
रवदलिते मुखेऽपि यदनुज्झितरोषभरम्।
अमरदृशामपि यदाशयपूर्तिकरं
समरसमुत्सुकेन मुनिना यददृष्टचरम्॥ (च.भा.)

अदृष्टजः (पुं.वि.) [*अदृष्टाज् जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, टिलोपः*] भाग्यबाट पैदा भएको।

अदृष्टम् (नपुं.) [*न दृष्टम्, न.त.*] १.दैव/अदृश्यशक्ति २.भाग्य/विधि/नियति/पूर्वजन्मको सञ्चित कर्म॥

पुरुषः पौरुषन्तावद् यावद् दैवन्तु संमुखम्।
विपरीतगतेऽदृष्टे न पुरुषो न च पौरुषम्॥ (सुभा.)

अदृष्टवान् (पुं.वि.) [*अदृष्टमस्यास्तीति, मतुप्, मस्य वः*] भाग्यमानी

अदृष्टार्थः (पुं.) [*अदृष्टश्चासौ अर्थश्च कर्म.स.*] लुकेको अर्थ २.थाहा नभएको प्रयोजन ३.लुकेको सम्पत्ति।

अदृष्टिः (स्त्री.) [*विरुद्धा दृष्टिः न.त.*] १.क्रूर दृष्टि २.खराब सोचाइ ३.[*न दृष्टिः, न.त.*] नदेख्नु/अन्धोपना (वाङ्म.११०)।

अदृष्टिः (पुं.वि.) [*अविद्यमाना दृष्टिर्यस्य सः, बहु.स.*] दृष्टि नभएको

अदेवमातृकः (स्त्री.) [*देवो वृष्टिर्माता इव यत्र, देवमातृकः, न देवमातृकः, न.त.*] वर्षाविना पनि प्रशस्त पानी भएको/नदीमातृक।

अद्गः (पुं.) [*अद्यते यज्ञे भक्ष्यते इति, अद भक्षणे इति धातोः, गन् गम्यद्योः (उ.) २१८ इति सूत्रेण गन्*] १.यज्ञमा खाइने पुरोडाश २.घिउ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्धा (अव्य.) [*अतं सततं गमनं ज्ञानं वा धयति दधाति वा, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्प्रत्ययः*] १.प्रत्यक्षरूपले २.साँच्चै, निश्चय नै ३.यथार्थ। **तत्त्वे त्वद्धाञ्जसा द्वयम्** (अमर.)।

अद्भुतः (पुं.वि.) [*अतति, अतधातोः, क्विप्, आकस्मिकार्थमव्ययं तथा भाति, भा इति धातोः, डुतच्*] १.आश्चर्यजनक २.(पुं.) केशवको मतअनुसार रूपकको एक भेद ३.अग्नि ३.विस्मय स्थायिभाव भएको रस।

अद्भुतरसः (पुं.) [*अद्भुत इति रसः, कर्म.स.*] आठौँ काव्यरस। यसमा कुनै आश्चर्यजनक घटना वा वस्तु (आलम्बन विभाव) लाई देखेर विस्मय (स्थायिभाव) पैदा हुन्छ। यसका विभिन्न क्रियाकलाप (उद्दीपन विभाव) बाट विस्मय भाव अघि बढ्दै जान्छ। हाइ आउनु, प्रसन्न हुनु, टेलाउनु जस्ता क्रियाकलापबाट अनुभावको रूपमा यो भाव प्रकट हुन्छ। हर्ष, आश्चर्य, आवेग आदि व्यभिचारि-भावबाट यो पुष्ट हुन्छ र रसको रूपमा अभिव्यक्त हुन्छ। नाटकमा प्रायः निर्वहण सन्धिमा यसको प्रयोग हुन्छ। (सा.द.)

अद्भुतम् (नपुं.) [*अत् = विस्मयार्थेऽव्ययम्, तस्य भवनम् इति अदि भुवो डुतच् (उ.) ५.१ इति डुतच्*] आश्चर्य/अचम्म।

अद्भुतस्वनः (स्त्री.) १.[*अद्भुतः स्वनो यस्य सः, बहु.स.*] शिव २.[*अद्भुतश्चासौ स्वनश्च, कर्म.स.*] आश्चर्यजनक शब्द।

अद्भुतोपमा (स्त्री.) [*अद्भुता चासौ उपमा च, कर्म.स.*] १.दण्डीको मतअनुसार उपमेयमा कहिल्यै सम्भव नहुने गुणको वर्णन भएको उपमा अलङ्कारको एक भेद २.आश्चर्यजनक ढङ्गबाट गरिएको उपमानसित उपमेयको तुलना।

अद्मरः (पुं.वि.) [*अत्ति, इति अद भक्षणे इति धातोः, सृघस्यदः क्मरच् ३.२.१६० इति क्मरच्*] धेरै खाने/खन्चुवा। **भक्षको घस्मरोऽद्मरः** (अमर.)।

अद्यः (पुं.वि.) [*अत्तुं योग्यः, अद भक्षणे इति धातोः, यत्*] खान लायक।

अद्य (अव्य.) [*अस्मिन्नहनि, इति सद्यः परार्यैषमपरेद्यव्यद्य-पूर्वेद्युरन्येद्युरन्यतरेद्युरपरेद्युरधरेद्युरुभयेद्युरुत्तरेद्युः ५.३.२२ इति इदमोऽश्भावः, द्यश्च निपातितः*] आज। **अद्य वाऽब्दशतान्ते वा मृत्युर्वै प्राणिनां ध्रुवः** (वै.सुभा.) **~पूर्वम्** (नपुं.) [*अद्यतः पूर्वम्, प.त.*] आजभन्दा अगाडि।

अद्यतनः (पुं.वि.) [*अद्य इत्यव्ययात् सायंचिरंप्राह्णेप्रगेऽव्ययेभ्य-ष्ट्युट्युलौ तुट् च ४.३.२३ इति त्युट् तुडागमश्च, युवोरनाकौ इत्यनः*] १.गएको आधा रातदेखि आउने आधा रातसम्मको समय, २.आजकालको/आधुनिक।

अद्यश्वीनः [*अद्य वा श्वो भवः, अद्यश्वीनावष्टब्धे ५.२.१३ इति खप्रत्ययान्तो निपातः*] आजभोलि हुने।

अद्यापि (अव्य.) [*अद्य अपि*] आज पनि/आजसम्म/अहिलेसम्म।

अद्यारभ्य (अव्य.) [*अद्यत आरभ्य*] आजदेखि प्रारम्भ गरेर।

अद्यावधि (अव्य.) [*अद्य अवधिः सीमा यस्मिन् तत्, बहु.स.*] आजसम्म।

अद्रिः (पुं.) [*अत्ति अद्यते वाऽनेन, वर्षणजन्यजलादिकम्, अद्यतेऽत्र वा, अद भक्षणे इति धातोः, अदिशदिभूशुभिभ्यः क्रिन् (उ) ५१४ इति क्रिन्*] १.पहाड २.सूर्य ३.वृक्ष ४.सात अङ्कको सट्टा प्रयोग हुने शब्द ५.इक्ष्वाकुवंशी राजपुत्र। **अद्रयो द्रुमशैलार्काः** (अमर.)। **~गुहा** [*अद्रेः गुहा, ष.त.*] पहाडी गुफा। **~तनया** (स्त्री.) [*अद्रेस्तनया, ष.त.*] १.पार्वती २.गङ्गा ३.आश्वललित छन्द। **~राजः** (पुं.) [*अद्रेः राजा, राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] हिमालय।

अद्रिका (स्त्री.) [*अल्पमद्रं अद्रिका, कः, टाप् ४.१.४, इत्वम्*] १.धनिया २.माछाको आकार भएकी एक अप्सरा। **अद्रिका मत्स्यरूपिणी** (म.भा.)।

अद्रिसत् (पुं.वि.) [*अद्रिषु सीदतीति, क्विप्*] पर्वतवासी।

अद्वयः (पुं.) [*अविद्यमानं द्वयं यस्य मते सः*] बुद्धविशेष। यिनीहरू सबै पदार्थलाई बाह्य नमानेर ज्ञानात्मक मात्र मान्दछन्।

अद्वयम् (नपुं.) [*न द्वयम्, न.त.*] १.जीव र ब्रह्मको एकता २.दुई एक हुनु, ३.बौद्ध साहित्यमा बुद्धले उपदेश गरेको मध्यम मार्ग। प्रपञ्च शून्य परमार्थ, सबै प्रकारका अस्ति र नास्ति दृष्टिहरूको विकल्प हट्नु ३.भेदरहित परब्रह्म।

अद्वयवादी (पुं.वि.) [*अद्वयम् सर्वमेव चित्स्वरूपं नात्मनोऽन्यत् किञ्चन इति वदति, अद्वयपूर्वकाद् वद धातोः, आवश्यके ३.३.१७० इति णिनिः*] १.जीव र ब्रह्मलाई एउटै मान्ने/वेदान्ती २.बुद्ध।

अद्वितीयः (पुं.वि.) [*अविद्यमानो द्वितीयो यस्य सः, बहु.स.*] १.विलक्षण. २.सर्वोत्तम ३.अनुपम ४.एक्लो।

अद्वैतः (पुं.वि.) [*द्विधा इतं भेदं गतम्, द्वितम्, द्वितमेव द्वैतम्, अविद्यमानं द्वैतम् यस्य सः*] १.दोस्रो नभएको २.अनुपम ३.(नपुं.) ब्रह्म ४.(पुं.) ईश्वर।

अद्वैतवादः (पुं.) [*अद्वैतं सर्वमेव चित्स्वरूपं नात्मनोऽन्यत् किञ्चन इति वदतीति वादः, अद्वैतस्य वादः, ष.त.*] संसार झुटो छ, ब्रह्ममात्र सत्य छ, ब्रह्मस्वरूपको ज्ञानको अभावमा विश्व वस्तुजस्तो प्रतीत हुन्छ। प्रकृति र जीव पनि वस्तुतः ब्रह्म नै हुन्, ब्रह्मबाहेक सद्‌वस्तु कुनै पनि छैन। मायाको व्यावहारिक सत्ता छ, माया निर्मित भएकाले जगत्‌को स्वरूप अनिर्वचनीय छ भनी प्रतिपादन गर्ने आदि शङ्कराचार्यको सिद्धान्त। अद्वैतको चर्चा वेद, उपनिषद्, ब्रह्मसूत्र र गीताको भाष्यमा व्यापक रूपले भएको छ। शङ्कराचार्यले अद्वैतवादको स्थापना गरेका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले ब्रह्मसूत्रको भाष्य लेखेका छन्, अद्वैतविरोधीहरूलाई शास्त्रार्थमा हराएका छन् र विभिन्न मतहरूको खण्डन गरी आफ्नो मतको स्थापना गरेर अद्वैत परम्पराको प्रचार गरेका छन्। अद्वैत वेदान्तमा श्रीहर्षको खण्डनखण्डखाद्य, मधुसूदन सरस्वतीको अद्वैतसिद्धि, चित्सुखको चित्सुखी, अप्पयदीक्षितको सिद्धान्तलेशसङ्ग्रह आदि ग्रन्थहरू प्रसिद्ध छन्। संस्कृत साहित्यमा यस वादको गहिरो प्रभाव छ।

अद्वैतवादी (पुं.वि.) १.[*अद्वैतं सर्वमेव चित्स्वरूपमात्मनो नान्यत् किञ्चन इति वदति तच्छीलः, अद्वैतपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये, इति णिनिः*] अद्वैतवादका अनुयायी। २.सबै वस्तुलाई ज्ञानात्मक मान्ने बुद्धविशेष।

अधः (अव्य.) [*अधरस्यां दिशि, अधरस्मिन् देशे काले वा, पूर्वाधराणामसिः पुरधवश्चैषाम् ५.३.३९ इति अधरशब्दस्य अधादेशः, ततः असिः*] १.तलतिर २.तल्लो भाग ३.पाताल ४.योनि।

व्रजत्यधः प्रयात्युच्चैर्नरः स्वैरेव चेष्टितैः।
अधः कूपस्य खनक ऊर्ध्वं प्रासादकारकः॥ (सुभा.)

अधःखस्वस्तिकम् (नपुं.) [*अधोगतं खस्वस्तिकम्, म.प.स.*] पूर्वापरवृत्त र याम्योत्तर वृत्तको मानिस उभिँदा पैतालातिरको आकाशमा हुने सम्पात।

अधःपतनम् (नपुं.) १.तल खस्नु २.घट्नु ३.दुर्दशा हुनु।

अधनः (पुं.वि.) [*अविद्यमानं धनं यस्य सः, बहु.स.*] धन नभएको।

अधनस्तु धनं प्राप्तस्तृणवन्मन्यते जगत् (सुभा.)।

अधमः (पुं.वि.) १.[*अवति रक्षति अस्मादात्मानम्, अव रक्षणादौ इति धातोः, अवद्यावमाधमार्वरिफाः (उ.) ७४२ इति कुत्सितार्थे निपातः*] नीच, दुष्ट, खराब।

न स्थातव्यं न गन्तव्यं क्षणमप्यधमैः सह।
पयोऽपि शौण्डकीहस्ते मदिरां मन्यते जनः॥ (सुभा.)

२.[*अधरस्मिन्, अधरे वा भवः, अवोऽधसोर्लोपश्च (वा.) ४.३.८ इति मः, सलोपश्च*] तल्लो/न्यून। **अधमौ न्यूनकुत्सितौ** (अमर.)

अधमकाव्यम् (नपुं.) [*अधमञ्च तत् काव्यम्, कर्म.स.*] व्यङ्ग्यार्थ नभएको शब्दार्थप्रधान काव्य /चित्रकाव्य/ अवरकाव्य।

प्रधानगुणभावाभ्यां व्यङ्ग्यस्यैवं व्यवस्थिते।
उभे काव्ये ततोऽन्यत्तत् चित्रमित्यभिधीयते॥ (ध्वन्या.)

यो दुई किसिमको हुन्छ– शब्दचित्र र अर्थचित्र। शब्दालङ्कारको प्राधान्य भएको काव्य शब्दचित्र हो। यसमा शब्दगत चमत्कारको प्राधान्य हुन्छ। अनुप्रास, यमक, प्रहेलिका आदि यसै काव्यभित्र पर्दछन्। अर्थालङ्कारको प्राधान्य भएको काव्यलाई अर्थचित्र भनिन्छ। यसमा व्यङ्ग्यार्थ रहेको हुँदैन। चमत्कृतिजनक वाच्यार्थयुक्त शब्द (प्रहेलिका आदि) को प्राधान्य रहेको काव्यलाई पण्डितराज जगन्नाथले अधम काव्य भनेका छन्– **यत्रार्थचमत्कृत्युपस्कृता शब्दचमत्कृतिः प्रधानं तदधमं चतुर्थम्** (र.ग.)।

अधमप्रकृतिः (स्त्री.) १.[*अधमा चासौ प्रकृतिः, कर्म.स.*] खराब स्वभाव २.(पुं.) [*अधमा प्रकृतिर्यस्य सः बहु.स.*] दुष्ट स्वभावको ३.(स्त्री.) [*अधमा प्रकृतिर्यस्याः सा, बहु.स.*] दुष्ट स्वभावकी।

अधमर्णः (पुं.वि.) [*अधमम् अवश्यं देयत्वेन वर्तते ऋणं यस्य सः, बहु.स.*] ऋण लिने व्यक्ति/आसामी।

अधमर्णार्थसिद्ध्यर्थमुत्तमर्णेन चोदितः।
दापयेत् धनिकस्यार्थमधमर्णाद् विभावितम्॥ (मनु.)

अधमर्णिकः (पुं.वि.) [*अधमम् अवश्यं देयत्वेन वर्तमानमृणम्, तद् विद्यते अस्य, अत इनिठनौ इति इनिः*] आसामी। ग्रहीतानुक्रमाद् **दाप्यो धनिनामधमर्णिकः** (मिता.)।

अधमा (स्त्री.) नायिकाको एक भेद। नायकले जतिसुकै हित चिताए पनि त्यसको अहित गर्ने नायिका। **हितकारिण्यपि प्रियतमेऽहित कारिण्यधमा** (भानुदत्त)।

अधमाङ्गम् (नपुं.) [*अधमञ्च तदङ्गम्, कर्म.स.*] नाभिभन्दा तलको अङ्ग।

अधरः (पुं.) [*न ध्रियते कामुकस्य धैर्यं न तिष्ठति, पुंसि संज्ञायां घः प्रायेण इति घः*] १.तल्लो ओठ। **अधरेष्वमृतं हि योषिताम्** (सुभा.) २.शरीरको तल्लो अङ्ग ३.(पु.वि.) [*धरात् उच्चादन्यः*] नीच ४.तल। **अधस्तादपि चाधरः** (अमर.) **अधरस्तु पुमानोष्ठे हीनेऽनूर्ध्वे ऽपि वाच्यवत्** (मेदिनी.)।

अधरतः (अव्य.) [*अधरशब्दात् प्रथमापञ्चमीसप्तम्यर्थे आद्यादिभ्य उपसङ्ख्यानम् इति तसिः*] १.तल्लो भाग (हला.) २.तलबाट ३.तलतिर, तल।

अधरम् (नपुं.) [*न ध्रियते कामुकस्य धैर्यं न तिष्ठति येन, प्राग्वत्*] १.ओठ २.योनि (शब्दरत्नावली, त्रिकाण्डशेषशच)।

अधरात् (अव्य.) [*अधरात्, उत्तराधरदक्षिणादातिः ५.३.३४ इत्यातिः*] तलतिर, तलबाट, तल।

अधरामृतम् (नपुं.) [*अधरस्य अमृतम्, ष.त.*] अधरसुधा/ ओष्ठ–चुम्बनको आनन्द।

अधरीकृतः (पुं.वि.) [*न अधरः अधरो यथा सम्पद्यते तथा कृतः, च्विः, ईत्वम्*] १.तिरस्कृत २.तल पारिएको।

अधरीणः (पुं.वि.) [*अधरः कृतः, खः, तस्य इनः*] तिरस्कृत।

अधरेण (अव्य.) [*एनबन्यतरस्यामदूरेऽपञ्चम्याः ५.३.३५ इति एनप्*] तलतिर।

अधरेद्युः (अव्य.) [*सद्यः परार्यैषमपरेद्यव्यद्यपूर्वेद्युरन्येद्युरन्यतरेद्युरपरेद्युरधरेद्युरुभयेद्युरुत्तरेद्युः ५.३.२२ इति निपातः*] पछिल्लो दिन।

अधर्मः (पुं.) [*न धर्मः, न.त.*] धर्मविरुद्धको काम/पाप। **अधर्मविषवृक्षस्य पच्यते स्वादु किं फलम्** (क.स.सा.)।

अधवा (वि.) [*न विद्यते धवो यस्याः सा, बहु.स.*] विधवा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधस्तात् (अव्य.) [*दिक्शब्देभ्यः सप्तमीपञ्चमीप्रथमाभ्यो दिग्देशकालेष्वस्तातिः५.३.२७ इत्यस्तातिः, अस्ताति च ५.३.४० इति अधादेशः*] तलतिर, तलबाट तल।

अधार्मिकः (पुं.वि.) [*न धार्मिकः, न.त.*] अधर्म गर्ने।

अधि (अव्य.) [*आङ्पूर्वकाद् डु धाञ् धारणपोषणयोः इति धातोः उपसर्गे घोः किः ३.३.९२ इति किः पृषोदरादितया ६.३.१०९ इति ह्रस्वः*] १.मुख्य, माथि, धेरै आदि अर्थमा क्रियासित लाग्ने एक उपसर्ग, २.विभक्तिको अर्थ, विषय आदि जनाउन संज्ञाशब्दका साथ गाँसिएर आउने एक अव्ययपद। ३.कर्मप्रवचनीयसंज्ञक पद।

अधिकः (पुं.वि.) *अध्यारूढ इति, अधिकम् ५.२.७३ इति कन्, उत्तरपदलोपश्च*] १.उत्तम, उत्कृष्ट। **लोके लोकाद् वाऽधिको हरिः**। (सि.कौ.) **अधिकस्याधिकं फलम्** (सुभा.) २.अनेक ३.अतिरिक्त (हेम.) ४.बढी भएको। **ऊनं न सत्वेष्वधिको बबाधे** (रघु.२.१४)।

अधिकतमः (पुं.वि.) [*अयमेषामधिकः, अधिकशब्दात् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] सबैभन्दा धेरै वा बढी। **~मूल्यम्** (नपुं.) [*अधिकतमञ्च तन्मूल्यम्, कर्म.स.*] बढीमा यतिसम्ममा किनबेच गर्न पाइने छ भनी किटान गरेको मूल्य।

अधिकतरः (पुं.वि.) [*अयमनयोरधिकः, अधिकशब्दाद् द्विवचनविभज्योपपदे तरबीयसुनौ, इति तरप् ५.३.५ इति तरप्*] दुईमध्ये धेरै वा बढी।

अधिकतिथिः (स्त्री.) [*अधिका चासौ तिथिश्चः, कर्म.स.*] बढेको तिथि।

अधिकपदता (स्त्री.) [*अधिकं पदं यत्र, तद् वाक्यम्, तस्य भावः, तत्ता*] अनावश्यक पदको प्रयोग गर्दा पर्न जाने दोष। **अनावश्यकपदत्वमधिकपदत्वम्**। (सा.द.टी.) यो वाक्यगत हुन्छ। यो दोष कतै गुण हुने हुँदा अनित्य दोष मानिछ। **गुणः क्वाप्यधिकं पदम्**। (सा.द. परिच्छेद ७) जस्तै– **वाचमुवाच कौत्सः**। यहाँ **उवाच कौत्सः** मात्र भए पुग्नेमा अनावश्यक **वाचम्** पदको प्रयोगले गर्दा अधिकपदता दोष परेको छ।

अधिकम् (नपुं.) *अध्यारूढ इति, अधिकम् ५.२.७३ इति कन्, उत्तरपदलोपश्च*] १.धेरै, बढी भएको। **अधिकस्याधिकं फलम्** (सुभा.) २.अतिशयोक्ति वर्गको एक अर्थालङ्कार। आधार र आधेयमध्ये कुनै एकलाई बढी भएको वर्णन गर्दा पर्न जाने अलङ्कार। **आश्रयाश्रयिणोरेकस्याधिकमुच्यते** (सा.द.)।

अधिकमासः (पुं.) [*अधिकश्चासौ मासश्च, कर्म.स.*] चान्द्र वर्षअनुसार लगभग दुई वर्ष आठ महिनामा पर्न जाने थप महिना। यसमा दुई थरी सिद्धान्त छन्– वेदाङ्गज्योतिषको सिद्धान्त र सिद्धान्तज्योतिषको सिद्धान्त। वेदाङ्गज्योतिषको सिद्धान्तअनुसार शुक्लपक्षका साथै कृष्णपक्षको नवमीसम्म अयनसङ्क्रान्ति नपरेको महिनामा अधिकमास पर्दछ। प्रायः यस्तो स्थिति साढे दुई वा तीन वर्षको अन्तरमा देखिन्छ। वैदिक गणनापद्धतिअनुसार यो अधिमास उत्तरायणको अन्त्यमा द्वितीय शुचिमास (दोस्रो आषाढ) र दक्षिणायनको अन्त्यमा द्वितीय सहस्यमास (दोस्रो पौषमास) को रूपमा देखा पर्दछ। उत्तरायणमा भन्दा दक्षिणायनमा मलमास छिटो पर्छ। नेपालमा लिच्छवि र मल्लकालमा यसै सिद्धान्तअनुसार मलमासको गणना हुन्थ्यो। असङ्क्रान्तिमासको सिद्धान्तको प्रचार र प्रसारले गर्दा वैदिक अधिकमासको प्रचलनमा केही समय शिथिलता आयो। एक्काइसौँ शताब्दीमा आएर पुनः यसमा जागरण आउन थालेको छ। यसैअनुसार केही पञ्चाङ्ग पनि प्रकाशित भएका छन्। सिद्धान्त ज्योतिषको सिद्धान्तअनुसार शुक्ल पक्षको प्रतिपदादेखि कृष्णपक्षको अमावास्यासम्म सौरसङ्क्रान्ति नपरेमा मलमास पर्छ। **यदा सवितर्येकराशिस्थिते दर्शद्वयं वर्तते तदानीमन्त्य उत्तरदर्शावसानको मासोऽधिमासः, न तत्पूर्वदर्शावसानकः**। (का.मा.) अर्थात् सौरवर्ष लगभग ३६६ दिनको हुन्छ भने चान्द्रवर्ष ३५४ दिनको हुन्छ। यसरी चान्द्रवर्षमा सौरवर्षमा भन्दा ११ दिन कम हुन्छ। त्यसैले प्रत्येक तीन वर्षमा एक महिना बढाएर चान्द्रवर्षको सौरवर्षसित हिसाब मिलान गरिन्छ। यो थपिएको महिनालाई अधिकमास भनिन्छ। सामान्यतः एक मलमास बितेको ३२ महिना १६ दिन ४ घडीपछि अर्को मलमास प्रारम्भ हुन्छ।

द्वात्रिंशद्भिर्गतैर्मासैर्दिनैः षोडशभिस्तथा।
घटिकानां चतुष्केण संपतत्यधिमासकः॥ (सु.ज्यौ.)

सिद्धान्त ज्योतिषअनुसार अधिकमास (मलमास) प्रायः कार्तिक, मार्ग, पौष, माघ र फाल्गुनबाहेक अरू महिनामा पर्छ।

अधिकरः (पुं.) [*अधिकश्चासौ करश्च, कर्म.स.*] सामान्य करबाहेक कुनै वस्तुमा लगाइने अतिरिक्त कर।

अधिकरणम् (नपुं.) [*अधिक्रियतेऽत्र, अधिपूर्वकाद् डुकृञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै पदमा नियुक्त गर्नु २.[*अधिक्रियते विषयोऽत्र, अधिकरणे ल्युट्*] आधार जनाउने कारक। यसमा सप्तमी विभक्तिको प्रयोग हुन्छ। **आधारोऽधिकरणम्। सप्तम्यधिकरणे च**। (पाणिनि) ३.प्राचीन अड्डा, अदालत ४.[*अधिक्रियते विचारोऽस्मिन् अनेन वा*] मीमांसा र वेदान्त दर्शनका ग्रन्थमा विषय, संशय, पूर्वपक्ष, उत्तरपक्ष र निर्णय पाँच अवयव भएको प्रकरण।

विषयो विशयश्चैव पूर्वपक्षस्तथोत्तरम्।
निर्णयश्चेति पञ्चाङ्गं शास्त्रेऽधिकरणं स्मृतम्॥

५.अदालतमा निवेदन प्रस्तुत गर्दा लगाइने शुल्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.आधार ७.ग्रन्थको अध्यायभन्दा ठुलो तर खण्डभन्दा सानो अंश। जस्तै **कौटिल्यार्थशास्त्रम्**। यसमा प्रत्येक अधिकरणभित्र विभिन्न अध्याय रहेका छन्।

अधिकर्णम् (नपुं.) [*अधिकञ्च तद् ऋणञ्च, ष.त.*] तिर्नै नसकिने ऋण।

अधिकर्ता (पुं.) [*अधिकः कर्ता*] समर्थ/शक्तिशाली।

अधिरामे पराक्रान्तमधिकर्ता स ते क्षयम्।
इत्युक्त्वा मैथिली तूष्णी मासाञ्चक्रे दशाननम्॥ (भट्टि.)

अधिकर्धिः (पुं.) [*अधिका ऋद्धिर्यस्य सः, बहु.स.*] अत्यन्त सम्पन्न/धेरै सम्पत्ति भएको।

अधिकाङ्गः (पुं.) १.[*अङ्गात् अधिकः*] पटुका, पेटी। **यत्तु मध्ये सकञ्चुकाः। बध्नन्ति तत्सारसनमधिकाङ्गः**। (अमरः) २.(पुं.वि.) [*अधिकमङ्गं यस्य सः, बहु.स.*] आवश्यकभन्दा बढी अङ्ग भएको। **नोद्वहेत् कपिलां कन्यां नाधिकाङ्गीं न रोगिणीम्** (मनु.)।

अधिकाङ्गम् (नपुं.) [*अधिकञ्च तदङ्गञ्च, कर्म.स.*] हात,गोडा आदिमा पलाउने विशेष अङ्ग।

अधिकामः (पु.वि.) [*अधि अधिकः कामो यस्य सः*] १.अतिशय कामुक २.उत्कट इच्छा भएको।

अधिकारः (पुं.) [*अधि-आधिक्यस्य करणम्, अधिपूर्वकात् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रेखदेख २.प्रभुसत्ता। **स्वाधिकारात्प्रमत्तः** (मे.दू.) ३.हकदावा ४.स्वामित्व। **फले स्वाम्य धिकारी च तत्प्रभुः** (सा.द.) ५.प्रकरण। जस्तै– **त्रिप्रश्नाधिकारः** (सि.शिरो.)।

अधिकारी (पुं.वि.) [*अधिकारोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] १.अधिकारसम्पन्न २.हकदार। **सर्वे स्युरधिकारिणः**। ३.अधिकार जमाई राख्न चाहने ४.(पुं.) ग्रन्थको अध्ययनका लागि पूर्वावश्यक योग्यता (फल प्राप्त गर्ने सामर्थ्य) भएको व्यक्ति ५.धार्मिक कृत्यमा फलभोगका लागि समर्थ बन्न सक्ने व्यक्ति ६.(पुं.) अत्रि तथा काश्यपगोत्रका ब्राह्मणक्षत्रियहरूको थरविशेष।

अधिकांशः (पुं.) [*अधिकश्चासौ अंशश्च, कर्म.स.*] धेरै भाग।

अधिकृतः (पुं.वि [*अधि अधिकमुपरि वा क्रियते स्म, अधिपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अधिकारप्राप्त २.नियुक्त ३.कुनै पदको कार्यभार सह्याल्ने ४.आयव्यय हेर्ने अधिकारी/अध्यक्ष (अमर.)।

अधिकृतिः (स्त्री.) [*अधिकरणम्, अधि पूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] अधिकार।

अधिक्रमः (पुं.) [*अधिक्रमणम् अधिपूर्वकाद् क्रम धातोः, भावे ३.३.१८ इति घञ्*] आक्रमण (हेमचन्द्र)।

अधिक्षिप्तः (पुं.) [*अधिक्षिप्यते स्म, अधिपूर्वकाद् क्षिप प्रेरणे इति धातोः, निष्ठा ३.२.१०२, इति क्तः*] १.फ्याँकिएको, २.अपमान गरिएको, ३.आक्षेप लगाइएको ४.स्थापना गरिएको (मेदिनी.) ५.प्रेरित (भरत) ६.फ्याँटिएको (अमर.)।

अधिक्षेपः (पुं.) [*अधिपूर्वकाद् क्षिप प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पदच्युति २.गाली/दोषारोपण/अपमान। **भवत्यधिक्षेप इवानुशासनम्** (किरा. १२८)।

अधिगतः (पुं.वि.) [*अधिपूर्वकाद्, गम्लृ गतौ इति धातोः, क्तः*] १.अर्जित/प्राप्त २.सिकिएको/ज्ञात। **किमित्येवं पृच्छत्यनधिगत रामायणमिव** (उ.रा.च.)।

अधिग्रहणम् (नपुं.) [*अधिपूर्वकाद्, ग्रह ग्रहणे इति धतोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] राज्यले केही मुआब्जा दिएर वा त्यसै कसैको सम्पत्ति लिने काम।

अधिजः (पुं.) [*अधिको जातः*] दाजु।

मन्ये किञ्जमहं घ्नन्तं त्वामक्षत्रियजे रणे।
लक्ष्मणाऽधिज दुर्वृत्तं प्रयुक्तं दनुजेन नः॥ (भट्टि. ६.१३६)

अधित्यका (स्त्री.) [*अधिरूढा पर्वतोपरिभागम् उपाधिभ्यां त्यकन्नासन्नारूढयोः ५.२.३४ इति त्यकन्, टाप्*] पहाडको शिखरमा रहेको समतल भूभाग। **भूमेरूर्ध्वमधित्यका** (अमर.)।

अधिदन्तः (पुं.) [*अध्यारूढो दन्तः, प्रादि.*] दाँतभन्दा माथिबाट निस्कने दात।

अधिदेवः (पुं.) [*अधिको देवः, प्रादिस.*] १.अधिष्ठातृदेवता २.कुलदेवता ३.इष्टदेवता।

अधिनायकः (पुं.) [*अधिको नायकः, प्रादिस.*] सर्वेसर्वा मानिस/शासक।

अधिनियमः (पुं.) [*अधिको नियमः, प्रादिस.*] अधिकार प्राप्त व्यक्तिद्वारा पारित वा स्वीकृत विधि वा नियम।

अधिपः (पुं.वि.) [*अधिपाति, अधि पूर्वकाद् पा रक्षणे इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः ६.४.६४*] १.स्वामी २.पालक ३.रक्षक ४.शासक।

अधिपतिः (पुं.वि.) [*पाति, पा रक्षणे इति धातेः, पातेर्डति (उ.) इति डतिः, अधिकःपतिः, प्रादिस.*] १.स्वामी २.पालक ३.रक्षक ४.शासक।

अधिपत्रम् (नपुं.) [*अधिकं पत्रम्, प्रादिस.*] कसैलाई कुनै काम गर्नका लागि अधिकार वा अनुमति दिइएको आदेशपत्र/आज्ञापत्र।

अधिबलम् (नपुं.) [*अधिकञ्च तद् बलञ्च, कर्म.स.*] १.ज्यादा बल २.[*अधिकं बलं यत्र तत्, बहु.स.*] वीथिको एक अङ्ग/दुइ व्यक्तिको बाझाबाज। **अन्योन्यवाक्याधिक्योक्तिः स्पर्धयाधिबलं**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतम् (सा.द.६प.) ३.[*बलं बुद्धिमधिकृत्य जातम्*] गर्भसन्धिको एक अङ्ग/बलबुद्धि लगाएर भित्री आशय बुझ्ने काम। **अधिबलमभिसन्धिश्छलेन यः** (सा.द.) ४.कूट, कपट र छल व्यवहारबाट शत्रुलाई जित्ने काम।

अधिभूः (पुं.) [*अधिभवति, भुवः संज्ञान्तरयोः ३.२.१७९ इति क्विप्*] स्वामी/मालिक।

अधिमर्म (नपुं.) [*मर्मसु इति, अव्ययं विभक्ति २.१.६ इति विभक्त्यर्थेऽव्ययीभावः*] मर्मस्थलमा।

अधिमासः (पुं.) [*अधिको मासः, प्रादिस.*] मलमास/चान्द्रमास-अनुसार लगभग दुई वर्ष आठ महिनामा पर्न जाने थप महिना। हेः **अधिकमासः**।

अधिरथः (पुं.वि.) [*रथम् अध्यारूढः, प्रादि.स.*] १.रथमा चढेको २.(पुं.) सारथि ३.(पुं.) अङ्गदेशका राजा कर्णका पालक पिता।

अधिराजः (पुं.) [*अध्यारूढो राजा, अधिराजन्शब्दात् राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] सम्राट्/परमशासक राज्यका शासक/अधिराज्यका राजा/प्रधान।

अधिराज्यम् (नपुं.) [*अधिकृतं राज्यं यत्र तत्*] सम्राज्य/सार्वभौम सत्तासम्पन्न स्वतन्त्र राज्य।

अधिरूढः (पुं.वि.) [*अधिरोहति स्म, गत्यर्थाकर्मक-३.४.७२ इति क्तः*] चढेको/आरोहण गरेको ।

अधिरोहणी (स्त्री.) [*अधिरुह्यतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्,*] १.खुट्किलो/सिँढी २.भऱ्याङ।

अधिवासः (पुं.) १.[*अध्युष्यतेऽत्र, अधि पूर्वकाद् वस निवासे इति धातोः, हलश्च ३.३.२२१ इति घञ्*] १.आवास। **तस्यापि च स एव गिरिरधिवासः** (काद.) २.धूप आदिको वासना ३.धूपादिको संस्कारविशेष। **अधिवासस्पृहयेव मारुतः** (रघु. ८.३४)।

अधिवासनम् (नपुं.) [*अधिपूर्वकाद्, वास उपसेवायाम् इति धातोः णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.सुगन्धित तुल्याउनु। **संस्कारो गन्धमाल्याद्यैर्यः स्यात्तदधिवासनम्** (अमर.) २.मूर्तिमा देवताको प्राणप्रतिष्ठा गर्नु।

अधिवासी (पुं.वि.) [*अधिवसति तच्छीलः, सुप्यजातौ णिनि-स्ताच्छील्ये ३.२.७८ इति णिनिः*] कुनै ठाउँ वा देशका निवासी।

अधिविन्ना (स्त्री.) [*अधि उपरि विन्नं लाभोऽस्याः*] सौता हालिएकी स्त्री। सौता भएकी प्रथम विवाहिता स्त्री (मनु. ९.८०-८३)।

अधिवेत्ता (पुं.) [*अधिपूर्वकाद्, विद् धातोः, ण्वुल्तृचौ, ३.१.१३३ इति तृच्*] एउटी स्त्री छँदाछँदै अर्को विवाह गर्ने पुरुष।

अधिवेदनम् (नपुं.) [*अधिपूर्वकाद् विद्लृ लाभे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः*] एउटी स्त्री छँदाछँदै अर्को विवाह गर्नु।

अधिवेशनम् (नपुं.) [*अधिकं वेशनम्, प्रादिस.*] कसैको ठुलो सम्मेलन।

अधिश्रयणी (स्त्री.) [*अधिश्रियतेऽत्र, श्रिञ् पाके इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१ ङीप् ४.१.११५*] १.आश्रयस्थल, २.[*अधिश्रियते पच्यतेऽत्र, पूर्ववत्*] चुल्हो।

अधिश्रीः (पुं.वि.) [*अधिका श्रीर्यस्य सः, बहु.स.*] १.ठुलो प्रतिष्ठा भएको २.धेरै सम्पत्ति भएको ३.प्रभुतासम्पन्न।

अधिष्ठाता (पुं.वि.) [*तिष्ठतीति, स्थाता, आधिक्येन स्थाता, प्रादिस.*] अध्यक्ष/कुनै संस्था वा अड्डाको मुख्य कार्यकर्ता।

अधिष्ठानम् (नपुं.) [*अधिष्ठीयतेऽत्र, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे भावादौ वा ल्युट्, अनः*] १.पाङ्ग्रो, २.सहर ३.निवासस्थान।

यद्भयात् सम्परित्यज्य स्वमधिष्ठानमृद्धिमत्।
कैलासं पर्वतश्रेष्ठमध्यास्ते नरवाहनः॥ (रामा.)

अधिष्ठास्नुः (पुं.वि.) [*अधितिष्ठति तच्छीलः, ग्लाजिस्थश्च ग्स्नुः ३.२.१३९ इति ग्स्नुः*] बसिरहने/स्थायी।

अधिष्ठितः (पुं.वि.) [*अधितिष्ठति स्मेति, अधिपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च ३.४.७२ इति क्तः*] रहेको/बसेको।

अधिसूचना (स्त्री.) [*सूच्यते इति, सूच पैशून्ये इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः, टाप्, अधिका सूचना, प्रादिस.*] विशेष प्रकारको सूचना।

अधीकारः (पुं.) [*उपसर्गस्य ६.३.१२२ इति दीर्घः*) हे. अधिकार।

अधीतः (पुं.वि.) [*अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः क्तः*] पढेको **दुरधीता विषं विद्या** (चाणक्य)।

अधीतिः (स्त्री.) [*अध्ययनमिति अधिपूर्वकाद्, इङ् अध्ययने इति धातोः, स्त्रियां क्तिन्, ३.३.९४ इति क्तिन्*] अध्ययन/अनुशीलन। **अधीतिबोधाचरणप्रसारणैः** (नैष. १.३)।

अधीती (पुं.वि.) [*अधीतमनेन इष्यादिभ्यश्च ५.२.८८ इति इनिः*] पढेको/शिक्षित।

अधीनः (पुं.वि.) [*इनम् स्वामिनम् अधिगतः, प्रादिस.*] आश्रित, मातहत। **स्थाने प्राणाः कामिनां दूत्यधीनाः** (मालवि.) **त्वदधीनं खलु देहिनः सुखम्** (कुमार.) **इक्ष्वाकूणां दुरापेऽर्थे त्वदधीना हि सिद्धयः** (रघु.)।

अधीनस्थः (पुं.वि.) [*अधीने तिष्ठतीति, उप.त.*] अधीनमा रहेको।

अधीनीकरणम् (नपुं.) [*न अधीनमधीनं यथा सम्पद्यते तथा करणम्*] अधीनमा राख्ने वा पार्ने काम।

अधीयन् (पुं.वि.) [*अधीते इति, अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः, इङ्धार्योः शत्रकृच्छ्रिणि ३.२.१०२ इति शतृ*] सुखसित पढिरहेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधीयानः (पुं.वि.) [*अधीते इति, अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः, लटि शानच्*] पढिरहेको ।

एकं शास्त्रमधीयानो न गच्छेच्छास्त्रनिश्चयम् ।
तस्मात् संलग्नशास्त्रेषु तर्कबुद्ध्यावगाह्यताम् ॥

(अगस्तिसंहिता)

अधीरः (पुं.वि.) [*न धीरः, न.त.*] १.साहस नभएको/डरपोक/ कातर २.(पुं.वि.) [*न धीरो धैर्यं यस्य सः, बहु.स.*] उत्ताउलो ३.चञ्चल ।

अधीरा (स्त्री.) [*न धीरा न.त.*] १.मध्या र प्रगल्भनायिकाको भेद । मध्या धीरा नायकसित हुने कठोर बोली बोल्छे भने प्रौढा धीरा गाली गर्ने थप्पड दिने र रिसाउने गर्दछे । २.सनक चढेकी स्त्री । ३.बिजुली ।

अधीवासः (पुं.) [*अधिवास्यते शरीरमाच्छाद्यते अनेन इति, अधिपूर्वकाद् वस आच्छादने इति धातोः, णिच्, ततः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, दीर्घः*] ओभरकोट ।

अधीशः (पुं.वि.) [*ईशमधिगतः, प्रादिस.*] १.स्वामी २.प्रभुतासम्पन्न

अधीश्वरः (पुं.वि.) [*अधिकः ईश्वरः,कर्म.स.*] १.सर्वोच्च स्वामी, २.चक्रवर्ती ३.ईश्वर ।

अधुना (अव्य.) [*अस्मिन् काले इति अधुना ५.३.१७ इति इदमोऽधुनानिपातः*]अहिले/यस बेला । **एतर्हि सम्प्रतीदानीमधुना साम्प्रतं तथा** (अमर.) ।

अधुनातनः (पुं.वि.) [*अधुना भवः, अधुना इति शब्दाद्, ट्युल् तुट् च*] वर्तमान कालसँग सम्बद्ध/आधुनिक ।

अधृतिः (स्त्री) १.[*न धृतिः, न.त.*] अधैर्य २.[*न विद्यते धृतिर्यस्यां सा, बहु.स.*] एक कामदशा ३.(पुं.) [*न विद्यते धृतिर्यस्य सः*] धैर्य नभएको ४.(स्त्री.) [*अविद्यमाना धृतिर्यस्याः सा, बहु.स.*] धैर्य नभएकी ।

अधृष्टः (पुं.वि.) [*न धृष्टः, न.त.*] शालीन/लज्जाशील । **अधृष्टे शारदशालीनौ** (अभि.चि.) ।

अधोंशुकम् (नपुं.) [*अधो देहभागस्यांशुकम्, म.प.स.*] धोती/शरीरको तल्लो भागमा लगाउने लुगा । **परिधानन्त्वधोंशुकम्** (अभि.चि.)

अधोऽधः (अव्य.) [*अधसोऽधः*] तलभन्दा पनि तल ।

अधोऽधः पश्यतः कस्य महिमा नोपचीयते ।
उपर्युपरि पश्यन्तः सर्व एव दरिद्रति ॥ (सुभा.)

अधोक्षजः (पुं.) [*अधः कृतं अक्षजम्, ऐन्द्रियं ज्ञानं येन सः, बहु.स.*] विष्णु । **वनमाली बलिध्वंसी कंसारातिरधोक्षजः** (अमर.) ।

अधोगतिः (स्त्री.) [*अधः गतिः*] १.पतन २.अवनति ३.तल्लो बाटो ४.(पुं.वि.) [*अधः गतिर्यस्य सः, बहु.स.*] तलतिर लागेको ।

अधोभुवनम् (नपुं.) [*अधश्च तद्भुवनञ्च,कर्म.स.*] पाताल/यहाँबाट पृथ्वीको पछिल्तिर पर्ने भाग । **अधोभुवनपातालम्** (अमर.) ।

अधोमतिः १.(स्त्री.) [*अधो मतिः*] १.कुमति २.छोटो बुद्धि, २.(पुं.वि.) [*अधो मतिर्यस्य सः, बहु.स.*] कुबुद्धिमा लागेको ।

अधोमुखः (पुं.वि.) [*अधो मुखं यस्य सः, बहु. स.*] १.मुख तलतिर फर्काएको २.घोप्टिएको । **अधोमुखस्त्ववाङ् । न्यूब्जस्त्वधोमुखे** (अभि.चि.) ३.(पुं.) विष्णु (अभि.चि.टीका) ।

अधोमुखमुद्रा (स्त्री.) [*अधो मुखं यस्याः सा, सा चासौ मुद्रा च, कर्म.स.*] बुढी औँला नजोडी बाँकी दुवै हातको औँलाको पीठतिरबाट उल्ट्ये आपसमा जोडेर तल फर्काउँदा हुने मुद्रा ।

अधोवायुः (पुं.) [*अधोगतो वायुः, म.प.स.*] पाद/अपान वायु ।

अध्यक्षः (पुं.) [*अक्षम् व्यवहारम् अधिगतः अत्यादय (वा.) २.२.१८ इति समासः, यद्वा अध्यक्ष्णोति व्याप्नोति, अधिपूर्वकाद् अक्षू व्याप्तौ इति धातोः, अच् ३.१.१३४*] १.कुनै सभा,समिति वा संस्थाको प्रमुख । **अध्यक्षाधिकृतौ समौ** (अमर.) २.आयव्यय हेर्ने अधिकृत ३.(पुं.वि.) [*अक्षम् इन्द्रियमधिगतः, प्रादिस.*] प्रत्यक्ष, इन्द्रियबोध्य ।

अध्यङ् (पुं.) [*अध्यञ्चति अधिक्येन वर्तत इति अधिपूर्वकात् अञ्चु गतिपूजनयोः, इति धातोः ऋत्विग्दधृक्स्रग्दिगुष्णिगञ्चु-युजिकुञ्चाञ्च ३.२.५९ इति क्विन्, सर्वापहारिलोपः, अनदितां हल उपधायाः क्ङिति ६.४.२४ इति अनुनासिकलोपे प्राप्ते नाञ्चे पूजायाम् ६.४.३० इति निषेधः, हल्ङ्याादिसंयोगान्त-लोपौ, क्विन्प्रत्ययस्य कुः ८.२.६२ इति कुत्वम्*] सबैभन्दा बढी ।

अध्यधि (अव्य.) माथि-माथि ।

अध्ययनम् (नपुं.) [*अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.पढ्नु २.अनुशीलन गर्नु, ३.शास्त्रअनुसार गर्नुपर्ने ब्राह्मणका ४.कर्ममध्ये एक । **अध्ययनं ब्रह्मयज्ञः** (अभि.चि.) ।

अध्ययनीयः (पुं.वि.) [*अधिपूर्वकाद् इति इङ् अध्ययने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति अनीयर्*] १.अध्ययन गर्न योग्य २.अध्ययन गरिने ।

अध्यवसायः (पुं.) [*अध्यवसानम्, अधि-अवपूर्वकाद् षो अन्तः कर्मणि इति धातोः, भावे ३.३.१८ इति घञ्, आतो युक् ७.३.३३ इति युक्*] १.सत्त्वगुणको आधिक्य २.लगातार गरिने उद्योग वा मिहिनेत ३.उत्साह । **उत्साहोऽध्यवसायः स्यात्** (अमर.) ४.शत्रुका सामुन्नेमा दृढ भएर डट्ने काम ।

अध्यवसायी (पुं.वि.) [*अध्यवस्यति तच्छीलः, अधि-अवपूर्वकाद् षो अन्तःकरणे इति धातोः णिनिः*] निरन्तर मिहिनेत गर्ने ।

अध्यशनम् (नपुं.) [*अधिपूर्वकात् अश भोजने इति धातोः, ल्युट्, अनः*] ज्यादा खानु/खाएको खाना नपची पुनः खाना खानु ।

अजीर्णे भोजनं यत्तु तदध्यशनमुच्यते (भावप्र.) ।

अध्यात्मम् (नपुं.) [*आत्मनि इति अध्यात्म, अव्य.समा. अनश्च ५.४.१०८ इति टच्, नस्तद्धिते ६.४.१४४ इति टिलोपः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.आत्मासम्बन्धी विषय, २.आत्मज्ञान ३.स्वभाव। **स्वभावोऽध्यात्ममुच्यते** (भ.गी.)।

अध्यात्मवादः (पुं.) [*अध्यात्म इति वादः, कर्म.स.*] आत्मा र जीव एकै हो भनी प्रतिपादन गर्ने सिद्धान्त।

अध्यादेशः (पुं.) [*अधिकः आदेशः प्रादिस.*] कुनै काम वा व्यवस्थाका निमित्त राज्य वा सरकारको तर्फबाट निकालिएको कानुनसरहको आदेश।

अध्यान्तरणम् (नपुं.) कुनै वस्तुको स्थूल तथा सूक्ष्म अथवा सीमित तथा असीमित स्वरूपलाई कल्पनाको आधारमा त्याग गरेर त्यसको पवित्रता, सरलता, सौन्दर्य आदि गुणको चिन्तन गर्नु। त्यसको बाह्य सत्ताको अतिरिक्त आन्तरिक आध्यात्मिक सत्ताको अनुभव हुनु।

अध्यापकः (पुं.) [*अध्यापयति अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः, णिच्, पुक्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.व्रतबन्ध गरेपछि वेद पढाउने गुरु २.वृत्तिका लागि विद्यार्थीहरूलाई पढाउने शिक्षक। **उपाध्यायोऽध्यापकः** (अमर.)।

अध्यापनम् (नपुं.) [*अधिपूर्वकाद्, इङ् अध्ययने इति धातोः, णिच् पुक्,ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पढाउने काम २.ब्राह्मणका ६ कर्ममध्ये एक। यो तीन थरीको हुन्छ– १.धर्मका लागि पढाउनु २.तलब लिएर पढाउनु ३.सेवाको बदलामा पढाउनु।

अध्यापयिता (पुं.वि.) [*अध्यापयति इति, अधिपूर्वकात् इङ् अध्ययने इति धातोः, णिच्, पुक्, तृच्*] पढाउने शिक्षक।

अध्यापितः (पुं.वि.) [*अध्याप्यते स्म, अधिपूर्वकात् इङ् अध्ययने इति धातोः, णिच्, पुक्, निष्ठा ३.२.१०२ इति क्तः*] पढाइएको।

अध्यायः (पुं.) *अधिपूर्वकात् इङ् अध्ययने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.वेदपाठ २.ग्रन्थको अंश वा भाग। संस्कृत वाङ्मयमा ग्रन्थको अंश वा भाग जनाउन– सर्ग, वर्ग, परिच्छेद, उद्घात, अध्याय, अङ्क, सङ्ग्रह, उच्छ्वास, परिवर्त, पटल, काण्ड, आनन, प्रकरण, पर्व, उल्लास, आह्निक, स्कन्ध, अंश आदि शब्द प्रयोग भएका छन्।

सर्गो वर्गपरिच्छेदोद्घाताध्यायाङ्कसङ्ग्रहाः।
उच्छ्वासः परिवर्तश्च पटलः काण्डमाननम्॥
स्थानं प्रकरणञ्चैव पर्वोल्लासाह्निकानि च।
स्कन्धांशौ तु पुराणादौ प्रायशः परिकीर्तिताः॥

अध्यायी (पुं.वि.) [*अधीते तच्छीलः, अधिपूर्वकात् इङ् अध्ययने इति धातोः, णिनिः*] अध्ययनशील।

अध्यारूढः (पुं.वि.) [*अधि, आङ्पूर्वकात् रूह धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.सवारीसाधनमा चढेको २.चढेको ३.अतिशय बढेको।

अध्यारोपः (पुं.) [*अध्यारोपणम्, अधिपूर्वकाद् रुह धातोः भावे ३.३.१८ इति, घञ्, पुक्*] १.दोष लगाउनु २.भ्रमात्मक ज्ञान ३.कुनै एक वस्तुलाई अर्को वस्तु सम्झनु, जस्तो अँध्याराको डोरीलाई सर्प ठान्नु,सच्चित,आनन्द,अनन्त, अद्वय ब्रह्ममा अज्ञानादि जडसमूहको आरोप। **असर्पभूतरज्जौ सर्पारोपवत्, अजगद्रूपे ब्रह्मणि जगद्रूपारोपवत्, वस्तुन्यवस्त्वारोपोऽध्यारोपः** (वेदान्तसार)।

अध्यारोपणम् (नपुं.) [*अधि– आपूर्वकाद् रुहधातोः, णिच्, ल्युट् च, ३.३.११५ इति ल्युट् अनः ७.१.१ पुक्*] १.वस्तुमा अवस्तुको आरोप गर्नु २.बीज रोप्नु।

अध्यावाहनिकम् (नपुं.) [*अध्यावाह्यते इति, अधिआङ्पूर्वकाद् वह प्रापणे इति धातोः, ल्युट् च, ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, ततः ठक्, इकः*] दाइजोको प्रकार। बाबुको घरबाट पतिको घरमा विवाह भएर जान लाग्दा स्त्रीजातिले लैजाने छथरी धनमध्ये एकथरी धन।

यत्पुनर्लभते नारी नीयमाना तु पैतृकात्।
अध्यावाहनिकं नाम स्त्रीधनं परिकीर्तितम्॥ (स्मृति.)

अध्यासः (पुं.) [*अधिपूर्वकात् आस् धातोः, भावे ३.३.१८ इति घञ्*] मिथ्या जगत्लाई पनि सत्य ठान्ने भ्रमात्मक ज्ञान।

अध्यासीनः (पुं.वि.) [*अध्यास्ते इति, अधिपूर्वकात् आस् धातोः लटि शानच्, ईदासः ७.२.८३ इति आनस्यादेरीकारः*] १.अध्यक्षको पदमा बस्ने, अध्यक्षता ग्रहण गर्ने २.बसिरहेको।

अध्याहरणम् (नपुं.) [*अधिआङ् पूर्वकात् हृञ् हरणे इति धातो भावे घञ्*] १.व्याकरणमा सूत्रको अर्थ गर्दा सूत्रमा नदेखिएको पदलाई अरू सूत्रबाट अनुवृत्ति ल्याउनु २.तर्क गर्नु।

अध्याहारः (पुं.) [*अध्याहरणम्, अधि– आङ्पूर्वकात् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.व्याकरणमा अपुग पद अन्यत्रबाट ल्याई काम चलाउनु २.तर्कवितर्क ३.अस्पष्ट भावलाई अरू शब्दद्वारा स्पष्ट पार्नु।

अध्युषितः (पुं.वि.) [*अध्युष्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः, वसतिक्षुधोरिट् ७.२.५२ इति इट्*] बसेको।

सोपद्रवं तथाऽस्वच्छं दुर्गन्धेन समन्वितम्।
अभद्रदर्शनं वेश्माध्युषितः कः सुखं व्रजेत्॥ (वास्तुशास्त्र)

अध्युषितम्. (नपुं.) वास कुटी।

बभञ्जाध्युषितं भूयः क्षुधित्वा पत्रिभिर्वनम् (भट्टि.)।

अध्यूढः (स्त्री.) [*अधिपूर्वकाद् वह प्रापणे इति धातोः क्तः, ततः सम्प्रसारणढत्वष्टुत्वढलोपादीनि*] १.ज्यादै बढेको २.सामर्थ्यभन्दा बढी भारी बोकेको। समृद्ध ३.अभ्युदयशाली।

अध्यूढा (स्त्री.) [*अधि– उपरि ऊढम् उद्वहनमस्याः सा*] सौता हालिएकी स्त्री। **कृतसापत्नीकाऽध्यूढा** (अमर.)।

अध्येतव्यः (पुं.वि.) [*अधिपूर्वकात्, इङ् अध्ययने इति धातोः, तव्यत्तव्यानीयरः३.१.९६ इति तव्यत्*] पढ्न लायक/पठनीय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्येता (पुं.वि.) [*अध्येति, अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः, ण्वुल्तृचौ, ३.१.१३३ इति तृच्*] १.विद्यार्थी २.पाठक ।

अध्येयः (पुं.वि.) [*अधिपूर्वकाद् इङ् अध्ययने इति धातोः, अचो यत् इति यत्, गुणः*] पढ्न लायक/पठनीय ।

अध्येषणा (स्त्री.) [*अधिपूर्वकाद्, इषु इच्छायाम् इति धातोः, इषेरनिच्छार्थस्य (ग.सू.) इति युच्, युवोरनाकौ ७, १।१ इति अनः, टाप्*] १.प्रार्थना २.याचना ३.पूज्य व्यक्तिलाई आदरका साथ कुनै काममा लाउनु । **अर्दना प्रणयो याच्ञा याचनाऽध्येषणा सनिः** (अभि.चि.) ।

अध्रुवम् (नपुं.) [*न ध्रुवम् न.त*] अनिश्चय ।

अध्वगः (पुं.वि.) [*अध्वानं गच्छति, अध्वपूर्वकाद् गम्लृ गतौ इति धातोः, अन्तात्यन्ताध्वदूरपारसर्वानन्तेषु डः, ३.२.४८ इति डः, टिलोपः*] १.बटोही, २.ऊँट, ३.खच्चर ४.सूर्य । **अध्वनीनोऽध्वगोऽध्वन्यः पान्थः पथिक** इत्यपि (अमर.) ।

अध्वगामी (पुं.वि.) [*अध्वपूर्वकात्, गम्लृ गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] बाटो हिंड्ने बटुवा ।

अध्वनीनः (पुं.वि.) [*अध्वानमलं गच्छति, अध्वनो यत्खौ ५.२.११६ इति खः, खस्य ईनः अत्माध्वानौ खे ६.४.१६९ इति प्रकृतिभावः*] बाटामा हिंड्ने यात्री ।

निन्द्यते पितृभिस्तप्तैर्निरपत्यधनः पुमान् ।
अध्वनीनैरतिश्रान्तैरवकेशीव पादपः ॥ (सुभा.)

अध्वन्यः (पुं.) [*अध्वनि साधुः अध्वनो यत्खौ ५.२.११६ इति यत्, ये चाभावकर्मणोः ६.४.१६८ इति टिलोपो न*] बटोही ।

अध्वरः (पुं.) [*अध्वानं सन्मार्गं राति ददाति, अध्वपूर्वकाद् रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.यज्ञ । **यज्ञः सवोऽध्वरो यागः सप्ततन्तुर्मखः क्रतुः** (अमर.) २.वसुविशेष ३.सावधान (मेदिनी.) ।

अध्वरथः (पुं.) [*अध्वने रथः, च.स.*] सामान्य यात्राका लागि बनाइएको रथ । **अध्वरथः पारियानिकः** (अभि.चि. ३.४१६) ।

अध्वर्युः (पुं.) [*अध्वरमिच्छति, सुप आत्मनः क्यच् ३.१.८ इति क्यच्, कव्यध्वरपृतनस्यर्चि लोपः ७.४.३९ इति अकारलोपः, क्याच्छन्दसि ३.२.१७० इत्युः*] यज्ञ गराउने यजुर्वेदी ऋत्विक् । **विवाहयज्ञे विततेऽत्र यूयमध्वर्यवः पूर्ववृता मयेति** (कु.सं.) ।

अध्वा (पुं.) [*अत्ति भक्षयति बलं पथिकानाम्, अद भक्षणे इति धातोः, अदेर्ध चः (उ.) ५६५ इति क्वनिप्, धकारान्तादेशश्च*] १.बाटो/मार्ग/पन्था २.संस्थान ३.काल ४.खुड्किलो । **अध्वा ना पथि संस्थाने स्यादवस्कन्दकालयोः** (मेदिनी.) ।

अन (धा.) [*प्राणने, अक.सेट् पर. प्रायोणायं प्रपूवर्कः*] सास फेर्नु । लट्– **प्राणिति**– सास फेर्छ । लिट्– **प्राण**– सास फेरेछ (अन.) । लुट्– **प्राणिता**– सास फेर्ने छ । (अन.) । लृट्– **प्राणिष्यति**–सास फेर्ने छ । लोट्– **प्राणितु**– सास फेरोस् । लङ्– **प्राणत्**– सास फेऱ्यो (अन.) । विधिलिङ्– **प्राण्यात्**– सास फेर्ला, सास फेरोस् । आशीर्लिङ्– **प्राण्यात्**– सास फेरोस् । लुङ्– **प्राणीत्**– सास फेऱ्यो । लृङ्– **प्राणिष्यत्**–सास फेर्ने थियो । भावे– **प्राण्यते**– सास फेरिन्छ । णिचि– **प्राणयति**– सास फेर्न लगाउँछ । सनि– **प्राणिणिषति**– सास फेर्न खोज्छ । कृदन्ते– **प्राणकः. प्राणिका, प्राणिता, प्राणयिता–त्री**– सास फेर्ने । **प्राणः**– सास, हृदयमा रहने वायु । **अपानः**– गुदद्वारबाट निस्कने वायु । **व्यानः**– सबै शरीरमा रहने वायु ॥ **उदानः**– कण्ठ प्रदेशमा रहने वायु । **समानः**– नाभिक्षेत्रमा रहने वायु । **प्राणयितुम्**– सास फेर्न । **अनित्वा, प्राण्य**– सास फेरेर इत्यादि ।

अन (धा.) [*जीवने, दिवा. आत्म.अक.सेट्*] बाँच्नु, सास फेर्नु । लट्–**अन्यते**– बाँच्छ, सास फेर्छ इत्यादि ।

अनः (पुं.) [*अनिति जीवति अनेन, अन प्राणने इति धातोः, सर्वधातुभ्योऽसुन् (उ) .६३८ इति असुन्*] १.गाडा, २.भात/पकाएको अन्न, ३.श्वासप्रश्वास ।

अनक्षरः (पुं.वि.) [*अविद्यमानानि अक्षराणि यस्य सः*] १.लाटो २.नपढेको ।

अनक्षरम् (नपुं.) [*अप्रशस्तान्यक्षराणि यस्मिन्, अक्षराणामप्राशस्त्यं चार्थद्वारकम्*] बोल्न नहुने बोली/अवाच्य बोली । **अनक्षरमवाच्यं स्यात्** (अमर.) ।

अनक्षि (नपुं.) [*असुन्दरमक्षि*] १.नराम्रो आँखा । **असौम्येऽक्षिण्यनक्षि** (अभि.चि.) २.मन्द दृष्टि भएको आँखा ।

अनगारः (पुं.) [*अविद्यमानमगारं भवनं यस्य सः, बहु.स.*] मुमुक्षु/योगी । **वाचंयमो यती साधुरनगार ऋषिर्मुनिः** (अभि.चि.) ।

अनग्निः (पुं.वि.) [*अविद्यमानोऽग्निर्यस्य सः, न.बहु.*] १.मन्दाग्नि रोगबाट ग्रस्त २.[*अविद्यमानः श्रौतः स्मार्तो वा अग्निर्यस्य सः, बहु.स.*] श्रौत स्मार्त कर्मले विहीन ३.अविवाहित ।

अनघः (पुं.वि.) [*अविद्यमानमघं पापं यस्य सः, न.बहु.*] १.निष्पाप निरपराध २.पवित्र, निष्कलङ्क ३.सकुशल ४.मनोहर/मन खिच्ने । **अखण्डं पुण्यानां फलमिव च तद्रूपमनघम्** (अभि.शा.) ।

अनङ्गः (पुं.वि.) [*अविद्यमानानि अङ्गानि यस्य सः*] १.अङ्गरहित, २.(पुं.) कामदेव । **कन्दर्पो दर्पकोऽनङ्गः कामः पञ्चशरः स्मरः** (अमर.) ३.आकाश ४.मन (मेदिनी.) ५.वायु । **~कीर्तनम्** (नपुं.) [*अनङ्गस्य कीर्तनम्, ष.त*] सहयोगी वा अप्रासङ्गिक विषयको अनावश्यक विस्तार गर्दा पर्न जाने दोष । **~क्रीडा** १.कामक्रीडा, २.छन्दशास्त्रअनुसार मुक्तकवृत्तको एक भेद । यसको पूर्वदलमा १६ गुरु वर्ण र उत्तरदलमा ३२ वर्ण हुन्छन् । **~लेखः**– प्रेमपत्र । **~शत्रुः**– शिव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनङ्गम् (नपुं.) [*अविद्यमानानि अङ्गानि यस्य तत्*] १.आकाश २.अन्तरीक्ष ३.मन ।

अनङ्गवर्णनम् (नपुं.) [*अनङ्गस्य वर्णनम्, ष.त.*] अप्रासङ्गिक विषयको बढी वर्णन गर्नु ।

अनङ्गशेखरः (पुं.) १.दण्डक छन्दको एक भेद। प्रायः ३२ अक्षर भएको यस छन्दमा क्रमैले लघुपछि गुरु वर्ण आउँछ। सर्वप्रथम यसको व्याख्या हेमचन्द्रको **छन्दो ऽनुशासनम्** भन्ने ग्रन्थमा भएको देखिन्छ। २.एक काव्यशास्त्री।

अनच्छम् (नपुं.) [*भिन्नमच्छात्, न.त., नलोपो नञः ६.३.७३ तस्मान्नुडचि ६.३.७४ इति नुट्*] धमिलो। **अनच्छं स्यादाविलं कलुषञ्च तत्** (अभि.चि.)।

अनड्वान् (पुं.) [*अनः शकटं वहति, अनसि वहेः क्विप्, अनसो डश्च*] गोरु, साँढे, **। उक्षा भद्रो बलिवर्द्ध ऋषभो वृषभो वृषः। अनड्वान् सारभेयो गौः ॥** (अमर.)

अनतिक्रमः (पुं.) [*न अतिक्रमः, न.त.*] हदभन्दा बाहिर नजानु।

अनतिक्रमणीयः (पुं.वि.) [*न अतिक्रमणीयः, न.त.*] नाघ्नु नहुने।

अनतिविलम्बिता (स्त्री.) [*न अतिविलम्बिता, न.त.*] १.ज्यादा ढिलो नहुनु। २.वक्ताका पैंतिस गुणमध्ये एक गुण।

अनद्यः (पुं.) [*अदितुं योग्यः, अद्यः, न अद्यः, न.त.*] १.सेतो सर्स्युं, २.(पुं.वि.) खानु नहुने।

अनद्यतनः (पुं.वि.) [*न अद्यतनः,न.त.*] आजको दिनसँग सम्बन्ध नराख्ने। **अतीताया रात्रेः पश्चार्धेन आगामिन्या रात्रेः पूर्वार्धेन सहितो कालोऽद्यतनः, तद्भिन्नः कालोऽनद्यतनः** । **~भविष्यत्** (पुं.) १.आउने आधारातदेखि पछिको बेला, २.व्याकरणमा आउने समय बुझाउने कालको भेद। **~भूतः** (पुं.) १.गएको आधारातदेखि अघिको बेला, २.व्याकरणमा गएको समय जनाउने कालको एक भेद।

अनधिकारः (पुं.वि.) १.[*अविद्यमानः अधिकारो यस्य सः, बहु.स.*] अधिकार नभएको २.(पुं.) [*न अधिकारः, न.त.*] अधिकारको अभाव/अधिकार नहुनु।

अनधिकारिता (स्त्री.) [*न अधिकारिता, न.त.*] अधिकार नहुनु।

अनधिकारी (पुं.वि.) [*न अधिकारी, न.त.*] १.अधिकार नभएको २.अधिकारीदेखि भिन्न।

अनधिकृतः (पुं.वि.) [*न अधिकृतः, न.त.*] अधिकार नभएको।

अनधिगतः (पुं.वि.) [*न अधिगतः, न.त.*] थाहा नभएको/नजानिएको।

अनधीयानः (पुं.वि.) [*न अधीयानः, न.त.*] नपढेको।

अतपास्त्वनधी यानः प्रतिग्रहरुचिर्द्विजः।
अम्भस्यश्मप्लवेनेव सह तेनैव मज्जति॥ (मनु. ४.१९०)

अनध्ययनम् (नपुं.) [*न अध्ययनम्, न.त.*] अध्ययन नगर्नु/नपढ्नु।

अनध्यायः (पुं.) [*न अध्यायः, न.त.*] .पढ्नका लागि वर्जित समय।

अननुभाषणम् (नपुं.) [*न अनुभाषणम्, न.त.*] न्याय शास्त्रअनुसार वादीले आफ्नो विषय स्पष्ट पार्न तीन पटक दोहऱ्याउँछ र सबैले बुझ्दछन्। त्यसपछि प्रतिवादीले उत्तर दिन नसके हार भएको मानिन्छ, यस्तो अवस्था।

अननुष्ठानम् (नपुं.) *न अनुष्ठानम्, न.त.*) शास्त्रमा भनेअनुसार नगर्नु ।

अननुसन्धानम् (नपुं.) [*न अनुसन्धानम्, न.त.*] मुख्य रस वा प्रासङ्गिक विषयको बेवास्ता गर्नु।

अननुसन्धेयः (पुं.वि.) [*अनुसन्धातुं योग्यः, यत्, ईद्यति इति ईत्वम्, गुणः,न अनुसन्धेयः, न.त.*] अनुसन्धान गर्न अयोग्य।

अनन्तः (पुं.वि.) [*अविद्यमानः अन्तो गुणानां यस्य सः, बहु.स.*] १.विष्णु ।

गन्धर्वाप्सरसः सिद्धाः किन्नरोरगचारणाः।
नान्तं गुणानां जानन्ति तेनानन्तोऽयमुच्यते ॥

२.[*बहुशीर्षकतया अपरिच्छिन्नः*] शेषनाग ३.[*शेषावतारतया*] बलराम ४.[*अन्तः परिच्छेदः देशतः कालतः वस्तुतश्च यस्य नास्ति सः*] परब्रह्म ५.समय।

कलाकाष्ठामुहुर्तादिदिनरात्रिशरीरवान्।
पक्षमासर्तुवर्षादियुगकालव्यवस्थया।
योऽयं कालो मयाख्यातः सोऽनन्त इति कीर्त्यते।

(स्क.पु.) ६.ब्रह्माण्ड ७.वासुकि ८.अनन्त चतुर्दशीका दिन बाँधिने चौध गाँठा भएको डोरो ९. (नपुं.) आकाश (पुं.वि.) इयत्तारहित। **~चतुर्दशी** (स्त्री.) भाद्रशुक्ल चतुर्दशी। यस दिन व्रतालुले आयु, आरोग्य र चतुर्वर्ग (धर्म, अर्थ, काम र मोक्ष) प्राप्तिका निमित्त शेष नागसहित भगवान् विष्णुको पूजा गरेर अनन्त (डोरो) बाँध्दछन्। **~टङ्कः** (पुं.) सङ्गीतको एक राग। **~दृष्टिः** (स्त्री.) [*अनन्ता चासौ दृष्टिः, कर्म.स.*] दूरदृष्टि। **~रूपः** (पुं.) [अनन्तानि असङ्ख्यानि रूपाणि अवतारा यस्य सः, बहु.स.] ईश्वर। **~विजयः** (पुं.) [*विजयतेऽनेन, करणेऽच्, अनन्तानामसङ्ख्यकानां शत्रूणां विजयो विजयसाधनम्, ष.त.*] युधिष्ठिरको शङ्ख। **~वीर्यः** (पुं.वि.) [*अनन्तं वीर्यं तेजो यस्य सः, बहु.स.*] १.(पुं.वि.) अपार पराक्रम भएको २.(पुं.) तेइसौं जैन तीर्थङ्कर। **~व्रतम्** (नपुं.) [*अनन्तस्य व्रतम्, ष.त.*] भाद्र शुक्ल चतुर्दशीका दिन गरिने अनन्तको व्रत। **~शक्तिः** (स्त्री.) १.[*अनन्ता शक्तिर्यस्य सः, बहु.स.*] पराक्रमी/ज्यादै बलियो २.[*अनन्ता चासौ शक्तिः, कर्म.स.*] अपार शक्ति/कहिल्यै नसकिने बल। **~शीर्षा** (स्त्री.) [*अनन्तानि शीर्षाणि, यस्याः सा*] धेरै शिर भएकी वासुकि नागकी पत्नी। **~राशिः** (पुं.) [*अनन्तश्चासौ राशिः, कर्म.स.*] अन्त नहुने सङ्ख्या वा थुप्रो/धेरै सङ्ख्या।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तगः (पुं.वि.) १.[*अनन्ते आकाशे गच्छतीति, गम्लृ गतौ इति धातोः, अन्तात्यन्ताध्वदूरपारसर्वानन्तेषु डः ३.२.४८ इति डः, टिलोपः*] आकाशमा उड्ने २.[*अनन्तं गच्छति, पूर्ववत्*] अनन्तसम्म चल्ने।

अनन्तदेवः (पुं.) सत्रौँ शताब्दीका राजधर्मसम्बन्धी ग्रन्थकार। यिनले राजधर्मकौस्तुभ नामक ग्रन्थ रचेका छन्। यो चार खण्डमा विभक्त छ— वास्तुकर्म, राज्याभिषेक, वास्तुयोग र प्रजापालन। यिनका अरू रचनामा सैनिकशास्त्र मुख्य छ।

अनन्तरः (पुं.वि.) [*अविद्यमानम् अन्तरं यस्य सः*] १.सीमारहित २.जोडिएको। **ब्रह्मावर्तादनन्तरः** (मनु.) ३.देशकाल आदिबाट कुनै अन्तर नभएको।

अनन्तरम् (नपुं.) यसपछि **पितुरनन्तरमुत्तरकोशलान्** (रघु.)।

अनन्तरितः (पुं.वि.) [*न अन्तरितः, न.त.*] १.नछेकिएको २.अन्तर न पारिएको ३.लगत्तै रहेको।

अनन्तरीयः (पुं.वि.) [*अनन्तरे जातः, छः, छस्य ईयः*] वंशक्रममा ठिक पछिल्लो।

अनन्ता (स्त्री.) [*अविद्यमानोऽन्तोऽस्याः, यद्वा अनन्तोऽस्ति धारको यस्याः सा, बहु.स.*] १.पृथ्वी २.सेतो दुबो ३.पार्वती ४.अमला ५.गुड्ची, ६.घुर्रो, ७.पिपला, ८.खन्यू, ९.लक्ष्मी। १०.(वि.) अन्त नभएकी।

अनन्त्यः (पुं.वि.) [*अविद्यमानः अन्त्यो यस्य सः, बहु.स.*] अन्त्य नभएको।

अनन्यः (पुं.वि.) [*न अन्यः, न.त.*] १.अद्वितीय, अभिन्न २.अतुलनीय ३.एकाग्र ४.अरूसित सम्बन्ध नभएको, एउटैमा लीन भएको। **अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते** (भाग.)। **~क्षेत्राधिकारः** (पुं.) एकभन्दा अर्को क्षेत्रमा अधिकार नहुनु। **~गतिः** १.(पुं.वि.) [*अविद्यमाना अन्या गतिर्यस्य सः*] अर्को गति नभएको, एकाश्रित। २.(स्त्री.) [*न अन्यगतिः, न.त.*] अर्को गति वा उपाय नहुनु। **~चित्तः** (पुं.वि.) [*अविद्यमानम्, अन्यस्मिन् चित्तं यस्य सः, बहु.स.*] एकै कुरामा मन लगाउने। **~चेताः** (पुं.वि.) [*अविद्यमानमन्यस्मिन् चेतो यस्य सः, बहु.स.*] एकै कुरामा ध्यान केन्द्रित गर्ने। **~दृष्टिः** (पुं.वि.) [*अविद्यमाना अन्यस्मिन् दृष्टिर्यस्य सः, बहु.स.*] एकनासले हेरिरहने। **~पूर्वः** (पुं.) [*अविद्यमाना अन्या पूर्वा यस्य सः, बहु.स.*] अर्की पत्नी नभएको पुरुष। **~पूर्वा** (स्त्री.) [*अविद्यमानः अन्यः पूर्वो यस्याः सा बहु.स.*] कन्या/अविवाहित कुमारी। **~भक्तिः** (पुं.वि.) [*अविद्यमाना अन्यस्मिन् भक्तिर्यस्य सः, बहु.स.*] एउटैमा परम भक्ति भएको। **~भावः** (पुं.) [*अविद्यमानः अन्यस्मिन् भावः*] एकाकार भावना हुनु। **~मनस्कः** (पुं.वि.) [*न विद्यते, अन्यस्मिन् मनो यस्य सः, बहु.स.*] एकै कुरामा मन लगाउने। **~विषयः** (पुं.वि.) [*अविद्यमानः अन्यो विषयो यस्य सः, बहु.स.*] अरूको सत्ता वा सम्बन्ध नभएको। **~वृत्तिः** (पुं.वि.) [*अविद्यमाना, अन्येषु विषयेषु वृत्तिश्चित्तवृत्तिर्यस्य सः, बहु.स.*] एकै विषयमा मात्र केन्द्रित चित्तवृत्ति भएको। **~सदृशः** (पुं.वि.) [*अविद्यमानः अन्यः सदृशो यस्य सः, बहु.स.*] अरूजस्तो नभएको। **~साधारणः** (पुं.वि.) [*अविद्यमानः अन्यः साधारणो यस्य सः, बहु. स.*] अरूजस्तो सामान्य नभएको/असामान्य।

अनन्यजः (पुं.) [*अविद्यमानः अस्माद् अन्य इति अनन्यः (विष्णुः), तस्माज्जातः अनन्यपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] कामदेव। **संवरारिर्मनसिजः कुसुमेषुरनन्यजः** (अमर.)।

अनन्वयः (पुं.) [*अविद्यमानः अन्येन सह अन्वयो यस्य सः, बहु.स.*] सादृश्यगर्भ भेदाभेदप्रधान एक अर्थालङ्कार। अर्को तुलनायोग्य उपमान नपाएर उपमेयलाई नै उपमानको रूपमा लिई तुलना गर्दा पर्न जाने अलङ्कार। एउटै वस्तुलाई उपमान र उपमेय दुवै बनाएर गरिने वर्णन। **रामरावणयोर्युद्धं रामरावणयोरिव**। यहाँ राम र रावणको युद्धलाई तुलना गर्ने अर्को दृष्यान्त नपाएको हुँदा कविले राम र रावणको युद्धसँग नै तुलना गरेका छन्। **उपमानोपमेयत्वमेकस्यैव तदन्वयः** (सा.द.)।

अनपक्रिया (स्त्री.) [*न अपक्रिया, न.त.*] १.अपकार गर्नु २.नसुम्पनु ३.ऋण नतिर्नु।

अनपत्यः (पुं.वि.) [*अविद्यमानानि अपत्यानि यस्य सः, न. बहु.स.*] निःसन्तान।

अनपत्रपः (पुं.वि.) [*अविद्यमाना अपत्रपा यस्य सः, न. बहु.स.*] निर्लज्ज।

अनपभ्रंशः (पुं.वि.) [*अविद्यमानः अपभ्रंशो यस्य सः, न. बहु.स.*] व्याकरणको दृष्टिबाट शुद्ध/नबिग्रिएको शब्द।

अनपायः (पुं.वि.) १.[*अविद्यमानः अपायो यत्र सः, न.बहु.स.*] नाश नभएको, अनश्वर, अक्षीण २.[*न अपायः, न.त.*] १.अनश्वरता/अक्षीणता २.अस्थिरता ३.अविघ्नता।

अनपायी (पुं.वि.) [*अनपायोऽस्यातीति, अत इनिठनौ ५.२.१५५ इति इनिः*] १.अनश्वर २.दृढ ३.स्थिर। **प्रसादाभिमुखे तस्मिन् श्रीरासीदनपायिनी** (रघु.)।

अनपेक्षः (पुं.वि.) [*अविद्यमाना अपेक्षा यस्य सः, न.बहु.स.*] १.असावधान २.अर्काको अपेक्षा नराख्ने।

अनपेक्षा (स्त्री.) [*न अपेक्षा, न.त.*] १.असावधानी २.उदासीनता।

अनपेतः (पुं.वि.) [*न अपेतः, न.त.*] १.टाढा नभएको २.अविचलित ३.सम्पन्न। **ऐश्वर्यादनपेतमीश्वरमयं लोकोऽर्थतः सेवते** (मुद्रा.)।

अनभिज्ञः (पुं.वि.) १.[*अभिजानाति, अभिपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.२.३ इति कः, आलोपः अभिज्ञः, न अभिज्ञः न.त.*] नजान्ने,मूर्ख, बुद्धिहीन २.[*अविद्यमाना अभिज्ञा यस्य सः, बहु.स.*] अपरिचित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनभिहितसम्बन्धः (पुं.) [*अनभिहितः सम्बन्धो यत्र सः*] हे. शब्ददोष।

अनभीष्टः (पुं.वि.) [*न अभीष्टः, न.त.*] इच्छा नभएको।

अनभ्यस्तः (पुं.वि.) [*न अभ्यस्तः, न.त.*] अभ्यास नभएको

अनभ्यासः (पुं.) [*न अभ्यासः, न.त.*] अभ्यासको अभाव।

अनभ्यासेन विद्यानामसंसर्गेण धीमताम्।
अनिग्रहेण चाक्षाणां जायते व्यसनं नृणाम्॥ (सुभा.)

अनयः (पुं.) [*न नयः, न.त.*] १.अन्याय/दुराचार, २.कुमार्ग ३.विपत्ति ४.दुर्भाग्य ५.व्यसन।

अनर्गलः (पुं.वि.) [*अविद्यमानमर्गलं यस्य सः, न.बहु.स.*] १.अनियन्त्रित, उच्छृङ्खल। **तुरङ्गमुत्सृष्टमनर्गलम्** (रघु.) २.आग्लो नलगाइएको।

अनर्घः (पुं.वि.) [*अविद्यमानः अर्घो मूल्यं यस्य सः, न.बहु.स.*] १.मूल्य नभएको, मूल्यको अनुमान गर्न नसकिने २.ज्यादै महँगो, किन्न नसकिने ३.पूजाका लागि अनुपयुक्त।

अनर्घराघवम् (नपुं.) मुरारि कविले बनाएको रामायणको कथामा आधारित सात अङ्कको एक नाटक। यसको नाट्यकला अत्यन्त कमजोर छ। कथावस्तु संवादशैली र अङ्करचनामा शिथिलता देखिन्छ। यसको कथानक निर्जीव छ। वर्णन र संवाद ज्यादै लामा छन्। सरस भावको प्रयोग छैन। बढी कलात्मकता देखाउन खोजिएको छ।

अनर्थकः (पुं.वि.) [*अविद्यमानोऽर्थो यस्य सः, न.बहु.स., उरः प्रभृतिभ्यः कप् ५.४.१५१ इति कप्*] १.अनुपयुक्त/निरर्थक, २.सारहीन, ३.दुर्भाग्यपूर्ण।

अनर्थकम् (पुं.) १.[*विद्यमानः अर्थो यस्य तत्, बहु.स.*] नचाहिँदो बोली/प्रलाप। **प्रलापोऽनर्थकं वचः** (अमर.) २.विनाअर्थको वाक्य।

अनर्हः (पुं.वि.) [*न अर्हः, न.त.*] अयोग्य/अनुपयुक्त।

अनलः (पुं.) [*अविद्यमानः अलः पर्याप्तिर्यस्य सः, न.बहु., अनिति, अनेन इति वा अन प्राणने इति धातोः वृषादिभ्यश्चित् (उ.) १११ इति कलच्प्रत्ययः*] १.आगो २.पञ्चम वसु ३.हावा ४.वसुदेव, ५.रत्न, ६.तीनलाई बुझाउने शब्द। **अनलोऽनिले। वसुदेवे वसौ बह्नौ** (कोश.)। ७.[*अनलदेवत्वात्*] कृत्तिका नक्षत्र ८.भलायो ९.पित्त १०.साठी संवत्सरमध्ये पचासौँ संवत्सर।

अनलदः (पुं.) [*अनलं द्यति नाशयति अनलपूर्वकाद् दो अवखण्डने इति धातोः आदेच उपदेशेऽशितिः ६.१.४५ इति आत्वम्, आतोऽनुपसर्गे कः ३.२.३, इति कः, आतो लोप इटि च ६.४.६४, इत्यालोपः*] पानी निभाउने वारुणयन्त्र। (पुं.वि.) [*अनलं ददातीति*] आगो लगाउने।

अनलप्रभा (स्त्री.) १.[*अनलस्य प्रभेव प्रभा यस्याः सा, बहु.स.*] ज्योतिष्मती लता। यो रातमा बलेको आगाको जस्तो उज्यालो देखिन्छ। २.[*अनलस्य प्रभा, ष.त.*] आगाको उज्यालो।

अनलसः (पुं.वि.) [*न अलसः, न.त.*] अल्छी नगर्ने/परिश्रमी।

अनल्पः (पुं.वि.) [*न अल्पः, न.त.*] धेरै/थोरै नभएको।

अनवकाशः १.(पुं.वि.) [*अविद्यमानोऽवकाशो यस्य सः, न.बहु.स.*] कुनै अवसर नपाएको। २.(पुं.) [*न अवकाशः, न.त.*] कुनै स्थान वा कार्यक्षेत्रको अभाव।

अनवग्रहः (पुं.वि.) [*अविद्यमानोऽवग्रहो यस्य सः, न.बहु.स.*] रोक्न नसकिने।

अनवच्छिन्नः (पुं.वि.) [*न अवच्छिन्नः, न.त.*] १.सीमारहित, २.निरन्तर कतै नटुटी वा नरोकिई अगाडि बढेको।

अनवद्यः (पुं.वि.) [*वदितुमनर्हः, अवद्यः गर्ह्यः, अवद्यपण्यवर्या गर्ह्यपणितव्यानिरोधेषु ३.१.१०१ इति गर्ह्यार्थे यत्प्रत्ययान्तो निपातः, न अवद्यः, न.त.*] निर्दोष/कलङ्करहित।

ऋष्यमूकेऽनवद्योऽस्ति पण्यभ्रातृवधः कपिः।
सुग्रीवो नाम वर्योऽसौ भवता चारुविक्रमः॥ (भट्टि.)

अनवधानः (पुं.वि.) [*अविद्यमानमवधानं मनोयोगो यस्य सः, न.बहु.स.*] ध्यान नदिने/असावधानी।

अनवधानता (स्त्री.) [*अवधीयते मनः संयुज्यते कर्तव्यकर्मणि प्रवर्त्यते, यथास्थितमनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्, अनः, अविद्यमानमवधानं यस्य सः, तस्य भावः तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] असावधानी/प्रमाद/कर्तव्यलाई अकर्तव्य ठानेर त्यस प्रतिको निवृत्ति तथा अकर्तव्यलाई कर्तव्य सम्झेर त्यस प्रतिको प्रवृत्ति।

कर्तव्याकरणं यत्र समर्थस्य क्वचिद् भवेत्।
उच्यते द्वितयं यत्र प्रमादोऽनवधानताद्व॥ (श.र.)

अनवधिः (पुं.वि.) [*अविद्यमानोऽवधिर्यस्य सः, बहु.स.*]असीमित/अपरिमित।

अनवरतः (पुं.वि.) [*न अवरतः, न.त.*] कहिल्यै नरोकिने।

अनवरतम् (अव्य.) [*अविद्यमानमवरतं यत्र तत्, बहु.स.*] लगातार/निरन्तर/सधैँ।

अनवराघ्यः (पुं.) [*अवरस्मिन्नर्धे भवः, अर्धाद्यत् ४.३.४, परावराधमोत्तमपूर्वाच्च ४.३.५ इति यत्, न अवरार्घ्यः, न.त.*] मुख्य, उत्तम, प्रधान।

अनवसरः (पुं.) [*न अवसरः, न.त.*] १.विना अवसर २.[*न विद्यते अवसरो यस्मिन् सः कालः*] उपयुक्त नभएको समय।

अनवसरे याचितमिति सत्पात्रमपि कुप्यते दाता (सुभा.)।
अनवसरे यदुक्तं सुभाषितं तच्च भवति हास्याय।
रहसि प्रौढवधूनां रतिसमये वेदपाठ इव॥ (सुभा.)

अनवसरे विस्तारः (पुं.) [*अनवसरः अनुपयुक्तस्थलम्, तस्मिन्, विस्तारः*] बेमौकामा अनुपयोगी किसिमसँग रसको विस्तार गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्न जाने दोष। वेणीसंहार नाटकको दोस्रो अङ्कमा अनेक वीरहरूका साथ युद्धको प्रसङ्ग आइरहेको बेलामा दुर्योधन र भानुमतीका बिच भएको शृङ्गारप्रसङ्ग।

अनवसरे रसविच्छेदः (पुं.) [*न अवसरे अनुपयुक्तस्थले, रसस्य विच्छेदः*] बेमौकामा रस विच्छेद हुँदा पर्न जाने दोष। महावीरचरितमा रामचन्द्र र परशुरामको युद्ध भइरहेको बेलामा बालो राखेर आउँछु भनेर रामचन्द्रले भन्दा वीररसको विच्छेद भएको छ।

अनवसिता (स्त्री.) प्रत्येक पाउमा क्रमैले नगण, यगण, भगण तथा दुई गुरुवर्ण भएको छन्द।

अनवस्करः (पुं.वि.) [*अव अधोवर्त्मना कीर्यते क्षिप्यते, ऋदोरप् इत्यप्, वर्चस्वेऽवस्करः, इति सुडागमः,अविद्यमानोऽवस्करोऽत्र सः, न.बहु.स.*] अन्नको मल, पिसाब, कसिङ्गर आदि नभएको/स्वच्छ/सफा।

अनवस्था (स्त्री.) [*न अवस्था, न.त.*] १.अस्थिरता २.अव्यवस्था ३.अनिर्णयात्मक स्थिति। **एवमप्यनवस्था स्याद् या मूलक्षयकारिणी** (का.प्र.)।

अनवस्थितः (पुं.वि.) [*न अवस्थितः, न.त.*] १.अस्थिर २.अनवस्था प्राप्त।

अनवस्थितिः (स्त्री.) [*न अवस्थितिः, न.त.*] अस्थिरता/चञ्चलता।

अनवीकृतता (स्त्री.) [*अनवीकृतस्य भावस्तत्ता*] एकै शब्दले बारम्बार एकै विषयको वर्णन गर्दा पर्न जाने दोष। **एकविधशब्देन पुनः पुनरेकार्थकथनमनवीकृतत्वम्** (सा.द.टीका) जस्तै– **सदा चरति खे भानुः सदा वहति मारुतः।** यहाँ सदाको पटकपटक प्रयोग भएकाले अभिव्यक्तिमा नौलोपन नआउँदा दोष परेको छ।

अनशनम् (नपुं.) [*न अशनम्, न.त.*] कुनै उद्देश्य पूरा गर्न माग राखी भोक हड्ताल गर्ने काम/आमरण उपवास। **तदहमनशनं कृत्वा प्राणानुत्सृजामि** (पञ्चत.)।

अनश्वरः (पुं.वि.) [*न नश्वरः, न.त.*] अविनाशी।

अनसूयकः (पुं.वि.) [*अवर्तमाना असूया यस्मिन्, सः, न.बहु.*] ईर्ष्या नगर्ने।

अनसूया (स्त्री.) [*न असूया,न.त.*] १.ईर्ष्याको अभाव २.[*अविद्यमाना असूया यस्यां सा, बहु.स.*] अत्रि मुनिकी पतिव्रता स्त्री, कर्दम ऋषिकी छोरी।

अनाकुलः (पु.वि.) [*न आकुलः, न.त.*] १.शान्त २.स्वस्थ ३.नआत्तिएको, अव्यग्र/स्थिर। **अनाकुलाविक्लवा च सुसम्भ्रान्ता च मे मतिः** (रामा.)।

अनाकृष्टः (पुं.वि.) [*न आकृष्टः, न.त.*] नखिचिएको।

अनाकृष्टस्य विषयैर्विद्यानां पारदृश्वनः।
तस्य धर्मरतेरासीद् वृद्धत्वं जरसा विना॥ (रघु.)

अनागतः (पुं.वि.) [*न आगतः, न.त.*] नआएको/आई नपरेको। **तावद् भयस्य भेतव्यं यावद् भयमनागतम्।** (हितो.) **~विधाता** (पुं.वि.) भविष्यत्कालमा हुने अनिष्टलाई विचार गरेर पहिले नै त्यसको प्रतीकार गर्ने।

अनागतार्तवा (स्त्री.) [*अनागतम् आर्तवं रजो यस्याः सा, बहु.स.*] रजस्वला नभएकी।

अनागसः (पुं.वि.) [*अविद्यमान आगोऽपराधो यस्य सः, बहु.स.*] निरपराधी/कुनै नराम्रो काम वा अपराध नगरेको।

अनाचारः (पुं.) [*न कुत्सितः अप्रशस्तो वा आचारः, न.त.*] १.गर्नु नहुने काम २.श्रुति, स्मृतिविरुद्ध कर्म।

अनातपः (पुं.) [*आतपस्याभावः, न.त*] छाया।

अनात्मवादः (पुं.) [*न आत्मवादः, न.त.*] आत्मालाई नमान्ने सिद्धान्त। बौद्धहरूको एक दार्शनिक सिद्धान्तअनुसार शाश्वतवाददेखि भिन्न उच्छेदवाद छ। शाश्वतवादअनुसार आत्मा नित्य, कूटस्थ र चिरन्तन हुन्छ भने उच्छेदवादअनुसार आत्मा भन्ने वस्तु छैन। यो भौतिकवाद हो, यो नैरात्म्यवाद हो।

अनाथः (पुं.वि.) [*अविद्यमानः नाथो यस्य सः, बहु.स.*] १.अशरण असहाय। **अनाथा कृच्छ्रपतिता विदेशे स्त्री करोति किम्** (सुभा.) २.बाबु आमा नभएको टुहुरो ३.स्वामीहीन। **नाथवन्तस्त्वया लोकास्त्वमनाथा विपद्यसे** (उ.रा.च.)।

अनाथालयः (पुं.) [*अनाथानामालयः, बहु.स.*] अनाथहरूलाई खानपिन,शिक्षा आदिको प्रबन्ध मिलाई राख्ने व्यवस्था गरिएको घर।

अनादरः (पुं.) [*न आदरः, न.त.*] आदर नहुनु/तिरस्कार/अवज्ञा। **गुणेषु रागो व्यसनेष्वनादरः** (पञ्चत.)।

अनादरी (पुं.वि.)। [*अनादरणशीलः, आङ्पूर्वकाद् दृधातोः, जिदृक्षिविश्रीण्वमाव्यथाभ्यमपरिभूप्रसूभ्यश्च ३.२.१५७ इति इनिः, ततो न.स.*] अनादर गर्ने स्वभाव भएको।

शैले विश्रयिणं क्षिप्रमनादरिणमभ्यमी।
न्याय्यं परिभवी ब्रूहि पापमव्यथिनं कपिम्॥ (भट्टि.)

अनादायी (पुं.वि.) [*न आदायी, न. त.*] आमदानी नगर्ने।

अनादायी व्ययं कुर्यादसहायी रणप्रियः।
आतुरः सर्वभक्षी च नरः शीघ्रं विनश्यति॥ (सुभा.)

अनादिः (पुं वि.) [*अविद्यमान आदिर्यस्य सः, बहु.स.*] १.आदि थाहा नभएको, जस्तै– अनादिकाल २.ईश्वर/स्वयम्भू।

अनादिरादिर्गोविन्दः सर्वकारणकारणम् (ब्र.सं.)।

अनादिवार्ता (स्त्री.) [*अनादेरज्ञातकालस्य वार्ता, त.स.*] परम्परागत रूपमा चलिआएको कथा/कर्णपरम्पराबाट सुन्दै आएको वृत्तान्त।

अनादृतः (पुं.वि.) [*न आदृतः, न.त.*] अपमानित।

अनाधारः (पुं.वि.) [*अविद्यमान आधारो यस्य सः, बहु.स.*] निराधार/आधार नभएको।

अनामकः (पुं.वि.) [*अविद्यमानं नाम यस्य सः, बहु.स.*] १.नाम नभएको २.दुर्नामी ३.(पुं.) मलमास।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनामकम् (नपुं.) १.[*अनं जीवनं आमयति रोगग्रस्तं करोति, अमधातोर्णिचि ण्वुल्, अकः, अनस्य आमकः, ष.त.*] अल्काई रोग।

अनामयः (पुं.वि.) [*अविद्यमान आमयो यस्य सः, बहु.स.*] नीरोगी

अनामयम् (नपुं.) [*आमयस्याभावः, अभावेऽव्ययीभावः २.१.६*] आरोग्य, नीरोगिता।

अनामा (स्त्री.) [*अविद्यमानं ब्रह्मशिरच्छेदनसाधनतया प्रशस्तं नाम यस्याः सा, बहु.स., अनया अङ्गुल्या शिवेन ब्रह्मशिरच्छिन्नम्, डाप्*] साहिँली औँलो ।

अनामिका (स्त्री.) [*अविद्यमानं प्रशस्तं नाम अन्याङ्गुलिवत् यस्याः सा, न.बहु.यद्वा न नामग्रहणयोग्यमस्याः ब्रह्मणोऽनया शिरसः छेदनात्*] साहिँली औँलो।

पुरा कवीनां गणनाप्रसङ्गे कनिष्ठिकाधिष्ठितकालिदासाः।
अद्यापि तत्तुल्यकवेरभावादनामिका सार्थवती बभूव॥ (सुभा.)

अनायत्तः (पुं.वि.) [*न आयत्तः, न.त.*] आफ्नो अध्ययन नरहेको।

अनायासः (पुं.) [*अविद्यमान आयासो यस्मिन् सः, बहु.स.*] सजिलोपना ।

शरीरं पीड्यते येन शुभेनाशुभेन वा।
अत्यन्तं तन्न कुर्वीत अनायासः स उच्यते॥ (सुभा.)

अनारतम् (नपुं.) [*विरामार्थकाद् आङ्पूर्वकाद् रम्धातोः, निष्ठा इति क्तः, ततः अविद्यमानमारतं यस्मिन् तत्*] निरन्तर/लगातार।

अनारोग्यम् (नपुं.) [*न आरोग्यम्, न.त.*] अस्वास्थ्य

अनारोग्यमनायुष्यमस्वर्ग्यञ्चातिभोजनम्।
अपुण्यं लोकविद्विष्टं तस्मात्तत् परिवर्जयेत्॥ (वै.सुभा.)

अनार्यः (पुं.) [*न आर्यः, न.त.*] १.असभ्य. । **अनार्यः परदारव्यवहारः** (अभि.शा.) २.आर्यबाहेक अरू जाति।

अनालम्बनता (स्त्री.) [*अविद्यमानम् आलम्बनमाश्रयो यस्य सः, तस्य भावस्तत्ता*] प्रवासकालिक कामदशा। (विश्वनाथ) २.आश्रयको अभाव।

अनावरणम् (नपुं.) [*न आवरणम्, न.त.*] छोपेर राखेकोलाई खोल्ने वा उद्घाटन गर्ने काम।

अनावश्यकः (पुं.वि.) [*न आवश्यकः,न.त.स.*] नचाहिने/विना कामको।

अनावृतः (पुं.वि.) [*न आवृतः, न.त.*] १.पर्दा हटाइएको. २.नढाकिएको।

अनावृष्टिः (स्त्री.) [*न आवृष्टिः, न.त.*] खडेरी पर्नु/पानी नपर्नु।

अनाश्रयः १.(पुं.) [*न आश्रयः, न.त.*] आश्रयको अभाव २.(पुं.वि.) [*अविद्यमान आश्रयो यस्य सः, बहु.स.*) आश्रय नभएको।

अनाश्रया न शोभन्ते पण्डिता वनिता लताः (क.स.सा.)।

अनाश्रितः (पुं.वि.) [*न आश्रितः, न.त.*] आश्रय नभएको, निराधार।

अनासक्तः (पुं.वि.) [*न आसक्तः, न.त.*] आसक्त नभएको।

अनासक्तिः (स्त्री.) [*न आसक्तिः, न.त.*] आसक्ति नहुनु।

अनाहतः (पुं.) [*न आहतः, न.त.*] १.योगशास्त्रअनुसार कान थुन्दा सुनिने नाद वा आवाज, २.हठयोगअनुसार हृदयमा रहने एक चक्र। यसमा बाह्र पत्रको कमल छ। यसको एक एक पत्रमा क देखि ठ सम्मका अक्षरहरू रहेका हुन्छन्। पत्र रातो केशरको जस्तो रङ भएको हुन्छ । यसको कर्णिकामा षट्कोणको वायुमण्डल रहेको छ। त्यसपछि सूर्यमण्डल छ,। यसमा करोडौँ बिजुलीको जस्तो उज्यालो त्रिकोण छ। त्यसमाथि वायुबीज यं र त्यसको माझमा हंस बीज छ। त्यसमाथि तिन नेत्र भएका वर तथा अभय मुद्रा लिएका ईश्वर बसेका छन्। यहाँ रातो कमलमाथि पहेँलो रङ्गकी काकिनी देवी बसेकी छन्। यिनको चार हातमा पाश, कपाल, वर र अभयमुद्रा रहेका छन्। यिनी गहनाले सिँगारिएकी र मुण्डमाला पहिरेकी छन्। त्रिकोणको बिचमा वाणलिङ्ग शिव छन्। यिनको वर्ण उजिल्याएको सुनजस्तै चम्किलो छ र लिङ्गमाथि अर्धचन्द्राकार आगोजस्तो उज्यालो थोप्ला (बिन्दु) छ। त्यसमुनि नहल्लिएको बत्तीजस्तो हंसरूप जीवात्मा छ। यसको कर्णिकामा तलमाथि मुख गरेको रातो अष्टदल कमल छ। यो अनाहत कमलभन्दा एकदम फरक छ। यसै अष्टदल कमलमा मानसपूजा हुन्छ। यो कमल कल्पवृक्षजस्तै फलदायी मानिन्छ। **~चक्रम्** (नपुं.) षट्चक्रअन्तर्गतको चौथो चक्र। **~नादः** (पु.) दुवै कान औँलाले थुन्दा सुनिने शब्द। अनाहतनाद दशथरी हुन्छन्— चिण् चिञ्चिणी, घण्टानाद, शङ्खनाद, तन्त्रीनाद तालनाद, वेणुनाद, भेरीनाद र मृदङ्गनाद **~वाणी** (स्त्री.) आकाशवाणी।

अनाहतम् (नपुं.) [*न आहतम्, न.त.*] १.प्वाल नपरेको, नधोएको तथा नलगाएको नयाँ लुगा २.गुणन नगरिएको।

अनाहूतः (पुं.वि.) [*न आहूतः, न.त.*] नबोलाइएको।

अनिगूढः (पुं.वि.) [न निगूढः, न.त.] नलुकेको।

अनिच्छा (स्त्री.) [*न इच्छा, न.त.*] मन वा चाहना नहुनु।

अनिच्छुः (पुं.वि.) [*एषणशीलः, विन्दुरिच्छुः ३.२.१६९ इति इषेश्छत्वमुकारप्रत्ययश्च निपातः, न इच्छुः, न.त.*] इच्छा नराख्ने ।

अनित्यः (पुं.वि.) [*न नित्यः, न.त.*] सधैँ नरहने, अस्थिर। **धर्मो नित्यः सुखदुःखे त्वनित्ये जीवो नित्यो हेतुरस्याप्यनित्यः** (म.भा.) ।

अनित्यदोषः (पुं.) [*अनित्यश्चासौ दोषश्च, कर्म.स.*] सधैँ दोषको रूपमा नरहने काव्यदोष। काव्यमा पाँच किसिमका दोष हुन्छन्— पददोष, पदांशदोष, वाक्यदोष, अर्थदोष र रसदोष। यी दोषभित्रका जुन दोष सधैँ दोषका रूपमा रहन्छन् भने ती नित्य दोष हुन्। जुन दोष यदाकदा दोषको अभाव वा गुणका रूपमा परिवर्तित हुन्छन्, यस्ता दोषलाई अनित्य दोष भनिन्छ। हे. **दोष** ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिमिषः (पुं.) [*न निमिषति, निपूर्वकाद् मिष श्लेषणे इति धातोः इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, न.स.*] १.देवता। **देवाः सुपर्वसुरनिर्जरदेवतर्भुबर्हिर्मुखानिमिषदैवतनाकिलेखाः** (अभि.चि.) २.माछो। **शंवरोऽनिमिषस्तिमिः** (अभि.चि.)।

अनिमेषः (पुं.वि.) [*अविद्यमानो निमेषो यस्य सः, बहु स.*] १.एकटक लगातार हेर्ने २.(पुं.) माछो ३.देवता ४.[*न निमेषः, न.त.*] आँखा झिम्म नपारी एकटकसित हेर्ने काम।

अनियतः (पुं.वि.) [*न नियतः, न.त.*] १.निश्चित नभएको, अनित्य, अस्थायी। **रत्यादयोऽप्यनियते रसे स्युर्व्यभिचारिणः** (सा.द.)।

अनियन्त्रणम् (नपुं.) [*न नियन्त्रणम् न.त.*] १.काबुमा नरहनु २.कुनै किसिमको बन्धनमा नरहनु।

अनियमः (पुं.) [*न नियमः,न.त.*] नियमको अभाव। **अनियमे नियमकारिणी परिभाषा** (व्याकरण)।

अनियमितः (पुं.वि.) [*न नियमितः, न.त*] नियम नपुऱ्याई गरिएको।

अनियमितता (स्त्री.) [*नियमितस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् न नियमितता, न.त.*] नियमित नहुनु।

अनिरुद्धः (पुं.वि.) १.[*न निरुद्धः, न.त.*] नरोकिएको/रोकटोक नभएको, २.(पुं.) [*न निरुद्ध्यते असौ, नि पूर्वकाद् रुध् धातोः, कर्मणि क्तः न.त.*] कामदेव।

अनिर्णयः (पुं.) [*न निर्णयः, न.त.*]निर्णयको अभाव।

अनिर्दिष्टः (पुं.वि.) [*न निर्दिष्टः, न.त.*] नतोकिएको./निश्चित नभएको/निर्देशन नगरिएको।

अनिर्लोडितः (पुं.वि.) [*न निर्लोडितः, न.त.*] विवेक नपुऱ्याई गरेको। **अनिर्लोडितकार्यस्य वाग्जालं वाग्मिनो वृथा** (शि.व.)।

अनिर्वचनीयः (पुं.वि.) [*न निर्वचनीयः, न.त.*] वर्णन गर्न नसकिने।

अनिर्विण्णः (पुं.वि.) [*न निर्विण्णः, न.त.*] अविरक्त।

अनिलः (पुं.) [*अन्यते प्राण्यते अनेन, अन प्राणने इति धातोः, सलिकल्यनिमहिभडिभण्डिशण्डिपिण्डतुण्डिकुकिभूभ्य इलच् (उ.) इति इलच्*] १.वायु २.वसु/गणदेवतामध्येका एक देवता ३.वातरोग।

अनिलाः (पुं.बहु.) [*अनन्त्यनेन, अन प्राणने इति धातोः, सलिकल्यनिमहिभण्डिमण्डिशण्डिपिण्डतुण्डिकुकिभूभ्य इलच् (उ.) ५४ इति इलच्*] १.गणदेवता २.वायु। **अनिलो वसुवातयोः** (विश्व.) ३.स्वाति नक्षत्र।

अनिवार्यः (पुं.वि.) [*न निवार्यः यः सः*] १.नभई नहुने/अत्यन्त आवश्यक २.हटाउन नसकिने।

अनिशम् (नपुं.) [*निशा लक्षणया व्यापारराहित्यम्, अविद्यमाना निशा अस्मिन् तत्, न.बहु. क्रियाविशेषणे नपुं. विशेषणे तु त्रि.*] निरन्तर/लगातार। **सततानारताश्रान्तसन्तताविरतानिशम् नित्यानवरताजस्रम्** (अमर.)।

अनिश्चितः (पुं.वि.) [*न निश्चितः, न.त.*] निश्चय नभएको, /निश्चय नगरिएको। **कवय आनतकन्धरचित्ताः कश्मलं ययुरनिश्चितत्त्वाः** (भाग.)।

अनिष्टग्रहः (पुं.) [*अनिष्टश्चासौ ग्रहश्च, कर्म.स.*] हानि पुऱ्याउने ग्रह/पापग्रह। ज्योतिषशास्त्रमा सूर्य, मङ्गल, क्षीण चन्द्र, शनि, राहु र केतुलाई पापग्रह मानिएको छ। बुध पापग्रहसँग रहँदा पापग्रह र शुभग्रहसँग रहँदा शुभग्रह मानिन्छ।

अनिष्टः (पुं.वि.) [*न इष्टः न.त.*] नचाहेको।

अनिष्टम् (नपुं.) १.अनर्थ २.दुर्भाग्य।

अनिष्णातः (पुं.वि.) [*न निष्णातः, न.त.*] १.अकुशल/क्षमता नभएको २.अनभिज्ञ।

अनिष्पन्नः (पुं.वि.) [*न निष्पन्नः, न.त.*] सम्पन्न नभएको।

अनिष्यपत्तिः (स्त्री.) [*अनिष्टस्य आपत्तिः, ष.त.*] अनिष्टप्राप्ति।

अनीकः (पुं./नपुं.) [*अविद्यमाना नीः स्वर्गप्रापको यस्मात् सः, न.बहु.स. यद्वा अनिति जीवयति, अन प्राणने इति धातोः अनिहषिभ्यां किच्च (उ.) ४६५ इति ईकन्*] १.युद्ध २.[*अनिति जीवयति, अन प्राणने इति धातोः पूर्ववत् (४६५) ईकन्*] सेना। **ध्वजिनी वाहिनी सेना पृतनानीकिनी चमूः। वरूथिनी बलं सैन्यं चक्रं चानीकमस्त्रियाम्** (अमर.)। **अनीकोऽस्त्री रणे सैन्ये** (मेदिनी.)।

अनीकिनी (स्त्री.) [*अनीको रणोऽस्ति प्रयोजनत्वेन अस्याः सा, अतः इनिठनौ ५.२.११५ इतीनिः*] १.सेना २.सेनाविशेष। दश अनीकिनीको एक अक्षौहिणी हुन्छ। **अनीकिनी स्त्रियां सेनामात्रसेनाविशेषयोः** (मेदिनी.)।

अनीतिः (स्त्री.) १.[*न नीतिः,न.त.*] नीतिविरुद्धको काम, अन्याय, अत्याचार, खराब नीति २.(पुं.वि.) [*अविद्यमाना नीतिर्यस्य, बहु.स.*] नीति नभएको।

अनीश्वरवादः (पुं.) [*न ईश्वरः, अनीश्वरः, तस्य वादः*] ईश्वरको अस्तित्व स्वीकार नगर्ने सिद्धान्त। संस्कृत परम्परामा ईश्वरको अस्तित्व स्वीकार नगर्ने दर्शनहरूमा चार्वाक, जैन र बौद्धदर्शन मुख्य छन्। चार्वाकदर्शन त यस लोकका निमित्तमात्र सुखको कामना गर्ने भोगवादी दर्शन हो। यो दर्शन ईश्वरको मुक्तकण्ठले खण्डन गर्दछ, प्रत्यक्षलाई मात्र प्रमाण मान्दछ। आत्मा र पुनर्जन्म मान्दैन। ईश्वर प्रत्यक्ष हुँदैन, त्यसैले त्यसको अस्तित्व छैन भन्ने यसको मत छ। संसार पञ्चतत्त्वको संयोगबाट पैदा हुन्छ। त्यसको निर्माणका लागि ईश्वर चाँहिदैन। स्वर्ग, नरक आदि सबै कपोलकल्पना हुन्, सुख भनेको स्वर्ग हो र दुःख भनेको नरक हो। त्यो यसै धर्तीमा उपलब्ध हुन्छ। त्यसका लागि अरू लोकको कल्पना आवश्यक छैन। जैनधर्म पनि अनीश्वरवादी दर्शन हो। ईश्वर प्रत्यक्ष हुँदैन, अनुमानबाट पनि ईश्वर सिद्ध हुँदैन, संसारको सृष्टि गर्न निरङ्ग ईश्वरले सक्दैन, त्यसैले ईश्वरको अस्तित्व छैन भन्ने यस दर्शनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तन छ। बुद्धले पनि ईश्वरसम्बन्धी समस्त धारणालाई निरर्थक बताएका छन्। अष्टाङ्गमार्ग स्वावलम्बनका साधन हुन्। त्यसमा ईश्वरको विश्वास गर्नुपर्ने कुनै आवश्यकता छैन। हीनयान त बुद्धको अनीश्वरवादी मार्ग नै हो।

अनु (अव्य.) [*अनति, बाहुलकाद् उः,*] उपसर्गविशेष। यसका केही अर्थ– १.पछि २.साथ ३.हीन ४.भाग ५.समीप ६.लक्षण ७.वीप्सा ८.विस्तार ९.अनुक्रम आदि।

अनु हीने सहार्थे च पश्चात्सादृश्ययोरपि।
आयामे च समीपे च लक्षणादावनुक्रमे॥ (विश्व.)

अनुकः (पु.वि.) [*अनुकामयते, अनुकाभीकाभीकः कमिता ५.२.७४ इति कन्प्रत्ययान्तो निपातः*] कामुक। **कामुके कमितानुकः** (अमर.)।

अनुकम्पा (स्त्री.) [*अनुकम्पनम्, अनुपूर्वकात् कपि किञ्चिच्चलने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्य, टापः*] १.दया/कृपा २.करुणरस। **कारुण्यं करुणा घृणा। कृपा दयानुकम्पा स्यादनुक्रोशोऽपि** (अमर.)। **भूतानुकम्पा तव चेदियं गौरेका भवेत् स्वस्तिमती त्वदन्ते** (रघु.)।

अनुकम्प्यः (पुं.वि.) [*अनुकम्पयितुं योग्यः,णिचि कर्मणि यत्*] दयापात्र/दया गरिनु पर्ने।

अनुकरणम् (नपुं.) [*अनुपूर्वकात्, डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, तस्य अनः ७.१.१*] १.नक्कल/कुनै प्रत्यक्ष वस्तुलाई तदनुसार नै व्यक्त गर्ने क्रिया वा प्रवृत्ति। जस्तो नदी, पर्वत, फूल आदिलाई रङ्गरेखा आदिद्वारा यथावत् लुगा अथवा कागजमा चित्रण गर्नु २.कुनै विषय वा घटनालाई हाव, भाव, अभिनय आदिको माध्यमबाट काव्य अथवा नाटकको रूपमा पुनः सृजन गर्नु। व्याकरणअनुसार अनुकरण दुई किसिमको हुन्छ। –शब्दानुकरण (अर्थरहित केवल शब्दको नक्कल) जस्तै–

रामाभिषेके मदविह्वलाया
हस्ताच्च्युतो हेमघटस्तरुण्याः।
सोपानमासाद्य करोति शब्दं
ठठं ठठं ठं ठठठं ठठं ठः॥ (सुभा.)

अर्थानुकरण– यो अनेक किसिमको हुन्छ। १.लोकोक्ति (लोकमा चलेको बोलीको अनुकरण) २.छेकोक्ति (शिष्ट व्यक्तिका बोलीको अनुकरण) ३.अर्भकोक्ति (बालकका बोलीको अनुकरण) ४.उन्मत्तोक्ति (पागलका बोलीको अनुकरण) ५.पोटोक्ति (नपुंसक युवतीका बोलीको अनुकरण) यस्तै अरू खालका उक्तिहरू तथा चालचलन, भेषभूषा, भाषा आदिको अनुकरण (विद्यालङ्कार)।

अनुकरणीयः (पुं.वि.) [*अनुकर्तुं योग्यः, अनुपूर्वकात् डकृञ् करणे इति धातोः, तव्यत्तव्यानीयरः इत्यनीयर्*] अनुसरण गर्न लायक।

अनुकर्षः (पुं.) [*अनुकृष्यते स्वसंबद्धेन चक्रेण, इति, अनुपूर्वकात् कृष विलेखने इति धातोः, घञ् ३.३.१९*] १.रथको तल्लो भागको काठ २.पछिबाट तान्ने काम/आकर्षण। **अनुकर्षे रथाधःस्थ दारुण्यप्यनुकर्षणे** (मेदिनी.)।

अनुकर्षणम् (नपुं.) [*अनुपूर्वकात् कृष विलेखने इति धातोः, ल्युट् च इति ल्युट्, अनः*] आकर्षण।

अनुकल्पः (पुं.) [*अनु हीनः कल्पः, प्रादिस.*] शास्त्रमा प्रतिपादित गौणविधि/मुख्य कल्प गर्न नसकिएमा गरिने दोस्रो कल्प/मुख्य विधानभन्दा सजिलो मुख्य कल्पकै फल दिने दोस्रो विधान। **मुख्यः स्यात् प्रथमः कल्पोऽनुकल्पस्तु ततोऽधमः** (अमर.) हे. **पञ्चमकारः**।

अनुका (स्त्री.) [*अनुकामयते, अनुकाभीकाभीकः कमिता ५.२.७४ इति कन्प्रत्ययान्तो निपातः, ततष्टप्*] कामुक स्त्री/यौनतृप्तिको अभिलाषा बढी राख्ने स्त्री।

अनुकामीनः (पुं.वि.) [*कामस्य सदृशम्, सादृश्यार्थेऽव्ययीभावः २.१.६ अनुकामं गामी इति, अवारपार–५.२.११ इति खः*] १.इच्छानुसार चल्ने २.ज्यादै हिँड्न सक्ने। **कामगाम्यनुकामिनः** (अमर.)।

अनुकारः (पुं.) [*अनुकरणम्, अनुपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.नक्कल गर्ने काम/अभिनय। **भवेदभिनयोवस्थाऽनुकारः स चतुर्विधः**। (सा.द.) २.अनुहार **अनुकारोऽनुहारः स्यात्** (अमर.) ३.उपमा।

अनुकालः (पुं.वि.) *कालमनुगतः, प्रादिस.*] सामयिक/समयोचित।

अनुकुर्वन् (पुं.वि.) [*अनुकरोतीति अनुपराभ्यां कृञः १.३.७९ इति परस्मैपदम्, लटः शत्रादेशः*] अनुकरण गरिरहेको।

अनुकूल (ना.धा.) [*नामधातु, सेट् पर.*] अनुकूल तुल्याउनु। लट्– **अनुकूलयति**– अनुकूल तुल्याउँछ। लिट्– **अनुकूलयाञ्चकार**– अनुकूल तुल्याएछ (अन.)। लुट्–**अनुकूलयिता**– अनुकूल तुल्याउने छ (अन.)। लृट्– **अनुकूलयिष्यति**– अनुकूल तुल्याउने छ। लोट्– **अनुकूलयतु**–अनुकूल तुल्याओस्। लङ्– **आनुकूलयत्**– अनुकूल तुल्यायो (अन.)। विधिलिङ्– **अनुकूलयेत्**–अनुकूल तुल्याउला, अनुकूल तुल्याओस्। आशीर्लिङ्– **अनुकूल्यात्**– अनुकूल तुल्याओस्। लुङ्– **आनुकूलीत्**– अनुकूल तुल्यायो। लृङ्– **आनुकुलयिष्यत्**– अनुकूल तुल्याउने थियो इत्यादि।

अनुकूलः (पुं.वि.) [*अनुकूल इत्यस्माद् धातोः करोत्यर्थे णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.आफूले चाहेजस्तो, मनोभिलषित।

परिपूर्णेऽपि तडागे काकः कुम्भोदकं पिबति।
अनुकूलेऽपि कलत्रे नीचः परदारलम्पटो भवति॥

(सुभा.) २.(पुं.) [*अनुकूलयति केवलं स्वपत्नीं सुखयति*] एउटै नायिकामा रत हुने नायक। **अनुकूल एकनिरतः**। (सा.द. तृतीयपरिच्छेद) ३.(नपुं.) एक अर्थालङ्कार। अहित हुने काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा हित भएको वर्णन भएमा पर्ने अर्थगत अलङ्कार। **अहिताचरणात् हितोत्पत्तिप्रतीतिरनुकूलम्** (सा.द.टीका)।

अनुकूलता (स्त्री.) [*अनुकूलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप्*] १.अनुकूल भाव २.अनुग्रह/दया ३.प्रसन्नता। **दाक्षिण्यमनुकूलता** (अभि.चि.६.१३) **सुहृदिव प्रकटय्य सुखप्रदां प्रथममेकरसामनुकूलताम्** (उ.रा.च.)।

अनुकूला (स्त्री.) [*अनुकूलयतीति पचाद्यचि टप्*] १.वार्णिक छन्दको एक भेद। यसमा भगण, तगण, नगण र दुई गुरुवर्णको प्रयोग हुन्छ। २.आफूलाई रुचाउने।

अनुकूलां विमलाङ्गीं कुलजां कुशलां सुशीलसम्पन्नाम्।
पञ्चलकारां भार्यां पुरुषः पुण्योदयाल्लभते॥ (सुभा.)

३.दन्तीको वृक्ष।

अनुकूलितः (पुं.वि.) [*अनुकूलः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] आवश्यक परिवर्तन गरी परिस्थितिअनुसार अनुकूल तुल्याइएको।

अनुकृतः (पुं.वि.) [*अनुपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] नक्कल गरिएको।

अनुकृतिः (स्त्री.) [*अनुकरणम्, अनुपूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] नक्कल।

अनुकेसरा (स्त्री.) [*अनुगतःकेसरो यस्याःसा, बहु.स.*] नागरमोथे।

अनुक्तः (पुं.वि.) [*न उक्तः, न.त.*] नबताएको/नभनिएको।

उदीरितोऽर्थः पशुनापि गृह्यते
हयाश्च नागाश्च वहन्ति चोदिताः।
अनुक्तमप्यूहति पण्डितो जनः
परेङ्गितज्ञानफला हि बुद्धयः॥ (सुभा.)

अनुक्तसिद्धिः (स्त्री.) [*अनुक्तस्य सिद्धिः, ष.त.*] १.अतिशय गुणलाई व्यक्त गर्न अभेद आरोपद्वारा भनिएको उक्ति। **विशेषार्थोऽतिविस्तारोऽनुक्तसिद्धिरुदीर्यते** (सा.द.) २.भरतद्वारा प्रतिपादित एक काव्यलक्षण।

अनुक्रकचः (पुं.वि.) [*अनुगता क्रकचा यस्य सः*] दाँत भएको, (आरो, जुवा आदि)।

अनुक्रमः (पुं.) [*क्रममनुगतः, प्रादिस. अनुक्रमणम्, अनुपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः भावे ३.३ .१८ इति घञ्, नोदात्तोपदेशस्य ७.३.३४ इति वृद्धिनिषेधः*] एकपछि अर्को। **आनुपूर्वी स्त्रियां वाऽऽवृत्परिपाटी अनुक्रमः** (अमर.)।

अनुक्रमणिका (स्त्री.) [*अनुक्रम्यते उत्तरोत्तरं परिपाट्या अरभ्यते अनया, अनुपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, करणाधिकरणयोश्च, इति ल्युट्, तस्य अनः, ङीप् अनुक्रमणी एव स्वार्थे कन्, टप् ४.१.४, केऽणः ७.४.१३ इति ह्रस्वः*] १.ग्रन्थको भूमिका २.कुनै ग्रन्थमा बताइएका विषयको संक्षिप्त वर्णन। **अनुक्रमणिकाध्यायं वृत्तान्तानां सपर्व्वणाम्** (म.भा.)।

अनुक्रमणी (स्त्री.) [*अनुपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, करणाधिकरणयोश्च, इति ल्युट्, तस्य अनः, ङीप्*] वेदका देवता, ऋषि र छन्दको सूची भएको ग्रन्थ। वेदको रक्षाका निमित्त यी ग्रन्थहरूको निर्माण भएको हो। प्रत्येक वेदका फरक फरक अनुक्रमणीहरू छन्। ऋग्वेदको रक्षाका निमित्त शौनकद्वारा प्रणीत अनुक्रमणीहरू— १.आर्षानुक्रमणी २.छन्दोऽनुक्रमणी ३.देवतानुक्रमणी ४.अनुवाक्-अनुक्रमणी ५.सूक्तानुक्रमणी ६.ऋग्विधान ७.पादविधान ८.बृहद्देवता ९.प्रातिशाक्य १०.शौनकस्मृति। यी सबै ग्रन्थ पद्यमा निबद्ध छन्, अनुष्टुप् छन्दमा रचिएका छन्। कृष्ण यजुर्वेदको– आत्रेयानुक्रमणी, चारायणीयानुक्रमणी र तैत्तिरीय प्रातिशाख्य प्राप्त छन्। शुक्ल यजुर्वेदका प्रातिशाख्यसूत्र र कात्यायनानुक्रमणी उपलब्ध छन्। शुक्ल यजुर्वेदको सर्वानुक्रमसूत्र प्रसिद्ध छ। पाँच अध्याय भएको यस ग्रन्थमा यज्ञ गर्ने विधिको पनि विस्तृत वर्णन छ। सामवेदीय अनुक्रमणी सामवदेको अनुक्रमणी हो। अथर्ववेदीय ग्रन्थ अथर्ववेदको अनुक्रमणी ग्रन्थ हो। यसमा अथर्वको विभाजन, मन्त्र उच्चारण तथा विनियोगसम्बन्धी विषयको चर्चा छ। यसको अर्को ग्रन्थ चरणव्यूह पनि छ।

अनुक्रिया (स्त्री.) [*अनुपूर्वकाद्, डुकृञ् करणे इति धातोः, कृञः श च ३.३.१०० इति शः, टप् ४.१.४*] अनुकरण।

अनुक्रीडमानः (पुं.वि.) [*अनुक्रीडते इति क्रीडोऽनुसंपरिभ्यश्च १.३.२१ इत्यात्मनेपदम्, लटः शानजादेशः मुमागमश्च*] बिहार गरिरहेको/क्रीडारत। **साध्वनुक्रीडमानानि पश्य वृन्दानि पक्षिणाम्** (भट्टि. ८.१०)।

अनुक्रोशः (पुं.) [*अनुक्रोशन्त्यनेन, अनुपूर्वकात् क्रुश आह्वाने रोदने च इति धातोः हलश्च इति घञ्*] १.करुणरस २.रुनु-कराउनु ३.दया। **सौहार्दाद्वा विधुर इति वा मय्यनुक्रोशबुद्ध्या** (मे.दू.)।

अनुक्षणम् (नपुं.) [*क्षणे क्षणे, अव्य.स.*] प्रत्येक क्षणमा/हरदम।

अनुगः (पुं.वि.) [*अनु गच्छतीति, अनुपूर्वकाद् गम्लृ गतौ इति धातोः, अन्येष्वपि दृश्यते (वा.) इति डः*] १.अनुचर २.अनुसरण गर्ने। **येषां शास्त्रानुगा बुद्धिर्न ते मुह्यन्ति भारत** (म.भा.)।

अनुगतः (पुं.वि.) [*अनु गच्छतीति, अनुपूर्वकाद् गम्लृ गतौ इति धातोः कर्तरि क्तः*] १.पछि लागेको २.आश्रित ३.अधीन ४.नियत। **न च तदनुगतमेव अभिधावलम्बने नापि तस्य भावात्** (का.प्र.)।

अनुगम् (नपुं.) [*अनु गच्छतीति, अनुपूर्वकाद् गम्लृ गतौ इति धातोः, अन्येष्वपि दृश्यते (वा.) इति डः*] पछि/पछाडि। **अन्वगन्वक्षमनुगेऽनुपदं क्लीबमव्ययम्** (अमर.)।

अनुगमनम् (नपुं.) [*अनु पश्चात् गमनम् इति, अनुपूर्वकाद् गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५, इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पछि लाग्ने काम/अनुसरण २.सहगमन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भो लोकपालाः, यूयं साक्षिणो भवत ज्वलच्चितारोहणेन भर्तृशरीरानुगमनमहं करोमि (शुद्धितत्त्व)।

अनुगवीनः (पुं.) [*गोः पश्चात् अनुगु, अनुगु गच्छति, अनुग्वलं गामी ५.२.१५ इति खः, खस्येनः, गुणावादेशौ*] गोठालो।

अनुगामी (पुं.वि.) [*अनुगन्तुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.३.७८ इति णिनिः*] पछि लाग्ने/अनुयायी।

अनुगीता (स्त्री.) [*अनु—पश्चात् गीता*] महाभारतको अश्वमेघ पर्व अन्तर्गत पर्ने सोह्रदेखि बयानब्बे अध्यायसम्मको भाग।

अनुगुणः (पुं.) [*अनुगुणयतीति*] लोक न्यायमूलक अर्थालङ्कारको एक भेद। यसमा अर्काको संसर्गबाट आफ्नो गुणको उत्कर्ष भएको वर्णन गरिएको हुन्छ। **प्रसिद्धस्वगुणोत्कर्षोऽनुगुणः परसन्निधेः** (चन्द्रा.)।

अनुगृहीतः (पुं.वि.) [*अनुगृह्यते स्म, अनुपूर्वकाद् ग्रह धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.अनुग्रह गरिएको/कृपा गरिएको।

अनुग्रहः (पुं.) [*अनुग्रहणम् अनुग्रहः अनुपूर्वकात् ग्रह धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.कृपा।

अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा।
अनुग्रहश्च दानञ्च शीलमेतद् विदुर्बुधाः ॥ (सुभा.)

२.करुणामय भगवान्को असीम निष्कारण दया ३.अनिष्टजन्य दुःख हटेर हुने इष्टसिद्धि।

अनुग्राह्यः (पुं.वि.) [*अनुग्रहीतुं योग्यः, अनुपूर्वकाद् ग्रह धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] दया गर्न लायक।

अनुचरः (पुं.वि.) [*अनु पश्चात् साहित्येन वा, चरति इति अनुपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, चरेष्टः ३.२.१६ इति टः*] १.नोकर २.अनुयायी ३.सहचर। **अनुप्लवः सहायश्चानुचरोऽभिसमाः समाः** (अमर.)।

अनुचितः (पुं.वि.) [*न उचितः, न.त.*] बेठिक/बेमनासिब।

अनुचितार्थता (स्त्री.) [*न उचितः, अनुचितः, न.त., अनुचितश्चासौ अर्थश्च, कर्म.स., तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] जसमा जे कुरा छैन, त्यसमा त्यो कुरा छ भनेर वर्णन गर्दा पर्न जाने दोष। **अतस्मिन् तद्धर्मबोधकत्वम् अनुचितार्थत्वम्** (सा.द.टीका) जस्तै— **शूरा अमरतां यान्ति पशुभूता रणाध्वरे—** यहाँ शूरलाई पशुभन्दा कातरता व्यक्त हुने भएकाले अनुचितार्थ दोष परेको छ। यो पदगत र वाक्यगत हुन्छ। यो नित्य दोष हो। (सा.द.सप्तमपरिच्छेद)

अनुच्छदः (पुं.) [*अनुच्छादयतीति, अनुपूर्वकाद् छद धातोः, णिच् ततो घञ्*] १.मजेत्रो, पछ्यौरा २.सल ३.साडीको सप्को।

अनुच्छित्तिः (स्त्री.) [*न उच्छित्तिः न.त.*] १.काटिएर अलग नभएको स्थिति २.नाश नहुनु/अविनाशिता।

अनुच्छिष्टः (पुं.) [*न उच्छिष्टः न.स.*] १.जुठो नहालेको २.पवित्र। **लक्ष्म्या निमन्त्रयामास तमनुच्छिष्टसम्पदा** (रघु.)।

अनुच्छेदः (पुं.) [*छेदमनुगतः प्रादिस.*] १.काटिएर अलग हुनु २.वाक्यहरूको समूहबाट केही कुरो व्यक्त गरिएको आलेख ३.कानुनको दफा ४.अभिव्यक्ति खण्ड।

अनुजः (पुं.वि.) [*अनु पश्चाज्जातः, अनुपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, उपसर्गे च संज्ञायाम् ३.२.९९ इति डः*] १.पछि जन्मिएको २.भाइ। **जघन्यजे स्युः कनिष्ठयवीयाऽवरजानुजाः** (अमर.)।

अनुजन्मा (पुं.) [*अनु जन्म यस्य सः, बहु.स.*] भाइ।

अनुजा (स्त्री. [*अनु पश्चात् जाता, अनुपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, उपसर्गे च संज्ञायाम् ३.२.९९ इति डः, टिलोपः, टाप्, अनुजाता इत्यपि*] बहिनी।

अनुजातः (पुं.वि.) [*अनु—पश्चात् जातः, अनुपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, जनसनखनां सञ्झलोः ६.४.४२ इति नकारस्याकारः, सवर्णदीर्घः*] १.पछि जन्मिएको २.(पुं.) भाइ। **असौ कुमारस्तमजोऽनुजात-स्त्रिविष्टपस्येव पतिं जयन्तः** (रघु.)।

अनुजीर्णः (पुं.वि.) [*अनुजीर्यति स्म, अनुपूर्वकाद् जॄ वयोहानौ इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, तस्य नः, ईत्वम्, रपरत्वम्, णत्वम्*] १.बुढो हुन लागेको २.फाट्न लागेको ३.भत्कन आँटेको।

अनुजीवी (पुं.वि.) [*अनुजीवितुं शीलमस्य, अनुपूर्वकात् जीव प्राणने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.परावलम्बी/पराश्रित, २.सेवक। **सेवकस्तु प्रसेवे ना वाच्यलिङ्गोऽनुजीविनि** (मेदिनी.)। **सेवकार्थ्यनुजीविनः** (अमर.)। **न वञ्चनीयाः प्रभवोऽनुजीविभिः** (किरा.)।

अनुज्ञा (स्त्री.) [*अनुज्ञानम्, आतश्चोपसर्गे ३.२.३ इति कः, टाप् ४.१.४*] १.अनुमति.२.सहमति ३.आज्ञा ४.विरोधमूलक एक अलङ्कार। अप्पय दीक्षितले यस अलङ्कारको चर्चा गरेका छन्।

अनुज्ञापकः (पुं.वि.) [*अनुज्ञापयतीति, अनुपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, णिच्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः*] आज्ञा दिने, हुकुम चलाउने।

अनुज्ञापनम् (नपुं.) [*अनुज्ञाप्यते इति, अनुपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, णिच्, ल्युट् च ३.३.११५इति ल्युट्*] १.अधिकृत बनाउनु, २.आज्ञा अथवा आदेश जारी गर्नु।

अनुज्येष्ठम् (अव्य.) [*जेष्ठमनतिक्रम्य, अव्य.स.*] जेष्ठताको क्रमअनुसार।

अनुतर्षः (पुं.) [*अनुतर्षणम्, अनुपूर्वकात् तृष धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्यास २.कामना/चाहना ३.[*अनुतृष्यतेऽनेन,करणे घञ्*] पानी पिउने भाँडो ४.मदिरा पिउने भाँडो। **अनुतर्षः सुरापानपात्रे तृष्णाभिलाषयोः** (मेदिनी.)।

अनुतर्षणम् (नपुं.) [*अनुतर्षणम्, ञितृषा पिपासायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] १.रक्सी खानु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.[*अनुतृष्यतेऽनेन इति करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः*] रक्सी पिउने भाँडो। **चषकश्चानुतर्षश्च** (भागुरि)।

अनुतापः (पुं.) [*अनु-पश्चात् तापः*] पश्चात्ताप। **पश्चात्तापोऽनुतापश्च** (अमर.)।

ख्यापनेनानुतापेन तपसाध्ययनेन च।
पापकृन्मुच्यते पापात् तथा दानेन चापदि॥ (मनु.)

अनुतिलम् (अव्य.) [*तिलमनुगतः, अव्य.स.*] १.मसिनोसित २.सूक्ष्मतापूर्वक।

अनुत्कः (पुं.वि.) [*उद्गतं मनो यस्य सः, बहु.स., न उत्कः, अनुत्कः, न.त.*] १.उत्सुकता नभएको २.उत्कण्ठाविहीन। **उत्क उन्मनाः** (अमर.)।

अनुत्कर्षः (पुं.वि.) १.[*उत्कर्षस्याभावो यस्मिन् सः, बहु.स.*] उत्कर्ष नभएको २.(पुं.) [*उत्कर्षस्याभावः, न.त.*] उत्कर्ष नहुनु।

अनुत्तमः (पुं.वि.) [*अविद्यमान उत्तमो यस्मात् सः*] १.सबैभन्दा राम्रो, २.प्रधान, ३.मुख्य। **क्लीबे प्रधानं प्रमुखं प्रवेकानुत्तमोत्तमाः** (अमर.) ४.[*न उत्तमः, न.त.*] तल्लो कोटिको।

अनुत्तरः (पुं.) [*उत्तरस्याभावः, न.त.*] १.उत्तरको अभाव २.(पुं.वि.) [*अविद्यमानमुत्तरं यस्मिन् सः*] उत्तर दिन नसक्ने/निरुत्तर। **यद्वदो ऽनुत्तरः**। (अभि.चि.) ३.(पुं.वि.) [*अविद्यमान उत्तरो यस्मात् सः न.बहु*] १.उत्तरमा अर्को नभएको २.सर्वश्रेष्ठ। **अनुत्तरं प्राग्रहरं प्रवेकं प्रधान मग्रेसरमुत्तमाग्रे** (अभि.चि.)।

अनुत्तरङ्गः (पुं.वि.) [*उद्गतस्तरङ्गो यस्मात् सः बहु., न उत्तरङ्गः न.त.*] १.स्थिर २.अविक्षिप्त ३.अनुद्वेलित।

अनुत्तरदायी (पुं.वि.) [*न उत्तरदायी, न.त.*] जिम्मा र जवाफदेही नभएको वा वहन नगर्ने।

अनुत्तरम् (नपुं.) [*न विद्यते उत्तरं यस्मात् तत्*] बुद्धले प्राप्त गरेको ज्ञान/तत्त्वज्ञान/शून्यता अथवा करुणा, प्रज्ञा र उपायको एकात्मक ज्ञान। अनुत्तरको अर्थ हुन्छ सर्वश्रेष्ठ। त्यसभन्दा पछि शेष केही पनि रहँदैन। योग तथा अनुत्तर उच्चस्तरको अत्यन्त सूक्ष्म साधना हो। स्वभावतः निःस्वभाव बनेका– (सहज स्वभाव अथवा वज्रात्मक स्वभावलाई पूर्णतया आत्मसात् गरेका) साधकहरूले यसको साधना गर्दछन्। अनुत्तरमा आस्था राख्ने सिद्धहरू अरू पद्धतिलाई तिरस्कार गर्दछन्। उनीहरूका लागि मन्त्र तन्त्रको कुनै महत्त्व हुँदैन।

अनुत्तानः (पुं.वि.) *न उत्तानः अनुत्तानः, न.त.*] उत्तानो नपरेको।

अनुत्तीर्णः (पुं.वि.) [*न उत्तीर्णः न.त.*] उत्तीर्ण नभएको।

अनुत्थानम् (नपुं.) [*न उत्थानम्, न.त.*] १.उन्नति वा उत्थान नहुनु, २.नउठ्नु।

अनुत्पादः (पुं.) [*न उत्पादः, न.त.*] महायानवादी र माध्यमिक–हरूको एक दार्शनिक चिन्तन। महायानवादी र माध्यमिक–हरूले सबै पदार्थलाई सापेक्ष निःस्वभाव र शून्य बताएका छन्। यिनीहरूको दृष्टिकोणअनुसार सबै पदार्थ भावसापेक्ष र निःस्वभाव छन्। त्यसैले तिनीहरूको स्वाभाविक उत्पादन हुन सक्दैन। जो स्वभावतः उत्पन्न हुँदैन त्यो अनुत्पन्न मानिन्छ। यसरी भावहरूको प्रत्ययसापेक्ष उत्पाद नै अनुत्पाद हो। योगाचारवादीहरूले अनुत्पादलाई चित्तको अनुत्पत्ति भनेका छन्।

अनुत्साही (पुं.वि.) [*उत्साहोऽस्यास्तीति, उत्साही, न उत्साही, न.त.*] उत्साह नभएको।

अनुत्सूत्रः (पुं.वि.) [*सूत्रमुत्क्रान्तः, प्रादिस., न उत्सूत्रः, न.त.*] १.सूत्रानुसारको २.मर्यादा अनुकूलको।

अनुत्सेकः (पुं.) [*न उत्सेकः, न.त.*] १.घमन्ड नहुनु, २.नबर्सनु।

अनुदरः (पुं.वि.) [*अविद्यमानमिव उदरं यस्य सः, अल्पार्थे नञ्प्रयोगः, बहु.स.*] क्षीण/पातलो कम्मर भएको।

अनुदर्शनम् (नपुं.) [*अनुपूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.अनुचिन्तन २.निरीक्षण। **जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम्** (भ.गी.)।

अनुदात्तः (पुं.वि.) [*न उदात्तः, न.त.*] १.मामुली/सामान्य २.(पुं.), वेदपाठमा प्रयोग हुने नीचो स्वर। **नीचैरनुदात्तः** (पाणिनि)। यस स्वरको उच्चारण हुँदा हृदयको नजिकै हातको सार (सङ्केत) पुऱ्याउनु पर्छ। **हृद्यनुदात्तः, अनुदात्तोच्चारणवेलायां हृदयसमीपे हस्तस्थापनं कर्तव्यम्। यथा–वायवस्थ इत्यत्र पूर्ववका-रोत्तराकारोऽनुदात्तः** इति। (सं.दी.प्रथमभाग) ३.सङ्गीतका सात स्वरहरू वा ध्वनिमध्ये ऋषभ र धैवत स्वर।

अनुदारः (पुं.वि.) [*न उदारः,न.त.*] १.कन्जुस/कृपणी २.सङ्कुचित हृदय भएको ३.[*अनुगतो दारान्, प्रादिस.*]जोइटिङ्ग्रे ४.[*अनुगता दारा यस्य सः, बहु.स.*] अनुकूल पत्नी भएको

अनुदितः (पुं.वि.) १.[*न उदितः, न.त.*] नउदाएको ।

अनुदिनम् (अव्य.) [*दिने दिने इति अव्य.स.*] दिनदिनै।

अनुदिवसम् (नपुं.) [*दिवसे दिवसे, वीप्सार्थे, अव्य.स.*] दिनदिनै

अनुदृष्टिः (स्त्री.) १.[*अनुगता दृष्टिः, प्रादिस.*] अनुकूल दृष्टि २.(पुं.वि.) [*अनुगता दृष्टिः यस्य सः*] अनुकूल दृष्टि भएको।

अनुदेशः (पुं.) [*अनुदिश्यते, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्*] १.क्रमअनुसार गरिने उच्चारण २.उपदेश। **यथासङ्ख्यमनुदेशसमानाम्** (पाणिनि) ३.पहिलेको नियमलाई सङ्केत गर्ने उपदेश।

अनुद्धतः (पुं.वि.) [*न उद्धतः, न.त.*] विनयसम्पन्न/उत्ताउलो नभएको।

अनुद्धारः (पुं.) [*उद्धारस्याभावः, न.त.*] १.उद्धारको अभाव।

अनुद्भटः (पुं.वि.) [*न उद्भटः, न.त.*] सामान्य।

अनुद्यम् (नपुं.) [*वदितुं न योग्यम्, वदः सुपि क्यप् च ३.१.१०६ इति क्यप्*] भन्नु नहुने कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुद्यमः (पुं.) [*न उद्यमः, न.त.*] उद्योगको अभाव, (पुं.वि.) [*न विद्यते उद्यमो यस्य सः, बहु.स.*] निरुद्योगी/उद्योग नगर्ने। **अनुद्यमेन तैलानि तिलेभ्यो नाप्तुमर्हति** (हितो.)।

अनुद्यतः (पुं.वि.) [*न उद्यतः, न.त.*] तत्पर नहुने/अल्छी।

अनुद्यूतम् (नपुं.) [*द्यूतस्य पश्चात्*] एक पटक जुवा खेलेर केही समय बिसाई फेरि जुवा खेल्ने काम।

अनुद्योगः (पुं.) १.[*उद्योगस्य अभावः, न.त.*] उद्योगको अभाव २.(पुं.वि.) [*अविद्यमान उद्योगो यस्य सः, न.बहु.*] उद्योगशून्य।

अनुद्रुतम् (नपुं.) [*अनुपूर्वकाद् द्रु धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.अनुगत। **धनुर्धरै राजसुतैरनुद्रुतम्** (कालिदास) २.तालविशेष। **अर्धमात्रं द्रुतं ज्ञेयं द्रुतार्धं चाप्यनुद्रुतम्।**

अनुद्वाहः (पुं.) [*न उद्वाहः, न.त.*] विवाहको अभाव।

अनुद्विग्नः (पुं.वि.) [*न उद्विग्नः,न.त.*] शान्त चित्त भएको/अव्याकुल/नआत्तिएको।

अनुद्वेगः (पुं.) १.[*न उद्वेगः, न.त.*] उद्वेग नहुनु २.(पुं.वि.) [*अविद्यमानः उद्वेगो यस्य सः, बहु.स.*] उद्वेग वा व्याकुलता नभएको।

अनुधारणा (स्त्री.) [*धारणामनुगता, प्रादिस.*] प्राक् कल्पना/अनुसन्धानको क्रममा अँगालिएको पूर्वधारणा/ अनुकल्पना।

अनुधावनम् (नपुं.) [*अनुपूर्वकाद् धावु गतिशुद्ध्योः, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.पछि पछि दौड्नु २.तत्त्व निश्चयको अनुसरण गर्नु ३.अनुसन्धान।

अनुध्या (स्त्री.) [*अनुपूर्वकाद् ध्यै चिन्तायाम् इति धातोः, आतश्चोपसर्गे ३.३, १०६ इति अङ्, टाप्*] १.शुभ चिन्तन, २.अनुग्रह।

अनुध्यानम् (नपुं.) [*अनुपूर्वकाद् ध्यै चिन्तायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१*] निरन्तर चिन्तन। **या नः प्रीतिर्विरूपाक्ष त्वदनुध्यानसम्भवा** (कु.सं.)।

अनुध्येयः (पुं.वि.) [*अनुध्यातुं योग्यः, अनुपूर्वकाद् ध्यै चिन्तायाम् इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] ध्यान गर्न योग्य/चिन्तनीय।

अनुनयः (पुं.) [*नयनम्, णीञ् प्रापणे इति धातोः, एरच् ३.३.५६ इति अच्, नयमनुगतः,*] १.शक्तिशाली वा प्रभावशाली व्यक्तिका सामु आफ्नो वा अरू कसैको उद्धार वा हितका लागि सविनय गरिने प्रार्थना वा अनुरोध २.आफूसित रिसाएको वा उदासीन व्यक्तिलाई आफ्नो अनुकूल तुल्याउन गरिने बिन्तीभाउ ३.एक नाट्यलक्षण। मिठो बोलीले अर्थसिद्धि गर्ने काम। **वाक्यैः स्निग्धैरनुनयो भवेदर्थस्य साधनम्** (सा.द.षष्ठपरिच्छेद)।

अनुनादः (पुं.) [*अनुरूपो नादः, प्रादिस.*] १.प्रतिध्वनि/प्रतिशब्द/कुनै ध्वनि वा आवाज आएपछि त्यसबाट उत्पन्न कम्पनको फलस्वरूप प्रकट हुने दोस्रो ध्वनि/अनुरणन २.नादविज्ञानअनुसार एकै प्रकारका दुई सूक्ष्म नादका योगबाट उत्पन्न गम्भीर तथा स्थूल नाद ३.सङ्गीतमा वाद्यवादन गर्दा हुने कम्पनबाट पैदा भएको गमक।

अनुनायकः (पुं.) [*नायकमनुगतः, प्रादिस.*] नायकको अनुसरण गर्ने सहनायक।

अनुनायिका (स्त्री.) [*नायिकामनुगता, प्रादिस.*] दृश्यकाव्यमा प्रयुक्त प्रधान नायिकाकी परिचारिका।

सखी प्रव्रजिता दासी प्रेष्या धात्रेयिका तथा।
अन्याश्च शिल्पकारिण्यो विज्ञेया ह्यनुनायिकाः॥ (वाचस्पति)

अनुनासिकः (पुं.) [*नासिकामनुगतः, प्रादिस.*] १.आआफ्ना स्थानका साथै नाकबाट पनि उच्चरित हुने ध्वनि समूह। जस्तै– ङ, ञ, ण, न, म। **ञमङ्णनानां नासिका च, मुखनासिकावचनोऽनुनासिकः** (पाणिनि) २.चन्द्रविन्दु।

अनुनिर्देशः (पुं.) [*निर्देशमनुगतः प्रादिस.*] पूर्ववर्ती अनुक्रमअनुसार गरिएको वर्णन/यथासङ्ख्य।

भूयसामुपदिष्टानां क्रियाणामथ कर्मणाम्।
क्रमशो योऽनुनिर्देशो यथासङ्ख्यं तदुच्यते॥ (वाचस्पति)

अनुपघातः (पुं.) [*न उपघातः, न.त.*] क्षति नहुनु।

अनुपति (नपुं.) [*पत्युःसमीपे, अव्य.स.*] पतिको नजिकै।

अनुपथः (पुं.) [*अनुकूलः पन्थाः, समासान्तोऽच्*] अनुकूल मार्ग।

अनुपदः (पुं.वि.) [*अनुपश्चात् पद्यते गच्छति, पचाद्यच्*] पछिपछि हिँड्ने/पछि लाग्ने।

अनुपदम् (नपुं.) १.[*अनुरूपं पदम्, प्रादिस.*] अनुकूल स्थान २.[*पदस्य पश्चात्, अव्ययं विभक्ति २.१.६ इति पश्चादर्थेऽव्ययीभावसमासः*] पछि लाग्नु। **अन्वगन्वक्षमनुगेऽनुपदक्लीवमव्ययम्** (अमर.)।

अनुपदी (पुं.वि.) [*अनुपदमन्वेष्य इति, अनुपद्यन्वेष्य ५.२.९० इति अनुपूर्वकाद् पद गतौ इति धातोः, इनिः*] १.पाइलाको अनुसरण गर्ने २.अनुसन्धानकर्ता/ गवेषक। **मृगस्यानुपदी रामो जगाम गजविक्रमम्** (भट्टि.)। ३.[*गवामनुपदमन्वेष्टा,पूर्वसूत्रेण इनिः*] गोठालो/चरुवा।

अनुपदीना (स्त्री.) [*पदस्यानु, यस्य चायामः २.१.१६ इति अव्ययीभावसमासः, अनुपदं बद्धा, अनुपदसर्वान्नायानयं बद्धाभक्षयतिनेयेषु ५.२.९ इति खः, खस्य ईनः, टाप् ४.१.४*] १.मोजा २.तुना बाँध्ने जुत्ता/बुट्। **अनुपदीना त्वाबद्धाऽनुपदं हि या** (अभि.चि.)।

अनुपधिः (पुं.वि.) [*अविद्यमान उपधिः छलं यत्र सः*] निश्छल।

अनुपपत्तिः (स्त्री.) [*उपपत्तेरभावः, न.त.*] १.असङ्गति २.युक्तिको अभाव।

अनुपमः (पुं.वि.) [*अविद्यमाना उपमा यस्य सः, बहु.स.*] १.अतुलनीय ३.उत्तम ४.सर्वोत्कृष्ट। **बलं प्रमाणं शक्तिश्च परैरनुपमं मम** (रामा.)।

अनुपमा (स्त्री.) [*अविद्यमाना उपमा यस्याः सा, बहु.स.*] १.सुप्रतीक नामक दिग्गजकी पत्नी/हथिनी २.अतुलनीया।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुपमेयः (पुं.वि.) [*उपमीयते इति उपमेयः, न उपमेयः, न.त.*] १.तुलना गर्न नसकिने २.उपमेयभन्दा भिन्न।

अनुपयुक्तः (पुं.वि.) [*न उपयुक्तः, न.त.*] १.काममा न आउने/कामलायक नभएको २.नसुहाउँदो।

अनुपयोगः (पुं.) १.[*न उपयोगः, न.त.*] अनुकूल नहुनु २.प्रयोगमा नआउनु ३.अनुचित तरिकाले गरिएको प्रगोग/दुरुपयोग।

अनुपयोगी (पुं.वि.) [*उपयागोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः, न उपयोगी, न.त.*] उपयोगमा नआउने/काम नलाग्ने।

अनुपरतिः (स्त्री.) [*न उपरतिः, न.त.*] विषयको राग नहुनु/विषयवासनाबाट निवृत्ति।

अनुपलब्धः (पुं.वि.) [*न उपलब्धः, न.त.*] प्राप्त नभएको/अप्राप्त।

अनुपलब्धिः (स्त्री.) [*न उपलब्धिः, न.त.*] १.लाभ नहुनु/अप्राप्ति २.असफलता/कुनै काम गर्दा लक्ष्य हासिल हुन नसकेको अवस्था।

अनुपवीतः (पुं.वि.) [*अविद्यमानं विधिना जातं उपवीतं यस्य सः, बहु.स.*] विधिपूर्वक व्रतबन्ध नभएको।

अनुपसंहारी (पुं.) [*न उपसंहारी, न.त.*] हेत्वाभासको एक भेद, जस्तै— **सर्वं नित्यं प्रमेयत्वात्**। सबै वस्तु नित्य छन् प्रमेय भएकाले। यहाँ दृष्यान्त नभएकाले दिइएको हेतु उपयुक्त छैन।

अनुपसर्गः (पुं.) १.[*न उपसर्गः, न.त.*] उपसर्गभिन्न २.(पुं.वि.) [*अविद्यमान उपसर्गो यत्र सः, न.बहु.स.*] उपसर्ग नलागेको/उपसर्ग नभएको ३.महामारी आदि रोग नभएको।

अनुपस्थितः (पुं.वि.) [*न उपस्थितः न.त.*] १.उपस्थित नभएको २.अप्रस्तुत।

अनुपस्थितिः (स्त्री.) [*न उपस्थितिः न.त.*] १.उपस्थितिको अभाव २.विस्मृति।

अनुपहतः (पुं.वि.) [*न उपहतः, न.त.*] १.चोट नलागेको २.भर्खर तानबाट निकालेको/नधोएको।

अनुपातः (पुं.) [*अनुगतः पातम्, त्रैराशिकेन अनुरूपः पातः*] १.दाँजो/मान/तुलना २.पाटी गणितमा प्रतिपादित त्रैराशिकद्वारा हुने सङ्ख्याको अनुपात **पुरान्तरश्चेदिदमुत्तरं स्यात् तदक्षविश्लेषलवैस्तदा किम्। चक्रांशकैरित्यनुपातयुक्त्या युक्तं निरुक्तं परिधेः प्रमाणम्** (सि.शि.) ५.पछिबाट खस्नु।

अनुपातकम् (नपुं.) [*अनुपातयति नरकं गमयति इति अनुपूर्वकाद् पत्लृ गतौ इति धातोः, णिच्, ततः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] ब्रह्महत्या, सुरापान आदि पापले तुल्य अन्य पाप। यी पापहरू विष्णु स्मृतिअनुसार पैंतिस र मनुस्मृतिअनुसार तिस छन्। कतिपय अनुपातकहरू— (क) **ब्रह्महत्याका निकटवर्ती अनुपातक**— १.उत्कर्षमा मिथ्यावचन। यो दुई प्रकारको हुन्छ— आत्मगामी र परगामी (ख) **सुरापानतुल्य अनुपातक**— वेदत्याग, पढेको वेद बिर्सने काम २.वेदको निन्दा ३.झुटो साक्षी। यो दुई प्रकारको हुन्छ— ज्ञातको अकथन र मिथ्याकथन ४.मित्रको हत्या ५.जानीजानी गर्हित अन्नको भक्षण ६.जानीजानी च्याउ, छ्यापी आदि निषिद्ध वस्तुको भक्षण। (ग) **स्वर्णस्तेयसमान अनुपातक**— १.निक्षेपको अपहरण २.मानिसको अपहरण ३.अश्वापहरण ४.चाँदी चोर्नु वा लुट्नु ५.भूमिहरण ६.हीराहरण ७.मणिहरण। (घ) **विमातृगमनसमान अनुपातक**— १.सपिण्डस्त्रीगमन २.कुमारीगमन ३.अन्त्यजागमन ४.साथीकी स्त्रीसितको सम्भोग ५.औरसेतर पुत्रका स्त्रीहरूसितको गमन ६.पुत्रका असवर्ण स्त्रीहरूसितको गमन (ङ) **गुरुपत्नीगमन समान अनुपातक**— १.भगिनीगमन २.आचार्यकी पत्नीसितको गमन ३.रानीसितको गमन ४.संन्यासिनीसितको गमन ५.धाईसितको गमन ६.पतिव्रतागमन ७.आफूभन्दा माथिल्लो वर्णकी स्त्रीसितको गमन ८.मातृस्वसागमन ९.पितृस्वसागमन १०.सासूसितको लसपस ११.माइजूसितको लसपस १२.शिष्यकी स्त्रीसित गमन १३.शरणमा आएकी स्त्रीसितको सम्भोग। यी सबै अनुपातक महापातकका निकटवर्ती पातक मानिन्छन्। **~प्रतिनिधित्वम्** (नपुं.) [*अनुपातस्य प्रतिनिधित्वम्, ष.त.*] अनुपातिक प्रतिनिधित्व।

अनुपानम् (नपुं.) १.[*अनु—भेषजेन सह पश्चाद् वा पीयते इति, अनुपूर्वकाद् पा पाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] २.औषधिसँगै वा औषधि खाएपछि खाइने मह, सक्खर दुध आदि। **अनुपानविशेषेण करोति विविधान् गुणान्** (वैद्यक)।

अनुपूर्वः (पुं.वि.) [*पूर्वमनुगतः प्रादिस.*] १.नियमित २.क्रमबद्ध।

अनुपेतः (पुं.वि.) [*न उपेतः, न.त.*] १.वियुक्त, २.व्रतबन्ध नभएको।

अनुप्रयोगः (पुं.) [*प्रयोगमनुगतः, प्रादिस.*] १.प्रयोगमा आएको २.दोहोरिएको।

अनुप्रवेशः (पुं.) [*प्रवेशमनुगतः, प्रादिस.*] आफूलाई अरूको इच्छा अनुकूल ढाल्ने काम।

अनुप्रवेशम् (नपुं.) [*अनुप्रपूर्वकाद् विश प्रवेशे इति धातोः विशिपतिपदिस्कन्दां व्याप्यमानासेव्यमानयोः ३.६.६५ इति णमुल्*] प्रवेश गरेर। **गेहानुप्रवेशमास्ते।**

अनुप्रश्नः (पुं.) [*प्रश्नमनुगतः, प्रादिस.,*] पछि बाट गरिने प्रश्न/अध्यापकको भनाइसँग सम्बद्ध हुने गरी पछि सोधिएको प्रश्न।

अनुप्रसक्तिः (स्त्री.) [*प्रसक्तिमनुगतः, अनु—प्रपूर्वकाद् सञ्ज सङ्गे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.गहिरो सम्बन्ध २.घनिष्ठ प्रेम।

अनुप्रसादनम् (नपुं.) [*अनु—प्रपूर्वकाद् सद्लृ गतौ इति धातोः, ल्युद च ३.३.११५ इति ल्युद् युवोरनाकौ ७.१.१ इत्यनः*] १.आराधना २.खुसी पार्ने क्रिया।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुप्राणनम् (नपुं.) [*अनु–प्रपूर्वकाद् अन प्राणने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कसैलाई बचाउनु।

अनुप्राणितः (पुं.वि.) [*अनुप्राण्यते स्म इति, अनु–प्रपूर्वकाद् अन प्राणने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.जगाइएको २.पुनर्जीवित गरिएको/प्राण हालिएको ३.[*अनुप्राणः सञ्जातोऽस्य, इतच्*] प्रभावित ४.प्रेरित।

अनुप्रापणम् (नपुं.) [*अनु–प्रपूर्वकाद् आप्लृ व्याप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] पछिबाट पुऱ्याउनु।

अनुप्राप्तः (पुं.वि.) [*अनु (पश्चात्) प्राप्तः, अनु–प्रपूर्वकाद् आप्लृ गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पछिबाट प्राप्त भएको।

अनुप्राप्तिः (स्त्री.) [*अनुप्रापणमिति, अनु–प्रपूर्वकाद् आप्लृ गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.पछिबाट प्राप्त हुनु २.पछिल्लो लाभ।

अनुप्राशनम् (नपुं.) [*अनु–प्रपूर्वकाद् अश भोजने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] १.खानु २.चाट्नु।

अनुप्रासः (पुं.) [*रसाद्यनुगतत्वेन प्रकर्षेण आसः (न्यासः) अनु–प्रपूर्वकाद् आस उपवेशने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] स्वर मिले वा नमिले पनि व्यञ्जनवर्णहरूको एक पटक वा अनेक पटक, एक किसिमले वा अनेक किसिमले आवृत्ति हुँदा पर्न जाने एक शब्दालङ्कार। **अनुप्रासः शब्दसाम्यं वैषम्येऽपि स्वरस्य यत्।** (सा.द.) यसका पाँच भेद छन्– १.**छेकानुप्रास**– एक वा सोभन्दा अधिक वर्णको एक पटक अनेक किसिमले हुने आवृत्ति। **छेको व्यञ्जनसङ्घस्य सकृत् साम्यमनेकधा** (सा.द.)। २.**वृत्त्यनुप्रास**– यो पाँच किसिमको हुन्छ– (क) अनेक व्यञ्जन वर्णको एक किसिमले एकपटक हुने आवृत्ति (ख) अनेक व्यञ्जन वर्णको एक किसिमले पटकपटक हुने आवृत्ति (ग) अनेक व्यञ्जन वर्णको अनेक किसिमले हुने आवृत्ति (घ) एक व्यञ्जन वर्णको एक पटक एकै किसिमले हुने आवृत्ति (ङ) एकव्यञ्जन वर्णको अनेक किसिमले बारम्बार हुने आवृत्ति।

अनेकस्यैकधा साम्यमसकृद् वाप्यनेकधा।
एकस्य सकृदप्येष वृत्त्यनुप्रास उच्यते॥ (सा.द.)

३.**श्रुत्यनुप्रास**– कण्ठ तालु, दन्त आदि स्थानबाट उच्चरित व्यञ्जन वर्णमध्ये एकैस्थानका व्यञ्जन वर्णको पटकपटक हुने आवृत्ति।

उच्चार्यत्वाद्यदेकत्र स्थाने तालुरदादिके।
सादृश्यं व्यञ्जनस्यैव श्रुत्यनुप्रास उच्यते॥

४.**अन्त्यानुप्रास**– पद अथवा पाउको अन्त्यमा प्रथम पटक प्रयुक्त स्वरले संहित भएको व्यञ्जनको आवृत्ति हुँदा पर्ने अलङ्कार।

व्यञ्जनं चेद्यथावस्थं सहाद्येन स्वरेण तु।
आवर्त्यते ऽन्त्ययोज्यत्वादन्त्यानुप्रास एव तत्॥ (सा.द.)

५.**लाटानुप्रास**– तात्पर्य भिन्न भएका शब्दार्थको आवृत्ति।

शब्दार्थयोः पौनरुक्त्ये भेदे तात्पर्यमात्रतः।
लाटानुप्रासः॥ (सा.द.)

अनुप्रासजातिः (स्त्री.) [*अनुप्रासस्य जातिः, ष.त.*] भोजद्वारा वर्णित अनुप्रासका विभिन्न वृत्तिहरू। यी वृत्ति भनेका वर्णानुप्रासका भेद हुन्। सरस्वती कण्ठाभरणमा भोजले भनेका छन्–

यथा ज्योत्स्ना चन्द्रमसं यथा लावण्यमङ्गनाम्।
अनुप्रासस्तथा काव्यमलङ्कर्तुमयं क्षमः॥

भोजले १२ वटा अनुप्रासका वृत्ति मानेका छन्– १.**कर्णाटी**– यसमा कवर्गीय वर्णको बढी आवृत्ति हुन्छ। २.**कौन्तली**– यसमा चवर्गीय व्यञ्जनको बढी आवृत्ति हुन्छ। ३.**कौंकी**– यसमा टवर्गीय वर्णको आवृत्ति हुन्छ। ४.**कौंकणी**– यसमा तवर्गीय वर्णको बढी आवृत्ति हुन्छ। ५.**वाणवासिका**– यसमा पवर्गीय वर्णको बढी आवृत्ति हुन्छ। ६.**द्राविडी**– यसमा अन्तःस्थ– (य व र ल) वर्णको बढी आवृत्ति हुन्छ। ७.**माधुरी**– यसमा उष्म वर्ण– (श ष स) वर्णको बढी आवृत्ति हुन्छ। ८.**मात्सी**– यसमा तीन वर्गका वर्णको आवृत्ति हुन्छ। ९.**मागधी**– यसमा दुई वर्गका वर्णहरूको मिश्रत रूपमा आवृत्ति हुन्छ। १०.**ताम्रलिप्ति**– यसमा आफ्नो वर्गको अन्तिम वर्णले युक्त भएका वर्णहरूको आवृत्ति हुन्छ। ११.**औड्री**– आफ्नो रूप सौन्दर्यले चित्तको स्वरूपलाई हरण गर्न सक्ने वृत्ति। १२.**पौड्री**– नमिल्दा वर्णको संयोगबाट बनेको अनुप्रासद्वारा चित्तलाई हरण गर्ने खालको वृत्ति।

अनुप्लवः (पुं.) [*अनु पश्चात् प्लवते, प्लुङ् गतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्*] १.नोकर। **सहायोऽभिचरोऽनोश्च जीविगामिचरप्लवाः** (अभि.चि.) २.पछि लाग्ने ३.[*अनुप्लवनम्, ऋदोरप् इत्यप्*] पछि लाग्ने काम।

अनुबद्धः (पुं.वि.) [*अनुपूर्वकाद् बन्ध बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँधिएको २.गाँसिएको ३.सम्बन्ध भएको।

अनुबन्धः (पुं.) [*अनुबध्यतेऽनेन, अनुपूर्वकाद् बन्ध बन्धने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.बन्धन २.सम्बन्ध ३.अघिपछि ४.आरम्भ ५.व्याकरणमा प्रकृति, प्रत्यय, आगम, आदेश आदिमा रहेको इत्संज्ञकवर्ण ६.वात, पित्त, कफमा प्रधान ७.कुनै विषयको साङ्गोपाङ्ग विवेचन ८.कानुनी पक्षबाट लागू हुने दुई थरी व्यक्तिका बिचको सम्झौता ९.वस्तु, जीव आदिमा अनिवार्यरूपले हुने आपसी सम्बन्ध १०.योजना, प्रयोजन, कारण ११.मुख्य कथावस्तुसित आएको प्रासङ्गिक वा गौण कथानकको आफ्नो प्रयोजन। **~पत्रम्** (नपुं) [*अनुबन्धस्य पत्रम्, ष.त.*] सम्झौता पत्र।

अनुबन्धनम् (नपुं.) [*अनुपूर्वकाद् बन्ध बन्धने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्*] १.सम्बन्ध २.परम्परा ३.सम्बन्धन दिने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुबन्धी (पुं.वि.) [*अनुबन्धोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.सम्बन्ध राख्ने २.सम्बन्ध प्राप्त ३.सम्पन्न ४.अबाध। **ऊर्ध्वं गतं यस्य न चानुबन्धि** (रघु.)।

अनुबन्ध्यः (पुं.वि.) [*अनुबद्धुं योग्यः, अनुबन्ध्यः, अनुपूर्वकाद् बन्ध बन्धने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.मुख्य २.बाँध्न लायक/बन्धनयोग्य।

अनुबलम् (नपुं.) [*बलमनुगतः, प्रादिस.*] मुख्य सेनाको रक्षाका निमित्त पछाडि राखिएको सेना।

अनुबोधः (पुं.) [*अनुबोधनम् इति अनुपूर्वकाद् बुध अवगमने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पछि हुने सम्झना वा बोध २.गन्ध उडेको वस्तुलाई संस्कार गरेर पुनः बास्नादार बनाउनु। **अथ प्रबोधनमनुबोधः** (अमर.)।

अनुबोधकः (पुं.वि.) [*अनुबोधयतीति अनुपूर्वकाद् बुध अवगमने इति धातोः, णिचि ण्वुल्तृचौ ३.३.१३३ इति ण्वुल्प्रत्ययः युवोरनाकौ ७.१.१ इत्यकः*] कुनै व्यक्ति विशेषलाई सम्झना दिलाउन दिइने (पत्र वा वस्तु)।

अनुबोधनम् (नपुं.) [*अनुपूर्वकाद् बुध अवगमने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.कसैलाई सम्झाउने वा बुझाउनु क्रिया २.गन्ध उडेको वस्तुलाई संस्कार गरेर पुनः वास्नादार बनाउनु।

अनुभवः (पुं.) [*अनुभवनम्, अनुपूर्वकाद् भू सत्तायाम् इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] भोगेर वा गरेर प्राप्त भएको ज्ञान/अनुभूति। नव्यन्यायअनुसार अनुभवका चार भेद छन्– प्रत्यक्ष, अनुमिति, उपमिति र शाब्द। **~शून्यः** (पुं.वि.) [*अनुभवेन शून्यः, तृ.त.*] अनुभव नभएको। **~सिद्धः** (पुं.वि.) [*अनुभवेन सिद्धः, तृ.त.*] अनुभवबाट सिद्ध भएको।

अनुभवी (पुं.वि.) [*अनुभवः अस्यास्तीति, धातोः, अत इनिठनौ ५.२.११५ इति इनिः*] अनुभव भएको।

अनुभावः (पुं.) [अनुभावयति बोधयति अनेन, अनुपूर्वकाद् भू *सत्तायाम् इति धातोर्णिचि कृत्यल्युटो बहुलम् ३.३.११३ इति करणेऽच्*] १.सामर्थ्य। **तवानुभावोऽयमवेदि यन्मया निगूढतत्त्वं नयवर्त्म विद्विषाम्।** (किरा.) २.निश्चय ३.[*अनुभाव्यतेऽनेन, अनुपूर्वकाद् भू सत्तायाम् इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्*] मनको भाव प्रकट गर्ने कटाक्ष, रोमाञ्च आदि चेष्टा। साहित्य (काव्य, नाटक आदि) मा रसको अनुभूति गराउने रत्यादि स्थायिभावको कार्य। जसले रत्यादि स्थायिभावलाई आस्वादन गराउँछन्, त्यस्ता कटाक्षपात, अङ्गविक्षेप आदिलाई पनि अनुभाव भनिन्छ। अनुभाव दुई किसिमका हुन्छन्– स्वाभाविक र औपाधिक। स्तम्भ, स्वेद, रोमाञ्च स्वरभङ्ग, कम्प, वैवर्ण्य, अश्रु र प्रलय यी आठवटा स्वाभाविक अनुभाव हुन् भने स्मित, गीत, कटाक्ष, भुजक्षेप, हुङ्कार, आलस्य आदि औपाधिक अनुभाव हुन्। सात्त्विक, कायिक, मानसिक र आहार्य गरी यसका चार भेद छन्।

उद्बुद्धं कारणैः स्वैः स्वैर्बहिर्भावं प्रकाशयन्।
लोके यः कार्यरूपः सोऽनुभावः काव्यनाट्ययोः॥ (सा.द.)

४.तेज।

नरपतिकुलभूत्यै गर्भमाधत्त राज्ञी
गुरुभिरभिनिविष्टं लोकपालानुभावैः (रघु.)।

अनुभावकः (पुं.वि.) [*अनुभावयतीति, अनुपूर्वकाद् भू सत्तायाम् इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अनुभव गराउने २.झल्काउने, ३.आस्वादयोग्य तुल्याउने।

अनुभावनम् (नपुं.) [*अनु पश्चात् भावनम्, अनुपूर्वकाद् भू सत्तायाम् इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] चेष्टाद्वारा मानसिक भाव व्यक्त गर्नु।

अनुभूतः (पुं.वि.) [*अनुभूयते स्म, अनुपूर्वकाद् भू सत्तायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अनुभव गरिएको, २.(नपुं.) [*नपुंके भावे क्तः, ३.३, ११४ इति क्तः*] अनुभव।

अनुभूतिः (स्त्री.) [*अनुभवनम्, अनुपूर्वकात् भूधातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.अनुभव २.साहित्यका क्षेत्रमा हुने विशेष किसिमको अनुभूति– १.काव्यानुभूति, २.रसानुभूति, ३.भावानुभूति, ४.प्रातिभ अनुभूति, ५.विलक्षण अनुभूति, ६.रहस्यानुभूति, ७.दिव्यानुभूति, ८.लौकिक अनुभूति, ९.प्रत्यक्षानुभूति, १०.समानुभूति, ११.सहानुभूति, १२.सौन्दर्यानुभूति ३.न्यायशास्त्रमा वर्णित अनुभव– प्रत्यक्ष, अनुमान, उपमान र शब्द (भा.प.)।

अनुभोगः (पुं.) [*अनुपूर्वकाद् भुज पालनाभ्यवहारयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] कुनै काम गरेबापत सित्तैँमा प्राप्त जमिनको भोग/मोहियानी हक।

अनुमतः (पुं.वि.) [*अन्वमानीति, अनुपूर्वकाद् मन अवबोधने इति धातोः क्तः*] १.स्वीकृत २.मानिएको/अनुमोदन गरिएको।

अनुमतम् (नपुं.) [*अनुपूर्वकाद् मन अवबोधने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*]१.स्वीकृति/अनुमति २.अनुमोदन।

अनुमतिः (स्त्री.) [*अनुपूर्वकाद् मन ज्ञाने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति वा क्तिच्*] १.आज्ञा २.राय/सम्मति ३.मन्जुरी ४.उदयकालमा प्रतिपदाको योगले कला घट्न गएका चन्द्रमा भएको पूर्णिमा/चतुर्दशीयुक्त पूर्णिमा। **कलाहीने सानुमतिः** (अमर.)।

अनुमतिपत्रम् (नपुं.) [*अनुमतेः पत्रम्, ष.त.*] इच्छापत्र/आफ्नो अनुपस्थितिमा आफूले गर्नुपर्ने काम गर्न अन्य व्यक्तिलाई अनुमति दिई लेखिएको पत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुमन्त्रणम् (नपुं.) [*अनुपूर्वकाद् मत्रि गुप्तभाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः*] मन्त्रद्वारा आवाहन या प्रतिष्ठा गर्नु।

अनुमा (स्त्री.) [*अनुमीयते इति, अनुपूर्वकाद् मा माने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्, टाप् ४.१.४*] अनुमान/अड्कल/साधन (हेतु) द्वारा साध्यको ज्ञान।

अनुमानम् (नपुं.) [*अनुपूर्वकात् माङ् माने इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट्, तस्य अनः*] १.अनुमान गर्ने काम २.[*अनुमीयतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः*] न्यायशास्त्रका चार प्रमाणमध्ये दोस्रो प्रमाण। साधनद्वारा साध्यको ज्ञान। जुन वस्तु सिद्ध गर्नु छ त्यसलाई साध्य भनिन्छ र जसद्वारा सिद्ध गरिन्छ त्यसलाई साधन भनिन्छ। साधनलाई दर्शनको भाषामा हेतु भनिन्छ। जहाँ साध्य सन्दिग्ध रहन्छ त्यो पक्ष हुन्छ। जस्तो– **पर्वतो वह्निमान् धूमात्**। यसमा पर्वत पक्ष छ। जहाँ साध्य रहँदैन त्यो विपक्ष हुन्छ। जस्तै– सरोवर। जहाँ सधैं साध्य निश्चितरूपले रहन्छ त्यो सपक्ष मानिन्छ। जस्तै– भान्साघर। अनुमानका लागि व्याप्तिज्ञान आवश्यक छ। यो दुई प्रकारको हुन्छ– अन्वय र व्यतिरेक। जहाँ जहाँ धुवाँ छ, त्यहाँ त्यहाँ आगो छ। यो अन्वय व्याप्ति हो भने जहाँ आगो छैन, त्यहाँ धुवाँ पनि छैन– व्यतिरेक व्याप्ति हो। अनुमान दुई प्रकारको हुन्छ– स्वार्थ र परार्थ। आफूले बोध गर्न गरिने अनुमान स्वार्थानुमान हो भने अरूलाई बुझाउन गरिने अनुमान परार्थानुमान हो। परार्थानुमानका लागि प्रतिज्ञा (यो पर्वत वह्निमान् छ।) हेतु (किनभने यहाँ धुवाँ छ।) उदाहरण (जहाँ धुवाँ रहन्छ, त्यहाँ आगो पनि रहन्छ।) उपनय (यस पर्वतमा पनि त्यस्तै धुवाँ छ) निगमन (त्यसैले यस पर्वतमा अग्नि छ।) नामक पञ्चावयव वाक्यको आवश्यक पर्छ। अर्को प्रकारले वर्गीकरण गर्दा अनुमान तीन प्रकारको हुन्छ– केवलान्वयी (साधन र साध्यको नियमगत साहचर्य भएको अनुमान, यसको व्याप्ति अन्वयद्वारा स्थापित हुन्छ। यसमा व्यतिरेक रहँदैन।) केवलव्यतिरकी (हेतु साध्यका साथ निषेधात्मक रूपमा आबद्ध रहेको अनुमान) अन्वयव्यतिरेकी (हेतु र साध्यको सम्बन्ध अन्वय र व्यतिरेक द्वारा स्थापित हुने अनुमान) ३.तर्कन्यायमूलक अर्थालङ्कार। यसमा कवि कल्पित साधनद्वारा चमत्कारपूर्ण ढङ्गबाट साध्यको ज्ञान हुन्छ। **अनुमानं तु विच्छित्या ज्ञानं साध्यस्य साधनात्** (सा.द.) ४.गर्भसन्धिको एक अङ्ग।

अनुमानोक्तिः (स्त्री.) [*अनुमानेन उक्तिः, तृ.त.*] १.तर्कपूर्ण अभिव्यक्ति २.तर्क। **ऊहस्तर्कानुमानोक्तिः** (हला.) ३.अड्कलबाजी।

अनुमापकः (पुं.वि.) [*अनुमापयतीति, अनुपूर्वकाद् माङ् माने इति धातोः, णिच्, पुक्,ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः, णिलोपः*] अनुमान गराउने साधन।

अनुमितिः (स्त्री.) [*अनुमानमिति, अनुपूर्वकाद् माङ् माने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.अनुमान/अड्कल २.[*अनुमीयतेऽनया*] न्यायशास्त्रअनुसार अनुभूतिका चार भेदमध्ये एक।

अनुमितिवादः (पुं.) [*अनुमितेः वादः ष.त.*] अनुमानबाटै रसानुभूति हुन्छ भन्ने श्रीशङ्खुकको सिद्धान्त। शङ्खुकले भरतको **विभावानुभावव्यभिचारिसंयोगाद् रसनिष्पत्तिः** भन्ने नाट्यसूत्रको व्याख्याको क्रममा संयोगको अर्थ अनुमाप्य–अनुमापकभाव सम्बन्ध र निष्पत्तिको अर्थ अनुमिति भन्ने गरेका थिए अर्थात् उनको मतअनुसार विभावादि अनुमापक हुन् र रस अनुमान गरिने विषय हो। यसरी रस उत्पन्न हुने होइन अनुमान गरिने विषय हो भनेर प्रतिपादन गरिएको एक सिद्धान्त। हे. **रसनिष्पत्तिः**।

अनुमेयः (पुं.वि.) [*अनुमातुं योग्यः, अनुपूर्वकाद् माङ् माने इति धातोः, अचो यत् ३.१.९ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] १.अनुमान गर्न सकिने/अनुमान गरिने २.अनुमान प्रमाणद्वारा सिद्ध गरिने।

अनुमोदकः (पुं.वि.) १.[*अनुमोदते, मुद हर्षे इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्,युवोरनाकौ ७.१.१इत्यकः,गुणः*] अनुमोदन गर्ने २.[*अनुमोदयतीति, अनुपूर्वकाद् मुदधातोर्णिचि प्राग्वत्*] अनुमोदन गराउने।

अनुमोदनम् (नपुं.) [*अनुपूर्वकाद् मुद हर्षे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१इत्यनः,गुणः*] १.समर्थन गर्नु २.पूर्वकार्यको स्वीकृति गर्नु।

अनुमोदितः (पुं.वि.) [*अन्वमोदि, इति अनुपूर्वकाद् मुद हर्षे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,गुणः*] १.अनुमोदन गरिएको/समर्थन गरिएको, २.स्वीकृत गरिएको।

गान्धर्वेण विवाहेन बह्व्योऽथ मुनिकन्यकाः।
श्रूयन्ते परिणीतास्ताः पितृभिश्चानुमोदिताः॥ (अभि.शा.)

अनुयाता (पुं.वि.) [*अनु यातीति, अनुपूर्वकाद् या प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.पछि लाग्ने/पछि पछि जाने।

अनुयानम् (नपुं.) [*अनुपूर्वकाद् या प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पछि लाग्नु २.अनुसरण गर्नु।

अनुयायी (पुं.वि.) [*अनुयातुं शीलमस्य, अनुपूर्वकाद् या प्रापणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः,युक्*] १.पछि लाग्ने/पछिपछि हिंड्ने २.नोकर/चाकर। **व्रताय तेनानुचरेण तस्य न्यषेधि शेषोऽप्यनुयायिवर्गः** (रघु.) ३.सदृश, तुल्य।

अनुयुक्तः (पुं.वि.) [*न युक्तः, न.त.*] १.बेठिक/गलत/निन्दित २.जान्न खोजेको कुरा ३.भृतकाध्येता/ वृत्ति खाएर पढ्ने विद्यार्थी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुयोगः (पुं.) [*अनुयोजनम्, अनुपूर्वकाद् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्,गुणः*] १.प्रश्न २.उद्योग ३.ज्योतिष शास्त्रमा देश, दिशा र कालको ज्ञान ४.निर्वहण सन्धिको एक अङ्ग ।

अनुयोज्यः (पुं.) [*अनुयुज्यते,अनुपूर्वकाद् युजधातोः शक्यार्थेण्यत्, गुणः*] १.निन्दनीय २.प्रश्नार्ह ३.जिज्ञासा राख्नुपर्ने । **ममेदमिति यो ब्रूयात् सोऽनुयोज्यो यथाविधि** (मनु.) ।

अनुरक्तः (पुं.वि.) [*अन्वरज्यत इति, अनुपूर्वकाद् रञ्ज रागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, संज्ञायान्तु–क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तः*] १.प्रेममा फसेको/कुनै केटीप्रति आसक्त २.प्रियपात्र । **अनुरक्तो गुणान् ब्रूते विरक्तो दूषणानि च** (उद्भट) ।

अनुरक्ता (स्त्री.) [*अन्वरज्यत इति, अनुपूर्वकाद् रञ्ज रागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, संज्ञायान्तु क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तः, टाप्*] प्रियका साथ सम्भोगका लागि लालायित स्त्री ।

अनुरक्तिः (स्त्री.) [*अनुरञ्जनम्, अनुपूर्वकाद् रञ्ज रागे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, संज्ञायान्तु क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.प्रेम २.कुनै केटी वा केटाप्रतिको कामजन्य आकर्षण ३.प्रसन्नता ।

अनुरञ्जनम् (नपुं.) [*अनुरञ्जनम् इति, अनुपूर्वकाद् रञ्ज रागे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रेम गर्नु, खुसी पार्नु २.युवक वा युवती, युवती वा युवकप्रति आकृष्ट हुनु/यौनजन्य आकर्षण ३.हर्षित वा प्रसन्न तुल्याउनु । **युक्तः प्रजानामनुरञ्जने स्यात्तस्माद् यशो यत् परमं धनं वः** (उ.रा.च.) ।

अनुरणनम् (नपुं.) [*अनुपूर्वकाद् रण शब्दार्थे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रतिध्वनित हुनु/रनन्न हुनु/रन्का छुट्नु २.शब्दबाट वाच्यार्थ, लक्ष्यार्थ बुझिएपछि अर्को अर्थ झल्कनु ।

अनुरतः (पुं.वि.) [*अनुपूर्वकाद् रमु क्रीडायाम् इति धातोः कर्तरि क्तः*] आसक्त/लागिपरेको/अनुरक्त । **धर्मानुरतमत्यर्थं शान्तं सुनृतभाषणम्** (म.भा.) ।

अनुरतिः (स्त्री.) [*अनुरमणमिति, अनुपूर्वकाद् रमु क्रीडायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्रेम २.आसक्ति/अनुराग ।

अनुरहसम् (नपुं.) [*रहसि, इति, विभक्त्यर्थेऽव्ययीभावः, अन्ववतप्ताद् रहसः ५.४.८१ इत्यच्*] एकान्तमा । **अनुरहसमनायि नायकेन त्वरयति रन्तुमहो जनं मनोभूः** (माघ) ।

अनुरागः (पुं.) [*अनुरञ्जनमिति, अनुपूर्वकाद् रञ्ज रागे इति धातोः, भावे ३.३.१ इति घञ्, वृद्धिः, कुत्वम्*] १.लालिमा, २.भक्ति ३.प्रेम/स्नेह ४.सम्भोगको इच्छा । **अनुरागपरायत्ता कुर्वते किं न योषितः** (क.स.सा.) ।

अनुरागी (पुं.वि.) [*अनुरज्यते इति अनुपूर्वकाद् रञ्ज रागे इति धातोः सम्पृचानु ३.२.१४२ इति घिनुण्, अत उपधाया ७.२.११६ इति उपधावृद्धिः,घिनुणि च रञ्जेरुपसङ्ख्यानं कर्तव्यम् (वा.) ६.४.२४ इति नलोपः,कुत्वम् यद्वा अनुरागोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.आसक्त २.प्रेमी ।

अनुरात्रम् (नपुं.) [*रात्रौ इति, अव्य.स. अहः सर्वैकदेश ५.४.८७ इति अच्*] १.रातमा २.पछिल्ला रातमा ।

अनुराधः (पुं.) [*अनुराधायां जातः, सन्धिवेलाद्यृतुनक्षत्रेभ्योऽण् ४.३.१६ इत्यण्, श्रविष्ठाफल्गुन्यनु. ४.३.३४ इति अणो लुक्*] अनुराधा नक्षत्रमा जन्म भएको ।

अनुराधा (स्त्री.) [*राधां विशाखामनुगता, प्रादिस.*] सत्रौं नक्षत्र । यसका सात तारा छन् । यसको योगतारा (मुख्य तारा) नक्षत्रको केन्द्रमा छ । यसको ध्रुवांश २१८.३० कला छ । यसको शरांश २10 दक्षिण छ । यसको स्वरूप सर्पको फणाजस्तो देखिन्छ । (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार नानीनूनेबाट प्रारम्भ हुन्छ । यो वृश्चिक राशिभित्र पर्दछ । (मु.चि.) पृथ्वीबाट यसको दूरी करिब २५० प्रकाश वर्ष छ (आकाशदर्शन) । खकक्षमा यसको सीमा २१३.२१ देखि २२६ अंश ४० कलासम्म पर्दछ । यसको विस्तार २२३ अंश १९ कलासम्म भएकाले यो आफ्नो सीमाभित्रै रहेको छ । यसलाई २८ जुन, राति ९ बजे याम्योत्तर रेखामा सजिलोसित देख्न सकिन्छ । यस ग्रहका अधष्ठातृदेवता मित्र अर्थात् सूर्य हुन् । **अनुराधा तु मैत्री** (अभि.चि.) ।

अनुरूपः (पुं.वि.) [*रूपम् अनुगतः, प्रादिस.*] १.सदृश/समान/तुल्य २.उपयुक्त/अनुकूल । **भव पितुरनुरूपस्त्वं गुणैर्लोककान्तैः ।**

अनुरूपम् (नपुं.) [*रूपस्य योग्यम् अव्ययं विभक्ति २.१.६ इति समासः*] रूपयोग्य ।

अनुरोधः (पुं.) [*अनुगम्य रोधनम्, अनुपूर्वकाद् रुधिर् आवरणे इति धातोः, भावे ३.३.१८ इति घञ्, गुणः*] १.अनुनय/निवेदन/नम्रतापूर्वक गरिएको प्रार्थना । **अनुरोधोऽनुवर्तनम्** (अमर.) **अनुवृत्तिस्त्वनुरोधः** (अभि.चि.) २.पछिबाट भएको रोकावट ।

अनुरोधी (पुं.वि.) [*अनुरोद्धुं शीलमस्य सः, अनुपूर्वकाद् रुधिर् आवरणे इति धातोः, संपृचानुरुधाङ्यमाङ्यसपरिसृसंसृज-परिदेविसंज्वरपरिक्षिपपरिरटपरिवदपरिदहपरिमुहदुषद्विषद्रुहदुहयुजाक्रीडविविचत्यजरजभजातिचरापचरामुषाभ्याहनश्च ३.२.१४२ इति घिनुण्, गुणः*] अनुरोध गर्ने/अनुनय गर्ने ।

अनुलापः (पुं.) [*अनुलपनमिति, अनुपूर्वकाद् लप व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्,वृद्धिः*] बारम्बार भन्नु/पुनरुक्ति । **अनुलापो मुहुर्भाषा** (अमर.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुलिपिः (स्त्री.) [*अनुगता पश्चात् कृता लिपिः,प्रादिस.*] अर्को लिपिमा सारिएको लेख वा पुस्तक/प्रतिलिपि।

अनुलिप्तः (पुं.वि.) [*अन्वलिप्यत इति, अनुपूर्वकाद् लिप उपदेहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] घसेको।

अनुलेखः (पुं.) [*अनुगतः पश्चात् कृतो लेखः, प्रादिस.*] १.नक्कल २.कुनै अड्डाखानाका कागजपत्रमा तत्सम्बन्धी पदाधिकारीले आफ्नो राय लेख्ने काम।

अनुलेखनम् (नपुं.) [*अनुपूर्वकाद् लिख विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१,गुणः*] कुनै घटना आदिको विवरण लेख्ने काम।

अनुलेपः (पुं.) १.[*अनुलेपनम्, अनुपूर्वकाद् लिप उपदेहे इति धातोः, भावे ३.३.१८ इति घञ्,गुणः*] लेपन गर्नु/घस्नु। २.[*अनुलिप्यतेऽनेन, अर्कारि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्*] लेपन गर्ने द्रव्य।

अनुलेपनम् (नपुं.) [*अनुलिप्यते इति, लिप उपदेहे इति धातोः, ल्युट् च ३.३.११५ इत्यनेन, ल्युट् अनः ७.१.१*] १.श्रीखण्डको लेप लगाउनु २.[*अनुलिप्यते अनेन करणाधिकरणयोश्च ३.३.१७ इति ल्युट् अनः*] शरीरमा घसिने बुकुवा आदि। **निरस्तमाल्याभरणानुलेपनाः** (ऋ.सं.)।

अनुलोमः (पुं.वि.) [*लोमानुगतः, प्रादिस., अच् प्रत्यन्ववपूर्वात्साम लोम्नः ५.४.७५ इत्यच्*] १.माथिबाट तलतिर आएको २.अनुकूल ३.नियमित ढङ्गबाट चलेको/यथाक्रम। **वर्णमाला समाख्याता अनुलोमविलोमिका** (तन्त्रसार) ४.(पुं.) सङ्गीतमा हुने स्वरको उतार वा अवरोह।

अनुलोमजः (पुं.वि.) [*अनुलोमाज्जातः*] माथिल्लो जातको पिता र तल्लो जातकी माताबाट जन्मेको वर्णसङ्कर। **सङ्कीर्णयोनयो ये तु प्रतिलोमानुलोमजाः** (मनु.)।

अनुलोमा (पुं.वि.) [*लोमानुगतः,प्रादिस.,अनुपूर्वकाद् लूञ् छेदने इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन्*] वर्णसङ्कर।

अनुल्वणः (पुं.वि.) [*न उल्वणः,न.त.*] १.ज्यादा नभएको/न थोरै न धेरै २.स्पष्ट वा सफा नभएको।

अनुवंशः (पुं.वि.) [*वंशम् अनुगतः*] १.वंशको अनुकूल २.वंश परम्परागत।

अनुवक्ता (पुं.वि.) [*अनु पश्चाद् वक्ता, प्रादिस.*] अर्काको कुरा अनुवाद गरेर भन्ने मानिस।

अनुवक्रः (पुं.वि.) [*वक्रम् अनुगतः, प्रादिस.*] केही टेढो/अलिकति बाङ्गो।

अनुवचनम् (नपुं.) [*अनूच्यत इति, अनुपूर्वकाद् वच परिभाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः*] भनेको कुरा दोहोऱ्याउनु/आवृत्ति।

अनुवत्सरः (पुं.) [*अनुकूलो वत्सरो दानादिविशेषाय, म.प.स.*] संवत्सरादि पाँच वर्षमध्येको एक वर्ष। शकाब्दलाई ५ ले भाग गर्दा १ शेष रहे संवत्सर, २ रहे परिवत्सर, ३ रहे इदावत्सर, ४ रहे अनुवत्सर, र ५ रहे उदावत्सर हुन्छ। (म.त.)

अनुवर्तनम् (नपुं.) [*अनुगत्य वर्तनम्, चित्ताराधनम्*] १.पछि लाग्नु २.समर्थन गर्नु ३.अनुगमन गर्नु वा अनुसरण गर्नु। **इदानीं तदाज्ञानुवर्तनमुचितम्**। (हितो.) ४.[*अनुगम्य वर्तनम्, चित्ताराधनम्*] अनुरोध। **अनुरोधोऽनुवर्तनम्**। (अमर.) ५.[*अनुगत्य वर्तनम्, सूत्रेष्वदृष्टपदस्य सूत्रान्तरादानयनम्*] व्याकरणमा कुनै सूत्रको पद अर्को सूत्रबाट अनुवृत्तिको रूपमा ल्याउनु ६.एक नाट्यालङ्कार।

अनुवर्ती (पुं.वि.) [*अनुवर्तितुं शीलमस्य, अनुपूर्वकाद् वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.अनुसरण गर्ने २.आज्ञाकारी।

अनुवाकः (पुं.) [*अनूच्यत इति, अनुपूर्वकाद् वच परिभाषणे इति धातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, चजोः कुः घिण्यतोः ७.३.५३ इति कुत्वम्*] १.आवृत्ति २.वेदविशेष (सुभूति) ३.ऋग्वेद यजुर्वेद र सामवेदको समूह (अमर. रामाश्रमी टीका) **जेतुं जैत्रानथ खलु जपन् सूक्तकामानुवाकान्** (म.वी.च.)।

अनुवाचनम् (नपुं.) [*अनुपूर्वकाद् वच परिभाषणे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, वृद्धिः*] १.सस्वर पाठ गर्नु, २.शिक्षण गर्नु ३.यज्ञमा मन्त्रको विधिपूर्वक पाठ गर्नु–गराउनु।

अनुवादः (पुं.) [*अनुवदनम्, अनुपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्, वृद्धिः*] १.रूपान्तर २.उल्था ३.आवृत्ति/पुनरुक्ति ४.मीमांसाशास्त्रमा कुनै विधिप्राप्त आशयलाई अर्को शब्दमा दोहोऱ्याउनु ५.कुत्सितार्थक वाक्य (शब्दरत्नावली)।

अनुवादकः (पुं.वि.) [*अनुवदतीति, अनुपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१इत्यकः,वृद्धिः*] अनुवाद गर्ने/उल्था गर्ने/भाषान्तर गर्ने।

अनुवादायुक्तता (स्त्री.) [*अनुवादस्य अयुक्तता, ष.त.*] एक किसिमको अर्थदोष। उद्देश्य पदको विशेषण उपयुक्त भएन भने काव्यमा यो दोष पर्दछ। जस्तै– **विरहिप्राणहरण कदर्थय न मां वृथा।** यो विरहीको अभिव्यक्ति भएकाले विरहिप्राणहरण पदको यसमा कुनै सार्थकता नभएको हुँदा त्यही कुराको अनुवाद अर्थात् प्रयोग गर्नु उचित नभएकाले यसमा अनुवादायुक्तता दोष परेको छ।

अनुवाद्यः (पुं.वि.) [*अनुवादयितुं योग्यः, अनुपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः णिचि, वद सुपि क्यप् च ३.३.१०६ इत्यत्र सुपि*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति कथनाद् ण्यत्, वृद्धिः] १.अनुवाद गर्न लायक २.रूपान्तर-योग्य ।

अनुवारम् (नपुं.) [*वारे वारे इति अव्य.स.*] समय समयमा/बारम्बार

अनुवासः (पुं.) [*अनुवासनम्, अनुपूर्वकाद् वास उपसेवायाम्, भावे ३.३.१८ इति घञ्*] १.धूप तेल आदिले सुगन्धित तुल्याउनु २.अत्तर आदिले लुगालाई सुगन्धित पार्नु ।

अनुवासनम् (नपुं.) [*अनुपूर्वकाद् वास उपसेवायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] १.धूप तेल आदिले सुगन्धित तुल्याउनु २.अत्तर आदिले लुगालाई सुगन्धित पार्नु ।

अनुवृत्तिः (स्त्री.) [*अनुवर्तनम् इति, अनुपूर्वकाद् वृतु वर्तने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.आज्ञापालन २.अनुसरण ३.अनुमोदन ४.अनुकरण ५.कुनै सूत्रमा नरहेको पद अन्य सूत्रबाट ल्याउनु । यसलाई अधिकार पनि भन्दछन् । यो तीन प्रकारको हुन्छ– **सिंहावलोकिताख्यश्च मण्डुकप्लुतिरेव च ।**
गङ्गास्रोत इति ख्यात अधिकारास्त्रयो मताः ॥ (दुर्गादास) ६.पुनरुक्ति/आवृत्ति । **वर्णानामनुवृत्तिरनुप्रासः ।** (सा.द.) ७.एक काव्यलक्षण ८.एक नाट्यालङ्कार ।

अनुवेलम् (नपुं.) [*वेलामनुगतम्, प्रादिस.*] १.कहिले कहिले २.बारम्बार । **इति स्म पृच्छत्यनुवेलमादृतः** (रघु.) ।

अनुव्यवसायः (पुं.) [*अनुव्यवसायनम् इति, अनु-वि-अवपूर्वकाद् षो अन्तःकर्मणि इति धातोः, भावे ३.३.१८ इति घञ्, आतो युक् चिण्कृतोः७.३.३३ इति युक्*] १.न्यायशास्त्रमा प्रत्यक्ष वस्तुको बोध २.मनोभावलाई प्रत्यक्ष तुल्याउने काम ।

अनुव्रजनम् (नपुं.) [*अनुपूर्वकाद् व्रज कौटिल्यगतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पछि लाग्नु, २.अनुसरण गर्नु ३.घरमा आएका शिष्ट वा आफन्त व्यक्तिलाई घरबाट अन्यत्र जान लाग्दा केही परसम्म पुऱ्याउने काम । **आयान्तमग्रतो गच्छेद् गच्छन्तं तमनुव्रजेत्** (त.सा.) ।

अनुशयः (पुं.) [*अनुशयनम्, अनुपूर्वकाद् शीङ् स्वप्ने इति धातोः, एरच् ३.३.५६ इत्यच्, गुणायादेशौ*] १.लामो द्वेष २.पश्चात्ताप ३.अनुबन्ध । **भवेदनुशयो द्वेषे पश्चात्तापानुबन्धयोः** (विश्व.) **अथानुशयो दीर्घद्वेषानुतापयोः** (अमर.) । ४.(पुं.वि.) [*शयं हस्तमनुगतः, प्रादिस.*] हात लागेको ।

अनुशयानः (पुं.वि.) [*अनु शेते इति अनुपूर्वकाद् शीङ् स्वप्ने इति धातोः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] १.खेद प्रकट गरिरहेको २.पश्चात्ताप गरिरहेको ।

अनुशयाना (स्त्री.) [*अनुशेते पश्चात्तपति, अनुपूर्वकाद् शीङ् स्वप्ने इति धातोः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्, गुणायादेशौ, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.पछिबाट सुत्ने, २.परकीया नायिकाको एक भेद, अनुशयको अर्थ पश्चात्ताप दुःख र खिन्नता पनि हुन्छ । पश्चात्तापमा परेकी दुःखित खिन्न नायिकालाई अनुशयाना भनिन्छ । अनुशयाना तिन प्रकारका हुन्छन्– **प्रथम अनुशयाना**– मीलनस्थानमा नायक फेला नपरेको हुँदा खिन्न भएकी नायिका । **द्वितीय अनुशयाना**– भावी सङ्केत स्थलको चिन्ताले आत्तिएकी परकीया नायिका । **तृतीय अनुशयाना**– सङ्केत स्थान पुग्न नपाएर दुःखित भएकी परकीया नायिका ।

अनुशयी (पुं.वि.) [*अनुशयोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.लम्पसार परेर चरणमा दण्डवत् प्रणाम गर्ने । **यं संपद्य जहात्यजामनुशयी सुप्तः कुलायं यथा ।** (भाग.) २.अत्यासक्त ३.पश्चात्तापले युक्त । ४.[*अनुशय्यतेऽनया, एरच् ३.३.५६ इत्यच्, बह्वादिभ्यश्च ४.१.४५ इति ङीष्*] भित्र खोबिल्ये परेर घाउ बन्दै जाने गोडाको रोग । **गम्भीरामल्पसंरम्भां सवर्णामुपरि स्थिताम् । पादस्यानुशयीं तान्तु विद्यादन्तःप्रपाकिनीम् ॥** (भा.प्र.)

अनुशायी (पुं.वि.) [*अनुशयितुं शीलमस्य अनुपूर्वकाद् शीङ् स्वप्ने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, वृद्धिः, आयादेशः*] १.अनुरक्त २.भक्त ३.श्रद्धालु ४.पछुतो मान्ने/पछुताउने ५.ज्यादै घृणा गर्ने ।

अनुशासकः (पुं.वि.) [*अनुशास्तीति, अनुपूर्वकाद् शासु अनुशिष्टौ इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः*] १.निर्देशक २.शासक ३.दण्ड दिने ।

अनुशासनम् (नपुं.) [*अनुपूर्वकाद् शासु अनुशिष्टौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आदेश/आज्ञा । **इत्येते ब्रह्मणः पुत्रा आश्रुत्यात्मानुशासनम्** (भाग.) । २.नियमबद्ध तुल्याउनु । **अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम्** (मनु.) ३.निर्देश गर्नु ।
इत्यमरसिंहकृतौ नामलिङ्गानुशासने ।
सामान्यकाण्डस्तृतीयः साङ्ग एव समर्थितः ॥ (अमर.)
४.[*अनुशिष्यते, आख्यायते, लक्षणादिनाऽनेन, करणाधिकरण-योश्च ३.३.११७ इति ल्युट्, अनः*] व्याख्या गर्ने प्रबन्ध । **अथ शब्दानुशासनम्** (महाभा.) ।

अनुशीलनम् (नपुं.) [*अनु पौनःपुन्येन शीलनम् अभ्यासः, अनुपूर्वकाद् शील उपधारणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, उपधारणञ्चात्राभ्यासः*] बारम्बार प्रयास वा अभ्यास गर्नु/निरन्तर अध्ययन गर्नु । **आनुकूल्येन कृष्णानुशीलनं भक्तिरुत्तमा** (भक्तिरसामृतसिन्धु) ।

अनुशोकः (पुं.) [*अनुशोचनमिति, अनुपूर्वकाद् शुच शोके इति धातोः, भावे ३.३.१८ इति घञ्, कुत्वम्, गुणः*] १.पश्चाताप २.शोक ।

अनुशोचनम् (नपुं.) [*अनुपूर्वकाद् शुच शोके इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] १.पश्चात्ताप गर्नु २.शोक गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुश्रवः (पुं.) [*अनुश्रूयते गुरुपरम्परया उच्चारणाद् अनु अभ्यस्यते, ऋदोरप् ३.३.५७ इति अप् गुणावादेशौ*] वेद/श्रुति ।

अनुषक्तः (पुं.वि.) [*अनुषज्यते स्म इति अनुपूर्वकाद् षञ्ज सङ्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नलोपः*] टाँसिएको/जोडिएको/ संलग्न ।

अनुषक्तिः (स्त्री.) [*अनुषञ्जनमिति, अनुपूर्वकाद् षञ्ज सङ्गे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.राज्यप्रतिको नागरिकको कर्तव्य २.संलग्नता ३.आसक्ति ।

अनुषङ्गः (पुं.) [*अनुषञ्जनम्, अनुपूर्वकाद् षञ्ज सङ्गे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ज्यादा नजिकको सम्बन्ध २.दया करुणा/दया । **कारुण्येऽप्यनुषङ्गः स्यात्** । (हला.) ३.एकीभाव ४.एक पदसित अन्वय भएका पदको अन्य पदसँग हुने अन्वय । जस्तै– **कोषो बलञ्चापहृतम्,** यसमा **कोषः** यस पदसित अन्वित **अपहृतम्** यस पदको **बलम्** यस पदसित पनि अन्वय भएको छ । **एकत्रान्वितस्य पदस्यान्यत्राप्यन्वयोऽनुषङ्गः** । (श.क.द्रु.) ५.एक वाक्यको अर्को वाक्यसँग हुने योग ६.न्याय शास्त्रअनुसार उपनयको अर्थलाई निगमनमा लगी घटाउने काम । **न्याये उपनयस्यायंपदस्य निगमनेऽनुषङ्गः** (प्राग्वत्) ७.एक उद्देश्यले थालेको काम गर्दा अर्को काम पनि स्वतः हुनु । **अन्योद्देशेन प्रवृत्तावन्यस्यापि सिद्धिरनुषङ्गः** (प्राग्वत्) ।

अनुषेकः (पुं.) [*अनुसेचनम्, अनुपूर्वकात् सिच सेचने इति धातोः, भावे ३.३.१८ इति घञ्*] पानीले बराबर भिजाउनु वा छ्याप्नु ।

अनुष्टुप् (स्त्री.) [*अनु सततं स्तुभ्यतेऽनया, अनुपूर्वकात् ष्टुभ स्तुतौ इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, षत्वम्, ष्टुत्वम्*] १.आठ–आठ अक्षरका चार पाउ भएको एक छन्द । यस छन्दमा प्रायः प्रत्येक पाउमा पाँचौँ वर्ण लघु, छैटौँ वर्ण गुरु र दोस्रो तथा चौथो पाउमा पर्ने सातौँ वर्ण लघु हुन्छ ।

पञ्चमं लघु सर्वत्र सप्तमं द्विचतुर्थयोः ।
षष्ठं गुरु विजानीयात् शेषेषु नियमो न हि ॥ (छन्दो.)

(छन्दो.) यसका २५६ प्रकार छन् । (पिङ्गल) २.सरस्वती ।

अनुष्ठाता (पुं.वि.) [*अनु तिष्ठतीति अनुपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] अनुष्ठान गर्ने/देवताको पूजा गर्ने/पुरश्चरण गर्ने ।

अनुष्ठानम् (नपुं.) [*अनुपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै काम आरम्भ गर्नु २.नियमअनुसार कुनै काम गर्नु/शास्त्रविहित कर्म गर्नु । **किन्त्वनुष्ठाननित्यत्वं स्वातन्त्र्यमपकर्षति** (उ.रा.च.) ३.देवताको पूजा गर्नु ४.पुरश्चरण गर्नु ५.अनुशीलन गर्नु । **उपपत्ति परित्यक्तशास्त्रानुष्ठानमोहितैः** । (रा.त.) ६.अभ्यास ७.चर्चा ।

अनुष्ठापकः (पुं.वि.) [*अनुष्ठापयतीति, अनुपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अनुष्ठान गराउने २.पुरश्चरण गराउने ३.देवपूजन गराउने ४.अनुशीलन गराउने ५.अभ्यास गराउने ६.चर्चा गराउनु ।

अनुष्ठापनम् (नपुं.) [*अनुपूर्वकाद् ष्ठा गतिनिवृत्तौ णिचि पुकि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अनुष्ठान गराउनु २.पुरश्चरण गराउनु ३.देवताको आराधना गराउनु ४.शास्त्रले विधान गरेको कर्म गराउनु ५.अनुशीलन गराउनु । ६.अभ्यास गराउनु ७.चर्चा गराउनु ।

अनुष्णः (पुं.वि.) १.[*न उष्णः, न.त.*] तातोपनको अभाव भएको चिसो/ठन्डा २.[*उष्णादन्यः*] १.ग्रीष्मेतर २.अल्छी ।

मन्दस्तुन्दपरिमृज आलस्यः शीतकोऽलसोऽनुष्णः (अमर.) ।

अनुष्णवल्लिका (स्त्री.) [*अनुष्णा चासौ वल्लिका च, कर्म.स.*] दुबो । **अनुष्णवल्लिका दूर्वा भार्गवी शतपर्विका** । (रभस.) ।

अनुष्यन्दः (पुं.) [*अनुस्यन्दतीति, अनुपूर्वकाद् ष्यन्द क्षरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] चुहावट ।

अनुसंहितः (पुं.वि.) [*अनुसमधायि इति, अनु–सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति धा इत्यस्य हित्वम्*] अनुसन्धान गरिएको/ खोजिएको/गवेषण गरिएको ।

अनुसंहितम् (नपुं.) [*संहितामनुसृत्य, अव्य.स.*] संहिताअनुसार ।

अनुसन्धानम् (नपुं.) [*अनु–सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अनुसन्धान गर्नु २.नयाँ कुराको खोजी वा पुरानै कुरालाई नयाँ ढङ्गबाट प्रस्तुत गर्ने काम । **काव्यानुसन्धानबलात्** (का.प्र.) ।

अनुसन्धाता (पुं.वि.) [*अनुसन्दधातीति, अनु–सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] अनुसन्धान गर्ने/गवेषक/शोध गर्ने ।

अनुसन्धेयः (पुं.वि.) [*अनुसन्धातुं योग्यः, अनु–सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] अनुसन्धान गरिने विषय ।

अनुसरणम् (नपुं.) [*अनुपूर्वकात् सृ गतौ इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] १.अनुगमन गर्नु २.पछि लाग्नु ३.नक्कल गर्नु ।

अनुसर्गः (पुं.) [*सर्गं प्रकृतिमनुगतः, प्रादिस.*] १.पछिको सृजना, २.शब्द वा धातुको पछाडि जोडिने प्रत्यय । हे. प्रत्ययः ।

अनुसर्पः (पुं.वि.) [*सर्पमनुगतः, अनुसर्पतीति वा अनुपूर्वकाद् सृप्लृ गतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३ १३ इति अच्, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति को वा*] १.सर्पको पछि लाग्ने २.(पुं.) घस्रेर छातीको बलले हिंड्ने सर्प, गड्यौँला आदि ।

अनुसारः (पुं.) [*अनुसरणमिति, अनुपूर्वकाद् सृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पछि लाग्नु २.अनुगमन गर्नु ३.समनुरूपता/समान/जस्ताको तस्तै/बमोजिम ४.अनुक्रम । **अथ लौहविधिं वक्षे लौहशास्त्रानुसारतः** (वैद्यक, सुखबोध) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसूचकः (पु.वि.) [*अनुसूचयतीति, अनुपूर्वकाद् सूच पैशून्ये इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सूचना गर्ने/सङ्केत गर्ने।

अनुसूची (स्त्री.) [*सूच्यते अनया इति सूची, अनुगता सूची, प्रादिस.*] विवरण/नामावली/सूचीको सूची।

अनुस्मरणम् (नपुं.) [*अनुगतं स्मरणम्, प्रादिस.*] स्मरण/बिर्सेको कुरा सम्झने काम।

अनुस्मृतिः (पुं.) [*स्मृतिमनुगता, प्रादिस.*] १.पहिले बिर्सिएर पछि भएको स्मरण २.कामको तेस्रो अवस्था, यस अवस्थामा प्रेमी वा प्रेमिका आफ्ना प्रेमपात्रका गुणलाई बारम्बार सम्झन्छन्, बेचैन हुन्छन्। लामो सास फेर्ने, प्रेमपात्रका बारेमा सोच्ने र अरू कामलाई नरुचाउने गर्दछन्। यस्ता व्यक्ति कर्तव्य पालनमा असमर्थ हुन्छन्।

अनुस्यूतः (पुं.वि.) [*अन्वसेवीति, अनुपूर्वकाद् सिवु तन्तुसन्ताने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सिलाइएको २.गाँसिएको ३.सिलसिलेवार मिलाएर राखिएको।

अनुस्वानः (पुं.) [*अनुस्वननम् इति, अनुपूर्वकात् स्वन अवतंसने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्रतिध्वनि २.अनुरणन।

अनुस्वारः (पुं.) [*स्वरमनुगतः प्रादिस.*] स्वर अक्षरको पछिबाट उच्चारण हुने पञ्चम वर्ण/शिरोबिन्दु।

अनुहरणम् (नपुं.) [*अनुपूर्वकाद् हृञ् हरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पछिबाट हरण गर्नु २.नक्कल गर्नु।

अनुहारः (पुं.) [*अनुहरणमिति, अनुपूर्वकाद् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मुखको आकृति २.कुनै कुराको पछिबाट हरण गर्ने काम ३.सदृशीकरण, तुल्य तुल्याउने काम।

तद्रूपाननुहारस्तु हेतौ सत्यप्यतद्गुणः (सा.द.)।

अनूकः (पुं.) [*अनुकामयते, अनुकाभिकाभीकः कमिता ५.२.७४ इति कन्प्रत्ययान्तो निपातः, पक्षे दीर्घत्वञ्च*] स्त्रीलम्पट।

अनूकम् (नपुं.) [*अनूच्यन्ति ऊच समवाये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, न्यङ्क्वादीनाञ्च ७.३.५३ इति कुत्वम्*] १.कुल २.शील/स्वभाव।

अनूकन्तु कुले शीले पुंसि स्याद् गतजन्मनि (मोदिनी.)।

अनूचानः (पुं.) [*अन्ववोचत् इति उपेयिवाननूचानश्च ३.२.१०९ इति निपातः*] १.साङ्गोपाङ्ग वेद पढेको।

न हायनैर्न पलितैर्न वित्तेन न बन्धुभिः।
ऋषयश्चक्रिरे धर्मं योऽनूचानो स नो महान्॥ (सुभा.)

२.विद्याप्रेमी ३.नम्र/विनीत।

अनूचानो विनम्रे स्याद् साङ्गवेदविचक्षणे (मेदिनी.)।

अनूचानमानी (पुं.वि.) [*आत्मानमनूचानं मन्यते इति, अनुचानपूर्वकाद् मनु अवबोधने इति धातोः, आत्मने खश्च ३.२.८३ चाद् णिनिः*] आफूलाई वेद जान्दछु भनी गर्व गर्ने।

अनूढः (पुं.वि.) [*न ऊढः, न.त., नञ्– वह प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.विवाह नभएको।

परिवेत्तानुजेऽनूढे ज्येष्ठे दारपरिग्रहात् (अमर.)।

२.नबोकिएको।

अनूढा (स्त्री.) [*न ऊढा, न.त.*] परकीया नायिकाको एक भेद। अविवाहित कन्या। बाबु आमाको अधीन रहने हुँदा कन्यालाई परकीया भनिएको हो। **कन्यायाः पित्राद्यधीनतया परकीयता** (रसमञ्जरी)।

अनूदितः (पुं.वि.) [*अनु पश्चात् उदितः, प्रादिस.*] अनुवाद गरिएको।

अनूनः (पुं.वि.) [*न ऊनः, न.त.*] १.धेरै/थोरै नभएको २.समग्र/पूर्ण/अखण्ड।

अनूनकम् (नपुं.) [*ऊनयति, ऊन परिहाणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, न ऊनम्, अनूनम्, न.त., अनूनप्रकारः, स्थूलादिभ्यः प्रकारवचने कन् ५.४.३ इति कन्*] परिपूर्ण किसिमको/पूर्ण/अखण्ड। **समग्रं सकलं पूर्णमखण्डं स्यादनूनके** (अमर.)।

अनूपः (पुं.वि.) [*अनुगता आपोऽत्र सः, प्रादिभ्यो धातुजस्य वाच्यो वा चोत्तरपदलोपश्च (वा.) इति बहु.स., ऋक्पूरब्धूःपथामानक्षे ५.४.७४ इत्यः,ऊदनोर्देशे ६.३.९ इत्यूत्*] १.जलप्राय प्रदेश/प्रशस्त पानी भएको क्षेत्र।

अनेकशालिकेदारकदलीक्षुविभूषितः।
अनूपदेशो ज्ञातव्यो वातश्लेष्मयार्तिमान्॥ (भा.प्र.)

२.(पुं.)जलमग्न क्षेत्र। **जलप्लावितस्थानम्**। (श.क.द्रु.) ३.राँगो। **जलप्रायमनूपं स्यात्पुंसि कच्छस्तथाविधः** (अमर.) **अनूपो महिषे नाऽम्बुप्रायदेशे तु वाच्यवत्** (मेदिनी.)।

अनूपजम् (नपुं.) [*अनूपे जायते, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] १.जलुको २.पानीमा हुने निहुरो/डौँठे निहुरो।

अनूरुः (पुं.) [*न विद्येते ऊरू यस्य सः, न.बहु.*] अरुणनामक सूर्यसारथि। **सूरसूतोऽरुणोऽनूरुः काश्यपिर्गरुडाग्रजः** (अमर.) (पुं.वि.) तिघ्रा नभएको। **~सारथिः** (पुं.) [*अनूरुः सारथिर्यस्य सः, बहु.स.*] सूर्य।

अनूजुः (पुं.) [*ऋजुविरुद्धः, नञ् २.२.६ इति तत्पुरुषः, नलोपो नञः ६.३.७३ इति नलोपः, तस्मान्नुडचि ६.३.७४ इति नुट्*] १.दूषित चित्त भएको/कपटी/शठ २.बाङ्गो। **निकृतस्त्वनृजुः शठः** (अमर.)।

अनृणी (पुं.वि.) [*ऋणमस्यास्तीति, अत इनिठनौ इति इनिः, न ऋणी, न.त. नलोपः, नुट्*] ऋण नभएको।

एकमप्यक्षरं यस्तु गुरुः शिष्ये निवेदयेत्।
पृथिव्यां नास्ति तद् द्रव्यं यद्दत्वा सोऽनृणी भवेत्॥ (आ.त.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनृतकः (पुं.वि.) [*अनृते प्रसितः, स्वाङ्गेभ्यः प्रसिते ५.२.६६ इति कन्*] झुटो बोल्न सिपालु/प्रायः असत्यवादी।

अनृतम् (नपुं.) [*न ऋतम्*] १.खेती २.झुटो।

विवाहकाले ऋतुसंप्रयोगे प्राणात्यये सर्वधनापहारे।
विप्रस्य चार्थेऽप्यनृतं वदेयुः पञ्चानृतान्याहुरपातकानि ॥ (म.भा.)

अनृतवादी (पुं.वि.) [*अनृतं वदतीति तच्छीलः, वद-व्यक्तायां वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] झुटो बोल्ने।

अनृतोद्यम् (नपुं.) [*अनृतस्य वदनम्,वदः सुपि क्यप् च ३.१.१०६ इति भावे क्यप्*] झुटो बोली।

अनृतोद्यं न तत्रास्ति सत्यवद्यं ब्रवीम्यहम्।
मित्रभूयंगतस्तस्य रिपुहत्यां करिष्यसि ॥ (भट्टि.)

अनृशंसः (पुं.वि.) [*न नृशंसः, न.त.*] क्रूर नभएको/दयालु।

अनेकः (पुं.वि.) [*एकस्मादन्यः न.त.प्रायेण बहुवचनान्तोऽयं प्रयोगः*] धेरै/विभिन्न।

अनेकविद्वज्जनरत्नपूर्णं
वेदोदकन्यायतरङ्गरम्यम्।
अलङ्घनीयं गुरुतीर्थमेकं
सभासमुद्रं शिरसा नमामि ॥ (सुभा.)

~कालावधि (नपुं.) [*अनेकश्चासौ कालः, स अवधिर्यस्मिन् कर्मणि तद् यथा स्यात्तथा*] धेरै समयसम्म। **~वर्णसमीकरणम्** (न.पुं.) [*अनेके च ते वर्णाः कर्म.स., अनेकवर्णाः अज्ञातविशेष सङ्ख्यकानेकराशयः समीक्रियन्ते ज्ञातसङ्ख्यकसमतया क्रियन्ते यत्र तत्, बहु.स.*] अनेक वर्ण भएका अज्ञात राशिलाई ज्ञात सङ्ख्याको समतामा ल्याइने गणितको प्रक्रिया/समीकरण। **~विधः** (पुं.वि.) [*अनेके विधाः प्रकारा यत्र सः, बहु.स.*] अनेक प्रकारको।

अनेकधा (अव्य.) [*अनेकैः प्रकारैः, इति सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा*] १.अनेक किसिमले,अनेक प्रकारको।

पाटीसूत्रोपमं बीजं गूढमित्यवभासते।
नास्ति गूढमगूढानां नैव षोढेत्यनेकधा ॥ (लीला.)

२.अनेकवार (क्वचित्प्रयोगः)।

अनेकपः (पुं.) [*अनेकाभ्यां मुखशुण्डाभ्यां पिबतीति, पा पाने इति धातोः, सुपि स्थः ३.२.४ इत्यत्र सुपीति योगविभागात् कः, आलोपः ६.४.६४*] हात्ती। **दन्ती दन्तावलो हस्ती द्विरदोऽनेकपो द्विपः** (अमर.)।

अनेकशः (अव्य.) [*एकं एकं एकशः सङ्ख्यैकवचनाच्च वीप्सायाम् ५.४.४३ इति शः, न एकशः, न.त.*] अनेक किसिमले।

अनेकान्तः (पुं.वि.) [*न एकान्तो नियमोऽव्यभिचारो वा यत्र सः, बहु.स.*] १.नियम नभएको, २.(पुं.) दुष्ट हेतु भएको हेत्वाभास। अनुमान गर्दा साध्य रहेको स्थलमा हेतु रहँदा पर्न जाने दोष। जस्तै– **धूमवान् वह्नेः**। मकलमा साध्य छैन तर हेतु बह्नि छ। त्यसैले यो हेतु नभएर हेत्वाभास भयो।

अनेकान्तो विरुद्धश्चाप्यसिद्धः प्रतिपक्षितः।
कालात्ययापदेशश्च हेत्वाभासाश्च पञ्चधा ॥ (भाषा.)

~वादी (पुं.वि.) [*अस्ति नास्तीत्येकान्तं न वदतीति, अनेकान्तपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] बौद्धको एक भेद।

अनेकार्थः (पुं.वि.) [*अनेकेऽर्थाः यस्य सः, बहु.स. पक्षे कप्, अनेकार्थकः*] १.अनेक अर्थ भएको/नानार्थक, २.अनेक प्रयोजन भएको।

अनेनाः (पुं.वि.) [*न विद्यते एनो यस्य सः, न.बहु.स.*] १.व्यसनमा नलागेको/कुलतमा नलागेको २.पाप नभएको।

अनेहा (पुं.) [*न हन्यते विच्छिन्नो न भवति, हन हिंसागत्योः इति धातोः, नञि हन एह च (उ.६७३) इति असुन्, हन एहादेशश्च, सौ, ऋदुशनपुरुदंशोऽनेहसाञ्च ४.१.९४ इत्यनङ्, तस्मानुडचि ६.३.७४ इति नुट्, सान्तः*] समय/काल। **कालो दिष्टोऽप्यनेहाऽपि समयोऽपि** (अमर.)।

अनैकान्तः (पुं.) [*एकान्त एव ऐकान्तः,न ऐकान्तो नियमो व्याप्ति-र्यत्र*] दुष्ट हेतु भएको हेत्वाभास।

अनैक्यम् (नपुं.) [*एकस्य भावः, ऐक्यम्, ष्यञ्, न ऐक्यम्, न.त.*] मतभेद/एकता नभएको अवस्था/अनेकता।

अनैतिकः (पुं.वि.) [*न नैतिकः, न.त.*] नीतिविरुद्ध।

अनैपुण्यम् (नपुं.) [*न नैपुण्यम्, न.त.*] अनिपुणता/अदक्षता।

अनैश्वर्यम् (नपुं.) [*न ऐश्वर्यम्, न. त.*] ऐश्वर्यको अभाव।

अनैसर्गिकः (पुं.वि.) [*न नैसर्गिकः, न.त.*] कृत्रिम/अस्वाभाविक।

अनोकहः (पुं.) [*अनस्य शकटस्य अकम् गतिं हन्ति नाशर्यात इति हन हिंसागत्योः इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] रुख। **अनोकहः कुटः सालः पलाशी द्रुद्रुमागमाः** (अमर.)

अनौचित्यम् (नपुं.) [*न औचित्यम्, न.त.*] अनुचित हुनाको भाव/अनुचितता।

अनौचित्यादृते नान्यद् रसभङ्गस्य कारणम् (ध्वन्या.)।

अनौपचारिकः (पुं.वि.) [*न औपचारिकः, न.त.*] १.नियमभित्र नपर्ने/तोकिएको बाहेक २.अलाक्षणिक।

अन्तः (अव्य.) [*अमधातोः अमेस्तुट् च (उ.) ७४९ इति अरन् तुडागमश्च*] १.भित्र।

कोटरान्तः स्थितो वह्निस्तरुमेकं दहेत् खलु।
कुपुत्रस्तु कुले जातः स्वकुलं नाशयत्यहो ॥ (सुभा.)

२.माझ ३.निकट। **अथ मध्येऽन्तः** (उ.को.) **~कथा** (स्त्री.) [*अन्तर्गता कथा, म.प.स.*] ठुलो कथाभित्रको सानो कथा। **~क्रिया** (स्त्री.) [*अन्तर्गता क्रिया, म.प.स.*] १.भित्री काम, २.मन शुद्ध पार्ने कर्म, ३.कुनै विषयलाई लिएर गरिएको आन्तरिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छलफल/उत्तरप्रत्युतर। **~पटम्** (नपुं.) [*अन्तः अभ्यन्तरे गतं पटम्,म.प.स.*] १.लुगाभित्र लगाइने लुगा २.विवाहमा वर र कन्याको अगाडि छेक्ने कपडा। **~पुरम्** (नपुं.) [*अन्तर्मध्यवर्ति पुरं गृहम्,म.प.स.*] भित्री कोठा/ खोपी/राजदरबारमा रानीहरू बस्ने घर वा खोपी। **~शिला** (स्त्री.) [*अन्तर्गता शिला यस्याः सा, बहु.स.*] विन्ध्यपर्वतबाट निस्केको एक नदी। **~शुल्कम्** (नपुं.) [*अन्तर्गतं देशोत्पादित-वस्तुसंबद्धं शुल्कम्, म.प.स.*] देशमा उत्पादित सामानमा लगाइने कर। **~सारः** (पुं.वि.) [*अन्तः अभ्यन्तरे सारो यस्य सः, बहु.स.*] १.खँदिलो २.स्तरीय ज्ञान भएको। **अन्तःसारविहीनानामुपदेशो न युज्यते**। (सुभा.) **~सेनम्** (नपुं.) [*सेनानामन्तः, अव्य.स.*] सेनाको बिचमा।

अन्तःकरणम् (नपुं.) [*अन्तर्गतं करणम्, म.प.स.*] सत्त्वगुण, रजोगुण र तमोगुणको साम्यावस्थालाई प्रकृति भनिन्छ। प्रकृति नै चित्त हो। योगशास्त्रमा चित्त शब्दको व्यवहार अन्तःकरणको अर्थमा भएको छ। अन्तःकरण एउटै हुन्छ तर कार्यअनुसार यसका स्वरूप भिन्न भिन्न पनि हुन्छन्। साङ्ख्यदर्शनअनुसार अन्तःकरण तीन छन्– मन, बुद्धि, र अहङ्कार। वेदान्तको मतमा अन्तःकरण चार छन्– मन, बुद्धि, चित्त र अहङ्कार। **मनोबुद्धिरहङ्कारश्चित्तं करणमान्तरम्** (वेदान्त) यी अन्तःकरणका विभिन्न धर्म हुन्। यिनैबाट जीवले जान्दछ, अनुभव गर्छ र इच्छा गर्छ। विकासक्रमका हिसाबले जीवमा सर्वप्रथम बुद्धि पैदा हुन्छ। त्यसपछि अहङ्कार उत्पन्न हुन्छ। त्यसपछि मन र त्यसपछि चित्त पैदा हुन्छ। बुद्धि पैदा हुँदा तमोगुण र रजोगुण रहँदैनन्, सत्त्वगुणमात्र रहन्छ। बुद्धिलाई महत्तत्त्व पनि भनिन्छ। बुद्धि निर्वैयक्तिक जीवचेतना हो। यसपछिको अवस्था अहङ्कारको रहन्छ। अहङ्कारको आधार बुद्धि नै हो। तर अहङ्कार अवस्थामा म भन्ने भावनाले जीव पूर्ण सचेत रहेको हुन्छ। यस बखत सत्त्व र रजोगुण दबिन्छन्, तमोगुणको प्राधान्य हुन्छ। यसपछि तेस्रो अवस्थामा मन आउँछ। अहङ्कारको अनुभूतिपछि व्यक्तिचित्तमा जुन इच्छाको उद्रेक हुन्छ त्यो मन हो। जीवलाई यस किसिमको इच्छाको तृप्ति र तज्जन्य आनन्द इन्द्रिय र तिनका विषयबाट प्राप्त हुन्छ। यो आनन्द नै जिजीविषाको मूल लक्ष्य हो। मनको अवस्थामा तमोगुण र सत्त्वगुण दमित हुन्छन्। रजोगुणको प्राधान्य हुन्छ। विकासक्रमको हिसाबले बुद्धि सबैभन्दा पहिले उत्पन्न हुन्छ भने सांसारिक कार्यमा बुद्धिको काम सबैभन्दा पछि आउँछ। अहङ्कार भनेको अभिमान हो (सा.त.कौ.का. २४)। यस अवस्थामा जीवका सम्पूर्ण क्रियाकलाप अहं केन्द्रित हुन्छन्। यो म हुँ, यो मेरो हो, यो काम म गर्छु, यो कुरा म जान्दछु, यो अहङ्कारको भाषा हो। बुद्धिले अहङ्कारको सहयोग लिएर काम गर्छ। **तमहङ्कारमुपजीव्य बुद्धिरध्यवस्यति** (सा.त.कौ.) अन्तःकरणमा बुद्धिको सर्वोत्तम स्थान छ। यो सर्वेन्द्रियव्यापी छ। साङ्ख्यमा बुद्धिलाई स्मरण–शक्तिको केन्द्र मानिएको छ। इन्द्रियको सञ्चालनमा मन नियामक छ भने मनलाई अहङ्कारले नियन्त्रण गरेको हुन्छ। अहङ्कारको सञ्चालनमा बुद्धि नियामक बनेको हुन्छ। यसैले निश्चयात्मिका बुद्धिलाई सारथि, सङ्कल्पविकल्पात्मक मनलाई लगाम, इन्द्रियलाई घोडा र शरीर, मन, बुद्धि आदिले युक्त जीवलाई भोक्ता भनिन्छ। साङ्ख्य-शास्त्रअनुसार चित्त भनेको अन्तःकरण नै हो। **चित्तमन्तःकरणसामान्यम्**। वेदान्तीले चित्तलाई चौथो अन्तःकरणको अवस्था मानेका छन्। बुद्धिद्वारा निश्चित विषयलाई स्मरण गरेर त्यसलाई चिन्तन गर्ने शक्ति चित्त हो। मन, बुद्धि र अहङ्कारजस्तै चित्त पनि प्रकृतिको परिणाम हो। यो पनि जड छ। चेतन पुरुषको संसर्गमा आएपछि यो पनि चेतनजस्तै हुन्छ। एकाग्र अवस्थामा चित्त स्फटिक मणिजस्तै स्वच्छ हुन्छ। चिन्तनीय वस्तु चित्तमा परेपछि ती वस्तुले चित्तलाई आफूजस्तै तुल्याउँछन्। सिद्धसिद्धान्तसङ्ग्रहमा पाँच अन्तः करणको चर्चा छ। वृत्तिका भेदले अन्तकरणका चार भेद छन्– मन, बुद्धि चित्त र अहङ्कार। सङ्कल्प र विकल्प पैदा गर्ने अन्तःकरणलाई मन, वा निश्चय गर्ने अन्तः करणलाई बुद्धि, सम्झना गर्ने, अनुसन्धान गर्ने अन्तः करणलाई चित्त र सृष्टिका पदार्थसित आफ्नो सम्बन्ध राख्ने अन्तःकरणलाई अहङ्कार भनिन्छ।

ज्ञानेन्द्रियाणां राजेन्द्र प्रत्येकं मिलितैस्तु तैः।
अन्तःकरणमेकं स्याद् वृत्तिभेदाच्चतुर्विधम्॥ (देवीगीता)

यी सबै शरीरभित्र रहने हुँदा यिनलाई अन्तःकरण भनिएको हो। वैशेषिक दर्शनअनुसार मन अन्तःकरण हो। जीवलाई सुख, दुःख र जीवात्माको बोध मनले नै गराउँछ। सबैभन्दा मुख्य इन्द्रिय मन हो। तर आफू एक्लै प्रमातालाई सुख, दुःख र जीवात्माको बोध गराउन सक्ने शक्ति मनमा हुँदैन। सुख, दुःखको अनुभूति र ज्ञानका लागि मनलाई अहङ्कार र बुद्धिको सहयोग चाहिन्छ। मनको अनुभव अँध्याराले ढाकिएको हुन्छ। अहङ्कार र बुद्धिको सम्बन्ध नभई मन व्यक्त हुन सक्दैन। यसैले मनलाई तमोगुण प्रधान भनिएको हो।

अन्तःपुरम् (नपुं.) [*अन्तर्गतम् पुरम्, म.प.स., ऋक्पूरब्धूपथामानक्षे ५.४.४७ इत्यः*] रानीहरू बस्ने घर वा कोठा।

अन्तः (पुं.) [*अमति गच्छतीति, अम गत्यादिषु, इति धातोः, हसिमृगिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.२७३), इति तन्*] १.स्वरूप २.प्रान्त ३.नाश। **एकस्य दुःखस्य न यावदन्तं तावद द्वितीयं समुपस्थितं मे** (सुभा.) ४.सीमा ६.निश्चय ७.अवयव (हेम.) ८.नजिक (मेदिनी.) ९.अतिशय मनोहर (विश्व.)।

अन्तकः (पुं.) [*अन्तयति, ण्वुल् अकः*] १.यमराज २.शिव ३.वसुमित्रका एक छोरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तकरः (पुं.) [*अन्तं करोति, दिवाविभानिशाप्रभाभास्करा–न्तानन्तादि– ३.२.२१ इति टः*] १.यमराज, २.शिव ३.(पुं.वि.) कुनै विषय, प्रसङ्ग वा घटनालाई टुङ्ग्याउने ।

अन्तकारी (पुं.वि.) [*अन्तं करोति तच्छीलः, अन्तपूर्वकाद् डुकृञ् करणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.नाश गर्ने/अन्त्य गर्ने । २.(स्त्री.) स्वयम्भूको तामसी शरीर ।

अन्तकालः (पुं.) [*अन्तश्चासौ कालश्च, कर्म. स. यद्वा अन्तस्य विनाशस्य कालः, ष.त.*] मर्ने बेला ।

अन्तकाले च मामेव स्मरन् मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥ (भ.गी.)

अन्तकृत् (पुं.वि.) [*अन्तं करोतीति, डुकृञ् करणे, धातोः क्विप् च ३.२.७६ इति क्विप्*] १.संहार गर्ने/नाश गर्ने २.(पुं.) यमराज ।

अन्तगः (पुं.वि. [*अन्तं गच्छतीति, अन्तपूर्वकाद् गम्लृ गतौ इति धातोः, अन्तात्यन्ताध्वदूरपारसर्वानन्तेषु डः ३.२.४८ इति डः, टिलोपः*] १.पारी पुगेको २.कामको अन्त्यमा पुगेको ३.मर्म बुझेको ४.मर्न आँटेको ५.नाश हुन लागेको ।

अन्तगामी (पुं.वि.) [*अन्तं गन्तुं शीलमस्य सः, सुप्यजातौ णिनिस्ता–च्छील्ये ३.२.७८ इति णिनिः*] १.नाश हुने २.अन्त्यसम्म पुग्ने ३.मर्म बुझ्ने ।

अन्ततः (अव्य.) [*अन्तेन, अन्ते अन्तादित्याद्यर्थे इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति तसिल्*] अन्तमा गएर । **किञ्चिदप्यधीष्वान्ततः प्रज्ञां प्राप्स्यसि ।**

अन्ततो गत्वा (अव्य.) [*अन्ते इति इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति तसिल्, गम्लृ गतौ इति धातोः, समानकर्तृकयोः पूर्वकाले ३.४.२१ इति क्त्वा*] अन्तमा गएर/आखिरमा/निष्कर्षमा/परिणामस्वरूप ।

अन्तम् (नपुं.) [*अमति गच्छतीति, अम गत्यादिषु, इति धातोः, हसिमृगिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.२७३), इति तन्*] १.शेष/अन्त्य २.स्वरूप ३.निकट ४.अतिशय मनोहर ।

अन्तर् (अव्य.) [*अम धातोः अमेस्तुट् च (उ.) ७४९ इति अरन् तुडागमश्च*] १.भित्र । **अन्तः शाक्ता बहिः शैवाः सभायां वैष्णवा मताः** (मन्त्र.) २.अन्त्य । **यौवनान्तरुपतिष्ठते जरा** (रूपमाला) ३.स्वीकार । **अन्तर्हत्वा श्येनो मूषिकां गतः** (रूपमाला) ।

अन्तरम् (पुं.) [*अन्तं राति ददाति इति, अन्तपूर्वकाद् रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.अवकाश । **मृणालमध्यान्तरमध्यलभ्यम्** (कु.सं.) २.अवधि । ३.परिधान । **अन्तरे शाटकाः** (परिधानीयाः) ४.अन्तर्धान । **पर्वतान्तरितो रविः** ५.फरक । **अन्तरं नैव पश्यामि निर्धनस्य मृतस्य च ।** (सुभा.) ६.तदर्थ । **त्वामन्तरेण** (त्वदर्थम्) **धनं गृहीतम् ।** ७.छिद्र । **प्रहरेदन्तरे रिपुम् ।** ८.आत्मा । **अयमत्यन्तरो रामः ।** ९.विना । **हरे त्वदालोकनमन्तरेण ।** १०.माझ । **आवयोरन्तरे जाताः पर्वताः सरितो द्रुमाः ।** ११.बाहिर **अन्तरे** (बहिः) **चाण्डालगृहाः ।** १२.गणितमा घटाउने क्रिया १३.सदृश **हकारस्य घकारोऽन्तरतमः ।** (भरत) १४.अवसर । **अत्रान्तरे कुलय कुलवर्त्मपाते**त्यादि ।

अन्तरङ्गम् (नपुं.) १.[*अन्तश्च तदङ्गम्, कर्म.स.*] भित्री अङ्ग २.[*अन्तर्भूतानि अङ्गानि निमित्तानि यस्य तत्*] व्याकरणमा शब्द निर्माण गर्दा हुने भित्री कार्य । जस्तै– शिवेहि बनाउँदा शिव +आ + इहि, यहाँ उपसर्ग र धातुका बिचको गुणकार्य अन्तरङ्ग कार्य हो भने शिव र एहिको पररूप कार्य बहिरङ्ग कार्य हो । **असिद्धं बहिरङ्गमन्तरङ्गे** (पाणिनि) ३.(पुं.वि.) [*अन्तरम्, सदृशमङ्गं यस्य सः, बहु.स.*] अत्यन्त प्रिय । **स्वपिति सुखमिदानीमन्तरङ्गः कुरङ्गः ।** (कालिदास) **~सचिवः** (पुं.) [*अन्तरङ्गश्चासौ सचिवः, कर्म.स.*] निजी सचिव । **~सभा** (स्त्री.) [*अन्तरङ्गा चासौ सभा, कर्म.स.*] गुप्तसभा । **~चक्रम्** (नपुं.) [*अन्तरञ्च तच्चक्रम्, कर्म.स.*] तन्त्रमा प्रसिद्ध शरीरका छ चक्रमध्येको एक चक्र ।

अन्तरतमः (पुं.वि.) [*अतिशयेनान्तरः, अन्तरशब्दात् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] १.अत्यन्त तुल्य/ज्यादै मिल्दो **स्थानेऽन्तरतमः** । (पाणिनि) २.ज्यादै भित्रको ।

अन्तरतः (अव्य.) [*अन्तरे इति, इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति सम्पम्यर्थे तसिल्*] माझमा । **तृणमन्तरतः कृत्वा रावणं वाक्यमब्रवीत्** (रामा.) ।

अन्तरप्रभवः (पुं.वि.) [*अन्तरेभ्यो, भिन्नवर्णमातृपितृभ्यः प्रभवति इति, अन्तर–प्रपूर्वकाद् भू सत्तायाम् इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] भिन्न वर्णका बाबुआमाबाट जन्मिएका सन्तान । अन्तरप्रभव दुई थरी हुन्छन्– अनुलोमज र प्रतिलोमज । बाहुन क्षेत्री आदिबाट तल्लो वर्णकी स्त्रीमा जन्मिएको व्यक्ति अनुलोमज र तल्लो वर्णबाट माथिल्लो वर्णकी स्त्रीमा जन्मिएको व्यक्ति प्रतिलोमज हुन्छ ।

भगवान् सर्ववर्णानां यथावदनुपूर्वशः ।
अन्तरप्रभवानाञ्च धर्मान्नो वक्तुमर्हसि ॥ (मनु.)

अन्तरा (अव्य.) [*अन्तरेति, अन्तरपूर्वकाद् इण् गतौ इति धातोः, अन्येभ्योऽपि ३.२.७५ इति विच्, ततो डाच्*] १.माझमा । **त्वां माम् चान्तरा केशवः ।** २.नजिक ३.विना । **न द्रक्षामः पुनर्जातु धार्मिकं राममन्तरा ।** (रामा.) ४.चवालिस अप्सरामध्येकी एक अप्सरा (वा.पु.६९.४) ।

अन्तरात्मा (पुं.) [*अन्तर्हृदयमध्यस्थितः आत्मा, म.प.स.*] १.ईश्वर २.भित्र रहेको आत्मा ।

अन्तरापत्या (स्त्री.) [अन्तरे उदरमध्ये अपत्यं यस्याः सा, बहु.स.] गर्भवती ।

अन्तराभवसत्त्वम् (नपुं.) [*अन्तरा जन्ममरणयोर्मध्ये भवं सत्त्वम् यातनाशरीरम्, कर्म.स.*] मर्नु र जन्मका बिचमा रहेको आत्मा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तरायः (पुं.) [*अन्तः मध्ये अन्तरस्य व्यवधानस्य वा अयनम्, अन्तरपूर्वकाद् इण् गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.विघ्न २.बाधा, व्याधि, संशय, प्रमाद, आलस्य, अविरति, भ्रान्तिदर्शन, अलब्धभूमिकात्व र अनवस्थितत्त्व नामक योगमा प्रसिद्ध नौ विघ्न। कतै आलस्य, व्याधि, प्रमाद, संशय, चित्तानवस्थिति, अश्रद्धा, भ्रान्तिदर्शन, आध्यात्मिक आधिभौतिक र आधिदैविक दुःख, दौर्मनस्य तथा योग्यायोग्यको अविवेक नामक १० विघ्नको पनि उल्लेख छ। ३.जैन धर्मअनुसार मूल कर्मको एक भेद। **विघ्नोऽन्तरायः प्रत्यूहः** (अमर.)।

अन्तरालम् (नपुं.) [*अन्तरं लातीति, अन्तरपूर्वकाद् ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ अन्येषामपि दृश्यते ६.३.१३७ इति दीर्घः*] १.भित्री भाग २.माझ/मध्यभाग। **अभ्यन्तरं त्वन्तरालम्**। (अमर.) **उदेति भानुर्गगनान्तराले** (पद्यमाला)।

अन्तरालदिक् (स्त्री.) [*अन्तराला चासौ दिक् च,कर्म.स.*] उपदिशा, जस्तै— आग्नेय (पूर्व र दक्षिणको माझमा पर्ने कोण), नैऋत्य (दक्षिण र पश्चिमको माझमा पर्ने कोण), वायव्य (पश्चिम र उत्तरको माझमा पर्ने कोण), ईशान (उत्तर र पूर्वका माझमा पर्ने कोण)। यिनलाई विदिशा पनि भनिन्छ।

अन्तरासनम् (नपुं.) [*अन्तरञ्च तदासनञ्च, कर्म.स.*] लिच्छवि शासनकालका राज्यकालको इजलास।

अन्तरिक्षः (पुं.) १.ऋषभदेवका सय छोरामध्ये एक छोरा, विष्णुभक्त ऋषि, २.मुर दैत्यको छोरो, यसलाई कृष्णले मारेका थिए। ३.वैवस्वत मन्वन्तरको तेहौँ द्वापरका वेदव्यास (ब्रह्मा.पु. २.३५)।

अन्तरिक्षम् (नपुं.) [*अन्तर्मध्ये ऋक्षाः नक्षत्राणि यस्य तत्, पृषोदरादित्वादित्वम्, दीर्घेकारपक्षे अन्तर् = दिवापृथिव्योर्मध्ये ईक्ष्यते इति, अन्तर्पूर्वकाद् ईक्ष दर्शने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] आकाश/नक्षत्र तारा आदि रहेको स्थान। **नभोऽन्तरिक्षं गगनमनन्तं सुरवर्त्म खम्** (अमर.)।

अन्तरिक्षयात्री (पुं.वि.) [*यातीति या प्रापणे इति धातोः, तृच्, ऋतोऽञ् (वा) इति अञ्, यात्रमस्यास्तीति, यात्रशब्दात् अत इनिठनौ ५.२.११५ इति इनिः, अन्तरिक्षस्य यात्री, ष.त.*] अन्तरिक्षको यात्रा गर्ने।

अन्तरिक्षयानम् (नपुं.) [*यान्त्यनेन, करणे ल्युट्, अनः, अन्तरिक्षगतं यानम्, म.प.स.*] रकेट/अन्तरिक्षमा यात्रा गर्ने जहाज।

अन्तरिक्षविज्ञानम् (नपुं.) [*विज्ञायतेऽनेनेति करणाधिकरणयोश्च इति ल्युट् अन्तरिक्षस्य विज्ञानम्, ष.त.*] अन्तरिक्षसम्बन्धी अध्ययन गर्ने शास्त्र/वायुको तापक्रम, खगोल आदिको अध्ययन गर्ने विद्या।

अन्तरितः (पुं.वि.) [*अन्तरमितः प्राप्तः द्वि.त., यद्वा अन्तरं सञ्जातमस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.अन्तर्धान भएको २.फैलिएको (त्रिकाण्डशेषः) ३.(नपुं.) घटाइएको बाँकी/शेष (लीला.)।

अन्तरीपम् (नपुं.) [*अन्तः (मध्ये) गता आपो यत्र तत्, बहु.स., ऋक्पूरब्धूःपथामानक्षे ५.४.७४ इति अप्रत्ययः, द्व्यन्तरुपसर्गेभ्योऽप इत् ६.३.९७ इतीत्वम्*] जलको माझमा अवस्थित भूभाग/द्वीप/टापू। **द्वीपोऽस्त्रियामन्तरीपं यदन्तर्वारिणस्तटम्** (अमर.)।

अन्तरीयः (पुं.वि.) [*अन्तरे भवः, अन्तरशब्दाद् गहादिभ्यश्च ४.२.१३८ इति छः, छस्य ईयः*] .काम कुरा आदिका बिचको।

अन्तरीयम् (नपुं.) [*अन्तरे भवम्, गहादिभ्यश्च ४.२.१३८ इति छः, आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् ७.१.२ इति छस्येयः*] १.अधोवस्त्र २.नाभिदेखि घुँडासम्म ढाक्ने लुगा।

अन्तरे (अव्य.) [*अन्तरा एति, अन्तरपूर्वकाद् इण् गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्*] माझ/बिच।

अथान्तरेऽन्तरा, अन्तरेण च मध्ये स्युः (अमर.)।

शोभते विदुषां मध्ये नैव निर्गुणमानुषः।

अन्तरे तमसां दीपः शोभते नार्कतेजसाम्॥ (सुभा.)

अन्तरेण (अव्य.) [*अन्तरा इति, अन्तरपूर्वकाद् इण् गतौ इति धातोः, णश्चेति णः*] १.विना/नभइकन २.माझ/मध्य। **त्वामन्तरेण नहि सम्प्रति कश्चिदीशः**। **अन्तरेणान्तर्विनार्थयोः** (रूपमाला)।

अन्तर्गतः (पुं.वि.) [*अन्तर्गच्छति स्म, अन्तर्पूर्वकाद् गम्लृ गतौ इति धातोः गत्यर्थाकर्मक- ३.४.७२ इति क्तः*] १.भित्र रहेको, **सागरान्तर्गताः केचित् केचित् पर्वतमाश्रिताः** (रामा.) २.अन्तर्भाव भएको ३.[*अन्ताद् अन्तःकरणाद् गतः*] बिर्सिएको ४.हृदयभित्र रहेको।

आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन च।

नेत्रवक्त्रविकारैश्च गृह्यतेऽन्तर्गतं मनः॥ (मनु.)

अन्तर्गृहम् (नपुं.) [*गृहस्य मध्ये, अव्य.स.*] १.मझेरी, घरको भित्री भाग २.स्थानविशेष/वाराणसीको एक क्षेत्र। **पञ्चक्रोश्यां कृतं पापमन्तर्गृहे विनश्यति** (का.मा.)।

अन्तर्जठरम् (नपुं.) [*जठरस्य मध्ये, अव्य.स.*] पेटभित्र।

अन्तर्जानु (अव्य.) [*जानुनोर्मध्यम्, अव्य.स.*] दुई घुँडाको बिच।

अन्तर्दशा (स्त्री.) [*अन्तर्गता दशा,म.प.स.*] महादशाभित्र ग्रहहरूको आधिपत्य भएको कालभेद। जन्म नक्षत्रदेखि ग्रहको आधिपत्य रहेको उमेरसँग सम्बद्ध काल भेदलाई दशा भनिन्छ। यसका पनि अष्टोत्तरी, विंशोत्तरी, त्रिभागी गरी तीन भेद छन्। अष्टोत्तरी भारतको दक्षिण प्रदेशतिर, विंशोत्तरी र त्रिभागी नेपालमा प्रचलित छन्। वस्तुतः त्रिभागी विंशोत्तरीकै छोटो रूप हो। विंशोत्तरीअनुसार सूर्यको ६ वर्ष, चन्द्रको १० वर्ष, मङ्गलको ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष, राहुको १८ वर्ष, बृहस्पतिको १६ वर्ष, शनैश्चरको १९ वर्ष, बुधको १७ वर्ष, केतुको ७ वर्ष र शुक्रको २० वर्ष महादशा हुन्छ। प्रत्येक ग्रहको महादशाभित्र सबै ग्रहको भोग हुन्छ। यसैलाई अन्तर्दशा भनिन्छ। जुनसुकै पनि ग्रहको महादशाभित्र कुनै दशाको अन्तर्दशा पत्ता लगाउनु पर्‍यो भने ती दुवैका दशा वर्षले परस्पर गुणन गर्नुपर्छ। गुणनफलमा प्राप्त एकाइका अङ्कलाई तीनले गुणा गर्नुपर्छ दिन निक्लन्छ। दशस्थानीय अङ्क महिना हुन्छ। जस्तै– सूर्यको महादशाभित्रको मङ्गलको अन्तर्दशा निकाल्दा भौमको दशा वर्ष ७ ले सूर्यको दशावर्ष ६ लाई गुणन गर्दा ७×६=४२ हुन्छ, त्यसको एकाइ अङ्क दुईलाई तीनले गुणन गर्दा ६ हुन्छ। यसरी सूर्यको महादशामा मङ्गलको अन्तर्दशा ४ महिना ६ दिन हुन्छ।

अन्तर्दशाहः (पुं.) [*दशाहमन्तः*] मानिस मरेपछि दश दिनसम्म गरिने कृत्य, प्रेतात्माको शान्तिका निमित्त गरिने काम।

अन्तर्दाहः (पुं.) [*अन्तर्गतो दाहः, म.प.स.*] शरीरभित्रको वेदना।

अन्तर्दृष्टिः (स्त्री.) [*अन्तर्गता दृष्टिः, म.प.स.*] भित्री आँखा।

अन्तर्देशीयः (पुं.) [*अन्तर्देशे भवः, गहादिभ्यश्च ४.२.१३८ इति छः, छस्य ईयः*] देशभित्रको।

अन्तर्देशीयपत्रम् (नपुं.) [*अन्तर्देशीयञ्च तत् पत्रम्, कर्म.स.*] एक प्रकारको हुलाकी पत्र।

अन्तर्द्धा (स्त्री.) [*अन्तर्धानम्, अन्तर्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] छेकावट/व्यवधान/बाधा। **अन्तर्द्धा व्यवधा पुंसि त्वन्तर्द्धिरपवारणम्** (अमर.)।

अन्तर्द्धानम् (नपुं.) [*अन्तर्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, द्वित्वम् पक्षे अन्तर्धानम्*] अलप हुनु/बेपत्ता हुनु/देखिएको वस्तु अदृश्य हुनु।

सर्वस्वापहरो न तस्करगणो रक्षो न रक्ताशनः
सर्पो नैव विलेशयोऽखिलनिशाचारी न भूतोऽपि च।
अन्तर्द्धानपटुर्न न सिद्धपुरुषो नाप्याशुगो मारुत–
स्तीक्ष्णास्यो न तु सायकस्तमिह ये जानन्ति ते पण्डिताः॥
(सुभा.)

अन्तर्द्धिः (पुं.) [*अन्तर्धीयत इति, उपसर्गे घोः किः ३.३.९२ इति किः, द्वित्वम्, पक्षे अन्तर्धिः*] १.ढाक्नु, २.छेक्नु, ३.अन्तर्धान।

अन्तर्द्वारम् (नपुं.) [*अन्तःस्थितं द्वारम्, म.प.स.*] भित्री कोठाको ढोका।

अन्तर्बोधः (पुं.) [*अन्तः स्थितो बोधः, म.प.स.*] अन्तश्चेतना/भित्री चेतना।

अन्तर्भावः (पुं.) [*अन्तर्मध्ये भावः प्रवेश इति अन्तर्भावः, कर्म.स.*] १.माझमा प्रवेश २.कुनै वस्तुको कुनै वस्तुमा समावेश हुनु ३.[*अन्तर्गतो भावः, म.प.स.*] भित्रको भाव।

अन्तर्भावना (स्त्री.) [*अन्तर्गता भावना, म.प.स.*] १.एक किसिमको मानवीय प्रवृत्ति। कुनै वस्तु देखेर वा सुनेर त्यसको गति, गुण आदिलाई दर्शकले आफूमा लीन गराउने भावना २.भित्री कुरा।

अन्तर्भावितः (पुं.वि.) [*अन्तर् मध्ये भावितः, भू सत्तायाम् इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.अन्तर्भाव भएको २.समावेश गराइएको।

अन्तर्भूतः (पुं.वि.) [*अन्तर् मध्ये भूतः, भू सत्तायाम् इति धातोः, गित्यर्णकर्मक इति क्तः*] अन्तर्भाव भएको/समावेश भएको।

अन्तर्मनाः (पुं.वि.) [*बाह्यव्यापारशून्यतया अन्तर्गतं मनो यस्य सः, बहु.स.*] उदास/खिन्न चित्तको। **दुर्मना विमना अन्तर्मनाः स्यात्** (अमर.)।

अन्तर्मुखः (पुं.वि.) [*अन्तः अभ्यन्तरे मुखं (दृष्टिः) यस्य सः, बहु.स.*] १.चिन्तनशील २.परमात्माको ध्यानमा मग्न।

अन्तर्यः (पुं.वि.) [*अन्तरे भवः, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] बिचमा भएको/दिशाको माझमा रहेको।

अन्तर्यामी (पुं.वि.) [*अन्तः मध्ये प्रविश्य यामयति स्वस्वकर्मणि इन्द्रियाणि जीवं वा व्यापारयति, यम परिवेषणे इति धातोः, हेतुमति च ३.१.२६ इति णिच्, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.भित्र प्रवेश गरेर इन्द्रिय वा जीवलाई आआफ्नो कार्यमा प्रवृत्त गराउने २.मनको कुरा जान्ने ३.(पुं.) परमात्मा ४ (पुं.) जीव ४.विशुद्ध सत्त्वगुणप्रधान अज्ञानोपहित चैतन्य (वेदान्तसार)।

अन्तर्लापिका (स्त्री.) [*अन्तर्गता लापिका, म.प.स.*] प्रश्नभित्रै उत्तर भएको। जस्तै– **कः खे चरति का रम्या का जप्या किं विभूषणम्। को वन्द्यः कीदृशी लङ्का वीरमर्कटकम्पिता॥** (सुभा.) यसमा कः खे चरति ? विः। का रम्या ? रमा। का जप्या ? ऋक्। किं विभूषणम् ? कटकम्। को वन्द्यः ? पिता। कीदृशी लङ्का ? वीरमर्कटकम्पिता। यसरी प्रश्नबाट नै सबै प्रश्नको उत्तर दिइएको छ।

अन्तर्लीनः (पुं.वि.) [*अन्तोऽभ्यन्तरे लीनः, त.स.*] भित्र लुकेको।

अन्तर्वंशिकः (पुं.) [*अन्तः अभ्यन्तरो वंशो गृहम्, अन्तर्वंशे नियुक्तः तत्र नियुक्तः ४.४.६९ इति ठक्, संज्ञापूर्वकत्वान्न वृद्धिः, यद्वा अन्तर्वंशोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति ठन्*] अन्तःपुरको व्यवस्थापक।

अन्तर्वत्नी (स्त्री.) [*अन्तः मध्ये गर्भोऽस्त्यस्याः, अन्तर्वत्पतिवतोर्नुक् ४.१.३२ इति नुक्, उगितश्च ४.१.६ इति ङीप्*] गर्भवती स्त्री। **अन्तर्वत्नी तु गर्भिणी** (अमरः) **भूयोऽप्येनां भुवनजननीं भूमिकन्यामनन्या– मन्तर्वत्नीमनयत वनं हन्त पौलस्त्यहन्ता** (विश्वगुणादर्श)।

अन्तर्वर्ती (पुं.वि.) [*अन्तः मध्ये वर्तते इति वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.भित्र रहेको २.माझमा रहेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्वाणिः (पुं.) [*अन्तः, अन्तःकरणे वाणी शास्त्रविहिता वाग् यस्य सः, बहु.स., समासान्तविधेरनित्यत्वान्न कप्, गोस्त्रियोरुपसर्जनस्य १.२.४८ इति ह्रस्वः, यद्वा अन्तर्वाणयति, वण शब्दे इति धातोः स्वार्थे णिजन्ताद् अच इः* (उ.४.१३९ इति इः] शास्त्र जान्ने। **अन्तर्वाणिं मन्यमानः खलोऽयं पौरोभाग्यं सूक्तिमुक्तासु धत्ते। सर्वानन्दिन्यङ्कके कामिनीनामीमें मार्गत्येष वै बम्भरालिः॥** (सुभा.)

अन्तर्वाणिज्यम् (नपुं.) [*अन्तर्गतं देशाभ्यन्तरगतञ्च तद् वाणिज्यम्, कर्म.स.*] देशभित्र मात्र रहेको व्यापार।

अन्तर्वार्ता (स्त्री.) [*अन्तर्गता चासौ वार्ता च, कर्म.स.*] १.कुनै विषयको दक्षता जाँच्न गरिने प्रश्नोत्तर २.कुनै विषयका सम्बन्धमा गरिएको कुराकानी।

अन्तर्वासी (पुं.वि.) [*अन्तर्वसतीति, अन्तर्पूर्वकाद् वस निवासे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ णिनिः*] निर्देश गरिएको क्षेत्रमा बस्न पाउने अनि त्यस क्षेत्रबाट बाहिर निस्कन नपाउने (मानिस)।

अन्तर्वेदना (स्त्री.) [*अन्तर्गता चासौ वेदना, कर्म.स.*] भित्री पीडा।

अन्तर्वेदि (अव्य.) [*वेद्या मध्ये, अव्य.स.*] १.वेदीको माझमा। २.(पुं.) [*अन्तर्मध्ये वेदी यत्र सः, बहु.स.*] ब्रह्मावर्त देश। प्रयागदेखि हरिद्वारसम्मको क्षेत्र।

अन्तर्हासः (पुं.) [*अन्तर्गतश्चासौ हासः, कर्म.स.*] भित्री हाँसो/अव्यक्त हास्य। **सान्तर्हासं कथितमसकृत् पृच्छतश्च त्वया मे** (मे.दू.)।

अन्तर्हितः (पुं.वि.) [*अन्तरधायि इति, अन्तर्पूर्वकाद् डु धाञ् धारण पोषणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति हित्वम्*] लुकेको/अन्तर्धान भएको।

अन्तश्चेतना (स्त्री.) [*अन्तर्गता चेतना, म.प.स.*] मानवभित्र विद्यमान विश्लेषण गर्न सक्ने शक्ति/सत् र असत्को निर्णयात्मक शक्ति।

अन्तस्थः (पुं.वि.) [*अन्तः स्पर्शवर्णस्य ऊष्मवर्णस्य च मध्ये तिष्ठति, अन्तर्पूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः, पक्षे विसर्गलोपः*] १.तटस्थ २.स्पर्श र ऊष्म वर्णको माझबाट उच्चरित। संस्कृतका य व र ल ध्वनिहरू अन्तस्थ ध्वनि हुन्। **यणोऽन्तस्थाः** (सि.कौ.)।

अन्ताक्षरी(स्त्री.) [*अन्तञ्च तद् अक्षरम्, अन्ताक्षरमस्ति अत्र क्रियायाम्*] पद्यको अन्तिम अक्षरको आधारमा पद्यहरूको उच्चारण गर्दै एक पक्षले अर्को पक्षलाई हराउने कर्म वा प्रक्रिया/अन्तिम अक्षरलाई आधार मानेर श्लोक, सूत्र, गीत आदि उच्चारण गर्दै दुई पक्षका बिच हुने प्रतियोगिता।

अन्ताराष्ट्रियः (पुं.वि.) [*अन्ताराष्ट्रे भवः, राष्ट्रावारापाराद् घखौ ४.२.९३ इति घः, घस्य इयः, दीर्घः*] राष्ट्रहरूका बिचको।

अन्तावसायः (पुं.वि.) [*अन्तं नखकेशादीनामवसानं कर्तुं शीलमस्य सः, अन्त–अव–षो अन्तकर्मणि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] कपाल खौरने व्यक्ति/हजाम। **क्षुरिमुण्डिदिवाकीर्तिनापितान्तावसायिनः** (अमर.)।

अन्तिकः (पुं.वि.) [*अन्तोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५इति ठन्, ठस्येकः*] नजिक। **स्नेहेन भूतिदानेन कृतः स्वच्छोऽपि दुर्जनः। दर्पणश्चान्तिके तिष्ठन् करोत्येकमपि द्विधा॥** (सुभा.)

अन्तिकतमः (पुं.वि.) [*अतिशयेनान्तिकः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] अन्यन्त नजिकको/सबैभन्दा निकटवर्ती।

अन्तिका (स्त्री.) [*अन्तोऽस्यास्तीति, अत इनिठनौ ५.२.१५५ इति ठन्, ठस्येकः, टाप् ४.१.४*] १.औषधीविशेष २.चुल्हो ३.दिदी।
अन्तिकं निकटे वाच्ये लिङ्गमस्त्री शोभनौषधौ।
चुल्यांज्येष्ठभगिन्याञ्च नाट्योक्तौ कीर्त्यतेऽन्तिका॥ (विश्व.)

अन्तिकात् (अव्य.) नजिकबाट।

अन्तिकाश्रयः (पुं.) [*अन्तिके आश्रीयते, आश्रयणं वा, एरच् ३.३.५६ इत्यच्, गुणायादेशौ*] आड/नजिकको भरोसा।

अन्तिमः (पुं.वि.) [*अन्ते भवः, अन्तशब्दात् अग्रादिपश्चड्डिमच्, अन्ताच्च वा ४.३.२३ इति डिमच्*] अन्त्यमा भएको/पछिल्लो। **अजातमृतमूर्खाणां वरमाद्यौ न चान्तिमः। सकृद् दुःखकरावाद्या वन्तिमस्तु पदे पदे।** (हितो.) **~अङ्कः** (पुं.) [*अन्तिमश्चासौ अङ्कः, कर्म.स.*] १.नौको सङ्ख्या २.पछिल्लो चिह्न ३.पत्रिकाको पछिल्लो अङ्क। **~यात्रा** (स्त्री.) मृत्यु। **~लेखापरीक्षणम्** (नपुं.) [*अन्तिमञ्च तद् लेखापरीक्षणम्, कर्म.स.*] महालेखा परीक्षकको विभागबाट हुने लेखापरीक्षण।

अन्तिमाङ्गुलिः (पुं.) [*अन्तिमा चासौ अङ्गुली, कर्म.स.*] कान्छी औँला।

अन्तेवासी (पुं.वि.) [*अन्ते निकटे विद्याग्रहणाय वसति तच्छीलः, अलुक्समासः, वस निवासे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, शयवास– ६.३.१८ इत्यलुक्*] १.शिष्य/चेलो २.चाण्डाल ३.(पुं.वि.) छेउमा बस्ने। **अन्तेवासी भवेच्छिष्ये चाण्डाले प्रान्तगेऽपि च।** (विश्व.)। **छात्रान्तेवासिनौ शिष्ये** (अमर.)।

अन्त्यः (पुं.वि.) [*अन्ते भवः, अन्तशब्दात् दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] १.पछिल्लो/अन्तिम २.अधम। **अन्त्यश्चान्तभवेऽधमे** (हैम.) **अन्तो जघन्यचरममन्त्यपाश्चात्यपश्चिमम्** (अमर.)। **~कर्म** (नपुं.) [*अन्त्यञ्च तत्कर्म, कर्म.स.*] १.मृत्युपछि गरिने कर्म २.जीवनको अन्त्यमा गरिने दशदानादि कार्य/सबैभन्दा पछिको कर्म। **~कालः** (पुं.) [*अन्त्यश्चासौ कालः कर्म.स.*] १.जीवनको अन्तिम समय २.पछिल्लो समय। **~लोपः** (पुं.वि.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[*अन्त्यस्य—अन्तिमवर्णस्य लोपः, ष.त.*] अन्त्यमा आउने वर्णको लोप। **~वर्णः** (पुं.) [*अन्त्यश्चासौ वर्णः, कर्म.स.*] १.कुनै शब्दको अन्त्यमा आउने वर्ण २.शूद्र वर्ण।

अन्त्यजः (पुं.वि.) [*अन्त्ये जातः*] १.कान्छो/सबैभन्दा पछि जन्मेको। २.(पुं.) [*अन्त्याद् विराट्पुरुषस्य चरणाद् जातः*] शूद्र।

अन्त्यजातिः (स्त्री.) [*अन्त्या चासौ जातिश्च, कर्म. स.*] शूद्र।

अन्त्यवर्णः (पुं.) [*अन्त्यश्चासौ वर्णश्च*] पछिल्लो वर्ण।

अन्त्यानुप्रासः (पुं.) [*अन्त्यगतोऽनुप्रासः, म.प.स.*] हे. **अनुप्रासः**।

अन्त्यावसायी (पुं.) [*अन्त्यः सन् अवस्यति,णिनिः*] १.चाण्डाल, श्वपच आदि सात जाति २.चाण्डालबाट निषादकी स्त्रीमा पैदा भएको एक वर्णसङ्कर जाति।

अन्त्याहुतिः (स्त्री.) [*अन्त्ये यज्ञस्यावसाने आहुतिः, स.त.*] यज्ञको अन्त्यमा गरिने हवन/पूर्णाहुति।

अन्त्येष्टिः (स्त्री.) [*अन्त्याचासौ इष्टिश्च, कर्म.स.*] अन्त्यमा गरिने काजक्रिया/प्रेतकर्म/मरेपछि वा प्राणान्तको समयमा गरिने कृत्य। **~क्रिया** (स्त्री.) [*अन्त्येष्टिश्चासौ क्रिया च, कर्म.स.*] प्राणान्तकालमा र मरेपछि गरिने काजक्रिया।

अन्त्रम् (नपुं.) [*अमति गच्छत्यनेन अन्नादिकम्, अम गतौ इति धातोः, अमिचिमिदिशसिभ्यः क्त्रः (उ.) ६१३ इति क्त्रः, अथवा अन्तति बध्नाति अति बन्धने इति धातोः, सर्वधातुभ्यो ष्ट्रन् (उ. ६०८) इति ष्ट्रन्*] आन्द्रो/भित्र्याँस/आन्द्राभुँडी। **अन्त्राणि कालरात्रिश्च पित्तञ्च मुकुटेश्वरी** (दुर्गाकवच)। **~कूजनम्** (नपुं.) [*अन्त्रस्य कूजनम्, ष.त.*] पेट कराउनु/आन्द्रा कराउनु। **~प्रदाहः** (पुं.) [*प्रकर्षेण दहनम्, दह इति धातोः, भावे इति घञ्, अन्त्रस्य प्रदाहः, ष.त.*] आन्द्रा पोल्ने रोग। **~वल्लिका** (स्त्री.) [*अन्त्रकल्पा, वल्लिका, कर्म.स.*] आन्द्रा जस्तो देखिने भैंसे लहरो। **~व्रणः** (पुं.) [*अन्त्रस्य व्रणः ष.त.*] कफ र पित्तको प्रकोपबाट पैदा भएको खटिरो/आन्द्राको खटिरो। **~वृद्धिः** (स्त्री.) [*अन्त्रजन्या वृद्धिः म.प.स.*] रोगविशेष/हर्निया।

अन्दुकः (पुं.) [*अन्द्यते बध्यतेऽनेनेति अदि बन्धने इति धातोः, अन्दुदृन्भू (उ.) ९६) इति कूः, स्वार्थे कन् ५.४.५*] १.हात्ती बाँध्ने सिक्री २.नेल/हतकडी।

अन्दूः (पुं.) [*अन्दतीति,अदि बन्दने,इति धातोः, अन्दूदृन्भू जम्बूकफेलूकर्कन्धूदिधिषूः (उ.) ९६ इति सूत्रेण कूप्रत्ययान्तो निपातः*] १.बन्धन २.स्त्रीजातिले बुढी औंलामा लगाउने गहना ३.हात्तीको गोडामा बाँध्ने जन्जीर ४.पाउजेव। **अन्दूः स्त्रियां स्यान्निगडे प्रभेदे भूषणस्य च** (मेदिनी.)।

अन्ध (धा.) [*दृष्ट्युपघाते, सक. सेट् चुरा., उभ.*] अन्धो हुनु। लट्—**अन्धयति-ते—**अन्धो हुन्छ। लिट्— **अन्धयाञ्चकार-चक्रे—** अन्धो भएछ। (अन.) लुट्— **अन्धयिता—** अन्धो हुने छ (अन.)। लृट्— **अन्धयिष्यति.ते—** अन्धो हुने छ। लोट्— **अन्धयतु-ताम्—** अन्धो होओस्। लङ्— **आन्धयत्-त—** अन्धो होला, अन्धो होओस्। आशीर्लिङ्— **अन्ध्यात्. अन्धिषीष्ट—** अन्धो होओस्। लुङ्— **आन्दिधत्-त—** अन्धो भयो। लृङ्— **आन्धयिष्यत्-त—** अन्धो हुने थियो। कर्मणि— **अन्ध्यते—**अन्धो होइन्छ। णिचि— **अन्धिका.अन्धयिता-त्री—** अन्धो हुने। **अन्धः, अन्धनम्—** अन्धो हुने काम। **अन्धितः—** अन्धो भएको। **अन्धयितुम्—**अन्धो हुन। **अन्धयित्वा, प्रान्ध्य—** अन्धो बनेर। **अन्धयितव्यम्. अन्धनीयम्—** अन्धो बन्नुपर्ने। **दुरन्धः—** अलिअलि अन्धो। **स्वन्धः—** पूरै अन्धो। **जनुषान्धः—** जन्मदेखिको अन्धो इत्यादि।

अन्धः (पुं.) १.[*अद्यते भक्ष्यते तत्, अद भक्षणे इति धातोः, अदेर्नुम् धौ च (उ.) ६५५ इति असुन्, नुम् धकारश्च*] अन्न/खानेकुरा। **द्विजातिशेषेण यदेतदन्धसा** (शि.व.)। २.(नपुं.) [*अन्धयति, अन्ध दृष्ट्युपघाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] गाढा अँध्यारो। ३.(त्रि.) [*अन्धयति, पचाद्यच्*] अन्धो। **अन्धं स्यात्तिमिरे क्लीबं चक्षुर्हीनेऽभिधेयवत्** (विश्व.)। **~कूपः** (पुं.) [*अन्धश्चासौ कूपश्च, कर्म.स.*] १.अँध्यारो कुवा, २.अज्ञानता। **~परम्परा** (स्त्री.) [*अन्धा चासौ परम्परा च, कर्म.स.*] चल्दै आएको तर औचित्य स्पष्ट नभएको र आधार पनि नभएको रीतिरिबाज। **~मुष्टिः** (स्त्री.) [*मुष्टितुल्यं घनमन्धः*] घोर अन्धकार/निस्पट्ट अँध्यारो। **~मूषिका** (स्त्री.) [*अन्धं दृष्ट्यभावं मुष्णातीति, अन्धपूर्वकाद् मुष स्तेये इति धातोः,किकन्,दीर्घश्च टाप्*] १.आँखाको औषधि २.देवताड नामक वृक्ष। **~विश्वासः** (पुं.) [*अन्धश्चासौ विश्वासश्च, कर्म.स.*] विचार नगरी आँखा चिम्लेर लिएको विश्वास। अन्धकारवाचक शब्दको पछाडि शत्रुवाचक शब्द जोड्यो भने सूर्य, अग्नि, बत्ती, ज्ञान, परमेश्वर अर्थवाचक शब्द बन्दछ। जस्तै— **तमोऽरिः, तिमिरशत्रुः** आदि।

अन्धकः (पुं.) १.[*अन्ध इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] हजार टाउका भएको, दीतिको गर्भबाट उत्पन्न कश्यप ऋषिको छोरो। यो मदले अन्ध भएको हुँदा अन्धो जस्तै गरी हिंड्ने गर्दथ्यो/अन्धकासुर २.वृष्णी वंशका पूर्वपुरुष। ३.(पुं.वि.) [*अन्धयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अन्धो तुल्याउने।

अन्धकगणः (पुं.) [*अन्धकानां गणः, ष.त.*] १.अन्धक वंशमा पैदा भएका जातिको समूह। यिनीहरूले द्वारकाको रक्षा गरेका थिए। यिनीहरूका नायक उग्रसेन हुन्। कंसको मृत्युपछि यिनीहरूलाई शान्ति मिलेको थियो। आपसमा लडेर यिनीहरूको मृत्यु भयो। श्रीकृष्ण पनि यसै वंशमा उत्पन्न भएका थिए २.शिवजीको पाशुपतास्त्रबाट क्षतविक्षत भएको अन्धकासुरको रगतबाट उत्पन्न राक्षसहरूको समूह।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्धकरिपुः (पुं.) [*अन्धकस्य रिपुः, ष.त.*] १.अन्धकारको शत्रु २.सूर्य ३.चन्द्र ४.अग्नि ५.अन्धकासुरका शत्रु शिव। **गङ्गाधरोऽन्धकरिपुः क्रतुध्वंसी वृषध्वजः** (अमरः)।

अन्धकारः (पुं.) [*अन्धं करोति, अन्धपूर्वकाद् डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] अँध्यारो। **अन्धकारोऽस्त्रियां ध्वान्तं तमिस्त्रं तिमिरं तमः** (अमर.)।

अन्धकारमयः (पुं.वि.) [*अन्धकारस्य स्वरूपमिति, स्वरूपार्थे मयट्*] अन्धकारै अन्धकार भएको।

अन्धकारिः (पुं.) [*अन्धकस्य अरिः, ष.त.*] १.अन्धकनामक राक्षसको शत्रु/शिव २.सूर्य ३.चन्द्रमा ४.अग्नि ५.बत्ती।

अन्धकूपः (पुं.) [*अन्ध कूप इव*] १.अठ्ठाइस नरकमध्ये अँध्यारो कुवाजस्तो एक नरक। आचारभ्रष्ट व्यक्तिहरूले मरेपछि यसमा रहेर यातना भोग्नुपर्छ। २.अन्धगर्त, ब्ल्याक होल।

अन्धङ्करणम् (नपुं.) [*डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.अँध्यारो पार्नु २.अन्धो तुल्याउनु।

अन्धचटकन्यायः (पुं.) अन्धाले चरो समात्ने काम। अन्धाले चरो समात्न सक्दैन। चानसले समाती हाल्यो भने त्यो अर्कै कुरा। यसरी आकस्मिक घटना जनाउँदा प्रयोग हुने न्याय। जस्तै– **सम्यग् जानामि गणेशम्। नासौ मेधावी, न च परिश्रमी। यत्तु स उच्चपदं प्राप्तवान् तत्तु अन्धचटकन्यायेनैव।**

अन्धगजन्यायः (पुं.) अन्धा र हात्तीको दृष्टान्त। केही अन्धाहरूले मिलेर हात्तीको बारेमा जानकार लिन चाहे। कसैले हात्तीको सुँढ समातेर हात्तीलाई सर्प भने। कसैले खुट्टा समातेर थामको रूपमा चिने। पेट छामेर कसैले भित्तो भने। कुनै वस्तु वा विषयको आंशिक ज्ञानबाट पूर्ण ज्ञानको जानकारी दिँदा प्रयोग गरिने न्याय।

तदेतदद्वयं ब्रह्म निर्विकारं कुवद्धिभिः।
जात्यन्धगजदृष्ट्येव कोटिशः परिकल्प्यते॥ (नै.सि.)

अन्धतमसम् (नपुं.) [*अन्धञ्च तत्तमश्च कर्म.स., अवसमन्धेभ्यस्तमसः ५.४.७९ इत्यच्*] गाढा अँध्यारो/बाक्लो अन्धकार। **ध्वान्ते गाढेऽन्धतमसम्** (अमर.१.८.३)।

अन्धतामसम् (नपुं.) [*तमः एव तामसम्, प्रज्ञादिभ्यश्च ५.४.३ इत्यण्, अन्धञ्च तत्तामसञ्च, कर्म.स.*] गाढा अन्धकार।

अन्धतामिश्रम् (नपुं.) १.[*तमो बहुलमस्त्यस्याम् ज्योत्स्नातमिश्रा ५.२.११४ इति निपातनात्साधुः, तमिस्रैव तामिस्रम्, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, अन्धञ्च तत्तामिस्रञ्च, कर्म.स.*] गाढा अँध्यारो २.(पुं.) [*अन्धं तामिश्रं यत्र सः,*] नरकविशेष/एक्काइस ठुला नरकमध्ये दोस्रो नरक।

अन्धत्वम् (नपुं.) [*अन्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.अन्धकार २.अन्धोपन ३.अन्धो हुनु।

अन्धदर्पणन्यायः (पुं.) अन्धालाई ऐना देखाएजस्तै निरर्थक काम गर्दा प्रयोग हुने उखान।

यस्य नास्ति स्वयं प्रज्ञा शास्त्रं तस्य करोति किम्।
लोचनाभ्यां विहीनस्य दर्पणः किं करिष्यति॥ (हितो.)

अन्धपरम्परान्यायः (पुं.) एक अन्धो पछि अरु अन्धा चलेजस्तै कसैले भन्यो वा परम्पराबाट चल्दै आएको छ भनी न सोची वा विचारै नगरी अन्धानुसरण गर्ने परिपाटी। **विरला एव जना जगति सविवेकमाचरन्ति, प्रायस्त्वन्धपरम्परैव विलोक्यते सर्वत्र।**

अन्धम् (नपुं.) [*अन्धयति, अन्ध दृष्ट्युपघाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] अँध्यारो।

अन्धम्भविष्णुः (पुं.वि.) [*अनन्धोऽन्धो भवतीति, अन्धपूर्वकाद् भू सत्तायाम् कर्तरि भुवः खिष्णुच्खुकञौ ३.२.५७ इति खिष्णुच्*] अन्धो हुने।

अन्धम्भावुकः (पुं.वि.) [*अनन्धोऽन्धो भवतीति, अन्धपूर्वकाद् भू सत्तायाम् इति धातोः कर्तरि भुवः खिष्णुच्खुकञौ ३.२.५७ इति खुकञ्*] अन्धो हुने।

अन्धयिता (पुं.वि.) [*अन्धयति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] अन्धो पार्ने।

अन्धाहिः (पुं.) [*अन्धोऽहिरिव, उप.त.*] कम आँखा देख्ने सर्पाकार मत्स्यविशेष।

अन्धिका (स्त्री.) [*अन्धयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः,स्त्रियां टाप्*] १.अन्धो तुल्याउने रोगविशेष २.रात्री ३.जुवाविशेष ४.अँध्यारोमुखे आइमाई।

अन्धुः (पुं.) [*अमतीति, अम रोगे गत्यादौ वा इति धातोः, अर्जिदृशिकम्यमिपशिबाधामृजिपंसि तुक्धुक्दीर्घहकाराश्च (उ.) २७ इति सूत्रेण कुः, धुक् च*] कुवा।

अन्नपूर्णा (स्त्री.) [*अन्नेन पूर्णा तृ.त.*] अन्नकी देवी/धनकी देवी/दुर्गा २.अन्नले भरिपूर्ण।

अन्नप्राशनम् (नपुं.) [*प्राश्यतेऽत्र,प्रपूर्वकाद् अशू भोजने इति धातोः, करणधिकरणयोश्च इति अधिकरणे ल्युट्, युवरनाकौ ७.१.१ इत्यनः, अन्नस्य प्राशनम्, ष.त.*] भात खुवाउने काम/पास्नी। छोराको ६ महिना र छोरीको ५ महिनामा शुभ साइत हेरी गरिने एक संस्कार। यस संस्कारमा पूर्वा (पूर्वफाल्गुनी, पूर्वाषाढा, पूर्वभाद्रा), आर्द्रा, शतभिषा नामक नक्षत्र, मङ्गलवार र शनिवार, पर्व (चतुर्दशी, अष्टमी, अमावास्या, पूर्णिमा र सङ्क्रान्ति), रिक्ता तिथि (चौथी, नवमी र चतुर्दशी), नन्दा तिथि (प्रतिपदा, षष्ठी र एकादशी) सप्तमी र द्वादशी तिथिलाई छोडेर बाँकी तिथि, वार र नक्षत्र पारी वृष, कन्या, मीन तथा मिथुन लग्नमा बालकको जन्मदेखि छैटौँ महिनामा र बालिका (कन्या) को पाँचौँ वा विषम महिनामा शुक्ल पक्ष पारी अन्नप्राशन गर्नु शुभ हुन्छ। यसमा लग्नबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दसौँ स्थानमा ग्रह रहनु हुँदैन। यसमा कालशुद्धि, अयन, ग्रहको अस्त आदि हेर्नु पर्दैन।

पूर्वार्द्रां भरणीं भुजङ्गवरुणे त्यक्त्वा कुजार्की तथा
नन्दां पर्व च सप्तमीमपि तथा रिक्तामपि द्वादशीम्।
षष्ठे मास्यथवान्नभक्षणविधिः स्त्रीणामयुक् पञ्चमे।
गोकन्याझषमन्मथेषु धवले पक्षे च योगे शुभे ॥
(बृहज्ज्यो.)

अन्नभट्टः (पुं.) न्यायदर्शनका एक आचार्य। यिनको समय सत्रौँ शताब्दी हो। यी तैलङ्ग ब्राह्मण हुन्। यिनका बाबुको नाम तिरुमल हो। यिनलाई अद्वैत विद्याचार्य उपाधि प्राप्त भएको थियो। यिनले धेरै दार्शनिक ग्रन्थका टीका लेखेका छन्। जस्तै– न्यायसुधाटीका, ब्रह्मसूत्रको व्याख्या, अष्टाध्यायीटीका आदि। यिनको प्रसिद्ध ग्रन्थ तर्कसङ्ग्रह हो।

अन्नम् (नपुं.) १.[*अद्यते इति, अद भक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, रदाभ्यां निष्ठातो नः– ८.२.४२ इति क्तस्य नः, दस्य नश्च यद्वा अन्यते जीव्यतेऽनेन, अन प्राणने, इति धातोः, कॄवॄजॄसिद्धिपन्यनिस्वपिभ्यो नित् (उ.) इति नः*] खाइने पदार्थ। **भिस्सा स्त्री भक्तमन्धोऽन्नमोदनोऽस्त्री सदीदिविः** (अमर.)।

अद्यतेऽत्ति च भूतानि तस्मादन्नं तदुच्यते।
अद्यते विधिवद् भुक्तमत्ति भोक्तारमन्यथा॥ (सुभा.)

~सत्रम् (नपुं.) [*अन्नस्य सत्रम्, ष.त.*] पकाएको अन्न बाँड्ने वा खुवाउने ठाउँ। **~कोष्ठः** (पुं.) [*अन्नस्य कोष्ठ इव कोष्ठः, त.स.*] धानको भकारी, धान राख्ने ढुकुटी। **~ दानम्** (नपुं.) [*अन्नस्य दानम्, ष.त.*] अन्न दान गर्ने काम। यसका अनेक प्रकार छन्– मुष्टिदान, सिधादान, गरिबगुरुवालाई दिने र खुवाउने काम आदि। **अन्नस्य हि प्रदानेन नरो याति परां गतिम्** (ब्र.पु.)। **~दासः** (पुं.) [*अन्नेन पालितो दासः म.प.स.*] अन्न दिएर पालिएको नोकर। **~दोषः** (पुं.) [*अन्नस्य दोषः, ष.त.*] १.अभक्ष्य अथवा वासी खाना खाँदा हुन जाने दोष २.खराब अन्न खाँदा लागेको रोग/अपच। **~मलम्** (नपुं.) [*अन्नस्य मलम्, ष.त.*] १.अन्नको छोक्रा/रसपदार्थ निकालिसकेपछिको अन्नको भाग २.दिसा/मल। **~रसः** (पुं.) [*अन्नस्य रसः, ष.त.*] अन्नको मुख्य अंश/अन्नको स्वाद वा रस/अन्नको सार पदार्थ। **~विकारः** (पुं.) [*अन्नस्य विकारः, ष.त.*] अन्नको विकृति/अन्नबाट पैदा हुने मल।

अन्नमयः (पुं.वि.) [*अन्नस्य विकारः, मयड्वैतयोर्भाषायाम–भक्ष्याच्छादनयोः, ४.३.१४३ इति मयट्*] १.अन्नले बनेको २.अन्नस्वरूप ३.[*प्रशस्तमन्नमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] प्रशस्त अन्न भएको।

अन्नादः (पुं.वि.) [*अन्नमत्तीति, अन्नपूर्वकाद् अद भक्षणे इति धातोः कर्मण्यण् ३.२.१ इत्यण्, उपधावृद्धिः, दीर्घः*] १.अन्न खाने २.दीप्ताग्नि।

अन्यः (पुं.वि.) [*अन प्राणने इति धातोः, अघ्न्यादयश्च (उ.) ५६१ इति यः*] १.अर्को।

दानेन तुल्यो विधिरस्ति नान्यो
लोभाच्च नान्योऽस्ति परः पृथिव्याम्।
विभूषणं शीलसमं न चान्यत्
सन्तोषतुल्यं धनमस्ति नान्यत् ॥ (सुभा.)

२.असमान। **अन्योऽसदृशेतरयोः** (हैमः) **भिन्नार्थका अन्यतर एकस्त्वन्यतरावपि** (अमर.)।

अन्यकारुकः (पुं.वि.) [*अन्यत् करोतीति, अन्यपूर्वकाद् डुकृञ् करणे इति धातोः, कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १ इत्युण्, स्वार्थे कः*] अरूको काम गर्ने।

अन्यचित्तः (पुं.वि.) [*अन्यदिव चित्तं यस्य सः, बहु.स.*] चित्त वशमा नभएको/मनस्थिति बिग्रिएको।

अन्यच्छायायोनिः (स्त्री.) [*अन्यस्य कवेः छाया योनिर्यस्याः सा, बहु.सः*] अर्काले भनिसकेको विषयलाई नयाँ पाराले दिइने अभिव्यक्ति। यो अनेक किसिमको हुन्छ। भोजले आफ्नो सरस्वतीकण्ठाभरणमा उल्लेख गरेअनुसार अन्यच्छायायोनिका भेदहरू– १.लोकोक्ति (लोकमा चलेको बोलीको अनुकरण) २.छेकोक्ति (शिष्ट व्यक्तिका बोलीको अनुकरण) ३.अर्भकोक्ति (बालकका बोलीको अनुकरण) ४.उन्मत्तोक्ति (पागलका बोलीको अनुकरण) ५.पोटेक्ति (नपुंसक युवतीका बोलीको अनुकरण) यस्तै अरू खालका उक्तिहरू पनि अन्यच्छायायोनिभित्र पर्दछन्। जस्तै– औपदेशिक, स्वाभाविक, प्राकृतिक, शैल्पिक, पौराणिक, शास्त्रीय, आध्यात्मिक आदि।

अन्यत् (अव्य.) अरू नै। **अन्यदुप्तं जातमन्यदित्येतन्नोपपद्यते** (सुभा.)।

अन्यतमः (पुं.वि.) [*मुग्धबोधानुसारेण अन्यशब्दाड्डतमच्, कैयटमते शब्दोऽयमव्युत्पन्नः*] अर्को।

अन्यतरः (पुं.वि.) [*मुग्धबोधानुसारेण अन्यशब्दाड्डतरच्, कैयटमते शब्दोऽयमव्युत्पन्नः*] दुईमध्ये एक।

अन्यतरेद्युः (अव्य.) [*अन्यतरस्मिन्नहनि, अन्यतरशब्दात्, सद्यःपरुत् परार्यैषमपरेद्यव्यद्यपूर्वेद्युरन्येद्युरन्यतरेद्युरितरेद्युरपरेद्युरधरेद्युरुभयेद्युरुत्तरेद्युः ५.३.२२ इति निपातनात् साधुः*] अर्को दिन।

अन्यत् (अव्य.) [*बाहुलकाद् यत्*] अर्कै। **अन्यदेवास्य गाम्भीर्य–मन्यद् धैर्यं महीपतेः** (कुवल.३८श्लोक)।

अन्यतः (अव्य.) [*अन्यस्मात्, अन्यस्मिन्, इत्याद्यर्थे पञ्चम्यास्तसिल् ५.३.७ इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति तसिल्*] १.अन्य साधनबाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्तिपरिपूतायाः किमस्याः पावनान्तरैः ।
तीर्थोदकञ्च वह्निश्च नान्यतः शुद्धिमर्हतः ॥ (उ.रा.च.)
२.अर्कातिर ।

एकतः क्रतवः सर्वे सहस्रवरदक्षिणाः ।
अन्यतो रोगभीतानां प्राणिनां प्राणरक्षणम् ॥ (म.भा.)

अन्यतमः (पुं.वि.) [*अन्यशब्दाद् डतमच्*] धेरैमा एक ।

अन्यतरः (पुं.वि.) [*अन्यशब्दाद् डतरच्*] दुईमा एक ।

अधर्मेण च यः प्राह यश्चाधर्मेण पृच्छति ।
तयोरन्यतरः प्रैति विद्वेषं वाधिगच्छति ॥ (मनु.)

अन्यत्र (अव्य.) [*अन्यस्मिन्निति, सप्तम्यास्त्रल् ५.३.१० इति त्रल्*] अन्त/अरूनै ठाउँ, विषय वा क्षेत्रमा ।

अन्यथा (अव्य.) [*अन्यैः प्रकारैरिति, प्रकारवचने थाल् ५.३ .३३ इति थाल्*] अरू नै किसिमले ।

अन्यथाऽऽलिङ्गयते कान्ताभावेन दुहिताऽन्यथा ।
अन्यथैव सती पुत्रं चिन्तयेदन्यथा पतिम् ॥ (सुभा.)

~कारम् (नपुं.) [*अन्यप्रकारेण कृत्वेति डुकृञ् करणे इति धातोः, णमुल्*] जस्तो गर्नुपर्थ्यो, त्यसभन्दा छुट्टै किसिमले गरेर। **~ख्यातिः** (स्त्री.) [*अन्यथा ख्यातिर्यस्य सः, बहु.स.*] जुन रूपले ज्ञान वा प्रसिद्धि हुनुपर्थ्यो, त्यसदेखि भिन्न प्रकारबाट ज्ञान वा प्रसिद्धि भएको । **~भावः** (पुं.) [*अन्यथा अन्यरूपेण भावो भवनम्, भावे ३.३.१८ इति घञ्*] जो जस्तो हुनुपर्ने हो, त्यो त्यस्तो नभएर अर्कै रूपमा हुनु/व्यतिक्रम । **प्रकृतेरन्यथाभावो न कथञ्चिद् भविष्यति** । (सुभा.) **~भूतः** (पुं.वि.) [*अन्यथा प्रकारान्तरेण भूतः, त.स.*] जो जस्तो हुनुपर्थ्यो त्यस्तो नभएर अर्कै रूपमा भएको । **~वृत्तिः** (स्त्री.) [*अन्यथा प्रकारान्तरेण वृत्तिः, वर्तनम्, त.स.*] जो जुन रूपले रहनुपर्ने हो, त्यस रूपमा नरही अर्कै रूपमा रहनु । **~सिद्धः** (पुं.वि.) [*अन्यथा प्रकारान्तरेण सिद्धः, तृ.त.*] १.जो जुन रूपले सिद्ध हुनुपर्ने हो, सोअनुसार सिद्ध नभई अर्कै प्रकारबाट सिद्ध भएको २.अनावश्यक । **~सिद्धिः** (स्त्री.) [*अन्यथा प्रकारान्तरेण सिद्धिः, त.स.*] १.जो जुन रूपमा सिद्ध हुनुपर्ने हो, सोअनुसार सिद्ध नभई अर्कै रूपमा सिद्ध हुनु २.न्यायमा प्रसिद्ध एक हेत्वाभास ।

अन्यथानुपपत्तिः (स्त्री.) [*न उपपत्तिः, अनुपपत्तिः, न.त., अन्यथा चासावनुपपत्तिश्च कर्म.स.*] कुनै कुरा नभई कुनै कुरा हुन नसक्नु। जस्तो– देवदत्त खाँदैन, मोटो छ भन्दा दिउँसो नखाए पनि रातमा खान्छ भन्ने अर्थ लाग्छ। किनभने नखाई मोटोपन सम्भव छैन ।

अन्यथावादी (पुं.वि.) [*अन्यथा प्रतिज्ञातादर्थादन्यथा वदति, वद व्यक्तायां वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] प्रतिज्ञा गरेभन्दा अर्कै कुरा बोल्ने ।

अन्यदर्थः (पुं.) [*अन्यश्चासौ अर्थश्च, कर्म.स., अर्थे विभाषा ६.३.१०० इति दुक्, पक्षे अन्यार्थः*] अर्कै अर्थ ।

अन्यदा (अव्य.) [*अन्यस्मिन् काले, सप्तम्यन्तात् अन्यशब्दात् सर्वैकान्यकिंयत्तदः काले दा ५.३.१५ इति स्वार्थे दा*] अर्को समयमा/अर्को दिनमा ।

अन्यदाशा (स्त्री.) [*अन्या आशा, ६.३.९९ इति दुक्*]अर्कै आशा ।

अन्यदीयः (पुं.वि.) [*अन्यस्यायम्, गहादिभ्यश्च ४.२.१३८ इति छः, आयनेयी. ७.१.२ इति छस्येयः, आषष्ठ्यतृतीयास्थस्यान्यस्य दुगाशीराशाऽऽस्थाऽऽस्थितोत्सुकोतिकारकरागच्छेषु ६.३.९९ इति दुक्*] अर्काको/अरूसम्बन्धी । **अन्यदीयैरलङ्कारैर्नाहङ्कारो विभूषणे** (सुभा.)।

अन्यदुत्सुकः (पुं.वि.) [*अन्यस्मिन्नुत्सुकः, स.त., आषष्ठ्यतृतीयास्थस्यान्यस्य दुगाशीराशास्थास्थितोत्सुकोतिकारकरागच्छेषु ६.३.९९ इति दुक्*] अरू विषयमा उत्सुक ।

अन्यदेशीयः (पुं.वि.) [*अन्यश्चासौ देशश्च, कर्म.स., अन्यदेशे भवः, अन्यपूर्वकाद् देशशब्दात् छः, छस्य ईयः*] अर्को देशको/आफ्नो देशभन्दा भिन्न देशको ।

अन्यपुरुषः (पुं.) [*अन्यश्चासौ पुरुषश्च, कर्म.स.*] १.अर्को पुरुष २.व्याकरणमा तेस्रो व्यक्ति वा वस्तुलाई जनाउँदा प्रयोग गरिने क्रियापद ।

अन्यपुष्टः (पुं.) [*अन्यया मातृभिन्नया पुष्टः, त.स.*] कोइली ।

अन्यपूर्वा (स्त्री.) [*अन्यः पूर्वो यस्याः सा, बहु.स.*] पहिलो पति मरेपछि अर्को पति लिने स्त्री/पुनर्भू ।

अन्यभावः (पुं.) [*अन्यश्चासौ भावश्च,कर्म.स.*] अर्कै भाव ।

अन्यभृत् (पुं.) [*अन्यया भ्रियत इति अन्यपूर्वकाद् भृञ् भरणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] कोइली ।

अन्यभृतः (पुं.वि.) [*अन्यया भृतः, त.स.*] कोइली ।

अन्यमनस्कः (पुं.वि.) [*अन्यद् मनो यस्य सः, बहु.स.*] चित्त एकाग्र नभएको ।

अन्यमनाः (पुं.वि.) [*अन्यस्मिन्, अन्यस्यां वा मनो यस्य सः, बहु.स.*] अन्यत्र चित्त दिने/आफ्नो क्षेत्रलाई छोडी त्यसभन्दा भिन्न क्षेत्रमा चित्त लगाउने ।

अन्यमातृजः (पुं.वि.) [*अन्या चासौ माता, कर्म.स., तस्याः जातः, अन्यमातृपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] अर्की आमाबाट जन्मिएको/सौतेनी भाइ ।

अन्यलिङ्गकः (पुं.वि.) [*अन्यस्य स्वविशेष्यस्य लिङ्गमिव लिङ्गं यस्य सः,बहु.स.*] विशेष्यअनुसार लिङ्ग लिने ।

अन्यसम्भोगदुःखिता (स्त्री.) [*अन्येन सह सम्भोगः, तेन दुःखिता, तृ.त.*] अरूसँग भएको सम्भोगबाट पीडित नायिका (भानुदत्त) ।

अन्यसाधारणः (पुं.वि.) [*अन्येन साधारणः, त.स.*] अरूजस्तै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यादृक् (पुं.वि.) [*अन्य इव पश्यतीति, अन्यपूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति क्विन्* उपपदसमासः,दृग्दृशवतुषु ६.३.९१ इत्याकारः] अरूजस्तै ।

अन्यादृक्षः (पुं.वि.) [*अन्य इव पश्यतीति, अन्यपूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इत्यत्र सामान्ययोश्चेति वाच्यम्, क्सोऽपि वाच्यः, इति वचनात् क्सः, दृक्षे चेति वक्तव्यम् ६.३.९१ इत्यात्वम्]* अरूजस्तै ।

अन्यादृशः (पुं.वि.) [*अन्य इव पश्यति, दृशधातोः कञ्, आत्वञ्च]* अरूजस्तै ।

अन्यान्यः (पुं.वि.) [*अन्यश्चासौ अन्यश्च, कर्म.स.]* अरूअरू ।

अन्यायः (पुं.) [*न्यायः– विचारः, सङ्गतिः औचित्यम्, प्रतिज्ञादि पञ्चकप्रतिपादकवाक्यञ्च, न न्यायः, न.त.*] १.अनौचित्य ।

अन्यायोपार्जितं वित्तं दशवर्षाणि तिष्ठति ।
प्राप्ते चैकादशे वर्षे समूलञ्च विनश्यति ॥ (सुभा.)

२.न्यायको अभाव ।

अन्यायी (पुं.वि.) [*न न्याय, न.त., अन्यायोऽस्त्यस्य, अत इनिठनौ* ५.२.११५ इति इनिः] अनुचित काम गर्ने ।

अन्याय्यः (पुं.वि.) [*न्यायादनपेतः, अनपेतार्थे यत्,न न्याय्यः, न.त.]* अनुचित/असङ्गत/धर्मविरुद्ध/निन्दित । **न्याय्यं सन्नेच्छते कर्तुमन्याय्यं वा करोति यः** (कात्यायनसंहिता) ।

अन्यार्थः (पुं.)१.[*अन्यश्चासौ अर्थश्च, कर्म.स., पक्षे दुगभावः*] अर्को अर्थ २.[*अन्योऽर्थो यस्य सः, बहु.स.*] अर्को अर्थ भएको ३.भरतले मानेको एक भिन्नार्थनामक काव्यदोष ।

अन्यूनः (पुं.वि.) [*न न्यूनः, न.त.*] थोरै नभएको/न्यूनतारहित ।

अन्यूनाधिकः (पुं.वि.) [*न्यूनश्चासौ, अधिकश्च, कर्म.स., न्यूनाधिकः, न न्यूनाधिकः, न.त.*] न थोरै न धेरै/धेरथोर नभएको ।

अन्येद्युः (अव्य.) [*अन्यस्मिन् काले इति अन्यशब्दात् सप्तम्यन्तात्, सद्यःपरुत् ५.३.२२ इति निपातनात्साधुः*] १.अर्को दिनमा २.अर्को समयमा ।

गवादीनां पयोऽन्येद्युः सद्यो वा जायते दधि ।
क्षीरोदधेस्तु नाद्यापि महतां विकृतिः कुतः ॥ (सुभा.)

अन्योक्तिः (स्त्री.) १.[*अन्यस्य उक्तिः, ष.त.*] अरूको भनाइ २.[*अन्येन उक्तिः, तृ.त.*] अप्रस्तुतको वर्णनबाट प्रस्तुत अर्थको बोध गराउने अलङ्कार । यो सधैँ व्यङ्ग्यप्रधान हुन्छ । जस्तै भ्रमरान्योक्तिः, चातकान्योक्तिः, कोकिलान्योक्तिः आदि ।

अन्योढा (स्त्री.) [*अन्येन ऊढा, तृ.त.स.*] १.अरूले विवाह गरेकी स्त्री २.परोढा नायिका । **यात्रादिनिरताऽन्योढा कुलटा गलितत्रपा** (सा.द.) ।

अन्योन्यः (पुं.वि.) [*अन्यस्यान्यो व्यतीहारः, कर्मव्यतिहारे सर्वनाम्नो द्वे वाच्ये (वा.) इति द्वित्वम्,, समासवच्च बहुलम् (वा.) इति बहुलग्रहणाद् न समासवद्भावः, असमासवद्भावे पूर्वपदस्थस्य सुपः सुर्वक्तव्यः (वा.) इति पूर्वपदस्थस्य सुपः स्थाने सु आदेशः, रुत्वादिः*] परस्पर ।

बहुभिर्मूर्खसङ्घातैरन्योन्यं पशुवृत्तिभिः ।
प्रच्छाद्यन्ते गुणाः सर्वे मेघैरिव दिवाकरः ॥ (सुभा.)

अन्योन्यम् (नपुं.) रुद्रटले प्रतिपादन गरेको वास्तव वर्ग र रुय्यकले प्रतिपादन गरेको विरोधमूलक वर्गको एक अर्थालङ्कार । यसमा कुनै क्रिया सिद्ध हुनका लागि दुई वस्तुका बिच परस्पर कारण भएको वर्णन गरिन्छ । यस अलङ्कारलाई प्रतिपादन गर्ने प्रथम आचार्य रुद्रट हुन्, रुद्रटको भन्दा मम्मटको लक्षण स्पष्ट छ । **क्रियया तु परस्परम् । वस्तुनोर्जननेऽन्योन्यम्** (का.प्र.) ।

अन्योन्याभावः (पुं.) [*अन्यस्यान्यस्मिन्नभावः, ष.त., अन्यस्मिन् अन्याभावः, स.त.*] एक वस्तुमा अर्को वस्तु वा त्यसको धर्म नरहनु ।

अन्योन्याश्रयः (पुं.) [*अन्योऽन्यमाश्रयः*] परस्पर सापेक्ष/एक अर्कामा भएको आश्रय ।

अन्वक् (पुं.) [*अन्वञ्चतीति, अनुपूर्वकाद् अञ्चु गतौ ऋत्विग्दधृक्* ५.२.५९ इति क्विन्] पछाडि । **अन्वगन्वक्षमनुगेऽनुपदं क्लीबमव्ययम्** (अमर.) ।

अन्वक्षम् (नपुं.) १.[*अनुगमक्षम्, गतिस.*] पछाडि २.[*अक्ष्णः समीपम्, अव्य.स., अन्वक्षम्*] आँखाको नजिकै ।

अन्वग्भावम् (नपुं.) [*अन्वग् भूत्वा, अन्वच्यानुलोम्ये ३.४.६४ इति भूधातोर्णमुण्*] अनुकूल बनेर । **अन्वग्भावं रघुवृषभयोर्वानरेन्द्रो विराजन्** (भट्टि.६.१४६) ।

अन्वयः (पुं.) [*अन्वीयते इति, अनुपूर्वकाद् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.वंश/कुल । **तदन्वये शुद्धिमति प्रसूतः शुद्धिमत्तरः** । (रघु.) २.वंशपरम्परा । **रघूणामन्वयं वक्ष्ये तनुवाग्विभवोऽपि सन्** । (रघु.) साम्यता ३.पदहरूको परस्पर सम्बन्ध । यो दुई किसिमको हुन्छ– दण्डान्वय र खण्डान्वय । हे. **तत्तत् शब्द** ।

अन्वयदोषः (पुं.) [*अन्वयगतः दोषः, म.प.स.*] १.अन्वयमा भएको दोष । दूरान्वय गर्नुपर्दा यो दोष पर्छ । २.वंशगत दोष ।

अन्वयबोधः (पुं.) [*एकपदार्थे धर्मिणि अपरदार्थस्य अन्वयवोधः*] एक पदार्थको अर्को पदार्थका साथ हुने सम्बन्धको ज्ञान/शाब्दबोध ।

अन्वयव्यतिरेकी (पुं.) [*अन्वयव्यतिरेकौ स्तोऽस्य सः, अत इनिठनौ* ५.२.११५ इतीनिः] साध्यलाई सिद्ध गर्ने हेतु । जस्तै– **पर्वतो वह्निमान् धूमात्** । यहाँ– जहाँ जहाँ धुवाँ छ, त्यहाँ त्यहाँ वह्नि हुन्छ । **तत्सत्त्वे तत्सत्ता** । यो अन्वयव्याप्ति हो । **यत्र वह्न्यभावः तत्र धूमाभावः । तदभावे तदभावः**, यो व्यतिरेकी व्याप्ति हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयव्याप्तिः (स्त्री.) [*अन्वयेन व्याप्तिः, तृ.त.*] **यत्र धूमस्तत्र वह्निः, जहाँ धुवाँ छ, त्यहाँ वह्नि छ** भन्दा धुवाँमा वह्निको व्याप्ति रहेको हुन्छ। यसैलाई अन्वयव्याप्ति भनिन्छ।

अन्वयागतः (पुं.) [*अन्वयाद् आगतः, प.त.*] वंशपरम्पराबाट प्राप्त/कुलक्रमागत।

अन्वयागतविद्यानामन्वयागतसम्पदाम्।
विदुषाञ्च प्रभूणाञ्च हृदयं नावलिप्यते॥ (सुभा.)

अन्वयी (पुं.वि.) १.[*अन्वेतीति, अनुपूर्वकाद् इण् गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सम्बन्ध भएको २.[*अन्वयोऽस्त्यस्य सः, अत इनिठनौ ५.२.११५ इतीनिः*] अन्वय हुने।

अन्वर्थः (पुं.) [*अर्थमनुगतः, प्रादिस.*] अर्थअनुसार व्युत्पत्ति मिलेको शब्द/सार्थक शब्द।

अन्ववायः (पुं.) [*अन्ववायते इति, अनु अवपूर्वकाद् अय् गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१ इति घञ्*] अन्वय/वंश/कुल/सन्तान।

अन्ववेक्षा (स्त्री.) [*अन्ववेक्षणम्, अनुपूर्वकाद् अव रक्षणे इति धातोः, इत्यङ्, टाप्*] १.अनुरोध गर्नु २.पछाडिबाट रेखदेख गर्नु।

अन्वष्टका (स्त्री.) [*अष्टकामनुगता, प्रादिस., टाप् ४.१.४*] अग्निहोत्रीले पौष, माघ, फाल्गुनको आश्विन कृष्ण पक्षको नवमी तिथिमा गरिने अन्वष्टका श्राद्ध। यसमा पित्रादि तीन, मात्रादि तीन र मातामहादि तीन गरी ९ वटा पिण्ड दिइन्छन्।

अन्वष्टकासु नवभिः पिण्डैः श्राद्धमुदाहृतम्।
पित्रादि मातृमध्यञ्च ततो मातामहान्तकम्॥

अन्वहम् (अव्य.) [*अहनि, अहनि, इति समासान्तोऽच् वीप्सार्थेऽव्ययीभावः*] १.दिनदिनै २.निरन्तर। **सततानारताजस्रमन्वहम्** (ध.ना.मा.)।

अन्वाख्यानम् (नपुं.) [*अनु—आपूर्वकाद् ख्या प्रकथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यण्*] पुनर्व्याख्या गर्नु/प्रतिपादन गर्नु/बयान गर्नु।

अन्वाचयः (पुं.) [*प्रधानस्य पश्चात् आचीयते यत्र सः, अनु, आ, चिञ्, चयने इति धातोः, एरच् ३.३.५६ इत्यच्, यण्*] एक पन्थ दुई काज/लक्षित कार्यको साथै अलक्षित कार्यका लागि आदेश। जस्तै— **भिक्षामट, गाञ्चानय**। यहाँ लक्षित कार्य भिख माग्नु हो, गाई ल्याउनु अलक्षित कार्य हो। त्यसैले यो अन्वाचय हो।

अन्वादेशः (पुं.) [*अन्वादेशनम्, अनु आपूर्वकाद् दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्, यण्*] १.एक काम गरेपछि अर्को काम गर्ने आदेश २.भनेको कुरा फेरि भन्नु/अनुवाद।

अन्वाधानम् (नपुं.) [*अनु—पश्चात् आधानम्, अनु—आपूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यण्*] १.होम गर्न समिधा स्थापना गर्नु २.अग्निस्थापना।

अन्वाधिः (पुं.) [*अनु—पश्चात् आधीयते न्यस्यते, किप्रत्ययः, आलोपः, यण्*] १.यसलाई यस कामका निमत्त दिनू भनेर दिएको वस्तु (हला.)।

अर्थमार्गणकार्येषु अन्येषु वचनान्मम।
दद्यास्त्वमिति यो दत्तः स इहान्वाधिरुच्यते॥ (कात्यायन)

२.नासो ३.पछिबाट हुने मानसिक पीडा।

अन्वाधेयम् (नपुं.) [*अनु—पश्चात् आधेयम् दत्तम्, अनु—आपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्*] विवाहपछि दिइने वस्तु।

बन्धुदत्तं तथा शुल्कमन्वाधेयकमेव च।
अप्रजायामतीतायां बान्धवास्तदवाप्नुयुः॥ (या.व.)

अन्वाहार्यम् (नपुं.) [*अन्वाह्रियते, अनु—आपूर्वकाद् हृञ् हरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वृद्धिः यण्*] महिनैपिच्छे गरिने औँसी श्राद्ध। **पिण्डान्वाहार्यकं श्राद्धं कुर्यान्मासानुमासिकम्** (मनु.)।

अन्वितः (पुं.वि.) [*अनुपूर्वकाद् इण् गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः यण्*] १.पछि लागेको २.परस्पर सम्बद्ध। **वर्णाः पदं प्रयोगार्हानन्वितैकार्थबोधकाः**। (सा.द.) ३.एक पदको अर्को पदसित अन्वय भएको। **पदार्थान्तरैरन्वितानां सङ्केतो गृह्यते** (का.प्र.)।

अन्विताभिधानवादः (पुं.) [*अन्वितञ्च तदभिधानम्, तस्य वादः, ष.त.*] कुमारिलभट्टका शिष्य प्रभाकर भट्टले प्रतिपादन गरेको एक सिद्धान्त। वाक्यमा पदहरू स्वतःअन्वित हुन्छन्, अन्वित पदार्थको नै उच्चारण हुन्छ, छुट्टै अन्वय गरिरहनु पर्दैन भन्ने सिद्धान्त।

अन्विताभिधानवादी (पुं.वि.) [*अन्वितम् अभिधानम् वदतीति अन्विताभिधानपूर्वकाद् वद व्यक्तायाम् वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अन्वित पदहरूबाट नै वाक्यार्थ बोध हुन्छ भन्ने सिद्धान्तका पक्षधर।

अन्विष्टः (पुं.वि.) [*अन्विष्यते स्म, अनुपूर्वकाद् इषु इच्छायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः यण्, ष्टुत्वम्*] खोजिएको/अन्वेषण गरिएको।

अन्वितिः (स्त्री.) १.[*अनुकूला इतिः*] नमस्कार आदिबाट आफ्नो तुल्याउनु २.[*अनु, इण् गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, यण्*] पछि लाग्ने काम ३.सम्बन्ध ४.अन्वय।

अन्वीक्षणम् (नपुं.) [*अनुपूर्वकाद् ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] खोजी/अनुसन्धान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वीक्षा (स्त्री.) [*अनु पश्चाद् ईक्षा पर्यालोचनम्, प्रादिस.यण्*] कुनै वाक्य सुनेपछि त्यसको अर्थ निर्धारणका लागि पर्यालोचना वा विवेचना गर्नु।

अन्वेषः (पुं.) [*अन्वेषणम्, अनुपूर्वकाद् इषु इच्छायाम् इति धातोः, भावे ३.२.१८ इति घञ्,यण्*] खोजी/गवेषणा/अन्वेषण। **वयं तत्त्वान्वेषान्मधुकर हतास्त्वं खलु कृती** (अभि.शा.)।

अन्वेषकः (पुं.वि.) [*अन्वेषयते इति, अनुपूर्वकाद् इषु इच्छायाम् इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः,गुणः,यण्*] खोजी गर्ने/अनुसन्धान गर्ने।

अन्वेषणम् (नपुं.) [*अनुपूर्वकाद् इषु इच्छायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः,यण् ,णत्वम्*] अनुसन्धान गर्नु/खोजी गर्नु/गवेषण।

अन्वेषणा (स्त्री.) [*अनुगता एषणा, प्रादिस., अनुपूर्वकाद् इषु इच्छायामिति धातोः, इषेरनिच्छार्थकस्य (वा) ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्,यण्,णत्वम्*] १.तत्त्वको अनुशीलन गर्नु २.ज्ञात वस्तुलाई तर्क आदिबाट परिस्कार गर्नु ३.खोजी गर्नु।

अन्वेषितः (पुं.वि.) [*अन्वेष्यते स्म, अनुपूर्वकाद् एषृ गतौ इति धातोः, क्तः,यण्*] खोजी गरिएको/अनुसन्धान गरिएको।

अन्वेष्टव्यः (पुं.वि.) [*अन्वेष्टुं योग्यः अनुपूर्वकाद् एषृ गतौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत् ष्टुत्वम्,यण्*] खोज्न लायक/अनुसन्धान योग्य/गवेषणा योग्य/अन्वेषणीय।

अप (अव्य.) एक उपसर्ग। यसको अर्थ वियोग, विकृति, विपरीत, निदर्शन, आनन्द, त्याग र चौर्य हुन्छ। जस्तै– **वियोग**– अपसरति (हट्छ), अपैति (टाढा पुग्छ), **विकृति**–अपचीयते यशः (कीर्ति घट्छ), विकृत बन्न पुग्छ। दुष्टात्मा अपकरोति (दुष्ट अपकार गर्छ), अपशब्दायते (शुद्ध शब्दको विपरीत बोल्छ) **निदर्शन**– अपदिशति (आदेश दिन्छ) **आनन्द**– अपहसति (खुबसित हाँस्छ), **त्याग**– अपनयति (हटाउँछ) अपहरति (अपहरण गर्छ) इत्यादि।

अपकरः (पुं.) [*अपकरणम्, ॠदोरप् ३.३.५७ इत्यप्,गुणः*] खराब काम।

अपकरकः (पुं.वि.) अपकरे जातः, [*सिन्ध्वपकराभ्यां कन् ४.३.३२ इति कन्*] दुर्व्यवहारबाट पैदा भएको।

अपकर्म (नपुं.) [*अपकृष्टं कर्म, प्रादिस.*] दुष्ट आचरण।

अपकर्मा (पुं.वि.) [*अपकृष्टं कर्म यस्य सः, बहु.स.*] खराब काम वा आचरण गर्ने।

अपकर्ता (पुं.वि.) [*अपकरोतीति, अपपूर्वकाद् डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, गुणः स्त्रियां ङीप्, अपकर्त्री*] अपकार गर्ने/हानि गर्ने।

उपकर्त्रारिणा सन्धिर्न मित्रेणापकारिणा।
उपकारापकारौ हि लक्ष्यं लक्षणमेतयोः॥ (शि.व.)

अपकर्षः (पुं.) [*अपकर्षणम्,, अपपूर्वकात् कृष विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्, गुणः*] १.तलतिर तानिनु २.तल झर्नु/ओर्लनु ३.मूल्य घट्नु ४.[*अपकृष्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] रसास्वादमा बाधा पुऱ्याउने काव्यको एक दोष। यो अपकर्ष तीन किसिमले हुन्छ– १.रसप्रतीतिमा विलम्ब पुऱ्याएर २.रसप्रतीतिमा अवरोध खडा गरेर ३.रसास्वाद हुन नदिएर। संस्कृतका आचार्य मम्मट र विश्वनाथले यस शब्दको प्रयोग गरेका छन्। **रसापकर्षका दोषाः** (सा.द.)।

अपकर्षकः (पुं.वि.) [*अपकर्षति, अपपूर्वकाद् कृष विलेखने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.तल तान्ने २.मूल्य घटाउने ३.रसप्रतीतिमा बाधा पार्ने।

अपकर्षणम् (नपुं.) [*अपपूर्वकाद् कृष विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तलतिर तान्नु २.मूल्य गिर्नु/तल झर्नु।

अपकारः (पुं.) [*अपकरणम्, अपपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अर्काको अहित गर्ने वा दुःख दिने काम/असद्व्यवहार २.अत्याचार ३.द्वेष ४.द्रोह।

उपकारोऽपि नीचानामपकारो हि जायते।
पयःपानं भुजङ्गानां केवलं विषवर्द्धनम्॥ (सुभा.)

अपकारकः (पुं.वि.) [*अपकरोति, अप पूर्वकाद् डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अर्कालाई अहित गर्ने वा दुःख दिने।

अपकारगीः (स्त्री.) [*अपकारार्था गीः*] गालीको बोली।

अपकारी (पुं.वि.) [*अपकर्तुं शीलमस्य, अपपूर्वकाद् डुकृञ् करणे इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.अपकार गर्ने २.द्रोह गर्ने ३.कुकर्म गर्ने। **किं भक्तेनासमर्थेन किं शक्तेनापकारिणा** (पञ्चत.)।

अपकीर्तिः (स्त्री.) [*अपगता कीर्तिः,प्रादिस.*] अपयश/अपजस/कुख्याति/बेइज्जती।

अपकृतः (पुं.वि.) [*अपक्रियते स्म इति, अपपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अपकार गरिएको/विना काममा अरूलाई पीडा दिने काम गरेको।

अपकृष्टः (पुं.वि.) १.[*अपकृष्यते स्म इति, अपपूर्वकात् कृष विलेखने इति धातोः क्तः, ष्टुत्वम्*] तल तानेको/तलतिर तानेको/ खिचिएको २.कुकर्मतिर लागेको।

अपकृष्टम् (नपुं.) [*नपुंसके भावे क्तः*] १.अधम/निकृष्ट वस्तु २.सडेगलेको कुरा ३.अपशब्द/गालीगलोज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपक्रमः (पुं.) [*अपक्रमणमिति, अपपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पलायन २.लडाइँबाट भाग्ने काम ३.क्रम नघाइ/क्रम नाघ्ने काम।

अपक्रमणम् (नपुं.) [*अपक्राम्यते इति, अप, पूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः,णत्वम्*] १.भाग्नु २.पछि हट्नु।

अपक्रिया (स्त्री.) [*अपकरणम्, अपपूर्वकात् कृधातोः कृञः श च इति शः, टाप्*] १.अपकार २.द्रोह ३.विपरीत प्रयोग। **चतुर्थोपायसाध्ये तु रिपौ सान्त्वमपाक्रिया** (शि.व.)।

अपक्रोशः (पुं.) [*अपपूर्वकात् क्रुशधातोर्भावे घञ्,गुणः*] १.निन्दा गर्नु २.घृणा गर्नु ३.गाली गर्नु।

अपक्वः (पुं.वि.) [*न पक्वः, न. त.*] नपाकेको/काँचो। **अपक्वे लवणं दद्यात् पक्वे दद्यान्मरीचकम्** (आप्तवाक्य)।

अपक्षिप्तः (पुं.वि.) [*अपपूर्वकाद् क्षिप प्रक्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] तल फ्याँकिएको।

अपक्षेपः (पुं.) [*अपक्षेपणम्, अपपूर्वकात् क्षिप प्रक्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्, गुणः*] तल फ्याँक्नु।

अपगतः (पुं.वि.) [*अपगच्छति स्म, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.गएको २.भागेको ३.मरेको ४.टाढा पुगेको ५.दुर्गतिमा परेको।

अपगतिः (स्त्री.) [*अपकृष्य गतिः, गतिस.*] दुर्गति/दुरवस्था।

अयशः प्राप्यते येन येन चापगतिर्भवेत्।
स्वर्गाच्च भ्रश्यते येन न तत्कर्म समाचरेत्॥ (सुभा.)

अपगा (स्त्री.) [*अप अधोमुखेन गच्छति, कर्तरि डः, टिलोपः,टाप्*] नदी।

अपघनः (पुं.) [*अपहन्यत इति, अपपूर्वकाद् हन हिंसागत्योः, इति धातोः, अपघनोऽङ्गम् ३.३.८१ इत्यच्, हस्य घः*] अङ्ग। **अङ्गं प्रतीकोऽवयवोऽपघनः** (अमर.)।

अपघातः (पुं.) [*अपकृष्टः घातः प्रादिस., अपहन्यते इति, अपपूर्वकाद्, हन हिंसागत्योः इति धातोः, भावे ३.३.१८ इति घञ्, हो हन्तेर्ञ्णिन्नेषु ७.३.५४ इति कुत्वम्*] १.आत्महत्या २.नराम्रो किसिमबाट हुने वध ३.अपहत्ते/मर्नै खोज्नु।

अपचः (पुं.) [*पचतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः, इत्यच्, न पचः, न.त.स.*] खाएको नपच्ने रोग।

अपचयः (पुं.) [*अपचयनम्, अप– चिञ् चयने इति धातोः, एरच् ३.३.५६ इत्यच्, गुणोऽयादेशः*] १.नाश/क्षति/हानि/नोक्सानी २.ह्रास ३.मूल्य घट्नु ४.पूजा/सम्मान।

अपचायः (पुं.) [*अपचयनम्, अपपूर्वकात् चिञ् चयने इति धातोः, हस्तादाने चेरस्तेये ३.३.४० इति घञ्, वृद्धिः,आयादेशः*] हातले फल टिप्नु।

करतलैरपचायमथेक्षणैरपचयञ्च वनेषु जनेषु च।
सुमनसां मनसामपि यद्दिने विरचयन्ति विलोलविलोचनाः॥ (च.रा.)

अपचायितः (पुं.वि.) [*अपचाय्यते स्मेति, अपपूर्वकाद् चायृ पूजानिशामनयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,पक्षे अपचितञ्चेति चिभावः*] १.घटाएको, २.सम्मान–पूजा आदि गरिएको ३.दुब्लो/पातलो ४.हीन ५.व्यथित।

अपचारः (पुं.) [*अपचरणम्, अपपूर्वकात् चरधातोः भावे ३.३.१८ इति घञ्,वृद्धिः*] १.अपथ्यसेवन २.नराम्रो वा अहितकर आचरण। **योनिप्रदोषाच्च भवन्ति शिश्ने पञ्चोपदंशा विविधापचारैः** (माधवकर)।

अपचारकः (पुं.वि.) १.अर्काको सीमा वा अनधिकार क्षेत्रमा प्रवेश गर्ने मानिस २.दुराचारी/दुष्ट।

अपचारी (पुं.वि.) [*अपचरति तच्छीलः, सम्पृचानु ३.२.१४२ इति घिनुण्*] १.अपथ्य भोजन गर्ने २.दुराचारी/दुष्ट।

अपचितः (पुं.वि.) [*अपचायते स्म, अपपूर्वकात् चायृ पूजानिशामनयोः इति धातोः, निष्ठा इति क्तः, अपचितश्च इति चिभावः, इडभावश्च निपात्यते*] १.टिपिएको। **अपचितकुसुमा विहाय वल्लीः** (माघ) २.पूजित/सम्मानित ३.दुब्लो/पातलो। **अपचितमपि गात्रं व्यायतत्वादलक्ष्यम्** (अभि.शा.)।

अपचितिः (स्त्री.) [*अपचायनम् इति अपपूर्वकाद्, चायृ पूजानिशामनयोः, इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अपचितश्च ७.२.३० इति चिभावः, इडभावश्च निपात्यते*] १.क्षय/ध्वंस २.हीनता ३.व्यय ४.ह्रास ५.पूजा/सम्मान। **विहितापचितिर्महीभृता** (शि.व.)।

अपञ्चीकृतः (पुं.वि.) [*अपञ्च पञ्चात्मकः कृतः, न पञ्चीकृतः, न.त.*] १.पञ्चीकरण नभएको २.सूक्ष्म आकाशादि महाभूत।

पञ्चप्राणमनोबुद्धिदशेन्द्रियसमन्वितम्।
अपञ्चीकृतभूतोत्थं सूक्ष्माङ्गं भोगसाधनम्॥ (पञ्चदशी)

अपटान्तरम् (नपुं.) [*पटेनान्तरम्, न पटान्तरं यत्र, तत्, बहु.स.*] जोरिएको/पटक्कै अन्तर नभएको। **संसक्तं त्वव्यवहितमपटान्तरमित्यपि** (अमर.)।

अपटुः (पुं.वि.) [*न पटुः, न.त.*] १.रोगी २.चतुरो नभएको। **पटुर्दक्षे च नीरोगे** (मेदिनी.)। **आमयावी विकृतो व्याधितोऽपटुः। आतुरोऽभ्यामितोऽभ्यान्तः** (अमर.)।

अपतन्त्रम् (नपुं.) [*अपगतं तन्त्रं यस्मात् तत्.*] १.कुशासन २.वातसम्बन्धी रोग।

अपतर्पणम् (नपुं.) १.[*अपपूर्वकात् तृप प्रीणने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः, गुणः*] भोको बस्नु २.[*अपगतं तर्पणं यस्य तत्, बहु.स.*] १.लोभ हटेको अवस्था/तृष्णाको अभाव २.लङ्घन/ बिरामी हुँदा भोकै बस्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपतिष्ठमानः (पुं.वि.) [*अपतिष्ठत इति ष्ठा गतिनिवृत्तौ इति धातोः, समवप्रविभ्यः स्थः १.३.२२ इत्यात्मनेपदम्, लटः शतृशानचौ ३.२.१२४ इति लटः स्थाने शानच्, आने मुक् ७.२.८२ इति मुगागमः, स्था इत्यस्य तिष्ठादेशः*] बसिरहेको । **क्षणं भद्रापतिष्ठस्व** (भट्टि. ८.११) ।

अपत्यम् (नपुं.) [*न पतन्ति नरके पितरोऽनेन, नञ्पूर्वकाद् पत्लृ गतौ इति धातोः,अघ्न्यादयश्च (उ. ५६१) इति यः*] सन्तान/छोराछोरी ।

अपत्यदर्शनस्यार्थे प्राणानपि च या त्यजेत् ।
त्यजन्ति तामपि क्रूरा मातरं दारहेतवे ॥ (सुभा.)

अपत्रपः (पुं.वि.) [*अपगता त्रपा यस्मात् सः, बहु.स., त्रपामपगतः प्रादिस.*] लाज नभएको **सापत्रपः कुलगुरुर्विहितस्त्वया नः** (धनञ्जयविजय) ।

अपत्रपा (स्त्री.) [*अपकृष्य त्रपा*] १.अरूबाट हुने लाज २.बाबुआमा आदि मान्यजनका अगाडि हुने लाज । **सापत्रपान्यतः** (अमर.) **ह्रीर्लज्जापत्रपा व्रीडा** (रत्न.) ३.[*अपगता लज्जा यस्याः सा, बहु.स.*] लाज नभएकी ।

अपत्रपिष्णुः (पुं.वि.) [*अपत्रपते , अपपूर्वकाद् त्रपूष् लज्जायाम् इति धातोः,अलंकृञ् ३.२.१३६ इतीष्णुच्*] लाज मान्ने/लजालु ।

अपथम् (नपुं.) [*पथोऽभावः, पथो विभाषा ५.४.७२ निषेधविकल्पात् ऋक्पूरब्धूःपथामानक्षे ५.४.७४ इत्यः,, अपथं नपुंसकम् २.४.३० इति नपुंसकत्वम्*] १.अबाटो २.कुबाटो । **अपथे पदमर्पयन्ति हि श्रुतवन्तोऽपि रजोनिमिलिताः** ॥ (कु.सं.) ३.[*न प्रशस्तः पन्था यस्य यत्र वा तत्, बहु.स.*] १.योनि २.गल्ली क्षेत्र ।

अपथ्यम् (नपुं.) [*पथोऽनपेतम्, धर्मपथ्यर्थन्यायादनपेते ४.४.९२ इति यत्, न पथ्यम् न.त.*] हितकारक नहुनु ।

कृत्वा बलवतां सन्धिमात्मानं यो न रक्षति ।
अपथ्यमिव तद्भुक्तं तस्यानर्थाय कल्पते ॥ (म.भा.)

अपदः (पु.वि.) १.[*अविद्यमानौ पादौ यस्य सः, बहु.स.*] गोडा नभएका

अपदो दूरगामी च साक्षरो न च पण्डितः ।
अमुखः स्फुटवक्ता च यो जानाति स पण्डितः ॥ (सुभा.)

२.[*अविद्यमाना पादा यत्र, बहु.स.*] पादव्यवस्था नभएको/छन्दोहीन ।

अपदयुक्तता (स्त्री.) [*न पदयुक्तता, न.त.*] हे. अर्थदोष ।

अपदस्थः (पुं.वि.) [*पदे तिष्ठतीति, ष्ठा (स्था) गतिनिवृत्तौ इति धातोः, सुपि स्थः३.२.४ इति कः, आलोपः ६.४.६४ न पदस्थः, न.त.*] १.कुनै अभियोगद्वारा वा विनाअभियोग पदबाट खोसिएको वा हटाइएको २.पदमा नरहेको ।

अपदानम् (नपुं.) १.[*अपपूर्वकाद् दैप् शोधने इति धातोः भावे ल्युट् ३.३.११५*] बितेको काम । **गणयत्यपदानसंमितां भवतः सोऽपि न सत्क्रियामिमाम्** (अभि.शा.) २.[*अपदायति परिशुध्यति अनेन करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः*] असल काम/अवदान ।

अपदेवः (पुं.) मीमांसा दर्शनका एक विद्वान्/ग्रन्थकार । यिनले **मीमांसान्यायप्रकाश** लेखेका छन् ।

अपदिशम् (नपुं.) [*दिशोर्मध्ये अव्य.स. नाव्ययीभावादतोऽम्त्व-पञ्चम्याः २.४.८३ इत्यम्*] दुई दिशाको माझ/विदिशा/उपदिशा । **क्लीबाव्ययन्त्वपदिशम्** (अमर.) ।

अपदेशः (पुं.) [*दिश अतसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.बहाना/छल २.लक्ष्य ३.निमित्त । **अपदेशः पुमाँल्लक्ष्ये निमित्तव्याजयोरपि** (मेदिनी.) । १.आफ्नै कुरा अरूले भनेको बहाना गरेर भन्ने काम २.साङ्केतिक अभिव्यक्ति ३.ख्याति/ कीर्ति ४.छल ।

अपद्रव्यम् (नपुं.) [*अपकृष्टं द्रव्यम्*] मुख्य वस्तुमा मिसिएको मल, फोहोर आदि अनावश्यक वस्तु ।

अपध्वस्तः (पुं.) [*अपध्वस्यते स्म, ध्वंसु अधः स्रंसने गतौ च इति धातोः, निष्ठा ३.१.१०२ इति क्तः*] १.त्यागिएको २.चूर्ण पारिएको ३.निन्दा गरिएको । **अपध्वस्तः परित्यक्ते निन्दितेऽप्यवचूर्णिते** (मेदिनी.) ।

अपनयनम् (नपुं.) [*अपपूर्वकाद् णीञ् प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.हटाउने काम २.कुनै बालबालिका वा स्त्रीलाई आमाबाबु वा पतिको आज्ञाविना अवैध रूपले लैजाने काम ३.खण्डन ।

अपनोदनः (पुं.वि.) [*अपनोदयति, बाहुलकात् कर्तरि ल्युट्*] १.खण्डयिता २.हटाउने/टाढा पुऱ्याउने ।

यथाश्वमेधः क्रतुराट् सर्वपापापनोदनः ।
तथाघमर्षणं जप्यं सर्वपापापनोदनम् ॥ (मनु.)

अपनोदनम् (नपुं.) [*अपपूर्वकाद् णुद प्रेरणे इति धातोः भावे ल्युट् अनः*] १.हटाउने काम २.खण्डन ३.दूरीकरण ।

अपन्थाः (पुं.) [*पथोऽभावः, नञ् १.२.६ इति तत्पुरुषः*] १.अबाटो २.कुलत ३.कुविधि । **अपन्थानं तु गच्छन्तं सोदरोऽपि विमुञ्चति** (अनर्घराघव) ।

अपभ्रंशः (पुं.) [*अपभ्रंशनमिति, अपपूर्वकाद् भ्रंशु अधः पतने इति धातोः भावे ३.३.१८ इति घञ्*] १.तल खस्नु २.भाषामा परिवर्तन आउनु । ३.[*संस्कृतात् प्राकृताद् वा अपभ्रश्यति,भ्रंशु अधः पतने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ईस्वीको पाँचौं शताब्दीदेखि दसौं शताब्दीसम्म बोलिने संस्कृतबाट प्राकृत हुँदै विकसित भएका भाषा । यसका धेरै भेद छन् ।

अपभाषणम् (नपुं.) [*अपपूर्वकाद् भाष व्यक्तायां वाचि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] नराम्रो बोल्नु/दुर्वाच्य बोल्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपभ्रष्टः (पुं.वि.) [*भ्रष्टमपगतः, प्रादिस.*] बिग्रेको/भ्रष्ट भएको

अपमः (पुं.) [*अपकृष्टतया मीयते, घञर्थे कः*] क्रान्ति ।

नाडिकामण्डलात् तीर्यगत्रापमः क्रान्तिवृत्तावधि क्रान्तिवृत्ताच्छरः ।
क्षेपवृत्तावधिस्तिर्यगेवं स्फुटे नाडिकावृत्तखेयन्तरालेऽपमः ॥
(सि.शि.गोलाध्यायः)

अपमानः (पुं./नपुं.) [*अपकृष्टं मीयतेऽनेन अपपूर्वकाद् माङ् माने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] अनादर/हेला/तिरस्कार ।

अपमानं पुरस्कृत्य मानं कृत्वा च पृष्टके ।
स्वकार्यमुद्धरेत् प्राज्ञः कार्यध्वंसो हि मूर्खता ॥ (सुभा.)

अपमृत्युः (पुं.) अपकृष्टो मृत्युः, *प्रादिस.*] १.दुर्घटनाबाट भएको मृत्यु २.रोगै नलागी भएको मृत्यु ।

अपयशः (नपुं.) [*अपकृष्टं यशः, प्रादिस.*] बदनामी/अपजस ।

अपयानम् (नपुं.) [*अपपूर्वकात्, या प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.भाग्ने काम/पलायन २.जस्केलाबाट प्रस्थान ।

अपरः (पुं.) [*न पूर्यते यतः इति नञ्पूर्वकात् पॄ पालनपूरणयोः इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] अर्को/अरू नै कुनै ।

अपरतिः (स्त्री.) १.[*अपरमणम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] वैराग्य २.[*अपकृष्य रतिः*] १.नटिक्ने प्रेम २.अनुचित प्रेम ३.(पुं.वि.) [*अपगता रतिः प्रीतिर्यस्य सः*] प्रेम नभएको ४.(स्त्री.वि.) [*अपगता रतिः प्रीतिर्यस्याः सा*] प्रेम नभएकी ।

अपरत्र (अव्य.) [*अपरस्मिन्, सप्तम्यास्त्रल् इति त्रल्*] अन्यत्र ।

अपरत्वम् (नपुं.) [*अपरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.पराइको भावना २.न्यायका २४ गुणमध्येको एक गुण ।

अपरपक्षः (पुं.) [*अपरः शुक्लादितरश्चासौ पक्षश्च, कर्म.स.*] कृष्णपक्ष । **पूर्वपक्षो देवानामपरपक्षो पितॄणामिति श्रुतिः ।**

अपरपाणिनीयाः (पुं.वि.) १.[*पाणिनीयेभ्योऽपराः,प.त.*] पाणिनि कात्यायन र पतञ्जलिको परम्पराभन्दा भिन्न २.[*अपरस्था पश्चिमदिग्वर्तिनः पाणिनीयाः, म.प.स.*] पश्चिमतिर बस्ने पाणिनिका शिष्य वा अनुयायी ।

अपरब्रह्म (नपुं.) [*अपरञ्च तद् ब्रह्म, कर्म.स.*] वेदमा ब्रह्मलाई दुई रूपमा व्याख्या गरिएको छ। निर्गुण र सगुण। निर्गुणब्रह्म निराकार र निरुपाधिक हुन्छ भने सगुण ब्रह्म साकार र सोपाधिक हुन्छ। उपनिषद्अनुसार ब्रह्म न मोटो छ, न पातलो छ, न छोटो छ, न लामो छ, न छायाले युक्त छ, न अन्धकारमय छ, न वायु हो न आकाश। त्यो त अरस, अगन्ध, दृष्टि वाणी र मनबाट अतीत छ। –(बृहदारण्यक ३, ८–८)। त्यसलाई नेति नेति भनिन्छ। अविद्यावश त्यसमाथि सांसारिक वस्तु र उपाधिको आरोप गरिन्छ। त्यो नै अपरब्रह्म हो। पराविद्याले परब्रह्मको ज्ञान गराउँछ भने अपराविद्याले अपरब्रह्मको ज्ञान गराउँछ।

अपरम् (नपुं.) [*न पूर्यते, ऋदोरप् ३.३.५७ इत्यप्*] हात्तीको पछाडिको भाग ।

अपररात्रः (पुं.) [*रात्रेरपरः शेषावयवः, एकदेशिसमासः, समासान्तोऽच्, रात्राह्नाहाः पुंसि २.४.२९ इति पुंस्त्वम्*] रातको पछिल्लो प्रहर/उज्यालो हुने बेलाको रात ।

अपरवक्त्रम् (नपुं.) वार्णिक अर्धसमवृत्तको एक भेद । यस वृत्तमा पहिलो र तेस्रो पाउमा नगण, नगण, रगण तथा एक एक लघु र एक, एक गुरु वर्णको प्रयोग भएको हुन्छ भने दोस्रो र चतुर्थ पाउमा नगण, जगण, जगण, रगणको प्रयोग भएको हुन्छ।

अपरा (स्त्री.) [अविद्यमानः *परः उत्कृष्टो यस्याः, सा*] १.वसुदेवकी एक पत्नी २.ज्येष्ठ कृष्ण एकादशी ३.विद्याविशेष । ४.[*न पूर्यते असौ*] पाठेघर ५.[*अविद्यमानः परतरो यस्याः सा*] पश्चिम-दिशा ।

अपरागः (पुं.) [*अपरज्यतेऽनेन, रञ्ज रागे इति धातोः हलश्च ३.३.१२१ इति घञ्, घञि च भावकरणयोः ६.४.२७ इति नलोपः, भावे ३.३.१८ इति वा घञ्*] १.असन्तोष २.वैराग्य ३.(पुं.वि.) [*अपगतो रागो यस्य सः, बहु.स.*] रङ्गहीन ।

अपराङ्गम् (नपुं.) [*अपरस्य अङ्गम्, ष.त.*] १.अर्काको अङ्ग वा अधीन २.[*अपरस्य रसभावादेरङ्गम्, ष.त.*] गुणीभूतव्यङ्ग्य हे. गुणीभूतव्यङ्ग्य ।

अपराङ्गव्यङ्ग्यम् (नपुं.) [*अपराङ्गं व्यङ्ग्यं यस्य यस्मिन् वा तत्, बहु.स.*] रसादि वा कुनै अर्थको अङ्ग बनेर आएको अर्को अर्थ, गुणीभूत व्यङ्ग्य। प्रतीयमान अर्थलाई ध्वनि भनिन्छ। यो विशेष चमत्कार भएर प्रधान रूपले रहँदा ध्वनि वा रस भनिन्छ भने अरू कुनै अर्थको अङ्ग बन्न जाँदा गुणीभूत व्यङ्ग्य हुन्छ। यसलाई मध्यम काव्य मानिएको छ।

अपराजितः (पुं.वि.) [*न पराजितः, न.त.*] १.कसैबाट नजितिएको २.(पुं.) श्रीकृष्णको एक छोरो (भाग. १०.६१) ३.एघार रुद्रमध्ये एक रुद्र (मत्स्य. १७१.३८) ४.एक दिग्गज ।

(अपराजिता)

अपराजिता (स्त्री.) [*न पराजिता, न.त.*] १.दश सिद्ध विद्यामध्येकी एक देवी। **पार्वती चापराजिता** (पु.च. प्र.भा.) **दशम्याञ्च नरैः सम्यक् पूजनीया पराजिता। मोक्षार्थं विजयार्थञ्च पूर्वोक्त विधिना नरैः ॥** (स्कन्दपु.) २.ईशान कोण ३.कोइली चरो ४.वृक्षविशेष। यसको केराउको जस्तो कोसा हुन्छ, बदामी छाँटको डेढ, दुई अङ्गुल लामो सवा एक अङ्गुल चौडा पात हुन्छ। वर्षायाममा सेतो, योनि आकारको वासना नभएको फूल फुल्छ। यसका तीन भेद छन्– सेतो, नीलो र गुलाफी। नीलोलाई विष्णुक्रान्ता भनिन्छ ५.जयन्ती फूल ६.शमी ७.चौध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षरको एक छन्द। यसको प्रत्येक चरणमा दुई नगण, एक रगण, एक सगण, एक लघु र एक गुरु अक्षर हुन्छन्। ८.(वि.) कसैबाट नजितिएकी।

अपराद्धपृषत्कः (पुं.) [*अपराद्धः पृषत्को वाणोऽस्य, लक्ष्याद्वेध्यात् च्युतो भ्रष्टः सायको यस्य सः, बहु.स.*] निशाना लगाउन नसक्ने व्यक्ति।

अपराधः (पुं.) [*अपराधनम्, अपपूर्वकाद् राध संसिद्धौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] चोरी, हत्या आदि नराम्रो काम/नीचकर्म। यो ३२ किसिमको हुन्छ। **द्वात्रिंशदपराधास्तु कीर्त्यन्ते वसुधे मया** (वराहपु.)।

अपराधी (पुं.वि. [*अपराध्नोति स्म, अपपूर्वकाद् राध संसिद्धौ इति धातोः अभिभावी भूते (ग.सू.) इति णिनिः*] अपराध गरेको व्यक्ति।

अपराह्णः (पुं.) [*अह्नोऽपरः पूर्वापर २.२.१ इत्येकदेशिसमासः, राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्, अह्नोऽह्न एतेभ्यः ५.४.८८ इत्यह्नादेशः अह्नोऽदन्तात् ८.४.७ इति णत्वम्*] दिनको पछिल्लो भाग। **तथा श्राद्धस्य पूर्वाह्णादपराह्णो विशिष्यते** (मनु.)।

अपराह्णकः (पुं.वि.) [*अपराह्णे भवः, पूर्वाह्णपराह्ण—४.३.२८ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, अल्लोपोऽनः ६.४.१३४ इत्यल्लोपः*] दिनको पछिल्लो भागमा जन्म भएको।

अपराह्णेतनः (पुं.वि.) [*अपराह्णे भवः, विभाषा पूर्वाह्णापराह्णाभ्याम् ४.३.२४ इति ट्युः (ल्) तुट् च*] अपराह्णको।

अपरिकलितः (पुं.वि.) [*न परिकलितः, न.त.*] १.थाहा नभएको/अज्ञात २.नदेखिएको/अदृष्ट।

अपरिग्रहः (पुं.) [*न परिग्रहः, न.त.*] १.सबै थोकको त्याग २.संन्यास।

अपरिचितः (पुं.वि.) [*न परिचितः, न.स.*] नचिनेको/नजानेको।

अपरिच्छेदः (पुं.) [*न परिच्छेदः, न.त.*] विचार नपुऱ्याई गरिएको काम।

परिच्छेदो हि पाण्डित्यं यदापन्ना विपत्तयः।
अपरिच्छेदकर्तॄणां विपदः स्युः पदे पदे॥ (सुभा.)

अपरिपक्वः (पुं.वि.) [*न परिपक्वः, न.स.*] १.आलो काँचो २.राम्रोसित नपाकेको।

अपरिमितः (पुं.वि.) [*परिमातुं शक्यः, परिमितः, न परिमितः, न.त.*] १.सीमा नभएको २.नाप्न नसकिने।

अपरिमेयः (पुं.वि.) [*न परिमेयः, न.त.*] नाप्न नसकिने।

अपरिवर्त्यः (पुं.वि.) [*न परिवर्त्यः, न.त.*] परिवर्तन गर्न नसकिने/अपरिवर्तनीय।

अपरिवृत्तिः (स्त्री.) [*न परिवृत्तिः, न.त.*] परिवर्तन नहुने अवस्था।

अपरिष्कृतः (पुं.वि.) [*न परिष्कृतः, न.त.*] परिष्कार वा संस्कार न गरिएको।

अपरिहार्यः (पुं.वि.) [*न परिहार्यः, न.स.*] १.नभई नहुने २.अलग गर्न नसकिने/छाड्न वा त्याग्न नसकिने।

अपरीक्षितः (पुं.वि.) [*न परीक्षितः, न.त.*] परीक्षा नगरिएको/राम्रोसित जाँचबुझ नभएको।

अपरीक्षितलक्षणप्रमाणैरपरामृष्टपदार्थसार्थ तत्त्वैः।
अवशीकृतजैत्रयुक्तिजालैरलमेतैरनधीततर्कविद्यैः॥ (सुभा.)

अपरूपः (पुं.वि.) १.[*अपकृष्टं रूपं यस्य सः, बहु.स.*] नराम्रो रूप भएको/विकृत रूपको।

अपरूपम् (नपुं.) १.[*अपकृष्टं रूपम्, कर्म.स.*] नराम्रो रूप/विकृत रूप।

अपरेण (अव्य.) [*अपरस्यां दिशि, देशे, काले वा, एनबन्यतरस्यामदूरेऽपञ्चम्याः ५.३.३५ इति एनप्*] अर्को दिशा, देश वा कालमा।

अपरेद्युः (अव्य.) [*अपरस्मिन्नहनि, सद्यःपरुत् ५.३.२२ इति निपातनात् साधुः*] अर्को दिन।

अपर्णा (स्त्री.) [*अविद्यमानानि पर्णानि अस्याः सा, तपःकाले पर्णानामपि त्यागात्*] १.पार्वती। यिनले पात पनि नखाईकन शिवको तपस्या गरेकी थिइन्, त्यसैले यिनको नाम अपर्णा रहेको हो २.पात नभएको ३.सन्तान नभएकी।

अपर्याप्तः (पुं.वि.) [*न पर्याप्तः, न.त.*] १.अप्रशस्त २.असीम ३.असमर्थ। **अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम्** (गीता)।

अपर्युषितः (पुं.वि.) [*न पर्युषितः, न.त.*] ताजा/साजी।

अपर्युषितनिश्छिद्रैः प्रोक्षितैर्जन्तुवर्जितैः।
स्वीयारामोद्भवैर्वापि पुष्पैः सम्पूजयेद् हरिम्॥
(आह्निकाचार.)

अपलपनम् (पुं.) [*अपपूर्वकात् लप धातोः, ल्युट् च इति भावे ल्युट् अनः*] ढाँट्नु/सत्य कुरा लुकाएर बोल्नु।

अपलापः (पुं.) [*अपलपनम्, अपपूर्वकात् लप धातोः, भावे ३.३.१८ इति घञ्*] ढाँट्नु/सत्य कुरा लुकाएर बोल्नु।

अपलापयमानः (पुं.वि.) [*अपलापयते इति णिजन्तात् अपपूर्वकात् लीङ् श्लेषणे इति धातोः, विभाषा लीयते ६.१.५१ इत्यात्वम्, लियः सम्मानन— १.३.७० इति आत्मनेपदम्, लटः शानच् ३.२.१२४, मुक् ७.२.८२*] तिरस्कार गरिरहेको।

अपलाषिका (स्त्री.) [*अपपूर्वकात् लषधातोः भावे ण्वुल्, अकः, टाप्, इत्वम्*] तृष्णा।

अपलाषी (पुं.वि.) [*अपलषितुं शीलमस्य, अपपूर्वकाद् लष कान्तौ इति धातोः, अपे च लषः ३.२.१४४ इति घिनुण्*] इच्छारहित स्वभाव भएको।

अपवनम् (नपुं.) [*अपकृष्टं वनम्, कर्म.स.*] सानो बगैँचा।

अपवरकः (पुं.) [*अपव्रियन्ते लोका अत्र, ग्रहवृदृनिश्चिगमश्च ३.३५८ इत्यप्, ततः कन्*] भित्री कोठा, घरको भित्री भाग। **दीपोऽवकरकस्यान्तर्वर्तते तत्प्रभा बहिः।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपवर्गः (पुं.) [*अपवर्जनम्, अपवृज्यते संसारोऽत्र इति वा, अप पूर्वकाद् वृजि वर्जने इति धातोः भावे इति घञ्*] १.मोक्ष २.त्याग ३.दान ४.समग्रता। **अपवर्गस्त्यागमोक्षयोः** (हैम) **मुक्तिकैवल्यनिर्वाण श्रेयोनिश्रेयसामृतम्। मोक्षेऽपवर्गः** (अमर.) ५.समाप्ति। **क्रियापवर्गेष्वनुजीविसात्कृताः कृतज्ञतामस्य वदन्ति सम्पदः** (किरा.)।

अपवर्जनम् (नपुं.) [*अपपूर्वकाद् वृज वर्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.त्याग/छोड्ने काम २.दान।

अपवादः (पुं.) [*अपपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.नियम वा सिद्धान्तमा नमिल्दो २.अपकीर्ति ३.झुटो दोष। **अपवादस्तु निन्दायामाज्ञाविश्रम्भयोरपि** (विश्व.)।

अपवादादभीतस्य समस्य गुणदोषयोः।
असदवृत्तेरहो वृत्तं दुर्विभाव्यं विधेरिव॥ (सुभा.)

४.आज्ञा/आदेश। **ततोऽपवादेन पताकिनीपतेश्चचाल निर्ह्रादवती महाचमूः।**(किरा.) ५.बाधक। **क्वचिदपवादविषयेऽप्युत्सर्गोऽभिनिविशते** (व्याकरण)।

अपवादमानः (पुं.वि.) [*अपवदते इति अपाद्वदः १.३.७३ इत्यात्मनेपदम्, लटः शानच् ३.२.१२४ मुगागमश्च ७.२.८२*] रिसाइरहेको/ईर्ष्या गरिरहेको। **नृभ्योऽपवादमानस्य रावणस्य गृहं ययौ** (भट्टि. ८.४५)।

अपवारणम् (नपुं.) [*अपपूर्वकाद् वृञ् आच्छादने इति धातोः, णिजन्ताद् ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.हटाउने काम २.व्यवधान।

अपवारितः (पुं.वि.) [*अपवार्यते स्म, अपपूर्वकाद् णिजन्ताद् वृञ् वरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.नियतश्रव्यका दुई भेदमध्ये एक भेद। रङ्गमञ्चमा पात्र उपस्थित भएर अर्कातिर मुख फकाई अर्काको गुप्त कुरा बताउँछ भने त्यो अपवारित नियतश्रव्य हुन्छ। २.ढाकिएको। **अपवारितञ्च पिहितम्** (हला.)।

अपवाहः (पुं.) प्रत्येक पाउमा क्रमैले मगण, छवटा नगण तथा सगणको प्रयोग भएको छन्द। यसको नौ, छ, र पाँच अक्षरमा विश्राम हुन्छ।

अपवित्रः (पुं.वि.) [*न पवित्रः, न.त.*] विटुलो/अशुद्ध/नराम्रो। **अपवित्रमिदं कर्म कृतं मोहान्धया तया।** (रामायणम्) **~ता** [*पवित्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४, न पवित्रता, न.त.*] अशुद्ध अवस्था/विटुलोपना।

अपविद्धः (पुं.वि.) [*अपविध्यते स्म, निष्ठा इति क्तः*] हटाइएको/त्यागिएको २.चूर्ण पारिएको। **मृदिताश्चापविद्धाश्च दृश्यन्ते कमलस्रजः।**

अपव्ययः (पुं.) [*अपकृष्टः व्ययः, प्रादिस.*] १.न चाहिंदो क्षेत्रमा आवश्यकभन्दा बढी खर्च २.जुवा, तास, रन्डीबाजी आदिमा भएको खर्च।

अपशकुनम् (नपुं.) [*शकुनात् अपक्रान्तम्, प्रादिस.*] कुलक्षण/नराम्रो लक्षण वा सङ्केत।

अपशब्दः (पुं.) [*अपभ्रष्टःशब्दः, प्रादिस.*] १.नराम्रो शब्द/गाली गर्दामात्र प्रयोग गरिने शब्द २.व्याकरणको दृष्टिकोणबाट अशुद्ध मानिएको शब्द। **अन्यथोच्चारिताः शब्दा अपशब्दाः प्राकीर्तिताः** (भर्तृ.)।

अपष्ठुः (पुं.) [*अपतिष्ठति, अपपूर्वकात् ष्ठा गतिनिवृतौ इति धातोः, अपदुःसुषु स्थः (उ.२५) इति सूत्रेण कुः, सुषामादिषु च ८.३.९८ इति षत्वम्, ष्टुत्वम्*] १.बालक। **अपष्ठुः पुंसि बाले वामे स्यादन्यलिङ्गकः** (मेदिनी.) २.प्रतिकूल।

अपसदः (पुं.) [*अपकृष्टमपकृष्टे वा सीदति, षद्लृ विशरणादौ इति धातोः, अच् ३.१.१३४*] १.तल्लो खालको मानिस २.अर्को लोक (अमर.)।

अपसरणम् (नपुं.) [*अपपूर्वकात्, सृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पछि सर्नु/पछाडि हट्नु।

अपसर्पः (पुं.) [*अपसर्पतीति, सृप्लृ गतौ इति धातोः, अच् ३.१.१३४*] जासुस।

अपसव्यम् (नपुं.) [*सव्यात् अपक्रान्तः, प्रादिस.*] १.दाहिने/दायाँ २.दायाँतिर झर्ने गरी बायाँ काँधमा जनै राख्ने काम। **अपसव्यं त्रिलिङ्गं तु दक्षिणप्रतिकूलयोः** (विश्व.)।

अपसारणम् (नपुं.) [*अपपूर्वकात् सृ गतौ इति धातोः, णिच्, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] हटाउने वा पन्साउने काम।

अपसिद्धान्तः (पुं.) [*सिद्धान्तादपक्रान्तः, अत्यादय क्रान्ताद्यर्थे इति समासः*] १.आफ्नो सिद्धान्त छोडेको/सिद्धान्तविहीन २.स्थापित सिद्धान्तसँग नमिल्ने विचार वा कुरो।

अपस्करः (पुं.) [*अपक्रियते स्वस्थाने क्षिप्यते इति अपपूर्वकाद् कृ विच्छेपे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, अपस्करो रथाङ्गम् ६. १.१२९ इति सुडागमः*] १.रथको अवयव। **रथाङ्गानि त्वपस्कराः** (अभि.चि.) २.गुदद्वार ३.विष्ठा (धरणि.)।

अपस्नातः (पुं.वि.) [*अपकृष्टः स्नातः, प्रादिस.*] मरेका मानिसलाई लक्ष्य गरेर नुहाएको। **अपस्नातो मृतस्नातः** (अमर.)।

अपस्नानम् (नपुं.) [*अपकृष्टं स्नानम्*] १.मरेका मानिसलाई लक्ष्य गरेर गरिने स्नान २.नुहाएर बाँकी रहेको पानीले नुहाउने काम ३.[*स्नानादपगतम्, प्रादिस.*] नुहाएर बाँकी रहेको जल। **उद्वर्तनमपस्नानं विण्मूत्रे रक्तमेव च। श्लेष्मनिष्ठ्यूतवान्तानि नाधितिष्ठेत्तु कामतः॥** (मनु.४.१३२)

अपस्मारः (पुं.) [*अपस्मर्यते पूर्ववृत्तं विस्मर्यतेऽनेन, अपपूर्वकात् स्मृधातोः करणे घञ्*] १.छारे रोग/एक प्रकारको मूर्च्छा पर्ने रोग/मृगी रोग। यसमा मूर्च्छा पर्दा शरीर काँप्छ, मुखबाट फिँज आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः खादेत् क्षीरभक्ताशी माक्षिकेण वचारजः।
अपस्मारं महाघोरं चिरोत्थं स जयेद् ध्रुवम् ॥ (भा.प्र.)
२.तेत्तिस व्यभिचारिभावमध्येको एक भाव।

अपस्मारी (पुं.वि.) [*अपस्मारो रोगविशेषः, सोऽस्त्यस्येत्यर्थे अत इनिठनौ ५.२.११५ इतीनिः*] अपस्मार (मृगी) रोग लागेको व्यक्ति।

अपहतः (पुं.वि.) [*अपहन्यते स्म इति, अपपूर्वकाद् हन हिंसागत्योः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मरेको/नष्ट भएको।

अपहत्या (स्त्री.) [*अपकृष्या हत्या, प्रादिस.*] तुच्छ हत्या/तल्लो किसिमले भएको वध २.अपहत्ते /अतिशय ढिपी/मनैं खोज्नु।

अपहरणम् (नपुं.) [*अपपूर्वकाद् हृञ् हरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अपहरण गर्नु/बलपूर्वक कसैको चिज खोस्ने काम २.बालक, बालिका वा अन्य कसैलाई जबर्जस्ती लगी बेपत्ता पार्ने काम।

अपहर्ता (पुं.वि.) [*अपहरति, अपपूर्वकाद् हृञ् हरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] अपहरण गर्ने।

अपहसितम् (नपुं.) [*अपपूर्वकाद् हस हसने इति धातोः, नपंसके भावे क्तः इति क्तः*] १.तल्लो खालको प्रकृति (स्वभाव) भएका मानिसको हाँसो/खित्का छोडेर हासिने हाँसो। यस हाँसोमा आँखाबाट आँसु आउँछ।

जेष्ठानां स्मितहसिते मध्यानां विहसितावहसिते च।
नीचानामपहसितं तथातिहसितञ्च षड्भेदाः॥

२.(वि.) [*निष्ठा ३.२.१०२ इति क्तः*] अपहास गरिएको।

अपहस्तितः (पुं.वि.) [*अपहस्तः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ४.२.३६ इति इतच्*] गलहत्त्याइएको।

अपहस्तितबान्धवे त्वया विहितं साहसमस्य तृष्णया।
तदिहानपराधिनि प्रिये सखि कोऽयं करुणोज्झितक्रमः ॥ (सुभा.)

अपहारः (पुं.) [*अपहरणम्, हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] चोर्ने काम।

अपहारकः (पुं.वि.) [*अपहरति,ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] अपहरण कर्ता। **परापवादनिरतः परद्रव्यापहारकः** (पुरा.)।

अपहार्यः (पुं.वि.) *अपहर्तुं योग्यः, अपपूर्वकाद् हृञ् हरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्]* अपहरण गर्नु पर्ने वा गर्न सकिने।

अपहासः (पुं.) [*अपकृष्टे हासः, कर्म.स.*] विनाकारणको हाँसो।

अपह्नवः (पुं.) [*अपह्नवनम्, अपपूर्वकाद् ह्नुधातोः, ऋदोरप् ६.१.१४९ इत्यप्*] लुकाउनु, यो दुई किसिमको हुन्छ, शब्दगत र अर्थगत। **मिथ्यैतत्—**यो मिथ्या हो भन्दा यो शब्दगत (मिथ्या शब्दबाट लुकाइएकोले) भयो भने **नाभिजानाम्यहं तदा तत्र मे नोपस्थितिः**— म जान्दिनँ, त्यति खेर म त्यहाँ थिइनँ भन्दा अर्थतः लुकाउने काम भएको छ।

अपह्नुतिः (स्त्री.) [*अपह्नवनम्, वास्तविकोपमेयस्य निषेधो गोपनं वा, अपपूर्वकाद् ह्नु गोपने इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] वर्णनीय (प्रस्तुत) उपमेयलाई निषेध गरेर अवर्णनीय वस्तु (अप्रस्तुत, अप्राकरणिक, अप्रासङ्गिक, उपमान) को स्थापना गर्दा हुने सादृश्यमूलक एक अलङ्कार। **प्रकृतं प्रतिषिध्या-न्यत्स्थापनं स्यादपह्नुतिः** (सा.द.) अथवा लुकाउनुपर्ने कुनै विषयलाई झल्काएर श्लेष अथवा काकुद्वारा अर्कै (झल्किएभन्दा भिन्न) रूपमा अर्थ्याइन्छ भने त्यो पनि अपह्नुति नै अलङ्कार हुन्छ।

गोपनीयं कमप्यर्थं द्योतयित्वा कथञ्चन।
यदि श्लेषेणान्यथा वाऽन्यथयेत् साप्यपह्नुतिः ॥ (सा.द.)

यसका भेदहरू— शुद्धापह्नुति, हेत्वपह्नुति, पर्यस्तापह्नुति, भ्रान्तापह्नुति, छेकापह्नुति र कैतवापह्नुति छन्।

अपह्नुवानः (पुं.वि.) [*अपह्नुते इति, अपपूर्वकाद् ह्नु गोपने इति धातोः, वर्तमाने लट् ३.३.१२३ इति लट्, लटः स्थाने लटः शतृशानचा ३.२.१२४ इति शानच्*] लुकाइरहेको।

अपह्रियमाणः (पुं.वि.) [*अपह्रियते इति, अपपूर्वकाद् हृञ् हरणे इति धातोः, वर्तमाने लट् ३.२.१२३ इति लट्, लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति कर्मणि शानच्*] १.चोरिन लागेको २.अपहरण गरिन थालेको।

अपांनाथः (पुं.) [*अपां नाथः, ष.त., बाहुलकादलुक्समासः*] समुद्र।

अपांनिधिः (पुं.) [*अपां निधिः, ष.त. बाहुलकादलुक्समासः*] समुद्र।

अपांपतिः (पुं.) [*अपां पतिः, ष.त., बाहुलकादलुक्समासः*] समुद्र।

रत्नाकरो जलनिधिर्यादःपतिरपांपतिः (अमर.)।

अपांशुला (स्त्री.) [*पांसवः (दोषाः) सन्ति यस्याः सा, न पांसुला,न.त.*] पतिव्रता। **अपांशुलानां धुरि कीर्तनीयाः** (रघु.)।

अपाकः (पुं.वि.) [*अविद्यमानःपाको यस्य सः,बहु.स.*] १.नपाकेको २.(पुं.) [*न पाकः, न.त.*] १.अपक्वता २.अजीर्णता।

अपाकः शून्यताङ्गानामामवातस्य च लक्षणम् (माधव)।

अपाकरणम् (नपुं.) [*अप—आपूर्वकाद् डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हटाउनु/टाढा पुऱ्याउनु।

अपाकरिष्णुः (पुं.वि.) [*अपाकर्तुं शीलमस्य, अपपूर्वकाद् डुकृञ् करणे इति धातोः, अलङ्कृञ्निराकृञ् ३.२.१३६ इति इष्णुच्*] हटाउन चाहने/टाढा पुऱ्याउन इच्छुक।

अपाकर्म (नपुं.) [*अपाक्रियत इति, अप—आपूर्वकाद् डुकृञ् करणे इति धातोः, सर्वधातुभ्यो मनिन् (उ) .४.१४४ इति कृञो भावे कर्मणि च मनिन्]* १.नराम्रो काम २.निराश।

अपाकृतः (पुं.वि.) [*अपाक्रियते स्म, अप—आपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.निषेध गरिएको, २.हटाइएको।

अपाकृतिः (स्त्री.) [*अपाकरणम्, अप—आपूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्]* हटाउने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपाक्रिया (स्त्री.) [*अपाकरणम्, अप—आपूर्वकाद् डुकृञ् करणे इति धातोः, कृञः श च ३.३.१०० इति शः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.निषेध २.हटाउने काम।

अपाङ्क्तेयः (पुं.वि.) [*पङ्क्तिमर्हति, तदर्हति ५.१.६३ इति ढक् ढस्य आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् ७.१.२ इत्येयः, आदिवृद्धिः न पाङ्क्तेयः, न.त.*] एकै पङ्क्तिमा बसेर खान लायक नभएको (चोर, डाका आदि)।

अपाङ्गः (पुं.वि.) [*अपाञ्चति सूर्यमत्र, अपाङ्गति वा, अपपूर्वकाद् अगि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् यद्वा अङ्गादपकृष्टः, अथवा अपकृष्यानि अङ्गान्यस्य*] १.कुनै अङ्ग विकल (काम नगर्ने) भएको/अङ्गभङ्ग भएको २.(पुं.) नेत्रप्रान्त ३.तिलकनामक वृक्ष ४.तिल्के धूप। **अपाङ्गस्त्वङ्गहीने स्यात्नेत्रान्ते तिलकेऽपि च** (मेदिनी.)।

अपाङ्गदर्शनम् (नपुं.) [*अपाङ्गेन दर्शनम्*] १.बाङ्गो हेराइ/वक्रदृष्टि २.कटाक्ष।

अपाङ्गदेशः (पुं.) [*अपाङ्गस्य, अपाङ्गो वा देशः*] १.हात्तीको आँखाको छेउको भाग २.नेत्रप्रान्त।

अपाची (स्त्री.) [*अह्नो मध्येऽञ्चतीति मध्यार्थेऽपशब्दः अञ्चु गति पूजनयोः, इति धातोः, ऋत्विग्दधृक् ३.२.५९ इति क्विन्*] दक्षिणदिशा। **प्राच्यवाचीप्रतीच्यस्ताः पूर्वदक्षिणपश्चिमाः** (अमर.)।

अपाचीनः (पुं.वि.) [*अपाच्यां भवः विभाषाश्चेरदिक् स्त्रियाम् ५.४.८ इति खः, अत्रापशब्दो मध्यवाची, खस्य ईनः*] दक्षिण दिशामा रहेको।

अपाच्यः (पुं.वि.) १.[*अपाच्यां भवः, द्युप्रागपागुदक्प्रतीचो यत् ४.२.१०१ इति यत्*] दक्षिण दिशामा भएको २.[*न पाच्यः, न.त.*] न पाक्ने/पकाउन नहुने।

अपात्तः (पुं.वि.) [*अपादीयते स्म, अप—आपूर्वकाद् डुदाञ् दाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः आलोपः*] प्राप्त/उपलब्ध।

अपात्रम् (नपुं.) [*न पात्रम्, न.त.*] १.विद्या, आचार आदि नभएको व्यक्ति २.दान, श्रद्धा आदि गर्न लायक नभएको/कुपात्र। **अपात्रेषु च यद् दत्तं तत्सर्वं विफलं भवेत्** (स्मृति.)।

अपादः (पुं.वि.) [*न विद्यते पादौ पादो वा यस्य सः, बहु.स.*] १.गोडा नभएको २.एक खुट्टे ३.छन्दमा नबाँधिएको, पाउको व्यवस्था नभएको।

अपादः पदसन्तानो गद्यं तत्तु त्रिधा मतम्।
चूर्णकोत्कलिकाप्रायं वृत्तगन्धिप्रभेदतः॥ (छन्दो.)

अपादानम् (नपुं.) [अपादीयते विश्लिष्यते अस्मात्, *अप—आपूर्वकाद् डुदाञ् दाने इति धातोः, ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पञ्चमी विभक्तिबाट चिनिने कारक २.हटाउने वा छुट्याउने काम।

अपानः (पुं.) [*अपानयति अपसारयति मूत्रादिरिति, अप—आपूर्वकाद् णीञ् प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] अधोवायु। **अपानन्तु गुदे क्लीबं पुंसि स्यात्तस्य मारुते।**

अपानम् (नपुं.) [*अन प्राणने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] गुदद्वार।

दुर्जनः सुजनो न स्यादुपायानां शतैरपि।
अपानं मृत्सहस्रेण धौतं चास्यं कथं भवेत्॥ (सुभा.)

अपाननम् (नपुं.) [*अप—पूर्वकाद् अन प्राणने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] मुख र नाकबाट निस्कन लागेको प्राण भित्र तान्नु।

अपापः (पुं.वि.) [*नास्ति पापं यस्य सः, बहु.*] १.पापरहित २.निष्कलङ्क।

अपामार्गः (पुं.) [*अपमृज्यतेऽनेन, अपपूर्वकाद् मृजु शुद्धौ इति धातोः, हलश्च ३.३.२१ इति सूत्रेण घञ्, कुत्वम् ७.३.५२, उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः*] आँख्लै आँख्ला भएका राता, र हरिया डाँठ हुने, मञ्जरी जस्तो फूल हुने र तिलको जस्तो दाना फल्ने झार विशेष/ऋषिपञ्चमी (भाद्र शुक्ल पञ्चमी) का दिन हिन्दु नारी जातिले लगाउने एक प्रकारको दतिवन।

(अपामार्गः)

अपायः (पुं.) [*अपायनम्, अपपूर्वकाद् अय गतौ, इण् गतौ वा इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छुट्टिने वा टाढा हुने क्रिया। **ध्रुवमपायेऽपादानम्** (पाणिनि) २.विघ्न ३.विनाश। **अपायो मस्तकस्थो हि विषयाग्रस्तचेतसाम्** (क.स.सा.)।

अपायी (पुं.वि.) [*अपायितुं शीलमस्य, अपपूर्वकाद् इण् गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.छुट्टिएको/विश्लिष्ट २.वियुक्त ३.नश्वर। **आगमापायिनो नित्यास्तांस्तितिक्षस्व भारत** (गीता)। **अनपायिनि संशयद्रुमे गजभग्ना पतनाय वल्लरी** (कु.सं.)।

अपारः (पुं.वि.) [*अविद्यमानं पारं यस्य सः, बहु.स.*] १.पार नपाइने २.दुःखले पार पाउन सकिने। **आपद्घनध्वान्तसहस्रभानवः सहस्रसम्पत्समवाप्तिहेतवः। अपारसंसारसमुद्रसेतवः पुनन्तु मां ब्राह्मणपादरेणवः।** (शि.पु.) ३.सीमारहित ४.ज्यादै धेरै।

अपार्थः (पुं.वि.) [*अपगतोऽर्थो यस्य सः, बहु.स.*] १.निरर्थक २.व्यर्थ ३.विनाप्रयोजन ४.एक काव्यदोष।

अपालः (पुं.वि.) [*अविद्यमानः पालः पालको यस्य सः, बहु.स.*] पालन गर्ने व्यक्ति नभएको।

अपावर्तनम् (नपुं.) [*अप—आपूर्वकाद् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.लडिबुडी गर्नु २.हटाउनु ३.स्वतन्त्र रहनु।

अपावृतः (पुं.) [*अपगतमावृतमावरणमस्य*] १.आफुखुसी रहने **स्वतन्त्रोऽपावृतः स्वैरी स्वच्छन्दो निरवग्रहः।** (अमर.) २.ढाकिएको ३.फर्किएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपावृत्तिः (स्त्री.) [*अपावर्तनम् इति अप—आपूर्वकाद् वृतु वर्तने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्]* १.स्वतन्त्रता २.निवृत्ति ।

अपावृत्तः (पुं.वि.) [*अपगतम् आवृत्तं आवरणम्, यस्य सः,बहु.स.]* १.स्वतन्त्र २.ढाकिएको । **अपावृत्तस्तु पिहिते स्वतन्त्रेऽपि वाच्यवत्** (विश्व.) ।

अपासनम् (नपुं.) [*अपपूर्वकाद् असु क्षेपणे इति धातोः, ल्युट् च ३.२.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः]* १.फ्याँक्नु २.त्याग ३.नाश । **निर्वासनं संज्ञपनं निग्रन्थनमपासनम्** (अमर.) ।

अपासृतः (पुं.वि.) [*अपासरति स्म, अप—आपूर्वकात् सृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः]* १.टाढा पुगेको/हटेको २.भागेको ।

अपास्तः (पुं.वि.) [*अपास्यते स्म, अपपूर्वकाद् असु क्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः]* १.फ्याँकिएको २.हटाइएको ३.टाढा पुऱ्याइएको ४.खण्डन गरिएको ।

अपि (अव्य.) [*न पियति, पि गतौ इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, आगमशास्त्रस्यानित्यत्वान्न तुक्]* सम्भावना, प्रश्न, समुच्चय, निन्दा आदि बुझाउने उपसर्ग ।

प्रहरिष्यन् प्रियं ब्रूयात् प्रहृत्यापि प्रियोत्तरम् ।
अपि चास्य शिरश्छित्वा रुद्याच्छोचेत्तथापि च ॥ (सुभा.)
गर्हासमुच्चयप्रश्नशङ्कासम्भावनास्वपि (अमर.) ।
अपि सम्भावनाप्रश्नशङ्कागर्हासमुच्चये ।
तथायुक्तपदार्थे च कामचारक्रियासु च ॥ (विश्व.) ।

५.पनि ६.नै ७.निश्चय ।

अपिकक्षम् (नपुं.) [*कक्षे इति विभक्त्यर्थेऽव्ययीभावः]* काखमा ।

अपिच्छिलः (पुं.वि.) [*न पिच्छिलः न.त.]* १.माड नभएको २.हिलो नभएको ।

अपि तु (अव्य.) किन्तु/परन्तु ।

अपिधानम् (नपुं.) [*अपिपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः]* छेकिनु/लुक्नु/अन्तर्धान हुनु । **अपिधानतिरोधा– नपिधानाच्छादनानि च** (अमर.) ।

अपिनद्धः (पुं.वि.) [*अपि नह्यते स्मेति अपिपूर्वकाद् णह बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः]* १.कवच धारण गरेको २.ढाकिएको ३.लगाइएको । **आमुक्तः प्रतिमुक्तश्च पिनद्धश्चापिनद्धवत्** (अमर.) ।

अपिहितः (पुं.वि.) [*अपिधीयते स्म, अपिपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ४.४.४२ इति हिः]* १.ढाकिएको २.लुकेको ।

अपुंस्का (स्त्री.) [*अविद्यमानः पुमान् यस्याः सा, उरः प्रभृतिभ्यः कप् ५.४.१५० इति कप्, पुमः खय्यम्परे ८.३.६ इति पुंसो रुत्वे विसर्गस्य संपुंकानां सो वक्तव्यः (वा.) इति सत्वम्]* पुरुष नभएकी आइमाई/पुरुषले सम्भोग नगरेकी केटी ।

अपुच्छवानरः (पुं.) [*अपगतः, पुच्छो यस्य सः बहु.स., अपुच्छश्चासौ वानरश्च, कर्म.स.]* पुच्छर नभएको वानरजाति/गुरिल्ला ।

अपुच्छा (स्त्री.) [*अविद्यमानं पुच्छम् अग्रभागो यस्याः सा, बहु.स.]* १.टुप्पो नभएको २.वृक्षविशेष ।

अपुत्रः (पुं.वि.) [*अविद्यमानः पुत्रो यस्य सः, बहु.स.]* १.सन्तान नभएको/अपुतो २.सन्तान मरेको । **अपुत्रस्यैव या कन्या सैव पिण्डप्रदा भवेत् (स्मृति.) (पुत्रशब्देन पुत्रपौत्रप्रपौत्रादीनां ग्रहणम्)** ।

अपुष्टः (पुं.वि.) [*न पुष्टः न.त.]* दुब्लो/पुष्ट नभएको ।

अपुष्टार्थता (स्त्री.) [*अपुष्टोऽर्थो यस्य तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्]* प्रासङ्गिक अर्थलाई पुष्ट नगर्ने अर्थ दोष । विशेषणले मुख्य भन्नुपर्ने कुरालाई पुष्टि नदिँदा पर्न जाने दोष । **अपुष्टत्वं मुख्यानुपकारित्वम्** । (सा.द.) जस्तै— **विलोक्य वितते व्योम्नि विधौ मुञ्च रुषं प्रिये ।** यहाँ मान त्याग कार्यमा वितत शब्दको अर्थ पोषक छैन ।

अपुष्पवती (स्त्री.) [*पुष्पं रजः कुसुमं वाऽस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ४.२.४ इति मतुप्, मादुपधायाश्च ८.२.९ इति मस्य वः, उगितश्च ४.१.५ इति ङीप्,न पुष्पवती, न.त.]* १.रजोवती नभएकी/पर नसरेकी २.नफुलेको ३.फूल नलगाएकी । **अपुष्पवत्यामपि मे दशायामामोदभारोऽधिकमाविरासीत्** (च.भा.) ।

अपुष्पा (स्त्री.) १.[*अविद्यमानं पुष्पं कुसुमं यस्याः सा, बहु.स.]* फूल न फुलेको २.[*न विद्यते पुष्पं रजो यस्याः सा, बहु.स.]* पर नसरेकी महिला । **अपुष्पा काकवन्ध्या च वन्ध्या या च मृतार्भका । स्रवद्गर्भा च या नारी तया श्राव्यं प्रयत्नतः ॥** (भा.मा.६.५४) ।

अपूपः (पुं.) [*न पूय्यते, पूयी विशरणे इति धातोः, बाहुलकात् पः, लोपो व्योर्वलि ६.१.६६ इति य्लोपः]* पुवा/मालपुवा । **पूपोऽपूपः पिष्टकः स्यात्** (अमर.) ।

अपूर्णः *[न पूर्णः,न.त.]* पूरा नभएको । **~भविष्यत्कालः** (पुं.) [*भविष्यतीति भविष्यन्, भविष्यन् चासौ कालश्च, अपूर्णश्चासौ भविष्यत्कालश्च, उभयत्र कर्म.स.]* व्याकरणमा आगामी दिनहरूमा हुने अपूर्ण अवस्थाको क्रिया जनाउने कालको एक भेद । **~भूतकालः** (पुं.) [*भूतश्चासौ कालश्च, कर्म., अपूर्णश्चासौ भूतकालश्च, कर्म.स.]* बितेको समयमा अपूर्ण अवस्थामा रहेको क्रिया जनाउने कालको एक भेद । **~वर्तमानकालः** (पुं.) [*वर्तमानश्चासौ कालश्च,कर्म.स.,अपूर्णश्चासौ वर्तमान कालश्च कर्म.स.]* वर्तमान समयमा अपूर्ण अवस्थामा रहेको क्रिया जनाउने कालको एक भेद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपूर्वः (पुं.वि.) १.[*न पूर्वः, अपूर्वः, न.त.*] पूर्वभिन्न २.[*अविद्यमानः पूर्वो यस्मात् सः, बहु.स.*] अनुपम ।

अपूर्वः को ऽपि कोशोऽयं दृश्यते तव भारति ।

क्षयतो वृद्धिमायाति क्षयमायाति सञ्चयात्॥ (सुभा.) ३.[*अ अवर्णो विद्यते पूर्वम् आदौ यस्य सः*] अवर्ण अगाडि आउने ।

अपूर्वोऽयं मया दृष्टः कान्तः कमललोचने ।

शोऽन्तरं यो विजानाति स विद्वान् नात्र संशयः ॥ (सुभा.)

अपृष्टः (पुं.वि.) [*न पृष्टः, न.त.*] नसोधिएको/सोधपुछ नभएको ।

नापृष्टः कस्यचिद् ब्रूयान्नचान्यायेन पृच्छतः ।

जानन्नपि हि मेधावी जडवल्लोक आचरेत् ॥ (सुभा.)

अपेक्षितः (पुं.वि.) [*अपैक्ष्यत इति अपपूर्वकाद् ईक्ष दर्शने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अपेक्षा गरिएको ।

अपेतः (पुं.वि.) [*अपपूर्वकाद् इण् गतौ इति धातोः,गत्यर्थाकर्मक इति क्तः*] १.हटेको २.टाढा पुगेको ३.हराएको ।

अपेयः (पुं.वि.) [*पातुं योग्यः पेयः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः, न पेयः, न.त.*] पिउन अयोग्य/पिउन लायक नभएको/पिउन निषिद्ध ।

अपोगण्डः (पुं.) [*अपकृष्टं गच्छति , जमन्ताड्डः (उ.) ११९ इति गमेर्डः, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९इति साधुः*] १.जन्मैदेखि अङ्गभङ्ग भएको व्यक्ति २.बालक ३.डरपोक । **पोगण्डो विकलाङ्गकः** (रत्नकोष) । **पौगण्डो विकलाङ्गः स्यात्** (हला.) । **अपोगण्डस्तु शिशुके विकलाङ्गे च भीरुके** (विश्व.) ।

अपौरुषः (पुं.वि.) [*अविद्यमानं पौरुषं यस्य सः, बहु.स.*] १.पुरुषार्थहीन २.ईश्वरीय/मानिसले नबनाएको ।

अपौरुषेयः (पुं.वि.) [*न पौरुषेयः, न.त.*] पुरुषले नबनाएको ।

अप्तुः (पुं.) [*आप्नोति प्राप्नोति स्वरूपम्, आप्लृ व्याप्तौ इति धातोः, आप्नोतेर्ह्रस्वश्च (उ.) इति तुः, ह्रस्वश्च*] शरीर ।

अप्पतिः (पुं.) [*अपां पतिः, ष.त.*] १.समुद्र २.वरुण ३.पश्चिम दिशाका मालिक । **प्रचेता वरुणः पाशी यादसां पतिरप्पतिः** (अमर.) ।

अप्पित्तम् (नपुं.) [*अपां पित्तमिव, ष.त.*] अग्नि । **सप्तार्चिर्दमुनाः शुक्रश्चित्रभानुर्विभावसुः । शुचिरप्पित्तम्** (अमर.) ।

अप्यः (पुं.वि.) [*अद्भिः संस्कृतः, अद्भिः संस्कृतम् ४.४.१३४ इति यत्*] पानीले पखालेको वा संस्कार गरेको ।

अप्पयदीक्षितः (पुं.) प्रसिद्ध वैयाकरण, दार्शनिक र काव्यशास्त्री । यिनको समय सत्रौँ शताब्दीको अन्तिम चरण हो । यिनले १०४ वटा कृति रचना गरेका छन् । तीमध्ये काव्यशास्त्रसँग सम्बद्ध यिनका कृतिहरूमा वृत्तिवार्त्तिक, चित्रमीमांसा र कुवलयानन्द मुख्य छन् ।

अप्रकटः (पुं.वि.) [*न प्रकटः, न.त.*] अव्यक्त/अप्रकाश । **प्रकटऽ–प्रकट चेति लीला सेयं द्विधोच्यते** (पद्मपु.) ।

अप्रकटितः (पुं.वि.) [*न प्रकटितः, न.त.*] प्रकट नगरिएको । **अप्रकटितशक्तिः शक्तोऽपि जनस्तिरस्क्रियां लभते** (कथास.) ।

अप्रकाण्डः (पुं.वि.) [*न प्रकृष्टः काण्डो यस्य सः, न.बहु.स.*] १.काण्ड नभएको २.(पुं.) नभाँगिने वृक्ष/हाँगा नहुने वृक्ष । **अप्रकाण्डे स्तम्भगुल्मौ** (अमर.) ३.[*न प्रकाण्डः, न.त.*] सामान्य ।

अप्रकाशः (पुं.वि.) [*अविद्यमानः प्रकाशो यत्र सः*] १.अँध्यारो स्थल २.अप्रसिद्ध ।

यस्य पुत्रो न वै विद्वान् न शूरो न च धार्मिकः ।

अप्रकाशं कुलं तस्य नष्टचन्द्रेव शर्वरी ॥ (सुभा.)

३.बाहिर नआएको/गुप्त ।

द्विविधान् तस्करान् विद्यात् परद्रव्यापहारकान् ।

प्रकाशांश्चाप्रकाशांश्च चारचक्षुर्महीपतिः ॥ (मनु.)

४.[*न प्रकाशते,पचाद्यच्*] प्रकाशित नहुने वस्तु [*प्रकाशस्य अभावः, न.त.*] अन्धकार ।

अप्रकाशम् (अविद्यमानः प्रकाशो यस्मिन् कर्मणि तद्यथा स्यात्तथा) कसैले थाहा नपाउने किसिमले ।

अप्रकाशितः (पुं.वि.) [*न प्रकाशितः, न.त.*] १.प्रकाशित नभएको २.नछापिएको ३.परोक्ष ४.गुप्त ।

अप्रकाश्यः (पुं.वि.) [*प्रकाशयितुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, न प्रकाश्यः, न.त.*] प्रकाश गर्न अयोग्य/प्रकाशित गर्न नसकिने/गोपनीय ।

अप्रकृतः (पुं.वि.) [*न प्रकृतः न.त.*] १.अवर्णनीय २.अप्रासङ्गिक ।

अप्रकृतिस्थः (पुं.वि.) [*प्रकृतौ स्वभावे न तिष्ठतीति, प्रकृतिपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, न प्रकृतिस्थः, न.त.*] आफ्नो स्थिति वा भावमा नरहेको ।

अप्रगल्भः (पुं.वि.) [*न प्रगल्भः, न.त.*] प्रतिभा वा व्युत्पत्ति नभएको ।

अप्रगल्भस्य च या विद्या कृपणस्य च यद् धनम् ।

यच्च बाहुबलं भीरोर्व्यर्थमेतत्त्रयं भुवि ॥ (सुभा.)

अप्रगुणः (पुं.वि.) [*प्रकृष्टो गुणः प्रगुणः, न विद्यते प्रगुणो यस्य सः, बहु.स.*] १.उत्कृष्ट गुण नभएको २.मिसिएको/छ्यासमिस भएको । **व्यस्ते च प्रगुणाकुलौ** (अमर.) ।

अप्रचलितः (पुं.वि.) [*न प्रचलितः, न.त.*] व्यवहारमा नचलेको ।

अप्रतिद्वन्द्वः (पुं.वि.) [*द्वन्द्वं प्रतिगतः, प्रादिस., न विद्यते प्रतिद्वन्द्वो यस्य सः, बहु.स.*] प्रतिद्वन्द्वी नभएको ।

अप्रतिपक्षः (पुं.वि.) [*अविद्यमानः प्रतिपक्षो यस्य सः, न.बहु.*] विरोधी नभएको/प्रतिपक्षी नभएको ।

अप्रतिबुद्धः (पुं.) [*न प्रतिबुद्धः, न.त.*] १.मूर्ख २.सम्बद्ध विषयको ज्ञान नभएको । **अप्रतिबुद्धे श्रोतरि वक्तुर्वाक्यं प्रयाति वैफल्यम्** (सुभा.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अप्रतिभः (पुं.वि.) [*अविद्यमाना प्रतिभा यस्य सः, बहु.स.*] प्रतिभा नभएको ।

अप्रतिमः (पुं.वि.) [*अविद्यमाना प्रतिमा तुलना यस्य सः, बहु.स.*] अतुलनीय/अनुपमेय ।

अप्रतियोगी (पुं.वि.) १.[*अविद्यमानः प्रतियोगी तुल्यरूपो यस्य सः, बहु.*] अनुपम २.[*न प्रतियोगी, न.त.*] जसको अभाव छ, त्यो प्रतियोगी हुन्छ/प्रतियोगी नभएको । **यस्याभावः स प्रतियोगी** (त.सं.टी.) ।

अप्रतिरथः (पुं.वि.) [*अविद्यमानः प्रतिरथः योद्धा यस्य सः, बहु.स.*] प्रतिरथ अर्थात् शत्रु नभएको/प्रतिद्वन्द्वी नभएको ।

अप्रतिरूपः (पुं.वि.) [*अविद्यमानः प्रतिरूपो यस्य सः, बहु.स.*] अनुपमेय/तुलना गर्न नसकिने ।

अप्रतिवीर्यः (पुं.वि.) [*अविद्यमानः प्रतिवीर्यो यस्य सः, बहु.स.*] अर्को पराक्रमी नभएको ।

अप्रतिषिद्धः (पुं.वि.) [*न प्रतिषिद्धः न.त.*] निषेध नगरेको ।

अप्रतिष्ठः (पुं.वि.) [*अविद्यमाना प्रतिष्ठा यस्य सः, बहु.स.*] प्रतिष्ठा नभएको ।

अप्रतिसङ्ख्यः (पुं.वि.) [*न प्रतीता संङ्ख्या यस्य सः, बहु.स*] सङ्ख्या थाहा नभएको ।

अप्रतिहतः (पुं.वि.) [*न प्रतिहतः, न.त.*] १.नाश गर्न नसकिने २.नरोकिने ३.अबाध गति भएको ।

अप्रतीतः (पुं.वि.) [*न प्रतीतः, न.त., प्रतिपूर्वकाद् इण् गतौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.नचिनिएको २.पछाडि नहटेको ।

अप्रतीतता (स्त्री.) [*न प्रतीतः, न.त., तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.१*] अप्रतीतत्व नामक एक काव्यदोष । एक अर्थमा प्रसिद्ध शब्दलाई अप्रसिद्ध अर्थमा प्रयोग गर्दा पर्न जाने दोष । जस्तै– **योगेन दलिताशयः** । (सा.द.) वासना अर्थ बुझाउने आशय शब्द योगशास्त्रमा मात्र प्रसिद्ध छ, अन्यत्र छैन । यस पद्यांशमा वासना अर्थ बुझाउने आशय शब्दको प्रयोग भएकाले अप्रतीतत्व दोष परेको छ । यो पदगत र वाक्यगत हुन्छ । वक्ता र श्रोता दुवै त्यसका ज्ञाता भएको अवस्थामा दोष नहुँने भएकाले यो अनित्य दोष हो । (सा.द. ७.११) ।

अप्रत्यक्षम् (नपुं.) [*अक्ष्णः समक्षम्, प्रत्यक्षम्, अव्य.स., न प्रत्यक्षम्, न.त.*] इन्द्रियबोध्य नभएको/परोक्ष । **अप्रत्यक्षमतीन्द्रियम्** (अमर.) ।

अप्रत्यक्षकरः (पुं.) [*अप्रत्यक्षश्चासौ करश्च, कर्म.स.*] प्रत्यक्ष रूपले नलिएको विक्रेय वस्तुहरूको मूल्यको आधारमा उपभोक्ताहरूबाट लिइने कर ।

अप्रत्ययः (पुं.वि.) १.[*न प्रत्ययः, न.त.*] अज्ञान २.विश्वासको अभाव ३.[*अविद्यमानः प्रत्ययो यस्य सः, बहु.स.*] प्रत्यय नलागेको मूल शब्द ।

अप्रत्याशितः (पुं.वि.) [*न प्रत्याशितः, न.त.*] १.आशा नगरिएको २.अपर्झट ।

अप्रधानः (पुं.वि.) [*प्रधानादन्यः, न.त.*] गौण/प्रधान नभएको ।

अप्रमाणितः (पुं.वि.) [*न प्रमाणितः, न.त.*] प्रमाणित नगरिएको ।

अप्रयुक्तः (पुं. वि.) [*न प्रयुक्तः न.त.*] प्रयोग नभएको ।

अप्रयुक्तता (स्त्री.) [*न प्रयुक्तः, न.त., तस्य भावः, तत्ता, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] व्याकरणबाट सिद्ध र कोशमा सङ्कलित भए पनि प्रयोगमा नभएको शब्दको प्रयोग गर्नु/प्रचलनमा नआएको शब्दको प्रयोग गर्दा पर्न जाने दोष । जस्तै– **भाति पद्मः सरोवरे** । नपुंसक लिङ्गी पद्म शब्द प्रचलनमा छ, पुलिङ्गी पद्म शब्द चल्तीमा छैन । यहाँ चल्तीमा नभएको पुलिङ्गी पद्म शब्दको प्रयोग भएको हुँदा अप्रयुक्तता नामक दोष परेको छ । यो दोष पदगत र वाक्यगत हुन्छ । श्लेष आदि अलङ्कारमा अप्रयुक्तता दोषको अभावको रूपमा रहने हुँदा यो अनित्य दोष हो । (सा.द. ७.१०)

अप्रयोगः (नपुं.) [*न प्रयोगः*] प्रयोग नहुनु ।

अप्रसिद्धः (पुं.वि.) [*न प्रसिद्धः, न.त.*] प्रसिद्ध नभएको ।

अप्रस्तुतः (पुं.वि.) [*न प्रस्तुतः, न.त.*] १.प्रस्तुत नगरिएको २.अवर्णनीय/अप्रासङ्गिक ।

अप्रस्तुतप्रशंसा (स्त्री.) [*अप्रस्तुतस्य प्रशंसा, ष.त.*] साहित्यमा प्रसिद्ध एक अर्थालङ्कार । यसमा वाच्यको कोटिमा अप्रस्तुत विषयको वर्णन हुन्छ तर त्यसबाट प्रस्तुत विषयको बोध हुन्छ । अर्थात् प्रस्तुत अर्थ झल्काउन गरिने अप्रस्तुत अर्थको बयान ।

अप्रहतः (पुं.वि.) [*न प्रहन्यते स्मेति प्रपूर्वकाद् हन हिंसागत्योः, इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हलोले नजोतिएको/खनजोत नगरेको । **द्वे खिलाप्रहते समे** (अमर.) ।

अप्राकरणिकः (पुं.वि.) [*न प्राकरणिकः,न.त.*] प्रकरण नमिलेको/प्रसङ्गभन्दा छुट्टै सन्दर्भ भएको ।

अप्राकृतिकमैथुनम् (नपुं.) [*अप्राकृतिकञ्च तन्मैथुनम्, कर्म.स.*] १.प्रकृतिविरुद्ध गरिने समागम/पुरुष-पुरुष वा नारी-नारीका बिचको मैथुन २.पशु आदिसँग गरिने समागम ।

अप्राग्र्यम् (नपुं.) [*प्राग्र्याद् भिन्नम्, न.त.*] अप्रधान/गौण । **अप्राग्र्यं द्वयहीने द्वे अप्रधानोपसर्जने** (अमर.) ।

अप्राप्तः (पुं.वि.) [*न प्राप्तः, न.त.*] नपाएको ।

अप्राप्यः (पुं.वि.) [*न प्राप्यः, न.त.*] नपाइने । **अप्राप्यं नाम नेहास्ति धीरस्य व्यवसायिनः** (कस.सा.)।

अप्रामाणिकः (पुं.वि.) [*प्रमाणेन सिद्धः प्रामाणिकः, न. प्रामाणिकः, न.त.*] प्रमाणद्वारा सिद्ध नभएको/प्रमाण फेला नपरेको ।

अप्रियः (पुं.वि.) [*न प्रियः न.त., प्रीञ् तर्पणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] प्यारो नभएको/प्यारो नलागेको । **अप्रियस्य च पथ्यस्य वक्ता श्रोता च दुर्लभः** ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य चाप्रियमन्विच्छेत्तस्य कुर्यात्सदा प्रियम्।
व्याधा मृगवधं कर्तुं सम्यग् गायति सुस्वरम्॥ (सुभा.)

अप्सरसः (स्त्री.बहु.) [*अप्सु जलेषु प्राणेषु वा, सरन्ति, गच्छन्ति, अपपूर्वकात् सृ गतौ इति धातोः, सर्तेरप्पूर्वादसिः (उ. ६८६) इति असिः*] उर्वशी, रम्भा, मेनका, घृताची, तिलोत्तमा आदि देवाङ्गनाहरू। **स्त्रियां बहुस्वप्सरसः स्वर्वेश्या उर्वशीमुखाः** (अमर.)।

अप्सरा (स्त्री.) [*अद्भ्यः समुद्रजलात् सरति उद्यति, अप्पूर्वकात् सृ इति धातोः ऋदोरप् ३.३.५७ इत्यप्, टाप्*] उर्वशी, रम्भा, मेनका, घृताची, तिलोत्तमा आदिमध्ये कुनै एक देवाङ्गना। **स्त्रियां बहुस्वप्सरसः स्यादेकत्वे ऽप्सरा अपि** (शब्दार्णव)।

अप्सरोगणः (पुं.) [*अप्सरसां गणः, ष.त.*] अप्सराहरूको समूह, अप्सराका प्रमुख चौध गण छन्– १.बह्माका मानसी कन्या २.मनुका छोरीहरू ३.अरिष्टबाट उत्पन्न भएका कन्याहरू ४.ऊर्जाबाट पैदा भएका कन्याहरू ५.अग्निबाट पैदा भएका कन्याहरू ६.सूर्यकिरणबाट पैदा भएका कन्याहरू ७.सोमबाट पैदा भएका कन्याहरू ८.यज्ञबाट पैदा भएका कन्याहरू ९.वेदबाट उत्पन्न भएका कन्याहरू १०.वायुबाट पैदा भएका कन्याहरू ११.भूमिबाट पैदा भएका कन्याहरू १२.विद्युत्कान्तिबाट पैदा भएका कन्याहरू १३.मृत्युका कन्याहरू र १४.कामगणरूप कन्याहरू (वा.पु. ९.५५)।

अफलः (पुं.वि.) [*अविद्यमानानि फलानि यस्य सः, बहु.स.*] फल नलाग्ने वृक्ष। **बन्ध्योऽफलोऽवकेशी च** (अमर.)।

अबद्धः (पुं.वि.) [*न बद्धः, न.त.*] नबाँधिएको/खुला।

अबद्धम् (नपुं.) [*न बद्ध्यते स्म, नञ्पूर्वकाद् बन्ध बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] निरर्थक बोली। **अबद्धं स्यादनर्थकम्** (अमर.)।

अबद्धमुखः (पुं.वि.) [*न बद्धम्, नियमितं मुखं यस्य सः, बहु.स.*] जे पायो त्यही बोल्ने/अप्रिय वचन बोल्ने। **दुर्मुखे मुखराबद्धमुखौ** (अमर.)।

अबलः (पुं.वि.) [*अविद्यमानं बलं यस्य सः, बहु.स.*] बल नभएको।

अबला (स्त्री.) [*पुरुषस्यापेक्षया अल्पं बलं यस्याः सा, अल्पार्थे ऽत्र नञ्, बहु.स.*] स्त्री/नारी।

स्त्री योषिदबला योषा नारी सीमन्तिनी वधूः।
प्रतीपदर्शिनी वामा वनिता महिला तथा॥ (अमर.)

अबाधम् (नपुं.) [*अविद्यमाना बाधा यस्य तत्, बहु.स.*] कुनै बन्धन वा अड्चन नभएको/स्वतन्त्र। **अबाधन्तु निरर्गलम्** (अमर.)।

अबि (धा.) [*शब्दे, अक.सेट् आत्म.*]– शब्द गर्नु। लट्– **अम्बते**– शब्द गर्छ। लिट्– **आनम्बे**– शब्द गरेछ (अन.)। लुट्– **अम्बिता**– शब्द गर्ने छ (अन.)। लृट्– **अम्बिष्यते**– शब्द गर्ने छ। लोट्– **अम्बताम्**– शब्द गरोस्। लङ्– **आम्बत**– शब्द गऱ्यो (अन.)। विधिलिङ्– **अम्बेत**– शब्द गर्ला, शब्द गरोस्। आशीर्लिङ्– **अम्बिषीष्ट**– शब्द गरोस्। लुङ्– **अम्बिष्ट**– शब्द गऱ्यो। लृङ्– **अम्बिष्यत**– शब्द गर्ने थियो इत्यादि।

अबुधः (पुं.) [*न बुधः, न.त.*] १.मूर्ख/नपढेको व्यक्ति २.भरतका एक शिष्य।

अबोधः (पुं.वि.) [*अविद्यमानो बोधो यस्य सः बहु.स.*] अज्ञानी/केही नजान्ने।

अब्जः (पुं.) [*अद्भ्यो जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] १.हिमकिरण २.धन्वन्तरि ३.शङ्ख ४.चन्द्रमा।

अब्जम् (नपुं.) [*अप्सु जायते सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] १.कमल २.शङ्ख ३.[*आप्यते लभ्यते यत् तत्,* रूपे जुट् च (उ.) इत्यसुन्, जुडागमश्च] रूप।

अब्जयोनिः (पुं.) [*अब्जं योनिर्यस्य सः, बहु.स.*] ब्रह्मा।

धाताब्जयोनिर्द्रुहिणो विरिञ्चिः कमलासनः।
स्रष्टा प्रजापतिर्वेधाः विधाता विश्वसृड् विधिः॥ (अमर.)

अब्जिनी (स्त्री.) [*अब्जानां समूहः, पुष्करादितया इनिः, नान्तत्वान् ङीप्*] १.कमलको समूह २.[*अब्जमस्यास्तीति, अत इनिठनौ, इति इनिः, ङीप्*] कमलिनी/कमललता। **~पतिः** (पुं.) [*अब्जिन्याःपद्मसमूहस्य विकासकतया पतिः स्वमी, ष.त.*] सूर्य।

अब्दः (पुं.) [*अपः ददाति इति, अप्पूर्वकाद् डुदाञ् दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः यद्वा अवति रक्षणादिकं करोति, अव रक्षणादौ इति धातोः, अब्दादयश्च (उ.) ५४७ इति दन्, ह्रस्वश्च*] १.वर्ष २.पहाड ३.मेघ ४.मोथे। **अब्दः संवत्सरे मेघे गिरिभेदे च मुस्तके** (विश्व.)। **अब्दौ जीमूतवत्सरौ** (अमर.)।

अब्धिः (पुं.) [*आपो धीयन्तेऽत्र, अप्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] १.तलाऊ/सरोवर २.ज्योतिषमा चारको सङ्ख्यालाई जनाउने शब्द ३.समुद्र। **अब्धिर्ना सरसि वारिधौ** (विश्व.)। **समुद्रोऽब्धिरकूपारः** (अमर.)।

अब्धिकफः (पुं.) [*अब्धेः कफ इव त.स.*] समुद्रको फिँज। **डिण्डीरोऽब्धिकफः फेनः** (अमर.)।

अब्धिडिण्डिरः (पुं.) [*अब्धेः डिण्डिरः, त.स.*] समुद्रको फिँज।

अब्धिद्वीपा (स्त्री.) [*अब्धिसङ्ख्यका द्वीपा यस्याःसा, बहु.स.*] पृथिवी।

अब्धिनगरी (स्त्री.) [*अब्धेः सन्निहिता नगरी, म.प.स.*] द्वारकापुरी।

अभ्रम् (नपुं.) [*अपो बिभर्ति,कर्तरि कः*] मेघ।

अभ्रमुः (स्त्री.) [*अभ्रे आकाश एव माति, अभ्रपूर्वकात् मा माने इति धातोः, मृगय्वादयश्च (उ.) ३९ इति कुः, न भ्राम्यति, नञ्पूर्वकाद भ्रम भ्रान्तौ इति धातोः, भृमृशीतृचरि (उ.) १.७ इत्युः*] पूर्व दिग्गजकी हथिनी/ऐरावतकी पत्नी।

अभ्रिः (स्त्री.) [*अपः नौकामलापनयनाय बिभर्ति धारयति, किः*] १.कोदालो आकारको काठ वा फलाम २.तिखो टुप्पो भएको फलामको लट्ठी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब्रह्मण्यम् (नपुं.) [*ब्रह्मणि साधुः, तत्र साधुः ४.४.९८ इति यत्, न ब्रह्मण्यम् न.त.*] १.ब्राह्मण आदिबाट भएको नकामको उच्चारण गर्दा भनिने शब्द। **अब्रह्मण्यमवध्योक्तौ** (अमर.) २.शनैश्चरभिन्न ३.ब्राह्मणभिन्न ४.ब्रह्मदण्ड बाहेकको। **ब्रह्मण्यं स्याद् ब्रह्मसाधुब्रह्मदारुशनैश्चरे** (विश्व.)।

अभक्ष्यः (पुं.वि.) [*भक्षितुं योग्यः, भक्ष्यः, न भक्ष्यः न.त.*] खान नहुने वा खान निषेध गरिएको वस्तु।

अभयः (पुं.वि.) [*अविद्यमानं भयं यस्य सः, बहु.स.*] डर नमान्ने।

अभयदेवः (पुं.) १२२१ ईस्वीमा पैदा भएका संस्कृतका जैन कवि। यिनले १९ सर्गको **जयन्तविजय** नामक महाकाव्य रचेका छन्। यस काव्यमा मगधनरेश जयन्तको विजयगाथालाई २००० श्लोकमा वर्णन गरिएको छ।

अभयपदम् (नपुं.) [*न विद्यते भयं जन्ममरणादिजस्त्रासः,यस्मिन् तत्, तच्च तत्पदम्, कर्म.स.*] १.मोक्ष २.परमपद ३.भयरहित स्थान।

अभयम् (नपुं.) [*न भयम्, न.त.*] १.डर नहुनु/डरको अभाव २.[*अविद्यमानं भयं यस्मात् तत्, न.बहु.*] उशीर ३.(स्त्री.) हर्रो। **अभया स्त्री हरितक्यामुशीरे च नपुंसकम्। निर्भये वाच्यलिङ्गः स्यात्॥** (मेदिनी.)

अभयमुद्रा (स्त्री.) [*न विद्यते भयं यस्याः सा, अभया, सा चासौ मुद्रा, कर्म.स.*] साधना गर्दा सम्पूर्ण भय हराउने अभयदायिनी मुद्रा।

अभया (स्त्री.वि.) [*न भयमस्याः सा, न.बहु.*] १.हर्रो।

अभया त्वव्यथा पथ्या कायस्था पूतनाऽमृता।
हरीतकी हैमवती चेतकी श्रेयसी शिवा॥ (अमर.)

२.उशीर ३.डर नभएकी स्त्री।

अभवन्मतसम्बन्धः (पुं.) [*अभवन् मतः सम्बन्धो यत्र*] जुन पदको जुन पदसँग सम्बन्ध हुनुपर्ने हो त्यो सम्बन्ध नहुँदा पर्न जाने दोष। **पदविशेषस्याभिमतसम्बन्धानुपपत्तिमद्वाक्यत्वमभवन्मतसम्बन्धत्वम्।** (सा.द.टी.) **ईक्षसे यत् कटाक्षेण तदा धन्वी मनोभवः।** यहाँ यत् शब्द र तत् शब्दको सम्बन्ध नभएको हुँदा अभवन्मतसम्बन्ध दोष परेको छ। अथवा **चन्द्रिका जलको धारा, तारा कुमुद बन्दछन्। आकाशसरका प्यारा, तारापति त हंस हुन्।** (सा.प्र.) यहाँ आकाशसरको सम्बन्ध जलको धारा, कुमुद, हंस तिनैमा हुनुपर्नेमा आकाशसरका तारापति भनेर एकतिर मात्र सम्बन्ध भएको देखाइएकाले अभवन्मतसम्बन्ध दोष परेको छ।

अभावः (पुं.) [*न भावः,न.त.*] कुनैको वा कसैको अस्तित्व नहुनु।

अस्ति पुत्रो वशे यस्य भृत्यो भार्या तथैव च।
अभावे सति सन्तोषः स्वर्गस्थोऽसौ महीतले॥ (सुभा.)

अभावनीयः (पुं.वि.) [*न भावनीयः, न.त.*] अचिन्तनीय।

अभाववादः (पुं.) [*अभाव इति वादः, कर्म.स.*] ध्वन्यालोकमा उल्लेख गरिएका तीन ध्वनिविरोधी वादहरूमध्येको पहिलो वाद। आनन्दवर्धनको समयमा काव्यको आन्तरिक तत्त्वको रूपमा रहेको ध्वनिको विरोधमा तीन वादहरू प्रचलित थिए— अभाववाद, लक्षणावाद र अनिर्वचनीयतावाद। अभाववाद पनि तीन किसिमको थियो— १.ध्वनि भन्ने वस्तु छँदैछैन भन्ने वाद। यसलाई अत्यन्ताभाववाद भनिन्छ २.अन्तर्भाववाद, ध्वनि छैन, भएपनि त्यसको अलङ्कार, गुण, रीति आदिमा अन्तर्भाव हुन्छ भन्ने वाद ३.अलङ्कार, गुण, रीति आदिलाई भामह, दण्डी, वामन आदि आचार्यले व्याख्या गरेका छन्, ध्वनिको चर्चा गरेका छैनन्। त्यसैले ध्वनिको अस्तित्व छैन भन्ने वाद। यसलाई परम्परावादी वाद पनि भनिन्छ। हे. ध्वनिः।

अभाषणम् (नपुं.) [*न भाषणम्, न.त., भाष व्यक्तायां वाचि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] नबोल्नु/चुप लाग्नु। **अथ मौनमभाषणम्** (अमर.)।

अभाषितपुंस्कः (पुं.) [*अभाषितः पुमान् येन सः,शेषाद् विभाषा ५.४.१५४इति कः*] पुरुषवाचक नभएको/पुरुषलाई नबुझाउने।

अभि (उप.) पूजा, इच्छा, वचन आदि बुझाउने उपसर्ग।

अभिकः (पुं.वि.) [*अभिकामयते इति अनुकाभिकाभीकः ५.२.७४ इति साधुः*] कामुक/यौनलोलुप। **कामुके कमितानुकः। कम्रः कामयिताभिकः कमनः कामनोऽभीकः** (अमर.)।

अभिकरणम् (नपुं.) [*अभिपूर्वकाद् डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कसैको तर्फबाट प्रतिनिधि वा अभिकर्ताको रूपमा गरिने काम।

अभिकर्ता (पुं.) [*अभिकरोतीति, अभिपूर्वकाद् डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] कुनै संस्थाका तर्फबाट प्रतिनिधिका रूपमा काम गर्ने व्यक्ति/एजेन्ट।

अभिक्रमः (पुं.) [*अभिक्रमणम्, अभिपूर्वकाद्, क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेश ७.३.३४ इति न वृद्धिः*] निर्भीक भएर युद्धमा गरिने प्रस्थान। **अहितान् प्रत्यभीतस्य रणे यानमभिक्रमः** (अमर.)।

अभिक्षिपन् (पुं.) [*अभिक्षिपतीति अभिपूर्वकात् क्षिप प्रेरणे इति धातोः, अभिप्रत्यतिभ्यः क्षिपः १.३.८० इति परस्मैपदम्*] तिरस्कार गरिरहेको। **अभिक्षिपन्तमैक्षिष्ट रावणं पर्वतश्रियम्** (भट्टि. ८.५१)।

अभिख्या (स्त्री.) [*अभिख्यानम्, अभिपूर्वकाद् ख्या प्रकथने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अः, टाप् ४.१.४*] १.नाम २.शोभा/सौन्दर्य/रमणीयता ३.कीर्ति। **अभिख्या त्वभिधाने स्याच्छोभायां च यशस्यपि** (मेदिनी.)।

अभिग्रस्तः (पुं.वि.) [*अभिग्रस्यते स्म, अपिपूर्वकाद् ग्रसधातोः कर्मणि क्तः*] शत्रुद्वारा आक्रान्त।

अभिग्रहः (पुं.) [*अभिग्रहणम्, अभिपूर्वकाद् ग्रह ग्रहणे इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.युद्धका लागि आह्वान गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.अभियोग ३.गौरव। **अनुग्रहोऽभिग्रहणेऽप्यभियोगे च गौरवे** (रुद्र.)।

अभिग्रहणम् (नपुं.) [*अभिपूर्वकाद् ग्रह ग्रहणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] जबर्जस्ती ग्रहण गर्नु/अपहरण गर्नु/लुटेर लिनु। **अभिहारोऽभिग्रहणम्** (अमर.)।

अभिघातः (पुं.) १.[*अभि आभिमुख्येन हननम्, अभिपूर्वकाद् हनधातोः भावे घञ्, कुत्वादि*] लाठो,मुङ्ग्रो,गदा आदिले गरिने प्रहार/आघात २.सङ्घर्ष ३.पीडा/असह्य वेदना।

अभिघाती (पुं.वि.) [*अभिहन्तुं शीलमस्य, अभिपूर्वकाद् हन हिंसागत्योः इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.शत्रु/हत्या गर्ने व्यक्ति। **अभिघातिपरारातिप्रत्यर्थिपरिपन्थिनः** (अमर.) २.(पुं.वि.) आक्रमणकारी।

एकदा न विगृह्णीयाद् बहून् राजाभिघातिनः।
सदर्पोऽप्युरगः कीटैर्बहुभिर्नश्यति ध्रुवम् ॥ (हितो.)

अभिचारः (पुं.वि.) [*अभिचरणम्, आभिमुख्येन शत्रुवधार्थं कार्यकरणम्, अभिपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.हत्या/हिंसाकर्म। **हिंसाकर्माभिचारः स्यात्** (अमर.) २.तान्त्रिक प्रयोगविशेष। यो छप्रकारको हुन्छ–मारण, मोहन, स्तम्भन, विद्वेषण, उच्चाटन र वशीकरण। ३.श्येनादि यज्ञमा निरपराधी पशुपक्षीलाई मारिने हुँदा लाग्ने उपपातक (भरत.)।

अभिजनः (पुं.) [*अभिजायते अस्मिन् इति, अभिपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, जनिवध्योश्च ७.३.३५ इति न वृद्धिः*] १.कुल २.ख्याति ३.कुलसमूह ४.जन्मभूमि। **अभिजनः कुले ख्यातौ जन्मभूम्यां कुलव्रजे** (विश्व.)।

अभिजातः (पुं.वि.) [*अभिजायते स्म इति अभिपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, गत्यर्थाकर्मकश्लिष . ३.४.७२ इति क्तः, ज्ञाजनोर्जा ७.३.७९ इति जादेशः*] १.कुलीन २.विद्वान्/पण्डित ३.न्यायकर्ता। **अभिजातस्तु कुलजे बुधे** (अमर.)। **अभिजातः कुलीने स्यान्न्यायपण्डितयोरपि** (विश्व.)।

अभिजित् (पुं.) [*अभिजयति, अभिपूर्वकात् जि जये धातोः, क्विप् च ३.२.७६ इति क्विप्, सर्वापहारी लोपः, तुक्*] १.अट्ठाइसौँ नक्षत्र। यसको ध्रुवांश (मेष विन्दुबाट क्रान्तिवृत्तमा हुने दूरी) २५६.३० कला छ भने शरांश ६२। ० उत्तर छ। यसका तीनवटा तारा छन्। यो अग्निको विम्बजस्तो वा त्रिकोणात्मक छ। यसको योगतारा (मुख्य तारा) नक्षत्रको पश्चिमतर्फ छ। (सिद्धान्तदर्पण)। यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्थाअनुसार क्रमैले जु, जे, जो, खबाट प्रारम्भ हुन्छ। उत्तराषाढाको अन्तिम चरण र श्रवण नक्षत्रको प्रारम्भिक चार घडी मिलाएर जम्मा १९ घडी यसले भोग गर्छ। यो मकर राशिमा पर्छ। (मु.चि.) पृथ्वीबाट यो करिब २६ प्रकाश वर्ष टाढा छ। युनानी भाषामा यसलाई लाइरा भन्दछन्। यसको अरबी भाषामा आधारित पाश्चात्य नाम Vaga हो। यो नक्षत्र उत्तरी खगोलको तारामण्डलमा पर्छ। (आकाश दर्शन) **अभिजिन्मे रासतां पुण्यमेव** (अथर्ववेदः) २.मध्याह्नको (एकदुई बजेतिरको) शुभमुहूर्त (भाग. ३.१८) ३.चन्द्रवंशीय एक प्राचीन राजा।

अभिज्ञः (पुं.वि.) [*अभिजानाति, साकल्येन जानाति,अभिपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] जान्ने/सिपालु/निपुण/विज्ञ।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः।
वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि ॥ (अमर.)

अभिज्ञा (स्त्री.) [*अभिज्ञायतेऽनया, अभिपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्, आतो लोप इटि च ६.४.६४ इत्यालोपः, टाप्*] १.चिनो २.अङ्क ३.लक्षण ४.[*अभिज्ञानम्, भावेऽङ्*] १.चिनारी २.स्मृति।

अभिज्ञानम् (नपुं.) [*अभिज्ञायतेऽनेन, अभिपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चिह्न २.अङ्क ३.लक्षण।

एवमुक्तस्तु रोषेण हनूमान् वानरर्षभः।
पूर्ववृत्तमभिज्ञानं भूयः संप्रत्यभाषतः (रामा.)
अयं मैथिल्यभिज्ञानं काकुत्स्थस्याङ्गुरीयकम् (भट्टि.)

४.एक काव्यलक्षण (शारदातनय)।

अभिज्ञानशाकुन्तलम् (नपुं.) [*अभिज्ञायतेऽनेन, इति अभिज्ञानम्, शकुन्तलामधिकृत्य कृतम् नाटकम् शाकुन्तलम् अभिज्ञानञ्च तत् शाकुन्तलम्, कर्म.स.*] महाकवि कालिदासद्वारा रचित सर्वोत्तम नाटक। यो ७ अङ्कमा विभक्त छ। महाभारत र पद्मपुराणमा वर्णित राजा दुष्यन्त र शकुन्तलाको प्रणय प्रसङ्गलाई लिएर यसको रचना भएको छ। नायक र नायिकाको सुरुमा संयोग, बिचमा वियोग र अन्त्यमा पुनः संयोग भएको घटना निबद्ध छ, यसमा। कथावस्तुको विन्यास, चरित्रचित्रण आदिमा कालिदास सिद्धहस्त देखिन्छन्। प्रसाद गुणले परिपूर्ण सरस भाषाको प्रयोग भएको यस नाटकमा कविता र नाटकीयताको अपूर्व संमिश्रण भएको छ। जर्मन गेटेले शाकुन्तल नाटकको मुक्तकण्ठले प्रशंसा गर्दै भनेका छन्–

वासन्तं कुसुमं फलञ्च युगपद् ग्रीष्मस्य सर्वञ्च यद्
यच्चान्यन्मनसो रसायनमतः सन्तर्पणं मोहनम्।
एकीभूतमभूतपूर्वमथवा स्वर्लोकभूर्लोकयो-
रैश्वर्यं यदि वाञ्छसि प्रियसखे शाकुन्तलं सेव्यताम्॥

(संस्कृतप्रतिरूपम् म.म.वासुदेव विष्णु मिराशी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्येषु नाटकं रम्यं तत्रापि च शकुन्तला।
तत्रापि च चतुर्थोऽङ्कस्तत्र श्लोकचतुष्टयम्॥ (मल्लिनाथ)

अभितः (अव्य.) [*अभिमुखमग्रमस्य, पर्यभिभ्याश्च ५.३.९ इति तसिल्*] १.नजिक २.दुवैतिर ३.सम्मुख ४.शीघ्र ५.समग्र। **समीपोभयतः शीघ्रसाकल्याभिमुखेऽभितः** (अमर)।

अभितापी (पुं.वि.) [*अभितापयति अभीक्ष्णम्, अभिपूर्वकात् तप सन्तापे इति धातोर्णिचि बहुलमाभीक्ष्ण्ये ३.२.८१ इति णिनिः*] सधैँ सताउने/पीडा दिइरहने।

अभिद्रवः (पुं.) [*अभिद्रवणम्, कर्तव्यात् स्खलनम्, ऋदोरप् ३.३.५७ इति अप्*] १.विमर्श सन्धिको एक अङ्ग/कारणवश गुरुजन प्रति गर्नुपर्ने कर्तव्यबाट चुक्नु। **अभिद्रवो गुरुव्यतिक्रान्तिः शोकादिसम्भवा** (सा.द.)।

अभिधा (स्त्री.) [*अभिधीयते अनया, इति, अभिपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ करणे भावे च अङ्, स्त्रियां टाप् ४.१.४*] १.नाम/अभिधान २.शब्दको वाच्यार्थ बुझाउने शक्ति। मतान्तरमा वाचक शब्द र वाच्यार्थका बिचको सम्बन्ध। **तत्र सङ्केतितार्थस्य बोधनादग्रिमाभिधा** (सा.द.) ३.[*अभिधानम्*] कथन।

अभिधानम् (नपुं.) [*अभिधीयतेऽर्थोऽनेन, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.नाम/संज्ञा २.कथन/उक्ति **आख्याह्वे अभिधानञ्च नामधेयञ्च नाम च** (अमर.)।

अभिधामूलध्वनिः (पुं.) [*अभिधामूलश्चासौ ध्वनिः, कर्म.स.*]— (हे. **विवक्षितान्यपरवाच्यध्वनिः**)।

अभिधाशक्तिः (स्त्री.) [*अभिधा इति शक्तिः, कर्म.स.*] शब्दको सोझो अंर्थ बुझाउन सक्ने सामर्थ्य। सङ्केतित अर्थ बुझाउने शब्दको व्यापार। अभिधाद्वारा अर्थ बुझाउने शब्द तीन किसिमका हुन्छन्— रूढ, यौगिक र योगरूढ। जुन शब्दको अर्थबोध समुदायशक्तिबाट हुन्छ, ती रुढ शब्द हुन्। यिनीहरूको व्युत्पत्ति हुँदैन। जस्तै— संस्कृतमा ह्यः, सम्प्रति आदि। नेपालीमा डल्लो, चक्कु आदि। जुन शब्दको अर्थबोध अवयव (प्रकृति र प्रत्यय) शक्तिद्वारा हुन्छ, त्यस्ता शब्द यौगिक हुन्छन्। जस्तै – संस्कृतमा सुधांशुः (चन्द्रमा), दिवाकर (सूर्य) आदि। नेपालीमा घुमन्ते, पढैया, ईर्ष्यालु आदि ३.जसको अर्थबोध समुदाय तथा अवयव शक्तिबाट हुन्छ, ती शब्द योगरूढ हुन्। जस्तै संस्कृतमा पङ्कजम्, वारिजम्, जलजम् आदि। यी शब्दहरूको अर्थबोध अवयव शक्ति (प्रकृति प्रत्यय) को साथै समुदाय शक्तिबाट भएको छ। **स मुख्योऽर्थस्तत्र मुख्यो व्यापारोऽस्याभिधोच्यते** (का.प्र.)।

अभिधेयः (पुं.) १.[*अभिधीयतेऽनेन, अभिपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] नाम २.[*अभिधीयते असौ*] अभिधा वृत्तिले बुझाउने अर्थ ३.ग्रन्थको प्रतिपाद्य विषय।

अभिधेयार्थः (पुं.) [*अभिधेयश्चसौ अर्थः, कर्म.स.*] वाच्यार्थ/शब्दले अभिधा शक्तिद्वारा बुझाउने अर्थ/सङ्केतित अर्थ/मुख्यार्थ।

अभिध्या (स्त्री.) [*अभिध्यानम्, अभिपूर्वकाद् ध्यै आध्याने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्, अजाद्यतष्टाप् ४.१.१ इति टाप्*] अरूको सम्पत्तिको लोभ। **अभिध्या तु परस्य विषये स्पृहा** (अमर.)।

अभिनन्दः (पुं.) १.नवौँ शताब्दीका रामचरितम् नामक महाकाव्यका रचयिता। यिनले यस काव्यमा रामायणको किष्किन्धा काण्डदेखि लिएर युद्धकाण्डसम्मको कथालाई महाकाव्यात्मक शैलीमा प्रस्तुत गरेका छन्। यिनको यो ग्रन्थ ३६ सर्गको छ। यसमा प्रसाद तथा माधुर्य गुण र वैदर्भी रीतिको प्रयोग भएको छ। २.कादम्बरीसार नामक महाकाव्यका रचयिता। यिनको समय दसौँ शताब्दी हो। यिनले कादम्बरीमा वर्णित कथावस्तुलाई लिएर प्रस्तुत महाकाव्यको रचना गरेका छन्। अनुष्टुप् छन्दमा रचिएको यो महाकाव्य दश सर्गमा विभक्त छ। यिनको अर्को कृति योगवासिष्ठसार पनि उपलब्ध छ। अनुष्टुप् छन्दको प्रयोगमा भएको यिनको कुशलतालाई क्षमेन्द्रले आफ्नो सुवृत्ततिलक भन्ने ग्रन्थमा निकै प्रशंसा गरेका छन्।

अभिनन्दनः (पुं.) [*अभिनन्दयति, अभिपूर्वकात् टुनदि समृद्धौ इति धातोःणिचि ल्युः, अनः*] १.बुद्धविशेष/ कसैको मतमा चतुर्थ जैन तीर्थङ्कर २.(पुं.वि.) सबैतिरबाट आनन्द दिने।

अभिनन्दनम् (नपुं.) [*अभिनन्द्यते इति अभिपूर्वकाद् टुनदि समृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.सम्मान २.प्रसन्नता।

अभिनन्दनपत्रम् (नपुं.) [*अभिनन्द्यत इति, अभिपूर्वकाद् टुनदि समृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः अभिनन्दनस्य पत्रम्, ष.त.*] अभिनन्दन गरिने पत्र/सम्मान गर्दा दिइने पत्र।

अभिनयः (पुं.) [*अभिनयति हृद्गतभावान् प्रकाशयति अनेन, अभिनयति सम्मुखं प्रापयत्यर्थम्, अभिपूर्वकात् णीञ् प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] जसबाट मनमा रहेको प्रेम, क्रोध, शोक, घृणा आदि भाव व्यक्त हुन्छ, त्यस्तो शारीरिक चेष्टा। नाट्यशास्त्रअनुसार अभिनय चार किसिमको हुन्छ— आङ्गिक, वाचिक, आहार्य र सात्विक। आँखा, मुख, हात, पाउ आदि चलाएर कसैको अनुकरण गरिन्छ भने त्यसलाई आङ्गिक अभिनय भनिन्छ। वचनको प्रयोग गरेर कसैका भावको अनुकरण गरिन्छ भने त्यो वाचिक अभिनय हुन्छ। लुगा, गहना आदि लगाएर कसैको अनुकरण गरिन्छ भने त्यो आहार्य अभिनय हुन्छ। पसिना आउनु, रामोञ्चित हुनु आदि सात्विक भावहरू हुन्। तिनीहरूको अनुकरण गर्नुलाई सात्विक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिनय भनिन्छ। नाट्यशास्त्रको परम्परामा अभिनयको बारेमा प्रशस्त चर्चा भएको छ। पछिका धनञ्जय, विश्वनाथ आदि आचार्यहरूले पनि अभिनयको व्याख्या गरेका छन्। पश्चिमी काव्यशास्त्रमा पनि अभिनयको प्रशस्त चर्चा छ।

विभावयति यस्माच्च नानार्थान् हि प्रयोगतः।
शाखाङ्गोपाङ्गसंयुक्तास्तस्मादभिनयः स्मृतः॥ (भरत.)

अभिनयदर्पणः (पुं.) [*अभिनयस्य दर्पणः, ष.त.*] अभिनयको बारेमा लेखिएको ग्रन्थ। यसमा १३ अध्याय छन्। सबै अध्यायमा अभिनयको बयान छ। यसमा इन्द्रको निर्देशनअनुसार नन्दीले सुमतिलाई सुनाएको प्रसङ्ग वर्णित छ। यसका लेखकको नाम स्पष्ट छैन। भनिन्छ– यो **भारतार्णवम्**को एक भाग हो।

अभिनवः (पुं.वि.) [*अभिनवते इति, अभिपूर्वकाद् णु स्तुतौ इति धातोः ऋदोरप् ३.३.५७ इत्यप्*] नयाँ/नौलो। **प्रत्यग्रोऽभिनवो नव्यो नवीनो नूतनो नवः। नूत्नश्च** (अमर.)।

अभिनवकालिदासः (पुं.) एघारौँ शताब्दीका प्रसिद्ध कवि। यिनले भागवतचम्पू र अभिनवभारतचम्पू नामक दुई कृति रचना गरेका छन्। भागवतचम्पू श्रीमद्भागवतको दसौँ स्कन्धमा वर्णित कथानकमा आधारित छ। यसमा ६ स्तबक छन्। अभिनव-भारतचम्पूमा महाभारतमा वर्णित कथावस्तुलाई संक्षेपमा वर्णन गरिएको छ।

अभिनवगुप्तः (पुं.) दर्शन तथा काव्यशास्त्रका एक आचार्य। परम शिवभक्त तथा उच्चकोटिका कवि। काश्मीरनिवासी प्रकाण्ड विद्वान्। यिनको समय एघारौँ शताब्दी हो। यिनका बाजेको नाम वराहगुप्त, बाबुको नाम नृसिंह गुप्त (बोलाउने नाम चुखल वा चुखुल) र आमाको नाम विमलाकला थियो। यिनका १३ गुरुमध्ये नरसिंह गुप्त (ग्रन्थकारका बाबु), बोमनाथ, भूमिराजतनय, इन्दुराज र भूतिराज प्रसिद्ध छन्। आजीवन ब्रह्मचारी रहेका अभिनव गुप्त शिवका परम उपासक थिए। यिनका ४१ ग्रन्थमध्ये प्रकाशित एघार ग्रन्थहरू– १.**बोधपञ्चदर्शिका** शिवभक्ति विषयक पन्ध्र श्लोकको सानो ग्रन्थ २.**परात्रींशिका**– तन्त्रशास्त्रको ग्रन्थ ३.**मालिनी विजयवार्तिक**– मालिनीविजय नामक तन्त्र ग्रन्थको वार्त्तिक। ४.**तन्त्रालोक**– तन्त्रशास्त्रको विशाल ग्रन्थ ५.**तन्त्रसार**– तन्त्रसंबन्धी ग्रन्थ ६.**तन्त्रवटधानिका** ७.**ध्वन्यालोक लोचनटीका** ८.**अभिनवभारती**–भरतकृत नाट्यशास्त्रको व्याख्या, ९.**भगवद्गीतार्थसङ्ग्रह**–गीताको व्याख्या १०.**परमार्थसार**– १०५ श्लोकको शैवागम ग्रन्थ ११.**ईश्वरप्रत्यभिज्ञाविमर्शिणी**– उत्पलाचार्यरचित ईश्वर प्रत्यभिज्ञासूत्रको व्याख्या। यिनका अप्रकाशित ग्रन्थहरू १.**ईश्वरप्रत्यभिज्ञाविवृत्ति** २.**क्रमस्तोत्र, भैरवस्तोत्र** ३.**देहस्थदेवता** ४.**चक्रस्तोत्र** ५.**अनुभवनिवेदन,** ६.**अनुत्तराष्टिका** ७.**परमार्थद्वादशिका** ८.**परमार्थचर्चा,** ९.**महोपदेशविंशतिकम्** १०.**तन्त्रोच्चय** ११.**घटकर्परकुलक विवृत्ति,** १२.**क्रमकेलि** १३.**शिवदृश्यालोचन** १४.**पूर्वपञ्चिका, पदार्थप्रवेशनिर्णयटीका** १५.**काव्यकौतुकविवरण** १६.**कथामुख तिलकम्** १७.**लघ्वी प्रक्रिया** १८.**वेदवादविवरण,** १९.**देवीस्तोत्र विवरण** २०.**तत्त्वाध्वप्रकाशिका** २१.**शिवशक्त्यविनाभावस्तोत्र** २२.**विम्बप्रतिबिम्बभाव** २३.**अनुत्तरतत्त्वविमर्शिणी** २४.**नाट्यालोचन** २५.**परमार्थशतक** २६.**अनुत्तरशतक**। यिनी रसवादी आचार्य हुन्। रसविषयक यिनको सिद्धान्तलाई अभिव्यक्तिवाद भनिन्छ। नाटक हेरेपछि वासनाको रूपमा रहेको सामाजिकको भावना उद्बुद्ध भएर रसको रूपमा परिणत हुन्छ भन्ने यिनको धारणा छ। अभिनवगुप्त प्रत्यभिज्ञा दर्शनका आचार्य हुन्।

अभिनवभारती (स्त्री.) [*भरतस्येयम् भारती, अभिनवा चासौ भारती च, कर्म. स.*] नाट्यशास्त्रको अभिनवगुप्तरचित टीका।

अभिनवोद्भिद् (पुं.) [*उद्भिनत्ति इति उद्भिद् उत्पूर्वकाद् भिदिर् विदारणे इति धातोः, सत्सूद्विष ३.२.६१ इति क्विप्, अभिनव-श्चासावुद्भिच्च, कर्म.स.*] आँकुरो। **अङ्कुरोऽभि– नवोद्भिदि** (अमर.)।

अभिनिवेशः (पुं.) [*अभिनिवेशनम्, अभि–निपूर्वकाद् विश प्रवेशे इति धातोः, भावे ३.३.१ इति घञ्*] १.आसक्ति २.प्रवेश गर्नु, तिर लाग्नु। **अभिनिविशते सन्मार्गं मनः**।

अभिनिर्मुक्तः (पुं.वि.) [*अभि सर्वं सायन्तनं कर्म निश्चयेन मुक्तं येन सः, बहु.स., सायन्तनकर्मणा वा मुक्तः, तृ.त.*] साँझमा गर्नुपर्ने कर्मलाई छोडेको।

सुप्ते यस्मिन्नस्तमेति सुप्तं यस्मिन्नुदेति च।
अंशुमानभिनिर्मुक्ताभ्युदितौ च यथाक्रमम्॥ (अमर.)

अभिनिर्याणम् (नपुं.) [*अभि–निर्पूर्वकाद् या प्रापणे इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] विजयका लागि हिँड्नु/प्रस्थान गर्नु। **यात्रा व्रज्याभिनिर्याणं प्रस्थानं गमनं गमः** (अमर.)।

अभिनीतः (पुं.वि.) [*अभ्यनायि, णीञ् प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.न्यायबाट प्राप्त २.अभिनय गरिएको ३.असहिष्णु, क्रुद्ध ४.अतिशय संस्कार गरिएको। **अभिनीतं संस्कृते च न्याय्ये चामर्षणे त्रिषु** (रुद्र.)। **अभिनीतं त्रिषु न्याय्ये संस्कृतामर्षिणोरपि** (मेदिनी.) ५.विज्ञ ६.धैर्यशाली।

अभिनीतवत् (नपुं.) [*अभिनीयते स्मेति, अभिपूर्वकाद् णीञ् प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः अभिनीतेन तुल्यम्, तेन तुल्यं क्रिया चेद् वतिः इति वत्*] न्यायपूर्वक प्राप्त। **युक्तमौपयिकं लभ्यं भजमानाभिनीतवत्। न्याय्यञ्च त्रिषु षट्** (अमर.)।

अभिनेता (पुं.) [*अभिनयतीति, अभिपूर्वकात् णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] अभिनय गर्ने व्यक्ति/नेता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणअनुसार अभिनेता धीरोदात्त, धीरोद्धत धीरललित र धीरप्रशान्त गरी चार किसिमको हुन्छ। अवस्थाअनुसार अभिनेता दक्षिण, शठ, धृष्टनायक, पीठमर्द आदि अनेक किसिमको हुन्छ। अभिनेताले नै नाटकको कथावस्तुलाई दर्शकको सामु उपस्थित गराउँछ।

अभिन्नः (पुं.वि.) [*भिध्यते स्म, भिदिर् विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,न भिन्नः,न.त.*] फरक नभएको।

अभिन्नकः (नपुं.) [*किञ्चिद् भिन्न इव, अनत्यन्तगतौ क्तान्तात् ५.४.४ इति कन्, न भिन्नकः, न.त.*] भिन्न नभएजस्तो,नटुटेजस्तो।

अभिपन्नः (पुं.वि.) [*अभिपद्यते स्मेति अभिपूर्वकाद् पत्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, निष्ठा ३.२.१०२ इति वा कर्मणि क्तः*] १.अपराधी २.आपद्ग्रस्त ३.हडबडाएको। **अभिपन्नोऽपराद्धोऽभिग्रस्तव्यापद्गता अपि** (अमर.) ४.अङ्गीकृत

अभिप्रायः (पुं.) [*अभिप्रयणम्, प्रीञ् तर्पणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] आशय। **अभिप्रायश्छन्द आशयः** (अमर.)।

अभिप्रेतः (पुं.वि.) [*अभिप्रैति स्म इति, अभि—प्रपूर्वकाद् इण् गतौ इति धातोः, गत्यर्थाकर्मक. ३.४.७२ इति क्तः*] इच्छा गरेको/चाहेको/अभीष्ट/वाञ्छित।

अभिभवः (पुं.) [*अभिभवतीति, अभिपूर्वकाद् भू सत्तायाम् इति धातोः नन्दिग्रहिपचादिभ्यो ण्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.तिरस्कार २.हार ३.अनादर।

अभिभावकः (पुं.वि.) [*अभिभवतीति, अभिपूर्वकाद् भू सत्तायाम् इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, वृद्धिः, युवोरनाकौ ७.१.१ इत्यकः*] १.हेरचाह गर्ने २.शरण दिने ३.तिरस्कार गर्ने।

अभिभूः (पुं.) [*अभिभवतीति, क्विप् च ३.२.७६ इति क्विप्*] तिरस्कार गर्ने/पराजित तुल्याउने।

अभिभूतः (पुं.वि.) [*अभिभूयते स्मेति अभिपूर्वकाद् भू सत्तायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.घमन्ड तोडिएको। **आत्तगर्वोऽभिभूतः स्यात्** (अमर.) २.तिरस्कृत ३.पराजित **अभिभूतोऽपि नोत्साहं जह्याज्जातु स्वसिद्धये।** (सुभा.) ४.व्याकुल ५.ज्ञानरहित (श.क.द्रु.)।

अभिभूतिः (स्त्री.) [*अभिपूर्वकाद् भूधातोः क्तिन्*] अनादर/अवज्ञा

अभिमतः (पुं.वि.) *अभिमन्यते स्म, अभिपूर्वकाद् मनु अवबोधने इति धातोः, निष्ठा ३.२.१०२ इति कर्मणि क्तः*] १.स्वीकृत। **अभिमतस्ते प्रस्तावः**। २.सम्मत/अभीष्ट। **अभिमतफलशंसी चारु पुस्फोर बाहुस्तरुषु चुकुचुरुच्चैः पक्षिणश्चानुकुलाः।** (भट्टि.) ३.हृद्य/प्रिय/हृदयङ्गम। **ममाभिमता ते वाणी।**

अभिमतम् (नपुं.) [*अभिपूर्वकाद् मनु अवबोधने इति धातोः,नपुंसके भावे क्तः इति क्तः*] १.स्वीकृति २.सम्मति।

अभिमन्त्रणम् (नपुं.) [*अभिपूर्वकाद् मत्रिधातोः ल्युट्*] १.निमन्त्रणा २.बोलाउनु ३.मन्त्र पढेर संस्कार गर्नु। **दत्त्वान्नं पृथिवीपात्रमिति पात्राभिमन्त्रणम्** (याज्ञवल्क्य)।

अभिमन्त्रणा (स्त्री.) [*अभिपूर्वकाद् मत्रिधातोः णिचि युच् अनः,टाप्,णत्वम्*] १.निमन्त्रणा २.बोलाउनु।

अभिमन्युः (पुं.) १.सुभद्राको गर्भबाट पैदा भएका अर्जुनका छोरा। यिनको विवाह विराट् राजाकी छोरी उत्तरासँग भएको थियो, महाभारतको लडाइँमा चक्रव्यूहभित्र यिनलाई मारियो। त्यसपछि उत्तराको गर्भबाट यिनका छोरा परीक्षितको जन्म भएको हो २.सावर्णि मन्वन्तरका सप्त ऋषिमध्येका एक ऋषि।

अभिमरः (पुं.) [*अभिम्रियतेऽत्र, अभिपूर्वकाद् मृङ् प्राणत्यागे इति धातोः ऋदोरप् ३.३.५७ इत्यप्*] १.युद्ध/लडाइँ २.आफ्नो सेनाबाट हुने भय ३.[*अभिमरणम्, भावे अप्*] वध/मृत्यु।

अभिमानः (पुं.) [*अभिमननम्, अभिपूर्वकाद् मन ज्ञाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सम्पत्ति, पुरुषार्थ आदिको घमण्ड।

सुखस्य दुःखस्य न कोऽपि दाता
परो ददातीति कुबुद्धिरेषा।
अहं करोमीति वृथाऽभिमानः
स्वकर्मसूत्रग्रथितो हि लोकः ॥ (सुभा.)

२.अज्ञान ३.प्रेम ४.हिंसा। **अभिमानोऽर्थादिदर्पेऽज्ञाने प्रणयहिंसयोः** (अमरः) ५.एक काव्यलक्षण (अभिनवगुप्त) ६.एक नाट्यलक्षण (विश्वनाथ)।

अभिमानी (पुं.वि.) [*अभिमानः अस्त्यस्य सः, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.अभिमान भएको/घमन्डी २.अज्ञानी।

का खलेन सह स्पर्धा सज्जनस्याभिमानिनः।
भाषणं भीषणं साधुदूषणं यस्य भूषणम् ॥ (सुभा.)

अभिमुखम् (नपुं.) [*मुखमभिगतम्, प्रादिस.*] सम्मुख।

अभिमुखीकरणम् (नपुं.) [*न अभिमुखमभिमुखं यथा सम्पद्यते तथा करणम्, अभूततद्भावे इति वक्तव्यम् (वा) इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.सम्मुख ल्याउनु २.कार्य शाला आदिको माध्यमबाट विषयलाई उपस्थापित गर्नु।

अभियानम् (नपुं.) [*अभिपूर्वकाद् या प्राप्रणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.धावा गर्ने काम/आक्रमण २.दुर्गम पहाडका टाकुरामा चढ्ने काम ३.सक्रिय रूपमा कुनै कामको थालनी।

अभियुक्तः (पुं.वि.) [*अभ्ययुज्यत, अभिपूर्वकाद् युजिर् योगे निष्ठा ३.२.१०२ इति क्तः, कुत्वम्*] १.अभियोग लागेको २.कुनै काममा खटाइएको ३.प्रतिवादी ४.तत्पर ५.अर्काबाट रोकिएको। **उद्दामेन द्विरदपतिना सन्निपत्याभियुक्तः** (उ.रा.च.) ६.आसामी।

अभियोक्ता (पुं.वि.) [*अभियुनक्ति, अभिपूर्वकाद् युजिर् योगे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.अभियोग लगाउने/लाञ्छना लगाउने २.विवाद कर्ता।

अभियोगः (पुं.) [*अभियोजनम्, अभिपूर्वकाद् युजिर् योगे इति धातोः भावे ३.३.१८ इति घञ्*] १.झगडाको लागि आह्वान २.लाञ्छना। **अभियोगस्त्वभिग्रहः** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभियोगपत्रम् (नपुं.) [*अभियोगस्य पत्रम्, ष.त.*] कसैलाई कुनै अभियोग (लाञ्छना) लगाई लेखिएको चिठी/अपराधीलाई पक्रन कसुर देखाई लेखिएको पत्र।

अभिरुचिः (स्त्री.) [*अभिगता रुचिः, प्रादिस.*] इच्छा/चाह।

अभिरूपः (पुं.) [*अभिलक्ष्यं रूपमस्य, प्रादिस.*] १.विद्वान् २.राम्रो। **अभिरूपो बुधे रम्ये** (मेदिनी.) **प्राप्तरूपस्वरूपाभिरूपा बुध–मनोज्ञयोः** (अमर.)।

अभिलावः (पुं.) [*लवनम्, लूञ् छेदने इति धातोः, निरभ्योः पूल्वोः ३.३.२८ इति घञ्*] धान, जौ आदिलाई हँसियाले काट्ने क्रिया। **लवोऽभिलावो लवने** (अमर.)।

अभिलाषः (पुं.) [*अभिलषणम्, अभिपूर्वकाद् लष कान्तौ इति धातोः, भावे ३.३.१८ घञ्*] १.इच्छा २.मनोरथ ३.चाहना। **इच्छा काङ्क्षा स्पृहेहा त्विड् वाञ्छा लिप्सा मनोरथः। कामोऽभिलाषस्तर्षश्च**। (अमर.)।

अभिलाषा (स्त्री.) [*अभिलषनम्, अभिपूर्वकाद् लष कान्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] इच्छा/कामना।

अभिलाषी (पुं.वि.) [*अभिपूर्वकाद् लसधातोर्णिनिः*] अभिलाषा गर्ने

अभिलाषुकः (पुं.वि.) [*अभिलष्यति, अभिपूर्वकाद् लष कान्तौ इति धातोः, लषपतपद ३.२.१५४ इत्युकञ्*] लोभी/लालसी। **लुब्धोऽभिलाषुकस्तृष्णक्** (अमर.)।

अभिलिखितः (पुं.वि.) [*अभिलिख्यते स्म, अभिपूर्वकाद् लिख विलेखने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.कुँदिएको २.कपिएको ३.अभिलेख राखिएको।

अभिलेखः (पुं.) [*अभिपूर्वकाद् लिख विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कार्यालयमा राखिएको रेकर्ड २.कुनै कामको उल्लेख गरी लेखिएको शिला/शिलापत्र। **~सङ्ग्रहालयः** (पुं.) [*अभिलेखानां सङ्ग्रहः, ष.त., तस्य आलयः, ष.त.*] प्राचीन महत्त्वपूर्ण ऐतिहासिक ग्रन्थ र सरसामग्रीहरू सङ्ग्रह गरेर राखिने ठाउँ। **~पालः** (पुं.वि.) [*अभिलेखं पालयतीति, अभिलेख-पाल रक्षणे, इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] अभिलेख राख्ने कर्मचारी।

अभिलेखालयः (पुं.) [*अभिलेखानाम् आलयः, ष.त.*] अभिलेख राख्ने घर/अभिलेख राख्ने कार्यालय।

अभिवक्ता (पुं.) [*अभिवक्ति, इति अभिपूर्वकाद् वच परिभाषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] वकिल/न्यायालयमा पेस गर्न आवश्यक मुद्दासम्बन्धी कागजात तयार पार्ने र वहस गर्ने व्यक्ति।

अभिवादः (पुं.) [*अभिवादनम्, अभिपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.वकालत २.अप्रिय वचन ३.वन्दना।

अभिवादात्परं विप्रो ज्यायांसमभिवादयेत्। असौ नामाहमस्मीति स्वनाम परिकीर्तयेत् ॥ (मनु.)

अभिवादकः (पुं.वि.) [*अभिवादयतीति, अभिपूर्वकाद् वद सन्देश-कथने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] नमस्कार गर्ने। **वन्दारुरभिवादके** (अमर.)।

अभिवादनम् (नपुं.) [*अभिमुखीकरणार्थं वादनम्, अभिपूर्वकाद् वद धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवौरनाकौ ७.१.१ इत्यनः*] १.नाम उच्चारण गरेर नमस्कार गर्नु २.गोडामा ढोग्नु। **समे तु पादग्रहणमभिवादनमित्युभे** (अमर.)।

अभिवृद्धिः (स्त्री.) [*अभिगता वृद्धिः, प्रादिस.*] वृद्धि/ प्रगति।

अभिव्यक्तः (पुं.वि.) [*अभ्यव्यज्यते स्म, अभि–विपूर्वकाद् अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] व्यक्त भएको/झल्किएको/प्रकट भएको।

अभिव्यक्तिः (स्त्री.) [*अभि–विपूर्वकाद् अञ्जू व्यक्तिमर्षणकान्ति-गतिषु इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] व्यक्त हुने क्रिया/प्रकट हुने काम।

अभिव्यक्तिवादः (पुं.) [*अभिव्यक्तेः वादः, ष.त.*] सामाजिकको मनमा रहेको स्थायिभावयुक्त रस, रससामग्रीद्वारा अभिव्यक्त हुन्छ भन्ने सिद्धान्त। यस सिद्धान्तका व्याख्याता अभिनवगुप्त हुन्।

अभिव्यञ्जकः (पुं.वि.) [*अभिव्यनक्ति इति, अभिविपूर्वकाद् अञ्जू व्यक्तिमर्षणकान्तिगतिषु इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] व्यक्त गर्ने/प्रकट गर्ने/प्रकाशक।

अभिव्यञ्जनम् (नपुं.) [*अभिविपूर्वकाद् अञ्जू व्यक्तिमर्षण कान्तिगतिषु इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.व्यक्त हुनु २.प्रकट हुनु ३.चम्कनु।

अभिव्यञ्जना (स्त्री.) [*अभिव्यञ्जनम्, अभि–विपूर्वकाद् अञ्जू व्यक्तिमर्षणकान्तिगतिषु इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.व्यक्त हुने क्रिया २.[*अभिव्यज्यतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः, टाप्*] व्यक्त गराउने साधन ३.शब्दको तेस्रो शक्ति।

अभिव्यञ्जनावादः (पुं.) [*अभिव्यञ्जनाया वादः, ष.त.*] अभिव्यञ्जनालाई नै बढी महत्त्व दिने एक साहित्यिक सिद्धान्त।

अभिव्याप्तिः (स्त्री.) [*अभिव्यापनम्, अभि–विपूर्वकाद् आप्लृ व्याप्तौ इति धातोः, क्तिनाबादिभ्यः ३.३.९४ इति क्तिन्*] चारैतिर ढाक्नु। **संमूर्छनस्त्वभिव्याप्तिः** (अभि.चि.)।

अभिशंसनम् (नपुं.) [*अभिपूर्वकात् शंसधातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पापकर्मको झुटो आरोप लगाउनु।

अभिशपनम् (नपुं.) [*अभिपूर्वकात् शपधातोर्भावे ल्युट् अनः*] १.मिथ्या प्रशंसा गर्नु २.अभिशाप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिशप्तः (पुं.वि.) [*अभिशप्यते स्म, क्तः*] श्राप परेको।

अभिशस्तः (पुं.वि.) [*अभिशष्यते स्म, अभिपूर्वकात् शसु हिंसायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मैथुनसम्बन्धी भुटो आरोप लागेको/बात लागेको। **आक्षारितः क्षारितोऽभिशस्ते** (अमर.)।

अभिशस्तिः (स्त्री.) [*अभिशंसनम्, शंसु स्तुतौ याचने च इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.माग्ने काम २.लोकापवाद। **अभिशस्तिः पुनर्लोकापवादे प्रार्थितेऽपि च** (हैम.)।

अभिशापः (पुं.) [*अभिशपनम्, अभिपूर्वकात् शप आक्रोशे इति धातोः, भावे ३.३.१८ इति घञ्*] मिथ्या आरोप.। **अथ मिथ्याभिशंसनम्। अभिशापः** (अमर.)।

अभिशीनः (पुं.वि.) [*अभिपूर्वकाद् श्यैङ् गतौ इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, विभाषाऽभ्यवपूर्वस्य ६.१.२६ इति सम्प्रसारणम्, दीर्घः पक्षे अभिश्यानः*] जमेर ठोस बनेको।

अभिषङ्गः (पुं.) [*अभिषञ्जनमिति अभिपूर्वकाद् षञ्ज सङ्गे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पराजय २.आक्रोश ३.शपथ ४.शाप। **अभिषङ्गः पुंलिङ्गः पराभवाक्रोशशपथेषु** (मेदिनी.) **शापे त्वभिषङ्गः पराभवे** (अमर.)।

अभिषवः (पुं.) [*अभिसूयते इति, अभिपूर्वकाद् षुञ् अभिषवे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] १.स्नान २.मदिरा आदि बनाउन अन्न कुहाउने काम ३.यज्ञमा सोमलताबाट रस निकाल्ने काम ४.सोमरसपान ५.यज्ञ। **भवेदभिषवः स्नाने मद्यसन्धानयज्ञयोः** (विश्व.)।

अभिषिक्तः (पुं.वि.) [*अभिषिच्यते स्म, अभिपूर्वकाद् षिच क्षरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अभिषेक गरिएको २.सेचन गरिएको ३.स्नान गरिएको।

अभिषूतम् (नपुं.) [*षूञ् अभिषवे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, उपसर्गात् ८.३.६५ इति षत्वम्*] पानीमा अनेक औषधि हालेर कुहाएको औषधि।

अभिषेकः (पुं.) [*अभिषिञ्चनम्, अभिपूर्वकात् षिच क्षरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.स्नान २.राज्याभिषेक ३.यज्ञका मूल घडाको जलले गरिने सेचन/मन्त्र पढेर पानी छर्कने काम ४.[*अभिषिच्येते रामसुग्रीवौ अत्र, अधिकरणे घञ्*] महाकवि भासद्वारा रचित एक नाटक। यसमा ६ अंक छन्। वालिको वधदेखि रामको राज्याभिषेकसम्मको रामायणको कथा यसमा वर्णित छ। सुग्रीवको राज्याभिषेक र रामको राज्याभिषेक देखाउनु यस नाटकको प्रयोजन हो। यसमा पात्रहरूको कथोपथन अत्यन्त सरल छ। छोटा छोटा प्रभावशाली वाक्यहरू छन्, वीररसको प्राधान्य छ र करुण रस अङ्गरसको रूपमा रहेको छ।

अभिषेणम् (नपुं.) [*सेनया अभियानम्, उपसर्गात्सुनोति- ८.३.६५ इति षत्वम्*] शत्रुमाथि सेनाद्वारा गरिने आक्रमण।

अभिष्टुतः (पुं.वि.) [*अभिष्टूयते स्म, अभिपूर्वकाद् ष्टुञ् स्तुतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] स्तुति गरिएको।

अभिसन्धानम् (नपुं.) [*अभि—सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.जोड/सन्धि २.उद्देश्यपूर्वक गरिएको कथन वा भाषण ३.प्रतिज्ञा। **सा हि सत्याभिसन्धाना** (रामा.) ४.धोका दिनु। **पराभिसन्धानपरं यद्यप्यस्य विचेष्टितम्** (रघु.१७.७६) ५.प्रयोजन (मिताक्षरा) सन्धि गर्नु।

अभिसन्धिः (पुं.) [*अभिसन्धानमिति अभि—सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः*] १.सम्पत्ति आदिको प्रलोभनद्वारा मित्रता गाँस्नु २.जोड ३.दुई देशका बिचको सम्झौता। यो सन्धि १६ प्रकारको हुन्छ।

अभिसम्पातः (पुं.) [*अभिसम्पतनम्, अभि—संपूर्वकात् पत्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] युद्ध/लडाइँ।

अभिसरः (पुं.वि.) [*अभितः सरति, अभिपूर्वकात् सृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.अगाडि सर्ने २.(पुं.) नोकर/सेवक।

अभिसारिका (स्त्री.) [*अभितः सरति, अभिपूर्वकात् सृ गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, टाप् ४.१.४, इत्वम् ७.२.४४*] आठ थरी नायिकामध्ये तेस्रो खालकी नायिका/आफ्नो प्रियतमसँग सङ्केतित ठाउँमा जाने वा प्रियतमलाई बोलाउने नायिका। अभिसारिका नायिका तीन थरी हुन्छन्— दिवाभिसारिका (दिनैमा जाने), शुक्लाभिसारिका (जुनेली रातमा जाने) र कृष्णाभिसारिका (अँधेरी रातमा जाने)।

अभिहारः (पुं.) [*अभिहरणम्, अभिपूर्वकात् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] लुट्नु/चोरी गर्नु/जबर्जस्ती लिनु।

अभिहितः (पुं.वि.) [*अभिधीयते स्म, अभिपूर्वकात् धा धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति ह्यादेशः*] भनिएको।

अभिहितान्वयवादः (पुं.) [*अभिहितान्वयस्य वादः, ष.त.*] कुमारिल भट्टले प्रतिपादन गरेको एक सिद्धान्त। हे. तात्पर्या वृत्ति।

अभीकः (पुं.) [*अभिकामयते, अनुकाभिका— ५.२.७४ इति साधुः*] १.स्त्रीमा लम्पट २.क्रूर ३.निर्भय ४.कवि ५.स्वामी (हला.)। **अभीकः कामुके क्रूरे निर्भये त्रिषु ना कवौ** (मेदिनी.)।

अभीक्ष्णम् (नपुं.) [*अभि क्ष्णौति, क्ष्णु तेजने इति धातोः, बाहुलकाद् डमुः, अन्येषामपि दृश्यते ६.३.१३७ इति दीर्घः*] १.सदा/सर्वदा २.बारम्बार/पुनः पुनः। **अभीक्ष्णन्तु पौनः पुन्ये सर्वदार्थे च दृश्यते** (अजय) ३.निरन्तर। **अभीक्ष्णन्तु तथा पौनःपुन्ये स्यात् सन्ततेऽपि च** (विश्व.)।

अभीप्सितम् (नपुं.) [*अभ्याप्तुमिष्यते स्म, आप्लृ व्याप्तौ इति धातोः, सन् ३.१.७, आप्ज्ञप्यृधामीत् ७.४.५५ निष्ठा इति क्तः*] इच्छा लागेको। **मेने मेनापि तत्सर्वं पत्युः कार्यमभीप्सितम्** (कु.सं.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभीरुः (पुं.वि.) [*न भीरुः, न.त.*] १.निर्भीक २.(पुं.) भैरव। **अभीरु-भैरवो भीरुर्भूतपो योगिनीपतिः** (बटुकभैरवस्तोत्र) ३.(स्त्री.) कुरिलो। **शतमूली बहुसुताऽभीरुरिन्दिवरी वरी** (अमर.)।

अभीरुपत्री (स्त्री.) [*अभिरूणि पत्राणि अस्याः सा, बहु.स., पाककर्ण ४.१.६४ इति ङीष्*] शतावरी/कुरिलो। **ऋष्यप्रोक्ताऽभीरुपत्री नारायण्यः शतावरी** (अमर.)।

अभीषङ्गः (पुं.वि.) [*अभिषञ्जनम्, अभिपूर्वकाद् षञ्ज सङ्गे इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञि– ६.३.१२२ इति दीर्घः*] गाली गर्नु २.श्राप/सराप। **आक्रोशनमभीषङ्गः** (अमर.)।

अभीषुः (पुं.) [*ईषते, ईष्यते वेति ईष गतिहिंसादर्शनेषु इति धातोः, इषे किच्च (उ.१३) इत्युः, अभिगत इषुः, प्रादिस.*] १.घोडाको लगाम २.किरण। **अभीषुः प्रग्रहे रश्मौ** (अमर.)।

अभीष्टः (पुं.वि.) [*अभीष्यते स्म, अभिपूर्वकाद् इषु इच्छायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] इच्छा गरिएको, प्यारो।

प्राणा यथात्मनोऽभीष्य भूतानामपि ते तथा (हितो.)।

अभूतपूर्वः (पुं.वि.) [*पूर्वं भूतः, भूतपूर्वः, केवलस., न भूतपूर्वः, न.त.*] पहिले नभएको।

अभूताहरणम् (नपुं.) [*अभूतस्य असत्यस्य आहरणं यत्र तत्, बहु.स.*] १.गर्भसन्धिको एक अङ्ग। २.[*अभूतस्य आहरणम्, ष.त.*] असत्यको आचरण/छल तथा कपटपूर्ण व्यवहार।

अभेदः (पुं.) [*अविद्यमानो भेदो यस्य सः, बहु.स.*] अभिन्न/भेद नभएको। **अभेदः शिवरामयोः** (पुरा.)।

अभेदरूपकम् (नपुं.) [*अभेदञ्च तद् रूपकञ्च, कर्म.स.*] उपमान र उपमेयलाई अभेद आरोप गरेर वर्णन गर्दा पर्न जाने एक अर्थालङ्कार/रूपक अलङ्कारको एक भेद।

अभेद्यः (पुं.वि.) [*भेत्तुं योग्यः, भेद्यः, न भेद्यः, न.त*] १.फोर्न नहुने वा फोर्न न नसकिने। **अस्त्राण्यनेकरूपाणि तथाऽभेद्यञ्च दंशनम्** (सप्तशती) २.(पुं.) हीरा।

अभोज्यः (पुं.वि.) [*भोक्तुं योग्यः, भोज्यः,न भोज्यः, न.त.*] खान नहुने/शास्त्रद्वारा निषिद्ध।

अभोज्यान् भुञ्जतो पुंसस्त्यक्तायासस्य दुर्मतेः।
नश्यन्त्यायुर्बलं तेजोवृद्धिर्यशः सुखानि च ॥ (वैद्यक)

अभ्यग्रः (पुं.वि.) [*अभिमुखमग्रमस्य*] नजिक।

उपकण्ठान्तिकाभ्यर्णाभ्यग्रा अप्यभितोऽव्ययम् (अमर.)।

अभ्यङ्गः (पुं.) [*अभ्यञ्जनम्, भावे ३.३.१८ इति घञ्, कुत्वम्*] शरीरमा तेल लगाएर मालिस गर्नु।

अभ्यङ्गमाचरेन्नित्यं स जराश्रमवातहा।
शिरःश्रवणपादेषु तं विशेषेण योजयेत्॥ (आयुर्वेद)

अभ्यञ्जनम् (नपुं.) [*अभितः अञ्जनम्*] १.शरीरमा तेल मालिस गर्नु २.आँखामा लगाइने सुर्मा ३.[*अभ्यज्यतेऽसौ, कर्मणि ल्युट्*] तेल।

भोजनाभ्यञ्जनाद् दानाद् यदन्यत् कुरुते तिलैः।
कृमिभूतः स्वविष्ठायां पितृभिः सह मज्जति॥ (मनुः)

अभ्यन्तरम् (नपुं.) [*अभिगतमन्तरम्, प्रादिस.*] १.माफ २.भित्र।

प्राणाप्राणौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ (भ.गी.)।

अभ्यमितः (पुं.) [*अपूर्वकात्अम गतौ इति धातोः, गत्यर्था– ३.४.७२ इति क्तः,रुष्यमत्वर–७.२.२८इति वेट्*] रोगी।

आतुरो ऽभ्यमितोऽभ्यान्तः (अमर.)।

अभ्यमित्रीणः (पुं.) [*न मित्रम्, अमित्रम्, अमित्रमाभिमुख्येनेति अभ्यमित्रम्, अभ्यमित्रमलम् गच्छतीति अभ्यमित्राच्छ च ५.२.१७ इति चात् खः, खस्येनः*] शत्रुमाथि हमला गर्ने व्यक्ति।

अभ्यमित्रीयः (पुं.) [*अमित्रस्याभिमुखम्, लक्षणेनाभिप्रती आभिमुख्ये ३.१.१४ इत्यव्ययीभावः, अभ्यमित्रमलं गामी, अभ्यमित्राच्छ च ५.२.१७ इति छः, छस्य ईयः*] पराक्रमद्वारा शत्रुसित सामना गर्न सक्ने व्यक्ति।

अभ्यमित्र्यः (पुं.) [*अमित्रस्याभिमुखम्, लक्षणेनाभिप्रती आभिमुख्ये ३.१.१४ इत्यव्ययीभावः, अभ्यमित्रमलं गामी, अभ्यमित्राच्छ च ५.२.१७ चाद् यत्*] पराक्रमद्वारा शत्रुसित सामना गर्ने व्यक्ति।

अभ्यमी (पु.वि.) [*अभिपूर्वकाद् अम गतौ इति धातोः जिदृक्षिविश्रीण्वमाव्यथाभ्यमपरिभूप्रसूभ्यश्च ३.२.१५७ इति इनिः*] १.सामुन्नेमा हिंड्ने २.रोगी।

अभ्यर्णः (पुं.) [*अभ्यर्द्यते स्म, अभ्यर्दति स्म इति वा, अर्द गतौ इति धातोः, कर्मणि ३.२.१०२ कर्तरि ३.४.४७ वा क्तः, अभेश्चाविदूर्ये ७.२.२५ इतीडभावः*] १.निकटवर्ती।

तीव्रः स्मरसन्तापो न तथादौ बाधते यथासन्ने।
तपति प्रावृषि नितरामभ्यर्णजलागमो दिवसः॥ (रत्नावली)

२.नजिक।

अभ्यर्णे परिरभ्य निर्भरमुरः प्रेमान्धया राधया (गी.गो.)।

अभ्यर्थना (स्त्री.) [*अभ्यर्थ्यते इति, अभिपूर्वकाद् अर्थ याचने इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] उठेर स्वागत गर्ने काम।

अभ्यर्थी (पुं.वि.) [*अभ्यर्थयते तच्छीलः, अभिपूर्वकाद् अर्थ याचने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] प्रार्थी/निवेदक।

अभ्यर्दितः (पु.वि.) [*अभिपूर्वकाद् अर्द हिंसायाम्, इति धातोः क्तः, इडागमः*] अत्यन्त पीडित।

अभ्यवकर्षणम् (नपुं.) [*अभ्यवकृषेः ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१*] बिझेको काँडो, बाण, गोली आदि निकाल्ने काम।

अभ्यवस्कन्दनम् (नपुं.) *अभि–अवपूर्वकात् स्कन्दिर् गतिशोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] भुक्याएर छलकपटले शत्रुमाथि हमला गर्नु।

अभ्यवस्कन्दनं त्वभ्यासादनम् (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यवहृतः (पुं.वि.) [*अभ्यवह्रियते स्मेति, अभि–अवपूर्वकाद् हृञ् हरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खाइएको ।

अभ्यसनम् (नपुं.) [*अभिपूर्वकात् असधातोर्भावे ल्युट्, अनः*] कभ्यास गर्नु/पुनः पुनः एउटै काम वा चिन्तन गर्नु । **स्वध्यायाभ्यसनञ्चैव वाङ्मयस्तप उच्यते ।**

अभ्यस्तः (पुं.वि.) [*अभ्यसति स्म, अभिपूर्वकाद् अस् धातोः, गत्यर्था– ३.४.७२ इति क्तः*] निरन्तर अभ्यास गरेको ।

अभ्याख्यानम् (नपुं.) [*अभ्याङ्पूर्वकाद् चक्षिङ् कथने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] झुटो अभियोग । **मिथ्याभियोगोऽभ्याख्यानम्** (अमर.) ।

अभ्यागतः (पुं.) [*अभ्यागच्छति स्म इति, अभि–आपूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यर्था– ३.४.७२ इति क्तः*] १.पाहुना २.सामुन्ने आएको मान्छे ।

अभ्यागमः (पुं.) [*अभ्यागमनम्, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.युद्ध २.आघात ३.रोक्ने काम ४.नजिक आउने काम । **अभ्यागमः समरेऽन्तिके । घाते रोधेऽभ्युपगमे** (हैम.) ।

अभ्यागारिकः (पुं.) [*अभ्यागारे व्यापृतः, अगारान्ताट्ठन् ४.४.७० इति ठन्, इकः*] घरको कामधन्दामा व्यग्र/पत्नी छोराछोरी आदिको पालनपोषणमा व्यस्त/जहानिया ।

अभ्याघाती (पुं.) [*अभि–आङ्पूर्वकाद् हन हिंसागत्योः इति धातोः सम्पृचानुरुधा ३.२.१४२ इति घिनुण्, हनस्त च ३.१.१०८ इति तः, होहन्तेर्ञ्णिन्नेषु ७.३.५४ इति कुत्वम्, वृद्धिः*] डाका/हाकाहाकी लुटेरा ।

अभ्यादानम् (नपुं.) [*आभिमुख्येनादानम्, अभि–आङ्पूर्वकाद् डुदाञ् दाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] प्रारम्भ/सुरु । **प्रथमः स्यादुपक्रमः । स्यादभ्यादानमुद्घात आरम्भः** (अमर.) ।

अभ्यान्तः (पुं.) [*अभ्यमति स्मेति, अभिपूर्वकाद् अम गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, रुष्यमत्वर ७.२.२८ इति वेट् इडभावे अनुनासिकस्य ६.४.१५ इति दीर्घः*] रोगी । **आतुरोऽभ्यमितोऽभ्यान्तः** (अमर.) ।

अभ्यामर्दः (पुं.) [*अभ्यामर्दनम्, इति अभि–आङ्पूर्वकाद् मृद क्षोदे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.लडाइँ २.हमला । **अभ्यामर्दस्तु पुंसि स्यादवमर्दे संपराये च** (मेदिनी.) ।

अभ्याशः (पुं.) [*अभ्यश्यते, अभिपूर्वकाद् अशू व्याप्तौ इति धातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] नजिक । **सदेशाभ्याशसविधसमर्यादसवेशवत्** (अमर.) ।

अभ्यासः (पुं.) [*अभिपूर्वकाद् असु उपवेशने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चित्तलाई सबैतिरबाट हटाई बारम्बार एकै कुरामा लगाउनु २.जान्न.सिपालु हुन वा झट्ट सम्झने गराउन एकै कुरा बारम्बार दोहोऱ्याउने काम । **भावाभ्यसनमभ्यासः शीलनं सततक्रिया** (चरक) **पौनःपेन्येन करणमभ्यास इति कथ्यते ।** (योगवाशिष्ठ) **अभ्यासात्प्राप्यते दृष्टिः कर्मसिद्धिप्रकाशिनी ।** (सुभा.) ३.एक अलङ्कार । यसमा गर्न नसकिने कामको सिद्धि प्रदर्शन गरिएको हुन्छ । ४.चित्तको स्थिरताको लागि निरन्तर कोसिस गर्नुलाई योगशास्त्रमा अभ्यास भनिन्छ । योगमा लागेको साधकलाई योगबाट विचलित पार्ने व्याधि, स्त्यान, संशय, प्रमाद, आलस्य, अविरति, भ्रान्तिदर्शन, अलब्धभूमिकत्व, अनवस्थितत्व, दौर्मनस्य आदि विघ्न हटाउन एक तत्त्वको अभ्यास गर्नुपर्छ । **तत्र स्थितो यत्नोऽभ्यासः** (यो.सू. १.१३) **तत्प्रतिषेधार्थमेकतत्त्वाभ्यासः** (यो.सू. १.३२) । त्यसका उपायहरू– पहिलो उपाय– सुखी, दुःखी, पुण्यात्मा र पापात्मा यी चारसँग मित्रता, दया, प्रसन्नता र उपेक्षाको भाव देखाउँदा चित्त सफा हुन्छ । यसैले यी चार कुराको अभ्यास साधकले गर्नुपर्छ । **मैत्रीकरुणामुदितोपेक्षाणां सुखदुःखपुण्यापुण्यविषयाणां भावनातश्चित्तप्रसादनम्** (यो.सू. १.३३) दोस्रो उपाय–प्राणवायुलाई निरन्तर निकाल्ने र रोक्ने क्रिया (प्राणायाम) बाट चित्त सफा हुन्छ । **प्रच्छर्दनविर्मदनाभ्यां वा प्राणस्य** (यो.सू. १.३४) तेस्रो उपाय– विषयसम्बन्धी अभ्यास गर्दा गर्दा साधकलाई दिव्य विषयको अनुभव गराउने प्रवृत्ति उत्पन्न हुँदा मनको उत्साह र विश्वास योगमार्गमा बढ्न गई चित्तको स्थिरता हुन्छ । **विषयवती वा प्रवृत्तिरुत्पन्ना मनसः स्थितिनिबन्धनी** (यो.सू. १.३५) चौथो उपाय– अभ्यास गर्दा गर्दा शोकरहित ज्योतिष्मती प्रवृत्ति (प्रकाशमय प्रवृत्ति) को अनुभव हुँदा पनि मनको स्थिरता हुन्छ । **विशोका वा ज्योतिष्मती** (यो.सू. १.३६) पाँचौँ उपाय– वीतराग (रिस, ममता, द्वेष आदि नष्ट भएका) पुरुषलाई ध्येय बनाएर अभ्यास गर्ने व्यक्तिको चित्त पनि स्थिर हुन्छ । **वीतरागविषयं वा चित्तम्** (यो.सू. १.३७) छैटौँ उपाय– स्वप्नमा कुनै अलौकिक अनुभव हुँदा अर्थात् इष्टदेव आदिको दर्शन हुँदा त्यसैको चिन्तन वा स्मरण गर्दा निद्रामा चित्तका वृत्तिहरू नचले झैँ हुन्छन्, त्यस्तो अवस्थालाई लक्ष्य बनाएर अभ्यास गर्दा चित्तको स्थिरता हुन्छ । **स्वप्ननिद्रा ज्ञानालम्बनं वा** (यो.सू. १.३८) । सातौँ उपाय– जसलाई जुन साधन अनुकूल पर्ने वा रुचि लाग्ने हुन्छ, त्यस्तो साधनद्वारा अभ्यास गर्दा चित्त स्थिर हुन्छ । **यथाभिमतध्यानाद्वा** (यो.सू. १.३९) तर त्यस्तो (माथि बताएअनुसारको) अभ्यास धेरै कालसम्म लगातार विश्वास र श्रद्धासाथ साङ्गोपाङ्ग सेवन गर्दा पक्का अवस्थाको उदय हुन्छ । (यो.सू. १.१४) अर्थात् गरिएको अभ्यास कहिल्यै व्यर्थ हुँदैन, अभ्यासद्वारा नै चिताएको कुरा पाउन सकिन्छ भन्ने विश्वास राखी प्रेमपूर्वक हरहमेसा अभ्यास गर्दै रहेमा सफलता प्राप्त हुन्छ । जुन अभ्यासद्वारा चित्त स्थिर हुन्छ, तब साधकले परमाणुदेखि परम महत्तत्त्वको अन्त्यसम्मका पदार्थलाई आफ्नो अधिकारमा

६ले 32260

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याउन सक्छ। **परमाणुपरममहत्त्वान्तोऽस्य वशीकारः।** (यो.सू.१.४०) ५.निरन्तर काव्यरचनामा हुने संलग्नता/तीन काव्यहेतुमध्ये एक हेतु।

अभ्यासादनम् (नपुं.) [*अभि आङ्पूर्वकाद् षद्लृ विसरणादौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.शक्तिहीन तुल्याउनु २.छल गरेर एकाएक शत्रुमाथि आक्रमण गर्ने काम। **अभ्यवस्कन्दनं त्वभ्यासादनम्** (अमर.)।

अभ्युत्थानम् (नपुं.) [*अभि–उत्पूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.स्वागतका लागि उठ्ने काम।

नाभ्युत्थाना क्रिया यत्र नालापा मधुराक्षरा।
गुणदोषकथा नैव तस्य हर्म्ये न गम्यते ॥ (प.त.)

२.आविर्भाव/ उदय।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ (भ.गी)

३.सूर्योदय ४.अभ्युदय/ उन्नति।

अभ्युदयः (पुं.) [*उदयमभिगतः, प्रादिस.*] १.उत्पत्ति २.उदय/उन्नति

विपदि धैर्यमथाभ्युदये क्षमा
सदसि वाक्पटुता युधि विक्रमः।
यशसि चाभिरुचिर्व्यसनं श्रुतौ
प्रकृतिसिद्धमिदं हि महात्मनाम् (नी.श.)।

३.पराक्रम। **यद्बाहुदण्डाभ्युदयानुजीविनो यदुप्रवीराः** (भाग.)।

अभ्युदितः (पुं.वि.) [*अभि सर्वतः, उत् अतिशयेन इतं गतं प्रातस्तनं कर्म अस्मात्*] १.सूर्योदयको समयमा सुतिरहने।

सुप्ते यस्मिन्नस्तमेति सुप्ते यस्मिन्नुदेति च।
अंशुमानभिनिर्मुक्ताभ्युदितौ च यथाक्रमम् (अमर.)।

२.[*अभ्युदयति स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.उदाएको २.उन्नति प्राप्त गरेको।

अभ्युपगतः (पुं.वि.) [*अभ्युपगच्छति स्म, अभि उपपूर्वकाद् गम्धातोः गत्यर्थाकर्मक इति क्तः*] १.स्वीकार गरिएको २.नजिक आएको ३.सिद्धान्तको रूपमा निर्धारित ४.अड्कल गरिएको ।

अभ्युपगमः (पुं.) [*अभ्युपगमनम्, अभि उपपूर्वकाद् गम्लृ गतौ इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.स्वीकार २.नजिकै जानु । **अभ्युपगमस्तु पुंसि स्वीकारे निकटगमने च** (विश्व.) ३.प्रतिज्ञा **प्रसीदेति ब्रूयामिदमसति कोपे न घटते करिष्यामेवं नो पुनरिति भवेदभ्युपगमः** (रत्नावली) ४.अनुमति ५.अनुमोदन।

अभ्युपपत्तिः (स्त्री.) [*अभ्युपपादनम् इति, अभि–उपपूर्वकाद् पद गतौ इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.अनुग्रह। **अभ्युपपत्तिरनुग्रहः** (अमर.) २.रक्षा।

कामिनीषु विवाहेषु गवां भक्ष्ये तथेन्धने।
ब्राह्मणाभ्युपपत्तौ च शपथे नास्ति पातकम् ॥ (मनु.)

अभ्युपायः (पुं.) [*उपायनम्, उपपूर्वकाद् इण्धातोर्भावे घञ्*] १.स्वीकार (हेम.) २.उपाय। **अनेकैरभ्युपायैस्ते जिघांसन्ति स्म पाण्डवान्** (म.भा.)।

अभ्युपायनम् (नपुं.) [*अभ्युपैति समीपं गच्छत्यनेन, करणे ल्युट् अनः*] कोसेली/सम्मानजनक उपहार। **तावानय समं गोपैर्नन्दाद्यैः साभ्युपायनैः** (भाग.)।

अभ्यूषः (पुं.) [*अभ्यूषति अभ्यूषयते वा इति, अभिपूर्वकाद् ऊष रुजायाम् इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, भावे ३.३.१८ इति घञ् वा*] भुटेको मकै, गहूँ आदि। **आपक्वं पौलिरभ्यूषः** (अमर.)।

अभ्र (धा.) [*गतौ, भ्वा.सक.सेट्, पर.*]– जानु। लट्– **अभ्रति**– जान्छ। लिट्– **आनभ्र**– गएछ (अन.), इत्यादि।

अभ्रंलिहः *(पुं.वि.) [अभ्रं लेढि, वहाभ्रे लिहः ३.२.३२ इति खश्, मुम्] अशिय अग्लो।*

अभ्रम् (नपुं.) [*अपो बिभर्तीति, अप्पूर्वकाद् डु भृञ् धारणपोषणयोः, इति धातोः, मूलविभुजादित्वात् ३.२.५ कः, यद्वा आपो भ्रश्यन्ति अस्मात्, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, टिलोपः, अथवा अभ्रति गच्छतीति, अभ्र गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ अच्*] १.मेघ २.सुवर्ण ३.धातुविशेष। ४.[*न बिभर्ति किञ्चित्, पूर्ववत् अच्*] आकाश। **अभ्रं मेघे च गगने धातुभेदे च काञ्चने** (विश्व.)।

अभ्रकम् (नपुं.) [*अभ्रस्य प्रतिकृतिरिति इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] खानिबाट निकालिने एक धातु। यो पहाडमा ठुलो चट्टानको रूपमा रहेको हुन्छ। यसलाई निकाली सफा गरी ऐनाको सट्टा काममा ल्याइन्छ। यसको धुलो देवताको पूजामा चढाइन्छ। यसलाई जडीबुटीको रसमा हाली पुट गरी औषधिको काममा ल्याइन्छ। अभ्रख चार किसिमको हुन्छ– अभ्रख कालो, अभ्रख पहेँलो, अभ्रख रातो र अभ्रख सेतो।

अभ्रङ्कषः (पुं.वि.) [*अभ्रं कषतीति, सर्वकूलाभ्रकरीषेषु कषः ३.२.४२ इति खच्, मुम् च*] १.आकाश छुने/अत्यन्त अग्लो। **प्रासादमभ्रङ्कषमामारुरोह**। (रघु.) २.(पुं.) वायु (पाणिनि) ३.अग्लो पहाड।

अभ्रपुष्पः (पुं.) [*अभ्रमिव अभ्रसमये वा पुष्पमस्य, बहु.स.*] वेत।

अभ्रमातङ्गः (पुं.) [*अभ्रात्मकः मातङ्गः, म.प.स.*] इन्द्रको हात्ती।

अभ्रमाला (स्त्री.) [*अभ्राणां माला, ष.त.*] मेघको पङ्क्ति वा समूह।

अभ्रमुः (स्त्री.) [*अभ्रे आकाश एव माति, अभ्रपूर्वकाद् मा माने इति धातोः, मृगय्वादयश्च (उ. ३९) इति कुः, न भ्राम्यति, नञ्पूर्वकाद् भ्रम भ्रान्तौ इति धातोः, उः वा*] दिग्गज ऐरावतकी पत्नी।

अभ्रमुवल्लभः (पुं.) [*अभ्रमोः वल्लभः, ष.त.*] ऐरावत हात्ती।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्रिः (स्त्री.) [*अभ्रतीति, अभ्र गतौ इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] काठ आदिबाट बनाएको कोदालो । **अभ्रिः स्त्री काष्ठकुदालः** (अमर.) ।

अभ्रितः (पुं.वि.) [*अभ्रं सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] बादल लागेको/बादलले ढाकेको ।

अभ्रियः (पुं.) [*अभ्रे भवः, समुद्राभ्राद् घः ४.४.११८ इति घः, घस्येयः ७.१.२*] मेघबाट उत्पन्न/मेघमा पैदा भएको । **त्रिषु मेघभवेऽभ्रियम्** (अमर.) ।

अभ्रेषः (पुं.) [*भ्रेषादन्यः, न.त.*] आफ्नो स्थान वा पदबाट तल नझर्नु/स्तर कायम राख्नु/पदअनुसारको आचरणबाट तल नखस्नु । **भ्रेषो भ्रंशो यथोचितात्** (अमर.) ।

अम् (अव्य.) [*अमति, अम्धातोः क्विप्, स्वरादिपाठादस्याव्ययत्वम्*] १.छिटो २.थोरै ।

अम (धा.) [*गत्यादिषु, भ्वा. सक.सेट् पर.*]– जानु, शब्द गर्नु, सेवा गर्नु । लट्– **अमति**– जान्छ, शब्द गर्छ, सेवा गर्छ । लिट्– **आम**– गएछ, शब्द गरेछ, सेवा गरेछ (अन.) । लुट्– **अमिता**– जाने छ, शब्द गर्ने छ, सेवा गर्ने छ (अन.) । लृट्– **अमिष्यति**– जाने छ, शब्द गर्ने छ, सेवा गर्ने छ । लोट्– **अमतु**– जाओस्, शब्द गरोस्, सेवा गरोस् । लङ्– **आमत्**– गयो, शब्द गर्‍यो, सेवा गर्‍यो (अन.) । विधिर्लिङ्– **अमेत्**– जाला, शब्द गर्ला, सेवा गर्ला । आशीर्लिङ्– **अम्यात्**– जाओस् शब्द गरोस्, सेवा गरोस् । लुङ्– **अमीत्**– गयो, शब्द गर्‍यो, सेवा गर्‍यो । लृङ्– **अमिष्यत्**– जाने थियो, शब्द गर्ने थियो, सेवा गर्ने थियो इत्यादि ।

अम (धा.) [*रोगे, चुरा.सक.सेट् उभ.*]– बिरामी हुनु, रोगी हुनु । लट्– **आमयति-ते**– बिरामी हुन्छ,रोगी हुन्छ । लिट्– **आमयाञ्चकार-चक्रे**– बिरामी भएछ, रोगी भएछ (अन.) । लुट्– **आमयिता**– बिरामी हुने छ, रोगी हुने छ (अन.) । लृट् **आमयिष्यति-ते**– बिरामी हुने छ, रोगी हुने छ । लोट्– **आमयतु–ताम्**– बिरामी होओस्, रोगी होओस् । लङ्– **आमयत्-त**– बिरामी भयो, रोगी भयो (अन.) । विधिर्लिङ्– **आमयेत्-त**– बिरामी होला, रोगी होला, बिरामी होओस् । आशीर्लिङ्– **आम्यात्–आमयिषष्ट**– बिरामी होओस्, रोगी होओस् । लुङ्– **आमिमत्-त**– बिरामी भयो, रोगी भयो । लृङ्– **आमयिष्यत्-त**– बिरामी हुने थियो, रोगी हुने थियो इत्यादि ।

अमतपरार्थता (स्त्री.) [*अमतःप्रकृतरसविरोधिरसव्यञ्जकत्वादनभिमतः परार्थो द्वितीयार्थो यस्य वाक्यस्य, तस्य भावस्तत्ता*] दोस्रो अर्थ मुख्य रसको विपरीत हुँदा पर्न जाने वाक्यदोष । जस्तै– **त्यक्तहारमुरः कृत्वा शोकेनालिङ्गिताङ्गना** । यसमा पहिलो अर्थ करुणरसपरक छ भने दोस्रो अर्थ त्यस रसको विरोधी शृङ्गारसपरक छ । अथवा **राम-काम-शरले निपीडित रक्तचन्दन लिपेर चित्रित । राक्षसी पुगि गई हतारमा प्राणका अधिपको निवासमा ॥** यसमा पहिलो अर्थ राक्षसी मरेर यमलोक गई भन्ने छ भने दोस्रोमा त्यसको विरोधी रस शृङ्गार रससँग सम्बद्ध प्रेमी कहाँ गई भन्ने अर्थ जोडिएकाले अमतपरार्थतादोष परेको छ । यो नित्य दोष हो ।

अमत्रम् (नपुं.) [*अमति भुङ्क्तेऽन्नमत्र,अम गत्यादिषु, इति धातोः, अमिनक्षियजिवधिपतिभ्योऽत्रन् (उ) ३९२ इति अत्रन्*] भाँडा । **सर्वमावपनं भाण्डं पात्रामत्रञ्च भाजनम्** (अमर.) ।

अमनिः (स्त्री.) [*अमत्यत्र,अम गतौ इति धातोः, अर्तिसृधृधम्यश्यवितृभ्योऽनिः (उ.) २६७ इति अनिः*] बाटो (उ.को.) ।

अममः (पुं.) [*नास्ति ममेत्यभिमानो यस्य सः, बहु.स.*] १.भावी जिनविशेष २.(पुं.वि.) सांसारिक विषयमा ममता नभएको ।

अप्रयत्नः सुखार्थेषु ब्रह्मचारी धराशयः ।
शरणेष्वममश्चैव वृक्षमूलनिकेतनः ॥ (मनु.)

अमरः (पुं.) [*न म्रियते इति मृङ् प्राणत्यागे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्*] १.देवता. २.पारो ३.तेत्तिसको सङ्ख्या ४.अस्थिसंहारनामक वृक्ष ५.सिउँडीको बोट ६.उनन्चास वायुमध्ये एक वायु, ७.अमरसिंह ८.(पुं.वि.) नमर्ने/मृत्युरहित ।

अमरस्त्रिदशेऽप्यस्थिसंहारे कुलिशद्रुमे ।
स्त्री गडुच्यमरावत्योः स्थूणादूर्वाजरायुषु (मेदिनी.) ।

अमरकोषः (पुं.) [*अमरेण प्रणीतः कोषः, म.प.स.*] अमरसिंहले बनाएको संस्कृत शब्दकोश । यो नामलिङ्गानुशासन कोष हो । यसका तीन काण्ड छन् । प्रथमकाण्डभित्र स्वर्गवर्ग, व्योमवर्ग, दिग्वर्ग, कालवर्ग धीवर्ग, शब्दादिवर्ग, नाट्यवर्ग, पातालभोगिवर्ग, नरकवर्ग र वारिवर्ग पर्दछन् । द्वितीय काण्डमा भूमिवर्ग, पुरवर्ग, शैलवर्ग वनौषधिवर्ग, सिंहादिवर्ग, मनुष्यवर्ग, ब्रह्मवर्ग, क्षत्रियवर्ग, वैश्यवर्ग र शूद्रवर्ग छन् । तृतीय काण्डमा विशेष्यनिघ्नवर्ग, सङ्कीर्णवर्ग नानार्थवर्ग, अव्ययवर्ग र लिङ्गादिसङ्ग्रहवर्ग पर्दछन् । यसमा अनुष्टुप् छन्दको प्रयोग भएको छ । यो संस्कृतभाषाको लोकप्रिय ग्रन्थ हो । यसमा प्रशस्त टीका लेखिएका छन् । तीमध्ये केही टीका र टीकाकारहरू–**व्याख्याप्रदीप**– अच्युतोपाध्याय, **क्रियाकलाप**– आशाधर, **काशिका**– काशीनाथ, **अमरकोशोद्घाटनम्**– क्षीरस्वामी, **बालबोधिनी**– गोस्वामी, **अमरकौमुदी**– नयनानन्दरामचन्द्र, **अमरकोशपञ्जिका**– नारायणशर्मा, **शब्दार्थदीपिका**– नारायणविद्याविनोद, **सुबोधिनी**– नीलकण्ठ, **अमरकोश माला**– परमानन्द, **अमरकोशपञ्जिका**– बृहस्पति, **मुग्धबोध**– भरतमल्लिक, **व्याख्यासुधा**– भानुजीदीक्षित, **बालबोधिनी**– मञ्जुभट्ट, **सारसुन्दरी**– मथुरेशविद्यालङ्कार, **अमरपदपारिजात**– मल्लिनाथ, **बुधमनोहरा**– महादेवतीर्थ, **अमरविवेक**– महेश्वर, **अमरबोधिनी**– मुकुन्द शर्मा, **त्रिकाण्डचिन्तामणि**– रघुनाथचक्रवर्ती, **अमरकोशव्याख्या**–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राघवेन्द्र, **अमरवृत्ति**– रामस्वामी, **प्रदीपमञ्जरी**– रामेश्वर शर्मा, **पदचन्द्रिका**– रायमुकुट, **अमरव्याख्या**– लक्ष्मण शास्त्री, **अमरबोधिनी**– लिङ्गभट्ट, **पदमञ्जरी**– लोकनाथ, **व्याख्यामृतम्**– शङ्कराचार्य, **पीयूषव्यख्या**–रामकृष्णदीक्षित, **अमरटीका**– श्रीधर, **टीकासर्वस्वम्**– सर्वानन्द, **अमरपद्ममुकुटम्**– रङ्गाचार्य, **अमरविवेक**– महेश्वर आदि। नेपालमा पनि कुलचन्द्र गौतमको अमरकोशको टीका निकै प्रसिद्ध छ। राष्ट्रिय अभिलेखालयमा नेपालीले गरेका अन्य टीका पनि उपलब्ध छन्। यस सन्दर्भमा महेशराज पन्तद्वरा सम्पादित तथा दुई भागमा प्रकाशित जातरूपको **टीका** निकै महत्त्वपूर्ण छ।

अमरचन्द्रः (पुं.) काव्यशास्त्रका एक आचार्य। यिनको समय तेह्रौं शताब्दी हो। यिनले काव्यको व्यावहारिक शिक्षा दिन काव्यकल्पलता नामक ग्रन्थ लेखेका छन्। यो कृति चार प्रतानमा विभक्त छ– छन्दःसिद्धि, शब्दसिद्धि, श्लेषसिद्धि र अर्थसिद्धि। काव्यरचना गर्न चाहने व्यक्तिका लागि यो ग्रन्थ मार्गदर्शक छ।

अमरचन्द्रसूरिः (पुं.) तेह्रौं शताब्दीका प्रसिद्ध जैन कवि। यिनको रचना बालभारत महाकाव्य हो। यसमा ४४ सर्ग र ६९५० श्लोक छन्। महाभारतको कथालाई संक्षेपमा वर्णन गरिएको छ, यस महाकाव्यमा। यिनका अरू रचनामा कविकल्पलता, छन्दोरत्नावली, स्याच्छब्दसमुच्चयः, पद्मानन्द आदि छन्।

अमरनाथः (पुं.) १.भारतको काश्मीर क्षेत्रमा पर्ने प्रसिद्ध एक तीर्थ। समुद्रबाट १६००० फिट अग्लो पर्वतमा ६० फुट लम्बाइ र ३० फुट चौडाइ भएको एक प्राकृतिक गुफा छ। त्यसै गुफामा

हिमनिर्मित प्राकृतिक पीठमाथि हिमनिर्मित एक शिव लिङ्ग छ। अमरनाथ गुफामा एक शक्तिपीठ र एक गणेशपीठ पनि छन्। यहाँको शक्तिपीठ ५१ शक्तिपीठमा एक मानिन्छ। पौराणिक कथनअनुसार यसै स्थलमा सतीदेवीको घाँटी खसेको थियो। अमरनाथको गुफाको तल अमरगङ्गा छ। यात्रीहरू त्यहाँ स्नान गरेर अमरनाथको दर्शन गर्दछन्। गुफामाथि पर्वतको टाकुरामा रामकुण्ड छ। त्यसको पानी गुफाभित्र थोपा थोपा भएर चुहिरहेको हुन्छ। गुफाको एक छेउमा खरानीजस्तो सेतो माटो निक्लिरहेको हुन्छ। यात्रीहरूले त्यसै माटोलाई प्रसादको रूपमा ग्रहण गर्दछन्। गुफामा खास जाडाको अनुभव हुँदैन। यहाँ पुग्न काश्मीरको पहलगाउँबाट चन्दनबाडी ८ माइल, चन्दनबाडीबाट शेषनाग ७ माइल, शेषनागबाट पञ्चतरणी साँढे ८ माइल, पञ्चतरणीबाट अमरनाथ साँढे ३ माइल गरी जम्मा २७ माइल उकालो हिँड्नुपर्दछ। पहलगाउँबाट शेषनाग बसेर अर्को दिन अमरनाथ पुग्न सकिन्छ। फर्कदा यात्रीहरू पञ्चतरणीमा बसेर अर्को दिन पहलगाउँ आइपुग्छन्। अमरनाथयात्रा गुरुपूर्णिमाबाट प्रारम्भ हुन्छ र प्रायः श्रावणपूर्णिमासम्म चल्छ। २.काश्मीरमा पर्ने अर्को अमरनाथ। यसलाई वृद्ध अमरनाथ भन्दछन्। वरिपरि प्राकृतिक पोखरी छन्। मन्दिर एउटै सेतो पत्थरले बनेको छ। अमरनाथको मूर्तिको फेदबाट पानी निक्लिएर पोखरीमा जान्छ। यहाँ पुलस्त्या नदी पनि छ। त्यसै नदीको किनारमा पुलस्त्यको आश्रम थियो। (तीर्थाङ्क, कल्याण)

अमरपदम् (नपुं.) [*अमरञ्च तत्पदम्, कर्म.स.*] मोक्ष/मुक्ति।

अमरसिंहः (पुं.) १.नेपालका विभूतिमध्ये एक विभूति २.अमरकोष बनाउने एक विद्वान्। यिनलाई कसैले चौथो, कसैले पाँचौं शताब्दीका हुन् भनेका छन्। कसैको मतमा विक्रमादित्यका नवरत्न विद्वान् मध्येका एक हुन् भन्ने छ। कसैले यिनलाई नेपालका बौद्ध सम्प्रदायी (बाणा) हुन् पनि भनेका छन्। यिनको ग्रन्थ अमरकोष हो। हे. अमरकोष।

अमरवारुणी (स्त्री.) [*अमरा चासौ वारुणी च, कर्म.स.*] हठ योगमा वर्णित खेचरी मुद्रामा योगी वा साधकहरूले जिभ्रालाई उल्टाएर कपालकुहरमा प्रवेश गराई सहस्रारपद्मको मूलमा रहेको त्रिकोणाकार शक्तिकेन्द्र वा चन्द्रस्थानबाट झरेको अमृत पिउने गर्छन्। यही अमृत अमरवारुणी हो।

जिह्वाप्रवेशसम्भूतो वह्निनोत्पादितः किल।
चन्द्रात्स्रवति यः सारः स स्यादमरवारुणी॥ (ह.यो. प्र.)

अमराः (पुं.बहु.) [*न म्रियन्ते इति, मृङ् प्राणत्यागे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, न मराः, न.त.*] देवता। **अमरा निर्जरा देवास्त्रिदशा विबुधाः सुराः** (अमर.)।

अमरा (स्त्री.) [*न म्रियते इति, पचाद्यच्,अजाद्यतष्टाप् इति टाप्*] १.दुबो २.देवकन्या ३.[*अमराः सन्त्यस्याम्, अर्शाद्यच्, टाप्*] अमरावती ४.[*न म्रियतेऽनया, ऋदोरप् इत्यप्, टाप्*] गर्भमा बच्चा बस्ने साल ५.जडीबुटीविशेष ६. घिउकुमारी ७.नाभिको नाल ८.ढुङ्गा वा धातुको प्रतिमा/सालिक।

अमरावती (स्त्री.) [*अमराः सन्त्यस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मतौ बह्वचोऽनजिरादीनाम् ६.३.११९ दीर्घः, मतुबो वतुप्, उगितश्च ६.३.४५ इति ङीप्*] १.इन्द्रको सहर। भनिन्छ–आकाश गङ्गाले यसलाई घेरेको छ। **नगरी त्वमरावती** (अमर.) २.कृष्णा नदीको तटमा रहेको एक प्राचीन सहर। यो आज खण्डहर भएको छ। प्राचीन बौद्ध कारिगरी यहाँ भेटिएका छन्।

अमरुकः (पुं.) एक प्रसिद्ध कवि। यिनले अमरुशतकम् नामक शृङ्गार रसप्रधान काव्य रचेका छन्। यिनको समय ई.को सातौं वा आठौं शताब्दी हो। काव्यप्रकाश, कुवलयानन्द आदि ग्रन्थमा अमरुकशतकका पद्यहरू उद्धृत छन्। यिनका कविता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसपरिपाकका दृष्टिले अति उत्कृष्ट छन्॥ यी सम्भवतः काश्मीरका कवि हुन्।

अमर्त्याः (पुं.ब.) [*म्रियन्तेऽस्मिन्निति मर्तो भूलोकः, हसिमृग्रिण् वामिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३ इति तन्,, तत्र भवा अप्युपचारान्मर्ताः, ततश्च मर्त एव, नवसूरमर्तयविष्ठेभ्यो यत् (वा.) ५.४.३६ इति स्वार्थे यत्, तद्भिन्नाः*] १.देवता २.कहिल्यै नमर्ने ३.[*मर्त्याद् भिन्नाः*] मर्त्यलोक बाहिरका।

अमर्षः (पुं.) [*मर्षणम्, मृष तितिक्षायाम् इति धातोः भावे ३.३.१८ इति घञ्, न मर्षः, न.त.*] १.रिस। **कोपक्रोधामर्षरोषप्रतिघा रुट्क्रुधौ स्त्रियौ** (अमर.) २ एक व्यभिचारिभाव।

अमर्षणः (पुं.वि.) [*न मर्षशीलः, क्रुधमण्डार्थेभ्यश्च ३.२.१५१ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] सहन नसक्ने/रिसाहा। **क्रोधनोऽमर्षणः कोपी** (अमर.)। **अमर्षणः शोणितकाङ्क्षया किं पदा स्पृशन्तं दशति द्विजिह्वः** (सुभा.)।

अमलः (पुं.विं) [*न विद्यते मलं यस्य सः, बहु.स.*] निर्मल/शुद्ध। **भवताऽनुदितप्रायो यशो भगवतोऽमलम्** (भाग.१.५.८)।

अमलम् (नपुं.) [*अमति, अम गतौ इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११ इति कलच् अथवा न मलमस्य, न.बहु.स.*] १.अभ्रख। **अमलं त्वभ्रके क्लीबम्** (मेदिनी.) २.(वि.) मल अथवा पाप नभएको/पवित्र।

अमला (स्त्री.) [*अमति, अम गतौ इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११ इति वलच् अथवा न जायते मलं पापं यया सा न.बहु., टाप् ४.१.४*] लक्ष्मी। **अमलं त्वभ्रके क्लीबं लक्ष्म्यां स्त्री निर्मले त्रिषु** (मेदिनी.)।

अमलीकरणम् (नपुं.) [*न मलम्, अमलम्, तद् यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५ अभूततद्भावे, इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्, एवमेव निर्मलीकरणादयः*] १.फोहर मैला सफा गर्नु २.शुद्ध तुल्याउनु ३.पवित्र पार्नु।

आसुरं कुलमनादरणीयं चित्तमेतदमलीकरणीयम्।
रामधामशरणीकरणीयं लीलया भवजलं तरणीयम्॥
(सुभा.)

अमलेश्वरः (पुं.) [*अमलश्चासौ ईश्वरश्च, कर्म.स.*] नर्वदा नदीको किनारमा अवस्थित एक शिवलिङ्ग। यो विष्णुपुरमा पर्दछ। ओङ्कारेश्वर र अमलेश्वर दुवै एकै ज्योतिर्लिङ्ग हुन्। **ओङ्कारेश्वर** प्रणव लिङ्ग हो भने **अमलेश्वर** पार्थिव लिङ्ग हो। हे. **ओङ्कारेश्वरः**।

अमा (अव्य.) [*न माति, मा माने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] १.सँग/साथै २.नजिकै। **अमा सह समीपे च** (अमर.) **अमा सह सन्निधाने वा वसतः सूर्याचन्द्रमसावस्यामिति अमावस्या** (रूपमाला)।

अमांसः (पुं.) [*न अल्पं मांसमस्य सः, अल्पार्थे नञ्, न.बहु*] दुब्लो/पातलो/ख्याउटे। **अमांसो दुर्बलश्छातः** (अमर.)।

अमात्यः (पुं.) [*अमा सह समीपे वा भवः, अव्ययात्त्यप् ४.२.१०४ इति त्यप्*] मन्त्री/सचिव। **मन्त्री धीसचिवोऽमात्यः** (अमर.)।

अमाननम् (नपुं.) [*न माननम्, न.त.*] अनादर। **अतुष्टिदानं कृतपूर्वनाशनममाननं दुश्चरितानुकीर्तनम्। कथाप्रसङ्गेन च नामविस्मृतिर्विरक्तभावस्य जनस्य लक्षणम्॥** (हितो.)

अमान्यः (पुं.वि.) [*मानयितुं योग्यः, मान्यः, न मान्यः, न.त.*] मान्य नभएको।

अमामसी (स्त्री.) [*अमा सह वसतोऽस्यां चन्द्रार्कौ, मसी परिणामे इति धातोः, इणजादिभ्यः (वा.) ३.३.१०८ इति इण्*] औँसी।

अमामासी (स्त्री.) [*अमा सह सूर्येण मासो यस्यां सा, गौरादितया ङीष्*] औँसी।

अमावसी (स्त्री.) [*अमा सह वसतोऽस्यां चन्द्रार्कौ, वसतेरिन्प्रत्ययः (उ.) ४.११८ ततो ४.१.४५(ग.) इति ङीष्*] औँसी।

अमावस्या (स्त्री.) [*अमा (सह) वसतोऽस्यां चन्द्रार्कौ, इति अमापूर्वकाद् वस निवासे इति धातोः, अमावस्यादन्यतरस्याम् ३.१.१२२ इति ण्यत्, वृद्धिः, पक्षे वृद्ध्यभावः*] औँसी तिथि/चान्द्रमहिनाको अन्तिम तिथि। यसलाई पञ्चाङ्गमा ३० ले जनाइन्छ। **अमावस्या त्वमावास्या दर्शः सूर्येन्दुसङ्गमः** (अमर.)।

अमावासी (स्त्री.) [*अमा सह वसतोऽस्यां चन्द्रार्कौ, इणजादिभ्यः (वा.) ३.३.१०८ इति इण्*] औँसी।

अमावास्यः (पुं.वि.) [*अमावास्यायां जातः, अ च ४.३.३१ इत्य, आलोपः*] औँसीमा जन्म भएको,औँसिया।

अमावास्यकः (पुं.वि.) [*अमावास्यायां जातः, अमावास्याया वा ४.३.३० इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, आलोपः ६.४.६४*] औँसीमा जन्म भएको।

अमावास्या (स्त्री.) [*अमा सह वसतोऽस्यां चन्द्रार्कौ, अमावस्या–दन्यतरस्याम् ३.१.१२२ इति ण्यत्, टाप्*] औँसी।

अमितंपचः (पुं.) [*न मितंपचः न.त.*] उदार।

अमित्रः (पुं.) [*अम गतौ इति धातोः, अमेर्द्विषति चित् (उ.) ६२३ इति इत्रन्*] शत्रु। **द्विड्विपक्षाहितामित्रदस्युशात्रवशत्रवः।** (अमर.)

अमुकः (पुं.) [*अदस् शब्दस्य अकप्रत्यये सौ, उकारस्य औत्वाभावे अकः अकारस्य उत्वम्, मत्वम्*] नामको साटो प्रयोग हुने एक सर्वनाम। **अमुक** (काश्यप) **गोत्राय अमुक** (कृष्णप्रसाद) **शर्मणे ब्राह्मणाय गोदानदानं सम्प्रददे** (सङ्कल्पवाक्य)।

अमुतः (अव्य.) [*अमुष्मात्, पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्,, त्यदादीनामः ७.२.१०२ इत्यः, पररूपम्, उत्वम्, मत्वञ्च*] यसबाट।

अमुक्तः (पुं.वि.) [*न मुक्तः, न.त.*] १.नछोडिएको २.जन्म र मृत्युको चक्करबाट छुट्कारा नपाएको ३.(नपुं.) छुरिकाविशेष। (हला.)।

अमुत्र (अव्य.) [*अमुस्मिन्निति, अदस्शब्दात् सप्तम्यास्त्रल् ५.३.१० इति त्रल्*] १.यहाँ २.अर्को जन्ममा। **प्रेत्यामुत्र भवान्तरे** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमूदृक् (पुं.वि.) [*अमुमिव पश्यति (पाणिनिमते)अदस्पूर्वकाद् दृश्धातोः त्यदादिषु दृशोऽनालोचने कञ्च इति क्विन्, सर्वापहारिलोपः, दस्थाने आत्वे ऊत्वमत्वे,कुत्वे, जस्त्वचर्त्वे, एवमेव कञि अमूदृशः, क्से अमूदृक्षः*] यस्तो/यस प्रकारको।

अमूदृशन्तु तव मतं पुनरपि मम रसनां निदेशावशेषपथपान्थां निर्मिमीते (च.भा.)।

अमूर्तः (पुं.वि.) [*न मूर्तः, न .त.*] १.आकार नभएको/निराकार २.(पुं.) परमेश्वर ३.अन्तरीक्ष ४.वायु।

अमूलम् (नपुं.) [*नास्ति मूलं यस्य तत्, बहु.स.,पक्षे अमूलकम्*] १.मूलरहित २.प्रमाणशून्य ३.[*न विद्यते मूले यत्तत्*] मूल ग्रन्थमा नभएको विषय। **नामूलं लिख्यते किञ्चित्** (मल्लिनाथ)।

अमूल्यः (पुं.वि.) [*न विद्यते मूल्यं यस्य सः, बहु.स.*] अनमोल।

अमृणालम् (नपुं.) [*मृणालमिव, अमृणालम्, सादृश्येऽत्र नञ् शब्दः*] सेतो उशीर। **अभयं नलदं सेव्यममृणालं जलाशयम्** (अमर.)।

अमृतः (पुं.वि.) [*न मृतः,न.त.*] १.नमरेको/जिउँदो २.सुन्दर/अतिशय राम्रो।

अमृतः.(पुं.) १.देवता २.धन्वन्तरि ३.वनमुगी ४ वाराहीकन्द ५.सूर्य ६. आत्मा ७.इन्द्र ८.विष्णु।

अमृतगतिः (स्त्री.) वार्णिक छन्दको एक भेद। यसका प्रत्येक पाउमा नगण, जगण, नगण, अनि गुरु वर्ण आउँछन्।

अमृतध्वनिः (पुं.) [*अमृतश्चासौ ध्वनिश्च,कर्म.स.*] १.मनमोहक आबाज/मधुर ध्वनि २.(नपुं.) [*अमृतो ध्वनिर्यत्र तत्*] मातृक विषम छन्द। यसमा ६ पाउ हुन्छन्। पहिलो र दोस्रो पाउमा चौबिस चौबिस मात्रा हुन्छन् भने बाँकी प्रत्येक चार पाउमा आठ मात्रा हुन्छन्। संस्कृतमा यस छन्दको प्रयोग ज्यादै कम छ। हिन्दीमा यसको प्रयोग बढी हुन्छ। वीर रसका लागि यो छन्द अन्यन्त उपयोगी मानिन्छ।

अमृतम् (नपुं.) [*न म्रियतेऽनेन इति, नञ्पूर्वकाद् मृङ् प्राणत्यागे इति धातोः, तनिमृङ्भ्यां किच्च (उ.) ३७५ इति तन्*] १.समुद्रमन्थनबाट प्राप्त सुधा २.सोमरस ३.यज्ञ गरी बचेको अन्न ४.नमागी प्राप्त भएको अन्न ५.घिउ ६.दूध ७.पानी ८.मोक्ष ९.वत्सनाभ १०.पारो ११.अन्न १२.धन १३.सुवर्ण १४.स्वादिलो खाने कुरा।

अमृतं यज्ञशेषे स्यात्पीयूषे सलिले घृते।
आयाचिते च मोक्षे च ना धन्वन्तरिदेवयोः ॥ (मेदिनी.)

अमृतमन्थनम् (नपुं.) [*अमृतस्य मन्थनं वर्णितं यत्र तत्, बहु.स.*] १.ब्रह्माद्वारा रचित एक समवकार २.[*अमृतस्य मन्थनम्, ष.त.*] देवता र दानव मिलेर गरेको अमृतको मथन।

अमृतफलम् (नपुं.) [*अमृतमिव स्वादु फलं यस्य तत्, तत्फलमपि तथा*] १.नास्पाती २.सरिफा।

अमृतफलं लघु वृष्यं त्रीन् हरेद् दोषान्।
देशेषु मुद्गलानां तद् बहु लभ्यते लोकैः ॥ (भा.प्र.)

अमृतफला (स्त्री.) [*अमृतमिव स्वादु फलं यस्याः सा, बहुस.*] १.दाख २.अमला ३.खजुरी ४.नास्पाती।

अमृतयोगः (पुं.) [*अमृत इति योगः*] फलित ज्योतिषअनुसार फल दिने एक योग। रविवारको हस्ता, गुरुवारको पुष्य, बुधवारको अनुराधा, शनिवारको रोहिणी, सोमवारको श्रवण, मङ्गलवारको रेवती, शुक्रवारको अश्विनी हुँदा अमृतयोग हुन्छ। रवि मङ्गलको नन्दा तिथि १.१६.११, शुक्र र सोमको भद्रा २.७.१२, बुधको जया ३.८.१३, गुरुको रिक्ता ५.९.१४, शनिको पूर्णा ४.१०.१५ हुँदा पनि अमृतयोग पर्छ। अमृतयोगमा दोष रहँदैनन्।

अमृताः (पुं.बहु.) [*न म्रियन्ते इति, नञ्पूर्वकाद् मृङ् प्राणत्यागे इति धातोः, तनिमृङ्भ्यां किच्च (उ.) ३७५ इति तन्*] देवता।

अमृता (स्त्री.) [*न म्रियन्तेऽनया नञ्पूर्वकाद् मृङ् प्राणत्यागे इति धातोः, तनिमृङ्भ्यां किच्च (उ. ३७५) इति तन्, टाप् ४.१.४*] १.गुर्जो २.हर्रो ३.अमला ४.पिप्ला ५.फिट्किरी ६.मदिरा ७.दुबो ८.तुलसी ९.सूर्यको किरणविशेष। **अमृता मागधीपत्या गुडूच्यामलकीषु च** (विश्व.), **अभया त्वव्यथा पथ्या कायस्था पूतनामृता** (अमर.), **वत्सादनी छिन्नरुहा गुडूची तन्त्रिकाऽमृता** (अमर.)।

अमृतान्धसः (पुं.बहु.) [*अमृतं अन्धः (अन्नम्) येषान्ते, बहु.स.*] १.देवता २.अमृत खाने। **आदित्या ऋभवोऽस्वप्ना अमर्त्या अमृतान्धसः** (अमर.)।

अमेधाः (पुं.) [*अविद्यमाना मेधा यस्य सः, समासान्तोऽसिच्*] मूर्ख।

अमेध्यः (पुं.वि.) [*न मेध्यः, न.त.*] अपवित्र।

न विना परवादेन रमते दुर्जनो जनः।
काकः सर्वरसान् भुक्त्वा विनाऽमेध्यं न तृप्यति ॥ (सुभा.)

अमोघः (पुं.वि.) [*न मोघः, न.त.*] अचुक/व्यर्थ नजाने।

अमोघराघवचम्पूः (स्त्री.) तेह्रौं शताब्दीका कवि दिवाकरद्वारा रचित चम्पूकाव्य। यसको रचनाकाल १२९९ई.सं. मानिन्छ।

अमोघा (स्त्री.) [*न मोघा, न.त.*] १.पाडरीवृक्षविशेष २.वायुविडङ्ग ३.कश्यपकी पत्नी ४.हर्रो ५.(वि.) निष्फल नभएकी। **मोघा स्त्री पटला वृक्षे मोघस्त्रिषु निरर्थके** (रुद्र.) **पाटलिः पाटलाऽमोघा काचस्थाली फलेरुहा** (अमर.) **अथो वेल्लममोघा चित्रतण्डुला** (अमर.)।

अम्ब (धा.) [*गतौ, भ्वा. सक. सेट्*] जानु/हिँड्नु। लट्— **अम्बति**- जान्छ/हिँड्छ।

अम्बकम् (नपुं.) [*अम्बति नक्षत्रपर्यन्तं गच्छति, ण्वुल्, अकः*] आँखा।

अम्बरम् (नपुं.) १.[*अबिशब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्, अम्बं राति, ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्वा अम्बति शब्दायते, अवि शब्दे इति धातोः ऋच्छेररः (उ.) ४१८ इति बाहुलकाद् अरप्रत्ययः] आकाश २.पानी ३.शून्यलाई बुझाउने शब्द ४.[*अम्बरयति सम्भरति आच्छादयति, अम्बर सम्भरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्]* कपडा ५.सुगन्धित द्रव्य ६.अभ्रख ७.बादल । (अमर) **अम्बरं वाससि व्योम्नि कर्पासे च सुगन्धके** (विश्व.) ।

अम्बरीषः (पुं.) [*अम्बते शब्दयति, अम्ब्यते शब्द्यतेऽत्र वा, अवि शब्दे इति धातोः, अम्बरीषः (उ.) ४७७ इति ईषनन्तो निपातः]* १.विष्णु २.शिव ३.ऋषिविशेष ४.सूर्यवंशी एक विष्णुभक्त राजा ५.नरकविशेष ६.घोडाको बच्चा ७.सूर्य ८.अमाराको रुख ९.कुमार १०.पश्चात्ताप ।

अम्बरीषे रणे भ्राष्ट्रे क्लीबं पुंसि नृपान्तरे ।
नरकस्य प्रभेदे च किशोरे भास्करेऽपि च ।
आम्रातकेऽनुतापे च (मेदिनी.) ।

अम्बरीषम् (नपुं.) [*अम्ब्यते शब्द्यतेऽत्र, अबि शब्दे इति धातोः, अम्बरीष (उ.) ४७७ इति निपातनात् सिद्धम्]* १.युद्ध २.भुट्ने भाँडो । **अम्बरीषे रणे भ्राष्ट्रे क्लीबम्** (अमर.) ।

अम्बष्ठः (पुं.) [*अम्बायां तिष्ठति, ष्ठा गतिनिवृत्तौ इति धातोः सुपि स्थः ३.२.४ इति कः, अम्बाम्ब– ८.३.९७ इति षत्वम्]* १.वैश्य कन्यामा ब्राह्मणबाट उत्पन्न भएको जाति २.देशविशेष । **अम्बष्ठो देशभेदेऽपि विप्राद्वैश्यासुतेऽपि च** । (विश्व.) ३.चिकित्सक/वैद्य ४.माउते ५.कायस्थ जाति ।

अम्बष्ठा (स्त्री.) [*अम्बेव तिष्ठतीति, अम्बपूर्वकाद् ष्ठा गतिनिवृत्योः इति धातोः सुपि स्थः ३.२.४ इति कः, अम्बाम्ब ८.३.९७ इति षत्वम्, ङ्यापोः ६.३.६३ इति ह्रस्वः, टप् ४.१.४]* जुही । **गणिका यूथिकाम्बष्ठा** (अमर.) ।

अम्बा (स्त्रीं.) [*अम्ब्यते शब्द्यते इति अबि शब्दे इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टप्]* १.आमा २.दुर्गा । **अम्बा माता** (अमर.) ।

अम्बा तुष्यति न मया न स्नुषया सापि नाम्बया न मया ।
अहमपि न तया नतया लोके वद कस्य दोषोऽयम् ॥
(भर्तृमेण्ठ) ३.काशीका राजा इन्द्रद्युम्नकी जेठी छोरी ।

अम्बालिका (स्त्री.) १.आमा २.पाण्डुकी आमा/विचित्रवीर्यकी पत्नी/काशीराजकी कान्छी छोरी ।

अम्बिका (स्त्री.) [*अम्बैव,अम्बेव वा अम्बिका, स्वार्थे इवार्थे वा कन्, टप्, इत्वम्]* १.पार्वती/भगवती दुर्गा २.आमा ३.धृतराष्ट्रकी आमा/काशीका राजा इन्द्रद्युम्नकी माहिली छोरी, अम्बाकी बहिनी, अम्बालिकाकी दिदी । **अम्बिका पार्वतीमात्रे धृतराष्ट्रस्य मातरि** (विश्व.) ।

अम्बिकादत्तव्यासः (पुं.) प्रसिद्ध कवि एवं गद्यकाव्यकार । १९५९ ई.को १५ नोबेम्बरका दिन जयपुरको निकटवर्त्ती भानपुर गाउँमा दुर्गादत्तका सुपुत्रका रूपमा यिनको जन्म भएको थियो । सानैदेखि पढ्न र कविता लेख्नमा यिनको विशेष रुचि थियो । एक घडीमा १०० ओटासम्म कविता लेख्न सक्ने भएकाले यिनलाई घटिकाशतक उपाधि प्रदान गरियो । काश्मीरको संस्कृत कलेजमा अध्ययन गरेका अम्बिकादत्तले त्यसै कलेजबाट व्यास उपाधि पाएका थिए । १८८३ ई.मा यिनलाई भारतरत्न उपाधि प्रदान गरियो । यिनले १८९७ ई. सन् मा छपरा कलेजको अध्यापक पदमा नियुक्त भई संस्कृत विषय पढाए । अन्तमा गभर्नमेन्ट संस्कृत कलेज पटनाका प्राध्यापक भए । १५ नोबेम्बर १९०० ई.सन्मा यिनको स्वर्गारोहण भयो । यिनले लेखेका प्रमुख कृतिहरू– **गणेशशतकम्, शिवविवाहः** (खण्डकाव्य) **सहस्रनामरामायणम्, पुष्पवर्षा** (काव्य) **उपदेशलता** (काव्य) **साहित्यनलिनी, रत्नाष्टकम्** (हास्यरसकथासङ्ग्रह) **कथाकुसुमम्, शिवराजविजयः** (उपन्यास) **समस्यापूर्तयः, सामवतम्** (नाटक), **ललिता** (नाटिका) **मूर्त्तिपूजा, गुप्ताशुद्धिप्रदर्शनम्, क्षेत्रकौशलम्, प्रस्तारदीपिका, साङ्ख्यसागरसुधा** आदि । गद्य र पद्य दुवैमा उत्तिकै कलम चलाउने व्यासको काव्यशैली प्रवहणशील छ ।

अम्बिकेयः (पुं.) [*अम्बिकाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् इति ढक्, ढस्य एयः, वृद्ध्यभावः]* १.गणेश २.कुमार ३.धृतराष्ट्र ।

अम्बु (नपुं.) [*अम्बते इति अबि शब्दे इति धातोः, बहुलकादुः]* पानी । **अभ्यर्णतोयपानीयनीरक्षीराम्बुशम्बरम्** (अमर.) ।

अम्बुकणः (पुं.) [*अम्बुनः कणः, ष.त.]* १.पानीको कण २.बाच्छिटा ।

अम्बुजः (पुं.) १.[*अम्बुनि जातः, अम्बुपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः]* भुइँवेत । **निचुलो हिज्जलोऽम्बुजः** (अमर.) ।

अम्बुजम् (नपुं.) [*अम्बुनि जातम्, अम्बुपूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, पूर्ववद् ३.२.९७ डः]* कमल ।

अम्बुजमम्बुनि जातं न हि दृष्टमम्बुजादम्बु ।
अधुना तद्विपरीतं चरणसरोजाद्विनिर्गता गङ्गा ॥ (सुभा.)

अम्बुदः (पुं.) [*अम्बु ददातीति दा दाने धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४]* १.मेघ/बादल ।

अम्बुदम् (नपुं.) मोथे ।

अम्बुधिः (पुं.) [*अम्बूनि जलानि धीयन्तेऽत्र,कर्मण्यधिकरणे चं ३.३.९३ इति किः]* समुद्र ।

अम्बुभृत् (पुं.) [*अम्बु बिभर्तीति, अम्बुपूर्वकाद् भृञ् भरणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, तुक् ६.१.७१]* १.मेघ/बादल । **धराधरो जलधरस्तडित्वान् वारिदोऽम्बुभृत्** (अमर.) २.मोथे ३.समुद्र (कसैको मतमा) ।

अम्बुवेतसः (पुं.) [*अम्बुनि जातो वेतसः, म.प.स.]* पानीवेत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अम्बुवाहिनी (स्त्री.) [*अम्बूनि जलानि वाहयतीति, अम्बुपूर्वकाद् वह प्रापणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ङीप्*] १.नदी २.कुलो ।

अम्बुसरणम् (नपुं.) [*अम्बूनां सरणम्, ष.त.*] पानीको प्रवाह। **स्रोतोऽम्बुसरणं स्वतः** (अमरः)।

अम्बूकृतम् (नपुं.) [*अनम्बु अम्बु कृतम्, अम्बुशब्दोऽत्र लक्षणया तद्वति, कृभ्वस्तियोगे कर्तरि च्विः ५.४.५० अभूततद्भावे इति च्विः, च्वौ च ७.४.२६ इति दीर्घः*] १.पानी नभएको ठाउँलाई जलमय बनाइएको २.थुक उडाएर बोलिएको बोली।

अम्ब्लिका (स्त्री.) [*अम्ब्लो रसोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति ठन्, टाप्*] १.अमिली २.चाङ्गेरी ३.अमिलो डकार ।

अम्भः (नपुं.) [*आप्यते, आप्नोति वा, आप्लृ गतौ इति धातोः, उदके नुम्भौ च (उ.) ६५९ इति असुन्, नुम् भकारश्च*] १.पानी।
नोदन्वानर्थितामेति सदाम्भोभिः प्रपूर्यते।
आत्मा तु पात्रतां नेयः पात्रमायान्ति सम्पदः ॥ (सुभा.)
२.बालकको औषधि ३.ज्योतिषमा लग्नबाट चौथो राशि ४.एक वैदिक छन्द।

अम्भोजः (पुं.) [*अम्भसि जातः,सप्तम्यां जनेर्डः ३.२.९७ इति जनधातोर्डः, टिलोपः*] १.चन्द्रमा २.सारसपक्षी ३.(पुं.वि.) जलमा पैदा भएको।

अम्भोजम् (नपुं.) [*अम्भसि जातम्,सप्तम्यां जनेर्डः ३.२.९७ इति जनधातोर्डः,टिलोपः*] कमल।

अम्भोजिनी (स्त्री.) १.[*अम्भोजानां समूहः समूहार्थे इनिः*] १.कमलको समूह २.[*अम्भोजस्येयम्*] कमलिनी।

अम्भोदः (पुं.) [*अम्भो ददातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.मेघ।
रे रे चातक सावधानमनसा मित्र क्षणं श्रूयता-
मम्भोदा बहवो वसन्ति गगने सर्वेऽपि नैतादृशाः।
केचिद् वृष्टिभिरार्द्रयन्ति धरणीं गर्जन्ति केचिद् वृथा
यं यं पश्यसि तस्य तस्य पुरतो मा ब्रूहि दीनं वचः ॥
(नी.श.) २.मोथे।

अम्भोधरः (पुं.) [*अम्भः धरति, पचाद्यच्*] १.मेघ। **सशीकराम्भोधर-मत्तकुञ्जरः**। (ऋतुसं.) २.मोथे।

अम्भोधिः (पुं.) [*अम्भांसि धीयन्तेऽत्र, कर्मण्यधिकरणे च ३.३.९३ इति किप्रत्ययः*] १.समुद्र २.ज्योतिष, छन्दःशास्त्र आदिमा चारलाई बुझाउने शब्द।

अम्भोनिधिः (पुं.) [*अम्भांसि निधीयन्तेऽत्र, उपसर्गे घोः किः ३.३.९२ इति किः*] १.समुद्र २.चारलाई बुझाउने शब्द ३.विष्णु (सहस्रनाम)।

अम्भोराशिः (पुं.) [*अम्भसां राशिरिव, त.*] समुद्र (राजनिघण्ट)।

अम्भोरुहम् (नपुं.) [*अम्भसि रोहति, रुह बीजप्रादुर्भावे इति धातोः इगुपधज्ञाप्रीकिरः कः ३.१.१३६ इति कः*] कमल। **विषप्रसून-राजीवपुष्कराम्भोरुहाणि च** (अमर.)।

अम्मयः (पुं.वि.) [*अपां विकारः एकाचो नित्यम् (वा.) इति मयट्*] पानीको विकार/पानीबाट बनेको सर्वत, बरफ आदि वस्तु २.[*प्रशस्ता आपोऽत्र,प्रशस्तार्थे मयट्*] पानी नै पानीले भरिएको/जलाम्मे। **त्रिषु द्वे आप्यमम्मयम्** (अमर.)।

अम्रः (पुं.) [*अमति सौरभेण दूरं याति,रन्प्रत्ययः*] आँपको वृक्ष।

अम्रातः (पुं.) [*अम्रम् अम्लं रसम्, अतति पत्रेषु पुष्पादौ च अतति व्याप्नोति, कर्मण्यण्, पक्षे रस्य लत्वे अम्लातः*] अमारो।

अम्रातकः (पुं.) [*अम्रात एव, स्वार्थे कन्, लत्वे अम्लातक इत्यपि*] अमारो।

अम्लः (पुं.) [*अमति रुजत्यरुचिम्, गच्छति वा, अम रोगे इति धातोः, मुशक्यबिभ्यः क्लः (उ.) ५५८ इति बाहुलकात् क्लः*] १.अमिलो स्वाद २.अमिलो स्वाद भएको पदार्थ ३.वेतको आकार भएको अमिलो वस्तु ४.पद्मचाल्नु ५.मोई (राजनिघण्टः)। **अम्लो रसेऽम्बुवेतसे। चाङ्गेर्यान्तु अम्ली** (हैम.)। **~लोणिकः** (पुं.) चरिअमिलो। **चाङ्गेरी चुक्रिका दन्तशठाम्बष्ठाम्ललोणिका** (अमर.)। **~वेतसः** (पुं.) [*अम्लश्चासौ वेतसश्च, कर्म.स.*] १.अम्लवेत २.चुल्ठे अमिलो, चखेत्रो, शङ्ख्रो। **सहस्रवेधी चुक्रोऽम्लवेतस शतवेध्यपि** (अमर.)।

अम्लानः (पुं.वि.) [*न म्लायति स्मेति म्लै हर्षक्षये इति धातोः गत्यर्थाकर्मकश्लिष– ३.४.७२ इति क्तः, संयोगादेरातो धातोर्ण्यतः ८.२.४३ इति नत्वम्*] १.कठसरैया २.अत्तर गुलाफ ३.बाह्रमासे फूल ४.(पुं.वि.) १.नओइलिएको २.निर्मल ३.स्वच्छ ४.ताजा। **अम्लानस्तु महासहा** (अमर.)। **अम्लानस्त्वमले झिन्टीभेदे** (हैम.)। **अम्लानो महासहायां ना वाच्यलिङ्गस्तु निर्मले।** (मेदिनी.)।

अम्लिका (स्त्री.) [*अम्लः रसोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः ७.३.५० इति इकः, टाप्*] अमिली/तित्री। **तिन्तिडी चिञ्चाऽम्लिका** (अमर.)।

अम्ली (स्त्री.) [*अमति रुजति अरुचिम्, अम रोगे इति धातोः, मूशक्यबिभ्यः क्लः (उ.) ५५८ इति बाहुलकात् क्लः, स्त्रियां ङीप्*] चरिअमिलो।

अय (धा.) [*गतौ, भ्वा.सक.सेट् आत्म.*]– जानु। लट्– **अयते**– जान्छ, **पलायते**–भाग्छ। लिट्– **अयाञ्चक्रे– बभूव–आस**– गएछ (अन.)। लुट्– **अयिता**– जाने छ (अन.)। लृट्– **अयिष्यते**– जाने छ। लोट्– **अयताम्**–जाओस्। लङ्– **आयत**– गयो (अन.)। विधिलिङ्– **अयेत**– जाला, जाओस्। आशीर्लिङ्– **अयिषीष्ट**– जाओस्। लुङ्– **आयिष्ठ**–गयो। लृङ्– **अयिष्यत**– जाने थियो। कृदन्ते– **अयनीयम्**– जानुपर्ने। **पलायितः**– भागेको, **पलायनम्**– भाग्ने काम। **पलायितुम्**– भाग्न। **पलाय्य**– भागेर इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयः (पुं.) [*एत्यनेन सुखम्, इण् गतौ इति धातोः, पुंसि सञ्ज्ञायां घः प्रायेण ३.३.११८ इति घः, गुणः*] १.भलो गर्ने देवता २.सौभाग्य । **अयः शुभावहो विधिः** (अमर.) ३.मङ्गलानुष्ठान ४.पूर्वजन्मको शुभकर्म ५.[*एति दुःखं प्राप्नोति अनेन*] नरकविशेष ६.(नपुं.) [*एति द्रवत्वं गच्छति तापेन इति सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इत्यसुन्*] १.फलाम/इस्पात २.गुडुची आदि औषधि ।

अयःप्रदाता बलवीर्यदाता रोगापहर्ता मदनस्य कर्ता ।
अयःसमानं नहि किञ्चिदस्ति रसायनं श्रेष्टतरं नराणाम् ॥
(वैद्यक)

७.[*इण् धातोः एरच् ३.३.५६ इत्यच्*] गमन/गति । **~प्रतिमा** (स्त्री.) [*अयसः प्रतिमा, ष.त.*] फलामबाट बनेको मूर्ति । **सूर्मी स्थूणायःप्रतिमा** (अमर.) । **~पानः** (पुं.) [*अयः तप्तलौहद्रवं पिबन्ति अत्र प्रेताः, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्, अनः*] नरकविशेष । **~शङ्कुः** (पुं.) [*अयोनिर्मिता शङ्कुः, म.प.स.*] १.फलामको किला २.भाला । **~शूलम्** (नपुं.) १.[*अयसः शूलम्, ष.त.*] हतियारविशेष २.[*अयसः शूलमिव शूलम्, पीडाजनकत्वात्*] कडा किसिमको रोग । **~हृदयः** (पुं.वि.) [*अयः इव हृदयं यस्य सः, बहु.स.*] कठोर हृदय भएको/निठुरी ।

अयःपिण्डः (पुं/नपु.) [*अयसः पिण्डः, ष.त.*] फलामको डल्लो ।

अयःपिण्ड इवोत्तप्ते खलानां हृदये क्षणात् ।
पतिता अपि नेक्ष्यन्ते गुणास्तोयकणा इव ॥ (सुभा.)

अयत्नजालङ्कारः (पुं.) [*अयत्नजश्चासौ अलङ्कारश्च, कर्म.स.*] १.सात्त्विक अलङ्कार । नायिकाको शरीरमा मोहकता बढाउने स्वाभाविक अलङ्कार । यी सात छन्– १.**शोभा अलङ्कार–** रूप, यौवन, लालित्य, सुख तथा भोग आदिले युक्त शरीरको सौन्दर्य । **रूपोपभोगतारुण्यैः शोभाङ्गानां विभूषणम्** (द.रू.२.३५) २.**कान्ति अलङ्कार–** कामवासना बढेको सौन्दर्य । (दशरूप.२.३५) ३.**दीप्ति अलङ्कार–** कान्ति वृद्धि भएको रूप । **कान्तिरेवाति-विस्तीर्णा दीप्तिरित्यभिधीयते** (सा.द.२.९६) ४.**माधुर्य अलङ्कार–** सबै अवस्थामा नायिकाले आफ्ना क्रियाकलापहरूलाई कोमल तथा रमणीय बनाई राख्ने कार्य । (सा.द. ३.९७) ५.**प्रगल्भता अलङ्कार–** मानसिक विक्षोभ नहुनु– (दशरूपक.२.३६) ६.**औदार्य अलङ्कार–** सबै स्थितिमा शालीन हुनु । ७.**धैर्य अलङ्कार–** चञ्चलताहीन अहङ्काररहित सहज मानसिक स्थिति (ना.शा.२४.२८) २.ध्वन्यात्मक काव्यमा प्रयोग हुने अपृथक्यत्न-निर्वत्य अलङ्कार । **अपृथग्यत्ननिर्वर्त्यः सोऽलङ्कारो ध्वनेर्मतः** (ध्वन्या.) ।

अयथा (अव्य.) [*न यथा, न.त.*] जस्ताको तस्तै नभएको ।

अयथातथम् (नपुं.) [*न यथातथम्, न.त.*] जस्ताको त्यस्तो नहुनु ।

अयथार्थः (पुं.वि.) [*न यथार्थः, न.त.*] असत्य/यथार्थ नभएको ।

अयथार्थानुभवः (पुं.) [*यथार्थस्य अनुभवः, ष.त.न यथार्थानुभवः, न.त.*] अवास्तविक अनुभव/एक वस्तुमा अन्य वस्तुको ज्ञान ।

अयनकालः (पुं.) [*अयनस्य कालः, ष.त.*] छ महिनाको समय/एक अयनमा हुने समय । श्रावणदेखि पौषसम्म दक्षिणायन र माघदेखि आषाढसम्मको समयलाई उत्तरायण भनिन्छ ।

अयनचलनम् (नपुं.) [*अयनस्य चलनम्, ष.त.*] नाडीवृत्त र क्रान्तिवृत्तका सम्पात बिन्दुको चलन ।

अयनप्रोतवृत्तम् (नपुं.) [*अयने प्रोतम्, अयनप्रोतम्, तच्च तद् वृत्तञ्च कर्मस.*] गोलसन्धिबाट ९० अंशले बनेको वृत्त ।

अयनम् (नपुं.) १.[*अय गतौ इति धातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट्*] शास्त्र । **ज्योतिषामयनं नेत्रं निरुक्तं श्रोत्रमुच्यते** । (तिथ्यादित.) २.[*अयतेऽनेन, इण् गतौ इति धातो, करणाधि-करणयोश्च ३.३.१७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मार्ग ३.[*भावे ल्युट्*] १.गमन २.सूर्यको गति । यो दुई किसिमको हुन्छ– उत्तर र दक्षिण । उत्तर गतिलाई उत्तरायण र दक्षिण गतिलाई दक्षिणायन भनिन्छ । सामान्यतः श्रावण सङ्क्रान्ति-देखि ६ महिना दक्षिणायन र माघे सङ्त्रान्तिदेखि ६ महिना उत्तरायण हुन्छ । **अयने द्वे गतिरुदक् दक्षिणार्कस्य** (अमर.) तर आजकल अयनचलनले गर्दा निर्धारित समयभन्दा २४ दिन अगाडि नै दक्षिणायन र उत्तरायण प्रारम्भ हुन्छ । ४.[*एति सुखं प्राप्नोति अनेन, करणे ल्युट्*] १.घर २.आश्रम ।

अयनवृत्तम् (नपुं.) [*अयनस्य वृत्तम्, ष.त.*] सूर्य सर्ने बाटो ।

अयनसङ्क्रमः (पुं.) [*अयनस्य सङ्क्रमः ष.त.*] प्रत्येक सङ्क्रान्तिदेखि बिस दिनअघिको समय ।

अयनसङ्क्रान्तिः (स्त्री.) [*अयनस्य सङ्क्रान्तिः, ष.त.*] माघे तथा साउने सङ्क्रान्ति ।

अयनसम्पातः (पुं.) १.[*अयनस्य सम्पातो यत्र सः, बहु.स.*] अयनको सम्पात हुने स्थल २.नाडीवृत्त र क्रान्तिवृत्तको सम्पात ।

अयनांशः (पुं.) [*अयनस्य अंशः, ष.त.*] सूर्यका गतिको विशेष भाग । अयनचलनको अंश । हाल यो अयनचलनको अंश करिब २४ छ ।

अयनान्तः (पुं.) [*अयनस्य अन्तो यत्र स कालः*] एक अयन सकिएर अर्को अयन लाग्ने बेला ।

अयन्त्रितः (पुं.वि.) [*न यन्त्रितः, न.त.*] अनियन्त्रित/कसैको वा शास्त्र वा नीति नियमको नियन्त्रणमा नरहने/स्वतन्त्र ।

सावित्रीमात्रसारोऽपि वरं विप्रः सुयन्त्रितः ।
नायन्त्रितस्त्रिवेदोऽपि सर्वाशी सर्वविक्रयी ॥ (मनु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयम् (पुं.) [*इदम्शब्दस्य पुंसि प्रथमैकवचने रूपम्, इदोऽय् पुंसि ७.२.१११ इति अयादेशः*] नजिकको व्यक्ति वा वस्तुलाई यो भनी चिनाउँदा वा देखाउँदा प्रयोग हुने इदम् शब्दको पुलिङ्ग, प्रथमा विभक्तिको एकवचन।

अयशः (नपुं.) [*न यशः, न.त.*] अपजस/वेइज्जती।

अयशः प्राप्यते येन येन चापगतिर्भवेत्।
स्वर्गाच्च भ्रश्यते येन न तत्कर्म समाचरेत्॥ (सुभा.)

यश र कीर्तिमा फरक छ। पुरुषार्थबाट यश प्राप्त हुन्छ भने दान आदिबाट कीर्ति प्राप्त हुन्छ। अकीर्ति र अपयश पनि तिनैका विपरीतार्थबोधक शब्द हुन्। जस्तै—

स जीवति यशो यस्य कीर्तिर्यस्य स जीवति।
अयशोऽकीर्तिसम्पन्नो जीवन्नपि मृतोपमः॥ (सुभा.)

अयस्कः (पुं.) [*कुत्सितमयः, कुत्सिते ५.३.७४ इति कः*] काँचो फलाम/नखारेको फलाम।

अयस्कान्तः (पुं.) १.[*अयःसु कान्तः रमणीयः*] सर्वोत्तम फलाम २.[*अयः कान्तं यस्य सः,बहु.स.*] चुम्बक

उमारूपेण ते यूयं संयमस्तिमितं मनः।
शम्भोर्यतध्वमाकर्ष्टुमयस्कान्तेन लौहवत्॥ (कु.सं.)

अयस्कारः (पुं.) [*अयस्करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] फलामको काम गर्ने जाति/लोहार।

अयस्कीटम् (नपुं.) [*अयसः कीटम्, ष.त.*] १.फलामको कीट २.फलामको खिया।

अयाचकः (पुं.वि.) [*न याचकः, न.त.*] नमाग्ने/कसैसित कुनै कुराको पनि प्रार्थना नगर्ने।

अयाचितः (पुं.वि.) [*न याचितः,न.त.*] नमागेको।

अयाचितम् (नपुं.) [*न याचितम् न.त.*] नमागी प्राप्त भएको वस्तु। यस्तो वस्तु अमृतसमान हुन्छ। **अमृतं स्यादयाचितम्** (मनु.)।

अयाची (पुं.वि.) [*न याचते, याचिव्याहसंव्याहवदव्रजवसां प्रतिषिद्धानाम् (ग.सू.) इति णिनिः*] जिन्दगीभर कसैसित केही नमाग्ने।

अयि (अव्य.) [*इयते, अय्यते वा, इण् गतौ इति धातोः, सर्वधातुभ्य इन् (उ. ५६७) इतीन्*] सम्बोधन, अनुनय, अनुराग आदि बुझाउँदा प्रयोग हुने शब्द। **अनुनये त्वयि** (अमर.)। **अयि कठोरयशः किल ते प्रियम्** (उ.रा.च.) **अयि घनोरु पदानि शनैः शनैः**। (वे.सं.) **अयि जीवितनाथ जीवसीत्यभिधायोत्थितया तया पुरः**। (कु.सं.)। **अयि प्रश्नेऽनुनये स्यात्** (रूपमाला)।

अयुक् (पुं.वि.) [*न युनक्ति तच्छीलः, अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्*] नजोड्ने।

अयुक्तः (पुं.वि.) [*न युक्तः, न.त.*] १.उपयुक्त नभएको, २.अनुचित ३.जेपायो त्यही/असङ्गत।

अयुक्तं बहु भाषन्ते यत्र कुत्रापि शेरते।
नग्ना विक्षिप्य गात्राणि बालका इव मद्यपाः॥ (सुभा.)

४.अमिश्रित ५.असंयुक्त।

अयुग्मच्छदः (पुं.) [*अयुग्मानि सप्त छदानि पर्णानि यस्य सः, बहु.स.*] छतिवन।

अयुतः (पुं.वि.) [*न युतः, न.त.*] १.न मिसिएको २.नजोडिएको।

अयुतम् (नपुं.) [*न युतम्, न.त.*] दश हजारको सङ्ख्या। **शतं सहस्रमयुतं लक्षप्रयुतकोटयः** (अभि.चि.)।

अये (अव्य.) १.क्रोध,खेद, पीडा, हडबडी, स्मरण आदि व्यक्त गर्दा प्रयोग गरिने पद २.सम्बोधन जनाउने पद। **अये कियद्यावदुपैषि दूरं व्यर्थं परिश्राम्यसि वा किमित्थम्** (नैष.)।

अयोगः (पुं.) १.[*अविद्यमानो योगो दम्पत्योर्मेलनं यस्मिन् सः, बहु.स.*] पूर्वराग/प्रेमप्रवृत्तिको प्रथम चरण। (धनञ्जयः) २.[*न योगः, न.त.*] योगको अभाव/नजोडिनु/मिलन नहुनु। ३.रुचि न लाग्नु ४.अनुचित मेल ५.अयोग्यता ६.विधुर/स्वास्नी मरेको लोग्ने ७.सजिलोसित अर्थ नलाग्ने वाक्य ८.फलित ज्योतिषअनुसार पापग्रहको योग ९.हथौडा।

अयोगवाहाः (पुं.बहु.) [*योगो वर्णसमाम्नायस्तद्रहिता अपि वहन्ति व्यवहारमनुवर्तन्ते (भाष्यकारः) अकारादिवर्णेन सहभूताः सत्तां वहन्ति आत्मलाभं प्राप्नुवन्ति (शु.य. प्रा.व्या.) यद्वा अविद्यमानो योगो वर्णान्तरैः सह सम्बन्धो येषान्ते अयोगास्ते च ते वाहा व्यावहारिकाः*] अकारादि वर्णका साथ मिलेर प्रयोगमा आउने वर्णसमाम्नायबाहिरका वर्णहरू। यी पाँच छन्— अनुस्वार, विसर्ग, जिह्वामूलीय, उपध्मानीय र यमल वर्ण।

अयोग्यः (पुं.वि.) [*न योग्यः, न.त.*] नालायक/योग्य नभएको।

अमन्त्रमक्षरं नास्ति नास्ति मूलमनौषधम्।
अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः॥ (सुभा.)

अयोगुडः (पुं.) [*अयसा लौहेन निर्मितो गुडः गुलिका*] फलामको गोली।

अयोऽग्रः (पुं.नपुं.) [*अयोऽग्रेऽस्येति, बहु.स.*] मुसल। **अयोऽग्रो मुसलोऽस्त्री स्यात्** (अमर.)।

अयोघनः (पुं.) [*अयसे घनः, च.त.*] फलाम पिट्ने घन।

अयोध्या (स्त्री.) [*न योध्या, न.त.*] वैवस्वत मनुको आज्ञाले विश्वकर्माले बनाएको उत्तर कोशलको राजधानी। यसको अर्को नाम विनीता वा साकेतपत्तन हो। प्राचीन कालमा यसको लम्बाइ ३६ योजन, चौडाइ १२ योजन थियो। सूर्यवंशी राजाहरूको राजधानी भएको यस ठाउँमा श्रीराम जन्मनुभएको थियो। यो सरयूको तटमा छ। सात मोक्षपुरीमध्ये एक तीर्थ मानिने यो पुरी भारतीय उत्तरप्रदेश राज्यको फैजावाद जिल्लामा पर्दछ।

अयोध्या नाम नगरी तत्रासील्लोकविश्रुता।
आयता दश च द्वे च योजनानि महापुरी॥ (रामा.)

अयोनिः (पुं.) [*अविद्यमाना योनिः उत्पत्तिस्थानं यस्य सः, बहु.स.*] १.ब्रह्मा २.शिव ३.कविले अरू कसैको आधार नलिई आफूले नै मौलिक कल्पना गरी वर्णन गरेको रचना (वामन) ४.(पुं.वि.) योनिबाट नजन्मिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयोनिजः (पुं.वि.) [*न योनिजः, न.त.*] १.योनिबाट नजन्मेको २.(पुं.) विष्णु ३.ब्रह्मा ४.शिव।

अयोनिजत्वम् (नपुं.) [*न योनिजत्वम्, न.त.*] योनिबाट उत्पन्न नहुने अवस्था।

अयोनिजन्मा (पुं.वि.) [*न योनिजन्मा, न.त.*] योनिबाट नजन्मेको। जस्तै– ब्रह्मालाई कमलबाट र सीतालाई पृथ्वीबाट जन्मेकाले अयोनिजन्मा भनिन्छ।

अयोमयः (पुं.वि.) [*अयसो विकारः*] फलाम वा कुनै धातुबाट बनेको, वेदमा अयस्मयको प्रयोग हुन्छ।

अयोमलम् (नपुं.) [*अयसो मलम् इव*] १.फलामको किट २.फलामको खिया।

अयोविकारः (पुं.) [*अयसो विकारः,ष.त.*] फलामको विकार, किट।

अरः (पुं.) [*इयर्ति अनेन, अच्*] १.पाङ्ग्राको नेमि र नाभिका बिचको काठ।

अरैः सन्धार्यते नाभिर्नाभौ चाराः प्रतिष्ठिताः।
स्वामिसेवकयोरेवं वृत्तिचक्रं प्रवर्तते॥ (सुभा.)

२.जिनसम्मत कालचक्रको बाहौँ अंश ३.अठारौँ तीर्थङ्कर ४.(पुं.वि.) छिटो हिंड्ने।

अरकः (पुं.) [*अरमेव अरकः, स्वार्थे कन्*] १.कुनै पानी भएको वस्तु उमालेर बाफका रूपमा निकालेको रस २.बुकुवा ३.माहुर ४.काँचो लाहा ५.पानीमा हुने भ्याउ।

अरघट्टः (पुं.) [*घट्यतेऽस्मिन्निति घट्टः, घट्ट चलने इति धातोः, हलश्च ३.३.२१ इति घञ्, अराणां घट्टो यत्र, अरैश्चक्रावयवसदृशैः घट्यते रच्यते इति वा*] १.मकै, जौ आदि पिँध्ने घट्ट वा जाँतो २.इनार वा पोखरीबाट पानी बाहिर ल्याउने चक्राकार काठको यन्त्र। **कोट्टारघट्टहट्टाश्च** (अमर.)।

अरणिः (पुं.) १.सूर्य २.यज्ञका लागि मथेर आगो निकालिने काठविशेष। **निर्मन्थ्यदारुणि त्वरणिर्द्वयोः** (अमर.)।

अरणिः (स्त्री.) [*ऋच्छति प्राप्नोति वह्निमनेन, ऋ गतौ इति धातोः, अर्तिसृधृधम्यम्यश्यवितॄभ्योऽनिः (उ.) २६७ इति अनिः, अरणी इत्यपि*] यज्ञमा मथन गरेर आगो निकालिने काठविशेष।

विधिना मन्त्रयुक्तेन रुक्षा वा मथितापि च।
प्रयच्छति फलं भूमिररणीव हुताशनम्॥ (पञ्चत.)

अरण्यम् (नपुं.) [*ऋच्छन्ति गृहान्निसृत्य गच्छन्ति वार्धक्येऽत्र,मृगैः अर्यते वा, ऋ गतौ इति धातोः, अर्तेर्निच्च (उ.) ३८९ इति अन्यः*] वन/जङ्गल। **अटव्यरण्यं विपिनं गहनं काननं वनम्** (अमर.)।

अरण्यरोदनन्यायः (पुं.) जसरी मानिस नभएको जङ्गलमा रोएर कसैले सुन्दैन त्यसै गरी व्यर्थ कार्यमा लागेर वा क्रूर व्यक्तिका अगाडि वेदना पोखेर त्यसको कुनै महत्त्व हुँदैन भन्ने जनाउँदा प्रयोग गरिने उखान। **अरण्यरोदनमेव धनाढ्येभ्यः सहाय्ययाचनं प्रायशो भवति।**

अरण्यानी (स्त्री.) [*महदरण्यम्, अरण्यब्दाद् हिमारण्ययोर्महत्त्वे (वा.) ४.१.४९इति ङीषानुकौ*] घना जङ्गल/बाक्लो वन/ठुलो जङ्गल। **महारण्यमरण्यानी** (अमर.)।

अयत्यमानोऽरण्यानीं ससीतो सहलक्ष्मणः।
बलाद् बुभुक्षुणोत्क्षिप्य जह्रे भीमेन रक्षसा॥ (भट्टि.)

अरत्निः (स्त्री.) [*ऋच्छति अर्यते वा, ऋ गतौ इति धातोः, ऋतन्यञ्जिवन्य (उ) ४५० इति कत्निच्, न रत्निः, न.त.*] कान्छी औँला खुला पारी मुठी बाँधेर कुहिनादेखि कान्छी औँलाको टुप्पासम्म नापेको नापो। **अरत्निस्तु निस्कनिष्ठेन मुष्टिना।** (अमर.) निर्गता कनिष्ठा यस्मात्तेन मुष्टिनोपलक्षित इत्यर्थः।

अरम् (अव्य.) [*इयर्ति, इति ऋ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] चाँडो/छिटो। **अथ शीघ्रं त्वरितं लघु क्षिप्रमरं द्रुतम्** (अमर.)।

अररम् (नपुं.) [*ऋच्छति बहिरन्तश्च गच्छति यस्मात्, ऋच्छ गतौ इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ.) ४१९ इति अरप्रत्ययः*] १.ढोका २.ढकनी। **अररं छदकपाटयोः** (मेदिनी.) ३.छाला काट्ने छुरी ४.यज्ञको अङ्ग ५.युद्ध/लडाइँ।

अररिः (पुं.) [*अरम् ऋच्छति, सर्वधातुभ्य इन् इति इन्*] ढोका। **कवाटेऽररिः कपाटः** (हैम.)

अरलुः (पुं.) [*ईयर्तीति च, ऋ गतौ इति धातोः, अर्तेररुः (उ) ५२८ इत्यरुः*] टटेलो। **स्योनाकशुकनासर्क्षदीर्घवृत्तकुटन्नटाः। शाणकश्चारलौ** (अमर.)।

अरविन्ददर्शनम् (नपुं.) [*अरविन्दस्य दर्शनम्, ष.त.*] अरविन्द नामक एक विभूतिको चिन्तन। यो चिन्तन साधनाजन्य आध्यात्मिक अनुभूतिमा आधारित छ। यिनको दृष्टिकोणमा ब्रह्म र जगत् दुवै सत्य छन्। जड द्रव्य र आत्मा दुवैको उपेक्षा गर्नु हुँदैन। जड तत्त्व नमान्ने आत्मवादी र आत्माको अवज्ञा गर्ने दुवै एकाङ्गी हुन्। ब्रह्म सत्यं जगन्मिथ्याको सिद्धान्त सत्य होइन। बुद्धिलाई नै ज्ञानको एकमात्र साधन स्वीकार गरेर जडवादीले आत्माको निषेध गरेका छन्। उनीहरूको दृष्टि सङ्कीर्ण र त्याज्य छ। किनभने ज्ञानको क्षेत्र अनन्त छ। ज्ञानेन्द्रिय र बुद्धिको सीमाभन्दा पर पनि ज्ञान छ। आत्मवादीले गरेको भौतिकवादको निषेध पनि ठिक छैन भन्ने अरविन्दको धारणा छ। उनले ब्रह्मलाई सत् चित् आनन्द भनेका छन्। यो ब्रह्म सगुण, निर्गुण, एक, अनेक, स्थाणु, गतिशील सबै प्रकारको छ। जड सच्चिदानन्द र सच्चिदानन्द जड बन्न सक्ने हुँदा जडवादीले भनेजस्तो जड नभएर जड सच्चिदानन्दकै निवर्तन रूप हो। अरविन्दको विकास सिद्धान्तअनुसार जगत् विकासप्रक्रियाका दुई पक्ष छन्– निवर्तन र विवर्तन। निवर्तन भनेको भ्याङका सिँढीबाट क्रमशः ओर्लनु जस्तै हो। जस्तै– सत् चित् आनन्दबाट अतिमानिस, अतिमानिसबाट मानिस, मानिसबाट जीव, जीवबाट प्राण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणबाट जडतत्त्व। यस्तै विवर्तन भनेको सिँढी चढ्नु हो। जस्तै– जडतत्त्वबाट प्राण, प्राणबाट जीव, जीवबाट मानिस, मानिसबाट अतिमानिस, अतिमानिसबाट सत् चित् आनन्द। यसरी हेर्दा के देखिन्छ भने अरविन्दको जड भौतिकवादीको जड जस्तो नभएर सच्चिदानन्द ब्रह्मकै निवर्तन हो। सृष्टिको प्रारम्भमा जडपदार्थमात्र थियो। पछि गएर त्यसमा प्राण पस्यो। वनस्पतिवर्ग पैदा भयो। त्यसपछि चेतनायुक्त पशुको जन्म भयो। त्यसपछि मानिस, मानिसपछि अतिमानिसको आविर्भाव भयो। संसारको यो क्रियाशील तत्त्वलाई अरविन्दले माता चित् शक्ति भनेका छन्। चराचर जगत् माता नै हुन् भन्ने उनको धारणा छ। अरविन्दको योगसाधनाको उद्देश्य पनि जीवनलाई अतिमनिसको सिँढीमा उकाल्नु हो। समस्त मानवताका पक्षलाई दिव्यभावमा रूपान्तर गर्नु हो। उनको योगसाधना समग्र मानवताका निमित्त हो, व्यक्तिगत सिद्धि वा मुक्तिका लागि होइन।

अरविन्दम् (नपुं.) [*अराणि तदाकराणि पत्राणि विन्दति अरपूर्वकाद् विद्लृ लाभे इति धातोः, गवादिषु विन्देः संज्ञायाम् (वा) ३.१.३८ इति शः, शे मुचादीनाम् ७.१.५९ इति नुम्*] १.कमल २.कामबाण।

अरविन्दमशोकञ्च चूतञ्च नवमल्लिका।
नीलोत्पलञ्च पञ्चैते पञ्च कामस्य सायकाः॥ (अमर.)

अरसिकः (पुं.वि.) [*न रसिकः, न.त.*] रसिक नभएको

अरसिकेषु कवित्वनिवेदनं
शिरसि मा लिख मा लिख मा लिख (सुभा.)।

अरालः (पुं.) [*न राति दुःखम्, बाहुलकाल्लक्*] धूप।

अराष्ट्रियः (पुं.वि.) [*राष्ट्रे भवः, राष्ट्रपारावाराद् घखौ ४.२.९३ इति घः, घस्य इयः ७.१.२ न राष्ट्रियः, न.त.*] राष्ट्रिय भावनाले रहित भएको। **~तत्त्वम्** (नपुं.) [*अराष्ट्रियञ्च तत्तत्त्वञ्च, कर्म.स.*] १.राष्ट्रिय भावनाले रहित भएको सिद्धान्त वा उद्देश्य २.राष्ट्रको अहित गर्ने व्यक्ति वा समुदाय।

अरिः (पुं.) [*इयर्ति विरोधम्, ऋ गतौ इति धातोः, अच इः (उ.) ५८८ इति इः*] शत्रु।

अरिणा सह संवासाद् विषेण सह भोजनाद्।
पाप्मना सह सौहार्दान्मरणं प्रतिपद्यते॥ (सुभा.)

अरित्रम् (नपुं.) [*ऋच्छत्यनेनेति ऋ गतौ इति धातोः अर्तिलूधूसूखनसहचर इत्रः ३.२.१८४ इति इत्रः*] १.पतवारी/डुङ्गा ख्याँउने बाँस/बहाना २.काँचो फलाम ३.फलामको धुलो ४.पानीको गहिराइ नाप्ने डोरी।

अरिन्दमः (पुं.) [*अरीन् शत्रून् कामादीन् दमयति, दाम्यति वा, संज्ञायां भृतॄवृजिदारिसहितपिदमः ३.२.४६ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्*] १.शत्रुलाई दमन गर्ने २.कामवासनालाई जित्नसक्ने/जितेन्द्रिय।

अरिमेदः (पुं.) [*अरिरिव मेदः स्नेहो यस्य सः, बहु.स.*] १.दुर्गन्ध आउने खयर २.अरिगाँठे किरो। **अरिमेदो विट्खदिरे** (अमर.)।

अरिष्टः (पुं.) [*न रिष्टमस्मात्*] १.रिठ्ठो २.लसुन ३.निम ४.फिनेल ५.गिद्ध ६.काग ७.कङ्कपक्षी ८.उखुबाट बनेको,चित्रक, दन्ती, पिप्ला आदि मिसाएको मद्यविशेष। **अरिष्टो लशुने निम्बे फेनिले काककङ्कयोः** (मेदिनी.)। **~दुष्टधीः** (पुं.वि.) [*अरिष्टेन दुष्टा धीर्यस्य सः, बहु.स.*] अरिष्टले गर्दा बुद्धि बिग्रिएको। **विवशोऽरिष्टदुष्टधीः** (अमर.)।

अरिष्टम् (नपुं.) [*नास्ति रिष्टमत्र, न रिष्यते स्म हिंस्रैः इति वा, रिष हिंसायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.खराब हालत २.मर्ने योग ३.सुत्केरीको कोठा ४.जडीबुटीको काँडा पकाई सूर्य पाक गरेको औषधी ५.पापग्रहको योग ६.भूकम्प तुफान आदिबाट हुने अनिष्ट ७.लसुन ८.नीम ९.फिँज आउने वस्तु १०.रक्सी ११.कागको पखेटा १२.मोही।

अरुः (पुं.) [*इयर्ति प्राप्नोति, ऋ गतौ इति धातोः, अर्तिपृवपियजितनिधनितपिभ्यो नित् (उ.२८२) इति उसिः*] १.मर्म २.घाउ ३.सूर्य ४.आँक ५.रातो खयर। **व्रणो ऽस्त्रियामीर्ममरुः** (अमर.)।

अरुचिः (स्त्री.) [*न रुचिः, न.त.*] १.रोगविशेष/खान इच्छा नहुनु। **अल्पमात्रोपयोगित्वादरुचेरप्रसङ्गतः।** (वै. सुभा.) २.कुनै पनि कुरामा मन न लाग्नु ३.[*न विद्यते रुचिर्यस्यां सा, बहु.स.*] प्रवासकालको कामदशा।

अरुणः (पुं.) [*ऋच्छति गच्छति प्राप्नोति वोदयम्, ऋ गतौ, इति धातोः, अर्तेश्च (उ.) ३४७ इति उनः, गुणः, रपरत्वम्*] १.गरुडका दाजु/महर्षि कश्यप र विनताका छोरा। २.बिहानीपख सूर्य उदाउनुभन्दा अगाडि पूर्वी आकाशमा देखिने लालिमा ३.सूर्यको सारथि

(अरुणः)

४.माघमहिनाको सूर्य ५.राति गेडी ६.पुच्छ्रेतारा ७.सूर्यदेखि २, ८५, २८, ००, ००० कि.मि. टाढा रहेको एक ग्रह। यसको व्यास ४६८८० कि.मि. छ। यसको आयतन पृथ्वीको ६४ गुणा छ। यसको प्रकाश पृथ्वीमा आइपुग्न तीन घण्टा लाग्छ। यसले आफ्नो अक्षको परिक्रमा गर्न १० घण्टा ४२ मिनेट लगाउँछ। पृथ्वीको वर्ष गणनाअनुसार यसले ८४ वर्षमा सूर्यलाई एकपटक परिक्रमा गर्छ। यसको बाक्लो वायुमण्डलमा मिथेन, एमोनिया, हाइड्रोजन ग्याँसको प्रधानता छ। यसका सतहमा बाक्ला हिमपत्रहरू रहेका छन्। यसको तापक्रम– १९० डिग्री सेन्टिग्रेट भन्दा तल छ। यो पूर्वबाट पश्चिमतिर घुम्दछ। यसमा सूर्य तथा ग्रहहरू पश्चिमबाट उदाएर पूर्वमा अस्ताउँछन्। यसका काला वलयहरू छन्। (साभार इन्टरनेट र ब्र. ज्यो.र.) अरुणका उपग्रहहरू–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम	व्यास (कि.मि.)	ग्रहदेखिको दूरी (कि.मि.)	परिक्रमाको समय		
			दिन	घण्टा	मिनेट
मिराडा	३२०	१,२९,६००	१	९	५६
एरियल	९६०	१,९०,४००	२	१२	२९
अम्ब्रियल	६४०	२,६५,६००	४	३	२८
टियानिया	१६००	४,३५,२००	८	१६	५६
आबेरान	१४४०	५,८०,४००	१३	११	७

अरुणकौशिकी (स्त्री.) [*अरुणा रक्तवर्णा चासौ कौशिकी, कर्म. स.*] यसको लम्बाइ नेपालको भूभाग भन्दा धेरै लामो भाग चीनको स्वशासित क्षेत्र तिब्बतमा पर्दछ। यसले चीन, नेपाल र भारतलाई जोडेको छ। सङ्खुवासभा, भोजपुर र धनकुटाको साँधमा यो नदी बगेको छ। सङ्खुवासभा जिल्लाको किमाथान्काबाट नेपाल भित्रिने यस नदीले त्यहाँ निकै गहिरो गल्छी बनाएको छ। नेपालको शिरदेखि अन्त्यसम्ममा ६७०७ फिट तल खसेर यो नदी बगेको छ। यसले बनाएको छेडो ११४८३ फिटभन्दा गहिरो छ भने यसैले बनाएको अरुण उपत्यका विश्वको सबैभन्दा गहिरो उपत्यका हो। यो सबै कोसीहरूभन्दा ठुलो कोसी हो। यही अरुण पश्चिमबाट आएको सुनकोसीमा मिलेर तमोर नदीमा मिसिएपछि सप्तकोसी बन्न पुगेको छ। सप्तकोसीको कुल प्रवाह क्षेत्रफल ६०, ४०० वर्ग कि.मि. मध्ये २८१४० वर्ग कि.मि. नेपालमा पर्दछ। अरुणको संस्कृत नाम महाप्रभा पनि हो।

अरुणा (स्त्री.) [*अरुणो वर्णोऽस्याः सा*] १.मजिठो २.अत्तीस ३.रातीगेडी ४.रातो गाई ५.नदीविशेष। **अरुणातिविषाश्यामा मजिष्ठानिवृतासु च** (मेदिनी.) **विश्वा विषा प्रतिविषाऽति विषोपविषारुणा** (अमर.)।

अरुणोदयः (पुं.) [*अरुणस्य उदयः, ष.त.*] १.रातलाई आठ भाग लगाउँदा अन्तिम आठौँ भागको बेला। यो सूर्योदयभन्दा दुई घडी वा चार घडी अघिको समय हो। साधारणतया सूर्योदय हुनु भन्दा अघि रातो आकाश हुने बेलालाई अरुणोदय मानिन्छ।

निशः प्रान्ते तु यामार्धे देववादित्रवादने।
सारस्वतानध्ययने चारुणोदय उच्यते॥ (नि.सि.
उदयात्प्राक् चतस्त्रस्तु घटिका अरुणोदयः (व.कृ.दी.)।

२.अरुण ग्रहको उदय।

अरुन्तुदः (पुं./नपुं.) [*अरूंषि तुदति, तुद व्यथने इति धातोः, विध्वरुषोस्तुदः ३.२.३५ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ३.६.६७ इति मुम्, संयोगान्तलोपः*] १.शत्रु २.मर्मभेदी। **अरुन्तुदन्तु मर्मस्पृक्** (अमर.)। **अरुन्तुदत्वं महतां ह्यगोचरः** (किरा.)।

अरुन्धती (स्त्री.) १.दक्षप्रजापतिकी एक कन्या, २.वसिष्ठ ऋषिकी पत्नी, ३.सप्तऋषिको बिचमा रहेको देखिने एक सानो तारा।

दीपनिर्वाणगन्धञ्च सुहृद्वाक्यमरुन्धतीम्।
न जिघ्रन्ति न शृण्वन्ति न पश्यन्ति गतायुषः॥ (हितो.)

अरुष्करः (पुं.) [*अरुः करोति डुकृञ् करणे इति धातोः, दिवाविभा ३.२.२१ इति टः, नित्यं समासेऽनुत्तरपदस्थस्य ८.३.४५ इति षः*] १.भलायो २.घाउ बनाउने वस्तु। **अरुष्करो व्रणकृति त्रिषु भल्लातके त्रिषु** (मेदिनी.)। **व्रणकार्येष्वरुष्करः** (अमर.)।

अरूषः (पुं.) [*ऋच्छति गच्छति प्रतिदिनमुदयमस्तञ्च याति, ऋ गतौ इति धातोः, ऋहनिभ्यामूषन् (उ.) ५२२ इति ऊषन्*] सूर्य।

अरूष्करणम् (नपु.) [*अरुः, अनरुर्यथा सम्पद्यते तथा करणम्, अरुर्मनश्चक्षुश्चेतोरहो रजसां लोपश्च ५.४.५१ इति सलोपः, च्विप्रत्ययश्च, च्वौ च ७.४.२६ इति दीर्घः*] घाइते पार्नु।

अरे (अव्य.) [*ऋधातोः एप्रत्ययः*] सम्बोधन बोधक शब्द। प्रायः हेपेर बोलाउँदा यसको प्रयोग हुन्छ। रिसले बोलाउँदा पनि यसको प्रयोग गरिन्छ। **अरे अनड्वन्, निरपराधकुलकदन, महापातकिन् अशिष्टविकृतचेष्ट** (महावीरचरित)।

अरेरे (अव्य.) [*वीप्सायां द्वित्वम्*] सम्बोधन बोधक पद/रिसाएर गरिने आह्वान।

अरोकः (पुं.) [*रोचनम्, रोकः, रुच दीप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, न रोको यस्य सः, बहु.स.*] कान्तिहीन/तेज नभएको। **निष्प्रभे विगतारोकौ** (अमर.)।

अरोचकः (पु.वि.) [*न रोचयति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] खान नरुचाउने।

अर्क (धा.) [*स्तवने, सक.सेट्, उभ.*]– स्तुति गर्नु, प्रशंसा गर्नु, तताउनु। लट्– **अर्कयति–ते**– स्तुति गर्छ, प्रशंसा गर्छ, तताउँछ। लिट्– **अर्कयाञ्चकार-चक्रे**– स्तुति गरेछ, प्रशंसा गरेछ, तताएछ (अन.)। लुट्– **अर्कयिता**– स्तुति गर्ने छ, प्रशंसा गर्ने छ, तताउने छ (अन.)। लृट्– **अर्कयिष्यति–ते**– स्तुति गर्ने छ, प्रशंसा गर्ने छ, तताउने छ। लोट्– **अर्कयतु–ताम्**– स्तुति गरोस्, प्रंशंसा गरोस्, तताओस्। लङ्– **आर्कयत्–त**– स्तुति गऱ्यो,प्रशंसा गऱ्यो, तातो पाऱ्यो। विधिलिङ्– **अर्कयेत्–त**– स्तुति गर्ला, प्रशंसा गर्ला, तताउला, स्तुति गरोस्, प्रशंसा गरोस्, तताओस्। आशीर्लिङ्–अर्क्यात्, अर्कयिषीष्ट– स्तुति गरोस्, प्रशंसा गरोस्, तताओस्। लुङ्– **आर्चिकत्–त**– स्तुति गऱ्यो, प्रशंसा गऱ्यो, ततायो। लृङ्– **अर्कयिष्यत्–त**– स्तुति गर्ने थियो, प्रशंसा गर्ने थियो, तताउने थियो इत्यादि।

अर्कः (पुं.) [*अर्च्यते पूज्यते इति, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, चजोः कुः घिण्यतोः, इति कुत्वम्, यद्वा अर्च पूजायाम्, इति धातोः, कृदाधारार्चिकलिभ्यः कः (उ.) ३२७ इति कः*] १.आँक २.सूर्य ३.स्फटिक ४.रक्तवर्ण ५.तामो ६.सूर्यमुखी फूल ७.इन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८.जेठो भाइ ९.[*लक्षणया*] आइतबार १०.ज्योतिषमा बाह्रलाई जनाउने शब्द। **अर्कोऽर्कपर्णे स्फटिके रवौ ताम्रे दिवस्पतौ** (मेदिनी.)। **अर्कः स्फटिकसूर्ययोः** (अमर.)। **~नन्दनः** (पुं.) [*अर्कस्य नन्दनः, ष.त.*] १.शनिश्चर २.यम राज ३.कर्ण ४.वैवस्वत मनु ५.सावर्णिमनु। **~पर्णः** (पुं.) [*अर्काभानि पर्णानि पत्राणि यस्य सः, बहु.स.*] आँक। **~बन्धुः** (पुं.) [*अर्कस्य बन्धुः सूर्यवंशोद्भवतया, ष.त.*] गौतमबुद्ध। **गौतमश्चार्कबन्धुश्च मायादेवीसुतश्च सः** (अमर.)। **~विवाहः** (पुं.) [*अर्केण विवाहः, ष.त.*] आँकसित गरिने विवाह/चौथो विवाह।

अर्कचन्दनम् (नपुं.) [*अर्कप्रियं चन्दनम्, म.प.स.*] रक्तचन्दन।

अर्कसूनुः (पुं.) [*अर्कस्य सूनुः, ष.त.*] १.सूर्यपुत्र २.यमराज (अभि.चि.)।

अर्काह्वः (पुं.) [*अर्कः आह्वा यस्य सः, बहु.स.*] १.आँक २.स्फटिक ३.सूर्य ४.तामो। **अर्कोऽर्कपर्णे स्फटिके रवौ ताम्रे दिवस्थितौ** (मेदिनी.)।

अर्कोपलः (पुं.) [*अर्कमनुगत उपलः, कर्म.स.*] सूर्यकान्तमणि। **ज्वलदर्कोपलवप्रजन्मभिः** (नैष.२.८७)।

अर्गलम् (नपुं.) [*अर्ज्यते इति अर्ज अर्जने वृषादिभ्यश्चित् (उ.) १११ इति कलच्, न्यङ्क्वादीनाञ्च ७.३.५३ इति कुत्वम्*] १.आग्लो। **तां सत्यनाम्नीं दृढतोरणार्गलां गृहैर्विचित्रैरुपशोभितां शिवाम्** । (रामा.) २.प्रतिबन्ध ३.प्रत्यवाय ४.विघ्न ५.तरङ्ग ६.गदा ७.सप्तशतीको पाठ अगाडि पढिने स्तोत्रविशेष । **स्यादर्गलं तु कल्लोले परिघेऽपि** (विश्व.)।

अर्घ (धा.) [*मूल्ये, भ्वा.पर.सक.सेट्*] किन्नु। लट्–**अर्घति** –किन्छ। **अर्घति गां गोपः** (दुर्गादास) **परीक्षकाः सन्ति न यत्र देशे नार्घन्ति रत्नानि समुद्रजानि** (प.त.)।

अर्घः (पुं.) [*अर्घ्यतेऽनेनेति अर्ह पूजायाम् इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, न्यङ्क्वादीनाञ्च ७.३.५३ इति कुत्वम्*] १.मोल/भाउ २.मह ३.अर्घपात्र ४.देवीदेवतालाई चढाइने दही, मह आदि मिलाई बनाइएको जलीय पदार्थ। **~संस्थापनम्** (नपुं.) [*अर्घस्य मूल्यस्य संस्थापनम्, ष.त.*] मूल्यनिर्धारण।

पञ्चरात्रे पञ्चरात्रे पक्षे पक्षेऽथवा गते।
कुर्वीत चैषा प्रत्यक्षमर्घसंस्थापनं नृपः ॥ (मनु.८.४०२)

अर्घ्यः (पुं.वि.) [*अर्घ्यायेदमिति, पदार्घाभ्याञ्च ५.३.२४ इति यत्*] १.अर्घपात्रद्वारा जल दिन योग्य २.(पुं.) पूजाको उपचारविशेष/जल, दुध, कुश, दही, घिउ, सर्स्यूँ, अक्षता, जौ मिसाई देवताको हातमा चढाउन तयार पारिएको जलीय पदार्थ। **त्रिष्वर्घ्यमर्घार्थे** (अमर.)।

अर्घ्यम् (नपुं.) [*अर्घायेदम्, पदार्घाभ्यां च ५.४.२५ इति यत्, अर्घार्थे जले*] अर्घमा चाहिने वस्तु जस्तै– कुश, जौ, तिल, अक्षता आदि। २.(दण्डादिभ्यो यः) पूज्य।

अर्च (धा.) [*पूजने, भ्वा.सक.पर.सेट्*] पूजा गर्नु। लट्– **अर्चति**– पूजा गर्छ। लिट्– **आनर्च**– पूजा गरेछ। **अर्चिता**– पूजा गर्ने छ। **अर्चिष्यति**– पूजा गर्ने छ। लोट्– पूजा गरोस्। लङ्– **आर्चत्**– पूजा गऱ्यो। विधिलिङ्– **अर्चेत्**– पूजा गर्ला, पूजा गरोस्। आशीर्लिङ्– **अर्च्यात्**– पूजा गरोस्। लुङ्–**आर्चीत्**– पूजा गऱ्यो। लृङ्– **आर्चिष्यत्**– पूजा गर्ने थियो। कर्मणि– **अर्च्यते**– पूजा गरिन्छ। णिचि– **अर्चयति**– पूजा गराउँछ। सनि– **अर्चिचिषति**–पूजा गर्न चाहन्छ। कृदन्ते– **अर्चकः, अर्चिका, अर्चिता-त्री**– पूजा गर्ने। **अर्चितव्यम्, अर्चनीयम्, अर्च्यम्**– पूजा गर्नु पर्ने/पूजनीय। **अर्चितः, अर्चितवान्**– पूजा गरेको। **अर्चित्वा, समर्च्य**– पूजा गरेर। **अर्चितुम्**– पूजा गर्न इत्यादि।

अर्च (धा.) [*पूजायाम्, चुरा.सक.सेट् उभ.*]– पूजा गर्नु। लट्– **अर्चयति–ते**– पूजा गर्छ। लिट्– **अर्चयाञ्चकार-चक्रे**– पूजा गरेछ। (अन.)। लुट्– **अर्चयिता**– पूजा गर्ने छ (अन.)। लृट्– **अर्चयिष्यति-ते**– पूजा गर्ने छ। लोट्– **अर्चयतु-ताम्**– पूजा गरोस्। लङ्– **आर्चयत्–त**– पूजा गऱ्यो (अन.)। विधिलिङ्– **अर्चयेत्–त**– पूजा गर्ला, पूजा गरोस्। आशीर्लिङ्– **अर्च्यात्-अर्चयिषीष्ट**– पूजा गरोस्। लुङ्– **आर्चिचत्-त**– पूजा गऱ्यो। लृङ्– **अर्चयिष्यत्–त**– पूजा गर्ने थियो इत्यादि। णिचि– **अर्चयति-ते**– पूजा गराउँछ। कर्मणि– **अर्च्यते**– पूजा गरिन्छ। कृदन्ते– **अर्चकः**– पूजा गर्ने, **अर्चितः**– पूजा गरिएको, **अर्चित्वा**– पूजा गरेर, **अर्चितव्यम्**– पूजा गर्नुपर्ने, **समर्च्य**– पूजा गरेर इत्यादि।

अर्चकः (पुं.) [*अर्चयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] पूजा गर्ने।

अर्चकस्य तपोयोगादर्चनस्यातिशायनात्।
आभिरूप्याच्च विम्बानां देवः सान्निध्यमृच्छति ॥ (ति.त.)

अर्चनम् (नपुं.) १.[*अर्च पूजायामिति धातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट्*] पूजा गर्नु। **धनधान्यकरं नित्यं गुरुदेवद्विजार्चनम्।** (राजवल्लभ) २.[*अर्च्यते पूज्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्*] पूजा गर्ने सामग्री।

अर्चना (स्त्री.) [*अर्च्यते इति, अर्च पूजायाम् इति धातोः, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.१*] पूजा/आराधना।

अर्चा (स्त्री.) [*अर्चनम्, अर्च पूजायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.पूजा २.सत्कार ३.[*अर्च्यतेऽसौ*] प्रतिमा। **पूजा नमस्यापचितिसपर्याचार्हणाः समाः** (अमर.)। **प्रतिकृतिरर्चा पुंसि प्रतिनिधिः** (अमर.)।

अर्चिः (पुं.) [*अर्च्यते पूज्यते इति, अर्च पूजायाम् इति धातोः, अर्चिशुचिहुसृपिछादिछर्दिभ्य इसिः (उ.) २७३ इति इसिः*] १.ज्वाला २.किरण। **अथार्चिर्मयूखशिखयोर्न ना** (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्चितः (पुं.वि.) [*अर्च्यते स्मेति अर्च पूजायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पूजा गरिएको २.सत्कार गरिएको/सम्मान गरिएको । **स्यादर्हिते नमस्यितनमसितमपचायितमर्चितापचितम्** (अमर.) ।

अर्चिष्मान् (पुं.) [*अर्चिरस्यास्तीति, मतुप्, मस्य वः*] १.अग्नि २.सूर्य ३.एक देवर्षि ४.(पुं.वि.) चम्किलो ।

अर्च्यः (पुं.वि.) [*अर्चयितुं योग्यः,ण्यत्*] पूजनीय । **मरुत्प्रयुक्ताश्च मरुत्सखाभं तमर्च्यमारादभिवर्तमानम्** (रघु.) ।

अर्ज (धा.) [*अर्जने, भ्वा. सक.सेट् पर.*— सम्पन्न गर्नु, कमाउनु । लट्— **अर्जति**— सम्पन्न गर्छ, कमाउँछ । लिट्— **आनर्ज**— सम्पन्न गरेछ, कमाएछ (अन.), इत्यादि । णिचि— **अर्जयति-ते**— कमाउन लगाउँछ । कर्मणि— **अर्ज्यते**— कमाइन्छ । कृदन्ते— **अर्जकः, अर्जयिता**— कमाउने, **अर्जनीयम्**— कमाउनुपर्ने, **अर्जितः**— कमाएको, **अर्जना**— कमाउने काम, **अर्जयितुम्**— कमाउन, **अर्जयन्**— कमाउँदै इत्यादि ।

अर्ज (धा.) [*प्रतियत्ने, सक.सेट् उभ.*]— आर्जन गर्नु, उद्योग गर्नु । लट्— **अर्जयति-ते**—आर्जन गर्छ, उद्योग गर्छ । लिट्— **अर्जयाञ्चकार-चक्रे**— आर्जन गरेछ, उद्योग गरेछ (अन.) । लुट्— **अर्जयिष्यति-ते**— आर्जन गर्ने छ, उद्योग गर्ने छ । लोट्— **अर्जयतु-ताम्**— आर्जन गरोस्, उद्योग गरोस् । लङ्— **आर्जयत्-त**— आर्जन गऱ्यो, उद्योग गऱ्यो (अन.) । विधिलिङ्— **अर्जयेत्-त**— आर्जन गर्ला, उद्योग गर्ला, आर्जन गरोस्, उद्योग गरोस् । आशीर्लिङ्— **अर्ज्यात्-अर्जयिषीष्ट**— आर्जन गरोस्, उद्योग गरोस् । लुङ्— **आर्जिजत्-त**— आर्जन गऱ्यो, उद्योग गऱ्यो । लृङ्— **आर्जयिष्यत्-त**— आर्जन गर्ने थियो, उद्योग गर्ने थियो, इत्यादि ।

अर्जकः (पुं.) [*अर्जयतीति, अर्ज अर्जने, ऋज गतिस्थानार्जनोपार्जनेषु इति वा धातोः, ण्यन्तात् ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.आर्जन गर्ने व्यक्ति २.सेतो बाबरी/सानो बाबरी । **सितेऽर्जकोऽत्र** (अमर.) ।

अर्जनम् (नपुं.) [*अर्ज,अर्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कमाइ ।

अर्थानामर्जनं कार्यं वर्द्धनं रक्षणं तथा ।
भक्ष्यमाणो निरादायं सुमेरुरपि हीयते ॥ (सुभा.)

अर्जितः (पुं.वि.) [*अर्ज्यते स्म, कर्मणि क्तः*] कमाइएको/आर्जन गरिएको । **यदर्ज्यते परिक्लेशैरर्जितं यन्न भुज्यते । विभज्यते तदन्तेऽन्यैः कस्यचिद् मास्तु तद्धनम् ॥** (शा.प. ३७८)

अर्जुनः (पुं.) [*अर्जयति अर्ज्यते वा, ऋज गतिस्थानार्जनोपार्जनेषु, इति धातोः,अर्जेर्णिलुक् च (उ.) ३४५ इति उनः, णेर्लुक्च*] १.कुन्तीको गर्भबाट पैदा भएका इन्द्रका पुत्र/तेस्रा पाण्डव/पार्थ ।

अर्जुनः फाल्गुनः पार्थः सव्यसाची धनञ्जयः ।
राधावेधी किरीट्यैन्द्रिर्जिष्णुः श्वेतहयो नरः ॥
बृहन्नये गुडाकेशः सुभद्रेशः कपिध्वजः (अभि.चि.) ।

यिनका छोरा— श्रुतकीर्ति, इरावान्, वभ्रुवाहन र अभिमन्यु । २.कार्तवीर्य ३.मयूर ४.आमाको एक्लो छोरो ५.खरीको रुख ६.(पुं.वि.) सेतो ।

अर्जुनः ककुभे पार्थे कार्तवीर्यमयूरयोः ।
मातुरेकसुतेऽपि स्याद् धवले पुनरन्यवत् ।
नपुंसकं तृणे नेत्ररोगे (मेदिनी.) ।

अर्जुनध्वजः (पुं.) [*अर्जुनस्य ध्वजे यः सः*] हनुमान् (अभि.चि.) ।

अर्जुनभरतः (पुं.) पाँच भरतमध्ये एक । यिनी सङ्गीतशास्त्रका आचार्य हुन् ।

अर्जुनम् (नपुं.) [*अर्ज्यते इति अर्ज अर्जने इति धातोः, तृणाख्यायां चित् (उ.) ३.५९ इत्युनन्*] १.साधारण घाँस २.सेतो वर्ण ३.आँखाको रोगविशेष ।

अर्जुनी (स्त्री.) [*अर्जुन इत्यस्मात्, ङीष् ४.१.४०*] १.गाई २.बाहुदा नदी ३.कुट्टिनी ४.उषा । **स्यादर्जुनी गवि । उषायां बाहुदानद्यां कुट्टिन्यामपि च क्वचित्** (विश्व.) ।

अर्णः (पुं.) [*ऋच्छति गच्छतीति, ऋ गतौ इति धातोः, क्तः*] १.अक्षर २.वृक्षविशेष ४.प्रत्येक पाउमा दुई नगण र आठ रगण भएको दण्डक छन्द ।

अर्णः (नपुं.) [*ऋच्छति गच्छतीति, ऋ गतौ इति धातोः, उदके नुट् च (उ.) ६४६ इति असुन्, तस्य च नुट्*] पानी । **अम्भो ऽर्णस्तोय पानीयनीरक्षीराम्बुशम्बरम्** (अमर.) ।

अर्णवः (पुं.) [*अर्णांस्यत्र सन्ति, अर्णसो लोपश्च (वा.) ५.२.१०९ इति वः, सलोपश्च*] १.समुद्र/सागर । **समुद्रो वारिराशिश्च सरस्वान् सागरोऽर्णवः** (ध.ना.मा.) शिष्ट प्रयोग भएमा नदीवाचक शब्दका साथ पति र त्यसका पर्यायवाची शब्द जोड्यो भने समुद्रवाचक शब्द बन्दछन् । जस्तै सरित्पतिः, नदीशः, नदीनः, नदीनाथः आदि । यस्तै रत्नवाचक र मत्स्यवाचक र लवणवाचक शब्दको पछाडि आकर शब्द जोड्दा समुद्रवाचक शब्द बन्दछ । जस्तै— **रत्नाकरः, मीनाकरः, मत्स्याकरः, लवणाकरः** आदि । **तत्पतिश्च भवत्यब्धिः, रत्नमीनाभिधाकरः** (ध.ना.मा.) २.चारको सङ्ख्या ३.प्रत्येक पाउमा दुई नगण र नौ रगण भएको दण्डक छन्दको एक भेद ४.अन्तरीक्ष ।

अर्णोदः (पुं.) [*अर्णांसि ददातीति,आतोऽनुपसर्गे कः ३.९.३ इति कः, आलोपः*] १.मेघ २.मोथे ।

अर्तनम् (नपुं.) [*ऋतिः सौत्रो धातुः, अर्त्यते इति ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] घृणा गर्नु । **अर्तनञ्च ऋतीया च हृणीया च घृणार्थकाः** (अमर.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्तिः (स्त्री.) [*अर्तनमिति अर्त हिंसायाम् इति धातोः क्तिन्नाबादिभ्यः (वा.) ३.३.९४ इति क्तिन्*] १.पीडा २.धनुषको टुप्पो। **अर्तिः पीडाधनुष्कोट्योः** (अमर.)।

अर्थ (धा.) [*उपयाच्ञायाम्, चुरा. सक.सेट्, आत्म. क्वचित् परस्मैपदमपि*]– माग्नु। लट्–**अर्थयते**–माग्छ। **प्रार्थयते/ प्रार्थयति**–प्रार्थना गर्छ। लिट्– **अर्थयाञ्चक्रे**– मागेछ (अन.)। लुट्– **अर्थयिता**–माग्ने छ (अन.)। लृट्– **अर्थयिष्यते**– माग्ने छ। लोट्– **अर्थयताम्**– मागोस्। लङ्– **आर्थयत**–माग्यो (अन.)। विधिलिङ्– **अर्थयेत**– माग्ला, मागोस्। आशीर्लिङ्– **अर्थयिषीष्ट**– मागोस्। लुङ्– **आर्थयत**–माग्यो। लृङ्– **आर्थयिष्यत**– माग्ने थियो। (कतै यो परस्मैपदी पनि छ।) कर्मणि–**अर्थ्यते**– मागिन्छ। णिचि– **अर्थयते**– माग्न लगाउँछ। सनि– **अर्तिथयिषते**– माग्न खोज्छ। कृदन्ते– **अर्थकः, अर्थिका, अर्थयिता-त्री**– माग्ने। **अर्थयितव्यम्, अर्थनीयम् अर्थ्यम्**–माग्नुपर्ने। **अर्थयितुम्**– माग्न। **अर्थना, अभ्यर्थना**–माग्ने वा प्रार्थना गर्ने काम। **अर्थयित्वा.अभ्यर्थ्य**– मागेर। **समर्थ्य**–समर्थन गरेर। **अर्थः**– सम्पत्ति, प्रयोजन, शब्दको अर्थ इत्यादि।

अर्थः (पुं.) [*अर्थ्यते इति, अर्थ उपयाच्ञायाम्, इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा ऋच्छति गच्छति, ऋ गतौ इति धातोः, उषिकुषिगार्तिभ्यः स्थन् (उ.) १६९ इति स्थन्*] १.सम्पत्ति। यो चल अचल दुई किसिमको हुन्छ। वात्स्यायनले विद्या, भूमि, सुन, रुपैयाँ, गाई, घोडा आदि पशुवर्ग, अन्नपात भाडावर्तन आदि वस्तु तथा मित्र आदि कमाउनु र कमाएको बढाउनुलाई अर्थ भनेका छन्। **विद्याभूमिहिरण्यपशुधान्यभाण्डोपस्करमित्रादीनामर्जनमर्जितस्य विवर्द्धनमर्थः।** २.प्रयोजन। **कोऽर्थः पुत्रेण जातेन यो न विद्वान् न धार्मिकः।** (हितो.) ३.वस्तु। **अर्थो हि कन्या परकीय एव** (अभि.शा.) ४.शब्दद्वारा प्रतिपाद्य विषय। यो तीन प्रकारको हुन्छ– वाच्य, लक्ष्य, व्यङ्ग्य। **अर्थो वाच्यश्च लक्ष्यश्च व्यङ्ग्यश्चेति त्रिधा मतः।** (सा.द.) ५.चार पुरुषार्थमध्ये दोस्रो पुरुषार्थ। **धर्मार्थकाममोक्षेषु वैचक्षण्यं कलासु च।** (भामह) ६.हित, इच्छा। **स्वार्थसाधन तत्परः** (मनु .४.१९६) ७.ज्ञानेन्द्रियका विषय-रूप, रस,गन्ध, स्पर्श र शब्द। **रूपं शब्दो गन्धरसः स्पर्शाश्च विषया अमी। गोचरा इन्द्रियार्थाश्च।** (अमर.) ८.घटना/कार्यव्यापार। **प्राक्प्रतिपन्नोऽयमर्थोऽङ्गराजाय।** (वे.सं.) ९.[*अर्थनम्, अर्थ उपयाच्ञायामिति धातोः भावे घञ्*] माग्ने काम।

एहि गच्छ पतोत्तिष्ठ वद मौनं समाचर।
एवमाशाग्रहग्रस्तैः क्रीडन्ति धनिनोऽर्थिभिः॥ (सुभा.)

१०.वास्तव। जस्तै– **यथार्थतः** (सही अर्थमा) ११.निवारण। **मशकार्थो धूमः।** १२.निमित्त।

आत्मार्थं जीवलोकेऽस्मिन् को न जीवति मानवः।
परं परोपकारार्थं यो जीवति स जीवति॥ (सुभा.)

१३.विष्णु। **~कृच्छ्रम्** [*अर्थस्य कृच्छ्रम्, ष.त.*] आर्थिक सङ्कट। **अर्थकृच्छ्रमपि प्राप्य न मिथ्या कर्तुमुत्सहे।** (म.भा. १.८२.१८) **~गौरवम्** (नपुं.) [*अर्थस्य गौरवम्, ष.त.*] गहिरो अर्थ हुनु। **भारवेरर्थगौरवम्।** **~दण्डः** (पुं.) [*अर्थस्य दण्डः, ष.त.*] जरिवाना। **~न्यासः** (पुं.) [*अर्थस्य न्यासः*] अर्थको रखाइ। **~प्रयोगः** (पुं.) [*अर्थस्य प्रयोगः, ष.त.*] ऋण दिएर व्याज लिई जीविका गर्नु। **अर्थप्रयोगस्तु कुसीदं वृद्धिजीविका** (अमर.) **~मन्त्रालयः** (पुं.) [*अर्थसम्बद्धो मन्त्रालयः, म.प.स.*] अर्थसम्बन्धी काम गर्ने सरकारी मन्त्रालय। **~मन्त्री** (पुं.) [*अर्थस्य मन्त्री, ष.त.*] अर्थसम्बन्धी काम गर्ने मन्त्रिमण्डलको सदस्य/वित्तमन्त्री। **~न्यायालयः** (पुं.) [*अर्थस्य न्यायालयः, ष.त.*] सम्पत्तिसम्बन्धी वा लेनदेनको मुद्दा हेर्ने देवानी अड्डा।

अर्थकृत् (पुं.वि.) [*अर्थं करोति, क्विप्*] अर्थकरी/धनी बनाउने।

अर्थतः (अव्य.) [*अर्थे इति तसि प्रकरणे आद्यादिभ्य उपसङ्ख्यानम् (वा.) ५.४.४४ इति तसिः,*] १.अर्थमा। **अर्थतो ह्यल्पमर्थानामानन्तर्यमकारणम्** २.[*षष्ठ्यर्थे तसिः*] अर्थको।

अनर्थमर्थतः पश्यन्नर्थञ्चैवाप्यनर्थतः।
इन्द्रियैरजितैर्बालः सुदुःखं मन्यते सुखम्॥ (वि.स्मृ.)

३.अर्थानुसार।

अर्थदोषः (पुं.) [*अर्थगतः दोषः, म.प.स.*] काव्यमा परिगणित दोषहरूमा अर्थगत दोष/अर्थको आधारमा हुने दोष। अर्थ दोष निम्नलिखित छन्– १.**अपुष्टार्थता**– विशेषणका अर्थले मुख्य वक्तव्यलाई पुष्टि नदिने हुनु। जस्तै– **ठूलो आकाशमा चन्द्र उदाए हँसिला भई।** यहाँ **ठूलो** विशेषणको अर्थ पुष्ट छैन २.**दुष्क्रमता**– कुरामा क्रम अमिल्दो हुनु। जस्तै– **पाऊँ पदक पैह्ला भई चाँदीको वा सुवर्णको**। यहाँ पहिले सुवर्ण मागनुपर्नेमा चाँदी मागेको हुँदा क्रम मिलेको छैन ३.**ग्राम्यता**– ग्रामीण उक्ति हुनु। जस्तै– **थाप्लोमा प्याट्ट हान्दैमा थचक्क बसिहाल्दछ।** (सा.प्र.) यहाँ प्याट्ट र थचक्क शब्द ग्राम्य छन्। ४.**व्याहतता**– पूर्वापरको कुरा बाभिनु। जस्तै– **शरद्की चाँदनीको झैं पाएथें जब दर्शन। चन्द्रमाको 'प्रभा' देखि मेरो फर्किगयो मन** ५.**अश्लीलता**– लाज लाग्दो कुरा भन्नु। जस्तै– **छिद्रान्वेषी उठ्छ पैहे पछि लत्रङ्ग पर्दछ।** यहाँ छिद्रान्वेषी र लत्रङ्ग शब्दबाट लिङ्ग भन्ने अर्थ बोध हुँदा अश्लील दोष परेको छ। ६.**कष्टता**– अर्थ बुझ्न गाह्रो हुनु। जस्तै– **सन्तान रविको बग्ने पगलने हात वृष्टिमा। किन हो पाउँछे धोका मृगी मरुमरीचिमा।** यहाँ अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्लिष्ट छ । ७.**अनवीकृतता**— सधैँ एकनासको अभिव्यक्ति हुनु । जस्तै— **सदा सुवर्ण विमल, सदा सूर्य समुज्ज्वल । सदा छन् शैल अचल, सदा साधु अचञ्चल ॥** यसमा सदाको प्रयोग बारम्बार भएको हुँदा अनवीकृतता दोष परेको छ । ८.**निर्हेतुता**— विशेष कुरामा कारण नदेखाउनु । जस्तै— **पिताले छोड्नु भो शस्त्र असह्य पुत्रशोकमा । गर्दछु त्याग म पनि हात लाउन्न शस्त्रमा ॥** यहाँ अश्वत्थामाको उक्तिमा पिताको शस्त्रत्यागमा पुत्रशोक कारण भएजस्तै पुत्रको शस्त्रत्यागमा कुनै कारण देखाइएको छैन । ९.**प्रकाशितविरुद्धता**— भनेको कुराबाट विरुद्ध कुराको अभिव्यक्ति हुनु । जस्तै— **गरून् वरण राज्यश्री महाराज कुमारको** । यहाँ कुमारलाई राज्यश्रीले वरण गरून् भन्दा राजाको मृत्यु होस् भन्ने विरुद्ध कुरा व्यक्त हुन्छ । १०.**सन्दिग्धता**— वक्तव्य कुरा अनिश्चित हुनु । जस्तै— **प्रियानितम्बको सेवा किंवा शैलनितम्बको** । यहाँ वक्ता शृङ्गारी हो कि विरक्त भन्ने निश्चय नभएकाले वक्तव्य सन्दिग्ध छ । ११.**पुनरुक्तता**— भनिसकेको कुरा दोहोऱ्याउनु । जस्तै— **विचारसाथ गर्दामा कामको फल मिल्दछ । विना विवेकको कार्य भए निष्फल बन्दछ ॥** यहाँ पहिलो आधामा भनिएकै कुरालाई दोस्रो आधामा पनि भनिएको छ । १२.**प्रसिद्धिविरुद्धता**— व्यवहारमा प्रसिद्ध कुराको विरुद्ध कुरा गर्नु । जस्तै— **रणमा हरले वज्र, हरिले शूल हानियो । चीसो रगतको धारा फोहरा सरि फैलियो ॥** यहाँ हरसित शूल, हरिसित वज्र र तातो रगत प्रसिद्ध छ । त्यसको विपरीत वर्णन गरेको हुँदा प्रसिद्धिविरुद्धता दोष परेको छ । १३.**विद्याविरुद्धता**— शास्त्रहरूको सम्प्रदायमा प्रसिद्ध कुराको विरुद्ध वर्णन गर्नु । जस्तै— **आधा रात महाँ उठेर हरिको गर्दै गरी चिन्तन । शौच स्नान गरेर नित्यविधिमा लाग्छन् यिनी सज्जन ॥** यहाँ आधा रातमा स्नान तथा नित्यकर्म गर्नु शास्त्रविरुद्ध छ । यसै गरी धर्म, अर्थ, नीति, काम, देश, कालविरुद्ध भएको वर्णन पनि विद्याविरुद्धभित्रै पर्दछ । १४.**साकाङ्क्षता**— केही कुरा नपुग्ने भएर आकाङ्क्षा बसी नै रहनु । जस्तै— **शिवका धनुको भङ्ग, महिमा क्षत्रवंशको । स्त्रीरत्न पनि चाहन्न फर्सा श्रीपर्शुरामको ॥** यसमा **स्त्रीरत्न पनि पछि उपेक्षा गर्न** भन्ने अंश अपुग भएको छ । १५.**सहचरभिन्नता**— असल वा कमसलको श्रेणी अमिल्दो हुनु । जस्तै— **साधु आपत्तिमा मग्न, कामिनी गलितस्तन । पट्टमूर्ख सभामान्य गर्दैनन् चित्तरञ्जन ॥** यहाँ साधु, कामिनीको श्रेणीमा र मूर्ख असलको श्रेणीमा भएकाले अमिल्दो छ १६.**अस्थानयुक्तता**— कुरा टुङ्गिएपछि नराम्रो हुने गरेर केही कुरा जोडिनु । जस्तै— **राग 'द्वेष' तुषाग्निले अब सबै सल्काइने देखियो ।** यसमा **मिल्दो नाम नभैदिए, तर कहीँ हुन्नन् सबै सद्गुण** भन्नुपर्ने थियो १७.**निर्मुक्तपुनरुक्तता**— कुरा टुङ्गिइसके पछि फेरि कुराहरू थप्नु । जस्तै— **कष्ठालिङ्गन गर्दछे असिलता जो शत्रुको प्रेममा, ज्यादा लम्पट छन् उसैतिर नृप, त्यागेर वास्ता ममा । बाबालाई सबै कुरा विदित होस्, मै सुम्पिएँ भृत्यमा, श्री सन्देश यही पुऱ्याउन गइन् कीर्ति स्वयं सिन्धुमा ॥** यहाँ स्त्रीमा लम्पट भएर राजाले मेरो उपेक्षा गर्छन् भन्ने कुरा पितालाई थाहा होस् भनी कीर्तिले समुद्रलाई पुऱ्याउने लक्ष्मीको सन्देश टुङ्गिइसकेपछि मलाई भृत्यहरूलाई सुम्पे भन्ने कुरा जोड्दा दोष परेको छ १८.**अविशेषे विशेष**— सामान्य कुरा देखाउनुपर्नेमा विशेष कुरा देखाउनु । जस्तै— **अपार महिमा देख्छु हीराको खानि सिन्धुको** । यहाँ रत्न भन्नुपर्नेमा हीरा भनिएकोले दोष परेको छ १९.**विशेषे अविशेष**— विशेष देखाउनुपर्नेमा सामान्य कुरा देखाउनु । जस्तै— **नीलो पोशाकमा हिँड्छन् रातमा अभिसारिका** । यहाँ नीलो पोशाकलाई मिल्ने गरी अँध्यारो रात भन्नुपर्नेमा रातमात्र भनिएको छ । २०.**अनियमे नियम**— अवधारणा गर्नु नपर्नेमा गर्नु । जस्तै— **आँखा यी हुन् कमल नै लावण्य सरसी तिमी** । यहाँ नै यो अवधारण चाहिँदैन । २१.**नियमे अनियमः**— अवधारण गर्नुपर्नेमा नगर्नु । जस्तै— **आपात दृष्टिमा राम्रो भोग हो, किन फस्तछौ** । यहाँ आपात दृष्टिमा मात्र भन्नुपर्थ्यो । २२.**विध्ययुक्तता**— उद्देश्य तुल्याउनुपर्ने कुरालाई विधेय तुल्याउनु । जस्तै— **आफन्त खूस पारेर वैरीलाई निभाउँछौ ।** यहाँ वैरीलाई निभाएर आफन्तलाई खुस पार्दछौ भन्नुपर्थ्यो । २३.**अनुवादायुक्तता**— उद्देश्यकोटिमा राख्नु नहुने कुरा उद्देश्यकोटिमा राख्नु । जस्तै— **शिवको भूषण हुने अन्धकार हटाउने । विरहीका शत्रु चन्द्र मलाई किन पिर्दछौ ।** यहाँ विरहीको उक्तिमा विरहीको शत्रु भनी उद्देश्यकोटिमा राख्नु उपयुक्त छैन । (सा.द/सा.प्रदीप)

अर्थना (स्त्री.) [*अर्थ याच्ञायाम् इति धातोः, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.प्रार्थना २.माग्नु । **याच्ञा भिक्षार्थनार्दना** (अमर.) ।

अर्थप्रकृतयः (पुं.बहु.) [*प्रक्रियते प्रयोजनं साध्यते आभिः, इति प्रकृतयः, अर्थस्य प्रकृतयः, ष.त.*] नाटकको प्रयोजनलाई सिद्ध तुल्याउने साधन । यी पाँचवटा छन्— बीज, बिन्दु, पताका, प्रकरी र कार्य ।

बीजं बिन्दुः पताका च प्रकरी कार्यमेव च ।
अर्थप्रकृतयः पञ्च ज्ञात्वा योज्या यथाविधि ॥ (सा.द.)

अर्थलाभः (पुं.) [*अर्थस्य लाभः, ष.त.*]अर्थोपार्जनद्वारा लिने फाइदा

दाने तपसि शौर्ये च न यस्य प्रथितं मनः ।
विद्यायामर्थलाभे च मातुरुच्चार एव सः ॥ (हितो.)

अर्थवादः (पुं.) [*अर्थस्य लक्षणया स्तुत्यर्थस्य निन्दार्थस्य वा वादः, करणे घञ्*] निन्दा वा प्रशंसा गर्नु । अर्थवाद तीन किसिमको हुन्छ— गुणवाद, अनुवाद र भूतार्थवाद ।

विरोधे गुणवादः स्यादनुवादोऽवधारिते ।
भूतार्थवादस्तद्धानावर्थवादस्त्रिधा मतः ॥ (भट्ट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यायसूत्रानुसार अर्थवादका चार भेद छन्– स्तुति, निन्दा, परकृति र पुराकल्प।

अर्थवान् (पुं.वि.) [*अर्थोऽस्यास्तीति तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्. मस्य वः*] सम्पत्तिशाली/धनी।

अर्थविज्ञानम् (नपुं.) [*विज्ञायतेऽनेन, करणाधिकरणयोश्च इति ल्युट् युवोरनाकौ इत्यनः, अर्थस्य विज्ञानम्, ष.त.*] १.बुद्धिका दश गुणमध्ये राम्रोसित अर्थको ज्ञान गराउने एक गुण।

शुश्रूषा श्रवणञ्चैव ग्रहणं धारणन्तथा।
ऊहापोहोऽर्थविज्ञानं तत्त्वज्ञानञ्च धीगुणाः॥ (अभि.चि.)

२.अर्थसम्बन्धी अध्ययन गर्ने भाषाविज्ञानको एक शाखा। ३.[*भावे ल्युट् अनः*] अर्थको बोध ४.अर्थशास्त्र।

अर्थविभागः (पुं.) [*अर्थस्य विभागः, ष.त.*] अर्थसम्बन्धी विभाग।

अर्थविरोधः (पुं.) [*अर्थगतः विरोधः, म.प.स.*] अर्थमा रहेको विरोध। कुनै वस्तुको वर्णन गर्दा नमिल्दोसँग गरियो भने त्यो अर्थविरोध हुन्छ। प्रसिद्धिविरुद्ध वर्णन अर्थविरोध हो।

अर्थविस्तारः (पुं.) [*अर्थस्य विस्तारः ष.त.*] १.सम्पत्तिको विस्तार, २.सीमित अर्थ दिने शब्दले विस्तृत वा व्यापक अर्थ दिने काम। (सं.भा.वि.)।

अर्थव्यक्तिः (स्त्री.) [*अर्थस्य व्यक्तिः, ष.त.*] १.अर्थ स्पष्ट हुनु २.वस्तुको स्वभाव स्पष्ट हुनु ३.काव्यका बिस गुणमध्येको एक गुण।

अर्थव्याप्तिः (स्त्री.) [*अर्थस्य व्याप्तिः, ष.त.*] काव्य विषयको विस्तार क्षेत्र (सं.भा.वि.)।

अर्थशक्त्युद्भवध्वनिः (पुं.) [*अर्थशक्त्या उद्भवो यस्य सः बहु.स., स चासौ ध्वनिश्च कर्म.स.*] अर्थशक्तिबाट उत्पन्न भएको ध्वनि। यसका तीन भेद छन्– स्वतः सम्भवी, कविप्राढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध। वस्तुबाट वस्तु, वस्तुबाट अलङ्कार, अलङ्कारबाट वस्तु र अलङ्कारबाट अलङ्कार व्यक्त हुने ध्वनिका दृष्टिकोणले चार-चार किसिमको हुने हुँदा अर्थशक्त्युद्भवध्वनि मुख्यतया बाह्र प्रकारको हुन्छ। पद, वाक्य र प्रबन्धका भेदले फेरि तीन-तीन प्रकारको हुँदा यसका ३६ भेद हुन्छन्।

अर्थशास्त्रम् (नपुं.) [*अर्थस्य भूम्यादेः शास्त्रम्, ष.त.*] विद्या, भूमि, रूपैयाँ, पैसा, गाई भैँसी घोडा प्रभृति पशुवर्ग, अन्नपात, भाँडा वर्तन, इष्टमित्र इत्यादि वस्तु कमाउनु र कमाएकालाई बढाउनुलाई अर्थ भनिन्छ, तद् सम्बन्धी शास्त्र (कौटिल्य)।

अर्थशृङ्गारः (पुं.) [*अर्थाय शृङ्गारः, च.त.*] पुरुषार्थमूलक शृङ्गारको एक भेद (भोजराज)।

अर्थानुवृत्तिः (स्त्री.) [*अर्थाय प्रयोजनाय अनुवृत्तिः, अनुवर्तनम् ष.त.*] अरुलाई प्रसन्न तुल्याउन गरिने चेष्टा।

अर्थशौचम् (नपुं.) [*अर्थस्य शौचम्, ष.त.*] पैसा लिने-दिने आदि मामिलामा हुने इमानदारी।

सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम्।
योऽर्थे शुचिः स हि शुचिर्न मृद्वारिशुचिः शुचिः॥ (सुभा.)

अर्थश्लेषः (पुं.) [*अर्थगतः श्लेषः, म.प.स.*] सादृश्यगर्भ गम्यौपम्याश्रय वर्गको विशेषण वैचित्र्यसँग सम्बद्ध अर्थालङ्कार। दुई वा सोभन्दा बढी अर्थ बुझाउने पदको प्रयोग हुँदा पर्न जाने अलङ्कार। श्लेषको बारेमा मतमतान्तर छ। कसैले श्लेषलाई शब्दालङ्कारभित्र राखेका छन् भने कसैले श्लेषलाई शब्दश्लेष र अर्थश्लेष गरी दुई भाग लगाएका छन्। शब्दश्लेष सभङ्ग र अभङ्ग दुवै किसिमको हुन्छ। अर्थश्लेष एकै किसिमको हुन्छ।

अर्थसंकटः (पुं.) [*अर्थस्य सङ्कटः, ष.त.*] धनको अभावले हुने दुःख।

अर्थसङ्कोचः (पुं.) [*अर्थस्य सङ्कोचः, ष.त.*] १.सम्पत्तिको सङ्कोच २.भाषा विकासको क्रममा विस्तृत अर्थ दिने शब्दले सीमित अर्थ दिने काम।

अर्थसङ्ग्रहः (पुं.) १.[*अर्थस्य अर्थानां वा सङ्ग्रहः, ष.त.*] धनको सञ्चय २.[*अर्थस्य अर्थानां वा सङ्ग्रहो यत्र सः, बहु.स.*] कोष।

अर्थसचिवः (पुं.) [*अर्थस्य सचिवः, ष.त.*] अर्थको सचिव।

अर्थसञ्चयः (पुं.) [*अर्थस्य सञ्चयः, ष.त.*] १.पैसा आर्जन, सङ्कलन वा जम्मा गर्ने काम। **कुदेशमासाद्य कुतोऽर्थसञ्चयः** (सुभा.)।

अर्थसम्बन्धः (पुं.) [*अर्थस्य सम्बन्धः, ष.त.*] कुनै शब्दसित त्यसको अर्थको सम्बन्ध २.पैसाको लेनदेन।

वाग्वादमर्थसम्बन्धं परोक्षे दारदर्शनम्।
यदीच्छेद् विपुलां प्रीतिं त्रीणि तत्र न कारयेत्॥ (सुभा.)

अर्थसारः (पुं.) [*अर्थस्य सारः, ष.त.*] प्रबन्ध, प्रकरण आदिको सार अंश।

अर्थसिद्धिः (स्त्री.) [*अर्थस्य सिद्धिः, ष.त.*] १.धनलाभ २.कामको सफलता।

अर्थहरणम् (नपुं.) [*अर्थस्य हरणम्, ष.त.*] पूर्ववर्ती कविका कव्यमा वर्णित विषय वा अर्थलाई हरण गर्ने काम। (हे. काव्यहरणम्)

अर्थागमः (पुं.) [*अर्थस्य आगमः, ष.त.*] १.आय/आमदानी।

अर्थागमो नित्यमरोगिता च
प्रिया च भार्या प्रियवादिनी च।
वश्यश्च पुत्रोऽर्थकरी च विद्या
षड् जीवलोकस्य सुखानि राजन्॥ (हितो.)

२.कुनै अर्थको सूचना।

अर्थादेशः (पुं.) [*अर्थस्य आदेशः, ष.त.*] १.एउटा अर्थलाई झिकेर अर्को अर्थ राख्नु २.खर्च गर्ने आदेश दिनु, ३.अर्थ थपिनु/कुनै शब्दको अर्थ न तल न माथि भई समान किसिमको अर्को अर्थमा परिवर्तन हुने क्रिया (सं.भा.वि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थाधिकारः (पुं.) [*अर्थस्य अधिकारः, ष.त.*] सम्पत्ति खर्च गर्ने अधिकार ।

अर्थान्तरम् (नपुं.) [*अन्योऽर्थः, कर्म.स.*] १.फरक अर्थ २.फरक उद्देश्य ३.भरतप्रतिपादित एक काव्यदोष/अवर्णनीय विषयको वर्णन गर्दा पर्ने दोष ।

अर्थान्तरन्यासः (पुं.) [*अर्थान्तरस्य न्यासः, ष.त.*] सादृश्यर्भ गम्यौपम्याश्रय वर्गको एक अर्थालङ्कार । सामान्यलाई विशेषले र विशेषलाई समान्यले समर्थन गर्दा पर्न जाने अलङ्कार । जस्तै– **हनुमान्ले सिन्धु फड्के के गर्दैनन् समर्थले । हुन्छ शीतलको चाहा, चन्द्र चाहन्छ लोकले** (सा.प्र.) । यसमा पहिलो वाक्यमा विशेषलाई सामान्यले र दोस्रो वाक्यमा समान्यलाई विशेषले समर्थन गरेको छ ।

सामान्यं वा विशेषो वा तदन्येन समर्थ्यते ।
यत्तु सोऽर्थान्तरन्यासः साधर्म्येण परेण वा ॥ (का.प्र.)

अर्थान्तरसंक्रमितवाच्यध्वनिः (पुं.) [*अर्थान्तरे संक्रमितं वाच्यं यस्य सः, बहु.स., स चासौ ध्वनिश्च कर्म.स.*] लक्षणामूला अविवक्षितवाच्य ध्वनिको प्रथम भेद । यसमा वाच्यार्थ बाधित भएर अर्को अर्थमा सङ्क्रमित हुन्छ । जस्तै– काग काग नै हो । यहाँ दुईवटा काग शब्दको प्रयोग निरर्थक भएको हुँदा दोस्रो काग शब्दको अर्थ कर्कश स्वर बोल्ने पक्षीरूप अर्थान्तरमा सङ्क्रमित भएको छ ।

अर्थान्वितः (पुं.वि.) [*अर्थेन अन्वितः, तृ.त.*] सम्पत्तिले युक्त ।

अर्थापकर्षः (पुं.) [*अर्थस्य अपकर्षः, ष.त.*] १.उच्च किसिमको अर्थ दिने शब्दले तल्लो दर्जाको अर्थ दिने काम २.सम्पत्तिको ह्रास ।

अर्थापगमः (पुं.) [*अर्थस्य अपगमः, ष.त.*] खर्च ।

अर्थापचयः (पुं.) [*अर्थस्य अपचयः, ष.त.*] १.सम्पत्तिको ह्रास २.अर्थापकर्ष/माथिल्लो अर्थ दिने शब्दले तल्लो अर्थ दिन थाल्नु (सं.भा.वि.) ।

अर्थापत्तिः (स्त्री.) [*अर्थस्य आपत्तिर्बुद्धावुपस्थितिः, ष.त.*] १.एक अर्थबाट अर्को अर्थको प्रतीति हुने नाट्य लक्षण । **अर्थापत्तिर्यदन्यार्थोऽर्थान्तरोक्तेः प्रतीयते** (सा.द.) २.प्राकरणिक अर्थबाट अप्राकरणिक अर्थ वा अप्राकरणिक अर्थबाट प्राकरणिक अर्थ बुझिन जाँदा पर्ने एक अर्थालङ्कार । **दण्डापूपिकयाऽन्यार्थागमोऽर्थापत्तिरिष्यते** (सा.द.) ३.मीमांसाले मानेको एक प्रमाण । ४.एक काव्यलक्षण (भरत) ।

अर्थार्थी (पुं.वि.) [*अर्थस्य अर्थी, ष.त.*] सम्पत्ति कमाउन खोज्ने व्यक्ति ।

अर्थार्थी जीवलोकोऽयं श्मशानमपि सेवते ।
त्यक्त्वा जनयितारं स्वं निःस्वं गच्छति दूरतः ॥ (प.त.)

अर्थालङ्कारः (पुं.) [*अर्थस्य अलङ्कारः, ष.त.*] अर्थमा चमत्कार पैदा गर्ने तत्त्व ।

अर्थावनतिः (स्त्री.) [*अर्थस्य अवनतिः, ष.त.*] १.सम्पत्ति नाश हुनु वा घट्नु २.उच्च किसिमको अर्थ दिने शब्दले तल्लो दर्जाको अर्थ दिने काम (सं.भा.वि.) ।

अर्थी (पुं.वि.) [*अर्थयते इति वा अर्थ याच्ञायाम् इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.माग्ने २.प्रार्थयिता । ३.[अर्थः प्रयोजनं कारणं वा अस्यास्ति, *अर्थाच्चासन्निहिते (वा.) ५.२.३५ इतीनिः*] १.सहायक २.सेवक ३ विवाद गर्ने । **अर्थी पुमान् याचके स्यात्सेवके च विवादिनि** (मेदिनी.) ।

अर्थोत्पत्तिः (स्त्री.) [*अर्थस्य उत्पत्तिः, ष.त.*] १.धनको उत्पत्ति २.शब्दले अर्थ दिने काम ।

अर्थोन्नतिः (स्त्री.) [*अर्थस्य उन्नतिः, ष.त.*] १.सम्पत्ति कमाउने काम २.तल्लो दर्जाको अर्थ दिने शब्दले उच्च दर्जाको अर्थ दिने काम (सं.भा.वि.) ।

अर्थोपक्षेपकः (पुं.) [*अर्थस्य उपक्षेपकः, ष.त.*] अर्थको सूचना दिने । नाटकमा सबै कुरा देखाउन मिल्दैन । धेरै विषयहरू सूचनाद्वारा सङ्केत गर्नुपर्ने हुन्छ । त्यसलाई अर्थोपक्षेपक भन्छन् । यो पाँच किसिमको हुन्छ– विष्कम्भक, प्रवेशक, चूलिका, अङ्कावतार र अङ्कास्य । **विष्कम्भकः**– भएको र पछि हुने कथाभागलाई सूचना गर्ने अङ्कको आदिमा जोडिएको अंश । यो शुद्ध र सङ्कीर्ण गरी दुई किसिमको हुन्छ (सा.द.६ परिच्छेद) । **प्रवेशकः**– तल्लो श्रेणीको पात्रले तल्लो किसिमको बोलीमा सूचना गरेको दुई अङ्कका बिच रहेको अंश । **चूलिका**– नेपथ्यबाट सूचना गरिएको अंश । **अङ्कावतारः**– अघिल्लो अङ्कको परिशिष्टजस्तो गरी जोडिएको अंश । **अङ्कास्यः**– एक अङ्कभित्र पसेको बीजसमेत लिएर सबै अङ्कका कुराको सूचना गर्ने गर्भाङ्क, अङ्कभित्रको सानो अङ्क ।

अर्थोपचारः (पुं.) [*अर्थस्य उपचारः, ष.त.*] धन दिएर गरिने क्षतिपूर्ति ।

अर्थोपमा (स्त्री.) [*अर्थगता उपमा, म.प.स.*] अर्थमा रहेको उपमा अलङ्कार ।

अर्थोष्मा (पुं.) [*अर्थस्य ऊष्मा, ष.त.*] सम्पत्तिको गरमीपन ।

अर्थ्यम् (नपुं.) [*अर्थयितुं योग्यम्, अर्थ उपयाच्ञायाम् इति धातोः, अचो यत् ३.१.९७ इति यत्, अर्थादनपेतं वेति धर्मपथ्य ४.४.९२ इति यत्*] १.प्रार्थनायोग्य २.शिलाजित, ३.उपयुक्त । **अर्थ्यं शिलाजतुन्यर्थे बुधे न्याय्ये च वाच्यवत्** (मेदिनी.) ।

अर्द (धा.) *गतियातनायाचनेषु गतौ सक. सेट् पर.*]– जानु, माग्नु, पीडा दिनु । लट्– **अर्दति**– जान्छ, माग्छ, पीडा दिन्छ । लिट्– **आनर्द**–गएछ, मागेछ, पीडा दिएछ । (अन.) । लुट्– **अर्दिता**– जाने छ, माग्ने छ , पीडा दिने छ (अन.) । लृट्– **अर्दिष्यति**– जाने छ, माग्ने छ, पीडा दिने छ । लोट्– **अर्दतु**– जाओस्, मागोस्, पीडा देओस् । लङ्– **आर्दत्**– गयो, माग्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीडा दियो (अन.)। विधिलिङ्– **अर्देत्**– जाला, माग्ला, पीडा देला, जाओस्, मागोस्, पीडा देओस्। आशीर्लिङ्– **अर्द्यात्**– जाओस्, मागोस्, पीडा देओस्। लुङ्– **आर्दीत्**– गयो, माग्यो, पीडा दियो। लृङ्– **आर्दिष्यत्**– जाने थियो, माग्ने थियो,पीडा दिने थियो। कर्मणि– **अर्द्यते**– गइन्छ, पीडा दिइन्छ, गइन्छ। णिचि– **अर्दयति**– हिँडाउँछ, पीडा दिलाउँछ,माग्न लगाउँछ। सनि– **अर्दिदिषति**– हिँड्न खोज्छ, पीडा दिन खोज्छ माग्न खोज्छ। कृदन्ते– **अर्दनीयम्**– हिँड्नुपर्ने, पीडा दिनुपर्ने, माग्नुपर्ने। **अर्दनम्**– हिँड्नुपर्ने काम, पीडा दिनुपर्ने काम, माग्नुपर्ने काम। **अर्दकः, अर्दिता**– हिँड्ने, पीडा दिने, माग्ने। **अर्दितुम्**– हिँड्न, पीडा दिन, माग्न। **अर्दित्वा, समर्द्य**– हिँडेर, पीडा दिएर,मागेर। **जनार्दनः**– विष्णु इत्यादि।

अर्द (धा.) [*वधे, चुरा. उभ.,सक. सेट्*] मार्नु/हत्या गर्नु। लट्– **अर्दयति/ते**– मार्छ/हत्या गर्छ।

अर्दनम् (नपुं.) [*अर्द धातोर्भावे ल्युट्अनः*] १.पीडा दिनु २.मार्नु ३.माग्नु ४.हिँड्नु।

अर्दना (स्त्रीं.) [*अर्द्यते इति, अर्द गतौ याचने च इति धातोः, स्वार्थे णिच्, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टप्*] १.माग्ने काम। **याच्ञाभिक्षार्थनार्दना** (अमर.) २.पीडा ३.गति ४.वध।

अर्दितः (पुं.वि.) [*अर्द्यते स्म, अर्द गतौ याचने च इति धातोः, क्तः इडागमः*] १.मागिएको २.हिंसा गरिएको ३.हिँडिएको ४.बाथको रोगबाट पीडित। **अर्दितं याचितेऽपि स्याद्वातव्याधौ च हिंसिते** (मेदिनी.)।

अर्द्धचेतना (स्त्री.) [*अर्द्धा चासौ चेतना च, कर्म.स.*] स्वप्निल अवस्था। आधा जागेको र आधा निदाएको स्थिति।

अर्द्धान्तरैकवाचकः (पुं.) [*अर्द्धान्तरैकश्चासौ वाचकश्च, कर्म.स.*] नवौँ वाक्यदोष।

अर्धः (पुं.नपुं.) [*ऋध्नोत्यनेनेति ऋधु वृद्धौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] आधा/दुई भागमध्ये एक भाग। **भित्तं शकलखण्डे वा पुंस्यर्धोऽर्धं समेंऽशके** (अमर.) **अर्धरोगहरी निद्रा सर्वरोगहरी क्षुधा** (सुभा.)। **~चन्द्रः** (पुं.) [*चन्द्रस्य अर्धम्, ष.त.*] १.अष्टमीमा आधामात्र देखिएको चन्द्रमा २.चन्द्रबिन्दु। **~चन्द्रा** (स्त्री.) [*अर्धश्चन्द्रो यस्याः सा, द्विदलस्यार्धचन्द्राकारत्वात्, बहु.स.*] १.कालो निशोथ २.अष्टमी तिथि। **काला मसूरविदलार्धचन्द्रा कालमेषिका** (अमर.)। **~नावम्** (नपुं.) [*नावोऽर्धम्, अर्धं नपुंसकम् २.२.२ नावो द्विगोः ५.४.९९ इति टच्, अर्धाच्च ५.४.१००*] डुँगाको आधाभाग। **क्लीबेऽर्धनावं नावोऽर्धे** (अमर.)। **~रात्रः** (पुं.) [*रात्रेरर्धम्, अहः सर्वैकदेश ५.४.८७ इत्यच्*] आधा रात। **~विरामः** (पुं.) [*विरामस्य अर्धम्, अर्धशब्दस्य पूर्वप्रयोगः*] वाक्यांशलाई छुट्याउने चिह्न। **~हारः** (पुं.) [*ह्रियते मनोऽनेन यद्वा हारयति मन इति स्वार्थात् ण्यत् अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, अर्धेनैकदेशेन हारः, म.प.स.*] चार लुडे मोतीको हार/बाह्र दाना भएको हार।

अर्धनारीश्वरः (पुं.) [*अर्धनारीयुक्त ईश्वरः, म.प.स.*] शिव र पार्वतीको संयुक्त रूप।

अर्धभाक् (पुं.वि.) [*अर्धं भजते, भजो ण्विः ३.२.६२ इति ण्विः*] आधाको हिस्सेदार।

अर्धम् (नपुं.) [*ऋधु वृद्धौ इति धातोः, ऋध्नोत्यनेन, 'हलश्च' ३.३.१२१ इति घञ्, समप्रविभागेऽर्धशब्दः क्लीबमेव*] १.कुड्का २.कुनै पनि वस्तुको आधा भाग।

सर्वनाशे समुत्पन्ने ह्यर्धं त्यजति पण्डितः।
अर्धेन कुरुते कार्यं सर्वनाशो न जायते॥ (सुभा.)

अर्धमागधी (स्त्री.) एक प्राकृत भाषा। संस्कृतका कतिपय नाटकका उच्चमध्यम वर्गका पात्रको भाषा।

अर्धसंस्कृतम् (नपुं.) १.प्राकृतभाषासित मिसिएको संस्कृत भाषा २.(वि.) आधा संस्कार गरिएको।

अर्धांशभाक् (पु.वि.) [*अर्धांशं भजते तच्छीलः, भजो ण्विः ३.२.६२ इति ण्विः*] आधा अंश पाउने वा लिने।

अर्धाङ्गः (पुं.)१.[*अर्धमङ्गमस्य*] लोग्ने २.[*अर्धमङ्गं कर्मकरमस्त्यस्य, अर्शाद्यच्*] पक्षाघात।

अर्धाङ्गम् (नपुं.) [*अङ्गस्य अर्धम्*] आधा अङ्ग।

अर्धोत्थितः (पुं.) [*अर्धं यथा स्यात्तथा उत्थितः, सुप्सुपेति समासः*] आधा उठेको।

अर्धोरुकः (पुं.नपुं.) [*उरोऽर्धम्, अर्धं नपुंसकम् २.२.२ इति समासः, अर्धोरौ काशते इति अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] लहङ्गा। **अर्धोरुकं वरस्त्रीणां स्याच्चण्डातकमंशुकम्** (अमर.)।

अर्पणम् (नपुं.) [*अर्प्यते इति, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] समर्पण/श्रद्धाले दिने काम।

अर्ब (धा.) [*गतौ, भ्वा. सक.सेट्, पर.*]– जानु। लट्– **अर्बति**– जान्छ। लिट्– **आनर्ब**– गएछ (अन.) इत्यादि।

अर्बुदः (पुं.नपुं) [*अरं बुन्दति, उबुन्दिर कप्रकरणे मूलविभुजा-दिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.५ इति कः पृषोदरादीनि यथोपदिष्टम् ३.३.१०९ इति साधुः*] १.पलाएको मासु/मासुको खिल २.क्यान्सर रोग ३.दश करोड ४.(पुं.)पर्वतविशेष। **अर्बुदः पर्वते मांसकीलके दशकोटिषु** (अनेकार्थसङ्ग्रह, त्रिस्वरकाण्ड)।

अर्भः (पुं.) [*इयर्ति क्रमेण वृद्धिं गच्छति, ऋ गतौ इति धातोः, अर्तिगृभ्यां भन् (उ.) ४४० इति भन्, गुणः*] बालक।

अर्भकः (पुं.) [*ऋध्नोति, शनैः शनैः वर्धते इति ऋधु वृद्धौ इति धातोः, अर्भकपृथुकपाका वयसि (उ.) ७४१ इति वुन्, भकारश्चान्तादेशः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.बालक २.मूर्ख ३.दुब्लो। **अर्भकः कथितो बाले मूर्खेऽपि च कृशेऽपि च** (मेदिनी.)।

अर्मः (पुं.) [*ऋच्छति गच्छति प्राप्नोति नेत्रम्, ऋ गतौ इति धातोः, अर्तिस्तुसुहुसृधृक्षिभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण मन्*] आँखाको रोग।

अर्यः (पुं.) [*अर्यते, ऋ गतौ इति धातोः, अर्यः स्वामिवैश्ययोः ३.१.१०३ इति साधुः*] १.मालिक २.वैश्य ३.(पुं.वि.) श्रेष्ठ।

अर्यमा (पुं.) [*अर्यं स्वामिनं मिमीते मन्यते, जानाति वा, ऋच्छति गच्छति वा, अर्यपूर्वकात् माङ् माने शब्दे च, इति धातोः, श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्– (उ.)१६५ इति कनिन्*] १.सूर्य २.पितृदेव। **अर्यमा पितृदैवते** (मेदिनी.)।

अर्या (स्त्री.) [*अर्यते इति ऋ गतौ अर्यः स्वामिवैश्ययोः ३.१.१०३ इति साधुः, ततष्टाप् ४.१.४*] १.मालिक्नी २.वैश्यकी स्त्री। **उरव्या उरजा अर्या वैश्या भूमिस्पृशो विशः** (अमर.)।

अर्याणी (स्त्री.) [*अर्यस्य अपत्यं स्त्री, अर्यक्षत्रियाभ्यां वा (वा.) ४.१.४९ इति स्वार्थे ङीष्, आनुक् च*] वैश्यकी छोरी।

अर्याशूद्रसुतः (पुं.) [*अर्या च शूद्रश्च, तयोः सुतः*] वैश्य कन्यामा शूद्रबाट उत्पन्न भएको सन्तान।

अर्यी (स्त्री.) [*अर्यस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] वैश्यकी पत्नी।

अर्व (धा.) [*हिंसायाम्, सक.सेट् पर.*]– हिंसा गर्नु। लट्– **अर्वति**– हिंसा गर्छ। लिट्– **आनर्व**– हिंसा गरेछ (अन.) इत्यादि।

अर्वा (पुं.) १.[*ऋच्छति गच्छति, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति वनिप्, यद्वा ऋ गतौ इति धातोः, स्नामदिपद्यर्तिपृशकिभ्यो वनिप् (उ.) ५६२ इति वनिप्*] घोडा २.निन्दनीय व्यक्ति।

अर्वा (पु.वि.) [*ऋ गतौ इति धातोः, अवद्यावमाधमार्वरेफाः (उ.) ७४२ इति कुत्सितार्थे वन्*] तल्लो/निन्दनीय। **अर्वा तुरङ्गमे पुंसि कुत्सिते वाच्यलिङ्गकः** (मेदिनी.)।

अर्वाक् (अ.) [*अवरे अञ्चति, अस्तातिः ५.३.२७ अञ्चेर्लुक् ५.३.३०, पृषोदरादिः ६.३.१०९ अवरे पूर्वकालतः पश्चात्, अर्वन्तमञ्चति वा*] १.ओरतिरको/पूर्वकालभन्दा पछिल्लो २.नजिक।

अर्वाचीनः (पुं.वि.) [*अर्वाग् भवः, विभाषाञ्चेरदिक् स्त्रियाम् ५.४.८ इति खः, खस्य ईनः*] १.पछिल्लो २.नयाँ/आधुनिक ३.तलको।

अर्शः (नपुं.) [*ऋच्छति अतिशयदुःखं प्राप्नोत्यनेन, ऋ गतौ इति धातोः, व्याधौ शुट् (उ.) ६४५ इति असुन्, शुडागमश्च*] अल्काई रोग/गुदद्वारमा आउने गिर्खा/बवासिर/पाइल्स।

अर्शसः (पुं.वि.) [*अर्शांसि सन्त्यस्य सः, बहु.स., अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] अर्शरोगले युक्त/हरसाको रोगले ग्रस्त। **अर्शोरोगयुतोऽर्शसः** (अमर.)।

अर्शोघ्नः (पुं.) [*अर्शान् हन्तीति, अर्शपूर्वकाद् हन हिंसागत्योः इति धातोः, अमनुष्य ३.२.५३ इति टक्*] ओल/पिँडालुको जस्तो कन्द भएको वनस्पतिविशेष। **अर्शोघ्नः सूरणः स्कन्दः** (अमर.)।

अर्शोरोगयुतः (पुं.वि.) [*अर्शोरोगेण युतः, तृ.त.*] अल्काइ नामक रोगले युक्त।

अर्ह (धा.) [*पूजायाम्, चुरा.सक.सेट् उभ.*]– पूजा गर्नु। लट्– **अर्हयति-ते**– पूजा गर्छ (णिच् नभएको अवस्थामा **अर्हति-ते**) इत्यादि। कर्मणि– **अर्ह्यते**– पूजा गरिन्छ, कृदन्ते– **अर्हणीयम्**– पूजा गर्न योग्य, **अर्हणम्**– पूजा गर्ने काम, **अर्हकः, अर्हयिता**– पूजा गर्ने, **अर्हितः**– पूजा गरिएको, **अर्हणा**– पूजा गर्ने काम, **अर्हयितुम्**– पूजा गर्न, **अर्हयित्वा, समर्ह्य**– पूजा गेरेर इत्यादि।

अर्ह (धा.) [*योग्यत्वे, पूजने च, भ्वा.पर.सक./अक.सेट्*] योग्य हुनु, पूजा वा सम्मान पाउनु। लट्– **अर्हति**– योग्य हुन्छ, पूज्य हुन्छ। **यज्ञदानतपांस्यस्य कलां नार्हन्ति षोडशीम्**। (दुर्गादास) **अध्यापयन् गुरुसुतो गुरुवन्मानमर्हति** (मनु.)।

अर्हः (पुं.) [*अर्हति अर्हधातोः पचाद्यच्*] १.योग्य २.पूज्य ३.उपयुक्त **तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान् सबान्धवान्** (भ.गी.)।

अर्हणा (स्त्री.) [*अर्हणम्, अर्ह पूजायाम् इति धातोः ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, अजाद्यतष्टाप् ४.१.४इति टाप्*] १.पूजा २.सत्कार। **पूजानमस्यापचिति सपर्यार्चार्हणाः समाः** (अमर.)।

अर्हता (स्त्री.) [*अर्हस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.कुनै स्थान वा पदलाई योग्य हुने विशिष्टता २.निर्धारित योग्यता।

अर्हन् (पु.वि.) [*अर्हति, अर्हधातोर्लटि तस्य शतृप्रत्ययः*] पूज्य २.मान्य ३.प्रशंसित (शब्दरत्नावली)।

अर्हन्तः (पुं.) [*बाहुलकाद् झच्,झस्यान्तादेशः*] १.बुद्ध २.शिव ३.(पुं. वि.) मान्य/पूज्य।

अर्हा (स्त्री.) [*अर्ह पूजायाम् गुरोश्च हलः ३.३.१०३ इत्यः,टाप्*] पूजा/सम्मान।

अर्हितः (पुं.वि.) [*अर्ह्यते स्मेति,अर्ह पूजायाम् इति धातोः,निष्ठा ३.२.१०२ इति क्तः*]नमस्कार गरिएको/ढोगिएको/सम्मानित/पूजित।

अल (धा.) [*भूषणपर्याप्तिवारणेषु, सक.सेट् पर.*] अलङ्कृत गर्नु, हटाउनु, कुरा गर्नु। लट्– **अलति**– अलङ्कृत गर्छ, हटाउँछ, कुरा गर्छ। लिट्– **आल**– अलङ्कृत गरेछ, हटाएछ, कुरा गरेछ। (अन.) इत्यादि।

अलकः (पुं.) [*अलति भूषयति, अल्यते भूष्यते वाऽनेन, अल भूषणादौ इति धातोः, क्रमादिभ्यो वुन् ४.२.६१, इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.घुँघुरिएको कपाल। **अलकाश्चूर्णकुन्तलाः** (अमर.)।

अलकाश्च खलाश्चैव मूर्धभिः सुजनैर्धृताः।
उपर्युपरि संस्कारेऽप्याविष्कुर्वन्ति वक्रताम्॥ (सुभा.)

२.मुख धुने कर्पूरादि चूर्ण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलकनन्दा (स्त्री.) गङ्गालाई देवलोकमा अलकनन्दा, पितृलोकमा वैतरणी र मर्त्यलोकमा गङ्गा भनिन्छ। (म.भा. नामानुक्रमिका) बद्रीनारायणको माथि नारायण पर्वत छ। नारायण पर्वतबाट अलकनन्दा र भागीरथी दुई धारा निस्केका छन्। अलकनन्दा नदी नन्दादेवी नामको पहाडबाट लगभग ५० कि.मि. उत्तर गढवाल र तिब्बतको सीमाबाट निस्कन्छ। यसका धौली र विष्णुगङ्गा दुई सहायक नदी छन्॥ धौली निस्कने ठाउँ जस्कर शृङ्खला हो। विष्णुगङ्गा निस्कने ठाउँ बदरीनाथको पछाडि माउन्ट कामेटमा मानापाराको नजिक छ। अलकनन्दा र भागीरथीको सङ्गम देवप्रयागमा हुन्छ।

(अलकनन्दा)

अलका (स्त्री.) [*अलति अल्यते वा इति अल भूषणादौ इति धातोः, क्रमादिभ्यो वुन् ४.२.६१ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.कुबेरको राजधानी। **अलका कुबेरपुर्यामस्त्रियां चूर्णकुन्तले** (मेदिनी.) २.आठदेखि दश वर्ष सम्मकी कन्या।

अलकाधिपः (पुं.) [*अलकायाः अधिपः, ष.त.*] कुबेर।

अलक्तः (पुं.) [*न लज्यते स्म, ओलस्जी व्रीडे इति धातोः, बाहुलकात्तन्, यद्वा— न लक्यंते स्म, अभक्ष्यत्वात्, क्तः ३.२.१०२, यद्वा न रक्तोऽस्मात्, कपिलकादित्वात् (वा.) ८.२.१८ लत्वम्*] माहुर/गोडामा लगाइने रातो पदार्थ। **रक्षा लाक्षा जतुः क्लीबे यावोऽलक्तो द्रुमामयः** (अमर.)।

अलक्तकः (पुं.) [*अलक्त एव, स्वार्थे कन्*] माहुर (हला.)।

अलक्षणम् (नपुं.) [*न लक्षणम्, न.त.*] १.लक्षण नहुनु २.नराम्रो लक्षण

अलक्षणा (स्त्री.) [*अविद्यमानं लक्षणं यस्याः सा, बहु.स.*] १.अलच्छिनी २.असल लक्षण नभएकी।

अलक्षणीयतावादः (पुं.) [*न लक्षणीयः, न.त., तस्य भावस्तत्ता, तस्याः वादः, ष.त.*] ध्वनि अव्याख्येय छ, अनिर्वचनीय छ भन्ने सिद्धान्त।

अलक्ष्मीः (स्त्री.) [*लक्ष्मीविरुद्धा*] १.नरकमा देखिने अशोभा २.लक्ष्मीकी दिदी। अमृतमथनको समयमा अलक्ष्मी पछि लक्ष्मी उत्पन्न भएकी हुन्। लक्ष्मीलाई विष्णुले ग्रहण गरे तर अलक्ष्मीलाई कुनै देवताले लिन चाहेनन्। दुःसहनामक ब्राह्मणले अलक्ष्मीलाई विवाह गरे। तर अलक्ष्मी त्यसबाट पनि सन्तुष्ट थिइनन्। मार्कण्डेयको उपदेशअनुसार उनका पति दुःसहले देवालय, मठ, मन्दिर आदि पवित्र स्थलमा अलक्ष्मीलाई लिएर जान छोडे। अपवित्र स्थल स्त्रीका साथ भ्रमण गर्ने उनको क्षेत्र बन्यो। एक दिन तिमी यतै बस, म बस्ने ठाउँ खोजी आउँछु भनी पाताल गएका दुःसह फर्केनन्। विष्णुसित अलक्ष्मीको भेट भयो। उनीले विष्णुसित जीविकाको लागि प्रार्थना गरिन्। जसले शिवको पूजा गरी मेरो अनादर गर्छ अथवा मेरो पूजा गरेर शिवको पूजा गर्दैन, तिनीहरूको घरमा तिम्रो वास होस् र तिनीहरूको सम्पत्ति तिम्रो जीविकाको साधन बनोस् भनी सम्झाएर लक्ष्मी र विष्णु अलक्ष्मीको दृष्टिदोष नलागोस् भनी रुद्र मन्त्र जप्दै अन्तर्धान भए। (लि.पुरा.) यसैले नेपाली समाजमा रुद्री र सत्यनारायणको पूजा सँगै लगाउने चलन चलेको हो।

अलक्षितः (पुं.वि.) [*न लक्षितः, न.त.*] नदेखिएको। (रघु.२.२७)

अलक्ष्यः (पुं.वि.) [*न लक्ष्यः, न.त.*] १.देख्न नसकिने २.कुनै विशिष्ट लक्षण नभएको ३.लक्षणाबोध्य अर्थदेखि भिन्न ४.[*अविद्यमानं लक्ष्यं यस्य सः, बहु.स.*] निशाना नभएको ५.उद्देश्य नभएको।

अलगर्दः (पुं.) [*लगति, लगे सङ्गे इति धातोः, क्विप् ३.२.१८७ अर्दयति, अच् ३.१.१३४ लक् चासावर्दश्च, लग्नः सन् पीडक इत्यर्थः, निर्विषत्वात्तद्भिन्नोऽगलगर्दः, यद्वा—अलति। अल गत्यादौ इति धातोः, गर्दति, गर्द शब्दे इति धातोः वा, अच् ३.१.१३४ अलश्चासौ गर्दश्च, कर्म.स.*] पानी सर्प।

अलङ्करणम् (नपुं.) १.[*अलम्पूर्वकात् डुकृञ् करणे इति धातोर्भावे ल्युट् अनः*] अलङ्कृत पार्नु/सुशोभित तुल्याउनु २.[*अलङ्क्रियतेऽनेन, करणे ल्युट् अनः*] गहना/आभूषण।

अलङ्करिष्णुः (पुं.वि.) [*अलं करोति, अलंकृञ्— ३.२.१३६ इतीष्णुच्*] १.शृङ्गार गर्ने/सुशोभित हुने २.पर्याप्त काम गर्ने ३.निपुण।

अलङ्कर्ता (पुं.वि.) *अलं करोति, तृन् ३.२.१३५ इति तृन्*] शृङ्गार गर्ने २.अलङ्कृत तुल्याउने ३.पर्याप्त काम गर्ने।

अलङ्कर्मीणः (पुं.वि.) [*कर्मणे क्रियायै अलं समर्थः, प्राप्तापन्नालंपूर्व- (वा.) २.४.२६ इति परवल्लिङ्गनिषेधात् समासः। पर्यादयः (वा.) २.२.१८ इति वा, अषडक्ष ५.४.७ इति खः*] सजिलैसित काम फत्ते गर्ने।

अलङ्कारः (पुं.) [*अलङ्क्रियतेऽनेन, अलंपूर्वकात् कृ धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्*] १.गहना २.काव्यको बाह्य शोभा बढाउने धर्म। जसले काव्यलाई अलङ्कृत तुल्याउँछ, त्यो अलङ्कार हुन्छ। जसरी गहनाले शरीरलाई सुन्दर तुल्याँछ, त्यसरी नै काव्यको शरीरका रूपमा रहेका शब्द र अर्थको शोभालाई अलङ्कारले बढाउँछ। अलङ्कारको परिभाषा गर्ने प्रथम व्यक्ति भामह हुन्। उनले अलङ्कारलाई **काव्यको शोभाधायक धर्म** मानेका छन्। गहना नहुँदा जसरी नारीको मुख सुशोभित हुँदैन, त्यसैगरी नै अलङ्कार नभए काव्य सुन्दर बन्दैन। **न कान्तमपि निर्भूषं विभाति वनितामुखम्।** भामहले वक्रोक्तिलाई अलङ्कारको मूल मानेका छन्। वक्तोक्ति नभएको अलङ्कार हुन सक्दैन भन्ने उनको दाबी छ। भामहपछि अलङ्कारको परिभाषा दिने आचार्य दण्डी हुन्। उनले **काव्यको शेभा बढाउने धर्म**लाई अलङ्कार भनेका छन्। **काव्यशोभाकरान् धर्मान्लङ्कारान् प्रचक्षते।** त्यसपछि अलङ्कारको परिभाषा गर्नेहरूमा रीति सम्प्रदायका आचार्य वामनको नाम आउँछ। उनले **सौन्दर्य**लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलङ्कार भनेका छन् । **सौन्दर्यमलङ्कारः** । रुद्रटले पनि अलङ्कारलाई **विशेष किसिमको कथन** भनेका छन् । अग्निपुराणमा अलङ्कारलाई **काव्यशोभाकारी धर्म**को रूपमा लिइएको छ । आनन्दवर्धनले **काव्यको आत्मा ध्वनिलाई सुन्दर तुल्याउने शब्द र अर्थनिष्ठ धर्म**को रूपमा अलङ्कारलाई लिएका छन् । मम्मटले **रसको सौन्दर्यलाई वृद्धि गर्ने शब्द र अर्थका धर्म**को रूपमा अलङ्कारलाई हेरेका छन् । विश्वनाथले **शब्द र अर्थमा रहने अस्थिर धर्म**लाई अलङ्कार भनेका छन् । जगन्नाथले अलङ्कारलाई **सौन्दर्यको कारण** मानेका छन् । यसरी अलङ्कार भनेको काव्यको शब्दार्थरूपी शरीरमा रहेका अस्थिर धर्म हुन् । यिनीहरूले शब्दार्थको माध्यमबाट आत्मभूत रस, ध्वनि आदिको सौन्दर्य बढाउँछन् । संस्कृत काव्यशास्त्रमा वर्णित अलङ्कारहरू– (क) **शब्दालङ्कार– अनुप्रास**– यो पाँच प्रकारको छ– वृत्यनुप्रास, छेकानुप्रास, श्रुत्यनुप्रास, अन्त्यानुप्रास, लाटानुप्रास । हे.अनुप्रासः **यमक**– । यसका आदि, मध्य, अन्त्य, आद्यन्त, मध्यान्त, अदिमध्य जस्ता अनेक भेद छन् ।

आदिमध्यान्तमध्यान्तमध्याद्याद्यन्तः सर्वतः ।
अत्यन्तबहवस्तेषां भेदाः संभेदयोनयः ॥ (काव्यादर्श)

दण्डीको मतमा यमकको सङ्ख्या ३१५ छ । **शब्दश्लेष**– यो दुई प्रकारको हुन्छ– सभङ्ग र अभङ्ग **पुनरुक्तावदाभास**– **वक्रोक्ति**– यो दुई प्रकारको हुन्छ– श्लेषवक्रोक्ति र काकुवक्रोक्ति **पुनरुक्तिप्रकाश**–

जयति जयति देवः श्यामकण्ठः पिनाकी
जयति जयति देवी लोकमाता भवानी ।

वीप्सा– शैले शैले न माणिक्यम् चित्र– पद्मबन्ध, खड्गबन्ध,गोमूत्रिकाबन्ध मुरजबन्ध आदि **भाषासम**– (ख) (ख) **अर्थालङ्कार– उपमा** । यसका अनेक भेद छन्– १.संशयोपमा, अद्भुतोपमा, निर्णयोपमा श्लेषोपमा, निन्दोपमा, प्रशंसोपमा, अचिख्यासोपमा, विरोधोपमा, प्रतिषेधोपमा, साधारणोपमा, चटूपमा आदि २५ भेद (दण्डी) २.लौकिकी, कल्पिता (वामन) ३.पूर्णा, लुप्ता (मम्मट) ४.समासोपमा, असमासोपमा (अग्निपुराण) ५.स्ववैचित्र्य-विश्रान्ता, उक्तार्थोपपादनपरा, व्यङ्ग्यप्रधाना (चित्रमीमांसा) **अनन्वय**– पूर्णा, लुप्ता (जगन्नाथ) **उपमेयोपमा**– उक्तधर्मा, व्यक्तधर्मा (जगन्नाथ) **रसनोपमा समुच्चयोपमा मालोपमा**– भिन्नधर्मा, लुप्तधर्मा,व्यक्तधर्मा **प्रतीप**– प्रथम प्रतीप, द्वितीय प्रतीप, तृतीय प्रतीप, चतुर्थ प्रतीप, पञ्चम प्रतीप (अप्पयदीक्षित तथा जगन्नाथ) **रूपक**– साङ्ग, निरङ्ग, परम्परित (मम्मट) अभेद,तादरूप्य (अप्पयदीक्षितः) **परिणाम**– सामानाधिकरण्य, वैयधिकरण्य (रुय्यक र विश्वनाथ) **उल्लेख**– ज्ञातृभेद, विषयभेद (शोभाकरमिश्र) **स्मरण**– सादृश्यमूलक, वस्त्वन्तरसमाश्रित (अप्पयदीक्षित) **सन्देह**– शुद्ध, निश्चयमध्य, निश्चयान्त **भ्रान्तिमान् अपह्नुति**– शुद्धापह्नुति, हेत्वपह्नुति, पर्यस्तापह्नुति, भ्रान्तापह्नुति, छेकापह्नुति, कैतवापह्नुति (अप्पयदीक्षित) **उत्प्रेक्षा**– वाच्या, प्रतीयमाना (रुय्यक) **अतिशयोक्ति**– रूपकातिशयोक्ति, भेदकातिशयोक्ति, सम्बन्धाति शयोक्ति, असम्बन्धातिशयोक्ति, अक्रमातिश-योक्ति, चपलाति शयोक्ति, अत्यन्तातिशयोक्ति **तुल्ययोगिता**– प्रथम, द्वितीय, तृतीय (दीक्षित) **दीपक**– सामान्यदीपक, आवृत्तिदीपक कारकदीपक मलादीपक **प्रतिवस्तूपमा**– साधर्म्यरूपा, वैधर्म्यरूपा, मालारूपा (मम्मट) **उदाहरण, निदर्शना**– प्रथम निदर्शना (वाक्यार्थनिबन्धना, पदार्थ-निबन्धना) द्वितीयनिदर्शना **व्यतिरेक**– प्रथम, द्वितीय, तृतीय, चतुर्थ **सहोक्ति, विनोक्ति, समासोक्ति, परिकर, परिकराङ्कुर, अर्थश्लेष, अप्रस्तुतप्रशंसा**– कारणनिबन्धना, कार्यनिबन्धना, विशेषनिबन्धना, सादृश्यनिबन्धना **पर्यायोक्ति**– प्रथम, द्वितीय, तृतीय (जगन्नाथ) **व्याजस्तुति**– स्तुतिपर्यवसायिनी निन्दा, निन्दापर्यवसायिनी स्तुति **आक्षेप– विरोधाभास**– शुद्ध, श्लेषमूलक (जगन्नाथ) **विभावना**– प्रथम, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम **विशेषोक्ति**– उक्तनिमित्ता, अनुक्तनिमित्ता, अचिन्त्यनिमित्ता **असम्भव, असङ्गति**– प्रथम, द्वितीय, तृतीय (जगन्नाथ) **विषम**– प्रथम, द्वितीय, तृतीय **सम**– प्रथम, द्वितीय, तृतीय **विचित्र, अधिक**– प्रथम,द्वितीय **अल्प, अन्योन्य विशेष**– प्रथम, द्वितीय, तृतीय **व्याघात, कारणमाला**– प्रथम, द्वितीय **एकावली**– प्रथम, द्वितीय **सार**– प्रथम, द्वितीय **यथासङ्ख्य, प्रहर्षण, पर्याय**– प्रथम, द्वितीय **परिवृत्ति**– सम, असम **परिसङ्ख्या**– प्रश्नपूर्विका, प्रश्नरहित **विकल्प, समुच्चय**– प्रथम, द्वितीय **समाधि, प्रत्यनीक, अर्थापत्ति**– यसका मुख्य १२ भेद छन् । **काव्यलिङ्ग**– वाक्यगत, पदार्थगत **अर्थान्तरन्यास**– सामान्यको विशेषद्वारा साधर्म्यबाट समर्थन, सामान्यको विशेषद्वारा वैधर्म्यबाट समर्थन, विशेषको सामान्यद्वारा साधर्म्यबाट समर्थन, विशेषको सामान्यद्वारा वैधर्म्यबाट समर्थन **विकस्वर**– उपमाविधि, अर्थान्तरन्यासविधि **प्रौढोक्ति, ललित, उल्लास**– गुणबाट गुणप्राप्ति, गुणबाट दोषप्राप्ति, दोषबाट दोषप्राप्ति, दोषबाट गुणप्राप्ति **अवज्ञा**– प्रथम, द्वितीय **लेश**– प्रथम, द्वितीय **विकस्वर, मुद्रा, तद्गुण**– प्रथम, द्वितीय (रुद्रट) **अतद्गुण**– प्रथम, द्वितीय (रुय्यक) **मीलित**– स्वाभाविक, आगन्तुक **सामान्य, उन्मीलित, उत्तर**– प्रथम, द्वितीय **सूक्ष्म**– प्रथम, द्वितीय **व्याजोक्ति, लोकोक्ति, स्वभावोक्ति, स्तोकोक्ति, विवृतोक्ति, भाविक**– भूतका विषयलाई प्रत्यक्षवद् वर्णन,भविष्यत्का विषयलाई प्रत्यक्षवद् वर्णन **उदात्त**– प्रथम, द्वितीय **निरुक्ति, अत्युक्ति, हेतु**– प्रथम, द्वितीय **अनुमान**– वाच्यानुमान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्यानुमान, आलिप्तानुमान, ध्वन्यमान अनुमान **रसवदादि** अलङ्कार ।

(ग) **उभयालङ्कार** १.संसृष्टि २.सङ्कर।

अलङ्कारभेदः (पुं.) [*अलङ्कारस्य भेदः, ष.त.*] अलङ्कारका प्रकार। प्राचीन आचार्यहरूले अलङ्कारलाई तीन भागमा वर्गीकरण गरेका छन्– **शब्दालङ्कार, अर्थालङ्कार** र **उभयालङ्कार**। नाट्यशास्त्रका निर्माता भरतले उपमालाई प्रशंसा, निन्दा, कल्पिता, सदृशी र किञ्चित् सदृशी भनेर पाँच भागमा छुट्ट्याएका छन्। यमक अलङ्कारको त्यहाँ विस्तृत वर्णन छ। भामहले दुई शब्दालङ्कार र छत्तिस अर्थाङ्कार गरी अलङ्कारलाई दुई वर्गमा विभाजित गरेका छन्। दण्डीले अलङ्कारलाई विभिन्न वर्गमा छुट्ट्याएका छन्। यमक र उपमाका अनेक भेदको त्यहाँ चर्चा छ। उद्भटले प्रथम वर्ग, द्वितीय वर्ग, तृतीय वर्ग, चतुर्थ वर्ग, पञ्चम वर्ग र षष्ठ वर्ग गरी ६ वर्गमा अलङ्कारलाई वर्गीकरण छन्। रुद्रटले उद्भटकै अनुसरण गरेको देखिन्छ। वामनले अलङ्कारलाई शब्दालङ्कार र अर्थालङ्कार गरी दुई वर्गमा विभाजन गरेका छन्। सबैभन्दा वैज्ञानिक वर्गीकरण रुय्यकको छ। उनको दृष्टिकोणअनुसार अलङ्कार दुई किसिमका छन्। शब्दालङ्कार र अर्थालङ्कार। शब्दालङ्कारभित्र अनुप्रास, यमक आदि ६ अलङ्कार पर्दछन्। अर्थालङ्कारलाई उनले पाँच वर्गमा छुट्ट्याएका छन्– १.**सादृश्यगर्भ अर्थालङ्कार**– यसका पनि तीन उपभेद छन्– (क) भेदाभेदतुल्यप्रधान। यस वर्गभित्र उपमा, उपमेयोपमा, अनन्वय र स्मरण अलङ्कार पर्दछन्– (ख) अभेदप्रधान। यसका पनि दुई भेद छन्– आरोपमूलक र अध्यवसानमूलक। आरोपमूलक– रूपक, परिणाम सन्देह, भ्रान्तिमान् उललेख, अपह्नुति। अध्यवसानमूलक–उत्प्रेक्षा, अतिशयोक्ति। (ग) भेदप्रधान औपम्यगर्भ अलङ्कार– यस-अन्तर्गत सोह्र अलङ्कार पर्दछन्। तिनलाई सात भागमा वर्गीकरण गरिएको छ। १.पदार्थगत– तुल्ययोगिता, दीपक। २.वाक्यार्थगत– प्रतिवस्तूपमा, दृष्टान्त, निदर्शना ३.भेदप्रधान– व्यतिरेक, सहोक्ति विनोक्ति ४.विशेषणविच्छित्ति– समासोक्ति, परिकर ५.विशेष्य विच्छित्ति– परिकरांकुर ६.विशेषण-विशेष्यविच्छित्ति– श्लेष ७.अन्य– अप्रस्तुतप्रशंसा, आक्षेप, अर्थान्तरन्यास, पर्यायोक्ति, व्याजोक्ति। २.**विरोधगर्भ**– विरोध, विभावना, विशेषोक्ति, असङ्गति, विषम, सम, विचित्र, अधिक, अन्योन्य, विशेष, व्याघात। ३.**शृङ्खलाबन्ध**– कारणमाला, मालादीपक, एकावली र सार। ४.**न्यायमूलक**– यो तीन किसिमको हुन्छ। (क) तर्कन्यायमूलक– काव्यलिङ्ग र अनुमान। (ख) **वाक्यन्याय-मूलक**– यथासङ्ख्य, पर्याय, परिवृत्ति, परिसङ्ख्या, अर्थापत्ति, विकल्प, समुच्चय, समाधि। (ग) **लोकन्यायमूलक**– प्रत्यनीक, प्रतीप, मीलित, सामान्य, तद्गुण अतद्गुण र उत्तर। ५.**गूढार्थ प्रतीतिमूलक**– सूक्ष्म, व्याजोक्ति र वक्रोक्ति। ६.**अन्य**– स्वभावोक्ति, भाविक, उदात्त, संसृष्टि, सङ्कर, रसवदादि सात अलङ्कार– (रसवत्, प्रेयस्, ऊर्जस्वी, समाहित, भावोदय, भावसन्धि र भावशवलता) यसपछि अलङ्कारको वर्गीकरण गर्नेहरूमा विद्याधरको वर्गीकरण निकै उपयोगी मानिन्छ। गोविन्द भट्टराईले पनि आफ्नो पूर्वीय काव्य सिद्धान्तमा अलङ्कारको वर्गीकरण गरेका छन्। यो वर्गीकरण विद्याधरबाट प्रभावित छ।

अलङ्कारवादः (पुं.) [*अलङ्कारस्य वादः, ष.त.*] अलङ्कारलाई नै काव्यको सर्वस्व मान्ने सिद्धान्त।

अलङ्कारशास्त्रम् (नपुं.) [*अलङ्कारस्य शास्त्रम्, ष.त.*] १.काव्यशास्त्र २.अलङ्कारसम्बन्धी विस्तृत विवेचना भएको शास्त्र।

अलङ्कारसम्प्रदायः (पुं.) [*अलङ्कारस्य सम्प्रदायः, ष.त.*] अलङ्कारलाई काव्यको मूल तत्त्व मान्ने सिद्धान्तको परम्परा। यस सम्प्रदायका प्रवर्तक भामह हुन्। त्यसलाई अघि बढाउने आचार्यहरूमा दण्डी, वामन, उद्भट, जयदेव आदि आउँछन्। यिनीहरूले काव्यशोभाधायक धर्मको रूपमा अलङ्कारलाई लिएका छन्। ध्वनिवादी आचार्यहरूले अलङ्कारलाई काव्यको बाहिरी तत्त्व मानेका छन्। यिनीहरूको दृष्टिकोणअनुसार ध्वनि वा रस काव्यको आत्मा हो। शब्द र अर्थ काव्यका शरीर हुन्। शब्दालङ्कारले शब्दको सौन्दर्य बढाउँछ भने अर्थालङ्कारले अर्थको सौन्दर्य बढाउँछ। यिनीहरूले अलङ्कारलाई वैकल्पिक तत्त्वका रूपमा लिएका छन्। तर अलङ्कारवादीहरू अलङ्कारलाई काव्यको बाह्य तत्त्व नमानेर आन्तरिक तत्त्व मान्दछन्।

अलङ्कारसर्वस्वम् (नपुं.) [*अलङ्कारस्य सर्वस्वम्, ष.त.*] रुय्यकद्वारा रचना गरिएको अलङ्कारसम्बन्धी प्रौढग्रन्थ। यसका तीन भाग छन्– सूत्र, वृत्ति र उदाहरण। यी तीनै भागको रचना रुय्यकले नै गरेका हुन्। यसमा ६ शब्दालङ्कार र ७५ अर्थालङ्कारको विस्तृत विवेचना छ। अलङ्कारको सबैभन्दा वैज्ञानिक वर्गीकरण यसै ग्रन्थमा प्रस्तुत भएको छ।

अलङ्कार्यः (पुं.) [*अलङ्कर्तुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] अलङ्कृत गरिने तत्त्व। काव्यमा अलङ्कार र अलङ्कार्य दुई तत्त्व हुन्छन्। अलङ्कारले अलङ्कार्यलाई अलङ्कृत तुल्याउँछ। अलङ्कारवादी आचार्यहरूको दृष्टिकोणमा अलङ्कार पनि अलङ्कार्य नै हुन्। **अलङ्कृतिरलङ्कारः, सौन्दर्यमलङ्कारः** (वामन)। ध्वनिवादी आचार्यहरूको मतमा ध्वनि अथवा रस अलङ्कार्य हो भने उपमा आदि अलङ्कार हुन्। काव्यमा प्रधान रूपमा रहने वस्तु अलङ्कार्य हुन्छ भने त्यसलाई उत्कर्षमा पुर्‍याउने साधन अलङ्कार हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलङ्कृतः (पुं.वि.) [*अलं क्रियते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.सिँगारिएको २.अलङ्कारको प्रयोग भएको।

अलङ्कृतिः (स्त्री.) [*अलङ्क्रियतेऽनया, करणे क्तिन्*] १.आभूषण २.सजावट ३.अनुप्रास, यमक, श्लेष, उपमा आदि काव्यगत सौन्दर्यवर्द्धक धर्म। **तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि** (का.प्र.)।

अलङ्क्रिया (स्त्री.) [*अलङ्करणम्, कृञः श च ३.३.१०० इति शः, टाप् ४.१.४*] अलङ्कार।

अलङ्घ्यः (पुं.वि.) [*लङ्घयितुं योग्यः, लङ्घ्यः, न लङ्घ्यः, न.त.*] नाघ्न नसकिने।

अलभ्यः (पुं.वि.) [*लब्धुं योग्यः, लभ् धातोः पोरदुपधात् ३.१.९८ यत्, न लभ्यः, न.त.*] पाउन नसकिने।

अलम् (अव्य.) १.निवारण/निषेध। **अलं महीपाल तव श्रमेण** (रघु.) २.गहना। ३.सामर्थ्य।

ग्रन्थानधीत्य व्याकर्तुमिति दुर्मेधसोऽप्यलम्। (शि.व.)

४.पर्याप्तता।

तस्यालमेषा क्षुधितस्य तृप्त्यै प्रदिष्टकाला परमेश्वरेण।
उपस्थिता शोणितपारणा मे॥ (रघु.)

५.अवधारण/निश्चय। **तदलमलं काव्यं कर्तुं समाहितः**। ६.समर्थ।

अलम्बुषः (पुं.) [*अलं पुष्णाति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, पृषोदरादित्वात् पस्य बः*] १.प्रहस्त २.महाभारतको युद्धमा कौरवको सहयोगी एक राक्षस। सात्यकिले यसलाई मारेका थिए।

अलम्बुषा (स्त्री.) [*अलं पुष्णाति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, पृषोदरादित्वात् पस्य बः, टाप्*] १औषधिविशेष २.एक अप्सरा ३.लज्जावती झार।

अलर्कः (पुं.) [*अलति, अल भूषणादौ इति धातोः, क्विप् ३.२.७६, अल् चासावर्कश्च*] १.सेतो आँकको वृक्ष २.उन्मत्त कुक्कुर ३.राक्षसविशेष ४.सुँगुरको जस्तो आकार, आठ पाउ, सियाको टुप्पाजस्ता तिखा रौँ भएको एक जनावर।

ददर्श रामस्तं चापि कृमिं शूकरसन्निभम्।
अष्टपादं तीक्ष्णदंष्ट्रं सूचीभिरिव संवृतम् (रामा.)।
अलर्को धवलार्के स्याद्योगोन्मादितकुक्कुरे (मेदिनी.)।

अलवालः (पुं.) आलवाल। सिचाइका निमित्त वृक्षको वरिपरि माटाले घेरेर बनाइएको जलाधार।

अलसः (पुं.) [*न लसति, व्याप्रियते, लस श्लेषणे इति धातोः, अच् ३.१.१३४*] अल्छी।

अलसस्य कुतो विद्या निर्विद्यस्य कुतो धनम्।
निर्धनस्य कुतो मित्रममित्रस्य कुतः सुखम्॥ (सुभा.)

अलातम् (नपुं.) [*लानम्, ला दाने इति धातोः, क्तः ३.३.११४ न लातमस्य*] १.अगुल्टो २.आगो सहितको अँगार/फिलिङ्गो।

अलाबुः (स्त्री.) [*न लम्बते जले इति, नञि लम्बेर्नलोपश्च (उ.) ९० इति ऊः, नलोपः दीर्घश्च*] १.लौका २.तुम्बी/लौकाको भाँडो। **तुम्ब्यलाबुरुभे समे** (अमर.)।

(अलिः)

अलिः (पुं.) [*अलति दंशे समर्थो भवति, अल भूषणादौ इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्, यद्वा ॠच्छति ॠ गतौ इति धातोः, अच इः (उ.) इति इः, रस्य लः*] १.भमरो।

अलिरयं नलिनीदलमध्यगः
कमलिनीमकरन्द मदालसः।
विधिवशात् परदेशमुपागतः
कुटजपुष्परसं बहु मन्यते॥ (सुभा.)

२.रक्सी (मेदिनी.) ३.विच्छी (अमर.) ४.वृश्चिक राशि ५.काग ६.कोइली (श.र.)।

अलिकम् (नपुं.) [*अल्यते भूष्यते,कर्मणि इकन्*] निदार।

अलिगर्द्धः (पुं.) [*अलिरिव वृश्चिक इव गृध्नोति, पचाद्यच्*] पानीसर्प।

अलिञ्जरः (पुं.) [*अलनम्, अल भूषणादौ इति धातोः, इक्कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इन्, अलिं सामर्थ्यं जरयति, जॄ वयोहानौ इति धातोः अच् ३.१.१३५, पृषोदरादितया साधुः*] घ्याम्पो।

अलिन्दः (पुं.) [*अल्यते भूष्यते, अल भूषणादौ इति धातोः, बाहुलकात्किन्दच्, प्रज्ञाद्यणि आलिन्दः अपि*] १.खुड्किलो २.घरको एक छेउ ३.फलामको मुङ्ग्रो ४.तामाको कलश। **गृहैकदेशे आलिन्दः प्रधाणः प्रघणस्तथा** (अमरमाला)। **अलिन्दस्त्वल्पपिण्डः** (सुभूति)।

अलिपकः (पुं.) [*कुत्सितार्थे अत्र नञः प्रयोगः। कुत्सितवर्णेन अल्यते लिप्यतेऽसौ, बाहुलकात् कर्मणि वुन्*] १.भमरो २.कोइली ३.कुक्कुर ४.विच्छी। (मेदिनी.)

अलिप्रियम् (नपुं.) [*अलीनां प्रियम्, ष.त.*] रत्तकमल। (त्रिकाण्ड.)

अलिम्पकः (*नञ्पूर्वकात् लिपिधातोः वुन्, अकः, नुम्*] १.भमरो २.कोइली ३.भ्यागुतो ४.पद्मकेशर। (शब्दरत्नावली) ५.कुक्कुर।

अली (पुं.) [*अलं वृश्चिकपुच्छकण्टकम्, तदिवास्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.भँमरो २.वृश्चिक राशि।

अलीकम् (नपुं.) [*अलति वारयति सत्यम्, अल भूषणादौ इति धातोः, अलीकादयश्च (उ.) ४७३ इति ईकजन्तो निपातः, बाहुलकादिकन्नपि*] १.मिथ्या/झुटो २.अप्रिय ३ निधार। **अलीकमहितेऽपि** (कात्य) ४.स्वर्ग (हेम.) ५.सृष्टि (मेदिनी.)।

अलुब्धः (पुं.वि.) [*न लुब्धः, न.त.*] निर्लोभी/लोभ नगर्ने।

अलुब्धैः सह सौहार्दं पण्डितैः सह सङ्कथा।
उत्तमैः सह सङ्गश्च विधेया सुखमिच्छता॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलोभः (पुं.) [*लोभस्याभावः, न.त.*] लोभ नगर्नु ।

इज्याध्ययनदानानि तपः सत्यं धृतिः क्षमा ।
अलोभ इति मार्गोऽयं धर्मस्याष्टविधः स्मृतः ॥ (म.भा.)

अलोभी (पुं.वि.) [*अविद्यमानो लोभो अस्त्यस्य, इन्*] लोभ नभएको ।

अलोहितम् (नपुं.) [*नास्ति लोहितं यस्मात्तत् बहु.स.*] रक्तकमल ।

अलौकिकः (पु.वि.) १.[*लोके विदितः, लौकिकः, न लौकिकः, न.त.*] लोकमा नभएको/ अमानवीय, असाधारण २.कुनै शब्दको विरल प्रयोग भएको ।

अलौकिकत्वादमरः स्वकोषे न यानि नामानि समुल्लिलेखे
विलोक्य तैरप्यधुना प्रचारमयं प्रयत्नः पुरुषोत्तमस्य ।
(त्रिकाण्डशेष)

अल्पः (पुं.वि.) [*अल्पते वार्यते, अल भूषणादौ इति धातोः, बाहुलकात् पः*] १.थोरै २.(पुं.) एक अर्थालङ्कार । सामान्यतः आधेय सानो हुन्छ र आधार ठुलो हुन्छ तर कविले आफ्नो प्रतिभाद्वारा आधारलाई आधेयभन्दा सानो भएको वर्णन गऱ्यो भने त्यहाँ अल्पालङ्कार हुन्छ । अप्पय दीक्षितले कुवलयानन्दमा यस अलङ्कारको चर्चा गरेका छन् । **~कालिकः** (पुं.वि.) [*अल्पकाले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः ७.३.५० इति ठस्येकः*] थोरै समयको । **~चेष्टितः** (पुं.वि.) [*अल्पं चेष्टितं यस्य सः,बहु.स.*] अल्छी । **~छदः** (पुं.वि.) [*अल्पं छदः छादनं यस्य सः,बहु.स.*] थोरै लुगा लगाउने । **~जीवी** (पुं.वि.) [*अल्पं स्वल्पकालं जीवति तच्छीलः,णिनिः*] अल्पायु,थोरै समय बाच्ने । **~दृष्टिः** (स्त्री.) [*अल्पा दृष्टिः,कर्म.स.*] १.अदूरदर्शिता २.टाढा नदेखिने आँखाको स्थिति ३.अनुदारता ४.[*अल्पा दृष्टिर्यस्य सः, बहु.स.*] (पुं.वि.) अदूरदर्शी ५.अनुदार ६.टाढाको वस्तु नदेख्ने ।) [*अल्पा चासौ बुद्धिश्च, कर्म.स.*] १.छोटो बुद्धि २.मूर्खता ३.अज्ञानता ४.(पुं.वि.) [*अल्पा बुद्धिर्यस्य सः, बहु.स.*] १.बुद्धि नभएको २.मूर्ख ३.अज्ञानी (मनु.१२.७४) **~अल्पभाषी** (पुं.वि.) [*अल्पं भाषते तच्छीलः, णिनिः*] थोरै बोल्ने । **~मूल्यम्** (नपुं.) १.[*अल्पञ्च तन्मूल्यञ्च, कर्म.स.*] थोरै मूल्य वा मोल २.(नपुं.वि.) [*अल्पं मूल्यं यस्य तत्,बहु.स.*]थोरै मोल पर्ने । **~वयाः** (पुं.वि.) [*अल्पं वयो यस्य सः,बहु.स.*] सानै उमेरको । **~विषयः** (पुं.वि.) [*अल्पः विषयो ज्ञानक्षेत्रं यस्य सः,बहु.स.*] थोरै विषयको जानकारी राख्ने । **~शक्तिः** (स्त्री.) १.[*अल्पा चासौ शक्तिश्च,कर्म.स.*] २.(पुं.वि.) [*अल्पा शक्तिर्यस्य सः, बहु.स.*] थोरै शक्ति वा क्षमता भएको । **~सरः** (नपुं.) [*अल्पञ्च तत् सरश्च,कर्म.स.*] सानो पोखरी ।

अल्पकः (पुं.) १.[*कुत्सितोऽल्पः, कुत्सिते ५.३.७४ इति कन्*] तुच्छ व्यक्ति ।

परितोषयिता न कश्चन
स्वगतो यस्य गुणोऽस्ति देहिनः ।
परदोषकथाभिरल्पकः
स्वजनं तोषयितुं किलेच्छति ॥ (सुभा.)

२.(पु.वि.) [*अतिशयेन अल्पः, अल्पे इति कन्*] ज्यादै थोरै ।

अल्पज्ञः (पुं.वि.) [*अल्पं जानातीति, अल्पपूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] थोरै जान्ने ।

अल्पतनुः (पुं.वि.) [*अल्पा तनुर्यस्य सः, बहु.स.*] १.सानो शरीर भएको २.पुड्के ३.दुब्लो ४.सानो गाँठी भएको ।

अल्पप्राणः (पुं.वि.) [*अल्पाः प्राणा यस्मिन् सः, बहु.स.*] १.दमको रोगी २.कम सास फेर्ने ३.उच्चारणमा महाप्राण वर्णको भन्दा श्वासप्रवाह कम लाग्ने वर्ण । जस्तै नेपाली र संस्कृत भाषाका स्वर, अर्द्धस्वर, क,च,ट,त,प,ग,ज,ड,द,ब,ङ,ञ,ण,न,म,य,र,ल,व ।

अल्पमारिषः (पुं.) [*अल्पश्चासै मारिषश्च, कर्म.स.*] लुँडे साग ।

अल्पमेधाः (पुं.वि.) [*अल्पा मेधा यस्य सः, बहु.सः नित्यमसिच् प्रजामेधयोः ५.४.१२२ इत्यत्र नञ्सुदुःसुभ्य एव नित्यतया ऽसिज्विधानादत्रानित्यतया ऽसिच्*] थोरै बुद्धि भएको ।

अर्थेन तु विहीनस्य पुरुषस्याल्पमेधसः ।
क्रियाः सर्वा विनश्यन्ति ग्रीष्मे कुसरितो यथा ॥ (सुभा.)

अल्पायुः (नपुं.) [*अल्पञ्च तदायुश्च, कर्म.स.*] १.छोटो आयु २.(पुं.वि.) [*अल्पमायुर्यस्य सः, बहु.स.*] थोरै आयु भएको ।

अल्पायुषः (पुं.वि.) [*अल्पमायुर्यस्य सः*] छोटो आयु भएको २.(पुं.) बोको ।

अत्यन्तमतिमेधावी त्रयाणामेकमश्नुते ।
अल्पायुषो दरिद्रो वा ह्यनपत्यो न संशयः ॥ (सुभा.)

अल्पावकाशः (पुं.) [*अल्पश्चासौ अवकाशश्च, कर्म.स.*] १.खाजा चमेनाका लागि थोरै समयको विश्राम २.थारै समयको छुट्टी ।

अल्पिष्ठः (पुं.वि.) [*अतिशयेनाल्पः अजादी गुणवचनादेव ५.३.५८ इतीष्ठन्*] अत्यन्त सानो ।

अल्पीयान् (पुं.वि.) [*अयमनयोरल्पः, द्विवचनविभज्योपपदे तरबीयसुनौ इति ईयसुन्*] सानो ।

नाल्पीयसि निबध्नन्ति पदमुन्नतचेतसः ।
येषां भुवनलाभेऽपि निःसीमानो मनोरथाः ॥ (सुभा.)

अल्ला (स्त्री.) १.नाटकको भाषामा आमा २.(पुं.) यवनका उपास्य परमेश्वर (अथर्ववेद) ।

अव (धा.) [*रक्षणगत्यादिषु, सक.सेट्, पर.*]— रक्षा गर्नु, हिँड्नु, चम्कनु, प्रेम गर्नु, तृप्त तुल्याउनु, आनन्दित तुल्याउनु, प्रवेश गर्नु, सुन्नु, मालिक हुनु, आज्ञा गर्नु, माग्नु, कर्म गर्नु, प्राप्त हुनु, आलिङ्गन गर्नु, हिंसा गर्नु, ग्रहण गर्नु, हुनु, बद्नु, शक्तिमान् बन्नु । लट्— **अवति**— रक्षा गर्छ । लिट्— **आव**— रक्षा गरेछ (अन.) । लुट्— **अविता**— रक्षा गर्ने छ (अन.) । लृट्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविष्यति– रक्षा गर्ने छ । लोट्– **अवतु**– रक्षा गरोस् । लङ्– **आवत्**– रक्षा गऱ्यो । विधिलिङ्– **अवेत्** – रक्षा गर्ला, रक्षा गरोस् । लुङ्– **आवीत्**– रक्षा गऱ्यो । लृङ्– **आविष्यत्**– रक्षा गर्ने थियो । कर्मणि– **अव्यते**– रक्षा गरिन्छ । णिचि– **आवयति-ते**– रक्षा गर्न लगाउँछ । कृदन्ते– **अवनीयम्**– रक्षा गर्नुपर्ने । **अवनम्**– रक्षा गर्ने काम । **अविता**– रक्षक । **अवितः**– रक्षा गरिएको । **अवितुम्**– रक्षा गर्न । **अवित्वा**– रक्षा गरेर । यसै गरी गत्याद्यर्थ पनि सम्झनुपर्छ ।

अव रक्षे गतौ कान्तौ प्रीतौ तृप्तौ द्युतौ स्तुतौ ।
प्राप्तौ श्लेषेऽर्थने वेशे भागे वृद्धौ गृहे वधे ।
सामर्थ्येऽवगमे कामे धृतौ (कविकल्पद्रुमटीका) ।

अवः (अव्य.) [*अवरस्यां दिशि, अवरस्मिन् काले देशे वा पूर्वाधरावराणामसिः पुरधवश्चैषाम् ५.३.३९ इत्यसिः, अवादेशश्च*] १.तल्लो देशमा २.तलतिरको दिशामा ३.पछिल्लो समयमा ।

अव (अव्य.) [*उपसर्गविभक्तिस्वरप्रतिरूपकाश्च इति अव्ययत्वम्*] फैलावट, हेला, कमी, निधो, व्याप्ति आदि अर्थ दिने उपसर्ग ।

अवकटम् (नपुं.) [*अवधातोर्वैरूप्ये कटच्*] कुरूपता ।

अवकरः (पुं.) [*अवकीर्यते, कॄ विक्षेपे इति धातोः, कृञ् हिंसायाम् इति धातोर्वा, ॠदोरप् ३.३.५७ इत्यप्*] कसिङ्गर । **अवकरनिकरं विकिरति तत् किं कृकवाकुरिव हंसः** (नी.श.) ।

अवकलितः (पुं.वि.) [*अवपूर्वकात् कलधातोःक्तः*] देखिएको (धरणी) ।

अवकाशः (पुं.) १.काम नभएको समय २.फुर्सद ३.बिदा । ४.अवसर ५.बस्ने ठाउँ । **न सूक्ष्मतन्तोरपि तावकस्य तत्रावकाशो भवतः कथं स्यात्** । (रत्नावली) ५.खाली ठाउँ ।

अवकाशेषु चोक्षेषु नदीतीरेषु चैव हि ।
विविक्तेषु च तुष्यन्ति दत्तेषु पितरः सदा ॥ (मनु.)

६.प्रशस्त स्थल । **अवकाशो विविक्तोऽयं महानद्योः समागमे** । (रामा.) द्रव्यादि राख्ने ठाउँ, स्थिति । **अवकाशं किलोदन्वान् रामायाभ्यर्थितो ददौ** । (रघु.) । **~ग्रहणम्** (नपुं.) [*अवकाशस्य ग्रहणम्, ष.त.*] नोकरीबाट बिदा लिने काम । **~प्राप्तः** (पुं.वि.) [*अवकाशं प्राप्तः, द्वि.त.*] कामबाट फुर्सद पाएको ।

अवकीर्णः (पुं.वि.) [*अवकीर्यते स्म, निष्ठा इति क्तः*] १.छरिएको २.धुलोपिठो पारिएको ३.फैलिएको । **भुक्तानि यौवनसुखानि यशोऽवकीर्णे राज्ये स्थितं स्थिरधिया चरितं तपोभिः ।** (नागार्जुन) ४.फ्याँकिएको ।

अवकीर्णी (पुं.) [*अवकरणम्, कॄ विक्षेपे इति धातोः, कृञ् हिंसायाम् इति धातोर्वा, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, अवकीर्णं विक्षिप्तं हिंसितं वा वृत्तमनेन, इष्यादिभ्यश्च ५.२.८८ इतीनिः*] १.ब्रह्मचर्य नष्ट भएको व्यक्ति २.व्रत भङ्ग भएको व्यक्ति ।

अवकुटारम् (नपुं.) [*अवात्कुटारच्च ५.१.३० इति कुटारच्*] १.विरूपता २.वैपरीत्य ।

अवकृष्टः (पुं.वि.) [*कृष विलेखने इति धातोः क्तः*] १.खिचिएको/निकालिएको/बाहिर ल्याइएको । **एकाकिनापि मया रभसावकृष्टनिस्त्रिंश दीधितिसटाभरभासुरेण** (नागानन्द) २.नीच निकृष्ट । **प्रतिकर्तुं प्रकृष्टस्य नावकृष्टेन युज्यते** । (रामा.) ३.घरमा बढार्ने, पानी बोक्ने आदि काम गर्ने कामदार । **पणो देयोऽवकृष्टस्य षडुत्कृष्टस्य वेतनम्** (मनु.) ।

अवकेशी (पुं.) [*अवसन्नाः केशा यस्य सोऽवकेशो निष्केशः, सोऽस्ति दृष्टान्तत्वेनास्य, अत इनिठनौ ५.२.११५ इतीनिः, स यथा निष्केशः, एवमयं निष्फलः, अवकं शून्यमीष्टे तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] फल नफल्ने वृक्ष ।

अवक्तव्यः (पुं.वि.) [*न वक्तव्यः,न.त.*] भन्नु नहुने । **असम्भाव्यं न वक्तव्यं प्रत्यक्षमेव दृश्यते** (चाणक्य) ।

अवक्रयः (पुं.) [*अवक्रीयतेऽनेन, पुंसि ३.३.११८ इति घः*] १.भाडा २.मूल्य ३.ज्याला ४.राष्ट्र वा राज्यलाई बुझाउने कर ।

अवगतः (पुं.वि.) [*अवगच्छति स्म, अवपूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यर्था ३.४.७२ इति क्तः*] जानेको/बुझेको/थाहा पाएको ।

अवगणितः (पुं.वि.) [*अवगण्यते स्म, गण सङ्ख्याने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अपमान गरिएको/तिरस्कृत २.गन्ती गरिएको ३.[*गणिताद् अवगतम्, प्रादिस.*] नमिलेको वा अशुद्ध गणित ।

अवगतः (पुं.वि.) [*अवपूर्वकाद् गम्धातोः क्तः*] १.बुझेको/ थाहा भएको/ज्ञान गरेको २.तल झरेको ३.हटेको ।

अवगतिः (स्त्री.) [*अवगमनम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बोध/सामान्य ज्ञान २.अधोगति ३.अपसरण ।

अवगलितः (पुं.) १.रूपकको प्रस्तावनाको एक भेद २.(पुं.वि.) झरेको ।

अवगाहः (पुं.) १.[*अवगाहनम्, भावे ३.३.१८ इति घञ्*] स्नान/नुहाउने वा पौडने काम २.[*अवगाहन्तेऽत्र अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.स्नानघर २.जलाशय । **प्रचण्डसूर्यः स्पृहणीयचन्द्रमाः सदावगाहक्षमवारिसञ्चयः** (ऋ.सं.) ।

अवगाहनम् (नपुं.) [*अवपूर्वकाद् गाहू विलोडने इति धातोः ल्युट् च इति ल्युट् अनः*] १.स्नान २.डुबुल्की मार्ने काम ।

अवगिरमाणः (पुं.वि.) [*अवगिरते इति अवाद्ग्रः १.३.५१ इति गृधातोरात्मनेपदम्, ततः लटस्थाने शानच् ३.२.११४ इति शानच्*] निलिरहेको/खाइरहेको ।

अवगीतः (पुं.वि.) [*अवगीयते स्म, अवपूर्वकाद् गै शब्दे इति धातोः, क्तः, घुमास्था ६.४.६६ इतीत्वम्*] बदनाम भएको/निन्दित ।

अवगीतम् (नपुं.) [*अवपूर्वकाद् गैधातोः क्तः*] लोकापवाद २.गीत आदिद्वारा नराम्रो बयान ३.[*अवकृष्टं गीतम्*] नराम्रो गीत/अशोभनीय गाना ।

अवगुणः (पुं.) [*अवकृष्टः गुणः, प्रादिस.*] दुर्गुण/बैगुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवगुण्ठनम् (नपुं.) १.[*अवपूर्वकाद् गुठि वेष्टने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] घुम्ट्रो हाल्ने काम २.[*अवगुण्ठ्यतेऽनेन, अवपूर्वकाद् गुठि वेष्टने इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः*] घुम्टो । **अवगु ण्ठनसंवीता कुलजाभिसरेद्यदि ।** (सा.द.) ३.पर्दा ४.मुद्राविशेष ।

अवगुण्ठनमुद्रा (स्त्री.) १.बायाँ हातको मुठी बाँधेर उसबाट चोरी औँला सोझो पारेर वा दुवै हातको चोरी औँला आपसमा जोडेर अग्निको अघि घुमाउँदा अवगुण्ठिनी मुद्रा (होम गर्दाको) हुन्छ, २.बायाँ हातको चोरी औँला उल्ट्ये र दाहिने हातको चोरी औँला सुल्ट्ये पारी तल फर्काई घुमाउँदा हुने मुद्रा । **अन्योऽन्यतर्जनीयुग्म-भ्रमणादवगुण्ठिनी** (मु.प्र.) ।

अवगुण्ठिका (स्त्री.) [*अवगुण्ठयति स्त्रीणां मुखादिकं ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः, टाप्, इत्वम्*] घुम्टी ।

अवगुण्ठितः (पुं.वि.) [*अवगुण्ठ्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.छोपिएको २.घुम्टो हालिएको ३.पर्दा हालिएको ।

अवग्रहः (पुं.) [*अवगृह्यतेऽङ्कुशेन, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.शिरको मांसपिण्डको माझमा हुने गहिरो ठाउँको मासु २.वृष्टिको प्रतिबन्धक ३.बाधा/अडचन ४.हात्तीलाई बाँध्ने किलो ५.ज्ञानविशेष ६.हात्तीको बथान । **अवग्रहो वृष्टिरोधे प्रतिबन्धे गजालिके** (मेदिनी.) । **गजालिके वृष्टिरोधे प्रतिबन्धेऽप्यवग्रहः** (रुद्र.) ७.स्वभाव ८.शाप ९.स्वीकार १०.अवरोध ११.अनादर

अवग्रहणम् (नपुं.) [ल्युट् च इति ल्युट् अन.] १.प्रतिरोध २.अनादर । **अवग्रहणमित्याहुः प्रतिरोधेऽप्यनादरे** (विश्व.) ।

अवग्राहः (पुं.) [*अवपूर्वाद् ग्रह धातोः, अवे ग्रहो वर्षप्रतिबन्धे ३.३.५१ इति घञ्*] १.वृष्टिको अवरोध/अनावृष्टि २.हात्तीको निधार ३.शाप । **अवग्राहस्ते भूयात्** (दुर्गादास) ।

अवघट्टः (पुं.) [*अवघट्ट्यतेऽत्र, अधिकरणे घञ्*] १.पृथ्वीमा परेको ध्वान्द्रो/भूरन्ध्र २.जाँतो/घट्ट ३.[*अवघट्टनम्, भावे घञ्*] गडगडाहट ।

अवघर्षणम् (नपुं.) [*अवपूर्वकाद् घृषु सङ्घर्षे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.पिस्नु २.घोट्नु ।

अवघातः (पुं.) [*अवहननम्, अवपूर्वकाद् हन्धातोर्भावे घञ्*] १.जौ, धान आदि चुट्ने काम २.चोट ३.प्रहार ४.अपमृत्यु/आत्महत्या, दुर्घटना आदिबाट भएको मृत्यु ।

अवचनीयः (पुं.वि.) [*वक्तुं योग्यः, वचनीयः, न वचनीयः*] भन्नु नहुने/ अवाच्य/भन्न नसकिने ।

अवचनीयता (स्त्री.) [*अवचनीयस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] १.गालीगलोज ।

सर्वथा व्यवहर्तव्यं कुतो ह्यवचनीयता ।
यथा स्त्रीणां तथा वाचां साधुत्वे दुर्जनो जनः ॥ (सुभा.)

२.अश्लीलता ३.गोपनीयता ।

अवचूर्णनम् (नपुं.) [*अवपूर्वकात् चूर्ण पेशे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] धुलोपिठो पार्नु ।

अवचूर्णितः (पुं.वि.) [*अवचूर्ण्यते स्म, अवपूर्वकात् चूर्ण पेशे इति धातोः, सत्यापपासरूप–३.१.२५ इति ण्यन्तात् निष्ठा ३.२.१०२ इति क्तः*] धुलो पारिएको ।

अवचेतनः (पुं.वि.) [चेतनमवगतः, प्रादिस.] १.मनभित्र लुकेर रहेको २.अर्द्धचेतन अवस्थामा विद्यमान ।

अवच्छदः (पुं.) [*अवच्छाद्यतेऽनेन, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, छादेर्घेऽद्व्युपसर्गस्य ६.४.९६ इति ह्रस्वः*] ढकनी/बिर्को ।

अवच्छिन्नः (पुं.वि.) १.काटेर अलग पारिएको २.विभाजित/पृथक् पारिएको ३.छेकिएको/घेरिएको ४.संशोधन गरिएको ५.निश्चित गरिएको ६.विशिष्ट/न्यायको भाषामा अवच्छेदताको निरूपक ।

अवच्छेदकः (पुं.) [*अवच्छिनत्तीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] १.भेदक/इतरव्यावर्तक २.विशेषण ३.गुणरूप शब्द ४.[*अवच्छिद्यतेऽनेन,करणे घञ्*] न्यायको मतमा स्वरूप सम्बन्ध । **अव्याप्यवृत्तेरवच्छेदकत्वमपि स्वरूपसम्बन्धविशेषस्तदाश्रयावच्छेदकः** (न्यायशास्त्र) ।

अवच्छेदकत्वम् (नपुं.) [*अवच्छेदकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वप्रत्ययः*] स्वरूपसम्बन्धविशेष/अतिरिक्त वस्तुमा नरहने धर्म ।

अवज्ञा (स्त्री.) [*अवपूर्वकात् ज्ञाधातोः, आतश्चोपसर्गे ३.३.१०६ अङ्, टाप् ४.१.४*] १.तिरस्कार/अनादर ।

स्वदेशजातस्य नरस्य नूनं गुणाधिकस्यापि भवेदवज्ञा ।
निजाङ्गना यद्यपि रूपराशिस्तथापि लोकः परदारसक्तः ॥
(सुभा.)

२.विशेषोक्ति अन्तर्गतको एक अर्थालङ्कार । यसमा एउटाको गुणदोषको वर्णनबाट अर्काको गुणदोष नभएको वर्णन गरिन्छ । यो उल्लास अलङ्कारको विपरीत अलङ्कार हो । यसको उल्लेख चन्द्रालोक र कुवलयानन्दमा छ ।

अवज्ञा वर्ण्यते वस्तु गुणदोषक्षमं यदि ।
म्लायन्ति यदि पद्मानि का हानिरमरद्युतेः ॥ (च.लो.)

अवज्ञातः (पुं.वि.) [*अवज्ञायते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.हेपिएको । **अवज्ञाता भविष्यामो लोकस्य पृथिवीपते** (म.भा.) २.थाहा भएको/ज्ञान भएको ।

अवज्ञानम् (नपुं.) [*अवपूर्वकाद् ज्ञाधातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] अपमान/हेला/तिरस्कार ।

अवटः (पुं.) [*अवन्त्यस्मात्, अव रक्षणादौ इति धातोः शकादिभ्योऽटन् (उ.) ४.८१*] १.खाडल । **दर्भेऽपि पवित्रमवटिरवटेऽपि** (हला.) २.शरीरको कुनै दबिएको भाग ।

अवटिः (स्त्री.) [*पक्षे ङीष्, अवटीत्यपि*] १.खाल्टो २. कुवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवटीटः (पुं.) [*अवनमनं नासिकायाः, नते नासिकायाः संज्ञायां टीटञ्नाटज्भ्रटचः ५.२.३१ अवटीटम्, अवनाटम्, अवभ्रटम् च नासिकाया नतमस्त्यस्याः, अर्शआद्यच् ५.२.१२७ इत्यच्*] नेप्टो नाक हुने ।

अवटुः (पुं.) [*अवटलतीति, टल वैक्लव्ये इति धातोः, अवटीकते, टीकृ गतौ इति धातोर्वा, मितद्रवादित्वात् (वा.) ३.२.१८० इति डुः, यद्वा—न वटति, वट वेष्टने इति धातोः, वट भाषणे इति धातोर्वा, बाहुलकाडुः*] १.भूमिको ध्वान्द्रो २.कुवा ३.रुद्रघण्टी र गर्धनको माझमा भएको खाल्टो/खोप्रे बुढी । **अवटुः पुरुषे कृकाटिका घाटा** (बोपालित) । ४.(स्त्री.) गर्दनको उठेको भाग ।

अवडीनम् (नपुं.) पक्षीको उडानविशेष/माथिबाट तलतिर उड्ने क्रिया ।

अवतंसः (पुं./नपुं.) १.कानमा लगाउने एक प्रकारको गहना । **तं मातरो देवमनुव्रजन्त्यः स्ववाहनक्षोभचलावतंसाः** (कुमा.) २.शिरोभूषण/श्रीपेज/मुकुट/चूडामणि ।

अवतमसम् (नपुं.) [*अव हीनं तमः, प्रादिस.अच् ५.४.७९*] अलिअलि अँध्यारो । **अवतमसभिदायै भास्वताभ्युद्गमेन प्रसभमुडुगणोऽसौ दर्शनीयोऽप्युपास्तः** (शि.व.) ।

अवतरणम् (नपुं.) [*अवपूर्वकाद् तॄ प्लवनतरणयोः इति धातोः, ल्युट् च ३.३.११५ युवोरनाकौ ७.१.१ इत्यनः*] १.स्नानका लागि पानीमा प्रवेश गर्न ओर्लने क्रिया २.अवतार/प्रादुर्भाव ३.[*अवतरन्ति जना अनेन, करणे ल्युट्*] स्नान गर्ने पवित्र घाट ४.अनुवाद ५.भूमिका ६.उद्धरण ।

अवतरणिका (स्त्री.) [*अवतरणमस्त्यस्याम्, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप्, इत्वम्*] १.ग्रन्थका विषयमा संक्षेपमा प्रकाश पारिएको भाग । जस्तै— श्रीमद्भागवतको प्रथम स्कन्धको प्रथम अध्यायको अवतरणिका—

प्रथमे मङ्गलञ्चास्य श्रेष्ठत्वं सर्वशास्त्रतः ।
नैमिषे शौनकादीनां प्रश्नषट्कं निरूप्यते ॥

२.भूमिका/उपोद्घात ।

अवतानः (पुं.) [*अवतनोति, अवपूर्वकात् तनु विस्तारे इति धातोः ज्वलतिकसन्तेभ्यो णः ३.१.१४० इति णः, वृद्धिः*] १.विस्तार २.नुगेको धनुषलाई सिधा पार्ने काम ३.ढकनी ४.पर्दा ।

अवतारः (पुं.) १.[*अवतरति, अवे तॄस्त्रोर्घञ् ३.३.१२० इति घञ्, वृद्धिः, रपरत्वम्*] ईश्वरीय शक्ति लिएर पृथ्वीतलमा जन्म लिने । जस्तै— भगवान् विष्णुको वैकुण्ठबाट कृष्णको रूपमा पृथ्वीमा भएको अवतार । महाभारतको हरिवंशमा अवतारलाई आविर्भाव भनिएको छ । भगवद्गीतामा अवतार शब्दको प्रयोग भएको देखिन्छ । शतपथब्राह्मणमा मत्स्यावतार (३.९.१.१), कूर्मावतार (७.३.३.५) तैत्तिरीय संहितामा (७.१.५.१) वामनावतारको उल्लेख छ । वैदिक ग्रन्थमा वासुदेवलाई ब्रह्माको अवतार भनिएको छ । तर पुराणमा ब्रह्मालाई विष्णुको अवतार मानिन्छ । पुराणहरूमा विष्णुका अनेकौँ अवतारहरू छन् । **अवतारा ह्यसङ्ख्येया हरेः सत्त्वनिधेर्द्विजाः । यथाविदासिनः कुल्याः सरसः स्युः सहस्रशः ॥** (भा.१.२६) तीमध्ये दश अवतार मुख्य छन्— १.मत्स्य २.कूर्म ३.वराह ४.वामन ५.नृसिंह ६.परशुराम ७.राम ८.कृष्ण ९.बुद्ध १०.कल्की । यी दश अवतारमा पनि राम र कृष्णको अवतार अत्यन्त प्रसिद्ध छ । पुराणमा भगवान्‌का चौबिस अवतारको पनि वर्णन छ— १.नारायण २.ब्रह्मा ३.सनक, सनन्दन, सनातन, सनत्कुमार ४.नरनारायण ५.कपिल ६.दत्तात्रेय ७.सुयज्ञ ८.हयग्रीव ९.ऋषभ १०.पृथु ११.मत्स्य १२.कूर्म १३.हंस १४.धन्वन्तरि १५.वामन १६.परशुराम १७.मोहिनी १८.नृसिंह १९.वेदव्यास २०.राम २१.बलराम २२.कृष्ण २३.बुद्ध २४.कल्की । यिनीहरूलाई लीलावतार भनिन्छ । २.[*अवतरणम्, भावे ३.३.१८ इति घञ्*] क.ओर्लने काम ख.अवतार लिने काम । ३.[*अवतरन्ति जना अनेन, करणे घञ्*] स्नानका लागि बनाइएको घाट/स्नान गर्ने पवित्र स्थान ४.अनुवाद भूमिका ५.[*अवतरन्ति अत्र स्नानाय, अधिकरणे घञ्*] तलाउ/सरोवर ।

अवतारवादः (पुं.) [*अवतारस्य वादः, ष.त.*] अवतारलाई मान्ने सिद्धान्त । यो पुरानो वाद हो । भक्तिको प्रचलन भएपछि यसलाई मान्न थालिएको हो । शतपथ ब्राह्मण आदि ग्रन्थमा अवतारहरूको उल्लेख छ । सबैभन्दा बढी अवतारहरू विष्णुका छन् । अवतारलाई मोटामोटी तीन भागमा छुट्याउन सकिन्छ— पशुयोनि, मानवयोनि र मिश्रित । पशुयोनिमा वराह, कूर्म र मत्स्य अवतार पर्दछन् । गीताको दसौँ अध्यायमा कृष्णले आफूलाई शेषनाग, सिंह, गरुड र माछाको अवतार भएको सङ्केत गरेका छन् । मानव अवतारमा भृगु, राम, वासुदेव आदि आउँछन् । नृसिंह विष्णुको मिश्रित अवतार हो ।

अवतोका (स्त्री.) [*अवगलितं तोकमपत्यमस्याः, बहु. स.*] गर्भ तुहेकी । **अवतोका स्रवद्गर्भा** (अमर.) ।

अवत्तः (पुं.वि.) [*अवदीयते स्म, अवपूर्वकात् दा दाने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, अच उपसर्गात्तः ७.४.४७ इति दा इत्यस्याचः स्थाने तादेशः, चर्त्वम्*] दिइएको ।

अवदंशः (पुं.) [*अवदश्यते, दशि दंशने इति धातोः, कर्मणि घञ् ३.३.१९ भावे ३.३.१८ वा*] १.मदिरा पिउँदा साथैमा खाइने सितन २.बलवर्द्धक पदार्थ ।

अवदत्तः (पुं. वि.) [*अवपूर्वकाद् दा दाने इति धातोः आदिकर्मणि क्तः कर्तरि च ३.४.७१ इति क्तः, दो दद्घोः ७.४.४६ इति दथादेशः, खरि च ८.४.५५ इति चर्त्वम्*] दिइएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवदत्तं विदत्तञ्च प्रदत्तञ्चादिकर्मणि।
सुदत्तमनुदत्तञ्च निदत्तमिति चेष्यते॥ (म.भाष्य)

अवदातः (पुं.वि.) [*अवदायते स्म, दैप् शोधने इति धातोः, कर्मणि क्तः ३.२.१०२, ३.४.४०*] १.सेतो २.निर्मल ३.सुन्दर ४.पहेँलो।
अवदातं तु विमले मनोज्ञे सितपीतयोः (हैम.)।

अवदानम् (नपुं.) [*अवपूर्वकात् दा धातोः, ल्युट् च ३.३.११५ युवोरनाकौ ७.१.१ इत्यनः*] १.अंशदान २.सरकारी दान ३.योगदान ४.बितेको काम ५.शुद्ध कर्म। **अवदानं कर्म शुद्धम्** (अभि.चि.) लोक कहानी। यो शब्द यस अर्थमा खास गरी बौद्ध साहित्यमा बढी प्रचलित छ। जस्तै– **दिव्यावदानम्**।

अवदारणम् (नपुं.) [*अवदार्यतेऽनेन, दॄ विदारणे इति धातोः, ण्यन्तात्, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.खन्ती २.कोदालो ३.(भावे ल्युट्) चिरफार गर्ने काम ४.नराम्रोसित दार्ने काम।

अवदाहः [*अवदाहनम्, भावे घञ्*] ज्वलन/उष्णता।

अवदाहम् (नपुं.) [*अवलीयते दाहोऽस्मात्*] उशीरको जरो।

अवदीर्णः (पुं.वि.) [*अवदीर्यते स्म, दॄ विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.चिरिएको २.भाँचिएको ३.पग्लिएको ४.हडबडाएको।

अवद्यः (पुं.वि.) [*वदितुमयोग्यः, वद व्यक्तायां वाचि इति धातोः, अवद्यावमाधमार्वरेफाः (उ.) ७४२ इति कुत्सितार्थे यत्*] १.निन्दनीय/ अग्राह्य २.अवाच्य।

अवद्यम् (नपुं.) १.अपराध २.दोष ३.पाप/दुष्कर्म ४.कलङ्क।

अवधानम् (नपुं.) [*अव पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.ध्यान २.धारणा/यो गर्छु भन्ने कर्मको व्यापार/मनोयोग ३.सावधानी।

अवधारणा (स्त्री.) [*अवधारणम्, अव पूर्वकात् ण्यन्तात्, धृञ् धारणे इति धातोः, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.धारणा/दृष्टि २.निश्चय।

अवधिः (पुं.) [*अवपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः,अलोपः ६.४.६४*] निर्धारित समय/ म्याद।

अवधीरणा (स्त्री.) उपेक्षा।

कुत्र विधेयो यत्नो विद्याभ्यासे सदौषधिदाने।
अवधीरणा क्व कार्या खलपरयोषितपरधनेषु॥
(शङ्कराचार्य)

अवध्वस्तः (पुं.) [*अवध्वंस्यते स्म, ध्वंसु गतौ च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.धुलो पारिएको २.छोडिएको ३.निन्दित।
अवध्वस्तं परित्यक्ते निन्दितेऽप्यवचूर्णिते (विश्व.)।

अवनतः (पुं.वि.) [*अवनमति स्म, गत्यर्था– ३.४.७२ इति क्तः*] घोप्टेको।

अवनतिः (पुं.) [*अवगता नतिः, प्रादिस.*] १.तल झर्ने काम २.गिर्दो अवस्था ३.उन्नतिको विपरीत स्थिति ४.झुकाव ५.नम्रता।

अवनम् (नपुं.) [*अव रक्षणादौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तृप्त पार्नु २.रक्षा गर्नु ३.हिँड्नु ४.चाहनु ५.सुन्नु, ६.प्राप्त गर्नु ७.माग्नु ८.प्रवेश गर्नु ९.रहनु १०.बढ्नु ११.ग्रहण गर्नु १२.मार्नु १३.सक्नु १४.तल झर्नु।

अवनाटः (पुं.वि.) [*नते नासिकायाः संज्ञायां टीटञ्नाटज्भ्रटचः ५.२.३१ इति नाटच्*] नेप्टो नाक हुने।

अवनायः (पुं.) [*अवनयनम्, णीञ् प्रापणे इति धातोः, अवोदोर्नियः ३.३.२६ इति घञ्*] तलतिर झर्ने काम/अधःपतन/अवनति।

अवनिः (स्त्री.) [*अवति रक्षणादिकं करोति, अव रक्षणादौ इति धातोः, अर्तिसुधृधम्यश्यवितॄभ्योऽनिः (उ.) २६७ इति अनिः*] पृथ्वी।

अवनी (स्त्री.) [*पक्षे ङीष्*] १.पृथ्वी २.मुडिलो। **~चरः** (पुं.वि.) [*अवन्यां चरतीति, चरेष्टः३.२.१६ इति टः*] पृथ्वीमा भ्रमण गर्ने। **~तलम्** (नपुं.) [*अवन्यास्तलम्, ष.त.*] पृथ्वीको सतह। **~मण्डलम्** (नपुं.) [*अवन्याः मण्डलम्, ष.त.*] भूगोल।

अवन्तिः (स्त्री.) [*अवति रक्षयति पालयति वा जनान्, अव रक्षणे इति धातोः, बाहुलकात्, झिच् झस्य अन्तादेशः*] भारतको एक प्रदेश/उज्जैन। यो नर्मदा नदीको उत्तरपश्चिम भागमा पर्दछ।

अवनेजनम् (नपुं.) [*अवपूर्वकाद् णिजिर् शौचपोषणयोः, इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.प्रक्षालन २.पिण्ड दिन तयार पारिएको वेदीमा ओछ्याइएका कुशमाथि पानी छर्कने संस्कार ३.पाद्य/गोडा धुने पानी।

अवन्तिसोमम् (नपुं.) [*सूयते स्म इति, षुञ् अभिषवे इति धातोः (उ.) १४० इति मन्, अवन्तिषु अभिषुतं सोमम्, शाकपार्थिवादिः (वा. २.१.७८)*] पानीमा अनेक औषधि मिलाएर कुहाएको औषधि।

अवपातः (पुं.) १.[*अवपतनम्, भावे घञ्*] तल झर्ने काम/अधःपतन २.[*अवपतन्ति अत्र, अधिकरणे घञ्*] हात्ती फसाउन खनिने खाल्टो। **अवपातस्तु हस्त्यर्थे गर्तश्छन्नस्तृणादिना**। ३.नाटकमा भय आदिबाट उत्पन्न पलायन, हडबडी आदिको वर्णन गरेर प्रस्तुत प्रसङ्गलाई परिवर्तन गर्ने क्रिया।

अवभृथः (पुं.) [*अवबिभर्ति, भृञ् भरणपोषणयोः इति धातोः, अवे भृञः (उ.) १६८ इति स्थन्*] १.यज्ञको समाप्तिमा गरिने स्नान २.दीक्षान्त यज्ञ ३.प्रधान यज्ञको त्रुटि शान्तिका लागि गरिने सानो यज्ञ। ४.पक्षीविशेष। **~स्नानम्** (नपुं.) यज्ञान्त स्नान।

अवभ्रटः (पुं.वि.) [*नते नासिकायाः संज्ञायां टीटञ्नाटज्भ्रटचः ५.२.३१ इति भ्रटच्*] नेप्टो नाक हुने।

अवमः (पुं.) [*अवति अस्मादात्मानम्, अव रक्षणादौ इति धातोः, अवद्यावमाधमार्वरेफाः (उ.) ७४२ इति कुत्सितार्थे अमः*] १.क्रान्ति २.क्षयदिन ३.(पुं.वि.) तुच्छ/निन्दित ४.[*अवरे भवः*

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवोधसोर्लोपश्च ४.३.८ इति मः, सलोपश्च] तल्लो । **निकृष्टप्रतिकृष्टयर्वरेफयाप्यावमाधमाः** (अमर.) ।

अवमतः (पुं.वि.) [*अवमन्यते स्म, मन ज्ञाने इति धातोः, क्तः*] हेपिएको/अपमान गरिएको ।

अवमतिः (स्त्री.) [*अवमननम्, स्त्रियां क्तिन् इति क्तिन्*] १.खराब बुद्धि २.[*अवान्तरगता मतिर्बुद्धिर्यस्य सः, बहु.स.*] स्वामी, नेता ।

अवमर्दः (पुं.) [*अवमर्दनमिति, मृद क्षोदे इति धातोः, भावे ३.३ .१८ इति घञ्*] १.पीडा दिनु २.माड्नु ३.दुःख दिनु ।

अवमर्शसन्धिः (पुं.) [*अवमर्श इति सन्धिः, कर्म.स.*] नाटकमा प्रयुक्त चौथो सन्धि । प्रकरी र नियताप्तिको योग भएको भाग ।

अवमानः (पुं.) [*अवपूर्वकाद् मन्धातोः भावे घञ्*] अपमान ।

अवमानना (स्त्री.) [*अवमाननम्, मनेर्ण्यन्ताद्युच् ३.३.१०७, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] तिरस्कार/अपमान/अनादर ।

अवमानितः (पुं.वि.) [*अवमान्यते स्म, मान पूजायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अपमान गरिएको । **एतत्त्रयं हि निर्दहेदवमानितम्** (मनु.४.१३६) ।

अवमान्यः (पुं.वि.) [*अवमानितुं योग्यः, अवपूर्वकात् मन धातोर्ण्यत्*] अपमान गरिने ।

या रोगिणी स्यात्तु हिता सम्पन्ना चैव शीलतः ।
सानुज्ञाप्याधिवेत्तव्या नावमान्या च कर्हिचित् ॥ (मनु.)

अवयवः (पुं.नपुं.) [*अवयौति, यु मिश्रणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.शरीरको एक अङ्ग २.अंश/भाग/हिस्सा ३.न्यायशास्त्रसम्मत अनुमानवाक्यका पाँच अवयव– प्रतिज्ञा, हेतु, उदाहरण, उपनय, निगमन ४.शरीर ।

अवयवशः (अव्य.) [*अवयवे अवयवे इति वीप्सायां शस्*] भाग, भाग गरेर, एक एक अवयव गरेर ।

अवरः (पुं.वि.) [*न व्रियते, नञ्पूर्वपदाद् वृञ् वरणे इति धातोः ग्रहवृदृनिश्चिगमश्च ३.३.५७ इत्यप्*] १.तल्ला स्तरको/गुण वा श्रेणी कम भएको २.उमेरमा– सानो/कान्छो । ३.एकपछि अर्को ४.तुच्छ/निकृष्ट ५.परिमाणमा– सबैभन्दा कम ६.अन्तिम/पछिल्लो । **~अर्द्धः** (पुं.) [*अवरस्य अर्द्धः*] १.समान भागमा पछिल्लो आधा भाग २.शरीरको पछिल्लो भाग । **~अवरः** (पुं.वि.) [*अवरादपि अवरः*] १.सबैभन्दा पछिल्लो २.सबैभन्दा निकृष्ट । **~शैलः** (पुं.) [*अवरश्चासौ शैलश्च, कर्म.स.*] अस्ताचल ।

अवरजः (पुं.वि.) [*अवरस्मिन् काले जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] १.कान्छो । **अस्य चावरजं विद्धि भ्रातरं मां तु लक्ष्मणम्** (रामा.) २.(पुं.वि.) [*अवरस्मिन् कुले जातः*] हीन वर्णमा जन्मिएको ।

अवरतः (अव्य.) [*अवरस्यां दिशि, अवरस्मिन् देशे काले वा, विभाषा परावराभ्याम् ५.३.२९इत्यतसुच्*] १.पछिल्लो दिशामा २.पछिल्लो देशमा ३.पछिल्लो समयमा ।

अवरतः (अव्य.) [*अवरस्याम्, अवरस्याः,अवरा दिक्, विभाषा परावराभ्याम् ५.३.२९ इत्यसुच् पक्षे अस्ताति अवरस्तात्, अवादेशपक्षे अवस्तात्*] १.अन्तमा २.पछिबाट ३.पछिल्लो समयमा ।

अवरतिः (स्त्री.) [*अवरमणम्, रमु क्रीडायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.कुनै कामबाट हट्ने क्रिया २.समाप्ति ३.विश्राम ।

अवरम् (नपुं.) [*अवराति, अवपूर्वकद् रा दाने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, यद्वा– न वृणोति, व्रियते वा, वृञ् वरणे इति धातोः, अच् ३.१.१३४, ग्रहवृदृ– ३.३.५८ इत्यब् वा*] १.हात्तीको पीठको पछिल्लो हिस्साको भाग २.(वि.) अन्तिम ।

अवरं गजान्त्यजङ्घादिदेशे चरमे त्रिषु (मेदिनी.) ।
गजान्त्यजङ्घादिदेशेऽवरं स्याच्चरमे त्रिषु (रुद्र.) ।

अवरवर्णः (पुं.) [*अवरश्चासौ वर्णश्च, कर्म.स.*] १.शूद्र २.पछिल्लो अक्षर ।

अवरस्तात् (अव्य.) [*अवरस्याम् दिशि, अवरस्मिन् देशे समये वा, विभाषावरस्य ५.३.४१ इति अस्तातिः*] अन्तिम वा पछिल्लो दिशा काल वा समयमा ।

अवरा (स्त्री.) [*अविद्यमाना वरा श्रेष्ठा यस्याः, स्त्रियां टाप्*] १.दुर्गा २.साल/अम्रो ।

अवरीणः (पुं.वि.) [*अवरीयते स्म, रीङ् स्रवणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः, णत्वम्*] १.निन्दित २.अधःपतित ३.घृणित ।

अवरुद्धः (पुं.वि.) [*अवपूर्वकाद् रुधधातोः क्तः*] रोकिएको ।

अवरोधः (पुं.) [*अवरुध्यन्तेऽत्र, घञ् ३.३.१४*] १.राजाका स्त्रीहरू

यस्यावरोधस्तनचन्दनानां प्रक्षालाद् वरिविहारकाले ।
कलिन्दकन्या मथुरां गतापि गङ्गोर्मिसंसक्तजलेव भाति (रघु.)

२.रानीहरू बस्ने महल ३.[*भावे घञ्*] अड्चन/बाधा ४.ढाक्ने काम ५.बारबेर गर्ने काम । **अवरोधस्तिरोधाने राजदारेषु तद्गृहे** (मेदिनी.) ।

अवरोधनम् (नपुं.) १.[*अवरुध्यन्तेऽत्र, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः७.१.१*] स्त्रीजातिहरू बस्ने खोपी २.[*अवपूर्वकाद् रुध् धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, अनः ७.१.१*]अवरोध पुऱ्याउने काम ।

कृष्ण ! त्वदीयपदपङ्कज पञ्जरान्त
अद्यैव मे विशतु मानसराजहंसः ।
प्राणापयानसमये कफपित्तवातैः
कण्ठावरोधनविधौ स्मरणं कुतस्ते ॥ (पाण्डवगीता)

अवरोधकः (पुं.वि.) [*अवरुणद्धि,अवपूर्वकाद् रुधधातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल,अकः*] १.अवरोध कर्ता /काममा बाधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विघ्न पुऱ्याउने २.राज्यमा आक्रमणका लागि चारैतिरबाट घेरा हाल्ने ।

अवरोहः (पुं.) [*अवरोहति, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.फेददेखि टुप्पासम्म पुगेको जरा ।

सुदूरमथ गत्वा तु भ्रातरौ रामलक्ष्मणौ ।
अवरोहशताकीर्णं वटमासाद्य तस्थतुः ॥ (रामा.)

२.[*अवपूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, भावे ३.३.१८ इति घञ्*] ओर्लनु ३.लहरा उम्रनु ४.चढ्नु ।

अवरोहोऽवतरणेऽप्यारोहे च लतोद्गते (मेदिनी.) ।

अवर्णः (पुं.) [*वर्ण्यते, वर्ण वर्णने इति धातोः, भावे ३.३.१८ इति घञ्, वर्णः प्रशंसा, तद्विरुद्धोऽवर्णः*] १.निन्दा २.नराम्रा वर्णहरूको प्रयोग गरेर कसैमाथि गरिने गाली ३.(पुं.वि.) [*न विद्यते वर्णो यस्य सः,बहु.स.*] वर्णधर्ममा नरहेको ४.कुनै रङ्ग नलागेको ।

अवर्णनीयः (पुं.वि.) [*न वर्णनीयः, न.त.*] वर्णन गर्न नसकिने ।

अवर्णवादः (पुं.) [*अवर्णस्य वादः*] अपशब्दको प्रयोग गर्दै गरिने गाली ।

अवर्षणम् (नपुं.) [*न वर्षणम्, न.त.*] अनावृष्टि/पानी नपर्नु ।

अश्वप्लुतं वासवगर्जितञ्च
स्त्रीणाञ्च चित्तं पुरुषस्य भाग्यम् ।
अवर्षणञ्चाप्यतिवर्षणञ्च
दैवो न जानाति कुतो मनुष्यः ॥ (सुभा.)

अवलग्नः (पुं.वि.) [*अवलग्यते स्म, लगे सङ्गे इति धातोः, क्षुब्धस्वान्त– ७.२.१८ इति साधुः, यद्वा– अवलज्जते स्म, ओलस्जी व्रीडे इति धातोः, गत्यर्था– ३.४.७२ इति क्तः, स्कोः– ८.२.२९ इति सलोपः, ओदितश्च ८.२.४५ इति नत्वम्, श्वीदितः ७.२.१४ इति नेट्*] १.संलग्न/संयुक्त २.(पुं.) मध्यदेश ।

अवलग्नम् (नपुं.) [*लग्यते स्म, लगे सङ्गे इति धातोः, क्षुब्धस्वान्त– ७.२.१८ इति साधुः, यद्वा– लज्जते स्म, ओलस्जी व्रीडे इति धातोः, गत्यर्था– ३.४.७२ इति क्तः, स्कोः– ८.२.२९ इति सलोपः, ओदितश्च ८.२.४५ इति नत्वम्, श्वीदितः ७.२.१४ इति नेट्, अवकृष्टम्, अवसन्नम्, वा लग्नम्, प्रादिस.*] कम्मर ।

अवलग्नोऽस्त्रियां मध्ये त्रिषु स्याल्लग्नमात्रके (मेदिनी.) ।

अवलम्बनम् (नपुं.) [*अवपूर्वकाद् लबि लम्बने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्युवोरनाकौ ७.१.१ इत्यनः*] १.भरोसा २.आश्रय ।

अवलम्बितः (पुं.वि.) [*अवलम्ब्यते स्म, अवपूर्वकात् लवि लम्बने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.लट्किएको, २.आश्रित ३.भरोसामा रहेको ।

अवलीला (स्त्री.) [*अवरा लीला*] अनायास/विनापरिश्रम/सजिलैसित हुने क्रिया । **चकार भस्मसात्तञ्च सरथञ्चावलीलया** (ब्रह्मवै.) ।

अवलुञ्चनम् (नपुं.) [*अवपूर्वकात् लुञ्च्धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.उखल्ने काम २.भुल्त्याउने क्रिया ।

अवलेपः (पुं.) [*अवलेपनम्, भावे घञ्*] १.अहङ्कार २.लिप्ने काम ३.दूषित तुल्याउने काम/खोट लगाउने क्रिया ४.अपमान ५.[*अवलिप्यते अनेन, करणे घञ्*] लिप्ने पदार्थ ६.आभूषण ७.अभिमान ८.मेलमिलाप ।

अवलेपनम् (नपुं.) १.[*अवपूर्वकात् लिम्पधातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] लिप्ने वा घस्ने क्रिया २.[*अवलिप्यतेऽनेन, करणे ल्युट्*] तेल ३.अभिमान ४.[*अवलिप्यन्तेऽत्र, अधिकरणे घञ्*] एकता ।

अवलेहः (पुं.) १.[*अवलेहनम्, अवपूर्वकात् लिहधातोः भावे इति घञ्*] चाट्ने क्रिया २.[*अवलिह्यतेऽसौ, कर्मणि घञ्*] चाटिने पदार्थ । जस्तै– मह, च्यवनप्राश, वासावलेह आदि ३.चटनी ।

अवलेहनम् (नपुं.) [*अवपूर्वकात् लिहधातोः भावे ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] चाट्ने काम ।

अवलोकः (पुं.) [*अवलोकनम्, भावे घञ्*] हेर्ने क्रिया ।

अवलोकनम् (नपुं.) १.[*अवपूर्वकात् लोकृ दर्शने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] हेर्ने काम ।

अवलोकितः १.(पुं.) [*अवलोकनम्, नपुंसके भावे क्तः, इति क्तः, अवलोकितम् ज्ञानम्, तदस्यास्तीति, अर्शआदिभ्योऽच् इति अच्*] बुद्ध/अवलोकितेश्वर ।

अवलोकितः (पुं.वि.) [*निष्ठायां क्तः*] हेरिएको /देखिएको ।

अवलोकितम् (नपुं.) [*भावे क्तः*] हेर्ने काम ।

अवलोप्यः (पुं.वि.) [*अवलोप्तुं योग्यः, ऋहलोर्ण्यत् ३.१ .१२४ इति ण्यत्*] काट्न लायक । **मांसान्योष्ठावलोप्यानि** (भट्टि.) ।

अवल्गुजः (पुं.) [*अवल्गोरशोभनाज्जातः*] बकुची ।

अववादः (पुं.) [*अवपूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ् कार्यमवलम्ब्य वदनमत्र*] १.आदेश/आज्ञा २.विश्वास ३.निन्दा ।

अवशः (पुं.वि.) [*न विद्यते वशे यः सः, बहु.स.*] १.वशमा नभएको २.विवश ।

श्लेष्माश्रु बान्धवैर्मुक्तं प्रेतो भुङ्क्ते यतोऽवशः ।
अतो न रोदितव्यञ्च क्रियाः कार्याः विधानतः ॥
(ग.पु.प्रेतकल्प)

अवशिष्टः (पुं.वि.) [*अवशिष्यते स्म, अवपूर्वकात् शास धातोः निष्ठा इति क्तः*] बाकी रहेको/शेष ।

अवशेषः (पुं.) [*अवपूर्वकात् शिष्धातोः घञ्*] बाँकी रहेको अंश ।

अवश्यः (पुं.वि.) [*न वश्यः न.त.*] कसैको अधीनमा नरहेको ।

अवश्यकरणीयः (पुं.वि.) [*अवश्यं करणीयः, त.स.*] नगरी नहुने ।

प्रायः परोपतापाय दुर्जनः सततोद्यतः ।
अवश्यकरणीयत्वान्न कारणमपेक्षते ॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवश्यङ्कारी (पुं.वि.) [*अवश्यं करोति तच्छीलः, आवश्यका धमर्ण्ययोः णिनिः ३.३.१७० इति णिनिः*] नगरी नछोड्ने ।

अवश्यम् (अव्य.) [*अवश्यायते, श्यैङ् गतौ इति धातोः, डम्प्रत्ययः*] १.निश्चय नै ।

यो यमर्थं प्रार्थयते यमर्थं घटतेऽपि च ।

अवश्यं तदवाप्नोति न चेच्छान्तो निवर्तते ॥ (सुभा.)

२.नित्य ।

अवश्यं कर्तव्यं शयनमशनञ्च द्वयमपि (रूपमाला) ।

अवश्यम्भावी (पुं.वि.) [*अवश्यं भवति, तच्छीलः, णिनिः*] नभई नछोड्ने ।

अवश्यम्भाविभावानां प्रतीकारो भवेद्यदि ।

तदा दुःखैर्न लिप्येरन् रामनलयुधिष्ठिराः ॥ (सुभा.)

अवश्ययः (पुं.) [*अवश्यायते शैत्यमापद्यते, श्यैङ् गतौ इति धातोः, श्याद्व्यधा- ३.१.१४१ इति णः*, पृषोदरादितिया ह्रस्वः] कुहिरो ।

अवश्यायः (पुं.) [*अवश्यायते शैत्यमापद्यते, श्यैङ् गतौ इति धातोः, श्याद्व्यधा- ३.१.१४१ इति णः*] १.घमन्ड २.हिउँ । **अवश्यायो हिमे दर्पे** (विश्व.) ।

अवष्टब्धः (पुं.वि.) [*अवष्टभ्यते स्म, अवपूर्वकात् ष्टभि स्तम्भे इति धातोः निष्ठा इति क्तः, स्तम्भे अवाञ्चेति षत्वम्, ष्टुत्वम्*] १.नजिकै २.आश्रित ३.बाँधिएको ४.रोकिएको ५.आक्रमण गरिएको ।

अवष्टम्भः (पुं.) [*अवष्टम्भनम्, ष्टम्भु रोधे इति धातोः भावे इति घञ्*] १.सुन २.झुक्ने क्रिया ३.सहारा ४.क्रोध ५.घमन्ड ६.खम्बा ७.प्रारम्भ ८.साहस ९.दृढसङ्कल्प १०.लकवा ११.मूर्च्छा ।

अवष्टम्भनम् (नपुं.) [*भावे ल्युट् ३.३.११५, अनः*] १.सहारा लिने वा दिने काम २.खम्बा ।

अवसथः (पुं.) [*अवपूर्वकाद् षोऽन्तःकर्मणि इति धातोः क्थन्*] १.छात्रावास २.गाउँ ३.घर (हला.) ।

अवसथ्यः (पुं.) [*अवसथशब्दाद् यत्*] छात्रावास ।

अवसन्नः (पुं.वि.) [*अवपूर्वकात् सद् धातोः क्तः*] १.नजिकको २.बाँकी छँदाको । **अथ कदाचिदवसन्नायां रात्रौ** (हितो.) ३.समाप्त ४.हराएको ५.अवषादप्राप्त ।

अवसरः (पुं.) [अवसरन्ति जना अस्मिन् काले,*अवपूर्वकात् सृ गतौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.मौका २.उचित समय । **मुखरतावसरे हि विराजते** (किरा.) ३.[*अवसरति,अच्*] मन्त्रविशेष ४.वृष्टि ५.वर्ष/वत्सर ६.क्षण ७.सङ्गतिविशेष ।

अवसरवादः (पुं.) [*अवसरस्य वादः, ष.त.*] प्रत्येक अवसरबाट फाइदा उठाउने नीति वा सिद्धान्त ।

अवसर्पणम् (नपुं.) [*अवपूर्वकात् सृपधातोः भावे ल्युट्, अनः*] अधोगमन/तल झर्ने क्रिया ।

अवसर्गः (पुं.) [*अवसर्जनम्, अवपूर्वकात् सृजधातोर्घञ्*] १.स्वेच्छाचार २.अनुगमन ।

अवसर्पिणी (स्त्री.) [*अवसर्पति तच्छीला, अवपूर्वकात् सृपृधातो णिनिः, ङीप्*] जैनहरूले कल्पना गरेको कालविशेष । दशसागर/करोड करोड वर्षको समय । **स तु दशकोटिकोटिसागरवर्षेण समाप्यते** (हेम .) ।

अवसव्यः (पुं.वि.) १.अपसव्य २.दायाँ ।

अवसादः (पुं.) [*अवसादनम्, अवपूर्वकाद् सदधातोः भावे इति घञ्*] १.मूर्च्छा २.समाप्ति ३.थकाइ ४.शेष ५.हार ६.विषाद/खिन्नता ।

अवसादनम् (नपुं.) [*अवपूर्वकाद् सदधातोः भावे ल्युट्*] १.अवनति २.हानि ३.अत्याचार ४.समाप्ति ५.[*अवपूर्वकाद् षोऽन्तकर्मणि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ६.मृत्यु ७.सीमा ८.अन्त्य ।

अवसायः (पुं.) [*अवपूर्वकात् षोऽन्तःकर्मणि इति धातोः श्याद्व्यधा- ३.१.१४१ इति णः, आत्वम्, युक्*] १.उपसंहार/समाप्ति २.शेष ३.निश्चय ।

अवसानम् (नपुं.) [*अवपूर्वकात् षोऽन्तकर्मणि, इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.विराम । **विरामोऽवसानम् ।** (पाणिनि) २.अन्त्य/मृत्यु ३.क्रियाको समाप्ति ४.सीमा ।

अवसितः (पुं.वि.) [*अवस्यति स्म, अवसीयते स्म वा, षोऽन्तकर्मणि इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, द्यतिस्यति— ७.४.४० इतीत्वम्*] १.समाप्त भएको । **यदि नेपथ्याभिधानमवसितम् ।** (शाकुन्तलम्) २.बाँधिएको ३.रङविशेष । **सितस्त्ववसिते बद्धे वर्णे, सिता तु शर्करा** (हैम.) ।

अवसितम् (नपुं.) पाकेर माडिएको धान ।

अवसेचनम् (नपुं.) [*अवपूर्वकात् षिच क्षरणे इति धातोः भावे ल्युट् अनः*] सिचाइ गर्ने काम/खेत बारी वा बगैंचामा पानी पटाउनु ।

अवस्कन्दः (पुं. [*अवस्कन्दनम्, भावे घञ्*] १.आक्रमण/हमला

अवस्कन्दभयाद् राजा प्रजागरकृतश्रमम् ।

दिवासुप्तं समाहन्यान्निद्राव्याकुलसैनिकम् ॥ (हितो.)

२.माथिबाट तल ओर्लनु ३.चारैतर्फबाट घेर्नु । ४.[*अवस्कन्दन्ति सैनिका अत्र, अधिकरणे घञ्*] शिविर/योद्धाहरूको विश्रामस्थल ५.नदीमा डुबुल्की मार्ने काम ।

अवस्करः (पुं.) [*अवकीर्यते अधः क्षिप्यते, कॄ विक्षेपे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्, वर्चस्केऽवस्करः ६.१.१४८ इति सुट्*] १.दिसा २.गुप्त अङ्ग ३.धुलो/कसिङ्गर ।

अवस्करकः (पुं.) [*अवस्करे जातः, पूर्वाह्णापराह्ण—४.३.२८ इत्यादिना वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, अलोपः*] गुप्त अङ्गमा पैदा भएको ।

अवस्तरणम् (नपुं.) [*अवस्तीर्यतेऽत्र, करणाधिकरणयोश्च इति अधिकरणे ल्युट् अनः*] बिछ्यौना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्तात् (अव्य.) [*अवरस्मिन्, अवरस्मात्, अवरम्, दिक्छब्देभ्यः सप्तमीपञ्चमीप्रथमाभ्यो दिग्देशकालेष्वस्तातिः ५.३.२७ इति अस्तातिः, विभाषावरस्य ५.३.४१ इति वैकल्पेन अवादेशः पक्षे अवरस्तात्*] पछिल्लो दिशा, देश वा समय/मा/बाट।

अवस्तु (नपुं.) [*न वस्तु, न.त.*] १.फजुल कुरा। **अवस्तुनि कृतक्लेशो मूर्खो यात्युपहास्यताम्**। (क.स.सा.) २.वेदान्तको मतमा अज्ञानादि सम्पूर्ण जडपदार्थको समूह।

अवस्था (स्त्री.) [*अवस्थानम्, अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ, आतश्चोपसर्गे ३.३.१०६ इति कः, यप् ४.१.४*] १.नाटकमा प्रयोग हुने कथावस्तुको भाग वा अवस्था। नाटकमा कथावस्तुलाई पाँच भागमा छुट्ट्याइएको हुन्छ– आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम २.स्थिति ३.दशा ४.मानिसको उमेरसँग सम्बद्ध अवस्था। मानिसको पाँच वर्षसम्म कौमार अवस्था, दश वर्षसम्म पौगण्ड अवस्था, पन्ध्र वर्षसम्म किशोर अवस्था, ६९ वर्षसम्म युवावस्था र सत्तरीवर्षपछि वृद्धावस्था मानिएको छ। अर्को मतअनुसार मानिसको आयु (जीवितकाल) का चार अवस्था हुन्छन्– बाल्यावस्था–पन्ध्र वर्षसम्म। कौमार अवस्था– १६ वर्षदेखि ३० वर्षसम्म। युवावस्था– ३१ वर्षदेखि ५० वर्षसम्म। वृद्धावस्था– ५१ वर्षपछि।

अवस्थानम् (नपुं.) १.[*अवस्थीयतेऽत्र, अधिकरणे घञ्*] वासस्थान २.[*ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.बस्ने काम २.प्रतिष्ठा।

अवस्थितः (पुं.वि.) [*अवस्थीयते स्म, अवपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मौजुद/रहेको।

अवस्थितिः (स्त्री.) [*अवस्थानम्, अवपूर्वकात् स्थाधातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, इत्वम्*] १.बस्ने काम/अवस्थान २.अभ्यास ३.[*अवस्थीयतेऽत्र*] वासस्थान /निवासस्थल।

अवस्रंसनम् (नपुं.) [*अवपूर्वकात् स्रंसधातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] तल झर्नु/अधःपतन।

अवहननम् (नपुं.) [*अवपूर्वकाद् हन्धातोः भावे, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.धान कुट्नु/धानको भुस निकाल्नु। २.नराम्रोसित पिट्नु वा हिर्काउनु।

अवहरणम् (नपुं.) [*अवपूर्वकाद् हृञ् हरणे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.अपहरण २.चोरी ३.जुवा युद्ध आदिको स्थगन।

अवहस्तः (पुं.) [*हस्तस्य अवरम्, त.स.*] हातको पछिल्तिरको भाग।

अवहारः (पुं.) [*अवपूर्वकाद् हृञ् हरणे इति धातोः श्याद्व्यधास्रुसंस्र्वतीणवसावहलिहश्लिषश्वसश्च ३.१.१४१ इति णः*] १.चोर २.जुवा, युद्ध आदिको विश्रामस्थल ३.निमन्त्रणा ४.उपहार ५.जलजन्तु ६.धर्मपरिवर्तन ७.प्रत्यर्पण ८.आह्वान।

अवहार्यः (पुं.वि.) [*अवहर्तुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.समर्पण गरिने। २.जरिवाना गर्नुपर्ने (मनु.)।

अवहासः (पुं.) [*अवहसनम्, अवपूर्वकाद् हसधातोः भावे इति घञ्*] १.तल्लो खालको हाँसो २.ठट्टा/उपहास।

अवहितः (पुं.वि.) [*अवपूर्वकाद् धाधातोः क्तः, दधातेर्हिः ७.४.४२ इति धाधातोर्ह्यादेशः*] १.सावधान भएको/ध्यान दिइएको २.थाहा पाएको।

अवहित्थम् (नपुं.) [*न बहिः तिष्ठति अबहि-स्था- कः, पृषोदरादितया साधुः*] रत्यादिसूचक मुखराग आदिलाई लुकाउने काम।

अवहेलनम् (नपुं.) [*अवपूर्वकाद् हेडृधातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] अपहेलना/अनादर।

अवहेला (स्त्री.) [*अवहेलनम्, भावे घञ्, स्त्रियां टाप्*] अनादर/ तिरस्कार।

अवहेलितः (पुं.वि.) १.[*अवहेलःसञ्जातोऽस्य*] हेला गरिएको/अपहेलित/तिरस्कृत २.(नपुं.) [*भावे क्तः*] अपहेलना/तिरस्कार

अवाक् [*न वाग् यस्य सः, बहु.स.*] १.मौन/चुप लागेको २.लाटे ३.[*अवाच्यां दिशि, अवाचो देशात्, अवाङ् देशो वा, अञ्चेर्लुक् ५.३.३०*] दक्षिण दिशा ४.दक्षिण देश ५.तल्लो देश।

अवाक्पुष्पी (स्त्री.) [*अवाञ्चि पुष्पाणि यस्याः सा, बहु.स., गौरादित्वात् ४.१.४१ ङीष्*] सुप।

अवाग्रम् (नपुं.) [*अवनतमग्रमस्य*] १.घोप्टिएको २.नम्र।

अवाङ् (पुं.) [*अवाञ्चत्यधोमुखो भवति, क्विन् ३.२.५९*] तलतिर मुख लगाउने। **अवाङ् नरकमभ्येति प्रेत्य स्वर्गाच्च हीयते** (मनु.)।

अवाङ्मुखः (पुं.) [*अवाक् मुखं यस्य सः, बहु.स.*] घोप्टो/अधोमुख।

अवाचकः (पुं.वि.) [*न वाचकः, न.त.*] अर्थ नबुझाउने।

अवाचकता (स्त्री.) [*अवाचकस्य भावः तत्ता, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, अजाद्यतष्टाप् इति टाप्*] जुन पदले जुन अर्थ बुझाउन सक्दैन त्यसै अर्थमा त्यस पदको प्रयोग गर्दा पर्न जाने पददोष। जस्तै– **गीतेषु कर्णमादत्ते**। यहाँ आङ् उपसर्गमा हुने दाञ् धातुले दिनु भन्ने अर्थ बुझाउँदैन। त्यसै अर्थमा प्रयोग भएको हुँदा यहाँ अवाचक दोष परेको छ । यो नित्य दोष हो।

अवाची (स्त्री.) [*अह्नो मध्येऽञ्चत्यस्याम्*] १.दक्षिण दिशा (वोपदेव आदि) २.तल्लो दिशा (व्याडि)।

अवाचीनः (पुं.वि.) [*अवाग् भवः, विभाषाञ्चेरदिक् स्त्रियाम् ५.४.८ इति खः, खस्य ईनः*] १.दक्षिण दिशामा भएको २.अधोमुख लगाएको।

अवाच्यः (पुं.वि.) [*वक्तुं योग्यः, वाच्यः, वच परिभाषणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वचोऽशब्दसंज्ञायाम् ७.३.६७ इति न कुत्वम्, न वाच्यम्, न.त.*] १.अकथ्य/बोल्न अयोग्य २.असङ्गत कुरा।

अनक्षरमवाच्यन्तु वचनार्हं न यद् भवेत्।
एष वन्ध्यासुतो याति खपुष्पकृतशेखरः।
मृगतृष्णाम्भसि स्नातः शशशृङ्गधनुर्धरः (श.र.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवाच्यम् (नपुं.) [*न वाच्यम्, न.त.*] १.गाली २.लाजभाँड ३.गालीगलोज। **अवाच्यं वदतो जिह्वा कथं न पतिता तव।** (रामा.)।

अवाञ्छनीयः (पुं.वि.) [*न वाञ्छनीयः, न.त.*] मन नपरेको।

अवान्तरग्रहाः (पुं.बहु.) [*अवान्तरगताश्च ते ग्रहाश्च, कर्म.स.*] मङ्गल र बृहस्पतिको बिचमा रहेका साना ग्रहहरू। खगोलशास्त्रीहरूले ग्रहको दूरीको एक सिद्धान्त बनाए। उक्त गणितीय सिद्धान्तअनुसार मङ्ल र बृहस्पतिको दूरी अन्य ग्रहको दूरीको तुलनामा ज्यादै धेरै देखियो। केप्लरले मङ्गलबाट १६ करोड किलोमिटरको आसपासमा कुनै ग्रह अवश्य हुनुपर्छ भनी तोकेका थिए। बोडेको पनि यही विचार थियो। अनुसन्धान कार्य जारी रह्यो। १ जनवरी १८०१ मा पियाजी नामक एक वैज्ञानिकले केप्लर र बोडेले सङ्केत गरकै स्थलमा एउटा ग्रह फेला पारे र यसको नाम सोरेस राखे। यसको व्यास ७७० किलोमिटर छ। यसपछि १८०२ ई. मा ४०० किलोमिटर व्यास भएको पलास नामक ग्रह फेला पऱ्यो। १८०४ ई. मा ३२० किलोमिटर व्यास भएको तेस्रो ग्रह पत्ता लाग्यो। यसको नाम जुनो राखियो। १८०७ ई.मा ४०० किलोमिटर व्यास भएको चौथो ग्रह पत्ता लाग्यो। वैज्ञानिकहरूले यसको नाम वेष्टा राखे। यसपछि १८४५ ई. मा पाँचौ ग्रह अष्ट्राइ पत्ता लाग्यो। १८४७ मा हवे नामक छैटौँ ग्रह देखियो। अनुसन्धान गर्दै जादा दिनानुदिन नयाँ ग्रह देखिदै गए। १८७० ई. सम्म १०९ भन्दा बढी ग्रहहरू फेला परे। १८९० ई.सम्म ३०० भन्दा पनि बढी ग्रहहरू पत्ता लागे। १९९२ ई.मा अपोलो नामक ग्रह फेला पऱ्यो। १९३६ ई. मा एडोनिस नामक ग्रह भेटियो। आजसम्म ६००० भन्दा पनि बढी ग्रह फेला परिसकेका छन्। यीमध्ये १६०० को भ्रमणमार्ग निश्चित भइसकेको छ। यिनलाई शिशुग्रह पनि भनिन्छ। यी ग्रहहरूको अन्य ग्रहको तुलनामा गुरुत्वाकर्षण निकै कम छ। यी सबै ग्रहहरू मङ्गल र बृहस्पतिको माझमा रहेर सूर्यको परिक्रमा गरिरहेका छन्। यी मध्ये इरस नामक एक शिशु ग्रहको ज्यादै लामो दीर्घवृत्त छ। यो ग्रह कहिले सूर्यको ज्यादै नजिक पुग्छ भने कहिले मङ्लको कक्षबाट घुसेर पृथ्वीको नजिक पनि आइपुग्छ। यो ग्रह १९३१ ई.मा पृथ्वीबाट २ करोड २४ लाख किलोमिटरसम्म आइपुगेको थियो भने १९७५ ई. मा फेरि त्यत्ति नै दूरीसम्म आएर गयो। यीमध्ये ३४ ग्रह कस्ता छन् भने यिनीहरू मङ्गलको कक्षा पार गरेर कहिलेकहीँ मङ्ल र पृथ्वीको कक्षाको माझसम्म आइपुग्छन्। शिशु ग्रहको उत्पत्तिका सम्बन्धमा मतभेद छ। कसैले एउटै ग्रह विस्फोट भएर अनेक ग्रह बनेका हुन् भन्ने मत राखेका छन् भने अर्काथरीले बृहस्पतिको आकर्षण शक्तिले गर्दा यिनीहरू एकआपसमा गाभिन नसकेर ससाना ग्रहको रूपमा रहेका हुन्। यी ग्रहहरू सूर्यबाट ३९करोड ५२ किलोमिटर टाढा छन्। यिनको व्यास १६ देखि ८०० किलोमिटरसम्म छ। (ब्र.ज्यो.र.)।

अवान्तरम् (नपुं.) [*अवगतमन्तरम्, प्रादिस.*] १.माझमा रहेको/प्रधान भित्रको २.गौण। **~भेदः** [*अवान्तरश्चासौ भेदश्च, कर्म.स.*] ससाना प्रकार।

अवाप्तिः (स्त्री.) [*अवपूर्वकाद् वप्धातोः क्तिन्*] प्राप्ति। **तपः किलेदं तदवाप्तिसाधनम्** (कु.सं. ५.६४)।

अवारपारः (पुं.) [*अवारम् अर्वाक् तीरम्, पारम् उत्तरतीरञ्च यस्य सः, बहु.स.*] समुद्र।

अवारपारीणः (पुं.) [*अवारपारे भवः अवारपारशब्दात् राष्ट्रावारपाराद् घखौ ४.२.९३ इति खः, खस्येनः, णत्वम्*] वारपार भएको।

अवारम् (नपुं.) [*अर्वाक् तीरम् अवारम्, ऋ गतौ इति धातोः, कर्मणि घञ् ३.३.११९ न वार् अस्त्यत्र इति वा, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] वारिपट्टिको तीर।

अवारितः (पुं.वि.) [*न वारितः, न.त.*] निषेध नगरिएको।

अवारीणः (पुं.वि. [*अवारं गच्छति, राष्ट्रावारपाराद् घखौ ४.२.९३ इति खः, ईनः*] नदी वारि आएको।

अवावटः (पुं.) प्रथम पतिलाई छोडेर सवर्णमा पोइल गएकी स्त्रीबाट पैदा भएको बच्चा।

द्वितीयेन तु य पित्रा सवर्णायां प्रजायते।
अवावट इति ख्यातः शूद्रधर्मा स जातितः॥

अवासाः (पुं.) [*अविद्यमानं वासो यस्य सः, बहु.स.*] नाङ्गो।

अवास्तवः (पुं.वि.) [*न वास्तवः, न.त.*] अयथार्थ।

अविः (पुं.) १.सूर्य २.पर्वत ३.भेडो ४.प्रथम राशि। ५.(स्त्री.) रजस्वला भएकी स्त्री।

अविकः (पुं.) [*अविरेव, अवेः कः ५.४.२८ इति कः*] भेडो।

अविकटः (पुं.) १.[*अवीनां सङ्घातः, सङ्घाते कटच् (वा.) इति कटच्*] भेडाको बथान २.(पुं.वि.) [*न विकटः, न.त.*] विकट नभएको/सजिलो।

अविकारी (पुं.वि.) [*न विकारी, न.त.*] विकृति नभएको/आफ्नै अवस्थामा रहेको।

कन्दमूलफलैः पुष्पैः शस्तैः शुक्तरसन्तु यत्।
अविकारि भवेन्मेध्यमभक्ष्यं तद् विकारकृत्॥ (बृहस्पति)

अविकृतपरिणामवादः (पुं.) जगत् र जीवको मूलभूत तत्त्वलाई परिणाम भनिन्छ। त्यसैबाट संसारको उत्पत्ति भएको हुन्छ। साङ्ख्यदर्शनअनुसार यो परिणाम भनेको जड प्रकृति हो। वेदान्त दर्शनअनुसार यो ब्रह्म हो। त्यसैले साङ्ख्यको सिद्धान्तलाई प्रकृतिपरिणामवाद भनिन्छ भने वेदान्तको सिद्धान्तलाई ब्रह्मपरिणामवाद भनिन्छ। शङ्करको भनाइअनुसार ब्रह्मको वस्तुतः परिणाम हुँदैन। त्यो त नित्य, पूर्ण र सत् छ। जीव र जगत् ब्रह्मको विवर्त हो। अर्थात् मायामय परिणाम हो। त्यसैले दुवैलाई समन्वय गरेर विद्वान्हरूले अविकृतपरिणामवाद भनेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविगीतः (पुं. वि.) [*न विगीतः न.त.*] अनिन्दित।

अविग्नः (पु.) [*न विग्नः, कर्म.स.*] पानीअमला।

अविचारः (पुं.) [*नास्ति विचारोऽस्य*] १.अन्याय। **अविचारेण सर्वाभिरनुष्ठेयन्तु तत्पुनः** (म.पु.) २.(पुं.वि.) विचाररहित।

अविचारितः (पुं.वि.) [*न विचारितः, न.त*] १.विचार नगरिएको २.विवेचना नगरिएको। **अतः सर्वथाऽविचारितं कर्म न कर्तव्यम्** (हितो.)।

अविच्छिन्नः (पुं.वि.) [*न विच्छिन्नः, न.त.*] लगातार भएको/नटुटेको।

अविच्छेदः (पुं.) [न विच्छेदः, न.त.] नछुट्टिनु/लगातार।

अविज्ञः (पुं.वि.) [*न विज्ञः, न.त.*] नजान्ने।

अविज्ञेयः (पुं.वि.) [*न विज्ञेयः,ष.त.*] १.जान्न नसकिने २.दुर्ज्ञेय।

अविडीनम् (नपुं.) [*न विडीनम्, न.त.*] पक्षीको सम्मुख उड्ने क्रिया।

अवितः (पुं.वि.) [*अव्यते स्म, अव रक्षणादौ इति धातोः, क्तः ३.२.१०२*] रक्षा गरिएको।

अवितथम् (नपुं.) [*न वितथम्, न.त.*] १.सत्य/साँचो कुरा। **अवितथमाह शकुन्तला**। (अभि.शा.) २.सार्थक। **वत्स, अवितथैषा भारती भवतु** (नागानन्द)।

अविदग्धः (पुं.वि.) [*न विदग्धः, न.त.*] चतुर नभएको। **नाविदग्धः प्रियं ब्रूयात् स्फुटवक्ता न वञ्चकः** (सुभा.)।

अविदूसम् (नपुं.) [*अवेर्दुग्धम्, अवेर्दुग्धे सोढदूसमरीसचो वक्तव्याः (वा.) ४.२.३६ इति दूसः*] भेडीको दुध।

अविद्यः (पुं.वि.) [*अविद्यमाना विद्या यस्य सः, बहु.स.*] विद्या नभएको/विद्याले विहीन।

अविद्यं जीवनं शून्यं दिक्शून्यं चेदबान्धवाः।
पुत्रहीनं गृहं शून्यं सर्वशून्यं दरिद्रता॥ (सुभा.)

अविद्यमानः (पुं.वि.) [*न विद्यमानः, न.त.*] अनुपस्थित/अवर्तमान।

अविद्यमाने पित्रर्थे स्वांशादुद्धृत्य वा पुनः।
अवश्यकार्याः संस्कारा भ्रातृभिः पूर्वसंस्कृतैः॥ (दायत.)

अविद्या (स्त्री.) [*न विद्या, नञ्.त., विद ज्ञाने इति धातोः, संज्ञायां समज ३.३.९९ इति क्यप्*] १.साङ्ख्य शास्त्रअनुसार प्रकृति २.वैशेषिक दर्शनअनुसार इन्द्रियहरूको दोष र संस्कारको दोषबाट उत्पन्न दुष्ट्ज्ञान ३.वेदान्त दर्शनअनुसार माया वा ब्रह्मज्ञान–बाहेकको विद्या ४.अज्ञान ५.प्रकृति ६.माया ७.कर्मकाण्ड ८.उल्टो ज्ञान ९.जीवमात्रलाई संसार चक्रमा घुमाउने र ठुलो दुःख दिने पाँच क्लेशमध्ये पहिलो क्लेश। प्रसुप्त, तनु, विच्छिन्न र उदार यी चारको कारणलाई अविद्या भनिन्छ।

अविद्यास्मितरागद्वेषाभिनिवेशाः क्लेशाः।
अविद्याक्षेत्रमुत्तरेषां प्रसुप्ततनुविच्छिन्नोदाराणाम्॥
(पा.यो.सू.)

अविनाभावः (पुं.) [*विना व्यपकं विना भावः स्थितिः,न अविनाभावः*] व्याप्ति।

अविनयः (पुं.) [*न विनयः, न.त.*] विनयको अभाव/उद्दण्डता आदि।

बहवोऽविनयान्नष्टा राजानो सपरिच्छदाः (मनु.)।

अविनाभावः (पुं.) [*विना व्यापकं विना न भावः, स्थितिः*] व्याप्ति। न्यायको भाषामा व्याप्यनिष्ठव्यापकनिरूपित धर्म। जस्तै वह्निमान् धूमात् इत्यादिमा धूमनिष्ठ वह्निनिरूपित व्याप्ति।

अविनाशी (पुं.वि.) [*न विनाशी, न.त.*] कहिल्यै नाश नहुने।

अविनीतः (पुं.) [*न विनीतः, न.त.*] १.विनय नभएको। **अविनीतः सुतो जातः कथं न दहनात्मकः** (सुभा.) २.अनियमित (मनु.)।

अविनीता (स्त्री.) [*न विनीता, न.त.*] १.असती/पुंश्चली २.नम्रता नभएकी/उद्धत स्वभावकी।

ऋणकर्ता पिता शत्रुः माता च व्यभिचारिणी।
अविनीता रिपुर्भार्या पुत्रशत्रुरपण्डितः॥ (सुभा.)

अविपटः (पुं.) [*अवीनां विस्तारः, विस्तारे पटच् (वा.) इति पटच्*] भेडाको फैलावट वा विस्तार।

अविभक्तः (पुं.वि.) [*न विभक्तः, न.त.*] १.भाग नलगाइएको २.नछुट्टिएको।

विभक्ता अविभक्ता वा कुर्युः श्राद्धमदैविकम्।
मघासु च तथान्यत्र नाधिकारः पृथग् विना॥ (मलमासत.)

अविभाज्यः (पुं.वि.) [*न विभाज्यः, न.त.*] १.भाग नलाग्ने २.अंश लगाउनु नपर्ने।

अनाश्रित्य पितृद्रव्यं स्वशक्त्याप्नोति यद् धनम्।
अविभाज्यं न तद् दद्याद् विद्यालब्धञ्च यद् भवेत्॥
(व्यास)

अविमरीसम् (नपुं.) [*अवीनां दुग्धम्, मरीसच्प्रत्ययः, वा. ४.२.३६*] भेडीको दुध।

अविमुक्तम् (नपुं.) [*न विमुक्तम्, न.त.*] १.वाराणसी क्षेत्र।

मुने प्रलयकालेऽपि न तत् क्षेत्रं कदाचन।
विमुक्तं न शिवाभ्यां यदविमुक्तं ततो विदुः॥ (का.ख.)

२.(वि.) नछोडिएको।

अविमृष्टविधेयांशता (स्त्री.) [*अविमृष्टो विधेयांशो यस्य तस्य भावस्तत्ता, तस्यभावस्त्वतलौ ५.१.११९ इति तल्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] जोड दिएर विधेय पार्नु पर्ने पदलाई उद्देश्यसँग जोडेर अप्रधान तुल्याउँदा पर्न जाने एक दोष। **विधेयांशस्य विमर्शाभावेन गुणीभूतत्वमविमृष्टविधेयांशत्त्वम्।** (सा.द.) जस्तै– **स्वर्गग्रामटिकाविलुण्ठनवृथोच्छूनैः किमेभिर्भुजैः।** यहाँ वृथालाई विधेय पार्नु पर्नेमा समास गरेर गौण तुल्याइएको हुँदा अविमृष्टविधेयांश दोष परेको छ।

अविरतम् (नपुं.) [*नाति विरतमस्य*] सधैँ/निरन्तर।

अविरलः (पुं.वि.) [*न विरलः, न.त.*] १.जोरिएको/मिलेको/निरन्तर २.घना।

अविरोधः (पुं.) [*न विरोधः, न.त.*] विरोधको अभाव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिस्मृतिविरोधे तु श्रुतिरेव गरीयसी ।
अविरोधे सदा कार्यं स्मार्तं वैदिकवत् सता ॥ (श्राद्धत.)

अविलम्बम् (नपुं.) [*अविद्यमानो विलम्बो यस्मिन् कर्मणि तत्, बहु.स.*] तुरुन्तै ।

अविलम्बितः (पुं.वि.) [*विलम्वः सञ्जातोऽस्य, तदस्य सञ्जातमिति इतच्, न विलम्बितः, न.त*] विलम्ब नभएको/छिटो ।

अविवक्षितवाच्यध्वनिः (पुं.) [*अविद्यमानं विवक्षितं वाच्यं यत्र, सः, स चासौ ध्वनिः*] वाच्यार्थको विवक्षा नगरिने ध्वनि/लक्षणामूला ध्वनि । यो दुई किसिमको हुन्छ— अर्थान्तरसंक्रमित वाच्यध्वनि र अत्यन्ततिरस्कृत वाच्यध्वनि ।

अविवादः (पुं.) [*न विवादः, न.त.*] विवादको अभाव २.(पुं.वि.) [*अविद्यमानो विवादो यत्र सः, बहु.स.*] विवाद नभएको ।

अविवाहितः (पुं.वि.) [*न विवाहितः, न.त.*] विवाह नभएको ।

अविवाहिता (स्त्री.) [*न विवाहिता, न.त.*] विवाह नभएकी ।

अविवाह्या (स्त्री.) [*विवाहयितुं योग्या, विवाह्या, न विवाह्या, न.त.*] विवाह गर्नु नहुने । आमादेखि पाचौँ र बाबुदेखि सातौँ पुस्तासम्म, सगोत्र तथा एकै प्रवरमा विवाह गर्नु हुँदैन ।

आसप्तमात् पञ्चमाच्च बन्धुभ्यः पितृमातृतः ।
अविवाह्या सगोत्रा च समानप्रवरा तथा ॥ (नारद)

अविवेकः १.(पुं.) [*न विवेकः, न.त.*] विवेकको अभाव/सत् र असत् को विचार गर्न नसक्नु २.(पुंवि.) [*न विद्यते विवेको यस्य सः, बहु.स.*] विचार नपुऱ्याई काम गर्ने । **सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम्** (किरा.) ।

अविवेकी (पु.वि.) [*विवेकोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः, न विवेकी, न.त.*] विवेक नभएको ।

पादेन क्रम्यते पन्था मानहीनञ्च भोजनम् ।
अविवेकिप्रभोः सेवा पातकं किमतः परम् ॥ (सुभा.)

अविवेचकः (पुं.वि.) [*न विवेचकः, न.त.*] विवेचना नगर्ने २.अविवेकी ।

अविशङ्कः (पुं.वि.) [*अविद्यमाना शङ्का यस्य सः, बहु.स.*] १.निडर, २.शङ्का नभएको ।

अविशङ्कम् (अव्य.) [*अविद्यमाना विशङ्का यस्मिन् तत्, बहु.स.*] सङ्कोच वा शङ्का नगरी ।

अविशङ्का (स्त्री.) [*न विशङ्का, न.त.*] शङ्का वा डर नहुनु ।

अविशेषः (पुं.) [*न विशेषः, न.त.*] १.योग शास्त्रअनुसार पञ्चतन्मात्रा (रूप, रस, शब्द, स्पर्श र गन्धलाई सूक्ष्म महाभूत पनि भनिन्छ, किनभने यी स्थूल महाभूतका कारण हुन्) तथा अहङ्कार (इन्द्रियको कारण) समेत ६ वटा कुरालाई अविशेष भनिन्छ । (पा.यो.सू.) २.भेद नहुनु/समानता ३.(पुं.वि.) [*न विद्यते विशेषो यत्र, यस्य वा सः, बहु.स.*] विशेष नभएको/तुल्य ।

अविशेषज्ञः (पुं.वि.) [*न विशेषज्ञः, न.त.*] भेद वा विशेषता नजान्ने ।

अविशेषसमः (पुं.) [*न विशेषसमः, न.त.*] प्राचीन न्यायदर्शनमा वर्णित जातिका चौबिस भेदहरूमध्ये एक भेद । यसमा वादीले कुनै वस्तुको सादृश्यको आधारमा कुनै कुरा सिद्ध गर्छ ।

अविशेषे विशेषः (पुं.) [*न विशेषः तस्मिन् विशेषः*] सामान्य कुरा देखाउनुपर्नेमा विशेष कुरा देखाउँदा पर्न जाने दोष । **हीरकाणां निधेरस्य सिन्धोः किं वर्णयामहे** । यसमा रत्नानां निधेः भन्नुपर्नेमा विशेष हीरकाणां निधेः भनेको हुँदा दोष परेको छ । यस्तै— **अपार महिमा देख्छु, हीराको खानी सिन्धुको** । यसमा पनि रत्नको खानी भन्नुपर्नेमा हीराको खानी भनेकाले अविशेषमा विशेष नामक दोष परेको छ ।

अविश्रान्तः (पुं.वि.) [*न विश्रान्तः, न.त.*] १.नथाकेको २.नरोकिएको ।

अविश्रान्तो वहेद् भारं शीतोष्णञ्च न विन्दति ।
ससन्तोषस्तथा नित्यं त्रीणि शिक्षेत गर्दभात् ॥ (सुभा.)

अविश्रामम् (नपुं.) [*अविद्यमानो विश्रामो यस्मिन् तत्, न.बहु.*] विश्राम नलिइकन/निरन्तर ।

अविश्वसनीयः (पुं.वि.) [*न विश्वसनीयः, न.त.*] विश्वास गर्न नसकिने ।

अविश्वस्तः (पुं.वि.) [*न विश्वस्तः, न.त.*] विश्वास नमानेको ।

अविश्वासः (पुं.) [*न विश्वासः, न.त.*] विश्वासको अभाव । **~प्रस्तावः** (पुं.) [*अविश्वासस्य प्रस्तावः, ष.त.*] १.मन्त्रिमण्डल वा उसको कुनै सदस्य वा कुनै संस्थाको अध्यक्ष वा सदस्य आदिमा विश्वास छैन भन्ने कुराको प्रस्ताव २.अधिकार प्राप्त संस्थामा कुनै पदाधिकारबिाट न्याय वा कानुनविरुद्ध काम हुन जाँदा निजलाई त्यस पदबाट हटाउन लिखित वा मौखिक रूपमा प्रस्तुत गरिने सामूहिक माग ।

अविषः (पुं.) [*अवते रक्षयतीति, अव रक्षणादौ इति धातोः, अविमह्योष्टिषच् (उ.) ४८ इति सूत्रेण टिषच्*] १.राजा २.समुद्र ३.स्वर्ग ४.(पुं.वि.) रक्षक ५.[*न विद्यते विषो यत्र, सः*] विष नभएको ।

अविषोढः (पुं.) [*अवेः दुग्धम्, अवेर्दुग्धे सोढदूसमरीसचो वक्तव्याः (वा.) ४.२.३६ सोढप्रत्ययः, षत्वम्*] भेडीको दुध ।

अविस्पष्टम् (नपुं.) [*न विस्पष्टम्, न.त.*] १.अस्पष्ट वाक्य २.क्लिष्ट वाक्य । **नाविस्पष्टमधीयीत** (मनु.) ।

अवीः (स्त्री.) [*अवति आत्मानं लज्जया, अव रक्षणादौ इति धातोः, अवितॄस्तॄतन्त्रिभ्य ईः (उ.) ४४६ इति ईः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इनि ह्रस्वान्तो वा*] रजस्वला भएकी स्त्री ।

अवीचिः (पुं.) [*अविद्यमाना वीचिः सुखं यत्र सः, बहु.स.*] १.नरकविशेष । **अवीचिमन्धतामिस्रं कुम्भीपाकं तथैव च** । (या.व.) २.(स्त्री.) [*अविद्यमाननः तरङ्गा यस्याः सा,*] तरङ्ग नदेखिने गरी बगेको नदी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवीरः (पुं.वि.) [*अविद्यमानो वीरः पुत्रो इस्य सः, बहु.स.*] छोरो नभएको २.[*न वीरः, न.त.*] कातर/डरछेरुवा।

अवीरा (स्त्री.) [*वीरयति, वीर विक्रान्तौ इति धातोः, अच् ३.१.१३४, अविद्यमानो वीरः पुत्रः पतिश्च यस्याः सा, बहु.स.*] छोरो र पति नभएकी विधवा। **पतिपुत्रवती वीरा** (नाममाला)।

अवृत्तिकम् (नपुं.) [*अविद्यमाना वृत्तिर्यत्र तत्, बहु.स.*] जीवन निर्वाहका लागि नोकरी नपाइने देश वा ठाउँ।

अवृत्तिकं त्यजेद् देशं वृत्तिं सोपद्रवां त्यजेत्।
त्यजेन्मायाविनं मित्रं धनं प्राणहरं त्यजेत्॥ (सुभा.)

अवेक्षणम् (नपुं.) [*अवपूर्वकात् ईक्षधातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.हेर्ने काम २.हेरचाह ३.अनुसन्धान ४.सर्वेक्षण।

अवेक्षा (स्त्री.) [*अवेक्षणम्, अवपूर्वकाद् ईक्ष दर्शने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.रखवारी २.हेर्ने काम/प्रत्यक्षदृष्टि ३.अनुसन्धान। **अलब्धं चैव लिप्सेत लब्धं रक्षेदवेक्षया** (सुभा.)।

अवेक्षितः (पुं.वि.) [*अवेक्ष्यते स्म, अवपूर्वकात् ईक्ष् धातोः निष्ठा इति क्तः*] १.देखिएको २.हेरचाह गरिएको/रेखदेख गरिएको।

अवेद्यः (पुं.वि.) [*वेत्तुं योग्यः, वेद्यः, न वेद्यः, न.त.*] जान्न नसकिने।

अवेला (स्त्री.) [*न वेला, न.त.*] १.अपराह्ण २.ढिलो ३.बेला नहुनु।

अवैज्ञानिकः (पुं.वि.) [*न वैज्ञानिकः, न.त.*] वैज्ञानिकता नभएको।

अवैतनिकः (पुं.वि.) [*वेतनेन जीवति, वैतनिकः, वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्, ठस्येकः ७.३.५० इति ठस्य इकः, न वैतनिकः, न.त.*] बेतलबी/पारिश्रमिकबिनाको।

अवैधः (पुं.वि.) [*न वैधः, विधित आगतः, न.त.*] नियम वा ऐन विरुद्ध/विधिवत् नभएको।

अवैधानिकः (पुं.वि.) [*न वैधानिकः, न.त.*] विधानको विरुद्ध/गैरकानुनी।

अव्यक्तः (पुं.वि.) [*न व्यक्तः, न.त.*] १.प्रकट गर्न नसकिने/व्यक्त नभएको।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना॥ (भ.गी)

२.(पुं.) विष्णु ३.शिव ४.कामदेव ५.प्रकृति ६.ब्रह्म ७.सूक्ष्म-शरीर।

अव्यक्तः शङ्करे विष्णावव्यक्तं महदादिके।
आत्मन्यपि स्यादव्यक्तमस्फुटे त्वभिधेयवत्॥ (विश्व.)

~क्रिया (स्त्री.) [*अव्यक्ता चासौ क्रिया च,कर्म.स.*] बीजगणितको क्रिया। **~गणितम्** (नपुं.) [*अव्यक्तञ्च तद् गणितञ्च, कर्म.स.*]बीजगणित। **~गतिः** (पुं.वि.) [*अव्यक्ता गतिर्यस्य सः,बहु.स.*] १.अवस्था नदेखिने २.गुप्तरूपले व्यवहार गर्ने ३.ब्रह्म। **~मूर्तिः** (पुं.वि.) [*अव्यक्ता मूर्तिर्यस्य सः, बहु.स.*] मूर्ति प्रकट नभएको। **~रागः** (पुं.वि.) [*अव्यक्तश्चासौ रागश्च, कर्म.स.*] १.फिका रातो, २.[*अव्यक्तः रागो यस्य सः,बहु.स.*] प्रेम प्रकट नभएको, ३.(पुं.) फिका रातो रङ। **~राशिः** (पुं.) [*अव्यक्तश्चासौ राशिश्च, कर्म.स.*]बीजगणितमा अज्ञात अङ्क वा नदेखिने परिमाण। **~लक्षणः** (पुं.) [*अव्यक्तं लक्षणं यस्य सः,बहु.स.*] शिव।**~लिङ्गः** (पुं.) [*अव्यक्तं लिङ्गं यस्य सः,बहु.स.*] संन्यासी।**~व्यक्तः** (पुं.) [*अव्यक्तोऽपि तपसा व्यक्तः*] शिव।

अव्यक्तम् (नपुं.) १.प्रकृति २.महदादि ३.ब्रह्म ४.आत्मा ५.सूक्ष्म-शरीर।

अव्यक्तयोगः (पुं.) [*न व्यक्तो योगो यस्य सः, बहु.स.*] रूढ शब्दका तीन भेदमध्ये एक भेद। जसमा समुदाय शक्तिद्वारा अर्थ बोध हुन्छ त्यसलाई अव्यक्तयोग भनिन्छ। जस्तै— वृक्षः। **यहाँ वृश्चति आतपमिति वृक्षः** घाम छेक्नेलाई वृक्ष भनिन्छ। यहाँ घाम छेक्ने यौगिक अर्थको सबै ठाउँमा बोध नभएर सामान्यरूप वृक्षत्व जातिको बोध भएको हुँदा यौगिक अर्थ अस्पष्ट भएकाले अव्यक्तयोग भएको छ।

अव्यक्तानुकरणम् (नपुं.) [*अव्यक्तस्य अनुकरणम् ष.त.*] १.अस्पष्ट शब्दको अनुकरण २.पशुपक्षीका बोलीको नक्कल गरी बोल्नु।

अव्यङ्गः (पुं.वि.) [*विगतं विगतानि वा अङ्गानि यस्य सः, न व्यङ्गः, न.त.*] विकलाङ्ग नभएको।

अव्यङ्ग्यः (पुं.वि.) [*अविद्यमानं व्यङ्ग्यं यत्र सः, बहु.स.*] प्रतीयमान अर्थ नभएको।**~काव्यम्** (नपुं.) [*अव्यङ्ग्यञ्च तत्काव्यञ्च, कर्म.स.*] वाच्यार्थप्रधान काव्य/व्यङ्ग्यार्थ नभएको काव्य।

शब्दचित्रं वाच्यचित्रमव्यङ्ग्यन्त्ववरं स्मृतम् (मम्मट)।

अव्यञ्जनः (पुं.) [*अविद्यमानं लक्षणं शुभलक्षणं यस्य सः, बहु.स.*] १.सिङ नभएको पशु २.(पुं.वि.) व्यञ्जना शक्ति नभएको ३.अस्पष्ट।

अव्यञ्जना (स्त्री.) १.[*अविद्यमानं लक्षणं शुभलक्षणं यस्या सा बहु.स*]स्तन नभएकी नाङ्गी कन्या। **अव्यञ्जना भवेत् कन्या कुचहीना च नग्निका** (प.त.) २.[*अविद्यमाना व्यञ्जना यस्यां सा, बहु.स.*] व्यङ्ग्यार्थ नभएको रचना ३.[*न व्यञ्जना, न.त.*] व्यङ्ग्यार्थभिन्न शक्ति।

अव्यथः (पुं.वि.) [*अविद्यमाना व्यथा पीडा यस्यः, बहु.स.*]पीडा नभएको।

अव्यथा (स्त्री.) [*न व्यथते, व्यथ दुःखसञ्चलनयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् टाप् ४.१.४*] १.स्थलकमलिनी २.हर्रो।

अव्यथिषः (पुं.) [*न व्यथते इति, व्यथ दुःखसञ्चलनयोः इति धातोः, नञि व्यथेः (उ.) ५२ इति सूत्रेण टिषच्*] १.समुद्र २.सूर्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव्यथी (पुं.वि.) [*न व्यथते, व्यथ भयसञ्चलनयोः, इति धातोः जिद्वृक्षि–३.२.१५७ इति इनिः*] भयमुक्त/भयरहित ।

अव्यपदेशः (पुं.वि.) [*अविद्यमानो व्यपदेशो यस्य सः, बहु.स.*] १.भन्न नसकिने २.(पुं.) न्यायअनुसार निर्विकल्पक ज्ञान ३.ब्रह्म ।

अव्यपदेश्यधर्मः (पुं.) [*अव्यपदेश्यश्चासौ धर्मः, कर्म.स.*] जुन धर्म धर्मीमा शक्ति रूपले रहन्छ, व्यवहारमा ल्याउन लायक नहुनाको कारण त्यसको निर्देश गर्न सकिन्न, त्यस्तो धर्मलाई अव्यपदेश्य धर्म वा अनागत धर्म (पछि आउने) भनिन्छ। जस्तै– पानीमा हिमत्व, माटोमा पात्रत्व आदि। यो धर्म आफ्नो व्यापार गर्नका लागि प्रकट हुनुभन्दा अघि शक्तिका रूपमा लुकेर रहेको हुन्छ।

अव्यभिचारः (पुं.) १.[*न व्यभिचारः,न.त.*] व्यभिचार नहुनु २.(पुं.) [*अविद्यमानो व्यभिचारो यस्य, बहु.स.*] व्यभिचार नभएको ।

अव्यभिचारी (पुं.वि.) [*न व्यभिचारी, न.त.*] १.व्यभिचार नगर्ने २.धर्मात्मा ३.स्थायी. ४.पवित्र ५.अनुकूल ६.(पुं.) न्यायशास्त्र-अनुसार साध्य साधक भएको विशेष कारण।

अव्ययः (पुं.वि.) [*अविद्यमानो व्ययो यस्य सः, बहु.स*] १.खर्च नुहुने २.नाश नहुने ३.विकार नभएको ४.(पुं.) विष्णु ५.शिव ।

अव्ययम् (नपुं.) [*अविद्यमानो व्ययो (नाशः) यस्य तत्, बहु.स.*] १.ब्रह्म २.व्याकरणअनुसार लिङ्ग, वचन, विभक्ति आदिमा एकै रूप रही रहने शब्द। संस्कृतभाषामा अव्ययको रूपमा परिगणित स्वरादि शब्द, निपात र तिनको अर्थ– **स्वर्** (स्वर्ग) **अन्तर्** (भित्र,मध्य) **प्रातर्** (बिहान) **पुनर्** (फेरि) **सनुतर्** (लुक्नु) **उच्चैस्** (उचो) **नीचैस्** (निचो, तल) **शनैस्** (बिस्तारै) **ऋधक्** (साँचो) **ऋते** (छोडेर/विना) **युगपत्** (एकैपटक/एकसाथ) **आरात्** (नजिक, टढा) **पृथक्** (अलग) **ह्यस्** (हिजो) **श्वस्** (भोलि) **दिवा** (दिन) **रात्रौ** (रात) **सायम्** (साँझ) **चिरम्** (धेरैबेर) **मनाक्** (थोरै) **ईषत्** (अलिकति) **जोषम्** (चुपचाप) **तूष्णीम्** (चुपचाप/मौन) **बहिस्** (बाहिर) **अवस्** (बाहिर, तल) **समया** (नजिक) **निकषा** (नजिक) **स्वयम्** (आफैं) **वृथा** (व्यर्थ) **नक्तम्** (रात्रि) **न,नञ्** (निषेध) **हेतौ** (निमित्त) **इद्धा** (स्पष्ट) **अद्धा** (सत्य,साक्षत्, प्रत्यक्ष) **सामि** (आधा, निन्दित) **वत्** (तुल्य) **सना** (नित्य/सदा) **सनत्** (नित्य/सदा) **सनात्** (नित्य/सदा) **उपधा** (भेद) **तिरस्** (अन्तर्धान, तिरस्कार, तेर्सो) **अन्तरा** (बिच, बाहेक) **अन्तरेण** (विना) **ज्योक्** (चाँडै) **कम्** (सुख, जल) **शम्** (सुख, शान्ति) **सहसा** (अकस्मात्) **विना** छाडेर) **नाना** (अनेक) **स्वस्ति** (कल्याण) **स्वधा** (पितृलाई कव्य दिंदा प्रयोग गरिने शब्द) **अलम्** (पर्याप्त, निषेध, भूषण, समर्थ) **वषट्, श्रौषट्, वौषट्, स्वाहा** (देवहविर्दान) **अन्यत्** (अर्को) **अस्ति** (छ) **उपांशुः** (अस्पष्ट उच्चारण, रहस्य) **क्षमा** (शान्ति) **विहायसा** (आकाश) **दोषा** (रात्रि) **मृषा, मिथ्या** (झुटो) **मुधा** (व्यर्थ) **पुरा** (पहिले) **मिथो, मिथस्** (परस्पर) **प्रायस्** (धेरैजसो) **मुहुस्** (बारम्बार) **प्रबाहुकम्, प्रवाहिका** (त्यही समयमा, तुरुन्त) **आर्यहलम्** (जबर्जस्त) **अभीक्ष्णम्** (बारम्बार, निरन्तर/पुनःपुनः) **साकम्, सार्द्धम्** (सँगै) **नमस्** (नमस्कार) **हिरुक्** (छोडेर) **धिक्** (धिक्कार) **अथ** (अब, मङ्गल, प्रश्न) **अम्** (छिटो, थोरै) **आम्** (स्वीकार) **प्रताम्** (ग्लानि) **प्रशान्** (बारम्बार) **मा, माङ्** (निषेध) **कामम्** (यथेच्छ) **प्रकामम्** (धेरै) **भूयस्** (बारम्बार) **साम्प्रतम्** (अहिले, ठिक छ) **साक्षात्** (प्रत्यक्ष) **परम्** (तर) **साचि** (तेर्सो) **मङ्क्षु, आशु** (चाँडो) **संवत्** (वर्ष, साल) **अवश्यम्** (निश्चय) **उषा** (रात्रि) **भूर्** (पृथ्वी) **सुष्ठु** (असल) **दुष्ठु** (खराब) **सु** (प्रशंसा) **कु** (निन्दा) **वरम्** (केही असल) **स्थाने** (ठिक छ) **ओम्** (स्वीकारोक्ति) **अञ्जसा** (ठिक छ) **सुदि** (शुक्लपक्ष) **वदि** (कृष्णपक्ष) **झटिति, तरसा** (चाँडै) आकृतिगण भएकाले यस्ता अन्य शब्द पनि अव्ययभित्र पर्दछन्। अव्ययको रूपमा परिगणित चादि शब्द र तिनको अर्थ–**च** (समुच्चय, अन्वाचय, इतरेतरयोग, समाहार) **वा** (विकल्प, उपमा) **ह** (प्रसिद्धि) **अह** (प्रशंसा, आश्चर्य) **एव** (नै, अवधारण) **एवम्** (यस्तै) **नूनम्** (निश्चय) **शश्वत्** (बारम्बार) **युगपत्** (एकै पटक) **भूयस्** (फेरि) **कूपत्** (प्रश्न, प्रशंसा) **कुवित्** (धेरै प्रशंसा) **नेत्** (शङ्का) **चेत्, चण्** (यसो हो भने, यदिको अर्थ) **कच्चित्** (अभीष्ट प्रश्न) **यत्र** (रिस, निन्दा, यत्रो) **नह** (निषेध गरेर प्रत्यारम्भ गर्नु) **हन्त** (वाक्यारम्भ, विषाद) **माकि, माकिम्, नकि, नकिम्, माङ्, नञ्** (निषेधार्थक) **यावत्** (जति) **तावत्** (त्यति) यी दुवैको अर्थ साकल्य (यावत्कार्यं तावत् कृतम्) अवधि (यावद् गन्तव्यं तावत् तिष्ठ) मान (यावद् दत्तं तावद् भुक्तम्) अवधारण (यावद् अमत्रं तावद् विप्रानामन्त्रयस्व) हुन्छ। **त्वै, द्वै, न्वै** (वितर्क) **रै** (दान, अनादर) **श्रौषट्, वौषट्** (हवि दिनु, अङ्गको रक्षा गर्नु) **स्वाहा** (देवतालाई हवि दिने मन्त्र) **स्वधा** (पितृलाई कव्य दिने मन्त्र) **वषट्** (देवतालाई हवि दिनु) **तुम्** (तँ तँ र म म गर्नु, तुङ्कार) **गुरुं तुङ्कृत्य हुङ्कृत्य विप्रं निर्जित्य वादतः। अरण्ये निर्जले देशे जायते ब्रह्मराक्षसः॥** (ग.पु.) **तथाहि** (निदर्शन, दृष्यान्त) **खलु** (निश्चय, निषेध) **किल** (झुटो, प्रसिद्धि) **अथो, अथ** (आरम्भ, मङ्गल आदि) **सुष्ठु** (राम्रो) **स्म** (पादपूरण, बितेको कुरा) **आदह** (आरम्भ, निन्दा) चादि उपसर्गप्रतिरूपक (अवदत्तम्को **अव**) सुब्विभक्त्यन्त प्रतिरूपक (अहंयुः को **अहम्**) र तिङन्तप्रतिरूपक (अस्तिक्षीरा गौः को **अस्ति**) पनि छन्। **अ** (निषेध, सम्बोधन) **आ** (स्मरण) **इ, ई, उ, ऊ, ए, ऐ, ओ औ** (संबोधन) **पशु** (पादपूरण, ठिक) **शुकम्** (चाँडो) **यथाकथा च** (अनादर, जसरी तसरी) **प्याट्, पाट्, अङ्ग, हे, है, भोः, अये** (सम्बोधन) **द्य** (हिंसा) **विषु** (विविध) **एकपदे** (तुरुन्त, तत्काल) **युत्** (निन्दा, धुत् भनेर हप्काउनु) **आतः** (यस कारण पनि) परिगणित शब्दबाहेक चादिभित्र पर्ने अन्य केही अव्यय शब्दहरू– **यत्तद्** (हतु) **आहो, उताहो** (अथवा) **आहोस्वित्** (यसो हो कि) **किमुत,**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमूत (के भन्नु) **अथवा** (विकल्प) **दिष्ट्या** (आनन्दले, भाग्यले) **चटु, चाटु** (चाप्लुसी) **हुम्** (हप्काउनु) **इव, व** (तुल्य) **अह्नाय** (छिटो) **सकृत्** (एकपटक) **असकृत्** (बारम्बार) **प्रेत्य** (परलोक) **अमुत्र** (यस लोक) **जातु, कदाचित्** (कहिलेकाहीँ) **अद्यत्वे** (यस समयमा) **भृशम्** (अत्यन्त)। निम्न प्रत्यय लागी बनेका शब्द– तसिल् (**कुतः, इतः** इत्यादि) त्रल् (**अत्र, तत्र** इत्यादि) ह (**इह**) अत् (**क्वः**) दा (**सदा, कदा** इत्यादि) र्हिल् (**कर्हि, तर्हि** इत्यादि) धुना (**अधुना**) दानीम् (**इदानीम्, तदानीम्** इत्यादि) थाल् (**तथा, यथा** इत्यदि) थमु (**कथम्, इत्थम्** इत्यादि) अस्तातिः (**पुरस्तात्, परस्तात्** इत्यादि) अतसुच् (**दक्षिणतः, उत्तरतः** इत्यादि) रिष्यात् (**उपरिष्यत्**) आति (**पश्चात्, उत्तरात्** इत्यादि) एनप् (**उत्तरेण, अधरेण** इत्यादि) आच् (**दक्षिणा, उत्तरा** आदि) आहि (**दक्षिणाहि, उत्तराहि** आदि) असिः (**पुरः, अधः** इत्यादि) धा (**एकधा, द्विधा** आदि) एधाच् (**द्वेधा, त्रेधा** आदि) शस् (**बहुशः, अल्पशः** आदि) तसि (**आदितः, मध्यतः** आदि) साति (**अग्निसात्** इत्यादि) त्रा (**ब्राह्मणत्रा**) डाच् (**समया करोति**)। अम् (**प्रतरम्**) आम् (**पचतितमाम्**) अन्तमा आउने शब्द। कृत्वसुच् (**पञ्चकृत्वः**) सुच् (**द्विः, त्रिः** इत्यादि) तसि (**उरस्तः**) वति (**चैत्रवत्, ब्राह्मणवत्**) ना, नाञ् (**विना, नाना**) प्रत्ययान्त शब्द। मकार अन्त्यमा हुने कृत्प्रत्ययान्त शब्द (**स्मारम्, कर्तुम्**) एजन्त कृत्प्रत्ययान्त शब्द (**जीवसे, पिबध्यै** आदि) क्त्वा (**कृत्वा, गत्वा** आदि) तोसुन् (**उदेतोः**) कसुन् (**विसृपः**) प्रत्यय अन्तमा आउने कृदन्त शब्द। अव्ययीभाव समास भएका शब्दहरू– **अधिहरि, प्रत्येकम्, यथाशक्ति** इत्यादि।

अव्ययात्मा (पुं.) [*अव्ययः आत्मा यस्य सः, बहु.स.*] १.जीव २.आत्मा ३.परब्रह्म।

अव्ययीभावः (पुं.) [*न अव्ययम् अव्ययं यथा सम्पद्यते तथा भावः*] १.खर्च नहुने भाव २.व्याकरणअनुसार अव्ययपदको अर्थ प्रधान हुने गरी अन्य शब्दसँग भएको समास। यसमा प्रायः पूर्वपदार्थको प्राधान्य हुन्छ। यसका दुई भेद छन्– नामपूर्वपद र अव्ययपूर्वपद। नामपूर्वपद– शाकस्य मात्रा– शाकप्रति, अव्ययपूर्वपद– अधिहरि।

अव्यर्थः (पुं.वि.) [*न व्यर्थः,न.त.*] व्यर्थ नभएको/सफल।

अव्यलीकः (पुं.वि.) [*न व्यलीकः, न.त.*] १.अनुकूल २.सत्य ३.प्यारो।

अव्यवस्था (स्त्री.) [*न व्यवस्था, न.त.*] १.व्यवस्था नहुनु २.विधि नभएको व्यवस्था ३.शास्त्रविरुद्ध व्यवस्था।

अव्यवस्थितः (पुं.वि.) [*न व्यवस्थितः,न.त.*] १.व्यवस्था नभएको २.सिद्धान्तहीन। **~चित्तः** (पुं.) [*अव्यवस्थितं चित्तं यस्य सः, बहु.स.*] स्थिर चित्त नभएको/सिद्धान्तहीन।

क्वचिद् रुष्टः क्वचित् तुष्टः रुष्टस्तुष्टः क्वचित् क्वचित्।
अव्यवस्थितचित्तस्य प्रसादोऽपि भयङ्करः॥ (सुभा.)

अव्यवहार्यः (पुं.वि.) [*व्यवहर्तुं योग्यः, व्यवहार्यः, न व्यवहार्यः, न.त.*] व्यवहार गर्न योग्य नभएको।

अव्यवहितः (पुं.वि.) [*न व्यवधीयते स्म, क्तः ३.२.१०२, दधातेर्हिः ७.४.४२ इति हिः*] टाँसिएको/जोडिएको/नछेकिएको।

अव्यवहृतः (पुं.वि.) [*न व्यवहृतः, न.त.*] व्यवहार नगरेको।

अव्याकृतः (पुं.वि.) [*न व्याकृतः, न.त.*] १.प्रकाशित नभएको २.व्याख्या नगरिएको।

अव्याकृतधर्मः (पुं.) [*अव्याकृतश्चासौ धर्मश्च, कर्म.स.*] बौद्धदर्शनअनुसार शुभ/अशुभ कर्म गर्ने स्वभाव।

अव्याघातः (पुं.वि.) [*न व्याघातः, न.त.*] रोक्न नसकिने।

अव्याजः (पुं.वि.) [*न व्याजः, न.त.*] छलको अभाव/ निष्कपटता/ स्वाभाविक। **इदं किलाव्याजमनोहरं वपुः** (कालिदास)।

अव्याप्तः (पुं.वि.) [*न व्याप्तः, न.त.*] नढाकेको।

अव्याप्तिः (स्त्री.) १.[*न व्याप्तिः, न.त.*] नढाक्नु २.[*न विद्यते लक्ष्ये लक्षणस्य व्याप्तिर्यत्र सः*] दोषविशेष/लक्ष्यलाई लक्षणले नसमेट्दा पर्ने दोष। **लक्ष्यैकदेशे लक्षणस्यावर्तनमव्याप्तिः।**

अव्याहतः (पुं.वि.) [*न व्याहतः, न.त.*] रोकटोक नभएको/विघ्न, बाधा, शङ्का आदिले रहित।

यस्य त्रिकालममलं ज्ञानमव्याहतं सदा।
वेत्ति विद्यामविद्याञ्च स वाच्यो भगवानिति॥ (शब्दमाला)

अव्याहृतः (पुं.वि.) [*न व्याहृतः, न.त.*] नभनिएको।

अव्युत्पन्नः पुं.वि.) [*न व्युत्पन्नः, न.त.*] १.व्याकरणअनुसार व्युत्पत्ति थाहा नभएको/मूल २.अनुभव वा धेरै ज्ञान नभएको ३.बोधो

अश (धा.) [*भोजने, क्र्या. सक.सेट्. पर.*]– भोजन गर्नु। लट्– **अश्नाति**– खान्छ। लिट्–**आश**–खाएछ (अन.)। लुट्– **आशिता**– खाने छ (अन.)। लृट्– **आशिष्यति**–खाने छ। लोट्– **अश्नातु**–खाओस्। लङ्– **आश्नत्**– खायो (अन.) विधिलिङ्– **अश्नीयेत्**– खाला, खाओस्। आशीर्लिङ्– **अश्यात्**– खाओस्। लुङ्–**आशीत्**– खायो। लृङ्– **आशिष्यत्**–खाने थियो, कर्मणि–**अश्यते**– खाइन्छ,। णिचि– **आशयति**– खुवाउँछ,। सनि–**अशिशिषति**– खान चाहन्छ,। कृदन्ते– **अशनीयम्**– खानु पर्ने, **अशनम्**– खाने काम, **आशकः, अशिता**– खाने, **अशितः**– खाइएको इत्यादि।

अशक्तः (पुं.वि.) [*न शक्तः, न.त.*] कमजोर/निर्धो/नसक्ने।

अशक्ताः शक्तिमात्मीयां श्लाघयन्ते च दुर्जनाः।
ते भवन्त्युपहासाय महतामेव सन्निधौ॥ (सुभा.)
उपवासेष्वशक्तानां नक्तं भोजनमिष्यते (ति.त.)।

अशक्तम् (नपुं.) [*नपंसके भावे क्तः ३.३.११४ इति क्तः*] असामर्थ्य।

अशक्यः (पुं.वि.) [*न शक्यः,न.त.*] नसकिने।

अशक्यानि च कार्याणि नारभेत विचक्षणः (सुभा.)।
यदशक्यं न तच्छक्यं यच्छक्यं शक्यमेव तत् (हितो.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशत्रुः (पुं.) [*न विद्यते शत्रुर्यस्य सः,बहु.स.*] १.चन्द्रमा २.[*न शत्रु, न.त.*] शत्रुभिन्न/मित्र।

अशनम् (नपुं.) [*अश्यते, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१इत्यनः*] १.अन्न २.खाने काम।

पूजितं ह्यशनं नित्यं बलमूर्जञ्च यच्छति।
अपूजितन्तु तद् भुक्तमुभयं नाशयेदिदम्॥ (मनु.)

अशना (स्त्री.) राजा वलिकी रानी, बाणासुर आदि दैत्यकी आमा।

अशनाया (स्त्री.) [*अशनस्येच्छा, सुपः ३.१.८ इति क्यच्, अशनाया ७.४.३४ इतीत्वाभावः,अप्रत्ययात् ३.३.१०२ इत्यः,टाप्*] भोक/खाने इच्छा। **बुभुक्षायामशनाया** (अभि.चि.)।

अशनायितः (पुं.वि.) [*अशनस्येच्छा, अशनाय– ७.४.३४ इति साधुः, अशनाया जाताऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] भोकाएको (अमर.)।

अशनिः (स्त्री./पुं.) [*अश्नाति अश्यते वाऽनेन जलम्, राक्षसरुधिरं वा अश भोजने इति धातोः, अर्तिसृधृधम्यम्यश्यवितृभ्योऽनिः (उ.) २६७ इति अनिः*] १.वज्र २.बिजुली।

अशनीयम् (नपुं.) [*अशितुं योग्यम्, अश भोजने इति धातोः कृत्यल्युटो बहुलम् ३.३.११३ इति अनीयर्*] खाद्यपदार्थ/भोजनयोग्य वस्तु।

अशब्दम् (नपुं.) [*अविद्यमानः शब्दो यस्मिन् तत्,बहु.स.*] १.नभनिएको २.आवाज ननिकालिएको। **किमर्थमशब्दं रुद्यते** (कादम्बरी) ३.अव्यक्त, प्रधान वा प्रकृतिको प्रारम्भिक अणु। **ईक्षतेर्नाशब्दम्** (शारीरभाष्य)।

अशर्म (नपुं.) [*न शर्म, न.त.*] अकल्याण/दुःख।

अशिक्षितः (पुं.वि.) [*न शिक्षितः, न.त.*] नपढेको।

अशितः (पुं.वि.) [*अश्यते स्म, अश भोजने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खाइएको।

अशित्रः (पुं.) [*अशधातोः इत्रप्रत्ययः*] चोर (उणादि)।

अशिरः (पुं.) १.*धृष्टतया अश्नाति, अजिरशिशिरशिथिलस्थिर स्फिरस्थविरखदिराः (उ.) ५६ इति किरच्प्रत्यान्तो निपातः*] दुर्जन २.[*अश्नाति यः पदार्थान् सः,बहु.स.*] १.अग्नि २.राक्षस ३.सूर्य।

अशिश्विका (स्त्री.) [*अविद्यमानः शिशुर्यस्याःसा, बहु.स.*] बच्चा नभएकी।

अशिश्वी (स्त्री.) [*न शिशुर्यस्याः, सख्यशिश्वीति भाषायाम् ४.१.६२ इति साधुः*] सन्तान नभएकी स्त्री।

अशीतः (पुं.वि.) [*न शीतः,न.त.*] चिसो नभएको/तातो।

अशीतास्तरवो माघे फाल्गुने पशुपक्षिणौ।
चैत्रे जलचराः सर्वे वैशाखे नरवानरौ॥ (पुरा.)

अशीतिः (स्त्री.) [*अष्टौ दशतः परिमाणमस्य सङ्ख्येति पङ्क्ति विंशतित्रिंशच्चत्वारिंशत्पञ्चाशत्षष्टिसप्तत्यशीतिनवतिशतम् ५.१.५९ इति तिप्रत्ययः, प्रकृतेरशीत्यादेशः*] असी।

अशीतिर्यस्य वर्षाणि बालो वाप्यूनषोडश।
प्रायश्चित्तार्द्धमर्हन्ति स्त्रियो रोगिण एव च॥ (प्रा.त.)

अशुचिः (पुं.) १.[*न शुचिः,न.त.*] अपवित्रता २.(पुं.वि.) [*न विद्यते शुचिः शौचं यस्य सः, बहु.स.*] अपवित्र ३.[*शुचेर्भिन्नः*] १.आषाढबाहेक अन्य महिना २.सेतोबाहेक अन्य रङ ३.परीक्षा गर्दा दोषी ठहरिएको व्यक्ति ४.शृङ्गारबाहेक अन्य रस।

अशुद्धः (पुं.वि.) [*न शुद्धः, न.त.*] १.अपवित्र। २.शोधन नगरेको ३.जननाशौच वा मरणाशौच परेको ४.स्त्रीजातिको पर सरेका तीन दिन (पतिका निमित्त) चार दिन (देवताको पूजाआजाका निमित्त) छ दिन (पितृका निमित्त) अपवित्र मानिन्छन्, ग्राह्य हुँदैनन्।

शुद्धा भर्तुश्चतुर्थेऽह्नि अशुद्धा दैवपित्र्योः।
दैवे कर्मणि पैत्रे च पञ्चमेऽहनि शुध्यति॥ (शु.त.)

अशुद्धिः (स्त्री.) [*न शुद्धिः, न.त.*] अशुद्धता।

अशुभः (पुं.वि.)*अविद्यमानं शुभं यस्मात् सः,बहु.स.*]अमङ्गलकारक

अशुभं खञ्जनं दृष्ट्वा देवब्राह्मणपूजनम्।
दानं कुर्वीत कुर्याच्च स्नानं सर्वौषधीजलैः॥ (ति.त.)

अशुभम् (नपुं.) [*न शुभम्, न.त.*] अकल्याण/अमङ्गल।

अशुभशंसी (पुं.वि.) [*अशुभं शंसते इति, सुप्यजातौ इति णिनिः*] अशुभ कुराको सूचना दिने।

अशू (धा.) [*व्याप्तौ सङ्घाते च, सक.वेट् आत्म.*] फैलनु, जम्मा गर्नु। लट्– **अश्नुते–** फैलन्छ, जम्मा गर्छ। लिट्– **आनशे–** फैलेछ, जम्मा गरेछ (अन.)। लुट्– **अष्टा–** फैलने छ, जम्मा गर्ने छ (अन.)। लृट्– **अशिष्यते**–फैलने छ, जम्मा गर्ने छ। लोट्– **अश्नुताम्–** फैलोस्, जम्मा गरोस्। लङ्– **आश्नुत–** फैलियो, जम्मा गर्‍यो (अन.)। विधिलिङ्– **अश्नुवीत**–फैलला, जम्मा गर्ला, फैलियोस्, जम्मा गरोस्। आशीर्लिङ्– **अशिषीष्ट–** फैलोस्, जम्मा गरोस्। लुङ्– **आशिष्ट–** फैल्यो, जम्मा गर्‍यो। लृङ्– **आशिष्यत्–**फैलने थियो, जम्मा गर्ने थियो, णिचि– **आशयति–** फैलाउँछ, जम्मा गराउँछ। सनि– **अशिशिषते–** फैलन चाहन्छ, जम्मा गर्न चाहन्छ। कृदन्ते– **अशनीयम्–** फैलनुपर्ने, जम्मा गर्नुपर्ने। **अशनम्–** फैलने काम, जम्मा गर्ने काम। **आशकः. अशिता. अष्टा–** फैलने, जम्मा गर्ने। **अशितुम्–** फैलन, जम्मा गर्न। **अशित्वा.अष्ट्वा. अपाश्य–** फैलेर, जम्मा गरेर इत्यादि।

अशृतः (पुं.वि.) [*न शृतम्, न.त.*] नपाकेको।

अशेषः (पुं.वि.) [*अविद्यमानः शेषोऽस्य*] १.शेष नभएको/निःशेष २.समस्त। **अशेषसम्पत्समवाप्तिहेतवः** (शि.पु.) हे. **समवाप्तिः**।

अशोकः (पुं.वि.) १.[*अविद्यमानः शोको यस्य सः, बहु.स.*] शोक वा दुःखरहित। २.(पुं.) [*अविद्यमानः शोको यस्मात् सः, बहु.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स.] विष्णु ३.मौर्य वंशका एक प्रसिद्ध सम्राट्। यिनी बिन्दुसारका छोरा र चन्द्रगुप्तका नाति थिए। बिन्दुसार मरेपछि राज्यप्राप्तिका लागि छोराहरूमा विवाद भयो। प्रतिद्वन्दीलाई हराएर २५ वर्षको उमेरमा अशोक सिंहासनमा बसे। उनको अर्को नाम प्रियदर्शी थियो। सिंहासनमा बसेको आठ वर्षमा यिनले कलिङ्ग जिते। प्रारम्भमा यिनी कट्टर हिन्दु थिए। भनिन्छ– यिनको आज्ञाले बोध गयाका रुख काटिए। कपिलवस्तु नजिकैका आठ स्तूपमध्ये सात स्तूप भत्किए। यिनले राज्यको व्यापक विस्तार गरे। यिनको राज्य उत्तरमा हिमालय नजिकैको तराईप्रदेश, दक्षिणमा गोदावरी नदी, पूर्वमा ब्रह्मपुत्र र पश्चिममा अरबसागरसम्म फैलिएको थियो। पछि गएर यिनलाई हिन्दुधर्मप्रति वितृष्णा भयो र बुद्धधर्मका अनुयायी भए। अशोकले बुद्ध धर्मको प्रचार तथा प्रसारका लागि धेरै काम गरे, अनेकौं पाटी पौवा, धर्मशाला, विहार आदिको स्थापना गरे। एउटा भनाइअनुसार यिनले ६० हजार बौद्ध भिक्षुलाई भरणपोषण दिएर बौद्धधर्मको प्रचारमा लगाएका थिए। सम्पूर्ण विश्वलाई नै बौद्ध बनाउने यिनको जीवनको लक्ष्य थियो। अशोकले हाल नेपालको लुम्बिनी अञ्चलमा पर्ने कपिलवस्तुको पिथौरागढमा आएर अशोकस्तम्भ खडा गरेका थिए। २३३ खीष्टाब्दसम्म राज्य गरेर यिनी यस धर्तीबाट सदाका लागि विदा भए। ४.वृक्षविशेष। यो दुई किसिमको छ– एउटा आँपकोजस्तो किनारा खुम्चिएको पात भएको हुन्छ। यो वसन्तमा फुल्छ। अर्को हलुवावेदजस्तो पात भएको हुन्छ। यसको बोट झुम्म परेको हुन्छ। यो फाल्गुनमा फुल्छ र असारमा यसको फल पाक्छ। ५.दशरथका एक मन्त्री। **~पुष्पमञ्जरी** (स्त्री.) प्रत्येक पाउमा क्रमैले गुरुवर्णपछि लघुवर्णको प्रयोग भएको दण्डक छन्द।**~मञ्जरी** (स्त्री.) १.क्रमशः रगण र जगणको पालैपालोसित प्रयोग भएको दण्डक छन्द। **स्वेच्छया रजौ क्रमेण सन्निवेशयत्युदारधीः कविः स दण्डकः स्मृतो जगत्यशोकमञ्जरी** (छन्दो.) २.[*अशोकस्य मञ्जरी,ष.त.*] अशोकको मुजुरा।

अशोकम् (नपुं.) १.कामदेवको एक बाण २.पारो।

अशोकषष्ठी (स्त्री.) [*अशोका इति षष्ठी,कर्म.स.*] चैत्र शुक्ल षष्ठी।

अशोकरोहिणी (स्त्री.) [*अशोक इव रोहति, कर्तर्युपमाने ३.२.७९ इति णिनिः*] पिर्रे लहरो।

अशोका (स्त्री.) [*रोगनाशकतया अविद्यमानः शोको यस्याः सा, बहु. स.*] कुट्की।

अशोकारिः (पुं.) [*अशोकस्य अरिः, ष.त.*] कदमको रुख।

अशोकाष्टमी (स्त्री.) [*अविद्यमानः शोको यस्यां सा, सा चासौ अष्टमी च, कर्म.स. यद्वा अशोका इति अष्टमी*] चैत्र शुक्ल अष्टमी।

अशोच्यः (पुं.वि.) [*न शोच्यः, न.त.*] अशोचनीय।

अशोभनीयः (पुं.वि.) [*न शोभनीयः, न.त.*] नसुहाउँदो/बेठिक।

अशौचम् (नपुं.) [*शुचेर्भावः, न शौचम्, न.त.*] १.अपवित्रता २.आशौच। यो दुई किसिमको हुन्छ जननाशौच र मरणाशौच। नेपालीमा जननाशौचलाई सूतक र मरणाशौचलाई जुठो भन्ने चलन छ। हे. **आशौचम्**।

अश्मगर्भः (पुं.) [*अश्मेव गर्भो यस्य सः, बहु.स.*] पन्ना।

अश्मजम् (नपुं.) [*अश्मनो जातम्*] शिलाजित।

अश्मन्तम् (नपुं.) [*अश्मनः पाषाणस्याप्यन्तो भवत्यत्र, शकन्ध्वादि-पररूपं वाच्यम् (वा.) ६.१.९४ इति पररूपम्*] १.चुह्लो २.मृत्यु ३.सीमारहित क्षेत्र ४.अशुभ। **अश्मन्तमशुभे चुल्ल्यां मरणेऽनवधावपि। क्षेत्रेऽपि** (विश्व.)।

अश्मपुष्पम् (नपुं.) [*अश्मनः पुष्पमिव, अश्मप्रभवत्वात्*] १.शिलाकुङ्कुम २.शिलाजित।

अश्मभित् (पुं.) [*अश्मानं भिनत्ति, भिदिर् विदारणे इति धातोः क्विप् च ३.२.७६ इति क्विप्*] घन/ढुङ्गा फोर्ने औजार।

अश्ममयम् (नपुं.) [*अश्मनो विकारोऽवयवो वा मयड्वैतयो-र्भाषायामभक्ष्याच्छादनयोः ४.३.१४३ इति मयट्*] ढुङ्गाबाट बनेको ढुङ्गेन।

अश्मयोनिः (पुं.) [*अश्मा योनिरुत्पत्तिस्थानं यस्य सः, बहु.स.*] मरकतमणि।

अश्मरः (पुं.) [*अस्मानः सन्त्यत्र, वुञ्छण् ४.२.८० इति रः*] ढुङ्गेन क्षेत्र/प्रशस्त ढुङ्गा भएको ठाउँ।

अश्मरी (स्त्री.) [*अश्मानं राति, आतोऽनुपसर्गे कः ३.१.३ इति कः, षिद्गौरादिभ्यश्च ४.१.१ इति ङीष्*] पत्थरी।

अश्मलोष्टन्यायः (पुं.) जसरी माटाको डल्लो कपासको डल्लोभन्दा साह्रो हुन्छ तर ढुङ्गाभन्दा कमलो। कुनै मानिस कोहीभन्दा ठुलो होला तर कसैभन्दा सानो पनि हुन्छ। यस अर्थमा प्रयोग हुने हो यो उखान।

अस्मिन् संसारे सर्वं सापेक्षमश्मलोष्टवत्, नहि किमपि अत्यन्तमपकृष्टमुत्कृष्टं वा कथयितुं पार्यते।

अश्मसारः (पुं.नपुं.) [*अश्मनः सारः*] फलाम। **अश्मसारञ्च शस्त्रकम्** (अमरमाला)।

अश्मा (पुं.) [*अश्नोति व्याप्नोति, अशू व्याप्तौ सङ्घाते च इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.७५ इति मनिन्, यद्वा अशिशकिभ्यां छन्दसि (उ.) ५९६ इति मनिन्*] ढुङ्गो।

न द्विषन्ति न याचन्ते परनिन्दां न कुर्वते।
अनाहूता न चायान्ति तेनाश्मानोऽपि देवताः॥ (सुभा.)

अश्रद्दधानः (पुं.वि.) [*न श्रद्दधानः, न.त.*] श्रद्धा नगर्ने। **नास्ति ह्यश्रद्दधानस्य धर्मकृत्ये प्रयोजनम्** (श्राद्धतत्त्व)।

अश्रद्धा (स्त्री.) न श्रद्धा, न.त.१.श्रद्धा नहुनु। अनास्था। २.शास्त्रले भनेको कुरामा विश्वासको अभाव।

विधिहीनं भावदुष्टं कृतमश्रद्धया च यत्।
तद्धरन्त्यसुरास्तस्य मूढस्य दुष्कृतात्मनः॥ (श्राद्धतत्त्व)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्रद्धेयः (पुं.वि.) [*न श्रद्धेयः, न.त.*] श्रद्धा गर्न लायक नभएको।

अश्रपः (पुं.) [*अश्रं पिबति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.राक्षस २.जुका।

अश्रम् (नपुं.) [*अश्नुते व्याप्नोति नेत्रे, बहुलमन्यत्रापि (उ.) इति रक्*] १.आँसु।

अस्रैस्तावन्मुहुरुपचितैर्दृष्टिरालुप्यते मे
क्रूरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः (मे.दू.)।

२.रगत।

अश्रान्तः (पुं.वि.) [*न श्रान्तः, न.त.*] नथाकेको।

अश्रान्तम् (नपुं.) [*श्रमु तपसि खेदे च इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, अनुनासिकस्य— ६.४.१५ इति दीर्घः, अविद्यमानं श्रान्तमत्र*] सधैँ/निरन्तर।

अश्राव्यः (पुं.वि.) [*श्रावयितुं योग्यः, ण्यत्, न श्राव्यः, न.त.*] सुनाउन लायक नभएको।

अश्राव्यम् (नपुं.) [*न श्राव्यम्, न.त.*] सामाजिक वा दर्शकले सुन्ने गरी भन्नु नहुने कथावस्तुको भाग। कथावस्तुका तीन भेदमध्ये एक भेद। यसलाई स्वगत पनि भनिन्छ।

अश्रिः (स्त्री.) [*आश्रयति प्रहारार्थं तत्र, आङि श्रिहनिभ्यां ह्रस्वश्च (उ.) ५८७ इति इण्, डित्, आङो ह्रस्वश्च*] १.कोण २.हतियारको अघिल्लो भाग। **अश्रिः कोणैकदेशयोः** (धरणि.)। **वृत्तस्य हन्तुः कुलिशं कुण्ठिताश्रीव लक्ष्यते** (कुमा.)।

अश्रु (नपुं.) [*अश्नोति व्याप्नोति नेत्रम्, अशू व्याप्तौ इति धातोः, अश्रवादयश्च (उ.) ७१७ इति रुन्*] १.आँसु। **श्रुतदेहविसर्जनः पितुश्चिरमश्रूणि विमुच्य राघवः**। (रघु.) २.एक सात्त्विक अनुभाव। **अस्रु रोदनं चास्रमश्रु च** (अमर.) **~पातः** (पुं.) [*अश्रूणां पातः, ष.त.*] आँसु बगाउनु। **~मुखः** [*अश्रूणि मुखे यस्य सः*] रुन्चे मुख लगाएको। **~ लोचनः** (पुं.वि.) [*अश्रुभिः पूर्णे लोचने यस्य सः, बहु.स.*] आँखाभरि आँसु पारेको/शब्द ननिकाली रोएको।

अश्रुतः (पुं.वि.) १.[*न श्रुतः, न.त.*] नसुनेको २.[*न विद्यते श्रुतं शास्त्रं यस्य सः, बहु.स.*] मूर्ख।

अश्लिष्टः (पुं.वि.) [न श्लिष्टः, न.त.] नजोडिएको।

अश्लीलः (पुं.) [*श्रियं वाक्यशोभां, लाति ददाति इति श्लीलः, श्रीशब्दोपपदात् लाधातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, कपिलकादीनां संज्ञाछन्दसो रो ल इति वक्तव्यम् (वा.) ८.२.१८ इति श्रीशब्दस्य रस्य लः, न श्लीलः, न.त.*] १.फोहोर कुरा/लाजभाँड, २.साहित्यशास्त्रमा चर्चित शब्दार्थ दोष ३.(पुं.वि.) लज्जा, घृणा र अमङ्गलसूचक।

अश्लीलता (स्त्री.) [*श्रियं काव्यशोभां, लाति ददाति इति श्लीलः, श्रीशब्दोपपदात् लाधातोः, आतोऽनुपसर्गे क इति कः, कपिलकादित्वात् श्रीशब्दस्य रस्य लः, न श्लीलः, न.त., तस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] १.अश्लील अर्थ बुझाउने शब्दको प्रयोगबाट हुने एक काव्यदोष। यो तीन किसिमको हुन्छ— १.लज्जाजनक २.घृणाजनक ३.अमङ्गलजनक। स्त्रीसम्भोगको सन्दर्भमा हुने कुराकानी, तल्लो खालका मानिसको अभिव्यक्ति आदिमा अश्लील शब्दको प्रयोग दोष नमानिने हुँदा यो अनित्य दोष हो। यो पदगत, पदांशगत र वाक्यगत हुन्छ। (सा.द. ७.९) २.लज्जा, घृणा र अमङ्गलजनकता।

(अश्लेषा)

अश्लेषा (स्त्री.) [*न विद्यते श्लेषो यस्याम्, अनिष्टजनकतया नक्षत्रेऽस्मिन् जातस्य शिशोस्तत्पितुश्च षण्मासावधि श्लेषाभावात्, यद्वा न श्लिष्यन्ते तारका अत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति अधिकरणे घञ्, टाप्*] अश्विनीबाट गणना गर्दा पर्ने नवौँ नक्षत्र। यसको ध्रुवांश— (क्रान्ति वृत्तमा मेषको 0° डिग्रीबाट हुने दूरी) १०८ कला छ भने शरांश १२ दक्षिण छ। यस नक्षत्रमा पाँच तारा छन्। यसको योगतारा (मुख्य तारा) पूर्वपट्टि छ (सि.द.) यो सर्पजस्तो देखिन्छ। यस नक्षत्रमा जन्मने व्यक्तिको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार डि डु डे डोबाट प्रारम्भ हुन्छ। यसको राशि कर्कट हो। यस नक्षत्रको २, ३ र ४ पाउमा जन्मने बालक राम्रो मानिँदैन। (मु.चि.) यसका अधिष्ठातृदेवता सर्प हुन्। **सार्प्यश्लेषा** (अभि. चि.) यो नक्षत्र पृथ्वीबाट ५०० प्रकाशवर्ष टाढा छ। यसको सीमा १२० अंश ० कलासम्म रहेकोमा यसको स्थिति १११ अंश ० कलासम्म रहेको हुँदा यो नक्षत्र आफ्नो सीमाभित्रै रहेको देखिन्छ। यसलाई पाश्चात्यहरूले Getahydra भनेका छन्। यस नक्षत्रलाई २१ मार्च रातको ९ बजे याम्योत्तर रेखामा राम्रोसित हेर्न सकिन्छ। (ब्रह्माण्ड और ज्योतिष रहस्य) **~भवः** (पुं.) [*अश्लेषायां भवः*] केतुग्रह।


(अश्व)

अश्वः (पुं.) [*अश्नुते मार्गं व्याप्नोति इति, अशू व्याप्तौ इति धातोः, अशुप्रुषिलटिकणिखटिविशिभ्यः क्वन् (उ.) १५७ इति क्वन्*] १.घोडा। **अश्वं नैव गजं नैव व्याघ्रं नैव च नैव च अजापुत्रं बलिं दद्याद् दैवो दुर्बलघातकः**। (सुभा.) २.एक किसिमको मान्छे।

काष्ठतुल्यवपुर्धृष्ट्यो मिथ्याचारश्च निर्भयः।
द्वादशाङ्गुलमेढ्रश्च दरिद्रस्तु हयो मतः॥ (र.म.)

३.(पुं.वि.) घोडाजस्तै बलियो ४.अश्विनीकुमार। **अश्वः पुंजातिभेदे च तुरगे च पुमानयम्** (मेदिनी.) ५.सातको सङ्ख्या।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वकः (पुं.) [*अश्व इव प्रतिकृतिः, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] १.घोडाको चित्र २.खच्चड ३.[*अल्पः अश्वः, अल्पार्थे कन्*] सानो घोडा/बछेडो ४.[*तुच्छोऽश्वः, कुत्सिते ५.३.७४ इति कन्*] तुच्छ वा दुष्ट घोडा ।

अश्वकर्णकः (पुं.) [*अश्वकर्ण इव पत्रमस्य*] सखुवा/साल ।

अश्वकेतुः (पुं.) दुर्योधनका पक्षबाट लड्ने महाभारतको एक वीर योद्धा । यसलाई अभिमन्युले मारे ।

अश्वगतिः (स्त्री.) १.प्रत्येक पाउमा अन्त्यमा गुरुवर्ण आउने पाँच भगण भएको छन्द । **पञ्चभकारयुताश्वगतिर्यदि चान्त्यगुरुः** (छन्दो.) २.अन्त्यमा सगण आउने पाँच भगण भएको छन्द । **पञ्चभकारयुताश्वगतिर्यदि चान्तसरचिता** । (छन्दो.) ३.[*अश्वस्य गतिः, ष.त.*] घोडाको गति ।

अश्वगन्धा (स्त्री.) [*अश्वस्य गन्धः एकदेशो मेढ्रमिव गन्धोऽस्याः*] जडिबुटीविशेष ।

अश्वगोयुगम् (नपुं.) [*अश्वानां द्वित्वम्, द्वित्वे गोयुगच् (वा.) इति गोयुगच्प्रत्ययः*] घोडाको जोडी ।

अश्वगोष्ठम् (नपुं.) [*अश्वानां स्थानम्, अश्वशब्दाद् पशुभ्यः स्थानद्विषट्के गोष्ठगोयुगषड्वम् (मुग्धबोध) इति गोष्ठप्रत्ययः*] तबेला ।

अश्वघोषः (पुं.) संस्कृतका एक बौद्ध कवि । यिनको समय प्रथम शताब्दी हो । यिनका कृतिहरू– १.**बुद्धचरितम्**– यसमा भगवान् बुद्धको चरित्रलाई २८ सर्गमा वर्णन गरिएको छ । २.**वज्रसूची**– यसमा वर्णव्यवस्थाको आलोचना गरेर सार्वभौम समानताको सिद्धान्त प्रतिपादन गरिएको छ । ३.**महायानश्रद्धोत्पादशास्त्रम्**– यसमा विज्ञानवाद र शून्यवादको विवेचना छ । ४.**सूत्रालङ्कारः**– यो धार्मिक तथा नैतिक कथाको सङ्ग्रह हो । ५.**सौन्दरनन्द महाकाव्यम्**– यसमा बुद्धका भाइ नन्दका चरित्रको वर्णन छ । ६.**शारिपुत्रप्रकरणम्**– यो खण्डित छ । यसमा मौद्गल्यायन र शारिपुत्रलाई बुद्धले दीक्षित बनाएको प्रसङ्गको चित्रण छ । यिनमा बुद्धचरित र सौन्दरनन्द महाकाव्य हुन् भने शारिपुत्रप्रकरण नाटक (प्रकरण) हो । अरू दार्शनिक ग्रन्थ हुन् ।

अश्वतरः (पुं.) [*अश्वायामश्वेतरेण जातः, वत्सोक्षाश्वर्षभेभ्यश्च तनुत्वे ५.३.९१ इति ष्टरच्*] १.खच्चर । घोडा र गधाको सम्मिश्रणबाट पैदा भएको प्राणी २.नागविशेष ३.गन्धर्व विशेष ।

(अश्वतरः)

अश्वत्थः (पुं.) [*शाल्मलिवटाद्यपेक्षया न श्वश्चिरं तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, पृषोदरादिः ६.३.१०९*] पिप्पल । **अश्वत्थः पिप्पलद्रौ स्यादश्वत्था पूर्णिमा मता** (मेदिनी.) ।

अश्वत्थामः (पुं.) [*अश्वत्थाम्नोऽपत्यादिः, अश्वत्थामन्शब्दात् स्थाम्नोऽकारः (वा.) इत्यकारः, टिलोपः, पृषोदरादित्वात्सस्य तः*] अश्वत्थामाको सन्तान ।

अश्वत्थामा (पुं.) [*अश्वस्येव स्थामा स्थितिर्यस्य सः, बहु.स. पृषोदरादितया सस्य तः*] १.महाभारतका एक विशिष्ट पात्र । यिनका पिताको नाम द्रोणाचार्य र माताको नाम कृपी हो । यी ब्रह्मचारी थिए । यी अष्टचिरञ्जीवीमध्ये एक मानिन्छन् । महाभारतको लडाइँमा यिनले कौरवतर्फबाट लडेका थिए । २.महाभारत-अनुसार मालवका राजा इन्द्रवर्माको हात्ती । यसलाई भीमसेनले मारेर **नरो वा कुञ्जरो वा अश्वत्थामा हतो हतः** अर्थात् मानिस वा हात्ती कुन हो, अश्वत्थामा मऱ्यो भनी युधिष्ठिरको मुखबाट द्रोणाचार्यलाई सुनाइएका थिए ।

अश्वपतिः (पुं.) १.केकयदेशका राजा, दशरथकी रानी कैकयीका पिता २.सावित्रीका बाबु ३.घोडाको मालिक ।

अश्वप्लुतम् (नपुं.) [*अश्वस्य प्लुतम्, ष.त.*] घोडाको चाल/उफ्राइ ।

अश्वप्लुतं वासवगर्जितञ्च
स्त्रीणाञ्च चित्तं पुरुषस्य भाग्यम् ।
अवर्षणञ्चाप्यतिवर्षणञ्च
दैवो न जानाति कुतो मनुष्यः ॥ (सुभा.)

अश्वमेधः (पुं.) [*अश्वस्य मेधो यत्र, बहु.स.*] १.प्राचीनकालमा प्रतापी राजाले वर्ष दिन लगाएर गर्ने एक ठुलो वैदिक यज्ञ । यसमा छोडिने घोडाको निधारमा जयपत्र बाँधेर सारा भू-मण्डल घुमाइन्थ्यो । त्यसरी छोडिएको घोडालाई जसले समात्थ्यो, त्यसलाई हराउन घोडाको पछि पछि सेना पठाइन्थ्यो र घोडा समातेलाई हराएर घोडा फेरि घुमाइन्थ्यो । यसरी भू-मण्डल घुमाएर ल्याएको घोडा काटेर त्यस घोडाको बोसोले यज्ञमा हवन गरिन्थ्यो । हवन गर्दा उठेको धुवाँ दीक्षितले सुँघेर यज्ञ समाप्त गरिन्थ्यो र कामनाअनुसार त्यसको फल पाइन्थ्यो । साधकको इच्छाअनुसार मोक्ष, ब्रह्महत्याबाट मुक्ति वा स्वर्ग पाउन सकिन्थ्यो । (आपस्तम्ब) २.सङ्गीतशास्त्रमा वर्णित एक ताल । यसमा षड्ज स्वरबाहेक अरू स्वर रहन्छन् ।

अश्वयुक् (स्त्री.) [*अश्वं युनक्ति रूपेण स्वरूपेण अनुकरोति, सत्सूद्विषद्रुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, सर्वापहारिलोपः, कुत्वम्*] अश्विनी नक्षत्र । हे. **अश्विनी** ।

अश्वललितम् (नपुं.) प्रत्येक पाउमा क्रमैले नगण, जगण, भगण, जगण, भगण जगण, भगण तथा एक लघु र एक गुरुवर्णको प्रयोग भएको तेइस अक्षरको छन्द । यसको प्रयोग भट्टिकाव्यमा भएको छ । यसलाई अद्रितनया पनि भनिन्छ । **नजभजभा जभौ लघुगुरू बुधैस्तु गदितेयमद्रितनया** (छन्दो.) ।

अश्वलायनः (पुं.) प्राचीन एक ग्रन्थकार । यी शौनकका शिष्य र कात्यायनका पूर्वज हुन् । यिनको समय ई. पू ३५० हो । यिनले कल्पसूत्र र गृह्यसूत्र लेखेका छन् ।

अश्ववडवः (पुं.) [*अश्वस्य वडवः, ष.त.*] घोडाको बछेडा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्ववैद्यः (पुं.) [*अश्वानां वैद्यः, ष.त.*] घोडाको औषधि गर्ने चिकित्सक।

अश्वशाला (स्त्री.) [*अश्वानां शाला, ष.त.*] तबेला।

अश्वशक्तिः (स्त्री.) [*अश्वस्य शक्तिरिव शक्तिः, म.प.स.*] एक घोडाले तान्न वा बोक्न सक्ने बराबरको क्षमता। पौने सात मन अथवा २५० किलाको भार एक फुट माथि उचाल्न आवश्यक पर्ने शक्ति।

अश्वषड्गवम् (नपुं.) [*षड् अश्वाः, प्रकृतार्थस्य षट्त्वे षड्गवच् (वा.) इति षड्गवच्*] छ ओटा घोडा।

अश्वसेनः (पुं.) तक्षक नागको एक पुत्र।

अश्वा (स्त्री.) [*अश्वजातिः अजादि ४.१.४ पाठाट्टाप्*] घोडी।

अश्वाभरणम् (नपुं.) [*अश्वस्य आभरणम्, ष.त.*] घोडालाई लगाइदिने सिक्री।

अश्वारूढः (पुं.वि.) [*अश्वमारूढः, द्वि.त.*] घोडा चढेको।

अश्वारोहाः (पुं.बहु.) [*अश्वमारोहन्ति, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] घोडामा चढ्ने योद्धा वा व्यक्ति।

अश्विनी (स्त्री.) [*अश्वः, अश्वरूपमस्त्यस्याः, अत इनिठनौ ५.३.१५५ इति इनिः,, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.प्रथम नक्षत्र। यसको ध्रुवांश— (क्रान्ति वृत्तमा मेष 0° बाट हुने दूरी) ९.४५ कला छ भने शरांश १०। ३० उत्तर छ। यसमा तीनवटा तारा छन्। यसको योगतारा (मुख्य तारा) नक्षत्रको उत्तरपट्टि छ। (सि.द.भग्रहयोग) यस नक्षत्रका ताराहरूलाई पाश्चात्यहरूले Bita–Arities भनेका छन्। यसको स्वरूप घोडाको मुखजस्तो देखिन्छ। यस नक्षत्रमा जन्मने व्यक्तिको नाम पादव्यवस्थाअनुसार क्रमशः चू चे चो लाबाट प्रारम्भ हुन्छ। यसको राशि मेष हो। यसलाई क्षिप्र तथा लघुसंज्ञक नक्षत्र मानिन्छ (मु.चि.)। खगोलको कक्षमा अश्विनी नक्षत्रको सीमा १ देखि १३ अंश २० कला निर्धारित छ। हाल यो नक्षत्र १४ अंश ६ कलासम्म विस्तार भएर सीमादेखि केही अगाडि बढेको देखिन्छ। यसका स्वामी अश्विनी कुमार हुन्। यो तारा पृथ्वीबाट करिब ७४ प्रकाशवर्ष टाढा छ। यस नक्षत्रलाई ३ दिसेम्बर राति ९ बजे याम्योत्तर रेखामा राम्रोसित देख्न सकिन्छ। (ब्र.ज्यो.र.) **अश्विन्यश्वकिनी दस्रदेवता। अश्वयुग् बालिनी** (अभि.चि.) २.अश्विनीकुमारकी आमा।

अश्विनीसुतौ (पुं.द्वि.) [*अश्विन्याः सुतौ, ष.त.*] अश्विनीकुमार।

अश्विनौ (पुं.) [*प्रशस्ता अश्वाः सन्ति ययोः, अत इनिठनौ ५.२.११५ इनीनिः, यद्वा अश्विन्यां जातौ, सन्धिवेला ४.३.१६ इत्यण्, नक्षत्रेभ्यो बहुलम् ४.३.३७ इति लुकि, लुक् तद्धितलुकि १.२.४९ इति ङीपो लुक्, अश्वोऽस्ति जनकत्वेन ययोर्वा, इन् ५.२.१५*] अश्विनीकुमार। देवताहरूका वैद्य, यसमा द्विवचनको प्रयोग हुन्छ,। ३.दुईको अङ्क।

अश्वीयम् (नपुं.) [*अश्वानां समूहः, केशाश्वाभ्यां यञ्छावन्यतरस्याम् ४.२.४८ इति छः, छस्य ईयः*] घोडाको बथान।

अषाढः (पुं.) १.[*अषाढया युक्ता पौर्णमासी अस्मिन् मासे, नक्षत्रेण युक्तः कालः ४.२.३ इत्यण्, श्रविष्ठाफल्गुन्यनुराधा— ४.३.३४ इति बाहुलकादणो लुक्*] असार महिना २.पलाश दण्ड (द्विरूपकोष)।

अष्ट (त्रि.) [*अश्नुते व्याप्नोति, अशू व्याप्तौ, इति धातोः, सप्यशूभ्यां तुट् च (उ.) १६३, इति कनिन्, तुट् च*] आठ। रूपान्तर– अष्टौ।

अष्टकः (पुं.) राजा ययातिकी छोरी माधवीको छोरो। विश्वामित्रका औरसपुत्र। यिनले धर्मकर्म, तपस्या आदि गरेर धेरै पुण्य आर्जन गरेका थिए।

अष्टकम् (नपुं.) १.[*अष्टौ श्लोकाः परिमाणममस्य*] एक किसिमको मुक्तक काव्य। यसमा आठ श्लोक हुन्छन्। विभिन्न देवीदेवताको स्तुति गरिएको हुन्छ। जस्तै— देव्यष्टकम्, नारायणाष्टकम् आदि, २.[*अष्टौ अध्यायाः परिमाणमस्य, अष्टशब्दात् सङ्ख्यायाः संज्ञासङ्घसूत्राध्ययनेषु ५.१.५८ इति कन्प्रत्ययः*] पाणिनिको अष्टाध्यायी ३.आठ भागबाट बनेको कुनै वस्तु ४.ऋग्वेदमा एक किसिमको मन्त्रविभाजन ५.[*अष्ट एव, स्वार्थे कन्*] आठको सङ्ख्या।

अष्टका (स्त्री.) [*अश्नन्ति पितरोऽस्याम्,, इष्यशिभ्यां तकन् (उ.) ४३६ इति तकन्, टाप् ४.१.४*] १.श्राद्धविशेष २.तिथिविशेष– पौष, माघ र फाल्गुन तथा आश्विनका कृष्ण अष्टमी।

अष्टकुलम् (नपुं.) [*अष्टानां कुलानां समाहारः, द्विगु.स.*] सर्पहरूका आठ कुलको समूह— शेष, वासुकि, तक्षक, कर्कोटक, पद्म, महापद्म, शङ्ख र कुलिर। अर्को मतानुसार तक्षक, महापद्म, शङ्ख, कुलिक, कम्बल, अश्वतर, धृतराष्ट्र र बलाहक।

अष्टचत्वारिंशत् (स्त्री.) [*अष्टौ च चत्वारिंशच्च, द्व.स., यद्वा अष्टाधिका चत्वारिंशत्, म.प.स. वा, विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम् ३.३.४९ इति पक्षे आत्वाभावः, आत्वे अष्टाचत्वारिंशत्*] अठ्चालिस।

अष्टचिरञ्जीविनः (पुं.बहु.) [*अष्टसङ्ख्यकाश्चिरञ्जीविनः, म.प.स.*] मार्कण्डेय आदि आठ चिरञ्जीवीहरू। हे. **चिरञ्जीवी**।

अष्टधा (अव्य.) १.[*अष्टभिः प्रकारैः, सङ्ख्याया विधार्थेषु धा ५.३.४२ इति धा*] आठ किसिमले २.[*एकं राशिमष्टसु प्रकारेषु, अधिकरणविचाले च ५.३.४३ इति धा*] एउटै राशि वा वस्तुको आठ भागमा।

अष्टनायिकाः (स्त्री.बहु.) [*अष्टसङ्ख्यका नायिका म.प.स.*] १.पुराणअनुसारका आठ प्रधान शक्तिहरू— उग्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चामुण्डा, चण्डा, अतिचण्डा र चण्डवती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.श्रीकृष्णका आठ पटरानीहरू— रुक्मिणी, सत्यभामा, जाम्बवती, कालिन्दी, मित्रवृन्दा, नग्नजिती, भद्रा र लक्ष्मणा ३.इन्द्रका आठ अप्सराहरू— उर्वशी, मेनका, रम्भा, पूर्वचित्ति, स्वयम्प्रभा, भिन्नकेशी, जनवल्लभा र घृताची (तिलोत्तमा) ४.साहित्यमा वर्णित आठ नायिकाहरू— वासकसज्जा, विरहोत्कण्ठिता, स्वाधीनभर्तृका, कलहान्तरिता, खण्डिता, विप्रलब्धा, प्रोषितभर्तृका र अभिसारिका।

अष्टप्रकृतयः (स्त्री.बहु.) [*अष्टसङ्ख्यकाः प्रकृतयः म.प.स.*] श्रीकृष्णद्वारा वर्णित आठ प्रकृतिहरू— पृथ्वी, जल, तेज, वायु, आकाश, मन, बुद्धि र अहङ्कार।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा॥ (गीता)

अष्टमः (पुं.वि.) [*अष्टानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् नान्तादसङ्ख्यादेर्मट् ५.२.४९ इति मट्*] आठौँ।

अष्टमङ्गलम् (नपुं.) [*अष्टानां मङ्गलानां समाहारः, द्विगु.*] १.आठथरी मङ्गल— सिंह, वृष, नाग, कलश, चामर, वैजयन्तीमाला, भेरी र बत्ती।

मृगराजो वृषो नागः कलशो व्यजनं तथा।
वैजयन्ती तथा भेरी दीप इत्यष्टमङ्गलम्॥

२.ब्राह्मण, गाई, आगो, सुन, घिउ, सूर्य, जल र राजा।

लोकेऽस्मिन् मङ्गलान्यष्टौ ब्राह्मणो गौर्हुताशनः।
हिरण्यं सर्पिरादित्य आपो राजा तथा वृषः॥

३.बोझो, कुट्की, ब्राह्मी, सर्स्यूं, पिपला, सारिवा, सिधेनुन र घिउ मिलाई बनाएको वस्तु।

अष्टमहादानम् (नपुं.) [*अष्टानां महादानानां समाहारः, द्विगु.*] तिल, फलाम, सुन, कपास, नुन, सप्तधान्य, जमिन र गाई।

तिला लोहं, हिरण्यं च कार्पासो लवणं तथा।
सप्तधान्यं क्षितिर्गाव एकैकं पावनं स्मृतम्॥ (ग.पु.)
कर्पासं लवणं सर्पिः सप्तधान्यं सुवर्णकम्।
लौहं चैव क्षितिर्गावो महादानानि चाष्ट वै॥ (ग.पु.)

अष्टमातृकाः (स्त्री.बहु) [*अष्टसङ्ख्यकाः मातृका, म.प.स.*] आठवटी मातृका देवीहरू— ब्राह्मी, माहेश्वरी, ऐन्द्री, वाराही, वैष्णवी, कौमारी, चामुण्डा र चर्चिका (दुर्गाकवच)।

अष्टमी (स्त्री.) [*अष्टानां कलानां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट् नान्तादसङ्ख्यादेर्मट् ५.२.४९ इति मट् ड्डिढाणञ् ४.१.१५ इति ङीप्*] शुक्ल तथा कृष्ण पक्षका आठौँ तिथि।

अष्टमूर्तयः (स्त्री.बहु.) [*अष्टसङ्ख्यका मूर्तयः म.प.स.*] शिवका आठ मूर्तिहरू— १.क्षितिमूर्ति— **सर्व** २.जलमूर्ति— **भव** ३.अग्निमूर्ति- **रुद्र** ४.वायुमूर्ति- उग्र ५ आकाशमूर्ति— **भीम** ६.यजमानमूर्ति— **पशुपति** ७.चन्द्रमूर्ति— **महादेव** ८.सूर्यमूर्ति— **ईशान**।

अथाग्निः रविरिन्दुश्च भूमिरापः प्रभञ्जनः।
यजमानः खमष्टौ च महादेवस्य मूर्तयः॥ (त.शा.)

अष्टमूर्तिः (पुं.) [*अष्टौ मूर्तयो यस्य सः, बहु.स.*] शिव। **अवेहि मां किङ्करमष्टमूर्तेः** (रघु.)।

अष्टरत्नम् (नपुं.) [*अष्टानां रत्नानां समाहारः, द्विगुस.*] हीरा, माणिक, पन्ना, पोषराज, नीलम, गोमेद, मोती र मुगा।

अष्टवर्गः (पुं.) [*अष्टानां वर्गः, ष.त.*] १.आठ औषधि (जीवक, ऋषभक, मेदा, महामेदा, काकोली, क्षीरकाकोली, ऋद्धि र वृद्धि) को वर्ग वा समूह। २.प्राचीन राज्यका आठ अङ्गको समूह ३.वर्णको आठ समूह— अवर्ग, कवर्ग, चवर्ग, टवर्ग तवर्ग, पवर्ग, यवर्ग र शवर्ग।

अष्टवसवः (पुं.बहु.) [*अष्टसङ्ख्यका वसवः म.प.स.*] आठथरी गणदेवताहरू। महाभारतअनुसार— धर, ध्रुव, सोम, आप अनिल, अनल, प्रत्यूष र प्रभास। विष्णुपुराणअनुसार— आप, ध्रुव, सोम, धर्म, अनिल, अनल, प्रत्यूष र प्रभास। भागवतअनुसार— द्रोण, प्राण, ध्रुव, अर्क, अग्नि, दोष, वसु र विभावसु। हरिवंशअनुसार— आप, धर, ध्रुव, सोम, अनिल, अनल, प्रत्यूष र प्रभास।

धरो ध्रुवश्च सोमश्च आपश्चैवाऽनिलो ऽनलः।
प्रत्यूषश्च प्रभासश्च वसवोऽष्टौ प्रकीर्तिताः॥ (म.भा.)।

अष्टसिद्धयः (स्त्री.बहु.) [*अष्टसङ्ख्यकाः सिद्धयः म.प.स.*] योगद्वारा प्राप्त हुने आठथरी सिद्धि— अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशत्व र वशित्व।

अष्ट्यङ्गनमस्कारः (पुं.) [*अष्टभिरङ्गैः कृतो नमस्कारः*] दण्डवत्प्रणाम गर्दै, हृदय, चिउँडो, शरीर, नाक, च्यापु, ब्रह्मरन्ध्र (शिर) र दुई कानले जमिन छोएर गरिने नमस्कार।

पूर्ववद् दण्डवद् भूमौ निपत्य हृदयेन तु।
शिरसा चिबुकेनाथ नासया हनुकेन च॥
ब्रह्मरन्ध्रेण कर्णाभ्यां यद्भूमिस्पर्शनं क्रमात्।
स चाष्यङ्ग इति प्रोक्तो नमस्कारो मनीषिभिः॥ (का.पु.)

अष्ट्यङ्गम् (नपुं.) [*अष्टानाम् अङ्गानां समाहारः*] १.योगका आठ अङ्गको समूह— यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि (वायु पु.१०४)। २.वैद्यचिकित्साका आठ अङ्ग—शल्य, शालाक्य, कायचिकित्सा, भूतविद्या, कौमारभृत्य, अगदतन्त्र, रसायनतन्त्र र वाजीकरण ३.शरीरका आठ अङ्ग—जाँघ, पाउ, हात, छाती, शिर, दृष्टि, वचन र बुद्धि ४.अर्घ्यका आठ अङ्ग— पानी, दुध, घिउ, मह, दही, रक्तचन्दन, कनेर र कुश।

अष्ट्यङ्गयोगः (पुं.) [*अष्टौ अङ्गानि यस्य सः, बहु.स., अष्ट्यङ्गश्चासौ योगश्च, कर्म.स.*] आसन, प्राणरोध, प्रत्याहार, धारणा, ध्यान, समाधि, यम तथा नियम नामक आठ अङ्गले युक्त योगशास्त्र।

अष्ट्यङ्गमार्गः (पुं.) [*अष्टौ अङ्गानि यस्य सः, बहु.स., अष्ट्यङ्गश्चासौ मार्गश्च, कर्म.स.*] बुद्धले बताएका आठ आध्यात्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाटाहरू— सम्यग्दृष्टि, सम्यक्सङ्कल्प, सम्यग्वाक्, सम्यक्कर्म, सम्यगजीवन, सम्यग्व्यायाम, सम्यक् स्मृति, सम्यक्समाधि ।

अष्यदश (वि.) [*अष्टौ च दश च, द्वन्द्व.,अष्टाधिका दश, त.स.*] अठार । **~पुराणम्** (नपुं.) [*अष्यदशानां पुराणानां समाहारः, द्विगुस.*] अठार पुराण । हे. पुराणम् । **~विद्या** (स्त्री.) [*अष्यदश सङ्ख्यका विद्याः, म.प.स.*] शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द (६ वेदका अङ्ग) ऋग्, यजुः,साम, अथर्व (चार वेद) मीमांसा, न्यायशास्त्र, धर्मशास्त्र, पुराण, आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्रसमेत अठार विद्या ।

अङ्गानि वेदाश्चत्वारो मीमांसा न्यायविस्तरः ।
धर्मशास्त्रं पुराणञ्च विद्या ह्येताश्चतुर्दश ॥
आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः ।
अर्थशास्त्रञ्चतुर्थञ्च विद्या अष्यदशैव तु ॥

अष्याध्यायी (स्त्री.) [*अष्टानां अध्यायानां समाहारः, द्विगु.स., द्विगोः ४.१.२१ इति ङीप्*] १.आठ अध्यायको समूह २.पाणिनिद्वारा विरचित आठ अध्याय भएको संस्कृत व्याकरणको ग्रन्थ । यसमा प्रत्येक अध्यायमा चार पाउ छन् । ३९८१ सूत्रको सङ्ख्या छ । अष्टाध्यायीमा १४ प्रत्याहारसूत्र पनि छन् । जम्मा मिलाएर सूत्रसङ्ख्या ३९९५ छ । पहिलो दुई अध्यायमा सुबन्त, तिङन्त र वाक्यमा तिनीहरूको पारस्परिक सम्बन्धको बारेमा निरूपण गरिएको छ । तेस्रो अध्यायमा धातुद्वारा हुने शब्दसिद्धिको परिचय छ । चौथो र पाँचौं अध्यायमा प्रातिपदिक र शब्दसिद्धिको विवेचना छ । छैटौं र सातौं अध्यायमा सुबन्त र तिङन्त शब्दको सिद्धि तथा स्वरको विवेचना छ । आठौं अध्यायमा नजिकै रहेका पदहरूको शीघ्र उच्चारणले गर्दा वर्ण अथवा स्वरमा पर्न जाने प्रभावको चर्चा छ ।

अष्याध्यायीवृत्तिकाराः (पुं.बहु.) [*अष्टाध्याय्या वृत्तिकाराः, ष.त.*] अष्याध्यायी ग्रन्थका टीकाकारहरू— १.**पाणिनि**— स्वोपज्ञवृत्ति, २.**श्वभूति** (वि.पू. २९०० वर्ष)— न्यास, ३.**व्याडि** (वि.पू. २९०० वर्ष), ४.**कुणि** (वि.पू. २०० वर्षभन्दा प्राचीन), ५.**माथुर** (वि.पू. २०० वर्षभन्दा प्राचीन), ६.**वररुचि**, ७.**देवनन्दी** (वि.पू. ५०० वर्ष) शब्दावतारन्यास, ८.**चुल्लिभट्टि** (वि. ७०० वर्षभन्दा प्राचीन) शब्दावतारः, ९.**निर्लूर** (वि. ७०० वर्षभन्दा प्राचीन), १०.**जयादित्य** तथा **वामन** (वि. ६५०—७०० वर्ष) काशिका, (काशिकाको १—५ अध्याय **जयादित्य** र ६—८ अध्याय **वामन**ले लेखेका हुन्) । ११.**विमलमति** (सं.७०१)—भागवृत्ति, १२.**मैत्रेयरक्षि** (सं. ११६५)— दुर्घटवृत्ति, १३.**पुरुषोत्तमदेव** (सं. १२०० वर्षभन्दा पूर्व) भाषावृत्ति, १४.**शरणदेव** (सं. १२३०)—**दुर्घटवृत्ति**, १५.**भट्टोजिदीक्षित** (सं.१५१०—१६००)—**शब्दकौस्तुभ**, १६.**अप्पयदीक्षित** (सत्रौं शताब्दी) सूत्रप्रकाश, १७.**नीलकण्ठ-वाजपेयी** (सं. १६००—१६५०) पाणिनीयदीपिका, १८.**अन्नभट्ट** (सं.१६५०) पाणिनीयमिताक्षरा, १९.**विश्वेश्वरसूरि**— व्याकरण-सिद्धान्तसुधानिधि, २०.**ओरम्भट्ट**— व्याकरणदीपिका, २१.**स्वामी दयानन्द सरस्वती**— अष्टाध्यायी भाष्य, २२.**अधन नैनार्य**— प्रक्रियादीपिका, २३.**नारायण सुधी**— अष्टाध्यायीप्रदीप, २४.**रुद्रधर**— अष्टाध्यायीवृत्ति, २५.**सदानन्द**— तत्त्वदीपिका, २६.**हरिप्रसाद आचार्य**— शारदाप्रभा टीका इत्यादि ।

अष्यापदः (पुं./नपुं.) [*पङ्क्तौ पङ्क्तौ अष्टौ पदान्यस्य, अष्टनः संज्ञायाम् ६.३.१२५ इति दीर्घः, अष्टापदमस्त्रियाम्*] १.थर्की खेलविशेष २.[*अष्टसु धातुषु पदं प्रतिष्ठाऽस्य*] सुन ३.(पुं.) [*अष्टौ पादा यस्य सः, बहु.स.*] सिंहभन्दा पनि बलियो एक जनावर ४.माकुरो ५.[*अष्टौ पादाः प्रत्यन्तपर्वता यस्य सः, बहु.स.*] कैलासपर्वत ।

अष्यापदोऽस्त्री कनके शारीणां फलकेऽपि च ।
अष्यपदी चन्द्रमल्ल्यां शरभे मर्कटे पुमान् ॥ (मेदिनी.)

अष्यवक्रः (पुं.) [*अष्टसु स्थानेषु वक्रो वक्रभावो यस्य सः, बहु.स. अष्टनः संज्ञायाम् ६.३.१२५ इति दीर्घः*] उद्दालककी छोरीका गर्भबाट पैदा भएका एक ऋषि । यिनका आठवटा अङ्ग टेढा थिए, यसैले यिनको नाम अष्यवक्र रहेको हो । पठनपाठनमा व्यस्त भएकाले आफ्नी आमाको हेरचाह नगरेको हुँदा गर्भावस्थामा नै यिनले बाबु कोहडको अपमान गरेका थिए । त्यस घटनाबाट क्रुद्ध कोहडले दिएको शापबाट यिनको शरीर आठ ठाउँमा बाङ्गो भएको थियो । एक पटक कोहडले जनकका सभामा भएको शास्त्रार्थमा बौद्ध पण्डितलाई जित्न नसक्दा सर्तअनुसार पानीमा डुब्नु परेको थियो । आमाबाट बाबुको सबै हाल थाहा पाएर पछि पिताको उद्धारका लागि अष्यवक्र जनकपुर पुगे । त्यहाँ भएको शास्त्रार्थमा यिनले ती बौद्ध पण्डितलाई हराएर पानीमा डुबाइएका आफ्ना बाबुको उद्धार गरे । बाबुको आज्ञाअनुसार समाङ्गा नामक नदीमा स्नान गरेपछि अष्टवक्रका सबै अङ्ग सोझिए । यी सुन्दर बने (अष्यवक्रगीता) ।

अष्यविंशतिः (स्त्री.) [*अष्टौ च विंशतिश्च, द्व.स. यद्वा अष्टाधिका विंशतिः, म.प.स., द्व्यष्टनः संज्ञायामबहुव्रीह्यशीत्योः ६.३.४७ इत्यात्वम्*] अट्ठाइस ।

अष्टिः (स्त्री.) १.सोह्र अक्षरको पाउ भएको छन्द । यसमा चित्र, चकिता आदि छन्द पर्दछन् । २.[*अस्यते पृथिव्यां क्षिप्यते इति क्तिन्, पृषोदरादितया षत्वम्,ष्टुत्वम्*] बीज ।

अष्ठीवान् (पुं.) [*अतिशयितमस्थि अस्मिन्, मतुप् ५.२.९४, आसन्दीवत्— ८.२.१२ इति साधुः*] घुँडा ।

असंलक्ष्यक्रमध्वनिः (पुं.) [*संलक्ष्यते इति संलक्ष्यः, न संलक्ष्यः, न.त., असंलक्ष्यः क्रमो यत्र सः, बहु.स., स चासौ ध्वनिश्च, कर्म.स.*] अभिधामूल ध्वनिको एक भेद । विविक्षितान्यपरवाच्य ध्वनिको एक प्रकार/रस ध्वनि । यस ध्वनिमा वाच्यार्थ र व्यङ्ग्यार्थ प्रतीतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रम थाहा हुँदैन। वाच्यार्थको बोध हुनासाथ अर्थात् विभाव अनुभाव र व्यभिचारिभावको बोध हुनासाथ रसादिको प्रतीति हुन्छ। यो ध्वनि प्रथमतः आठ किसिमको हुन्छ– रस, भाव, रसाभास, भावाभास, भावशान्ति, भावोदय, भावसन्धि र भावशवलता। अर्को किसिमले हेर्दा यो ध्वनि ६ किसिमको हुन्छ– १.पदगत २.पदांशगत ३.वाक्यगत ४.रचनागत ५.वर्णगत ६.प्रबन्धगत ।

असंलग्नः (पुं.वि.) [*न संलग्नः, न.त.*] कसैसँग संलग्न नभएको/ कुनै पक्षमा नलागेको।

असंशयम् (नपुं.) [*नास्ति संशयो यत्र तत्*] निश्चित रूपले।

असंसदीयः (पुं.वि.) [*संसदि भवः, गहादित्वाच्छः, संसदे हितो वा तस्मै हितमिति छः, ईयः*] संसदीय नियम वा मर्यादा विपरीत भएको।

असंस्कृतः (पुं.वि.) [*न संस्कृतः, न.त.*] १.संस्कार नगरिएको २.संस्कृतेतर (भाषा) ३.व्रतबन्ध आदि संस्कार नभएको।

असंस्कृतप्रमीतानां त्यागिनां कुलयोषिताम्।
उच्छिष्टभागधेयानां दर्भेषु विकरासनम्॥ (श्राद्धविधि)

असंहतः (पुं.वि.) [*न संहतः, न.त.*] १.नजुटेको/एकत्रित नभएको २.असंलग्न ।

असंहतजानुः (पुं.) [*न संहते जानुनी यस्य, प्राग्वत् ५.४.१२९*] घुँडा नजोडिने व्यक्ति।

अस (धा.) [*गतिदीप्त्यादानेषु, भ्वा.अक.सक.सेट् उभ.*] जानु, चम्कनु। लट्– **असति-ते**– जान्छ, चम्कन्छ, इत्यादि।

अस (धा.) [*भुवि, अदा. अक.सेट् पर.*] हुनु। लट्– **अस्ति**– छ। लिट्– **बभूव**– भएछ (अन.)। लुट्– **भविता**– हुने छ (अन.)। लृट्– **भविष्यति**– हुने छ। लोट्– **अस्तु**– होओस्। लङ्– **आसीत्**– भयो (अन.) विधिलिङ्– **स्यात्**– होला, होओस्। आशीर्लिङ्– **भूयात्**– होओस्। लुङ्– **अभूत्**– भयो। लृङ्– **अभविष्यत्**– हुने थियो इत्यादि।

असकृत् (अव्य.) [*न सकृत्, न.त.*] पुनःपुनः/बारम्बार।

अनेकस्यैकधा साम्यमसकृद् वाप्यनेकधा (सा.द.)।

असङ्कल्पितः (पुं.वि.) [*न सङ्कल्पितः, न.त.*] सङ्कल्प नगरेको/अठोट नभएको।

असङ्कुलः (पुं.वि.) [*न सङ्कुलः, न.त.*] नढाकेको/भिडभाड नभएको/ खुला।

असङ्क्रान्तिमासः (पुं.) [*अविद्यमाना सङ्क्रान्तिर्यस्मिन्, तथाविधश्चासौ मासः*] चान्द्रमासभित्र सङ्क्रान्ति नपरेको महिना/अधिकमास।

असङ्ख्यः (पुं.वि.) [*न विद्यते सङ्ख्या यस्य सः, बहु.स.*] १.सङ्ख्या नभएको २.गन्न नसकिने। **असङ्ख्यं द्विपरार्द्धादि** (हेम.) ३.धेरै।

असङ्ख्याः परदोषज्ञा गुणज्ञा अपि केचन
स्वयमेव स्वदोषज्ञा विद्यन्ते यदि पञ्चषाः॥ (सुभा.)

असङ्ख्यातः (पुं.वि.) [*न सङ्ख्यातः, न.त.*] नगनिएको।

असङ्गः (पुं.) बौद्ध दार्शनिक वसुबन्धुका जेठा भाइ। तेस्रो शताब्दीको अन्त्यदेखि चौथो शताब्दीको मध्यकालसम्म रहेका असङ्ग योगाचार सम्प्रदायका आचार्य हुन्। यिनले लेखेका ग्रन्थहरूको चिनिया भाषामा अनुवाद भएको छ। यिनका प्रमुख कृतिहरू– १.**महायानसंपरिग्रह**– यसमा संक्षिप्तरूपमा महायान सिद्धान्तको विवेचना छ। २.**प्रकरण आर्यवाचा**– यो ग्रन्थ ११ परिच्छेदमा विभक्त छ। यसमा योगाचारको व्यावहारिक तथा नैतिक पक्षको प्रतिपादन भएको छ। ३.**योगाचारभूमिशास्त्र**– यो विशालकाय ग्रन्थ छ। सत्र भूमि भएको यस ग्रन्थमा योगाचार साधनामार्गको विवेचना छ। यी सबै ग्रन्थहरूको पूर्णतया संस्कृतरूप उपलब्ध छैन।

असङ्गतः (पुं.वि.) [*न सङ्गतः,न.त.*] सङ्गति नभएको/ नमिल्दो/ अनुपयुक्त। **आसन्नमेव नृपतिर्भजते मनुष्यं विद्याविहीनम- कुलीनमसङ्गतं वा** (हितो.)।

असङ्गतम् (नपुं.) [*न सङ्गतम्, न.त.*] असङ्गति।

असङ्गतिः (स्त्री.) [*न सङ्गतिः,न.त.*] १.सङ्गति नहुनु, २.सिलसिला नमिल्नु ३.तालमेल नमिल्नु ४.विरोधमूलक एक अर्थालङ्कार। यसका तीन भेद छन्– १.**प्रथम असङ्गति**– यसमा कारण एकातिर र कार्य अर्कातिर भएको अवस्थाको वर्णन हुन्छ। २.**द्वितीय असङ्गति**– यसमा एक ठाउँमा हुनुपर्ने काम अन्यत्र भएको अवस्थाको वर्णन गरिएको हुन्छ । ३.**तेस्रो असङ्गति**– यसमा एउटा काम गर्न खोज्दा अर्कै काम बन्न गएको अवस्थाको वर्णन हुन्छ। **कार्य्यकारणयोर्भिन्नदेशतायामसङ्गतिः** (सा.द.)।

असत् (नपुं.) [*न सत्, न.त.*] १.असत्य २.खराब/निन्दित। **असत्कुल प्रसूता या कान्तं विज्ञातुमक्षमा**। (ब्र.वै.प्र.ख.) ३.ब्रह्मदेखि भिन्न वस्तु। ४.[*अविद्यमानं सत् चैतन्यं यत्र तत्, बहु.स.*] जडवस्तु ५.निष्फल ६.अश्रद्धाले दिइएको दान, होम,तपस्या आदि।

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतञ्च यत्।
असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह॥ (भ.गी.)
७.अनित्य।

असती (स्त्री.) [*न सती, न.त.*] वेश्या/पतिव्रता नभएकी स्त्री।
पांशुला बन्धुकी स्वैरिण्यसती पुंश्चलीत्वरी (हला.)।

असतीसुतः (पुं.) [*असत्याः सुतः, ष.त.*] व्यभिचारिणी स्त्रीको छोरो।

असत्पथः (पुं.) [*असतः पन्थाः, ष.त.*] १.असत्यको बाटो २.[*न सन् पन्थाः*] कुबाटो/कुमार्ग।

असत्यम् (नपुं.) [*न सत्यम्, न.त.*] भुटो/मिथ्या।

असत्यवादी (पुं.वि.) [*असत्यं वदति तच्छीलः, णिनिः*] भुटो बोल्ने।

नासत्यवादिनः सख्यं न पुण्यं न यशो भुवि।
दृश्यते नापि कल्याणं कालकूटमिवाश्नतः॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असदृशः (पुं.वि.) [*न सदृशः, न.त.*] १.समानता नभएको २.अनुपमेय।

असद्ग्रहः (पुं.) १.[*असति अप्राप्ये वस्तुनि ग्रह आग्रहः, स.त.*] बालहठ/नहुने कुराको जिद्दी। २.[*असतो ग्रहः*] सत्य कुरालाई छोडेर असत्य कुरा अँगाल्नु।

असनः (पुं.) [*अस्यति प्रक्षिपति, अशू क्षेपणे, बहुलमन्यत्रापि इति युच्, यद्वा नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] पहेँलो खालको साल/विजयसाल। **पीतसालस्तु प्रियकोऽसनः** (अभि.चि.)।

असनम् (नपुं.) (नपुं.) [*ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१*] फाल्ने काम। **असनं क्षेपणे क्लीबं पुंसि स्याज्जीवकद्रुमे** (रभस)।

असन्तुष्टः (पुं.वि.) [*न सन्तुष्टः, न.त.*] असन्तोष/चित्त नबुझ्ने। **असन्तुष्टा द्विजा नष्टाः** (सुभा.)।

असन्मैत्री (स्त्री.) [*असद्भिः सह मैत्री*] दुर्जनका साथको मित्रता। **असन्मैत्री हि दोषाय कूलच्छायेव सेविता** (सुभा.)।

असपिण्डः (पुं.वि.) [*सपिण्डाद् भिन्नः, न.त.*] सपिण्डभित्र नपर्ने/सातपुस्ताबाहिरको।

असभ्यः (पुं.वि.) [*न सभ्यः, न.त.*] सभ्यता नभएको।

असमः (पुं.वि.) [*न समः, न.त.*] १.समान नभएको/विषम २.(पुं.) [*नास्ति समस्तुल्यो यस्य सः, बहु.स.*] बुद्ध ३.एक अर्थालङ्कार।

असमञ्जसः (पुं.) सगरका जेठा छोरा। यी प्रजापीडक राजा थिए। तसर्थ सगरले यिनलाई नगरबाट बाहिर निकाले। यिनकी आमाको नाम केशिनी र छोराको नाम अंशुमान् थियो।

असमञ्जसम् (नपुं.) [*न समञ्जसम्, युक्तियुक्तम्, न.त.*] १.असङ्गत/अनुपयुक्त २.दुविधा।

असमयः (पुं.) [*न समयः, अपकृष्टः समयःन.त.*] अनुपयुक्त काल।

असमर्थः (पुं.वि.) [*न समर्थः, न.त.*] १.अयोग्य २.दुर्बल। **~पदम्** (नपुं.) [*अयोग्यञ्च तत्पदञ्च,कर्म.स.*] १.चाहेको अर्थ प्रकट गर्न नसक्ने पद २.समास हुन नसक्ने पद।

असमर्थता (स्त्री.) [*असमर्थस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] १.असामर्थ्य/अक्षमता २.काव्यमा प्रसिद्ध एक शब्ददोष। अर्थ भए पनि त्यो अर्थ बुझाउन नसक्ने पदको प्रयोग गर्दा पर्न जाने दोष। जस्तै– **कामना मूल मानिन्छ संसार मनभोगको**/ यहाँ मनभोग शब्दको अर्थ मानसिक भोग भन्ने पनि हुन्छ। तर यो अर्थ यहाँ मनभोग शब्दले दिन नसक्दा असमर्थता दोष परेको छ। यो नित्यदोष हो।

असमर्थसमासः (पुं.) [*असमर्थश्चसौ समासश्च, कर्म.स.*] व्याकरणमा अन्वयगत दोषबाट दूषित हुने समास। जस्तो– **अश्राद्धभोजी, असूर्यम्पश्या**। यहाँ नञ् समासको यथार्थ सम्बन्ध अघिल्लो शब्द श्राद्ध र सूर्यका साथ नभएर भोजी र पश्याको साथ भएकाले असमर्थ समास नामक दोष परेको छ।

असमस्तः (पुंवि.) [*न समस्तः, ष.त.*] समास नभएको।

असमानः (पुं.वि.) [*न समानः, न.त.*] बराबर नभएको/समान नभएको।

असमापिका (स्त्री.) [*न समाप्यतेऽर्थोऽनया, बहु.स.*] पूर्वकालिक क्रिया। संस्कृत भाषामा क्त्वा, ल्यप्, णमुल् आदिप्रत्ययान्त पदले असमापिका क्रियाको काम गर्दछन्। जस्तै– कृत्वा (गरेर) विधाय (गरेर) स्मृत्वा (सम्झेर) पठित्वा (पढेर) इत्यादि।

असमाप्तः (पुं.वि.) [*न समाप्तः न.त.*] समाप्त नभएको।

असमीक्ष्यकारी (पुं.वि.) [*असमीक्ष्याविचार्य कर्तुं शीलमस्य, सुपि– ३.२.७८ इति णिनिः*] विचार नगरी काम गर्ने।

असम्पूर्णः (पुं.वि.) [*न सम्पूर्णः, न.त.*] असमाप्त/अनिष्पन्न/अपूर्ण।

असम्पृक्तः (पुं.वि.) [*न सम्पृक्तः,न.त.*] कतैपट्टि पनि नलागेको/तटस्थ।

असम्प्रज्ञातः (पुं.वि.) [*न सम्प्रज्ञातः, न.त*] अधुरो रूपमा जानिने पूर्ण रूपमा नजानिने। **~योगः** (पुं.) आफैं सांसारिक पदार्थबाट मन हटेको अवस्थाको अभ्यास। यसमा चित्तको स्वरूपसंस्कार मात्र बाँकी रहन्छ। **~समाधिः** (पुं.) निर्विकल्प समाधि, बाहिरी विषयको मात्र होइन ज्ञाता ज्ञेय ज्ञान भावनाको पनि बोध नरहने समाधि।

असम्बद्धः (पुं.वि.) [*न सम्बद्धः, न.त.*] सम्बन्ध नभएको २.परस्पर नमिलेको ३.अनियमित।

असम्बन्धः (पुं.) [*न सम्बन्धः, न.त.*] सम्बन्धको अभाव।

असम्बन्धातिशयोक्तिः (स्त्री.) [*अविद्यमानः सम्बन्धो यस्याः सा, सा चासौ अतिशयोक्तिश्च, कर्म.स.*] हे अतिशयोक्ति।

असम्बाधः (पुं.वि.) [*न विद्यते सम्बाधो यत्र सः,बहु.स.*] हिंडडुलमा बाधा नभएको/भिडभाड नभएको।

असम्बाधा (स्त्री.) प्रत्येक पाउमा क्रमैले मगण, दुई गुरुवर्ण, नगण, नगण र मगणको प्रयोग भएको छन्द। यसमा पाँच र नौ अक्षरमा विश्राम हुन्छ। **मो गौ नौ मश्चेच्छरनवभिरसम्बाधा** (छन्दो.)।

असम्भवः (पुं.) [*न सम्भवः, न.त*] १.हुन नसक्नु/सम्भवको अभाव।
असम्भवगुणस्तुत्या जायते स्वात्मनस्त्रपा
कर्णिकारं सुगन्धीति वदन् को नोपहस्यते॥ (सुभा.)
२.विरोधमूलक एक अर्थालङ्कार। भामह, दण्डी, उद्भट आदि प्राचीन आचार्यहरूले यस अलङ्कारलाई छुट्टै अलङ्कारको रूपमा लिएका छैनन्। यसको प्रथम पटक चर्चा गर्ने जयदेव हुन्। कुनै कार्यको सिद्धि नहुने कुरा बताउँदा यो अलङ्कार पर्दछ।

असम्भाव्यः (पुं.वि.) [*न सम्भाव्यः, न.त.*] सम्भव नहुने। **असम्भाव्यं न वक्तव्यं प्रत्यक्षमेव दृश्यते** (सुभा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असम्भृतः (पुं.वि.) [*न सम्भृतः, न.त.*] अकृत्रिम/स्वाभाविक/नैसर्गिक। **असम्भृतं मण्डनमङ्गयष्टेः** (कु.सं. १.३१)।

असम्भोगः (पुं.) [*सम्भोगस्याभावः, न.त.*] १.अमैथुन। **असम्भोगो जरा स्त्रीणाम्** (सुभा.) २.उपभोगको अभाव/उपभोग नगर्नु।

असम्मतः १.(पुं.वि.) [*न सम्मतः, न.त.*] १.मत नमिलेको २.स्वीकार गर्न नसकेको २.(नपुं.) [*न सम्मतम्*] असम्मति/अस्वीकृति।

असम्मतिः (स्त्री.) [*न सम्मतिः, न.त.*] १.मत नमिल्नु. २.स्वीकार गर्न नसक्नु।

असम्मानः (पुं.) [*न सम्मानः, न.त.*] अनादर।

असम्मानम् (नपुं.) [*न सम्मानम्, न.त.*] मानहानि/अपमान/सम्मानको अभाव।

असम्माने तपोवृद्धिः सम्मानाच्च तपःक्षयः।
पूजया पुण्यहानिः स्यान्निन्दया सद्गतिर्भवेत्॥ (सुभा.)

असवः (पुं.बहु.) [*अस्यन्ति क्षिपन्ति शरीरमिति असु क्षेपणे इति धातोः, शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च (उ.) १० इत्युः*] प्राण/शरीरमा रहने वायु। **पुंसि भून्म्यसवः प्राणाः** (अमर.) **तेजस्विनः सुखमसूनपि सन्त्यजन्ति** (नी.श.)।

असहनः (पुं.) [*न सहनः, न.त.*] १.शत्रु। **दस्युः सपत्नोऽसहनो विपक्षो द्वेषी द्विषन् वैर्यहितो जिघांसुः।** (अभि.चि.) २.(पुं.वि.) नसहने।

असवर्णः (पुं.वि.) [*न विद्यते समानो वर्णोऽस्य, न. बहु.सः*] भिन्न वर्णको/एकै वर्ण नभएको।

असहमतिः (स्त्री.) [*न सहमतिः, न.त.*] सबैको एक मत वा विचार नहुनु/मत बाभ्नु।

असहयोगः (पुं.) [*सहयोगस्य अभावः, न.त.*] सहयोगको अभाव।

असहायः (पुं.वि.) [*न विद्यते सहायो यस्य सः, बहु.स.*] सहारा नभएको।

असहायः समर्थोऽपि तेजस्वी किं करिष्यति।
निर्वाते ज्वलितो दीपः स्वयमेवोपशाम्यति॥ (प.त.)

असहिष्णुः (पुं.वि.) [*न सहिष्णुः, न.त.*] सहन नसक्ने।

असह्यः (पुं.वि.) [*सोढुं शक्यः, शकिसहोश्च ३.१.९९ इति यत्, न सह्यः, न.त.*] सहन नसकिने। **असह्यं ज्ञातिदुर्वाक्यम्** (महानाटक)।

असाक्षात् (अव्य.) [*न साक्षात्, न.त.*] १.अप्रत्यक्ष २.अतुल्य।

असाधारणः (पुं.वि.) [*न साधारणः, न.त.*] १ विलक्षण २.अनौठै ३.अतुलनीय ४.अनौठो ५.न्यायशास्त्रमा सपक्ष र विपक्ष दुवैमा नरहने हेतु। **यस्तूभयस्माद् व्यावृत्तः स त्वसाधारणो मतः।** ६.अनैकान्तिक हेत्वाभासको एक भेद।

असाधुः (पुं.वि.) [*न साधुः, न.त.*] नकमसल/नराम्रो/बेठिक।

बिभेति साधुकर्मभ्यो न दुष्येऽसाधुकर्मणः।
सिताशनाद् खरो भीतो न तु दूषितभक्षणात्॥ (सुभा.)

असाध्यः (पुं.वि.) [*न साध्यः, न.त.*] उपाय नलाग्ने। **असाध्य साधयत्यर्थं हेलयाभिमुखो विधिः** (सुभा.)।

असाध्वी (स्त्री.) [*न साध्वी, न.त.*] अप्रतिव्रता/व्यभिचारिणी/असती/पुंश्चली।

असान्द्रः (पुं.वि. [*न सान्द्रः, न.त.*] विरल/पातलो।

असामयिकः (पुं.वि.) [*समये भवः, सामयिकः, कलाप्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः, न सामयिकः न.त.*] असमयको/बेमौकाको।

असामर्थ्यम् (नपुं.) [*न सामर्थ्यम्, न.त.*] १.बुता नहुनु २.कमजोरी।

असामान्यः (पुं.वि.) [*न सामान्यः, न.त.*] असाधारण/विलक्षण।

असाम्प्रतम् (अव्य.) [*न साम्प्रतम्, न.त.*] १.अनुपयुक्त २.अनुचित।

असारः (पुं.) [*न विद्यते सारो यस्य सः, बहु.स.*] अँडिर।

असारः (पुं.वि.) १.सार नभएको/निसार। **असारेऽस्मिन्भवे तावद् भवाः पर्यन्तनीरसाः।** (सुभा.) २.कमजोर/बल नभएको ३.नीरस ४.गरिब ५.चुरो नभएको।

असारम् (नपुं.) [*नास्ति सारो यस्य तत्, बहु.स.*] अगरु।

असावधानः (पुं.वि.) [*न सावधानः, न.त.*] होसियार नभएको।

असावधानम् (नपुं.) [*न सावधानम्, न.त.*] होसियार नहुनु।

असिः (पुं.) [*अस्यते क्षिप्यते हन्यतेऽनेन, असु क्षेपणे इति धातोः, खनिकष्य (.उ) ५८९ इति इः, यद्वा असति दीप्यते, अस दीप्तौ इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] १.तरबार २.(स्त्री.) [*अस्यति पापानि दूरीकरोति*] काशीको दक्षिणतिरबाट आएको एक नदी। असि र वरणाको संगमस्थल भएको हुंदा काशीलाई वाराणसी भनिएको हो। **असिः खड्गे नदीभिदि।**

असिकम् (नपुं.) [*असति दीप्यते यत्, असधातोः इकन्*] चिउँडा र ओठका बिचको भाग। **असिकन्त्वधः** (अभि.चि.)।

असिक्नी (स्त्री.) [*सिनोतीति, षिञ् बन्धने इति धातोः, अञ्जि घृसिभ्यःक्तः (उ.) ३.८९इति क्तः, यद्वा— सीयते स्म, क्तः ३.२.१०२ द्यतिस्यतिमास्थामित्तिकिति ७.४.४० इतीत्वम्, सिता शुक्लकेशा, तद्भिन्ना, छन्दसि क्नमेके (वा.) ४.१.३९ इति क्नः, नान्तत्वान्ङीप् ४.१.५*] १.अधवैंसे २.दरबारमा चाकरी गरेर बस्ने सुसारे ३.दक्षकी पत्नी/वीरणपुत्री ४.पन्जाबको चन्द्रभागा (चिनाव) नदी।

असितः (पुं.वि.) [*सिताद् विरुद्धः*] सेतो वर्णको विपरीत वर्ण/कालो वर्ण।

असितः (पुं.) १.[*न सितः शुक्लः*] एक सिद्ध महात्मा। यिनी भीष्म शरशय्यामा सुतेका अवस्थामा भीष्मसित भेट गर्न आएका थिए। युधिष्ठिरको यज्ञमा यिनलाई निम्तो थियो। स्यमन्तपञ्चकमा श्रीकृष्णसित यिनको भेट भएको थियो। द्वारका छोडेर पिण्डारक जाने ऋषिहरूमा यिनी पनि एक थिए। श्रीकृष्णको कुरुक्षेत्रको यज्ञमा यिनी पुरोहित बनेका थिए। सरस्वती नदीको तीरमा यिनको आश्रम थियो। २.एक गोत्रप्रवर्तक ऋषि। मन्त्रद्रष्टा ब्रह्मवादी ऋषि ३.पर्वतविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ असित ऋषिको आश्रम थियो। ४.शनिग्रह ५.कृष्णपक्ष ६.सूर्यवंशी राजा ध्रुवसन्धिका छोरा ७.भरतपुत्र। (रामा.) ८.कालो सर्प ९.दुष्ट १०.नीर।

असितफलः (पुं.) [*असितं फलं यस्य सः, बहु.स.*] १.नरिवलको वृक्षविशेष २.जामुनुको रुख।

असितफलम् (नपुं.) [*असितञ्च तत्फलञ्च, कर्म.स.*] १.कालो फल २.नरिवलको फल ३.जामुनाको फल।

असिता (स्त्री.) [*न सीता, न. त.*] १.श्याम वा कालो वर्णकी आइमाई २.एक अप्सरा। **असिता च सुबाहुश्च सुवृत्ता सुमुखी तथा** (ह.वं.) ३.अन्तःपुरमा काम गर्ने युवति ४.यमुना।

असितोत्पलम् (नपुं.) [*असितञ्च तदुत्पलञ्च, कर्म.स.*] नील कमल।

असिदंष्ट्रः (पुं.) [*असिरिव दंष्ट्रा यस्य सः, बहु.स.*] जलजन्तुविशेष।

असिद्धः (पुं.वि.) [*न सिद्धः, न.त.*] १.सिद्ध नभएको २.नपाकेको ३.न्यायमतमा एक दुष्ट हेतु। **असिद्धार्था निवर्तन्ते नहि धीराः कृतोद्यमाः** (सुभा.)।

असिद्धिः (स्त्री.) १.[*न सिद्धिः, न.त.*] सिद्ध नहुने क्रिया। **असिद्धेस्तु हता विद्या** (सुभा.) २.न्यायशास्त्रमा वर्णित दुष्ट हेतु। यो तीन किसिमको हुन्छ– पक्षासिद्धि, स्वरूपासिद्धि र व्याप्यत्वासिद्धि। (भा.प.) ३.(पुं.वि.) [*न विद्यते सिद्धिर्यस्य सः, बहु.स.*] सिद्धि नभएको।

असिधारा (स्त्री.) [*असेः धारा, ष.त.*] तरबारको धार।

असिधाराव्रतम् (नपुं.) [*असिधारायां स्थितिरेव पक्षे स्थितिरिव व्रतम्, म.प.स.*] १.तरबारको धारमा उभिनु २.ज्यादै कठिन काम। **सतां केनोद्दिष्टं विषममसिधाराव्रतमिदम्।** (भर्तृहरि) ३.तरुणी पत्नीका साथ सुतेर मैथुन गर्ने इच्छा हुँदाहुँदै पनि मैथुन नगर्नु।

यत्रैकशयनस्थापि प्रमदा नोपभुज्यते।
असिधारा व्रतं नाम वदन्ति मुनिपुङ्गवाः॥ (प.त.)

असिधावकः (पुं.) [*असिं धावति, धावु गतिशुद्ध्योः इति धातोः, अण् ३.२.१, स्वार्थे कन् (ज्ञापि.) ५.४.५, क्वुन् (उ.) २.३२ वा*] हतियार साँध लगाउने र सफा गर्ने व्यक्ति।

असिधेनुका (स्त्री.) [*असेर्धेनुरिव*] छुरी।

असिपत्रः (पुं.) [*असय इव पत्राणि यस्य सः, बहु.स.*] १.हात्तीबार नामक वृक्ष २.तरबारको धारजस्ता पात भएको वृक्ष वा त्यस्ता रुख भएको वन ३.नरकविशेष। पौराणिक कथनअनुसार यसको लम्बाइ र चौडाइ एक एक योजन छ। पाखण्डीहरूले मरेपछि यसै नरकमा दण्ड/सजाय भोग्नुपर्ने हुन्छ। यस वनमा तरबारका धारजस्ता पातहरूले तिनीहरूको शरीरलाई छियाछिया पारेर काट्छन्।

असिपुत्री (स्त्री.) [*असेः पुत्रीव, ष.त.*] छुरी। **स्याच्छस्त्री चासिपुत्री च छुरिका चासिधेनुका** (अमर.)।

असिहेतिकः (पुं.) [*असिर्हेतिर्यस्य सः, बहु.स.*] १.तरबार लिने व्यक्ति २.योद्धा।

असीमः (पुं.वि.) [*न विद्यते सीमा यस्य सः, बहु.स.*] १.अपार २.सीमा नभएको।

असीमितः (पुं.वि.) [*न सीमितः, न.त.*] असीम/धेरै।

असु (धा.) [*क्षेपणे, दिवा. सक.सेट्, पर.*]– फ्याँक्नु। लट्– **अस्यति**– फ्याँक्छ। **निरस्यति**– हटाउँछ। **समस्यति**– संक्षेप गर्छ, समाधान गर्छ। **व्यस्यति**–भाग लगाउँछ, विस्तार गर्छ। लिट्– **आस**– फ्याँकेछ (अन.)। लुट्– **असिता**– फ्याँक्ने छ (अन.)। लृट्– **असिष्यति**– फ्याँक्ने छ। लोट्– **अस्यतु**– फ्याँकोस्। लङ्–**आस्यत्**– फ्याँक्यो (अन.) विधिलिङ्– **अस्येत्**– फ्याँक्ला, फ्याँकोस्। आशीर्लिङ्– **अस्यात्**– फ्याँकोस्। लुङ्–**आस्थत्**– [*अस्यतेस्थुक्*] फ्याँक्यो। लृङ्– **आसिष्यत्**– फ्याँक्ने थियो। कर्मणि– **अस्यते**– फ्याकिन्छ। सनि– **असिसिषति**– फ्याँक्न चाहन्छ। अजादितया न यङ्लुकौ। कृदन्ते– **आसकः, आसिका, असिता, असित्री**– फ्याँक्ने। **अस्यन्**– फ्याँकिरहेको। **असितव्यम्, असनीयम्**– हटाउनु पर्ने। **असितुम्**– हटाउन। **असित्वा, अस्त्वा, निरस्य**– हटाएर। **समस्या** [*बाहुलकात् संज्ञायां क्यप्*]– समाधान गर्नुपर्ने विषय। **निरासः, निरसनम्**– हटाउने वा खण्डन गर्ने काम। **निरस्तः**– हटाइएको, खण्डन गरिएको। **प्रासः**– १.चाट्ने वा स्वाद लिने काम, २.चाट्ने वा स्वाद लिने विषय। **असुरः**– राक्षस। **असिः**– तरबार।

असुः (पुं.) [*अस्यति क्षिपति शरीरमिति, अस्यते वा, असु क्षेपणे, इति धातोः, शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यः (उ.) १० इति उः, अस्य प्रयोगः प्रायेण बहुवचन एव*] प्राण। **यन्मे ऽसूंस्त्यजतः साक्षात् कृष्णो दर्शनमागतः**। (भाग. १.९.२२)

असुखम् (नपुं.) [*न सुखम्, न.त.*] दुःख।

असुधारणम् (नपुं.) [*असूनां धारणम्, ष.त.*] प्राण धारण गर्ने काम।

असुन्दरव्यङ्ग्यम् (पुं.) [*न सुन्दरं व्यङ्ग्यं यत्र तत् बहु.स.*] गुणीभूतव्यङ्ग्यको एक भेद। यसमा व्यङ्ग्यार्थभन्दा वाच्यार्थ चमत्कारजनक हुन्छ, व्यङ्ग्यार्थ गौण हुन्छ।

असुभृत् (पुं.वि.) [*असून् बिभर्ति, क्विप् च ३.२.७६ इति क्विप्, सर्वापहारिलोपः, तुक्*] प्राणधारी जीव।

असुमान् (पुं.) [*असवः सन्त्यस्य, मतुब्*] १.जीव। **जीवः स्यादसुमान् सत्वं देहभृज्जन्युजन्तवः**। (अभि.चि.) २.जिउँदो प्राणी।

असुरः (पुं.) [*अस्यति क्षिपति जलं धर्मम्, शुभगुणं वा, असु क्षेपणे इति धातोः, असेरुरन् (उ.) ४५ इति सूत्रेण उरन्*] १.मेघ २.राक्षस/दानव ३.राहु ४.[*असति दीप्यते इति*] १.सूर्य २.आराध्यदेवमध्ये एक। गृहनिर्माण गर्दा घरको बाहिरी भागमा यिनको पूजा हुन्छ। यिनलाई सुराको भोग लाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असुरक्षा (स्त्री.) [*असूनां प्राणानां रक्षा,ष.त.*] प्राणको रक्षा २.[*न सुरक्षा, न.त.*] सुरक्षा नहुनु ।

असुरगणः (पुं.) [*असुराणां गणः, ष.त.*] असुरहरूको वर्ग । यिनको जन्म प्रजापतिको जाँघबाट भएको हो । (वा.पु.९.४–५) यिनीहरू यज्ञका विरोधी हुन् । यिनको वासस्थान पृथ्वीको तल्लो भाग मानिएको छ । दश युगसम्म तीनै लोकमा यिनीहरूको शासन चल्यो । १२ पटकसम्म लडे पछि एक युद्धमा शुक्रको श्रापले गर्दा यिनीहरू देवताको अधीन बन्न पुगे । यिनीहरू बर्हिषद पितृको पूजा गर्छन् । वामन अवतारपछि यिनीहरूको पत्ता साफ भयो । देवताद्वारा मारिएका सबै असुर पृथ्वीमा जन्मिए । मानिसको रूप लिएर पृथ्वीमा उपद्रो मच्चाउने, आचारविचार नभएका र भक्ष्याभक्ष्यको विवेक नगरी जे पनि खाने यिनै असुर हुन् । (ब्रह्मा.पु. ३.७१.२७१) ।

असुराः (पुं.बहु.) [*अस्यन्ति क्षिपन्ति देवान् असुराः, असु क्षेपणे इति धातोः, असेरुरन् (उ.) १.४२ इत्युरन्*] १.राक्षस २.रातमा हिँड्ने । **असुरः सूर्यदैत्ययोः । असुरा रजनीवास्योः** (विश्व.) ।

असुहृत् (पुं.) [*न सुहृत्, न.त.*] शत्रु (हला.) ।

असूयकः (पुं.वि.) [*असूयति, निन्दहिंसक्लिश– ३.२.१४६ इति वुञ्, युवोरनाकौ ७.१.१ इति अकः*] ईर्ष्या गर्ने । गुणलाई पनि दोष देखाउने प्रवृत्ति भएको ।

असूर्क्षणम् (नपुं.) [*सूर्क्ष आदरे इति धातोः, ल्युट् ३.३.११५ नञ्समासः*] तिरस्कार ।

असूया (स्त्री.) [*असूयति असूयनम्, असूञ् असूयायाम्, कण्ड्वादित्वाद्यक् ३.१.२७, अ प्रत्ययात् ३.३.१०२ इत्यः, टाप्*] १.ईर्ष्या २.साहित्यमा प्रसिद्ध तेत्तिस व्यभिचारी भावमध्येको एक भाव । अरूको विद्या, सम्पत्ति आदिको वैभव देखेर हुने असहिष्णुता । **असूया त्वभ्यसूया च** (शब्दा.) ३.मृत्युका व्याधि, जरा, शोक आदि पाँच सन्तानमध्ये एक ।

असृक् (नपुं.) [*न सृजति सृज विसर्गे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, क्विन्प्रत्ययस्य कुः ८.२.६२ इति कुत्वम्, यद्वा ऋत्विग्दधृक्स्रक्– ३.२.५९ इति क्विन्*] १.रगत २.कुङ्कुम ३.(पुं.) विष्कुम्भ आदि योगमध्येको सोह्रौं योग । **असृक् स्याद् योगभेदे ना रक्ते तु स्यान्नपुंसकम्** (वाङ्म.) ४.(पुं.) मङ्गल ग्रह ।

असृक्करः (पुं.) [*असृक् शोणितं करोति तच्छीलः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] खाएको अन्नको रस ।

असृग्धरा (स्त्री.) [*असृजो रक्तस्य धरा, ष.त.*] १.छाला २.नसा ।

असेचनकम् (नपुं.) [*न सिच्यते मनोऽत्र, षिच क्षरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.१७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, संज्ञायां कन् ५.३.७५*] हेर्दा नअघाइने खालको/अत्यन्त राम्रो । **नयनयुगासेचनकं मानसवृत्यापि दुष्प्रापम्** (सा.द.) ।

असौम्यः (पुं.वि.) १.[*न सौम्यः, न.त.*] अभद्र/शिष्ट व्यवहार नभएको २.रुखो ।

असौम्यम् (नपुं.) [*न सौम्यम्, न.त.*] १.रुखोपना २.अभद्रता ३.कठोरता ।

असौम्यस्वरः (पुं.) १.[*असौम्यश्चासौ स्वरश्च, कर्म.स.*] रुखो स्वर २.(पुं.विं) [*असौम्यो रूक्षः स्वरो यस्य सः, बहु. स.*] रुखो वा नमिठो स्वर भएको ।

असौष्टवम् (नपुं.) [*न सौष्टवम्, न.त.*] अशोभनीय ।

अस्खलितः (पुं.वि.) [*न स्खलितः, न.त.*] नचुकेको ।

अस्तः (पुं.वि.) [*अस्यते स्म, असु क्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.फ्याँकेको २.अस्ताएको ३.(पुं.) [*अस्यन्ते सूर्यकिरणा यस्मिन् सः, क्तोऽधिकरणे च ध्रौव्यगतिप्रत्यवसानार्थेभ्यः ३.४.७६ इति क्तः*] सूर्य अस्ताउने क्षितिज/अस्ताचल । **अस्तः पश्चिमभूधरे** (विश्व.) ।

अस्तङ्गतः (पुं.वि.) [*अस्तं गतः, द्वि.त.*] अस्ताएको ।

अस्तङ्गत्य (अव्य.) [*अस्तं गत्वा, अस्तञ्च १.४.६८ इति गतिसमासः, ततः क्त्वास्थाने ल्यप्*] अस्ताएर ।

अस्तम् (नपुं.) [*अस्धातोः तम्प्रत्ययः*] १.ग्रह, तारा आदिको अस्ताउने काम २.अवसान ३.मृत्यु । **अस्तं क्षिप्ते गते प्रोक्तम्** (विश्व.) ।

अस्तम् (अव्य.) अदर्शन/नदेखिनु ।

अस्तमनम् (नपुं.) [*अस्तस्य अनम् गतिः, पृषोदरादितया साधुः*] अस्ताउनु ।

अस्तमयः (पुं.वि.) [*अस्तम् एति, अच्, गुणायादेशौ*]अस्ताउन लागेको । **करोत्यकालास्तमयं विवस्वतः** (किरा.५.३५) ।

अस्ताचलः (पुं.) [*अस्यन्ते किरणा यस्मिन् सः, स चासौ अचलश्च, कर्म.स.*] घाम डुब्ने डाँडो/घाम अस्ताउने क्षितिज ।

अस्ताद्रिः (पुं.) [*अस्यन्ते किरणा यस्मिन् सः, स चासौ अद्रिश्च, कर्म.स.*] अस्ताचल ।

अस्ति (अव्य.) [*असनम्, अस दीप्तौ इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.सत्ता २.तिङन्त प्रतिरूपक शब्द । **अस्त्याह कालसामान्ये तिङन्तप्रतिरूपकम्** । (त्रिकाण्ड.) ।

अस्तित्वम् (नपुं.) [*अस्तेर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] हुनाको भाव/सत्ता ।

अस्तिमान् (पुं.वि.) [*अस्ति विद्यमानं (धनं) विद्यते यस्य सः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] धनी । **धनवानस्तिमान्मतः** (हला.) ।

अस्तु (अव्य.) [*असति, अस्यति वा, तुन्*] १.रिस, पीडा आदि जनाउन हुन्छ भन्दा प्रयोग गर्ने शब्द । २.पीडा ।

अस्तु नाम विधुरेण वेधसा साधुरप्यलमुपाधिभिर्ध्रुवम् ।
बाध्यते किमधिकैरथाधिभिर्दैवमेव शरणं विधीयताम् ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.निषेध। **अस्तु सामप्रयोगेण**। ४.ईर्ष्या। **अस्तु ज्ञास्यति कालेन स्वल्पेनैव न भूयसा**। ५.आज्ञा/स्वीकृति।

अस्तेयम् (नपुं.) [*न स्तेयम्, न.त.*] नचोर्नु।

अस्त्रभृत् (पुं.वि.) [*अस्त्रं बिभर्तीति, डुभृञ् धारणपोषणयोः, इति धातोः क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] अस्त्रधारी।

अस्त्रम् (नपुं.) [*अस्यते प्रहाराय क्षिप्यतेऽसौ, असु क्षेपणे इति धातोः, सर्वधातुभ्यः ष्ट्रन् (उ.) ६०८ इति ष्ट्रन्*] १.धनुर्वेदका चार अङ्गमध्ये यन्त्र, मन्त्र वा अग्नि आदिबाट टाढा फ्याँकेर वा हानेर प्रयोग गरिने काँड, गोला, बम आदि हतियार। २.डाक्टर वैद्यको चिरफार गर्ने हतियार ३.शत्रुले हानेको अस्त्र वा शस्त्रको चोट छेक्ने, अस्त्रलाई निष्फल पार्ने अस्त्र। केही प्राचीन अस्त्रहरू– वाल्मीकि रामायणअनुसार– दण्डचक्र, धर्मचक्र, कालचक्र, विष्णुचक्र, ऐन्द्रचक्र, बज्रास्त्र, शैवशूलवत्, ब्रह्मशिर, ऐषीक, ब्रह्मास्त्र, कौमोदकी गदा, शिखरी गदा, धर्मपाश, कालपाश, वरुणपाश, शुष्कवज्र, आर्द्रवज्र, पिनाकास्त्र, नारायणास्त्र, आग्नेयास्त्र, वायव्यास्त्र, हयशिरोऽस्त्र, क्रौञ्चास्त्र, शक्त्यस्त्र, कङ्काल, मुसल, प्रस्वापन, कन्दर्प, सौरास्त्र, वैद्याधरास्त्र, नन्दनखड्ग, गान्धर्वास्त्र, मोहनास्त्र प्रशमनास्त्र, वर्षणास्त्र, सौम्यास्त्र, शोषणास्त्र, संतापनास्त्र, विलापनास्त्र, मादनास्त्र, मानवास्त्र, पिशाचास्त्र, तामसास्त्र, सौमनास्त्र, संवर्तास्त्र, मौसलास्त्र, सत्यास्त्र, तेजःप्रभास्त्र, सोमास्त्र, त्वाष्ट्रास्त्र, भगास्त्र, मानद, कपाल र किङ्किणी। यस्तै अरू अस्त्रहरू– सत्यवन्त, सत्यकीर्ति, धृष्ट, रभस, प्रतीहारतारा, पराङ्मुख, अवाङ्मुख, लक्ष्य, अलक्ष्य, दृढनाभ, सुनाभक, दशाक्ष, शतवक्त्र, शतशीर्ष, शतोदर, पद्मनाभ, महानाभ, दुन्दुनाभ, स्वनाभक, ज्योतिष, शकुन, नैराश्य, विमल, योगन्धर, विनिद्र, दैत्यप्रमथन, शुचिबाहु, महाबाहु, निष्कलि, धृतिमाली, वृत्तिमान्, रुचिर, पित्र्य, सौमनस, मकर, परवीर, रति, धनधान्य, कामरूप, कामरुचि आदि १०७ बताइएका छन्। (रामा.बालकाण्ड २८.२-१५ श्लोक)

अस्त्रकण्टकः (पुं.) [*अस्त्रं कण्टक इव*] बाण।

अस्त्रकारकः (पुं.वि.) [*अस्त्राणां कारकः,ष.त.*] हतियार निर्माता।

अस्त्रचिकित्सकः (पुं.) [*अस्त्रेण चिकित्सकः,तृ.त.*] हतियार चलाएर उपचार गर्ने वैद्य।

अस्त्रलाघवम् (नपुं.) [*अस्त्राणां लाघवम्, ष.त.*] अस्त्र चलाउने कुशलता।

अस्त्रविद्या (स्त्री.) [*अस्त्रस्य विद्या,ष.त.*] अस्त्र सञ्चालनसम्बन्धी शास्त्र /आयुधविज्ञान।

अस्त्रशस्त्रम् (नपुं.) [*अस्त्राणां शस्त्राणाञ्च समाहारः, द्व.स.*] हातहतियार।

अस्त्रागारम् (नपुं.) [*अस्त्राणामागारम्, ष.त.*] हतियार राख्ने ठाउँ।

अस्त्री (पुं.) [*अस्त्रमस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.अस्त्र धारण गर्ने व्यक्ति। **अस्त्रं प्रहरणे चापे** (विश्व.) २.[*न स्त्री, न.त.*] स्त्रीजातिभिन्न ३.स्त्रलिङ्गभिन्न।

अस्थानम् (नपुं) [*न स्थानम्, न.त.*] अनुपयुक्त स्थल। **अस्थाने पतिता सतीव महतामेतादृशी स्याद् गतिः** (सुभा.)।

अस्थानस्थपदता (स्त्री.) [*अस्थाने पदं यस्य, तस्य भावः तत्ता, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अनुपयुक्त ठाउँमा पदको प्रयोग गर्दा पर्न जाने दोष। **अनुपयुक्तस्थाने वाचकपद प्रयोगवत्त्वमस्थानस्थपदत्वम्**। (सा.द.टी.) जस्तै– **हितान्न यः संशृणुते स किं प्रभुः**। (किरा.) यसमा **न** को प्रयोग **संशृणुते** का साथ हुनुपर्ने थियो। अथवा **भ्रमरको रसमा अतिलोभिने, कमलको दल भो सब भुम्मिने**। यसमा कमलको रसमा अतिलोभिने भ्रमरको दल हुनु पर्नेमा भ्रमरको रसमा लोभिने कमलको दल भएको हुँदा अस्थानस्थपदता दोष परेको छ।

अस्थानस्थसमासता (स्त्री.) [*अस्थाने समासो यस्य तस्य भावः, तत्ता, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] बेठाउँमा समास गर्दा पर्न जाने दोष। **द्विषां सम्पदमाच्छिद्य यः शत्रून् समपूरयत्**। वीरताको व्यञ्जक यस वाक्यमा दीर्घ समास भएका पदावलीको प्रयोग गर्नुपर्नेमा त्यसो नभएकाले दोष परेको छ।

अस्थाने (अव्य.) १.असमयमा २.विना प्रसङ्ग ३.कुठाउँमा ४.नहुने काममा ५.अपात्रमा।

अस्थायिपदम् (नपुं.) [*अस्थायि च तद् पदञ्च, कर्म.स.*] यति म्यादसम्म मात्र रहने भनी तोकिएको पद।

अस्थायी (पुं.वि.) [*न स्थायी, न.त.*] थोरै दिनको/टिकाउ नभएको।

अस्थिरः (पुं .वि.) [न स्थिरः,न.त.] १.स्थिर नभएको २.चञ्चल स्वभावको ३.क्षणिक।

अस्थि (नपुं.) [*अस्यते प्रक्षिप्यते इति, असु क्षेपणे इति धातोः, असिसञ्जिभ्यां क्थिन् (उ.) ४४२ इति क्थिन्*] हाड। **~कुण्डः** (पुं.) [*अस्थीनि कुण्डे यत्र सः, बहु. स.*] हाडैहाड भएको नरककुण्ड। **~धन्वा** (पुं.) [*अस्थि धनुर्यस्य सः, बहु.स.*] शिव। **~पञ्जरः** (पुं.) [*अस्थिनां पञ्जर इव, ष.त.*] हाड र छाला/कङ्काल। **~भुक्** (पुं.) [*अस्थि भुङ्क्ते, क्विप् च ३.२.७६ इति क्विप्*] १.कुकुर २.पक्षीविशेष। **~माली** (पुं.) [*अस्थिमाला अस्त्यस्य, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] शिव। **~विग्रहः** (पुं.) [*अस्थिमयो विग्रहो यस्य सः, बहु.स.*] भृङ्गी/शिवको एक गण। **~सञ्चयः** (पुं.) [*अस्थिनां सञ्चयः,ष.त.*] शवदाहपछि अवशिष्ट हड्डीहरूको सङ्कलन कार्य। **~सम्भवः** (पुं.) [*अस्थिनः सम्भवो यस्य सः, बहु.स.*] बोसो। **~स्नेहः** (पुं.) [*अस्थिनां स्नेहः,त.स.*] बोसो।

अस्थिघर्षः (पुं.) [*अस्थिनां घर्षः,घर्षणं यत्र.*] हाड खिइने रोग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्थिप्रक्षेपः (पुं.) [*अस्थिनः प्रक्षेपः, ष.त.*] मृतकको दाहपछि अवशेषको रूपमा रहेको अस्थिलाई गङ्गा वा अन्य पवित्र नदीमा हाल्ने काम। **अस्थिप्रक्षेपणं कार्यं गङ्गायां दशभिर्दिनैः** (ग.पु. प्रेतकल्प)।

अस्थिभङ्गः (पुं.) [*अस्थिनां मध्ये एकस्य, द्वयोर्बहूनां वा भङ्गः, ष.त.*] हाड टुट्ने वा भाँच्चिने काम।

अस्थिमाली (पुं.) [*अस्थिमाला अस्ति अस्य, इनिः*] शिव।

अस्थिरः (पुं.वि.) [*न स्थिरः, न.त.*] स्थिर नभएको/चञ्चल।

अस्थिरं जीवितं लोके चास्थिरे धनयौवने।
अस्थिराः पुत्रदाराश्च धर्मकीर्तिद्वयं स्थिरम्॥ (सुभा.)

अस्थिरता (स्त्री.) [*अस्थिरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] चञ्चलता/स्थिर नहुनु।

अस्थिरमुद्रा (स्त्री.) [*अस्थिरा चासौ मुद्रा, कर्म.स.*] अन्तर्राष्ट्रिय बजारमा क्रयशक्तिको स्थिरता नभएको कुनै मुलुकको मुद्रा।

अस्थैर्यम् (नपुं.) [*न स्थैर्यम्, न.त.*] अस्थिरता।

अस्निग्धः (पुं.वि.) [*न स्निग्धः, न.त.*] १.कठोर २.चिल्लो नभएको ३.प्रेम नभएको।

अस्पष्टः (पुं.वि.) [*न स्पष्टः, न.त.*] १.स्पष्ट नभएको २.अव्यक्त।

अस्पृहा (स्त्री.) १.[*न स्पृहा, न.त.*] अनिच्छा २.[*नास्ति स्पृहा यस्याः सा, बहु.स.*] इच्छा नराख्ने।

यथोत्पन्नेन सन्तोषः कर्तव्योऽप्यल्पवस्तुना।
परस्याचिन्तयित्वार्थं साऽस्पृहा परिकीर्तिता॥ (सुभा.)

अस्पृहः (पुं.) [*अविद्यमाना स्पृहा यस्य सः,बहु.स.*] कुनै कुरामा पनि रुचि नराख्ने।

अस्फुटः (पुं.वि.) [*न स्फुटः न.त.*] अस्पष्ट, अव्यक्त।

अस्फुटव्यङ्ग्यः (पुं.) [*अस्फुटं व्यङ्ग्यं यत्र सः, बहु.स.*] गुणीभूत व्यङ्ग्यको एक भेद। यसमा व्यङ्ग्यार्थको बोध सजिलोसित हुँदैन।

अस्मद् (त्रि.) [*अस्यति प्रक्षिपति अन्यम्, असु क्षेपणे, इति धातोः, युष्यसिभ्यां मदिक् (उ.) १४४ इति सूत्रेण मदिक्*] आत्मवाची सर्वनाम। यसका रूपहरू– **अहम्**– म। **आवाम्**– हामी दुई। **वयम्**– हामीहरू। **माम् (मा)**– मलाई। **आवाम्-(नौ)** हामी दुईलाई। **अस्मान् (नः)**– हामीहरूलाई। **मया**– मैले, मद्वारा। **आवाभ्याम्**– हामी दुईले, हामी दुईद्वारा। **अस्माभिः**– हामीहरूले, हामीहरूबाट। **मह्यम्-(मे)** मलाई, मेरा लागि। **आवाभ्याम्-(नौ)** हामी दुईलाई, हामी दुईका लागि। **अस्मभ्यम् (नः)**– हामीहरूलाई, हमीहरूका लागि। **मत्**– मदेखि, मबाट। **आवाभ्याम्**– हामी दुईदेखि, हामी दुईबाट, **अस्मत्**– हामीहरूदेखि, हामीहरूबाट। **मम-(मे)**– मेरो। **आवयोः (नौ)**– हामी दुईको। **अस्माकम्-(नः)** हाम्रो, हामीहरूको। **मयि**– ममा, ममाथि। **आवयोः**– हामी दुईमा, हामी दुईमाथि। **अस्मासु**– हामीहरूमा, हामीहरूमाथि। द्वितीया, चतुर्थी र षष्ठीको एकवचन, दुईवचन र बहुवचनमा हुने वैकल्पिक रूपहरू कोष्ठभित्र दिइएका छन्। जस्तै–

श्रीशस्त्वाऽवतु माऽपीह दत्तात्ते मेऽपि शर्म सः।
स्वामी ते मेऽपि स हरिः पातु वामपि नौ विभुः।
सुखं वां नौ ददात्वीशः पतिर्वामपि नौ हरिः।
सोऽव्याद् वो नो शिवं वो नो दद्यात् सेव्योऽत्र वः स नः॥

(सि.कौ.) श्लोक तथा वाक्यको आदि, च, वा, हा, ह, एव, अदर्शनार्थक दृश् धातुका अर्थको बोधक धातुको प्रयोग भएका स्थलमा कोष्ठमा दिइएका रूपहरूको प्रयोग गर्नु हुँदैन। (हे. **सिद्धान्तकौमुदी, हलन्तपुंलिङ्ग**)।

अस्यमानः (पुं.वि.) *अस्यत इति अस्धातोर्लटि शानच्प्रत्ययः,दिवादौ श्यन्*] फ्याँकिँदै गरेको।

अस्मदीयः (पुं.वि.) [*आवयोरस्माकं वा अयम्, युष्मदस्मदोरन्यतरस्यां खञ्च ४.३.१ इति चाच्छः, छस्येयः*] १.हामी दुइको २.हामीहरूको। **यदस्मदीयं न हि तत्परेषाम्** (प.त.)।

अस्मिता (स्त्री.) [*अस्मि, इति प्रतिरूपमव्यपदम्, ततः तल्,टाप्*] १.अहम्भाव/अहङ्कार। अविद्या आदि पाँच क्लेशमध्ये एक २.अस्तित्व ३.आफ्नोपन।

अस्मृतिः (स्त्री.) [*न स्मृतिः,न.त.*] विस्मृति/सम्झना वा हेक्का नरहनु

अस्रः (पुं.) [*असधातोः रक्*] १.कोण २.केश (अमर.)।

अस्रपः (पुं.) [*अस्रं रक्तं पिबति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] १.राक्षस २.उडुस, जुका आदि रगत पिउने जन्तु।

अस्रपा (स्त्री.) [*अस्रं रक्तं पिबति, पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः टाप् ४.१.४*] १.जुको २.डाकिनी ३.राक्षसी। **अस्रपा तु जलौकायां डाकिन्यां राक्षसे तु ना** (विश्व.)।

अस्रम् (नपुं.) [*अस्यते क्षिप्यते, असु क्षेपणे, इति धातोः, स्फायितञ्चि (उ.) १७८ इति बाहुलकाद् रः*] १.रगत २.आँसु ३.(पुं.) कपाल/केश ४.कोण। **अस्रः कोणे कचे पुंसि क्लीबमश्रुणि शोणिते** (मेदिनी.)।

अस्रु (नपुं.) [*अस्यते क्षिप्यते असु क्षेपणे इति धातोः अश्र्वादयश्च (उ.)५.२९ इति पक्षे रुक्*] आँसु।

अस्रुधारा (स्त्री.) [*अस्रूणां धारा, ष.त.*] आँसुको धारा।

अस्वच्छः (पुं.वि.) [*न स्वच्छः, न.त.*] सफासुग्घर नभएको/फोहोरी।

सोऽपद्रव्यं तथाऽस्वच्छं दुर्गन्धेन समन्वितम्।
अभद्रदर्शनं वेश्मा ऽध्युषितः कः सुखं व्रजेत्॥ (सुभा.)

अस्वच्छन्दः (पुं.वि.) १.[*अविद्यमानःस्वः छन्दोऽस्य*] अधीन २.(पुं.) [*न स्वच्छन्दः, न.त.*] स्वच्छन्दताको अभाव।

अस्वतन्त्रः (पुं.वि.) [*न स्वतन्त्रः, न.त.*] स्वतन्त्र नरहेको/पराधीन।

अस्वप्नाः (पुं.बहु.) [*अविद्यमानः स्वप्नो येषान्ते, बहु.स.*] देवता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्वरः (पुं.वि.) [*अप्रशस्तः स्वरो यस्य सः, बहु.स.*] रुखो वा नमिठो स्वर भएको २.ज्यादै सानो स्वर भएको।

उवाच मृदुमन्दार्थं वचनं दीनमस्वरम् (रामा.)।

अस्वर्ग्यः (पुं.वि.) [*स्वर्गाय हितः,यत् स्वर्ग्यः,न स्वर्ग्यः, न.त.*] स्वर्गको अवरोधक।

अस्वस्थः (पुं.वि.) [*न स्वस्थः न.त.*] बिरामी/स्वस्थ नभएको।

अस्वस्थता (स्त्री.) [*अस्वस्थस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अस्वास्थ्य।

अस्वाध्यायः (पुं.) १.[*न स्वाध्यायो वेदाध्ययनं यस्य सः, बहु.स.*] विधिपूर्वक स्वाध्याय नगर्ने व्यक्ति २.[*न स्वाध्यायो यत्र*] अनध्याय/अध्ययनका लागि निषिद्ध समय ३.[*न स्वाध्यायः, न.त.*] स्वाध्यायको अभाव।

अस्वाभाविकः (पुं.वि.) [*न स्वाभाविकः, न.त.*] बनावटी/अप्राकृतिक।

अस्वामी (पुं.वि.) [*न स्वामी, न.त.*] १.स्वामीदेखि भिन्न २.स्वामीको अभाव।

अस्वामिकः (पुं.वि.) [*अविद्यमानः स्वामी यस्य सः, बहु.स.*] स्वामी नभएको।

अस्वामिकम् (नपुं.) [*अविद्यमानः स्वामी उत्तराधिकारी यस्य तत्, बहु.स.*] वन,पर्वत, नदी, तीर्थ आदि सार्वजनिक स्थल।

अटव्यः पर्वताः पुण्या नद्य स्तीर्थानि यानि च।
सर्वाण्यस्वामिकान्याहुर्न हि तेषु परिग्रहः॥ (श्राद्धतत्त्व)

अस्वामिविक्रयः (पुं.) [*अस्वामिना कृतो विक्रयः,म.प.स.*] अनधिकृत विक्री।

अस्वाम्यम् (नपुं.) [*स्वामिनो भावः, स्वाम्यम्, न स्वाम्यम्, न.त.*] संरक्षक नहुनु/अभिभावक नहुनु/बेवारिसेपना। **अस्वाम्यं हि भवेदेषां निर्दोषे पितरि हते** (या.व.दायभाग)।

अस्वास्थ्यम् (नपुं.) [*न स्वास्थ्यम्, न.त.*] स्वस्थ नहुनु।

अस्वीकरणम् (नपुं.) [*न स्वीकरणम्, न.त.*] स्वीकार नगर्नु।

अस्वीकृतः (पुं.वि.) [*न स्वीकृतः, न.त.*] स्वीकार नगरिएको।

अस्वीकृतिः (स्त्री.) [*न स्वीकृतिः, न.त.*] असहमति/अस्वीकार।

अहंयुः (पुं.वि.) [*अहमस्यास्ति, अहम् इति मान्तं विभक्तिप्रतिरूपक मव्ययम्, ततः अहंशुभयोर्युस् ५.२.१४० इति युस्*] घमन्डी।

अह (धा.) [*व्याप्तौ, स्वा.सक.सेट्, पर. छान्दसः*]— फैलनु। लट्— **अह्नोति**—फैलिन्छ, ढाक्छ इत्यादि।

अहः (नपुं.) [*जहाति त्यजति, पृथक्करोत्यन्धकारम्, रात्रिं वा, ओहाक् त्यागे, इति धातोः, नञि जहातेः (उ.) १६४ इति कनिन्, रोऽसुपि ८.२.६९ इति रः*] दिन।

आदित्यचन्द्रावनलानिलौ च
द्यौर्भूमिरापो हृदयं यमश्च।
अहश्च रात्रिश्च उभे च सन्ध्ये
धर्मश्च जानाति नरस्य वृत्तम्॥ (हितो.)

अहःपतिः (पुं.) [*अह्नां पतिः, ष.त., अहरादीनां पत्यादिषु वा रेफः (वा) इति पक्षे रेफाभावः*] १.सूर्य २.आँक।

अहङ्कारः (पुं.) [*अहङ्करणम्, अहम्पूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.घमन्ड/अभिमान २.वज्रयानी साधनामा स्वदेवताको स्मरण ३.वेदान्तदर्शनअनुसार 'म नै सबै गर्ने हुँ' भन्ने भावना भएको अन्तःकरणको एक वृत्ति ४.साङ्ख्यदर्शनअनुसार महत्तत्त्वको सात्त्विक अवस्थामा आउने विकार। पुराणमा अहङ्कारलाई तीन भागमा बाडिएको छ— सात्त्विक, राजस र तामस। सात्त्विक अहङ्कारबाट इन्द्रियका अधिष्ठातृदेवता र मन पैदा भएका हुन्। राजस अहङ्कारबाट दश इन्द्रिय र तामस अहङ्कारबाट सूक्ष्म पञ्च महाभूतको प्रादुर्भाव भएको हो।

अहङ्कारवान् (पुं.वि.) [*अहङ्कारोऽस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मादुपधायाश्च मतोर्वोऽयवादिभ्यः ८.२.९ इति मस्य वत्वम्*] घमन्डी।

अहङ्कारी (पुं.वि.) [*अहङ्कारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] अहङ्कार गर्ने।

अहङ्कृतः (पुं.वि.) अहङ्कारी। **अहंयुरहङ्कृतः** (अभि.चि.)।

अहङ्कृतिः (स्त्री.) [*अहङ्करणम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] अहङ्कार। **युध्यतेऽहङ्कृतिं कृत्वा दुर्बलेन बलीयसा** (प.त.)।

अहतः (पुं.वि.) [*न हतः,न.त.*] १.नमरेको २.नहिर्काएको ३.नगुणेको ४.नबिटुलिएको।

अहतम् (नपुं.) नलगाएको र पछारेको (हल्का धोएको) स्वच्छ सेतो नयाँ लुगा।

ईषद्धौतं नवं श्वेतं सदशं यन्न धारितम्।
अहतं तद् विजानीयात् पावनं सर्वकर्मसु॥ (म.भा.)

अहम् (अव्य.) [*अस्यति प्रक्षिपति दूरीकरोत्यन्यम्, असु क्षेपणे, इति धातोः, युष्यसिभ्यां मदिक् (उ.) १४४ इति सूत्रेण मदिक्*] १.आत्मा २.(त्रि.) [*अस्मच्छब्दस्य प्रथमैकवचने रूपम्*] म।

अहं करोमीति वृथाभिमानः (सुभा.)
अहमन्तकरो नूनं ध्वान्तस्येव दिवाकरः।
तव राक्षस रामस्य नेयः कर्मकरोपमः॥ (भट्टि.)

अहमहमिका (स्त्री.) [*अहमहमिति शब्दोऽस्त्यत्र, वीप्सायां द्वित्वम् ८.१.२ व्रीह्यादित्वात् ५.२.११६ ठन्, अनित्यत्वात् अव्ययानाम्— (वा.) ६.४.१४४ इति न टिलोपः*] १.परस्परको अहङ्कार २.कुनै काममा हुने तँछाडमछाड। **अहमहमिका तु सा स्याद्यत्क्रियते स्पर्धयाधिकं किञ्चित्** (हला.)।

अहम्पूर्विका (स्त्री.) [*अहं पूर्वमहं पूर्वमिति कथनं यत्र,, सुप् सुपा २.१.४ इति समासः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)। यद्वा अहं पूर्वः, अस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४, इत्वम्*] म अघि हुन्छु भनेर अघि बढ्ने प्रक्रिया। **अहं पूर्वमहं पूर्वमित्यहम्पूर्विका स्त्रियाम्** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहम्भावः (पुं.) [*अहमिति भावः*] अभिमान/घमन्ड ।

अहम्मतिः (स्त्री.) [*अहमिति विभक्तिप्रतिरूपकमव्ययमहङ्कारार्थम्, अहंप्रधाना मतिः, म.प.स.*] १ अहङ्कार– प्रधान बुद्धि/ अविद्या/ अज्ञान । **अथाज्ञानमविद्याहम्मतिः स्त्रियाम्** (अमर.) ।

अहरणीयः (पुं.वि.) [*न हरणीयः,न.त.*] १.हरण नगरिने २.हरण गर्न लायक नभएको ।

अहरहः (अव्य.) [*अहनि अहनि, नित्यवीप्सयोः ८.१.४ इति वीप्सायां द्वित्वम्*] प्रतिदिन । **शैशवव्ययदिनावधि तस्या यौवनोदयिनि राजसमाजे । आदरादहरहः कुसुमेषोरुल्ललास मृगयाभिनिवेशः** (नैष.) ।

अहर्गणः (पुं.) [*अह्नां गणः, ष.त.*] १.दिनको समूह २.ग्रहहरूको मध्यादिको ज्ञानका निमित्त श्वेतवराहकल्पको प्रारम्भदेखि, वा सृष्टिदेखि वा युगको प्रारम्भदेखि अथवा कुनै निश्चित समयदेखि आजसम्म वा इष्टकालसम्म गनिएका दिनहरूको समूह/द्युगण/ दिनगण/द्युपिण्ड ।

अहर्जरः (पुं.) [*अहोभिर्लोकान् जरयति, यद्वा अहानि दिनानि जीर्यन्ति अन्तर्भवन्त्यस्मिन् सः*] संवत्सर ।

अहर्दिवम् (नपुं.) [*अहश्च दिवा च, अचतुर– ५.४.७७ इति निपातनात्साधुः*] दिनरात/रातोदिन ।

अहर्निशम् (नपुं.) [*अहश्च निशा च, तयोः समाहारः, द्व.स.*]दिनरात

अहर्पतिः (पुं.) [*अह्नः पतिः, ष.त. अहरादीनां पत्यादिषु वा रेफः (वा.) ८.२.६९ इति रेफः,पक्षे अहःपतिः*] १.सूर्य । २.आँक ।

अहर्बान्धवः (पुं.) [*अह्नां बान्धवः, ष.त.*] १.सूर्य २.आँकको रुख ।

अहर्मणिः (पुं.) [*अह्नो मणिरिव,त.स.*] १.सूर्य । २.अर्कवृक्ष ।

अहर्मुखम् (नपुं.) [*अह्नो मुखम्, ष.त.*] उज्यालो हुने बेला/उषाकाल ।

अहल्यः (पुं.वि.) [*हलेन कृष्यः, हल्यः, न हल्यः, न.त.*] हलाले नजोतेको ।

अहल्या (स्त्री.) [*अहति व्याप्नोति, अघ्न्यादयश्च (उ.) ५६१ इति बाहुलकाद् यक्*] १.एक अप्सरा २.ब्रह्माकी मानसपुत्री । जनक राजाका पुरोहित शतानन्दकी आमा, गौतमकी पत्नी । ३.[*अहो लीयतेऽस्याम्*] रात्रि । ४.[*न हल्या, न.त.*] हलो नलगाइएको ।

अहल्यातीर्थः (पुं.) [*अहल्यायाः तीर्थः,ष.त.*] अहल्याले तपस्या गरेको स्थल । यहाँ तपस्या गरेर अहल्या पतिले दिएको शिला बन्नुपर्ने शापबाट मुक्त भएकी थिइन् । यो नर्मदा नदीको तीरमा पर्दछ ।

अहस्करः (पुं.) [*अहः करोति, दिवाविभा–३.२.२१ इति टः कस्कादिषु च ८.३.४८ इति सः*] १.सूर्य (अभि.चि.) २.आँक । दिनवाचक शब्दका पछाडि करः जोडियो भने सूर्य र आँकका पर्यायवाची शब्द बन्दछन् । जस्तै– **दिनकरः, दिवसकरः** आदि । यस्तै तातो अर्थ बुझाउने शब्दको पछाडि किरणवाचक शब्द जोडियो भने पनि सूर्य र आँक जनाउने पर्याय शब्द बन्दछन् । **तप्तकरः, उष्णकरः, उष्णरश्मिः, उष्णांशु, उष्णमयूखः** आदि । दिनबोधक शब्दमा पति वा स्वामीबोधक शब्द जोडियो भने पनि सूर्य र आँक बोधकशब्दका पर्याय शब्द बन्दछन् । जस्तै– **दिनपतिः, दिनेशः, दिवसाधिपः** आदि ।

अहस्पतिः (पुं.) [*अह्नः पतिरिव, कस्कादिषु च ८.३.४८ इति सः*] १.सूर्य २.आँक । अमरकोषमा आँकलाई अर्काह्वः भनिएको हुँदा सूर्यवाची सबै शब्द अर्क (आँक) का वाचक मानिन्छन् ।

अहह (अव्य.) आश्चर्य, खेद आदि बुझाउने शब्द ।

अहहा (अव्य.) [*हाधातोः क्विप्, पृषोदरादित्वात्साधुः*] आश्चर्य, खेद आदि बुझाउने शब्द । **अहहा महापङ्के पतितोऽसि** (हितो.) ।

अहार्यः (पुं.) [*ह्रियते, हृञ् हरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, न हार्यः,न.त.*] पहाड । **ग्रावा पर्वतभूध्रभूधरधराहार्या नगोऽथोदयः** (अभि.चि.) ।

अहार्यः (पुं.वि.) १.चोरेर वा हरण गरेर लैजान नसकिने । २.हर्नु नहुने । **सर्वद्रव्येषु विद्यैव द्रव्यमाहुरनुत्तमम् । अहार्यत्वाद नर्घत्वादक्षयत्वाच्च सर्वदा ॥** (हितो.)

अहिंसकः (पुं.वि.) [*न हिंसकः, न.त.*] हिंसा नगर्ने ।

अहिंसा (स्त्री.) [*न हिंसा, न.त.*] १.बौद्ध मतअनुसार चर र अचरलाई दुःख नदिनु २.योगशास्त्रअनुसारका पाँचथरी यममध्ये प्रथम यम । यसमा मन, वाणी र शरीरले कुनै पनि प्राणीलाई कत्ति पनि दुःख नदिनु र सम्पूर्ण प्राणीलाई आफूलाई जस्तै हित गर्नुलाई अहिंसा भनिएको छ । वेदविहित हिंसालाई अहिंसा ठानिएको छ । द्विज गुरु, अग्नि आदिको विधिपूर्वक पूजा गर्दा गरिने हिंसालाई अहिंसा भनिएको छ । अहिंसाका मुख्य चार भेद छन्– १.**जात्यवच्छिन्न अहिंसा**– माछाबाहेक अरू प्राणीको हिंसा गर्दिन भनी जाति तोकेर गरिने अहिंसा २.**देशावच्छिन्न अहिंसा**–तीर्थमा हिंसा गर्दिन भनी देश तोकेर गरिने अहिंसा ३.**पर्वकालावच्छिन्न अहिंसा**–एकादशी, औंसी आदि पर्वमा हिंसा गर्दिन भनी काल तोकेर गरिने अहिंसा ४.**समयावच्छिन्न अहिंसा**–विवाहमा बाहेक अरू वेला हिंसा गर्दिन भनी समय तोकेर गरिने अहिंसा ।

अहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमाः (पा.यो.सू.) ।
आत्मवत्सर्वभूतेषु यो हिताय प्रवर्तते ।
अहिंसैषा समाख्याता वेदसंविहिता च या (स्क.पु.) ।
या वेदविहिता हिंसा सा न हिंसेति निर्णयः (स्क.पु.) ।
अहिंसाऽप्येवमेवैषा द्विजगुर्वग्निपूजने ।
विधिना यादृशी हिंसा सा त्वहिंसा इति स्मृता ॥ (लि.पु.)

अहिंस्यः (पुं.वि.) [*हिंसितुं योग्यः, हिंस्यः, न हिंस्यः,न.त.*] मार्न लायक नभएको ।

अहिंस्रः (पुं.वि.) [*न हिंस्रः, न.त.*] हिंसा नगर्ने ।

अहिंस्रकः (पुं.वि.) [*न हिंस्रकः, न.त.*] हिंसा नगर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहि (धा.) [*गतौ, भ्वा.सक.सेट्, आत्म.*] – जानु। लट्– **अंहते**– जान्छ। लिट्– **आनह्वे**–गएछ। (अन.) आदि।

अहिः (पुं.) [*आहन्ति, आङ्पूर्वकाद् हन हिंसागत्योः इति धातोः, आङि श्रिहनिभ्यां ह्रस्वश्च (उ.) ५८७ इति इण्, डित्, आङो ह्रस्वश्च, डित्त्वाट्टिलोपः*] १.वृत्रासुर २.सर्प (अमर.) ३.सूर्य ४.बटुवा ५.राहु (अनेकार्थध्वनिमञ्जरी) ६.अश्लेषा नक्षत्र (तद्देवत्वात्) ७.दुष्ट ८.मातृका गणमा आठौँ गण ९.छ वटा भगण र अन्त्यमा मगण भएको एक छन्द १०.आठलाई बुझाउने शब्द ११.आफन्त/दाजुभाइ। **~क्षेत्रम्** (नपुं.) [*अहेः क्षेत्रम्, ष.त.*] सर्प धेरै हुने क्षेत्र। **~गणः** (पुं.) मातृकागणमा ठगणको सातौँ भेद।

अहिजिह्वा (स्त्री.) १.[*अहेरिव जिह्वा अग्रभागो यस्याः सा, बहु.स.*] पाते सिँउडी २. [*अहेः जिह्वा, ष.त.*] सर्पको जिब्रो।

अहिकः (पुं.) [*अहिरेव, स्वार्थे कन् (वा.) इति कन्*] १.सर्प २.[*अल्पोऽहिः, अल्पे ५.३.८५ इति कन्*] सानो सर्प।

अहिका (स्त्री.) [*अहिरिव, इवे प्रतिकृतौ ५.३.९६ इति इवार्थे कन्, टाप्, यद्वा अहिरिव कायति प्रकाशते, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः, टाप्*] सिमलको वृक्ष (शब्दचन्द्रिका)।

अहिकान्तः (पुं.) [*अहेः कान्तः,ष.त.*] वायु (अभि.चि.)।

अहिकोशः (पुं.) [*अहेः कोशः,ष.त.*] सर्पको काँचुली (अभि.चि. ४.३८१)।

अहिजित् (पुं.) [*अहिं सर्पं कालीयनागं जयति, जि जये इति धातोः सत्सूद्विष ३.२.६१ इति क्विप्, तुक्*] १.कृष्ण २.[*अहिं वृत्रासुरं जयति, प्राग्वत्*] इन्द्र।

अहितः (पुं.) [*अविद्यमानं हितं यस्मात् सः, बहु.स.*] १.शत्रु २.(पुं.वि.) हित नगर्ने ३.अपथ्य। **अहितो देहजो व्यधिर्हित–मारण्यमौषधम्** (वै.सुभा.)।

अहितम् (नपुं.) [*न हितम्, न.त.*] १.हानि/नोक्सानी २.अकल्याण। **लोकस्तथाप्यहितमाचरतीति चित्रम्** (वै.श.)।

अहितुण्डिकः (पुं.) [*अहेः तुण्डं मुखम्, तेन दीव्यति, अहितुण्डशब्दात् ठक्, इकः*] सर्प खेलाएर जीविका चलाउने व्यक्ति/ मदारी।

अहिद्विद् (पुं.) [*अहिं वृत्रासुरं सर्पं वा द्वेष्टि, द्विष अप्रीतौ इति धातोः सत्सूद्विष ३.२.६१ इति क्विप्*], १.इन्द्र २.गरुड ३.न्याउरी मुसो ४.मयूर ५.(पुं.वि.) सर्प समात्ने।

अहितुण्डिकः (पुं.) [*अहिरेव तुण्डोऽस्यास्तीति,ठन्, इकः*] मदारी।

अहिनकुलता (स्त्री.) [*अहिश्च नकुलश्च, तयोर्भाव इव, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] सर्प र न्याउरी मुसाको जस्तो वैरभाव।

अहिपतिः (पुं.) [*अहीनां पतिः,ष.त.*] १.वासुकि २.ठुलो सर्प।

अहिपुत्रकः (पुं.) [*अहेः पुत्रक इव*] पहाडी नदीमा सामान र मानिस तार्ने सानो डुँगा।

अहिफेनकम् (नपुं.) [*अहेः फेन इव, त.स.*] अफिम।

अहिर्ब्रध्नः (पुं.) [*अहिर्ब्रध्ने यस्य सः,बहु.स.*] शिव।

अहिबुध्न्यः (पुं.) शिव/रुद्र/भूत र सरूपाका करोडौं रुद्रपुत्रमध्ये एक।

अहिभयम् (नपुं.) १.[*अहेर्भयम्, ष.त.*] सर्पबाट हुने डर २.[*अहिरिव, गृहस्थत्वात्, आवृताकारत्वाच्च स्वस्य पक्ष एवाहिः, अहेर्भयम्*] आफ्नै भाइभतिजा,मित्र,आश्रित,कामविशेषले आफन्त बन्न पुगेका व्यक्ति, विहाबारी आदिबाट जोडिन आएका नातेदार, नोकर विभिन्न प्रकारको मान, सेवा, सहयोग दिएर साथमा लिइएका मानिसबाट हुने डर।

निजोऽथ मैत्रश्च समाश्रितश्च
सम्बन्धतः कार्यसमुद्भवश्च।
भृत्यो गृहीतो विविधोपचारैः
पक्षं बुधाः सप्तविधं वदन्ति॥ (सुभा.)

महीभुजामहिभयं स्वपक्षप्रभवं भयम् (अमर.)।

अहिभुक् (पुं.) [*अहिं भुङ्क्ते, भुज पालनाभ्यवहारयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, चोः कुः ८.२.३० इति कुत्वम्*] १.सर्प २.गरुड ३.मयूर। **केकिताक्ष्यार्वहिभुजौ** (अमर.) ३.सर्प खाने एक जाति।

अहिभृत् (पुं.) [*अहिं बिभर्ति, क्विप् च ३.२.७६ इति क्विप्, सर्वापहारिलोपः, तुक्*] १.महादेव। **पिनाकशूलखट्वाङ्गगङ्गाऽहीन्दुकपालभृत्**। (अभि.चि.) २.(पुं.वि.) सर्प समात्ने।

अहिमांशुः (पुं.) [*अविद्यमानाः हिमांशवो यस्य सः,बहु.स.*] सूर्य।

अहिरिपुः (पुं.) [*अहीनां रिपुः, ष.त.*] १.मयूर २.सर्पखाने एक जाति ३.गरुड।

अहिलता (स्त्री.) [*अहिरिव लता, त.स.*] १.पानको लहरो २.फ्याक्से।

अहीरणिः (पुं.) [*अहीन् ईरयति, ईर गतौ कम्पने च इति धातोः अणिप्रत्ययः*] दुईमुखे सर्प। **अहीरणिः स्याद् द्विमुखः** (हला.)।

अहीवती (स्त्री.) [*अहयः सन्ति अस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, संज्ञायाम् ८.२.११ इति मस्य वः, शरादीनाञ्च ६.३.१२० इति दीर्घः*] प्रशस्त सर्प भएको भूमि।

अहीशः (पुं.) [*अहीनामीशः,ष.त.*] १.शेषनाग २.लक्ष्मण ३.बलराम।

अहुङ्क्रियाकम् (नपुं.) [*न विद्यते हुङ्क्रिया यस्मिन्तत्, शेषाद् विभाषा ५.४.१५४ इति कप्, आपोऽन्यतरस्याम् ७.४.१५ इति पक्षे ह्रस्वाभावः*] हुङ्काररहित।

अहेरुः (स्त्री.) [*अहिरिव, यद्वा न हिनोति, हि गतौ इति धातोः बाहुलकाद्रुः*] शतावरी/कुरिलो।

अहो (अव्य.) [*अहानम्, ओहाङ् गतौ इति धातोः, डोप्रत्ययः*] आश्चर्य, खेद, हर्ष, वितर्क, शोक, प्रशंसा, असूया, सम्बोधन बुझाउँदा र पाउ पूर्तिमा आउने शब्द। **अहो ही च विस्मये** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहोरात्रः (पुं.) [*अहश्च रात्रिश्च तयोः समाहारः, अहः सर्वै-कदेशसङ्ख्यातपुण्याच्च रात्रेः ५.४.८७ इति टच्, रात्राह्नाः पुंसि २.४.२९ इति पुँस्त्वम्*] तिस मुहूर्तको समय। मानिसको चौबिस घण्टा वा ६० घडीको एक अहोरात्र हुन्छ। पितृको कृष्णपक्ष र शुक्लपक्ष गरी एक महिनाको एक अहोरात्र हुन्छ। ६ महिना (मकर संक्रान्तिदेखि मिथुन सङ्क्रान्तिको मासान्तसम्म) दिन र ६ महिना (कर्कट सङ्क्रान्तिदेखि धनु सङ्क्रान्तिको मासान्त सम्म) रात गरी एक वर्षको देवताको एक अहोरात्र हुन्छ। दुई हजार युगको ब्रह्माको एक अहोरात्र हुन्छ। अर्थात् मान्छेको एक महायुग ४३,२००००×२०००=८,६४००००००० वर्षमा ब्रह्माको एक अहोरात्र हुन्छ। **मासेन स्यादहोरात्रः पैत्रो वर्षेण दैवतः दैवे युगसहस्रे द्वे ब्राह्मः कल्पौ तु तौ नृणाम्।** (अमर.) **अहोरात्रश्च विद्वद्भिः कथ्यते षष्टिनाडिकः** (हला.)।

अहोरात्रवृत्तम् (नपुं.) [*अहोरात्रसम्बद्धं वृत्तम्, म.प.स.*] ध्रुवस्थानबाट द्युज्या चापांशले बनेको एक कल्पित वृत्त। भूकेन्द्रमा नजाने हुँदा यसलाई लघुवृत्त मानिन्छ।

अहोवत (अव्य.) [*अहो च वत च, द्व.स.*] आश्चर्य, खेद, अनुकम्पा, सम्बोधन, आमन्त्रण जनाउँदा प्रयोग हुने शब्द। **अहोवत महत्कष्टं चक्षुष्मानपि याचते।** (सुभा.) **अहो वतानुकम्पायां खेदामन्त्रणयो रपि** (रूपमाला)।

अह्नाय (अव्य.) [*ह्नवनम्, ह्नुङ् अपनयने इति धातोः, बाहुलकाद् भावे घञ् ३.३.१८, वृद्धिः, पृषोदरादि– ६.३.१०९ त्वाद्वस्य यः, ततो नञ्समासः ३.३.६*] झट्टै/तुरुन्तै। **अह्नाय तावदरुणेन तमो निरस्तम्** (रघु.)।

अह्रीकः (पुं.) [*अविद्यमाना ह्रीर्लज्जा यस्य सः, बहु.स.*] १.बौद्ध/क्षपणक (त्रिकाण्ड.) २.(पुं वि.) लाज नभएको।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ

आ देवनागरी वर्णमालाको दोस्रो स्वरवर्ण। यो दीर्घ र प्लुत दुई किसिमको हुन्छ। यसको आभ्यन्तर प्रयत्नमा विवृत प्रयत्न हुन्छ। यो कण्ठस्थानीय वर्ण हो। **विवृतं स्वराणाम्** (सि.कौ.)।

आ (अव्य.) १.स्मरण। **आ ज्ञातम्, स जययुरेषः** २.वाक्यारम्भ। **आ एवं मन्यसे**। ३.अनुकम्पा। **आ देवदत्तो दरिद्रः**। ४.समुच्चय। **देवेभ्यश्च पितृभ्यश्च आ**। ५.निषिद्ध सन्धिवर्ण। **आ एवं तत्त्वमर्यादा, आ एवं तत्कृतं मया**। (मु.बो.) ६.सीमा, हर्ष, व्याप्ति आदिलाई बुझाउने एक उपसर्ग। **आ प्रगृह्य स्मृतौ वाक्येऽनुकम्पायां समुच्चये**। (मेदिनी.) ७.(स्त्री.) लक्ष्मी। **लक्ष्मीः पद्मा रमा या मा ता सा श्रीः कमलेन्दिरा**। या इत्यस्य इ+आ इति पदच्छेदः (अभि.चि.)।

आः (अव्य.) [*आस उपवेशने इति धातोः, आङ्पूर्वकाद् असु क्षेपणे इति धातोर्वा अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्*] १.कोप, पीडा आदि जनाउँदा प्रयोग हुने शब्द। **आस्तु स्यात् कोपपीडयोः**। (अमर.)।

आः पाकं न करोषि पापिनि ! कथं पापी त्वदीयः पिता,
रण्डे ! जल्पसि किं तवैव जननी रण्डा त्वदीया श्वसा।
निर्गच्छ त्वरितं गृहाद् बहिरितो नेदं त्वदीयं गृहं
चेदेवं बहिरेमि गर्दभ ! गृहान्नात्रावतिष्ठे क्षणम्॥

(सुभा.) **आः शीतं बाधते**। २.वाक्य ३.(पुं.) ब्रह्मा ४.(पुं.) महेश्वर। **आः पितामहवाक्ययोः** (अ.पु.)।

आकम्पितः (पुं.वि.) [*आकम्प्यते स्म इति आङ्पूर्वकात् कपि सञ्चलने इति धातोः, क्तः, आ ईषत् समन्ताद् वा कम्पितः*] १.अलिअलि हल्लिएको २.चारैतिर हल्लिएको। **अनोकहाकम्पितपुष्पगन्धी** (रघु.) ३.आन्दोलित। **आकम्पितानि हृदयानि मनस्विनीनां वातैः प्रफुल्लसहकारकृताधिवासैः** (ऋतु.)।

आकरः (पुं.) १.[*आकीर्यन्ते धातवोऽत्र, आङ्पूर्वकात् कॄ विक्षेपे इति धातोः ऋदोरप् ३.३.५७ इत्यप्, यद्वा आकुर्वन्ति सङ्घीभूय कुर्वन्ति खननादिव्यवहारमत्र, डुकृञ् करणे इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.खानी/धातु, रत्न आदिको उत्पत्तिस्थान।

आकरे पद्मरागाणां जन्म काचमणेः कुतः (हितो.)।
शैलेन्द्रो हिमवान्नाम धातूनामाकरो महान् (रामा.)।
स्यादाकरः खनिः खानिर्गञ्जा (अभि.चि.)।

२.समूह।

शब्दाकरकरग्राममर्थमण्डलमण्डलम् (कविकल्पद्रुम)।

३.सर्वोत्कृष्ट/श्रेष्ठ।

आकरः श्रेष्ठनिवहोत्पत्तिस्थानेषु कथ्यते (मेदिनी.)।

~ग्रन्थः (पुं.) [*आकरभूतो ग्रन्थः, म.प.स.*] मूलग्रन्थ/निबन्ध लेखन, अनुसन्धान आदि कार्य गर्दा स्रोतग्रन्थको रूपमा लिन सकिने आधिकारिक ग्रन्थ।

आकरिकः (पुं.) [*आकरस्यावक्रयः, अवक्रयः ४.४.५० इति ठक्, ठस्येकः ७.३.४० इति इकः*] १.खानीको शुल्क। २.[*आकरे नियुक्तः, तत्र नियुक्तः ४.४.६९ इति ठक्, ठस्येकः*] खानीमा काम गर्ने व्यक्ति।

आकरिकम् (नपुं.) [*आकरस्य धर्म्यम्, तस्य धर्म्यम् ४.४.४७ इति ठक्, ठस्येकः ७.३.५० इति इकः*] १.खानीको नियम २.[*आकराद् आगतम्, ठगायस्थानेभ्यः ४.३.७५ इति ठक्, ठस्येकः*] खानीको आम्दानी।

आकर्णनम् (नपुं.) [*आङ्पूर्पकात् कर्णधातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] श्रवण/सुन्नु। **मुदा तदाकर्णनतत्परोऽभूत्** (नैष.)।

आकर्षः (पुं.) १.[*आकर्षणम्, आङ्पूर्वकात् कृष विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] तान्ने काम। २.[*आकृष्यन्ते ग्रहादयोऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्*] गुरुत्वाकर्षण सामर्थ्य। **अयमाकर्षणव्यापारो यद्यपि न दृग्गोचरस्तथापि तद्व्यापारजनितफलादेस्तस्यास्तित्वमनुमीयते, आकर्षशक्तेरेव गुरुत्वाकर्षणसंज्ञा**। (के.ग्र.प.भा.) ३.[*आकृष्यते विषयान्तरतोऽनेन, पूर्ववत्*] पाशा, जुवा। ४.[*आकृष्यते विषयैः*] इन्द्रिय ५.[*आकृष्यते स्वर्णादिकमस्मिन्, ३.३.१९ इत्यधिकरणे घञ्*] सुनचाँदी जाँच्ने कसी ६.थर्की ७.[*आकृष्यते प्रहारसमये, इति, कर्मणि घञ्*] धनु।

आकर्षकः (पुं.वि.) [*आकर्षतीति, आङ्पूर्वकात् कृष विलेखने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.तान्ने २.(पुं.) फलफूल तानेर झार्ने अङ्कुसे लट्ठी ३.चुम्बक ४.गुरुत्वाकर्षण शक्ति। **आकर्षकस्त्रिष्वा कर्षकुशले चुम्बके तु ना** (वाङ्म.)। २.[*आकर्षे कुशलः, आकर्षादिभ्यः कन् ५.२.७४ इति कन्*] कसी लगाउन सिपालु।

आकर्षणम् (नपुं.) [*आङ्पूर्वकात् कृष विलेखने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः, आ समन्तात् कर्षणम्*] १.जबर्जस्ती वा बलपूर्वक तान्ने काम। **सा त्वं गच्छ मयैवोक्ता पार्श्वं शुम्भनिशुम्भयोः। केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि॥** (स.श.) २.तन्त्रोक्त विधानद्वारा मन्त्रबलले देवता आदिलाई आकर्षण गरेर ल्याउने काम ३.[*आकृष्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] गुरुत्वाकर्षण शक्ति/प्रत्येक पिण्डभित्र रहेको एक-अर्कालाई आपसमा तान्ने क्षमता। **~शक्तिः** (स्त्री.) [*आकर्षणसम्बद्धा शक्तिः, म.प.स.*] आफूतिर तान्ने क्षमता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकर्षणी (स्त्री.) [*आकृष्यतेऽनया, आङ्पूर्वकात् कृष विलेखने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः, टिड्ढाणञ् ४.१.११५ इति ङीप्*] १.अङ्कुसे २.गुरुत्वाकर्षण शक्ति ३.तीनै लोकलाई आकर्षण गर्न सक्ने क्षमता भएको अङ्कुशाकार मुद्रा।

आकर्षणीयः (पुं.वि.) [*आकृष्टुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्, गुणः,णत्वम्*] आकर्षण गर्न लायक/आफूतिर तानिने।

आकलनम् (नपुं.) [*आङ्पूर्वकात् कल सङ्ख्याने इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः, आ समन्तात् कलनम्*] १.गणना २.अभिलाषा ३.सोधपुछ ४.बन्धन ५.हातले पक्डनु। **मेखलाकलनम्** (काद.१८३)।

आकल्पः (पुं.) १.[*आकल्पनम्, आङ्पूर्वकात् कृपू सामर्थ्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, कृपो रो लः ८.२.१८ इति रस्य लः*] सिंगारपटार गर्ने काम। **स्तोकाप्याकल्परचना विच्छित्तिः कान्तिपोषकृत्।** (सा.द.) २.[*आकल्पयति भूषयति शरीरम्, ण्यन्तादच् ३.१.१३४*] भूषण। **आकल्पवेशौ नेपथ्यं प्रतिकर्म-प्रसादनम्** (अमर.) ३.रोग (हेम.)।

आकल्पकः (पुं.) [*आ समन्तात् कल्पक इव*] १.अन्धकार २.मोह ३.ग्रन्थिविशेष/गाँठो ४.उत्कण्ठा ५.हर्ष। **आकल्पकस्तमो मोहग्रन्थ्यावुत्कलिकामुदोः** (मेदिनी.)।

आकल्पम् (नपुं.) [*कल्पमभिव्याप्य, आङ्मर्यादाभिविध्योः २.१.१३ इति अव्ययीभावसमासः*] १.कल्पपर्यन्त/कल्प नबितेसम्म। **आकल्पं नरकं भुङ्क्ते** (स्मृति.) २.[*कल्पत आरभ्य*] कल्पको प्रारम्भदेखि।

आकल्यम् (नपुं.) [*कलयति चेष्यम्, इति कल्यम्, अघ्न्यादयश्च (उ.) ४.१११ इति यत्, नीरोगः, न कल्यम्, न.त., अकल्यस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.रोग २.मन्दता।

आम आमय आकल्यमुपतापो गदः समाः (अभि.चि.)।

आकषः (पुं.) [*आकषति, आङ्पूर्वकात् कषधातोः पचाद्यच्*] कसी।

आकषिकः (पुं.) [*आ समन्तात् कषेण सुवर्णपरीक्षणनिकषोपलेन चरति, आकषात् ष्ठल् ४.४.९ इति ष्ठल्, ठस्येकः*] कसी लगाएर जीविका चलाउने व्यक्ति।

आकस्मिकः (पुं.वि.) [*अकस्माद् भवः, भवार्थे ठञ्, ठस्येकः*] अचानक भएको। **आकस्मिकप्रत्यवभासां च देवीं वाचमानुष्टुभेन छन्दसा परिणतामभ्युदैरयत्** (उ.रा.च.)।

आकस्मिकम् (न.पुं) १.[*अकस्माद् एव विनयादिभ्यश्च ५.४.३४ इति ठक्, ठस्येकः ७.३.५० इति इकः*] थाहा नपाई वा अचम्मसँग/अचानक।

आकाङ्क्षा (स्त्री.) १.[*आङ्पूर्वकात् काछि इच्छायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इति अः, अजाद्यतष्टाप् ४.१.१ इति टाप्*] इच्छा/अभिलाषा। **नाकाङ्क्षा किं भवति विपुलश्रीमतोऽर्थान्तरेषु।** (पवनदूत) २.जुन पद विना जुन पदको अन्वय हुँदैन, त्यस पदमा त्यस पदको अस्तित्व। **यत्पदं विना यत्पदान्वयो न भवति, तत्पदे तत्पदवत्ता आकाङ्क्षा** (न्यायः) **प्रतीतिपर्यवसानविरहः** (सा.द.)।

आकाङ्क्षी (पु.वि.) [*आकाङ्क्षते तच्छीलः, णिनिः*] आकाङ्क्षा राख्ने, इच्छा गर्ने।

आकारः (पुं.) [*आङ्पूर्वकाद्, डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रूपरेखा/आकृति।

आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन च।
नेत्रवक्त्रविकारैश्च ज्ञायतेऽन्तर्गतं मनः ॥ (पञ्चत.)

२.अभिप्रायअनुसारको चेष्टा। **आकार इङ्गिताकृत्योः** (मेदिनी.) ३.शरीर,मूर्ति, डाल। **आकारसदृशप्रज्ञः** (रघु.) ४.[*आ इति निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] आवर्ण। **~गुप्तिः** (स्त्री.) [*आकारस्य गुप्तिः, गुपू रक्षणे इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] शोक, पीडा, लज्जा आदिबाट पैदा भएको मुखको मलिनता आदिलाई लुकाउने काम। **~गोपनम्** (नपुं.) [*आकारस्य गोपनम्, ष.त.*] १.रत्यादिसूचक मुखको लालिमा आदिलाई लुकाउने काम (हेम.) २.शोक, पीडा, आदिबाट पैदा भएको मुखको मलिनता आदिलाई लुकाउने काम।

आकारणम् (नपुं.) [*आङ्पूर्वकाद् डुकृञ् करणे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बोलावट/बोलाउने काम/आह्वान। **तैश्च मणिभद्राकरणाय कश्चित् प्रेषितः** (पञ्चत.) **आकारणं हवो हूतिः** (अभि.चि.)।

आकारणा (स्त्री.) [*आङ्पूर्वकाद् डुकृञ् करणे इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.१*] १.बोलाउने काम २.हपार्नु। **हूतिराकारणाह्वानम्** (अमर.)।

आकारितः (पुं.वि.) १.[*आङ्पूर्वकात् कृधातोर्णिचि क्तः*] बोलाइएको २.[*आकारः सञ्जातोऽस्य, इतच्*] आकार, प्रकार दिइएको।

आकालिकः (पुं.वि.) [*समानकालौ आद्यन्तौ यस्य सः, आकालिकडाद्यन्तवचने ५.१.११४ इति इकट् आकालादेशश्च*] सुरु हुनासाथ अन्त्य भएको वा हुने, आशुविनाशी। **~प्रलयः** (पुं.) [*अकाले भवः, ठञ्, वृद्धि, आकालिकश्चासौ प्रलयः, कर्मस.*] विनासमयमा भएको प्रलय। **आकालिकोऽयं प्रलयो यतो भगवता कृतः** (का.पु. ३१ अध्याय)।

आकालिका (स्त्री.) [*उत्पत्तिकालेन समानो निरन्तरो विनाशकालः, अकालाट्ठंश्च (वा.) ५.१.११४ इति ठन्, आकालिकडाद्यन्तवचने ५.१.११४ इति समानशब्दस्य आकालादेशः, ठस्येकः ७.३.५० इति इकः, टाप् ४.१.४*] उत्पत्ति हुनासाथ विनाश भएको वा हुने/धेरै समय नटिक्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकालिकी (स्त्री.) [*समानकालौ आद्यन्तौ यस्याः सा, आकालिकडाद्यन्तवचने ५.१.११४ इति इकट् आकालादेशश्च, टित्वान् ङीप्*] १.बिजुली। **आकालिकी स्त्रियामेषा विद्युदर्थे** (वाङ्म.) २.(स्त्री.वि.) [*अकाले भवा, अध्यात्मादेष्ठञिष्यते (वा.) इति ठञ् ठस्येकः, ङीप्*] विनासमयमा पैदा भएको।

तपस्विनस्थाणुवनौकसस्तामाकालिकीं वीक्ष्य मधुप्रवृत्तिम्।
प्रयत्नसंसाधितविक्रियायां कथञ्चिदीशा मनसा बभूवुः॥
(कु.सं.)

आकाशः (पुं./नपुं.) [*आ समन्तात् काशन्ते दीप्यन्ते सूर्यादयोऽत्र, काशृ दीप्तौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] आकाश/खाली ठाउँ/ग्रह, तारा, नक्षत्र आदि रहने स्थल। यो रूप, रस, स्पर्श र गन्धले विहीन हुन्छ। यसको गुण शब्द हो। **~कुसुमम्** (नपुं.) [*आकाशस्य कुसुमम्, ष.त.*] असम्भवको/नहुने कुरा। **~चारी** (पुं.) १.[*आकाशे चरति तच्छीलः, चर गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सूर्यादिग्रह २.नक्षत्र ३.चरा ४.देवता ५.वायुयान ६. राक्षस ७.दैत्य ८.(पुं.वि.) आकाशमा हिँड्ने। **~दीपः** (पुं.) [*आकाशे दीयमानो दीपः, म.प.स.*] कोजाग्रत पूर्णिमादेखि कार्तिक पूर्णिमासम्म एक महिना अग्लो काठ वा बाँसमा झुन्ड्याएर विष्णुको नाममा बालिने बत्ती। यो काठ वा बाँस २१ हातको उत्तम, १४ हातको मध्यम र ७ हातको निकृष्ट मानिन्छ।

तुलायां तिलतैलेन सायं सन्ध्यासमागमे।
आकाशदीपं यो दद्यान्मासमेकं निरन्तरम्।
सश्रीकाय श्रीपतये स श्रीमान् भुवि जायते॥ (ब्रह्माण्ड पु.)

~धारणा (स्त्री.) जुन आकाश तत्त्वको रङ्ग समुद्रको सफा जलझैँ चम्कन्छ, जसका देवता शिव छन्, जसको बीजाक्षर 'हं' यस्तो छ, त्यस्तो आकाश तत्त्वको ध्यान गर्दै पाँच घडीसम्म कुम्भक प्राणायामद्वारा प्राणवायु (त्यस आकाश तत्त्वको बीजमा) अड्याएर मोक्षको ढोका खोल्ने आकाशी धारणा। **~पुष्पम्** (नपुं.) [*आकाशस्य पुष्पम्, ष.त.*] नहुने कुरा/असम्भव वस्तु। **~भाषितम्** (नपुं.) [*आकाशादागतं भाषितम्, म.प.स.*] आकाशबाट आएको वचन। **~मण्डलम्** (नपुं.) [*आकाशस्य मण्डलम् ष.त.*] विभिन्न तारा, नक्षत्र, ग्रह, उपग्रह, धूमकेतु आदिले भरिएको, हेर्दा मण्डलाकार देखिने आकाशको क्षेत्र। **~यानम्** (नपुं.) [*आकाशचारि यानम्, म.प.स.*] विमान। **~वृत्तिः** (स्त्री.) ठेगान नभएको खेती वा वृत्ति वा आमदानी।

आकाशगङ्गा (स्त्री.) [*आकाशस्था अत्युच्चशिखरस्था गङ्गा*] १.मन्दाकिनी २.[*आकाशे गङ्गा इव*] आकाशमा रहेका लाखौँ ताराहरूको समूह। यो हाम्रो सूर्य र त्यस्तै अन्य असङ्ख्य तारा तथा तिनका ग्रह एवं उपग्रह आदिले भरिपूर्ण भएको कमानी आकारको तारापुञ्ज हो। चन्द्रमा उदाउनुभन्दा अगाडि बादल नभएको आकाशमा यो पुञ्ज उत्तरबाट दक्षिणतिर गएको एक विशाल नदीजस्तो देखिन्छ। त्यसैले यसलाई आकाशगङ्गा भनेको हो। टेलिस्कोपबाट हेर्दा यसभित्र बादलजस्ता

(आकाशगङ्गा)

गुजुल्य देखिन्छन्। यिनलाई नेबुला भनिन्छ। सूर्य आकाशगङ्गाको तारापुञ्जीय केन्द्रबाट ३० हजार प्रकाशवर्ष टाढा रहेको छ। सूर्यले उक्त केन्द्रलाई एक पटक परिक्रमा गर्न दुई हजार पाँच सय लाख वर्ष लाग्छ। यसलाई एक कस्मिक वर्ष भनिन्छ। सूर्य पृथ्वीबाट साढे आठ प्रकाशमिनेट टाढा छ। पौराणिक कथनअनुसार यसले अमरावतीलाई चारैतर्फबाट घेरेको छ। (चित्र –साभार आइ टी., ब्र.ज्यो.र.) **~तीर्थः** (पुं.) [*आकाशगङ्गा इति तीर्थः, कर्म. स.*] गयानजिकै रहेको एक तीर्थ (तीर्थाङ्क, गीताप्रेस)।

आकाशगामी (पुं.वि.) [*आकाशे गच्छति तच्छीलः,णिनिः*] आकाशमा हिँड्ने।

आकाशमांसी (स्त्री.) [*आकाशे अत्युच्चस्थले जाता मांसी, म.प.स.*] सूक्ष्मजटामसी।

आकाशवल्ली (स्त्री.) [*आकाशस्य वल्लीव, अत्युच्चशिखत्वात्*] आकाश बेली/अमरबेली लहरो। **आकाशवल्ली तु बुधैः कथिताऽमरवल्लरी** (भा.प्र.)।

आकाशवाणी (स्त्री.) [*आकाशादागता वाणी, म.प.स.*] १.देववाणी २.वार्लेस।

आकाशसलिलम् (नपुं.) [*आकाशात्पतितं सलिलम्, म.प.स.*] १.आकाशबाट परेको पानी २.दिव्य जल।

आकाश्यः (पुं.वि.) [*आकाशे भवः, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] आकाशमा भएको।

आकिञ्चनम् (नपुं.) [*अकिञ्चनस्य भावः,अण्*] दरिद्रता।

आकिदन्तीयः (पुं.) [*आकिदन्तीनामायुधजीविनां समूहः, दामन्यादित्रिगर्तषष्ठाच्छः ५.३.११६ इति छः, आयनेयी ७.१.२ इति ईयः*] शस्त्रजीवीहरूको समूह।

आकीर्णः (पुं.वि.) [*आकीर्यते स्म, आङ्पूर्वकात् कॄ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.छरिएको २.फैलिएको/ढाकेको ३.खचाखच भएको। **कीर्णमाकीर्णञ्च** (अभि.चि.)।

आकुञ्चनम् (नपुं.) [*कुञ्च गतिकौटिल्याल्पीभावयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः, आ समन्तात् कुञ्चनम्*] १.खुम्चनु/सङ्कोच/न्यायशास्त्रमा उल्लेख भएका पाँच कर्ममध्ये एक।

उत्क्षेपणं ततोऽवक्षेपणमाकुञ्चनं तथा।
प्रसारणञ्च गमनं कर्माण्येतानि पञ्च च॥ (भा.प.)

२.टेढो पार्नु/नुगाउनु ३.फैलिएको वस्तुलाई सङ्कुचित पार्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकुञ्चितः (पुं.वि.) [*आकुञ्चति स्म, आङ्पूर्वकात् कुञ्च गतिकौटिल्याल्पीभावयोः इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.खुम्चेको २.टेढो भएको। ३.नुगेको।

आकुलः (पुं.वि.) [*आकोलति, आङ्पूर्वकात् कुल संस्त्याने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.व्यग्र/विह्वल/हडबडाएको २.खचाखच भरिएको ३.आत्तिएको ४.ढाकेको ५.व्यस्त। **विभवगुरुभिः कृत्यैस्तस्य प्रतिक्षणमाकुला।** (अभि.शा.)।

आकुलकः (पुं.वि.) [*आकुल एव, स्वार्थे कन्*] १.व्याकुल २.व्यस्त।

आकूतम् (नपुं.) [*आङ्पूर्वकात् कू शब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] अभिप्राय/तात्पर्य। **हसन्नेत्रार्पिताकूतं लीलापद्मं निमीलितम्।** (सा.द. २ परिच्छेद) **छन्दोऽभिप्राय आकूतं मतभावा शया अपि** (अभि.चि.)।

आकूतिः (स्त्री.) १.सर्वतेजाकी पत्नी र चाक्षुष मनुकी आमा २.रुचि प्रजापतिकी पत्नी ३.उत्तानपादकी बहिनी ४.चौबिसौं कल्प ५.अभिप्राय।

आकृतिः (स्त्री.) [*आक्रियते, अयं मानवः इयं गौः इत्यादिकं व्यज्यतेऽनया इति आङ्पूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.आकार/शरीर २.अनुहार ३.स्वरूप। **आकृतिस्तु स्त्रियां रूपे सामान्यवपुषोरपि** (मेदिनी.) ४.जाति। **आकृतिर्जातिलिङ्गाख्या।** (न्या.सू.) ५.(पुं.) बुधका एक पुत्र ६. हंसी, मदिरा आदि द्वादशाक्षरी छन्द।

आकृष्टः (पुं.वि.) [*आकृष्यते स्म, आङ्पूर्वकात् कृष विलेखने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.तानिएको २.आकर्षित भएको/लोभिएको ३.मुग्ध भएको। **आकृष्टः कामलोभा–भ्यामपार्यं को हि पश्यति** (क.स.सा.)।

आकोकेरः (पुं.) मकरराशि (ज्योतिस्तत्त्व)।

आक्रन्दः (पुं.) [*आक्रन्दनम्, क्रदि आह्वाने रोदने च इति धातोः, क्रन्द शब्दसातत्ये इति धातोर्वा, भावे ३.३.१८ इति घञ्*] १.क्रन्दन/रोदन २.आह्वान ३.शब्द/ध्वनि। **तथैव निशि नागा नामाक्रन्दः श्रूयते महान्।** (रामा.) [*आक्रन्द्यतेऽस्मिन्, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] डरलाग्दो युद्ध ४.[*आक्रन्दति,पचाद्यच्*] १.मित्र। **आक्रन्दः क्रन्दने ह्वाने मित्र दारुणयुद्धयोः।** (मेदिनी.) २.भाइ ३.स्वामी/नाथ। **पार्ष्णिग्राहञ्च सम्प्रेक्ष्य तथाक्रन्दञ्च मण्डले** (मनु.)।

आक्रन्दनम् (नपुं.) [*आङ्पूर्वकात् क्रदि आह्वाने रोदने च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रोदन/क्रन्दन २.आवाज/शब्द ३.*आक्रन्द्यतेऽस्मिन्,अधिकरणे ल्युट्*] डरलाग्दो युद्ध।

आक्रन्दिकः (पुं.) [*आक्रन्दं धावति, आक्रन्दाट् ठञ्च ४.४.३८ इति ठञ्, पक्षे ठक्, स्वरे विशेषः*] रुँदै शरण लिन दौडने व्यक्ति।

आक्रमः (पुं.) [*आक्रमणम्, भावे ३.३.१८ इति घञ्*] १.क्रान्ति **आक्रमेऽधिक्रमक्रान्ती** (अभि.चि.) २.हमला/आक्रमण ३.आरोहण ४.ढाक्नु ५.प्राप्ति ६.अधिकार।

आक्रमणम् (नपुं.) [*आङ्पूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै देश, वर्ग वा व्यक्तिमाथिको हमला। **न देवलोकाक्रमणं नामरत्वमहं वृणे।** (रामा.) २.ढाक्ने काम/व्यापन।

आक्रान्तः (पुं.वि.) [*आक्रम्यते स्म, आङ्पूर्वकात् क्रमु पादविक्षेपे इति धातोः क्तः*] १.आक्रमण गरिएको २.अधिकारमा लिइएको/वशमा पारिएको ३.ढाकिएको।

आक्रामकः (पुं.वि.) १.[*आक्रामति इति, आङ्पूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] आक्रमण गर्ने २.ढाक्ने ३.[*आक्रामते, आङ उद्गमने १.३.४० इति आत्मनेपदम्, अन्यत्पूर्ववत्*] उदाउने।

आक्रीडः (पुं.) [*आक्रीडन्त्यत्र, क्रीड़ विहारे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.मनोरञ्जनका लागि बनाइएको बगैंचा। **पुमानाक्रीड उद्यानम्।** (अमर.) २.क्रीडास्थल। **आक्रीडपर्वतास्तेन कल्पिताः स्वेषु वेश्मसु** (कु.सं.)।

आक्रीडी (पुं.वि.) [*आक्रीडति, संपृचा–इति घिनुण्*] अतिशय खेल्ने।

आक्रोशः (पुं.) [*आक्रोशनम्, आङ्पूर्वकात् क्रुश आह्वाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चिच्याहट २.आवेगविशेष ३.श्राप। **आक्रोशं मम मातुश्च प्रमार्ज्य पुरुषर्षभः** (रामा.)।

आक्रोशकः (पुं.वि.) आक्रोशति, देविक्रुशोश्चोपसर्गे ३.२.१४७ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः] १.क्रोध व्यक्त गर्ने २.चिच्याउने ३.श्राप दिने।

आक्रोशनम् (नपुं.) [*आङ्पूर्वकात् क्रुश आह्वाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कराउनु २.श्राप दिनु।

आक्षतम् (नपुं.) [*आ समन्तात् क्षतम्*] आखत। कुनै वस्तुको चोरी हुँदा वा दोष लाग्दा दोषी भनी शङ्का गरिएको मानिसलाई काँयमा चढाउने, तातो फलाम समात्न लगाउने, पानीमा डुबाउने आदि आठ तरिकाबाट गरिने परीक्षा।

आक्षद्यूतिकः (पुं.वि.) [*अक्षद्यूतेन निर्वृत्तः, निर्वृत्तेऽक्षद्यूतादिभ्यः ४.४.१९ इति ठक्, ठस्येकः*] जुवाबाट पैदा भएको।

आक्षपादः (पुं.वि.) [अक्षपादं तन्निर्मितशास्त्रमधीते वेत्ति वा, तदधीते तद्वेद इत्यण्, वृद्धिः] नैयायिक। **नैयायिकस्त्वाक्षपादः** (अभि.चि.)।

आक्षारणा (स्त्री.) [*आङ्पूर्वकात् क्षर सञ्चलने इति धातोः णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] परस्त्रीका साथ आफ्नो पुरुषले र परपुरुषका साथ आफ्नी स्त्रीले मैथुन गर्दा हुने आक्रोश। **नीचमाक्षारणं यः स आक्रोशो मैथुनं प्रति** (शब्दा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आक्षारितः (पुं.वि.) [*आक्षार्यते स्म, आङ्पूर्वकात् क्षर सञ्चलने इति धातोः णिचि क्तः*] मैथुनका प्रति आक्रोश व्यक्त गरिएको ।

आक्षिकः (पुं.वि.) [*अक्षैर्दीव्यति क्रीडति,जयति वा, तेन दीव्यति खनति जयति जितम् ४.४.२ इति ठक्, ठस्येकः, वृद्धिः*] जुवाडे ।

आक्षेपः (पुं.) [*आक्षेपणम्, आङ्पूर्वकात् क्षिप प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कसैलाई लाञ्छना लगाउनु २.कटुवचन ।

आक्षेपवचनं तस्य न वक्तव्यं कदाचन ।

अनुकूलं प्रियञ्चास्य वक्तव्यं जनसंसदि ॥ (सुभा.) ३.चित्तविक्षेप ४.आकर्षण ५.विन्यास । **गोरोचनाक्षेपनितान्तगौरे** (कु.सं.) ६.अपहरण । **यत्रांशुकाक्षेपविलज्जितानाम्** (कुसं.) ७.उपस्थिति । **मुख्यार्थस्येतराक्षेपो वाक्यार्थान्वयसिद्धये** (सा.द.) ८.सादृश्यगर्भ गम्यौपम्याश्रय वर्गको एक अर्थालङ्कार । यसमा गरिएको निषेध निषेध नभएर निषेधाभासको रूपमा परिणत हुन्छ ।

आक्षेपकः (पुं.वि.) [*आक्षिपति, आङ्पूर्वकात् क्षिप प्रेरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३, इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.वायुरोग/शरीर थर्थराउने रोग २.व्याधा ३.निन्दा गर्ने वा कसैमाथि आरोप लगाउने व्यक्ति । **आक्षेपकोऽनिलव्याधौ व्याधे निन्दार्थकेऽपि च** (मेदिनी.) ४.(पुं.वि.) १.आकर्षक २.स्थापक ।

आक्षेपणम् (नपुं.) [*आङ्पूर्वकात् क्षिप प्रेरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आक्षेप लगाउनु ।

आक्षोदनम् (नपुं.) [*आङ्पूर्वकात् क्षुदधातोः भावे ल्युट् अनः*] सिकार खेल्ने काम ।

आखण्डलः (पुं.) [*आखण्डयति वज्रेण पर्वतादीन्, आङ्पूर्वकात् खडि भेदने इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११ इति कलच्*] इन्द्र । **आखण्डलमिदं बभाषे** (कु.स.) ।

आखनः (पुं.) १.[*आखन्यतेऽनेन, खनो घ च ३.३.१२५ इति करणे घः*] खन्ती २.[*आखन्यतेऽत्र, प्राग्वत्, घञि आखान इत्यपि*] खनिने स्थल ।

आखनिकः (पुं.) [*आ समन्ताद् खनतीति, आङ्पूर्वकात् खनु अवदारणे इति धातोः, आङि पणिपनिपतिखनिभ्यः (उ.) १२१ इति इकन्, यद्वा खनेर्डडरेकेकबका वाच्याः (वा.) ३.३.१२५ इति इकः, डे आखः, इकबके आखनिकबकः इत्यपि*] १.मुसो २.बँदेल ३.खन्ती ४.चोर । **भवेदाखनिकश्चौरे शूकरे मूषिकेऽपि च** । (मेदिनी.) ५.कोदालो ६.(पुं.वि.) खन्ने ।

आखरः (पुं.) [*आ समन्तात् खन्यतेऽनेन, आङ्पूर्वकात् खनु अवदारणे इति धातोः खनेर्डडरेकेकबका वाच्याः (वा.) ३.३.१२५ इति डरप्रत्ययः*] खन्ती ।

आखातम् (नपुं.) [*आङ्पूर्वकात् खनु अवदारणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] प्राकृतिक जलाशय ।

आखुः (पुं.) [*आखनतीति, आङ्पूर्वकात् खनु अवदारणे इति धातोः, आङ्परयोः खनिशृभ्यां डिच्च (उ.) ३४ इति उः, टिलोपः*] १.मुसो **कृत्वाखुर्विवरं स्वयं निपतितो नक्तं मुखे भोगिनः** । (नी.श.) २.सुँगुर ३.कोदालो ४.कन्जुस ५.चोर ६.देवताडवृक्ष । **~गः** [*आखुना गच्छतीति, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, टिलोपः*] गणेश । **~रथः** [*आखू रथो यस्य सः, बहु.स.*] गणेश । **~वाहनः** [*आखुर्वाहनं यस्य सः, बहु.स.*] गणेश । **~भुक्** [*आखुं भुङ्क्ते इति*] बिरालो ।

आखेटः (पुं.) [*आखिट्यतेऽत्र, आङ्पूर्वकाद् खिट त्रासे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, गुणः, स्वार्थे कन्प्रत्यये आखेटक इत्यपि*] सिकार खेल्ने काम । **आखेटे मृगया स्त्रियाम्** (अमर.) ।

आखेटिकः (पुं.) [*आखेटे कुशलः, ठक्, ठस्येकः*] १.सिकारी कुकुर २.व्याधा ।

आख्या (स्त्री.) [*आख्यानम्, आङ्पूर्वकात् ख्या प्रकथने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६, इत्यङ्, टाप् ४.१.४*] १.आख्यान/कथा २.प्रतिवेदन ३.नाम । **उमेति मात्रा तपसो निषिद्धा पश्चादुमाख्यां सुमुखी जगाम** (कु.सं.) ।

आख्यातः (पुं.वि.) [*आख्यायते स्म, आङ्पूर्वकाद् ख्या प्रकथने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.भनिएको २.प्रसिद्ध ३.प्रकाशित ।

आख्यातम् (नपुं.) २.(नपुं.) [*आख्यानमिति, आङ्पूर्वकाद् ख्या प्रकथने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.कथन २.क्रियापद । **आख्यातं भाषिते तिङि** (मेदिनी) **भावप्रधानमाख्यातम्** (निरुक्तम्) ।

आख्यातिः (स्त्री.) [*आङ्पूर्वकात् ख्याधातोः क्तिन्*] १.भनाइ २.प्रकाशन ३.कीर्ति ४.[*आख्यायतेऽनया, करणे क्तिन्*] नाम ।

आख्यानकम् (नपुं.) १.[*ह्रस्वमाख्यानम्, ह्रस्वे ५.३.८६ इति कन्*] लघुकथा २.[*अल्पम् आख्यानम्, अल्पे ५.३.८५ इति कन्*] कथाको सानो भाग ।

आख्यानकी (स्त्री.) प्रथम र तृतीय पाउमा दुई तगण, जगण, दुई गरुवर्ण तथा द्वितीय र चतुर्थ पाउमा जगण, तगण, जगण एवं दुई गुरुवर्णको प्रयोग भएको अर्धसम छन्द । **आख्यानकी तौ जगुरू ग ओजे जतावनोजे जगुरू गुरुश्चेत्** (वृ.र.) ।

आख्यानम् (नपुं.) [*आङ्पूर्वकात् ख्या प्रकथने इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कथन/उक्ति २.कथा/कहानी ३.प्रतिवचन/उत्तर ४.[*आख्यायते अनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] भेदक धर्म/क्रियापदबाट व्यक्त हुने धर्म ५.ऐतिहासिक/पौराणिक कहानी वा घटनाको कथन । **आख्यानं पूर्ववृत्तोक्तिः** (सा.द.) ६.महाभारत आदि ग्रन्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आख्यायिका (स्त्री.) [*आचष्टे, आङ्पूर्वकात् चक्षिङ् व्यक्तायां वाचि इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, यप् ४.१.४, प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः ७.३.४४ इति इत्वम्*] १.शिक्षा दिने कल्पित कथा २.गद्य काव्यको एकभेद। दण्डीले आख्यायिका र कथालाई अभिन्न मानेका छन्। विश्वनाथले कथा र आख्यायिकालाई पृथक् उल्लेख गरेर आख्यायिकालाई कथा जस्तै हो भने पनि दुवैको अलग अलग परिचय दिएका छन्। दुवै गद्यका भेद हुन् तर स्वरूपगत हिसाबले यी दुई भिन्न छन्। आख्यायिकामा कविको वंशको वर्णन तथा विद्याको प्रशंसा गरिएको हुन्छ। कन्याहरण, लडाइँ, वियोग, विपत्ति, मृत्यु आदिको वर्णन हुन्छ। वैदर्भी, गौडी आदि रीति र भारती आदि वृत्तिको प्रयोग गरिएको हुन्छ। यो उच्छ्वासमा विभक्त हुन्छ। यसमा चूर्णक गद्यको प्रयोग हुन्छ। वक्त्र तथा अपरवक्त्रनामका छन्दहरूको पनि यसमा प्रयोग भएको हुन्छ। कतै कतै अरू कविद्वारा रचित पद्य पनि उद्धृत गरिएका हुन्छन्। जस्तै— बाणभट्टद्वारा रचित हर्षरचित।

आख्यायी (पुं.वि.) [*आख्यायते तच्छीलः,आङ्पूर्वकात् ख्याधातो र्णिनिः*] १.भन्ने २.सन्देश सुनाउने। **रहस्याख्यायीव स्वनसि मृदुकर्णान्तिकचरः** (अभि.शा.१.२४)।

आख्येयः (पुं.वि.) [*आख्यातुं योग्यः आङ्पूर्वकात् ख्या प्रकथने इति धातोः अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, सार्वधातुकार्धधातुकयोः ७.३.८४ इति गुणः*] भन्नुपर्ने।

आगः (नपुं.) [*इण् गतौ इति धातोः, इण आग अपराधे च (उ.) ६६१ इति असुन्,आगादेशश्च*] १.अपराध २.पाप। **आगोऽपराधे पापे स्यात्** (मेदिनी) **सहिष्ये शतमागांसि सूनोस्ते इति यत्त्वया** (शि.व.)।

आगतः (पुं.वि.) [*आगच्छति स्म, आङ्पूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.आएको २.उपस्थित ३.लब्ध/प्राप्त। **आगतन्तु भयं वीक्ष्य नरः कुर्याद्यथोचितम्** (हितो.)।

आगन्तुः (पुं.वि.) [*आ समन्ताद् गच्छति भ्रमतीति, आङ् पूर्वकाद् गम्लृ गतौ इति धातोः, सितनिगमिमसिसच्यवधाञ्क्रुशिभ्यस्तुन् (उ.) ७२ इति तुन्*] अतिथि/आगन्तुक/अचानक आएको।

आगन्तुकः (पुं.वि.) [*आगच्छतीति, आङ्पूर्वकाद् गम्लृ गतौ इति धातोः, सितनिगमिमसिसच्यविधाञ्क्रुशिभ्यस्तुन् (उ.) १.७२ इति तुन्, स्वार्थे कन्*] २.अचानक आएको २.(पुं.) पाहुना।

आगमः (पुं.) [*आगच्छतीति, आङ्पूर्वकात् गम्लृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.शिवको मुखबाट निस्केर पार्वतीको कानमा पसी पार्वतीको हृदयमा रहेको, सृष्टि प्रलय देवपूजा, पुरश्चरण, षट्कर्मको साधना, चार प्रकारका ध्यानयोगको वर्णन तथा सात ग्रहका लक्षण बताइएको तान्त्रिक ग्रन्थ २.आउनु वा आउने क्रिया ३.प्राप्ति ४.जन्म वा उत्पत्ति ५.धनप्राप्ति ६.योजना ७.पानीको बगाइ ८.लिखित प्रमाण ९.ज्ञान १०.आमदानी ११.न्यायले पाएको कुनै वस्तु १२.सम्पत्तिको वृद्धि १३.परम्परागत विधिशास्त्र १४.विज्ञान १५.वेद १६.शास्त्रका चारथरी प्रमाणमध्ये एक प्रमाण। १७.शब्दमा थपिने वर्ण वा वर्णसमुदाय १८.सिद्धान्त १९.भविष्यत्काल २०.भाग्य २१.योगशास्त्रअनुसारको शब्दप्रमाण २२.तन्त्रशास्त्र २३.नीतिशास्त्र २४.वेदान्तको अनुसरण गर्ने शास्त्र २५.कुवा तलाउ आदि निर्माण गर्ने शास्त्र।

आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजामुखे।
मग्नस्तस्या हृदम्भोजे तस्मादागम उच्यते॥
सृष्टिश्च प्रलयश्चैव देवतानामथार्चनम्।
साधनञ्चैव सर्वेषां पुरश्चरणमेव च॥
षट्कर्मसाधनं चैव तथा योगश्चतुर्विधः।
आसप्तलक्षणैर्युक्तमागमं तद्विदुर्बुधाः॥
आगमो वेदवादस्तु तर्कशास्त्राणि चागमः
(म.भा.शान्तिपर्व)।

आगमनम् (नपुं.) [*आङ्पूर्वकाद् गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आइपुग्ने वा आउने काम।

आगामी (पु.वि.) [*आगमिष्यतीति, आङ्पूर्वकाद् गम्लृ गतौ इति धातोः, आङि णित् (उ.) ४५५ इति इनिः, णिद्वद्भावाद् वृद्धिः*] आउने।

आगारम् (नपुं.) [*अगानां वृक्षाणां समूहः, आगम्, लक्षणया काष्ठसमूहः तद् ऋच्छति प्राप्नोति निर्माणकाले, आगपूर्वकाद् ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] घर, भवन।

आगूः (स्त्री.) [*आगमनम्, आगूः, गमेः, इत्यनुवर्तमाने भ्रमेश्च डूः (उ.) २.६८ इति डूः, डित्त्वाट्टिलोपः ६.४.४३ शब्दस्यास्य वधूशब्दवत् रूपाणि भवन्ति, यदा तु क्विपि (वा.) ३.३.१०८, गमः क्वौ ६.४.४० इत्यन्तलोपे उङ् च गमादीनाम् (वा.) ६.४.४० इत्यूकारादेशः, तदा ओः सुपि ६.४.८३ इति यणि अमि शसि च आग्वम्, आग्वः, इति विशेषः, गुरी उद्यमने इति धातोः, अस्मात् क्विपि (वा.) ३.३.१०८ तु आगूः, आगुरौ, आगुरः, इति धूर्वत्*] १.स्वीकार २.प्रतिज्ञा। **आगूः सङ्गरसन्धाप्रतिश्रवाः संश्रवः प्रतिज्ञा च** (हला.)।

आग्निध्रः (पुं.) [*अग्नीनिन्धे, ञिइन्धी दीप्तौ इति धातोः, क्विप् ३.२.७६, नलोपः ६.४.२४ अग्नीदृत्विक्, अग्नीधः स्थानम्, अग्नधिः शरणे रण् भं च (वा.) ४.३.१२०, आग्नध्रिं स्थानम्, तात्स्थ्यात्सोऽपि*] ऋत्विक्/यज्ञको काममा वरण गरिएका ब्राह्मणहरूमध्येका एकथरी ब्राह्मण।

आग्नेयः (पुं.वि.) [*अग्नेरपत्यादिः, अग्निकलिभ्यां ढग्वक्तव्यः (वा.) इति ढक्, ढस्य एयः*] १.अग्निबाट उत्पन्न भएको २.(पुं.) [*अग्निर्देवता अस्य*] पूर्व र दक्षिण दिशाको कुना। ३.अठारौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्प ४.रात्रिको पन्द्र मुहूर्तमध्येको एक मुहूर्त/पाँचौं मुहूर्त। **~पुराणम्** (नपुं.) अग्निपुराण।

आग्नेयास्त्रम् (नपुं.) [*आग्नेयञ्च तदस्त्रञ्च,कर्म.स.*] और्वले सगरलाई दिएको आगो बर्साउने अस्त्र (वा.पु.१८८.१२४-३५)।

आग्नेयी (स्त्री.) [*अग्नेर्जातादिः, अग्नेर्ढक् ४.३.३३ इति ढक्, ढस्य एयः, ङीप्*] १.स्वाहा/अग्निकी पत्नी २.आग्नेय दिशा। **~मुद्रा** (स्त्री.) नाभिमा रहने बिरबहुटी (ओरिगाँठे) भैँ रातो त्रिकोण आकारको, तेजले मुस्लो भैँ भएको, रुद्र देवता भएको, सबै सिद्धि दिने रँ तत्त्वलाई अग्नितत्त्व भन्दछन्। त्यस्तो अग्नि तत्त्वको ध्यान गर्दै पाँच घडीसम्म कुम्भक प्राणायामद्वारा प्राणवायु (त्यस अग्नितत्त्वमा) स्थापना गर्दा, अकाल मृत्यु र अग्निको डर हराउने आग्नेयी मुद्रा।

यन्नाभिस्थितमिन्द्रगोपसदृशं बीजं त्रिकोणान्वितम्,
तत्त्वं तेजमयं प्रदीप्तमरुणं रुद्रेण यत्सिद्धिदम्।
प्राणांस्तत्र विनीय पञ्चघटिकां चिन्तान्वितं धारये-
देषा कालगभीरभीतिहरणी वैश्वानरी धारणा॥ (घे.सं.).

आग्रहः (पुं.) [*आग्रहणम्, आङ्पूर्वकाद् ग्रह उपादाने इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.विशेष अनुरोध २.जिद्दी ३.ग्रहण ४.कुनै भाव वा धारणाप्रति अत्याशक्ति।

आग्रहायणः (पुं.) [*अग्रहायन एव, सान्नाय्यानुजा (वा) ५.४.३६ इति स्वार्थेऽण्*] मार्ग महिना।

आग्रहायणिकः (पुं.) [*आग्रहायणी पौर्णमासी अस्मिन् मासे, आग्रहायण्यश्वत्थात् ठक् ४.२.२२ इति ठक्, ठस्येकः*] मार्ग महिना।

आग्रहायणी (स्त्री.) [*हायनस्य अग्रम्, अग्रहायनम् ततः सान्नाय्या (वा) ५.४.३६ इति स्वार्थेऽण्, ततो ङीप्, मार्गशीर्षमारभ्य वर्षप्रवृत्तेः। पूर्वपदात् ८.४.३ इति णत्वम्। आग्रहायणी पौर्णमासी, तद्योगान् नक्षत्रमपि तथा*] १.मृगशिरा नक्षत्र २.मार्गमहिनाको पूर्णिमा।

आघट्टना (स्त्री.) [*आघट्टनम्, आङ्पूर्वकात् घट्टधातोर्णिचि युच्, अनः,टाप्*] रगडिनु, घोट्टिनु, काँप्नु। **रणद्भिराघट्टनया नभस्वतः** (शि.व.)।

आघर्षणम् (नपुं.) [*आङ्पूर्वकात् घृषधातोः ल्युट् च इति ल्युट्, अनः*] १.मालिस गर्नु २.कन्याउनु ३.घोट्नु।

आघाटः (पुं.) १.[*आघट्यते संरक्षणाय क्रियते चेष्टाऽत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] सीमा २.[*आघट्यन्ते दन्ता अनेन, पूर्वसूत्रेण करणे घञ्*] अपामार्ग।

आघातः (पुं.) [*आ समन्ताद् हननम्, हन हिंसागत्योः इति धातोः भावे ३.३.१८ इति घञ्, अत उपधायाः ७.२.११६ इति उपधावृद्धिः हनस्तोऽचिण्णलोः ७.३.३२ इति तकारान्तदेशः, होहन्तेर्ञ्णिन्नेषु ७.३.५४ इति हकारस्य कुत्वम्*] १.हिंसा २.चोटपटक ३.प्रहार ४.दुर्भाग्य/विपत्ति। ५.[*आहन्यतेऽत्र, हलश्च ३.३.१२१ इति घञ्, अन्यत्पूर्ववत्*] वधस्थान। **आघातं नीयमानस्य** (हितो.)।

आघूर्णनम् (नपुं.) [*आङ्पूर्वकाद् घूर्णधातोर्भावे ल्युट्, अनः*] १.चक्कर खानु २.घुम्नु ३.अफल्टिएर लड्नु।

आघूर्णितः (पुं.वि.) [*आघूर्ण्यते स्म, आङ्पूर्वकात् घूर्ण भ्रमणे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] घुमेको। **आघूर्णितो वा वातेन स्थितः पोते महार्णवे** (स.श.)।

आघोषः (पुं.) [*आङ्पूर्वकाद् घुषिर् विशब्दने इति धातोः, णिचि भावे ३.३.१८ इति घञ्*] १.मिलेर रुनु २.डङ्का पिट्नु/ठुलो आवाज निकाल्नु।

आघ्राणम् (नपुं.) [*आङ्पूर्वकाद् घ्रा गन्धोपादाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सुँघ्नु २.तृप्ति। **तृप्तिः सौहित्यमाघ्राणम्** (अभि.चि.)।

आघ्रातः (पुं.वि.) [*आघ्रायते स्म, आङ्पूर्वकाद् घ्रा गन्धोपादाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः नत्वपक्षे आघ्राणः*] १.सुँघिएको २.तृप्त। **तृप्ते त्वाघ्रातसुहिताऽऽशिताः** (अभि.चि.) ३.गतिशील। **आघ्रातं शिङ्घिते क्रान्ते** (मेदिनी.)।

आङ् (उप.) [*अतति, बाहुलकाद् डाङ्प्रत्ययः, टिलोपश्च*] १.थारै/अलिकति (आपिङ्गलः) २.व्याप्ति (आजन्म ब्रह्मचारी) ३.धातुका साथ जोडिएर उही वा अर्को अर्थ दिने उपसर्ग (आगच्छति, प्रतिगच्छति आदि) ४.सीमा।

आङिषदर्थेऽभिव्याप्तौ सीमार्थे धातुयोगजे (अमर.)।
आङ् सीमायां परिव्याप्तौ क्रियायोगेषदर्थयोः (विश्व.)।

५.चारैतिर/सबै किसिमले।

आङ् क्रन्द (धा.) [*सातत्ये,क.सेट्, उभ.*]- बोलाउनु। लट्- **आक्रन्दयति-** बोलाउँछ। लिट्- **आक्रन्दयाञ्चकार-** बोलाएछ (अन.)। लुट्- **आक्रन्दयिता-** बोलाउने छ (अन.)। लृट्- **आक्रन्दयिष्यति-** बोलाउने छ। लोट्- **आक्रन्दयतु- तात्-** बोलाओस्। लङ्- **आक्रन्दयत्-** बोलायो (अन.)। विधिलिङ्- **आक्रन्दयेत्-** बोलाउला, बोलाओस्। आशी-र्लिङ्- **आक्रन्द्यात्-** बोलाओस्। लुङ्- **आचक्रन्दत्-** बोलायो। लृङ्- **आक्रन्दयिष्यत्-** बोलाउने थियो। कर्मणि- **आक्रन्द्यते-** बोलाइन्छ। कृदन्ते- **आक्रन्दकः-** बोलाउने। **आक्रन्दिका** (स्त्री.) बोलाउने। **आक्रन्दयितुम्-** बोलाउन। **आक्रन्दयन्** (पुं.) बोलाइरहेको। **आक्रन्दयन्ती** (स्त्री.) बोलाइरहेकी। **आक्रन्दयितः** (पुं.वि.) बोलाइएको इत्यादि।

आङ्गः (पुं.) [*अङ्गानां राजा, द्वयञ्मगधकलिङ्गसूरमसादण् ४.१.१७० इत्यण्, वृद्धिः, अलोपः*] १.अङ्ग देशको राजा २.[*अङ्गस्यापत्यम्*] अङ्गको छोरो।

आङ्गविद्यः (पुं.वि.) १.[*अङ्गविद्यामधीते, वेत्ति वा, विद्या च नाङ्गक्षत्रधर्मसंसर्गत्रिपूर्वा (वा.) ४.२.६० इत्यण्*] अङ्गविद्या पढ्ने वा जान्ने २.[*अङ्गविद्याया व्याख्यानम्, तत्र भवः, अणृगयनादिभ्यः ४.३.७३ इत्यण्*] अङ्गविद्याको व्याख्याता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आङ्गारम् (नपुं.) [*अङ्गाराणां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण्*] अङ्गार वा कोइलाको समूह।

आङ्गिकः (पुं.वि.) [*अङ्गशब्दात् ठक्, ठस्येकः ७.३.५० इति ठस्य इकः*] १.अङ्गका रूपमा रहेको २.[*अङ्गस्येदम्*] अङ्गसम्बन्धी ३.[*अङ्गेन अङ्गसञ्चालनेन निर्वृत्तः*] अङ्गसञ्चालनद्वारा निष्पन्न।

भवेदभिनयोऽवस्थाऽनुकारः स चतुर्विधः।
आहार्यो वाचिकश्चैवमाहार्यो सात्विकस्तथा॥ (सा.द.)

४.(नपुं.) मादल।

आङ्गिरसः (पुं.) [*अङ्गिरसोऽपत्यं पुमान्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्*] १.बृहस्पति। **अध्यापयामास पितॄन् शिशुराङ्गिरसः कविः** (मनु.) २.उतथ्य ३.संवर्त ४.[*अङ्गिरसेन प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्*] अथर्ववेदको एक सूक्त। यसका द्रष्य ऋषि अङ्गिरा हुन्। (भाग १२.७.४) ५.[*अङ्गिरसेन सम्पादितः*] वृन्दावनमा भएको एक यज्ञ (भाग.१०.२३.३)।

आङ्गिरसी (स्त्री.) वसुकी पत्नी, विश्वकर्माकी आमा (भाग.५.२०.८)

आङ्गुलिकः (पुं.वि.) [*अङ्गुलिरिव, अङ्गुल्यादिभ्यष्ठक् ५.३.१०८ इति ठक्, ठस्येकः*] औँलाजस्तो।

आङः शासु (धा.) [*इच्छायाम्, सक.सेट् आत्मने.*] १.राम्रो गर्नु २.आशा गर्नु ३.इच्छा गर्नु। लट्— **आशास्ते**— राम्रो गर्छ, आशा गर्छ, इच्छा गर्छ। लिट्— **आशशासे**— राम्रो गरेछ, आशा गरेछ, इच्छा गरेछ (अन.)। लुट्— **आशासिता**— राम्रो गर्ने छ, आशा गर्ने छ, इच्छा गर्ने छ (अन.)। लृट्— **आशासिष्यते**— राम्रो गर्ने छ, आशा गर्ने छ, इच्छा गर्ने छ। लोट्— **आशास्ताम्**— राम्रो गरेस्, आशा गरोस्, इच्छा गरोस्। लङ्— **आशास्त**— राम्रो गऱ्यो, आशा गऱ्यो, इच्छा गऱ्यो (अन.)। विधिलिङ्— **आशासीत्**— राम्रो गर्ला, आशा गर्ला, इच्छा गर्ला, राम्रो गरोस्, आशा गरोस्, इच्छा गरोस्। आशीर्लिङ्— **आशासिषीष्ट**— राम्रो गरोस्, आशा गरोस्, इच्छा गरोस्। लुङ्— **आशासिष्ट**— राम्रो गऱ्यो, आशा गऱ्यो, इच्छा गऱ्यो। लृङ्— **आशासिष्यत**— राम्रो गर्ने थियो, आशा गर्ने थियो, इच्छा गर्ने थियो। कर्मणि— **आशास्यते**— राम्रो गरिन्छ, आशा गरिन्छ, इच्छा गरिन्छ। णिचि— **आशासयति-ते**— राम्रो गराउँछ, आशा गराउँछ, इच्छा गराउँछ। कृदन्ते— **आशासितव्यः/ आशासनीयः** (पुं.वि.) आशा गर्नुपर्ने। **आशकः** (पुं.वि.) आशा गर्ने। **आशिका** (स्त्री.वि.) आशा गर्ने इत्यादि।

आङ् षद (धा.) [*पद्यर्थे गतौ च, सक.सेट् उभ.*]— उक्लनु, जानु लट्— **आसादयति-ते**— उक्लन्छ, जान्छ, प्राप्त गर्छ। लिट्— **आसदयाञ्चकार— चक्रे**— उक्लेछ, गएछ, प्राप्त गरेछ। (अन.) इत्यादि।

आचमनकः (पुं.) फिकदानी। **कोणस्थिताह्वानचकिताचमनकवाहिनि** (हर्षचरित)।

आचमनम् (नपुं.) [*आचम्यते, आङ्पूर्वकात् चमु अदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.जल पिउनु २.शुद्धिको लागि कुल्ला गर्नु ३.दैवकर्म तथा पितृकर्म गर्न, शरीर शुद्ध राख्न, अस्त्र मन्त्र आदिको प्रयोग गर्न गाईको कान जस्तो हत्केला बनाई जल पिउनु र अष्ट्यङ्ग स्पर्श गर्नु। आचमनका छ भेद छन्— शुद्ध, स्मार्त, पौराणिक, वैदिक, श्रौत र तान्त्रिक। **शुद्ध आचमन**— दिसापिसाब गरेपछि शुद्ध हुन गरिने आचमन। **स्मार्त** र **पौराणिक आचमन**— स्मृति र पुराणमा प्रतिपादित कर्म गर्दा गरिने आचमन। **वैदिक** र **श्रौत आचमन**- ब्रह्मयज्ञ गर्दा गरिने आचमन। **तान्त्रिक आचमन**— अस्त्रविद्याको प्रयोग गर्दा गरिने आचमन। श्रौत आचमन गर्दा पहिले प्रणव, त्यसपछि गायत्री, अनि तीन व्याहृति जपी आचमन गर्नुपर्छ। वैदिक आचमन गर्दा कर्म थाल्नु अघि पूर्व फर्किएर तीन पटक आचमन गरी तीनपटक प्राणायाम गर्नुपर्छ। स्मार्त आचमन गर्दा केशव आदिको नाम लिई तीन पटक जल पिउनुपर्छ, दुई पटक नाम लिई हात पखाल्नु पर्छ, दुई पटक नाम लिई ओठ पुछ्नुपर्छ, दुईपटक नाम लिई आफुमाथि जल छर्कनुपर्छ, फेरि एक पटक नाम लिई हातगोडा पखाल्नुपर्छ र एकपटक नाम लिई कपाल छुनुपर्छ। त्यसपछि सङ्कर्षण आदिको नाम लिँदै मुख, नाक, आँखा, कान, नाइटो, छाती र दुई हात क्रमैले छुनु पर्छ। यसरी आचमन गर्दा साक्षात् नारायण बनिन्छ। आचमन गर्दा ब्राह्मणले हृदयसम्म पुग्ने गरी, क्षत्रियले घाँटीसम्म पुग्ने गरी, वैश्यले तालुसम्म पुग्ने गरी तथा शूद्र र स्त्रीहरूले मुखभित्र मात्र पुग्ने गरी जल पिउनुपर्छ। (या.व.१.२१)

शुद्धं स्मार्तञ्चाचमनं पौराणं वैदिकं तथा।
तान्त्रिकं श्रौतमित्याहुः षड्विधं श्रुतिचोदितम्॥
विण्मूत्रादिकशौचं च शुद्धं च परिकीर्तितम्।
स्मार्तं पौराणिकं कर्म आचान्ते विधिपूर्वकम्॥
अस्त्रविद्यादिकं कर्म तान्त्रिको विधिरुच्यते।
(दे.भा ११.२.१—२)

आचमनीयम् (नपुं.) १.[*आचमनाय मुखक्षालनाय हितम्, आचमनशब्दात् तस्मै हितम् ५.१.५ इति छः, आयनेयीनीयियः फढखछघां प्रत्ययादीनाम् ७.१.२ इति ईयः, आङ्पूर्वकाद् चमु अदने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर् वा*] मुख धुने वा चुठ्ने पानी। २.[*आचमन्त्यनेन, कृत्यल्युटो बहुलम् ३.३.११३ इति बाहुलकात् करणेऽनीयर्*] आचमन गर्ने भाँडो/ आचमनी।

आचमितः (पु.वि.) [*आङ्पूर्वकात् चमु अदने इति धातोः क्तः*] पानी अचाइएको, आचमन गरिएको।

आचयकः (पुं.) [*आचये सञ्चये कुशलः, आकर्षादिभ्यः कन् ५.३.१०८ इति कन्*] सञ्चयशील।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचरणम् (नपुं.) [*आङ्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.अनुष्ठान २.व्यवहार ३.क्रियाकलाप।

आचामः (पुं.) [*आचम्यते इति, चमु अदने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, अत उपधायाः ७.२.११६ इति वृद्धिः*] १.भातको माड २.[*आचमनम्, भावे ३.३.१८ इति घञ्*] खानु ३.पिउनु। **चकोरा एव निपुणाश्चन्द्रिका- ऽऽचामकर्मणि** (का.प्र.)।

आचारः (पुं.) [*आचरणम्, आङ्पूर्वकात् चर गतिभक्षणयोः, इति धातोः भावे ३.३.१८ इति घञ्*] १.राम्रो आचरण २.व्यवहार ३.चरित्र/शील। **आचारः प्रथमो धर्मः** (सुभा.)।

आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः।
आचाराद् धनमक्षय्यमाचारो हन्त्यलक्षणम्॥ (मनु.)
आचारः कुलमाख्याति वपुराख्याति भोजनम्।
वचनं श्रुतमाख्याति स्नेहमाख्याति लोचनम्॥ (सुभा.)

४.मार्ग/पन्था। यी आचारहरूको किसिम भिन्नभिन्न छ। कुलार्णव र ज्ञानदीप तन्त्रमा सात किसिमका आचारहरूको उल्लेख छ– वैदिकाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार र कौलाचार। सच्चिदानन्द स्वामीले तन्त्ररहस्यमा अरू दुई आचार–अघोराचार र योगाचार थपेर आचारको सङ्ख्या ९ पुऱ्याएका छन्। तन्त्रमा कौलाचारलाई सर्वोत्कृष्ट स्थान दिइएको छ। वेदाचारभित्र यज्ञ गर्नु, गराउनु, मासु नखानु, देवताको उपासना गर्नु, ऋतुकालमामात्र पत्नीका साथ सहवास गर्नु आदि आचारहरू पर्दछन्। वैष्णवाचारमा निरामिष भोजन, व्रत, उपवास, विष्णुको पूजा आदि आचारहरू समाविष्ट छन्। शैवाचारभित्र जीवहिंसाको त्याग, शिवको उपासना आदि आचार आउँछन्। दक्षिणाचारमा भाङ खाएर परमेश्वरको ध्यान गर्ने विधान छ। राति मन्त्रको जप, महाशङ्ख अथवा नरकङ्काल मालाको पहिरन, कहिलेकाहीं शक्तिपीठमा गएर गरिने आराधना आदि यस आचारभित्र आउने विषय हुन्। वामाचारमा दिउसो ब्रह्मचारीजस्तै बनेर रातमा गुप्त रूपले पञ्चमकारको सेवन गर्ने विधान छ। सिद्धान्ताचारमा वेद, शास्त्र, पुराण आदिमा वर्णित नियमअनुसार आचरण गरेर पञ्चतत्त्वको सेवन गर्ने व्यवस्था छ। अन्तिम कौलाचारमा हात्तीको पाइलाभित्र सबै किसिमका पशुहरूको पाइला अटाएझैं सबै किसिमका आचारहरू अटाउँछन् भनिएको छ। कौलाचारमा सम्पूर्ण बन्धनहरू खुस्कन्छन्। विधि र निषेध केही बाँकी रहँदैन त्यहाँ। यिनीहरू आफूलाई सदाशिव मान्दछन्। यिनीहरूको मतमा आफूभन्दा ठुलो संसारमा अरू कुनै हुँदैन। यिनीहरूका लागि आफ्नो इच्छा नै सबैभन्दा ठुलो आचार हुन्छ। तन्त्रमा यस मतलाई स्वेच्छाचार भनिएको छ। साधकले जे गऱ्यो, त्यो सबै पवित्र हुन्छ। खान, पान, मैथुन आदिको कुनै विधि, निषेध त्यहाँ रहँदैन। अर्को किसिमले आचारलाई दुई भागमा बाँड्न सकिन्छ– दक्षिणाचार र वामाचार। दक्षिणाचारभित्र वैदिक, वैष्णव, शैव आचार पर्दछन्, यी आचार प्रवृत्तिमार्गी आचार हुन्। वामाचारभित्र वामाचार, सिद्धान्ताचार र कौलाचार पर्दछन्। स्त्री जातिजस्तो गरी चल्ने हुनाले यी आचारहरूलाई वामाचार भनिएको हो। कसैले के भनेका छन् भने विपरीत आचारण गरिने हुँदा यी वामाचार हुन्। यस आचारकी आराध्या देवी शिवको बायाँ काखमा बस्ने हुँदा वामाचार भनिएको हो भन्ने कसैको मत छ। वामाचार निवृत्तिमार्ग हो। **~भ्रष्टः** [*आचारेण भ्रष्टः, तृ.त.*] आचारले भ्रष्ट। **~पतितः** [*आचारात् पतितः, तृ.त.*] आचारबाट झरेको। **~पूतः** [*आचारेण पूतः, तृ.त.*] आचारले पवित्र भएको। **~वर्जितः** [*आचारेण वर्जितः, तृ.त.*] आचार नभएको/नियम रहित। **~वेदी** १.(पुं.वि.) [*आचारं वेत्ति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] आचारका ज्ञाता २.(स्त्री.) [*आचारस्य वेदी, ष.त.*] आर्यावर्त भूमि। **पुण्यभूराचारवेदी मध्यं विन्ध्यहिमालयोः**। (अभि.चि.) **~हीनः** (पुं.वि.) [*आचारेण हीनः, तृ.त.*] आचार नभएको। **आचारहीनं न पुनन्ति देवाः** (स्मृति.)।

आचारनिपुणः (पुं.) [*आचारे निपुणः,ष.त.*] असल आचरणमा कुशल।

आचारसंहिता (स्त्री.) [*अचाराय, आचारस्य वा संहिता*] नैतिक आचरण, रीतिरिवाज, कर्तव्य आदिको पालना गर्न, गराउनका लागि बनाइएको नियम वा कानुन।

आचार्यः (पुं.) [*स्वयमाचरति, आचारं स्थापयति शास्त्राणि आचिनोति च, आङ्पूर्वकात् चर गतौ भक्षणे च इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति बाहुलकाद् ण्यत्*] १.ब्राह्मण गुरु २.गायत्री मन्त्र सुनाउने गुरु ३.उपनयन गरेर सरहस्य तथा अङ्गसहित वेद पढाउने गुरु।

उपनीय तु यः शिष्यं वेदमध्यापयेद् द्विजः।
साङ्गञ्च सरहस्यञ्च तमाचार्यं प्रचक्षते॥ (मनु.)

४.यज्ञको विधिसम्बन्धी कामको खटनपटन गर्न वा हेरचाह गर्न खटिएको वा वरण गरिएको ब्राह्मण ५.पूज्य ६.पुरोहित ७.कुनै महाविद्यालयको मुख्य अधिकारी ८.शास्त्रीभन्दा माथिल्लो तहको पढाइ वा शैक्षिक उपाधि ९.ठुला विद्वान् १०.शास्त्रसम्बन्धी व्याख्या गर्ने व्यक्ति ११.वेदका भाष्यकार १२.ब्रह्मसूत्रका चार भाष्यकार– शङ्कर, रामानुज, मध्व र वल्लभ नामका आचार्य १३.पाणिनिका चार शिष्य– आचार्य, प्रवक्ता, श्रोत्रिय र अध्यापकमध्येका एक शिष्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयमाचरते यस्मादाचारं स्थापयत्यपि ।
आचिनोति च शास्त्राणि आचार्यस्तेन चोच्यते ॥
(ब्रह्मा.पु.पूर्वखण्ड. ३२.३२)

१४.ब्राह्मणको थरविशेष ।

आचार्यकम् (नपुं.) [*आचार्यादागतम्, विद्यायोनिसम्बन्धेभ्यो वुञ् ४.३.७७ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] आचार्यबाट प्राप्त सम्पत्ति/शिक्षा ।

आचार्या (स्त्री.) [*आचरति, आचर्यते वा, आङ्पूर्वकाद् चर गति भक्षणयोः इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति वचनाद् ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, टाप् ४.१.४*] आफैं आचार्यको काम गर्ने स्त्री ।

आचार्यानी (स्त्री.) [*आचार्यस्य स्त्री, इन्द्रवरुण ४.१.४९ इति ङीष्, आनुक्, आचार्यादणत्वञ्च (वा.)४.१.४९ इति णत्वनिषेधः, चात् णत्वमपि*] आचार्यकी पत्नी । **आचार्यानी तु पुंयोगे** (अमर.) **त्र्यम्बकं देवमाचार्यमाचार्याणीञ्च पार्वतीम्** (म.वी.च.) ।

आचितः (पुं.वि.) [*आचीयते स्म, आङ्पूर्वकात् चिञ् चयने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बटुलिएको २.ढाकिएको/व्याप्त । **कचाचितौ विष्वगिवागजौ गजौ** । (किरा.) । ३.उनिएको ४.जडिएको ।

आचूषणम् (नपुं.) [*आङ्पूर्वकात् चूषधातोर्भावे ल्युट् अनः*] चुस्नु ।

आच्छन्नः (पु.वि.) [*आच्छाद्यते स्म, आङ्पूर्वकात् छद अपवारणे इति धातोर्णिचि, निष्ठा ३.२.१०२ इति क्तः, रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः ८.२.४२ इति नः, वा दान्त- ७.२.२७ इति वैकल्पिक इडभावः, उपधाया ह्रस्वभावः, पक्षे आच्छादितः*] ढाकिएको । **मेघाच्छन्नेऽह्नि दुर्दिनम्** (अमर.) ।

आच्छादः (पुं.) [*आच्छाद्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] लुगा/वस्त्र । **सिचयो वसनं चिराच्छादौ सिक् चैलवाससी** (अभि.चि.) ।

आच्छादकः (पुं.वि.) [*आच्छादयति, आङ्पूर्वकाद् छदि संवरणे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] ढाक्ने/छोप्ने ।

आच्छादनम् (नपुं.) [*आच्छाद्यतेऽनेन, आङ्पूर्वकाद् छदि संवरणे इति धातोः, णिचि, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः,णेर्लोपः*] १.ढकनी २.लुगा/वस्त्र । **वस्त्रमाच्छादनं वासः** (अमर.) **तस्मादेताः सदा पूज्या भूषणाच्छादनाशनैः** । (मनु.) ३.[*ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१*] ढाक्नु/छोप्नु ।

आच्छादितः (पुं.वि.) [*आच्छाद्यते स्म, आङ्पूर्वकात् छदि संवरणे इति धातोः णिचि निष्ठा ३.२.१०२ इति क्तः,णेर्लोपः*] १.ढाकिएको २.लुगा लगाइएको ।

आच्छुरितम् (नपुं.) [*आच्छुरणम् परच्छेदनम्, क्षुर छेदने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.खित्का छोडेको हाँसो । २.नङले बजाउने बाजा । **न सेहे कञ्चुकेनापि क्षिप्रमाच्छुरितं वपुः** । (क.स.सा.) ३.(वि.) चिलाएको ।

आच्छुरितकम् (नपुं.) [*आच्छुरणम् परच्छेदनम्, क्षुर छेदने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, नीतौ च तद्युक्तात् ५.३.७७, इति स्वार्थे कन्*] १.खित्का छोडेको हाँसो २.नङले चिथोर्ने काम । **स्यादाच्छुरितकं हासनखराघातभेदयोः** (मेदिनी.) ।

आच्छेदकः (पुं.वि.) [*आच्छेदयति, आङ्पूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.जरैसित काट्ने २.च्वाट्टै काट्ने ।

आच्छेदनम् (नपुं.) [*आङ्पूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पूरै काट्ने काम ।

आच्छोदनम् (नपुं.) [*आच्छिद्यन्तेऽत्र, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, पृषोदरादितया इकारस्योकारः*] सिकार । **आच्छोदनं मृगव्यं स्यादाखेटो मृगया स्त्रियाम्** (अमर.) ।

आछि (धा.) [*आयामे, सक.सेट् पर., इदित्*]— बढ्नु, लामो पार्नु । लट्— **आञ्छति**— बढ्छ, लामो पार्छ । लिट्—**आञ्छ- आनञ्छ**— बढेछ, लामो पारेछ (अन.) इत्यादि । **आञ्छति काष्ठं शिल्पी** (दुर्गादास) ।

आजकम् (नपुं.) [*अजानाम् समूहः, गोत्रोक्षोष्ट्रोरभ्रराजराजन्य-राजपुत्रवत्समनुष्याजाद् वुञ् ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] बाखाको बथान ।

आजगवम् (नपुं.) [*अजगवमेव, प्रज्ञादित्वादण्*] शिवधनु ।

आजन्म (नपुं.) [*जन्मत आरभ्य, अव्य.स.*] जन्मदेखि लिएर ।

आजम् (नपुं.) [*अजस्य, अजाया वा इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.बाखाको घिउ । **गव्यमाजं तथा चौष्ट्रमाविकं माहिषञ्च यत्** । (वैद्यक) २.बाखा,बोको वा खसीको मासु, छाला आदि । **अतो धातुविवृद्ध्यर्थमाजं मांसं प्रशस्यते** (वैद्यक) ।

आजानेयः (पुं.) [*अजनम्, अज गतिक्षेपणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्, आजेन क्षेपेण आनेयः प्रापणीयः आयत्तो वा*] उत्तम घोडा ।

शक्तिभिर्भिन्नहृदयाः स्खलन्तश्च पदे पदे ।
आजानन्ति यतः संज्ञामाजानेयास्ततः स्मृताः ॥ (अ.त.)

आजिः (पुं.) [*अजन्ति क्षिपन्ति शस्त्रादिकमत्र सः, अज गतिक्षेपणयोः इति धातोः, अज्यतिभ्याञ्च (उ.) ५८० इति इण्*] १.युद्ध/लडाइँ/संग्राम २.क्षण ३.आक्षेप ४.सम्म भूमि । **आजिः स्त्री समभूमौ सङ्ग्रामे** (मेदिनी.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजीवः (पुं.) [*आजीव्यतेऽनेन, हलश्च ३.३.१२१ इति घञ्*] १.जैन २.जीविका। **बद्धमूलफलो रम्यः स्वाजीवः प्रतिभाति मे।** (रामा.)

आजीवनम् (नपुं.) [*जीवनादारभ्य, अव्य. स.*] १.जीवनदेखि लिएर २.[*जीवनमभिव्याप्य*] जीवनभर।

आजीविका (स्त्री.) [*आजीव्यतेऽनया, आङ्पूर्वकाद् जीव प्राणने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, संज्ञायां कन् ५.३.७५ इति कन्, टाप् ४.१.४, इत्वम् ७.३.४४*] १.रोजगार/गरी खाने बाटो २.बाँच्ने प्रणाली।

आजूः (स्त्री.) [*आजवते इति, आङ्पूर्वकाद् जु गतौ इति धातोः, क्विब्वचिप्रच्छि (वा.) ३.२.१७८ इति क्विप्, दीर्घश्च*] विना-पारिश्रमिक काम गर्ने नोकर ३.नरकको दुरवस्था।

आज्ञप्तिः (स्त्री.) [*आज्ञापनम्, आङ्पूर्वकाद् ज्ञा अवबोधने इति धातोः, णिचि पुकि स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] आज्ञा दिने काम।

आज्ञा (स्त्री.) [*आज्ञापनम्, आङ्पूर्वद् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्, टाप्*] आदेश/निर्देशन। **आज्ञा गुरूणां ह्यविचारणीया।** (सुभा.) **~कारी** (पुं.वि.) [*आज्ञां करोतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] आज्ञा मान्ने। **~चक्रम्** (नपुं.) [*आज्ञा इति चक्रम् कर्म.स.*] कुण्डलिनीयोगअनुसार दुई आँखीभौंको बिचमा तालु र कण्ठदेखि माथि रहेको, सेता दुइ पत्र भएको एक चक्र।

आज्ञापकः (पुं.वि.) [*आज्ञापयतीति, आङ्पूर्वकाद् ज्ञा अवबोधने इति धातोः, णिचि, पुकि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] आज्ञा दिने व्यक्ति/निर्देशक।

आज्ञापत्रम् (नपुं.) [*आज्ञायै पत्रम्,च.त. आज्ञायाः पत्रं वा, ष.त.*] आदेशपत्र/लिखित आदेश।

आज्ञापनम् (नपुं.) [*आङ्पूर्वकाद् ज्ञा अवबोधने इति धातोः, णिचि पुकि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आज्ञा दिनु।

आज्ञापालकः (पुं.वि.) [*आज्ञायाः पालकः,ष.त.*] आज्ञाकारी।

आज्ञाभङ्गः (पुं.) [*आज्ञायाः भङ्गः, ष.त.*] आज्ञाको उल्लङ्घन/अटेरीपना।

आज्ञापितः (पुं.वि.) [*आज्ञाप्यते स्म, आङ्पूर्वकाद् ज्ञा नियोगे इति धातोः णिचि, पुकि कर्मणि क्तः*] आज्ञा दिइएको।

आज्ञालाभः (पुं.) [*आज्ञायाः लाभः, ष.त.*] आदेशको प्राप्ति।

आज्यम् (नपुं.) [*आज्यतेऽनेन, आङ्पूर्वकाद् अञ्जू व्यक्ति-मर्षणकान्तिगतिषु इति धातोः, अञ्जेः संज्ञायाम् (वा) ३.१.१०९ इति संज्ञायां क्यप्, अनिदितां हल उपधायाः क्ङिति ६.४.२४ इति नलोपः*] १.घिउ २.यज्ञसम्पादक तेल घिउ आदि।

घृतं वा यदि वा तैलं पयो वा दधि यावकम्।
आज्यस्थाने नियुक्तानामाज्यशब्दो विधीयते॥ (गृह्यसङ्ग्रह)

आञ्चलिकता (स्त्री.) *अञ्चले भवः, तत्र भवः ४.३.५३ इति भवार्थे ठक्, ठस्येकः ७.३.५० इति ठस्य इकः, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अञ्चलमा पाइने विशेषता/क्षेत्रीयता।

आञ्जनेयः (पुं.) [*अञ्जनाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] हनुमान्। **हनुमान् वज्रकङ्कटः। मारुतिः केशरिसुत आञ्जनेयोऽर्जुनध्वजः॥** (अभि.चि.)

आटविकः (पुं.) [*अटव्यां चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] १.सोह्र किसिमका सेनामध्ये एकथरी सेना/जङ्गली सेना २.गुरिल्ला ३.(पुं.वि.) जङ्गली। **चौरैराटविकैश्चौरैः परराष्ट्रस्य पीडनम्** (म.भा.)।

आटिः (स्त्री.) [*आ समन्तात्, अटति भ्रमतीति, अट गतौ इति धातोः, सर्वधानुभ्य इन् (उ) ४.११८ इति इन्*] पक्षिविशेष।

आटोपः (पुं.) [*आटोपनम्, आङ्पूर्वकाद् टुप हिंसायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्, पृषोदरादीनि यथोपदिष्टम् ३.३.१०९, इति साधुः*] घमन्डप्रदर्शन।

विषं भवतु मा वाऽभूत् फटाटोपो भयङ्करः (पञ्चत.)।
गुणेष्वेवादरः कार्यः किमाटोपैः प्रयोजनम्।
विक्रीयन्ते न घण्टाभिर्गावः क्षीरविवर्जिताः॥ (सुभा.)

आडम्बरः (पुं.) [*आडम्बनम्, आङ्पूर्वकाद् डवि क्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्, आडम्बं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.नचाहिँदो किसिमले गरिने देखावटी प्रदर्शन।

असारस्य पदार्थस्य प्रायेणाडम्बरो महान्।
न हि तादृग्ध्वनिः स्वर्णे यथा कांस्ये प्रजायते॥ (पञ्चत.)

२.दमाहाको बाजा ३.हात्तीको गर्जन ४.आरम्भ ५.प्रपञ्च ६.लडाइँको बाजा ७.क्रोध ८.हर्ष।

आडिः (स्त्री.) [*अडति, आङ्पूर्वकाद् अड्डु उद्यमने इति धातोः सर्वधातुभ्य इन् ४.११८ इति इन्*] १.माछोविशेष २.पक्षीविशेष।

आढकः (पुं./नपुं.) [*आढौकते इति, आङ्पूर्वकाद् ढौकृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात्साधुः*] चार पाथी। **अस्त्रियामाढकद्रोणौ** (अमर.)।

आढकिकः (पुं.) [*आढकस्य वापः ५.१.४५*] चार पाथी बिउ लाग्ने जमिन।

आढकी (स्त्री.) [*आढकमस्त्यस्याःपरिच्छेदकत्वेन, अर्शआदिभ्यो-ऽच् ५.२.१२७ इत्यच्, आढौकते वा, ढौकृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादितया ६.३.१०९ साधुः, गौरादित्वात् ४.१.४१ ङीष्*] रहर।

आढ्यः (पुं.वि.) [*आढौकते स्म, आङ्पूर्वकाद् ढौकृ गतौ इति धातोः, बाहुलकाड्डयः*] १.युक्त २.धनी।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया (भ.गी.)।
आढ्यानां मांसपरमं मध्यानां गोरसोत्तमम्।
तैलोत्तरं दरिद्राणां भोजनं भरतर्षभ (म.भा.)।
३.गणितमा जोडिएको।

आढ्यकम् (नपुं.) [*आढ्यस्य भावः कर्म वा द्वन्द्वमनोज्ञादिभ्यश्च ५.१.१३३ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] धनीपना, समृद्धिपना।

आढ्यतरः (पुं.वि.) [*अयमनयोरतिशयेन आढ्यः, द्विचनविभज्यो- पपदे तरबीयसुनौ ५.३.५७ इति तरप्*] दुई जनामध्येको धनी।

आढ्यतमः (पुं.वि.) [*अयमेषामतिशयेन आढ्यः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] सबैभन्दा धनी।

आणविकः (पुं.वि.) [*अणुः प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्येकः*] अणुसम्बन्धी/अणुशक्ति सम्बन्धी।

आणवीनम् (नपुं.) [*अणूनां भवनं क्षेत्रम्, विभाषा तिलमाषोमा- भङ्गाणुभ्यः ५.२.४ इति खञ्, खस्येनः*] सस्युँ धेरै हुने क्षेत्र।

आतङ्कः (पुं.) [*आतङ्कनम्, आङ्पूर्वकात् तकि कृच्छ्रजीवने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रोग २.सन्ताप ३.शङ्का ४.ज्वरो ५.पीडा/मानसिक कष्ट ६.तबला ७.मुरचुङ्गाको आवाज ८.सरकार तथा जनतालाई दबाउन वा प्रभावित तुल्याउन पैदा गरिने त्रास। **~युद्धम्** (नपुं.) [*आतङ्काय युद्धम्, च.त.*] शत्रुपक्षको साहस र युद्धक्षमतालाई नष्ट तुल्याउने गरी प्रचार आदिद्वारा त्रासमय वातावरण सिर्जना गर्ने काम। **आतङ्को रोगसन्तापशङ्कासु मुरजध्वनौ** (मेदिनी) **~वादः** (पुं.) [*आतङ्कस्य वादः, ष.त.*] सरकार तथा जनतालाई दबाउन वा प्रभावित तुल्याउन त्रास उत्पन्न गर्ने सिद्धान्त। **~वादी** (पुं.वि.) [*आतङ्कवादोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] सरकार तथा जनतालाई दबाउन वा प्रभावित तुल्याउन त्रास उत्पन्न गर्ने उपायको अनुसरण गर्ने (समूह)।

आतङ्ककारी (पुंवि.) [*आतङ्कं करोति तच्छीलः,णिनिः*] आतङ्क मच्चाउने।

आतङ्कनम् (नपुं.) [*आङ्पूर्वकात् तकि कृच्छ्रजीवने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आतङ्क मच्चाउने काम/त्रास उत्पन्न गर्ने क्रियाकलाप।

आतङ्कितः (पु.वि.) [*आतङ्कः सञ्जतोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् इति इतच्*] भयभीत/आतङ्कले त्रस्त।

आतञ्चनम् (नपुं.) [*आङ्पूर्वकात् तञ्चु गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.स्वर्ण आदि पदार्थमा अन्यपदार्थको चूर्ण मिसाउने काम २.निक्षेप ४.उपद्रव ५.वेग ६.तृप्त तुल्याउने काम।

आततायी (पुं.वि.) [*आततं यथातथायितुं शीलमस्य, आततपूर्वकात् अय गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] हत्यारा/मार्नका लागि उद्यत। **आततायी वधोद्यते** (अमर.)। शुक्रनीतिमा ६ थरी आततायी मानिएका छन्– १.आगो लगाउने २.विष खुवाउने ३.उन्मत्त भएर हतियार धारण गर्ने ४.धन हरण गर्ने ५.खेतको अन्न लुट्ने ६.अर्काकी स्वास्नी अपहरण गर्ने।

अग्निदो गरदश्चैव शस्त्रोन्मत्तो धनापहः।
क्षेत्रदारहरश्चैतान् षड् विद्यादाततायिनः॥ (भ.गी.टी.)

आततिः (स्त्री.) [*आङ्पूर्वकात् तनु विस्तारे इति धातोः क्तिन्*] १.अन्धकार २.विस्तार ३.मार्ग। **आततिः स्यादन्धकारे विस्तारे पथि च स्मृता** (वाङ्म.)।

आतपः (पुं.) [*आतपति, आङ्पूर्वकात् तप सन्तापे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] १.सूर्य २.आगाको वा घामको तातो। **वस्त्राणामातपो जरा**। (म.भा.) ३.प्रकाश। **~शुष्कम्–** (नपुं.) [*आतपेन शुष्कम्, तृ.त.*] घामले सुकेको। **~स्नानम्–** (नपुं.) [*आतपेन स्नानम्, तृ.त.*] सम्पूर्ण शरीरमा सूर्यका किरण पर्ने गरी निर्वस्त्र भएर घाममा बस्ने काम।

आतपत्रम् (नपुं.) [*आतपात् त्रायते इति आतपपूर्वकात् त्रैङ् पालनपूरणयोः इति धातोः आत्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] छाता।

आतरः (पुं.) [*आतरन्त्यनेन, आङ्पूर्वकात् तॄ प्लवनतरणयोः इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.१८ इति घः*] १.डुङ्गाबाट नदी तरेको ज्याला/ख्याओ। **आतरस्तरपण्यं स्यात्** (अमर.)।

आतर्पणम् (नपुं.) [*आङ्पूर्वकात् तृप प्रीणने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.सन्तोष/प्रसन्नता २.सबै पितृलाई तिल, कुश आदि मिसाएर मन्त्र पढ्दै पानी दिने काम ३.मङ्गलालेपन/भित्तामा सेतो पोत्ने काम। **आतर्पणं प्रीणने स्यान्मङ्गलालेपनेऽपि च** (मेदिनी.)।

आतायी (पुं.) [*आतायते तच्छीलः, आङ्पूर्वकात् तायृ संतानपालनयोः इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] चिल।

आतिः (स्त्री.) [*अतति सततं गच्छति, अत सातत्यगमने इति धातोः इण्*] पक्षिविशेष। **आतिराटिः शरारिः स्यात्** (अभि.चि.)।

आतिथेयः (पुं.) [*अतिथौ साधुः, अतिथिशब्दात् पथ्यतिथिवसतिस्वपतेर्ढञ् ४.४.१०४ इति ढञ्, ढस्य एयः, ७.१.२*] अतिथिसत्कार गर्न सिपालु। **प्रत्युज्जगामातिथिमातिथेयः** (रघु.)।

आतिथेयी (स्त्री.) [*अतिथिशब्दात् पथ्यतिथिवसतिस्वपतेर्ढञ् ४.४.१०४ इति ढञ्, ढस्य एयः, ७.१.२, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] अतिथिसत्कार। **आतिथ्यञ्चातिथेय्यपि** (अभि.चि.)।

आतिथ्यम् (नपुं.) [*अतिथये इदम्, अतिथिशब्दात् अतिथेर्ञ्यः ५.४.२६ इति ञ्यः*] अतिथिका लागि गरिने सत्कार।

आतुरः (पुं.वि.) [*अतति निरन्तरं गच्छतीति, अत सातत्यगमने इति धातोः, मद्गुरादयश्च इति बाहुलकात्, उरच्, यद्वा आतोतोर्ति,*

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आङ्पूर्वकात् तुर त्वरणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः] १.अशान्त २.अत्यन्त आसक्त। **कामातुराणां न भयं न लज्जा** (सुभा.) ३.रोगी। **आतुरः सर्वभक्षी च नरः शीघ्रं विनश्यति**। (सुभा.) ४.मरणासन्न।

आतुरता (स्त्री.) [*आतुरस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] हडबडी, व्याकुलता।

आतोद्यम् (नपुं.) [*आ समन्तात् तुद्यते ताड्यते इति, आङ्पूर्वकात् तुद व्यथने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] तत आदि गरेका खुबसित हिर्काएर बजाइने चारथरी बाजा। वीणा आदिलाई **तत**, काँस्य, ताल आदिलाई **घन**, मुरज आदिलाई **आनद्ध** र वंशी आदिलाई **सुषिर** भनिन्छ। यी चारैथरी बाजा।

ततं वीणादिकं वाद्यमानद्धं मुरजादिकम्।
वंशादिकन्तु सुषिरं कांस्यतालादिकं घनम्॥ (अमर.)

आत्तः (पुं.वि.) [*आङ्पूर्वकाद् अद भक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] ग्रहण गरिएको/लिइएको।

आत्तगन्धः (पुं.वि.) आत्तो गन्धो यस्य सः, बहु.स.) १.सुँघिएको २.अभिमान चूर्ण भएको/सेखी झारिएको। **आत्तगन्धोऽभिभूः** (अभि.चि.)।

पक्षच्छिदा गोत्रभिदात्तगन्धाः
शरण्यमेनं शतशो महीध्राः (रघु.)।

आत्तगर्वः (पुं.वि.) [*आत्तो गर्वो यस्य सः, बहु.स.*] घमन्ड तोडिएको। **गन्धो गन्धक आमोदे सम्बन्धे लेशगर्वयोः**। (विश्व.) **गन्धो गर्वो लवोऽपि च** (त्रिकाण्ड.)।

आत्मकथा (स्त्री.) [*आत्मनः कथा, ष.त.*] लेखकको आफ्नो जीवनी/जीवनचरित्र।

आत्मगुणाः (पुं.बहु.) [*आत्मनः गुणाः, ष.त.*] १.आत्मज्ञान प्राप्त गर्न आवश्यक दया, क्षमा आदि गुण २.न्यायमा वर्णित आत्मामा रहने १४ गुणहरू– सङ्ख्या, परिमाण, पृथक्ता, संयोग, विभाग, बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, धर्म, अधर्म र संस्कार।

आत्मगुप्ता (स्त्री.) [*आत्मना गुप्ता, दुःस्पर्शत्वात्, कर्तृकरणे कृता बहुलम् २.१.३२ इति समासः*] काउछो।

आत्मगौरवम् (नपुं.) [*आत्मनो गौरवम्, ष.त.*] आफ्नो बढाइ/आफ्नो महत्त्व।

आत्मघातः (पुं.) [*आत्मनः घातः, ष.त.*] आत्महत्या/आफैँ झुन्डिनु, विष खानु आदि क्रियाबाट गरिने आफ्नो हत्या।

आत्मघाती (पुं.वि.) [*आत्मानं घातयितुं शीलमस्य, आत्मन्पूर्वकाद् हन हिंसागत्योः, इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.३.७८ इति णिनिः*] आत्महत्या गर्ने व्यक्ति।

व्यापादयेत् वृथात्मानं स्वयं योऽग्न्युदकादिभिः।
अवैधेनैव मार्गेण ह्यात्मघाती स उच्यते॥ (स्मृति.)

आत्मघोषः (पुं.) [*आत्मानं घोषयतीति, घुषिर् विशब्दने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.काग २.कुखुरो।

आत्मजः (पुं.) [*आत्मनो जातः, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वात् टिलोपः*] छोरो। **आत्मा वै जायते पुत्रः**। (श्रुति) **उद्वहोऽङ्गात्मजः सूनुस्तनयो दारकः सुतः** (अभि.चि.)।

आत्मजा (स्त्री.) [*आत्मनो जाता, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ इति डः, डित्वात् टिलोपः, टाप् ४.१.४*] छोरी।

आत्मज्ञः (पुं.वि.) [*आत्मानं जानाति, आत्मन्पूर्वकाद् ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः,इति कः*] आत्मसाक्षात्कार गर्ने।

आत्मज्ञानम् (नपुं.) [*आत्मनो ज्ञानम्, ष.त.*] १.आत्मासम्बन्धी ज्ञान २.परमात्मासम्बन्धी ज्ञान।

आत्मतत्त्वम् (नपुं.) [*आत्मनः तत्त्वम् स्वरूपम्, ष.त.*] जीव वा आत्माको स्वरूप/नित्य, बुद्ध, शुद्ध, मुक्त र सत्य स्वभाव भएको चैतन्य। हे. **आत्मा**।

आत्मत्राणम् (नपुं.) [*आत्मनस्त्राणम्, ष.त.*] आफ्नो रक्षा।

आत्मदर्शः (पुं.) [*आत्मा स्वरूपं दृश्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] ऐना। **मुकुरात्मदर्शाऽऽदर्शास्तु दर्पणे** (अभि.चि.)।

आत्मदर्शनम् (नपुं.) [*आत्मनः दर्शनम्, ष.त.*] आफ्नो आत्मालाई प्रत्यक्ष गर्ने काम।

आत्मदशा (स्त्री.) [*आत्मनः दशा, ष.त.*] १.आफ्नो अवस्था २.ज्योतिष शास्त्रअनुसार जीवनभर भोग्नुपर्ने ग्रह तथा योगिनीको दशा। हे. **दशा**।

आत्मद्रोहः (पुं.) [*आत्मनो द्रोहः, ष.त.*] आफूले आफ्नै आत्माप्रति गरेको द्रोह।

आत्मद्रोही (पुं.वि.) [*आत्मने द्रुह्यति, णिनिः*] आफ्नै वा आत्माको द्रोह गर्ने।

आत्मना (अव्य.) आफैँ/स्वयम्। **अथ चास्तमिता त्वमात्मना** (रामा.)।

आत्मनिवेदनम् (नपुं.) [*आत्मनो निवेदनम् ष.त.*] आत्मसमर्पण।

आत्मनिर्भरः (पुं.) [*आत्मनि निर्भरः, स.त.*] आफ्ना खुट्टामा आफैँ उभिएको/जीविका सञ्चालनका लागि अरूको सहयोग लिनु नपर्ने।

आत्मनिष्ठः (पुं.वि.) [*आत्मनि निष्ठा यस्य सः, बहु.स.*] आत्माको खोजीमा संलग्न।

आत्मनीनः (पुं.वि.) [*आत्मने हितः, आत्मन्विश्वजनभोगोत्तरपदात्खः ५.१.९ इति खः, खस्य ईनः ७.१.२*] १.आफूसित सम्बन्ध राख्ने/आफ्नो २.आत्महितकर/पथ्य।

आत्मनीनः (पुं.) १.पुत्र २.सालो ३.विदूषक ४.जीवधारी। **आत्मनीनः सुते श्याले द्वयोस्त्रिष्वात्मने हिते। विदूषके प्राणधारे** (वाङ्म.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मनेपदम् (नपुं.) [*आत्मने पदम् च.त., वैयाकरणाख्यायां चतुर्थ्याः ६.३.७ इति विभक्तेर्लुगभावः*] १.आफ्ना निमित्त प्रयोग हुने पद २.त, आताम्, झ, थास्, आथाम्, ध्वम्, इट्, वहि, महिङ् विभक्ति र शानच् प्रत्यय लागेर बनेका पद ।

आत्मपीडनम् (नपुं.) [*आत्मनः पीडनम्, ष.त.*] आफैँलाई पीडा दिएर सन्तोष वा आनन्दको अनुभव गर्ने कार्य । यो तीन किसिमको हुन्छ— कामवृत्तिविषयक आत्मपीडन, स्त्रीहरूको आत्मपीडन र नैतिक आत्मपीडन ।

आत्मप्रक्षेपणम् (नपुं.) [*आत्मनः प्रक्षेपणम्, ष.त.*] आफूलाई फ्याँक्नु ।

आत्मप्रतिष्ठा (स्त्री.) [*आत्मनः प्रतिष्ठा, ष.त.*] आफ्नो इज्जत ।

आत्मप्रत्यक्षः (पुं.) [*आत्मनः प्रत्यक्षः, ष.त.*] आत्मदर्शन/ब्रह्मानन्दको अनुभूति ।

आत्मप्रशंसा (स्त्री.) [*आत्मनः प्रशंसा, ष.त.*] आफ्नो प्रशंसा ।

आत्मबन्धुः (पुं.) [*आत्मनो बन्धुः, ष.त.*] आफ्नो दाजुभाइ वा नातेदार ।

आत्ममातुः स्वसुः पुत्रा आत्मपितुः स्वसुः सुताः ।
आत्ममातुलपुत्राश्च विज्ञेया ह्यात्मबान्धवः ॥ (स्मृति.) हे. **बन्धुः** ।

आत्मबलम् (नपुं.) [*आत्मनो बलम्, ष.त.*] १.मानसिक बल २.शरीरमा हुने भित्री चुरो ।

आत्मबुद्धिः (स्त्री.) [*आत्मनो बुद्धिः, ष.त.*] आफ्नो बुद्धि/स्वविवेक । **आत्मबुद्धिः सुखायैव** (सुभा.) ।

आत्मबोधः (पुं.) [*आत्मनो बोधः, ष.त.*] आत्मज्ञान/अध्यात्मसम्बन्धी ज्ञान ।

आत्मभूः (पुं.) [*आत्मना स्वयं आत्मनि मनसि वा भवतीति, आत्मन्पूर्वकाद् भू धातोः, भुवः ३.२.१७९ इति क्विप्*] १.ब्रह्मा २.विष्णु ३.शिव ४.कामदेव ५.पुत्र ६.(स्त्री.) छोरी ।

आत्मम्भरिः (पुं.वि.) [*आत्मानमेव भरतीति, आत्मन्पूर्वकाद् भृञ् भरणे इति धातोः, फलेग्रहिरात्मम्भरिश्च ३.२.२६ इति साधुः*] १.आफूलाई पाल्ने/आफ्नो मात्र पेट भर्ने/देवता, पितृ र अतिथिलाई समर्पण नगरी भोजन गर्ने २.स्वार्थी ३.लोभी ।

आत्मयोनिः (पुं.) [*आत्मा परमात्मा योनिः उपादानकारणं यस्य सः, बहु.स.*] १.ब्रह्मा २.विष्णु ३.शिव ४.कामदेव ।

आत्मरक्षा (स्त्री.) [*आत्मनो रक्षा, ष.त.*] आफ्नो बचाउ वा रक्षा ।

आत्मरतिः (स्त्री.) १.[*आत्मनो रतिः, ष.त.*] आफ्नो प्रेम २.(पु.वि.) [*आत्मनि रतिर्यस्य सः, बहु.स.*] आत्मस्वरूपमा रमाउने, आत्मामा प्रेम गर्ने ।

आत्मवञ्चकः (पुं.वि.) [*आत्मनो वञ्चकःष.त.*] आफैँलाई ठग्ने ।

आत्मवादः (पुं.) [*आत्मनो वादः ष.त.*] आत्मालाई मात्रै सिद्धान्त । आत्मवादभित्र सबै आस्तिक दर्शन पर्दछन् । अनात्मवादमा बौद्ध, जैन र चार्वाक दर्शन आउँछन् । आत्मवादअनुसार आत्मा अजर, अमर, सबै वस्तुको साक्षी, चेतन र अपरिवर्तनशील हुन्छ ।

आत्मविद् (पुं.वि.) [*आत्मानं वेत्तीति, सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्*] आत्मज्ञानी ।

आत्मविद्या (स्त्री.) [*आत्मनो विद्या,ष.त.*] अत्माको बारेमा जानकारी दिने विद्या/अध्यात्मविद्या/ब्रह्मदिद्या/उपनिषद् ।

आत्मविश्वासः (पुं.) [*आत्मनि विश्वासः, स.त.*] आफ्नो योग्यता र शक्तिमा हुने विश्वास ।

आत्मवृत्तान्तः (पुं.) [*आत्मनो वृत्तान्तः,ष.त.*] आफ्नो जीवनी ।

आत्मशान्तिः (स्त्री.) [*आत्मनः शान्तिः, ष.त.*] मनको प्रसन्नता ।

आत्मशुद्धिः (स्त्री.) [*आत्मनः शुद्धिः, ष.त.*] चित्तशुद्धि ।

आत्मश्लाघा (स्त्री.) [*आत्मनः श्लाघा, ष.त.*] आत्मप्रशंसा ।

आत्मसंयमः (पुं.) [*आत्मनः संयमः, ष.त.*] इन्द्रियलाई वशमा राख्ने काम ।

आत्मसन्तोषः (पुं.) [*आत्मनः सन्तोषः,ष.त.*] चित्तको प्रसन्नता ।

आत्मसमर्पणम् (नपुं.) [*आत्मनः समर्पणम्, ष.त.*] आफूले आफैँलाई सुम्पिनु ।

आत्मसात् १.[*आत्मानं सम्पद्यते इति, आत्मन्शब्दात् अभिविधौ सम्पदा च ५.४ ५३ इति सातिः, सात्पदाद्योः ८.३.१११ इति षत्वनिषेधः*] आफूमा मिलाइएको । २.[*आत्मन अधीनं सम्पद्यते, तदधीनवचने च ५.४.५४ इति सातिः*] आत्माको वा आफ्नो अधीन ।

आत्महत्या (स्त्री.) [*आत्मनो हत्या, ष.त.*] आफूले आफैँलाई मार्ने काम/आत्मघात ।

आत्महा (पुं.वि.) [*आत्मानं हन्ति, आत्मन्पूर्वकाद् हन्धातोः क्विप्*] आत्मघाती ।

आत्मा (पुं.) [*अतति सन्ततं जाग्रदादिसर्वावस्थासु अनुवर्तते इति अत सातत्यगमने इति धातोः, सातिभ्यां मनिन्मनिणौ (उ.) ६०२ इति मनिण्*] १.जीव २.परमात्मा ३.मन ४.बुद्धि ५.मननशक्ति ६.स्फूर्ति ७.मूर्ति ८.छोरो ९.उद्योग १०.सूर्य ११.अग्नि १२.वायु १३.सार १४.विशेषता १५.स्वभाव १६.पुरुष १७.समस्त शरीर १८.धर्म १९.अहङ्कार २०.चित्त । साधारणतया आत्मा भन्नाले जीव, ब्रह्म र प्रकृति भन्ने बुझिन्छ । आत्मासम्बन्धी चिन्तन गर्ने दर्शन दुईथरी छन्— आत्मवादी र अनात्मवादी । आत्मवादी आत्मालाई प्रकृतिदेखि अलग पदार्थविशेष मान्दछन् । अनात्मवादी चैतन्ययुक्त शरीरलाई नै आत्मा मान्दछन् र ज्ञान प्राप्तिका कारणभूत इन्द्रिय, प्राण, मन, बुद्धि र अहङ्कार नै आत्मा हो भन्ने उनीहरूको धारणा छ । वैशेषिक दर्शनमा सुख, दुःख, रोग भोक, प्यास आदिको जहाँ चिह्न देखिन्छ, त्यहीँ आत्मा रहन्छ भनिएको छ । गौतमको मतमा सुख, दुःख र ज्ञानलाई नै आत्माको चिह्न मानिएको छ । साङ्ख्यमा जीवको साक्षी रूपमा रहेको प्रकृतिदेखि भिन्न इन्द्रियद्वारा जान्न नसकिने पुरुषलाई आत्मा भनिएको छ । योगशास्त्रमा इन्द्रियले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्न नसकिने सुखदुःख आदि कर्मफलको कारणभूत पुरुषलाई आत्मा भनिएको छ। मीमांसकहरूमा प्रभाकर र उनका अनुयायीहरू तथा तार्किकहरूले अज्ञानलाई नै आत्मा मानेका छन्— **प्रभाकरतार्किकौ तु अन्योन्यतर आत्मा आनन्दमय इत्यादिश्रुतेः सुषुप्तौ बुद्ध्यादीनामज्ञाने लयदर्शनादहमज्ञ इत्याद्यनुभवाच्च अज्ञानमात्मेति वदतः**। तर भट्ट र उनका अनुयायीहरूले भने अज्ञानोपहित चैतन्यलाई आत्मा मानेका छन्— **भाट्टास्तु प्रज्ञानघन आनन्दमय आत्मा इत्यादि श्रुतेः, सुषुप्तौ प्रकाशाऽप्रकाश-सद्भावाद् मामहं न जानामीत्याद्यनुभवाच्च अज्ञानोपहित-चैतन्यमात्मेति वदन्ति**। (वेदान्तसार) याज्ञवल्क्यको मतमा विशेष ज्ञानले परिपूर्ण, जीवन र ज्योतिले परिपूर्ण, हृदयमा जीवन र अन्तःकरणमा ज्योति रूपमा विद्यमान सारा शरीरमा व्याप्त तत्त्व आत्मा हो। वेदान्तीले नित्य, शुद्ध, मुक्त, ज्ञानस्वरूप ब्रह्मको अङ्ग नै आत्मा हो भनेका छन्। उत्तरकालीन बौद्धहरू शून्य पदार्थलाई नै आत्मा भन्छन्। जैनीहरूले मुक्त र बद्ध हुने पदार्थलाई आत्मा मानेका छन्। आत्माका चार भेद छन्— आत्मा, अन्तरात्मा, परमात्मा र ज्ञानात्मा।

आत्माधीनः (पुं.वि.) [*आत्मनः अधीनः, ष.त.*] आफ्नो अधीनमा रहेको।

आत्मानुभूतिः (स्त्री.) [*आत्मनः अनुभूतिः, ष.त.*] १.आफ्नो अनुभव २.आत्मसाक्षात्कार/आत्मतत्त्वको अनुभव।

आत्मानुरूपः (पुं.) [*आत्मानुगतं रूपं यस्य सः*] रूपमा आफूजस्तै।

आत्माभिमानः (पुं.) [*आत्मनोऽभिमानः, ष.त.*] स्वाभिमान।

आत्मारामः (पुं.वि.) [*आ समन्तात् रमणम्,भावे घञ्, आत्मनि आरामो यस्य सः,बहु.स.*] आत्माको ध्यान वा चिन्तनमा सधैँ रमाउने। **आत्मरामा विहितरतयो निर्विकल्पे समाधौ** (भाग.)।

आत्मालोचना (स्त्री.) [*आत्मनः आलोचना, ष.त.*] आफूले गरेका राम्रा/नराम्रा कामको समीक्षा।

आत्माशी (पुं.) [*आत्मानमश्नाति, अशधातोर्णिनिः*] माछो।

आत्मीयः (पुं.वि.) [*आत्मनोऽयम्, वृद्धाच्छः ४.२.१४ इति छः छस्य ईयः ७.१.२*] १.नातेदार/आफ्नो/निजी/आफन्त २.मित्र।

आत्मीयस्तु निजेऽपि स्यान्मित्रे चाभिधेयवत् (वाङ्म.)।

आत्मीयता (स्त्री.) [*आत्मीयस्य भावः,तस्य भावस्त्वतलौ इति तल्, टाप्*] स्वकीयता/आफ्नोपना/मित्रता।

आत्मोत्सर्गः (पुं.) [*आत्मन उत्सर्गः, ष.त.*] आफ्नो त्याग/बलिदान।

आत्मोद्भवा (स्त्री.) [*आत्मन उद्भवो यस्याः सा, बहु.स.*] कन्या/छोरी।

आत्मोन्नतिः (स्त्री.) [*आत्मन उन्नतिः, ष.त.*] आफ्नो वा आत्माको उन्नति।

आत्यन्तिकः (पुं.वि.) [*अत्यन्तमतिशयेन भवः, अन्तपूर्वपदाद् ठञ् ४.३.६० इति ठञ्, ठस्येकः*] अत्यन्तै/ज्यादा/सर्वाधिक।

आत्रेयः (पुं.) [*अत्रेरपत्यं पुमान्, इतश्चानिञः ४.१.१२२ इति ढक्, ढस्य एयः, वृद्धिः, इकारलोपः*] १.अत्रिका छोरा/गोत्रप्रवर्तक ऋषि २.दुर्वासा ३.चन्द्रमा ४.गोत्रविशेष ५.शरीरमा रहेको रसधातु।

आत्रेयिका (स्त्री.) [*अत्रिशब्दात् ढक्, कन्, टाप्, इत्वम्*] रजस्वला भएकी नारी। **अवीरुदक्या च रजस्वला स्यात् आत्रेयिका पुष्पवती च नारी** (हला.४८८)।

आत्रेयी (स्त्री.) [*अत्रेरपत्यम्, इतश्चानिञः ४.१.१२२ इति ढक्, आत्रेयीवागम्यत्वात्*] १.रजस्वला भएकी स्त्री २.[*आत्रेयस्य स्त्री*] आत्रेय मुनिकी पत्नी ३.नदीविशेष। **आत्रेयो मुनिरात्रेयी पुष्पवत्यां सरिद्भिदि** (हैम.)।

आथर्वणः (पुं.) [*अथर्व वेत्तीति, अण्*] १.पुरोहित २.अथर्व वेदको ज्ञाता।

आथर्वणम् (नपुं.) [*अथर्वमुनिना प्रोक्तो वेदः, अथर्वा, तेषां समूहः, भिक्षादिभ्योऽण् इत्यण्*] १.अथर्वको समूह २.शान्तिगृह (हेम.)

आथर्वणिकः (पुं.वि.) [*आथर्वणं अथर्वसंहितां वेत्ति, जानाति वा, ऋतूक्थादिसूत्रान्ताट्ठक् ४.२.६० इति ठक्, ठस्येकः*] अथर्ववेदको अध्येता वा ज्ञाता।

आददानः (पुं.वि.) [*आदत्ते इति डुदाञ् दाने इति धातोः, आङो दोऽनास्य विहरणे १.३.२० इति आत्मनेपदम्, लटः शानच्*] ग्रहण गरिरहेको/लिइरहेको।

आदरः (पुं.) [*आदीर्यत इति, आङ्पूर्वकाद् दृ विदारणे इति धातोः, ऋदोरप् इत्यप्, उपसर्गेण धातूनामनेकार्थत्वात्*] १.मानप्रतिष्ठा।

आदरेण यथा स्तौति धनवन्तं धनेच्छया।
तथा चेद् विश्वकर्तारं को न मुच्येत बन्धनात्॥ (सुभा.)

२.उत्सुकता ३.पूजा।

आदरणीयः (पुं.वि.) [*आदृतुं योग्यः, आङ्पूर्वकाद् दृङ् आदरे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति अनीयर्*] सम्माननीय/मान गर्नुपर्ने।

आदरसूचकः (पुं.वि.) [*आदरस्य सूचकः, ष.त.*] मान-सम्मान जनाउने।

आदरार्थी (पुं.वि.) [*आदरसूचकोऽर्थः, आदरार्थः, सोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] आदर अर्थ बुझाउने।

आदर्शः (पुं.) [*आदृश्यते रूपमत्र, दृशिर् प्रेक्षणे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.दर्पण/ऐना २.दृष्यान्त/नमुना ३.टीका ४.प्रतिलिपि। **आदर्शो दर्पणे टीकाप्रतिपुस्तकयोरपि** (मेदिनी.)।

आदर्शवादः (पुं.) [*आदर्शस्य वादः ष.त.*] आदर्शको अनुकरण गर्ने सिद्धान्त।

आदर्शोन्मुखः (पुं.वि.) [*आदर्शं प्रति उन्मुखः*] आदर्शतिर उन्मुख ।

आदानम् (नपुं.) [*आदीयते, आङ्पूर्वकाद् दाण् दाने इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट युवोरनाकौ ७.१.१ इत्यनः*] लिनु/ग्रहण गर्नु/स्वीकार गर्नु/अङ्गीकार गर्नु। **आदानं हि विसर्गाय**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सतां वारिमुचामिव (रघु.)। **~प्रदानम्** (नपुं.) [*आदानेन सहितं प्रदानम्, म.प.स.*] लिनेदिने काम/लेनदेन।

आदिः (पुं.) [*आ– प्रथमं दीयते गृह्यते, आङ्पूर्वकाद् दाण् दाने इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः*] १.प्रारम्भ। **पुंस्यादिः पूर्वपौरस्त्यप्रथमाद्याः** (अमर.) **अप एव ससर्जादौ तासु बीजमवासृजत्** (मनु.) २.प्रथम ३.पहिलेको ४.उत्पत्तिको बीज वा कारण। **जगदादिरनादिस्त्वम्** (कु.सं.) ५.पदको अन्त्यमा आउँदा गणसूचक शब्द। **~कविः** [*आदिभूतो कविः,म.प.स.*] १.प्रथम कवि २.वाल्मीकिको उपाधि ३.भानुभक्त आचार्यको उपाधि। **~काण्डः** [*आदिश्चासौ काण्डश्च,कर्म.स.*]वाल्मीकी रामायणको प्रथम काण्ड। **~काव्यम्** [*आदि च तद् काव्यञ्च, कर्म.स.*] वाल्मीकि रामायण। **~जातिः** [*आदिश्चासौ जातिश्च, कर्म.स.*] पहिलेदेखि बसोबास गर्दै आएको जाति। **~वासी** [*आदौ वसतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*], पहिलेदेखि बसोबास गर्दै आएको जाति। **~सर्गः** [*आदिभूतः सर्गः, म.प.स.*] १.प्रथम सृष्टि २.पहिलो सर्ग।

आदि (अव्य.) प्रभृति।

आदिकारणम् (नपुं.) [*आदि मुख्यञ्च तत् कारणञ्च, कर्म.स.*] मुख्य कारण।

आदितः (अव्य.) [*आदेरिति, आद्यादिभ्य उपसङ्ख्यानम् (वा) इति तसिः*] शुरुदेखि/प्रारम्भदेखि।

आदितेयः (पुं.) [*दितिभिन्ना अदितिः, कृदिकारादक्तिनः (ग.सू.) ४.१.४५ इति ङीष्, ततः अदित्या अपत्यादिः, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः ७.१.२*] १.आदितिका सन्तान २.देवता।

आदितेयाः (पुं.बहु.) [*नञो दाञो डितिः इति शाकटायनः, यद्वा द्यति, दो अवखण्डने इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, द्यतिस्यति ७.४.४० इति इत्वम्, दितिभिन्ना अदितिः, अदित्या अपत्यानि, कृदिकारादक्तिनः (ग) ४.१.४५ इति ङीषन्तात् स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक् ढस्य एयः*] १.देवता २.अदितिका सन्तान।

आदित्यः (पुं.) [*अदितेरपत्यादिः, दित्यदित्यादित्युत्तरपदाण्यः ४.१.८५ इति ण्यः*] १.अदितिको सन्तान २.देवता ३.सूर्य। **आदित्यस्य नमस्कारं** (सूर्यनमस्कारनामकं व्यायामं) **ये कुर्वन्ति दिने दिने। जन्मान्तरसहस्रेषु दारिद्र्यं** (व्याधिसन्तापादि) **नोपजायते** (म.पु.) ४.विष्णुको पाँचौ अवतार। **आदित्यस्त्रि-दशार्कयोः** (विश्व.)।

आदित्याः (पुं.बहु.) [*अदितेरपत्यानि दित्यदित्या– ४.१.८५ इति ण्यः, लिङ्गविशिष्ट ४.१.१ परिभाषाया अनित्यत्वान्ङ्यन्तापण्यो न*] १.देवता २.अदितिका सन्तान ३.सूर्य। **आदित्यो भास्करे देवे** (विश्व.)।

आदित्यसूनुः (पुं.) [*आदित्यस्य सूनुः, ष.त.*] १.शनैश्चर २.सुग्रीव। **आदित्यसूनुः सुग्रीवः** (अभि.चि.३.३६९) ३.अरुण।

आदिदेवः (पुं.) [*आदिः प्रथमं कारणम्, स च, देवश्चेति, कर्म.स.*] १.नारायण २.सूर्य। **आदिदेव नमस्तुभ्यं प्रसीद मम भास्करः** (आदित्यस्तोत्र)।

आदिपुराणम् (नपुं.) [*आदिभूतम् पुराणम्, म.प.स.*] जैन पुराणहरू-मध्येको एक प्रसिद्ध पुराण। तीर्थङ्कर ऋषभदेवका कथाको वर्णन भएको यस पुराणमा ४७ पर्व तथा १२००० श्लोक छन्। जम्बुद्वीप र त्यसअन्तर्गतका सबै पर्वतहरूको यसमा वर्णन छ। यसमा शङ्कराचार्यको अद्वैत सिद्धान्तको खण्डन गरिएको छ। जैनपरम्पराअनुसार ऋषभदेवको जन्म सर्वार्थसिद्धियोग, उत्तराषाढा नक्षत्र, चैत्र महिनाको कृष्णपक्ष अष्टमीका दिन भएको हो। यिनका बाबुको नाम नाभि र आमाको नाम मरुदेवी थियो। यिनी अवधूत योगी थिए। यिनले परमहंस धर्मको प्रचार गरे। विनीता नामक सहरमा बस्ने ऋषभदेवले कर्णाटकमा गएर अग्निप्रवेश गरी शरीर त्याग गरेका थिए। आदिपुराणका रचयिता जिनसेन हुन्। यिनी शङ्कराचार्यका परवर्ती थिए।

आदिमः (पुं.वि.) [*आदौ भवः, मध्यान्मः ४.३.८ इत्यत्र आदेश्चेति वक्तव्यम् (वा) इति वचनान्मः*] प्रथम/पहिले भएको।

आदिराजः (पुं.) [*आदिः प्रथमश्चासौ राजा च, कर्म.धा., राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] १.मनु। **आदिराजो मनुरिव प्रजानां परिरक्षिता।** (रामा.) २.राजा पृथु। **आदिराजः पृथुर्वैन्यः** (अभि.चि.)।

आदिष्टः (पुं.वि.) [*आङ्पूर्वकाद् दिश्धातोः क्तः*] १.आदेश दिइएको भनिएको २.अनुशासित तुल्याइएको।

आदीनवम् (नपुं.) [*दीङ् क्षये इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, ओदितश्च ८.२.४४ इति नत्वम्, आदीनस्य वानम्, घञर्थे कविधानम्, इति बाहुलकात् कः*] १.क्लेश/दुःख २.दोष/दुरन्त। **यद् वासुदेवेनादीनमनादीनवमीरितम्** (शि.व.)।

आदृतः (पुं.वि.) [*आद्रियते स्मेति, आङ्पूर्वकाद् दृङ् आदरे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.आदर गरिएको/सत्कार गरिएको/सम्मानित २.पूजित। **आदृतौ सादरार्चितौ** (अमर.)।

आदेशः (पुं.) [*आदेशनम्, आङ्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आज्ञा २.निर्देशन ३.व्याकरणमा वर्ण, प्रत्यय आदिको परिवर्तन/एकको ठाउँमा अर्को हुनु।

आदेशी (पुं.वि.) [*आदिशति, आङ्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.आदेशदाता २.ज्योतिषी। **दैवज्ञगणकादेशिज्ञानिकार्तान्तिका अपि** (अभि.चि.)।

आदेष्य (पुं.) [*आदिशति ऋत्विजो यागे स्वेष्टसंपादनाय प्रेरयति, दिश अतिसर्जने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.यज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउनका लागि आदेश दिने व्यक्ति २.यजमान। **आदेष्य स्यान्मखे व्रती। याजको यजमानश्च** (अभि.चि.)।

आदौ (अव्य.) प्रारम्भमा/शुरूमा।

आद्यः (पुं.वि.) [*आदौ भवः, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] १.प्रथम/पहिलो। **शरीरमाद्यं खलु धर्मसाधनम्।** (सुभा.) २.पदको अन्त्यमा आउँदा गण वा समूहको सूचना गर्ने शब्द। **ब्राह्मीत्याद्यास्तु मातरः** (मा.पु.)।

आद्यतत्त्वम् (नपुं.) [*आद्यञ्च तत् तत्त्वञ्च, कर्म.स.*] १.ईश्वर/ परमसत्ता २.तन्त्र शास्त्रमा प्रसिद्ध पाँच तत्त्वहरू– १.**आद्यमद्यम्**– भाङ– (विजया) २.**आद्यशुद्धिः**– अदुवा ३.**आद्यमीनः**– ज्यामिर ४.**आद्यमुद्रा**– लाजा ५.**आद्यशक्तिः**– साधकको विवाहिता पत्नी।

आद्यन्तः (पुं.) [*आदितो अन्तः, प.त.*] सुरुदेखि आखिरसम्म।

आद्यक्षरम् (नपुं.) [*आदौ भूतमक्षरम्, म.प.स.*] १.पूरा नाउँका सट्टामा सङ्क्षेपमा लेखिएको पहिलो अक्षर।

पुरीषस्य च रोषस्य हिंसायास्तस्करस्य च।
आद्यक्षराणि संहृत्य वेधाश्चक्रे पुरोहितम्॥ (नी.श्लो.)

२.(अव्य.) ओम्।

आद्यशक्तिः (स्त्री.) [*आद्या चासौ शक्तिश्च कर्म.स.*] १.ईश्वरी २.पञ्चमकारको सेवनका लागि तान्त्रिक साधनामा साथ दिने विवाहित पत्नी।

आद्यूनः (पुं.) [*आदेवीत्, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः दिवोऽविजिगीषायाम् ८.२.४९ इति नत्वम्, यस्य विभाषा ७.२.१५ इति नेट् सम्प्रसारणम्*] पेट मात्र पाल्न पाए पुग्ने, विशेष उन्नति नगर्ने व्यक्ति। **आद्यूनः स्यादौदरिको विजिगीषाविवर्जिते** (अमर.)।

आद्योपान्तः (पुं.) [*आद्यत उपान्तः*] शुरूदेखि अन्त्यसम्म।

आधर्मिकः (पुं.वि.) [*अधर्मं चरति, अधर्माच्चेति वक्तव्यम् (वा.) इति ठक्, ठस्येकः, आदिवृद्धिः*] अधर्म गर्ने।

आधारः (पुं.) [*आध्रियतेऽस्मिन्, आङ्पूर्वकाद् धृञ् धारणे इति धातोः, अध्यायन्यायोद्यावसंहाराधारावायाश्च ३.३.१२२ इति घञ्*] १.रहने ठाउँ २.अधिकरण ३.जलाधार ४.त्रिभुजको आधार ५.आलवाल।

आधारबन्धप्रमुखैः प्रयत्नैः
संवर्धितानां सुतनिर्विशेषम्।
कच्चिन्न वाय्वादिरुपप्लवो वः
श्रमच्छिदामाश्रमपादपानाम्॥ (रघु.)

६.हठयोगमा प्रसिद्ध निम्नलिखित आधारहरू– १.पादाङ्गुष्ठाधार २.मूलाधार ३.गुह्याधार ४.नाड्याधार ५.नाभिमण्डलाधार ६.हृदयाधार ७.कण्ठाधार ८.क्षुद्रघण्टि काधार ९.ताल्वन्ताधार १०.रसाधार ११.जिह्वामूलाधार १२.जिह्वाधभागाधार १३.ऊर्ध्व– दन्तमूलाधार १४.नासिकाग्रा धार १५.भ्रूमध्याधार १६.नेत्राधार।

आधानम् (नपुं.) [*आधीयत इति आङ्पूर्वकाद् डुधाञ् धारण–पोषणयोः इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] स्थापना गर्नु/राख्नु। जस्तै– गर्भाधान, अग्न्याधान आदि।

आधिः (पुं.) [*आधीयते दुःखमनेन, डुधाञ् धारणपोषणयोः इति धातोः,उपसर्गे घोः किः इति किः, आतो लोपः*] १.मानसिक पीडा। **आधिव्याधिशतैर्जनस्य विविधैरारोग्यमुन्मूल्यते।** (वै.श.) २.बन्धकी राखेको सामान वा माल। **आधिस्तु बन्धकः** (अभि.चि.)।

आधिकारिकः (पुं.वि.) [*अधिकारेण प्राप्तः, अधिकारं प्राप्तो वा ठक्, ठस्य इकः ७.१.२*] अधिकारमा रहेको।

आधिकारिकवस्तु (नपुं.) [*फले स्वामित्वमधिकारस्तस्य भोक्ता अधिकारी, तत्संबद्धं आधिकारिकम्, तच्च तद् वस्तु, कर्म.स.*] काव्य, नाटक आदिमा प्रयोग हुने मूल कथावस्तु/प्रबन्ध काव्यको मूल कथा। फलमा स्वामित्व प्राप्त गर्नुलाई अधिकार भनिन्छ। त्यस फलको भोक्ता अधिकारी हुन्छ। फ़लभोक्तासँग सम्बद्ध कथा आधिकारिक मानिन्छ।

अधिकारफलं स्वाम्यमधिकारी च तत्प्रभुः।
तन्निर्वृत्तमभिव्यापि वृत्तं स्यादाधिकारिकम्॥ (द.रू.)

आधिक्यम् (नपुं.) [*अधिकस्य भावः, गुणवचनब्राह्मणदिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] अधिकता/बहुलता/बाहुल्य।

आधिदैविकः (पुं.वि.) [*देवेषु इति अधिदेवम्, अधिदेवे भवः, अध्यात्मादेष्ठजिष्यते (वा.) ४.३.६० इति ठञ्, ठस्येकः, अनुशातिकादीनाञ्च ७.३.२० इत्युभयपदवृद्धिः*] १.देवताबाट भएको वा देवताले गरेको २.प्रारब्धबाट नै भएको। **~दुःखम्** (नपुं.) [*आधिदैविकञ्च तद् दुःखञ्च, कर्म. स.*] १.राक्षस, यक्ष, ग्रह वा प्रेतद्वारा हुने दुःख २.सुश्रुत ऋषिको मतमा सात थरी दुःखमध्ये तीन थरी दुःख– कालबलकृत (असिना, अतिवर्षा र खडेरीबाट हुने), देवबलकृत (वज्र पर्दा हुने) र स्वभावबलकृत (भोक, प्यास आदिबाट हुने)।

आधिपत्यम् (नपुं.) [*अधिपतेर्भावः, गुणवचनब्राह्मणदिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.प्रभुत्व/स्वामित्व २.साम्राज्य। **पाण्डोः पुत्रं प्रकुरुष्वाधिपत्ये** (म.भा.)।

आधिभौतिकः (पुं.वि.) [*अधिभूते भवम्, अध्यात्मादेष्ठजिष्यते (वा.) इति ठञ्, ठस्येकः, उभयपदवृद्धिः, अलोपः*] १.सर्प, बाघ आदि जीवबाट भएको वा गरिएको २.प्राणीसम्बन्धी। **~दुःखम्** (नपुं.) १.बाघ, भालु, सर्प आदि प्राणीबाट हुने डर वा दुःख २.सुश्रुत ऋषिको मतमा रगत र वीर्यको दोष वा कुपथ्यबाट हुने रोग वा दुःख। **अधिभौतिकं मानुषपशुमृगपक्षिसरीसृपस्थावरनिमित्तम्।** (सा.त.कौ.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिकः (पुं.वि.) [*अधुना भवः, तत्र भवः ४.३.५३ इति ठक्, ठस्य इकः ७.३.५०*] अहिले चलेको/वर्तमान अवस्थाको।

आधुनिकता (स्त्री.) [*आधुनिकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] आधुनिकपन/आजको समाज, प्राणी आदिमा रहने धर्म वा विशेषता।

आधूतः (पुं.) [*आधूयते स्म, धूञ् कम्पने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] अलि अलि हल्लिएको/काँपेको।

आधोरणः (पुं.) [*आधोरयति, आङ्पूर्वकाद् धोर्ऋ गतिचातुर्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] माहुते।

आध्मातः (पुं.वि.) [*आङ्पूर्वकाद् ध्मा धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बजाइएको/शब्द गरिएको २.फुकिएको/डढेको ३.वायुको रोग लागेको। ४.(नपुं.) [नपुंसके भावे क्तः ३.३.११४ इति क्तः] १.बजाउने वा शब्द गर्ने काम २.डढ्ने काम ३.वायुसम्बन्धी रोगविशेष। **आध्मातः शब्दिते दग्धे वातरुग्भेदसंयुते** (मेदिनी.)।

आध्मानम् (नपुं.) [*आङ्पूर्वकाद् ध्मा धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] फुक्ने काम।

आध्यात्मिकः (पुं.वि.) [*आत्मनि इति अध्यात्मम्, अव्य. स., अध्यात्मं भवः, अध्यात्मादेष्ठञिष्यते (वा) ४.३.६० इति ठञ्, ठस्य इकः ७.३.५०*] ब्रह्म वा जीवसम्बन्धी/आत्मासम्बन्धी। **~ज्ञानम्** (नपुं.) [*आत्मानमधिकृत्य भवमाध्यात्मिकम् तच्च तज्ज्ञानञ्च, कर्म.स.*] आत्मतत्त्वसँग सम्बद्ध ज्ञान। **~दुःखम्** (नपुं.) [*आत्मानमधिकृत्य भवमाध्यात्मिकम् तच्च तद् दुःखञ्च, कर्म. स.*] आध्यात्मिक दुःख दुई किसिमको हुन्छ— शारीरिक र मानसिक। वात, कफ र पित्तबाट पैदा भएको रोग शारीरिक हो भने शोक, लोभ, क्रोध, मोह, ईर्ष्या आदिबाट पैदा भएको दुःख मानसिक दुःख हो।

आध्यानम् (नपुं.) [*आङ्पूर्वकाद् ध्यै चिन्तायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] चिन्ता।

आनः (पुं.) [*अननम्, अन प्राणने इति धातोः भावे ३.३.१८ इति घञ्*] १.सास फेर्ने काम २.भित्र सास तान्ने काम। **श्वासस्तु श्वसितं सोऽन्तर्मुखं उच्छ्वास आहरः। आनः** (अभि.चि.)।

आनकः (पुं.) [*आनयति प्राणयति सोत्साहान् करोति योधान् इति अन प्राणने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.नगरा २.कर्नाल ३.मादल ४.ज्यादै गर्जने बादल। **आनकः पटहे भेर्यां मृदङ्गे ध्वनदम्बुदे** (मेदिनी.)। **~दुन्दुभिः** [*आनकैर्दुन्दुभिभिरुपलक्षितः*] कृष्णका बाबु/वसुदेव। पौराणिक कथनअनुसार यिनको जन्मकालमा आकाशमा दमाहा वजेका थिए, त्यसैले यिनको नाम आनकदुन्दुभि रहन गएको हो।

वसुदेवो महाबाहुः पूर्वमानकदुन्दुभिः।
आनकानाञ्च संह्रादः सुमहानभवद् दिवि॥ (ह.वं.)

आनतः (पुं.वि.) [*आनमति स्म, आङ्पूर्वकाद् णम प्रह्वत्वे शब्दे च इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] १.ज्यादै झुकेको २.ऊँधो मुन्टो लगाएको।

आनद्धम् (नपुं.) [*आनह्यते स्म मुखे चर्मणा बध्यते स्म, आङ्पूर्वकाद् णह बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.मुखमा छालाले बाँधिएको बजाइने मुरज आदि वाद्य यन्त्र/दमाहा, मुरज आदि बाजा २.(वि.) बाँधिएको/गाँसिएको।

आननम् (नपुं.) [*आनित्यनेन, आङ्पूर्वकाद् अन प्राणने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अध्याय/परिच्छेद २.मुख। **तदाननं मृत्सुरभि क्षितीश्वरः** (रघु.)।

आनन्त्यम् (नपुं.) [*अनन्त एव, अनन्तावसथेतिहभेषजाञ्ञ्यः ५.४.२३ इति ञ्यः, वृद्धिः*] अनन्तता।

आनन्दः (पुं.) [*आनन्दनम्, आङ्पूर्वकात् टुनदि समृद्धौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] हर्ष/सुख। **स्यादानन्दथुरानन्दः शर्मशातसुखानि च** (अमर.)।

आनन्दथुः (पुं.) [*आनन्दनम्, आङ्पूर्वकाद् टुनदि समृद्धौ इति धातोः, ट्वितोऽथुच् ३.३.८९ इति अथुच्*] आनन्द/सुख/हर्ष।

आनन्दनः (पुं.वि.) [*आनन्दयतीति, आङ्पूर्वकात् टुनदि समृद्धौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] आनन्ददायक/आनन्ददाता।

आनन्दनम् (नपुं.) *आङ्पूर्वकत् टुनदि समृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आनन्द दिनु/प्रसन्न तुल्याउनु।

आनन्दमयः (पुं.वि.) [*प्रचुर आनन्दो यस्मिन् सः, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] १.आनन्दै आनन्दले भरिएको/हर्षयुक्त २.(पुं.) परब्रह्म।

आनन्दवर्धनः (पुं.) [*आनन्दस्य वर्धनः, ष.त.*] ध्वनिसम्प्रदायका प्रवर्तक आचार्य। अवन्तिवर्मा (८२५—८८४ ई.) का सभापण्डित भएकाले यिनको समय नवौँ शताब्दी हो। यिनले विषमवाणलीला, अर्जुनचरित, देवीशतक, तत्त्वालोक र ध्वन्यालोक गरी पाँच ग्रन्थ रचना गरेका छन्। ती ग्रन्थमध्ये ध्वन्यालोक सबैभन्दा प्रसिद्ध छ। ध्वन्यालोकका तीन भाग छन्— कारिका, वृत्ति र उदाहरण। दुवैका रचनाकार आनन्दवर्धन नै हुन् भन्ने एक पक्ष छ भने एक पक्षले वृत्तिकार फरक हुन् भनेका छन्। यिनले आफ्नो ध्वन्यालोक भन्ने ग्रन्थमा ध्वनिविरोधी मतको खण्डन गरेर ध्वनि नै काव्यको आत्मा हो भन्ने पक्ष सिद्ध गरेका छन्।

आनन्दवृन्दावनचम्पूः (स्त्री.) यसका रचयिता परमानन्द दास हुन्। यिनलाई कवि कर्णपूर पनि भनिन्छ। यिनी बङ्गाल देशका कवि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्। यिनको जन्म १४२४ ई. मा भएको हो। कविले श्रीकृष्णको जन्मदेखि किशोरावस्थासम्मको कथावस्तुलाई लिएर यो चम्पूकाव्यको रचना गरेका छन्। यसमा नायक श्रीकृष्ण छन् भने नायिकाको रूपमा राधिकाको चित्रण भएको छ। यसमा प्रधान रस शृङ्गाररस छ भने वीर, अद्भुत आदि अङ्गरस छन्। वैदर्भी रीतिको प्रयोग छ।

आनन्दरामायणम् (नपुं.) यसको रचनाकाल पन्ध्रौं शताब्दी हो। यसमा ९ काण्ड र १२९५२ श्लोक छन्। प्रथम काण्डलाई सारकाण्ड भनिन्छ। यसमा १३ सर्ग छन्। रामको जन्मदेखि लिएर सीताहरणसम्मको कथा यस काण्डमा वर्णित छ। दोस्रो काण्ड यात्राकाण्ड हो। यसमा ९ सर्ग छन्। यसमा रामचन्द्रको तीर्थयात्राको वर्णन छ। तेस्रो यागकाण्डमा ९ सर्ग छन्। यसमा रामाश्वमेधको वर्णन छ। विलासकाण्ड नामक चतुर्थकाण्डमा पनि ९ सर्ग छन्। यसमा सीता र रामको जलक्रीडा, विभिन्न किसिमका शृङ्गार एवं अलङ्कारहरूको वर्णन छ। जन्मकाण्ड मानिने पञ्चम काण्डमा सीतानिष्कासन, लवकुशको जन्मको प्रसङ्ग आउँछ। छैटौं काण्ड विवाहकाण्ड हो। यसमा चार भाइका आठ छोराको विवाहको प्रसङ्ग छ। यसमा पनि ९ सर्ग छन्। सातौं काण्ड राज्यकाण्ड हो। २४ सर्ग भएको यस काण्डमा रामचन्द्रको विजययात्राको वर्णन छ। १८ सर्ग भएको आठौं काण्डलाई मनोहरकाण्ड भनिन्छ। यसमा रामोपासनाविधि, रामनामको माहात्म्य, चैत्रमाहात्म्य आदिको वर्णन छ। पूर्णकाण्डनामक नवौं काण्डमा ९ सर्ग छन्। यसमा कुशको राज्याभिषेक, राम, लक्ष्मण आदिको वैकुण्ठारोहणको प्रसङ्ग वर्णित छ।

आनन्दी (पुं.वि.) [*आनन्दोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] प्रसन्न/हर्षपूर्ण।

आनयः (पुं.) [*आनीयते वेदाध्ययनायात्र*] उपनयन/व्रतबन्ध। **उपनायस्तूपनयो वटूकरणमानयः** (अभि.चि.)।

आनर्तः (पुं.) [*आनृत्यन्त्यत्र, आङ्पूर्वकाद् नृती गात्रविक्षेपे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.रङ्गमञ्च/नाचघर २.युद्ध ३.सौराष्ट्रदेश ४.सूर्यवंशी एक राजा/शर्यातिका पुत्र। **आनर्तो देशभेदेऽपि नृत्यस्थाने जने रणे** (मेदिनी.)।

आनर्थक्यम् (नपुं.) [*अनर्थकस्य भावः, गुणवचनब्राह्मणदिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] निरर्थकता व्यर्थता।

आनायः (पुं.) [*आनयन्ति मत्स्याननेन, आनीयन्ते आकृष्यन्ते जलजन्तवोऽनेन इति वा, आङ्पूर्वकाद् णीञ् प्रापणे इति धातोः, श्रिणीभुवः ३.३.२४ इति घञ् आसमन्तान्नायोऽनेन, आनयन्ति मत्स्यान् अनेन इति वा, जालमानायः ३.३.१२४ इति घञन्तो वा निपातः*] माछा समात्ने जाल। **आनायः पुंसि जालं स्यात्** (अमर.)।

आनायी (पुं.वि.) [*आनायोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] मलाहा/माछा मार्ने व्यक्ति/जालधारी।

स तीरभूमौ विहितोपकार्यामानायिभिस्तामपकृष्टनक्राम्।
विगाहिभिः श्रीमहिमानुरूपं प्रचक्रमे चक्रधरप्रभावः॥ (रघु.)

आनाय्यः (पुं.) [*आनीयत इति आनाय्योऽनित्ये ३.१.१२७ इति साधुः*] गार्हपत्यबाट ल्याएर संस्कार गरेको दक्षिणाग्नि।

आनाहः (पुं.) [*आनह्यतेऽनेन, आङ्पूर्वकाद् णह बन्धने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कोष्ठबद्धता, कब्जियत २.[*आनहनम्, णह बन्धने इति धातोः, भावे ३.३.१८ इति घञ्*] जलबन्धन ३.चौडाइ।

यस्य वातः प्रकुपितः कुक्षिमाश्रित्य तिष्ठति।
नाधो व्रजति नाप्यूर्ध्वं चानाहस्तस्य जायते॥ (चरक.)

आनिलः (पुं.वि.) १.[*अनिलाद् आगतः, तत आगतः ४.३.७४ इत्यण्*] वायुबाट पैदा भएको २.(पुं.वि.) [*आ समन्ताद् नीलः*] नीलो वर्ण भएको।

आनुकूलिकः (पुं.) [*अनुकूलं वर्तते, तत्प्रत्यनुपूर्वमीपलोमकूलम् ४.४.२८ इति ठक्, ठस्येकः*] अनुकूल सुल्ये।

आनुकूल्यम् (नपुं.) [*अनुकूलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.२४ इति ष्यञ्*] अनुकूलता/उपयुक्तता।

आनुगुण्यम् (नपुं.) [*अनुगुलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.२४ इति ष्यञ्*] अनुगुणता/समानता/बराबरी।

आनुपदिकः (पुं.वि.) [*अनुपदं धावति,४.४.३७ इति ठक्, ठस्येकः, वृद्धिः*]पाइलाका चिह्नको अनुसरण गर्ने।

आनुपातिकः (पुं.वि.) [*अनुपातमर्हति, तदर्हति ५.१.६३ इति ठञ्, ठस्य इकः ७.३.५०*] अनुपातबाट ल्याइएको। **~प्रतिनिधित्वम्** (नपुं.) [*आनुपातिकञ्च तद् प्रतिनिधित्वञ्च, कर्म.स.*] बराबर अनुपातमा प्रतिनिधित्व गर्ने व्यवस्था।

आनुपूर्वी (स्त्री.) [*पूर्वं पूर्वम्, अनुपूर्वम् २.१.६, इति समासः, अनुपूर्वं भावः, वर्णदृढादिभ्यः ष्यञ्च ५.३.११३ इति ष्यञ्, वृद्धिः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, हलस्तद्धितस्य ६.४.१५० इति यलोपः*] १.क्रम/परिपाटी २.शैली ३.वर्णक्रम।

आनुपूर्व्यम् (नपुं.) [*पूर्वं पूर्वम्, अनुपूर्वम्, अव्य.स., अनुपूर्वं भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.२४ इति ष्यञ्, वृद्धिः*] १.रोल/सिलसिला/अनुक्रम २.वस्तु वा व्यक्तिका लहरमा पालैपालोसित आउनु।

आनुमानिकः (पुं.वि.) [*अनुमानमर्हति, तदर्हति ५.१.६३ इति ठञ्, ठस्य इकः ७.३.५०*] १.अनुमानित २.अनुमान गर्न लायक।

आनुलोमिकः (पुं.) [*अनुलोम वर्तते, तत्प्रत्यनुपूर्वमीपलोमकूलम् ४.४.२८ इति ठक्, ठस्येकः*] अनुकूल/सुल्ये।

आनुषङ्गिकः (पुं.वि.) [*अनुषङ्गे भवः*] १.संसर्गमा आएको २.प्रसङ्ग प्राप्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनूपः (पुं.विः) [*अनूपे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.जलप्राय प्रदेशमा भएको २.पाँच प्रकारका जाति– १.**कूलेचरः** (पुं.) नदीको तीर वा त्यस आसपासका क्षेत्रमा रहने वा चर्ने जनावर, जस्तै– अर्ना, बदेल, गैंडा, चौंरी गाई, हात्ती आदि।

लुलायगण्डवाराहचमरीवारणादयः।
एते कूलेचराः प्रोक्ता यतः कूले चरन्त्यपाम्॥ (भा.प्र.)

२.**प्लवः**– पानीमा तैरने जनावर, जस्तै– हाँस, सारस, बकुल्लो आदि।

हंससारसकारण्डवकक्रौञ्चशरारिका।
नन्दीमुखी सकादम्बा बलाकाद्याः प्लवाः स्मृताः॥ (भा.प्र.)

३.**कोशस्थ**– ढकनीको बिचमा रहने प्राणी, जस्तै– शङ्ख, सिपी, सानो शङ्ख आदि।

शङ्खः शङ्खनखश्चापि शुक्तिशम्बूककर्कयः।
जीवा एवंविधाश्चान्ये कोशस्थाः परिकीर्तिताः॥ (भा.प्र.)

४.**पादी**– पाउ भएका जलचर, जस्तै– कछुवा, गोही, सोंस आदि।

कुम्भीरकूर्मनक्राश्च गोधामकरशङ्कवः।
घण्टिकः शिशुमारश्चेत्यादयः पादिनः स्मृताः॥ (भा.प्र.)

५.**मत्स्यः**– माछाजातिका प्राणीहरू।

मत्स्यो मीनो विसारश्च झषो वैसारिणोऽण्डजः।
शकुली पृथुरोमा च स सुदर्शन इत्यपि।
रोहिताद्यास्तु ये जीवास्ते मत्स्याः परिकीर्तिताः॥ (भा.प्र.)

आन्तरिकः (पुं.वि.) [*अन्तरे भवः*] भित्र-भित्रको/देशभित्रको।

आन्तरिकसुरक्षा (स्त्री.) [*आन्तरिकी चासौ सुरक्षा च, कर्म.स.*] देशको भित्री भागमा तोडभोड, विद्रोह, लुटमार आदि हुन नदिने व्यवस्था।

आन्तर्गणिकम् (नपुं.) [*गणे इति अन्तर्गणम्, तत्र भवम्, अन्तपूर्वाद् ठञ् ४.३.६०, इति ठञ्, ठस्येकः*] समूहका बिचमा भएको/आफ्नै दलभित्रको।

आन्तर्वेश्मिकम् (नपुं.) [*वेश्मनि इति अन्तर्वेश्म, तत्र भवम् अन्तपूर्वाद् ठञ् ४.३.६० इति ठञ्, ठस्येकः*] घरभित्र भएको।

आन्त्रम् (नपुं.) [*अन्त्रमेव*] खाएको चिज पचाउने र पचाइएको सिठ्ठी मलद्वारबाट फाल्ने काम गर्ने प्राणीको पेटमा रहने नली। यो ठुलो र सानो गरी दुई किसिमको हुन्छ। आन्द्रो ठुलो– **स्थूलान्त्रम्** (नपुं.) सानो आन्द्रोले सोस्न नसकेको रस सोस्ने र सिठ्ठी मलद्वारबाट गिराउने र सानो आन्द्रोसँग जोडिएर मलद्वारसम्म पुग्ने मोटो किसिमको आन्द्रो। मानिसको यो आन्द्रो साढे तीन हात जति लामो हुन्छ। आन्द्रो सानो– **क्षुद्रान्त्रम्** (नपुं.) भुँडीदेखि दाहिने तिरबाट सुरु भई ठुलो आन्द्रोसम्म जोडिएको र भुँडीमा पच्न नसकी आएको चिजलाई पचाएर सिठ्ठीलाई ठुलो आन्द्रोतिर फाल्ने मसिनो आन्द्रो। मानिसको यो आन्द्रो चौध हातसम्म लामो हुन्छ। आन्द्रो वोसे– **ग्रहणी** (स्त्री.)।

आन्दोलनम् (नपुं.) [*आन्दोल्यत इति, आङ्पूर्वकाद् दोल सञ्चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हल्लनु २.जुलुस उठ्नु-नारा लगाउनु आदि।

आन्दोलितः (पुं.वि.) [*आन्दोल्यते स्म, आङ्पूर्वकाद् दोल सञ्चलने इति धातोः, क्तः*] १.हल्लेको २.जुलुस-नारा आदिद्वारा विरोध प्रदर्शन गरिएको।

आन्धसिकः (पुं.) [*अन्धो भक्तम्, तत् शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्, ठस्येकः*] भान्से।

आन्नः (पुं.वि.) [*अन्नं लब्धा, अन्नाण्णः ४.४.४५ इति णः, वृद्धिः*] अन्न प्राप्त गर्ने।

आन्विक्षिकी (स्त्री.) [*अनु– श्रवणोत्तरम् ईक्षणम् परीक्षणम्, अन्वीक्षा प्रयोजनमस्याः, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्येकः, इति इकः, ङीप्*] १.तर्कशास्त्र २.न्यायविद्या ३.आत्मविद्या।

आपः (पुं.) [आप्धातोर्घञ्] अष्टवसुमध्ये एक।

आपः (स्त्री.बहु) [*आप्नुवन्ति शरीरमिति, आप्लृ व्याप्तौ इति धातोः, आप्नोतेर्ह्रस्वश्च (उ.) २२६ इति क्विप्, धातोर्ह्रस्वश्च*] पानी/जल।

आपः स्त्रीभूम्नि वार्वारि सलिलं कमलं जलम् (अमर.)।

आपक्वः (पुं.वि.) [*आ–समन्तात् पक्वः*] राम्रोसित पाकेको।

आपक्वम् (नपुं.) [*ईषत्पक्वम्, आङीषदर्थे २.२.१८ इति समासः*] १.अलिअलि पाकेको/भुटेको २.पाक्न थालेको/केही पहेंलो भएको। **आपक्वशालिललितानतगात्रयष्टिः प्राप्ता शरन्नववधूरिव रूपरम्या** (ऋ.सं.)।

आपगा (स्त्री.) [*अपां समूहः, आपम्, तस्य समूहः ४.२.३७ इत्यण्, आपेन जलसमूहेन गच्छतीति, अन्यत्रापि दृश्यत इति वाच्यम् (वा.)३.२.४८इति डः,डित्वाट्टिलोपःटाप्*] नदी (शि.व.)।

आपणः (पुं.) [*आ–समन्तात् पणायन्तेऽत्र, पणन्तेऽत्र वा, पण व्यवहारे इति धातोः गोचरसंचरवहव्रजव्यजापणनगमाश्च ३.३.११९ इति घप्रत्यान्तो निपातः*] दोकान/बजार/पसल। **माल्यापणेषु राजन्ते नाद्य पण्यानि वै तथा** (रामा.)।

आपणिकः (पुं.) १.[*आसमन्तात् पणायति व्यवहरति सः, आङ्पूर्वकात् पण व्यवहारे स्तुतौ च इति धातोः, आङि पणिपनिपतिखनिभ्यः (उ.) २१२, इति इकन्*] १.व्यापारी/दोकानदार। **पण्याजीवो ह्यापणिकः क्रयविक्रयिकश्च सः** (अमर.)।

आपणिकम् (नपुं.) [*आपणस्य धर्म्यम्, आपणशब्दात् तस्य धर्म्यम् ४.४.४७ इति ठक्, ठस्येकः*] १.बजारमा लगाइने सामान्य कर २.(आपणस्य अवक्रयः राजग्राह्यं द्रव्यम्, अवक्रयः ४.४.५० इति ठक्, ठस्येकः) बजारबाट असूल गर्ने राजस्व/आयकर।

आपत् (स्त्री.) [*आपद्यत इति, आङ्पूर्वकाते पद गतौ इति धातोः, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] आपत्ति/दुर्दशा/सङ्कट।

आपन्नाशाय विबुधैः कर्तव्याः सुहृदोऽमलाः।
न तरत्यापदं योऽत्र कश्चिन्मित्रविवर्जितः॥ (सुभा.)

~कालः (पुं.) [*आपदः कालः ष.त.*] आपत्तिको समय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपत्काले च कष्टेऽपि नोत्साहस्त्यज्यते बुधैः।
(क.स.सा.)

आपतनम् (नपुं.) [*आङ्पूर्वकात् पत्लृ पतने इति धातोः, ल्युट् च ३.३.११५ इत्यनः*] १.आइपर्नु २.अचानक घटना घट्नु ३.प्राप्ति/उपलब्धि।

आपतिकः (पुं.) [*आ समन्तात् पततीति, आङ्पूर्वकात् पत्लृ पतने इति धातोः, आङि पणिपनिपतिखनिभ्यः (उ.) २१२ इति इकन्*] १.बाज २.दैवको अधीन (उ.को.)।

आपतितः (पुं.वि.) [*आ समन्तात् पतति स्म आङ्पूर्वकात् पत्लृ पतने इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] आइपरेको।

सुखमापतितं सेव्यं दुःखमापतितं तथा।
चक्रवत् परिवर्तन्ते दुःखानि च सुखानि च॥ (सुभा.)

आपत्कालिकः (पुं.वि.) [*आपत्काले भवः, आपदादिपूर्वपदात् कालानाम् (वा.) ४.२.११६ इति ञिठप्रत्ययः*] आपत्कालमा भएको।

आपत्कालिका (स्त्री.) [*आपत्काले भवा, आपदादिपूर्वपदात् कालानाम् (वा.) ४.२.११६ ञिठप्रत्ययः*] आपत्कालमा भएको।

आपत्कालिकी (स्त्री.) [*आपत्काले भवा, आपदादिपूर्वपदात् कालानाम् (वा.) ४.२.११६ इति ञिठप्रत्ययः, ठस्येकः टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] आपतकालमा भएको।

आपत्तिः (स्त्री.) [*आपतनम्, आपूर्वकात् पद गतौ इति धातोः, क्तिनपीष्यते (वा) इति क्तिन्*] १.विपत्ति/आपत्। **विपत्तौ विपदापदौ** (अमर.) २.प्राप्ति/आइपर्नु।

आपत्प्राप्तः (पुं.वि.) [*आपदं प्राप्तः, द्वि.त.*] आपत्तिमा परेको।

आपद्ग्रस्तः (पुं.वि.) [*आपदा ग्रस्तः, तृ.त.*] आपत्तिले ग्रस्त।

आपद्धर्मः (पुं.) [*आपदि धर्मः, स.त.*] आपत् वा सङ्कटमा परेको बेला गर्नुपर्ने धर्म।

आपदा (स्त्री.) [*भागुरिमतेन साधुः*] आपत्ति।

वष्टि भागुरिरल्लोपमवाप्योरुपसर्गयोः।
आपञ्चैव हलन्तानां यथा वाचा निशा दिशा॥

आपनम् (नपुं.) [*आप्धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] प्राप्त हुनु।

आपनिकः (पुं.) [*आङ्पूर्वकात् पनधातोः इकन्प्रत्ययः*] १.इन्द्रनीलमणि २.किरात (उ.को.)।

आपन्नः (पुं.वि.) [*आपद्यते स्म, आङ्पूर्वकात् पद गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] १.आपत्तिमा परेको २.प्राप्त भएको। **आपन्नः सविपत्तौ च प्राप्तेऽपि वाच्यलिङ्गकः** (विश्वमे.)। **आपन्नार्तिप्रशमनफला सम्पदो ह्युत्तमानाम्** (मे.दू.)।

आपन्नसत्त्वा (स्त्री.) [*आपन्नं सत्त्वं गर्भरूपेण जन्तुरनया, अस्यां वा*] गर्भधारण गरेकी स्त्री। **आपन्नसत्त्वा स्याद् गुर्विण्यन्तर्वत्नी च गर्भिणी** (अमर.)।

आपमित्यकम् (नपुं.) [*अपमानम्, मेङ् प्रणिदाने इति धातोः, उदीचां माङो व्यतिहारे ३.४.१९ इति क्त्वा, कुगतिःप्रादयः २.२.१८ इति समासः, समासेऽनञ्पूर्वे क्त्वो ल्यप् ७.१.३७ इति ल्यबादेशः, मयतेरिदन्यतरस्याम्' ६.४.७० इतीत्वम्, तुक् ६.१.७१, अपमित्य आप्तम्, अपमित्ययाचिताभ्यां कक्कनौ— ४.४.२१ इति कक्*] सट्टा पाइएको वस्तु।

आपराह्णिकः (पुं.वि.) [*अपराह्णे भवः, विभाषा पूर्वाह्णापराह्णाभ्याम् ४.३.२४ इति ठञ्, ठस्येकः, आदिवृद्धिः*] मध्याह्नभन्दा पछाडिको/अपराह्णको।

आपस्तम्बधर्मसूत्रम् (नपुं.) [*आपस्तम्बेन प्रणीतं धर्मसूत्रम्, म. प. स.*] आपस्तम्बले रचेको धर्मग्रन्थ। यस ग्रन्थको रचना–समय वि.पू. ६०० वर्षदेखि ऐ. ३०० वर्षसम्म मानिन्छ। यसमा चार वर्णको परिचय, अचार्यको महत्त्व, उपनयन, समयमा उपनयन नगर्दा लाग्ने प्रायश्चित, ब्रह्मचारीको कर्तव्य, वर्णानुसार गुरुलाई नमस्कार गर्ने विधि, भोज्याभोज्यको व्यवस्था, ब्रह्महत्या, नारीहत्या, गुरुहत्या आदिबाट हुने पाप र तिनको प्रायश्चित, मद्यपान तथा सुवर्णस्तेयबाट लाग्ने पाप र त्यसको प्रायश्चित, शूद्र नारीसँग सम्भोग गर्दा लाग्ने पाप र प्रायश्चित्त, विवाह आदिका नियमहरू वर्णित छन्।

आपाकः (पुं.) [*आ समन्तात् पच्यन्ते मृन्निर्मितभाण्डादीनि अत्र, हलश्च ३.३.१२१ इति घञ्*] कुमालेका हाँडी–गाग्रा आदि पोल्ने भट्टा।

आपातः (पुं.) [*आपतनम्, आङ्पूर्वकात् पत्लृ पतने इति धातोः भावे ३.३.१८ इति घञ्*] १.खस्ने काम २.तत्काल, झट्ट हेर्दा।

आपातः पुंसि पतने तदात्वे च प्रकीर्तितः (मेदिनी.)।
आपातरमणीयानां संयोगानां प्रियैः सह (हितो.)।

आपाततः (अव्य.) तत्काल। झट्ट हेर्दा।

आपादनम् (नपुं.) [*आपाद्यते स्म इति आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवरनाकौ ७.१.१ इत्यनः*] १.पुग्नु २.सम्पन्न गराउनु।

आपादनीयः (पुं.वि.) [*आपादयितुं योग्यः, आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि तव्यत्तव्यानीयरः ३.१.१६ इत्यनीयर्*] १.पुऱ्याउनुपर्ने २.सम्पन्न गराउनुपर्ने।

आपादितः (पुं.वि.) [*आपद्यते स्म, आङ्पूर्वकात् पद गतौ इति धातोः णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.पुऱ्याइएको २.सम्पन्न गराइएको।

आपानम् (नपुं.) १.[*आपीयतेऽस्मिन्, आङ्पूर्वकात् पा पाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मद्यशाला/रक्सी पिउने भट्टी २.[*भावे ल्युट्*] रक्सी पिउनेकाम। **ददर्श यदुवीराणामापाने वैशसं महत्** (म.भा. वनपर्व, अध्याय २८०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपिशलिः (पुं.) पाणिनिभन्दा पूर्ववर्ती संस्कृत वैयाकरण। यिनको समय वि.पू. ३००० मानिन्छ। यिनको मतलाई अष्टाध्यायी, महाभाष्य आदि ग्रन्थमा उल्लेख गरिएको छ। यिनको व्याकरण ग्रन्थ हाल उपलब्ध छैन। भनिन्छ– यिनले धातुपाठ, गणपाठ, उणादिसूत्र तथा शिक्षाग्रन्थ पनि लेखेका थिए। यिनको एउटा कोषग्रन्थ पनि थियो। हालै शिक्षाग्रन्थ प्रकाशित भएको छ। युधिष्ठिर मीमांसकद्वारा सम्पादित यो ग्रन्थ पाणिनीय शिक्षासँग मिल्दोजुल्दो छ।

आपीडः (पुं.) [*आपीडनम्, आङ्पूर्वकात् पीड अवगाहने इति धातोः भावे ३.३.१८ इति घञ्*] १.हैरान खेलाउनु २.घाइते बनाउनु ३.निचोर्नु ४.[*आपीड्यतेऽनेन*] शिरमा लगाइने फूलको माला।

आपीनः (पुं.वि.) [*आप्यायते स्म, आङ्पूर्वकात् ओप्यायी वृद्धौ इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, प्यायः पी ६.१.२८ इति पीभावः, तस्य नत्वम्*] १.केही ठुलो २.निकै मोटो/निकै ठुलो। (भर्तृहरि) ३.मजबूत ४.(पुं.) कल्चौंडो।

आपीनभारोद्वहनात्प्रयत्नाद्
गृष्टिर्गुरुत्वाद् वपुषो नरेन्द्रः।
उभावलञ्चक्रतुरञ्चिताभ्यां
तपोवनावृत्तिपथं गताभ्याम्॥ (रघु.)

५.(पुं.) कुवा (वोपदेव)।

आपूपिकः (पुं.) [*अपूपाः पण्यमस्य सः, तदस्य पण्यम् ४.४.५१ इति ठक्, ठस्येकः इति इकः*] हलुवाइ/मालपुवा बनाउने व्यक्ति

आपूपिकम् (नपुं.) [*अपूपानां समूहः, अचित्तहस्तिधेनोष्ठक् ४.२.४७ इति ठक्, ठस्येकः*] मालपुवा वा अपुङ्गाको थुप्रो।

आपूप्यः (पुं.) [*अपूपाय अयम्*] पिठो/मालपुवा–रोटी पकाउन तयार पारिएको पिठो।

आपूरणम् (नपुं.) [*आङ्पूर्वकात्, पॄ पालनपूरणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, उत्वम् रपरत्वञ्च*] १.पूर्ण गर्नु/भर्नु २.पालन गर्नु।

आपूरितः (पुं.वि.) [*आपूर्यते स्म, आङ्पूर्वकात् पॄ पालनपूरणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.भरिएको/पूर्ण भएको २.पालन गरिएको।

आपूरणीयः (पुं.वि.) [*आपूरयितुं योग्यः, आङ्पूर्वकात् पॄ पालन–पूरणयोः इति धातोः, तव्यत्तव्यानीयरः ३.१९६ इति अनीयर्*] १.पूर्ण गर्नुपर्ने/ २.पालन गर्नुपर्ने ३.भर्नुपर्ने।

आपूर्तिः (स्त्री.) [आपूरणम्, *आङ्पूर्वकात्, पॄ पालनपूरणयोः इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.अलिअलि पूर्ति गर्नु २.राम्रोसित पूर्ति गर्ने काम।

आपूर्यमाणः (पुं.वि.) [*आपूर्यते इति, लटः स्थाने शानच्, मुक्*] भरिँदै गएको। **~ पक्षः** (पुं.) शुक्लपक्ष।

आपृच्छा (स्त्री.) [*आप्रच्छनम्, प्रच्छ ज्ञीप्सायाम् इति धातोः षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इति अङ्, टाप् ४.१.४ संप्रसारणम्*] १.कुराकानी २.सोधपुछ।

आप्तः (पुं.वि.) [*आप्यते स्म, आप्लृ व्याप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्राप्त भएको। **तेभ्यः किमाप्तं मया** (कालिदास) २.पुगेको ३.आफन्त ४.विश्वस्त ५.कुशल। **कुमारभृत्याकुशलैरनुष्ठिते भिषग्भिराप्तैरथ गर्भभर्मणि।** (रघु.) ६.भ्रम, प्रमाद आदि दोषरहित सत्यवादी ऋषि मुनिहरू।

आप्तवाक्यम् (नपुं.) [*आप्तस्य आप्तानां वा वाक्यम्, ष.त.*] १.आफन्तको भनाइ २.वेद,स्मृति आदि धर्मशास्त्रको वाक्य ३.दोषरहित ऋषिमुनिको कथन।

आप्तोक्तिः (स्त्री.) [*आप्तानामुक्तिः, ष.त.*] १.आफन्तको भनाइ २.भ्रम, प्रमाद आदि नभएका ऋषि आदिको भनाइ ३.सिद्धान्त वाक्य।

आप्तव्यः (पुं.वि.) [*आप्तुं योग्यः, आप्लृ व्याप्तौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] पाउन–लायक/पाउनु पर्ने।

आप्यः (पुं.वि.) [*आप्तुं योग्यः, आप्लृ व्याप्तौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] पाउन योग्य।

आप्यम् (नपुं.) [*अपां विकारः*] पानीको फिँज, वरफ आदि।

आप्यानः (पुं.वि.) [*आप्यायते स्म इति, आङ्पूर्वकात् ओप्यायी वृद्धौ इति धातोः, कर्मणि क्तः, ओदितश्च ८.२.४५ इति निष्ठाया नत्वम्, लोपो व्योर्वलि ६.१.६६ इति यलोपः*] बढेको/ठुलो।

आप्यायनम् (नपुं.) [*आङ्पूर्वकात् प्यैङ् वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.तृप्त गराउनु २.पितृलाई तर्पण दिनु।

आब्रह्मस्तम्भपर्यन्तं देवर्षिपितृमानवाः।
तेषामप्यायनायैतद् दीयते सलिलं मया॥ (तर्पणविधि)

आप्रच्छनम् (नपुं.) [*आङ्पूर्वकात् प्रच्छ ज्ञीप्सायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बिदा माग्नु/हिँड्ने बेलामा अनुमति लिनु २.बधाइ दिनु ३.स्वागत गर्नु।

आप्रपदीनम् (नपुं.) [*आप्रपदं प्राप्नोति, आप्रपदं प्राप्नोति ५.२.८ इति खः, खस्येनः*] गोडासम्म झुन्डिएको/गोडासम्म पुग्ने गरी लत्रिएको।

आप्लवः (पुं.) [*आप्लवनम्, आङ्पूर्वकाद् प्लुङ् गतौ इति धातोः, ऋदोरप् ३.३.५७ इति अप्*] १.स्नान २.डबुबुल्की/पौडी।

आप्लवनम् (नपुं.) [*आङ्पूर्वकात् प्लुङ् गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.स्नान गर्नु २.डुबुल्की मार्नु/पौडी खेल्नु।

आप्लवव्रती (पुं.वि.) [*आप्लवते इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, आप्लवो व्रतमस्यास्ति*] स्नातक। स्नान गरेर अन्य आश्रममा प्रवेश नगरिसकेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आप्लावः (पुं.) [*आप्लवनम् आङ्पूर्वकात् प्लुङ् गतौ इति धातोः, विभाषा ङि रुप्लुवोः ३.३.५० इति घञ्*] १.स्नान २.डबुल्की/पौडी ।

आप्लुतः (पुं.वि.) [*आप्लवते स्म, प्लुङ् गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.समावर्तन कर्म गरिसकेको (ब्रह्मचारी) २.स्नान गरेको ३.पौडी खेलेको ।

आप्लृ (धा.) [*लम्भने, सक.सेट्, उभ.*]– प्राप्त गर्नु । लट्– **आपयति-ते–** प्राप्त गर्छ । **अभिव्यापयति–** चारैतिर ढाक्छ । **अवापयति**– प्राप्त गर्छ । **परिव्यापयति**– चारैतर्फबाट ढाक्छ । **परिसमापयति**– समाप्त गर्छ, पूरा गर्छ इत्यादि ।

आप्लृ (धा.) [*व्याप्तौ, सक. अनिट्., पर.*]– ढाक्नु । लट्– **आप्नोति–** ढाक्छ, **अभिव्याप्नोति**– चारैतिरबाट ढाक्छ, **अवाप्नोति–** तृप्त गर्छ, **परिव्याप्नोति**– चारैतिरबाट ढाक्छ, **प्राप्नोति–** प्राप्त गर्छ, **व्याप्नोति**– ढाक्छ, **संव्याप्नोति–** राम्रोसित ढाक्छ । लिट्– **आप**– ढाकेछ (अन.) । लुट्– **आप्ता**– ढाक्ने छ (अन.) । लृट्– **आप्स्यति**– ढाक्ने छ । लोट्– **आप्नोतु-तात्**– ढाकोस् । लङ्– **आप्नोत्–** ढाक्यो (अन.) । विधिलिङ्– **आप्नुयात्–** ढाक्ला, ढाकोस् । आशीर्लिङ्– **आप्यात्–** ढाकोस् । लुङ्– **आपत्–** ढाक्यो । लृङ्– **आप्स्यत्–** ढाक्ने थियो । कर्मणि– **आप्यते–** ढाकिन्छ । णिचि– **आपयति-ते–** ढकाउँछ । सनि– **ईप्सति–** ढाक्न चाहन्छ । कृदन्ते– **आपकः**– ढाक्ने । **आपिका**– ढाक्ने । **आप्तः**– ढाकेको । **आप्तव्यः**– ढाक्नु पर्ने । **आप्तुम्**– ढाक्न । **आप्त्वा**– ढाकेर । **प्राप्य**– पाएर । **आपः**– पानी । इत्यादि ।

आबद्धः (पुं.वि.) [*आबध्यते स्म, आङ्पूर्वकाद् बन्ध बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँधिएको २.सम्बद्ध भएको ।

आबन्धः (पुं.) [*आबध्यतेऽनेन, आङ्पूर्वकाद् बन्ध बन्धने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.बाँध्ने डोरी २.प्रेम ३.बन्धन । **गते प्रेमाबन्धे प्रणयबहुमाने विगलिते** (अमरुशतक) ।

आबन्धनम् (नपुं.) [*आबध्यतेऽनेन, आङ्पूर्वकाद् बन्ध बन्धने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.डोरी/दाम्लो २.प्रेम ३.भूषण ४.जोतारो ५.[*आबध्यते इति भावे ल्युट् (अनः)*] बाँध्ने काम ।

आबाधा (स्त्री.) [*आङ्पूर्वकाद् बाधृ लोडने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.वेदना/अत्यन्त पीडा २.भूखण्ड ।

आबालम् (नपुं.) [*बालमभिव्याप्य, अव्य.स.*] बालकदेखि लिएर

आबिलः (पुं.वि.) [*आङ्पूर्वकाद् बिलधातोः कः*] १.धमिलो २.मैलो ।

आबुत्तः (पुं.) [*आपनम्, आप्धातोः संपदादिभ्यश्च (वा.) ४.३.९४ इति क्विप्, आपमुत्तनोति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] बहिनी ज्वाइँ ।

आबोधनम् (नपुं.) [*आङ्पूर्वकाद् बुध अवबोधने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सम्झाउनु २.बुझाउनु ३.सिकाउनु ।

आब्दः (पुं.वि.) १.[*अब्दे भवः, तत्र भवः ४.३.५३ इत्यण् वृद्धिः*] एक वर्षमा भएको/वार्षिक २.[*आब्दाद् जातः*] मेघबाट उत्पन्न भएको/बादलसम्बन्धी ।

आब्दिकः (पुं.वि.) [*अब्दे भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] वार्षिक/एक वर्षमा भएको ।

आभरणम् (नपुं.) [*आभ्रियतेऽनेन, भृञ् भरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गहना २.[*आङ्पूर्वकाद् भृञ् भरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] पालन पोषण ।

आभा (स्त्री.) [*आङ्पूर्वकाद् भा दीप्तौ इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः ६.४.६४ टाप् ४.१.४*] १.कान्ति/शोभा २.प्रकाश ३.वातरोगविशेष । **आभा ववुलपर्यायः कथितः कोविदैरिह** (भा.प्र.) ।

आभाणकम् (नपुं.) [*आङ्पूर्वकाद् भण शब्दार्थे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, स्वार्थे कन्*] किंवदन्ती/परम्परागत भनाइ ।

आभाषणम् (नपुं.) [*आङ्पूर्वकाद् भाष धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुराकानी ।

आभासः (पुं.) [*आङ्पूर्वकाद् भासृ दीप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.झल्का २.प्रतीति ३.अभिप्राय/तात्पर्य ।

आभास्वरः (पुं.वि.) [*आ समन्ताद् भासनशीलः, आङ्पूर्वकाद् भासृ दीप्तौ इति धातोः, स्थेशभासपिसकसो वरच् ३.२.१७५ इति वरच्*] १.अत्यन्त चम्किलो २.(पुं.बहु.) गणदेवता ।

आदित्यविश्व वसवस्तुषिता भास्वरानिलाः ।
महाराजिकसाध्याश्च रुद्राश्च गणदेवताः ॥ (अमर.)

आभिजनः (पुं.वि.) [*अभिजनेभ्यः पूर्वबान्धवेभ्य आगतः, तत आगतः४.३.७४ इत्यण् तद्धितेष्वचामादेः ७.२.११७ इत्यादिवृद्धिः*] कुलपरम्पराबाट आएको/खानदानी/कुलीन ।

आभिजात्यम् (नपुं.) [*अभिजातस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.कुलीनता २.विद्वत्ता ३.सौन्दर्य ।

आभिजात्यवादः (पुं.) [*आभिजात्यस्य वादः, ष.त.*] अभिजात अर्थात् विद्वत्ता, सौन्दर्य, परिष्कार आदिलाई महत्त्व दिने एक साहित्यिक सिद्धान्त/क्लासिसिजम/शास्त्रीयतावाद ।

आभिमुख्यम् (नपुं.) [*अभिमुखस्य भावः,ष्यञ्*] सम्मुखता/आमनेसामने हुनु ।

आभिरूप्यम् (नपुं.) [*अभिरूपस्य भावः, ष्यञ्*] सौन्दर्य/ लावण्य । **आभिरूप्याच्च विम्बानां देवः सान्निध्यमृच्छति** (ति.त.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आभीक्ष्ण्यम् (नपुं.) [*अभीक्ष्णस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ ष्यञ्*] निरन्तर हुने आवृत्ति।

आभीरः (पुं.) [*आ समन्ताद् भियं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.अहिर/गोप जातिको मानिस/ग्वाला। **गोपे गोपालगोसङ्ख्य गोधुगाभीरवल्लभाः।** (अमर.) २.देशविशेष ३.आभीरदेशका बासिन्दा।

आभीरपल्लिः (स्त्री.) [*आभीराणां पल्लिः, ष.त.*] १.ग्वाला जातिको वस्ती २.ग्वाला बस्ने घर। **कुटीग्रामकयोः पल्लिः** (शास्वत.)।

आभीरी (स्त्री.) [*आभीरस्य स्त्री, तज्जातीया वा, पुंयोगात् ४.१.४८ इति जातेः ४.१.६३ इति वा ङीष्*] गोठालाको वंशमा उत्पन्न भएकी स्त्री।

आभीलम् (नपुं.) [*आ— समन्तात् भियं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.भयानक २.दुःख/कष्ट। **आभीलं भीषणे कृच्छ्रेऽपि** (हैम.)।

आभुग्नः (पुं.वि.) [*आभुजति स्म, आङ्पूर्वकाद् भुजो कौटिल्ये इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, नत्वम्, कुत्वम्*] १.नुहेको २.टेढो परेको।

आभूषणम् (नपुं.) [*आभूष्यतेऽनेन, आङ्पूर्वकाद् भूष भूषायाम् इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] गहना।

आभोगः (पुं.) [*आभुज्यतेऽनेन, आङ्पूर्वकाद् भुज धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.सर्पको शरीर। **अहेः शरीरमाभोगः** (अमर.)। २.कविको नामले युक्त भएको कविता। **यत्रैव कविनाम स्यात्स आभोग इतीरितः** (स.दा.) ३.[*आभोजनम्, आङ्पूर्वकाद् भुज भोजने इति धातोः, भावे ३.३.१८ इति घञ्*] विस्तार/लम्बाइ— चौडाइ ४.भोगविलास ५.परिपूर्णता। **आभोगः परिपूर्णता** (अमर.) ६.वरुणको छाता ७.प्रयत्न। **आभोगो वरुणच्छत्रे पूर्णतायत्नयोरपि** (विश्व.)।

आभ्यन्तरः (पुं.वि.) [*अभ्यन्तरे जातः, तत्र जातः ४.३.२५इत्यण्, वृद्धिः*] १.भित्री २.वर्णोच्चारण हुनुभन्दा पहिले त्यसका लागि गरिने प्रयत्न ३.अन्तरङ्ग।

आभ्यासिकः (पुं.वि.) [*अभ्यासः प्रयोजनं कारणमस्य, प्रयोजनम् ५.१.१०९ इति ठञ्, ठस्येकः*] बारम्बार गरेको साधनाबाट उपलब्ध/अभ्यासबाट पैदा भएको।

आभ्युदयिकम् (नपुं.) [*अभ्युदयः प्रयोजनमस्य, ५.१.१०९ इति ठञ्, ठस्येकः, आदिवृद्धिः*] नान्दीश्राद्ध। अभ्युदय हुँदा घरमा ठुला शुभकर्म गर्ने अवसर पर्दा पितृको विशेष विधिले गरिने श्राद्ध। यो भूत र भविष्यत्का भेदले दुई किसिमको हुन्छ। **भूत—** पुत्र जन्मदा गरिने। **भविष्यत्—** विवाहमा गरिने। यसरी नै श्राद्धविवेक आदि ग्रन्थमा श्राद्धभेदको गणना गर्दा जुन वृद्धिश्राद्ध र कर्माङ्गश्राद्ध भनी दुई थरी श्राद्ध बताइएको छ, ती श्राद्धलाई नै आभ्युदयिक श्राद्ध भनिन्छ। **आभ्युदयिके आभ्युदयनिमित्तके, अभ्युदय इष्टलाभो विवाहादिः। तदर्थं श्राद्धमाभ्युदयिकम्। तच्च भूतभविष्यद्भेदेन द्विविधम्— तत्र भूतम्—** पुत्रजन्मादि, **भविष्यत्—** विवाहादि। **एवञ्च श्राद्धविवेकादौ श्राद्धभेदगणने वृद्धिश्राद्धत्वेन कर्माङ्गत्वेन च यदुभयत्वमुक्तं तदुभयमेवाभ्युदयिकत्वेनोपपन्नम्** (स्मृ.त. प्रथम भाग)।

आमः (पुं.वि.) १.[*अम्यते ईषत् पच्यते इति अम गत्यादिषु इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] काँचो/राम्रोसित नपाकेको।

आमः (पुं.) [*आमोऽस्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] रोगविशेष/आउँ/छप्रकारका अजीर्णमध्ये एक। **~आशयः** (पुं.) [*आमस्य आशयः, ष.त.*] खाएको अन्न रहने ठाउँ। **~कुम्भः** [*आमश्चासौ कुम्भश्च, कर्म.स.*] राम्रोसित नपोलेको माटको गाग्रो। **~गन्धः** [*आमस्य अपक्वमांसस्य गन्धः*] १.काँचो मासुको गन्ध २.मुर्दा जलाउँदा आउने गन्ध। **~ज्वरः** [*आमश्चासौ ज्वरश्च, कर्म.स.*] बिग्रिएको ज्वरो। **~रक्तम्** [*आमेन रोगेण जातं रक्तम्, म.प.स.*] रगतमासी। **~वातः** [*आमः अपक्वतया सञ्जातश्चासौ वातश्च,कर्म.स.*] अपच भएर हुने वायु/अपान वायु। **~शूलः** [*आमेन शूलः, तृ.त.*] ग्यास्टिक/गानु/पेटको गोला।

आमगन्धिः (पुं.) [*आमः अपक्वो मलः, तस्येव गन्धोऽस्य, उपमानाच्च ५.४.१३६ इति इन्*] दुर्गन्ध, काँचो मासु अथवा सिनाको गन्ध।

आमनस्यम् (नपुं.) [*मनसे साधुः, तत्र साधुः ४.४.९८ इति यत्, न मनस्यम्, न.त., यद्वा अमनसो भावः, गुणवचनब्राह्मणादिभ्य कर्मणि च ५.१.१२४ इति ष्यञ्*] पीडा/दुःख/कष्ट। **पीडाबाधाव्यथादुःखमामनस्यम्** (अमर.)।

आमन्त्रणम् (नपुं.) *आङ्पूर्वकाद् मन्त्र धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.निम्तो/निमन्त्रणा २.बोलाउनु ३.सोध्नु।

आमन्त्रणपत्रम् (नपुं.) [*आमन्त्रणस्य पत्रम्, ष.त.*] निम्तो दिने पत्र।

आमन्त्रितः[*आमन्त्र्यते स्म, आङ्पूर्वकाद् मन्त्रधातो कर्मणि क्तः*] निमन्त्रणा गरिएको/बोलाइएको।

आमन्द्रः (पुं.वि.) [*आसमन्ताद् मन्दते, मदि स्तुत्यादौ इति धातोः, रक्*] गम्भीर। **मन्द्रस्तु गम्भीरे** (अमर.)।

आमयः (पुं.) [*अम रोगे इति धातोः, भावे ३.३१८ इति घञ्, आमं यान्त्यनेन, या प्रापणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा) ३.२.१०१ इति डः यद्वा— आमयनम् अनेन, मीङ् हिंसायाम् इति धातोः, एरच् ३.३.५६ इत्यच्, घः ३.३.११८ वा*] रोग। **तदयुक्त विविधैर्योगैर्निहन्यादामयान् बहून्** (सुश्रुत.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमयावी (पुं.वि.) [*आमयोऽस्यास्तीति, सर्वत्रामयस्योपसङ्ख्यानम् ५.२.१२२ इति विनिः, दीर्घश्च*] रोगी/बिरामी ।

आमरणम् (नपुं.) [*मरणमभिव्याप्य, अव्य.स.*] नमरुन्जेल ।

आमर्दः (पुं.) [*आ सामस्त्येन मृद्यते इति, आङ्पूर्वकाद् मृद क्षोदे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.पिध्नु २.कुट्नु/चूर्ण तुल्याउनु ३.माड्नु ४.दमन गर्नु ।

आमर्दकः (पुं.वि.) [*आमर्दयति, आङ्पूर्वकाद् मृद क्षोदे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पिध्ने २.कुट्ने/चूर्ण तुल्याउने ३.माड्ने ४.दमन गर्ने ।

आमर्दनम् (नपुं.) [*आङ्पूर्वकाद् मृद क्षोदे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पिँध्नु २.कुट्नु/चूर्ण तुल्याउनु ३.माड्नु ४.दमन गर्नु ।

आमलकः (पुं.) [*आमलते समन्ताद् धारयति, मल धारणे इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ) इति क्वुन् युवोरनाकौ ७.१.१ इत्यकः*] अमलाको वृक्ष ।

(आमलकम्)

आमलकम् (नपुं.) [*आमलक्याः फलम्, आमलकीशब्दात् नित्यं वृद्धशरादिभ्यः ४.३.१४४ इति मयट्प्रत्ययः, फले लुक् ४.३.१६३ इति तस्य लुक् च*] अमलाको फल ।

आमलकी (स्त्री.) [*आमलते समन्ताद्धारयतीति, आमलकः, जातेरस्त्रीविषयादयोपधात् ४.१.५३ इति ङीष्*] अमलाको रुख ।

आमर्शः (पुं.) [*आमर्शनम्, आङ्पूर्वकाद् मृश आमर्शने इति धातोः, भावे ३.३.१८ इति घञ्,*] १.स्पर्श गर्नु/छुनु २.क्रोध ।

आमात् (नपुं.) [*आममत्ति, क्विप्*] काँचै खाने ।

आमान्नपात्रम् (नपुं.) [*आमानि अपक्वानि अन्नानि तदादीनि यत्र तत्, तच्च तत् पात्रम्, कर्म.स.*] श्राद्ध आदिमा भूस्वामी, ब्राह्मण, जोगी आदिलाई दिइने सिधा ।

आमान्नम् (नपुं.) [*आमञ्च तदन्नम्, कर्म. स.*] काँचो अन्न ।

आमान्नश्राद्धम् (नपुं.) [*आममन्नं यत्र तत्, तच्च तत् श्राद्धम्, कर्म.स.*] आपद्मा, पकाउने उपाय नहुँदा, तीर्थमा, परदेशमा, छोरो जन्मिदा, पत्नी रजस्वला हुँदा वा गर्भिणी हुँदा, संक्रान्तिमा, श्राद्धविघ्न हुँदा, ग्रहणमा, प्रत्याब्दिकमा, गरीबी अवस्थामा, व्यसनी भएमा अरू श्राद्ध गरेझैँ गरी आमश्राद्ध गर्नुपर्छ तर पिण्ड दिनु पर्दैन । कसैको मतमा पायस वा जौको पिठाको पिण्ड दिनु भन्ने पनि छ । आमान्नश्राद्ध सङ्गवकाल (बिहानको ६ घडी पछिको काल) मा गर्नु पर्छ ।

आपद्यनग्नौ तीर्थे च प्रवासे पुत्रजन्मनि ।
आमश्राद्धं प्रकुर्वीत भार्यारजसि संक्रमे ॥

श्राद्धविघ्ने द्विजातीनां ...दर्शे रविग्रहे पित्रोः प्रत्याब्दिकमुपस्थितम् । अन्नेनासम्भवे ... । (श्रा.च.) । **आमश्राद्धे तु पूर्वाह्णव्यापिनी तिथिर्ग्राह्या । आमश्राद्धन्तु पूर्वाह्णे इति वचनात् । अत्र पूर्वाह्णशब्देन सङ्गवकालो गृह्यते ।**

आमाम्रफलम् (नपुं.) अमचुर ।

आमावाश्यः (पुं.वि.) [*आमावाश्यायां जातः, आमावास्याया वा ४.३.३० इति वुनभावे सन्धिबेलाद्यृतुनक्षेत्रेभ्योऽण् ४.३.१६ इत्यण्*] औँस्याहा, औँसीमा जन्मिएको ।

आमिक्षा (स्त्री.) [*आमिष्यते इति, मिषु सेचने इति धातोः, बाहुलकात्–सक्*] १.दुधलाई फटाएर बनाएको छेना २.बिगौती ३.तातेको दुधमा अमिलो दही हालेर बनाइएको हवनीय द्रव्य ।

आमिषम् (नपुं.) [*अमन्ति गच्छन्ति येन तत्, अमन्ति रोगिणो भवन्ति येन वा, अम गतौ इति धातोः, अमेदीर्घश्च इति सूत्रेण टिषच् यद्वा आमिष्यते भुज्यते, आङ्पूर्वकाद् मिष संश्लेषणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, संज्ञापूर्वकत्वान्न गुणः*] मासु वा मासुतुल्य मानिने वस्तुहरू । **आमिषं त्वस्त्रियां मांसे तथा स्याद्भोग्यवस्तुनि** (विश्व.) ।

आमिषाशी (पुं.वि.) [*आमिषमश्नाति अश भोजने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मांसाहारी ।

आमीलनम् (नपुं.) [*आङ्पूर्वकाद् मील धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ इत्यनः*] राम्रोसित आँखा बन्द गर्नु ।

आमुक्तः (पुं.वि.) [*आमुच्यते स्म, आङ्पूर्वकाद् मुच्लृ मोक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.मुक्त भएको/छोडिएको २.पहिरिएको कवच, लुगा आदि ।

आमुक्ति (नपुं.) [*मुक्तिमभिव्याप्य, अव्य.स.*] मुक्त नभएसम्म ।

आमुखम् (नपुं.) [*आमुख्यते प्रेर्यते दर्शनार्थं परिषदोऽनेन, आङ्पूर्वकाद् मुख प्रेरणे इति धातोः, णिचि करणेऽच्, आङ् मर्यादाभिविध्योः, इति समासः, प्रकृताभिनयस्य मुखे आद्ये कर्तव्यादित्यर्थः, इति वा*] १.शुरुवात/आरम्भ २.सामुन्ने । **आमुखापाति कल्याणं सर्वसिद्धिं हि संशति** (क.स.सा.) ३.नटी, विदूषक अथवा पारिपार्श्विक (अनुचर) र सूत्रधारका साथ भएको विचित्र खालको व्यक्तिगत कुराकानीका माध्यमबाट नाटकीय वस्तुको उपस्थापित गरिने नाटकको प्रारम्भिक अंश/प्रस्तावना ।

नटी विदूषको वापि पारिपार्श्विक एव वा ।
सूत्रधारेण सहिताः संलापं यत्र कुर्वते ॥
द्वित्रैर्वाक्यैः स्वकार्य्योत्थैः प्रस्तुताक्षेपिभिर्मिथः ।
आमुखं तत्तु विज्ञेयं नाम्ना प्रस्तावनापि सा ॥ (सा.द)

आमुखका तीन भेद छन्– प्रवृत्तक, कथोद्घात र प्रयोगातिशय । **प्रवृत्तक–** सूत्रधारले ऋतु, समय आदिको वर्णन गरेपछि हुने पात्रको प्रवेशलाई प्रवृत्तक भनिन्छ । **कथोद्घात–** पात्रले सूत्रधारको वाक्य वा वाक्यार्थ ग्रहण गरी प्रवेश गरेको अंशलाई कथोद्घात भनिन्छ । **प्रयोगातिशय–** जुन बेला सूत्रधारले एकको प्रयोगमा अर्को प्रयोगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णन गर्छ त्यसलाई प्रयोगातिशय भनिन्छ। तर विश्वनाथले प्रवृत्तक, कथोद्घात, प्रयोगातिशय, उद्घातक र अवगलित गरी प्रस्तावनाका पाँच भेद मानेका छन्। (सा.द.)

आमूलम् (नपुं.) [*मूलात् आरभ्य, अव्य.स.*] प्रारम्भदेखि/फेददेखि।

आमोचनम् (नपुं.) [*आङ्पूर्वकाद् मुच्लृ मोक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] मुक्त गर्नु/त्याग गर्नु/छोड्नु।

आमोटनम् (नपुं.) [*मुट सञ्चूर्णने इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ इत्यनः*] १.कुल्चनु २.धुलोपिठो पार्नु।

आमोदः (पुं.) [*आमोदनम्, आङ्पूर्वकाद् मुद हर्षे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.हर्ष २.[*आमोदयति, आङ्पूर्वकाद् मुद हर्षे इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सुगन्ध। **आमोदो गन्धहर्षयोः** (मेदिनी.) **प्रभूतवयसः पुंसः धियः पाकः प्रवर्तते। जीर्णस्य चन्दनतरोरामोद उपजायते ॥** (दृष्यान्तशतक)

आमोदनम् (नपुं.) [*आङ्पूर्वकाद् मुद हर्षे सुगन्धे च इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रसन्न तुल्याउनु २.सुगन्धित पार्नु।

आमोदितः (पुं.वि.) [*आमोद्यते स्म इति, आङ्पूर्वकाद् मुद हर्षे सुगन्धे च इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रसन्न तुल्याइएको २.सुगन्धित पारिएको।

आमोदी (पुं.वि.) १.[*आमोदयति मुखं सुगन्धयति, आङ्पूर्वकाद् मुद हर्षे सुगन्धे च इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] प्रसन्न तुल्याउने २.सुवासित पार्ने ३.[*आमोदते इति*] प्रसन्न हुने ४.सुगन्ध आउने।

आम् (अव्य.) [*आमयति, अम गत्यादिषु इति धातोः, णिचि क्विप् ३.२.१७८*] १.स्वीकारोक्ति २.निश्चय। **आम् ज्ञानविनिश्चये** (वोपालित)।

आम्नातः (पुं.वि.) [*आ समन्तात् म्नायते विचार्यते स्मेति, आङ्पूर्वकाद् म्ना अभ्यासे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.विचार गरिएको २.भनिएको।

आम्नायः (पुं.) [*आ– समन्तात् म्नानम्, आङ्पूर्वकाद् म्ना अभ्यासे इति धातोः, भावे ३.३.१८ इति घञ्, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] १.अभ्यास २.वंशपरम्पराबाट चली आएको कुलको चलन ३.गुरुबाट पाएको शिक्षा वा मन्त्र ४.छलफल वा सरसल्लाह ५.उपनिषद् तथा ब्राह्मण सहितको वेद ६.सम्प्रदाय ७.कुल ८.उपदेश ९.आगम १०.सदाशिवका दश मुखबाट दश दिशाको रूपमा निस्केका भुक्ति र मुक्ति दिने तान्त्रिक मन्त्रसहितका मार्ग। तन्त्रअनुसार शिवजीले पूर्वपट्टिको मुखबाट पूर्वाम्नायको उपदेश दिए। यसमा भुवनेश्वरी, त्रिपुरा, ललिता, पद्मा, शूलिनी आदि देवीहरूको पूजाविधि र मन्त्रको व्याख्या गरिएको छ। शिवको पूर्वमुखलाई मोती जस्तो उज्यालो, तीन आँखा भएको र द्वितीयाको चन्द्रद्वारा सुशोभित बताइएको छ। दोस्रो आम्नाय दक्षिणाम्नाय हो। यसलाई शिवले दक्षिणपट्टिको मुखबाट उपदेश दिएका हुन्। यस मुखको नाम अघोर हो। यस मुखमा तीनवटा आँखा छन्, पहेंलो वर्ण छ। यसमा सदाशिव दक्षिणामूर्ति, वटुक, मञ्जुघोष भैरव, मृतसंजीवनी विद्या तथा मृत्युञ्जयको व्याख्या र तिनीहरूका पूजाविधि एवं मन्त्रको विधान छ। शिवको पश्चिम मुख तत्पुरुषबाट भएको उपदेश पश्चिमाम्नाय हो। यसमा गोपाल, कृष्ण, नारायण, वासुदेव, आदि विष्णुका अवतार, चन्द्र सूर्य आदि ग्रह, गरुड, हनुमान् आदि देवता र तिनका मन्त्र एवं पूजाविधिको व्याख्यान छ। शिवको उत्तर मुख वामदेवबाट भएको उपदेशलाई उत्तराम्नाय भनिन्छ। उत्तर मुखमा तीनओटा आँखा छन्। नीलो रङ छ। दक्षिणकालिका महकाली, श्मशानभैरवी, भुवनेश्वरी, अन्नपूर्णा आदि देवी र उनका मन्त्र एवं पूजाविधिको उपदेश छ। शिवको छैठौँ मुख विभिन्न वर्णको र गुप्त पनि छ। यसबाट आद्याम्नाय अथवा ईशानाम्नाय पैदा भएको हो। यसमा पहिला आम्नायहरू धर्म, अर्थ, काम र मोक्षको साधनाका निमित्त उपदेश गरिएका हुन् भने आद्याम्नाय मोक्ष साधनाका निमित्त मात्र उपदेश गरिएको हो। –(समयाचारतन्त्र अध्याय दुई) छैठौं आम्नायमा पूजाको विधान छैन। यसलाई पाताल आम्नाय पनि भनिन्छ।

मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः।
पूर्वपश्चिमतश्चैव दक्षिणोत्तरतो भवेत् ॥
ऊर्ध्वं नयत्यधः स्थश्चेदूर्ध्वाम्नाय इतीरितः।
यावन्तः पांसवो भूमेस्तावन्तः समुदीरिताः ॥
एकैकाम्नायजा मन्त्रा भुक्तिमुक्तिफलप्रदाः (कुलार्णव)।

आम्बिकेयः (पुं.) [*अम्बिकायाः अपत्यं पुमान्, स्त्रीभ्यो ढक् इति ढक्, ढस्य एयः*] १.कार्तिकेय २.धृतराष्ट्र।

आम्रः (पुं.) [*अम्यते, अम गत्यादिषु इति धातोः, अमितम्योदीर्घश्च (उ.) १८३ इति रक्, दीर्घश्च*] आँपको रुख। **~पुष्पम्** [*आम्रस्य पुष्पम्, ष.त.*] आँपको फूल। **~आम्रबीजम्** [*आम्रस्य बीजम्, ष.त.*] आँपको कोयो। **आम्रबीजं कषायं स्याच्छर्दतिसारनाशनम्।** (भावप्र.) **~रसः** [*आम्रस्य रसः, ष.त.*] आँपको जुस। **~वनम्** [*आम्राणां वनम्, ष.त.*] आँपको बगैंचा।

आम्रपल्लवम् (नपुं.) [*आम्रस्य पल्लवम्, ष.त.*] आँपको पालुवा वा पात।

आम्रस्य पल्लवो रुच्यः कफपित्तविनाशनः (भा.प्र.)।

आम्रम् (नपुं.) [*अम्यते सम्भज्यते सेव्यते तत्, अम गत्यादिषु इति धातोः, अमितम्योदीर्घश्च (उ.) १८३ इति रक्, दीर्घश्च*] आँपको फल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आम्रमयम् (नपुं.) १.[*आम्रस्य विकारोऽवयवो वा, नित्यं वृद्धशरादिभ्यः इति मयट्*] आँपको विकार वा अवयव २.(वि.) [*प्रशस्तमाम्रम्*] आँपै आँपले ढाकेको।

आम्रातः (पुं.) [*आम्रमतति, अतधातोः अच्*] अमारो।

आम्रातकः (पुं.) [*आम्रमतति, अत सातत्यगमने इति धातोः, कृञादिभ्यो वुन् (उ) इति वुन्*] १.अमारो २.हर्रो।

कपिचूतोऽम्रातकोऽस्य फले पशुहरीतकी (त्रिकाण्ड.)।

आम्रातकम् (नपुं.) [*आम्रातकस्य फलम्, मयट्, फले लुक्, इति लुक्*] अमाराको फल।

आम्रावर्तः (पुं.) [*आम्रस्य आवर्तः, ष.त.*] १.आँपको माडा।

पक्वस्य सहकारस्य पटे विस्तारितो रसः।
घर्मशुष्को मुहुर्दत्त आम्रावर्त इति स्मृतः॥ (भा.प्र.)

आम्रेडनम् (नपुं.) [*आङ्पूर्वकाद् म्रेड उन्मादे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बारम्बार भन्नु २.दुई वा सोभन्दा बढी आवृत्ति गर्नु।

आम्रेडितः (पुं.वि.) [*आम्रेड्यते स्म, आधिक्येनोच्यते स्म, आङ्पूर्वकाद् म्रेड उन्मादे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पुनरावृत्ति भएको २.कुनै शब्द वा स्वरलाई दोहोऱ्याइएको।

आयः (पुं.) [*आयातीति, आङ्पूर्वकाद् या प्रापणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.३.१३० इति डः*] १.आउनु २.धनप्राप्ति/आमदानी। **आये दुःखं व्यये दुःखं धिगर्थाः कष्टसंश्रयाः।** (क.स.सा.) **~करः** (पुं.) [*आयस्य करः ष.त.*] १.आम्दानी गरेबापत राष्ट्रलाई बुझाउनु पर्ने कर/तिरो २.(पुं.वि.) आमदानी गर्ने।

आयच्छमानः (पुं.वि.) [*आयच्छते इति आङ्पूर्वकात् यम उपरमे इति धातोः समुदाङ्भ्यो यमो ग्रन्थे इति इत्यात्मनेपदम्, लटः शानच्, यच्छादेशः, मुगागमश्च*] स्वीकार गरिरहेको।

आयतः (पुं.वि.) [*आयतते स्म, यती प्रयत्ने इति धातोः, अकर्मकत्वात् ३.४.७२ क्तः*] १.अधीन २.फैलिएको/विस्तारित/चौडाइभन्दा लम्बाइ बढी भएको ३.आकृष्ट।

आयतनम् (नपुं.) [*आयतन्तेऽत्र, आङ्पूर्वकात् यती प्रयत्ने इति धातो करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.यज्ञस्थल २.देवताको मन्दिर वा स्थान ३.चैत्य ४.अग्निकुण्ड ५.फैलावट ६.आश्रय ७.विश्रामस्थल। **नासमीक्ष्य परं स्थानं पूर्वमायतनं त्यजेत्** (चाणक्य)।

आयतिः (स्त्री.) [*आयस्यन्तेऽत्र, आङ्पूर्वकाद् यम उपरमे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.विस्तार २.राज्यश्री ३.आउने समय/भविष्यत्काल, ४.लम्बाइ। **आयतिस्तु स्त्रियां दैर्घ्ये प्रभावागामिकालयोः** (मेदिनी.)।

आयत्तः (पुं.वि.) [*आयतते स्म, आङ्पूर्वकाद् यती प्रयत्ने इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] अधीन/परतन्त्र/वशमा परेको।

आयल्लकम् (नपुं.) उत्कण्ठा। **औत्सुक्यं रणरणोत्कण्ठे आयल्ल-कारतिः** (अभि.चि.)।

आयव्ययकम् (नपुं.) [*आयश्च व्ययश्च, तयोः समाहारः, द्व.स.*] आयव्ययक/कुनै राष्ट्र वा निगमको भविष्यमा हुने सम्भावित आय र खर्च आदिको अन्दाजी लेखाजोखा/बजेट।

आयसम् (नपुं.) १.[*अयसो विकारः, तस्य विकारः ४.३.१३४ इत्यण्*] फलामबाट उत्पन्न भएको/फलामसम्बन्धी २.[*अय एव, स्वार्थे अण्*] फलाम।

आयशूलिकः (पुं.वि.) [*अयःशूलेन अर्थान् अन्विच्छति, अयःशूल दण्डाजिनाभ्यां ठक्ठञौ इति ठञ्,ठस्येकः, वृद्धिः*] छिटो काम गर्ने। **तीक्ष्णोपायेन योऽन्विच्छेत् स आयःशूलिको जनः।**

आयस्तः (पुं.वि.) [*आङ्पूर्वकाद् यस्धातोःकर्तरि क्तः*] १.उत्तेजित २.थकित ३.पीडित ४.मृत ५.प्रयत्नशील ६.कष्टसिद्ध ७.यत्नसिद्ध ८.कार्यमा उत्सुक ९.क्रुद्ध।

आयस्यन् (पुं.वि.) [*आयस्यतीति आङ्पूर्वकात् यसु प्रयत्ने इति दैवादिकधातो लटः शत्रादेशः*] प्रयासमा संलग्न।

आयातः (पुं.वि.) [*आयाति स्म, गत्यर्थाकर्मक इति क्तः*] आएको।

हंसयुक्तविमानाग्रे साक्षसूत्रकमण्डलुः।
आयाता ब्रह्मणः शक्तिर्ब्रह्माणीत्यभिधीयते॥ (मा.पु.)

आयातम् (नपुं.) [*आयानम्, आङ्पूर्वकाद् या प्रापणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] विदेशबाट मालसामान आउने वा झिकाउने काम/पैठारी।

आयातकरः (पुं.) [*आयातस्य करः, ष.त.*] विदेशबाट आएका कच्चा वा तयारी मालसामानमा भन्सारले लिने कर।

आयातनिर्यातम् (नपुं.) [*आयात-निर्यातयोः समाहारः, द्व.स.*] निकासी र पैठारी/आफ्ना देशमा उत्पादन गरिएका माल-सामान अरू देशमा पठाउने र त्यस्तै मालसामान अरू देशबाट झिकाउने काम।

आयानम् (नपुं.) [*आङ्पूर्वकाद् याधातोः ल्युट्, अनः*] १.आगमन २.स्वभाव (जटाधर)।

आयामः (पुं.) [*आङ्पूर्वकाद् यम उपरमे इति धातोः, घञ्*] १.फैलावट/विस्तार २.व्यायाम। **आयामो विविधाङ्गानां व्यायाम इति कीर्तितः।** (सुभा.वै.) ३.चित्रकला र साहित्यमा प्रयोग भएको गहिराइ ४.नयाँ थपिने कुरा/नयाँ चिन्तन।

आयासः (पुं.) [*आयसनम्, आङ्पूर्वकाद् यसु प्रयत्ने इति धातोः भावे ३.३.१८ इति घञ्*] परिश्रम। **शरीरायासजनकं कर्म व्यायामसंज्ञितम्।** (वैद्यक सुभा.)।

आयुः (पुं.) [*एति गच्छति, प्राप्नोति सर्वान्निति, छन्दसीणः इति उण, वृद्धिः आयादेशः यद्वा ईयते प्राप्यते, इण् गतौ इति धातोः, एतेर्णिच्च (उ.) २८३ इति उसिः, वृद्धिश्च*] १.शरीर र प्राणवायुको संयोग/उमेर २.शरीर ३.भोजन/खाना ४.बाँच्ने शक्ति ५.जीवनको अवधि। **आयुर्जीवितकालो ना।** (अमर.) **यावदस्मिन् शरीरे प्राणे वसति तावदायुः** (कौषीतकी उपनिषद्) ६.पुरुरवाले उर्वशीबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्माएका छ छोरामध्येका जेठा छोरा। यिनका छ पुत्र पैदा भए।

नहुषं वृद्धशर्माणं रजिं गयमनेनसम्।
स्वर्भानवीसुतानेतानायोः पुत्रान् प्रचक्षते॥ (म.भा.)

७.मण्डूक जातिका राजा ८.मनुष्य (वेदमा) **आयुर्जीवितमुच्यते** (का.सं.)।

आयुक्तः (पुं.वि.) [*आयुज्यते स्म, आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.विशेष कार्यको लागि नियुक्त भएको २.कतिपय संवैधानिक पदमा नियुक्ति पाएको ३.(पुं.) पदविशेष।

आयुधः (पुं./नपुं.) [*आयुध्यन्तेऽनेन, आङ्पूर्वकाद् युध संप्रहारे इति धातोः, घञर्थे कविधानम् (वा) इति कः*] हतियार/शस्त्रास्त्र। **~आगारम्** [*आयुधानामागारम्*] अस्त्र शस्त्र थन्क्याउने घर। **~जीवी** [*आयुधेन जीवतीति*] १.हतियार चलाएर जीवन निर्वाह गर्ने २.योद्धा।

आयुधिकः (पुं.वि.) [*आयुधेन जीवति, आयुधाच्छ च ४.४.१४ इति पक्षे ठन्, ठस्येकः, छप्रत्यये आयुधीयः*] शस्त्र-अस्त्र चलाएर जीविका गर्ने।

आयुर्वेदः (पुं.) [*आयुर्विन्दतेऽनेन, आयुः पूर्वकाद् विद्लृ लाभे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्, यद्वा आयुरस्मिन् विद्यते सः, अथवा वेदयतीति वेदः, आयुषो वेदः यद्वा आयुर्विद्यते विचार्यते अनेन सः*] आयुको रक्षा गर्ने र शरीरलाई स्वस्थ राख्ने विषय भएको शास्त्र।

हिताहितं सुखं दुःखमायुस्तस्य हिताहितम्।
मानञ्च तच्च यत्रोक्तमायुर्वेदः स उच्यते॥ (चरक)

यसको सबैभन्दा पहिलो ज्ञाता अश्वनीकुमार थिए, अश्विनीकुमारबाट इन्द्रले, इन्द्रबाट धन्वन्तरिले आयुर्वेद सिके। अनि काशिराज, दिवोदास, सुश्रुत, अत्रि, भरद्वाज, चरक आदि ऋषिले सिकेर आ-आफ्ना संहिता बनाए। आयुर्वेद ऋग्वेदको उपवेद हो।

आयुर्वेदशास्त्रम् (नपुं.) [*आयुर्वेदस्य शास्त्रम्, ष.त.*] प्राचीनकालदेखि नै चल्दै आएको चिकित्साशास्त्र। शरीर, मन, इन्द्रिय र आत्माको संयोगलाई आयु भनिन्छ। तत्सम्बन्धी अध्ययन गरेर तिनमा देखिएका विकृति हटाई जीवनलाई स्वस्थ राख्ने विधि व्यवस्था भएको शास्त्र। आयुर्वेदका मुख्य आठ अङ्ग छन्–

१.शल्यचिकित्सा– यसमा चिरफारसँग सम्बद्ध विषय आउँछन्। यो शस्त्रवर्णन र शस्त्रकर्म गरी दुई भागमा विभक्त छ। सुश्रुतमा चिरफार गर्ने शस्त्र १०१ थरी भएको उल्लेख छ। तीमध्ये स्वस्तिक यन्त्र २४, सन्दंश यन्त्र २, तालयन्त्र २, नाडीयन्त्र २०, शालाका यन्त्र २८ र उपयन्त्र २५ प्रकारका छन्। शस्त्रकर्म आठ किसिमको हुन्छ– छेदन, भेदन, लेखन, वेधन, एपण, आहरण, स्रावण र सीवन।

२.शालक्यचिकित्सा– यस भागमा नाक, कान घाँटी र त्यसभन्दा माथिका अवयवहरूको चिकित्सासम्बन्धी विषयको वर्णन छ।

३.कायचिकित्सा– यसमा गोडादेखि शिरसम्म हुने रोग र तिनको चिकित्साविधि वर्णित छ। रोग वर्णनको क्रममा रोगको कारण, रोगको पूर्वरूप, रोगको रूप, उपशय र सम्प्राप्तिको विवेचना गरिएको छ।

४.भूतविद्या– यसमा मानसिक रोगहरूको परिचय र त्यसको चिकित्साविधिको वर्णन छ।

५.कौमारभृत्य– यसमा स्त्रीप्रसूति र बालरोगको परिचयका साथै उपचार विधिको चर्चा छ।

६.अगदतन्त्र– यसमा विष चिकित्साको वर्णन छ।

७.रसायनतन्त्र– यसमा बुढापा र त्यसबाट पैदा हुने व्याधिलाई नाश गर्ने विधिको वर्णन छ।

८.बाजीकरण– यसमा पुंस्त्वको अभिवृद्धि गर्ने उपाय, वीर्यदोष, नपुंसकता आदिको विवेचना छ। आयुर्वेदका प्राचीन केही ग्रन्थहरू– **१.कायचिकित्सा**– अग्निवेशसंहिता, भेलसंहिता, जतुकर्णसंहिता, पाराशरसंहिता, हारितसंहिता, क्षरपाणिसंहिता, स्वरनादसंहिता, विश्वामित्रसंहिता, अरीन्द्रसंहिता, अत्रिसंहिता, मार्कण्डेयसंहिता, आश्विनसंहिता, भरद्वाजसंहिता र भानुपुत्रसंहिता। **२.शल्यचिकित्सा**– औषधनवतन्त्र, औरभ्रतन्त्र, बृहत्सुश्रुततन्त्र, सुश्रुततन्त्र, पौष्कलावततन्त्र, वैतरणतन्त्र, वृद्धभोजतन्त्र, भोजतन्त्र, कृतवीर्यतन्त्र, करवीर्यतन्त्र, गोपुररक्षितन्त्र, भालुकीतन्त्र, कपिलतन्त्र, सुभूतिगौतमतन्त्र इत्यादि। **३.शालक्यचिकित्सा**– विदेहतन्त्र, निमितन्त्र, कांकायनतन्त्र, गार्ग्यतन्त्र, गालवतन्त्र, सात्यकितन्त्र, भद्रशौनकतन्त्र, करालतन्त्र, कृष्णात्रेयतन्त्र, कात्यायनतन्त्र आदि। **४.भूतविद्या**– अथर्वतन्त्र। **५.कौमारभृत्य**– वृद्धकाश्यपसंहिता, काश्यपसंहिता, सनकसंहिता, उशनसंहिता, लाट्यायनसंहिता, आलम्बायनसंहिता, बृहस्पतिसंहिता। **६.रसायनतन्त्र**– पातञ्जलतन्त्र, व्याडितन्त्र, वशिष्ठतन्त्र, माणव्यतन्त्र, नागार्जुनतन्त्र, अगस्त्यतन्त्र, भृगुतन्त्र, कक्षपुटतन्त्र, आरोग्यमञ्जरी। **७.बाजीकरण**– कुचुमारतन्त्र। यी पुस्तकहरूमध्ये केही उपलब्ध छन् भने केहीको नाममात्र उल्लेख भएको देखिन्छ। सबै विषयलाई संक्षिप्त रूपमा समेटेर सुश्रुतसंहिता लेखिएको छ। यसका रचयिता सुश्रुत हुन्। यिनको समय अज्ञात छ। पछि गएर गुप्तकालमा लेखिएको आयुर्वेदसम्बन्धी अर्को ग्रन्थ अष्टाङ्गसङ्ग्रह छ। यसमा वाग्भटले आयुर्वेदका आठै अङ्गको निरूपण गरेका छन्। यसपछि लेखिएका अन्य ग्रन्थहरूमा माधवकरको माधवनिदान (सातौँ शताब्दी), शर्ङ्गधरको शार्ङ्गधरसंहिता (बाह्रौँ शताब्दी), मिह्लणको चिकित्सामृत (तेह्रौँ शताब्दी), तिसटको चिकित्साकलिका (चौधौँ शताब्दी), पृथिवीमल्लको शिशुरक्षारत्न (पन्ध्रौँ शताब्दी) भावमिश्रको भावप्रकाश (सोह्रौँ शताब्दी), लोलम्बराजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैद्यजीवन (सत्रौं शताब्दी), देवेश्वरको स्त्रीविलास (सत्रौं शताब्दी), अज्ञात लेखकको योगविलास मुख्य छन्। नेपालमा पनि आयुर्वेदसम्बन्धी थुप्रै कृतिहरू रचिएका छन्। व्यक्तिको सङ्ग्रहालय र राष्ट्रिय अभिलेखालयमा ती ग्रन्थहरू पाण्डुलिपिको रूपमा सुरक्षित छन्। रसशास्त्रमा लेखिएका प्राचीन ग्रन्थहरूमा नागार्जुनको रसरत्नाकर(सातौं शताब्दी), सोमदेवको रसेन्द्रचूडामणि, श्रीयशोधरको रसप्रकाशसुधाकर, विष्णुदेवको रसराजलक्ष्मी, गोपालभट्टको रसेन्द्रसारसङ्ग्रह,गोविन्दको रसकल्प, गोविन्दाचार्यको स्वच्छन्द भैरव, रससार आदि छन्। आयुर्वेदमा मानिसको मात्र होइन पशु, पक्षी र वृक्षको पनि चिकित्सासम्बन्धी व्यवस्था छ। तिनमा गणकृत अश्वलक्षण, हयलीलावती र अश्वायुर्वेद, दीपङ्करविरचित अश्ववैद्यक, वर्धमानप्रणीत योग– मञ्जरी, नकुललिखित शालिहोत्र, भोजराजविरचित शालिहोत्र आदि, पालकाप्यरचित गजचिकित्सा, गजायुर्वेद, गजपरीक्षा, बृहस्पतिलिखित गोवैद्यशास्त्र, राघवभट्टको वृक्षायुर्वेद यस सन्दर्भमा उल्लेखनीय कृति हुन्। आयुर्वेदमा कोशग्रन्थको पनि निर्माण भएको छ। तीमध्ये धन्वन्तरीनिघण्टु, पर्यायरत्नमाला, शब्दचन्द्रिका, शब्दप्रदीप, हेमचन्द्रको निघण्टुशेष, मल्लिनाथको अभिधानरत्नमाला, मदनपालको मदनविनोद, नरहरिको राजनिघण्ट आदि मुख्य छन्। नेपालमा पनि चन्द्रनिघण्टुको रचना भएको छ। जडीबुटीका चित्रले समेतले सिङ्गारिएको आयुर्वेदका विद्यार्थी, अध्यापक, अनुसन्धाताका लागि अतीव उपयोगी बृहत्काय यो ग्रन्थ धेरै समयसम्म प्रकाशित हुन सकेको थिएन, सिंहदरबार वैद्यखानाबाट हालै प्रकाशित भएको छ। काशीराज सुवेदीद्वारा सम्पादित निघण्टु पनि हालै प्रकाशमा आएको छ। हंसदेवको मृगपक्षिशास्त्र अत्यन्त महत्त्वपूर्ण ग्रन्थ छ। यसमा बाघ, भालु, गरुड, हंस, बाज आदिलाई लाग्ने रोग र तिनीहरूका उपचारविधिको राम्रो परिचय दिइएको छ।

आयुर्वेदी (पुं.) [*आयुर्वेदो ज्ञातव्यत्वेन विद्यतेऽस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] आयर्वेद विषयको चिकित्सक। **दोषज्ञस्तु भिषग्वैद्य आयुर्वेदी चिकित्सकः** (अभि.चि.)।

आयुष्मान् (पुं.वि.) [*अतिशयितमायुरस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, तसौ मत्वर्थे १.४.१९ इति भत्वान्न रुत्वम् ८.२.६६*] १.धेरै आयु भएको २.सौभाग्ययुक्त ३.(पुं.) विष्कुम्भादि सत्ताइस योगमध्ये तेस्रो योग।

आयुष्यकरणम् (नपुं.) [*आयुष्यस्य करणम्, ष.त.*] अयुष्मान् बनाउने कर्म।

आयुष्यम् (नपुं.) [*आयुषे हितम्, यत्*] १.पथ्य २.आयुवर्द्धक। **धन्यं यशस्यमायुष्यं स्वर्ग्यं चातिथिपूजनम्** (मनु.)।

आयोगः (पुं.) [*आयोज्यते इति, आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कुनै प्रयोजनका लागि सङ्घटित संस्था २.समुद्रकिनार ३.फूलको अत्तर वा हार ४.[*आयोजनम्, भावे ३.३.१८ इति घञ्*] खटाउने वा लगाउने काम। ५.व्यापार/क्रिया। **आयोगो व्यापृतौ गन्धमाल्योपहाररोधयोः** (मेदिनी.)।

आयोजकः (पुं.वि.) [*आयुनक्ति, आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] प्रबन्ध गर्ने व्यक्ति वा संस्था।

आयोजनम् (नपुं.) [*आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाको ७.१.१ इत्यनः*] १.उद्योग गर्नु प्रयत्न गर्नु,२.योजना गर्नु ३.कुनै कामको थालनी गर्नु ४.जोड्नु

आयोजना (स्त्री.) [*आयोज्यतेऽनया, आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.कुनै कार्यको योजना २.उद्योग ३.प्रयत्न ४.इन्तजाम/बन्दोबस्त ५.मिलाउने वा जोड्ने क्रिया।

आयोजितः (पुं.वि.) [*आयोज्यते स्म, आङ्पूर्वकाद् युजिर् योगे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.कुनै कामको आयोजना भएको २.प्रबन्ध मिलाइएको।

आरः (पुं./नपुं.) [*ऋ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पित्तल २.फलामविशेष ३.(पुं.) शनि ४.मङ्गल। **आरा चर्मप्रभेदिन्यां पुंसि भौमशनैश्चरे** (मेदिनी.)।

आरकूटः (पुं.नपुं.) [*आरं कूटयते इति, कूट दाहे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] पित्तल। **अकाञ्चने काञ्चननायिकाङ्गके किमारकूटाभरणेन न श्रियः** (नैष.)।

आरक्षः (पुं.) [*आरक्षते इति, आङ्पूर्वकाद् रक्ष रक्षणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पशुपक्षी, वन आदिको संरक्षण गर्ने संस्था वा क्षेत्र।

आरक्षणम् (नपुं.) १.[*आङ्पूर्वकाद् रक्षधातोः भावे ल्युट्*] कुनै अल्पसङ्ख्यक जाति वा प्रजातिलाई संरक्षण दिनु २.[*आरक्ष्यन्ते पशुपक्षिणोऽत्र, अधिकरणे ल्युट्*] पशुपक्षी आदिलाई रक्षा गर्न वा बसोबासको व्यवस्था गर्न तद्नुकुल वातावरण निर्माण गरी छुट्याइएको क्षेत्र/आरक्षणक्षेत्र।

आरग्वधः [*आरगं रोगशङ्कामपि हन्ति, अच्, वधादेशश्च*] राजवृक्ष।

आरण्यः (पुं.) [*अरण्ये भवः,अरण्याण्णः (वा) ४.२.१०४ इति णः, वृद्धिः,अलोपः*] जङ्गली/वनमा उत्पन्न भएको।

आरण्यकः (पुं.) [*अरण्ये भवः, पथ्यध्यायन्यायविहारमनुष्यहस्तिष्विति वाच्यमिति वुञ्, युवोरनाकौ इत्यकः, आदिवृद्धिः*] १.जङ्गली मानिस २.जङ्गली हात्ती ३.न्याय ४.जङ्गलको विहार ५.उपनिषद्को भाग ६.[*वा गोमयेषु इति वुञ्*] जङ्गली गोवर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरण्यकम् (नपुं.) वेदको ब्राह्मण वा उपनिषद्सम्बन्धी भाग। वानप्रस्थसम्बन्धी कुरा वा वनमा बसी बनाइएको वा वानप्रस्थीले पढ्ने ग्रन्थ/ब्राह्मणग्रन्थको परिशिष्टभाग। जङ्गलमा बसेर अध्ययन गरिने हुँदा यसलाई आरण्यक भनिएको हो। **अरण्याध्ययनादेतद् आरण्यकमितीर्यते।** (तै.आ.भा. श्लोक ६१) यसमा सूक्ष्म आध्यात्मिक तत्त्वको चिन्तन गरिएको छ। प्रत्येक वेदका छुट्टाछुट्टै आरण्यकहरू छन्। ऋग्वेदका दुई आरण्यक छन्– ऐतरेय र शाङ्खायन। शुक्ल यजुर्वेदको एक आरण्यक छ– बृहदारण्यक। कृष्ण यजुर्वेदको तैत्तिरीयारण्यक हो भने सामवेदको आरण्यक तवल्कार हो। अथर्ववेदको आरण्यक उपलब्ध छैन।

आरण्यकुक्कुटः (पुं.) [*अरण्ये भवः, तत्र भवः ४.३.५३ इत्यण्, आरण्यश्चासौ कुक्कुटश्च, कर्म.स.*] वनकुखुरो/लुइँचे।

आरतिः (स्त्री.) [*आरम्यतेऽनया, आङ्पूर्वकाद् रमु क्रीडायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, मलोपः*] १.भक्तिभावका साथ आनन्द मान्दै बालेको बत्ती देवतालाई घुमाउने काम/नीराजन २.कुनै कामबाट हट्ने क्रिया/निवृत्ति।

आरनालकम् (नपुं.) [*आर्च्छति, ऋ गतौ इति धातोः, अच् ३.१.१३४, नलति, णल गन्धे इति धातोः, ज्वलिति ३.१.१४० इति णः, आरो नालोऽस्य, शेषाद्विभाषा ५.४.१५४ इति कप्*] पानीमा अनेक जडिबुटी हाली कुहाएर बनाएको औषधि।

आरनालम् (नपुं.) [*अर्च्छति, आङ्पूर्वकाद् ऋ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा नलतीति नल गन्धे इति धातोः, ज्वलतिकसन्तेभ्यो णः, ३.१.१४० इति णः, आरो नालो यस्य तत्, बहु.स.*] १.माड २.चौलानी ३.पानीमा अनेक जडिबुटी हाली कुहाएर बनाएको औषधि।

आरब्धः (पुं.वि.) [*आङ्पूर्वकाद् रभ राभस्ये इति धातोः क्तः*] प्रारम्भ भएको।

आरब्धा ह्यसमाप्तैव किं धीरैस्त्यज्यते क्रियाः (क.स.सा.)।
व्रतयज्ञविवाहेषु श्राद्धे होमेऽर्चने जपे।
आरब्धे सूतकं न स्यादनारब्धे तु सूतकम्॥ (ति.त.)

आरब्धव्यः (पुं.वि.) [*आरब्धुं योग्यः, आङ्पूर्वकाद् रभ राभस्ये इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] आरम्भ गर्न लायक/सुरु गर्नुपर्ने।

आरब्धिः (स्त्री.) [*आरभणम्, आङ्पूर्वकाद् रभ राभस्ये इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] प्रारम्भ।

आरभटी (स्त्री.) [*आरम्यतेऽनया, आङ्पूर्वकात् रभधातोः, अटिप्रत्ययः (वाचस्पति) आरे काशाभिघाते भट इव, ततो ङीप् (रामचन्द्र)*] माया, इन्द्रजाल, संग्राम, क्रोध, अधीरताबाट हुने क्रियाकलाप, वध, बन्धन आदिबाट हुने चेष्टाले समन्वित वृत्ति। (सा. द. ६.१५५) यसका चार भेद छन्– वस्तूत्थापन, सम्फेट, संक्षिप्ति र अवपातन।

आरम्भः (पुं.) [*आरम्भणम्, आङ्पूर्वकाद् रभ राभस्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, रधिजभोरचि ७.२.३१ इति नुम्*] १.प्रारम्भ २.सुरुको भाग ३.भूमिका। **आगमैः सदृशारम्भ आगमसदृशोदयः** (रघु.)। ४.[*आरभ्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९) इति घञ्*] कथावस्तुका पाँच अवस्थामध्येको पहिलो अवस्था।

आरम्भणीयः (पुं.वि.) [*आरब्धुं योग्यः, आङ्पूर्वकाद् रभ राभस्ये इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] आरम्भ गर्न लायक/सुरु गर्न लायक।

आरम्भतः (अव्य.) [*आरम्भात् इति, पञ्चम्यामजातौ इति तसिल्*] सुरुदेखि/पहिलेदेखि।

आरवः (पुं.) [*आरवणम्, आङ्पूर्वकाद् रु शब्दे इति धातोः, ऋदोरप् इत्यप्*] शब्द/आवाज। **आरवारावसंरावविरावाः** (अमर.)।

आरा (स्त्री.) [*आङ्पूर्वकाद् ऋ गतौ इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ (आरा शस्त्र्याम्, ग.सू.) इत्यङ्, ऋदृशोऽङि गुणः, दीर्घो निपातनात्, टाप् ४.१.४१.*] काठ चिर्ने हतियार २.खलाती।
आरा चर्मप्रभेदिन्यां पुंसि भौमे शनैश्चरे (मेदिनी.)।

आराग्रम् (नपुं.) [*आराया अग्रम्, ष.त.*] आराको दाँत।

आरात् (अव्य.) [*आ समन्ताद् राति रा दाने इति धातोः, बाहुलकाद् आतिप्रत्ययः*] १.नजिकै २.टाढा ३.नजिकैबाट ४.टाढाबाट।
मेघमालेव यश्चायमारादपि विभाव्यते (उ.रा.च.)।

आरात्रिकम् (नपुं.) [*आङ्पूर्वकाद् रात्रिशब्दात् कन्*] नीराजन/आरति। विष्णुको आरती गर्दा बालेको बत्ती चारपटक गोडामा, दुईपटक नाभिमा, एकपटक मुखमा, सातपटक सबै अङ्गमा घुमाउनुपर्छ।
आदौ चतुष्पादतले च विष्णोर्द्वौ नाभिदेशे मुखमण्डलैकम्।
सर्वेषु चाङ्गेषु च सप्तवारानारात्रिकं भक्तजनस्तु कुर्यात्॥
(हरिभक्तिविलास)

आराधकः (पुं.वि.) [*आराधयतीति, आङ्पूर्वकाद् राध संसिद्धौ इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] आराधना गर्ने।

आराधनम् (नपुं.) [*आङ्पूर्वकाद् राध संसिद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पूजा गर्नु २.सेवा गर्नु ३.सन्तुष्ट तुल्याउनु।
स्नेहं दयाञ्च सौख्यञ्च यदि वा जानकीमपि।
आराधनाय लोकस्य मुञ्चतो नास्ति मे व्यथा॥ (उ.रा.च.)

आराधना (स्त्री.) [*आङ्पूर्वकाद् राध संसिद्धौ इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.पूजा/सेवा २.साधना।

आराधनीयः (पुं.वि.) [*आराधयितुं योग्यः, आङ्पूर्वकाद् राध संसिद्धौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] आराध्य।

आराधयिता (पुं.वि.) [*आराधयति, आङ्पूर्वकाद् राध संसिद्धौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.पुजारी २.सेवक।

आराध्यः (पुं.वि.) [*आराधयितुं योग्यः*] आराधना गर्न लायक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरामः (पुं.)१.[*आरमन्त्यत्र, आङ्पूर्वकाद् रमु क्रीडायाम् इति धातोः, हलश्च ३.३.१२१इति घञ्*] बगैँचा। **आरामस्तूपवनम्**। (अमर.) २.[*आरमणम्, आङ्पूर्वकाद् रमु क्रीडायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आनन्द/सन्चो/सुविस्ता २.विश्राम।

आरामिकः (पुं.वि.) [*आरामे चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] माली।

आरालिकः (पुं.) [*आरालं कुटिलं चरतीति, चरति इति ठक्, ठस्येकः*] भान्छे। **आरालिकः सूपकारः सूदः स्याद् वल्लवस्तथा** (हला.)।

आरावः (पुं.) [*आरवणम्, आङ्पूर्वकाद् रु शब्दे इति धातोः, उपसर्गे रुवः ३.३.२२ इति घञ्*] १.आवाज/शब्द/चिच्याहट २.भुकाइ। **आरावः सुमहांश्चासीद् भृगूणां क्षत्रियैर्वधे** (म.भा.)।

आरूढः (पुं.वि.) [*आरोहति स्मेति, आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः,हो ढः इति ढत्वम्, झषस्तथोः इति धः, ष्टुत्वम् ढलोपे पूर्वस्य दीर्घोऽणः इति दीर्घः*] चढेको/तलबाट माथि गएको।

राम रामेति रामेति कूजन्तं मधुराक्षरम्।
आरूढकविताशाखं वन्दे वाल्मीकिकोकिलम्॥ (स्तोत्र)

आरूढिः (स्त्री.) [*आरोहणम्, आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्,अन्यत् पूर्ववत्*] चढाइ/तलबाट माथि जाने काम।

आरेवतः (पुं.) [*आरेवयति निस्सारयति मलम् इति रेवृ गतौ इति धातोः, हेतुमति च ३.१.२६ इति णिच्, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, अतति गच्छतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, आरेव् चासौ अतश्च, कर्म.स.*] राजवृक्ष।

आरोग्यम् (नपुं.) [*न रोगोऽस्य, अरोगस्य भावः, गुणवचनब्राह्मणादिभ्य कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सुस्वास्थ्य/तन्दुरुस्ति। **अनामयं स्यादारोग्यम्** (अमर.)। **आरोग्यं भास्करादिच्छेत्** (सुभा.वै.)।

यो व्यधितो व्याधिमवैति सम्यग्
व्याधेर्निदानञ्च तदौषधञ्च।
आरोग्यमाप्नोति हि सोऽचिरेण
मित्रैरभिज्ञैरुपचर्यमाणः॥ (सुभा.)

आरोग्यशाला (स्त्री.) [*आरोग्यार्था शाला, म.प.स.*] चिकित्सालय।

आरोग्यशालां कुर्वीत महौषधपरिच्छदाम्।
विदग्धवैद्यसंयुक्तां बह्वन्नरससंयुताम्॥ (वैद्यक)

आरोटः (पुं.) [*आङ् उपसर्गकाद् रुटधातोः कर्मणि घञ्*] शुद्ध गरिएको पारो।

आरोटे बलमाधत्ते मूर्च्छितो व्याधिनाशनम्।
बद्धेन खेचरीसिद्धिर्मारितेनाजरामरः॥ (रसकामधेनु)

आरोपः (पुं.) [*आरोपणम्, आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातो, भावे ३.३.१८ इति घञ्, रुहः पोऽन्यतरस्याम् इति ह्रस्य पः*] १.रोप्ने काम २.कसैमाथि लगाइने लाञ्छना ३.दुई भिन्न वस्तुलाई अभिन्न मान्नु/एक वस्तुमा अर्को वस्तुको स्थापना। **रूपारोपात्तु रूपकम्**। (सा.द.) ४.मिथ्याज्ञान। **असर्पभूते रज्जौ सर्पारोपवत् वस्तुनि अवस्त्वारोप अध्यारोपः** (वेदान्तसार)।

आरोपणम् (नपुं.) [*आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ह्रस्य पः*] १.रोप्ने काम २.लाञ्छना लगाउने काम ३.दुई भिन्न वस्तुलाई अभिन्न वस्तु तुल्याउनु ४.धनुषमा ताँदो चडाउनु, उठाउनु। **यद्यस्य धनुषो रामः कुर्यादारोपणं मुने** (रामा.)।

आरोपणीयः (पुं.वि.) [*आरोपयितुं योग्यः, आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, णिचि तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्, ह्रस्य पः*] १.रोप्नु पर्ने २.लाञ्छना लगाउनु पर्ने ३.दुई भिन्न वस्तुलाई अभिन्न वस्तु तुल्याउनुपर्ने।

आरोपपत्रम् (नपुं.) [*आरोपस्य पत्रम्, ष.त.*] प्रहरीद्वारा अदालतमा प्रस्तुत गरिने कुनै मानिसलाई लगाएको आरोपको बेहोरा वा बयान लेखिएको कागज।

आरोपवादः (पुं.) [*आरोपस्य वादः, ष.त.*] भरतको नाट्यशास्त्रमा प्रयुक्त रससूत्रको व्याख्याको क्रममा भट्टलोल्लटले प्रतिपादन गरेको सिद्धान्त। डोरीमा सर्पको आरोप अथवा भ्रम भएजस्तै नटमा विभाव अर्थात् रामादिको आरोप अथवा भ्रमबाट रसको उत्पत्ति हुन्छ भन्ने मत।

आरोपितः (पुं.वि.) [*आरुह्यते स्म, आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः,ह्रस्य पः*] १.रोपिएको २.एक वस्तुमा अर्को वस्तुको स्थापना गरेको ३.दुई भिन्न वस्तुलाई अभिन्न तुल्याएको ४.कसैमाथि लाञ्छना लगाइएको। ५.राखिएको ६.कल्पित।

आरोहः (पुं.) [*आरोहणम्, आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चढ्ने क्रिया २.उत्कर्ष/उन्नति ३.उत्कृष्ट स्त्रीको नितम्ब ४.लम्बाइ ५.हात्ती चढ्ने काम ६.अवरोह।

आरोहस्त्ववरोहे च वरयोषित्कटयवपि।
आरोहणे गजारोहे दीर्घत्वे च समुच्छ्रये॥ (मेदिनी.)

आरोहणम् (नपुं.) [*आङ्पूर्वकाद् रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चढाइ/तलबाट माथि जाने काम २.उत्कर्ष ३.[*आरुह्यते ऽनेन, करणे ल्युट् अनः*] भऱ्याङ/सिँढी। **आरोहणं स्यात् सोपाने समारोहे प्ररोहणे** (मेदिनी.)।

आरोही (पुं.वि.) [*आरोहति तच्छीलः, णिनिः सुप्युपदे एव। यथा पर्वतारोही, अश्वारोही, हिमशखरारोही इत्यादि*] पहाड, हात्ती आदिमा चढ्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्किः (पुं.) [*अर्कस्यापत्यम्, अत इञ् ४.१.९५ इति इञ्*] १.वैवश्वत मनु २.शनैश्वर ३.कर्ण ४.यमराज।

आर्क्षः (पुं.वि.) [*ऋक्षस्यायम्, तस्येदम् ४.१२० इत्यण्*] नक्षत्र सम्बन्धी/तारासम्बन्धी।

आर्जनम् (नपुं.) [*आङ्पूर्वकाद् अर्ज अर्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कमाइ/आम्दानी।

आर्जवम् (नपुं.) [*ऋजोर्भावः, भावे ३.३.१८ इति घञ्*] सिधापन/सोझोपन। **आर्जवं कुटिलेषु न नीतिः** (नैष.)।

आर्तः (पुं.वि.) [*अर्यते स्म, आङ्पूर्वकाद् ऋ गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पीडित/दुःखित। **आर्ता देवान् नमस्यन्ति तपः कुर्वन्ति रोगिणः** (सुभा.वै.)।

आर्तगलः (पुं.) [*आर्तः क्षीणो गलति, गल अदने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कालो कठसरैया।

आर्तनादः (पुं.) १.[*आर्तश्चासौ नादश्च कर्म.स.*] दुःखले कराएको आवाज/करुणक्रन्दन २.[*आर्तानां नादः, ष.त.*] पीडितको पुकार

आर्तवः (पुं.वि.) [*ऋतुः प्राप्तोऽस्य, अण्*] ऋतुअनुसारको। **आर्तवान्युपभुञ्जाना पुष्पाणि च फलानि च** (रामा.)।

आर्तवम् (नपुं.) [*ऋतुरेव प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, तत्र जातः ४.३.३५ इत्यण् वा*] १.स्त्रीजातिको रज २.ऋतुअनुसारको फूल। **आर्तवं स्त्रीरजे पुष्पे क्लीबं स्यादृतुजे त्रिषु** (मेदिनी.)।

आर्तिः (स्त्री.) [*आङ्पूर्वकाद् ऋ गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.धनुषको अग्रभाग २.पीडा/दुःख/कष्ट/क्षति ३.रोग। **आपन्नार्तिप्रशमनफला संपदो ह्युत्तमानाम्** (मे.दू.) ४.विध्वंस/विनास।

आर्थिकः (पुं.वि.) [*अर्थेन सम्बद्धः, ठक्, ठस्येकः*] अर्थसम्बन्धी **~नीतिः** (स्त्री.) [*आर्थिकी चासौ नीतिश्च कर्म.स.*] सरकारले आर्थिक मामलासम्बन्धी अपनाएको नीति वा कार्यप्रणाली। **~योजना** (स्त्री.) [*आर्थिकी चासौ योजना च, कर्म.स*] अर्थसम्बन्धी विभिन्न विषयमा कार्यक्रम तयार गर्ने काम। **~वर्षः** (पुं.) [*आर्थिकश्चासौ वर्षश्च, कर्म.स.*] हरहिसाब राख्नका लागि मानिएको कुनै निश्चित मितिदेखि १२ महिनासम्मको अवधि।

आर्थिव्यञ्जना (स्त्री.) [*आर्थी चासौ व्यञ्जना च, कर्म.स.*] शब्द परिवर्तन भए पनि व्यङ्ग्य अर्थ बुझाउने शक्ति। शाब्दी व्यञ्जना शब्दमा आधारित हुन्छ भने लक्षणा लाक्षणिक शब्दमा आधारित हुन्छ। तर आर्थिक व्यञ्जना अर्थको विशेषतामा आधारित हुन्छ। विश्वनाथले अर्थवैशिष्ट्यका दश प्रकारको उल्लेख गरेका छन्– वक्ता, बोधव्य, काकु, वाक्य, वाच्य, अन्यसन्निधि, प्रस्ताव, देश, काल र चेष्टा।

आर्द्रः (पुं.वि.) [*अर्द्यते स्म, अर्द गतौ इति धातोः, अर्देर्दीर्घश्च (उ.) १८५ इति रक्, दीर्घश्च*] १.भिजेको २.हरियो ३.रसिलो ४.नयाँ ५.ताजा।

आर्द्रकः (पुं.वि.) [*आर्द्रायां भवः, पूर्वाह्णापराह्णार्द्रामूलप्रदोषावस्कराद् वुन् ४.३.२८ इति वुन्, अकः*] आर्द्रा नक्षत्रमा जन्म भएको।

आर्द्रकः (पुं.वि.) [*आर्द्रे भवः,अद्रे दीर्घश्च इति*] चिसो ठाउमा हुने।

आर्द्रकम् (नपुं.) [*आद्रायां जातम्, पूर्वाह्णापराह्णा र्द्रामूलप्रदोषावस्कराद् वुन् ४.३.२८ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, यद्वा आद्रयति जिह्वाम्*] अदुवा।

आर्द्रता (स्त्री.) [*आर्द्रस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] चिसोपना।

आर्द्रम् (नपुं.) [*अर्दति गच्छति याचते वा तत्, अर्द गतौ, इति धातोः, अर्देर्दीर्घश्च (उ.) १८५, इति रक्, दीर्घश्च*] १.आद्रा नक्षत्र २.(त्रि.) भिजेको/रसिलो। **तन्त्रीमार्द्रां नयनसलिलैः** (मेघ. ८०) ३.नयाँ/ताजा। **कान्तमार्द्रापराधम्** (मालवि.३.१२.४) ४.काँचो जस्तै– **आर्द्रकाष्ठम्**। ५.मृदु, कोमल, द्रवीभूत। जस्तै– **स्नेहार्द्रहृदयः** आदि।

आर्द्रा (स्त्री.) [*अर्दति गच्छति, अर्द्यते गम्यतेऽस्याम् इति वा, अर्द गतौ इति धातोः, अर्देर्दीर्घश्च (उ.) १८५ इति रक्, दीर्घः, अजाद्यतष्टाप् इति टाप् ४.१.४*] छैटौँ नक्षत्र। यसको ध्रुवांश (क्रान्तिवृत्तमा मेषको 0° डिग्रीबाट हुने दूरी) ६५ कला छ। आर्द्राको शरांश १५।४० दक्षिण छ। यसको स्वरूप मुगा वा बिन्दुको जस्तो छ। यो एउटै तारा भएकाले यसको छुट्टै योगतारा छैन। यसमा योगताराको ध्रुव र शर नै नक्षत्रको ध्रुव र शर हुन्छ। (सिद्धान्त दर्पण १२.२३) यो पृथ्वीबाट करिब ३०० प्रकाशवर्ष टाढा छ। यसको रङ्ग रातो छ। यसको व्यास हाम्रो सूर्यको व्यासभन्दा ४०० गुना ठुलो छ। यसको सीमा ६६.४१ देखि ८०.० कला छ। आर्द्राको विस्तार ६७ अंश ६ कलासम्म रहेको हुँदा यो आफ्नै सीमाभित्र आबद्ध छ। यसलाई २८ जनवरी राती ९ बजे याम्योत्तर वृत्तको रेखामा राम्रोसित देख्न सकिन्छ। (ब्र.ज्यो.) यस नक्षत्रमा जन्मने व्यक्तिको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार कु– घ– ङ– छबाट प्रारम्भ हुन्छ। यसको प्रथम र द्वितीय पाउ वृष राशि हो भने तृतीय र चतुर्थ पाउ मिथुन राशिभित्र पर्दछ। यसका अधिष्ठातृदेवता काल अथवा रुद्र हुन्। **आर्द्रा तु कालिनी रौद्री** (अभि.चि.) यसको पाश्चात्य नाम Betelguese हो।

आर्द्रालुब्धकः (पुं.) [*आर्द्रायां तन्नामकनक्षत्रे लुब्धक इव, त.स.*] १.धूमकेतुविशेष २.चन्द्रविमण्डल र त्रान्तिमण्डलको पश्चिमी सम्पात/केतु।

आर्द्रिका (स्त्री.) [*अर्दयति कफम्, अर्दधातोः रक् दीर्घश्च, ततः स्वार्थे कन् ,टाप्,इत्वम्*] अदुवा। **आर्द्रकं शृङ्गवेरं स्यात् कटुभद्रं तथाद्रिका** (भा.प्र.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्धः (पुं.वि.) [*अर्धशब्दादण्*] आधा । **~धातुकः** (पुं.वि.) १.आधा धातुमा लाग्ने विभक्ति वा प्रत्यय २.संज्ञाविशेष। **~मासिकः** (पुं.वि.) आधा महिनामा हुने वा भएको।

आर्धिकम् (नपुं.) [*अर्धं प्रयोजनं यस्मिन्,तत्, ठक्, इकः, वृद्धिः*] अधियाँ/उत्पादन वा उब्जिएका अन्नको अधा भाग।

आर्यः (पुं.वि.) [*अर्यते इति, अर्तुं प्रकृतमाचरितुं योग्यो वा, ऋ गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.पूज्य २.सज्जन ३.असल कुलमा उत्पन्न भएको ४.उदार ५.आफ्ना देशको कानुन तथा धर्म प्रति निष्ठावान्।

कर्तव्यमाचरन् काममकर्तव्यमनाचरन्।
तिष्ठति प्रकृताचारे स तु आर्य इति स्मृतः॥ (स्मृति.)

६.धार्मिक ७.(पुं.) नाटकमा मान्यजनलाई सम्बोधन गर्दा प्रयोग हुने शब्द।

स्वेच्छया नामभिर्विप्रैर्विप्र आर्येति चेतरैः
वाच्यौ नटीसूत्रधारावार्यनाम्ना परस्परम्॥ (सा.द.)

८.उचित। **मार्गमार्यं प्रपन्नस्य नानुमन्येत कः पुमान्।** (रामा.) ९.(पुं.) [*अर्तुं सदाचरितुं योग्यः*] स्वामी १०.बुद्ध ११.मित्र ११.उत्तम वर्ण १२.सावर्ण मनुका एक पुत्र। **~समाजः** (पुं.) [*आर्याणां समाजः, ष.त.*] स्वामी दयानन्दको समाज।

आर्यकः (पुं.) [*आर्य एव, स्वार्थे कन्*] १.पितामह/घरतिरका हजुरबा २.मातामह/मावलतिरका हजुरबा ।

आर्यकेण च दृष्टः स पृथाया आर्यकेण च।
तदा दौहित्रदौहित्रः परिष्वक्तः सुपीडितम्॥ (म.भा.)

३.पूज्य व्यक्ति ४.नागविशेष। **आर्यकश्चोग्रकश्चैव नागः कलशपोतकः** (म.भा.)।

आर्यका (स्त्री.) [*आर्या एव सर्वप्रातिपदकेभ्यः स्वार्थे कन्, इति कन्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्, उदीचामातः स्थाने यकपूर्वायाः ७.३.४६ इति इत्वाभावपक्षे रूपम्*] उत्तम स्त्री/कुलीन नारी।

आर्यक्षेमेश्वरः (पुं.) संस्कृत भाषाका एक कवि। यिनका रचनाहरूमा चण्डकौशिक प्रसिद्ध छ। यिनी एघारौं शताब्दीतिरका कवि तथा नाटककार हुन्।

आर्यदेवः (पुं.) बौद्ध दर्शनको माध्यमिक मतका पक्षधर एक दार्शनिक। यिनको समय तेस्रो शताब्दी मानिन्छ। यिनी सिंहल द्वीपका राजाका छोरा थिए। यिनी आफ्नो सम्पत्ति त्याग गरेर नागार्जुनका शिष्य बने। यिनले १० वटा पुस्तक लेखेका छन्– **चतुःशतकम्**– यसमा १६ अध्याय र ४०० कारिका छन्। यसमा शून्यवादको व्याख्या छ। **चित्तविशुद्धिप्रकरणम्**– यसमा ब्राह्मणहरूको कर्मकाण्ड पद्धतिको खण्डन गरिएको छ र तान्त्रिकमतको समर्थन गरिएको छ। **हस्तलाघव प्रकरणम्**– यसमा ६ वटा कारिका छन्। यसको १ देखि ५ कारिकासम्म मायिक जगत्को विवरण प्रस्तुत गरिएको छ भने अन्तिम कारिकामा परमार्थको परिचय दिइएको छ। यिनका अरू ग्रन्थहरूमा **स्खलितप्रमथनयुक्तिहेतुसिद्धिः, ज्ञानासारसमुच्चयः, चर्यामेलापनप्रदीपः, चतुःपीठतन्त्रराजः, चतुःपीठसाधनम्, ज्ञानडाकिनीसाधनम्** र **द्रुमपञ्जिका** छन्। यिनमा चतुःशतकम् सबैभन्दा महत्त्वपूर्ण ग्रन्थ मानिन्छ।

आर्यधर्मः (पुं.) [*आर्याणां धर्मः, ष.त.*] वैदिक सनातन धर्म।

आर्यपुत्रः (पुं.) [*आर्यस्य पूज्यस्य श्वसुरस्य पुत्रः, ष.त*] १.पति/नाटकमा नायिकाले नायकलाई सम्बोधन गर्दा वा उल्लेख गर्दा प्रयोग गरिने पद। **भर्ताऽऽर्यपुत्रः** (अभि.चि.) २.गुरुपुत्र ३.मान्यजनको पुत्र।

आर्यभट्टः (पुं.) १.ज्योतिषशास्त्रका एक विशिष्ट विद्वान्। यिनको जन्म ४७६ ई. (शकसं. ३९८) मा भएको हो। यिनले सूर्य र तारा स्थिर छन्, पृथ्वी घुम्ने भएको हुनाले रात दिन भएको हो भन्ने सिद्धान्त प्रतिपादन गरेका छन्। यिनको मतानुसार पृथ्वीको परिधि ४९६७ छ। यिनले आर्यभटीयम् नामक पुस्तक लेखेका छन्। यसमा १२१ श्लोक छन्। ग्रन्थ चार भागमा विभक्त छ। गीतिकापाद, गणितपाद, कालक्रियापाद र गोलपाद। यिनले चन्द्रग्रहण र सूर्यग्रहणको वैज्ञानिक ढङ्गबाट विवेचना गरेका छन्। यिनको तन्त्र नामक अर्को ग्रन्थ पनि उपलब्ध छ। २.आर्यभट द्वितीय। यिनले महासिद्धान्त भन्ने ग्रन्थ लेखेका छन्। सुधाकर द्विवेदीद्वारा रचित टीकाहित यो ग्रन्थ चौखम्बा संस्कृत प्रतिष्ठानबाट प्रकाशित भएको छ। यसमा १८ अध्याय छन्। प्रथम अध्यायमा भगणादिको चर्चा छ। दोस्रो अध्यायमा पराशरको मतसित आफ्नो मत निकटतम रहेको तथ्य प्रस्तुत गर्दै ग्रन्थकारले अहर्गण ल्याउने विधि र त्यसबाट मध्यम ग्रह ल्याउने तरिका प्रस्तुत गरेका छन्। तेस्रो अध्यायमा ग्रह स्पष्ट, पाचौं अध्यायमा चन्द्रग्रहण, छैठौं अध्यायमा सूर्यग्रहण तथा शृङ्गोन्नति, सातौंमा परिलेख, आठौंमा उदयास्त, नवौंमा ग्रहको उदयास्तकाल, ग्रहच्छाया, दसौंमा ग्रहयुति, एघारौंमा भग्रहयुति, बाह्रौंमा पात, तेह्रौंमा गोल, चौधौंमा पाटीगणित, पन्ध्रौंमा खातव्यवहार, चितिव्यवहार, ऋकचव्यवहारर, सोह्रौंमा भुवनकोश, सत्रौंमा गोलीय प्रश्नको उत्तर र अठारौंमा कुट्टक विधिको वर्णन छ। यिनको समय दसौं शताब्दी हो। यी प्रतिभाशाली सूक्ष्म गणितज्ञ थिए।

आर्यमिश्रः (पुं.) [*आर्यः श्रेष्ठो मिश्रश्च*] १.माननीय २.पूज्य। **अद्य खलु भगवतः कालप्रियानाथस्य भगवतो महाकालस्य यात्रायामार्यमिश्रान् विज्ञापयामि** (उ.रा.च.)।

आर्यशूरः (पुं.) जातकमाला ग्रन्थका रचयिता। जातकमालामा चौतिस जातकहरूको वर्णन छ। यिनको समय तेस्रो अथवा चौथो शताब्दी मानिन्छ। यिनको शैली काव्यात्मक छ। यिनले गद्य तथा पद्य दुवैमा कलम चलाएका छन्। यिनको अर्को कृति पारमितासमास हो। ६ सर्गमा विभक्त यस काव्यमा कविले ६ पारमिता– दान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शील, क्षान्ति, वीर्य, ध्यान, तथा प्रज्ञापारमिताको वर्णन गरेका छन्। यसमा ३६४ पद्य छन्। यसको शैली जातकमालाको जस्तै सरल तथा बोधगम्य छ।

आर्यसत्यम् (नपुं.) [*आर्यं सर्वोत्कृष्टञ्च तत्सत्यञ्च, कर्म.स.*] सर्वोत्कृष्ट र अलौकिक सत्य।

आर्यसभ्यता (स्त्री.) [*आर्यस्य सभ्यता, ष.त.*] आर्यजातिको सभ्यता, आर्यहरूले अँगालेको धर्म, संस्कृति, कला आदि।

आर्या (स्त्री.) [*अर्यते इति, ऋ गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, स्त्रियां टाप्*] १.पार्वती २.उत्तम स्त्री ३.छन्दविशेष। चारपाउमध्ये पहिलो र तेस्रो पाउमा १२ मात्रा, दोस्रो पाउमा १८ मात्रा र चौथो पाउमा १५ मात्रा हुने मात्रिक छन्द।

यस्याः पादे प्रथमे द्वादश मात्रास्तथा तृतीयेऽपि।
अष्यदश द्वितीये चतुर्थके पञ्चदश सार्या॥ (छन्दो.)

यो नौ प्रकारको हुन्छ– पथ्या, विपुला, चपला, मुखचपला, जघनचपला, गीति, उपगीति, उद्गीति आर्यागीति (छन्दो.)।

आर्यागीतिः (स्त्री.) आर्या छन्दको पूर्वार्द्ध र उत्तरार्द्धमा एक एक गुरुवर्ण थप हुँदा बन्न जाने एक मात्रिक छन्द। **आर्याप्राग्दलमन्तेऽधिकगुरु तादृक् परार्द्धमार्यागीतिः** (छन्दो.)।

आर्यावर्तः (पुं.) [*आ समन्ताद् वर्तन्तेऽत्र, हलश्च ३.३.१२१ इति घञ्, आर्याणामावर्तो यत्र सः, बहु.स.*] आर्यहरू बस्ने देश। पूर्व र पश्चिममा समुद्रसम्म पुगेको उत्तर र दक्षिणमा क्रमशः हिमालय र विन्ध्याचलले घेरिएको भूभागलाई आर्यावर्त भनिन्छ।

आसमुद्रात् तु वै पूर्वादासमुद्रात्तु पश्चिमात्।
हिमवद्विन्ध्ययोर्मध्यमार्यावर्तं प्रचक्षते॥ (मनु.)

आर्यासप्तशतिः (स्त्री.) [*आर्याणां सप्तशतिः, ष.त.*] सात सय आर्याछन्दमा रचिएको एक मुक्तक काव्य। यसका रचयिता बङ्गालका गोवर्द्धनाचार्य हुन्। यिनको समय बाह्रौं शताब्दी मानिन्छ। यिनका बाबुको नाम नीलाम्बर हो। यिनले प्राकृत भाषाको गाथासत्तसईको आधारमा यस कृतिको रचना गरेका हुन्। यो शृङ्गाररसप्रधान छ। संयोग र वियोग दुवै शृङ्गारको यसमा प्रयोग भएको छ।

आर्यिका (स्त्री.) [*आर्यस्य स्त्री, कः, ह्रस्वः, टाप् इत्वम्*] १.उत्तम स्त्री २.कुलीन स्त्री।

आर्योदयमहाकाव्यम् (नपुं.) उन्नाइसौँ शताब्दीका गङ्गाप्रसाद उपाध्यायद्वारा रचित एक महाकाव्य। यसमा २१ सर्ग र ११६६ श्लोक छन्। यो दुई भागमा विभक्त छ– पूर्वार्द्ध र उत्तरार्द्ध। पूर्वार्द्धमा भारतीय संस्कृतिको चित्रण छ भने उत्तरार्द्धमा स्वामी दयानन्दको जीवनवृत्तको वर्णन छ। यिनी आर्यसमाजी हुन्।

आर्षः (पुं.वि.) [*ऋषिणा प्रोक्तः, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्*] १.ऋषिले भनेको २.ऋषिसम्बन्धी ३.वैदिक ४.पवित्र। **~प्रयोगः** (पुं.) [*आर्षश्चासौ प्रयोगश्च, कर्म.स.*] प्रचलित व्याकरणका नियमसँग नमिल्ने तर प्राचीन ग्रन्थहरूमा ऋषिमुनिहरूद्वारा गरिएको प्रयोग। **~विवाहः** (पुं.) [*आर्षश्चासौ विवाहः, कर्म.स.*] वरपक्षले कन्याका बाबुलाई एक वा दुईवटा गाई दिएर गरिने विवाह। **स्यादार्षस्तु गोद्वयम्** (या.व.)।

एकं गोमिथुनं द्वे वा वरादादाय गोयुगम्।
कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते॥ (मनु.३.२९)

आर्षभ्यः (पुं.) [*ऋषभस्य प्रकृतिः, ऋषभोपानहोर्ञ्यः ५.१.१४ इति ञ्यः*] साँढे बनाउने बेला भएको बहर।

आर्षेयब्राह्मणः (पुं.) सामवेदको एक ब्राह्मण ग्रन्थ। यसमा ३ प्रपाठक र ८२ खण्ड छन्। सामवेदको गान गर्ने र प्रचार गर्ने ऋषिहरूको यसमा वर्णन छ। रोमन अक्षरमा बङ्गलोरबाट १८७६ ई. मा प्रथमपटक यसको प्रकाशन भएको हो। देवनागरी लिपिमा पनि सायणभाष्यसहित कलकत्ताबाट यसको प्रकाशन भएको छ।

आर्षेयोपनिषद् (स्त्री.) यो सबैभन्दा पछिल्लो उपनिषद् हो। यसमा १० अनुच्छेद छन्। विश्वामित्र, जमदग्नि, भारद्वाज, गौतम, वसिष्ठ आदि ऋषिहरूको विचारविमर्श भएको ब्रह्मविद्याको विषय यसमा वर्णित छ।

आर्हतः (पुं.वि.) [*अर्हतमधीते वेत्ति वा, तदधीते तद्वेद ४.२.५९ इत्यण्, वृद्धिः*] जैन सिद्धान्तका अध्येता।

आर्हतम् (नपुं.) [*अर्हतेन प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्, वृद्धिः*] जैनको सिद्धान्त।

आर्हतिकः (पुं.वि.) [*अर्हतमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] जैन।

आलः (पुं.) [*आलयति, अल भूषणादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, आलाति वा आङ्पूर्वकाद् ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.माछाका भुर्रा २.पहेँलो भिँगा।

आलक्षितः (पुं.वि.) [*आलक्ष्यते स्म, आपूर्वकाद् लक्ष धातोः,निष्ठा ३.२.१०२ इति क्तः*] अनुभव गरिएको/देखिएको/निर्देश गरिएको

आलगर्दः (पुं.) [*अलगर्द एव, स्वार्थेऽण्*] पानीसर्प।

आलङ्कारिकः (पुं.वि.) [*अलङ्कारं वेत्ति, ठक्, इकः*] १.अलङ्कार शास्त्रको ज्ञाता वा प्रयोक्ता २.[*अलङ्का रेण निर्वृत्तः*] अलङ्कारले सजिएको।

आलभनम् (नपुं.) [*आङ्पूर्वकाद् लभ्धातोभावे ल्युट्, अनः*] १.पक्रनु, कब्जा गर्नु २.छुनु ३.हत्या गर्नु।

आलम् (नपुं.) [*आलयति, अल भूषणादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, आलाति वा, ला आदाने इति धातोः, आतश्चोपसर्गे इति कः*] १.हरिताल २.(त्रि.) धेरै। **आलं स्यादनल्पहरितालयोः** (हेम.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलम्बः (पुं.) [*आलम्ब्यतेऽत्र, लबि अवसंस्रने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति अधिकरणे घञ्*] १.आश्रय/सहारा/शरण/गति २.तलतिर झुक्नु। **शोभन्ते किञ्चिदालम्बैः शालयः कनकप्रभाः** (रामा.)।

आलम्बनम् (नपुं.) १.[*आङ्पूर्वकाद् लबि अवसंस्रने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आश्रय लिनु/सहारा लिनु २.तलतिर झुक्नु ३.[*रसोत्पत्तौ नायकादिरालम्ब्यते इति*] रसोत्पत्तिको कारण/आलम्बनविभाव। **आलम्बनं नायकादिस्तमालम्ब्य रसोद्गमात्** (सा.द.)।

आलम्बनविभावः (पुं.) [*आलम्बनरूपो विभावः, म.प.स.*] जसको आश्रय लिएर रति आदि स्थायिभाव पैदा हुन्छन् ती कारण। जस्तै शृङ्गार रसमा नायक नायिका, करुण रसमा मरेको आफन्त व्यक्ति वा हराएको प्रिय वस्तु आदि।

आलम्बी (पुं.वि.) [*आलम्बितुं शीलमस्य, आङ्पूर्वकाद् लबि अवसंस्रने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] आश्रय लिने।

आलम्बनीयः (पुं.वि.) [*आलम्बितुं योग्यः, आङ्पूर्वकाद् लबि अवसंस्रने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] आश्रय लिनुपर्ने/सहारा लिनुपर्ने।

आलम्बितः (पुं.वि.) [*आलम्ब्यते स्म, आङ्पूर्वकाद् लबि संस्रने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.आश्रय लिएको २.झुन्डिएको।

आलम्भः (पुं.) [*आलम्भनम्, आङ्पूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गात् खल्घञोः ७.१.६७ इति नुम्*] १.समात्नु २.यज्ञमा बलिका लागि पशुवध गर्नु ३.वध/मारण ४.छेदन/काट्ने काम।

कुष्टजानामोषधीनां जातानाञ्च स्वयं वने।
वृथाऽऽलम्भेऽनुगच्छेत् गां दिनमेकं पयोव्रतः॥ (मनु.११.१४४)

५.स्पर्श ६.आलिङ्गन/अङ्कमाल।

द्यूतञ्च जनवादञ्च परिवादं तथाऽनृतम्।
स्त्रीणाञ्च प्रेक्षणालम्भमुपघातं परस्य च॥ (मनु. २.१७९)

आलम्भनम् (नपुं.) [*आलभ्यते इति, आङ्पूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, उपसर्गात् खल्घञोः ७.१.६७ इति नुम्*] १.प्राप्त गर्नु २.समात्नु ३.यज्ञमा बलिका लागि पशुवध गर्नु ४.मार्नु ५.काट्नु ६.स्पर्श गर्नु ७.आलिङ्गन गर्नु।

आलयः (पुं.) [*आलीयतेऽत्र, आङ्पूर्वकाद् लीङ् श्लेषणे इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११९ इति घः, एरच् ३.३.५६ इत्यज्वा*] १.घर २.आधार।

आलयविज्ञानम् (नपुं.) विज्ञानका तीन किसिमका परिणामहरूमा सबैभन्दा महत्त्वपूर्ण स्थान राख्ने विज्ञान। यो विज्ञान संसारका समग्र वस्तुको बीज धारण गर्छ, सबै पदार्थ उत्पन्न गर्छ र फेरि आफैमा विलीन गराउँछ। त्यसैले यो सबै प्रकारका कर्म धर्म बीज आदिको आलय हो। सबै धर्मको बीज यसै आलयविज्ञानमा छ। आलय विज्ञान न नाश हुन्छ न शास्वत नै छ। यो अविच्छिन्न रूपले नदीको पानीजस्तै बगिरहेको हुन्छ। यसको स्वभाव सूक्ष्म छ। प्रत्येक क्षणमा यो परिवर्तन भइरहन्छ। जन्म र मृत्यु दुवै किसिमका फललाई धारण गर्ने हुँदा यसलाई विपातविज्ञान पनि भनिएको छ।

आलवालम् (नपुं.) [*आ समन्तात् जलस्य लवमालाति इति आपूर्वकाद् ला आदाने इति धातोः,आतश्चोपसर्गे ३.१.१३६ इति कः*] सेचनका लागि रुखको फेदमा बनाइएको जलाधार।

आलस्यः (पुं.) [*न लसति, लस श्लेषणे इति धातोः, स्वार्थे ष्यञ् (वा.) ५.१.१२४*] अल्छी।

मन्दतुन्दपरिमृज आलस्यः, शीतकोऽलसोऽनुष्णः (अमर.)।

आलस्यम् (नपुं.) [*न लसति, नञ्पूर्वकाद् लस श्लेषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अलसस्य भावः, अलसशब्दाद् गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.अल्छीपना।

आलस्योपहता विद्या परहस्तगताः स्त्रियः।
अल्पवीजं हतं क्षेत्रं हतं सैन्यमनायकम्॥ (सुभा.)

२.तेत्तिस व्यभिचारिभाव मध्येको एक भाव।

आलस्यं श्रमगर्भाद्यैर्जाड्यं जृम्भासितादिकृत् (सा.द.)।

आलातम् (नपुं.) [*अलातमेव, स्वार्थेऽण्*] १.अँगार २.अगुल्टो।

आलानम् (नपुं.) [*आलीयतेऽनेन, आङ्पूर्वकाद् लीङ् श्लेषणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, विभाषा लीयते ६.१.५१ इत्यात्वम्*] १.हात्ती बाँध्ने दाम्लो। **आलानं बन्धः** (अभि.चि.) २.डोरी।

आलापः (पुं.) [*आलापनम्, आङ्पूर्वकाद् लप व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुराकानी/कथोपकथन २.वर्णन ३.सङ्गीतमा सातै स्वरको रागसहितको तान। यसलाई गायन वा वादनको प्रथम अवस्था वा अङ्ग भन्दछन्। आलाप लिदा, गाउन वा बजाउन लागेको रागको पकड, स्वरवादी, संवादी आदिलाई राम्ररी देखाई रागको सही रूप खडा पारी देखाउनु पर्छ। यसो गर्दा ॐ, अनन्त, हरिनारायाण, नोम्, तोम् ताना देरे, अ इ उ आदि शब्दहरूको प्रयोग गरिन्छ। तर यी शब्दको खास अर्थ हुँदैन, खालि वाद्यकला वा स्वरविस्तार देखाउने काममा मात्र प्रयोग हुन्छ।

आलापनम् (नपुं.) [*आङ्पूर्वकाद् लप व्यक्तायां वाचि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुराकानी गर्नु/कथोपथकन।

आलिः (पुं.) १.[*आलाति दर्शने समर्थो भवति, आङ्पूर्वकाद् अल भूषणपर्याप्तिवारणेषु इति धातोः, बाहुलकाद् इण्*] बिच्छी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.भँवरो ३.(स्त्री.) [*आलयति भूषयति, आङ्पूर्वकाद् अल भूषणे इति धातोः, अच इः (उ) इति इः*] सखी ४.[*आलयति निर्वापयति जलम्, अल वारणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्*] पुल ५.[*अल्यतेऽनया*] पङ्क्ति ६.सन्तान ७.अनर्थ (हेमचन्द्र) ८.(पुं.वि.) सफा हृदय भएको (मेदिनी.)।

आलिङ्गनम् (नपुं.) [*आङ्पूर्वकाद् लिगि गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अङ्कमाल गर्नु।

आलिङ्गनं परिष्वङ्गः संश्लेष उपगूहनम् (अभि.चि.)।

आलिङ्गितः (पुं.वि.) [*आलिङ्ग्यते स्म, आङ्पूर्वकाद् लिगि गतौ इति धातोः,निष्ठा ३.२.१०२ इति क्तः*] आलिङ्गन गरिएको/अङ्कमाल गरिएको।

आलिङ्ग्यः (पुं.वि.) [*आलिङ्ग्यते इति, आङ्पूर्वकाद् लिगि गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.आलिङ्गन गरिने २.(पुं.) काखमा राखेर बजाइने गाईको पुच्छरको आकार भएको मादल।

चतुरङ्गुलहीनोऽङ्कान्मुखे चैकाङ्गुलेन यः।
यवाकृतिः स आलिङ्ग्य आलिङ्ग्य स हि वाद्यते॥ (शब्दा.)

आलिम्पनम् (नपुं.) [*आङ्पूर्वकाद् लिप उपदेहे इति धातोः ल्युट् च इति ल्युट् अनः, नुम्*] १.मङ्गलालेपन २.राम्रोसित लिप्नु।

आली (स्त्री.) [*आ अलत्यम्भः, अल वारणे इति धातोः, इन् (उ. ४.११८), यद्वा– अल्यतेऽनया, इणजादिभ्यः (वा. ३.३.१०८ इति इण्*] १.पुल। **तोयान्तर्भास्करालीव रेजे मुनिपरम्परा।** (कु.स..६.४९) २.खेतको गह्राको डिल ३.सखी ४.श्रेणी/पङ्क्ति।

आलीढः (पुं.वि.) [*आलिह्यते स्म, आङ्पूर्वकाद् लिह धातोः, निष्ठा ३.२.१०२ इति क्तः, हस्य ढत्वम्, तस्य धः,ष्टुत्वम्, ढलोपः, ढ्रलोपे पूर्वस्य दीर्घोऽणः इति दीर्घः*] चाटिएको।

आलीढम् (नपुं.) [*आलेहनम्, आङ्पूर्वकाद् लिह आस्वादने इति धातोः, नपुंसके भावे क्तः इति क्तः,पूर्ववत्*] १.अतिशय चाट्नु २.आसनविशेष। यो दुई किसिमको हुन्छ– १.दायाँ घुँडा मारेर बाँया पसार्ने काम २.बाँया घुँडा मारेर दायाँ पसार्ने काम। **आलीढं पादन्यासेऽशिते त्रिषु।** (मेदिनी.)। **अतिष्ठदालीढविशेषशोभिना वपुप्रकर्षेण विडम्बितेश्वरः** (रघु.२.५२)।

आलुः (पुं.) [*अर्यते प्राप्यते इति, त्रो रश्च लः, इति बाहुलकात् ञुण्, रस्य लकारश्च*] १.जमिनमुनि फल्ने एक किसिमको कन्द २.(स्त्री.) करुवा। **आलूर्गलन्तिकायां क्लीबं मूले च भेलके** (विश्व.)।

आलुकम् (नपुं.) [*आलुरेव, सर्वप्रातिपदिकेभ्यः स्वार्थे कन् (वा.) ५.४.२९ इति कन्*] १.आलु २.कन्दमूल। **आलुकं शीतलं सर्वं विष्टम्भि मधुरं गुरु** (भा.प्र.)।

आलुकी (स्त्री.) रातो आलुको एक प्रकार।

आलुञ्चनम् (नपुं.) [*आलुञ्च्यते इति, आङ्पूर्वकाद् लुञ्च अवनयने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लुछ्नु/चिरेर टुक्रा–टुक्रा पार्नु।

आलेखः (पुं.) [*आलेखनम्, आङ्पूर्वकाद् लिख अक्षरविन्यासे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अर्काले भनेको सुनेर लेखेको लेख/लेखोट २.अभिलेख।

आलेखनम् (नपुं.) [*आङ्पूर्वकाद् लिख अक्षरविन्यासे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लेख्नु २.चित्रण गर्नु।

आलेखनी (स्त्री.) [*आलिख्यतेऽनया, आङ्पूर्वकाद् लिख अक्षरविन्यासे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ इत्यनः, टिड्ढाण् ङीप् ४.१.१५*] १.कलम २.कूची।

आलेख्यम् (नपुं.) [*आङ्पूर्वकाद् लिख अक्षरविन्यासे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.हातले बनाएको चित्र २.लेख।

आलेख्यलेखा (स्त्री.) [*आलेख्यस्य लेखा, ष.त.*] चित्रकर्म।

आलेख्यशेषः (पु.वि.) [*आलेख्यमेव शेषो यस्य सः, बहु.स.*] मरेको/दिवङ्गत। **वाष्पायमाणो वलिमन्निकेतनमालेख्यशेषस्य पितुर्विवेश** (रघु.१४.१५)।

आलेपः (पुं.) [*आलेपनम् आङ्पूर्वकाद् लिप उपदेहे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मालिस २.लेप।

आलेपनम् (नपुं.) [*आङ्पूर्वकाद् लिप उपदेहे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लिप्ने काम/लेपन क्रिया।

आलोकः (पुं.) १.[*आलोकनम् आङ्पूर्वकाद् लोकृ दर्शने इति धातोः, भावे ३.३.१८ इति घञ्*] हेर्ने काम/अवलोकन २.[*आलोक्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] प्रकाश। **रुद्धालोके नरपतिपथे सूचिभेद्यैस्तमोभिः।** (अभि.शा.) ३.स्तुतिपाठकले गर्ने मन्त्रपाठ आदि। **उदीरयामासुरिवोन्मदनामालोकशब्दं वयसां विरावैः।** (रघु. २.९) **आलोकस्तु पुमान् द्योते दर्शने वन्दिभाषणे** (मेदिनी.)।

आलोकनम् (नपुं.) [*आङ्पूर्वकाद् लोकृ दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हेर्ने काम/दर्शन। **भुवनालोकनप्रीतिः स्वर्गिभिर्नानुभूयते** (कु.सं.२.४५)।

आलोकितः (पुं.वि.) [*आलोक्यते स्म, आङ्पूर्वकात् लोकृ दर्शने इति धातोः कर्मणि क्तः*] १.हेरिएको २.प्रकाशित पारिएको।

आलोचकः (पुं.वि.) [*आलोचयतीति, आङ्पूर्वकाद् लोचृ दर्शने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] आलोचना गर्ने/कृतिको गुण–दोष छुट्ट्याएर विश्लेषण गर्ने।

आलोचनम् (नपुं.) [*आङ्पूर्वकाद् लोचृ दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.राम्रोसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्नु २.विभिन्न कोणबाट कृति वा घटनाको विवेचना गर्नु ३.साङ्ख्यको मतमा निर्विकल्पक ज्ञान/शुद्धवस्तुविषयक प्राथमिक ज्ञान।

अस्ति ह्यालोचनं ज्ञानं प्रथमं निर्विकल्पकम्।
बालमूकादिविज्ञानसदृशं शुद्धवस्तुजम्॥ (साङ्ख्य.)

आलोचना (स्त्री.) [*आङ्पूर्वकाद् लोचृ दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति भावे, आलोच्यतेऽनया आङ्पूर्वकाद् लोचृ दर्शने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति करणे वा ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.राम्रो सित हेर्नु २.कुनै कृतिको गुण दोष केलाएर गरिएको विवेचना ३.कसैको टीका टिप्पणी।

आलोच्यः (पुं.वि.) [*आलोचयितुं योग्यः, आङ्पूर्वकाद् लोचृ दर्शने इति धातोः, ॠहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] आलोचना गर्न लायक/आलोचना गरिने।

आलोचनीयः (पुं.वि.) [*आलोचयितुं योग्यः, आङ्पूर्वकाद् लोच्लृ दर्शने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] आलोचना गर्न लायक/आलोचना गरिने।

आलोडनम् (नपुं.) [*आङ्पूर्वकाद् लोडृ उन्मादे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इयनः*] हल्लाउनु/मथन गर्नु/हुँडल्नु।

आलोडना (स्त्री.) [*आलोडनम्, आङ्पूर्वकाद् लोडृ उन्मादे इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३।०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] आलोडन/मथन।

आलोलः (पुं.वि.) [*आ समन्तात् लोलः*] फेदैसम्म हल्लिएको/चारैतिर हल्लिएको।

आवनेयः (पुं.) [*अवनेरपत्यं पुमान्, स्त्रिभ्यो ढक् ४.१.१२० इति ढक् ढस्य एयः*] १.मङ्गल २.भौमासुर।

आवन्ती (स्त्री.) [*अवन्त्यां भवा, अवन्तिशब्दात् तत्र भवः ४.३.५३ इति अण्, आदिवृद्धिः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] अवन्ती देशमा पैदा भएको नाट्यवृत्ति।

आवपः (पुं.) [*आवपन्ति जलमत्र, डुवप् बीजसन्ताने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.वृक्षका फेदमा पानी अड्याउन बनाइएको गोलाकार खाल्डो/क्यारी २.भाँडो/जलपात्र ३.बिउ रोप्नु। **प्रभुरग्निः प्रतपने भूमिरावपने प्रभुः**। (म.भा.)। **आवपो भाण्डपचने परिक्षेपालवालयोः** (विश्व.)।

आवपनम् (नपुं.) [*आङ्पूर्वकाद् डुवप् बीजसन्ताने छेदनेऽपि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बिउ रोप्ने काम २.कपाल काट्ने काम।

आवरणम् (नपुं.) १.[*आङ्पूर्वकाद् वृञ् वरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ढाक्नु/छोप्नु/बन्द गर्नु/घेर्नु २.[*आ व्रियतेऽनेन, आङ्पूर्वकाद् वृञ् वरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१*] ढकनी ३.माया ४.लुगा ५.पर्दा।

आवरणपृष्ठम् (नपुं.) [*आवरणस्य पृष्ठम्, ष.त.*] पुस्तक, पुस्तिका आदिको बाहिरी गाता।

आवर्तः (पुं.) [*आवर्तनम्, आङ्पूर्वकाद् वृतु वर्तने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पानीको भुँवरी २.भुँवरी परेर आकाशमा मडारिने एक प्रकारको बादल ३.आवृत्ति ४.चिन्तन। **आवर्तश्चिन्तने वारिभ्रमे चावर्तने पुमान्** (मेदिनी.)।

आवर्तकः (पुं.) [*आवर्तते, आङ्पूर्वकाद् वृतु वर्तने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] भुँवरी परेर आकाशमा मडारिने एक प्रकारको बादल। **जातं वंशे भुवनविदिते पुष्करावर्तकानाम्** (मे.दू.)।

आवर्तनम् (नपुं.) [*आङ्पूर्वकाद् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.मडारिने काम २.फर्कने क्रिया ३.मोई मथ्नु ४.धातु पगाल्नु ५.सूर्यको छाया पश्चिम दिशाबाट पूर्व दिशातर्फ जान थाल्नु। **आवर्तनात्तु पूर्वाह्णो ऽपराह्णस्तु ततः परः**। (स्मृति) ६.गरेको वा पढेको विषयलाई बारम्बार आवृत्ति गर्नु। **अथावर्तनमावृत्तौ नपुंसकमुदाहृतम्** (वाङ्म.)।

आवर्तना (स्त्री.) [*आवर्तनम्, ण्यन्तात् वृतधातोर्भावे युच्, अनः, टाप्*] १.अभ्यास २.धागो बेर्ने काम। **आवर्तना स्यादभ्यासे सूत्रस्य वलने स्त्रियाम्** (वाङ्म.)।

आवलिः (स्त्री.) [*आवलति, आङ्पूर्वकाद् वल संवरणे इति धातोः, सर्वधातुभ्य इन् (उ) इति इन्*] पङ्क्ति/श्रेणी। **वीथ्यालिरावली पङ्क्तिः** (अमर.)।

आवलितः (पुं.वि.) [*आवल्यते स्म, आङ्पूर्वकाद् वल संवरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] केही घुमेको/मोडिएको।

आवली (स्त्री.) [*आवलति, आङ्पूर्वकाद् वल संवरणे इति धातोः, सर्वधातुभ्य इन् (उ) इति इन् ङीष्*] १.पङ्क्ति/ ताँती २.खेतको उब्जनी अनुमान गर्न सक्ने जुक्ति /विधि/प्रणाली।

आवशिष्टिकमुद्रा (स्त्री.) [*आवशिष्टिका इति मुद्रा, कर्म.स.*] प्रत्येक किसिमको होममा बचेका सामग्रीहरू शुद्ध भाँडोमा जम्मा गरी दुवै हातले अग्निमा हाल्दा आवशिष्टिका मुद्रा हुन जान्छ।

होमावशिष्टं यद् द्रव्यं सत्पात्रे धारयेत् सुधीः।
हस्ताभ्यां जुहुयात्सर्वं मुद्रैषा ह्यावशिष्टिका॥ (मु.प्र.)

आवश्यकः (पुं.वि.) [*अवश्यं भव्यः द्वन्द्वमनोज्ञादिभ्यश्च ५.३.१३३ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.खाँचो परेको/चाहिएको २.गर्नै पर्ने।

आवसतिः (स्त्री.) [*आवसनम्, आङ्पूर्वकाद् वस निवासे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] निवासस्थल/वासस्थान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवसथः (पुं./नपुं) [*आ समन्ताद्वसतिर्यत्र सः, आङ्पूर्वकाद् वस निवासे इति धातोः, उपसर्गे वसेः (उ.) ४०३ इति अथच्प्रत्ययः*] १.घर/वास/वासस्थान। **अस्ति चम्पाविधनगर्यां परिव्राजकावसथः** (हितो.) २.आर्या छन्दको एक ग्रन्थ ३.व्रतविशेष।

आवसथिकः (पुं.) [*आवसथे वसति,आवसथात् छल् ४.४७४ इति छल्, ठस्येकः*] घरमा बसिरहने व्यक्ति।

आवसथ्यम् (नपुं.) [*आवसथ एव, अनन्तावसथेतिह भेषजाज्ज्यः ५.४.२३ इति ञ्यः*] निवास/वासस्थल।

आवसथ्याग्निः (पुं.) [*आवसथ्यमिति अग्निः, कर्म.स.*] १.कर्मकाण्डअनुसार छ अग्निमध्ये विवाहमा लाजा होम गरिने अग्नि। यस अग्निमा विवाहपछि खाना पकाउने काम गरिन्छ २.अग्निहोत्रीले ईशान कोणमा स्थापना गरिने अग्नि। यसका आनाय्याग्नि, गृह्याग्नि वा विवाहाग्नि पनि नाम छन्।

आवसितम् (नपुं.) १.दाइँ गरेर थुपारिएको धान २.पाकेर माडिएको अन्न।

आवहः (पुं.) [*आवहतीति आङ्पूर्वकाद् वह प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.अग्निका सात जिब्रामध्ये एक जिब्रो २.भूर्लोक र स्वर्लोकमा वहने वायुमध्ये दोस्रो वायु। सिद्धान्तशिरोमणिमा भास्कराचार्यले यो वायु पृथ्वीबाट बाह्र योजनमाथि छ भनेका छन्। ३.(पु.वि.) पैदा गर्ने। **क्लेशावहा भर्तुरलक्षणाऽहम्** (रघु.१४.५)।

आवागमनम् (नपुं.) [*आवागम्यते इति, आङ्– अव– आपूर्वकाद् गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आवतजावत/आउजाउ।

आवापः (पुं.) १.[*आवपन्ति जलमत्र, आङ्पूर्वकाद् डुवप् बीजतन्तुसन्ताने इति धातोः, हलश्च ३.३.२१ इति घञ्*] आलवाल २.[*आवापनम्, भावे ३.३.१८ इति घञ्*] भाँडा पोल्ने काम ३.[*पूर्ववत्*]फ्याँक्ने काम। **आवापो भाण्डपचने परिक्षेपा लवालयोः** (मेदिनी.) ४.बालो। **मोहात्पपात गाण्डीवमावापञ्च करादपि।** (म.भा. १४पर्व) ५.परराष्ट्रको चिन्तन। **तन्त्रावापविदा योगैर्मण्डलान्यधितिष्ठता।** (शि.व.) ६.होचो अग्लो जमिन ७.पात्र ८.प्रधान होम।

आवापकः (पुं.) [*आउप्यते इति आङ्पूर्वकाद् डुवप् बीज तन्तुसन्ताने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्, संज्ञायां कन् ५.३.७५ इति कन्*] मणिबन्धमा लगाउने बालो।

आवालम् (नपुं.) [*आवलतेऽम्भोऽनेन, आङ्पूर्वकाद् वल संवरणे इति धातोः, हलश्च इति घञ्, आ ईषत् वाला वृक्षा अत्र वा*] आलावाल। पानी हाल्नका लागि रुखवरिपरि लगाइएको डिल भएको क्षेत्र।

आवासः (पुं.) [*आ वसन्त्यत्र, आङ्पूर्वकाद् वस निवासे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति अधिकरणे घञ्*] निवासस्थल/वासस्था/घर।

आवाहनम् (नपुं.) [*आङ्पूर्वकाद् वह प्रापणे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] विधिवत् देवता तथा पितृलाई पूजाका लागि बोलाउने काम/आह्वान/निमन्त्रणा।

आवाहनीमुद्रा (स्त्री.) [*आवाह्यते अनया, आङ्पूर्वकाद् वह प्रापणे इति धातोः, णिचि करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, टिड्ढाणञ् ङीप् ४.१.१५*] साहिँली औँलाको फेदमा औँठो जोडेर अँजुली बनाई माथिबाट तल अँजुली झार्दा हुन जाने मुद्रा। **ऊर्ध्वाञ्जलिमधः कुर्यादियमावाहनी भवेत्** (मु.प्र.)।

आवाहितः (पुं.वि.) [*आवाह्यते स्म, आङ्पूर्वकाद् वह प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] विधिवत् देवता तथा पितृलाई पूजाका लागि बोलाइएको/आवाहन गरिएको।

आविः (अव्य.) [*आसमन्तादवतीति, आङ्पूर्वकाद् अव रक्षणादौ इति धातोः, अर्चिशुचिहुसृपिछादिछर्दिभ्य इसिः (उ.) २७३, इति इसिः*] १.प्रकटता/प्रादुर्भाव २.स्पष्ट।

आविकः (पुं.) [*अविना मेषलोम्ना कृतः, ठक्*] कम्बल/राडी।

आविकम् (नपुं.) [*अवेरिदम्*] १.भेडीको दुध २.भेडाको अवयवबाट बनेको पदार्थ। **पाके लघ्वाविकं सर्पिः सर्वरोगविनाशनम्।** (भा.प्र.) ३.भेडाको ऊनीबाट बनेको कम्बल। **आविकन्तु क्लीबत्वं स्यादविरोमजकम्बले** (वा.म.)।

आविग्नः (पुं.वि.) [आविजते स्म, *आङ्पूर्वकाद् ओविजी भय चलनयोः इति धातोः,गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, श्वीदित ७.२.१४ इति इण्निषेधः, ओदितश्च ८.२.४५ इति नत्वम्*] पनेरुको वृक्ष।

आविद्धः (पुं.वि.) [*आविध्यते स्म, आङ्पूर्वकाद् व्यध ताडने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, सम्प्रसारणम्*] १.बाङ्गो। **आविद्धं कुटिलं भुग्नं वेल्लितं वक्रमित्यपि** (अमर.) २.मिल्काइएको/फ्याँकिएको। ३.मूर्ख।

आविर्भावः (पुं.) [*आविर्भवनम्, आविर्पूर्वकाद् भू सत्तायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्*] प्रादुर्भाव/प्रकट।

तदा मे मनसा ध्यातो दयासिन्धुर्जनार्दनः।
भक्तानामनुकम्पार्थं यच्चाविर्भावमिच्छति॥ (जैमिनि.)

आविर्भूतः (पुं.वि.) [*आविर्भवति स्म, कर्तरि भूधातोः क्तः*] प्रकट भएको।

आविलः (पुं.) [*आविलति, विल भेदने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.धमिलो पानी २.(पुं.) पाप।

आविष्कर्ता (पुं.वि.) [*आविष्करोतीति, आविष्पूर्वकात् कृधातोः तृच्*] नयाँ कुरा पत्ता लगाउने।

आविष्कारः (पुं.) [*आविष्करणम्, आविस्पूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.नयाँ कुरा पत्ता लगाउने वा खोज्ने काम २ अतिशय स्पष्टता।

आविष्कृतः (पु.वि.) [*आविष्क्रियते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.आविष्कार गरिएको २.प्रकट गरिएको। **आविष्कृतं कथाप्रावीण्यं वत्सेन** (उ.रा.च.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आविष्टः (पुं.वि.) [*आविशति स्म, आङ्पूर्वकाद् विश प्रवेशे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] प्रवेश गरेको।

आविष्ट इव दुःखेन हृद्गतेन गरीयसा (कामन्दक)।

आवीरचूर्णम् (नपुं.) [*आवीरस्य चूर्णम्*] अवीर।

चन्दनागुरुकस्तूरीकुंकुमद्रवसंयुतम्।
आवीरचूर्णं रुचिरं गृह्यतां परमेश्वर॥
(ब्र.वै.पु. कृ.ज.ख., अध्याय ८)

आवुकः (पुं.) [*अवति रक्षति, अव रक्षणे इति धातोः, बाहुलकाद् उकण्, वृद्धिः*] नाटकमा पिता (अमर.)।

आवुत्तः (पुं.) [*आपमुत्तनोति, उत्पूर्वकाद् तनु विस्तारे इति धातोः, डः, यद्वा आपनमाप्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, आपमुत्तनीति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] भिनाजु वा बहिनी ज्वाइँ।

आवृत् (पुं.) [*आवर्तनम्, आवृत्यतेऽत्र वा, वृतु वर्तने इति धातोः, सपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] १.क्रम/अनुक्रम २.जातकर्म आदि क्रियाकलाप।

अनयैवावृता कार्यं पिण्डदानमशेषतः।
अमन्त्रिका तु कार्येयं स्त्रीणामावृदशेषतः॥ (मनु.)

आवृतः (पुं.वि.) [*आव्रियते स्म, आङ्पूर्वकाद् वृञ् वरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.वरण गरिएको २.ढाकिएको ३.एक वर्णसङ्कर जाति।

आवृत्तः (पुं.वि.) [*आवृत्यते स्म, आङ्पूर्वकाद् वृतु वर्तने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.दोहोरिएको/आवृत्ति भएको २.अभ्यास गरिएको ४.उल्टो राखिएको ५.भागेको ६. परिवर्तन भएको। **स कृत्स्नमेव सन्दर्भोऽस्माकमावृत्तः** (उ.रा.च.)।

आवृत्तिः (स्त्री.) [*आवर्तनम्, आङ्पूर्वकाद् वृतु वर्तने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] दोहोऱ्याउने काम/पुनरावृत्ति।

आवृत्तिदीपकम् (नपुं.) [*धर्मस्य आवृत्तिभूतं दीपकम्, म.प.स.*] दीपक अलङ्कारको एक भेद। दीपक अलङ्कारमा धर्मको आवृत्ति हुँदा पर्न जाने अलङ्कार। यो तीन किसिमको हुन्छ– पदावृत्ति दीपक, अर्थावृत्तिदीपक र उभयावृत्तिदीपक। पदावृत्तिदीपक– **वर्षत्यम्बुदमालेयं वर्षत्येषा च शर्वरी**। अर्थावृत्तिदीपक– **उन्मीलन्ति सरोजानि स्फुटन्ति कुटजद्रुमाः**। उभयावृत्तिदीपक– **माद्यन्ति चातकास्तृप्ता माद्यन्ति च शिखावला** (कुवल.४९)।

आवृत्तिवक्रता (स्त्री.) [*आवृत्तिगता वक्रता, म.प.स.*] प्रकरण वक्रताको एक नियामकता। काव्य वा नाटकका प्रकरणहरूमा वस्तुको स्वरूपलाई नयाँ–नयाँ दृष्टिबाट पुनः पुनः वर्णन गर्दा यो वक्रता हुन्छ। यस्तो वक्रतामा कविले काव्यमा पहिले वर्णन गरिएको विषयलाई प्रकारान्तरले फेरि पनि रसमयताको आधानका निमित्त वर्णन गरेको हुन्छ। यसलाई पुनरुक्ति होइन, पुनः सृजन भनिन्छ।

आवृष्टिः (स्त्री.) १.[*आवर्षणम्, आङ्पूर्वकाद् वृषु सेचने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] राम्रोसित भएको वर्षा २.[*वृष्टिमभिव्याप्य, अव्य.स.*] वर्षा नभएसम्म।

आवेगः (पुं.) [*वेजनम्, ओ विजी भयचलनयोः इति धातोः, भावे ३.३.१८ इति घञ्, आः समन्ताद् वेगः*] १.भावनाको अतिरेक २.भित्री वेग/मानसिक आवेश ३.तेत्तिस व्यभिचारिभावमध्येको एक भाव/हडबडी/हतार। **आवेगः संभ्रमः** (सा.द.)।

आवेगी (स्त्री.) [*आवेगोऽस्त्यस्याः, अर्शआदिभ्योऽच् .२.१ २७ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.त्रिधारा २.(पुं.वि.) [*आवेगोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] आवेग भएको।

आवेदकः (पुं.वि.) [*आवेदयति, आङ्पूर्वकाद् विद्लृ लाभे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.दरखास्त दिने २.निवेदन गर्ने।

आवेदनम् (पुं.) [*आङ्पूर्वकाद् विद्लृ लाभे इति धातोः, ल्युट् च ३.३.११५) इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.निवेदन २.प्रकाशन/कथन।

परैरावेद्यमानानां गुणानां महिमोज्ज्वलः।
आत्मनाऽऽवेदनं व्यर्थं मेमेध्वनिरिवाधिकः॥ (सुभा.)

आवेदितः (पुं.वि.) [*आवेद्यते स्म, आङ्पूर्वकाद् विद्धातोः णिचि कर्मणि क्तः*] १.आवेदन गरिएको २.भनिएको।

आवेशः (पुं.) [*आवेशनम्, आङ्पूर्वकाद् विश प्रवेशे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आवेग २.अहङ्कारविशेष ३.भूतसञ्चार ४.छारेरोग ५.आसक्ति ६.प्रवेश।

आवेशनम् (नपुं.) १.[*आवेश्यतेऽस्मिन्, आङ्पूर्वकाद् विश प्रवेशे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] शिल्पशाला २.[*आवेशनम्, आङ्पूर्वकाद् विश प्रवेशे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रवेश गर्नु २.भूत लाग्नु ३.आवेगमा आउनु। **आवेशनं शिल्पिशाले भूतावेशप्रवेशयोः** (विश्व.) ४.रिसाउनु ५.परिवेश।

आवेशिकः (पुं.वि.) १.[*आवेशे भवः, अध्यात्मादिभ्यश्च (वा.) ४.३.६० इति ठञ्, ठस्येकः, वृद्धिः*] अतिथि २.[*आवेशं संरम्भं वा प्राप्तः*] आवेशमा आएको।

आवेष्टकः (पुं.वि.) [*आवेष्टयति, आङ्पूर्वकाद् वेष्ट वेष्टने ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बन्द गर्ने २.बेर्ने काम गर्ने ३.(पुं.) खाम ४.पर्खाल।

आवेष्टनम् (नपुं.) [*आङ्पूर्वकाद् वेष्ट वेष्टने इति धातोः, ल्युट् च इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.बेर्नु २.बन्द गर्नु।

आवेष्टितः (पुं.वि.) [*आ समन्ताद् वेष्टितः*] अतिशय बेरिएको।

आवेष्टितो महासर्पैश्चन्दनः किं विषायते (सुभा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशंसनम् (नपुं.) [*आङ्पूर्वकाद् शसि इच्छायाम् इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रशंसा गर्नु २.भन्नु ३.इच्छा गर्नु ४.कल्पना गर्नु।

आशंसा (स्त्री.) [*आशंसनम्, आङ्पूर्वकाद् शसि इच्छायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यङ्, टाप् ४.१.४*] १.स्तुति २.प्रशंसा ३.इच्छा/आकाङ्क्षा। **निदधे विजयाशंसां चापे सीताञ्च लक्ष्मणे**। (रघु.१२.४४) ४.भाषण ५.कल्पना। **आशंसा परिकल्पितास्वपि भवत्यानन्दसान्द्रो लयः** (मातङ्गलीला)।

आशंसिता (पुं.वि.) [*तृन् ३.४१३४ इति तृन्*] १.इच्छा गर्ने २.भन्ने ३.कल्पना गर्ने।

आशंसुः (पुं.वि.) [*आशंसते, आङ्पूर्वकाद् शसि इच्छायाम् इति धातोः, सनाशंसभिक्ष उः ३.३.१६८ इति उः*] अभीष्ट सिद्ध गर्न चाहने।

आशक्तिः (स्त्री.) [*आशक्यते इति, आङ्पूर्वकाद् शक्लृ गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] सामर्थ्य/शक्ति।

आशङ्का (स्त्री.) [*आशङ्कनम्, आङ्पूर्वकाद् शकि शङ्कायाम् इति धातोः, धातोरिदितत्वेनोपदेशावस्थायां नुमो विधानाद् धातोर्गुरुत्वाद् गुरोश्च हलः ३.३.१०३ इति अप्रत्ययः, टाप् ४.१.४*] १.भय/त्रास २.सन्देह। **नष्यशङ्का हरिणशिशवो मन्दमन्दं चरन्ति** (अभि.शा.)।

आशङ्कितः (पुं.वि.) [*आशङ्का सञ्जाता अस्य*] १.शङ्का लागेको २.डराएको।

आशयः (पुं.) [*आङ्पूर्वकाद् शीङ् स्वप्ने इति धातोः, एरच् इत्यच्*] १.शयनकक्ष/विश्रामस्थल २.अभिप्राय। **तच्चालोक्याशयं बुद्ध्वा तस्य सोऽपि वसन्तकः** (क.स.) ३.निवासस्थल/आश्रयस्थल ४.तरङ्ग ५.चित्तवृत्ति। **योगेन दलिताशयः** (सा.द.) ६.भावना, मन, हृदय। **अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः** (भ.गी) ७.पात्र/आधार। **विषमोऽपि विगाह्यते नयः कृततीर्थः पयसामिवाशयः** (किरा.२.३.) जलाशय,आमाशय, रक्ताशय, गर्भाशय आदि यसका अन्य उदाहरण हुन्। ८.जनावरहरू समात्न बनाइएको खाडल। **आस्ते परमसन्तप्तो नूनं सिंह इवाशये** (म.भा.)।

आशरः (पुं.) [*आशृणाति, आङ्पूर्वकाद् शृ हिंसायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.अग्नि २.राक्षस ३.हावा ४.सूर्य। **आशरोऽर्के राक्षसेऽग्नौ** (विश्व.)।

आशा (स्त्री.) [*आ समन्तात् अश्नुते, आङ्पूर्वकाद् अशू व्याप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.अप्राप्त वस्तु प्राप्त गर्ने अभिलाषा/दीर्घ आकाङ्क्षा। **आशानाम नदी मनोरथजला तृष्णातरङ्गाकुला** (शान्तिश.)। २.दिशा। **~अतीतः** (पुं.वि.) [*आशामतीतः, द्वि.त.*] आशा गरेको भन्दा बढ्ता/कल्पनातीत। **~अन्वितः** (पुं.वि.) [*आशया अन्वितः*] आशैआशाले युक्त। **~जनकः** (पुं.) [*आशायाः जनकः, ष.त.*] आशा पैदा गराउने/आशा लाग्दो। **~तन्तुः** [*आशाया तन्तुरिव, आशैव वा तन्तुः*] १.भिनो आशा २.आशारूपी त्यान्द्रो। **~पालः** (पुं.) [*आशां पालयति, कर्मण्यण्*] दिक्पाल। **~पिशाचिका** (स्त्री.) [*आशा एव पिशाचिका*] आशाको कल्पना। **~बन्धः** (पुं.) आशाको बन्धन/आशै आशामा बस्नु पर्ने स्थिति/ भरोसा। **आशाबन्धः कुसुमसदृशं प्रायशो ह्यङ्गनानाम्** (मे.दू.) **~भङ्गः** (पुं.) [आशायाः भङ्गः,ष.त.] निराशा। **~मुखी** (पुं.वि.) [*आशा मुखं प्रधानमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] आशा गर्ने। **~वादी** (पुं.वि.) [*आशाया वादी, ष.त.*] सदा सर्वदा असल कुरा र कल्याणमय परिणामको आशा गर्ने। **~हीनः** (पुं.वि.) [*आशया हीनः, तृ.त.*] आशा नभएको।

आशाधरभट्टः (पुं.) १.काव्यशास्त्रका एक आचार्य। यिनको जन्मस्थान अजमेर हो। यिनले अनेक जैन ग्रन्थको रचना गरेका छन्। रुद्रटद्वारा प्रणीत काव्यालङ्कारको टीका पनि यिनले लेखेका छन्। यिनको समय तेहौँ शताब्दी हो। २.आशाधरभट्ट नामका अर्का विद्वान् पनि छन्। यिनको समय सत्रौँ शताब्दी हो। यिनले कोविदानन्द, त्रिवेणिका र अलङ्कारदीपिका नामका तीन कृति लेखेका छन्। कोविदानन्द– हालसम्म प्रकाशित नभएको शब्दवृत्तिसँग सम्बद्ध प्रौढ ग्रन्थ हो। त्रिवेणिकामा शब्दशक्तिको विवेचना छ। यसमा अभिधालाई गङ्गा, लक्षणालाई यमुना र व्यञ्जनालाई सरस्वती भनिएको छ। यिनले अर्थलाई चारु, चारुतर र चारुतम गरी तीन भागमा छुट्याएका छन्। अभिधाजन्य अर्थलाई चारु, लक्षणाजन्य अर्थलाई चारुतर र व्यञ्जनाजन्य अर्थलाई चारुतम भनेका छन्। अलङ्कारदीपिकामा अलङ्कारको चर्चा छ।

आशाबन्धः (पुं.) [*आशाया बन्धः, ष.त.*] १.आशाको बन्धन/भरोसै भरोसा/आश्वासन। **आशाबन्धः कुसुमसदृशं प्रायशो ह्यङ्गनानाम** (मे.दू.) २.प्रत्याशा ३.माकुराको जालो।

आशास्यः (पुं.) [*आङ्पूर्वकात् शासधातोर्ण्यत्*] १.वरदानद्वरा प्राप्य २.वाञ्छनीय (रघु.४.४४)।

आशास्यम्(नपुं.) आशीर्वाद। **आशास्यमन्यत्पुनरुक्तभूतम्** (रघु.५.३४)।

आशितः (पुं.वि.) [*आश्यते स्म, आङ्पूर्वकाद् अश भोजने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खाइएको/अघाइएको/तृप्त।

आशितम् (नपुं.) [*आशनम्, आपूर्वकाद् अश भोजने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] भोजन।

आशितङ्गवीनम् (नपुं.) [*आशिता भोजिता गावो यत्र, आशितङ्गव इति शब्दात् अषडक्षशितङ्ग्वलङ्कर्मालम्पुरुषाध्युत्तरपदात् खः ५.४.७ इति खप्रत्ययः, निपातनात् मुमागमश्च,खस्येनः*] १.पुरानो गौचरन २.जङ्गल।

आशिता (स्त्री.) [*अश्नोति, ण्वुल्तृचौ इति तृच्*] अशिय खाने/खन्चुवा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशिरः (पुं.) [*अश्नोतीति, अशु भोजने इति धातोः, अशेर्णित् (उ.) ४४४ इति सूत्रेण किरच्, णित्वात् वृद्धिश्च*] १.आगो २.राक्षस ।

आशीः (स्त्री.) १.[*आशास्ते, आङ्पूर्वकाद् शासु इच्छायाम् इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, क्वौ च शासः इत्वं भवतीति वक्तव्यम् (वा.) ६.४.३४ इति इत्वम्*] सर्पको दाँत । **आशीस्तालुगता दंष्ट्रा तया विद्धो न जीवति ।** २.[*आशासनम्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, इत्वम्*] आशीर्वाद/ हितको कामना ।

वात्सल्याद् यत्र मान्येन कनिष्ठस्याभिधीयते ।
इष्टावधारकं वाक्यमाशीः सा परिकीर्तिता ॥ (ध.शा.)

आशीर्वचनम् (नपुं.) [*आशीर्मयं वचनम्, म.प.स.*] आशीर्वाद ।

आशीर्वादः (पुं.) [*आशिषो वादः,ष.त.*] १.आशीर्वचन २.मङ्गलप्रार्थना **मङ्गल्यं दीर्घवर्णान्तमाशीर्वादाभिधानवत्** (मनु.) ।

आशीविषः (पुं.) [*आशीः तालुगता दंष्ट्रा, तत्र विषमस्त्यस्य पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति दीर्घसलोपौ*] सर्प ।

आशुः (पुं.) [*अश्नुते, अशू व्याप्तौ इति धातोः कृवापा– (उ.) १ इत्युण्*] १.सठिया धान २.छिटो । **आशुस्तु व्रीहिशीघ्रयोः** (हैम.) । **तृणबीजं तु श्यामाको, व्रीहिराशु च पाटलः ।** इति आशुशब्दः क्लीबमपि ।

आशु (अव्य.) [*अश्नुते व्याप्नोतीति, अशू व्याप्तौ इति धातोः, कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १ इत्युण, वृद्धिः*] १.छिटो/शीघ्र । **आशु बध्नाति हि प्रेम प्राग्जन्मान्तरसंस्तवः** (कथास.) २.(पुं.) [*अश्यते स्वादुतया भुज्यते शीघ्रमिति*] धानविशेष । **~कविः** (पुं.) [*आशुकारी कविः, म.प.स., आशु कवते वर्णयति वा*] तुरुन्त कविता सृजना गर्न सक्ने कवि । **~कारी** (पुं.वि.) [*आशु करोतीति, आशुपूर्वकाद् डु कृञ् करणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.३.७८ इति णिनिः*] छिटो काम गर्ने ।

आशुकृत् (पुं.वि.) [*आशु करोति, कृधातोः क्विप्, तुक्*] छिटो गर्ने ।

आशुकोपी (पुं.वि.) [*आशु कुप्यति तच्छीलः,णिनिः*] छिटो रिसाउने

आशुतोषः (पुं.वि.) [*आशु तुष्यति*] १.छिटो खुसी हुने २.(पुं.) शिव/महादेव ।

आशुगः (पुं.वि.) [*आशु गच्छतीति, अन्यभ्योऽपि दृश्यते (वा) .३.२.४८ इति डः, डित्वट्टिलोपः*] छिटो हिँड्ने ।

आशुगः (पुं.) १.हावा २.बाण ३.[*आशु गच्छतीव,पृथिव्या गतिशीलत्वात्*] सूर्य । (हेम.)

आशुतोषः (पुं.वि.) [*आशु शीघ्रं तुष्यति, पचाद्यच्, गुणः*] चाँडै खुसी हुने ।

आशुतोषः (पुं.) [*आशु शीघ्रं तुष्यति, पचाद्यच्, गुणः*] शिव ।

आशुशुक्षणिः (पुं.) [*आ समन्तात् शुष्यन्ति पदार्था अनेन यद्वा आशोष्टुमिच्छति, आङ्पूर्वकात् शुष शोषणे इति धातोः, सनन्ताद् आङि शुषेः सनश्छन्दसि (उ.) २६८ इति अनिः*] १.अग्नि २.वायु ।

आशोषणम् (नपुं.) [*आङ्पूर्वकाद् शुष शोषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१इत्यनः*] १.सुकाउनु २.शोषण गर्नु ।

आशौचम् (नपुं.) [*अशुचेर्भावः, कर्म वा, इगन्ताच्च लघुपूर्वात् ५.१.१३४ इत्यण् ,न शौचम्, न.त.अशौचमेव, स्वार्थे अण्*] १.अपवित्रता २.जननाशौच र मरणाशौच । नेपालीमा जननाशौचलाई सूतक र मरणाशौचलाई जुठो भन्ने चलन छ । सूतकसम्बन्धी आशौच भन्नाले जन्म वा जन्म समयभन्दा अघि भएको गर्भपतनसम्बन्धी आशौचलाई जनाउँछ । चार महिनासम्मको गर्भ तुहेमा त्यसलाई गर्भस्राव, पाँच महिना र छ महिनाको गर्भ तुहेमा त्यसलाई गर्भपात र त्यसपछिको गर्भपतनलाई प्रसूति भनिन्छ ।

आचतुर्थाद् भवेद् स्रावः पातः पञ्चम षष्ठयोः ।
अत ऊर्ध्वं प्रसूतिः स्यात् तत्राशौचं विविच्यते ॥
(ध.सि.)

आशौच आआफ्ना शाखाअनुसार भिन्नभिन्न पनि हुन्छन्, मतमतान्तर पनि छन्, शास्त्र र आफ्नो शाखाको विरुद्ध नहुने गरी आशौच बार्नुपर्छ । वाजसनेयी माध्यन्दिनीय शाखाअन्तर्गत नेपाली परम्पराले बार्दै आएका प्रमुख आशौचहरू–

१.**जननाशौच**– १.विवाहिता छोरी माइतमा (बाबुको खानपिन, उठबस, पाठपूजा आदि हुने मूल घरमा) सुत्केरी भएमा वा मरेमा छोरीका बाबु, आमा र सौतेनी आमालाई दश दिन आशौच लाग्छ । त्यसै घरमा बसेका सहोदर दाजु, भाइ र सौताने दाजुभाइलाई तीन दिन लाग्छ, जेठा बाबु, कान्छा बाबु, जेठी आमा, कान्छी आमाले अहोरात्र आशौच बार्नुपर्छ । **प्रसवे पितुः पूर्णम्, बन्धूनां त्र्यहम्** (शुद्धिचन्द्रिका, षडशीति) । बाबुको मुख्य घरबाहेक अन्यत्र गोठ, धनसार, मतान आदिमा प्रसूति भएमा आमा बाबुलाई तीन दिन, सहोदर र सौताने दाजुभाइलाई पक्षिणी, भिन्न नभई त्यसै घरमा बसेका काका काकी आदिलाई एक अहोरात्र सूतक लाग्दछ । माइत देखि अन्यत्र सुत्केरी भएमा पितृपक्षलाई आशौच लाग्दैन ।

दत्ता नारी पितुर्गेहे सूयेताथ म्रियेत वा ।
तद्बन्धुवर्गस्त्वेकेन शुचिस्तज्जनकस्त्रिभिः ॥ (माधव)

२.पत्नीको एकदेखि चार महिनासम्मको गर्भ पतन भएमा पत्नीले रजोनिमित्तक गर्भ चार दिन बार्नुपर्छ । पतिले स्नान गरेमात्र पुग्छ । पाँच महिनाको गर्भ पतन भएमा पाँच दिन र छ महिनाको गर्भपतन भएमा छ दिन पत्नीलाई आशौच लाग्छ भने पतिलगायत सपिण्डले तीन दिन आशौच बार्नुपर्छ । **पित्रादीनान्तु (गर्भ) स्रावमात्रे स्नानाच्छुद्धिः, गर्भपाते पित्रादिसपिण्डानां त्रिदिनं जननाशौचम्** (ध.सि.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.सातौं महिना पछिको गर्भ निस्कनुलाई जन्म भन्दछन्। जन्म हुँदा आमा र सात पुस्ताभित्रका दाजुभाइलाई दश दिन, आठौंदेखि चौध पुस्तासम्मका दाजुभाइलाई तीन दिन, पन्ध्रौं पुस्तादेखि एक्काइसौं पुस्तासम्मका दाजुभाइलाई एक दिन सूतक लाग्छ। बाइस पुस्ता माथिकालाई स्नानले मात्र आशौच निवृत्त हुछ, मरणाशौच लाग्दैन।

दशाहाभ्यन्तरे बाले प्रमीते तस्य बान्धवैः।
शावाशौचं न कर्तव्यं सूत्याशौचं विधीयते॥ (षडशीति १९)

४.समान जननाशौच खापिएमा यौटा सूतक नसिद्धिदै अर्को सूतक परेमा पहिलो सूतकले दोस्रो सूतक लैजान्छ। पहिलो सूतक सकिए पछि आशौच निवृत्त हुन्छ। प्रथम बच्चाको नामकरण भने दोस्रो वच्चाको नामकरणसित गर्नुपर्छ।

मरणाशौच–

१.मरेको जन्मिएमा वा जन्म भइसकेपछि नाल काट्नु अगाडि बालक मरेमा आमालाई दश दिन, बाबु र अन्य सात पुस्ताभित्रका दाजुभाइलाई तीन दिन आशौच लाग्छ।

जीवन् जातो यदि मृतो मृतः सूतक एव च।
सूतकं सकलं मातुः पित्रादीनां त्रिरात्रकम्॥ (बृहन्मनु)
नाभिकर्तनतः पूर्वं शिशौ प्रेते च सूतकम्।
मातुः पूर्णमतोऽन्येषां पितुश्च त्रिदिनं समम्॥
(षडशीति १२)

२.न्वारान नगर्दै नाल काटिसकेपछि बालकको मृत्यु भएमा बाबु, आमा र सपिण्ड दाजुभाइलाई दश दिन जननाशौच लाग्छ,, मरणाशौच लाग्दैन। बाबु, आमाले भने मरणनिमित्तक स्नान गनुपर्छ। **नालच्छेदनोत्तरं दशाहाभ्यन्तरे शिशुमरणे सपिण्डादीनां सम्पूर्णमेव जननाशौचम्, मृताशौचं नास्ति** (ध.सि.)।

३.न्वारान भएर दाँत नउम्रदै बालकको मृत्यु भएमा सपिण्डलाई एक अहोरात्र आशौच लाग्छ,।

अदन्तजाते तनये शिशोर्गर्भच्युते तथा।
सपिण्डानान्तु सर्वेषामहोरात्रमशौचकम्॥ (यम.)

४.दाँत आइसकेको दुई वर्षसम्मको बालक मरेमा जलाएको वा गाडेको दुबै अवस्थामा बाबु आमाले तीन दिन आशौच बार्नु पर्छ। **मातापित्रोरुभयत्र त्रिरात्रम्** (ध.सि.) सात पुस्ताभित्रका दाजुभाइलाई एक दिन जुठो लाग्छ।

५.दुई वर्षभन्दा माथिको व्रतबन्ध न भएको बालकको मृत्यु भएमा बाबु आमालाई तीन दिन र सपिण्डलाई एक दिन जुठो लाग्छ। चूडा गरेको भए सपिण्डलाई पनि तीनै दिन लाग्छ। सोदक (आठौं पुस्तादेखि चौध पुस्तासम्मका दाजुभाइ) ले स्नान गरे पुग्छ। उक्त अवस्थाको बालकलाई चूडा गरेको वा नगरेको भएपनि जलाउनु पर्छ। जलाई सकेपछि मन्त्रोच्चारण नगरी जलदान आदि कार्य गर्नुपर्छ। चौथो दिनमा समान उमेरका ब्राह्मण बालकलाई खाने, लगाउने, ओड्ने, ओछ्याउने आदि वस्तु दान गरी भोजन गराउनुपर्छ।

यत्र प्रमीयते बालस्तत्र प्रायः प्रदीयते।
किञ्चित् समानवयसां संस्कृतान्नं यथाविधि।
भक्ष्यं भोज्यञ्च दातव्यं तथा च सुखभक्षिका।
तद्वस्त्राणि प्रदेयानि सोपानत्कानि तत्समे।
कुमाराणाञ्च बालानां भोजनं वस्त्रवेष्टनम्।
यच्चोपजीवते बालस्तद्वद् विप्राय दीयते॥

६.नामकरणपछि दाँत नउम्रदै बालिकाको मृत्यु भएमा बाबु आमालाई एक दिन आशौच लाग्छ, सात पुस्ताभित्रकाले स्नान गरेपछि उनीहरूको आशौच निवृत्त हुन्छ। **मातापित्रोः कन्यामृतौ दन्तोत्पत्तिपर्यन्तमेकाहः, त्रिपुरुषसपिण्डानां स्नानात् शुद्धिः** (ध.सि.)।

७.दाँत उम्रेकी तर तीन वर्ष ननाघेकी बालिकाको मृत्यु भएमा आमा बाबुलाई तीन दिन आशौच लाग्छ।तीन पुस्ताभित्रका दाजुभाइले स्नान गरेमात्र पुग्छ।

आजन्मनस्तु चौलान्तं कन्या यदि विपद्यते।
सद्यः शौचं भवेत्तत्र सर्ववर्णेषु नित्यशः॥ (ध.सि.)

८.तीन वर्षमाथि विवाह नभएसम्मका बालिकाको मरणाशौच बाबु आमालाई तीन दिन र तीन पुस्ता भित्रका दाजुभाइलाई एक दिन लाग्छ। **कन्याया वर्षत्रयानन्तरं वाग्दानात्प्राङ्मरणे त्रिपुरुषसपिण्डानामेकाहः, मातापित्रोस्त्रिदिनम्** (ध.सि.)।

९.वाग्दान भएर विवाह नभएकी कन्याको मृत्यु भएमा बाबु आमा लगायत पितृपक्षका तीन पुस्ता र वरपक्षका सात पुस्ताभित्रका सबैलाई तीन दिन आशौच लाग्छ। **वाग्दानोत्तरं विवाहात्प्राक् कन्यामरणे पितृसपिण्डानां भर्तृसपिण्डानाञ्च त्रिदिनम्** (ध.सि.)।

१०.बाबु आमा र पतिको आशौच छोरा र पत्नीलाई बाह्र दिन, सात पुस्ताभित्रका दाजुभाइलाई दश दिन, आठौं पुस्तादेखि चौंधौं पुस्तासम्मकालाई तीन दिन र पन्ध्रौं पुस्तादेखि एक्काइसौं पुस्तासम्मका दाजुभाइलाई एक दिन लाग्छ। त्यसदेखि माथि जतिसुकै पुस्ता भए पनि स्नान गरे आशौच निवृत्त हुन्छ। **दशाहं शावमाशौचं सपिण्डेषु विधीयते।** (वसिष्ठधर्मसूत्र) **सप्तमे तु दिनत्रयात्** (पा.गृ.सू.)।

११.विवाहिता छोरीको आशौच बाबुआमालाई तीन दिन लाग्छ। त्यसै गरी बाबुआमा र सौताने आमाको आशौच विवाहिता छोरीलाई पनि तीनै दिन लाग्छ।

पित्रोरुपरमे स्त्रीणामूढानान्तु कथं भवेत्।
त्रिरात्रेणैव शुद्धिः स्यादित्याह भगवान् यमः॥ (नि.सि.)

१२.दाजुभाइको घरमा दिदीबहिनी र दिदीबहिनीको घरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाजुभाइको मृत्यु भएमा क्रमशः दाजुभाइ र दिदीबहिनीलाई तीन रात आशौच लाग्छ। अन्यत्र निधन भएमा एक पक्षिणी अर्थात् ३६ घण्टा आशौच बार्नुपर्छ। विवाहिता भान्जीको निधनमा मामा माइजुले स्नान गरेमा आशौच निवृत्त हुन्छ। **भ्रातुर्भगिनीगृहे तस्या वा तद्गृहे मृतौ त्रिरात्रम्, अन्यत्र तु पक्षिणी भवेत्। भागिनेयीमरणे तु स्नानमात्रम्** (ध.सि.)। त्यस्तै जेठा बा र जेठी आमा (बाबुका दाजु र भाउजु) को निधन भएमा छोरीलाई पक्षिणी र ज्वाइँलाई स्नान गरेमा पुग्छ तर कन्यादान दिएको भए ज्वाइँलाई पनि पक्षिणी नै लाग्छ। ज्वाइँ र छोरीको निधन भएमा जेठा बा र जेठी आमाले पनि यही नियमअनुसार बार्नुपर्छ।

१३.मामा माइजुको निधनमा भान्जाभान्जीलाई तीन दिन, त्यस्तै उपनीत भानिजको मृत्यु भएमा मामा र माइजुलाई तीन दिन आशौच लाग्छ। **मातुलमरणे भगिनीपुत्रस्य... उपनीतभागिनेयमरणे त्रिरात्रम्** (ध.सि.)।

१४.मातामह (मावलका हजुर्बा) मातामही (मावलकी हजुर आमा) को मरणाशौच छोरीका छोराछोरीलाई तीन दिन लाग्छ। त्यसै गरी छोरीका छोराछोरीको निधन भएमा तिनका मातामह र मातामहीलाई पनि तीनै दिन आशौच लाग्छ।

१५.विवाहिता नातिनीको आशोच पितामह (हजुरबा) र पितामही (हजुरआमा) लाई एक दिन लाग्छ भने पितामह र पितामहीको आशौच विवाहिता नातिनीलाई तीन दिन लाग्छ।

१६.सासुससुराको आशौच छोरी ज्वाइँलाई तीन दिन लाग्छ भने ज्वाइँको पनि आशौच सासूससुरालाई तीनै दिन लाग्छ। **जामातरि मृते शुद्धिस्त्रिरात्रेणोभयोः स्मृताः।**

१७.बहिनीज्वाइँ, भिनाजु, जेठान, जेठी सासूको निधनमा एक दिन आशौच बार्नुपर्छ। साला र जेठानका छोराछोरीको मरणमा भने स्नानले मात्र शुद्ध हुन्छ। **शालके तत्सुते चैव सद्यः स्नानेन शुध्यति** (मिता.या.३.२४)।

१८.सौताने सासु, फुपू, सानी आमा, ठुलीआमा, र मामाका विवाहिता छोरीहरूको आशौच एक दिन बार्नुपर्छ। सौताने फुपू र भदहाको मृत्यु भएमा स्नान गरे पुग्छ।

१९.आफ्ना सानी आमा ठुली आमा र फुपू को, बाबुका सानीआमा ठुलीआमा र फुपूको, आफ्ना सानीमा ठुली आमा र फुपूका छोराहरूको, बाबुका सानीमा ठुली आमा र फुपूका छोराहरूको, आमाका सानीमा ठुली आमा र फुपू का छोराहरूको, आफ्ना मामाका छोराहरूको, बाबुका मामाका छोराहरूको, आमाका मामाका छोराहरूको, आफ्ना मामाको, बाबुका मामाको, आमाका मामाको, आफ्ना बाबुका र आमाका माइजुहरूको, मावलतिरकी आफ्नै सौताने हजुर आमा, बाबुकी सौताने मातामही, आमाकी सौताने मातामहीको, अन्यत्र निधन भई आशौच परे पक्षिणी अर्थात् ३६ घण्टा र आफैँ बसेको घरमा मरण भए तीन दिन बार्नुपर्छ।

पितृस्वस्रादीनामूढानान्तु एकाहः।
एवं पित्रोर्भगिन्यौ ये ये पितामहयोस्तथा।
ये मातमहयोश्चैव भगिन्यौ तत्प्रजाश्च याः।
मातुलाः स्वस्य पित्रोश्च पत्न्यश्चैषां प्रजाश्च याः।
भ्रातरश्चेति सर्वेषु पक्षिणी स्वगृहे त्र्यहम्॥ (षडशीति)

ससुरा, ज्वाइँ र छोरीपट्टीका नातिहरूको निधन भएमा यही नियम लागु हुन्छ। **एवं श्वसुरजामातृदौहित्रविपदि स्मृतम्** (षडशीति)।

२०.आचार्य (व्रतबन्ध गराई वेद पढाउने) गुरु र श्रोत्रियको नजिक भए तीन रात र टाढा भए पक्षिणी (३६ घण्टा) आशौच लाग्छ। आचार्यका पुत्र र तिनकी पत्नीको एक अहोरात्र जुठो लाग्छ।

त्रिरात्रमाहुराशौचमाचार्ये संस्थिते सति।
तस्य पुत्रे च पत्न्याञ्च दिवारात्रमिति स्थितिः। (मनु.)
श्रोत्रिये तूपसम्पन्ने त्रिरात्रमशुचिर्भवेत्। (मनु.)

२१.अध्ययनरत शिष्यको तीन दिन, अध्ययनबाट निवृत्त शिष्यको पक्षिणी, यज्ञमा संलग्न ऋत्विक्‌को तीन दिन, यज्ञबाट निवृत्त ऋत्विक्‌को पक्षिणी,शास्त्र पढाउने गुरुको तीन दिन,सहपाठी र यजमानको पक्षिणी र मित्रको एक अहोरात्र आशौच बार्नुपर्छ।

अतिक्रान्ताशौच–

१.दशदिनपछि सुनेको जननाशौच लाग्दैन। बाबुले भने स्नान गर्नुपर्छ। **जनने त्वतिक्रान्तं शौचं नास्त्येव। पितुः स्नानं तत्रापि भवत्येव** (नि.सि.)।

२.विदेशमा रहेको व्यक्तिले दशदिनपछि घरमा आमाबाबु बाहेक अन्य आफन्त व्यक्तिलाई मरण भएको तीन महिनाभित्र थाहा पाए तीन रात, छ महिनाभित्र थाहा पाए पक्षिणी अर्थात् ३६ घण्टा, नौमहिनाभित्र थाहा पाए एक अहोरात्र आशौच लाग्छ, त्यसपछि स्नान गरे आशौच निवृत्त हुन्छ।

मासत्रये त्रिरात्रं स्यात् षण्मासे पक्षिणी तथा।
अहस्तु नवमादर्वागूर्ध्वं स्नानेन शुध्यति॥ (वृद्धवसिष्ठ)

३.दस दिनपछि जहिले पनि बाबु, अमा र पति/पत्नीको मृत्यु भएको थाहा भयोभने सुनेको दिनदेखि दशदिनसम्म त्यसलाई आशौच लाग्छ।

पितरौ चेत् मृतौ स्याताम् दूरस्थोऽपि हि पुत्रकः।
श्रुत्वा तद्दिनमारभ्य दशाहं सूतकी भवेत्॥
अतिक्रान्तञ्च कर्तव्यं मातापित्रोर्द्विजन्मनाम्।
उदकं पिण्डदानञ्च दशाहं सूतकं भवेत्॥

(स्मृतिसन्दर्भ, पृ.२२२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशान्तरमृतौ भर्तुर्दशाहाच्च बहिः श्रुतम्।
सम्पूर्णं सूतकं भार्या कुर्यादपि पतिस्तथा॥

(अन्त्यकर्मदीपक) तर (दशदिनपछि) सौताने आमा र बाबुका अन्य औरस पुत्रको निधन भएको सुनेमा सुनेको दिनदेखि तीन दिन आशौच लाग्छ।

पितृपत्न्यामपेतायां मातृवर्ज्यं द्विजोत्तमः।
संवत्सरे व्यतीतेऽपि त्रिरात्रमशुचिर्भवेत्॥

आशौचसम्पातः (पुं.) दुई वा सोभन्दा बढी आशौच खप्टनुलाई आशौचसम्पात भनिन्छ। यो सम्पात जननाशौचमा जननाशौच, जननाशौचमा मरणाशौच, मरणाशौचमा जननाशौच र मरणाशौचमा मरणाशौच गरी चार प्रकारको हुन्छ। प्रत्येक प्रकारको सम,न्यून र अधिकका भेदले यो सम्पात बाह्र प्रकारको हुन्छ।

१.जननाशौचमा जननाशौच र मरणाशौचमा मरणाशौच पऱ्यो भने पहिलो आशौचका बाँकी दिन बारेपछि पुग्छ, छुट्टै आशौच बार्नुपर्दैन। तर दश दिनको आशौचको बिचमा बाबु, आमा र पति/पत्नीको आशौच पऱ्यो भने अघिल्ला आशौचले पछिल्लो आशौच जाँदैन,पछिल्लो आशौच पूरै बार्नुपर्दछ।

२.एकदिनेमा तीनदिने, तीनदिनेमा दशदिने आशौच पर्न गयो भने पछिल्लो आशौच पूरै बार्नु पर्छ, अघिल्लाले शुद्ध हुँदैन। **स्वल्पाशौचस्य मध्ये तु दीर्घाशौचं भवेद्यदि। न पूर्वेण विशुद्धिः स्यात्स्वकालेनैव शुध्यति** (मिताक्षरा)।

३.जननाशौचले मरणाशौच शुद्ध हुँदैन। मरणाशौचले जननाशौचलाई शुद्ध गर्छ। तर तीनदिने जुठाको बिचमा दश दिने सूतक पऱ्यो भने जुठाले सूतक जाँदैन, सूतक पूरै बार्नुपर्छ इत्यादि। (निर्णयसिन्धु, धर्मसिन्धु, पारस्करगृह्यसूत्र, षडशीति, आशौचविवेचन)।

आश्चर्यः (पुं.वि.) [*आः इति चरितुं योग्यः, ण्यत्, सुट्*] चमत्कारपूर्ण/विलक्षण/अद्भुत। **आश्चर्यो गवां दोहोऽगोपेन।** (सि.कौ.)

आश्चर्यम् (नपुं.) [*आः, इति चर्यतेऽ भिनीयते, आश्चर्यमनित्ये ६.१.१४२ इति ससुट्को निपातः*] विस्मय/अचम्म।

धर्मं प्रसङ्गादपि नाचरन्ति पापं प्रयत्नेन समाचरन्ति।
आश्चर्यमेतद्धि मनुष्यलोकेऽमृतं परित्यज्य विषं पिबन्ति॥ (सुभा.)

आश्मः (पुं.वि.) [*अश्मनो विकारः, तस्य विकारः ४.३.१३२ इत्यण्, अश्मनो विकारे टिलोपो वक्तव्यः (वा) इति टिलोपः*] १.पत्थरिलो २.ढुङ्गाबाट बनाइएको वा भएको ३.(पुं.) सूर्यको सारथि/अरुण।

आश्मानः (पुं.वि.) [*अश्मनो विकारः,अण्, पक्षे टिलोपाभावः*] ढुङ्गाले बनेको २.(पुं.) सूर्यको सारथी।

आश्मिकः (पुं.वि.) १.[*अश्मना निर्मितः, ठण्, इकः*] पत्थरले बनेको २.[*अश्मानं वहति*] पत्थर ढुवानी गर्ने।

आश्यानः (पुं.वि.) [*आङ्पूर्वकात् श्यैधातोः क्तः*] १.जमेको (किरा. १६.१०) २.केही सुकेको। **पथश्चाश्यानकर्दमान्** (रघु.४.२४)।

आश्रमः (पुं./नपुं.) [*आश्राम्यन्त्यत्र अनेन वा, श्रमु तपसि इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, वृद्धिनिषेधः*] १.ऋषिहरूको वासस्थल/कुटी २.मठ ३.जीवनका चार अवस्था– ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र सन्न्यास।

आश्रमो ब्रह्मचर्यादौ वानप्रस्थे वने मठे। अस्त्रियाम् (मेदिनी.)

~पदम् (न.पुं.) [*आश्रमस्य पदम्, ष.त.*] तपोवन। **~भ्रष्टः** (पुं.वि.) [*आश्रमाद् भ्रष्टः प.त.*] आश्रमधर्मबाट पतित। **~वासी** (पु.वि.) [*आश्रमे वसतीति, आश्रमपूर्वकाद् वस निवासे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] आश्रममा बस्ने।

आश्रमधर्मः (पुं.) [*आश्रमाणां धर्मः, ष.त.*] ब्रह्मचारी, गृहस्थ आदि चारै आश्रममा रहेकाले पालन गर्नुपर्ने कर्तव्य, कर्म।

आश्रमस्थः (पु.वि.) [*आश्रमे तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, आलोपः*] आश्रममा बसेको।

आश्रमिकः (पुं.) [*आश्रमोऽस्यास्तीति, अत इनिठनौ इति ठन्, इकः*] धार्मिक जीवनका चार आश्रम मध्ये कुनै एक आश्रममा रहने।

आश्रयः (पुं.) [*आश्रीयतेऽत्र, आङ्पूर्वकाद् श्रिञ् सेवायाम् इति धातोः, एरच् ३.३.५ इत्यच्*] १.निवासस्थल/घर/विश्रामस्थल। **वासो वल्कलमाश्रयो गिरिगुहा शय्या लतावल्लरी** (शान्तिश.)। २.आधार। **तमाश्रयं दुःसहतेजसः** (रघु.३.५८) ३.शरणस्थल **भर्ता वै ह्याश्रयः स्त्रीणाम्** (वेता.) ४.पालक। **विनाश्रयं न तिष्ठन्ति पण्डिता वनिता लताः** (उद्भट) भरोसा ५.राजाका ६.गुणमध्ये एक गुण ७.सामीप्य ८.घर। **~असिद्धः** (पुं.) [*आश्रय असिद्धो यत्र सः*] हेत्वाभासको एक प्रकार। **~भुक्** (पुं.) [*आश्रयं भुङ्क्ते,क्विप्*] १.सम्पर्कमा रहने वस्तुलाई नाश गर्ने २.आश्रयलाई नै खतम गर्ने।

आश्रयणम् (नपुं.) [*आङ्पूर्वकाद् श्रिञ् सेवायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.आश्रय लिनु २.सहारा लिनु ३.अवलम्बन गर्नु।

आश्रयदः (पुं.) [*आश्रयं ददाति, आश्रयपूर्वपदात् दाधातोः आतोऽनुपसर्गे कः, इति कः, आलोपः*] आश्रय वा सहारा दिने।

आश्रयाशः (पुं.) [*आश्रयमाधारमप्यश्नाति, आश्रयपूर्वकाद् अश भोजने इति धातोः, कर्मण्यण् ३.२.१ इति कर्मण्युपपदेऽण्*] १.अगिन २.दुर्जन ३.चित्रक वृक्ष। **आश्रयाशः पुमान्वह्नौ त्रिषु चाश्रयनाशके** (विश्वः) ४.(पुं.वि.) आश्रयलाई पनि नाश गर्ने।

आश्रयी (पुं.वि.) [*आश्रयोऽस्यास्तीति, इनिः*] आश्रय लिने/भरोसा लिने।

आश्रवः (पुं.) [*आश्रवणम्, आङ्पूर्वकाद् श्रु गतौ इति धातोः, श्याद्व्यधास्रु (श्रु) संस्रुतीणवसावहलिहश्लिषश्वसश्च ३.१.१४१ इति णः*] १.पीडा/कष्ट २.अङ्गीकार/ स्वीकृति ३.प्रतिज्ञा। **आश्रवो वचनस्थिते। प्रतिज्ञायां च क्लेशे च** (हैम.)। ४.दोष ५.(पुं.वि.) [*आ सम्यक् शृणोति वाक्यं यः,अच्*] भनेको मान्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रितः (पुं.वि.) [*आश्रयते स्म, आङ्पूर्वकाद् श्रिञ् सेवायाम् इति धातोः, गत्यार्थकर्मक– ३.४.७२ इति क्तः*] १.आश्रय लिएको जस्तै– **कृष्णाश्रितः।** (सि.कौ.) २.कुनै स्थलमा स्थिर भएर बस्ने। ३.काम वा सेवामा लागेको।

आश्रुतः (पुं.वि.) [*आश्रूयते स्म, आङ्पूर्वकाद् श्रु श्रवणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सुनिएको २.प्रसिद्ध ३.स्वीकृत

आश्रुतिः (स्त्री.) [*आङ्पूर्वकात् श्रुधातोः भावे क्तिन्*] १.श्रवण २.प्रसिद्धि ३.स्वीकृति।

आश्लिष्टः (पुं.वि.) [*श्लिष्यति स्म, श्लेषयति स्म, आङ्पूर्वकात् श्लिष आलिङ्गने,श्लिष श्लेषणे इति धातोर्वा गत्यर्थाकर्मक श्लिष इति कर्तरि क्तः, ष्टुत्वम्*] १.जोडेको २.आलिङ्गन गरेको/अङ्कमाल गरेको।

आश्लेषः (पुं.) १.[*आश्लेषणम्, आङ्पूर्वकात् श्लिष आलिङ्गने इति धातोः,भावे ३.३.१८ इति घञ्*] आलिङ्गन/अङ्कमाल। **कण्ठाश्लेषप्रणयिनि जने किं पुनर्दूरसंस्थे** (मे.दू.)। २.[*अश्लेषाया अयम्*] अश्लेषासम्बन्धी। ३.[*अश्लेषा एव*] अश्लेषा नक्षत्र।

आश्लेषणम् (नपुं.) [*आङ्पूर्वकात् श्लिषधातोर्भावे ल्युट्, अनः*] १.आलिङ्गन गर्नु/अङ्कमाल गर्नु २.जोडिनु।

आश्वत्थम् (नपुं.) [*अश्वत्थानां फलम्, प्लक्षादिभ्योऽण् ४.३.१६४ इत्यण्*] पिप्पलको फल।

आश्वम् (नपुं.) [*अश्वानां समूहः, केशाश्वाभ्यां यञ्छावन्यतरस्याम् ४.२.४८, तस्य समूहः ४.२.३७ इत्यण्*] घोडाको बथान।

आश्वयुजः (पुं.) [*अश्वयुजा युक्ता पौर्णमासी अस्मिन् मासे सा, सास्मिन् पौर्णमासीति ४.२.२१ इत्यण्,वृद्धिः*] आश्विन महिना। **आश्विना–श्वयुजौ चोषः** (अमरमाला)।

आश्वस्तः (पुं.वि.) [*आङ्पूर्वकात् श्वसधातोः क्तः*] आश्वासन पाएको विश्वास दिलाएको।

आश्वासः (पुं.) [*आश्वासनम्, आङ्पूर्वकाद् श्वस प्राणने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आश्वसन दिनु/आशा देखाउनु २.आख्यायिकाको परिच्छेद।

आश्वासनम् (नपुं.) [*आङ्पूर्वकाद् श्वस प्राणने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आश्वासन दिनु/आशा देखाउनु।

आश्विनः (पुं.) [*अश्विनीनक्षेत्रण युक्ता पौर्णमासी अस्ति अस्मिन् मासे, साऽस्मिन् पौर्णमासीति ४.२.२१ इत्यण्*] आश्विन महिना।

आश्विनेयौ (पुं., द्विव.) [*अश्विन्या अपत्ये, अश्विनीशब्दात् स्त्रिभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] अश्विनीकुमार/देवताका वैद्य।

आश्विनौ (पुं./द्विव.) [*आश्विन्यां जातौ, सन्धिवेलाद्यृतुनक्षेत्रेभ्योऽण् ४.३.१६ इत्यण्, ङीपो लुक् ४.२.४९*] आश्विनी नक्षत्रमा जन्मिएका।

आश्वीनः (पुं.वि.) [*अश्वेन एकाहेन अतिक्रम्यते, अश्वस्यैकाहगमः ५.२.१९ इति खञ्, खस्य ईनः, वृद्धिः*] एउटा घोडाले एक दिनमा हिंड्ने (बाटो)।

आश्वीयम् (नपुं.) [*अश्वानां समूहः, केशाश्वाभ्यां यञ्छावन्यतरस्याम् ४.२.४८ इति छः छस्य ईयः*] घोडाको बथान।

आषाढः (पुं.) १.[*आषाढया आषाढानक्षत्रेण युक्ता पौर्णमासी यस्मिन् सः, साऽस्मिन् पौर्णमासीति ४.२.२१ इत्यण्*] आषाढ महिना २.[*आषाढः प्रयोजनमस्य, विशाखाषाढादण् मन्थदण्डयोः ५.१.१०९ इति अण्*] मधानी ३.मलयपर्वत ४.[*आषाढी पूर्णिमा प्रयोजनमस्य, विशाखाषाढादण् मन्थदण्डयोः ५.१.११० इत्यण्*] व्रतधारीले लिने पलाशको दण्ड। **आषाढो व्रतीनां दण्डे मासे मलयपर्वते। स्त्री पूर्णिमायाम्** (मेदिनी.)।

आषाढकः (पुं.) [*आषाढाभिराख्यातः, क्वुन् शिल्पिसंज्ञयोः (उ.) २.३२ इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] असार महिना।

आषाढी (स्त्री.) [*आषाढस्येयम्, अण्, ङीप्*] असारको पूर्णिमा।

आषाढा (स्त्री.) पूर्वाषाढा तथा उत्तराषाढा नक्षत्र।

आषाढाभूः (पुं.) [*आषाढायामभूत्, क्विप्*] मङ्गलग्रह।

आष्टमः (पुं.वि.) [*अष्टमो भागः, षष्ठाष्टमाभ्यां ञ च ५.३.५० इति ञः, वृद्धिः*] आठौँ।

आस (धा.) [*उपवेशने, अदा. अक.सेट् आत्मने.*]– वस्नु। लट्– **आस्ते**– बस्छ, **अध्यास्ते**– बस्छ, **अभ्यास्ते**– अभ्यास गर्छ, **उदास्ते**– उपेक्षा गर्छ। **उपास्ते**– उपासना गर्छ, नजिकै बस्छ। **निरास्ते**– निकाल्छ। लिट्– **आसाञ्चक्रे**– बसेछ (अन.)। लुट्– **आसिता**– बस्ने छ (अन.)। लृट्– **आसिष्यते**– बस्ने छ। लोट्– **आस्ताम्**– बसोस्। लङ्– **आस्त**– बस्यो (अन.)। विधिलिङ्– **आसीत**– बस्ला, बसोस्। आशीर्लिङ्– **आसिषीय**– बसोस्। लुङ्– **आसिष्ट**– बस्यो। लृङ्– **आसिष्यत**– बस्ने थियो। भावे– **आस्यते**– बसिन्छ। णिचि– **आसयति-ते**– बसाउँछ। सनि– **आसिसिषते**– बस्न चाहन्छ। कृदन्ते– **आसकः**– बस्ने। **आसिका**– बस्ने। **आसयन्**– बसाउने। **आसिततवान्**– बसेको। **आसितव्यः**,**आसनीयः**– बस्नुपर्ने। **आसित्वा**– बसेर। **आसितुम्**– बस्न। **उपास्य**– उपासना गरेर इत्यादि।

आसः (पुं.) [*अस्यन्ते क्षिप्यन्ते शरा अनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] धनु (हेम.)।

आसक्तः (पुं.वि.) [*आसज्जति स्म, आङ्पूर्वकात् षञ्ज सङ्गे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.अनुरक्त २.कामका लागि सधैं तत्पर ३.विषय वासनाको उपभोगमा लिप्त।

आसक्तम् (नपुं.) नित्य/निरन्तर (जटाधर)।

आसक्तिः (स्त्री.) [*आङ् पूर्वकात् षञ्ज सङ्गे इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] प्रेमभक्ति/मनको लगाव। यो आसक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथनअनुसार यहाँ देवता, पृथ्वीमा पुण्य कमाएर मरेका प्राणीहरू र युद्धमा वीरगति प्राप्त वीरको बसोवास छ। यहाँ तेत्तिस करोड देवता, अठचालिस हजार ऋषिमुनि र अप्सरा तथा तिनका सेवक एकैसाथ बस्न सक्ने नृत्यशाला छ।

इन्द्रवंशा (स्त्री.) [*इन्द्रस्य इन्द्रवज्राया वंशो वर्गो यस्याः सा, बहु.स.*] बाह्र अक्षर भएको वार्णिक छन्द। यस छन्दको प्रत्येक पाउमा क्रमशः त त ज र गण– (ऽऽ।, ऽऽ।, ।ऽ।, ऽ।ऽ) को प्रयोग हुन्छ।

इन्द्रवज्रा (स्त्री.) एघार अक्षरको एक पाउ भएको वार्णिक छन्द। यस छन्दको प्रत्येक पाउमा क्रमशः, त, त जगण र दुई गुरुवर्ण– (ऽऽ।, ऽऽ।, ।ऽ।, ऽ, ऽ) को प्रयोग भएको हुन्छ। वाल्मीकि, व्यास, अश्वघोष, कालिदास आदि कविहरूले यस छन्दको प्रशस्त प्रयोग गरेका छन्। नेपालीमा भानुभक्त, लेखनाथ, सोमनाथ, लक्ष्मीप्रसाद, माधव घिमिरे आदिका कवितामा यस छन्दको बढी प्रयोग भएको देखिन्छ।

इन्द्रवनम् (नपुं.) [*इन्द्रस्य वनम्, ष.त.*] इन्द्रको बगैँचा/नन्दन।

इन्द्रवारुणी (स्त्री.) [*इन्द्रं वारयति, वृञ् वरणे इति धातोः, कृवृदारि (उ.) इति बाहुलकाद् ण्यन्तादप्युनन्*] ऐरेलु।

इन्द्रवृक्षः (पुं.) [*इन्द्रस्य प्रियो वृक्षः,म.प.स.*] देवदारु।

इन्द्रसावर्णिः (पुं.) चौधौं मनु। यिनको पालामा शुचि नामका इन्द्र, बृहद्भानु अवतार, अग्निबाहु आदि सप्तर्षि, पवित्र,चाक्षुष आदि देवता हुन्छन् भन्ने कुरा श्रीमद्भागवतमा उल्लेख छ। यिनलाई भौत्य मनु पनि भन्दछन्। **भौत्यश्चतुर्दशश्चात्र मैत्रेय भविता मनुः** (वि.पु. ३.२)।

इन्द्रसुतः (पुं.) [*इन्द्रस्य सुतः, ष.त.*] १.वाली। **वालिरिन्द्रसुतश्च सः** (अभि.चि.) २.जयन्त ३.अर्जुन।

इन्द्रसुरसः (पुं.) [*शोभनो रसो यस्य सः, बहु.स., इन्द्रस्य सुरसः*] सिवाली।

इन्द्रसूतः (पुं.) [*इन्द्रस्य सूतः, ष.त.*] इन्द्रका सारथि/मातलि।

इन्द्रसेनः (पुं.) युधिष्ठिरका सारथि।

इन्द्राग्निदेवता (स्त्री.) विशाखा नक्षत्र। **विशाखाग्नीन्द्रदेवता। राधा** (अभि.चि.)।

इन्द्राणी (स्त्री.) [*इन्द्रस्य ऐश्वर्यशालिनः सुरराजस्य वा स्त्री, इन्द्रवरुणभवशर्वरुद्रमृडहिमारण्ययवयवनमातुलाचार्याणामानुक् ४.१.४९ इति आनुक्, ङीष् च*] १.इन्द्रकी पत्नी। यिनको अर्को नाम शची हो। इन्द्रका साथ यिनको इन्द्रत्व पदमा अभिषेक हुन्छ। यिनी सदा कुमारी नै रहन्छिन्। इन्द्र वदलिदा अर्को इन्द्रसित पनि यिनको अभिषेक हुन्छ। इन्द्राणी आफू सन्तान पैदा गर्दिनन्। जयन्त उनका एक छोरा छन्। तर ती शचीका गर्भबाट पैदा नभएर अन्य व्यक्तिको गर्भबाट पैदा भएका हुन्। जयन्तको सिहार सुसारमात्र उनले गरेकी हुन्। २.ऐश्वर्य सम्पन्न व्यक्तिकी पत्नी ३.अष्टमातृका अन्तर्गत पर्ने एक मातृका।

ऐश्वर्यं परमं यस्या वशे चैव सुरासुराः।
इति च परमैश्वर्यमिन्द्राणी तेन सा शिवा॥ (दे.पु.)

४.वर्षादमा हुने एक लहरो वा त्यसको फल। यसको पात चिचिन्डाको जस्तै चुच्चा-चुच्ची परेको हुन्छ। हरेक पातको जोर्नीमा नङ्ग्रो निस्कन्छ र धेरै जसो फूल फुलेर पनि फल लाग्दैन। काँचोमा हरियो, पाक्दा पहेंलो, पाकेपछि गाढा रातो हुने तीन-तीन अङ्गुल लामो, दुई-दुई अङ्गुल गोलो फल फल्छ। फलको गुदी गाढा पहेँलो हुन्छ। बियाँ घिरौँलाको जस्तो तर केही बाक्लो हुन्छ। फूल पाँच पत्र भएको र चिचिन्डाको जस्तै सेतो हुन्छ। यो सानो र ठुलो गरी दुई जातको हुन्छ। ठुलाको फूल सेतो र सानाको फूल पहेँलो हुन्छ।

इन्द्रानुजः (पुं.) [*इन्द्रस्य अनुजः, ष.त.*] विष्णुको वामन अवतार/उपेन्द्र। (अभि.चि. २.१२८)

इन्द्रायुधः (पुं.) १.[*इन्द्रस्यायुधमिव, चापाकृतित्वात्*] काला आँखा भएको घोडा।

इन्द्रायुधम् (नपुं.) [*इन्द्रस्य आयुधम्, ष.त.*] इन्द्रको धनुष। **इन्द्रायुधं शक्रधनुः** (अमर.)।

इन्द्रारयः (पुं.बहु.) [*इन्द्रस्यारयः, ष.त.*] १.इन्द्रका शत्रुहरू २.राक्षस।

इन्द्रावती (स्त्री.) नेपालको सिन्धुपाल्चोक जिल्लाको जुगल हिमालबाट निस्कने सप्तकोशी मध्येको एक नदी। इन्द्रायणी कोसीको नामले पनि चिनिने यस नदीको संस्कृत नाम शची पनि हो। यसमा सिन्धुपाल्चोक तथा काभ्रेपलाञ्चोक जिल्लाका हिमाली तथा पहाडी क्षेत्रको पानी बग्छ। यसको लम्बाइ ६८ किलोमिटर मात्र छ। दोलालघाटमा पुगेपछि यो सुनकोसीमा मिल्छ। यो नदी आफ्नो मुहानबाट ११, ४८३ फिट तल छ।

इन्द्रावरजः (पुं.) [*इन्द्रस्यावरं जातः, जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, इन्द्रः अवरजोऽस्य वा*] १.विष्णु २.इन्द्रका भाइ।

इन्द्रियम् (नपुं.) [*इन्द्रेण ईश्वरेण सृष्टम्, इन्द्रेणापि दुर्जयम्, इत्याद्यर्थे इन्द्रशब्दात् इन्द्रियमिन्द्रलिङ्गमिन्द्रदृष्टमिन्द्रसृष्टमिन्द्रजुष्टमिन्द्रदत्तमिति वा ५.२.९३ इति घप्रत्ययान्तो निपातः, घस्य इयः*] १.पाँचको सङ्ख्या २.वीर्य ३.शारीरिक शक्ति ४.कुस्तीको दाउविशेष ५.शरीरका हात, गोडा, छाला आदि कर्म तथा ज्ञान गर्ने अवयव। यिनलाई हृषीक पनि भन्दछन्। यिनीहरू मुख्यतया तीन थरी छन्– क. **कर्मेन्द्रिय** (कर्म गर्ने अवयव) पाँच छन्– मुख (वाक्) हात (पाणि) गोडा (पाद) गुदस्थान (पायु) लिङ्ग वा योनि (उपस्थ) ख. **ज्ञानेन्द्रिय** (ज्ञान गर्ने अवयव) पाँच छन्– कान (श्रोत्र) छाला (त्वक्) आँखा (चक्षु) जिब्रो (रसना) नाक (घ्राण) ग. **अन्तरिन्द्रिय**– मन। कसैले चित्त, अहङ्कार र बुद्धिलाई समेत समावेश गरी इन्द्रियको सङ्ख्या १४ मानेका छन्। न्याय शास्त्रअनुसार पृथ्वीको अनुभव नाकबाट, जलको अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिभ्राबाट, तेजको अनुभव चक्षुबाट, वायुको अनुभव त्वचाबाट र आकाशको अनुभव कानबाट हुन्छ।

इन्द्रियग्रामः (पुं.) [*इन्द्रियाणां समूहः, गुणादिभ्यो ग्रामज्वक्तव्यः (वा.) ४.२.३७ इति ग्रामच्*] इन्द्रियको समूह।

मात्रा स्वस्रा दुहित्रा वा नैकशय्यासनो भवेत्।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति॥ (व्यास)

इन्द्रियनिग्रहः (पुं.) [*इन्द्रियाणां निग्रहः, ष.त.*] आआफ्नो विषयबाट नाक–कान आदि इन्द्रियलाई निवृत्त गराउने काम।

इन्द्रियवर्गः (पुं.) [*इन्द्रियाणां वर्गः,ष.त.*] इन्द्रियको समूह। **निर्ववार मधुनीन्द्रियवर्गः** (शि.व.१०.३)।

इन्द्रियवृत्तिः (स्त्री.) [*इन्द्रियाणां श्रोत्रादीनां वृत्तिः, व्यापारः, ष.त.*] इन्द्रियहरूको आ–आफ्नो विषयमा हुने प्रवृत्ति वा काम जस्तै– त्वचाको स्पर्श, नाकको सुघ्ने काम आदि।

इन्द्रियसन्निकर्षः (पुं.) इन्द्रियहरूको बाह्य विषय वा मनसित हुने सम्पर्क।

इन्द्रियायतनम् (नपुं.) [*इन्द्रियाणामायतनम्, ष.त.*] शरीर।

इन्द्रियार्थः (पुं.) [*इन्द्रियैरर्थ्यते इन्द्रियपूर्वकात् अर्थ यच्ञायामति धातोः, गोचरसंचरवहव्रजव्यजापणनिगमाश्च ३.३.११९ इति चाद् घः*] शब्द, स्पर्श, रूप, रस र गन्धसँग सम्बद्ध इन्द्रियद्वारा जानिने विषय। **रूपं शब्दो गन्धरसस्पर्शाश्च विषया अमी** (अमर.)।

इन्द्रियार्थसन्निकर्षः (पुं.) [*इन्द्रियाणामर्थैः स्वस्वविषयैः सह सन्निकर्षः सम्बन्धः*] इन्द्रियहरूको आ–आफ्नो विषयसँग हुने सम्बन्ध।

इन्धनम् (नपुं.) [*इन्धे दीप्यतेऽग्निरनेन, ञि इन्धी दीप्तौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.काठ/दाउरा २.पेट्रोलियम पदार्थ ३.यान,यन्त्र आदि सञ्चालन गर्ने ऊर्जा।

इभः (पुं.) [*एति गच्छतीति, इण् गतौ इति धातोः, इणः कित् (उ.) ४४१ इति भन्*] १.हात्ती २.आठलाई बुझाउने सङ्ख्या ३.समस्त–पदको उत्तरपदमा प्रयोग हुँदा श्रेष्ठ।

इभपालकः (पुं.) [*इभं पालयति, इभपूर्वकात् पाल रक्षणे इति धातोः, कमर्ण्यण् ३.२.१ इत्यण्*] माहुते।

इभपोतः (*इभस्य पोतः,ष.त.*] हात्तीको छावा।

इभयुवतिः (स्त्री.) [*इभस्य युवतिः,ष.त.*] हथिनी।

इभारिः (पुं.) [*इभस्य अरिः, ष.त.*] सिंह। **हर्यक्षो केशरीभारिः पञ्चास्यो नखरायुधः** (अभि.चि.)।

इभ्यः (पुं.वि.) [*इभं हस्तिनमर्हति, दण्डादिभ्यो यत् ५.१.६६ इति यत्*] १.धेरै धन भएको व्यक्ति/धनी २.श्रेष्ठ।

इयत् (नपुं.) *[इदं परिमाणमस्य]* यति। **इयन्ति वर्षाणि तया सहोग्रम्** (रघु.१३.६७)।

इयत्ता (स्त्री.) [*इयतो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.सङ्ख्या २.परिमाण ३.सीमा।

इयम् (स्त्री.) [*इदंशब्दस्य स्त्रीलिङ्गप्रथमैकवचने रूपम्*] यो।

इयान् (पुं.वि.) [*इदं परिमाणमस्य, इदंशब्दात् यत्तदेतेभ्यः परिमाणे वतुप् .५.१.३९ इति वतुप्, किमिदंभ्यां वो घः ५.२.४० इति घः, घस्येयः, इकारलोपः*] यत्ति, यत्तिमात्राको।

इरजः (पुं.) [*इरायाः सुरायाः जातः,ङः,बाहुलकाद् ह्रस्वः*]कामदेव **आत्मभूर्मनसिशयः पुष्पधन्वा मनोभवः। मापत्यमिरजश्चैव** (हला.३४)।

इरम्मदः (पुं.) [*इरया जलेन माद्यति, दीप्यते इति (अबिन्धनत्वात्) उग्रंपश्येरंमदपाणिन्धमाश्च ३.२.३७.इति खशन्तो निपातः*] १.वडवाग्नि/समुद्रको अग्नि/वडवानल। २.[*इरया मद्येन माद्यतीति*] रक्सीबाज।

इरा (स्त्री.) [*एति गच्छतीति, इण् गतौ इति धातोः, ऋज्रेन्द्राभ्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभ्रेरामालाः (उ.) १९६, इति रक्, टाप् ४.१.४, निपातनाद् गुणाभावः*] १.पृथ्वी २.[*एति ज्ञानं प्राप्नोत्यनया*] वाणी ३.[*एति मदं प्राप्नोत्यनया*] रक्सी ४.पानी। **इरा मद्ये च वारुणी** (उ.को.) ५.[*एति जीवनं प्राप्नोत्यनया*] अन्न । **इराशब्दो बुधैर्ज्ञेयो भुवि वाच्यशनेऽम्भसि** (हला.८६९)।

इराचरः (पुं.) [*इरायां चरति, चरेष्टः ३.२.१६ इति टः*] १.असिना २.(पुं.वि.) जलचर ३.भूचर।

इराजः (पुं.) [*इरया मद्येन जातः, जनी प्रादुर्भावे इति धातोः, अन्यत्रापि दृश्यत इति वक्तव्यम् (वा) इति डः, डित्वाट्टिलोपः*] कामदेव।

इरावती (स्त्री.) [*इरा जलमस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मादुपधायाश्च ८.२.९ इति मस्य वः, उगितश्च ४.१.६ इति ङीप्*] १.नदीविशेष २.रुद्रपत्नी (भाग.) ३.ढुङ्गा फोर्ने हतियार।

इरावान् (पुं.) [*इरा प्रशस्तं जलमस्यास्तीति, मतुप्,मस्य वः*] समुद्र।

इरिणम् (नपुं.) [*ऋ गतौ इति धातोः, अर्तेः किदिच्च (उ.) २१९ इति इनच्, इकारश्च, धातोः रपरत्वम्*] १.शून्य २.मरुभूमि।

इरेशः (पुं.) १.[*इराया लक्ष्म्या ईशः, ष.त.*] विष्णु २.[*इराया जलस्य ईशः,ष.त.*] वरुण ३.[*इराया वाचाम् ईशः, ष.त.*] बृहस्पति।

इर्वारुः (पुं.वि.) १.हिंस्रक,नाशक २.(पुं.स्त्री) काक्रो।

इर्वारुकम् (नपुं.) काँक्रो।

इल (धा.) [*प्रेरणे, सक.सेट्, उभ.*] प्रेरणा दिनु, प्रोत्साहित गर्नु। लट्– **एलयति–ते–** प्रेरणा दिन्छ, प्रोत्साहित गर्छ। लिट्– **एलयाञ्चकार–चक्रे–** प्रेरणा दिएछ, प्रोत्साहित गरेछ। लुट्– **एलयिता–** प्रेरणा दिने छ , प्रोत्साहन दिने छ। लृट्– **एलयिष्यति–ते–**प्रेरणा दिने छ, प्रोत्साहन दिने छ। लोट् – **एलयतु–ताम्–** प्रेरणा देओस्, प्रोत्साहन देओस्। लङ्– **ऐलयत्–त–** प्रेरणा दियो, प्रोत्साहन दियो इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इल (धा.) [*स्वप्नक्षेपणयोः, सक.सेट् पर., स्वप्नेऽक., क्षेपणे सक.*] सुत्नु, फ्याँक्नु, उडाउनु, छरपस्ट पार्नु। लट्– **इलति**– सुत्छ, फ्याँक्छ, उडाउँछ, छरपस्ट पार्छ इत्यादि।

इलविला (स्त्री.) कुबेरकी आमा/विश्रवा मुनिकी पत्नी।

इला (स्त्री.) [*इलति, उत्क्षिपति जनानिति, इल उत्क्षेपे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप्*] १.पृथ्वी २.गाई ३.वाणी ४.जम्बूद्वीपमा रहेका नौवटा वर्षमध्ये एक वर्ष ५.शून्य ६.वैवस्वत मनुकी एक कन्या। यिनी विष्णुको आराधना गरी उनीबाट वर प्राप्त गरी सुद्युम्न नामक पुरुष बनिन्। पछि शङ्करले श्राप दिएको वनमा प्रवेश गरेपछि उनी स्त्री बन्न पुगिन्। बुधले तिनैसित विवाह गरेपछि पुरुरवा जन्मिए। त्यस पछि वसिष्ठले शङ्करको आराधना गरेर एक महिना पुरुष र एकमहिना स्त्रीहुने व्यवस्था मिलाई दिए। **~मण्डलम्** (नपुं.) भूमण्डल। **~वृत्तम्** (नपुं.) [*इला पृथ्वी वृता येन तत्*] नीलगिरिदेखि दक्षिण र निषधदेखि उत्तरमा रहेको पर्वत।

इल्वलः (पुं.) [*इलति इल स्वप्ने इति धातोः, सानसिवर्णसिपर्ण-सितण्डुलाङ्कुशचषालेल्वलपल्वलधिष्ण्यशल्याः (उ.) ५५७ इति वलच्*] १.माछोविशेष २.दैत्यविशेष। यो अत्यन्त पराक्रमी दैत्य थियो (पुराणका विविध ग्रन्थ)।

इल्वलाः (पुं.) [*इलति इल स्वप्ने इति धातोः, सानसिवर्णसिपर्ण-सितण्डुलाङ्कुशचषालेल्वलपल्वलधिष्ण्यशल्याः (उ.) ५५७ इति वलच्*] मृगशीरा नक्षत्रभन्दा माथिका गुजमुजे तारा। **इल्वला-स्तारकाभेदेऽपील्वलोमत्स्यदैत्ययोः** (विश्व.)।

इव (अव्य.) [*अयनम्, इण्शीभ्यां वन् (उ.) १५८ इति वन्*] १.जस्तै।

वागर्थाविव सम्पृक्तौ वगर्थप्रतिपत्तये।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ॥ (रघु.१.१)

२.हो कि/भनेझैं। **लिम्पतीव तमोऽङ्गानि वर्षतीवाञ्जनं नभः।** (कुवल.३३) ३.अलि-अलि ४.वाक्यालङ्कार। **किमिव हि मधुराणां मण्डनं नाकृतीनाम्।** (अभि.शा.) ५.अवधारण। **इवशब्दोऽवधारणार्थः** (महाभाष्य)।

इवि (धा.) [*व्याप्तौ, भ्वा. सक.सेट् पर.*] व्याप्त हुनु। लट्– **इन्वति**– ढाक्छ। लिट्– **इन्वाञ्चकार**– ढाकेछ। लुट्– **इन्विता**– ढाक्नेछ। लृट्– **इन्विष्यति**– ढाक्ने छ। इत्यादि।

इष (धा.) [*आभीक्ष्ण्ये, क्र्या.सक.सेट् पर.*]– बारम्बार गर्नु। लट्– **इष्णाति**– वारंवार गर्छ इत्यादि।

इष (धा.) [*गतौ, सर्पणे च, दिवा.सक.सेट् पर.*] जानु। लट्– **इष्यति**– जान्छ, घस्रन्छ। **अन्विष्यति**– अनुसन्धान गर्छ, खोज्छ। **न रत्नमन्विष्यति मृग्यते हि तत्** (कुमा.५.४५)। **प्रेष्यति**– पठाउँछ। **अन्वेषयति** अनुसन्धान गर्छ। **प्रेषयति**– पठाउँछ, पठाउन लगाउँछ। लिट्– **इयेष**– गएछ,घस्रेछ। लुट्– **एषिता**– जाने छ, घस्रने छ। लृट्– **एषिष्यति**– जाने छ, घस्रने छ। लोट्– **इष्यतु**– जाओस्, घस्रोस्। लङ्– **ऐष्यत्**– गयो, घस्र्यो। विधिलिङ्– **इष्येत्**– जाला, घस्रला, जाओस्, घस्रोस्। आशीर्लिङ्– **इष्यात्**– जाओस्, घस्रोस्। लुङ्– **ऐषीत्**– गयो,घस्र्यो। लृङ्– **ऐषिष्यत्**– जाने थियो,घस्रने थियो। कर्मणि– **इष्यते**– गइन्छ,घस्रिइन्छ। णिचि– **एषयति-ते**– हिँड्न लगाउँछ, घस्रन लगाउँछ इत्यादि।

इषः (पुं.) [*इष्यते गम्यतेऽस्मिन्, जिगीषुभिः,इष गतौ इति धातोः, कः, यद्वा एषणम्, क्विप् च ३.२.१७८ इति क्विप्, इट् यात्रा साऽस्त्यस्मिन् मासे, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] आश्विन महिना। **स्यादाश्विन इषोप्याश्वयुजोपि** (अमर.१.४.१७)।

इषिरः (पुं.) [*इच्छन्ति इष्टं साध्नुवन्त्यनेन, इषु इच्छायामिति धातोः, इषिमदि (उ.) ५४ इति किरच्*] १.अग्नि २.आहारा ३.(पुं.वि. [*इष्यति गच्छति*] गमनशील।

इषीका (स्त्री.) [*ईषते गच्छतीति, ईष गत्यादिषु इति धातोः, ईषः किद्ध्रस्वश्च (उ.) ४६९ इति ईकन्, कित्, ह्रस्वश्च, टाप्, कनि तु ह्रस्वमध्या इषिका इत्यपि*] १.बाण २.हात्तीको आँखाको गोलो भाग। **इषीका त्वक्षिकूटकम्** (अमर.) ३.तृणविशेष/कास। **कासस्त्विषीका** (अभि.चि.)।

इषु (धा.) [*इच्छायाम्, सक.सेट् पर.*] इच्छा गर्नु। लट्– **इच्छति**– इच्छा गर्छ। **अन्विच्छति**– खोज्छ। **प्रतीच्छति**–ग्रहण गर्छ,स्वीकार गर्छ। **परीच्छति** -खोज्छ। लिट्– **इयेष**– इच्छा गरेछ। लुट्– **एषिता-एष्टा**– इच्छा गर्ने छ। लृट्– **एषिष्यति**– इच्छा गर्ने छ। लोट्– **इच्छतु-तात्**– इच्छा गरोस्। लङ्– **ऐच्छत्**– इच्छा गर्‍यो। विधिलिङ्– **इच्छेत्**– इच्छा गर्ला, इच्छा गरोस्। आशीर्लिङ्– **इष्यात्**– इच्छा गरोस्। लुङ्– **ऐषीत्**– इच्छा गर्‍यो। लृङ्– **ऐषिष्यत्**– इच्छा गर्ने थियो। कर्मणि– **इष्यते**– इच्छा गरिन्छ। णिचि– **एषयति**– इच्छा गराउँछ। सनि– **एषिषिषति**– इच्छा गर्न चाहन्छ। कृदन्ते– **एषकः, एषिका, एष्टृ, एष्ट्री, एषिता, एषित्री, इच्छन्, इच्छन्ती**– इच्छा गर्ने। एषा, इच्छा, इष्टिः– चाहना। **एष्टव्यम्, एषितव्यम्, एषणीयम्, एष्यम्**- खोज्नु पर्ने, खोजिने। **एषणम्,एषणी**– खोज्ने काम। **इष्टः**– खोजिएको। **इष्टवान्**– खोजेको। **एष्टुम्, एषितुम्**– खोज्न। **एषित्वा, इष्ट्वा, समेष्य**– खोजेर। **इष्टका**– इँटा इत्यादि।

इषुः (पुं.स्त्री.) [*ईषति गच्छति हिनस्ति शत्रून्, ईष्यते हिंस्यते वा अनेन, ईषु गतिहिंसादर्शनेषु, इति धातोः, ईषेः किच्च (उ.) १३ इति उः, ईकारस्य इकारश्च*] १.वाण।

एकं हन्यान्न वा हन्यादिषुर्मुक्तो धनुष्मता।
बुद्धिर्बुद्धिमता मुक्ता हन्ति राज्यं सनायकम्॥ (सुभा.)

२.वीर ३.पाँचलाई बुझाउने शब्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इषुधिः (पुं.) [*इषवो धीयन्तेऽस्मिन् सः डुधाञ् धारणपोषणयोः इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] बाण राख्ने ठोक्रो। **धनुर्गाण्डीवमादाय तथाक्षय्ये महेषुधी** (म.भा.)।

इषुभृत् (पुं.) [*इषुं बिभर्ति, डुभृञ् धारणपोषणयोः, इति धातोः, अन्यभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्, सर्वापहारिलोपः, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] धनुर्धारी।

इषुमान् (पुं.) [*प्रशस्ता इषवोऽस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९ इति मतुप्*] प्रशस्त बाण भएको।

इष्टः (पुं.वि.) [*इष्यते स्म, इषु इच्छायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, वचिस्वपि इति सम्प्रसारणम्, पूर्वरुपम्, व्रश्चेति षत्वम्, ष्टुत्वम्*] १.इच्छा भएको/चाहिएको। **निकामेष्टेयथेप्सिते** (अभि.चि. ६.१४१) २.[*यजधातोः क्तः*] पूजित। **~कालः** (पुं.) [*इष्टश्चासौ कालश्च कर्म.धा.*] चाहेको समय। **~देवः** (पुं.) [*इष्टश्चासौ देवश्च कर्म.स.*] आफ्नो इष्ट देवता।

इष्टः (पुं.) प्रेमी, पति। **कान्तेष्टौ दयितः प्रीतः प्रियः कामी च कामुकः** (ध.ना.मा.) ३.स्वामी ४.[*इज्यते यः, यजधातोः क्तः, सम्प्रसारणम्*] ५.यज्ञ (मेदिनी.) ६.अँडिर।

इष्टगन्धः (पुं.) [*इष्टश्चासौ गन्धश्च, कर्म.स.*] १.सुगन्ध २.[*इष्टो गन्धो यस्य सः, बहु.स.*] सुगन्ध आउने द्रव्य। **इष्टगन्धः सुगन्धौ स्यात्** (वाङ्म.)।

इष्टकचितम् (नपुं.) [*इष्टकाभिः चितम्, तृ.त.इष्टकेषीकमालानां चिततूलभारिषु ६.३.६५ इति ह्रस्वः*] इँटा विछ्याइएको। **नवहाटकेष्टकचितं ददर्श स क्षितिपस्य पस्त्यमथ तत्र संसदि** (शि.व.)।

इष्टका (स्त्री.) [*इष्यतेऽसौ, इषु इच्छायाम्, इति धातोः, इष्यशिभ्यां तकन् (उ.) ४३६ इति तकन्, टाप्*] इँट। **गृहमिष्टकादिरचितम्** (हला.२९३)। **~न्यासः** (पुं.) [*इष्टकायाः न्यासः, ष.त.*] जगमा प्रथम पटक इँट राख्ने काम/जगमा इँट राखेर शिलान्यास गर्ने काम।

इष्टकापथः (पुं.) [*इष्टकायाः पन्थाः, ष.त.*] १.इँट विछ्याइएको बाटो २.[*इष्टं कापथमस्य, अधोवायुजनकत्वात्*] सूरण। **लामज्जकं लघुलयमवदाहेष्टिकापथे** (अमर.)।

इष्टगन्धः (पुं.) [*इष्टश्चासौ गन्धश्च, कर्म.स.*] आनन्द दिने गन्ध। **इष्टगन्धः सुगन्धौ स्यात्त्रिषु क्लीबं तु वालुके** (मेदिनी.)।

इष्टम् (नपुं.) [*इषु इच्छायाम् इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.कामना २.इच्छा ३.संस्कार ४.यज्ञादि कर्मको अनुष्ठान अर्थात् अग्निहोत्र, तप, सत्य, वेदाध्ययन, अतिथिसत्कार, बलिवैश्वदेव आदि कर्म।

अग्निहोत्रं तपः सत्यं वेदानां चैव पालनम्।
आतिथ्यं वैश्वदेवश्चेतीष्टमित्यभिधीयते॥ (आ.सू.)

इष्टापत्तिः (स्त्री.) [*इष्टस्य आपत्तिः ष.त.*] १.अभिलषित कार्य सिद्ध हुनु/फलप्राप्ति हुनु २.प्रतिवादीको अनुकूल वादीको कथन।

इष्टापूर्तम् (नपुं.) [*इष्टञ्च पूर्तञ्च, द्वयोः समाहारः, द्व.स.*] १.अग्निहोत्रादि यज्ञ २.तलाउ, इनार, बगैँचा आदि बनाउने काम। **इष्टापूर्तविधेः सपत्नशमनात्** (म.वी.च.३.१)।

इष्टार्थः (पुं.) [*इष्टश्चासौ अर्थश्च, कर्म.स.*] इच्छा लागेको पदार्थ।

इष्टार्थोद्युक्तः (पुं.वि.) [*इष्टश्चासौ अर्थश्च, कर्म.स., तत्र उद्युक्तः, स.त.*] इष्टसिद्धिका निमित्त कार्यमा संलग्न। **इष्टार्थोद्युक्त उत्सुकः** (अमर.३.१.९)।

इष्टिः (स्त्री.) १.[*इषुधातोः क्तिन्*] इच्छा २.अभीष्ट नियम। ३.आवेग ४.आमन्त्रण ५.[*यजनम्, यज्यतेऽनया वा, यज धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, सम्प्रसारणपूर्वरुपष्त्वष्टुत्वानि*] यज्ञ, अग्निहोत्रीले प्रतिपदाको दिन गरिने होम। **इष्टिर्यागेच्छयोः** (अमर.३.३.३९) **~कालः** (पुं.) [*इष्टे कालः, ष.त.*] पूर्णिमा वा औँसीको चौथो प्रहर र प्रतिपदाको पहिलो प्रहरमा गरिने यज्ञको बेला।

पर्वणो यश्चतुर्थांश आद्या प्रतिपदस्त्रयः।
यज्ञकालः स विज्ञेयः प्रातरुक्तो मनीषिभिः॥ (ध.सि.)

~श्राद्धम् (नपुं.) गर्भाधान सोमयाग आदिमा गरिने वृद्धिश्राद्ध।

इष्टिका (स्त्री.) [*इषुधातोः तकन्, टाप्, इत्वम्*] इँटा।

कूपोदकं वटच्छाया श्यामा स्त्री इष्टिकागृहम्।
शीतकाले भवेदुष्णमुष्णकाले च शीतलम्॥ (चाणक्य)

इष्टिमुद् (पुं.) [*इष्टिं मुष्णाति, क्विप्*] दैत्य (त्रिकाण्ड.)।

इष्टी (पुं.) [*इष्टमेभिः इष्यादिभ्यश्च ५.२.८८ इति इनिः*] यज्ञ गर्ने।

इष्मः (पुं.) [*इषधातोः इषियुधीन्धिदशिश्याधूसूभ्यो मक् (उ.)*] इति मक्] १.कामदेव २.वसन्त। **इष्मः कामवसन्तयोः**। (विश्व.)

इष्वसनम् (नपुं.) [*इषवः वाणाः अस्यन्ते क्षिप्यन्ते अनेन, करणे ल्युट् अनः*] धनु।

इष्वा (स्त्री.) १.छोराका सन्तान २.कुटुम्ब। **इष्वा स्त्री पुत्रसन्तत्यां कुटुम्बे चेति केचन** (वाङ्म.)।

इष्वासः (पुं.) १.[*इषवो वाणाः अस्यन्तेऽनेन, इषुपूर्वकात् असु क्षेपणे इति धातोः, हलश्च ३.३.२२१ इति घञ्*] धनुष २.[*इषूनस्यतीति कर्मण्यण् ३.२.१ इत्यण्*] धनुष हान्ने व्यक्ति। **इष्वासो धन्वधन्विनोः** (हैम.)।

इस् (अव्य.) [*इं कामं स्यति, सोधातोः क्विप्, निपातनात् ओलोपः*] क्रोध, पीडा, शोक आदि व्यक्त गर्ने विष्मयादिबोधक अव्यय।

इह (अव्य.) [*अस्मिन्निति, इदमो हः ५.३.११ इति हः, इदम इश् ५.३.३ इति इशादेशः*] १.यहाँ २.यस देशमा ३.यस समयमा ४.यस दिशामा। **~ लोकः** [*इह चासौ लोकश्च, कर्म.स.*] यो संसार, पृथ्वीलोक। **इहलोके परत्रापि मोक्षदा नात्र संशयः** (ग.पु.उत्तरखण्ड २६.१२१)।

इहत्यः (पुं.वि.) [*इह भवः, अव्ययात्त्यप् ४.२.१०४ इति त्यप्*] १.यस ठाउँको २.यस देशको ३.यस दिशाको ४.यस कालको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई

ई १.देवनागरी लिपिको स्वरवर्णमा पर्ने चौथो वर्ण/दीर्घ ईकार। २.(स्त्री.) [*अस्य विष्णोः पत्नी, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] १.लक्ष्मी/विष्णुकी पत्नी २.कामदेवकी पत्नी/रति। **इः कामे रतिलक्ष्म्योरी उः शिवे ब्रह्मकाद्य उः** (अ.पु.)।

ई (धा.) [*कान्तौ, अक.गतौ व्याप्तौ च*] शोभा बढ्नु, हिँड्नु, ढाक्नु। लट्– **एति**– शोभा बढ्छ, हिँड्छ, ढाक्छ इत्यादि।

ईक्ष (धा.) [*दर्शने, भ्वा. अक. सेट् आत्म.*] हेर्नु, अवलोकन गर्नु। लट्– **ईक्षते**– हेर्छ। **अपेक्षते**– अपेक्षा गर्छ, चाहन्छ,। **अभीक्षते**– एकोहोरो हेर्छ। **अवेक्षते**– हेर्छ, नियाल्छ। **उदीक्षते**– माथि-माथि हेर्छ। **उपेक्षते**– उपेक्षा गर्छ, त्याग गर्छ। **निरीक्षते**– हेर्छ, हेरचाह गर्छ। **परीक्षते**– जाँच गर्छ। **प्रेक्षते**– हेर्छ। **वीक्षते**– हेर्छ। **प्रतीक्षते**– प्रतीक्षा गर्छ, बाटो हेर्छ। **प्रत्युदीक्षते**– अरूलाई नियालेर हेर्छ। **समीक्षते**– तुलना गर्छ, गुण दोष केलाउँछ, मूल्याङ्कन गर्छ। लिट्– **ईक्षाञ्चक्रे**– हेरेछ (अन.)। लुट्– **ईक्षिता**– हेर्ने छ (अन.)। लृट्– **ईक्षिष्यते**– हेर्ने छ। लोट्– **ईक्षताम्**– हेरोस्। लङ्– **ऐक्षत**– हेर्‍यो (अन.)। विधिलिङ्– **ईक्षेत**– हेर्ला, हेरोस्। आशीर्लिङ्– **ईक्षिषीष्ट**– हेरोस्। लुङ्– **ऐक्षिष्ट**– हेर्‍यो। लृङ्– **ऐक्षिष्यत**– हेर्ने थियो। कर्मणि– **ईक्ष्यते**– हेरिन्छ। णिचि– **ईक्षयति– ते**– देखाउँछ हेराउँछ। सनि– **ईचिक्षिषते**– हेर्न चाहन्छ। कृदन्ते– **ईक्षकः**– हेर्ने। **ईक्षिका**– हेर्ने। **ईक्षणम्** -हेर्ने काम, **ईक्षितव्यः**– हेर्नुपर्ने। **ईक्षणीयः, ईक्ष्यः** -दर्शनीय। **ईक्षित्वा**– हेरेर। **ईक्षयित्वा**– देखाएर। **ईक्षमाणः**- हेरिरहेको। **ईक्षितः**– हेरिएको। **ईक्षितवान्**– हेरेको। **ईक्षा**– हेर्ने काम। **प्रतीक्षा**– बाटो हेर्नु,पर्खनु। **समीक्षा**– गुण दोष केलाएर विवेचना गर्नु। **परीक्षा**– जाँच। **प्रेक्षा**– हेर्ने काम। **प्रेक्ष्य**– हेरेर। **परीक्ष्य**– परीक्षा गरेर। **समीक्ष्य**– समीक्षा गरेर इत्यादि।

ईक्षणम् (नपुं.) १.[*ईक्ष्यत इति ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] हेर्नु/दर्शन गर्नु। **ईक्षणन्तु निशामनम्। निभालनं निशमनं निध्यानमवलोकनम्।** (अभि.चि.) २.[*ईक्ष्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट् अनः*] आँखा। **ईक्षणं दर्शने दृशि** (मेदिनी.)।

ईक्षणिकः (पुं.) [*ईक्षणम्, ईक्षणे हस्तरेखादिग्रहस्थित्यादिकं विलोक्य शुभाशुभवर्णने शिल्पमस्य सः, शिल्पम् ४.४.५५इति ठन्, ठस्येकः*] हस्तरेखा, ग्रहस्थिति आदि हेरी शुभाशुभ फल बताएर जीविका चलाउने व्यक्ति। **विप्रश्निकेक्षणिकौ च** (अभि.चि.)।

ईक्षणिका (स्त्री.) [*शुभाशुभयोरीक्षणमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः ७.३.५०, इति इकः, ततष्टाप् ४.१.४*] शुभ अशुभ हेर्न जान्ने महिला।

ईक्षा (स्त्री.) [*ईक्षणम्, ईक्ष दर्शने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इति अप्रत्ययः, टाप् ४.१.४, सवर्णदीर्घः ६.१.१०१*] दर्शन/हेर्ने काम।

ईखि (धा.) [*गतौ, भ्वा. सक.सेट् पर.*] जानु। लट्– **ईङ्खति**– जान्छ इत्यादि।

ईङ् (धा.) [*गतौ, दिवा. सक.अनिट् आत्म.*] जानु। लट्– **ईयते**– जान्छ। लिट्– **अयाञ्चक्रे**– गएछ। (अन.)। लुट्– **एता**– जाने छ (अन.)। लृट्– **एष्यते**– जाने छ। लोट्– **ईयताम्**– जाओस्। लङ्– **ऐयत**– गयो (अन.) विधिलिङ्–**ईयेत**– जाला, जाओस्। आशीर्लिङ्– **एषीष्ट**– जाओस्। लुङ्– **ऐष्ट**– गयो। लृङ्– **ऐष्यत**– जाने थियो। कर्मणि– **ईयते**– गइन्छ। णिचि– **आययति-ते**– हिँडाउँछ। कृदन्ते– **एतव्यः**– हिँड्नुपर्ने। **अयनम्**– गति। **ईत्वा**–हिँडेर, गएर। **प्रतीय**-फर्केर। **एतुम्**– हिँड्न/जान। **ईतः,ईतवान्** -गएको, हिँडेको इत्यादि।

ईज (धा.) [*गतिकुत्सनयोः, सक.सेट् आत्म.*] जानु, दोष लाउनु, निन्दा गर्नु। लट्– **ईजते**– जान्छ, दोष लगाउँछ, निन्दा गर्छ। लिट्– **ईजाञ्चक्रे**– गएछ, दोष लगाएछ, निन्दा गरेछ (अन.) इत्यादि।

ईड (धा.) [*स्तुतौ, चुरा. सक.सेट् उभ.*] स्तुति गर्नु, प्रशंसा गर्नु। लट्– **ईडयति-ते**– स्तुति गर्छ, प्रशंसा गर्छ। लिट्– **ईडयाञ्चकार-चक्रे**– स्तुति गरेछ, प्रशंसा गरेछ। इत्यादि। कृदन्ते– **ईडयितव्यः**– प्रशंसा गर्नुपर्ने। **ईड्यः**– पूज्य। **ईडयित्वा**– पूजा गरेर। **समीड्य**– पूजा गरेर। **ईडयितुम्**– पूजा गर्न, **ईडा**– स्तुति, **ईडनम्**– स्तुति गर्ने काम इत्यादि।

ईडा (स्त्री.) [*ईडनम्, ईड, स्तुतौ इति धातोः, गुरोश्च हलः ३, ३.१०३ इति अः, टाप् ४.१.४*] स्तुति/प्रशंसा। **अर्थवादः प्रशंसा च स्तोत्रमीडा स्तुतिर्नुतिः** (हला.)।

ईडितः (पुं.वि.) [*ईड्यते स्म, ईड स्तुतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, इडागमः*] प्रशंसा गरिएको।

ईड्यः (पुं.वि.) [*ईडयितुं योग्यः, ईड स्तुतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] स्तुत्य/पूजनीय। **नौमीड्य तेऽभ्रवपुषे तडिदम्बराय** (भाग.)।

ईतिः (स्त्री.) [*ईयतेऽनया, ई गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.कृषिमा हुने ६ प्रकारका उपद्रवहरू– १.ज्यादै वर्षा हुनु २.खडेरी पर्नु ३.सलह लाग्नु ४.मूसाको प्रकोप बढ्नु ५.चराहरूले दुःख दिनु ६. राज्यसत्ताबाट हुने पीडा।

अतिवृष्टिरनावृष्टिः शलभा मूषकाः खगाः।
अत्यासन्नाश्च राजानः षडेत ईतयः स्मृताः॥

२.विप्लव ३.प्रवास ४.अराजक युद्ध ५.कलहविशेष ६.आधिव्याधि ७.भोकमरी।

ईतयो व्याधयस्तन्द्रा दोषाः क्रोधादयस्तथा।
उपद्रवाश्च वर्तन्ते आधयः क्षुद् भयन्तथा॥ (म.भा.१२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईदृक् (पुं.वि.) [*अस्येव दर्शनमस्य, इदम्पूर्वकात् दृशिर् प्रेक्षणे इति धातोः, त्यदादिषु दृशोऽनालोचने कञ् च ३.२.६० इति क्विन्, इदंकिमोरीश्की ६.३.९० इति इदमः स्थाने ईशादेशः*] यस्तो।

ईदृक्षः (पुं.वि.) [*अस्येव दर्शनमस्य, इदम्पूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः दृशेः क्सश्च वक्तव्यः (वा.) ३.२.६० इति क्सः, इदंकिमोरीश्की ६.३.९० इति इदमः स्थाने ईशादेशः*] यस्तो।

ईदृशः (पुं.वि.) [*अस्येव दर्शनमस्य, इदम्पूर्वकाद् दृशिर प्रेक्षणे धातोः त्यदादिषु दृशोऽनालोचने कञ् च ३.२.६० इति कञ्, इदंकिमोरीश्की ६.३.९० इति इदमः स्थाने ईशादेशः*] यस्तो। **ईदृशी**– (स्त्री.), **ईदृशम्**– (नपुं.)।

ईप्सा (स्त्री.) *आप्तुमिच्छा, सनन्ताद् आप्लृ व्याप्तौ (ईप्स) इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] प्राप्त गर्ने अभिलाषा।

ईप्सितः (पुं.वि.) [*आप्तुमिष्टः, आप्लृ व्याप्तौ इति धातोः, सनि, अभ्यासकार्यम्, आप्ज्ञप्यृधामीत् ७.४.५५ इतीत्वम् ततः ईप्स धातोः निष्ठा ३.२.१०२ इति क्तः, इडागमः*] चाहिएको/अपेक्षित।

ईर (धा.) [*गतौ कम्पने च, अदा. सक.सेट्, आत्म.*] जानु, काँप्नु। लट्– **ईर्ते**–जान्छ, काँप्छ। लिट्– **ईराञ्चक्रे**– गएछ, काँपेछ (अन.)। लुट्– **ईरिता**– जाने छ, काँप्ने छ। लृट्– **ईरिष्यते**– जाने छ, काँप्ने छ (अन.)। लोट्– **ईर्ताम्**– जाओस्, काँपोस्। लङ्– **ऐर्त**– गयो, काँप्यो (अन.)। विधिलिङ्– **ईरीत**– जाला, काँप्ला, जाओस्, काँपोस्। आशीर्लिङ्– **ईरिषीष्ट**– जाओस्, काँपोस्। लुङ्– **ऐरिष्ट**– गयो, काँप्यो। लृङ्– **ऐरिष्यत**– जाने थियो, काँप्ने थियो। कर्मणि– **ईर्यते**– गइने छ, काँपिने छ। णिचि– **ईरयति**– हिँडाउँछ, कपाउँछ। कृदन्ते– **ईरितव्यः**– हिँड्नुपर्ने। **ईरितुम्**– हिँड्न, काँप्न इत्यादि।

ईर (धा.) [*क्षेपे, सक.सेट्, उभ.*] फ्याँक्नु। लट्– **ईरयति-ते**– फ्याँक्छ। **प्रेरयति**– प्रेरणा दिन्छ। **उदीरयति**– भन्छ। **समीरयति**– वायुजस्तै दगुर्छ इत्यादि।

ईरितः (पुं.वि.) [*ईर्यते स्म, ईर गतौ कम्पने च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, इडागमः*] १.काँपेको २.गएको।

ईक्ष्र्य (धा.) [*ईष्यायाम्, भ्वा.पर.,अक.सेट्*] ईर्ष्या गर्नु, लट्– **ईक्ष्यति**– ईर्ष्या गर्छ इत्यादि।

ईर्मम् (नपुं.) [*ईरयति सुखम्, ईर गतिप्रेरणयोः इति धातोः, बाहुलकान्मन्*] घाउ। **क्षतमीर्ममरुर्व्रणः** (हला.)।

ईर्या (स्त्री.) [*ईर्यते ईर गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.२४ इति ण्यत्, टाप्*] योगमार्गमा रहने काम।

ईर्वारुः (पुं.) [*ईरणं ईर गतौ इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, इरं वृणोति, वारयति वा, वृञ् वरणे इति धातोः, बाहुलकादुण्*] काँक्रो।

ईर्षा (स्त्री.) [*ईर्ष्यते ईर्ष्य ईर्ष्यायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४ हशाल्लोपेऽशिति (मु.बो.) ७७६ इति यलोपः*] ईर्ष्या/द्वेष। **कथमीर्षां न कुरुषे सुग्रीवस्य समीपतः** (रामा.)।

ईर्ष्य (धा.) [*ईर्ष्यायाम्, भ्वा. अक.सेट् पर.*] ईर्ष्या गर्नु, द्वेष गर्नु। लट्– **ईर्ष्यति**– ईर्ष्या गर्छ, द्वेष गर्छ। लिट्– **ईर्ष्याञ्चकार**– ईर्ष्या गरेछ, द्वेष गरेछ (अन.)। लुट्– **ईर्ष्यिता**– ईर्ष्या गर्ने छ, द्वेष गर्ने छ (अन.)। लृट्– **ईर्ष्यिष्यति**– ईष्या गर्ने छ, द्वेष गर्ने छ। लोट्– **ईर्ष्यतु-तात्**– ईर्ष्या गरोस्, द्वेष गरोस्। लङ्– **ऐर्ष्यत्**– ईर्ष्या गर्‍यो, द्वेष गर्‍यो (अन.)। विधिलिङ्– **ईर्ष्येत्**– ईर्ष्या गर्ला, द्वेष गर्ला, ईर्ष्या गरोस्, द्वेष गरोस्। आशीर्लिङ्– **ईर्ष्यात्**– ईष्या गरोस्, द्वेष गरोस्। लुङ्– **ऐर्ष्यीत्**– ईर्ष्या गर्‍यो, द्वेष गर्‍यो। लृङ्– **ऐर्ष्यिष्यत्**– ईर्ष्या गर्ने थियो, द्वेष गर्ने थियो। भावे – **ईर्ष्यते**– ईर्ष्या गरिन्छ, द्वेष गरिन्छ। णिचि– **ईर्ष्ययति**– ईर्ष्या गराउँछ, द्वेष गराउँछ। सनि– **ईर्ष्यिषति**– ईर्ष्या गन चाहन्छ, द्वेष गर्न चाहन्छ। कृदन्ते– **ईर्ष्यकः**– ईर्ष्या गर्ने, द्वेष गर्ने। **ईर्ष्यिका**– ईर्ष्या गर्ने, द्वेष गर्ने। **ईर्ष्यितुम्**– ईर्ष्या गर्न, द्वेष गर्न। **ईर्ष्ययित्वा**– ईर्ष्या गरेर, द्वेष गरेर इत्यादि।

ईर्ष्या (स्त्री.) [*ईर्ष्यति ईर्ष्य ईर्ष्यायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.अर्काको उत्कर्ष सहन गर्न नसक्नु २.पतिलाई अरूसित लागेको थाहा पाएर स्त्रीले गर्ने डाह।

वचोभिरीर्ष्याकलहेन लीलया समस्तभावैः खलु बन्धनं स्त्रियः (नीति.)।

ईर्ष्यालुः (पुं.वि.) [*ईर्ष्यां लाति, ईर्ष्यापूर्वकात् ला आदाने इति धातोः, डुप्रकरणे मितद्रवादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.८० इति डुप्रत्ययः, टिलोपः, बाहुलकादालुज्वा*] ईर्ष्याले युक्त/इखालु। **ईर्ष्यालुः कुहनः प्रोक्तः** (हला.)।

ईर्ष्यी (पुं.वि.) [*ईर्ष्या अस्यास्तीति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] ईर्ष्या गर्ने/ईर्ष्यालु।

ईर्ष्यी घृणी त्वसन्तुष्टः क्रोधनो नित्यशङ्कितः।
परभाग्योपजीवी च षडेते दुःखभागिनः॥ (हितो.)

ईला (स्त्री.) [*ईड्यते पूज्यत इति, ईड स्तुतौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, डस्य लत्वम्, टाप्*] १.पृथ्वी २.सरस्वती ३.गाई।

ईलितः (पुं.वि.) [*इड्यते स्म, ईड स्तुतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, इडागमः, डस्य लत्वम्*] स्तुति गरिएको।

ईली (स्त्री.) [*इर्ते, ईर्यते वा, ईर गतौ इति धातोः, इगुपधात् कित् (उ.) इति इन्, कृदिकारादक्तिनः ४.१.४५ इति ङीष्, ङीषोऽभावे इलिरित्यपि*] एकातिरमात्र धार भएको सानो तरबार/छुरी। **कृपाणीली च कर्तरी** (हला.)।

ईश (धा.) [*ऐश्वर्ये, अक.सेट् आत्म.*] अधिकार हुनु, ऐश्वर्यशाली बन्नु। लट्– **ईष्टे**– अधिकार सम्पन्न बन्छ, ऐश्वर्यशाली बन्छ। इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशः (पुं.) [*ईष्टे इति, ईश ऐश्वर्ये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.महादेव। **जगदीशो निरीश्वरः** (कु.सं.) २.ईशान कोणका स्वामी ३.स्वामी/मालिक ४.शुक्लयजुर्वेदको वाजसनेयिशाखा अन्तर्गत पर्ने एक उपनिषद्। यसको प्रारम्भ ईश शब्दबाट हुन्छ। ५.एक प्रकारका गणदेवता ६.धनी। **आढ्यः समृद्धो धनवानीन ईशो धनीश्वरः** (हला.) **~चापः** [*ईशस्य चापः, ष.त.*] शिवजीको धनुष। **~सखः** (पुं.) [*ईशस्य सखा, ष.त., राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] कुबेर।

ईशा (स्त्री.) [*ईष्टे, ईश ऐश्वर्ये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप् ४.१.४*] हरिस। **प्रभुशङ्करयोरीशः स्त्रियां लाङ्गलदण्डके** (रुद्र)।

ईशानः (पुं.) [*ईष्टे, ईश ऐश्वर्ये इति धातोः, ताच्छील्यवयोवचनशक्तिषु चानश् ३.२.१२९ इति चानश्*] १.महादेव। **तस्मिन् मुहूर्ते पुरसुन्दरीणामीशानसन्दर्शनलालसानाम्।** (कु.सं. ७.५६) २.एकादश रुद्र (मृड, शर्व, शिव, भव, शङ्कर, ईशान, उग्र, भीम, पशुपति र महादेव) मध्येका एक रुद्र ३.शिवको सूर्य मूर्ति। शिवका आठ मूर्ति छन्– क्षितिमूर्ति **सर्व,** जलमूर्ति **भव,** तेजोमूर्ति **रुद्र,** वायुमूर्ति **उग्र,** आकाशमूर्ति **भीम**, यजमानमूर्ति **पशुपति,** चन्द्रमूर्ति **महादेव** र सूर्यमूर्ति **ईशान**। ४.परमेश्वर। **सर्वेन्द्रियगुणावासं सर्वेन्द्रियविवर्जितम्। सर्वस्य प्रभुमीशानं सर्वस्य शरणं बृहत्॥** (कृ.य.वे.) ५.साध्यापुत्र देवताविशेष। **साध्या साध्यान् व्यजायत। प्रसवं च्यवनञ्चैव ईशानं सुरभिं तथा** (म.भा.) ६.शमी वृक्ष ७.पूर्व र उत्तर दिशाका बिचको कोण ८.(नपुं.) ज्योति। **ईशानं ज्योतिषि क्लीवं पुंलिङ्गः स्यात्त्रिलोचने** (विश्व.) ९.(पुं.वि.) [*ईशानं ज्योतिरस्यास्तीति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] ज्योतिविशिष्ट/तेजोमय। **~व्रतम्** (नपुं.) [*ईशानस्य व्रतं यस्मिन् कर्मणि तत्*] पौषशुक्ल चतुर्दशीका दिन गरिने एक व्रत। **~पुरी** [*ईशानस्य पुरी, ष.त.*] अलकापुरीभन्दा पूर्वपट्टि रहेको भनेर वर्णित शिवजीको सहर।

ईशानी (स्त्री.) [*ईशस्य पत्नी, ङीष्, आनुक्*] १.पार्वती २.योगमाया ३.सोह्र शक्तिमध्ये एक।

ईशावास्योपनिषद् (स्त्री.) शुक्ल यजुर्वेदसंहिता (काण्व शाखा) को अन्तिम अथवा चालिसौँ अध्याय। यसमा १८ पद्य छन्।

ईशिता (स्त्री.) [*ईशिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.अष्टसिद्धिमध्ये एक। **अणिमा लघिमा प्राप्तिः प्राकाम्यं महिमा तथा। ईशिता वशिता चैव तथा कामावशायिता॥** (अमर.रामाश्रमी) २.[*ईष्टे इति ईश ऐश्वर्ये इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] स्वामी। **पतीन्द्रस्वामि नाथार्या प्रभुभर्तेश्वरो विभुः। ईशितेनो नायकश्च** (अभि.चि.)।

ईशित्वम् (नपुं.) [*ईशिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११८ इति त्वः*] १.उत्तम सिद्धिमध्ये एक २.योगका आठ सिद्धिमध्ये एक।

ईश्वरः (पुं.) [*अशू व्याप्तौ इति धातोः, अश्नोतेराशुकर्मणि वरट् च (उ.) ७४६ इति वरट्, उपधाया ईत्वञ्च यद्वा ईष्टे इति ईश ऐश्वर्ये इति धातोः स्थेशभासपिसकसो वरच् ३.२.१७५ इति वरच्*] १.पातञ्जलदर्शनअनुसार क्लेश आदिबाट अस्पृष्ट चैतन्यात्मा पुरुष २.विष्णु ३.शक्तिसम्पन्न व्यापक परमात्मा ४.महादेव ५.कामदेव ६. प्रभवादि ६० संवत्सरमध्ये पैतालिसौँ संवत्सर ७.(पुं.वि.) स्वामी ८.धनी। **दरिद्रान् भर कौन्तेय मा प्रयच्छेश्वरे धनम्** (हितो.)।

ईश्वरकृष्णः (पुं.) साङ्ख्यदर्शनका एक प्रसिद्ध आचार्य। यिनले साङ्ख्यकारिका भन्ने ग्रन्थ रचेका छन्। यिनको समय चौथो शताब्दी हो। साङ्ख्यकारिकामा विभिन्न विद्वान्हरूले टीका लेखेका छन्। ती टीकाहरूमा गौणपादको गौणपादभाष्य, वाचस्पति मिश्रको साङ्ख्यतत्त्वकौमुदी, नारायण तीर्थको चन्द्रिका, नरसिंह स्वामीको साङ्ख्यतरुवसन्त मुख्य छन्। साङ्ख्यकारिकामा ७१ कारिका छन्। यसमा साङ्ख्यदर्शनका सबै तत्त्वको विवेचना छ।

ईश्वरतत्त्वम् (नपुं.) [*ईश्वर इति तत्त्वम्, कर्म.स.*] १.संसारको सृष्टि, स्थिति र प्रलयका विधाता २.कौल साधनाअनुसार जब परम शिव सृष्टिका लागि उन्मुख हुन्छन्, त्यस बखत परमशिवबाट दुई तत्त्व पैदा हुन्छन्– शिव र शक्ति। परमशिव निर्गुण र निरञ्जन हुन्छन् भने शिव सगुण र सिसृक्षा उपाधिले युक्त हुन्छन्। शक्ति सृष्टिको मूल कारण हो। शक्तिद्वारा जगत्को अभिव्यक्ति हुँदा शिवका दुई रूप प्रकट हुन्छन्– सदाशिव र ईश्वर। कौलमतानुसार सृष्टिका प्रथम चार तत्त्व (परशिव, शिव, सदाशिव र ईश्वर) मध्ये एक। यिनैबाट ३३ तत्त्वको सृजना हुन्छ। सदाशिव जगत्देखि अभिन्न छन् भने ईश्वर जगत्देखि भिन्न छन्।

ईश्वरप्रणिधानम् (नपुं.) [*ईश्वरे प्रणिधानम्, स.त.*] योगशास्त्रमा वर्णित पाँच नियममध्ये अन्तिम नियम/ईश्वरप्रतिको अटल भक्ति र कर्मफलको ईश्वरमा समर्पण।

ईश्वरसखः (पुं.) [*ईश्वरः सखा यस्य सः, बहु.स.*] कुबेर।

ईश्वरा (स्त्री.) १.[*ईष्टे, ईश ऐश्वर्ये इति धातोः, स्थेशभासपिसकसो वरच् ३.२.१७५ इति वरच्, टाप्*] पार्वती।

ईश्वरी (स्त्री.) [*ईष्टे, ईश ऐश्वर्ये इति धातोः अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति वनिप्, वनो र च ४.१.७ इति ङीब्रौ*] १.पार्वती २.नाकुलीनामक लताविशेष ३.मालिक्नी। **ईश्वरः शङ्करेऽधीशे तत्पत्न्यामीश्वरीश्वरा** (बोपालित)।

ईष (धा.) [*उञ्छे, भ्वा.सक.सेट् पर.*] शिला खोज्नु। लट्– **ईषति**– शिला खोज्छ। लिट्– **ईषाञ्चकार**– शिला खोजेछ (अन.)। लुट्– **ईषिता**– शिला खोज्ने छ (अन.)। लृट्– **ईषिष्यति**– शिला खोज्ने छ। लोट्– **ईषतु–तात्**– शिला खोजोस्। लङ्– **ऐषत्**– शिला खोज्यो (अन.)। विधिलिङ्– **ईषेत्**– शिला खोज्ला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिला खोजोस्। आशीर्लिङ्– **ईष्यात्–** शिला खोजोस्। लुङ्– **ऐषीत्–** शिला खोज्यो। लृङ्– **ऐषिष्यत्–** शिला खोज्ने थियो। कर्मणि– **ईष्यते–** शिला खोजिन्छ। णिचि– **ईषयति-ते–** शिला खोज्न लगाउँछ। सनि– **ईषिषिषति–** शिला खोज्न चाहन्छ। कृदन्ते– **ईषितव्यः–** शिला खोज्नुपर्ने। **ईषितुम्–** शिला खोज्न। **ईषित्वा–** शिला खोजेर। **समीष्य–** शिला खोजेर इत्यादि।

ईष (धा.) [*गतिहिंसादर्शनेषु, भ्वा. सक.सेट्, आत्म.*] जानु, मर्नु, देख्नु। लट्– **ईषते–** जान्छ, मार्छ, देख्छ इत्यादि।

ईषत् (अव्य.) [*ईषणमिति ईष उञ्छे इति धातोः, अतिः*] अलिकति/थोरै। **ईषत् किञ्चिन्मनाक् प्रोक्ताः** (हला.)। **~करः** (पुं.) [*ईषत् करोतीति, ईषत्पूर्वकाद् कृ धातोः, ईषद्दुःसुषु कृच्छ्राकृच्छ्रार्थेषु खल् ३.३.१२६ इति खल्, उपपदमतिङ् २.२.१९ इति समासः*] १.थोरै गर्ने २.थोरै परिश्रमबाट सिद्ध हुने। **~जयः** (पुं.वि.) [*ईषत् स्वल्पेनैव प्रयासेन जयो विजयो यस्य सः, बहु.सः*] सहजैसित जित्ने। **यस्ताटकामकृत बालसखैः पृषत्कैरीषज्जयः स्फुटमनेन दशाननोऽपि** (अनर्घराघव)।

ईषत्पाण्डुः (पुं.वि.) [*ईषत् चासौ पाण्डुश्च, कर्म.स.*] सेतो र रातो मिसिएको/धुस्रे।

ईषत्पानः (पुं.) [*इषत्पूर्वपदात् पा पाने इति धातोः आतो युच् ३.३.१२८ इति युच्, अनः*] अलिअलि पिउनु। **ईषत्पानः सोमो भवता।**

ईषत्पिङ्गलः (पुं.वि.) [*ईषच्चासौ पिङ्गलश्च, ईषद्गुणवचनेनेति वाच्यम् (वा.) २.२.७ इति समासः*] १.अलिअलि विष मिसिएको २.न्याउरीमुसोजस्तो ३.(पुं.) अलिअलि पहेँलो मिसिएको रातो वर्ण। **पीतरक्तस्तु पिञ्जरः। कपिलः पिङ्गलः श्यावः पिशङ्गः कपिशो हरिः॥** (अभि.चि.)

ईषत्प्रगल्भवचना (स्त्री.) [*ईषत् प्रगल्भं वचनं यस्याः सा, बहु.स.*] केही धृष्ट बोली बोल्ने नायिका।

ईषत्स्पृष्टः (पुं.वि.) [*ईषत् स्पृष्टः, कर्म.स.*] अक्षर उचारण गर्दा हुने एक प्रकारको भित्री प्रयत्न। यसमा जिब्रो, तालु, मूर्द्धा, दाँत र ओठलाई थोरै स्पर्श गरेर वर्णको उच्चारण हुन्छ। संस्कृतका **य र ल व** ईषत्स्पृष्ट वर्ण हुन्।

ईषदुष्णः (पुं.वि.) [*ईषद् उष्णः,कर्म.स.*] अलि-अलि तातो/मनतातो। **कोष्णः कवोष्णः कदुष्णो मन्दोष्णश्चेषदुष्णवत्** (अभि.चि. ६.२२)।

ईषद्रक्तः (पुं.वि.) [*ईषद् रक्तः, कर्म.स.*] अलि-अलि रातो।

ईषद्विवृतः (पुं.वि.) [*ईषद् विवृतं मुखं यत्र]* आभ्यन्तरप्रयत्नको एक भेद। संस्कृत व्याकरणमा आभ्यन्तर प्रयत्नका दृष्टिले ऊष्म वर्ण अर्थात् श, ष, स, ह ईषद्विवृत वर्णभित्र पर्दछन्। यिनीहरूको उच्चारणमा मुख अर्द्ध खुला हुन्छ।

ईषा (स्त्री.) [*ईषते, ईष गत्यादौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः टाप् ४.१.४*] १.सन्दुस २.चिट्ठीपत्र खसाल्ने भाँडो। **ईषा पेटी मञ्जूषा** (चन्द्रगोमी) ३.हरिस **~दन्तः** (पुं.) [*इषा इव दन्तौ यस्य सः, बहु.स.*] लामो दाँत हुने हात्ती। **उग्रदन्नीषादन्तः** (अभि.चि.)।

ईषिका (स्त्री.) [*ईषेव, ईष उञ्छे इति धातोः ईष गतिहिंसादर्शनेषु इति धातोर्वा, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप्, इत्वम्]* १.हात्तीका आँखाको गोलो भाग २.[*ईष्यते, ईषति वा, ईष उञ्छे इति धातोः, क्वुन् (उ.)]* सुन चाँदीमा जलप लगाउँदा प्रयोग गरिने कुची। **ईषिका तूलिकेषिका** (अभि.चि.)।

ईषिता (पुं.) [*ईष्टे, तृन् ३.२.१३५ इति तृन्, ण्वुल्तृचौ ३.१.१३३ इति तृच् वा*] स्वामी।

ईह (धा.) [*चेष्टायाम्, अक.सेट्, आत्म.*] प्रयास गर्नु। लट्– **ईहते–** प्रयास गर्छ। **समीहते–** इच्छा गर्छ। लिट्– **ईहाञ्चक्रे–** प्रयास गरेछ (अन.)। लुट्– **ईहिता–** प्रयास गर्ने छ (अन.)। लृट्– **ईहिष्यते–** प्रयास गर्ने छ। लोट्– **ईहताम्–** प्रयास गरोस्। लङ्– **ऐहत–** प्रयास गर्‍यो (अन.)। विधिलिङ्– **ईहेत–** प्रयास गरोस्, प्रयास गर्ला। लुङ्– **ऐहिष्ट–** प्रयास गर्‍यो। लृङ्– **ऐहिष्यत–** प्रयास गर्ने थियो इत्यादि।

ईहा (स्त्री.) [*ईहनम्, इह चेष्टायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यप्रत्ययः, टाप् ४.१.४, अकः सवर्णे दीर्घः ६.१.१०१ इति दीर्घ एकादेशः*] १.उद्योग २.चेष्टा ३.इच्छा। **ईहा स्त्रियामुद्यमे च वाञ्छायामपि कीर्तिता** (वाङ्म.६८८)।

ईहामृगः (पुं.) १.[*इहा चेष्टा, मृगेषु अस्य*] हुँडार/वनकुकुर **कोकस्त्वीहामृगो वृकः।** (अभि.चि.) २.[*नायको मृगवदलभ्यां नायिकामत्र ईहते वाञ्छतीति*] दश रूपकमध्येको एक रूपक। यसमा ऐतिहासिक तथा कल्पित कथावस्तुको प्रयोग हुन्छ। चार अङ्क हुन्छन्। मुख, प्रतिमुख र निर्वहण सन्धिको प्रयोग हुन्छ। दिव्यपुरुषमध्ये कुनै नायक र कुनै प्रतिनायक हुन्छन्। दुवै इतिहास प्रसिद्ध व्यक्ति हुन्छन्। प्रतिनायक धीरोद्धत हुन्छ। स्त्रीको कारणले गर्दा झगडा पैदा हुन्छ। पछि झगडा त्यसै बिलाएर जान्छ र नाटकको अन्त्य हुन्छ। यसमा कौशिकी वृत्तिको प्रयोग हुन्छ। भयानक र बीभत्स रसलाई छोडेर अरू सबै रस आउँछन्। नायकको सङ्ख्या चार, पाँच अथवा छ हुन्छ। कुसुमशेखर ईहामृगको उत्कृष्ट उदाहरण हो। **ईहामृगो वृके जन्तौ प्रभेदे रूपकस्य च** (विश्व.)।

(ईहामृगः)

ईहावृकः (पुं.) [*ईहाप्रधानो वृकः, म.प. स.*] ब्वाँसो। यो कुक्कुरजस्तो हुन्छ। प्रायः मृगको सिकार गर्छ।

ईहाशीलः (पुं.) तामस र राजस गुण भएका परस्पर विरोधी ब्रह्माका सन्तान थिए। यिनैबाट संसारमा सर्वप्रथम मैथुनी सृष्टि प्रारम्भ भएको हो। (वा.पु.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ

उ देवनागरी लिपिको वर्णमालाअनुसार स्वर वर्णको छैटौँ वर्ण। विवृत प्रयत्न। ओष्ठस्थानीय वर्ण। यो ह्रस्व, दीर्घ र प्लुतका भेदले तीन प्रकारको हुन्छ। प्रत्येकको उदात्त, अनुदात्त र स्वरितका भेदले यो नौप्रकारको हुन्छ। फेरि प्रत्येकको अनुनासिक र अननुनासिकका भेदले जम्मा उ अठार किसिमको हुन्छ। (सि.कौ.)।

उ (अव्य.) [*अवनम्, उङ् शब्दे इति धातोः, क्विप्* च ३.२.७६ इति *क्विप्*] १.क्रोध, दया, आश्चर्य, सम्बोधन आदि व्यक्त गर्दा प्रयोग गर्ने शब्द २.पाउ पूर्तिका लागि प्रयोग हुने शब्द।

उ सम्बोधनरोषोक्त्योरनुकम्पानियोगयोः।
पदस्य पूरणे पादपूरणे चाव्ययं स्मृतम्॥ (वाङ्म.)

उः (पुं.) १.[*अवते विश्वं रक्षति इति, अव रक्षणे इति धातोः, अतति विश्वं व्याप्नोति, अत सातत्यगमने इति धातोर्वा बाहुलकाड् डुः, डित्वाट्टिलोपः*] १.शिव २.विष्णु ३.उकार ४.ब्रह्मा।

उः पुमानुच्यते विष्णौ शिवेऽप्योष्ठस्वरे तथा (वाङ्म.)।

उकनाहः (पुं.) पहेँलो र रातो वर्ण अथवा कालो र रातो वर्ण मिसिएको रङको घोडा।

उकनाहः पीतरक्तः कृष्णरक्तच्छविः क्वचित् (अभि.चि.)।

उक्तः १.(पुं.वि.) [*उच्यते स्म, वच परिभाषणे इति धातोः, निष्ठा* ३.२.१०२ इति *क्तः*] भनिएको। **इत्युक्तः सोऽभ्यधावत्तामसुरो धूम्रलोचनः** (मा.पु.९६.९) २.(पुं.) एक पौराणिक पात्र/नेमिचन्द्रका छोरा/चित्ररथका पिता।

उक्तम् (नपुं.) [*वच्धातोः क्तः*] [*नपुंसके भावे क्तः*] भनाइ/उक्ति।

उक्तिः (स्त्री.) [*वचनम्, वच परिभाषणे इति धातोः, स्त्रियां क्तिन्* ३.३.९४ इति *क्तिन्, वचिस्वपियजादीनां क्ङिति* ६.१.१५ इति *सम्प्रसारणम्*] भनाइ/कथन/अभिव्यक्ति। **व्याहार उक्तिर्लपितं भाषितं वचनं वचः** (अमर.) **अतिसंक्षिप्तचिरन्तनोक्तिभिः** (मुक्तावली) **~परिवर्तनम्** (नपुं.) [*उक्तेः परिवर्तनम्, ष.त.*] प्रत्यक्षकथनबाट अप्रत्यक्षकथन,अप्रत्यक्षकथनबाट प्रत्यक्ष कथनमा परिवर्तन गर्नु। **~भेदः** (पुं.) [*उक्तेर्भेदः,ष. त.*] १.भनाइको अन्तर २.भनाइका प्रकार। **~वैचित्र्यम्** (नपुं.) [*उक्तेर्वैचित्र्यम् ष.त.*] १.भनाइको ताच्छील्य २.वक्रोक्ति।

उक्थम् (नपुं.) [*उच्यते परितो भाष्यते इति, वच परिभाषणे इति धातोः, पातृतुदिवचिरिचिसिचिभ्यस्थक्* (उ.) २.७ इति *थक्, वचिस्वपियजादीनां क्ङिति* ६.१.१५ इति *सम्प्रसारणम्*] १.सामवेद २.स्तोत्र।

उक्था (स्त्री.) [*उच्यते परितो भाष्यते इति, वच परिभाषणे इति धातोः पातृतुदिवचिरिचिसिचिभ्यस्थक्* (उ.) २.७ इति *थक्, वचिस्वपियजादीनां क्ङिति* ६.१.१५ इति *सम्प्रसारणम्, टाप्* ४.१.४] एक अक्षरको पाउ भएको छन्द। यो दुई किसिमको हुन्छ (१) सबै वर्ण गुरु हुने, जस्तै– **श्रीस्ते सास्ताम्**। (२) सबै वर्ण लघु हुने। जस्तै– **उरवतु**।

उक्ष (धा.) [*सेचने, भ्वा. सक.सेट् पर.*] गिलो बनाउनु, भिजाउनु। लट्– **उक्षति–** गिलो बनाउँछ, भिजाउँछ। **उक्षति वृक्षं मेघः।** (दुर्गादास) लिट्– **उक्षाञ्चकार–** गिलो बनाएछ, भिजाएछ (अन.) लुट्– **उक्षिता–** गिलो बनाउने छ, भिजाउने छ (अन.)। लृट्– **उक्षिष्यति–** गिलो बनाउने छ, भिजाउने छ। लोट्– **उक्षतु–उक्षतात्–** गिलो बनाओस्, भिजाओस्। लङ्– **औक्षत्–** गिलो बनायो, भिजायो (अन.)। विधिलिङ्– **उक्षेत्–** गिलो बनाउला, भिजाउला, गिलो बनाओस्, भिजाओस्। आशीर्लिङ्– **उक्ष्यात्–** गिलो बनाओस्, भिजाओस्। लुङ्– **औक्षीत्–** गिलो बनायो, भिजायो। लृङ्– ***औक्षिष्यत्***– गिलो बनाउने थियो, भिजाउने थियो। कर्मणि–**उक्ष्यते–** गिलो बनाइन्छ, भिजाइन्छ। णिचि– **उक्षयति-ते–** गिलो बनाउन लगाउँछ, भिजाउन लगाउँछ। सनि– **उचिक्षिषति–** गिलो बनाउन चाहन्छ, भिजाउन चाहन्छ। कृदन्ते– **उक्षितव्यम्, उक्षणीयम्–** गिलो बनाउनु पर्ने, भिजाउनु पर्ने। **उक्षितः–** गिलो बनाएको, भिजाएको। **उक्षन्–** गिलो बनाउँदै गरेको, भिजाउँदै गरेको। **उक्षितुम्–** गिलो बनाउन, भिजाउन। **उक्षणम्–** गिलो बनाउने काम, भिजाउने काम इत्यादि।

उक्षः (पुं.) [*उक्षतीति उक्ष सेचने इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः* ३.१.१३४ *इत्यच्*] १.मेघ २.(पुं.वि.) भिजेको ३.धोएको।

उक्षतरः (पुं.) [*तृतीयं वयः प्राप्तवान् उक्षा, वत्सोक्षाऽश्वर्षभेभ्यश्च तनुत्वे* ५.३.९१ इति *ष्टरच्*] १.तीन वर्ष पुगेको साँढे २.ठुलो साँढे। **महोक्षः स्यादुक्षतरः** (अभि.चि., हला.२६५)।

उक्षा (पुं.) [*उक्षति सिञ्चतीति, उक्ष सेचने, इति धातोः, श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्मूर्धन्मज्जन्नर्यमन्विश्वप्सन्* (उ.) १६५ इति *कनिन्*] १.औषधिविशेष २.गोरु/ साँढे।

कामाय स्पृहयत्यात्मा संयतोऽपि मनीषिणः।
वीथिनियमितोऽप्युक्षा शष्पमासाद्य धावति॥ (सुभा.)

उख (धा.) [*गतौ,भ्वा.सक.सेट्, पर.*] जानु। लट्– **ओखति–** हिँड्छ। लिट्– **उवोख–** हिँडेछ (अन.)। लुट्– **ओखिता–** हिँड्ने छ (अन.)। लृट्– **ओखिष्यति–** हिँड्ने छ। इत्यादि।

उखा (स्त्री.) [*उखति, उख गतौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः* ३.१.१३५ इति *कः, टाप्* ४.१.४] १.हाँडी २.पानी तताउने भाँडो। **इद्धः स्वतेजसा वह्निरुखागतमिवोदकम्** (सुश्रुत) ३.औषधिविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उखि (धा.) *[गतौ, सक.सेट्, पर.]* जानु। लट्– **उङ्खति–** जान्छ। लिट्– **उङ्खाञ्चकार–** गएछ। (अन.) लुट्– **उङ्खिता–** जाने छ। (अन.)। लृट्– **उङ्खिष्यति–** जाने छ। इत्यादि।

उख्यः (पुं.) [*उखायां भवः*] अग्नि। **उख्यान् हस्तेषु विभ्रतः** (अ.वे.)।

उख्यम् (नपुं.) [*उखायां संस्कृतम्, शूलोखाद्यत् ४.२.१७ इति यत्, आलोपः*] ताम्रपात्र वा फलामको भाँडामा भुटेको अथवा पकाएको वस्तु।

उग्रः (पुं.) [*उच्यति क्रुधा सम्बध्यत इति उच समवाये इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरव (उ.)१९६ इति रक्, चस्य गः*] १.महादेव/वायुमूर्ति। **उग्रः कपर्दी श्रीकण्ठः** (अमर.) २.क्षत्रियबाट शूद्रकी छोरीमा पैदा भएको सन्तान।

क्षत्रियात् शूद्रकन्यायां क्रूराचारविहारवान्।
क्षत्रशूद्रवपुर्जन्तुरुग्रो नाम प्रजायते ॥ (मनु.१०.९)

३.पूर्वफाल्गुनी, पूर्वाषाढा, पूर्वभाद्र, मघा र भरणीसंज्ञक नक्षत्रको गण ४.दानवविशेष ५.धृतराष्ट्रका सय छोरामध्ये एक छोरा ६.(नपुं.) वत्सनाभ विष ७.(पुं.वि.) उत्तेजित/भीषण/डरलाग्दो। **~गन्धः** (पुं.) [*उग्रः गन्धः पुष्पेऽस्य*] १.चाँप २.काफल ३.लसुन ४.हिङ ५.(पुं.वि.) कडा गन्ध भएको। **~गन्धा** (स्त्री.) [*उग्रः गन्धो यस्याः सा, बहु.स.*] १.बोझो २.ज्वानु। **उग्रगन्धाऽजमोदायां बचायां छिक्किकौषधौ** (मेदिनी.)। **~चण्डा** (स्त्री.) [*उग्रा चासौ चण्डा च, कर्म.स.*] देवी। **~तारा** (स्त्री.) [*उग्रात् भयात् तारयति भक्तान् इति तॄ प्लवनतरणयोः इति धातोः, णिचि अच्, टाप् ४.१.४*] उग्रतारा नाम गरेकी देवी। **~धन्वा** (पुं.) [*उग्रं धनुर्यस्य सः, बहु.स.*] १.महादेव २.इन्द्र। **शक्रः स्यादुग्रधन्वा च** (हला.) **~नमस्कारः** (पुं.) बाटुलो किसिमले तीन पटक प्रदक्षिणा गरी ब्रह्मरन्ध्र (शिर) ले जमिन छोएर विष्णुलाई खुशी पार्न गरिने नमस्कार।

प्रदक्षिणात्रयं कृत्वा साधको वर्तुलाकृतिः।
ब्रह्मरन्ध्रेण संस्पर्शः, क्षितेर्यः स्यान्नमस्कृतौ।
स उग्र इति देवाद्यैरुच्यते विष्णुतुष्टिदः ॥ (का.पु.) **~वादी** (पुं.वि.) [*उग्रं वदतीति, वद व्यक्तायां वाचि इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] कठोर विचार राख्ने। **~श्रवाः** (पुं.) [*उग्रमुत्कटं श्रवः, श्रवणं यस्य सः, बहु.स.*] रोमहर्षणका छोरा।

उग्रधारा (स्त्री.) [*उग्रा चासौ धारा च, कर्म.स.*] १.तिखो धार २.[*उग्रा धारा प्रवाहो यस्याः सा, बहु.स.*] वेगशाली नदीविशेष ३.[*उग्रा धारा असिधारा यस्याः सा, बहु.स.*] देवी।

उग्रता (स्त्री.) [*उग्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] क्रूरता/कठोरपन।

उग्रनासिकः (पुं.वि.) [*उग्रा नासिका यस्य सः, बहु.स.*] अग्लो नाक भएको। **उन्नसस्तूग्रनासिकः** (अभि.चि.)।

उग्रम्पश्यः (पुं.वि.) [*उग्रं पश्यतीति, उग्रंपश्येरम्मदपाणिन्धमाश्च ३.२.३७ इति खश्, मुम् पश्यादेशश्च*] पाप मनमा राखेर हेर्ने/रिसाएर आँखा तर्ने।

उग्रसेनः (पुं.) [*उग्रा भीषणा सेना यस्य सः, बहु.स.*] १.बाहुक नामक कंसका पिता। २.(पु.वि.) भीषण सेन्य भएको।

उग्रा (स्त्री.) [*उग्रशब्दात् टाप्*] १.ज्वानो २.बोझो ३.उग्र स्वभावकी ४.उग्रजातिकी स्त्री।

उङ् (धा.) *[शब्दे भ्वा.अक. अनिट्, आत्म.]* शब्द गर्नु। लट्– **अवते–** शब्द गर्छ। लिट्– **ऊवे–** शब्द गरेछ (अन.) लुट्– **ओता–** शब्द गर्ने छ (अन.)। लृट्– **ओष्यते–** शब्द गर्ने छ। लोट्– **अवताम्–** शब्द गरोस्। लङ्– **आवत–** शब्द गऱ्यो (अन.)। विधिलिङ्– **अवेत–** शब्द गर्ला, शब्द गरोस्। आशीर्लिङ्– **ओषीष्ट–** शब्द गरोस्। लुङ्– **औष्ट-औषताम्–** शब्द गऱ्यो। लृङ्– **औष्यत–** शब्द गर्ने थियो। भावे– **ऊयते–** शब्द गरिन्छ। णिचि– **आवयति-ते–** शब्द गराउँछ। सनि– **ऊविषते–** शब्द गर्न चाहन्छ। कृदन्ते– **ओतव्यम्/अवनीयम्/आव्यम्/अव्यम्–** शब्द गर्नुपर्ने। **उतम्–** शब्द गर्ने काम।

उच (धा.) *[समवाये, अक.सेट्, पर.]* एकत्र गर्नु, जम्मा गर्नु, मिस्नु। लट्– **उच्यति–** जम्मा गर्छ, मिस्छ। लिट्– **उवोच–** जम्मा गरेछ, मिसेछ (अन.)। लुट्– **ओचिता–** जम्मा गर्ने छ, मिस्ने छ। (अन.) लृट्– **ओचिष्यति–** जम्मा गर्ने छ। मिस्ने छ। इत्यादि

उचितः (पुं.वि.) [*वच परिभाषणे इति धातोः, रुचिवचिकुचिकुटिभ्यः कितच् (उ.) ६३५ इति कितच्*] १.उपयुक्त/ठिक २.विदित ३.परिमित ४.ग्राह्य।

उचितज्ञता (स्त्री.) [*उचितं जानाति, तस्य भावस्तत्ता, तल् प्रत्ययः, तलन्तं स्त्रियामिति वचनात् टाप्*] औचित्यको ज्ञाता। समस्या पर्दा उचित ठम्याउन सक्ने क्षमता।

दातृत्वं प्रियवक्तृत्वं धीरत्वमुचितज्ञता।
अभ्यासेन न लभ्येयुश्चत्वारः सहजा गुणाः ॥ (सुभा.)

उच्चः (पुं.वि.) [*बाहू उत्क्षिप्य चीयत इति, उद्पूर्वकात् चिञ् चयने इति धातोः अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, उच्चैस्त्वमस्त्यत्र, अर्श आदिभ्योऽच् ५.३.१२७ इत्यज् वा, अव्ययानाम् (वा.) ६.४.१४४ इति टिलोपः*] १.उन्नत/अग्लो २.सूर्य, चन्द्र, पृथ्वी आदि ग्रहहरूको परस्परमा हुने अधिकतम दूरीको स्थिति/ग्रहको उच्चस्थान।

ग्रहैस्ततः पञ्चभिरुच्चसंश्रयै–
रसूर्यगैः सूचितभाग्यसम्पदम् (रघु.)।

उच्चकैः (अव्य.) [*अतिशयेन उच्चैरिति,अव्ययसर्वनाम्नामकच् प्राक् टेः ५.३.७१ इति टेः प्राक् अकच्*] अतिशय अग्लो।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चक्षुः (पुं.वि.) [उत् ऊर्ध्वं चक्षुः नेत्रं दृष्टिर्वा यस्य सः, बहु. स.] १.आकाशतिर हेर्ने २.फराकिलो दृष्टि भएको। ३.(नपुं.) [उत् ऊदर्ध्वञ्च तच्चक्षुश्च, कर्म. स.] मास्तिर फर्किएको आँखा।

उच्चक्षूकरणम् (नपुं.) [उत् ऊर्ध्वं चक्षुः नेत्रं दृष्टिर्वा यस्य सः, न उच्चक्षुः, उच्चक्षुर्यथा सम्पद्यते तथाकरणम् अरुर्मनश्चक्षुश्चेतो रहोरजसां लोपश्च ५.४.५१ इति सलोपः, च्विप्रत्ययः, च्वौ च ७.४.२६ इति दीर्घः] १.ठाडो आँखा लगाएर हेर्नु २.फराकिलो दृष्टि राख्नु।

उच्चटा (स्त्री.) [उच्चटति, उत्पूर्वकात् चट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४] १.लसुन २.नागरमोथे ३.दम्भ/अभिमान ४.चर्या।

उच्चण्डः (पुं.वि.) उच्चण्डति, उत्पूर्वकात् चडि कोपे इति धातोः, नन्दिग्रहिपचादिभ्योल्युणिन्यचः३.१.१३४ इत्यच्] १.छिटो/हडबडे २.[उच्चण्डनम्, उत्पूर्वकात् चडि कोपे इति धातोः, भावे ३.३.१८ इति घञ्] छिटो गर्नु, हडबडाउनु ३.लट्कनु। **उच्चण्डस्त्व-वलम्बनम्** (अभि.चि.)।

उच्चतमः (पुं.वि.) [अयमेषामतिशयः, उच्चशब्दाद् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्] सबैभन्दा माथिल्लो हदको/सबैभन्दा अग्लो।

उच्चतरः (पुं.वि.) [अयमनयोरतिशयः, उच्चशब्दाद् द्विचनविभज्योपपदे तरबीयसुनौ ५.३.३७ इति तरप्] दुईमध्ये माथिल्लो वा अग्लो।

उच्चतालः (पुं.) [उच्चश्चासौ तालश्च, कर्म.स.] खुबसित पिटिएको ताली।

उच्चतालम् (पुं.) [उच्चस्तालो यत्र तत्, बहु.स.] मदिरा आदि पिउने स्थानमा हुने नाच। **पानगोष्ठ्यामुच्चतालम्** (अभि.चि.)।

उच्चन्द्रः (पुं.) [उत् स्वल्पमवशिष्टश्चन्द्रो यस्मिन् सः बहु.स.] रात्रिको अवशेष (अभि.चि.)।

उच्चयः (पुं.) [उच्चयनम्, चिञ् चयने इति धातोः एरच् ३.३.५६ इति अच्, गुणः] १.कमरभन्दा मुनि बाँधेको सारी वा धोतीको गाँठो। **तद्ग्रन्थिरुच्चयो नीविः** (अभि.चि.) २.टिप्ने काम ३.पर्वतको शिखर/उन्नतस्थल ४.उचाइ ५.समूह। **वाक्यं स्याद् योग्यताऽऽकाङ्क्षाऽऽसत्तियुक्तः पदोच्चयः** (सा.द.)।

उच्चलः (पुं.वि.) [उदतिशयेन चलति,पचाद्यच्]अतिशय चञ्चल।

उच्चलम् (नपुं.) [उत् अतिशयेन चलति,पचाद्यच्] मन (अभि.चि.)।

उच्चसदनम् (नपुं.) [उच्चञ्च तद् सदनञ्च, कर्म.स.] १.अग्लो घर २.दुई सदन भएका ठाउँमा धन, विद्या, उमेर आदिका दृष्टिबाट अत्यधिक सम्पन्न वा अनुभवी मानिएका सदस्यहरूबाट बनेको सदन/दोस्रो सदन।

उच्चाटनम् (नपुं.) [उत्पूर्वकात् चट भेदने इति धातोः णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः] १.अभिचार-सम्बन्धी एक कर्म २.उखल्ने काम ३.उजाड हुनु।

उच्चायः (पुं.) [उच्चयनम्, चिञ् चयने इति धातोः हस्तादाने चेरस्तेये ३.३.४० इति घञ्] हातले टिप्ने काम।

उच्चारः (पुं.) १.[उच्चार्यते परित्यज्यते, उत्पूर्वकात् चर गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्] दिसा/विष्ठा। **मातुरुच्चार एव सः** (हितो.) २.[उच्चारणम्, भावे घञ्] उच्चारण।

उच्चारणम् (नपुं.) [उच्चार्यते मुखान्निःसार्यते, इति, उत्पूर्वकात् चर गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः] उच्चारण गर्नु।

उच्चारणस्थानम् (नपुं.) [उच्चारणस्य स्थानम्, ष.त.] उच्चारण गरिने ठाउँ। छाती, घाँटी, तालु, जिब्रो, नाक, दाँत, ओठ र शिर यी उच्चारण स्थान मानिन्छन्। **अष्टौ स्थानानि वर्णानामुरः कण्ठः शिरस्तथा। जिह्वामूलञ्च दन्ताश्च नासिकोष्ठौ च तालु च॥** (पा.शि.)।

उच्चार्यमाणः (पुं.वि.) [उच्चार्यते इति, उत्पूर्वकात् चर गतौ इति धातोः, णिचि लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१०२ इति शानच्, यक्] उच्चारण भइरहेको।

उच्चारितः (पुं.वि.) [उच्चार्यते स्म, उत्पूर्वकात् चर गतौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः] उच्चारण गरिएको।

उच्चावचः (पुं.वि.) [उदक् चावाक् च, मयूरव्यंसकादयश्च २.१.७२ इति साधुः] १.अग्लो– होचो २.उत्कृष्ट–अपकृष्ट ३.अनेक प्रकारको।

उल्कानिर्घातकेतूंश्च ज्योतींष्युच्चावचानि च।
उच्चावचेषु भूतेषु स्थितं तं व्याप्य तिष्ठतः॥ (मनु.६.७३)

उच्चूलः (पुं.) [उद्गता चूडा यस्य सः, डस्य लत्वम्] ध्वजाको माथिल्लो भाग।

उच्चैः (अव्य.) [उत्पूर्वकात् चिञ् चयने इति धातोः, उदि चेर्डैसिः (उ.) ७०० इति डैसिः] १.उचो/लामो स्वर २.अग्लो ३.जोडसित।

उच्चैःकारम् (अव्य.) [उच्चैः कृत्वा, उच्चैः पूर्वकात् कृधातोः अव्ययेऽयथाभिप्रेताख्याने क्त्वाणमुलौ ३.४.५९ इति णमुल्] कराएर/ठुलो स्वर गरेर। **उच्चैःकारमप्रियमाचष्टे** (दुर्गादास)।

उच्चैःश्रवाः (पुं.) [उच्चैःश्रवो यशो यस्य सः यद्वा उच्चैः श्रवसी कर्णौ यस्य सः,बहु.स. सर्वधातुभ्योऽसुन् (उ.) इति असुन्] १.इन्द्रको घोडा २.(पुं.वि.) ठुला कान हुने।

उच्चैर्घुष्टम् (नपुं.) [उच्चैर्घुष्यते स्म, उच्चैसपूर्वकाद् घुषिर् शब्दे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः] उच्च घोषणा/उच्च स्वरबाट गरिएको घोषणा।

उच्चैस्तरः (पुं.वि.) [अयमनयोरतिशयेनोच्चः, उच्चैस् शब्दाद् द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप्] दुईमध्ये अग्लो।

उच्चैस्तमः (पुं.वि.) [अयमेषामतिशयेनोच्चः, उच्चैश्शब्दाद् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्] यिनीहरू मध्ये सबैभन्दा अग्लो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चैस्तमाम् (अव्य.) [*अतिशयेन उच्चैः, उच्चैस् इति शब्दाद् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्, किमेतत्तिङ व्ययधादाम्वद्रव्यप्रकर्षे ५.४.११ इति आमुः*] १.अत्यन्त उच्च २.ठुलो स्वरले।

उच्चैस्तराम् (अव्य.) [*अतिशयेन उच्चैः, उच्चैस्शब्दाद् द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप् ततः आमुः ५.४.११*] १.दुईमा उच्च २.अपेक्षाकृत ठुलो स्वरले।

उच्छादनम् (नपुं.) [*उत्पूर्वकात् छद्धातोर्णिचि ल्युट्अनः*] १.हटाउनु २.गन्धद्रव्य, सावन, स्याम्पो आदि स्नानीय द्रव्य लगाएर शरीर सफा गर्नु। **यथाशक्तिप्रदानेन स्नापनोच्छादनेन च** (मनु.)।

उच्छास्त्रः (पुं.वि.) [*शास्त्रमुत्क्रान्तः, गति.स.*] शास्त्रको वचनलाई उल्लङ्घन गर्ने/शास्त्रको विधान नमान्ने।

उच्छिखः (पुं.वि.) [*उद्गता शिखा यस्य सः, बहु. स.*] १.बलेको २.ठुलो ज्वाला भएको ३.टुप्पी ठाडो पारेको।

उच्छित्तिः (स्त्री.) [*उच्छेदनम्, उत्पूर्वकाद् छिदिर् द्वैधीकरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.खेदो २.नाश।

उच्छिदिर् (धा.) [*दीप्तिदेवनयोः, रुधा.दीप्तौ अक., देवने सक.सेट् उभ*] चम्कनु, खेल्नु। लट्– **छृणत्ति-छृन्ते**– चम्कन्छ/खेल्छ। लिट्– **चच्छर्द-चच्छर्दे**– चम्केछ, खेलेछ (अन.)। लुट्– **छर्दिता**– चम्कने छ, खेल्ने छ (अन.) इत्यादि।

उच्छिन्नः (पुं.वि.) [*उच्छिद्यते स्म, उत्पूर्वकाद् छिदिर् द्वैधीकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.टुटेको २.दुई फ्याक भएको ३.छिन्न भिन्न भएको।

उच्छिलीन्ध्रम् (नपुं.) १.[*उन्मुखञ्च तच्छिलीन्ध्रम्, कर्म.स.*] च्याऊ २.[*उन्मुखाः शिलीन्ध्रा यस्मिन् तत्*] च्याउले ढाकेको क्षेत्र। **कर्तुं यच्च प्रभवति महीमुच्छिलीन्ध्रामवन्ध्याम्** (मे.दू.)।

उच्छिष्टः (पुं.वि.) [*उच्छिष्यते स्म, उत्पूर्वकाद् शिष्लृ अवशेषणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.खाएर बाँकी रहेको २.त्याग गरिएको।

उच्छिष्टम् (नपुं.) [*उच्छेषणम्, उद्पूर्वकाद् शिष्लृ विशेषणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] जुठो/खाएर बाँकी रहेको पुरा।

उच्छी (धा.) [*विवासे, सक.सेट् पर.*] पूरा गर्नु, छोड्नु। लट्– **व्युच्छति**– पूरा गर्छ/छोड्छ इत्यादि।

उच्छीर्षकम् (नपुं.) [*उत्थाप्यते शय्यात उत्तोल्य स्थाप्यते शीर्षं यस्मिन् तत्, बहु.स.*] तकिया (हला.)।

उच्छूनः (पुं.वि.) [*उच्छूयते स्म, उत्पूर्वकात् टु ओ श्वि गतिवृद्ध्योः इति धातोः, निष्ठा २.३.१०२ इति क्तः*] १.बढेको २.लामो ३.अग्लो ४.मोटो। **वृथोच्छूनैः किमेभिर्भुजैः** (कालिदास)।

उच्छृङ्खलः (पुं.वि.) [*शृङ्खलादुद्गतः, प्रा.स.*] १.बन्धनबाट मुक्त २.अनुशासनविहीन ३.नियन्त्रणभन्दा बाहिर रहेको/अनियन्त्रित ४.स्वच्छन्द। **अबाधोच्छृङ्खलोद्दामानियन्त्रितमनर्गलम्** (अभि.चि.)।

उच्छेदः (पुं.) [*उच्छेदनम्, उत्पूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.काट्नु २.टुट्नु ३.विनाश।

उच्छेदनम् (नपुं.) [*उत्पूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.काट्नु २.तोड्नु ३.नाश गर्नु।

उच्छोषणम् (नपुं.) [*उत्पूर्वकात् शुष शोषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.खुबसित शोषण गर्नु २.सन्ताप दिनु।

उच्छ्रयः (पुं.) [*उच्छ्रयतीति, उत्पूर्वकात् श्रिञ् सेवायाम् इति धातोः, एरच् ३.३.५६ इत्यच्*] उचाइ/उच्चता।

उच्छ्रायः (पुं.) [*उच्छ्रयतीति, उत्पूर्वकात् श्रिञ् सेवायाम् इति धातोः, उदिश्रयति ३.३.४९ इति घञ्*] १.उन्नति।

लब्धोच्छ्रायो नीचः प्रथमतरं स्वामिनं पराभवति।
भूमिरजो रथ्यादावुत्थापकमेव संवृणुते॥ (सुभा.)

२.फैलावट ३.अभिमान।

उच्छ्रितः (पुं.वि.) [*उच्छ्रयति स्म, श्रिञ् सेवायाम् इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.उठेको २.फैलेको ३.उत्पन्न ४.समृद्ध ५.अभिमानी। **उच्छ्रितं त्रिषु संजाते समुन्नद्ध (त) प्रवृद्धयोः** (मेदिनी.)।

उच्छ्वसनम् (नपुं.) [*उत्पूर्वकात् श्वस प्राणने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.सास फेर्नु/सास लिनु/बाँच्नु २.प्रफुल्ल हुनु/विकसित हुनु।

उच्छ्वसितः (पुं.वि.) [*उच्छ्वसिति स्म,उत्पूर्वकात् श्वस प्राणने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.सास फेरेको २.फुलेको/विकसित ३.प्रफुल्ल भएको।

उच्छ्वासः (पुं.) [*उच्छ्वसनम्, उत्पूर्वकात् श्वस प्राणने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मास्तिर आएको प्राणवायु २. ३.ग्रन्थको भाग ३.विकास ४.प्रफुल्लता।

उछि (धा.) [*उञ्छे, भ्वा. सक.सेट् पर.*] थोरै थोरै गरेर जम्मा गर्नु। लट्– **उञ्छति**– थारै थोरै गरेर जम्मा गर्छ। लिट्– **उञ्छाञ्चकार**– थोरै थोरै गरेर जम्मा गरेछ (अन.)। लुट्– **उञ्छिता**– थोरै थोरै गरेर जम्मा गर्ने छ (अन.)। लृट्– **उञ्छिष्यति**– थोरै थोरै गरेर जम्मा गर्ने छ। (अन.)। लोट्– **उञ्छतु-तात्**– थोरै थोरै गरेर जम्मा गरोस्। लङ्– **औञ्छत्**– थोरै थोरै गरेर जम्मा गऱ्यो (अन.)। विधिलिङ्– **उञ्छेत्**– थोरै थोरै गरेर जम्मा गर्ला, थोरै थोरै गरेर जम्मा गरोस्। आशीर्लिङ्– **उञ्छ्यात्**– थोरै थोरै गरेर जम्मा गरोस्। लुङ्– **औञ्छीत्**– थोरै थोरै गरेर जम्मा गऱ्यो। लृङ्– **औञ्छिष्यत्**–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थोरै थोरै गरेर जम्मा गर्ने थियो। कर्मणि– **उञ्छ्यते–** थोरै थोरै गरेर जम्मा गरिन्छ। णिचि– **उञ्छयति-ते–** थोरै थोरै गरेर जम्मा गराउँछ। सनि– **उञ्चिछिषति–** थोरै थोरै गरेर जम्मा गर्न चाहन्छ। कृदन्ते– **उञ्छितव्यम्/उञ्छनीयम्–** थोरै थोरै गरेर जम्मा गर्नुपर्ने। **उञ्छितः/उञ्छितवान्–** थोरै थोरै गरेर जम्मा गरेको। **उञ्छितुम्–** थोरै थोरै गरेर जम्मा गर्न। **उञ्छकः/उञ्छिका/उञ्छिता/त्री–** थोरै थोरै गरेर जम्मा गर्ने। **उञ्छन्-न्ती–** थोरै थोरै गरेर जम्मा गरिरहेको/की। **उञ्छः/उञ्छनम्–** थोरै थोरै गरेर जम्मा गर्ने काम। **उञ्छित्वा/समुञ्छ्य–** थोरै थोरै गरेर जम्मा गरेर इत्यादि।

उज्जयिनी (स्त्री.) [*उत् ऊर्ध्वं जयोऽस्त्यस्याः, उज्जयः, सोऽस्यतस्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] मालवदेशको राजधानी/उज्जैन सहर। रेखादेशको समीपवर्ती सहर।

उज्जापः (पुं.) [*जपनम्, जापः, जप धातोः, ण्यन्ताद् भावे ३.३.१८ इति घञ्, उत्कृष्टश्वासौ जापः.*] कुम्भक प्राणायामका आठ भेदमध्ये एक भेद। यसमा नाकबाट हावा तानी मुखमा रोकिन्छ। हृदय तथा कण्ठको वायु तानी मुखमा रहेको (नाकबाट तानिएको) हावामा मिलाइन्छ अनि कुल्ला गरी शक्तिले भ्याएसम्म कुम्भक प्राणायामसहित जालन्धरमुद्रा गरिन्छ।

नासाभ्यां वायुमाकृष्य वायुं वक्त्रेण धारयेत्।
हृद्गलाभ्यां समाकृष्य मुखमध्ये च धारयेत्॥
मुखं प्रक्षाल्य संवेद्य कुर्याज्जालन्धरं ततः।
आशक्तिं कुम्भकं कृत्वा धारयेदविरोधतः॥ (घे.सं.)

उज्जासनम् (नपुं.) [*उत्पूर्वकात् जसु हिंसायाम् इति धातोः, स्वार्थे ण्यन्ताद् ल्युट् च ३.३.११५इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मार्ने काम/वध २.युद्धको मारण ।

उज्जिहानः (पुं.वि.) [*उज्जिहीते इति, उत्पूर्वकात् ओहाङ् गतौ इति धातोः, लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] १.उठिरहेको/जाग्रत/जागेको २.सक्रिय।

उज्जृम्भणम् (नपुं.) [*उत्पूर्वकात् जृम्भ गात्रविनामे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हाइ गर्नु २.फुल्नु ३.प्रपुल्ल हुनु।

उज्जृम्भवदनाम्भोजा भिनत्त्यङ्गानि साङ्गना (सा.द.)।

उज्जृम्भितः (पुं.वि.) [*उज्जृम्भते स्म, उत्पूर्वकाद् जृभि गात्रविनामे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.फुलेको २.बढेको ३.हाइ गरेको ४.प्रफुल्ल भएको ५.सक्रिय रहेको।

उज्ज्वलः (पुं.वि.) [*उच्चैर्ज्वलति प्रकाशते इति उत्पूर्वकात् ज्वल दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.उज्यालो/सफा २.बलेको ३.चम्किलो ४.(पुं.) शृङ्गार रस। **शृङ्गारः शुचिरुज्ज्वलः** (अमर.) ५.सुन। **शृङ्गारे विशदे दीप्तेऽपि** (हैम.)।

उज्ज्वलनम् (नपुं.) [*उज्ज्वल्यते इति, उत्पूर्वकात् ज्वल दीप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बल्नु २.प्रकाशित हुनु ३.चम्कनु ४.उज्यालो हुनु। **अस्माकं सखि ! वाससी न रुचिरे ग्रैवेयकं नोज्ज्वलम्** (सा.द.)।

उज्ज्वला (स्त्री.) १.प्रत्येक पाउमा क्रमैले नगण, नगण, भगण तथा रगणको प्रयोग भएको छन्द। **ननभरसहिता गदितोज्ज्वला।** (छन्दो.) २.उज्याली।

उज्ज्वलितः (पुं.वि.) [*उज्ज्वल्यते स्म, उत्पूर्वकात् ज्वल दीप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बलेको २.प्रकाशित भएको ३.उज्यालो पारिएको।

उज्झ (धा.) [*उत्सर्गे, सक.सेट् परस्मै.*] छोड्नु, त्याग्नु। लट्– **उज्झति–** छोड्छ। लिट्– **उज्झाञ्चकार–** छोडेछ (अन.) लुट्– **उज्झिता–** छोड्ने छ (अन.)। इत्यादि। कर्मणि– **उज्झ्यते–** छोडिन्छ। णिचि– **उज्झयति-ते–** छुटाउँछ। सनि– **उजिज्झिषति–** छोड्न चाहन्छ। कृदन्ते– **उज्झितव्यः/उज्झनीयः/उज्झ्यः–** छोड्नुपर्ने। **उज्झितः/उज्झितवान्–** छोडेको। **उज्झन्/ती–** छोडिरहेको/की। **उज्झितुम्–** छोड्न। **उज्झनम्–** छोड्ने काम। **उज्झित्वा/समुज्झ्य–** छोडेर इत्यादि।

उज्झितः (पुं.वि.) [*उज्झ्यते स्म, उज्झ त्यागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] त्याग गरिएको। **उज्झितायास्त्वया नाथ तदैव मरणं ध्रुवम्** (रामा.)।

उञ्छः (पुं.) [*उञ्छनम्, उछि उञ्छे इति धातोः, भावे ३.३.१८ इति घञ्*] शिला खोज्ने काम। **उञ्छः कणश आदानम्** (अमर.)।

उञ्छनम् (नपुं.) [*उञ्छ्यते इति, उछि उञ्छे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] शिला खोज्नु/कण कण खोजेर जम्मा गर्नु।

उञ्छशीलः (पुं.वि.) [*उञ्छः शीलमस्य सः, बहु.स.*] शिला खोज्ने। **उञ्छः कणश आदाने कणिकाद्यर्जनं शिलम्** (यादव)।

उञ्छशीलम् (नपुं.) [*उञ्छेन पक्षिचञ्च्वादानवद् ग्रहणेन शील्यते सञ्चीयते यस्मिन् तत्*] शिला खोज्ने वृत्ति।

उटः (पुं.) १.घाँस/तृण २.पात।

उटजः (पुं.) [*उटेभ्यो जायत इति, उटपूर्वकात् जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, टिलोपः*] झार, पात आदिले बनाएको घर/कुटी।

उठ (धा.) [*उपघाते, भ्वा. सक.सेट्. पर.*] तल खसाल्नु, मार्नु, ठोक्नु। लट्– **ओठति–** तल खसाल्छ, मार्छ, ठोक्छ। लिट्– **उवोठ–** तल खसालेछ, मारेछ, ठोकेछ (अन.) इत्यादि। णिचि– **ओठयति-ते–** तल खसाल्न लगाउँछ, मार्न लगाउँछ, ठोक्न लगाउँछ। सनि– **ओटिठिषति–** तल खसाल्न चाहन्छ, मार्न चाहन्छ, ठोक्न चाहन्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उड (धा.) [*संहतौ, सौत्रः, पर.अक.सेट्*] एकचित्त हुनु/जम्मा हुनु । लट्– ***ओडति, औडति***– एकचित्त हुन्छ/जम्मा हुन्छ इत्यादि ।

उडु (नपुं.) [*ओडति इति उड संहतौ इति धातोः, बाहुलकाद् उः, स्त्रियामूङ्, उडूः*] १.नक्षत्र २.जल/पानी ।

उडुपः (पुं/नपुं.) [*उडूनि नक्षत्राणि पातीति, उडुपूर्वकात् पा रक्षणे इति धातोः, सुपि स्थः ३.२.४ इति सुपीति योगविभागात् कः, आलोपः ६.४.६४*] १.चन्द्रमा/ताराको अधिपति मानिने हुँदा रक्षक २.[*उडु जलं पाति रक्षति*] सानो ढुङ्गा/गेगर । **उडुपश्चन्द्रभेलयोः** (धरणि.) ।

उडुपतिः (पुं.) [*उडूनां पतिः, ष.त.*] १.नक्षत्रस्वामी/चन्द्रमा २.जलका स्वामी वरुण ।

उडुपथः (पुं.) [*उडूनां पन्थाः, ष.त., ऋक्पूरब्धूःपथामानक्षे ५.४.७४ इति अप्रत्ययः, भसंज्ञायां टिलोपः*] आकाश (अभि.चि.) ।

उडुम्बरः (पुं.) [*उं शिवं वृणोतीति, उं पूर्वकाद् वृञ् वरणे इति धातोः, वरश्, उत्कृष्टश्चासौ उम्बरः, पृषोदरादितया साधुः*] १.डुम्री २.दहिलो ३.कुष्ठरोगविशेष ।

उडुम्बरम् (नपुं.) [*उडुं वृणाति, अच्*] १.तामो । **ताम्रं शुल्वमुडुम्बरम्** (वैद्यकरत्नमाला) २.नापोविशेष/कर्ष । **उडुम्बरञ्च पर्यायैः कर्ष एव निगद्यते** (शा.ध.) ।

उड्डयनम् (नपुं.) [*उत्पूर्वकाद् डीङ् विहायसा गतौ इति धातोः भावे ल्युट् अनः*] १.उड्ने क्रिया /उडान/नभोगति । २.यौगिक क्रियामा गरिने एक किसिमको प्राणायाम ।

उड्डामरः (पुं.) [*उत्कृष्टश्चासौ डामरश्च, कर्म.स.*]प्रबल/श्रेष्ठ ।

उड्डीनम् (नपुं.) [*उर्ध्वं उयनम्, उत्पूर्वकाद् डीङ् विहायसा गतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] उडाइ/पक्षीहरू आकाशमा मास्तिर उड्ने क्रिया/ऊर्ध्वगति ।

उड्डीनमवडीनं च प्रडीनं डीनमेव च ।
निडीनमथ संडीनं तिर्य्यग्डीनगतानि च ॥
विडीनं परिडीनं च पराडीनं सुडीनकम् ।
अभिडीनं महाडीनं निडीनमतिडीनकम् ॥
संडीनोड्डीनडीनं च पुनर्डीनविडीनकम् ।
संपातञ्च समुड्डीनं ततोऽन्यद् व्यतिरिक्तकम् ॥
गतागतं प्रतिगतम् (म.भा.कर्णपर्व. ४१/२६–२९) ।

हावाको झोक्काले पखेटाको बलले अथवा मेसिनद्वारा एक ठाउँबाट अर्को ठाउँमा पुग्नु– **उड्डयनम्** (नपुं.), तल झर्दै उड्नु– **अवडीनम्** (नपुं.), चारैतिर चक्कर काट्दै उड्नु– **प्रडीनम्** (नपुं.), सामान्य उडाइ– **डीनम्** (नपुं.), विस्तारै विस्तारै उड्नु– **निडीनम्** (नपुं.), राम्रोसँग उड्नु– **संडीनम्** (नपुं.), तेर्सो उड्नु– **तिर्यग्डीनम्** (नपुं.), कुनै तोकिएको ठाउँतिर जाँदै उड्नु– **गतम्** (नपुं.), अरूको नक्कल गर्दै उड्नु– **विडीनम्** (नपुं.), चारैतिर जाँदै उड्नु– **परिडीनम्** (नपुं.), पछि हट्दै उड्नु– **पराडीनम्** (नपुं.), धेरै बेरसम्म उड्नु– **सुडीनम्** (नपुं.), सामुन्ने भएर उड्नु– **अभिडीनम्** (नपुं.), जोडसँग उड्नु– **महाडीनम्** (नपुं.) पखेटा फटफटाउँदै उड्नु– **निडीनम्** (नपुं.), ज्यादै जोडसँग उड्नु– **अतिडीनम्** (नपुं.), राम्रो छाँटले चक्कर काट्दै माथि माथि उड्दै जानु– **संडीनोड्डीनडीनम्** (नपुं.), एक प्रकारको उडान गर्दागर्दै अर्को प्रकारको उडान गर्नु– **डीनविडीनम्** (नपुं.), एकछिन राम्रोसँग उडेर फेरि छटपटाइ उड्नु– **सम्पातः** (पुं.), राम्रोसँग माथि माथि उड्नु– **समुड्डीनम्** (नपुं.), ओहोर दोहोर गर्दै उड्नु– **गतागतम्** (नपुं.), कुनै ठाउँबाट फर्केर आउँदै उड्नु– **प्रतिगतम्** ।

उत् (उप.) क्रियाका साथ अघिल्तिर जोडिएर माथि अतिशय, उन्नति आदि अर्थ बुझाउने एक उपसर्ग ।

उत (अव्य.) [*उ शब्दे इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.१.७४ इति क्तः*] १.विकल्प २.समुच्चय ३.वितर्क आदि जनाउँदा उच्चारण गरिने शब्द ४.प्रश्न । **उत प्रश्ने वितर्के च उताप्यर्थविकल्पयोः** (विश्व.) ।

उतथ्यतनयः (पुं.) [*उतथ्यस्य तनयः,ष.त.*]उतथ्यपुत्र/गौतम मुनि ।

उतथ्यानुजः (पुं.) [*उतथ्यस्यानुजः, ष.त.*] बृहस्पति ।

उतम् (नपुं.) [*ऊयते स्म, वेञ् तन्तुसन्ताने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सिलाइएको ।

उताहो (अव्य.) [*उत च आहो च, द्व.स.*] १.विकल्प २.परिप्रश्न/चारैतिरबाट गरिने प्रश्न ३.विचार । **यक्षी वा राक्षसी वा त्वं उताहोऽसि सुराङ्गना** (म.भा.) ।

उताहोस्वित् (अव्य.) विकल्प । **अन्यद् वपुर्विदधातीह गर्भमुताहो वा स्वेन कायेन याति** (म.भा.) ।

उतृदिर् (धा.) [*हिंसाऽनादरयोः, सक.सेट्, उभ.*] हिंसा गर्नु, अपमान गर्नु । लट्– **तृणत्ति**– हिंसा गर्छ, अपमान गर्छ इत्यादि ।

उत्कः (पुं.वि.) [*उद्गतं मनो यस्य सः, उत्क उन्मनाः ५.२.८० इति उत्क इत्यस्य निपातः*] उत्कण्ठित/इच्छा लागेको कुरा हेर्न, सुन्न हत्पताउने । **तच्छ्रुत्वा ते श्रवणसुभगं गर्जितं मानसोत्काः** (मे.दू.) ।

उत्कटः (पुं.वि.) [*उद्गतः कट आवरणमावरको वाऽस्य*] १.तीव्र २.मात्तिएको । **उत्कटस्तीव्रमत्तयोः** (हैम.) ३.होचोअग्लो ।

चन्द्रांशुनिकराभासा हाराः कासाञ्चिदुत्कटाः ।
स्तनमध्ये सुविन्यस्ता विरेजुर्हंसपाण्डुराः ॥ (रामा.काण्ड ५)

उत्कटः (पुं.) [*स्वार्थे सम्प्रोदश्च कटच् ५.२.२९ इति उद्गतमदार्थकात् उत्शब्दात् कटच्*] १.मद (शब्दरत्नावली) २.उन्मत्त हात्ती (हारावली) ३.रातो उखु ४.बाण (रा.नि.) ।

उत्कटम् (नपुं.) [*उन्नतं क्रियासाधनम् उत्शब्दात् सम्प्रोदश्च कटच् (वा.) ५.२.२९ इति कटच्*] १.तेजपात २.दालचिनी ।

उत्कण्ठः (पुं.) [*उद्गतः कण्ठो यस्य सः, बहु.स.*] शृङ्गाररसको एक बन्ध । **नारीपादौ च हस्तेन धारयेद् गलके पुनः । स्तनार्पितकरः कामी बन्धश्चोत्कण्ठसंज्ञकः ॥** (र.म.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्कण्ठा (स्त्री.) [*उकण्ठनम्, उत्पूर्वकाद् कठि शोके इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, यप् ४.१.४*] औत्सुक्य/उत्कण्ठता/जान्ने इच्छा ।

उत्कण्ठितः (पुं.वि.) [*उत्कण्ठा जाताऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] उत्कण्ठाले युक्त ।

उत्कण्ठिता (स्त्री.) [*उत्कण्ठा जाताऽस्याः, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्, यप् ४.१.४*] १.अवस्थाअनुसार गरिएको विभाजनअनुसार नायिकाको एक भेद । सङ्केत स्थलमा प्रियतम भेट्न न आउनाको कारणका बारेमा चिन्तनरत नायिका ।

सङ्केतस्थलं प्रति भर्तुरनागमनकारणं या चिन्तयति (भानुदत्त) ।
आगन्तुं कृतचित्तोऽपि दैवान्नायाति यत्प्रियः ।
तदनागमदुःखार्ता विरहोत्कण्ठिता तु सा ॥ (सा.द.)

२.परदेश गएका पतिको प्रतीक्षामा वसेकी युवती ।

देशे देशे किमपि कुतुकादद्भुतं लोकमानाः
सम्पाद्यैव द्रविणमतुलं सद्म भूयोऽप्यवाप्य ।
संयुज्यन्ते सुचिरविरहोत्कण्ठिताभिः सतीभिः
सौख्यं धन्याः किमपि दधते सर्वसम्पत्समृद्धाः ॥ (सुभा.)

उत्करः (पुं.) [*उत्पूर्वकाद् डुकृञ् करणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.धानको राशि २.स्तूप ३.[*उत्करणम् उत्पूर्वकाद् कृ विक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.विस्कुन सुकाउनु २.कसिङ्गर भारपात हटाउनु ३.हात–गोडा फ्याँक्नु ।

उत्कर्षः (पुं.) [*उत्कर्षणम्, उत्पूर्वकाद् कृष विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.वृद्धि/उन्नति २.श्रेष्ठता/उत्तमता ३.मास्तिर तान्ने काम ।

उत्कलः (पुं.) [*उत्कमुत्सुकं यथा स्यात्तथा लातीति, उत्कपूर्वकाद् ला आदाने इति धातोः, आतोऽनुसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.६.४*] १.व्याधा २.भरिया/भारी बोक्ने व्यक्ति ।

उत्कलिका (स्त्री.) [*कालिकामुद्गता, प्रा.स.*] १.उत्कण्ठिता २.कोपिला लागेको ३.कठोर वर्ण र लामा लामा समास भएका पदको प्रयोग तथा जटिल अर्थ भएको गद्य । ४.[*उत्कलनम्, उत्पूर्वकाद् कल गतिसङ्ख्यानयोः इति धातोः, कल क्षेपे इत्यस्माद् वा बाहुलकाद् कृञादिभ्य संज्ञायां वुन् (उ) इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, यप् ४.१.४ इत्वम्*] उत्कण्ठा ५.तरङ्ग ६.तिरस्कार । **उत्कलिका तु हेलायां तरङ्गोत्कण्ठयोरपि** (हैम.) ।

उत्कलिकाप्रायम् (नपुं.) [*उत्कलिका प्रायो यत्र तत्, बहु.स.*] लामा लामा समास भएका पद र कठोर वर्णको प्रयोग भएको गद्यरचना **भवेदुत्कलिकाप्रायं समासाढ्यं दृढाक्षरम्** (छन्दो.) ।

उत्कारः (पुं.) [*उत्करणम् उदुपसर्गकात् कृ विक्षेपे इति धातोः, कृ धान्ये ३.३.३० इति कर्मणि घञ्*] १.थुप्रो/राशि २.धान–गहुँ आदिमा रहेको धुलो उडाउने क्रिया/निफन्ने क्रिया ।

उत्कीर्णः (पुं.वि.) [*उत्कीर्यते स्म, उत्पूर्वकाद् कृ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नत्वम्, णत्वम्*] १.लेखिएको २.कपिएको । **मणौ वज्रसमुत्कीर्णे सूत्रस्येवास्ति मे गतिः** (रघु.) ।

उत्कुटासनम् (नपुं.) [*उत्कुटञ्च तदासनञ्च, कर्म.स.*] दुवै गोडाको औँठाको भरमा गोडा ठाडो पारी गोलीगाँठो सहित कुर्कुच्चा उठाई त्यस कुर्कुच्चामाथि नितम्ब र गुदा अड्याउँदा हुने हठयोगको एक आसनविशेष ।

अङ्गुष्ठाभ्यामवष्टभ्य धरां गुल्फे च खे गतौ ।
तत्रोपरि गुदं न्यस्य विज्ञेयमुत्कुटासनम् ॥ (घे.सं.)

उत्कृतिः (स्त्री.) [*उत्करणम्, उत्पूर्वकाद् डकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] छब्बिस अक्षरको एक पाउ भएको छन्द ।

उत्कृष्टः (पुं.वि.) [*उत्कर्षति स्म, उत्पूर्वकाद् कृष विलेखने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] श्रेष्ठ/सर्वोत्तम ।

उत्कोचः (पुं.) [*उत्कोचनम्, उत्पूर्वकाद् कुचधातोः, भावे ३.३.१८ इति घञ्*] घुस/अन्यायपूर्वक निर्णय गराउन वादी वा प्रतिवादीले दिएको धन वा अर्थ । **उत्कोचजीविनो द्रव्यहीनान् कृत्वा प्रवासयेत्** (या.व.) ।

उत्क्रमः (पुं.) [*क्रममुत्क्रान्तः, प्रा.स.*] क्रमको उल्टो/नमिलेको क्रम ।

उत्क्रमज्या (स्त्री.) [*उत्क्रमा चासौ ज्या च, कर्म.स.*] ज्यार्ध पिण्डलाई व्यासार्ध (त्रिज्या) बाट घटाएपछि आउने ज्या । **प्रोज्झ्योत्क्रमेण व्यासार्धादुत्क्रमज्यार्धपिण्डका** (सू.सि.) ।

उत्क्रोशः (पुं.) [*उत्क्रोशति, उत्पूर्वकाद् क्रुश आह्वाने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कुररी पक्षी ।

उत्क्षेपः (पुं.) [*उत्क्षेपणम्, उत्पूर्वकाद् क्षिप प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] मास्तिर फाल्ने काम ।

उत्खननम् (नपुं.) [*उत्पूर्वकाद् खन विदारणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.खन्ने काम २.प्राचीन सामग्रीहरूलाई खनेर पृथिवीबाट निकाल्ने काम ।

उत्खातः (पुं.वि.) [*उत्खन्यते स्म, उत्पूर्वकाद् खन विदारणे इति धातोः, निष्ठा ३.१०२ इति क्तः*] १.उखेलिएको २.खोस्रिएको ।

शैलादाशु त्रिनयनवृषोत्खातपङ्कान्निवृत्तः (मे.दू.) ।

उत्खातकेलिः (पुं.) [*उत्खननम्, भावे क्तः, तेन केलिः, ष.त.*] सिंगौरी खेल्ने काम । **उत्खातकेलिः शृङ्गाद्यैर्वप्रक्रीडा निगद्यते ।**

उत्तंसः (पुं.) [*उत्तंसयतीति, उत्पूर्वकात् तसि अलङ्करणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कानमा लगाउने गहना २.शिरोभूषण/शिरमा लगाउने गहना/शिरबन्दी ।

उत्तः (पुं.वि.) [*उन्दी क्लेदने इति धातोः, अकर्मकत्वाद् गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, नुदविद– ८.२.५५ इति पक्षे नत्वाभावः*] भिजेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तपमानः (पुं.वि.) [*उत्तपते इति, उत्पूर्वकात् तप सन्तापे इति धातोः, उद्विभ्यां तपः १.३.२७ इत्यात्मनेपदम्, लटः शानच् ३.२.१२४ आने मुक् ७.२.८२ इति मुक्*] ज्यादै तातिरहेको। **तीव्रमुत्तपमानोऽयमशक्यः सोढुमातपः** (भट्टिः ८.१५)।

उत्तप्तः (पुं.वि.) [*उत्तप्यते स्म, उत्पूर्वकात् तप सन्तापे इति धातोः, निष्ठा ३२.१०२ इति क्तः*] १.ज्यादै तातेको २.चञ्चल ३.(नपुं.) सुकेको मासु। **उत्तप्तं चञ्चले शुष्कमांससन्तप्तयोरपि** (हैम.)।

उत्तमः (पुं.वि.) १.[*अतिशयेन उत्कृष्टः, उत् इत्यस्माद् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] सबैभन्दा उत्कृष्ट २.(पुं.) प्रियव्रत राजाका छोरा। **~ पुरुषः** (पुं.) [*उत्तमश्चासौ पुरुषः, कर्म.स.*] व्याकरणमा आफूलाई बुझाउँदा प्रयोग हुने क्रियापद। **~लोकः** (पुं.) [*उत्तमश्चासौ लोकश्च, कर्म.स.*] स्वर्ग/वैकुण्ठ। **~श्लोकः** (पुं.) [*उत्तमश्चासौ श्लोकश्च, कर्म.स.*] १.सर्वोत्कृष्ट कीर्ति २.[*उत्तमः श्लोको यस्य सः, बहु.स.*] भगवान् कृष्ण। **~षोडशीश्राद्धम्** (नपुं.) मरेको बाह्रौँ दिनदेखि वर्षदिनभित्र गरिने मासिक श्राद्ध।

उत्तमर्णः (पुं.) [*उत्तमम् ऋणमस्य, बहु.स.*] ऋणदाता।

उत्तमसाहसः (पुं.) एक लाख असी हजारको जरिवाना। **साशीतिशतसाहस्त्रो दण्ड उत्तमसाहसः** (मनु.)।

उत्तमा (स्त्री.) [*उत् इत्यस्मात् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्, टाप् ४.१.४*] १.गुण अथवा प्रकृतिअनुसार विभक्त नायिकाको एक भेद/अहित गर्ने प्रियतमलाई पनि हित गर्ने नायिका २.सबै भन्दा उत्कृष्ट नारी।

उत्तमाङ्गम् (नपुं.) [*उत्तमञ्च तदङ्गञ्च, कर्म.स.*] शिर/टाउको।

उत्तमाहः (पुं.) [*उत्तमञ्च तदहश्च, राजाहसखिभ्यष्टच् ५.४.९१ इति टच्, अह्नष्टखोरेव ६.४.१४५ इति टिलोपः*] असल दिन।

उत्तमोत्तमः (पुं.वि.) [*उत्तमादपि उत्तमः*] प्रथम स्तरको/ज्यादै माथिल्लो।

उत्तरः (पुं.) [*अतिशयेन उद्गतः, उत् इत्यस्मात् तरप्*] १.उत्तर (दिशा) २.श्रेष्ठ/प्रधान ३.अनन्तर/पछिल्लो। **वित्तं बन्धुर्वयः कर्म विद्या भवति पञ्चमी। एतानि मान्यस्थानानि गरीयो यद् यदुत्तरम्॥** (मनु.२.१३६) ४.[*उत्तरणम्, भावे घञ्*] नदी तर्ने काम। **~अधिकारः** (पुं.) [*उत्तरश्चासौ अधिकारश्च, कर्म.स.*] शेषपछि वा कसैले छोडेपछि पाउने हक वा अधिकार। **~अधिकारी** (पुं.वि.) [*उत्तराधिकारोऽस्यास्तीति*] उत्तराधिकार भएको। **~अर्द्धम्** (नपुं.) [*उत्तरञ्च तदर्धञ्च, कर्म.स.*] पछिल्लो आधा भाग। **~आशा** (स्त्री.) [*उत्तरा चासौ आशा च कर्म.स.*] उत्तरदिशा। **~उत्तरम्** (नपुं.) [*उत्तरात् उतरम्*] उत्तरभन्दा पनि उत्तर/बढी भन्दा बढी। **~काण्डम्** (नपुं.) [*उत्तरञ्च तत् काण्डञ्च, कर्म.स.*] वाल्मीकि रामायणको पछिल्लो काण्ड। **~कालः** (पुं.) [*उत्तरश्चासौ कालश्च, कर्म.स.*] पछिल्लो समय/भविष्यत् काल। **~काशी** (स्त्री.) यमुनोत्तरीबाट गङ्गोत्तरी जाँदा बिचमा पर्ने उत्तराखण्डको प्रधान तीर्थ। उत्तरकाशी भागीरथी वरुणा र असी नदीको बिचमा छ। यसको पूर्वतर्फ वारणावत पर्वतमा विमलेश्वरको मन्दिर छ। **~कुमारः** (पुं.) [*उत्तरश्चासौ कुमारश्च, कर्म.स.*] विराट्पुत्र। **~कुरुवर्षः** (पुं.) पृथ्वीका नौ खण्डमध्येको एक खण्ड। यो नीलगिरी पर्वतको दक्षिण र मेरु पर्वतको उत्तरमा पर्छ। **~दायकः** (पुं.) [*उत्तरस्य दायकः, ष.त.*] ओठे जवाफ लगाउने। **दुष्टा भार्या शठं मित्रं भृत्यश्चोत्तरदायकः। ससर्पे गृहे वासो मृत्युरेव न संशयः** (हितो.)। **~दिक्पालः** (पुं.) [*उत्तरदिशायाः, पालकः, ष.त.*] कुबेर। **~पक्षः** (पुं.) [*उत्तरश्चासौ पक्षश्च, कर्म.स.*] १.कृष्णपक्ष २.सिद्धान्त पक्ष/पूर्वपक्षको खण्डन गरी स्थापना गरिने निष्कर्ष पक्ष। **~पदम्** (नपुं.) [*उत्तरञ्च तद् पदञ्च, कर्म.स.*] समस्तपदमा पछिल्लो पद/यौगिक पदको अन्तिम पद। **~प्रत्युत्तरम्** (नपुं.) [*उत्तरस्य प्रत्युत्तरम्, ष.त.*] उत्तरको पनि उत्तर/वादविवाद/बहस। **~मीमांसा** (स्त्री.) [*उत्तरा चासौ मीमांसा च कर्म.स.*] वेदान्तदर्शन। **~वयः** (नपुं.) [*उत्तरञ्च तद् वयश्च, कर्म.स.*] वृद्धावस्था।

उत्तरङ्गम् (नपुं.) [*उत्तरश्च तदङ्गञ्च, कर्म.स.शकन्ध्वादित्वात्पररूपम्*] ढोकाभित्रको काठ।

उत्तरचम्पूः (स्त्री.) एक चम्पू काव्य। यसका रचयिता भगवन्त कवि हुन्। यिनको समय ईस्वीको १६८७ देखि १७११ को आसपास हो। यी नरसिंहका शिष्य हुन्। यिनले वाल्मीकिरामायणको उत्तरकाण्डमा वर्णित कथावस्तुलाई आधार बनाएर यस गन्थको रचना गरेका छन्। यो ग्रन्थ आजसम्म प्रकाशित छैन।

उत्तरणम् (नपुं.) [*उत्पूर्वकात् तॄ प्लवनतरणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रतिवचन/प्रश्नको जवाफ २.नदी तर्ने काम ३.कठिन परिस्थितिबाट पार पाउने काम।

उत्तरतः (अव्य.) [*उत्तरस्यामिति, दक्षिणोत्तराभ्यामतसुच् ५.३.२८ इति अतसुच्*] उत्तरतर्फ।

उत्तरदायित्वम् (नपुं.) [*उत्तरदायिनो भावः,तस्य भावस्त्तलौ इति त्वप्रत्ययः*] जवाफदेहीको काम/जिम्मेवारीको काम।

उत्तरदायी (पुं.वि.) [*उत्तरं दास्यतीति, उत्तरपूर्वकाद् दा दाने इति धातोः भविष्यति गम्यादयः ३.३.३ इति इनिः*] जवाफदेही बेहोर्ने/जिम्मेदार/कुनै कामकुराको अभिभारा बोक्ने।

उत्तरध्रुवबिन्दुः (पुं.) [*उत्तरगतो ध्रुवबिन्दुः, म.प.स.*] उन्मण्डल वृत्तको याम्योत्तर वृत्तका साथ उत्तर दिशामा हुने सम्पात।

उत्तरपुराणम् (नपुं.) [*उत्तरञ्च तत् पुराणञ्च कर्म. स.*] जैनीहरूको एक पुराण। यसको रचना जिनसेनका शिष्य गुणभद्रले गरेका हुन्। यो आदिपुराणको उत्तरार्द्ध हो। आदि पुराणका ४४ सर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखेर जिनसेनको निर्वाण भएपछि उनका शिष्य गुणभद्रले आदिपुराणको उत्तर अंशको रूपमा यस पुराणको रचना गरेका हुन्। यसमा २३ तीर्थङ्करको जीवनचरित्र वर्णित छ।

उत्तरफाल्गुनीः (स्त्री.) [*उत्तरा चासौ फाल्गुनी च, कर्म.स.*] बाह्रौं नक्षत्र। यसको आकार लट्ठीको दुवैतर्फ तारा झुन्डिएजस्तो देखिन्छ। यसका दुईवटा तारा छन्। यसको ध्रुवांश (क्रान्तिवृत्तमा मेष विन्दु 0° बाट हुने दूरी) १५३ कला छ। यसको योगतारा दक्षिणतर्फ छ। (सि.द.) यस नक्षत्रमा पैदा हुने बालकको नाम टे, टो, प पीबाट प्रारम्भ हुन्छ। यसको प्रथम पाउ सिंह राशिमा र अन्य तीन पाउ कन्या राशिमा पर्छन्। (मु.चि.)। यसका अधिष्ठातृदेवता अर्यमा हुन्। **सातूत्तरार्यमदेवा** (अभि.चि.) यसको पाश्चात्य नाम Denabola हो। यसको निर्धारित सीमा १६० अंश ० कला सम्म छ। यो नक्षत्र १५१ अंश ४५ कलाभित्रै रहेको हुँदा यो आफ्नो सीमाभित्र अवस्थित छ। यो नक्षत्र मई ३, राती ९ बजे याम्योत्तर वृत्तको रेखामा देखिन्छ। (ब्रह्माण्ड और ज्योतिष रहस्य)

उत्तरभाद्रपदा (स्त्री.) [*उत्तरा चासौ भाद्रपदा च, कर्म.स.*] छब्बिसौं नक्षत्र। यसको ध्रुवांश– (क्रान्तिवृत्तमा मेष विन्दु 0° बाट हुने दूरी) ३३८ कला छ। यसका दुई तारा छन्। दुईतिर तारा झुन्डिएको लट्ठीजस्तो देखिन्छ, यो नक्षत्र। यसको योगतारा उत्तर दिशामा छ। (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्था अनुसार दु, थ, झ, ञबाट प्रारम्भ हुन्छ। यो मीन राशिमा पर्छ। (मु.चि.) यसको अर्को नाम प्रौष्ठपदा पनि हो। यस नक्षत्रका देवता अहिर्बुध्न अर्थात् शिव हुन्। यसको पाश्चात्य नाम Algenib हो।यसको सीमा ३४६ अंश ४० कला छ। तर यो नक्षत्र ३५४ अंश १३ कलामा रहेकाले आफ्नो सीमाभन्दा अगाडि बढेको छ। यसलाई १० नोबेम्बर, राती नौबजे याम्योत्तर वृत्तको रेखामा देख्न सकिन्छ। यो पृथ्वीकाट करिब ११६ प्रकाशवर्ष टाढा छ। (ब्र. ज्यो.र.)

उत्तरम् (नपुं.) [*उत्तीर्यते निस्तीर्यते प्रकृताभियोगोऽनेन, ऋदोरप्* ३.३.५७ *इत्यप्*] १.जवाफ। **वचसस्तस्य सपदि क्रिया केवल मुत्तरम्**। (शि.व.) २.श्रेष्ठ ३.माथि।

उत्तररामचरितम् (नपुं.) [*उत्तरं रामचरितं वर्णितं यत्र तत्, बहु.स.*] भवभूतिका तीन नाटकमध्ये सबैभन्दा प्रसिद्ध नाटक। यसमा वाल्मीकि रामायणको उत्तरकाण्डमा वर्णित रामराज्याभिषेक पछिको रामको जीवनवृत्तसँग सम्बद्ध कथावस्तुलाई आधार बनाइएको छ। यसमा ७ अङ्क छन्, करुणरसको प्राधान्य छ, अरू रस अङ्गरसका रूपमा आएका छन्। उत्तररामचरितमा प्रयोग भएका सबै पात्रहरू गम्भीर प्रकृतिका छन्। भाषा प्रौढ छ।

उत्तरा (स्त्री.) १.[*उत् ऊर्ध्वं तरन्ति अत्र, तृ प्लवनसन्तरणयोः, इति धातोः, ऋदोरप्, इत्यप्, टाप्*] उत्तर दिशा २.उत्तरभाद्रा, उत्तराषाढा र उत्तरफाल्गुनी नामक तीन नक्षत्र। ३.अर्जुनकी बुहारी। ४.[*उत् ऊर्ध्वं तरन्ति गच्छन्ति पितरोऽनया*] सपिण्डीकरण पछि गरिने पितृक्रिया।

प्रेते पितृत्वमापन्ने सपिण्डीकरणादनु।
क्रियन्ते याः क्रियाः पित्र्या प्रोच्यन्ते ता नृपोत्तराः॥

(वि.पु.) **~खण्डः** (पुं.) [*उत्तराया उत्तरदिशायाः खण्डः, ष.त.*] भारतको उत्तरतर्फको भाग।

उत्तरात् (अव्य.) [*उत्तरस्यामिति, उत्तराधरदक्षिणादातिः* ५.३.३४ *इति आतिः*] १.उत्तर दिशा २.उत्तर देश ३.पछिल्लो समय।

उत्तरायणम् (नपुं.) १.[*उत्तरञ्च तदयनम्, कर्म.स.*] सूर्यको उत्तरतिरको गति २.(पुं.) [*अयतेऽर्कोऽनेन, अय गतौ इति धातोः, करणाधिकरणयोश्च* ३.३.११७ *इति ल्युट्, युवोरनाकौ* ७.१.१ *इत्यनः, उत्तरमयनं यस्मिन् सः, बहु.स.*] सूर्य उत्तर दिशातिर ढल्कने ६ महिनाको समय/सामान्यतया माघदेखि आषाढसम्मका महिनाहरू/मकरदेखि कर्कटसंक्रान्तिपूर्वका दिनहरू।

उत्तराषाढा (स्त्री.) [*उत्तरा चासौ आषाढा, कर्म.स.*] एक्काइसौं नक्षत्र। यसको ध्रुवांश– (क्रान्तिवृत्तमा मेषको विन्दु 0° बाट हुने दूरी) २५६/३० कला छ। यस नक्षत्रमा चारवटा तारा छन्। यसको योगतारा उत्तरतर्फ छ। यो हात्तीको दाँतजस्तो देखिन्छ। (सि.द.) यस



(उत्तराषाढा)

नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्थाअनुसार भे, भो, जा, जी बाट प्रारम्भ हुन्छ। यसको प्रथम पाउ धनु राशि र अरू तीन पाउ मकर राशिमा पर्छन्। (मु.चि.)। यसका देवता विश्वदेव हुन्। **सोत्तरा स्याद् वैश्वी**। (अभि.चि.) यसको सीमा २८० अंशसम्म निर्धारित छ। तर यो नक्षत्र २६० अंश १८ कलामा रहेको हुँदा सीमाभन्दा पछि हटेको देखिन्छ। उत्तराषाढालाई २१ अगस्त, राति ९ बजे याम्योत्तर वृत्तमा देख्न सकिन्छ। यसको पाश्चात्य नाम To sagittarices हो। (ब्र.ज्यो.र.)

उत्तरासङ्गः (पुं.) [*उत्तरे ऊर्ध्वभागे आसज्यते, षञ्ज सङ्गे इति धातोः, अकर्तरि च कारके संज्ञायाम्* ३.३.१९ *इति घञ्*] पछ्यौरा।

उत्तराहि (अव्य.) [*उत्तरस्यामिति, उत्तराच्च* ५.३.३८ *इत्याहिप्रत्ययः*] उत्तर दिशातर्फ।

उत्तरीयम् (नपुं.) [*उत्तरस्मिन् भागे भवम्, उत्तरशब्दाद् वृद्धाच्छः* ४.२.११४ *इति छप्रत्ययः, छस्य ईयः*] १.लगाउने वस्त्रविशेष/उपर्ना/बर्को २.(पुं.वि.) उत्तरतिर भएको।

उत्तरेण (अव्य.) [*उत्तरशब्दात् एनबन्यतरस्यामदूरे* ५.३.३५ *इति एनप्*] उत्तरपट्टि। **तत्रागारं धनपतिगृहानुत्तरेणास्मदीयम्** (मे.दू.)।

उत्तरेद्युः (अव्य.) [*उत्तरस्मिन्नहनि, पूर्वादिभ्योऽष्टभ्योऽहन्येद्युस् इति वचनात् सद्यपरुत्* ५.३.२२ *इति एद्युस्, गुणः, सस्य रुत्वविसर्गौ*] पछिल्लो दिन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरोत्तरम् (नपुं.) [*उत्तरस्योत्तरम् ष.त.*] १.पछिभन्दा पछि २.बढीभन्दा बढी ३.दिनानुदिन ।

उत्तानः (पुं.वि.) [*उद्गतः तानो विस्तारो यस्मात् सः, बहु.स.*] १.फैलिएको/बढेको २.उत्तानो परेर सुतेको । **उत्तानमगभीरे स्यादूर्ध्वास्यशयिते त्रिषु** । (मेदिनी.) ३.उत्तानो । **पितृपात्रं तदुत्तानं कृत्वा पितॄन् विसर्जयेत्** । (याज्ञवल्क्य) **~पादः** (पुं.) [*उत्तानौ पादौ यस्य सः, बहु.स.*] एक पौराणिक राजा/ध्रुवका बाबु । **~शयः** (पुं.वि.) [*उत्तान ऊर्ध्वमुखः शेते, शीङ् स्वप्ने इति धातोः, उत्तानादिषु कर्तृषु (वा) ३.२.१५ इत्यच्*] १.उत्तानो परेर सुत्ने २.(पुं.) ज्यादै सानो बालक ३.**~शया** (स्त्री.) दुध नछुटेकी सानी बालिका ।

उत्तापः (पुं.) [*उत्तपनम्, उत्पूर्वकाद् तप सन्तापे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.गर्मी/ताप/दुःख/पीडा २.तातो लाग्नु । **प्रत्यहं सर्वसिद्धीनामुत्तापः प्रथमं किल** (हितो.) ।

उत्तारकः (पुं.वि.) [*उत् ऊर्ध्वं तारयतीति, उत्पूर्वकात् तॄ प्लवन-तरणयोः इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] रक्षक/विपत्तिबाट छुटाउने ।

उत्तारणम् (नपुं.) [*उत्पूर्वकात् तॄ तरणप्लवनयोः इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.नदी तार्ने काम २.संसारबाट पार लगाउने कार्य ।

उत्तीर्णः (पुं.वि.) [*उत्तरति स्म, उत्पूर्वकात् तॄ प्लवनसन्तरणयोः, इति धातोस्तरणस्यापि गतित्वात्, गत्यर्थाकर्मकश्लिष शीङ्स्थास-बसजनरुहजीर्यतिभ्यश्च ३.४.७२ इति कर्तरि क्तः*] १.मुक्त २.पारङ्गत ३.परीक्षामा सफल ।

उत्तुङ्गः (पुं.वि.) [*उत्कटश्चसौ तुङ्गश्च, कर्म.स.*] अत्यन्त अग्लो ।

उत्तेजकः (पुं.वि.) [*उत्तेजयति, उत्पूर्वकात् तिज निशाने इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः गुणः*] उत्तेजित तुल्याउने/उद्दीपक ।

उत्तेजनम् (नपुं.) [*उत्पूर्वकात् तिज निशाने इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः गुणः*] उत्तेजित तुल्याउने काम ।

उत्तेजना (स्त्री.) [*उत्तेजनम्, उत्पूर्वकात् तिज निशाने इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टप् ४.१.४ गुणः*] १.उत्तेजित अवस्था २.प्रेरणा ३.उद्दीपन ।

उत्तोलकः (पुं.) [*उत्तोलयति, उत्पूर्वकात् तुल उन्माने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः गुणः*] उचाल्ने यन्त्र/साधन ।

उत्तोलनम् (नपुं.) [*उत्पूर्वकात् तुल उन्माने इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः गुणः*] १.माथि उचाल्नु २.माथि लगेर तौलनु ।

उत्तोलितः (पुं.वि.) [*उत्तोल्यते स्म, उत्पूर्वकात् तुल उन्माने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, इट्, गुणः*] १.माथि उचालिएको २.तौलिएको ।

उत्त्यक्तः (पुं.वि.) [*उत्त्यज्यते स्म, उत्पूर्वकात् त्यज हानौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.मास्तिर फ्याँकिएको २.परित्यक्त ३.विरक्त ।

उत्त्रासः (पुं.) [*उत्पूर्वकात् त्रसधातोर्भावे घञ्*] डर (श.र.) ।

उत्थः (पुं.वि.) [*उत्तिष्ठति, उत्पूकात् स्थाधातोः आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः*] उठेको ।

उत्थानम् (नपुं.) [*उत्पूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.माथि उठ्नु २.उद्योग गर्नु ३.माथि जाने चेष्टा गर्नु ४.शय्याबाट उठ्नु [*उत्थीयतेऽनेन, उत्पूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] उत्साह ५.पुरुषार्थ ६.सेना ७.युद्ध ८.आँगन ९.चैत्य १०.मलत्याग ११.मरणपछि पुनर्जीवनको लाभ । **स चापि कारयामास पितुरुत्थानमात्मनः** (म.भा.) ।

उत्थापनम् (नपुं.) [*उत्पूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उठाउनु, जगाउनु ।

उत्थितः (पुं.वि.) [*उत्तिष्ठति स्म, उत्पूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.उठेको २.निद्राबाट व्युँझिएको । **शापान्तो मे भुजगशयनादुत्थिते शार्ङ्गपाणौ** (मे.दू.) ३.उत्पन्न भएको ४.बढेको । **~वानरः** (पुं.) ढाड कुप्रो भए पनि आजकलको मानिसझैं दुई खुट्टाले टेकेर हिंड्ने आजभन्दा करिब पाँच लाख वर्ष पहिले सृष्टि भई लगभग सवा लाख वर्षसम्म पृथ्वीमा कायम रहेको आदिमानव । यो आग्नेय वानरभन्दा पछिको नियान्डर मानवभन्दा पूर्वको हो । जाबा, केन्या आदि ठाउँमा पाइएका जीवांशले यसको प्रतिनिधित्व गरेका छन् ।

उत्पचिष्णुः (पुं.वि.) [*उत्पचति तच्छीलः, अलङ्कृञ् ३.२.१३६ इति इष्णुच्*] पाक्न खोज्ने ।

उत्पतनम् (नपुं.) [*उत्पूर्वकात् पत्लृ पतने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.उत्पत्ति २.उफ्रने काम ३.उड्नु ।

उत्पतिता (पुं.वि.) [*उत्पतति, पत गतौ इति धातोः तृन् ३.२ १३५ इति तृन्*] १.उफ्रने २.उड्ने ।

उत्पतिष्णुः (पुं.वि.) [*उत्पतितुं शीलः, उत्पूर्वकात् पत्लृ पतने इति धातोः, अलङ्कृञ्निराकृञ् ३.२.१३६ इति इष्णुच्*] १.माथितिर उड्न सिपालु/उड्न सक्ने २.उफ्रन सिपालु ।

उत्पत्तिः (स्त्री.) [*उत्पतनम्, उत्पूर्वकात् पत्लृ पतने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.जन्म २.सृष्टि ३.अविर्भाव ४.ऊर्ध्वगमन ।

उत्पत्तिवादः (पुं.) [*उत्तपत्तिरिति वादः*] भट्ट लोल्लटको रस उत्पन्न हुन्छ भन्ने सिद्धान्त । भरतले आफ्नो नाट्यशास्त्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभावानुभावव्यभिचारिसंयोगाद् रसनिष्पत्तिः अर्थात् विभाव, अनुभाव, व्यभिचारिभावको संयोगबाट रसको निष्पत्ति हुन्छ भनेका थिए। रससूत्रका व्याख्याता प्रथम आचार्य भट्ट लोल्लटले संयोगको अर्थ विभावसित स्थायिभावको उत्पाद्यउत्पादकभाव सम्बन्ध, अनुभावसित स्थायिभावको गम्यगमकभाव सम्बन्ध र व्यभिचारिभावसित स्थायिभावको पोष्यपोषकभाव सम्बन्ध भन्ने गरे। उनले निष्पत्तिको अर्थ क्रमशः उत्पत्ति, प्रतीति र पुष्टि गरेका छन्। यसअनुसार विभावबाट उत्पन्न भएको, अनुभावबाट प्रतीति योग्य भएको र व्यभिचारिभावबाट पुष्ट भएको स्थायि-भाव नै रस हो भन्ने उनको धारणा छ। भट्ट लोल्लटको सिद्धान्तअनुसार रस मूलतः विभावादिमा रहन्छ। नटको अभिनय कुशलताले गर्दा गौण रूपमा नट नटीमा पनि रहन्छ र रस उत्पन्न हुन्छ भन्ने थियो। उनले आफ्नो सिद्धान्तलाई स्पष्ट गर्न अध्यारामा रहेको डोरीको दृष्यन्त दिएका छन्। जसरी अध्यारामा रहेको डोरीले सर्पको भ्रम पैदा गरेर भय उत्पन्न गर्छ, त्यसरी नै नाटकमा आएका पात्रहरूले विभावादिको भ्रम पैदा गरी रस उत्पन्न गर्छन्। यसरी रस उत्पन्न हुने विषय हो र विभावादि त्यसका उत्पादक हुन्। डोरीको क्रियाकलापबाट डर पैदा भए जस्तै विभावादिका भ्रामक नट, नटी आदिको क्रियाकलापबाट रस पैदा हुन्छ भन्ने यस मतको सिद्धान्त हो।

उत्पन्नः (पुं.वि.) [*उत्पूर्वकात् पद गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.पैदा भएको २.जन्मिएको।

उत्पलम् (नपुं.) [*उत्पूर्वकात् पल गतौ इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कमल २.कुष्टरोगको औषधि ३.(वि.) [*उद्गतं पलं मांसं यस्मात् तत्, बहु.स.*] मासु नभएको। **~अरण्यम्** (नपुं.) [*उत्पल-प्रधानमरण्यम्, म.प.स.*] प्राचीन बाह्र अरण्यमध्ये गङ्गाको दक्षिण तटमा कानपुरभन्दा केही पर पश्चिममा फैलिएको अरण्य। यहाँ वाल्मीकिले राम नाम जप्दा जप्दा वनभर कमलै कमल भयो र यस वनको नाम उत्पलारण्य रह्यो। यस अरण्यमा वाल्मीकिको आश्रम थियो। यसै ठाउँमा सीताबाट लव र कुश जन्मिएका थिए। यसै स्थलमा बसी वाल्मीकिले रामायणको रचना गरेर लव र कुशलाई पढाए। यस वनलाई उत्पलावर्त तथा ब्रह्मावर्त पनि भनिन्छ।

उत्पलशारिवा (स्त्री.) [*उत्पलमस्त्यस्याः, उत्पलाकारपुष्पत्वात्, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच् यद्वा उद्यतं पलमनया, उत्पला चासौ शारिवा च, कर्म.स.*] खन्यू।

उत्पलाक्षी (स्त्री.) [*उत्पले इव अक्षिणी यस्याः सा, बहुस.*] कमल जस्ता आँखा भएकी।

उत्पलिनी (स्त्री.) [*उत्पलमस्यास्तीति सा, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] कमलिनी।

उत्पातः (पुं.) [*उत्पतनम्, उत्पूर्वकात् पत्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, वृद्धिः*] १.उपद्रो २.उफ्रनु ३.[*उत्पतति अकस्मादायाति वा, ज्वलतिकसन्तेभ्यो णः ३.१.१४० इति णः*] अकस्माद् आएको वा भएको भूकम्प। **एकोत्पातेन ते लङ्कामेष्यन्ति हरिपुङ्गवाः** (रामा.)।

उत्पादः (पुं.वि.) [*उत् ऊर्ध्वं स्थिताः पादा यस्य सः, बहु.स.*] ठाडा खुट्टा लगाएको। **अवाक्छिरसमुत्पादं कृतान्तेनापि दुर्दमम्। भङ्क्त्वा भुजौ विराधाख्यं तं तौ भुवि निचख्नतुः॥** (भट्टि.)

उत्पादकः (पुं.) १.[*उत् ऊर्ध्वं स्थिताः पादा यस्य सः, बहु.स., कप्*] पिठ्यूँमा पाउ हुने शरभनाम गरेको पशुविशेष २.(पुं.वि.) [*उत्पादयति, उत्पूर्वकात् पद गतौ इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] उत्पादन गर्ने/पैदा गर्ने।

उत्पादनम् (नपुं.) [*भावे ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] १.उत्पादन गर्नु २.जन्माउनु। **उत्पादनमपत्यस्य जातस्य परिपालनम्** (मनु.९.२७)।

उत्पादितः (पुं.वि.) [*उत्पाद्यते स्म, उत्पूर्वकात् पद गतौ इति धातोः, णिचि वृद्धौ निष्ठा ३.२.१०२ इति क्तः*] उत्पादन गरिएको/पैदा गराइएको।

उत्पाद्यः (पुं.वि.) [*उत्पादयितुं योग्यः, उत्पूर्वकात् पद गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत् वृद्धिः*] १.उत्पादन गरिने २.उत्पादनका लागि योग्य।

उत्पाद्यकथावक्रता (स्त्री.) [*उत्पाद्या चासौ कथा च,कर्म.स., तस्याः वक्रता, ष.त.*] प्रकरण व्रकताको प्रसङ्गमा आउने एक वक्रता।

उत्पाद्यवस्तु (नपुं. [*उत्पाद्यञ्च तद् वस्तु, कर्म.स.*] नाटकमा तीन किसिमका कथावस्तुको प्रयोग हुन्छ— प्रख्यात, उत्पाद्य र मिश्र। तीमध्ये दोस्रो कथानक। यो कविकल्पित हुन्छ। **उत्पाद्यं कविकल्पितम्** (भानुदत्त)।

उत्पाद्योत्पादकभावः (पुं.) [*उत्पाद्यश्च उत्पादकश्च, द्व.स., तयोः भावः, ष.त.*] १.उत्पाद्य र उत्पादकभाव सम्बन्ध। रससूत्रको व्याख्यामा संयोगको अर्थ गर्दा भट्टलोल्लटले यसको प्रयोग गरेका छन्। उनको दृष्टिकोणअनुसार उत्पादन गरिने हुँदा रस उत्पाद्य हो भने उत्पादन गर्ने भएकाले विभावादि उत्पादक हुन्। यी दुईबिचको सम्बन्ध उत्पाद्यउत्पादकभाव सम्बन्ध हो। २.उत्पादन गर्ने र गरिने बिचको सम्बन्ध।

उत्पिञ्जलः (पुं.वि.) [*उत्पूर्वकात् पिजि अवयवे, अव्यक्ते शब्दे च इति धातोः, वृषादिभ्यश्चित् (उ.) १०६ इति कलप्रत्ययः*] अत्यन्त व्याकुल/अति आत्तिने।

उत्पिपतिषा (स्त्री.) [*उत्पतितुमिच्छा, सनन्तात् अप्रत्ययः, ततष्टाप्*] १.उड्ने अभिलाषा २.उफ्रने इच्छा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पिपतिषुः (पुं.वि.) [*उत्पतितुमिच्छति, उत्पिपतिषति, उत्पिपतिषतीति, सनन्तादुः,पक्षे इट्*] १.उड्न चाहने २.उफ्रन खोज्ने । **स विष्मयमुदीक्ष्य पुरः सहसा समुत्पिपतिषोः फणिनः** (किरा.) ।

उत्पीडनम् (नपुं.) [*उत्पूर्वकात् पीड अवगाहने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अत्यन्त कष्ट हुनु ।

उत्पुच्छयनम् (नपुं.) *उत्पर्वकात् पुच्छ इत्यस्मात् पुच्छभाण्ड चीवराण्णिङ्, ततो ल्युट् च इति ल्युट्, अनः*] ठाडो पुच्छर लाउनु ।

उत्प्रेक्षणम् (नपुं.) [*उत्– प्रपूर्वकात् ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.उत्प्रेक्षा गर्नु २.सम्भावना गर्नु ३.कल्पना गर्नु ।

उत्प्रेक्षा (स्त्री.) [*उत्प्रेक्ष्यतेऽनयाऽत्र वा, गुरोश्च हलः ३.३.१०३ इति अप्रत्ययः, टाप् ४.१.४*] १.सादृश्यगर्भ अभेदप्रधान अध्यवसाय मूलक एक अर्थालङ्कार । यसमा प्रस्तुत विषयमा अर्थात् उपमेयमा अप्रस्तुत विषयको अर्थात् उपमानको सम्भावना गरिएको हुन्छ । उत्प्रेक्षा मूलतः दुई किसिमको हुन्छ– वाच्या र प्रतीयमाना । वाच्या जाति, गुण, क्रिया र द्रव्यको हिसाबले चार किसिमको हुन्छ । यो भाव र अभावको हिसाबले आठ प्रकारको हुन्छ । यी आठ प्रकार पनि निमित्त, गुण र क्रियाको भेदले १६ किसिमका हुन्छन् । यसमा जाति, गुण र क्रियासँग सम्बद्ध १२ भेदहरू स्वरूप, फल र हेतुका भेदले ३६ किसिमका हुन्छन् । द्रव्यका चार भेद मिलाउँदा वाच्योत्प्रेक्षा ४० प्रकारको हुन्छ । स्वरूपोत्प्रेक्षाका १६ भेदहरू निमित्तको उपादान र अनुपादानले गर्दा ३२ किसिमका हुन्छन् । स्वरूपोत्प्रेक्षा ३२, फलोत्प्रेक्षा १२, हेतुत्प्रेक्षा १२ मिलाउँदा वाच्योत्प्रेक्षा ५६ किसिमको हुन्छ । प्रतीयमानाका ३२ भेद जोड्दा उत्प्रेक्षाका ८८ भेद हुन्छन् । उक्त विषय, अनुक्त विषय आदिका भेदले उत्प्रेक्षाका अरू पनि भेदहरू हुन्छन् । २.सम्भावना/ कल्पना ।

उत्प्रेरणम् (नपुं.) [*उत्– प्रपूर्वकात् ईर गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सक्रिय गर्ने काम/प्रेरणा दिने वा बढाउने काम ।

उत्प्रेरितः (पुं.वि.) [*उत्प्रेर्यते स्म, उत्– प्रपूर्वकात् ईर गतौ इति धातोः, क्तः*] सक्रिय गराइएको ।

उत्प्रेषणा (स्त्री.) [*उत्– प्रपूर्वकात् इषु इच्छायाम् इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] उजुर परेको कुनै मुद्दामामला सम्बन्धी मिसिलहरू अड्डा अदालतहरूबाट विचारार्थ सर्वोच्च अदालतले झिकाउने काम ।

उत्प्रेषणादेशः (पुं.) [*उत्प्रेषणस्य आदेशः, ष.त.*] अधीन अदालतमा रहेका कुनै मामलाका कागजपत्र प्रेषित गर्न माथिल्लो तहका अदालतको आदेश ।

उत्प्लवनम् (नपुं.) [*उत्पूर्वकात् प्लुङ् गतौ इति धातोः, ल्युट् च ३.३.११ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पानीमाथि उत्रनु २.उफ्रनु ३.पानीमा डुबाउनु वा पानीले पखाल्नु । **द्रव्याणाञ्चैव सर्वेषां शुद्धिरुत्प्लवनं स्मृतम्** (मनु.५.११५) ।

उत्प्लवा (स्त्री.) [*उत्प्लवते इति,उत्पूर्वकात् प्लुङ् गतौ इति धातोः, पचाद्यच्, टाप्*] डुँगा/नाउ ।

उत्फुल्लः (पुं.वि.) [*उत्फुल्लति स्म, उत्पूर्वकात् फुल्ल विकसने इति धातोः,गत्यर्थाकर्मक इति इति क्तः, उत्फुल्ल संफुल्लयोरुपसङ्ख्यानम् (वा.) ८.२.५५ इति निपातनाल्लत्वम्, उत्फुल्लतीति विग्रहे तु ३.१.१३४ इति पचाद्यच्*] १.फुलेको/विकसित २.बढेको । **हर्षोत्फुल्लकपोलेन न चापि शिरसा धृता** (वि.पु. १.९.१३) ।

उत्फुल्लम् (नपुं.) १.स्त्री जातिहरूको गुप्त इन्द्रिय २.उत्तानो ३.विकसित । **उत्फुल्लं करणे स्त्रीणामुत्ताने च विकस्वरे** (विश्व.) ।

उत्सः (पुं.) [*उनत्ति जलेन, उन्दी क्लेदने इति धातोः, उन्दिगुधिकुषिभ्यश्च (उ.) ३५५ इति सः*] पानी झर्ने स्थान/ खोल्सो । **यत्र स्थाने स्रुत्वा जलं गलति सः** । (भरत) **यत्र स्थाने निरन्तरं स्रुज्जलं पतति, निपत्य च बहुलीभवति सोऽपीति** (स्वामी) ।

उत्सङ्गः (पुं.) [*उत्सजति मिलति यत्र, उत्पूर्वकात् षञ्ज सङ्गे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.काख । **उत्सङ्गे वा मलिनवसने सौम्य निक्षिप्य वीणाम्** (मेघ.) ३.गर्भ ४.भित्रीभाग । **वनेचराणां वनितासखानां दरीगृहोत्सङ्गनिषक्तभासः** (कु.सं.) । ५.सामीप्य ६.पहाडको उचाइ ७.घरको छत (मे.दू.२९) ८.सङ्गम ९.आलिङ्गन १०.विवाह ११.घाउको भित्री भाग । **अभ्यन्तरमुत्सङ्गं कृत्वा भूयोऽपि विकरोति** । (सुश्रुत.) १२.गर्भ **आसीन्मम मतिः कृष्ण पूर्णोत्सङ्गा जनार्दन** । (म.भा.) १३.बाहिरी भाग । **दृषदो वासितोत्सङ्गा निषण्णमृगनाभिभिः** (रघु.४.७४) ।

उत्सर्गः (पुं.) [*उत्सर्जनम्, उत्पूर्वकात् सृज विसर्गे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.त्याग २.मलमूत्रको विसर्जन ३.यज्ञक्रिया ४.व्याकरणमा सामान्य नियम/अपवादको उल्टो । ५.जनै पूर्णिमाको दिन प्रारम्भ गरिएको वेदाध्ययनलाई पौष पूर्णिमाका दिन स्थगन गर्ने काम अर्थात् उपाकर्मको समाप्ति । **उपाकर्मणि चोत्सर्गे वेदाङ्गं नैव पाठयेत्** । (स्मृति) ६.दान/अर्पण ७.[*उत्सृज्यते मूत्रादिकमनेन, करणे घञ्*] योनि/भग ।

उत्सर्जनम् (नपुं.) [*उत्पूर्वकात् सृज विसर्गे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.त्याग २.दान ३.पुरस्कार ४.वेदाध्यायीले प्रतिवर्ष गर्नुपर्ने विशेष कर्म । यसमा ऋषिपूजन र मन्त्रद्रष्टा ऋषिहरूको तर्पण हुन्छ । (हे उपाकर्म) **उत्सर्जनं परित्यागे दाने सम्प्रेषणे ऽपि च** । (मेदिनी.) ५.गुरुले

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथासमयमा अध्यायोपाकर्म गरेर स्वाध्ययन प्रवचन गरी यथासमय अध्यायोपाकर्म नगरुन्जेल त्यस वर्षको स्वाध्याय प्रवचन कार्य रोक्न गरिने हवन, प्रवचन, स्नान आदिले युक्त कर्मविशेष।

उत्सर्पणम् (नपुं.) [*उत्सृज्य सर्पति पुरतो गच्छतीति, उत्पूर्वकात् सृप्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.उल्लङ्घन/नाघेर अघि बढ्नु २.फुलाउनु ३.लामो सास फेर्नु।

उत्सवः (पुं.) [*उत्सुवति, उत्पूर्वकात् षुञ् अभिषवे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] १.आनन्द जनक विवाहादिकर्म/चाड/पर्व/रमाइलो मनाउने विशेष दिन।

तस्मादेताः सदा पूज्या भूषणाच्छादनाशनैः।
भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च॥ (मनु.३.५९)

२.आनन्द ३.अभ्युदय/उन्नति। **उत्सवे व्यसने चैव दुर्भिक्षे राष्ट्रविप्लवे** (हितो.) ४.इच्छा।

उत्सादनम् (नपुं.) [*उत्साद्यतेऽनेन, उत्पूर्वकात् ण्यन्ताद् षद्लृ विशरणगत्यवसादनेषु इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रोग निको पार्ने औषधि २.बुकुवा-सावन आदि लगाएर शरीरको मयल सफा गर्ने काम।

अपामार्गोऽश्वगन्धा च तापपत्री सुवर्चला।
उत्सादने प्रशस्यन्ते काकोल्यादिश्च यो गणः॥ (सुश्रुत.)

३.घाउ निको हुनु ४.विनाश / उन्मूलन।

पूर्वं क्षत्रवधं कृत्वा गतमन्युर्गतज्वरः।
क्षत्रस्योत्सादनं भूयो न खल्वस्य चिकीर्षितम्॥ (रामा १.७४.२१)।

उत्सारकः (पुं.) [*उत्सारयतीति, उत्पूर्वकात् सृ गतौ इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.ओसार-पसार गर्ने व्यक्ति २.द्वारपाल ३.कसैको सवारीमा मानिस हटाएर बाटो खाली गर्ने प्रहरी।

उत्सारणम् (नपुं.) [*उत्पूर्वकात् सृ गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हटाउने कार्य २.एक ठाउँबाट अन्यत्र लैजाने काम/स्थानान्तरण।

उत्साहः (पुं.) [*उत्साहनम्, उत्पूर्वकात् षह मर्षणे इति धातोः, भावे ३.३.१८ इति घञ्, वृद्धिः*] १.साहस/हिम्मत/गरौँ भन्ने जागृत भावना २.उद्योग ३.अध्यवसाय ४.वीररसको स्थायि-भाव ५.सङ्गीतमा प्रयुक्त ध्रुवकविशेष।

उत्साहः स्याद् रसे हास्ये ताले केन्दुकसंज्ञके।
वंशवृद्धिकरः पादैस्त्रयोदशमिताक्षरः॥ (सं.दा.)

~वर्द्धनः (पुं.) [*उत्साहं वर्द्धयति, ल्युः, अनः*] १.वीररस। **उत्साहवर्द्धनो वीरः** (अमर.) २.(पुं.वि.) उत्साह बढाउने। **~शक्तिः** (पुं.) [*उत्साह एव शक्तिः, बलम्*] राजाका तीन शक्तिमध्ये एक शक्ति। **उत्साहो मन्त्रमूलं स्यादिति नीतिविदां मतम्** (नीति.)।

उत्साहवलः (पुं.) [*उत्साहोऽस्यास्तीति, वलच्प्रकरणेऽन्येभ्योऽपि दृश्यते (वा.) ५.२.११२ इति वलच्*] उत्साहवान्।

उत्साहवान् (पुं.वि.) [*उत्साहोऽस्यास्तीति बलादिभ्यो मतुबन्यतरस्याम् ५.२.१३६ इति मतुप्, मस्य वः*] उत्साहसम्पन्न/उत्साही।

उत्साही (पुं.वि.) [*उत्सहते इति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः*] उत्साहसम्पन्न।

उत्सुकः (पुं.वि.) [*उत् उद्योगं सुवति, उत्पूर्वकात् सु प्रसवैश्वर्ययोः इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, गुणाभावस्ततः कन्*] गर्न खोजेको कार्यमा उद्यत/प्रबल इच्छा भएको/बढी इच्छुक। **वत्सोत्सुकाऽपि स्तिमिता सपर्याम्** (रघु.)।

उत्सुकता (स्त्री.) [*उत्सुकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] औत्सुक्य/बढी चासो।

उत्सृष्टः (पुं.वि.) [*उत्पूर्वकात् सृज विसर्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.त्याग गरिएको २.दिइएको।

उत्सेधः (पुं.) [*उत्पूर्वकात् षिध गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पर्वत-वृक्ष आदिको उचाइ २.चुचुरो ३.शरीर।

उदक् (पुं.) [*उदीचीं दिशं प्रति, प्रथमान्ताद् उदीचीशब्दात् दिक्शब्देभ्य इति अस्तातिप्रत्यये अञ्चेर्लुक् इति लुकि लुक्तद्धितलुकि १.२.४९ इति स्त्रीप्रत्ययस्यापि लुक्*] १.उत्तरपट्टिको देश २.उत्तरदिशा ३.पछिल्लो समय।

उदककुम्भः (पुं.) [*उदकस्य कुम्भः, ष.त., पक्षे उदादेशाभावः*] पानीको घडा/गाग्रो।

उदकम् (नपुं.) [*उनत्ति क्लेदयतीति, उन्दी क्लेशने इति धातोः, उदकञ्च (उ.) २०६ इति क्वुन्, नलोपश्च, युवोरनाकौ इत्यकः*] पानी।

उदकलः (पुं.वि.) [*उदकमस्यास्तीति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्*] पानी भएको।

उदकसात् (अव्य.) १.[*कृत्स्नमनुदकमुदकं सम्पद्यते इति, विभाषा साति कार्त्स्न्ये ५.४.५२ इति अभूततद्भावे सातिः*] सबै भाग जलाम्मे हुनु २.[*अभिविधौ सम्पदा च ५.४.५३ इति सातिः*] केही भागमात्र जलाम्मे हुनु।

उदकिलः (पुं.वि.) [*उदकमस्यास्तीति, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति इलच्*] पानी भएको।

उदकुम्भः (पुं.) [*उदकस्य कुम्भः ष.त. एकहलादौ पूरयितव्ये ऽन्यतरस्याम्, इत्युदकस्योदादेशः*] पानीले भरिएको गाग्रो/घडा।

उदक्या (स्त्री.) [*उदकं जलं स्नानार्यार्हतीति, उदके भवा इति वा उदकशब्दात् संज्ञायाम् (वा) ४.३.५४ इति यत्, टाप् ४.१.४*] रजस्वला भएकी स्त्री/ऋतुमती स्त्री।

उदगाहः (पुं.) [*उदकस्य उदके वा गाहनम्, आलोडनम्, मन्थोदन ६.३.६० इति उदादेशः*] पौडी खेल्ने काम।

आबद्धप्रचुरपराध्यकिङ्किणीको रामाणामनवरतोदगाहभाजाम्।
नारावं व्यतनुत मेखलाकलापः (शि.व.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदग्रः (पुं.वि.) [*उद्गतमग्रमस्य*] १.ठुलो/विशाल २.लामो ३.भीषण ।

उदङ्कः (पुं.वि.) [*उदञ्च्यते आकृष्यतेऽनेन, उत्पूर्वकात् अञ्चु गतौ इति धातोः, उदङ्कोऽनुदके ३.३.१२३ इति घञ् निपात्यते*] हृदयलाई आकृष्ट तुल्याउने ।

उदजः (पुं.) [*उदजनम्, अज गतौ इति धातोः, समुदोरजः पशुषु ३.३.६९ इत्यप्, अजेर्व्यघञपोः २.४.५६ इति पर्युदासाद्वीभावो न*] पशु धपाउने क्रिया ।

उदञ्चनम् (नपुं.) १.[*उत्पूर्वकात् अञ्चु गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ढाक्नु २.मास्तिर फ्याँक्नु ३.[*उदञ्च्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्, अनः ७.१.१*] ढकनी/ढाक्ने भाँडो ।

उदञ्चितः (पुं.वि.) [*ऊर्ध्वमञ्चितः सुप्सुपा २.१.४ इति समासः*] १.मास्तिर फ्याँकिएको २.मास्तिर लगाइएको ।

उदधिः (पुं.) [*उदकानि धीयन्तेऽत्र, उदकपूर्वकाद् धाधातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, उदकस्योदः संज्ञायाम् ६.३.५७ इति वा उदादेशः*] १.समुद्र २.[*पेषं वासवाहनधिषु च ६.३.५८ इत्युदादेशः,*] मेघ ३.घडा ४.पानीको ट्याङ्की ।

उदन्तः (पुं.) [*उद्गतो निर्णीतोऽन्तो यस्य सः, बहु.स.*] समाचार/हालखवर/वृत्तान्त । **कान्तोदन्तः सुहृदुपनतः सङ्गमाद् किञ्चिदूनः** (मे.दू.) ।

उदन्या (स्त्री.) [*उदन्यति उदकमिच्छति क्यच्, ईत्वाभावः, उदन्भावश्च, निपात्यते*] प्यास । **व्यसनुदन्यां शिशिरैः पयोभिः** (भट्टि.) ।

उदन्वान् (पुं.) [*उदकानि सन्त्यस्मिन् सः, उदन्वानुदधौ च ८.२.१३ इति उदकस्योदन्भावो मतुप्प्रत्ययश्च निपात्यते*] १.समुद्र। **दूरान्मुक्तमुदन्वता** । (रघु.४.५२) २.ऋषिविशेष (पाणिनि) ।

उदपात्रम् (नपुं.) [*उदकस्य पात्रम्, ष.त., एकहलादौ पूरयितव्येऽन्यतरस्याम् ६.३.५९ इति उदादेशः*] पानीको भाँडो ।

उदपानम् (नपुं.) [*उदकं पीयतेऽस्मिन्, उदकपूर्वकात् पा पाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, उदकस्योदः संज्ञायाम् ६.३.५७ इत्युदादेशः*] १.कुवा/पानी भएको खोपिल्टो/इनार २.[*भावे ल्युट्*] पानी पिउने काम ।

उदपेषम् (नपुं.) [*उदकेन पिनष्टि, उदकपूर्वकात् पिष्धातोः स्नेहने पिषः ३.४.३८ इति णमुल्,पेषं वासवाहनधिषु च ६.३.५८ इति उदकस्योदादेशः, पुगुन्तेति गुणः*] पानी हालेर पिस्ने काम ।

उदबिन्दुः (पुं.) [*उदकस्य विन्दुः, ष.त. मन्थौदनसक्तुबिन्दुवज्रभारहारवीवधगाहेषु च ६.३.६० इति उदादेशः*] पानीको थोपा । **उदविन्दुनिपातेन क्रमशः पूर्यते घटः** (हितो.) ।

उदभारः (पुं.) [*उदकस्य भारः, ष.त. मन्थौदन ६.३.६० इति उदादेशः*] १.पानीको प्राशस्त्य २.पानीको भेल । **यमस्वसुश्चित्र इवोदभारः** (किरा.) ।

उदयः (पुं.) १.[*उदयनम्, उत्पूर्वकात् इण् गतौ इति धातोः, एरच् इति भावेऽच्*] ग्रह तथा ताराहरू क्षितिजमा देखिनु/उदाउने क्रिया । **यैर्यत्र दृश्यते भास्वान् स तेषामुदयः स्मृतः** । २.उन्नति/समृद्धि ३.[*उद्यन्ति ग्रहाः अस्मात् उत्पूर्वकात् इण् गतौ इति धातोः, पूर्ववत् अच्, गुणायादेशौ*] राशिहरूको उदयलग्न/प्रथम लग्न ।

उदयनः (पुं.) [*उदयतीति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अवन्ती देशका प्राचीन राजा वत्सदेशलाई जितेपछि यिनलाई वत्सराज भनियो । यिनका बाबु सहस्रानीक र बराजु शतानीक थिए ।यिनको विवाह अवन्तीदेशकी राजकुमारी वासवदत्तासित भएको थियो । २.उदयनाचार्य/न्यायकुसुमाञ्जलि आदि ग्रन्थका प्रणेता ३.अगस्त्यमुनि ।

उदयनम् (नपुं.) [*उत्पूर्वकात् इण् गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उदाउने क्रिया ।

उदयनाचार्यः (पुं.) प्रसिद्ध एक दार्शनिक । दरभङ्गा-देखि उत्तर कमलानदीको नजिकै मङ्गरौनी गाउँमा ब्राह्मण परिवारमा यिनको जन्म भएको हो । यिनको समय ९८४ ई. (९०६शकाब्द) हो । यिनका ग्रन्थहरूमा न्यायवार्तिक-तात्पर्यटीका-परिशुद्धि, न्यायकुसुमाञ्जलि र आत्मतत्त्वविवेक प्रसिद्ध छन् । प्रशस्तपाद भाष्यको किरणावली टीका पनि यिनको उल्लेखनीय रचना हो । यिनले आफ्ना ग्रन्थमा बौद्ध दार्शनिकहरूका मत र तर्कको खण्डन गर्दै न्यायदर्शनद्वारा प्रतिपादित ईश्वरसिद्धिलगायत विविध विषयको दृढताका साथ समर्थन गरेका छन् ।

उदयप्रभवदेवः (पुं.) ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान् /आरम्भसिद्धि नामक ग्रन्थका लेखक । यिनको समय तेह्रौं शताब्दी हो । यिनले प्रत्येक कार्यका निमित्त आवश्यक शुभाशुभ मुहूर्तको निरूपण गरेका छन् ।

उदवाहनः (पुं.) [*उह्यते अनेन, करणे ल्युट्, अनः, उदकस्य वाहनः, ष.त., पेषं वासवाहनधिषु च ६.३.५८ इति उदकस्योदादेशः*] १.पानी बोक्ने व्यक्ति २.बादल ।

उदयाचलः (पुं.) [*उदयस्य अचलः, ष.त.*] सूर्यको उदयस्थल मानिने पूर्वदिशाको पर्वत । पौराणिक कथनअनुसार यो शाकद्वीपमा पर्दछ । अघि महाराज पृथुका राज्यको यो पूर्वी सीमा थियो । (भाग.४.१६.२२) यस पर्वतलाई अगस्त्य ऋषिले अतिशय मन पराएका थिए । (वा.पु. १०८.४६)

उदयाद्रिः (पुं.) सूर्य उदाएको मानिने पूर्व दिशाको पर्वत । हे.**उदयाचलः** ।

उदरग्रन्थिः (पुं.) [*उदरे ग्रन्थिरिव, त.स.*] पेटभित्र पलाएको मासुको ऐंजेरु/पेटको क्यान्सर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदरत्राणम् (नपुं.) [*उदरं त्रायतेऽनेन, उदरपूर्वकात् त्रैङ् त्राणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कमरपेटी २.पट्का।

उदरम् (नपुं.) [*उत्पूर्वकाद् दॄ दारणे इति धातोः, उदि दृणातेरजलौ पूर्वपदान्त्यलोपश्च (उ.) ७०७ इति अच्, पूर्वपदान्तलोपश्च*] १.रोगविशेष २.पेट ३.युद्ध। **उपस्थमुदरं जिह्वा हस्तौ पादौ च पञ्चमम्** (मनु.)। **उदरं तुन्दरणयोः** (हैमः)।

उदरम्भरिः (पुं.वि.) [*उदरं बिभर्तीति, उदरपूर्वकाद् भृञ् भरणे इति धातोः, फलेग्रहिरात्मम्भरिश्च ३.२.२६ इति चात् इन् मुम् च*] १.पञ्च यज्ञ नगरिकन खाने २.खाएर पेट भर्ने। **ज्योत्स्ना करम्भमुदरम्भरयश्चकाराः** (मुरारि)।

उदरिलः (पुं.वि.) [*अतिशयितमुदरमस्य, तुन्दादिभ्य इलच्च ५.२.११७ इति इलच्*] ठुलो पेट भएको।

उदरी (पुं.) [*उदरमस्यास्तीति, तुन्दादिभ्य इलच्च ५.२.१७७ इति पक्षे इनिः*] ठुलो पेट भएको।

उदर्कः (पुं.) [*उत्पूर्वकात् अर्क स्तवने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै कामको भावी परिणाम भविष्यत् कालमा हुने लाभ, हानि २.वृक्षविशेष । **उदर्क एष्यत्कालीनफले मदनकण्टके** (मेदिनी.)।

उदवसितम् (नपुं.) [*उत् ऊर्ध्वम् अवसीयते स्म, षोऽन्तकर्मणि इति धातोः, षिञ् बन्धने इति धातोर्वा, निष्ठा ३.२.१०२ इति क्तः, द्यतिस्यति– ७.४.४० इतीत्वम्*] १.घर २.(वि.) अन्त्यमा रहेको ३.थाहा भएको। **अवसितमृद्धे ज्ञातेऽप्यवसानगते च वाच्यलिङ्गं स्यात्** (मेदिनी.)।

उदश्रु (नपुं.वि.) [*उद्गतानि अश्रूणि यत्र तत्, बहु.स. न रपरसृपिसृजिस्पृशिस्पृहिसवनवनादीनाम् ८.३.११० इति षत्वनिषेधः*] आँसुले भिजेको।

उदश्वित् (नपुं.) [*उदकेन श्वयति वर्धते तत्, टुओश्वि गतिवृद्ध्योः इति धातोः, बाहुलकात् क्विब् वचिप्रच्छिश्रि– (उ.) २२५ इति क्विप्, असंप्रसारणञ्च,उदकस्योदादेशः*] बाक्लो मोई।

उदात्तः (पुं.) [*उत्पूर्वकाद् डुदाञ् दाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अच उपसर्गात्तः ७.४.४७ इति तः*] १.लामो स्वरबाट उच्चरित वर्ण/ताल्वादिस्थानको माथिल्लो भागबाट उच्चारण हुने वर्ण। २.वेद पाठ गर्दा उच्चारण हुने प्रथम स्वर। यसको उच्चारण गर्दा तालु आदि स्थानको माथिल्लो भागमा बल पर्छ।

उदात्तः (पुं.वि.) दया,त्याग आदि उत्तम गुणले सम्पन्न।

उदात्तम् (नपुं.) अलङ्कारविशेष/बढाइ, चढाइ वर्णन गर्दा पर्न जाने अलङ्कार। **लोकातिशयसम्पत्तिवर्णनोदात्तमुच्यते** (सा.द.)। ४.सङ्गीतका सात स्वरमध्ये निषाद र गान्धार स्वर।

उदात्तता (स्त्री.) [*उदात्तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] उत्तम गुण/उदात्त व्यक्तिमा रहने दया, त्याग आदि विशेषता।

उदानः (पुं.) [*उदन्वीयतेऽनेन, उत्पूर्वकाद् अन प्राणने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] पेटबाट घाँटीतिर आउने वायु/कण्ठमा रहने वायु। **उदानः कण्ठदेशे स्याद् व्यानः सर्वशरीरगः** (अमर.)।

उदारः (पुं.वि.) [*उत्कृष्टमासमन्ताद् रातीति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.दाता २.महान्। **उदारः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम्**। (गीता.) ३.सफा चित्त भएको/सोझो। **क उदारः समर्थश्च त्रैलोक्यस्यापि रक्षणे** (रामा.) ४.सारयुक्त/गम्भीर। **रघोरुदारामपि गां निशम्य** (रघु.) ५.असाधारण। **स तथेति विनेतुरुदारमतेः प्रतिगृह्य वचो विससर्ज मुनिम्** (रघु.)। **~आशयः** (पुं.वि.) [*उदार आशयो यस्य सः, बहु.स.*] ठुलो मन भएको/महान् विचार भएको। **~चरितः** (पुं.वि.) [*उदारं चरितं यस्य सः, बहु.स.*] खुला चित्त भएको। **उदारचरितानान्तु वसुधैव कुटुम्बकम्** (हितो.)। **~धीः** (पुं.वि.) [*उदारा धीर्यस्य सः, बहु.स.*] बुद्धिमान्/अत्युच्च बुद्धि भएको।

उदारता (स्त्री.) [*उदारस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.दान-शीलता २.गम्भीरता ३.सदाशयता ४.महत्ता ५.सारवत्ता ६.गुणको आठौँ भेद।

उदावत्सरः (पुं.) संवत्सर आदि पाँच वर्षमध्ये एक। यो वर्ष चाँदी दानका लागि प्रसिद्ध छ। (वि.ध.पु.)

उदावर्तः (पुं.) [*उद्,आङ्पूर्वकाद् वृतु वर्तने इति धातोः घञ्*] मल, मूत्र र वायुलाई रोक्ने एक रोग।

उदासः (पुं.) [*उदास्यते इति, उत्पूर्वकाद् आस उपवेशने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.विरक्त २.निरपेक्ष/तटस्थ/कुनै पक्षमा नलागेको ३.(भावे घञ्) तटस्थता ४.अनासक्ति/निस्पृहता/वैराग्य।

उदासीनः (पुं.वि.) [*उदास्ते, उत्पूर्वकाद् आस उपवेशने इति धातोः, लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्, ईदासः ७.२.८३ इति ईत्वम्*] १.तटस्थ/कुनै पक्षमा पनि नलागेको/निष्पक्ष २.अपरिचित ३.विरक्त ४.उपेक्षक ५.निष्क्रिय।

उदाहरणम् (नपुं.) [*उद्-आङ्पूर्वकाद् हृञ् हरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति करणे, ल्युट् च ३.३.११५ इति भावे वा ल्युट्*] १.दृष्टान्त २.लक्षणलाई स्पष्ट पार्न दिइएको लक्ष्य ३.न्यायदर्शनअनुसार वाक्यका पाँच अवयवमध्येको तेस्रो अवयव ४.नाटकमा गर्भसन्धिको एक अङ्ग। आफ्नो वा पराइको उत्कर्ष सूचक अभिव्यक्ति। **उदाहरणमुत्कर्षयुक्तं वचनमुच्यते** (सा.द.)। ५.तुल्य अर्थ दिने अप्रासङ्गिक विषयको वर्णनबाट आफ्नो अभिमत अर्थ व्यक्त गरिने एक नाट्यलक्षण।

यत्र तुल्यार्थयुक्तेन वाक्येनाभिप्रदर्शनम्।
साध्यतेऽभिमतश्चार्थस्तदुदाहरणं मतम्॥ (सा.द.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.गम्यौपम्य वाक्यगत अर्थालङ्कार। यो अलङ्कार दृष्टान्त अलङ्कारसँग मिल्दोजुल्दो छ।

उदाहारः (पुं.) [*उदाह्रियते इति, उत् आपूर्वकाद् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.उदाहरण/दृष्टान्त २.प्रासङ्गिक विचार।

उदितः (पुं.वि.) १.[*उदेति स्म, उत्पूर्वकाद् इण् गतौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] उदाएको २.[*उद्यते स्म, उत्पूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः, कर्मणि क्तः*] भनिएको। **उक्तं भाषितमुदितं जल्पितमाख्यातमभिहितं लपितम्** (अमर.)।

उदितोदितः (पुं.) [*उदिते कथिते शास्त्रे उदितःअभ्युदितः*] शास्त्रज्ञ।

पुरोहितञ्च कुर्वीत दैवज्ञमुदितोदितम्।
दण्डनीत्याञ्च कुशलमथर्वाङ्गिरसे तथा॥ (या.व.)

उदित्वरः (पुं.वि.) [*उदेतीति, उत्पूर्वकाद् इण्धातोः इण्णशिजिसर्तिभ्यः क्वरप् ३.२.१६३ इति क्वरप्,तुगागमः*] उदाउन लागेको।

शशिमयं दहनास्त्रमुदित्वरं मनसिजस्य विमृश्य मनस्विनी।
झटिति वारुणमश्रुमिषादसौ तदुचितं प्रतिशस्त्रपुपाददे॥ (नैष.)

उदीची (स्त्री.) [*उद्-उत्तरमञ्चत्यर्कम्, उत्पूर्वकाद् अञ्चू धातोः, ऋत्विग्दधृक् ३.२.५९ इति क्विन्,अनदिताम् ६.४.२४ इति नलोपः, उद ईत् ६.४.१३९ इति ईत्वम्, ङीप्*] उत्तर दिशा।

उदीचीनः (पुं.वि.) [*उदीच्यां भवः, विभाषाञ्चेरदिक् स्त्रियाम् ५.४.८ इति खः, खस्येनः,अनदिताम् ६.४.२४ इति नलोपः, उद ईत् ६.४.१३९ इति ईत्वम्,*] उत्तरपट्टि रहेको।

उदीच्यः (पुं.वि.) [*उदीच्यां भवः, द्युप्रागपागुदक्प्रतीचो यत् ४.२.१०१ इति यत्, अनिदितां हल उपधायाः ६.४.२४ इति नलोपः, उद ईत् ६.४.१३९ इति ईत्वम्*] १.उत्तरपट्टि भएको २.इरावती नदीदेखि पश्चिम-उत्तरमा रहेको (देश) ३.सुगन्धवाल।

उदीयमानः (पुं.वि.) [*उदीयते इति, उत्पूर्वकाद् इण् गतौ इति धातोः, लटि लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] १.हुने बिरुवा/होनहार/उन्नति पथमा लागेको २.उदाउन लागेको।

उदीरणम् (नपुं.) [*उदीर्यते, उत्पूर्वकाद् ईर गतौ कम्पने च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.भन्नु/कथन (हला.) २.फ्याँक्नु। **ब्रह्मास्त्रोदीरणात् शत्रोर्देवदानवकिन्नराः** (म.भा.)।

उदीरितः (पुं.वि.) [*उदीर्यते स्म, उत्पूर्वकाद् ईर कम्पने गतौ च इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.भनेको २.फ्याँकेको ३.प्रेरित।

उदीर्णः (पुं.वि.) [*उत्पूर्वकात् ऋधातोः क्तः*] उदार, महाशय,ठुलो इच्छा राख्ने। **महेच्छे तूद्भटोदारोदात्तोदीर्णमहाशयाः** (अभि.चि. ३.३१)।

उदुम्बरः (पुं.) [*उद्— अत्युच्चतया उल्लङ्घितमम्बरमनेन, पृषोदरादित्वाद् ६.३.१०९ उत्वम्*] १.डुम्री २.उदुम्बर नाम गरेको कुष्ठरोग ३.(नपुं.) ढोकाको ठेलो ४.तामो।

उदुम्बरस्तु देहल्यां वृक्षभेदे च षण्डके।
कुष्ठभेदेऽपि च पुमांस्ताम्रेऽपि स्यान्नपुंसकम्॥ (मेदिनी.)

उदुम्बरपर्णी (स्त्री.) [*उदुम्बरस्य पर्णानीव पर्णानि यस्याः सा, पाककर्ण ४.१.६४ इति ङीष्*] दन्तीको बोट/दन्ती वृक्ष।

उदूखलम् (नपुं.) [*ऊर्ध्वं च तत् खं च, ऊर्ध्वखं लाति, आतोऽनुपसर्गे कः ३.२.४ इति कः, पृषोदरादिः ६.३.१०९*] १.गोकुलधूप २.(पु./नपुं.) ओखल। **उदूखलं गुग्गुलौ स्यादुलूखलेऽपि न द्वयोः।** (मेदिनी.)।

उदूढः (पुं.वि.) [*उत्पूर्वकाद् वहधातोः क्तः,सम्प्रसारणम्*] धारण गरेको। **उदूढलोकत्रितयेन साम्प्रतं गुरुर्धरित्री क्रियतेतरां त्वया।** (शि.व.)।

उदेजयः (पुं.) [*उदेजयतीति उत्पूर्वकात् एजृ कम्पने इति धातोः, अनुपसर्गाल्लिम्पविन्दधारिपारिवेद्युदेजिचेतिसातिसाहिभ्यश्च ३.१.१३८ इति शः, गुणायादेशौ*] भीषण/डर लाग्दो।

उद्गतः (पुं.वि.) [*उद्गच्छति स्म, उत्पूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] १.उठेको २.उदाएको ३.उम्रिएको ४.मुखबाट निस्किएको।

उद्गता (स्त्री.) एक विषम छन्द/प्रथम पाउमा सगण जगण, सगण र एक लघुवर्ण, दोस्रो पाउमा नगण, सगण, जगण र एक गुरुवर्ण, तेस्रो पाउमा भगण, नगण, भगण र एक गुरुवर्ण तथा चौथो पाउमा सगण, जगण, सगण, जगण र एक गुरुवर्ण भएको छन्द।

प्रथमे सजौ यदि सलौ च नसजगुरुकाण्यनन्तरम्।
यद्यथ भनभगाः स्युरथो सजसा जगौ च भवतीयमुद्गता॥

(छन्दो.) भारविले किरातार्जुनीयमा उद्गताका अन्य प्रकारको पनि प्रयोग छ।

उद्गमः (पुं.) [*उद्गमनम्, उत्पूर्वकाद् गम्लृ गतौ इति धातोः, अप्*] १.मास्तिर जानु/ऊर्ध्वगमन २.उत्पत्ति/प्रादुर्भाव। **फलेन सहकारस्य पुष्पोद्गम इव प्रजाः।** (रघु.४.९) ३.उदय ४.बाहिर निस्कनु। **तनयानां क्षुधार्तानां पश्यन् प्राणोद्गमव्यथाम्।** (कथास.४) **~स्थलम्**(नपुं.) [*उद्गमस्य स्थलम्, ष.त.*] उत्पत्तिको स्थान/उदयाचल। **~हेतुः** (पुं.) [*उद्गमस्य हेतुः, ष.त.*] उत्पत्तिको कारण।

उद्गमनीयः (पुं.वि.) [*उत्पूर्वकाद् गम्लृ गतौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्* १.उदाउनु पर्ने ३.उम्रनु पर्ने ४.प्रकट हुनुपर्ने।

उद्गमनीयम् (नपुं.) धोएको एकजोर लुगा। **तत्स्यादुद्गमनीयं यद् धौतयोर्वस्त्रयोर्युगम्** (अमर.)।

उद्गाढः (पुं.वि.) [*उद्गाहते स्म, उत्पूर्वकाद् गाहू विलोडने इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] अत्यन्त/ज्यादै।

उद्गाता (पुं.) [*उद् गायतीति, उत्पूर्वकाद् गै शब्दे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, तृन् ३.२.१३५ इति तृन् वा*] सामवेद गाउने/सामदेदज्ञ ब्राह्मण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्गारः (पुं.) [*उद्गरणम्, उदुपसर्गपूर्वकात् गॄ शब्दे इति धातोः, उन्योर्ग्रः ३.३.२९ इति घञ्, वृद्धिः*] १.ओकल्नु २.हृदयदेखि नै उठेर आएको श्रद्धा ३.खाएपछि सास फेर्दै गरिने शब्दोच्चारण/डकार ।

उद्गीतिः (स्त्री.) [*उद्– उच्चैर्गायनम्, उत्पूर्वकाद् गै शब्दे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.ठुलो स्वरले गरिने गान २.सामगान ३.एक किसिमको छन्द/आर्या छन्दको उत्तरार्द्धको सट्टा पूवार्द्ध र पूर्वार्द्धको सट्टा उत्तरार्द्धको रूपमा प्रयोग गर्दा बन्ने छन्द । **आर्याशकलद्वितये विपरीते पुनरिहोद्गीतिः** (छन्दो.) ।

उद्गीथः (पुं.) [*उद्गीयते उच्चैः शब्द्यते इति, उत्पूर्वकात् गै शब्दे इति धातोः, गश्चोदि (उ.) १७५, इति थक्*] १.सामवेदको एक भाग । **अस्मिन्नगस्त्यप्रमुखा प्रदेशे भूयांस उद्गीथविदो वसन्ति।** (उ.रा.च.) २.प्रणव ३.सामगान (सारसुन्दरी) ४.एक शिवपुत्र (वि.पु.) ।

उद्गीर्णः (पुं.वि.) [*उद्गीर्यते स्म, उत्पूर्वकाद् गॄ निगरणे इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.ओकलेको २.उग्राएको ।

उद्गूर्णः (पुं.वि.) [*उद्गूरते ते स्म, गुरी उद्यमने इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.उद्यत २.फुन्डिएको ।

उद्ग्राहः (पुं.) [*उद्ग्रहणम्, ग्रह उपादाने इति धातोः, उदि ग्रहः ३.३.३५ इति घञ्*] डकार्ने क्रिया ।

उद्घर्षणम् (नपुं.) [*उत्पूर्वकाद् घृषु सङ्घर्षे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ज्यादै कन्याउनु ।

उद्घाटकः (पुं.वि.) [*उद्घाटयतीति, उत्पूर्वकाद् घट चेष्टायाम् इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.उघार्ने २.कुनै समारोह वा कार्यक्रमको विधिवत् थालनी गर्ने ३.(पुं.) कुवाबाट पानी बाहिर पठाउने यन्त्र ।

उद्घाटनम् (नपुं.) [*उत्पूर्वकाद् घट चेष्टायाम् इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.उघार्नु २.कुनै समारोह वा कार्यक्रमको पानसमा बत्ती बालेर रिबन काटेर वा अन्य कुनै तरिकाले विधिवत् थालनी गर्नु ३.(उद्घाट्यतेऽनेन, करणे घञ्) इनारबाट पानी झिक्दा गाग्रो, बाल्टिन आदि झुन्ड्याउने काठ, बाँस आदि ।

उद्घातः (पुं.) [*उद्घातनम्, उत्पूर्वकाद् हन हिंसागत्योः इति धातोः, भावे ३.३.१८ इति घञ्, हनस्तोऽचिण्णलोः ७.३.३२ इति तः*] १.प्रारम्भ २.गोडा चिप्लनु ३.प्राणायामका अङ्गमध्ये कुम्भक नाम गरेको अङ्ग ४.ग्रन्थको परिच्छेद ।

उद्घात्यकः (पुं.) [*प्रवेष्टुरभिप्रेतार्थेन वक्तुरभिप्रेतार्थं उद्धन्यते, तिरोधीयते इति हनस्तोऽचिण्णलोः ७.३.३२ इति तकारान्तादेशः ततः स्वार्थे कः*] रूपकभित्र आउने प्रस्तावनाको एक भेद । वक्ताले एउटा तात्पर्यमा भनेको कथनलाई प्रवेशकर्ताले आफ्नो इच्छानुसार अर्थ्याएर नटकीय कथाको प्रारम्भ गराउने प्रस्तावनाको एक भेद ।

उद्घोषकः (पुं.वि.) [*उद्घोषयति, उत्पूर्वकाद् घुषिर् शब्दे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] घोषणा गर्ने/खबर गर्ने ।

उद्घोषणम् (नपुं.) [*उत्पूर्वकाद् घुषिर् शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सबैले थाहा पाऊन् भनी दिइने सूचना ।

उद्घोषणपत्रम् (नपुं.) [*उद्घोषणस्य पत्रम्, ष.त.*] सरकारका तर्फबाट कुनै पनि हुने वा गरिने कारोबारको घोषणापत्र/प्रमाण पुऱ्याई लेखिएको कागज ।

उद्दण्डः (पुं.वि.) [*दण्डाद् उद्गतः, प्रा.स.*] दण्ड, सजाय आदिको डर नभएको/कडा स्वभाव भएको ।

उद्दण्डता (स्त्री.) [*उद्दण्डस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] दण्ड, सजाय आदिको डर नभएको स्वभाव/उत्ताउलोपन ।

उद्दानम् (नपुं.) [*उत्पूर्वाद् दो अवखण्डने इति धातोर्भावे ल्युट् ३.३.११५*] बन्धन । **उद्दाने क्रियमाणे तु मत्स्यानां तत्र रज्जुभिः** (म.भा.शान्तिपर्व) ।

उद्दामः १.(पुं./नपुं.) प्रत्येक पाउमा दुई नगणपछि तेह्र रगणको प्रयोग हुने एक दण्डक छन्द २.(पुं.) वरुण ।

उद्दामः (पुं.वि.) [*दामयति,उपशमयति, पचाद्यच्,दामाद् उद्गतः, प्रा.स.*] १.बन्धनमुक्त/स्वतन्त्र २.[*उत्कृष्टं दामः पाशाख्यं मन्त्रं यस्य सः, बहु.स.*] पाश नामक मन्त्रको साधन गर्ने । **उद्दामो बन्धरहितः स्वतन्त्रे च प्रचेतसि।** (मेदिनी.) ३.ठुलो/महान् । **उद्दामदन्तुरविधुन्तुददन्तघातैः** (भाग.नवमस्कन्द) ।

उद्दालः (पुं.) [*दल विशरणे इति धातोः, णिच् ३.१.२६, अच् ३.१.१३४*] १.बोहरीको वृक्ष २.वनकोदो ।

उद्दालकः (पुं.) १.एक ऋषि/आयोदधौम्यका एक शिष्य २.श्वेतकेतुका पिता ।

उद्दितः (पुं.वि.) [*उद्दयते स्म, दो अवखण्डने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, द्यतिस्यति ३.४.४० इतीत्वम्*] बाँधिएको ।

उद्दिष्टः (पुं.वि.) [*उद्दिश्यते स्म, उत्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.उपदेश गरिएको २.अभिलषित ३.लक्षित ।

उद्दीपकः (पुं.वि.) [*उद्दीपयति, उत्पूर्वकाद् दीपी दीप्तौ इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] उद्दीप्त गराउने/बढाउने/चम्काउने ।

उद्दीपनम् (नपुं.) [*उत्पूर्वकाद् दीपी दीप्तौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उद्दीप्त तुल्याउने काम/बढाउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्दीपनविभावः (पुं.) [*उद्दीपयतीति, उत्पूर्वकाद् दीपी दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, उद्दीपनश्चासौ विभावश्च, कर्म.स.*] आलम्बनविभावबाट उत्पन्न भएको रत्यादि स्थायिभावलाई बढाउने साधन/उद्दीप्त तुल्याउने साधन। **उद्दीपनविभावास्ते रसमुद्दीपयन्ति ये** (सा.द.)। रसानुसार उद्दीपनविभाव भिन्नभिन्न हुन्छन्। यिनले प्रत्येक रसका स्याथीभावहरूलाई उद्दीप्त तुल्याएर रसरूपमा परिणत गराउँछन्। जस्तै– शृङ्गारको उद्दीपनविभाव– एकान्तस्थल, वगैँचा, चन्दन, चन्द्रमा,जुनेली रात, भ्रमर तथा कोइली आदिको गुञ्जन, वसन्त ऋतु आदि। **चन्द्रचन्दनरोलम्बरुताद्युद्दीपनं मतम्।** (सा.द.)। हास्यको उद्दीपनविभाव– विकृत व्यक्तिको आकार, बोली, क्रियाकलाप आदि ।

विकृताकारवाक्चेष्टं यमालोक्य हसेज्जनः।
तत्रालम्बनं प्राहुस्तच्चेष्टोद्दीपनं मतम्॥ (सा.द.)

करुण रसको उद्दीपनविभाव– आत्मीय व्यक्तिका लाशको दाह, स्वजनको अपहरण आदि। **तस्य दाहादिकावस्था भवेदुद्दीपनं पुनः** (सा.द.) रौद्ररसको उद्दीपनविभाव– मुड्की उज्याउनु, ढोकामा हिर्काउनु,झम्टन खोज्नु, आफ्ना सेनालाई मार्नु वा घाइते तुल्याउनु,शिविर ध्वंस पार्नु, युद्धका निमित्त तम्सनु आदि शत्रुका क्रियाकलाप। **आलम्बनमरिस्तत्र तच्चेष्टोद्दीपनं मतम्।** (सा.द.) वीररसको उद्दीपनविभाव– जस्लाई जित्नु पर्ने हो , त्यसका क्रियाकलाप। **विजेतव्यादिचेष्ट्याद्यास्तस्योद्दीपनरूपिणः** (सा.द.) भयानकको उद्दीपनविभाव– डर पैदा गर्ने व्यक्ति वा वस्तुका क्रियाकलाप। **चेष्टा घोरतरा तस्य भवेदुद्दीपनं पुनः** (सा.द.) बीभत्स रसको उद्दीपनविभाव– दुर्गन्धित मासु, रगत, बोसो आदिमा किरा पर्नु आदि। **तत्रैव कृमिपाताद्यमुद्दीपनमुदाहृतम्।** (सा.द.) अद्भुतको उद्दीपनविभाव– अलौकिक वा अद्भुत वस्तुका महिमाको गान। **गुणानां तस्य महिमा भवेदुद्दीपनं पुनः** । (सा.द.)शान्तको उद्दीपनविभाव– पवित्र आश्रम, तीर्थस्थल, देवालय, वन आदिको भ्रमण, महापुरुषको सङ्गत आदि।

पुण्याश्रमहरिक्षेत्रतीर्थरम्यवनादयः।
महापुरुषसङ्गस्तस्योद्दीपनरूपिणः॥ (सा.द.)

यस्तै प्रेय, भक्ति,वत्सल आदि अन्य रसका पनि उद्दीपनविभाव हुन्छन्। विशेष जानकारीका लागि हे. तत्तत् रस।

उद्दीप्तः (पुं.वि.) [*उद्दीप्यते स्म, उत्पूर्वकाद् दीपी दिप्तौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] चम्केको/जागेको/प्रकाशित।

उद्देशः (पुं.) [*उत्पूर्वकाद् दिशधातोः घञ्*] १.अनुसन्धान/अन्वेषण २.स्थान/प्रदेश ३.न्यायको मतमा पदार्थको अभिधान।

उद्देश्यम् (नपुं.) [*उद्दिश्यत इति, उत्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.लक्ष्य २.साहित्यमा साहित्यकारले देखाउन खोजेको कुरा ३.वाक्यको प्रधान भाग उल्ये।

उद्द्रावः (पुं.) [*उदद्रवणमिति, उदि श्रयति ३.३.४९ इत्यादिना घञ्*] पलायन/लडाइँबाट भाग्ने काम।

उद्धः (पुं.) [*उद्धशब्दस्तु सङ्घादौ गणप्रशंसयोः ३.३.८६ इति निपातितः, उत्पूर्वात् हन्तेरप्, टिलोपः, घत्वं च निपात्यते*] १.अँजुली २.शरीरभित्रको वायु ३.प्रशंसा। **उद्धो हस्तपुटे वह्नौ श्लाघायां देहजानिले** (हैम.)।

उद्धतः (पुं.वि.) [*उद्धन्यते स्म, उत्पूर्वकाद् हन हिंसागत्योः इति धातोः, क्तः*] १.उत्ताउलो/अविनीत ३.चञ्चल ४.कडा स्वभाव भएको/प्रचण्ड/धक नमान्ने ५.डर लाग्दो ६.बाक्लो/घना ७.उठेको ८.मास्तिर उडेको। **आत्मोद्धतै रपि रजोभिरलङ्घनीयाः** । (अभि.शा.) ९.उन्मत्त। **मदोद्धताः प्रत्यनिलं विचेरुः।** (कु.सं.) १०. राजसी। **धीरोद्धता नमयतीव गतिर्धरित्रीम्।** (उ.रा.च.) ११.अभिमानी १२.सानो कामबाट पनि बढी फुर्ति गर्नुपर्ने। **अक्षवधोद्धतः** (रघु.१२.६३) १३.कठोर।

उद्धनः (पुं.) [*ऊर्ध्वं हन्यतेऽस्मिन्, उद्घनोऽत्याधानम् ३.३.८० इति साधुः*] अचानो।

उद्धरणम् (नपुं.) [*उत्पूर्वकाद् हृञ् इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्*] १.मुक्ति हुनु २.ऋण शुद्ध गर्नु ३.उखल्नु ४.उठाउनु। **यत्नवानपि स श्रीमान् लाङ्गुलोद्धरणोद्धरः।** (म.भा.) ५.उद्धार गर्नु ६.कसैको कुनै भनाइ वा अंश निकाल्नु ७.हटाउनु । **कण्टकोद्धरणैर्नित्यमातिष्ठेद् यत्नमुत्तमम्** (मनु.९.२५२) ८.[*उद्ध्रियतेऽत्र,करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्*] कुनै ग्रन्थ वा अन्यत्र कतैबाट निकालिएको अंश।

उद्धर्षः (पुं.) [*उद्धर्षयति, हृषु अलीके इति धातोः, णिजन्तः, अच् ३.१.१३४ उद्गतो हर्षोऽत्रेति वा*] उत्सव। **अशक्तोऽस्मि रणोद्धर्षे तपस्विशरणं गृहम्** (रामा. काण्ड ४)।

उद्धर्षणम् (नपुं.) [*उत्पूर्वकाद् हृषधातोल्युट्, अनः*] १.रोमाञ्च २.[*उद्धृष्यतेऽनेन,करणे ल्युट्*] १.आनन्दकारी २.रोमाञ्चकारी।

ततः परिषदं सर्वामामन्त्र्य वसुधाधिपः।
हितमुद्धर्षणञ्चैवमुवाच प्रथितं वचः॥ (रामा. २.२.१)

उद्धवः (पुं.) [*उद्धूयतेऽत्र, उत्पूर्वकाद् हु दानादानयोः इति धातोः, ऋदोरप् ३.३.५७ इति अप्, यद्वा उद्धूनोति दुःखम्, धूञ् कम्पने इति धातोः अच् ३.१.१३४*] १.यज्ञको अग्नि २.कृष्णप्रिय यादव/कृष्णका मामा ३.उत्सव । **उद्धवो यादवभिदि महे च ऋतुपावके** (मेदिनी.)।

उद्धवदूतम् (नपुं.) [*उद्धवः, दूतो यत्र तत्, बहु.स.*] एक सन्देश काव्य। यस काव्यका रचयिता माधव कवीन्द्र हुन्। यिनको समय सत्रौं शताब्दी हो। कालिदासको मेघदूतको अनुकरणमा रचिएको यस काव्यमा १४१ मन्दाक्रान्ता छन्दका पद्य छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको अन्तिम श्लोक अनुष्टुभ् छन्दमा छ। यसमा कृष्णले उद्धवलाई दूत बनाएर गोपिनीसमक्ष पठाएको कथा वर्णित छ॥ विरहव्यथाले व्याकुल भएका गोपिनीहरूलाई उद्धवले कृष्णको सन्देश सुनाएपछि उनीहरूको मनमा आशा पलाउँछ, राधा आनन्दित हुन्छिन्। काव्य समाप्त हुन्छ। यसमा कविको शैली प्रौढ देखिन्छ।

उद्धवसन्देशः (पुं.) [*उद्धवस्य सन्देशो यत्र सः, बहु.स.*] एक सन्देश काव्य। यसका रचयिता रूप गोस्वामी हुन्। श्रीमद्भागवतको दशमस्कन्धको उद्धवसन्देशसँग सम्बद्ध कथामा यो काव्य आधारित छ। यसको रचना मेघदूतको शैलीमा भएको छ। यसमा १३१ श्लोक छन्। सम्पूर्ण काव्य मन्दाक्रान्ता छन्दमा छ। कोमलकान्त पदावलीले गर्दा काव्य निकै सुन्दर देखिन्छ। यसमा वैदर्भी रीति र माधुर्यगुणको प्रयोग छ। यिनको अर्को सन्देशकाव्य हंसदूत पनि हो। यसमा राधाले हंसलाई दूत बनाएर श्रीकृष्ण बसेको ठाउँमा पठाइएको प्रेमसन्देश वर्णित छ।

उद्धानम् (नपुं.) [*उद्धीयतेऽत्र, डुधाञ् धारणपोषणयो इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] चुह्लो।

उद्धारः (पुं.) [*उत्पूर्वकाद् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मुक्ति/छुट्कारा २.ऋण ३.आपत्मा परेका व्यक्तिलाई बचाउने वा संरक्षण दिने काम। **उद्धारश्चोद्धृतावृणे** (मेदिनी.)।

उद्धारणम् (नपुं.) [*उत्पूर्वकाद् हृञ् हरणे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मुक्त गर्ने क्रिया २.उद्धार गर्ने काम ३.माथि उठाउने काम।

उद्धूतः (पुं.वि.) [*उत्पूर्वकाद् धूञ् कम्पने इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.माथितिर गएको २.हल्लेको।

उद्धूननम् (नपुं.) [*उत्पूर्वकाद् धूञ् कम्पने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] माथितिर फ्याक्नु/उत्क्षेपण।

उद्धूलनम् (नपुं.) [*उन्मर्दितं धूलीकरोति, उद्धूलि, ततः णिचि ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] चूर्ण पार्नु/धुलोपिठो पार्नु।

उद्धृतः (पुं.वि.) [*उद्ध्रियते स्म, उत्पूर्वकाद् धृञ् धारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.निकालिएको २.धारण गरिएको ३.खाएर छोडिएको ४.उद्धार गरिएको। **उद्धृतं स्यात् त्रिषूत्क्षिप्ते परिभुक्तोज्झितेऽपि** (मेदिनी.)।

उद्बाहुः (पुं.वि.) [*उद्गतौ बाहू यस्य सः, बहु.स.*] लामो हात भएको। **उद्बाहुरिव वामनः** (रघु.)।

उद्बुद्धः (पुं.वि.) [*उद्बुध्यते स्म, उत्पूर्वकाद् बुध अवबोधने इति धातोः, क्तः*] १.जागेको/ब्युँझेको २.उत्तेजित ३.ज्ञान प्राप्त।

उद्बोधः (पुं.) [*उद्बोधनम्, उत्पूर्वकाद् बुध अवबोधने इति धातोः, भावे ३.३.११८ इति घञ्*] १.ज्ञान २.सम्झना ३.जागरण।

उद्बोधकः (पुं.वि.) [*उद्बोधयति, उत्पूर्वकाद् बुध अवबोधने इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बोध गराउने २.चेतना जगाउने ३.जागृत तुल्याउने/ब्युँझाउने ४.(पुं.) सूर्य।

उद्बोधनम् (नपुं.) [*उत्पूर्वकाद् बुध अवबोधने इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.ब्युँझाउनु २.जागृत तुल्याउनु ३.स्मरण गराउनु।

उद्भटः (पुं.वि.) [*उद्भटते, उत्पूर्वकाद् भट धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.उत्कृष्ट/महाशय/उदार/महामना २.बलवान्/शक्तिशाली। **पदे पदे सन्ति भयरणोद्भयः** (नैष.) २.(पुं.) कछुवा ३.सूर्य। ४.अलङ्कार शास्त्रका एक आचार्य। यिनले काव्यालङ्कारसारसंग्रह भन्ने कृति रचना गरेका छन्। यस ग्रन्थमा विभिन्न अलङ्कारहरूको उदाहरणसहित विवेचना गरेका छन्। यिनी काश्मिीरी ब्राह्मण हुन्। यिनको समय आठौँ शताब्दी हो। यिनले कुमारसम्भव नामक अर्को ग्रन्थ पनि रचना गरेका थिए। काव्यालङ्कारसार-संग्रहमा त्यसका उदाहरणहरू उद्धृत गरिएका छन्। ग्रन्थ भने उपलब्ध छैन।

उद्भवः (पुं.) [*उद्भवनम्, उत्पूर्वकाद् भू सत्तायाम् इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.उत्पत्ति २.सृष्टि ३.जन्म। **जनुर्जननजन्मानि जनिरुत्पत्तिरुद्भवः** (अमर.) ४.[*उद्भवति अवतरति, पचाद्यच्*] विष्णु।

उद्भावनम् (नपुं.) [*उत्पूर्वकाद् भू सत्तायाम् इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कल्पना गर्नु २.चिन्तन गर्नु ३.उत्पादन गर्नु।

उद्भासी (पुं.) [*उद्भासते इति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः*] राम्रो/चम्किलो।

उद्भिज्जः (पुं.वि.) [*उद्भिद्य जायते इति, उद्भिद्पूर्वकाद् जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] पृथ्वीलाई फटाएर उत्पन्न हुने (वृक्ष, लहरा आदि) **उद्भिज्जाः स्थावराः सर्वे बीजकाण्डप्ररोहिणः** (मनुः)।

उद्भिद् (पुं.वि.) [*भूमिमुद्भिनत्तीति, उत्पूर्वकाद् भिदिर् विदारणे इति धातोः, सत्सू– ३.१.६१ इति क्विप्*] तरु, गुल्म आदि पृथ्वीलाई फोरेर पैदा हुने वनस्पति। **उद्भिदस्तरुगुल्माद्याः** (अमर.)।

उद्भिदः (पुं.बहु.) [*भुवमुद्भिन्दन्ति, भिदिर् विदारणे सत्सू– ३.१.६१ इति क्विप्, उद्भिदः*] पृथ्वीमा उम्रने झारपात वृक्ष आदि।

उद्भूतः (पुं.वि.) [*उद्भवति स्म, उत्पूर्वकाद् भू सत्तायाम् इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.पैदा भएको/जन्मेको/प्रादुर्भाव भएको २.न्यायको मतमा प्रत्यक्ष भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्भेदः (पुं.) [*उद्भिद्यतेऽङ्गमत्र, उत्पूर्वकाद् भिदिर् विदारणे इति धातोः, हलश्च ३.१.१२१ इति घञ्*] १.रोमाञ्च २.विमर्श सन्धिको बीजभूत अर्थको पुनरुत्पत्ति। **बीजार्थस्य प्ररोहः स्यादुद्भेदः** (सा.द.)।

उद्भ्रमः (पुं.) [*उद्भ्रमणम्, भ्रमु अनवस्थाने इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोप– ७.३.३४ इति न वृद्धिः*] दिक्क हुनु/दिग्दारी ।

उद्यच्छमानः (पुं.वि.) [*उद्यच्छते इति, उत्पूर्वकात् समुदाङ्भ्यो यमोऽग्रन्थे १.३.७५ इत्यात्मनेपदम्, लटः शानच् ३.२.१२४, पाघ्राध्मा ७.३.७८ इति यच्छादेशः, आने मुक् ७.२.८२ इति मुमागमश्च*] उत्साहित भइरहेको।

उद्यतः (पुं.वि.) [*उत्पूर्वकाद् यम उपरमे इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.तत्पर २.लुगा लगाएर तयार ३.शस्त्र लिएर सुरक्षा वा युद्धका लागि तत्पर ३.संलग्न/प्रवृत्त।

उद्यतिः (स्त्री.) [*उद्यमनम्, उत्पूर्वकात् यम उपरमे धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुनासिकलोपः*] उद्योग।

उद्यन् (पुं.वि.) [*उद्यतीति, उत्पूर्वकात् इण् गतौ इति धातोः, लटः शत्रादेशः ३.२.१२४*] उदाउन लागेको।

उद्यमः (पुं.) [*उद्यमनम्, उत्पूर्वकाद् यम उपरमे इति धातोः, भावे ३.३.१८ इति घञ्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः*] १.प्रयास २.उद्योग ३.मेहेनत ४.रोजगार/पेसा/इलम। **उद्यमेन हि सिध्यन्ति कार्याणि न मनोरथैः** (हितो.)।

उद्यमी (पुं.वि.) [*उद्यमोऽस्यास्तीति, अत इनिठनौ ५.२.१५५ इति इनिः*] उद्योगी।

उद्यमी लभते सिद्धिमयोग्योऽपि सुनिश्चितम्।
अनूरुर्गगनस्यान्तं प्रयात्येव दिने दिने॥ (सुभा.)

उद्यानम् (नपुं.) १.[*उद्याति विहाराय जनोऽस्मिन् वा, उत्पूर्वकाद् या प्रापणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] बगैँचा २.[*ल्युट् च ३.३.११५ इति भावे ल्युट्*] निस्सरण/निक्लनु ३.प्रयोजन।

स्यादुद्यानं निःसरणे वनभेदे प्रयोजने (अमर.)।
उद्यानं वनभेदे स्यान्निःसृतौ च प्रयोजने (धरणी.)।

उद्यापनम् (नपुं.) [*उत्पूर्वकाद् या प्रापणे इति धातोः, णिचि पुक्, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] व्रतसमाप्ति।

उद्योगः (पुं.) [*उद्योजनम्, उत्पूर्वकाद् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्रयत्न।

उद्योगः खलु कर्तव्यः फलं मार्जारवद् भवेत्।
जन्मप्रभृति गौर्नास्ति पयः पिबति नित्यशः॥ (सुभा.)

२.उद्यम/कलकारखाना आदिको स्थापना/आर्थिक उपलब्धि हुने कार्य/कानुनबमोजिम दर्ता भएको कम्पनी वा कर्पोरेशन।

उद्योगपतिः (पुं.) [*उद्योगस्य पतिः, ष.त.*] कुनै उद्योग वा कारखानाको मालिक।

उद्योगी (पुं.वि.) [*उद्योगोऽस्यास्तीति, अत इनिठनौ ५.१.१५५ इति इनिः*] उद्योग गर्ने व्यक्ति/उद्यमी। **उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीः** (हितो.)।

उद्योतः (पुं.) [*उद्योतत इति, उत्पूर्वकाद् द्युत दीप्तौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] प्रकाश।

उद्योतकरः (पुं.) एक दार्शनिक। यिनले वात्स्यानभाष्यको न्यायवार्तिक टीका लेखका छन्। यसमा वात्स्यायन भाष्यको व्याख्याको क्रममा दिङ्नाग, नागार्जुन आदि बौद्ध दार्शनिकहरूको मतलाई खण्डन गरिएको छ। यिनको समय विक्रमको छैटौँ शताब्दी मानिन्छ।

उद्रः (पुं.) [*उनत्ति, उन्दी क्लेदने इति धातोः, स्फायि– (उ.) २.१३ इति रक्*] जलजन्तु विशेष।

उद्रेकः (पुं.) [*उद्रेचनम् उत्पूर्वकाद् रिचिर् विरेचने इति धातोः, भावे ३.३.१८ इति घञ्*] वृद्धि / अधिकता / विपुलता।

अधुनैव कुरङ्गाक्षी जहार जगतां मनः।
न जाने यौवनोद्रेके जीवनस्यापि का गतिः॥ (उद्भट)

उद्वर्तनम् (नपुं.) १.[*उद्वर्ततेऽनेन वृतु वर्तने इति धातोः, ण्यन्तात् करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] बुकुवा–सावन आदि। २.[*भावे ल्युट्*] १.उफ्रनु २.लेपन गर्नु ३.कन्याउनु।

उद्वान्तम् (नपुं.) [*उद्वम्यते स्म, टुवम उद्गिरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.छादिएको वमन २.(पुं.) मताएपछि तह लागेको हात्ती। **उद्वान्त उद्गीर्णे निर्मदद्विपे** (हैम.)।

उद्वाहः (पुं.) [*उद्वहनम्, उत्पूर्वकाद् वह प्रापणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.विवाह/पाणिग्रहण २.धारण।

उद्विग्नः (पुं.वि.) [*उद्विनक्ति स्म, उत्पूर्वकाद् ओ विजी भयसञ्चलनयोः इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, ओदितश्च ८.२.४५ इति नत्वम्, कुत्वम् श्वीदितो निष्ठायाम् ७.२.१४ इति इडभावः*] १.आपत्तिमा परेको २.डराएको। **नोद्विग्नश्चरते धर्मं नोद्विग्नश्चरते क्रियाम्** (भारत) ३.खुब चलेको।

उद्वृत्तः (पुं.वि.) [*उद्वर्तते स्म, उत्पूर्वकाद् वृतु वर्तने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] उलटपुलट गरेको।

उद्वेगः (पुं.) १.[*उद्गतो वेगोऽस्मात्, उद्विजतेऽनेन वा, उत्पूर्वकाद् ओविजी भयसञ्चलनयोः इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] सुपारीको वृक्ष २.(पुं.वि.) छिटो दगुर्ने। ३.[*उद्वेजनम्, ओ विजी भयचलनयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] आपत्ति ४.विरहजन्य दुःख ५.भय ६.गर्भसन्धिको एक अङ्ग/नाटकमा राजा आदिबाट उत्पन्न हुने भय।

नृपादिजनिता भीतिरुद्वेगः परिकीर्तितः (सा.द.)।

उद्वेजकः (पुं.वि.) [*उद्वेजयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पीडादायक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषमा मलिनात्मानो द्विजिह्वा पन्नगा इव।
जगत्प्राणहरा नित्यं कस्य नोद्वेजकाः खलाः॥ (सुभा.)

उद्वेजनम् (नपुं.) [*उत्पूर्वकाद् वीजधातोर्भावे ल्युट् अन*] पीडा दिनु।

उद्वेलः (पुं.वि.) [*वेलामुद्गतः, प्रा.स.,*] सीमा नाघेको/मर्यादा नाघेको।

उद्वेष्टनम् (नपुं.) [*उद्वेष्ट्यत इति, उत्पूर्वकाद् वेष्ट वेष्टने इति धातोः, ल्युट् च ३.३.११ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बन्धनबाट मुक्त हुनु २.घेरा तोड्नु।

उध्रस (धा.) [*उञ्छे, सक.सेट्, उभ.*] अलि अलि गरेर बटुल्नु। लट्– **ध्रासयति-ते**। पक्षे– **उध्रासयति-ते**– अलि अलि गरेर बटुल्छ, इत्यादि।

उध्रस (धा.) [*उञ्छे, सक.सेट्, पर.*] अलि अलि गरेर बटुल्नु। लट्– **ध्रस्नाति**– अलि अलि गरेर बटुल्छ। लिट्– **दध्रास**– अलि अलि गरेर बटुलेछ (अन.)। लुट्– **ध्रसिता**– अलि अलि गरेर बटुल्ने छ इत्यादि।

उन्दी (धा.) [*क्लेदने, सक.सेट्, पर.*] गिलो हुनु, भिज्नु। लट्– **उनत्ति**– भिज्छ। लिट्– **उन्दाञ्चकार**– भिजेछ (अन.)। लुट्– **उन्दिता**– भिज्ने छ (अन.)। लृट्– **उन्दिष्यति**– भिज्ने छ। लोट्– **उनत्तु**– भिजोस्। लङ्– **औनद्-त्**– भिज्यो (अन.)। विधिलिङ्– **उन्द्यात्**– भिज्ला, भिजोस्। आशीर्लिङ्– **उद्यात्**– भिजोस्। लुङ्– **औन्दीत्**– भिज्यो। लृङ्– **औन्दिष्यत्**– भिज्ने थियो। कर्मणि– **उद्यते**– भिजिन्छ। णिचि– **उन्दयति-ते**– भिजाउँछ। सनि–**उन्दिदीषति**– भिज्न चाहन्छ। कृदन्ते–**उन्दितव्यम्/उन्दनीयम्/उन्द्यम्**– भिज्नुपर्ने। **उत्तम्/उन्नम्**– भिजेको। **उन्दन्-ती**– भिज्दै गरेको/की। **उन्दितुम्**– भिज्न। **उन्दित्वा/समुद्य**– भिजेर। **उन्दनम्**– भिज्ने काम इत्यादि।

उन्दुरुः (पुं.) [*उनत्ति, उन्दी क्लेदने इति धातोः, बाहुलकादुरुः*] मुसो। **कन्दुरुन्दुरुरुन्दुरः** (शब्दार्णव)।

उन्नः (पुं.वि.) [*उन्द्यते स्म, उन्दी क्लेदे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.भिजेको २.दयार्द्र/दयाले पग्लिएको।

उन्नतः (पुं.वि.) [*उन्नमति स्म, गत्यर्थाकर्मक– ३.४.७२ कर्तरि क्तः*] अग्लो/उचो। **~आनतम्** (नपुं.) [*उन्नतञ्च तदानतञ्च, कर्म.स.*] होचो-अग्लो। **~अंशः** (पुं.) [*उन्नतश्चासौ अंशश्च, कर्म.स.*] क्षितिजदेखि निरक्ष खस्वस्तिकसम्मको चापको अंश। **~अंशज्या** (स्त्री.) [*उन्नतांशस्य ज्या, ष.त.*] उन्नतांशको ज्या/शङ्कु। **~नाभिः** (पुं.) [*उन्नता नाभिर्यस्य सः, बहु.स.*] नाभि उठेको।

उन्नतकालांशः (पुं.) [*उन्नतकालस्य अंशः, ष.त.*] ग्रहगत ध्रुवप्रोत वृत्त र नाडीवृत्तको सम्पातदेखि क्षितिज र अहोरात्र वृत्तको सम्पात हुँदै आएको नाडीवृत्तगत ध्रुवप्रोतसम्मको अंश।

उन्नतांशः (पुं.) १.[*उन्नतश्चासौ अंशश्च, कर्म.स.*] ९० अंशबाट नतांश घटाएपछि बाँकी रहने अंश/क्षितिजबाट ग्रहसम्मको अंश। २.अग्लो भाग।

उन्नतानतः (पुं.वि.) [*उन्नतश्चासौ आनतश्च, कर्म.स.*] होचोअग्लो।

उन्नतिः (स्त्री.) [*उन्नमनम्, उत्पूर्वकाद् णम प्रह्वत्वे शब्दे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.वृद्धि २.उदय ३.गरुडकी पत्नी।

उन्नतीशः (पुं.) [*उन्नतिः तदाख्या गरुडपत्नी, तस्या ईशः पतिः*] गरुड (त्रिकाण्डशेष)।

उन्नमनम् (नपुं.) [*उत्पूर्वकाद् णम प्रह्वत्वे शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.माथि उठ्नु/अग्लो हुनु २.उन्नति गर्नु।

उन्नमितः (पुं.वि.) [*उत्पूर्वकात् नम्धातोः णिचि क्तः*] उठाइएको।

उन्नयः (पुं.) [*क्वचिदपवादविषये उत्सर्गोऽभिनिविशते इत्यच्*] १.माथि लैजानु २.उन्नति।

उन्नयनम् (नपुं.) [*उत्पूर्वकाद् णीञ् प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.माथि उठाउनु २.उद्योग गर्नु ३.[*उद्गते नयने यस्मिन् तत्*] आकाशतिर हेर्नु।

उन्नसः (पुं.वि.) [*उन्नता नासिका यस्य सः, बहु.स. उपसर्गाच्च ५.४.११९ इति अच्, नासिकायाः नसादेशश्च*] उचो नाक भएको/नाक मास्तिर उठेको।

उन्नायः (पुं.) [*उन्नयनम्, अवोदोर्नियः ३.३.२६ इति घञ्*] १.माथि लैजानु २.उन्नति।

उन्नायकः (पुं.वि.) [*उन्नयतीति, उत्पूर्वकाद् णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] मास्तिर तान्ने/उन्नति गर्ने।

उन्निद्रः (पुं.वि.) [*उद्गता निद्रा यस्मात् सः, बहु.स.*] १.निद्रारहित/निद्राशून्य २.प्रफुल्ल/विकसित।

प्रफुल्लोत्फुल्लसम्फुल्लोच्छ्वसितानि विजृम्भितम्।
स्मेरं विनिद्रमुन्निद्रविमुद्रहसितानि च॥ (अभि.चि.)

उन्मज्जकः (पुं.वि.) [*उन्मज्जतीति, उत्पूर्वकाद् मस्ज धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पौडी खेल्ने २.घाँटीसम्म जलमा डुबेर तपस्या गर्ने।

कण्ठदध्ने जले स्थित्वा तपः कुर्वन् प्रवर्तते।
उन्मज्जकः स विज्ञेयस्तापसो लोकपूजितः॥

उन्मण्डलवृत्तम् (नपुं.) [*उद्गतं वृत्तान्तरापेक्षया भिन्नं च तद् वृत्तम्, कर्म.स.*] रात र दिनलाई आधा पार्ने कल्पित वृत्त। निरक्ष खमध्यबाट ९०° मा पर्ने गरी कल्पना गरिएको वृत्त। यो दुई ध्रुवमा गएको हुन्छ।

यत्र याम्योत्तरे लग्नं नाडिकामण्डलञ्च तत्।
खस्थिराख्यं खमध्यं स्यान्नवत्यंशैस्ततो हि यत्॥
वृत्तमुन्मण्डलं नाम ध्रुवद्वयगतं भवेत्।
तत्स्थिरं क्षितिजं ज्ञेयं द्युनिशोरर्धकारकम्॥ (गो.प्र.)

उन्मत्तः (पुं.वि.) १.[*उन्मन्दते स्म, उत्पूर्वकाद् मदि स्तुतिमोदमदस्वप्नकान्तिगतिषु इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति कर्तरि क्तः, यद्वा उन्मत्तयति, तत्करोति (वा.) ३.१.२६*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति णिच्, पचाद्यच् ३.१.१३४] मातेको २.[*उन्माद्यतेऽनेन, करणे क्तः*] कुन्दवृक्ष ३.धतुरो ।

उन्मदिष्णुः (पुं.वि.) [*उन्मदनशीलः मदी हर्षे इति धातोः, अलङ्कृञ्– ३२.१३६ इतीष्णुच्*] उन्मत्त/पागल ।

उन्मनाः (पुं.वि.) १.[*उत् उद्गतं मनो यस्य सः, बहु.स.*] उदास अथवा विक्षिप्त मन भएको । २.[*उत्कण्ठितं मनो यस्य सः, बहु.स. अत्वसन्तस्य चाधातोः, इति दीर्घः*] १.उन्मुख २.विषयासक्त ।

उन्मनी (स्त्री.) [*उत्कटं मनो यस्यां सा, बहु.स.*] १.नाकको टुप्पामा एक नास हेरेर ध्यान गर्ने हठयोगको एक क्रिया २.आज्ञाचक्र माथिको ठाउँ ।

उन्मन्यवस्थाधिगमाय विद्वन्
उपायमेकं तव निर्दिशामि ।
पश्यन्नुदासीनतया प्रपञ्चं
सङ्कल्पमुन्मूलय सावधानः ॥ (ह.यो.प्र.)

उन्माथः (पुं.) [*उन्मथ्यतेऽनेन, मथे विलोडने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.सिकार बल्फाउने यन्त्र/खोर २.[*उन्मथनमिति, मथे हिंसायाम् इति धातोः, भावे ३.३.१२१ इति घञ्*] लडाइँमा मारिने काम ३.[*उन्मथ्नाति*] घातक ।

उन्माथः कूटयन्त्रे स्यान्मारणे घातके पुमान् (मेदिनी.) ।

उन्मादः (पुं.) [*उन्मादनम्, उत्पूर्वकाद् मदि स्तुतिमोदमदस्वप्न कान्तिगतिषु इति धातोः, णिचि, भावे ३.३.१८ इति घञ्*] १.मात्तु २.अभिमान । ३.व्यभिचारिभावमध्येको एक भाव/चित्तमा विप्लव हुनु ४.मानसिक रोग ।

मदयन्त्युद्धता दोषा यस्मादुन्मार्गमास्थिताः ।
मानसोऽयमतो व्याधिरुन्माद इति कीर्तितः ॥ (ग.पु.)

५.[*उन्मादोऽस्यास्तीति, अर्शाद्यच्*] १.महादेव (म.भा. २३.१७.६९) २.पागल ।

उन्मादनः (पुं.) [*उन्माद्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उन्मत्त तुल्याउने कामबाण ।

उन्मादनम् (नपुं.) १.[*उत्पूर्वकाद् मदि स्तुतिमोदमदस्वप्न–कान्तिगतिषु इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] मताउनु/उन्मत्त हुनु ।

उन्मादवान् (पुं.वि.) [*उन्मदनम्, घञ् ३.३.१८, उन्मादोऽस्यास्ति, मतुप् ५.२.९४*] १.नसालु पदार्थ खाएर मात्तिएको २.बौलाहा ३.कामवासनाले मातेको ।

उन्मादिनीमुद्रा (स्त्री.) [*उन्मादिनीति मुद्रा, कर्म स.*] दुवै हात सिधा गरी माझीऔँलाले बिचको कान्छीऔँला समाती साहिलीऔँला सिधा राखेर त्यसको बाहिरी भागमा दुवै चोरीऔँला लगाई औँठोलाई लट्ठीझैँ सोझो पारेर माझी औँलाको बिचमा राख्दा हुने हस्तक्रियासम्बन्धी मुद्रा ।

सम्मुखौ तु करौ कृत्वा मध्यमा मध्यमे त्यजेत् ।
अनामिके तु सरले तद्बहिस्तर्जनीद्वयम् ॥
दण्डाकारौ ततोऽङ्गुष्ठौ मध्यमा नखदेशिके ।
मुद्रैषोन्मादिनीनाम्ना क्लेदिनी सर्वयोषिताम् ॥ (मु.प्र.)

उन्मिषितः (पुं.वि.) [*उन्मिषति स्म, उत्पूर्वकाद् मिष स्पर्धायाम् इति धातोः, गत्यार्थकर्मक ३.४.७२ इति क्तः*] १.प्रफुल्ल/विकसित २.केही प्रकाशित ।

उन्मीलनम् (नपुं.) [*उन्मील्यत इति, उत्पूर्वकाद् मील निमेषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आँखा खोल्नु २.फुल्नु/विकसित हुनु ३.जाग्नु/ब्युँझनु ४.ग्रहणले छोड्नु ।

उन्मीलितम् (नपुं.) लोकन्यायमूलक एक अर्थालङ्कार । दुई अभेद मानिएका वस्तुका बिचमा कारणवश भेदको प्रतीति हुनु । यसका प्रथम प्रतिपादक जयदेव हुन् ।

हेतोः कुतोऽपि वैशिष्ट्यात् स्फूर्तिरुन्मीलितं मतम् (चन्द्रा.) ।

उन्मुक्तः (पुं.वि.) [*उन्मुच्यते स्म, उत्पूर्वकाद् मुच्लृ मोक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बन्धनरहित/छुट्कारा पाएको ।

उन्मुखः (पुं.वि.) १.[*उद् ऊर्ध्वं मुखं यस्य सः, बहु.स.*] मास्तिर मुख फर्किएको/मास्तिर हेरेको ।

अद्रेः शृङ्गं हरति पवनः किंस्विदित्युन्मुखीभिः (मे.दू.) ।

२.[*मुखमुद्गतः, प्रा.स.*] १.कुनै काममा उद्यत २.मुख नजिकै आएको ३.हुन लागेको । **पतिः प्रतीतप्रसवोन्मुखीं प्रियाम्** (रघु.३.१२) ।

उन्मुखोन्मुखम् (नपुं.) १.[*उन्मुखञ्च तदुन्मुखं यस्मिन् कर्मणि, तत्*] दुवै हातका औँलाको टुप्पा जोडी पहिले दाहिने माथि, पछि देब्रेमाथि राख्ने हस्तक्रियाको मुद्रा विशेष ।

उन्मूलनम् (नपुं.) [*उत्पूर्वकाद् मूल प्रतिष्ठायाम् इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.फेदैसित उखेल्नु २.वंशै नाश गर्नु ।

उन्मूलितः (पुं.वि.) [*उन्मूल्यते स्म इति, उत्पूर्वकाद् मूल प्रतिष्ठायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.फेदैसित उखेलिएको २.ध्वस्त पारिएको ।

लङ्कामुन्मूलितां कृत्वा कदा द्रक्ष्यति मां पतिः (रामा.) ।

उन्मेषः (पुं.) [*उत्पूर्वकाद् मिष स्पर्धायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आँखाको झिम्काइ २.ग्रन्थको परिच्छेद ३.विकसित हुने काम ४.स्फुरण । **स्वकिरणपरिमेषोन्मेषशून्याः प्रदीपाः ।** (रघु.५.७४) ५.प्रकाश ।

उप (अव्य, उप.) अधिक, नजिक, सादृश्य आदि बुझाउने, क्रियाको अगाडि लाग्ने उपसर्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपकण्ठः (पुं.वि.) [*उपगतः कण्ठः सामीप्यमस्य*] नजिकै। **तस्योपकण्ठे घननीलकण्ठः** (कु.सं. ७.५१)।

उपकण्ठम् (नपुं.) [*उपगतः कण्ठम्, अत्यादय इति समासः*] १.घाँटीको नजिकै २.गाउँको सीमा ३.घोडाको पञ्चम गति।

उपकथा (स्त्री.) [*कथामुपगता, गति.स.*] कथाभित्रको कथा।

उपकरः (पुं.) [*करमुपगतः, प्रा.स.*] एक किसिमको सानो कर।

उपकरणम् (नपुं.) [*उपक्रियतेऽनेन, उपपूर्वकाद् डकुञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.साधन २.यन्त्र। प्रधान वस्तु व्यक्ति वा कार्यका लागि सहयोग पुग्ने अन्य व्यक्ति, वस्तु वा कार्य। जस्तै– पूजाका लागि नैवेद्य,चन्दन आदि। भोजनका लागि दाल, तर्कारी आदि। सिकारका लागि पासो, डोरी आदि।

उपकर्णम् (नपुं.) [*कर्णयोः समीपे, समीपार्थेऽव्ययीभावः*] कानको नजिकै।

उपकर्ता (पुं.वि.) [*उपकरोतीति, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] अर्काको भलो गर्ने वा गुण लगाउने

उपकल्पनम् (नपुं.) टक्र्याउने काम।

उपकारः (पुं.) [*उपकरणम्, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] अर्काको भलो/अरूको हित।

उपकारकः (पुं.वि.) [*उपकरोतीति, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] उपकार गर्ने/भलो गर्ने।

उपकारिका (स्त्री.) [*उपकरोति ण्वुल् ३.३.१३३ उपकार्युपकारिका इति द्विरूपकोशदर्शनादुपकार्यपि, तत्र उपकारयति पचाद्यच् ३.१.१३४ गौरादित्वान् ४.१.४१ ङीष्*] १.उपकारका निमित्त उपयुक्त २.चूर्ण। **उपकारिकोपकर्त्र्यां पिष्टभेदे नृपालये** (मेदिनी.)।

उपकारी (पुं.वि.) [*उपकरोति तच्छीलः, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] उपकार गर्ने।

उपकार्या (स्त्री.) [*उपक्रियते, कर्मणि ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] उपकारका निमित्त उपयुक्त।

उपकार्योपकारकवक्रता (स्त्री.) [*उपकार्योपकारकयोः वक्रता, ष.त.*] प्रकरणवक्रताको तेस्रो नियामक।

उपकुञ्चिका (स्त्री.) [*उपकुञ्चतीति, कुञ्च कौटिल्याल्पीभावयोः इति धातोः, ण्वुल् ३.१.१३३, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] १.सानो अलैँची २.कालो जीरा।

उपकुर्वाणः (पुं.वि.) [*उपकुर्वते इति, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, लटि लटः स्थाने शानच् ३.२.१२४*] १.उपकार गरिरहेको २.निश्चित समयको लागि ब्रह्मचर्य व्रत धारण गर्ने।

उपकुलपतिः (पुं.) [*कुलपतिमुपगतः, प्रा.स.*] कुनै विश्वविद्यालय वा एकेडेमीका कुलपति र सहकुलपति भन्दा तल्लो दर्जाका पदाधिकारी।

उपकुल्या (स्त्री.) [*कुल्यामुपगता, उपपूर्वकाद् कुल संस्त्याने इति धातोः, क्यप्, टाप् ४.१.४*] १.सानो जलाशय २.पिप्ला।

उपकूलम् (पुं.) [*कूलस्य समीपे, अव्य.स.*] नदीका तीरको जमिन।

उपकृतः (पुं.वि.) [*उपक्रियते स्म, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] गुन लगाइएको/उपकार गरिएको।

उपकृतम् (नपुं.) [*उपकरणम्, उपपूर्वकात् डुकृञ् करणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] उपकार।

उपकृतिः (स्त्री.) [*उपकरणम्, उपपूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] उपकार।

उपक्रमः (पुं.) [*उप प्रथमं क्रमणम्, उपपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्,नोदात्तोपदेश ७.३.३४ इति न वृद्धिः*] १.उपाय सोचेर गरिएको कार्यारम्भ २.पुरुषार्थ ३.औषधोपचार। **उपक्रमस्तूपधायां ज्ञात्वारम्भे च विक्रमे। चिकित्सायाम्।** (मेदिनी.) ४.साम,दान आदि उपाय। **सामदानादिभिरुपक्रमैः** (मनु.)।

उपक्रमणिका (स्त्री.) [*उपक्रमणे भवा*] पुस्तक आदिमा दिइएको विषयसूची/अनुक्रमणिका/भूमिका/प्रस्तावना।

उपक्रोशः (पुं.) [*उपपूर्वाद् क्रुश आह्वाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] निन्दा। **राज्येन किं तद्विपरीतवृत्तेः प्राणैरुपक्रोशमलीमसैर्वा** (रघु. २.५३)।

उपक्वणम् (नपुं.) [*उपोपसर्गात् क्वणशब्दात्, उपसर्गाद् वीणायां च ३.३.६५ इत्यनेन सोपसर्गादपि विधानात् अप्*] वीणाको जस्तै शब्द।

उपक्षेपकः (पुं.)– (हे. **अर्थोपक्षेकः**)।

उपखण्डः (पुं.) [*खण्डमुपगतः, प्रा.स.*] १.मूलग्रन्थको उपभाग २.उपदफा/उपधारा/खण्डभित्रको पनि खण्ड।

उपगतः (पुं.वि.) [*उपगच्छति स्म, उपपूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यार्थाकर्मक– ३.४.७२ इति कर्तरि क्तः*] १.नजिकै पुगेको २.उपस्थित ३.[*उपगम्यते स्म,क्तः*] स्वीकृत/अङ्गीकृत। **ऊरीकृतमुररीकृतमङ्गीकृतमाश्रुतं प्रतिज्ञातम्। संगीर्णविदितसंश्रुतसमाहितोपश्रुतोपगतम्** (अमर.)।

उपगमः (पुं.) [*उपपूर्वकाद् गम्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, वृद्ध्यभावः*] १.नजिकै जानु २. स्वीकार।

उपगीतिः (स्त्री.) [*उपपूर्वकाद् गै शब्दे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] आर्या छन्दको एक भेद। आर्याको उत्तरार्द्धजस्तै पूर्वार्द्ध पनि हुँदा बन्ने छन्द। **आर्यापरार्द्धतुल्ये दलद्वये प्राहुरुपगीतिम्** (छन्दो.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपगूहनम् (नपुं.) [*उपगूह्यतेऽनेन, उपपूर्वकाद् गुहू संवरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आलिङ्गन २.निर्वहण सन्धिको अङ्ग/अद्भुत वस्तुको प्राप्तिको वर्णन भएको नाटकको अंश। **यस्माददद्भुतसम्प्राप्ति-स्तद्भवेदुपगूहनम्** (सा.द.)।

उपग्रहः (पुं.) १.[*उपपूर्वकाद् ग्रह उपादाने इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] जेल हाल्नु/बन्दी तुल्याउनु २.अनुकूल तुल्याउनु [*ग्रहमुपगतः, प्रा.स.*] ग्रहको परिक्रमा गर्ने पिण्ड। यिनलाई उपग्रह वा चन्द्रमा भनिन्छ। हाम्रो सौरमण्डलमा ३१ भन्दा वढी उपग्रह भएको पत्ता लागेको छ। ग्रहका उपग्रहको सङ्ख्या पनि भिन्न-भिन्न छ। पृथ्वीको एक, मङ्गलका दुई, बृहस्पतिका बाह्र, शनिका नौ, अरुणका पाँच र वरुणका दुई उपग्रह पत्ता लागेका छन्। बुध, शुक्र र यमको कुनै उपग्रह भएको तथ्य प्रकाशमा आएको छैन। **ग्रहाश्चोपग्रहाश्चैव ऋषयो मातरस्तथा हुताशनमुखाश्चैव दीप्ताः परिषदां गणाः** (म.भा. ३.२२६.१)।

उपग्रहवैचित्र्यवक्रता (स्त्री.) पदपरार्धवक्रताको छैटौँ भेद।

उपग्राह्यः (पुं.) [*उपगृह्यते इति, ग्रह उपादाने इति धातोः, ऋहलोर्ण्यत् ३.३.१२४ इति ण्यत्*] कोसेली/नजराना।

उपघातः (पुं.) [*उपहन्यतेऽनेन,उपपूर्वकाद् हन हिंसागत्योः इति धातोः, करणे घञ्*] १.रोग २.[*भावे घञ्*] नाश ३.अपकार। **उपघातं परस्य च** (मनु.)।

उपघ्नः (पुं.) [*उपहन्यते, उपहननं वा, उपघ्न आश्रये ३.३.८५ इति साधुः*] आड।

उपचयः (पुं.) [*उपचयनम्, उपपूर्वकात् चिञ् चयने इति धातोः एरच् ३.३.५६ इत्यच्*] १.वृद्धि २.उन्नति ३.ज्योतिष शास्त्रअनुसार लग्नबाट तृतीय, छैटौँ, दसौँ र एकादशस्थान।

उपचरितः (पुं.वि.) [*उपचर्यते स्म, उपपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पूजित/सम्मानित २.लक्षणाद्वारा बोधित।

उपचर्चा (स्त्री.) [*चर्चामुपगता, प्रा.स.*] सानो तिनो चर्चा/कोठे गफ।

उपचर्या (स्त्री.) [*उपपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, गदमदचरयमश्चानुपसर्गे ३.१.१०० इति यत्, टाप् ४.१.४ ततश्च चर्यामुपगता, प्रादि.स.*] १.पूजा २.सेवा ३.चिकित्सा। **उपचर्या चिकित्सायां पूजायाञ्च स्त्रियां मता** (वाङ्म.)।

उपचारः (पुं.) [*उपचरणम्, उपपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सेवा २.चाप्लुसी / कसैलाई प्रसन्न तुल्याउन गरिने असत्य कुरा ३.सत्कार ४.ढोंग/देखावटी ५.चिकित्सा ६. व्यवहार ७.घुस ८.पूजा ९.व्याकरणमा विसर्गको ठाउँमा श् वा स् हुने सन्धि, जस्तै— निःछलम् = **निश्छलम्**। निःसन्देहः = **निस्सन्देहः**।

भक्त्या चैते कृतं कर्म साधका देवसन्निधिम्।
चारयन्ति यतस्तस्मादुच्यन्त उपचारकाः ॥ (श.क.द्रु.)

१०.[*उपचर्यतेऽनेन, करणे घञ्*] पूजा गर्दा चढाइने वस्तु।

उपचारवक्रता (स्त्री.) [*उपचारगता वक्रता, म.प.स.*] पदपूर्वार्द्ध-वक्रताको दोस्रो भेद।

उपचारविधिः (पुं.) १.[*उपचारस्य पूजायाः विधिः विधानम्*] पूजाको विधान। सामग्रीका हिसाबले पूजा गर्ने विभिन्न विधि छन्— १.**एकोपचार**— खालि फूलले गरिने पूजा २.**द्व्युपचार**— अक्षता र जलले गरिने पूजा। चन्दन र फूलले गरिने पूजा ३.**त्र्युपचार**-गन्ध, पुष्प र नैवेद्यले गरिने उपचार। **त्र्युपचारा धूपदीपौ विना** (शब्द-कल्पद्रुम) ४.**पञ्चोपचार**-चन्दन, फूल, धूप, दीप र नैवेद्यले गरिने उपचार। **गन्धादयो निवेद्यान्ता पूजा पञ्चोपचारिका** (विश्वामित्रसंहिता) **गन्धपुष्पे धूपदीपौ नैवेद्यं पञ्च ते क्रमात्** (अह्निकसूत्रावली) ५.**सप्तोपचार**-अर्घ्य, गन्ध, पुष्प, अक्षता, धूप, दीप र नैवेद्य (प्रयोगसार) **नवोपचार**- अर्घ्य, पाद्य, आचमन, स्नान, वस्त्र, गन्ध, धूप, दीप र नैवेद्य (ज्ञानमाला) **दशोपचार**-अर्घ्य, पाद्य, आचमन, मधुपर्क, आचमन, गन्ध, पुष्प, धूप, दीप र नैवेद्य (ज्ञानमाला)। **षोडशोपचार**- पाद्य, अर्घ्य, स्नान, वस्त्र, भूषण, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, नीराजन, पुष्पाञ्जलि, परिक्रमा र नमस्कार। यस्तै परशुराम कल्पमा पनि सोह्र उपचार विधिकै चर्चा छ। ती वस्तुमा भने केही भिन्नता देखिन्छ। त्यहाँ उल्लेख भएका उपचारहरू-पाद्य, अर्घ्य, आचमनीय, स्नान, वस्त्र, गन्ध, पुष्प, धूप, दीप, नीराजन, छत्र, चामर, दर्पण, रक्षासूत्र, आचमनीय, नैवेद्य र ताम्बूल। यस्तै विश्वामित्र संहिता, कर्मप्रदोष आदि अन्य ग्रन्थमा पनि षोडषोपचारकै चर्चा देखिन्छ। सामान्य पूजामा पनि प्रायः षोडषोपचारकै विधान प्रचलित छ। विभिन्न तन्त्र ग्रन्थमा तिनका अतिरिक्त २४, ३२, ६४, ७२ उपचारको पनि उल्लेख छ तर ती विशेष पूजाका निमित्त विधान गरिएकाले व्यवहारमा तिनको त्यति प्रयोग भएको देखिदैन। २.विभिन्न रोगको उपचार गर्ने तरिका ३.समस्याको समाधान गर्ने तरिका।

उपचितः (पुं.वि.) [*उपचीयते स्म, उपपूर्वकात् चिञ् चयने इति धातोः, क्तः*] १.समृद्ध २.सञ्चित ३.बढेको।

भवेदुपचितं दिग्धे समृद्धे वाच्यलिङ्गकम् (मेदिनी.)।

उपचित्रम् (नपुं.) १.प्रत्येक पाउमा तीन सगण पछि क्रमशः लघु र गुरुवर्णको प्रयोग भएको छन्द। **उपचित्रमिदं सससाल्लगौ** (छन्दो.) २.एक अर्द्धसम वृत्त। प्रथम तथा तृतीय पाउमा तीन सगण, एक लघु र एक गुरुवर्ण तथा द्वितीय र चतुर्थ पाउमा तीन भगण एवं दुई गुरु वर्णको प्रयोग भएको छन्द। **विषमे यदि सौ सलगा दले भौ यदि भाद् गुरुकावुपचित्रम्** (छन्दो.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपचित्रा (स्त्री.) [*उपगता चित्रम्, प्रादिस.*] मूषकपर्णी/मुस्लिण्डी।

उपजातिः (स्त्री.) [*जातिमुपगता, प्रा.स*] १.इन्द्रवज्रा–उपेन्द्रवज्रा वा यस्तै अरू छन्द मिलेर बनेको मिश्रित छन्द। उप जातिका १४ भेद छन्। भानुदत्तले यसको विस्तृत वर्णन छन्दप्रभाकार भन्ने ग्रन्थमा दिएका छन्। २.जातिभित्रको जाति।

उपजानु (नपुं.) [*जान्वोः समीपम्, समीपार्थेऽव्ययीभावः*] घुँडाको नजिकै।

उपजापः (पुं.) [*जप व्यक्तायां वाचि इति धातोः, जप मानसे च इति धातोर्वा, भावे ३.३.१८ इति घञ्*] १.भेद/फुट गराउनु २.कानेखुसी गर्नु।

उपजीविका (स्त्री.) [*उपजीवयति, उपपूर्वकात् जीव प्राणने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टप् ४.१.४ अत इत्वम्*] जीविकाको सहयोगी हुने काम।

उपजीवी (पुं.वि.) [*उपजीवतीति, उपपूर्वकात् जीव प्राणधारणे इति धातोः, सुप्यताजौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.आश्रित २.अरू प्राणीको शरीरमा रहेर बाँच्ने परजीवी प्राणीहरू।

उपजीव्यः (पुं.वि.) [*उपजीवितुमर्हः, उपपूर्वकात् जीव प्राणधारणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.आश्रय २.कुनै कृतिको मूल स्रोत। **~ग्रन्थः** (पुं.) [*उपजीव्यश्चासौ ग्रन्थश्च, कर्म.स.*] आश्रित ग्रन्थ/जसबाट कथानक लिइएको छ त्यो ग्रन्थ जस्तै, चम्पूभारतको महाभारत, उत्तररामचरितको वाल्मीकिले रचना गरेको रामायण।

उपज्ञा (स्त्री.) [*उपज्ञानम्, उपपूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ् टप् ४.१.४*] स्वयम् उद्‌बुद्ध ज्ञान/प्रथम ज्ञान।

उपतप्तः (पुं.वि.) [*उपतपति स्म, उपपूर्वकात् तप सन्तापे इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.तातेको २.दुःखी/पीडित।

उपतापः (पुं.) [*उपतपनम्, उपपूर्वकात् तप सन्तापे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.तातु २.पीडा/दुःख ३.रोग ४.हडबडी। **उपतापो रोगतापत्वरासु परिकीर्तितः** (वाङ्म.)।

उपतापनम् (नपुं.) [*उपपूर्वकात् तप सन्तापे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तताउनु २.पीडा दिनु ३.हडबडिनु।

उपतिष्ठमानः (पुं.वि.) [*उपतिष्ठते इति उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, उपाद् देवपूजा–सङ्गतिकरण– चित्रकरणपथिष्विति वाच्यम् (वा) इति आत्मनेपदम्, लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्, पाघ्राध्मा ७.३.७८ इति तिष्ठादेशः, आने मुक् ७.२.८२ इति मुगागमः*] उपासना गरिरहेको। **ये सूर्यमुपतिष्ठन्ते मन्त्रैः सन्ध्यात्रयं द्विजाः** (भट्टि.) २.[*अकर्मकाच्च १.३.४५इति आत्मनेपदम्*] उपस्थित भइरहेको।

उपत्यका (स्त्री.) [*आसन्ना भूः, उपाधिभ्यां त्यकन्नासन्नारूढयोः ५.२.३४ इति त्यकन्, त्यकनश्च निषेधः (वा.) ७.३.४५ इति इत्वनिषेधः*] १.बेसी/पहाडको फेदमा रहेको समतल मैदान २.वरिपरि पहाडले घेरिएको बिचको समतल भूभाग। **उपत्यकाद्रेरासन्ना** (अमर.)।

उपदा (स्त्री.) [*उपदीयते, डुधाञ् दाने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ् टप् ४.१.४*] कोसेली/नजराना।

उपदानम् (नपुं.) [*उपपूर्वकाद् दा दाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.भेटी/कोसेली २.अनुदान ३.कर्मचारीले निवृत्तिभरण पाउने समय अगाडि नै सेवाबाट निवृत्त भएमा एक मुष्ट पाउने तलब बाहेकको रकम।

उपदिशा (स्त्री.) [*दिशामुपगता, प्रा.स.*] दुई दिशाका माझमा रहेको दिशा/विदिशा।

उपदिष्टः (पुं.वि.) [*उपदिश्यते स्म, उपपूर्वकाद् दिश अतिसर्जने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सम्झाएको/अर्ती वा उपदेश दिएको।

उपदेशः (पुं.) [*उपदिश्यतेऽनेन, उपूर्वकाद् दिश अतिसर्जने इति धातोः, हलश्च ३.३, १२१ इति घञ्, पुगन्तलघूपधस्य च ७.३.८६ इति गुणः*] १.शिक्षा। **अथोपदिश्यते मधुरेण श्लेष्माभिवर्द्धत** इति (सुश्रुत) २.हितवचनको कथन। **उपदेशो हि मूर्खाय प्रकोपाय न शान्तये**। (हितो.) ३.मन्त्रकथन/मन्त्रजप।

चन्द्रसूर्यग्रहे तीर्थे सिद्धक्षेत्रे शिवालये।
मन्त्रमात्रप्रकथनमुपदेशः स उच्यते॥ (रामार्चनचन्द्रिका)

उपदेशकः (पुं.वि.) [*उपदिशति, उपपूर्वकाद् दिश अतिसर्जने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.उपदेश दिने २.मन्त्रदाता।

उपदेष्ट (पुं.वि.) [*उपदिशतीति, उपपूर्वकाद् दिश अतिसर्जने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.उपदेश वा शिक्षा दिने व्यक्ति २.(पुं.) बृहस्पति।

उपद्रवः (पुं.) [*उपपूर्वकाद् द्रु गतौ इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.उपद्रो/उत्पात/दङ्गाफसाद/बिजाइँ २.आकस्मिक आपत्ति/सङ्कट।

उपद्वारम् (नपुं.) [*द्वारमुपगतम्, प्रा.स.*] जस्केलो/मूलढोका बाहेकको अर्को सानो ढोका।

उपद्वीपम् (नपुं.) [*द्वीपमुपगतम्, प्रा.स.*] टापु/सानो द्वीप।

उपधर्मः (पुं.) [*धर्ममुपगतः, प्रा.स.*] १.कुनै प्रमुख धर्मभित्र गाँसिएको अर्को गौण वा सानो धर्म २.[*उप हीनो धर्म*] पाखण्ड (भाग.)।

उपधा (स्त्री.) [*उपधीयते शुद्धिर्ज्ञानमत्र, उपपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ् टप् ४.१.४*] १.मन्त्री, कर्मचारी आदिको गुप्त परीक्षण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मार्थकाममोक्षेश्च प्रत्येकं परिशोधने।
उपेत्य धीयते यस्मादुपधा परिकीर्त्यते॥ (स्मृति.)
२.व्याकरण शास्त्रमा अन्त्यवर्ण भन्दा अघिल्लो वर्ण/उपान्त्यवर्ण **उपधाऽन्त्यादलः पूर्ववर्णे च सुपरीक्षणे** (वाङ्म.)।

उपधातुः (पुं.) [*धातुमुपगतः, प्रा.स.*] १.शरीरमा रहेको रसादिजन्य स्तनदुग्धादि पदार्थ २.धातु सरह मानिएका काँस आदि अन्य सातथरी धातु।
सप्तोपधातवः स्वर्णमाक्षिकं तारमाक्षिकम्।
तुत्थं कांस्यञ्च रीतिश्च सिन्दूरञ्च शीलाजतुः॥ (नीति.)

उपधानम् (नपुं.) [*उपधीयते शिरोऽत्र, उपपूर्वकाद् डुधाञ् धारण-पोषणयोः इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तकिया/बालिस्ट २.विष ३.प्रणय (मेदिनी) ४.व्रत (हेमचन्द्र)।

उपधानीयम् (नपुं.) [*उपधातुं योग्यम्, उपपूर्वकाद् धाधातोरनीयर्*] तकिया/ बालिस्ट।

उपधारा (स्त्री.) [*धारामुपगता, प्रादिस.*] विधान वा संविधानको धारा अन्तर्गतको उपदफा।

उपधिः (पुं.) [*उपधीयत आरोप्यतेऽनेन, उपपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः ६.४.६४*] १.एक किसिमको वस्तुलाई अर्कै रूपमा प्रकट गर्नु २.कपट ३.रथको पाङ्ग्रो।

उपध्मानीयः (पुं.) [*उश्च पश्च ध्मायतेऽनेन, ध्मा शब्दाग्निसंयोगयोः इति धातोः तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] प, फ पछाडि आउँदा उच्चारण हुने अर्धविसर्ग।

उपनतः (पुं.वि.) [*उपनमति स्म, उपपूर्वकाद् णम प्रह्वे शब्दे च इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.उपस्थित २.प्राप्त।

उपनगरम् (नपुं.) [*नगरमुपगतम्, प्रादिस.*] १.सानो सहर २.सहर नजिकैको वस्ती। **शाखानगरमाख्यातं तथोपनगरं बुधैः** (हला.)। **~पालिका** (स्त्री.) [*उपनगरस्य पालिका, ष.त.*] उपनगरको प्रशासन सञ्चालन गर्ने कार्यालय।

उपनयः (पुं.) [*उपनयनम्, उपपूर्वकाद् णीञ् प्रापणे इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.व्रतबन्ध संस्कार।
गृह्योक्तकर्मणा येन समीपं नीयते गुरोः।
बालो वेदस्य तद्योगाद् बालस्योपनयं विदुः॥ (स्मृति.)
२.न्यायदर्शनअनुसार **यो यो वह्निमान् स स धूमवान्, अयमपि तथा** इत्यादि वाक्यरूप अवयव ३.लक्षणाबाट उत्पन्न हुने ज्ञानको भेद।

उपनयनम् (नपुं.) [*उपनीयतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.उपनयन नामक स्मृति प्रतिपादित संस्कार। यो संस्कार गर्भदेखि ब्राह्मणको आठ वर्षमा, क्षत्रियको एघार वर्षमा र वैश्यको बाह्र वर्षमा गर्नुपर्छ। निर्धारितसमयभित्र उपनयन संस्कार नभएमा प्रायश्चित्त गरी क्रमशः सोह्र, बाइस, र चौबिस वर्षभित्र गर्न सकिन्छ। त्यसपछि गरेका उपनयनको कुनै अर्थ रहँदैन,यदि परिस्थितिवश गर्ने पर्ने भयो भने विशेष किसिमको प्रायश्चित्त गर्नुपर्छ । २.[*ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] नजिकै लैजानु।

उपनागरिकावृत्तिः (स्त्री.) [*उपनागरिका इति वृत्तिः*] साहित्यमा प्रयोग हुने वृत्तिको एक भेद।

उपनाम (नपुं.) [*नाम उपगतम्, प्रादिस.*] कुनै मानिसको खास नामदेखि भिन्नै अर्को नाम।

उपनायकः (पुं.वि.) [*नायकमुपगतः, प्रादिस.*] उपप्रधान वा गौण नायक।

उपनाहः (पुं.) [*उपनह्यतेऽनेन, अस्मिन् वा, उपपूर्वकाद् णह बन्धने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.वीणाको तार बाँध्ने खुट्टी २.घाउ आदिलाई बिसेक पार्न लगाइने लेप/मलम। **उपनाहो व्रणालेपपिण्डे वीणानिबन्धने** (विश्व.)।

उपनिधिः (पुं.) [*उप निधीयते, उपपूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः ६.४.६४*] विश्वासले राख्न दिएको वस्तु।

उपनिर्वाचनम् (नपुं.) [*निर्वाचनमुपगतम्, प्रादिस.*] कुनै सदस्य वा पदाधिकारीको बिचैमा पदपूर्ति गर्नुपरेमा त्यसका लागि गरिने चुनाव।

उपनिवेशः (पुं.) [*निवेशमुपगतः, प्रादिस.*] अरू ठाउँबाट आएर बसेको बस्ती।

उपनिवेशवादः (पुं.) [*उपनिवेशस्य वादः, ष.त.*] अर्को देशलाई आफ्नो देशमा मिलाउने विचार वा सिद्धान्त।

उपनिषद् (स्त्री.) [*उप निषीदति श्रेयो ब्रह्मभावो वाऽनया, उप-निपूर्वकात् षद्लृ विशरणादौ इति धातोः, सत्सूद्विष ३.२.६१ इति क्विप्*] १.आत्मा र परमात्मासम्बन्धी ज्ञानको विषय प्रतिपादन भएको वेदको अन्तिम भाग। यसलाई वेदान्त पनि भनिन्छ। उपनिषद्को विभिन्न ढङ्गले अर्थ गरिएको छ। ब्रह्मविद्या भन्ने अर्थमा यसको बढी प्रयोग छ। उपनिषद्को सङ्ख्याको विषयमा मतभेद छ। सामान्यतया उपानिषद्हरू १०८ मानिन्छन्। मुक्तकोपनिषद्मा उपनिषद्को सङ्ख्या १०८ बताइएको छ। तिनमा १० ऋग्वेदसँग सम्बद्ध, १९ शुक्लयजुर्वेदसँग सम्बद्ध, १२ कृष्णयजुर्वेदसँग सम्बद्ध, १६ सामवेदसँग सम्बद्ध र ३१ अथर्ववेदसँग सम्बद्ध छन्। उपनिषद्को विभिन्न भाषामा अनुवाद भएको छ। २.एकान्त ३.नजिकको बसाइ ४.ब्रह्मविद्या पाउन गुरुको साथ रहनु ५.जीवलाई परमात्माको नजिकै पुऱ्याउनु।

उपनिष्करम् (नपुं.) [*उपनिष्कीर्यते सैन्यैर्हन्यतेऽपराधिनोऽत्र, इदुदुपधस्य ८.३.४१ इति षः*] सहरमा जाने मूल बाटो/ राजमार्ग। **तत्पुरस्योपनिष्करम्** (अमर.)।

उपनीतः (पुं.) [*उपनीयते स्म, उपपूर्वकाद् णीञ् प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.व्रतबन्ध गरेको। **अथोपनीतं**

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिवद् विपश्चितः (रघु.३.२.९) २.नजिकै आएको ३.सँगै लगेको।

उपनीवि (नपुं.) [*नीव्याः समीपे, समीपार्थेऽव्ययीभावः*] कम्मर नजिकै।

उपनेत्रम् (नपुं.) [*उपगतं नेत्रम् प्रादिस.*] चस्मा।

उपनेता (पुं.वि.) [*नेतारमुपगतः, प्रादिस.*] नायकको साहायक पात्र/उपनायक।

उपन्यासः (पुं.) १.[*उपन्यसनम्, उप-निपूर्वकात् असु क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] वाक्यको आरम्भ २.[*उपन्यस्यते उपस्थाप्यते सामाजिकरीतिस्थितिघटनादयोऽनेन, अस्मिन् वा, अकर्तरि च कारके संज्ञयाम् ३.३.१९ इति करणेऽधिकरणे वा घञ्*] धेरै खण्ड वा परिच्छेदमा लेखिएको साहित्यिक कथा/चरित्रप्रधान गद्यकाव्य। यसमा जीवनको सिङ्गो भागको चित्रण भएको हुन्छ। कथावस्तु, पात्र, उद्देश्य आदिका हिसाबले यो अनेक किसिमको हुन्छ।

उपन्यासकारः (पुं.) [*उपन्यासं करोति, उप.त., कर्मण्यण् ३.२.१ इत्यण्*] उपन्यासका रचयिता ।

उपपतिः (पुं.) [*पतिमुपगतः, गति.स.*] जार/परस्त्रीसँग लसपस वा प्रेम गर्ने व्यक्ति/अवैध पति/नाठो।

उपपत्तिः (स्त्री.) [*उपपूर्वकात् पद गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.कारण देखाई कुनै शब्द वा वस्तुको स्थितिलाई स्पष्ट पार्ने काम/युक्ति/सङ्गति २.व्युत्पत्ति प्रदर्शन ३.प्राप्ति ४.सिद्धि ५.हेतु ६.उपाय।

उपपत्नी (स्त्री.) [*पत्नीमुपगता, गति.स.*] ल्याइएकी स्त्री/रखौटी स्वास्नी।

उपपदम् (नपुं.) [*उप-उच्चरितं पदम्, प्रादिस*] १.नामभन्दा पछि आउने पद वा थर २.पाणिनीय व्याकरणमा प्रत्ययादिविधायक सूत्रमा सप्तम्यन्त पदले निर्देश गरेको पद।

उपपन्नः (पुं.वि.) [*उपपद्यते स्म, उपपूर्वकात् पद गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, रदाभ्यां निष्ठातो नः पूर्वपदस्य च ८.२.४२ इति दतयोर्नः*] १.सिद्ध/सम्पन्न २.युक्तियुक्त।

उपपरिच्छेदः (पुं.) [*परिच्छेदमुपगतः, प्रादिस.*] पुस्तिकाको मूल परिच्छेदभित्रको सानो परिच्छेद।

उपपातकम् (नपुं.) [*पातकम् उपगतम्, प्रादिस.*] शास्त्रमा गणना गरिएका उपपातकहरू— १.गाईको खाना नाश गर्नु २.शास्त्रले बताएको उमेरमा व्रतबन्ध नगर्नु ३.चोरी गर्नु ४.सापट लिएको वा ऋण लिएको धन नतिर्नु ५.देवता, ऋषि, पितृ आदिको ऋण खानु ६.अधिकार भएपनि अग्निहोत्र नगर्नु ७.नुन, तेल आदिको व्यापार गर्नु ८.पैसा लिएर पढाउनु ९. परस्त्रीगमन १०.कान्छीको विवाह पछि जेठीको विवाह गर्नु ११.शास्त्रले निषेध गरेको वृत्तिले जिउनु १२.स्त्री, शूद्र, वैश्य, क्षत्रियको वध गर्नु १३.निन्दित कुराले जिउनु, १४.नास्तिकपना १५. व्रत लिएको भङ्ग गर्नु १६.सन्तान बेच्नु १७.धान, धातु र पशु चोर्नु १८.यज्ञ गराउन नहुनेबाट यज्ञ गराउनु १९. परोक्षमा पिता माता र छोराको त्याग २०.तलाउ बगैँचाको बिक्री २१.कन्याको योनि च्यात्नु २२.दाजुको विवाह नहुँदै विवाह गर्ने भाइलाई छोरी दिनु वा यज्ञ गराउनु २३.गुरुको निन्दा २४. आफ्नो स्वार्थको मात्र कामना गर्नु २५.रक्सी पिउने स्त्रीसँग मैथनु गर्नु २६.स्वाध्याय, होम, छोराको संस्कार र बान्धवको त्याग गर्नु २७.यज्ञबाहेक अरू कामका लागि हरियो वृक्ष काट्नु २८.स्वास्नीलाई व्यभिचार गराउनु २९. हिंसा गर्नु तथा ओखती बेचेर जीविका गर्नु ३०.कोल बनाउनु ३१.सिकार खेल्नु ३२.बाँधा बस्नु ३३.हीन वर्णको नोकरी गर्नु ३४.हीनसँगको दोस्ती हुनु ३५. हीनवर्णकी युवतीसँग जानु ३६.अनाश्रमी भएर बस्नु ३७.भतुवा भएर बस्नु, ३८.ब्राह्मण भएर सुन आदि धातुका खानीको अधिकारी बन्नु ३९.पत्नी बेच्नु आदि। **गोवधो व्रात्यतास्तेय ... एकैकमुपपातकम्** (या.व ३/२३४–२४३)।

उपपादनम् (नपुं.) [*उपपूर्वकात् पद गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] प्रतिपादन गर्नु/तर्क दिएर समर्थन गर्नु/विश्लेषण गरी त्यसको मूल्याङ्कन गर्नु।

उपपादितः (पुं.वि.) [*उपपद्यते स्म, उपपूर्वकात् पद गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] प्रतिपादन गरिएको/तर्कद्वारा समर्थन गरिएको।

उपपुराणम् (नपुं.) [*पुराणमुपगतम्, प्रादिस*] सर्ग–प्रतिसर्ग आदि पुराणका लक्षणले युक्त भएका,सनकादि मुनिले भनेका अठारवटा ग्रन्थ। उपपुराणहरूको रचना महापुराणको रचनापछि भएको मानिन्छ। पुराणजस्तै उपपुराणको पनि विवरण यस प्रकार छ— सनतकुमार उपपुराण, नरसिंह उपपुराण, नान्दी उपपुराण, शिवधर्म उपपुराण, दुर्वासा उपपुराण, नारदीय उपपुराण, कपिल उपपुराण, मानव उपपुराण, उषनस् उपपुराण, ब्रह्माण्ड उपपुराण, वरुण उपपुराण, कालिका उपपुराण, वसिष्ठ उपपुराण, लिङ्ग उपपुराण, महेश्वर उपपुराण, साम्ब उपपुराण, सौर उपपुराण, पराशर उपपुराण, मारीच उपपुराण र भार्गव उपपुराण। कतिपय पुराणहरूमा निम्नलिखित पुराणहरूलाई पनि उपपुराणभित्र समावेश गरिएको छ— आदित्य उपपुराण, आदि उपपुराण, मुद्गल उपपुराण, परानन्द उपपुराण, पशुपति उपपुराण, हरिवंश उपपुराण, विष्णुधर्मोत्तर उपपुराण र गणेश उपपुराण। जैनधर्ममा पनि पुराणहरूको सङ्ख्या विशाल छ। जैनपुराणहरूमा प्रमुख पुराणहरू यस प्रकार छन्— आदिपुराण, अजितनाथपुराण, संभवनाथपुराण, अभिनन्दपुराण, सुमतिनाथपुराण, पद्मप्रभवपुराण, सुपार्श्वपुराण, कुन्धुनाथपुराण, अमरनाथपुराण, मल्लिनाथपुराण, मुनिसुब्रतपुराण, नेमिनाथपुराण, पार्श्वनाथपुराण आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपप्रदानम् (नपुं.) [*उप समीपे प्रदानम्*] घुस/ कुनै काम सिद्धिका लागि अवैध किसिमले पैसा वा कुनै वस्तु दिने काम । **उपप्रदानं लिप्सूनामेकमाकर्षणौषधम्** (क.स.सा.) ।

उपप्रधानः (पुं.वि.) [*प्रधानमुपगतः, प्रादिस.*] प्रधानदेखि तल्लो तहको ।

उपप्रधानमन्त्री(पुं.) [*प्रधानमन्त्रिणमुपगतः, प्रादिस.*] प्रधानमन्त्रीभन्दा मुनिको मन्त्री ।

उपप्रशासकः (पुं.) [*प्रशासकमुपगतः, प्रादिस.*] प्रशासकजस्तै भएर कार्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने द्वितीय श्रेणीको कर्मचारी ।

उपप्रशिक्षकः (पुं.) [*प्रशिक्षकमुपगतः, प्रादिस.*] १.प्रशिक्षकमुनिको पद २.प्रशिक्षक मुनिको पदमा काम गर्ने शिक्षक ।

उपप्रश्नः (पुं.) [*प्रश्नमुपगतः, प्रादिस.*] प्रश्नभित्रको प्रश्न ।

उपप्राचार्यः (पुं.) [*प्राचार्यमुपगतः, प्रादिस.*] महाविद्यालयको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनमा प्राचार्यलाई सहयोग पुऱ्याउने र प्राचार्यको अनुपस्थितिमा प्राचार्यको कार्य सञ्चालन गर्ने अधिकारी/सहायक प्राचार्य ।

उपप्राध्यापकः (पुं.) [*प्राध्यापकमुपगतः, प्रा.स.*] विश्वविद्यालय र महाविद्यालयमा पढाउने सहायक प्राध्यापक, उपप्राध्यापक, सह-प्राध्यापक र प्राध्यापक-मध्ये दोस्रो तहको प्राध्यापक ।

उपप्लवः (पुं.) [*उपपूर्वकाद् प्लुङ् गतौ इति धातोः, ॠदोरप् ३.३.५७ इति अप्*] १.उपद्रो २.ग्रह तारा उल्का आदिको उपद्रव । **उपप्लवाय लोकानां धूमकेतुरिवोत्थितः** (कु.सं.२.३२) । ३.चन्द्रग्रहण ४.सूर्यग्रहण । **उपप्लवे चन्द्रमसो रवेश्च** (स्मृति) ५.राहु ६.उत्पातकसूचक वायु, मेघगर्जन आदि ७.सरकारप्रति प्रारम्भिक अवस्थामा गरेको विद्रोह ८.भय/त्रास । **नृपा इवोपप्लविनः परेभ्यः** (रघु.१३.७) ।

उपप्लुतः (पुं.वि.) [*उपपूर्वकाद् प्लुङ् गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पीडित २.ग्रहण लागेको ।

उपबर्हणम् (नपुं.) [*उपबृह्यतेऽत्र, अनेन वा, उपपूर्वकाद् बृह वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] तकिया ।

उपभाषा (स्त्री.) [*भाषामुपगता, प्रादिस.*] कुनै पनि देशको राष्ट्र भाषा वा प्रधान भाषादेखि भिन्न भाषा/भाषिका/कथ्यभाषा ।

उपभाषिका (स्त्री.) [*भाषिकामुपगता, प्रादिस.*] भाषिकाको भेद ।

उपभुक्तः (पुं.वि.) [*उपभुज्यते स्म, उपपूर्वकाद् भुज धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भोग गरिएको ।

उपभुञ्जानः (पुं.वि.) [*उपभुङ्क्ते इति, उपपूर्वकाद् भुज पालनाभ्यवहारयोः इति धातोः भुजोऽनवने १.३.६६ इत्यात्मनेपदम्, लटः शानच् ३.२.१२४*] उपभोग गरिरहेको ।

उपभृत् (स्त्री.) [*उपबिभर्ति, डुभृञ् इति धातोः, क्विप् ३.२ ७६*] यज्ञपात्रविशेष ।

उपभेदः (पुं.) [*भेदमुपगतः, प्रादिस.*] १.वस्तुको विभिन्न खण्ड २.भेदको पनि भेद ।

उपभोगः (पुं.) [*उपभोजनम्, उपपूर्वकाद् भुज पालनाभ्यवहारयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आनन्दप्राप्तिका लागि कुनै वस्तुलाई भोग्ने वा व्यवहारमा ल्याउने काम २.भोजन गर्ने काम ३.मैथुन ४.भोगविलास ५.कारखाना, कृषि-क्षेत्र आदिबाट उत्पादन भएका वस्तुको भोग चलन गर्ने काम ।

उपभोक्ता (पुं.वि.) [*उपभुनक्ति इति, उपपूर्वकाद् भुज पालनाभ्यवहरणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] उत्पादित वस्तुलाई काममा ल्याउने वा व्यवहार गर्ने वा उपभोग गर्ने ।

उपभोग्यः (पुं.वि.) [*उपभोक्तुं योग्यः, ॠहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, कुत्वम्*] उपभोग गरिने वा व्यवहारमा ल्याउनु पर्ने ।

उपभोज्यः (पुं.वि.) [*उपभोक्तुं योग्यः, उपपूर्वकाद् भुज पालनाभ्यवहरणयोः, ॠहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, भोज्यं भक्ष्ये ७.३.६९ इति वचनात् कुत्वाभावः*] खान लायक/भोजन गर्न सकिने ।

उपमन्युः (पुं.) [*मन्युमुपगतः, प्रादिस.*] १.गोत्रप्रवर्तक एक वैदिक ऋषि २.ढकाल, ओली आदिको गोत्र ।

उपमहाद्विपम् (नपुं.) [*महाद्वीपमुपगतम्, प्रादिस.*] महाद्वीप नजिकै रहेको टापु/सानो द्वीप ।

उपमन्त्री (पुं.) [*मन्त्रिणमुपगतः, प्रादिस.*] मन्त्रीभन्दा तल्लो तहको मन्त्री/सहायकमन्त्री ।

उपमा (स्त्री.)१.[*उपमीयते उपमानेन उपमेयोऽनया, इति आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] १.तुलना २.साहित्य शास्त्रमा प्रतिपादित एक अर्थालङ्कार । यसमा दुई वस्तुको तुलना गरिएको हुन्छ । उपमा अलङ्कारको लागि आवश्यक मुख्य चार तत्त्व हुन्छन्– उपमान, उपमेय, साधारण धर्म र वाचक शब्द । यी चारै कुराको शब्दतः उललेख हुँदा पूर्णोपमा अलङ्कार बन्दछ । यी मध्ये कुनै एक दुई वा तीनको शब्दतः उल्लेख नहुँदा लुप्तोपमा अलङ्कार हुन्छ । जसको वर्णन गरिन्छ त्यसलाई उपमेय र जोसित उपमेयको तुलना गरिन्छ त्यसलाई उपमान भनिन्छ । 'उपमान र उपमेय' यी दुवैमा रहने विशेषतालाई साधारणधर्म र इव, यथा, वत् आदिलाई उपमावाचक (सादृश्यबोधक) शब्द भनिन्छ । जस्तै– । **शरद्‌को चन्द्र झैँ सेतो काशको फूलको धूलो । हावाले ल्याउँदा प्यारी आँसुले मुख यो भिज्यो ॥** (स्वप्नवासवदत्ता) यसमा शरद्‌को चन्द्र उपमान, सेतो काशको फूलको धुलो उपमेय, सेतो साधारण धर्म र झैँ वाचक शब्दको प्रयोग भएको छ । त्यसैले यो पूर्णोपमा हो । पूर्णोपमा ६ प्रकारको हुन्छ भने लुप्तोपमा २१ प्रकारको हुन्छ । (हे. पूर्णोपमा, लुप्तोपमा) अप्पयदीक्षितले आफ्नो चित्रमीमांसामा भनेअनुसार जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटकमा एउटै नटीले अनेक रूप लिएर आनन्द गराउँछे त्यसरी नै उपमालङ्कारले अनेक भेद लिएर सहृदय पाठकलाई आनन्द दिन्छ। उपमेयोपमा, अनन्वय, प्रतीप, स्मरण, रूपक, सन्देह, भ्रान्तिमान्, अपह्नुति, उत्प्रेक्षा, अतिशयोक्ति, तुल्ययोगिता, दीपक, प्रतिवस्तूपमा, दृष्टान्त, निदर्शना, व्यतिरेक, सहोक्ति, समासोक्ति, श्लेष, अप्रस्तुतप्रशंसा आदि अलङ्कार उपमाकै रूपान्तर हुन्। अर्थात् सादृश्यगर्भ हुन्।

साहित्यदर्पणमा उपमाका सत्ताइस भेद र काव्य-प्रकाशमा उपमाका २५ भेद बताइएका छन्। कुवलयानन्दमा स्वीकृत वाचकोपमा पनि यिनै भेद अन्तर्गत आउँछ। अप्पयदीक्षितले आफ्नो ग्रन्थ कुवलयानन्दमा वाचकोपमानलुप्तोपमा नामक अर्को एक भेदको पनि उल्लेख गरेका छन्। काव्यादर्शमा दण्डीले कर्मोपमा, वस्तूपमा, विपर्यासोपमा, अन्योऽन्योपमा आदि उपमाका ३२ भेद मानेका छन्।

उपमाता (स्त्री.) [*मातरमुपगता, प्रादिस.*] १.धाई २.आमातुल्य स्त्रीजाति। ती ६ थरी हुन्छन्– १.आमाकी बहिनी/सानी आमा/ठुली आमा २.माइजु ३.काकी ४.फुपू ५.सासु ६.भाउजु।

मातुःस्वसा मातुलानी पितृव्यस्त्री पितृष्वसा।
श्वश्रूः पूर्वजपत्नी च मातृतुल्याः प्रकीर्तिताः॥ (स्मृतिः)

उपमानम् (नपुं.) १.[*उपमितिः, उपपूर्वकात् मा माने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] तुलना गर्नु २.[*उपमीयतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्, युवारनाकौ, ७.१.१ इत्यनः*] वर्णनीय वस्तुसित तुलना गर्नका लागि कल्पित अवर्णनीय वस्तु ३.न्यायशास्त्रमा वर्णित चारप्रमाणमध्ये एक प्रमाण।

उपमार्गः (पुं.) [*मार्गमुपगतः, प्रादिस.*] सहायक बाटो/चोरबाटो।

उपमालङ्कारः (पुं.) [*उपमा इत्यङ्कारः, कर्म.स.*] कुनै वर्णनीय वस्तुको अवर्णनीय वस्तुसित तुलना गर्दा पर्न जाने अलङ्कार। (हे. **उपमा**)।

उपमितिः (स्त्री.) [*उपपूर्वकाद् माङ् माने शब्दे च इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, इत्वम्*] १.समानता/तुलना/सादृश्य २.उपमा अथवा सादृश्यजन्य ज्ञान।

उपमेयः (पुं.) [*उपमीयतेऽसौ, उपपूर्वकाद् माङ् माने शब्दे च इति धातोः, अचो यत् .३.१.९७ इति यत्, ईत्वम्, गुणश्च*] उपमान अर्थात् अवर्णनीय विषयसित तुलना गरिने वर्णनीय विषय। जस्तै– **चन्द्रमिव मुखम्** मा मुख।

उपमेयोपमा (स्त्री.) [*उपमेयन उपमा यस्याः सा, बहु.स.*] उपमान र उपमेयको परस्पर उपमानोपमेयभाव हुने अलङ्कार/सादृश्यमूक भेदाभेदप्रधान एक अर्थालङ्कार।

उपयन्ता (पुं.वि.) [*उपयामयति, उपपूर्वकाद् यम परिवेषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.नियन्त्रण गर्ने २.भरणपोषण गर्ने।

उपयमः (पुं.) [*उपयमनम्, उपपूर्वकाद् यम उपरमे इति धातोः, समुपनिविसु च ३.३.६३ इति अप्*] विवाह।

उपयमनम् (नपुं.) [*उपयम्यतेऽनेन, उपपूर्वकाद् यम उपरमे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] विवाह गर्नु।

उपयाचितम् (पुं.) [*उपपूर्वकाद् याच्धातोः भावे क्तः*] १.भाकल गरिएको वस्तु/ देवतालाई प्रसन्न तुल्याउन चढाइने वस्तु २.प्रार्थना।

तस्योपयाचितान्येव तत्रत्याः कुर्वते जनाः।
तत्तद् वाञ्छितसंसिद्धिहेतोस्तैस्तैरुपायनैः॥ (क.स.)

उपयाचितकम् (पुं.) [*उपयाचितमेव, स्वार्थे कन्*] इष्टसिद्धिका लागि देवतालाई चढाइने वस्तु। **सिद्धायतनानि कृतविविध-देवोपयाचितकानि** (काद.)।

उपयामः (पुं.) [*उपयामनम्, उपपूर्वकाद् यम उपरमे इति धातोः, णिचि समुपनिविसु च ३.३.६३ इति चाद् घञ्*] १.विवाह २.[*उपयम्यतेऽनेन, करणे घञ्*] यज्ञको अङ्गभूत पात्र।

उपयुक्तः (पुं.वि.) [*उपयुज्यते स्म, उपपूर्वकाद् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] ठिक/उचित/समुचित/युक्तियुक्त।

उपयोगः (पुं.) [*उपयोजनम्, उपपूर्वकाद् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्रयोग वा व्यवहारमा ल्याउने काम २.भोजन। **औषधान्नविहाराणामुपयोगो सुखावहः** (वाग्भट)।

उपयोगिता (स्त्री.) [*उपयोगिनो भावः, तस्य भास्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अनुकूलता/उपयोगी हुनु।

उपयोगितावादः (पुं.) [*उपयोगिताया वादः, ष.त.*] उपयोगितालाई प्रत्येक वस्तुको मापदण्ड मान्ने मत/बढीभन्दा बढी मानिसहरूको अधिक मात्रामा हित हुनु नै प्रत्येक सार्वजनिक कार्यको लक्ष्य राखेर काम गर्ने तरिका वा सिद्धान्त।

उपयोगी (पुं.वि.) [*उपयोगोऽस्यास्तीति, उपपूर्वकाद् युजिर योगे इति धातोः सत्सूद्विष ३.२.६१ इति घिनुण् यद्वा उपयोगोऽस्यास्तीति, अत इनिठनौ ५.२.१५५ इति इनिः*] उपयोगमा आउने/इष्ट सिद्ध गर्न सक्ने।

उपरक्तः (पुं.वि.) [*उपरज्यते स्म, उपपूर्वकाद् रञ्ज रागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.व्यसनमा आसक्त २.रङ्गिएको ३.(पुं.) राहु तथा केतुले ग्रस्त अवस्थाका सूर्य वा चन्द्रमा। **उपरक्तो व्यसनार्ते राहुग्रस्तेन्दुसूर्ययोः** (विश्व.)।

उपरक्षणम् (नपुं.) [*उपरक्ष्यते अनेन, ल्युट् ३.३.११७*] सेनाको पहरा।

उपरतः (पुं.वि.) [*उपरमते स्म, उपपूर्वकाद् रमु क्रीडायाम् इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.निवृत्त भएको २.त्याग गरेको ३.मरेको। **पितर्युपरते पुत्रा विभजेयुर्धनं पितुः** (नारद.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरतस्पृहः (पुं.वि.) [*उपरता निवृत्ता स्पृहा यस्य सः, बहु. स.*] विषयभोगको लालसाबाट अत्यन्त निवृत्त।

उपरतिः (स्त्री.) [*उपरमणम्, उपपूर्वकाद् रमु क्रीडायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, उपपूर्वकाद् रम निवृत्तौ, नाशे, कर्मत्यागे च इति धातोर्वा पूर्ववत् क्तिन्*] १.विषयबाट इन्द्रियलाई हटाउने काम २.निवृत्ति ३.उदासीनता ४.त्याग ५.मृत्यु।

उपरत्नम् (नपुं.) [*उपगतं रत्नम्, प्रादिस.*] दोस्रो श्रेणीको रत्न/साधारण रत्न/कमसल खालको रत्न।

उपरथी (पुं.) [*रथिनमुपगतः, प्रादिस.*] मेजर जनरल।

उपरागः (पुं.) [*उपरज्यतेऽनेन, उपपूर्वकाद् रञ्ज रञ्जने ग्रहणे ग्रासे च इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, घञि च भावकरणयोः ६.४.२७ इति नलोपः*] १.ग्रहण २.खराब नीति ३.दुर्व्यसन।

उपरागस्तु पुंसि स्याद्राहुग्रासेऽर्कचन्द्रयोः।
दुर्नये ग्रहकल्लोले व्यसनेऽपि निगद्यते॥ (विश्व.)

उपरामः (पुं.) [*उपरमणम्, घञ्*] कुनै कामबाट हट्ने क्रिया/विराम।

उपराष्ट्रपतिः (पुं.) [*राष्ट्रपतिमुपगतः, प्रादिस.*] राष्ट्रपतिका अनुपस्थितिमा कार्य सञ्चालन गर्ने गणतन्त्र राष्ट्रका निर्वाचित अधिकारी/राष्ट्रपति पछिको दोस्रो पदाधिकारी।

उपरि (अव्य.) [*ऊर्ध्वं वसति, उपर्युपरिष्टात् ५.३.३१ इति ऊर्ध्वस्योपादेशो रिल्प्रत्ययश्च*] माथि।

उपरिष्टात् (अव्य.) [*ऊर्ध्वं वसति, उपर्युपरिष्टात् ५.३.३१ इति, ऊर्ध्व शब्दस्य उपादेशः, रिष्टातिल् प्रत्ययश्च*] माथि/माथिबाट।

उपरीक्षकः (पुं.) [*उपरित ईक्षते इति, उपरिपूर्वकाद् ईक्ष दर्शने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निरीक्षकभन्दा माथिल्लो दर्जाको कर्मचारी।

उपरूपकम् (नपुं.) [*रूपकमुपगतम्, प्रादिस.*] दृश्यकाव्यका दुई भेदमध्ये एक भेद। उपरूपक अठार छन्– १.नाटिका २.त्रोटकम् ३.गोष्ठी ४.सट्टकम् ५.नाट्यरासकम् ६.प्रस्थानम् ७.उल्लाप्यम् ८.काव्यम् ९.प्रेङ्खणम् १०. रासकम् ११.संलापकम् १२.श्रीगदितम् १३.शिल्पकम् १४.विलासिका १५.दुर्मल्लिका १६.प्रकरणम् १७.हल्लीशः १८.भाणिका (सा.द.)।

उपरोधः (पुं.) [*उपरोधनम्, उपपूर्वकाद् रुधिर् आवरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] रोकटोक/बाधा/अड्चन।

उपरोधकः (पुं.वि.) [*उपरुणद्धि, उपपूर्वकाद् रुधिर् आवरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] रोक्ने/बाधा वा अड्चन हाल्ने/घेराउ दिने।

उपरोधनम् (नपुं.) [*उपपूर्वकाद्, रुधिर् आवरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] रोक्नु/बाधा पुऱ्याउनु/अड्चन हाल्नु।

उपलः (पुं.) [*उपलातीति, उपपूर्वकाद् ला दाने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः*] १.पत्थर/चट्टान २.रत्न ३.बालुवा।
उपलो ग्रावरत्नयोः। उपला तु शर्करायाम् (हैम.)।

उपलक्षणम् (नपुं.) [*उप-समीपस्थस्य लक्षणं ज्ञानं यस्मात् तत्, बहु.स.*] १.प्रतीक २.कुनै लक्षणभित्रको गौणलक्षण ३.कुनै चिह्न वा सङ्केत ४.अजहत्स्वार्था लक्षणा। **कुन्ताः प्रवशन्ति, इति उपादानम्। गङ्गायां घोषः इति उपलक्षणम्** (का.प्र.)।

उपलक्ष्यम् (नपुं.) [*लक्ष्यमुपगतम्, प्रादिस.*] अवसर/वेला/उद्देश्य।

उपलब्धः (पुं.वि.) [*उपलभ्यते स्म, उपपूर्वकाद् डु लभष् प्राप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्राप्त/पाइएको २.ज्ञात/थाहा भएको।

उपलब्धिः (स्त्री.) [*उपपूर्वकाद् डु लभस् प्राप्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्राप्ति/फाइदा २.खोज वा अध्ययनबाट प्राप्त निष्कर्ष वा सफलता ३.ज्ञान। **उपलब्धिर्मतौ प्राप्तौ** (हैम.)।

उपलभ्यः (पुं.वि.) [*उपलब्धुं योग्यः, उपपूर्वकात् डुलभष् प्राप्तौ इति धातोः, पोरदुपधात् ३.१.९८ इति यत्, उपात्प्रशंसायाम् ७.१.६६. इति नुम्*] प्रशंसनीय।

उपलम्भः (पुं.) [*उपलम्भनम्, उपपूर्वकाद् डु लभष् प्राप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गात्खल्घञोः ७.१.६७ इति नुम्*] १.अनुभव २.लाभ।

उपला (स्त्री.) [*उं शम्भुं पलति, पल गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.बालुवा २.ग्याग्रेन माटो ३.[*उपपूर्वकाद् लाधातोः कः, आलोपः*] सक्खर (मेदिनी.)।

उपलालनम् (नपुं.) [*उपपूर्वकाद् लल ईप्सायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चाहनु २.स्याहार सुसार वा माया गर्नु ३.रमण गर्नु/रतिक्रीडा गर्नु।

उपलिप्सुः (पुं.वि.) [*उपलिप्सतीति उपपूर्वकात् सनन्तात् डुलभष् प्राप्तौ इति धातोः सनाशंसभिक्ष उः ६.२.१६८ इत्युः*] प्राप्त गर्न चाहने।

उपलेपः (पुं.) [*उपलेपनम्, उपपूर्वकाद् लिप उपदेहे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.गोबर माटो आदिले गरिने लिपपोत २.[*उपलिप्यते इति, उपपूर्वकाद् लिप उपदेहे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३/३/१९ इति घञ्*] मालिस।

उपलेपनम् (नपुं.) [*उपपूर्वकाद् लिप उपदेहे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गोबर माटो आदिले लिपपोत गर्नु २.मालिस गर्नु ३.मलम लगाउनु।

उपवक्ता (पुं.वि.) [*वक्तारमुपगतः, प्रादिस.*] मूल वक्ताको सहायक/उपवाचक।

उपवचनम् (नपुं.) [*वचनेनोपमितम्, प्रादिस.*] द्वित्वीभूत शब्दमा आंशिक द्वित्व भएर बनेको शब्दका अगाडि आउने पद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपवनम् (नपुं.) [*उपमितं वनेन, प्रादिस.*] १.बगैँचा २.लगाएको स-सानो वन।

उपवर्गः (पुं.) [*वर्गमुपगतः, प्रादिस.*] वर्गभित्रको सानो वर्ग/उपसमूह।

उपवर्तनम् (नपुं.) [*उपागत्य वर्तन्तेऽत्र, उपपूर्वकाद् वृतु वर्तने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] देश/बस्ने स्थान/अन्यत्रबाट आएर रहने ठाउँ। **तस्योपवर्तनेऽस्यैको न श्रुतो गोत्रभिद् क्वचित्** (स्क.पु.)।

उपवर्हः (पुं.) [*उपवृह्यतेऽत्र, अनेन वा, वृह वृद्धौ इति धातोः, वृहू उद्यमने इति धातोर्वा, घञ् ३.३.१९*] तकिया।

उपवाक्यम् (नपुं.) [*वाक्यमुपगतम्, प्रादिस.*] ठुलो वाक्यभित्र रहेको सानो वाक्य/खण्डवाक्य।

उपवाचकः (पुं.) [*वाचकमुपगतः,प्रादिस.*] पुराणभन्दा वाचकलाई सहयोग गर्ने अर्को वाचक। वाचकले पाठ गर्दा गरेको विसर्ग, मात्रा, पद आदिको च्युतिलाई सावधान भएर सच्याई उच्चारण गर्ने र वाचक अस्वस्थ भएमा उनले गर्नुपर्ने सबै काम गर्ने पण्डित। यज्ञमा विघ्न न परोस् र त्रुटि नहोस् भनेर तीन जना सम्म पनि उपवाचक राख्ने चलन छ।

विद्वन् भागवते ह्यस्मिन् वाचकेनाखिलीकृते।
विसर्गविन्दुमात्राणां कदाचित् स्खलनं यदि।
तत्त्वया सावधानेन पूरणीयं प्रयत्नतः॥ (भाग.मा.)

उपवाणिज्यदूतः (पुं.) [*वाणिज्यदूतमुपगतः, प्रादिस.*] वाणिज्यदूतका अनुपस्थितिमा कार्यभार ग्रहण गरी कार्य सञ्चालन गर्ने सहायक वाणिज्यदूत।

उपवासः (पुं.) [*उपोषणमिति, उपपूर्वकाद् वस निवासे इति धातोः, भावे ३.३.१८ इति घञ्*] दिन वा अहोरात्र भोजन नगरी व्रत बस्ने काम। **तपनोदयमारभ्य यामाष्टकमभोजनम्। उपवास इति ख्यातः** (स्मृतिः)।

उपवासी (पुं.वि.) [*उपवासोऽस्त्यस्य, अत इनिठनौ इति इनिः*] उपवास बस्ने/आठ घण्टासम्म भोजन नगर्ने।

दिवोपवासी तु निशामिषाशी जयधरः सन् कुलटाभिलाषी।
अयं कषायारुणचारुदण्डः शठाग्रणीः सर्पति विश्वभाण्डः॥
(हास्यार्णव)

उपविद्या (स्त्री.) [*विद्यामुपगता, प्रादिस.*] प्राविधिक विद्या/गौणविद्या।

उपविधा (स्त्रीं.) [*विधामुपगता, प्रादिस.*] विभिन्न विधा अन्तर्गत आउने स-साना विधा।

उपविधिः (पुं.) [*विधिमुपगतः, प्रादिस.*] कुनै वधि वा नियमअन्तर्गत बनेको सानो नियम/गौण वा अपेक्षाकृत कम महत्त्व भएको विधि।

उपविभागः (पुं.) [*विभागमुपगतः, प्रादिस.*] विभाग भित्रको सानो विभाग वा शाखा।

उपविभाजनम् (नपुं.) [*उप-विपूर्वकाद् भज भागे सेवने च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] मूल विभाजन अन्तर्गतको सानो विभाजन।

उपविषम् (नपुं.) [*विषमुपगतम्, प्रादिस.*] विशेष घातक नभएको हल्का किसिमको विष/भाङ्-धतुरो आदि।

उपविषयः (पुं.) [*विषयमुपगतः, प्रादिस.*] मुख्य विषय अन्तर्गत रहेको सानोतिनो विषय।

उपविषा (स्त्री.) [*विषमुपगता*] अत्तीस।

उपविष्टः (पुं.वि.) [*उपविशति स्म, उपपूर्वकाद् विश प्रवेशे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] बसेको। **उपविष्टौ कथाः काश्चिच्चक्रतुर्वैश्यपार्थिवौ** (स.श.)।

उपवीतम् (नपुं.) [*उपवीयते स्म, उपपूर्वकात् अज गति क्षेपणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अजस्य वी आदेशः*] जनै/यज्ञसूत्र। **उपवीतं यज्ञसूत्रे प्रोद्धृते दक्षिणे करे.** (अमर.)।

उपवीती (पुं.वि.) [*उपवीतमस्यास्तीति, अत इनिठनौ ५.२.१५५ इति इनिः*] यज्ञोपवीत लगाएको/व्रतबन्ध गरेको।

उपवेदः (पुं.) [*वेदमुपगतः, प्रादिस.*] मुख्य चारवेददेखि भिन्न वेद, धनुर्वेद, गान्धर्ववेद, आयुर्वेद, स्थापत्यवेद।

उपवेशनम् (नपुं.) [*उपपूर्वकाद् विशधातोः ल्युट्*] १.स्थिति /बसाइ २.बेसन/ चनाको पिठो।

उपवेशिका (स्त्री.) [*उपवेशनम्, उपपूर्वकाद् विश प्रवेशे इति धातोः, पर्यायार्हर्णोत्पत्तिषु ण्वुच् इति ण्वुच्, युवोरनाकौ इत्यकः*] अनशन। **अहं पर्यायसंप्राप्ता कुर्वे प्रायोपवेशिकाम्** (भट्टि.)।

उपव्याख्या (स्त्री.) [*व्याख्यामुपगता, प्रादिस.*] १.व्याख्या भित्रको व्याख्या २.व्याख्या पछिको व्याख्या।

उपशङ्का (स्त्री.) [*शङ्कामुपगता, प्रादिस.*] शङ्कामाथिको शङ्का।

उपशमः (पुं.) [*उपशमनम्, उपपूर्वकात् शमु उपशमे इति धातोः, भावे ३.३.१८ इति घञ्, वृद्ध्यभावः*] १.इन्द्रियलाई वशमा राख्ने काम २.तृष्णात्याग ३.रोगको प्रतीकार ४.शान्ति।

उपशल्यम् (नपुं.) [*शल्यमुपगतः, प्रादिस.*] गाउँको छेउ।

उपशाखा (स्त्री.) [*शाखामुपगता, प्रादिस.*] शाखाको पनि शाखा/सानो शाखा/प्रशाखा।

उपशायः (पुं.) [*उपशयनम्, उपपूर्वकात् शीङ् स्वप्ने इति धातोः, व्युपयोः शेते पर्याये ३.३.३९ इति घञ्, वृद्धिः*] पालैपालोसित सुत्ने काम।

उपशाला (स्त्री.) [*शालामुपगता, प्रादिस.*] घरमा आएका पाहुना राख्ने कोठा वा घर/अतिथि गृह।

उपशिष्यः (पुं.) [*शिष्यमुपगतः, प्रादिस.*] चेलाको पनि चेला।

उपशीर्षकम् (नपुं.) [*शीर्षकमुपगतम्, प्रादिस.*] मुख्य शीर्षक भित्रको सानो शीर्षक।

उपश्रुतम् (नपुं.) [*उपश्रूयते स्म, क्तः ३.२.१०२*] स्वीकार गरिएको।

उपसंवादः (पुं.) [*संवादमुपगतः, प्रादिस.*] मुख्य संवादभन्दा पहिले गरिने सामान्य कुराकानी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसंव्यानम् (नपुं.) [*उपसंवीयतेऽनेन, व्येञ् संवरणे इति धातोः, ल्युट् ३.३.११७, अनः*] लगाउने लुगा/परिधेय वस्त्र।

उपसंस्कारः (पुं.) [*संस्कारमुपगतः, प्रादिस.*] १.मुख्य संस्कारको अङ्ग बनेको संस्कार २.गौणसंस्कार।

उपसंहारः (पुं.) [*उपसंह्रियतेऽनेन, उप-संपूर्वकाद् हृञ् हरणे इति धातोः, अकर्तरि च कारके संज्ञयाम् ३.३.१९ इति घञ्*] समाप्ति/कुनै पुस्तक वा लेखको मुख्य विषयक्रमलाई टुङ्ग्याउन वा निचोड रूप दिन लेखिने अन्तिम अंश/सारांश।

उपसचिवः (पुं.) [*सचिवमुपगतः, प्रादिस*] १.राजपत्राङ्कित द्वितीय श्रेणीका कर्मचारी २.राजपत्राङ्कित द्वितीय श्रेणीको पद।

उपसदनम् (नपुं.) [*सदनस्य समीपे,अव्य.स.*] १.घरको नजिकै २.सेवा सहयोग। **तत्रोपसदनं चक्रे द्रोणस्येष्वस्त्रकर्मणि** (म.भा.व.प.)।

उपसन्नः (पुं.वि.) [*उपसीदति स्म, उपपूर्वकात् सदधातोः गत्यर्थाकर्मक इति क्तः*] नजिक आएको/उपस्थित भएको।

उपनतस्तूपसन्न उपस्थितः (अभि.चि.)।

उपसभापतिः (पुं.) [*सभापतिमुपगतः, प्रादिस.*] सभापतिलाई सघाउने वा निजको अनुपस्थितिमा काम गर्ने अधिकारी/समितिको दोस्रो पदाधिकारी।

उपसभामुखः (पुं.) [*सभामुखमुपगतः, प्रादिस.*] कुनै देशको प्रतिनिधि सभामा सभामुखको सहायकका रूपमा रहने वा निजको अनुपस्थितिमा सभामुखको कार्यभार समाल्ने व्यक्ति वा त्यस्तो पद।

उपसमितिः (स्त्री.) [*समितिमुपगता, प्रादिस.*] कुनै कार्य सम्पन्न गर्न गठित समिति अन्तर्गतको सानो समिति/नियमपूर्वक गठन गरेको समितिले आफ्नो सुविस्ताको लागि गठन गरेको अर्को समिति।

उपसम्पन्नः (पुं.वि.) [*उपसम्पद्यते स्म, पद गतौ इति धातोः, कर्तरि ३.४.७२, कर्मणि ३.२.१०२ वा क्तः*] १.तयार भएका २.काम सकिन लागेको।

उपसम्पन्नम् (नपुं.) [*उपसम्पर्वकात् पद्धातोः क्तः*] १.भान्सामा खानापकानाको तयारी अवस्था २.प्रायः कामको समाप्ति ३.यज्ञमा मारिएको पशु। **उपसंपन्नमुद्दिष्टं निहते च सुसंस्कृते** (विश्व.)।

उपसम्पादकः (पुं.) [*सम्पादकमुपगतः, प्रादिस.*] सम्पादकका मातहतमा रहेर वा निजलाई सघाई सम्पादनको काम गर्ने सहयोगी सम्पादक।

उपसरः (पुं.) [*उपसरणम्, उपपूर्वकात् सृ गतौ इति धातोः, प्रजने सर्तेः ३.३.७१ इत्यप्*] १.बारम्बार निस्कने क्रिया। **वीनामुपसरं दृष्ट्वा** (भट्टि.) २.नजिकै जाने क्रिया ३.गर्भधारण।

उपसर्गः (पुं.) [*उपसृज्यतेऽनेन, उपपूर्वकात् सृज विसर्गे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.अपशकुन २.दैवी उत्पात ३.कुनै एक वस्तु बनाउन लाग्दा स्वतः अर्को वस्तु बन्न जानु ४.बिमारीको कारण शरीर बदलिने क्रिया ५.विपत्ति ६.हानि ७.सूर्य-चन्द्र ग्रहण। ८.मृत्युको पूर्वलक्षण ९.कुनै धातु वा क्रियाका साथ अगाडि जोडिने अव्यय। जस्तै– प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर्, वि, आङ्, नि, अधि, अपि, प्रति, परि, सु, उत् आदि।

उपसर्गेण धात्वर्थो बलादन्यत्र नीयते।
प्रहाराहारसंहारविहारपरिहारवत्॥ (सि.कौ.)

उपसर्ग तीन किसिमका हुन्छन्। कुनै उपसर्गहरू लाग्दा धातुको अर्थमा बाधा पर्छ। अर्थात् धातुको अर्थदेखि भिन्न अर्थको बोध हुन्छ। जस्तै– **गीतेषु कर्णमादत्ते**। आ उपसर्गले गर्दा यहाँ दा धातुको दान अर्थ नबुझिएर गीतमा कान लगाउनु, अर्थात् सुन्नु भन्ने अर्थबोध भएको छ। कुनै उपसर्गले धातुकै अर्थको अनुसरण गर्छन्। जस्तै– **प्रसूते**– यहाँ सूते र प्रसूते दुवैको अर्थ पैदा गर्नु भन्ने हुन्छ। कुनै उपसर्गले धातुको अर्थमा उत्कर्ष वा अपकर्ष ल्याउँछन्। जस्तै– **प्रणमति**। यहाँ नमतिको अर्थ सामान्य नमस्कार हुन्छ भने प्र उपसर्ग लाग्दा प्रणमति अर्थात् विशेष किसिमको नमस्कार भन्ने बुझिन्छ।

धात्वर्थं बाधते कश्चित् कश्चित्तमनुवर्तते।
तमेव विशिनष्ट्यन्यदुपसर्गगतिस्त्रिधा॥

उपसर्जनम् (नपुं.) [*उपसृज्यत इति, उपपूर्वकाद् सृज विसर्गे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्मणि ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गौण २.विशेषण ३.व्याकरणको समास प्रसङ्गमा सूत्रमा प्रथमान्त पदले निर्देश गरेको पद।

उपसर्या (स्त्री.) [*उपसर्तुं वृषभमनुयातुमर्हा, उपसर्या काल्या प्रजने ३.१.१०४इति यत्प्रत्ययान्तो निपातः,टाप् ४.१.४*] १.गर्भ धारणका लागि उपयुक्त समय २.जनताको सेवा।

उपसर्या तु सामान्य जनसेवन इष्यते।
प्रजनप्राप्तकालायां गवि चैव प्रकीर्तिता॥ (वाङ्म.)

उपसागरः (पुं.) [*सागरमुपगतः, प्रादिस.*] भूभागभित्र घुसेको समुद्रको भाग/सानो समुद्री खाडी।

उपसूर्यकम् (नपुं.) [*उपगतं सूर्यं वा चन्द्रम्, संज्ञायां कन् ५.३.९७ इति कन्*] सूर्य र चन्द्रमामा मण्डलाकार बनेर लागेको परिधि।

उपसूर्यकमण्डलम् (नपुं.) [*उपसूर्यकञ्च तन्मण्डलम्, कर्म.स.*] सूर्य र चन्द्रमामा लागेको वृत्ताकार परिधि।

उपसृष्टः (पुं.वि.) [*उपसृज्यते स्म, उपपूर्वकात् सृज विसर्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.त्यागिएको २.प्र, परा आदि उपसर्ग लागेको।

उपसेकः (पुं.) [*उपसेचनम्, उपपूर्वकाद् सिच सेचने इति धातोः, भावे ३.३.१८ इति घञ्*] भिजाएर नरम पार्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसेदिवान् (पुं.वि.) [*उपासीदत् इति, भाषायां सदवसश्रुवः, इति क्वसुः*] नजिकै बसेर उपद्रो गर्ने। आफन्त बनेर अपकार गर्ने ।

उपसेनानीः (पुं.) [*सेनानीमुपगतः, प्रादिस.*] लेफ्टिनेन्ट।

उपस्करः (पुं.) [*उपस्करोति व्यञ्जनेन समवैति, उपपूर्वकाद् डु कृञ् करणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, समवाये च ६.१.१३८ इति सुट्*] १.बेसार २.बेसार, हिंग, अदुवा, मरीच, जीरा, हलेदो र धनियाँ यी ६ चिज क्रमैले पहिला-पहिलाको दोब्बर मिसाएर बनाएको मसला।

चित्रकं पिप्पलीमूलं पिप्पलीचव्यनागरम्।
धान्याकं रजनीश्वेततण्डुलाश्च समांशकाः ॥
वेसवार इति ख्यातः शाकादिषु नियोजयेत् (आत्रेयः)।

उपस्थः (पुं.) [*स्मरणादेव मैथुनाय उपतिष्ठते, उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः २.४.३१ इति कः*] १.योनि २.लिङ्ग। **उपस्थमुदरं जिह्वा हस्तौ पादौ च पञ्चकम्** (मनु.)।

उपस्थानम् (नपुं.) [*उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.नजिकै गएर बस्नु २.नमस्कार गर्नु।

उपस्थापकः (पुं.वि.) [*उपस्थापयतीति, उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुक्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सम्झाउने/बुझाउने/उपस्थित गराउने।

उपस्थापनम् (नपुं.) [*उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै सभा-संस्था आदिमा प्रस्ताव राख्ने वा प्रस्ताव पेस गर्ने काम वा प्रक्रिया २.विषय वस्तुको राम्रोसित गरिने प्रस्तुति।

उपस्थितः (पुं.वि.) [*उपतिष्ठति स्म, उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, गत्यर्थाकर्मक - ३.४.७२ इति क्तः, इत्वम्*] १.हाजिर भएको २.नजिक रहेको ३.हेक्का रहेको।

उपस्थितम् (नपुं.) प्रत्येक पाउमा क्रमशः जगण, सगण, तगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। **उपस्थितमिदं ज्सौ ताद् गकारौ** (वृ.र.)।

उपस्थितिः (स्त्री.) [*उपस्थापनम्, उपपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.हाजिरी २.नजिक रहनु ३.हेक्का हुनु। **~पञ्जिका** (स्त्री.) [*उपस्थितेः पञ्जिका, ष.त.*] हाजिर कापी। **~पुस्तिका** (स्त्री.) [*उपस्थितेः पुस्तिका, ष.त.*] हाजिरी कापी। **~विवरणम्** [*उपस्थितेर्विवरणम्, ष.त.*] हाजिरीको जनाउ।

उपस्पर्शः (पुं.) [*उपस्पर्शनम्, स्पृश संस्पर्शे इति धातोः, भावे ३.३.१८ इति घञ्, यद्वा- उपस्पृश्यन्ते जलमत्र, हलश्च ३.३.१२१ इति घञ्*] १.आचमन २.स्नान ३.पानी छुनेकाम। **उपस्पर्शः स्पर्शमात्रे स्नानाचमनयोरपि** (मेदिनी.)।

उपस्पर्शनम् (नपुं.) [*उपपूर्वकाद् स्पृश स्पर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आचमन २.स्नान ३.स्पर्श।

उपस्मृतिः (स्त्री.) [*स्मृतिमुपगता, प्रादिस.*] स्मृतिपछि बनेका स्मृतिहरू, यसको सङ्ख्या १८ छ।

उपस्मृतिकाराः (पुं.बहु.) [*उपस्मृतिं कुर्वन्तीति, कर्मण्यण् ३.२.१ इत्यण्*] उपस्मृति बनाउने मुनिहरू- १.जाबालि २.नाचिकेता ३.स्कन्द ४.लौगाक्षि ५.काश्यप ६.व्यास ७.सनत्कुमार ८.सुमन्तु ९.ब्रह्मा १०.व्याघ्र ११.कार्ष्णाजिनि १२.जातूकर्ण्य १३.कपिञ्जल १४.बौधायन १५.कणाद १६. विश्वामित्र १७.पैठीनसि १८.गोभिल (हेमा. दान.)।

उपहतः (पुं.वि.) [*उपपूर्वकाद् हन्धातोःक्तः*] १.नष्ट २.उत्पादग्रस्त ३.अशुद्ध।

उपहवः (पुं.) [*उपहूयत इति, उपपूर्वकात् ह्वेञ् स्पर्धायां शब्दे चेति धातोः ह्वः संप्रसारणञ्च न्यभ्युपविषु ३.३.७२ इत्यप्, संप्रसारणञ्च*] आह्वान/बोलाउने काम।

उपहसितः (पुं.वि.) [*उपहस्यते स्म, उपपूर्वकाद् हस हासे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] उपहास गरिएको/हँस्सी उडाइएको/ठट्टा गरिएको।

उपहसितम् (नपुं.) [*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] आँखामा आँसु निक्लने गरी उठेको हाँसो ३.अधम प्रकृतिका मानिसले हाँस्ने हाँसो।

जेष्ठानां स्मितहसिते मध्यानां विहसितावहसिते।
नीचानामुपहसितं तथातिहसितञ्च षड्भेदाः ॥ (सा.द.)

उपहारः (पुं.) [*उपपूर्वकाद् हृञ् हरणे इति धातोः, अर्कतरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कोसेली २.भेटी ३.राम्रो काम गर्ने व्यक्तिलाई चिनोस्वरूप दिइने वस्तु [*हारमुपगतः*] ४.(पुं.वि.) हारको नजिकै रहेको।

उपहासः (पुं.) [*उपहसनम्, उपपूर्वकाद् हस हासे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अर्कालाई लज्जित तुल्याउन गरिने हाँसो वा ठट्टा। २.हास्यरसको एक भेद। यसमा कुनै व्यक्ति, वस्तु, पद्धति आदिका बारेमा उपहासपूर्ण निन्दा गरिएको हुन्छ। कुनै क्षुद्र अथवा हास्यास्पद व्यक्तिलाई आलम्बन बनाएर गम्भीर तथ्यको उद्घाटन गरिएको हुन्छ। **~पात्रम्** (नपुं.) [*उपहासस्य पात्रम्, ष.त.*] उपहासको विषय बनेको व्यक्ति।

उपहास्यः (पुं.वि.) [*उपहसितुं योग्यः, उपपूर्वकाद् हस हासे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] उपहास गर्न लायक।

उपह्वरम् (नपुं.) [*उपह्वरन्त्यत्र, उपपूर्वकाद् ह्वृ कौटिल्ये इति धातोः, पुंसि संज्ञायां घः प्रायेण इति घः*] १.निर्जनस्थान/एकान्तस्थल २.नजिक। **ऊर्मिप्रवाहैर्जाह्नव्याः समानीतमुपह्वरम्** (म.भा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपांशुः (पुं.) [*उपगताः किरणा यत्र सः, बहु.स.*] १.आफूले मात्र सुन्ने गरी अलि अलि ओठ र जिब्रो चलाएर गरिने जपको प्रकार।

जिह्वौष्ठौ चालयेत् किञ्चिद्देवताशतमानसः।
निजश्रवणयोग्यः स्यादुपांशुः स जपः स्मृतः॥ (आगमः)

२.(अव्य.) निर्जन स्थल।

उपांशुर्जपभेदे स्यादुपांशु निर्जनेऽव्ययम् (मेदिनी)।

उपाकरणम् (नपुं.) [*उपाक्रियतेऽनेन, उप-आङ्पूर्वकाद् डुकृञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.वेद पढ्न थाल्ने विधि/संस्कार गरेर वेदको अध्ययन गर्न प्रारम्भ गर्नु। **संस्कारपूर्वं ग्रहणं स्यादुपाकरणं श्रुतेः** (अमर.)। २.संस्कारपूर्वक गरिने पशुको हत्या।

उपाकर्म (नपुं.) [*आसमन्तात् कर्म, तेनोपमितम्, प्रादिस.*] १.वेदाध्ययनमा भएको र हुने अनियमितताको निराकरणका लागि गरिने कर्म। यो कर्म ऋग्वेदीले श्रावण महिनाको श्रवणनक्षत्र परेको दिन, यजुर्वेदीले प्रतिवर्ष श्रावणपूर्णिकाका दिन, सामवेदीले भाद्रशुक्ल तृतीयाको दिन र अथर्ववेदीले भाद्रशुक्ल पञ्चमीका दिन गर्ने विधान छ। जुन शाखाका लागि जुन दिन निर्धारित छ सो दिन छेकथुन परी उपाकर्म हुन नसके अर्को शाखाका लागि निर्धारित दिन वा भाद्र शुक्ल पञ्चमीमा गर्ने विधान छ। यस कर्ममा अरुन्धतीसहत सप्त ऋषिको पूजा हुन्छ। उत्सर्जनमा भने मन्त्रद्रष्टा ऋषिहरूको तर्पणसमेत गरिन्छ।

प्रत्यब्दं यदुपाकर्म सोत्सर्गं विधिवद् द्विजैः।
क्रियते छन्दसां तेन पुनरप्यायनं भवेत्।
अस्थानश्वासविच्छेदघोषणाध्यापनादिकम्।
प्रामादिकश्रुतौ यत्स्याद् यातयामत्वकारितात्।
अयातयामैश्छन्दोभिर्यत्कर्म क्रियते जनैः।
क्रीडमानैरपि सदा तत्तेषां सिद्धिकारकम्।
(आ.सू. कात्यायन)

२.[*आसमन्तात् कर्म, तेनोपमितम्, प्रादिस.*] वेद वा वेदको भागविशेष पढ्न वा पढाउन थाल्नका लागि शिष्य साथमा लिएर गुरुले गर्ने हवन, प्रवचन आदिले युक्त कर्मविशेष। **उपाकर्मणि चोत्सर्गे त्रिरात्रं क्षेपणं स्मृतम्** (मनु.) ३.संस्कारपूर्वक यज्ञमा पशुको हनन।

उपाकृतः (पुं.) [*उपाक्रियते स्म, कृञ् हिंसायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अभिमन्त्रण गरेर यज्ञमा मारिने पशु। २.(पुं.वि.) उपद्रव गरिएको। **उपाकृतोऽध्वरहते पशौ नोपद्रुते त्रिषु** (विश्व.)।

उपाख्यानम् (नपुं.) [*उपपूर्वकात् चक्षिङ् कथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् चक्षिङः ख्याञादेशः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पुरानो वृत्त/आख्यान। **शृणु नारद वक्ष्यामि स्वधोपाख्यानमुत्तमम्।** (ब्र.वै. प्रथम खण्ड ३८) २.कथाभित्रको कथा। यो आफैँमा पूर्ण हुन्छ तर मूल कथाको अङ्ग भएर आउँछ। जस्तै– हितोपदेशका उपकथाहरू।

उपागमः (पुं.) [*उप आङ्पूर्वकाद् गम्धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इति अप्*] १.स्वीकार २.नजिक आउनु।

उपाग्रहणम् (नपुं.) [*उप आङ्पूर्वकाद् ग्रहधातोः, भावे ल्युट्, अनः*] संस्कारपूर्वक वेदको अध्ययन गर्नु (रायमुकुट)।

उपाङ्गः (पुं.) [*अङ्गमुपगतः, प्रादिस.*] १.कोठी २.(नपुं.) ठुलो आन्द्रासँग पुच्छरभैँ जोडिएको नली ३.अङ्गको पनि अङ्ग ४.टीका ५.बेनजस्तो बाजा ६.वेदका उपाङ्ग– मीमांसा, न्याय, तर्कशास्त्र।

प्रतिपदमनुपदं छन्दोभाषासमन्वितम्।
मीमांसान्यायतर्काश्च उपाङ्गाः परिकीर्तिताः॥ (दा.ख.)

उपाजे (अव्य.) [*उपपूर्वकाद् अज गतिक्षेपणयोः इति धातोः, केः, वीभावाभावः*] दुर्बललाई बलियो तुल्याउनु।

उपात्तः (पुं.वि.) [*उपादीयते स्म, उप-आङ्पूर्वकाद् दा दाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] लिइएको/ग्रहण गरिएको। **उपात्तविद्यो गुरुदक्षिणार्थी कौत्सः प्रपेदे वरतन्तुशिष्यः** (रघु.)।

उपात्ययः (पुं.) [*उपगतस्यातिक्रम्य अयनम्, उप-अतिपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.लोकसम्मत, शास्त्रसम्मत आचारको उल्लङ्घन २.क्रमको उल्लङ्घन ३.नाश।

उपादानम् (नपुं.) [*उप-आङ्पूर्वकाद् दा दाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लिनु वा ग्रहण गर्नु २.आ-आफ्ना विषय प्रति इन्द्रियको आकर्षण ३.[*करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्*] कारण ४.ग्रहण ५.साङ्ख्यप्रतिपादित चार तुष्टिमध्ये एक तुष्टि। **~कारणम्** (नपुं.) [*उपादानञ्च तत् कारणञ्च, कर्म.स.*] कार्यमा समवाय सम्बन्धले रहने कारण। जस्तै घडाको माटो, पुस्तकको कागज, घरका इँटाढुङ्गा आदि। **~लक्षणा** (स्त्री.) [*उपादाने मुख्यार्थस्य तदितरार्थस्यापि ग्रहणविषये लक्षणा*] मुख्यार्थको साथै त्यसभन्दा भिन्न अर्थको पनि बोध गराउने लक्षणा शक्ति।

मुख्यार्थस्येतराक्षेपो वाक्यार्थान्वयसिद्धये।
स्यादात्मनोऽप्युपादानादेषोपादानलक्षणा॥ (सा.द.)

यो शुद्धा लक्षणाको एक भेद हो। यसमा मुख्य अर्थको संगतिका निमित्त अमुख्य अर्थको आक्षेप हुन्छ। **स्वसिद्धये पराक्षेपः** (का.प्र २/१०) यसलाई अजहत्स्वार्था पनि भनिन्छ। यसको उदाहरण **कुन्ताः प्रविशन्ति** हो। अर्थात् भाला आउँछभन्दा भाला शब्दको अर्थ यहाँ भाला मात्र नभएर भालाधारी पुरुष भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसेदिवान् (पुं.वि.) [*उपासीदत् इति, भाषायां सदवसश्रुवः, इति क्वसुः*] नजिकै बसेर उपद्रो गर्ने। आफन्त बनेर अपकार गर्ने ।

उपसेनानीः (पुं.) [*सेनानीमुपगतः, प्रादिस.*] लेफ्टिनेन्ट।

उपस्करः (पुं.) [*उपस्करोति व्यञ्जनेन समवैति, उपपूर्वकाद् डु कृञ् करणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, समवाये च ६.१.१३८ इति सुट्*] १.बेसार २.बेसार, हिंग, अदुवा, मरीच, जीरा, हलेदो र धनियाँ यी ६ चिज क्रमैले पहिला-पहिलाको दोब्बर मिसाएर बनाएको मसला।

चित्रकं पिप्पलीमूलं पिप्पलीचव्यनागरम्।
धान्याकं रजनीश्वेततण्डुलाश्च समांशकाः॥
वेसवार इति ख्यातः शाकादिषु नियोजयेत् (आत्रेयः)।

उपस्थः (पुं.) [*स्मरणादेव मैथुनाय उपतिष्ठते, उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः २.४.३१ इति कः*] १.योनि २.लिङ्ग। **उपस्थमुदरं जिह्वा हस्तौ पादौ च पञ्चकम्** (मनु.)।

उपस्थानम् (नपुं.) [*उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.नजिकै गएर बस्नु २.नमस्कार गर्नु।

उपस्थापकः (पुं.वि.) [*उपस्थापयतीति, उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुक्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सम्झाउने/बुझाउने/उपस्थित गराउने।

उपस्थापनम् (नपुं.) [*उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै सभा-संस्था आदिमा प्रस्ताव राख्ने वा प्रस्ताव पेस गर्ने काम वा प्रक्रिया २.विषय वस्तुको राम्रोसित गरिने प्रस्तुति।

उपस्थितः (पुं.वि.) [*उपतिष्ठति स्म, उपपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, गत्यर्थाकर्मक - ३.४.७२ इति क्तः, इत्वम्*] १.हाजिर भएको २.नजिक रहेको ३.हेक्का रहेको।

उपस्थितम् (नपुं.) प्रत्येक पाउमा क्रमशः जगण, सगण, तगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। **उपस्थितमिदं ज्सौ ताद् गकारौ** (वृ.र.)।

उपस्थितिः (स्त्री.) [*उपस्थापनम्, उपपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.हाजिरी २.नजिक रहनु ३.हेक्का हुनु। **~पञ्जिका** (स्त्री.) [*उपस्थितेः पञ्जिका, ष.त.*] हाजिर कापी। **~पुस्तिका** (स्त्री.) [*उपस्थितेः पुस्तिका, ष.त.*] हाजिरी कापी। **~विवरणम्** [*उपस्थितेर्विवरणम्, ष.त.*] हाजिरीको जनाउ।

उपस्पर्शः (पुं.) [*उपस्पर्शनम्, स्पृश संस्पर्शे इति धातोः, भावे ३.३.१८ इति घञ्, यद्वा— उपस्पृश्यन्ते जलमत्र, हलश्च ३.३.१२१ इति घञ्*] १.आचमन २.स्नान ३.पानी छुनेकाम। **उपस्पर्शः स्पर्शमात्रे स्नानाचमनयोरपि** (मेदिनी.)।

उपस्पर्शनम् (नपुं.) [*उपपूर्वकाद् स्पृश स्पर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आचमन २.स्नान ३.स्पर्श।

उपस्मृतिः (स्त्री.) [*स्मृतिमुपगता, प्रादिस.*] स्मृतिपछि बनेका स्मृतिहरू, यसको सङ्ख्या १८ छ।

उपस्मृतिकाराः (पुं.बहु.) [*उपस्मृतिं कुर्वन्तीति, कर्मण्यण् ३.२.१ इत्यण्*] उपस्मृति बनाउने मुनिहरू— १.जाबालि २.नाचिकेता ३.स्कन्द ४.लौगाक्षि ५.काश्यप ६.व्यास ७.सनत्कुमार ८.सुमन्तु ९.ब्रह्मा १०.व्याघ्र ११.कार्ष्णाजिनि १२.जातूकर्ण्य १३.कपिञ्जल १४.बौधायन १५.कणाद १६. विश्वामित्र १७.पैठीनसि १८.गोभिल (हेमा. दान.)।

उपहतः (पुं.वि.) [*उपपूर्वकाद् हन्धातोःक्तः*] १.नष्ट २.उत्पादग्रस्त ३.अशुद्ध।

उपहवः (पुं.) [*उपहूयत इति, उपपूर्वकात् ह्वेञ् स्पर्धायां शब्दे चेति धातोः ह्वः संप्रसारणञ्च न्यभ्युपविषु ३.३.७२ इत्यप्, संप्रसारणञ्च*] आह्वान/बोलाउने काम।

उपहसितः (पुं.वि.) [*उपहस्यते स्म, उपपूर्वकाद् हस हासे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] उपहास गरिएको/हँस्सी उडाइएको/ठट्टा गरिएको।

उपहसितम् (नपुं.) [*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] आँखामा आँसु निक्लने गरी उठेको हाँसो ३.अधम प्रकृतिका मानिसले हाँस्ने हाँसो।

जेष्ठानां स्मितहसिते मध्यानां विहसितावहसिते।
नीचानामुपहसितं तथातिहसितञ्च षड्भेदाः॥ (सा.द.)

उपहारः (पुं.) [*उपपूर्वकाद् हृञ् हरणे इति धातोः, अर्कतरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कोसेली २.भेटी ३.राम्रो काम गर्ने व्यक्तिलाई चिनोस्वरूप दिइने वस्तु [*हारमुपगतः*] ४.(पुं.वि.) हारको नजिकै रहेको।

उपहासः (पुं.) [*उपहसनम्, उपपूर्वकाद् हस हासे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अर्कालाई लज्जित तुल्याउन गरिने हाँसो वा ठट्टा। २.हास्यरसको एक भेद। यसमा कुनै व्यक्ति, वस्तु, पद्धति आदिका बारेमा उपहासपूर्ण निन्दा गरिएको हुन्छ। कुनै क्षुद्र अथवा हास्यास्पद व्यक्तिलाई आलम्बन बनाएर गम्भीर तथ्यको उद्घाटन गरिएको हुन्छ। **~पात्रम्** (नपुं.) [*उपहासस्य पात्रम्, ष.त.*] उपहासको विषय बनेको व्यक्ति।

उपहास्यः (पुं.वि.) [*उपहसितुं योग्यः, उपपूर्वकाद् हस हासे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] उपहास गर्न लायक।

उपह्वरम् (नपुं.) [*उपह्वरन्त्यत्र, उपपूर्वकाद् ह्वृ कौटिल्ये इति धातोः, पुंसि संज्ञायां घः प्रायेण इति घः*] १.निर्जनस्थान/एकान्तस्थल २.नजिक। **ऊर्मिप्रवाहैर्जाह्नव्याः समानीतमुपह्वरम्** (म.भा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपांशुः (पुं.) [*उपगताः किरणा यत्र सः, बहु.स.*] १.आफूले मात्र सुन्ने गरी अलि अलि ओठ र जिब्रो चलाएर गरिने जपको प्रकार।

जिह्वौष्ठौ चालयेत् किञ्चिद्देवताशतमानसः।
निजश्रवणयोग्यः स्यादुपांशुः स जपः स्मृतः॥ (आगमः)

२.(अव्य.) निर्जन स्थल।

उपांशुर्जपभेदे स्यादुपांशु निर्जनेऽव्ययम् (मेदिनी)।

उपाकरणम् (नपुं.) [*उपाक्रियतेऽनेन, उप-आङ्पूर्वकाद् डुकृञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.वेद पढ्न थाल्ने विधि/संस्कार गरेर वेदको अध्ययन गर्न प्रारम्भ गर्नु। **संस्कारपूर्वं ग्रहणं स्यादुपाकरणं श्रुतेः** (अमर.)। २.संस्कारपूर्वक गरिने पशुको हत्या।

उपाकर्म (नपुं.) [*आसमन्तात् कर्म, तेनोपमितम्, प्रादिस.*] १.वेदाध्ययनमा भएको र हुने अनियमितताको निराकरणका लागि गरिने कर्म। यो कर्म ऋग्वेदीले श्रावण महिनाको श्रवणनक्षत्र परेको दिन, यजुर्वेदीले प्रतिवर्ष श्रावणपूर्णिकाका दिन, सामवेदीले भाद्रशुक्ल तृतीयाको दिन र अथर्ववेदीले भाद्रशुक्ल पञ्चमीका दिन गर्ने विधान छ। जुन शाखाका लागि जुन दिन निर्धारित छ सो दिन छेकथुन परी उपाकर्म हुन नसके अर्को शाखाका लागि निर्धारित दिन वा भाद्र शुक्ल पञ्चमीमा गर्ने विधान छ। यस कर्ममा अरुन्धतीसहत सप्त ऋषिको पूजा हुन्छ। उत्सर्जनमा भने मन्त्रद्रष्टा ऋषिहरूको तर्पणसमेत गरिन्छ।

प्रत्यब्दं यदुपाकर्म सोत्सर्गं विधिवद् द्विजैः।
क्रियते छन्दसां तेन पुनरप्यायनं भवेत्।
अस्थानश्वासविच्छेदघोषणाध्यापनादिकम्।
प्रामादिकश्रुतौ यत्स्याद् यातयामत्वकारितात्।
अयातयामैश्छन्दोभिर्यत्कर्म क्रियते जनैः।
क्रीडमानैरपि सदा तत्तेषां सिद्धिकारकम्।
(आ.सू. कात्यायन)

२.[*आसमन्तात् कर्म, तेनोपमितम्, प्रादिस.*] वेद वा वेदको भागविशेष पढ्न वा पढाउन थाल्नका लागि शिष्य साथमा लिएर गुरुले गर्ने हवन, प्रवचन आदिले युक्त कर्मविशेष। **उपाकर्मणि चोत्सर्गे त्रिरात्रं क्षेपणं स्मृतम्** (मनु.) ३.संस्कारपूर्वक यज्ञमा पशुको हनन।

उपाकृतः (पुं.) [*उपाक्रियते स्म, कृञ् हिंसायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अभिमन्त्रण गरेर यज्ञमा मारिने पशु। २.(पुं.वि.) उपद्रव गरिएको। **उपाकृतोऽध्वरहते पशौ नोपद्रुते त्रिषु** (विश्व.)।

उपाख्यानम् (नपुं.) [*उपपूर्वकात् चक्षिङ् कथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् चक्षिङः ख्याञादेशः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पुरानो वृत्त/आख्यान। **शृणु नारद वक्ष्यामि स्वधोपाख्यानमुत्तमम्।** (ब्र.वै. प्रथम खण्ड ३८) २.कथाभित्रको कथा। यो आफैँमा पूर्ण हुन्छ तर मूल कथाको अङ्ग भएर आउँछ। जस्तै— हितोपदेशका उपकथाहरू।

उपागमः (पुं.) [*उप आङ्पूर्वकाद् गम्धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इति अप्*] १.स्वीकार २.नजिक आउनु।

उपाग्रहणम् (नपुं.) [*उप आङ्पूर्वकाद् ग्रहधातोः, भावे ल्युट्, अनः*] संस्कारपूर्वक वेदको अध्ययन गर्नु (रायमुकुट)।

उपाङ्गः (पुं.) [*अङ्गमुपगतः, प्रादिस.*] १.कोठी २.(नपुं.) ठुलो आन्द्रासँग पुच्छरझैँ जोडिएको नली ३.अङ्गको पनि अङ्ग ४.टीका ५.बेनजस्तो बाजा ६.वेदका उपाङ्ग— मीमांसा, न्याय, तर्कशास्त्र।

प्रतिपदमनुपदं छन्दोभाषासमन्वितम्।
मीमांसान्यायतर्काश्च उपाङ्गाः परिकीर्तिताः॥ (दा.ख.)

उपाजे (अव्य.) [*उपपूर्वकाद् अज गतिक्षेपणयोः इति धातोः, केः, वीभावाभावः*] दुर्बललाई बलियो तुल्याउनु।

उपात्तः (पुं.वि.) [*उपादीयते स्म, उप-आङ्पूर्वकाद् दा दाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] लिइएको/ग्रहण गरिएको। **उपात्तविद्यो गुरुदक्षिणार्थी कौत्सः प्रपेदे वरतन्तुशिष्यः** (रघु.)।

उपात्ययः (पुं.) [*उपगतस्यातिक्रम्य अयनम्, उप-अतिपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.लोकसम्मत, शास्त्रसम्मत आचारको उल्लङ्घन २.क्रमको उल्लङ्घन ३.नाश।

उपादानम् (नपुं.) [*उप-आङ्पूर्वकाद् दा दाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लिनु वा ग्रहण गर्नु २.आ-आफ्ना विषय प्रति इन्द्रियको आकर्षण ३.[*करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्*] कारण ४.ग्रहण ५.साङ्ख्यप्रतिपादित चार तुष्टिमध्ये एक तुष्टि। **~कारणम्** (नपुं.) [*उपादानञ्च तत् कारणञ्च, कर्म.स.*] कार्यमा समवाय सम्बन्धले रहने कारण। जस्तै घडाको माटो, पुस्तकको कागज, घरका इँटाढुङ्गा आदि। **~लक्षणा** (स्त्री.) [*उपादाने मुख्यार्थस्य तदितरार्थस्यापि ग्रहणविषये लक्षणा*] मुख्यार्थको साथै त्यसभन्दा भिन्न अर्थको पनि बोध गराउने लक्षणा शक्ति।

मुख्यार्थस्येतराक्षेपो वाक्यार्थान्वयसिद्धये।
स्यादात्मनोऽप्युपादानादेषोपादानलक्षणा॥ (सा.द.)

यो शुद्धा लक्षणाको एक भेद हो। यसमा मुख्य अर्थको संगतिका निमित्त अमुख्य अर्थको आक्षेप हुन्छ। **स्वसिद्धये पराक्षेपः** (का.प्र २/१०) यसलाई अजहत्स्वार्था पनि भनिन्छ। यसको उदाहरण **कुन्ताः प्रविशन्ति** हो। अर्थात् भाला आउँछभन्दा भाला शब्दको अर्थ यहाँ भाला मात्र नभएर भालाधारी पुरुष भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्यार्थ बुझिन्छ। यस्तै, श्वेतो धावति भन्दा सेतो गुणको दौडने क्रिया सम्भव नभएकाले सेतो भन्नाले सेतो घोडा भन्ने अर्थको बोध हुन्छ। सेतो अर्थलाई साथै लिएर घोडाको अर्थको बोध भएको हुँदा यो उपादानलक्षणा हो।

उपादेयः (पुं.वि.) [*उपात्तुं योग्यः, उप-आङ्पूर्वकाद् दा दाने इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] १.ग्राह्य/लिन लायक २.काम लाग्ने ३.उत्तम ४.उत्कृष्ट ५.विधेयकर्म।

उपादेयता (स्त्री.) [*उपादेयस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.ग्राह्यता/उपयोगिता २.उत्कृष्टता।

उपाधिः (पुं.) [*आधानमाधिः, आङ्पूर्वकाद् डु धाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, प्रादिस.*] १.योग्यता,महत्त्व, सम्मान आदि जनाउने पदवी २.छल/वञ्चना। **उपाधिर्न मया कार्यो वनवासे जुगुप्सतः** (रामा.)। ३.कर्तव्यविचार ४.धार्मिक कुराको चिन्तन ५.उपनाम ६.अनुमानमा हेतुको अव्याप्ति जस्तै– **धूमवान् वह्नेः** मा भिजेको वा काँचो काठ। ७.आलङ्कारिकहरूको मतमा जाति, गुण, क्रिया र यदृच्छाको रूपमा रहेको उपाधि। **~धारी** (पुं.वि.) [*उपाधिं धारयतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] उपाधि वा पदवी धारण गर्ने। **उपाधिस्तु धर्मध्याने विशेषणे, कुटुम्बव्यापृते छद्मनि** (हैम.)।

उपाध्यक्षः (पुं.) [*अध्यक्षमुपगतः, प्रादिस.*] कुनै संस्था–समिति आदिमा अध्यक्षको सहायक भएर काम गर्ने अधिकारी।

उपाध्यायः (पुं.) [*उपेत्य अस्मादधीयत इति, इङश्च ३.३.२१ इति घञ्, वृद्धिः*] १.नामपछि गाँसिएर आउने पद २.वेदको एक भाग वा सबै वेद वा वेदाङ्ग वृत्तिका निमित्त पढाउने शिक्षक।

एकदेशन्तु वेदस्य वेदाङ्गान्यखिलान्यपि वा पुनः।
योऽध्यापयति वृत्यर्थमुपाध्यायः स उच्यते॥ (मनु.)

उपाध्याया (स्त्री.) [*उपेत्याधीयतेऽस्याः इङश्च ३.३.२१ इत्यत्र अपादाने स्त्रियामुपसङ्ख्यानं तदन्ताच्च वा ङीष् इति (वार्तिकेन) घञ्*] पढाउने स्त्री।

उपाध्यायानी (स्त्री.) [*उपाध्यायस्य स्त्री, मातुलोपाध्याय- (वा.) ४.१.४९ ङीषानुकौ*] कुनै पनि जातिमा पैदा भएकी उपाध्यायकी स्त्री।

उपाध्यायी (स्त्री.) [*उपेत्याधीयतेऽस्याः इङश्च ३.३.२१ इत्यत्र अपादाने स्त्रियामुपसङ्ख्यानं तदन्ताच्च वा ङीष् इति (वार्तिकेन) घञ् ङीष् च*] १.पढाउने स्त्री २.उपाध्यायकी पत्नी।

उपानत् (पुं.) [*उपनह्यते पादावनया उपपूर्वकात् णह बन्धने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, पूर्वपददीर्घः*] जुत्ता।

उपान्तः (पुं.) [*उपमितमन्तेन, प्रादिस., उपगतोऽन्तम् वा*] नजिकै **दिशामुपान्तेषु ससर्ज दृष्टिम्** (कु.सं.)।

उपान्त्यः (पुं.वि.) [*उपान्ते भवः, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] अन्त्यभन्दा पहिलो/पछिल्लोभन्दा अघिल्लो।

उपायः (पुं.) [*उपायनम्, उपपूर्वकाद् अय गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.नजिकै जानु २.[*उपायतेऽनेन, हलश्च ३.३.१२१ इति घञ्*] साधन ३.तरिका।

त्रिविक्रमोऽभूदपि वामनोऽसौ स शूकरश्चेति स वै नृसिंहः।
नीचैरनीचैरतिनीचनीचैः सर्वैरुपायैः फलमेव साध्यम्॥ (सुभा.)

४.राजनीतिमा शत्रुलाई वशमा ल्याउन उपयोग गरिने साम, दान, दण्ड र भेद। **~कुशलः** (पुं.) [*उपाये कुशलः, स.त.*] साम, दान, दण्ड र भेदलाई प्रयोग गर्न सिपालु। **~विहीनः** (पुं.वि.) [*उपायेन विहीनः, तृ.त.*] उपायहीन/कुनै उपाय नभएको।

उपायचतुष्टयम् (नपुं.) [*उपायतेऽनेन, हलश्च ३.३.१२१ इति घञ्, उपायानां चतुष्टयम्*] राजनीतिमा प्रयोग गरिने साम, दान, दण्ड र भेद नामक चार उपाय। **उपायः सामभेदादौ तथैवोपगतौ पुमान्** (मेदिनी.)। **साम दानं च भेदश्च दण्डश्चेति चतुष्टयम्। मायोपेक्षेन्द्रजालं च सप्तोपायाः प्रकीर्तिताः** (का.नी.)।

उपायनम् (नपुं.) [*उपपूर्वकात् अय गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सन्तुष्ट तुल्याउने उपहार २.नजिकै जानु ३.धर्मानुष्ठानमा लाग्नु ४.शिष्य बन्नु।

उपार्जनम् (नपुं.) [*उपपूर्वकाद् अर्ज उपार्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कमाइ/खेतीपाती आदिबाट हुने आम्दानी।

उपार्जितः (पुं.वि.) [*उपार्ज्यते स्म, उपपूर्वकाद् अर्ज उपार्जने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] कमाइएको/आर्जिएको। **उपार्जितानां वित्तानां त्याग एव हि रक्षणम्** (सुभा.)।

उपालभ्यः (पुं.वि.) [*उपलब्धुं योग्यः, उपपूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, पोरदुपधात् ३.१.९८ इति यत्, उपात्प्रशंसायाम् ७.१.६६ इति नुम्*] प्रशंसनीय।

उपालम्भः (पुं.) [*उप-आङ्पूर्वकाद् डु लभस् प्राप्तौ इति धातोः, भावेः ३.३.१८ इति घञ्, उपसर्गात् खल्घञोः ७.१.६७ इति नुम्*] १.निन्दा गर्नु २.निन्दा सहितको गाली ३.एकअर्कालाई भनाभन गर्नु।

उपावृतः (पुं.) [*उपावर्तते स्म, वृतु वर्तने इति धातोः, अकर्मकत्वात् ३.४.७२ क्तः*] भुइँमा लडिबडी गर्ने घोडा।

उपासकः (पुं.वि.) [*उपास्त इति, उपपूर्वकात् आस उपवेशे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.देवताको उपासना गर्ने व्यक्ति। उपासक पाँच प्रकारका हुन्छन्– वैष्णव, शाक्त, शैव, गाणपत्य र सौर। अर्को हिसावले उपासक तीन प्रकारका हुन्छन्– दिव्य, वीर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशु। प्रकारान्तरले यिनीहरू तीन प्रकारका हुन्छन्— सात्त्विक, राजस र तामस। २.सेवक।

उपासङ्गः (पुं.) [*उपासज्यन्तेऽत्र शराः, षञ्ज सङ्गे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] धनुषको वाण राख्ने ठोक्रो।

उपासनम् (नपुं.) १.[*उपपूर्वकात् आस उपवेशे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सेवा २.उपासना गर्नु/आराधना गर्नु ३.वाण चलाउने अभ्यास गर्नु।

उपासना (स्त्री.) [*उपासनम्, उपपूर्वकात् आस् धातोः ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, ततष्टाप् ४.१.४*] १.आराधना/देवताको पूजा २.निरन्तर उपवास बस्ने काम। **गायत्र्युपासना नित्या सर्ववेदैः समीरिता** (दे.भा.)।

उपासन्नः (पुं.वि.) [*आसन्नमुपगतः, प्रादिस.*] नजिकै पुगेको।

उपासितः (पुं.वि.) [*उपास्यते स्म, उपपूर्वकात् आस उपवेशने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.उपासना गरिएको २.सेवा गरिएको।

उपास्यः (पुं.वि.) [*उपासितुं योग्यः, उपपूर्वकात् आस उपवेशने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२ इति ण्यत्*] उपासना योग्य/आराधना गर्नुपर्ने।

उपाहितः (पुं.) [*उप आसन्नम् अहितं फलं यस्य सः, बहु.स.*] १.धूमकेतु आदि उत्पात २.आगाबाट भएको उत्पात ३.कसैमाथि लागेको आरोप।

उपाहितः (पुं.वि.) ४.[*उपाधीयते, क्तः ३.२.१०२ दधातेर्हिः ७.४.४२ इति हिः*] जोडिएको।

उपेक्षकः (पुं.वि.) [*उपेक्षत इति, उपपूर्वकाद् ईक्ष दर्शने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] उपेक्षा गर्ने/वास्ता नगर्ने/हेला गर्ने।

उपेक्षणीयः (पुं.वि.) [*उपेक्षितुं योग्यः, उपपूर्वकाद् ईक्ष दर्शने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] उपेक्षा गर्नुपर्ने/वास्ता गर्न नहुने।

उपेक्षा (स्त्री.) [*उपेक्षणम्, उपपूर्वकाद् ईक्ष दर्शने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] बेवास्ता/हेलचेक्र्याइँको भावना/अनादर।

उपेक्षितः (पुं.वि.) [*उपेक्ष्यते स्म, उपपूर्वकाद् ईक्ष दर्शने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] उपेक्षा गरिएको/अनादर गरिएको/तिरस्कृत।

उपेन्द्रः (पुं.) [*इन्द्रमुपगतः,अनुजत्वात्, प्रादिस.*] वामन अवतार/विष्णु। **उपेन्द्र इन्द्रावरजश्चक्रपाणिश्चतुर्भजः** (अमर.)।

उपेन्द्रवज्रा (स्त्री.) [*इन्द्रवज्रया, तदाख्यवृत्तेन उपमिता, समानवर्णत्वात्*] एक वार्णिक छन्द, यसका प्रत्येक पाउमा क्रमैले जगण, त गण जगण र दुई गुरु वर्ण— (।ऽ।, ऽऽ।, ।ऽ।, ऽऽ) को प्रयोग हुन्छ। पाँच र छ वर्णमा विश्राम हुन्छ। **उपेन्द्रवज्रा जतजास्ततो गौ** (छन्दो.)।

उपेयिवान् (पुं.वि.) [*उपैति स्म, उपपूर्वकात् इण् गतौ इति धातोः, उपेयिवाननाश्वाऽननूचानश्च ३.२.१०९ इति क्वसुः*] गमन गर्ने/सहवास गर्ने।

उपोढः (पुं.वि.) [*उपोह्यते स्म, उपपूर्वकाद् वह प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सङ्ग्रह गरिएको/जम्मा गरिएको २.नजिकै ल्याइएको ३.युद्धका लागि पङ्क्तिबद्ध तुल्याइएको ४.विवाह गरिएको।

उपोद्घातः (पुं.) [*उप-समीपे, उद्धननम्-ज्ञापनम्, उप-उद्पूर्वकाद् हन हिंसागत्योः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्रारम्भ/भूमिका २.उदाहरण ३.पृथकीकरण ४.ग्रन्थको पुष्पिका भाग/ग्रन्थलाई चिनाउने अंश।

उपोषणम् (नपुं.) [*उपपूर्वकाद् वस निवासे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ इत्यनः*] अहोरात्र भोजन नगर्नु। **उपोषणं नवम्याञ्च दशम्याञ्चैव पारणम्** (तिथितत्त्व)।

उपोषितः [*उपवसति स्म,कर्तरि क्तः*] उपवास गरेको। **उपोषितो द्वितीयेऽह्नि पूजयेत् पुनरेव ताम्** (तिथ्यादितत्त्व)।

उपोषितम् (नपुं) १.[*उपोषणम्, उपपूर्वकाद् वस निवासे इति धातोः, भावे क्तः*] उपवास।

उप्तः (पुं.वि.) [*उप्यते स्म, वप धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] रोपिएको।

उप्तकृष्टम् (नपुं.) [*उप्तं च तत् (पश्चात्) कृष्टं च, पूर्वकाल- २.१.४९ इति समासः*] पहिले बीज छरेर जोतेको जमिन।

उप्त्रिमः (पुं.वि.) [*वापेन वीजरोपणेण निर्वृत्तः, ड्वितः क्त्रिः ३.३.८८ इति क्त्रिः, क्त्रेर्मम् नित्यम् ४.४.२०. इति मम्, सम्प्रसारणम्*] रोपिएको/छरिएको।

उबुन्दिर् (धा.) [*निशामने सक. सेट्, उभ.*] राम्रोसँग जान्नु, संम्झनु। लट्— **बुन्दति-ते—** राम्रोसँग जान्दछ। लिट्— **बुबुन्द-दे—** राम्रोसँग जानेछ (अन.)।

उब्ज (धा.) [*आर्जवे, तुदा. पर.अक.सेट्*] सीधा व्यवहार गर्नु। लट— **उब्जति—** सिधा व्यवहार गर्छ। लिट्— **उब्जाञ्चकार—** सिधा व्यवहार गरेछ (अन.)इत्यादि।

उभ (धा.) [*पूरणे, सक.सेट्, पर.*] पूर्ण गर्नु, भर्नु। लट्— **उभति—** पूर्ण गर्छ। लिट्— **उबोभ—** पूर्ण गरेछ (अन.) इत्यादि।

उभ (त्रि.द्विव.) [*उ + भक्*] दुई/समासादि वृत्तिमा यसको प्रयोग देखिँदैन।

उभयः (पुं.वि.) [*उभौ अवयवौ यस्य, सः*] दुवै/दुइटै।

उभयकुशलः (पुं.) ज्योतिषशास्त्रका एक आचार्य। यिनी फलित ज्योतिषका विद्वान् थिए। यिनको समय वि.सं. १७३७ तिर हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनले विवाहपटल र चमत्कारचिन्तामणि नामक दुई ग्रन्थ लेखेका छन्।

उभयतः (अव्य.) [*उभयाभ्याम्, पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्*] दुर्वतर्फ/दुवैतिर।

उभयथा (अव्य.) [*उभयप्रकारेण, प्रकारवचने थाल् ५.३.३३ इति थाल्*] दुवै तरिकाले।

उभयद्युः (अ.) [*उभयस्मिन्नहनि, द्युश्चोभयाद्वक्तव्यः (वा.) ५.३.२२ इति साधुः*] दुवै दिन।

उभयनिष्ठः (पुं.वि.) [*उभययोर्निष्ठा यस्य सः, बहु.स.*] दुवै पक्षमा सम्मिलित भएको/दुवैतिर लागेको।

उभयपक्षीयः (पुं.वि.) [*उभयपक्षे भवः, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] दुवै पक्षसित सम्बन्ध भएको।

उभयम् (नपुं.) [*उभौ अवयवौ अस्य, सङ्ख्याया अवयवे तयप् ५.२.४२ इति तयप्, उभादुदात्तो नित्यम् ५.२.४४ इति अयच्*] दुवै/जोडी। **द्वयं द्वितयमुभयं यमलं युगलं युगम्। युग्मं द्वन्द्वं यमं द्वैतम्** (ध.ना.मा.)।

उभयलिङ्गम् (नपुं.) [*उभयं लिङ्गं यस्य तत्*] दुवै किसिमको लिङ्ग हुने।

उभयार्थकः (पुं.वि.) [*उभयोऽर्थो यस्य सः, बहु.स.*] दुई अर्थ लाग्ने।

उभयेद्युः (अव्य.) [*उभयोरह्नोः, पूर्वान्यान्यतरेतरापराधरोभयोत्तरेभ्य एद्युश्च (.वा.) ५.३.२२ इति एद्युस्, गुणः, सस्य रुत्वविसर्गौ*] दुवै दिन।

उम् (अव्य.) [*उ-डुम्*] १.रोग २.प्रश्न ३.स्वीकार।

उमा (स्त्री.) [*उम् शिवम् माति पतित्वेन मन्यते इति, उपूर्वकाद् माङ् माने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, टाप् ४.१.४*] १.पार्वती/शिवपत्नी २.[*उङ् शब्दे इति धातोः, विभाषा तिलमाषोमा— ५.२.४ इति निपातनान्मक्, टाप् ४.१.४*] हलेदो ३.कीर्ति ४.कान्ति ५.आलस। **उमा गौर्यां हरिद्रायां कीर्तिकान्त्यतसीषु च** (विश्व.)।

उमाधवः (पुं.) [*उमायाः धवः, ष.त.*] शिवजी। यस्तै उमाकान्त, उमेश आदि शब्दहरू।

उमापतिः (पुं.) १.[*उमायाः पतिः, ष.त.*] शिवजी। २.एक प्रसिद्ध कवि। यिनले शिवस्तुति, वीरविंशतिका, पारिजातहरणजस्ता कृतिहरू रचेका छन्। वीरविंशतिकामा हनुमान्को स्तुति छ। पारिजातहरण महाकाव्य हो। यसमा २२ सर्ग छन्। हरिवंश पुराणको पारिजातहरणसँग सम्बद्ध कथानकलाई आधार बनाएर यस महाकाव्यको रचना भएको छ। यसमा मुख्य रस शृङ्गार छ। कोमलकान्त पदावलीको प्रयोग भएको छ।

उमासुतः (पुं.) [*उमायाः सुतः, ष.त.*] १.गणेश २.कार्तिक-स्वामी।

उमास्वातिः (पुं.) जनैदर्शनका आचार्य। यिनको समय वि.सं. को प्रारम्भकाल मानिन्छ। यिनका ग्रन्थहरूमा तत्त्वार्थसूत्र मुख्य छ।

उम्भ (धा.) [*पूरणे, सक.सेट्, पर.*] भर्नु। लट्— **उम्भति—** पूर्ण गर्छ। लिट्— **उम्भाञ्चकार—** पूर्ण गरेछ (अन.) इत्यादि।

उम्यम् (नपुं.) [*उम्यम्, औमीनम्*] आलस पैदा हुने जमिन।

उर (धा.) [*गतौ सौत्रः*] हिँड्नु। लट्— **ओरति—** हिँड्छ। लुङ्— **औरीत्—** हिँड्यो इत्यादि।

उरः (नपुं.) [*ऋ गतौ इति धातोः, अर्तेरुच्च (उ.) ६४४ इति असुन् उकारादेशश्च*] छाती/वक्षस्थल। **उरो वक्षसि मुख्ये स्यात्** (हैम.)।

उरःसूत्रिका (स्त्री.) [*उरसः सूत्रमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप् ४.१.४ इत्वम्*] मोतीको हार/छातीमा लगाउने सिक्री।

उरगः (पुं.) [*उरसा गच्छति, गम्लृ गतौ इति धातोः, उरसो लोपश्च (वा.) ३.२.४८ इति डः*] १.सर्प २.अश्लेषा नक्षत्र।

उरगाशनः (पुं.) [*उरगमश्नाति, अश भोजन इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] गरुड।

उरङ्गः (पुं.) [*उरसा गच्छति, गम्धातोर्डः,निपातनात् सिद्धम्*] सर्प।

उरङ्गमः (पुं.) [*उरसा गच्छति, गम्धातोः खच्, मुम्*] सर्प।

उरच्छदः (पुं.) [*उरः वक्षस्थलं छाद्यतेऽनेन, उरस्पूर्वकात् छद आच्छादने इति धातोः, णिचि ,पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, ह्रस्वः*] कवच/लडाइँमा छाती जोगाउन लगाइने विशेष किसिमको लुगा।

उरणः (पुं.) [*ऋ गतौ इति धातोः, अर्तेः क्युरुच्च (उ.() ७०५ इति क्युः, उकारादेशश्च*] १.भेडो २.मेघ।

उरणाक्षः (पुं.) [*उणस्य मेषस्य अक्षीव अक्षिर्यस्य सः, बहु.स.*] १.भेडाको जस्तो आँखा भएको २.दादको औषधि।

उरणाख्यः (पुं.) [*उरणस्य मेषस्याख्याऽस्य*] ताप्रे।

उरभ्रः (पुं.) [*उरु उत्कटं भ्रमति, उरुपूर्वकाद् भ्रमु चलने इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) इति डः, पृषोदरादित्वात्साधुः*] भेडो।

उररी (अव्य.) [*ऊयते, ऊयी तन्तुसन्ताने बाहुलकाद् ररीक्, सम्प्रसारणश्च*] १.विस्तार २.स्वीकार/अङ्गीकार।

उररीकृतः (पुं.वि.) [*उररीपूर्वकाद् डु कृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.स्वीकृत/अङ्गीकृत २.विस्तार गरिएको।

उरव्यः (पुं.) [*ब्रह्मण ऊर्वोर्भवः, शरीरावयवाद्यत् ४.३.५५ इति यत्*] वैश्य/बनिया।

उरश्छदः (पुं.) [*उरश्छाद्यतेऽनेन, छद अपवारणे इति धातोः, पुंसि- ३.३.११८ इति घः। छादेर्घे— ६.४.९६ इति ह्रस्वः*] कवच।

उरसिजः (पुं.) [*उरसि जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, सप्तम्या अलुक्*] आइमाइको स्तन/आइमाइको दुध। **परिपस्पृशिरे चैनं पीनैरुरसिजैर्मुहुः** (रामा.)।

उरसिलः (पुं.वि.) [*प्रशस्तमतिशयितं वा उरो यस्य, विशालत्वात् पिच्छादित्वात् ५.२.१०० इलच्*] चौडा छाती भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उरस्कटः (पुं.) [*उरः कट्यते आव्रियतेऽनेन, कटे वर्षावरणयोः इति धातोः, घञर्थे कविधानम् (वा), इति कः*] राले/बालकले छातीमा लगाउने लुगा।

उरस्त्रम् (नपुं.) [*उरो वक्षस्थलं त्रायत इति, उरस्पूर्वकाद् त्रैङ् त्राणे इति धातोः, आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] छातीलाई रक्षा गर्ने कवच।

उरस्यः (पुं.) [*उरसा निर्मितः, उरसोऽण् च ४.४.९४ इति यत्*] आफूबाट पैदा भएको/पुत्र।

उरस्वान् (पुं.वि.) [*प्रशस्तमुरोऽस्य, उरस् शब्दात् तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मादुपधाया– ८.२.९ इति वः*] फराकिलो छाती भएको।

उरी (अव्य.) [*वेञ् धातोः, रीक्प्रत्ययः*] १.स्वीकार/अङ्गीकार २.विस्तार।

उरीकारः (पुं.) [*उरीकरणम्, उरीपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.स्वीकार २.विस्तार।

उरीकृतः (पुं.वि.) [*उरीक्रियते स्म, उरीपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.स्वीकृत/अङ्गीकृत २.विस्तार गरिएको।

उरुः (पुं.वि.) [*ऊर्णोत्याच्छादयत्यल्पानिति, उर्णूञ् आच्छादने इति धातोः, महति ह्रस्वश्च (उ.) ३१ इति सूत्रेण कुप्रत्यये धातोरूकारस्य ह्रस्वश्च*] ठुलो/विशाल।

उरुक्रमः (पुं.) [*उरुः (विशालः) क्रमः (पादविच्छेपः) यस्य सः, बहु.स.*] विष्णु।

उरुबली (पुं.वि.) [*उरुबलमस्त्यस्य, उरुपूर्वपदाद् बलशब्दात् बलात् (वा) ५.२.१३५ इति इनिः*] तिघ्रामा बल भएको/भारी बोक्न सक्ने।

उरुभङ्गः (पुं.) संस्कृत साहित्यको प्रसिद्ध एक नाटक। यसका रचयिता महाकवि भास हुन्। महाभारतमा वर्णित भीमद्वारा गरिएको दुर्योधनको उरुभङ्गको कथालाई लिएर यस नाटकको रचना भएको छ। यो दुःखान्त नाटक हो। यसमा एउटै अङ्क छ। कालान्विति र स्थानान्वितिको यसमा पालाना भएको छ। यसमा कविले दुर्योधनको चरित्रलाई बढी प्रखर र उज्ज्वल बनाएका छन्। रङ्गमञ्चमा नायकको मृत्यु देखाइएको हुँदा यो नाटक शास्त्रीय दृष्टिकोणले अनौचित्यपूर्ण मानिन्छ।

उरुविदारम् (नपुं.) [*उरोः विदार्य, परिक्लिश्यमाने च ३.४.५५ इति णमुल्*] १.छाती चिरेर २.छाती पनि चिरिने गरेर/छातीमा बाधा पुग्ने गरी।

उरुवूकः (पुं.) [*उरुं महान्तं वायुं वायति, ओवै शोषणे इति धातोः, उलूकादयश्च (उ.) ४.४१ इत्यूकः*] अँडिर।

उरोजः (पुं.) [*उरसि जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] स्त्रीजातिको स्तन।

उर्द (धा.) [*माने क्रीडायाश्च, अक.सेट् आत्मने.*] नाप्नु, गन्नु, खेल्नु। लट्– **उर्दते**– नाप्छ, गन्छ, खेल्छ। लिट्– **उर्दाञ्चक्रे**– नापेछ, गनेछ, खेलेछ (अन.)। लुट्– **उर्दिता**– नाप्ने छ, खेल्ने छ, गन्ने छ (अन.)। लृट्– **उर्दिष्यते**– नाप्ने छ, खेल्ने छ, गन्ने छ। इत्यादि।

उर्द्रः (पुं.) [*उर्दते, उर्द क्रीडायाम् इति धातोः, रक्*] पानी बिरालो।

उर्वरा (स्त्री.) [*उरुपूर्वकात् ऋ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] प्रशस्त अन्न उत्पादन हुने। **उर्वरा तु भूमात्रे सर्वसस्याढ्यभुव्यपि** (हैम.)।

उर्वशी (स्त्री.) [*उरून् महतोऽपि अश्नुते व्याप्नोति वशीकरोति, कर्मण्यण् ३.२.१ इत्यण्, संज्ञापूर्वकस्य विधेरनित्यत्वान्न वृद्धिः, ङीप्*] १.अप्सराविशेष। २.नदीविशेष।

उर्वारुः (पुं.) [*उरुपूर्वकात् ऋ गतौ इति धातोः, टाप् ४.१.४ उण्*] सानो काँक्रो।

उर्वी (धा.) [*हिंसायाम्, सक.सेट् पर., ईदित्*] पिट्नु। लट्– **उर्वति**– पिट्छ। लिट्– **उर्वाञ्चकार**– पिटेछ (अन.)। लुट्– **उर्विता**– पिट्ने छ (अन.)। लृट्– **उर्विष्यति**– पिट्ने छ।

उर्वी (स्त्री.) [*ऊर्णोति, व्याप्नोति, ऊर्णुञ् आच्छादने इति धातोः, कुः, नलोपो ह्रस्वश्च, ततो ङीष्*] पृथ्वी। **अनन्यशासनामुर्वी शशासैकपुरीमिव** (रघु.)। **~पतिः** (पुं.) [*उर्व्याः पतिः, ष.त.*] पृथ्वीका पति/राजा। **~धरः** (पुं.) [*उर्व्या धरः, ष.त.*] पर्वत।

उलपः (पुं./नपुं.) [*वलति,वल संवरणे इति धातोः,विटपविष्टप विशिपोलपाः (उ.) इति कपन्प्रत्ययः,सम्प्रसारणम्*] १.आँकुरा लागेर झाङ्गिने लहरा २.झारविशेष। **उलपस्तु गुल्मिनीतृणभेदयोः** (हैम.)।

उलूकः (पुं.) [*वलतेऽसौ, वल संवरणे इति धातोः, उलूकादयश्च (उ.) ४८९ संप्रसारणम्, ऊकश्च*] १.लाटोकोसेरो २.इन्द्र ३.विश्वामित्रका पुत्र।

उलूखलम् (नपुं.) [*ऊर्ध्वं च तत् खं च, ऊर्ध्वखं लाति, आतोऽनुप– ३.२.४ इति कः, पृषोदरादिः ६.३.१०९*] १.खोल २.गोकुलधूप। **उदूखलं गुग्गुलौ स्यादुलूखलेऽपि न द्वयोः** (मेदिनी.)।

उलूखलकम् (नपुं.) [*उलूखलमिव, उलूखलशब्दात् संज्ञायां कन् ५.३.८७ इति कन्*] खल/मसला पिस्ने भाँडो।

उलूखलिकः (पुं.वि.) [*उलूखले जातः तत्र जातः ४.३.२५ इति ठक्, ठस्येकः*] ओखलमा पिंधेको।

उलूपी (पुं.) [*ओः शम्भो रूपमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः, रलयोरैक्यम्*] १.सौंस नाम गरेको माछो २.(स्त्री.) वभ्रुवाहनकी आमा।


(उल्का)

उल्का (स्त्री.) [*ओषति दहतीति, उष दाहे इति धातोः, शुकवल्कोल्काः (उ.) ३२९, इति कः, षस्य लः*] १.तेजको पुञ्ज २.कहिले काहिं आकाशमा देखिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुरुन्त बिलाउने ज्योतिः पिण्ड। यिनीहरूलाई तारा खसेको भन्ने चलन छ। यिनीहरू तारा होइनन्। ताराहरू ज्यादै टाढा छन्। ताराको प्रकाश पृथ्वीसम्म आइपुग्न त कैयौं प्रकाशवर्ष लाग्छ भने ताराको चोइटो पृथ्वी वा अन्तरीक्षसम्म आउने सम्भावना नै छैन। वस्तुतः हाम्रो अन्तरीक्षमा साना साना थुप्रै पिण्डहरू हिँडिरहेका हुन्छन्। तिनीहरू ठन्डा भएपछि पृथ्वीको गुरुत्वाकर्षणको क्षेत्रभित्र प्रवेश गर्दछन्। पृथ्वीको अकर्षण शक्तिले गर्दा ती पिण्डहरू हुत्तिएर पृथ्वीतर्फ आउँछन्। पृथ्वीको वायुमण्डलमा आएपछि तातेर तिनीहरू पुग्दछन्, ग्याँस निक्लन्छ। त्यसको उज्यालो र आबाज पृथ्वीसम्म पनि आइपुग्छ। केही उल्का पिण्ड कहिलेकाहीँ वायुमण्डलमा नष्ट हुन नसकेर पृथ्वीसम्म पनि आइपुग्छन्। आकाशमा करोडौँ उल्कापिण्ड छन्। पृथ्वीबाट तिनीहरूको दूरी ८० कि.मि. देखि ११२ किलोमिटरसम्म छ। यिनीहरूले सूर्य वा पृथ्वीलाई भ्रमण गर्ने निश्चित मार्ग छ। त्यसैमा यिनीहरू ६४ कि.मि. प्रतिसेकेन्डका दरले हिँडिरहेका हुन्छन्। कहिलेकाहीँ यिनीहरूको गति बढेर १६० किलोमिटर प्रतिसेकेन्ड सम्म पनि पुगेको हुन्छ। उल्कापिण्ड तीन किसिमका हुन्छन्- (क) पृथ्वीको वायुमण्डलमा घर्षण भएर बाटैमा बिलाउने पिण्ड। यस्ता पिण्ड पृथ्वीसम्म आइपुग्दैनन्, यिनीहरूलाई टुटेका तारा Shooting Stars भन्दछन्। (ख) वायुमण्डलको घर्षणबाट पनि नष्ट हुन नसकेर पृथ्वीसम्म आइपुग्ने पिण्ड। यिनीहरूलाई उल्काप्रस्तर Neteorites भनिन्छ। यो पृथ्वीमा खस्दा निकै क्षति हुन्छ। ३० जुन, १९०८ ई. मा साइबेरियाको जङ्गलमा १३० टनको उल्कापत्थर खसेको थियो। त्यहाँ ८० किलोमिटर सम्मका सबै घर भत्किए। ठुला खाडलहरू वने। २५६० वर्गकिलोमिटर जमिन जलेर विरुवापात नउम्रने अवस्थामा पुग्यो। कैयौँ पशु र मानिस मरे। तिनीहरूको लास पनि फेला पर्न सकेन। ३० अगस्त १९२० ई.मा इलहाबाद नजिकै उल्कापिण्ड खस्यो। भारतमा खसेका उल्कापिण्डहरूको संग्रहालय कलकत्तामा छ। यसमा ५६ किलोग्रामसम्मका उल्कापिण्ड राखिएका छन्। यो संग्रहालय एसियाकै अद्वितीय मानिन्छ। १९३० ई. मा फ्रान्समा तीन हजार जति उल्कापिण्ड खसे। हालसम्म उपलब्ध उल्कापिण्डमध्ये सबैभन्दा ठुलो उल्कापिण्ड (३७टनको) न्यूयोर्कको संग्रहालयमा छ। यिनमा कुनै शुद्ध फलामले बनेका, कुनैमा फलाम र पत्थर मिसिएका र कुनै पत्थरकामात्र पनि छन्। युनानमा डायनाको मूर्ति उल्कापिण्डको पत्थरबाट वनेको छ। (ग) आकाशमैं फुटेर धुलोपिठो हुने पिण्ड। यिनलाई अग्निपिण्ड Fire Balls भनिन्छ। अगस्त र नोबेम्बर महिनामा पृथ्वी उल्कापथ हुँदै आफ्नो मार्गमा हिँडिरहेको हुन्छ। त्यस बखत पृथ्वीमा बढी उल्कापात हुन्छ। ३.मसाल ४.अग्नि ५.दशा ६.अचम्म लाग्दो घटना ७.सूर्य। **~धारी** (पुं.) [*उल्कां धारयति, उल्का धृञ् धारणे इति धातोः णिनिः*] राँको लिएर हिँड्ने। **~पातः** (पुं.) [*उल्कायाः पातः, ष.त.*] आकाशबाट झरेर आकाशमा नै बिलाउने वा यदाकदा पृथ्वीसम्म आइपुग्ने गरी भएको तेजपिण्डको पतन। **~मुखः** (पुं.) [*उल्कामयं मुखं यस्य सः, बहु.स.*] एक राक्षस। **~ह्रदः** (पुं.) [*उल्कया सञ्जातो ह्रदः, तृ.त*] उल्का खसेको पोखेरी/तारापोखरी।

उल्कापिण्डः (पुं./नपुं.) [*उल्कायाः पिण्डः, ष.त.*] कहिलेकाहीँ आकाशमा देखिएर तुरुन्त बिलाउने पिण्ड। प्रतिदिन थुप्रै उल्कापिण्डहरू पृथ्वीतिर झरिरहेका हुन्छन्। तीमध्ये अधिकांश पिण्ड बिचमै नष्ट हुने हुँदा ती सबै उल्का खसेको महसूस हामीलाई हुँदैन। कुनै कुनै उल्कापात मात्र हामी देख्न र सुन्न सक्छौँ। हे. **—उल्का**।

उल्मुकम् (नपुं.) [*उष दाहे, इति धातोः, उल्मुकदर्विहोमिनः (उ.) ३७१ इति मुक् प्रत्ययः*] १.अगुल्ट्ये २.(पुं.) वृष्णीवंशका एक राजा। **उल्मुको निशठश्चैव वीरश्चाङ्गाहवास्तथा** (म.भा.)।

उल्लसितः (पुं.वि.) [*उत्पूर्वकात् लसधातोः क्तः*] १.सुशोभित २.तरलित ३.आन्दोलित।

उल्लाघः (पुं.) [*उल्लाघनम्, उत्पूर्वकात् लाघृ सामर्थ्ये इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सामर्थ्य २.नैपुण्य ३.हृष्टता ४.पवित्रता ५.निरोगिता।

उल्लाघः (पुं.वि.) [*उल्लाघते स्म, लाघृ सामर्थ्ये इत्यस्मात्, गत्यर्था ३.४.७२ इति क्तः, उल्लाघ्यते स्म इति वा। अनुपसर्गात्फुल्ल ८.२.५५ इति साधुः*] १.रोगबाट मुक्त २.निपुण ३.पवित्र ४.प्रसन्न। **उल्लाघो निपुणे हृष्टे शुचिनीरोगयोरपि** (हैम.)।

उल्लापः (पुं.) [*उललाप्यते, उद्पूर्वकाद् लप धातोः, भावे ३.३.१८ इति घञ्*] १.शोक रोग आदिबाट पैदा हुने ध्वनिको विकार। **खलूल्लापाः सोढा कथमपि तदाराधनपरैः** (भर्तृ.) २.काकुवाक्य।

उल्लाप्यः (पुं.) उपरूपकको एक भेद। यसमा एक अङ्क हुन्छ, धीरोदात्त नायक हुन्छ, दिव्य कथावस्तुको प्रयोग हुन्छ। यसमा चार नायिका हुन्छन्। शृङ्गार, करुण र हास्यरसमध्ये कुनै एकको प्राधान्य हुन्छ। अरू अङ्गरसका रूपमा आउँछन्। यसमा युद्धको बाहुल्य हुन्छ। कुनै आचार्यले यसमा तीन अङ्क हुन्छ भनेका छन्।

उल्लासः (पुं.) १.आनन्द २.प्रकाश ३.ग्रन्थको परिच्छेद विशेष जस्तै— काव्यप्रकाशको प्रथम उल्लास ४.एक अर्थालङ्कार। एउटाको गुण अथवा दोषले गर्दा अर्कोमा गुण अथवा दोष भएको विषयलाई चमत्कारपूर्ण शैलीमा वर्णन गर्दा यो अलङ्कार पर्छ।

उल्लिखितः (पुं.वि.) [*उल्लिख्यते स्म, उत्पूर्वकात् लिखधातोः क्तः*] १.माथि लेखिएको २.उत्कीर्ण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लुण्ठनम् (नपुं.) [*उल्लुण्ठ्यते इति, उत्पूर्वकाद् लुठि आलस्ये प्रतिघाते च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.श्लेष वाक्य २.उखेल्नु ३.लुट्नु।

उल्लेखः (पुं.) [*उत्पूर्वकाद् लिख अक्षरविन्यासे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.वर्णन २.लेख्ने काम ३.सादृश्यगर्भ अभेदप्रधान आरोपमूलक अर्थालङ्कारको एक भेद। एउटै विषयलाई अनेक ढङ्गले उल्लेख गर्दा पर्न जाने एक अलङ्कार।

उल्लेखनम् (नपुं.) [*उत्पूर्वकाद् लिख अक्षरविन्यासे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] वर्णन वा उल्लेख गर्ने काम।

उल्लोचः (पुं.) [*ऊर्ध्वं लोचति पश्यति, उर्ध्वमुखतया, उद्पूर्वकाद् लोचृ दर्शने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चँदुवा २.तम्बू वा पाल।

उल्लोलः (पुं.) [*उल्लोलयति, लोड्ट उन्मादे इति धातोः, णिचि ३.१.२६, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, डस्य लः*] १.ठुलो तरङ्ग २.(पुं.वि.) आतशय चञ्चल।

उल्वम् (नपुं.) [*उल्लीयत इति उत्पूर्वकाद् लीङ् श्लेषणे इति धातोः, उल्वादयश्च (उ.) इति साधुः, पृषोदरादित्वाद् वत्वम्*] गर्भलाई बेरेर राख्ने छाला। **यथोल्वेनावृतो गर्भस्तथा तेनेदमावृतम्** (भ.गी.)।

उल्वणम् (नपुं.) [*उद्वणति, उत्पूर्वकाद् वण शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ अच्, पृषोदरादित्वा त्साधुः*] १.व्यक्त/स्पष्ट २.प्रकाश ३.विना अड्चन।

उशती (स्त्री.) [*वशधातोः शतृप्रत्यये ङीप्*] अकल्याणकारी वचन। **उशती वागकल्याणी** (अमर.)

उशनाः (पुं.) [*वश कान्तौ इति धातोः, वशेः क्नसिः (उ.) ६८८ इति क्नसिः, ग्रह्यादित्वात्सम्प्रसारणम्*] १.शुक्राचार्य/दैत्यगुरु २.शुक्र ग्रह। **उशना भार्गवः कविः** (अमर.१.३.२५)।

उशीरः (पुं./नपुं.) [*उश्यते काम्यते तत्, वसे किच्च (उ.) इति ईरन्*] खसखस।

उशीरम् (नपुं.) [*वीरणस्य मूले, उश्यते, वश कान्तौ इति धातोः, वशेः किच्च (उ.) ४.३१ इतीरन्*] उशीर।

उष (धा.) [*दाहे, सक.सेट्, पर.*] डढ्नु। लट्– **ओषति**– डढ्छ। लिट्– **ओषाञ्चकार-उवोष**– डढेछ (अन.)। इत्यादि।

उषः (पुं.) १.[*उष्यते प्रातः, उदीयते इति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] बुध ग्रह। २.(नपुं.) [*ओषत्यन्धकारम्, उष दाहे इति धातोः, उषः किच्च (उ.) ४.२३४ इत्यसिः*] बिहान/उषाकाल।

उषणा (स्त्री.) [*ओषतीति, उष दाहे इति धातोः, बाहुलकात् क्युन् (उ.) २.७८*] १.मरीच २.पिपला ३.सुठो।

उषर्बुधः (पुं.) १.[*उषसि सन्ध्यायां बुध्यते, होमार्थं प्रज्वलति, उष दाहे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, अहरादीनां पत्यादिषु वा रेफः (वा. ८.२.७० इति रेफः*] अग्नि २.[*उषसि प्रातः काले बुध्यते उदीयते इति*] बुध ग्रह।

उषसी (स्त्री.) [*उषं दिवसं स्यति नाशयति, उषपूर्वकाद् षोऽन्तकर्मणि इति धातोः, कः, ततो ङीप्*] सायङ्काल।

उषस्यः (पुं.वि.) [*उषसि भवः,वाय्वृतुपित्रुषसो यत् ४.२.३१ इति यत्*] उषाकालमा भएको।

उषा (स्त्री.) [*उष दाहे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३ १.१३५ इति कः, टाप् ४.१.४*] १.बिहानीपख/सूर्योदयभन्दा अगाडि ५ घडीको समय २.बाणासुरकी छोरी/अनिरुद्धकी पत्नी। **~कालः** (पुं.) [*उषायाः कालः, ष.त.*] सूर्योदयभन्दा पूर्व ५ घडीसम्मको समय/बिहानीपख/सखारै। **~पतिः** (पुं.) [*उषायाः पतिः, ष.त.*] अनिरुद्ध, यस्तै उषाकान्त आदि। यो दीर्घादि पनि छ। जस्तै– ऊषा।

उषितः (पुं.वि.) १.[*उष्यते स्म इति उष दाहे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, सम्प्रसारणम्*] डढेको २.बासी ३.[*वस निवासे इति धातोः, कर्तरि क्तः*] बसेको/रहेको। **उषितं व्युषिते प्लुष्टे** (हैम.)।

उषितम् (नपुं.) [*उष्यते स्म वस निवासे इति धातोः नपुंसक भावे क्तः इति क्तः, संप्रसारणम्, वसतिक्षुधो रिट् ७.२.५२ इति इडागमः, शासिवसिघसीनाञ्च ८.३.६० इति षत्वम्*] बसाइ।

उष्ट्रः (पुं.) [*उष दाहे इति धातोः, उषिखनिभ्यां कित् (उ.) ६११ इति ष्ट्रन्, कित्*] ऊँट।

उष्ट्रकः (पुं.) [*उष्ट्र इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] उँटजस्तो प्राणी।

उष्णः (पुं.वि.) [*उष्णत्वं शीघ्रकारित्वमस्त्यस्य, अर्शाद्यच्*] १.तातो। **उष्णो दहति चाङ्गारः शीतः कृष्णायते करम्** (प.त.) २.उत्साही/जाँगरिलो/चलाख/चतुर ३.(पुं.) [*ओषति, दाहयति, तापयति, उष दाहे इति धातोः नक्*] ग्रीष्म ऋतु ४.सूर्य ५.अग्नि ६.प्याज।

उष्णकः (पुं.वि.) [*उष्णं करोति, शीतोष्णाभ्यां कारिणी ५.२.७२ इति कन्*] १.छिटो काम गर्ने/फुर्तिलो २.क्रुद्ध/रिसाहा ३.(पुं.) ग्रीष्मकाल ४.ज्वरो।

उष्णङ्करणम् (नपुं.) [*अनुष्णमुष्णं क्रियते इति उष्णभद्रयोः करणे (वा.) इति मुम्*] १.तताउनु/सेकाउनु २.जागृत तुल्याउनु।

उष्णनदी (स्त्री.) [*उष्णा चासौ नदी च, कर्म.स.*] १.वैतरणी नदी/यताबाट हेर्दा दक्षिणतिर आकाश गङ्गामा मिसिन आएजस्तो देखिने नदी आकारको तारापुञ्ज २.पुराणमा वर्णित यमलोकको एक नदी ३.तातो पानी भएको नदी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उष्णभोजी (पुं.वि.) [*उष्णं भोक्तुं शीतलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] तात्तातै खाने।

उष्णरश्मिः (पुं.) [*उष्णा रश्मयो यस्य सः, बहु.स.*] सूर्य।

उष्णवारणः (पुं.) [*उष्णं वारयति अनेन*] छाता।

उष्णा (स्त्री.) [*उष्यते दह्यते यया सा, उष दाहे इति धातोः, इण्सिञ् इति नक्, टाप्*] १.क्षयरोग २.सन्ताप ३.पित्त।

उष्णांशुः (पुं.) [*उष्णा अंशवः किरणा यस्य सः, बहु.स.*] सूर्य।

उष्णालुः (पु. वि.) [*उष्णं न सहते, शीतोष्णतृप्रेभ्यस्तदसहने (वा) ५.२.१२१ इति आलुप्रत्ययः*] गर्मी वा तातो सहन नसक्ने।

उष्णासहः (पुं.) [*उष्ण आतप आसह्यते यत्र सः, बहु.स.*] १.हेमन्त ॠतु २.(पुं.वि.) [*सहते इति पचाद्यच्, न सहः, असहः, उष्णस्य असहः, ष.त.*] तातो सहन सक्ने।

उष्णिक् (स्त्री.) [*उत्स्निह्यति, उदुपसर्गकात् ष्णिह बन्धने इति धातोः, ॠत्विग्दधृक् ३.२.५९ इति क्विन्, निपातनादु पपसर्गान्त्यलोपः*] सात अक्षरको पाउ भएको छन्दविशेष।

उष्णिका (स्त्री.) [*अल्पमन्नमस्यां सा, ब्राह्मणकोष्णिके संज्ञायाम्, इति कन्, निपातनादन्नशब्दस्योष्णादेशः, टाप् इत्वम्*] हलुवा। **यवागूरुष्णिका श्राणा विलेपी तरला च सा** (अमर.२.९.५०)।

उष्णीषः (पुं./नपुं.) [*उष्णमिषते हिनस्ति इष दाहे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः,पररूपम्*] १.एक प्रकारको टोपी/पाग २.पगरी ३.मुकुट।

उष्णोदकम् (नपुं.) [*उष्णञ्च तदुदकञ्च, कर्म.स.*] तातो पानी। **उष्णोदकञ्च वह्निश्च नान्यतः शुद्धिमर्हतः** (स्मृति)।

उष्णोपगमः (पुं.) [*उष्णस्योपगमोऽत्र*] ग्रीष्म ॠतु। **निदाघ उष्णोपगम उष्ण ऊष्मागमस्तपः** (अमर.१.४.१८)।

उस्रः (पुं.) [*वसन्ति स्म अस्मिन्, वस निवासे इति धातोः, स्फायितञ्चि (उ.) १७८ इति रक्, यजादित्वात् ६.१.१५ सम्प्रसारणम्, न रपर ८.३.११० इति षत्वाभावः*] १.किरण २.साँढे ३.[*वसति नभसि*] सूर्य ४.लताविशेष ५.अश्विनीकुमार। **उस्रो वृषे च किरणे** (मेदिनी.)।

उस्रा (स्त्री.) [*वसति क्षीरमस्याम्, वस निवासे इति धातोः, स्फायितञ्चि (उ) १७८ इति रक्, वचिस्वपि ६.१.१५ इति वस्य उः, न रपर ८.३.११० इति षत्वाभावः*] गाईविशेष/कामधेनु। **गौरुस्रा माता च शृङ्गिणी** (अमर.२.९.६६)।

उह (अव्य.) [*उ च ह च, द्व.स*] १.सम्बोधन जनाउने शब्द २.निश्चयार्थक शब्द।

उहिर् (धा.) [*अर्दने, सक.सेट् पर.,इरित्*] पीडा दिनु। लट्– **ओहति–** पीडा दिन्छ। लिट्– **उवोह–** पीडा दिएछ (अन.)। इत्यादि।

उह्यमानः (पुं.वि.) [*वह प्रापणे एति धातोः कर्मणि शानच्*] धारण गरिँदै गरेको, बोकिँदै गरेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊ

ऊ देवनागरी लिपिको वर्णमालाअनुसार छैठौँ स्वर वर्ण/ ओष्ठस्थानबाट उच्चारण हुने दीर्घ ऊकार। यो दीर्घ र प्लुत दुई प्रकारको हुन्छ। उदात्त, अनुदात्त र स्वरित तथा प्रत्येकको अनुनासिक र निरनुनासिकका भेदले यो बाह्र प्रकारको हुन्छ।

ऊः (पुं.) [*अवतीति, अव रक्षणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, सम्प्रसारणम्*] १.महादेव २.चन्द्रमा ३.(पुं.वि.) पालना गर्ने।

ऊ (अव्य.) १.वाक्यको आरम्भ २.रक्षा ३.अनुकम्पा ४.सम्बोधन। **ऊ वाक्यारम्भरक्षानुकम्पास्वपि च दृश्यते** (मेदिनी.३४.५)।

ऊढः (पुं.वि.) [*वहधातोः क्तः*] १.विवाहित २.धारण गरेको।

ऊढा (स्त्री.वि.) [*वहधातोः क्तः, टाप्*] १.विवाहिता २.भार्या (हेम.) ३.धारण गरेकी।

ऊढिः (स्त्री.) [*वहधातोर्भावे क्तिन्*] विवाह।

ऊतः (पुं.वि.) [*वेञ्धातोः क्तः*] १.लुगा बनेको २.फैलिएको ३.[*अवधातोः क्तः,ज्वरत्वर इति ऊठ्*] रक्षा गरिएको।

ऊतम् (नपुं.) [*वेञ्धातोः क्तः*] सिएको कपडा/कोट,कमेज, कुर्था आदि। **ऊतं स्यूतमुतञ्चेति त्रितयं तन्तुसन्ततेः** (अमर. ३.१.१०१)।

ऊतिः (स्त्री.) १.[*ऊनम्, ऊयी तन्तुसन्ताने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] सिउनु/सिलाउनु। २.[*अवति, अव रक्षणे इति धातोः, ऊतियूतिसातिहेतिकीर्तयश्च ३.३.९७ इति क्तिन्, ज्वरत्वर २.६.५४ इत्युठ्*] रक्षा ३.लीला ४.चुहावट/प्रस्रवण।

ऊधः (नपुं.) *उन्दी क्लेदने इति धातोः सर्वधातुभ्यो ऽसुन् (उ.) ६३८ इति असुन् (उ.) ४.१८९ ऊधसोऽनङ् ५.४.१३१ इत्यादि निर्देशादूधादेशः*] कल्चौँडो/नारी तथा स्त्रीपशुहरूको दुधको फाँचो।

ऊधस्यम् (नपुं.) [*ऊधसि भवम्, शरीरावयवाच्च ४.३.६२ इति यत्*] दुध।। **गोरसं क्षीरमूधस्यं स्तन्यं पुसवनं पयः**। (अभि.चि.)

ऊन (धा.) [*परिहाणे, चुरा. सक.सेट्, उभ.*] कम गर्नु, घटाउनु, संक्षेप गर्नु। लट्– **ऊनयति-ते–** कम गर्छ, घटाउँछ, संक्षेप गर्छ। लिट्– **ऊनयाञ्चकार-चक्रे–** कम गरेछ, घटाएछ, संक्षेप गरेछ (अन.)। लुट्– **ऊनयिता–** कम गर्ने छ, घटाउने छ, संक्षेप गर्ने छ (अन.)। लृट्– **ऊनयिष्यति-ते–** कम गर्ने छ, घटाउने छ, संक्षेप गर्ने छ। लोट्– **ऊनयतु-ताम्–**कम गरोस्, घटाओस्, संक्षेप गरोस्। लङ्– **औनयत्-त–**कम गऱ्यो, घटायो, संक्षेप गऱ्यो (अन.)। विधिलिङ्– **ऊनयेत्-त–** कम गर्ला, घटाउला, संक्षेप गर्ला, कम गरोस्, घटाओस्, संक्षेप गरोस्। आशीर्लिङ्– **ऊन्यात्-ऊनयिषीष्ट–** कम गरोस्, घटाओस्, संक्षेप गरोस्। लुङ्– **औनिनत्-त–** कम गऱ्यो, घटायो, संक्षेप गऱ्यो। लृङ्– **औनयिष्यत्-त–** कम गर्ने थियो, घटाउने थियो, संक्षेप गर्ने थियो। कर्मणि– **ऊन्यते–**कम गरिन्छ, घटाइन्छ, संक्षेप गरिन्छ। कृदन्ते–**ऊनकः/ऊनिका–**कम गर्ने,घटाउने, संक्षेप गर्ने। **ऊनयन्/ ऊनयन्ती–** कम गरिरहेको/की, घटाइरहेको/की, संक्षेप गरिरहेको/की। **ऊनः/ऊनितः/ऊनितवान्–** कम भएको, घटेको, संक्षेप गरेको। **ऊनयितव्यम्/ऊननीयम्/ऊन्यम्–** कम गर्नुपर्ने, घटाउनुपर्ने, संक्षेप गर्नुपर्ने। **ऊनयितुम्–**कम गर्न, घटाउन, संक्षेप गर्न। **ऊननम्–** कम गर्ने काम, घटाउने काम, संक्षेप गर्ने काम। **ऊनयित्वा/समून्य–** कम गरेर, घटाएर, संक्षेप गरेर। इत्यादि।

ऊनः (पुं.वि.) [*अवति रक्षादिकं करोतीति, अव रक्षणादौ इति धातोः, इणसिञ्जिदीङुष्यविभ्यो नक् (उ.) २८९, नक्, ज्वरत्वर ६.४.२० इति ऊठ्, यद्वा ऊनयति, ऊन परिहाणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.हीन २.अपुरो ३.घटेको। **~मासिकश्राद्धम्** (नपुं.) मरेका व्यक्तिको आधा महिनामा वा महिना पुग्ने एक दुई अथवा तीन दिन पहिले गरिने श्राद्ध। जस्तै सप्तमीमा मरेका व्यक्तिको षष्ठीमा महिना पुग्ने हुँदा पञ्चमी,चौथी वा तृतीयामा गरिने श्राद्ध। **~षाण्माषिकम्** (नपुं.) मरेका व्यक्तिको साढे पाँच महिना पुगेको दिनमा गरिने श्राद्ध। **ऊनषाण्मासिकं षष्ठे मासेऽर्धे न्यूनमासिकम्।**
त्रैपक्षिकं त्रिपक्षे स्यादूनाब्दं द्वादशे तथा।
एकद्वित्रिदिनैरूनै स्त्रिभागेनोन एव वा।
श्राद्धन्यूनाब्दिकादीनि कुर्यादित्याह गौतमः॥ (आ.च.)

ऊनविंशतिः (स्त्री.) [*एकेन ऊना विंशतिः*] उन्नाइस। यसैगरी ऊनत्रिंशत् (उनन्तिस) ऊनचत्वारिंशत् (उनन्चालिस) ऊनपञ्चाशत् (उनन्चास) ऊनषष्टिः (उनन्साठी) ऊनसप्ततिः (उनन्सत्तरी) उनाशीतिः (उनासी) ऊननवतिः (उनान्नब्बे) ऊनशतम् (उनान्सय)।

ऊनितः (पुं.वि.) [*उन्यते स्म, ऊन परिहाणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.घटाइएको २.अपुरो गराइएको।

ऊम् (अ.) [*ऊय्यते, ऊयी तन्तुसन्ताने इति धातोः, मुक्प्रत्ययः*] प्रश्न बुझाउँदा प्रकट गर्ने पद।

ऊयी (धा.) [*तन्तुसन्ताने, भ्वा.सक.सेट्, आत्म.*] सिलाउनु, बुन्नु। लट्– **ऊयते–** सिउँछ, बुन्छ। लिट्– **ऊयाञ्चक्रे–** सिएछ, बुनेछ (अन.)। लुट्– **ऊयिता–** सिउने छ, बुन्ने छ (अन.)। लृट्– **ऊयिष्यते–** सिउने छ, बुन्ने छ। लोट्– **ऊयताम्–** सिओस्, बुनोस्। लङ्– **औयत–** सियो, बुन्यो (अन.)। विधिलिङ्– **ऊयेत–** सिउला, बुन्ला, सिओस्, बुनोस्। आशीर्लिङ्– **ऊयिषीष्ट–** सिओस्, बुनोस्। लुङ्– **औयिष्ट–** सियो, बुन्यो। लृङ्– **औयिष्यत–** सिउने थियो, बुन्ने थियो। कर्मणि– **ऊयते–** सिइन्छ, बुनिन्छ। कृदन्ते– **ऊयकः/ऊयिका–** सिउने, बुन्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊययन्-ऊययन्ती– सिउदै गरेको/की, बुन्दै गरेको/की। **ऊयितव्यम्/ ऊयनीयम्/ऊय्यम्–** सिउनुपर्ने, बुन्नुपर्ने। **ऊयितुम्–** सिउन, बुन्न। **ऊतिः/ऊयनम्–** सिलाइ, बुनाइ। **ऊयित्वा/समूय्य–** सिएर, बुनेर इत्यादि।

ऊररी (अव्य.) [*ऊयी तन्तुसन्ताने इति धातोः, ररीक्प्रत्ययः*] १.अङ्गीकार/स्वीकार २.विस्तार।

ऊरव्यः (पुं.) [*ऊरोर्जातः, शरीरावयवाद्यत् इति यत्*] वैश्य।

ऊरी (अव्य.) [*ऊरित्यस्माद् बाहुलकाद् रीक्*] १ विस्तार २.स्वीकृति। **तदेवमुरीकृत्य प्रस्थितः** (हितो. विग्रह)।

ऊरीकृतः (पुं.वि.) १.स्वीकृत। **अङ्गीकृतं प्रतिज्ञातमूरीकृतोरीकृते** (अभि.चि. ६.१२४) २.विस्तृत।

ऊरुः (पुं.) [*उर्णोत्याच्छादयति या सा, ऊर्णूञ् आच्छादने इति धातोः, ऊर्णोतेर्नुलोपश्च (उ.) इति सूत्रेण कुः, नुकारस्य लोपश्च, यद्वा अर्यतेऽनेन, ऋ गतौ इति धातोः, अर्तेरुरच् च (उ.) इति कुः, ऊसादेशश्च*] १.तिघ्रो, घुँडाभन्दा माथिको भाग २.[*महति ह्रस्वश्च इति ह्रस्वः*] ठुलो/विशाल। **भुवनत्रितयेऽपि न बिभर्ति तुलामिदमूरुयुगं न चमूरुदृशः** (सा.द.)। **सक्थि क्लीबे पुमानूरुः** (अमर.)।

ऊरुजः (पुं.) [*ऊरोर्जायत इति, ऊरुपूर्वकात् जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] वैश्य।

ऊरुपर्वः (पुं./नपुं.) [*ऊर्णूयते, ऊर्णोतेर्नुलोपश्च (उ) ३० इति कुः, ऊरोः पर्व*] घुँडा/तिघ्रा र पिडौलाको सन्धिस्थल।

ऊरुयुगम् (नपुं.) [*ऊर्वोर्युगम्, ष.त.*] तिघ्राको जोडी।

ऊरुस्तम्भः (पुं.) [*ऊरुं स्तभ्नाति स्तम्भ स्तम्भने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] घुडा दुख्ने रोग/घुडाको वाथ।

ऊरुसन्धिः (पुं.) [*उर्वोः सन्धिः, ष.त.*] कम्मर र गोडाको सन्धिस्थल/जोर्नी।

ऊर्ज (धा.) [*बलप्राणनयोः, सक.सेट् उभ.*] पराक्रमी हुनु, जिउनु। लट्– **उर्जयति-ते–** शक्तिमान् हुन्छ, बाँच्छ। इत्यादि।

ऊर्जः (पुं.) [*ऊर्जयति उत्साहयति विजिगीषून्, ऊर्ज जीवने बले च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.स्वारोचिष मनुका छोरा २.कार्तिक महिना ३.उत्साह ४.बल। **ऊर्जस्तु कार्तिकोत्साहबलेषु प्राणनेऽपि च** (मेदिनी.) ५.वीर्य। **पूजितं ह्यशनं नित्यं बलमूर्जञ्च यच्छति। अत्र ऊर्जं वीर्यम्** (कुलुकभट्ट)। ६.बाँच्नु, प्राण धारण गर्नु।

ऊर्जः (नपुं.) [*ऊर्जधातोरसुन्*] १.उत्साह २.बल/सामर्थ्य। **पराक्रमबलद्युम्नानि शौर्यौजसी** (अभि.चि.३.४६०)।

ऊर्जम् (नपुं.) [*ऊर्जयति जीवयति प्राणिनः, पचाद्यच्*] पानी।

ऊर्जस्वलः (पुं.वि.) [*ऊर्जोऽस्यास्तीति, ऊर्जस् शब्दात् ज्योत्स्नातमिस्रा– इति वलच्। सान्तोऽपि, सस्य निपातनम्*] १.बलवान् २.जीवित ३.हिम्मत भएको ४.उत्साही ५.वीर्यवान्।

ऊर्जस्वी (पुं.वि.) [*ऊर्जोऽस्यास्तीति, ऊर्जस् शब्दात् ज्योत्स्नातमिस्रा– ५.२.१४ इति विनिः*] १.शक्तिशाली २.हिम्मत भएको ३.प्राणधारी ४.उत्साही ५.वीर्यवान्।

ऊर्जस्वी (पुं.) अलङ्कारविशेष। अहङ्कारपूर्वक वस्तुको वर्णन गर्दा यो अलङ्कार पर्छ। **साहङ्कारवस्त्वभिधानमूर्जस्वी।**

ऊर्जा (स्त्री.) [*ऊर्ज्यतेऽनया, ऊर्ज बलप्राणनयोः इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.बल/शक्ति २.श्वास ३.कुनै वस्तुले उत्पादन गर्न सक्ने सम्पूर्ण कार्यको योगफल।

ऊर्जातिशयः (पुं.) [*ऊर्जाया अतिशयः, ष.त.*] धेरै इन्धन/धेरै शक्ति।

ऊर्जितः (पुं.वि.) [*ऊर्ज्यते स्म, निष्ठा इति क्तः*] १.बढेको २.उन्नति पथमा लागेको।

ऊर्जितं सज्जनं दृष्ट्वा द्वेष्टि नीचः पुनः पुनः।
कवलीकुरुते स्वस्थं विधुं दिवि विधुन्तुदः॥ (सुभा.)

ऊर्णः (पुं.) [*ऊर्णोति व्याप्नोति, ऊर्णुञ् आच्छादने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ऊन। **~नाभः** (पुं.) [*ऊर्णा इव नाभिर्यस्य सः, बहु.स., नाभेरुपसङ्ख्यानम् (वा.) इति अच्, ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् ६.३.६३ इति ह्रस्वः*], १.माकुरो २.ब्रह्मा (म.भा.) ३.धृतराष्ट्रको छोरो। **ऊर्णायु श्चित्रसेनश्च हाहा हूहूश्च भारतः** (ह.वं.)। **~नाभिः** (पुं.) [*ऊर्णावान् नाभिर्यस्य सः,बहु.स.*] १.नाभिमा रौं भएको २.माकुरो। **आत्मशक्तिरवष्टभ्य ऊर्णनाभिरिवाक्लमः।** (भाग.)।

ऊर्णा (स्त्री.) [*ऊर्णुञ् आच्छादने इतिधातोः, ऊर्णोतेर्डः (उ.) ७३५ इति डः टिलोपः, टाप् ४.१.४*] १.भेडा आदिको ऊनी २.आँखी भौँको माझमा रहेको भुँवरी ३.केराको तन्तु।

ऊर्णायुः (पुं.) [*ऊर्णा अस्यास्तीति,ऊर्णाया युस् ५.२.१२३इति युस्*] १.ऊनीको कम्बल २.गन्धर्व। **ऊर्णायुश्चित्रसेनश्च हाहा हूहूश्च भारत** (ह.वं.) ३.भेडो। **अवौ तु मेषोर्णायुहुडोरणाः** (अभि.चि.)।

ऊर्णुञ् (धा.) [*आच्छादने, सक.सेट्, उभ.*] ढाक्नु। लट्– **ऊर्णोति-ऊर्णौति-ते–** ढाक्छ। लिट्– **ऊर्णुनाव-नुवे** ढाकेछ (अन.)। लुट्– **ऊर्णविता/ऊर्णुविता–** ढाक्ने छ (अन.)। लृट्– **ऊर्णविष्यति/ ऊर्णुविष्यति-ते–** ढाक्ने छ। लोट्– **ऊर्णौतु-ऊर्णेतु-ऊर्णुताम्–** ढाकोस्। लङ्– **और्णोत्-और्णुत–** ढाक्यो (अन.)। विधिलिङ्– **उर्णुयात्-वीत–** ढाक्ला, ढाकोस्। आशीर्लिङ्– **ऊर्णूयात्/ऊर्णविषीष्ट–** ढाकोस्। लुङ्– **और्णुवीत्/और्णावीत्/ और्णविष्ट–** ढाक्यो। लृङ्– **और्णविष्यत्/ और्णुविष्यत्-त–** ढाक्ने थियो। कर्मणि– **ऊर्णूयते–** ढाकिन्छ। णिचि– **ऊर्णावयति-ते–** ढाक्न लगाउँछ, ढकाउँछ। सनि– **ऊर्णुनूषति-उर्णुनुविषति-ऊर्णनविषति-ते–** ढाक्न चाहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृदन्ते— **ऊर्णावकः— विका—** ढाक्ने। **ऊर्णुवितव्यम्/ऊर्णवनीयम्-ऊर्णावनीयम/ऊर्णव्यम्—** ढाक्नुपर्ने। **ऊर्णुत्वा/ऊर्णावयित्वा/समूर्णुत्य—** ढाकेर इत्यादि।

ऊर्ध्वः (पुं.वि.) [*उत् उपरि ध्वन्यते इति ध्वन शब्दे इति धातोः डः, ऊरादेशः पृषोदरादितया साधुः*] १.माथिको/माथिल्लो २.अग्लो ३.खडा भएका। **~कचः** (पुं.वि.) [*ऊर्ध्वाः कचाः यस्य सः, बहु.स.*] ठाडो कपाल भएको। **~कर्म** (नपुं.) [*ऊर्ध्वञ्च तद् कर्म, कर्म.स.*] माथिल्लो कर्म/उच्चता प्राप्तिका लागि भएको कार्य। **~कायः** १.(पुं.) [*ऊर्ध्वश्चासौ कायश्च, कर्म.स.*] अग्लो शरीर २.(पुं.वि) [*ऊर्ध्वः कायो यस्य सः, बहु.स.*] अग्लो शरीर भएको। **~गामी** (पुं.वि.) [*ऊर्ध्वं गच्छतीति, गम्लृ गतौ इति धातोः णिनिः*] मास्तिर जाने। **~गतिः** (स्त्री.) [*ऊर्ध्वा चासौ गतिश्च, कर्म.स.*] १.माथि जानु/चढ्नु २.माथिल्लो स्तरतिर लाग्नु। ३.(पुं.वि.) [*ऊर्ध्वा गतिर्यस्य सः*] माथि जान लागेको **~दृष्टिः** १.[*ऊर्ध्वा चासौ दृष्टिश्च, कर्म.स.*] ठाडो दृष्टि २.(पुं.वि.) [*ऊर्ध्वा दृष्टिर्यस्य सः, बहु.स.*] १.योगदर्शन अनुसार दृष्टिलाई भ्रकुटीको बिचमा राख्ने २.उच्चाभिलाषी। **~रेखा** (स्त्री.) [*ऊर्ध्वा चासौ रेखा च, कर्म.स.*] गोडाको बुढी औँलादेखि कुर्कुच्चासम्म पुगेको वा हातको मणिबन्धदेखि माझिऔँलाको फेदसम्म पुगेको रेखा। **~रेताः** (पुं.वि.) [*ऊर्ध्वं रेतो यस्य सः, बहु.स.*] १.वीर्य स्खलित नहुने/ब्रह्मचारी २.शिव ३.भीष्म। **~लिङ्गः** [*ऊर्ध्वमुत्कृष्टं लिङ्गं चिह्नं यस्य सः, बहु.स.*] महादेव/विरूपाक्ष। **~लोकः** (पुं.) [*ऊर्ध्वश्चासौ लोकश्च, कर्म.स.*] स्वर्गलोक। **~वर्त्म** (नपुं.) [*ऊर्ध्वञ्च तद् वर्त्म च, कर्म.स.*] अन्तरीक्ष, स्वर्ग। **~कण्ठी** (स्त्री.) [*ऊर्ध्वः कण्ठो यस्याः सा, बहु.स. ङीष्*] महाशतावरी नामक लहरो। **~पादः** (पुं.) [*ऊर्ध्वा पृष्ठस्थाश्चत्वारः पादा यस्य सः, बहु.स.*] शरभ नामक जन्तुविशेष। **~पुण्ड्रः** (पुं.) [*ऊर्ध्वः ऊर्ध्वमुखः, पुण्ड्रः इक्षुयष्टिरिव*] निधारमा लगाइने तीन धर्का भएको ठाडो तिलक।

ऊर्ध्वकः (पुं.) [*ऊर्ध्वः कायति शब्दायते, कै शब्दे इति धातोः, सुपि स्थः ३.२.४ इति, योगविभागेन कः*] जौको माझजस्तो माझ भएको मादल।

ऊर्ध्वकायम् (नपुं.) [*कायस्योर्ध्वम्*] शरीरको माथिल्लो भाग।

ऊर्ध्वक्षिप्तः (पुं.वि.) [*ऊर्ध्वं क्षिप्तः, त.स.*] माथितिर फ्याँकिएको। **ऊर्ध्वक्षिप्तमुदञ्चितम्** (अभि.चि.६.११८)।

ऊर्ध्वखस्वस्तिकम् (नपुं.) [*ऊर्ध्वगतं खस्वस्तिकम्, म.प.स.*] पूर्वापरवृत्त र याम्योत्तर वृत्तको आफ्नो शिरतिरको आकाशमा हुने सम्पात।

ऊर्ध्वजानुः (पुं.) [*ऊर्ध्वे जानुनी यस्य सः, बहु.स.*] घुँडा अग्लो हुने व्यक्ति।

ऊर्ध्वज्ञुः (पुं.) *ऊर्ध्वे जानुनी यस्य, ऊर्ध्वाद्विभाषा ५.४.१३० इति ज्ञुः*] घुँडा अग्लो हुने व्यक्ति।

ऊर्ध्वन्दमः (पुं.वि.)खडा भएको। **ऊर्ध्व उर्ध्वन्दमः स्थितः** (अभि.चि.)।

ऊर्ध्वम् (नपुं.) [*उद्पूर्वकाद् ह्वेञ् धातोः, डमुप्रत्ययः, आदेरुदादेशश्च*] १.उचाइ २.मास्तिर ३.ठुलो स्वरमा ४.यसभन्दा पछि।

ऊर्ध्ववायुः (पुं. वि.) [*उर्ध्वगता वायुः, म.प.स.*] १.अन्तरिक्षमा बहने वायु २.शरीरको माथिल्लो भागमा रहेको वायु।

ऊर्ध्वस्थितिः (स्त्री.) [*ऊर्ध्वा चासौ स्थितिश्च*] १.माथिल्लो अवस्था वा स्थिति २.[*ऊर्ध्वा स्थितिर्यत्र*] घोडाको पृष्ठस्थान।

ऊर्मिः (पुं./स्त्री.) [*ऋच्छति गच्छतीति, ऋ गतौ इति धातोः, अर्तेरूच्च (उ) ४९३ इति मिः, ऊत्वञ्च, रपरः*] १.तरङ्ग २.वेग ३.उत्कण्ठा ४.प्रकाश ५.शरीरका पाँचथरी तरङ्ग— भोक, प्यास, शोक, मोह, जरा, मृत्यु।

बुभुक्षा च पिपासा च प्राणस्य मनसः स्मृतौ।
शोकमोहौ शरीरस्य जरामृत्यू षडूर्मयः॥

६.घोडाको गतिविशेष।

पङ्क्तीकृतानामश्वानां नमनोन्नमनाकृतिः।
अतिवेगसमायुक्ता गतिरूर्मिः समाहृताः॥

~मान् (पुं.वि.) [*ऊर्मिरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] १.तरङ्गयुक्त २.बाङ्गो ३.(पुं.) समुद्र। **दीर्घेषु नीलेष्वथ चोर्मिमत्सु जग्राह केशेषु नरेन्द्रपत्नीम्** (म.भा.)।

ऊर्मिका (स्त्री.) [*ऊर्मिरिव, कायति, कः, आलोपः, टाप् ४.१.४*] १.भ्रमराको शब्द २.[*ऊर्मिरिव, इवे प्रतिकृतौ इति कन्, टाप्*] १.औँठी २.[*ऊर्मिरेव, स्वार्थे कन्, टाप्, इत्वम्*] तरङ्ग ३.[*अल्पा ऊर्मिः, अल्पे ५.३.८५ इति कन्, टाप्, इत्वम्*] सानो तरङ्ग ४.लुगामा परेको चुनरी।

ऊर्मिमान् (पुं.वि.) [*उर्मिरस्यास्ति, मतुप् ५.२.९४ यवादितया (ग.) ८.२.९ न वत्वम्*] १.टेढो। **वृजिनं भङ्गुरं भुग्नमरालं जिह्म- मूर्मिमत्** (अभि.चि.६.९३) २.तरङ्ग भएको।

ऊर्मिमाला (स्त्री.) [*ऊर्मीणां माला, ष.त.*] तरङ्गको ताँती।

ऊर्मिमाली (पुं.) [*ऊर्मिमाला अस्यास्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] समुद्र।

ऊर्वरा (स्त्री.) [*ऊर्वं रातीति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] प्रशस्त ऊब्जा हुने।

ऊर्वशी (स्त्री.) [*उरुमश्नुते व्याप्नोति, उरुपूर्वकात् अश्धातोः पचाद्यच्, ङीप्*] अप्सराविशेष। हे. उर्वशी।

ऊर्वी (स्त्री.) [*ऊर्णोति, ऊर्णूयते वा, ऊर्णुञ् आच्छादने इति धातोः, महति ह्रस्वश्च (उ.) ३१ इत्युः, नुलोपः ह्रस्वश्च। वोतो गुणवचनात् ४.१.४४ इति ङीष्*] १.पृथ्वी २.ठुलो।

ऊष (धा.) [*रुजायाम्, सक.सेट् पर.*] रोगी हुनु,रोग लाग्नु, बिरामी पर्नु। लट्— **ऊषति—** रोगी हुन्छ, बिरामी पर्छ। लिट्— **ऊषाञ्चकार—** रोगी भएछ, बिरामी परेछ (अन.)। लुट्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊषिता– रोगी हुनेछ, बिरामी पर्नेछ (अन.)। लृट्– **ऊषिष्यति–** रोगी हुनेछ, बिरामी पर्नेछ। लोट्– **ऊषतु-तात्–** रोगी हओस्, बिरामी परोस्। लङ्– **औषत्–** रोगी भयो, बिरामी पर्‍यो (अन.)। विधिलिङ्– **ऊषेत्–** रोगी होला, बिरामी पर्ला, रोगी हओस्, बिरामी परोस्। आशीर्लिङ्– **उष्यात्–** रोगी होओस्, बिरामी परोस्। लुङ्– **औषीत्–** रोगी भयो, बिरामी पर्‍यो। लृङ्– **औषिष्यत्–** रोगी हुने थियो, बिरामी पर्ने थियो। कर्मणि– **ऊष्यते–** रोगी होइन्छ, बिरामी परिन्छ। णिचि– **ऊषयति–** रोगी पार्न लगाउँछ, बिरामी तुल्याउन लगाउँछ। सनि– **ऊषिषिषति–** रोगी हुन खोज्छ, बिरामी बन्न चाहान्छ। कृदन्ते– **ऊषितव्यम्/ ऊषनीयम्/ऊष्यम्–** रोगी हुनुपर्ने, बिरामी पर्नुपर्ने। **ऊषित्वा–** रोगी भएर, बिरामी परेर। **उषितः– तवान्–** रोगी भएको, बिरामी परेको। **ऊषकः-षिका–** रोगी, बिरामी इत्यादि।

ऊषः (पुं.) [*ऊषति, ऊष रुजायाम् इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.रोगी २.नुनिलो माटो ३.विहान ४.सन्ध्याकाल ५.छिद्र ६.चन्दनको रुख ७.कानको प्वाल।

ऊषः क्षारमृत्तिकायां प्रभातेऽति पुमानयम्।
तत्संध्यायां च रन्ध्रे च चन्दनाद्रौ श्रवोबिले ॥ (मेदिनी.)

ऊषणः (पुं.) [*कृत्यल्युटो बहुलम् इति ल्युट् अनः*] १.पिरोपना। २.(पुं.वि.) [*ऊषणोऽस्यास्तीति, अर्शाद्यच्*] पिरो। **ऊषणो ना कटुरसे विज्ञेयस्त्रीषु तद्वति** (वाङ्म.)।

ऊषणम् (नपुं.) [*ऊष्यते, ऊष रुजायाम् इति धातोः, कृत्यल्युटो बहुलम् ३.१.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कालो मरिच। **ऊषणं मरिचे क्लीबम्** (मेदिनी.) २.सुठो ३.पिप्ला ४.अदुवा।

ऊषणा (स्त्री.) [*ओषति, ल्युः, अनः, टाप्*] पिप्ला। **उषणा तु स्त्रियामेषा पिप्पल्यां परिकीर्तिता** (वाङ्म.)।

ऊषरः (पुं.) [*ऊषोऽस्यास्तीति, ऊषशुषिमुष्कमधो रः ५.२.१०७ इति रः*] क्षारभूमि/नुनिलो भूभाग। **तत्र विद्या न वक्तव्या शुभं बीजमिवोषरे** (मनु.)।

ऊषरजः (पुं.) [*ऊषराज्जायते, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] नुन/खानीबाट पैदा भएको नून।

ऊषवान् (पु.) [*उषोऽस्त्यस्मिन्, मतुप् ५.३.९४*] नुनिलो माटो भएको जमिन।

ऊषा (स्त्री.) १.[*ओषति नाशयति अन्धकारम्, उष दाहे इति धातोः इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ यं कः, ततष्टाप्*] प्रातःकाल २.[*ओषति दाहयति कामुकानां मनः, अतिसौन्दर्यतया*] वाणकी छोरी/अनिरुद्धकी पत्नी। ३.रात्री ४.बाच्छी।

ऊष्मः (पुं.) [*उष दाहे इति धातोः, इषियुधीन्धिदशिश्याधूसूभ्यो मक् (उ.) १५० इति बाहुलकान्मक्*] १.ग्रीष्म ऋतु २.घाम ३.तातो ४.आँसु।

ऊष्मकः (पुं.) [*ऊषति रुजति, ऊष रुजायाम् इति धातोः, अन्येभ्यः ३.२.७५ इति मनिन्, यावादित्वात् ५.४.२९ कन्, मकि अदन्तः (ऊष्मः) अपि*] १.ग्रीष्म ऋतु २.आँसु ३.घाम। **ऊष्मो घर्मेऽश्रुणि तथा ज्येष्ठे, ऊष्मा स्त्रियां त्विषि** (बोपालित)।

ऊष्मा (पुं.) [*ओषति दहति, ऊष दाहे इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन्*] १.ग्रीष्म ऋतु २.तातो ३.श, ष, स, हवर्ण। **उष्माणस्तु निदाघोष्णशषसहा अपि।** (हैम.) ४.(स्त्री.) [*उष्मशब्दात् स्त्रियां टाप्*] कान्ति/प्रकाश।

ऊष्मागमः (पुं.) [*ऊष रुजायाम् इति धातोः, मनिन् ३.२.७५ आगच्छति, पचाद्यच् ३.१.३४, ऊष्मा तप आगमोऽत्र*] ग्रीष्मऋतु।

ऊष्मीभवनम् (नपुं.) [*अनूष्मसूष्मं यथा सम्पद्यते तथा भवनम्*] १.तातो हुनु २.वर्णहरूमा घर्षण पैदा हुनु।

ऊष्मोपगमः (पुं.) [*उष्मण उपगमः, ष.त.*] ग्रीष्म ऋतुको आगमन।

ऊह (धा.) [*वितर्के, भ्वा.सक.सेट्, उभ.*] तर्क गर्नु, कल्पना गर्नु। लट्– **ऊहते–** तर्क गर्छ, अनुमान गर्छ। (अभि.शा.) तुरुन्त अनुकरण गर्छ। लिट्– **ऊहाञ्चक्रे–** तर्क गरेछ (अन.)। लुट्– **ऊहिता–** तर्क गर्नेछ (अन.)। लृट्– **ऊहिष्यते–** तर्क गर्नेछ। लोट्– **ऊहताम्–** तर्क गरोस्। लङ्– **औहत–** तर्क गर्‍यो (अन.)। विधिलिङ्– **ऊहेत–** तर्क गर्ला, तर्क गरोस्। आशीर्लिङ्– **ऊहिषीष्ट–** तर्क गरोस्। लुङ्– **औहिष्ट–** तर्क गर्‍यो। लृङ्– **औहिष्यत–** तर्क गर्ने थियो। णिचि– **ऊहयते–** तर्क गराउँछ। सनि– **ऊजिहिषते–** तर्क गर्न चाहन्छ। कृदन्ते– **ऊहितव्यम्/उहनीयम्/ऊह्यम्–** तर्क गर्नुपर्ने। **ऊहितः–** तर्क गरेको। **ऊहित्वा/समूह्य–** तर्कै गरेर। **उहकः-हिका–** तर्क गर्ने। **ऊहयन्-ती–** तर्क गरिरहेको/की। **ऊहितुम्/उहयितुम्–** तर्क गर्न। **ऊहा/ऊहना/ऊहनम्–** तर्क गर्ने काम। इत्यादि।

ऊहः (पुं.) [*ऊहनम्, ऊह वितर्के इति धातोः, भावे ३.३.१८ इति सूत्रेण घञ्*] १.तर्क २.शास्त्रसम्मत निश्चयार्थको स्थापना।

ऊहा (स्त्री.) [*ऊह वितर्के इति धातोः, भावे ३.३.१८ इति घञ्, टाप् ४.१.४*] १.तर्क २.अध्याहार/न्यूनपदको पूर्ति।

ऊहनम् (नपुं.) [*ऊहधातोर्भावे ल्युट्*] १.तर्क गर्नु २.अनुमान गर्नु।

ऊहापोहः (पुं.) [*ऊहश्चासावपोहश्च, कर्म.स.*] तर्कवितर्क/ छलफल/ विश्लेषण।

इमे मनुष्या दृश्यन्ते ऊहापोहविशारदाः।
ज्ञानविज्ञानसम्पन्नाः प्रजावन्तोऽथ कोविदाः ॥ (म.भा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋ

ऋ देवनागरी लिपिको स्वरवर्णअनुसारको ऋवर्ण। यसको उच्चारण मूर्धास्थानबाट हुन्छ। यो तीन किसिमको हुन्छ— उदात्त, अनुदात्त र स्वरित। अनुनासिक र अननुनासिकका भेदले यो १८ किसिमको हुन्छ। लृ र ऋलाई एउटै मानी १२ प्रकारको लृलाई समेत समावेश गर्दा यो ३० प्रकारको हुन्छ।

ऋ (धा.) [*गतौ, सक.अनिट्, पर.*] जानु। लट्— **इयर्ति—** जान्छ। लिट्— **आर—** गएछ (अन.) इत्यादि।

ऋ (धा.) [*गतिप्रापणयोः, सक.अनिट् पर.*] जानु, सम्पादन गर्नु, पाउनु, पुऱ्याउनु मिलाउनु। लट्— **ऋच्छति—** जान्छ, सम्पादन गर्छ, मिलाउँछ, पुऱ्याउँछ। लिट्— **आर—** गएछ, सम्पादन गरेछ, मिलाएछ, पुऱ्याएछ (अन.)। लुट्— **अर्ता—** जाने छ, सम्पादन गर्ने छ, मिलाउने छ, पुऱ्याउने छ (अन.)। लृट्— **अरिष्यति—** जाने छ, सम्पादन गर्ने छ, मिलाउने छ, पुऱ्याउने छ। लोट्— **ऋच्छतु-तात्—** जाओस्, सम्पादन गरोस्, मिलाओस्, पुऱ्याओस्। लङ्— **आर्च्छत्—** गयो, सम्पादन गऱ्यो, मिलायो, पुऱ्यायो (अन.)। विधिलिङ्— **ऋच्छेत्—** जाला, सम्पादन गर्ला, मिलाउला, पुऱ्याउला, जाओस्, सम्पादन गरोस्, मिलाओस्, पुऱ्याओस्। आशीर्लिङ्— **अर्यात्—** जाओस्, सम्पादन गरोस्, मिलाओस्, पुऱ्याओस्। लुङ्— **आर्षीत्—** गयो, सम्पादन गऱ्यो, मिलायो, पुऱ्यायो। लृङ्— **आरिष्यत्—** जाने थियो, सम्पादन गर्ने थियो, मिलाउने थियो, पुऱ्याउने थियो। कर्मणि— **अर्यते—** गइन्छ, सम्पादन गरिन्छ, मिलाइन्छ, पुऱ्याइन्छ। णिचि— **अर्पयति-ते—** जान लगाउँछ। सनि— **आरिरिषति—** जान चाहन्छ, सम्पादन गर्न चाहन्छ, मिलाउन चाहन्छ, पुऱ्याउन चाहन्छ। कृदन्ते— **आरकः-रिका—** जाने, सम्पादन गर्ने मिलाउने, पुऱ्याउने। **अर्तव्यम्-अर्पयितव्यम्/अरणीयम्-अर्पणीयम्—** इत्यादि।

ऋक् (स्त्री.) [*ऋचन्ति स्तुवन्ति यया सा, अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्*] १.ऋचा/वैदिक मन्त्र २.ऋग्वेद।

ऋकारः (पुं.) [*ऋ एव, स्वरूपार्थे वर्णात्कारः (वा) ३.३.१०८ इति कारप्रत्ययः*] ऋवर्ण।

ऋक्थः (पुं./नपुं.) [*ऋच्यते, ऋच शब्दे इति धातोः, बाहुलकाद् क्थन्*] १.सम्पत्ति २.सुन। **~ग्रहणम्** (नपुं.) [*ऋक्थस्य ग्रहणम्, ष.त.*] सम्पत्ति प्राप्त गर्नु। **~हारी** (पुं.) [*ऋक्थं हरति— ऋक्थपूर्वकाद् हृञ् हरणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] उत्तराधिकारी।

ऋक्षः (पुं./नपुं.) [*ऋषति गच्छतीति, ऋषी गतौ इति धातोः, स्नुव्रश्चिकृत्युषिभ्यः कित् (उ.) ३५३ इति सः, षढोः कः सि ८.२.४१ इति कः*] १.भालु २.एक पर्वत ३.(नपुं.) नक्षत्र/तारा ४.राशि ५.राम्रो ६.भैसीविशेष ७.लक्ष्यभेदन।

ऋक्षस्तु स्यान्नक्षत्राच्छभल्लयोः।
महीधरविशेषे च शोणके लक्ष्यभेधने (हैम.)।
नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वाऽस्त्रियाम् (अमर.)।

~चक्रम् (नपुं.) [*ऋक्षाणां चक्रम्, ष.त.*] नक्षत्रसमूह। **~नाथः** (पुं.) १.[*ऋक्षाणां नक्षत्राणां नाथः ष.त*] १.चन्द्रमा २.[*ऋक्षाणां भल्लुकानां नाथः ष.त*] जाम्बवान्।

ऋक्षगन्धा (स्त्री.) [*ऋक्षान् गन्धयति, हिनस्ति, गन्ध अर्दने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.जङ्गलीवृक्ष २.महाश्वेता ३.विदारी ४.[*ऋक्षस्येव गन्धोऽस्याः, समासान्तस्यानित्यत्वात् उपमानाच्च ५.४.१३७ इतीन्*] त्रिधारा।

ऋक्षगन्धिका (स्त्री.) [*ऋक्षान् गन्धयति, गन्ध अर्दने इति धातोः, मूलविभुजादितया (वा.) ३.२.५इति कः, ततः कन् ५.३.७५, यद्वा— ऋक्षो गन्धोऽस्याः, ऋक्षशब्दस्तद्गन्धसदृशे गौणः*] सेतो बिराली लहरो।

ऋक्षराजः (पुं.) [*ऋक्षाणां भल्लुकानां राजा, ष.त., राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] १.भालुको राजा/जाम्बवान् २.[*ऋक्षाणां नक्षत्राणां राजा, ष.त.*] चन्द्रमा।

ऋक्षवान् (पुं.) [*ऋक्षाः सन्त्यस्मिन् सः, तदस्यास्त्यास्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] नर्मदा नदीको तटवर्ती एक पर्वत।

ऋग्वेदः (पुं.) [*ऋक्प्रधानो वेदः, म.प.स.*] संसारकै सबैभन्दा प्राचीन ग्रन्थ। वैदिक वाङ्गमयको सबैभन्दा पुरानो ग्रन्थ। आर्यहरूको धर्म, दर्शन, ज्ञान, विज्ञान, कला साहित्य आदि विषयको स्रोतग्रन्थ। ऋक्को अर्थ स्तुतिपरक मन्त्र हो। वेदको अर्थ ज्ञान हो। त्यसैले ऋग्वेदको अर्थ स्तुतिपरक मन्त्रको ज्ञान वा तत्सम्बन्धी ग्रन्थ भन्ने हुन्छ। यसमा देवताहरूको स्तुति भएका मन्त्रहरूको सङ्कलन छ। ऋग्वेदलाई दुई किसिमले विभाजन गरिएको छ— अष्टकक्रम र मण्डलक्रम। अष्टकक्रमानुसार सम्पूर्ण ग्रन्थ आठ भागमा विभक्त छ। यसलाई अष्टक भनिन्छ। प्रत्येक अष्टकमा आठ अध्याय छन्। पूरा ग्रन्थ ६४ अध्यायमा विभक्त छ। प्रत्येक अध्यायभित्र विभिन्न वर्ग छन्। ऋचाको समूहलाई वर्ग भनिन्छ। वर्गभित्र आउने ऋचाको सङ्ख्यामा एकरूपता छैन। सम्पूर्ण वर्गको सङ्ख्या २००६ छ। ऋग्वेदको अर्को किसिमको वर्गीकरणलाई मण्डल भनिन्छ। ऋग्वेदमा १० मण्डल छन्। मण्डलभित्र अनुवाकहरू आउँछन्। अनुवाकभित्र विभिन्न सूक्तहरू छन्। सूक्तभित्र अनेक ऋचाहरू छन्। ऋचालाई मन्त्र भनिन्छ। ऋगवेदका १० मण्डलमा ८५ अनुवाक र १०१७ सूक्त छन्। यसबाहेक अरू ११ वटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालखिल्य सूक्त पनि छन्। सूक्तभित्रका ऋचाको सङ्ख्या १५८० छ। १५३८२६ शब्द र ४३२००० अक्षर छन्। महाभाष्यकार पतञ्जलिको भनाइ अनुसार ऋग्वेदका २१ शाखा छन्। सबै शाखाहरू हाल उपलब्ध छैनन्। शाकल शाखा नै हाल यसको प्रचलित शाखा हो। ऋग्वेदको उपवेद– **आयुर्वेद,** गोत्र– **अत्रि,** ऋषि– **मधुच्छन्दा,** देवता– **सोम,** छन्द– **गायत्री**।

ऋच (धा.) [*स्तुतौ, सक.सेट.पर.*] स्तुति गर्नु। लट्– **ऋचति–** स्तुति गर्छ। लिट्– **आनर्च–** स्तुति गरेछ (अन.)। लुट्– **अर्चिता–** स्तुति गर्ने छ (अन.)। लृट्– **अर्चिष्यति–** स्तुति गर्ने छ। लोट्– **ऋचतु-तात्–** स्तुति गरोस्। लङ्– **आर्चत्–** स्तुति गऱ्यो (अन.)। विधिलिङ्– **ऋचेत्–** स्तुति गर्ला, स्तुति गरोस्। आशीर्लिङ्– **ऋच्यात्–** स्तुति गरोस्। लुङ्– **आर्चीत्–** स्तुति गऱ्यो। लृङ्– **आर्चिष्यत्–** स्तुति गर्ने थियो। कर्मणि– **ऋच्यते–** स्तुति गरिन्छ। णिचि– **अर्चयति-ते–** स्तुति गर्न लगाउँछ। सनि– **अर्चिचिषति–** स्तुति गर्न चाहन्छ। कृदन्ते– **अर्चकः/अर्चिका–** स्तुति गर्ने। **अर्चयन्-न्ती–** स्तुति गरिरहेको/की। **अर्चितव्यम्-अर्चयितव्यम्/अर्चनीयम्/अर्च्यम्–** स्तुति गर्नुपर्ने। **अर्चितुम्–** स्तुति गर्न। **अर्चना-अर्चनम्–** स्तुति गर्ने काम। **अर्चित्वा-अर्चयित्वा/समृच्य-समर्च्य–** स्तुति गरेर इत्यादि।

ऋचा (स्त्री.) [*ऋचति स्तौति देवान्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.अर्थअनुसार नियत अक्षरले युक्त पाउ भएको वेदको अंश/ वेदमन्त्र ३.स्तुति।

ऋचिकः (पुं.) [*ऋचया युक्तः*] भृगुवंशका एक राजा।

ऋच्छ (धा.) [*गतीन्द्रियप्रलयमूर्तिभावेषु, अक.सेट्., पर.*] जानु, गाह्रो हुनु, इन्द्रियको बल घट्नु। लट्– **ऋच्छति–** जान्छ, गाह्रो हुन्छ, इन्द्रियको बल घट्छ। लिट्– **आनर्च्छ–** गएछ, गाह्रो भएछ, इन्द्रियको बल घटेछ (अन.)। लुट्– **ऋच्छिता–** जाने छ, गाह्रो हुने छ, इन्द्रियको बल घट्ने छ (अन.)। लृट्– **ऋच्छिष्यति–** जानेछ, गाह्रो हुनेछ, इन्द्रियको बल घट्ने छ। लोट्– **ऋच्छतु–** जाओस्, गाह्रो होओस्, इन्द्रियको बल घटोस्। लङ्– **आर्च्छत्–** गयो, गाह्रो भयो, इन्द्रियको बल घट्यो (अन.)। विधिलिङ्– **ऋच्छेत्–** जाला, गाह्रो होला, इन्द्रियको बल घट्ला, जाओस्, गाह्रो होओस्, इनिद्रयको बल घटोस्। आशीर्लिङ्– **ऋच्छ्यात्–** जाओस्, गाह्रो होओस्, इन्द्रियको बल घटोस्। लुङ्– **आर्च्छीत्–** गयो, गाह्रो भयो, इन्द्रियको बल घट्यो। लृङ्– **आर्च्छिष्यत्–** जाने थियो, गाह्रो हुने थियो, इन्द्रियको बल घट्ने थियो। भावे– **ऋच्छ्यते–** गइन्छ। णिचि– **ऋच्छयति-ते–** जान लगाउँछ, गाह्रो पार्न लगाउँछ, इन्द्रियको बल घटाउन लगाउँछ। सनि– **ऋचिच्छिषति–** जान चाहन्छ, गाह्रो हुन खोज्छ, इन्द्रियको बल घट्न चाहन्छ। कृदन्ते– **ऋच्छकः– च्छिका–** जाने, गाह्रो पार्ने, इन्द्रियको बल घटाउने **ऋच्छितव्यम्-ऋच्छयितव्यम्/ऋच्छनीयम्/ ऋच्छ्यम्–** जानुपर्ने, गाह्रो हुनुपर्ने, इन्द्रियको बल घट्नुपर्ने। **ऋच्छितुम्–** जान, गाह्रो हुन, इन्द्रियको बल घट्न। **ऋच्छः/ऋच्छा/ऋच्छनम्–** जाने काम, गाह्रो काम, इन्द्रियको बल घट्ने काम। **ऋच्छित्वा/समृच्छ्य–** गएर, गाह्रो भएर, इन्द्रियको बल घटेर इत्यादि।

ऋज (धा.) [*गतिस्थानार्जनोपार्जनेषु, अक.सेट्, आत्म.*] जानु, स्थिर हुनु, बलियो हुनु, बाँच्नु, सम्पादन गर्नु, कमाउनु। लट्– **अर्जते–** जान्छ, बलियो हुन्छ, बाँच्छ, सम्पादन गर्छ, कमाउँछ। लिट्– **आनृजे–** गएछ, स्थिर भएछ, बलियो भएछ, बाँचेछ, सम्पादन गरेछ, कमाएछ (अन.)। लुट्– **अर्जिता–** जाने छ, स्थिर हुने छ, बाँच्ने छ, सम्पादन गर्ने छ, कमाउने छ (अन.)। लृट्– **अर्जिष्यते–**जाने छ, स्थिर हुने छ, बाँच्ने छ, सम्पादन गर्ने छ, कमाउने छ। लोट्– **अर्जताम्–** जाओस्, स्थिर होओस्, बाँचोस्, सम्पादन गरोस्, कमाओस्। लङ्– **आर्जत–** गयो, स्थिर भयो, बाँच्यो, सम्पादन गऱ्यो, कमायो (अन.)। विधिलिङ्– **अर्जेत–** जाला, स्थिर होला, बाँच्ला, सम्पादन गर्ला, कमाउला, जाओस्, स्थिर होओस्, बाँचोस्, सम्पादन गरोस्, कमाओस्। आशीर्लिङ्– **अर्जिषीष्ट–** जाओस्, स्थिर होओस्, बाँचोस्, सम्पादन गरोस्, कमाओस्। लुङ्– **आर्जिष्ट–** गयो, स्थिर भयो, बाँच्यो, सम्पादन गऱ्यो, कमायो। लृङ्– **आर्जिष्यत–** जाने थियो, स्थिर हुने थियो, बाँच्ने थियो, सम्पादन गर्ने थियो, कमाउने थियो। भावे– **अर्ज्यते–** गइन्छ, स्थिर होइन्छ, बाँचिन्छ, सम्पादन गरिन्छ, कमाइन्छ। णिचि– **अर्जयते–** जान लगाउँछ, स्थिर बनाउन लगाउँछ, बचाउँछ, सम्पादन गराउँछ, कमाउन लगाउँछ। कृदन्ते– **अर्जकः, अर्जिका–** जाने, स्थिर बनाउने, बचाउने, सम्पादन गर्ने, कमाउने। **अर्जितव्यम्-अर्जयितव्यम्/ अर्जनीयम्/ऋज्यम्-अर्ज्यम्–** जानुपर्ने स्थिर बनाउनुपर्ने, बचाउनुपर्ने, सम्पादन गर्नुपर्ने, कमाउनुपर्ने। **अर्जितुम्–** जान, स्थिर बनाउन, बनाउन, सम्पादन गर्न, कमाउन। **अर्जित्वा/ समृज्य-समर्ज्य–** गएर, स्थिर बनाएर, बचाएर, सम्पादन गरेर, कमाएर इत्यादि।

ऋजि (धा.) [*भर्जने, सक.सेट्, आत्म, इदित्*] भुट्नु। लट्– **ऋञ्जते–** भुट्छ। लिट्– **ऋञ्जाञ्चक्रे–** भुटेछ इत्यादि (अन.)। णिचि– **ऋञ्जयते–** भुट्न लगाउँछ। सनि– **ऋञ्जिजिषते–** भुट्न खोज्छ। कृदन्ते– **ऋञ्जक-जिका–** भुट्ने। **ऋञ्जितव्यम्-ऋञ्जयितव्यम्/ऋञ्जनीयम्/ऋञ्ज्यम्–** भुट्नुपर्ने। **ऋञ्जितुम्–** भुट्न। **ऋञ्जा/ऋञ्जना/ऋञ्जनम्–भुट्ने काम। ऋञ्जित्वा-ऋञ्जयित्वा/समृञ्ज्य–** भुटेर इत्यादि।

ऋजीषम् (नपुं.) [*अर्जति, अर्ज अर्जने इति धातोः, अर्जे ऋंज च (उ.) ४६७ इतीषन्*] तावा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋजुः (पुं.वि.) [*अर्जयति गुणानिति, अर्थ धातोः, अर्जिदशि कम्यमिपशिबाधामृजिपंसितुक्धुक्दीर्घहकाराश्च (उ.) २७ इति सूत्रेण कुः धातो ऋज्यादेशश्च*] १.सरल/सीधासाधा/इमानदार २.सिधा/सोझो/बाङ्गो नभएको। **ऋज्वायताञ्च सरलाञ्च समुन्नताञ्च** (स्वप्न.)।

ऋजुता (स्त्री.) [*ऋजोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सोझोपन/इमानदारीता।

ऋजुरोहितम् (नपुं.) [*इन्द्रधनुरुत्पातादिना ऋजु अवक्रं सद्रोहितं स्यात्, रुहे रश्च लो वा (उ.) इति इतन् यद्वा– रोहणं रोहः, रोहः संजातोऽस्येति तारकादित्वात् ५.२.३६ इतच्*] सीधा खालको इन्द्रको धनुष।

ऋण (धा.) [*गतौ तना, उभ.सक.सेट्,अर्णोति, ऋणोति*] जानु/हिँड्नु।

ऋणम् (पुं./नपुं.) [*अर्यते स्म, ऋ गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,ऋणमाधमर्ण्ये ८.२.६० इति नत्वनिपातः, णत्वम्*] १.कसैसित फेरि तिर्नुपर्ने गरी लिएको सम्पत्ति/अर्कालाई व्याज लिने गरी दिइएको सापटी २.देवता, ऋषि र पितृका लागि गर्नुपर्ने क्रमशः यज्ञ,वेदाध्ययन र पुत्रोत्पादनको कार्य ३.उपकार ४.पानी ५.दुर्ग। **ऋणं देये जले दुर्गे** (हैमः)। **~अपनयनम्** (नपुं.) [*ऋणस्य अपनयनम्, ष.त.*] ऋण तिर्ने काम। **~ऋणम्** (नपुं.) [*ऋणाय ऋणम्, च.त.*] ऋण तिर्नका लागि लिइने ऋण। **~शोधनम्** (नपुं.) [*ऋणस्य शोधनम्, ष.त.*] कर्जा चुकाउनु/ऋण तिर्नु।

ऋणकर्ता (पुं.वि.) [*ऋणस्य कर्ता, सम्बन्धविशेषे समासः*] आसामी/ऋण लिने मानिस।

ऋणकर्ता पिता शत्रुर्माता च व्यभिचारिणी।
भार्या रूपवती शत्रुः पुत्रशत्रुरपण्डितः॥ (हितो.)

ऋणग्रस्तः (पुं.वि.) [*ऋणेन ग्रस्तः, तृ.त.*] ऋणमा डुबेको।

ऋणचिह्नम् (नपुं.) [*ऋणस्य चिह्नम्, ष.त.*] गणितमा घटाउ जनाउन प्रयोग गरिने चिह्न। (–)

ऋणदाता (पुं.वि.) [*ऋणस्य दाता, सम्बन्धविशेषे समासः*] ऋण दिने मानिस/साहु।

तत्र मित्र न वस्तव्यं यत्र नास्ति चतुष्टयम्।
ऋणदाता च वैद्यश्च श्रोत्रियः सजला नदी॥ (हितो.)

ऋणपत्रम् (नपुं.) [*ऋणस्य पत्रम्, ष.त.*] ऋण लिनेले ऋण दिनेलाई प्रमाणस्वरूप लेखिदिने पत्र/तमसुक।

ऋणी (पुं.) [*ऋणमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] ऋण लिने व्यक्ति। **ऋणी न स्याद् यथा पिता** (स्मृतिः)।

ऋणु (धा.) [*गतौ, सक.सेट्, उभ., उदित्*] जानु। लट्– **ऋणोति–अर्णोति–** जान्छ । इत्यादि।

ऋत (धा.) [*सौत्रः, सक.सेट्*] हिंड्नु। लट्– **ऋतीयते–**हिंड्छ आदि।

ऋतम् (नपुं.) [*ऋच्छति आत्मानं प्राप्नोतीति, ऋ गतौ इति धातोः, बाहुलकाद् क्तः*] १.मोक्ष २.ज्ञान ३.कर्मफल ४.सत्य।

ऋतम्भरा (स्त्री.) [*ऋतं सत्यं बिभर्तीति, डुभृञ् धारणपोषणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] विपर्यासशून्य यथार्थ ज्ञानरूप चित्तवृत्ति।

ऋतीया (स्त्री.) [*ऋतिः सौत्रः, ऋतेरीयङ् ३.१.२९ इति ईयङ्पक्षे अ प्रत्ययात् ३.३.१०२ इति अः, टाप्*] घृणा/निन्दा।

ऋतुः (पुं.) [*पुनः पुनर्ऋच्छति गच्छत्यागच्छतीति, ऋ गतौ इति धातोः, अर्तेश्च तुः (उ.) ७४ इति तुः*] १.वसन्त आदि गरिएका ऋतु। दुई–दुई महिनामा विभाजित समय। ऋतु छ किसिमका हुन्छन्– चैत्र र वैशाख– **वसन्त,** जेष्ठ र आषाढ– **ग्रीष्म,** श्रावण र भाद्र– **वर्षा,** आश्विन र कार्तिक– **शरद्,** मार्गशीर्ष र पौष– **शिशिर,** माघ र फाल्गुन– **हेमन्त**। ठाउँअनुसार ऋतुहरू भिन्न हुन्छन्। २.तीन प्रकारका ऋतु हुने स्थलमा– कार्तिक, मङ्सिर, पुष र माघ– **शीत ऋतु**। फाल्गुन, चैत्र, वैशाख र ज्येष्ठ– **ग्रीष्म ऋतु**। आषाढ, श्रावण,भाद्र र आश्विन– **वर्षा ऋतु**। ३.दुई प्रकारका ऋतु पाइने स्थलमा– कार्तिक,मार्ग, पौष, माघ, फाल्गुन र चैत्र– **शीत ऋतु**। वैशाख, ज्येठ, असार, श्रावण, भाद्र, आश्विन– **ग्रीष्म ऋतु**। ४.स्त्री जातिको रजस्वला हुने समय/ऋतुकाल ५.बाणको धार। **ऋतुः स्त्रीकुसुमे मासि वसन्तादीषुधारयोः** (विश्व.)। **ऋतुर्वर्षादिषड्सु च। ऋतुः पुष्पकालयोः** (मेदिनी.) ६.शिव (सहस्रनाम)। **~कालः** (पुं.) [*ऋतोःकालः,ष.त.*] १.वसन्त आदि ऋतुको समय २.सामान्यतया रजोदर्शन भएपछि गर्भधारणका लागि उपयुक्त प्रथम तिन रात छोडेर अन्य नौ रातको समय। **~राजः** (पुं.) [*ऋतूनां राजा, ष.त., टच्*] ऋतुको राजा/वसन्त ऋतु।

ऋतुमती (स्त्री.) [*ऋतुरस्यास्तीति, ऋतुशब्दात् तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्,ङीप्*] रजस्वला भएकी/परसरेकी स्त्री।

ऋतुविज्ञानम् (नपुं.) [*ऋतोर्विज्ञानम्, ष.त.*] ऋतुसम्बन्धी अध्ययन गर्ने शास्त्र।

ऋतुसंहारः (पुं.) कवि कालिदासद्वारा रचित एक खण्ड–काव्य। कालिदासको प्रथम कृति। यसमा कविले आफ्नी पत्नीलाई सम्बोधन गरेर ग्रीष्म आदि ६ ऋतुको वर्णन गरेका छन्। यस खण्डकाव्यमा ग्रीष्मलाई ऋतुको राजा मानिएको छ। यो काव्य ६ सर्गमा निबद्ध छ। यसमा १४४ पद्य छन्। ऋतुगत स्वभाव अनुसार हुने प्रकृतिका विविध रूपलाई मानवीकृत गर्दै वर्णन गरिएको यस काव्यमा छवटै ऋतुको साङ्गोपाङ्ग वर्णन छ। यस किसिमको रचना संस्कृत साहित्यमा अर्को छैन। यसको भाषा अनुप्रासमय भएर पनि अपेक्षाकृत सरल तथा बोधगम्य छ।

ऋते (अव्य.) [*ऋतीयते, ऋते सौत्रो धातुः, तस्मात् केप्रत्ययः*] विना/छोडेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋत्विक् (पुं.) [*ऋतौ यजति, यज–देवपूजासङ्गतिकरणदानेषु इति धातोः, ऋत्विग् दधृक् ३.२.५९ इति क्विन्*] यज्ञ गर्ने व्यक्ति। साधारणतया प्रत्येक यज्ञमा ४ ऋत्विग् हुन्छन्– होता, उद्गाता, अध्वर्यु र ब्रह्मा। तर ठुला यज्ञहरूमा ऋत्विग्हरूको सङ्ख्या १६ सम्म हुन्छ।

ऋद्धः (पुं.वि.) [*ऋध्नोति स्म, ऋधु वृद्धौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] समृद्ध/सम्पन्न। **ऋद्धं संपन्नधान्ये च सुसमृद्धे तु वाच्यवत्** (विश्वः)।

ऋद्धम् (नपुं.) [*ऋध्यते स्म, ऋधु वृद्धौ इति धातोः, इति क्तः*] पाकेर माडेको धान ।

ऋद्धिः (स्त्री.) [*ऋध्नोति, ऋधु वृद्धौ इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.अलौकिक शक्ति २.धनसम्पत्ति ३.मोक्ष ४.निष्पत्ति ५.पातेभुलो ६.गणेशकी पत्नी ७.[*ऋध्यते, स्त्रियां क्तिन् ३.३.९४इति क्तिन्*] समृद्धि/बढौती। **सिद्धिस्तु मोक्षे निष्पत्तियोगयोः** (हैमः)। **सिद्धिः स्त्री योगनिष्पत्तिपादुकान्तर्द्धि वृद्धिषु** (मेदिनी) ८.औषधिविशेष ९.पार्वती १०. लक्ष्मी।

ऋधु (धा.) [*वृद्धौ, अक.सेट.,परस्मै.*] बढ्नु। लट्– **ऋध्नोति**– बढ्छ। लिट्–**आनर्ध**–बढेछ (अन.)। लुट्–**अर्धिता**–बढ्ने छ (अन.)। लृट्– **अर्धिष्यति**– बढ्ने छ। लोट्– **ऋध्नोतु-तात्**– बढोस्। लङ्– **अर्ध्नोत्**– बढ्यो (अन.)। विधिलिङ्– **ऋध्नुयात्**– बढ्ला, बढोस्। आशीर्लिङ्– **ऋध्यात्**– बढोस्। लुङ्– **आर्धीत्**– बढ्यो। लृङ्– **आर्धिष्यत्**–बढ्ने थियो। भावे– **ऋध्यते**–बढिन्छ। णिचि– **अर्धयति**–बढाउँछ। **अर्दिधिषति-ईर्त्सति**–बढ्न चाहन्छ। कृदन्ते–**अर्धितव्यम्/अर्धनीयम्/ ऋध्यम्**–बढ्नुपर्ने। **ऋद्धः**- बढेको। **अर्धनम्/ऋद्धिः** बढ्ने काम इत्यादि।

ऋधु (धा.) [*वृद्धौ, अक.सेट् पर.पुषादिः*] बढ्नु, वृद्धि हुनु। लट्– **ऋध्यति**–बढ्छ। लिट्– **आनर्ध**– बढेछ (अन.) इत्यादि।

ऋफ (धा.) [*दाने हिंसायाम् निन्दायाम् युद्धे च सक., श्लाघायामक. पर.सेट्*] दान दिनु, हिंसा गर्नु, निन्दा गर्नु, युद्ध गर्नु, प्रशंसा गर्नु। लट्– **ऋफति**– दान दिन्छ, हिंसा गर्छ, निन्दा गर्छ, युद्ध गर्छ, प्रशंसा गर्छ इत्यादि।

ऋभवः (पुं.बहु.) [*ऋशब्दवाच्यः स्वर्गः, अदितिर्वा, स्वरादि (१.१.३७) पाठादव्ययत्वम्, तत्र ततो वा भवन्ति, मितद्र्वादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.१८० इति डुः, टिलोपः*] देवता। **आदित्या ऋभवो ऽस्वप्नाः** (अमर.)।

ऋभुक्षः (पुं.) १.[*ऋभवो देवाः क्षियन्ति वसन्त्यत्र, क्षि निवासगत्योः इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१० इति डः*] स्वर्ग। २.[*ऋभुर्देव इन्द्रः क्षियति शत्रून् प्रति गच्छत्यनेन*] वज्र। **ऋभुक्षः स्वर्गवज्रयोः** (विश्व.)।

ऋभुक्षा (पुं.) [*ऋभवः क्षियन्त्यत्र, क्षि निवासगत्योः इति धातोः, डः (वा.) ३.२.१०१ सोऽस्यास्तीति इनिः ५.२.११५ पथिवत्, यद्वा ऋच्छति इयर्तीति वा, अर्तेर्भुक्षिनक् प्रत्ययः*] इन्द्र।

ऋम्फ (धा.) [*हिंसायाम्, तुदा.सक.सेट् पर.*] हिंसा गर्नु। लट्– **ऋम्फति**– हिंसा गर्छ इत्यादि।

ऋषभः (पुं.) [*ऋषति गच्छतीति, ऋषी गतौ इति धातोः, ऋषिवृषिभ्यां कित् (उ.) ४१० इति अभच्प्रत्ययः*] १.साँढे २.औषधि ३.ऋषभ नाम गरेका एक मुनि/भगवान् विष्णुको ऋषभावतार/प्रियव्रतका छोरा ४.कानको प्वाल ५.गधाको पुच्छर ६.सबैभन्दा उत्तम ७.जैनीहरूको एक अवतार ८.सङ्गीतका सात स्वरमध्ये दोस्रो स्वर। यसको स्वर (आवाज) सङ्केत 'रे' यस्तो हुन्छ। यसमा तलमाथि कुनै चिह्न रहँदैन। ऋषभस्वर टाउकाबाट उत्पन्न हुन्छ। ऋषभस्वरले ऋषिमुनि तृप्त हुन्छन्। नाभिबाट उठेको वायु कण्ठ र टाउकोमा टक्कराउँदा वृषभको जस्तो गर्जना हुन्छ। यसको वर्ण सुगाको जस्तो हरियो मानिएको छ। यसको जाति क्षत्रिय हो। ऋषभ स्वरले गाई कराउँछन्। अग्नि यसका देवता मानिन्छन्। **~कूटः** (पुं.) पाण्ड्यदेशको एक पर्वत। यहाँ युधिष्ठिर तीर्थ गर्न गएका थिए। यो दक्षिण भारतमा पर्छ। **~देवः** (पुं.) विष्णु भगवान्का चौबिस अवतारमध्येका आठौँ अवतार। यिनको विवाह इन्द्रकी छोरी जयन्तीसँग भएको थियो। यिनबाट राजर्षि भरत जन्मिएका थिए। यिनलाई जैनीहरू **आद्यतीर्थङ्कर** भन्दछन्।

ऋषिः (पुं.) [*ऋषति गच्छति प्राप्नोति जानाति वा, ऋषी गतौ इति धातोः, इगुपधात्कित् (उ.) ५६९) इति इन् कित्*] १.वैदिक मन्त्रद्रष्टा । यी सात थरी छन्– ऋषि, महर्षि, परमर्षि, देवर्षि, ब्रह्मर्षि, काण्डर्षि र श्रुतर्षि। ऋष् धातुको गमन, ज्ञान, श्रवण, सत्य र तप अर्थमा प्रयोग हुन्छ। यी सबै गुण जसमा एकैसाथ निश्चित रूपले रहन्छन्, त्यस्ता पुरुषलाई ऋषि भनिन्छ। गत्यर्थक 'ऋष्' धातुबाटै ऋषि शब्द बन्छ। आदिकालमा यी ऋषिहरू आफै उत्पन्न भएकाले ऋषि भनिएका हुन् (वायुपु.५९/७९–८१), २.मुनि ३.किरण ४.माछोविशेष ५.वेद ६.गोत्र प्रवरको विस्तार गर्ने पुरुष। वाल्मीकि रामायणअनुसार ऋषिहरू– वैखानस, बालखिल्य, संप्रक्षल, मरीचिप, अश्मकुट्ट, पत्राहार, दन्तोलूखली, उन्मज्जक, गात्रशय्य, अशय्य, अनवकासिक, सलिलाहार, वायुभक्षी, आकाशनिलय, स्थाण्डिलशायी, ऊर्ध्ववासी, दान्त, आर्द्रपटवासा, सजप, तपोनिष्ठ र पञ्चाग्निसेवी हुन्छन्। **~ऋणम्** (नपुं.) [*ऋषेः ऋणम्, ष.त.*] ऋणत्रयमध्ये ब्रह्मचर्य पालन नगर्दा लाग्ने ऋण। **~तर्पणी** (स्त्री.) [*ऋषयस्तृप्यन्तेऽस्यां तिथौ, तृप प्रीणने इति धातोः करणाधिकरणयोश्च ३.३.११७इति ल्युट (अनः) ङीप्*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.ऋषिलाई तर्पण दिने पूर्णिमा/श्रावण शुक्ल पूर्णिमा। **~पञ्चमी** (स्त्री.) [*ऋषेः पञ्चमी,ष.त.*] ऋषिको पूजा गर्ने पञ्चमी/भाद्र शुक्ल पञ्चमी। **~यज्ञः** (पुं.) [*ऋषि सम्बद्धो यज्ञः*] ऋषिलाई तर्पण दिई गरिने पूजा। **~लोकः** (पुं.) [*ऋषीणां लोकः, ष.त.*] ऋषिहरूको लोक/सप्तर्षि लोक।

ऋषी (धा.) [*गतौ सक.सेद्, पर.*] जानु। लट्– **ऋषति–** जान्छ। लिट्– **आनर्ष–** गएछ (अन.)। इत्यादि।

ऋष्टिः (स्त्री.) [*ऋष्यते इति, ऋषी गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, यद्वा ऋषतीति, ऋषी गतौ इति धातोः, क्तिच् ३.३.१७४*] दुवै तर्फ धार भएको तरबार।

ऋष्यः (पुं.) [*ऋच्छति, इयर्ति वा बाहुलकात् श्यन्, मूर्धन्यान्तोऽपि ऋषति, ऋषी गतौ इति धातोः, वा श्यन्*] मृगविशेष। **एणः कुरङ्गे मारिष्यः स्यादृश्यश्चारुलोचनः** (त्रिकाण्ड.)। **~गन्धा** (स्त्री.) [*ऋष्यस्य मृगविशेषस्य गन्ध इव गन्धो यस्याः सा, बहु.स.*] वृक्षविशेष। **~ प्रोक्ता** (स्त्री.) [*ऋष्यैः प्रोक्ताः, मृगविशेषाद् ज्ञाता, तृ.त.*] शतावरी। **ऋष्यप्रोक्त। शतावर्य-तिबलाशूकशिम्बिषु** (मेदिनी)। **~मूकः** (पुं.) [*ऋष्या मूका इव यत्र सः, बहु.स.*] पम्पा सरोवर नजिकै रहेको एक पर्वत। **~शृङ्गः** (पुं.) [*ऋष्यस्येव शृङ्गं यस्य सः, बहु.स.*] विभाण्डक ऋषिका छोरा, शान्ताका पति, दशरथका ज्वाइँ।

ॠ

ॠ देवनागरी लिपिको वर्णमालाको आठौँ वर्ण/ऋवर्णको दीर्घ स्वरूप/दीर्घ ॠकार।

ॠ (धा.) [*गतौ, सक्.सेद् पर.*] जानु। लट्– **ॠणाति–** जान्छ। लिट्– **अराञ्चकार–** गएछ (अन.)। लुट्– **अरिता-अरीता–** जानेछ (अन.)। लृट्– **अरिष्यति-अरीष्यति–** जाने छ। लोट्– **ॠणातु–** जाओस्। इत्यादि

ॠः (पुं.) १.भैरव २.एक दानव।

ॠकारः (पुं.) [*ॠ इति निर्देशे वर्णात्कारः (वा ३.३.११८) इति कारप्रत्ययः*] ॠलाई जनाउने शब्द।

ऌ

ऌ वर्णमालाको एक अक्षर। प्रारम्भमा ऌको प्रयोग हुने शब्द उपलब्ध छैन। दीर्घ र प्लुत भेद नहुने हुने हुँदा यो १२ प्रकारको हुन्छ।

ऌकारः (पुं.) [*ऌ इति निर्देशे वर्णात्कारः (वा) ३.३.११८ इति कारप्रत्ययः*] ऌलाई जनाउने शब्द।

ॡ

ॡ वर्णमालाको एक अक्षर। प्रारम्भमा ॡको प्रयोग हुने शब्द उपलब्ध छैन। ॡको प्रयोग लौकिक संस्कृतमा पाइँदैन। वेदमा मात्र उपलब्ध छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ए

ए देवनागरी लिपिको वर्णमालाको एघारौँ वर्ण/स्वर वर्ण। कण्ठ र तालुको संयोगबाट उच्चारण हुने वर्ण। **एदैतोः कण्ठतालु** (सि.कौ.)। यो दीर्घ र प्लुत गरी दुई प्रकारको हुन्छ। प्रत्येकका उदात्त, अनुदात्त र स्वरितका भेदले यो ६ प्रकारको हुन्छ। तीनमा पनि प्रत्येकको अनुनासिक र निरनुनासिकका भेदले यो बाह्र किसिमको हुन्छ।

ए (अव्य.) ईर्ष्या, कृपा, आमन्त्रण र आह्वान जनाउँदा प्रयोग हुने शब्द (मेदिनी.)।

एः (पुं.) [*एति व्याप्नोति विश्वम्*] विष्णु (एका.को.)।

एकः (पुं.वि.) [*एति, प्राप्नोतीति, इण् गतौ इति धातोः, इणभीका-पाशल्यतिमर्चिभ्यः कन् (उ.) ३३०, इति कन्, गुणः*] १.एक सङ्ख्या/आदिसङ्ख्या।

एकेन शुष्कवृक्षेण दह्यमानेन वह्निना।
दह्यते तद् वनं सर्वं दुष्पुत्रेण कुलं यथा॥ (सुभा.)

२.मुख्य। **त्वमेको ह्यस्य सर्वस्य विधानस्य स्वयम्भुवः** (मनुः) ३.[*एक एव, इति एकदाकिंनिच्चाऽसहाये ५.३.५२ इति चकारात् कन्, लुक् च*] एक्लो/असहाय ४.अन्य ५.अद्वितीय/अनुपम। **एकं सङ्ख्यान्तरे श्रेष्ठे केवलेतरयोस्त्रिषु**। (मेदिनी.) **एके मुख्यान्यकेवलाः** (अमर.)। एकलाई जनाउने अन्य केही शब्द- **विधुः,क्षितिः** आदि।

एककः (पुं.वि.) [*एक एव, इति एकादाकिंनिच्चाऽसहाये ५.३.५२ इति चकारात् पक्षे कन्*] एक्लो/असहाय।

एककुण्डलः (पुं.) [*एकं कुण्डलं यस्य सः, बहु.स.*] १.बलराम २.कुवेर। **वैश्रवणेऽप्येककुण्डलः प्रोक्तः** (हला.)।

एकचत्वारिंशः (पुं.वि.) [*एकश्चत्वारिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्*] एकचालिसौँ।

एकचत्वारिंशत् (स्त्री.) [*एकाधिका चत्वारिंशत्, म.प.स.*] एकचालिस।

एकचत्वारिंशत्तमः (पुं.वि.) [*एकचत्वारिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् डटःस्थाने विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति पक्षे तमट्*] एकचालिसौँ।

एकचरः (पुं.वि.) [*प्रायेण एक एव चरति, पचाद्यच्*] १.गैँडा, सर्प आदि प्रायः एक्लै हिँड्ने जनावर। २.आफ्नो बथानबाट विछोड भएको। **एकचरो यूथादपेतः** (मल्लिनाथ)।

एकचारी (पुं.वि.) [*एक एव चरति, तच्छीलः, णिनिः*] एक्लै हिँड्ने।

एकचित्तः (पुं.वि.) [*एकस्मिन् विषये चित्तं यस्य सः, बहु.स.*] एउटै विषयमा मात्र मन लगाएको।

एकच्छत्रः (पुं.वि.) [*एकं छत्रं यस्य सः, बहु.स.*] एकतन्त्र/एकाधिकार/अरू कसैको प्रभुता वा अधिकार नभएको।

एकजया (स्त्री.) [*एका मुख्या जया यस्याः सा, बहु.स.*] १.उग्रतारा देवी २.मन्दोदरीकी एक सहचरी/राक्षसी।

एकजातिः (स्त्री.) [*एका चासौ जातिश्च, कर्म.स.*] १.एउटै जाति/सजाति २.(पुं.वि.) [*एका जातिर्यस्य सः*] एउटै जातको।

एकजातीयः (पुं.वि.) [*एकः प्रकारः, एकशब्दाद् प्रकारवचने जातीयर् ५.३.६९इति जातीयर्*] १.समान किसिमको २.एकै किसिमको वा एकै दलको।

एकतन्त्रम् (नपुं.) [*एकस्य तन्त्रम्, ष.त.*] एउटाको इच्छामा सबै थोक चल्ने व्यवस्था।

एकतन्त्रीयः (पुं.) [*एकतन्त्रे भवः*] एउटाको इच्छामा सबै थोक चल्ने व्यवस्था भएको।

एकतमः (पुं.वि.) [*एषामेकः, एकाच्च प्राचाम् ५.३.९४ इति डतमच्*] यिनीहरूमध्ये एक/एउटा चाहिँ। जस्तै— **भवतामेकतमः साधुः**।

एकतरः (पुं.वि.) [*अनयोरेकः एकाच्च प्राचाम् ५.३.९४ इति डतरच्*] यी दुईमध्ये एक/भिन्न/योचाहिँ।

एकता (स्त्री.) [*एकस्य भावः, तस्य भास्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] एउटै हुनाको भाव/समानता/ऐक्य।

एकतानः (पुं.वि.) [*एकं भावरसं तनोति, तनु श्रद्धोपकरणयोः वा तनु विस्तारे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] एकै क्षेत्रमा चित्तवृत्ति भएको/एउटै विषयमा चित्त लगाउन सक्ने।

एकतालः (पुं.वि.) [*एकं समानं तालम्, मानो यत्र सः, बहु.स.*] १.समान ताल भएको २.(पुं.) विच्छेदरहित नृत्यगीतादि।

एकत्र (अव्य.) [*एकस्मिन्निति, सप्तम्यास्त्रल् ५.३.१० इति त्रल्*] १.एक ठाउँमा। **एकत्र निर्णीतः शास्त्रार्थो बाधकं विनान्यत्रापि प्रवर्तते**। (दुर्गादास) २.एकट्ठा/जम्मा/भेला।

एकत्रितः (पुं.वि.) [*एकत्र सञ्जात इति, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] एकट्ठा भएको/जम्मा भएको/भेला भएको।

एकत्रिंशः (पुं.वि.) [*एकत्रिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्*] एकतिसौँ।

एकत्रिंशत् (स्त्री.) [*एकाधिका त्रिंशत्, म.प.स.*] एकतिस।

एकत्रीकरणम् (नपुं.) [*न एकत्रम्, एकत्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] जम्मा गर्ने काम/एकट्ठा गर्ने काम।

एकत्वम् (नपुं.) [*एकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] एकता/एक हुनु/समानता।

एकदंष्ट्रः (पुं.) [*एका दंष्ट्रा यस्य सः,बहु.स.*] १.गणेश। एक दिन शिवजीको दर्शन गर्न जान खोज्दा गणेशले परशुरामलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोके। दुवैको युद्ध भयो। परशुरामले गणेशको एउटा दाह्रो भाँचिदिए। त्यसै समयदेखि यिनको नाम एकदन्त वा एकदंष्ट्र रह्यो। (ब्र.वै.पु.) २.एउटामात्र दाँत भएको हात्ती ३.(पुं.वि.) एकदाँते।

एकदन्तः (पुं.) [*एको दन्तो यस्य सः,बहु.स.*] १.गणेश २.एउटा मात्र दाँत भएको हात्ती। हे.— **एकदंष्ट्रः**।

एकदलम् (नपुं.) १.[*एकञ्च तद्दलञ्च, कर्म.स.*] एउटै दल २.[*एकं दलं यस्य तत्,बहु.स.*] एक दल भएको/एकभन्दा बढी फगल्याटा नभएको वस्तु।

एकदा (अव्य.) [*एकस्मिन् काले, सर्वैकान्यकिंयत्तदः काले दा ५.३.१५ इति दा*] १.एक दिन/कुनै एक समयमा।

एकदृक् (पुं.वि.) [*एका दृग् यस्य सः, बहु.स.*] १.एक आँखे/कानो २.(पुं.) काग ३.[*एकं सर्वमभिन्नं पश्यति, दृशिर् प्रेक्षणे इति धातोः क्विप्*] शिव ४.[*एकं सर्वमेव ब्रह्मत्वेन पश्यति*] ब्रह्मज्ञानी।

एकदेशः (पुं.) [*एकश्चासौ देशश्च, कर्म.स.*] १.अवयव २.कुनै क्षेत्र ३.कुनै अङ्ग ४.एक अंश।

एकदेशवर्तिरूपकम् (नपुं.) [*एकदेशे वर्तते इति, एकदेशवर्ति, तच्च तद् रूपकम्, कर्म.स.*] रूपक अलङ्कारको एक भेद। उपमेयको निषेध नगरी त्यससित उपमानको अभेद आरोप भएमा रूपक अलङ्कार हुन्छ। रूपकका परम्परित, साङ्ग र निरङ्ग तीन भेदमध्ये साङ्ग रूपकको एक उपभेद। साङ्गरूपकमा सबैको शब्दतः उल्लेख गरी आरोप गर्दा समस्तवस्तुविषयक रूपक हुन्छ भने कुनै विषयको शब्दतः उल्लेख गरी आरोप भएको र कुनै विषयको अर्थतः आरोप बुझिएमा एकदेशवर्तिरूपक हुन्छ। (सा.द.)

एकदेशीयः (पुं.वि.) [*एकदेशे भवः, छः, छस्य ईयः*] एक देशको/एकाङ्गी।

एकधा (अव्य.) [*एकेन प्रकारेण, सङ्ख्याया विधार्थे धा ५.३, ४२ इति धा*] एकै किसिमले/एकै प्रकारको।

एकध्यम् (नपुं.) [*एकेन प्रकारेण, एकाद्धो ध्यमुञन्यतरस्याम् ५.३.४४ इति धा इत्यस्य स्थाने ध्यमुञ्*] एक प्रकारले।

एकधुरः (पुं.वि.) [*एका चासौ धूश्च, ऋक्पूरब्धूःपथामानक्षे ५.४.७ इति अः*] १.एक्लै भार बोक्ने २.एउटै किसिमको भारी बोक्ने।

एकधुरावहः (पुं.वि.) [*एकधुराया वहः, ष.त.*] एउटै किसिमको भारी बोक्ने।

एकधुरीणः (पुं.वि.) [*एकधुरां वहतीति, एकधुराल्लुक्च ४.४.७९ इति चात् खः, खस्य ईनः आलोपः णत्वम्*] १.एकमात्र धुर वा भार बोक्ने २.एकथरी भारी बोक्ने।

एकनटः (पुं.) [*एको मुख्यश्चासौ नटश्च, कर्म.स.*] प्रमुख नट।

एकनवतिः (स्त्री.) [*एकाधिका नवतिः, म.प.स.*] एकानब्बे।

एकनिष्ठः (पुं.वि.) [*एका एव निष्ठा यस्य सः, बहु.स.*] १.एउटैसित मात्र बफादार भएको २.एउटै कुरामा दत्तचित्त।

एकपक्षः (पुं.) १.[*एकश्चासौ पक्षश्च, कर्म.स.*] एउटै पक्ष/एकातिरको ढल्काइ २.[*एकः पक्षो यस्य सः, बहु.स.*] एक पक्ष लिने/सबैसित समान व्यवहार नगर्ने।

एकपञ्चाशः (पुं.वि.) [*एकपञ्चाशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्*] एकाउन्नौँ।

एकपञ्चाशत् (स्त्री.) [*एकाधिका पञ्चाशत्, म.प.स.*] एकाउन्न।

एकपत्नी (स्त्री.) १.[*एकः अद्वितीयः पतिर्यस्याः सा, नित्यं सपत्न्यादिषु ४.१.३५ इति नकारान्तादेशः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] पतिव्रता/एउटै पतिमा समर्पित स्त्री।

ताञ्चावश्यं दिवसगणनातत्परामेकपत्नीम् (मेघ.)।

एकपदः (पुं.) [*एकं पदं यस्य सः*] १.एक पाउ भएको २.(पुं.) [*एकं पदं पदविन्यासो यस्मिन् सः, बहु.स.*] रतिक्रीडाको एक प्रकार। २.वास्तु यागका एक देवता ३.कलिद्वारा ताडित वृषभरूपी धर्म ४.(पुं.वि.) [*एकं पदं वस्य तत्*] एउटै पाउ भएको।

एकपदम् (नपुं.) १.[*एकं पदम्, तदुच्चारणकालो यस्मिन् तत्*] तुरुन्तै/तत्काल २.[*एकञ्च तत् पदम्, कर्म.स.*] कुनै एउटा पद।

एकपदी (स्त्री.) [*एकः पादो यस्यां सा, बहु.स., कुम्भपदीषु च ५.४.१३९ इति पादस्य लोपः, ङीपो निपातश्च। यद्वा सङ्ख्या–सुपूर्वस्य ५.४.१४० इति पादस्यान्तलोपः, पादोऽन्यतरस्याम् ४.१.८ इति ङीप्, पादस्य पदादेशः*] बाटो।

एकपदे (अव्य.) [*एकपूर्वकाद् पद गतौ इति धातोः, के प्रत्ययः*] एक पद उच्चारण गर्ने समय/तुरुन्त/अकस्मात्। **कथमेकपदे निरागसम्** (कु.सं.)।

एकपार्वणकम् (नपुं.) [*एकं पार्वणं यस्मिन्, तत्, बहु.स.*] पितृपक्ष (आश्विनकृष्ण) वा औँसीमा परलोक भएका मातापिताको वर्ष वर्षमा गर्नुपर्ने श्राद्धविशेष। यसमा पिता, पितामह, प्रपितामह (पिताको पङ्क्तिमा), मातामह, प्रमातामह, वृद्धप्रमातामह (माताको माइती पङ्क्तिमा) गरी तीन तीन जनालाई पिण्ड दिनुपर्छ। यसरी महालयमा वा अरू औँसीमा पिण्ड दिएर गरिने श्राद्धलाई एकपार्वण भनिन्छ। यो पार्वण श्राद्धकै भेद हो। **तत्र पित्रादेर्मृततिथौ क्रियमाणं प्रतिसांवत्सरिकमेकपार्वणकम्** (ध.सिं.)। **अमावास्यां क्षयो यस्य प्रेतपक्षेऽथवा पुनः। पार्वणं तस्य कर्तव्यं नैकोद्दिष्टं कदाचन॥** (नि.सिं.)

एकभक्तव्रतम् (नपुं.) [*एकं भक्तं भोजनं यत्र तत्, बहु.स., तच्च तद् व्रतम्, कर्म.स.*] दिनको आधा अर्थात् मध्याह्न पछि नियमपूर्वक खाने र राति नखाई बस्ने एक किसिमको व्रत।

दिनार्धसमयेऽतीते भुज्यते नियमेन यत्।
एकभक्तमिति प्रोक्तं रात्रौ तन्न कदाचन॥ (स्मृति.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमात्रम् (नपुं.) [*एकमस्य प्रमाणम्, प्रमाणे द्वयसज्दध्नञ्मात्रचः ५.२.३७ इति एकशब्दात् मात्रच्*] एउटै मात्र/अर्को दोस्रो नभएको।

एकमुखः (पुं.वि.) [*एकं मुखं यस्य सः, बहु.स.*] १.एउटै विचार प्रकट गर्ने २.एकमुखे।

एकयष्टिका (स्त्री.) [*एका यष्टिरिव यस्याः सा, बहु.स.*] एकावलिनामक हार/माला।

एकरथा (स्त्री.) [*एको रथो यस्यां सा, बहु.स.*] एउटा रथमात्र भएको सेनाविशेष।

एकरूपः (पुं.वि.) [*एकं रूपं यस्य सः, बहु.स.*] एउटै अनुहार वा स्वभावको।

एकलः (पुं.वि.) [*एकं लाति, ला आदाने इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] एक्लो।

एकलव्यः (पुं.) निषादराज हिरण्यधनुका पुत्र, द्रोणाचार्यका एक शिष्य। यिनले आफू अन्त्य जाति भएको हुँदा द्रोणाचार्यले धनुर्विद्या नसिकाएकाले गुरुका रूपमा माटाको द्रोणाचार्यको मूर्ति स्थापना गरी अस्त्रविद्याको अभ्यास गरेका थिए। यो कुरा थाहा पाएर द्रोणाचार्यले गुरुदक्षिणास्वरूप दाहिने हातको औंठो माग्दा एकलव्यले काटेर दिएका थिए। (म.भा.)

एकलिङ्गम् (नपुं.) [*एकमेव लिङ्गं यत्र तत्, बहु.स.*] पाँच कोशभित्र एक मात्र शिवलिङ्ग रहेको ठाउँ।

एकवचनम् (नपुं.) [*वच परिभाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, एकस्य वचनम्, ष.त.*] १.व्याकरणको नियमअनुसार एउटालाई जनाउँदा प्रयोग गरिने शब्द २.[*एकञ्च तद् वचनञ्च, कर्म.स.*] एकै बोली/एक वाक्य/एक शब्द/एक बात। **परस्परं विवदन्तश्छात्रा गुरोरेकवचनेनैव तूष्णीङ्गताः** (दुर्गादास)।

एकवर्षिका (स्त्री.) [*एको वर्षो यस्याः सा, बहु.स.*] एक वर्षीया।

एकविंशः (पुं.वि.) [*एकविंशतेः पूरणः, पक्षे तस्य पूरणे डट् ५.२.४८ इति डट्.*] एक्काइसौं।

एकविंशतिः (स्त्री.) [*एकाधिका विंशतिः, म.प.स.*] एक्काइस।

एकविंशतितमः (पुं.वि.) [*एकविंशतेःपूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् डटः स्थाने विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] एक्काइसौं।

एकशेषः (पुं.) [*एकः शेषो यत्र सः, बहु.स.*] एकपदमात्र शेष रहने वृत्ति। व्याकरणका पञ्च वृत्तिमध्ये एक। **कृत्तद्धित-समासैकशेषसनाद्यन्तधातुरूपाः पञ्चवृत्तयः।** (म.कौ.)। कतिपय शब्दकोषमा एकशेषलाई द्वन्द्वको प्रकार मनिएको छ तर त्यो होइन। त्यसका लागि हे. प्रौढमनोरमा १.२.६४ सूत्रव्याख्या।

एकश्रुतिः (स्त्री.) १.[*एका अभिन्ना श्रुतिः,उदात्तादीनामविभागेनोच्चारणम्*] उदात्त, अनुदात्त र स्वरित नछुट्टिने गरी भएको उच्चारण २.(पुं.) [*अनेकार्थकत्वेऽपिएका समाना श्रुतिः श्रवणं यस्य सः, बहु.स.*] श्रुतिसम भिन्नार्थक शब्द।

एकषष्टिः (स्त्री.) [*एकाधिका षष्टिः,म.प.स.*] एकसाट्ठी।

एकषष्टितमः (पुं.वि.) [*एकषष्टेः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] एकसाट्ठियौं।

एकशतम् (नपुं.) १.[*एकञ्च तत् शतञ्च, कर्म.स.*] एक सय २.[*एकाधिकं शतम्, म.प.स.*] एकसय एक।

एकशततमः (पुं.) [*एकशतस्य पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] एकसययौं।

एकसप्ततिः (स्त्री.) [*एकाधिका सप्ततिः, म.प.स.*] एकहत्तर।

एकसप्ततितमः (पुं.वि.) [*एकसप्ततेः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] एकहत्तरौं।

एकसर्गः (पुं.) [*एक एकस्मिन् वा सर्गो निश्चयोऽत्र*] एकाग्र।

एकसूत्रम् (नपुं.) १.[*एकञ्च तत् सूत्रञ्च, कर्म.स.*] एउटै सूत्र २.[*एकं सूत्रं यस्मिन् तत्, कर्म.स.*] एक हुने भाव/एकै ठाउँको समेटाइ। **विचारवान् पाणिनिरेकसूत्रे श्वानं युवानं मघवानमाह।** (सुभा.)।

एकसूत्रीयः (पुं.वि.) [*एकसूत्रे बद्धः*] एउटै सूत्रमा गाँसिएको।

एकहायनः (पुं.वि.) [*एको हायनो यस्य सः, बहु.स.*] एकवर्षे।

एकहायनी (स्त्री.) [*एको हायनो यस्याः, दामहायनान्ताच्च ४.१.२७ इति ङीष्*] एक वर्षकी गाई।

एका (स्त्री.) [*अजाद्यतष्टाप् ४.१.१ इति टाप्*] १.एक्ली २.एउटी ३.मुख्य ४.दुर्गा।

एकाकारः (पुं.वि.) [*एक आकारो यस्य सः,बहु.स.*] एउटै आकार भएको

एकाकिनी (स्त्री.) [*एक एव एकादाकिनिच्चासहाये ५.३.५२ इति आकिन्प्रत्ययः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] एक्ली/असहाया।

एकाकी (पुं.वि.) [*एक एव एकादाकिनिच्चासहाये ५.३.५२ इति आकिन्प्रत्ययः*] एक्लो/असहाय। **एकाकी त्वेक एककः** (अमर.)। **एकाकी हयमारुह्य जगाम गहनं वनम्** (मार्कण्डेयपु.)।

एकाक्षः (पुं.) [*एकमक्षि यस्य सः, बहु.स.बहुव्रीहौ सक्थ्यक्ष्णोः स्वाङ्गात् षच् ५.४.११३ इति षच्, नस्तद्धिते इति टिलोपः*] १.काग २.(पुं.वि.) कानो। ३.एक आँखा भएको।

एकाक्षरम् (नपुं.) [*एकञ्च तदक्षरञ्च, कर्म.स.*] १.एउटै अक्षर २.ओङ्कार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकाक्षरी (पुं.वि.) [*एकञ्च तदक्षरञ्च, तदस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] एउटै मात्र अक्षर भएको।

एकाग्रः (पुं.वि.) [*एकोऽग्रो यस्य सः, एकस्मिन् अग्रं पुरोगतं ज्ञेयमस्य वा, बहु.स.*] मनमा अरू थोक नभई एकसुर भएको/कुनै एक विषयमा मात्र ध्यान केन्द्रित भएको।

एकाग्रता (स्त्री.) [*एकाग्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] मनमा अरू थोक नभई एकसुर हुनु।

एकाग्रचित्तः (पुं.वि.) [*एकाग्रं चित्तं यस्य सः, बहु.स.*] ज्यादै ध्यान दिएको/एउटै विषयमा मन केन्द्रित गराएको।

एकाङ्कि (नपुं.) [*एकोऽङ्को अस्यास्ति तत्*] एउटै अङ्क भएको नाटक वा घटना।

एकाङ्गः (पुं.) [*एकं सौम्यमङ्गं यस्य सः, बहु.स.*] बुधग्रह।

एकाङ्गम् (नपुं.) [*एकं सुन्दरमङ्गमस्य, बहु.स.*] १.चन्दन २.[*एकञ्च तदङ्गञ्च, कर्म.स.*] एउटै अङ्ग ३.[*एकं श्रेष्टञ्च तदङ्गञ्च,कर्म.स*] मुख्य अङ्ग/टाउको ।

एकाङ्गी (पुं.वि.) [*एकमङ्गमस्त्यस्य*] १.एउटै अङ्क भएको २.एकतिरमात्र लागेको।

एकातपत्रम् (नपुं.) [*एकञ्च तद् आतपत्रम्, कर्म.स.*] एउटै आधिपत्य हुनु। **एकातपत्रं जगतः प्रभुत्वम्** (कालिदास)।

एकादश (त्रि.) [*एकश्च, दश च, द्व.स. आत्वम्*] एघार।

एकादशः (पुं.वि.) [*एकादशानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, टिलोपः*] एघारौँ।

एकादशद्वारम् (नपुं.) [*एकादश द्वाराणि यत्र तत्, बहु.स.*] १.एघार ढोका भएको सहर २.शरीर। शरीरमा रहेका एघार ढोकाहरू– नाक २, कान २, आँखा २, मुख १, नाभि १, लिङ्ग १, गुदद्वार १ र ब्रह्मरन्ध्र ।

एकादशं शतम् (नपुं.) [*एकादश अधिका अस्मिन्, तदस्मिन्नधिकमिति दशन्ताड्डः ५.२.४५ इति डः, टिलोपः*] एक सय एघार।

एकादशरुद्रम् (नपुं.) [*एकादशानां रुद्राणां समाहारः, द्विगु.*] शिवस्वरूप एघार गणदेवता, महाभारतअनुसार– मृगव्याध,सर्प, निर्ऋति, अजैकपाद्, अहिर्बुध्न, पिनाकी, दहन, ईश्वर, कपाली, स्थाणु र भव।

मृगव्याधश्च सर्पश्च निर्ऋतिश्च महायशाः ।
अजैकपादहिर्बुध्न्यः पिनाकी च परन्तपः॥
दहनोऽथेश्वरश्चैव कपाली च महाद्युतिः।
स्थाणुर्भवश्च भगवान् रुद्रा एकादश स्मृताः॥ (म.भा.)

हरिवंशअनुसार– हर, बहुरूप, त्र्यम्बक, अपराजित, वृषाकपि, शम्भु, कपर्दी, रैवत, मृगव्याध, शर्व र कपाली।

हरश्च बहुरूपश्च त्र्यम्बकश्चापराजितः।
वृषाकपिश्च शम्भुश्च कपर्दी रैवतस्तथा॥
मृगव्याधश्च शर्वश्च कपाली च विशांपते।
एकादशैते कथिता रुद्रास्त्रिभुवनेश्वराः॥ (ह.वं.)

पुराण एवं तन्त्रशास्त्रमा ११ रुद्रका नाम फरक फरक पाइन्छन्। कतिपय नाम सबै ठाउँमा एउटै पनि छन्।

एकादशाहम्(नपुं.) [*एकादशं अहो यस्मिंस्तत्*] मृतकको एघारौँ दिनमा गरिने कृत्य।

एकादशी (स्त्री.) [*एकादशानां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट्, टित्वान् ङीप्*] चान्द्रमासका दुवै पक्षको प्रतिपदादेखि गन्दै जाँदा पर्न जाने एघारौँ तिथि। यी दिनहरूमा धेरै मानिस व्रत वस्ने, विष्णुको पूजा गर्ने, फलाहार गर्ने, एकादशीमहात्म्य भन्ने र सुन्ने गर्छन्। आषाढ शुक्ल र कार्तिक शुक्ल एकादशीका दिनमा त विशेष उत्सव र विशेष पूजा नै हुन्छ। आषाढ शुक्ल एकादशीका दिन घरघरमा तुलसी रोपिन्छ भने कार्तिक शुक्ल एकादशीका दिन तुलसीको विशेष पूजा हुन्छ। यस समयमा चतुर्मासाको व्रत लिने, श्रीमद्भागवत अथवा अन्य कुनै वैष्णव पुराण सुन्ने, सुनाउने गरिन्छ। यस दिन दर्शन गर्न जाने भक्तहरूको मन्दिरमा ठुलो घुइँचो लाग्छ। एकादशीका नामहरू–

मास तथा पक्ष र एकादशी		मास तथा पक्ष र एकादशी	
वैशाखकृष्ण–	**वरुथिनी**	वैशाख शुक्ल–	**मोहिनी**
ज्येष्ठकृष्ण–	**अपरा**	ज्येष्ठशुक्ल–	**निर्जला**
आषाढकृष्ण–	**योगिनी**	आषाढशुक्ल–	**हरिशयनी**
श्रावणकृष्ण–	**कामिका**	श्रावणशुक्ल–	**पुत्रदा**
भाद्रकृष्ण–	**अजा**	भाद्रशुक्ल–	**हरिपरिवर्तिनी**
आश्विनकृष्ण–	**इन्दिरा**	आश्विनशुक्ल–	**पाशाङ्कुशा**
कार्तिक कृष्ण–	**रमा**	कार्तिकशुक्ल–	**हरिबोधिनी**
मार्गकृष्ण–	**उत्पत्तिका**	मार्गशुक्ल–	**मोक्षदा**
पौषकृष्ण–	**सफला**	पौषशुक्ल–	**पुत्रदा**
माघकृष्ण–	**षट्तिला**	माघशुक्ल–	**भीमा**
फाल्गुनकृष्ण–	**विजया**	फाल्गुनशुक्ल–	**आमलकी**
चैत्रकृष्ण–	**पापमोचिनी**	चैत्रशुक्ल–	**कामदा**
अ.मास कृष्ण–	**परमा**	अ.मास शुक्ल–	**पद्मिनी**

एकाधिकः (पुं.वि.) [*एकस्मादधिकः, प.त.*] धेरै/एकभन्दा बढी।

एकाधिकारः (पुं.) [*एकस्मिन् स्थितोऽधिकारः, म.प.स.*] स्वामित्व/एकाधिपत्य/एकलौटी हक/कुनै वस्तु, व्यापार आदिमा केवल एउटै मानिस वा कम्पनीमा रहेको अधिकार।

एकाधिकृतः (पुं.वि.) [*एकस्मिन् अधिकृतः, त. स.*] कसैको एकलौटी हकमा ल्याइएको वस्तु।

एकाधिपतिः (पुं.) [*एकश्चासौ अधिपतिश्च, कर्म.स.*] एकतन्त्र शासन चलाउने व्यक्ति/एकाधिपत्य भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकान्तः (पुं.वि.) १.[*एकोऽन्तो निश्चयो यत्र सः, बहु.स.*] अत्यन्त २.[*एकस्मिन्नेव अन्तः समाप्तिर्यस्य सः, बहु.स.*] निर्जन/सुनसान ठाउँ/एकलास ठाउँ ।

एकान्ततः (अव्य.) [*एकान्तादिति, आद्यादिभ्य उपसङ्ख्यानम् (वा) इति तसिः*] १.एकान्तबाट २.अव्यभिचारी ।

एकान्तरम् (नपुं.) [*एकेन अन्तरं यस्य तत्, बहु.स.*] एक सङ्ख्याले फरक ।

एकान्तिकाधिकारः (पुं.) [*एकान्तिकश्चासौ अधिकारश्च, कर्म. स.*] अर्काले नपाउने हक/खालि एउटाले मात्र पाउने हक ।

एकान्नविंशतिः (स्त्री.) [*एकेन न विंशतिः, एकादेश्चैकस्य चादुक् ६.४.७६ इति प्रकृतिभावेन नलोपाभावः अदुगागमश्च, यरोऽनुनासिकेऽनुनासिको वा ८.४.४५ इत्यनुनासिकः*] एक्काइस । यस्तै– एकान्त्रिंशत् आदि ।

एकायनः (पुं.) [*एकमयनमस्य*] एकचित्त ।

एकायनगतः (पुं.) [*एकं च तदयनं च, एकायनं गतः, एकस्मिन्नयने गतं ज्ञानमस्य इति वा*] एकाग्र ।

एकारः (पुं.) [*ए इति वर्ण निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] एवर्ण ।

एकार्थकः (पुं.वि.) [*एकोऽर्थो यस्य सः, बहु.स.*] एउटै अर्थ लाग्ने ।

एकालापः (पुं.) [*एक एव आलापो यत्र सः, बहु.स.*] एउटैको आलापमा टुङ्गिने नाटक । यसमा एउटै पात्र हुन्छ । उसकै क्रियाकलाप र बोलीबाट नाटक अगाडि बढ्दै जान्छ र त्यसैबाट नाटक टुङ्गिन्छ ।

एकावली (स्त्री.) [*एका चासौ आवली, कर्म.स.*] १.हार २.शृङ्खलामूलक एक अर्थालङ्कार । यसमा विशेष्य र विशेषणको सम्बन्ध शृङ्खलित हुन्छ । अघि–अघि विशेष्य र पछि–पछि विशेषण अथवा अघि–अघि विशेषण र पछि–पछि विशेष्य यसमा रहेका हुन्छन् ।

पूर्वं पूर्वं प्रति विशेषणत्वेन परं परम् ।
स्थाप्यतेऽपोह्यते वा चेत् स्यात्तदैकावली द्विधा ॥ (सा.द.)

एकाशीतिः (स्त्री.) [*एकाधिका अशीतिः, म.प.स.*] एकासी ।

एकाश्रयः (पुं.वि.) [*एक आश्रयो यस्य सः, बहु.स.*] एउटैमा आश्रित ।

~सन्देहः (पुं.) [*एकाश्रयश्चासौ सन्देहश्च, कर्म.स.*] एउटैमा आश्रित हुँदा पर्न जाने सन्देहसङ्कर अलङ्कार ।

एकाष्टका (स्त्री.) प्रजापतीकी एक कन्या । यिनले कठोर तपस्या गरेर इन्द्रकी आमा बन्ने सौभाग्य पाएकी थिइन् ।

एकाष्ठीलः (पुं.) [*एकमस्थि लाति, सुषामादित्वात् ८.३.९८ इति षत्वं दीर्घत्वं च*] गुम्पाती । **एकाष्ठीला वनतिक्तकौषधौ पुंसि बकपुष्पे** (मेदिनी.) ।

एकाहः (पुं.) [*एकमहः, पूर्वकालैकसर्वजर २.१.४९ इति समासः, राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्, टिलोपः अह्नोऽह्न एतेभ्यः इति अह्नादेशस्तु न, उत्तमैकाभ्याञ्चेति निषेधात्*] एक दिन ।

एकाहम् (नपुं.) [*एकमहो यस्मिन् कर्मणि तत्, बहु.स.*] धेरै दिन लगाएर गर्नुपर्ने काम एकै दिनमा सम्पन्न गर्ने काम/सात वा नौदिन लगाएर भनिने श्रीमद्भागवत आदि पुराण धेरै पण्डितहरू लगाई एकै दिनमा पढाएर सिध्याउने काम ।

एकाहारः (पुं.) १.[*एकश्चासौ आहारश्च, कर्म.स.*] एक दिनमा एक पटकमात्र गरिने भोजन २.(पु.वि.) [*एक आहारो यस्य सः, बहु.स.*] एक दिनमा एक पटकमात्र भोजन गर्ने व्यक्ति ।

एकिका (स्त्री.) [*एकैव, इति एकादाकिनिच्चाऽसहाये ५.३.५२ इति चकारात् कन्, टाप् ४.१.४, प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः ७.३.४४ इति इत्वम्*] एक्ली ।

एकीकरणम् (नपुं.) [*अनेकमेकं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] धेरैलाई मिलाएर एक बनाउने काम ।

एकीकृतः (पुं.वि.) [*अनेक एको यथा सम्पद्यते तथा कृतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] एउटै बनाइएको/एक पारिएको ।

एकीभवनम् (नपुं.) [*अनेकमेकं यथा सम्पद्यते तथा भवनम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] एउटै हुनु/धेरैलाई एउटैमा मिलाउनु ।

एकीभावः (पुं.) [*अनेकमेकं यथा सम्पद्यते तथा भावः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] धेरैको एक हुनु ।

एकीभूतः (पुं.वि.) [*अनेकमेकं भूतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] धेरैलाई मिलाएर एक भएको/एक पारिएको/एकै ठाउँमा थुप्र्याइएको ।

एकेभा (स्त्री.) [*एक इभो यस्यां सा, बहु.स.*] एउटा हात्तीमात्र भएको सेना विशेष ।

एकेश्वरवादः (पुं.) [*एक एव ईश्वरः, एकेश्वरः, तस्य वादः, ष.त.*] एउटै ईश्वर मात्रे सिद्धान्त । यस सिद्धान्तअनुसार ईश्वर एउटै छ । यसैले संसारको सृष्टि, स्थिति र प्रलय गर्छ । त्यो नित्य, आनन्दमय छ, निर्दोष र गुणको खानी छ । ईश्वर र जगत्को सम्बन्धका आधारमा एकेश्वरवाद पनि भिन्नभिन्न छ । १.**सर्वेश्वरवाद–** यस वादअनुसार ईश्वर नै जगत् हो र जगत् नै ईश्वर हो । दुवैमा तादात्म्य सम्बन्ध छ । यसलाई ब्रह्मवाद पनि भन्छन् । २.**ईश्वरकारणवाद–** ईश्वर जगत्भन्दा बाहिर छ । यसले संसारलाई उत्पन्न गर्छ, पालन गर्छ र संहार गर्छ । आफू संसारभित्र छैन । त्यसैले ईश्वर निमित्त कारणमात्र हो भन्ने यस वादको मत छ । नैयायिक र वैशेषिक ईश्वरलाई निमित्त कारण मात्र मान्दछन् । ३.**ईश्वरवाद–** यस मतअनुसार ईश्वर संसारमा व्याप्त, अन्तर्यामी र नियन्त्रक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसलाई सगुणवाद अथवा सगुणब्रह्मवाद पनि भन्न सकिन्छ। गीतामा यस्तो ईश्वरलाई पुरुषोत्तम भनिएको छ। ४.**योगेश्वरवाद–** यसमा जुन मानिस कर्म, कर्मफल र संसारको सम्पर्कबाट शून्य हुन्छ त्यो नै ईश्वर हुन्छ। ईश्वरमा ऐश्वर्य तथा ज्ञानको भण्डार हुन्छ। ऊ गुरुको पनि गुरु हो। ईश्वर योगीको मार्गबाट हिँडेर समाधिलाई सिद्ध गर्दछ।

एकैकम् (नपुं.) [*एकम् एकम्, एकं बहुव्रीहिवद् ८.१.९ इति द्विरुक्तस्य एकशब्दस्य बहुव्रीहिवत्त्वम्*] एक एक।

एकोद्दिष्टम् (नपुं.) [*एकमुद्दिष्टं यत्र तत्, बहु.स.*] एउटै पितृलाई लक्ष्य गरेर गरिने श्राद्ध।

एकमुद्दिश्य यच्छ्राद्धमेकोद्दिष्टं प्रकीर्तितम् (श्रा.च.)।
सपिण्डीकरणादूर्ध्वं प्रतिसंवत्सरं सुतैः।
मातापित्रोः पितृकार्यमेकोद्दिष्टं मृतेऽहनि॥ (श्रा.च.)
एकोद्दिष्टं देवहीनमेकार्घ्यैकपवित्रकम्।
आवाहनाग्नौकरणरहितं त्वपसव्यवत् (या.स्मृ.)।
एकोद्दिष्टं तु यच्छ्राद्धं तन्नैमित्तिकमुच्यते (नि.सिं.)।

एकोनचत्वारिंशत् (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ चत्वारिंशत्, कर्म.स.*] उनन्चालिस।

एकोनत्रिंशत् (स्त्री.) [*एकेन ऊना, एकोना, एकोना चासौ त्रिंशत्, कर्म.स.*] उनन्तिस।

एकोननवतिः (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ नवतिश्च, कर्म.स.*] उनान्नब्बे।

एकोनपञ्चाशत् (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ पञ्चाशच्च, कर्म.स.*] उनन्चास।

एकोनविंशतिः (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ विंशतिश्च, कर्म.स.*] उन्नाइस।

एकोनशतम् (नपुं.) [*एकेन ऊनम्, एकोनम्, तच्च तत् शतम्, कर्म.स.*] उनान्सय।

एकोनषष्टिः (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ षष्टिः, कर्म.स.*] उनन्साठ्ठी।

एकोनसप्ततिः (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ सप्ततिः, कर्म.स.*] उनन्सत्तरी

एकोनाशीतिः (स्त्री.) [*एकेन ऊना, एकोना, सा चासौ अशीतिः, कर्म.स.*] उनासी।

एजृ (धा.) [*कम्पने, भ्वा.अक.सेट्, पर.*] काँप्नु। लट्– **एजति–** काँप्छ। लिट्– **एजाञ्चकार–** काँपेछ (अन.)। लुट्– **एजिता–** काँप्नेछ (अन.)। लृट्– **एजिष्यति–** काँप्नेछ। लोट्– **एजतु-तात्–** काँपोस्। लङ्– **ऐजत्–** काँप्यो (अन.)। विधिलिङ्– **एजेत्–** काँप्ला, काँपोस्। आशीर्लिङ्– **एज्यात्–** काँपोस् लुङ्– **ऐजीत्–** काँप्यो। लृङ्– **ऐजिष्यत्–** काँप्ने थियो। णिचि– **एजयति–** कपाउन लगाउँछ। सनि– **एजिजिषति–** काँप्न चाहन्छ। कृदन्ते– **एजितव्यम्/एजनीयम्–** काँप्नुपर्ने। **एजितुम्–** काँप्न। **एजित्वा/समेज्य–** काँपेर। **एजितः–** काँपेको

एजृ (धा.) [*दीप्तौ, भ्वा. अक.सेट्, आत्मने.*] प्रकाशित हुनु, कान्तिमान् हुनु। लट्– **एजते–** प्रकाशित हुन्छ। लिट्– **एजाञ्चक्रे–** प्रकाशित भएछ (अन.)। लुट्– **एजिता–** प्रकाशित हुनेछ (अन.)। लृट्– **एजिष्यते–** प्रकाशित हुनेछ। लोट्– **एजताम्–** प्रकाशित होओस्। लङ्– **ऐजत–** प्रकाशित भयो (अन.)। विधिलिङ्– **ऐजेत–** प्रकाशित होला, प्रकाशित होओस्। आशीर्लिङ्– **एजिषीष्ट–** प्रकाशित होओस्। लुङ्– **ऐजिष्ट–** प्रकाशित भयो। लृङ्– **ऐजिष्यत–** प्रकाशित हुने थियो। भावे– **एज्यते–** प्रकाशित गरिन्छ। **एजितव्यम्/एजनीयम्/एज्यम्–** प्रकाशित हुनुपर्ने। **एजित्वा–** प्रकाशित भएर। **उदेज्य–** मास्तिर प्रकाशित भएर। **एजितुम्–** प्रकाशित हुन इत्यादि।

एठ (धा.) [*विबाधायाम्, सक.सेट्, आत्म.*] विशेष किसिमको बाधा पार्नु। लट्– **एठते–** विशेष किसिमको बाधा पार्छ। इत्यादि।

एठः (पुं.) [*एठते इति, एठ बाधने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ऐंठन हुने रोग।

एडः (पुं.) [*इलतीति, इल स्वप्ने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, लस्य डः*] १.भेडो २.बहिरो।

एडकः (पुं.) [*इलतीति, इल स्वप्ने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, लस्य डः*] १.भेडो २.लामसिङे भेडो।

(एडकः)

एडका (स्त्री.) [*एडकस्य स्त्री, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] भेडी।

एडगजः (पुं.) [*एडो मेष एव गजो यस्य, भञ्जकत्वात्, यद्वा– एलनम्, इल प्रक्षेपे स्वप्ने च इति धातोः, घञ् ३.३.१८ डलयोरेकत्वम्, एडे स्वप्ने गजति, गज मदे शब्दे च इति धातोः, अच् ३.१.१३४*] ताप्रे।

एडमूकः (पुं.) [*एडश्चासौ मूकश्च, कर्म.स.*] बोल्न र सुन्न नसक्ने/लाटो बहिरो। **एडमूकोऽन्यलिङ्गः स्याच्छठे वाक्श्रुतिवर्जिते** (मेदिनी.)।

एडूकम् (पुं.) [*यत् कुड्यमध्ये न्यस्तास्थि तत् ईड्यते, ईड स्तुतौ इति धातोः, उलूकादयश्च (उ.) ४८९ इति साधुः*] भित्र हाड घुसारेको भित्तो। **भवेदेडोकमेडूकमेडुकञ्च** (द्विरूपकोश)।

एणः (पुं.) [*एति द्रुतं गच्छतीति, इण् गतौ इति धातोः, बाहुलकाद् णः, तस्य नेत्वम्*] कालो वर्ण भएको मृग।

एणकः (पुं.) [*एण एव, स्वार्थे कन्*] कालो वर्ण भएको मृग।

एणतिलकः (पुं.) [*एणस्तिलकमिव यस्य सः, बहु.स.*] चन्द्रमा।

एतः (पुं.) [*एति वर्णान्, एतेर्वर्णे तन् (उ.) १.८६ इति तन्*] छिरबिरे रङ। **एतः कर्बुर आगते** (हैम)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतद् (त्रि.) [*एति प्राप्नोतीति, इण् गतौ, इति धातो :, एतेस्तुट् च (उ) १३८ इति तुट्*] यो। **अस्य सर्वनामसंज्ञा** (उ.को.टी)।

एतर्हि (अव्य.) [*अस्मिन् काले, इदमो र्हिल् ५.३.१६ इति र्हिल्, एतैतौ रथोः ५.३.४ इति एतादेशः*] यस वेला/यस समयमा/अहिले।

एतावान् (पुं.वि.) [*एतत्परिमाणमस्य, यत्तदेतेभ्यः परिमाणे वतुप् ५.१.३९ इति वतुप्, आः सर्वनाम्नः ६.३.९१ इत्यात्वम्*]यति/यतिसम्म। **एतावदुक्त्वा विरते मृगेन्द्रे प्रतिस्वनेनास्य गुहागतेन** (रघु.२.५१)।

एध (धा.) [*वृद्धौ, भ्वा. अक.सेट्, आत्मने.*] बढ्नु । लट्– **एधते**– बढ्छ। लिट्– **एधाञ्चक्रे**– बढेछ (अन.)। लुट्– **एधिता**– बढ्ने छ (अन.)। लृट्– **एधिष्यते**–बढ्ने छ। लोट्– **एधताम्**– बढोस्। लङ्– **ऐधत**– बढ्यो (अन.)। विधिलिङ्– **एधेत**– बढ्ला, बढोस्। आशीर्लिङ्– **एधिषीष्ट**– बढोस्। लुङ्– **ऐधिष्ट**– बढ्यो। लृङ्– **ऐधिष्यत**–बढ्ने थियो। णिचि– **एधयति-ते**–बढाउँछ। सनि– **एदिधिषते**– बढ्न चाहन्छ। कृदन्ते– **एधितव्यम्/एधनीयम्/ एध्यम्**– बढ्नुपर्ने। **एधनम्/एधः**– बढ्ने काम। **एधित्वा/समेध्य**– बढेर। **एधमानः**– बढिरहेको। **एधितुम्**–बढ्न इत्यादि।

एधः (पुं.) [*इध्यतेऽग्निरनेन, इन्धी दीप्तौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.दाउरा/काठ। **एधान् हुताशनवतः स मुनिर्ययाचे** (रघुः) २.(नपुं.) [*इध्यतेऽग्निरनेन, इन्धी दीप्तौ इति धातोःअसि, नलोपः, गुणः*] काठ/दाउरा/प्रेट्रोल। **यथैधांसि समृद्धाग्निर्भस्मसात्कुरुतेऽर्जुनः** (गीता.)।

एधा (स्त्री.) [*एध वृद्धौ इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] बढ्ने काम।

एधितः (पुं.वि.) [*इध्यते स्म, इन्धी दीप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यद्वा एधते स्म, एध वृद्धौ इति धातोः, गत्यर्था– ३.४.७२ इति क्तः*] बढेको। **मधुसमृद्धिसमेधितमेधया** (शि.व.)।

एनः (नपुं.) [*यान्त्यधोऽनेन, एति गच्छति प्रायश्चित्तेनेति वा, इण् गतौ इति धातोः, इण् आगसि (उ.) ६४७ इत्यसुन्, नुडागमश्च*] १.पाप/दुराचार २.अपराध। **एनः पापापराधयोः** (मेदिनी) ३.निन्दा (शब्दरत्नावली)।

एरण्डः (पुं.) [*ईरयति वायुं मलं वा, ईर गतौ इति धातोः, अण्डच्*] अँडिर। **निरस्तपादपे देशे एरण्डोऽपि द्रुमायते** (हितो.)।

एला (स्त्री.) [*इलतीति, इल गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टप् ४.१.४*] अलैंची।

एलापत्रः (पुं.) [एलापत्रमिवाकारोऽस्त्यस्य,अर्शाद्यच्] नागविशेष।

एलापर्णी (स्त्री.) [*एलाया इव पर्णान्यस्याः, पाककर्ण ४.१.६४ इति ङीष्*] गाईतिहारे।

एलाबालुकम् (नपुं.) [*एलयतीति, इल प्रेरणे इति धातोः, पचाद्यच् ३.१.१३४, टाप् ४.१.४, एला इव बलति, बल प्राणने इति धातोः, बाहुलकाद् गुणः, स्वार्थे कन् ५.३.७५*] सुगन्धित द्रव्यविशेष।

एव (अव्य.) [*इण् गतौ इति धातोः वन्*] १.सादृश्य। जस्तै– **अग्निः एवं विप्रः**। २.अवधारण। एवकार तीन प्रकारको हुन्छ– **विशेष्यका साथ आउने**– यसले अरूका साथ सम्बन्धको विच्छेद गर्छ। जस्तै– **पार्थ एव धनुर्धरः। विशेषणका साथ आउने**– यो अयोगव्यवच्छेदक हुन्छ। जस्तै– **शङ्ख पाण्डुर एव। क्रियाका साथ आउने**– यो अत्यन्तायोगव्यवच्छेदक हुन्छ। जस्तै– **नीलं सरोजं भवत्येव**। ३.वाक्यालङ्कार ४.गमन। **यवेन सद्य पर्य्येति पार्थिवम्**। (ऋग्वेद १.१२९.३) ५.गमन गर्ने। (सि.कौ.) ६.घोडा (ऋग्वेद १.१५८.३)।

एवम् (अव्य.) [*इण् गतौ इति धातोः, वमुप्रत्ययः*] १.सादृश्य २.यस्तै प्रकार ३.अवधारण ४.स्वीकार ५.प्रश्न।

एवमस्तु (अव्य.) [*एवम् अस्तु*] शब्दकै स्वरूप धारण गरेर स्वीकार अर्थ बुझाउने वाक्य।

एषः (पु.वि.) [*एतद् शब्दस्य पुंसि सौ रूपम्*] यो/ अगाडिको।

एषणः (पुं.) १.[*एषत इति, एषृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] फलामको बाण (हलायुध) २.[*युच्, अनः*] इच्छा।

एषणम् (नपुं.) [*एषृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.जानु २.खोज्नु/अन्वेषण गर्नु।

एषणा (स्त्री.) [*एष्यते इति, एषृ गतौ इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.खोजी/अन्वेषण २.ज्यादै ठुलो इच्छा/तीव्र इच्छा।

एषणिका (स्त्री.) [*इष्यतेऽनया, इष गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, कन् ५.४.५*] सुनारले सुन जोख्ने सानो तराजु।

एषणी (स्त्री.) [*एष्यतेऽनया, एषृ गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टित्वान् ङीप्*] १.फुटउने वा भेदन गर्ने अस्त्र २.तुलोविशेष।

एषा (स्त्री.) [*इषु इच्छायामिति धातोः शप्रत्ययः, गुणः, ततष्टप्*] १.इच्छा २.एतत् शब्दको स्त्रीलिङ्गी एकवचनको रूप/यो।

एषिका (स्त्री.) [*इष्यते इति, इष गत्यादौ इति धातोः, कृञादिभ्यः वुन् (उ.) ५.३५*] सुन–चाँदीमा जलप लगाउँदा प्रयोग गरिने कुची।

एषृ (धा.) [*गतौ, सक.सेट्, आत्म.*] जानु। लट्– **एषते**– जान्छ। लिट्– **एषाञ्चक्रे**– गएछ (अन.)। इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐ

ऐ देवनागरी लिपिको बाह्रौं वर्ण। संयुक्त स्वर। कण्ठतालु स्थानीय वर्ण। **एदैतोः कण्ठतालु** (सि.कौ.) विवृत प्रयत्न। यो दीर्घ र प्लुतमात्र हुने भएको हुंदा ओ जस्तै बाह्र प्रकारको हुन्छ। शिक्षाशास्त्रमा यसलाई सन्ध्यक्षर मानिन्छ। भाषाविज्ञानअनुसार यो द्विस्वर हो।

ऐः (पुं.) [*एति प्राप्नोति सर्वम्,आपूर्वकाद् इण्धातोः विच्*] शिव।

ऐ (अव्य.) आह्वान, स्मरण र आमन्त्रण जनाउँदा प्रयोग हुने अव्यय।

ऐकध्यम् (अव्य.) [*एकधा, एकेन प्रकारेण, एकाद्धो ध्यमुञन्य-तरस्याम् इति ध्यमुञ्, वृद्धिः*] एक प्रकारले।

ऐकपत्यम् (नपुं.) [*एकपतेर्भावः,कर्म वा,ष्यञ्*] परमसंप्रभुता, सर्वोपरि शक्ति।

ऐकमत्यम् (नपुं.) [*एकमतस्य भावः, एकमतमेव वा, ष्यञ्, वृद्धिः*] एक मत हुनु।

ऐकशतिकः (पुं.वि.) [*एकगोपूर्वपदाट्ठञ् नित्यम् ५.२.११८ इति ठञ्, ठस्येकः आदिवृद्धिः*] एकसय एक भएको। यस्तै ऐकसहस्रिक आदि।

ऐकागारिकः (पुं.) १.[*एकमसहायमगारं भवनं प्रयोजनमस्य, एकागारिकट् चौरे ५.१.११३ इति साधुः*] चोर २.एकाघरको।

ऐकाग्रम् (नपुं.) [*एकाग्रमेव अण, वृद्धिः*] एकाग्र हुनु।

ऐकात्म्यम् (नपुं.) [*एक आत्मा स्वरूपं यस्य सः, बहु.स., तस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४इति ष्यञ्*] एक हुनु/एउटै स्वरूप हुनु/नङ र मासुजस्तै मिल्नु।

ऐकान्तिकः (पु.वि.) [*एकान्ते भवः,ठञ्*] एकान्तमा भएको।

ऐकारः (पुं.) [*वर्णात्कारः इति कारप्रत्ययः*] ऐवर्ण।

ऐकाहिकः (पुं.वि.) [*एकाहे भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] १.एकै दिनमा सम्पन्न २.एक दिन नाघेको ज्वरो। **ऐकाहिकं ज्वरं हन्ति तस्य नामानुकीर्तनात्** (ज्वरना.त.)।

ऐक्यबद्धः (पुं.वि.) [*ऐक्ये बद्धः, स.त.*] एकतामा बाँधिएको।

ऐक्यम् (नपुं.) [*एकस्य भावः कर्म वा, गुणवचनब्रह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] एकता/एकबद्धता।

ऐक्षवः (पुं.) [*इक्षोर्विकारः तस्य विकारः ४.३.१३४ इत्यण्*] १.सक्खर २.चिनी ३.उखुको रस।

ऐक्षुकः (पुं.वि.) १.[*इक्षुभारं वहति, तद्धरति वहत्यावहति भाराद् वंशादिभ्यः ५.१.५० इति ठक्, ठस्य कः*] उखुको भारी बोक्ने २.[*इक्षौ साधुः, गुडादिभ्यष्ठञ् ४.४.१०३ गति ठञ्, ठस्य कः*] उखुका लागि उपयोगी।

ऐक्ष्वाकः (पुं.वि.) [*इक्षाकूणामयम्, तस्येदम् ४.३.१२० इत्यण् दाण्डिनायन ६.४.१७४ इति निपातनादुकारलोपः*] १.इक्ष्वाकु सम्बन्धी २.सूर्यवंशी राजा ३.[*इक्ष्वाकुषु जातः,कोपधादण् ३.२.१३२ इत्यण्*] इक्ष्वाकु देशमा पैदा भएको ४.[*इक्ष्वाकोरपत्यम्, जनपदशब्दात्क्षत्रियादञ् ४.१.१६८ इति अञ्*] इक्ष्वाकु निवासी क्षत्रियका सन्तान।

ऐङ्गुदम् (नपुं.) [*इङ्गुद्याः फलम्, प्लक्षादिभ्योऽण् ४.३.१६४ इत्यण्, तस्य लुगभावः*] चिउरीको फल।

ऐच्छिकः (पुं.वि.) [*इच्छायां भवः, ठक्, ठस्य इकः*] इच्छामा रहेको/इच्छाधीन।

ऐडविडः (पुं.) [*इडविडाया अपत्यम्, तस्यापत्यम् ४.१.९२ इत्यण, वृद्धिः*] कुबेर।

ऐणः (पुं.) [*एणस्यायम्, तस्येदम् ४.३.१२० इत्यण, वृद्धिः*] कृष्णमृगको छाला आदि।

ऐणम् (नपुं.) [*एणस्य मृगस्य विकारोऽवयवो वा, प्राणिरजतादिभ्योऽञ् ४.३.१५४ इत्यञ्, वृद्धिः*] मृगको अवयव।

ऐणेयः (पुं.) [*एण्या इदम्, एण्या ढञ् ४.३.१५९ इति ढञ्, ढस्य एयः*] कृष्ण मृगको छाला।

ऐतरेयब्राह्मणम् (नपुं.) यो ऋग्वेदसँग सम्बद्ध ब्रह्मणग्रन्थ हो। यसका रचयिता ऐतरेय हुन्। यसमा ४० अध्याय छन्। प्रत्येक अध्याय ५ परिच्छेदमा विभक्त छन्। यसमा २८५ कण्डिका छन्। होत्री ऋत्विक्का कार्यहरूको यसमा वर्णन छ। अन्तिमका १० अध्याय प्रक्षिप्त मानिन्छन्।

ऐतिहासिकः (पुं.) १.[*इतिहासभधीते वेत्ति वा, आख्याना ख्यायि-केतिहासपुराणेभ्यश्च (वा.) ४.२.६० इति ठक्, ठस्येकः, वृद्धिः*] इतिहासको ज्ञाता २.[*इतिहासे भवः, आगत इत्यादि*] १.इतिहासमा भएको २.इतिहासबाटआएको ३.इतिहाससँग संवद्ध।

ऐतिहासिकता (स्त्री.) [*ऐतिहासिकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] ऐतिहासिकको भाव वा कर्म।

ऐतिहासिकमहाकाव्यम् (नपुं.) [*ऐतिहासिकञ्च तनमहाकाव्यञ्च, कर्म.स.*] इतिहास प्रसिद्ध कथावस्तुलाई लिएर रचिएको महाकाव्य। संस्कृतमा ऐतिहासिक महाकाव्यहरूको सङ्ख्या ठुलो छ। तिनमा पद्मगुप्त परिमलको नवसाहसाङ्कचरित, विह्लणको विक्रमाङ्कदेव चरित, कह्लणको राजतरङ्गिणी आदि उत्कृष्ट ऐतिहासिक महाकाव्य हुन्। विक्रमाङ्कदेवचरितमा भोजराजका बाबु सिन्धुराज र शशिप्रभाको प्रणय कथा वर्णित छ। यसको रचना १००५ ई. भयो। कह्लणको राजतरङ्गिणी आठौं शताब्दीमा रचिएको हो। विह्लणको विक्रमाङ्कदेवचरितको काल १०८८ ई. मानिन्छ। यसै गरी जैन आचार्य हेमचन्द्रको कुमारपालचरित (१०८९ देखि ११७३ ई.) सोमेश्वरको सुरथोत्सव (१३ औं शताब्दी) अमरसिंहको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुकृतसङ्कीर्तन, नयचन्द्र सूरिको हम्मीरमहाकाव्य, जयानकको पृथ्वीराजविजय महाकाव्य आदि ऐतिहासिक काव्यहरू हुन्। यिनमा आर्यसंस्कृतिको सुन्दर चित्रण भएको छ।

ऐतिह्यम् (नपुं.) [*इतिह एव, अनन्तावसथेतिहभेषजाञ्ञ्यः ५.४.२३ इति ञ्यः*] १.इतिहास २.परम्पराबाट आएको अरू प्रमाण नभएको विषय।

ऐतिह्यमनुमानञ्च प्रत्यक्षमपि चागमम्।
ये हि सम्यक् परीक्षन्ते कुतस्तेषामबुद्धिता ॥ (रामा.)

ऐन्दवम् (नपुं.) १.[*इन्दुर्देवता अस्य, सास्य देवता ४.२.२४ इत्यण्*] मृगशिरा नक्षत्र २.(पुं.वि.) [*इन्दोरयम्, तस्येदम् ४.३.१२० इत्यण्*] चन्द्रमासम्बन्धी।

ऐन्द्रः (पुं.वि.) [*इन्द्रस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] इन्द्रसम्बन्धी

ऐन्द्रम् (नपुं.) [*इन्द्रो देवता अस्य, सास्य देवता इत्यण्*] ज्येष्ठा नक्षत्र।

ऐन्द्रजालिकः (पुं.वि.) [*इन्द्रजालेन चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] जादुगर/चटक देखाउने/चटकी।

ऐन्द्रिः (पुं.) [*इन्द्रस्यापत्यम्, अत इञ् ४.१.९५ इति इञ्*] १.इन्द्रका पुत्र/जयन्त २.अर्जुन ३.सुग्रीवनामक बानर ४.काग।

ऐन्द्रियकम् (नपुं.) [*इन्द्रियेणानुभूयते, कुलालादिभ्यो वुञ् ४.३.११८ इति वुञ् युवोरनाकौ ७.१.१ इत्यकः*] १.प्रत्यक्ष, इन्द्रियग्राह्य २.व्याधिविशेष।

ऐन्द्री (स्त्री.) १.[*इन्द्रस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] इन्द्रकी पत्नी २.पूर्वदिशा। **बज्रहस्ता तथैवेन्द्री गजराजोपरिस्थिता** (मा.पु.) ३.[*इन्द्रस्य योगैश्वर्यशालिनो महादेवस्य पत्नी*] पार्वती ४.[*इन्द्रस्य प्रिया*] अलैंची ५.[*इन्द्रो देवता अस्याः*] जेष्ठा नक्षत्र।

ऐरम् (नपुं.) १.[*इरा अन्नम्, तस्या विकारः, तस्य विकारः ४.३.१३४ इत्यण् वृद्धिः*] अन्नबाट पैदा भएको वस्तु २.[*इराः जलानि तासां समूहः, तस्य समूहः ४.२.३७ इत्यण्*] ब्रह्मलोकमा भएको तलाउ ३.पानीको ताल, पोखरी आदि।

ऐरावणः (पुं.) [*इरया जलेन वणति शब्दायते, इरापूर्वकाद् वण शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, इरावण एव स्वार्थेऽण्, अथवा इरा सुरा वनमुदकं यत्र, तत्र भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.ऐरावत हात्ती। **ऐरावतोऽभ्रमातङ्गः स चैरावण उच्यते** (हला.) २.राक्षसविशेष।

ऐरावतः (पुं.) [*इरा (जलम्) अस्यास्तीति इरावान्, तदस्यास्त्यस्मिन्नस्ति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, इरावति समुद्रे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.समुद्रबाट पैदा भएको इन्द्रको हात्ती २.पूर्व दिशाको दिग्गज ३.बडहरको रुख ४.सुन्तला ५.नाग-विशेष।

ऐरावतम् (नपुं.) [*इरा (जलम्) अस्यास्तीति इरावान्, तदस्यास्त्यस्मिन्नस्ति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, इरावति सजले आकाशे मेघे वा सूर्यकिरणसंयोगाद् भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] इन्द्रधनु/इन्द्रेणी।

ऐरावतोऽभ्रमातङ्गे नारङ्गे लकुचद्रुमे।
नागभेदे च पुंसि स्याद्विद्युत्तद्भेदयोः स्त्रियाम्।
नपुंसके महेन्द्रस्य ऋजुदीर्घशरासने (मेदिनी.)।

ऐरावती (स्त्री.) १.[*इरा जलानि सन्त्यस्य, इरावान्, मस्य वः, इरावत इयम्, तस्येदम् ४.३.१२० इत्यण्, ङीप्*] बिजुली २.[*ऐरावतस्येयम्, ङीप्*] ऐरावतकी पत्नी ३.उत्तरतिर देखिने नक्षत्र। **पुष्याश्लेषा तथा दित्या वीथी चैरावती स्मृता** ४.अहिले रावी नामले प्रसिद्ध पञ्चाबको एक प्राचीन नदी।

ऐरिणम् (नपुं.) [*इरिणे उषरे भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] एक किसिमको नुन।

ऐरेयम् (नपुं.) [*इरा अन्नन्तस्या भवम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] अन्नबाट पैदा भएको मदिरा/जाँड।

ऐलः (पुं.) [*इलाया अपत्यम्, तस्यापत्यम् ४.१.२ इत्यण्*] बुधको छोरो/पुरुरवा नाम गरेका राजा।

ऐलविलः (पुं.) [*इलविलाया अपत्यम्, तस्यापत्यम् ४.१.९२ इत्यण्*] इलविलाका छोरा/कुबेर।

ऐलेयम् (नपुं.) [*इलाया अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक् ढस्य एयः*] मुसावर।

ऐशानी (स्त्री.) [*ईशानो देवता अस्याः, सास्य देवता ४.२.२४ इत्यण्, ङीप्*] ईशान कोणको दिशा/पूर्वोत्तर दिशाको माझमा पर्ने विदिशा।

ऐश्वर्यम् (नपुं.) [*ईश्वरस्य भावः, गुणवचनब्राह्मणादिभ्य कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.अणिमा आदि अष्ट विभूतिमध्ये एक विभूति २.समृद्धि/सम्पन्नता।

अणिमा लघिमा प्राप्तिः प्राकाम्यं महिमा तथा।
ईशिता वशिता चैव तथा कामावशायिता ॥ (विश्व.)

ऐषमः (अव्य.) [*अस्मिन् संवत्सरे, इदम इश् समसण् प्रत्ययश्च संवत्सरे (वा.) इति समसण्, इदम इश्च, आदिवृद्धिः*] यस वर्ष/यस साल।

ऐषमस्तनः (पुं.वि.) [*ऐषमो भवः, ऐषमो ह्यःश्वसोऽन्यतरस्याम् ४.२.१०५ इति ट्युल, तुट् च*] यस वर्षसँग सम्बन्धित।

ऐषमस्त्यः (पुं.वि.) [*ऐषमो भवः,ऐषमो ह्यः श्वसोऽन्यतरस्याम् ४.२.१०५ इति पक्षे त्यप्*] चालुवर्षको।

ऐहलौकिकः (पुं.) [*इहलोके भवः, अध्यात्मादेष्ठञिष्यते (वा.) इति ठञ्, ठस्येकः, उभयपदवृद्धिः, अलोपः*] यस लोकमा भएको।

ऐहिकः (पुं.वि.) [*इह भवः, अद्यात्मादेष्ठञिष्यते (वा.) इति ठञ्, ठस्येकः*] यस लोकसित सम्बन्धित/यस लोकको/यस संसारको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओ

ओ देवनागरी लिपिको तेह्रौँ वर्ण । कण्ठ्य र ओष्ठ्य स्वरवर्ण । **ओदौतोः कण्ठ्यौष्ठ्यम्** । (सि.कौ.) यो बाह्र किसिमको हुन्छ । पहिले यसका २ भेद हुन्छन्— दीर्घ र प्लुत । प्रत्येकका उदात्त, अनुदात्त र स्वरितका भेदले यो ६ प्रकारको हुन्छ । तिनीहरूमा प्रत्येकको अनुनासिक र निरनुनासिकका भेदले यो बाह्र किसिमको हुन्छ । आभ्यन्तरप्रयत्नमा यसको प्रयत्न विवृत हो । **विवृतं स्वराणाम्** (सि.कौ.) ।

ओ (अव्य.) १.सम्बोधन/बोलाउँदा प्रयोग गरिने शब्द २.स्मरण जनाउँदा प्रयोग हुने शब्द ३.कृपाको अभिव्यक्तिमा प्रयोग हुने शब्द ४.अपसारण जनक शब्द । **ओ सम्बोधन आह्वाने सारणे चानुकम्पने** (वाङ्म.) ।

ओः (पुं.) ब्रह्मा (एका.को.) ।

ओकः (नपुं.) [*उच समवाये इति धातोः सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्, गुणः, न्यङ्क्वादितया कुत्वम्*] १.घर/वासस्थान २.आश्रय । **सप्तर्षीणान्तु यत् स्थानं स्मृतं तद् वै वनौकसाम्** (वि.पु.) ।

ओकः (पुं.) [*अवति रक्षणहेतुर्भवतीति, अव रक्षणादौ इति धातोः, सुवृभूशुषिमुषिभ्यः कक् (उ.) ३२८ इति बाहुलकात् कक् यद्वा उच समवाये इति धातोः इगुपधज्ञाप्रीकिरः कः इति कः, ओक उचः के ७.३.६४ इति निपातनाद् गुणः, कुत्वञ्च*] १.पक्षी २.शूद्र ।

ओकणः (पुं.) १.केशका किरा/जुम्रा २.उडुस ।

ओकणिः (स्त्री.) लिखा ।

ओकम् (नपुं.) [*ओक उच के इति निपातनात्साधुः*] १.घर २.आश्रय।

ओकारः (पुं.) [*ओ इति निर्देशे, वर्णात्कारः (वा) ३.३.१०८ इति कारप्रत्ययः*] ओवर्णलाई जनाउने शब्द ।

ओखृ (धा.) [*शोषणालमर्थयोः, भ्वा.सक. अक. सेट् पर., ऋदित्*] शुष्क हुनु, सुक्नु, चम्कनु, अलङ्कृत गर्नु । लट्— **ओखति**— सुक्छ, चम्कन्छ, अलङ्कृत पार्छ । लिट्— **ओखाञ्चकार**— सुकेछ चम्केछ, अलङ्कृत पारेछ । (अन.) । लुट्— **ओखिता**— सुक्ने छ, चम्कने छ, अलङ्कृत पार्ने छ (अन.) । लृट्— **ओखिष्यति**— सुक्ने छ, चम्कने छ, अलङ्कृत पार्ने छ । लोट्— **ओखतु-तात्**— सुकोस्, चम्कोस्, अलङ्कृत पारोस् । लङ्— **औखत्**— सुक्यो, चम्क्यो, अलङ्कृत पार्‍यो (अन.) । विधिलिङ्— **ओखेत्**— सुक्ला, चम्कला, अलङ्कृत पार्ला, सुकोस, चम्कोस, अलङ्कृत पारोस् । आशीर्लिङ्— **ओख्यात्**—सुकोस, चम्कोस, अलङ्कृत पारोस् । लुङ्— **औखीत्**—सुक्यो, चम्क्यो अलङ्कृत पार्‍यो । लृङ्— **औखिष्यत्**—सुक्ने थियो, चम्कने थियो, अलङ्कृत पार्ने थियो । णिचि—**ओखयति**— सुकाउँछ, चम्काउँछ, अलङ्कृत पार्न लगाउँछ । सनि— **ओचिखिषति**— सुक्न चाहन्छ, चम्कन चाहन्छ, अलङ्कृत पार्न चाहन्छ । कृदन्ते— **ओखितुम्**— सुक्न, चम्कन, अलङ्कृत पार्न । **ओखितव्यम्/ओखनीयम्/ओख्यम्**— सुक्नुपर्ने, चम्कनुपर्ने, अलङ्कृत पार्नुपर्ने । **ओखित्वा**— सुकेर, चम्केर, अलङ्कृत पारेर इत्यादि । यसको प्रयोग निवारण अर्थमा पनि छ ।

ओघः (पुं.) [*ओचनम्, उच समवाये इति धातोः, भावे ३.३.१८ इति घञ्, पृषोदरादित्वाद् साधुः, यद्वा आ उह्यतेऽनेनेति, आङ्पूर्वकाद् वहधातोः, हलश्च ३.३.१२१ इति घञ्, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्*] १.पानीको प्रवाह । **रविपीतजला तपात्यये पुनरोघेन हि युज्यते नदी** (कु.सं.) २.समूह । **सङ्घाते प्रकरौघवारनिकरव्यूहाः समूहश्चयः** । (अभि.चि.) ३.परम्परा ४.छिटो छिटो गरी नाच्दा प्रयोग हुने द्रुत नामक लय (हेमचन्द्र) ५.छिटो छिटो हुने नृत्य,गीत र बाजाको मिश्रण ६.उपदेश । **ओघो वेगे जलस्य च । वृन्दे परम्परायाञ्च द्रुतनृत्योपदेशयोः ॥** (मेदिनी.) ।

ओङ्कारः (पुं.) [*अवतीति, अव रक्षणे इति धातोः, अवतेष्टिलोपश्च १.१.४२ इति मन्, संप्रसारणम्, टिलोपश्च, गुणः, ततः ओम् एव, वर्णात्कारः वा ३.३.१०८ इति वर्णसमुदायादपि स्वरूपार्थे कारप्रत्ययः*] १.अ + **उ** + **म्** + **अर्धमात्रा** + **नाद** + **बिन्दु** + **शक्ति,** यी सात प्रणवरूपा वाणी, **अ** + **उ** + **म्,** यी तीन अक्षर जुटेर बनेको **'ॐ'** यस्तो अक्षर । **'ॐ'** यो अक्षर नै परमात्माको स्वरूप हो । यो सर्वत्र व्यापक छ । यो यज्ञ, दान, तप आदि कर्म गर्दा मन्त्रको अगाडि प्रयोग गरिने प्रणव वा अक्षर हो । ॐकार नै संसारको बीज र वेदको आदि हो । ॐकार नै ब्रह्म हो । २.एक पवित्र शब्द/ प्रणव शब्द । । वेदाध्ययनको आदि र अन्तमा यसको प्रयोग गरिन्छ वाग्बीज (ऐं), कामबीज (क्लीं), शक्ति वा माया बीज (ह्रीं), श्रीबीज (श्रीं) लाई प्रणव भनिन्छ । अतः यी बीजहरूको अगाडि ओंकार लाग्दैन ३.अव्ययात्मक रूपमा सम्मान, स्वीकृति, गम्भीर समर्थन, धेरै असल, मङ्गल, बचाउ आदिलाई बुझाउने शब्द ४.ब्रह्माको मुखबाट प्रथमपटक उच्चरित स्वर । परमेश्वरबाट सबैभन्दा पहिले स्फुटित हुँदा स्फोट भयो । ऋषिहरूले त्यस नादलाई उच्चारण गर्न 'ॐ' शब्द चुने । स्वामी विवेकानन्दले यसलाई सम्पूर्ण नामहरूको जननी मानेका छन् ।

ओङ्कारं पूर्वमुच्चार्य ततो वेदमधीयते ।
ओङ्कारश्चाथशब्दश्च द्वावेतौ ब्रह्मणः पुरा ॥
कण्ठं भित्त्वा विनिर्यातौ तस्मान्माङ्गलिकावुभौ (म.भा.) ।
तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनः (हेमाद्रि) ।
प्रणवो जगतां बीजं वेदानामादिरेव च (स्क.पु.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्चैव कामशक्तिश्च प्रणवः श्रीश्च कथ्यते।
तदाद्येषु च मन्त्रेषु प्रणवं नैव योजयेत्।
इति चिन्तयतस्तस्य ओमित्येवोत्थितः स्वरः॥ (ह.वं.)

ओङ्कारेश्वरः (पुं.) द्वादशज्योतिर्लिङ्ग मध्येको एक शिवलिङ्ग। यो नर्मदा नदीको द्वीपमा पर्दछ। यहाँ नर्मदा दुईधारमा विभक्त भई पछि जोडिएको छ। यसको बिचको भूभागलाई मान्धाता टापु भन्दछन्। यसको क्षेत्रफल एक वर्गमाइल छ। यसै टापुमा यो मन्दिर रहेको छ। ओङ्कारेश्वरको मूर्ति जमिनमा गडेको छैन। मूर्तिको चारैतिर पानी नै पानी छ। मन्दिरको ढोका सानो भएकाले मन्दिरभित्र प्रवेश गर्दा दर्शनार्थीलाई गुफामा प्रवेश गरेको जस्तो अनुभव हुन्छ। सँगै पार्वतीको पनि मूर्ति छ। मन्दिरको हाताभित्र पञ्चमुखी गणेशको मूर्ति छ। यसको दोस्रो मञ्जिलमा महाकालेश्वरको लिङ्गमूर्ति छ भने तेस्रो मन्जिलमा वैद्यनाथेश्वरको लिङ्गमूर्ति छ। यो ओङ्कार यन्त्रको प्रणव लिङ्ग हो भने विष्णुपुरमा अवस्थित अमलेश्वर शिवको पार्थिव लिङ्ग हो। (इन्टरनेट र तीर्थाङ्क, कल्याण, गीताप्रेस)।

(ओङ्कारेश्वरः)

ओज (धा.) [*बले,तेजसि च,चुरा.अक. पर.सेट्*] बलवान् हुनु/तेजिलो तुल्याउनु/शक्तिसम्पन्न बनाउनु/समर्थवान् तुल्याउनु। लट्– **ओजयति–ओजयते–** बलवान् हुन्छ, तेजिलो हुन्छ, समर्थ हुन्छ इत्यादि।

ओजः (नपुं.) [*उब्जत्यनेन, उब्ज आर्जने इति धातोः, उब्जेर्बले बलोपश्च (उ.) ६४१ इति असुन्, बलोपश्च, गुणः, अजन्तोऽप्ययम्*] १.तेज २.बल ३.प्रकाश ४.प्रथम तृतीय, पञ्चम, सप्तम नवौं र एघारौं राशि ५.काव्यमा पाइने तीन गुणमध्ये गौडीरीतिमा रहने एक गुण/जाग्दो चित्तको विस्तारलाई ओज भनिएको छ। यसमा प्रथम र तृतीय वर्ण जोडिएका द्वितीय तथा चतुर्थ वर्णको प्रयोग हुन्छ। द्राक्, सर्प जस्ता रेफले सहित भएका वर्ण यस गुणका व्यञ्जक हुन्छन्। यसमा ट, ठ, ड, ढ, श, षवर्णको प्रयोग उपयुक्त मानिन्छ। समासबहुल रचना र उद्धत घटनाको प्रयोग ओजोगुणको व्यञ्जकताका लागि उपयोगी हुन्छन्। यो गुण वीर रस, त्यसभन्दा बढी बीभत्स रस, र त्यसभन्दा पनि बढी रौद्र रसको व्यञ्जक हुन्छ। **ओजश्चित्तस्य विस्ताररूपं दीप्तत्वमुच्यते। वीरबीभत्सरौद्रेषु क्रमेणाधिक्यमस्य तु। वर्गस्याद्यतृतीयाभ्यां युक्तौ वर्णौ तदन्तिमौ। उपर्यधो द्वयोर्वा सरेफः टठडढैः सह। अकारश्च षकारश्च तस्य व्यञ्जकतां गताः। तथा समासबहुला घटनौद्धत्यशालिनी॥** (सा.द.८.६–७)

ओजसाकृतः (पुं.वि.) [*ओजःसहोऽम्भसा तृतीयायाः ६.३.३ इति तृतीयाया अलुक्*] बलपूर्वक गरिएको।

ओजसीनम् (नपुं.) [*ओजो विद्यतेऽस्मिन्नहनि, ओजसोऽहनि यत्खौ ४.४.१३० इति खः, खस्येनः*] जोसिलो दिन।

ओजस्यम् (नपु.) [*ओजो विद्यतेऽस्मिन्नहनि, ओजसोऽहनि यत्खौ ४.४.१३० इति यत्*] जोसिलो दिन।

ओजस्या (स्त्री.) [*ओजो विद्यतेऽस्यां तन्वाम्,मत्वर्थे मासतन्वोः ४.४.१२८ इति यत्, टाप्*] तेजस्वी शरीर।

ओजस्विता (स्त्री.) [*ओजस्विनो भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] कान्ति/चमक।

ओजस्वी (पुं.वि.) [*ओजोऽस्यास्तीति, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिप्रत्ययः*] तेजस्वी/बल तथा पराक्रमले युक्त/दीप्तिमान्।

ओजायमानः (पुं.वि.) [*ओज इवाचरति, ओजायते ओजश्शब्दो वृत्तिविषये तद्वति इति कथनात् कर्तुः क्यङ् सलोपश्च ३.१.११ इति क्यङ्, नित्यं सलोपश्च, ओजायते इति क्यङन्तात् लटः शानच्*] तेजस्वी/ओजस्वी।

ओजिष्ठः (पुं.वि.) [*अतिशयेन ओजस्वी, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्*] १.अत्यन्त तेजिलो/अतिशय कान्तियुक्त २.सारभूत।

ओडवः (पुं.) पञ्चस्वरयुक्त राग/ष, ग, म, ध, नि स्वर।

ओड्रः (पुं./नपुं.) [*आ– ईषत् उनत्ति, उन्दी क्लेदने इति धातोः, रक्प्रत्ययः, दस्य डः*] १.जपापुष्प २.देशविशेष/उडिसा ३.उडिसादेशका बासिन्दा।

ओड्रपुष्पम् (नपुं.) [*आ, ईषदुनत्ति, उन्दी क्लेदने इति धातोः, स्फायितञ्चि– (उ.) इति रक्, बाहुलकाद् दस्य डत्वम्, ओड्रं पुष्पमस्य*] बाह्रमासे फूल। **ओड्रस्तु तरुभेदे स्यात्** (मेदिनी)।

ओणृ (धा.) [*अपनयने, अक.सेट् पर.*] हटाउनु, टाढा लैजानु। लट्– **ओणति–** हटाएछ, टाढा लैजान्छ। लिट्– **ओणाञ्चकार–** हटाएछ, टाढा लगेछ (अन.)। लुट्– **ओणिता–** हटाउने छ, टाढा लैजाने छ (अन.)। लृट्– **ओणिष्यति–** हटाउने छ, टाढा लैजाने छ। लोट्– **ओणतु–तात्–** हटाओस्, टाढा लैजाओस्। लङ्– **औणत्–** हटायो, टाढा लग्यो (अन.)। विधिलिङ्– **ओणेत्–** हटाउला, टाढा लैजाला, हटोस्, टाढा लैजाओस्। आशीर्लिङ्– **ओण्यात्–** हटओस्, टाढा लैजाओस्। लुङ्– **औणीत्–** हटायो, टाढा लग्यो। लृङ्– **ओणिष्यत्–** हटाउने थियो, टाढा लैजाने थियो। णिचि– **ओणयति–ते–** हटाउन लगाउँछ। कृदन्ते– **ओणकः/णिका–** हटाउन लगाउने थियो इत्यादि।

ओतः (पुं.वि.) [*आङ्पूर्वकाद् वेञ् तन्तुसन्ताने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.बुनिएको २.एक छेउदेखि अर्को छेउसम्म सिइएको। **~प्रोतः** (पुं.वि.) [*ओतञ्च तत्प्रोतञ्च, कर्म.स.*] पूर्णरूपले व्याप्त/सबैतिर फैलिएको।

ओतुः (पुं.) [*अवति आखुभ्यो गृहम्, अव रक्षणादौ इति धातोः, सितनिगमिमसिसच्यविधाञ्कुशिभ्यस्तुन् (उ.) ६९ इति तुन्, ज्वरत्वर ६.४.२० इत्यूठ्, दीर्घः ६.१.१०१, गुणः ७.३.८४*] बिरालो। **ओतुर्बिडालो मार्जारो वृशदंशश्च कथ्यते** (हला.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओदनः (पुं./नपुं.) [*उनत्ति आर्द्रीभवतीति, उन्दि क्लेदने इति धातोः, उन्देर्नलोपश्च (उ.) २४४, इति युच्, युवोरनाकौ इत्यनः, नलोपश्च, यद्वा ऊर्द्धतेऽनेन ऊर्द्ध क्रीडायाम् इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः, पृषोदरादिः ६.३.१०९*] भात। **ओदनं न स्त्रियां भक्ते बलायामोदनी स्त्रियाम्** (मेदिनी.)।

ओदनिका (स्त्री.) [*ओदनी एव, स्वार्थे कन्, टाप्*] १.खरेटो २.बलु

ओप्यायी (धा.) [*वृद्धौ, अक. सेट्, आत्मने., ओदित्, ईदिच्च*] बढ्नु। लट्– **प्यायते–** बढ्छ। लिट्– **पिप्ये–** बढेछ (अन.)। लुट्– **प्यायिता–** बढ्ने छ (अन.) इत्यादि।

ओम् (अव्य.) [*सर्वम् अवति रक्षति वा, अव रक्षणे, इति धातोः, अवतेष्टिलोपश्च (उ.) १४७, मन्, टिलोपः, ज्वरत्वर ६. ४.२० इति ऊठ्, गुणः ७.३.८४*] १.प्रणवाक्षर २.प्रारम्भ ३.स्वीकार/अनुमति। **स्यादोमां परमं मते**। (अभि.चि.) ५.मङ्गल/शुभ ६.[*अकारश्च उकारश्च मकारश्च, तेषां समाहारः, द्वन्द्वस.*] ब्रह्मा, विष्णु र महेश्वर ७.परब्रह्म।

ओलः (पुं.) एक प्रकारको कन्द। यसको तरकारी खाइन्छ।

ओलजी (धा.) [*व्रीडायाम्, अक.सेट्, आत्मने., ईदित्*] लज्जित हुनु, मुख लुकाउनु। लट्– **लजते–** लजाउँछ, मुख लुकाउँछ। लिट्– **लेजे–** लजाएछ, मुख लुकाएछ। (अन.)। लुट्– **लजिता–** लजाउनेछ, मुख लुकाउनेछ। (अन.)। लृट्– **लजिष्यते–** लजाउनेछ, मुख लुकाउनेछ। लोट्– **लजताम्–** लजाओस् मुख लुकाओस्। लङ्– **अलजत–** लजायो, मुख लुकायो (अन.)। विधिलिङ्– **लजेत–** लजाउला, मुख लुकाउला। लजाओस्, मुख लुकाओस्। आशीर्लिङ्– **लजिषीष्ट–** लजाओस्, मुख लुकाओस्। लुङ्– **अलजिष्ट–** लजायो, मुख लुकायो। लृङ्– **अलजिष्यत–** लजाउने थियो, मुख लुकाउने थियो। कृदन्ते– **लजित्वा/प्रलज्य–** लजाएर, मुख लुकाएर। **लजकः/लजिका/लजिता/लजित्री–** लजाउने, मुख लुकाउने। **लजितव्यम्/लजनीयम्/लाज्यम्–** लजाउनुपर्ने, मुख लुकाउनु पर्ने। **लजितुम्–** लजाउन, मुख लुकाउन। **लाजः/लजनम्–** लजाउने क्रिया, मुख लुकाउने क्रिया इत्यादि।

ओलडि (धा.) [*उत्क्षेपणे, सक.सेट् उभ.*] माथि फ्याँक्नु, उडाउनु। लट्– **लण्डयति-ते–** माथि फ्याँक्छ इत्यादि। कृदन्ते– **लण्डम्–** दिसा/पुरीष।

ओलस्जी (धा.) [*व्रीडायाम्, अक.सेट्, आत्मने., ईदित्*] लज्जित हुनु। लट्– **लज्जते–** लज्जित हुन्छ। लिट्– **ललज्जे–** लज्जित भएछ (अन.)। लुट्– **लज्जिता–** लज्जित हुने छ (अन.)। लृट्– **लज्जिष्यते–** लज्जित हुने छ। लोट्– **लज्जताम्–** लज्जित होओस्। लङ्– **अलज्जत–** लज्जित भयो। विधिलिङ्– **लज्जेत–** लज्जित होओस्, लज्जित होला। लुङ्– **अलज्जिष्ट–** लज्जित भयो। आशीर्लिङ्– **लज्जिषीष्ट–** लज्जित होओस्। **अलज्जिष्यत–** लज्जित हुने थियो। णिचि– **लज्जयति-ते–** लज्जित तुल्याउँछ। सनि– **लिलज्जिषते–** लज्जित हुन चाहन्छ। कृदन्ते– **लज्जितव्यम्/लज्जनीयम्/लज्ज्यम्–** लज्जित हुनुपर्ने। **लज्जितुम्–** लज्जित हुन। **लज्जित्वा/विलज्ज्य–** लज्जित भएर। **लज्जितः/लज्जितवान्–** लज्जित भएको। **लज्जा/लज्जनम्–** लजित हुने क्रिया इत्यादि।

ओल्लः (पुं.) तरकारी खाइने ओल नामक कन्द। यसले खान रुचि बडाउँछ र हर्षा वा अल्काइ रोगलाई निको पार्न मद्दत गर्छ।

ओविजी (धा.) [*भयचलनयोः,तुदा., आत्म., ईदित्, प्रायेणायमुत्पूर्वः*] लट्– **उद्विजते–** डराउँछ, काँप्छ, विपत्तिमा पर्छ। लिट्– **उद्विविजे–** डराएछ, काँपेछ, विपत्तिमा परेछ (अन.)। लुट्– **उद्विजिता–** डराउँनेछ, काँप्ने छ, विपत्तिमा पर्नेछ (अन.)। लृट्– **उद्विजिष्यते–** डराउँनेछ, काँप्नेछ, विपत्तिमा पर्नेछ। लोट्– **उद्विजताम्–** डराओस्, काँपोस्, विपत्तिमा परोस्। लङ्– **उदविजत–** डरायो, काँप्यो, विपत्तिमा पऱ्यो (अन.)। विधिलिङ्– **उद्विजेत–** डराउला, काँप्ला, विपत्तिमा पर्ला, डराओस्, काँपोस्, विपत्तिमा परोस्। आशीर्लिङ्– **उद्विजिषीष्ट–** डराओस्, काँपोस्, विपत्तिमा परोस्। लुङ्– **उदविजिष्ट–** डरायो, काँप्यो, विपत्तिमा पऱ्यो। लृङ्– **उदविजिष्यत–** डराउँने थियो, काँप्ने थियो, विपत्तिमा पर्ने थियो। णिचि– **उदवेजयति–** डराउन लगाउँछ, कपाउँछ, विपत्तिमा पार्छ। सनि– **उद्विजिषते–** डराउन चाहन्छ, काँप्न चाहन्छ, विपत्तिमा पर्न चाहन्छ। कृदन्ते– **उद्विजितव्यम्/उद्विजनीयम्/ उद्वेज्यम्–** डराउँनु पर्ने, काँप्नु पर्ने, विपत्तिमा पर्नुपर्ने। **उद्विग्नः–** डराएको, कामेको, विपत्तिमा परेको। **विजित्वा/उद्विज्य–** डराएर, कामेर, विपत्तिमा परेर। **उद्वेगः–** भय, कम्प, विपत् इत्यादि।

ओविजी (धा.) [*भयचलनयोः, रुधा.अक.सेट् पर., प्रायेणायमुत्पूर्वः*] डराउनु, डरले थर्थर काँप्नु, आपद्ग्रस्त हुनु। लट्– **विनक्ति–** डराउँछ, डरले काँप्छ, आपद्ग्रस्त हुन्छ। लिट्– **विवेज–** डराएछ, डरले काँपेछ, आपद्ग्रस्त भएछ इत्यादि (अन.)। भावे– **विज्यते–** डराइन्छ, डरले काँपिन्छ, आपद्ग्रस्त बनिन्छ इत्यादि।

ओवै (धा.) [*शोषणे, अक. अनिट् पर.*] सुक्नु, सुकाउनु, शुष्क हुनु। लट्– **वयति–** सुक्छ, सुकाउँछ। लिट्– **ववौ–** सुकेछ, सुकाएछ (अन.)। लुट्– **वाता–** सुक्ने छ, सुकाउने छ (अन.)। लृट्– **वास्यति–** सुक्ने छ, सुकाउने छ। लोट्– **वायतु–** सुकोस्, सुकाओस्। लङ्– **अवायत्–** सुक्यो, सुकायो (अन.)। विधिलिङ्– **वायेत्–** सुक्ला, सुकाउला, सुक्ला सुकाओस्। आशीर्लिङ्– **वायात्–** सुकोस्, सुकाओस्। लुङ्– **अवासीत्–** सुक्यो, सुकायो। लृङ्– **अवास्यत्–** सुक्ने थियो, सुकाउने थियो। भावे– **वायते–** सुकिन्छ, सुकाइन्छ। णिचि– **वायति-ते–** सुकाउँछ, सुकाउन लगाउँछ। कृदन्ते– **वातव्यम्/वानीयम्/वेयम्–**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुक्नुपर्ने, सुकाउनुपर्ने। **वात्वा—** सुकेर, सुकाएर। **वातुम्—** सुक्न, सुकाउन इत्यादि।

ओव्रश्चू (धा.) [*छेदने, सक.सेट् पर.*] प्वाल पार्नु। लट्— **वृश्चति—** प्वाल पार्छ। लिट्— **वव्रश्च—** प्वाल पारेछ (अन.)। लुट्— **व्रश्चिता-व्रष्टा—** प्वाल पार्ने छ (अन.)। लृट्— **व्रश्चिष्यति-व्रक्ष्यति—** प्वाल पार्ने छ। लोट्— **वृश्चतु—** प्वाल पारोस्। लङ्— **अवृश्चत्—** प्वाल पाऱ्यो (अन.)। विधिलिङ्— **वृश्चेत्—** प्वाल पार्ला, प्वाल पारोस्। आशीर्लिङ्— **वृश्च्यात्—** प्वाल पारोस्। लुङ्— **अव्रश्चीत्-अव्राक्षीत्—** प्वाल पाऱ्यो। लृङ्— **अव्रश्चिष्यत्-अव्रक्ष्यत्—** प्वाल पार्ने थियो। कर्मणि— **वृश्च्यते—** प्वाल पारिन्छ। **व्रश्चयति-ते—** प्वाल पार्न लगाउँछ। सनि— **विव्रश्चिषति/विव्रक्षति—** प्वाल पार्न चाहन्छ। कृदन्ते— **व्रश्चकः/व्रश्चिका/व्रश्चिता-त्री—** प्वाल पार्ने। इत्यादि।

ओषः (पुं.) [*ओषणम्, ओष दाहे इति धातोः, भावे ३.३.१८ इति घञ्*] तातो/ताप/दाह।

ओषणः (पुं.) [*ओष दाहे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.खोर्सानी, मरीच आदिको पिरो। **कटुः स्यादोषणो मुखशोधनः।** (अभि.चि.) २.[*ओष्यतेऽनेन, करणे ल्युट्*] कालो मरीच।

ओषधिः (स्त्री.) [*ओषो नाम रसो धीयतेऽत्र, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] १.फलहरू पाक्ने तृण, धान्य, वृक्ष आदि। **ओषध्यः फलपाकान्ता बहुपुष्पफलोपगाः।** (मनु.१.४६) २.रोगलाई निको पार्ने औषधि।

ओषो नाम रसः सोऽस्यां धीयते यत्तदोषधिः।
ओषादारोग्यमाधत्ते तस्मादोषधिरोषधः (काश्यप संहिता)।
वैद्यो व्याधिं हरेद् येन तद् द्रव्यं प्रोक्तमोषधम् (अत्रिसंहिता)।

~पतिः (पुं.) [*ओषधीनां पतिः, ष.त.*] १.चन्द्रमा २.कपुर ३.वैद्य। **~ईशः** (पुं.) [*ओषधीनामीशः, ष.त.*] १.चन्द्रमा २.कपुर ३.वैद्य।

ओषधी (स्त्री.) [*ओषो दाहो धीयतेऽत्र, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, ङीष्*] १.फलहरू पाक्ने तृण, धान्य, वृक्ष आदि २.रोगलाई निको पार्ने जडिबुटी।

ओषधीप्रस्थः (नपुं.) [*ओषधीबहुलं प्रस्थं यत्र, सः, बहु.*] हिमालय।

ओषधीशः (पुं.) [*ओषधीनामीशः, ष.त*] चन्द्रमा। **विधुः सुधांशुः शुभ्रांशुरोषधीशो निशापतिः** (अमर.)।

ओषध्यः (पुं.) [*ओषेति, ओषः प्लोषो दीप्तिर्वा धीयतेऽत्र, डुधाञ् धारणपोषणयोः इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, कृदिकारात्— (ग.) ४.१४५ इति ङीषि ओषधी अपि*] फल पाकेपछि बोटै सुक्ने धान, जौ मकै आदि।

ओष्ठः (पुं.) [*उष्यते दह्यते उष्णाहारेण सः, उष दाहे इति धातोः, उषिकुषिगार्तिभ्यः स्थन् (उ.) १६९, इति स्थन्*] ओठ/अधर। **~स्थानीयः** (पुं.) [*ओष्ठस्थाने भवः, वृद्धाच्छः इति छः, ईयः*] ओठको सहायताले उच्चारण हुने वर्ण। संस्कृतका उ, प, फ, ब, भ, म, उपपध्मानीय विसर्ग ओष्ठस्थानीय वर्ण हुन्।

ओष्ठकः (पुं.) [*ओष्ठयोः प्रसितः, स्वाङ्गेभ्यः प्रसिते ५.२.६६ इति कन्*] ओठ सिंगार्ने काममा आसक्त।

ओष्ठजाहम् (नपुं.) [*ओष्ठस्य मूलम्, तस्य पाकमूले पील्वादि कर्णादिभ्यः कुणब्जाहचौ ५.२.२४ इति जाहच्*] ओठको फेद।

ओष्ठपल्लवः (पुं.) [*ओष्ठः पल्लव इव*] पालुवाजस्तो रातो र नरम ओठ।

ओष्ठपुटम् (नपुं.) [*आष्ठयोः पुटम्, ष.त.*] दुई ओठका बिचको ओढार।

ओष्ठी (स्त्री.) [*ओष्ठ इवाचरति, क्विप् च ३.२.७६ इति क्विप्, ततः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ङीप् च*] गोलकाँत्री।

ओष्ठ्यम् (नपुं.) १.[*ओष्ठेभ्यो हितम्, शरीरावयवाद्यत् ५.१.६ इति यत्*] २.[*ओष्ठे भवः, शरीरावयवाच्च ४.३.५५ इति यत्*]ओठमा भएको/ओष्ठस्थानीय।

ओष्णः (पुं.वि.) [*आ ईषदुष्णः*] मनतातो/अलि अलि तातो।

ओहाक् (धा.) [*त्यागे, जुहो.सक. अनिट् पर.*] त्याग्नु, छोड्नु। लट्— **जहाति—** छोड्छ। लिट्— **जहौ—** छोडेछ (अन.)। लुट्— **हाता—** छोड्ने छ (अन.)। लृट्— **हास्यति—** छोड्ने छ। लोट्— **जहातु-हितात्-हीतात्—** छोडोस्। लङ्— **अजहात्—** छोड्यो (अन.)। विधिलिङ्— **जह्यात्—** छोड्ला, छोडोस्। आशीर्लिङ्— **हेयात्—** छोडोस्। लुङ्— **अहासीत्—** छोड्यो। लृङ्— **अहास्यत्—** छोड्ने थियो। कर्मणि— **हीयते—** छोडिन्छ। णिचि— **हापयति-ते—** छोडाउँछ। सनि— **जिहासति—** छोड्न चाहन्छ। कृदन्ते— **हानीयम्/हातव्यम्/हेयम्—** छोड्नुपर्ने। **हानम्/प्राहाणम्—** छोड्ने क्रिया। **हायकः/हायिका/हाता—** छोड्ने। **हीनः** छोडेको। **हातुम्—** छोड्न। **हित्वा—** छोडेर। **जहत्** [*नाभ्यस्ताच्छतुः, इति नुमनिषेधः*]— छोडिरहेको। **विहाय** [*न ल्यपि इति निषेधः*] छोडेर। **हानिः**— नोक्सानी। **अहः**— दिन। इत्यादि।

ओहाङ् (धा.) [*गतौ, सक. अनिट्, आत्म., आकारान्तः, ओदित्, ङिच्च*] जानु। लट्— **जिहीते—** जान्छ। लिट्— **जहे—** गएछ (अन.)। लुट्— **हाता—** जाने छ (अन.)। लृट्— **हास्यते—** जाने छ। लोट्— **जीहीताम्—** जाओस्। लङ्— **अजिहीत—** गयो (अन.)। विधिलिङ्— **जिहीत—** जाला, जाओस् इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औ

औ अ र उ मिलेर बनेको द्विस्वर वर्ण/कण्ठतालुस्थानीय स्वर वर्ण। आभ्यन्तरप्रयत्नमा यसको विवृत प्रयत्न हुन्छ। **विवृतं स्वराणाम्।** (सि.कौ.) दीर्घ र प्लुतका भेदले यो दुई प्रकारको हुन्छ। प्रत्येकका उदात्त, अनुदात्त र स्वरितका भेदले यो ६ प्रकारको हुन्छ। प्रत्येकका अनुनासिक र निरनुनासिका भेदले औ बाह्र किसिमको हुन्छ। भाषवैज्ञानिकहरूले यसलाई द्विस्वर मानेका छन्।

औँ (अव्य.) शूद्रले प्रयाग गर्ने प्रणव शब्द।

औः (पुं.) १.अनन्त २.एक प्रकारको आबाज/निस्वन ३.(स्त्री.)पृथ्वी

औ (अव्य.) सम्बोधन, आह्वान (मेदिनी) विरोध र निर्णय (शब्दरत्नावली) जनाउँदा प्रयोग हुने चादि गणपठित अव्यय शब्द।

औकारः (पुं.) [*वर्णत्कारः (वा.) इति कारप्रत्ययः*] औवर्ण।

औक्षः (पुं.) [*उक्ष्णां समूहः, तस्य समूहः ४.२.३७ इत्यण, टिलोपः*] साँढेको बथान।

औक्षकम् (नपुं.) [*उक्ष्णां समूहः, गोत्रोष्ट्रोरभ्रराजा राजन्यराजपुत्र-वत्समनुष्याजाद् वुञ् ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] साँढेको बथान।

औख्यम् (नपुं.) [*उखायां निष्पन्नमुख्यम्, ततः स्वार्थे ष्यञ्*] भाँडामा पकाएको अन्न।

औग्र्यम् (नपुं.) [*उग्रस्य भावः, कर्म वा*] उग्रता।

औचिती (स्त्री.) [*औचित्यस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कमणि च ५.१.१२४ इति ष्यञ्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, हलस्तद्धितस्य ६.४.१०५ इति यलोपः*] औचित्य/ उपयुक्तता

औचित्यम् (नपुं.) [*उचितस्य कर्म वा भावः, वर्णदृढादिभ्यः ष्यञ् च ५.१.१२३ इति ष्यञ्*] १.उचितता/जहाँ जस्तो उपयुक्त हुन्छ त्यस्तै हुनु। **एता अपि यथौचित्यादुत्तमाधममध्यमाः** (सा.द.) २.कुन्तकद्वारा प्रतिपादित एक काव्यगुण ३.क्षमेन्द्रद्वारा प्रतिपादित काव्यको अत्मतत्त्व ३.सत्य। **औचित्यमुचितत्वे स्यात्सत्येऽपि च नपुंसकम्** (वाङ्म.)।

औचित्यसम्प्रदायः (पुं.) [*औचित्यस्य सम्प्रदायः, ष.त.*] काव्यशास्त्रको परम्परामा औचित्यलाई प्रमुख स्थान दिएर चलाएको सम्प्रदाय। यसका प्रमुख आचार्य क्षमेन्द्र हुन्। आ नो औचित्यविचारचर्चा भन्ने ग्रन्थमा काव्यका तत्त्वको समीक्षा गर्दै यिनले औचित्यलाई काव्यको जीवित तत्त्व (प्राणतत्त्व) का रूपमा व्याख्या गरेका छन्।

अलङ्कारास्तवलङ्कारा गुणा एव गुणाः सदा।
औचित्यं रससिद्धस्य स्थिरं काव्यस्य जीवितम्॥ (औ.वि.च.)

यिनले चर्चा गरेका प्रमुख औचित्यहरू- पदौचित्य, वाच्यौचित्य, प्रबन्धौचित्य, गुणौचित्य, अलङ्करौचित्य, रसौचित्य, क्रियौचित्य, कारकौचित्य, लिङ्गौचित्य, वचनौचित्य, विशेषणौचित्य, उपसर्गौचित्य, निपातौचित्य, कालौचित्य, देशौचित्य, कुलौचित्य, व्रतौचित्य, तत्त्वौचित्य, सत्त्वौचित्य, अभिप्रायौचित्य, स्वभावौचित्य, सारसंग्रहौचित्य, प्रतिभौचित्य, अवस्थौचित्य, विचारौचित्य, नामौचित्य, आशीर्वादौचित्य। यसका अतिरिक्त काव्यका प्रत्येक अङ्गमा औचित्य व्याप्त भएर रहेको हुन्छ भन्ने यिनको धारणा छ। **काव्यस्याङ्गेषु च प्राहुरौचित्यं व्यापि जीवितम्** (क्षमेन्द्र)।

औजसः (पुं.वि.) [*ओजोऽस्यास्तीति, अर्शाद्यच् ५.२.१२७, ओजस एव, स्वार्थे अण्*] ओजस्वी।

औजसम् (नपुं.) [*ओजोऽस्यास्तीति,अर्शाद्यच् ५.२.१२७, ओजस एव, स्वार्थे ऽण्*] सुन। **औजसं काञ्चने क्लीबमोजःसम्बन्धिनि त्रिषु** (वाङ्म.)।

औजसिकः (पुं.वि.) [*ओजसा वर्तते, ओजः सहोम्भसा वर्तते ४.४.२७ इति ठक्, ठस्येकः, वृद्धिः*] शूर,ओजस्वी/तेजिलो।

औजस्यम् (नपुं.) [*ओजसि साधुः तत्र साधुः ४.४.९८ इति यत्*] ओज वा शक्तिवर्द्धक पदार्थ।

औज्ज्वल्यम् (नपुं.) [*उज्ज्वलस्य भावः, ष्यञ्*] चमक/कान्ति।

औडवः (पुं.) [*ओडव एव, स्वार्थेऽण्*] पञ्चमस्वरमिश्रित रागजाति/ष, ग, ध, म, नि स्वर।

औडुपिकः (पु.वि.) [*उडुपेन तरति, तरति ४.४.८ इति ठक् ठस्येकः, वृद्धिः*] नाविक/डुँगाले नदी तर्ने ।

औडुम्बरः (पुं.) १.चौध यममध्ये एक यम २.मुनिविशेष।

औड्रमागधी (स्त्री.) प्रवृत्तिको एक भेद। नेपाल र भारतको पूर्वी भागमा चलेको एक प्राचीन साहित्यिक प्रवृत्ति।

औत्कण्ठ्यम् (नपुं.) [*उत्कण्ठाया भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.उत्सुकता/उत्कण्ठता २.तेत्तिस व्यभिचारिभावमध्ये एक भाव।

औत्कर्ष्यम् (नपुं.) [*उत्कर्षस्य भावः, ष्यञ्*] उत्कर्षता।

औत्तमिः (पुं.) चौध मनुमध्ये एक मनु।

औत्तरपथिकम् (नपुं.) [*उत्तरपथेन आहतम्, उत्तरपथेनाहतम् ५.१.७७ इति ठञ्, ठस्येकः वृद्धिः*] उत्तरपट्टिको बाटेबाट ल्याएको।

औत्तराहः (पुं.वि.) [*उत्तरादागतः, उत्तरे भवो वा, उत्तरादाहञ् (वा) इति आहञ्, वृद्धिः*] १.उत्तरबाट आएको २.उत्तरमा भएको।

औत्तानपादिः (पुं.) [*उत्तानपादस्यापत्यं पुमान्, अत इञ् ४.१.९५ इति इञ्*] उत्तान पादको छोरो/ध्रुव।

औत्सः (पुं.वि.) [*उत्से जातः, उत्सादिभ्योऽञ् ४.१.८६ इत्यञ्प्रत्ययः, वृद्धिः, अकारलोपः*] १.खोल्सामा जन्मेको वा भएको २.जलस्रोतबाट पैदा भएको।

औत्पातिकः (पुं.वि.) [*उत्पाताय सम्भवति, सम्भवत्यवहरति पचति इति ठञ्, इकः*] उपद्रो मच्चाउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औत्सर्गिकः (पुं.वि.) [*उत्सर्गम्, सामान्यविधिमर्हति, तदर्हति ५.१.६३ इति ठञ्, ठस्येकः*] सामान्य विधिका लागि उपयुक्त।

औत्सुक्यम् (नपुं.) [*उत्सुकस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.इच्छा २.औत्कण्ठ्य/उत्सुकता। ३.तेत्तिस सञ्चारिभावमध्येको एक भाव। यसमा इष्टप्राप्तिका निमित्त मन लालायित हुन्छ। प्रियजनको वियोगमा उसको स्मरण, उद्यानको दर्शन आदिबाट यो भाव जागृत हुन्छ। लामो सास, चिन्तामा मग्नता, सुत्ने इच्छा आदिबाट यो भाव अभिव्यक्त हुन्छ। (भरत)।

औदनिकः (पुं.) [*ओदनं शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्*] भान्छे। **सूदस्त्वौदनिको गुणः। भक्तकारः सूपकारः सूपारालि-कवल्लवाः** (अभि. चि.)।

औदरिकः (पुं.वि.) [*उदरे प्रसितः, उदराट्ठगाद्यूने ५.२.६७ इति ठक्*] पेटमात्र पाल्न पाए पुग्ने, विशेष उन्नति नगर्ने। **आद्यूनः स्यादौदरिके विजिगीषाविवर्जिते** (अभि.चि.)।

औदश्वित्कः (पुं.) [*उदकेन श्वयति वर्धते इति उदश्वितोऽन्यत-रस्याम् ४.२.१९ इति ठक्, इसुसुक्तान्तात्कः ७.३.५१ इति कः, तत्र संस्कृतः, संस्कृतं भक्षाः ४.२.१६ इत्यण्*] दहीमा बराबर पानी हालेर बनाएको मट्ठा/पखाले।

औदात्यम् (नपुं.) [*उदात्तस्य भावः,ष्यञ्*] उदात्त गुण २.उदात्तस्वरले उच्चारण हुनु।

औदार्यम् (नपुं.) [*उदारस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.उदारता २.काव्यगत सात्त्विक पौरुष गुण। दान दिनु, निवेदनकर्ताको आवश्यकता पूर्ण गर्नु, आफन्त र पराई सबैसित मिठो बोली बोल्नु आदि पौरुष गुणका लक्षण हुन्। ३.स्त्रीजातिमा हुने एक स्वाभाविक गुण/ईर्ष्या वा रिस उठ्ता पनि गरिने नम्रताको प्रदर्शन।

औदासीन्यम् (नपुं.) [*उदासीनस्य भावः कर्म वा, गुणवचन ब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] उदासीनता/ वैराग्य/उपेक्षाभाव।

औदास्यम् (नपुं.) [*उदासस्य भावः कर्म वा गुणवचन ब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] उदासीनता/ वैराग्य/उपेक्षाभाव

औदुम्बरः (पुं.) [*उदुम्बरस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] ब्रह्मचारीले टेक्ने डुम्रीको लट्ठी।

औदुम्बरम् (नपुं.) [*प्रज्ञादित्वादण्*] १.तामो। **ताम्रमौदम्बरं शुल्व मुदुम्बरमपि स्मृतम्**। (भा.प्र.नि.) २.[*उदुम्बरस्य फलम्, अण्*] डुम्रीको फल। **औदुम्बरं भवेत्ताम्रे फलादौ यज्ञशाखिनः** (अजय)

औद्दालकः (पुं.) [*उद्दालकस्यापत्यं पुमान्, ऋष्यन्धक इत्यण्, वृद्धिः*] श्वेतकेतु ।

औद्दालकम् (नपुं.) [*उद्दालेन कीटेन सञ्चितम् ,उद्दालशब्दात् अण्, ततः संज्ञायां कन्*] १.कठयौरीको मह २.तीर्थविशेष।

औद्धत्यम् (नपुं.) [*उद्धतस्य भावः, ष्यञ्*] उद्धतपना।

औद्भिदम् (नपुं.) [*उद्भिदेव, स्वार्थे अण्*] १.पृथ्वीबाट पैदा भएको नुन/खनिज नुन।

औद्भिदं पांशुलवणं यज्जातं भूमितः स्वयम्। (भा.प्र.नि.)

२.जमिन फोरेर धाराका रूपमा निस्किएको पानी

विदार्य भूमिं निम्नां यन्महत्या धारया स्रवेत्।
तत्तोयमौद्भिदं नाम वदन्तीति महर्षयः॥ (भा.प्र.नि.)

औद्योगिकः (पुं.वि.) [*उद्योगे भक्तिरस्य, उद्योगशब्दात् अचित्ताद-देशकालाट्ठक् ४.३.९६ इति ठक्, ठस्येकः, आदिवृद्धिः*] उद्योगशील।

औद्योगीकरणम् (नपुं.) [*उद्योगस्य भावः, कर्म वा औद्योगम्, न औद्योगमौद्योगं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] अनेक कारखाना, उद्योग आदिको स्थापनाद्वारा देशलाई उद्योगप्रधान बनाउने काम।

औद्वाहिकम् (नपुं.) [*उद्वाहकाले लब्धम्, ठञ्, ठस्येकः*] विवाह कालमा प्राप्त भएको धन।

औधस्यम् (नपुं.) [*ऊधस आगतम्*] स्त्रीजातिको स्तनबाट आएको दुध।

औन्नत्यम् (नपुं.) [*उन्नतस्य भावः, कर्म वा, ष्यञ्*] १.अग्लोपना २.उचाइ ३.उन्नति हुनु।

औपकर्णिकम् (नपुं.) [*उपकर्णे भवम्, उपजानुपकर्णोपनीवेष्ठक् ४.३.४ इति ठक्, ठस्येकः, किति च ७.२.११८ इति वृद्धिः*] कानको नजिक पुगेको।

औपगवः (पुं.) [*उप समीपे गौर्यस्य सः, उपगुः,गोपः, लक्षणया तत्पुरोहितोऽपि, तस्यापत्यम्, अण्*] १.ग्वालाका सन्तान २.ग्वालाका पुरोहितका सन्तान ३. [*उपगोरिदम्, तस्येदमित्यण्*] ग्वालासम्बन्धी।

औपचारिकः (पुं.) [*उपचार एव विनयादिभ्यष्ठक् ५.४.३४ इति ठक्, ठस्येकः*] १.निर्धारित सरकारी नीतिको पालन २.नियम रीतिको पालना ३.उपचार आदिको अनुपालन ४.(पुं.वि.) [*उपचारेण सञ्जातः*] १.विधिवत् भएको २.लाक्षणिक ३.गौण।

औपजानुकः (पुं.वि.) [*उपजानु (जानुसमीपे) भवः, उपजानूप-कर्णोपनीवेष्ठक् ४.३.४० इति ठक्, ठस्येकः, किति च ७.२.११८ इति वृद्धिः*] घुंडानजिकै भएको।

औपदेशिकः (पुं.वि.) [*उपदेशे भवः, ठक् इकः*] उपदेशसम्बन्धी।

औपधर्म्यम् (नपुं.) [*उपधर्मस्य भावः,*] १.मिथ्यासिद्धान्त २.[*उपधर्म एव*] अपकृष्ट धर्म।

औपनिविकः (पुं.वि.) [*उपनीवि भवः, उपजानूपकर्णोपनीवेष्ठक् ४.३.४० इति ठक्, ठस्येकः, किति च ७.२.११८ इति वृद्धिः*] कटिनजिकै रहेको/कटिको वस्त्रमा घुसारेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औपनिवेशिकः (पुं.वि.) [*उपनिवेशस्य अयम्, उपनिवेशमर्हति,ठञ्, इकः*] उपनिवेशमा रहने ।

औपनिषदः (पुं.) १.[*उपनिषदां व्याख्यानन्तत्र भवो वा, अणृगयनादिभ्यः ४.३.७३ इत्यण्, वृद्धिः*] उपनिषद्को व्याख्या गर्ने ग्रन्थ २.(पु.वि.) [*उपनिषदि भवः*] उपनिषद्मा भएको ३.[*उपनिषदमधीते वेत्ति वा, तदधीते तद्वेद ४.२.५९ इत्यण्, वृद्धिः*] उपनिषद्को ज्ञाता र अध्येता ।

औपनिषदिकः (पुं.वि.) [*उपनिषदा जीवति वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्, ठस्येकः*] ब्रह्मविद्याको उपदेशबाट जीविका चलाउने ।

औपपत्तिकः (पुं.वि.) [*उपपत्त्या सिद्धः, ठञ्, इकः*] उपपत्तिबाट सिद्ध भएको ।

औपमन्यवः (पुं.) [*उपमन्योरपत्यं पुमान्, अञ्, गुणावादेशौ*] उपमन्युका पुत्र वा सन्तान ।

औपम्यम् (नपुं.) [*उपमा एव, चतुर्वर्णादीनां स्वार्थ उपसङ्ख्यानम् (वा.) इति ष्यञ्*] उपमा/तुलना/सादृश्य ।

प्राणा यथात्मनोऽभीष्य भूतानामपि ते तथा ।
आत्मौपम्येन भूतानां दयां कुर्वन्ति साधवः ॥ (हितो.)

औपयिकः (पुं.वि.) [उपायेन सञ्जातः,उपायाद्ध्रस्वत्वञ्च, *(ग.सू.) ५.४.३४ इति ठक्, ठस्येकः, वृद्धिः,पा इत्यस्य ह्रस्वश्च*] १.न्यायप्राप्त/उपयुक्त ।

युक्तं स्यादुचितं न्याय्यं प्राप्तमौपयिकं तथा (हला.) ।
वासमौपयिकं मन्ये तव राम महाबल (रामा.२.५४.३९) ।

२.[*उपाय एव,विनयादित्वाद् ठक्*] उपाय ।

औपरिष्टः (पुं.वि.) [*उपरिष्टाद् भवः, तत्र भवः ४.३.५३ इत्यण्, आदिवृद्धिः, टिलोपः*] माथि भएको ।

औपरोधिकः (पुं.) [*उपरोधःप्रयोजनमस्य,प्रयोजनमिति ठक्, ठस्येकः,आदिवृद्धिः*] १.ब्रह्मचारीले लिने एक प्रकारको लठ्ठी/ दाँते ओखरको लठ्ठी । **पैलवस्त्वौपरोधिकः** (अभि.चि.३.४७९) २.(पुं.वि.) उपरोध (बाधा, विरोध) सम्बन्धी ।

औपवस्तम् (नपुं.) [*उपवसति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, उपवस्तुरिदं कर्म, तस्येदम् ४.३.१२० इत्यण्*] निराहार/उपवास । **उपवस्तं तूपवासः** (अमर.) ।

औपवेषिकः *(पुं.वि.)* [*उपवेषेन जीवति, वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्, ठस्येकः*] सेवाकार्यबाट जीविका चलाउने ।

औपसर्गिकः (पुं.वि.) [*उपसर्गाय प्रभवति, तस्मै प्रभवति सन्तापादिभ्यः ५.१.१०१ इति ठञ्, इकः*] भौतिक तथा दैवी सङ्कट सहन सक्ने/विपत्तिसँग लड्न सक्ने ।

औपसर्गिकम् (नपुं.) [*उपसर्गाय प्रभवति, तस्मै प्रभवति सन्तापादिभ्यः ५.१.१०१ इति ठञ्, इकः*] १.सन्निपात रोग २.सरुवा रोग ।

प्रसङ्गाद् गात्रसस्पर्शान्निश्वासात् सहभोजनात् ।
सहशैय्यासनाच्चापि वस्त्रमाल्यानुलेपनात् ।
औपसर्गिकरोगाश्च सङ्क्रामन्ति नरान्तरम् ॥ (सुश्रुतः)

औपस्थिकः (पु.वि.) [*उपस्थेन जीवति, वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्,ठस्येकः*] व्यभिचार गरेर जीविका चलाउने ।

औपस्थ्यम् (नपुं.) [*उपस्थस्य भावः, कर्म वा, ष्यञ्*] मैथुन, स्त्रीसहवास ।

औपाधिकः (पुं.वि.) [*उपाधौ भवः,उपाधेरयम् वा, ठञ्*] १.विशेष परिस्थितिमा भएको २.उपाधि वा विशेष गुणसँग सम्बन्ध राख्ने ।

औपाध्यायकः (पुं.वि. [*उपाध्यायादागतः, विद्यायोनिसम्बन्धेभ्यो वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः, आदिवृद्धिः, अलोपः*] उपाध्यायबाट आएको ।

औम् (अव्य.) शूद्रजातिले उच्चारण गर्ने प्रणव ।

औमीनम् (नपुं.) [*उमाया भवनं क्षेत्रम्, विभाषा तिलमाषोमाभङ्गाणुभ्यः ५.२.४ इति खञ्, खस्य ईनः, वृद्धिः*] १.आलस पैदा हुने जमीन २.बेसार पैदा हुने क्षेत्र ।

औमम् (नपुं.) [*उमाया विकारो ऽवयवो वा, उमोर्णयोर्वा ४.३.१५८ इति अण्*] १.बेसारको धुलो २.आलसको धुलो ।

औरभ्रः (पुं.) ऋषिविशेष ।

औरभ्रम् (नपुं.) [*उरभ्रस्य इदम्, तस्येदम् ४.३.१२० इत्यण् वृद्धिः*] भेडाको, भेडा सम्बन्धी ।

औरभ्रकम् (नपुं.) *उरभ्राणां समूहः, गोत्रोक्षोष्ट्रोरभ्रराजराजन्य राजपुत्रवत्समनुष्याजाद् वुञ् ४.२.३९ इति वुञ्,युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः*] भेडाको बथान ।

औरसः (पुं.वि.) [*उरसा निर्मितः, उरसोऽण् च ४.४.९४ इत्यण्, आदिवृद्धिः, चाद्यत्*] विधिवद् विवाहिता स्त्रीको गर्भबाट पैदा भएको /बाह्र प्रकारका पुत्रमध्ये उत्तम ।

औरस्यः (पुं.) [*उरसो भवः, उरसोऽण् च ४.४.९४ इति चाद् यत्, उरस्य एव, स्वार्थे अण्*] १.औरस पुत्र २.छातीबाट उच्चारण हुने अर्थात् अतिकण्ठ्य वर्ण ।

हकारं पञ्चमैर्युक्तमन्तःस्थाभिश्च संयुतम् ।
औरस्यं तं विजानीयात् कण्ठ्यमाहुरसंयुतम् ॥ (शिक्षा)

और्णम् (नपुं.) [*ऊर्णाया विकारोऽवयवो वा, उमोर्णयोर्वा ४.३.१५८ इति अण्*] ऊनीबाट बनेको वस्तु ।

और्णकम् (नपुं.) [*ऊर्णाया विकारोऽवयवो वा उमोर्णयोर्वा ४.३.१५८ इति वुञ्,युवोरनाकौ ७.१.१ इत्यकः*] ऊनीकाट बनेको वस्तु ।

औदर्ध्वकालिकः (पु.वि.) [*ऊदर्ध्वकाले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] पछिल्लो समयको ।

और्ध्वदैहिकम् (नपुं.) [*देहादूर्ध्वम् ऊर्ध्वदेहः, राजदन्तादिषु परम् २.२.३१ इति देहशब्दस्य परनिपातः, ऊर्ध्वदेहे भवम्, अध्यात्मादेष्ठञिष्यते (वा.) ४.३.६० इति ठञ्, ठस्येकः, अनुशतिकादीनाञ्च ७.३.२० इति उभयपदवृद्धिः*] मरेका मानिसका निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिने श्राद्धादि कर्म। **यदह्नि मृतस्तदहः प्रभृति सपिण्डीकरणात्पूर्वं प्रेततृप्तिहेतुकं यत्पिण्डादिदानन्तत्** (भरत)।

और्वः (पुं.) [*और्वात् मुनेर्जातः, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्, वृद्धिः, और्वमुनेः क्रोधजत्वात्तथात्वम्*] १.वडवानल आगो/सामुद्रिक अगि २.[*उर्वस्यापत्यम्*] पाँच प्रवर भएका एक ऋषि/विख्यात प्राचीन आर्यऋषि ३.एक पौराणिक भूखण्ड।

और्वम् (नपुं.) [*उर्व्यां भवः, तत्र भवः ४.३.५३ इत्यण्*] मायमा पाइने नुन।

और्वशेयः (पुं.) [*उर्वश्या अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] अगस्त्य मुनि।

औलूकम् (नपुं.) [*उलूकानां समूहः खण्डिकादिभ्यश्च ४.२.४५ इति अञ्, वृद्धिः*] लाटोकोसेराको बथान।

औलूक्यः (पुं.) [*उलूकस्य मुनेः गोत्रापत्यं पुमान्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] १.उलूक मुनिका सन्तान २.कणाद मुनि/ वैशेषिक दर्शनका वेत्ता।

औलूक्यम् (नपुं.) [*उलूकस्येदम्, तस्येदम् ४.३.१२० इत्यण्*] वैशेषिक दर्शन।

औल्वण्यम् (नपुं.) [*उल्वणस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.अशिय आधिक्य २.अतितीक्ष्णता ३.विषमता।

औशनः (पुं.) ऋषिविशेष। यी दैत्यगुरु शुक्राचार्यका बाबु थिए। शुक्राचार्यको अर्को नाम उशना पनि थियो। औशनले भृगुवंशी ऋषिहरूका माझमा बसेर जुन शास्त्रचर्चा गरेका थिए, तिनै विषयलाई सङ्कलन गरेर उनका छोरा उशनाले उशनःसंहिता तयार पारेका हुन्। यो आज पनि प्रसिद्ध छ।

औशनसम् (नपुं.) [*उशनसा शुक्रेण प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्, वृद्धिः*] शुक्राचार्यद्वारा रचित स्मृति, उपपुराण आदि।

औशीरः (पुं.) [*उशीरस्यायम् तस्येदम् ४.३.१२० इत्यण् वृद्धिः*] उशीरबाट बनेको चमरको बिंड।

औशीरम् (नपुं.) [*उशीरस्येदम्, तस्येदम् ४.३.१२० इत्यण् वृद्धिः*] १.उशीरले बनेको सुत्ने ओछ्यान। **छत्रं वेष्टनमौशीरमुपपानद् व्यजनानि च। यातयामानि देयानि शूद्राय परिचारिणे॥** (म.भा.ध.शा.प.) २.आसन।

औषणम् (नपुं.) १.[*उषणं मरीचम्, तस्य भावः*] पिरोपना २.[*उष्यतेऽनेन, करणे ल्युट्*] मरीच।

औषधप्रस्थः (पुं.) [*औषधस्य प्रस्थो यत्र सः*] १.प्रशस्त जडीबुटी पाइने थलो २.हिमाली क्षेत्रका सहर।

औषधम् (नपुं.) [*ओषधिरेव, ओषधेरजातौ ५.४.३७ इति स्वार्थेऽण्, स्वार्थिकाश्च प्रकृतितो लिङ्गवचनान्यतिवर्तन्ते, इति नपुंसकत्वम्*] रोगनाशक द्रव्य/औषधि। **शोधनं शमनञ्चेति समासादौषधं द्विधा।** (वाग्भट)।

औषधालयः (पुं.) [*ओषधिरेव औषधम्, औषधानामालयः, ष.त.*] औषधि पाइने ठाउँ।

औषधिः (पुं.) [*ओष एव औषः दीप्तिः धयितेऽत्र, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] १.रोगनाशक ओखति २.जडिबुटी ३.धान, चना, जौ आदि ४.वर्षदिनसम्म पनि पात नझर्ने वृक्ष ५.राती बत्ती बलेको देखिने झार/तृण। **ओषधिः स्यादौषधिश्च फलपाकावसानिका** (अभि.चि.)।

औषधिपतिः (पुं.) *औषधेः पतिः, ष.त.*] १.चन्द्रमा २.वैद्य ३.औषधि-विक्रेता।

औषधी (स्त्री.) *ओषधिरेव, ओषधेरजातौ ५.४.३७ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] रोगविनाशक द्रव्य।

औषधीयः (पुं.वि.) [*औषधस्यायम्, औषधे जातः, इत्यादि, वृद्धाच्छः इति छः, छस्य ईयः*] ओषधीसम्बन्धी रागनाशक जडीबुटीले युक्त।

औषधोपचारः (पुं.) [*औषधस्य उपचारः, ष.त.*] औषधिद्वारा गरिने रोगको निदान

औषरम् (नपुं.) [*उषरे भवम्, अण्*] सिधे नुन।

औषरकम् (नपुं.) [*उषरे भवम्, तत स्वार्थे कन्*] सिधे नुन।

औषसः (पुं.वि.) [*उषसि भवः, सन्धिवेलाद्यृतुनक्षत्रेभ्योऽण् इत्यत्र योगविभागादण्*] उषाकालको।

औषसिकः (पुं.वि.) [*उषसि भवः,ठक् वा ठञ्*] विहानै पैदा भएको।

औष्ट्रः (पुं.) [*उष्ट्राणां विषयो देशः, विषयो देशे ४.२.५२ इति अण्*] ऊँटको देश।

औष्ट्रम् (नपुं) १.[*उष्ट्रस्येदम्,तस्येदम् ४.३.१२० इत्यण्*] ऊँटसम्बन्धी।

औष्ट्रं दुग्धं लघु स्वादु लवणं दीपनन्तथा।
कृमिकुष्ठकफानाहशोथोदरहरं सरम्॥ (भा.प्र.नि.)

२.[*उष्ट्रस्य कर्म, प्राणिभृज्जातिवयोवचनोद्गात्रादिभ्योऽञ् ५.१.१२९ इति अञ्, वृद्धिः*] ऊँटको काम।

औष्ट्रकः (पुं.) [*उष्ट्रस्य उष्ट्र्याया वा विकारोऽवयवो वा, उष्ट्राद् वुञ् ४.३.१५७ इति वुञ्, अकः, आदिवृद्धिः*] १.ऊँटको दुध २.ऊँटका अवयव/हाड, छाला आदि (सि.कौ.)।

औष्ट्रकम् (नपुं.) १.[*उष्ट्राणां समूहः गोत्रोक्षोष्ट्रोरभ्रराजराजन्य राजपुत्रवत्समनुष्याजाद् वुञ् ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः*] ऊँटको बथान। २.[*उष्ट्रस्य विकारोऽवयवो वा*] उँटको दुध।

औष्ठ्यः (पुं.वि.) [*ओष्ठे भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्*] ओठबाट उच्चारण हुने। **~वर्णः** (पुं.) [*औष्ठ्यश्चासौ वर्णश्च, कर्म.स.*] ओष्ठस्थानीय वर्ण। उ प फ ब भ म तथा प फका साथ आउने अर्धविसर्ग।

औष्ण्यम् (नपुं.) [*उष्णस्य भावः वर्णदृढादिभ्यः ष्यञ्च ५.१.१२३ इति ष्यञ्, वृद्धिः*] उष्णता/तातोपना।

औष्म्यम् (नपुं.) [*ऊष्मणो भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.उष्णता २.विरहवेदना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क

क १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको प्रथम वर्ण। कण्ठस्थानीय वर्ण। खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्टप्रयत्न। बाह्य प्रयत्नमा विवार, श्वास, अघोष, अल्पप्राण प्रयत्न। **खरो विवाराः श्वासा अघोषाश्च, वर्गाणां प्रथमतृतीय पञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) कवर्ग (क, ख, ग, घ, ङ) को पहिलो वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

कंशः (पुं./नपुं) १.पिउने भाँडो २.एउटा नापो ३.काँसधातु (अमर.टी.)।

कंसः (पुं.) *[कामयते पित्रादिबन्धुवर्गानभिभूय पापात्मकं राज्यविषयादिभोगं यः,कमु कान्तौ इति धातोः, आयादय आर्धधातुके वा ३.१.३१ इति णिङ् न, वृतॄवदिहनिकमिकशिभ्यः सः (उ.)३४९इति सः]* १.तस्कर/दुर्जन/अत्याचारी २.श्रीकृष्णको नातेदार मामा, उग्रसेनको क्षेत्रज छोरो। द्रुमिलले गरेको उग्रसेनकी पत्नीसँगको सम्भोगबाट कंसको जन्म भएको थियो। जरासन्धका अस्ति र प्राप्ति नामक दुई छोरीसँग यसको विवाह भयो। आफ्ना ससुरा जरासन्धको सहायता र प्रलम्ब, वक आदि असुरहरूको सरसल्लाहअनुसार बाबु उग्रसेनलाई कैद गरेर कंस स्वयं मथुराको राजा बनेको थियो। उसकी काकाकी छोरी देवकीको गर्भबाट कृष्ण जन्मिएको हुँदा कंसको कृष्णसित मामा र भानिजको नाता पर्दथ्यो। देवकी र वसुदेवको विवाह सकिएपछि यिनीहरूलाई लिएर कंस जब माङ्गलिक रथ हाँकिरहेको थियो, त्यसै वेला "हे कंस, देवकीको आठौँ गर्भबाट उत्पन्न बालकले तेरो वध गर्ने छ" भन्ने आकाशवाणी भयो। पछि धनुर्यज्ञको नाटक रची कंसले अक्रूरलाई पठाएर मथुराबाट कृष्ण र बलरामलाई हत्याका लागि झिकायो तर उसको सपना साकार हुन सकेन। कृष्णले कंसलाई र बलरामले उसका आठ भाइलाई मारे। कंसको अन्त्येष्टि क्रिया उग्रसेनबाट भयो। ३.*[कम्यतेऽनेन]* काँस/धातुविशेष।

कंसः (पुं./नपुं.) *[काम्यतेऽनेन पातुमिति कमु कान्तौ इति धातोः, पूर्ववत् सः]* १.मदिरा पिउने भाँडो २.अभिमान ३.काँस/धातुविशेष। **कंसोऽस्त्री पानभोजनम्** (अमर.) (मेदिनी.) ४.बाटुलो एक यज्ञपात्र। **औडुम्बरे कंसे चमसे वा** (शत.ब्रा. १४.९.३.१)।

कंसकम् (नपुं.) *[कंसादिव कं जलं यस्मात् तत्, बहु.स.]* आँखामा हाल्ने धातुजन्य औषधिविशेष। आगाको संयोग भएपछि काँसको भाँडाबाट जसरी पसिना झर्छ, त्यसरी नै यो औषधि आँखामा हालेपछि पानी निस्कन थाल्छ। हीराकसी। **कंसकं नयनौषधम्** (अभि.चि.)।

कंसकारः (पुं.) *[कंसं तन्मयं पात्रं करोतीति, कंसपूर्वकाद् डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्]* १.काँसको भाँडो बनाउने एक जाति २.(पुं.) नेवार जातिको एक थर ३.एक वर्णसङ्कर जाति। ३.(पुं.वि.) काँसको भाडा बनाउने।

कंसजित् (पुं.) *[कंसं जयति, जितवान् वा, जि जये इति धातोः, सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्]* श्रीकृष्ण। **कैटभारिरजो विष्णुः कंसजित् पुरुषोत्तमः** (हला.२५)।

कंसतालः (पुं.) *[कंसयोः तन्निर्मितपात्रविशेषयोस्तालः, ष.त.]* काँसको भ्याम्टे बाजा।

कंसवती (स्त्री.) *[कंसः शासकत्वेन भ्रातृत्वेन वाऽस्त्यस्याः, मतुप्, मस्य वः]* कंसकी बहिनी/उग्रसेनकी छोरी/वसुदेवका भाइकी पत्नी।

कंसा कंसवती कङ्का शरभूः राष्ट्रपालिका।
उग्रसेनदुहितरो वासुदेवानुजस्त्रियः॥ (भाग. ९.२८.२५)

कंसहा (पुं.) *[कंसं हतवान्, कर्मणि हनः ३.२.८६ इति भूते ३.२.८४ इति नियमात् क्विप्]* श्रीकृष्ण।

कंसा (स्त्रीं) *[स्त्रियां टाप्]* कंसकी बहिनी। हे. **कंसवती।**

कंसारातिः (पुं.) *[कंसस्यारातिः, ष.त.]* कंसको शत्रु/श्रीकृष्ण/विष्णु।

कंसारिः (पुं.) *[कंसस्य अरिः,ष.त.]* कंसशत्रु/श्रीकृष्ण।

सहायकार्थमाहूतो जरासन्धेन बन्धुना।
समं रुरोध कंसारेर्मथुरां पृथुभिर्बलैः॥ (रा.त. १.५९)

कंसीयम् (नपुं.) *[कंसाय हितम्, तस्मै हितम् ५.१.५ इति छः, छस्य ईयः]* लोहाविशेष।

कः (पुं.) *[कचति दीप्यते स्वेन ज्योतिषा, कच दीप्तौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा) ३.२.१०१ इति डः, डित्वाट्टिलोपः]* १.ब्रह्मा (भाग.३.१२.५१) २.विष्णु (म.भा. १३.१४९.९१) ३.प्रजापति (भाग.८.५.३९) ४.दक्ष (भाग. ९.१०.१०) ५.अग्नि ६.आत्मा/जीव ७.यमराज ८.सूर्य ९.राजा १०.मयूर ११.कामदेव (मेदिनी.) १२.*[कायते शब्दायते इति कै शब्दे इति धातोः पूर्ववत्]* वायु १३.शब्द १४.शरीर १५.मन १६.धन १७.पक्षी १८.बुद्धि १९.काल (अनेकार्थककोष) २०.प्रकाश (एका.कोष) २१.मेघ २२.ग्रन्थि २३.केश २४.(त्रि.) प्रश्नवाचक पुंल्लिङ्गी सर्वनाम।

किमिच्छति नरः काश्यां भूपानां को रणे हतः।
को वन्द्यः सर्वदेवानां दीयतामेकमुत्तरम्॥ (सुभा.)

कक (धा.) *[गतौ, लौल्ये च, भ्वा. अक. सेट् आत्म.]* गर्व गर्नु, चञ्चल हुनु, अभिलाषा गर्नु। लट्– **ककते**– गर्व गर्छ, चञ्चल हुन्छ, अभिलाषा गर्छ। कृदन्ते–ककते चञ्चलो भवतीति **काकः**– काग इत्यादि।

ककारः (पुं.) क इति निर्देशे वर्णात्कारः (वा) ३.३.१०८ इति कारप्रत्ययः) कवर्ण/संस्कृत वर्णमालाको पहिलो व्यञ्जन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ककि (धा.) *गतौ, भ्वा. सक.सेट्, आत्म.,इदित्]* जानु । लट्– **कङ्कते–** जान्छ । लिट्– **चकङ्के–** गएछ (अन.) लुट्– **कङ्किता–** जाने छ (अन.) कङ्कते गच्छतीति **कङ्कः–** पक्षीविशेष आदि ।

ककुञ्जलः (पुं.) [*कं जलं कूजयति आह्वयति,याचते, कपूर्वकात् कूजधातोः, अलच्प्रत्ययः, पृषोदरादितया नुम्, ह्रस्वश्च]* काकाकुल पक्षी (राजवल्लभ) ।

ककुत्थः (पुं.वि.) [*ककुदि तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, आतो लोपः, उदः स्था- ८.४.६१ इति उदः परस्य सस्य दः, खरि च ८.४.५५ इति चर्त्वम्]*. काँधमा चढेको ।

ककुत्थः (पुं.) [*प्राग्वत्]* सूर्यवंशी एक प्रसिद्ध राजा । यिनको अर्को नाम पुरञ्जय हो । युद्धमा वृषरूपधारी इन्द्रका काँधमा चढेर लडेको हुंदा यिनको नाम ककुत्थ रहेको हो । यिनका वंशजलाई काकुत्थ भनिन्छ ।

शशादस्य तु दायादः ककुत्थो नाम वीर्यवान् ।
इन्द्रस्य वृषभूतस्य ककुत्थोऽजयतासुरान् ।
पूर्वं देवासुरे युद्धे काकुत्थस्तेन स स्मृतः ॥
(ह.वं.११.१९-२०)

ककुद् (पुं.) [*कमुत्कर्षं कौति प्रकाशयति,कपूर्वकाद् कु शब्दे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्,]* १.गोरुको जुरो २.मुख्य/प्रधान/श्रेष्ठ/ पूज्य ३.शिखर ४.राजचिह्न ।

ककुदः (पुं./नपुं.) [*कं सुखमुत्कर्षं वा कौति प्रकाशयति, कुधातुश्चात्र प्रकाशनार्थकः, क्विप् च ३.२.७६ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१० इति साधुः]* १.गोरुको जुरो ।

सुपार्श्वं विपुलस्कन्धं सरूपं चारुदर्शनम् ।
ककुदं तस्य चाभाति स्कन्धमापूर्य धिष्ठितम् ॥
(म.भा.३.१४.२२९) २.पर्वतको टाकुरो ३.प्रधान/मुख्य । **ककुदं शृङ्गे विदुः प्रधानेऽपि** (हला.) ४.छत्र–चामर आदि राजचिह्न । **नृपतिककुदं दत्त्वा यूने सितातपवारणम्** (रघु.) ।

ककुदी (पुं.) [*ककुदोऽस्त्यस्य]* १.बाह्मरीचिदेवता मध्येका एक देवता २.नपुंसक ३.(पुं.वि.) जुरो भएको । **ककुदी तु पुमान् षण्डे ककुदेन युते त्रिषु** (वाङ्म.) ।

ककुद्मती (स्त्री.) [*कुकुदिव वृषस्कन्धवत् अतिशयितो मांसपिण्डोऽस्यामस्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ४.२.९४ इति मतुप्, यवादित्वात् ८.२.९ न वत्वम्, उगितश्च ४.१.६ इति ङीप्]* १.स्त्रीजातिको कम्मर । २.छन्दोविशेष । **ककुद्मती स्त्रीश्रोण्यान्तु छन्दोभेदे च कीर्तिता ।** (वाङ्म.) ३.कम्मर (हला.५१२) ।

ककुद्मान् (पुं.) [*कुकुदस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ४.२.९४ इति मतुप्, यवादित्वान्न मस्य वः ८.२.९]* १.साँढे/जुरो भएको गोरु । **तुषारसंघातशिलाः खुराग्रैः समुल्लिखन् दर्पकलः ककुद्मान्** (कु.सं.) २.पर्वत । **महीध्राः ककुद्मन्तः** (रघु.४.२२) ३.अमूल्य रत्न र औषधि भएको शाल्मलिद्वीपको सातौं पर्वत । यो कैलासपर्वतको वायव्यकोणमा रहेको छ । ४.कुशद्वीपको एक पर्वत ५.तरङ्ग । **ऊर्मिः प्रसूतिः ककुद्मान्** (यजुर्वेद ९.६) ।

ककुद्मी (पुं.) [*ककुच्छब्दान्मिनिप्रत्ययः]* १.रेवतीका बाबु/बलरामका ससुरा २.साँढे ३.नपुंसक ४.बृहस्पति ५.विष्णु ६.पहाड । **ककुद्मी वृषभे षण्ढे गुरौ विष्णौ नृपान्तरे** (वाङ्म.) ।

ककुन्दरम् (नपुं.) [*कस्य शरीरस्य कुम् भूमिं नितम्बस्थलविशेषं दृणाति, ककुपूर्वकाद् दृधातोः खच्, मुम्]* बाक्लो फिलाको खोपिल्टा ।

ककुप् (स्त्री.) [*कं वातं स्कुभ्नाति विस्तारयति, स्कुभु इति सौत्रधातोः क्विप् च ३.२.७६ इति क्विप्, पृषोदरादित्वात् ६.३.१०९ साधुः]* १.दिशा । **वियुक्ताः कान्तेन स्त्रिय इव न राजन्ति ककुभः** (मृच्छ. ५.२६) २.शोभा ३.चाँपको फूलको माला ४.धर्मशास्त्र ५.चुचुरो ६.रागिणीविशेष ।

ककुभः (पुं.) [*कं वातं स्कुभ्नाति विस्तारयति, स्कुभ सौत्रो धातुः, मूलविभुजादित्वात् (वा.) ३.२.५ कः, पृषोदरादित्वात्सलोपः ६.३.१०९]* १.खरीको रुख । **ककुभसुरभिः शैलः** (उ.रा.च.) २.वीणाको दण्ड/प्रसेवक ३.रागको एक भेद ४.शिव । **हर्यक्षः ककुभो वज्री शतजिह्वः सहस्रपात् ।** (शि.स.ना.) ५.भारतको उडिसामा पर्ने एक पहाड ६.धर्मरूप वृषभको रूपविशेष ।

ककुभम् (नपुं.) ठुलो कुराको बोट वा त्यसको फल । (मे.दू.पू.२२)

ककुभा (स्त्री.) [*केन आदित्येन कुत्सितानि भानि अस्याम्, भा दीप्तौ इति धातोः सुपि- इति कः, भागुरिमतेन आप्,* ***आपञ्चैव हलन्तानां यथा वाचा निशा दिशा*** *।]* १.दिशा २.[*रात्रावेवास्या माधुर्यम्]* रागिणीविशेष ।

कक्कुलः (पुं.) [*कक्कशब्दादुलच्]* वकुल/मौल्सरीको बोट ।

कक्कोलः (पुं.) [*ककते गच्छतीति, कक लौल्ये इति धातोः, संपदादिभ्यश्च (वा) ३.३.१०८ इति क्विप्, कक् कोलति संस्त्यायति वा कुल संस्त्याने इति धातोः, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः]* १.वनकपुर/गन्ध आउने द्रव्यविशेष २.सितलचिनी ।


(कक्कोलः)

कक्कोलकम् (नपुं.) [*ककन्तेऽत्र, कक लौल्ये इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, ज्वलतिकसन्तेभ्यो णः ३.१.१४० इति णः, कक् च तत् कोलं च, न सामि वचने ५.४.५ इति अत्यन्तस्वार्थे कन्]* १.वनकपुर २.कवाफचिनी ३.गन्धद्रव्यविशेष ।

कक्खटः (पुं.वि.) [*कक्खति हसति प्रफुल्लो भवति, कक्ख हसने इति धातोः, शकादिभ्योऽटन् (उ.) ५३० इति अटन्]* १.हँसिलो/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसन्न २.[*कक्खति कृष्ट्या प्रकाशयति वर्णान्*] कठिन/अप्ठ्यारो ३.साह्रो/ठोस ।

कक्षः (पुं.) [*कष्यते कषति वा, कष हिंसायाम् इति धातोः, वृतृवदिहनिकमिकषिभ्यः सः (उ.) ३४९ इति सः*] १.स्त्रीजातिले लगाउने उत्तरीय वस्त्रको आँचल २.सुकेको घाँस ३.सुकेको जङ्गल ४.छेउतिरको भाग ५.अन्तःपुर ६. काखी ७.हात्ती बाँध्ने दाम्लो ८.कोठा ९.घरको कोठा १०.रोगविशेष ११.पाप १२.ग्रहहरू हिँड्ने मार्ग/दीर्घवृत्ताकार रेखा १२.[*कं जलं छ्यति परिच्छिनत्ति, छो छेदने इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] पानी धेरै भएको नदी नजिकैको स्थान १३.डुङ्गाको अङ्ग १४.वन/जङ्गल । **कान्तारं विपिनं कक्षः स्यात्** (अभि.चि.) ।

कक्षपटः (पुं.) [*कक्षायाः पटः, ष.त.*] १.लगौटी । **कक्षपटस्तु कौपीनम्** (अभि.चि.) २.भित्री कट्टु ।

कक्षम् (नपुं.) [*कषति कषधातोः वृतृवदिहनिकमिकषिभ्यः सः (उ.) ३४९ इति सः*] १.ग्रहनक्षत्र हिँड्ने बाटो २.काखी ३.वन नजिकैको क्षेत्र ४.वन । **अयमग्निर्दहन् कक्षमित आयाति भीषणः** । (म.भा. १.२३१.३) ४.कछाड/देहात ५.पाप ६.भित्तो ७.सुकेको तृण,घाँसपात । **प्रक्षिप्योदर्चिषं कक्षे शेरते तेऽभिमारुतम्** (शि.व.) ८.नजिकको भाग ।

तस्य वानरसिंहस्य क्रममाणस्य सागरम् ।
कक्षान्तरगतो वायुर्जीमूत इव गर्जति ॥ (रामा.)

कक्षा (स्त्री.) [*कक्षशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.घरको कोठा २.पढाइ हुने स्थल वा कोठा ३.तह ४.ग्रहहरू भ्रमण गर्ने बाटो ।

कक्षाः सर्वा अपि दिविसदां चक्रलिप्ताङ्किताास्ता
वृत्ते लघ्व्यो लघुनि महति स्युर्महत्यश्च लिप्ताः ।
तस्मादेते शशिजभृगुजादित्यभौमेज्यमन्दा
मन्दाक्रान्ता इव शशिधराद् भान्ति यान्तः क्रमेण ॥
(सि.शि.)

५.हात्ती बाँध्ने छालाको डोरी ६.हौदा कस्ने डोरी ७.धोतीको कम्मरमा घुसारिने भाग ८.कमरपेटी ९.रोगविशेष ।

बाहुपार्श्वांसकक्षेषु कृष्णस्फोटां सवेदनाम् ।
पित्तप्रकोपसम्भूतां कक्षामित्यभिनिर्दिशेत् ॥ (माधव)

१०.हाता/सिमानाको घेरा ११.अन्तपुर १२.पटुका १३.आँचल १४.काखी । **दोर्मूलं खण्डिकः कक्षा** (अभि.चि.) १५.भित्तो १६.श्रेणी/स्तर १७.चिलाउने रोग । **कक्षाञ्च गन्धनाम्नीञ्च चिकित्सति चिकित्सकः** (भा.प्र.) **~सञ्चालनम्** (नपुं.) [*कक्षायाः सञ्चालनम्, ष.त.*] कक्षा चलाउने वा त्यसको प्रबन्ध मिलाउने कार्य ।

कक्षाच्युतिः (स्त्री.) [*कक्षायाश्च्युतिः, ष.त.*] ग्रहको सामान्यतया मार्ग स्थिर हुन्छ । तर अहिले आएर ग्रहहरूको परम्परागत मार्गमा केही विचलन आएको छ भन्ने वैज्ञानिक तथा ज्योतिषीको धारणा छ । मङ्गल, गुरु बुध, शुक्र, शनि र सूर्यका कक्षामा केही विचलन आएको कुरा केतकरले पनि देखाएका छन् ।

चतुर्दशाप्यै शरलोचनानि रूपार्द्धकं वेदशरा महीजात् ।
क्रमेण कक्षाच्युतयो भवन्ति सूर्यस्य सार्द्धैकमिता च्युतिः स्यात् ॥
(के.ग्र.)

कक्षाधरः (पुं.वि.) [*धरतीति धरः, कक्षायाः धरः, ष.त.*] १.पटुका, कमरपेटी आदि बाँध्ने २.(पुं.) ग्रह ।

कक्षाधरम् (नपुं.) [*कक्षाया धरम्, ष.त.*] छाती र कोखाका बिचको मर्मस्थल । **एवं वक्षःकक्षयोर्मध्ये कक्षाधरम्** (सुश्रुत.) ।

कक्षापटः (पुं.) १.[*कक्षाकारो हस्तिरज्जुतुल्यः पटः, ष.त.*] कौपिन वस्त्र । **कक्षापटः स्यात् कौपीनम्** (हला.४११))२.[*कक्षायाः गृहभित्तेः पटः, ष.त.*] घरको भित्तामा टाँगिने चित्रमय लुगा ।

कक्षीवान् (पुं.) स्फोटवादी एक वैयाकरण/स्फोटायन । **अवङ् स्फोटयनस्य** (पाणिनि) **स्फोटयने तु कक्षीवान्** (अभि.चि.) ।

कक्षोन्नतिः (स्त्री.) [*कक्षायाः उन्नतिः, ष.त.*] १.माथिल्लो श्रेणीमा भएको पदोन्नति २.पृथ्वीबाट ग्रह टाढा पुगेको अवस्था/ग्रहको उच्चतम स्थिति ।

कक्ष्या (स्त्री.) [*कक्षे भवा, शरीरावयवाच्च ४.३.५५ इति यत्, टाप् ४.१.४*] १.कक्षामा भएको २.पढ्ने कोठा ३.घरको कोठा ४.सादृश्य ५.लुगाको डोरी ६. मेखला ७.हात्ती बाँध्ने दाम्लो । **कक्ष्या दूष्या वरत्रा स्यात्** (अभि.चि.) ८.उद्योग ९.उत्तरीय वस्त्र १०.भित्तो ११.अन्तःपुरको कोठा १२.स्त्रीजातिको कम्मरको गहना १३.रातीगेडी/गुञ्जा ।

कख (धा.) [*हसने भ्वा.पर.सक.सेट्*] हाँस्नु. हँसिलो अनुहार लगाउनु । लट्– **कखति**– हाँस्छ, हसिलो मुख लगाउँछ इत्यादि ।

कखे (धा.) [*हसने भ्वा.सक.सेट्, पर., एदित्*] हाँस्नु । लट्– **कखति**– हाँस्छ । लिट्– **चकाख**– हाँसेछ (अन.) इत्यादि ।

कगे (धा.) [*नोच्यते, सक.सेट् पर., इदित्*] क्रियामात्र । लट्– **कगति** । लिट्– **चकाग** (अन.) इत्यादि ।

कङ्कः

कङ्कः (पुं.) [*कङ्कते उद्गच्छति इति, ककि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणि न्यचः३.१.१३४ इत्यच्, इदित्वान्नु म्*] १.पक्षिविशेष/ढुङ्गीफोर । **लोहपृष्ठस्तु कङ्कः स्यात्** (अमर.) २.अज्ञात वासको समयमा पाण्डव हरूले आफ्नो नाम बदलेर विराटनगरमा आश्रय लिएका थिए । त्यसवेला युधिष्ठिरको नाम कङ्क राखिएको थियो । कङ्क विराट्का सभासद् थिए । ३.यमराज ४.कंसको एक भाइ / उग्रसेनको छोरो । यसलाई बलरामले मारेका थिए ५.बाँसको जराको जस्तो आकार हुने धूम्रकेतुको एक प्रकार । यसभित्र ३२ ओटा धूमकेतु पर्दछन् । ६.क्षत्रिय । **कङ्कश्छद्मद्विजे ख्यातो**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोहपृष्ठकृतान्तयोः। (मेदिनी.) ७.आँपको एकजात। ८.विष्णुको एक अवतार ९.ब्रह्माले गरेको यज्ञका एक ऋत्विक् १०.शाल्मली द्वीपको एक पर्वत ११.कुशद्वीपको एक पर्वत १२.(पुं.वि.) आमिषप्रिय।

कङ्कटः (पुं.) [*कं देहं कटति आच्छादयति, कटे वर्षावरणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अथवा कङ्कते गच्छतीति, शकादिभ्योऽटन् (उ) ५३० इति अटन्*] कवच, लडाइँ वा तनावको अवस्थामा शरीरको रक्षाका लागि लगाइने पहिरन। **सर्वायुधैः कङ्कटभेदिभिश्च** (रघु.)।

कङ्कटकः (पुं.) [*ककि लौल्ये इति धातोः, शकादिभ्योऽटन् (उ.) ५३० इति अटन्, अत्यन्तस्वार्थे कन् (ज्ञापि.) ५.४.५ यद्वा— कं सुखं कटति, कटे वर्षादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मूलविभुजादिभ्यश्च (वा.) ३.२.५ इति को वा ततः कन्*] कवच/लडाइँमा शरीर रक्षाका लागि लगाइने पहिरन। **उरच्छदः कङ्कटको जगरः कवचोऽस्त्रियाम्** (अमर.)।

कङ्कणः (पुं.) [*कं जलं कणति प्रकाशयति, अच्*] पानी वा आँसुका थोपा। **नितम्बे हाराली नयनयुगले कङ्कणभरम्** (उद्भट)।

कङ्कणम् (नपुं.) [*कं शुभं कणति प्रकाशयति, कण शब्दे इति धातोः, अच् ३.१.१३४ कङ्कते वा, कक लौल्ये इति धातोः, बहुलमन्यत्रापि (उ.) ७८ इति अनुदात्तेतश्च हलादेः ३.२.१४९ इति वा युच्, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति णत्वम्*] १.हातको बालो २.विवाहमा वर तथा वधूका नाडीमा बाधिने धागो ३.तालका आठ भेदमध्ये एक ४.गहना ५.जुरो। **कङ्कणं करभूषायां सूत्रमण्डनयोरपि** (मेदिनी.)।

कङ्कणी (स्त्री.) [*कङ्कनम्, ककि गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, कङ्के गतौ अणति, अण शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्, यद्वा— कं सुखं कणति, कण शब्दे इति धातोः, अच् ३.१.१३४*] १.घुँघुरा। **कङ्कणं स्यात् प्रतिसरः कङ्कणी क्षुद्रघण्टिका** (भागुरि) २.बज्ने गहना।

कङ्कणीका (स्त्री.) [*पुनः पुनः कणति शब्दायते इति, चङ्कणः कङ्कणश्च (उ.) ४६६ इति सूत्रेण ईकन्, कङ्कणादेशश्च*] १.घुँघौरा २.बज्ने गहना ३.एक किसिमको बाजा।

कङ्कतः (पुं.) [*कङ्कते भूमिं भित्वा उद्गच्छति, अग्रे सरतीति, ककि गतौ इति धातोः भृमृदृशियजिपर्विपच्यमितमिनमिहर्येभ्योऽतच् (उ.) ३९७ इति बाहुलकाद् अतच्*] १.फाली २.[*कङ्कते शिरोमलं निवारयति*] काइँयो। **कङ्कतः केशमार्जनः** (अभि.चि.) ३.अल्प विष भएको प्राणिविशेष।

कङ्कतम् (नपुं.) [*कङ्कते शिरोमलं निवारयति, ककि गतौ इति धातोः, भृमृदृशियजिपर्विपच्यमितमिनमिहर्येभ्योऽतच् (उ.) ३९७ इति बाहुलकाद् अतच्*] काँइयो/कपाल कोर्ने साधन।

कङ्कतिका (स्त्री.) [*कङ्कते मूर्द्धजेन सम्बन्धं गच्छति, ककि गतौ इति धातोः, पूर्ववतद् बाहुलकादतच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५, केऽणः ७.४.१३ इति ह्रस्वः, यद्वा— कस्य शिरसोऽङ्काः, शकन्ध्वादित्वात् (वा). ६.१.९४ पररूपम्, कङ्केष्वतति, क्वुन् शिल्पिसंज्ञयोः (उ.) २.३२ इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् इत्वम्*] १.काँइयो। **प्रसाधनी कङ्कतिका** (अमर.) २.अतिबला नामक जडीबुटी। यो वनौषधि प्रायः उष्ण प्रदेशमा हुन्छ। यो तीन फिटदेखि पाँच फिटसम्म अग्लो हुन्छ। प्रमेह, लौहमूत्र, पित्तातिसार आदि रोगको औषधिनिर्माणमा यसको उपयोग हुन्छ। **ततोऽन्यातिबला ऋष्यप्रोक्ता कङ्कतिका च सा** (भा.प.नि.)।

कङ्कपत्रः (पुं.) [*कङ्कस्य पक्षिविशेषस्य पत्रमेव पत्रं पक्षो यस्य सः, बहु.स.*] १.कङ्कनामक पक्षीको प्वाँख भएको बाण। **विव्यधुर्घोररूपास्ते कङ्कपत्रैरजिह्मगैः।** (रामा. ६.२८) २.[*कङ्कस्य पत्रमिव पत्रं यस्य सः, बहु.स.*] चिम्टा/सन्नासो ३.(नपुं.) [*कङ्कस्य पत्रम्, ष.त.*] कङ्कनामक पक्षीको प्वाँख। **नखप्रभाभूषितकङ्कपत्रे स्वनामचिह्नं निचखान सायकम्** (रघु.)।

कङ्कमाला (स्त्री.) [*कङ्कं कङ्कस्येव करचापल्यं मलते धारयति, कर्मण्यण् ३.२.१ इत्यण्, टाप्*] हातले बजाउने एक किसिमको बाजा/खैँजडी। (श.र.)

कङ्कमुखः (पु.) [*कङ्कस्येव मुखं यस्य सः, बहु.स.*] १.आयुर्वेदको शल्यक्रियामा प्रयोग हुने यन्त्र (सुश्रुत.)।

निवर्तते साध्ववगाहते च
शल्यं प्रगृह्योद्धरते च यस्मात्।
यन्त्रेष्वथ कङ्कमुखं प्रधानं
स्थानेषु सर्वेष्वविकारि चैव॥

२.चिम्टा/सन्नासो। **सन्दंशः स्यात्कङ्कमुखः** (अभि.चि.)।

कङ्का (स्त्री.) १.उग्रसेनकी छोरी, कंसकी बहिनी। यिनको विवाह वसुदेवका भाइ आनकसँग भएको थियो। यिनबाट सत्यजित् र पुरुजित् नामका दुई छोरा पैदा भएका थिए। २.चन्दनविशेष।

कङ्कालः (पुं.) [*कम् सुखं शिरो वा कालयति क्षिपतीति, कल क्षेपे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्, यद्वा कङ्कते, ककि गतौ इति धातोः, बाहुलकात्कालन्*] अस्थिपञ्जर। **शरीरस्यास्थिकङ्कालं तथा स्यादस्थिपञ्जरम्** (हला.)।

कङ्कालः)

कङ्कालमाला (स्त्री.) [*कङ्कालानां माला, ष.त.*] नरमुण्डको माला।

कङ्कालमाली (पुं.) [*कङ्कालस्य मालाऽस्त्यस्य, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] शिव/शङ्कर/भैरव।

कङ्कावातः (पुं.) पानीको वर्षासहितको आँधि। **कङ्कावातः सवृष्टिः स्यात्** (हला.५७)

कङ्कुः (पुं.) उग्रसेनको एक छोरो/कंसको भाइ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कङ्केलिः (पुं.) [*कं सुखम्, तस्मै केलिर्यत्र सः, बहु.स.*] अशोकवृक्ष। **कङ्केलिरशोकः स्यात्** (अमर.)।

कङ्कोलम् (नपुं.) [*कङ्कोलम्, कोलकम्, कोषफलम्*] शीतलचिनी। जावा, सुमात्रा, लङ्का आदि देशमा यो उपलब्ध हुन्छ। जननेन्द्रियको रोग, वस्तिरोग, सुन्निने रोग आदिमा यसको तेल उपयोगमा आउँछ।

कङ्गुः (स्त्री.) १.[*कं सुखमङ्गति, अगि गतौ इति धातोः, मृगय्वादित्वात् (उ.) ३७ कुः, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्, यद्वा कं सुखं गच्छति, गम्लृ गतौ इति धातोः, मितद्र्वादयश्च (वा.) ३.२.१८० इति डुः*] कागुनु/कागुनी। **प्रियङ्गुः कथ्यते कङ्गुः** (हला.) २.कंसको भाइ (वाङ्म.)।

कङ्गुनी (स्त्री.) [*कङ्ग्वा नीयते कङ्गुशब्देन ज्ञायते, बाहुलकात् कर्मणि डः, टिलोपः, ङीष्*] कागुनी। **कङ्गुस्तु कङ्गुनी कङ्गुः प्रियङ्गुः पीततण्डुला** (अभि.चि.) वास्तवमा यो चार प्रकारको हुन्छ- कालो, सेतो, रातो र पहेँलो। यिनमा पहेँलो राम्रो हुन्छ। **स्त्रियां कङ्गुः प्रियङ्गुश्च कृष्णरक्तपीतास्तथा। पीता चतुर्विधा कङ्गुस्तासां पीता वरा स्मृता** (भा.प्र.)।

कच (धा.) [*रवे, भ्वा.पर.अक. सेट्*] शब्द गर्नु, बज्नु। लट्- **कचति**-शब्द गर्छ, बज्छ इत्यादि।

कच (धा.) [*बन्धने, दीप्तौ च, बन्धने सक. दीप्तौ अक.सेट्, आत्म.*] बाँध्नु, चम्कनु। लट्- **कचते-** बाँध्छ, चम्कन्छ। लिट्- **चकचे-** बाँधेछ, चम्केछ (अन.) इत्यादि। कृदन्ते- कचते बध्नाति यूनां मनांसीति, शोभते शिरसि वा, **कचः**- १.केश/ कपाल २.बृहस्पतिका पुत्र।

कचः (पुं.) १.[*कच्यते बध्यते शिरसि, कच बन्धने इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.कपाल/ केश / टाउकाका रौँ २.सुखा घाउ ३.बन्धन ४.[*कचते दीप्यते तपस्तेजसि, कच दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] बृहस्पतिका पुत्र। संसारमा आफ्नो आधिपत्य कायम गर्न देवता र असुरहरूको संग्राम भई नै रहन्थ्यो। देवता मरेपछि फेरि जीवित हुँदैनथिए। मरेका असुरहरूलाई भने सञ्जीवनी विद्याको प्रयोग गरेर शुक्राचार्यले बचाउँथे। यो विद्या शुक्राचार्यबाहेक अरू कसैसँग थिएन। तसर्थ देवताहरूले कचलाई सञ्जीवनी विद्या सिक्न शुक्राचार्यकहाँ पठाए। गुरुको आदेशअनुसार नियममा आबद्ध भई कचले धेरै वर्ष लगाएर सञ्जीवनी विद्या सिके। शिक्षणको प्रारम्भिक कालदेखि नै शुक्रकी छोरी देवयानी कचप्रति आसक्त बनिन्। त्यो कुरा थाहा पाएर दैत्यले कचलाई मारे। देवयानीको अनुरोधअनुसार शुक्राचार्यले सञ्जीवनी विद्याको प्रयोग गरी उनलाई बचाए। (म.पु.२५.१४३७) एकदिन दैत्यहरूले कचलाई जलाएर खरानी पारी मदिरामा मिसाएर शुक्राचार्यलाई खुवाए। धेरै समय सम्म कचलाई नदेखेपछि शुक्राचार्यले मन्त्रबलको प्रयोग गरेर खोजी गर्दा आफ्नै पेटभित्र कच रहेको उनलाई पत्ता लाग्यो। सबै घटनाको जानकारी भएपछि शुक्राचार्यले पेटभित्रै राखेर कचलाई सञ्जीवनी विद्या सिकाए र बाहिर निस्कने आदेश दिए। पेट फोरेर कच बाहिर निस्किए अनि उनले सञ्जीवनी विद्याको प्रयोग गरेर आफ्ना गुरुलाई बचाए। देवयानीले आफ्नो विवाह कचसित गर्ने प्रस्ताव राखिन्। गुरुपुत्री भएकाले देवयानीको विवाहको प्रस्तावलाई कचले अस्वीकार गरे। देवयानीले तिम्रो विद्या फलदायी नहोस् भनेर श्राप दिइन्। कचले पनि विजातीय वरसित तिम्रो विवाह होस् भनेर श्राप दिए। त्यसपछि स्वर्गमा गएर उनले अन्य देवतालाई सञ्जीवनी विद्या सिकाए। (म.भा. आदिपर्व) ५.ओभानो घाउ ६.मेघ। **कचः शुष्कव्रणे केशे बन्धे पुत्रे च गीष्पतेः** (हैम.)।

कचाकचि (नपुं.) [*कचेषु कचेषु प्रगृह्य प्रवृत्तमिदं युद्धम्, बहु.स. इच् कर्मव्यतिहारे ५.४.१२७ इति इच्*] केशमा समातेर भएको लुछाचुँडी/भुत्लाभुत्ली।

कचाचितः (पुं.वि.) [*कचा आचिता विकीर्णा यस्य सः, बहु.स.*] छरिएको कपाल भएको/केश छिरलिएको। **कचाचितौ विश्वगिवागजौ गजौ** (किरा.)।

कचाटुरः (पुं.) [*केन जलेन चरति, डः, कचः मेघः, स इव आकाशे अटति, अटधातोः उरच्*] जलपरेवा।

कचि (धा.) [*दीप्तिबन्धनयोः, सक.सेट्, आत्म., इदित्*] बाँध्नु, चम्कनु, प्रकाशित हुनु। लट्- **कञ्चते-** बाँध्छ, चम्कन्छ इत्यादि। कृदन्ते- **काञ्चनम्-** सुन। **काञ्चिः**- चम्किलोपन।

कच्चरः (पुं.) [*कुत्सितं चरति, पचाद्यच्, कोः कदादेशः*] दुष्ट, नीच।

कच्चरः (पुं.वि.) [*कच्चरमस्यास्तीति, अर्शाद्यच्*] १.मैलो २.कचेरा लागेको।

कच्चरम् (नपुं.) [*कुत्सितं चरति, चर गतिभक्षणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, रथवदयोश्च ६.३.१०२ इति चकाराद् कदादेशः, कोः कत्तत्पुरुषेऽचि ६.३.१०१ इति योगविभागाद् वा कदादेशः, श्रुत्वम्*] १.कचेरा २.मलिनता।

कच्चित् (अव्य.) [*कच्च चिच्च, अनयोः समाहारः, मुग्धबोधमते चित्प्रत्ययान्तोऽयम्*] आफूलाई चाहिएको सम्बन्धमा प्रश्न हर्ष आदि जनाउँदा प्रयोग गरिने शब्द। **आपद्यते न व्ययमन्तरायैः कच्चिन्महर्षेस्त्रिदिवं तपस्तत्** (रघु.) **कच्चिदज्ञानसन्दोहः प्रनष्टस्ते धनञ्जय** (भ.गी.)। **कच्चित्कामप्रवेदने** (अमर.)।

कच्छः (पुं.) [*केन जलेन छ्यति दीप्यते वा उच्छृदिर् दीप्तिदेवनयोः, इति धातोः, डः, यद्वा कच्यते बध्यतेऽसौ, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.जलप्राय प्रदेश २.कच्छाड ३.समुद्र, नदी वा तलाउ तथा पर्वतको छेउछाउ ४.डुङ्गाको एक अङ्ग ५.टुनीवृक्ष ६.पश्चिमी भारतमा पर्ने गुज्रातको एक अन्तरीप ७.देशविशेष। ८.धोती वा आँङमा बेरिने लुगाको छेउ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कच्छपः (पुं.) [कच्छमात्मनो मुखसम्पुटं पाति रक्षति यद्वा, कच्छेऽनूपदेशे पाति रक्षति आत्मानम्, कच्छपूर्वकात् पा रक्षणे इति धातोः, सुपि स्थः ३.२.४ इत्यत्र सुपीति योगविभागात् कः, आलोपः ६.४.६४] १.कछुवा। २.विष्णुको दोस्रो अवतार ३.वृक्षविशेष ४.कुबेरको एक खानी ५.कुस्तीको एक दाउ ६.विश्वामित्रका एक पुत्र ७.मलाहा ८.रोगविशेष ९.नागविशेष १०.मदिरायन्त्रविशेष।

(कच्छपः)

कच्छपी (स्त्री.) १.सरस्वतीको वीणा। **सरस्वत्यास्तु कच्छपी।** (अभि.चि.) २.पोथी कछुवा। **कच्छपी दुली** (अभि.चि.) ३.रोगविशेष।

कच्छा (स्त्री.) [कचं पश्चात्प्रदेशं छादयति, छद्धातोर्णिचि डः, टिलोपः, टप्, पृषोदरादितया साधुः] कछाड। **कच्छा कच्छाटिका कक्षा।** (अभि.चि.)

कच्छुः (स्त्री.) [कषति शरीरम्, कष हिंसायाम्, इति धातोः, कषेश्छश्च (उ) ८७ इति ऊः छान्तादेशश्च, पृषोदरादितया वा ह्रस्वः] १.चिलाउने रोग/लुतो २.एक प्रकारको दाद।

अर्कपत्ररसे पक्वं हरिद्राकल्कसंयुतम्।
नाशयेत्सार्षपं तैलं पामाकच्छुविचर्चिकाम्॥ (भा.प्र.नि.)

कच्छुरः (पुं.वि.) [कच्छूरस्यास्तीति, कच्छ्वा ह्रस्वत्वञ्च (वा) ५.२.१०७ इति रः, ह्रस्वश्च] लुतो रोगले ग्रस्त।

कच्छुरा (स्त्री.) [कच्छूं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वात् ६.३.१०९ ह्रस्वः] सिस्नु।

कच्छूः (स्त्री.) [कषति हिनस्ति दुःखयति, कष हिंसायाम्, इति धातोः, कषेश्छश्च (उ) १.७८ इति सूत्रेण, ऊः, सस्य छकारश्च] १.लुतो २.एक प्रकारको दाद।

कजि (धा.) [रोहे, सौत्र इदित्, पर.अक.सेट्] आरोहण गर्नु, चढ्नु। लट्– **कञ्जति–** आरोहण गर्छ, चढ्छ इत्यादि।

कज्जलध्वजः [कज्जलं ध्वजा यस्य सः, बहु.स.] बलेको बत्ती/बलेको दियो। **दीपः प्रदीपः कज्जलध्वजः** (अभि.चि.)।

कज्जलम् (नपुं.) १.[कु– कुत्सितं जलं यस्मात्, शुभ्रमपि जलं स्वसंयोगाद् स्ववर्णत्वं नयति, कोः कदादेशः, यद्वा कुत्सिताज्जाताः कज्जाः, नेत्रयोर्दूषितपदार्थाः, तान् लाति गृह्णाति, तन्नाशकत्वात्, कः,आलोपः] गाजल ।

ततः साऽकारयद् भूरि चेटीभिः कुण्डकस्थितम्।
कस्तुरिकादिसंयुक्तं कज्जलं तैलमिश्रितम्॥ (क.स.सा.)

२.[कुत्सितमपि लतादिकं जालयति जीवयति वर्षणेन, पचाद्यच्, ह्रस्वः] मेघ/बादल।

कज्जलिता (स्त्री.) [कज्जलं सञ्जातमस्याः, इतच्, टाप्] काजल लगाएकी महिला।

कञ्चन (अव्य.) [कमपि] कुनै मानिसलाई।

कञ्चनः (पुं.वि.) [कचि दीप्तिबन्धनयोः इति धातोः ल्युट् अनः] निर्मल/स्वच्छ।

कञ्चनजङ्घा (स्त्री.) [कञ्चना निर्मला जङ्घा लक्षणया प्रत्यन्तप्रदेशो यस्याः सा, बहु.स.] १.नेपालको पूर्वोत्तर कुनामा रहेको कुम्भकर्ण हिमालको सर्वोच्च शिखर वा त्यो स्थली २.भारतमा रहेको एक हिमपर्वत।

कञ्चुकः (पुं.) [कञ्चते आवृणोति शत्रुनिक्षिप्तानि शस्त्रादीनि वारणाय इति, कचि दीप्तिबन्धनयोः इति धातोः, बाहुलकादुकन्] १.सेनाले युद्धको समयमा लगाउने पहिरन/कवच।

कञ्चुकोष्णीषिणस्तत्र वेत्रकर्कशपाणयः।
उत्सारयन्तः सहसा समन्तात् परिचक्रमुः॥ (रामा.)

२.[कञ्चते आवृणोति दीप्यते वा शरीरम्] सर्पको काँचुली।

भोगिनः कञ्चुकाविष्टाः कुटिलाः क्रूरचेष्टिताः।
सुदुष्टा मन्त्रसाध्याश्च राजानः पन्नगा इव॥ (पञ्चत.)

३.चोलो ४.शरीरको माथिदेखि तलसम्म लगाउने एक प्रकारको लुगा/जामा **सख्यः किं करवाणि यान्ति शतधा मत्कञ्चुके सन्धयः** (अम.श.)। ५.वस्त्र (भाग.८.७.१५)

कञ्चुकी (पुं.) [कञ्चुकोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः] १.सर्प २.अन्तपुरको रेखदेख गर्ने प्रमुख कर्मचारी।

अन्तःपुरचरो वृद्धो विप्रो गुणगणान्वितः।
सर्वकार्यार्थकुशलः कञ्चुकीत्यभिधीयते॥ (भरत)

३.[कञ्चयति शरीरकान्त्यादिकं प्रकाशयति, रोगादिकमुपशयति वा, कञ्चधातोः, णिचि बाहुलकादुकन्, ङीप्] औषधिविशेष ४.शरीरलाई पुष्ट तुल्याउने जौ–चना आदि पदार्थ ५.द्वारपाल ६.(स्त्री.) चोली।

कञ्चूलः (पुं.) [कञ्चते दीप्यतेऽसौ, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊलच्] चोलो।

कञ्चुलिका (स्त्री.) चोली/ब्लाउज। **त्वं मुग्धाक्षि विनैव कञ्चुलिकया वत्से मनोहारिणीं। लक्ष्मीम्** ..... (मृच्छ.)

कञ्जारः (पुं.) [कञ्जति रौतीति, कञ्जिमृजिभ्यां चित् (उ.) ४२५ इति आरन्] मयूर।

कटंवरा (स्त्री.) [कटतीति, अच् ३.१.१३४, कटं (रोगम्) वृणोति, वृञ् वरणे इति धातोः, संज्ञायां भृतॄ– ३.२.४६ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्] पिर्रे लहरो।

कटः (पुं.नपुं.) [कटति मदजलं वर्षति, कटे वर्षणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति कर्तर्यच्] १.हात्तीको गण्डस्थल। **कण्डुयमानेन कटं कदाचित् वन्यद्विपेनोन्मथिता त्वगस्य** (रघु.)। २.कम्मर ३.गुन्द्री/चटाइ/सुकुल। **कटेषु तृणादिनिर्मितेषु इति** (कुल्लुकभट्ट) ४.मुर्दा ५.मुर्दा लैजाने खट/यान। **शवे श्रोणौ किलिञ्जे च गजगण्डे भृशे कटः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(शास्वत.)। ६.श्मशान ७.तखता ८.राक्षसविशेष। **शुकनाशस्य वक्रस्य कटस्य विकटस्य च** (रामा.) ९.गाह्रो/साँघुरो १०.तीर्थस्थलमा सदावर्त चलाउनलाई राखिने गुठी ११.नितम्ब।

कटः श्रोणौ द्वयोः पुंसि कलिञ्जेऽतिशये शवे।
समये गजगण्डेऽपि पिप्पली तु कटी मता॥ (विश्व.)

कटकः (पुं./नपुं.) [*कटति वर्षत्यस्मिन् मेघः, कट्यते निर्गम्यते निर्झरिण्यादिभिरस्मात्, कटे गतिवर्षणयोः, इति धातोः कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पर्वतको मध्यभाग २.बाला ३.हात्तीका दाँतको समूह ४.चक्र ५.समुद्रको नुन ६.राजधानी ७.सेना ८.पर्वतको सम्म भूभाग।

कटकोऽस्त्री नितम्बेऽद्रेर्दन्तिनां दन्तमण्डने।
सामुद्रलवणे राजधानीवलययोरपि॥ (मेदिनी.)

कटकर्म (नपुं.) अन्त्येष्टिक्रियाको एक अङ्ग।

कटङ्गः (पुं.) [*कटूनि अङ्गानि यस्य सः बहु.स.*] टटेलो।

कटप्रूः (पुं.) [*कटेन कटिभागेन प्रवते गच्छतीति, क्विप् च ३.२.७६इति क्विप्, क्विब्वचिप्रच्छ्यायतस्तुकटप्रुजुश्रीणां दीर्घोऽसंप्रसारणञ्च, इति दीर्घः, असंप्रसारणञ्च*] १.कामुक व्यक्ति २.किरो ३.महादेव ४.विद्याधर।

कटप्रोथः (पुं.) [*कटस्य प्रोथः, ष.त.*] कटिप्रदेशको मांसपिण्ड।

कटभी (स्त्री.) १.मालकागुनु २.अपराजिता।

कटम्भरा (स्त्री.) [*कटं बिभर्ति, संज्ञायां भृतृ– ३.२.४६ इति खच्*] १.बिरी २.कुट्की ३.बलु ४.ढोई ५.सागविशेष ६.मूर्वा।

कटाक्षः (पुं.) [*कटे अतिशयिते अक्षिणी नयने यत्र सः, बहु.स., यद्वा कटं गण्डमक्षति व्याप्नोति, अक्षु व्याप्तौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] आँखाको कुनाले हेर्ने काम/अपाङ्ग दर्शन। **आमोक्ष्यन्ति त्वयि मधुकरश्रेणिदीर्घान् कटाक्षान्** (मे.दू.)।

कटाहः (पुं.) १.[*कटं तैलादिदुर्गन्धम्, आहन्यतेऽत्र, कट आपूर्वकाद् हन हिंसागत्योः, इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.३.१०१ इति डः, डित्वट्टिलोपः*] कराही। **तुल्यौ कटाहकर्परौ** (अभि.चि.) २.[*कटं शत्रुमाहन्त्यसौ*] राँगो ३.[*कटः पापी आहन्यते यत्र सः, बहु.स.*] नरकविशेष ४.[*कट्यते व्रियतेऽसौ*] कछुवाको पृष्ठभागको हाड। ५.कुवा।

कटिः (स्त्री.) [*कट्यते वस्त्रादिना व्रियतेऽसौ, कटे वर्षावरणयोः इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्, कटी*] कम्मर/नितम्बभन्दा माथि र तल्लो पेट भन्दा तलको भाग। **कटिः श्रोणिः ककुद्मती** (अमर.)।

कटित्रम् (नपुं.) [*कटिं त्रायते इति, त्रैङ् पालनपूणयोः इति धातोः, आत्वे अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः, आलोपः ६.४.६४*] १.कम्मरको लुगा २.कटिमा लगाउने प्राचीन एक गहना ३.हात्तीका दाँतको फेद। **कटित्रं रशनायाञ्च दन्तमूले तु दन्तिनाम्** (वाङ्म.)।

कटिदेशः (पुं.) [*कट्या देशः, ष.त.*] कम्मर।

कटिप्रोथः (पुं.) [*प्रोथति इति, प्रोथृ पर्याप्तौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, कट्याःप्रोथः, ष.त.*] १.फिलो। **युतौ स्फिचौ कटिप्रोथौ** (आभ.चि.) २.कटिको मासु।

कटिबद्धः (पुं.) [*कट्यां बद्धः, स.त.*] कमरमा बाँधेको/[*कटिर्बद्धो येन सः*] तम्सिएको/तत्पर।

कटिबन्धः (पुं.) [*कट्यां बध्यतेऽसौ*] १.पटुका २.पृथ्वीका दुई ध्रुव विचको भूभागलाई हावापानी आदिका दृष्टिले बाँड्दा हुन जाने भाग। जस्तै– **उष्णकटिबन्धः, शीतकटिबन्धः, समशीतोष्ण–कटिबन्धः** आदि।

कटिल्लकः (पुं.) करेला।

कटिसूत्रम् (नपुं.) [*कट्यां धार्यं सूत्रम्, शाकप्रार्थिवादीनां सिद्धय उत्तरपदलोपस्योपसङ्ख्यानम् (वा.) २.१.६० इति समासः, पूर्वस्योत्तरपदलोपश्च*] १.स्त्रीजातिले कम्मरमा लगाउने सिक्री २.कन्दनी ३.कमरबन्दी ४.इँजार।

कटी (धा.) [*गतौ, सक.सेट् पर., ईदित्*] जानु। लट्– **कटति**– जान्छ। लिट्– **चकाट**– गएछ (अन.) इत्यादि।

कटी (स्त्री.) १.[*कट्यते आव्रियते वस्त्रादिना इति कटे वर्षावरणयोः, इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] कम्मर। २.(पुं.) [*कटः प्रशस्तं गण्डस्थलमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] हात्ती ३.पिप्ला। **पिप्पल्याञ्चोच्यते कटी** (वाङ्म.)।

कटीरः (पुं./नपुं.) १.[*कट्यते आव्रियते वाससेति कटे वर्षावरणयोः, इति धातोः, कृशॄपॄकटिपटिशौटिभ्य ईरन् (उ.) इति ईरन्*] कम्मर २.जाँघ ३.[*कट्यते इति*] गुफा।

कटुः (पुं.वि.) १.[*कटति आवृणोति तीक्ष्णतया मुखं रसनां वा, कटे वर्षावरणयोः, इति धातोः, अणश्च (उ.) ८ इत्यत्र चात् उः*] टर्रो/नमिठो/पिरो २.अप्रिय/रुखो/कर्कश ३.[*कटति परलक्ष्मीदर्शनेन कृपणतां गच्छति*] मत्सरी/मात्सर्यगुणले युक्त/डाही ४.[*कटति आवृणोति तीक्ष्णतया श्रवणम्*] कान खाने। **कटु क्वणन्तो मलदायकाः खलास्तुदन्त्यलं बन्धनशृङ्खला इव** (काद.) ५.[*कटति सदाचारमावृणोति*] अकार्य/कुकृत्य ६.(पुं.) चाँपको वृक्ष ७.लहराविशेष।

कटुता (स्त्री.) [*कटोर्भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] १.तितो वा पिरोपना २.वैमनस्य/अप्रियता।

कटुकम् (नपुं.) [*कटुकानामयम्, संज्ञायां कन्*] १.त्रिकटु– सुठो, पिप्ला र मरीच २.(वि.) [*कटुरेव, स्वार्थे कन्*] अप्रिय।

कटुका (स्त्री.) [*कटुरेव, कन्, टाप्*] १.टर्रो/नमिठो २.रुखो/अप्रिय ३.मरीचकोजस्तो पिरो।

नरस्य चिह्नं नरकागतस्य विरोधिता बन्धुजनेषु नित्यम्।
सरोगता नीचजनेषु सेवा ह्यतीव दोषः कटुका च वाणी॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.जडिबुटीविशेष/कुट्की। ९००० देखि १५००० सम्म उचाइ भएको काश्मीरदेखि सिक्किम सम्मको भूभागमा यो उपलब्ध हुन्छ। शीतज्वर, कमलपित्त, अपच, हृदयरोग आदिमा यसको उपयोग हुन्छ। **कट्वी तु कटुका पाके तिक्ता रुक्षा हिमा लघुः** (भा.प्र.नि.)।

कटुतुम्बी (स्त्री.) [*कट्वी चासौ तुम्बी च, कर्म.स.*] तितो तुम्बा।

कटुत्रयम् (नपुं.) [*कटूनां त्रयम्, ष.त.*] त्रिकटु/सुठो पिपला र मरीच।

कटुपर्णी (स्त्री.) खेत मैदान झाडी आदिमा उत्पन्न हुने क्षुप वर्गको एक जडीबुटी। कुष्ठ रोग, चर्मरोग र आँखाको विकारमा यसको बढी प्रयोग हुन्छ। **कटुपर्णी हैमवती हिमक्षीरी हिमावती** (भा.प्र.नि.)।

कटुमुखी (स्त्री.) [*कटु मुखमस्याः, स्वाङ्गाच्चोपसर्जनादसंयोगोपधात् ४.१.५४ इति ङीप्*] १.छुचो मुख भएकी २.अन्धकासुरको संग्राममा अन्धकको रगत पिएर त्यसलाई मार्न शिवद्वारा सृष्टि गरिएकी एक मातृका।

(कटुरोहिणी)

कटुरोहिणी (स्त्री.) [*कटुश्चासौ रोहिणी च, कर्म.स.*] कुट्की/जडिबुटीविशेष/पिर्रे लहरो। **कटुरोहिण्यरिष्य च प्रोक्ता तिक्तकरोहिणी** (भा.प्र.नि.)।

कटे (धा.) [*वर्षावरणयोः, भ्वा.सक.सेट् पर.*] बर्सनु, घेर्नु, नजिक जानु। लट्– **कटति**–बर्सन्छ,घेर्छ, नजिक जान्छ इत्यादि। **प्रकटति**–प्रकट हुन्छ,चम्कन्छ। **प्रकटयति**– प्रकाशमा ल्याउँछ।

कटोलः (पुं.) [*कटतीति, कटे वर्षावरणयोः इति धातोः, कपिगडिगण्डिकटिपटिभ्य ओलच् (उ.) ६९ इति ओलच्*] वनस्पतिविशेष।

कट्फलम् (पुं./नपुं.) [*कटतीति, कट् कटे वर्षावरणयोः, इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, कट् फलमस्य तत्*] काफल। विभिन्न रोग तथा घरेलु उपचारमा यसको उपयोग गरिन्छ। यसको फल ज्यादै गुणकारी हुन्छ। यो चैत्र वैशाखतिर पाक्छ। यसको वर्ण रातो र खाँदा केही टर्रो तथा गुलियो हुन्छ।

कट्वङ्गः (पुं.) [*कटून्यङ्गानि यस्य सः, बहु.स.*] टटेलो।

कट्वरः (पुं.वि.) [*कटति वर्षति रसान्तरम्, कटे वर्षावरणयोः इति धातोः,छित्वरछत्वरधीवरपीवरमीवरचीवरतीवर (उ.) २८८ इति ष्वरप्रत्ययन्तो निपातः*] १.खराब २.(नपुं.) मोही ३.पखाले। **तक्रं कट्वरमुच्यते** (चक्रदत्त)।

कठ (धा.) [*कृच्छ्रजीवने, भ्वा.अक.सेट् पर.*] कष्टले जीवन बिताउनु। लट्– **कठति**– कष्टले जीवन बिताउँछ इत्यादि।

कठः (पुं.) [*कठति, कृच्छ्रेण तपसा,अध्ययनेन वा जीवनं यापयति, पचाद्यच्*] १.एक ऋषि। यिनले भरद्वाज मुनिबाट शिक्षा ग्रहण गरेका थिए। भरद्वाजकी रेवतीनामकी कुरूपा छोरीका साथ यिनको विवाह भएको थियो। कठको प्रतापले गर्दा शिवको आराधना र स्नान गर्दा–गर्दै यिनी सुन्दरी बनिन्। यिनले स्नान गरेको स्थलबाट रेवती नदी पैदा भइन्। कठले पूर्ण पवित्रताको सिद्धिका लागि कुश र पानीले नदीलाई अभिषेक गरे। त्यसबाट अर्को नदी विदर्भा जन्मियो। यी दुईको सङ्गमस्थललाई पवित्र तीर्थ मानिन्छ। २.कृष्ण यजुर्वेदको एक शाखा ३.[*कठेन प्रोक्तमधीते, कलापिवैशम्पायनान्तेभ्यश्च ४.३.१०४ इति णिनिः, कठचरकाल्लुक् ४.३.१०७ इति लुक्*] कठ शाखाको अध्ययन गर्ने वा ज्ञाता व्यक्ति। **कठो मुनौ तदाख्यातवेदाध्येतृज्ञयोः स्वरे।** (हेम.) उपनिषद्विशेष। हे. **कठोपनिषद्**।

कठशाखा (स्त्री.) [*कठेन प्रोक्ता शाखा, म.प.स.*] यजुर्वेदको एक शाखा।

कठि (धा.) [*शोके,चुरा.अक.सेट् उभ.,प्रायेण उत्पूर्वोऽयमु त्कण्ठायाम्*] उत्कण्ठित हुनु, चिन्ता गर्नु। लट्– **उत्कण्ठयति-ते**– उत्कण्ठित हुन्छ इत्यादि। कृदन्ते– **उत्कण्ठकः, उत्कण्ठिका, उत्कण्ठयिता-त्री**– उत्कण्ठित हुने। **उत्कण्ठयितुम्**– उत्कण्ठित हुन। **उत्कण्ठयितव्यम्, उत्कण्ठनीयम्, उत्कण्ठ्यम्**– उत्कण्ठित हुनुपर्ने। **उत्कण्ठा, उत्कण्ठनम्**– उत्कण्ठित हुने क्रिया।

कठि (धा.) [*आध्याने, चुरा.पक्षे भ्वा.पर.सक.सेट्*] उत्कण्ठापूर्वक स्मरण गर्नु। लट्– **कण्ठयति** पक्षे **कण्ठति**– उत्कण्ठापूर्वक स्मरण गर्दछ। इत्यादि।

कठिञ्जरः (पुं.) [*कठिम् कठिनं जरयतीति, जॄ वयोहानौ इति धातोर्ण्यन्तात् कर्मण्यण् ३.२.१ इत्यण् पृषोदरादित्वात् ६.३.१०९ मुम्*] १.तुलसी २.कालो बाबरी।

कठिनः (पुं.वि.) [*कठति, कठ कृच्छ्रजीवने इति धातोः, बहुलमन्यत्रापि (उ.) २१६ इति इनच्*] १.गाह्रो २.कडा ३.निष्ठुर। **निष्ठुरः कक्खटः क्रूरः परुषः कर्कशः खरः। दृढः कठोरः कठिनः जरठः** (अभि.चि.) **उन्मूलयंश्च कठिनान् नृपान् वायुरिव द्रुमान्** (क.स.सा.)।

कठिनता (स्त्री.) [*कठिनस्य भावः,तस्य भावस्त्वतलौ इति तल, टाप्,त्वे कठिनत्वम्*] काठिन्य/कठिनाइ।

कठिना (स्त्री.) [*स्त्रियां टाप्*] गुड/चक्का वनाएको सखर।

कठिनी (स्त्री.) [*कठति चिन्तयति अनया, बहुलमन्यत्रापि (उ.) २१६ इति इनच्, ततो ङीप्*] कलम।

गुणिगणगणनारम्भे न पतति कठिनी ससंभ्रमं यस्य।
तेनाम्बा यदि सुतिनी वद बन्ध्या कीदृशी भवति॥ (हितो.)

कठिल्लः (पुं.) [*कठति भोजने वैरस्यं जनयति, अतिशयतिक्तत्वात्तथात्वम्, बाहुलकाद् इल्लप्रत्ययः*] १.करेलो २.तुलसी ३.पुनर्नवा।

कठिल्लकः (पुं.) [*कठतीति, कठ कृच्छ्रजीवने, इति धातोः, बाहुलकादिल्लः, स्वार्थे कन् ५.३.७५*] १.करेलो २.भ्यागुतो। **कठिल्लकस्तु वर्षाभूकारवेल्लयोः** (विश्व.)।

कठेरः (पुं.) [*कठति कृच्छ्रेण जीवतीति, कठ कृच्छ्रजीवने इति धातोः, पतिकठिकुठिगडिगुडिदंशिभ्य एरक् (उ.) ६१ इति एरक्*] १.दुःखले बाँच्ने व्यक्ति २.झ्यालखानमा थुनिएको व्यक्ति/कैदी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कठेश्वरः (पुं.) [*कठानामीश्वरः, ष.त.*] नर्वदा नदीको तीरवर्ती एक तीर्थ (म.पु.१९१.६३.४)।

कठोपनिषद् (स्त्री.) कृष्ण यजुर्वेदको कठशाखाको अंश। यसका दुई अध्याय छन्। प्रत्येक अध्यायमा तीन तीन वल्ली छन्। यो उपनिषद् सबै उपनिषद्भन्दा महत्त्वपूर्ण मानिन्छ। यसमा नचिकेता र यमराजको संवाद छ। यमराजले नचिकेतालाई यसमा अद्वैत तत्त्वको उपदेश दिएका छन्। यस उपनिषद्मा पद्यको प्रयोग भएको छ।

कठोरः (पुं.) [*कठति पारुष्यमाचरति कठधातोः, कठिचकिभ्यामोरन् (उ.) ६७ इति सूत्रेण ओरन्*] १.कठिन/साह्रो/कडा २.पूर्ण ३.निष्ठुर। **कठोरौ पूर्णकठिनौ** (हैम.)।

वज्रादपि कठोराणि मृदूनि कुसुमादपि।
लोकोत्तराणां चेतांसि को हि विज्ञातुमर्हति॥ (उ.रा.च.)

४.अतिविस्तृत। **युगान्ताग्निकठोरजिह्वाम्** (भाग.६.१२.२) ५.दारुण/भयावह। **कठोरदंशैर्मशकैरुपद्रुतः** (भाग.५.१३.३)।

कठोरतमः (पुं.वि.) [*अतिशयेन कठोरः, तमप् प्रत्ययः*] ज्यादै कठोर।

कठोरतरः (पुं.वि.) [*अयमनयोः अतिशयेन कठोरः, तरप् प्रत्ययः*] दुईमध्ये बढी कठोर।

कड (धा.) [*मदे, अदने भ्वा. अक.सेट्, पर.*] दुःख अथवा आनन्दमा लीन हुनु, नसामा लीन हुनु, खानु, अभिमान गर्नु। लट्– **कडति–** दुःख अथवा आनन्दमा लीन हुन्छ, नसामा लीन हुन्छ, खान्छ, अभिमान गर्छ इत्यादि।

कड (धा.) [*मदे, अदने तुदा. सक.सेट्, पर.*] दुःख अथवा आनन्दमा लीन हुनु, खानु, अभिमान गर्नु। लट्– **कडति–** दुःख अथवा आनन्दमा लीन हुन्छ, खान्छ, अभिमान गर्छ। लिट्– **चकाड–** दुःख अथवा आनन्दमा लीन भएछ, खाएछ, अभिमान गरेछ (अन.) इत्यादि।

कडङ्गरः (पुं.) [*कडं गृणाति, गृ शब्दे यद्वा गिरति गॄ निगरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कडस्य गरः, ष.त., कडङ्गर– ५.१.६९ इति निर्देशान्मुक्*] १.मुसुरो, मुगी, मास, मस्याङ आदिको फिँगल्य २.भुस/पवटा/भुस्सा। **बुसे कडङ्गरः** (अभि.चि.)।

कडम्बः (पुं.) [*कडति, कड मदे इति धातोः, कृकदिकडिकटिभ्योऽम्बच् (उ.) ५३१ इति अम्बच्*] १.सागको डाँठ २.कोण/प्रान्त।

कडारः (पुं.) [*गडति सिञ्चतीति, गडि बदनैकदेशे इति धातोः, गडेः कड च (उ.) ४२२ इति आरणप्रत्ययः, कडादेशश्च*] १.रातोमा मिसिएको पहेँलो वर्ण २.(पुं.वि.) पहेँलो वर्ण भएको ३.नोकर **पीतरक्तस्तु पिञ्जरः। कपिलः पिङ्गलः श्यावः पिशङ्गः कपिशो हरिः। बभ्रुः कद्रुः कडारश्च** (अभि.चि.)।

कडि (धा.) [*मदे, भ्वा. अक. सेट्, आत्म.*] दुःख अथवा आनन्दमा लीन हुनु, नसाले बेसुरको हुनु, अभिमान गर्नु लट्– **कण्डते–** दुःख अथवा आनन्दमा लीन हुन्छ, नसाले बेसुर हुन्छ, अभिमान गर्छ इत्यादि।

कड्ड (धा.) [*कार्कश्ये, भ्वा. सक.सेट्, पर.*] निठुर हुनु, कठोर हुनु। लट्– **कड्डति–** निठुर हुन्छ, कठोर हुन्छ इत्यादि।

कण (धा.) [*शब्दार्थे, भ्वा.प.सेट्*] चित्कार गर्नु, पीडित स्वरले बोल्नु। लट्– **कणति–** चित्कार गर्छ, कडा स्वरले बोल्छ।

कण (धा.) [*गतौ अक.सक., सेट् पर.*] जानु, शब्द गर्नु। लट्– **कणति–** जान्छ, शब्द गर्छ। लिट्– **चकाण–** गएछ, शब्द गरेछ (अन.) इत्यादि।

कण (धा.) [*निमीलने सक.सेट्, उभ.*] आँखा चिम्लनु। लट्– **काणयति-ते–** आँखा चिम्लन्छ। लिट्– **काणयाञ्चकार-चक्रे–** आँखा चिम्लेछ (अन.)। लुट्– **काणयिता–** आँखा चिम्लने छ (अन.)। लृट्– **काणयिष्यति-ते–** आँखा चिम्लने छ। लोट्– **काणयतु-काणयताम्–** आँखा चिम्लोस्। लङ्– **अकाणयत्-त–** आखा चिम्ल्यो (अन.) विधिलिङ्– **काणयेत्-त-** आँखा चिम्लला, आँखा चिम्लोस्। आशीर्लिङ्– **काण्यात्– काणयिषीष्ट–**आँखा चिम्लोस्। लुङ्– **अचीकणत्– अचकाणत्-त–** आँखा चिम्ल्यो। लृङ्–**अकाणयिष्यत्–** आँखा चिम्लने थियो। कृदन्ते– **काणकः, काणिका, काणयिता-त्री–** कानो/आँखा चिम्लेको **काणयितव्यम्, काणनीयम्, काण्यम्–** कानो बनाउनुपर्ने, आँखा चिम्लेको बनाउनुपर्ने। **काणयित्वा, सङ्काण्य-** कानो तुल्याएर, आँखा नदेख्ने बनाएर इत्यादि।

कणः (पुं.) [*कणति, सूक्ष्मत्वं गच्छति कण गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कनिका/धान्यादिको अत्यन्त सानो खण्ड वा अंश २.लेश/साह्रै मसिनो टुक्रा।

कणपः (पुं.वि.) [*कणं पिबतीति, कणपूर्वकात् पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.कनिकाको रस बनाएर पिउने/माड पिउने २.(पुं.)कणाद ऋषि।

कणभक्षः (पुं.) [*कणान् भक्षयति, भक्ष अदने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.कणाद मुनि/कणभक्षक मुनि। हे. **कणादः**। २.(पुं.वि.) कनिका खाने।

कणशः (अव्य.) [*कणे कणे, वीप्सायां शस्*] कण कण गरेर। **कणशः क्षणशश्चैव विद्यामर्थञ्च साधयेत्** (सुभा.)।

कणा (स्त्री.) [*कणति सूक्ष्मत्वमेति, अक्षि निमीलनाकारतया कणयति वा कण निमीलने वा कण गतौ शब्दे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.जिरा २.पिप्ला ३.सेतो जिरा ४.थोरै। **कणा जीराककुम्भीर मक्षिकापिप्पलीषु च** (मेदिनी.)।

कणादः (पुं.) वैशेषिक दर्शनका प्रवर्तक एक आचार्य। कनिका खाएर देवताको आराधना गरेको हुँदा यिनलाई कणाद, कणभुक्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कणभक्ष आदि भनिएको हो। यी कश्यप मुनिका पुत्र हुन्। यिनले वैशेषिक सूत्रको रचना गरेका छन्। यो १० अध्यायमा विभक्त छ। यसमा ३७० सूत्र छन्। प्रत्येक अध्याय दुई-दुई आह्निकमा विभक्त छ। पहिलो अध्यायमा द्रव्य गुण, कर्मको लक्षण र तिनको विभाजन छ। दोस्रो र तेस्रो अध्यायमा नौ द्रव्यको विवेचना छ। चौथो अध्यायमा परमाणुवादको चर्चा छ। पाँचौँमा कर्मको स्वरूप र त्यसका प्रकारहरूको विवेचना छ। छैटौँ अध्यायमा धर्म, अधर्म आदिको बारेमा विचार गरिएको छ। सातौँ अध्यायमा गुणको विवेचना छ। आठौँ, नवौँ र दसौँ अध्यायमा तर्क, अभाव, ज्ञान, सुख, दुःख आदिको वर्णन छ। यस ग्रन्थको रचना ई.पू. ३०० शताब्दीमा भएको मानिन्छ। सबैभन्दा यसको पुरानो भाष्य रावणभाष्य हो। त्यो आज उपलब्ध छैन। (सा.को.)

कणिकः (पुं.) [*कणो विद्यतेऽस्य, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.गहुँको पिठो/मैदा २.राजनीति तथा अध्यात्म विषयका विशेषज्ञ एक मुनि। पाण्डवको उत्कर्ष देखेर चिन्तित धृतराष्ट्रलाई यिनले उपदेश दिएका थिए। (म.भा. आ.प.)

कणिका (स्त्री.) [*कणति, कण गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततः स्वार्थे कन्, टाप् ४.१.४ इत्वम्, यद्वा कणतीति, कण शब्दे इति धातोः, क्वुन् (उ.) २.३२*] १.अत्यन्त सूक्ष्म अंश २.कनिका ३.अग्निमन्थ। **कणिका सूक्ष्मवस्तुनि, अग्निमन्थे** (हैम.)।

कणितः (पुं.वि.) [*कण्यते स्म, कण आर्तस्वरे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आर्तस्वर भएको/करुणक्रन्दनले युक्त।

कणितम् (नपुं.) [*कणनमिति, कण आर्तस्वरे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] आर्तस्वर/करुणक्रन्दन।

कणिशम् (नपुं.) [*कणाः विद्यन्तेऽत्र, शेरतेऽस्मिन् तत्, कणिन् पूर्वकाद् शीङ् स्वप्ने इति धातोः, लोमादिपामादिपच्छादिभ्यो शनेलचः ५.२.१०० इति शः यद्वा कणनं स्वावयवं श्यति वा, शो तनूकरणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*], मकैको धानचमर, धान आदिको बाला। **कणिशो धान्यशीर्षके** (रत्नकोष)।

कणीकरणम् (नपुं.) [*अकणाः कणाः यथा सम्पद्यन्ते तथाकरणम्, च्वि, ईत्वम्*] धुलो पार्नु/पिठो तुल्याउनु।

कण्टकः (पुं.) [*कण्टति, गच्छति शरीरान्तः प्रविशति, कटि गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.कन्जुस २.बाधा ३.काँडो। **उपकारगृहीतेन शत्रुणा शत्रुमुद्धरेत्। पादलग्नं करस्थेन कण्टकेनेव कण्टकम्॥** (चाणक्य) ४.क्षुद्र शत्रु। **प्रह्लाद कथ्यतां सम्यक् तथा कण्टकशोधने** (वि.पु.) ५.रोमाञ्च ६.माछाको काँडा ७.(नपुं.) ज्योतिषमा केन्द्रस्थान अर्थात् १.४.७ र १० स्थान। **केन्द्रमुक्तञ्च कण्टकम्** (ज्यो.शा.)।

कण्टकद्रुमः (पुं.) [*कण्टकाचितो द्रुमः म.प.स.*] काँडा भएको वृक्ष।

(कण्टकारिका)

कण्टकारिका (स्त्री.) [*कण्टकान् इयर्ति ऋच्छति वा, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, सर्वप्रातिपदिकेभ्यः स्वार्थे कन् (वा.) ५.४.२९ इति कन्, टाप् ४.१.४ इत्वम्*] १.कण्टकारी वृक्ष/पात र डाँठमा काँढा हुने, ससाना सेता वा नीला फूल फुल्ने, पहेँलो बाटुलो फल फल्ने एक प्रकारको बोट वा त्यसको फल/चिप्ले काँडा २.सिमल।

कण्टकाशनः (पुं.) [*कण्टकान् अश्नाति, कृत्यल्युटो बहुलम् ३.११३ इति बाहुलकात् कर्तरि ल्युट्, अनः*] ऊँट। **भूतघ्न उष्ट्रे दाशेरो रवणः कण्टकाशनः** (अभि.चि.)।

कण्टकितः (पुं.वि.) [*कण्टकानि सञ्जातान्यस्य, तारकादितया इतच्*] १.काँडैकाँडा भएको २.रोमाञ्चित ३.सविघ्न ३.शत्रुयुक्त।

कण्टकिलः (पुं.वि.) [*कण्टकानि सन्त्यस्य, इलच्*] १.काँडैकाँडा भएको २.रोमाञ्चित ३.बाँसविशेष।

(कण्टकिफलः)

कण्टकिफलः (पुं.) [*कण्टकाः सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इतीनिः, कण्टकि फलं यस्य सः, बहु.स.*] कटहरको रुख।

कण्टकिनी (स्त्री.) [*कण्टकानि सन्त्यस्याः, इनिः*] हे. कण्टकारी।

कण्टकी (पुं.) [*कण्टकोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.काँडा हुने माछो २.खजुर ३.खयर ४.वयर ५.बाँस-विशेष।

कण्टलिका (स्त्री.) कण्टकारी। **कण्टलिका कण्टकिनी धावनी बृहती तथा** (भा.प्र.नि.)।

कण्ठः (पुं.) [*कणति शब्दं करोति येन, कण शब्दे इति धातोः, कणेष्ठः (उ.) १०८ इति ठः*] १.घाँटी।

विद्यावतः कुलीनस्य धनं याचितुमिच्छतः।
कण्ठे पारावतस्येव वाक्करोति गतागतम्॥ (सुभा.)

२.मदनवृक्ष ३.नजिक ४.होमकुण्डबाट बाहिर रहेको एक अङ्गुलि बराबरको स्थान। **समीपगलशब्देषु त्रिषु कण्ठं विदुर्बुधाः** (शाश्वत)। **कण्ठो गले सन्निधाने ध्वनौ मदनपादपे** (विश्व.)। **~अग्रः** १.(पुं.वि.) [*कण्ठस्य अग्रः, ष.त.*] कण्ठस्थ/मुखाग्र २.(पुं.) घाँटीको अग्रभाग। **~आभरणम्** (नपुं.) [*कण्ठस्य आभरणम्, ष.त.*] घाँटीमा लगाउने गहना। **~तालव्यः** (पुं.वि.) [*कण्ठश्चासौ तालव्यश्च, कर्म.स.*] घाँटी र तालुबाट उच्चारण हुने ध्वनि जस्तै संस्कृतमा ए ऐ। **~नली** (स्त्री.) [*कण्ठाद् गता नली, म.प.स.*] श्वासनली। **~पाशकः** (पुं.) [*कण्ठस्य पाशकः, ष.त.*] गलाको पासो। **~भूषा** (स्त्री.) [*कण्ठस्य भूषा, ष.त.*] १.घाँटीमा लगाउने गहना (नेक्लेस) २.राती गेडी। **~मणिः** (पुं.) १.[*कण्ठे धृता मणिः, म.प.स.*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घाँटीमा लगाउने रत्न २.[*कण्ठगता मणिरिव, त.स.*] घोडाको घाँटीमा हुने भुँवरी **~माला** (स्त्री.) [*कण्ठस्य माला इव*]१.घाँटीमा लगाउने एक प्रकारको गहना/कण्ठश्री २.गण्डमाला। **~लता** (स्त्री.) [*कण्ठे लता इव*] कठालो। **~शूलम्** (नपुं.) [*कण्ठस्य शूलम्, ष.त.*] १.घाँटीको शूल २.घोडाको घाँटीमा हुने भुँवरी। **~शोथः** (पुं.) [*कण्ठस्य शोथो यत्र, बहु.स.*] घाँटी सुन्निने रोग। **~श्रीः** (स्त्री.) [*कण्ठस्य श्रीः, ष.त.*] घाँटीमा लगाउने गहना विशेष २.सधैँ साथमा रहने वस्तु। **~हारः** (पुं.) [*कण्ठे स्थितो हारः म.प.स.*] घाँटीमा लगाउने रत्नको माला।

कण्ठकूणिका (स्त्री.) [*कुणति शब्दायते इति कुणिका, कण्ठे कुणिका*] वीणा। **वीणा पुनर्घोषवती विपञ्ची कण्ठकूणिका** (अभि.चि.)।

कण्ठगतः (पुं.वि.) [*कण्ठं गतः, द्वि.त.*] १.कण्ठस्थ २.घाँटीसम्म पुगेको ३.निस्कन ठिक्क परेको। **प्राणैः कण्ठगतैरपि**।

कण्ठलम्बितम् (नपुं.) [*कण्ठाल्लम्बितम्*] माला लगाएझैँ पहिरिएको जनै।

कण्ठसूत्रम् (नपुं.) [*कण्ठे धृतं कृतं वा सूत्रम्, म.प.स.*] १.घाँटीमा लगाइएको वा लगाइने सिक्री, पोते वा मङ्गलसूत्र।

ज्ञानविद्याविहीनस्य विद्याजालं निरर्थकम्।
कण्ठसूत्रं विना नारी विविधाभरणैर्युता॥ (सुभा.)

२.पतिको छातीमा स्तनले अँचेट्ने गरी प्रियतमाले हाल्ने अँगालो।

यत्कुर्वते वक्षसि वल्लभस्य स्तनाभिघातं निविडोपगूढात्।
परिश्रमार्थं शनकैर्विदग्धा तत्कण्ठसूत्रं प्रवदन्ति सन्तः॥
(र.र.)

कण्ठस्थः (पुं.) [*कण्ठे तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः,* ***सुपि*** *स्थः ७.३.१०२ इति कः,आलोपः ६.४.६४*] १.मुखाग्र २.कण्ठ वा घाँटीमा रहेको।

कण्ठा (स्त्री.) [*कण्ठोऽस्यास्तीति, अर्शआद्यच्*] १.सुनले मोरेको २७ वा ३२ दानाको रुद्राक्षको माला २.पशुपक्षीको घाँटीमा हुने रेखा।

कण्ठिका (स्त्री.) [*कण्ठो भूष्यतया अस्ति अस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४*] १.घाँटीमा लगाउने कण्ठी २.मोती वा तुलसीको माला।

कण्ठी (पुं.) [*कण्ठो बन्धनायास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.घाँटीमा बाँध्ने धागो २.गाईवस्तुको घाँटीमा लगाउने डोरी ३.तुलसीको डाँठ काटेर बनाइएको सानो माला।

कण्ठीरवः [*स्वल्पः कण्ठः, कण्ठी, कण्ठ्यां रवो यस्य सः, बहु.स.*] १.सिंह। **हरिर्मृगपतिः पञ्चाननः केशरी। हर्यक्षो नखरायुधो मृगरिपुः सिंहश्च कण्ठीरवः॥** (हला.) २.उन्मत्त हात्ती ३.परेवा।

कण्ठेकालः (पुं.) [*कण्ठे कालो यस्य सः, बहु.स., तत्पुरुषे कृति बहुलम् ६.३.१४ इति सप्तम्या अलुक्*] १.महादेव २.(पुं.वि.) कालो घाँटी भएको।

कण्ठ्यः (पुं.) [*कण्ठे भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्, अलोपः*] १.घाँटीमा भएको, घाँटीबाट उत्पन्न २.घाँटीबाट उच्चरित हुने वर्ण/अ, क, ख, ग, घ, ङ, हवर्ण तथा विसर्ग। **अकुहविसर्जनीयानां कण्ठः** (सि.कौ.) **~ओष्ठ्यः** (पुं.) घाँटी र ओठबाट उच्चरित हुने वर्ण/संस्कृतका ओ, औ वर्ण। **ओदोतोः कण्ठोष्ठम्** (सि.कौ.)।

कण्डनम् (नपुं.) [*कडि भेदने इति धातोः, ल्युट्* च *३.३.११५ इति ल्युट्, अनः*] धान, चिउरा आदि कुट्ने काम। **अवघातस्तु कण्डनम्** (अभि.चि.)।

कण्डारकः (पुं.) लोकविश्वासअनुसार लुतो आदि रोगका निवारक मानिएका एक निशाचर । यिनलाई साउने सङ्क्रान्तिका दिन साँझमा विशेष प्रकारले पूजा गरिन्छ, आगामा कुरिलो हालेर पड्काइन्छ। पूजा सकिएपछि 'निशाचर भित्र नपसोस्,भनेर लुतो लैजा भन्दै आगाका अगुल्यहरू फाल्ने र नाङ्लो ठटाउँदै भित्र पसेर दैलो लगाउने चलन छ।

प्रदोषसमये राजन् कर्कसङ्क्रमणे सदा।
प्रतिवर्षं पूजनीयः कण्डारकनिशाचरः।
लूतादिरोगहर्ता च तथारिष्टभयापनुत्।
पाषाणोपरि सम्पूज्य कण्डारकनिशाचरम्।
सरलेन्धनदीपाश्च दातव्या उल्मुखास्तथा
फलानि च प्रदेयानि तत्कालप्रभवानि च।
मासपिष्टमयं देयं नैवेद्यं खचिकाभिधम्॥
(कृत्यवाटिका.८५)

कण्डिका (स्त्री.) [*कण्डयति हर्षयति जनान्, कडि हर्षे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४,इत्वम्*] १.वेदको एक भाग २.भाषिक संरचनाको वाक्य भन्दा बृहत् तर अध्यायभन्दा सानो रूप/कथनको एक अंश/ अनुच्छेद।

कण्डुः (स्त्री.) [*कडि मदे इति धातोः, उः*] १.कन्याउने काम २.ऋषिविशेष। यी कण्ड मुनिका छोरा हुन्। कण्डुको तपस्याबाट भयभीत इन्द्रले प्रम्लोचा नामकी अप्सरा पठाएर यिनको तपोभङ्ग गरे। प्रम्लोचासित रमेर बस्दा आफू अधोगतिमा पुगेको होश आएपछि त्यसलाई त्यहीं छोडी पुरुषोत्तम क्षेत्रमा गएर तपस्या गरेर यिनी मुक्त भएका थिए। (वि.पु.) ३.सामवेदको शाखाका प्रवर्तक लाङ्गलीका ६ शिष्यमध्ये एक ।

कण्डूः (स्त्री.) [*कण्डूयनम्, कण्डूञ् गात्रविघर्षणे इति धातोः, कण्ड्वादिभ्यो यक् ३.१.१७ इति यक्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, अकारयकारलोपौ*] १.चिलाइ मार्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कणभक्ष आदि भनिएको हो। यी कश्यप मुनिका पुत्र हुन्। यिनले वैशेषिक सूत्रको रचना गरेका छन्। यो १० अध्यायमा विभक्त छ। यसमा ३७० सूत्र छन्। प्रत्येक अध्याय दुई-दुई आह्निकमा विभक्त छ। पहिलो अध्यायमा द्रव्य गुण, कर्मको लक्षण र तिनको विभाजन छ। दोस्रो र तेस्रो अध्यायमा नौ द्रव्यको विवेचना छ। चौथो अध्यायमा परमाणुवादको चर्चा छ। पाँचौँमा कर्मको स्वरूप र त्यसका प्रकारहरूको विवेचना छ। छैटौँ अध्यायमा धर्म, अधर्म आदिको बारेमा विचार गरिएको छ। सातौँ अध्यायमा गुणको विवेचना छ। आठौँ, नवौँ र दसौँ अध्यायमा तर्क, अभाव, ज्ञान, सुख, दुःख आदिको वर्णन छ। यस ग्रन्थको रचना ई.पू. ३०० शताब्दीमा भएको मानिन्छ। सबैभन्दा यसको पुरानो भाष्य रावणभाष्य हो। त्यो आज उपलब्ध छैन। (सा.को.)

कणिकः (पुं.) [*कणो विद्यतेऽस्य, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.गहुँको पिठो/मैदा २.राजनीति तथा अध्यात्म विषयका विशेषज्ञ एक मुनि। पाण्डवको उत्कर्ष देखेर चिन्तित धृतराष्ट्रलाई यिनले उपदेश दिएका थिए। (म.भा. आ.प.)

कणिका (स्त्री.) [*कणति, कण गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततः स्वार्थे कन्, टाप् ४.१.४ इत्वम्, यद्वा कणतीति, कण शब्दे इति धातोः, क्वुन् (उ.) २.३२*] १.अत्यन्त सूक्ष्म अंश २.कनिका ३.अग्निमन्थ। **कणिका सूक्ष्मवस्तुनि, अग्निमन्थे** (हैम.)।

कणितः (पुं.वि.) [*कण्यते स्म, कण आर्तस्वरे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आर्तस्वर भएको/करुणक्रन्दनले युक्त।

कणितम् (नपुं.) [*कणनमिति, कण आर्तस्वरे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] आर्तस्वर/करुणक्रन्दन।

कणिशम् (नपुं.) [*कणाः विद्यन्तेऽत्र, शेरतेऽस्मिन् तत्, कणिन् पूर्वकाद् शीङ् स्वप्ने इति धातोः, लोमादिपामादिपच्छादिभ्यो शनेलचः ५.२.१०० इति शः यद्वा कणनं स्वावयवं श्यति वा, शो तनूकरणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*], मकैको धानचमर, धान आदिको बाला। **कणिशो धान्यशीर्षके** (रत्नकोष)।

कणीकरणम् (नपुं.) [*अकणाः कणाः यथा सम्पद्यन्ते तथाकरणम्, च्वि, ईत्वम्*] धुलो पार्नु/पिठो तुल्याउनु।

कण्टकः (पुं.) [*कण्टति, गच्छति शरीरान्तः प्रविशति, कटि गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.कन्जुस २.बाधा ३.काँडो। **उपकारगृहीतेन शत्रुणा शत्रुमुद्धरेत्। पादलग्नं करस्थेन कण्टकेनेव कण्टकम्॥** (चाणक्य) ४.क्षुद्र शत्रु। **प्रह्लाद कथ्यतां सम्यक् तथा कण्टकशोधने** (वि.पु.) ५.रोमाञ्च ६.माछाको काँडा ७.(नपुं.) ज्योतिषमा केन्द्रस्थान अर्थात् १.४.७ र १० स्थान। **केन्द्रमुक्तञ्च कण्टकम्** (ज्यो.शा.)।

कण्टकद्रुमः (पुं.) [*कण्टकाचितो द्रुमः म.प.स.*] काँडा भएको वृक्ष।

कण्टकारिका (स्त्री.) [*कण्टकान् इयर्ति ऋच्छति वा, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, सर्वप्रातिपदिकेभ्यः स्वार्थे कन् (वा.) ५.४.२९ इति कन्, टाप् ४.१.४ इत्वम्*] १.कण्टकारी वृक्ष/पात र डाँठमा काँढा हुने, ससाना सेता वा नीला फूल फुल्ने, पहेँलो बाटुलो फल फल्ने एक प्रकारको बोट वा त्यसको फल/चिप्ले काँडा २.सिमल।

(कण्टकारिका)

कण्टकाशनः (पुं.) [*कण्टकान् अश्नाति, कृत्यल्युटो बहुलम् ३.११३ इति बाहुलकात् कर्तरि ल्युट्, अनः*] ऊँट। **भूतघ्न उष्ट्रे दाशेरो रवणः कण्टकाशनः** (अभि.चि.)।

कण्टकितः (पुं.वि.) [*कण्टकानि सञ्जातान्यस्य, तारकादितया इतच्*] १.काँडैकाँडा भएको २.रोमाञ्चित ३.सविघ्न ३.शत्रुयुक्त।

कण्टकिलः (पुं.वि.) [*कण्टकानि सन्त्यस्य, इलच्*] १.काँडैकाँडा भएको २.रोमाञ्चित ३.बाँसविशेष।

कण्टकिफलः (पुं.) [*कण्टकाः सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इतीनिः, कण्टकि फलं यस्य सः, बहु.स.*] कटहरको रुख।

(कण्टकिफलः)

कण्टकिनी (स्त्री.) [*कण्टकानि सन्त्यस्याः, इनिः*] हे. कण्टकारी।

कण्टकी (पुं.) [*कण्टकोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.काँडा हुने माछो २.खजुर ३.खयर ४.वयर ५.बाँस-विशेष।

कण्टलिका (स्त्री.) कण्टकारी। **कण्टलिका कण्टकिनी धावनी बृहती तथा** (भा.प्र.नि.)।

कण्ठः (पुं.) [*कणति शब्दं करोति येन, कण शब्दे इति धातोः, कणेष्ठः (उ.) १०८ इति ठः*] १.घाँटी।

विद्यावतः कुलीनस्य धनं याचितुमिच्छतः।
कण्ठे पारावतस्येव वाक्करोति गतागतम्॥ (सुभा.)

२.मदनवृक्ष ३.नजिक ४.होमकुण्डबाट बाहिर रहेको एक अङ्गुलि बराबरको स्थान। **समीपगलशब्देषु त्रिषु कण्ठं विदुर्बुधाः** (शाश्वत)। **कण्ठो गले सन्निधाने ध्वनौ मदनपादपे** (विश्व.)। **~अग्रः** १.(पुं.वि.) [*कण्ठस्य अग्रः, ष.त.*] कण्ठस्थ/मुखाग्र २.(पुं.) घाँटीको अग्रभाग। **~आभरणम्** (नपुं.) [*कण्ठस्य आभरणम्, ष.त.*] घाँटीमा लगाउने गहना। **~तालव्यः** (पुं.वि.) [*कण्ठश्चासौ तालव्यश्च, कर्म.स.*] घाँटी र तालुबाट उच्चारण हुने ध्वनि जस्तै संस्कृतमा ए ऐ। **~नली** (स्त्री.) [*कण्ठाद् गता नली, म.प.स.*] श्वासनली। **~पाशकः** (पुं.) [*कण्ठस्य पाशकः, ष.त.*] गलाको पासो। **~भूषा** (स्त्री.) [*कण्ठस्य भूषा, ष.त.*] १.घाँटीमा लगाउने गहना (नेक्लेस) २.राती गेडी। **~मणिः** (पुं.) १.[*कण्ठे धृता मणिः, म.प.स.*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घाँटीमा लगाउने रत्न २.[*कण्ठगता मणिरिव, त.स.*] घोडाको घाँटीमा हुने भुँवरी **~माला** (स्त्री.) [*कण्ठस्य माला इव*]१.घाँटीमा लगाउने एक प्रकारको गहना/कण्ठश्री २.गण्डमाला। **~लता** (स्त्री.) [*कण्ठे लता इव*] कठालो। **~शूलम्** (नपुं.) [*कण्ठस्य शूलम्, ष.त.*] १.घाँटीको शूल २.घोडाको घाँटीमा हुने भुँवरी। **~शोथः** (पुं.) [*कण्ठस्य शोथो यत्र, बहु.स.*] घाँटी सुन्निने रोग। **~श्रीः** (स्त्री.) [*कण्ठस्य श्रीः, ष.त.*] घाँटीमा लगाउने गहना विशेष २.सधैँ साथमा रहने वस्तु। **~हारः** (पुं.) [*कण्ठे स्थितो हारः म.प.स.*] घाँटीमा लगाउने रत्नको माला।

कण्ठकूणिका (स्त्री.) [*कुणति शब्दायते इति कुणिका, कण्ठे कुणिका*] वीणा। **वीणा पुनर्घोषवती विपञ्ची कण्ठकूणिका** (अभि.चि.)।

कण्ठगतः (पुं.वि.) [*कण्ठं गतः, द्वि.त.*] १.कण्ठस्थ २.घाँटीसम्म पुगेको ३.निस्कन ठिक्क परेको। **प्राणैः कण्ठगतैरपि**।

कण्ठलम्बितम् (नपुं.) [*कण्ठाल्लम्बितम्*] माला लगाएझैँ पहिरिएको जनै।

कण्ठसूत्रम् (नपुं.) [*कण्ठे धृतं कृतं वा सूत्रम्, म.प.स.*] १.घाँटीमा लगाइएको वा लगाइने सिक्री, पोते वा मङ्गलसूत्र।

ज्ञानविद्याविहीनस्य विद्याजालं निरर्थकम्।
कण्ठसूत्रं विना नारी विविधाभरणैर्युता॥ (सुभा.)

२.पतिको छातीमा स्तनले अँचेट्ने गरी प्रियतमाले हाल्ने अँगालो।

यत्कुर्वते वक्षसि वल्लभस्य स्तनाभिघातं निविडोपगूढात्।
परिश्रमार्थं शनकैर्विदग्धा तत्कण्ठसूत्रं प्रवदन्ति सन्तः॥
(र.र.)

कण्ठस्थः (पुं.) [*कण्ठे तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः,* **सुपि** *स्थः ७.३.१०२ इति कः,आलोपः ६.४.६४*] १.मुखाग्र २.कण्ठ वा घाँटीमा रहेको।

कण्ठा (स्त्री.) [*कण्ठोऽस्यास्तीति, अर्शआद्यच्*] १.सुनले मोरेको २७ वा ३२ दानाको रुद्राक्षको माला २.पशुपक्षीको घाँटीमा हुने रेखा।

कण्ठिका (स्त्री.) [*कण्ठो भूष्यतया अस्ति अस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४*] १.घाँटीमा लगाउने कण्ठी २.मोती वा तुलसीको माला।

कण्ठी (पुं.) [*कण्ठो बन्धनायास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.घाँटीमा बाँध्ने धागो २.गाईवस्तुको घाँटीमा लगाउने डोरी ३.तुलसीको डाँठ काटेर बनाइएको सानो माला।

कण्ठीरवः [*स्वल्पः कण्ठः, कण्ठी, कण्ठ्यां रवो यस्य सः, बहु.स.*] १.सिंह। **हरिर्मृगपतिः पञ्चाननः केशरी। हर्यक्षो नखरायुधो मृगरिपुः सिंहश्च कण्ठीरवः॥** (हला.) २.उन्मत्त हात्ती ३.परेवा।

कण्ठेकालः (पुं.) [*कण्ठे कालो यस्य सः, बहु.स., तत्पुरुषे कृति बहुलम् ६.३.१४ इति सप्तम्या अलुक्*] १.महादेव २.(पुं.वि.) कालो घाँटी भएको।

कण्ठ्यः (पुं.) [*कण्ठे भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्, अलोपः*] १.घाँटीमा भएको, घाँटीबाट उत्पन्न २.घाँटीबाट उच्चरित हुने वर्ण/अ, क, ख, ग, घ, ङ, हवर्ण तथा विसर्ग। **अकुहविसर्जनीयानां कण्ठः** (सि.कौ.) **~ओष्ठ्यः** (पुं.) घाँटी र ओठबाट उच्चरित हुने वर्ण/संस्कृतका ओ, औ वर्ण। **ओदोतोः कण्ठोष्ठम्** (सि.कौ.)।

कण्डनम् (नपुं.) [*कडि भेदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] धान, चिउरा आदि कुट्ने काम। **अवघातस्तु कण्डनम्** (अभि.चि.)।

कण्डारकः (पुं.) लोकविश्वासअनुसार लुतो आदि रोगका निवारक मानिएका एक निशाचर । यिनलाई साउने सङ्क्रान्तिका दिन साँझमा विशेष प्रकारले पूजा गरिन्छ, आगामा कुरिलो हालेर पड्काइन्छ। पूजा सकिएपछि 'निशाचर भित्र नपसोस्,भनेर लुतो लैजा भन्दै आगाका अगुल्यहरू फाल्ने र नाङ्लो ठटाउँदै भित्र पसेर दैलो लगाउने चलन छ।

प्रदोषसमये राजन् कर्कसङ्क्रमणे सदा।
प्रतिवर्षं पूजनीयः कण्डारकनिशाचरः।
लूतादिरोगहर्ता च तथारिष्टभयापनुत्।
पाषाणोपरि सम्पूज्य कण्डारकनिशाचरम्।
सरलेन्धनदीपाश्च दातव्या उल्मुखास्तथा
फलानि च प्रदेयानि तत्कालप्रभवानि च।
मासपिष्टमयं देयं नैवेद्यं ख्वचिकाभिधम्॥
(कृत्यवाटिका.८५)

कण्डिका (स्त्री.) [*कण्डयति हर्षयति जनान्, कडि हर्षे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४,इत्वम्*] १.वेदको एक भाग २.भाषिक संरचनाको वाक्य भन्दा बृहत् तर अध्यायभन्दा सानो रूप/कथनको एक अंश/अनुच्छेद।

कण्डुः (स्त्री.) [*कडि मदे इति धातोः, उः*] १.कन्याउने काम २.ऋषिविशेष। यी कण्ड मुनिका छोरा हुन्। कण्डुको तपस्याबाट भयभीत इन्द्रले प्रम्लोचा नामकी अप्सरा पठाएर यिनको तपोभङ्ग गरे। प्रम्लोचासित रमेर बस्दा आफू अधोगतिमा पुगेको होश आएपछि त्यसलाई त्यहीँ छोडी पुरुषोत्तम क्षेत्रमा गएर तपस्या गरेर यिनी मुक्त भएका थिए। (वि.पु.) ३.सामवेदको शाखाका प्रवर्तक लाङ्गलीका ६ शिष्यमध्ये एक ।

कण्डूः (स्त्री.) [*कण्डूयनम्, कण्डूञ् गात्रविघर्षणे इति धातोः, कण्ड्वादिभ्यो यक् ३.१.१७ इति यक्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, अकारयकारलोपौ*] १.चिलाइ मार्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरलाई कन्याउने काम २.शरीर चिलाउने रोग। **दशेमानि कण्डूघ्नानि भवन्ति** (चरक.)।

कण्डूञ् (धा.) [*गात्रखर्जने, कण्ड्वादिः*] कन्याउनु। लट्– **कण्डूयति–** कन्याउँछ इत्यादि।

कण्डूयनम् (नपुं.) [*कण्डूञ् गात्रखर्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] शरीर कन्याउने काम।

यन्मैथुनादिगृहमेधिसुखं हि तुच्छं
कण्डूयनेन करयोरिव दुःखदुखम् (भाग.)।

कण्डूरा (स्त्री.) [*कण्डूं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वात् ६.३.१०९ ह्रस्वत्वमपि*] काउछो।

कपिकच्छूश्च कण्डूरा कण्डुरा शूकशिम्बिका (भा.प्र.)।

कण्डोलः (पुं.) [*कण्ड्यते इति, कडि भेदने इति धातोः, पटिक-डिकण्डिभ्य ओलच् (उ.) ६६ इति ओलच्*] १.डोको-डाला-टोकरी आदि २.ऊँट।

कण्डोलवीणा (स्त्री.) [*कण्डते, कडि मदे इति धातोः, बाहुल कादोलच्, कटे वर्षादौ इति धातोः, कपिगडि (उ.) १.६६ इत्योलज् वा.*] चाण्डालले बजाउने सारङ्गी।

कण्वः (पुं.) [*कणति निमीलति चेष्टतेऽसौ, अशूप्रुषि लटिकणि-खटिविशिभ्यः क्वन् (उ.) १५७ इति क्वन्*] १.अजमीढ र केशिनीका छोरा, मेधातिथिका बाबु (म.पु. ४९ ३.) २.कश्यप गोत्रोत्पन्न एक प्राचीन ऋषि। शकुन्तलाका पालक पिता। यिनको आश्रम मालिनी नदीको तीरमा थियो। विश्वामित्रको कठोर तपस्याबाट डराएका इन्द्रले यिनको तपस्या भङ्ग गर्न मेनका नामकी अप्सरालाई पठाएका थिए। मेनकाले विश्वामित्रको तपोभङ्ग गरी एउटी बालिका पैदा गरेर मालिनी नदीको तीरमा राखेर स्वर्गतिर गइन्। चराचुरुङ्गीले रक्षा गरिहेको अवस्थामा कण्वका शिष्यहरूले यी बालिकालाई भेट्टाएर आश्रममा ल्याएको हुंदा यिनको नाम शकुन्तला राखियो। यिनको पालनपोषण कण्वले नै गरे। कण्वको आश्रम नन्दप्रयागमा थियो। ३.एक मन्त्रद्रष्टा ऋषि/ याज्ञवल्क्यका शिष्य/शुक्लयजुर्वेदका १०१ शाखाका प्रवर्तक पन्ध्र ऋषिमध्ये एक ४.ब्रह्माका यज्ञका एक ऋत्विक् ५.श्रीकृष्णका समकालिक एक ऋषि ६.तीर्थ विशेष। बदरीनाथबाट फर्कदा श्रीनगरबाट कोटद्वार ५९ माइल पर छ। त्यहाँबाट ६ माइल पर मालिनी नदीको तटमा यो तीर्थ छ। यसै स्थलमा शकुन्तलाले दुष्यन्तपुत्र भरतलाई जन्म दिएकी थिइन्। यहाँबाट अढाइ माइल पर त्रिवेणी तटमा वसिष्ठ र गौतमको तपस्थली छ। (तीर्थाङ्क,कल्याण)

कतः (पुं.) तेह्र परम धार्मिक कौशिक ऋषिमध्ये एक ऋषि।

कतकः (पुं.) [*कस्य जलस्य तकः, हासः प्रकाशो यस्मात् सः*] वृक्षविशेष।

कतमः (पुं.) [*एषामयं कः, वा बहूनां जातिपरिप्रश्ने डतमच् ५.३.९३ इति डतमच्, टिलोपः*] यीमध्ये कुनचाहिँ।

कतरः (पुं.) [*अनयोः कः, किं यत्तदोर्निर्धारणे द्वयोरेकस्य डतरच् ५.३.९२ इति डतरच्, टिलोपः*] १.यी दुईमा कुनचाहिँ। २.[*किमोऽस्मिन् विषये डतरजपि (वा.) ५.३.९२ इति डतरच्*] धेरैमा कुनचाहिँ।

देवः पतिर्विदुषि ! नैषधराजगत्या
निर्णीयते न किमु न व्रियते भवत्या।
नायं नलः खलु तवातिमहानलाभो
यद्येनमुज्झसि वरः कतरः परस्ते॥ (नैष. १३.३४)

कति (अव्य.) [*का सङ्ख्या परिमाणमेषाम्, किमः सङ्ख्या परिमाणे डति च ५.२.४१ इति डतिः, डित्वाट्टिलोपः*] १.कुन सङ्ख्या बराबर परिमाण भएको २.अमूर्त (समय, दूरी इ.) र मूर्त (गनिने, जोखिने, भरिने इ.) वस्तुको परिमाण मात्रा, सङ्ख्या आदिको प्रश्न बुझाउन प्रयोग हुने शब्द ३.कुनै गुण, भाव, कार्य वा प्रक्रियाको हद, सीमा स्वभाव आदि जान्नका लागि प्रश्न गर्दा प्रयोग गरिने शब्द।

कतिः (पुं.) शालावती र विश्वामित्रका एक औरसपुत्र/कात्यायन वंशका प्रवर्तक मुनि।

कतिथः (पुं.वि.) [*कतीनां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, षट्कतिकतिपयचतुरां थुक् ५.२.५१ इति थुक्*] कतियौं।

कतिपयः (पुं.वि.) जम्मै नभई केही/कुनै।

अहमिह कृतविद्यो वेदिता सत्कलानां
धनपतिरहमेको रूपलावण्ययुक्तः।
इति कृतगुणगर्वो खिद्यते किं जनोऽयं
कतिपयदिनमध्ये सर्वमेतन्न किञ्चित्॥ (सुभा.)

कतिपयथः (पुं.वि.) [*कतिपयानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, षट्कतिकतिपयचतुरां थुक् ५.२.५१ इति थुक्*] कतिपयौं।

कतिपयरात्रम् (नपुं.) [*कतिपया रात्र्यः, विशेषणसमासः, अहः सर्वैकदेश इति समासान्तोऽच्, सङ्ख्यापूर्वं रात्रं क्लीबम् इति नपुंसकत्वम्*] केही रात।

कत्तृणम् (नपुं.) [*कुत्सितं तृणम्, तृणे च जातौ ६.३.१०३ इति कोः कदादेशः*] १.रोहित नामक बास्ना आउने घाँस २.कुहेको झार ३.जमिनको उर्वरा शक्ति नाश गर्ने झार।

कत्थ (धा.) [*श्लाघायाम्, भ्वा. सक.सेट् आत्म.*] नचाहिँदो प्रशंसा गर्नु, स्तुति गर्नु। लट्– **कत्थते–** नचाहिँदो प्रशंसा गर्छ। लिट्– **चकत्थे–** नचाहिँदो प्रशंसा गरेछ (अन.)। लुट्– **कत्थिता–** नचाहिँदो प्रशंसा गर्ने छ (अन.)। लृट्– **कत्थिष्यते–** नचाहिँदो प्रशंसा गर्नेछ। लोट्– **कत्थताम्–** नचाहिँदो प्रशंसा गरोस्। लङ्– **अकत्थत–** नचाहिँदो प्रशंसा गऱ्यो (अन.)। विधिलिङ्– **कत्थेत–** नचाहिँदो प्रशंसा गर्ला, नचाहिँदो प्रशंसा गरोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्लिङ्— **कत्थिषीष्ट—** नचाहिँदो प्रशंसा गरोस्। लुङ्— **अकत्थिष्ट—** नचाहिँदो प्रशंसा गऱ्यो। लृङ्— **अकत्थिष्यत—** नचाहिँदो प्रशंसा गर्ने थियो। कर्मणि— **कत्थ्यते—** नचाहिँदो प्रशंसा गरिन्छ। णिचि— **कत्थयते—** नचाहिँदो प्रशंसा गराउँछ। सनि— **चिकत्थिषते—** नचाहिँदो प्रशंसा गर्न चाहन्छ। कृदन्ते— **कत्थितव्यम्, कत्थनीयम्, कत्थ्यम्—** नचाहिँदो प्रशंसा गर्नु पर्ने। **कत्थितः—** नचाहिँदो प्रशंसा गरेको। **कत्थमानः—** नचाहिँदो प्रशंसा गरिरहेको। **कत्थितुम्—** नचाहिँदो प्रशंसा गर्न। **कत्थित्वा, विकत्थ्य—** नचाहिँदो प्रशंसा गरेर। **कत्थकः, कत्थिक., कत्थिता-त्री—** नचाहिँदो प्रशंसा गर्ने। **कत्था, कत्थना—** नचाहिँदो प्रशंसा इत्यादि।

कत्थनम् (नपुं.) [*कत्थ श्लाघायाम् इति धातोः निष्ठायां क्तः*] आत्मप्रशंसा गर्नु।

कत्थनं तदुपाकर्ण्य पौण्ड्रकस्याल्पमेधसः।
उग्रसेनादयः सभ्या उच्चकैर्जहसुस्तदा॥ (भाग.१०.६६.७)

कत्र (धा.) [*शैथिल्ये, अक.सेट्, उभ.*] खुकुलो गर्नु, छोड्नु, मुक्त गर्नु, गलित हुनु। लट्— **कत्रयति-ते—** शिथिल पार्छ, छोड्छ। लिट्— **कत्रयाञ्चकार-चक्रे—** शिथिल पारेछ, छोडेछ (अन.)। लुट्— **कत्रयिता—** शिथिल पार्ने छ, छोड्ने छ (अन.)। लृट्— **कत्रयिष्यति-ते—** शिथिल पार्ने छ, छोड्ने छ। लोट्— **कत्रयतु-ताम्—** शिथिल पारोस्, छोडोस्। लङ्— **अकत्रयत्-त** शिथिल पाऱ्यो, छोड्यो (अन.)। विधिलिङ्— **कत्रयेत्-त—** शिथिल पार्ला, छोड्ला, शिथिल पारोस्, छोडोस्। आशीर्लिङ्— **कत्र्यात्-कत्रयिषीष्ट—** शिथिल पारोस्, छोडोस्। लुङ्— **अचकत्रत्-त—** शिथिल पाऱ्यो, छोड्यो। लृङ्— **अकत्रयिष्यत्-त—** शिथिल पार्ने थियो, छोड्ने थियो। कर्मणि— **कत्र्यते—** शिथिल पारिन्छ, छोडिन्छ। कृदन्ते— **कत्रक.कत्रिका.कत्रयिता-त्री—** शिथिल पार्ने, छोड्ने। **कत्रितः—** शिथिल पारेको, छोडेको। **कत्रयितव्यम्. कत्रणीयम्. कत्र्यम्—** शिथिल पार्नुपर्ने, छोड्नुपर्ने। **कत्रयितुम्—** शिथिल पार्न, छोड्न। **कत्रयित्वा, संकत्र्य—** शिथिल पारेर, छोडेर इत्यादि।

कथ (धा.) [*वाक्यप्रबन्धे, चुरा.सक.सेट्, उभ.*] भन्नु, व्याख्या गर्नु। लट्— **कथयति-ते—** भन्छ, व्याख्या गर्छ। लिट्— **कथयाञ्चकार-चक्रे —** भनेछ, व्याख्या गरेछ (अन.)। लुट्— **कथयिता—** भन्ने छ, व्याख्या गर्ने छ (अन.)। लृट्— **कथयिष्यति-ते—** भन्ने छ, व्याख्या गर्ने छ। लोट्— **कथयतु-ताम्—** भनोस्, व्याख्या गरोस्। लङ्— **अकथयत्-त—** भन्यो, व्याख्या गऱ्यो (अन.)। विधिलिङ्— **कथयेत्-त—** भन्ला, व्याख्या गर्ला, भनोस्, व्याख्या गरोस्। आशीर्लिङ्— **कथ्यात्-कथयिषीष्ट—** भनोस्, व्याख्या गरोस्। लुङ्— **अचकथत्—** भन्यो, व्याख्या गऱ्यो। लृङ्— **अकथयिष्यत्-त—** भन्ने थियो, व्याख्या गर्ने थियो। कृदन्ते— **कथक, कथिका, कथयिता-त्री—** भन्ने, व्याख्या गर्ने। **कथितः, कथितवान्—** भनेको, व्याख्या गरेको। **कथयितव्यम्, कथनीयम्. कथ्यम्—** भन्नुपर्ने। **कथयितुम्—** भन्न, व्याख्या गर्न। **कथयित्वा, प्रकथ्य—** भनेर, व्याख्या गरेर। **कथा/कथनम्—** भन्ने काम, व्याख्या गर्ने काम इत्यादि।

कथकः (पुं.) [*कथयति कथ वाक्यप्रबन्धे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.तत्त्वनिर्णयका लागि वादरूप कथा रच्ने व्यक्ति २.कथा भनेर जीविका चलाउने व्यक्ति ३.(पुं.वि.) नाटकको वर्णन गर्ने।

कथङ्कारम् (अव्य.) [*केन प्रकारेण कथम्, डुकृञ् करणे इति धातोः, अन्यथैवंकथमित्थंसु सिद्धाप्रयोगश्चेत् ३.४.२७ इति णमुल्*] कसरी/कुन रीतिले।

अकृत्वा हेलया पादमुच्चैर्मूर्धसु विद्विषाम्।
कथङ्कारमनालम्बा कीर्तिर्द्यामधिरोहति॥ (शि.व.)

कथञ्चन (अव्य.) [*केनापि प्रकारेण*] कुनै पनि प्रकारले/कुनै पनि हालतमा।

न पुत्रायत्तमैश्वर्यं कुर्यादार्यः कथञ्चन।
पुत्रार्पितप्रभुत्वेन धृतराष्ट्रस्तृणोपमः॥ (सुभा.)

कथञ्चित् (अव्य.) [*कथम् चित्*] कुनै किसिमले/कुनै कारणले।

लेखनी पुस्तकं रामा परहस्तं गता गता।
कथञ्चित् पुनरायाता नष्ट्य भ्रष्ट्य च चुम्बिता॥ (सुभा.)

कथनम् (नपुं.) [*कथ्यते इति, कथ वाक्यप्रबन्धे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उक्ति/भनाइ।

मिथ्याक्रयकथनं कूटतुलामानम् (पञ्चत.)।

कथनीयः (पुं.वि.) [*कथयितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] भन्नु पर्ने वा सकिने/कथ्य।

कथनोपकथनम् (नपुं.) [*कथनञ्च तदुपकथनञ्च, कृतापकृतादीना मुपसङ्ख्यानम् (वा.)इति समासः*] संवाद/कथोपकथन।

कथम् (अव्य.) [*केन प्रकारेण, किमश्च ५.३.२५ इति थमुः, किमः कः ७.२.१०३ इति कः*] कसरी/कुन किसिमले।

चर्मखण्डं द्विधा भिन्नमपानोद्गारधूपितम्।
ये रमन्ते नरास्तत्र कृमितुल्याः कथं न ते॥ (सुभा.)

~कदाचित् (अव्य.) केहीगरी/क्यैगरी।

कथमपि (अव्य.) [*कथम् अपि*] कुनै पनि किसिमले/जसरी पनि/कुनै हालतमा पनि।

कथम्भूतः (पुं.वि.) [*कं प्रकारं भूतः, द्वितीयान्तादपि थमुः, भू सत्तायाम् इति धातोः, क्तः*] कसरी भएको।

भागीरथी कथम्भूता कामिनी प्राह किं प्रियम्।
एकमेवोत्तरं देहि शास्त्रलौकिकभाषया॥ (सुभा.)

कथयिता (पुं.) [*कथयतीति, ण्वुल्तृचौ इति तृच्*] १.कथ्ने २.वक्ता।

कथा (स्त्री.) [*कथनम्, कथ वाक्यप्रबन्धे इति धातोः, चिन्तिपूजि-कथिकुम्बिचर्चश्च ३.३.१०५ इति अङ्, ततष्टाप् ४.१.४*] १.प्रबन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पना २.जीवन र जगत्को एक पक्षलाई चित्रण गर्ने गद्यमा लेखिएको आख्यानात्मक छोटो रचना ।

प्रबन्धकल्पनां स्तोकसत्यां कथां विदुः ।
परम्पराश्रया या स्यात्सा मताख्यायिका क्वचित् ॥
(कोलाहलाचार्य)

३.वार्ता/वृतान्त । **अभितप्तमयोऽपि मार्दवं भजते कैव कथा शरीरिषु** (रघु.) ४.विवरण ।

सनत्कुमारो भगवान् पुरा कथितवान् कथाम् ।
भविष्यं विदुषां मध्ये तव पुत्रसमुद्भवम् ॥ (रामा.)

~अवशेषः (पुं.) [*कथाया अवशेषः, ष.त.*] १.कथाको बाँकी भाग २.[*कथाया अवशेष एवात्र*] मृत्यु । **~छलम्–** (नपुं.) [*कथायाः छलम्, ष.त.*] कल्पित कथा । **कथाछलेन बालानां नीतिस्तदिह कथ्यते** (हितो.) । **~प्रबन्धः** (पुं.) [*कथायाः प्रबन्धः, ष.त.*] कथा/कहानी । **~प्रसङ्गः** (पुं.) [*कथायाः प्रसङ्गः, ष.त.*] कथाको प्रसङ्ग/कुराको सिलसिला । **कथाप्रसङ्गेन जनैरुदाहृतात्** (किरा.) ।**~मुखम्** (नपुं.) [*कथायाः मुखम्, ष.त.*] कथाको प्रारम्भिक भाग । **~योगः** (पुं.) [*कथायाः योगः, ष.त.*] कुराकानीको सिलसिला । **~शेषः** (पुं.) [*कथायाः शेषः, ष.त.*]अवशिष्ट कथा २.[*कथैव शेषो यत्र,बहु.स.*] मृत्यु ।**~साम्यम्** (नपुं.) [*कथायाःसाम्यम्, ष.त.*] कथाको मिल्दोजुल्दोपना ।

कथाकथनम् (नपुं.) [*कथायाः कथनम्, ष.त.*] कथा भन्ने काम/कथा बाच्ने काम ।

कथाकाव्यम् (नपुं.) [*कथ्यते इति कथा, कथाप्रधानं काव्यम्*] आख्यानप्रधान काव्य । यसमा एउटा मुख्य कथा हुन्छ भने अरू त्यसभित्र आबद्ध रहेका थुप्रै कथा हुन्छन्, यिनीहरू आफैँमा पूर्ण हुन्छन् । पञ्चतन्त्र, हितोपदेश आदिका कथाहरू कथाकाव्य हुन् । कथामा गद्य तथा पद्य दुवैको प्रयोग हुन्छ । यसका परिकथा, खण्डकथा आदि अनेक भेद छन् । (हेम.) आख्यायिका र कथा पनि कथाकाव्यकै भेद हुन् ।

कथानायकः (पुं.वि.) [*कथाया नायकः, ष.त.*] कथाको प्रमुख पात्र/नायक ।

कथानुरागः (पुं.) [*कथायामनुरागः,स.त.*] कथा वा कुराकानीमा रुचि ।

कथामुखम् (नपुं.) [*कथायाः मुखमिव, ष.त.*] कथाको प्रारम्भिक भाग । जस्तै– **कादम्बरीकथामुखम्** ।

कथारम्भः (पुं.) [*कथाया आरम्भः,ष.त.*] कथाको थालनी ।

कथालिका (स्त्री.) कथामाथि कथा जोडिदै जाने आख्यानसाहित्य ।

कथावस्तु (नपुं.) [*कथायाः वस्तु, ष.त.*] नाटक, काव्य आदिमा प्रारम्भदेखि अन्त्यसम्म गएको कथानक । कथावस्तु दुई किसिमका हुन्छन्– आधिकारिक र प्रासङ्गिक । आधिकारिक कथावस्तु मूल नायकको चरित्रसँग सम्बद्ध हुन्छ । यो प्रबन्धको सुरुदेखि अन्त्यसम्म रहन्छ । प्रासङ्गिक कथावस्तु दुई किसिमको हुन्छ– बिचबाट सुरु भएर अन्त्यसम्म पुग्ने र बिचमै टुङ्गिने । पहिलो किसिमको प्रासङ्गिक कथावस्तुलाई पताका भनिन्छ भने दोस्रो किसिमको अर्थात् बिचबाट प्रारम्भ भएर बिचैमा टुङ्गिने कथावस्तुलाई प्रकरी भनिन्छ ।

कथावार्ता (स्त्री.) दुइजना वा सोभन्दा बढी व्यक्तिका बिचमा भएको प्रायः औपचारिक कुराकानी ।

कथाविच्छेदवक्रता (स्त्री.) [*कथाविच्छेदगता वक्रता, म.प.स.*] प्रबन्धवक्रताको तेस्रो नियामक वक्रता ।

कथासरित्सागरः (पुं.) [*कथा एव सरितः, तासां सागर इव*] बृहत्कथाबाट छानिएका प्रसिद्ध कथाहरूको सङ्कलन । यसका सङ्कलनकर्ता बाह्रौँ शताब्दीका काश्मीर निवासी सोमदेव भट्ट हुन् ।

कथासाम्यवक्रता (स्त्री.) [*कथासाम्यगता वक्रता, म.प.स.*] प्रबन्धवक्रताको छैटौँ नियामक वक्रता ।

कथितः (पुं.वि.) [*कथ्यते स्म, कथ वाक्यप्रबन्धे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भनिएको ।

माधुर्यं प्रमदाजनेषु ललितं दाक्षिण्यमार्ये जने
शौर्यं शत्रुषु नम्रता गुरुजने धर्मिष्ठता साधुषु ।
मर्मज्ञेष्वनुवर्तनं बहुविधं मानं जने पण्डिते
शाठ्यं पापिजने नरस्य कथिताः पर्यन्तमष्टौ गुणाः ॥ (सुभा.)

कथितपदता (स्त्री.) [*कथितं पूर्वोक्तमेव पदं प्रयुज्यते यत्र, तस्य भावस्तत्ता*] पहिले भनेको पदलाई दोहोऱ्याएर प्रयोग गर्दा काव्यमा पर्न जाने एक दोष । एकपटक नाम पद आएपछि सर्वनाम शब्दको प्रयोग गर्नुपर्नेमा त्यसो नगरी नामपद दोहोऱ्याउँदा पर्न जाने दोष ।जस्तै– **जक्षुर्विसंधृतविकासिविसप्रसूनाः** । यस वाक्यमा पछिल्लो विस शब्दको सट्टा तत् शब्दको प्रयोग भएमा यो दोष पर्ने थिएन । यो अनित्य दोष हो ।

कथितम् (नपुं.) [*कथनम्, कथ वाक्यप्रबन्धे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] भनाइ ।

पुनः प्रभातं पुनरेव शर्वरी
पुनः शशाङ्कः पुनरुद्यतो रविः ।
कालस्य किं गच्छति याति यौवनं
तथापि लोकः कथितं न बुध्यते ॥ (सुभा.)

कथोद्घातः (पुं.) [*कथायाः उद्घातः*] रूपकमा आउने प्रस्तावनाको एक भेद । यसमा सूत्रधारको वाक्य अथवा त्यसको अर्थलाई लिएर मञ्चमा पात्रको प्रवेश हुन्छ ।

कथ्यः (पुं.वि.) [*कथयितुं योग्यः*] १.भनिने २.भन्नुपर्ने **~भाषा** (स्त्री.) [*कथ्या चासौ भाषा च, कर्म.स.*] बोलीचालीको भाषा ।

कदकः (पुं.) चँदुवा । **उल्लोचो वितानं कदकोऽपि च । चन्द्रोदयः** (अभि.चि.) ।

कदध्वा (पुं.) [*कुत्सितोऽध्वा, कुगतिप्रादयः ३.२.१८ इति समासः, कोः कत्तत्पुरुषेऽचि ६.३.१०१ इति कदादेशः*] खराब बाटो/नराम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाटो/कुमार्ग। **व्यध्वो दुरध्वः कदध्वा विपथं कापथं च सः** (अभि.चि.)।

कदनम् (नपुं.) १.[*कदयति दुःखम्, वैक्लव्यं वा प्राप्नोत्यनेन, कद वैक्लव्ये इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] पाप २.[*कद वैक्लव्ये इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] मारण/मर्दन। **क्रोधेन कदनं चक्रे वानराणां युयुत्सताम्** (रामा.) ३.[*कद्यते आहन्यते विह्वलीक्रियते निहन्यते वा यत्र, कद वैक्लव्ये इति धातोः, णिचि करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१*] युद्ध/लडाइँ।

कदन्नम् (नपुं.) [*कुत्सितमन्नम्, प्रादिस.*] १.खराब अन्न/कुअन्न। २.कोदो।

आत्माधीनशरीराणां स्वपतां निद्रया स्वया।
कदन्नमपि मर्त्यानाममृतत्त्वाय कल्पते॥ (शा.प.)

कदम्बः (पुं.) [*कद्यते दर्शनाद् विरहिणो श्चित्त वैक्लव्यं जायते इति कदि आह्वाने रोदने च इति धातोः, कृकदिकडिकटिभ्योऽम्बच् (उ) ५३१ इति अम्बच्*] १.कदमको रुख २.सर्स्यूं ३.ध्रुवको वरिपरि रहेको वृत्त। **कदम्बं निकुरम्बे स्यान्नीपसर्षपयोः पुमान्** (मेदिनी.)।

(कदम्बः)

कदम्बकः (पुं.) [*कन्दतीति, कन्दयति वा, कदि हिंसायाम् इति धातोः, कदि आह्वाने रोदने च इति धातोर्वा, कृकदिकडिकटिभ्योऽम्बच् (उ.) ५३१ इत्यम्बच्, अनित्यत्वान्न नुम्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] सर्स्यूं।

कदम्बकम् (नपुं.) [*कुत्सितमम्बते, अम्ब्यते वा, अबि शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कोः कत्तत्पुरुषेऽचि ६.३.१०१ इति कदादेशः*] १.समूह २.ध्रुव वरिपरिको वृत्त।

कदम्बगोलकन्यायः (पुं.) [*कदम्बपुष्पस्य गोलके यथा सर्वावयवेषु युगपत्पुष्पाणामुत्पत्तिः, तादृशे एकदोत्पत्तौ दृष्टान्तभेदे*] कदम्बको फलमा जसरी एकै पटक सबैतिर फूलको उत्पत्ति हुन्छ, त्यसरी नै सबैतिर एकैचोटी कार्यको प्रारम्भ हुँदा दिइने दृष्टान्त।

कदम्बम् (नपुं.) १.[*कन्दति कन्दयति वा, कदि हिंसायाम्, कदि आह्वाने रोदने च इति वा कृकदिकडिकटिभ्योऽम्बच् (उ.) ५३१ इति अम्बच्*] समूह।

कदरः (पुं.) [*दृ विदारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कस्य जलस्य दरः, ष.त.*] १.सेतो खयर २.रोगविशेष ३.आरा, करौती आदि काठ चिर्ने हतियार। **कदरः श्वेतखदिरे क्रकचव्याधिभेदयोः** (मेदिनी.)।

कदर्थितः (पुं.वि.) [*कुत्सितोऽर्थः,तत्क्रियते इति, कर्मणि क्तः*] दूषित।

कदर्यः (पुं.) [*कुत्सितोऽर्यः, कुगतिप्रादयः २.२.१८ इति समासः, कोः कत्तत्पुरुषेऽचि ६.३.१०१ इति कदादेशः*] १.कन्जुस/पैसा भएर पनि चाहिदो काममा खर्च गर्न नसक्ने।

वीणेव श्रोत्रहीनस्य लोलाक्षीव विचक्षुषः।
व्यसोः कुसुममालेव श्रीः कदर्यस्य निष्फला॥ (सुभा.)

२.तुच्छ/नीच।

कदलः (पुं.) [*किम् शब्दात् अलच्प्रत्ययः, को कदादेशः*] १.आँपको वृक्ष २.पृश्निलता ३.सिमलको वृक्ष।

कदली (स्त्री.) [*काय दल्यते त्वगस्याः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, अथवा केन वायुना दल्यते प्रसार्यते वा दल विसरणे इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, ङीष्, यद्वा कन्दति आह्वयति भृङ्गादीनिति, कन्दधातोः, बाहुलकात् लङ्गेर्वृद्धिश्च (उ.) ११३ इति कलः, बाहुलकात् धातोर्नलोपः*] १.केराको बोट २.पताका ३.मृगविशेष। **रम्भावृक्षेऽथ कदली पताकामृगभेदयोः** (मेदिनी.)। **~कुसुमम्** (नपुं.) [*कदल्याः कुसुमम्, ष.त.*] केराको फूल। **~दलम्** (नपुं.) [*कदल्याः दलम्, ष.त.*] केराको पात। **~फलम्** (नपुं.) [*कदल्याः फलम्, ष.त.*] केराको फल। **~स्तम्भः** (पुं.) [*कदल्याः स्तम्भः, ष.त.*] केराको थाम। **~पत्रम्** (नपुं.) [*कदल्याः पत्रम्, ष.त.*] केराको पात

कदा (अव्य.) [*कस्मिन् काले, सर्वैकान्यकिंयत्तदः काले दा ५.३.१५ इति दा*] कहिले/कुन समयमा।

व्रजन्ति पद्मानि कदा विकासं प्रियागते भर्तरि किं करोति।
रात्रौ च नित्यं विरहाकुला का सूर्योदये रोदिति चक्रवाकी॥
(सुभा.)

कदाकारः (पुं.वि.) [*कुत्सितः आकारो यस्य सः, बहु.स., कोः कदा देशः*] १.कुरूप २.भद्दा।

कदाचन (अव्य.) [*कदा च चन च, अनयोः समाहारः, मुग्धबोधमते चनप्रत्ययान्तोऽयं शब्दः*] कुनै वखत/कुनै समयमा पनि।

परापकारनिरतैर्दुर्जनैः सह सङ्गतिः।
वदामि भवतस्तत्त्वं न विधेया कदाचन॥ (सुभा.)

कदाचारः (पुं.) १.[*कुत्सित आचारः, गतिस.*] खराब चालचलन/दुराचार २.(पुं.वि.) [*कुत्सितः आचारो यस्य सः, बहु.स.*] खराब आचरण भएको।

कदाचित् (अव्य.) [*कदा च चिच्च, अनयोः समाहारः, मुग्धबोधमते चित्प्रत्ययः*] १.कहिलेकाहीँ/कुनै समयमा। **कदाचिज्जातु** (अमर.) २.कहिल्यै पनि।

कदचिदात्मा न मृतो न जायते न क्षीयते नापि विवर्धतेऽनवः।
निरस्तसर्वातिशयः सुखात्मकः स्वयम्प्रभः सर्वगतोऽयमद्वयः॥
(रामगीता)

कदापि (अव्य.) [*कदा अपि, दीर्घः*] कहिल्यै पनि/केही गरे पनि। **कदापि सत्पुरुषाः शोकवास्तव्या न भवन्ति** (अभि.शा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदि (धा.) [*वैकल्ये, अक. सेट् आत्म., घटादिः*] हड्बडाउनु, दुःखी हुनु। लट्– **कन्दते–** हड्बडाउँछ, दुःखी हुन्छ इत्यादि।

कदुष्णम् (नपुं.) [*ईषदुष्णम्, कुत्सितमुष्णं वा, ईषदर्थे च ६.३.१०५ इति कदादेशः*] १.अलि-अलि तातो २.अलि-अलि तातो हुने पदार्थ।

कद्रुः (पुं.वि.) [*कन्दति, कदि आह्वाने रोदने च इति धातोः, मृगय्वादित्वात् साधुः, यद्वा कबतेऽसौ, जत्वादयश्च (उ.) ५२२ इति बाहुलकाद् रुः, बस्य दः*] पहेँलो/सुनजस्तो पहेँलो वर्णको

कद्रूः (स्त्री.) [*कन्दति, कदि आह्वाने रोदने च, मृगय्वादित्वात् साधुः, ततो स्त्रियामूङ्*] नागकी आमा/कश्यपकी पत्नी/दक्षप्रजापतिकी एक छोरी।

रोहिण्यां जज्ञिरे गावो गन्धर्व्यां वाजिनस्तथा।
सुरसाऽजनयन्नागान् कद्रूश्च पन्नगान् तथा॥ (रामा.)

~पुत्रः (पुं.) [*कद्र्वाः पुत्रः, ष.त.*] कद्रूको छोरो/सर्प। यस्तै कद्रूसुतः आदि।

कद्वदः (पुं.वि.) [*कुत्सितं वदतीति, वद व्यक्तायां वाचि, इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, रथवदयोश्च ६.३.१०२ इति कोः कदादेशः*] १.रुखो बोली भएको २.अपशब्दको बढी प्रयोग गर्ने/गाली बेइज्जती बोल्ने।

सर्वत्र दयिताधीनं सुव्यक्तं रामणीयकम्।
येन जातं प्रियाप्राये कद्वदं हंसकोकिलम्॥ (भट्टि.)

कन (धा.) [*प्रीतौ दीप्तौ च, अक. गतौ*] १.प्रेम गर्नु २.चम्कनु ३.हिंड्नु। लट्– **कनति–** प्रेम गर्छ, चम्कन्छ, हिंड्छ। इत्यादि।

कनकः (पुं.) [*कनति दीप्यते इति, कनी दीप्तौ इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.(पुं.) पलाश वृक्ष २.धतुरो। **कपालं मानुषं गृह्य कनकस्य फलानि च** (म.भा.) ३.चाँपको वृक्ष ४.शङ्कर। **उपकारप्रियः सर्वः कनकः काञ्चनच्छविः** (म.भा.) ५.यदुवंशी दुर्दमको छोरो। **दुर्दमस्य सुतो धीमान् कनको नाम नामतः** (ह.वं.)।

कनकम् (नपुं.) [*कनति दीप्यते इति, कनी दीप्तौ इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] सुवर्ण/सुन **~अचलः** (पुं.) [*कनकस्य अचलः, ष.त.*] सुमेरु पर्वत/सुनको पर्वत। **~क्षारः** (पुं.) [*कनकस्य तद्द्रावणाय क्षारः, ष.त.*] सोहाग। **~छत्रः** (पुं.वि.) १.[*कनकदण्डं छत्रमस्य, बहु.स.*] सुनको छाता लिने २.(नपुं.) [*कनकदण्डयुक्तं छत्रम्, म.प.स.*] सुनको डाँठ भएको छाता/राजछत्र। **~पत्रम्** (नपुं.) [*कनकस्य पत्रम्, ष.त.*] प्राचीन राजाहरूले शासन व्यवस्था र अन्य कामका लागि लेखेको वा लेखाएको सुनको पाता। **~प्रसवा** (स्त्री.) [*कनकस्येव प्रसवो यस्याः सा, बहु.स.*] स्वर्णकेतकी/पहेँलो फूल फुल्ने केतकी। **~भूषणम्** (नपुं.) [*कनकस्य भूषणम्, ष.त.*] सुनका गहना। प्राचीनकालमा लगाइने सुनका गहनाहरू– **शिरका गहना–** गर्भकम्, ललामकम्, बाल्यपाशः, परितथ्यः, हंसः, तिलकः, दण्डकः चूडामण्डनः, चूडिका, लम्बनः। **पाउको गहना–**पादचूडः, पादकटकम्, पद्मकिङ्किणी, पादकण्टकम्, मुद्रिका। **कानको गहना–** मुक्ताकण्ठकः, द्विराजिकम् त्रिराजिकम्, स्वर्णमध्यः, भूरिमण्डलम्, कुन्तलम्, कर्णपूरः, कर्णिका, शृङ्खला, कर्णेन्दुः। **निधारको गहना–** ललाटिका। **घाँटीको गहना–** ललन्तिका, प्रालम्बिका, उरःसूत्रिका, मुक्तावली, देवच्छन्दः, गुच्छ,ः गुच्छार्द्धः गोस्तनः अर्द्धहारः, मानवकः, एकावली, नक्षत्रमाला, सरिका, बज्रङ्कलिका। **छातीको गहना–** पदकः बन्धुकः। **पाखुराको गहना–** केयूरम्, अङ्गदम्, पंचका, कटकम्, वलयः, कङ्कणम्। **औँलाको गहना–** द्विहीरकम्, वज्रः रविमण्डलम्, नन्द्यावर्तः, नवरत्नम्, वज्रवेष्टितः विहीरकम् शक्तिमुद्रिका, अङ्गुलिमुद्रिका, मुद्रा, मुद्रिका। **कमरका गहना–** काञ्ची, मेखला, रसना, शृङ्खला। आदि (रत्नरहस्य)।

कनकमयः (पु.वि.) [*कनकेन निर्वृत्तम्, मयट् च ४.३.८२ इति मयट्*] १.सुनले बनेको २.[*प्रशस्तं कनकमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] प्रशस्त सुन भएको।

कनका (स्त्री.) [*कनति दीप्यते, कनी दीप्तौ इति धातोः, वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४*] आगाका सात जिभ्रामध्ये एक। **भवति हिरण्या कनका रक्ता कृष्णा सुप्रभा चान्या। अतिरक्ता बहुरूपेति सप्त सप्तार्चिषो जिह्वाः** (हला.६८)।

कनकाध्यक्षः (पुं.) [*कनकस्याध्यक्षः, ष.त.*] सुनविभागको अध्यक्ष।

कनकालुका (स्त्री.) [*कनकस्यालुः, संज्ञायां कन् ५.३.७५ अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] सुनको झारी। (हला ३१५)

कनकाह्वयः (पुं.) [*कनकमाह्वयो यस्य सः, बहु.स.*] १.धतुरो २.चाँप ३.कालीय नाग ४.पलास ५.नागकेसर।

कनकं हेम्नि पुंसि स्यात्किंशुके नागकेसरे।
धत्तूरे काञ्चनारे च कालीये चम्पकेऽपि च॥ (मेदिनी.)

कनखलः (पुं.) दक्षले यज्ञ गरेको स्थल। (लि.पु) यहाँ नीलधारा र गङ्गाको एक धारा मिसिएको छ। यो सङ्गम स्नानका लागि पुण्यदायी मानिन्छ।

कनिष्ठः (पुं.वि.) [*अयमतिशयेन अल्पो युवा वा, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, युवाल्पयोः कनन्यतरस्याम् ५.३.६४ इति कन्*] १.कान्छो/सबैभन्दा सानो। **पुनः कनिष्ठो ज्येष्ठायां कनिष्ठायाञ्च पूर्वजः।** (मनु.) २.तल्लो खालको।

उत्तमं स्वार्जितं भुक्तं मध्यमं पितुरर्जितम्।
कनिष्ठं भ्रातृवित्तञ्च स्त्रीवित्तन्त्वधमाधमम्॥ (सुभा.)

३.(पुं.) देवताको एक गण ४.शिव। **कनिष्ठः कृष्णपिङ्गलः** (म.भा.) **~पिता** (पुं.) [*कनिष्ठश्चासौ पिता च, कर्म.स.*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्छा बुबा/काका। **~पुत्रः** (पुं.) [*कनिष्ठश्चासौ पुत्रश्च, कर्म.स.*] कान्छो छोरो। **~भगिनी** (स्त्री.) [*कनिष्ठा चासौ भगिनी च, कर्म.स.*] कान्छी बहिनी **~भ्राता** (पुं.) [*कनिष्ठश्चासौ भ्राता च, कर्म.स.*] कान्छो भाइ। **~माता** (स्त्री.) [*कनिष्ठा चासौ माता च, कर्म.स.*] कान्छी आमा/काकी।

कनिष्ठा (स्त्री.) [*अशियेन अल्पा, अतिशायने तमबिष्ठनौ ५.३.५५ इतीष्ठन्, युवाल्पयोः कनन्यतरस्याम् ५.३.६४ इति कन्, टाप्*] १.कान्छी औंलो। **कनिष्ठोऽल्पेऽनुजे यूनि कनिष्ठा त्वन्तिमाङ्गुलौ** (हैम.) २.पतिले कम प्रेम गरेकी नायिका ३.सबैभन्दा सानी ४.कान्छी।

कनिष्ठिका (स्त्री.) [*कनिष्ठा एव, कनिष्ठाशब्दात् स्वार्थे कन्, टाप् ४.१.४, इत्वम्*] कान्छी औँलो। **~अङ्गुलिः** (स्त्री.) [*कनिष्ठा चासौ अङ्गुलिश्च, कर्म.स.*] कान्छी औँलो (हला.५३६)।

कनी (धा.) [*दीप्तिकान्तिगतिषु, अक.सेट् पर.*] चम्कनु, प्रकाशित हुनु, नजिक जानु वा आउनु। लट्– **कनति–** चम्कन्छ, प्रकाशित हुन्छ, नजिक जान्छ वा आउँछ इत्यादि।

कनी (स्त्री.) [*कनति दीप्यते प्राप्यते वा, कन प्रीतौ दीप्तौ च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] छोरी/दुहिता।

कनीनिका (स्त्री.) [*कनतीति, कनी दीप्तौ इति धातोः, बाहुलकादीनः, स्वार्थे कन् (ज्ञापि.) ५.४.५, टाप् ४.१.४, इत्वम् ७.३.४४*] १.आँखाको नानी।

सकलापि कलाः कलावतां विकलाः पुण्यकलां विना खलु।
सकले नयने वृथा यथा तनुभाजां हि कनीनिकां विना॥

२.कान्छीऔंलो। **कनीनिका तारकेऽक्ष्णः स्यात्कनिष्ठाङ्गुलावपि** (मेदिनी.)।

कनीयान् (पुं.वि.) [*अयमनयोः अल्पो युवा वा, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, युवाल्पयोः कनन्यतरस्याम् ५.३.६४ इति कनादेशः*] दुईमा कान्छो वा तल्लो। **जघन्यजे यविष्ठः स्यात्कनिष्ठोऽवरजोऽनुजः। स यवीयान् कनीयांश्च** (अभि.चि.)।

कन्तुः (पुं.) [*काम्यति कामयन्ति यं कामयते येन सः, वा, कमु कान्तौ इति धातोः, अर्जिदृशिकम्यमिपशिबाधामृजिपंसि तुकधुक्दीर्घहकाराश्च (उ.) २७ इति सूत्रेण कुः, तुगागमश्च, मस्य परसवर्णः*] १.कामदेव २.चित्त, ३.(पुं.वि.) [*कमस्यास्तीति*] सुखी।

कन्था (स्त्री.) [*कम्यते इति, कमु कान्तौ इति धातोः, बाहुलकात् थन्, टाप्*] १.माटाले बनेको भित्तो २.थोत्रो कपडा/चिथरा/थाङ्नो। **कन्थामिव श्रीमपि कुत्सयन्तः कौपीनवन्तः खलु भाग्यवन्तः** (यतिपञ्चक)।

कन्दः (पुं./नपुं) [*कन्दति कन्दयति, जिह्वाया वैक्लव्यं जनयति, रोदयति वा भक्षयन्तं जनम्, कदि आह्वाने रोदने च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.वनस्पतिको जरामा मायमुनि विकसित हुने गोलाकार गानो (गिट्ठा, भ्यागुर आदि) अथवा लम्बाकार (तरुल, सखरखण्ड आदि) गानो। यो दुई किसिमको हुन्छ– खाद्य (तरुल, आलु आदि) र अखाद्य (गुदेरगानो, बाँको आदि) २.धान तथा मकैको जरा ३.गाजर ४.(पुं.) [*कम् जलं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ यति कः, आलोपः*] १.मेघ २.[*कन्दयति रोदयति*] योनिमा हुने रोगविशेष।

दिवास्वप्नादतिक्रोधाद् व्यायामादतिमैथुनात्।
क्षताच्च नखदन्ताद्यैर्वाताद्याः कुपिता यदा।
पूयशोणितसङ्काशं लकुचाकृतिसन्निभम्
उत्पद्यते च यद् योनौ नाम्ना कन्दस्तु योनिजः (भा.प्र.)।

३.प्रत्येक पाउमा क्रमशः चार यगण र एक गुरु वर्णको प्रयोग भएको छन्द। **~गडुची** (स्त्री.) [*कन्दोद्भवा गडुची*] गडुचीको एक भेद। **~मूलम्** (नपुं.) [*कन्दस्य मूलम्, ष.त.*] १.जरामा हुने गट्टा/तरुल, गिट्ठा, भ्याकुर आदि २.तराईतिर पाइने मादल वा मुलाको आकारको कमलो जरो। यसलाई काँचै खाइन्छ।

कन्दरः (पुं.) १.[*केन जलेन दीर्यत इति दॄ विदारणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] पहाडका पहराहुँदो ओत लाग्न मिल्ने किसिमले बनेको प्राकृतिक गुफा/ओडार/सुरुङ। **दरी स्यात् कन्दरः** (अभि.चि.) २.घरको आकार भएको पहाडको फेदीको भाग। ३.[*कं मातङ्गशिरो दीर्यतेऽनेन इति*] अङ्कुसे।

कन्दरा (स्त्री.) [*कं जलम्, तेन दीर्यते, ऋदोरप् ३.३.५७ इत्यप्, स्त्रियां टाप् ४.२.४*] गुफा। **गुहा पाषाणसन्धिः कन्दरं कन्दरा दली।** (हला.१६७)

कन्दरालः (पुं.) [*कन्दरां लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.ओखर २.काभ्राको वृक्ष। **कन्दरालः पुमान् गर्दभाण्डे प्लक्षतरावपि** (मेदिनी.)।

कन्दरी (स्त्री.) [*कन्दरशब्दात् ङीप्*] गुफा।

कन्दर्पः (पुं.) [*कमित्यव्ययं कुत्सायाम्, कम्– कुत्सितो दर्पो यस्मात् सः, बहु.स., यद्वा कं सुखम् तत्र तेन वा दृप्यति, उप.त., दृप हर्षमोहनयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कामदेव २.तेइस वर्णको पाउ भएको एक छन्द। **त्रयोविंशतिवर्णाङ्घ्रिर्ध्रुवः कन्दर्पसंज्ञकः। वीरे वा करुणे वा स्यात् खण्डताले विधीयते॥** (सं.दा.)

कन्दली (स्त्री.) [*कन्दे लीयत इति, लीङ् श्लेषणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा कन्दति, कदि आह्वाने इति धातोः, वृषादित्वात् (उ.) १०६ कलच्, गौरादित्वाद् ४.१.४१ ङीष्*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(कन्दली)

१.मृगविशेष २.ध्वजा ३.गुल्म ४.कमलको बीज ५.भुइँकेरा। **कन्दली तु मृगगुल्मप्रभेदयोः** (मेदिनी.) ६.महामुनि और्वकी कन्या (ब्र.वै.पु.)।

कन्दविषम् (नपुं.) [*कन्दजातं विषम्, म.प.स.*] सुश्रुतका मतमा कन्दविष तेह्र छन्– कालकूट, वत्सनाभ, सर्षप, पालक, कर्दमक, वैराटक, मुस्तक, शृङ्गिविष, प्रपौण्डरीक, मूलक, हालाहल, महाविष, कर्कटक।

कन्दुः (पुं.) [*स्कन्दति गच्छति, शुष्यति वा येन सः, स्कन्दिर् गतिशोषणयोः, इति धातोः, स्कन्दे: सलोपश्च (उ.) १४ इति उः, सकारस्य लोपश्च*] १.कराही २.खाना पकाउने प्राचीनकालको फलामको भाँडो ३.भकुन्डो।

कन्दुकः (पुं.नपुं.) [*कन्द्यते, कदि आह्वाने रोदने च इति धातोः, बाहुलकादुः, कं सुखं ददाति, दयते, द्यति, यच्छति, वा, मितद्रवादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.१८० इति डुः, स्वार्थे कन् (ज्ञापि. ५.४.५) क) शिरो दुनोति, दवति वा, टु दु उपतापे इति धातोः, प्राग्वत्*] १.गालामा राख्ने तकिया २.भकुन्डो। **सा कन्दुकैः कृत्रिमपुत्रकैश्च** (कु.सं.) ३.चार यगण र एक गुरुवर्णको प्रयोग भएको छन्द। **इदं कन्दुकं यत्र येभ्यश्चतुर्भ्यो गः** (छन्दो.)।

कन्दुपक्वम् (नपुं.) [*कन्दौ पक्वम्, स.त.*] तावामा भुटेको। **कन्दुपक्वानि तैलेन पायसं दधि सक्तवः। द्विजैरेतानि भोज्यानि शूद्रगेहकृतानि च॥** (कूर्म.पु.)

कन्धरः (पुं.) १.[*कम् शिरस्तस्य धरः, ष.त.*] घाँटी/ग्रीवा २.[*कम् जलम्, तस्य धरः*] मेघ ३.वृक्षविशेष।

कन्धरा (स्त्री.) [*कं शिरो धारयति, संज्ञायां भृतॄवृजि– ३.२.६४ इति खच्, खचि ह्रस्वः ६.४.९४ इति ह्रस्वः, यद्वा– धरति, धृञ् धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कस्य धरा, ष.त.*] घाँटी। **कन्धरा धमनिर्ग्रीवा शिरोधिश्च शिरोधरा** (अभि.चि.)।

कन्धिः (पुं.) [*कं शिरो धीयतेऽस्मिन्, डुधाञ् धारणपोषणयोः इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] काँध।

कन्नम् (नपुं.) [कन्यते प्राप्यते दुःखमनेन गत्यर्थकात् कन धातोः करणे क्तः] १.पाप २.मूर्च्छा ३.छारे रोग।

कन्यका (स्त्री.) [*अज्ञाता कन्या, अज्ञाते ५.३.७३ इति कः, टाप्, इत्वम्*] १.योगमाया २.[*अल्पा कन्या, अल्पे ५.३.८५ इति कन्, टाप्, इत्वनिषेधः*] सानी केटी ३.[*कन्या एव, स्वार्थे कन्, टाप्, क्षिपकादीनाञ्च न (वा.) इति इत्वनिषेधः*] दशवर्षसम्मकी कुमारी।

कन्यकेति मय्येषा कामुकीति स्मरन्निव।
प्रसूतिदिवसं कुन्त्याः प्रादिद्युतदहस्करः॥ (च.भा.)

कन्यकाजातः (पुं.वि.) [*कन्यकायाः जातः, प.त.*] १.कन्याबाट पैदा भएको २.(पुं.) कानीन।

(कन्या)

कन्या (स्त्री.) [*कन्यते दीप्यते काम्यते गच्छति वा, कनी दीप्तौ इति धातोः अघ्न्यादयश्च (उ.) ५६१ इति यगन्तो निपातः*] १.विवाह नभएकी केटी/अविवाहित केटी २.औषधिविशेष। **कन्दजा काञ्चनक्षीरकन्यानाम महौषधिः** (सुश्रुत.)। ३.मेष वृष आदि बाह्र राशिभित्र पर्ने छैटौँ राशि। यसमा उत्तरफाल्गुनीका द्वितीय–तृतीय र चतुर्थ पाउ, हस्ताका सबै पाउ, चित्राका प्रथम र द्वितीय पाउ पर्दछन्। सिंहराशिको दक्षिणपूर्वमा यसको क्षेत्र पर्दछ। यसको सीमा १५० अंशदेखि १८० अंश सम्म छ। यसको सबैभन्दा चहकिलो तारा चित्रा हो। यो सूर्यभन्दा ४०४ गुना तेजिलो छ। यो पृथ्वीबाट१२० प्रकाशवर्ष टाढा छ। यस राशिलाई २१ मई राती ९बजे याम्योत्तर रेखामा देख्न सकिन्छ। कन्याको आकार भएकाले यसलाई कन्या राशि भनिएको हो। (ब्र.ज्यो.र.) ४.दुर्गाको एक नाम। यिनको मन्दिर कन्याकुमारीमा छ। ५.अतिपवित्र नारी।

अहल्या द्रौपदी तारा कुन्ती मन्दोदरी तथा।
पञ्चकन्याः स्मरेन्नित्यं महापातकनाशनम्॥ (ब्रह्मा. ३.७.२१९) ६.तान्त्रिक चक्रपूजामा पवित्र मानिने नौ जातिका महिलाहरू– नटी, कापालिकी, वेश्या, धोबिनी, हजामकी स्त्री, ब्राह्मणी, शूद्रा, ग्वालिनी र मालिनी (तन्त्राभिधान) ७.विवाह नभएकी उमेर चढेकी लजालु परकीया नायिका। **कन्या त्वजातोपयमा सलज्जा नवयौवना**। (सा.द.) ८.अलैँची ९.घिउकुमारी १०.लग्नविशेष।

कन्यालग्नोद्भवो मर्त्यो नानाशस्त्रविशारदः।
सौभाग्यगुणसम्पन्नः सुन्दरः सुरतप्रियः॥ (कोष्ठीप्रदीप)

११.छोरी १२.प्रत्येक पाउमा क्रमशः एक गुरुवर्ण र मगणको प्रयोग भएको एक छन्द। **ग्मौ चेत्कन्या**। (छन्दो.)। **~कुब्जः** (पुं.) [*कन्याः कुब्जाः सन्ति यत्र सः, बहु.स.*] कान्यकुब्ज देश। **~तीर्थम्** (नपुं.) [*कन्या इति तीर्थम्, कर्म स.*] कन्या नाम गरेको तीर्थ। **कन्यातीर्थे नरः स्नात्वा गोसहस्त्रफलं लभेत्।** (म.भा.) **~दानम्** (नपुं.) [*कन्यायाः दानम्, ष.त.*] हातमा जौ, तिल, कुश र पानी लिएर अग्नि, वरुण आदि देवता र पुरोहितलाई साक्षी राखी मातापिताले छोरीलाई वरका हातमा सुम्पिने काम। **~धनम्** (नपुं.) [*कन्यायाः धनम्, ष.त.*] छोरीको दाइजो वा पेवापात।

कन्याकुमारी (स्त्री.) [*कन्या चासौ कुमारी च, कर्म.स.*] १.कन्याकेटी २.दक्षिण भारतको रामेश्वर नजिकै पर्ने एक तीर्थ/अन्तरीप। यो अरबसागर,हिन्दमहासागर र बङ्गालका खाडीको सङ्गमस्थल हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ कन्याकुमारीको मन्दिर छ। बङ्गालको खाडीको समुद्रमा सावित्री, गायत्री, सरस्वती, कन्याविनायक आदि तीर्थ छन्। कन्याकुमारी मन्दिरको दक्षिणतर्फ मातृतीर्थ, पितृतीर्थ र भीमातीर्थ रहेका छन्। पश्चिमतर्फ स्थाणुतीर्थ छ। समुद्रतटमा सुरक्षित स्नानघाटको व्यवस्था गरिएको छ। यहाँ एउटा सानो गणेशको मन्दिर पनि छ। समुद्रमा स्नान गरेपछि सर्वप्रथम यिनै गणेशको दर्शन गरेर तीर्थयात्रीहरू कुमारीको दर्शनार्थ मन्दिरभित्र प्रवेश गर्दछन्। कुमारीको दर्शन गर्न धेरै ढोका भित्र प्रवेश गर्नुपर्दछ। सुवर्ण, रजत, हीरा आदि रत्नले सिंगारिएको कन्याकुमारीको मूर्ति भव्य छ। उनको एक हातमा माला छ। ५१ शक्तिपीठमध्ये यो एक शक्तिपीठ हो। उत्तरतिर यिनकी सखी भद्रकालीको मन्दिर छ। मन्दिरमा अनेक देवीदेवताका मूर्तिहरू छन्। मन्दिरको उत्तरतर्फ पापविनाशनम् भन्ने पोखरी पनि छ। समुद्रको तटमा मण्डूकतीर्थ छ। यहाँ स्नान पनि गर्दछन्, पानी निकै मिठो छ। आसपासमा रहेका **अन्य मन्दिर**— गणपति मन्दिर (सहरमा) दुई शिवमन्दिर (गाउँमा) विश्वनाथ मन्दिर (गाउँको केही उत्तर)। **विशेष उत्सव**— आश्विन नवरात्र, चैत्रपूर्णिमा, आषाढको अमावास्या, आश्विनको अमावास्या, शिवरात्री आदि पर्व।



(कन्याकुमारी)

कन्याकुब्जः (पुं.) [*कन्याः कुब्जा यत्र*] कान्यकुब्ज देश (हला.२८७)

कन्याटः (पुं.) १.[*कन्यामटति, कर्मण्यण् ३.२.१ इत्यण्*] कन्याको खोजी गरेर हिंड्ने व्यक्ति २.[*कन्या अटन्ति अत्र,अधिकरणे घञ्*] कन्या हिंडडुल गर्ने वा वस्ने ठाउँ।

कन्यात्रयम् (नपुं.) [*कन्यानां त्रयम्, ष.त.*] सुरसाका तीन कन्या– १.अनला (विनाफूल फल लाग्ने वृक्षहरू अनलाका सन्तान हुन्।) २.रुहा (फूलबाट फल लाग्ने वृक्ष रुहाका सन्तान हुन्)। ३.विरुधा— (लता, गुल्म, वल्ली आदि विरुधाका सन्तान हुन्)।

कन्याद्वयम् (ष.त.) [*कन्ययोर्द्वयम्,ष.त.*] दुई कन्या/हिमालायका दुईटी छोरी— गङ्गा र उमा। **शैलेन्द्रो हिमवान् राम धातूनामाकरो महान्। तस्य कन्याद्वयं जातं रूपेणाप्रतिमं भुवि॥** (रामा. १.३५.१४)।

कन्यार्थः (पुं.) [*कन्यायै इति*] १.कन्याका निमित्त २.[*कन्यायै अयम्*] कन्यापक्षका समक्ष कुनै योग्य वरको प्रस्ताव गर्ने कार्य।

कन्यार्थी (पुं.) [*कन्यार्थोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] कुनै वरका लागि विवाहका निमित्त कन्याको प्रस्ताव लिएर जाने व्यक्ति।

कप (धा.) [*वलने, भ्वा.सौत्र.पर.अक.सेट्*] चढ्नु, हिंडनु। लट्— **कपति**— चड्छ, हिंड्छ इत्यादि।

कपटः (पुं.नपुं.) [*पटतीति पटः, पट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, के मूर्ध्नि पट इव आच्छादकः*] १.एक किसिमले रहेको वस्तुलाई अर्को किसिमले ढाक्ने काम/खराब वस्तुलाई असल जस्तो पारी आँखा छल्ने काम २.कप्ट्याइँ/धोका/छल ३.(पुं.) दनुका एक पुत्र। **~चारी** (पुं.वि.) [*कपटेन चरति*] धोखेबाज। **~तापसः** (पुं.) पाखण्डी तपस्वी। **~प्रबन्धः** (पुं.) धोखापूर्ण चाल। **~मानुषः** (पुं.) १.कपटी मानिस २.गुप्त पुरुष। **~वेशः** (पुं.वि.) धोखा दिने पहिरन। **~सन्धिः** (पुं.) [*कपटेन सन्धिः, तृ.त.*] पहिले राम्रो पारी पछि आफ्नो इच्छा सिद्धि गर्ने उद्देश्यले गरिएको सन्धि/पछि धोका दिने विचार लिएर गरिएको सम्झौता।

कपटी (पुं.वि.) [*कपटोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] कपट वा छलपूर्ण व्यवहार गर्ने।

कपटता (स्त्री.) [*कपटस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] कप्ट्याइँ।

कपर्दः (पुं.) [*केन सुखेन जलेन वा परं पूर्तिं ददातीति, दा दाने इति धातोः,सुपि स्थः ३.२.४ इत्यत्र सुपीति योगविभागात् कः, आलोपः ६.४.६४*] १.शिवजीको जटा २.कौडी। **कपर्दः पार्वतीभर्तुः जटाजूटे वराटके** (अमर.)।

कपर्दकः (नपुं.) [*कपर्द एव, स्वार्थे कन्*] १.कौडी। **कपर्दको वराटश्च कपर्दी च वराटिका**। (भा.प्र. नि.) २.शिवजीको जटा।

कपर्दी (पुं.) [*कपर्दोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.शिवजी २.कौडी।

कपाटः (पुं.नपुं.) [*कं वातं पाटयति बहिर्गमयति, मनुष्यवातादीनां गतिं रुणद्धि, पट गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.ढोका/द्वार/दैलो। **चक्रे च वेश्मनस्तस्य मध्येनातिमहाविलम्। कपाटयुक्तमज्ञातं समं भूम्याश्च भारत॥** (म.भा.)। २.झ्याल ३.ढोका वा झ्यालको फग्लेटो/खापा ४.फरिको।

कपाटघ्नः (पुं.) [*कपाटं हन्ति, शक्तौ हस्ति कपाटयोः ३.२.५२ इति टक्*] चोर/डाका।

कपालः (पुं.नपुं.) १.[*कम् जलं पालयति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, यद्वा कपि चलने इति धातोः, तमिविशि– (उ.) ११८ इति कालन्, कपि इति निर्देशान्नलोपः*] गाग्राको एक पाटो। **घटादीनां कपालादौ जातेश्च गुणकर्मणोः। तेषु जातेश्च सम्बन्धः समवायः प्रकीर्तितः॥** २.[*कं शिरः पालयति, पाल रक्षणे इति धातोः, णिचि कर्मण्यण् ३.२.१ इत्यण्*] टाउकाको हाड/खप्पर ३.टाउकाको रौं ४.निधार ५.भाग्य ६.भिक्षापात्र ७.यज्ञमा पुरोडाश पकाउने भाँडो ८.अन्न भुट्ने भाँडो ९.कुष्ठरोगविशेष १०.फूलका बोक्रा ११.प्याला वा कटौरा १२.ढक। **~क्रिया** (स्त्री.) दाहसंस्कार गर्दा जलिरहेको शवको खोपडीमा बाँस वा झटाले घोच्ने काम। **~भातिः** (स्त्री.) शरीरको शुद्धि तथा नीरोगिताको लागि गरिने एक यौगिक क्रिया। यो तीन किसिमको हुन्छ— १.वातक्रम २.शीत्क्रम ३.व्युत्क्रम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातक्रमेण व्युत्क्रमेण शीत्क्रमेण विशेषतः ।
कपालभातिं त्रिधा कुर्यात्कफदोषं निवारयेत् ॥

वातक्रमः– इडाले वायु तानी पिङ्गलाले छोड्नु र पिङ्गलाले तानी इडाले छोड्नु ।

इडया पूरयेद्वायुं त्यजेत्पिङ्गलया पुनः ।
पिङ्गलया पूरयित्वा पुनश्चन्द्रेण रेचयेत् ॥

व्युत्क्रमः– दुवै नाकको प्वालबाट पानी तानी मुखद्वारा छोड्नु र मुखले पानी तानी नाकले छोड्नु ।

नासाभ्यां जलमाकृष्य पुनर्वक्त्रेण रेचयेत् ।
पायं पायं व्युत्क्रमेण श्लेषदोषं निवारयेत् ॥

शीत्क्रमः– सुरसुर गर्दै मुखले पानी तानी नाकले छोड्नु । **शीत्कृत्य पीत्वा वक्त्रेण नासानालैर्विरेचयेत्** (घे.सं.) ।

~भृत् (पुं.) [*कपालं बिभर्तीति, डुभृञ् धारणपोषणयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] शिव/महादेव । **~मालिनी** (स्त्री.) [*कपालमाला अस्यास्तीति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः, ङीप्*] काली । **~माली (पुं.)** [*कपालमाला अस्यास्तीति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] शिव । **~मुद्रा** (स्त्री.) बायाँ हातलाई भाँडोभैं बनाई बायाँ काखमा राखेर उठाउँदा हुन जाने हस्तक्रियाको मुद्राविशेष ।

पात्रवद्वामहस्तन्तु कृत्वाङ्के वामके तथा ।
निधायोच्छ्रितवत्कुर्यान्मुद्रा कापालिका मता ॥ (मु.प्र.) ।

~मोचनः (पुं.) काशीको एक तीर्थ । **~वेधः** (पुं.) आधारातमा एकादशीमा दशमी विद्ध हुनु ।

अर्धरात्रे तु केषाञ्चिद्दशम्या वेध उच्यते ।
कपालवेध इत्याहुराचार्या ये हरिप्रियाः ॥ (नि.सिं)

कपालम् (नपुं.) [*कम्पतेऽनेन तत्, कपि चलने इति धातोः, तमिविशिबिडिमृणिकुलिकपिपलिपञ्चिभ्यः कालन् (उ.) १२३ इति सूत्रेण कालन्, नलोपः*] १.खप्पर २.घैंयको आधा भाग ।

कपालिका (स्त्री.) [*कपालकम्, क्षुद्रकपालमस्त्यस्याः, स्वार्थे कन्, टाप् ४.१.४ इत्वम्*] १.फुटेको माटाको भाँडाको फग्लेटो २.शरीरमा भस्म लगाएकी, रुद्राक्ष माला धारण गरेकी, बायाँ हातमा खप्पर र दायाँ हातमा घण्ट लिएर हे शङ्कर, हे शम्भो भन्दै हिड्ने एक देवी ३.[*अल्पे*] सानो खप्पर ।

कपाली (स्त्री.) [*कपालमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.शिवजी/विष्णुपुराणमा वर्णित एघार रुद्र मध्ये एक २.थरविशेष ३.खप्परमा भिख मागेर खाने व्यक्ति ।

कपि (धा. [*चलने कम्पने च, भ्वा.अक.सेट् आत्म.*] हिंड्नु, काँप्नु । लट्– **कम्पते–** चल्छ, काँप्छ । लिट्– **चकम्पे–** चलेछ, काँपेछ (अन.) । लुट्– **कम्पिता–** चल्ने छ, काँप्ने छ (अन.) । लृट्– **कम्पिष्यते–** चल्ने छ, काँप्ने छ । लोट्– **कम्पताम्–** चलोस्, काँपोस् । लङ्– **अकम्पत–** चल्यो, काँप्यो (अन.) । विधिलिङ्– **कम्पेत–** चल्ला, काँप्ला, चलोस्, काँपोस् । आशीर्लिङ्– **कम्पिषीष्ट–** चलोस्, काँपोस् । लुङ्– **अकम्पिष्ट–** चल्यो, काँप्यो । लृङ्– **अकम्पिष्यत–** चल्ने थियो, काँप्ने थियो । भावे– **कम्प्यते–**चलिन्छ, काँपिन्छ । णिचि– **कम्पयति–** चलाउँछ, कपाउँछ । सनि– **चिकम्पिषते–** चल्न खोज्छ, काँप्न खोज्छ । कृदन्ते– **कम्पकः.कम्पिका कम्पितात्री–** चल्ने, काँप्ने । **कम्पमानः–** चलिरहेको, काँपिरहेको । **कम्पः, कम्पनम्, कम्पा–** चल्ने काम, काँप्ने काम । **कम्पितः–** चलेको, काँपेको । **कम्पितव्यम्, कम्पनीयम्, कम्प्यम्–** चल्नुपर्ने, काँप्नुपर्ने । **कम्पितुम्–** चल्न, काँप्न । **कम्पित्वा, विकम्प्य–** चलेर, काँपेर इत्यादि ।

कपिः (पुं.) [*कम्पते सर्वदा सञ्चलति इति, कपि सञ्चलने इति धातोः, कुडिकम्प्योर्नलोपश्च (उ.) ५९३ इति इः, नलोपश्च*] १.वानर/ बाँदर २.वनमान्छे ३.ब्रह्मा । **कपिलः कपिरव्ययः ।** (म.भा.) ४.[*कात् जलात् पाति भूमिं रक्षतीति*] वराह अवतार ५.[*कं जलं पिबति किरणैः इति*] सूर्य । **कपिर्ना सिह्लके शाखा मृगे च मधुसूदने** (विश्व.) ।**~केतनः** (पुं.) [*कपिः केतनं यस्य सः, बहु.स.*] अर्जुन ।

कपिकच्छुः (पुं.) [*कपीनां कच्छूः, कण्डूहेतुत्वात्*] काउछो ।

कपिकेतुः (पुं.) [*कपिः केतौ यस्य सः, बहु.स.*] अर्जुन ।

कपिञ्जलः (पुं.) [*कपिरिव जवते वेगेन गच्छति, पृषोदरादित्वात् साधुः*] १.चातक पक्षी/काकाकुल २.तित्रो ३.एक ऋषिकुमार/ श्वेतकेतुका पुत्र ।

कपित्थः (पुं.) [*कपिस्तिष्ठत्यत्र, तत्फलप्रियत्वात्, ष्ठा गति निवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, आलोपः*] अमिलो वेल ।

(कपित्थ)

कपिध्वजः (पुं.) [*कपिर्हनुमान् ध्वजे यस्य सः, बहु.स.*] अर्जुन ।

कपिरथः (पुं.) [*कपिः रथो यस्य सः, बहु.स.*] अर्जुन ।

कपिलः (पुं.) [*काम्यति, कामयतेऽसौ वा, कमु कान्तौ इति धातोः, कमेः पश्च (उ.) ५८ इति सूत्रेण इलच्, पश्चान्तादेशः*] १.अग्नि २.वासुदेव ३.साङ्ख्यशास्त्र प्रवर्तक मुनि । भागवतअनुसार कपिल मुनि कर्दम ऋषिबाट देवहूतिमा भगवान्को अंशावतार लिएर जन्मिएका थिए । श्रीमद्भगवद्गीतामा यिनलाई सिद्ध भनिएको छ । **सिद्धानां कपिलो मुनिः** । यिनले आफ्नी आमालाई साङ्ख्यतत्त्व, अष्टाङ्गयोग,भक्तियोग, काम्यकर्म र ज्ञानयोग बताए । त्यसपछि कपिल उत्तरतर्फ लागेर योगसाधनामा संलग्न भए । **गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः।** (भ.गी.) । ४.कुकुर ५.एक दानव ६.नागविशेष । **शङ्खश्च शङ्खपालश्च कपिलो**

(कपिलः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वामनस्तथा (हरि.)। ७.ब्रह्माका एक मानस पुत्र ८.गौतमबुद्ध। बौद्ध ग्रन्थअनुसार इक्ष्वाकु राजा विराधकले माहिली रानीको भनाइमा लागेर ज्येठी रानीका चार छोरालाई निकालिदिए। त्यसपछि पाँचवटी बहिनीलाई साथमा लिएर उनीहरू कपिलको आश्रममा गए। पछि यिनै कपिल गौतम भए। त्यसैले बुद्ध जन्मिएको ठाउँलाई कपिलवस्तु भनिएको हो। ९.पर्वतविशेष १०.गन्धर्वविशेष ११.आठौँ द्वापरमा पैदा भएका ब्रह्माका एक मानस पुत्र १२.वानरविशेष १३.गणेश १४.इक्षुमती नदीको किनारमा आश्रम बनाएर बस्ने एक ऋषि १५.(पुं.वि.) बाँदरको जस्तो रङ भएको/कैलो।

कपिलतीर्थः (पुं.) नर्मदा नदीका किनारमा अवस्थित एक तीर्थ।

कपिलवस्तु (नपुं.) [*कपिलस्य वस्तु वासस्थानं यत्र तत्, बहु.स.*] १.कपिलको आश्रम भएको क्षेत्र २.नेपालको दक्षिणपश्चिमी क्षेत्रमा पर्ने एक जिल्ला ३.हालको लुम्बिनी अञ्चलमा पर्ने एक प्राचीन सहर। यसै स्थलमा राजा शुद्धोदनका पुत्रको रूपमा गौतमबुद्धको जन्म भएको थियो। हे. **कपिलः**।

कपिला (स्त्री.) [*कम्यते, कमु कान्तौ इति धातोः, इलच् कमेः पश्चान्तादेशः, टाप् ४.१.४*] १.कामधेनु गाई २.सेतो र कैलो रङ्ग मिसिएको कैलो वर्ण ३.पुण्डरीक हात्तीकी पत्नी ४.सिसौको वृक्ष ५.गयाको वटवृक्षको सामुन्ने रुक्मिणीकुण्डको पश्चिममा बग्ने एक नदी ६.गाईदानमा महत्त्वपूर्ण मानिने विशेष जातको खैरो वर्णको गाई। कपिलादान पृथ्वी वा स्वर्णदानतुल्य मानिन्छ। (मत्स्य.१९१.७२) ७.दक्षप्रजापतिकी एक छोरी ८.देवीविशेष।

कपिला रेणुकायां च शिंशपागोविशेषयोः
पुण्डरीककरिण्यां स्त्री वर्णभेदे त्रिलिङ्गकम्॥ (विश्व.)

कपिलेशः (पुं.) [*कपिलाया ईशः, यत्र सः, बहु.स.*] कपिला नदीको निकटवर्ती एक तीर्थस्थल।

कपिवल्ली (स्त्री.) [*कपिरिव वल्ली*] गजपिप्ला।

कपिशः (पुं.वि.) १.[*कपिः वानरः तद्वद् वर्णोऽस्य, लोमादित्वात् ५.२.१०० शः, कपिर्मर्कटः, तद्वर्णत्वादिति वा*] कैलो वर्ण भएको/कालो र पहेँलो मिसिएको वर्णले युक्त।

सन्ध्याभ्रकपिशस्तस्य विराधो नाम राक्षसः।
अतिष्ठन्मार्गमावृत्य रामस्येन्दोरिव ग्रहः॥ (रघु.)

२.[*सर्ववर्णमयत्वात्*] शिव। **कपिलः कपिशः शुक्ल आयुश्चैव परोऽपरः** (म.भा.) ३.गन्धकविशेष।

कपीतनः (पुं.) [*तनु विस्तारे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कपीनां कपेर्वर्णस्य वा तनः, अन्येषामपि ३.३.१३७ इति दीर्घः, यद्वा— याः लक्ष्म्यास्तन ईतनः, कपीनां कपेर्वा ईतनः*] १.पहेँलो पीपल २.अमारो ३.शिरीष वृक्ष ४.ओखर ५.पिप्पल **कपीतनो गर्दभाण्ड शिरीषाम्रातकेषु च। अश्वत्थे च** (मेदिनी.)।

कपीशः (पुं.) [*कपीनामीशः, ष.त.*] १.हनुमान् २.बाली ३.सुग्रीव।

कपोतः (पुं.) [*को वायुः पोतो नौरिव यस्य सः, बहु.स., यद्वा कबते विचित्रवर्णो भवति, कबृ वर्णे इति धातोः, कबेरोतच् पश्च (वा) इति ओतच्, पकारश्च*] १.परेवा २.वन परेवा/मलेवा। **परावतः कपोतः स्यात्कपोतो विहगान्तरे** (विश्व) **~अरिः** (पुं.) [*कपोतस्य अरिः, ष.त.*] १.बाजपक्षी २.चिल।


(कपोतः)

कपोतपालिका (स्त्री.) [*कपोतान् पालयति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण, ङीप् ४.१.१५, संज्ञायां कन् ५.३.७५, टाप् ४.१.४, इत्वम्*] परेवा पाल्ने घर। **~पाली** (स्त्री.) [*कपोतान् पालयति, पाल रक्षणे इति धातोः, अण्, ङीप्*] परेवाको गुँड/परेवा राख्ने खोर। **~वृत्तिः** (स्त्री.) [*कपोतस्य वृत्तिरिव वृत्तिः, ष.त.*]।

कपोताङ्घ्रिः (पुं. [*कपोतस्याङ्घ्रिरिव*] मालकागुनु।

कपोलः (पुं.) [*कम्पते चलति सः, कपि चलने इति धातोः, कपिगडिगण्डिकटिपटिभ्य ओलच् (उ.) ६९ इति ओलच्, सूत्रे निर्देशादेव नलोपः*] गाला। **~कल्पना** (स्त्री.) [*कपोलाभ्यां न तु मनसा, कृता कल्पना, तृ.त.*] निराधार अनुमान वा अड्कल/अव्यावहारिक वा कोरा कल्पना। **~कल्पितः** (पुं.वि.) [*कपोलेन कल्पितः, तृ.त.*] मनगडन्त।

कफः (पुं.वि.) [*केन जलेन फलति, फल निष्पत्तौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, यद्वा— के शिरसि फणति, फक्कति, वा, प्राग्वत् डः*] शरीरभित्र रहेको एक किसिमको तरल पदार्थ/कफ/खकार। **~कारी** (पु.वि.) [*कफं करोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] खाँदा कफ बढाउने (वस्तु) **~जनितः** (पुं.वि.) [*कफेन जनितः, तृ.त.*] कफबाट पैदा भएको (रोग, विकार आदि) **~नाशकः** (पुं.वि.) [*कफस्य नाशकः, ष.त.*] कफ नाश गर्ने (औषधि, तातो पानीको वाफ आदि)।

कफणिः (पुं.) [*केन जलेन फणति स्फुरति, फण गतौ इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] कुहिनो।

कफान्तकः (पुं.) [*कफमन्तयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल् युवोरनाकौ ७.१.१ इत्यकः*] १.कफनाशक औषधि २.बबुरको वृक्ष।

कफी (पुं.वि.) [*कफोऽस्यास्ति, द्वन्द्वोप— ५.२.१२८ इतीनिः*] बढी कफ लाग्ने (व्यक्ति)।

कफेलुः (पुं.) [*कफं लातीति, ला आदाने इति धातोः, अन्दूदृम्भूजम्बू-कफेलूकर्कन्धूदिधिषूः (उ.) ९६ इति सूत्रेण, कूप्रत्ययान्तो निपातः, एकारश्च, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] कफ बढाउने पदार्थ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कफोणिः (पुं.स्त्री.) [*कं सुखं स्फोरयति, स्फुर स्फुरणे सञ्चलने च इति धातोः, ण्यन्तः, अच इः (उ.) ५८८, पृषोदरादिः ६.३.१०९, यद्वा— केन सुखेन फणति, स्फुरति वा, फण गतौ इति धातोः, स्फुर संचलने इति धातोर्वा इन् (उ.) पृषोदरादित्वात् ६.३.१०९ साधुः*] कुहिनो। **कफोणिः कफणिर्द्वयोः** (शब्दा.)।

कबन्धः (पुं.नपुं.) [*कं सुखं बध्नाति, बन्ध बन्धने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.राक्षस। यसलाई दण्डकारण्यमा रामले मारेका थिए। २.राहु ३.धूमकेतु ४.बादल ५.टाउको नभएको शरीर ६.छिद्र ७.पेट।

कबन्धम् (नपुं.) पानी। **कबन्धमुदकम्** (अमर.)।

कबरः (पुं.) [*कबृ वर्णे इति धातोः, बाहुलकादरन्*] मिसिएको वर्ण।

कबरी (स्त्री.) [*कुङ् शब्दे इति धातोः, अरन्, ङीष्*] केशको जुरो।

कबृ (धा.) [*वर्णे, अक.सेट्, आत्म.,ऋदित्*] प्रशंसा गर्नु, स्तुति गर्नु, रँगाउनु। लट्— **कबते**— प्रशंसा गर्छ, स्तुति गर्छ, वर्णन गर्छ, रँगाउँछ इत्यादि।

कम् (नपुं.) [*कायति कै शब्दे इति धातोः अन्येभ्योऽपि दृश्यते ३.२.१०२ इति डः, डित्वाट्टिलोपः*] १.[*कायन्ते शब्दायन्त आनन्दोत्सवं कुर्वन्ति जना यस्मिन् तत्*] सुख २.[*कायति शब्दो निर्गच्छति यस्मात्, सजिह्ववदनस्य शिरोऽन्तर्गतत्वात्*] शिर ३.[*कायति शब्दायते स्रोतोवेगेन*] जल/ पानी।

आपस्तोयं घनरसपयःपुष्करं मेघपुष्पं
कं पानीयं सलिलमुदकं वारि वाः शम्बरञ्च।
अर्णः पाथः कुशजलवनं क्षीरमम्भोऽम्बु नीरं
प्रोक्तं प्राज्ञैर्भुवनममृतं जीवनीयं दकञ्च ॥ (हला.)

४.[*काययति,शब्दं कारयति पीडादानेन*] रोग।

कन्तु क्लीबं सुखशिरसलिलेषु प्रकीर्तितम् (वाङ्म.)।

कमठः (पुं.) [*के जले मठति वसति, मठ निवासे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा काम्यति कामयतेऽसौ वा, कमु कान्तौ इति धातोः, कमेरठः (उ.) १०५ इति अठः*] १.कछुवा/कूर्म २.(नपुं.) भाँडोविशेष। **कमठः कच्छपे पुंसि भाण्डभेदे नपुंसके** (मेदिनी.) **कमठपृष्ठकठोरमिदं धनुः** (हनु.ना.) ३.वंश ४.दैत्यविशेष।

कमठपतिः (पुं.) [*कमठानां पतिः, ष.त.*] विष्णुको कच्छपावतार (कूर्मपु.)।

कमठी (स्त्री.) [*जातेः ४.१.६३ इति, पुंयोगात्— ४.१.४८ इति वा ङीष्, कमठी*] कछुवी/कछुवाकी स्त्री।

कमण्डलुः (पुं.) [*मण्डनं मण्डः, कस्य प्रजापतेर्जलस्य मण्डं सारं लातीति, ला आदाने इति धातोः, मितद्रवादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.१८० इति डुः*] १.विशेष गरी साधु संन्यासीहरूले कतै यात्रा गर्दा हातमा झुन्ड्याएर हिंड्न मिल्ने, टुटी भएको अथवा नभएको धातु, दरिवल आदिले बनेको जलपात्र २.वृक्षविशेष।

कमनः (पुं.वि.) [*कामयते, कमु कान्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, यद्वा अनुदात्तेतश्च— ३.२.१४९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सुन्दर/राम्रो २.स्त्रीमा लम्पट/कामुक ४.अशोक वृक्ष। **कमनः कामुके कामेऽभिरूपेऽशोकपादपे** (मेदिनी.)।

कमनीयः (पुं.वि.) [*कामयितुं योग्यः, कमु कान्तौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.अति राम्रो/रमणीय/रहर लाग्दो/मनोहर/सुन्दर २.कामना गरिने/इच्छा गर्न लायक।

कमनीयता (स्त्री.) [*कमनीयस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] १.सौन्दर्य/रमणीयता २.कामना/इच्छा।

कमलः (पुं.) [*को वायुः, तस्य अमो गतिः, तां लाति आदत्ते, कप्रत्ययः, आलोपः*] १.मृग २.सारस पक्षी ३.सङ्गीतमा सत्र अक्षरको ध्रुवकविशेष। **सप्तदशाक्षरैर्युक्तः कमलोऽयं भयानके** (सं.दा.)

कमलनयनः (पुं.वि.) [*कमलमिव नयनं यस्य सः, बहु.स.*] १.कमलको जस्तो आँखा हुने २.(पुं.) विष्णु।

कमलनालम् (नपुं.) [*कमलस्य नालम्, ष.त.*] कमलको डाँठ।

कमलपत्रम् (नपुं.) [*कमलस्य पत्रम्, ष.त.*] कमलको पात।

कमलपित्तम् (नपुं.) [*कमलमिव पित्तं यस्मिन् (रोगे) तत्, बहु.स.*] शरीर पहेँलो हुने रोग/जन्डिस/कमल पित्त।

कमलम् (नपुं.) [*कं जलमलति भूषयति, अल भूषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा कम्यते, कमु कान्तौ इति धातोः, वृषादित्वात् (उ.) १०६ कलच्*] १.पानी २.तामो ३.अर्क ४.पिसाब रहने थैली ५.गर्भाशयको अघिल्लो भाग ६.एकथरी पित्तरोग ८.अबीर वा कुङ्कुम ९.आँखाको कुना १०.दीपक रागको दोस्रो पुत्र ११.छ मात्राको एक छन्द १२.एक नगण हुने एक वर्णवृत्त १३.ताल, पोखरी आदिको पानीमा हुने राम्रो फूल, यसको पात कर्कलाको जस्तो नरम, बाटुलो र ठुलो हुन्छ, पिंडालुको जस्तो गानु हुन्छ, रिठ्ठाको बियाँझैं कालो तर केही लाम्चो फल जस्तो गट्टा हुन्छ। कमलको केशर— **किञ्जल्कः** (पुं.न.), कमलको गानो— **शालूकम्** (नपुं.), कमलको फूल फुल्ने डाँठ— **नालः** (पुं.न.), कमलको जरा— **मृणालम्. विसम्** (नपुं.), कमलको केशरको धुलो— **परागः** (पुं.) कमलको नयाँ पात— **संवर्तिका** (स्त्री.), कमलको थुप्रो— **षण्डः** (पुं./नपुं.), कमल, ठुलो पात हुने— **कुम्भिका** (स्त्री.), कमल नीलो— **इन्दीवरम्** (नपुं.), कमल सेतो— **पुण्डरीकम्** (नपुं.), रातीमा फुल्ने सेतो कमल— **कुमुदम्** (नपुं.), कमल रातो— **कोकनदम्** (नपुं.), कमल साँझमा फुल्ने रातो— **हल्लकम्** (नपुं.), फुलेको कमलको बोट— **उत्पलिनी** (स्त्री.), साँझमा फुल्ने सेतो कमल— **सौगन्धिकम्** (नपुं.), कमलको बोट या कमल हुने ठाउँ— **कमलिनी** (स्त्री.), कमलको बीज (कमल गट्टा) लाग्ने ठाउँ— **वराटकः** (पुं.), दिनमा फुल्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यकमल– **श्रीहस्तिनी** (स्त्री.), कमलको डाँठको रेसा वा सूत– **चाम्पेयः** (पुं.न.)।

कमला (स्त्री.) [*कमलं विद्यतेऽस्याः सा, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, टाप् ४.१.४*] १.लक्ष्मी/धनकी देवी/विष्णुकी पत्नी २.नेपालको महाभारत पर्वतबाट भीमान गोदार हुँदै दक्षिणतिर बगेको एक नदी। ३.उत्तम स्त्री ४.प्रत्येक पाउमा क्रमशः नगण, नगण र सगणको प्रयोग भएको समपाद छन्द।

द्विगुणनगणसंहितः सगण इह हि विहितः। फणिपतिमतिविमला क्षितिप भवति कमला। (छन्दो.) ५.सुन्तलाभन्दा केही ठुलो, खाँदा केही अमिलो स्वाद आउने जुनारसँग मिल्दोजुल्दो एक फल ६.नर्तकीविशेष।

कमलाकरः (पुं.) १.[*कमलानामाकरः, ष.त.*] कमलको झाँङ २.पोखरी ३.[*कमला करे यस्य सः, बहु.स.*] विष्णु ४.[*कमलां लक्ष्मीं करोति सृजति*] ब्रह्मा।

कमलाकरभट्टः (पुं.) १.काव्यप्रकाशका एक टीकाकार। यिनलाई राजानक कमलाकर भनिन्छ २.सत्रौँ शताब्दीका रामकृष्ण भट्टका पुत्र प्रसिद्ध धर्मशास्त्रकार। यी न्याय, व्याकरण, मीमांसा, वेदान्त, साहित्यशास्त्र, वेद र धर्मशास्त्रका प्रकाण्ड विद्वान् थिए। यिनले निर्णयसिन्धु, दानकमलाकर, शान्तिरत्न, पूर्तकमलाकर, सर्वतीर्थविधि, व्रतकमलाकर, शान्तिरत्न, प्रायश्चित्तरत्न, विवादताण्डव, बह्वृचाह्निक, गोत्रप्रवरदर्पण, कर्मविपाकरत्न आदि २२ वटा ग्रन्थ लेखेका छन्। तिनीहरूमा शूद्रकमलाकर, विवादताण्डव र निर्णयसिन्धु अति प्रसिद्ध छन्। ३.ज्योतिष शास्त्रका एक विद्वान्। यिनले सिद्धान्ततत्त्वविवेक नामक महत्त्वपूर्ण ज्योतिषशास्त्रको ग्रन्थ रचना गरेका छन्। यिनको समय सोह्रौँ शताब्दी हो। यिनलाई गोल र गणितका मर्मज्ञ मानिन्छ। यिनले भास्कराचार्यका सिद्धान्तको खण्डन गरेका छन्। ब्रह्मपक्षको खण्डन गरी सौरपक्षको समर्थन गर्नु यिनको मुख्य विशेषता हो।

कमलाक्षः (पुं.) [*कमलस्याक्षः, ष.त.*] १.कमलको बीज/कमलगट्टा २.विष्णु ३.(पुं.वि.) [*कमलस्य पुष्पे इव अक्षिणी नेत्रे यस्य सः, बहु.स.*] कमलका फूलको पत्रजस्तो लाम्चा आँखा भएको ।

कमलाक्षी (स्त्री.) [*कमले कमलस्य फुष्पपत्रे इव अक्षिणी अस्ति अस्याः, बहु.स.*] १.एक देवी २.कमलको फूलका पात जस्तो लाम्चा आँखा भएकी स्त्री।

कमलापतिः (पुं.) [*कमलायाः पतिः,ष.त.,एवमेव कमला-कान्तादयः*] विष्णु।

कमलालया (स्त्री.) [*कमलमालयो यस्याः सा, बहु.स.*] लक्ष्मी।

कमलासनः (पुं.) [*कमलमासनं यस्य सः, बहु.स.*] ब्रह्मा।

कमलिनी (स्त्री.) [*कमलमस्यास्तीति, खल्वादिभ्यः (वा.) ४.२.५१ इतीनिः*] १.कमल भएको पोखरी २.कमलको डाँठ ३.कमलको बोट ४.सानो जातको कमल।

कमिता (पुं.) [*कामयते इति, कमु कान्तौ इति धातोः, णिङभावे ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.स्त्रीमा लम्पट २.पति।

कान्तः स्यात् कमिता पतिर्वरयिता भर्ता च भोक्ता धवः (हला.४९७)।

कमु (धा.) [*कान्तौ, सक.सेट्, आत्म.*] इच्छा गर्नु। लट्– **कामयते**– इच्छा गर्छ। लिट्– **कामयाञ्चक्रे**– इच्छा गरेछ (अन.)। लुट्– **कामयिता**– इच्छा गर्ने छ (अन.)। लृट्– **कामयिष्यते**– इच्छा गर्ने छ। लोट्– **कामयताम्**– इच्छा गरोस्। लङ्– **अकामयत**– इच्छा गऱ्यो (अन.)। विधिलिङ्– **कामयेत**– इच्छा गर्ला, इच्छा गरोस्। आशीर्लिङ्– **कामयिषीष्ट**– इच्छा गरोस्। लुङ्– **अचीकमत**– इच्छा गऱ्यो। लृङ्– **अकामयिष्यत**– इच्छा गर्ने थियो। कर्मणि– **काम्यते.कम्यते**– इच्छा गरिन्छ। णिचि– **कामयति**– इच्छा गराउँछ। सनि– **चिकामयिषते.चिकमिषते**– इच्छा गर्न खोज्छ। कृदन्ते– **कामकः, कामिका, कामयिता-त्री**– इच्छा गर्ने। **कामयमानः**– इच्छा गरिरहेको। **कामुकः, की**– इच्छा गर्ने। **कामयितव्यम्. कामनीयम्, काम्यम्**– इच्छा गर्नुपर्ने। **कामः**– इच्छा। **कामयित्वा/कमित्वा**– इच्छा गरेर। **प्रकाम्य/प्रकम्य**– इच्छा गरेर। **कामयितुम्**– इच्छा गर्न इत्यादि।

कम्पः (पुं.) [*कम्पनम्, कपि चलने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.शरीर,पृथ्वी, वृक्ष,लता आदिको कम्पन। **न कम्पो वायुना विना** (वैद्यकम्) २.अतिशय डराउनु। **मुञ्चति न तावदस्या भयकम्पकुसुमकोलं हृदयम्** (विक्रमो.)~**मानः** (पुं.वि.) [*कम्पते इति, लटि शानच् ३.२.१२४*] काँपिरहेको।

कम्पनम् (नपुं.) [*कम्प्यते इति, कपि सञ्चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] काँम्नु/काँप्ने वा हल्लने काम/कम्पन। **कम्पनं न द्वयोः कम्पे कम्प्रे स्यादभिधेयवत्** (मेदिनी.)।

कम्पायमानः (पुं.वि.) [*कम्पायते इति, णिचि लट् शानच् ३.२.१२४*] काँपिरहेको/थर्थरी भएको।

कम्पितः (पुं.वि.) [*कम्पः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् इति इतच्*] कम्प पैदा भएको/काँपेको। ~**शिरस्कः** (पु.वि.) [*कम्पितं शिरो यस्य सः, बहु.स.*] टाउको काम्ने रोग लागेको (व्यक्ति)।

कम्प्रः (पुं.वि.) [*कम्पते इति, कपि चलने इति धातोः, नमिकम्पि– ३.२.१६७ इति रः*] कम्पनशील। **विधाय कम्प्राणि मुखानि कं प्रति** (नैष.)।

कम्बलः (पुं.) [*कम्बति, कम्ब गतौ इति धातोः, वृषादित्वात् (उ.) १०६ कलच्, यद्वा काम्यतेऽभीप्स्यते यः सः कमु कान्तौ इति धातोः, कमेर्बुक् (उ.) ११२ इति सूत्रेण कलः, बुक् च*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.नागविशेष। **कम्बलाश्वतरौ नागौ** (भाग.२.९.९) २.माल/गाई वस्तुको गलाको माल ३.कृमि./किरो ४.ऊनीको बाक्लो ओढ्ने वस्त्र ५.मृगविशेष।

कम्बलम् (नपुं.) पानी। **कम्बलः क्रिमिसास्नयोः। नागप्रभेदे प्रावारे वैकक्ष्ये कम्बलं जले** (हैम.)।

कम्बली (पुं.वि.) [*कम्बलोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.गोरु २.(पुं.वि.) ऊनीको कम्बल ओढ्ने।

कम्बिः (स्त्री.) [*कम्यते, कमु कान्तौ इति धातोः, बाहुलकाद्विन्*] डाडु।

कम्बुः (पुं.नपुं.) [*कम्यते इति, कमु कान्तौ इति धातोः, ऊः, वुक् च*] १.शङ्ख २.हात्ती ३.रङ्गीचङ्गी वस्तु ४.नलीहाड ५.वलय **~कण्ठः** (पुं.) [*कम्बुरिव कण्ठो यस्य सः, बहु.स.*] शङ्खजस्तो घाँटी भएको। **~कण्ठी** (स्त्री.) [*कम्बुः शङ्ख इव कण्ठो यस्याः सा, बहु.स.*] शङ्खजस्तो घाँटी भएकी। **~पुष्पी** (स्त्री.) [*कम्बुः शङ्ख इव पुष्पं यस्याः सा, बहु.स.*] शङ्खपुष्पी।

कम्बुग्रीवा (स्त्री.) [*कम्बुः शङ्ख इव ग्रीवा*] शङ्खको जस्तो तीन रेखा भएको घाँटी।

कम्बूः (पुं.) [*काम्यतीति, कमु कान्तौ इति धातोः, कमेर्बुक् (उ.) ९८ इति कूः, बुगागमश्च*] १.अर्काको सम्पत्ति लुट्ने, २.शङ्ख।

कम्बोजाः (पुं.बहु.) [*कम्बोजेषु भवाः, तत्र भवः ४.३.५३ इत्यर्थे कच्छादिभ्यश्च ४.२.१३३ इत्यण्*] कम्बोज देशमा पाइने घोडा।

कम्रः (पुं.वि.) [*कामयते इति, कमु कान्तौ इति धातोः, नमिकम्पि इति रः*] १.कामना गर्ने २.कामुक। **कामुकः कमिता कम्रः** (अभि.चि.) ३.[*काम्यतेऽसौ*]सुन्दर/मनोहर।

कयाधुः (स्त्री.) जम्भकी छोरी, हिरण्यकशिपुकी पत्नी। यिनका चार छोरा थिए।

करः (पुं.) १.[*कम् सुखं राति ददातीति, आतोऽनुपसर्गे कः इति कः, आतो लोपः*] किरण। **तीक्ष्णः पटुर्दिनकरः करैस्तापयते जगत्** (रामा.)। २.राजस्व। **तथाल्पाल्पो ग्रहीतव्यो राष्ट्राद् राज्ञाब्दिकः करः** (मनु.)। ३.[*करोत्यनेन, करणेऽप्*] हात ४.[*कीर्यते विक्षिप्यते मदाद्यनेन, ऋदोरप् ३.३.५७ इति करणेऽप्*] हात्तीको सूँड।

एवन्तु ब्रुवतस्तस्य मैत्रेयस्य विशांपतिः।
उरुं गजकराकारं करेणाभिजघान तम्॥ (म.भा.)

५.असिना।(हला.टी. २०२) ६.कर्म उपपद रहँदा यो कर्तृवाचक हुन्छ। जस्तै-[*करोतीति करः,सुखस्य करः,एवमन्यत्रापि*] **सुखकरः, कर्मकरः,दिनकरः, निशाकरः** आदि।

करकः (पुं.) [*डुकृञ् करणे इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, गुणः*] १.कमण्डलु २.पक्षिविशेष ३.दाडिम ४.असिना।

करकम् (नपुं.) १.[*किरति विक्षिपति जलमस्मात्, डु कृञ् करणे इति धातोः, कृ विक्षेपे इति धातोर्वा कृञादिभ्यः संज्ञायां वुन् (उ.) इति वुन्, अकः*] असिना २.कमण्डलु। **उपानहौ च वासश्च धृतमन्यैर्न धारयेत्। उपवीतमलङ्कारं स्रजः करकमेव च॥** (मनु.) ३.[*करोति वाय्वादिजनितदोषभावं कृणोति, कृञ् हिंसायाम् इति धातोः कृञादिभ्यः संज्ञायां वुन् (उ.७३२), क्षिपकादित्वात् (वा.) ७.३.४५ इत्वाभावः (अकः)*] दाडिमको वृक्ष। ४.नरिवलको खपडा ५.कोइरालो ६.मौलसरी।

करका (स्त्री.) [*कृणोति, हिनस्ति फलादीनि, कृञ् हिंसायाम् इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७३२ क्षिपकादित्वात् (वा.) ७.३.४५ इत्वाभावः, पुंस्यपि*] १.असिना २.पक्षिविशेष ३.दाडिम/अनार ४.कमण्डलु ५.शरीरको करङ।

वर्षोपलस्तु करका करकोऽपि च दृश्यते।
करकस्तु पुमान्पक्षिविशेषे दाडिमेऽपि च।
द्वयोर्मेघोपले न स्त्री करङ्के च कमण्डलौ (विश्व.)।

करग्रहः (पुं.) १.[*करस्य वधूहस्तस्य ग्रहः, ग्रहणं यत्र सः, बहु.स.*] विवाह २.[*करस्य राजदेयद्रव्यस्य ग्रहः, ष.त.*] कर उठाउनु।

करग्रहणम् (नपुं.) १.[*करस्य राजदेयद्रव्यस्य ग्रहणम्, ष.त.*] कर उठाउने वा असुल गर्ने काम २.[*करस्य वधूहस्तस्य ग्रहणम्*] विवाहमा हात समाउने कार्य ३.हात समात्नु।

करङ्कः (पुं.) नरिवलको कमण्डलु। **नालिकेरजः करङ्कः** (अभि.चि.)।

करजः (पुं.) १.[*करे जायते इति, जनी प्रादुर्भावे इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः*] औँला। २.[*कराज्जातः, जनी प्रादुर्भावे इति धातोः डित्वाट्टिलोपः*] करबाट पैदा भएका ३.कुबेराक्ष ४.नङ।

करजं स्याद्व्याघ्रनखे करञ्जनखयोः पुमान् (मेदिनी.)।

करञ्जः (पुं.) १.[*कं सुखं जलं वा, रञ्जयति कर्मण्यण् ३.२.१ इत्यण्*] वृक्षविशेष २.[*किरति विक्षिपति धार्मिकान्, कृ विक्षेपे इति धातोः अञ्जन्*] धर्मद्वेषी/धर्मको द्वेष गर्ने।

करञ्जकः (पुं.) [*कं रञ्जयति, कर्मण्यण् ३.२.१ इत्यण्, ज्ञापकसिद्धं न सर्वत्र' इत्युक्तेर्नलोपाभावः, स्वार्थे कन् ५.३.७५*] कुबेराक्ष/करञ्ज।

करटः (पुं.) १.[*क इति रटति, रट शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा करोति शकुनम्, शकादिभ्योऽटन् (उ.) ४.८१*] काग २.[*किरति विक्षिपति मदवारि, कॄ विक्षेपे इति धातोः, अरच्*] हात्तीको गण्डस्थल ३.बाजाविशेष ४.एकादशाहादि श्राद्ध ५.निन्द्य जीवन ६.नास्तिक ७.पतित ब्राह्मण ८.दुष्ट मानिस।

करटे गजगण्डे स्यात्कुसुम्भे निन्द्यजीवने
एकादशाहादिश्राद्धे दुर्दुरूढेऽपि वायसे (विश्व.)।

करटी (पुं.) [*करटोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] हात्ती।

करणः (पुं.) [*किरति कीर्यते वा, कॄ विक्षेपे इति धातोः बहुलमन्यत्रापि (उ.) इति युच्, कृत्यल्युटो बहुलम् ३.३.११३ इति वा ल्युट्*] शूद्र कन्यामा पैदा भएको वैश्यको पुत्र।

करणम् (नपुं.) [*क्रीयतेऽनेन इति, डुकृञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यनः, णत्वम्, यद्वा कृञ् हिंसायाम् इति धातोः, ण्यासश्रन्थ– ३.३.१०७ इति युच्, अनः ७.१.१] १.इन्द्रिय। **अधिष्ठानं तथा कर्ता करणञ्च पृथग्विधम्** (भ.गी.) २.शरीर ३.कर्तालाई क्रियाको निष्पत्तिमा सहयोग पुऱ्याउने साधन/तेस्रो कारक। यसलाई तृतीया विभक्तिद्वारा जनाइन्छ। ४.धार्मिक अनुष्ठान ५.पूरापूर वर्गमूलको सङ्ख्या निस्कन नसक्ने गणितको सङ्ख्या ६.लिखित प्रमाण ७.नाचमा हात चलाउने एक प्रक्रिया ८.सङ्गीतमा तालीद्वारा ताल दिने काम ९.काम गर्नु।

कृतस्य करणं नास्ति मृतस्य मरणं तथा।
गतस्य शोचनं नास्ति ह्येतद् वेदविदां मतम्॥ (सुभा.)

१०.कुनै काम गर्ने साधन ११.विष्णु [*आदि कारण भएकोले*] १२.असाधारण कारण १३.मैथुन १४.तिथिका आधाका हिसाबले पर्नजाने बब आदि गरिएका निम्नलिखित ११ करणहरू– १.बब २.बालब ३.कौलब ४.तैत्तील ५.गर ६.वाणिज्य ७.विष्टि/भद्रा ८.शकुनि ९.चतुष्पद १०.किंस्तुघ्न ११.नाग।

~अधिपः (पुं.) [*करणानामधिपः, ष.त.*] १.जीव २.आत्मा

~ग्रामः (पुं.) [*करणानां ग्रामः, ष.त.*] इन्द्रियहरूको समूह।

करणिकः (पुं.वि.) [*करणैश्चरति, चरति ४.३.८ इति ठक्, ठस्येकः*] परीक्षक।

करणी (स्त्री.) [*क्रियते इति, डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] १.मैथुन/सम्भोग २.वैश्य कन्यामा क्षत्रियबाट पैदा भएको छोरो माहिष्य, माहिष्यबाट जन्मिएको सन्तान ३.गणितमा वर्गमूल जनाउने चिह्न (√ वा २√) **~अङ्कः** (पुं.) [*करण्या अङ्कः, ष.त.*] वर्गमूलको हिसाबमा शेष नरहने अङ्क, जस्तै– ४, ९, १६, २५ आदि।

करणीयः (पुं.वि.) [*कर्तुं योग्यः, डुकृञ् करणे इति धातोः तव्यत्तव्यानीयरः ३.१.९६ इति अनीयर्*] गर्नु हुने, गर्नु पर्ने, गर्न सकिने, गरिने।

न कश्चिदपि जानाति किं कस्य श्वो भविष्यति।
अतः श्वः करणीयानि कुर्यादद्यैव बुद्धिमान्॥ (सुभा.)

करण्डः (पुं.) [*क्रियतेऽसौ, डुकृञ् करणे इति धातोः, अण्डन् कृसृभृवृञः (उ.) १३४ इति अण्डन्*] १.ढक्की २.पेटारो ३.बाँस वा बाँस जातिका चोयाबाट तयार भएको भुन्ड्याएर हिंड्न मिल्ने ढक्कीविशेष ४.माहुरीको चाको। **एवमेव गृहाश्रमः कर्मक्षेत्रं यस्मिन् नहि कर्माण्यतिसीदन्ति यदयं कामकरण्ड एव आवसथः** (भाग. ५.१४.४) ५.रजहाँस ६.तरबार।

करतलम् (नपुं.) [*करस्य तलम्, ष.त.*] हत्केलो। **ततः करतलीकृत्य व्यापि हालाहलं विषम्। अभक्षयन् महादेवः कृपया भूतभावनः** (भाग.८.७.४२) **~ध्वनिः** (पुं.) [*करतलयोः ध्वनिः, ष.त.*] ताली/दुई हत्केला बजाउँदा निस्कने आवाज।

करतापनम् (नपुं.) [*करस्य करयोर्वा अग्नौ तापनम्, ष.त.*] आगामा हात सेकाउने काम।

करतालः (पुं.) [*तलनम्, तल प्रतिष्ठायाम् इति धातोः, भावे ३.३.१८ घञ्, करे तालो यस्य सः, बहु.स.*] १.बाजाविशेष/हातले बजाउने काठको बाजा २.थपडी।

करताली (स्त्री.) [*करौ ताड्यतेऽत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, डस्य लः*] १.करतलध्वनि २.बाजाविशेष/करताल।

करतोया (स्त्री.) [*करस्य गौरीविवाहे शङ्करहस्तस्य तोयम्, तदत्रास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] पार्वतीको विवाहमा कन्यादानको जलले पैदा भएकी कहिल्यै नसुक्ने नदी/भारतको जलपायगुडीको जङ्गलबाट निस्किएर हलहलिया नदीमा मिसिने नदी। यो नदी तीर्थ मानिन्छ। यसको तटमा तीन रात बसेर नित्य स्नान, सन्ध्या,तर्पण आदि गर्दा अश्वमेध यज्ञको फल प्राप्त हुन्छ।

करतोयां समासाद्य त्रिरात्रोपोषितो नरः।
अश्वमेधमवाप्नोति प्रजापतिकृतो विधिः॥
(म.भा.तीर्थयात्रापर्व)

करदः (पुं.वि.) [*करम् (राजदेयभागम्) ददातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] करदाता/ सरकारलाई कर बुझाउनुपर्ने।

करदाता (पुं.वि.) [*करस्य दाता, सम्बन्धविशेषे ष.त.*] कर बुझाउने।

करन्यासः (पुं.) [*करयोर्न्यासः, ष.त.*] जप अथवा पाठका क्रममा शरीरका अङ्गहरूलाई बीजमन्त्र **नमः, फट्** आदिको उच्चारणका साथमा छोएर गरिने क्रिया। अङ्गन्यास, पूर्णन्यास वा शाखान्यासको रूपमा हातलाई मात्र छोएर गरिने विधि/मन्त्र भन्दै एक हातका बुढी, चोरी, माहिली, साहिँली र कान्छी औँलामा क्रमशः अर्को हातका बुढी, चोरी, माझी, साहिली र कान्छी औँलाले छुँदा हुने मुद्रा। तर चलनमा भने बूढी औँलाले नै अरू औँला छुने गरिन्छ।

अङ्गुष्ठाङ्गुष्ठिके क्षिप्त्वा तर्जन्यां तर्जनीं क्षिपेत्।
मध्यमायां मध्यमा स्यादनामायामनामिका॥ (मु.प्र.)

करपत्रम् (नपुं.) १.[*करेण कराद् वा पतति, पत्लृ पतने इति धातोः, सर्वधातुभ्यः ष्ट्रन् (उ) इति ष्ट्रन्*] आरा करौँती आदि काठ चिर्ने हतियार। **क्रकचं करपत्रं स्यात्** (हला.४७५) २.[*करौ पत्रं नौरिव यस्मिन् कर्मणि तत्*] जलक्रीडा/ पौडी खेल्ने काम।

करपल्लवः (पुं.वि.) [*करस्य हस्तस्य पल्लव इव*] हातका औँला।

करपात्रः (पुं.) [*करौ एव पात्रं यस्य सः*] १.भोजन वा जलपान गर्दा भाँडाको साटो पसर, अँजुली आदिको प्रयोग गर्ने व्यक्ति २.साधुसन्तको एक सम्प्रदाय तथा त्यसका अनुयायी/करपात्री ३.(पुं.वि.) [*करे पात्रमस्य*] हातमा भाँडो लिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करपात्रम् (नपुं.) १.[*करस्थितं पात्रम्, म.प.स.*] हातको भाँडो २.[*करौ पात्रं नौरिव यस्मिन् तत्*] जलक्रीडा/पौडी ।

करपालः (पुं.) [*करेण करं वा पालयतीति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] तरबार ।

करपालिका (स्त्री.) [*करं पालयति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप् ४.१.१५, कन् (ज्ञापि. ५.४.५, टाप् ४.१.४, इत्वम्*] एकातिरमात्र धार भएको हतियार/ खुकुरी,कर्द आदि ।

करपीडनम् (नपुं.) [*करस्य वधूहस्तस्य वरेण पीडनम् ग्रहणम् यत्र तत्*] विवाह ।

स्वाधीना दयिता सुतावधि सुतोऽसौ षोडशाब्दावधि,
स्यात्कन्या करपीडनावधि सुतस्त्री तद्वशत्वावधि ।
जामाता बहुलार्पितावधि सखा साधुप्रलापावधि
शिष्यो गुह्यनिरूपणावधि परे चैते धनत्वावधि ॥ (सुभा.)

करबालः (पुं.) १.[*करं बलति संवृणोति, अण्*] तरबार २.[*करस्य बालः पुत्र इव*] नङ ।

करभः (पुं.) [*किरति विक्षिपतीति, कॄ विक्षेपे इति धातोः, कृशृशलिकलिगर्दिभ्योऽभच् (उ.) ४०९ इति अभच्प्रत्ययः, यद्वा करे भाति, भा दीप्तौ इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.मणिबन्धदेखि कान्छी औँलासम्मको भाग । २.वानरविशेष ३.ऊँटको बच्चा ४.हात्तीको छावा । **करभो मणिबन्धादिकनिष्ठान्तोष्ट्रतत्सुते** (मेदिनी.) ५.कम्मर/कटिप्रदेश (जयधर) ६.एक प्रकारको गन्धद्रव्य (राजनिघण्ट) ।

करभूषणम् (नपुं.) [*करं भूषयति, करो भूष्यतेऽनेन वा, ल्युट् ३.३.११३, ११७*] बालो ।

क्लीबं मण्डने सूत्रे कङ्कणं करभूषणम् (रभस) ।
हस्तमण्डनसूत्रे स्यात् कङ्कणो ना प्रतीसरः (रत्न.) ।

करमर्दकः (पुं.) [*करं मृद्नाति, मृद क्षोदे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन्*] १.करौँदा २.पनेरु ३ शिरीष । **मकरन्दः करमर्दः शिरीषो मूर्धपुष्पकः** (शुभाङ्क) ।

करमाला (स्त्री.) [*करगता माला, करः, कराङ्गुलिपर्व मालेव वा*] १.हातमा लिएको माला २.हात वा पाखुरामा लगाएको माला ३.हातको औँलाको आँख्लालाई मानिने जपमाला । सम्प्रदाय र देवताका भेदले यसका अनेक प्रकार छन् । यसमा साहिँली औँलाको माझ वा फेदबाट सुरु गरी कान्छी औँलाबाट घुमाउँदै माझी औँलाको बिच वा फेद छोडेर चोरी औँलाको फेदमा बुढी औँलो पुऱ्याई जपिन्छ ।

अनामामध्यमारभ्य कनिष्ठानुक्रमेण च ।
तर्जनीमूलपर्यन्ता करमाला प्रकीर्तिता ॥ (पुरश्चर्यार्णव)

करमाली (पुं.वि.) १.[*करमाला अस्यास्तीति, व्रीह्यादिभ्यश्च इति इनिः*] करमालाका आधारमा जप गर्ने २.[*कराणां किरणानां मालास्यास्तीति, पूर्ववत्*] सूर्य ।

करमुक्तः (पुं.वि.) [*करान्मुक्तः, प.त.*] १.हातबाट छुटेको २.तिर्नुपर्ने राजस्वबाट छुट्कारा पाएको ।

करम्बः (पुं.) [*केन जलेन रम्व्यते, रवि शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा– किरति, कीर्यते वा, कॄ विक्षेपे इति धातोः, कृकदिकडिकटिभ्योऽम्बच् (उ.) इत्यम्बच्*] १.दही मिसिएको सातु २.मिश्रण ।

करम्बितः (पुं.वि.) [*करम्बः सञ्जातोऽस्य, तारकादितया इतच्*] मिसिएको । **मधुकरनिकुरकरम्बितकोकिलकुजितकुञ्जकुटीरे** (गी.गो.) ।

करम्भः (पुं.) [*केन जलेन रभ्यते, मिश्रीक्रियते, रभि अनेकार्थे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] दहीमा मुछेको सातु ।

करयुगलम् (नपुं.) १.[*करयोर्युगलं यस्मिन् कर्मणि तत्.*] जम्ल्याहात/ करजोरी २.[*करयोर्युगलम्, ष.त.*] दुई हात ।

कररुहः (पुं.) [*करे रोहति, रुह प्रादुर्भावे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] नङ । **पुनर्भवः कररुहो नखोऽस्त्री नखरोऽस्त्रियाम्** (अमर.) ।

करवालः (पुं.) [*करं वालयति, वल प्राणने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] तरबार ।

करवालिका (स्त्री.) [*करं वलते, वल हिंसादानयोः इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः, कन्, टाप्, इत्वम्*] १.तरबार/खड्ग २.नङ ।

करवीरः (पुं.) [*करं वीरयति, वीर विक्रान्तौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.सुइरे पात हुने, पहेँलो फूल फुल्ने ठिक्क आकारको वृक्ष वा त्यसको फूल २.तरबार ३.दैत्यविशेष । **करवीरः कृपाणे स्याद्दैत्यभेदाश्वमारयोः** (मेदिनी.) ।

करशाखा (स्त्री.) [*करस्य शाखा, ष.त.*] १.औँला । **अङ्गुल्यः करशाखाः स्युः** (अमर.) २.अर्थमन्त्रालयको मातहतमा रहेको कर उठाउने शाखा ।

करशीकरः (पुं.) [*कराद् हस्तिशुण्डाद् निर्गतः शीकरः म.प.स.*] हात्तीको सुँढबाट निस्किएको पसिना ।

करसम्पुटम् (नपुं.) [*करौ सम्पुटौ यत्र अभिवादने तत्*] दुई हत्केलालाई पूरै नजोडी औँलाका टुप्पा र मणिबन्धमात्र जोडेर बुढी औँलातिर खुला राखी (विशेष गरी देवी देवतालाई) नमस्कार गर्ने एक मुद्रा ।

करहाटः (पुं.) [*करं हाटयति, हाट दीप्तौ इति धातोः, ण्यन्तात् कर्मण्यण् ३.२.१ इत्यण्*] १.कमलको जरो/कमलगट्टा २.देशविशेष ३.वृक्षविशेष । **करहाटः पद्मकन्दे देशद्रुमविशेषयोः** (हैम.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करहाटकः (पुं.) [*करं हाटयति, हट दीप्तौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन्*] मयनफल। **पिण्डीतको मरुवकः श्वसनः करहाटकः** (अमर.)।

कराग्रः (पुं.) [*करस्य अग्रः, ष.त.*] हातको अग्रभाग।

कराग्रे वसति लक्ष्मीः करमध्ये सरस्वती।
करमूले स्थितो ब्रह्मा प्रभाते करदर्शनम्॥ (स्मृति)

करारोपणम् (नपुं.) [*करस्य आरोपणम्, ष.त.*] सरोकारवाला सरकारी कार्यालयले संविधान वा ऐन कानुनअनुसार नागरिकहरूलाई कर लगाउने कार्य।

करालः (पुं.वि.) [*कराय भयप्रदर्शनाय अलति, पर्याप्नोति, पचाद्यच्*] १.अग्लो २.लामो दात भएको। **करालो दन्तुरो तुङ्गे** (अमर.) ३.भयङ्कर/डरलाग्दो ४.गन्धर्वविशेष ५.(पुं./नपुं.) [*करमालाति गृह्णाति,आङ्पूर्वकाल्लाधातोःकः,आलोपः*] तेल वा घिउमा पकाएको बेसार।

तप्तस्नेहे पचेत्पूर्वं वेसवारकसंज्ञकम्
पाकप्रापितसौरभ्यं करालं सूदकैर्मतम्॥ (म.भा.)

कराली (स्त्री.) आगाका सात जिह्वामध्ये एक।

काली कराली च मनोजवा च सुलोहिता चैव सुधूम्रवर्णा।
स्फुलिङ्गिनी विश्वरूपी च देवी लोलायमाना इति सप्तजिह्वा॥
(मुण्ड.१.२.४)

करिगर्जितम् (नपुं.) [*करिणां गर्जितम्, ष.त.*] हात्तीको गर्जन।

करिगर्जनम् (नपुं.) [*करिणां गर्जनम्, ष.त.*] हात्तीको गर्जन।

करिणी (स्त्री.) [*करोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] हथिनी। **करिणी धेनुका वशा** (अमर.)।

करिदारकः (पुं.) [*करिणं दृणातीति, हिनस्ति, दृ हिंसायामिति धातोः ण्वुल्, अक.*] सिंह।

करिपिप्पली (स्त्री.) [*करीव पिप्पली, बृहत्त्वात्*] गजपिप्ला।

करिपोतः (पुं.) [*करिणः पोतः, ष.त.*] हात्तीको छावा।

करिशावकः (पुं.) [*करिणः शावकः, ष.त.*] हात्तीको छावा। **कलभः करिशावकः** (अमर.)।

करिष्यमाणः (पुं.) [*करिष्यते इति, डुकृञ् करणे इति धातोः, लृटि, लृटः सद्वा ३.३.१४ इति शत्रादेशः, आने मुगिति मुगागमश्च*] आगामी समयमा गरिने/भविष्यत्कालमा गरिने।

करिस्कन्धः (पुं.) [*करिणां स्कन्धः, ष.त.*] १.हात्तीको काँध २.हात्तीको बथान। **सङ्घातेऽपि स्कन्धः करिनरतुरङ्गाणाम्** (हला.८११)

करी (पुं.) [*करः शुण्डादण्डः अस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] हात्ती। **मतङ्गजो गजो नागः कुञ्जरो वारणः करी** (अमर.)।

करीरः (पुं.) १.[*किरति विक्षिपति स्वदेहावरणादीन्, कॄ विक्षेपे इति धातोः, कॄशॄपॄकटिपटिशौटिभ्य ईरन् (उ.) ४७८ इति ईरन्*] १.बाँसको मुनो/बाँसको टुसो २.खार वा गेगर जमिनमा हुने, पात नहुने, वसन्त ऋतुमा हरिया डाँठका टुप्पामा राता फूल फुल्ने र फूल झरेपछि बाटुला फल लाग्ने एक प्रकारको बोट। **वंशाङ्कुरे करीरोऽस्त्री** (मेदिनी.) २.[*कीर्यते क्षिप्यते जलमत्र*] घडा/पानी हाल्ने गाग्रो ३.[*कीर्यते क्षिप्यतेऽसौ,कण्टकभयात्*] मरुभूमिमा पाइने एक प्रकारको काँडाको रुख।

करीषः (पुं./नपुं) [*कीर्यते विक्षिप्यते सः, कॄ विक्षेपे इति धातोः कॄतॄभ्यामीषन् (उ.) ४७४ इति ईषन्*] गुइँठो/सुकेको गोबर।

करीषङ्कषा (स्त्री.) [*करीषं कषति, सर्वकूलाभ्रकरीषेषु कषः ३.२.४२ इति खच्, मुम्, टाप्*] सुकेको गोबर उडाउने आँधी।

करुणः (पुं.) [*किरति विक्षिपति दुर्गुणमिति, कॄ विक्षेपे इति धातोः, कॄवृदारिभ्य उनन् (उ.) ३४० इति उनन्, णत्वम्*] १.कृपा २.रुखविशेष ३.साहित्यका नौ रसमध्ये एक। **करुणो रसवृक्षयोः** (हैम.) ४.बुद्धविशेष। **मैत्रः करुण आत्मवान्** (भाग.३.२७.८)।

करुणरसः (पुं.) [*करुण इति रसः, कर्म.स.*] शोक स्थायिभाव भएको रस। इष्टको नाश र अनिष्टको प्राप्तिबाट यो रस पैदा हुन्छ। यसमा शोक स्थायिभाव हुन्छ,। मरेको आफन्त व्यक्ति वा हराएको/नाश भएको अत्यन्त प्रिय वस्तु आलम्बनविभाव हुन्छ। उसका क्रियाकलाप वा गुणको कीर्तन आदि उद्दीपन विभाव हुन्छन्। दैवनिन्दा, भूमिमा पछारिनु, मुख कालो पार्नु, लामो सास फेर्नु आदि यसका अनुभाव हुन्छन्। मूर्च्छा, ग्लानि, चिन्ता आदि यसका व्यभिचारिभाव हुन्। यसको रङ्ग परेवाको जस्तो हुन्छ र यसका स्वामी यमराज हुन्। अर्थात् यसमा आफन्त व्यक्तिको निधन अथवा इष्टवस्तुको नाशबाट शोक पैदा हुन्छ। तिनका गुणहरूको कीर्तनबाट शोक बढ्दै जान्छ। रुनु, कराउनु आदि अनुभावबाट यो प्रकट हुन्छ। मूर्च्छा, आवेग आदि व्यभिचारिभावबाट यो पुष्ट हुन्छ र करुणरसको रूपमा परिणत हुन्छ। भवभूतिले सबै रसमा मुख्यरस करुणलाई नै मानेका छन्। उनको दृष्टिकोणअनुसार पानी विभिन्न छिटामा परिणत भएजस्तै करुणरस नै विभिन्न रसको रूपमा परिणत हुन्छ। (भवभूति) करुणविप्रलम्भ शृङ्गार र करुण रसमा के फरक छ भने करुण विप्रलम्भ शृङ्गारको स्थायिभाव **रति** हुन्छ तर करुण रसको स्थायिभाव **शोक** हुन्छ। शृङ्गार रसमा वियोग भए पनि मिलनको सम्भावना रहन्छ भने करुण रसमा मिलनको सम्भावना रहँदैन।

करुणविप्रलम्भः (पुं.) शृङ्गारसको एक भेद। नायक नायिका आलम्बन विभाव, एकान्तस्थल, जुनेली रात, बगैँचा आदि उद्दीपन विभाव, रौँ ठाडा हुनु, पसिना आउनु आदि अनुभाव, तर्क वितर्क, लज्जा, औत्सुक्य आदि व्यभिचारिभाव र रति (प्रेम) स्थायिभाव भएको रसलाई शृङ्गाररस भनिन्छ। नायक र नायिका एकअर्कामा वियोगका कारणले तड्पिएको अवस्थाको चित्रणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करुणविप्रलम्भ शृङ्गाररस अभिव्यक्त भएको हुन्छ। हे.– **करुणरसः** ।

करुणा (स्त्री.) [*किरति विक्षिपति दुर्गणमिति, कृ विक्षेपे, इति धातोः, कृवृदारिभ्य उनन् (उ.) ३४०, इति उनन्, टाप् ४.१.४*] कृपा/दया/अनुकम्पा। **करुणा तु कृपायां स्यात्** (हैम.)। **~निधिः** (पुं.वि.) [*करुणायाः निधिः, ष.त.*] करुणा भएको/अरूलाई दयामाया गर्ने।

करुणानिधानः (पुं.वि.) [*करुणायाः निधानः, ष.त.*] दयालु/करुणानिधि।

करुणार्द्रः (पुं.वि.) [*करुणया आर्द्रः, तृ.त.*] अर्काको दुःख देखेर मन पग्लने, अर्काको दुःखमा आफू पनि दुःखी हुने/ करुणामय/दया र मायाले ओतप्रोत।

करुणावतारः (पुं.) [*करुणायाः अवतारः, ष.त.*] मानिसहरूलाई आइपरेको वा आइपर्ने दुःख हटाउन वा भक्तहरूको उद्धार गर्न भगवान्‌ले लिएको अवतार/दयालु मूर्ति।

करेटुः (पुं.) [*के वायौ जले वा रेटति*] अशुभ बोल्ने पक्षीविशेष (रभस.)।

करेणुः (पुं.) [*के मस्तके रेणुर्यस्य सः, बहु.स., यद्वा करोतीति, डकुकृञ् करणे इति धातोः, कृहृभ्यामेणुः (उ.) १६६ इति एणुः, यद्वा के शिरसि रेणुरस्य*] १.हात्ती २.कर्णिकार वृक्ष ३.(स्त्री.) हत्तिनी/हात्तीकी स्त्री।

करोटम् (नपुं.) [*कं वायुं रोटते, रुट दीप्तौ प्रतिघाते च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] टाउकाको हाड।

करोटी (स्त्री.) [*कं वायुं रोटते इति, रुट प्रतिघाते दीप्तौ च इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, ङीप्*] टाउकाको हड्डी। **शिरोऽस्थि करोटिः स्यात्** (हला.६३३)।

कर्कः (पुं.) [*करोति, क्रियते वा, डुकृञ् करणे इति धातोः, कृदाधाराचिकलिभ्यः कः (उ.) ३२७ इति कः*] १.सेतो घोडा २.ऐना ३.घडा ४.अग्नि ५.कर्कटराशि। **कर्कः कर्केतने वह्नौ शुक्लाश्वे दर्पणे घटे** (मेदिनी.)।

कर्कटः (पुं.) [*कृणातीति कर्, कृ हिंसायाम् इति धातोः, विच्, कटति, कटे वर्षावरणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कर् च कटश्च तयोः समाहारः, स.द्व., यद्वा कर्कतीति, कर्क इति सौत्रो धातुस्ततः शकादिभ्योऽटन् (उ.) ५३० इति अटन्*] १.छिपछिपे पानी भएको ढुङ्ग्यान ठाउँमा बस्ने छवटा खुट्टा र अघिल्तिर केही मोटा, चिम्टे, धारिला चेपुवाजस्ता दुई नङ्ग्रा भएको जलजन्तुविशेष/गँगटो २.चौथो राशि। यसमा पुनर्वसु नक्षत्रको चतुर्थ पाउ एवं तिष्य तथा अश्लेषा नक्षत्रका सबै पाउ पर्दछन्। यो मिथुन राशिको पूर्वी क्षेत्रमा रहेको छ। यसका सबै तारा त्यति चम्किला छैनन्। अँध्यारो रातमा मात्र यिनलाई राम्रोसित देख्न सकिन्छ। यस राशिको सीमा ९० अंशदेखि १२० अंशसम्म छ। यो २१ मार्च राती ९ बजे याम्योत्तर वृत्तमा देखिन्छ। ३.नागविशेष।

अनन्तो वासुकिः पद्मो महापद्मश्च तक्षकः।
कुलीरः कर्कटः शङ्खश्चाष्टौ नागाः प्रकीर्तिताः॥

~संक्रान्तिः (स्त्री.) [*कर्कटं गता संक्रान्तिः, म.प.स.*] साउने संक्रान्ति।

कर्कटकः (पुं.) [*कर्कट एव, स्वार्थे कन्*] १.गँगटो २.कर्कटराशि। (हैम.) ३.नागविशेष।

कर्कटरेखा (स्त्री.) भूगोलको विषुवत रेखादेखि साढे २३ अंश उत्तरतिर भएको भूमध्य रेखाको सामानान्तर कल्पित भौगोलिक रेखा।


(कर्कटरेखा)

कर्कटशृङ्गी (स्त्री.) पन्द्र सयदेखि आठहजार फिट सम्मका उचाइ भएका पहाडी प्रदेशमा पाइने एक वनस्पति। कफ, वात, अरुचि, क्षय, वमन आदिमा यसको उपयोग हुन्छ। (भा.प्र.)।

कर्कटिः (स्त्री.) [*करं कटति, कटे वर्षावरणयोः, इति धातोः, सर्वधातुभ्य इन् (उ) ५६७ इति इन्*] काँक्रो। **इर्वारुः कर्कटिः स्यात्** (रत्नकोष)।

कर्कटिका (स्त्री.) मानिसको जन्मदेखि जीवनपर्यन्त शरीरका विभिन्न अङ्गमा रहने, कारणवश बढेर उग्र रूप लिएमा ज्यानै जाने सम्भावना पनि भएको मांसकोषको गिर्खा वा ग्रन्थि, अर्बुद।

कर्कटी (स्त्री.) [*करं कटति, कटे वर्षावरणयोः, इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, ङीप्*] काँक्रो।

कर्कन्धूः (स्त्री.) [*कर्कं कण्टकं दधाति, डुधाञ् धारणपोषणयोः, इति धातोः, अन्दूदृम्भू जम्बूकफेलूकर्कन्धूदिधिषूः (उ.) ९६ इति सूत्रेण, कूप्रत्ययान्तो निपातः, आलोपः निपातनात्नुम्*] १.बयर २.दशरातमा हुने गर्भको अवस्था।

कललं त्वेकरात्रेण पञ्चरात्रेण वुद्‌वुदम्।
दशाहेन तु कर्कन्धूः पेश्यण्डं वा ततः परम्॥ (भाग.)

कर्करी (स्त्री.) [*कर्कं हासं रातीति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, षिद्‌गौरादिभ्यश्च इति ङीष्*] झारी।

कर्कराङ्गः (पुं.) [*कर्करं कठिनमङ्गं यस्य सः, बहु.स.*] खञ्जन पक्षी।

कर्करान्धुकः (पुं.) [*कर्करः कठोरः अन्धुः कूपः, संज्ञायां कन्*] अँध्यारो कुवा।

कर्करेटुः (पुं.) [*कर्क इति रेटति, रेट्ट भाषणे इति धातोः, मृगय्वादित्वात (उ.३७) उः*] सारसजातीय पक्षिविशेष। **कर्करेटुः करेटुः स्यात करटुः कर्कराटुकः** (अभि.चि.)।

कर्कशः (पुं.नपुं.) [*करे कशति, कश शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अन्तर्भावित ण्यर्थो वा, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्*] १.सिन्दुरे रुख २.रुखो आवाज ३.खस्रो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेः कुमारोऽपि कुमारविक्रमः
सुरद्विपास्फालनकर्कशाङ्गुलिः (रघु.)।
४.कठोर। **खरश्च कर्कशैः क्षत्तः खुरैर्घ्नन्तो रसातलम्** (भागव.) ५.क्रूर/निर्दय/रुखो मिजासको। **तस्य तद् वचनं श्रुत्वा राक्षसाः कोपकर्कशाः** (रामा.) ६.कृपणी।

कर्कशत्वम् (नपुं.) [*कर्कशस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वप्रत्ययः*] कर्कशता/रुखोपन।

कर्कारुः (पुं.) [*कर्कं हासं श्वेततामृच्छति, ऋ गतौ इति धातोः, उण्*] कुभिन्डो। **कूष्माण्डकस्तु कर्कारुः** (अमर.)।

कर्कोटकः (पुं.) [*स्वार्थे कः*] १.एक किसिमको नाग २.वृक्षविशेष।

कर्कोटकेश्वरः (पुं.) [*कर्कोटकस्य ईश्वरः, ष.त.*] नर्वदा नदीको तटमा अवस्थित एक तीर्थस्थल।

कर्चूरः (पुं.) [*कर्चति, कर्च गतौ इति धातोः, खर्जादित्वात् (उ.) ऊरः*] १.कपूर हलेदो। पूर्वी हिमालय, सिंहलद्वीप, कनाराको तटीय प्रदेश तथा वर्माको पश्चिमी भागमा आफैं पैदा हुन्छ। ३/४ फिट अग्लो बेसारको जस्तै यसको रुख हुन्छ। यो खोकी, विषमज्वर, जलोदर, प्रदर, आदिमा उपयोगी हुन्छ। यसको सेवनले स्वरलाई सुरिलो पार्दछ। २.(नपुं.) सुन। **कर्चूरो स्यात् पुमाञ्शट्यां सुवर्णे तु नपुंसकम्** (मेदिनी.)।

कर्चूरकः (पुं.) [*कर्जति, कर्ज व्यथने इति धातोः, खर्जादित्वात् (उ.) ऊरः, पृषोदरादित्वात् ६.३.१०९ जस्य चः, स्वार्थे कन् ५.३.७५*] सेतो हलेदो।

कर्ज (धा.) [*व्यथने, सक.सेट्, पर.*] दुःख दिनु,चिलाउनु। लट्— **कर्जति**—दुःख दिन्छ,चिलाउँछ इत्यादि।

कर्ण (धा.) [*भेदने, चुरा.उभ.सक.सेट्*] १.भेदन गर्नु। लट्— **कर्णयति**— भेदन गर्छ। **आकर्णयति**— सुन्छ इत्यादि।

कर्णः (पुं.) [*कर्णयति, कर्ण भेदने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कीर्यते शब्दग्रहणाय, कृ विक्षेपे इति धातोः, नन्, यद्वा किरति विक्षिपतीति, कॄ विक्षेपे इति धातोः, कॄवृजॄसिद्रुपन्यनिस्वपिभ्यो नित् (उ.) २९७ इति नः*] १.कान/श्रोत्रेन्द्रिय २.अङ्गदेशको राजा/अविवाहित अवस्थामा नै कुन्तीबाट जन्मिएको सूर्यपुत्र। **कर्णश्चम्पाधिपोऽङ्गराद्। राधासुतार्कतनयः** (अभि.चि.) ३.त्रिभुज समकोणको सामुन्नेको रेखा ४.डुँगाको गतिलाई हावाद्वारा नियन्त्रण गराउने साधन/बहाना/नाउको पतवार। **कर्णः पृथासुते ज्येष्ठे सुवर्णालौ श्रुतावपि** (मेदिनी.)। **~कटुः** (पुं.वि.) [*कर्णस्य कटुः, ष.त.*] १.सुन्दा नराम्रो लाग्ने २.(पुं.) कठोर वर्ण प्रयोग भएको साहित्यमा हुने दोषविशेष। **~कुहरः** (पुं.) [*कर्णयोः कुहरः ष.त.*] कानको प्वाल **~गोचरः** (पु.वि.) [*कर्णयोःगोचरः, ष.त.*] कानमा परेको/सुनिएको/जानकारी भएको। **~चोटिः** (स्त्री.) [*कर्णस्य चोटिः, ष.त.*] कन्चट। **~धारः** (पुं.) [*कर्णं नौकागति-नियन्त्रणदण्डं धारयति, धृञ् धारणपाषणयोः, णिचि, कर्मण्यण् ३.२.१ इत्यण्*] १.डुङ्गाको सञ्चालक घटबारे २.नेतृत्व लिने व्यक्ति ३.[*कर्णे धार्यत इति, घञ्*] कानको गहना। **~पट्टः** (पुं.) [*कर्णस्य पट्टः, ष.त.*] कनपट्टा/आँखा र कानका बिचको अवयव। **~परम्परा** (स्त्री.) [*कर्णयोः परम्परा, ष.त.*] १.एक कानबाट अर्को कान, त्यसबाट पनि अर्को कान हुँदै आउने काम/श्रुतिपरम्परा २.[*कर्णयोः परम्परा यत्र सा, बहु.स.*] मान्छे मान्छे वा पुस्ता पुस्ताबाट सुनिदै आएको कुरो ३.गोप्य राख्न खोजिएको तर कानेखुसी हुँदै फैलिएको कुरोकन्थो। **~परीक्षणम्** (नपुं.) [*कर्णस्य कर्णयोर्वा परीक्षणम्, ष.त.*] १.कानभित्रका रोगको जाँच २.श्रवणशक्तिको मापन। **~पिशाची** (स्त्री.) [*कर्णगता पिशाची, म.प.स.*] तन्त्रशास्त्रमा वर्णित साधक सामु आई कानमा खुसुक्क परोक्ष ज्ञान दिने देवयोनिविशेष। **~पीडा** (स्त्री.) [*कर्णयोः पीडा, ष.त.*] कान दुख्दा हुँने वेदना। **~पुष्पम्** (नपुं.) [*कर्णयोर्धारितं पुष्पमिव, म.प.स.*] स्त्रीजातिले कानको लोतीमा लगाउने ल्वाङ जस्तै आकारको प्रायः सुनबाट बनेको गहना/कानमा लगाउने फुली। **~पूरः** (पुं.) [*कर्णं पूरयति, अप्*] १.कानको गहना २.नीलकमल ३.शिरीषवृक्ष ४.अशोकको रुख। **~पूरकः** (पुं.) [*कर्णं पूरयति, पॄ पालनपूरणयोः इति धातोः, ण्वुल् (अकः)*] १.कानको गहना २.नीलकमलको रूख ३.शिरीषको वृक्ष ४.अशोकको रुख। **~मलम्** (नपुं.) [*कर्णयोर्मलम्, ष.त.*] कानेगुजी। **~मूलम्** (नपुं.) [*कर्णस्य मूलम्, ष.त.*] कानको फेद । **~वेष्टनम्** (नपुं.) [*कर्णौ वेष्टतेऽनेन, वेष्ट वेष्टने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कुण्डल/कानमा लगाउने गहनाविशेष। **ताटङ्कस्ताडपत्रं स्यात्कुण्डलं कर्णवेष्टनम्** (हला.)। **~शष्कुली** (स्त्री.) [*कर्णस्य शष्कुलीव, त.ष.*] कानको परिसर। **अवलम्बितकर्णशष्कुली** (नैष.)। **~शूलम्** (नपुं.) [*कर्णस्य कर्णयोर्वा शूलम्, ष.त.*] कानको पीडा/कान दुख्नु। **~शिरः** (नपुं.) [*कर्णस्य शिरः, ष.त*] कनसिरी। कर्णवाचक शब्दको पछाडि हीनः, रहितःआदि जोडेमा सर्पवाचक शब्द बन्दछ। जस्तै **कर्णहीनः,श्रुतिवर्जितः** आदि।

कर्णजलौका (स्त्री.) [*कर्णस्य जलौकेव*] खजुरो।

कर्णजिह्वः (पुं.) [*कर्णपर्यन्तगामिनी जिह्वा यस्य सः, बहु.स.*] एक गोत्रप्रवर्तक ऋषि।

कर्णपूरः (पुं.) कवि तथा अलङ्कारशास्त्रका एक आचार्य। यिनको समय सोह्रौं शताब्दी हो। यिनको नाम परमानन्द दास हो। यिनको अद्भुत कवित्वशक्तिलाई देखेर कवि कर्णपूर उपाधि प्रदान गरिएको हो। यिनलाई महाप्रभु चैतन्य **पुरीदास** भन्ने गर्दथे। यिनले अलङ्कारकौस्तुभ नामक काव्यशास्त्रीय ग्रन्थको रचना गरेका छन्। यो कृति दस किरणमा विभक्त छ। यसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यलक्षण, शब्दार्थ, ध्वनि, गुणीभूतव्यङ्ग्य, रसभावभेद, गुण, शब्दालङ्कार, अर्थालङ्कार, रीति र दोषको वर्णन छ। यस अतिरिक्त यिनले आर्याशतक, चैतन्यचरितामृत, आनन्दवृन्दावनचम्पू, कृष्णलीलोद्देशदीपिका, गौरगणोद्देशदीपिका र चैतन्यचन्द्रोदय नामक नाटकको रचना गरेका छन्।

कर्णप्रयागः (पुं.) [*कर्णेन कृतः सूर्यस्य प्रकृष्टो यागो यत्र सः, बहु.स.*] भारतको गढवाल क्षेत्रमा पर्ने अलकनन्दा र पिण्डार नदीको सङ्गम स्थल। अघि कर्णले यहाँ सूर्यलाई प्रसन्न तुल्याउन ठुलो यज्ञ गरेका थिए। (म.भा.)।

(कर्णप्रयागः)

कर्णभारम् (नपुं.) भासद्वारा विरचित एक नाटक। यो एकाङ्की नाटक हो। ब्राह्मणको भेष लिएर माग्न आउने इन्द्रलाई आफ्नो दिव्य कुण्डल कर्णले समर्पण गरेको कथावस्तुलाई लिएर यस नाटकको रचना भएको छ। महभारतको युद्धमा द्रोणाचार्यको मृत्युपछि कर्णलाई सेनापति बनाइएको प्रसङ्ग पनि यसमा आउँछ। त्यसैले यसलाई कर्णभार भनिएको हो। युद्ध र युद्धभूमिका घटना नै वर्ण्य विषय भएतापनि यसमा करुण रसको प्राधान्य छ।

कर्णवेधः (पुं.) [*कर्णयोः वेधः,छिद्रकरणम्,ष.त.*] नवजात शिशुको कान छेड्ने संस्कार। यो संस्कार उपयुक्त मुहूर्त,तथा ग्रहस्थिति जुराई निषिद्ध महिना, तिथि,पक्ष, वार, नक्षत्रलाई छोडी जन्मेको बाह्रौँ वा सोह्रौँ दिन, छैठौँ, सातौँ, आठौँ महिनामा गर्नु उपयुक्त मानिन्छ।

कर्णवेधनी(स्त्री.) [*वेध्यतेऽनया, करणे ल्युट्, अनः,टित्वान् ङीप्,कर्णयोः वेधनी, ष.त.*] कान छेड्ने अस्त्र वा मसिनो सियो

कर्णास्फालः (पुं.) [*कर्णयोरास्फालनम्, आङ्पूर्वकाद् स्फुर धातोः, णिचि फलादेशश्च*] हात्तीले दुइटा कानहरू फट्कार्ने क्रिया।

कर्णालङ्करणम् (नपुं.) [*कर्णयोरलङ्करणम्, ष.त., अलङ्क्रियतेऽनेन इति करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कानमा लगाउने गहना।

कर्णाली नदी (स्त्री.) १.भोट (राक्षसताल) बाट निस्केर सरयू नदीमा मिल्ने सुदूरपश्चिम नेपालको एक नदी। यसलाई पहाडी क्षेत्रमा ओरियाला र मैदानी क्षेत्रमा घाघरा भनिन्छ। यो नदी निस्कने ठाउँमा पचाचुङ्गो नामक हिमनदी छ। यो ताकलाकोटको उत्तरपश्चिममा पर्छ। यो नदी मैदान भागमा आएर सरयू नदीसँग ब्रह्मघाटमा मिसिएर घाघरा नामले प्रसिद्ध हुन्छ। यो छपरामा गएर गङ्गा नदीमा मिसिन्छ। नेपालमा कर्णालीको क्षेत्रफल ४१, ५०० वर्ग.मि. पर्दछ। यो सरयू नदीको शाखा नदी हो। (नेपालको भूगोल)

(कर्णाली नदी)

कर्णिकः (पुं.) [*विवृद्धौ कर्णौ अस्य, स्वाङ्गाद् विवृद्धौ (वा.) इति ठन्, ठस्येकः*] ठुलो कान भएको।

कर्णिका (स्त्री.) [*कर्णे भवा, कर्णललाटात्कनलङ्कारे ४.३.६५ इति कन्, टाप् ४.१.४, प्रत्यस्थादिति इत्वम्*] १.कानको गहना/ कर्णभूषण। **तस्यां च चाम्भोरुहकर्णिकायामवस्थितं लोकमपश्यमानः** (भाग.)। २.गुलाफको फूल। ३.योनिको रोगविशेष।

अकाले वाहमानाया गर्भेण विहितोऽनिलः।
कर्णिकाञ्जनयेद् यौनौ श्लेषारक्तेन मूर्च्छितः॥ (चरक.)

४.सुँढको अग्रभाग ५.हातको माइली औँला ६.बीजको कोश।

कर्णिकारः (पुं.) [*कर्णिं भेदनं करोतीति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् इत्यण, उदरमलभेदकत्वात्तस्य तथात्वम्*] ल्वाङका आकारको बास्नादार फूल फुल्ने सानो वृक्ष/ कनकचम्पा/काँढे चाँप। **अथ द्रुमोत्पलः। कर्णिकारः परिव्याधः** (अमर.)।

कर्णिलः (पुं.वि.) [*विवृद्धौ कर्णौ यस्य सः, स्वाङ्गाद् विवृद्धौ ५.२.११७ इति इलच्*] लामा कान भएको।

कर्णी (पुं.वि.) [*विवृद्धौ कर्णौ यस्य सः, स्वाङ्गाद् विवृद्धौ (वा.) इति इनिः*] ठुला कान भएको।

कर्णीरथः (पुं.) १.[*कर्णौ अस्य स्त इति कर्णी, अत इनिठनौ ५.२.११५ इतीनिः, कर्णी चासौ रथश्च, अन्येषामपीति दीर्घः*] खेल्नका लागि बनाइएको रथ २.[*कर्णं सामीप्येनास्तीति, कर्णी स्कन्धः, स चासौ रथः, रथतुल्यं यानम्, कर्म.स.*] पालकी/मानिसलाई खासगरी स्त्रीजातिलाई बोक्ने साधन।

कर्णीसुतः (पुं.) [*कर्ण्याः सुतः, ष.त.*] १.कंस/उग्रसेनको पुत्र २.चौर्यकलाको प्रवर्तक। बृहत्कथामा चौर्यविद्यामा निपुण कर्णीसुतको कथा वर्णित छ। **कर्णीसुतकथेव सन्निहित विपुलाचला शशोपगता च** (काद.)।

कर्णेजपः (पुं.वि.) [*कर्णे जपतीति, जप व्यक्तायां वाचि इति धातोः, स्तम्भकर्णयो रमिजपोः ३.२.१३ इत्यच्, सप्तम्या अलुक्*] १.कुनै कुराको सूचना दिने जासुस २.खोजी खोजी अर्काको चुक्ली लाएर हिँड्ने व्यक्ति/छुल्याहा/चुक्लीखोर।

कर्त (धा.) [*शैथिल्ये, चुरा.उभ.अक.सेट्*] शिथिल हुनु,। लट्– **कर्तयति**—शिथिल हुन्छ इत्यादि।

कर्तनम् (नपुं.) [*कृती छेदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] काट्नु/छेदन गर्नु।

कर्तनी (स्त्री.) [*कृत्यतेऽनया, कृती छेदने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, ङीप् ४.१.१५*] १.कैँची २.कतर्नु।

कर्तरी (स्त्री.) [*कर्तं रातीति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.सूचीकारले चलाउने कैँची/लुगा काट्ने ठुलो कैँची/कतर्नु २.ज्योतिषशास्त्रमा वर्णित योगविशेष। **क्रूरमध्यगतश्चन्द्रो लग्नं वा क्रूरमध्यगम्। कर्तरीनामयोगोऽयम्** (ज्यो.शा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्तव्यः (पुं.वि.) [*कर्तुं योग्यः, डकुकृञ् करणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९८६ इति तव्यत्*] १.गर्नुपर्ने कार्य २.आफ्नो शाखा, कुलपरम्परा, नीतिनियम, र सामाजिक मान्यताअनुसार गर्नु पर्ने असल आचरण वा क्रियाकलाप ।

कर्तव्यमेव कर्तव्यं प्राणैः कण्ठगतैरपि ।

अकर्तव्यं न कर्तव्यं प्राणैः कण्ठगतैरपि ॥ (सुभा.)

~परायणः (पुं.) [*कर्तव्ये परायणः, ष.त.*] कर्तव्य पूरा गर्ने/कार्यनिष्ठ । **~पालनम्** (नपुं.) [*कर्तव्यस्य पालनम्, ष.त.*] कर्तव्य पूरा गर्ने काम ।

कर्तव्याकर्तव्यम् (नपुं.) [*कर्तव्यञ्च अकर्तव्यञ्च, तयोः समाहारः, द्वन्द्वस.*] गर्न हुने र गर्न नहुने काम ।

कर्ता (पुं.वि.) [*करोतीति, डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.काम गर्ने वा गराउने २.व्याकरणमा क्रियाको आश्रयमा रहेको स्वतन्त्र र त्यसको प्रयोजक पद/प्रथम कारक ३.ब्रह्मा ४.ईश्वर ५.यजमान ।

कर्तृकारकम् (नपुं.) [*कर्तृप्रधानं कारकम्, म.प.*] कर्ता जनाउने कारक । यसमा कर्ताको प्राधान्य हुन्छ । कर्ताअनुसार क्रिया चल्छ । प्रथमा विभक्तिको प्रयोग हुन्छ ।

कर्तृवर्गः (पुं.) [*कर्तॄणां वर्गः, ष.त.*] कर्मचारीहरूको समूह ।

कर्तृवाचकः (पुं.वि.) [*कर्तुर्वाचकः, ष.त.*] कर्ताको काम गर्ने वा कर्तालाई बुझाउने ।

कर्तृवाच्यम् (नपुं.) [*कर्ता वाच्यो यत्र (वाक्ये) तत्,*] कर्ता प्रधान हुने वाक्य/व्याकरणको नियमअनुसार क्रियाव्यापारले प्रत्यक्षरूपमा कर्तापदलाई सङ्केत गर्ने वाक्य ।

कर्द (धा.) [*कुत्सिते शब्दे, भ्वा. अक.सेट्, पर.*] कागको जस्तै शब्द गर्नु, पेट गडगडाउनु । लट्– **कर्दति–** कागको जस्तै शब्द गर्छ, पेट गडगडाउँछ इत्यादि ।

कर्दमः (पुं.) [*कर्दति कुत्सितं शब्दयतीति, कर्द कुत्सिते शब्दे इति धातोः, कलिकर्द्योरमः (उ.) ५३३ इति अमच्, णिच्च*] १.हिलो २.पाप ३.मयल । **पङ्कोऽस्त्री कर्दमे पापे** (मेदिनी.) । ४.स्वयम्भू मन्वन्तरका एक प्रजापति ५.एक मुनि ६.नागविशेष । **कर्दमश्च महानागः** (म.भा.) ।

कर्दमकः (पुं.) [*कर्दम एव, स्वार्थे कन्*] शालिधान ।

कर्दमिकम् (नपुं.) [*कर्दमेन रक्तं वस्त्रम्, शकलकर्दमा– भ्यामुपसङ्ख्यानम् (वा.) इति ठक्, ठस्येकः, वृद्धिः*] हिलाले पोतिएको वस्त्र ।

कर्पटः (पुं.) [*कीर्यते क्षिप्यते, कॄ विक्षेपे इति धातोः, अन्यभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, कर् चासौ पटश्च, कर्म.स., यद्वा करस्थः, पटः, पृषोदरादित्वादल्लोपः, यद्वा कर्पतीति, शकादिभ्योऽटन् (उ.) ५३० इति अटन्*] थोत्रो कपडा । **चीरखण्डैककर्पटः** (क.स.सा.) ।

कर्पटिकः (पुं.) [*कर्पटमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.थोत्रो कपडा लगाउने २.जोगी ।

कर्परः (पुं.) [*कल्पत इति, कृपू सामर्थ्ये इति धातोः, बाहुलकादरः, लत्वाभावः*] १.खप्पर २.ठुलो कराही । **कर्परस्तु कटाहे स्याच्छस्त्रभेदकयहयोः** (हैम.) । ३.दही जमाउने वा राख्ने माटाको आरी/कहतारो ।

कर्पासः (पुं.) [*डुकृञ् करणे इति धातोः, कृञः पासः (उ. ७३३ इति पासः*] कपास । **~फलम्** (नपुं.) [*कर्पासस्य फलम्, ष.त.*] कपासको बीज । **~वस्त्रम्** (नपुं.) [*कर्पासस्य वस्त्रम्, ष.त.*] कपासको लुगा/सुतीको कपडा ।

कर्पासी (स्त्री.) [*करोति क्रियते वा, कृञः पासः (उ.) ७३३ इति पासः, जातित्वात् ४.१.६३, गौरादित्वाद् ४.१.४१ वा ङीष्, पृषोदरादित्वात् ५.३.१०९ साधुः*] कपास ।

कर्पूरः (पुं./नपुं.) [*कल्पते समर्थो भवतीति, कृपू सामर्थ्ये इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊरच्*] कपुर/पूजामा आरती गर्दा र ओखती आदिमा प्रयोग गरिने बासना आउने सेतो पदार्थ । यो हावामा उडेर सकिने र आगो लगाउँदा बल्ने गर्छ । यो एक किसिमको रुखको दुधबाट बनाइन्छ । यसको रुख चीन, जापान, भारत आदि देशमा पाइन्छ । यसको बोक्रा बाहिर खस्रो र भित्र चिल्लो हुन्छ । २–२.५ अङ्गुल चाक्लो ३–४ अङ्गुल लामो पात हुन्छ । झुप्पा लागेर फल्ने कपुरको अलिअलि बासना आउने केराउ जत्रो हरियो फल हुन्छ । यो पाकेपछि कालो हुन्छ । १५–२० हात अग्लो हाँगा फैलेको बोट हुन्छ । कपुरको बोक्राबाट सेतो चोप निस्कन्छ । यसैबाट कपुर बनाइन्छ । एक रुखबाट करिब छ सेर कपुर बन्छ । भारतमा केला नामको एकथरी केराबाट पनि कपुर निकालिन्थ्यो । असल कपुर पानीमा डुब्दैन, बाल्दा खुब बल्छ । राजनिघण्टुमा कपुरका १४ भेदको उल्लेख छ– **पीतास, भीमसेनी, सितकर, शङ्करावास, पोसु, शब्दसार, हिमलता, बालुका, जूटिका, तुषार, हिम, शीतल, पञ्चिका** र **पत्रिका** । अन्यत्र– **भीमसेनी, चिनियाँ, पत्री** र **कृत्रिम** गरी चार भेद लेखिएको छ । **भीमसेनी–** ठुलो बोट, बोक्राको बाहिरी भाग खस्रो र भित्री भाग चिल्लो हुन्छ । **चिनियाँ–** चीनमा हुने एकथरी रुखबाट बन्ने कपुर, **पत्री–** चीनमा हुने एकथरी पोथ्राबाट बन्ने कपुर, **कृत्रिम–** रासायनिक प्रक्रियाबाट बनेको कपुर । **कपुरपत्ती–** कपुरको झैँ पात हुने ६.७ फुट अग्लो एक पोथ्रो । **~मणिः** (पुं.) [*कर्पूरवर्णो मणिः म.प.स.*] एक किसिमको सेतो रङ्गको रत्न । **~रसः** (पुं.) [*कर्पूरस्य रसः, कर्पूर एव वा रसः*] १.कपुरको रस २.रसकपुर ।

कर्पूरपर्णी (स्त्री.) [*कर्पूरस्य पर्णमिव पर्णमस्याः, बहु.स.*] यसलाई नेपालीमा कपुरपाती वा कपुरपत्ती भनिन्छ र संस्कृतमा सुगन्धा र स्पृक्का पनि भनिन्छ । कपुरको झैँ वासना हुने, छ–सात फुट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्लो एक पोथ्रा। यसको बोझाको जस्तो चार-पाँच अङ्गुल चौडा, एक-दुई हात लामो सुल्प्रोतिर चिल्लो, उल्टोतिर भुस भएको पात हुन्छ। हरियो सेतो रङको तथा बाङ्गो छाँटको सानो फूल हुन्छ। कैलो रङ्गको तीनकुने, थेप्चो र रातो कागतीको जस्तो फल हुन्छ। ग्रीष्म ऋतुमा फुल्ने गर्दछ। अभिनवनिघण्टुअनुसार यो कपुरपत्ती दुई थरीको हुन्छ। एउटाको पातमा कपुरको वासना आउँछ र अर्कोमा कपुरको वासना आउँदैन।

कर्ब (धा.) [*गतौ, भ्वा. सेट् पर.*] हिँड्नु। लट्– **कर्बति**– हिँड्छ इत्यादि।

कर्बुरः (पुं.) १.[*कर्बति नानावर्णतां गच्छति, कर्व गतौ इति धातोः, उरच्, यद्वा कवते वर्णविशेषो भवतीति, कवृ वर्णे इति धातोः, मद्गुरादयश्च इति सूत्रेण उरजन्तो निपातः,रुगागमश्च*] पाप २.[*कर्बति हिनस्ति जीवमिति*] राक्षस ३.(पुं.वि.) छिर्मिरे/छिर्केमिर्के ४.सेतो।

कर्बुरम् (नपुं.) [*कर्बति गर्वति यस्मात्, कर्ब दर्पे इसति धातोः मद्गुरादयश्च इति उरच्प्रत्यान्तो निपातः*] १.पानी २.सुवर्ण ३.वृक्षविशेष। **कर्बूरं सलिले हेम्नि कर्बूरः पापरक्षसोः। कर्बूरा कृष्णवृन्तायां शवले पुनरन्यवत्॥** (विश्व)

कर्म (नपुं.) [*यत् क्रियते तत्, डुकृञ् करणे इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्*] १.काम/कार्य/कर्तव्य। **यत्कर्म कुर्वतोऽस्य स्यात् परितोषोऽन्तरात्मनः। तत्प्रयत्नेन कुर्वीत विपरीतन्तु वर्जयेत्।** (सुभा.) २.धार्मिक कर्म ३.भाग्य ४.चरित्र ५.संस्कार ६. परिणाम ७.पूर्व जन्ममा गरिएको असल वा खराब कामको फल ८.व्याकरणमा कर्ताद्वारा गरिन लागेको व्यापारबाट प्राप्त फलको आश्रय ९.वेदान्तमा प्रतिपादित एक क्रिया। वेदान्तीहरू जसलाई कर्म भन्दछन्, साङ्ख्यमा त्यसलाई बुद्धिको व्यापार भनिएको छ। मनुस्मृतिअनुसार कर्म तीन किसिमका हुन्छन्– **कायिक, वाचिक र मानसिक**। प्रत्येकका फेरि तीन तीन भेद हुन्छन्– **उत्तम, मध्यम र अधम**। अर्को दृष्टिकोणबाट कर्मलाई तीन भागमा वर्गीकरण गरिएको छ– **सञ्चित, प्रारब्ध र क्रियमाण**। मानिसले जुन कर्म गरेको छ त्यो सञ्चित कर्म हो। पहिले गरेका कर्मको फललाई अहिले मानिसले जुन भोग गरिरहेको हुन्छ, त्यो प्रारब्ध कर्म हो। जुन कर्म अहिले गरिरहेको छ, त्यसलाई क्रियमाण कर्म भनिन्छ। मानिसले जीवनमा गर्नुपर्ने दुई थरी कर्म हुन्छन्– **दैवकर्म**– एकभक्त, नक्त, अयाचित, उपवास, व्रत र दान। **पितृकर्म**– अन्त्येष्टि क्रिया वा श्राद्ध। तत्त्वज्ञानी पुरुषले– **सञ्चित, वर्तमान** र **प्रारब्ध** का भेदले कर्मका तीन गति मानेका छन्– **सञ्चित**– अनेक जन्मदेखि जम्मा हुँदै आएको पुरानो कर्म, **वर्तमान**– गर्न लागिएको कर्म। **प्रारब्ध**– कर्मको फल भोगेपछि फेरि केही शेष नरहने कर्म (दे.भा ६.१०)। मानिसको आयुको निर्माण हुने कर्म दुई किसिमको हुन्छ– **सोपक्रम र निरुपक्रम**। जसको फलको आरम्भ भई फल दिन लागेको हुन्छ, त्यसलाई सोपक्रम र जसको फलभोगको आरम्भ भएको हुँदैन, त्यसलाई निरुपक्रम कर्म भनिन्छ। योगी पुरुषका कर्म दुईथरी हुन्छन्– **अशुक्ल र अकृष्ण**। पुण्यको भोग नदिनेलाई अशुक्ल र पापको भोग नदिनेलाई अकृष्ण भनिन्छ। योगीबाहेक अन्य मानिसका तीनथरी कर्म हुन्छन्। **शुक्ल**– पुण्यकर्म, **कृष्ण**– पापकर्म र **शुक्लकृष्ण**– पुण्यपाप मिलेको कर्म। यी कर्मले तिनीहरूका फलभोगको अनुकूल वासनाहरूको अभिव्यक्ति दिन्छन् अर्थात् योगसाधनाद्वारा जसको चित्त शुद्ध भएको हुँदैन, त्यस्ता साधारण मानिसको कर्म संस्कारको रूपमा अन्तःकरणमा जम्मा भएर रहेको हुन्छ। अनि ती दुई कर्ममध्ये जुन कर्म जुन वेला फलभोग गराउन तयार रहन्छ, त्यसै बेला त्यस्ता कर्मको फलभोग हुन्छ र त्यस्तै वासना उत्पन्न हुन्छ। अरू कर्मको फल प्राप्त हुँदैन। कर्म संस्कार त अनेक जन्मका अनन्त हुन्छन्। तर तिनमा जाति, देश र कालको व्यवधान रहे पनि कर्मको संस्कारमा व्यवधान हुँदैन। किनभने स्मृति र संस्कार दुवैको एकै स्वरूप हुन्छ। जस्तै– कसैलाई पूर्वजन्मको कर्मको फल भोग्न गाईको जुनी हुनुपर्ने रहेछ भने कुनै पनि वेला उसले गाईको जुनीसँग सम्बद्ध वासना प्रकट गर्दछ। अर्थात् त्यस जन्मपछि अरू जति पनि जन्म र समय बिते पनि, जुनसुकै देशमा जन्मिएको भए पनि, त्यसमा त्यो वासना अभिव्यक्त हुन थाल्छ। **कर्माणि द्विविधानि, दैवानि पित्र्याणि च। दैवानि षड्विधानि एकभक्तनक्तायाचितोपवासव्रतदानाख्यानि॥** (ध.सि.) **कर्मायत्तं फलं पुसां बुद्धिः कर्मानुसारिणी। तथापि सुधिया भाव्यं सुविचार्यैव कुर्वता॥** (सुभा.) **~काण्डः** (पुं.) [*कर्मणां समूहः,पूर्वादिभ्यः काण्डः (वा.) ४.२.५१ इति समूहार्थे काण्ड प्रत्ययः*] १.गृहस्थीले गर्नुपर्ने नित्य, नैमित्तिक आदि कर्मको समूह २.[*कर्मणां काण्डो विधिविधानं यत्र सः, काण्ड इत्यत्र तु कनी दीप्तौ इति धातोः ञमन्ताड्डः (उ.) इति डः*] धर्मशास्त्रको एक अंश ३.जन्म, मृत्यु आदिको विवेचना भएको वेदको एक भाग **~काण्डी** (पु.वि.) [*कर्मकाण्डः कर्मसमूहस्तत्सम्बन्धिविधिविधानं वा अस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] कर्मकाण्ड गर्ने वा गराउने। **~कारः** (पुं.वि.) [*कर्म करोति, कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] १.काम गर्ने व्यक्ति २.धातुको काम गर्ने कालिगड।**~कारकम्** (नपुं.) [*कर्मसंबद्धं कारकम्, म.प.*] कर्म जनाउने कारक/कर्ताको इष्टतम वस्तु बुझाउने पद। **~क्षमः** (पुं.) [*कर्मसु क्षमः, सप्तमी– २.१.४० इति योगविभागात्समासः*] सजिलैसित काम फत्ते गर्ने। **~क्षेत्रम्** (नपुं.) [*कर्मणः क्षेत्रम्, ष.त.*] १.काम गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्र २.भारतवर्ष। **~चाण्डालः** (पुं.) [*कर्मणि चाण्डाल इव, त.स.*] नीच आचरण गर्ने/खराब काम गर्ने। **~रोधनम्** (नपुं.) खास माग पूरा गराउन कार्यालयको काम रोक्ने क्रिया/हड्ताल। **~शाला** (स्त्री.) [*कर्मणः शाला, ष.त.*] वर्कसप/कार्यकक्ष/कारखाना।

कर्मकारिता (स्त्री.) [*कर्म कर्तुं शीलमस्य, तस्य भावस्तत्ता*] काम गर्नेपना/कार्यकारिता

कर्मकरः (पुं.) [*कर्मणि भृतौ ३.२.२२ इति टः*] भृत्य/नोकर।

अहमन्तकरो नूनं ध्वान्तस्येव दिवाकरः।
तव राक्षस रामस्य नेयः कर्मकरोपमः॥ (भट्टि.)

कर्मचारी (पुं.) [*कर्म चरितुं शीलमस्य, चर गतिभक्षणयोः इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] नियुक्ति पाएर कार्यालयमा काम गर्नका लागि खटिएको मानिस/कारिन्दा। **~तन्त्रम्** (नपुं.) [*कर्मचारिणां तन्त्रम्, ष.त.*] व्युरोक्रेसी/ नोकरसाही **~प्रशासनम्** (नपुं.) [*कर्मचारिणां प्रशासनम्, ष.त.*] आफ्ना मातहतमा रहेका कर्मचारीको सरुवा, बढुवा, निवृत्ति, रेखदेख आदिका साथै त्यस्तो काम गर्ने प्रणाली **~प्रशासनशाखा** (स्त्री.) [*कर्मचारिप्रशासनस्य शाखा, ष.त.*] कर्मचारीको नियुक्ति, कार्यसम्बन्धी व्यवस्था, निजहरूको विवरण आदि राख्ने, हेर्ने निकाय/सरकारी वा अर्द्धसरकारी संस्थामा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्न गठित एक शाखा वा निकाय। **~वृन्दः** (पुं.) [*कर्मचारिणां वृन्दः, ष.त.*] कर्मचारीको समूह। **~सङ्घः** (पुं.) [*कर्मचारिणां सङ्घः, ष.त.*] कर्मचारीको पेसागत हक, हितको सुरक्षा आदि कार्य गर्न/गराउन नियमअनुसार गठित समिति।

कर्मठः (पुं.वि.) [*कर्मणि घटते, कर्मणि घटोऽठच् ५.२.३५ इति अठच्*] १.काम गर्न सिपालु २.सक्रिय/दत्तचित्त भएर काम गर्ने। **व्यतानीत् स कर्मठः कर्मसुतानुबन्धम्** (भट्टि.)।

कर्मण्यः (पुं.वि.) [*कर्मसु साधुः, तत्र साधुः ४.४.९८ इति यत्, णत्वम्*] १.कामका लागि योग्य/काममा सिपालु २.दिलोज्यान दिएर काममा खट्ने।

कर्मण्यता (स्त्री.) [*कर्मण्यस्य भावः, तस्य भास्त्वतलौ ६.१.११९ इति तल्, टाप्*] कार्यतत्परता।

कर्मण्या (स्त्री.) [*कर्मणा संपद्यते, कर्मवेषाद्यत् ५.१.१०० इति यत्, यद्वा कर्मसु साधुः, तत्र साधुः ४.४.९८ इति यत्, टाप् ४.१.४*] काम गरेको पारिश्रमिक। **भृतिभृत्या च कर्मण्या वेता मूल्यञ्च वेतनम्** (हला.)।

कर्मदेवता (स्त्री.) [*कर्मणो देवताः, तृ.त.*] कर्मले देवता भएका व्यक्ति।

अस्मिन् कल्पेऽश्वमेधादि कर्म कृत्वा महत्पदम्।
अवाप्य देवैर्या पूज्यास्ततस्ताः कर्मदेवताः॥ (सुभा.)

कर्मदोषः (पुं.) [*कर्मणो दोषः, ष.त.*] आफूले गरेका कामको दोष।

अदाता वंशदोषेण कर्मदोषाद् दरिद्रता।
उन्मादो मातृदोषेण पितृदोषेण मूर्खता॥ (सुभा.)

कर्मधारयः (पुं.) प्रायः उत्तरपदको अर्थ प्रधान हुने गरी समान विभक्ति भएका पदहरूका बिचमा भएको समास। **तत्पुरुष समानाधिकरणः कर्मधारयः** (पा.सू.)। यसका सात भेद छन्– विशेषणपूर्वपद– नीलञ्च तत् उत्पलं **नीलोत्पलम्** (नीलो कमल), विशेष्योत्तर विशेषणपद– वैयाकरणश्चासौ खसूचिश्च **वैयाकरणखसूचिः** (आकाश ताक्ने वैयाकरण) विशेषणोभयपद– शीतञ्च तत् उष्णम्– **शीतोष्णम्** (चिसोतातो) उपमानपूर्वपद– शङ्ख इव पाण्डुरः– **शङ्खपाण्डुरः** (शङ्खझैँ सेतो) उपमानोत्तरपद– पुरुषो व्याघ्र इव– **पुरुषव्याघ्रः** (बाघजस्तो पुरुष) भावनापूर्वपद– गुण इति वृद्धिः **गुणवृद्धिः** अवधारण-पूर्वपद– सुहृदेव सुबन्धुकः– **सुहृत्सुबन्धुकः** (मित्र नै असल बन्धुः)। यहाँ पूर्वपदमा अवधारण (निश्चय) बुझिएको छ। कर्मधारय समासलाई तत्पुरुषको भेद मानिन्छ।

कर्मनिरोधः (पुं.) [*कर्मणो निरोधः, ष.त.*] कुनै अन्याय आदिको विरोधमा गरिने कामकाज रोक्ने काम।

कर्मनिष्ठः (पुं.वि.) [*कर्मणि निष्ठा यस्य सः, बहु.स.*] १.कुनैपनि कममा लगनशील भई लाग्ने वा खट्ने २. शास्त्रप्रतिपादित विधिअनुसार धार्मिक अनुष्ठान गर्ने।

कर्मन्दी (पुं.) [*कर्मन्देन प्रोक्तं भिक्षुसूत्रमधीते, कर्मन्दकृशाश्वादिनिः ४.३.१११ इति इनिः*] १.सन्न्यासी/भिक्षु २.तपस्वी। **कर्मन्दी तापसः स्मृतः** (हला.४०९)।

कर्मपात्रम् (नपुं.) [*कर्मणः पात्रम्, ष.त.*] पूजाआजा, यज्ञ, होम आदि धार्मिक कार्यमा सङ्कल्प, विनियोग आदिका लागि विधिवत् मन्त्रोच्चारणपूर्वक कुश, जौ, तिल, अक्षता, फूल आदि हालिएको भाँडो/तिलानी।

कर्मफलम् (नपुं.) [*कर्मणः फलम्, ष.त.*] १.कर्मबाट प्राप्त हुने फल २.जन्मजन्मान्तरमा गरिएका शुभ तथा अशुभ कर्मको फल/प्रारब्धको परिणाम।

कर्मभूमिः (स्त्री.) [*कर्मणो भूमिः,ष.त.*] १.धार्मिक मान्यताअनुसार यज्ञ, तपस्या आदि अनुष्ठानका लागि अति उपयुक्त क्षेत्र/भारतवर्ष २.कर्म गर्ने भूमि/कर्मक्षेत्र

कर्मभोगः (पुं.) [*कर्मणो भोगः, ष.त.*] १.जन्मजन्मान्तरको शुभाशुभ कर्मको भोग २.कर्मअनुसार पाइने सुख, दुःख आदिको अनुभूति गर्नु।

कर्ममार्गः (पुं.वि.) [*कर्मणो मार्गः, ष.त.*] १.कर्मकाण्डका माध्यमबाट ईश्वरका सान्निध्यमा पुग्ने बाटो/यज्ञ, पूजा आदि धार्मिक अनुष्ठान २.भौतिक शरीरलाई धर्मको साधन मानेर रातदिन धार्मिक अनुष्ठान गरी परलोक सुधार्ने एक पद्धति।

कर्ममीमांसा (स्त्री.) [*कर्मणो मीमांसा यत्र सा, बहु.स.*] कर्मको सम्बन्धमा विवेचना गरिएको वेदको शाखा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ममूलम् (नपुं.) [*कर्मणां मूलम्, ष.त.*] १.कर्मको मूल/कारण २.सम्पूर्ण वैदिक कार्य सम्पन्न गर्न अपेक्षित कुश।

कर्मयोगः (पुं.) [*कर्मणि योगः, स.त.*] १.चित्त शुद्धि पार्ने शास्त्रविहित कर्म २.सफलता र विफलताको वास्ता नराखी समान भावले गरिने शुभकार्य ३.कुलपरम्परा वा शास्त्रको विधिअनुसार कर्तव्य सम्झी गरिने असल आचरण। (श्रीमद्भगवद्गीतामा ज्ञानयोग, कर्मयोग र भक्तियोगको राम्रो वर्णन छ।)

कर्मयोगी (पुं.वि.) [*कर्मयोगोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] १.कर्मयोगमा विश्वास राख्ने २.परिणाम निरपेक्ष भएर निष्ठापूर्वक काममा लाग्ने।

कर्मरेखा (स्त्री.) [*कर्मणो रेखा, ष.त.*] १.कर्म प्रधान हुने रेखा/अदृष्टको रेखा। (ग.पु.आ.का.११४.४) २.पूर्वजन्मको शुभ अशुभ कर्मअनुसार बनेका शुभाशुभको सूचना गर्ने, हात पैताला आदि शरीरका अङ्गमा कोरिएका रेखा/हस्तरेखा।

एते ते चन्द्रतुल्या क्षितिपतितनया भीमसेनार्जुनाद्याः
शूराः सत्यप्रतिज्ञा दिनकरवपुषः केशवेनोपगूढाः।
ते वै दुष्ग्रहस्थाः कृपणवशगता भैक्षमार्गं प्रयाताः
को वा कस्मिन् समर्थो भवति विधिवशाद् भ्रामयेत्कर्मरेखा॥ (सुभा.)

कर्मवादः (पुं.) [*कर्मणो वादः, ष.त.*] कर्मको फल भोग्नै पर्छ भन्ने सिद्धान्त।

कर्मवादी (पुं.वि.) [*कर्मवादोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] १.कर्मवादमा विश्वास राख्ने २.कर्मवादको अनुयायी।

कर्मवाच्यम् (नपुं.) [*कर्म वाच्यं यस्य क्रियापदस्य तत् बहु.स.*] व्याकरणमा कर्मलाई प्रधान मानेर सकर्मक धातुबाट बन्न जाने क्रियाको रूप भएको वाच्य। जस्तै– **मया पुस्तकं पठ्यते।** यसमा कर्मको प्राधान्य छ। **~क्रिया** (स्त्री.) कर्मवाच्यमा प्रयोग हुने क्रिया, जस्तै– खाइन्छ- **खाद्यते।** पढिन्छ– **पठ्यते** आदि।

कर्मविपाकः (पुं.) [*विपच्यते इति विपूर्वकात् पच पाके इति धातोः, भावे ३.३.१८ इति घञ्, कर्मणां विपाकः, ष.त.*] अशुभ कर्मबाट पैदा हुने रोग दुःख आदि कर्मजन्य फलको परिणाम (गरुडपु. २२९ अ.)।

कर्मवीरः (पुं.वि.) [*कर्मणि वीरः, स.त.*] १.पुरुषार्थी/साहसिलो, उल्लेखनीय काम गरेको २.कुनै विघ्नबाधाको परवाह नगरी कर्तव्यपालनमा लागी पर्ने।

कर्मव्यतिहारः (पुं.) [*व्यतिह्रियते इति वि– अति पूर्वकाद् हृञ् हरणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.११९ इति घञ्, कर्मणः व्यतिहारः, ष.त.*] कर्मव्यत्यय।

कर्मशीलः (पुं.वि.) [*कर्म शीलमस्य*] काम गरिरहने स्वभाव भएको।

कर्मशूरः (पुं.वि.) [*कर्मणि शूरः, सप्तमीसमासः २.१.४०*] काममा उत्साह देखाउने वा सक्रिय भएर लाग्ने (हला.३३८)।

कर्मषट्कम् (नपुं.) [*कर्मणां षट्कम्, ष.त.*] छथरी कर्महरू– १.**ब्राह्मणका ६ कर्म**–अध्ययन, अध्यापन, यजन, याजन, दान, प्रतिग्रह।

अध्यापनमध्ययनं यजनं याजनन्तथा।
दानं प्रतिग्रहञ्चैव ब्राह्मणानामकल्पयत्॥ (मनु.)

२.**वैश्यका ६ कर्म**– पशुको रक्षा, दान दिनु, यज्ञ गर्नु, अध्ययन, व्यापार, खेती। (मनु. १.९०) ३.**क्रूर ऐन्द्रजालिक ६ कर्म**– मारण, मोहन, स्तम्भन, विद्वेषण, उच्चाटन, वशीकरण। ४.**हठयोगमा वर्णित ६ कर्म**– धौति (अमाशय स्वच्छ गर्ने) वस्ति (यौगिक एनिमा) नेति (नाकको प्वाल सफा गर्ने) नौली (पेटको नली हल्लाउने) त्राटक र कपालभाति।

धौतिर्वस्तिस्तथा नेतिस्त्राटकं नौलिकन्तथा।
कपालभातिश्चैतानि षट्कर्माणि प्रचक्षते॥ (ह.यो.प्र.)

५.**गृहस्थीले बिहान उठेर गर्नुपर्ने छ कर्म**– सन्ध्या, जप, होम, देवपूजन, अतिथिसत्कार वलिवैश्वदेव।

कर्मसचिवः (पुं.) [*कर्मसु सचिवः सहायः, स.त.*] सल्लाह दिने सचिव।

कर्मसङ्गः (पुं.) [*कर्मणि सङ्गः ष.त.*] कामको संलग्नता।

कर्मसन्न्यासी (पुं.) [*कर्मणि सन्न्यस्यति, सम् निपूर्वकात्, असु क्षेपणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सम्पूर्ण कर्म त्याग गर्ने यति।

कर्मसाक्षी (पुं.) [*साक्षत् पश्यति इति साक्षी, कर्मणः साक्षी, ष.त.*] मानिसले गरेका शुभ र अशुभ कार्य थाहा पाउने साक्षी देवता।

सूर्यः सोमो यमः कालो महाभूतानि पञ्च च।
एते शुभाशुभस्येह कर्मणो नव साक्षिणः॥ (म.भा.)

कर्मसिद्धिः (स्त्री.) [*कर्मणः सिद्धिः, ष.त.*] इष्ट वा अनिष्ट फलको सिद्धि।

कर्महीनः (पु.वि.) [*कर्मणा हीनः, तृ.त.*] १.नित्य नैमित्तिक कर्मबाट च्युत भएको २.काम नभएको ३.काम नगर्ने/अकर्मण्य।

कर्माधिकारः (पुं.) [*कर्मण अधिकारः ष.त.*] काम गर्ने अधिकार।

कर्माध्यक्षः (पुं.) [*कर्मणोऽध्यक्षः, ष.त.*] १.क्रियाको साक्षी/काम गरेको प्रमाणको रूपमा रहेको साक्षी २.कार्यसञ्चालनको अभिभारा वहन गर्ने व्यक्ति।

कर्मान्तः (पुं.) [*कर्मण अन्तो यत्र, बहु.स.*] कर्मभूमि। **कर्मान्तस्तु कर्मभूः** (अभि.चि. ४.२९)।

कर्मायत्तम् (नपुं.) [*कर्मण आयत्तम् ष.त.*] कर्मको अधीन हुनु।

कर्मायत्तं फलं पुंसां बुद्धिः कर्मानुसारिणी।
तथापि सुधिया भाव्यं सुविचार्यैव कुर्वता॥ (सुभा.)

कर्मारः (पुं.) [*कर्म क्रियां ऋच्छति, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.बाँस। **वंशे त्वक्सारकर्मारत्वचिसारतृणध्वजाः।** (अमर.) २.काम गर्ने ३.जातिको एक भेद।

कर्मिष्ठः (पुं.वि.) [*अतिशयेन कर्मी, अतिशायने तमबिष्ठिनौ ५.३.५५ इति इष्ठन्*] १.नियमानुसार आफ्नो काममा लागी पर्ने २.ज्यादै काम गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मी (पुं.वि.) [*कर्मास्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] सिकर्मी/डकर्मी/कालिगड।

कर्मेन्द्रियम् (नपुं.) [*कर्मणां क्रियाणां साधनभूतमिन्द्रियम्*] हिँड्नु डुल्नु आदि क्रिया सम्पन्न गराउने पाँच इन्द्रिय/हात पाऊ लिङ्ग गुदा र मुख।

कर्व (धा.) [*दर्पे, भ्वा.अक.सेट् पर.*] अहङ्कार गर्नु। लट्– **कर्वति–** अहङ्कार गर्छ इत्यादि।

कर्वरः (पुं.) [*किरति विक्षिपतीति, कॄ विक्षेपे इति धातोः, कृगृसृवृञ्चतिभ्यः ष्वरच् (उ.) २८६ इति ष्वरच्, गुणः*] १.बाघ २.(पुं.वि.) दुष्ट ३.शङ्कालु।

कर्वरी (पुं.) [*किरति विक्षिपतीति, कॄ विक्षेपे इति धातोः, कृगृसृवृञ्चतिभ्यः ष्वरच् (उ.) २८७ इति ष्वरच्, गुणः, स्त्रियां ङीप्*] १.बघिनी २.रात्रि ३.(वि.) दुष्ट।

कर्वुरम् (नपुं.) [*कर्वत्यनेन, कर्व दर्पे इति धातोः मद्गुरादयश्च (उ.) १.४१ इति कुरच्*] १.सुन २.पानी ३.(पुं.) पाप ४.राक्षस ५.(त्रि.) छिर्केबिर्के।

कर्वुरं सलिले हेम्नि कर्वुरः पापरक्षसोः।
कर्वुरा कृष्णवृन्तायां शबले पुनरन्यवत्॥ (विश्व.)

कर्षः (पुं.) [*कर्षति, कृष विलेखने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इत्यच्*] १.सोह्र माषा २.खन्ने काम ३.आकर्षण ४.तान्ने काम ५.गुरुत्वाकर्षण।

इतरखचरकर्षात्कुच्यते भूमिकक्षा
च्युतिरत उडुपस्योपाधिरैनी ह्यपैति।
विधुगतिमितिरस्मात् कालवर्गानुसारं
ह्युपचयमुपयाति क्षीयतेऽगूच्चयोश्च॥ (के.ग्र.ग.)

कर्षकः (पुं.) [*कर्षतीति, कृष विलेखने इति धातोः, कृषेर्वृद्धिश्चोदीचाम् (उ.) २.३८ इति क्वुन्, यद्वा ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.खेतीबाट जीविका गर्ने व्यक्ति/किसान २.एक अर्कालाई आकर्षण गर्ने पिण्ड।

कर्षफलम् (नपुं.) [*कर्षस्य फलम्, ष.त*] १.गुरुत्वाकर्षणबाट हुने प्रभाव २.अन्नबाली।

कर्षूः (पुं.) [*कर्षति आकर्षति पदार्थानिति, कृष विलेखने इति धातोः, कृषिचमितनिधनिसर्जिखर्जिभ्य ऊः (उ.) ८४ इति सूत्रेण, ऊः, गुणः, रपरत्वम्*] १.भुसको आगो २.(स्त्री.) कुलो ३.(स्त्री.) आहाल ४.(स्त्री.) सानो खोल्सो ५.गोबर/मल ६.अगिन।

कर्हि (अव्यय.) [*कस्मिन् काले, अनद्यतने र्हिलन्यतरस्याम् ५.३.२१ इति र्हिल्, कादेशः*] कहिले।

कर्हिचित् (अव्य.) कदाचित्/कुनै अवस्थामा।

परदारा न गन्तव्याः सर्ववर्णेषु कर्हिचित्।
नहीदृशमनायुष्यं त्रिषु लोकेषु विद्यते॥ (सुभा.)

कल (धा.) [*शब्दसङ्ख्यानयोः, भ्वा. शब्देऽकर्म. सङ्ख्याने सकर्म., सेट् आत्म.*] शब्द गर्नु, गन्नु, हिसाब गर्नु। लट्– **कलते–** शब्द गर्छ, हिसाव गर्छ। लिट्– **चकले–** शब्द गरेछ, हिसाब गरेछ (अन.)। लुट्– **कलिता–** शब्द गर्ने छ, हिसाब गर्ने छ (अन.)। लृट्– **कलिष्यते–** शब्द गर्ने छ, हिसाब गर्ने छ। लोट्– **कलताम्–** शब्द गरोस्, हिसाब गरोस्। लङ्– **अकलत–** शब्द गर्‍यो, हिसाब गर्‍यो (अन.)। विधिलिङ्– **कलेत–** शब्द गर्ला, हिसाब गर्ला, शब्द गरोस्, हिसाब गरोस्। आशीर्लिङ्– **कलिषीष्ट–** शब्द गरोस्, हिसाब गरोस्। लुङ्– **अकलिष्ट–** शब्द गर्‍यो, हिसाब गर्‍यो। लृङ्– **अकलिष्यत–** शब्द गर्ने थियो, हिसाब गर्ने थियो। कर्मणि– भावे च– **कल्यते–** शब्द गरिन्छ, हिसाब गरिन्छ। णिचि– **कलयति–** शब्द गराउँछ, हिसाब गराउँछ। कृदन्ते– **कालकः/कालिका/कलिता-त्री–** शब्द गर्ने, हिसाब गर्ने। **कलमानः–** शब्द गरिरहेको/हिसाब गरिरहेको। **कलनम्/कलः–** शब्द गर्ने काम, हिसाब गर्ने काम। **कलना–**गणना इत्यादि।

कल (धा.) [*गतौ, सङ्ख्याने च, चुरा. सक.सेट् उभ., अदन्तः*] जान्नु, गन्नु,धारण गर्नु,ध्यान दिनु। समाल्नु, पहिरनु। लट्– **कलयति-ते–** जान्छ, गन्छ। **कालः कलयतामहम्** (भ.गी.) धारण गर्छ। **म्लेच्छनिवहनिधने कलयति करवालम्।** (गीतगोविन्द) ध्यान दिन्छ। सोच्नु। **कलयन्नपि सव्यथोऽवतस्थे।** (शि.व.९.५९) सहनु, प्रभावित हुनु। **धन्यः कोऽपि न विक्रियां कलयते प्राप्ते नवे यौवने।** (भर्तृ.) समाल्छ, पहिरन्छ। **आकलयति**– समात्छ, ग्रहण गर्छ। लिट्– **कलयाञ्चकार-चक्रे–** गएछ, गनेछ (अन.)। लुट्– **कलयिता–** जाने छ, गन्ने छ (अन.)। लृट्– **कलयिष्यति-ते–** जाने छ, गन्ने छ। लोट्– **कलयतु-ताम्– जाओस्,** गनोस्। लङ्– **अकलयत्-त–** गयो, गन्यो (अन.)। विधिलिङ्– **कलयेत्-त–** जाला, गन्ला, जाओस्, गनोस्। आशीर्लिङ्– **कल्यात्, कलयिषीष्ट–** जाओस्, गनोस्। लुङ्– **अचकलत–** गयो, गन्यो। लृङ्– **अकलयिष्यत्-त–** जाने थियो, गन्ने थियो। कर्मणि– **आकल्यते–** गइन्छ, गनिन्छ। सनि– **चिकालयिषति-ते–** जान खोज्छ, गन्न खोज्छ। कृदन्ते– **कलकः, कलिका, कलयिता-त्री–** जाने, गन्ने। **कलितः–** गएको, गनेको। **कलनम्. कलना–** जाने काम, गन्ने काम। **कल्यम्. कलयितव्यम्. कलनीयम्–** जानु पर्ने, गन्नु पर्ने। **कलयित्वा, आकलय्य–** गएर, गनेर **कलयितुम्–** जान, गन्न इत्यादि।

कल (धा.) [*क्षेपे, चुरा.सक.सेट् उभ.*] उडाउनु, फ्याँक्नु। लट्– **कालयति-ते–** उडाउँछ, फ्याँक्छ। लिट्– **कालयाञ्चकार-चक्रे–** उडाएछ, फ्याँकेछ। लिट्– **कालयाञ्चकार-चक्रे–** उडाएछ, फ्याँकेछ (अन.) इत्यादि।

कलः (पुं.) [*कलनम् कल सङ्ख्याने इति धातोः, खनो घ च ३.३.१२५ इति घः, यद्वा कलते, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यच्, यद्वा कडति माद्यत्यनेन, हलश्च ३.३.१२१ इति घञ्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः, डलयोरेकत्वम्] १.मधुर अस्पष्ट ध्वनि । **जगौ कलं वामदृशां मनोहरम्** (भाग.) २.सालको वृक्ष ३.(त्रि.) मधुर/मिठो/अर्थ नबुझिएपनि सुनिरहूँ जस्तो लाग्ने । जस्तै– **कलरवः, कलध्वनिः** आदि ४.[*कलयति मान्द्यं नयति जठराग्निम्, धातूनामनेकार्थत्वात्*] अजीर्ण ।

कलकण्ठः (पुं.) [*कलो मधुरः कण्ठो यस्य सः, बहु.स*] १.कोइली २.हाँस ३.परेवा ।

कलकलः (पुं.) [*कल शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः, कलादपि कलः*] १.कोलाहल । **कलकल उक्त कोलाहले** (मेदिनी.) २.मिठो आवाज ।

कलघोषः (पुं.) [*कलो घोषो यस्य सः, बहु.स.*] १.कोइली २.[*कलश्चासौ घोषश्च, कर्म.स.*]कर्णप्रिय ध्वनि ३.(पुं.वि.) मिठो आवाज भएको ।

कलङ्कः (पुं.) [*कलयति, कल शब्दे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, कल् चासौ अङ्कश्च, द्व.स.*] १.इज्जत मर्यादामा लागेको दोष/अपयश २.दाग ३.[*कं ब्रह्माणं लङ्कयति हीनतां गमयति, ज्ञापयति, वा, लकि गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] चन्द्रमामा रहेको धब्बा ४.चिह्न ५.लाञ्छना/कसैमाथि लगाइएको अनावश्यक आरोप । **कलङ्कोऽङ्केऽपवादे च कालायसमलेऽपि च** (विश्व.) ।

कलङ्कषः (पुं.) [*करेण कषति हिनस्ति, खच्, मुम्, लत्वम्*] सिंह ।

कलङ्की (पुं.वि.) [*कलङ्कोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.दोषी/कलङ्क भएको/दाग लागेको २.(पुं.) चन्द्रमा ।

कलत्रम् (नपुं.) [*गड सेचने इति धातोः, गडेरादेश्च कः (उ.) ३९३ इति अत्रन्, गस्य ककारश्च, डस्य लत्वम्, यद्वा कडयते शिष्यते इति कड शासने इति धातोः, बाहुलकात् अत्रन्*] १.श्रीमती/पत्नी २.नितम्ब । **कलत्रं श्रोणिभार्ययोः** (मेदिनी.) ।

कलधौतम् (नपुं.) [*कलेन अवयवेन धौतम्*] १.चाँदी २.सुवर्ण । **कन्येयं कलधौतकोमलरुचिः कीर्तिस्तु नातः परा** (हनुमन्नाटक) ।

कलध्वनिः (पुं.) १.[*कलो मधुरश्चासौ ध्वनिश्च, कर्म.स.*] मधुर आवाज २.[*कलो मधुरो ध्वनिर्यस्य सः,बहु.स.*] कोइली ३.परेवा ४.मयूर ।

कलनम् (नपुं.) १.[*कलयतीति, कल सङ्ख्याने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गन्नु २.ग्रास गर्नु ३.छरिएर रहेको वस्तुलाई जोरजम्मा पार्नु । **कलानात् सर्वभूतानाम्** (स्मृति) ४.साजसज्जा ।

कलभः (पुं.) [*कलते सङ्ख्यां करोति, कल विलेखने इति धातोः, कृशृशलिकलिगर्दिभ्योऽभच् (उ.) ४०९ इति अभच्प्रत्ययः*] १.हात्तीको छावा २.धतुरो । **द्विपेन्द्रभावं कलभः श्रयन्निव** (रघु.) ।

कलभवल्लभः (पुं.) [*कलभस्य वल्लभः, ष.त.*] पीलुवृक्ष ।

कलमः (पुं.) १.[*कलयति जनयतीति, कल सङ्ख्याने इति धातोः, कलिकर्द्योरमः (उ.) ५३३ इति अमः, णिच्च*] १.धानविशेष २.[*कलते अक्षरं प्रकाशयति, कल सङ्ख्याने इति धातोः, पूर्ववत् अमः णिच्च*] लेख्ने साधन, लेखनी । **~जीवी** (पुं.वि.) [*कलमेन जीवति तच्छीलः*] १ लेखनदास २.लेखेर जीविका निर्वाह गर्ने ।

कलम्बः (पुं.) [*कल्यते क्षिप्यते शत्रुं प्रति, कल क्षेपे इति धातोः, कृकदिकलिकडिभ्योऽम्बच् (उ.) ५३१ इति अम्बच्*] १.साग-विशेष २.वाण ३.कदमको रुख ।

कलरवः (पुं.) १.[*कलो रवोऽस्य*] १.परेवा २.कोइली ३.[*कलश्चासौ रवश्च, कर्म.स.*] मिठो स्वर ।

कललः (पुं.) १.[*कल्यते, वेष्ट्यते कल सङ्ख्याने इति धातोः, वृषादिभ्यश्चित् (उ.) १०६ इति कलः*] गर्भाशयमा भर्खर बसेको पुरुषको बीज र स्त्रीको रज २.[*कलयति वेष्टयति गर्भमिति*] गर्भलाई बेरेर राख्ने छाला ।

कलविङ्कः (पुं.) [*कलं वङ्कते, गच्छति वकि गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] भँगेरो ।

कलशः (पुं.) [*कलं मधुराव्यक्तं शब्दं शवति जलपूरणसमये प्राप्नोति, शु गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] १.घर मन्दिर परखाल आदिको गजुर २.चुचुरो ३.एक द्रोणको नापविशेष ४.गाग्रो वा घडा ५.पूजा, यज्ञ, विवाह आदिमा देवताको आवाहन गर्दा वा शुभकामनाको उद्देश्यले पानी राखी स्थापना गरिने धातु वा माटाको घडा। पुराणअनुसार समुद्र मन्थन गर्दा कलश उत्पन्न भएको हो। यो पचास अङ्गुल बाटुलो, सोह्र अङ्गुल अग्लो र आठ अङ्गुलको मुख भएको उत्तम मानिन्छ। तर नेपालमा विवाह व्रतबन्धमा राखिने कलश टुटी भएको, पेट फुकेको, लामो घाँटी र सानो मुखको, एक बित्ता अग्लो बैठकको पेटको चारैतिर बिटले घेरिएको तथा दुईवटा नागको आकारको पाता लगाइएको हुन्छ। (स्क.पु. १.२.३७५)

कलसः (पुं.) [*केन जलेन लसति, लस श्लेषणक्रीडनयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.गाग्रो २.पानी राख्ने तामा, चाँदी, पित्तल आदिको भाँडो ।

कलहंसः (पुं.) [*कलः मधुरवाक् चासौ हंसश्च, कर्म.स.*] १.बट्टाई २.राजहंस ३.प्रत्येक पाउमा क्रमशः सगण, जगण, सगण, सगण तथा एक गुरुवर्णको प्रयोग भएको समपाद छन्द । **सजसा सगौ च कथितः कलहंसः** (छन्दो.) ।

(कलहंस)

कलहः (पुं.) [*कलं कामं हन्ति नाशयति, हन हिंसागत्योः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४इत्यच्*] झगडा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्योगः कलहः कण्डूर्द्यूतं मद्यं परस्त्रियः। आहारो मैथुनं निद्रा सेवनात्तु विवर्धते। (सुभा.) **~प्रियः** (पुं.वि.) [*कलहः प्रियो यस्य सः, बहु.स.*] झगडा गर्ने स्वभावको/झगडालु।

कलहकारः (पुं.वि.) [*कलहं करोतीति, न शब्दश्लोककलहगाथावैरचाटुसूत्रमन्त्रपदेषु ३.२.२३ इति टस्य निषेधात् कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] झगडिया।

कलहान्तरिता (स्त्री.) [*कलहोऽन्तरितो यस्याः सा, बहु.स.*] १.नायक वा पतिको अपमान गरेर आफैँ पछुताउने नायिका २.प्रेमीसँग झगडा भएकाले छुट्टिएकी स्त्री। **चाटुकारमपि प्राणनाथं रोषादपास्य या। पश्चात्तापमवाप्नोति कलहान्तरिता तु सा॥** (सा.द.)

कला (स्त्री.) १.[*कलयति वृद्धिमेति, कल सङ्ख्याने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.कुनै वस्तुको सानो अंश २.चन्द्रमण्डलको सोह्रौं अंश ३.सूर्य मण्डलको बाह्रौं भाग ४.अग्नि मण्डलको दस भागमध्येको एक ५.तिस **त्रुटि** बराबर हुने समयको एक भाग। ६.राशिको तिसौं अंशको साठियौं भाग, ७.पुरुष देहअनुसार सोह्रौं अंश वा उपाधि ८.छन्दशास्त्रको मात्रा ९.कुनै काम राम्रोसँग गर्ने सिप १०.नियम वा व्यवस्थासँग काम गर्न सिकाउने विद्या वा ललितकला ११.पलाको तेस्रो भाग १२.मनुष्यशरीरको आध्यात्मिक विभाग १३.नाचको एक भेद १४.डुँगा १५.जिभ्रो १६.शिव १७.लेश १८.अक्षर १९.स्त्रीको रज २०.पाशुपत दर्शनअनुसार शरीरको अंश २१.विभूति २२.तेज २३.शोभा २४.ज्योति २५.खेलबाड २६.बहाना २७.जुक्ति २८.नटहरूको एक कसरत २९.यज्ञको कुनै तीन अङ्गमध्ये एक ३०.यन्त्र ३१.पेंच ३२.मरीचि ऋषिकी पत्नी ३३.प्रत्येक चरणमा एक भगण र एक गुरु हुने एकवर्ण वृत्त ३४.कुनै सभा वा समितिका कामहरूको संक्षिप्त विवरण ३५.शरीरभित्रका मुटु, कलेजो फियो आदि पुर्जा ३६.शरीरको रसादि धातुको ठाउँ ३७.[*कलयति वृद्धितो धनं संगृह्णाति*] ब्याज ३८.चौसाठ्ठीकला, **शास्त्रमा वर्णित ती कलाहरू** १.गायन २.वादन ३.नर्तन ४.नाट्य ५.चित्रकारी ६.विशेषकच्छेद्य (टीकाटाला गर्नु) ७.तण्डुलकुसुमावली (चामलका दानाको फूलबुट्टा बनाउनु) ८.पुष्पास्तरण (फूलैफूलको श्रृङ्गार रच्नु) ९.अङ्गराग (बुकुवा, पाउडर आदि लगाउनु) १०.मणि-भूमिकाकर्म (घर सजाउनु) ११.शयनरचना (बिछ्यौना सजाउनु) १२.उदकवाद्य (जलतरङ्ग बजाउनु) १३.उदकाघात (पचका हान्नु) १४.चित्रयोग (अवस्थापरिवर्तन) १५.माल्यग्रन्थन (माला गाँस्नु) १६.केशरशेखरापीड (कपालमा फूल सजाउनु) १७.नेपथ्ययोग (पोसाक फेर्नु) १८.कर्णपत्रभङ्ग (ढुङ्ग्री, काँट आदि लगाउनु) १९.गन्धयुक्ति (अत्तर आदि लगाउनु) २०.अलङ्कारयोग (गहना पहिरनु) २१.ऐन्द्रजाल (चटक गर्नु) २२.कौचुमारयोग (रूपरचना) २३.हस्तलाघव (हल्का हातले छिटोछिटो काम गर्नु २४.सूपकर्म (खाना पकाउने काम) २५.पानकादि (सर्वत आदि वनाउनु) २६.सूचीकर्म (सिलाइको काम) २७.सूत्रक्रिया (धागो बत्ती आदि कात्नु) २८.वीणा-डमरुवाद्य (सितार, तबला, डमरुआदि बजाउनु) २९.प्रहेलिका (गाउँखाने कथा, कविता आदि रच्नु) ३०.प्रतिमाला (अन्त्याक्षरी श्लोक मिलाएर भन्नु) ३१.दुर्वाचकयोग (कठिन शब्दको अर्थ गर्न खोज्नु र गर्नु) ३२.पुस्तकवाचन (गति यति मिलाएर राम्रोसित पुस्तक पढ्नु) ३३.नाट्यकला (राम्रोसित नाटक खेल्नु, खेलाउनु) ३४.समस्यापूर्ति (एक पाउमा तीन पाउ थपेर श्लोक पूरा गर्नु। यसमा दिइएको पाउ समस्यामूलक हुन्छ। जस्तै-**सिन्दुरविन्दुर्विधवाललाटे**। यसको समाधान हुने गरी तीन पाउ लेखेर पाउपूर्ति गर्नु पर्छ। जस्तै—

रे पुत्र सत्सङ्गमवाप्नुहि बालकस्त्व
मसत्प्रसङ्गं त्वरया विहाय।
धन्योऽपि निन्दां लभते कुसङ्गात्
सिन्दुरविन्दुर्विधवाललाटे॥

३५.पट्टिकाबाणविकल्प (मेच कुर्सी आदि बनाउनु) ३६.तक्षकर्म (काठको सामानको मर्मत गर्नु ३७.तक्षण (सिकर्मीको काम) ३८.वास्तुकर्म (घर, मन्दिर आदि बनाउने कर्म) ३९.रूप्यरत्नपरीक्षा (सुनचाँदीको काम) ४०.धातुकर्म (भाँडाकुँडा बनाउने काम) ४१.मणिरागज्ञान (जुहारती ज्ञान) ४२.आकरज्ञान (खनिजविद्या) ४३.वृक्षायुर्वेदयोग (रूख लगाउनु, हुर्काउनु, रोगलागेमा उपचार गर्नु, बगैँचा लागाउनु आदि काम) ४४.सजीवद्यूत (चरा, भेडा आदि लडाउने काम) ४५.शुकसारिकाप्रलापन (सुगा, मैना आदि चरा पालेर पढाउनु) ४६.उत्सादन (तेल मालिस गर्नु) ४७.अक्षरमुष्टिकाकथन (साङ्केतिक वा अक्षरबाट कुरा गर्नु) ४८.म्लेच्छितविकल्प (विदेशी भाषा लेख्न बोल्न जान्नु) ४९.देशभाषाज्ञान (देशभित्रका भाषा जान्नु) ५०.पुष्पशकटिका निमित्तज्ञान (प्राकृतिक लक्षणद्वारा शुभाशुभको ज्ञान) ५१.यन्त्रमातृका (जन्तरमन्तर गर्नु) ५२.धारणमातृका (रक्षाबुटी बाँध्ने काम ५३.सम्पाठ्य (अर्कालि पढेको सुनेर त्यस्तै पढ्नु) ५४.मानसी काव्यक्रिया (कविता वा काव्य रचेर सुनाउनु) ५५.अभिधान-कोश, छन्दोज्ञान (कोशग्रन्थ हेर्नु र छन्दका लयहरू हालेर भन्न जान्नु) ५६.क्रियाविकल्प (क्रियाको प्रभाव बदल्नु) ५७.छलितयोग (अर्कालाई ठग्न सक्नु) ५८.वस्त्रगोपन (कपडाको हिफाजत गर्नु) ५९.द्युतक्रीडा (जूवा खेल्नु) ६०.आकर्षकक्रीडा (पाशा, बुद्धिचाल आदि खेल्नु) ६१.बालक्रीडन (केटाकेटीको खेल) ६२.वैनायिकी (नम्रता, शिष्टाचार आदि) ६३.वैतालिकी (हात्ती घोडा सधाउनु) वैजयिकी (लडाइँ, कुस्ती, कसरत आदि) ६४.गृह संसाधन (घर सजाउनु) **~कारः** (पुं.) [*कलां करोति, कर्मण्यण् ३.२.१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यण्] वास्तु, मूर्ति, चित्र आदि कलाको निर्माण गर्ने व्यक्ति २.(पुं.) कलात्मक सिप देखाउने व्यक्ति। (साहित्यकार, सङ्गीतकार, अभिनेता, शिल्पकार आदि) **~कुशलः** (पुं.वि.) [*कलासु कुशलः, स.त.*] कलाको सृजनामा सिपालु। **~कृतिः** [*कलात्मिका कृतिः, कलारूपा वा कृतिः, म.प.स.*] १.कलात्मक रचना २.कलाकारको सृजना। **~कौशलम्** (नपुं.) [*कलायाः कौशलम्, ष.त.*] कलामा प्राप्त गरेको सिप/कालिगढी/शिल्प। **~क्षयः** (पुं.) [*कलायाः क्षयः, ष.त.*] १.चन्द्रबिम्बको कला घट्ने काम २.कान्तिको नाश। **~नाथः** (पुं.) [*कलायाः नाथः, ष.त.*] १.चन्द्रमा २.एक गन्धर्व। **~निधिः** (पुं.) [*कलायाः निधिः, ष.त.*] चन्द्रमा। **~मर्मज्ञः** (पुं.वि.) [*कलायाः मर्मज्ञः, ष.त.*] कलाका पारखी/कलाविद्। **~स्नातकः** (पुं.वि.) [*कलायां स्नातकः, स.त.*] साहित्य सङ्गीत आदिमा स्नतक उपाधि प्राप्त गरेको २.(पुं.) उपाधिविशेष। **~स्नातकोत्तरः** (पुं.) [*स्नातकादुत्तरः,प.स., कलायां स्नातकोत्तरः*] स्नातक पछिको उपाधिविशेष ।

कलाकारिता (स्त्री.) [*कलां कर्तुं शीलमस्य, ताच्छील्ये णिनिः, तस्य भावस्तत्ता, तल्, टाप्*] शिल्पविधान/कलापूर्ण ढङ्गले सजाउने काम। **कलाकारितायां विश्वकर्मेव** (च.भा.)।

कलाकेलिः (पुं.) १.[*कलया केलिः, तृ.त.*] चतुरतापूर्वक भएको खेल २.[*कलाभिः केलिर्यस्य सः, बहु.स.*] कामदेव।

कलाचिका (स्त्री.) हातको कुहिनाबाट मणिबन्ध सम्मको भाग। **अधस्तस्या मणिबन्धात् स्यात् प्रकोष्ठः कलाचिका** (अभि.चि.)।

कलात्मकः (पुं.वि.) [*कला एव आत्मा यस्य सः, बहु.स.*] कलाले परिपूर्ण।

कलादः (पुं.) [*कलामत्ति,कर्मण्यण्*] सुनार। **नाडिन्धमः स्वर्णकारो कलादो मुष्टिकश्च सः** (अभि.चि.३.५७२)।

कलान्तरम् (नपुं.) [*अन्याः कलाः*] कलाको अन्तर। **मासे शतस्य यदि लभ्यकलान्तरं स्यात्** (लीला.)।

कलापः (पुं.) [*कलां मात्राम् आप्नोति प्राप्नोति, कर्मण्यण् ३.२.१ इत्यण् आप्यते ऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.मयूरको पुच्छर २.समूह/जमात/धेरै परिमाण/राश/थुप्रो ३.गहना ४.तृणविशेष ५.धनु ६.कात्यायनद्वारा प्रणीत व्याकरण ७.हात्तीको गर्दनको डोरी ८.[*कलामाप्नोति, पचाद्यच्*] बुद्धिमान् वा चतुर व्यक्ति ९.चार पद्यसम्म एउटै क्रियापदसित अन्वय हुने काव्यको एक भेद।

कलापकः (पुं.) [*कलामंशं पाति रक्षतीति, बाहुलकात् क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.चन्द्रमा २.चार पद्यसम्म एउटै क्रियापदसित अन्वय हुने काव्यको एक भेद। **कलापकं चतुर्भिश्च पञ्चभिः कुलकं मतम्।** (छन्दो.) ३.हात्तीका गलाको बन्धन ४.ऋणविशेष।

कलापक्षः (पुं.) [*कलागतः पक्षः, म.प.स.*] काव्य वा साहित्यको बाह्यपक्ष/आलङ्कारिक पक्ष/बौद्धिक पक्ष।

कलापी (पुं.) [*कलापः मयूरपुच्छम्, व्याकरणम्, समूहादि वा तदस्यास्तीति, अत इनिठनौ इति इनिः*] १.मयूर २.(पुं.वि.) कात्यायनद्वारा प्रणीत व्याकरण पढ्ने ३.समूहमा रहने।

कलाभृत् (पुं.) १.[*कलां बिभर्ति डुभृञ् धारणपोषणयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] चन्द्रमा।

कलायः (पुं.) [*कलमयते, अय गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] केराऊ।

कलालापः (पुं.) १.[*आलपनम्, आङ्पूर्वकाद् लपधातोः, भावे ३.३.१८ इति घञ्, कलश्चासौ आलापश्च, कर्म.स.*] मिठो बोली २.[*कलः आलापो यस्य सः, बहु.स.*] भमरो।

कलावती (स्त्री.) १.तुम्बुरुको वीणा। **तुम्बुरोस्तु कलावती** (अभि.चि.) २.[*कला अस्त्यस्याः मतुप्, वत्वम्, ङीप्*] विविध कलामा कुशल महिला।

कलावान् (पुं.) [*कला अस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.चन्द्रमा २.शुक्र ३.कला भएको व्यक्ति।

कलाविद् (पुं.वि.) [*कलां वेत्ति जानातीति विद ज्ञाने इति धातोः क्विप् च ३.२.७६ इति क्विप्*] कलाको ज्ञाता।

कलिः (पुं.) १.[*कलते कलेराश्रयत्वेन वर्तते इति, कल शब्दसङ्ख्यानयोः इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] कलह २.पाप ३.संग्राम/युद्ध ४.[*कल्यते पापेषु निक्षिप्यते अनेन, यद्वा कलयति पापेन जडयति कलुषितं करोति*] पापको युग/चौथो युग/चार लाख बत्तिस हजार वर्षबराबरको समय। ५.सुताहा।

कलिः शयानो भवति,सञ्जिहानस्तु द्वापरः।
उत्तिष्ठन् त्रेता भवति कृतं सम्पद्यते चरन्॥ चरैवेति
(ऐतरेय ब्राह्मण)

६.[*कलते स्पर्द्धते इति, पूर्ववत्*] वीर। ७.[*कलयति ईषत् प्रकाशते उद्भिद्यते वा, पूर्ववत्*] फूलको कोपिला।

कलिका (स्त्री.) [*कलिरेव, स्वार्थे कन् ५.३ ७५ टाप् ४.१.४ च, यद्वा उणादौ क्वुन्*] १.कोपिला २.रचनाविशेष ३.वीणाको फेदको तार।

कलिकारकः (पुं.वि.) [*कलेः कारकः, ष.त.*] १.झगडा मच्चाउने २.(पुं.) नारद (अभि.चि. ३.५१३)।

कलिङ्गः (पुं.) [*के मूर्ध्नि लिङ्गं चूडाऽस्य*] १.ध्वाँसे चरो २.देशविशेष

कलितः (पुं.वि.) १.[*कल्यते स्म, कल सङ्ख्याने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्राप्त गरिएको २.गणना गरिएको ३.विचार गरिएको ४.भनिएको ५.ग्रहण गरिएको।

कलिद्रुमः (पुं.) [*कलेराश्रयभूतो द्रुमः, म.प.स.*] १.बर्रो।

कलिन्दः (पुं.) [*कलिं द्यति खण्डयतीति, दो अखण्डने इति धातोः, खच् मुम् च*] १.यमुना नदीको उद्गम पर्वत २.सूर्य ३.वृक्षविशेष।

कलिन्दकन्या (स्त्री.) [*कलिन्दस्य कन्या, ष.त.*] यमुना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलिन्दिका (स्त्री.) आन्वीक्षिकी आदि सबै विद्याको वर्णन भएको शास्त्र। **कलिन्दिका सर्वविद्याः** (अभि.)।

कलियुगम् (नपुं.) [*कलेर्युगम्, ष.त.*] चार लाख बत्तिस हजार वर्ष मान भएको युग। **सहस्त्रनिघ्नी रदवेदसंख्या कलिप्रमाणं स्मृतमर्कवर्षैः** (सि.शे. १.१६) यसको प्रारम्भ माघ पूर्णिमाका दिन भएको मानिन्छ।

कलिप्रियः (पुं.) [*कलिः कलहः प्रियो यस्य सः*] १.नारद। (मङ्खक) २.(पुं.) झगडिया/दुष्ट प्रकृतिको व्यक्ति (शब्द-रत्नावली)।

कलिलः (पुं.नपुं.) [*कलति सङ्ख्याति तत्, कल शब्दसङ्ख्यानयोः इति धातोः, सलिकल्यनिमहिभडिभण्डिशण्डिपिण्डितुण्डि-कुकिभूभ्य इलच् (उ.) ५७ इति इलच्*] १.गहन। **यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति** (भ.गी २.५२) २.मिसिएको। **न यत्पुनः कर्मसु सज्जते मनो रजस्तमोभ्यां कलिलं ततोऽन्यथा** (भाग. ६.२.४६)।

कली (स्त्री.) [*कलधातोः सर्वधातुभ्य इन् (उ.) इति इन्, वा ङीप्*] कोपिला।

कलुषः (पुं.) [*कस्य जलस्य लुषकः दूषकः, ष.त.*] १.राँगो बाँधिएको। **कण्ठस्तम्भितवाष्पवृत्तिकलुषश्चिन्ताजडं दर्शनम्।** (अभि.शा.) २.(पुं.वि.) निन्दित। **वर्णापेतमविज्ञातं नरं कलुषयोनिजम्** (मनु.१.५७)।

कलुषम् (नपुं.) [*कलयति वशीकरोतीति, कल शब्दसङ्ख्यानयोः इति धातोः, पृनहिकलिभ्य उषच् (उ.) ५२४ इति उषच्*] १.मयल/धमिलोपना। **विगतकलुषमम्भः शालिपक्वा धरित्री** (ऋतुः २.२३) २.पाप ३.कलङ्क।

कलुषितः (पुं.वि.) [*कलुषो सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] दोष लागेको/दूषित।

कलेवरम् (नपुं.) [*कले शुक्रे वरम् श्रेष्ठम्, हलन्तात्सप्तम्याः संज्ञायाम् ६.३.९ इत्यलुक्*] १.शरीर २.देवताको प्रतिमा वा तस्वीर। **यं यं भावं स्मरन् देही त्यजत्यन्ते कलेवरम्। तन्तमुपैति कौन्तेय सदा तद्भावभावितः॥** (भ.गी.८.६)

कल्कः (पुं./नपुं) १.[*कलते शब्दयतीति, कल शब्दे इति धातोः, कृदाधारार्चिकलिभ्यः कः (उ.) ३२७ इति कः*] १.तेलको काती २.घिउको विलौनी ३.पाप ४.अभिमान ५.विष्ठा ६.कानेगुजी ७.किट ८.कुनैपनि वस्तुको चूर्ण ९.ठुलो औषधी। यो घिउतेलमा पकाएर विरामीलाई खास गरी सुत्केरीलाई खान दिइन्छ। १०.(पुं.) [*कलयति पापमाचरति, पूर्ववत् कः*] पापी। **कल्कोऽस्त्री समलैनसोः** (मङ्खक.)।

कल्किः (पुं.) [*कल्कं पापं हार्यतया अस्त्यस्य, इन्*] विष्णुका दश अवतारमध्ये एक अवतार।

कल्की (पुं.) [*कल्कः पापं हार्यतया अस्त्यस्य, अत इनिठनौ इति इनिः*] विष्णुको दसौं अवतार/दश अवतारमध्ये अन्तिम अवतार।

कल्पः (पुं.) [कल्पयति सृष्टिं नाशं वा अत्र, *कृपू सामर्थ्ये, इति धातोः, अकर्तरि च कारके संज्ञायाम् इति घञ्*] १.प्रलय, २.प्रस्ताव, ३.ऐन, ४.सजावट ५.भावना ६.अडकल ७.भाग ८.नयाँ र अनौठो कुराको तर्क गर्ने शक्ति ९.नाचविशेष १०.[*कल्प्यते विधीयतेऽसौ*] विधि/नियम। **एष वै प्रथमो कल्पो विधाने हव्यकव्ययोः**।११.शरीर वा शरीरको कुनै अङ्गलाई नयाँ बनाउने आयुर्वेदको उपाय वा क्रिया। जस्तै– **केशकल्प, नेत्रकल्प** आदि। १२.व्याकरणमा तुल्यताबोधक वा केही न्यूनताबोधक प्रत्ययविशेष। ईषद् ऊनो विद्वान् **विद्वत्कल्पः**।१३.[*कल्पते स्वक्रियायै समर्थो भवति अत्र*] चौध मन्वन्तरको एक काल वा ४३२०००००० (चार अरब बत्तिस करोड) वर्ष अथवा एक हजार चार युगको ब्रह्माको एक दिन।

२	परमाणुको	१	अणु हुन्छ,
२	अणुको	१	त्रसरेणु हुन्छ
३	त्रसरेणुको	१	त्रुटि हुन्छ
१००	त्रुटिका	१	बेध हुन्छ
३	बेधका	१	लव हुन्छ,
३	लवको	१	निमेष हुन्छ
३	निमेषका	१	क्षण हुन्छ
५	क्षणको	१	काष्ठा हुन्छ
१५	काष्ठाको	१	लघु हुन्छ
१५	लघुको	१	नाडी (घडी हुन्छ)
२	२ नाडी (घडी) को	१	मूहूर्त हुन्छ
३०	मुहूर्तको	१	अहोरात्र हुन्छ
१५	दिनको	१	पक्ष हुन्छ
२	पक्षको	१	मास हुन्छ
२	मासको	१	ऋतु हुन्छ
३	ऋतुको	१	अयन हुन्छ। (उत्तरायण र दक्षिणायन)
२	अयनको	१	वर्ष हुन्छ
३६०	वर्षको	१	दिव्य वर्ष हुन्छ
१२०००	दिव्य वर्षको	४	मानुषयुग हुन्छ
४	मानुषयुगको	१	दिव्य युग हुन्छ
७१	दिव्य युगको	१	मन्वन्तर हुन्छ

यसरी २००० दिव्य युगको १ ब्राह्म अहोरात्र हुन्छ।

यिनको सन्ध्या र सन्ध्यांश

१. सत्ययुग (चार हजार देव वर्षको) सन्ध्या र सन्ध्यांश ८०० देव वर्ष।

२. त्रेतायुग (तीन हजार देव वर्षको) सन्ध्या र सन्ध्यांश ६०० देव वर्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. द्वापरयुग (दुई हजार देववर्षको) सन्ध्या र सन्ध्यांश ४०० देववर्ष।
४. कलियुग (एक हजार देववर्षको) सन्ध्या र सन्ध्यांश २०० देववर्ष।

चतुर्युगी एक हजारको ब्रह्माको एक दिन र त्यत्ति नै एक रात हुन्छ। ब्रह्माको दिनलाई कल्प भनिन्छ र एक कल्पभित्र चौध मनु एवं मनुका साथमा देवता तथा सप्तर्षि हुन्छन्। ३० कल्पको ब्रह्माको एक महिना हुन्छ। कल्पदिनका नामहरू यस प्रकार छन्– श्वेतवाराह, नीललोहित, वामदेव, गाथान्तर, रौरव, प्राण, बृहत्कल्प, कन्दर्प, सत्य, ईशान, ध्यान, सारस्वत, उदान, गरुड, कौर्म, (यो ब्रह्माको पूर्णिमा तिथि हो) नारसिंह, समाधि आग्नेय, विष्णुज, सौर, सोमकल्प, भावन, सुप्तमाली, वैकुण्ठ, आर्चिष, लक्ष्मीकल्प, वैराज, गौरीकल्प, माहेश्वर, पितृकल्प (ब्रह्माजीको अमावास्या तिथि हो।)

ब्रह्माको आयु सय वर्षको छ। पचास वर्ष (पूर्वार्ध) बितिसकेको छ र अहिले श्वेतवराह कल्प, ब्रह्माको दोस्रो परार्धको एकाउन्नौं वर्षको पहिलो महिना, पहिलो पक्ष, पहिलो दिन, दोस्रो याम, तृतीयमुहूर्त चलेको छ। ब्रह्माको सय वर्ष, विष्णुको एक अहोरात्र हुन्छ र विष्णुको सयवर्ष रुद्रको एक त्रुटि हुन्छ। एवं क्रमले यिनीहरूका पनि कल्प हुन्छन्। १४.प्रकरण वा विभाग १५.तन्त्रशास्त्रमा भाव र आचार मिलेको अवस्थालाई कल्प भनिन्छ। यसका तीन भेद छन्– वीरकल्प, दिव्यकल्प र पाशवकल्प १६.वेदका छ अङ्गमध्ये यज्ञको विधान भएको अङ्ग। [*विहितानां कर्मणामानुपूर्वेण कल्पनाशास्त्रम् (ऋक् प्रातिशाख्यम्)*] वेदको एक अङ्ग। यसमा विवाह, उपनयन, यज्ञ आदिको क्रमवद्ध रूपमा वर्णन गरिएको हुन्छ। कल्पसूत्रको निर्माण यज्ञको विधानका निमित्त भएको हो। कल्पसूत्रलाई चार भागमा विभक्त गरिएको छ– १.श्रौतसूत्र २.गृह्यसूत्र ३.धर्मसूत्र र ४.शुल्वसूत्र। **श्रौतसूत्र–** यसमा यज्ञहरूको क्रमबद्ध वर्णन छ। प्रत्येक वेदका छुट्टाछुट्टै श्रौतसूत्र छन्। ऋग्वेदका श्रौतसूत्रहरू– आश्वलायन र शाङ्खायन। आश्वलायन श्रौतसूत्रमा १२ अध्याय छन्। यस श्रौतसूत्रका लेखक आश्वलायन हुन्। शाङ्खायन श्रौतसूत्रमा १८ अध्याय छन्। शुक्ल यजुर्वेदको एउटै कात्यायन श्रौतसूत्र छ। यसमा २६ अध्याय छन्। कृष्ण यजुर्वेदका बोधायन, आपस्तम्ब, हिरण्यकेशीय, सत्याषाढ, वैखानस, भारद्वाज र मानव श्रौतसूत्र प्रसिद्ध छन्। सामवेदका लाट्यायन श्रौतसूत्र, जैमिनीय श्रौतसूत्र, द्राह्यायण श्रौतसूत्र प्रसिद्ध छन्। अथर्ववेदको श्रौतसूत्रको नाम वैतान हो। **गृह्यसूत्र–** यसमा गार्हपत्य अग्निमा सम्पन्न हुने यज्ञ, उपनयन, विवाह, श्राद्ध आदिको विवरण प्रस्तुत गरिएको छ। प्रत्येक वेदका अलग अलग गृह्यसूत्र छन्। ऋग्वेदका दुई गृह्यसूत्र छन्– आश्वलायन र शाङ्खायन। आश्वलायन चार अध्यायमा विभक्त छ। प्रत्येक अध्यायमा विभिन्न खण्डहरू छन्। यसमा गृह्यकर्म र संस्कारको वर्णन छ। वेदाध्ययनको महत्त्व दर्शाइएको छ। शाङ्खायनमा ६ अध्याय छन्। यसमा आश्वलायनका विषयहरूको नै वर्णन छ। कहीं–कहीं गृहनिर्माण र गृहप्रवेशको पनि चर्चा छ। यसका लेखक सुयज्ञ हुन्। ऋग्वेदको तेस्रो गृह्यसूत्र कौषीतक हो। यसका रचयिता शाम्भव्य हुन्। यसमा विवाहसंस्कार, जातशिशुको परिचय, उपनयन, वैश्वदेव, कृषिकर्म र श्राद्धको वर्णन छ। यजुर्वेदको गृह्यसूत्र पारस्कर गृह्यसूत्र हो। यसमा तीन काण्ड छन्। पहिलो काण्डमा आवसथ्य अग्निको आधान, विवाह तथा गर्भधारणदेखि अन्नप्राशनसम्मका संस्कारहरूको वर्णन छ। दोस्रो काण्डमा चूडाकरण, उपनयन, समावर्तन, पञ्चमहायज्ञ, श्रावण कर्म र सीतायज्ञको वर्णन छ। तेस्रो काण्डमा श्राद्ध, अवकीर्ण प्रायश्चित आदिको चर्चा छ। यसका थुप्रै टीकाहरू लेखिएका छन्। ती टीकाकारहरूमा कर्क, जयराम, गदाधर, हरिहर र विश्वनाथ प्रसिद्ध छन्। कृष्णयजुर्वेदका बोधायन, आपस्तम्ब, भारद्वाज र काठक गृह्यसूत्र छन्। आपस्तम्ब गृह्यसूत्र २३ खण्डमा विभक्त छ। यसमा विवाह, उपनयन, उपाकर्म उत्सर्जन, समावर्तन, मधुपर्क, सीमन्तोनयन आदि विषयको वर्णन छ। सामवेदका तीनवटा गृह्यसूत्र छन्– गोभिल, खादिर र जैमिनीय गृह्यसूत्र। अथर्ववेदको गृह्यसूत्र कौशिक गृह्यसूत्र हो। **धर्मसूत्र–** यस सूत्रमा चार वर्ण, तिनीहरूका आश्रम र कर्तव्यको वर्णन गरिएको छ। **शुल्वसूत्र–** शुल्वसूत्रमा यज्ञका निमित्त बनाउनुपर्ने वेदीको चर्चा छ। शुल्वसूत्रसँग सम्बद्ध प्राचीन तीन ग्रन्थ छन्– बोधायन, आपस्तम्ब र कात्यायन शुल्वसूत्र। **~कारः** (पुं.) १.कल्पशास्त्र बनाउने व्यक्ति २.हजाम। **~क्षयः** (पुं.) प्रलय/कार्यरूप पृथ्वी, जल आदि तत्त्व आफ्नो कारणमा लीन हुँदै अव्यक्त अवस्थामा रहेको स्थिति/संसारको नाश। **~ग्रन्थः** (पुं.) मन्त्र, यन्त्र, मन्त्रयन्त्रोद्धार, पूजासाधना आदि विषयको वर्णन भएको ग्रन्थ। **~तरुः** (पुं.) [*कल्पते फलदानाय, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४इत्यच्, कल्पस्य तरुः, ष.त.*] १.कल्पवृक्ष/कल्पद्रुम/चिताएको कुरा पुऱ्याइदिने कल्पित एक प्रकारको वृक्ष। **~पादपः** (पुं.) कल्पवृक्ष। **~वासः** (पुं.) एक कल्पभर तीर्थवास बसेको पुण्य कमाउन माघ महिनाभर संयम र निष्ठाका साथ गङ्गा, यमुना आदि नदीको तटमा बस्ने कर्म। **~वेदः** (पुं.) आयुर्वेद।

रोगैश्च क्षयितं देहं काल्पमेतत्स्मृतं बुधैः॥
तस्य ज्ञानञ्च तन्त्रेऽस्मिन्कल्पवेदो ह्यतः स्मृतः। (भवि. प्रतिसर्ग पर्व ४.९.२१)। **~सूत्रम्** (नपुं.) वैदिक कर्मको अनुष्ठान बताउने ग्रन्थ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पकः (पुं.) [*कल्पयति रचयति केशवेशादिकम्, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] १.हजाम २.(पुं.वि.) [*कल्पयति रचयति ग्रन्थान्, पूर्ववत्*] ग्रन्थकर्ता ।

कल्पनम् (नपुं.) [*कृपू सामर्थ्ये इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कल्पना गर्नु, विचार गर्नु ।

कल्पना (स्त्री.) [*कल्पनम्, कृपू सामर्थ्ये इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.कहिल्यै नदेखेको वा नसुनेको कुरा अजमाउनु, तर्कना २.स्मृति पटलमा नयाँ कुरा वा वस्तुको प्रतिमा वा रूपरेखा बनाएर काव्य, चित्र आदिका रूपमा उतार्ने वा मूर्त रूप दिने क्रियात्मक मानसिक शक्ति ३.नयाँ कुरा अज्माउने काम ४.मनगढन्त कुरो ५.हात्तीमाथि हौदा कस्नु र सजाउनु । **अथ कल्पना । करिणः सज्जनायां स्त्री क्लीवं क्लृप्तौ च कल्पने** (मेदिनी.) । **~तत्त्वम्** (नपुं.) [*कल्पनायाः तत्त्वम्, कल्पना एव तत्त्वं वा*] १.कल्पनाको आधार २.कल्पनारूपी तत्त्व । **~प्रधानः** (पुं.वि.) [*कल्पना प्रधानं यस्य सः, बहु.स.*] कल्पनाको बाहुल्य भएको ।

कल्पनातीतः (पुं.वि.) [*कल्पनामतीतः द्वि.त.*] कल्पना गर्न नसकिने ।

कल्पनाशक्तिः (पुं.) [*कल्पनायाः शक्तिः, ष.त.*] कल्पना गर्ने शक्ति ।

कल्पनाशीलः (पुं.वि.) [*कल्पनायां शीलं यस्य सः, बहु.स.*] कल्पना गर्न सिपालु ।

कल्पलता (स्त्री.) [*कल्पः सङ्कल्पितोऽर्थः, तस्य लता इव*] १.मनले चिताएको पूरा गर्ने एक लहरो । **किं किं न साधयति कल्पलतेव विद्या** (नी.श्लो.) २.मनलाई परमात्मामा लगाउने अवस्था रूपको हठयोगसँग सम्बद्ध उन्मनी मुद्रा (मु.प्र.) ।

कल्पवृक्षः (पुं.) [*कल्पते प्रदानाय इति कल्पः, स चासौ वृक्षः, कर्म.स.*] १.सबै थोक पुऱ्याउन सक्ने एक वृक्ष २.पारिजात ।

नमस्ते कल्पवृक्षाय चिन्तितान्नप्रदाय च
विश्वम्भराय देवाय नमस्ते विश्वमूर्तये ॥ (दानसागर)

कल्पान्तः (पुं.) १.[*कल्पस्याऽन्तः, ष.त.*] कल्पको अन्त्य २.[*कल्पस्याऽन्तो यत्र सः, बहु.स.*] कल्पको अन्तिम समय/प्रलयकाल । **उपवासरताश्चैव जले कल्पान्तवासिनः** । (रामा.)

कल्पान्तरः (पुं.) [*अन्यः कल्पः*] अर्को कल्प/संसारको दोस्रो सृष्टि ।

कल्पितः १.(पुं.वि.) [*कल्प्यते स्म, कृपू सामर्थ्ये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] कल्पना गरिएको वा बनाइएको ।

ब्रह्मादितृणपर्यन्तं मायया कल्पितं जगत् ।
सत्यमेकं परं ब्रह्म विदित्वैवं सुखी भवेत् ॥ (म.नि.त.)

२.बनावटी/नक्कली ३.(पुं.) [*कल्प्यते सज्जीक्रियतेऽसौ*] सजाइएको हात्ती ।

कल्पितार्थः (पुं.) [*कल्पितश्चासौ अर्थश्च, कर्म.स.*] कुनै कल्पना वा सम्भावना गरिएको अर्थ ।

कल्पितोपमा (स्त्री.) [*कल्पिता चासौ उपमा च, कर्म.स.*] यस्तो भयो भने यसको यो उपमान हुन्छ भनी गरिएको उपमा अलङ्कार ।

कल्पेश्वरः (पुं.) [*कल्पस्य ईश्वरः, ष.त.*] पञ्च केदारमध्येको पाँचौ शिव लिङ्ग । यहाँ महिषरूपधारी शिवको जटा झरेको थियो । हेलङ्ग (कुलार चट्टी) को मूलबाटो छोडेर अलकनन्दाको पुल तरेर ६ माइल पर जाँदा कल्पेश्वरको मन्दिर भेटिन्छ । यस ठाउँको नाम उरगम हो ।

कल्मषः (पुं.वि.) [*कल्मषमस्यास्ति, अर्शाद्यच्*] मलिन (जटाधर)

कल्मषः (पुं.) १.नरक विशेष ।

कल्मषम् (नपुं.) [*कर्म,शुभकर्म स्यति नाशयति षो (सो) अन्तकरणे इति धातोः, आत्वम्,आतोऽनुपसर्गे कः ३.२.३ इति कः पृषोदरादित्वात् ६.३.१०९ लत्वम्, षत्वञ्च*] १.मयल/दाग २.पाप ३.नराम्रो काम ।

कल्माषः (पुं.) [*कल्चासौ माषश्च, कर्म.स.*] १.छिरबिरे रङ्ग २.कालो वर्ण ३.राक्षस ४.नागविशेष ।

कल्यः (पुं.) [*कलासु साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] निरोगी २.तयार । **कथयस्व कथामेतां कल्याः स्म श्रवणे तव** । (म.भा.१.५.३) ३.दक्ष ४.बोली र सुन्ने शक्ति नभएको व्यक्ति ।

कल्यता (स्त्री.) [*कल्यस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] नीरोगिता ।

दक्षः श्रियमधिगच्छति पथ्याशी कल्यतां सुखमरोगी ।
उद्युक्तो विद्यान्तं धर्मार्थयशांसि च विनीतः ॥ (सुभा.)

कल्यम् (नपुं.) [*कल्यते आगम्यते इति, कल गतौ इति धातोः, अघ्न्यादयश्च (उ.) ५६१ इति यक्*] १.बिहान । **गायत्रीं यो जपेन्नित्यं कल्यमुत्थाय मानवः । लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ।** (ग.पु.आचारकाण्ड २१३.६९) २.कल्याणकारक बोली ३.मिठो बोली ४.शुभसन्देश ५.उपायनिर्देश ६.[*कलयति मिष्टतां सम्पादयति, अघ्न्यादयश्च इति यक्*] मह ।

कल्या (स्त्री.) १.[*कलासु साधुः, तत्र साधुः ४.४.९८ इति यत्, टाप् ४.१.४*] असल बोली २.[कलयति मादयति, कलधातो णिचि *अघ्न्यादयश्च (उ.) ५६१ इति यक् टाप्*] मदिरा/मद्य ३.हर्रो ।

कल्याणम् (नपुं.) [*कल्ये प्रातः अण्यते शब्द्यते इति अण शब्दे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कुशल २.मङ्गल ३.सुन । **कल्याणं हेम्नि मङ्गले** । (विश्व.) **~कारी** (पुं.वि.) [*कल्याणं करोति*] कल्याण गर्ने/भलाइ गर्ने । **~कृत्** (पुं.वि.) [*कल्याणं करोति*] कल्याण गर्ने/भलाइ गर्ने । **नहि कल्याणकृत् कश्चिद् दुर्गतिं तात गच्छति** । (भ.गी.) **~कोशः** (पुं.) [*कल्याणाय कोशः, च.त.*] कल्याणकारी कार्यका लागि स्थापना गरिएको कोश । **~भाजनम्** (नपुं.) [*कल्याणस्य भाजनम्, ष.त.*] कल्याणको पात्र **~वचनम्** (नपुं.) [*कल्याणस्य वचनम्, ष.त.*] कल्याण कारक बोली/भलाइ गर्ने वचन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्याणवर्मा (पुं.) ज्योतिष विषयका एक प्रसिद्ध आचार्य। यिनको समय पाचौँ शताब्दी हो। यिनले सारावली नामक बृहत् ग्रन्थको रचना गरेका छन्। यसमा ४२ अध्याय छन्। वराहमिहिर, यवनज्योतिष र नरेन्द्रकृत होराशास्त्रको आधारमा यस ग्रन्थको रचना भएको कुरा लेखक आफैँले स्वीकार गरेका छन्। यस ग्रन्थमा २५ सयभन्दा बढी श्लोकहरू छन्।

कल्याणी (स्त्री.) [*स्त्रियां ङीप्*] १.गाई। **उपस्थितेयं कल्याणी नाम्नि कीर्तित एव तद्।** (रघु. १.८७) २.कल्याणवती। **दमयन्त्यपि कल्याणी प्रासादस्था ह्युपैक्षत** (म.भा. ३.७४.५)।

कल्याशः (पुं./नपुं.) [*कल्यमश्यते, कर्मणि घञ्*] बिहानको खाजा।

कल्ल (धा.) [*कूजने शब्दे अशब्दे च भ्वा.आ.अक.सेट्*] गुञ्जन गर्नु, चिरिबिरी आवाज निकाल्नु, शब्द गर्नु, शब्द न गर्नु। लट्– **कल्लते–** गुञ्जन गर्छ, चिरिबिरी आवाज निकाल्छ, शब्द गर्छ, शब्द गर्दैन इत्यादि।

कल्लः (पुं.) [*कल्लते शब्दं न गृह्णाति, कल्ल कूजने अशब्दे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] बहिरो।

कल्लोलः (पुं.नपुं.) [*कल्लते शब्दायते इति, कल्ल शब्दे इति धातोः, बाहुलकात् ओलच्*] १.महातरङ्ग। **कालिन्दीजलकल्लोलकोलाहलकुतूहली** (उद्भट) २.हर्ष ३.शत्रु।

कल्हणः (पुं.) एक ऐतिहासिक महाकाव्यकार। यी काश्मिरी थिए। यिनका पिताको नाम चम्पक हो। महामात्य भएर काश्मीर नरेश हर्षको सेवामा संलग्न कल्हणले राजाबाट प्रशस्त सम्पत्ति पाएका थिए। यिनले राजतरङ्गिणी नामक ऐतिहासिक महाकाव्य लेखेका छन्। आठ तरङ्गमा विभक्त यस महाकाव्यमा कविले प्राचीन समयदेखि बाह्रौँ शताब्दीसम्मको काश्मीरको इतिहासलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन्। यसमा ऐतिहासिक शुद्धता र कलात्मकताको सुन्दर समन्वय भएको छ। यिनले जयसिंहको राज्यकाल (११२७–११५९ ईस्वी) मा दुई वर्ष लगाएर यो महाकाव्य लेखेका थिए। आफू शैवधर्मावलम्वी भएर पनि यिनले बुद्धधर्मका अहिंसा,उदारता आदिको निकै प्रशंसा गरेका छन्।

कव (धा.) [*स्तुतौ वर्णने च, भ्वा .आत्म.सक.सेट्*] स्तुति गर्नु, वर्णन गर्नु। लट्– **कवते–** स्तुति गर्छ, वर्णन गर्छ इत्यादि।

कवचः (पुं.) [*कं देहं वञ्चति विपक्षान् वञ्चयित्वा रक्षति वञ्च धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा कवते इति, जनिदाच्युसृवृमदिषमिनमिभृञ्भ्य इत्वनुत्वनुत्लणक्रिन्शक्स्य ढडयटचः (उ.) ५५४ इति अच् निपातः*] १.योद्धाहरूले लडाइँमा लगाउने फलामको भोटो/जङ्गी पोशाक २.छाला ३.बोक्रा। ४.मन्त्र भएको ग्रन्थको अङ्ग ५.ओखर ६.दमाहा/नगरा/वाद्यविशेष। **~धारी** (पुं.वि.) [*कवचं धारयति, णिनिः*] कवच पहिरने योद्धा। **~न्यासः** (पुं.) [*कवचस्य न्यासः, ष.त.*] दुवै हातका दश औँलाले पाखुरा छोई गरिने न्यास।

(कवचः)

कवयित्री (स्त्री.) [*कवते वर्णयति, कबृ वर्णने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, ङीप्, पृषोदरादितया वः*] कविता गर्ने स्त्री।

कवरः (पुं.) [*कु शब्दे इति धातोः, कोररन् (उ.) ६०४ इति अरन्*] १.मिसिएको वर्ण २.नुन ३.अमिलो।

कवरम् (नपुं.) [*के मस्तके शोभमानत्वात् वरं श्रेष्टम्*] केशपाश।

कवरी (स्त्री.) [*कं शिरो वृणोति आच्छादयति, वृञ् वृतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, वरं शोभमानत्वात् श्रेष्ठम्,*] चुल्ठो बाटेको कपाल।

कवर्गः (पुं.) [*कस्य वर्गः, ष.त.*] क, ख, ग, घ, ङ यी पाँच अक्षर।

कवर्गीयः (पुं.वि.) [*कवर्गे भवः, वर्गान्ताच्च ४.३.६३ इति छः, छस्य ईयः, अलोपः*] १.क वर्गमा रहने/कवर्गको २.पहिलो दर्जाको।

कवलः (पुं./नपुं.) [*केन जलेन वलते, वल तृप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इत्यच्*] १.गाँस।

त्यक्त्वापि निजप्राणान् परहितविघ्नं खलः करोत्येव।
कवले पतिता सद्यो वमयति मक्षिकाऽन्नभोक्तारम्॥

(सुभा.) २.मत्स्यविशेष।

कवलितः (पुं. वि.) [*कवलं ग्रासमक्रियत इति, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.ग्रहण गरिएको २.गाँस हालिएको/खाइएको। **शश्वत् कवलितानेकजीवम्** (क.स.सा.)।

कवलीकरणम् (नपुं.) [*अकवलं कवलं यथा सम्पद्यते तथा करणम्, च्विः, ईत्वम्*] एक गाँस पार्नु/गाँस हाल्नु।

ऊर्जितं सज्जनं दृष्ट्वा द्वेष्टि नीचः पुनः पुनः।
कवलीकुरुते स्वस्थं विधु दिवि विधुन्तुदः॥ (सुभा.)

कवाटम् (नपुं.) [*कं वातं वटति, वृणोति वारयति वट वेष्टने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ढोका। **असङ्गतकवाटानि श्रीविहीनानि सर्वतः** (सुभा.)।

कवाटी (स्त्री.) [*अल्पं कवाटम्, क्षुद्रार्थे ङीष्*] सानो ढोका।

कविः (पुं.) [*कौति सर्वं जानाति, कबते सर्वं वर्णयति कुङ् शब्दे, कु शब्दे इति धातोर्वा अच इः (उ.) ५८८ इति इः*] १.ब्रह्मा।

जन्माद्यस्य यतोऽन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट्
तेने ब्रह्म हृदा य आदिकवये मुह्यन्ति यत्सुरयः।
तेजो वारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा
धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि॥

(भाग.१.१) २.विष्णु। **वेदाङ्गो वेदवित् कविः।** (म.भा. १३.१४९.२७) ३.शुक्राचार्य। **भृगोः पुत्रः कविर्विद्वान् शुक्रः कविसुतो ग्रहः।** (म.भा.१.६६.४२) ४.वाल्मीकि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिकविसिंहस्य कविताववनचारिणः।

शृण्वन् रामकथानादं को न याति परम्पदम्॥ (रामा.)

५.विद्वान् ६.ऋषि। **अध्यापयामास पितॄन् शिशुराङ्गिरसः कविः॥** (मनु. २.१५१) ७.सूर्य ८.कविता वा काव्य सृजना गर्ने व्यक्ति।

कविः करोति काव्यानि रसं जानन्ति पण्डिताः।

सुन्दर्या अपि लावण्यं पतिर्जानाति नो पिता॥ (सुभा.)

९.कल्की अवतारको जेठो दाजु। **~सम्मेलनम्** (नपुं.) १.[*सम्मीलन्ति अत्र, अधिकरणे ल्युट् अनः, कवीनां सम्मेलनम्, ष.त.*] कविहरूको सभा २.[*सम्पूर्वकात् मीलधातोर्भावे ल्युट् अनः*] कविहरूको सम्मेलन।

कविका (स्त्री.) [*कवते शब्दायते इति, कुङ् शब्दे इति धातोः, अच इः (उ) इति इः, स्वार्थे कन् ५.४.५, टाप् ४.१.४, इत्वम् ७.३.४४*] १.लगाम २.पुष्पविशेष ३.मत्स्यविशेष।

कविकेशरी (पुं.) [*कविषु केशरीव, त.ष.*] १.उत्कृष्ट कविता रच्ने व्यक्ति २.उपाधिविशेष।

कविज्येष्ठः (पुं.) [*कविषु ज्येष्ठः, स.त.*] वाल्मीकि मुनि।

कविता (स्त्री.) [*कवेः भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् ४.१.४*] कविको कर्म वा भाव, साहित्यको एक विधा। **कविता वनिता वापि आयाता सुखदायिनी।** (उद्भट)

कवित्वम् (नपुं.) [*कवेः भावः,कर्म वा, तस्य भावस्त्वतलौ इति त्वः*] १.कविमा रहेको रचनात्मक शक्ति २.कविको रचना।

नरत्वं दर्लभं लोके विद्या तत्र सुदुर्लभा।

कवित्वं दुर्लभं तत्र शक्तिस्तत्र सुदुर्लभा॥ (अ.पु.)

कविनिबद्धवक्तृप्रौढोक्तिसिद्धः (पुं.) [*कविनिबद्धश्चासौ वक्ता, तस्य प्रौढोक्तिः, तया सिद्धः*] कविले उभ्याएका पात्रको प्रौढोक्तिबाट व्यक्त हुने गहिरो अर्थ।

कविप्रौढोक्तिसिद्धः (पुं.) [*कवेः प्रौढोक्तिः, तया सिद्धः*] कविको प्रौढ भनाइबाट व्यक्त हुने प्रतीयमान अर्थ।

कविभेदः (पुं.) [*कवीनां भेदः, ष.त.*] कविका विभिन्न भेदहरू। राजशेखरले कविका तीन भेद मानेका छन्– १.**सारस्वत कवि**– पूर्वजन्मको संस्कारले गर्दा स्वतः कविता लेख्न सक्ने व्यक्ति/नैसर्गिक कवि २.**आभ्यासिक कवि**– विभिन्न ग्रन्थहरूको अध्ययन र अभ्यासबाट कविता लेख्ने कवि ३.**औपदेशिक कवि**– मन्त्रतन्त्र आदिको बलले कवि बन्न पुगेका व्यक्ति। अर्को किसिमले कविलाई राजशेखरले आठ भागमा छुट्याएका छन्– १.**रचनाकवि**– यी कविहरू पदको विन्यासमा कुशल हुन्छन्। २.**शब्दकवि**– यस्ता कविका कवितामा शब्दको प्रयोग अत्यन्त सुन्दर हुन्छ। ३.**अर्थकवि**– यस्ता कविका कवितामा अर्थसौन्दर्य रहेको हुन्छ। ४.**अलङ्कारकवि**– यस्ता कविहरू अलङ्कारको प्रयोग गर्न अत्यन्त सिपालु हुन्छन्। ५.**उक्तिकवि**– यिनका काव्यात्मक उक्तिहरूमा विशेष चमत्कार रहेको हुन्छ। ६.**रसकवि**– शृङ्गार वीर आदि रसको प्रयोगमा यी कविहरू अत्यन्त कुशल हुन्छन्। ७.**मार्गकवि**– वैदर्भी, गौडी,पाञ्चाली आदि रीतिको प्रयोगमा यिनीहरूको कुशलता बढी झल्कन्छ। ८.**शास्त्रार्थकवि**– शास्त्रको विषयलाई काव्यात्मक शैलीमा प्रस्तुत गर्न यस्ता कविहरू कुशल देखिन्छन्। यी सबै विशेषताले युक्त भएको कविलाई महाकवि भनिन्छ।

कविमण्डलम् (नपुं.) [*कवीनां मण्डलम्, ष.त.*] कविको समूह।

सङ्ग्रामे सुभटेन्द्राणां कवीनां कविमण्डले।

दीप्तिर्वा दीप्तिहानिर्वा मुहूर्तादेव जायते॥ (सुभा.)

कविमनोरञ्जकचम्पूः (स्त्री.) यसका प्रणेता सीताराम सूरि हुन्। यिनको समय ई.सन् १८३६-१९०६ हो। यस ग्रन्थमा चार उल्लास छन्। सीताराम नामक कुनै ब्राह्मणको कथानक भएको यस काव्यमा यमक र श्लेष अलङ्कारको सुन्दर प्रयोग छ।

कविराजः (पुं.) १.[*कवयन्ति वर्णयन्ति रोगान्, तदौषधादीनि च, कवयो वैद्यास्तेषां राजा, प्रमुखः, ष.त. टच्*] अयुर्वेदीय क्षेत्रको विशिष्ट चिकित्सक २.[*कवीनां राजा, ष.त.*] कविहरूमा श्रेष्ठ।

कविराजत्रयम् (नपुं.) [*कविराजानां त्रयम्, ष.त.*] तीन कविराज/वक्रक्तिको प्रयोगमा कुशल तीन कवि। सुबन्धु, बाण र भट्ट।

सुबन्धुर्बाणभट्टश्च कविराज इति त्रयः।

वक्रोक्तिमार्गकुशलश्चतुर्थो विद्यते न वा॥ (सं.सा.इ.)

कविराजधोईः (पुं.) बङ्गालका राजा लक्ष्मणसेनका दरवारी कवि। यिनले पवनदूत भन्ने खण्डकाव्य रचेका छन्। यिनको समय विक्रमको बाह्रौँ शताब्दी हो। १०४ मन्दाक्रान्ता छन्दमा रचिएको यस काव्यमा कनकनगरीमा बस्ने अप्सरा कुवलयवतीले राजा लक्ष्मणसेनलाई वसन्तपवनको माध्यमबाट विरहको सन्देश पठाएको विषय वर्णित छ।

कविराजविश्वनाथः (पुं.) प्रसिद्ध एक काव्यशास्त्री। यिनको समय चौधौँ शताब्दी हो। यिनका बाबुको नाम चन्द्रशेखर हो। यिनले साहित्यदर्पण, राघवविलास (महाकाव्य), चन्द्रकला–(नाटिका), प्रशस्तिरत्नावली, काव्यप्रकाशदर्पण– (काव्य-प्रकाशको टीका) रचना गरेका छन्। यीमध्ये साहित्यदर्पण बढी प्रसिद्ध र लोकप्रिय भएको छ। यिनले साहित्यदर्पणमा काव्यको लक्षण, त्यसका भेद, काव्यप्रयोजन, शब्दशक्ति, रस, ध्वनि, रीति, गुण, दोष, अलङ्कार, रूपक, उपरूपक आदिको विस्तृत विवेचना गरेका छन्। यी रसवादी आचार्य हुन्। यिनले रसलाई काव्यको आत्मा मानेका छन्।

कविवरः (पुं.वि.) [*कविषु कवीनां वा वरः*] कविश्रेष्ठ।

कविशिक्षा (स्त्री.) [*कवीनां शिक्षा, ष.त.*] संस्कृत काव्यशास्त्रमा सबैजसो आचार्यहरूले कवि हुनका लागि धेरै अध्ययन गर्नुपर्छ भनेका छन्। कविले लोक व्यवहार, शब्दशास्त्र, कोष, छन्दशास्त्र, कला, कामशास्त्र, दण्डनीति, काव्यशास्त्र आदि थुप्रै विषयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययन गर्नुपर्छ। राजशेखरले काव्यमीमांसामा कविले कवि बन्न नजानी नहुने विषयको उल्लेख गरेका छन्– शास्त्रपरिचय, पदवाक्यविवेक, पाठप्रतिष्ठा, काव्यको स्रोत, अर्थव्याप्ति, कविचर्या, राजचर्या, काव्यहरण, कविसमय, देशविभाग, कालविभाग आदि। क्षेमेन्द्रले कविकण्ठाभरणमा कवि हुनका लागि सय उपाय बताएका छन्। यस्तै हेमचन्द्र, बाण भट्ट र अमरचन्द्रले पनि कविता वा काव्यको सृजना गर्ने कार्यमा कुशल बन्नका लागि आवश्यक शिक्षा प्रदान गरेका छन्।

कविशिरोमणिः (पुं.वि.) [*कविषु शिरोमणिरिव, त.स.*] १.शीर्षस्थ कवि २.(पुं.) उत्कृष्ट कविलाई दिइने उपाधि। यो उपाधि नेपाली साहित्यका उत्कृष्ट कवि लेखनाथ पौडेल (वि.सं.१९४१–२०२२) लाई प्रदान गरिएको थियो।

कविसमयः (पुं.) [*कवेः समयः, ष.त.*] कविको समाजमा प्राचीन परम्परादेखि चल्दै आएका परिपाटीहरू। अशास्त्रीय र अलौकिक भए पनि कविको वर्णनमा प्रसिद्ध भएका विषयहरू। **कवीनां समये ख्याते गुणः ख्यातविरुद्धता** (सा.द. ९)।

कवीन्द्रः (पुं.) [*कवीनामिन्द्रः ष.त.*] श्रेष्ठ कवि/कविहरूका राजा।

कवीश्वरः (पुं.) [*कवीनामीश्वरः, ष.त.*] रससिद्ध कवि।

जयन्ति ते सुकृतिनो रससिद्धाः कवीश्वराः।
नास्ति येषां यशःकाये जरामरणजं भयम्॥ (सुभा.)

कवोष्णम् (नपुं.) [*ईषदुष्णम्, गतिसमासः, कवं चोष्णे ६.३.१०७ इति कवादेशः*] अलि अलि तातो/मन्द तातो/मनतातो।

कव्यम् (नपुं.) [*कूयते पितृभ्यः, कु शब्दे इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] पितृलाई चढाइने वस्तु।

कव्यवाड (पुं.) [*कव्यं पित्र्युदेश्यकं कर्म बालयति, कर्मण्यण् ३.२.१ इत्यण्, डलयोरैक्यम्*] पितृलाई पर सारेको वा चढाएको अन्न।

कश (धा.) [*शब्दे, भ्वा.अक.पर.सेट्*] शब्द गर्नु। लट्– **कशति**– शब्द गर्छ इत्यादि।

कशा (स्त्री.) [*कशति, कश शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] घोडालाई हिर्काउने कोर्रा। **जघान कशया मोहात्तदा राक्षसवन्मुनिम्** (म.भा. १.१७७.१०)।

कशार्हः (पुं.) [*कशामर्हति, अर्हः ३.२.१२ इत्यच्*] कोर्राले हान्नुपर्ने/कोर्रा लगाउनुपर्ने।

कशिपुः (पुं.) [*कशति कश्यते वा दुःखम्, मृगयादित्वान्निपातनात् साधुः*] १.भात २.ओढ्ने ३.शय्या।

कशेरुका (स्त्री.) [*कं वायुं शृणाति, केन शीर्यते वा, के श्र एरङ् चास्य (उ.) ८८ इत्यूः, एरङ् संज्ञायाम् कन् ५.३.७५ इति कन्, केऽणः ७.४.१३ इति ह्रस्वः*] डँडाल्नाको हाड।

कशेरूः (स्त्री.) [*कें देहे शीर्यते, कशब्दे उपपदे, शृ हिंसायाम् इति धातोः, के श्र एरङ् चास्य (उ.) ८८ इति सूत्रेण ऊः, एरङ् आदेशश्च कशेरुः इत्यपि*] १.पिठ्युँको हाड। **किं कुर्वता वराहेण खाद्यन्ते हि कशेरवः** (उणादिवचनम्) २.[*कं जलं वातं वा शृणाति*] घाँसको जरो ३.जम्बूद्वीपको एक खण्ड।

कश्चन (अव्य.) [*पाणिनिमते पृथक्पदम्, मुग्धबोधमते चनप्रत्ययान्त पदम्*] कुनै।

कश्चित् (अव्य.) [*पाणिनिमते पृथक्पदम्, मुग्धबोधमते चित्प्रत्ययान्तपदम्*] कुनै।

जातिमात्रेण किं कश्चिद् हन्यते पूज्यते क्वचिद्।
व्यवहारं परिज्ञाय वध्यः पूज्योऽथवा भवेत्॥ (सुभा.)

कश्मलः (पुं./नपुं.) [*कष्टं गच्छति शास्ति वा सः, कश गतिशासनयोः इति धातोः, कुटिकशिकौतिभ्यः प्रत्ययस्य मुट् (उ) १४४ इति सूत्रेण कलः, मुट् च*] १.फोहोर २.पाप ३.मूर्च्छा ४.मोह।

कश्मलः (पुं.वि.) [*कश्मलमस्यास्तीति,अर्शाद्यच्*] १.पापी २.अपवित्र ३.फोहोरी।

यस्य भार्या विरूपा च कश्मला कलहप्रिया।
अधिकाधिकभक्षा च सा जरा न जरा जरा॥ (सुभा.)

कश्मीरः (पुं.) [*कश इति सौत्रो धातुः, तस्मात् कशेर्मुट् च (उ.) ४८० इति ईरन् मुट् च*] भारतको एक प्रदेश।

शारदामठमारभ्य कुङ्कुमादितटान्तकः।
तावत्कश्मीरदेशः स्यात्पञ्चाशद्योजनात्मकः॥
(शक्तिसङ्गमतन्त्र)

कश्यम् (नपुं.) [*कशामर्हति दण्डादिभ्यो यत् ५.१.६६ इति यत्*] १.घोडाको कम्मर २.[*कश्यत्यनेन, कश शब्दे इति धातोः, करणे यत्*] एक प्रकारको मद्य। ३.(पुं.वि.) कोर्रा लगाउनु पर्ने वा लगाइने।

कश्यपः (पुं.) [*कस्यं सोमरसादिजनितं मद्यं पिबतीति, पा पाने इति धातोः, सुपि स्थः, सुपि इति योगविभागात्, कः, आलोपः ६.४.६४*] १.कश्यप नामका एक ऋषि/कश्यप गोत्रका प्रवर्तक मुनि। पुराणअनुसार यिनका तेह्रओटी पत्नी थिए– दिति, अदिति, दनु, कद्रु, विनता, खसा, मुनि, क्रोधा, अरिष्टा, ताम्रा इरा, इला, प्रधा। प्रत्येकबाट अलग किसिमका सन्तान जन्मिए। **कश्यपानात् स कश्यपः** (मा.पु. १०४)।

कश्यपनन्दनः (पुं.) [*कश्यपस्य नन्दनः,ष.त.*] कश्यपपुत्र गरुड।

कश्यपमण्डलम् (नपुं.) [*कश्यपप्रधानं (तारकाणां) मण्डलम् म.प.स.*] .ताराहरूको एकसमूह/कश्यपमण्डल, हे. **तारामण्डलम्**।


(कश्यपमण्डलम्)

कष (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् पर.*] मार्नु, हिंसा गर्नु। लट्– **कषति**– मार्छ, हिंसा गर्छ इत्यादि।

कषणम् (नपुं.) [*कष हिंसायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] कसी लगाउने काम।

कषा (स्त्री.) [*कष्यते ताड्यतेऽनया, बाहुलकात् करणे अप्, टाप्*] चाबुक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कषायः (पुं.). १.कलियुग २.क्वाथ ३.साजको रुख ४.सुपारी।

कषायम् (नपुं.) [*कषति कण्ठम्, कष हिंसायाम् इति धातोः, बाहुलकाद् आयप्रत्ययः*] १.सुगन्धी रस। **प्रत्युषेषु स्फुटित-कमलामोदमैत्रीकषायः।** (मे.दू.) २.टर्रो रस ३.रङ्गाउने द्रव्य/विलेपन। **कर्णार्पितो लोध्रकषायरूक्षे गोरोचनाक्षेपनितान्त गौरे।** (कुमा.) ४.अन्तःकरणको दोष, क्रोध आदि विकार ५.रातो र पहेँलो वर्णको मिश्रण भएको वर्ण ६.प्रेम ७.रातो वर्ण।

कषायितः (पुं.) [*कषायः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.टर्रो पारिएको २.मिसाइएको।

कषीका (स्त्री.) [*कषति हिनस्तीति, कष हिंसायाम् इति धातोः, कषिदूषिभ्यामीकन् (उ.) ४६४ इति ईकन्, टाप् ४.१.४*] एक किसिमको पक्षी। **कषीका पक्षिजातौ स्याद्** (उ.को.)।

कष्टः (पुं.वि.) [*कष्यतेऽसौ इति कष हिंसायाम् इति धातोः, कर्मणि क्तः, कृच्छ्रगहनयोः कषः, इतीण्निषेधः*] कष्टकर/पीडादायक।

कष्य वृत्तिः पराधीना कष्ये वासो निराश्रयः।
निर्धनो व्यवसायश्च सर्वकष्य दरिद्रता॥ (सुभा.)

कष्टकल्पना (स्त्री.) [*कष्टेन कृता कल्पना, म.प.स.*] स्थायिभाव, विभाव, अनुभाव आदिको घुमाउरो ढङ्गले कल्पना गर्दा पर्न जाने रसदोष।

कष्टम् (नपुं.) [*कष्यते इति कष हिंसायाम् इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, कृच्छ्रगहनयोः कषः ७.२.२२ इतीण्निषेधः*] दुःख/आपत्/गाह्रो/पीडा। **~कारकः** (पुं.वि.) [*कष्टं करोति, कर्मण्यण् ३.२.१ इत्यण् ततः स्वार्थे कन्*] कष्ट वा दुःख दिने/पीडादायक। **~मयः** (पुं.वि.) [*प्रकृतं प्रचुरं कष्टमत्र, तत्प्रकृतवचने मयट् ५.४.२१ इति अधिकरणे मयट्*] अतिशय कष्ट भएको। **~साध्यः** (पुं.वि.) [*कष्टेन साध्यः, तृ.त.*] कष्ट गरेर वा परिश्रम गरेर साध्य हुने। **~स्थानम्** (नपुं.) [*कष्टकरञ्च तत्स्थानञ्च, कर्म.स.*] अप्ठ्यारो ठाउँ/खानपिउन नपाइने वा बाटो राम्रो नभएको वा जीवन निर्वाह गर्न कठिन पर्ने स्थल।

कष्टदायी (पुं.) [*कष्टं ददाति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः, युक्*] दुःख वा कष्ट दिने।

कष्टश्रितः (पुं.) [*कष्टं श्रितः, द्वितीयाश्रितातीतपतितगतात्यस्तप्राप्तापन्नैः २.१.२४ इति समासः*] कष्टमा परेको।

कस (धा.) [*गतौ, भ्वा. सक.सेट् पर.*] जानु। लट्– **कसति–** जान्छ,। **विकसति–** फुल्छ, विकसित हुन्छ।

कसः (पुं.) [*कसतीति, कस गतौ इति धातोः, नन्दिग्रहिपचादभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] दाग/खिया।

कसि (धा.) [*गतिशासनयोः, सक.सेट् आत्म.*] जानु, दण्ड दिनु, शासन गर्नु। लट्– **कंस्ते–** जान्छ, दण्ड दिन्छ, शासन गर्छ। लिट्– **चकंसे–** गएछ, दण्ड दिएछ, शासन गरेछ (अन.) इत्यादि।

कस्तूरिका (स्त्री.) [*कसति दूरं गच्छति गन्धोऽस्याः, कस गतौ इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊरच्, पृषोदरादितया कस्तूरीति साधुः, ततः कन्, टाप् ४.१.४, ह्रस्वः*] १.कस्तूरी मृगको नाभि। **मृगनाभिः मृगमदः प्रोक्ता कस्तूरिका बुधैः।** (हला.) २.[*कस्तूरी इव, इवार्थे कन्, टाप्, ह्रस्वः*] कस्तूरीजस्तै गन्ध आउने लहरो/लताकस्तूरी। यो विशेष गरेर बङ्गाल, विहार र उत्तरप्रदेशमा पाइन्छ। गर्मी प्रदेशमा यो उम्रने हुर्कने र बढ्ने गर्दछ। यसका पात, बीज र जरा औषधिमा प्रयोग हुन्छन्। (भा.प्र.नि.)


(कस्तूरिका)

कस्तूरी (स्त्री.) [*कसति गन्धोऽस्याः, कस गतौ इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊरच्, पृषोदरादितया साधुः*] सुगन्धित वस्तु।

कस्तूरीमृगः (पुं.) [*कस्तूरीयुक्तो मृगः, म.प.स.*] आठदेखि १५ हजार फिट अग्लो हिमाली लेकमा हुने एक जनावर। यसको नाभिबाट निस्कने सुगन्धित पदार्थलाई कस्तूरी भनिन्छ। कस्तूरीको भेडाको जस्तो टाउको, बाच्छाको जस्तो थुतुनो र कान, कलेजो र सेतो मिसिएका रौँ, पछिल्लाभन्दा अघिल्ला खुट्टा छोटा, दुई फिट जति अग्लो शरीर, बाच्छाको जस्तो सिङ हुन्छ। भालेको माथिल्लो गिंजाबाट दुई दाह्रा निस्केका हुन्छन् तर पोथीका दाह्रा हुँदैनन्, सिङ पनि हुँदैनन्। भाले कस्तूरीलाई **फुर्सो** र पोथीलाई **माउ** भनिन्छ। यसले पहिलो पटक एक र दोस्रो पटकदेखि २/२ ओटा बच्चा पाउँछ,। यी मध्ये एक भाले, र एक पोथी हुन्छ। एउटा बच्चा ओल्लो लेकमा पाउँछ भने अर्को बच्चा पल्लो लेकमा जन्माउँछ। दुई बच्चा दुईटा साल (जरायु) बाट जन्मन्छन्। छ महिनासम्म बच्चालाई दुध पिलाउँछ। कस्तूरीमृगले घाँस खान्छ। माउ (पोथी कस्तूरी) को बिना हुँदैन। बिना पुर्साको मात्र हुन्छ। फुर्साको नाभिको भित्री भागमा बिना (बासना आउने कस्तूरीको गोला) रहन्छ। यसलाई **कस्तूरी** भनिन्छ। कस्तूरी (वासना आउने वस्तु) कामरूप (आसाम) को कालो रङ्गको उत्तम, नेपालको नीलो रङ्गको मध्यम, काश्मीरको कैलो रङ्गको अधम मानिन्छ। कस्तूरी (बासना आउने) गहत जस्तोलाई **कुलत्था** (स्त्री.) गहतभन्दा केही ठुलो दानालाई **पिण्डिका** (स्त्री.) गहतभन्दा धेरै ठुलो दानालाई **नायिका** (स्त्री.), तिल्केको बीज जस्तोलाई **तिलका** (स्त्री.) धुलो जस्तोलाई **खरिका** (स्त्री.) भनिन्छ। (सं.ने.श.को.र इन्टरनेट)

(कस्तूरीमृगः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्यः (पुं.वि.) [*कसामर्हति, दण्डादिभ्यो यः ५.१.६६ इति यः*] कोर्रा लगाउनुपर्ने।

कस्यचित् (अव्य.) [*मुग्धबोधमते चित्प्रत्ययान्तोऽयं शब्दः*] कसैको/कसैसँग। **नापृष्टः कस्यचिद् ब्रूयाद् न चान्यायेन पृच्छतः। जानन्नपि हि मेधावी जडवल्लोक आचरेत्॥** (सुभा.)

कह्लणः (पुं.) संस्कृत साहित्यका एक प्रसिद्ध महाकाव्यकार। यिनले राजतरङ्गिणी काव्यको रचना गरेका छन्। यसमा बाह्रौँ शताब्दीसम्मका काश्मीरी राजाहरूका चरित्रको वर्णन छ। यसका आठ तरङ्ग भित्र ३४४९ पद्य निबद्ध छन्। यस महाकाव्यमा ऐतिहासिक तथ्य र कलात्मक पक्षको सुन्दर समन्वय छ। कतिपय विवरणहरू भने यथार्थपरक नभएर काल्पनिक छन् भन्ने समालोचकहरूको धारणा छ। कविको वर्णनशैली सरल छ। यी काश्मीर निवासी कवि हुन्। यिनको जन्म ब्राह्मणकुलमा भएको थियो। यिनी शैवमतावलम्बी र बुद्धको अहिंसावादका प्रशंसक थिए। यिनको समय बाह्रौँ शताब्दी हो। (सं.सा.को.)

कह्लारः (पुं./नपुं.) [*के जले ह्लादते इति, ह्लाद शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ इति दस्य रत्वम्*] सेतो कमल।

कांस्यपात्रम् (नपुं.) [*कांस्यस्य पात्रम्, ष.त.*] काँसको भाडो।

कांस्यम् (नपुं.) [*कंसाय पानपात्राय हितम्, कंसीयः, तस्य विकारः, कंसीयपरिसव्ययोर्यञ्ञौ लुक् च ४.३.१६८, इति यञ् , पक्षे छस्य लुक् च*] काँस।

कांस्यकारः (पुं.) [*कांस्यं करोतीति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] काँसको भाँडा बनाउने जाति।

काकः (पुं.) [*कायति शब्दयतीति, कै शब्दे इति धातोः, इण् भीका पाशल्यतिमर्चिभ्यः कन् (उ.) ३३० इति कन्, आत्वम्*] १.काग।
काक आह्वयते काकान् याचको न तु याचकान्।
काकयाचकयोर्मध्ये वरं काको न याचकः॥ (सुभा.)
२.वृक्षविशेष ३.द्वीपविशेष ४.लङ्गडो मानिस ५.नीच, निर्लज्ज, उद्धत।

काकतालीयः (पुं.वि.) [*काकागमनं तालपतनमिव, काकतालम्, काकतालमिव यत्कार्यम् समासाच्च तद्विषयात् ५.३.१०६ इति छः, छस्येयः*] काकताली।
यदपथ्यवतामायुर्यदनीतिवतां श्रियः।
तदेतत्काकतालीयं तदेतच्च घुणाक्षरम्॥ (सुभा.)

काकतुण्डः (पुं.) [*काकतुण्डस्येव वर्णोऽस्त्यस्य*] कालो अगरु।

काकतुण्डिका (स्त्री.) [*काकतुण्ड इव फलांशे वर्णोऽस्त्यस्याः, ठन्, इकः, टाप्*], रातीगेडी/गुञ्जा।

काकनासिका (स्त्री.) [*काकस्य नासिका इव फलमस्याः*] कौवाठोरी **काकाङ्गी काकनासिका** (अमर. ४.११९)।

काकपक्षः (पुं.) १.[*काकस्य पक्षः, ष.त*] कागको पखेटा २.[*काकस्य पक्ष इव, त.स.*] बालक तथा युवाहरूको कनपट्टीतिर लट्किएको कपाल वा अल्खा। **काकपक्षधरमेत्य याचितस्तेजसां न वयः समीक्षते** (रघु.)।

काकपदम् (नपुं.) १.[*काकस्य पदम्, ष.त.*] कागको खुट्टा, २.[*काकस्य पदमिव*] लिपिमा छुटेको वर्ण वा अक्षर थप्नका लागि दिइने चिह्न (‸)।

काकपीलुः (पुं.) [*काकानां पीलुरिव, त.स.*] वनस्पतिविशेष।

काकपुष्टः (पुं.) [*काकेन पुष्टः, तृ.त.*] कोइली।

काकपुष्पः (पुं.) [*काकवर्णं पुष्पं यस्य सः, बहु.स.*] ग्रन्थिपर्ण नाम गरेको वृक्ष।

काकभाषितम् (नपुं.) १.[*काकस्य भाषितमिव भाषितम्, उप.त.*] काकबोली जस्तो निरर्थक भाषण।
वेदागमपुराणज्ञः परमार्थं न वेत्ति यः।
वृथैव जल्पतस्तस्य तत्सर्वं काकभाषितम्॥ (ग.पु. ध.का.) २.[*काकस्य भाषितम्, ष.त.*] कागको बोली वा शब्द।

काकम् (नपुं.) [*काकानां समूहः, तस्य समूहः ४.२.३७ इत्यण्, वृद्धिः*] कागको बथान।

काकमाची (पुं.) [*काकान् मञ्चते*] वनस्पति विशेष।

काकमुद्गा (स्त्री.) [*ईषत् कम्=जलम्, ईषदर्थे इति को कादेशः, कानेन=ईषज्जलेन मुद्गति मुदं गच्छति, गमश्च इति डः, टाप्*] वनमुगी। **काकमुद्गा सहेत्यपि** (अमर.)।

काकलः (पुं.) १.[*का इति कलो यस्य सः,बहु.स.*] पहाडी काग २.[*कु ईषत् कलो यस्य सः,बहु.स., ईषदर्थे च ६.३.१०४ इति को कादेशः*] रुद्रघण्टी।

काकलकः (पुं.) [*कुत्सितं कलं कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] घाँटीको माथिल्लो भागको लुर्कनो।

काकलिः (पुं.) [*कलते इति कलिः, सर्वधातुभ्य इन् (उ.) इति इनिः कलिः, ईषदर्थे च ६.३.१०४ इति को कादेशः*] मिठो तथा मन्द स्वर। **साधूदितं काकलिभिः कुलीनैः** (अभिनन्द)।

काकली (स्त्री.) [*कलते इति कलिः, ईषत् कलिः, ईषदर्थे च ६.३.१०४ इति को कादेशः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.मिठो स्वर/सुरिलो स्वर। **काकली तु कले सूक्ष्मे ध्वनौ तु मधुरास्फुटे।** (अमर.) २.(पुं.) [*काकलोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] कोइली।

काकयवः (पुं.) [*काकस्य कृते यव इव*] दाना नभएको धान, जौ, कागुनी आदि अन्नको बाला।
यथा काकयवाः प्रोक्ता यथारण्यमयास्तिलाः
नाममात्रा न सिद्धौ हि धनहीनास्तथा नराः (प.त. २.८६)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काकरुहः (पुं.) [*काकाद् (उपलक्षणमिदम्) रुह उत्पत्तिर्यस्य सः, बहु.स.*] रुख, छानो आदिमा उम्रने पिप्पल आदिका बुटाहरू। यिनीहरू प्रायः काग, सारौ आदिले रुख, घरको छानो आदिमा विष्ट्याउदा तिनीहरूको विष्ठामा नपची रहेका पिप्पल, बर आदिका बीज उम्रन्छन् र ऐजेरुको काम गर्दछन्।

काकशावः (पुं.) [*काक्याः शावः, ष.त. कुक्कुट्यादीनामण्डादिषु, ६.३.४२ इति पुंवत्*] कागको बच्चो।

काकिणी (स्त्री.) [*कक लौल्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, ककम्, अणति, अण् इत्वम्, ङीप्*] १.पैसाको एक चतुर्थांश/एक दाम २.तराजुको डन्डी ३.प्राचीन समयमा प्रचलित एक हात बराबरको नापो।

काकी (स्त्री.) [*काकस्य स्त्री, स्त्रियां ङीप्*] १.पोथी काग २.एक किसिमको लहरो।

काकुः (पुं.) [*ककते चञ्चलो भवति येन, कक लौल्ये इति धातोः, बहुलवचनाद् कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १, इति उण्, वृद्धिः*] ध्वनिको विकार।

काकुत्स्थः (पुं.) [*ककुदि तिष्ठतीति ककुत्स्थः, सुपि स्थः इति कः, तस्य गोत्रापत्यम्, इति तस्यापत्यम् ४.१.९२ इत्यण्, तद्धितेष्वचामादेः ७.२.११७ इति आदिवृद्धिः*] रामचन्द्र।

काकुदम् (नपुं.) [*काकुं ध्वनिभेदं ददातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] तालु। **तालु काकुदमुच्यते।** (हला.)।

काकुवक्रोक्तिः (स्त्री.) [*काकुप्रधाना वक्रोक्तिः, म.प.स.*] वक्रोक्ति अलङ्कारको एक भेद। स्वर परिवर्तनबाट अर्थको परिवर्तन हुँदा पर्न जाने अलङ्कार।

काकोदरः (पुं.) [*कुत्सितमकतीति, अक वक्रगतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कोः कादेशः, काकम्, कुटिलगतिकारि उदरं यस्य सः, बहु.स.*] सर्प

काकोलः (पुं.) [*ईषत् कोलति, कुल संस्त्याने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ईषदर्थे ६.३.१०५ इति कोः कादेशः*] १.नरक २.कुमाले ३.कालो काग ४.विषविशेष।

काक्वाक्षिप्तव्यङ्ग्यः (पुं.) [*काक्वा आक्षिप्तं व्यङ्ग्यं यत्र सः, बहु.स.*] गुणीभूत व्यङ्ग्यको एक भेद। यसमा व्यङ्ग्यार्थ काकुद्वारा आक्षेप गरिएको हुन्छ। वाच्यार्थभन्दा यो चमत्कारजनक हुँदैन।

काक्षः (पुं.) [*कुत्सितः अक्षः काक्षः कुगतिप्रादयः २.२.१८ इति समासः, इन्द्रियवाचिनाऽक्षशब्देन तद्विशेषचक्षुर्लक्ष्यते, का पथ्यक्षयोः ६.२.१०४ इति कुशब्दस्य तत्पुरुषे कादेशः अथवा कुत्सिते अक्षिणी यस्य सः, बहुव्रीहौ सक्थ्यक्ष्णोः स्वाङ्गात्षच् ५.४.११३ इति षच्, न्यासकारमतेन उक्तसूत्रेण कोः कादेशः*] १.खरो दृष्टि २.टेढो हेराइ।

काक्षि (धा.) [*काङ्क्षायाम्, भ्वा. सक.सेट् पर.*] चाहनु, इच्छा गर्नु। लट्– **काङ्क्षति–** इच्छा गर्छ। लिट्– **चकाङ्क्ष–** इच्छा गरेछ (अन.)। लुट्– **काङ्क्षिता–** इच्छा गर्ने छ (अन.)। लृट्– **काङ्क्षिष्यति–** इच्छा गर्ने छ। लोट्– **काङ्क्षतु-काङ्क्षतात्–** इच्छा गरोस्। लङ्– **अकाङ्क्षत्–** इच्छा गऱ्यो (अन.) विधिलिङ्– **काङ्क्षेत्–** इच्छा गर्ला, इच्छा गरोस्। आशीर्लिङ्– **काङ्क्ष्यात्–** इच्छा गरोस्। लुङ्– **अकाङ्क्षीत्–** इच्छा गऱ्यो। लृङ्– **अकाङ्क्षिष्यत्–** इच्छा गर्ने थियो। कर्मणि– **काङ्क्ष्यते–** इच्छा गरिन्छ। णिचि– **काङ्क्षयति-ते–** इच्छा गराउँछ। सनि– **चिकाङ्क्षिषति–** इच्छा गर्न चाहन्छ। कृदन्ते– **काङ्क्षकः, काङ्क्षिका काङ्क्षिता-त्री–** इच्छा गर्ने। **काङ्क्षा. आकाङ्क्षा, काङ्क्षणम्–** इच्छा। **काङ्क्षित्वा, काङ्क्षयित्वा, अभिकाङ्क्ष्य–** इच्छा गरेर इत्यादि।

कागः (पुं.) [*का इति शब्दं गायति, कापूर्वकात् गैधातोरात्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] काक/कौवा (जटाधर.)।

कागदम् (नपुं.) [*कागः काकवर्णो मस्यादिर्दीयतेऽत्र, घञर्थे कः*] कागज।

भूर्जे वा व्यसने रक्ते क्षौमे वा तालपत्रके।
कागदे चाष्टगन्धेन पञ्चगन्धेन वा पुनः।
त्रिगन्धेनाथवैकेन लिखित्वा धारयेन्नरः (हनुमत्कवच)।

काङ्क्षा (स्त्री.) [*काक्षि वाञ्छायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] इच्छा/वाञ्छा/अभिलाषा।

काङ्क्षी (पुं.) [*काङ्क्षति तच्छीलः, काक्षि काङ्क्षायाम् इति धातो, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, इदितो नुम् धातोः ७.१.५८ इति नुम्, च*] चाहना राख्ने/अभिलाषी।

काचः (पुं.) [*कच्यतेऽनेन, कच बन्धने, दीप्तौ च इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] सिसा/ऐना।

काचन (अव्य.) [*पाणिनिमते पदद्वयमेतत्, मुग्धबोधमते विभक्त्यन्ताच्चिच्चनौ इति चनप्रत्ययः*] कुनै।

काचः (पुं.) [*कच्यते दीप्यतेऽनेन, कच दीप्तौ इति धातोः करणे घञ्, न कुत्वम्*] १.मृत्तिकाविशेष/काँच २.[*कच्यते बध्यतेऽनेन, कच बन्धे इति धातोः प्राग्वद्*] आँखाको रोग।

काचमणिः (पुं.) [*काचश्चासौ मणिश्च, कर्म.स.*] काँच।

अस्मिस्तु निर्गुणे गोत्रे नापत्यमुपजायते।
आकरे पद्मरागाणां जन्म काचमणेः कुतः॥ (हितो.)

काचि (धा.) [*दीप्तिबन्धनयोः, भ्वा. दीप्तावकर्म. बन्धने सकर्म., सेट् आत्म., इदित्*] चम्कनु, बाँध्नु। लट्– **काञ्चते–** चम्कन्छ, बाँध्छ इत्यादि। कृदन्ते– **काञ्चकः.काञ्चिका काञ्चिता-त्री–** चम्कने, बाँध्ने। **काञ्चनम्–** चम्कने पदार्थ/सुवर्ण। **काञ्चितव्यम्. काञ्चनीयम्–** चम्कनु पर्ने, बाँध्नुपर्ने इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काचिद् (अव्य.) [*पाणिनिमते पदद्वयमेतत्, मुग्धबोधमते विभक्त्यन्ताच्चिच्चनौ इति चित्प्रत्ययः*] कुनै।

काचितः (पुं.वि.) [*कच्यते वध्यतेऽसौ, कच धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः, यद्वा काचे धृतम्, प्रातिपदिकाद्धात्वर्थे (ग.), इति णिच्, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँधिएको २.शिखामा झुन्ड्याइएको।

काञ्चनम् (नपुं.) [*काञ्चति, काचि दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सुवर्ण २.पद्मकेशर ३.धन।

यथा विहङ्गास्तरुमाश्रयन्ति
नद्यो यथा सागरमाश्रयन्ति।
यथा तरुण्यः पतिमाश्रयन्ति
सर्वे गुणाः काञ्चनमाश्रयन्ति॥ (सुभा.)

४.[*काचि दीप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] कान्ति ५.(पुं.) वृक्षविशेष।

काञ्चनाह्वयः (पुं.) [*काञ्चनस्य आह्वयः, आह्वा यस्य सः, बहु.स.*] नागकेशर।

काञ्चनी (स्त्री.) [*काञ्चतेऽनया, काचि दीप्तौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] बेसार। **हरिद्रायां तु काञ्चनी** (विश्व.)।

काञ्ची (स्त्री.) [*काञ्चते इति, काचि दीप्तिबन्धनयोः इति धातोः, सर्वधातुभ्य इन् (उ) इति इन्, वा ङीष् ग.४.१.१४५*] १.स्त्री जातिले लगाउने कन्दनी २.सहरविशेष। **काञ्ची स्यान्मेखलादाम्नि प्रभेदे नगरस्य च।** (मेदिनी.) ३.मद्रासको सत्ताइस माइल दक्षिण-पशिचममा पर्ने एक तीर्थस्थल। सात मोक्षपुरीमध्ये एक। यसलाई आधुनिक भाषामा काञ्जीवरम् भनिन्छ। पेलार नदीको तीरमा रहेको यो तीर्थ शिवकाञ्ची र विष्णुकाञ्ची गरी दुई भागमा विभक्त छ।

काञ्जिकम् (नपुं.) [*अञ्जु व्यक्तयादौ इति धातोः, संज्ञायाम् ३.३.१०९ इति ण्वुल्, अकः, टाप् इत्वम्, के अञ्जिकाऽस्य*] पानीमा औषधि हालेर कुहाई बनाएको औषधि।

काठिन्यम् (नपुं.) [*कठिनस्य भावः, कर्म वा, ष्यञ्*] कठिनता/साह्रोपन

अधरस्य मधुरिमाणं कुचकाठिन्यं दृशोस्तथा तैक्ष्ण्यम्।
कवितायाः परिपाकमनुभवरसिको विजानाति॥ (सुभा.)

काणः (पुं.) [*कण्यते निमिल्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कानो/एउटामात्र आँखो देख्ने।

काणेयः (पुं.) [*काणाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः, अलोपः*] कानीको छोरो।

काणेरः (पुं.) [*काणाया अपत्यं पुमान्, क्षुद्राभ्यो वा ४.१.१३१ इति द्रक्, ढस्य एयः, एकारोत्तरवर्तियिकारस्य लोपः*] कानीको छोरो।

काण्डः (नपुं./पुं.) [*कण शब्दे इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.७५ इति डः, दीर्घः, यद्वा कणति कण शब्दे इति धातोः, अमन्ताड्डः (उ.) ११४ इति डः, बाहुलकाद् दीर्घः*] १.भाग/अंश २.कुनै आँख्ले चिजको दुई आँख्ला माझको भाग ३.डाँठ ४.हाँगा ५.कुनै ग्रन्थको एक भाग ६.विभाग, ७.गुच्छा, ८.समूह ९.वेत १०.डण्डा ११.पानी १२.मौका १३.खास ठाउँ १४.पापी १५.धनुको बिचको मोटो भाग १६.धेरै देवतामध्ये एक देवतामा आवाहनदेखि पुष्पाञ्जलीसम्मको उपचार चढाई अर्को देवताको पूजा थालिने क्रम।

एकैकस्या वाहनादिपुष्पाञ्जल्यन्तपूजनम्।
समाप्य च ततोऽन्यस्य इति काण्डोऽनुकीर्तितः॥ (सं.दी.

१७.काँड।

काण्डो नालेऽधमे वर्गे द्रुस्कन्धेऽवसरे शरे।
सह श्लाघाम्बुषु स्तम्बे (हैम)।

काँड (बाण) धातुको पातलो पाता वा गिद्ध, बाज आदि चराको प्वाँख लगाई बनाइएको हाड, धातु वा बाँसका डन्डीको हतियार। यो धनुमा राखेर हानिन्छ, यो अनेक किसिमको हुन्छ। जस्तै- १.धातुको पातलो पाताबाट बनेको, २.गाईका हाडबाट तयार गरिएको, ३.धारको भाग पछाडि फर्केको, यसले शरीरबाट मासुको चोक्टा निकाल्छ। यसको फाली पछाडि फर्केको हुन्छ। ४.काँढाजस्तो— यसको फालीको जोर्नी मसिनो हुन्छ, शरीरमा प्रवेश गरेपछि फाली अड्कन्छ। ५.बाँदरको हाडबाट बनेको- ६.हात्तीको हाडबाट बनेको। ७.हजामको छुराको जस्तो छेउमा तिखो धार भएको ८.टुप्पा तिखो भएको सोझो। ९.टुप्पाको पछाडिको भाग चौडा र घुम्रेको १०.धेरै लामो र खन्ती झैँ चेप्टे टुप्पो भएको काँड आदि यसका अरू पनि प्रकार छन्।

काण्डत्रयम् (नपुं.) [*काण्डानां त्रयम्, ष.त.*] राजा दशरथ वेदस्वरूप हुन्। उनका तीन पत्नी तीन काण्ड हुन् - **कैकयी**- कर्मकाण्ड, **सुमित्रा**- उपासनाकाण्ड र **कौशल्या**- ज्ञानकाण्ड। **तासां क्रिया तु कैकेयी सुमित्रोपासनात्मिका। ज्ञानशक्तिश्च कौशल्या वेदो दशरथो नृपः॥** (शि.सं. १८.४५)

काण्डपृष्ठः (पुं.) १.सिपाही २.निकम्मा छोरो। ३.आफ्नो कुल पन्छाई अर्काको कुलमा जाने व्यक्ति। महावीरचरितमा शतानन्दले जामदग्न्यलाई काण्डपृष्ठ भनेका छन्।

स्वकुलं पृष्ठतः कृत्वा यो वै परकुलं व्रजेत्।
तेन दुश्चरितेनासौ काण्डपृष्ठ इति स्मृतः॥

४.कर्णको धनु ५.धनु बनाएर जीविका गर्ने ब्राह्मण।

काण्डम् (नपुं.) [*काम्यते जनैरिति, कमु कान्तौ इति धातोः क्वादिभ्यः कित् (उ) १२०, इति डः, कित्वञ्च, अनुनासिकस्य दीर्घः*] १.बाँण २.पृक्षको हाँगो ३.पानी ४.ग्रन्थको एक भाग ५.लट्ठी।

काण्डवान् (पुं.) [*काण्डो बाणोऽस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] बाण वा लट्ठी धारण गर्ने व्यक्ति।

काण्डीरः (पुं.) [*काण्डः (वाणः) अस्यास्तीति, काण्डाकाण्डादीरन्नीरचौ ५.२.१११ इति ईरन्*] १.बाण चलाउन सिपालु २.लट्ठी चलाउन सिपालु। **काण्डोऽस्त्री दण्डवाणयोः** (विश्व.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कातरः (पुं.) [*ईषत्तरति, तॄ प्लवनतरणयोः, इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ईषदर्थे ६.३.१०५ इति कादेशः*] कातर/धैर्य नभएको/डर छेरुवा।

अम्भसा भिद्यते सेतुस्तथा मन्त्रोऽप्यरक्षितः।
पैशुन्याद् भिद्यते स्नेहो वाचा भिद्येत कातरः॥ (सुभा.)

कात्यः (पुं.) [*कत्यस्य ऋषेर्गोत्रापत्यम्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] कात्यायन मुनि।

कात्यायनः (पुं.) [*कतस्य गोत्रापत्यम्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्, ततः फः, फस्यायनः*] १.पाणिनीय परम्पराका प्रसिद्ध वार्तिककार एक वैयाकरण। यिनले अष्टाध्यायीमाथि वार्तिक लेखेका छन्। यिनको समय वि.पू. २७०० वर्ष मानिन्छ। (युधिष्ठिर मीमांसक) संस्कृत व्याकरणका मुनित्रयमा कात्यायनको पनि नाम आउँछ। यिनी बहुमुखी प्रतिभासम्पन्न व्यक्ति थिए। यिनले व्याकरणदेखि अतिरिक्त स्वर्गारोहणकाव्य, भ्राजसंज्ञकश्लोक, उभयसारिका (भाण) आदि कृतिहरू रचना गरेका छन्। २.श्रौतसूत्रका प्रणेता एक मुनि/धर्मशास्त्र प्रवर्तकमध्येका एक।

यमापस्तम्बसंवर्ताः कात्यायनबृहस्पती।
पराशरव्याससशङ्खलिखिता दक्षगौतमौ।
शातातपो वशिष्ठश्च धर्मशास्त्रप्रवर्तकाः (या.व.१.४५)।

३.पाली भाषाको व्याकरण बनाउने एक बौद्ध आचार्य।

कात्यायनस्मृतिः (स्त्री.) [*कात्यायनेन प्रणीता स्मृतिः, म.प.स.*] कात्यायनद्वारा रचित एक स्मृतिग्रन्थ। यिनको समय तेस्रो अथवा चौथो शताब्दी हो। यसमा यज्ञोपवीत लगाउने विधि, मातृकापूजा, श्राद्धविवरण, प्राणायाम, वेदमन्त्रपाठ, पितृको श्राद्ध, दन्तधावन र स्नानको विधि, सन्ध्या, श्राद्धकर्ताको विवरण, मरेपछि बार्नुपर्ने आशौच, आदि अनेक किसिमका विषयहरूको वर्णन छ।

कात्यायनी (स्त्री.) [*कतस्य गोत्रापत्यं स्त्री, गर्गादिभ्यो यञ् ४.१.१५ इति यञ्, सर्वत्र लोहितादिकतन्तेभ्यः ४.१.१८ इति ष्फः, आयनादेशः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.दस भुजा भएकी भगवती दुर्गा/नव दुर्गामध्ये छैटौं दुर्गा। **पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च।** (दुर्गाकवच) २.अधबैंसे महिला ३.गेरुवस्त्र लगाउने विधवा ४.याज्ञवल्क्य मुनिकी एक पत्नी। याज्ञवल्क्यका दुई पत्नी थिए— मैत्रेयी र कात्यायनी। मैत्रेयी ब्रह्मवादिनी भइन्। ५.कात्यायन ऋषिकी पत्नी।

काथिकः (पुं.) [*कथायां साधुः, कथादिभ्यष्ठक् इति ठक्, ठस्येकः, ७.३.५० इति इकः, आदिवृद्धिः, आलोपः*] कथा भन्न सिपालु।

कादम्बः (पुं.) [*कदति विकलो भवतीति, कदेर्णित्पक्षिणि (उ.) ५३२ इति अम्बच्, यद्वा कदम्बे समूहे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.हाँस २.[*कदम्ब एव, स्वार्थेऽण्*] कदमको रुख ३.कदम्बको फूल वा रक्सी ४.बट्टाई चरो ५.वाण ६.(पुं.वि. [*कदम्बस्येदम्, तस्येदम् (४.३.१२० इत्यण्*] कदम्बसम्बन्धी।

कादम्बरी (स्त्री.) [*कुत्सितं नीलमम्बरं यस्य सः, बहु.स, कदम्बरः = बलरामः, तस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, कदम्बे जातो रसः कादम्बः, तत्र जातः ४.३.५३ इत्यण्, कादम्बं राति ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपो वा, गौरादित्वात् ४.१.४१ ङीष्*] १.रक्सी २.संस्कृत वाङ्मयको प्रसिद्ध गद्यकाव्य। यसका रचयिता महाकवि वाण भट्ट हुन्। यो दुई भागमा विभक्त छ— पूर्वभाग र उत्तरभाग। पूर्वभागको रचना वाण भट्टले गेका हुन् भने उनी मरेपछि ग्रन्थलाई अपूरो देखेर उनका छोरा पुलिन्द भट्टले उत्तरभागको रचना गरेका हुन्। यसमा वर्णनको बाहुल्य, समासको आधिक्य, अलङ्कारको प्राचुर्य र प्रौढ अभिव्यक्ति छ।

कादम्बिनी (स्त्री.) [*कादम्बाः कलहंसा बलाका वा अनुधावकत्वेन सन्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः,ङीप्*] मेघको पङ्क्ति/मेघमाला।

चलन्नवाभ्रमाला च बुधैः कादम्बिनी स्मृता (हला.५९)।

कादाचित्कः (पुं.) [*कदाचिद् भवः, कदाचित् शब्दात् कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्य कः*] कहिले काहीं भएको/अनियमित।

काद्रवेयः (पुं.) [*कद्रवा अपत्यानि, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढे लोपो कद्रवाः ६.४.१४७ इति टिलोपाभावः, ओर्गुणः ६.४.१४६ इति गुणः*] १.कद्रूका सन्तान २.नागजाति।

शेषोऽनन्तो वासुकिश्च तक्षकश्च भुजङ्गमः।
कूर्मश्च कुलिकश्चैव काद्रवेयाः प्रकीर्तिताः॥
(म.भा. १.६५.४१)

काननम् (नपुं.) १.[*कं जलम् अननम् जीवनमस्य यद्वा कानयति दीपयति स्मरादीन्, कनी दीप्तिकान्तिगतिषु इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] जङ्गल २.[*कस्य ब्रह्मण आननम्, ष.त.*] ब्रह्माको मुख ३.[*कस्य सुखस्य आननम्, मुखभूतम्, द्वारभूतम् ष.त.*] घर। **काननन्तु ब्रह्मास्ये विपिने गृहे** (हैम.)।

कानिष्ठिनेयः (पुं.) [*कनिष्ठाया अपत्यं पुमान्, कल्याण्यादीनामिनङ् ७.३.५१ इति इनङ्, ढक् च, तस्येयः*] कान्छीको छोरो।

कानीनः (पुं.) [*कन्याया अविवाहितायाः स्त्रियाः, अपत्यं पुमान्, कन्यायाः कनीन च ४.१.११६ इत्यण्, कनीनादेशश्च, वृद्धिः*] १.कन्याबाट जन्मिएको पुत्र २.व्यास ३.कर्ण।

कानीनः कन्यकाजाततनये व्यासकर्णयोः (विश्व.)।

कान्तः (पुं.) [*कम्यते स्म, कमु कान्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नेट् दीर्घः*] १.चन्द्रमा २.पोइ/लोग्ने/पति ३.वसन्त ऋतु ४.शिव ५.कार्तिकेय।

कान्तः (पुं.वि.) [*कम्यते स्म, कमु कान्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नेट् दीर्घः*] राम्रो/सुन्दर।

कान्तं मनोहरं रुच्यं मनोज्ञं मञ्जु मञ्जुलम् (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्तवर्णः (पुं.वि.) १.[*कान्तश्चासौ वर्णश्च, कर्म.स.*] राम्रो वर्ण २.[*कान्तो वर्णो यस्य सः, बहु.स.*] राम्रो वर्ण भएको।

नलिनमपि मृगाक्ष्या वल्कलं कान्तवर्णम् (अभि.शा.)।

कान्तपदावली (स्त्री.) [*कान्ता चासौ पदावली च, कर्म.स.*] श्रुतिमधुर पदहरूको समूह।

कान्ता (स्त्री.) [*कम्यते स्म, कमु कान्तौ इति धातोः, णिङ्, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] १.सुन्दर स्त्री २.पत्नी ३.प्रियङ्गु लता। **कान्ता नार्यां प्रियङ्गौ स्त्री शोभने त्रिषु ना भवे।** (मेदिनी.) ४.प्रत्येक पाउमा क्रमशः यगण, भगण, नगण, रगण र सगण तथा एक लघु र एक गुरुवर्णको प्रयोग भएको समपाद छन्द। **भवेत्कान्ता युगरसहयैर्यमौ नरसा लगौ।** (छन्दो.)।

कान्तारकः (पुं.) [*कान्तं रसमृच्छति, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् ५.३.७५*] ज्वारा ऊखु।

कान्तारम् (नपुं.) [*कान्तं ऋच्छति, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.वन २.दुर्गम मार्ग। **बहुदोषं हि कान्तारं वनमित्यभिधीयते** (रामा.)। **कान्तारं वर्त्म दुर्गमम्** (अमर.)।

कान्तिः (पुं.) [*कमु कान्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.सौन्दर्य २.चमक ३.व्यक्तिगत श्रृङ्गार ४.इच्छा ५.शोभा ६.राम्री आइमाई ७.दुर्गा ८.हार्दिक प्रेमबाट हुने राम्रोपन ९.काव्यको एक गुण १०.एक प्रकारको आर्या छन्द। यसमा १६ गुरुवर्ण र २५ लघुवर्ण हुन्छन्। ११.साहित्यमा प्रेमबाट बढेको सुन्दरता। साहित्य दर्पणअनुसार— रूप र जवानीको राम्रोपन, वस्त्र, गहना आदिले शरीर सिँगार्नुलाई शोभा भनिन्छ,। जवानी चढ्दाको चमक वा तेजलाई कान्ति भनिन्छ,। ज्यादै बढेको कान्तिलाई दीप्ति भनिन्छ।

रूपयौवनलालित्यभोगाद्यैरङ्गभूषणम्।
शोभा प्रोक्ता सैव कान्तिर्मन्मथाप्यायितद्युतिः।
कान्तिरेवातिविस्तीर्णा दीप्तिरित्यभिधीयते॥

~करः (पुं.वि.) [*कान्तिं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] सौन्दर्य बढाउने/कान्तिमान्। **~सारः** (पुं.) [*कान्तेः सारः, ष.त.*] एक जातको असल फलाम।

कान्तिभृत् (पुं.वि.) [*कान्तिं बिभर्तीति, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] कान्तिधारी।

कान्दवम् (नपुं.) [*कन्दौ भर्जनपात्रे संस्कृतम्, संस्कृतं भक्षा ४.२.१६ इत्यण्*] १.मिठाइ २.पाकेको अन्न।

कान्दविकः (पुं.) [*कन्दौ संस्कृतम्, संस्कृतं भक्षा ४.२.१६ इत्यण्, कान्दवम् पण्यमस्य, ठक् ४.४.५१, ठस्येकः*] मालपुवा आदि पक्वान्न तयार गर्ने व्यक्ति।

कान्दिशिकः (पुं.वि.) [*कां दिशं यामि इत्याह, माशब्दादिभ्यः (वा.) ४.४.१ इति ठक्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] डराएको।

कान्यकुब्जः (पुं.) [*कन्याः कुब्जा यत्र, स कन्याकुब्जः, कन्याकुब्ज एव, स्वार्थे अण्*] भारतको फरुदाबाद भन्ने एक सहरलाई कन्नौज भनिन्छ। कन्नौजका बासिन्दा ब्राह्मण वा वर्तमान कन्नौजको आसपासमा पर्ने प्रान्तलाई कान्यकुब्ज भनिन्छ। प्राचीनकालमा यो गाधिको राजधानी थियो। कान्यकुब्जका (भविष्य प्रतिसर्ग पर्व ४.३.५०—५१ अनुसार) राजा राष्ट्रपालका प्रजय नामका छोराले शारदादेवीको तपस्या गरेपछि शारदादेवीले कन्यारूपमा प्रकट भएर प्रजयलाई त्यो नगर दिनुभयो। यो केही टेढो थियो। यसरी कन्याद्वारा बनाइएको र टेढो भएको हुँदा यसको नाम कान्यकुब्ज रह्यो। यसको उत्तरमा गङ्गा, दक्षिणमा पाण्डुरा, पश्चिममा ईशसरिता र पूर्वमा मर्कणपक्षीको स्थान थियो।

ददर्श नगरं रम्यं कन्यया रचितं शुभम्।
उत्तरे तस्य वै गङ्गा दक्षिणेनास पाण्डुरा॥
पश्चिमे ईशसरिता पूर्वे पक्षी स मर्कणः।
कुब्जभूतमभूद् ग्रामं कान्यकुब्ज इति स्मृतम्॥ (भ.पु.)

कापथः (पुं.) [*कुत्सितः पन्थाः, गति.स., कापथ्यक्षयोः ६.३.१०४ इति कादेशः*] खराब बाटो।

कापालिकः (पुं.वि.) [*कपालेन मस्तककर्परेण व्यवहरति भोजनपानादिकं करोति*] १.खप्परमा थापेर खाना खाने २.(पुं.) तन्त्रमा वाममार्गको अघोर साधकलाई कापालिक भनिन्छ। यिनीहरूको समाजमा उहिले नरवलिको प्रथा थियो। भवभूतिको मालतीमाधवमा कापालिक सम्प्रदायको विस्तृत चित्रण छ। यिनीहरू जटा पाल्छन्, जटामा शुक्ल पक्षको द्वितीयाका चन्द्रमाको प्रतिमा राख्छन्। मानिसका खप्पर र कमण्डलु बोक्छन् र मदिरा तथा मासुको सेवन गर्छन्। प्रबोधचन्द्रोदय नाटकमा यिनीहरूका क्रियाकलापको चित्रण गरिएको छ। पौराणिक कथनअनुसार शिवजीले ब्रह्महत्या गरेपछि कपालीव्रत धारण गरेका थिए। त्यसैबाट उनले ब्रह्महत्याबाट छुटकारा पाए। ब्रह्माण्ड पुराणअनुसार शिवजी विष्णुको मोहिनी रूपलाई देखेर उन्मत्त र उच्छृङ्खल भएका थिए। यसैले उनलाई कापालिक भनिएको हो ३.(स्त्री.) एक मुद्रा विशेष।

पात्रवद्वामहस्तं च कृत्वाङ्गे वामके तथा।
विधायोच्छ्रितवत्कुर्य्यान्मुद्रा कापालिका मता॥ (मु.प्र.)

कापाली (पुं.वि.) [*कपाल एव कापालः, सोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] मान्छेको टाउकाको माला लगाउने/नरमुण्डमालाधारी।

कापिलम् (नपुं.) [*कपिलेन प्रोक्तं शास्त्रम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्*] कपिलद्वारा प्रतिपादित साङ्ख्यशास्त्र।

कापुरुषः (पुं.) [*कुत्सितः पुरुषः, गतिस.*] १.खराब मानिस २.डरछेरुवा, क्षमता नभएको। **तातस्य कूपोऽयमिति ब्रुवाणाः क्षारं जलं कापुरुषाः पिबन्ति** (पञ्चत.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कापोतम् (नपुं.) [*कपोतानां समूहः, तस्य समूहः ४.२.३७ इत्यण्*] परेवाको बथान।

काफलः (पुं.) [*कुत्सितं फलमस्य, कोः कादेशः*] काफलको वृक्ष वा फल। यो चैत वैशाखतिर पाक्छ। यसको पहेँलो रङ्गको सेतो मसिनो फूल हुन्छ। यसको फल सुरुमा हरियो र पाकेपछि कलेजी रङ्गको हुन्छ। यसको स्वाद काँचोमा अमिलो र पाकेपछि अमिलो मिश्रित गुलियो हुन्छ। यसको बोट २०/२५ हात अग्लो हुन्छ।

कामः (पुं.) [*काम्यतेऽनेन, पुंसि संज्ञायां घः प्रायेण ३.३.१८ इति घः*] १.इन्द्रियले शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषय भोग्ने इच्छा २.इच्छा ३.इच्छा गरेको वस्तु ४.स्त्रीपुरुषका बिचमा हुने प्रेम/स्त्रीसम्भोगको कामना/मैथुनको इच्छा।

स्त्रीषु जातो मनुष्याणां स्त्रीणाञ्च पुरुषेषु वा।
परस्परकृतस्नेहः काम इत्यभिधीयते॥ (शा.दी.)

५.पुरुषार्थविशेष ६.कामदेव ७.प्रद्युम्न ८.बलराम ९.मालदह आँप १०.अष्टका वा नैमित्तिक श्राद्धका विश्वेदेवा। **अष्टम्यां कामकालकौ** (आ.च.), **नैमित्तिके कामकालौ** (नि.सि.) **~कला** (स्त्री.) १.परमार्थ जान्नेले जसको चाहना गर्छन् तिनी काम, अर्थात् परः शिव, र कला = क– आकाश, ल्– पृथ्वी तथा आ– अनन्त सूचक भएको हुँदा कलाशब्दबाट आकाशदेखि पृथ्वीसम्म व्याप्त भएकी परा शक्ति भन्ने बुझिन्छ। यसरी कामकला भन्नाले परः शिव र पराशक्तिको बोध हुन्छ २.गुह्यकालीको एकभेद ३.कामदेवकी पत्नी रति ४.स्त्रीमैथुन ५.चन्द्रमाको सोह्र कला। **~कान्ता** (स्त्री.) १.रति २.राजबेली (फूल)। **~केलिः** १.(पुं.वि.) कामुक २.(पुं.) १.मैथुन २.प्रेमीपुरुष। **~धेनुः** (स्त्री.) [*कामस्य अभीष्टस्य दोहनस्य हेतुर्धेनुः*] धेरै दुध दिने एक प्रकारको गाई। **~बाणः** (पुं.) कामदेवका पाँच काँडहरू– उन्मादन, तापन, शोषण, स्तम्भन र सम्मोहन। कामदेवका पाँच फूलका काँडहरू– अरविन्द, अशोक, चूत, नवमल्लिका र नीलोत्पल॥ **~भोगः** (पुं.) मैथुनको इच्छापूर्ति। **~मुद्रा** (स्त्री.) दुवैहात जोरी औँलाहरू फैलाई दुवै चोरी औँला माझीऔँलाको पीठमा लगाई औठो (बूढी औँलो) लाई माझी औँलामा जोड्दा हुने हस्तक्रियाको एक मुद्रा। (मु.प्र.) **~वासना** (स्त्री.) मैथुनको उत्कट अभिलाषा। **~शास्त्रम्** (नपुं.) वात्स्यायनले बनाएको स्त्रीपुरुषको सम्भोग सम्बन्धी कुराको वर्णन भएको शास्त्र।

कामकारतः (अव्य.) [*कामं स्वेच्छानुसारं करणं कामकारः, भावे घञ्, तेन, तृतीयार्थे तसिः*] इच्छानुसार/आफूखुसी।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स मूढः शुभं विन्देत् प्रत्युत स्याद् विपत्तिभाक्॥

कामङ्गामी (पुं.वि.) [*कामं यथेच्छं गच्छति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] खुबसित हिँड्न सक्ने/आफुखुसी हिँड्ने।

कामचरः (पुं.वि.) [*कामं चरति, चर गतिभक्षणयोः इति धातोः, चरेष्टः ३.२.१६ इति टः*] स्वतन्त्र इच्छानुसार हिँड्ने/आफुखुसी गर्ने।

कामचारी (पुं.वि.) *कामेन चरति तच्छीलः, चर गतिभक्षणयोः इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.स्वेच्छाचारी २.विषयको सुखभोगमा डुबेको।

कामचारी तु कामेन य इन्द्रियसुखे रतः।
ब्रह्मचारी सदैवैष य इन्द्रियजये रतः॥ (म.भा.)

कामतालः (पुं.) [*कामं तलयति, तल प्रतिष्ठायाम् इति धातोः णिचि अण्*] कोइली (त्रिकाण्ड.)।

कामदा (स्त्री.) [*कामम् अभीष्टं ददाति, दाधातोः कः, टाप्*] कामधेनु (मेदिनी.)।

कामदः (पुं.वि.) [*कामं ददातीति, डुदाञ् दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] इच्छा लागेको वस्तु दिने/चाहेको वस्तु पुऱ्याउने।

कामदुघः (पुं.वि.) [*कामान् दोग्धीति, दुहः कब् घश्च ३.२.७० इति कप्, घकरान्तादेशश्च*] इच्छा पूरा गर्ने। **शास्त्रेषु निष्ठा सहजश्च बोधः प्रागल्भ्यमभ्यस्तगुणा च वाणी। कालानुरोधः प्रतिभानवत्व– मेते गुणाः कामदुघाः क्रियासु॥** (सुभा.)

कामदेवः (पुं.) [*कामश्चासौ देवश्च, कर्म.स., कामस्य देवो वा, ष.त.*] १.स्त्री र पुरुषका बिचमा सम्भोगको इच्छा जगाइदिने देवता। २.सम्भोगको अभिलाषा। कामदेवकी पत्नी– **रति/कामकला।**

कामधेनुः (स्त्री.) [*कामप्रतिपादिका धेनुः, म.प.स.*] एक प्रकारको गाई/सौरभेयी।

कामध्वंसी (पुं.) [*कामं ध्वंसयते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] महादेव।

कामन्दकः (पुं.) प्राचीन भारतीय राजशास्त्रका प्रणेता। यिनले कामन्दकनीति नामक राजशास्त्र विषयको ग्रन्थ रचना गरेका छन्। यिनको समय पाचौँ अथवा छैटौँ शताब्दी मानिन्छ। कामन्दकनीतिमा विभिन्न राजनीतिसँग सम्बद्ध विषयहरूको वर्णन छ।

कामपत्नी (स्त्री.) [*कामस्य पत्नी, ष.त.*] कामदेवकी पत्नी/रति/कामकला।

कामपालः (पुं.) [*कामान् पालयति, कर्मण्यण् ३.२.१ इत्यण्*] बलराम। **कामपालो हलायुधः** (अमर.)।

कामम् (अव्य.) विना इच्छाको मन्जुरी।

कामं क्रीड क्रोडवन् मूर्ख पङ्के
न त्वं रात्रौ सद्मनोऽन्तः शयिथाः (सुभा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामयिता (पुं.) [*कामयतीति, कमु कान्तौ इति धातोः, णिङ् अयादेशः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] कामुक।

कामरूपः (पुं.वि.) [*कामं रूपं यस्य सः, बहु.स.*] १.इच्छानुसार रूप लिन सक्ने। **कामरूपं मघोनः।** (मे.दू.) २.कामाक्षा देवी भएको भारतको आसाम प्रदेशको एक राज्य ३.एक सिद्धपीठ।

पीठानि चैकपञ्चाशदभवन् मुनिपुङ्गव।
तेषु श्रेष्ठतमो पीठः कामरूपो महामते॥ (म.भा.१२.३०)

कामलता (स्त्री.) [*कामस्य लतेव*] लिङ्ग (हेम.)।

कामविकारः (पुं.) [*कामस्य विकारः, ष.त.*] सम्भोगेच्छा/उमेर चढ्दैजाँदा मनमा पैदा हुने स्त्री वा पुरुष विषयक संयोगको भावना।

वयसि गते कः कामविकारः क्षीणे वित्ते कः परिवारः।
शुष्के नीरे कः कासारो ज्ञाते तत्त्वे कः संसारः॥ (सुभा.)

कामशरः (पुं.) [*कामस्य शरः, ष.त.*] कामदेवको बाण।

कामसखः (पुं.) [*कामस्य सखा, राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] वसन्त ऋतु।

कामसूतः (पुं.) [*कामस्य सुतः, ष.त.*] अनिरुद्ध (अभि.चि.)।

कामसूत्रम् (नपुं.) [*कामस्य सूत्रम्, ष.त.*] कामसम्बन्धी व्याख्या गर्ने शास्त्र/वात्स्यायन मुनिद्वारा प्रणीत ग्रन्थ।

कामाख्या (स्त्री.) [*कामप्रदा आख्या यस्याः सा, बहु.स.*] आसाम प्रदेशमा रहेकी एक देवी।

कामेश्वरीञ्च कामाख्यां कामरूपनिवासिनीम्।
तप्तकाञ्चनसङ्काशां तां नमामि सुरेश्वरीम्॥
(दे.भा.१२.३४.३५)

कामाग्निः (पुं.) [*कामजन्या अग्निः,म.प.स.*]अतिशय रति अर्थात् संभोगको अभिलाषा।

न रात्रौ विन्दते निद्रां कामाग्निपरिदेवितः।
दिवापि च कुतः सौख्यमर्थोपार्जनचिन्तया॥ (शिवपुराण)

कामाङ्कुशः (पुं.) [*कामे कमोद्दीपने अङ्कुश इव, त.स.*] लिङ्ग।

कामातुरः (पुं.वि.) [*कामेन रतिक्रीडाभिलाषया आतुरः, तृ.त. अथवा कामे वा आतुरः, ष.त.*] स्त्री वा पुरुषका साथ सहवासका लागि उत्सुक। **कामातुराणां न भयं लज्जा** (सुभा.)।

कामान्धः (पुं.वि.) [*कामेन अन्धः, तृ.त*] १.कामवासनाले पीडित।

दिवा पश्यति नोलूको काको नक्तं न पश्यति।
अपूर्वः कोऽपि कामान्धो दिवा नक्तं न पश्यति॥

२.(पुं.) [*कामेन अन्धयति निजध्वनिजनितमन्मथोद्दीपनेन हतज्ञानं करोति, णिच्, अच्*] कोइली।

कामार्तः (पुं.वि.) [*कामेन आर्तः, तृ.त.*] संभोगको इच्छाले पीडित।

कामार्ता हि प्रकृतिकृपणाश्चेतनाचेतनेषु (मे.दू.)।

कमासक्तः (पुं.वि.) [*कामे आसक्तः, स.त.*] मैथुनको अतिशय इच्छा भएको।

कामिकः (पुं.) १.[*कामोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] कामुक २.[*कामेन निर्वृत्तम्, ठञ्, इकः*] कामना गरेको वस्तु।

देवतास्तस्य तुष्यन्ति कामिकं तस्य सिद्ध्यति॥ (म.भा.)

कामिनी (स्त्री.) [*भूयान् कामोऽस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः, ङीप्*] १.कामुक स्त्री।

एक एव पदार्थस्तु त्रिधा भवति वीक्षितः।
कुणपः कामिनी मांसं योगिभिः कविभिः श्वभिः॥ (सुभा.)

२.डरपोक स्त्री ३.स्त्री/नारी ४.मदिरा।

कामी (पुं.वि.) [*कामयते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, णित्वाद् वृद्धिः*] १.कामुक/ संभोगाभिलाषी।

मद्यपस्य कुतः सत्यं दया मांसाशिनः कुतः।
कामिनश्च कुतो विद्या निर्धनस्य कुतः सुखम्॥
(जिनधर्मविवेक)

२.इच्छा गर्ने ३.रसिक ४.(पुं.) चखेवा ५.भँगेरो ६.शिव ७.चन्द्रमा ८.विष्णु ९.सारस चरो १०.स्त्रीले जितेको पुरुष।

कामुकः (पुं.वि.) [*कामयते तच्छीलः, कमु कान्तौ इति धातोः, लषपतपदस्थाभूवृषहनकमगमशॄभ्यः उकञ् ३.२.१५४ इति उकञ्, वृद्धिः*] १.कामी/स्त्रीसित बढी सहवासको कामना राख्ने २.(पुं.) अशोक वृक्ष ३.भँगेरो। **कामुकः कामनेऽशोकपादपे चातिमुक्तके** (मेदिनी.)।

कामुका (स्त्री.) [*कामयते, कमु कान्तौ इति धातोः, लषपतपद– ३.२.१५४ इत्युकञ्, टाप् ४.१.४*] १.कुनै पदार्थमा बढी इच्छा राख्ने स्त्री २.कामवासना बढी भएकी स्त्री।

कामुकी (स्त्री.) [*जानपद– ४.१.४२ इति ङीष्*] मैथुनको बढी इच्छा राख्ने स्त्री/लोग्ने खोजेकी आइमाई। **वृषस्यन्ती तु कामुकी** (अमर.)।

कामेश्वरी (स्त्री.) १.एक भैरवी २.कामाक्षाको पाँच मूर्तिमध्ये एक ३.इच्छा गरेको कुरा पुऱ्याइदिने देवी।

कामोदा (स्त्री.) [*कुत्सितः मोदः आमोदो यस्याः सा, बहु.स.*] रागिणीविशेष।

काम्पिलः (पुं.) [*कर्कशः, चन्द्रः, रक्ताङ्गः, रोचनः*] कबिला/ जडिबुटीविशेष। यो २५ देखि ३० फिटसम्मको अग्लो हुन्छ। यो हिमालयको तल्लो भागमा पाइन्छ। खास गरी बर्मा, बङ्गाल, सिलोन, सिङ्गापुर तथा मलयाका टापुहरू यसका प्रमुख क्षेत्र हुन्। प्रमेह, पत्थरी आदिमा यसको बढी उपयोग हुन्छ।

काम्पिल्यः (पुं.) [*कम्पिलायाः अदूरभवः वुञ्छण्कठजिलसे– ४.२.८० इति सङ्काशादित्वाद् ण्यः*] सिन्दुरे रुख।

काम्बलः (पुं.) [*कम्बलेन वस्त्रेण च प्रावृतो रथः, परिवृतो रथः ४.२.१० इत्यण्*] कम्बल, लुगा आदिले मोरिएको रथ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम्यः (पुं.) [*काम्यत इति, कमु कान्तौ इति धातोः, इच्छायाञ्च (वा.) इति यत्*] १.सुन्दर २.चाहेको। **~कर्म** (नपुं.) फलको इच्छा राखेर गरिने कर्म। **~दानम्** (नपुं.) [*काम्येन इच्छया दानम्, तृ.त.*] मनले चाहना गरेको दान/इच्छानुसारको दान। **~श्राद्धम्** (नपुं.) [*काम्येन श्राद्धम्, तृ.त.*] कुनै इच्छा गरेको कुरा पुगोस् भनी गरिने श्राद्ध। **कामाय विहितं काम्यमभिप्रेतार्थसिद्धये।** (नि.सि.) **~मरणम्** (नपुं.) इच्छामरण। **~व्रतम्** (नपुं.) मनमा इच्छा राखेर गरिने व्रत।

कायः (नपुं.) [*चिन्वन्ति अस्मात् शुभमिति, चिञ् चयने इति धातोः, निवासचिति ३.३.४१ इति घञ्, आदेश्च कः*] १.शरीर २.(नपुं.) हत्केलामा रहेको मनुष्यतीर्थ। **कायो देहः क्लीवपुंसोः स्त्रियां मूर्तिस्तनुस्तनूः** (अमरः)। **मनुष्यतीर्थे कायं स्यात्** (मेदिनी.)।

कायकर्म (अव्य.) [*कायस्य कर्म, ष.त.*] शरीरले गर्ने शुद्ध कर्म।

कायतीर्थम् (नपुं.) [*कः प्रजापतिर्देवताऽस्य, कस्येत् ४.३.२५ इत्यण्, इदन्तादेशश्च, काय इति तीर्थम्, कर्म.स.*] १.साहिँला र कान्छी औंलाको फेद २.ब्रह्मतीर्थ।

कायस्थः (पुं.) [*काये तिष्ठति, कायपूर्वकाद् ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४.इति कः, आतो लोपः ६.४.६४*] १.जीवात्मा २.परमात्मा ३.कायस्थ जाति। यसको उत्पत्ति माहिष्य जातिकी स्त्रीमा वैदेह जातिको पुरुषबाट भएको मानिन्छ। क्षत्रियबाट वैश्य जातिकी स्त्रीमा जन्मेको सन्तान माहिष्य र बाहुनीमा वैश्यबाट जन्मेको सन्तानलाई वैदेह भनिन्छ।

कायस्था (स्त्री.) [*कायस्तिष्ठत्यनया, घञर्थे कः (वा.)*] १.हर्रो २.अमला। **कायस्था तु हरीतक्यामलक्योश्च प्रकीर्तिता।** (रभस.)।

कायिकः (पुं.वि.) [*कायेन निर्वृत्तः, काये भवः, कायस्य अयम्, ठक्*] १.शरीरबाट भएको २.शरीरमा भएको ३.शरीरसम्बन्धी।

कारः (पुं.) [*कीर्यते, कृ विक्षेपे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, करः एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.निश्चय २.रत्न ३.यति ४.हिमाल ५.कारागार ६.वध। **कारो वधे निश्चये च बलौ रत्ने यतावपि। कारस्तुषारशैले च** (विश्व.)।

कारकः (पुं.वि.) [*करोतीति, डुकृञ् करणे, इति धातोः, ण्वुलतृचौ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] १.काम गर्ने व्यक्ति/कर्ता २.(नपुं.) क्रियाजनक शब्द। **क्रियाजनकत्वं कारकत्वम्।**

कारकदीपकम् (नपुं.) [*कारकं दीपयति, कारकपूर्वकाद् दीपि दीप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] एक क्रियाको अनेक कर्ता र एक कर्ताको अनेक क्रियासँग सम्बन्ध हुँदा पर्न जाने अर्थालङ्कार। **अथ कारमेकं स्यादनेकासु क्रियासु च** (सा.द.)।

कारकवक्रता (स्त्री.) [*कारकगता वक्रता, म.प.स.*] पदपरार्धवक्रताको दोस्रो भेद।

कारणम् (नपुं.) १.[*कार्यतेऽनेन, ण्यन्ताद् डुकृञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१. इत्यनः, वृद्धिः, णत्वम्*] हेतु।

न कश्चित् कस्यचिन्मित्रं न कश्चित् कस्यचिद् रिपुः।
कारणेन हि जायन्ते मित्राणि रिपवस्तथा॥ (सुभा.)

कारणत्रयम् (नपुं.) [*कारणानां त्रयम्, ष.त.*] कारण अनेक भएपनि मुख्य कारण तीन छन्– समवायिकारण (घडाको कपाल) असमवायिकारण (घडामा कपालको योग) निमित्तकारण (कुमाले)। झगडाका मुख्य तीन कारण हुन्छन्– १.पृथ्वी २.सुन चादी आदि सम्पत्ति ३.अपमान।

कारणपञ्चकम् (नपुं.) [*कारणानां पञ्चकम्, ष.त.*] १.पक्षपातरूप दोषका पाँच कारण हुन्छन्– राग, लोभ, भय, द्वेष र वादी तथा प्रतिवादीका कुरा एकान्तमा सुन्नु।

पक्षपाताधिरोपस्य कारणानि च पञ्च वै।
रागलोभभयद्वेषा वादिनश्च रहः श्रुतिः॥
(शु.नी. ४.अ.५.प्र.)

२.झगडाका पाँच कारण हुन्छन्- स्त्री, घर तथा जमिन, कठोर वाणी, सौताने द्वेष र अपराध।

वैरं पञ्चसमुत्थानं तच्च बुध्यन्ति पण्डिताः।
स्त्रीकृतं वास्तुजं वाग्जं ससापत्नापराधजम्॥
(म.भा.शान्तिपर्व, अ.१३९)

कारणमाला (स्त्री.) [*कारणानां माला यत्र*] शृङ्खलामूलक एक अर्थालङ्कार। यसमा शृङ्खलारूपमा वर्णन भएका पदार्थहरूको परस्पर कार्यकारणभाव भएको वर्णन गरिएको हुन्छ। यसमा पूर्व पूर्व वर्णित पदार्थ, उत्तरोत्तर कथित पदार्थको कारण बन्छ अथवा उत्तरोत्तर कथित पदार्थ, पूर्वपूर्व वर्णित पदार्थको कारण बन्छ।

परं परं प्रति यदा पूर्वपूर्वस्य हेतुता (सा.द.)।
यथोत्तरञ्चेत् पूर्वपूर्वस्यार्थस्य हेतुता (का.प्र.)।

कारणिकः (पुं.) [*करणैश्चरति चरति ४.४.८ इति ठक्, ठस्येकः*] परीक्षक। **परीक्षकः कारणिकः** (अमर.)।

कारण्डवः (पुं.) [*रमते इति रण्डः, जमन्ताद् डः (उ.) ११४ इति डः ईषद्रण्डः, ईषदर्थे च ६.३.१०५ इति कादेशः, कारण्डं वाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] पानी हाँस।

कारयन् (पुं.वि.) [*कारयतीति, णिजन्तात् कृधालोर्लटः शत्रादेशः ३.२.१२४*] गराइरहेको। **स्वकर्म कारयन्नास्ते** (भट्टिः ८.४८)।

कारवालिका (स्त्री.) [*करं वलते, वल हिंसादानयोः इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण, टाप् ४.१.४ इत्वम्*] एकातिरमात्र धार भएको सानो तरबार/छुरी।

कारवी (स्त्री.) [*कारं वाति, वा गतिगन्धनयोः इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.कालो जीरा २.हिंगको पात ३.[*अजमोदा, खराश्वा, मायूरः, दीप्यकः,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मकुशा, कारवी, लोचमस्तका] ठुलो ज्वानु। युरोप, अमेरिका र भारतवर्षमा यसको खेती हुन्छ। यसको बोट २ देखि ३ फुटसम्म अग्लो हुन्छ। पिसाब तथा गर्भाशयसम्बन्धी रोगमा यसको बढी उपयोग हुन्छ। सुनिने, जोर्नी दुख्ने जस्ता रोगमा यसका तेलले मालिस गर्दा सन्चो हुन्छ। वात, उदरशूल, वमन, पत्थरी आदिमा घरेलु औषधिका रूपमा यसको प्रयोग हुन्छ।

कारवेल्लः (पुं.) [*कारं वेल्लति, वेल्ल चलने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] करेलो।

कारा (स्त्री.) [*कीर्यन्तेऽपराधिनोऽत्र, कॄ विक्षेपे इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, ऋदृशोऽङि गुणः, कारा बन्धने (ग.सू.) इति निपातनाद् दीर्घः, टाप् ४.१.४*] बन्धन/जेल। **कारा बन्धनमुच्यते** (हला.)।

कारागारम् (नपुं.) [*कारायै बन्धनाय आगारम्, ष.त.*] जेल/कारागृह।

कारादण्डः (पुं.) [*काराया दण्डः, ष.त.*] जेलमा हाल्ने सजाय/कारावास।

कारागारिकः (पुं.वि.) [*कारागारे नियुक्तः, तत्र नियुक्तः ४.४.६९ इति ठक्, ठस्येकः*] कारागारको देखरेख आदि गर्ने मुख्य अधिकारी।

कारागुप्तः (पुं.) [*कारायां बन्धनागारे गुप्तः*] वन्दी (हेमचन्द्र)।

कारिः (पुं.) [*डुकृञ् करणे इति धातोः, कृञ उदीचां कारुषु (उ.) ५७८ इति इञ्, वृद्धिः*] शिल्पी।

कारिका (स्त्री.) [*करोतीति, डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्*] १.क्रिया/कार्य २.नटी,नर्तकी ३.शिल्प ४.वाणिज्य/व्यापार ५.यातना ६.रोग ७.रोगनाशक कन्टकारी ८.दर्शन, व्याकरण, साहित्य आदि शास्त्रमा वर्णित विषयहरूलाई थोरै शब्दमा व्यक्त गर्ने पद्य। **कारिका तु स्वल्पवृत्तौ बहोरर्थस्य सूचनी**। (अभि.चि.) संस्कृत साहित्यका धेरै ग्रन्थहरू कारिकामा रचिएका छन्। जस्तै नागर्जुनको माध्यमिक-कारिका, भरतमुनिको नाट्यशास्त्रको कारिका, ईश्वरकृष्णको सांख्यकारिका, विश्वनाथको कारिकावली आदि। ८.ऋणीले आफुखुसी दिने ब्याज।

कारितः (पुं.वि.) [*कृधातोर्णिचि क्तः*] गराइएको।

कारिता (स्त्री.) ऋणको चक्रवृद्धि ब्याज।

नातिसंवत्सरीं वृद्धिं न चादृष्टं पुनहरेत्।
चक्रवृद्धिः पुनर्वृद्धिः कारिता काविका च सा॥ (मनु.८.१५३)

कारी (स्त्री.) [*कृणाति हिनस्ति कण्टकैः, इञ्, ङीष्*] कण्टकारी।

कारीषम् (नपुं.) [*करीषाणां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण्*] गुइँठाको समूह।

कारुः (पुं.वि.) [*करोतीति, डुकृञ् करणे इति धातोः, कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १ इत्युण् वृद्धिः*] १.शिल्पी २.कर्ता ३.(पुं.) विश्वकर्मा। **विश्वकर्मणि ना कारुस्त्रिषु कारकशिल्पिनोः** (मेदिनी.)।

कारुणिकः (पुं.वि.) [*करुणा शीलमस्य शीलम् ४.४.६१ इति ठक्, ठस्येकः, वृद्धिः*] करुणा भएको/दयालु। **कविः कारुणिको वव्रे सीतायाः सम्परिग्रहम्** (रघु.१५.७१)।

कारुण्यम् (नपुं.) [*करुणः करुणावान्, तस्य भावः गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दया/करुणा।

कारोत्तरः (पुं.) [*कारेण क्रियया उत्तरः*] मदिराको माड।

कार्कणः (पुं.) [*कृकणो नाम हिंस्रः पक्षिविशेषः, तस्मादागतः, शुण्डिकादिभ्योऽण् ४.३.७६ इत्यण् वृद्धिः, आलोपः*] कृकण नामक शिकारी पक्षीबाट प्राप्त हुने आय।

कार्तवीर्यः (पुं.) [*कृतवीर्यस्यापत्यं पुमान्, तस्यापत्यम् ४.१.९ इत्यण्, तद्धितेष्वचामादेः ७.२.११ इति वृद्धिः*] कृतवीर्यपुत्र/सहस्रार्जुन।

कार्तवीर्यचम्पूकाव्यम् (नपुं.) श्रीरामवर्माद्वारा रचिएको चम्पूकाव्य। यसको रचना अठारौँ शताब्दीमा भएको हो। यसमा रावण र कार्तवीर्यको युद्ध तथा कार्तवीर्यद्वारा भएको विजयको वर्णन छ। यस काव्यमा वीररसको प्रधानता देखिन्छ। रचनाशैली प्रौढ छ।

कार्तवीर्योदयमहाकाव्यम् (नपुं.) कार्तवीर्यको उदयसम्बन्धी कथानकलाई लिएर रचिएको कलात्मक महाकाव्य। यसको रचना नेपालका कवि सुकृतिदत्त पन्तले गरेका हुन्। १७ सर्गमा विभक्त यस महाकाव्यमा १७४४ पद्य छन्। अशिय पाण्डित्यप्रदर्शन, अलङ्कारमय शिल्पविधान, वर्णनाधिक्य, श्लिष्ट भाषाको प्रयोग, ध्वनि, वक्रोक्ति आदि यसमा पाइने विशेषता हुन्। भारवि, माघ र श्रीहर्षका कृतिको प्रतिस्पर्धामा रचिएको यस महाकाव्यमा ती तीनवटै कविको प्रत्यक्ष प्रभाव परेको छ। नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित यस कृतिको सम्पादन डा. स्वामी प्रपन्नाचार्यले गरेका छन्। यसको प्रकाशन नेपाल प्रज्ञाप्रतिष्ठान (नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान) कमलादीबाट वि.सं. २०५१ सालमा भएको हो। यसको अर्को सम्पादन तथा प्रकाशन जर्मनीबाट पनि भएको छ।

कार्तस्वरम् (नपुं.) [*कृतस्वरे, आकरविशेषे भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] १.सुन २.[*कृता पठिता स्वरा येन सः, बहु.स., कृतस्वरः सामगानकर्ता, तस्मै दक्षिणात्वेन देयम्*] सामगान गर्ने व्यक्तिलाई दिइने दक्षिणा ३.(पुं.) वृक्षविशेष।

कार्तान्तिकः (पुं.) [*कृतान्तं वेत्तीति, क्रतूक्थादिसूत्रान्ताट्ठक् ४.२.६० इति उक्थादित्वाद् ठक्, ठस्येकः*] ज्योतिषी।

कार्तिकः (पुं.) [*कृतिकाभिर्युक्ता पौर्णमास्यस्मिन्, स मासः, सास्मिन्पौर्णमासीति संज्ञायाम् ४.२.२१ इत्यण्*] असोज पछिको महिना।

कार्तिकिकः (पुं.) [*कृत्तिकानक्षत्रेण युक्ता पौर्णमासी, कार्तिकी, सा पौर्णमासी अस्ति अस्मिन् मासे, विभाषा फाल्गुनीश्रवणाकार्तिकीचैत्रीभ्यः ४.२.२३ इति ठक्, ठस्येकः, अलोपः*] कात्तिक महिना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्तिकेयः (पुं.) [*कृत्तिकानामपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] कुमार/शिवजीका पुत्र।

(कार्तिकेयः)

कार्तिकोत्सवः (पुं.) [*कार्तिके उत्सवः, स.त.*] कार्तिक शुक्ल प्रतिपदाका दिन गरिने उत्सव।

कात्स्र्न्यम् (नपुं.) [*कृत्स्नस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सम्पूर्णता/समग्रता।

कार्दमिकम् (नपुं.) [*कर्दमेन रक्तं वस्त्रम्, शकलकर्दमाभ्यामुपसङ्ख्यानम् (वा) इति ठक्, ठस्येकः वृद्धिः*] हिलाले पोतिएको लुगा।

कार्पटिकः (पुं.) [*कार्पटमन्तस्तत्त्वं वेत्ति, ठक्, यद्वा कार्पटमस्यास्तीति, अत इनिठनौ इति ठन्, ठस्येकः*] १.मर्मवेत्ता २.तीर्थसेवी।

कार्पण्यम् (नपुं.) [*कृपणस्य भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.उचित ठाउँमा पनि खर्च नगरी धन सञ्चय गरेर राख्ने इच्छा २.दीनता।

मनस्वी म्रियते कामं कार्पण्यं न तु गच्छति।
अपि निर्वाणमायाति नानलो याति शीतताम्॥ (सुभा.)

कार्पासः (पुं.) [*कार्पास्याः फलम्, अवयवे च ४.३.१३५ इत्यण्, तस्य फले लुक् ४.३.१६३ इति लुक्*] कपास।

कार्पासी (स्त्री.) [*तुण्डकेशी, समुद्रान्ता, कार्पासकी*] कपास। यसका पात वायुनाशक र वीर्यवर्द्धक हुन्छन्। कपासको बीज दुर्गन्धनाशक र वीर्यवर्धक हुन्छ। गर्भस्राव, सुत्केरीको दुग्धवृद्धि, मानसिक रोग, घाउको रक्तस्राव आदिमा यसको प्रयोग उपयोगी हुन्छ।

कार्मः (पुं.) [*कर्म शीलमस्य, छत्रादिभ्यो णः ४.४.६२ इति णप्रत्ययः, वृद्धिः,कार्मस्ताच्छील्ये इति निपातनात् टिलोपः*] फलको इच्छा नराखी कर्म गर्ने व्यक्ति। **स कार्मः कर्मशीलो यः।** (अमर.)।

कार्मणः (पुं.वि.) [*कर्म साध्यत्वेनास्त्यस्य, शेषे ४.२.९२ इत्यण्*] कर्मठ/काममा सधैँ तत्पर।

कार्मणम् (नपुं.) [*कर्मैव, तद्युक्तात्कर्मणोऽण् ५.४.३६ इत्यण् वृद्धिः*] १.सन्देश सुनेर तदनुसार गरिने कर्म २.अह्राएपछि गरिने काम ३.मन्त्र, औषधि, जडीबुटी आदिबाट वशमा ल्याउने काम। **कार्मणं मन्त्रतन्त्रादियोजने कर्मठेऽपि च** (मेदिनी.)।

कार्मुकः (पुं./नपुं.) [*कर्मणे प्रभवति, कर्मण उकञ् ५.१.१०३ इति उकञ्*] १.धनुषबाण २.कछुवा ३.(पुं.वि.) कार्यकुशल।

कार्मुककोटिः (पुं.) [*कार्मुकस्य कोटिः, ष.त.*] धनुषको टुप्पो।

कार्यकरः (पुं.) [*कार्यं करोति आनुकूल्येन,कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] कार्यकर्ता।

न हि प्रेष्यवधं घोरं करवाण्यस्तु ते मतिः।
एधि कार्यकरस्त्वं मे गत्वा प्रवद राघवम्॥ (भट्टि.)

कार्यकारणम् (नपुं.) [*कार्यस्य कारणम्, ष.त.*] कुनै कुराको कारण।

कार्यकारिणी (स्त्री.) [*कार्यं कारयति तच्छीला, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] कुनै विशिष्ट कामका लागि बनेको कार्य गर्ने, गराउने निकाय। **~समितिः** (स्त्री.) [*कार्यकारिणी चासौ समितिः, कर्म.स.*] कार्यसमिति/कुनै काम कुरा गर्न गठन भएको समिति।

कार्यकारी (पुं.वि.) [*कार्यं करोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] कुनै पदाधिकारी छुट्टी वा अन्य कारणले कार्यालयमा अनुपस्थित रहेको समयमा उसको ठाउँमा रहेर काम गर्ने मानिस।

कार्यकालः (पुं.) [*कार्यस्य कालः, ष.त.*] १.काम गर्ने समय २.काम परेको वखत।

पुस्तकस्था तु या विद्या परहस्तगतं धनम्।
कार्यकाले समुत्पन्ने न सा विद्या न तद्धनम्॥ (सुभा.)

३.व्याकरणमा यथोद्देश पक्षको अर्को पक्ष।

कार्यकुशलः (पुं.वि.) [*कार्ये कुशलः, स.त.*] कार्यदक्ष/काम गर्न सिपालु।

कार्यक्रमः (पुं.) [*कार्याणां क्रमः, ष.त.*] कार्यतालिका/कामको क्रम मिलाएको सूची।

कार्यक्षेत्रम् (नपुं.) [*कार्याणां क्षेत्रम्, ष.त.*] काम गर्ने ठाउँ।

कार्यदक्षः (पुं.वि.) [*कार्ये दक्षः, स.त.*] काम गर्न सिपालु।

कार्यदूतः (पुं.) [*कार्याय दूतः, च.त.*] राजदूतको अनुपस्थितिमा निजको काम गर्ने अधिकारी।

कार्यध्वंसः (पुं.वि.) [*कार्याणां कार्यस्य वा ध्वंसः, ष.त.*] काम बिग्रनु।

अपमानं पुरस्कृत्य मानं कृत्वा च पृष्टके।
स्वकार्यमुद्धरेत् प्राज्ञः कार्यध्वंसो हि मूर्खता॥ (सुभा.)

कार्यनिष्ठः (पुं.वि.) [*कार्ये निष्ठा यस्य सः, बहु.स.*] १.काममा व्यस्त २.आफ्नो कामप्रति उत्तरदायित्व वहन गर्ने।

कार्यपद्धतिः (स्त्री.) [*कार्यस्य पद्धतिः, ष.त.*] काम गर्ने विधि/कार्यप्रणाली।

कार्यपरिषद् (स्त्री.) [*कार्याय परिषद्, च.त.*] कुनै काम गर्न गठन गरिएको समिति।

कार्यपालिका (स्त्री.) [*पालयतीति पालिका, कार्यस्य पालिका, ष.त.*] व्यवस्थापिकाबाट पास भएका नियम कानुन आदिलाई कार्यमा परिणत गर्ने वा गराउने अङ्ग।

कार्यभारः (पुं.) [*कार्यस्य भारः, ष.त.*] कुनै काम वा पदको जिम्मेवारी।

कार्यभ्रंशः (पुं.) [*कार्यस्य भ्रंशः, ष.त.*] काम बिग्रनु।

अप्रियं नहि भाषेत न विरुध्येत केनचित्।
कार्यसिद्धिं समीहेत कार्यभ्रंशो हि मूर्खता॥ (सुभा.)

कार्यम् (नपुं.) [*कर्तुं योग्यम्, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वृद्धिः*] १.काम।

मनसा चिन्तितं कर्म वचसा न प्रकाशयेत्।
अन्यलक्षितकार्यस्य यतः सिद्धिर्न जायते॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.रूपक (नाटक) मा अर्थप्रकृतिका पाँच अवस्थामध्येको अन्तिम अवस्था। रूपकको प्रारम्भमा जुन उद्देश्य राखिएको हुन्छ, त्यसको प्राप्तिका निमित्त जे जति उपाय गरिएका हुन्छन्, ती सबैको सहयोगबाट अन्त्यमा हुने समापन कार्य।

अपेक्षितन्तु यत्साध्यमारम्भो यन्निबन्धनः।
समापनन्तु यत्सद्ध्यै तत्कार्यमिति सम्मतम्॥ (सा.द.)

कार्यवशः (पुं.) [*कार्यस्य वशः, ष.त.*] कुनै काम भएकाले।

कार्यवाहकः (पुं.वि.) [*कार्यं वहति, वह प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कायम मुकायम।

कार्यविवरणम् (नपुं.) [*कार्यस्य विवरणम्, ष.त.*] कुनै सभा वा संस्थामा भएका कामहरूको विवरण।

कार्यसञ्चालनम् (नपुं.) [*कार्यस्य सञ्चालनम्, ष.त.*] काम चलाउने कार्य।

कार्यसिद्धिः (स्त्री.) [*कार्यस्य सिद्धिः, ष.त.*] कामको सम्पन्नता।

अप्रियं नहि भाषेत न विरुध्येत केनचित्।
कार्यसिद्धिं समीहेत कार्यभ्रंशो हि मूर्खता॥ (सुभा.)

कार्यसूची (स्त्री.) [*कार्याणां सूची, ष.त.*] कामको फाँटवारी।

कार्यस्थगनम् (पुं.) [*कार्यस्य स्थगनम्, ष.त.*] चलिरहेको काम वा व्यवहार रोक्ने काम।

कार्यहन्ता (पुं.) [*कार्यस्य हन्ता, ष.त.*] काम बिगार्ने वा भाँड्ने।

परोक्षे कार्यहन्तारं प्रत्यक्षे प्रियवादिनम्।
वर्जयेत्तादृशं मित्रं विषकुम्भं पयोमुखम्॥ (हितो.)

कार्याध्यक्षः (पुं.) [*कार्यस्य अध्यक्षः, ष.त.*] कुनै कामको सम्पादन वा सञ्चालन गर्ने मुख्य व्यक्ति।

कार्यान्वितः (पुं.वि.) [*कार्येण अन्वितः, तृ.त.*] कार्यरूपमा परिणत भएको।

कार्यापेक्षी (पुं.वि.) [*कार्यमपेक्षते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] काम सिद्ध गर्न चाहने/काम बनाउन खोज्ने।

कार्यापेक्षी जनः प्रायः प्रीतिमाविष्करोत्यलम्।
लोमार्थी शौण्डिकः शष्पैर्मेषं पुष्णाति पेशलैः॥ (सुभा.)

कार्यालयः (पुं.) [*कार्याय आलयः, च.त.*] सरकारी वा गैरसरकारी लेखापढीको कुनै विशेष काम वा व्यवस्था गर्ने घर।

कार्यावली (पुं.) [*कार्याणामावली, ष.त.*] कार्यक्रम/कुनै कामको सूची/कामको व्यहोरा।

कार्यावस्था (स्त्री.) [*कार्यस्य अवस्था, ष.त.*] १.नाटकका कथानकमा रहने पाँचवटा कार्यावस्थाहरू— आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम।

आरम्भयत्नप्राप्त्याशानियताप्तिफलागमाः (सा.द.)।

२.कामको स्थिति।

कार्श्यम् (नपुं.) [*कृशस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दुब्लोपन/कृशता।

कार्षापणः (पुं.) [*कर्षस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्, कार्षस्य आपणः ष.त.*] एक तोला/सोह्र पणा।

कार्षिकः (पुं.) [*कर्षस्यायम्, अध्यात्मादिभ्यश्च (वा) ४.३.६ इति ठञ्, ठस्येकः*] चाँदीको रुपियाँ।

कार्ष्यः (पुं.) [*कृषतीति, कृष विलेखने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, कृषस्य भावः, चातुर्वर्ण्यादिभ्य उपसङ्ख्यानम् (वा.) ५.१.१२४ इति ष्यञ्*] सखुवा/साल।

काल (धा.) [*समयोपदेशे, चुरा, पर.सेट्*] कालको गणना गर्नु उपदेश दिनु। लट्— **कालयति**— कालको गणना गर्छ उपदेश दिन्छ इत्यादि।

कालः (पुं.) [*कल्यते इति, कल सङ्ख्याने शब्दे च इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, कालयति सर्वाणि भूतानि वा, ण्यन्तात् कल प्रेरणे इति धातोः नन्दिग्रहि इत्यच्*] १.समय २.यमराज ३.महाकाल शिव ४.मृत्यु।

अद्यैव हसितं गीतं पठितं यैः शरीरिभिः।
अद्यैव ते न दृश्यन्ते कष्टं कालस्य चेष्टितम्॥ (सुभा.)

५.(पुं.वि.)कालो वर्ण। **कालो मृत्यौ महाकाले समये यमकृष्णयोः** (विश्व.)। **~कूटः** (पुं.) [*कालमपि कूटयति दहति, यद्वा कालस्य कूटम् दूत इव,*] १.एक किसिमको सामुद्रिक विष।

आकरः कारणं जन्तोर्दौर्जन्यस्य न जायते।
कालकूटः सुधासिन्धोः प्राणिनां प्राणहारकः॥

२.[*कालस्य मृत्योः कूटः दूत इव*] स्थावर विषको एकभेद। **अहो बकीयं किल कालकूटं जिघांसयाऽपाययदप्यसाध्वी।** (भाग.) ३.[*कालानि कृष्णवर्णानि कूटानि पर्वतशिखराणि सन्ति यस्मिन् सः*] देशविशेष। (म.भा.) **~क्षेपणम्** (नपुं.) [*कालस्य क्षेपणम्, ष.त.*] समय गुजार्ने काम/कालयापन। **~गतिः** (स्त्री.) [*कालस्य गतिः, ष.त.*] १.समयको गति २.भवितव्य ३.कालक्रम ४.स्वभावैले हुने मृत्यु। **~चक्रम्** (नपुं.) [*कालस्य चक्रम्, ष.त.*] समयको हेरफेर। **~दोषः** (पुं.) [*कालस्य दोषः, ष.त.*] बेला नभई वा नपुगी कार्य हुँदा पर्न जाने दोष। **~पाशः** (पुं.) [*कालस्य पाशः, ष.त.*] यमराजको पासो। **~पुरुषः** (पुं.) [*काल एव पुरुषः, कालनामा पुरुषो वा*] परमात्माको विराट् स्वरूप/साक्षात् कालपुरुषको आकृति भएको नक्षत्र। **~वेला** (स्त्री.) [*कालस्य वेला, ष.त.*] कुसमय/घातक मुहूर्त।

कालकः (पुं.वि.) [*काल एव, कालाच्च ५.४.३३ इति कन्*] १.निदाउरो २.कालो ३.[*कलयति कल क्षेपे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कोठी।

कालकण्ठकः (पुं.) [*कालः कण्ठोऽस्य, कप् ५.४.१५४*] १.पक्षिविशेष २.शिव ३.मयूर ४.जलकाग। **दात्यूहो कालकण्ठकः** (अभि.चि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालकृत् (पुं.) [*कालम् समयम् स्वगत्या करोति, डुकृञ् करणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप् तुक्*] सूर्य।

कालक्रमः (पुं.) [*कालस्य क्रमः, ष.त.*] १.समयको गति २.उमेर बित्दै जानु। **आचार्यात्पादमाधत्ते पादं शिष्यः स्वमेधया। पादं स ब्रह्मचारिभ्यः पादं कालक्रमेण तु॥** (म.भा.)

कालक्रियामानम् (नपुं.) [*कालश्च क्रिया च, कालक्रिये ते मीयतेऽनेन, माङ् माने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] नाचको ताल। **तालः कालक्रियामानम्** (हला.)।

कालखण्डः (पुं./नपुं.) १.[*कालः कृष्णवर्णश्चासौ खण्डश्च, कर्म.स.*] कलेजो २.[*कालस्य खण्डम्, ष.त.*] समयको एक भाग।

कालचक्रम् (नपुं.) [*कालस्य चक्रम्, ष.त.*] १.वर्ष दिनमा घुमेर आउने समयको चक्र/एक भगण पूर्तिकाल २.एकै रेखामा सबै ग्रह रहेको समयदेखि फेरि फर्केर आउने त्यही समयसम्मको अवधि ३.समयको परिवर्तन भइरहने चक्र। ४.बुद्धिष्ठहरूको पात्रो निकाल्ने विधि वर्णित भएको एक ग्रन्थ। यसको विशेष भूमिका, उपपत्तिसहित गणितीय व्याख्या समेत गरी सम्पादन गर्ने काम पं. नयराजपन्तबाट भएको छ।

कालचक्रयानम् (नपुं.) वज्रयानको एक भेद। दसौँ शताब्दीमा चलेको बौद्ध धर्मको एक शाखा।

कालचिन्तकः (पुं.) [*कालं चिन्तयति, चिति संज्ञाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] ज्योतिषी।

कालत्रयम् (नपुं.) [*कालानां त्रयम्, ष.त.*] भूत, वर्तमान र भविष्यत् तीन काल। **मतिरागामिका ज्ञेया बुद्धिस्तत्कालदर्शिनी। प्रज्ञा चातीतकालस्य मेधा कालत्रयात्मिका॥** (हैम.)

कालधर्मः (पुं.) [*कालस्य धर्मः, ष.त.*] १.मृत्यु।

पञ्चत्वं निधनं नाशो दीर्घनिद्रा निमीलनम्।
दिष्यन्तोऽस्तं कालधर्मोऽवसानम्॥ (अभि.चि.)

२.समयको विशेषता।

अयन्तु कालधर्मो हि वर्तते कस्य दूषणम् (पुरा.)।

कालनेमिः (पुं.) [*कालो नेमिर्यस्य सः, बहु.स.*] पुराणमा वर्णित एक दैत्य।

कालपुरुषः (पुं.) [*कालः कृष्णवर्णश्चासौ पुरुषश्च, कर्म.स.*] १.कालो मानिस २.[*कालस्य पुरुषः*] यमराजको सहायक ३.[*कालबोधकः पुरुष इव*] ज्योतिश्शास्त्र।

कालपृष्ठम् (नपुं.) [*कालो यम इव पृष्ठमस्य*] १.कर्णको धनुष। **कालपृष्ठन्तु तद्धनुः** (अभि.चि.) २.कङ्कपक्षी ३.मृगविशेष।

कालभारिणी (स्त्री.) प्रथम र तृतीय पाउमा सगण, सगण, जगण र दुई गुरुवर्ण तथा द्वितीय र चतुर्थ पाउमा सगण, भगण, रगण र यगणको प्रयोग भएको अर्द्धसमपाद छन्द।

विषमे ससजा यदा गुरू चेत्
सभरा येन तु कालभारिणीयम् (छन्दो.)।

कालमेषिका (स्त्री.) [*काले मिष्यते इति, मिष शब्दे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, स्वार्थे कन्, टाप् ४.१.४, इत्वम्*] १.मजिठो २.बकुची ३.कालो निशोथ।

कालरात्रिः (स्त्री.) [*कालस्य रात्रिर्नाशिका, ष.त.*] १.नव दुर्गा मध्येकी सातौँ दुर्गा २.आश्विन शुक्ल अष्टमी ३.दीर्घायुका लागि देवीलाई बलि चढाएर आश्विन शुक्ल अष्टमीका दिन राति गरिने देवीको आराधना ४.[*काला चासौ रात्रिश्च, कर्म.स.*] अँध्यारो रात ५.अन्याय, अत्याचार, हिंसा आदिको बाहुल्य भएको समय ६.कल्पको अन्तिम समय ७.कार्तिक अमावास्याको रात।

कालवक्रता (स्त्री.) [*कालगताः वक्रता, म.प.स.*] पद परार्धवक्रताको पाँचौ भेद।

कालवृकः (पुं.) १.[*काल एव वृकः, त.स.*] कालरूपी ब्वाँसो।

अपत्यं मे कलत्रं मे धनं मे बान्धवाश्च मे।
जल्पन्तमिति मर्त्याजं हन्ति कालवृको बलात्॥
(ग.पु.ध.का.४९.३९)

२.[*कालश्चासौ वृकश्च, कर्म.स.*] कालो ब्वाँसो।

कालसर्पः (पुं.) १.[*कालश्चासौ सर्पश्च, कर्म.स.*] कालो विषालु साँप २.[*कालो मृत्युरेव सर्पः, त.स.*] मृत्युरूपी सर्प। ३.ज्योतिषमा वर्णित एक अशुभ योग। जन्मकुण्डलीमा राहु र केतुका बिच कुनै ग्रह नरहेको अवस्थामा यस्तो योग पर्दछ, यसमा शान्ति गर्ने शास्त्रीय व्यवस्था छ।

कालसूत्रम् (नपुं.) [*कालानि अयोमयानि सूत्राणि यत्र तत्, बहु.स.*] नरकको एक भेद।

कालस्कन्धः (पुं.) [*कालः स्कन्धो यस्य सः, बहु.स.*] १.पानी जामुनु २.ताल ३.वृक्षविशेष।

काला (स्त्री.) १.[*काल्यते इति, कल क्षेपे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, टाप् ४.१.४*] नीर २.[*कालो वर्णोऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] कालो जिरा।

कालागुरुः (पुं.) [*कालञ्च तदगुरु च, कर्म.स.*] १.धूपी २.कालो अगरुको वृक्ष।

कालाग्निः (पुं.) [*कालकारो मृत्युकारोऽग्निः,म.प.स.*] १.प्रलय कालको अग्नि २.[*काल इव अग्निस्तृतीयनेत्रं यस्य सः, बहु.स.*] रुद्र ३.पाँचमुखे रुद्राक्ष।

कालाग्निरुद्रः (पुं.) १.हठयोगको साधानामा प्राण, मन र विन्दु अर्थात् शुक्रलाई संयमित तुल्याउने विधि २.संहारकारी रुद्र।

कालातीतः (पुं.वि.) [*कालमतीतः, द्वि.त.*] समय बितेको वा म्याद नाघेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालान्तरम् (नपुं.) [*अन्यः काल*] १ धेरै पछिको समय २.अर्को समय ३.समयसाल।

कालापः (पुं.) [*कालो मृत्युः प्राप्यते यस्मात्, अपादाने घञ्*] १.सर्पको शरीर २.राक्षस ३.[*कलापं वेत्ति, अण्*] कलाप व्याकरणका अध्येता।

कालायसम् (नपुं.) [*कालञ्च तदयश्च, कर्म.स.टच्*] फलामको डल्लो।

कालावधिः (पुं.) [*कालस्य अवधिः, ष.त.*] तोकिएको समय/कुनै काम गर्न तोकिएको अन्तिम हद वा सीमा।

कालाशुद्धिः (पुं.) [*कालस्य अशुद्धिः, ष.त.*] शुभ कर्म गर्न नहुने समय।

कालिकः (पुं.वि.) १.[*कालकृतो धर्मो यौवनादिर्विशेषः, कालेन निर्वृत्तेऽक्षद्यूतादिभ्यः ४.४.१९ इति ठक्, ठस्येकः*] कालबाट भएको अवस्था वा धर्म २.[*काले वर्षासमये चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] बकुल्लो ३.[*कालमनुसरति*] कालो चन्दन/तिलक ४.[*कालो वर्णोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] कालो वर्ण भएको ५.[*काले भवः,कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] समयमा भएको।

कालिका (स्त्री.) [*कालो वर्णोऽस्या अस्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४ इत्वम्*] १.कालो रङ २.कालो मसी ३.किस्तामा बुझाउने कुनै वस्तुको मोल ४.कालो बादलको थुप्रो ५.कलेजो ६.पोथी काग ७.बिच्छी ८.रक्सी ९.आँखाको कालो भाग १०.गाजल ११.चार वर्षकी कन्या १२.कल्छे लहरो १३.कर्कटशृङ्गी १४.पार्वती। यिनको शरीरबाट कौशिकी देवी निस्केपछि शरीर कालो हुँदा कालिका नाम रह्यो। यिनलाई काली पनि भनिन्छ। **तस्यां विनिर्गतायां तु कृष्णाऽभूत्साऽपि पार्वती। कालिकेति समाख्याता हिमाचलकृताश्रया** (सप्तशती, अ.५.८८)। १५.ठुलो कालो जीरा। विशेष गरी भारतका विहार र पन्जाव तथा दक्षिणी युरोपमा यसको खेती बढी हुन्छ। यो प्रसिद्ध गरम मसला हो। कतिपय औषधिको निर्माणमा पनि यसको उपयोग हुन्छ। **~पुराणम्** (नपुं.) अठार उपपुराणमध्येको एक पुराण। यसमा देवीको महात्म्यलाई विस्तृत रूपमा प्रकाश पारिएको छ। यसका रचयिता वेदव्यास हुन्। यस उपपुराणमा ९८ अध्याय तथा ९००० श्लोक छन्।

कालिदासः (पुं.) [*कल्याः दासः, ष.त., ङ्यापोः संज्ञाछन्दसोर्बहुलम्, इति ह्रस्वः*] विक्रमादित्यका सभामा भएका नौ प्रसिद्ध कविहरूमध्ये एक। संस्कृत साहित्यका कवि एवं नाटककार। यिनको समय ई.पू. प्रथम शताब्दी हो। यिनले रघुवंश र कुमारसम्भव नामक दुईवटा महाकाव्य, ऋतुसंहार र मेघदूत दुईवटा खण्डकाव्य, अभिज्ञानशाकुन्तल र मालविकाग्निमित्र दुईवटा नाटक रचना गरेका छन्। मेघदूत, अभिज्ञानशाकुन्तल, रघुवंश र कुमारसम्भव यिनका बढी प्रसिद्धिप्राप्त कृतिहरू हुन्। यिनका कृतिमा भावपक्ष र शैली पक्षको सुन्दर समन्वय छ। उपमा अलङ्कारको विधानमा कालिदास सिद्धहस्त देखिन्छन्।

कालिन्दी (स्त्री.) [*कलिन्दस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, कलिन्दे तत्सन्निहितपर्वते जाता, तत्र भवः ४.३.५३ इत्यण्, टिड्ढाणञ् इति ङीप्*] यमुना नदी। **कालिन्दी दिनकरात्मजा यमुना** (हला.)।

कालिन्दीकर्षणः (पुं.) [*कृष विलेखने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, कालिन्द्याः कर्षणः, ष.त.*] बलराम।

कालिन्दीभेदनः (पुं.) [*कालिन्द्याः भेदनः, ष.त.*] बलराम।

कालिन्दीसोदरः (पुं.) [*कालिन्द्याः सोदरः, ष.त.*] यमुनाको सहोदर दाजु/यमराज।

कालिमा (पुं.) [*कालस्य भावः, पृथ्वादिभ्य इमनिज् वा ५.१.१२२ इति इमनिच्*] कालोपन/ कृष्णता।

प्रसादं कुरुते पत्युः सम्पत्तिं नाभिवाञ्छति।
कालिमा कालकूटस्य नापैतीश्वरसङ्गमात्॥ (हितो.)

(काली)

काली (स्त्री.) [*कालो वर्णोऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, जानपद ४.१.४२ इति ङीप्*] १.चण्डी २.महाकाली ३.कालिका देवी ४.द्रौपदी ५.शन्तनुकी पत्नी ६.अग्निको एक जिह्वा ७.कालो वर्ण भएकी ८.यमराजकी बहिनी। **~गण्डकी** (स्त्री.) नेपालको मुक्तिनाथ क्षेत्रबाट बग्ने एक नदी। **~तीर्थम्** (नपुं.) केदारमण्डल भित्र मन्दाकिनीको बायाँपट्टि सरस्वती नदीको तीरमा रहेको एक तीर्थ।

केदारमण्डले दिव्ये मन्दाकिन्याः परे तटे।
सरस्वत्यास्तटे सौम्ये कालीतीर्थमिति स्मृतम्॥
(केदारखण्ड, अध्याय ८५)

कालीमठः (पुं.) [*काल्याः मठः, ष.त.*] यो केदारक्षेत्रमा पर्दछ। यहाँ महाकाली, महालक्ष्मी र महासरस्वतीका मूर्ति छन्। यो सिद्धपीठ मानिन्छ। यहाँ वर्षको दुई दिनमात्र खुला गरिने एउटा कुण्ड छ। नवरात्रमा यहाँ यज्ञ गरिन्छ। पौराणिक कथनानुसार रक्तबीज राक्षसको वधका लागि गरिएको देवताको आराधनाबाट प्रसन्न भएर उनीहरूलाई महाकालीले दर्शन दिएको यही स्थल हो।

कालीयकः (पुं.) [*कालस्य कालवर्णस्य इदम्, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः, स्वार्थे कन्*] १.पहेँलो धूपी २.नागविशेष। व्रजको नजिकै यमुना नदीको दहमा बस्ने एक विशाल सर्प। यसलाई भगवान् कृष्णले तह लगाएर समुद्रतिर धपाएका थिए। (भाग.) वायुपुराणअनुसार यो नाग अतललोक र ब्रह्माण्ड तथा मत्स्यपुराणअनुसार तलातलमा गएर बसेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालुष्यम् (नपुं.) १.[*कलुषस्य भावः, ष्यञ्*] कलुषता/मैलोपना २.मनमा पैदा हुने नराम्रो भावना ३.चरित्रमा आउने विकृति।

महतामपि दुःसङ्गात् कालुष्यमुपपद्यते।
दहनस्य प्रसङ्गेन घनसारस्य भस्मता ॥ (सुभा.)

कालेयः (पुं.) [*कलेरपत्यं पुमान्, कलेरयम्, कालेरागतः, कलौ भवः, अग्निकलिभ्यां ढक् वक्तव्यः (वा) इति ढक्, ढस्य एयः, वृद्धिः, इलोपः*] १.कलिको सन्तान २.कलिसम्बन्धी ३.कलिबाट आएको ४.कलिमा भएको।

कालेयम् (नपुं.) [*कं सुखमालेयमादेयं यस्मात्*] पहेँलो वर्णको काठविशेष २.[*कलायै रक्तधारिण्यै हितम्, ढक्*] कलेजो।

काल्पनिकः (पुं.वि.) [*काल्पनादागतः*] कल्पना गरिएको/अवास्तव/कल्पित/बनावटी।

काल्या (स्त्री.) [*कालः गर्भधारणसमयः प्राप्तोऽस्याः, उपसर्या काल्या प्रजने ३.१.१०४ इति यत्, टाप् ४.१.४*] गर्भधारणको समय भएकी गाई।

कावेरी (स्त्री.) [*कस्य जलस्य वेरम् शरीरम्, तस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.ब्रह्मगिरि पहाडबाट निस्केर दक्षिण पूर्वको दिशामा ४७५ माइल बग्दै बङ्गालको खाडीनजिकै मिसिने दक्षिणभारतको एक नदी २.पारियात्र पर्वतको कवेश्वर भन्ने ठाउँबाट निस्केर ओङ्कारेश्वर मान्धाताको नजिकै नर्मदा नदीमा मिल्ने नदी। वायुपुराणमा यस नदीलाई युवनाश्वकी छोरी, जह्नुकी पत्नी र सुहोत्रकी माता भनिएको छ ३.वेश्या ४.हलेदो ५.सम्पूर्ण जातिको एक रागिनी।

काव्यः (पुं.) [*कवेर्भृगोरपत्यं पुमान्, कुर्वादिभ्यो ण्यः ४.१.१५१) इति ण्यः*] शुक्राचार्य। यिनलाई दैत्यगुरु भन्दछन्। यी भृगु र हिरण्यकशिपुकी छोरी दितिबाट पैदा भएका हुन्। यिनलाई उशना, शुक्र र कविसुत पनि भनिन्छ। यिनले शुक्रनीति नामक ग्रन्थ लेखेका छन्। महाभारत तथा कौटिल्यको अर्थशास्त्रमा यिनलाई राजशास्त्रका वेत्ता एवं राजनीतिका एक धाराका प्रवर्तक मानिएको छ। तर हाल उपलब्ध शुक्रनीति शुक्राचार्यको नीतिशास्त्र नभएर गुप्तकालका कुनै शुक्र नामक विद्वान्बाट रचिएको हो भन्ने समालोचकहरूको धारणा छ।

काव्यकला (स्त्री.) [*काव्यस्य कला, ष.त.*] काव्यमा हुने कलात्मक पक्ष। यसमा अनुभूतिको प्राधान्य रहन्छ।

काव्यगुणः (पुं.) काव्यमा सौन्दर्य बढाउने एक प्रकारको तत्त्व। गुणको स्वरूप, सङ्ख्या, स्थिति तथा अन्य तत्त्वसित गुणको संबन्धकाबारेमा काव्यशास्त्रीहरूको एक मत छैन। भरतले गुणलाई दोषको विपर्यय मान्दै के भनेका छन् भने काव्यमा विद्यमान दोषहरू शोभाविघातक तत्त्व हुन्, गुणचाहिँ शोभाधायक तत्त्व वा धर्म कुन्। भरतले मानेका दश गुणहरू— श्लेष, प्रसाद, समता, समाधि, माधुर्य, ओज, पदसौकुमार्य, अर्थव्यक्ति, उदारता र कान्ति। भामहले संक्षिप्त रूपमा गुणको चर्चा गर्दै माधुर्य (समस्त पदको प्रयोग नहुनु) ओज (समस्त पदको प्रयोग) प्रसाद (अशिक्षित बालकले पनि बुझ्ने खालका पदावलीको प्रयोग हुनु) गरी तीन गुण मानेका छन्। दण्डीले रसलाई पनि गुणको धर्म मान्दै श्लेष आदि दश गुणको निरूपण गरेकाछन्। अग्निपुराणकारले गुणलाई शब्दगुण, (श्लेष, लालित्य, गाम्भीर्य, सुकुमारता, उदारता, सत्य र यौगिकी) अर्थगुण (माधुर्य, संविधान, कोमलता, उदारता, प्रौढि र सामयिकता) र उभयगुण (प्रसाद, सौभाग्य, यथासङ्ख्य, प्रशस्ति, पाक र राग) गरी तीन भागमा छुट्याएर तिनीहरूको विवरण दिएका छन्। वामनले गुणलाई रसको अङ्ग होइन, बरु रसलाई कान्ति नामक गुणको अङ्ग मानेका छन्। उनले गुणलाई दश शब्दगुण र दश अर्थगुण गरी दुई भागमा छुट्याएका छन्। वामनले मानेका गुणहरू (क) **शब्दगुण** १.ओज (कस्सिएको रचना, गाढबन्ध) २.प्रसाद (रचनाको शैथिल्य) ३.श्लेष (भिन्न भएपनि एउटै पदजस्तो भएर मिलेका पदावलीको प्रयोग) ४.समता (प्रारम्भदेखि अन्त्यसम्म एकै शैलीको प्रयोग) ५.समाधि (क्रमिक आरोह तथा अवरोह) ६.माधुर्य (असमस्त पद भएको रचना) ७.सौकुमार्य (रचनाको अकठोरता) ८.उदारता (बन्धको विकटता) ९.अर्थव्यक्ति (अर्थ स्पष्ट हुनु) १०.कान्ति (औज्ज्वल्य, रचनाको नवीनता) **अर्थगुण**— १.ओज (अर्थको प्रौढि, पदार्थ र वाक्यार्थको संक्षेप तथा विस्तार) २.प्रसाद (अर्थनिर्मलता— उपयोगी विशेषणपदको प्रयोग) ३.श्लेष (घटनाको क्रमिक वर्णन, प्रसिद्ध वर्णनशैली र युक्तियुक्त विन्यासको योग) ४.समता (उठान बैठान एकनासको हुनु) ५.समाधि (अयोनि वा अन्यछायायोनि हुनु) ६.माधुर्य (उक्तिमा वैचित्र्य हुनु) ७.सौकुमार्य (कठोर विषयलाई पनि सुकुमार शैलीमा प्रस्तुत गर्नु) ८.उदारता (ग्राम्यदोषले वर्जित हुनु) ९.अर्थव्यक्ति (वस्तुको स्वभावलाई स्पष्ट चित्रण गरिनु) १०.कान्ति (रस प्रदीप्त हुनु)। मम्मटले माधुर्य, ओज र प्रसाद नामक तीन गुण स्वीकार गरेर यिनैभित्र वामनसम्मत धेरै गुणहरूको अन्तर्भाव गरेकाछन्। केही गुणलाई उनले दोषाभाव मानेका छन् भने कतिपय गुणहरू गुण नभएर वैचित्र्यमात्र भएको उनको ठहर छ। (हे. गुणः) भोजराजले दश गुणहरूका अतिरिक्त— उदात्तता, और्जित्य, प्रेय, सुशब्दता, सौक्ष्म्य, गाम्भीर्य, विस्तर, संक्षेप, सम्मितता, भाविकता, गति, रीति, उक्ति र प्रौढिसमेत काव्यका चौबिस गुणहरूको मूलरूपमा निरूपण गरी प्रत्येकका बाह्य (शब्दगत) आभ्यन्तर (अर्थगत) र उभय (वैशेषिक) गरी गुणको सङ्ख्या ७२ पुऱ्याएका छन्।

काव्यचौरः (पुं.वि.) अरूको कविता चोरेर कविता लेख्ने कवि। यी शब्दचोर, भावचोर आदि अनेक किसिमका हुन्छन्। राजशेखरले आफ्नो काव्यमीमांसामा काव्य वा साहित्यिक चोरको वर्गीकरण गर्दै तिनको विस्तृत विवरण दिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यदोषः (पुं.) [*काव्यस्य दोषः, ष.त.*] काव्यमा पाइने दोष। काव्यको शब्दार्थमय शरीरमा रहेर रसानुभूतिमा आघात पार्ने तत्त्व। **दोषास्तस्यापकर्षकाः** (सा.द.) काव्यदोष सामान्यतया दुई किसिमका हुन्छन्– नित्यदोष र अनित्यदोष। सधैँ दोषका रूपमा मात्र रहने दोषलाई नित्यदोष भन्छन्। जस्तो– च्युतसंस्कृति आदि। जुन दोष कुनै अवस्थामा गुण अथवा दोषको अभाव बन्न पुग्छन्, त्यस्ता दोषहरू अनित्यदोष मानिन्छन्। जस्तै– श्रुतिकटु, अश्लील आदि। अर्को दृष्टिकोणबाट दोष पाँच किसिमका हुन्छन्– पददोष, पदांशदोष, वाक्यदोष, अर्थदोष र रसदोष। **पदे पदांशे वाक्येऽर्थे संभवन्ति रसेऽपि यत्** (सा.द.)।

काव्यपाकः (पुं.) [*काव्यस्य पाकः, ष.त.*] काव्यमा हुने परिपक्वता। वामनले गुणहरूको स्पष्टता र पूर्णतालाई काव्यपाक भनेका छन्। राजशेखरले आफ्नो काव्यमीमांसामा काव्यपाकका सम्बन्धमा व्यापक चर्चा गरेका छन्। उनको दृष्टिकोणअनुसार काव्यपाक नौ किसिमका हुन्छन्– १.**पिचुमन्दपाक–** यो पाक सुरु र अन्त्यमा स्वादिलो हुँदैन। २.**वदरपाक–** यो सुरुमा स्वादिलो हुँदैन, मध्य र अन्त्यमा स्वादिलो हुन्छ। यो मध्यमकोटिको पाक हो। ३.**मृद्विकापाकः–** सुरुमा स्वादिलो हुँदैन र अन्त्यमा स्वादिलो हुन्छ। ४.**वार्ताकपाकः–** यो सुरु, मध्य र अन्त्य तीनै अवस्थामा स्वादिलो हुन्छ। ५.**तीन्तिडीपाकः–** यो आदि र अन्त्यमा स्वादिलो हुँदैन, मध्यमा स्वादिलो हुन्छ। यसलाई मध्यमकोटिको पाक भनिन्छ। ६.**सहकारपाकः–** यो सुरुमा मध्यम किसिमको स्वाद हुन्छ र अन्त्यमा स्वादिलो हुन्छ। ७.**क्रमुकपाकः–** यो पाक सुरुमा स्वादिलो हुन्छ तर अन्त्यमा स्वादिलो हुँदैन ८.**त्रपुसपाकः–** यो पाक सुरुमा स्वादिलो हुन्छ, अन्त्यमा मध्यम किसिमको स्वाद आउँछ। ९.**नारीकेलपाकः–** यो पाक सुरुदेखि नै अत्यन्त स्वादिलो हुन्छ। यीमध्ये पहिलो, चौथो र सातौँ पाकको काम छैन। दोस्रो, पाँचौ र आठौँ पाकलाई संस्कार गर्नुपर्छ, अनिमात्र काम लाग्छ। तेस्रो, छैटौँ र नवौँ पाक काव्यका निमित्त उपयोगी पाक हुन्छन्। (का.मी.अध्याय ५)

काव्यपुरुषः (पुं.) [*काव्यः पुरुष इव, त.स.*] सरस्वतीको पुत्र। यसलाई राजशेखरले काव्यमीमांसामा काव्यपुरुष भनेका छन्। सारस्वतेयको जन्मसम्बन्धी कथा महाभारतमा छ। अघि भगवान्‌ले सरस्वतीबाट एक पुत्र पैदा गर्नुभयो। त्यसको नाम सारस्वतेय राखियो। वेदको अध्ययन गराएर वेदको प्रचारका लागि उसलाई भगवान्‌ले खटाउनुभयो। (शान्तिपर्व अध्याय ३५९) अर्को कथानुसार ऋषि दधीचि अलम्बुसा नाम गरेकी अप्सरालाई देखेर मोहित भए। सरस्वती नदीमा उनको वीर्यपतन भयो। फलस्वरूप सरस्वतीले छोरो जन्माइन् र दधीचिको आश्रममा लगेर छोडिदिइन्। यिनले त्यसै आश्रममा बसेर वेदको अध्ययन गरे। १२ वर्ष अनिकाल परेको हुनाले ऋषिहरूले वेद भुलेका थिए। तिनै सारस्वतेयले उनीहरूलाई वेद पढाए। (शल्यपर्व अध्याय ५२) वायुपुराणअनुसार ब्रह्माका प्रथम पुत्र भृगु अथवा कविबाट पौलोमीमा एक पुत्र पैदा भयो। यिनको नाम च्यवन थियो। च्यवनका दुई छोरा भए– दधीचि र अलवान। दधीचिले सरस्वतीसित विवाह गरे र उनैबाट सारस्वतेयको जन्म भयो। आफ्नी आमाको आशीर्वादबाट उनलाई सम्पूर्ण शास्त्रको ज्ञान भयो। –(अध्याय ६५) राजशेखरले महाभारतमा प्रसिद्ध उक्त कथावस्तुलाई नयाँ ढङ्गले प्रस्तुत गरेका छन्। उनको भनाइअनुसार सरस्वतीले पुत्र प्राप्तिको कामनाले हिमालयमा तपस्या गरिन्। तपस्याबाट सन्तुष्ट भएका ब्रह्माले उनलाई पुत्र प्रदान गरे। यिनै सारस्वतेय काव्यपुरुषको नाममा प्रसिद्ध भए। यिनबाट छन्दोमय वाणी निस्कियो। यिनले काव्यशास्त्रको प्रचारप्रसार गरे। (का.मी. अध्याय ३)

काव्यप्रकाशः (पुं.) [*काव्यस्य प्रकाशो यत्र सः, बहु.स.*] संस्कृत काव्यशास्त्रको परम्परामा देखिएको प्रौढ ग्रन्थ। यसका रचयिता मम्मट हुन्। यो ग्रन्थ १० उल्लासमा विभक्त छ। कारिका, वृत्ति र उदाहरणहरूका रूपमा रहेको यस ग्रन्थमा काव्यको हेतु, काव्यप्रयोजन, काव्यलक्षण, काव्यका भेदहरू, शब्दशक्ति, ध्वनि र तिनका भेद तथा उपभेदहरू, व्यञ्जनाविरोधी मतको खण्डन, चित्रकाव्य, गुण, शब्दालङ्कार तथा अर्थालङ्कारको विवेचना छ। यो अत्यन्त सूत्रात्मक ग्रन्थ छ। यसका अनेकौँ टीका रचिएका छन्।

काव्यप्रयोजनम् (नपुं.) [*काव्यस्य प्रयोजनम्, ष.त.*] काव्यबाट हुने उपलब्धि। भरतको नाट्यशास्त्र– (अध्याय १.११४–१२०) मा धर्म, अर्थ, काम, मोक्ष लोकोपदेश, विश्राम, बुद्धिविकास, नैतिक शिक्षा, हित र विनोदलाई काव्यको प्रयोजन मानिएको छ। भामहले भरतले जस्तै धर्म, अर्थ, काम, मोक्ष र प्रीतिको प्राप्तिलाई काव्यको प्रमुख प्रयोजन मानेका छन्। त्यस्तै धर्मप्रचार, दण्डबाट रक्षा र व्याधिबाट सुरक्षालाई पनि त्यहाँ काव्यको प्रयोजन मानिएको छ। वामनले दृष्ट र अदृष्ट फलदायी साधनका रूपमा काव्यलाई लिएका छन्। कीर्ति पनि काव्यको प्रयोजन हो भन्ने उनको धारणा छ। दण्डीले कीर्तिविस्तार, धनार्जन, विपत्तिबाट रक्षा, असाधारण आनन्द र मनको इच्छा पूरा गर्ने साधनका रूपमा काव्यलाई लिएका छन्। कुन्तकप्रणीत वक्रोक्तिजीवितमा धर्म अर्थ, आदि चतुर्वर्गको प्राप्ति, व्यवहारज्ञान, कोमल बुद्धि भएका व्यक्तिलाई शिक्षित तुल्याउनु आदिलाई काव्यको प्रयोजन मानिएको छ। मम्मटले सबैको मतलाई समेटेर काव्यप्रयोजनको उल्लेख गरेका छन्– १.**यशःप्राप्तिः** (कीर्तिलाभ) २.**अर्थप्राप्तिः** (धनलाभ) ३.**व्यवहारज्ञानम्** ४.**शिवेतररक्षा** (अकल्याणनाश) ५.**कान्तासम्मित उपदेशः–** (थाहै नपाइकन दिइने शिक्षा) र ६.**सद्यःपरिनिवृत्तिः–** (अलौकिक आनन्द)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यम् (नपुं.) [*कवेः कर्म, भावो वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] कविको भाव वा सृजना। कविप्रतिभाद्वारा निःसृत शब्दार्थमय चमत्कारजनक रचना। यो दुई किसिमको हुन्छ– दृश्य र श्रव्य। अभिनेय काव्य दृश्य काव्य हो। यो दुई प्रकारको हुन्छ– रूपक र उपरूपक। रूपक दश र उपरूपक अठार किसिमका हुन्छन्। श्रव्यकाव्य तीन प्रकारका छन्– गद्य, पद्य र मिश्र। कथा, आख्यायिका आदिका भेदले गद्यकाव्य अनेक किसिमको हुन्छ। पद्यकाव्यका पनि महाकाव्य, खण्डकाव्य आदि अनेक भेद छन्। मिश्रकाव्य भनेको गद्य र पद्यको मिश्रण भएको चम्पूकाव्य हो।

काव्यमीमांसा (स्त्री.) [*काव्यस्य मीमासा, ष.त.*] १.काव्यको विवेचना २.[*काव्यस्य मीमांसा यत्र सा, बहु.स.*] राजशेखरद्वारा लिखित कविशिक्षा विषयक प्रसिद्ध ग्रन्थ। यो ग्रन्थ अपूर्ण छ। प्राप्त अंशमा १८ अध्याय छन्। तिनमा काव्यका विविध पक्षको चर्चा छ। प्रथम अध्यायमा १८ ग्रन्थको विवरण प्रस्तुत गरिएको छ। दोस्रो अध्यायमा शास्त्रनिर्देश छ। यसमा वाङ्मयलाई दुई भागमा विभक्त गरिएको छ– काव्य र शास्त्र। यसै अध्यायमा साहित्यलाई विद्याको पाँचौ स्थान भनिएको छ। तेस्रो अध्यायमा काव्यपुरुषको उत्पत्तिको वर्णन छ। चौथो अध्यायमा पद र वाक्यको बारेमा चर्चा छ। साथै कविका प्रकार र प्रतिभाको पनि विवेचना गरिएको छ। राजशेखरले प्रतिभालाई दुई भागमा छुट्ट्याएका छन्– कारयित्री र भावयित्री। पाँचौं अध्यायमा व्युत्पत्ति र काव्यपाकको वर्णन छ। छैटौं अध्यायमा पदको र सातौं अध्यायमा वाक्यको विश्लेषण गरिएको छ। आठौं अध्यायमा काव्यार्थका स्रोतहरूको चर्चा छ। नवौं अध्यायमा सात किसिमका अर्थ, मुक्तक तथा प्रबन्धकाव्यको विवेचना छ। दसौं अध्यायमा वर्ण्यविषय, कवि र राजचर्याको वर्णन छ। एघारौं अध्यायमा शब्दहरण, दोष र गुणका बारेमा चर्चा गरिएको छ। बाह्रौं र तेह्रौं अध्यायमा अर्थहरण र तिनका प्रकारको चर्चा छ। चौधौंदेखि सोह्रैं अध्यायसम्म कविसमय– (प्रसिद्धि) को विस्तारपूर्वक वर्णन गरिएको छ। सत्रौं अध्यायमा भूगोलको वर्णन छ। अठारौं अध्यायमा कालको वर्गीकरण गरिएको छ। यो कृति धेरै विषयकोसूचना दिने महत्त्वपूर्ण रचना मानिन्छ।

काव्यलक्षणम् (नपुं.) [*काव्यस्य लक्षणम्, ष.त.*] १.काव्यको स्वरूप वा परिभाषा। संस्कृत काव्यशास्त्रको परम्परामा काव्यको परिभाषा गर्ने प्रथम आचार्य भामह हुन्। उनले शब्दालङ्कार तथा अर्थालङ्कार दुवैको चारुतालाई महत्त्व दिँदै शब्द र अर्थको सहभावलाई काव्य भनेका छन्–**शब्दार्थौ सहितौ काव्यम्**। मनोरम हृदयाह्लादक अर्थले युक्त पदावली काव्य हो भन्ने दण्डीको धारणा छ– **शरीरं तावदिष्टर्थ-व्यवच्छिन्ना पदावली**। वामनले **काव्य अलङ्कारबाट ग्राह्य हुन्छ, अलङ्कार नै सौन्दर्य हो। यो सौन्दर्य दोषत्याग र गुणको ग्रहणबाट प्राप्त हुन्छ** भनेर गुण तथा अलङ्कारयुक्त शब्द र अर्थलाई काव्य मानेका छन्– **काव्यं ग्राह्यमलङ्कारात्। सौन्दर्यमलङ्कारः। काव्यशब्दोऽयं गुणालङ्कारसंस्कृतयोः शब्दार्थयोर्वर्तते**। यिनले रीतिलाई काव्यको आत्मा मानेका छन्– **रीतिरात्मा काव्यस्य**। अलङ्कारवादी रुद्रटले गरेको परिभाषामा कुनै नवीनता छैन– **शब्दार्थौ काव्यम्**। आनन्दवर्द्धनले काव्यको परिभाषा त दिएका छैनन् तर ध्वन्यात्मक रचनालाई काव्य मानेकाछन्– **काव्यस्यात्मा ध्वनिः**। वक्रोक्ति सिद्धान्तका प्रतिपादक कुन्तकले काव्यमर्मज्ञलाई आनन्द दिने वक्रतामय कविकौशलरचना भित्र रहेका शब्द र अर्थको सहभावलाई काव्य भनेका छन्–

शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनि।
बन्धे व्यवस्थितौ काव्यं तदेविदाह्लादकारिणि॥

क्षेमेन्द्रले औचित्यपूर्ण रचनालाई काव्य मानेका छन्–

औचित्यं रससिद्धस्य स्थिरं काव्यस्य जीवितम्।

मम्मटले दोषरहित गुण र अलङ्कारले युक्त शब्द र अर्थलाई काव्य मानेका छन्। कतै कुनै दोष देखिएतापनि काव्यका अन्य तत्त्व प्रबल रहेमा काव्यत्वमा हानि हुँदैन भन्ने उनको धारणा छ– **तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि**। मम्मट पछि काव्य लक्षण गर्ने आचार्य र तिनका काव्य लक्षण–
हेमचन्द्र– **अदोषौ सगुणौ सालङ्कारौ च शब्दार्थौ काव्यम्।**
वाग्भट– **शब्दार्थौ निर्दोषौ सगुणौ प्रायः सालङ्कारौ च काव्यम्।**
विद्यानाथ– **गुणलङ्कारसहितौ शब्दार्थौ दोषवर्जितौ काव्यम्।**
यिनमा मम्मटको काव्यलक्षणभन्दा केही तात्त्विक अन्तर छैन। विश्वनाथले आफूभन्दा पूर्ववर्ती काव्यशास्त्रीका काव्यलक्षणको खण्डन गर्दै रसात्मक वाक्यलाई काव्य भनेका छन्– **वाक्यं रसात्मकं काव्यम्**। जयदेवको मतमा दोषरहित लक्षण, रीति, गुण, अलङ्कर तथा अनेक वृत्तिले युक्त वाणी नै काव्य हो–

निर्दोषा लक्षणवती सरीति गुणभूषणा।
सालङ्काररसा नेकवृत्तिर्वाक् काव्यनामभाक्॥

पण्डितराज जगन्नाथको लक्षण सबैभन्दा पष्कृत र पमिर्जित छ– **रमणीयार्थकप्रतिपादकः शब्दः काव्यम्**। अर्थात् रमणीय (चमत्कारपूर्ण) अर्थ बुझाउने शब्द अर्थात् रचना नै काव्य हो। २.काव्यको अलङ्कार भरतले मानेका भूषण, अक्षरसङ्घात, शोभा, उदाहरण, हेतु, संशय, दृष्टान्त, आदि ३६ लक्षण।

काव्यलिङ्गम् (नपुं.) तर्कन्यायमूलक अलङ्कार। कुनै पदार्थ वा वाक्यार्थ काव्यमा कुनै कुरा सिद्ध गर्न उपपादक हेतु भएमा पर्ने अलङ्कार। यो दुई किसिमको हुन्छ– पदार्थगत र वाक्यार्थगत। जहाँ एक पदको अर्थ कारण बन्छ, त्यो पदार्थगत काव्य लिङ्ग हुन्छ, वाक्यको अर्थ कारण भएमा त्यो वाक्यार्थगत काव्यलिङ्ग हुन्छ। **काव्यलिङ्गं हेतोर्वाक्यपदार्थता** (का.प्र. १०.११४)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यविद्या (स्त्री.) [*काव्यस्य विद्या, ष.त.*] काव्यशास्त्र/ साहित्यशास्त्र।

काव्यशास्त्रम् (नपुं.) [*काव्यस्य काव्यानां वा शास्त्रम्, ष.त.*] संस्कृत वाङ्मयमा वाङ्मयलाई दुई भागमा बाँडिएको छ– शास्त्र र काव्य। काव्यको अनुशीलनका लागि शास्त्रको ज्ञान अनिवार्य छ। शास्त्र ज्ञान विना काव्यको ज्ञान हुन सक्दैन। चार वेद, छ वेदाङ्ग, चार शास्त्र र १४ विद्या छन्। तिनको अध्ययनविना काव्यविद्याको अध्ययन सम्भव छैन। काव्यविद्या भनेको काव्यशास्त्र हो। यसमा काव्यका विभिन्न अवयव तथा त्यसमा निहित सौन्दर्यसम्बन्धी विषयको विवेचना गरिएको हुन्छ। यसलाई अलङ्कारशास्त्र, साहित्यशास्त्र, काव्यालङ्कार, साहित्यविद्या वा क्रियाकलाप पनि भनिन्छ। यसको सबैभन्दा प्राचीन नाम क्रियाकल्प हो। वात्स्यायनले आफ्नो कामसूत्रमा ६४ कलाभित्र क्रियाकलापलाई पनि समेटेका छन्। ललितविस्तर र वाल्मीकि रामायणमा पनि काव्यशास्त्रको अर्थमा क्रियाकल्प शब्दको प्रयोग भएको देखिन्छ। पछि आएर यसलाई अलङ्कारशास्त्र भनिएको छ। भामह, उद्भट, वामन, रुद्रट आदि आचार्यले यसलाई काव्यालङ्कार भनेका छन्। यिनीहरूले अलङ्कारलाई महत्त्व दिन यो शब्दको प्रयोग गरेका हुन् भन्ने समालोचकहरूको धारणा छ। यिनीहरूको दृष्टिकोणमा अलङ्कार काव्यको बाह्य शोभाधायक तत्त्व नभएर मूल तत्त्व हो। **सौन्दर्यमलङ्कारः** (काव्यालङ्कारसूत्रम्)। भामह अलङ्कारवादी आचार्य थिए। काव्यमा अलङ्कारको प्राधान्य सिद्ध गर्न उनले क्रियाकल्प शब्दको सट्टा काव्यालङ्कारको नाम दिए। त्यसपछि आउने अरू आचार्यहरूले भामहकै अनुकरणमा काव्यालङ्कार नाम राखे। वक्रोक्तिवादी कुन्तकले पनि यसलाई काव्यालङ्कार नै भनेका छन्। **काव्यस्यायमलङ्कारः कोऽप्यपूर्वो वितन्यते–** (वक्रोक्तिजीवित)। पछि गएर यसलाई साहित्यशास्त्र भनियो। राजशेखरले आफ्नो काव्यमीमांसामा काव्यशास्त्रलाई साहित्यविद्या भनेका छन्। **पञ्चमी साहित्यविद्या इति यायावरीयः** (का.मी.)। विश्वनाथले साहित्यदर्पण र रुय्यकले साहित्यमीमांसा लेखेर साहित्य शब्दको प्रयोगलाई अझै व्यापक तुल्याएका छन्। यसरी काव्यशास्त्रलाई बुझाउने अनेक शब्द हुँदाहुँदै पनि आज दुई शब्दमात्र प्रचलित छन्– काव्यशास्त्र र साहित्यशास्त्र।

संस्कृत काव्यचिन्तनको थालनी वैदिककालदेखि नै भएको देखिन्छ। ऋग्वेदमा उपमा, रूपक, अतिशयोक्ति आदि विभिन्न अलङ्कारले मण्डित मन्त्रहरूको प्रयोग भएको छ। निरुक्तकारले उपमा अलङ्कारको शास्त्रीय विवेचना प्रस्तुत गरेका छन्। वाल्मीकि रामायणमा ९ रसको उल्लेख छ। उनले आफ्नो काव्यमा अन्य तत्त्वको पनि सुन्दर प्रयोग गरेका छन्। यसबाट के सिद्ध हुन्छ भने काव्यचिन्तनसम्बन्धी ग्रन्थहरू त्यतिखेर बनिसकेका थिए। कारणवश आज ती ग्रन्थहरू उपलब्ध छैनन्। ई.पू. दोस्रो शताब्दीमा रचिएको नाट्यशास्त्र सबैभन्दा पहिलो काव्यशास्त्रको ग्रन्थ मानिन्छ। नाटकको चर्चाको क्रममा उनले यस कृतिभित्र अलङ्कार, रस, गुण, दोष आदिको पनि विस्तृत चर्चा गरेका छन्। भरतबाट प्रारम्भ भएको काव्यशास्त्रको प्रवाह अविछिन्न रूपमा अठारौँ शताब्दीसम्म आइपुग्छ। विश्वेश्वर पण्डित यसका अन्तिम विन्दु मानिन्छन्। छिटफुट रूपमा भने आजसम्म काव्यशास्त्रको विषयमा चिन्तन जारी छ। करिब २००० वर्षको अवधिलाई समेटेर बसेको काव्यशास्त्रको परम्परामा अनेकौं मनीषीहरू पैदा भए। उनीहरूले काव्यतत्त्वका सम्बन्धमा विस्तृत चर्चा गरेर गहन ग्रन्थहरूको सिर्जना गरेका छन्। यस समयमा काव्यको चिन्तन गर्ने खालका मुख्यतः ६ सिद्धान्त विकसित भएका छन्– १.रससिद्धान्त २.अलङ्कारसिद्धान्त ३.रीतिसिद्धान्त ४.ध्वनिसिद्धान्त ५.वक्रोक्तिसिद्धान्त ६.औचित्य सिद्धान्त।

रससिद्धान्तः– यो सिद्धान्त काव्यशास्त्रको सबैभन्दा प्राचीन सिद्धान्त हो। यस सिद्धान्तका प्रवर्तक आचार्य भरत हुन्। यिनले रस नै काव्यको मूल तत्त्व मानेका छन्। नाट्यशास्त्रमा रसको अत्यन्त सूक्ष्म, वैज्ञानिक र व्यावहारिक विवेचना भएको छ। यसमा रसको स्रोत अथर्ववेद मानिएको छ। **रसानाथर्वणादपि–** (ना.शा.१.१७)। विभाव, अनुभाव र व्यभिचारिभावको संयोगबाट रस निष्पन्न हुन्छ भन्ने यिनको धारणा छ। भरतको सूत्रलाई पछिका विद्वान्हरूले आ–आफ्नो अध्ययनको पृष्ठभूमिका आधारमा व्याख्या गरेका छन्। ती व्याख्याकारहरूमा भट्टलोल्लटको सिद्धान्तलाई उत्पत्तिवाद, श्रीशङ्खुकको व्याख्यालाई अनुमितिवाद, भट्टनायकको व्याख्यालाई भुक्तिवाद र अभिनव गुप्तको व्याख्यालाई अभिव्यक्तिवाद भनिएको छ। पछि गएर रुद्रट, रुद्रभट्ट आदिले पनि रसलाई काव्यको महत्त्वपूर्ण तत्त्वका रूपमा लिएका छन्। ध्वनिवादी आचार्य अनन्दवर्धनले रसलाई व्यङ्ग्य मानेर ध्वनिकै एक भेद असंलक्ष्यक्रम व्यङ्ग्यभित्र समाहित गरेका छन्। उनले ध्वनिलाई तीन वर्गमा छुट्याएका छन्– वस्तुध्वनि, अलङ्कारध्वनि र रसध्वनि। रसध्वनिलाई उनले सर्वोत्कृष्ट स्थान दिएका छन्। शृङ्गारप्रकाशमा रसलाई काव्यको सबैभन्दा प्रमुख तत्त्वको रूपमा स्वीकार गरिएको छ। भोजराजले सबै रसलाई शृङ्गार रसभित्रै अन्तर्भाव गरेका छन्। उनको दृष्टिकोणमा उक्ति तीन किसिमका हुन्छन्–स्वभावोक्ति, वक्रोक्ति र रसोक्ति। यी उक्तिमध्ये रसोक्तिलाई भोजराजले काव्यको मुख्य तत्त्व सिद्ध गरेका छन्। अग्निपुराणमा उक्तिवैचित्र्यलाई काव्यको प्रमुख तत्त्व मान्दामान्दै पनि रसलाई नै काव्यको प्राण मानिएको छ। पछि गएर भानुदत्त र विश्वनाथले रसलाई अझ उत्कृष्ट स्थान प्रदान गरेका छन्। साहित्यदर्पणमा **वाक्यं रसात्मकं काव्यम्** भनेर रसलाई काव्यको आत्मा नै मानिएको छ। पण्डितराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगन्नाथले वेदान्तदर्शनको पृष्ठभूमिमा रसको विस्तृत विवेचना गरेका छन्। यसरी हेर्दा रससिद्धान्त संस्कृत काव्यशास्त्रको महत्त्वपूर्ण सिद्धान्त देखिन्छ। साहित्यिक दृष्टिबाट मात्र होइन, मनोविज्ञानिक तथा सौन्दर्यशास्त्रका दृष्टिबाट पनि रससिद्धान्त महत्त्वपूर्ण छ। **अलङ्कारसिद्धान्तः–** काव्यको शोभा बढाउने धर्मलाई सामान्यतया अलङ्कार भनिन्छ। तर यस सम्प्रदायका आचार्यहरूले अलङ्कारलाई काव्यको जीवनकै रूपमा लिएका छन्। अन्य तत्त्वहरू अलङ्कारभित्रै समाहित हुन्छन् भन्ने यिनीहरूको धारणा छ। अलङ्कार सिद्धान्तका प्रवर्तक आचार्य भामह हुन्। उनले आफ्नो काव्यालङ्कार भन्ने ग्रन्थमा अलङ्कारको विशद व्याख्या गरेका छन्। यिनको सिद्धान्तको पल्लवन गर्दै पृष्ठपोषण गर्नेहरूमा दण्डी, उद्भट, रुद्रट, प्रतिहारेन्दुराज र जयदेव मुख्य छन्। यस सिद्धान्तानुसार अलङ्कार नभएको काव्यलाई गहना नलगाएकी विधवा आइमाईजस्तै मानिएको छ। रसलाई पनि यिनीहरूले रसवद् अलङ्कारभित्र अन्तर्भाव गरेर रस सिद्धान्तप्रति अनास्था व्यक्त गरेका छन्। अलङ्कारको चर्चा गर्ने प्रथम आचार्य भरत हुन्। उनले चार अलङ्कारको विवेचना गरेका थिए भने यसको चर्चा गर्ने अन्तिम अलङ्कारवादी आचार्य अप्पय दीक्षित हुन्। उनले अलङ्कारको सङ्ख्या १२५ सम्म पुऱ्याएका छन्। रस तथा ध्वनिवादी आचार्यहरूले आफ्नो सिद्धान्त जे भए पनि अलङ्कारको महत्त्व बिर्सिएका छैनन्। उनीहरूले अलङ्कारको वैज्ञानिक विवेचना गरेर अलङ्कारलाई अझ स्पष्ट बनाएको देखिन्छ। यस विषयमा मम्मट, विश्वनाथ, पण्डितराज जगन्नाथ र पण्डित विश्वेश्वरको अतुलनीय योगदान रहेको छ। अलङ्कारवादी आचार्यहरूमा भामहले ३८, दण्डीले ३७, उद्भटले ४१, रुद्रटले ६८ र जयदेवले १०० अलङ्कारको चर्चा गरेका छन्। अलङ्कारको वर्गीकरण गर्नेहरूमा रुद्रट र रुय्यकको नाम विशेष उल्लेखनीय छ। रुद्रटले अलङ्कारलाई वास्तवमूलक, औपम्यमूलक, अतिशयमूलक र श्लेषमूलक गरी चार वर्गमा विभाजन गरेका छन् भने रुय्यकले ८२ अलङ्कारको चर्चा गर्दै अर्थालङ्कारलाई सात वर्गमा छुट्ट्याएका छन्– साधर्म्यमूलक, विरोधमूलक, शृङ्खलामूलक,तर्कन्यायमूक, वाक्यन्यायमूलक, लोकन्यायमूलक, गूढार्थप्रतीतिमूलक (हे. अलङ्कारभेद)। रस तथा ध्वनिवादी आचार्यहरूमा मम्मटले ६८, विश्वनाथले ८६, पण्डितराज जगन्नाथले ७० र विश्वेश्वरले ६२ अलङ्कारको वर्णन गरेका छन्। विश्वेश्वरले रुय्यक आदिबाट चर्चा गरिएका अन्य अलङ्कारहरूको मम्मटसम्मत अलङ्कारभित्रै अन्तर्भाव गरेर आफ्नो पाण्डित्य प्रस्तुत गरेका छन्। अलङ्कारका सम्बन्धमा रस तथा ध्वनिवादी आचार्यको जति गहिरो विश्लेषण छ, सम्भवतः त्यति विश्लेषण अरू सिद्धान्तको छैन। अलङ्कारको वैज्ञानिक विश्लेषणमा उनीहरूको विशिष्ट योगदान छ। **रीतिसिद्धान्तः–** यस सिद्धान्तका प्रवर्तक आचार्य वामन हुन्। यिनले रीतिलाई काव्यको आत्मा भनेका छन्। **रीतिरात्मा काव्यस्य** (काव्यालङ्कारसूत्र १.२.६) वामनको मतमा रीति भनेको विशिष्ट पद रचना हो। पदरचनामा विशेषता ल्याउने तत्त्व गुण हो। **विशेषो गुणात्मा–** (ऐ.२.७) तसर्थ गुणयुक्त पदरचना भनेको रीति हो। काव्यमा यसैको प्राधान्य हुन्छ भन्ने वामनको मत छ। गुण र रीतिका बिच घनिष्ट सम्बन्ध देखाउँदै यिनले काव्यमा अलङ्कारको भन्दा गुणको महत्त्व हुन्छ भन्ने सिद्ध गरेका छन्। गुण काव्यशोभाका उत्पादक धर्म हुन् भने अलङ्कार त्यसका संवर्द्धक वा उद्दीपकमात्र हुन्। उनले रीतिलाई तीन भागमा वर्गीकरण गर्दै तिनको वैज्ञानिक विवेचना गरेका छन्– वैदर्भी, गौडी र पाञ्चाली। तर उनका परवर्ती आचार्य मम्मट, विश्वनाथ आदिले भने रीतिलाई महत्त्व दिँदादिँदै पनि त्यसलाई काव्यको आत्मा मानेका छैनन्। उनीहरूको दृष्टिकोणमा रीति भनेको काव्यको बाह्य संरचना मात्र हो, आन्तरिक तत्त्व होइन। फलतः रीति रसानुकूल वर्णयोजना र वर्णानुकूल पदरचनामा मात्रै सीमित भयो। यो काव्यको आन्तरिक तत्त्व नभएर बाह्य तत्त्व सिद्ध भयो। **ध्वनिसिद्धान्तः–** संस्कृत काव्यशास्त्रको यो सबैभन्दा महत्त्वपूर्ण प्रौढ सिद्धान्त हो। यसका प्रवर्तक आचार्य आनन्दवर्द्धन हुन्। ध्वनिसिद्धान्तको पृष्ठपोषकको रूपमा आउने आचार्यहरूमा अभिनवगुप्त, मम्मट, रुय्यक र पण्डिराज गजन्नाथ मुख्य मानिन्छन्। यसको आधारशीला व्यञ्जना हो। भट्टनायक, धनञ्जय, कुन्तक र महिमभट्टले ध्वनिसिद्धान्तमाथि ठुलो प्रहार गरे। त्यसलाई मम्मट र पण्डितराज जगन्नाथले मुकाबिला गरे र ध्वनिसिद्धान्तलाई प्रतिष्ठापन गरे। त्यसैले मम्मटलाई ध्वनिप्रतिष्ठापनाचार्य भनिन्छ। ध्वनिसिद्धान्तअनुसार काव्यको मुख्य तत्त्व प्रतीयमान अर्थ हुन्छ। वाच्यार्थभन्दा प्रतीयमान अर्थ चमत्कारजनक रूपमा आयो भने त्यो ध्वनिकाव्य हुन्छ। उनीहरूले ध्वनिलाई युवतीको मुखमा झल्कने लावण्यसित तुलना गरेका छन्। ठुला कविहरूका कवितामा अलङ्कार, गुण आदिदेखि छुट्टै प्रतीयमान अर्थ झल्केर रहेको हुन्छ भन्ने उनीहरूको धारणा छ। आनन्दवर्द्धनले ध्वन्यालोकमा ध्वनिको स्वरूप, त्यसका भेद, ध्वनिको स्थापना आदि ध्वनिसँग संवद्ध विविध पक्षको विश्लेषण गरेका छन्। मम्मट, पण्डितराज जगन्नाथ आदिका ग्रन्थमा पनि ध्वनिसिद्धान्तको व्यापक विश्लेषण भएको छ। यसैले संस्कृत काव्यशास्त्रमा ध्वनिसिद्धान्तको सर्वाधिक महत्त्व छ। **वक्रोक्ति-सिद्धान्त–** यस सम्प्रदायका आचार्य कुन्तक हुन्। उनले वक्रोक्तिजीवितजस्तो महत्त्वपूर्ण ग्रन्थ रचना गरेर वक्रोक्तिलाई काव्यको आत्मतत्त्व सिद्ध गरेका छन्। भामहले वक्रोक्तिलाई सम्पूर्ण अलङ्कारको आन्तरिक तत्त्व मानेका थिए भने कुन्तकले यसलाई अलङ्कारबाट माथि उठाएर काव्यको सिद्धान्तको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थापित गरेका छन्। ध्वनिका भेदहरूलाई पनि वक्रोक्तिको उपचारवक्रताभित्र समेटेर वक्रोक्तिको महत्त्वलाई उनले अझ बढाएको देखिन्छ। कुन्तकले वक्रोक्तिलाई छ भागमा वर्गीकरण गरेका छन्– वर्णवक्रता, पदपूर्वार्द्धवक्रता, पदपरार्धवक्रता, वाक्यवक्रता, प्रकरण- वक्रता र प्रबन्धवक्रता। उनले कविको वर्णन शैलीलाई नै वक्रोक्ति भनेको देखिन्छ। सुन्दर भएर पनि यस सिद्धान्तको अनुसरण तथा यसको पल्लवन- पछिका आचार्य कसैले पनि गरेनन्। **औचित्यसिद्धान्तः**– यस सिद्धान्तका प्रवर्तक आचार्य क्षेमेन्द्र हुन्। उनले औचित्यलाई काव्यको मूल तत्त्व मानेका छन्। रससिद्ध काव्यको जीवन भनेको औचित्य नै हो। **औचित्यं रससिद्धस्य स्थिरं काव्यस्य जीवितम्**– (औ.वि.५) उचितको भावलाई नै उनले औचित्य भनेका छन्। रस, गुण, अलङ्कार आदि जुन ठाउँमा जसरी राख्दा मेल खान्छन्, त्यसरी विन्यास गर्नु नै औचित्य हो। उनले औचित्यका २८ भेद गरेका छन्। तीमध्ये केहीमात्र काव्यसँग सम्बद्ध देखिन्छन्। यसरी हेर्दा संस्कृत काव्यशास्त्रको परम्परा अन्यन्त समृद्ध देखिन्छ। २००० वर्षको चिन्तनलाई आत्मसात् गर्दै यो शास्त्र परिपुष्ट भएको छ। यसभित्र विभिन्न सम्प्रदायहरू अर्थात् मुख्यतः रस, अलङ्कार, रीति, ध्वनि, वक्रोक्ति र औचित्य सम्प्रदाय पल्लवित र विकसित भएका छन्। यस परम्पराका आचार्यहरूले मुख्यतया शब्दशक्ति, काव्यको हेतु, काव्यप्रयोजन, काव्यस्वरूप, काव्यभेद, रस, ध्वनि, वक्रोक्ति, गुण, दोष, अलङ्कार, रीति, रूपक तथा उपरूपकहरू, तिनका भेद र अवयव, प्रबन्धकाव्य, मुक्तककाव्य, गद्यकाव्य, चम्पूकाव्य, कथा, कथालिका आदिको विस्तृत चर्चा गरेका छन्। त्यसैले संस्कृत काव्यशास्त्र अत्यन्त समृद्ध भएको छ।

काव्यहरणम् (नपुं.) [*काव्यस्य, काव्यान्तर्गतशब्दभावादेर्हरणम्*] अरू कविले प्रयोग गरेका शब्द, अर्थ आदिलाई आफ्नो रचनामा प्रयोग गर्ने काम। (का.मी.अध्याय ११) राजशेखरको भनाइअनुसार यसका दुई रूप हुन्छन्– परित्याज्य र अनुग्राह्य। विषयानुसार काव्यहरणलाई दुई भागमा बाँड्न सकिन्छ– शब्दहरण र अर्थहरण। शब्दहरण पाँच किसिमको हुन्छ– पदहरण, पादहरण, अर्थहरण, वृत्तहरण र प्रबन्धहरण। अर्थहरण चार किसिमको हुन्छ– १.प्रतिविम्बकल्प– यसमा अरू कविका कविताको अर्थलाई आफ्नो वाक्यमा रचना गरेर चोरिन्छ। २.आलेख्यप्रख्य– अरू कविका कविताको भावलाई लिए तापनि त्यसलाई सर्वथा भिन्नजस्तो बनाएर लेखिन्छ। ३.तुल्यदेही– विषयभिन्न भए पनि अरूको रचनासँग अभिन्न जस्तो हुने गरी लेखिन्छ। ४.परपुरप्रवेशप्रतिम– मूल एउटै भएता पनि वर्णनको भिन्नताले गर्दा फरकजस्तो लाग्छ। यसरी राजशेखरले अरू कविको रचनाका कतिपय पक्षलाई लिएर, अनुकरण गरेर कविता वा काव्य रच्नुलाई काव्यहरण भनेका छन्।

काव्यहेतुः (पुं.) [*काव्यस्य हेतुः, ष.त.*] काव्यको कारण। काव्य निर्माणका लागि आवश्यक मुख्य तीन कारण मानिएका छन्– प्रतिभा, व्युत्पत्ति र अभ्यास। भामहले प्रतिभालाई काव्यको कारण मानेका छन् (काव्यालङ्कार १–५)। दण्डी प्रतिभा, शास्त्रज्ञान र अभ्यासलाई काव्यका कारण मान्दछन्। (काव्यादर्श १.१०३) रुद्रटले पनि शक्ति (प्रतिभा), व्युत्पत्ति र अभ्यासलाई काव्यको कारण मानेका छन्। (काव्यालङ्कार १–१४) मम्मटले शक्ति (प्रतिभा), व्युत्पत्ति र अभ्यासलाई समन्वित रूपमा काव्यको कारण मानेको देखिन्छ। वाग्भटले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई नै काव्यको कारण स्वीकार गरेका छन्। जगन्नाथले प्रतिभालाई काव्यको कारण मानेका छन्। उनको दृष्टिकोणअनुसार प्रतिभा दुई किसिमको हुन्छ– सहजा र उत्पाद्या। जन्मजन्मान्तरको संस्कारबाट उत्पन्न भएको प्रतिभालाई सहजा र विभिन्न शास्त्रको अध्ययन र अभ्यासबाट उत्पन्न भएको प्रतिभालाई उत्पाद्या भनेका छन् जगन्नाथले। यी दुवै काव्यका कारण हुन् भन्ने उनको धारणा छ। (रसगङ्गा. प्र.आ.)।

काव्यादर्शः (पुं.) [*काव्यस्य आदर्श इव, त.स.*] काव्यशास्त्रको प्रसिद्ध ग्रन्थ। यसका रचयिता दण्डी हुन्। यो तीन परिच्छेदमा विभक्त छ। यसमा ६६० श्लोक छन्। प्रथम परिच्छेदमा काव्यको लक्षण, काव्यका भेद (गद्य, पद्य र मिश्र) आख्ययिका र कथा, मार्ग (वैदर्भी र गौडी) गुण (दश) अनुप्रास, कविका तीन गुण (प्रतिभा, श्रुति र अभियोग) को निरूपण छ। दोस्रो परिचछेदमा उदाहरणसहित ३५ अलङ्कारको वर्णन छ। तेस्रो परिच्छेदमा ३१५ प्रकारका यमक, चित्रबन्धगोमूत्रिका, सर्वतोभद्र तथा वर्णनियम, १६ प्रकारका प्रहेलिका र १० किसिमका काव्यदोषको विवेचना छ।

काव्यालङ्कारः (पुं.) १.आचार्य भामहरचित काव्यशास्त्रको महत्त्वपूर्ण कृति। यो छ परिच्छेदमा विभक्त छ। यसमा ४०० श्लोक छन्। काव्यशरीर, अलङ्कार, दोष, न्यायनिर्णय र शब्दशुद्धिको यसमा वर्णन छ। यस ग्रन्थमा काव्यको मुख्य तत्त्व अलङ्कार हो भन्ने कुरा सिद्ध गर्न खोजिएको छ। २.काव्यशास्त्रको प्रसिद्ध ग्रन्थ। यसका रचयिता आचार्य रुद्रट हुन्। यो १६ अध्यायमा विभक्त छ। यसमा ७३४ श्लोक छन्। १४ श्लोक प्रक्षिप्त छन्। तिनलाई पनि जोड्दा जम्मा श्लोक सङ्ख्या ७४८ हुन्छ। यसमा काव्यको लक्षण, शब्दका प्रकार, काव्यको हेतु, काव्यको प्रयोजन, कविको महत्त्व, वक्रोक्ति, अनुप्रास, यमक श्लेष, चित्रालङ्कार, वैदर्भी, पाञ्चाली, लाटी र गौडी रीति, काव्यको भाषा, अनुप्रासका वृत्तिहरू आदिको विस्तृत वर्णन छ।

काव्यालङ्कारसूत्रवृत्तिः (स्त्री.) आचार्य वामनद्वारा रचित प्रसिद्ध काव्यशास्त्रसँग सम्बद्ध कृति। सम्पूर्ण ग्रन्थमा पाँच अधिकरण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२ अध्याय र ३१९ सूत्र छन्। यसमा काव्यको लक्षण, काव्यको प्रयोजन, कविका प्रकार, काव्यको आत्मा, काव्यका दोषहरू, काव्यका अलङ्कारहरू आदिको चर्चा छ। सूत्रशैलीमा लेखिएको यस कृतिमा काव्यको आत्मा रीति हो। रीति भनेको विशिष्ट रचना हो र विशिष्ट भनेको गुणयुक्त हुनु हो भन्ने कुराको वर्णन गरिएको छ। अर्थात् गुणयुक्त पदरचना नै रीति हो र रीति नै काव्यको आत्मा हो भन्ने विषय प्रतिपादन गरिएको छ।

काशकृत्स्नः (पु.) संस्कृतका पुराना एक वैयाकरण। युधिष्ठिर मीमांसकको मतानुसार यिनको समय ३१०० वर्ष वि.पू. मानिन्छ। यिनले व्याकरण, मीमांसा, वेदान्तसँग सम्बद्ध कृतिहरू रचना गरेका छन्। काशकृत्स्नको धातुपाठ उपलब्ध छ।

काशी (स्त्री.) [*काशृ दीप्तौ इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, ङीष् काशते, काशृ दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] पूर्वपश्चिम अढाइ योजन, उत्तर–दक्षिण आधा योजन र वरुणा तथा असीनदीका बिच रहेको भारतको उत्तरप्रदेशमा पर्ने एक प्रसिद्ध तीर्थस्थल। यो सात मोक्षपुरीमध्ये एक मानिन्छ।

द्वियोजनमथार्द्धं च पूर्वपश्चिमतः स्थितम्।
अर्द्धयोजनविस्तीर्णं दक्षिणोत्तरतः स्मृतम्॥
वरुणायाः पुरो यावदसिः शुष्कनदी शुभे।
एष क्षेत्रस्य विस्तारः प्रोक्तो देवेन शम्भुना॥ (ना.पु.उ. ४९.१९–२० अग्नि.११२.६०४)। काशीमा विद्यमान प्रमुख कुण्ड र मन्दिरहरू– **विश्वनाथ**– यो द्वादश ज्योतिर्लिङ्गमध्ये एक हो। यसको वायव्यकोणमा १५० शिवलिङ्ग छन्। मन्दिरको अगाडि सभामण्डप छ। यस मण्डपमा घण्ट र अनेक देवदेवीका मूर्तिहरू छन्। मण्डपको पश्चिमतिर दण्डपाणिको मन्दिर छ। मन्दिरको प्राङ्गणमा सौभाग्यगौरी, गणेश, शृङ्गारगौरी, अविमुक्तेश्वर र सत्यनारायणका मन्दिर छन्। दण्डपाणिको पश्चिमपट्टि शनैश्चरेश्वर महादेव रहेका छन्। यहाँ मोदविनायक, प्रमोदविनायक, सुमुखविनायक र गणनाथविनायकका मूर्ति पनि छन्। मन्दिरको अगाडि ज्ञानवापी नामको एक कुण्ड छ। **अन्नपूर्णा**– विश्वनाथको मन्दिरभन्दा अलिपर अन्नपूर्णाको मन्दिर छ। चाँदीको सिंहासनमा बसेको अन्नपूर्णाको मूर्ति पित्तलको छ। कुवेर, गणेश, सूर्य, हनुमान् महाकाली, लक्ष्मीनारायण आदि अन्य देवीदेवताका पनि यहाँ मूर्तिहरू छन्। **ढुण्डिराजगणेश**– यो मन्दिर अन्नपूर्णाको पश्चिमपट्टि छ। शालग्राम शिलाबाट बनेको यस मूर्तिका अवयवहरू चाँदीले मोरिएका छन्। यसको निर्माण दिवोदासले गरेका हुन्। **दण्डपाणि**– ढुण्डिराज गणेशको नजिकै दण्डपाणिको सानो मन्दिर छ। **आदिविश्वेश्वर**– ज्ञानवापीको पश्चिमोत्तर मार्गमा आदिविश्वेश्वरको मन्दिर छ। **लाङ्गलीश्वर**–आदिविश्वेश्वरको नजिकै पञ्चपाण्डवको सामुन्ने यो मन्दिर छ। यसमा लाङ्गलीशको विशाल शिवलिङ्ग रहेको छ। **सत्यनारायण**– यो आदिविश्वेश्वरको अगाडि पर्दछ। यहाँ सत्यनारायणको भव्य मन्दिर छ। **अन्धकूप**– विश्वनाथको मन्दिरको नजिकै अँध्यारो कुवामा एउटा शिवलिङ्ग छ। विशेष अवसरमा मात्र खुल्ने हुँदा माथिबाटै यस कुवामा फूल अक्षता चढाइन्छ। यस कुवाको नजिकै चण्डिका, चण्डिकेश्वर, तथा कलरात्रिका मन्दिरहरू छन्। यसको अलि पर शुक्रकूप र शुक्रेश्वर महादेवको मन्दिर छ। यसभन्दा केही पर गौरी र भवानीशङ्करको मन्दिर छ। यसको नजिकै सृष्टिविनायक र पञ्चमुख गणेशका मूर्ति छन्। ढुण्डिराजविनायकको पश्चिमपट्टि यज्ञविनायकको मन्दिर छ। यसभन्दा अलिपर समुद्रेश्वर तथा ईशानेश्वरका मन्दिर छन्। विश्वेश्वरमन्दिरको अलि पर चित्रघण्टविनायक र चित्रघण्टा देवी छन्। यहाँबाट अलि पर ब्रह्मपुरीमा कलशेश्वर महादेव र कलशेश्वरीको मन्दिर छ। यस ठाउँबाट अलिपर सत्येश्वर महादेव हुनुहुन्छ। **गोपालमन्दिर**– सत्यकालेश्वरको पूर्वपट्टि चौखम्बामा वल्लभ सम्प्रदायको एक मन्दिर छ। यसमा गोपाल र मुकुन्दरायका मूर्तिहरू छन्, पूजा वल्लभसम्प्रदायअनुसार हुन्छ। **सिद्धिदा दुर्गा**– गोपालमन्दिरभन्दा अलि पर यो मन्दिर छ। यसको नजिकै विन्दुमाधव, कर्दमेश्वर, कालमाधव र पापक्षमेश्वरका मन्दिरहरू छन्। **कालभैरव**– भैरवनाथ मुहल्लामा अवस्थित यस मन्दिरमा सिंहासनमा विराजमान चतुर्भुज कालभैरवको मूर्ति छ। मन्दिरको अगाडि महावीर र दायाँपट्टि योगिनीको मूर्ति छ। पछिल्लो ढोकाबाहिर क्षेत्रपाल भैरवको मूर्ति छ। **दुर्गाकुण्ड**– असी सङ्गमको तीर्थबाट अलिपर पुष्करतीर्थ सरोवर छ त्यसभन्दा पर दुर्गाकुण्ड नामले प्रसिद्ध विशाल सरोवर छ। यसैको तटमा दुर्गाको मन्दिर छ। यसभित्र कुष्माण्डा भगवतीको मूर्ति छ। मानिसहरू यिनलाई दुर्गाजी भन्ने गर्दछन्। यस मन्दिरको द्वारनजिकै दुर्गाविनायक, चण्डभैरव र कुक्कुटेश्वर महादेवको मूर्ति छ। **सङ्कटमोचन**– दुर्गामन्दिरको अगाडि यो मन्दिर बगैंचाको बिचमा रहेको छ। यहाँको हनुमान्‌को मूर्ति तुलसीदासद्वारा स्थापना गरिएको हो। यसको अगाडि राममन्दिर छ। **कुरुक्षेत्रतीर्थ**– दुर्गाकुण्डबाट अलिपर कुरुक्षेत्र सरोवर छ। त्यसभन्दा पर सिद्धकुण्ड, त्यसभन्दा पनि पर कृमिकुण्ड छ। त्यस पछि स्वल्पान्तरमा क्रमशः रेवतीतीर्थ सरोवर, शङ्खोद्धारतीर्थ, द्वारकातीर्थ, दुर्वासातीर्थ, कृष्णरुक्मिणीतीर्थ आउँछन्। यसको केही उत्तरतिर कामाक्षाकुण्ड छ। यहाँ वैद्यनाथ, क्रोधभैरव र कामाक्षायोगिनीका मूर्तिहरू छन्। यहाँबाट केही टाढा रामकुण्ड छ। यहाँ लवेश्वर र कुशेश्वर महादेव रहेका छन्। यसभन्दा पर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवगिरिसरोवरको नजिकै त्रिमुखविनायक र त्रिपुरान्तक शिवको मन्दिर छ। यसक्षेत्रबाट केही पर मातृकुण्ड छ। यसको छेउमा पित्रीश्वर महादेव र क्षिप्रप्रसाद विनायक छन्। यस अगाडि पितृकुण्ड सरोवर छ। **पिशाचमोचन**– मातृकुण्डभन्दा केही पर यो कुण्ड छ। यहाँ पिण्ड दिनाले मरेका मानिसहरू प्रेतत्वबाट मुक्त हुन्छन् भन्ने मान्यता छ। यहाँ महावीर, कपर्दीश्वर, पञ्चविनायक आदि अन्य देवीदेवताका मूर्तिहरू पनि छन्। **लक्ष्मीकुण्ड**– पिशाचमोचनबाट केही पर लक्ष्मीकुण्डसरोवर छ। यसको तटमा महालक्ष्मीको मन्दिर छ। यसमा मयूरी योगिनीको मूर्ति पनि छ। नजिकै कालीमठ र शिवमन्दिर पनि छन्। कुण्डको छेउमा कुण्डिकाक्षविनायकको मूर्ति छ। **मन्दाकिनी**– कम्पनीबागमा मन्दाकिनी सरोवर र त्यसको नजिकै मन्दाकिनीको मन्दिर छ। **कृत्तिवासेश्वर**– वृद्धकाल मन्दिरको दायाँतर्फ कृत्तिवासेश्वरको नयाँ मन्दिर छ। महाकालेश्वर लिङ्ग, वृद्धकालकूप, अमृततुण्ड सरोवर, दक्षेश्वर महादेव, हनुमान्, असिताङ्गभैरव र मालतीश्वरका मन्दिर पनि यहाँ छन्। दक्षेश्वरभन्दा केही पर मृत्युञ्जय मन्दिर छ। त्यहाँबाट केही पर मणिप्रदीपेश्वर शिव हुनुहुन्छ। त्यसभन्दा पर धनेश्वर र नृसिंहको मन्दिर छ। अलि पर सुमन्तेश्वर शिव र हनुमान्को मन्दिर छ। यसको उत्तरतिर ऋणमोचन र पापमोचन नामक दुई सरोवर छन्। विश्वकर्मेश्वर शिवको पनि मन्दिर त्यहाँ छ। **गोरखनाथ मन्दिर**– यस मन्दिरमा गोरखनाथका पदचिह्न छन्। यहाँ वृषेश्वर महादेवको मूर्ति पनि छ। यहाँ गोरखसम्प्रदायका साधुहरू बस्तछन्। **भूतभैरव**– काशीपुरामा भूतभैरवको मन्दिर छ। यसलाई भीषणभैरव पनि भन्दछन्। यसको नजिकै कङ्कुकेश्वर, निवासेश्वर, व्याघ्रेश्वर, जैगीषिव्येश्वर आदिका मन्दिर पनि पर्दछन्। जैगीषिव्यनामक एउटा गुफा पनि छ। यसमा धेरै शिवलिङ्ग छन्। यसै ठाउँमा ज्येष्ठेश्वरको विशाल मन्दिर छ। यसको नजिकै ज्येष्ठा विनायक र ज्येष्ठागौरीका मन्दिर पनि छन्। यहाँ ज्येष्ठा वापी पनि छ। **काशीदेवी**– ज्येष्ठेश्वरको अलि पर काशीदेवीको मन्दिर छ। यहाँ सप्तसरोवर कूप, कर्णघण्टसरोवर, व्यासेश्वर सर तथा व्यासकूप रहेका छन्। कर्णघण्टेश्वरको मन्दिर छ यहाँ। **धूपचण्डी**- धूपचण्डी सरोवरनजिकै धूपचण्डी देवी र विकटद्विज विनायकको मन्दिर छ। **कपालमोचन**– कपालमोचन सरोवरको छेउमा कपालभैरवको स्तम्भ छ। **वटुकभैरव**– वङ्गाली टोला स्कूल नजिकै यो मन्दिर छ। यस अतिरिक्त गल्लीगल्ली र घाटघाटमा अनेक देवदेवीका मन्दिर तथा मूर्तिहरू प्रशस्त छन्। घाटहरूको सङ्ख्या ५०- ६० छ। त्यस्ता कतिपय घाट र त्यहाँ रहेका देवदेवीहरू–

क्र.स.	घाटहरू	– देवदेवीहरूका मन्दिर मूर्तिहरू
१	–	– वशिष्ठेश्वरको मन्दिर
	–	– ऋतीश्वर मन्दिर
	–	– आदिकेशवको मन्दिर
	–	– हरिहरेश्वर मन्दिर
	– वेदेश्वर	
	– नक्षत्रेश्वर	
		– श्वेतद्वीपेश्वरमहादेव
		– विष्णुपादेदक, श्वेतद्वीपतीर्थ
२	राजघाट	– योगवीरको मन्दिर
		– स्वलीनेश्वरको मन्दिर
		– वरदविनायक मन्दिर
३	प्रह्लादघाट	– प्रह्लादेश्वर शिव मन्दिर
		– भृगुकेशवको मन्दिर
		– प्रचण्डविनायक
४	त्रिलोचनघाट	– त्रिलोचननाथ शिव मन्दिर
		– अरुणादित्य मन्दिर
		– वाराणसीदेवीको सानो मन्दिर
		– आदिमहादेव मन्दिर
		– मोदकप्रिय गणपति
		– पार्वतीश्वर लिङ्ग
		– संहारभैरव
५	महताघाट	– नरनारायणको मन्दिर
६	गायघाट	– गोप्रेक्षतीर्थ
		– हनुमान् मन्दिर
		– निर्मालिका गौरीको मूर्ति
७	लालघाट	– गोप्रक्षेश्वर महादेवको मूर्ति
		– गोपीगोविन्दको मूर्ति
८	शीतलाघाट	– शीतलादेवीको मूर्ति
९	राजमन्दिरघाट	– हनुमान्मन्दिरमा लक्ष्मीनृसिंह मूर्ति
१०	ब्रह्माघाट	– ब्रह्मेश्वर शिवमूर्ति
		– दत्तात्रेयमन्दिर (अलि पर, माथि)
११	दुर्गाघाट	– नृसिंहको मूर्ति
		– दुर्गाको श्याममूर्ति
		– श्रीरामको मन्दिर (अलि पर)
१२	पञ्चगङ्गाघाट	– यमुना, सरस्वती, किरणा र धूत-पापाको गङ्गासित गुप्तरूपले भएको सङ्गमस्थल
		– विष्णुकाञ्चीतीर्थ
		– विष्णुतीर्थ
		– विन्दुमाधवको मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

		– पञ्चगङ्गेश्वर महादेवको मन्दिर
		– द्वारकाधीश तथा राधाकृष्णको मन्दिर
		– माधवरामको धरहरा
१३	लक्ष्मणबालाघाट	– लक्ष्मणबाला (वेंकटेश) को मन्दिर
		– गभस्तीश्वरको मन्दिर
		– मयूखादित्य तथा मित्रविनाय-कको मन्दिर
		– मङ्गला गौरीको मूर्ति।
१४	रामघाट	– कालविनायकको मन्दिर
		– आनन्दभैरवको मन्दिर
१५	अग्नीश्वर घाट	– अग्नीश्वरमहादेवको मन्दिर
१६	भौंसलाघाट	– लक्ष्मीनारायण मन्दिर
		– नागेश्वर शिव मन्दिर
		– नागेशविनायक
१७	गङ्गामहलघाट	– हनुमान्का दुई मूर्ति
		– गङ्गा मन्दिर
१८	सङ्कटाघाट	– यमेश्वर मन्दिर
		– यमादित्यमन्दिर
		– कृष्णेश्वर तथा याज्ञवल्क्येश्वर
		– वसिष्ठेश्वर, वामदेवेश्वर तथा अरुन्धतीको मन्दिर
		– चिन्तामणिविनायक
		– सेनाविनायक
		– विन्ध्यवासिनी मन्दिर
		– सङ्कटा मन्दिर
१९	सिन्धियाघाट	– आत्मधीरेश्वर मन्दिर
		– दुर्गा, मङ्गलेश्वर आदि देवदेवीका मूर्तिहरू
		– सिद्धिश्वर, कलियुगेश्वर आदिका शिवलिङ्ग।
२०	मणिकर्णिकाघाट	– मणिकर्णिकाकुण्ड
		– भैरवकुण्ड
		– तारकेश्वर शिव मन्दिर
		– वीरेश्वर मन्दिर
२१	चिताघाट	– काशीको श्मशानघाट
२२	राजराजेश्वरीघाट	– राजराजेश्वरीको मन्दिर
२३	ललिताघाट	– ललितादेवीको मन्दिर
		– काशीदेवीको मूर्ति
		– गङ्गाकेशव, गङ्गादित्य, मोक्षेश्वर तथा करुणेश्वरका शिवलिङ्ग
		– चन्द्रकूप
		– नेपाली शिव मन्दिर र धर्मशाला
२४	मीरघाट	– धर्मकूप
		– विश्वबाहुदेवीको मन्दिर
		– धर्मेश्वर मन्दिर
		– विशालाक्षी मन्दिर
		– आशाविनायक, हनुमान्, वृद्धादित्य र आनन्दभैरवका मूर्तिहरू।
२५	मानमन्दिरघाट	– लक्ष्मीनारायण मन्दिर
		– वाराही मन्दिर
		– मान मन्दिर (यसको छतमा वेध-शाला पनि छ)
२६	दशाश्वमेधघाट	– रुद्रसरोवरतीर्थ
		– दशाश्वमेधेश्वर र शीतलाको मूर्ति
		– शिव मन्दिर (घाटको उत्तर)
		– शूलटङ्केश्वर मन्दिर
		– प्रयागेश्वर, प्रयागमाधव तथा आदि वराहेश्वरको मन्दिर
२८	राणामहलघाट	– वक्रतुण्डविनायक
२९	चौसट्ठीघाट	– चौसट्ठी योगिनी
		– भद्रकालीको मूर्ति
		– पुष्पदन्तेश्वर, गरुडेश्वर र पातालेश्वर महादेव (अलि पर)
३०	नारदघाट	– नारदेश्वर शिव मन्दिर
३१	मानसरोवरघाट	– हंसेश्वर मन्दिर
		– रुक्माङ्गदेश्वर तथा चित्राङ्गदाको मन्दिर
३२	क्षेमेश्वरघाट	– क्षेमेश्वरमन्दिर
३३	केदारघाट	– गौरीकुण्ड
		– केदारेश्वरको मन्दिर
		– लक्ष्मीनारायण मन्दिर
		– मीनाक्षी मन्दिर
		– तिलभाण्डेश्वर मन्दिर
		– नीलकण्ठेश्वर मन्दिर
३४	ललीघाट	– चिन्तामणिविनायक
३५	श्मशानघाट	– श्मशानेश्वर शिव
३५	हनुमान्घाट	– हनुमान्को मूर्ति
		– रुरुभैरव
३६	शिवालाघाट	– स्वप्नेश्वर शिवलिङ्ग
		– स्वप्नेश्वरदेवी
		– हयग्रीव कुण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७	वृक्षराजघाट	– यहाँ तीन मन्दिर छन्
३८	जानकीघाट	– यहाँ चार मन्दिर छन्
३९	तुलसीघाट	– गङ्गासागरकुण्ड
		– हनुमान्मन्दिर
		– कपिलको मूर्ति
		– लोलार्ककुण्ड (अलि पर)
		– लोलादित्य र लोलार्केश्वरको शिवको मूर्ति
		– अमरेश्वर तथा परमेश्वर मन्दिर
४०	असीसङ्गमघाट	– असी र गङ्गाको सङ्गम
		– हरिद्वारतीर्थ
		– जैनमन्दिर आदि।

काशीमा विश्वनाथसमेत ५९ शिवलिङ्ग, १२ आदित्य, ५६ विनायक, ८ भैरव, ९ दुर्गा, १३ नृसिंह, १६ केशव प्रसिद्ध छन्। यस अतिरिक्त यहाँ जैन मन्दिरहरू, जैन धर्मशाला र जैन पाठशाला पनि छन्। काशी विद्याको केन्द्र मानिन्छ। सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय र काशी हिन्दू विश्वविद्यालय यहाँका विश्वमा प्रसिद्ध विश्वविद्यालय हुन्। (तीर्थाङ्क)

काशीनाथः (पुं.) १.यिनको पूरा नाम काशीनाथ उपाध्याय हो। यिनले धर्मशास्त्रसँग सम्बद्ध धर्माब्धिसार र प्रायश्चित्तशेखर नामक दुईवटा ग्रन्थ लेखेका छन्। धर्माब्धिसार तीन परिच्छेदमा विभक्त छ। यिनको समय अठारौँ शताब्दी हो। २.यदुवंश महाकाव्यका प्रणेता एक महाकवि ३.[*काश्याः नाथः, काश्यां नाथते वा*] काशीका विश्वनाथ/शिव।

काशृ (धा.) [*दीप्तौ, दिवा अक.सेट् आत्म.*] चम्कनु, निकालिदिनु। लट्– **काश्यते**– चम्कन्छ, **निष्काश्यते**– निकालिन्छ इत्यादि।

काशृ (धा.) [*दीप्तौ, भ्वा.अक.सेट्.आत्म.*] चम्कनु। लट्– **काशते**– चम्कन्छ, **प्रकाशते**– प्रकाशित हुन्छ। लिट्– **चकाशे**– चम्केछ (अन.) इत्यादि।

काश्मरी (स्त्री.) [*काशते, काशृ दीप्तौ इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन्, वनो र च ४.१.७ इति ङीब् रश्च*] खमारी।

काश्मीरसंप्रदायः (पुं.) [*काश्मीरस्य संप्रदायः ष.त.*] गौड, काश्मीर, केरल यी तीन सम्प्रदायमध्येको एक सम्प्रदाय। यस सम्प्रदायले तामाको भाँडोमा गाईको दुध, दही, घिउ, नौनी, तिलको पिना, छ्यापी, पायस तथा पानीलाई तत्त्वको रूप मानेर सहस्रारमा विसर्जन गर्छ। यो संप्रदाय कौलिकहरूका लागि अत्यन्त प्रिय छ।

ताम्रे गव्यादिपिण्याकं गृञ्जनं पायसं पयः।
एतत्तत्त्वानुकल्पाश्च सहस्रारे विसर्जनम्॥
काश्मीरसंप्रदायोऽसौ विज्ञेयः, कौलिकप्रियः॥

काश्यपः (पुं.) [*कश्यपस्य गोत्रापत्यम्, तस्यापत्यम् इत्यण्*] १.कणादको नाम २.कश्यपको छोरा/एक ऋषि ३.काश्यप नामको अग्नि ४.महत्तर नामको अग्नि। यी कश्यपको अंशबाट प्रकट भएका थिए। ५.एक ऋषिकुमार ६.परीक्षित्लाई तक्षकले टोक्न आउँदा बचाउन आएका एक मन्त्रज्ञ ब्राह्मण ७.वसुदेवका पुरोहित। ८.(पुं.) पाणिनिका पूर्ववर्ती वैयाकरण। यिनको समय युधिष्ठिर मीमांसकको मतअनुसार वि. पू. ३००० वर्ष मानिन्छ। यिनको उल्लेख वाजसनेय प्रातिशाख्यमा उपलब्ध छ। यिनले काश्यपकल्प, छन्दःशास्त्र आदि ग्रन्थ लेखेका छन्। ९.गोत्रविशेष।

काश्यपसंहिता (स्त्री.) आयुर्वेदको प्राचीन ग्रन्थ। यसका रचयिता मारीच काश्यप हुन्। यो खण्डित रूपमा उपलब्ध छ। नेपालको राष्ट्रिय पुस्तकालयमा पाण्डुलिपिको रूपमा उपलब्ध यस ग्रन्थको सम्पादन तथा प्रकाशन राजगुरु हेमराज शर्माले गरेका छन्। सम्पादित यस गन्थको भूमिका महत्त्वपूर्ण मानिन्छ। यो ग्रन्थ सूत्रस्थान, विमानस्थान, शरीरस्थान, इन्द्रियस्थान, चिकित्सास्थान, कल्पस्थान र खिलस्थानको रूपमा विभक्त छ। यसमा आयुर्वेदका विभिन्न विषयको चर्चा छ।

काश्यपिः (पुं.) १.[*कश्यपस्यापत्यम्, बाह्वादिभ्यश्च ४.१.९६ इति इञ्*] अरुणनामक सूर्यका सारथि। **सूरसूतोऽरुणोऽनूरुः काश्यपिर्गरुडाग्रजः।** (अमर.) २.[*कश्यपस्यापत्यम्*] कश्यपका सन्तान।

काश्यपी (स्त्री.) [*काश्यपस्येयम्*] पृथ्वी।

काष्ठः (पुं.नपुं.) [*काशते दीप्यते तत्, काशृ दीप्तौ इति धातोः, हनिकुषिनिरिकाशिभ्यः क्थन् (उ.) १६७ इति क्थन्*] काठ, दाउरा।

काष्ठकला (स्त्री.) [*काष्ठस्य कला, ष.त.*] काठको सामान बनाउने, बुट्टा भर्ने आदि कला।

काष्ठकीटः (पुं.) [*काष्ठस्य कीटः, ष.त.*] काठमा लाग्ने किरो/धमिरो।

काष्ठकुद्दालः (पुं.) [*काष्ठस्य कुद्दालः, ष.त.*] डुङ्गामा लागेको खिया खुर्कने काठको कोदालो।

काष्ठतक्षकः (पुं.) [*काष्ठस्य तक्षकः, ष.त.*] १.रथकार २.बढई ३.काठ ताछ्ने बोसिला।

काष्ठा (स्त्री.) [*काशते दीप्यते यया सा, काशृ दीप्तौ इति धातोः, हनिकुषिनिरिकाशिभ्यः क्थन् (उ.) १६७ इति क्थन्, टाप् ४.१.४ षत्वम् ष्टुत्वश्च*] १.दिशा २.चुचुरो ३.अन्तिम सीमा ४.काल ५.प्रकर्ष। **कालप्रकर्षयोः काष्ठा** (ध.ना.मा.)।

कार्ष्ण्यम् (नपुं.) [*कृष्णस्य भावः, वर्णदृढादिभ्यः ष्यञ्च ५.१.१२३ इति ष्यञ्*] कालिमा/कालोपन।

कासः (पुं.) [*कासतेऽनेन, कासृ शब्दकुत्सायाम् इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.खोकी/छातीको सङ्क्रमणजन्य रोग २.भारविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कासरः (पुं.) [*के जले आसरति, सृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् यद्वा ईषत् सरति, ईषदर्थे च ६.३.१०५ इति कादेशः*] १.राँगो २.अर्ना ।

कासारः (पुं.) [*कासते शब्दयति निन्दति वा सः, कासृ शब्दकुत्सायाम् इति धातोः, तुषारादयश्च (उ.) ४२६ इति आरन्*] तलाउ । **वयसि गते कः कामविकारः क्षीणे वित्ते कः परिवारः । शुष्के नीरे कः कासारो ज्ञाते तत्त्वे कः संसारः ॥** (सुभा.)

कासृ (धा.) [*शब्दकुत्सायाम्, अक.सेट्, आत्म.*] खोक्नु । लट्– **कासते–** खोक्छ, **निष्कासते–** निकाल्छ । लिट्– **कासाञ्चक्रे–** खोकेछ (अन.) । लुट्– **कासिता–** खोक्ने छ (अन.) । लृट्– **कासिष्यते–** खोक्ने छ । लोट्– **कासताम्–** खोकोस् । लङ्– **अकासत–** खोक्यो (अन.) । विधिलिङ्– **कासेत–** खोक्ला, खोकोस् । आशीर्लिङ्– **कासिषीष्ट–** खोकोस् । लुङ्– **अकासिष्ट–** खोक्यो । लृङ्– **अकासिष्यत–** खोक्ने थियो । कर्मणि– **कास्यते–** खोकिन्छ । णिचि– **कासयति-ते–** खोक्न लगाउँछ । सनि– **चिकासिषते–** खोक्न चाहान्छ । कृदन्ते– **कासितव्यम्. कासनीयम्. कास्यम्–** खोक्नुपर्ने । **कासमानः–** खोकिरहेको । **कासितुम्–** खोक्न । **कासित्वा–** खोकेर । **कासकः.कासिका.कासिता-त्री–** खोक्ने । **कासा.कासना–** खोक्ने काम इत्यादि ।

कि (धा.) [*ज्ञाने, पर.सक.अनिट्*] ज्ञान हुनु, जान्नु । लट्– **चिकेति–** ज्ञान हुन्छ, जान्दछ इत्यादि ।

किंवदन्ती (पुं.) [*किमुद्यतेऽनया किं पूर्वकात्, वद व्यक्तायां वाचि इति धातोः, बाहुलकात् झिच् झस्य अन्तादेशः, ङीष्*] परम्पराबाट भन्दै आएको कथन/जनश्रुति/दन्त्यकथा । **अनादिवार्ता ह्यैतिह्यं किंवदन्ती जनश्रुतिः** (हला.) ।

किंवा (अव्य.) [*किञ्च वा च, द्व.स.*] यद्वा/अथवा ।

किंशारुः (पुं.) [*किञ्चित् कुत्सितं वा शृणातीति, शॄ हिंसायाम् इति धातोः, किञ्जरयोः श्रिणः (उ.) ४ इत्युण्, वृद्धिः*] १.धानको टुँडो २.बाण ३.कङ्कनामक पक्षी ।

किंशुकः (पुं.) [*किञ्चित् शुक इव, शुकतुण्डाभपुष्पत्वात्*] पलास ।

ककिदिवी (पुं.) [*किकीति दीव्यति शब्दायते किकि पूर्वकाद् दिवु क्रीडादौ इति धातोः, सर्वधातुभ्य इन् ५६७ इति इन्, दीर्घः*] १.ठेउवा चरो २.नरिवलको रुख ।

किकीदिविः (पुं.) [*किकिना शब्देन ददातीति, कृविघृष्वि छविस्थविकिकीदिवि (उ.) ५०५ इति क्विन्, उपपदस्य द्वितीयेकारस्य दीर्घत्वम्*] मयूर ।

किङ्करः (पुं.) [*किमपि करोत्यानुकूल्येन, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु इति टः*] १.भृत्य/नोकर २.राक्षसको एक दल ।

किङ्करी (स्त्री.) [*किमपि करोत्यानुकूल्येन, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः, ङीप्, हेत्वादौ तु टं बाधित्वा परत्वादच्, पुंयोगे ङीष्*] नोकर्नी ।

किङ्कर्तव्यविमूढः (पुं.वि.) [*किं कर्तव्यमिति विषये विमूढः, निर्णेतुमक्षमः*] के गर्दा ठिक पर्ला भनी निधो गर्न नसक्ने ।

किङ्किणी (स्त्री.) [*किञ्चित् किणं करोति, किणशब्दात् तत्करोति तदाचष्टे (वा.) ३.१.२६ इति णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.घुंघुरा २.हाडे बयर ।

किञ्च (अव्य.) [*किञ्च च च, द्व.स.*] १.किन भने २.बाहेक ३.आरम्भ ४.त्यसपछि ५.समुच्चय ६.सम्भावना ।

किञ्चनः [*किञ्च चन च, अनयोः समाहारः, मुग्धबोधमते विभक्त्यन्ताच्चिच्चनौ इति चन*] १.केही/थोरै २.कत्ति पनि ।

शरीरनिरपेक्षस्य दक्षस्य व्यवसायिनः ।
बुद्धिप्रारब्धकार्यस्य नास्ति किञ्चन दुष्करम् ॥ (सुभा.)

किञ्चित् (अव्य.) [*किञ्च चित् च, अनयोः समाहारः, मुग्धबोधमते विभक्त्यन्ताच्चिच्चनौ इति चित्*] अलिकति/केही ।

दारेषु किञ्चित् स्वजनेषु किञ्चिद्
गोप्यं वयस्येषु सुतेषु किञ्चित् ।
युक्तं न वाऽयुक्तमिति विचिन्त्य
वदेद् विपश्चिन्महतोऽनुरोधात् ॥ (पञ्चत.)

किञ्चुलकः (पुं.) [*किञ्चिच्चुलुम्पति, चुलुम्प धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, टेः ६.४.१४३ इति उकार मकारपकाराणं लोपः, संज्ञायां कन् ५.३.७५ इति कन्*] १.गँड्यौलो २.कीटविशेष ।

किञ्जः (पुं.) [*कुतोऽपि जातः, अन्येष्वपि दृश्यते, इति डः, डित्वाट्टिलोपः*] बाबु थाहा नभएको/कसैबाट जन्मिएको व्यक्ति । **मन्ये किञ्जमहं घ्नन्तं त्वामक्षत्रियजं रणे** (भट्टि. ६.१३६) ।

किञ्जल्कः (पुं.) [*किञ्चिद् जलति, जल अपवारणे इति धातोः, बाहुलकात् कः*] कमलको केशर ।

किट (धा.) [*गतौ, भ्वा. अक.सेट् पर.*] जानु । लट्– **केटति–** जान्छ इत्यादि ।

किट (धा.) [*त्रासे, अक.सेट् पर.*] डराउनु, दुःख दिनु, सताउनु । लट्– **केटति–** डराउँछ, दुःख दिन्छ, सताउँछ इत्यादि ।

किटिः (पुं.) [*केटति, किट गतौ इति धातो, इगुपधात् कित् (उ.) ५६९ इति इत्*] १.सुँगुर २.बँदेल ।

किट्टम् (नपुं.) [*किट गतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.धातुको मल/किट २.काती ।

किणः (पुं.) [*कण्यते इति, कण गतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् अच इत्वम्*] १.सुकेको घाउ २.मासुको गाँठो ३.खिल ।

किण्वम् (नपुं.) [*कणनम्, कण शब्दे इति धातोः, उल्वादयश्च (उ.) ५४४ इति साधुः*] १.जाँड रक्सी आदि बनाउँदा हाल्नुपर्ने मसला/मर्चा २.पाप । **किण्वं पापे सुराबीजे** (विश्व.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कित (धा.) [*निवासे रोगापनयने च, सक.सेट्, पर., गुप्तिज्किद्भ्यः सन् ३.१.५ इति नित्यं सन्*] बस्नु, रोगको उपचार गर्नु। लट्– **चिकित्सति–** बस्छ, रोगको उपचार गर्छ। लिट्– **चिकित्साञ्चकार–** बसेछ, रोगको उपचार गरेछ (अन.)। लुट्– **चिकित्सिता–** बस्ने छ, रोगको उपचार गर्ने छ (अन.)। लृट्– **चिकित्सिष्यति–** बस्ने छ, रोगको उपचार गर्ने छ। लोट्– **चिकित्सतु-तात्–** बसोस्, रोगको उपचार गरोस्। लङ्– **अचिकित्सत्–** बस्यो, रोगको उपचार गऱ्यो (अन.)। विधिलिङ्– **चिकित्सेत्–** बस्ला, रोगको उपचार गर्ला, बसोस्, रोगको उपचार गरोस्। आशीर्लिङ्– **चिकित्स्यात्–** बसोस्, रोगको उपचार गरोस्। लुङ्– **अचिकित्सीत्–** बस्यो, रोगको उपचार गऱ्यो। लृङ्– **अचिकित्सिष्यत्–** बस्ने थियो, रोगको उपचार गर्ने थियो। कर्मणि– **चिकित्स्यते–** बसिन्छ, रोगको उपचार गरिन्छ। णिचि– **चिकित्सयति-ते–** बसाउँछ, रोगको उपचार गराउँछ। सनि– **चिकित्सिषति–** बस्न चाहन्छ, रोगको उपचार गर्न चाहन्छ। कृदन्ते– **चिकित्सितव्यम्. चिकित्सनीयम्. चिकित्स्यम्–** बस्नुपर्ने, रोगको उपचार गर्नुपर्ने। **चिकित्सकः. चिकित्सिका–** बस्ने, रोगको उपचार गर्ने। (वैद्य वा डाक्टर) **चिकित्सितुम्–** बस्न, रोगको उपचार गर्न। **चिकित्सित्वा. विचिकित्स्य–** बसेर, रोगको उपचार गरेर। **चिकित्सा–** रोगको उपचार। **विचिकित्सा–** सन्देह इत्यादि।

कितवः (पुं.) [*कि ज्ञाने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, कितं वायति, ओवै शोषणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.जुवाडे २.धूर्त/ठग ३.उन्मत्त ४.धतुरो ५.गोरोपना ६ रोचना नामक गन्धद्रव्य।

कितवो धूर्तवन्मत्ते वञ्चके कनकाह्वये (विश्व.)।

किन्तनुः (पुं.) [*किञ्चिन्मात्रा तनुर्यस्य सः, बहु.स.*] आठ खुट्टा भएको माकुरो।

किन्तर्हि (अव्य.) [*किम् तर्हि, पृथक्पदम्*] त्यसोभए के त ।

किन्तु (अव्य.) [*किञ्च तु च, द्व.स.*] तर/परन्तु।

सत्यं मनोरमा कामाः सत्यं रामा विभूतयः।
किन्तु वै वनितापाङ्गभङ्गिलोलं हि जीवितम्॥ (ग.पु.)

किन्नरः (पुं.) [*कुत्सितो नरः, किं क्षेपे ३.१.६४ इति समासान्तनिषेधः*] १.दुष्ट मानिस २.(पुं.) गाना बजाना गर्ने, घोडाको जस्तो मुख, मानिसको जस्तो शरीर भएको देवयोनिविशेष। यिनीहरू पनि मङ्गोल जातिका थिए। इरानको उत्तर– पूर्वका पहाडी क्षेत्रमा बसोबास गर्थे। यिनीहरूको जुँगादाह्री ज्यादै कम हुने हुँदा टाढाबाट नदेखिने भएकाले अन्य जातिले स्त्रीपुरुष छुट्ट्याउन नसक्दा यिनीहरूलाई किं पुरुषः अर्थात् कसरी नर ? भन्दाभन्दै किन्नर भन्ने चलन चलेको हो भन्ने कतिपय भाषाविद्हरूको धारणा छ। यिनीहरू स्वभावका छुच्चा थिए। त्यसैले गर्दा यिनीहरूलाई किन्नर भनिएको हो भन्ने अर्को पक्ष छ। रावणको सेनामा यिनीहरू पनि सम्मिलित थिए, रावणका किन्नरीपट्टिका छोराहरू पनि थिए।

राक्षसाश्च पुलस्त्यस्य वानराः किन्नरास्तथा।
यक्षाश्च मनुजव्याघ्र पुत्रास्तस्य च धीमतः॥

(म.भा. १.६६.७) ३.अर्हतका उपासक।

किन्नरी (स्त्री.) [*किन्नरस्येयम्, पुंयोगादाख्यायाम् इति ङीष्*] १.किन्नरकी पत्नी २.किन्नरजातकी स्त्री ३.सारङ्गी ४.एकथरी तानपुरा ५.वीणाविशेष।

किन्नरेशः (पुं.) [*किन्नराणामीशः, ष.त.*] कुबेर।

किन्नु (अव्य.) [*किञ्च नु च, द्व.स.*] १.प्रश्नवाचक शब्द। **किन्नु तेऽदोषयद् राजा रामो वा भृशधार्मिकः।** (रामा. २.७४.२) २.वितर्क ३.ज्यादा धेरै वा ज्यादा थोरै ४.सादृश्य, करण, स्थान (जटाधर)।

किम् (त्रि.) [*कै शब्दे इति धातोः, कायतेर्डिमिः (उ.) ६०७ इति डिमिः*] १.प्रश्न। **को दुःखी सर्वकार्येषु किं भृशार्थस्य वाचकम्। यो यस्माद् विरतो नित्यं ततः किं स कारष्यति॥** (सुभा.) २.वितर्क। **किमनुरक्तो विरक्तो वा मयि स्वामीति ज्ञास्यामि तावत्।** ३.कुत्सा। **देवदानवगन्धर्वा यक्षपतगपन्नगाः। न शक्ता रावणं सोढुं किं पुनर्मानवा युधि॥** ४.उत्प्रेक्षा वा सम्भावना बोधक शब्द ५ अनिर्वचनीयताद्योतक शब्द। **किमप्यचिन्त्यं तव रूपमस्ति तस्मै नमस्ते पुरुषोत्तमाय** (वि.पु. १.१९.७५)।

किमु (अव्य.) [*किम् च उ च, द्व.स.*] तर्क सम्भावना आदि बुझाउँदा उच्चारण हुने शब्द। **किमु सम्भावनायां स्याद् विमर्शे चापि दृश्यते** (मेदिनी.)।

निर्वाणदीपे किमु तैलदानं चौरे गते वा किमु सावधानम्।
वयोगते किं वनिता विलासः पयोगते किं खलु सेतुबन्धः॥ (सुभा.)

किमुत (अव्य.) [*किञ्च उत च, द्व.स.*] १.प्रश्न २.वितर्क ३.विकल्प ४.अतिशय।

किमुतातिशये प्रश्ने विकल्पे च प्रयुज्यते (विश्व.)।

किम्पचः (पुं.) [*किं कुत्सितं पचतीति, डुपचष् पाके इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कृपणी/आफ्नो पेटका लागि मात्र पकाउने।

किम्पचानः (पुं.) [*किं पचते, डुपचष् पाके इति धातोः, आनच्*] कृपणी/आफ्नो पेटका लागि मात्र पकाउने।

कियन्तः (पुं.वि.) [*का सङ्ख्या परिमाणमेतेषाम्, किमः सङ्ख्या परिमाणे डति च ५.२.४१ इति वतुप्, किमिदंभ्यां वो घः ५.२.४० इति वस्य घः, घस्य इयः, मकारेकारयोर्लोपः*] कति। (पुं.वि.) [*किं परिमाणमस्य,कियत्तदेतेभ्यः परिमाणे वतुप् ५.१.३९ इति वतुप्, किमिदंभ्यां वो घः ५.२.४० इति वस्य घः, घस्य इयः, यस्येति च ६.४.१४८ इति इकारलोपः*] कति।

निखिलं जगदेव नश्वरं पुनरस्मिन्नितरां कलेवरम्।
अथ तस्य कृते कियानयं क्रियते हन्त जनैः परिश्रमः॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरणः (पुं./नपुं.) [*कीर्यते विक्षिप्यते अन्धकारोऽनेन, कीर्यते परितः क्षिप्यतेऽसौ वा, कॄ विक्षेपे इति धातोः, कॄपॄवृजिमन्दिनिधाञः क्युः (उ.) इति क्युः, युवोरनाकौ इत्यनः*] प्रकाश/सूर्यरश्मि। किरणवाचक शब्दको अगाडि सहस्र शब्द जोडिँदा सूर्य भन्ने अर्थको बोध हुन्छ। जस्तै— **सहस्ररश्मिः, सहस्रांशुः** आदि।

किरणमाली (पुं.) [*किरणानां मालाऽस्यातीति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] सूर्य।

किरणावलिः (पुं.) [*किरणानामावलिः, ष.त.*] १.किरणको समूह २.ग्रन्थविशेष।

किरातः (पुं.) [*किरम् अरण्यस्य पर्यन्तदेशम् अतति नैरन्तर्येण गच्छतीति, अत सातत्यगमने, इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] १.चिराइतो २.घोडचढी वा सइस ३.किरात रूप धारणा गर्ने शिव ४.नेपालको प्राचीन इतिहासअनुसार नेपालको आदिवासीमध्ये सबैभन्दा नाम चलेको मूल जाति। यिनीहरूले प्राचीनकालमा वाग्मतीदेखि सम्पूर्ण पूर्वी नेपालमा राज्य गरेका थिए। त्यस बेला दक्षिणभागमा शाक्य, कोली, लिच्छवि, मल्ल आदि राजाहरू थिए। लिच्छविहरू नेपालमा आएपछि किरातहरू नेपालको पूर्वी भेकतिर बसोबास गर्न लागेका हुन्। मङ्गोलहरू नेपालमा आएर किरात भएका हुन् भन्ने कसैको मत छ। वाल्मीकि रामायणमा किरातहरू मन्दराचलमा भएको कुरा बताइएको छ।

किरातकः (पुं.) [*किरात एव स्वार्थे कन्*] चिराइतो। यो काश्मीरदेखि भुटानसम्म हिमालयको बेसीभागमा उपलब्ध हुन्छ। हिमालयको ४००० देखि १०००० सम्मको उचाइमा पाइने चिराइताका सबै भागको ओषधिमा उपयोग हुन्छ। चिराइताका १८० प्रकार छन्। तीमध्ये औषधिको रूपमा व्यवहारमा आएका सैँतिस थरी छन्। जीर्णज्वर, अग्निमान्द्य, अपच, अम्लपित्त, कमलपित्त, श्वास प्रश्वास, शोथ, गण्डमाला, कृमिरोग आदिमा यसको उपयोग हुन्छ। **किराततिक्तः कैरातः कटुतिक्तः कुमारकः** (भा.प्र.नि.)।

किरातकान्तः (पुं.) [*किरातस्य कान्तः, ष.त.*] केहीमात्र पहेँलो श्रीखण्ड।

किरातपतिः (पुं.) [*किरातानां पतिः, ष.त.*] शिव।

किराताः (पुं.बहु.) [*किरातानां निवासो जनपदः*] किरातहरू बस्ने प्रदेश।

किरातार्जुनीयम् (नपुं.) [*किरातश्चार्जुनश्च, किरातार्जुनौ, तौ अधिकृत्य कृतं काव्यम्, शिशुक्रन्द ४.३.८८ इति छः, छस्येयः, अलोपः*] संस्कृत साहित्यको प्रौढ महाकाव्य। महाभारतमा वर्णित इन्द्र र किरात (शिव) सँग सम्बद्ध कथावस्तुलाई लिएर यसको रचना भएको छ। यसमा १८ सर्ग छन्। यो महाकाव्य विचार तथा शिल्पविधानका दृष्टिकोणले अत्यन्त प्रौढ छ। यसका रचयिता छैटौं शताब्दीका भारवि हुन्। यिनको यही एक कृतिमात्र उपलब्ध छ। भारवि अर्थगौरवमा प्रसिद्ध कवि हुन्। यिनको कवितालाई मल्लिनाथले **नारिकेलफलसम्मितं वचः** भनेर नरिवलको फलसित तुलना गरेका छन्। अर्थात् शब्दमय जटिलता (समास, अलङ्कार आदि) लाई फोरेर भित्र पसेपछि भारविका कविता नरिवलको फलजस्तै आस्वादनीय छन्।

किराती (स्त्री.) [*किरातस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] १.किरात जातकी स्त्री २.चमर हाक्ने काम गर्ने स्त्री ३.कुट्नी ४.पार्वती ५.आकाशगङ्गा।

किरातेश्वरः (पुं.) [*किरातश्चासौ ईश्वरश्च, कर्म.स., यद्वा किरातरूप ईश्वरः, म.प.स.*] महादेव।

किरिः (पुं.) [*किरति समतलभूमिमिति, कॄ विक्षेपे इति धातोः, कॄगॄशॄपॄकुटिभिदिछिदिभ्यश्च (उ.) ५९२ इति इः, कित्वञ्च*] बँदेल।

> **कोलः क्रोडः शूकरः स्याद्वराहः**
> **पोत्री दंष्ट्री घृष्टिरुक्तः किरिश्च** (हला.२२६)।

किरीटः (पुं./नपुं.) [*किरति कीर्यतेऽनेन वा कॄ विक्षेपे इति धातोः, बाहुलकात् कीटन्*] १.शिरपेच/मुकुट। **आहुः किरीटमुष्णीषं कोटीरं मुकुटं समम्।** (हला.५६५) २.एकवर्ण वृत्त। यसको प्रत्येक पादमा आठ भगण रहन्छन्। **~धारी** (पुं.) १.राजा २.अर्जुन ३.इन्द्र।

> **पुरा शक्रेण मे दत्तं युद्धतोर्दानवर्षभैः।**
> **किरीटं मूर्ध्नि सूर्याभं तेनाहुर्मां किरीटिनम्॥** (म.भा.वि.प. ४४.१७)।

~माली (पुं.) १.राजा २.अर्जुन ३.इन्द्र।

किरीटी (पुं.वि.) [*किरीटमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १ किरीट पहिरने २.(पुं.) अर्जुन।

किर्मीरः (पुं.) [*कीर्यते, कॄ विक्षेपे इति धातोः, गम्भीरादयश्च (उ) इति ईरन्*] १.रङ्गिबिरङ्गी वर्ण २.महाभारतअनुसार भीमसेनद्वारा मारिएको एक राक्षस ३.सुन्तला। **किर्मीरो ना नागरङ्गे कर्बुरे राक्षसान्तरे।** (मेदिनी.) ४.(पुं.वि.) [*किर्मिरोऽस्यास्तीति, अर्शाद्यच्*] रङ्गिबिरङ्गी वर्ण भएको।

किर्मीरसूदनः (पुं.) [*किर्मीरं सूदयतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] भीमसेन।

किल (अव्य.) [*किलति किल श्वैत्ये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.निश्चय/जरुर २.ज्यौँका त्यौँ ३.आशा ४.असन्तोष ५.हेला ६.कारण ७.सायद।

किल (धा.) [*श्वैत्यक्रीडनयोः, अकर्म.सेट् पर.*] सफा हुनु, खेल्नु। लट्— **किलति—** सफा हुन्छ। लिट्— **चिकेल—** सफा भएछ इत्यादि।

किलकिञ्चितम् (नपुं.) [*किलञ्च तत् किञ्चितञ्च, कर्म.स. यद्वा किलकिञ्चितमत्र*] नायकसँग समागम गर्दा नायिकाले खुसी भएर गरिने हाँसो, रिस, डर, आदिको हावभाव। **इष्टजनदर्शन वशात् शुष्करुदितहसितत्रसितक्रोधश्रमाभिलापानां सङ्करीकरणं किलकिञ्चितम्** (रसग.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किलकिला (स्त्री.) [*वीप्सायां द्वित्वम्*] १.वानरको आवाज २.हर्षको शब्द ३.सिंहको गर्जन ।

किलाटः (पुं.) [*किलेन श्वैत्येन अटति,पचाद्यच्*] पनिर । **नष्टदुग्धस्य पक्वस्य पिण्डः प्रोक्तः किलाटकः** (भा.प.नि.) ।

किलासम् (नपुं) [*किलेन श्वैत्येन असति, अस दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] छाला सेतो हुने दुबीको रोग । **किलासं कथ्यते सिध्म** (हला.६०२) ।

किलासी (पुं.) [*किलासमस्यास्तीति, द्वन्द्वोपतापगर्ह्यात्— ५.२.१२८ इति इनिः*] दुबी रोगले ग्रस्त व्यक्ति ।

किल्बिषम् (नपुं.) [*केलयति क्रीडति विषयेषु, किल श्वैत्यक्रीडनयोः इति धातोः, किलेर्बुक् च (उ. ५३) इति सूत्रेण टिषच्, वुगागमश्च*] १.पाप । **यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः** । (गीता) २.रोग ३.अपराध । **किल्बिषं पापरोगयोः । अपराधेऽपि** (मेदिनी.) ।

किशलयम् (नपुं.) [*किञ्चित् शलति शल चलने इति धातोः, कयन्, पृषोदरादित्वान्मलोपः*] पालुवा । **भिन्नो रागः किशलयमुचा माज्यधूमोद्गमेन** (अभि.शा.) ।

किशोरः (पुं.) [*किं श्रृणाति हिनस्तीति, शॄ हिंसायामिति धातोः, किशोरादयश्च इति सूत्रेण ओरन्, किमो मलोपष्टिलोपश्च*] १.घोडाको वछेडो २.एघारदेखि पन्ध्र वर्षसम्मको बालक ।

कौमारं पञ्चमाब्दान्तं पौगण्डं दशमावधि ।
कुमारिका (स्त्री.) [*कुमारी एव, स्वार्थे कन्, टाप् ४.१.४ ह्रस्वः*] १.जवान केटी २.दस र बाहबिचको उमेर भएकी केटी ३.अविवाहिता ४.छोरी, ५.दुर्गा ६.सीता ७.अलैंची ८.भारतको दक्षिण सीमाको एक अन्तरीप ९.श्यामा चरा १०.घिउकुमारी ११.मोतियाफूल १२.फल नहुने चटेलको लहरो । **~खण्डः** १.(पुं.) भारतवर्षका नौ हिस्सामध्येको एक हिस्सा । यो दशहजार योजन विस्तृत छ, यहाँ वर्णव्यवस्था छ । **आयतस्तु कुमारीतो गङ्गायाः प्रभवावधिः** (म.पु.११५) । **वर्णव्यवस्थितिरिहैव कुमारिकाख्ये** (सि. शि.१.१९) । २.(पुं./नपुं.) शतशृङ्गकी छोरीले एक दिन ऐना हेर्दा आफ्नो मुख बाखीको जस्तो देखिन् । पूर्वजन्मको सम्झनाले खम्भार्क तीर्थमा रहेको पूर्वजन्मको टाउँको लहराबाट निकाली दाह गरेर खम्भार्क तीर्थको जलमा हालेपछि बाखीको जस्तो आफ्नो मुख छुटेर चन्द्रमाजस्तै राम्रो भयो । यिनका बुबा शतशृङ्गका आठ छोरा थिए, आफ्नो राज्यलाई ९ भाग लगाई आठ छोराहरूलाई ८ भाग र एक भाग छोरीलाई दिए । यी आठ छोराहरूको नामबाट ८ द्वीप भए । तिनका नाम यस प्रकार छन्– इन्द्रद्वीपखण्ड, कसेरुखण्ड, ताम्रद्वीपखण्ड, गभस्तिमान् खण्ड, नागखण्ड, सौम्यखण्ड, गन्धर्वखण्ड, वरुणखण्ड र छोरीको नामबाट कुमारिकाखण्ड । यी कुमारी तपस्या गर्न लागिन् । पछि यिनका दाजुहरूका नौ नौ छोरा भए । यिनले आफ्नो कुमारिकाखण्ड ती दाजुहरूका ७२ छोरालाई बाँडिन् । त्यसपछि कुमारिकाखण्ड ७२ भागमा बाँडियो । यी ७२ देशमा ९६ करोड७२ लाख ३६ हजार गाउँ भए । यी सबै गाउँ भदाहरूलाई नै दिइन् । (स्क.पु.)

कुमारिलभट्टः (पुं.) मीमांसादर्शनका भाट्टमतका प्रतिष्ठापक आचार्य । यिनको समय ६०० ईस्वीदेखि ६५० को बिचमा मानिन्छ । यिनले बौद्धसिद्धान्तको खण्डन गरेर वैदिकधर्मको स्थापना गरेका छन् र वेदलाई प्रामाणिक सिद्ध गरेका छन् । यिनका श्लोकवार्तिक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्रवार्तिक र टुप्टीका नामक तीनवटा कृति प्रसिद्ध छन्। श्लोकवार्तिक कारिकामा रचिएको छ। यसमा मीमांसाभाष्यको पहिलो अध्यायको पहिलो पादको व्याख्या गरिएको छ। तन्त्रवार्तिकमा मीमांसाभाष्यका द्वितीयपाददेखि तृतीयपादसम्मका अंशको व्याख्या छ। टुप्टीकामा शावरभाष्यको अन्तिम नौ अध्यायमा वर्णित विषयमाथि संक्षिप्त टिप्पणी गरिएको छ। कसैले बृहद् टीका र मध्य टीकालाई पनि कुमारिल भट्टकै रचना मानेका छन्।

कुमारी (स्त्री.) [*कुमारयति, कुमार क्रीडायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा कामयते, कमु कान्तौ इति धातोः, कमेः किदुच्चोपधायाः (उ) इत्यारन्,उपधाया उत्वम्, वयसि प्रथमे ४.१.२० इति ङीष्*] १.रजस्वला नभएकी युवती २.दुई वर्षदेखि दश वर्षसम्मकी पूजा गर्न योग्य कन्या केटी। उमेरअनुसार कुमारीका नौ नाम छन्– दुई वर्षकी– **कुमारी,** तीन वर्षकी– **त्रिमूर्ति,** चार वर्षकी– **कन्या,** पाँच वर्षकी– **रोहिणी,** छ वर्षकी– **काली,** सात वर्षकी– **चण्डी,** आठ वर्षकी– **शाम्भवी,** नौ वर्षकी– **दुर्गा** र दस वर्षकी– **भद्रा**। ३.फल नहुने चटेलाको लहरो ४.घिउकुमारी ५.गुलाफ ६.मोतिया फूल ७.श्यामाचरा ८.भारतको दक्षिण सीमाको एक अन्तरीप ९.अलैंची १०.सीता ११.छोरी १२.अविवाहित कन्या। **~पुत्रः** (पुं.) विधिवत् विवाह नभएकी महिलाको छोरा। **~पूजनम्** (नपुं.) कुमारी (दुई वर्षदेखि माथि १० वर्ष मुनिको उमेर भएकी केटी) लाई देवीस्वरूप मानेर गरिने पूजा वा कुमारी नामकी दुर्गाको पूजा। **~श्वशुरः** (पुं.) विवाह हुनुअघि सतीत्वबाट भ्रष्ट भएकी केटीका ससुरा।

कुमार्गः (पुं.) [*कुत्सितो मार्गः, प्रादिस.*] १.खराब बाटो २.पाप। **~गामी** (पुं.वि.) १.पापी २.खराब बाटो हिँड्ने।

कुमाल (धा.) [*क्रीडायाम्, चुरा. उभ. से*] खेल्नु। लट्– **कुमालयति, कुमालयते**– खेल्छ, क्रीडा गर्छ इत्यादि।

कुमुद् (नपुं) [*कौ मोदते इति, मुद हर्षे इति धातोः, क्विप् च ३.२.१७६ इति क्विप्*] राती फुल्ने सेतो कमल

कुमुद् (पुं.वि.) कृपणी। **कुमुद् त्रिषु स्यात्कृपणे कैरवे तु नपुंसकम्** (मेदिनी.)।

कुमुदः (पुं.) २.(पुं.) बाँदरविशेष ३.दैत्य ४.कपूर ५.दिशाको हात्ती ६.सर्प।

कुमुदबान्धवः (पुं.) [*कुमुदानां बान्धवः, ष.त.*] चन्द्रमा।

कुमुदम् (पुं.) [*कौ पृथिव्याम् मोदते इति, मुद हर्षे इति धातोः, इगुपधाज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.एक किसिमको रातो वा सेतो फुल्ने कमल

कुमुदं कैरवे रक्तपद्मे स्त्री कुम्भिकोषधौ।
गम्भार्यां पुंसि दिङ्नागे नागे शाखामृगान्तरे॥ (मेदिनी.)

~खण्डम् (नपुं.) कमलको कुड्को। **~नाथः** (पुं.) चन्द्रमा। **ततः कुमुदनाथेन कामिनीगण्डपाण्डुना।** **~पतिः** (पुं.) चन्द्रमा। **~बन्धुः** (पुं.) चन्द्रमा। **~बान्धवः** (पुं.) चन्द्रमा। **~माली** (पुं.) ब्रह्माले स्वामी कार्तिकेयलाई दिएका चार पार्षदहरूमध्ये एक पार्षद।

कुमुदिका (स्त्री.) [*कौ मोदते इति, मुद हर्षे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, स्वार्थे कन् ५.३.७५, टाप् ४.१.४ इत्वम्*] १.औषधिविशेष २.काफल।

कुमुदिनी (स्त्री.) १.[*कुमुदानि सन्त्यस्य, पुष्करादिभ्यः ५.२.१३५ इति इन्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.कमलको समूह २.फुलेको कमलको बोट ३.[*कुमुदानि सन्त्यस्याम्*] सेता राता कमलका फूल भएको पोखरी।

कुमुद्वती कैरविका तथा कुमुदिनीति च।
सा तु मूलादिसर्वाङ्गैरुक्ता समुदिता बुधैः॥ (भा.प्र.नि.)

~नायकः (पुं.) चन्द्रमा। **~पतिः** (पुं.) चन्द्रमा।

कुमुद्वती (स्त्री.) [*कुमुदानि सन्ति यस्यां सा, कुमुदनडवेतसेभ्यो ड्मतुप् ४.२.८७ इति ड्मतुप्, झयः ८.२.१० इति वत्वम्, उगितश्च ४.१.६ इति ङीप्*] १.कमलिनी। (भा.प्र.)। २.कुमुदनामक नागराजकी बहिनी, कुशकी पत्नी।

तं स्वसा नागराजस्य कुमुदस्य कुमुद्वती।
अन्वगात् कुमुदानन्दं शशाङ्कमिव कौमुदी॥ (रघु. १७.६) ३.क्रौञ्च द्वीपमा पर्ने सात नदीमध्ये एक नदी (वि.पु.२.४.५५) ४.षड्ज स्वरका चार श्रुतिहरूमध्येको दोस्रो श्रुति।

कुमुद्वान् (पुं.) [*कुमुदानि सन्त्यत्र*] चन्द्रकमल ज्यादा हुने ठाउँ।

कुमेरुः (पुं.) [*कु ईषदल्प उत्तरवर्तिमेरोरपेक्षया, मेरुः,प्रादिस.*] दक्षिणी ध्रुवको ठिक तल रहेको पर्वत।

.........................सुमेरुः सौम्यदिक् स्थितः।
याम्येप्येवं परो मेरुः कुसंज्ञो याम्यदिक्स्थितः॥
(सि.त.वि. मध्यमाधिकार, १३८)

कुम्बा (स्त्री.) [*कुम्ब्यतेऽनया, कुबि आच्छादने इति धातोः, चिन्तिपूजिकथिकुम्बिचर्चश्च ३.३.१०५ इत्यङ्, इदितो नुम्धातोः ७.१.५८ इति नुम्*] १.यज्ञीय कर्महरू गरेको अरूले नदेखुन् भनेर बनाएको छेकबार २.कस्सिएको पटुका/पेटी।

कुम्भः (पुं.) [*कुं भूमिम् गन्धेन उम्भति पूरयति, उम्भ पूरणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण, पररूपम् (वा.) ६.१.९६*] १.प्रह्लादका तीन छोराहरूमध्ये एक छोरा। यिनका भाइहरूको नाम विरोचन र निकुम्भ थियो २.पानीको घडा ३.हात्तीको टाउकोमा हुने दुई मासुको डल्ला ४.एघारौं राशि। यसमा धनिष्ठाका तृतीय र चतुर्थ पाउ, शतभिषाका चारै पाउ तथा


(कुम्भः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वभाद्र पदाका प्रथम, द्वितीय तथा तृतीय पाउ, पर्दछन्। यसको क्षेत्र मकरराशिको उत्तरपूर्व हो। यसको सीमा ३०० अंशदेखि ३३० अंशसम्म छ। यसलाई २१ अक्टुबर, राती ९ बजे याम्योत्तरवृत्तमा राम्रोसित देख्न सकिन्छ। ५.दुई द्रोण बराबरको तौलविशेष ६.रावणको भाइ कुम्भकर्ण ७.रावणको भाइ कुम्भकर्णको एक छोरो ८.वेश्यागामी/वेश्यापति ९.गुग्गुल १०.कुम्भ (पर्व) मेला। **कुम्भयोग मेला पर्ने ठाउँहरू—** मेषराशिमा सूर्य र वृषराशिमा गुरु हुँदा— **हरिद्वारमा,** मकर राशिमा सूर्य र वृषराशिमा गुरु हुँदा— **प्रयागमा,** मकर राशिमा सूर्य र चन्द्र तथा वृष राशिमा गुरु हुँदा माघे औँसीका दिन— **प्रयागमा,** सिंहराशिमा सूर्य र गुरु हुँदा औँसीको दिन— **गोदावरीमा,** सोही अवस्थामा सूर्य र गुरु हुँदा काठमाडौँ उपत्यकाको दणितर्फ अवस्थित ललितपुर जिल्लाको **गोदावरीमा,** वृश्चिक राशिमा गुरु र सिंह राशिमा सूर्य तथा चन्द्र हुँदा औँसीको दिन— **उज्जैनमा।** मेष राशिमा सूर्य र गुरु हुँदा नेपालको **वराहक्षेत्र चतरा धाममा** ।

कुम्भकः (पुं.) [*कुम्भ इव कायते निश्चलतया प्रकाशते, कै शब्दे इति धातोः, आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.सास तानेर रोक्ने यौगिक क्रिया/प्राणायामको एक अङ्ग २.स्वामी कार्तिकेयका एक गणको नाम ३.भुइँमा थाम अड्याउने काठ वा ढुङ्गाको आधार।

कुम्भकप्राणायामः (पुं.) योगशास्त्रअनुसार प्राणायामका तीन भेदमध्ये पूरक प्राणायामद्वारा माथि तानिएको प्राणवायुलाई रोकेर राख्ने क्रिया। पूरक प्राणायाम गर्दा जति समय वायु तान्न समय लाग्छ, त्यसको चारगुना समय कुम्भक प्राणायाममा लगाउनुपर्छ। अर्थात् एक पटक पूरक प्राणायाम गरेमा चार पटक कुम्भक प्राणायाम गर्नुपर्छ, दुई पटक पूरक प्राणायाम गरेमा आठ पटक कुम्भक प्राणायाम गर्नुपर्छ, तीनपटक पूरक प्राणायाम गरेमा बाह्र पटक कुम्भक प्राणायाम गर्नुपर्छ। यसरी चारपटक पूरक प्राणायाम गरेमा सोह्र पटक कुम्भक प्राणायाम गर्नुपर्छ।। सामान्यतया कुम्भक प्राणायामका दुई भेद छन्—

१.**सहितकुम्भक**— रेचक र पूरकसहितको कुम्भक प्राणायामलाई सहितकुम्भक भनिन्छ।

सहितः केवलश्चेति कुम्भको द्विविधो मतः।
रेचकः पूरकः कार्यः स वै सहितकुम्भकः॥

२.**केवलकुम्भक**— रेचक पूरक नगरिकनै मुखले वायु तानेर रोकिरहँदा हुने प्राणायामलाई केवलकुम्भक भनिन्छ।

रेचकं पूरकं त्यक्त्वा मुखेन यद्वायुधारणम्।
प्राणायामोऽयमित्युक्तः स वै केवलकुम्भकः॥

(हठप्रदीपिका)। घेरण्डसंहितामा कुम्भक प्राणायामका आठ भेदको चर्चा छ— सहित, सूर्यभेदी, उज्जापी, शीतली, भस्त्रिका, भ्रामरी, मूर्च्छा र केवली।

सूर्यभेदनमुज्जापी शीत्कारः शीतली तथा।
भस्त्रिका भ्रामरी मूर्च्छा केवली चाष्टकुम्भिका॥ (घे.सं.)

हठदीपिकामा कुम्भक प्राणायामका आठ भेदको चर्चा छ— सूर्यभेदन, उज्जापी, शीत्कार, शीतली, भस्त्रिका, भ्रामरी, मूर्च्छा र प्लावनी। घेरण्डसंहितामा सहितकुम्भक प्राणायामका दुई भेदको वर्णन छ— सगर्भ, विगर्भ। **सगर्भ—** बीज या मन्त्र भन्दै गरिने प्राणायाम, **विगर्भ—** बीज या मन्त्र नजपी त्यसै गरिने प्राणायाम (घे.सं.)।

कुम्भकर्णः (पुं.) [*कुम्भौ इव कर्णौ यस्य सः, बहु.स*] रावणको सहोदर माइलो भाइ। यसका बाजे— **पुलस्त्य** (सप्तर्षि), बाबु— **विश्रवा ऋषि,** आमा— **पुष्पोत्कट्या,** छोरा— **कुम्भ** र **विकुम्भ,** पत्नी - **वज्रज्वाला** हुन्। वज्रज्वाला बलिराजाकी नातिनी हो।

कुम्भश्चैव विकुम्भश्च कुम्भकर्णसुतावुभौ (स्क.पु.रे.ख.)।

कुम्भकारः (पुं.) [*कुम्भं करोति, डकुञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.कुह्मले २.एक वर्णसङ्कर जाति। उशना ऋषिको मतमा— लुकीचोरीसँग ब्राह्मणले वेश्याबाट जन्माएको पुरुष। पराशर ऋषिको मतमा— माली जातिको पुरुषले दासी वा कमारीबाट जन्माएको पुरुष। **वैश्यायां विप्रतश्चौर्यात् कुम्भकारः स उच्यते।** (उशना) **मालाकारात्कर्मकर्यां कुम्भकारो व्यजायत** (पराशर)।

कुम्भमुद्रा (स्त्री.) दाहिने बुढी औँलालाई बायाँ बुढी औँलामा जोडी बाँकी औँलाहरू मुठीभैँ बनाई खोक्रो (चरपरेको) पार्दा बन्ने हस्तक्रियाको मुद्राविशेष।

दक्षाङ्गुष्ठं वामाङ्गुष्ठौ सदन्या मुष्टिपार्श्वगा।
कुर्यात्तामन्तराकाशं कुम्भमुद्राभिषेचने॥ (मु.प्र.)

कुम्भयोनिः (पुं.) [*कुम्भः तत्सदृशो वा योनिः उत्पत्तिस्थानं यस्य सः, बहु.स.*] १.गुम्पाती २.द्रोणाचार्य ३.अगस्त्यऋषि ४.वसिष्ठऋषि।

कुम्भसम्भवः (पुं.) [*कुम्भः संभव उत्पत्तिस्थानं यस्य सः, बहु.स.*] अगस्त्य मुनि। **मुनिर्जयति योगीन्द्रो महात्मा कुम्भसम्भवः। येनैकचुलुके दृष्टौ दिव्यौ तौ मत्स्यकच्छपौ॥** (कुवलयानन्द १७१)।

कुम्भाण्डः (पुं.) [*कुम्भाकारः अण्डः, म.प.स.*] १.घडाको आकार भएको अण्ड २.[*कुम्भाकारः अण्डो यस्य सः, बहु.स.*] १.वाणसुरको मन्त्री २.हाइड्रोसिलको रोगी।

कुम्भिका (स्त्री.) [*कुम्भोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४ इत्वम्*] १.ठुला पात हुने कमल २.पिँडाले।

कुम्भिलः (पुं.) [*कुम्भोऽस्त्यस्य सः, कुम्भशब्दात् इलच्*] १.माछोविशेष २.श्लोकको अर्थचोर ३.सालो।

कुम्भी (पुं.) [*कुम्भोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.हात्ती २.जलजन्तुविशेष/गोही ३.गुगुल ४.(स्त्री.) [*अल्पार्थे ङीप्*] भारी ५.काफल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

कुम्भीनसः (पुं.) [*कुम्भीव नासिका यस्य सः, बहु.स.*] १.क्रूर सर्प/गोमन २.विषालु किटाणु । **कुम्भीनस्तुण्डीकेरी** (सुश्रुतः) ।

कुम्भीपाकः (पुं.) [*कुम्भ्यां पाको यत्र*] १.सही नसक्ने अनि उखरमाउलो हुने गर्मी भएको ठाउँ २.एक महानरक ।

कुम्भीरः (पुं.) [*कुम्भिनं हस्तिनमीरयति, कर्मण्यण् ३.२.१ इत्यण्*] हात्तीको आकारको जलजन्तु ।

गर्दभत्वं तु संप्राप्य दश वर्षाणि जीवति ।
संवत्सरन्तु कुम्भीरस्ततो जायते मानवः ॥ (म.भा.)

कुर (धा.) [*शब्दे, अक.सेट्, पर.*] शब्द गर्नु । लट्– **कुरति–** शब्द गर्छ इत्यादि ।

कुरङ्करः (पुं.) [*कुरं करोति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सारस पक्षी २.ढुकुर ।

कुरङ्गः (पुं.) [*कौरति विक्षिपति स्वं तृणादिकं वा, कृ विक्षेपे इति धातोः, विडादिभ्यः कित् (उ.) १२६ इति अङ्गच्, कित् च, बाहुलकादुत्वम् स्त्रियाम् कुरङ्गी*] मृग । **कुरङ्गमातङ्गपतङ्गभृङ्गा मीनाहता पञ्चभिरेव पञ्च** (भाग. टीका) ।

(कुरङ्गः)

कुरण्टः (पुं.) [*कुर्यते शब्द्यते इति, कुर शब्दे इति धातोः, बाहुलकात् अण्टक्*] पहेँलो कठसरैया ।

कुरण्टी (स्त्री.) [*कुर्यते इति, कुर छेदने इति धातोः, बाहुलकात् अण्टक्, ङीप्*] पहेँलो कठसरैया ।

कुररः (पुं.) [*कौति शब्दायते, कु शब्दे इति धातोः, कुवः क्ररन् (उ.) ४२० इति क्ररन्प्रत्ययः*] कर्‍याङ् कुरुङ् ।

कुररी (स्त्री.) [*कुररस्य स्त्री, ङीप्*] पोथी कर्‍याङ्कुरुङ् ।

कुरलः (पुं.) [*रस्य लत्वम्*] कर्‍याङ्कुरुङ् ।

कुरवः (पुं.) [*कुत्सितश्चासौ रवश्च, कर्म.स.*] १.खराब शब्द २.[*कु ईषद् रवो मधुकराणां स्वल्पमधुतया यत्र सः, बहु.स.*] १.रातो कठसरैया २.सेतो मन्दार पुष्प ।

कुरसः (पुं.) [*कुत्सितो रसोऽत्र*] १.मदिराविशेष २.जहरविशेष ।

कुराज्यम् (नपुं.) [*कुत्सितं राज्यम्, प्रादिस.*] जनताको शान्ति सुरक्षा, गाँस, वास, कपास, शिक्षा, आदिको व्यवस्था गर्न नसक्ने राज्य/।

कुपुत्रे निर्वृतिर्नास्ति कुभार्यायां कुतो रतिः ।
कुमित्रे नास्ति विश्वासः कुराज्ये नास्ति जीवितम् ॥
(ग.पु. आचारकाण्ड ११५.४)

कुरुः (पुं.) [*यः करोति येन वा, डुकृञ् करणे इति धातोः, कृग्रोरुच्च (उ.) २४ इति सूत्रेण कुः, उकारश्च*] १.महाभारतमा वर्णित एक राजा २.तपतीको गर्भबाट संवरण राजाले जन्माएका राजा/कौरववंशका प्रवर्तक । ३.हिमालयको दक्षिण–पश्चिममा रहेको एक प्रदेश ४.जम्बूद्वीपको नववर्षभित्रको एक वर्ष ५.कण्टकारिका ।

कुरुक्षेत्रम् (पुं.) [*कुरूणां चन्द्रवंशोद्भवेन राजविशेषेण भूरितपसा उपार्जितधर्मक्षेत्रनाम्ना प्रसिद्धं कुरुदेशान्तर्गतं क्षेत्रम्, म.प.स.*] भारतको दिल्ली र अम्बाला प्रदेशको बिचमा रहेको प्रसिद्ध तीर्थ । यहाँ कौरव र पाण्डवको लडाइँ भएको थियो। वामनपुराणअनुसार राजा कुरुले सरस्वती नदीका किनारमा अष्याङ्ग धर्म र आध्यात्मिक शिक्षाको लागि ४८ कोश जमीन तयार पारे । त्यसै क्षेत्रमा मठ,मन्दिर,सरोवर,ऋषिमुनिका आश्रम, तपःस्थली आदिको निर्माण तथा तिनको सञ्चालनार्थ आवश्यक सबै व्यवस्था गरे । स्थाणुतीर्थ नजिकको मैदानमा ठुलो सरोवर बन्यो । यो पूर्व पश्चिम २३६४ हात लामो, उत्तर दक्षिण १२६६ हात चाक्लो छ, बिचमा ३८६ हातको चारकुना परेको एक टापु छ । यसको मध्यपश्चिम भागमा चन्द्रकूप नामको तलाउ छ। यसमा सूर्यग्रहणको समयमा स्नान तथा श्राद्ध गरिन्छ। यसको उत्तरपश्चिममा तीनतिर जाने बाटो छ। बायाँबाट कैथलक, बिचबाट पृथूद र दाहिनेबाट आयुजस घाटमा गइन्छ। यहाँ सरस्वती नदी छ। अस्थिपुरको उत्तरमा क्षीरवास घाट छ। यसलाई कुरु राजाले आफ्नो तपस्याद्वारा पवित्र पारेका थिए । **कुरुक्षेत्रञ्च तपसा पुण्यं चक्रे महातपाः ।** (महा.आ.९४.५०) कुरुक्षेत्रमा जम्मा ३६० तीर्थ स्थन् । तीमध्ये स्थाणुतीर्थ, गङ्गातीर्थ इत्यादि ९१ तीर्थहरू कुरुक्षेत्रको ५ माइलभित्रै पर्दछन् । **पवित्र सात नदी–** सरस्वती, वैतरणी, आपगा, मधुश्रवा, दृषद्वती, हिरण्वती । वर्तमान अवस्थामा बढ्दो बस्ती र सहरीकरणले गर्दा सरस्वतीबाहेक अन्य नदीको स्थिति राम्रो छैन । **पवित्र कूप तथा सरोवर–** १.ब्रह्मसर, स्थानेसर (थाण्वीश्वर) कालेसर, ज्योतिःसर (भगवान् कृष्णले गीताको उपदेश दिएको स्थल), सन्निहितसर । सूर्यग्रहणको समयमा स्नानका लागि ब्रह्मसरमा तीर्थयात्रीको ठुलो घुइँचो लाग्छ। २.चन्द्रकूप, देवीकूप, विष्णुकूप, रुद्रकूप । यहाँका अन्य **कतिपय तीर्थहरू–** बाणगङ्गा, नाभिकमल तीर्थ आदि ।

कुरुजाङ्गलम् (नपुं.) [*कुरोर्नाम्ना प्रथितं जाङ्गलम्, म.प.स.*] कुरुको नामले प्रसिद्ध जङ्गल/वाह्र अरण्यमध्येको एक । **तस्य नाम्नाभिविख्यातं प्रसिद्धं कुरुजाङ्गलम् ।** (म.भा.१.९४.४९)

कुरुदेशः (पुं.) [*कुरूणां देशः, ष.त.*] १.हस्तिनापुरदेखि लिएर कुरुक्षेत्रदेखि दक्षिण र पञ्जाबभन्दा पूर्वपट्टिको देश ।

हस्तिनापुरमारभ्य कुरुक्षेत्राच्च दक्षिणे ।
पाञ्चालपूर्वभागे तु कुरुदेशः प्रकीर्तितः ॥ (मनु.)

२.जम्बूद्वीपका नौ वर्षमध्ये एक वर्ष ।

कुरुविन्दः (पुं.) [*कूरून् विन्दति, विद्लृ लाभे इति धातोः, अनुपसर्गाल्लिम्प ३.१.१३८ इति शः*] १.मोथे २.ऐना ३.सिन्दूर ४.विरेनुन ५.माष ।

कुरूपः (पुं.वि.) [*कुत्सितं रूपं यस्य सः, बहु.स.*] १.नराम्रो/रूप नभएको २.छ्याके ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोकिलानां स्वरो रूपं नारीरूपं पतिव्रतम्।
विद्या रूपं कुरूपाणां क्षमा रूपं तपस्विनाम्॥ (सुभा.)

कुर्कुरः (पुं.) [*कुर इति अस्पष्टं शब्दं कुरति शब्दायते, इगुपध-ज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] कुकुर।

कुर्परः (पुं.) [*कुरति, कुर शब्दे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, कुर् पिपर्ति, पॄ पालनपूरणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.घुँडा २.कुहिनो।

कुल (धा.) [*संस्त्याने, बन्धुषु च, भ्वा.अक्.सेट् पर.*] बटुल्नु, आत्मीय बन्नु। लट्– **कोलति–** बटुल्छ, आत्मीय बन्छ, **आकोलति–** आकुल हुन्छ, **व्याकोलति–** व्याकुल हुन्छ इत्यादि।

कुलकीर्तिः (स्त्री.) [*कुलस्य कीर्तिः, ष.त.*] पुर्खाको कीर्ति/कुलको ख्याति।

कुलक्षणम् (नपुं.) [*कुत्सितं लक्षणम्, गति.स.*] नराम्रो लक्षण।

कुलक्षयः (पुं.) [*कुलस्य क्षयः, ष.स*] कुलको नाश।

कुलकः (पुं.).१.कुलश्रेष्ठ २.कालीगढको नाइके ३.कुचिला ४.धमिराको गोलो ५.हरियो सर्प ६.मैनफलको वृक्ष।

कुलकम् (नपुं.) [*कौ भूमौ लीयते, डः, ततः संज्ञायां कन्*] १.परवरको लहरा २.[*कोलन्ति एकस्मिन् क्रियापदे पञ्चश्लोकस्थपदानि समन्विता भवन्ति, कुल संस्त्याने इति धातोः पचाद्यच्, ततःसंज्ञायां कन्*] पाँच श्लोकको एक वाक्य हुने काव्य।

कुलकुण्डलिनी (स्त्री.) [*कुलस्य कुण्डलिनी, ष.त.*] तन्त्रशास्त्रमा वर्णित मूलाधारमा विद्यमान शक्ति।

कुलगुरुः [*कुलस्य गुरुः, ष.त.*] पुर्खादेखि पुजिदै वंशपरम्परागत रूपमा आएका गुरु।

कुलघाती (पुं.वि.) [*कुलं हन्ति तच्छीलः, णिनिः*] वंश नाश गर्ने।

कुलजा (स्त्री.) [*कुले जाता, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः, टप् ४.१.४*] कुलमा पैदा भएकी।

कुलटा (स्त्री.) [*व्यभिचारार्थं भिक्षार्थं वा कुलानि जनपदं गृहे गृहे वा अटति, अट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्, टप् यद्वा कुलस्य जनपदगृहस्य अटा, ष.त., शकन्ध्वादिः (वा.) ६.१.९४ इति पररूपम्*] १.व्यभिचारमा संलग्न स्त्री/वेश्या।

निरक्षरे वीक्ष्य महाधनत्वं विद्याऽनवद्या विदुषा न हेया।
रत्नावतंसा कुलटाः समीक्ष्य किमार्यनार्यः कुलटा भवन्ति॥ (सुभा.)

२.परकीया नायिकाको एक भेद/रतिभोगका लागि अन्य पुरुषको खोजी गरेर हिँड्ने निर्लज्ज नायिका। **यात्रादिनिरताऽन्योढा कुलटा गलितत्रपा।** (सा.द.) ३.मनःशिलानामक औषधि। **कुलटा मनःशिलायां नेपाल्यामपि योषिति** (मेदिनी.)।

कुलत्थिका (स्त्री.) [*कुलत्थ इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टप् ४.१.४ इत्वम्*] गहत।

कुलत्रयम् (नपुं.) [*कुलानां त्रयम्, ष.त.*] पितृकुल, मातृकुल र पतिकुल।

पितृवंश्या मातृवंश्याः पतिवंश्यास्त्रयस्त्रयः।
पतिव्रतायाः पुण्येन स्वर्गे सौख्यानि भुञ्जते॥
(शि.पु. रुद्रसंहिता पार्वती खण्ड ५४.५९)

कुलदीपकः (पुं.वि.) [*कुलस्य दीप इव, त.स. इवार्थे कन्*] कुलको बत्ती/राम्रो काम गरेर कुललाई नै उज्यालो तुल्याउने व्यक्ति।

प्रदोषे दीपकश्चन्द्रः प्रभाते दीपको रविः।
त्रैलोक्ये दीपको धर्मः सुपुत्रः कुलदीपकः॥ (सुभा.)

कुलदेवता (स्त्री.) [*कुलस्य देवता, ष.त.*] कुलका संरक्षक, संवर्धक र क्षेत्रको पालना गर्ने भनेर मानिएका देवता।

कुलद्वयम् (नपुं.) [*कुलयोर्द्वयम्, ष.त.*] दुई कुल/मातृकुल तथा पितृकुल।

पतिव्रता च या नारी पत्युर्नित्यं हिते रता।
कुलद्वयस्य पुरुषानुद्धरेत् सा शतं शतम्॥ (प.पु. ४७.५१)

कुलधर्मः (पुं.) [*कुलस्य धर्मः, ष.त.*] १.कुलाचार २.पिता–पुर्खादेखि चलिआएको धर्म।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन।
नरके नियतं वासो भवतीत्यनुशुश्रुमः॥ (भ.गी.)

कुलधारकः (पुं.) [*कुलस्य धारकः, ष.त.*] औरस पुत्र।

कुलनायिका (स्त्री.) [*कुले पूज्या नायिका, म.प.स.*] कुलाचारमा पूजा गरिने स्त्री/वाममार्गीले भैरवी चक्रमा पूजा गर्ने केटी। यी नौ किसिमका हुन्छन्– नटी, कापालिनी, वेश्या, धोबिनी, हजामकी स्त्री, ब्राह्मणी, ग्वालाकी कन्या, शूद्रकी कन्या, मालीकी कन्या।

रक्तमाल्येन संयुक्तो रक्तपुष्पविभूषितः।
पञ्चीकरणसङ्केतैः पूजयेत् कुलनायिकाम्॥
नटी कापालिकी वेश्या रजकी नापिताङ्गना।
ब्राह्मणी शूद्रकन्या च तथा गोपालकन्यका।
मालाकारस्य कन्या च नव कन्याः प्रकीर्तिताः॥ (तन्त्रसार)

कुलनाशकारणम् (नपुं.) [*कुलस्य नाशः तस्य कारणम्, ष.त.*] कुलको नाशको कारण।

कुविवाहैः त्रियालोपैर्वेदानध्ययनेन च।
कुलान्यकुलतां यान्ति ब्राह्मणातिक्रमेण वै। (कूर्मपु.)
अनृतात् पारदार्याच्च तथाऽभक्ष्यस्य भक्षणात्।
अश्रौतधर्माचरणात् क्षिप्रं नश्यति वै कुलम्॥ (कूर्मपु.)

कुलपतिः (पुं.) [*कुलस्य दशसहस्रविद्यार्थिसमूहस्य पतिः, ष.त.*] १.विश्वविद्यालयको वा कुनै प्राज्ञिक संस्थाको सर्वोच्च प्रशासक वा पदाधिकारी २.दस हजार वा सो भन्दा बढी विद्यार्थीलाई भरणपोषण गरेर शिक्षा दिने व्यक्ति। **मुनीनां दशसाहस्रं योऽध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः अन्नदानादिपोषणात्** (पुरा.)।

कुलपरम्परा (स्त्री.) [*कुलस्य परम्परा, ष.त.*] आफ्ना पुर्खाहरूले चलाई आएका कामकुरा वा परिपाटी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलपर्वताः (पुं.बहु.) [*कुलसंज्ञकाः पर्वताः, म.प.स.*] कुलपर्वत सात छन्– महेन्द्र, मलय, सह्य, शुक्तिमान्, ऋक्षवान्, विन्ध्य, परियात्रक ।

कुलपादपाः (पुं.बहु.) कुलवृक्षका नामले चिनिने आठ वृक्षहरू– लप्सी, आँक, लेखपाङ्ग्रो, नीम, पिप्पल, कदम, बेल र अशोक । यस्तै १० कुलवृक्षको उल्लेख पुरश्चर्यार्णवमा र १२ कुल वृक्षको उल्लेख आह्निकसूत्रावलीमा गरिएको छ ।

कुलपालकः (पुं.) [*कुलस्य पालकः, ष.त*] दश हजार विद्यार्थीलाई भरणपोषण गरेर विद्या दिने व्यक्ति ।

कुलपालिका (स्त्री.) [*कुलं पालयति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् ५.३.७५, टाप् ४.१.४ इत्वम्*] कुल परम्पराको संरक्षण गर्ने स्त्री ।

कुलपुरुषः (पुं.) [*कुलस्य पुरुषः, ष.त.*] वंशको मुख्य मानिस ।

कुलपूर्वजः (पुं.) [*कुलस्य पूर्वजः, ष.त.*] कुलको सबैभन्दा जेठो ।

कुलबालिकाः (स्त्री.) [*कुलस्य सदाचारकुटुम्बस्य बालिका*] असल आचरणले युक्त कुटुम्बकी कन्या/कुलाङ्गना ।

कुलम् (नपुं.) [*कूयते, कुङ् शब्दे इति धातोः, बाहुलकाल्लक्, यद्वा कोलति, कुल संस्त्याने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.सन्तानको परम्परा/वंश । **एकेनापि सुपुत्रेण विद्यायुक्तेन भासते । कुलं पुरुषसिंहेन चन्द्रेणेव हि शर्वरी** (सुभा.) २.सजातीय वर्ग ३.[*कुं भूमिं लाति, गृह्णाति*] देश ४.घर ५.[*कौ भूमौ लीयते, अन्येभ्योऽपि दृश्यते इति डः, टिलोपः*] शरीर ६.अघिल्लो भाग ७.वाममार्ग ८.तन्त्रमा प्रकृति, काल, आकाश जल, तेज वायु आदि ९.सङ्गीतमा एक ताल ।

कुलं जनपदे गोत्रे सजातीयगणेऽपि च ।
भवने च तनौ क्लीबं कण्टकार्योषधौ कुली ॥ (मेदिनी.)

कुललक्षणम् (नपुं.) [*कुलस्य लक्षणम्, ष.त.*] असल कुलको लक्षण ।

आचारो विनयो विद्या प्रतिष्ठा तीर्थदर्शनम् ।
निष्ठा वृत्तिस्तपो दानं नवधा कुललक्षणम् ॥ (ध.शा.)

कुलवधूः (स्त्री.) [*कुलस्य वधूः, ष.त.*] असल घर वा राम्रो घरानकी बुहारी वा पत्नी । **वरं वेश्या पत्नी न पुनरविनीता कुलवधूः** (सुभा.) ।

कुलवृद्धः (पुं.वि.) [*कुलस्य वृद्धः, ष.त., कुले वा वृद्धः, ष.त.*] कुलमा सबैभन्दा वृद्ध ।

कुलव्रतम् (नपुं.) [*कुलस्य व्रतम्, ष.त.*] वंशपरंपराबाट लिइँदै आएको व्रत ।

कुलसचिवः (पुं.) [*कुलस्य सचिवः, ष.त.*] १.दश हजार विद्यार्थीलाई भर्ना गर्न र तिनीहरूको व्यवस्था मिलाउन तोकिएको एक कर्मचारी २.विश्वविद्यालयमा आर्थिक कारोबार तथा प्रशासन हेर्ने केन्द्रीय तहको पदाधिकारी रजिष्ट्रार ।

कुलस्त्री (स्त्री.) [*कुलपालिका स्त्री, म.प.स.*] १.कुल परम्परालाई धान्ने महिला २.[*कुलस्य स्त्री, ष.त.*] असल कुलमा पैदा भएकी महिला ।

असन्तुष्य द्विजा नष्य सन्तुष्यश्च महीभुजः (हितो.) ।
सलज्जा गणिका नष्टा, निर्लज्जाश्च कुलस्त्रियः ।

(चाणक्य) ३.[*कुले मूलाधारे विराजिता स्त्री शक्तिः*] कुण्डलिनी शक्ति । **कुलस्त्रीज्ञानमात्रेण जीवन्मुक्तो भवेन्नरः** (कुलार्णव) ।

कुलाङ्गना (स्त्री.) [*कुलस्य अङ्गना, ष.त.*] कुलको मर्यादामा बसेकी महिला ।

शोभन्ते विद्यया विप्राः क्षत्रिया विजयश्रिया ।
श्रियोऽनुकूलदानेन लज्जया च कुलाङ्गना ॥ (सुभा.)

कुलाङ्गारः (पुं.वि.) [*कुलस्य अङ्गार इव, त.स.*] कुलको बदनाम गर्ने/कुलको नाममा मोसो लगाउने ।

कुलाचलाः (पुं.बहु.) [*कुलसंज्ञका अचलाः, म.प.स.*] हे.– कुलपर्वताः ।

कुलाचारः (पुं.) [*कुलस्य आचारः, ष.त.*] चलिआएको चालचलन/कुलोचित कर्म ।

कुलाभिमानी (पुं.वि.) [*कुलस्य अभिमानी, ष.त.*] आफ्नो कुलप्रतिको गर्व राख्ने ।

कुलायः (पुं.) [*कुलं पक्षिसन्तानोऽयतेऽत्र, अय गतौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] पक्षीको गुँड/पक्षीहरूको निवासस्थान ।

कुलायस्तु पुमान्स्थानमात्रे स्यात् पक्षिवासके (मेदिनी.) ।

कुलायनः (पुं.) [*कुलस्य वंशस्य अयनम् गतिर्यस्मात् सः*] कुलका देवता ।

कुलायिका (स्त्री.) [*कुलायःपक्षिनिवासस्थानं विद्यते ऽस्याम्, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४ इत्वम्*] चिडियाखाना/पक्षीहरू राखिएको घर वा क्षेत्र ।

कुलालः (पुं.) [*कोलति संघातयतीति, कुल संस्त्याने इति धातोः, तमि–विशि–बिडि–मृणि–कुलि–कपि–पलि–पञ्चिभ्यः कालन् (उ.) १२३ इति कालन्*] १.कुमाले २.पक्षिविशेष/लुइँचे ३.उल्लू चरो ४.एक प्रकारको घोडा ।

कुलाली (स्त्री.) [*कुलमलति, अल भूषणादौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप् ४.१.१५*] १.वनगहत २.कुमालेकी स्त्री ।

चक्षुष्या कुम्भकारी च कुलाली च कुलत्थिका (रत्न.) ।

कुलिकः (पुं.) [*कुलमधीनत्वेनास्यास्ति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.आठ नागमध्ये एक नाग २.कालिगढको नाइके ३.वृक्षविशेष ४.कुलको मान्य पुरुष । **कुलिको नागभेदे स्याद द्रुभेदे कुलसत्तमे** (मेदिनी.) ।

कुलिङ्गः (पुं.) [*कौ पृथिव्यां लिङ्गति गच्छति, लिगि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.भँगेरो २.ध्वाँसे चरो ३.धानमा चाहार्ने चरो ४.(पुं.वि.) [*कुत्सितं लिङ्गति, लिगि गतौ इति धातोः, पूर्ववत् अच्*] खराब चिह्न भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलिशम् (नपुं.) [*कुलिर्हस्तः, कुलौ शेते, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.वज्र./इन्द्रको हतियार २.[*कुत्सितं लिसति अल्पीभावेन गच्छति*] माछो। **कुलिशो न स्त्रियां प्रोक्तो दम्भोलौ ना भषान्तरे।** (विश्व.) २.होचा रुख।

कुली (पुं.) [*कोलति, कुल संस्त्याने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.बिंही २.[*कुलमस्यास्तीति अत इनिठनौ ५.२.११५ इति इनिः*] असल कुलमा पैदा भएको ३.(पुं.) [*कौ लीयते इति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, ङीप्*] कन्टकारी।

कुलीनः (पुं.वि.) [*कुलस्यापत्यम् सत्कुले जातः,कुलात्खः ४.१.१३९ इति खः, खस्येनः*] १.असल कुलमा पैदा भएर तदनुकूल आचरणमा रहेको। **उत्कर्षविशेषधर्मावच्छिन्नवंशजातकत्वे सति तद्धर्मवत्वं कुलीनत्वम्।**

कुलीनैः सह सम्पर्कं पण्डितैः सह मित्रताम्।
ज्ञातिभिश्च समं मेलं कुर्वाणो न विनश्यति॥ (सुभा.)

२.(पुं.) असल जातको घोडा।

कुलीनकः (पुं.) [*कुलीन एव, संज्ञायाम् कन्*] १.वनमुगी।

कुलीनतन्त्रम् (नपुं.) [*कुलीनानां तन्त्रम्, ष.त.*] उच्च कुलका व्यक्तिहरूद्वारा चलाइने शासनपद्धति।

कुलीरः (पुं.) [*कुलति, कुल संस्त्याने इति धातोः गम्भीरादयश्च (उ) इति ईरन्*] १.गँगटो २.आठ नागमध्ये एक नाग।

कुल्माषः (पुं.) [*कुलं मस्यति, मसी परिणामे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, पृषोदरादित्वात् ६.३१०९ साधुः*] भटमास। **कुल्माषो यावकः पुंसि।** (रभस.) २.पानीमा अनेक औषधि हालेर कुहाई बनाएको औषधि।

कुल्मासः (पुं.) [*कुलं मस्यति, मसी परिमाणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.आधा भिजेको वा आधा पाकेको अन्न।

अर्द्धस्विन्नास्तु गोधूमा अन्येऽपि चणकादयः।
कुल्मासा इति कथ्यन्ते शब्दशास्त्रेषु पण्डितैः॥ (भा.प्र.नि.)

२.वन गहत ३.रोग।

कुल्यः (पुं.वि.) [*कुले भवः,अपूर्वपदादन्यतरस्यां यड्ढकञौ ४.१.१४० इति यत्, अलोपः*] कुलमा पैदा भएको।

कुल्यम् (नपुं.) १.हाड २.नापोविशेष।

कुल्या (स्त्री.) [*कुले प्राणिगणे साधुः, तत्र साधुः ४.४.९८ इति यत्, टाप् ४.१.४*] १.कुलो २.औषधिविशेष ३.कुलकी नारी।

कुवलम् (नपुं.) [*कौ वलति, वल प्राणने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्चयः ३.१.१३४ इत्यच्*] १.कमल २.मुक्ताफल ३.बयर। **कुवलं चोत्पले मुक्ताफले च बदरीफले।** (मेदिनी.) ४.सर्पको पेट ५.पानी ६.मोती।

कुवलयम् (पुं.) [*कोर्वलयमिव, शोभाकरत्त्वात्*] १.राति फुल्ने कमल/सेतो कमल २.नीलकमल ३.सामान्य कमल। **ज्योतिर्लेखावलयि गलितं यस्य वर्हं भवानी। पुत्रप्रेम्णा कुवलयदलप्रापि कर्णे करोति।** (मे.दू.) ४.[*कुर्वलयमिव*] पृथ्वीमण्डल ५.(पुं.).कुवलयापीड।

कुवलयानन्दः (पुं.) अप्पय्य दीक्षितद्वारा रचित प्रसिद्ध अलङ्कार ग्रन्थ। यसमा १२३ अर्थालङ्कारको विस्तृत विवेचना गरिएको छ। चन्द्रालोकको शैलीमा लेखिएको यस ग्रन्थमा अप्पय्य दीक्षितले गहिरो विवेचना गरेर आफ्नो पाण्डित्यको परिचय दिएका छन्। यिनले १७ वटा अरू अलङ्कारहरू थपेका छन्। यसमा तुलनात्मक पद्धतिको सुन्दर प्रयोग छ। यिनको समय सत्रौं शताब्दी हो।

कुवली (स्त्री.) [*कौ वलति, वल प्राणने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] बयर।

कुवादः (पुं.) [*कुत्सितो वादोऽस्य*] अर्काको बत्ख्याइँ गर्ने।

कुविन्दः (पुं.) [*कुप क्रोधे इति धातोः, कुपेर्वा वश्च (उ.) ५३५ इति किन्दच्*] १.लुगा बन्ने व्यक्ति २.शूद्रकी स्त्रीमा विश्वकर्माबाट जन्मिएको एक जात वा वर्ण।

कुवृत्तिकृत् (पुं.) [*कोः पृथिव्या वृत्तिं वेष्टनं करोति, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] १.वाातावरण २.[*कु कुत्सितां वृत्तिं करोति*] खराब व्यवसाय अँगाल्ने व्यक्ति।

कुवेणी (स्त्री.) [*कुत्सितं वेणन्तेऽस्यां मत्स्याः, वेणृ गतौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, षिद् गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.माछा हाल्ने फुँगो/पेटारी २.[*कुत्सिता वेणी यस्याः सा, बहु.स.*] नराम्रो चुल्ठो भएकी नारी।

कुव्यवहारः (पुं.) [*कुत्सितो व्यवहारः, गतिस.*] नराम्रो व्यवहार।

कुशः (पुं.नपुं.) [*कुं पापं श्यति नाशयति अन्येभ्योऽपि दृश्यते (वा) ३.२.१०१) इति डः, डित्वाट्टिलोपः*] १.एक प्रकारको तृण। यो ठुलो र सानो गरी दुई किसिमको हुन्छ– ठुलो कुश र सानो कुश। १.**ठुलो कुश–** एक अङ्गुल चौडा, चार–पाँच हात लामो पात भएको हुन्छ। २.**सानो कुश–** यो आधा अङ्गुल चौडा र दुई–तीन हात लामो पात भएको हुन्छ, भदौदेखि मार्गसम्म फुल्छ। यसको सेतो रङको पत्रैपत्र भएको काँसको जस्तो फूल हुन्छ। पुराणअनुसार यसमाथि अमृतको घडा राखिएकाले यसलाई पवित्र मानिएको हो। **कुशको लक्षण–** सात पत्र भएको र तिलको खेतमा हुने कुश शुभ मानिन्छ। नफुलेकालाई दर्भ र फुलेकालाई कुश भनिन्छ। जरासहितलाई कुतप र टुप्पा काटिएकोलाई तृण भनिन्छ। २.(पुं.) रामचन्द्रका जेठा छोरा ३.कुशद्वीप ४.(पुं.वि.) [*कौ कुत्सितकर्मणि शेते*] पापिष्ठ ५.[*कुत्सिते मदशय्यायां शेते*] मत्त/मातेको।

कुशकण्डिका (स्त्री.) [*कुशस्य कण्डिका, ष.त.*] अग्निस्थापनासम्बन्धी वैदिक संस्कार।

कुशकेतुः (पुं.) [*कुशः केतुर्यस्य सः, बहु.स.*] १.ब्रह्मा २.कुशध्वज जनक राजा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशद्वीपः (पुं.) [*कुशप्रधानो द्वीपः, म.प.स.*] पृथ्वीका सात द्वीपमध्ये एक द्वीप । यसमा गोमन्त, सुधामा, कुमुद, पुष्पवान्, कुशेशय र हरिगिरि यी सात पर्वतहरू पर्छन् । यहाँ कुशको ठुलो झाडी छ ।

कुशध्वजः (पुं.) [*कुशः ध्वजो यस्य सः, बहु.स.*] सीरध्वज/जनक राजाको भाइ ।

कुशनाभः (पुं.) [*कुशः कुशचिह्नं नाभौ यस्य सः, बहु.स.*] रामको नाति, कुशको छोरा ।

कुशपत्रकः (पुं.) [*कुशपत्रमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] फोडा चिर्ने चक्कु वा छुरी ।

कुशमुद्रिका (स्त्री.) [*कुशस्य मुद्रिका, ष.त.*] कुशको औँठी ।

कुशवटुः (पुं.) [*कुशस्य वटुः, ष.त.*] ॐ कार मन्त्रको उच्चारण गर्दै सात वा नौ कुशलाई अढाइ फन्का बेरेर बनाएको कुशको ब्राह्मण ।

सप्तभिर्नवभिर्वापि सार्धद्वितयवेष्टितम् ।
ॐ कारेणैव मन्त्रेण द्विजः कुर्यात् कुशद्विजम् ॥
(सं.दी. १.११५)

कुशवनम् (नपुं.) [*कुशानां वनम्, ष.त.*] व्रजमा गोकुल नजिकैको एक वन ।

कुशस्तरणम् (नपुं.) [*कुशानां स्तरणम्, ष.त.*] होम गर्नु अगाडि होमकुण्डको वरिपरि कुश बिछ्याउने काम ।

कुशस्थलम् (नपुं.) [*कुशानां स्थलम्, ष.त.*] १.कन्नौज प्रान्त २.कुश भएको क्षेत्र ।

कुशस्थली (स्त्री.) [*कुशानां स्थली,ष.त.*] १.द्वारकापुरीको प्राचीन नाम २.कुश भएको स्थल ।

कुशहस्तः (पुं.) [*कुशा हस्ते यस्य सः, बहुं.स.*] दान, श्राद्ध, तर्पण गर्न कुश लिएको व्यक्ति ।

कुशरीरः (पुं.वि.) [*कुत्सितं शरीरं यस्य सः, बहु.स.*] १.भद्दा शरीरको । २.(पुं.) साजको रुख ।

कुशलः (पुं.वि.) १.[*कुशलमस्यास्तीति*] सन्चै भएको/आरामै रहेको प्रियजनसित भेट हुँदा वा अत्मीय जनको बारेमा यस्ता कुरा सोध्ने औपचारिक व्यवस्था छ । २.[*कुशान् लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कुश ल्याउन सिपालु ३.[*कौ पृथिव्यां शलति चालयति कार्याणि, शल चलने इति धातोः, पूर्ववत् अच् ३.१.१३४*] निपुण/दक्ष/काममा सिपालु ।

खलास्तु कुशलाः साधुहितप्रत्यूहकर्मणि ।
निपुणाः फणिनः प्राणानपहर्तुं निरागसाम् ॥ (सुभा.)

४.पुण्यवान् ।

कुशलम् (नपुं.) [*कुत्सितं शलते संवृणोति, शल चलने संवरणे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.मङ्गल/कल्याण २.पुण्य ३.सन्चोसुबिस्ता ४.निपुणता ।

कुशली (पुं.वि.) [*कुशलमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.सन्चोसुबिस्ताभएको/प्रसन्न २.आरामै/नीरोगी ।

कुशा (स्त्री.) [*कुश संश्लेषे इति धातोः कः,टाप्*] घोडाको लगाम ।
वल्गारश्मिकुशाः स्मृता (हला.४४२) ।

कुशाकरः (पुं.) [*कुशैराकीर्यतेऽसौ, आङ्पूर्वकात् डुकृञ् करणे इति धातोः, ऋदोरप् ३.३.५७ इति अप्*] कुशले ढाकिएको यज्ञको अग्नि ।

कुशाग्रबुद्धिः (पुं.) [*कुशाग्रमिव बुद्धिर्यस्य सः, बहु.स.*] तिखो बुद्धि भएको/मेधावी/प्रतिभासम्पन्न/कुशाग्रमति/ सूक्ष्मदर्शी ।

कुशाग्रम् (नपुं.) [*कुशस्याग्रम्, ष.त.*] कुशको टुप्पो ।

नाप्राप्तकालो म्रियते विद्धः शरशतैरपि ।
कुशाग्रेण तु संस्पृष्टः प्राप्तकालो न जीवति ॥
(ग.पु. आचारकाण्ड १२३.४९)

कुशाग्रीयः (त्रि.) [*कुशाग्रमिव, कुशाग्राच्छः ५.३.१०५ इति छः, छस्येयः*] तिखो ।

कुशाम्बः (पुं.) कुशको छोरा निमिवंशका राजा । यिनले कौशाम्बी नगरी बसाएका थिए ।

कुशावती (स्त्री.) [*कुशोऽस्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, ङीप्*] रामका छोरा कुशको राजधानी ।

कुशासनम् (नपुं.) [*कुत्सितं शासनम्, प्रादिस.*] १.[*कुशस्य असनम्, ष.त.*] कुशले बनाएको आसन २.[*कुत्सितं शासनम्, प्रा.स.*] खराब शानव्यवस्था/देश र जनताको भलो नगर्ने व्यवस्था ।

कुश (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] भन्नु । लट्– **कुशयति-ते**– भन्छ इत्यादि ।

कुशिकः (पुं.) [*कुशः कुशसंज्ञको महीपालो जनकत्वेनास्त्यस्य, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.विश्वामित्रका बाजे/गाधिका बाबु २.बर्रो ३.तेलको निथ्रेनी ।

कुशिक्षा (स्त्री.) [*कुत्सिता शिक्षा, प्रादिस.*] १.नबुझी पढेको शिक्षा २.अनुपयोगी शिक्षा ।

कुशिक्षितः (पुं.वि.) [*कुशिक्षा सञ्जाता अस्य, तारकादेराकृतिगणतया इतच्*] १.नबुझी पढेको २.अनुपयोगी विद्या लिएको ।

विषं गोष्ठी दरिद्रस्य वृद्धस्य तरुणी विषम् ।
विषं कुशिक्षिता विद्या अजीर्णे भोजनं विषम् ॥
(ग.पु.आचारकाण्ड ११४.२६)

कुशी (स्त्री.) [*कुं भूमिं श्यति, शो तनूकरणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, जानपद ४.१.४२ इति ङीष्*] १.किट २.फलामको फाली । **कुशी लोहविकारे स्यात् कुशा वल्गा कुशं जले ।** (हैम.) ।

कुशीदम् (नपुं.) [*पृषोदरादितया सस्य शत्वम्*] लगानीको ब्याज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशीलवः (पुं.) [*कुत्सितं शीलम् कुशीलम्, कुशीलमस्यास्तीति, मत्वर्थे वः*] १.नट २.चारण ३.कत्थक नृत्य गर्ने मानिस ।

कुशीलवौ (पुं.द्वि.) [*कुशश्च,लवश्च, तौ*] कुश र लव । रामचन्द्रका छोरा । दुवैलाई एकै पटक भन्नुपर्दा नित्यद्विवचनान्तको प्रयोग हुन्छ । **रामपुत्रौ कुशलवावेकयोक्त्या कुशीलवौ** (अभि.चि. ३.३६८) ।

कुशूलः (पुं.) [*कुशति, बाहुलकात् कूलच्*] १.भुस २.पवटा धान । **को धन्यो बहुभिः पुत्रैः कुशूलापूरणाढकैः ।** (हितो.) ३.धानको भकारी ४.धान राख्ने कोठो । **कुशूलो धान्यको वा स्यात् कुम्भीधान्यक एव वा** (मनु) **कुशूलं धान्यकोष्ठकम्** (हला.३१२) ।

कुशेशयः (पुं.) [*कुशे जले शेते, शीङ् स्वप्ने इति धातोः, अधिकरणे शेते ३.२.१५ इत्यच्, शयवास ६.३.१८ इति विभक्तेरलुक्, गुणायादेशौ*] १.सारस २.कुशद्वीपमा रहेको पर्वत ।

कुशेशयम् (नपुं.) [*प्राग्वत्*] कमल ।

कुष (धा.) [*निष्कर्षे, क्र्या. सक. सेट्, पर.*] बाहिर निकाल्नु, कसी लगाएर परीक्षण गर्नु । लट्— **कुष्णाति—** बाहिर निकाल्छ, कसी लगाएर परीक्षण गर्छ । **अवकुष्णाति—** सिद्ध गर्छ । **निष्कुष्णाति—** तानेर बाहिर निकाल्छ इत्यादि ।

कुषीदम् (नपुं.) [*पृषोदरादितया षः*] ब्याज ।

कुष्ठम् (नपुं.) [*कुष्णाति निरन्तरं कर्षतीति, कुष निष्कर्षे, इति धातोः, हनिकुषिनिरिकाशिभ्यः क्थन् (उ.) १६७ इति क्थन्, तितुत्रथ७.२.९ इति इडभावः*] १.रोगविशेष २.सुगन्धविशेष । **कुष्ठो रोगे सुगन्धे च** । (विश्व) ३.काश्मीर तथा चेनाव र झेलम नदीको आसपासमा रहेका १०००० देखि १३००० सम्म उचाइमा अवस्थित प्रदेशमा पाइने क्षुपवर्गको एक जडिबुटी । **कुष्ठं रोगाह्वयं वाप्यं पारिभाव्यं तथोपलम्** । (भा.प्र.नि.) **~गन्धी** (पुं.) [*कुष्ठस्य गन्ध इव गन्धोऽस्याः*] औषधिविशेष ।

कुष्ठी (पुं.) [*कुष्ठमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] कुष्ठरोग भएको ।

कुष्मलम् (नपुं.) [*कुष निष्कर्षे इति धातोः, कुटिकुषिभ्यां क्मलन् (उ.) ६३६ इति क्मलन्*] छाद/वान्ता ।

कुष्माण्डः (पुं.नपुं.) [*ईषत् उष्मा पित्तहेतुतया अण्डेषु बीजेषु यस्य सः, बहु.स.*] १.कुभिण्डो २.गणदेवता ३.भ्रूणविशेष ।

कुस (धा.) [*संश्लेषणे, दिवा. सक. सेट्, पर.*] मिल्नु । लट्— **कुस्यति—** मिल्छ इत्यादि ।

कुसङ्गः (पुं.) [*कुत्सितश्चासौ सङ्गश्च, गतिस.*] खराब सङ्गत/कुसङ्गत ।

कुसङ्गेन मतिह्रासः प्रमादस्तत्प्रभावतः ।
प्रवृद्धे तु प्रमादेऽत्र पातित्यं सर्वतो मुखम् ॥ (सुभा.)

कुसि (धा.) [*भाषायाम्, भासायाम् वा, सक.सेट्, उभय.*] भन्नु, चम्कनु । लट्— **कुंसयति-ते—** भन्छ, चम्कन्छ । भ्रुवा कुंसयति— **भ्रूकुंसः—** आँखीभौं ।

कुस्म (धा.) [*कुत्सितस्मयने, अक.सेट्, आत्मने.*] नराम्रोसित हाँस्नु, उपहास गर्नु । लट्— **कुस्मयते—** नराम्रोसित हाँस्छ, उपहास गर्छ इत्यादि ।

कुसितः (पुं.वि.) [*कु ईषत् सितः, गतिस.*] अलि अलि सेतो ।

कुसीदकः (पुं.) [*कुसीदार्थं प्रयच्छति, कुसीददशैकादशात् ष्ठन्ष्ठचौ ४.४.३१ इति ष्ठन्, ईसुसुक्तान्तात्कः ७.३.५१ इति कः*] ऋण लगाई ब्याज खाएर जीविका चलाउने व्यक्ति ।

कुसीदम् (नपुं.) [*कुश श्लेषणे इति धातोः, कुसेरुम्भोमेदेताः (उ.) ५५६ इति ईदः*] ब्याज । ब्याज बढ्दै जाँदा एकपटक लिएका रकमको दुइगुनाभन्दा बढी लिनु हुँदैन । **हुकुसीदं वृद्धिजीवने । वृद्ध्याजीवे ।** (हैम.) **कुसीदवृद्धिर्द्वैगुण्यं नात्येति सकृदाहृता** (मनु.८.१५१) ।

कुसुमम् (नपुं.) [*कुस्यति शिलष्यतीति, कुस श्लेषणे इति धातोः, कुसेरुम्भोमेदेताः (उ. ५५६) इति उमः*] १.फूल २.स्त्रीजातिको रज ३.आँखाको रोग ४.फल । **कुसुमं स्त्रीरजोनेत्ररोगयोः फलपुष्पयोः** (हैम.) ।

कुसुमविचित्रा (स्त्री.) एक वार्णिक छन्द । यस छन्दको प्रत्येक पाउमा क्रमैले नगण, यगण, नगण र यगण रहेका हुन्छन् । यो समपाद छन्द हो ।

कुसुमस्तवकम् (नपुं.) १.[*कुसुमस्य स्तवकम्, ष.त.*]. फूलको गुच्छो २.[*कुसुमस्य स्तवकमिव*] प्रत्येक पाउमा नौवटा सगणको प्रयोग भएको दण्डक छन्दको एक भेद । **सगणः सकलः खलु यत्र भवेत्तमिह प्रवदन्ति बुधाः कुसुमस्तवकम्** (छन्दो.) ।

कुसुमाकरः (पुं.) [*कुसुमानामाकरो यस्मिन् सः, बहु.स.*] वसन्त ऋतु । **ऋतूनां कुसुमाकरः** (भ.गी.) ।

कुसुमागमः (पुं.) [*कुसुमानामागमो यत्र सः, बहु.स.*] वसन्त ऋतु ।

कुसुमायुधः (पुं.) [*कुसुमानि आयुधानि यस्य सः, बहु.स.*] कामदेव । **कुसुमायुधपत्नि दुर्लमस्तव भर्ता न चिराद् भविष्यति** । (कु.सं.)

कुसुमाञ्जनः (पुं.) [*कुसुमनाशकमञ्जनं यस्य सः, बहु.स.*] फूलमा लाग्ने एक किसिमको रोग ।

कुसुमितः (पुं.वि.) [*कुसुमानि सञ्जातान्यस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] फुलेको । **~लता** (स्त्री.) [*कुसुमिता चासौ लता च, कर्म.स.*] फुलेको लहरा ।

कुसुमितलतावेल्लिता (स्त्री.) प्रत्येक पाउमा क्रमशः मगण, तगण, नगण र तीनवटा यगणको प्रयोग भएको समपाद छन्द ।

कुसुमेषुः (पुं.) [*कुसुमानीव ईषवो यस्य सः, बहु.स.*] कामदेव ।

कुसुमोच्चयः (पुं.) [*कुसुमानामुच्चयः, ष.त.*] १.फूलको गुच्छा वा विकास २.फूलैफूलको राशि ।

कुसुम्भः (पुं.) [*कुसुम्भ्यति, कुसुम्भ क्षये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.महारजन वृक्ष २.कमण्डलु । **क्लृप्तकेशनखश्मश्रुपात्री दण्डी कुसुम्भवान्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(मनु.) ३.[*कौ पृथ्विव्यां सुम्भति शोभते, पूर्ववत् अच्, नुम्*] सुन ४.पुष्पप्रधान वृक्ष।

कुसूलः (पुं.) [*कुस्यति श्लिष्यतीति, कुस श्लेषणे इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊलच्*] भुस/पवटा।

कुसृतिः (स्त्री.) [*कुत्सिता सृतिः, सृ गतौ इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, कुगति २.२.१८ इति समासः*] १.छल/कपट २.इन्द्रजाल ३.(पुं.वि.) [*कुत्सिता सृतिः, उपायः व्यवहारो वा यस्य सः, बहु.स.*] खराब आचरण भएको।

कुस्तुम्बुरु (नपुं.) १.[*कुत्सितं तुम्बति, तुबि अर्दने इति धातोः, बाहुलकात् उरुः सुट् च*] धनियाँ २.(पुं.) यक्षविशेष (म.भा.)।

कुस्म (धा.) [*बुद्धौ, दर्शने चुरा.उभ.सेट्*] जान्नु, हेर्नु। लट्– **कुस्मयति**– जान्दछ, हेर्छ इत्यादि।

कुह (धा.) [*विस्मापने, सक.सेट् आत्म.अदन्तः*] चमत्कार देखाउनु, मोहित गर्नु। लट्– **कुहयते**– चमत्कार देखाउँछ, मोहित पार्छ इत्यादि।

कुहकः (पुं.वि.) [*कुहयति, विस्मयं कारयतीति, कुह विस्मापने इति धातोः, बाहुलकात् क्वुन्, युवोरनाकौ इत्यकः*] १.दाम्भिक/घमण्डी २.(पुं.) माया वा इन्द्रजाल। **धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि**। (भाग.१.१.१) ३.कुहिरो ४.सर्पविशेष। **इत्युक्तास्तेन ते सर्पाः कुहकास्तक्षकान्धकाः** (विष्णुपु.१.१७.३८)।

कुहनः (पुं.) [*कुत्सिताचारणे हन्तीति, हन हिंसागत्योः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.नराम्रोसित हत्या गर्ने व्यक्ति २.ईर्ष्यालु व्यक्ति ३.काँचको भाँडो ४.[*कुं पृथ्वीं हन्ति खनति, पूर्ववत् अच्*] मुसो ५.[*कौ पृथिव्यां हन्ति दशतीति, पूर्ववत् अच्*] सर्प ६.(नपुं.) [*ईषत्प्रयत्नेन हन्यते नाश्यते इति*] माटाको भाँडो।

कुहना (स्त्री.) [*कुहनम्, कुह विस्मापने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] लोभले झुटो कल्पना गर्ने व्यक्ति २.पैसाको लोभले गरिने असत्य आचरण।

कुहरः (पुं.) [*कुहरं वासस्थानत्वेनास्यास्तीति, अर्शाद्यच्*] नाग।

कुहरम् (नपुं.) [*कुं भूमिं हरति, हरतेरनुद्यमनेऽच् ३.२.९इत्यच्*] १.छिद्र २.गुफा। **कुहरं गह्वरे छिद्रे क्लीबं नागान्तरे पुमान्**। (मेदिनी.) ३.कान ४.गला ५.नजिक।

कुहुः (स्त्री.) [*कुहधातोः मृगय्वादित्वात् कुः*] कोइलीको आवाज। **कोकिलानां कुहुरवैः सुखैः श्रुतिमनोहरैः** (म.भा.)।

कुहूः (स्त्री.) [*कोहयति विस्मापयतीति, कुह विस्मापने इति धातोः, बाहुलकात् कूप्रत्ययः*] १.कोइलीको कुहूकुहू यस्तो बोली २.औँसी तिथिका देवता ३.चन्द्रकला कत्ति नदेखिने औँसीका पछिल्ला दुई प्रहर। **दृष्टचन्द्रा सिनीवाली नष्टचन्द्रा कुहूः स्मृता** ४.तिथि (औँसी) बढेमा र औँसी र चतुर्दशीको घडीपला बराबर भएमा औँसीलाई कुहू भनिन्छ। **तिथिक्षये सिनीवाली तिथिवृद्धौ कुहूः स्मृता। साम्येऽपि च कुहूर्ज्ञेया वेदवेदाङ्गवेदिभिः ॥** (नि.सि.) ५.कुण्डलिनी योगअनुसार लिङ्गमा रहने नाडी। **कुहूश्च लिङ्गदेशे स्यात्** (शिवस्वरोदय) ६.काबुलको एक नदी। **~कण्ठः** (पुं.) [*कुहूः कण्ठे यस्य सः, बहु.स.*] कोइली। **~रवः** (पुं.) [*कुहूः रवो यस्य सः, बहु.स.*] कोइली चरा।

कुहेलिका (स्त्री.) [*कुत्सितं हेलयति, हेल अनादरे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] कुहिरो।

कू (धा.) [*आर्तस्वरे, तुदा. आत्म.अक.सेट् कुटादिः*] पीडित स्वर निकाल्नु, करुण क्रन्दन गर्नु। लट्– **कुवते**– पीडित स्वर निकाल्छ, करुण क्रन्दन गर्छ इत्यादि।

कू (धा.) [*शब्दे, क्र्या.उभ.अक.सेट्*] शब्द गर्नु। लट्– **कूनाति, कूनीते**– शब्द गर्छ इत्यादि।

कूः (स्त्री.) [*कूनाति शब्दायते इति क्विप्*] पिशाची।

कूकुदः (पुं.) [*कूकुं सत्कृत्यालङ्कृतां कन्यां ददातीति, दा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.१.३ इति कः, आतो लोपः ६.४.६४*] सत्कार गरेर अलङ्कृत कन्या दिने व्यक्ति। **सत्कृत्यालङ्कृतां कन्यां यो ददाति स कूकुदः** (अमर.)।

कूचः (पुं.) [*कौति शब्दयतीति, कुवश्चट् दीर्घश्च, इति चट् दीर्घश्च*] १.स्तन २.हात्ती।

कूचिका (स्त्री.) [*कोचति विलिम्पति कुड्यादीन्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्, दीर्घः*] सानो कुचो।

कूची (स्त्री.) [*कौति शब्दयतीति, कुङ् शब्दे इति धातोः, कुवश्चट् दीर्घश्च (उ.) ५४० इति चट् दीर्घश्च, टित्वान् ङीप्*] १.चित्र लेख्ने साधन २.कुचो।

कूज (धा.) [*अव्यक्तशब्दे, अक.सेट् पर.*] अस्पष्ट शब्द गर्नु। लट्– **कूजति**– अस्पष्ट शब्द गर्छ। लिट्– **चुकूज**– अस्पष्ट शब्द गरेछ (अन.)। लुट्– **कूजिता**– अस्पष्ट शब्द गर्ने छ (अन.)। लृट्– **कुजिष्यति**– अस्पष्ट शब्द गर्ने छ। लोट्– **कूजतु**– अस्पष्ट शब्द गरोस्। लङ्– **अकूजत्**– अस्पष्ट शब्द गर्‍यो (अन.) इत्यादि।

कूजः (पुं.) [*कूजनम्, भावे ३.३.१८ इति घञ्*] पक्षीहरूको मधुर वा मिठो बोली।

कूजितः (पुं.) [*कुज्यते स्म, कूज अव्यक्तशब्दे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आवाज निकालिएको/पक्षीहरू कराएको।

कुजितम् (नपुं.) [*कुजनम्, कूज अव्यक्ते शब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] पक्षीहरूको आवाज।

कूट (धा.) [*अप्रदाने, सक.सेट् आत्म.*] नदिनु, छल गर्नु। लट्– **कूटयते**– दिँदैन, छल गर्छ (अन.) इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूट (धा.) [*परितापे, अक.सेट्, उभय.*] दुःख दिनु, डढाउनु। लट्–
कूटयति-ते– दुःख दिन्छ, डढाउँछ इत्यादि।

कूट (धा.) [*सङ्कोचनेऽपि, सक.सेट्, उभय.*] सङ्कुचित हुनु। लट्–
कूटयति-ते– सङ्कुचित हुन्छ इत्यादि।

कूटः (पुं.) [*कूटयति, कूट दाहे इति धातोः, नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कर्मणि घञ् ३.३.१४ वा*] १.रहस्य लुकेको लेख २.कपट/छल ३.प्रहेलिका ४.सहर ५.ढोकाको यन्त्र ६.माया ७.घमन्ड ८.पहाडको शिखर ९.हलाको अङ्ग १०.भुटो ११.तुच्छ १२.निश्चल १३.फलामको मुङ्ग्रो १४.कूटराशि १५.घुमाउरो ढङ्गले व्युत्पत्ति गरेर अर्थ निकाल्नुपर्ने पद्य। **कूटं पूर्द्वारयन्त्रयोः। मायादम्भाद्रिशृङ्गेषु सीराङ्गेऽनृततुच्छयोः। निश्चलेऽयोघने राशौ।** (हैम.) **~नीतिः** (स्त्री.) [*कूटयुक्ता नीतिः, म.प.स.*] व्यक्ति व्यक्ति वा राष्ट्र राष्ट्रका बिचका व्यवहारमा हुने कूट नीति। **~स्थः** (पुं.वि.) [*कूटवत् अयोघनवत् निश्चलं यथा तथा तिष्ठिति, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, आतो लोपः ६.४.६४*] १.अविनाशी/अटल २.माथिल्लो। **~मुद्रा** (स्त्री.) [*कूटा चासौ मुद्रा, कर्म.स.*] खोटो टक/लुकीछिपी सरकारको आँखा छली बनाएका रुपियाँ पैसा आदि।

कूटकार्षापणः (पुं.) [*कूटश्चासौ कार्षापणश्च, कर्म.स.*] खोटो मुद्रा/नचल्ने पैसा।

कूटकृत् (पुं.) [*कूटं करोति, डुकृञ् करणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] १.कायस्थ २.धूर्त ३.कूटपद्यको रचयिता।

कूटपद्यम् (नपुं.) [*कूटम् अयोघनवत् कठिनञ्च तत्पद्यञ्च, कर्म.स.*] १.वास्तविक अर्थ निकाल्न कठिन हुने पद्य। जस्तै–

शस्त्रं नखलु कर्तव्यमिति पित्रा नियोजितः।
तदेव शस्त्रं कृतवान् पितुराज्ञा न लङ्घिता॥

यहाँ वास्तविक अर्थ नखलु पदको प्रयोग गरेर लुकाइएको छ। नखं लुनातीति यस्तो व्युत्पत्ति गरेपछि यस पद्यको अर्थ खुल्छ। महाभारतमा यस्ता कूटपद्यहरू प्रशस्त छन्। यस्ता पद्यको रचनामा पदयोग, पदवियोग र श्लेषको प्रमुख भूमिका रहन्छ।

कूटयन्त्रम् (नपुं.) [*कूटेन कृतं यन्त्रम्, म.प.स.*] मासु आदि राखेर मृग पक्षी आदिलाई समात्न थापिएको पासो।

कूटशाल्मलिः (पुं.) [*कूटश्चासौ शाल्मलिश्च, कर्म.स.*] कालो सिमल।

कूटसङ्क्रान्तिः (स्त्री.) [*कूटा चासौ सङ्क्रातिश्च, कर्म.स.*] आधा रातपछि सूर्य अर्को राशिमा संक्रमण हुँदा पर्न जाने सङ्क्रान्ति। **अर्धरात्रे व्यतीते तु यदा सङ्क्रमते रविः। सा ज्ञेया कूटसङ्क्रान्तिः** (स्मृति.)।

कूटसाक्षी (पुं.वि.) [*कूटञ्च तत्साक्षञ्च, तदस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] भुटो साक्षी बक्ने।

दारुणः कूटमाश्रित्य शिखी साक्षीभवन्नपि।
नावहत् किं तदुद्वाहे कूटसाक्षिक्रियामयम्॥ (नैष.१७.१२९)

कूटाक्षरम् (नपुं.) [*कूटं काठिन्यमापादयितुं कल्पितञ्च तदक्षरञ्च, कर्म.स.*] सबैले बुझ्न नसक्ने गरी बनाइएको कृत्रिम अक्षर। मन्त्र रहस्य आदिलाई जोकोहीले नबुझुन् भनेर गोप्य तरिकाले लेख्न वा राख्नका लागि बनाइएको अक्षर।

कूटायुधः (पुं.) [*कूटमन्तर्गुप्तम् आयुधं यस्य सः, बहु.स.*] भित्र हतियार राखी काठ, छाला आदिले ढाकिएको छुरी, तरबार आदि।

कूढ (धा.) [*घनीभावे, तुदा, पर.सक.सेट्*] खँदिलो हुनु। लट्–
कूढति– खँदिलो हुन्छ, खाँदिन्छ इत्यादि।

कूण (धा.) [*सङ्कोचे, सक.सेट्, उभय.*] सङ्कुचित हुनु। लट्–
कूणयति-ते– सङ्कुचित हुन्छ इत्यादि।

कूप (धा.) [*दौर्बल्ये, चुरा.उभ.अक.सेट्*] दुर्बल हुनु। लट्–
कूपयति,कूपयते– दुर्बल हुन्छ इत्यादि।

कूपः (पुं.) [*कौति, कु शब्दे इति धातोः, कुयुभ्याञ्च (उ.) ३१४ इति पः, दीर्घश्च, कुत्सिता ईषद्वा आपोऽत्र*] १.कुवा २.इनार।

भूमौ खातोऽल्पविस्तारो गम्भीरो मण्डलाकृतिः।
बद्धोऽबद्ध स कूपः स्यात्तदम्भः कौपमुच्यते॥ (भा.प्र.)

३.वृक्षविशेष।

कूपकः (पुं.) [*कुत्सितः कूपः, कुत्सिते ५.३.७४ इति कः*] १.खाल्टो. पानी जम्ने खोपिल्टो २.[*कूपे कायति, कै शब्दे इति धातोः, आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] डुङ्गाको माझमा डोरी बाँध्नका लागि राखिएको काठ ३.तेल हाल्ने कुल्पी ४.चिता ५.[*कूप इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] फिलाको खाल्टो ६.शुष्क नदीमा पानीका लागि खनिएको खोपिल्टो। **कूपको गुणवृक्षो स्यात्तैलपात्रे कुकुन्दरे** (मेदिनी.)।

कूपदण्डः (पुं.) [*कूपस्य तदाकारस्य नौकाविशेषस्य दण्डः, ष.त.*] डुङ्गाको माझमा राखिएको स्तम्भ।

कूपमण्डुकः (पुं.) [*कूपे मण्डुकः इव, त.स.*] कुवाको भ्यागुतोजस्तो/सीमाबद्ध भएर बसेको वा अल्पज्ञान भएको व्यक्ति।

कूबरः (पुं.) [*कूबते, कुङ् शब्दे इति धातोः, बाहुलकाद् बरच्*] रथमा घोडा जोत्नका लागि बनाइएको काठ।

कूर्चकः (पुं.) [*कूरति, कूर शब्दे इति धातोः, बाहुलकाच्चट्, सञ्ज्ञायां कन्*] ध्वजामाथि राखिने एक अलङ्कार।

कूर्चम् (नपुं.) [*कूरति, कूर्यते वा बाहुलकाच्चट्*] १.ढोंग/दम्भ २.छलकपट ३.बुरुस ४.आँखीभौंको माझ ६.चुट्की ७.दाह्री ८.एक मुठी कुश ९.पोको पन्तुरो १०.भुटो ११.मयूरको प्वाँख वा त्यसको पङ्खा १२.हातका बुढी औंला र चोर औंलाका बिचको भाग। **कूर्चमस्त्री भ्रुवोर्मध्ये कत्थनश्मश्रुकैतवे** (मेदिनी.)।

कूर्चशीर्षः (पुं.) [*कूर्चं श्मश्रु, तद्वच्छीर्षमस्य सः*] लसुनजस्तो कन्द हुने औषधि।

कूर्चिका (स्त्री.) [*कूर्चति, कूर्च विकारे इति धातोः, सञ्ज्ञायां ण्वुल् ३.३.१०९ युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.कुराउनी २.सियो ३.कोपिला ४.ताल्चा ५.दुध फटाएको छेना। (मेदिनी.)।

कूर्द (धा.) [*क्रीडायाम्, भ्वा. अक. सेट्, आत्म.*] खेल्नु लट्– **कूर्दते**– खेल्छ इत्यादि।

कूर्दनम् (नपुं.) [*कुर्द क्रीढायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, र्वोरुपधायाः ८.२.७६ इति दीर्घः*] १.भकुन्डो आदिको खेल २.कुद्ने काम। **क्रीडा खेला च कूर्दनम्** (अमर.)।

कूर्पम् (नपुं.) [*कूरं पाति, पा रक्षणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] दुई आँखीभौंको माझ।

कूर्परः (पुं./नपुं.) [*कूरति, कूर शब्दे इति धातोः, क्विप् च ३.२.७६, क्विप्, कूरं पिपर्ति, पृ पालनपूरणयोः, इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कुहिनो २.घुंडो।

कूर्पासः (पुं.) [*कूर्परि शरीरे आस्यते, अस भुवि इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] चोली।

कूर्पासकः (पुं.) [*कूर्परे आस्ते, आस उपवेशने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, स्वार्थे कन् ५.४.५ पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.चोलो २.जाकेट।

कूर्मः (पुं.) [*कुत्सितः कौ वा ऊर्मिर्वेगो यस्य सः, बहु.स.*] १.विष्णुका चौबिस अवतारमध्ये एक अवतार २.आँखा खोल्ने शरीरको वायु। ३.नाभिचक्र नजिकको एक नसा ४.कछुवा। **कच्छपः कमठः कूर्मः क्रोडपादश्चतुर्गतिः**। (अभि.चि.) ५.नागविशेष **~अञ्चलः** (पुं.) भारतको हिमाञ्चल प्रदेशको अलमोडा, नैनिताल, टेहरी, गडवाल आदि क्षेत्रमा पर्ने बद्रीनाथको पहाड। त्यसलाई कुमाउ प्रदेश पनि भनिन्छ। यहाँबाट नेपालमा आएका ब्राह्मणहरूलाई कुमाइ ब्राह्मण भन्दछन्। **~आसनम्** (नपुं.) अण्डकोशमुनि उत्तानो हुने गरी दुवै कुर्कुचा अड्याई शिर, गर्दन, शरीर सोझो गराउँदा हुने हठयोगको आसन (घे.सं.)। **~क्षेत्रम्** (नपुं.) कूर्मावतारको मूर्ति रहेको क्षेत्र। **~चक्रम्** (नपुं.) १.कूर्मावरतारको रूप मानिने चक्र भएको शालिग्राम २.शुभाशुभको शकुन र फल जान्ने एक चक्र। **~द्वादशी** (स्त्री.) कूर्मावतार भएको दिन/पौष शुक्ल द्वादशी। **~पृष्ठम्** (नपुं.) १.कछुवाको पीठ २.ढकनी ३.कछुवाको पीठजस्तो अग्लो ठाउँ। **~मुद्रा**(स्त्री.) देब्रे हातको कान्छी, साहिली, माझी औँला ठाडो पारी भित्रपट्टि दाहिने हातका तीनै औँलाहरू तेर्सो पार्ने र दाहिने हातको कान्छी औँला र चोर औँला देब्रे हातको चोर औँला र बूढी औँलामा मिलाउँदा हुने मुद्रा। **~राजः** (पुं.) कूर्मावतार।

कूर्मनाडी (स्त्री.) [*कूर्माकारा नाडी, म.प.स.*] श्वासनली।

कूर्मपुराणम् (नपुं.) [*कूर्मेणोक्तं पुराणम्, म.प.स.*] क्रमअनुसार यो पन्ध्रौँ पुराण हो। यसमा विष्णुको कूर्मावतारको वर्णन छ। यस ग्रन्थको प्रारम्भ कूर्मावतारको स्तुतिबाट हुन्छ। यो दुई भागमा विभक्त छ– पूर्वभाग र उत्तरभाग। पूर्वभागमा ५३ अध्याय छन् भने उत्तरभागमा ४६ अध्याय छन्। कूर्मपुराणका चार संहिता थिए– ब्राह्मी, भागवती, सौरी र वैष्णवी। आज ब्राह्मी संहितामात्र उपलब्ध छ। यसमा ६ हजार श्लोक छन्।

कूल (धा.) [*आवरणे, सक.सेट्, पर.*] ढाक्नु। लट्– **कूलति**– ढाक्छ। **अनुकूलति**– अनुकूल हुन्छ। **प्रतिकूलति**– विरोधी हुन्छ इत्यादि।

कूलङ्कषा (स्त्री.) [*कूलानि कषति, कष धातोः खस्, मुम्, यप् च*] नदी।

कूलम् (नपुं.) [*कूलयति, कूल आवरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.नदीको किनार २.सेनाको पछिल्लो भाग ३.(पुं./नपुं.) तलाउ। **कूलं तटे सैन्यपृष्ठे तडागस्तूभयोरपि।** (हैम.)। **नदी पातयते कूलं नारी पातयते कुलम्। नारीणाञ्च नदीनाञ्च स्वच्छन्दा ललिता गतिः॥** (ग.पु.आचारकाण्ड १०९.३९)।

कूलमुद्रुजः (पुं.वि.) [*कुलानि उद्रुजति उदि कूले रुजिवहोः ३.१.३१ इति खश्, मुम्*] तट भत्काउने।

कूवरः (पुं.) [*कवते शब्दायते इति, कूङ् शब्दे इति धातोः, वरच्*] १.रथको पाङ्ग्राको काठ रहेको ठाउँ २.कुप्रो।

कूष्माण्डः (पुं.) [*कु ईषत् ऊष्मा अण्डेषु बीजेषु यस्य सः, बहु.स.*] १.कुभिन्डो २.[*कुष्माण्डाकारत्वात्*] गणदेवता ३.ऋषिविशेष ४.यजुर्वेदीय मन्त्रविशेष।

कूष्माण्डनवमी (स्त्री.) [*कूष्माण्डदानप्रधाना नवमी, म.प.स.*] कार्तिक शुक्लनवमी।

कूष्माण्डकः (पुं.) [*कु ईषद् ऊष्मा अण्डेषु बीजेषु यस्य सः, बहु.स.*] कुभिण्डो।

कूष्माण्डी (स्त्री.) [*गौरादितया जातित्वाद् वा ङीष्*] १.औषधीविशेष २.[*कूष्माण्डवलिप्रियतया*) दुर्गा।

कृ (धा.) [*विक्षेपे, सक.सेट्, पर.*] फ्याँक्नु। लट्– **किरति**– फ्याँक्छ। **अपकिरति**– अलग गर्छ। **अवकिरति**– फ्याँक्छ। **आकिरति**– मर्छ। **प्रतिकिरति**–दुःख दिन्छ,हत्या गर्छ। **विकिरति**– छर्छ। **सङ्किरति**– बटुल्छ। **अभिकिरति**– नाष्छ, नष्ट गर्छ। **उपकिरति**– काट्छ, हिंसा गर्छ इत्यादि। कर्मणि– **कीर्यते**– फ्याँकिन्छ इत्यादि।

कृकः (पुं.) [*कृ धातोः, कप्रत्ययः*] गलो।

कृकणः (पुं.) [*कृ इति कणति, कण शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] एक अशुभ पक्षी। **कृकणक्रकरौ समौ** (अमर.२.५.१९)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(कृकलासः)

कृकलासः (पुं.) [*कृकं शिरोग्रीवां कण्ठं च लासयति चालयति, लस शिल्पयोगे इति धातोः, कर्मण्यण् इत्यण्, पृषोदरादितया शत्वे कृकलाशः इत्यपि*] छेपारो । **सरटः कृकलासः स्यात्** (अमर.२.५.१२) ।

कृकवाकुः (पुं.) [*कृकेन गलेन वक्ति, वच परिभाषणे इति धातोः, कृके वचः कुक्च (उ.६), इति अुण्, कुक् च*] १.कुखुरो २.मयूर ३.छेपारो ४.माउसुली । **कृकवाकुर्मयूरे च सरटे चरणायुधे** (विश्व.)।

कृकाटिका (स्त्री.) [*कृकं कण्ठमटति, अट गतौ इति धातोः, सर्वधातुभ्य इन्, (उ.) इति इन्, स्वार्थे कन् (५.४.५)*] रुद्र घण्टी र गर्धनको माझमा भएको भाग/घाटीको माथिल्लो भाग। **अवटुर्घाय कृकाटिकाः** (अमर.२.६.८८) ।

कृच्छ्रः (पुं./नपुं.) [*कृन्तति छिनत्ति पीडयतीति, कृतिच्छेदने, इति धातोः, कृतेश्छः क्रू च (उ.) १८८ इति रक्, छक् च*] १.कठिनाइ, दुःख २.विपत्ति ३.पाप ४.मूत्रकृच्छ्र जस्तो पिसाबको रोग, ५.प्रायश्चित्तको अङ्ग भएको वा तपको अङ्ग भएको व्रत । यसका भेदहरू– पादकृच्छ्र, प्राजापत्यकृच्छ्र, अर्धकृच्छ्र, पादोनकृच्छ्र, अतिकृच्छ्र, कृच्छातिकृच्छ्र, सान्तपनकृच्छ्र आदि । **~सान्तपनः** (पुं./नपुं.)— एक दिन गहुँत, एक दिन गोबर, एक दिन गाईको दूध, एक दिन दही, एक दिन गाईको घिउ, एक दिन कुशको पानी गरी सात दिनसम्म पिएर गरिने सान्तपनकृच्छ्रको एक भेद । **गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । एकैकं प्रत्यहं पीत्वा त्वहोरात्रमभोजनम् ॥ कृच्छ्रसान्तपनं नाम सर्वपाप प्रणाशनम् ॥** (या.व. ३.११४ मिताक्षराटीका) **~कर्म** (नपुं.) दुःखसाथ गरिने काम । **~चान्द्रायणम्** (नपुं.) कृच्छ्रव्रत/चान्द्रायण व्रत । **~प्राणः** (पुं.वि.) १.प्राण सङ्कटमा परेको २.कष्टसँग सास फेर्ने ३.कठिनाइसँग जीवन निर्वाह गर्ने । **~साध्यः** (पुं.वि.) १.कठिनाइसँग निको हुने २.कठिनाइसँग हुन सक्ने ।

कृच्छ्रम् (नपुं.) [*कृन्तति अनेन, कृति छेदने इति धातोः, कृतेश्छः क्रू च (उ. २.२१) इति रक्, छोऽन्तादेशश्च*] १.कष्ट/दुःख २.शरीर शुद्धिका लागि गोमूत्र, गोबर, गाईको दूध, गाईको दही, गाईको घिउ र कुश यी छ वस्तुमध्ये प्रतिदिन एक एक वस्तु खाएर सातौं दिनमा निराहार बस्नुपर्ने एक व्रत ३.पाप ४.पिसाबसम्बन्धी रोग ५.व्यसन ६.सन्ताप ।

कृच्छ्रातिकृच्छ्रः (पुं./नपुं.) १.कृच्छ्रव्रतको एकभेद । याज्ञवल्क्यको मतमा, **कृच्छ्रातिकृच्छ्रं पयसा दिवसानेकविंशतिम्** (या.व.) २१ दिन दुधमात्र पिएर बस्नुपर्ने व्रत, गौतमको मतमा १२ दिनसम्म पानी मात्र पिएर बस्नुपर्ने व्रत । एक गाँसजति, वा प्राण राख्न सकिने जति अन्न वा दुध एकाइस दिनसम्म खाँदा हुने व्रत, **गौतमेन तु द्वादशरात्रमुदकेन वर्तनं कृच्छातिकृच्छ उक्तः** (या.व.मिताक्षराटीका) **एकग्रासपर्याप्तस्य प्राणधारणपर्याप्तस्य वा दुग्धस्य एकविंशतिदिनेषु भक्षणे कृच्छ्रातिकृच्छ्रः** २.दुःखभन्दा पनि ठुलो दुःख ।

कृ(धा.) [*हिंसायाम्, सक.अनि.उभय.*] दुःख दिनु, हिंसा गर्नु । लट्– **कृणोति.कृणुते**– दुःख दिन्छ, हिंसा गर्छ । लिट्– **चकार, चक्रे**– दुःख दिएछ, हिंसा गरेछ (अन.) । लुट्– **कर्ता**– दुःख दिनेछ, हिंसा गर्नेछ (अन.) इत्यादि ।

कृड (धा.) [*घनत्वे, अक.सेट् पर.*] बाक्लो हुनु, जम्नु । लट्– **कृडति**– बाक्लो हुन्छ, जम्छ । लिट्– **चकर्ड**– बाक्लो भएछ, जमेछ (अन.) इत्यादि ।

कृतः (पुं.वि.) [*क्रियते स्म, डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.रचिएको २.गरिएको **~कार्यः** (पुं.वि.) [*कृतं कार्यं येन सः, बहु.स.*] कृतार्थ/कृतकृत्य/सफल/मनोरथ सिद्ध भएको ।

कृतकः (पुं.वि.) १.[*कृन्तति स्वरूपम्, कृती छेदने इति धातोः, बाहुलकात् क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] कृत्रिम ।

कृतकर्मा (पुं.वि.) [*कृतः कर्म येन सः, बहु.स.*] १.कामको अनुभव भएको/काम गर्न सिपालु २.(पुं.) विष्णु (म.भा.१३.१४९.९७) ।

कृतकृत्यः (पुं.वि.) [*कृतं कृत्यं येन सः, बहु.स.*] १.काम सम्पन्न गरेको । **कृतकृत्यो विधिर्मन्ये न वर्धयति तस्य ताम् ।** (शि.व.२.३२) २.अपूर्वदर्शनबाट हुने एक प्रकारको भावना ।
अद्यैव पश्याम हरे तवास्यं कदा वयं कृतकृत्या भवामः ।
भो केशवाद्यैव पदारविन्दं सन्दर्शयित्वा सुदयां कुरुष्व ॥ (ग.पु.)

कृतघ्नः (पुं.वि.) [*कृतं हन्ति, हन हिंसागत्योः इति धातोः, घञर्थे कः (वा) इति कः*] अर्काले गरेको गुण नसम्झने/बैगुनी ।

कृतघ्नस्य शिशुघ्नस्य स्त्रीघ्नस्य पिशुनस्य च ।
चतुर्णामपि चैतेषां निष्कृतिं नैव शुश्रुमः ॥ (सुभा.)

~ता (स्त्री.) अर्काले गरेको गुण नसम्झनु ।

कृतजः (पुं.वि.) [*कृते जातः, सप्तम्यां जनेर्डः (३.२.९७) इति डः, डित्वाट्टिलोपः*] १.सत्ययुगमा जन्मिएको २.अत्यन्त बुढो/ पुरानो ।

कृतज्ञः (पुं.वि.) [*कृतं कृतोपकारं जानाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] गुण मान्ने ।

कृतज्ञता (स्त्री.) [*कृतज्ञस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अर्काले गरेको उपकारको गुण सम्झनु ।

कृतधीः (पुं.) [*कृता सम्पादिता धीर्येन सः, बहु.स.*] १.शास्त्रको अभ्यासबाट सुसंस्कृत बुद्धि भएको २.स्थिरचित्त । **कृतधीः किं प्रभाषेत** (गीता) ।

कृतपुङ्खः (पुं.) [*कृतोऽभ्यस्तः पुङ्खः पुङ्खयुक्तः शरो येन सः, बहु.स.*] बाण चलाउन सिपालु ।

कृतम् (नपुं.) १.[*क्रियते सत्यमेवानुष्ठीयते ऽस्मिन्, यद्वा सत्ये स्थाप्यते लोकोऽत्र, क्तप्रत्ययः*] सत्ययुग २.[*भावे क्तः*] कार्य/काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतमालः (पुं.) [*कृता माला अस्य, मालावदुत्पन्नप्रसूनत्वात्*] १.राजवृक्ष । **आरग्वधः कृष्णमालःस्वर्णपुष्पी च कथ्यते** (हला.१९८) २.(पुं.वि.) माला उनेको ।

कृतमाला (स्त्री.) मलयाचलबाट बग्ने एक नदी ।

कृतमुखः (पुं.) [*कृतं संस्कृतं मुखमस्य, सर्वस्य कृतमुखत्वादत्र कृतशब्दस्य संस्कृतपरत्वम्*] १.सिपालु २.समर्थ । **वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि** (अमर.) ।

कृतयुगः (पुं.) [*कृतमिति युगः, कर्म.स.*] सत्ययुग ।

कृतलक्षणः (पुं.) [*कृतमुच्चारितं लक्षणं नामास्य सः, बहु.स.*] १.शौर्यादि गुणले प्रसिद्ध । **लक्षणं चिह्ने च सौमित्रे चापि लक्षणः ।** (विश्वः) २.सम्पूर्ण गुणले प्रसिद्ध । **गुणैः प्रतीते तु कृतलक्षणाहत लक्षणौ** (अमर.) ।

कृतवीर्यः (पुं.) [*कृतं वीर्यं येन सः, बहु.स.*] १.पराक्रमी २.अर्जुन नामक कार्तवीर्यका बाबु ।

कृतसापत्निका (स्त्री.) [*सपत्न्या भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, ङीष् ४.१.४१ यलोपः ६.४.१५० स्वार्थे कन् ५.३.७५, टाप् ४.१.४, इत्वम्, ह्रस्वः ७.४.१३, कृता सापत्निका यस्याः सा, बहु.स.*] विवाह भएका धेरै स्त्रीहरूमध्ये पहिलो विवाह भएकी स्त्री ।

कृतहस्तः (पुं.) [*कृतोऽभ्यस्तो हस्तो यस्य सः, बहु.स.*] बाण चलाउन सिपालु/शस्त्रास्त्र सञ्चालन गर्नमा अभ्यस्त । **कृतहस्तः सुप्रयोगविशिखः कृतपुङ्खवत्** (अमर.) ।

कृताकृतम् (नपुं.) [*कृतञ्च तदकृतञ्च कर्म.स.*] गरेर पनि नभएको काम २. [*कृतेन सहितमकृतम्, म.प.स.*] गरेको, नगरेको । **~अवेक्षणम्** (नपुं.) [*कृताकृतयोः अवेक्षणम्, ष.त.*] गरेको वा नगरेको हेर्ने काम ।

कृताञ्जलिः (पुं.वि.) [*कृतो बद्धोऽञ्जलिर्येन सः, बहु.स.*] हात जोडेको/बद्धाञ्जलि ।

कृतात्मा (पुं.) [*कृतः संस्कृत आत्मा यस्य सः, बहु.स.*] शुद्ध अन्तःकरण भएको ।

कृतात्ययः (पुं.) [*कृतस्यात्ययः, ष.त.*] १.कर्मजन्य भोगको नाश २.सत्युयुगको समाप्ति ।

कृतान्तः (पुं.) १.[*कृतः अन्तो येन सः, बहु.स.*] यमराज ।

कृतान्तपाशबद्धानां दैवोपहतचेतसाम् ।
बुद्धयः कुब्जगामिन्यो भवन्ति महतामपि ॥ (हितो.)

२.[*कृतोऽन्तः शास्त्रनिर्णयो येन सः,बहु.स.*] सिद्धान्त ।

पञ्चेमानि महाबाहो कारणानि निबोध मे ।
साङ्ख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥ (भ.गी)
राद्धसिद्धकृतेभ्योऽन्त आप्तोक्तिसमयागमौ (अभि.चि.) ।

३.[*कृतोऽन्तो विपर्ययो येन सः, बहु.स.*] दैव/शुभाशुभ फलदायक कर्म ४.शनिश्चर ५.अकुशल कर्म । **कृतान्तो यमसिद्धान्त दैवाकुशलकर्मसु** (विश्व.) ।

कृताभिषेका (स्त्री.) [*कृतो राज्ञा सह अभिषेको यस्याः सा, बहु.स.*] महारानी ।

कृतार्थः (पुं.) [*कृतोऽर्थो येन सः, बहु.स.*] कृतकृत्य/मनोरथपूर्ण ।

कृतास्त्रः (पुं.) [*कृतं शिक्षितमस्त्रं येन सः, बहु.स.*] अस्त्र सञ्चालन गर्न सिकेको ।

कृति (धा.) [*छेदने, सक.सेट्, पर.*] काट्नु । लट्– **कृन्तति–** काट्छ । लिट्– **चकर्त–** काटेछ (अन.) लुट्– **कर्तिता–** काट्ने छ (अन.) । लृट्– **कर्तिष्यति–** काट्ने छ । लोट्– **कृन्ततु–** काटोस् । लङ्– **अकृन्तत्–** काट्यो (अन.) । विधिलिङ्– **कृन्तेत्–** काट्ला, काटोस् । आशीर्लिङ्– **कृत्यात्–** काटोस् । लुङ्– **अकर्तीत्–** काट्यो । लृङ्– **अकर्तिष्यत्–** काट्ने थियो । कर्मणि– **कृत्यते–** काटिन्छ । णिचि– **कर्तयति-ते–** कटाउँछ । सनि– **चिकर्तिषति-चिकृत्सति–** काट्न चाहन्छ । कृदन्ते– **कर्तकः, कर्तिका–** काट्ने । **कृन्तन्-न्ती–** काटिरहेको । **कर्तितव्यम्. कर्तनीयम्–** काट्नु पर्ने । **कर्तितुम्–** काट्न । **कर्तित्वा-विकर्त्य–** काटेर । **कर्तनम्.कर्तना–** काट्ने काम इत्यादि ।

कृतिः (स्त्री.) १.[*करणम्, डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.कुनै असल वा ठुलो काम २.अध्ययन र अनुभवका आधारमा लेखिएको कुनै ग्रन्थ लेख आदि ३.पौवा, पाटी आदि परोपकारका लागि बनाइएका सार्वजनिक उपभोगका वस्तु ४.बिस अक्षरको एक पाउ भएको छन्द ।

कृती (पुं.) [*प्रशस्तं कृतं कर्मास्य, अत इनिठनौ ५.२.११५ इति इनिः, यद्वा कृतमनेन, इष्टादिभ्यश्च ५.२.८८ इति इनिः*] १.विद्वान् २.योग्य । **कृती स्यात् पण्डिते योग्ये ।** (मेदिनी.) ३.कुशल/सिपालु/समर्थ । **गृहाण शस्त्रं यदि सर्ग एष ते न खल्वनिर्जित्य रघुं कृती भवान्** (रघु.) ।

कृती (धा.) [*वेष्टने, सक.सेट्, पर.ईदित्*] घेर्नु । लट्– **कृणत्ति–** घेर्छ इत्यादि ।

कृत्तः (पुं.वि.) [*कृत्यते स्म, कृती छेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.काटिएको २.[*कृत्यते स्म, कृती वेष्टने इति धातोः, पूर्ववत् ३.२.१०२ इति क्तः*] घेरिएको । **कृत्तं छिन्ने वेष्टिते च** (हैम.) ।

कृत्तिः (स्त्री.) [*कृत्यते इति कर्मणि क्तिन्*] १.छाला । **व्याघ्रकृत्तिं वसानम्** (शिवस्तो.) २.भूर्जपत्र ३.कृत्तिका नक्षत्र ।

(कृत्तिका)

कृत्तिका (स्त्री.) [*कृत्यन्ते छिद्यन्ते गोधूमादिकमत्र, इति कृति छेदने इति धातोः, कृतिभिदिलतिभ्यः कित् (उ) इति तिकन्, कित्वञ्च, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.गाडा २.तेस्रो नक्षत्र । यसका छवटा तारा छन् । त्यसैले यसलाई षट्कृत्तिका पनि भनिन्छ । यिनका बेग्लाबेग्लै नाम यस प्रकार छन्– शान्ति, सम्भूति, सन्तति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रीति, अनुसूया र क्षमा। यसको ध्रुवांश (क्रान्ति वृत्तमा मेषको 0° बाट हुने दूरी) ३५.१५ कला छ। यसको योगतारा ईशान कोणमा अवस्थित छ। (सि. द. १२.२२) यसको सीमा ४० अंश ० कलासम्म निर्धारित भएकोमा यो नक्षत्र ४० अंश ६ कलामा रहेको हुँदा हाल सीमातिक्रम गरी अगाडि बढिसकेको छ। यस नक्षत्रलाई २८ दिसम्बर राती ९ बजे याम्योत्तर वृत्तको रेखामा देख्न सकिन्छ। यस नक्षत्रमा जन्मने व्यक्तिको नाम नक्षत्रको पादव्यवस्थाअनुसार अ, इ, उ, ए वर्णबाट प्रारम्भ हुन्छ। (मु.चि.) यो पृथ्वीबाट करिब ४०० प्रकाश वर्ष टाढा छ। (ब्र.ज्यो.र.) **~तनयः** (पुं.) स्वामी कार्तिकेय। **~भवः** (पुं.) चन्द्रमा।

कृत्तिवासाः (पुं.) [*कृत्तिः चर्म वासो यस्य सः, बहु.स.*] शिव।

कृत्यः (पु.वि.) १.[*कर्तुं योग्यः*] *डु कृञ् करणे इति धातोः, विभाषा कृवृषोः ३.१.१२० इति क्यप्, पित्वात् ह्रस्वस्य पिति कृति तुक् ६.१.७१इति तुक्*] गर्नुपर्ने २.[*कृत्यते, कृती छेदने इति धातोः, ऋदुपधात् ३.१.११० इति क्यप्, तुक्*] धन, पद आदिको लोभ देखाएर फुटाइने/भेद्य।

कृत्यम् (नपुं.) [*कर्तुं योग्यम्, डु कृञ् करणे इति धातोः, विभाषा कृवृषोः ३.१.१२० इति क्यप्, पित्वात् ह्रस्वस्य पिति कृति तुक् ६.१.७१इति तुक्*] गर्नु पर्ने काम/कृत्य।

अकृत्यं मन्यते कृत्यमगम्यं मन्यते सुगम्।
अभक्ष्यं मन्यते भक्ष्यं स्त्रीवाक्यप्रेरितो नरः॥ (सुभा.)

कृत्यविद् (पुं.वि.) [*कृत्यं वेत्तीति, विद ज्ञाने इति धातोः, क्विप् च ३.३.७६ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] कर्तव्यको ज्ञाता। **कृत्यविदित्युवाच** (रघु.)।

कृत्या (स्त्री.) [*कर्तुं योग्या, डुकृञ् करणे इति धातोः, विभाषा कृवृषोः ३.१.१२० इति क्यप्, पित्वात् ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्, टाप् ४.१.४*] १.क्रिया २.[*कृत्यते छिद्यते शत्रवोऽनया, कृती छेदने इति धातोः, ऋदुपधात् ३.१.११० इति क्यप्, टाप्*] ऋषिमुनिहरूले क्रोधका समयमा पैदा गराइने संहारकारिणी देवी। **कृत्या क्रियादेवतयोः** (अमर.)।

कृत्रिमः (पुं.वि.) *क्रियया निर्वृत्तम्, डुकृञ् करणे इति धातोः, डिवतः क्त्रिः ३.३.८८ इति क्त्रिः, क्त्रेर्मम् नित्यम् ४.४.२० इति मप्*] नक्कली/बनावटी। **~गर्भाधानम्** (नपुं.) [*गर्भस्य आधानम्, ष.त., कृत्रिमं च तद् गर्भाधानञ्च, कर्म.स.*] कृत्रिम तरिकाले गरिएको गर्भाधान। **~गर्भारोपणम्** (नपुं.) [*गर्भस्य आरोपणञ्च, ष.त., कृत्रिमञ्च तद् गर्भारोपणम्, कर्म.स.*] पिचकारी आदिका सहायताबाट बीजाणुलाई गर्भाशयमा प्रवेश गराएर पेट बोकाउने काम।

कृत्स्नम् (नपुं.) [*कृन्तति स्वल्पमिति, कृती वेष्टने इति धातोः, कृत्यशूभ्यां क्स्नः (उ.) ३०४, इति क्स्नः*] १.सम्पूर्ण।

अनुगन्तुं सतां वर्त्म कृत्स्नं यदि न शक्यते।
स्वल्पमप्यनुगन्तव्यं मार्गस्थो नावसीदति॥ (सुभा.)

२.[*कृत्यते वेष्ट्यते इति, पूर्ववत् क्स्नः*] पानी ३.कोख। **कृत्स्नं सर्वाम्बुकुक्षिषु** (मेदिनी.)।

कृदन्तः (पुं.) [*कृत् अन्तो यस्य सः, बहु.स.*] कृत्प्रत्यय लागेर बनेको शब्द। जस्तै— भू+तव्यत्= **भवितव्यम्,** पच्+ण्वुल्= **पाचकः,** हृ+ल्युट्= **हरणम्** आदि।

कृन्तनम् (नपुं.) [*कृति छेदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, इदित्वान्नुम्*] काट्ने काम। **कृन्तनं नखकेशानां छेदनञ्च वनस्पतेः** (स्मृति)।

कृप (धा.) [*अवकल्कने, अक.सेट् उभय.*] कल्पना गर्नु, विचार गर्नु, चित्र बनाउनु। लट्— **कल्पयति-ते—** कल्पना गर्छ, विचार गर्छ, चित्र बनाउँछ इत्यादि। शेष चोरयति जस्तै। कर्मणि— **कल्प्यते—** कल्पना गरिन्छ, विचार गरिन्छ, चित्र बनाइन्छ। कृदन्ते— **कल्पकः, कल्पिका**— कल्पना गर्ने, विचार गर्ने, चित्र बनाउने। **कल्पितः—** कल्पना गरेको, विचार गरेको, चित्र बनाएको। **कल्पयितुम्—** कल्पना गर्न, विचार गर्न, चित्र बनाउन। **कल्पयित्वा, प्रकल्प्य—** कल्पना गरेर, विचार गरेर, चित्र बनाएर आदि।

कृप (धा.) [*दौर्बल्ये, अक.सेट् उभय.*] दुर्बल हुनु। लट्— **कृपयति-ते—** दुब्लो हुन्छ इत्यादि।

कृपणः (पुं.वि.) [*कल्पते विचारयति स्वल्पमपि दातुम्, कपृ अवकल्कने इति धातोः, बाहुलकात् क्युन्, युवारनाकौ ७.१.१ इत्यनः*] १.किरन्टोकी/लोभी/कन्जुस।

पतिव्रतायाः कुचकुम्भयुग्ममत्युग्रशार्दूलनखावलिश्च।
वीरस्य शस्त्रं कृपणस्य वित्तं लभ्यानि चत्वारि तदन्तकाले॥
(सुभा.)

२.खराब ३.दीन/ आपत्तिमा परेको। **महात्मा व्यसनं प्राप्तो दीनः कृपण उच्यते।** (रामा.४.२१.१९) ४.कृपापात्र ५.(पुं.) किरो।

कृपा (स्त्री.) [*क्रपणम्, क्रप कृपायाम् इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, क्रपेः सम्प्रसारणं च ३.३.१०४ इति सम्प्रसारणम्, सम्प्रसारणाच्च, ६.१.१०८ इति पूर्वरूपम्, टाप् ४.१.४*] दया/अनुकम्पा। **उवाच भीमं कल्याणी कृपान्वितमिदं वचः।** (म.भा.) **~पात्रम्** (नपुं.) [*कृपायाः पात्रम्, ष.त.*] कृपा पाएको/ दयाको लायक।

कृपाणः (पुं.) [*कृपां नुदति, नुद प्रेरणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०२ इति डः, पूर्वपदात् ८.४.३ इति णत्वम्*] तरबार।

कृपाणी (स्त्री.) [*कृपामणति, अण शब्दे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.छुरी २.कतर्नु/ लुगा काट्ने कैंची। **कृपाणीली च कर्तरी** (हला.५९५)।

कृपालुः (पुं.वि.) [*कृपां लातीति, मृगय्वादयश्च (उ.) इति कुः, आलोपः*] दयालु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपीटम् (नपुं.) [*कृपू सामर्थ्ये इति धातोः, कृतॄकृपिभ्यः कीटन् (उ.) ६४३ इति कीटन्*] १.उदर/पेट/कोख २.पानी ३.जङ्गल ४.इन्धन।

कृपीटयोनिः (पुं.) [*कृपीटं जलं योनिः उत्पत्तिस्थानं यस्य सः, बहु.स.*] अग्नि/आगो। **कृपीटयोनिर्ज्वलनो जातवेदास्तनूनपात्** (अमर.)।

कृपू (धा.) [*सामर्थ्ये, अक. सेट्, आत्म., लुङि, लुटि, लृटि, लुङि च उभय.*] समर्थ हुनु। लट्— **कल्पते—** समर्थ हुन्छ। लिट्— **चक्लृपे—** समर्थ भएछ (अन.)। लुट्— **कल्पिता,कल्प्ता—**समर्थ हुने छ (अन.)। लृट्— **कल्पिष्यति-ते. कल्प्स्यति-ते—** समर्थ हुने छ। लोट्— **कल्पताम्—** समर्थ हओस्। लङ्— **अकल्पत—** समर्थ भयो (अन.)। विधिलिङ्— **कल्पेत—** समर्थ होला, समर्थ हओस्। आशीर्लिङ्— **कल्पिषीष्ट,क्लप्सीष्ट—**समर्थ होओस्। लुङ्— **अकल्पत्. अकल्पिष्ट. अक्लप्त—** समर्थ भयो। लृङ्— **अकल्पिष्यत, अकल्प्स्यत—** समर्थ हुने थियो इत्यादि।

कृमिः (पुं.) [*क्रमति गच्छति, क्रमु पादविच्छेपे इति धातोः, इच्प्रत्ययः, सम्प्रसारणञ्च*] १.पेटभित्र हुने जुकाहरू २.जीवाणु ३.किरो। **~कोषः** (पुं.) [*कृमेः कोषः, ष.त.*] १.कोयो २.रेशमी किराका गुँड।

कृमिघ्नः (पुं.) [*कृमिं हन्ति, हन हिंसागत्योः इति धातोः, घञर्थे कः, कुत्वम्*] १.वायुविडङ्ग २.कीटाणु मार्ने औषधिविशेष।

कृमिजः (पुं.) [*कृमिभ्यो जातः, जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] रेशमी कपडा।

कृवि (धां.) [*हिंसायाम्, भ्वा.स्वा.सक.सेट्, पर.*] मार्नु, सताउनु, जानु। लट्— **कृण्वति/कृणोति—** मार्छ, सताउँछ, जान्छ इत्यादि।

कृश (धा.) [*तनूकरणे, सक.सेट्, पर.*] दुब्लो, पातलो हुनु। लट्— **कृश्यति—** दुब्लो, पातलो हुन्छ इत्यादि।

कृशः (पुं.वि.) [*कृश्यते स्म, कृश तनूकरणे इति धातोः क्तप्रत्यये अनुपसर्गात्फुल्लक्षीवकृशोल्लाघाः ८.२.५५ इति निपातनात्साधुः*] १.पातलो/दुब्लो/क्षीण। **प्लीहा कासः क्षयः श्वासो गुल्माशीत्युदराणि च। कृशं प्रायोऽभिधावन्ति रोगाश्च ग्रहणीमुखाः॥** (चरक, सूत्रस्थान) २.अल्प/थोरै। ३.असमर्थ। **क्षत्रियञ्चैव सर्पञ्च ब्राह्मणञ्च बहुश्रुतम्। नावमन्येत वै भूष्णुः कृशानपि कदाचन॥** (मनु.४.१३५) ४.विष्णु। **अणुर्बृहत् कृशस्थूलो गुणभृन्निर्गुणो महान्।** (म.भा.) ५.परीक्षित राजालाई श्राप दिने शृङ्गीको साथी ६.ऐरावत कुलमा पैदा भएको नागविशेष।

कृशरः (पुं.) [*कृशाय स्वल्पबलाय बलं राति ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] खिच्रो।

कृशरा (स्त्री.) [*कृशरशब्दाट्टाप्*] खिच्रो/खिचडी। यो दाल र चामल मिसाएर पकाइन्छ। यसमा नुन, वेसार,अदुवा र हिङ हाल्नु पर्छ।

तण्डुला दालीसंमिश्रा लवणार्द्रकहिङ्गुभिः।
संयुक्ता सलिले सिद्धा कृशरा कथिता बुधैः॥ (भा.प्र. नि.)

कृशाङ्गी (स्त्री.) [*कृशानि अङ्गानि यस्याः सा, बहु.स.*] दुब्लो शरीर भएकी आइमाई/पातली।

कृशानुः (पुं.) [*कृशति तनूकरोतीति, कृशधातोः, ऋतन्यञ्जिवन्यञ्ज्यर्पिमद्यत्यङ्गिकुयुकृशिभ्यः कत्निज्युतुजलिजिष्टुजिष्ठजिसन्स्यनिथिनुल्यसासानुकः (उ.) ४५० इति आनुक्, पृषोदरादितया षत्वे कृषाणुरित्यपि*] १.अग्नि २.वृक्षविशेष/ चितु/चित्रकवृक्ष।

कृशानुरेताः (पुं.) [*कृशानौ अग्नौ निःक्षिप्तं रेतो वीर्यं तेजो वा यस्य सः, बहु.स.*] शिवजी।

कृशाश्वी (पुं.) [*कृशाश्वेन धुन्धुमारवंश्यनृपतिविशेषेण प्रोक्तं नाट्यसूत्रादिकमधीते वेत्ति वा, कर्मन्दकृशाश्वादिनिः ४.३.१११ इति इनिः*] नटुवा/नाच्ने तथा अभिनय गर्ने व्यक्ति।

कृशोदरः (पुं.वि.) [*कृशं उदरं यस्य सः, बहु.स.*] पातलो वा झिनो कमर भएको।

कृशोदरी (स्त्री.) [*कृशं क्षीणम्, उदरं यस्याः सा, बहु.स.*] पातलो कम्भर भएकी केटी।

कृष (धा.) [*विलेखने, भ्वा. सक.अनिट्, पर.*] जोत्नु, खेती गर्नु। लट्— **कर्षति—** जोत्छ, खेती गर्छ। **अपकर्षति—** तलतिर तान्छ। **आकर्षति—** तान्छ, उत्तेजित पार्छ। **उत्कर्षति—** उठाउँछ, उद्धृत गर्दछ। **सङ्कर्षति—** सङ्कुचित पार्छ,खिचेर लैजान्छ। **सन्निकर्षति—** तानेर नजिकै ल्याउँछ। लिट्— **चकर्ष—** जोतेछ, खेती गरेछ (अन.)। लुट्— **कर्ष्टा. क्रष्टा—** जोत्ने छ, खेती गर्ने छ (अन.)। लृट्— **कर्क्ष्यति, क्रक्ष्यति—** जोत्ने छ, खेती गर्ने छ। लोट्— **कर्षतु—** जोतोस्, खेती गरोस्। लङ्— **अकर्षत्—** जोत्यो, खेती गर्‍यो (अन.)। विधिलिङ्— **कर्षेत्—** जोत्ला, खेती गर्ला, जोतोस्, खेती गरोस्। आशीर्लिङ्— **कृष्यात्—** जोतोस्, खेती गरोस्। लुङ्— **अकृक्षत, अक्राक्षीत्—** जोत्यो, खेती गर्‍यो। लृङ्— **अक्रक्ष्यत्. अकर्क्ष्यत्—** जोत्ने थियो, खेती गर्ने थियो। कर्मणि— **कृष्यते—** जोतिन्छ, खेती गरिन्छ। णिचि— **कर्षयति-ते—** जोताउँछ, खेती गराउँछ। सनि— **चिकृक्षति—** जोत्न चाहन्छ, खेती गर्न चाहन्छ। इत्यादि।

कृष (धा.) [*आकर्षणे विलेखने च, तुदा.उभ.सक.अनिट्*] जोत्नु, आकर्षण गर्नु। लट्— **कृषति, कृषते—** जोत्छ, आकर्षण गर्छ इत्यादि।

कृषकः (पुं.) [*कर्षति, कृष विलेखने इति धातोः, कृषेर्वृद्धिश्चोदीचाम् (उ.) २०५, इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.खेती-पाती गर्ने मानिस/खनजोत गरेर अन्न उब्जाउने व्यक्ति/किसान।

सुभिक्षं कृषके नित्यं नित्यं सुखमरोगिणि
भार्या भर्तुः प्रिया यस्य तस्य नित्योत्सवं गृहम्। (सुभा.)

२.[*कर्षति भूमिमनेन*] फाली ३.गोरु।

कृषरः (पुं.) [*क्रियतेऽनेन, डुकृञ् करणे इति धातो, सरप्रत्ययः, कित्वञ्च*] १.तिल र चामल मिसाएर पकाएको खिच्रो। **तिलतण्डुल-**

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संपाकः कृषरः परिकीर्तितः। (विश्व.) २.दाल, चामल मिसाएर बनाएको खिचडी।

कृषिः (पुं.) [*कृष्यते विलिख्यते या सा, कृष विलेखने इति धातोः, इगुपधात्कित् (उ.) ५६९ इति इन्, कित् यद्वा इक्कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इक्*] खन्ने र जोत्ने काम/खेती/किसानी।

कृषिकः (पुं.) [*कृष विलेखने इति धातोः, वृश्चिकृष्योः किकन् (उ.) २०७ इति किकन्*] १.किसान २.फाली। **कृषिकाकृषिकौ फालकृषकौ** (रुद्र.)।

कृषिजीवी (पुं.वि.) [*कृष्या जीवति तच्छीलः, सुप्यजातौ णिनिस्ता- च्छील्ये ३.२.७८ इति णिनिः*] खेतीबाट जीविका सञ्चालन गर्ने।

कृषीवलः (पुं.) [*कृषिरस्यास्ति, रजःकृष्यासु– ५.२.११२ इति वलच्, वले ६.३.११८ इति दीर्घः*] १.खेतीवाल/कृषक २.काकजङ्घा नामक वृक्षविशेष।

कृष्टः (पुं.वि.) [*कृष्यते स्म, कृष विलेखने आकर्षणे च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.जोतिएको २.खनिएको ३.खिचिएको ४.आकर्षण गरिएको।

कृष्टपच्यः (पुं.वि.) [*कृष्टे क्षेत्रे स्वयमेव पच्यते, डु पचस् पाके इति धातोः, राजसूयसूर्यमृषोद्यरुच्यकुप्यकृष्टपच्याव्यथ्याः ३.१.११४ इति निपातनात् क्यप्*] खेतमा खनजोत गरेर पाकेको। **अकृष्टपच्या इव सर्वसम्पदः** (किरा.)।

कृष्टम् (नपुं.) [*कृष्यते स्म, कृष विलेखने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हलाले जोतेको जमिन।

कृष्टिः (स्त्री.) [*कर्षति, कृष विलेखने आकर्षणे च इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, संज्ञापूर्वकत्वान् न गुणः*] १.आकर्षण २.(पुं.) विद्वान्। **कृष्टिः स्यादाकर्षे स्त्री बुधे पुमान्।** (मेदिनी.) **आकर्षणे स्त्रियां कृष्टिर्भवेन्ना तु विपश्चिते** (रन्तिदेव)।

(कृष्णः)

कृष्णः (पुं.) [*कर्षति शत्रून्, कृष विलेखने इति धातोः, कृषेर्वर्णे (उ.) २९१, इति नक् यद्वा कृष्णो वर्णोऽस्यास्तीति तदस्यास्त्यस्मिन्निति मतुप् इति मतुप्, गुणवचनेभ्यो मतुबो लुगिष्टः (वा.) इति मतुबो लुक्*] १.कालो रङ २.विष्णुका अवतार। यिनी पापीहरूलाई मारेर पृथ्वीको भार हरण गरी धर्मस्थापना गर्न वसुदेव र देवकीका गर्भबाट पैदा भएका थिए। कृष्णका १७ रानीहरू थिए– रुक्मिणी, सत्यभामा, नाग्नजिती (सत्या), सुदन्ता, लक्ष्मणा, मित्रविन्दा, कालिन्दी, जाम्बवती, पौरवी, सुभीमा, श्रुतसेना, बृहती, शैव्या, सुदेया, कौशिकी, सुतसोमा, यौधिष्ठिरी। छोराहरू १८००० थिए, तर प्रद्युम्न र साम्बको विशेष वर्णन छ। प्रद्युम्नका छोरा, अनिरुद्ध र साम्बका छोरा सुपार्श्व हुन्। यिनीहरू कृष्णका नाति हुन्– विशेष वर्णन हरिवंशमा छ। ब्रह्मवैवर्त पुराणमा– कृष्णलाई तेजको राशि परिपूर्णतम ब्रह्म भनिएको छ। (श्रीकृष्णजन्मखण्ड १३.६३–६५)। **एकोनविंशे विंशतितमे वृष्णिषु प्राप्य जन्मनि। रामकृष्णाविति भुवो भगवानहरद्भरम्॥** (भ.गी.१.३.२३) यिनले बाल्यकालदेखि नै अद्भुत काम गरेर सबैलाई चकित पारेका थिए। पूतना, वकासुर धेनुकासुर, शकटासुर आदि धेरै राक्षसलाई यिनले मारे। गोपगोपिनीसित रहेर धेरै लीला देखाए। कंस, शिशुपाल, आदि पापी राजाहरूको वध गरेर यिनले पृथ्वीको भार हरण गरे। महाभारतको युद्धमा पाण्डवहरूको विजय गराउन कृष्णको ठुलो भूमिका रह्यो। युद्धको समयमा यिनले अर्जुनलाई गीताको उपदेश दिए। अन्तमा धेरै समयसम्म द्वारकामा राज्य गरेर यदुवंशीलाई समेत संहार गरी पृथ्वीको भूभार हरेर कृष्ण परमधाम गए। ३.कृष्णसार मृग ४.कालो काग ५. कोइली ६.कृष्णपक्ष ७.कलियुग ८.मरीच ९.अगुरु १०.अर्जुन ११.सत्यवतीका छोरा वेदव्यास / कृष्णद्वैपायन १२.चार अक्षरको एक पाउ हुने एक छन्द। यसका प्रत्येक चरणमा एक तगण, तथा एक लघु वर्ण हुन्छन् १३.कृष्णयजुर्वेद। **~ऋद्धिः** (स्त्री.) कृष्णको अलौकिक शक्ति। **~कन्दम्** (नपुं.) रक्तकमल/रातोकमल। **~कर्म** (नपुं.) १.काला बजारी २.हिंसा चोरी आदि पापी काम ३.फोडाको चिकित्साको एक प्रक्रिया। **~कर्मा** (पुं.वि.) पाप कर्म गर्ने॥ **~काकः** (पुं.) कालो काग। **~कायः** (पुं.) राँगो। **~काष्ठकम्** (नपुं.) कृष्णागुरु। **~केलिः** (पुं.) कृष्णको लीलाविहार। **~कोहलः** (पुं.) जुवाडे/खुब जुवा खेल्ने मानिस। **~गतिः** (पुं.) आगो। **~गर्भः** (पुं.) काफल। **~ग्रीवः** (पुं.) शिव। **~चन्द्रः** (पुं.) कृष्ण। **~चूडा** (स्त्री.) १.रातीगेडी २.काँडादार रुख। **~चूडिका** (स्त्री.)रातीगेडी। **~चैतन्यः** (पुं.) चैतन्य महाप्रभु। **~छविः** (स्त्री.) १.कृष्णसारको छाला २.कालो बादल। **~जटा** (स्त्री.) जटामसी। **~जतु** (नपुं.) कालोलाहा। **~जिह्वः** (वि.) कालजिभ्रे। **~जिह्वः** (पुं.) कालो जिभ्रो भएको घोडा। **~जीरकम्** (नपुं.) कालो रङको जीरा। **~तुलसी** (स्त्री.) कालो तुलसी। **~देहः** (पुं.) १.भमरो २.निग्रो जाति। **~द्वैपायनः** (पुं.) पराशरका छोरा वेदव्यास, यिनकी आमाको नाम काली थियो। **काल्यां पराशराज्जज्ञे कृष्णद्वैपायनो मुनिः।** (अ.पु.)। **~धनम्** (नपुं.) छलकपट र पापबाट कमाएको धन। **~धत्तूरकः** (पु.) कालो धतूरो। **~पक्षः** (पुं.) [*कृष्णश्चासौ पक्षश्च, कर्म.स.*] अँध्यारो पक्ष/पितृपक्ष। **~राजः** (पुं.) चिबेचरो। **~रात्रिः** (स्त्री.) औँसीको दिन मङ्गलबार र कुलर्क्ष (कुलनक्षत्र) परेमा हुने पर्व दिन। **अमा भौमसमायुक्ता कुलर्क्षसंयुता यदि। कृष्णरात्रिरिति ख्याता अक्षोभ्यप्रीतिकारिणी॥** (श.सं.त.)

कृष्णम् (नपुं.) [*कर्षति कृष विलेखने इति धातोः, कृषेर्वर्णे (उ.) २९१ इति नक्*] १.मरिच २.फलाम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णमन्दिरम् (नपुं.) [*कृष्णस्य मन्दिरम्, ष.त.*] नेपालको ललितपुरमा रहेको कृष्णको प्रसिद्ध मन्दिर। एउटै पत्थरवाट शिखरशैलीमा निर्मित यस भवनको रचना सिद्धिनरसिंह मल्लले १६३७ मा गराएका हुन्। २१ ओटा सुनौला गजुर भएको तीनतले यस मन्दिरको प्रथम तलामा कृष्ण, दोस्रो तलामा शिव र तेस्रो तलामा लोकेश्वरको मूर्ति स्थापना गरिएको छ।


(कृष्णमन्दिरम्)

कृष्णमृत्तिका (स्त्री.) [*कृष्णा चासौ मृत्तिका च, कर्म.स.*] कालिमाटी। **मृन्मृदा मृत्तिका मृत्स्ना क्षेत्रजा कृष्णमृत्तिका** (भा.प्र.नि.)।

कृष्णयजुर्वेदः (पुं.) यसलाई यजुर्वेदको तैत्तिरीय शाखा भनिन्छ। यसमा केही ऋग्वेद र केही अथर्ववेदका मन्त्रहरू छन्। यो सात अष्टक वा काण्डमा विभक्त छ। मन्त्रका साथै ब्राह्मणको पनि मिश्रण भएको यस वेदमा अग्निष्टोम, रजसूय, अतिरात्र आदि यज्ञको वर्णन पनि छ।

कृष्णला (स्त्री.) [*कृष्णं तद्वर्णमंशत्वेन लाति गृह्णाति, कः, टाप्*] राती गेडी/ गुञ्जा।

कृष्णवर्णः (पुं.) १.[*कृष्णश्चासौ वर्णश्च, कर्म.स.*] कालो वर्ण २.(पुं.वि.) [*कृष्णो वर्णो यस्य सः, बहु.स.*] कालो वर्णको।

कृष्णवर्त्मा (पुं.) [*कृष्णं वायुप्रेरितधूमाभ्यन्तर एव गतितया कालवर्णं वर्त्म गतिर्यस्य सः, बहु.स.*] १.अग्नि। **हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते**। (म.भा.१.८५.१२) २.चितुवृक्ष ३.[*कृष्णमपवित्रं वर्त्म आचरणं यस्य सः, बहु.स.*]. १.दुराचारी २.राहु ४.[*कृष्ण एव वर्त्म गतिर्यस्य सः, बहु.स.*] कृष्णको भक्त।

कृष्णसारः (पुं.) [*कृष्णः सारो यस्य सः, बहु.स.*] १.कालो रङको एक मृग। **कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः। स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्ततः परः॥** (मनु.२.२३) २.खयरको रुख।

(कृष्णसारः)

कृष्णा (स्त्री.) [*कृष्णशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.द्रौपदी। **पाञ्चाली द्रौपदी कृष्णा सैरन्ध्री नित्ययौवना** (अभि.चि.) २.पिप्ला ३.दाख ४.काली गण्डकी ५.काली आइमाई ६.दुर्गा/कालिका ७.कालो जीरा ८.कालो रायो ९.आगाका सात जिभ्रा मध्ये एक (हला.६८) १०.जलजन्तु विशेष।

कृष्णागरु (नपुं.) [*कृष्णञ्च तदगरु च, कर्म.स.*] कालो अगरु। यो सामान्य अगरुभन्दा बढी गुणकारी हुन्छ। पानीमा हाल्यो भने फलाम झैं डुब्दछ। **कृष्णं गुणाधिकं तत्तु लोहवद् वारि मज्जति** (भा.प्र.नि.)।

कृष्णानन्दः (पुं.) चौधौं शताब्दीका एक कवि। यिनले राजा नलको चरित्रलाई लिएर सहृदयानन्द नामक महाकाव्य लेखेका छन्। यिनको वासस्थान जगन्नाथ पुरी थियो।

कृष्णिका (स्त्री.) [*कृष्णा एव, संज्ञायां कन् ५.३.७५ इति कन्, टाप् ४.१.४ इत्वम्*] कालो तोरी।

कृष्णिमा (पुं.) [*कृष्णस्य भावः, वर्णदृढादिभ्यः ष्यञ्च, इति चादिमनिच्*] कालिमा।

कृसरः (पुं.) [*यः करोति क्रियते वा सः, डु कृञ् करणे, इति धातोः, कृधूमधिभ्यः कित् (उ.) ३६० इति सरः*] खिच्रो।

कॄ (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] मार्नु, दुःख दिनु। लट्– **कृणाति–** मार्छ, दुःख दिन्छ इत्यादि।

कृञ् (धा.) [*हिंसायाम्, सक.सेट् उभय.*] हिंसा गर्नु। लट्– **कृणाति, कृणीते–** हिंसा गर्छ इत्यादि।

कृत (धा.) [*संशब्दने, सक.सेट., उभय.*] प्रसिद्ध तुल्याउनु, कीर्तन गर्नु। लट्– **कीर्तयति-ते–** प्रसिद्ध तुल्याउँछ, कीर्तन गर्छ। लिट्– **कीर्तयाञ्चकार-चक्रे–** प्रसिद्ध तुल्याएछ, कीर्तन गरेछ (अन.)। लुट्– **कीर्तयिता–** प्रसिद्ध तुल्याउने छ, कीर्तन गर्ने छ (अन.)। लृट्– **कीर्तयिष्यति-ते–** प्रसिद्ध तुल्याउने छ, कीर्तन गर्ने छ। लोट्– **कीर्तयतु–** प्रसिद्ध तुल्याओस्, कीर्तन गरोस्। लङ्– **अकीर्तयत्– त–** प्रसिद्ध तुल्यायो, कीर्तन गऱ्यो (अन.) इत्यादि। सनि– **चिकीर्तयिषति-ते–** प्रसिद्ध हुन चाहन्छ, कीर्तन गर्न चाहन्छ। कृदन्ते– **कीर्तकः. कीर्तिका.कीर्तयिता-त्री–** प्रसिद्ध तुल्याउने, कीर्तन गर्ने। **कीर्तयित्वा/ प्रकीर्त्य–** प्रसिद्ध तुल्याए कीर्तन गरेर। **कीर्तयितुम्–** प्रसिद्ध तुल्याउन, कीर्तन गर्न। **कीर्तयन्-न्ती–** कीर्तन गरिरहेको/की। **कीर्तनम्, कीर्तिः कीर्तना**। प्रसिद्धि, कीर्तन गर्ने काम। **कीर्तितः–** प्रसिद्ध, कीर्तन गरिएको इत्यादि। **क्लृप्तिकः** (पुं.वि.) [*क्लृप्तं मूल्यदानेन सत्त्वं देयत्वेन अस्ति अस्य, अत इनिठनौ इति ठन्, ठस्येकः*] किनेको। **प्रक्रयः क्लृपितकं प्रोक्तम्** (हला.५७३)।

केकयी (स्त्री.) [*केकयस्यापत्यं स्त्री, जन्यजनकभावोऽपि पुंयोगः, अतः पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष् यद्वा केकयान् आचष्टे (जन्मभूमित्वेन) णिच्, तदन्तात् अच इः (उ) इति इः, कृदिकारादक्तिनः (ग.सू.) इति ङीष्*] भरतकी आमा।

केकरः (पुं.) [*के मूर्ध्नि कर्तुं शीलमस्य, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः, हलन्तात् सप्तम्याःसंज्ञायाम् ६.३.९ इति सप्तम्या अलुक्*] १.डेरो। (अमर. २.६.४९) २.चतुर्वर्णात्मक मन्त्र। **चतुर्वर्णन्तु केकरः** (विश्वसारतन्त्र)।

केका (स्त्री.) [*के मूर्ध्नि कायति, कै शब्दे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः,हलन्तात्सप्तम्याः संज्ञायाम् ६.३.९ इति सप्तम्या अलुक्, टाप्*] मयूरको बोली। **केका वाणी मयूरस्य** (अमर.)।

केकावलः (पुं.) [*केकाऽस्त्यस्य, वलच्प्रकरणेऽन्येभ्योऽपि दृश्यते (वा.) इति वलच्*] मयूर (शब्दचन्द्रिका)।

केकी (स्त्री.) [*केकाऽस्त्यस्य, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] मयूर। **केकी तु सर्पभुक्** (अभि.चि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केचन (अव्य.) [*पाणिनिमते पदद्वयम्, मुग्धबोधकारमते चनप्रत्ययः*] केही। **पूर्वापरपरामर्शविकलास्तत्र केचन** (पञ्चदशी ६.५९)।

केचित् (अव्य.) [*पणिनिमते पदद्वयम्, मुग्धबोधमते चित्प्रत्ययः*] केही/कुनै। **केचिदज्ञानतो नष्यः केचिन्नष्यः प्रमादतः** (सुभा.)।

केचुकम् (नपुं.) [*कचु इत्यस्मात् स्वार्थे कन्, पृषोदरादितया एत्वम्*] काँचुली।

केणिका (स्त्री.) [*के शिरसि अणकः, ततष्टाप्, इत्वम्, स्त्रीत्वं लोकात्*] पाल/पटगृह/लुगाको घर (हेम.)।

केत (धा.) [*मन्त्रणे, चुरा. सक.सेट्, उभय.*] सल्लाह गर्नु, परामर्श गर्नु, निम्तो गर्नु। लट्– **केतयति–ते–** सल्लाह गर्छ, परामर्श गर्छ, निम्तो गर्छ इत्यादि।

केतकः (पुं.) [*केतयति, भ्रमरादिकमामन्त्रयति, केत मन्त्रणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] वृक्षविशेष। केतकीको रुख।

केतकिग्रहगणितम् (नपुं.) [*केतकिना प्रोक्तं ग्रहगणितम्*] वेङ्टेश केतकरले बनाएको आकाशीय पिण्डहरूको अध्ययन गर्ने ग्रन्थ। केतरकरले यस ग्रन्थमा सूर्य, चन्द्रमा बुध, शुक्र, मङ्गल, वृहस्पति, शनि, अरुण, वरुण र कुबेरनामक आकाशीय पिण्ड र धूम्रकेतुको गतिसँग संवद्ध गणित प्रस्तुत गरेका छन्। पञ्चाङ्ग निर्माणका लागि यो ग्रन्थ उपयोगी छ। यसमा शिष्यधीवृद्धितन्त्र र ग्रहलाघवको प्रभाव स्पष्ट देखिन्छ। यो करण ग्रन्थ हो।

केतकिपरिमलम् (नपुं.) यो केतकरद्वारा रचित केतकिग्रहगणितको परिमल वा वासनाभाष्य हो। यस भाष्यका रचयिता ग्रन्थकारकै सुपुत्र दत्तक हुन्। पूर्वीय तथा पश्चिमी ग्रहगणितको अध्ययनबाट समेत तयार गरिएको यो भाष्य सिद्धान्तज्योतिषको अध्ययनका लागि उपयोगी र उपपत्तिपूर्ण छ। **आर्याङ्ग्ल ग्रहशास्त्र–संस्कृतमतिःश्रीदत्तराजः कविश्चित्तग्राह्युपपत्ति बोधविलसद् भाष्यप्रबन्धं दधे ॥** (के.ग्र.ग.भाष्य, पृ.२)।

केतकी (स्त्री.) [*केतयति, भ्रमरादिकमामन्त्रयति स्वसौरभेण, केत मन्त्रणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.खजुर २.केतकी नामक वृक्ष।

केतनम् (पुं.) [*केत्यते ज्ञायतेऽनेन, कित संशयादौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्,७.१.१ इत्यनः*] १.ध्वजा २.घर ३.चिह्न ४.कृत्य/कार्य ५.निमन्त्रणा ६.स्थान। **केतनं तु निमन्त्रणे। गृहे केतौ च कृत्ये च** (मेदिनी.) **एतद्राजासनं सर्वभूभृत्संश्रयकेतनम्** (वि.पु. १.११.९)।

केतुः (पुं.) [*चायते पूजयति निशामयति श्रावयति वा सः, चायृ पूजानिशामनयोः इति धातोः, चायः किः, इति तुः, धातोः कि आदेशश्च गुणः*] १.झन्डा/पताका। **केतुर्ग्रहपताकयोः** (मेदिनी.) २.पुच्छ्रेतारा ३.चिह्न ४.चमक ५.किरण ६.क्रान्तिवृत्त र ग्रह विमण्डलको पछिल्लो संपात। **विमण्डले भवृत्तस्य संपातः पात उच्यते। एवं चन्द्रस्य यौ पातौ तत्राद्यो राहुसंज्ञकः। द्वितीयः केतुसंज्ञस्तौ ग्राहकौ राहुसूर्ययोः** (गो.प.) ७.पुराणअनुसार सिंहिका राक्षसीको छोरा राहुले अमृत पिउन लाग्दा विष्णु भगवान्‌ले सुदर्शन चक्रद्वारा शिर काटेपछि त्यसको शरीरबाट बनेको केतु नामको नव ग्रह मध्येको एक ८.आकाशमा देखिने धूमकेतु। तन्त्रअनुसार केतु १८ हजार छन्। **अष्ट्यदशसहस्त्रन्तु केतुसङ्ख्या प्रकीर्तिता** (सं.त.)।

केतुभः (पुं.) [*केतुरिव भाति, भा दीप्तौ इति धातोः आतोऽनुपसर्गे कः इति कः, आलोपः,*] मेघ/बादल (शब्दचन्द्रिका)।

केतुमती (स्त्री.) प्रथम र तृतीय पाउमा सगण, जगण र एक गुरुवर्ण तथा द्वितीय र चतुर्थ पाउमा भगण, रगण, नगण एवं दुई गुरुवर्णको प्रयोग भएको अर्द्धसमपाद छन्द। **असमे सजौ सगुरुयुक्तौ केतुमती समे भरनगाद् गः** (छन्दो.)।

केतुरत्नम् (नपुं.) [*केतोः रत्नम्, ष.त, यद्वा केतुभिः रश्मिभिर्युक्तं रत्नम्, म.प.स.*] वैदूर्यमणि (राजनिघण्ट)।


(केदारः)

केदारः (पुं.) [*के जले शिरसि वा दारोऽस्य, हलन्तात् सप्तम्याः संज्ञायाम् ६.३.९ इति सप्तम्या अलुक्, केन जलेन दीर्यते इति वा, दॄ विदारणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.१.१९ इति घञ्, केदाराद्यञ्च ४.२.४० इति निर्देशादेत्वम्*] १.खेत वा बारी। **भूमावप्येककेदारे कालोप्तानि कृषिबलैः। नानारूपाणि जायन्ते बीजानीह स्वभावतः।** (मनु.) २.पानी जमेको खोपिल्टो/आहाल। **वृषः पिबति केदारे निःश्वासाकुलितं पयः।** (रामा.) ३.[*के मस्तके दारः, जलप्रसरणादिना विदीर्णस्थानं यस्य सः,बहु.स.*] पर्वतविशेष/ केदारतीर्थ नामले प्रसिद्ध पर्वत। **केदारे चैव राजेन्द्र कपिलस्य महात्मनः। ब्रह्माणमधिगत्वा च शुचिः प्रयतमानसः। सर्वपापविशुद्धात्मा ब्रह्मलोकं प्रपद्यते** (म.भा) ४.[*के मस्तके दाराः गङ्गारूपिणी पत्नी यस्य सः, बहु. स.*] एक शिवलिङ्ग ५.आलवाल ६.भ्रूमध्यस्थान। **कालपाशमहाबन्धविमोचनविचक्षणः। त्रिवेणीसङ्गमं धत्ते केदारं प्रापयेन्मनः ॥ भ्रुवोर्मध्ये शिवस्थानं केदारशब्दवाच्यम्, तं मनः प्रापयेत्** (हठयोगप्रदीपिकाटीका)। ७.रातको दोस्रो प्रहरमा गाइने एक राग ८.कामरूपको एक तीर्थ। **~कटुका** (स्त्री.) कुट्की। **~खण्डः** (पुं.) [*केदारस्य महत्त्वप्रतिपादकः खण्डः, म.प.स.*] केदारनाथको महात्म्यको वर्णन भएको स्कन्दपुराणको एक भाग। **~खण्डम्** (नपुं.) १.खेत वा बारीको एक भाग २.गढवाल प्रदेशको एक प्रान्त, यसको पूर्वमा बौद्धाचल पर्वत, पश्चिममा तमसा नदी, उत्तरमा श्वेतान्त पर्वत, पश्चिममा किन्नर प्रदेश र दक्षिणमा हरिद्वार पर्दछ। **~नटः** (पुं.) रातको दोस्रो प्रहरमा गाइने नट र केदारको योगबाट बनेको एक सङ्कर राग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केदारनाथः (पुं.) [*के शिरसि दारैः गङ्गारूपपत्न्या नाथते शोभते इति पचाद्यच्*] द्वादश ज्योतिर्लिङ्गमध्येको एक लिङ्ग। यो पञ्चकेदारमध्ये प्रथम केदार मानिन्छ। यो समुद्रबाट ३५८३ मिटर ऊचाइमा पर्दछ। यहाँ महिषरूप धारी शिवको पृष्ठभाग खसेको मानिन्छ। यो बदरीनाथको पश्चिम पहाडमा पर्छ। केदारनाथको मन्दिर पाण्डवहरूले बनाएको हो भन्छन्। यसको नजिकमा बरफको ताल छ। यहाँबाट मन्दाकिनी नदी निस्केकी छन्, मन्दाकिनीको किनारमा मन्दिर छ। यसमा पाँच मुख भएको तीनकुने शिवको शिला उभिएको छ। यहाँका अन्य दर्शनीय स्थलहरूमा भृगुपन्थ, क्षीरगङ्गा, वासुकिताल र भैरवशिला रहेका छन्। यहाँ उषा, अनिरुद्ध, पञ्चपाण्डव, श्रीकृष्ण तथा शिवपार्वती आदिका मूर्ति छन्। मन्दिरको आसपासमा अमृतकुण्ड, ईशानकुण्ड, हंसकुण्ड आदि कुण्ड छन्। पौराणिक कथनअनुसार सत्ययुगमा उपमन्युले यहाँ बसेर शङ्करको आराधना गरेका थिए। द्वापरमा पाण्डवको तपोभूमि थियो। आद्य शङ्कराचार्यको देहान्त यसै ठाउँमा भएको थियो। केदार जान रुद्रप्रयागबाट उखीमठ (उषामठ) हुँदै उकालो लाग्नुपर्छ। हे. पञ्चकेदाराः

केनचित् (अव्य.) [*पाणिनिमते पदद्वयम्, मुग्धबोधकारमते चित्प्रत्ययान्तोऽयं शब्दः*] कसैसित।

केनिपातः (पुं.) [*के निपातोऽस्य, हलन्तात् सप्तम्याः संज्ञायाम् ६.३.९ इति सप्तम्या अलुक्*] डुङ्गा खियाउने पतवारी (शब्दर.)।

केनिपातकः (पुं.) [*केनिपात एव, स्वार्थे कन्*] डुङ्गा खियाउने पतवारी। (अमर., १.१०.१३)।

केनोपनिषद् (स्त्री.) [*केन इति उपनिषद्*] यो सामवेदको तवल्कार शाखाभित्र पर्ने नौ अध्यायसँग सम्बद्ध छ। यसलाई तवल्कारोपनिषद् अथवा जैमिनेय उपनिषद् पनि भनिन्छ। यसको प्रारम्भमा केन शब्द आएको छ। त्यसैले यसलाई केनोपनिषद् भनिएको हो। यो चार खण्डमा विभक्त छ। मूलरूपमा यो गद्यमा लेखिएको छ भने यसमा केही पद्यको पनि प्रयोग भएको छ। पहिलो खण्डमा सगुण ब्रह्म र निर्गुण ब्रह्मको अन्तरको बारेमा विवेचना भएको छ। दोस्रो खण्डमा ब्रह्मलाई रहस्यमय रूपमा वर्णन गरिएको छ। तेस्रो र चौथो खण्डमा उमा हैमवतीको आख्यानद्वारा परब्रह्म सर्वशक्तिमान् हुन्छ, देवताहरू अल्पशक्ति हुन्छन् भन्ने विषय प्रतिपादन गरिएको छ। उपनिषद्को रचनाशैली गुरुशिष्यको संवादात्मक छ।

केन्द्रः (पुं.नपुं.) [*को ब्रह्मास्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच् कः= ब्रह्माण्डः, तस्य मध्यवर्तितया इन्द्रः, ब्रह्माण्डाकारतया वृत्तस्यापि तथात्वम्*] १.बिच २.कुनै वृत्तको मध्यबिन्दु/वृत्तभित्र रहेको जुन विन्दुबाट परिधिसम्म खिचिएका रेखा समान हुन्छन्, त्यो विन्दु। **वृत्तस्य मध्यं किल केन्द्रमुक्तम्** (सि.शि.) **वृत्तान्तर्गताद् यस्माद् विन्दोः परिधिपर्यन्तं गताः सर्वा रेखाः समाना भवन्ति स विन्दुः केन्द्रमित्युच्यते।** (रे.ग.) ३.लग्नबाट चौथो, सातौँ र दसौँ स्थान ४.ग्रह स्पष्ट गर्नका लागि कल्पित अङ्क। ग्रह संशोधन गरेर मन्दोच्च र शीघ्रबाट घटाएपछि शेष केन्द्र हुन्छ। (सू.सि.) ५.यात्राको योगविशेष ६.देशको मुख्य स्थल/राजधानी ७.कुनै संस्थाको मुख्य कार्यालय। **~मण्डलम्** [*केन्द्रस्य मण्डलम्, ष.त.*] पृथ्वीभित्रको केन्द्र वरिपरि रहेको मण्डलाकार भाग। **~वर्ती** (पुं.वि.) केन्द्रमा रहेको। **~विन्दुः** (पुं.) [*केन्द्रस्थो विन्दुः, म.प.स.*] कुनै वृत्त वा घेराको मध्यवर्ती विन्दु। **~स्थः** (पुं.वि.) [*केन्द्रे तिष्ठति, सुपि स्थः इति कः*] केन्द्रवर्ती।

केन्द्रीभूतः (पुं.वि.) [*अकेन्द्रः केन्द्रो यथा भवति तथा भूतः कृभ्वस्ति योगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] केन्द्रमा रहेको।

केन्द्रीयः (पुं.वि.) [*केन्द्रे भवः, छः, छस्य ईयः*] केन्द्रमा रहेको। **~शासनम्** (नपुं.) [*केन्द्रीयञ्च तत् शासनञ्च, कर्म. स.*] केन्द्रीय सरकारमा नै शासनसत्ताको अधिकार रहने र केन्द्रबाटै देशको शासन चलाउने व्यवस्था।

केपृ (धा.) [*गतौ, अक.सेट् आत्म.*] काँप्नु, जानु। लट्– **केपते**– काँप्छ, जान्छ इत्यादि।

केयूरः (पुं.) रतिक्रीडाको एक विधि।

स्त्रीजङ्घे चैव संपीड्य दोर्भ्यामालिङ्ग्य सुन्दरीम्।
कामयेद् विपुलं कामी बन्दः केयूरसंज्ञकः ॥ (रतिम.)

केयूरम् (नपुं.) [*के बाहुशिरसि याति भूषणतां गच्छति, या प्रापणे इति धातोः, खर्जादित्वात् (उ) ऊरः, बाहुलकाट्टिलोपः, हलन्तात् सप्तम्याः संज्ञायाम् ६.३.९ इति सप्तम्या अलुक्*] बाजु/अलङ्कारविशेष।

केरलसम्प्रदायः (पुं.) [*केरलस्य सम्प्रदायः, ष.त.*] गौड, काश्मीर, केरल यी तीन सम्प्रदायमध्येको अन्तिम सम्प्रदाय। यसमा देवतालाई खुसी तुल्याउन सङ्कल्प र भावना अर्पण गरिन्छ। आत्मा, विद्या, शिव, सर्व र पूर्ण यिनको क्रमैले पञ्चोपचार पूजापछि बलि दिने चलन छ। दाहिने हातले पूजा, बायाँ हातले तर्पण, सबै कर्मपछि होम, अनि हृदयमा देवताको स्थापना गरेको भावनाले विसर्जन गरिन्छ। मुनिहरूले उपासना गरेको यस सम्प्रदायलाई केरलसम्प्रदाय भन्दछन्।

सङ्कल्पो देवताप्रीत्यै तत्त्वानां भावनैव हि।
आत्मा विद्या शिवः सर्वः पूर्णश्चेति क्रमेण च ॥
पूजा पञ्चोपचारान्ते पूजान्ते च बलिर्भवेत्।
पूजनं दक्षहस्तेन वामहस्तेन तर्पणम् ॥
होमः समस्तकर्मान्ते हृद्येवोद्वासनं स्मृतम्।
केरलाख्यः संप्रदायो मुनिभिः समुपासितः ॥
(पु.च. ३.२९०)

केरलाभरणम् (नपुं.) कवि रामचन्द्रद्वारा सत्रौँ शताब्दीमा रचिएको एक चम्पूकाव्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केलः (पुं.) एक प्रसिद्ध फल केरा। **केतकैर्वासितैरेव युतैः केलफलोदकैः**। यसका धेरै जात छन्। जातअनुसार यसको फल, फूल, बोट र पात साना–ठुला हुन्छन्। साधारणतया यसका करिब दुई-दुई हात लामा, एक हात चौडा र बिचमा मोटो नसा भएका पात हुन्छन्। पात प्रायः धर्सा परेका र फाटेका हुन्छन्। सुप्ला छुट्टिने पिँडौंला वा तिघ्रा जति मोटो, हाँगा नहुने सुरिलो यसको बोट हुन्छ। यसको काँचो फलमा हरियो बोक्रा र पाकेको फलमा पहेँलो बोक्रा हुन्छ,. सेतो गुदी हुन्छ। कलेजी पात हुने लामो मुसाको पुच्छर जस्तो, भेटनोतिर ठुलो टुप्पो भएको, कोपिलाभित्र तीन अङ्गुल लामो, कुप्रो परेको सेतो केसर भएको फूल हुन्छ। यसको कोपिलासमेतको फूललाई बुङ्गो भनिन्छ। यसको जरामा गानु हुन्छ।

केलिः (पुं.) [*किल क्रीडायाम् इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, ङीपि केली इत्यपि*] १.हाँसखेल/आमोदप्रमोद। २.(स्त्री.) स्वभावज अलङ्कारको सत्रौँ भेद ३.नायकसित नायिकाको विहार। **विहारे सह कान्तेन क्रीडितं केलिरुच्यते** (सा.द.)।

केलिकला (स्त्री.) १.[*केलिरूपा कला, म.प.स.*] सरस्वतीको वीणा २.[*केल्याः क्रीडायाः कला, ष.त.*] खेलको कला।

केलिमुखः [*केलिः परिहासः मुखं प्रधानं यत्र सः, बहु.स.*] ठट्टा।

केलिसचिवः (पुं.) [*केलौ सचिवः, स.त.*] खेलकुदमन्त्री (शब्दमाला)।

केलिः (पुं./स्त्री.) १.[*केलति सदा गच्छति, केल सञ्चलने इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, कृदिकारादक्तिनः (ग.सू.) इति ङीष्*] पृथ्वी। (शब्दमाला) २.क्रीडा, लीला,नायिकाको अलङ्कारविशेष। **विहारे सह कान्तेन क्रीडितं केलिरुच्यते** (सा.द.)।

केलीकिलः (पुं.) [*केलिना लीलया किलति,क्रीडति, कः*] १.विदूषक २.शिजीको अनुचरविशेष ३.(पुं.वि.) [*केलिना परिहासेन किलति*] ठट्यौलो। **स तु केलिकिलो विप्रो भेदशीलश्च नारदः** (हरिवंश)।

केलीगृहः (पुं.) [*केल्यै गृहः,च.त.*] रतिक्रीडा गर्ने घर/लतागृह।

केलृ (धा.) [*चलने, भ्वा. अक.सेट् पर.*] हिँड्नु। लट्– **केलति–** हिँड्छ इत्यादि।

केवलः (पुं.वि.) [*केवते केवृ सेचने इति धातोः, वलच्, यद्वा के शिरसि वलयति प्रापयति, वल प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.एउटा २.असाधारण ३.शुद्ध । **~आत्मा** (पुं.) १.शुद्ध स्वभाववाला व्यक्ति २.पापपुण्यबाट रहित ईश्वर। **~ज्ञानम्** (नपुं.) इन्द्रियको सहायताविना आत्माबाट उत्पन्न ज्ञान। **~कुम्भकः (पुं.)** रेचक र पूरक नगरी सास रोक्ने कुम्भक प्राणायाम।

केवलम् (अव्य.) १.एकमात्र २.खालि।

स्वयं महेशः श्वसुरो नगेशः सखा धनेशस्तनयो गणेशः।
तथापि भिक्षाटनमेव शम्भोर्वलीयसी केवलमीश्वरेच्छा॥
(सुभा.)

केवलव्यतिरेकी (पुं.) [*केवलञ्च तद् व्यतिरेकञ्च, कर्म.स., तदस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] कारण नहुँदा कार्य नहुने अनुमान। **तदभावे तदभावः**।

केवलान्वयी (पुं.वि.) [*केवलश्चासौ अन्वयश्च, कर्म.स., सोऽस्यास्तीति अत इनिठनौ ५.२.११५ इति इनिः*]। कारण हुंदा कार्य हुने अनुमान। **तत्सत्वे तत्सत्ता केवलान्वयी**।

केवली (पुं.वि.) [*केवलं शुद्धं ज्ञानमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.जैनविशेष २.ग्रन्थविशेष ३.अकेला/एकमात्र ४.ब्रह्मको साथ एकत्वको सिद्धान्तमा पूर्ण श्रद्धा भएको ५.(पुं.) कुम्भक प्राणायामका आठभेदमध्ये एक, यसमा दुवै नाकबाट वायु तानेर रोकिन्छ। **नासाभ्यां वायुमाकृष्य केवलीकुम्भकं चरेत्**।

केविका (स्त्री.) एक किसिमको फूल। यो काशीका बगैँचाहरूमा प्रायः देखिन्छ। यो वर्षाऋतुमा फुल्छ। दुईदेखि नौ फिट अग्लो यसको बोट हुन्छ। पाँचदेखि बाह इन्च लामो, केही बदामी रङको, टुप्पामा चुच्चो भएको पात हुन्छ, गानुको बिचबाट सुइरो निस्कन्छ। पात फर्केको कमलो सेतो यसको फूल हुन्छ।

केवृ (धा.) [*सेचने, भ्वा.आत्म.सक.सेट्*] सिँचाइ गर्नु। लट्– **केवते–** सिँचाइ गर्छ.भिजाउँछ इत्यादि।

केशः (पुं.) [*क्लिश्यते, क्लिश बन्धे, क्लिश उपतापे वा + डः, के शेते इति वा डः, यद्वा क्लिशू विवाधने इति धातोः, क्लिशेरन् लो लोपश्च ७२१ इति अन्, लकारस्य लोपश्च*], १.टाउकाको रौँ/कपाल २.रौँ ३.घोडा, सिंह आदिको याल ४.उज्यालो किरण ५.[*कस्य जलस्य ईशः, ष.त.*] वरुण/वरुणको उपाधि ६.विष ७.विष्णु ८.सूर्य ९.सुगन्धवाल १०.गर्धनका रौँ। **~कर्म** (नपुं.) [*केशानां कर्म, ष.त.*] १.केशान्तसंस्कार २.कपाल कोर्ने, छाँट्ने, सम्याउने आदि काम। **~कलापः** (पुं.) [*केशानां कलापः, ष.त.*] कपालको गुच्छा। **~कीटः** (पुं.) [*कशेषु जातः कीटः, म.प.स.*] जुम्रा। **~गर्भः** (पुं.) [*केशाः गर्भे यस्य सः*] कपालको जुरो वा चुल्ठो। **~ग्रहः** [*केशानां ग्रहः, ष.त.*] (पुं.) जबरजस्ती लुछाइ। **~छिद्** (पुं.) [*केशान् छिनत्ति, क्विप् च ३.२.७६ इति क्विप्*] नाउ/हजाम। **~पक्षः** (पुं.) [*केशानां पक्षः समूहः, ष.त.*] जुल्फी वा धेरै रौँ भएको कपाल। **~पर्णी** (स्त्री.) [*केशा इव पर्णानि अस्य,*] अपामार्ग। **~प्रसाधनी** (स्त्री.) [*केशाः प्रसाध्यन्तेऽनया*] काइँयो। **~बन्धः** (पुं.) [*केशा बध्यन्तेऽनेन*] १.कपाल बाँध्ने रिबन वा कपालमा लगाउने धागो २.नृत्यको एक हस्तक। **~विन्यासः** (पुं.) [*केशानां विन्यासः, ष.त.*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपाल कोर्ने, बाँध्ने आदि काम। **~शूला** (स्त्री.) [*केशः भगः शूलः विक्रयो यस्याः सा, बहु.स.*] रुपियाँ लिएर व्यभिचार गर्ने स्त्री। **प्रमदाः केशशूलाश्च भविष्यन्ति कलौ युगे** (ह.वं. भविष्य पर्व ३.१२) **अट्टमन्नमिति प्रोक्तं शिवो वेदः प्रकीर्तितः। केशो भग इति ज्ञेयः शूलो विक्रय उच्यते।** (भा.म. गूढार्थदीपिनीटीका) **~हन्त्री** (स्त्री.) [*केशस्य हन्त्री नाशिनी वा केशान् हन्तीति*] शमीको रुख।

केशघ्नः (पुं.) [*केशान् हन्ति नाशयति, अमनुष्यकर्तृके च ३.२.५३ इति टक्, टिलोपः, कुत्वम्*] केश खुइलिने रोग।

केशपाशः (पुं.) [*केशानां पाशः, ष.त.*] केशको समूह। **पाशः पक्षश्च हस्तश्च कलापार्थाः कचात्परे** (अमर.)।

केशपाशी (स्त्री.) [*अल्पः केशः केशपाशः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] टुप्पी। **शिखा चूडा केशपाशी** (अमर.)।

केशमार्जकम् (नपुं.) [*केशान् मार्ष्टि, मृजु शुद्धौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] काइँयो।

केशमार्जनम् (नपुं.) [*केशा मृज्यन्तेऽनेन, मृजु शुद्धौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.काइँयो २.[*ल्युट् च ३.३.११५ इति ल्युट्*] कपाल कोर्ने काम।

केशरः (पुं.) [*के जले शीर्यते इति, शॄ विसरणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, सप्तम्या अलुक्*] १.नागकेशर वृक्ष २.सिंह, घोडा आदिका गर्दनमा हुने रौँ ३.पराग/फूलका बिचमा हुने मसिना केसर।

पिबन्ति मधु पद्मेषु भृङ्गाः केशरधूषिताः।
हंसाः शैवालमश्नन्ति धिग्दैवमसमञ्जसम्॥ (सुभा.)

४.हिङ् ५.बकुल।

केशरी (पुं.) [*केशराः, जटा रोमाणि वा सन्ति स्कन्धप्रदेशेऽस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.सिंह। **किं जीर्णं तृणमत्ति मानमहतामग्रेसरः केशरी** (सुभा.) २.घोडा ३.हनुमान्का बाबु ४.पुन्नाग वृक्ष।

(केशरी)

केशवः (पुं.) १.[*कः ब्रह्मा, ईशः रुद्रश्च, तौ आत्मनि स्वरूपे वयति प्रलये उपाधिरूपमूर्तित्रयं मुक्त्वा एकमात्रपरमात्मस्वरूपेणावतिष्ठते इति, केशिदानवहननात् केशं वाति हन्ति वा, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः, अस्य बहुधा निरुक्तिः*] विष्णु। २.पानीमा रहेको मृतशरीर। **केशवं पतितं दृष्ट्वा द्रोणो हर्षमुपागतः। रुदन्ति कौरवाः सर्वे हा हा केशव केशव।** (सुभा. ३.[*प्रशस्ताः केशाः सन्त्यस्य, केशाद् वोऽन्यतरस्याम् ५.२.१०९ इति वः*] धेरै वा केश भएको।

केशवः (पुं.) ज्योतिषशास्त्रका प्रसिद्ध आचार्य। पश्चिम समुद्रको तीरवर्ती नन्दिग्रामका निवासी केशवको जन्म सन् १४५६ मा भएको हो। यिनले ग्रहकौस्तुभ, वर्षग्रहसिद्धि, तिथिसिद्धि, जातकपद्धति,जातकपद्धतिविवृति, ताजिकपद्धति, सिद्धान्त वासनापाठ, मुहूर्ततत्त्व, कायस्थादिधर्मपद्धति, कुण्डाष्टकलक्षण र गणितदीपिका लेखेका छन्। यी सिद्धान्त ज्योतिष र फलित ज्योतिष दुवैका मर्मज्ञ थिए।

केशवप्रयागः (पुं.) [*केशवस्य प्रयागो यत्र सः, बहु.स.*] अलकनन्दा र सरस्वती नदी मिसिएको स्थल। यो वसुधाराबाट अढाइ माइल पर पर्दछ।

(केशवप्रयागः)

केशवमिश्रः (पुं.) ई.सन् १२७५ का एक नैयायिक लेखक। यिनको रचना तर्कभाषा हो। यसमा न्यायका पदार्थलाई अत्यन्त सरल शैलीमा प्रस्तुत गरिएको छ। यो ग्रन्थ लोकप्रिय छ। यसका १४ वटा टीका लेखिएका छन्।

केशवेशः (पुं.) [*केशानां वेशः, ष.त.*] १.चुल्ठो २.कपाल कोर्ने काम।

केशहस्तः (पुं.) [*केशानां समूहः, समूहे केशाद् हस्तादयः प्रयुज्यन्ते*] केशको समूह।

केशाकेशि (अ.) [*केशेषु केशेषु गृहीत्वा इदं युद्धं प्रवृत्तम्, तत्र तेनेदमिति सरूपे, २.२.२७ इति समासः*] आपसमा कपाल समातेर गरिने लुछालुछ/भुत्लाभुत्ली।

केशान्तः (पुं.) [*केशस्य अन्त, ष.त.*] १.कपालको टुप्पो २.लट्टा ३.[*केशानामन्तो यत्र सः*] व्रतबन्ध पछि र समावर्तन अघि गरिने द्विजातिको सोह्र संस्कारमध्ये एक संस्कार। यो ब्राह्मणको १६ वर्ष, क्षत्रियको २२ वर्ष र वैश्यको २४ वर्षमा गरिसक्नुपर्छ भनी धर्मग्रन्थमा उल्लेख भएको छ। **~संस्कारः** (पुं.) [*केशान्त इति संस्कारः*] वेदाध्ययन गर्न गुरुकुलमा बस्ने कुमारको कपाल र दाह्री पाल्नु पर्ने र मौञ्जी मेखला आदि धारण गर्नु पर्ने विधान हुँदा वेदाध्ययन पूर्ण भएपछि गुरुकुलमा नै केशान्त संस्कार (कपाल दाह्री काट्ने) गरिन्छ। यसलाई गौ अर्थात् रौँ भन्ने अर्थमा गोदानसंस्कार पनि भनिन्छ।

केशिकः (पुं.वि.) [*केशाः सन्त्यस्य सः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.शरीरभरि रौँ हुने २.राम्रो कपाल भएको ३.एक दैत्य।

केशिका (स्त्री.) [*केशाः सन्त्यस्याः सा, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४, इत्वम्*] १.बाक्लो केश भएकी २.[*केशीव कायते प्रकाशते, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] कुरिलो।

केशिनी (स्त्री.) [*केशाः सन्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.राम्रो चुल्ठो भएकी स्त्री २.विश्रवाकी पत्नी ३.जटामसी ४.सिन्काउली। **शङ्खिनी चोरपुष्पी स्यात् केशिनी** (अमर.)।

केशी (पुं.वि.) [*केशाः, सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.किरण भएको २.राम्रो वा धेरै कपाल भएको। ३.(पुं.) १.सिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.कृष्णले मारेको एक राक्षस ३.देवसेनालाई हरण गर्न खोज्ने एक दैत्य। यसलाई इन्द्रले मारेका थिए ४.कृष्णको विशेषण ५.घोडा।

केसरः (पुं.) [*केसराः सन्त्यस्य, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा के जले सरति, सृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सिंह घोडा आदि पशुका गर्धनको रौँ/याल २.कुनै पनि फूलको माझमा हुने मसिना अवयव वा रेशा ३.नागकेसर ४.मौलसरी ५.पद्मकेसर/कमलको केसर ६.हीराकसी ७.आँपको कोयाको रेसा वा भुत्रा ८.हिङको रुख ९.स्वर्ग १०.विषविशेष ११.काश्मीर, इरान आदि देशमा हुने एक फूल। यसको करीब ४०० ओटा फूलबाट (१ औँस) २४० रत्ति (केशर) निस्कन्छ। यसलाई भिजाएर सेतो कपडामा लगाउँदा सुन्तला रङ देखियो भने असल, फिका पहेँलो देखिए कमसल वा नक्कली सम्झिइन्छ। केसर ओखती मिठाइ आदिमा प्रयोग हुन्छ। निघुण्टुअनुसार क्षुप जातिको फूलको केसरमध्ये नयाँ रातो रङको, कडा गन्ध भएको केसर उत्तम मानिन्छ। यो काश्मीर, बुखारा, इरान यी ३ देशमा पाइन्छ। यी मध्ये पनि काश्मीरका केसर सानासाना मसिना रौँजस्ता र केही राता एवं ज्यादै वासना आउने हुन्छन्। यी सबै केसरमा उत्तम मानिन्छन्। बुखाराको केसर पहेँलो रङको केबडाको जस्तो वासना आउने हुन्छ र मसिनो पनि हुन्छ, यो मध्यम केसर हो। इरानी केसरको वासना महको जस्तो हुन्छ र यसको रङ केही पहेँलो र मोटो हुन्छ। यो अधम केसर हो। अग्निरङको पहेँलो केसर त्याज्य मानिन्छ, यसमा विष रहन्छ। १२.प्रत्येक पाउमा क्रमशः मगण, भगण, नगण, यगण तथा दुई रगणको प्रयोग भएको छन्द।

केसरिसुतः (पुं.) [*केसरिणः सुतः ष.त.*] १.हनुमान् २.सिंहको भाले बच्चा।

केसरी (पुं.) [*केसराः स्कन्धबालाः सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः केशरीत्ययपि प्रयोगः*] १.घोडा २.सिंह ३.नागकेसर ४.हनुमान्का पिता। **अहं केसरिणः क्षेत्रे वायुना जगदायुना। जातः कमलपत्राक्ष हनुमान्नाम वानरः॥** (म.भा.३.४१.२७) ५.आफ्नो श्रेणीमा सर्वोत्तम पुरुष ६.बिमिरो।

कै (धा.) [*शब्दे,भ्वा.प.अक.अनिट्*] शब्द गर्नु। लट्– **कायति–** शब्द गर्छ इत्यादि।

कैकटः (पुं.) [*केकटानां जनपदम्, अण्*] फल्गुनदीका तीरमा रहेको बाह्र योजन भित्रको ठाउँ। **उत्तरेण महानद्या दक्षिणेन च कैकटः** (श्रा.म.)।

कैकसी (स्त्री.) रावणकी आमा।

कैकेयी (स्त्री.) [*केकयस्यापत्यं स्त्री, जनपदशब्दात्क्षत्रियादञ् ४.१.१६८० इति अञ्, केकयमित्रयुप्रलयानां यादेरियः ७.३.२ इतीयादेशः, वृद्धिः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.कैकय गोत्रकी स्त्री २.दशरथ राजाकी माहिली रानी, भरतकी आमा नक्षत्रको पादव्यवस्थाअनुसार राखिएको यिनको न्वारनको नाम सुमना हो।

कैङ्कर्यम् (नपुं.) [*किङ्करस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दासता/नोकरी (भाग.३.२.२२)।

कैटभः (पुं.) [*कीटवद् भाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ कीटभ एव स्वार्थे अण्*] दैत्यविशेष। विष्णु भगवान्द्वारा मारिएको एक दैत्य।

कैटभजित् (पुं.) [*कैटभं जितवान्, जि जये इति धातोः, सत्सूद्विषद्रुह दुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, तुक्*] विष्णु। **विश्वम्भरो कैटभजित्** (अमर.)।

कैटभहा (पुं.) [*कैटभं तन्नामकदैत्यं हतवान्, हन हिंसागत्योः इति धातोः क्विप् च ३.२.७६ इति क्विप्*] विष्णु।

कैटभारिः (पुं.) [*कैटभस्य अरिः, ष.त. पक्षे कैटभस्य तमोगुणस्य अरिः दमयिता, सगुणावस्थायामपि ईश्वरस्य सत्त्वगुणप्राधान्यात्*] विष्णु। **कैटभारिरजो विष्णुः कंसजित्पुरुषोत्तमः** (हला.)।

कैटभेश्वरी (स्त्री.) [*कैटभस्य कैटभपुर्याः ईश्वरी, ष.त. कैटभस्य तमोगुणस्य ईश्वरी, नियन्त्री*] दुर्गा। **कैटभन्तु वशं कृत्वा गृहीता तत्पुरी यया। तेन सा गीयते देवी पुराणे कैटभेश्वरी॥** (दे.पु.)

कैतकम् (नपुं.) [*केतक्या इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.केतकीसम्बन्धी २.केतकीको फूल।

कैतवः (पुं.) [*कितव एव, स्वार्थेऽण्*] १.शत्रु २.कपटी।

कैतवम् (नपुं.) [*कितवस्य भावः, कर्म, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इति युवादित्वात् अण्*] १.जुवा खेलको दाउ २.झुटो, कपटपना ३.चलाखी। **कैतवं तु छले द्यूते कैतवः कितवे रिपौ।** (मेदिनी.) **~प्रयोगः** (पुं.) चलाखी/चतुरता।

कैतवापह्नुतिः (स्त्री.) [*कैतवेन अपह्नुतिः*] अपह्नुति अलङ्कारको एक भेद। सत्य कुरा लुकाएर असत्य कुराको स्थापना गर्नु नै अपह्नुति हो। लुकाउने विधि भने अपह्नुतिका भेदअनुसार फरकफरक छन्। यस भेदमा सत्य कुरालाई सिधै नलुकाएर बहाना गरिएको हुन्छ। **कैतवापह्नुतिर्व्यक्ते व्याजाद्यैर्निह्नवे पदैः** (चन्द्रा.)।

कैदारकम् (नपुं.) [*केदाराणां समूहः, केदाराद्यञ्च ४.२.४० इति चाद् वुञ् अकः ७.१.१ केदारकाणां समूहः, भिक्षादिभ्यः ४.२.३८ इत्यण्*] खेतको फाँट वा समूह।

कैदारिकम् (नपुं.) [*केदाराणां समूहः, केदाराद्यञ्च ४.२.४० इति चाद् वुञ्, अकः ७.१.१, केदारकाणां समूहः, कवचिनश्च ४.२.४१ इति ठञ्, ठस्येकः*] खेतको फाँट वा समूह।

कैमुतिकन्यायः (पुं.) [*कैमुतिक इति न्यायः*] जब यति ठुलो काम भयो भने तब यो किन नहुने भन्ने देखाउँदा प्रयोग गरिने न्याय।

कैयटः (पुं.) वैयाकरण एवं महाभाष्यका प्रसिद्ध टीकाकार। युधिष्ठिर मीमांसकले यिनको समय एघारौं शताब्दीको उत्तरार्द्ध भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताएका छन्। यिनका बाबुको नाम जय्यट हो। यिनले प्रदीप नामक महाभाष्यको टीका लेखेका छन्।

कैरवः (पुं.) [*कुत्सितो रवो यस्य सः, कुरवः, स एव, स्वार्थेऽण्, पृषोदरादितया ऐकारः*] १.शत्रु २.धूर्त।

कैरवम् (नपुं.) [*के जले रौति, रु शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, तत्पुरुषे कृति बहुलम् ६.३.१४ इत्यलुक्, केरव एव कैरवम्*] राति फुल्ने सेतो कमल।

कैरविणी (स्त्री.) [*कैरवमस्त्यस्याः, पुष्करादित्वादिनिः, ततः ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.सेतो चन्द्रकमलको समूह २.सेतो चन्द्रकमल धेरै भएको तलाउ, वापी, पोखरी आदि। **कुमुद्वती कुमुदिनी बुधैः कैरविणी मता** (हला.) ३.सेतो चन्द्रकमलको बोट/जून लागेपछि रातीमा फुल्ने कमलको फूल।

कैरवी (स्त्री.) [*केरवाय हंसाय हिता, अण्, ङीप्*] चन्द्रिका (मेदिनी.)।

कैरातः (पुं.) [*किरात एव अण्*] १.किरात जाति २.शूर ३.(पुं.वि.) [*किराते तद्देशे भवः*] किरात देशमा पैदा भएको।

कैलासः (पुं.) [*के जले लासो दीप्तिरस्य*] हिमालय शृङ्खलामा रहेको शिव र कुबेरको वासस्थान मानिने एक पर्वत/शिवको दिव्य धाम। यो तल कालो पत्थर र माथि हिउँ भएको शिवलिङ्गजस्तो देखिन्छ। यसको वरिपरि १६ पत्रका कमलजस्ता चुचुरा भएका १६ ओटा पहाड छन्। यीमध्ये १४ चुचुरा गन्न सकिन्छन्। दुई ओटा चुचुरा झुकेर गौरीपीठ बनेको छ। यो पर्वत मानससरोवरदेखि २० माइल उत्तर पश्चिममा पर्दछ। कैलास पर्वतको चुचुरो छुनु हुँदैन भन्ने मान्यताअनुसार यसको परिक्रमामात्र गरिन्छ,। परिक्रमा मार्ग ३२ माइलको छ। एक परिक्रमा पूरा गर्न तीन दिन लाग्छ। कैलास प्रति तिब्बतीहरूको ठुलो श्रद्धा छ। उनीहरू दण्डवत् गर्दै यसको परिक्रमा गर्छन्। कैलासको जल गौरीकुण्डमा झर्छ। समुद्र सतहदेखि १९००० फिट् यसको उचाइ छ। **~सङ्काशः** (पुं.) [*कैलासेन सदृशः, अस्वपदविग्रहः*] कैलासजस्तो।

(कैलासः)

कैलासपतिः (पुं.) [*कैलासस्य पतिः, ष.त.*] शिवजी।

कैवर्तः (पुं.) [*के जले वर्त्तते, वृतु वर्तने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, केवर्तानां मत्स्यानामयं घातकः, तस्येदम् ४.३२.१२० इत्यण्*] मलाहा/माछा मारेर जीविका निर्वाह गर्ने तथा डुङ्गा चलाउने जाति। **निष्पापो भार्गवं सूते दाशं नौकर्मजीवनम्। कैवर्तमिति यं प्राहुरार्यावर्तनिवासिनः॥** (मनु.)

कैवल्यम् (नपुं.) [*केवलस्य शुद्धस्य उपाधिरहितस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.शुद्धपन २.एक उपनिषद् ३.मोक्ष। **न वेदाध्ययनान्मुक्तिर्न शास्त्रपठनादपि। ज्ञानादेव हि कैवल्यं नान्यथा विनतात्मज॥** (ग.पु. धर्मकाण्ड ४९.८७) ४.प्रकृतिबाट अलग रहेको पुरुषको अवस्था। अविद्याको अभावबाट संयोगको अभाव हुन्छ। त्यसरी हान (पुनर्जन्मादि भावी दुःखरूको अत्यन्त अभाव हुनु) चेतना (आत्मा) को कैवल्य (प्रकृतिबाट अलग अवस्था) हो। पञ्चमहाभूतमा विजय, अष्टसिद्धि र कायसंपत् आदिको प्राप्तिमा वैराग्य हुँदा पनि दोषको बीजको नाश भई कैवल्य (पुरुषको प्रकृति वा गुणहरूको साथ आत्यन्तिक वियोग) को अवस्था हुन्छ। बुद्धि र पुरुषको समान भावबाट शुद्धि हुँदा कैवल्य (प्रकृतिबाट अलग अवस्था) हुन्छ। पुरुषलाई भोग, मोक्ष दिने कर्तव्य बाँकी न रहेका गुणहरू आफ्नो कारणमा विलीन हुनुलाई कैवल्य भनिन्छ। द्रष्टा आफ्नो स्वरूपमा प्रतिष्ठित हुनु पनि कैवल्य (प्रकृतिबाट अलग अवस्था) हो। **तदभावात् संयोगाभावो हानं तद्दृशेः कैवल्यम्** (पा.यो.द. २.२५) **तद्वैराग्यादपि दोषबीजक्षये कैवल्यम्** (पा.यो.द. ३.५०) **सत्त्वपुरुषयोः बुद्धिसाम्ये कैवल्यम्।** (पा.यो.द. ३.५५) **पुरुषार्थशून्यानां गुणानां प्रतिप्रसवः कैवल्यम्, स्वरूपप्रतिष्ठा वा चितिशक्तेरिति** (पा.यो.द. ३.३४)।

कैशिकः (पुं.) नृत्यको एक भाव। यसमा सुकुमार पक्षको अभिनय गरिन्छ। **~निषादः** (पुं.) सङ्गीतको एक विकृत स्वर। **~पञ्चमः** (पुं.) सङ्गीतको एक विकृत स्वर, यो सन्दीपनी नामको श्रुतिबाट उत्पन्न हुन्छ। **~मध्यमग्रामरागः** (पुं.) श्रुतिकैशिकका सबै स्वरहरूसँगै जोडेर मध्यमबाट त्यसको आरम्भ गरिन्छ र मध्यममा नै त्यसलाई स्थापना गरिन्छ अनि त्यो कैशिकमध्यम नामको ग्रामराग हुन्छ। **~रागः** (पुं.) जहाँ श्रुतिकैशिकको काकली देखिन्छ र प्रधानता पञ्चम स्वरको रहन्छ, बाँकी अरू स्वर सामान्य स्थितिमा रहन्छन्, त्यो कश्यप ऋषिको मतमा मध्यमग्रामजनित कैशिकराग मानिन्छ।

कैशिकम् (नपुं.) [*केशानां समूहः, अचित्तहस्ति ४.२.४७ इति ठक्, ठस्येकः*] रौ वा कपालको परिमाण वा समूह।

कैशिकी (स्त्री.) [*कैशिकशब्दात् स्त्रियां ङीप्*] नाटकका चार वृत्तिहरूमध्ये एक। केशले शरीरलाई शोभा बढाए झैं कोमल सुकुमार चेष्टाद्वारा नाटकको शोभा बढाउने वृत्ति। यसमा नृत्य, गीत, वाद्य र भोगविलासहरूको अधिक वर्णन हुन्छ। यो वृत्ति शृङ्गारादि कोमल रसका निमित्त उपयुक्त मानिन्छ। यसका मुख्य चार भेद छन्– नर्म, नर्मस्फूर्ज, नर्मस्फोट र नर्मगर्भ।

कैशोरम् (नपुं.) [*किशोरस्य भावः, प्राणिभृज्जातिवयोवचनोद्गातृभ्योऽञ् ५.१.१२ इत्यञ्*] ११ वर्षदेखि १५ वर्षसम्म उमेर पुगेको ठिटोपन।

कैशोरिकेयः (पुं.) [*किशोरिकायाः अपत्यं पुमान् शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः*] किशोरीको सन्तान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कैश्यम् (नपुं.) [*केशानां समूहः, केशाश्वाभ्यां यञ्छावन्यतरस्याम् ४.२.४८ इति यञ्*] कपालको समूह।

कोकः (पुं.) [*कोकते कुक आदाने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कोकशास्त्रका एक विद्वान् २.भ्यागुतो ३.कोइली ४.चखेवा ५.ब्वाँसो। **वने यूथपरिभ्रष्ट्य वने कोकैरिवार्दिताः** (रामा.) ६.खजुरको रूख ७.विष्णु। **~शास्त्रम्** (नपुं.) [*कोकेन रचितं शास्त्रम्, म.प.स.*] आचार्य कोकले रचेको शास्त्र।

कोकदेवः (पुं.) [*कोकश्चक्रवाकः, स इव दीव्यति क्रीडति, पचाद्यच्*] परेवा।

कोकनदः (पुं.नपुं.) [*कोकान् चक्रवाकान् नदयति, णद अव्यक्ते शब्दे इति धातोः, कप्रकरणे मूलविभुजादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.५इति कः*] रातो कमल।

कोकनदच्छविः (पुं.) [*कोकनदं रक्तोत्पलमिव छविर्यस्य सः, बहु.स.*] रातो कमलको जस्तो वर्ण भएको।

कोकबन्धुः (पुं.) [*कोकयोः, चक्रवाकयोर्मेलनकारित्वाद् बन्धुरिव, त.स.*] सूर्य।

कोकसन्देशः (पुं.) विष्णुत्रातद्वारा रचना गरिएको एक सन्देश काव्य। यसको रचना विक्रमको सोह्रौं शताब्दीमा भएको हो। यो ग्रन्थ मेघदूतको अनुकरणमा लेखिएको छ। यसको पूर्वभागमा मन्दाक्रान्ता छन्दका १२० श्लोक र उत्तर भागमा १८६ श्लोक छन्। यो कृति परिष्कृत तथा परिमार्जित छ।

कोकिलः (पुं.) [*कोकते वसन्तसमये नवमञ्जरीः आदत्ते, कुक आदाने इति धातोः, सलिकल्यनिमहिभडिभण्डिशण्डि पिण्डितुण्डिकुकि भूभ्य इलच् (उ) १.५५ इति इलच्*] १.कोइली।

(*कोकिलः*)

दिव्यं चूतरसं पीत्वा गर्वं नो याति कोकिलः।
पीत्वा कर्दमपानीयं भेको रटरटयते॥ (सुभा.)

२.औषधी विशेष। **कोकिलः श्लेष्मलो ज्ञेयः पित्तसंशमनस्तथा।** (हारीतस्मृ.) ३.विषविशेष। **ग्रन्थयः कोकिलेनोग्रा ज्वरो दाहश्च दारुणः** (सुश्रुत.)।

कोकिलकम् (नपुं.) प्रत्येक पाउमा क्रमशः नगण, जगण, भगण, जगण, जगण तथा एक लघु र एक गुरुवर्णको प्रयोग भएको छन्द। यसमा सात, छ, चार अक्षरमा विश्राम हुन्छ।

हयऋतुसागरैर्यतियुतं यदि कोकिलकम् (वृत्तर.)।

कोकिलसन्देशः (पुं.) [*कोकिलस्य सन्देशो वर्णितो यत्र सः, बहु.स.*] संस्कृत भाषाको एक सन्देश काव्य। यसका रचयिता उद्दण्ड कवि हुन्। उनको समय सोह्रौं शताब्दीको प्रारम्भ हो। कोकिलसन्देशमा मेघदूतको प्रभाव छ। कविले यसलाई दुई भागमा छुट्ट्याएका छन्– पूर्वभाग र उत्तरभाग। दुवैमा मन्दाक्रान्ता छन्दको प्रयोग छ, कथानक काल्पनिक छ। काव्यको भाषा ललित र प्रसादगुणयुक्त देखिन्छ।

कोकिला (स्त्री.) [*कोकिलत्वजातिविशिष्टा स्त्री, टाप्*] पोथी कोइली।

लक्ष्मणः प्रथमं श्रुत्वा कोकिलां मञ्जुवादिनीम्।
शिवाघोरस्वनां पश्चाद् बुबुधे विकृतेति ताम्॥ (रघु.)

कोजागरः (पुं.) [*को जागर्ति वदत्यस्मिन् दिने, जागृ निद्राक्षये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् साधुः*] आश्विन पूर्णिमा। **निशिथे वरदा लक्ष्मीः को जागर्तीति वादिनी** (का.मा.)।

कोटः (पुं.) [*कुट कौटिल्ये इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुटिल हुनु २.[*कुट्यते इति, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] दुर्ग।

कोटरः (पुं.नपुं.) १.[*कोटं कौटिल्यं राति ददाति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] रुखको टोड्को वा ध्वान्द्रो २.[*कोटे दुर्गः, समीपवर्त्यस्य, रः*] दुर्गनजिकैको देश वा क्षेत्र।

कोटरी (स्त्री.) १.[*कोटनम्, कुट कौटिल्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, कोटं कुटिलस्वभावं राति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, षिद्गौरादिभ्यश्च ४.१.१ इति ङीष्*] नाङ्गै बस्ने स्त्रीजाति २.[*कोटं कुटिलस्वभावं राक्षसादिकं रीणाति हन्ति, क्विप्*] चण्डिका।

कोटवी (स्त्री.) १.[*कौटं कौटिल्यं निर्लज्जतां वाति गच्छति, वा आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः,गौरादितया ङीष्*] नाङ्गी आइमाई २.[*कोटं दुर्गं तन्नामकमसुरं वाति नाशयति*] दुर्गा।

कोटिः (स्त्री.) [*कुटति कोटयति कोट्यते वा कुट कौटिल्ये इति धातोः, अच इः (उ) इति इः*] १.सय लाख/करोड २.[*कुट्यते छिद्यते ऽनया, कुट छेदने इति धातोः, पूर्ववत् इः, गुणः*] धनुको टुप्पो/ हतियारको अग्रभाग। **हतान्यपि श्येनखाग्रकोटिव्यासक्तकेशानि चिरेण पेतुः।** (रघु.) ३.[*कोटयते प्रतापयति, कूट प्रतापने इति धातोः, पूर्ववत् इः, गुणः*] उत्कर्ष। **कोटिरुत्कर्षसङ्ख्ययोः।** (हला.) ४.[*कुट्यते संशयच्छेदनाय उपस्थाप्यते, पूर्ववत् इः*] संशय निवारणका लागि उठाइने पूर्वपक्ष। **विप्रतिपत्तिवाक्यजन्यकोट्युपस्थितिः** (गादाधरी) ५.त्रिकोण आदि क्षेत्रको एक रेखा।

इष्टद्वाहोर्यः स्यात् तत्स्पर्धिन्यां दिशीतरो बाहुः।
त्र्यस्त्रे चतुरस्त्रे वा सा कोटिः कीर्तितास्तज्ज्ञैः॥ (लीला.)

६.राशिचक्रको तृतीयांश।

त्रिभिर्भैः पदन्तानि चत्वारि चक्रे क्रमात् स्यादयुग्युग्मसंज्ञा च तेषाम्।
अयुग्मे पदे यातमेष्यन्तु युग्मे भुजं बाहुहीनं त्रिभं कोटिरुक्ता॥
(सि.शि.)

७.छायाको निरूपणका लागि कल्पना गरिएको क्षेत्रको अवयवभूत रेखा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिक्सूत्रसंपातगतस्य शङ्कोः छायाग्रपूर्वापरसूत्रमध्यम्।
दोर्दोः प्रभावर्गवियोगमूलं कोटिर्नरात् प्रागपरा ततः स्यात् ॥
(सि. शि.) ७.कल्पित क्षेत्रको अवयव विशेष। **योऽधो नरो दिनकृतः स विधोरुदग्रशङ्क्वन्वितो मम मता खलु सैव कोटिः** (सि.शि.)।

कोटिवर्षा (स्त्री.) [*कोटिभिरग्रैर्वर्षति मधुः, वृषु सेचने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कपुरपाती।

कोटिशः (पुं.) १.[*कोट्या अग्रेण श्यति, शो तनूकरणे इति धातोः, सुपि स्थः ३.२.४ इति कः, यद्वा कोटिरस्यास्ति, लोमादित्वात् ५.२.१०० इति शः*] १.डल्ल्याँठो/डल्ला फोर्ने औजारविशेष २.ढुङ्गा फोर्ने औजार ३.(अव्य.) [*कोटिः कोटिसङ्ख्यैक वचनाच्च वीप्सायाम् ५.३.४३ इति शस्*] करोडौं। **गाः कोटिशः स्पर्शयता घटोघ्नीः** (रघु.)।

कोटी (स्त्री.) [*कोटि शब्दात् ङीष्*] हे. कोटिः।

कोटीरः (पुं.) [*कोटीभिः ईरयति प्रेरयति,अच्*] १.मुकुट २.जटा। **किरीटं वैरञ्चं परिहर पुरः कैटभभिदः कठोरे कोटीरे स्खलसि जहि जम्भारिमुकुटम्** (आनन्दलहरी)।

कोटेश्वरः (पुं.) [*कोटस्य ईश्वरो यत्र, बहु.स.*] १.ओङ्कारेश्वरभन्दा केही तल नर्मदा नदीको उत्तरी तटमा अवस्थित महादेवको मन्दिर रहेको तीर्थ २.उरी बागलीनदी र नर्मदा नदीको सङ्गममा रहेको तीर्थ। यहाँ कुण्डेश्वर शिवको मन्दिर छ। ३.नेपाल काठमाडौं उपत्यकाको भक्तपुर जाने मार्गमा पर्ने वाग्मती नदीको निकटवर्ती महादेवको मन्दिर रहेको क्षेत्र ४.[*कोटस्य ईश्वरः*] महादेव।

कोठः (पुं.) [*कुण्ठति, कुठि प्रतिघाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, आगमशास्त्रस्यानित्यत्वान्न नुम्*] कुष्ठरोग।

कोणः (पुं.) [*वीणादि वाद्यते येन धनुराद्याकृतिना स कोणः, कुण्यते ऽनेन, कुण शब्दोपकरणयोः इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.वीणा बजाउने धनु आकारको साधन २.घर वा गोठको कुनै एक क्षेत्र ३.हतियारको तिखो धार या चुच्चो ४.नगरा, ढोल आदि बाजा बजाउने डन्डा ५.मङ्गल ६.शनि ग्रह। **कोणोऽन्तको रौद्रयमोऽथ वभ्रुः।** (शनिस्तोत्र) ७.जन्मकुन्डलीमा लग्नबाट पाँचौं वा नवौं ठाउँ ८.दुई दिशाबिचको दिशा/विदिशा ९.दुई सीधा रेखाको आपसमा मिल्ने ठाउँ १०.कुनो। **~आघातः** (पुं.) दश हजार ढोल र एक लाख ढोल एकैसाथ बज्दाको आवाज। **~मापकयन्त्रम्** (नपुं.) धेरै टाढाको लक्ष्यमा तोपको निशाना सोझ्याउने र ठिक कुनामा पार्ने यन्त्र।

कोणवृत्तम् (नपुं.) [*कोणगतं वृत्तम्, म.प.स.*] ईशान र नैर्ऋत्य तथा वायव्य र आग्नेय दिशाबाट बनेका वृत्त/विदिग्वृत्त।

कोणार्कः (पुं.) जगन्नाथपुरीको एक तीर्थ।

कोदण्डः (पुं.नपुं.) [*कोदण्डं धनुः तत्सदृश आकारो विद्यते अस्य, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.आखीभौं २.[*कोः शब्दायमानो दण्डो ऽस्य*] धनु ३.धनु राशि।

कोद्रवः (पुं.) [*कुत्सितो द्रवो यस्मात् सः, बहु.स., यद्वा केन वायुना जलेन वा द्रवति, द्रु गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गुणावादेशौं*] कोदो। यो दुई प्रकारको हुन्छ– खेती गरिने कोदो र वनकोदो। वनकोदो आफैं वनमा पैदा हुन्छ। कोदामा बढी लौहतत्त्व हुन्छ। यो पित्त तथा कफको नाशक हुन्छ। वनकोदो स्वास्थ्यका हिसावले राम्रो मानिदैन। यो अपाच्य र वातकारक हुन्छ।

कोपः (पुं.) [*कुप क्रोधे इति धातोः, भावे ३.३.१८ इति घञ्, गुणः*] क्रोध/रिस।

कोपनः (पुं.) [*कुप्यतीति, कुप क्रोधे इति धातोः, क्रुधमण्डार्थेभ्यश्च ३.२.१५१ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] १.रिसाहा। **आसीद् विभावसुर्नाम महर्षिः कोपनो भृशम्।** (म.भा.) २.वलिको वंशमा उत्पन्न भएको एक असुर।

कोपनम् (नपुं.) [*कुप क्रोधे इति धातोः णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१*] १.दोष पैदा गर्ने क्रिया। यो दोष तीन किसिमको हुन्छ– पित्तदोष, वातदोष र कफदोष। **स्वदोषकोपनाद् रोगं लभते मरणान्तिकम्।** (अनुगीता) २.रिस उठाउनु ३.[*कुप धातोर्भावे ल्युट्*] रिसाउनु।

कोपना (स्त्री.) [*कुप्यति तच्छीला, कुप क्रोधे इति धातोः, क्रुधमण्डार्थेभ्यश्च ३.३.१५१ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४, गुणः*] रिसाहा प्रकृतिकी नायिका। **कोपना सैव भामिनी** (अमर.)।

कोपनीयः (पुं.वि.) [*कोपयितुमर्हः, अनीयर्प्रत्ययः*] रिस उठाइने।
लङ्कापतेः सङ्कुचितं यशो यद् यत्कीर्तिपात्रं रघुराजपुत्रः।
स सर्व एवादिकवेः प्रतापो न कोपनीयाः कवयः क्षितीन्द्रैः ॥
(सुभा.)

कोपी (पुं.वि.) [*अवश्यं कुप्यति, आवश्यका ३.३.१७० इति णिनिः, यद्वा कुपितुं शीलमस्य, कुप क्रोधे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.रिसाहा २.(पुं.) पानी-परेवा।

कोमलः (पुं.वि.) [*कौति, कुङ् शब्दे इति धातोः, कुटिकशिकौतिभ्यः प्रत्ययस्य मुट् (उ.) ११४ इति सूत्रेण बाहुलकात् कलः, गुणः, मुट् च*] कमलो/नरम। **कुसुमकोमलदन्तरुचो बभुः** (रघु.)।

कोमला (स्त्री.) नाटकमा प्रयोग हुने वृत्तिको तेस्रो भेद। यसमा कोमल कान्त (अकठोर) पदावलिको प्रयोग हुन्छ।

कोयष्टिः (पुं.) [*कं जलं यष्टिरिवास्य, पृषोदरादित्वात् साधुः*] पानीमा बस्ने कक्कुभ नामको चरो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोयष्टिकः (पुं.) [*कं जलं यष्टिरिवास्य, पृषोदरादित्वात् ६. ३.१०९ साधुः*] हुटिट्याउँ ।

कोरकः (पुं.नपुं.) [*कुर शब्दे इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, गुणः*] १.कोपिलो २.कमल ३.कवाफ चिनी । **कोरकोऽस्त्री कुड्मले स्यात्कक्कोलकमृणालयोः** (मेदिनी.) ।

कोरङ्गी (स्त्री.) [*कुर शब्दे इति धातोः, बाहुलकादङ्गच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.सानो अलैंची २.पिप्ला ३.सुकुमेल ।

कोरदूषः (पुं.) [*कोरं रुधिरं दूषयति, दुष वैकृत्ये इति धातोः, कर्मण्यण् ३.२.१इत्यण्*] कोदो । **कोरदूषस्तु कोद्रवः** (अमर.) ।

कोरदूषकः (पुं.) [*कोरदूष एव, स्वार्थे कन्*] कोदो ।

ईदृशो भविता लोको युगान्ते पर्युपस्थिते ।
वस्त्राणां प्रवरा शाणी धान्यानां कोरदूषकः ।
भार्यामित्राश्च पुरुषा भविष्यन्ति युगक्षये (म.भा.) ।

कोलः (पुं.) [*कोलति, कुल संस्त्याने इति धातोः, ज्वलति कसन्तेभ्यो णः ३.१.१४० इति णः, यद्वा कोलन्त्यङ्गान्यत्र, कुल संस्त्याने इति धातोः, हलश्च ३.३.१२१ इति अधिकरणे घञ्*] १.सानो ढुङ्गो २.बयर ३.काख ४.सुगा ५.सुँगुर,बँदेल ।

कोलः केलिमलङ्करोतु करिणः क्रीडन्तु कान्तासखाः
कासारे वनकासराः सरभसं मज्जन्त्विह स्वेच्छया (सुभा.) ।

६.[*कोलति प्लवते जले इति*] नदी तर्ने डुंगा ७.शनिश्चर ८.एक किसिमको वर्णसङ्कर जाति ९.अस्त्रविशेष ।

कोलकम् (नपुं.) [*कोलति कुल संस्त्याने इति धातोः, कृञादिभ्यो वुन् (उ) इति वुन्, यद्वा ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.मरीच २.कपूर । **मरीचं कृष्णभूषणम् । कोलकं वेल्लजं धर्मपत्तनं यवनप्रियम्** (अभि.चि.३.८४) ।

कोलदलम् (नपुं.) [*कोलस्य बदर्या इव दलं यस्य तत्*] १.कालो हलेदो २.[*कोलानां दलम्*] सुँगुरको बथान ।

कोलम्बकः (पुं.) [*कुल संस्त्याने इति धातोः, बाहुलकादम्बच्, ततः कन् ५.३.९७ कोल् चासौ अम्बकश्च, कर्म.स.*] तार नलगाएको वीणा/तारबाहेक वीणाको सबै भाग ।

कोलवल्ली (स्त्री.) [*कोल इव वल्ली यस्याः सा, बहु.स.*] १.गजपिपप्ला २.चाँभो ।

कोला (स्त्री.) [*कोलति, कुल संस्त्याने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः इत्यच्, टाप् ४.१.४*] १.पिप्ला २.वृक्षविशेष ।

कोलाहलः (पुं.) [*कुल संस्त्याने इति धातोः, भावे ३.३.१८ इति घञ्, कोलः एकीभूताव्यक्तशब्दविशेषः, तमाहलति आलिखति, हल विलेखने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इत्यच्*] ठाढासम्म फैलिएको अस्पष्ट ध्वनि ।

कोली (स्त्री.) [*कोलति घनीभवति, कुल संस्त्याने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] बयर ।

कोल्या (स्त्री.) [*कोलमर्हति, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्, टाप् ४.१.४*] पिप्ला ।

कोविदः (पुं.वि.) [*कौति धर्मादिः, कु शब्दे इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, गुणः ७.३.८४, कोः वेदस्य विदो वा*] १.वेदज्ञ २.विद्वान् । **मेधावीकोविदविशारदसूरिदोषज्ञाः प्राज्ञपण्डितमनीषिबुधप्रबुद्धाः** (अभि.चि.३.५) ।

कोविदारः (पुं.) [*कुं भूमिं विदृणाति, दृ विदारणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, पृषोदरादित्वात् ६.३.१०९ इति साधुः*] कोइरालो ।

कोविदारकलिकातिकोमला
तक्रसिद्धतिलतैलपाचिता ।
हिङ्गुवासकसुवासवासिता
वेसवारलुलितातिलोभदा ॥ (पाकशास्त्र)

कोशः (पुं./नपुं.) [*कुश्यते संश्लिष्यतेऽत्र, कुश संश्लेषणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.शब्द वा विषयगत कोष २.भण्डार ३.ढुकुटी ४.दाप । ५.सुनचाँदी । **हिरण्यकोशाकुप्यानि हेम्नि रुप्ये कृताकृते** (अभि.चि ४.१११) ६. वेदान्तमा प्रतिपादित शारीरिक कोश । वेदान्तअनुसार आत्मालाई ढाकेर रहेका पाँच किसिमका कोश छन्–अन्नमयकोश, प्राणमयकोश, मनोमयकोश, ज्ञानमयकोश र आनन्दमय कोश । वीर्य र रगतबाट बनेको कोश अन्नमय हो । अन्य चार कोशमध्ये यो कोश ठुलो छ । अन्नमय कोशलाई छोडेर अरुकोशलाई वेदान्तमा लिङ्गशरीर भनिएको छ ॥ मृत्युपछि अन्नमयकोश पृथ्वीमा नै रहन्छ र अरु चार कोश आत्माका साथ सँगै जान्छन् । **~अध्यक्षः** (पुं.) [*कोशस्य अध्यक्षः, ष.त.*] खजान्ची/आयव्ययको सञ्चालन गरी हिसाब राख्ने व्यक्ति । **~आगारम्** (नपुं.) [*कोशस्य आगारम्, ष.त.*] ढकुकुटी/भण्डार । **~कारः** (पुं.वि.) [*कोशं करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इतयण्*] १.शब्दकोशका रचयिता २.दाप बनाउने शिल्पी ३.कीटविशेष । **कोशकार इवात्मानं कर्मणाछाद्य मुह्यति** (शि.व.) ।

कोशलात्मजा (स्त्री.) [*कोशलस्य कोशलनृपतेः आत्मजा, ष.त.*] कौशल्या/रामकी आमा/दशरथकी जेठी रानी ।

कोशातकी (स्त्री.) १ परवर २.तोरियाँ । **कोशातकी पटोलिका** (अभि.चि.४.२५४) ।

कोशिका (स्त्री.) रक्सी पिउने भाँडा । **कोशिका पुनः । मल्लिका चषकः कंसः पारी स्यात्पानभाजनम्** (अभि.चि. ४.९०) ।

कोशी (पुं.) [*कोशस्तदाकारोऽस्यास्तीति, इनिः*] अविकसित पालुवा ।

कोषः (पुं./नपुं.) [*कृष्यति निष्क्रामत्यस्मात् अकर्तरि च कारके संज्ञायाम् इति घञ्*] १.अण्डा २.तरबारको दाप ३.भाण्डागार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.आँखाको कोष ५.शरीरभित्रका मासपिण्ड ६.शब्द वा विषयको सविवरण क्रमबद्ध सङ्ग्रह ७.[*कुष्यन्ते आकृष्यन्ते फलपुष्पोत्पादक मधुमयपरागादयोऽस्मिन्*] कोपिला ८.दिव्य पात्र । **कोषो ऽस्त्री कुड्मले पात्रे दिव्ये खड्गपिधानके । जातिकोषे ऽर्थसङ्घाते पेश्यां शब्दादिसंग्रहे** (मेदिनी.शब्दवर्ग १०) ।

कोषवृद्धिः (स्त्री.) [*कोषस्य धनसञ्चयस्य वृद्धिः, ष.त.*] १.धनको वृद्धि २.अण्डकोषको वृद्धि/रोगविशेष ।

कोषशायिका (स्त्री.) [*कोषे शेते इति, शीङ् स्वप्ने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवारेनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] छुरी ।

कोषातकी (स्त्री.) [*कोषमतति, अत सातत्यगमने इति धातोः, क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः,ङीष्*] १.फलविशेष २.[*कोषातकोऽस्यातीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] व्यापार/वाणिज्य ३.वडवानल ।

कोष्ठः (पुं.) [*कुष्णाति निरन्तरं कर्षति सः, कुष निष्कर्षे, इति धातोः, उषिकुषिगार्तिभ्यः स्थन् (उ.१६९), इति स्थन्,*] १.पेटको भित्री अवयव २.कोठो । **~बद्धः** (पुं.) [*कोष्ठे बद्धः ष.त.*] १.कब्जियत २.(पुं.वि.) कोष्ठ चिह्नद्वारा घेरिएको । **~बद्धता** (स्त्री.) कब्जियत हुनु । **~शुद्धिः** (स्त्री.) पेट खलास हुनु ।

कोष्ठकः (पुं.) [*कोष्ठ एव, स्वार्थे कन्*] १.भँडार वा ढकुकुटी २.अन्न राख्ने बाँस आदिको भाँडो, यो डोलो र अग्लो हुन्छ ३.हाताको परखाल ४.कागज आदिमा लेखिएको सानो, ठुलो लामो, चौडा कोठा/सारिणी, ५.सूचना, अर्थ आदि देखाउन लेखिने चिह्नको जोडा जस्तै– [ ] ( ) { } ।

कोष्णः (पुं.वि.) [*ईषत् ऊष्णः, कुगतिप्रादयः इति समासः, ईषदर्थे च ६.३.१०५ इति कोः कादेशः*] मन्द तातो/मनतातो/छुन सकिने तातो । **कोष्णः कवोष्णो मन्दोष्णो कदुष्णश्चेषदुष्णवान्** (अभि.चि.) ।

कोसलः (पुं.) [*कौ पृथिव्यां सलति उत्कर्षं गच्छति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वाद् गुणः*] सरयूको तीरमा रहेको एक पुरानो देश/अयोध्या ।

कोहलः (पुं.) [*कौ हलति, स्पर्धते हल स्पर्धायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वाद् गुणः*] १.बाजाविशेष २.मदिराविशेष ।

कौक्कुटिकः (पुं.) [*कुक्कुटीं मायां पादपतनदेशञ्च पश्यति, संज्ञायां ललाटकुक्कुट्यौ पश्यति ४.४.४६ इति ठक् ठस्येकः*] १.ढाँचा देखाउने/दम्भी २.किरो मर्छ कि भनेर पैताला राख्ने ठाउँमा हेरेर हिँड्ने सन्यासी ३.कुखाले जस्तै प्रत्येक विषयमा विचार गरेर मात्रै कदम चाल्ने व्यक्ति ४.(पुं.वि.) अदूरदर्शी ।

कौक्षेयः (पुं.वि.) [*कुक्षौ भवः, दृतिकुक्षिकलशिवस्त्यस्त्यहेर्ढञ् ४.३.५६ इति ढञ्, ढस्य एयः*] काखीमा भएको ।

कौक्षेयकः (पुं.) [*कुक्षौ भवः, कुलकुक्षिग्रीवाभ्यः श्वास्यलङ्कारेषु ४.२.९६ इति ढकञ्, ढस्य एयः*] तरबार ।

कौटः (पुं.वि.) [*कुटेऽद्रिशृङ्गे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] पहाडको शिखरमा पैदा भएको ।

कौटल्यः (पुं.) कौटिल्य/चाणक्य । **वात्स्यायने मल्लनागः कौटल्यश्चणकात्मजः । द्रामिलः पक्षिलः स्वामी विष्णुगुप्तोऽङ्गुलश्च सः** (अभि.चि.३.५२७) हे. चाणक्यः ।

कौटकिकः (पुं.) [*कूटकं मांसं पण्यमस्य, तदस्य पण्यम् ४.४.५१ इति ठक्, ठस्येकः*] मासु बेच्ने बगरे ।

कौटतक्षः (पुं.) [*कुट्यां भवः, तत्र भवः ४.३.५३ इत्यण्, कौट्यश्चासौ तक्षा च, टच् ५.४.९५*] आफुखुसी काम गर्ने सिकर्मी ।

कौटिकः (पुं.) [*कूटेन मृगादिबन्धनयन्त्रेण चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] मासु बेच्ने व्यक्ति ।

कौटिल्यः (पुं.) [*कौटिल्यमस्यास्तीति, अर्शाद्यच्*] चाणक्य । यी मौर्य सम्राट् चन्द्रगुप्तका गुरु एवं मन्त्री थिए । यिनले भारतमा नन्दवंशको विनाश गरेर मौर्यसाम्राज्यको स्थापना गरेका थिए । चणकको छोरा भएकाले यिनलाई चाणक्य, कुटिल राजनीतिज्ञ भएकाले कौटिल्य भनिएको हो । यिनको वास्तविक नाम विष्णुगुप्त थियो । यिनको समय जयसवालको मतअनुसार ई.पू. चौथो शताब्दी हो । यिनले अर्थशास्त्रको रचना गरेका छन् । यिनलाई कौटल्य पनि भनिन्छ । **कौटल्यः चणकात्मजः** (अभि.चि. ३.५१७) हे **कौटिल्यार्थशास्त्रम्** ।

कौटिल्यम् (नपुं.) [*कुटिलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.हात्तीदाँते मूला २.बाङ्गोपन ३.दुष्ट्याइँ ४.कपटता ।

कौटिलीयमर्थशास्त्रम् (नपुं.) चाणक्य अथवा कौटिल्यद्वारा प्रणीत अर्थशास्त्रको ग्रन्थ । यस अर्थशास्त्रमा सूत्र र श्लोकहरू छन् । केही अंश गद्यमा लेखिएको छ भने केही अंश श्लोकबद्ध छ । यस ग्रन्थमा १५ अधिकरण, १५० अध्याय र ६ हजार श्लोक छन् । प्राचीन भारत वर्षको सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक जीवन व्यवस्था यसमा वर्णित छ । यो प्राचीन राज्य सञ्चालन तथा अर्थव्यवस्थाको कानुन हो । यसको रचना ईस्वीपूर्व चौथो शताब्दीतिर भएको मानिन्छ ।

कौटुम्बिकः (पुं.वि.) [*कुटुम्बे तद्भरणे प्रसृतः, ठक्, ठस्येकः*] परिवारको भरण पोषण गर्ने ।

कौणपः (पुं.) [*कुणपं शवं भक्षयितुं शीलमस्य, शीलम् ४.४.६१ इत्यण्, कोणं पाति आतश्चोपसर्गे ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.राक्षस २.वासुकिवंशमा उत्पन्न सर्पविशेष ।

पिच्छलः कौणपश्चक्रः कालवेगः प्रकालनः ।
हिरण्यवाहुः शरणः कक्षकः कालदण्डकः ।
एते वासुकिजा नागाः प्रविष्य हव्यवाहने (म.भा.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौण्डिन्यः (पुं.) [*कुण्डिनस्य गोत्रापत्यं पुमान् गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] कुण्डिन ऋषिका सन्तान ।

कौण्डिन्यायनः (पुं.) [*कौण्डिन्यस्य युवापत्यम्, यञिञोश्च इति फक्, फस्य आयनादेशः*] कौण्डिन्य ऋषिका सन्तान ।

कौतुकम् (नपुं.) [*कुतूं कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, उपपदसमास २.२.१९, इको ह्रस्वोऽङ्यो गालवस्य ६.३.६१ इति ह्रस्वः कुतुकमेव प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण् , कुतुकस्य भावः, युवादितया वाऽण्*] १.रमणीय वस्तु देख्न र सुन्न हुने चित्तको चञ्चलता २.हर्ष ३.उत्सव ४.ठट्टा ५.खेल/ तमासा । **पश्यन्तु लोकाः कलिकौतुकानि** (सुभा.) ।

कौतुकालयः (पुं.) [*कौतुकाय आलयः, च.त.*] मनोरञ्जन गर्ने ठाउँ ।

कौतुकी (पुं.वि.) [*कौतुकमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] कौतुक गर्ने/जादुगर/खेल तमासा देखाउने/विनोदशील ।

कौतूहलम् (नपुं.) [*कुतूहलस्य भावः, कर्म वा युवादितया अण्*] कुतूहल । **महत्कौतूहलं मेऽस्ति हरिश्चन्द्रकथां प्रति** (मा.पु. ८.१) ।

कौद्रवीणम् (नपुं.) [*कोद्रवाणां भवनं क्षेत्रम्, धान्यानां भवने क्षेत्रे खञ् ५.१.१ इति खञ्, खस्य ईनः*] कोदो हुने जमिन (अभि.४.३२) ।

कौन्तिकः (पुं.) [*कुन्तः प्रहरणमस्य, प्रहरणम् ४.४.५७ इति ठक्, ठस्येकः*] भाला प्रहार गर्ने व्यक्ति । **तुल्यौ प्रासिककौन्तिकौ** (अभि.चि.३.४३४) ।

कौन्ती (स्त्री.) [*कुन्तिषु देशेषु भवा, तत्र भवः ४.३.५३ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, वृद्धिः*] शितलचिनी ।

कौपम् (नपुं.) [*कूपे भवम्, तत्र भवः इत्यण्*] कुवाको पानी ।

कौपीनम् (नपुं.) [*कूपे पतनमर्हति, शालीनकौपीने अधृष्टाऽकार्ययोः ५.२.२० इति निपातनाद् खः, खस्येनः*] १.पाप २.लगौटी ३.गर्नु नहुने काम ४.गुप्तस्थल ।

कौमारम् (नपुं.) [*कुमारस्य कर्म भावो वा, प्राणभृज्जातिवयो-वचनोद्गात्रादिभ्योऽञ् ५.१.१२९ इति अञ्, वृद्धिः*] जन्मदेखि पाँच अथवा सोह्र वर्षसम्मको अवस्था । **~भृत्यतन्त्रम्** (नपुं.) बालकहरूको उपचारसम्बनधी विषय वर्णन भएको आयुर्वेद शास्त्रको एक शाखा ।

कौमारी (स्त्री.) [*कुमारस्य इयम्, तस्येदम् ४.३.१२० इत्यण्, वृद्धिः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.कार्तिक स्वामीकी शक्ति / मातृकाविशेष । **कौमारी शिखिवाहना** । (चण्डी) २.घिउकुमारी ३.[*कुमारी एव*] अविवाहित केटी ४.[*अपूर्वपति कुमारी पतिमुपपन्ना, कौमारापूर्ववचने ४.२.१३ इत्यण्, ततो ङीप्*] पहिले विवाह नभएका कुमारकी पत्नी ।

कौमारिकः (पुं.) [*कुमार्यः सन्त्यस्य, ठक्*] मात्र छोरी भएको बाबु ।

कौमारिकेयः (पुं.) [*कुमारिकाया अपत्यं पुमान्, ढक्, एयः*] कुमारीको सन्तान ।

कौमुदः (पुं.) [*कौ पृथिव्यां मोदन्ते जना यस्मिन् सः*] १.चन्द्रमाको उज्यालो २.कात्तिक महिना ।

एतैरन्यैश्च राजेन्द्रैः पुरा मांसं न भक्षितम् ।
शारदं कौमुदं मासं ततस्ते स्वर्गमाप्नुयुः ॥ (म.भा.)

कौमुदी (स्त्री.) [*कुमुदानामियम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.पानी कमल २.चन्द्रमाको ज्योत्स्ना ३.संस्कृत भाषाको एक प्रसिद्ध व्याकरणको ग्रन्थ ४.उत्सव ५.कार्तिक पूर्णिमाका दिन गरिने उत्सव ६.आश्विन पूर्णिमा ।

आश्विने पौर्णमास्यान्तु चरेज्जागरणं निशि ।
कौमुदी सा समाख्याता कार्या लोकविभूतये ॥

७.दीप प्रज्वालन गरेर उत्सव गरिने तिथि । **कौ मोदन्ते जना यस्यां तेनासौ कौमुदी स्मृता ॥** (मल्लिनाथ) ८.प्रथम तथा तृतीय पाउमा नगण, नगण, भगण, भगण तथा द्वितीय र चतुर्थ पाउमा नगण, नगण, रगण, रगणको प्रयोग भएको अर्द्धसम वृत्त । **अयुजि ननभभाः समकेऽपि तु नयुगरयुगलं तदा कौमुदी** । (छन्दो.) **~पतिः** (पुं.) [*कौमुद्याः चन्द्रज्योत्स्नायाः पतिः, ष.त.*] चन्द्रमा (अभि.चि.२.१८) ।

कौमोदकी (स्त्री.) [*कोः पृथिव्या मोदकः,ष.त.,पालकत्वात् कुमोदको विष्णुः, कुमोदकस्य इयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] विष्णुको गदा ।

कौरवः (पुं.) १.[*कुरोरपत्यम् उत्सादिभ्योऽञ् इत्यञ् वृद्धिः*] कुरुका सन्तान २.[*कुरूणां निवासः, तस्य निवासः४.२.६९ इत्यण्*] कुरुको वासस्थल । **क्षेत्रं क्षत्रप्रधनपिशुनं कौरवं तद्भजेथाः** । (मे.दू.) ३.[*कुरुषु जातः, भवः, तत आगतः, तस्येदमित्याद्यर्थेषु च, कच्छादिभ्यश्च ४.२.१३३ इत्यण्*] कुरदेशमा जन्मिएको, त्यहाँबाट आएको, कुरुदेशसम्बन्धी आदि । ४.[*कुत्सितो रवो यस्य सः, कुरवः, कुरव एव प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] स्याल ।

केशवं पतितं दृष्ट्वा द्रोणो हर्षमुपागतः ।
रुदन्ति कौरवाः सर्वे हा हा केशव केशव ॥ (म.भा.)

कौरव्यः (पुं.) [*कुरोरपत्यं पुमान्, कुर्वादिभ्यो ण्यः ४.१.१५१ इति ण्यः*] १.कुरुका सन्तान/कौरव २.कुरुहरूका ब्राह्मण ।

अनिशायां निशायाञ्च सहायाः क्षुत्पिपासयोः ।
आराधयन्त्या कौरव्यान् तुल्या रात्रिरहश्च मे ॥ (म.भा.)

३.नागविशेष । **कौरव्यो धृतराष्ट्रश्च शङ्खः पिण्डश्च वीर्यवान्** (म.भा.) ।

कौलः (पुं.) [*कुलस्यापत्यम्, उत्सादिभ्योऽञ् ४.१.८६ इत्यञ्, वृद्धिः*] १.कुलको सन्तान २.[*कुले सत्कुले भवः तत्र भवः ४.३.५३ इत्यण्*] असल कुलमा पैदा भएको ३.[*कुले कुलाचारे रतः*] तन्त्रप्रतिपादित कुलाचारमा लागेको ४.[*कुलमधिकृत्य कृतो ग्रन्थः*] कुलाचारको विधिविधान लेखिएको ग्रन्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौलटिनेयः (पुं.) १.[*कुलटायाः सत्या भिक्षुण्याः, अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः ७.१.२, वृद्धिः, कुलटाया वा ४.१.१२७ इति इनङ्*] भिक्षुणीको छोरो २.[*कुलटया असत्या अपत्यं पुमान्*] वेश्याको छोरो ।

कौलटेयः (पुं.) [*कुलटयाः, सत्या असत्या वा भिक्षुण्याः, अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२०, इति ढक् ढस्य एयः ७.१.२ वृद्धि*] १.भिक्षुणीको छोरो । **द्वावेतौ कौलटेयौ** (अभि.चि. ३.२१३) २.वेश्याको छोरो ।

कौलटेरः (पुं.) [*कुलटया, असत्या दुराचारिण्या अपत्यम्, इति छुद्राभ्यो वा ४.१.१३१ इति ढक्, ढस्य एयः ७.१.२ लोपो व्योर्वलि ६.१.६६ इति यलोपः*] वेश्या वा दुराचारी आइमाईको छोरो । **बन्धुको बान्धकिनेयः कौलटेरोऽसतीसुतः** (अभि.चि. ३.२१३) ।

कौलत्थीनम् (नपुं.) [*कुलत्थानां भवनं क्षेत्रम्, धान्यानां भवने क्षेत्रे खञ् ५.१.१ इति खञ्, खस्येनः ७.१.२*] गहत पैदा हुने जमिन ।

कौलम् (नपुं.) [*अकुलेन कुलस्य संवन्धः*] कौल साधनानुसार कुल शब्द शक्तिको वाचक छ । अकुल भन्नाले शिव भन्ने बुझिन्छ । कुल र अकुलको सम्बन्ध स्थापित गर्ने मार्गलाई कौलमार्ग भनिन्छ ।

कुलं शक्तिरीति प्रोक्तमकुलं शिव उच्यते ।
कुलेऽकुलस्य संवन्धः कौलमित्यभिधीयते ॥
(सौभाग्यभाष्कर पृ.५३)

कौलमार्गः (पुं.) [*कौलस्य मार्गः, ष.त.*] कौलहरूको बाटो ।

कौलिकः (पुं.) [*कुलं सूत्रादिकं वयति, ठक्, ठस्येकः*] १.जुलाहा २.[*कुलाद् आगतः*] कुल परम्पराबाट चल्दै आएको ३.[*कौलं कुलधर्मं प्रवर्तयति*] कुल धर्मका प्रवर्तक/शिव । ४.[*कौलम् कुलाचारं प्रयोजनमस्य*] ब्रह्मत्त्वज्ञ ।

कौलीनम् (नपुं.) [*कौ पृथिव्यां लीनमिव, कौ पृथिव्यां लीनम्, लयो यस्माद् वा*] १.लोकापवाद । **कौलीनभीतेन गृहान्निरस्ता न तेन वैदेहसुता मनस्तः ।** (रघु.) २.निन्दा । **कौलीनमात्माश्रयमाचचक्षे ।** (रघु.) ३.कुकर्म ४.[*कुलीनस्य भावः*] कुलीनता ।

कौलेयः (पुं.वि.) [*कुले भवः, बाहुलकाद् ढक्, ढस्य एयः,वृद्धिः*] कुलीन (भरत) ।

कौलेयकः (पुं.) [*कुले जातः, कुलकुक्षिग्रीवाभ्यः श्वास्यलङ्कारेषु ४.२.९६ इति ढकञ्, ढस्य एयः, वृद्धिः*] राम्रो कुलको कुक्कुर **शुनोऽन्यत्र कौलः** (सि.कौ.) ।

कौवेरी (स्त्री.) १.[*कुवेरो देवता अस्याः, साऽस्य देवता इत्यण्, टिड्ढाणञ् इति ङीप्*] उत्तरदिशा २.[*कुवेरस्य इयम्, तस्येदमित्यण्, ततो ङीप्*] कुवेरको शक्ति ।

कौशम् (नपुं.) [*कुशेन निर्वृत्तम्, अण्*] कुशासन (अभि.चि.) ।

कौशलम् (नपुं.) [*कुशलस्य भावः, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इत्यण्, वृद्धिः*] १.चलाखी । **योगः कर्मसु कौशलम्** (भ.गी.) २.सिपालुपन,निपुणता (भाग.१.१६.२७) ४.[*कुशलमेव, स्वार्थे अण्*] आराम,आनन्दी, सन्चो,सुविस्ता । **कालोऽयं कवली करोति सकलान् भ्रातः कुतः कौशलम्** (सुभा.) ।

कौशलिकम् (*कौशलमस्ति अत्र, ठन्, कौशलादागतं वा ठञ्*] १.घुस, नजराना, कमिसन । **प्राभृतं ढौकनं लञ्चोत्कोचः कौशलिकामिषे** (अभि.चि.३.४०१) २.कोसेली ।

कौशल्यम् (नपुं.) [*कुशलस्य भावः कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] कुशलता ।

कौशल्या (स्त्री.) [*कोशलस्य राज्ञोऽपत्यं स्त्री, वृद्धेत्कोशलाजादाञ्ञ्यङ् ४.१.१७१ इति ञ्यङ्, यङश्चाप् ४.१.७४ इति चाप्*] १.दशरथ राजाकी पत्नी/रामकी माता । २.कोशलकी छोरी अम्बा र अम्बालिका दुवै पाण्डु र धृतराष्ट्रकी आमा । **~नन्दनः** (पुं.) [*कौशल्यायाः नन्दनः,ष.त.*] रामचन्द्र ।

कौशाम्बी (स्त्री.) [*कुशाम्बेन निर्वृत्ता, तेन निर्वृत्तम् ५.१.७९ इत्यण्*] कुशका छोरा कुशाम्बद्वारा बसाइएको एक सहर । यहाँ गौतमबुद्ध पनि केही समयसम्म बस्नुभएको थियो । यहाँको एक मन्दिरमा बुद्धको श्रीखण्डको मूर्ति पनि छ । यसैकारण यो ठाउं बुद्धमार्गीका लागि पवित्र तीर्थ मानिन्छ ।

कौशिकः (पुं.) [*कुशिकस्य गोत्रापत्यम्, अनृष्यानन्तर्ये विदादिभ्योऽञ् ४.१.१०४ इत्यञ्*] १.कुशका सन्तान २.गोत्रप्रवर्तक २४ ऋषिमध्ये एक ।

शाण्डिल्यः काश्यपश्चैव वात्स्यः सावर्णकस्तथा
भरद्वाजो गौतमश्च शौकालीनस्तथापरः ।
कल्किषश्चाग्निवेशश्च कृष्णात्रेयवसिष्ठकौ ।
विश्वामित्रः कुशिकश्च कौशिकश्च तथापरः ।
घृतकौशिकमौद्गल्यौ आलम्बानः पराशरः ।
सौपायनस्तथात्रिश्च वासुकी रोहितस्तथा ।
वैयाघ्रः पद्मकश्चैव जामदग्न्यस्तथापरः ।
चतुर्विंशतिर्वै गोत्राः कथिताः पूर्वपण्डितैः (श.क.द्रु.) ।

तर गोत्रको सङ्ख्या धेरै छ । प्रवरभने मुख्य ४९ छन् । ३.विश्वामित्र ऋषि । **त्रिशङ्कुयाजी गाधेयो विश्वामित्रश्च कौशिकः** (अभि.चि.३.५१४) ४.[*कुशिकस्यापत्यम्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्,जन्मकाले कुशैर्वृतत्वाद् वा, ठञ्*] इन्द्र ।

जातमात्रस्तु भगवान् अदित्यां स कुशैर्वृतः ।
तदाप्रभृति देवेशः कौशिकत्वमुपागतः ॥
(ह.वं.२१९.२,३) ५.लाटो कोसेरो । **कौशिकोलूकपेचकाः** (अभि.चि. ४.३९०) ६.[*कोशं करोति, बाहुलकाद् ठक् ठञ् वा, ठस्येकः*] कोशकार ७.[*कोशे भवः, अध्यात्मादेष्ठञिष्यते (वा.) ४.३.६० इति ठञ्, ठस्येकः*] गोकुल धूप ८.गुदी ९.न्याउरी मुसो १०.सपेरा ११.शृङ्गाररस १२.लुकेको धन पत्ता लगाउने व्यक्ति १३.[*कोशात् कृमिकोशाज्जातः*] रेसमीवस्त्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या त्वाऽहं कौशिकैर्वस्त्रैः शुभैराच्छादितं पुरा।
दृष्ट्वत्यस्मि राजेन्द्र सा त्वां पश्यामि चीरिणम्॥
(म.भा. ३.२७.१४) १३.जरासन्धको सेनापति। **स तु सेनापतिं राजा सस्मार भरतर्षभ। कौशिकं चित्रसेनञ्च तस्मिन् युद्ध उपस्थिते॥** (म.भा.२.२२.३१) १४.कोषाध्यक्ष १५.सर्प १६.एक उपपुराण १७.अथर्ववेदको एक सूक्त १८.महामारी १९.गोही । **कौशिको नकुले व्यालग्राहि गुग्गुलशक्रयोः। विश्वामित्रे च कोशज्ञोलूकयोरपि कौशिकः।** (मेदिनी.) २०.बोसो। **मज्जा तु कौशिकः** (अभि.चि.३.२९२)।

कौशिका (स्त्री.) [*कोश एव, स्वार्थे कः, ततः टप्, इत्वम्*] १.कटौरा/पानपात्र २.एकथरी रक्सी।

कौशिकी (स्त्री.) [*कुशिकाद् भवा, कुशिकस्य गोत्रापत्यं स्त्री यद्वा कोशाद् निर्वृता*] १.कोसी नदी। यसका इन्द्रावती, सुनकोसी, लिखुकोसी तामाकोसी, दुधकोसी, अरुणकोसी र तमोरकोसी सात

(कौशिकी)

सहायक नदी छन्। यसको जम्मा प्रवाह क्षेत्रफल ६०, ४०० वर्ग कि.मि. मध्ये २८, १४० वर्ग कि.मि. नेपालमा पर्दछ। सात कोसी नदीका पौराणिक नामहरू— चण्डी (तामाकोसी) दुर्गा (सुनकोसी) गौरी (दुधकोसी) शिवदूती (भोटे कोसी) नारायणी (अरुण) कपर्दिनी (लिखु) वाराही (तमोर) शची (इन्द्रावती) कसैले लिखुको सट्टा वरुण लेखेका छन्, वस्तुतः यो सप्तकोसीमा मिसिदैन, अरुणमा मिसिन्छ। त्यसैले यो अरुणको सहायक हो, सप्तकोसीको होइन।

दुर्गा नारायणी चण्डी शिवदूती कपर्दिनी।
वाराही च शची गौरी कौशिक्यः क्रमशोऽद्रिजाः॥
(हि.ख. अध्याय.३९)

हिमवत्खण्डमा कौशिकी नदीको बारेमा विस्तृत चर्चा छ। २.दुर्गा देवी/पार्वतीका शरीरको कोशबाट निस्केकी हुँदा यिनलाई कौशिकी भनिएको हो।

शरीरकोशतस्तस्याः पार्वत्या निःसृताऽम्बिका।
कौशिकीति समस्तेषु ततो लोकेषु गीयते॥ (स.श.५.८७)

३.कुशिक राजाकी नातिनी ऋचिक ऋषिकी पत्नी, ४.[*कुशिका नटाः तत्सम्बद्धा वृत्तिः, म.प.स., वर्तते रसो ऽनया, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, नायकादिव्यापारविशेषः, कौशिक्यादि-शब्दास्तु डित्थादिवद् रूढाः, सा.द., कुसुमप्रतिभा टीका*] चारथरी नाट्यशास्त्रमा वर्णित वृत्तिमध्ये पहिलो वृत्ति। यसमा स्त्रीपात्रको बाहुल्य हुन्छ, शृङ्गाररसको प्रयोग हुन्छ, नाचगान बढी हुन्छ, कामवासना बढाउने खालका प्रदर्शनहरू हुन्छन्।

या श्लक्ष्णनेपथ्यविशेषचित्रा स्त्रीसङ्कुला पुष्कलनृत्यगीता।
कामोपभोगप्रभवोपचारा सा कौशिकी चारुविलासयुक्ता॥
(सा.द.)

५.रामायणअनुसार विश्वामित्रकी बहिनी ६.कुरुक्षेत्रमा पर्ने एक नदी। महाभारतअनुसार यस नदीको सिर्जना शौच सन्ध्या आदि सुविधाको लागि विश्वामित्रबाट भएको हो।

शौचार्थं यो नदीं चक्रे दुर्गमां बहुभिर्जलैः।
यातां पुण्यतमां लोके कौशिकीति विदुर्जनाः॥
(म.भा.आ.प.७१.३०) ७.एक रागिणी।

कौशिल्यः (पुं.) [*कुशिलस्यापत्यं पुमान्*] एक गोत्र प्रवर्तक ऋषि।

कौशेयम् (नपुं.) [*कोशे संभूतम्, कोशाड्ढञ् ४.३.४२.इति ढञ्, ढस्य एयः, आदिवृद्धिः*] १.रेसम २.रेसमी कपडा। **~कीटः** (पुं.) रेसम कीरा। **कौशेयं कृमिकोशोत्थम्** (अभि.चि.३.३३४)

कौषीतकी (स्त्री.) [*कुषीतकस्यापत्यं स्त्री, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११२ इत्यण्, ङीप्*] अगस्त्यकी पत्नी (अभि.चि.२.३७)।

कौषीतकी उपनिषद् (स्त्री.) [*कुषीतकेन प्रणीता पठिता वा शाखा*] यो ऋग्वेदको उपनिषद् हो। यसमा चार अध्याय छन्। पहिलो अध्यायमा— देवयानको वर्णन छ। मरेपछि जीवात्माले पुनर्जन्म ग्रहण गरेर दुई मार्गबाट प्रयाण गर्छ भन्ने विषयको सविस्तार वर्णन छ। दोस्रो अध्यायमा आत्माको प्रतीकको रूपमा प्राणको विवेचना गरिएको छ। तेस्रो अध्यायमा प्राणतत्त्वको विस्तारपूर्वक वर्णन छ। अन्तिम दुई अध्यायमा ब्रह्मवादको विवेचना गर्दै मुक्तिको साधन र ज्ञान प्राप्त गर्ने साधकका कर्म र ज्ञानको विषयमा चिन्तन गरिएको छ। (सं.सा.को.)

कौषेयम् (नपुं.) [*पृषोदरादितया षकारादेशः*] हे. कौशेयम्।

कौसल्या (स्त्री.) [*कोसलस्य राज्ञोऽपत्यं स्त्री, वृद्धेत्कोसलाजादाङ्ञ्यङ् इति ञ्यङ्, यङश्चाप् ४.१.७४ इति चाप्*] कोसलदेशका राजाकी छोरी, रामचन्द्रकी आमा, दशरथराजाकी जेठी महारानी।

कौसीद्यम् (नपुं.) [*कुत्सितं सीदति,अस्मिन्, शः, ततः स्वार्थे ष्यञ्*]१.आलस्य। **स्मृतं कौसीद्यमालस्यम्** (हला.७५७) २.तन्द्रा ३.[*कुसीदस्य कर्म, ष्यञ्*] ब्याज लिने काम।

कौसुमम् (नपुं.) १.[*कुसुमेन निर्वृत्तम्, तेन निर्वृत्तम् ४.२.६८ इत्यण्*] फूलको रसमा बनाइएको गाजल आदि २.[*कुसुमस्येदम्, तस्येदम् ४.३.१२० इत्यण्*] फूलसम्बन्धी।

कौस्तुभः (पुं.) [*कुं भूमिं स्तुभ्नाति, कप्रकरणे मूलविभुजादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.५ इति कः, यद्वा कुस्तुभस्य विष्णोरयम्, तस्येदम् ४.३.१२० इत्यण्*] विष्णु भगवान्ले लाउने एक मणि। **~मुद्रा** (स्त्री.) दाहिने कान्छी औँला, दाहिने साहिँली औँलामा जोडी, बायाँ कान्छी औँलाले चोरी औँला र साहिँली औँला बाँधेर दाहिने औँठाको फेदमा बायाँ साहिँली औँला बाँध्नुका साथै बायाँ औँलाले बाँकी औँलाहरू सोझो पार्दा कौस्तुभमुद्रा हुन्छ। **~लक्षणः। ~वक्षः। ~हृदयः** (पुं.) विष्णु भगवान्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्नथ (धा.) [*वधे, चुरा. पक्षे भ्वा. पर. सक.सेट्*] मार्नु । लट्– **क्नथयति**– मार्छ इत्यादि ।

क्नसु (धा.) [*हरणदीप्त्योः अक.सेट्, पर.*] हरण गर्नु, चम्कनु । लट्– **क्नस्यति**– हरण गर्छ, चम्कन्छ इत्यादि ।

क्नूञ् (धा.) [*हिंसायाम्, सक.सेट्, उभय.*] शब्द गर्नु । लट्– **क्नूनाति.क्नूनीते**– शब्द गर्छ इत्यादि ।

क्नूयी (धा.) [*शब्दे उन्दे च, शब्दे अक. उन्दे सक. सेट्, आत्म.*] शब्द गर्नु, भिजाउनु । लट्– **क्नूयते**– शब्द गर्छ, भिजाउँछ इत्यादि ।

क्मर (धा.) [*हूर्च्छने, अक.सेट् पर.*] टेढो हुनु, ठग्नु । लट्– **क्मरति**– टेढो हुन्छ, ठग्छ इत्यादि ।

क्रकचः (पुं.) [*क्र इति कचति, कच शब्दे इति धातोः,नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.करौँती २.बाजाविशेष ३.करीर (रुख) ४.वातबाट हुने सन्निपात ५.क्रकचयोग । **~छदः** (पुं.) सुनकेबडा । **~पत्रः** (पुं.) बाँझ (रुख) **~पातः/~पादः** (पुं.) पल्ली/माउसुली । **~योगः** (पुं.) ज्योतिषशास्त्रअनुसार शुभ कर्म गर्नु नहुने एक योग, यसमा तिथि वार जुराउँदा तेह्र अङ्क भएमा यो योग पर्दछ । अर्थात् शनिबारको षष्ठी, शुक्रबारको सप्तमी, बृहस्पतिबारको अष्टमी, बुधबारको नवमी, मङ्गलबारको दशमी, सोमबारको एकादशी, आइतबारको द्वादशी पर्दा क्रकच योग पर्दछ ।

तिथ्यङ्केन समायुक्तो वाराङ्को यदि जायते ।
त्रयोदशाङ्कः क्रकचो योगोऽयं निन्दितः शुभे ॥ (बृ.ज्यो.सा.)

क्रकरः (पुं.) [*क्र इति करोति, डुकृञ् करणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा कृञो हेतुताच्छील्यानुलोम्येषु ३.२.२० इटिटः*] १.करीरको रुख २.दुःखी ३.तित्रोविशेष । **क्रकरः करीरवृक्षे दीने क्रकचे पक्षिभेदे च** (विश्व.) ।

क्रतुः (पुं.) [*क्रियतेऽसौ, डुकृञ् करणे इति धातोः कृञः कतुः (उ.८०) इति कतुप्रत्ययः, क्रतोः कित्त्वाद् गुणाभावे यणादेशः*] १.यज्ञ २.[*करोत्यसौ*] विष्णु भगवान् ३.[*कुर्वन्त्यत्र*] असार महिना ४.[*कुर्वन्ति एभिः*] इन्द्रिय ५.(पुं.) [*करोत्यसौ*] जीव ६.[*कुर्वन्त्यनेन*] विवेक ७.(स्त्री.) [*करणे*] इच्छा ८.(पुं.) [*क्रियतेऽसौ*] निश्चय ९.[*करोत्यसौ*] दश प्रजापतिमध्ये एक १०.[*बाहुलकात् करणे*] प्रतिभा ११.शक्ति १२.योग्यता १३.[*क्रियते पूज्यतेऽसौ*] इष्टिश्राद्धमा पूजिने विश्वेदेव १४.[*करोत्यसौ*] महाभारतअनुसार सप्तर्षिमध्ये एक ऋषि । **इष्टिश्राद्धे क्रतुर्दक्षौ** (आ.च.) । **~द्विट्** (पुं.) [*क्रतुं द्वेष्टि, द्विष धातोः सत्सूद्विष– ३.२.६१ इति क्विप्*] राक्षस । **~ध्रुक्** (पुं.) [*क्रतवे द्रुह्यति द्रोहमाचरति, सत्सूद्विषद्रुह– ३.२.६१ इति क्विप्*] असुर/राक्षस । **~ध्वंसी** (पुं.) [*क्रतुं दक्षयज्ञं ध्वंसयति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, जयेत्पादित-वीरभद्रेण क्रतुध्वंसकारितत्वादस्य तथात्वम्*] शिव । **~पतिः** (पुं.) [*क्रतोः पतिः, ष.त.*] १.यज्ञ गर्ने व्यक्ति २.[*तद्रक्षकतया*] विष्णु ।**~पशुः** (पुं.) [*क्रतोर्यज्ञस्य (अङ्गभूतः) पशुः, ष.त.*] यज्ञका निमित्त तयार पारिएको घोडा । **~पुरुषः** (पुं.) [*क्रतुर्यज्ञः, तन्मयस्तदधिष्ठाता वा पुरुषः, म.प.स.*] विष्णु । **~भुक्** (पुं.) [*क्रतौ यज्ञे देयमाज्यादिकं भुङ्क्ते, क्रतुपूर्वकाद् भुज पालनाभ्यवहारयोः इति धातोः क्विप् च ३.२.७६ इति क्विप्*] देवता । **~मुक्तः** (पुं.) [*क्रतौ मुक्तः, स.त.*] यज्ञमा देवताहरूलाई दिइएको तृप्तिप्रद पदार्थ । **~राट्** (पुं.) [*क्रतुषु यज्ञेषु राजते*] **~राजः** (पुं.) [*क्रतूनां राजा,ष.त.*] अश्वमेध यज्ञ । **यथाश्वमेधः क्रतुराट् सर्वपापापनोदनः । तथाघमर्षणं सूक्तं सर्वपापापनोदनम्** ॥ (मनु.११.२६) । **~विक्रयी** (पुं.वि.) [*क्रतोः विक्रयी, ष.त.*] धन लिएर यज्ञको फल बिक्री गर्ने । **~स्थला** (स्त्री.) [*क्रतौ स्थलं यस्याः सा, बहु.स.*] यजुर्वेदमा बताइएकी एक अप्सरा ।

क्रतुभुजः (पुं.बहु.) [*क्रतून् क्रतुषु वा भुञ्जते, भुज पालनाऽभ्यवहारयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] देवता ।

क्रतुराजः (पुं.) [*क्रतूनां राजा, टच्*] १.राजसूय यज्ञ २.अश्वमेध यज्ञ ।

क्रतूत्तमः (पुं.) [*क्रतुषु उत्तमः, ष.त.*] राजसूय यज्ञ (त्रिकाण्ड.) ।

क्रथ (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] हिंसा गर्नु । लट्– **क्रथति**– हिंसा गर्छ इत्यादि ।

क्रथ (धा.) [*प्रतिहर्षे,चुरा.पर.सक.सेट्*] बारम्बार खुसी तुल्याउनु । लट्– **क्रथयति**– बारम्बार खुसी तुल्याउँछ । **क्रथयति शिशुं लोकः** (दुर्गादास) इत्यादि ।

क्रथ (धा.) [*वधे, चुरा.पर.सक.सेट्*] लट्– **क्राथयति**– मार्छ, हिंसा गर्छ । पक्षे **क्रथति** इत्यादि ।

क्रथनम् (नपुं.) [*क्रथ्यते इति, क्रथ हिंसायाम् इति धातोः, ल्युट् च इति भावे ल्युट् अनः*] मार्नु/हत्या गर्नु ।

क्रदि (धा.) [*आह्वाने रोदने च, आह्वाने सक.रोदने अक.सेट् पर.*] बोलाउनु, रुनु । लट्– **क्रन्दति**– बोलाउँछ, रुन्छ । लिट्– **चक्रन्द**– बोलाएछ, रोएछ (अन.) । लुट्– **क्रन्दिता**– बोलाउने छ, रुने छ (अन.) । लृट्– **क्रन्दिष्यति**– बोलाउने छ, रुने छ । लोट्– **क्रन्दतु**– बोलाओस्, रोओस् । लङ्– **अक्रन्दत्**– बोलायो, रोयो (अन.) । विधिलिङ्– **क्रन्देत्**– बोलाउला, रोला, बोलाओस्, रोओस् । आशीर्लिङ्– **क्रन्द्यात्**– बोलाओस्, रोओस् । लुङ्– **अक्रन्दीत्**– बोलायो, रोयो । लृङ्– **अक्रन्दिष्यत्**– बोलाउने थियो, रुने थियो । कर्मणि– भावे च– **क्रन्द्यते**– बोलाइन्छ, रोइन्छ । णिचि– **क्रन्दयति-ते**– बोलाउँछ, रुवाउँछ । सनि– **चिक्रन्दिषति**– बोलाउन चाहन्छ, रुन चाहन्छ । कृदन्ते–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रन्दितव्यः, क्रन्दनीयः क्रन्द्यः— बोलाउनुपर्ने रुनु पर्ने। **क्रन्दन्—** बोलाइरहेको, रोइरहेको। **क्रन्दितुम्—** बोलाउन, रुन। **क्रन्दित्वा, आक्रन्द्य—** बोलाएर, रोएर। **क्रन्दनम्—** बोलाउने काम, रुने काम इत्यादि।

क्रदि (धा.) [*वैकल्ये, अक.सेट् आत्मने.*] घबडाउनु, दुःखी हुनु। लट्— **क्रन्दते—** घवडाउँछ, दुःखी हुन्छ इत्यादि।

क्रन्दनः (पुं.) [*त्रन्दनं रोदनमिव शब्दविशेषोऽस्य, अर्शाद्यच्*] बिरालो (शब्दमाला)।

क्रन्दनम् (नपुं.) [*क्रदि रोदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] रोदन/विलौना/विलाप/प्रलाप। **तं भक्षितं मत्वा गङ्गादत्तस्तारस्वरेण प्रलापपरः कथञ्चिदपि न क्रन्दनाद् विरराम** (पञ्चत.४.२१)।

क्रन्दितः (पु.वि.) [*क्रन्दति स्म, गत्यर्थाकर्मक- ३.४.७२ इति क्तः*] १.रोएको २.[*क्रन्द्यते स्म, निष्ठा इति क्तः*] बोलाइएको।

क्रन्दितम् (नपुं.) [*क्रन्दनम्, क्रदि आह्वाने रोदने च इति धातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.आह्वान (मेदिनी.) २.रोदन/आलापविलाप (अमर.) ३.युद्धमा भएको चित्कार (शब्दरत्नावली)

क्रप (धा.) [*कृपायाम्, भ्वा. आत्म. अक. सेट्*] कृपा गर्नु, दया लाग्नु। लट्— **क्रपते—** कृपा गर्छ, आदि। निपातनाद् रेफस्य रकारः। **क्रपते दयालुर्दीनम्** (दुर्गादास)।

क्रम (धा.) [*गतौ, दिवा. पर. सक. सेट्*] जानु/हिँड्नु। लट्- **क्रम्यति** वा **क्राम्यति—** जान्छ/हिँड्छ आदि।

क्रमः (पुं.) [*क्रमणम्, क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सिलसिला/नियम/एकपछि अर्को २.आक्रमण ३.[*क्रम्यतेऽनेन करणे घञ्*]शक्ति। **क्रमश्चानुक्रमे शक्तौ कल्पे चाक्रमणेऽपि च।** (मेदिनी.) ४.[*क्रम्यते प्राप्यते पाठभेदोऽनेन, अकर्तरि च कारके संज्ञायाम् इति घञ्, नोदात्तोपदेशस्य ७.२.३८ इति वृद्धिनिषेधः*] वैदिक विधि ५.[*क्रमति अनेन*] चरण ६.[*क्रामति जगत्*] विष्णु ७.रुद्र। **~सङ्ख्या** (स्त्री.) [*क्रमस्य सङ्ख्या,ष.त.*] क्रमाङ्क/क्रमैसित राखिएको सङ्ख्या।

क्रमकः (पुं.) [*क्रमं वेदपाठविशेषमधीते, वेत्ति वा, क्रमादिभ्यो वुन् ४.२.६१ इति वुन्, अकः*] क्रमपाठ पढ्ने वा त्यसको ज्ञाता।

क्रमणः (पुं.) [*क्राम्यत्यनेन, करणे ल्युट् अनः*] गोडा/पाउ/चरण

क्रमणम् (नपुं.) [*ल्युट् च इति भावे ल्युट् अनः*] हिँड्नु/गोडा चलाउनु।

क्रममाणः (पुं.वि.) [*क्रमते इति, लटि लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति लटः शानच्, आने मुक् ७.२.८२ इति मुक्*] यताउति हिँडिरहेको।

क्रमशः (अव्य.) [*कारकार्थवृत्तेः क्रमाद् वीप्सायां शस्*] पालैसित/क्रमानुसार। **भवति विज्ञतमः क्रमशो जनः** (प्राचीनाः)।

क्रमागतः (पुं.वि.) [*क्रमेण आगतः, तृ.त.*] १.सिलसिला मिलेर आएको/ क्रमशः आएको २.वंशपरम्पराबाट प्राप्त।

क्रमाङ्कः (पुं.) [*क्रमस्य अङ्कः, ष.त.*] क्रम जनाउने अङ्क।

क्रमायातः (पु.वि.) [*क्रमेण आयातः, तृ.त.*] क्रमैले आएको।

क्रमु (धा.) [*पादविक्षेपे, सक.सेट् पर.*] हिँड्नु, बढ्नु। लट्— **क्रामति क्राम्यति—** हिँड्छ, बढ्छ। **आक्रामति—** आक्रमण गर्छ। **पक्षिशावकानाक्रम्य** (हितो.१.) अधिकार जमाउंछ,आरम्भ गर्छ, उदाउंछ। **यावत्प्रतापनिधिराक्रमते न भानुः** (रघु. ५.७१)। **उत्क्रामति—** उफ्रन्छ, उन्नति गर्छ। **अनुक्रामति—**पछि लाग्छ। **अतिक्रामति—** नाघ्छ, जित्छ, पार पुग्छ, उपेक्षा गर्छ। **प्रथितयशसां प्रबन्धानतिक्रम्य** (मालविकाग्निमित्र) वित्तु। **अतिक्रान्ते दशाहे** (मनु.५.७६) **अपक्रामति** – तल झर्छ भाग्छ। **अपक्रामन्तु भूतानि दैतेया दानवास्तथा** (श्रा.प.) **अभिक्रामति**- जानु, पुग्नु। **अभिचक्राम काकुत्थः शरभङ्गाश्रमं प्रति।** (रामा.) **अवक्रामति—** फर्कन्छ। **उपक्रमते—** प्रारम्भ गर्छ, थाल्दछ। **निष्क्रमति—** निक्लन्छ। **विक्रामति—** परात्रम देखाउँछ। **पराक्रमति-** पुरुषार्थ गर्छ। **परिक्रामति—** चारैतिर घुम्छ। **प्रतिक्रामति—** जाइलाग्छ। **सङ्क्रामति—** सर्छ, सङ्त्रमित हुन्छ। लिट्- **चक्राम,चक्रम** हिँडेछ, बढेछ। लुट्— **क्रमिता—** हिँड्ने छ (अन.)। **क्रमिष्यति**-हिँड्ने छ। लोट्— **क्राम्यतु क्रामतु—** हिँडोस्। लङ्— **अक्रामत् अक्राम्यत्—** हिँड्यो। विधिलिङ्— **क्रामेत्, क्राम्येत्—** हिँड्ला, हिँडोस्। आ.लिङ्— **क्रम्यात्—** हिँडोस्। लुङ् - **अक्रमीत्—** हिँड्यो। लृङ्— **अक्रमिष्यत्—** हिँड्ने थियो। कर्मणि— **क्रम्यते—** हिँडिन्छ। णिचि— **क्रामयति—** हिँडाउँछ। सनि— **चक्रमिषति—** हिँड्न चाहन्छ। यङि— **चङ्क्रम्यते—** अतिशय वा बारम्बार हिँड्छ। यङ्लुकि— **चङ्क्रमीति, चक्रन्ति—**अतिशय वा बारम्बार हिँड्छ आदि। कृदन्ते— **क्रमितव्यम्, क्रमणीयम्, क्रम्यम्—** हिँड्नु पर्ने, बढ्नु पर्ने। **क्रमकः, क्रमिका, क्रन्ता, त्रमिता—** हिँड्ने, बढ्ने। **उपक्रमः—** प्रारम्भ, थालनी. **विक्रमः—** पराक्रम। **सङ्क्रमः सङ्क्रमणम्**— सर्नु। इत्यादि।

क्रमेलकः (पुं.) [*क्रममालम्व्य इलति क्षिपति, अच्, ततः स्वार्थे कन्*] उट।

क्रयः (पुं.) [*क्रयणम्, क्रीधातो एरच् इत्यच्*] किन्ने काम।

क्रयविक्रयिकः (पुं.वि.) [*क्रयविक्रयौ अस्य स्तः, इति अत इनिठनौ इति ठन्, ठस्येकः*] किनबेच गर्ने व्यापारी। **क्रयवित्रयिकः पण्याजीवाऽऽजीवापणिकनैगमाः** (अभि.चि. ३.५३१)।

क्रयिकः (पुं.वि.) [*क्रयोऽस्यास्तीति, अत इनिठनौ इति ठन्, ठस्येकः*] क्रेता/खरिदकर्ता। **क्रायकः क्रयिकः क्रयी** (अभि.चि.३.५३२)।

क्रयी (पुं.वि.) [*क्रयोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] किन्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रव्यम् (नपुं.) [*कृत्तं छिन्नं तदेव पुनः विशेषतो कृतं पक्वं भुङ्क्ते इति कृत्तविकृतशब्दस्य पृषोदरादितया क्रव्यादेशः*] व्युत्पत्तिलभ्य अर्थ जेजस्तो भएपनि यो शब्द काँचो मासु भन्ने अर्थमा बढी प्रचलित छ।

क्रव्याद् (पुं.) [*क्रव्यम् आममांसमत्ति, क्विप्*] १.राक्षस २.सिंह आदि काँचो मासु खाने जनावर ३.गिद्ध आदि मांसाहारी पक्षी ४.अग्निमा रहेको मासु खाने अंश। यसले मुर्दाको काँचो मासु खान्छ, त्यसैले यसलाई क्रव्याद भनिन्छ, यो अंशलाई यज्ञमा प्रवेश गराउनु हुँदैन। अतः यसलाई हटाउन होमका निमित्त ल्याइएको अग्निको पात्रबाट एउटा फिलिङ्गो भिकेर नैर्ऋत्य दिशामा फ्याँकिन्छ।

पात्रेण पिहिते पात्रे बह्निमानानयेत्ततः।
अस्त्रमन्त्रेण नैर्ऋत्ये क्रव्यादांशं ततस्त्यजेत्॥
क्रव्यादांशं श्मशानस्थविकीर्णमांसाशिराक्षसादीना भक्ष्यांशम् (मन्त्रमहोदधि)।

क्रव्यादः (पुं.) [*क्रव्यम् मांसमत्ति, कर्मण्यण् इत्यण्*] १.राक्षस २.सिंह ३.वाज ४.मुर्दा जलाउने आगो ५.(पुं.वि.) काँचो मासु खाने।

क्रशिमा (पुं.) [*कृशस्य भावः, पृथ्वादिभ्य इमनिच् (वा) ५.१.१२२ इति इमनिच्*] १.दुब्लोपना २.पातलोपना/झिनोपना।

मध्ये न क्रशिमा स्तने न गरिमा देहे न वा कान्तिमा
श्रोणौ न प्रथिमा गतौ न गरिमा नेत्रे न वा वक्रिमा।
लास्ये न द्रढिमा न वाचि पटिमा हास्ये न वा स्फीतिमा
प्राणेशस्य तथापि मज्जति मनो मय्येव किं कारणम्॥
(सुभा.)

क्रान्तः (पुं.वि.) [*क्रम्यते स्म, क्रमु पादविक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.थिचिएको/मिचिएको/आक्रमण गरिएको २.(पुं.) घोडा (त्रिकाण्ड.) ३.पाउ। **क्रान्ते पादेन्द्रिये विष्णुम्।** (कुलुकभट्ट) **~दर्शी** (पुं.वि.) सबै कुरा जान्ने/परमेश्वर। **कवयः क्रान्तदर्शिनः** (सुभा.)।

क्रान्तम् (नपुं.) [*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.आरोहण २.आक्रमण।

क्रान्तिः (स्त्री.) [*क्राम्यतेऽनया क्रमणम् वा, क्रमु पादविक्षेपे इति धातोः, स्त्रियां क्तिन् ३.२.९४ इति भावे करणे वा क्तिन्*] १.गति २.हिँडाइ ३.पाइला ४.अघि बढ्नु ५.आक्रमण ६.विषुवत् रेखाबाट कुनै ग्रहमण्डलको टाढापन ७.खगोलमा सूर्य हिँडेको भान पर्ने कल्पित वृत्त ८.अदलाबदली, ठुलो परिवर्तन। **~कक्षः** (पुं.) पृथ्वी घुम्ने बाटो। **~कारी** (पुं.वि.) [*क्रान्तिं करोति तच्छीलः, डुकृञ् करणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] क्रान्ति गर्ने/परिवर्तन ल्याउने। **~क्षेत्रम्** (नपुं.) १.नक्षत्रको गति जान्न लेखिएको क्षेत्र २.केही उथलपुथल भएको स्थल। **~ज्या** (स्त्री.) क्रान्तिवृत्त क्षेत्रको एक अवयव। **~दोषः** (पुं.) ज्योषशास्त्रअनुसार मेष, वृष आदि बाह्र राशिमध्ये कुनै पनि राशिमा सूर्य र चन्द्रमा जुट्न गएमा क्रान्तिसाम्य दोष हुन्छ। **~पातः** (पुं.) विषुवद् रेखा र अयनमण्डलको मेल हुने ठाउँ, जहाँ पृथ्वी आइपुग्दा दिनरात बराबर हुन्छ। **~भागः** (पुं.) खगोलसम्बन्धी नाडीमण्डलबाट क्रन्तिमण्डलको कुनै बिन्दुको टाढापन। **~मण्डलम्** (नपुं.) **~वलयः** (पुं.) विषुवद्वृत्तबाट २४ अंश उत्तर र दक्षिणमा रहेको वृत्त। **विषुवद्वृत्ताच्चतुर्विंशतिभागै र्दक्षिणे चोत्तरे च यद् वृत्तन्तद्** (सि.शि.) **~साम्यम्** (नपुं.) १.ज्योतिषमा ग्रहहरूको तुल्य क्रान्ति २.विद्रोह रोकिएको स्थिति।

क्रन्तिवृत्तम् (नपुं.) [*क्रान्तिसम्बद्धं वृत्तम्, म.*] पृथ्वीको भ्रमणले गर्दा सूर्य हिँडेको देखिने एक काल्पनिक वृत्त। कदम्बस्थानबाट ९० अंशले बनेको एक काल्पनिक वृत्त। **कदम्बस्थानान्नवत्यंशैन विहितं वृत्तं क्रान्तिवृत्तम्। एतदेव भवृत्तमित्युच्यते॥** (गो.प्र.)

क्रान्त्यंशाः (पुं.बहु.) [*क्रान्तेरंशाः, ष.त.*] ग्रहगत ध्रुवप्रोत वृत्तमा ग्रहदेखि नाडीवृत्तसम्मको अंश वा भाग। क्रान्त्यंशबाट ९० अंश घटाउँदा द्युज्या चापांश हुन्छ।

क्रामन् (पुं.) [*क्राम्यतीति, क्रमु पादविच्छेपे इति धातोः, शतृप्रत्ययः ३.२.१२४, क्रमः परस्मैपदेषु ७.३.७६ इति दीर्घः*] हिँडिरहेको/पाइला चालिरहेको।

क्रायकः (पुं.वि.) किन्ने।

क्रिमिः (पुं.) [*क्राम्यति पादान् विक्षिपतीति, क्रमु पादविक्षेपे इति धातोः, क्रमितमिशतिस्तम्भामत इच्च (उ.) ५७१ इति इन्, अतः इच्च*] १.किरो २.रोगका कीटाणु। यी अनेक प्रकारका हुन्छन्। कमजोर अवस्था पाएर यिनीहरूले प्राणीहरूमाथि हमला गर्छन्। उपचार हुन नसके मृत्यु पनि हुन सक्छ। आयुर्वेदमा पशु तथा मानिसमा हुने क्रिमिलाई दुई भागमा छुट्ट्याइएको छ - बाह्य र आभ्यन्तर। उत्पत्तिका आधारमा बाहिरी कीटाणु चार प्रकारका हुन्छन्— १.मयल फोहोर अदिबाट पैदा भएका २.कफबाट पैदा भएका ३.रगतबाट पैदा भएका ४.विष्ठाबाट पैदा भएका। भित्री कीटाणु अनेक किसिमका हुन्छन्। यिनले शरीरका विभिन्न अवयवमा रहेर अनेक रोग पैदा गर्दछन्। यिनीहरू केही बाहिरबाट आएका र केही आन्तरिक पनि हुन्छन्।

(वैद्यकरसेन्द्रसारसङ्ग्रह, क्रिमिरोगाधिकार)

क्रिमिघ्नः (पुं.) [*क्रिमिं हन्तीति, हन हिंसागत्योः इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] किरा नाश गर्ने औषधि।

क्रिमिशैलः (पुं.) [*क्रिमिनिर्मितः शैल इव, म.प.स.*] धमिराले उठाएको माटोको ढिस्को।

क्रियः [*क्रिया ग्रहाणामाद्यगतिक्रिया विद्यतेऽस्मात, अर्शाद्यच्*] मेषराशि।

क्रिया (स्त्री.) [*क्रियते या सा, क्रियतेऽनया, क्रियतेऽस्मिन् डुकृञ् करणे इति धातोः, कृञः श च ३.३.१०० इति शप्रत्ययः, रिङादेशः इयङ्, ततष्टाप् ४.१.४*] १.कुनै काम हुनु वा थालनी गरिनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथा चित्तं तथा वाचो यथा वाचस्तथा क्रियाः।
चित्ते वाचि क्रियायाञ्च महतामेकरूपता॥ (सुभा.)

२.प्रायश्चित्त ३.शिक्षा/सिकाउनु ४.स्नान पूजा आदि नित्यकर्म गर्नु ५.धारणा/विचार ६.उपाय/साम, दाम, दण्ड, भेद ७.काम ८.चेष्टा/स्पन्दन ९.चिकित्सा/उपचार।

आरम्भो निष्कृतिः शिक्षा पूजनं सम्प्रधारणम्।
उपायः कर्म चेष्टा च चिकित्सा च नव क्रियाः॥ (भा.प्र.)

१०.धातुको अर्थ। कसैको विषयमा कुनै काम भएको वा हुने कुरा बुझाउने शब्दलाई व्याकरणमा क्रिया भनिन्छ। नेपालीभाषामा क्रियाको सामान्य रूपमा 'नु' लाग्छ। त्यस्ता रूपलाई क्रियार्थक संज्ञा भनिन्छ। जस्तै– जानु, खानु आदि। क्रियार्थक संज्ञाबाट नु झिक्दा बाँकी रहने रूपलाई धातु भनिन्छ। जस्तै बस्, खा आदि। यस्तै संस्कृतभाषामा क्रियाको सामान्य रूपमा तिङ् र कृत् प्रत्यय लाग्छ। यो दुई प्रकारको हुन्छ– साध्य र सिद्ध। क्रियाको क्रमिकता बुझिने हुँदा तिङन्त क्रियालाई साध्य क्रिया भन्दछन्। जस्तै– **गच्छति, भवति** आदि। यिनमा वाक्य पूरा हुन अन्य क्रियाको अपेक्षा पर्दैन। कृदन्तनिष्पन्न क्रिया द्रव्य जस्तै बुझिने भएकाले सिद्ध अवस्थामा पुगिसकेको हुँदा तिनलाई सिद्धक्रिया भनिन्छ। जस्तै– **भावः, पाकः** आदि। यिनलाई वाक्य पूरा गर्न अन्य क्रियाको आवश्यकता पर्दछ। **कृदभिहितो भावो द्रव्यवत्प्रकाशते।** (भूषणसार) ११.गाना बजाना आदि कुनै कलाको जानकारी १२.साहित्यिक रचना। **कालिदासस्य क्रियायां कथं परिषदो बहुमानः** (मालविका.) १३.प्रयोग। **अवश्येन्द्रियचित्तानां हस्तिस्नानमिव क्रिया। दुर्भगाभरणप्रायो ज्ञानं भारः क्रियां विना॥** (सुभा.) १४.[*क्रिया ग्रहाणामाद्यगतिक्रिया विद्यतेऽत्र, अर्शाद्यच्, टाप्*] मेषराशि १५.कारण (हेम.) १६.श्राद्ध (अमरटीकायां स्वामी) १७.शौच (रत्नावली) **~अतिपत्तिः** (स्त्री.) [*क्रियायाः अतिपत्तिः, ष.त.*] व्याकरणमा कुनै कुरा भएमा अर्को कार्य पनि हुनु। जस्तै– **सुवृष्टिरभविष्यच्चेत् सुभिक्षमभविष्यत्।** **~अतियोगः** (पुं.) [*क्रियायाः अतियोगः, ष.त.*] वमन आदि अतियोग। **~अन्वितः** (पुं.वि.) [*क्रियया अन्वितः, तृ.त.*] १.सत्कर्म गर्ने २.कर्मकाण्डी ३.अन्वय भएको ४.युक्त॥ **~कर्म** (नपुं.) [*क्रियायाः श्राद्धादेः कर्म*] अन्त्येष्टि क्रिया। **~कलापः** (पुं.) [*क्रियानां कलापः, ष.त.*] १.कर्मको समूह २.कुनै व्यवसायको विस्तृत विवरण। **~कल्पः** (पुं.) [*क्रियायाः कल्पः, ष.त.*] १.चिकित्साको नियम २.अलङ्कारशास्त्र। **~काण्डः** (पुं.) १.[*क्रियायाः काण्डः, त.ष.*] यज्ञादिको विधान भएको वेदको काण्ड २.[*क्रियाणां समूहः, काण्डच्प्रत्ययः*] कर्महरूको समूह **~चतुरः** (पुं.) [*क्रियायां चतुरः, स.त.*] नायकको एक भेद। **~निष्ठः** (पुं.वि.) [*क्रियायां निष्ठा यस्य सः, बहु.स.*] स्नान, सन्ध्या, तर्पण आदि नित्य कर्म गर्ने। **~पटुः** (पुं.वि.) [*क्रियायां पटुः स.त.*] कार्यमा कुशल। **~पथः** (नपुं.) [*क्रियायाः पन्था, ष.त.*] चिकित्साको नियम। **~पदम्** (नपुं.) [*क्रियायाः पदम्, ष.त.*] क्रियाको सिद्धरूप। जस्तै– **भवति लभते** आदि। **~पुत्रः** (पुं.) [*क्रियायै पुत्रः, च.त.*] क्रियामा बसेको मानिस। **~फलम्** (नपुं.) [*क्रियायाः फलम्, ष.त.*] यज्ञादिको पुण्य र पापको फल। **~योगः** (पुं.) [*क्रियायाः योगः, ष.त.*] १.तप, स्वाध्याय र ईश्वरको शरण पर्नु। यी तीन कुरालाई क्रियायोग भनिन्छ २.देवपूजन, मन्दिर आदि बनाउने काम ३.क्रियासँगको सम्बन्ध। **~लक्षणयोगः** (पुं.) [*क्रियायां लक्षणयोगः, स.त.*] जप, ध्यान आदिद्वारा आत्मा परमात्माको सम्बन्ध स्थापित गर्नु। **~लोपः** (पुं.) [*क्रियायाः लोपः, ष.त.*] कुनै गर्नु पर्ने आवश्यक कर्म नगर्नु। **~विशेषणम्** (नपुं.) [*क्रियायाः विशेषणम्, ष.त.*] क्रियाको गुण बुझाउने शब्द।

क्रियाकारः (पुं.वि.) १.[*क्रियां करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] कामदार २.[*क्रियां शिक्षारम्भं करोति, पूर्ववत्*] नयाँ छात्र।

क्रियात्मकः (पुं.वि.) [*क्रिया आत्मा यस्य सः, बहु.स.*] कार्यरूपमा आएको/क्रियान्वित/कार्यान्वित।

क्रियादोषः (पुं.) [*क्रियागतो दोषः, म.प.स.*] क्रियापदको प्रयोगमा पाइने एक किसिमको दोष। वाक्यदोषको बिसौँ दोष।

क्रियाद्वेषी (पुं.वि.) [*क्रियायै द्वेष्टि, णिनिः*] १.अरूले गरेका असल कामको द्वेष गर्ने २.प्रमाणको रूपमा लेखिएका उक्ति, युक्ति आदिलाई द्वेष गर्ने।

क्रियापदम् (नपुं.) [*क्रियायाःपदम्,ष.त.,क्रियाबोधकं वा पदम्, म.प.स.*] क्रिया वा धातुको अर्थ वा व्यापारलाई बुझाउने शब्द।

दामोदराय पुण्यात्मन् पुष्पमूलफलान्यपि।
अत्र क्रियापदं गुप्तं यो जानाति स पण्डितः॥ (सुभा.)

हे दामोदर आय आनय इति क्रियापदम्।

क्रियापादः (पुं.) [*क्रिया विवादसाधनं पाद इव*] मुद्दा छिन्ने पद्धतिको एक अङ्ग। मुद्दा छिन्दा पहिलो पाउमा पूर्वपक्ष, दोस्रो पाउमा उत्तरपक्ष, तेस्रो पाउमा दोषीका क्रियाकलापको विवरण र चौथो पाउमा निर्णय लेखिन्छ।

क्रियायुक्तः (पुं.वि.) [*क्रियया युक्तः, तृ.त.*] १.काममा लागेको।

क्रियायुक्तस्य सिद्धिः स्यादक्रियस्य कथं भवेत्। न शास्त्रपाठमात्रेण योगसिद्धिः प्रजायते॥ (हठयोगप्रदीपिका)

२.क्रियापदले युक्त।

क्रियाभ्युपगमः (पुं.) [*क्रियायाः अभ्युपगमः, ष.त.*] १.काम पाउनु २.[*क्रियार्थम् अभ्युपगमः, च.त.*] मिलोमतोमा काम गर्ने सहमति।

त्रियायोगः (पुं.) [*क्रिया एव योगः, त.स.*] १.देवताको आराधना, देव मन्दिरको निर्माण आदि पुण्यकार्यमा हुने संलग्नता २.[*त्रियायां योगः, स.त.*] काममा भएको संलग्नता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियायोगि (नपुं.) [*क्रियया योगोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] क्रियासित सम्बन्ध राख्ने पद।

क्रियावक्रता (स्त्री.) [*क्रियागता वक्रता, म.प.स.*] पदपूर्वार्द्ध-वक्रताको छैटौँ भेद/क्रियापदको प्रयोगमा देखिने विच्छित्ति वा वैचित्र्य (कुन्तक)।

क्रियावसन्नः (पुं.वि.) [*क्रियया अवसन्नः, स.त.*] साक्षीको भनाइबाट हार खाएको।

क्रियावादी (पुं.) [*क्रियां वदति, सुपि ३.२.४ इति णिनिः*] साक्षी।

क्रियावान् (पुं.) [*प्रशस्ता क्रिया यस्य सः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] काम गर्ने/क्रियाशील।

पठकः पाठकश्चैव ये चान्ये शास्त्रपाठकाः।
सर्वे व्यसनिनो ज्ञेया यः क्रियावान् स पण्डितः॥ (सुभा.)

क्रियाविदग्धा (स्त्री.) [*क्रियासु विदग्धा, स.त.*] क्रियाशील नायिका।

क्रियेन्द्रियाणि (नपुं.) [*क्रियायाः कर्मणः साधनानि इन्द्रियाणि*] कर्मेन्द्रिय/हात, पाउ, मूत्रेन्द्रिय, मलद्वार र मुख।

क्रीडनम् (नपुं.) [*क्रीड खेलने परिहासे च, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.खेल्ने काम २.परिहास गर्ने काम।

क्रीडा (स्त्री.) [*क्रीडनम्, क्रीडृ विहारे इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.खेलवाड २.हँसीमजाक ३.तालका आठ भेदमध्ये एक ४.प्रत्येक चरणमा एक यगण र एक गुरु हुने एक छन्द। **~रसः** (पुं.) [*क्रीडायाः रसः, ष.त.*] खेलको स्वाद। **~स्थली** (स्त्री.) [*क्रीडायाः स्थली, ष.त.*] खेलमैदान।

क्रीडारथः (पुं.) [*क्रीडायै रथः, च.त.*] खेल्ने रथ/रथ आकारको खेलौना।

क्रीडाशैलः (पुं.) १.[*क्रीडायै शैल इव, च.त.*] खेल्नका लागि बनाइएको पहाड जस्तो ढिस्को।

क्रीडासरः (नपुं.) [*क्रीडार्थं निर्मितं सरः, म.प.स.*] पौडी खेल्न बनाइएको सानो पोखरी।

क्रीडृ (धा.) [*विहारे, अक.सेट्, पर*] विहार गर्नु, खेल्नु। लट्– **क्रीडति**– विहार गर्छ, खेल्छ। **अनुक्रीडति**– खेल्छ,शरीर चलाउँछ। **आक्रीडति, परिक्रीडति, संक्रीडति**– खेल्छ, रमाइलो गर्छ। **संक्रीडन्ते मणिभिर्यत्र कन्याः** (मे.दू.७०) तर सम्पूर्वक क्रीडधातुको अर्थ कोलाहल गर्नु पनि हुन्छ। **संक्रीडन्ति शकटानि** लिट्– **चिक्रीड**– विहार गरेछ, खेलेछ (अन.)। लुट्– **क्रीडिता**– विहार गर्ने छ, खेल्ने छ (अन.)। लृट्– **क्रीडिष्यति**– विहार गर्ने छ, खेल्ने छ। लोट्– **क्रीडतु**– विहार गरोस्, खेलोस्। लङ्– **अक्रीडत्**– विहार गऱ्यो, खेल्यो (अन.)। विधिलिङ्– **क्रीडेत्**– विहार गर्ला, खेल्ला, विहार गरोस् खेलोस्। आशीर्लिङ्– **क्रीड्यात्**– विहार गरोस्, खेलोस्। लुङ्– **अक्रीडीत्**– विहार गऱ्यो, खेल्यो। लृङ्– **अक्रीडिष्यत्**– विहार गर्ने थियो, खेल्ने थियो। कर्मणि– **क्रीड्यते**– विहार गरिन्छ, खेलिन्छ। णिचि– **क्रीडयति-ते**– विहार गराउँछ, खेलाउँछ। सनि– **चिक्रीडिषति**– विहार गर्न चाहन्छ। कृदन्ते– **क्रीडकः क्रीडिका क्रीडिता-त्री**– खेल्ने। **क्रीडन्-न्ती**– विहार गरिरहेको/की, खेलिरहेको/की। **क्रीडितुम्**– विहार गर्न, खेल्न। **क्रीडित्वा**– विहार गरेर, खेलेर। **क्रीडनम्, क्रीडा**– विहार गर्ने काम, खेल्ने काम इत्यादि।

क्रीतः १.(पुं.वि.) [*क्रीयते स्म, डुक्रीञ् द्रव्यविनिमये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.खरिद गरिएको/किनिएको २.(पुं.) बाह्र प्रकारका छोरामध्ये एक।

दद्यात् माता पिता वा यं स पुत्रो दत्तको भवेत्।
क्रीतञ्च ताभ्यां विक्रीतः कृत्रिमः स्यात्स्वयं क्रीतः॥ (या.व.)

क्रीतकः (पुं.) [*क्रीत एव, स्वार्थे कन्*] १.किनिएको २.(पुं.) बाह्रथरी छोरामध्ये एक।

क्रीतानुशयः (पुं.) [*क्रीतेर्दुष्टत्वादिना अनुशयः पश्चात्तापो यत्र सः*] किनेपछि गरिएको पश्चात्ताप।

क्रीत्वा मूल्येन यः पण्यं क्रेता न बहु मन्यते।
क्रीतानुशयमित्येतद् विषादपदमुच्यते॥ (स्मृति)

क्रुङ् (पुं.) [*क्रुञ्चति वक्रं यथास्यात्तथा गच्छतीति, क्रुञ्च कौटिल्याल्पीभावयोः इति धातोः, ऋत्विक् ३.२.५९ इति क्विन्, निपातनात् अनुनासिकलोपः, क्विन्प्रत्ययस्य कुः ८.२.६२ इति कुत्वम्*] कर्‍याङ्कुरुङ।

क्रुञ्च (धा.) [*कौटिल्याल्पीभावयोः, अक.सेट्, पर.*] टेढो हुनु, कम हुनु। लट्– **क्रुञ्चति**– टेढो हुन्छ, कम हुन्छ इत्यादि।

क्रुञ्चः (पुं.) [*क्रुञ्चति, कुटिलत्वं गच्छति, पचाद्यच्*] क्रौञ्च पर्वत।

क्रुञ्चा (स्त्री.) [*अजादित्वात् स्त्रियां टाप्*] एक किसिमको वीणा।

क्रुड (धा.) [*निमज्जने, सक.सेट्, पर.*] डुब्नु। लट्– **क्रुडति**– डुब्छ इत्यादि।

क्रुत/द् (स्त्री.) [*क्रोधनम्, सम्पदादिभ्यः क्विप् (वा.) ३.३.१०८ इति क्विप्*] क्रोध/रिस।

क्रुद्धः (पुं.वि.) [*क्रुध्यते स्म, क्रुध क्रोधे इति धातोः, क्तः*] १.निष्ठुर/निर्दय २.रिसाहा।

क्रुध (धा.) [*क्रोधे, दिवा.अक.सेट् पर.*] रिसाउनु। लट्– **क्रुध्यति**– रिसाउँछ। लिट्– **चुक्रोध**– रिसाएछ (अन.) लुट्– **क्रोद्धा**– रिसाउने छ (अन.)। लृट्– **क्रोत्स्यति**– रिसाउने छ। लोट्– **क्रुध्यतु**– रिसाओस्। लङ्– **अक्रुध्यत्**– रिसायो (अन.)। विधिलिङ्– **क्रुध्येत्**– रिसाउला, रिसाओस्। आशीर्लिङ्– **क्रुध्यात्**– रिसाओस् लुङ्– **अक्रुधत्**– रिसायो। लृङ्– **अक्रोत्स्यत्**– रिसाउने थियो। भावे– **क्रुध्यते**– रिसाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

णिचि– **क्रोधयति– रिसाउन लगाउँछ**। सनि– **चुक्रुत्सति–** रिसाउन खोज्छ। **क्रोद्धव्यम्, क्रोधनीयम्,क्रोध्यम्–** रिसाउनु पर्ने। **क्रुद्धः–** रिसाएको। **क्रोद्धुम्–** रिसाउन। **क्रुद्ध्वा, संक्रुध्य–** रिसाएर। **क्रोधनम्–** रिसाउने काम। **क्रोधनः–** रिसाहा। **क्रोधः–** रिस इत्यादि।

क्रुधा (स्त्री.) [*भागुरिमतेन टाप्*] रिस।

क्रुश (धा.) [*आह्वाने रोदने च, सक.अनिट् पर.*] बोलाउनु, रुनु। लट्– **क्रोशति–** बोलाउँछ, रुन्छ। **अनुक्रोशति–** दया गर्छ। **आक्रोशति–** निन्दा गर्छ, गाली गर्छ। **उपक्रोशति–** दोष लगाउँछ। **प्रक्रोशति–** खुबसित कराएर बोलाउँछ। लिट्– **चुक्रोश–** बोलाएछ, रोएछ (अन.)। लुट्– **क्रोष्टा–** बोलाउने छ, रुने छ (अन.)। लृट्– **क्रोक्ष्यति–** बोलाउने छ, रुने छ। लोट्– **क्रोशतु–** बोलाओस्, रोओस्। लङ्– **अक्रोशत्–** बोलायो, रोयो (अन.)। विधिलिङ्– **क्रोशेत्–** बोलाउला, रोला, बोलाओस्, रोओस्। आशीर्लिङ्– **क्रुश्यात्–** बोलाओस्, रोओस्। लुङ्– **अक्रुक्षत्–** बोलायो, रोयो। लृङ्– **अक्रोक्ष्यत्–** बोलाउने थियो, रुने थियो। इत्यादि।

क्रुष्टः (पुं.वि.) [*क्रोशति स्म, गत्यर्थाकर्मक इति क्तः*] १.कराएको २.रोएको।

क्रुष्टम् (नपुं.) [*क्रुश रोदने आक्रोशे च इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] रुनु/कराउनु।

क्रूरः (पुं.वि.) [*कृन्तति छिनत्ति पीडयति, कृति छेदने इति धातोः, कृतेश्छः क्रू च (उ.) १८८, इति रक्, क्रू आदेशश्च*] १.क्रोधी २.निर्दयी।

सर्पः क्रूरः खलः क्रूरः सर्पात् क्रूरतरः खलः।
मन्त्रेण शाम्यते सर्पो न खलः शाम्यते कदा॥ (सुभा.)

३.हत्यारा ४.डरलाग्दो ५.ज्यादै तातो (हेम.) कठिन। **क्रूरौ कठिननिर्दयौ** (अमर.) ६.प्रथम, तृतीय, पञ्चम, सप्तम, नवम र एघारौं राशि (दीपिका) **~कर्मकृत्** (पुं.वि.) [*क्रूरं कर्म करोति,क्विप्, तुक्*] निर्दयी काम गर्ने। **~कर्मा** (पुं.वि.) [*क्रूरं कर्म यस्य सः, बहु.स.*] १.कठोर कर्म गर्ने २.(पुं.) अर्कपुष्पी/वृक्षविशेष। **~गन्धः** (पुं.) [*क्रूरः उग्रः गन्धो यस्य सः, बहु.स.*] गन्धक (राजनिघण्टः) **~गन्धा** (स्त्री.) [*क्रूरः उग्रः गन्धो यस्याः सा*] कन्थारिवृक्ष राजनिघण्टः) **~दृक्** (पुं.) [*क्रूरा दृक् यस्य सः*] १.दुर्जन २.शनैश्चर ३.(पुं.वि.) खराब दृष्टि भएको। **~धूर्तः** (पुं.) [*क्रूरः धूर्त इव, त.स.*] कालो धतुरो। **~रावी** (पुं.वि.) [*क्रूरं कर्कशं रौति तच्छीलः*] कालो काग/द्रोणकाग। **~लोचनः** (पुं.) [*क्रूरे लोचने यस्य सः*] शनि। **~स्वरः** (पुं.वि.) १.[*क्रूरश्चासौ स्वरश्च, कर्म. स.*] उग्र स्वर २.[*क्रूरः उग्रः स्वरोऽस्य*] नराम्रोसित कराउने गधा, काग, लाटोकोसेरो आदि।

क्रेङ्कारः (पुं.) [*क्रेङिति अव्यक्तं शब्दम् तस्य करणम्, भावे घञ्*] हाँस, काकाकुल, सारौ (डाङ्ग्रे) को आवाज।

क्रेङ्कृतम् (नपुं.) [*क्रेङिति अव्यक्तं शब्दम् तस्य कृतम् करणम्, नपुंसके भावे क्तः इति क्तः*]हाँस, काकाकुल, सारौ (डाङ्ग्रे) को शब्द। **क्रेङ्कृतं क्रौञ्चहंसयोः** (ध.ना.मा.)।

क्रेणिः (पुं.) [*क्रीधातोः निः, गुणः,णत्वम्*] किन्ने काम (उणादि)

क्रेतव्यः (पुं.वि.) [*क्रेतुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] किनिने/किन्न लायक। **क्रेयं क्रेतव्यमात्रके** (अमर.)।

क्रेता (पुं.वि.) [*क्रीणाति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] किन्ने।

क्रेयम् (नपुं.) [*क्रेतुं योग्यम्, अचो यत् ३.१.९७ इति यत्, गुणः ७.३.८४, क्रय्यस्तदर्थे ६.१.८२ इति साधुः*] किन्न लायक वस्तु।

क्रोडः (पुं.) [*क्रुड्यते खाद्यते इति, क्रुड बाल्येऽदने च इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, क्रोडोऽस्यास्तीति, अर्श आदिभ्योऽच् ५.३.१२७ इत्यच्*] १.सुँगुर २.बँदेल ३.शनिश्चर (मेदिनी.) **~पत्रम्** (नपुं.) [*क्रोडस्य पत्रम्, ष.त.*] कुनै पत्रपत्रिका, ग्रन्थ र कानुन आदिमा थपिएर आएको अतिरिक्त पत्र। जस्तै– **नैषधीयक्रोडपत्रम्**।

क्रोडपादः (पुं.) [*क्रोडे पादौ यस्य सः, बहु.स.*] कछुवा।

क्रोडम् (नपुं.) [*क्रुडधातोर्घञ्*] १.छाती २.काख।

क्रोडीकरणम् (नपुं.) [*अक्रोडं क्रोडे यथा भवति तथाकरणम्, अभूत तद्भावे च्विः,ईत्वम्*] १.अङ्कमाल गर्नु २.काखमा राख्नु। **आश्लेषमङ्कपालीं क्रोडीकरणञ्च तुल्यार्थम्**। (हला.५६८)

क्रोधः (पुं.) [*क्रुध कोपे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रौद्र रसको स्थयिभाव। **रौद्रः क्रोधस्थायिभावो रक्तो रुद्राधिदैवतः**। (सा.द.) २.रिस/कोप।

क्रोधो हि शत्रुः प्रथमो नराणां देहस्थितो देहविनाशनाय।
यथा स्थितः काष्ठगतो हि वह्निः स एव वह्निर्दहते शरीरम्॥ (सुभा.)

क्रोधजः (पुं.) [*क्रोधाज्जातः, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] क्रोधबाट पैदा भएको।

पैशून्यं साहसं द्रोह ईर्ष्यासूयार्थदूषणम्।
वाग्दण्डजश्च पारुष्यं क्रोधजोऽपि गणोऽष्टकम्॥ (म.भा.)

क्रोधनः (पुं.वि.) [*क्रुध्यतीति, क्रुध कोपे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः यद्वा क्रुधमण्डार्थेभ्यश्च ३.२.१५१ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] रिसाहा।

ईर्ष्यी घृणी त्वसन्तुष्टः क्रोधनो नित्यशङ्कितः।
परभाग्योपजीवी च षडेते दुःखभागिनः॥ (हितो.)

क्रोधनः (पुं.) १.तन्त्रमा वर्णित आठ भैरवमध्ये एक भैरव। **असिताङ्गो रुरुश्चण्ड उन्मत्तः क्रोधनस्तथा**। (तन्त्र) २.एक संवत्सर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

रोगो मरणदुर्भिक्षं विरोधोत्तरसङ्कुलम्।
क्रोधने विषमं सर्वं समाख्यातं हरिप्रिये॥ (तन्त्र)

क्रोधना (स्त्री.) [*क्रुध्यतीति, क्रुध कोपे इति धातोः, क्रुधमण्डार्थेभ्यश्च ३.२.१५१ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः टाप्*] १.ज्यादै रिस उठ्ने महिला २.चण्डी।

आत्मकामा सदा चण्डी क्रोधना प्राज्ञमानिनी (रामा.)।

क्रोधमूर्च्छितः (पुं.) १.[*क्रोधेन मूर्च्छित इव*] गन्धद्रव्य विशेष २.रिसले औडाहा भएको।

रक्षसां निहतान्यासन् सहस्राणि चतुर्दश।
ततो ज्ञातिवधं श्रुत्वा रावणः क्रोधमूर्च्छितः॥

क्रोधविह्वलः (पुं.) [*क्रोधेन विह्वलः, तृ.त.*] रिसले मुर्मुरिएको।

क्रधाग्निः (पुं.) [*क्रोध एव अग्निः,*] रिसरूपी आगो।

क्रोशः (पुं.) १.[*क्रुश आह्वाने इति धातोः, अर्कतरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] एक हजार हात बराबरको नापो २.[*क्रोशनम्, भावे घञ्*] रुनेकराउने काम।

क्रोष्ट्र (पुं.) [*क्रुशति रौतीति, क्रुश रोदने आक्रोशे च इति धातोः, सितनि– (उ.) ६९ इति तुन्, तृज्वत् क्रोष्टुः ७.१.९५ इति तृज्वद्भावः*] १.स्याल २.यदुवंशी एक राजा।

क्रोष्टुः (पुं.) [*क्रोशत्याह्वयति रोदिति वा, क्रुश क्रोष्टौ इति धातोः, सितनिगमिमसिसच्यविधाञ्क्रुशिभ्यस्तुन् (उ.) इति तुन्, षत्वम् ष्टुत्वञ्च*] स्याल।

क्रौञ्चः (पुं.) [*क्रुङ् एव प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.काकाकुल २.द्वीपविशेष ३.पर्वतविशेष। **क्रौञ्चो द्वीपप्रभेदे स्यात् पक्षिपर्वतभेदयोः** (मेदिनी.) ४.दानवविशेष/मयदानवको छोरो ५.अर्हतको ध्वजा।

क्रौञ्चदारणः (पुं.) [*क्रौञ्चस्य पवर्तस्य दारणः, ष.त.*] १.कार्तिकेय २.परशुराम।

क्रौञ्चपदा (स्त्री.) प्रत्येक पाउमा क्रमशः भगण, मगण, सगण, भगण, तथा एक लघु र एक गुरुवर्णको प्रयोग भएको छन्द।

क्रौञ्चबन्धः (पुं.) [*क्रौञ्चानां बन्ध इव बन्धः*] काकाकुल जस्तै गोलबद्ध भएर बस्ने वा हिंड्ने काम।

क्रौञ्चादनम् (नपुं.) [*क्रौञ्चानामदनम्, ष.त.*] १ कमल २.घेचुलिका

क्रौञ्चादनी (स्त्री.) [*क्रौञ्चानामदनी, ष.त.*] कमलगट्टा।

क्रौञ्चारातिः (पुं.) [*क्रौञ्चस्य आरातिः, ष.त.*] १.क्रोञ्चनामक पर्वत वा दैत्यका शत्रु/कार्तिकस्वामी २.परशुराम (हला. १९)।

क्रौञ्चारिः (पुं.) [*क्रौञ्चस्य अरिः, ष.त.*] १.कार्तिकेय २.परशुराम।

क्लथ (धा.) [*हिंसायाम्, भ्वा. सेट् पर.*] हिंसा गर्नु। लट्– **क्लथति–** हिंसा गर्छ इत्यादि।

क्लदि (धा.) [*आह्वाने रोदने च, भ्वा.आह्वाने सक.रोदने अक.सेट् पर.*] बोलाउनु, रुनु। लट्– **क्लन्दति–** बोलाउँछ, रुन्छ इत्यादि।

क्लदि (धा.) [*वैकल्ये, भ्वा. अक. सेट्, लट्–* **क्लन्दते–** घबडाउँछ, दुःखी हुन्छ इत्यादि।

क्लप (धा. [*अव्यक्तवाक्ये, चुरा, उभ.अक.सेट.*] अस्पष्ट बोल्ने। लट्– **क्लपयति–** अस्पष्ट बोल्छ इत्यादि।

क्लम (धा.) [*ग्लानौ, भ्वा.प.से.अक.*] थकित हुनु। लट्– **क्लमति–** थकित हुन्छ इत्यादि।

क्लमः (पुं.) [*क्लमनम्, क्लम ग्लानौ इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेशस्य ७.३.३४ इति वृद्धिनिषेधः*] थकाइ। अनायास पैदा भएको शारीरिक कमजोरी।

योऽनायासः श्रमो देहे प्रवृद्धः श्वासवर्जितः।
क्लमः स इति विज्ञेय इन्द्रियार्थप्रबाधकः॥ (सुश्रुत.)

क्लमथः (पुं.) [*क्लमु ग्लानौ इति धातोः बाहुलकात् अथुचि क्लमथुः*] थकाइ। **ग्लानिश्च क्लमथुः स्मृतः** (हला.६०१)।

क्लमु (धा.) [*ग्लानौ, दिवा.अक.सेट् पर.*] थकित हुनु। लट्– **क्लाम्यति,क्लामति–** थकित हुन्छ इत्यादि।

क्लव (धा.) [*भये,भ्वा.अक.आत्म.सेट्*] डराउनु। लट्-**क्लवते-** डराउँछ इत्यादि।

क्लान्तः (पुं.वि.) [*क्लाम्यते स्म, क्लम ग्लानौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दीर्घः*] थाकेको/थकित।

क्लिदि (धा.) [*परिदेवने, भ्वा.सक.सेट् आत्म.*] शोक गर्नु,रुनु। लट्– **क्लिन्दति–** शोक गर्छ, रुन्छ इत्यादि।

क्लिदिर् (धा.) [*क्लेदे,दिवा.पर.अक. वेट्*] भिज्नु। लट्-**क्लिद्यति-** भिज्दछ।

सुवेशं पुरुषं दृष्ट्वा भ्रातरं यदि वा सुतम्।
योनिः क्लिद्यति नारीणां सत्यं सत्यं हि नारद॥ (ना.प.रा.)

क्लिदू (धा.) [*आर्द्रीभावे, दिवा.अक.वेट् पर.*] भिज्नु। लट्– **क्लिद्यति–** भिज्छ इत्यादि। भावे– **क्लिद्यते–** भिजिन्छ। णिचि– **क्लेदयति**– भिजाउँछ। सनि– **चिक्लिदिषति–** भिजाउन खोज्छ। कृदन्ते– **क्लिन्नः–** भिजेको इत्यादि।

क्लिन्नः (पुं.वि.) [*क्लिद्यति स्म, क्लिदधातोः गत्यर्थाकर्मक इति क्तः, तस्य नः,परसवर्णः*] भिजेको।

क्लिन्नता (स्त्री.) [*क्लिन्नस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] आर्द्रता।

क्लिन्नाक्षः (पुं.वि.) [*क्लिन्ने अक्षीणि यस्य सः, बहु.स.*] कचेरे आँखा भएको। **क्लिन्ने यस्याक्षीणि पिल्लश्चिल्लश्चुल्लश्च स स्मृतः** (हला.६०७)।

क्लिशितः (पुं.वि.) [*क्लिश्यते स्म, क्लिश धातोः, कर्तरि क्तः,क्लिशः क्त्वानिष्ठयोः ७.२.५२ इति वेट्*] दुःख पाएको। **क्लिष्टः क्लिशिते** (अमर.३.१.९८)।

क्लिशु (धा.) [*उपतापे, दिवा.अक.सेट् आत्म.*] रोगी हुनु, दुःख पाउनु, दुःख सहन गर्नु। लट्– **क्लिश्यते–** रोगी हुन्छ, दुःख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउँछ, दुःख सहन गर्छ। लिट्– **चिक्लिशे**– रोगी भएछ, दुःख पाएछ, दुख सहन गरेछ। लुट्– **क्लेशिता**– रोगी हुने छ। दुःख पाउने छ, दुःख सहन गर्ने छ। लृट्– **क्लेशिष्यते**– रोगी हुने छ। दुःख पाउने छ, दुःख सहन गर्ने छ। लोट्– **क्लिश्यताम्**– दुःख पाओस्, रोगी होओस्, दुःख सहोस्। लङ्– **अक्लिश्यत**– रोगी भयो, दुःख पायो, दुःख सह्यो। विधिलिङ्– **अक्लिश्येत**– रोगी होओस्, दुःख पाओस्, दुःख सहोस्, रोगी होला, दुःख पाउला, दुःख सहला। आ.लिङ्– **क्लेशिषीष्ट**– रोगी होओस्, दुःख पाओस्, दुःख सहोस् लुङ्– **अक्लेशिष्ट**– रोगी भयो, दुःखी पायो, दुःख सह्यो। लृङ्– **अक्लेशिष्यत**– रोगी हुने थियो, दुःख पाउने थियो, दुःख सहने थियो। णिचि– **क्लेशयति**– रोगी तुल्याउँछ, दुःख दिलाउँछ, दुःख सहन गर्न लगाउँछ। सनि– **चिक्लेशिषति, चिक्लिशिषति**– रोगी हुन खोज्छ, दुःख पाउन खोज्छ, दुःख सहन चाहन्छ। यङि– **चेक्लिश्यते**, यङ्लुकि– **चेक्लेष्टि,चेक्लिशीति**– बारम्बार वा अतिशय रोगी हुन्छ, बारम्बार वा अतिशय दुःख पाउँछ, बारम्बार वा अतिशय दुःख सहन गर्छ। कृदन्ते– **क्लेशकःक्लेशिका, क्लेशिता क्लेशित्री, क्लेशी, क्लेशिनी**– रोगी हुने, दुःख पाउने, दुःख सहन गर्ने। **क्लेशितव्यम्, क्लेशनीयम्, क्लेश्यम्**– रोगी हुनु पर्ने, दुःख पाउनु पर्ने, दुःख सहनु पर्ने। **क्लिष्ट्वा, संक्लिश्य** रोगी भएर, दुःख पाएर, दुःख सहने भएर। **क्लिष्टः**– दुःख पाएको, रोगी भएको, दुःख सहेको। **क्लेशः, क्लिष्टिः**– दुःख, रोग इत्यादि।

क्लिशू (धा.) [*विबाधने,क्र्या.सक.सेट् पर.*] दुःख दिनु, दुःख सहनु। लट्– **क्लिश्नाति**– दुःख दिन्छ, दुःख सहन्छ इत्यादि।

क्लिष्टः (पुं.वि.) [*क्लिश्यते स्म, क्लिशू विबाधने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, क्लिशः क्त्वानिष्ठयोः ७.२.५२ इति वेट्*] १.मुस्किलसित अर्थ लाग्ने २.कठिन।

क्लिष्टत्वम् (नपुं.) १.कठिनता २.एक शब्ददोष। साहित्य वा काव्यमा अर्थ बुझ्न समय लाग्ने पदको प्रयोग भएमा रसप्रतीतिमा बाधा पर्ने हुँदा यो दोष परेको मानिन्छ। **अर्थप्रतीतेर्व्यवहितत्वं क्लिष्टत्वम्** (सा.द.)।

क्लिष्टम् (नपुं.) [*क्लिश्यते स्म, क्लिशू विबाधने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, क्लिशः क्त्वानिष्ठयोः ७.२.५० इति वेट्*] १.परस्पर मेल नखाने बोली २.अर्थ लगाउन गाह्रो पर्ने भनाइ।

क्लीतकिका (स्त्री.) [*क्रीतकं क्रयोऽस्त्यस्याः, कपिलकादित्वात् (वा.) ८.२.१८ लत्वम्, अतः इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप्*] नीर।

क्लीबः (पुं.वि.) [*क्लीबते इति, क्लीबृ अधाष्र्ट्ये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.पराक्रमहीन/डरछेरुवा २.नपुंसक। **अस्त्री नपुंसके क्लीबं वाच्यलिङ्गस्त्वविक्रमे** (रुद्र.) ३.धर्मकर्ममा निरुत्साही (मनु.३.१६५)।

क्लीबता (स्त्री.) [*क्लीबस्य भावः, तस्य भावस्त्वतलौ इति तल, टाप्, त्वप्रत्यये क्लीबत्वम्*] १.नपुंसकता २.पुरुषार्थहीनता ३.दुर्बलता ४.निरुत्साहता।

क्लीबृ (धा.) [*अधाष्र्ट्ये, भ्वा.अक.सेट् आत्म.*] दुर्बल हुनु, नपुंसक हुनु, डरपोक हुनु। लट्– **क्लीबते**– दुर्बल हुन्छ, नपुंसक हुन्छ, डरपोक हुन्छ इत्यादि।

क्लुङ् (धा.) [*गतौ, आत्म.सक.सेट्*] हिँड्नु। लट्– **क्लवते**– हिँड्छ इत्यादि।

क्लृप्तः (पुं.) [*कल्प्यते स्म इति कृपू सामर्थ्ये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, रस्य लत्वम्*] कल्पना गरिएको/रचिएको। **क्लृप्तेन सोपानपथेन** (रघु.)।

क्लेदः (पुं.) [*क्लेदनम्, क्लिदू आर्द्रीभावे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पसिना २.आर्द्रता/भिजेको अवस्था।

क्लेदनः (पुं.) [*क्लेदयति श्लेष्मादिभिः, कर्तरि ल्युः, अनः*] कफ।

क्लेदनम् (नपुं.) [*क्लिद धातोर्भावे ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] भिजाउनु।

क्लेल (धा.) [*चलने गतौ च, भ्वा. पर.सक.सेट्*] चल्नु, हिँड्नु। लट्– **क्लेलति**– चल्छ, हिँड्छ इत्यादि।

क्लेश (धा.) [*अव्यक्तायां वाचि, सक.सेट् आत्म.*] अस्पष्ट शब्द गर्नु। लट्– **क्लेशते**– अस्पष्ट शब्द गर्छ इत्यादि। धातुदीपिकामा स्पष्ट बोल्नु भन्ने अर्थमा मूर्द्धन्य षको पनि पाठ छ– **क्लेषते न वृथा वाक्यम्** (दुर्गादास)।

क्लेश (धा.) [*वधे, भ्वा.आत्म.सक. उपतापे अक.सेट्*] दुःख दिनु। लट्– **क्लेशते**– दुःख दिन्छ इत्यादि।

क्लेशः (पुं.) [*क्लेशनम्, क्लिशू विबाधने इति धातोः, भावे ३.३.१८ इति घञ्*] कष्ट/वेदना/यन्त्रणा/दुःख। **क्लेशः फलेन हि पुनर्नवतां विधत्ते**। (कु.सं.) योगशास्त्रानुसार अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश नाम गरेका पाँच क्लेश छन्। वेदव्यासको भनाइअनुसार उक्त क्लेशको साथै तम, मोह, मोहामोह, तामिश्र र अन्धतामिश्र नामक अरू पाँच क्लेश छन्। (यो.सू.१.८ भाष्य) **~क्षयः** (पुं.) [*क्लेशस्य जन्ममरणादिदुःखस्य क्षयः,ष.त.*] जन्म–मृत्यु आदिबाट उत्पन्न हुने दुःखको नाश।

क्लेशापहः (पुं.वि.) [*क्लेशान् अपहन्ति, अपेः क्लेशस्तमसोः ३.२.५० इति डः, टिलोपः*] दुःखनाशक।

क्लेशितः (पुं.वि.) [*क्लेशः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्यः ५.२.३६ इति इतच्*] १.थाकेको। **निद्रां यातो मम पतिरसौ क्लेशितः कर्मदुःखैः**। (शृ.ति.) २.पीडित।

क्लेश्यः (नपुं.) [*क्लिश्यतेऽसौ, कर्तरि यत्*] दुःख पाउने।

क्लैव्यम् (नपुं.) [*क्लीवस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] नपुंकता/पुरुषार्थहीनता/दुर्बलता । **मा क्लैव्यं गच्छ कौन्तेय** (भ.गी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्लोम (नपुं.) [*क्लवते, क्लुङ् गतौ इति धातोः, सर्वधातुभ्यो मानिन् (उ.) इति मनिन्*] १.शरीरभित्र हुने मासुका गिर्खा २.शरीरभित्रको प्यास लाग्ने स्थल। दुई बाहुको माझमा छाती छ। छातीको माझमा हृदय छ। त्यसको छेउमा रहेको एक अङ्ग/पिपासास्थान (वैद्यक) ३.फोक्सो (भरत) ४.मृगौला। **तिलकं क्लोम** (अमर.)।

क्व (अव्य.) [*कस्मिन्निति, किमोऽत् ५.३.१२ इत्यत्, क्वाति ७.२.१०५ इति क्वादेशः,टिलोपः,प्रातिपदिकत्वेन अव्ययत्वात् सुलोपः*] कहाँ।

क्व दोषोऽत्र मया लभ्य इति सञ्चिन्त्य चेतसा।
खलः काव्यस्य साधूनां श्रवणाय प्रवर्तते॥ (सुभा.)

क्वचन (अव्य.) [*पणिनिमते पदद्वयम्,मुग्धबोधानुसारेण चन प्रत्ययः*] कतै/कुनै ठाउँमा।

यत्र क्वचन संस्थानां क्षुत्तृष्णोपहतात्मनाम्।
इदमक्षयमेवास्तु मया दत्तं तिलोदकम्॥ (तर्पणविधि)

क्वचित् (अव्य.) [*पाणिनिमते पदद्वयम्, मुग्धबोधमते चित्प्रत्ययः*] कतै/कुनै ठाउँमा)।

क्वचित् सर्पोऽपि मित्रत्वमीयान्नैव खलः क्वचित्।
न शेषशायिनोऽप्यस्य वशे दुर्योधनो हरेः॥ (सुभा.)

क्वण (धा.) [*शब्दार्थे, अक.सेट् पर.*] शब्द गर्नु। लट्– **क्वणति–** शब्द गर्छ इत्यादि। **वीणा क्वणति** (दुर्गादास)।

क्वणः (पुं.) [*क्वणति इति, क्वण शब्दे इति धातोः, क्वणो वीणायाञ्च ३.३.६५ इति वा अप्*] १.गहनाको आबाज २.ध्वनि ३.वीणाको आबाज (भरत)।

क्वणनम् (*नपुं.*) [*क्वण शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.शब्द २.बजाउने काम ३.गहनाको आवाज ४.वीणाको आवाज (भरत)।

क्वत्यः (पुं.) [*क्व भवः, अव्ययात्त्यप् (वा.) इति त्यप्*] कहाँ भएको/कहाँको।

क्वथितः (त्रि.) [*क्वथ्यते स्म, क्वथे निष्पाके इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अत्यन्त पकाइएको।

क्वथितम् (नपुं.) [*क्वथ्यते स्म, क्वथे निष्पाके इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] क्वाथ गरी पकाइएको ओषधिविशेष।

क्वथे (धा.) [*निष्पाके, भ्वा.अक.सेट् पर.*] उमाल्नु, पकाउनु, काँढा बनाउनु। लट्– **क्वथति–** उमाल्छ, पकाउँछ, काँढा बनाउँछ इत्यादि।

क्वाणः (पुं.) [*क्वण शब्दे इति धातोर्भावे घञ्*] १.आवाज २.गहना बजेको ध्वनि। **भूषणानान्तु शिञ्जिते। निक्वाणो निक्वणः क्वाणः क्वणः क्वणनमित्यपि॥** (अमर.)

क्वाथः (पुं.) [*क्वथे निष्पाके इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.दुःख २.व्यसन ३.अत्यन्त पाकेको औषधिविशेष ४.साफसित पकाइएको वस्तु/काँडा। यो तीन प्रकारको हुन्छ– १.पकाएर चार भागमा एक भागमात्र रहेको २.आधा बाँकी रहेको ३.तीन भाग बाँकी रहेको।

क्ष देवनागरी लिपिको वर्णमालाअनुसार क र ष मिलेको संयुक्त व्यञ्जन वर्ण। तन्त्रको मतमा चौतिसौँ व्यञ्जन वर्ण। अष्टम वर्गीय पञ्चम वर्ण/वर्णमालामध्येको अन्तिम वर्ण।

पञ्चाशल्लिपिभिर्माला विहिता सर्वकर्मसु।
अकारादिक्षकारान्ता वर्णमाला प्रकीर्तिता॥

(गौतमीतन्त्र) यो कण्ठस्थानीय वर्ण हो। **क्षकारो कण्ठघातजः।** (वरदतन्त्र) कसैको मतमा वर्णमालाभित्र कदेखि यसम्मका ५० वर्ण पर्दछन्। **क्ष** मेरु भएकाले यसलाई त्यसमा समावेश गरिएको छैन। वर्णमालाभित्रै क्षलाई समावेश गर्नेहरूको मतमा वर्णमालाभित्र ५१ वर्ण पर्दछन्।

क्षः (पुं.) १.[*क्षयति लोकान् युगान्तकाले, क्षि क्षये इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इत्यत्र अपिशब्दोपादानाद् डः, डित्त्वाट्टिलोपः*] प्रलय २.[*क्षिणोति मनुष्यादिजीवान्*] राक्षस ३.[*क्षिणोति हन्ति हिरण्यकश्यप्वादीन्*] नृसिंह ४.[*क्षिणोति भूतानि स्वकीयाग्निना*] बिजुली ५.[*क्षयति क्रमशः*] क्षेत्र ६.क्षेत्रपाल ७.[*क्षि क्षये इति धातोर्भावे डः*] नाश ८.(हानिकारकतया) किरणविशेष/एक्सरे। **क्षः संवर्ते राक्षसे च नरसिंहे च विद्युति। क्षेत्रे नाशे क्षेत्रपाले पुमानेष प्रकीर्तितः** (वाङ्म.)।

क्षकारः (पुं.) [*क्ष इति वर्णनिर्देशे, वर्णात्कारः (वा.) कारप्रत्ययः*] क्ष यो वर्ण। हे. **क्ष**।

क्षज (धा.) [*वधे, भ्वा.आ.सक.सेट्*] मार्नु। लट्– **क्षजते–** मार्छ इत्यादि।

क्षजि (धा.) [*तङ्के,चुराःपर.अक.सेट्*] दुःखले जीवन विताउनु। लट्– **क्षञ्जयति**– दुःखले जीवन बिताउँछ। **क्षञ्जयति दीनः**।

क्षजि (धा.) [*गतिदानयोः, भ्वा. सक.सेट्, आत्मने.*] हिँड्नु, दान दिनु। लट्– **क्षञ्जते–** जान्छ, दान दिन्छ इत्यादि।

क्षणः (पुं.) [*क्षणोति हन्ति नाशयति वा सर्वं यथाकालम्, आयुरवसाने वा, काल एव युगान्ते सर्वमात्मसात्करोति, स एवांशभेदेन नानारूपः, नन्दिग्रहि–३.१.१३४ इत्यच्*] १.समय / तिस कलाको समय। **क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः।** (शि.व.) २.दस पला बराबरको समय ३.एक निमेषको चार भागको एक भाग।

आयुषः क्षण एकोऽपि न लभ्यः स्वर्णकोटिभिः।
स चेत्तु विफलो याति का हानिस्तु ततोऽधिका॥ (शब्दार्थ.)

४.[*क्षणोति दुःखं नाशयति उत्सवकाले, क्षणु हिंसायाम् इति धातोः, पूर्ववत्*] उत्सव ५.पर्व ६.अवसर ७.पराधीनता ८.पाचौँ मुहूर्त। **अथ काले शुभे प्राप्ते तिथौ पुण्ये क्षणे तथा** (नलोपाख्यान)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षणतुः (पुं.) [*क्षणधातोः भावे अतुच्*] क्षय/नाश।

क्षणदः (पुं.) [*क्षणम् यात्रादिशुभमुहूर्तम्, उत्सवं समयविशेषं निर्व्यापारस्थितिं वा ददाति, आतोऽनुपसर्गे कः ३.२.३, इति कः, आलोपः ६.४.६४*] १.गणक २.(पुं.वि.) समय दिने।

क्षणदम् (नपुं.) [*क्षणमुत्सवं ददाति, आतोऽनुपसर्गे कः इति कः, आलोपः*] पानी। (मेदिनी.)

क्षणदा (स्त्री.) [*क्षणम् उत्सवं निर्व्यापारस्थितिं वा ददाति, डु दाञ् दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४, टाप् ४.१.४*] १.रात्री। **क्षणदो गणके रात्रौ क्षणदा क्षणदज्जले**। (वाङ्म.) २.[*क्षणं ददाति रागं प्रयच्छतीति*] बेसार।

क्षणदाचरः (पुं.) [*क्षणदायां रचरति, चरेष्टः ३.२.१६ इति ट :*] राक्षस।

क्षणनम् (नपुं.) [*क्षणु हिंसायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.लडाइँमा मारिने काम २.हत्या। **निस्तर्हणं विशसनं क्षणनं परासनं प्रोज्जासनं प्रशमनं प्रतिघातनं वधः** (अभि.चि.)।

क्षणप्रभा (स्त्री.) [*क्षणं किञ्चित्कालं प्रभा कान्तिर्यस्याःसा, बहु.स.*] बिजुली (अमर.२.८.११४)।

क्षणभङ्गः (पुं.) [*क्षणात् शीघ्रमेव भङ्गो नाशो यस्य सः, बहु.स.*] १.तुरुन्त नाश हुने २.[*क्षणात् सर्वेषां सावयवानां प्रतिक्षणं भङ्गस्य स्वीकारो यत्र तथाभूतं बौद्धमतम्*] सम्पूर्ण सावयव वस्तुहरू प्रतिक्षण नाश हुँदै जान्छन्, संसार पनि नाश हुँदै गएको छ भनेर प्रतिपादन भएको एक बौद्ध सिद्धान्त।

क्षणभङ्गुरः (पुं.वि.) [*क्षणे भङ्गुरः, स.त.*] क्षणभरमा नै नाश हुने। **गन्धर्वनगराकारः संसारः क्षणभङ्गुरः** (सुभा.)।

क्षणमात्रम् (नपुं.) [*क्षणमेव,क्षणशब्दान् मात्रच्प्रत्ययः*]एकैछिन।

क्षणिकः (पुं.वि.) [*क्षणं व्याप्नोति, क्षणमस्यास्तीति वा अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] एक क्षणमात्र रहने र तुरुन्त नाश भइहाल्ने। पदार्थको प्रथम क्षणमा उत्पत्ति, दोस्रो क्षणमा स्थिति र तेस्रो क्षणमा नाश हुन्छ भन्ने तार्किकहरूको धारणा छ। कार्य र कारणले समर्थ पदार्थको प्रथम क्षणमा उत्पत्ति र दोस्रो क्षणमा नाश हुन्छ। त्यसैले जुन सत् छ त्यो नाशवान् छ भन्ने बौद्धहरूको धारणा छ।

क्षणिका (स्त्री.) [*क्षणिकशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] आकाशमा चम्कने बिजुली। **क्षणिका तु स्त्रियामेषा सौदामिन्यामुदीरिता**। (वाङ्म.) २.एकछिन मात्र टिक्ने।

योऽत्ति यस्य यदा मांसमुभयोः पश्यतान्तरम्।
एकस्य क्षणिका प्रीतिरन्यः प्राणैर्विमुच्यते॥ (हितो.)

क्षणिनी (स्त्री.) [*क्षण उत्सवोऽस्यामस्तीति, इनिः, ङीप्*] १.उत्सवको रात्री २.पर्वविशेष ३.रात्री।

क्षणु (धा.) [*हिंसायाम्, तना.सक.सेट् उभय.*] मार्नु, हिंसा गर्नु। लट्– **क्षणोति.क्षणुते–** मार्छ, हिंसा गर्छ इत्यादि।

क्षतः (पुं.वि.) [*क्षणु हिंसायाम्, इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] घाउ वा चोट लागेको। **~विक्षतम्** (नपुं.) [*क्षतञ्च विक्षतञ्च तयोः समाहारः*] धेरै चोटपटक लागेको।

क्षतकासः (पुं.) [*क्षतजः कासः, म.प.स.*] पाँच प्रकारका खोकीमध्ये एक प्रकारको खोकी।

पञ्च कासाः स्मृता वातपित्तश्लेष्मक्षतक्षयैः।
क्षयायोपेक्षिताः सर्वे बलिनश्चोत्तरोत्तरम्॥ (वाग्भट.)

क्षतजम् (नपुं.) [*क्षतात् व्रणात् जातम्, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] १.रगत (रघु.२.६.६४) २.पिप (शब्दचन्द्रिका)।

क्षतम् (नपुं.) [*क्षण्यते हन्यतेऽनेन क्षणु हिंसायाम्, इति धातोः कृत्यल्युटो बहुलम् ३.३.११३ इत्यत्र बहुलग्रहणात् करणे क्तः*] १.घाउ २.दर्फराहाट। **नखक्षतानीव वनस्थलीनाम्**। (रघु.) ३.[*भावे क्तः*] विनाश। **क्षतात् किल त्रायत इत्युदग्रः क्षत्रस्य शब्दो भुवनेषु रूढः**। (रघु.) ४.आघात। **रघोरवष्टम्भमयेन पत्रिणा हृदि क्षते गोत्रभिदप्यमर्षणः**। (रघु.३.५३) ५.रोगविशेष।

क्षतव्रणः (पुं.) [*क्षतजन्यो व्रणः, म.प.स.*] पाँच प्रकारका घाउमध्ये काटेर वा घोपेर लागेको घाउ।

क्षतव्रतः (पुं.वि.) [*क्षतं खण्डितं व्रतमस्य*] १.असमयमा नै ब्रह्मचर्य नष्ट भएको २.नियम छोडेको। **क्षतव्रतो ऽवकीर्णिः स्यात्** (अभि.चि. ३.५१८)।

क्षतिः (स्त्री.) [*क्षणु हिंसायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] नाश/खती/विनाश। **हयानां न क्षतिः काचित् न रथस्य न मातलेः**। (म.भा.२.१७२.१९)। **~पूरकः** (पुं.वि.) [*क्षतेः पूरकः, ष.त.*] नोक्सानी भएमा क्षतिपूर्ति गर्ने शर्त राखी लेखिएको प्रतिज्ञापत्र। **~पूर्तिः** (स्त्री.) [*क्षतेःपूर्तिः,ष.त.*] कसैको हानी–नोक्सानी भएको कुरामा पूरा गर्ने काम।

क्षत्ता (पुं.) [*क्षदतीति, क्षद संवरणे इति सौत्रः। तृन्तृचौ शंसिक्षदादिभ्यः संज्ञायां चानिटौ' (उ.) २५९ इति तृच्, अनिट् च*] १.सारथि २.दासीपुत्र ३.ब्रह्मा ४.शूद्रबाट क्षत्रियमा पैदा भएको पुत्र ५.मत्स्य ६.ढोके। **द्वास्थो द्वौवारिकः क्षत्ता दण्डी वेत्रहरस्तथा। उत्सारको द्वारपालः प्रतीहारो बुधैः स्मृतः**। (हला.) ७.वैश्य कन्यामा शूद्रबाट उत्पन्न भएको सन्तान।

क्षत्रः (पुं.) [*क्षतात् त्रायते रक्षति, त्रैङ् पालनपूरणयोः इति धातोः आत्वे, आतोऽनुपसर्गे कः इति कः, आलोपः,क्षदधातोः गृधृवी (उ.) इति त्रो वा*] क्षत्रिय (रघु.२.५२)।

क्षत्रम् (नपुं.) [*क्षतात् त्रायते रक्षति, त्रैङ् पालनपूरणयोः इति धातोः आत्वे, आतोऽनुपसर्गे कः इति कः, आलोपः*] १.शरीर २.क्षत्रीयकुल।

क्षत्रबन्धुः (पुं.) १.[*क्षत्रस्य बन्धुरिव*] खत्री २.[*क्षेत्रं राज्यं शरीरं वा बन्धुरिवास्य*] क्षत्रिय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आषोडशाद् ब्राह्मणस्य सावित्री नातिवर्तते।
आद्वाविंशात् क्षत्रबन्धोराचतुर्विंशतेर्विशः॥ (मनु. २.३८)

क्षत्रियः (पुं.) १.[*क्षत्रस्यापत्यं पुमान्, क्षत्राद् घः ४.१.१३८ इति जातौ घः, घस्य इयः*] क्षत्रिय जातिविशेष।
क्षत्रजं सेवते कर्म वेदाध्ययनसंयुतम्।
दानादानबहिर्भूतः स वै क्षत्रिय उच्यते। (स्मृति) २.वटुकभैरव।
क्षेत्रदः क्षेत्रपालश्च क्षेत्रज्ञः क्षत्रियो विराट् (व.भै.स्तो.)।

क्षत्रियविट्सुतः (पुं.) [*क्षत्रिया च विट् च, तयोः सुतः*] क्षत्रिय कन्यामा वैश्यबाट उत्पन्न भएको सन्तान।

क्षत्रिया (स्त्री.) १.[*क्षत्रियस्यापत्यं स्त्री, जातिमात्रे टाप् ४.१.४*] क्षत्रिय कुलमा उत्पन्न भएकी स्त्री २.दुर्गा। **निद्रा च सर्वभूतानां मोहनी क्षत्रिया तथा** (ह.वं. विष्णुपर्व ५८.२३)।

क्षत्रियाणी (स्त्री.) [*क्षत्रियस्यापत्यं स्त्री, अर्यक्षत्रियाभ्यां वा (वा.) ४.१.४९ इति स्वार्थे ङीषानुकौ*] क्षत्रिय कुलमा उत्पन्न स्त्री।

क्षत्रियी (स्त्री.) [*क्षत्रियस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] क्षत्रियकी स्वास्नी/खसिनी।

क्षद (धा.) [*सम्प्रेषणे सौत्रः, आत्म.सक.अनिट्*] पठाउनु सम्प्रेषण हुनु। लट्– **क्षदते–** पठाउँछ, सम्प्रेषण हुन्छ इत्यादि।

क्षन्तव्यः (पुं.) [*क्षमु सहने इति धातोस्तव्यत्*] सहन लायक।

क्षन्ता (पुं.) [*क्षमशीलः, क्षमु सहने इति धातोः, तृन् ३.२.१३५ इति तृन्*] सहनशील। **हे. क्षमिता।**

क्षप (धा.) [*क्षेपे, चुरा.उभ.सक.सेट्*] फ्याँक्नु। लट्–**क्षपयति–** फ्याँक्छ इत्यादि। **क्षपयति कलुषं भक्तः** (दुर्गादास)।

क्षप (धा.) [*सहने, चुरा इदित्, उभ.सक.सेट्*] सहनु। लट्– **क्षपयति–** सहन्छ इत्यादि। **क्षपयति दुःखं मुनिः** (दुर्गादास)।

क्षप (धा.) [*प्रेरणे, चुरा.उभ.सक.सेट्*] प्रेरणा दिनु, बिताउनु। लट्– **क्षपयति–** प्रेरणा दिन्छ, बिताउँछ इत्यादि।

क्षपणकः (पुं.) [*क्षपयति विषयरागमिति क्षप क्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ततः स्वार्थे कन्*] १.बौद्ध सन्यासी २.विक्रमादित्य सभाका नवरत्नमध्ये एक ३.(पुं.वि.) [*क्षपयति दूरीकरोति लज्जाम्, क्षप क्षेपे इति धातोः कर्तरि ल्युः, अनः, ततः स्वार्थे कन्*] निर्लज्ज।

क्षपा (स्त्री.) [*क्षपयति दूरीकरोति इन्द्रियाणां चेष्टाम्, क्षप क्षपे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.रात्री २.[*क्षपयति दूरीकरोति रोगम्*] बेसार। **निशाख्या काञ्चनी पीता हरिद्रा वरवर्णिनी** (अमर.)।

क्षपाकरः (पुं.) [*क्षपायां रात्रौ करः किरणं यस्य सः, बहु.स., यद्वा क्षपां करोतीति, कृञो हेतु ३.२.२० इति टः*] १.चन्द्रमा २.कपुर।

क्षपाचरः (पुं.) [*क्षपायां चरति, चर गतिभक्षणयोः, इति धातोः चरेष्टः ३.२.१६ इति टः*] राक्षस। **निर्याणे स मतिं कृत्वा निधायासिं क्षपाचरः। आज्ञापयामास तदा रथो मे कल्प्यतामिति॥**
(म.भा. इन्द्रजिद्वधपर्व २८८.३३)

क्षपाटः (पुं.) [*अटतीति, अट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, क्षपायामटः, स.त.*] १.निशाचर २.उल्लु/लाटोकोसेरो ३.राक्षस। **ततः क्षपाटैः पृथुपिङ्गलाक्षैः।** (भट्टि.)

क्षपापतिः (पुं.) [*क्षपायाः पतिः, ष.त.*] चन्द्रमा।

क्षमि (धा.) [*क्षान्त्याम्, सक.सेट्, उभय.*] सहन गर्नु, भन्नु, दया गर्नु, चम्कनु। लट्– **क्षम्पयति-ते–** सहन गर्छ, भन्छ, दया गर्छ, चम्कन्छ इत्यादि।

क्षमः (पुं.वि.) [*क्षमते इति क्षमु सहने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सहने २.समर्थ। **तास्तु वाचः सभायोग्या याश्चित्ताकर्षणक्षमाः। स्वेषां परेषां विदुषां द्विषामविदुषामपि।** (सुभा.) ३.क्षमा दिने ४.उपयुक्त। **अथ तु वेत्सि शुचिव्रतमात्मनः पतिगृहे तव दास्यमपि क्षमः** (अभि.शा.अ.५)।

क्षमता (स्त्री.) [*क्षमस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.योग्यता २.सामर्थ्य ३.अर्थ बुझाउन सक्ने शक्ति। **क्षमता लिङ्गमिति** (मीमांसा)।

क्षमत्वम् (नपुं.) [*क्षमस्य भावः, पूर्वसूत्रेण त्वः*] १.क्षमता/योग्यता सामर्थ्य २.सहनशीलता।

क्षमा (स्त्री.) [*क्षम्यते इति, क्षमुष् सहने इति षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] १.सहनशीलता।
बाह्ये वा ऽध्यात्मिके चैव दुःखे चौत्पातिके क्वचित्।
न कुप्यति न वा हन्ति सा क्षमा परिकीर्तिताः॥
आक्रुष्टोऽभिहतो वापि नाक्रोशेन्न च हन्ति वा।
अदुष्टैर्वाङ्मनःकायैस्तितिक्षा सा क्षमा मता॥
भन्ने उक्तिमा प्रतिपादित चित्तवृत्ति। २.[*क्षमते आत्मोपरिस्थितानां जीवानामपराधं सहते, क्षमुष् सहने इति धातोः, पचाद्यच्, टाप्*] पृथ्वी ३.दुर्गा। **दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तुते** (दुर्गाकवच)।

क्षमावान् (पुं.वि.) [*क्षमा सहनशीलता, सामर्थ्यं वा अस्त्यस्य, मतुप्, मसय वः*] १.सहनशील २.सामर्थ्य भएको।

क्षमिता (पुं.) [*क्षमणशीलः, क्षमुष् सहने इति धातोः, तृन् ३.२.१३५ इति तृन्, स्वरति– ७.२.४४ इति पक्षे इट्*] सहनशील। **सहिष्णुः सहनः क्षन्ता तितिक्षुः क्षमिता क्षमी** (अमर.)।

क्षमी (पुं.) [*क्षमोऽस्यास्तीति, शमित्यष्टाभ्यो– ३.२.१४१ इति घिनुण्*] १.समर्थवान् २.सहनशील। **कामं क्षाम्यतु यः क्षमी** (शि.व.)।

क्षमु (धा.) [*सहने, दिवा.सक.वेट्, पर.*] सहन गर्नु, क्षमा गर्नु। लट्– **क्षाम्यति–** सहन गर्छ, क्षमा गर्छ इत्यादि।

क्षमूष् (धा.) [*सहने, भ्वा.सक.सेट्, आत्मने.*] सहन गर्नु, क्षमा गर्नु। लट्– **क्षमते–**सहन गर्छ, क्षमा गर्छ इत्यादि। **क्षमन्ते न विचारं हि मूर्खा विषयलोलुपाः** (क.स.)।

क्षम्यः (पुं.वि.) [*क्षन्तुं योग्यः, क्षमु सहने इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] क्षमा वा माफ गर्न योग्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षयः (पुं.) १.[*क्षीयते उष्यतेऽस्मिन्, क्षि निवासगत्योः, इति धातोः, एरच् ३.३.५६ इत्यच्, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः वा*] घर। **देवराजो मया दृष्ये वारिवारणमस्तके। भक्षयित्वार्कपत्राणि विषं पीत्वा क्षयङ्गतः** (सुभा.) २.द्वेष ३.रोग ४.कल्पको अन्त्यमा हुने प्रलय। **क्षयो गेहे च कल्पान्तेऽपचये रुजि** (हैम.)। ५.[*क्षि क्षये इति धातोः भावे अच्*] नाश ६.अलिअलि गर्दै घट्ने वा खिइने काम। ७.[*क्षयति देहम्, क्षि क्षये इति धातोः, अन्तर्भावितण्यर्थः, अच् ३.१.१३४*] क्षयरोग/ टी.बी. रोग।

क्षयतिथिः (स्त्री.) [*क्षया चासौ तिथिश्च, कर्म. स.*] सूर्योदय न भेट्टाएको तिथि।

क्षयनाशिनी (स्त्री.) [*क्षयं कासं नाशयतीति, णश अदर्शने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.खोकी नाश गर्ने औषधी २.जीवन्ती वृक्ष।

क्षयपक्षः (पुं.) [*क्षयः क्षयं गतश्चासौ पक्षः*] चन्द्रमाको कला क्रमशः क्षीण हुँदै जाने पक्ष/कृष्णपक्ष।

क्षयमासः (पुं.) घटीमा १९ वर्ष र बढीमा १४१ वर्षमा दुई औँसीभित्र दुई सङ्क्रान्ति पर्दा हुने चान्द्रमास। क्षयमास परेको सालमा अगाडि र पछाडि गरी दुई मलमास पर्दछन्। क्षय हुने महिनाको पहिलो पक्ष अघिल्लो महिनामा र दोस्रो पक्ष पछिल्लो महिनामा गनिन्छ। बिचको महिना हराउँछ।

क्षयरोगः (पुं.) [*क्षीयतेऽनेन क्षयः, स चासौ रोगश्च, कर्म.स.*] हृदयरोग।

क्षयाहः (नपुं.) [*क्षयस्य अहः, ष.त.*] मरेको दिन। **~श्राद्धम्** (नपुं.) जुन महिना, पक्ष, तिथिमा परलोक हुन्छन्, त्यसै महिनाको पक्ष तिथिको दिन हरेक वर्ष गर्नुपर्ने श्राद्धलाई क्षयाहश्राद्ध भनिन्छ। त्यस्तो क्षयाह तिथिमा एकोद्दिष्टको विधिले श्राद्ध गर्नुपर्छ, तर औँसी र पितृपक्षमा मरेकाको भने एकपार्वण विधिले गर्नुपर्छ। **मासपक्षतिथिस्पृष्टे यो यस्मिन् म्रियतेऽहनि। प्रत्यब्दं तु तथाभूतं क्षयाहं तस्य तं विदुः॥** (नि.सि.) **मातापित्रोः पृथक्कार्यमेकोदिष्टं मृतेऽहनि। अमावास्यां क्षयो यस्य प्रेतपक्षेऽथवा पुनः। पार्वणं तस्य कर्तव्यं नैकोदिष्टं कदाचन॥** (नि.सि.) धर्मसिन्धौ क्षयाहश्राद्धविशेषः— **तत्र यस्य पित्रादेर्मरणं यन्मासे यत्पक्षे यत्तिथौ तद्दिनं तस्य मृताहस्तत्र पित्रादित्रिदैवत्यं वार्षिकश्राद्धं पुरुरवार्द्रवदेव सहितं कार्यम्। न चात्र सपत्नीकत्वं पित्रादीनाम्। न चात्र मातामहादित्रयम्। मातुर्मृताहे मात्रादित्रिदैवत्यं श्राद्धम्।**

क्षयिष्णुः (पुं.वि.) [*क्षयितुं शीलमस्य, भुवश्च इति चकारादिष्णुच्*] नाशशील।

क्षयी (पुं.) [*क्षीयतेऽसौ,जिदृक्षिवि ३.२.१५७ इति इनिः, गुणः, अयादेशः*] क्षयरोगी।

क्षय्यः (पुं.वि.) [*क्षेतुं शक्यः, क्षय्यजय्यौ शक्यार्थे ६.१.८१ इति यत्*]नाश गर्न सकिने।

क्षर (धा.) [*सञ्चलने, भ्वा.अक.सेट.पर.*] चुहुनु, झर्नु। लट्— **क्षरति—** चुहुन्छ, झर्छ, नाश हुन्छ। **संक्षरति—** बग्छ इत्यादि। क्वचिदयं सकर्मकः। **स्रोतोभिस्त्रिदशगजा मदं क्षरन्तः** (किरा.)।

क्षरः (पुं.) १.[*क्षरति वर्षति, पचाद्यच्*] मेघ २.[*क्षरति विनश्यति*] नश्वर वस्तु/सांसारिक पदार्थ। **क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते** (भ.गीता)।

क्षरणम् (नपुं.) [*क्षर सञ्चलने इति धातोः भावे ल्युट्, अनः, णत्वम्*] १.चुहुनु २ तरल पदार्थ बग्नु।

क्षरम् (पुं.) [*क्षरति वर्षति,नश्यति पचाद्यच्*] १.पानी २.अविद्या। **क्षरन्त्वविद्या ह्यमृतन्तु विद्या** (उपनिषद्)।

क्षरी (पुं.) [*क्षरः क्षरणं वर्षणमस्ति अस्याम्, इनिः*] वर्षाकाल।

क्षल (धा.) [*शौचकर्मणि, सक.सेट् उभ.*] धुनु, सफा पार्नु। लट्— **क्षालयति ते—** धुन्छ, सफा पार्छ। **प्रक्षालयति—** धुन्छ, सफा पार्छ **क्षालयति पात्रं पयसा लोकः** (दुर्गादास) लिट्— **क्षालयाञ्चकारचक्रे—** धोएछ, सफा गरेछ। लुट्— **क्षालयिता—** धुने छ, सफा गर्ने छ। लृट्— **क्षालयिष्यति, ते—** धुने छ, सफा गर्ने छ। **क्षालयतु, क्षालयताम्—** धुनुहोस्, सफा गर्नुहोस्। लङ्— **अक्षालयत,त—** धोयो, सफा गऱ्यो। विधिलिङ्— **क्षालयेत्,त—** धोओस्, सफा गरोस्,धोला, सोफा गर्ला। आ.लिङ्— **क्षाल्यात्,क्षलयिषीष्ट—** धोओस्, सफा गरोस्। **अचिक्षलत,त-** धोयो,सफा गऱ्यो। लृङ्— **अक्षालयिष्यत,त—** धुने थियो, सफा गर्ने थियो इत्यादि।

क्षवः (पुं.) [*क्षौति, टुक्षु शब्दे इति धातोः, ण्यन्तात्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.रायो/कालो तोरी। **क्षवः क्षुते राजिकायाम्** (मेदिनी.) २.[*ऋदोरप् ३.३.५७ इत्यप्*] छिक्का।

क्षवकृत् (पुं.वि.) [*क्षवं करोति,क्विप्,तुक्*] १.हाछ्यूँ गर्ने २.खोक्ने

क्षवथुः (पुं.) [*क्षौत्यनेन, टुक्षु शब्दे इति धातोः, ट्वितोऽथुच् ३.३.८९ इति अथुच्*] १.खोकी २.छिक्का। **क्षवथुः कथ्यते कासः** (हला.)।

क्षात्रिः (पुं.) [*क्षत्रस्यापत्यम्,क्षत्रशब्दात्, अतः इञ् ४.१.९ इति इञ्प्रत्ययः, वृद्धिः, इकारलोपः*] क्षत्रियबाट शूद्रामा पैदा भएको सन्तान।

क्षान्तः (त्रि.) [*क्षम्यते स्म क्षमुष् सहने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अनुनासिकस्य—६.४.१५ इति दीर्घः*] सहनशील/क्षमाशील।

क्षान्तिः (स्त्री.) [*क्षमणम्, क्षमु सहने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुनासिकस्य क्वि ६.४.१५ इति दीर्घः*] सहनशीलता/सामर्थ्य हुँदाहुँदै पनि अर्काले गरेको अपकारको बदला नलिनु। **शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च** (भ.गी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षामः (पुं.) [*क्षयति स्म, क्षि क्षये इति धातोः, गत्यर्थाकर्मक इति क्तः, क्षायो मः ८.२.५३ इति मः*] १.दुब्लो/क्षीण २.कमजोर ३.खिएको ४.सानो ५.नाश भएको ६.झिनो ।

क्षामवती (स्त्री.) [*क्षामो दोषनाशः साध्यतयास्त्यस्याः,मतुप्,मस्य वः, ङीप्*] १.यज्ञविशेष २.[*क्षामोऽस्त्यस्याः*] दुब्ली/पातली ।

क्षारः (पुं.) [*क्षरति, क्षर सञ्चलने इति धातोः,ज्वलतिकसन्तेभ्यो णः ३.१.१४० इति णः*] १.दाहक, जारक आदि औषधि वा खनिज पदार्थको रासायनिक प्रक्रियाले बनाइने नुन । **खलो न साधुतां याति सद्भिः सम्बोधितोऽपि सन् । सरित्पूरःप्रपूर्णोऽपि क्षारो न मधुरायते ॥** (सुभा.) २.सोडा ३.सोहाग ४.भस्म/खरानी ५.काँच ६.रस । **~भूमिः** (स्त्री.) [*क्षारप्रधाना भूमिः, म.प.स.*] नुनिलो माटो भएको भूभाग । **~समुद्रः** (पुं.) [*क्षारप्रधानः समुद्रः, म.प.स.*] नुनिलो पानी भएको समुद्र वा सागर । महाभारतअनुसार यो ३७ सय योजन फैलिएको छ ।

क्षारकः (पुं.) [*क्षार एव,स्वार्थे कन्*] १.रस २.[*क्षरति फलम्,ण्वुल्, अकः*]नयाँ कोपिला ३.[*क्षरति, ण्वुल्, अकः*] माछो थाप्ने जाल ४.पक्षीहरू फसाउने जाल । **क्षारको रसे । कोरके पक्ष्यादिपाशे** (हैम.) । **क्षारकः पक्षिमत्स्यादिपिटके जालकेऽपि च** (विश्व.) ।

क्षारणा (स्त्री.) [*क्षर सञ्चालने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.११७ इति युच्, टाप् ४.१.४*] निन्दा/आक्रोश ।

क्षारसिन्धुः (पुं.) [*क्षारप्रधानः सिन्धुः, म.प.स.*] नुलिलो पानी भएको समुद्र/क्षरसमुद्र ।

क्षारितः (पुं.) [*क्षार्यते स्म, क्षर संचलने इति धातोः, ण्यन्तात्, निष्ठा ३.२.१०२ इति क्तः*] १.समाजमा आरोप लागेर निन्दित भएको २.आपत्तिमा परेको ३.नुनिलो बनाइएको ।

क्षारोदः (पुं.) [*क्षारम् उदकं यस्मिन् सः, बहु.स., उत्तरपदस्य चेति वक्तव्यम् (वा.) इति उदकस्य उदादेशः*] क्षारसमुद्र ।

क्षालनम् (नपुं.) [*क्षल शौचकर्मणि इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] धुनु/सफा गर्नु । **प्रक्षालनाद्धि पङ्कस्य दूरादस्पर्शनं वरम्** (हितो.) ।

क्षालितः (त्रि.) [*क्षाल्यते स्म, क्षल शौचकर्मणि इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] धोइएको/सफा पारिएको/पखालिएको ।

क्षि (धा.) [*क्षये ऐश्वर्ये च,भ्वा. अक. अनिट्, पर.*] नाश हुनु, ऐश्वर्यशाली बन्नु । लट्– **क्षयति–** नाश हुन्छ , ऐश्वर्यशाली बन्छ इत्यादि ।

क्षि (धा.) [*निवासगत्योः, तुदा.अक.अनिट् पर.*] बस्नु, जानु । लट्– **क्षियति–** बस्छ, जान्छ इत्यादि ।

क्षि (धा.) [*हिंसायाम्, स्वा.सक.सेट्, पर.*] हिंसा गर्नु । लट्– **क्षिणोति–** हिंसा गर्छ इत्यादि ।

क्षीणांशुः (पुं) [*क्षीणा अंशवो यस्य सः, बहु.सः*] चन्द्रमा ।

क्षिणु (धा.) [*हिंसायाम्, सक.सेट् उभय.*] हिंसा गर्नु । लट्– **क्षिणोति क्षेणोति क्षिणुते क्षेणुते–** हिंसा गर्छ इत्यादि ।

क्षितिः (स्त्री.) [*क्षियन्ति निवसन्त्यस्याम्, क्षि निवासगत्योः, इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, तितुत्रेति इण्निषेधः*] १.पृथिवी । **क्षोणी ज्या काश्यपी क्षितिः** (अमर.) । २.(क्षियन्ति वसन्त्यत्र) घर/भूभाग ३.(भावे क्तिन्) नाश । । **~कम्पः** (पुं.) [*क्षितेः कम्पः, ष.त.*] भूकम्प/भुइँचालो । **~मण्डलम्** (नपुं.) पृथ्वीको घेरा ।

क्षितितलम् (नपुं.) [*क्षितेस्तलम्,ष.त.*] पृथ्वीतल । **क्षितितले किं जन्म कीर्तिं विना** (सुभा.) ।

क्षितिजः (पुं.) [*क्षितौ जातः, सप्तम्यां जनेर्डः इति जनधातोर्डः इति डः*] १.वृक्ष २.मङ्गल ग्रह ३.नरकासुर ।

क्षितिदेवः (पुं.) [*क्षितौ देव इव*] ब्राह्मण ।

क्षितिजम् (नपुं.) पृथ्वी र आकाश मिलेको भान हुने स्थल ।

क्षितिजवृत्तम् (नपुं.) [*क्षितिजञ्च तद्वृत्तम्, कर्म.स.*] आफू बसेको स्थानबाट देखिने वृत्ताकार क्षितिज । यसलाई पृष्ठक्षितिज पनि भन्दछन् । **स्वस्थानाद् भूतलं यच्च तत्पृष्ठक्षितिजं स्मृतम्** (गो.प.) खमध्यबाट ९० अंशले बनेको वृत्त ।

क्षितिधरः (पुं.) [*धरतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, क्षितेः धरः, ष.त.*] १.पर्वत २.राजा ३.दिग्गज ।

क्षितिपुत्रः (पुं.) [*क्षितेः पुत्रः, ष.त.*] १.नरकासुर २.मङ्गल ग्रह ।

क्षिप (धा.) [*प्रेरणे, चुरा.अक.सेट् उभय.*] प्रेरणा दिनु । **क्षिपयति-ते–** प्रेरणा दिन्छ इत्यादि ।

क्षिप (धा.) [*प्रेरणे, तुदा. सक.अनिट् उभय.*] फ्याँक्नु,उडाउनु । लट्– **क्षिपति–** पठाउँछ, फ्याँक्छ,उडाउँछ । **अधि क्षिपति–** दोष लगाउँछ । **अविक्षिपति–** तल फ्याँक्छ । **आक्षिपति–** उपहास गर्छ, आकर्षण गर्छ । **उत्क्षिपति–** उठाउँछ, माथि फ्याँक्छ । **निक्षिपति–** राख्छ । **पर्याक्षिपति–** बाँध्छ । **प्रक्षिपति–** खुबसित फ्याँक्छ । **विक्षिपति–** फैलाउँछ । **विनिक्षिपति–** दिन्छ,छोड्छ । **समाक्षिपति–** पठाउँछ । **संक्षिपति–**छोट्याउँछ इत्यादि । कर्मणि– **क्षिप्यते–** फ्याँकिन्छ । णिचि– **क्षेपयति-ते–** फ्याँक्न लगाउँछ । सनि– **चिक्षिप्सति–** फ्याँक्न खोज्छ । कृदन्ते– **क्षेपकः क्षेपिका क्षेप्ता-त्री–** फ्याँक्ने । **क्षिपन्–** फ्याँकिरहेको । **क्षेपयितुम्–** फ्याँक्न । **क्षिप्त्वा परिक्षिप्य–** फ्याँकेर इत्यादि ।

क्षिप (धा.) [*प्रेरणे, दिवा.सक.अनिट् पर.*] फ्याँक्नु । । **क्षिप्यति–** फ्याँक्छ । लिट्– **चिक्षेप–** फ्याँकेछ (अन.) इत्यादि

क्षिप (धा.) [*प्रेरणे,चुरा.अक.सेट् अदन्तः*] फ्याँक्नु । लट्-**क्षपयति-** फ्याँक्छ इत्यादि ।

क्षिपणिः (पुं.) १.[*क्षिपत्यनेन शत्रून् सः, क्षिप प्रेरणे इति धातोः क्षिपेः किच्च (उ.) २७२, इति अनिः, पक्षे ङीप्*] १.फ्याँकेर प्रहार गर्ने शस्त्रविशेष २.[*क्षिपत्यनेन जलम्, प्रागवद्*] बहाना/डुङ्गा चलाउने काठविशेष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षिपन् (पुं.) [*क्षिप्यतीति, क्षिप् धातोर्लटः शत्रादेशः ३.२.१२४*] फ्याँकिरहेको/फ्याँक्दै गरेको।

क्षिपा (स्त्री.) १.[*क्षेपणम्, क्षिप प्रेरणे इति धातोः, षिद् भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] फ्याँक्ने काम २.रात्री (भरत)।

क्षिप्तः (पुं.वि.) [*क्षिप्यते स्म, क्षिप प्रेरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.त्यागिएको/फ्याँकिएको २.बेवास्ता गरिएको ३.स्थापना गरिएको ४.वात रोग लागेको ५.खसेको। **क्षिप्तमायतमदर्शयदुर्व्या काञ्चीदामजघनस्य महत्त्वम्** (शि.व.) ६.वमन गरिएको ७.मारिएको। **केसरी निष्ठुर क्षिप्तमृगयूथो मृगाधिपः** (शि.व.) ८.छरिएको। **नारसिंहो नृसिंहस्य बिभ्रती सदृशं वपुः। प्राप्ता तत्र सटाक्षेपक्षिप्त नक्षत्रसंहतिः** (मा.पु.) ९.मानसिक सन्तुलन नभएको।

क्षिप्नुः (पुं.वि.)*क्षिप्तुं तच्छीलः,क्षिप प्रेरणे इति धातोः,त्रसिगृधि- ३.२.१४० इति क्नुः*] १.हटाउने/फ्याँक्ने २.खण्डन गर्न सिपालु। **निराकरिष्णुः क्षिप्नुः स्यात्** (अमर.)।

क्षिप्यन् (पुं.) [*क्षिप्यतीति क्षिप् धातोर्लटः शत्रादेशः, यक्*] फ्याँकिरहेको/फ्याँक्दै गरेको।

क्षिप्रः (पुं.वि.) [*क्षिप प्रेरणे, इति धातोः, स्फायितञ्चिवञ्चि (उ) १७८ इति रक्*] छिटो।

क्षिप्रकारी (पुं.) [*क्षिप्रं करोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] चाँडो काम गर्ने।

क्षिप्रम् *(नपुं.) क्षिप प्रेरणे इति धातोः, स्फायितञ्चिवञ्चि (उ) १७८ इति रक्*] १.ज्योतिषमा वर्णित क्षिप्रसंज्ञक नक्षत्र २.गोडाको औँठा र औंलाको बिचमा पर्ने मर्मस्थल। **तत्र पादाङ्गुष्ठाङ्गुल्योर्मध्ये क्षिप्रं नाम मर्म, तत्र विद्धस्याक्षेपकेण मरणम्** (सुश्रुत.)।

क्षिया (स्त्री.) [*क्षि क्षये, क्षि निवासगत्योः इति धातोर्वा षिद्भिदादि भ्योऽङ् ३.३.१०४ इति अङ्, निपातनात् इयङ्*] १.आचारको परित्याग/धर्मव्यतिक्रम २.घटैती।

क्षिवु (धा.) [*निरसने, दिवा.पर.सक.सेट्*] हटाउनु। लट्– **क्षीव्यति–** हटाउँछ इत्यादि।

क्षी (धा.) [*हिंसायाम्, भ्वा.उभ.सक.अनिट्*]– मार्नु, नाश गर्नु। लट्– **क्षयति–** मार्छ/नाश गर्छ इत्यादि।

क्षीज (धा.) [*अव्यक्ते शब्द, भ्वा.अक.सेट् पर.*] अस्पष्ट शब्द गर्नु। लट्– **क्षीजति–** अस्पष्ट शब्द गर्छ इत्यादि।

क्षीणः (पुं.वि.) [*क्षीयते स्म इति, क्षि क्षये क्तः,धातोः, निष्ठा ३.२.१०२ इति क्तः, निष्ठायामण्यदर्थे ६.४.६० इति दीर्घः,क्षियो दीर्घात् ८.२.४६ इति तस्य नः,अट्कुप्वाङ् ८.४.२ इति णत्वम्*] १.दुब्लो/पातलो/कमजोर। **क्षीणा नरा निष्करुणा भवन्ति।** (सुभा.) २.नाश भएको ३.घटेको। **चतुर्दश्यष्टमे यामे क्षीणो भवति चन्द्रमाः** (स्मृति) ४.(पुं.) राजयक्ष्मा अन्तर्गत पर्ने एक रोग। **क्षीणे सरक्तमूत्रत्वं पार्श्वपृष्ठकटीग्रहः** (सुश्रुत.)।

क्षीणकः (पुं.वि.) [*क्षीण एव, स्वार्थे कन्*] दुब्लो/खिएको/कमजोर।

क्षीणता (स्त्री.) [*क्षीणस्य भावः, तस्य भावस्त्वतलौ इति तल, टाप्*] खियाउटेपना/दुब्लोपना।

क्षीणपणः [*क्षीणाः पणा यस्य सः,अत्र पणशब्देन वित्तं लक्ष्यते*] पैसा सकिएको/सम्पत्ति सकिएको।

क्षीबः (पुं.वि) [*क्षिबृ मदे इति धातोः, कर्तरि क्तः, अनुपसर्गात्– इति निपातनात् तलोपः, पक्षे पृषोदरातिया वः*] मादक पदार्थ खाएर मातेको (रामा.२.५२.६९)।

क्षीबा (स्त्री.) (स्त्री.) [*क्षिबृ मदे इति धातोः, कर्तरि क्तः, अनुपसर्गात् – इति निपातनात् तलोपः, टाप्*] मातेकी आइमाई।

क्षीबृ (धा.) [*मदे, अक.सेट् आत्मने.*] मदोन्मत्त हुनु। लट्– **क्षीबते–** मदोन्मत्त हुन्छ इत्यादि।

क्षीरकण्ठः (पुं.) [*क्षीरं कण्ठे यस्य सः, बहु.स.*] बालक।

क्षीरदलः (पुं.) [*क्षीरं क्षीरप्रधानं दलं पत्रं यस्य सः,बहु.स.*] आँक।

क्षीरनीरम् (नपुं.) [*क्षीरमिश्रितं नीरम्, म.प.स.*] दुध मिसाएको पानी

क्षीरपानम् (नपुं.) [*क्षीरस्य पानम्, वा भावकरणयोः इति पक्षे णत्वा भावः*] दुग्धपान।

क्षीरपायी (पुं.वि.) [*क्षीरं पुनः पुनः पिबति, बहुलमाभीक्ष्ण्ये ३.२.८१ इति णिनिः*] खुबसित दुध खाने।

क्षीरम् (नपुं.) [*अद्यते भक्ष्यते यत्तत्, घम्लृ अदने इति धातोः, घसेः किच्च (उ.) ४८२ इति ईरन् गमहन इत्युपधालोपः, कत्वं षत्वञ्च क्षत्वम्*] १.दुध २.[*क्षिपति गच्छतीति, क्षि निवासगत्योः इति धातोः, शुसिचि (क्षि) मीनां दीर्घश्च (उ.) क्रन्, दीर्घश्च*] पानी। **क्षीरं दुग्धे जले** (मेदिनी.) ३.वृक्षको दुधजस्तो चोप। **जयः कृत्वा गमिष्यामि न्यग्रोधक्षीरमानय।** (रामा.) **~सागरः** (पुं.) [*क्षीर इव सागरः,उपमा.त.*] सात समुद्रमध्ये एक।

क्षीरविकृतिः (स्त्री.) [*क्षीरस्य विकृतिः*] १.कुराउनी २.दही ३.मोही ४.घिउ। **उभे क्षीरस्य विकृती किलाटी कूर्चिका तथा** (हैम.)।

क्षीरविदारी (स्त्री.) [*क्षीरवती विदारी*] सेतो बिराली लहरो।

क्षीरशुक्ला (स्त्री.) [*क्षीरमिव शुक्ला*] बिराली लहरो।

क्षीरसागरः (पुं.) [*क्षीरस्य लक्षणया तत्तुल्यवर्णजलस्य सागरः, ष.त.*] क्षीरसमुद्र।

क्षीरसारः (पुं.) [*क्षीरस्य सारः, ष.त.*] नौनी घिउ।

क्षीराब्धिः (पुं.) [*क्षीरसदृशः अब्धिः, म.प.स.*] क्षीरसमुद्र।

क्षीरावी (स्त्री.) [*क्षीरमवति, अव रक्षणादौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप्*] रुदिलो।

क्षीरिका (स्त्री.) [*क्षीरमस्त्यस्याः अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४ इत्वम्*] १.खिर्रो २.पायस/ खिर। **पायसं परमान्नं स्यात् क्षीरिकापि तदुच्यते।** (भा.प्र.नि.) दुधमा राखिने वस्तुको आधारमा खिर अनेक किसिमको हुन्छ– चामलको खिर, नविलको खिर आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षीरोदः (पुं.) [*क्षीरवदुदकं यस्य सः, बहु.स., उत्तरपदस्य चेति वक्तव्यम् (वा.) ६.३.५७ इत्युदकस्य उदादेशः*] क्षीरसमुद्र।

क्षीरोदतनया (स्त्री.) [*क्षीरोदस्य क्षीरसागरस्य तनया, ष.त.*] लक्ष्मी।

क्षीव (धा.) [*हिंसायाम्, सक.अनिट् पर.*] दुःख दिनु, मार्नु। लट्– **क्षिणाति**– दुःख दिन्छ, मार्छ इत्यादि। प्वादित्वमते प्वादीनां ह्रस्वः ७.३.८० इति ह्रस्वः, ये प्वादित्वं न स्वीकुर्वन्ति तन्मते क्षीणाति।

क्षुण्णः (पुं.वि.) [*क्षुद्यते स्म, क्षुदिर् सम्प्रेषणे, इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः ८.२.४२ इति तकारस्य नत्वम्, णत्वम्,परसवर्णः*] १.चूर्ण पारिएको/पिसिएको २.खण्डित ३.अभ्यस्त (रघु.१.१७)।

क्षुतम् (नपुं.) [*क्षु क्षुतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] नाकबाट खुबसित हावा बाहिर निकाल्दा आउने शब्द।

क्षुद् (स्त्री.) १.[*क्षोधनम्, क्षुध बुभुक्षायाम् इति धातोः, क्विप् ३.२.७८*] भोक/खाने इच्छा। **जलमग्निर्विषं शस्त्रं क्षुद् व्याधिः पतनं गिरेः। निमित्तं किञ्चिदासाद्य देही प्राणैर्विमुच्यते॥** (हितो.) २.[*क्षवणम्, टु क्षु शब्दे इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] छिक्का।

क्षुदिर् (धा.) [*सम्पेषणे, रुधा. सक. अनिट् उभय.*] धुलो पार्नु। लट्– **क्षुणत्ति**– धुलो पार्छ इत्यादि।

क्षुद्रः (पुं.) [*क्षुणत्ति संपिनष्टि यः सः, क्षुदिर् संपेषणे इति धातोः, स्फायितञ्चि (उ) १७८ इति रक्*] १.तुच्छ/काम नलाग्ने २.अधम ३.क्रूर ४.कृपणी ५.हत्यारा ६.दरिद्र।

क्षुद्रकीटः (पुं.) [*क्षुद्रश्चासौ कीटश्च, कर्म.स.*] पानी आदिमा देखिने मसिना किरा।

क्षुद्रघण्टिका (स्त्री.) [*घण्टेव, इवे प्रतिकृतौ– ५.३.९६ इति कन्, यद्वा– घण्टति, घण्टयति, वा घटि दीप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्, क्षुद्रा चासौ घण्टिका च, कर्म.स.*] घुँघुरा।

क्षुद्रजन्तुः (पुं.) [*क्षुद्रश्चासौ जन्तुश्च, कर्म.स.*] साना हाड नभएका प्राणी। **स्वल्पप्राणिक्षुद्रजन्तुरनस्थि स्यादथवा क्षुद्र एव वा।**

क्षुद्रता (स्त्री.) [*क्षुद्रस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] १.अधमता/तुच्छता/कृपणता/निकृष्टता २.क्रूरता ३.दरिद्रता ४.अल्पता ५.नृशंसता।

क्षुद्रमानसः (पुं.वि.) [*क्षुद्रं मानसम् (मनः) यस्य सः, बहु.स.*] सानो चित्तको।

क्षुद्रबुद्धिः (पुं.वि.) १.[*क्षुद्रा बुद्धिर्यस्य सः,बहु.स.*] तल्लो खालको बुद्धि भएको २.(स्त्री.) [*क्षुद्रा चासौ बद्धिश्च, कर्म.स.*] छोटे बुद्धि।

क्षुद्ररोगः (पुं.) [*क्षुद्रश्चासौ रोगश्च, कर्म.स.*] सामान्य औषधिले वा आफै निको हुने,थोरै समय लाग्ने रोग। यस्ता रोगको गणना र तिनले शरीरमा पार्ने प्रभाव तथा चिचित्साविधि आयुर्वेदका ग्रन्थको क्षुद्ररोगाधिकारमा वर्णन गरिएको हुन्छ। वाग्भटले अष्टाङ्गसङ्ग्रहमा छत्तिस थरी त्यस्ता रोगको गणना गर्दै तिनको उपचारविधि बताएका छन्। **प्रोक्ता षट्त्रिंशदित्येते क्षुद्ररोगा विभागशः** (अष्टाङ्गसङ्ग्रह, उत्तरस्थान, एकतिसौं अध्याय)।

क्षुद्रशङ्खः (पुं.) [*क्षुद्रश्चासौ शङ्खश्च, कर्म.स.*] साना जातको शङ्ख।

क्षुद्रा (स्त्री.) [*क्षुणत्ति सम्पिनष्टि यः सः, क्षुदिर् संपेषणे इति धातोः, स्फायितञ्चि (उ.) १७८ इति रक्, टाप् ४.१.४*] १.वेश्या २.कण्टकारिकाको पोथ्रो ३.कठ्यौरी/सानो खालको जङ्गली मौरी।

क्षुध (धा.) [*बुभुक्षायाम्, दिवा अक. अनिट् पर.*] भोकाउनु। लट्– **क्षुध्यति**– भोकाउँछ।

क्षुधा (स्त्री.) [*क्षुध बुभुक्षायामिति षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप्*] भोक/खाने इच्छा। **क्षुधातुराणां न रुचिर्न पक्वम्।**

क्षुधाभिजननः (पुं.) [*क्षुधामभिजनयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] रायो/कालो तोरी।

क्षुधार्तः (पुं.वि.) [*क्षुधया आर्तः, तृ.त.*] भोकले आत्तिएको।

क्षुधितः (पुं.) [*क्षुध्यति स्म, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः, वसतिक्षुधोः ७.२.५२ इतीट्*] भोकाएको।

क्षुपः (पुं.) [*क्षौति, टुक्षु शब्दे इति धातोः, बाहुलकात्पोऽगुणश्च*] १.छोटा हाँगाबिगा भएको रुख २.द्वारकादेखि पश्चिममा पर्ने पर्वतविशेष ३.प्राचीन एक राजा।

क्षुब्धः (त्रि.) [*क्षुभ्यते स्म, क्षुभ सञ्चलने इति धातोः, क्षुब्धस्वान्त– इति निपातनात् साधुः*] मथिएको/मथन भएको।

क्षुभ (धा.) [*सञ्चलने, सक.सेट्, आत्मने.*] क्षुब्ध हुनु। लट्– **क्षोभते**– क्षुब्ध हुन्छ इत्यादि।

क्षुभ (धा.) [*सञ्चलने, दिवा अक.सेट्, पर.*] मथन गर्नु, रिस गर्नु। लट्– **क्षुभ्यति**– मथन गर्छ, रिस गर्छ इत्यादि।

क्षुभ (धा.) [*सञ्चलने, अक.सेट्, पर.*] मथन गर्नु। लट्– **क्षुभ्नाति**– मथन गर्छ इत्यादि।

क्षुभितः (पुं.वि.) [*क्षुभ्यते स्म, क्षुभ सञ्चलने इति धातोः क्तः*] १.आलोडित २.व्याकुल ३.भयभीत।

क्षुमा (स्त्री.) [*क्षौतीति क्षूयते वा, टुक्षु शब्दे इति धातोः, बाहुलकान् मक्, अर्तिस्तुसुहुसृ– (उ.) १४० इति मन् वा, संज्ञापूर्वकत्वान्न गुणः*] १.आलस २.लहराविशेष। **क्षुमाऽतसीनीलिकयोः** (विश्व.)।

क्षुर (धा.) [*विलेखने, भ्वा.सक.सेट् पर.*] काट्नु, खौरनु, धर्को तान्नु। लट्– **क्षुरति**– काट्छ, खौरन्छ, धर्को तान्छ इत्यादि।

क्षुरः (पुं.) [*क्षुरति विलिखति येन, क्षुर विलेखने इति धातोः, ऋज्रेन्द्राग्र (उ.) १९६ इति रक्*] १.छुरा २.कोइलीको आँखो ३.तमालखाना ४.पशुको खुर ५.वाण। **क्षुरः स्याच्छेदनद्रव्ये कोकिलाक्षे च गोक्षुरे** (विश्व.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षुरकः (पुं.) [*क्षुरतीति, क्षुर विलेखने इति धातोः, क्वुन् (उ.)*] १.कोहिलीको आँखा २.गाईको खुर ३.तिल्के रुख।

क्षुरकर्म (नपुं.) [*क्षुरस्य कर्म, ष.त.*] केश खौरने काम।

क्षुरकर्मा (पुं.वि.) [*क्षुरस्य कर्म यस्य सः, बहु.स.*] छुरा चलाएर जीविका निर्वाह गर्ने।

क्षुरधानम् (नपुं.) [*क्षुरो धीयतेऽस्मिन् तत्, डुधाञ् धारणपोषणयोः इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] छुरा राख्ने दाप/बट्टा।

क्षुरधारा (स्त्री.) १.[*क्षुरस्य धारा,ष.त.*] छुराको धार २.[*क्षुरस्य धारा इव*] तुरुन्त नाश गर्ने।

क्षुरप्रः (पुं.) [*क्षुर इव पृणाति हिनस्ति,आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.खुर्पी २.बाणविशेष।

क्षुरिका (स्त्री.) [*क्षुर इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप् ४.१.४ इत्वम्, यद्वा अल्पः क्षुरः, अल्पे ५.३.८५ इति कन्, टाप्*] १.छुरी २.सागविशेष ३.मायको भाँडोविशेष ४.कृष्णयजुर्वेद-अन्तर्गत उपनिषद्‌विशेष।

क्षुरिणी (स्त्री.) [*क्षुरोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] हजामकी पत्नी।

क्षुरी (पुं.वि.) [*क्षुरोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] हजाम/कपाल नङ आदि काट्ने।

क्षुल्लकः (पुं.) [*क्षुधं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, स्वार्थे कन् (उ.) वा, यद्वा— क्षुणत्ति, क्षुद्यते वा, क्षुद क्षोदे इति धातोः, स्फायितञ्चि (उ.) १७८ इति रक्, कपिलिकादित्वात् ८.२.१८ लत्वम्, यद्वा क्षुधा लक्यते, लक आस्वादने इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.तल्लो खालको मानिस २.नीच/पामर/तुच्छ ३.सानो शङ्ख ४.पानीमा हुने साना किरा।

क्षेत्रजः (पुं.) [*क्षेत्रे जातः, सप्तम्यां जनेर्डः इति डः*] १.सन्तानको लागि आफ्नी पत्नीमा अन्य पुरुषद्वारा उत्पादित पुत्र/बाह्रथरी पुत्रमध्ये एकथरी पुत्र २.अनाज/अन्न।

क्षेत्रज्ञः (पुं.) [*क्षीयते इति क्षेत्रं शरीरम्,तज्जानाति, ज्ञा अवबोधने इति धातोः,आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.आत्मा, सम्पूर्ण प्राणीमा विद्यमान परम पुरुष/ईश्वर ३.निपुण। **क्षेत्रज्ञावात्मनिपुणौ** (हैम.) ४.वटुक भैरव। **क्षेत्रज्ञः क्षत्रियो विराट्** (वटुकभैरवस्तोत्र) ५.(पुं.वि.) [*क्षेत्रं जानातीति, ज्ञा अवबोधने इति धातोः, पूर्ववत् कः*] कृषक ६.कुशल ७.चतुर।

क्षेत्रपः (पुं.) [*क्षेत्रं शरीरं भूमिं विश्वं वा पाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] १.बटुकभैरव २.खेतको रक्षक ३.परमात्मा/ईश्वर।

क्षेत्रपतिः (पुं.) [*क्षेत्राणां पतिः, ष.त.*] १.जगाको धनी/जमिन्दार। २.खेतमा लगाएको बालीनाली कुर्ने मानिस। ३.शिवजी। **रुद्रं क्षेत्रपतिं प्राहुः** (स्मृति)।

क्षेत्रपालः (पुं.) [*क्षेत्रं पालयति, कर्मण्यण्*] १.देवताविशेष।

भेदा एकोनपञ्चाशत् क्षेत्रपालस्य कीर्तिताः।
मातृकाबीजभेदेन संभिन्ना नामभेदतः॥ (प्रयोगसार)

२.द्वारपाल भैरवविशेष।

गणेशं वटुकञ्चैव क्षेत्रपालञ्च योगिनीः।
पूर्वादिक्रमयोगेन द्वारपालान् प्रपूजयेत्॥ (तन्त्रसार)

३.क्षेत्रीय प्रशासक।

क्षेत्रम् (नपुं.) १.[*क्षीयते धान्यैरत्र, क्षि निवासगत्योः इति धातोः, सर्वधातुभ्यः ष्ट्रन् (उ.) इति ष्ट्रन्*] जगा/खेत/भूमि २.[*क्षीयते उप्यतेऽत्र*] पत्नी।

क्षेत्रभूता स्मृता नारी बीजभूतः स्मृतः पुमान्।
क्षेत्रबीजसमायोगाद् संभवः सर्वदेहिनाम्॥

३.शरीर। **इदं शरीरं कौन्तेय! क्षेत्रमित्यभिधीयते** (भ.गी.)। ४.बाह्र राशि।

राशि नामानि च क्षेत्रं भवृत्तं गृहनाम च।
मेषादीनाञ्च पर्यायं लोकादेव विचिन्तयेत्॥ (ज्यो.त.)

५.ग्रहको क्षेत्र।

मेषमङ्गारकक्षेत्रं वृषं शुक्रस्य कीर्तितम्।
मिथुनस्य बुधो ज्ञेयः सोमः कर्कटकस्य तु।
सूर्यक्षेत्रं भवेत् सिंहः कन्याक्षेत्रं बुधस्य च।
धनुः सुरगुरोश्चैव शनेः मकरकुम्भकौ।
मीनः सुरगुरोश्चैव ग्रहक्षेत्रं प्रकीर्तितम् (ग.पु.)।

६.[*क्षीयते उप्यतेऽत्र*] घर ७.नगर। ८.सिद्धस्थल। जस्तै— वाराणसीक्षेत्र, कामरूपक्षेत्र, गङ्गाक्षेत्र, भास्करक्षेत्र, नारायणक्षेत्र, गयाक्षेत्र आदि (ब्रह्मवै.प्र.ख. २७)।

क्षेत्रमितिः (स्त्री.) १.[*क्षेत्रस्य मितिर्यत्र बहु.स.*] गणितको एक शाखा/ज्यामिति २.[*क्षेत्रस्य मितिः,ष.त.*] क्षेत्र नाप्ने काम।

क्षेत्राजीवः (पुं.) [*आङ्पूर्वकात् जीव प्राणने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, क्षेत्रमाजीवोऽस्य*] खेतीवाल/कृषक।

क्षेत्राजीवकः (पुं.) [*क्षेत्रमाजीवति, जीव प्राणने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] खेतीबाट जीविका गर्ने/किसान।

क्षेत्राधिकारः (पुं.) [*क्षेत्रस्य अधिकारः, ष.त.*] १.कुनै खेत वा कार्यक्षेत्रमाथिको विशेष अधिकार २.कुनै विशेष क्षेत्रको मुद्दा सुन्ने अधिकार।

क्षेत्राधिपः (पुं.) [*क्षेत्रस्य अधिपः, ष.त.*] १.खेतको मालिक २.खास क्षेत्रको हाकिम ३.मेष आदि बाह्र राशिका अधिपति ग्रह ४.क्षेत्रका अधिष्ठातृदेवता।

क्षेत्रापखण्डनम् (नपुं.) [*क्षेत्राणां क्षेत्रस्य वा अपखण्डनम्, ष.त.*] भागबन्डाले गर्दा खेत साना-साना टुक्रामा विभक्त हुनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रिकः (पुं.) [*क्षेत्रमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.किसान/जमिनको मालिक २.[*क्षेत्रं पत्नी अस्यास्तीति*] भर्ता/पति।

क्षेत्री (पुं.) [*क्षेत्रमस्यास्तीति, अत इनिठनौ ५.२.१५५इतीनिः*] १.खेतीवाला/कृषक/जमिनको मालिक २.पति/भर्ता।

क्षेत्रीयः (पुं.वि.) [*क्षेत्रे भवः*] १.कुनै तोकिएको गाउँ, ठाउँको/कुनै क्षेत्र वा स्थानसित सम्बन्ध भएको। २.अरूको क्षेत्र अर्थात् पत्नीमा पैदा भएको (पुत्र) ३.[*परक्षेत्रे चिकित्स्यः, क्षत्रीयच् परक्षेत्रे चिकित्स्यः ५.२.९२ इति निपातः, परशब्दस्य लोपः*] अर्को शरीर लिएपछि मात्र उपचार गर्न सकिने/अर्थात् निको पार्न नसकिने (क्यान्सर आदि रोग) **~पुस्तिका** (स्त्री.) [*क्षेत्रीया चासौ पुस्तिका च, कर्म.स.*] कुनै तोकिएका क्षेत्र भित्र रहेका जग्गा जमिन आदिको विवरण लेखेर राखिएको पुस्तिका/फिल्डबुक। **~विकासः** (पुं.) [*क्षेत्रीयश्चासौ विकासश्च, कर्म. स.*] क्षेत्रविशेषमा गरिने वा हुने विकास। **~वितरणम्** (नपुं.) [*क्षेत्रीयञ्च तद् वितरणम्, कर्म.स.*] कुनै निश्चित क्षेत्रका आधारमा गरिने वा कोटाअनुसारको वितरण।

क्षेत्रोपवासः (पुं.) [*क्षेत्रे उपवासः, स.त.*] क्रिया वसेको व्यक्तिले कोरा पसेका दिन गरिने उपवास/क्षेत्रवास।

क्षेपः (पुं.) [*क्षेपणम्, क्षिप प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्रक्षेपण २.निन्दा। **क्षेपं करोति चेद्दण्ड्यः पणानर्द्ध- त्रयोदश**। (या.व.) ३.घमण्ड ४.प्रेरणा ५.विलम्ब ६.हेला ७.गुच्छा। **कुन्दक्षेपानुगमधुकरश्रीयुतामात्मविम्बम्** (मेघ.)।

क्षेपकः (पुं.वि.) [*क्षिप प्रेरणे इति धातोः ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.फ्याँक्ने/परित्याग गर्ने। **क्षेपणं कथ्यते यत्तु स्थानात् प्रच्यवनं हठात्**। (नीलकण्ठ) २.ग्रन्थकारको ग्रन्थमा अरूले थपेको अंश ३.कुट्टक गणितमा थप्नुपर्ने अङ्क ४.ग्रहको गणित गर्दा थप्नुपर्ने अङ्क।

क्षेपणम् (नपुं.) [*क्षिप प्रेरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.फ्याँक्ने काम २.प्रहार गर्ने क्रिया ३.बिताउने काम। **आयुषः क्षेपणार्थञ्च दातव्यं स्त्रीधनं सदा** (स्मृति)।

क्षेपणिका (स्त्री.) [*क्षिप्यते चाल्यतेऽनया, क्षिप प्रेरणे इति धातोः, क्षिपेः किच्च (उ.) २७२ इत्यनिः, बाहुलकाद् गुणः, ततः, स्वार्थे कन्, टाप् ४.१.४*] १.डुङ्गा खियाउने बहना २.माछा मार्न प्रयोग गरिने जाल।

क्षेपणी (स्त्री.) [*क्षिपधातोः क्षिपेः किच्च (उ.) २७२ इत्यनिः, बाहुलकाद् गुणः*] १.डुङ्गा खियाउने बहाना २.जाल। **नौकादण्डजालभिदोः स्त्रियाम्** (मेदिनी.)। ३.अस्त्रविशेष।

क्षेपिमा (पु.) [*क्षिप्रस्य भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.२२ इति इमनिज्, स्थूलदूर ६.४.१५६ इति यणादिपरस्य लोपः, पूर्वस्य च गुणः*] छिटोपना/शीघ्रता।

क्षेपिष्ठः (पुं.वि.) [*अतिशयेन क्षिप्रः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, स्थूलदूर– ६.४.५६ इति साधुः*] अत्यन्त छिटो।

क्षेपीयान् (पु.वि.) [*अयमनयोरतिशयेन क्षिप्रः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणादिपरं पूर्वस्य च गुणः ६.४.१५६ इति यणदिपरस्य लोपः, पूर्वस्य च गुणः*] दुईमध्ये शीघ्र/शीघ्रतर।

क्षेप्ता (पुं.वि.) [*क्षिपतीति क्षिप धातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] प्रक्षेपण कर्ता।

क्षेप्यः (पु.वि.) [*क्षेप्तुं योग्यः, क्षिप प्रेरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.फ्याँक्नु पर्ने २.फ्याँकिने।

क्षेप्यास्त्रम् (नपुं.) [*क्षेपयितुं योग्यं क्षेप्यं, तच्च तदस्त्रञ्च,कर्म.स.*] फ्याँकेर प्रहार गरिने तोप बन्दुक अस्त्र आदि।

क्षेमः (पुं./नपुं.) [*क्षिणोतीति, क्षिणु हिंसायाम् इति धातोः, अर्तिस्तु (उ.) १४० इति मन्*] १.चमेहा वृक्ष २.पाएको वस्तुको रक्षा गर्ने काम॥ **उपेयादीश्वरञ्चैव योगक्षेमार्थसिद्धये**। (या.व.) ३.कुशलताको सट्टा प्रयोग गरिने शब्द ४.[*क्षेममस्यास्तीति, अर्शाद्यच्*] कुशल/मङ्गलदायक।

क्षेमकरः (पुं.) [*क्षेमं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] कल्याणकारक। **पन्थानं वः प्रवक्ष्यामि शिवं क्षेमकरं द्विजाः** (म.भा. १४.३५.३७)।

क्षेमकारः (पुं.) [*क्षेमं करोति, क्षेमप्रियमद्रेऽण् च ३.२.४४ इत्यण्*] कल्याणकारक (भट्टि. ५.७७)।

क्षेमकृत् (पुं.वि.) [*क्षेमं करोतीति, क्विप् च इति क्विप्*] कल्याण गर्ने/सेवा सुश्रुषा गर्ने।

दुर्लभं संस्कृतं वाक्यं दुलभं क्षेमकृत् सुतः।
दुर्लभा सदृशी भार्या दुर्लभः स्वजनः प्रियः॥ (चाणक्य)

क्षेमङ्करः (पुं.) [*क्षेमम् करोति, क्षेमप्रियमद्रेऽण् च ३.२.४४ इति चात् खच्, मुम् च*] कल्याणजनक। **क्षेमङ्करो रिष्टतातिः शिवतातिः शिवङ्करः** (अभि.चि.३.१५३)।

क्षेमम् (नपुं.) [*क्षयत्यशुभम्, क्षि क्षये इति धातोः, अर्तिस्तुसुहु सृधृभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण मन्*] १.मङ्गल २.प्राप्त गरेको वस्तुको रक्षण ३.मोक्ष। **क्षेमन्तु मङ्गले, लब्धसंरक्षणे मोक्षे** (हैम.) ४.कल्याण।

क्षेमकुशलम् (नपुं.) [*क्षमश्च कुशलश्च तयोः समाहारः, द्व.स.*] निको/आनन्द/मङ्गल।

क्षेमशूरः (पुं.वि.) [*क्षेमे कल्याणयुक्ते विघ्नरहिते वा स्थाने शूरः, स.त.*] निर्भय स्थानमा बल देखाउने (भाग. १०.४.३६)।

क्षेमा [*क्षेम अस्ति अस्याः, अर्शाद्यच्, टाप्*] १.कात्यायनी २.क्षेमकरी देवी। (दुर्गाकवच) ३.अप्सराविशेष (म.भा. १.१२३.५९)।

क्षेमीश्वरः (पुं.) एक नाटककार। यिनले संस्कृत भाषामा नैषधानन्द र चण्डकौशिक नामक दुई नाटकको रचना गरेका छन्। नैषधानन्दमा महाभारतमा प्रसिद्ध नलदमयन्तीको कथालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाटकीय शैलीमा प्रस्तुत गरिएको छ भने चण्डकौशिक नाटकमा राजा हरिश्चन्द्रको सत्यपरीक्षाको चित्रण छ। यी दुवै नाटक सरल र अभिनेय छन्। यिनको समय नवौँ शताब्दी हो।

क्षेमेन्द्रः (पुं.) काव्यशास्त्र र महाकाव्य दुवैमा बराबर हात चलाउन सक्ने संस्कृतका प्रसिद्ध आचार्य। यिनले लेखेका कृतिहरूमा रामायणमञ्जरी, भारतमञ्जरी, बृहत्कथामञ्जरी, दशावतार चरितम्, बौद्धावदानकल्पलता, चारुचर्याशतकम्, देशोपदेशः, दर्पदलनम्, चतुर्वर्गसङ्ग्रहः, कलाविलासः, नर्ममाला, कवि कण्ठाभरणम्, औचित्यविचारचर्चा, सुवृत्ततिलकम्, लोकप्रकाश कोषः, नीतिकल्पतरुः, र व्यासाष्टकम् प्रकाशित छन्। यिनका अप्रकाशित कृतिहरूमा– नृपाली, शशिवंशमहाकाव्यम्, पद्यकादम्बरी, चित्रभारतनाटकम्,लावण्यमञ्जरी, कनकजानकी, मुक्तावली, अमृततरङ्गमहाकाव्यम्, पवनपञ्चाशिका, विनय वल्ली, मुनिमतमीमांसा, नीतिलता, अवसरसारः, ललितरत्नमाला र कविकर्णिका भएको कुरा संस्कृत साहित्यको इतिहासमा उल्लेख छ। हस्तिप्रकाशः, स्पन्दनिर्णयः र स्पन्दसन्दोहः यिनका सन्दिग्ध रचना हुन्। यिनी बहुमुखी प्रतिभाशाली व्यक्तित्व थिए। अनेक विषयमा यिनलाई आधिकारिक ज्ञान थियो। विषयअनुसार भाषाको प्रयोग तथा हास्य व्यङ्ग्य गर्न क्षेमेन्द्र कुशल देखिन्छन्। यिनले औचित्यलाई काव्यको आत्मा मानेका छन्। त्यसैले औचित्यसम्प्रदायका प्रवर्तक आचार्यको रूपमा यिनको नाम आउँछ। यिनको समय एघारौँ शताब्दी हो।

क्षेम्यः (पु.वि.) [*क्षेमाय साधुः, प्राग्घिताद्यत् ४.४.७५ इति यत्, यद्वा क्षेममर्हति, दण्डादिभ्यो यत् ५.१.६६ इति यत्*] कल्याण गरिने/कुशल, मङ्गलको चाहना गरिने।

क्षेम्यां शस्यप्रदां नित्यं पशुवृद्धिकरीमपि।
परित्यजेत् नृपो भूमिमात्मार्थमविचारयन्॥ (मनु.७.२१२)

क्षेव (धा.) [*सेवने, भ्वा.पर.सक.सेट्*] सेवा गर्नु। लट्– **क्षेवति–** सेवा गर्छ इत्यादि।

क्षेवु (धा.) [*निरसने, सक.सेट्, पर.*] थुक्नु। लट्– **क्षेवति–** थुक्छ इत्यादि।

क्षै (धा.) [*क्षये, भ्वा.अक. अनिट्, पर.*] नष्ट हुनु, ह्रास हुनु। लट्– **क्षायति–** नष्ट हुन्छ, ह्रास हुन्छ इत्यादि।

क्षैत्रम् (नपुं) [*क्षेत्राणां समूहः, भिक्षादितया ञः*] खेतको समूह।

क्षैरेयम् (नपुं.) [*क्षीरे संस्कृतम्, ढञ्, ढस्य एयः*] दुधमा पकाएको अन्न।

क्षोट (धा.) [*क्षेपे, चुरा, सक.सेट्, उभय*] पठाउनु, फ्याँक्नु। लट्– **क्षोटयति-ते–** पठाउँछ, फ्याँक्छ इत्यादि।

क्षोडः (पुं.) [*क्षोद्यते बध्यते, क्षोद बन्धे (वैदिदकधातु) इति अधिकरणे घञ्, दस्य डः*] हात्ती बाँध्ने मौलो।

क्षोणिः (स्त्री.) [*क्षौति, टुक्षु शब्दे इति धातोः, बाहुलकात्निः, क्षैधातो डोनिप्रत्ययो वा*] पृथिवी।

क्षोणी (स्त्री.) [*क्षौति, टुक्षु शब्दे इति धातोः, बाहुलकात्निः, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष् वा*] पृथ्वी।

क्षोदः (पुं.) [*क्षुद्यते, क्षुदिर् संपेषणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मसिनो धुलो २.चूर्ण ३.पिठो ४.पिस्ने काम। **क्षोदः पेषणचूर्णयोः** (हैम.)।

क्षोदक्षमः (पुं.) [*क्षोदं तत्त्वनिर्णयं क्षमते, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] तत्त्व निर्णयका लागि निष्कर्ष दिन सकिने वाक्य।

क्षोदितः (पुं.वि.) [*क्षुदधातोः,णिचि निष्ठा ३.२.१०२ इति क्तः*] चूर्ण पारिएको/धुलोपिठो पारिएको/पिसिएको।

क्षोदितम् (नपुं.) [*क्षुदधातोः, नपुंसके भावे क्तः३.३.११४ इति क्तः*] चूर्ण/धुलोपिठो।

क्षोदिमा (पुं.) [*क्षोदस्य भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२२ इति इमनिच्, स्थूलदूर ६.४.१५६ इति यणादिपरस्य लोपः, पूर्वस्य च गुणः*] अतिशय क्षुद्रता।

क्षोदिष्ठः (पुं.) [*अयमेषामतिशयेन क्षुद्रः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, स्थूलदूर– ६.४.५६ इति साधुः*] अत्यन्त क्षुद्र/तुच्छ।

क्षोदीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन क्षुद्रः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणादिपरं पूर्वस्य च गुणः ६.४.१५६ इति यणदिपरस्य लोपः, पूर्वस्य च गुणः*] दुईमध्ये अतिशय क्षुद्र।

क्षोद्यः (पुं.वि.) [*क्षोदितुमर्हति, अचो यत् ३.१.९७ इति यत्*] तोड्नु वा धुलोपिठो पार्नु पर्ने (रामा.३.८०.१०)।

क्षोभः (पुं.) [*क्षुभ सञ्चलने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.व्यर्थ यताउति सञ्चरण गर्नु २.दुःख ३.हलचल/ खलबली/ मनको असन्तोष ४.तरङ्गित हुनु ५.डर/भय ६.कम्पन।

क्षोभकः (पुं.वि.) [*क्षुभ सञ्चलने इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] १.व्यर्थ यताउति सञ्चरण गराउने २.दुःख दिने ३.हलचल वा खलबल गराउने ४.तरङ्गित तुल्याउने ५.[*क्षोभ एव, स्वार्थे कन्*] कामाख्याको एक पर्वत (का.पु. ८१ अध्याय)।

क्षोभणः (पुं.) [*क्षोभयति, क्षुभ सञ्चलने इति धातोः, णिचि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कामदेवको बाण २.साङ्ख्यशास्त्रमा प्रतिपादन भएको प्रकृतिको प्रेरक पुरुष ३.ईश्वर ४.बटुकभैरव। **जृम्भणो मोहनस्तम्भी मारणः क्षोभणस्तथा** (ब.भै.स्तोत्रम्)।

क्षोभणम् (नपुं.) [*क्षुभ सञ्चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.व्यर्थ यताउति सञ्चरण गर्नु २.दुःख/शोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.हलचल/खलबल ४.समुद्रमा ज्वारभाटा आउनु/तरङ्ग उठ्नु ५.[क्षोभयति, क्षुभ् णिच्, ल्युः, अनः] तरङ्गित तुल्याउनु।

क्षोभितः (पुं.वि.) [*क्षोभ्यते स्म, क्षुभ सञ्चलने इति धातोः णिच्, क्तः,गुणः,इडागमः,णिलोपः*] १.हल्लाइएको २.हुँडलिएको।

क्षोमः (पुं./नपुं.) [*क्षुवन्ति अत्र, क्षुधातोर्मन्*] अटली/कौसी। **स्यादट्टः क्षोममस्त्रियाम्** (अमर.२.२.१२)।

क्षोमम् (नपुं.) [*क्षौति शब्दयतीति, क्षु शब्दे इति धातोः, अर्तिस्तुसुहुसृधृभिक्षु (उ.) १४५ इति सूत्रेण मन्*] दुपट्टा।

क्षौद्रम् (नपुं.) [*क्षुद्राभिः मक्षिकाभिः कृतम् क्षुद्राभ्रमरवटरपादपादञ् ४.३.११९ इत्यञ्, आदिवृद्धिः, अलोपः*] १.कठ्यौरीको मह २.पानी। **मक्षिकाः कपिलाः सूक्ष्माः क्षुद्राख्यास्तत्कृतं मधु। मुनिभिः क्षौद्रमित्युक्तम्** (स्मृति.)।

क्षौद्रेयम् (नपुं.) [*क्षुद्राभिः कृतम्, ढक्,ढस्य एयः*] मैन।

क्षौमम् (नपुं.) [*क्षुवन्त्यत्र टुक्षु शब्दे इति धातोः, अर्तिस्तुसुहुसृधृभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण मन्, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.कौसी २.[*क्षुमाया विकारः, तस्य विकारः ४.३.१३४ इत्यण्*] बोक्राले बनेको कपडा ३.दोपट्टा, रेसमी वस्त्र। **क्षौमपट्टे दुकूलेऽस्त्री** (मेदिनी.)।

क्षौरः (पुं./नपुं.) [*क्षुरेण निर्वृत्तम्, तेन निर्वृत्तम् ५.१.७९ इत्यण्*] मुण्डन/कपाल खौरने वा काट्ने काम। **~कर्म** (नपुं.) [*क्षौरञ्च तत्कर्म, कर्म.स.*] मुण्डन गर्ने काम/क्षौरकार्य।

क्षौरपव्यम् (नपुं.) [*क्षुरैः पविभिर्वज्रैर्निर्मितमिव गृहम्*] फलाम र वज्रले बनाएजस्तो बलियो घर (भाग.६.५.८)।

क्षौरिकः (पुं) [*क्षौरमस्यास्तीति, अत इनिठनौ इति ठन्, ठस्येकः*] हजाम।

क्ष्णु (धा.) [*तेजने, अदा.सक.सेट् पर.*] तिखो पार्नु। लट्– **क्ष्णौति**– तिखो पार्छ इत्यादि।

क्ष्णुतः (पुं.वि.) [*क्ष्णूयते स्म,क्ष्णु तेजने इति धातोः, निष्ठायां क्तः*।] १.तिखारिएको (मा.पु. २३.४७) २.साँद लगाइएको।

क्ष्मा (स्त्री.) [*क्षमते, क्षमूष सहने इति धातोः क्षमेरुपधालोपश्च (उ) इति अच्, उपधालोपश्च, टाप्*] पृथ्वी। **गोत्रा कुः पृथिवी पृथ्वी क्ष्मावनिर्मेदिनी मही** (अमर.२.१.३)।

क्ष्माभुक् (पुं.) [*क्ष्मां भुनक्ति पालयति वा, क्विप् च ३.२.७६ इति क्विप्*] राजा।

क्ष्माभृत् (पुं.) [*क्ष्मां बिभर्ति, डु भृञ् धारणपोषणयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] १.पर्वत २.राजा।

क्ष्मायी (धा.) [*विधूनने, सक.सेट् आत्म. अकर्मकोप्ययम्*] हल्लाउनु, कपाउँनु। लट्– **क्ष्मायते**– हल्लाउँछ, कपाउँछ, काँप्छ इत्यादि।

क्ष्विद (धा.) [*स्नेहने,मोहने,भ्वा.अक. आत्म.सक.सेट्*] माया गर्नु मोहित हुनु। **क्ष्वेदते**– माया गर्छ, मोहित पार्छ इत्यादि।

क्ष्विद (धा.) [*कूजने, दिवा.अक. पर.सेट्*] चिचि गर्नु, चराको आवाज निकाल्नु। लट् -**क्ष्वेद्यति**- चिचि गर्छ, चराको आवाज निकाल्छ।

क्ष्विद (धा.) [*कूजने,भ्वा.पर.अक.सेट्*] **क्ष्वेदति**– चिचि गर्छ, चराको आवाज निकाल्छ। इत्यादि।

क्ष्मील (धा.) [*निमेषणे,भ्वा.अक.सेट् पर.*] आँखा चिम्लनु। लट्– **क्ष्मीलति**– आँखा चिम्लन्छ इत्यादि।

क्ष्मील (धा.) [*निषेधे, भ्वा.पर.अक.सेट्*] निषेध गर्नु। लट्– **क्ष्मीलति**– निषेध गर्छ इत्यादि।

क्ष्वीड (धा.) [*स्नेहे, भ्वा.आत्म.सक.सेट्*] माया गर्नु,मोहित तुल्याउनु। लट्– **क्ष्वेडते**– माया गर्छ, मोहित पार्छ इत्यादि।

क्ष्वेडः (पुं.) [*क्ष्वेडते मोहयति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, क्ष्विद्यन्त्यनेन ञिक्ष्विदा स्नेहनमोचनयोः इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.ध्वनि २.कानको रोग ३.विष ४.माया/स्नेह।

क्ष्वेडनम् (नपुं.) [*क्ष्विड मोक्षे इति धातोर्भावे ल्युट्,अनः*] त्याग,मोचन **त्रासनं सर्वभूतानां कल्पान्तकयमोपमम्। निःश्वासक्ष्वेडनादेव भर्त्सयन्तमिव स्थितम्॥** (म.भा.३.१७८.२६)।

क्ष्वेडा (स्त्री.) [*क्ष्वेडनमिति, ञिक्ष्विदा स्नेहनमोचनयोः इति धातोः, अव्यक्ते शब्दे वा, भावे ३.३.१८ इति घञ्, पृषोदरादित्वात् ६.३.१०९ साधुः, रूपभेदात्स्त्रीत्वम्, 'विशेषैर्यद्यवाधितः' इति परिभाषणात्र पुंस्त्वम्*] १.वीरहरूले युद्धमा गरिने सिंहनाद २.विष ३.बाँसका कप्टेरा। **क्ष्वेडा वंशशलाकायां योधसिंहध्वनावपि** (वाङ्म.) ४.स्त्रीजातिविशेष (मेदिनी.)।

क्ष्वेडितम् (नपुं.) [*ञिक्ष्वेडा स्नेहनमोचनयोः, अव्यक्ते शब्दे च इति धातोः, ञीतः क्तः ३.२.१९७ इति क्तः*] १.सिंहनाद २.वीरहरूको सिंहको जस्तै गर्जन (म.भा.१.६९.६)।

क्ष्वेला (स्त्री.) [*क्ष्वेल सञ्चालने, गतौ क्रीडायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप्४.१.४*] १.क्रीडा/खेल २.हँसी/मजाक

क्ष्वेलिका (स्त्री.) [*क्ष्वेला एव, स्वार्थे कन्, टाप्, इत्वञ्च*] क्रीडा **आस्फोटननिनादानां बालानां क्ष्वेलतां तथा**। (रामा.५.१०.१३)

क्ष्वेलितः (पुं.वि.) [*क्ष्वेल सञ्चलने, क्रीडायाञ्चेति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.हिंडेको/चलेको २.खेलेको।

क्ष्वेली (स्त्री.) [*क्ष्वेलशब्दाद् गौरादितया ङीष्*] क्रीडा (भाग. १०.२९)।

क्ष्वेलृ (धा.) [*सञ्चालने गतौ च, भ्वा. सक.क्रीडायाम्, तुदा.अक. प.से.*] चाल्नु, हिंड्नु, खेल्नु। लट्– **क्ष्वेलति**– चल्छ, हिंड्छ, खेल्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख

ख १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको दोस्रो वर्ण। कण्ठस्थानीय वर्ण। (सि.कौ.) शिक्षाग्रन्थअनुसार जिह्वामूलीय वर्ण। **जिह्वामूले तु कुः प्रोक्तः** (शिक्षा)। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा विवार श्वास अघोष, महाप्राण प्रयत्न। कवर्ग (क, ख, ग, घ, ङ) को दोस्रो वर्ण। **खरो विवाराः श्वासा अघोषाश्च, वर्गाणां द्वितीयचतुर्थौ शलश्च महाप्राणाः** (सि.कौ.) २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

खः (पुं.) १.[*खर्वयति स्वरश्मिभिरन्धकारम्, सञ्चालयति जगद् ग्रहान् वा, ण्यन्ताद् अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, टिलोपः*] सूर्य २.खवर्ण ३.विष्णु ४.हात्ती (ध.ना.मा.)।

खकक्षा (स्त्री.) [*खस्य कक्षा, ष.त.*] आकाशको तह।

खकणिनी (स्त्री.) १.दुर्गा २.पोथी चिल। **खकणिनी तु दुर्गायां चिल्लपक्षिस्त्रियामपि** (वाङ्म.)।

खकारः (पुं.) [*ख इति वर्णनिर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] खवर्ण।

खकुन्तलः (पुं.) [*खमेव कुन्तलं कुन्तलस्थानीयं यस्य सः, बहु.स.*] १.शिव २.विष्णु।

खक्ख (धा.) [*हासे, भ्वा.पर.अक.सेट्*] हाँस्नु। लट्– **खक्खति**– हाँस्छ इत्यादि।

खक्खटः (पुं.वि.) [*खक्खति हासयति, शकादिभ्योऽटन् (उ) इत्यटन्*] १.जोक्कर २.कठिन ३.ठोस/भरिलो ४.(पुं.) खरी ढुङ्गो ५.खरिया माटो।

खखोल्कः (पुं.) [*खे आकाशे सूर्यरूपेण, खेषु इन्द्रियेषु आत्मरूपेण उल्का इव*] सूर्य। **पुनः सूर्यार्चनं वक्षे यदुक्तं भृगवे पुरा। ओम् खखोल्काय ओं नमः**। (ग.पु.) **खखोल्को नाम भगवानादित्यः परिकीर्तितः**। यिनको मन्दिर काशीमा छ। (स्क.पु. काशीखण्ड, अध्याय ५०)।

खगः (पुं.) [*खे आकाशे गच्छतीति, अन्येष्वपि दृश्यते (वा) ३.२.४८ इति डः, डित्वात् टिलोपः*] १.बाण। **पृषत्कबाणविशिखा अजिह्मगखगाशुगाः** (अमर.) २.ग्रह/नक्षत्र ३.पक्षी ४.देवता ५.सूर्य ६. महादेव। **खगः सूर्ये ग्रहे देवे मार्गणे च विहङ्गमे** (मेदिनी.)। ७.वायु ८.सलह ९.चातक १०.(पुं.वि.) आकाशमा उड्ने। **~वक्त्रम्** (नपुं) [*खगस्य वक्त्रम्, ष.त.*] चराको मुख (वाङ्म.) **~शत्रुः** (पुं.) [*खगस्य शत्रुः,ष.त.*] १.चराको शत्रु/सिकारी २.बाज ३.गिद्ध ४.चिल।**~स्थानम्** (नपुं.) [*खगस्य स्थानम्, ष.त.*] चराको वासस्थान, गुँड, रुखको टोड्को।

(खगः)

खगखानम् (नपुं.) [*खगानां खानम्, ष.त.*] चराको वासस्थान।

खगणः (पुं.) वज्रनाभका पुत्र, विधृतिका बाबु (भाग. ९.१२.३)।

खगपतिः (पुं.) [*खगानां पतिः,ष.त.*] गरुड (शब्दर.)।

खगवक्त्रः (पुं.) [*खगस्य वक्त्रमिव*] बडहर।

खगवक्त्रम् (नपुं.) [*खगस्य वक्त्रम्, ष.त.*]चराको मुख।

खगवक्त्रस्तु लकुचे खगास्ये तु यथायथम् (वाङ्म.)।

खगवती (स्त्री.) [*खगः सूर्यः आकर्षकतया,आकाशचारितया च सादृश्यमस्ति अस्याः, तदस्यास्त्यस्मिन्निति मतुप्, मस्य वः*] पृथिवी (जटाधर)।

खगाधिपः (पुं.) [*खगानामधिपः, ष.त.*] गरुड।

खगान्तकः (पुं.) [*खगानामन्तको यम इव, खगान् अन्तयति, ण्वुल् वा*] १.चिल २.बाज ३.गिद्ध।

खगापगा (स्त्री.) [*खे गच्छतीति खगा, सा चासौ आपगा, कर्म.स. खगानां देवानामापगा, ष.त. वा*] १.आकाशगङ्गा २.भागीरथी।

खगालिका (स्त्री.) वेश्या। **वेश्यायान्तु खगालिका** (अभि.चि.टी.)।

खगासनः (पुं.) १.[*खगस्य सूर्यस्य आसनमुदयगमनं यत्र सः, बहु.स.*] उदयाचल २.[*खगःगरुडः आसनं वाहनं यस्य सः, बहु.स.*] विष्णु। **खगासनस्तु विष्णौ च तथा स्यादुदयाचले** (वाङ्म.)।

खगेन्द्रः (पुं.) [*खगानामिन्द्रः, ष.त.*] १.गरुड २.सूर्य ३.गिद्ध। **खगेन्द्रो गरुडे गृद्धे** (वाङ्म.) ४.(पुं.वि.) पक्षी वा ग्रहको राजा।**~ध्वजः** (पुं.) [*खगेन्द्रो ध्वजो वाहनं केतुर्वा यस्य सः, बहु.स.*] विष्णु (भाग.१.१८.१६)।

खगेश्वरः (पुं.) [*खगानामीश्वरः, ष.त.*] १.गरुड। **गरुत्मान् गरुडस्ताक्ष्र्यो वैनतयः खगेश्वरः**। (अमर.) २.पक्षीको राजा।

खगोलः (पुं.) [*खं गोल इव, उप.त.*] १.नभोमण्डल/आकाश–मण्डल २.ज्योतिषमा अर्धवृत्तलाई वरिपरि घुमाउँदा बन्न जाने घनवृत्त।

दक्षिणोत्तरध्रुवगा कृता या व्यासरेखिका।
तस्यार्धे भूमिकेन्द्रं तत् केन्द्रं मत्वा ततः पुनः।
परितो भ्रमणे तस्य घनवृत्तं प्रजायते।
तदेव भवति गोलः खगोलो वा निगद्यते॥ (गो.प्र.)

~विद्या (स्त्री.) [*खगोलसम्बन्धिनी विद्या, म.प.स., खगोलस्य विद्या, ष.त. वा*] आकाशीय पिण्डहरूको अध्ययन गर्ने विद्या/खगोल शास्त्र। **~शास्त्री** (पुं.) [*खगोलशास्त्रमस्यास्ति, इनिः*] ग्रह तथा ज्योतिःपिण्डको विशेषज्ञता हासिल गरेको व्यक्ति।

खगोलशास्त्रम् (नपुं.) [*खगोलस्य शास्त्रम्, ष.त.*] ज्योतिर्विद्या ज्योतिश्शास्त्र, आकाशका ग्रह, नक्षत्र, धूमकेतु आदिको साङ्गोपाङ्ग अध्ययन गर्ने शास्त्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खग्रासः (पुं.) [*खमिव ग्रासः,त.स.*] सूर्य वा चन्द्रलाई पूर्णरूपमा ढाकेर लागेको ग्रहण।

खङ्करः (पुं.) [*खन्यते कङ्कतिकया असौ, इति खन्, क्विप्, कीर्यतेऽसौ करः,ऋदोरप् ३.३.५७ इति अप्,खन् चासौ करश्च,कर्म.स.*] स्वभावतः बट्यारिएको केश। **अलकस्तु कर्करालः खङ्करश्चूर्ण कुन्तलः** (अभि.चि.)।

खच (धा.) [*भूतप्रादुर्भावे, भूतप्रादुर्भावोऽतिक्रान्तोत्पत्तिः, क्र्या. सक.सेट् पर.*] समय पुगेर पनि ढिलो जन्म लिनु, सम्पन्न हुनु, आफ्नै इच्छाले पवित्र तुल्याउनु। लट्– **खच्नाति–** समय पुगेर पनि ढिलो जन्म लिन्छ, सम्पन्न हुन्छ, आफ्नै इच्छाले पवित्र तुल्याउँछ इत्यादि।

खच (धा.) [*बन्धने, चुरा.पर. सक. सेट्*] बाँध्नु। लट्– **खचयति–** बाँध्छ इत्यादि।

खचरः (पुं.) [*खे चरतीति, चरेष्टः ३.२.१६ इति टः, उप.स.*] १.चरो २.विमान ३.ग्रह **इतरखचरकर्षात् कुच्यते भूमिकक्षा च्युतिरत उडुपस्योपाधिरैनी ह्युपैति। विधुगतिमितिरस्मात् कालवर्गानुसारं ह्युपचयमुपयाति क्षीयतेऽगूच्वयोश्च॥** (के.ग्र.) ४.वायु ५.नक्षत्र ६.सूर्य ७.मेघ ८.राक्षस ९.रूपक तालविशेष १०.विद्याधर ११.हीराकसी १२.बाण १३.पारो १४.देवता (पुं.वि.) १५.आकाशचारी।

खचरस्य सुतस्य सुतः खचरः
खचरस्य पिता न पुनः खचरः।
खचरस्य सुतेन हतः खचरः
खचरो परिरोदिति हा खचर॥ (म.भा.द्रो.प.)

खचमसः (पुं.) [*खे आकाशे चम्यते पितृलोकस्थैः पुण्यात्मभिः अमृतमयपिण्डत्वात्, चमु अदने इति धातोः असच्प्रत्ययः*] चन्द्रमा

खचरी (स्त्री.) [*खे चरति, चरेष्टः ३.२.१६ इति टः,टित्वान् ङीप्*] १.अप्सरा २.दुर्गा।

खचितः (पुं.वि.) [*खच्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.जडिएको २.चित्रित ३.मिसिएको। **करम्बः कबरो मिश्रः सम्पृक्तः खचितः समाः** (अभि.चि.)।

खचितम् (नपुं.) चिल्लो न भएको वा घिउ निकालेको दही। **तथा स्यादुद्धृतस्नेहे घृतहीने च दध्नि नप्** (वाङ्म.)।

खज (धा.) [*मन्थे, सक.सेट्, पर.*] मथ्नु, हल्लाउनु। लट्– **खजति–** मथ्छ, हल्लाउँछ इत्यादि।

खजः (पुं.वि.) [*खात् आकाशात् खे आकाशे वा जातः*] आकाशबाट वा आकाशमा पैदा भएको।

खजः (पुं.) [*खज्यते मथ्यतेऽनेन, करणेऽप्, यद्वा खजति, पचाद्यच्*] १.डाडु २.मदानी।

पयस्यन्तर्गतं सर्पिर्यद्वन्निर्मथ्यते खजैः।
भुक्तं निर्मथ्यते तद्वद् देहसङ्कल्पजैः खजैः॥
(म.भा.१२.२१८.२१)

खजकः (पुं.) [*खजति मथ्नाति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः ७.१.१*] मधानी। **वैशाखः खजको मन्था मन्थानो मन्थदण्डकः** (अभि.चि.)।

खजलम् (नपुं.) [*खात् आकाशात्पतितं जलम्, म.प.स.*] आकाशबाट परेको पानी। **अपेयं खजलमगस्त्योदयात्पूर्वम्** (राजवल्लभ)।

खजा (स्त्री.) [*खज्यते मथ्यतेऽनया, करणेऽप्, स्त्रियां टाप्*] डाडु।

खजाकः (पुं.) [*खज इव अकति गच्छति, ण्वुल्, अकः*] पक्षिविशेष।

खजाका (स्त्री.) [*खजति मथ्नाति पाकम्, खज मन्थे इति धातोः, खजेराकः (उ.) ४६१ इत्याकः*] १.डाडु। **खजाकः पक्षिणि ख्यातः खजाका दर्विरुच्यते।** (उ.वृ.टीका) २.चम्चा।

खजि (धा.) [*गतिवैकल्ये, भ्वा.अक.सेट् पर.*] लँगडो हुनु। लट्– **खञ्जति–** लँगडो हुन्छ। णिचि– **खञ्जयति-ते–** लँगडो तुल्याउँछ, सनि– **चिखञ्जिषति–** लँगडो बन्न चाहन्छ। कृदन्ते– **खञ्जः–** लँगडो। **खञ्जनः–** पक्षिविशेष इत्यादि।

खजित् (पुं.) [*खेन शून्यवादेन जयति, क्विप्*] बुद्ध। **मारलोकखजिद्धर्मराजो विज्ञानमातृकः** (अभि.चि.)।

खज्योतिः (पुं.) [*खे ज्योतिर्यस्य सः, बहु.स.*] जूनकीरी।

खञ्जः (पुं.) [*खञ्जति, खजि गतिवैकल्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४इत्यच्*] १.लङ्गडो। **खञ्जो वा यदि वा काणो दातुः प्रेष्योऽपि वा भवेत्।** (मनु. ३.२४२) २.बाहुनचरी ३.[*खञ्जनम्, भावे घञ्*] खोच्याउने काम।

खञ्जकः (पुं.) [*खञ्जति, खजि गति वैकल्ये इति धातोः,ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] १.लँगडो। **खोडखोरौ तु खञ्जके।** (अभि.चि.) २.बाहुन चरी/कालो पुच्छर र पखेटा, खरानी रङको पिठ्यूँ, फिका पहेँलो छाती भएको, पुच्छर हल्लाउँदै हिंड्ने, भँगेरोभन्दा केही लामो, किरा खाने जङ्गली चरो।

(खञ्जकः)

खञ्जनः (पुं.) [*खञ्जति, खजि गतिवैकल्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] पक्षिविशेष/बाहुनचरी। **खञ्जरीटस्तु खञ्जनः** (अभि.चि.)।

खञ्जनम् (नपुं.) [*खजि गतिवैकल्ये इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] खोच्याएर हिंड्नु।

खञ्जनरतम् (नपुं.) [*खञ्जनस्येव रतम्, त.पु.*] गोप्य मैथुन।

खञ्जनिका (स्त्री.) [*खञ्जन इव आकारोऽस्त्यस्याः, अत इनिठनौ इति ठन्, ठस्येकः,टाप्*] बाहुनचरीजस्तै देखिने अर्को चरो।

खञ्जरीटः (पुं.) [*खञ्ज इव रिणाति गच्छति, बाल इव क्रोशति च री गतिरेषणयोः इति धातोः, बाहुलकात् कीटन्*] मझौला खालको खञ्जन पक्षी/बाहुनचरी। **लोले दृशौ रुचिरचञ्चलखञ्जरीटौ** (अम.श.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खट (धा.) [*काङ्क्षायाम्, भ्वा. सक.सेट् पर.*] इच्छा गर्नु । लट्– **खटति**– इच्छा गर्छ इत्यादि ।

खटः (पुं.) [*खट्टयति संवृणोति हृदयम्, पचाद्यच्, पृषोदरादितया टलोपः*] १.कफ । **कफः श्लेष्मा बलाशः स्नेहभूः खटः ।** (अभि.चि.) २.अन्धकूप ३.प्रहरको अन्तर ४.टङ्कण ५.पुच्छर ६.घाँसविशेष/भार ७.हलोविशेष (अजय) ८.वन्चरो ।

खटकः (पुं.) १.आधा खुलेको मुट्ठी । **अर्धमुष्टिस्तु खटकः** (अभि.चि.) २.भँगेरो (त्रिकाण्ड.) ।

खटिका (स्त्री.) [*खट्टयति संवृणोति श्यामपटस्य श्यामभागं लेखनेन, ण्वुल्, अकः, टाप्, इत्वम्*] १.चक/खरी २.[*खट्टयति संवृणोति कर्णच्छिद्रम्, पूर्ववत्*] कानको बाहिरी भाग ३.पसर **खटिकार्द्ध-मुद्रिते करे** (वाङ्म.) ।

खटिनी (स्त्री.) [*खट्टयति संवृणोति, बाहुलकाद् इनिः ङीप् च, पृषोदरादित्वा ट्टिलोपः*] १.खरी २.चक । **शुक्लधातौ पाकशुक्ला कठिनी खटिनी खटी** (अभि.चि.) ।

खटी (स्त्री.) [*खट्टयति, पचाद्यच्, पृषोदरादितया टलोपः, ङीष्*] १.खरी २.चक । हे. **खटिनी**

खट्ट (धा.) [*संवरणे, चुरा.सक.सेट् उभय.*] ढाक्नु, लुकाउनु । लट्– **खट्टयति–ते–** ढाक्छ, लुकाउँछ इत्यादि ।

खट्टनः (पुं.वि.) [*खट्ट्यते संव्रियते शय्यादिभिः, कर्मणि ल्युट्, अनः*] पुड्के/बाउन्ने । **निखर्वः खट्टनः खर्वः खर्वशाखश्च वामनः ।** (अभि.चि.) ।

खट्टाशः (पुं.) [*खट्टः आत्मानमाच्छाद्य अश्नाति खादति, पचाद्यच्*] वनविरालो ।

खट्टिः (पुं.) [*खट्टधातोः औणादिक इन्प्रत्ययः*] मुर्दा बोक्ने खट ।

खट्टिका (स्त्री.) [*खट्टिरेव, स्वार्थे कन्, टाप्*] १.शवयान २.खटिया ३.आसन्दी ।

खट्वा (स्त्री.) [*खट्यते काङ्क्ष्यते निद्रालुभिः, खट काङ्क्षायाम्, इति धातोः, अशूप्रुषिलटिकणिखटिविशिभ्यः क्वन् (उ) १५७ इति क्वन्, टाप्*] खाट ।

खट्वाङ्गः (पुं.) १.राजादिलीप । यिनले यज्ञ गर्न सुनको सभामण्डप र सुनकै बाटो (यज्ञमण्डपमा प्रवेश गर्ने मार्ग) बनाएका थिए । (म.भा.) २.ब्रह्महत्या गरेमा त्यसको प्रायश्चित्तका निमित्त भिख माग्ने टाउका (खप्पर) को भाँडो ३.चिताको दाउरा ४.मुठमा टाउको जोडेको शिवको एक हतियार । यसलाई साधुहरूले राख्ने गर्दछन् । ५.प्राचीन एक अस्त्र ६.राजा विश्वसहका छोरा । देवासुरसङ्ग्राममा यिनी देवताको पक्षबाट लडेका थिए । यिनले धेरै दैत्यहरूको संहार गरेका थिए । मर्नुभन्दा एक घण्टा पहिले युद्ध छोडेर यिनी हिँडे । अतिशय भक्तिले गर्दा यिनलाई ब्रह्मलोक प्राप्त भयो । अन्तमा विष्णुले यिनलाई मोक्ष प्रदान गरे ।

खट्वाङ्गदः (पुं.) दिलीपका छोरा ।

खट्वाङ्गभृत् (पुं.) [*खट्वाङ्गं बिभर्ति, क्विप्, तुक्*] शिव । **पिनाकशूलखट्वाङ्गगङ्गाऽहीन्दुकपालभृत्** (अभि.चि.) ।

खट्वाङ्गम् (नपुं.) [*खट्वाया अङ्गम्, ष.त.*] १.खाटको अवयव २.[*खट्वाया अङ्गमिव*] अस्त्रविशेष । **विचित्रखट्वाङ्गधरा नरमालाविभूषणा** (स.श.) ।

खट्वाङ्गमुद्रा (स्त्री.) [*खट्वाङ्ग इति मुद्रा, कर्म.स.*] दाहिने हातको पाँचै औँला जोडेर ठाडो पार्दा हुने हस्तक्रियाको एक मुद्रा । यो शिवप्रिय मुद्रा हो ।

खट्वाङ्गी (पुं.) १.[*खट्वाङ्गम्, तन्नामकास्त्रम् अस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] शिव २.[*खट्वाङ्गसदृशः काष्ठनिर्मितवस्तु, तदस्यास्ति, पूर्ववत्*] खट्वाङ्ग जस्तो काठको सामान बोकेर प्रायश्चित्त गर्ने व्यक्ति ।

खट्वाङ्गी चीरवासा वा श्मश्रुलो विजने वने ।
प्राजापत्यं चरेत् कृच्छ्रमब्दमेकं समाहितः ॥ (मनु.११.१०५)

खट्वारूढः (पुं.वि.) १.[*खट्वामारूढः खट्वाक्षेपे २.१.२६ इति समासः*] खराब बाटोमा संलग्न, उद्दण्ड, उन्मत्त, निषिद्ध अनुष्ठान वा आचरण गर्ने २.खाटमा चढेको ।

खट्विका (स्त्री.) [*अल्पा खट्वा, अल्पे. ५.३.८५ इति अल्पार्थे कन्, टाप्, इत्वम्*] सानो खाट ।

खड (धा.) [*भेदने, चुरा. सक.सेट् उभय.*] टुक्रा पार्नु, तोड्नु । लट्– **खाडयति–ते–** टुक्रा पार्छ, तोड्छ इत्यादि ।

खडः (पुं.) [*खण्ड्यते छिद्यते,कर्मणि अप्*] खर/अर्थुङ्गे भार । यो प्रायः घर छाउने र गाईवस्तुलाई खुवाउने काममा बढी प्रयोग हुन्छ ।

खडक्किका (स्त्री.) [*खडक् इति अव्यक्तशब्दं करोति,खडक्पूर्वकात् कृधातोर्बाहुलकाद् डः,गौरादितया ङीष्, ततः स्वार्थे कन्, टाप्, ह्रस्वः*] दैलाको फग्लेटो ।

खडि (धा.) [*भेदने, चुरा.सक.सेट् उभय.इदित्*] टुक्रा पार्नु, खण्डन गर्नु, फुटाउनु । लट्– **खण्डयति–ते–** टुक्रा पार्छ, खण्डन गर्छ । फुटाउनु । लिट्– **खण्डयाञ्चकार–चक्रे–** टुक्रा पारेछ, खण्डन गरेछ, फुटाएछ (अन.) । लुट्– **खण्डयिता–** टुक्रा पार्ने छ, खण्डन गर्ने छ, फुटाउने छ । (अन.) । लृट्– **खण्डयिष्यति–ते–** टुक्रा पार्ने छ, खण्डन गर्ने छ, फुटाउने छ । लोट्– **खण्डयतु–ताम्–** टुक्रा पारोस्, खण्डन गरोस्, फुटाओस् । लङ्– **अखण्डयत्–त–** टुक्रा पार्‍यो, खण्डन गर्‍यो, फुटायो (अन.) । विधिलिङ्– **खण्डयेत्–त–** टुक्रा पार्ला, खण्डन गर्ला,फुटाउला, टुक्रा पारोस्, खण्डन गरोस्, फुटाओस् । आशीर्लिङ्–**खण्ड्यात्– खण्डयिषीष्ट–** टुक्रा पारोस् खण्डन गरोस्,फुटाओस् । लुङ्– **अचखण्डत्–त–** टुक्रा पार्‍यो, खण्डन गर्‍यो, फुटायो । लृङ्– **अखण्डयिष्यत्–त–** टुक्रा पार्ने थियो, खण्डन गर्ने थियो, फुटाउने थियो । कर्मणि– **खण्ड्यते–** टुक्रा पारिन्छ, खण्डन गरिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फुटाइन्छ। कृदन्ते— **खण्डयितव्यम्, खण्डनीयम्, खण्ड्यम्—** टुक्रा पार्नुपर्ने, खण्डन गर्नु पर्ने, फुटाउनु पर्ने। **खण्डयित्वा, विखण्ड्य—** टुक्रा पारेर, खण्डन गरेर। **खण्डयितुम्—** टुक्रा पार्न, खण्डन गर्न, फुटाउन। **खण्डः—** टुक्रा, खण्डन इत्यादि।

खडि (धा.) [*मन्थे, भ्वा.सक.सेट्, आत्मने.इदित्*] मथ्नु, टुक्रा टुक्रा पार्नु। लट्— **खण्डते—** मथ्छ, टुक्रा पार्छ, खण्डन गर्छ इत्यादि।

खडिका (स्त्री.) [*खडधातोः अप्, ततो ङीष्,ततः स्वार्थे कन्, टाप्, ह्रस्वः*] खरी/चक।

खडी (स्त्री.) [*खडधातोः अप्, ततो ङीष्*] खरी/चक।

खड्गः (पुं.) [*खडति भिनत्ति येन सः, खडि भेदने इति धातोः छापूखडिभ्यः कित् (उ.) १९ इति गन्*] १.गैँडाको खाग २.एक प्रकारको सोझो तरबार। **नीलजीमूतसङ्काशस्तीक्ष्णदंष्ट्रः कृशोदरः** (स्मृ.त. २.६७०) ३.एक बुद्ध ४.पर्वत ५.गैँडा ६.मिठो आवाज ७.गन्धद्रव्यविशेष। **खड्गोगण्डकशृङ्गासि बुद्धभेदेषु गण्डके**।(विश्व.)। **~पिधानम्** (नपुं.) [*खड्गस्य पिधानम्, ष.त.*] म्यान/तरवारको दाप। **~फलम्** (नपुं.) [*खड्गस्य फलम्, ष.त.*] तरवार, छुरी आदिका टुप्पापट्टिको भाग। **~योगः** (पुं.) भाग्यको मालिक धनस्थानमा, धनको मालिक भाग्यस्थानमा रहेका छन् र लग्नेश केन्द्र अथवा कोणमा छ भने त्यस बखत पर्न जाने योग।

(खड्गः)

भाग्येशे धनभावस्थे धनेशे भाग्यराशिगे।
लग्नेशे केन्द्रकोणस्थे खड्गयोग इतीरितः॥ (सु.ज्यौ.)

खड्गकोशः (पुं.) [*खड्गस्य कोशः, ष.त.*] तरवारको दाप/म्यान।

खड्गधारा (स्त्री.) [*खड्गस्य धारा, ष.तः*] तरवारको धार।

खड्गधेनुः (स्त्री.) [*खड्गस्य धेनुः, ष.त.*] १.पोथी गैँडा २.छुरी। **खड्गधेनुः स्त्रियां खड्गपुत्रिकागण्डकस्त्रियोः** (मेदिनी.)।

खड्गप्रहारः (पुं.) [*खड्गस्य प्रहारः, ष.त.*] तरबारको प्रहार।

खड्गम् (नपुं. [*प्राग्वद्*] फलामविशेष।

खड्गमुद्रा (स्त्री.) [*खड्गाकारा मुद्रा, म.प.स.*] दाहिने औँलाको कान्छी र साहिली औँलालाई बुढी औँलाले थिची माझी र साहिली औँला सोझो पार्दा हुने मुद्रा

कनिष्ठानामिके बध्वा अङ्गुष्ठेनैव दक्षतः।
शेषाङ्गुलीः प्रसार्येत संसृष्टे खड्गमुद्रिका॥ (मु.प्र.)

खड्गयात्रा (स्त्री.) [*खड्गैर्युता यात्रा, म.प.स.*] तरवार लिएर गरिने जुलुस। नेपालमा देवीले महिषासुर,शुम्भ,निशुम्भ आदि दैत्यलाई वध गरेको उपलक्ष्यमा आश्विन शुक्ल दशमीका दिन देवताको प्रतीक बनेर मुकुन्डो लगाई वा त्यसै उन्मत्त भएर राती खड्गयात्रा गर्ने चलन छ।

खड्गयात्रां ततः कुर्यात् शस्त्रास्त्रयोश्च चालनम्।
देशभ्रमं प्रकर्तव्यं रात्रौ कुर्याद् विचक्षणः॥ (म.का.सं.)

खड्गसिद्धिः (स्त्री.) आठ प्रकारका योगसिद्धिमध्ये एक (ब्रह्मा.पु. ४.३६.५२)।

खड्गाघातः (पुं.) [*षड्गस्य आघातः, ष.त.*] तरवारको चोट।

खड्गाधारः (पुं.वि.) [*खड्गस्य आधारः,ष.त.*] दाप। **खड्गकोषे पिधानेऽसेः खड्गाधारोऽपि कथ्यते** (वाङ्म.)।

खड्गी (पुं.) [*खड्गस्तदाकारशृङ्गविशेषोऽ स्यास्तीति, अत इनिठनौ* ५.२.११ इति इनिः] १.गैँडा २.महादेव। **अशनी शतघ्नी खड्गी पट्टिशी चायुधी महान्**। (म.भा.१३.१७.४२) ३.एकाउन्न गणेशमध्ये एक (ब्रह्मा.४.४४.७०) ४.(पुं.वि.) [*खड्गोऽ स्यास्तीति, पूर्ववत्*] तरबारधारी। **सुस्रग्धरोऽथ सन्नह्य धन्वी खड्गी धृतेषुधिः** (भाग. ८.१५.१८)।

खण्डः (पुं./नपुं) [*खण्ड्यतेऽवदीर्यतेऽसौ इति, खनु अवदारणे, इति धातोः, ञमन्ताड्डः (उ.) ११९ इति डः*] १.अंश। **खण्डेऽर्द्धशकले भित्तं नेमशल्कदलानि च**। (अभि.चि.) २.टुक्रा ३.भाग ४.उखुको ठुन्को ५.(पुं.) खुँदो ६.मणिको दोष ७.योगिविशेष। **भानुकी नारदेवश्च खण्डः कापालिकस्तथा** (हठयोगप्रदीपिका)।

खण्डकः (पुं.) १.[*खण्डेन निर्वृत्तः,संज्ञायां कन्*] सखर वा चिनीका टुक्रा २.(पुं.वि.) [*खण्डयति, ण्वुल्, अकः*] कुड्का पार्ने व्यक्ति ३.[*खण्डयति, परमतम्*] अर्काको मतको खण्डन गर्ने ४.फुयल्ले।

खण्डकथा (स्त्री.) [*खण्डभूता कथा, म.प.स.*] कथाको बिच बिचमा पद्यहरूको प्रयोग भएको टुक्रा टुक्रा कथानकले युक्त कथा।

खण्डकाव्यम् नपुं.) [*खण्डम् एकदेशीयकथानकयुतञ्च तत् काव्यञ्च, कर्म.स*] एक पक्षलाई लिएर रचिएको प्रबन्धात्मक छोटो काव्य। **खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च**। (सा.द.) यसमा कथानकाई १ देखि ७ सर्गसम्म विभाजन गर्न सकिन्छ। रुद्रटले खण्डकाव्यलाई लघुकाव्य भनेका छन्। कसैको मतमा **लघुकाव्य** खण्डकाव्य भन्दा पनि छोटो काव्य हो। यसमा धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थमध्ये कुनै एक पुरुषार्थ प्राप्तिको उद्देश्य राखिनुपर्छ भन्ने उनको धारणा छ। यसमा कुनै एक रसको प्राधान्य हुन्छ र अरू रस मुख्य रसका अङ्ग बनेर आउँछन्। कालिदासको ऋतुसंहार, मेघदूत, आदि यसका उत्कृष्ट नमुना हुन्। हे. **संस्कृतखण्डकाव्यानि**।



खण्डग्रासः (पुं.) [*खण्डभूतो ग्रासः, म प.स.*] बिम्बको कुनै भाग छेकिने काम/ कुनै औसीका दिन सूर्यको कुनै भागलाई चन्द्रमाले छेक्दा सूर्यको खण्डग्रास हुन्छ भने कुनै पूर्णिमाका दिन चन्द्रमाको कुनै भागमा पृथ्वीको छाया पर्दा चन्द्रमाको खण्डग्रास हुन्छ। हे– **ग्रहणम्**।

खण्डतालः (पुं.) [*खण्डेन वाद्यांशभेदेन निर्वृत्तस्तालः,म.प.स.*] द्रुतको मात्र प्रयोग भएको ताल। **द्रुतमेकं भवेद् यत्र खण्डतालः स उच्यते** (स.दा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्डदेवमिश्रः (पुं.) यी मीमांसादर्शनका भाट्टमतानुयायी हुन्। यिनको मृत्यु १७२२ वि.सं. मा भएको हो। पण्डितराज जगन्नाथका बाबु पेरुभट्टका यी गुरु थिए। यिनले भाट्टमतको इतिहासमा नव्यमतको स्थापना गरेका छन्। जीवनको अन्तिम अवस्थामा यिनले संन्यास ग्रहण गरे। यिनी रुद्रदेवका सुपुत्र थिए। संन्यास ग्रहण गरेपछि खण्डदेवको नाम श्रीधरेन्द्र यतीन्द्र रह्यो। यिनका रचनाहरूमा मीमांसाकौस्तुभ, भाट्टदीपिका र भाट्टरहस्य मुख्य छन्। भाट्टकौस्तुभ मीमांसासूत्रको विस्तृत टीका हो। भाट्टदीपिका यिनको सर्वोत्कृष्ट ग्रन्थ मानिन्छ। यस ग्रन्थमाथि शम्भु भट्टले प्रभावली, भास्कर रायले भाट्टचन्द्रिका, वाञ्छेश्वर यज्वाले भाट्टचिन्तामणि नामक टीका लेखेका छन्। भाट्टरहस्य शाब्दबोधसँग सम्बद्ध ग्रन्थ हो। नैयायिक शैलीमा रचिएको हुनाले यसको भाषा कठिन छ। खण्डदेव मीमांसा दर्शनका प्रौढ लेखक हुन्।

खण्डनम् (नपुं.) [*खडि भेदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अर्काको मत वा सिद्धान्तलाई तर्क दिएर निरस्त पार्ने काम २.कुनै वस्तुलाई टुक्र्याउने काम।

खण्डनमण्डनम् (नपुं.) [*खण्डनञ्च मण्डनञ्च, तयोः समाहारः, द्व.स.*] कुनै मत वा सिद्धान्तको निराकरण गरेर कुनै सिद्धान्तको समर्थन गर्ने काम।

खण्डना (स्त्री.) [*खण्ड्यते वंशोऽनया, युच्, टाप्*] शास्त्रमा वर्णित विधवाको लक्षण भएकी कन्या। **खण्डना कन्यकायां स्त्री स्फुटवैधव्यलक्ष्मणि** (वाङ्म.)।

खण्डनीयः (पुं.वि.) [*खण्डयितुमर्हः, अनीयर्*] १.खण्डन गर्नु पर्ने। खण्डन गरिने २.टुक्रा पारिने।

खण्डपरशुः (पुं.) [*खण्डयतीति खण्डः, खण्डः परशुर्यस्य सः, बहु.स., खण्डपर्शुरित्यपि*] १.शिवजी। **पिनाकिनं खण्डपरशुं लोकानां पतिमीश्वरम्।** (म.भा.७.२००.४१) २.परशुराम ३.विष्णु। **सुधन्वा खण्डपरशुर्दारुणो द्रविणप्रदः।** (म.भा. १३.१४९.७४) ४.चूर्णलेप लगाउने व्यक्ति ५.औषधिविशेष ६.राहु।

खण्डप्रलयः (पुं.) [*खण्डश्चासौ प्रलयश्च, कर्म.स.*] आंशिक प्रलय। पुराणअनुसार ब्रह्माको एकदिन बितेपछि हुने प्रलय। यसमा स्वर्गभन्दा तलका सम्पूर्ण लोक नष्ट हुन्छन्, ब्रह्मा रहन्छन्, सूर्यको तेज बढेर आउँछ, रुद्रले सम्पूर्ण सृष्टिको अन्त्य गर्छन्।

खण्डफणः (पुं.) [*खण्डा खण्डाकारा फणा यस्य सः, बहु.स.*] एक किसिमको सर्प।

खण्डम् (नपुं.) [*खण्ड्यते इति, खडि भेदने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा खनु अवदारणे इति धातोः, ञमन्ताड्डः (उ.) ११४ इति डः*] १.कुड्को/टुक्रा। **धूतशृङ्गविभिन्नाश्च खण्डं खण्डं ययुर्घनाः** (सप्तशती)। २.लवणविशेष ३.अंश ४.खाँड/चिनी। **खण्डन्तु सिकतारूपं सुश्वेतं शर्करा सिता।** (भा.प्र.नि.) ५.महको धुलो। **मधुधूलिस्तु खण्डम्** (अभि.चि.)।

खण्डलवणम् (नपुं.) [*खण्डञ्च तल्लवणञ्च, कर्म.स.*] ढिके नुन।

खण्डवाक्यम् (नपुं.) [*खण्डभूतं वाक्यम्, म.प.स.*] परस्पर अर्थको सम्बन्ध राखेर पनि अर्थ पूरा गर्न नसक्ने पदावली। जस्तै संस्कृतमा— **गृहं गत्वा** ।

खण्डविकारः (पुं.) [*खण्डो विकारोऽस्य*] सक्खर/चिनी। **खण्डविकारः शर्करा सिता** (अमर.)।

खण्डवृष्टिः (स्त्री.) [*खण्डा चासौ वृष्टिश्च, कर्म.स.*] आंशिक वर्षा/कताकति मात्र पानी पर्नु।

खण्डशर्करा (स्त्री.) [*खण्डभूता शर्करा, म.प.स.*] १.एक प्रकारको सक्खर २.दानादार चिनी।

खण्डशिला (स्त्री.) [*खण्डभूता शिला, म.प.स.*] १.गिट्टी २.गेगर

खण्डाकारः (पुं.वि.) [*खण्ड आकारो यस्य सः, बहु.स.*] १.आधा आकारको/अर्धचन्द्राकार २.[*खण्डश्चासौ अकारश्च, कर्म.स.*] खण्ड अकार/ऽयस्तो चिह्न। कतिपय सन्धिस्थलमा यो अकारको निर्देश गरिएको हुन्छ। जस्तै— **हरेऽव, विष्णोऽव** इत्यादि।

खण्डान्वयः (पुं.) [*खण्डगतोऽन्वयः, म.प.स.*] खण्ड खण्ड गरेर गरिने अन्वय। यसमा वाक्यभित्र रहेका पदहरूको सम्बन्धलाई खण्ड खण्ड गरेर पत्ता लगाइन्छ। यसमा प्रश्नवाचक किम् शब्दको प्रयोग हुन्छ। लामा वाक्यहरूको अर्थबोधका लागि यो अन्वयविधि निकै उपयोगी हुन्छ। यसमा सर्वप्रथम कर्ता र क्रियापद पहिल्याएपछि तिनका विशेषण र अन्य कारकीय पद, सम्बन्धबोधक पद तथा तिनका विशेषणपदको पनि खोजी गरिन्छ। जस्तै—

पुत्रसूः पाककुशला पवित्रा च पतिव्रता।
पद्माक्षी पञ्चपैर्नारी भुवि संयाति गौरवम्॥

नारी गौरवं संयाति। **कुत्र** ? भुवि। **कथंभूता नारी** ? पुत्रसू। **पुनः कथंभूता** ? पाककुशला। **पुनः कथंभूता** ? पवित्रा। **पुनः कथंभूता** ? पतिव्रता। **पुनः कथंभूता** ? पद्माक्षी। **कैः** ? पञ्चपैः। यो एउटा सामान्य नमुना मात्र हो। संस्कृत वाङ्मयमा यस विधिबाट रचिएका धेरै टीका ग्रन्थ छन्। नैषधीयचरितम्को नारायणी (प्रकाश) टीका यसको एउटा उदाहरण हो।

खण्डाभ्रम् (नपुं.) [*खण्डञ्च तदभ्रञ्च,कर्म.स.*] १.बादलको कुड्को २.दन्तक्षत। **खण्डाभ्रमभ्रलेशे स्यात्तथा दन्तक्षतान्तरे** (मेदिनी.)।

खण्डाश्मा (पुं.) [*खण्डश्चासौ अश्मा च, कर्म.स.*] गिट्टी।

खण्डाश्मितः (पुं.वि.) [*खण्डाश्मा सञ्जातोऽस्य, तदस्य- इति इतच्*] ढुङ्गा पेलिएको बाटो/ग्राबल रोड।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्डिकः (पुं.) [*खण्डोऽस्यास्ति, ५.२.११५ इति ठन्, ठस्येकः*] १.केराउ। **कलायस्तु सतीनकः। हरेणुः खण्डिकश्चाथ** (अभि.चि.) २.काखी। **दोर्मूलं खण्डिकः कक्षा** (अभि.चि.)।

खण्डितः (पुं.वि.) [*खण्ड्यते स्म, खडि भेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.टुक्रिएको २.खण्डान्वय, पदच्छेद आदि गरिएको ३.खण्डन गरिएको।

विगृहीतः पदाक्रान्तो भूयो भूयश्च खण्डितः।
माधुर्यमेवावहति सुश्लोक इव सज्जनः॥ (सुभा.)

४.वशमा पारिएको।

कोऽर्थान् प्राप्य न गर्वितो विषयिणः कस्यापदोऽस्तं गताः
स्त्रीभिः कस्य न खण्डितं भुवि मनः को वाऽस्ति राज्ञां प्रियः।
कः कालस्य भुजान्तरं न च गतः कोऽर्थी गतो गौरवं
को वा दुर्जनवागुरासु पतितः क्षेमेण यातः पुमान्॥ (हितो.)

५.(पुं.वि.) मलिन, त्रुटिपूर्ण वा कलङ्कित।

चन्द्रे कलङ्कः सुजने दरिद्रता
विकासलक्ष्मीः कमलेषु चञ्चला।
मुखे प्रसादः सधनेषु सर्वदा
यशो विधातुः कथयन्ति खण्डितम्॥ (शब्दार्थ.)

खण्डिता (स्त्री.) [*खण्ड्यते स्म, खडि भेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] स्वीया नायिकाको एक भेद। अरू नायिकासँग सम्भोग गरी आफ्नो नजिक नायक आएको थाहा पाएर पीडित भएकी नायिका।

पार्श्वमेति प्रियो यस्या अन्यसम्भोगदुःखिता।
सा खण्डितेति कथिता धीरैरीर्ष्याकषायिता॥ (सा.द.)

खण्डी (पुं.) [*खण्डोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.वनमुगी २.मुगी (अभि.चि.४.२४०)।

खण्डीकरणम् (नपुं.) [*अखण्डः खण्डो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे कर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.कुनै पनि राशिलाई खण्ड खण्डमा टुक्र्याउने गणितको एक प्रक्रिया। जस्तै— ५६= २×२×२×७। २.टुक्र्याउने काम।

खण्डीयवर्णः (पुं.) [*खण्डीयश्चासौ वर्णश्च, कर्म.स.*] खण्ड खण्ड गरेर उच्चारण गर्न सकिने वर्ण। यो शब्द आधुनिक संस्कृत भाषा विज्ञानको क्षेत्रमा प्रयोग हुन थालेको देखिन्छ। संस्कृतका स्वर तथा व्यञ्जन वर्णहरू खण्डीयवर्णभित्र पर्दछन्।

खण्डीरः (पुं.) [*खण्डयति आत्मानं द्विदलरूपेण, णिनिस्ततश्च शुण्डादितया रः*] पहेँलो मुगी।

खण्डेतरवर्णः (पुं.) [*खण्डात् इतरः, स चासौ वर्णश्च कर्म.स.*] खण्ड खण्ड गरेर उच्चारण गर्न नसकिने वर्ण। संस्कृतका विसर्ग, अनुनासिक, अनुस्वार, बलाघात, स्वराघात आदि खण्डेतरवर्ण हुन्/अयोगवाह वर्ण।

खतमालः (पुं.) [*खे तमाल इव*] १.धुवाँ २.मेघ। **खतमालस्तु पुलिङ्गो धूमेऽपि च वलाहके** (मेदिनी.)।

खद (धा.) [*स्थैर्ये हिंसायाञ्च, भ्वा. स्थैर्ये अक. अन्यत्र सक.पर.*] स्थिर रहनु, हिंसा गर्नु, खानु। लट्— **खदति—** स्थिर रहन्छ, हिंसा गर्छ, खान्छ इत्यादि।

खदनः (पुं.) [*खदति, खद हिंसायाम् इति धातोः क्वुन् (उ.) युवोरनाकौ ७.१.१ इत्यनः*] तल्लो खालको मानिस।

खदिरः (पुं.) [*खदति हिनस्ति रोगानिति, खद हिंसायामिति धातोः, अजिरशिशिरशिथिल स्थिरस्फिरस्थविरखदिराः (उ.) ५१ इति सूत्रेण किरच्*] १.खयरको वृक्ष। यो एक जङ्गली वृक्ष हो। यसको खोटो निकालिन्छ। अमलाको जस्तो सानो पात हुन्छ, सेतो सानो फूल हुन्छ, हाँगामा काँढा हुन्छन्। यसको काठ टुक्रा पारी पानीमा पकाई खोटो बनाएर जमाइन्छ र यसलाई औषधिनिर्माण र पानमा पनि प्रयोग गरिन्छ।


(खदिरः)

खदिरो रक्तसारश्च गायत्री दन्तधावनः।
खदिरः श्वेतसारोऽन्यः कदरः सोमवल्कलः॥ (भा.प्र.)

२.[*खदति शत्रून् हिनस्ति, प्राग्वद्*] इन्द्र ३.[*खे आकाशे दीर्यते*] चन्द्रमा ४.एक ऋषि।

खदिरपत्री (स्त्री.) [*खदिरस्य पत्रमिव पत्रं यस्याः सा, बहु.स.*] लज्जावती झार।

खदिरसारः (पुं.) [*खदिरद्रुमस्य सारः, ष.त.*] खयरको कत्था।

खदिरा (स्त्री.) [*खदतीति, खद स्थैर्ये इति धातोः, अजिरशिशिर– (उ.) ५३ इति साधुः*] लज्जावती।

खदिरिका (स्त्री.) [*खदिरेण समो रसोऽस्याः,ठन्, ठस्येकः टाप्*] लाहा।

खदिरोद्भूतः (वि.) [*खदिराद् उद्भूतः,प.त.*] खयरबाट पैदा भएको।

खदूरवासिनी (स्त्री.) [*खे आकाशे दूरे च वसति, णिनिः*] बुद्धशक्ति।

खद्योतः (पुं.) [*खे द्योतते इति, द्युत दीप्तौ इति धातोः,नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा खं द्योतयतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.जुनकिरी २.सूर्य।

खद्योतो द्योतते तावद् यावन्नोदयते शशी।
उदिते तु सहस्रांशौ न खद्योतो न चन्द्रमाः॥ (सुभा.)

३.ब्रह्माको रात्रीमा जुनकीरी जस्तै बनेर घुमिरहने ईश्वर (ब्रह्मा.पु. ४.२४.९)।

खद्योतनः (पुं.) [*द्योतयति, नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, खस्य द्योतनः, ष.त.*] १.सूर्य २.जुनकिरी।

खद्योता (स्त्री.) [*खं द्योत्यतेऽनया, करणे घञ्, टाप्*] पुरञ्जन पुरमा प्रवेश गर्ने पूर्वपट्टिको ढोका (भाग. ४.२५.४७)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खनकः (पुं.वि.) [*खनति, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.खन्ने काममा सिपालु ।

स्थापत्ये चेह स्थाप्यन्तां वृद्धाः परमधार्मिकाः ।
कर्मान्तिका लिपिकरा वर्द्धका खनका अपि ॥ (रामा.)

२.(पुं.) [*खनतीति, ण्वुल्, अकः*] मुसो । ३.चोर ४.खानीविशेषज्ञ ५.विदुरका एक मित्र । **विदुरस्य सुहृत् कश्चित् खनकः कुशलो नरः ।** (म.भा.१.१४८.१) ६.खन्ती ।

खनकी (स्त्री.) [*खनति शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] खन्ने काममा सिपालु स्त्री ।

खननम् (नपुं.) [*खनु अवदारणे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.खन्ने काम २.उत्खनन ।

खनयित्री (स्त्री.) [*खनयति, ण्यन्तात् खनु अवदारणे इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.खन्ती २.खन्ती आकारको अस्त्रविशेष । **खनयित्री शुभा यात्रा जयाणां जयकाङ्क्षिणाम्** (नारदपञ्चरात्र) ।

खनिः (स्त्री.) [*खन्यन्तेऽवदार्यन्ते धातवोऽत्र, खनु अवदारणे इति धातोः, खनिकष्यज्यसिवसिवनिसनिध्वनिग्रन्थिचलिभ्यश्च (उ.) ५८९ इति इः*] खानी । **खनिरेव मता खानिः** । (द्विरूपकोश) **खनिः स्त्रियामाकरः स्यात्** (अमर.) ।

खनिजः (पुं.वि.) [*खनेर्जातः, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] खानीबाट पैदा भएको । **~पदार्थः** (पुं.) [*खनिजश्चासौ पदार्थश्च, कर्म.स.*] खानीमा भएको कच्चा पदार्थ । **~सम्पत्तिः** (स्त्री.) [*खनिजा चासौ सम्पत्तिश्च, कर्म.स.*] खानीबाट पैदा भएका पदार्थ । **~विज्ञानम्** (नपुं.) [*खनिजस्य विज्ञानम्, ष.त.*] खानीसम्बन्धी विषयको अध्ययन गर्ने शास्त्र ।

खनित्रः (पुं.) [*खन्यतेऽवदार्यतेऽसौ*] १.मार्कण्डेय पुराणअनुसार राजा प्रजातिका पुत्र । यिनी धर्मात्मा थिए । यिनका चार भाइ मध्ये शौरिले पुरोहितको सहायता लिएर पुरश्चरण गरी भयङ्कर कृत्या पैदा गरे । कृत्याले चारै भाइका पुरोहित र दुष्ट मन्त्रीलाई जलाएर भस्म पारेपछि खनित्र क्षुपनामक पुत्रलाई राज्यभार दिएर तपस्या गर्न गए र मुक्त भए । २.चाक्षुष मनुका बाबु (भाग. ९.२.२४) ।

खनित्रम् (नपुं.) [*खन्यतेऽवदार्यतेऽनेन, खन खनने इति धातोः, अर्तिलू– ३.२.१८४ इतीत्रः*] खन्ती ।

यथा खनन् खनित्रेण नरो वार्यधिगच्छति ।
तथा गुरुगतां विद्यां शुश्रुषुरधिगच्छति ॥ (सुभा.)

खनी (स्त्री.) [*खन्यते, खनु अवदारणे इति धातोः, खनिकष्यज्यसिवसिवनिसनिध्वनिग्रन्थिचलिभ्यश्च. (उ.) ५८९ इति इः, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति वा ङीष्, इञजादिभ्यः (वा.) ३.३.१०८ इतीञ् वा*] खानी/रत्नादिको उत्पत्तिस्थान ।

गणयिता– गन्ने छ। (अन.)। लृट्– **गणयिष्यति-ते**– गन्ने छ। लोट्– **गणयतु-ताम्**– गनोस्। लङ्– **अगणयत्-त**– गन्यो। (अन.)। विधिलिङ्– **गणयेत्-त**– गन्ला, गनोस्। आशीर्लिङ्– **गण्यात्**– गनोस्। लुङ्–**अजगणत्-त**– गन्यो। लृङ्– **अगणयिष्यत्-त**– गन्ने थियो। णिचि– **गणयति**– गन्न लगाउँछ। सनि– **जिगणयिषति**–गन्न चाहन्छ। कर्मणि– **गण्यते**– गनिन्छ। कृदन्ते– **गणकः/गणिका/गणयिता/गणयित्री**– गन्ने। **गणयन्-न्ती**– गनिरहेको/की। **गणितः**– गनेको। **गणितम्**– गन्ने क्रिया/हिसाव। **गणयितुम्**– गन्न। **गणयित्वा/विगणय्य**– गनेर। **गणयितव्यम्/ गणनीयम्/गण्यम्**– गन्नुपर्ने। **गणः**– समूह।

गणः (पुं.) [*गण्यते इति, गण सङ्ख्याने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.थुप्रो २.बथान/समूह।

न गणस्याग्रतो गच्छेत् सिद्धे कार्ये समं फलम्।
यदि कार्यविपत्तिः स्यान्मुखरस्तत्र हन्यते॥ (हितो.) ३.रास ४.श्रेणी/कक्षा ५.नोकरको टोली/दल ६.प्रमथ आदि शिवगण/रुद्रानुचर। **भर्तुः कण्ठच्छविरिति गणैः सादरं वीक्ष्यमाणः** (मे.दू.) ७.[*त्रयो गुल्मा गणः, गण्यते, गणयति वा, गण सङ्ख्याने इति धातोः, पूर्ववत् घञ् ३.३.१९ नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यज् वा*] सेनाको एक टुकडी, यसमा तीन गुल्म हुन्छन् अर्थात् २७ रथ, २७ हात्ती, १३५ पैदल सिपाही र ७१ घोडा हुन्छन्। **गणः प्रमथसङ्ख्यौघे चण्डीसैन्यप्रभेदयोः** (मेदिनी.)। ८.सङ्ख्या ९.संस्कृतव्याकरणमा धातुको विभाग। यी गण मुख्य दश छन्– **भ्वादिगण** (शप्/अ हुने) जस्तै– भू+अ+ति= भवति। **अदादिगण** (शप्को लुक् हुने) जस्तै– अद्+अ+ति=अत्ति। **जुहोत्यादिगण** (शप्को श्लु हुने) जस्तै– हु+अ+ति=जुहोति। **दिवादिगण** (श्यन् हुने) जस्तै– दिव्+श्यन्/य+ति =दीव्यति। **स्वादिगण** (स्नु हुने) जस्तै– षु/सु+स्नु/नु+ति=सुनोति। **तुदादिगण** (श हुने) जस्तै– तुद+ श/अ+ति= तुदति। **रुधादिगण** (श्नम् हुने) जस्तै– रुध्+श्नम्/न+ति= रुणद्धि। **तनादिगण** (उ हुने) जस्तै– तन्+उ+ति =तनोति। **क्र्यादिगण** (श्ना हुने) जस्तै– क्री+श्ना/ना+ति = क्रीणाति। **चुरादिगण** (णिच् हुने) जस्तै– चुर्+णिच्/इ+ति =चोरयति। १०.कुनै प्रकारको समानता रहेका मानिसहरूको समुदाय ११.दूत १२.नोकर १३.जीवहरू वा वस्तुहरूको विभाग, उपविभाग १४.गणेश १५.तीनकोटी नक्षत्रमध्ये एक १६.छन्दशास्त्रअनुसार तीन वर्णको समूह, यसमा वर्णगण आठ र मात्रिक गण पाँच हुन्छन्। वर्णगणहरू– १.**मगण**- सबै गुरु (ऽऽऽ) २.**नगण**- सबै लघु (।।।) **यगण**- आदिलघु (।ऽऽ) ३.**रगण**- मध्यलघु (ऽ।ऽ) ४.**तगण**- अन्तलघु (ऽऽ।) ५.**सगण**- अन्त गुरु (।।ऽ) ६.**जगण**- मध्यगुरु (।ऽ।) ७.**भगण**– आदिगुरु (ऽ।।) मात्रिकागण– सर्वगुरु **मगण** (ऽऽ) अन्तगुरु– **सगण** (।।ऽ) मध्यगुरु– **जगण** (।ऽ।) आदिगुरु– **भगण** (ऽ।।) सर्वलघु– **नगण** (।।।) आर्या आदि मात्रिक छन्दमा यी उपर्युक्त चारमात्रा हुने गणको मात्र प्रयोग हुन्छ। य, र, त, यी तीन गणमा पाँच मात्रा हुने भएकाले यिनको प्रयोग हुँदैन।

मस्त्रिगुरुस्त्रिलघुश्च नकारो भादिगुरुः पुनरादिलघुर्यः।
जो गुरुमध्यगतो रलमध्यः सोऽन्तगुरुः कथितोऽन्तलघुस्तः॥
ज्ञेयाः सर्वान्तमध्यादि गुरवोऽत्र चतुष्कला।
गणाश्चतुर्लघूपेताः पञ्चार्यादिषु संस्थिताः॥ (वृ.र.)

१७.संप्रदाय १८.ज्योतिषशास्त्रअनुसार जन्मपत्रिकामा उल्लेख भएका मानवीय गणहरू, जस्तै– **देवगण, मनुष्यगण, राक्षसगण**। प्रायः विवाहमा वरवधूको गुण जुराउँदा यसको पनि उपयोग हुन्छ। यसको मान ० देखि ६ अङ्क सम्म छ। १९.बहुत्व बोधक शब्द, जस्तै- **मुनिगणः, देवगणः** आदि।

गणकः (पुं.) [*गणयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.गणना गर्ने मानिस २.लेखापाल ३.ज्योतिषी।

गणिकागणकौ समानधर्मौ निजपञ्चाङ्ग निदर्शका वुभौ।
जनमानसमोहकारिणौ विधिना वित्तहरौ विनिर्मितौ॥ (सुभा.)

४.(पुं.) ज्योतिषीबाट वेश्यामा पैदा भएको वर्णसङ्कर ५.तारापुञ्ज जस्ता तेजिला प्रजापतिका आठ छोरा।

गणकारः (पुं.) [*गणस्य सैन्यस्य कारः कर्ता, ष.त.*] १.भीमसेन २.(पुं.वि.) सेनापरिचालक ३.धातुको सङ्ग्रहकर्ता। **गणकार वचनप्रमाणार्थमिदम्** (कातन्त्रवृत्ति)।

गणकी (स्त्री.) [*गणकस्य पत्नी, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] ज्योतिषीकी पत्नी।

गणतन्त्रम् (नपुं.) [*गणानां तन्त्रम्, ष.त.*] जनतन्त्र/जनताद्वारा निर्वाचित प्रतिनिधिहरूबाट गरिने शासनप्रणाली/गणराज्य।

गणता (स्त्री.) [*गणस्य भावो धर्मो वा तल्, स्त्रियां टाप्*] सामूहिकता

गणदेवताः (स्त्री.बहु.) [*गणभूताः देवताः, म.प.स.*] आ-आफ्नो समूह बनाई बस्ने एकथरी देवता। अमरकोशअनुसार बाह्र आदित्य, दश विश्वेदेव, आठ वसु, उनन्चास वायु, बाह्र साध्य, एघार रुद्र, छत्तिस तुषित, चौसाठ्ठी आभास्वर र दुईसय बिस महाराजिक गणदेवता छन्।

आदित्या विश्ववसवस्तुषिताभास्वरानिलाः।
महाराजिक साध्याश्च रुद्राश्च गणदेवता॥ (अमर.)
आदित्या द्वादश प्रोक्ता विश्वेदेवा दश स्मृताः।
वसवश्चाष्टसङ्ख्याता षट्त्रिंशस्तुषिता मताः।
आभास्वराश्चतुःषष्टिर्वाताः पञ्चाशदूनकाः।
महाराजिकनामानो द्वे शते विंशतिस्तथा।
साध्या द्वादश विख्याता रुद्राश्चैकादश स्मृताः॥
(अमर.टीका)

गणद्रव्यम् (नपुं.) [*गणस्य गणानां वा द्रव्यम्, ष.त.*] समूहको हितका लागि कुनै संस्थामा जम्मा गरिएको धनराशि/साझा सम्पत्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

गणनम् (नपुं.) [*ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] गणना/गन्ती वा गन्ने काम। **येनैव लिखनं कुर्यात्तेनैव गणनं स्मृतम्** (विश्वसारतन्त्र)।

गणना (स्त्री.) [*गण सङ्ख्याने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.११७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] गन्ने काम।

यदि त्रिलोकी गणनापरा स्यात्
तस्याः समाप्तिर्यदि नायुषः स्यात्।
पारे परार्द्धं गणितं यदि स्याद्
गणेयनिःशेषगुणोऽपि स स्यात्॥ (नैष.)

गणनाथः (पुं.) १.[*गणानां विघ्नकर्तृकदेवविशेषाणां नाथः, ष.त.*] गणेश २.[*गणानां प्रमथादीनां नाथः,ष.त.*] शिव।

गणनायकः (पुं.) [*गणानां नायकः, ष.त.*] १.कुनै गणका नायक वा नेता २.गणेश ३.गणपति ४.थकाली ५ शिव।

गणनायिका (स्त्री.) [*गणस्य शिवस्य नायिका*] १.दुर्गा २.[*गणस्य समूहस्य नायिका, ष.त.*] समूहकी नेत्री।

गणनीयः (पुं. वि.) [*गणयितुं योग्यः, गण सङ्ख्याने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] गणना गर्न लायक।

गणपतिः (पुं.) [*गणानां गणसंज्ञकदेवतानां पतिः,ष.त.*] १.गणेश/सबै कार्यमा सर्वप्रथम पूजनीय देवता २.बृहस्पति ३.शिव ४.समूहको नेता।

गणपूरकः (पुं.) [*पूरयति पॄ पालनपूरणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, गणस्य पूरकः ष.त.:*] सभामा कुनै प्रस्ताव पास गर्न लिइने मत वा भोटको निश्चित सङ्ख्या।

गणपूर्तिः (स्त्री.) [*गणस्य अपेक्षितजनसमूहस्य पूर्तिः, उपस्थितिः, ष.त.*] वैठक वा सभाको सञ्चालनका निमित्त नियमअनुसार चाहिने सदस्यको उपस्थिति।

गणभोजनम् (नपुं.) [*गणस्य भोजनम्, ष.त.*] सहभोज/धेरै जनाको एक साथमा खाने भोजन।

गणराज्यम् (नपुं.) [*गणस्य राज्यम्, ष.त.*] जनताबाट चुनिएको व्यक्ति राष्ट्रपति भएको राज्य/समूहले गरेको शासनव्यवस्था भएको राज्य।

गणरात्रम् (नपुं.) [*गणानां बह्वीनां रात्रीणां समाहारः, गणशब्दस्य सङ्ख्यात्वात् १.१.२३ तद्धितार्थोत्तरपदसमाहारे च २.१.५१ इति द्विगुः, अहः सर्वैकदेश ५.४.८७ इत्यच्, सङ्ख्यापूर्वं रात्रं क्लीबम् (लि.) इति क्लीबत्वम्*] रात्रिहरूको समूह।

गणरूपः (पुं.) [*नानात्वाद् गणा बहूनि रूपाणि यस्य सः, बहु.स.*] आँक।

गणाधिपः (पुं.) [*गणानां प्रमथानामधिपः*] १.गणेश २.गणको मालिक ३.शिव।

गणिका (स्त्री.) [*गण समूहोऽस्त्यस्या भर्तृत्वेन, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४*] मूल्य लिएर यौवन विक्री गरी जीविका चलाउने स्त्री/वेश्या।

गणिकारिका (स्त्री.) [*गणनम्, गण सङ्ख्याने इति धातोः, इक् कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इक्, गणिं करोति, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप् ४.१.१५, स्वार्थे कन्, यद्वा– गणयति, ऋच्छति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, टाप् ४.१.४ इत्वम्, गणिका चासौ आरिका च, कर्म.स.*] गिनेरी।

गणितः (पुं.वि.) (वि.) [*गण्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] गणना गरिएको।

गणितम् (नपुं.) [*गण्यते स्म, गण सङ्ख्याने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.ज्योतिषशास्त्रका तीन स्कन्धमध्ये एक स्कन्ध। यसमा परिकर्म, ग्रहको मध्यम भोग आदि स्पष्ट गर्ने रीति, अनुयोग, चन्द्र र सूर्यको ग्रहण एवं ग्रहको उदय, अस्त, छायाधिकार, चन्द्रशृङ्गोन्नति, ग्रहयुति, पात (महापात) हरूको साधन प्रकार आदि बताइएको हुन्छ। कतै कसैको मतमा ज्योतिषशास्त्रका पाँचस्कन्धमध्ये एक स्कन्ध २.गन्ती/गणना ३.हिसाब ४.सङ्ख्या वा परिमाणविषयको शास्त्र, यसका अङ्कगणित, बीजगणित, रेखागणित आदि अनेक भेद छन्।

गणितज्ञः (पुं.वि.) [*गणितं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.हिसाब जान्ने मानिस २.ज्योतिषी।

गणेयः (नपुं.) [*गणयितुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, संज्ञापूर्वकत्वाण्णिलोपाभावः*] गन्न लायक।

गणेशः (पुं.) [*गणानामीशः,ष.त.*] पुराणअनुसार पार्वतीको मयलबाट पैदा भएका एक देवता। यिनको टाउको हात्तीको जस्तो, पेट ठुलो र शरीर पुड्को छ। यिनी पाञ्चायतन देवतामध्ये एक हुन्। देवताहरूमा सबैभन्दा पहिले यिनको पूजा हुन्छ। यिनका सगुण रूप धेरै छन्। नेपालका प्रसिद्ध गणेशहरू– अशोकविनायक (मरुटेल, काठमाडौँ) कमलविनायक (भक्तपुर) कार्यविनायक (ललितपुर) चन्द्रविनायक (काठमाडौँ) जलविनायक (चोभार, काठमाडौँ) सिद्धिविनायक, सूर्यविनायक (भक्तपुर) भुँडेगणेश (सिफाडोल) चैनपुर गणेश (चैनपुर, सिन्धुली) गणेशमन्दिर (सल्यान) आदि। **~क्रिया** (स्त्री.) जलाशयको पानी गुदद्वारले खिचेर पेट चलाउँदै पाखामा फ्याँक्दै पेट सफा गर्ने हठयोगको एक क्रिया। **~चतुर्थी** (स्त्री.) भाद्र शुक्ल चौथी। यो दिन गणेशको उत्पत्ति भएकाले गणेशचतुर्थी नाम रहेको हो। **~पुराणम्** (नपुं.) अठार उपपुराणमध्येको एक उपपुराण। कसैले यसलाई उपपुराण नमानेर उपासना ग्रन्थ भनेका छन्। त्यसअनुसार प्रसिद्ध उपपुराणभित्र यो पुराण पर्दैन। **~रात्रिः** (स्त्री.) माघ महिनाको चौथी तिथिमा मकर राशिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रमा रहँदा हुने पर्व । **चतुर्थी माघमासस्य मकरात्त्का भवेद्यदि । गणपस्य तदा रात्रिरिति ख्यातेति गौडयः** ॥(शक्तिसङ्गमतन्त्र)

~हिमालयः (पुं.) [*गणेशाकारो हिमालयः, म.प.स.*] नेपालको धादिङ जिल्लामा पर्ने ७४०९ मिटर अग्लो हिउँ नै हिउँले ढाकिएको एक पर्वतश्रेणी ।

गणेशदैवज्ञः (पुं.) [*गणेशनामको दैवज्ञः, म.प.स.*] १.पन्ध्रसय सत्र ई.मा जन्मिएका एक ज्योतिष शास्त्रका आचार्य । यिनका आमाबाबुको नाम क्रमशः लक्ष्मी र केशव दैवज्ञ थियो । यी नन्दीग्रामवासी कौशिक गोत्रका ब्राह्मण थिए । यिनले सानै उमेरमा **ग्रहलाघवम्** नामक महत्त्वपूर्ण ग्रन्थ रचना गरेका थिए । यो करणग्रन्थ हो । ग्रहको मध्यम गति, स्पष्ट गति, विभिन्न संस्कारहरू, ग्रहण, पात आदिको सजिलोसित अध्ययन गर्न चाहने व्यक्तिका लागि यो ग्रन्थ निकै उपयोगी छ । यिनले लेखेका अन्य कृतिहरू– **लघुतिथिचिन्तामणि, बृहत् तिथिचिन्तामणि, सिद्धान्तशिरोमणि टीका, लीलावतीटीका, विवाहवृन्दावनटीका, मुहूर्ततत्त्वटीका, श्राद्धादिनिर्णय, छन्दार्णवटीका, सुधीररञ्ज–नीतर्जनीयन्त्र, कृष्णजन्माष्टमीनिर्णय, होलिकानिर्णय** २.गुज्रांतको सूर्यपूर नगरका निवासी भरद्वाज गोत्रका एक ब्राह्मण । यिनले **जातकालङ्कार** नामक ग्रन्थ लेखेका छन् ।

गण्डः (पुं.) [*गच्छतीति, गम्लृ गतौ इति धातोः, अमन्ताड्डः (उ.) ११९ इति डः*] १.गाला २.हात्तीको कन्चट ३.फोका ४.फोडा ५.सूज ६.गाँडको बिमारी ७.हाडको जोड वा गाँठो ८.दाग/चिनु ९.गैँडा १०.मूत्राशय, ११.वीर लडाकु १२.घोडाको साजविशेष १३.गलामा पहिरने गण्डा १४.वीथीनामक नाटकको अङ्ग १५.गण्डकी नदीको किनारमा तपस्या गर्ने एक ऋषि १६.हुप १७.सत्ताइस योगमध्येको एक योग १८.वीरको गलामा देखा पर्ने चिह्न । **गण्डः स्यात्पुंसि खङ्गिनि । ग्रहयोगप्रभेदे च वीथ्यङ्गे पिटकेऽपि च । चिह्नवीरकपोलेषु हयभूषणबुद्बुदे** (मेदिनी.) ।

गण्डकः (पुं.) [*गच्छति, गम्लृ गतौ इति धातोः, अमन्ताड्डः (उ.) ११४ इति डः, स्वार्थे कन् ५.३.७५, यद्वा गण्डति संहतो भवति, गडि वदनैकदेशे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.गैँडा २.विद्याको भेद

(गण्डकः)

३.गण्डस्थल ४.रोगविशेष ५.देशविशेष ६.अलङ्कारविशेष **व्याघ्रनखमण्डिता गण्डकाभरणा च** (काद.) ७.ग्रन्थि **भूर्जपत्रगर्भान् मन्त्रगण्डकान्** (तत्रैव) ।

गण्डकी (स्त्री.) [*गण्डकादुद्भवा*] १.नेपालको पश्चिमाञ्चलमा बग्ने सात नदीहरूको समूह । यिनका नामहरू– १.काली, २.सेती, ३.मादी, ४.मर्स्याङ्दी, ५.बुढी, ६.दराँदी, ७.त्रिशूली । यी सातै नदी देउघाटमा जुटेर नारायणी नामले बग्दै जाँदा वाल्मीकि नगरनेर पुगेपछि शोणभद्र र पञ्चनदी नामका अरू दुई नदी मिसिएर त्रिवेणी नामले प्रसिद्ध भई पटनाको नजिकै हरिहरक्षेत्रमा गङ्गासित मिसिन पुगेका छन् । वराहपुराणअनुसार मुक्तिनाथ क्षेत्रमा विष्णु भगवान्को गण्डस्थलबाट उत्पन्न भएकाले यसको

(गण्डकी)

नाम गण्डकी रहेको हो । स्कन्दपुराणअनुसार नीलगिरि पर्वतमा पार्वतीको सात अङ्गबाट चुहेको पसिनाको कुण्डमा गण्डनामका ऋषिले स्नान गर्दा पार्वतीबाट वरदान पाएकाले गण्डकी नाम रहेको हो । **मुक्तिक्षेत्रमिदं देव दर्शनादेव मुक्तिदम् । गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा** ॥ (व.पु.) **गण्डिनादौ हि संस्नातं गण्डकीति ततो भवेत् । लोकाश्च सप्तगण्डक्यो वदिष्यन्तीति सन्ततम् । धर्मधारा यशोधारा विश्वधारा सितप्रभा । रत्नधारा सुवर्णाभा कृष्णाभाख्या च सप्तकाः ॥ माहेश्वरी ततो ब्राह्मी नारसिंही च वैष्णवी । कौमारी कालिका गङ्गा गण्डक्यः क्रमशो मम** ॥ (स्क.पु.) **गोमतीं गण्डकीं तथा** (म.भा.आ.प. १६७/२०)

पार्वतीका सात अङ्गबाट बनेका–

देवीस्वरूप गण्डकी नदीहरू–

गण्डकी	उत्पत्ति अङ्ग	संस्कृतनाम देवी	
१. त्रिशूली	वामपाद	धर्मधारा	माहेश्वरी
२. बुढीगण्डकी	चिउँडो	यशोधरा	ब्राह्मी
३. मर्स्याङ्दी	ओठको दायाँबगल	विश्वधारा	नारसिंही
४. मादी	गाला	सितप्रभा	वैष्णवी
५. दराँदी	अलक	रत्नधारा	कौमारी
६. सेती	शिर	सुवर्णधारा	कालिका
७. कृष्णगण्डकी	आँखाको कुना	कृष्णाभा	गङ्गा

महाभारतअनुसार गङ्गाका सात धारामध्ये एक धारा गण्डकी हो । अग्निको उत्पत्तिस्थान भएका नदीहरूमा गण्डकी पनि एक हो । ग्रन्थान्तरमा गण्डकीका नारायणी र शालग्रामी भनी दुई भेदको उल्लेख छ । बौद्धग्रन्थमा गण्डकीको नाम हिरण्वती वा हिरण्यवती छ । गण्डकी शालग्राम पर्वतबाट निस्केको नदी हो । यसलाई शालग्रामी र नारायणी भनिन्छ । कालीगण्डकी र त्रिशूली गङ्गा यसका मुख्य सहायक नदी हुन् । काली गण्डकीको निस्कने ठाउँ मुक्तिनाथ नजिकै छ ॥ त्रिशूलीगण्डकी निस्कने ठाउँ गोसाइँस्थानको उत्तरमा पर्छ । यसको नेपालमा कुल क्षेत्रफल ३४,९६० वर्ग कि.मि. छ । २.सत्र मात्राको एक ताल ।

गण्डमाला (स्त्री.) [*गण्ड माला इव, स.त.*] मालाजस्तो गरी गलाको वरिपरि आउने खटिरो ।

अपराजिताया मूलञ्च गोमूत्रेण समन्वितम् ।
पीतञ्चापि हरत्येव गण्डमालां न संशयः ॥ (ग.पु.)

गण्डमाली (पुं.) [*गण्डमाला अस्यास्तीति, व्रीह्यादिभ्यश्च ५.२.११५ इति इनिः*] गण्डमालाको रोग लागेको व्यक्ति । **भक्ष्याभक्ष्यो गण्डमाली महारोगी प्रजायते** (ग.पु.प्रेतकल्प २.७२) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MiDi

गण्डशैलः (पुं.) [*गण्ड इव शैलः, शैलशब्दस्तदवयवे वर्तते, विशेषणं विशेष्येण बहुलम् २.१.५७ इति समासः, शैलानां गण्ड इव इति वा, राजदन्तादिषु परम् २.२.३१ इति शैलशब्दस्य परनिपातः*] १.पहाडबाट झरेको ठुलो ढुङ्गा २.निधार । **गण्डशैलो ललाटे स्याच्च्युतस्थूलोपले गिरेः** (मेदिनी.) ।

गण्डस्थलम् (नपुं.) [*गण्डस्य स्थलम्, ष.त.*] १.गाला २.हात्तीको कन्चट ।

गण्डान्तः (पुं.) फलित ज्योतिषअनुसारको एक योग । यो नक्षत्रगण्डान्त, तिथिगण्डान्त र लग्नगण्डान्त गरी तीन किसिमको हुन्छ । **नक्षत्रगण्डान्त**– ज्येष्ठा, अश्लेषा र रेवती नक्षत्रको अन्त्यका दुई घडी, मूल मघा तथा अश्विनीको आदिभागको दुई घडीलाई नक्षत्रगण्डान्त भनिन्छ । यी ६ लाई नक्षत्रमूल मान्दछन् ।

ज्येष्ठाश्लेषरेवतीनामन्ते च घटिकाद्वयम् ।
आदौ मूलमघाश्वानां भगण्डं घटिकाद्वयम् ॥

तिथिगण्डान्त– नन्दादितिथिको आदिको र पूर्णा तिथिको अन्त्यको एक घडी तिथिगण्डान्त हुन्छ ।

नन्दिकायास्तिथेरादौ पूर्णानां च तथान्तिमे ।
घटिकैका शुभे त्याज्या तिथिगण्डोऽयमुच्यते ॥

लग्नगण्डान्त– मीन, वृश्चिक, कर्कटको अन्त्यको र मेष, धन, सिंहका आदिको आधा घडीलाई लग्नगण्डान्त भन्दछन् ।

मीनवृश्चिककर्कान्ते घटिकार्धं परित्यजेत् ।
आदौ मेषस्य चापस्य सिंहस्य घटिकार्धकम् ॥ (बृ.ज्यो. सा.)

गण्डाली (स्त्री.) [*गण्डतीति, गडि वदनैकदेशे इति धातोः, बाहुलकादालञ्, यद्वा गण्डमलति, कर्मण्यण् ३.२.९ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] सेतो दुबो ।

गण्डास्थि (नपुं.) [*गण्डयोः अस्थि, ष.त.*] गालाको माथिल्लो भाग र आँखाको तल्लो भागमा पर्ने हाड ।

गण्डिः (पुं) [*गडिधातोरिन्*] वृक्षको मूलदेखि हाँगापूर्वको भाग ।

गण्डीरः (पुं.) [*गण्डतीति, गण्ड्यते वा, गडि वदनैकदेशे इति धातोः, ईरः*] सुठुनी/सखरखण्ड ।

गण्डुः (पुं.) [*गण्डति यः, गडि वदनैकदेशे इति धातोः, बाहुलकात्, भृमृशीङ्तृचरित्सरितनिधनिमिमस्जिभ्य उः (उ.) इति उः*] तकिया ।

गण्डूः (स्त्री.) [*पृषोदरादितया दीर्घः*] ग्रन्थि ।

गण्डूपदः (पुं.) [*गण्डवः ग्रन्थयस्ताभिरन्वितानि पदान्यस्य, म.प.स.*] गँड्यौलो । **गण्डूपदस्य रूपाणि पिच्छिलानि मृदूनि च** (माधव) ।

गण्डूपदी (स्त्री) [*स्त्रियामल्पार्थे ङीष्*] सानाखाले गँड्यौला ।

गण्डूषः (पुं.) [*गण्डति वदनावयवं दिशतीति, गडि वदनैकदेशे इति धातोः, गडेश्च (उ.) ५२७ इति ऊषन्*] १.कुल्ला २.मुखभरको पानी ३.एक पसर बराबर पानी ४.हात्तीका सुँढको अघिल्लो भाग । **अपां द्वादशगण्डूषैर्मुखशुद्धिर्विधीयते** (हला.टीका) ।

गण्डूषा (स्त्री.) [*गडि वदनैकदेशे इति धातोः, गडेश्च (उ. ५२७) इति ऊषन् ,टाप् ४.१.४*] १.मुखभरीको पानी २.एक पसर पानी ।

गण्यः (पुं.वि.) [*गणं लब्धा, धनगणं लब्धा ४.४.८४ इति यत्, अलोपः*] १.नामी २.प्रतिष्ठित ३.[*गणयितुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, अलोपः*] गणना गर्न लायक ४.[*गणे भवः, दिगादिभ्यो यत् इति यत्*] समूहमा भएको । **~मान्यः** (पुं.वि.) [*गण्यश्चासौ मान्यश्च, कर्म.स.*] प्रतिष्ठित/सम्मानित ।

गतः (पुं.वि.) [*गच्छति स्म, गम्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.गएको/बितेको २.मरेको ३.खराब हालत भएको/दुर्गतिमा परेको ४.जानिएको ।

गतप्रत्यागतम् (नपुं.) [*गतञ्च प्रत्यागतञ्च, कृतापकृता– दीनामुपसङ्ख्यानम् (वा.) इति तत्पुरुषसमासः*] जानुआउनु ।

गतम् (नपुं.) [*गमनम्, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.हिँडाइ/गमन २.दुर्गति ३.खराब हालत ।

गतागतः (पुं.) शिव । **नीतिर्ह्यनीतिः शुद्धात्मा शुद्धो मान्यो गतागतः** (म.भा. १३.१७.७९) ।

गतागतम् (नपुं.) [*गतञ्च आगतञ्च तयोः समाहारः, द्व.स.*] १.संसारचक्रमा भइरहने आवागमन/जन्म–मरण २.आवत–जावत । **गतागतं कामकामा लभन्ते** । (भ.गी. ९.२१) ३.[*गतम् ऊर्ध्वगमनमागतमधो गमनं यत्र*] पक्षीको गतिविशेष ।

गताङ्कः (पुं.) [*गतश्चासौ अङ्कश्च, कर्म.स.*] १.पत्रपत्रिकाको अगिल्लो अङ्क वा गएको अङ्क २.घटाइएको अङ्क (गणितमा)

गतानुगतम् (नपुं.) [*गतस्य अनुगतम्, ष.त.*] पुरानो प्रथाको अनुसरण ।

गतानुगतिकः (पुं.) [*गतस्य अनुगतिर्यस्य सः, बहु.स.*] १.पुरानो रीतिरिवाजको अनुसरण गर्ने २.शोचविचार नगरी पछि लाग्ने/अन्धानुयायी । **गतानुगतिको लोको न लोकः पारमार्थिकः** (हितो.) ।

गतायुः (पुं.वि.) १.[*गतमायुर्यस्य सः,बहु.स.*] आयु सकिएको ।

पिता मृतस्ते च पितामहः सा यया धृतो वाऽप्युदरे स्वकीये ।
मृतोऽप्यसौ बन्धुजनः समस्तो दृष्टं त्वया सर्वमिदं गतायुः ॥
(ग.पु.ध.का.४८.३१)

२.(नपुं.) [*गतञ्च तदायुश्च, कर्म.स.*] बितेको आयु ।

गतार्तवा (स्त्री.) १.[*गतं निवृत्तम् आर्तवं रजो यस्याः सा, बहु.स.*] वृद्धा २.[*गतं दुष्टमार्तवं रजो यस्याः सा*] बाँझी /वन्ध्या ।

गतार्थः (पुं.वि.) [*गतः अर्थः विषयो यस्य सः, बहु.स.*] १.अन्तर्भाव भएको २.[*गतो विदितो विषयो यस्य सः, बहु.स.*] विदित भइसकेको/आद्योपान्त खुलस्त/छर्लङ्ग भएको ।

गतिः (स्त्री.) [*गमनम्, गम्लृ गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.चाल/हिँडाइ/गमन/अवस्था २.कर्मफल । **गतिः कर्मफलम्** (शा.भा.) । ३.कुनै पनि प्राणीको दशा/अवस्था ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथातः श्रद्धयोपेतो योगाच्चलितमानसः । अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥ (भ.गी.) ४.सम्भावित प्रयासको सीमा, शक्ति, क्षमता, तागत ५.[*गम्यते ज्ञायतेऽनया, करणे क्तिन्*] ज्ञान। **न ते विदुः स्वार्थगतिं हि विष्णुं दुराशया ये बहिरर्थमानिनः ।** (भाग.) ६.[*गम्यते प्राप्यतेऽनया, करणे क्तिन्*] यात्रा/उपाय ७.[*भावे क्तिन्*] परिणाम। **मदनमुपदधे स एव तासां दुरधिगमा हि गतिः प्रयोजनानाम्** (किरा.) ८.प्रमाण। **कूपेति चेदस्तु मृगः क्षतः क्षणादनेन पूर्वं न मयेति का गतिः** (किरा.)। ९.[*गम्यते इति कर्मणि क्तिन्*] स्वरूप। **चरतस्तपस्तव वनेषु सहा न वयं निरूपयितुमस्य गतिम्** (किरा.) १०.विषय। **तपः किलेदं तदवाप्तिसाधनं मनोरथानामगतिर्न विद्यते** (कु.सं.)। ११.प्रवेश/ पहुँच १२.मोक्ष/मुक्ति १३.वास्तु वा मूर्तिकलामा तिस अङ्गुल बराबरको नापो १४.कुनै वस्तु वा पिण्डले प्रतिक्षणमा पार गरेको दूरी। सूर्यसिद्धान्तमा यसलाई गतिहेतु भनिएको छ।

अदृश्यरूपाः कालस्य मूर्तयो भगणाश्रिताः ।
शीघ्रमन्दोच्चपाताख्या ग्रहाणां गतिहेतवः ॥ (सू.सि.)

गतित्रयम् (नपुं.) [*गतीनां त्रयम्, ष.त.*] १.तीन किसिमको गति- ऊर्ध्वगति, अधोगति र तिर्यग् (तेर्सो) गति २.सम्पत्तिका गति- दान, भोग र नाश।

गतिरहितः (पुं.वि.) [*गत्या रहितः, तृ.त.*] १.गतिहीन/स्थिर २.असहाय/दुःखी।

गतिरोधः (पुं.) [*गतेः रोधः, ष.त.*] १ गति रोकिने काम २.उन्नति प्रगति आदि रोकिनु ३.[*गतेः रोधोऽनेन*] उन्नति प्रगति आदिमा परेको बाधा/अड्चन।

गतिविज्ञानम् (नपुं.) [*गतेर्विज्ञानम्, ष.त.*] वस्तु वा पदार्थको वेगसम्बन्धी शास्त्र।

गतिविधिः (पुं.) [*गतेर्विधिः, ष.त.*] १.कुनै व्यक्ति वा समूहको चेष्टा/क्रियाकलाप २.हिड्ने तरिका ३.प्रकृतिका हरेक पक्षमा भइरहने हेरफेर।

गतिशीलः (पुं.वि.) [*गतौ शीलं यस्य सः, बहु.स.*] १.एकै ठाउँमा वा एउटै स्थितिमा सीमित नभई निरन्तर अगाडि लम्कने/हिंडडुल गर्ने/चल्ने/चलायमान २.आफ्नो साथसाथै अरूलाई पनि सक्रिय बनाउन चेष्टा गर्ने/लक्ष्यमा अग्रसर हुने ३.उन्नतिशील।

गतिसिद्धान्तः (पुं.) [*गतेः सिद्धान्तः, ष.त.*] कुनै पनि पदार्थ वा वस्तुको गतिसम्बन्धी दर्शन वा सिद्धान्त/खगोल तथा भूगोलको गतिसिद्धान्त।

गतिहीनः (पुं.वि.) [*गत्या हीनः, तृ.त.*] १.कुनै गति वा उपाय नभएको २.अडिएको/रोकिएको ३.असहाय।

गते (अव्य.) [*गत+ए*] सूर्य एकराशिबाट अर्को राशिमा सरेको दिनलाई १ गते मानी त्यस राशिमा सूर्य रहुन्जेल बढ्दै जाने प्रत्येक दिन/दिनाङ्क/सौरमासअनुसारको पञ्चाङ्ग बमोजिम महिनाको प्रारम्भदेखिको प्रत्येक दिन।

गत्यन्तरम् (नपुं.) [*गतेः अन्तरम्, ष.त. गतिगतमन्तरं वा, म.प.स.*] १.गुरुत्वाकर्षण आदिको प्रभावबाट ग्रहको गतिमा देखापरेको फरक स्थिति २.गतिमा आएको अन्तर।

गत्यवरोधः (पुं.) [*गतेः अवरोधः, ष.त.*] हे. गतिरोधः।

गत्वरः (पुं.वि.) [*गन्तुं शीलः, गत्वरश्च ३.२.१६४ इति क्वरप्, अनुनासिकलोपश्च, तुक्*] १.गमनशील २.नश्वर/नाशवान्। **बीभत्सा विषयाः जुगुप्सिततमं कायो वयो गत्वरम्** (शान्तिशतक)।

गद (धा.) [*व्यक्तायां वाचि, भ्वा.सक.सेट् पर.*] स्पष्ट बोल्नु। लट्– **गदति–** स्पष्ट बोल्छ। लिट्– **जगाद–** स्पष्ट बोलेछ (अन.)। लुट्– **गदिता–** स्पष्ट बोल्ने छ (अन.)। लृट्– **गदिष्यति–** स्पष्ट बोल्ने छ। लोट्– **गदतु–** स्पष्ट बोलोस्। लङ्– **अगदत्–** स्पष्ट बोल्यो (अन.)। विधिलिङ्– **गदेत्–** स्पष्ट बोल्ला, स्पष्ट बोलोस्। आशीर्लिङ्– **गद्यात्–** स्पष्ट बोलोस्। लुङ्– **अगादीत्/अगदीत्–** स्पष्ट बोल्यो। लृङ्– **अगदिष्यत्–** स्पष्ट बोल्ने थियो। कर्मणि– **गद्यते–** स्पष्ट बोलिन्छ। णिचि– **गादयति–** स्पष्ट बोल्न लगाउँछ। सनि– **जिगदिषति–** स्पष्ट बोल्न चाहन्छ। कृदन्ते– **गदनीयम्/गदितव्यम्/गद्यम्–** स्पष्ट बोल्नु पर्ने, छन्दमा नलेखिएको रचना। **गदितुम्–** स्पष्ट बोल्न। **गदित्वा/संगद्य–** स्पष्ट बोलेर इत्यादि।

गदः (पुं.) [*गदयति पीडयति, गद पीडने इति धातोः, णिजन्तात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.रोग २.श्रीकृष्णको भाइ। **गदः कृष्णानुजे रोगे गदाप्रहरणान्तरे** (हैम.) ३.भाषण ४.औषधि। **अथ सुश्राव गच्छन् स तक्षको जगतीपतिम्। मन्त्रैर्गदैर्विषहरै रक्षमाणं प्रयत्नतः** (म.भा.) ५.राक्षसविशेष। **गदो नामासुरो ह्यासीद् वज्राद् वज्रतरो दृढः** (वा.पु.)।

गदनिग्रहः (पुं.) १.[*गदस्य निग्रहः, ष.त.*] २.[*गदस्य निग्रहो वर्णितो यत्र सः, बहु.स.*] आयुर्वेदशास्त्रको एक ग्रन्थ। यसका रचयिता सोढल हुन्। यिनको समय तेह्रौं शताब्दी हो। यो पुस्तक १० खण्डमा विभक्त छ। यसको पहिलो खण्डमा चूर्ण, गुटिका, अवलेह, आसव, घृत, तैलविषयक ६ अधिकार छन्, ५८५ योगहरूको सङ्ग्रह छ यसमा। बाँकी ९ खण्डमा क्रमशः कायचिकित्सा, शालाक्य, शल्य, भूततन्त्र, बालतन्त्र, विषतन्त्र, बाजीकरण, रसायन र पञ्चकर्मको वर्णन छ। यिनले गुणसङ्ग्रहनामक चिकित्सा ग्रन्थको पनि रचना गरेका छन्।

गदम् (नपुं.) [*गद्यते पीडयतेऽनेन*] विष।

गदा (स्त्री.) [*गदयति पीडयति विपक्षम्, गद पीडने इति धातोः, णिजन्तात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.मानिसको छातीबराबरको अग्लो, आठपाटे टुप्पातिर डल्लो र तलतिर डन्डा भएको, ठोकेर शत्रुलाई मार्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

प्राचीन कालको एक हतियार। पौराणिक कथनअनुसार विष्णुले हातमा लिएको गदा गदसंज्ञक राक्षसको हाडबाट बनेको हुँदा यसको नाम गदा रहन गएको हो। ब्रह्माको निर्देशानुसार यसको रचना विश्वकर्माले गरेका थिए। पछि यसैअनुसार फलाम आदि धातुबाट अन्य गदाहरू तयार भएका हुन्। (वा.पु. गयामा. अध्याय ५) २.योगविशेष (लघुजातक १०.३) **~अग्रपाणिः** (पुं.वि.) [*गदा अग्रपाणौ यस्य सः,बहु.स.*] दाहिने हातमा गदा लिने। **~अभिक्षेपः** (पुं.) गदाको टुप्पाले हान्नु। **~भृत्** (पुं.) विष्णु [*गदां बिभर्ति,क्विप्,तुक् च*] ३.(पुं.वि.) गदाधारी। **~प्रक्षेपः** (पुं.) [*गदायाः प्रक्षेपः,ष.त.*] टाढाको शत्रुमाथि गदाको झटारो हान्ने काम। **~परिक्षेपः** [*गदया परिक्षेपः, तृ.त.*] (पुं.) नजिकको शत्रुमाथि गदाले हान्नु। **~विक्षेपः** (पुं.) धेरै शत्रुले घेरिएमा गदा घुमाउँदै हान्नु (म.भा.आदिपर्व)।

गदाग्रजः (पुं.) *गदस्य वसुदेवपुत्रभेदस्य अग्रजः, ष.त.*] श्रीकृष्ण।

गदाधरः (पुं.) [*धरतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गदायाः धरः, ष.त.*] १.विष्णु २.महादेव। गयाका गदाधर विष्णु नभएर महादेव हुन्। **भोजपुरे भोजनाथो गयायाञ्च गदाधरः**। (शिवशतनामस्तोत्र) ३.(पुं.वि.) गदा बोक्ने।

गदाधरभट्टाचार्यः (पुं.) बङ्गालका एक प्रसिद्ध नैयायिक। यिनको समय सत्रौँ शताब्दी हो। यिनले रघुनाथ शिरोमणिद्वारा लिखित दीधितिको विशद व्याख्या गरेका छन्। यिनको टीकालाई गादाधरी टीका भनिन्छ। यिनले ५२ वटा किताब लेखेका छन्। तीमध्ये उदयनाचार्यको प्रसिद्ध ग्रन्थ आत्मतत्त्वविवेक र गङ्गेशोपाध्यायको तत्त्वचिन्तामणिको टीका विशेष उल्लेखनीय छन्। यिनका मौलिक ग्रन्थहरूमा शक्तिवाद र व्युत्पत्तिवाद महत्त्वपूर्ण मानिन्छन्।

गदी (धा.) [*देवशब्दे, चुरा.अक.सेट्, उभय.*] मेघ गर्जनु। लट्– **गदयति–ते–** मेघ गर्जन्छ इत्यादि।

गदी (पुं.) [*गदा अस्यास्तीति,इनिः*] १.विष्णु।

किरीटिनं गदिनं चक्रिणञ्च तेजोराशिं सर्वतो दीप्तिमन्तम्।

(भ.गी. ११.१७) २.गदाधारी ३.[*गदोऽस्यास्तीति,इनिः*] रोगी।

गद्गदः (पुं.वि.) [*गद्गद्यति, गद्गद वाक्यस्खलने इति धातोः पचाद्यच्*] १.लर्बराएर बोल्ने २.हर्ष,शोक आदिले विभोर भएर बोली नै लर्बराउने।

तत्किं रोदिषि गद्गदेन वचसा कस्याग्रतो रुद्यते (अम.श.)।

गद्यम् (नपुं.) १.[*गद्यते कथ्यतेऽनेन इति, गद व्यक्तायां वाचि, इति धातोः, गदमदचरयमश्चानुपसर्गे ३.१.१०० इति करणे यत्*] छन्दको प्रयोग नभएको वाक्य। संस्कृत साहित्यमा गद्य पद्य दुवैको प्रयोग भएको छ। छन्दोमञ्जरीकारले पादव्यवस्था नभएको रचनालाई गद्य भनेका छन्। **अपादपदसन्तानो गद्यम्**। (छन्दो.) गद्य तीन किसिमको हुन्छ– चूर्णक, वृत्तगन्धि र उत्कलिकाप्रायः। चूर्णकमा छोटो समास भएका पदहरू र अकठोर वर्णको प्रयोग हुन्छ। उत्कलिकाप्रायमा लामो समास भएका पदहरूको प्रयोग र कठोर वर्णको बाहुल्य रहन्छ। वृत्तगन्धिमा छन्दको आभास आउँछ। विश्वनाथले गद्यलाई चार भागमा बाँडेका छन्– मुक्तक, वृत्तगन्धि, उत्कलिकाप्राय र चूर्णक। मुक्तकमा समास नभएका पदहरूको प्रयोग हुन्छ। –(छन्दो.) २.(पुं.वि.) [*गदितुं योग्यम्, शक्यं वा*] भन्नुपर्ने/भन्न सकिने।

लभ्या कथं नु वैदेही शक्यो द्रष्टुं कथं हरिः।
सह्यः कथं वियोगश्च गद्यमेतत् त्वया मम॥ (भट्टि.)

~कविता (स्त्री.) [*गद्ये लिखिता कविता, म.प.स.*] गद्यमा रचिएको कविता। **~काव्यम्** (नपुं.) [*गद्ये रचितं काव्यम्, म.प.स.*] गद्यमा लेखिएका रचना। संस्कृत साहित्यमा आख्यायिका, कथा, कथालिका आदि गद्यमा लेखिएका विधाहरू छन्। सुबन्धुको वासवदत्ता, बाणभट्टको हर्षचरित, कादम्बरी, अम्बिकादत्त व्यासको शिवराजविजय आदि यसका उत्कृष्ट नमुना हुन्।

गन्तव्यः (पुं.वि.) [*गन्तुं योग्यः गम्लृ गतौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] जानुपर्ने।

जानासि शम्बलवशं बलमध्वगानां
नो शम्बलः प्रयतते परलोकपान्थ।
गन्तव्यमस्ति तव निश्चितमेव तेन
मार्गेण यत्र भवतः क्रयविक्रयौ न॥ (ग.पु.प्रेतकल्प)

गन्ता (पुं.वि.) [*गच्छतीति, गम्लृ गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.हिँडने २.[*गच्छति प्राप्नोति, शीलार्थे भाविकाले तृन्*] प्राप्त गर्न सक्ने।

यदा ते मोहसलिलं बुद्धिर्व्यतितरिष्यति।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च॥ (भ.गी. २.५२)

गन्तुः (पुं.) [*गच्छतीति, गम्लृ गतौ इति धातोः, सितनिगमिमसि सच्यविधाञ्कुशिभ्यस्तुन् (उ.) इति सूत्रेण तुन्*] पथिक।

गन्त्री (स्त्री.) [*गम्यतेऽनया, सर्वधातुभ्यः ष्ट्रन् (उ.) इति ष्ट्रन्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.सानो खालको गाडी २.(वि.) [*गच्छतीति, पूर्ववत्*] जाने।

गन्त्री वसुमती नाशमुदधिर्दैवतानि च।
फेनप्रख्यः कथं नाशं मर्त्यलोको न यास्यति॥ (ग.पु.प्रे.)

गन्ध (धा.) [*द्रुहि, हिंसायाम्,गतिहिंसायाचनेषु इति रमा नाथः, चुरा.सक.सेट्, आत्म.*] लट्– **गन्धयते–** द्रोह गर्छ, हिंसा गर्छ, हिँड्छ, माग्छ इत्यादि।

गन्ध (धा.) [*अर्दने, चुरा.सक.सेट्, आत्म.*] पीडा दिनु। लट्– **गन्धयते–** पीडा दिन्छ इत्यादि।

गन्धः (पुं.) [*गन्धयते स्वस्थानात्, वासनया दूरं गच्छति, गन्ध गतिहिंसायाचनेषु इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.१.१३४ इत्यच्] १. नाकले चाल पाउन सकिने हावामा मिलेर फैलिएको कुनै वस्तुका सूक्ष्म कणहरूको प्रसार/मिठो वासना वा दुर्गन्ध।

शिरो वहति पुष्पाणि गन्धं जानाति नासिका।
पठन्ति वेदशास्त्राणि दुर्लभो भावबोधकः॥ (ग.पु. धर्मकाण्ड ४९.७९) २.गन्धक ३.घोटेको चन्दन ४.शरीरमा लगाउने वासना आउने वस्तु ५.नाता/सम्बन्ध ६.घमण्ड ७.सहिजन ८.अणुमात्र ९.पञ्चमहाभूतमध्ये पृथ्वीको गुण। **तत्र गन्धवती पृथिवी।** (त.सं.) १०.पञ्च तन्मात्रामध्ये एक/गन्धतन्मात्रा।

गन्धकः (पुं.) [*उग्रो गन्धोऽस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, स्वार्थे कन् ५.४.५*] वारुद आदि विस्फोटक पदार्थ र कीटनाशक औषधिमा प्रयोग हुने तिखो हरक आउने र पहेँलो रङको एक खनिज पदार्थ वा उपधातु। यो दुईप्रकारको हुन्छ– शोधित र अपरिशोधित। अपरिशोधित गन्धक शरीरका लागि हानिकारक हुन्छ।

अशोधितो गन्धक एष कुष्ठं
करोति तापं विषमं शरीरे।
सौख्यञ्च रूपञ्च बलं तथौजः
शुक्रं निहन्त्येव करोति चास्रम्॥ (भा.प्र.नि.)

गन्धकाकुली (स्त्री.) मञ्जरीका रूपमा खैरो फूल फुल्ने र एउटै भेटनामा धेरै पात हुने त्रिदोषनाशक, विषनाशक तथा ज्वरनाशक गुण भएको जडिबुटी।

गन्धकालिका (स्त्री.) [*गन्धवती कालिका, म.प.स.*] व्यासकी आमा। **व्यासस्याम्बा सत्यवती वासवी गन्धकालिका** (अभि.चि. ३.५११)।

गन्धकुटी (स्त्री.) [*गन्धस्य कुटीव*] जटामसी।

गन्धकोकिला (स्त्री.) एक जडीबुटी। नेत्ररोगमा यसको उपयोग हुन्छ। यो बङ्गाल, मुगेर आदि प्रदेशमा उपलब्ध हुन्छ।

गन्धज्ञा (स्त्री.) [*गन्धो ज्ञायतेऽनया, करणे कः, टाप्*] नाक। **गन्धज्ञा नासिका नासा घ्राणं घोणा विकूणिका** (अभि.चि.)

गन्धतृणम् (नपुं.) [*गन्धप्रधानं तृणम्, म.प.स.*] बाबियाको जस्तै पात भएको सानो सेतो रङको फूल फुल्ने सुगन्धी घाँस/तेलबाबियो।

गन्धद्रव्यम् (नपुं.) [*गन्धप्रधानं द्रव्यम्, म.प.स.*] १.मिठो बास्ना आउने पदार्थ २.आफूमा रहेको सुगन्धले अरूलाई पनि सुगन्धित तुल्याउने पदार्थ। जस्तै– श्रीखण्ड, कस्तूरी, केशर आदि।

गन्धधूली (स्त्री.) [*गन्धप्रकाशिका धूली, म.प.स.*] कस्तूरी। **मृगनाभिर्मृगमदः कस्तूरी गन्धधूल्यपि** (अभि.चि.)।

गन्धनम् (नपुं.) [*गन्ध गतिहिंसायाचनेषु इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.उत्साह २.सूचना/चुक्ली ३.प्रकाशन ४.हिंसा ५.याचना ६.चन्दन। **गन्धनमुत्साहे स्यात्प्रकाशने सूचनेऽपि हिंसायाम्** (मेदिनी.)।

गन्धनाकुली (स्त्री.) [*गन्धवती नाकुली*] फ्याक्से।

गन्धफली (स्त्री.) [*गन्धवत् फलं यस्याः सा, बहु.स., पाककर्ण– ४.१.६४ इति ङीष्*] १.गुन्द्री २.चाँपको कोपिलो ३.दहीगुहेँलो ४.कागुनु। **प्रियङ्गौ स्त्री गन्धफली चम्पकस्य च कोरके** (रुद्र)।

गन्धमादनः (पुं.) [*गन्धेन मादयति, मदी हर्षे इति धातोः, णिजन्ताद् नन्दिग्रहि पचादि भ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.भँमरो २.गन्धक ३.बानरविशेष ४.रामेश्वर नजिकै रहेको एक सुन्दर पर्वत। रामले सुग्रीव, जाम्बवान् नील आदि सेनाका साथ यसै पर्वतमा बसेर लङ्का आक्रमणको योजना बनाएका थिए। यहाँको ढिस्काबाट नियालेर हेर्दा रामायणकालिक लङ्का देखिन्थ्यो। यसभित्र विभिन्न तीर्थस्थल छन्। यसको परिक्रमाका क्रममा रामेश्वरबाट हिँडेपछि बाटामा सुग्रीवतीर्थ, अङ्गदतीर्थ, जाम्बवान् तीर्थ र अमृततीर्थ भेटिन्छन्। यस भन्दा अगाडि हनुमान्को मन्दिर छ। यहाँ हनुमान्को प्रसाद भनेर चना बाँडिन्छ। यसभन्दा पर गन्धमादन पर्वत छ। पर्वतको शिखरतिर जाने सिँढीहरू छन्। शिखरबाट अर्कोबाटो तल झरेपछि युधिष्ठिरद्वारा स्थापित धर्मतीर्थ छ। यस पछि क्रमशः भीमतीर्थ, अर्जुनतीर्थ,नकुलतीर्थ, सहदेवतीर्थ र ब्रह्मतीर्थ आउँछन्। यी सरोवर हुन्। ब्रह्मसरोवरको नजिकै भद्रकालीको मन्दिर छ। यस अगाडि द्रौपदी तीर्थ छ। यसको नजिकै बगैचामा कालीको मन्दिर छ। यसको ढोकामा गणेश र सामुन्नेमा वालि तथा सुग्रीवका मूर्ति छन्। यसको नजिकै हनुमान् तीर्थ पनि छ। रामेश्वरबाट हिँडेका यात्रीहरू यिनै तीर्थको दर्शन गर्दै पुनः रामेश्वर आइपुग्छन्। (तीर्थाङ्क)

गन्धमार्जारः (पुं.) [*गन्धप्रधानो मार्जारः, म.प.स.*] अफ्रिका, दक्षिण एशिया, भारतको मालावर प्रान्ततिर पाइने एक प्रकारको बिरालो। यसको गुदद्वार र जननेन्द्रियका माझमा एउटा ठुलो थैली हुन्छ। दुई भागमा विभक्त त्यस थैलीमा रसिलो पदार्थ जम्मा हुन्छ। यसलाई बिरालाको वीर्य भनिन्छ। यो महजस्तै बाक्लो हुन्छ। प्रारम्भिक अवस्थामा यो ज्यादै गह्नाउँछ। अन्य पदार्थ मिसाएपछि यसबाट कस्तूरीको जस्तो वासना आउँछ। यसलाई जाबाद कस्तूरी भन्दछन्। सुगन्धित धूपको निर्माणमा यसको बढी प्रयोग हुन्छ।

(गन्धमार्जारः)

गन्धमूली (स्त्री.) [*गन्धं मूलं यस्याः सा, बहु.स.*] कपुर हलेदो।

गन्धमूषिका (स्त्री.) [*गन्धा दुर्गन्धप्रधाना मूषिका, कर्म.स.*] छुचुन्द्रो।

गन्धरसः (पुं.) [*गन्धवान् रसोऽस्य, राजदन्तादित्वात् २.२.३१ रसशब्दस्य परनिपातः*] औषधिविशेष।

गन्धराजः (पुं.) [*गन्धानां राजा, ष.त., टच्*] लहरा भएको, मिठो बास्ना आउने एक जातको लाम्चो फूल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

गन्धर्वः (पुं.) [*गन्धयति गन्ध्यते वा, गन्ध अर्दने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.३४ इत्यच्, अर्वति, अर्व गतौ इति धातोः, पूर्ववत् अच् ३.१.१३४ गन्धश्वासावर्वश्च शकन्ध्वादिषु पररूपं वाच्यम् (वा) ६.१.९४ पररूपम्, यद्वा गन्धे अर्वो बोधोऽस्य*] १.गाना बजानाको काम गर्ने व्यक्ति २.मृग ३.घोडा ४.एक शरीर छोडेर अर्को शरीर लिने आत्मा ५.विधवाको पति ६.एक जाति, यस जातिका छोरीहरू सानैदेखि नाच्ने र गाउने गर्छन्। ७.सङ्गीतमा तालका मुख्य ६० भेदमध्ये एक भेद ८.कस्तूरी मृग ९.कालो जातको कोइली १०.गानाबजानामा प्रवीण देवयोनिविशेष। हाहा, हूहू, चित्ररथ, हंस, विश्वावसु, गोमायु, तुम्बुरु, नन्दी आदि अनेक गन्धर्व छन्। यिनीहरूको एघार सम्प्रदाय छ— अभ्राज, अङ्घारि, वम्भारि, सूर्यवर्चा, कृधु, हस्त, सुहस्त, स्वाम्, मूर्द्धन्वान्, महामना, विश्वावसु, र कृशानु। **अभ्राजोऽङ्घारि वम्भारी सूर्यवर्च्चास्तथा कृधुः। हस्तः सुहस्तः स्वान्वैव, मूर्द्धन्वांश्च महामनाः। विश्वावसुः कृशानुश्च गन्धर्वैकादशा गणाः॥** (अ.पु.)

गन्धर्वद्वीपः (पुं./नपुं.) [*गन्धर्वस्य द्वीपः, ष.त*] पुराणअनुसार शतशृङ्गका आठ छोराहरूमध्ये गन्धर्वको भागमा परेको एक खण्ड।

गन्धर्वनगरम् (नपुं.) [*गन्धर्वस्य नगरम्, ष.त.*] १.आकाश वा जमिनमा आभासको रूपमा देखिने सहर। गर्मीको दिनमा मरुभूमि या समुद्रमा वायुका तहको घनत्व गर्मीको कारणले असमान हुन्छ। त्यस बेला प्रकाशको गतिको विच्छेदबाट अर्को सहर, गाउँ, वृक्ष, ढुङ्गा आदिको प्रतिबिम्ब उल्टेर पृथ्वीमा पर्छ, त्यसवखत टाढाको गाउँ, सहर अथवा उल्टो मानिस नजिकै देखिन्छ। यो दृष्टिदोष वायुको असमान तहको कारणले गर्दा भएको हो। यसको फल बृहत्संहितामा लेखिएको छ। २.महाभारतमा वर्णित गन्धर्वहरूको राजधानी वा वस्ती ३.काल्पनिक नगर/मिथ्यालोक।

गन्धर्वराजः (पुं.) [*गन्धर्वाणां राजा, राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] गन्धर्वका राजा चित्ररथ।

गन्धर्वविद्या (स्त्री.) [*गन्धर्वस्य विद्या, ष.त.*] सङ्गीतशास्त्र/गानबजानसम्बन्धी विद्या।

गन्धर्वविवाहः (पुं.) [*गन्धर्वविधिना विवाहः, म.प.स.*] आठथरी विवाहमध्ये एक किसिमको विवाह। यसमा युवक-युवतीको आपसी प्रेमबाट विवाह हुन्छ। यो विवाह क्षत्रियका लागि श्रेष्ठ मानिएको छ। यसमा मन्त्रहीन सम्बन्ध स्थापित हुन्छ।

क्षत्रियस्य हि गान्धर्वो विवाहः श्रेष्ठ उच्यते।
सकामायाः सकामेन निर्मन्त्रो रहसि स्मृतः॥
(म.भा.आ.प.)

यस्तो विवाहमा बाबुआमाको स्वीकृति लिइरहनु पर्दैन।

गन्धर्ववेदः (पुं.) [*गन्धर्वस्य वेदः, ष.त.*] चार उपवेद मध्ये एक/गन्धर्वविद्या/सङ्गीतशास्त्र। यो सामवेदको उपवेद मानिन्छ।

गन्धर्वहस्तकः (पुं.) [*गन्धर्वस्य मृगभेदस्य हस्त इव हस्तः पत्रम् अस्य*] अँडिर।

गन्धवहः (पुं.) [*वहतीति वहः, वह प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गन्धस्य वहः, ष.त.*] १.श्रीखण्ड २.वायु ३.(पुं.वि.) गन्ध लैजाने ४.सुगन्धित।

गन्धवहा (स्त्री.) [*वहतीति, वह प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, गन्धस्य वहा, ष.त.*] नाक। **स्याद् गन्धवहा नासायां पुंलिङ्गे मातरिश्वनि** (मेदिनी.)।

गन्धवती (स्त्री.) [*गन्धोऽस्त्यस्याम्, वतुप्, उगित्वान् ङीप्*] १.पृथ्वी २.राजा उपरिचरकी कन्या। यिनको नाम सत्यवती पनि हो। यिनलाई योजनगन्धा वा मत्स्यगन्धा पनि भन्दछन्। यिनैबाट कृष्णद्वैपायन (वेदव्यास) को जन्म भएको हो।

गन्धवाहः (पुं.) [*गन्धं वहति, वह प्रापणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.वायु २.मृगविशेष/कस्तूरीमृग **गन्धवाहो मृगेऽनिले** (विश्व.)।

गन्धसारः (पुं.) [*गन्धवान् सारः स्थिरभागोऽस्य, गन्ध एव सारोऽस्य वा*] श्रीखण्ड चन्दन। **गन्धसारो मलयजचन्दने** (अभि.चि.)।

गन्धाक्षताः (स्त्री.बहु.) [*गन्धश्च अक्षताश्च, द्व.स.*] चन्दन अक्षता आदि।

गन्धाश्मा (पुं.) [*गन्धयुक्तोऽश्मा, म.प.स*] गन्धक। **गन्धाश्मा शुल्वपामाकुष्ठारिगन्धिकगन्धकौ** (अभि.चि.)।

गन्धाष्टकम् (नपुं.) आठथरी सुगन्धित वस्तुबाट बनाइएका वस्तु। यी देवताका भेदले फरक फरक हुन्छन्— १.गणेशका अष्टगन्धहरू— श्रीखण्ड, अगुरु, कपूर, गोरोचन, कुङ्कुम, हात्तीको मद, रक्तचन्दन र माहुर। **चन्दनागुरुकर्पूररोचनाकुङ्कुमं मदम्। रक्तचन्दनयावादि गाणपत्यमुदाहतम्।** २.शक्तिका अष्टगन्ध— चन्दन (श्रीखण्ड,), अगरु, कपूर, समयो, कुङ्कुम गोरोचन, जटामसी, र कस्तूरी। **चन्दनागुरुकर्पूरचोर कुङ्कुमरोचनाः। जटमांस्यथ कस्तूरी शक्तेर्गन्धाष्टकं विदुः॥** ३.शिवका अष्टगन्ध— जल, केशर, कूठ,रक्तचन्दन,श्रीखण्ड, सेतो लोध, अगरु, र कपूर। **जलकाश्मीरकुष्ठैस्तु रक्तचन्दन चन्दनैः। मालवागुरुकर्पूरैः शाम्भवं चाष्टगन्धकम्।** ४.विष्णुका अष्टगन्ध— सुगन्धवाल, श्रीखण्ड, कूठ, अगरु, कुङ्कुम, कालो जटामसी, उशीर र जटामसी। **ह्रीबेरं चन्दनं कुष्ठमगरुः कुङ्कुमं मुरम्। सेव्यकञ्च जटमांसी वैष्णवं तदुदीरितम्।** ५.सूर्यका अष्टगन्ध— जल, केशर, कूठ, रक्तचन्दन, श्रीखण्ड, तमाल (तेजपात), अगरु र कपूर। **जलकाश्मीरकुष्ठैस्तु रक्तचन्दनचन्दनैः। तमालागुरुकर्पूरैः सौरं गन्धाष्टकं विदुः।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्धिकः (पुं.) [*गन्धोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] १.गन्धक २.गन्धद्रव्यको व्यापार गर्ने व्यक्ति।

गन्धिनी (स्त्री.) [*प्रशस्तो गन्धोऽस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.जटामसी २.गन्ध आउने वस्तु।

गन्धोतुः (पुं.) [*गन्धयुक्तः ओतुः,ओत्वोष्ठयोः समासे वा (वा.) इत्यकारलोपः*] खट्टास।

गन्धोत्तमा (स्त्री.) [*गन्धेनोत्तमा,तृ.त.*] जाँडरक्सी/ गन्धप्रधान मादक पदार्थ। **गन्धोत्तमा कल्यमिरा परिप्लुता कादम्बरी स्वादुरसा हलिप्रिया** (अभि.चि.)।

गन्धोली (स्त्री.) [*गन्धयते, गन्ध अर्दने इति धातोः, बाहुलकादोलच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] माखोविशेष।

गभस्तिः (पुं.) [*गम्यते, अन्यत्रापि दृश्यते (वा.) ३.२.४८ इति डः, गो ज्ञेयवर्गः, तं बभस्ति दीपयति, भस भर्त्सनदीप्त्योः इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.सूर्य २.किरण।

गभस्तिः (स्त्री.) [*गच्छतीति गः, अग्निः, तं बभस्त्यनया,करणे क्तिच्*] स्वाहा। **गभस्तिः किरणे सूर्ये ना स्वाहायां तु योषिति** (विश्व.)।

गभस्तिमान् (पुं.) [*गभस्तिरस्यास्तीति, मतुप्*] १.सूर्य २.देशविशेष।

गभीरः (पुं.वि.) १.[*गच्छति जलमत्र, गम्लृ गतौ इति धातोः, गभीरगम्भीरौ (उ.) ४८३ इति ईरन्, भश्चान्तादेशः*] गहिरो/अगाध २.[*गम्यते प्राप्यते ज्ञायते वा सः, गम्लृ गतौ इति धातोः, पूर्ववत्*] गहन ३.अर्थगौरवले पूर्ण/गहन विचार भएको ४.धीर/शान्त ५.प्रचण्ड। **कालेन सर्वत्र गभीररंहसा** (भाग.१.५.१८)।

गभीरा (स्त्री.) [*गच्छति, गम्लृ गतौ इति धातोः, गभीरगम्भीरौ (उ.) ४८३ इति ईरन्, टाप्*] स्त्रीजातिलाई लाग्ने बाडुलीरोग/हिक्का **नाभिप्रवृत्ता या हिक्का घोरा गम्भीरनादिनी। शुष्कोष्ठकण्ठ जिह्वास्यश्वासपार्श्वरुजाकरी। अनेकोपद्रवसंयुता गभीरा नाम सा स्मृता** (सुश्रुत.)।

गम् (नपुं.) [*गीयते इति गैधातोर्बाहुलकाद् भावे डः, टिलोपः*] गाना/गीत (एका.को.)।

गमः (पुं.) [*गमनम्, गम्लृ गतौ इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इति अप्*] १.हिँडाइ/गमन २.युद्धका लागि वीरको प्रस्थान ३.बोध/ज्ञान ४.मैथुन। **ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः** (मनु.) ५.[*गम्यतेऽत्र, अधिकरणेऽप्*] बाटो ६.[*गम्यते पर राष्ट्रव्यवहारादयोऽनेन, करणेऽप्*] दूतविशेष।

गमकः (पुं.वि.) [*गमयति बोधयति,गम्धातोर्णिचि ण्वुल्,अकः*] १.बोधक/बुझाउने २.(पुं.) स्वरविशेष। **माघपौषनिशायान्तु शेषप्रहरमात्रके। साधकः सलिले स्थित्वा गमकान् सप्त साधयेत्** (सङ्गीतदा.)।

गमनम् (नपुं.) [*गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ.७.१.१ इत्यनः*] १.हिँड्ने काम/यात्रा २.विजयका लागि गरिने प्रस्थान ३.स्त्रीसित गरिने सम्भोग/मैथुन।

अगम्यागमनाच्चैव अभक्ष्यस्य च भक्षणात्।
मुच्यते सर्वपापेभ्यः पञ्चवक्त्रस्य धारणात्॥ (ति.त.)

गमनागमनम् (नपुं.) [*गमनञ्च आगमनञ्च तयोः समाहारः, द्व.स.*] आवत-जावत वा आउने जाने काम।

गमनीयः (पुं.वि.) [*गन्तुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] जान लायक।

गमी (पुं.वि.) [*गमिष्यतीति, गम्लृ गतौ इति धातोः, गमेरिनिः (उ.) ४५४ इति इनिः*] जाने/हिँड्ने।

गम्भारी (स्त्री.) [*कं जलं बिभर्ति, डुभृञ् धारणपोषणयोः इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, पृषोदरादित्वात् गत्वम्*] खमारी।

गम्भीरः (पुं.वि.) [*गच्छति जलमत्र, गम्लृ गतौ इति धातोः, गभीरगम्भीरौ (उ.) ४८३ इति ईरन् भकारोऽन्तादेशः, पक्षे नुमागमः*] १.गहिरो २.जान्न र बुझ्न गाह्रो/विचारपूर्ण/गहन ३.शान्त/धीर।

गम्भीरता (स्त्री.) [*गम्भीरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.गहिरोपन/गहिराइ २.गाम्भीर्य।

गम्यः (पुं.वि.) [*गम्यते, गम्लृ गतौ इति धातोः, पोरदुपधात् ३.१.९८ इति यत्*] १.प्राप्त गर्न सकिने २.जानसकिने ३.जान्न सकिने। **~गमकभावसम्बन्धः** (पुं.) [*गम्यश्च गमकश्च, तयोः भावः, स एव सम्बन्धः*] रससूत्रको व्याख्याको क्रममा यस शब्दको प्रयोग भएको छ। भट्टलोल्लटले **विभावानुभाव व्यभिचारिसंयोगाद् रसनिष्पत्तिः** भन्ने भरतनाट्य-सूत्रको व्याख्याको क्रममा संयोग शब्दको अर्थ गर्दा यस शब्दको प्रयोग गरेका छन्। उनको दृष्टिकोणअनुसार विभावादि गमक हुन्छन् भने रस गम्य हुन्छ। यो सम्बन्ध अन्त पनि लागू हुन सक्छ।

गम्यमानः (पुं.वि.) [*गम्यत इति, कर्मण्यात्मनेपदम्, लटः शानच् ३.२.१२४, आने मुक् ७.२.८२ इति मुक्*] १.गइने २.जानिने।

गम्लृ (धा.) [*गतौ, भ्वा.सक.अनिट् पर.*] जानु। लट्— **गच्छति**— जान्छ। **अनुगच्छति**— पछि लाग्छ। **आगच्छति**— आउँछ। **अधिगच्छति**— प्राप्त गर्छ। **अपगच्छति**— फर्कन्छ। **अवगच्छति**— जान्दछ। **उद्गच्छति**— उड्छ। **उपगच्छति**— नजिकै जान्छ, अनुमोदन गर्छ। **उपागच्छति**— नजिकै आउँछ। **दुर्गच्छति**— दुःखसित जान्छ, दुर्घटनामा पर्छ। **निगच्छति**— ज्ञान पाउँछ। **निर्गच्छति**— बाहिर निक्लन्छ। **पर्युद्गच्छति**— माथि उठ्छ। **परिगच्छति**— वरिपरिबाट घेर्छ। **प्रत्यागच्छति**— फर्कन्छ। **विगच्छति**— शत्रुमाथि जाइ लाग्छ। **समागच्छति**— आउँछ। **समुपगच्छति**— स्वीकार गर्छ। **सुगच्छति**— आनन्दसित जान्छ। लिट्— **जगाम**— गएछ (अन.)। लुट्— **गन्ता**— जाने छ (अन.)। लृट्— **गमिष्यति**— जाने छ। लोट्— **गच्छतु**— जाओस्। लङ्— **अगच्छत्**— गयो (अन.)। विधिलिङ्— **गच्छेत्**— जाला, जाओस्। आशीर्लिङ्— **गम्यात्**— जाओस्। लुङ्— **अगमत्**—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

गयो। लृङ्— **अगमिष्यत्**— जाने थियो। कर्मणि— **गम्यते**— गइन्छ। णिचि— **गमयति-ते**— जान लगाउँछ। सनि— **जिगमिषति**— जान चाहन्छ। कृदन्ते— **गन्तव्यम्/गमनीयम्/गम्यम्**— जानुपर्ने। **गतः/गतवान्**— गएको। **गच्छन्-ती**— गइरकेको/की। **गन्तुम्**— जान। **गमनम्**— जाने काम। **गत्वा/संगत्य/संगम्य**— गएर। **जगत्**— **संसार**। **पन्नगः**— सर्प। **विहगः**— चरो इत्यादि।

गयः (पुं.) [*गीयते विद्यादिप्रभावेनासौ , घञ्, पृषोदरादितया ह्रस्वः*] १.एक वानर २.एक असुर ३.आयुद्वारा स्वर्भानुकुमारीको गर्भबाट उत्पन्न गरिएका चौथा छोरा। यी पुरुरवाका नाति थिए। ४.एक राजा, यी अमूर्तरयाका छोरा थिए र यी राजर्षिहरूमा श्रेष्ठ मानिन्थे। ५.गयाप्रदेश।

गया (स्त्री.) [*गयस्तन्नामकोऽसुरः,राजा, राजर्षिर्वा निर्मातृत्वेनास्त्यस्य, अर्शाद्यच्, टाप्*] १.प्रसिद्ध एक पितृतीर्थ। यो भारतको विहार प्रान्तमा पर्छ। नारद पुराणअनुसार गयासुर नामको ठुलो पराक्रमी असुरको तर्फबाट डराएका देवताले त्यस असुरलाई मार्न विष्णुको प्रार्थना गर्दा विष्णुले गदाको चोटले त्यस असुरलाई मारेपछि त्यस असुरले गदाधर भगवान्को रूप लियो। त्यसैले सो स्थान मुक्तिदाता तीर्थको रूपमा स्थापित भएको छ। २.गयनामक राजर्षिद्वारा निर्मित एक सहर। **गयापूर्गयराजर्षेः** (अभि.चि.)।

(गया)

गया यत्र महापुण्या फल्गुश्चैव महानदी।
पुरुषोत्तमो गिरिश्रेष्ठो यत्र बुद्धगया स्मृता॥
तथैवाद्य गयाख्याता त्रिषु लोकेषु विश्रुता।
विष्णोः षोडशपत्तीर्थं गदाधरविनिर्मितम्॥
सर्वपापहरा पुण्या यत्र प्राची सरस्वती।
महासुरनदी प्रोक्ता यत्र तिष्ठति पुण्यदा॥
न्यग्रोधश्चाक्षयो नित्यः पुरा प्रोक्तो महर्षिणा।
तत्रैव सा शिला प्रोक्ता प्रेतमोक्षकरी शुभा॥ (स्क.पु.)

यसको सीमा पाँच कोशको छ। यसभित्र— धर्मपृष्ठ, ब्रह्मसभा, अक्षयवट, ब्रह्मारण्य, धेनुकारण्य, उत्तरमानस, ब्रह्मसरोवर, गृध्रवट, उदयगिरि, फल्गु, गयशिर, मुण्डपृष्ठ, रैवत, देवगिरि, क्रौञ्चपाद, वामनतीर्थ, रामतीर्थ, प्रेतशिला, दक्षिणमानस, कनखल, ब्रह्मकूप, गोप्रचारतीर्थपद, रुद्रपद, ब्रह्मपद, विष्णुपद, इन्द्रपद, काश्यपपद आदि सोह्र पद र अनेक तीर्थहरू छन्। पितृमुक्तिको लागि यहाँ श्राद्ध गरेको ठुलो महत्त्व छ। पहिले सुद्युम्नका पुत्र गयले बनाएको राजधानी भएकाले यसको नाम गया रहन गएको हो। यसै ठाउँमा आठ कोणको वेदीभित्र विष्णुपादुका छ,। त्यसैमा पिण्डदान गरिन्छ। यो फल्गु नदीको किनारमा रहेको ठुलो मन्दिरमा छ। यस क्षेत्रका **दर्शनीय स्थलहरू-फल्गु**— यो नदी गयाको पूर्वपट्टि बगेको छ। यसमा वर्षामा मात्र पानी बगेको देखिन्छ। अरू समयमा बालुवामा खाल्ट्ये खनेर पानी निकाल्नुपर्दछ। गयातीर्थ जाने यात्रीहरूले सात वा सोभन्दा बढी समय बसेर श्राद्ध गर्दछन्। प्रथम स्नान फल्गुमा नै हुन्छ र प्रथम श्राद्ध पनि फल्गुमा नै गर्नु पर्दछ। **विष्णुपद**— गयाको मुख्य मन्दिर। यस मन्दिरमा भगवान्का चरणले अङ्कित अष्टकोणको वेदी छ। मन्दिरबाहिर सभामण्डप छ। श्राद्ध गर्नका लागि दुई मण्डपको निर्माण भएको छ। नजिकै गरुडको प्रतिमा छ। यसको दक्षिणतिर जगन्नाथको मन्दिर छ। धर्मशाला छ। नजिकै एउटा मन्दिरमा लक्ष्मीनारायणको मूर्ति छ। **गदाधर**— विष्णुपद मन्दिरको केही पर पूर्वोत्तर दिशामा फल्गु नदीको किनारमा गदाधर भगवान्को मन्दिर छ। यसमा गदाधर भगवान्को चतुर्भुज मूर्ति छ, श्रीराम, सीता, लक्ष्मण र ब्रह्माका मूर्ति पनि छन्। **गयशिर**— विष्णुपदको दक्षिणतिर गयशिर भन्ने स्थान छ। यहाँ एउटा कुण्ड पनि छ। यहां मानिसहरूले पिण्डदान गर्दछन्। **मुण्डपृष्ठ**— गयशिरदेखि अलि पर मुण्डपृष्ठ भन्ने ठाउँमा बाह्र हात भएकी मुण्डपृष्ठा देवीको मूर्ति छ। **आदिगया**— यो मुण्डपृष्ठदेखि दक्षिण पश्चिममा पर्दछ। सबैभन्दा पुरानो स्थल मानिने यस ठाउँमा रहेको शिलामा पिण्डदान गरिन्छ। **धौतपाद**— यो आदिगयाको दक्षिणपश्चिममा पर्दछ। यहाँ एउटा सेतो शिला छ, यसमा पनि पिण्डदान गर्ने परम्परा छ। गयामा सात दिन बसेर श्राद्ध गर्ने क्रम—१.**प्रथम दिन**— पुनःपुनमा श्राद्ध गरेर गया आएपछि फल्गुमा स्नान, फल्गुका किनारमा श्राद्ध। गायत्रीतीर्थमा प्रातःसन्ध्या, सावित्री तीर्थमा मध्याह्नसन्ध्या, सरस्वतीतीर्थमा सायंसन्ध्या। २.**द्वितीय दिन**— फल्गुमा स्नान। प्रेतशिलामा गएर ब्रह्मकुण्ड र प्रेतशिलामा पिण्डदान। त्यसपछि रामशिला गएर रामकुण्ड र रामशिलामा पिण्डदान। त्यसपछि तल काकवलिस्थानमा आएर काक, यम र श्वान (कुकुर) वलिनामक पिण्डदान ३.**तृतीय दिन**— फल्गुस्नान, उत्तरमानस गएर स्नान, तर्पण, पिण्डदान, उत्तरार्कको दर्शन। त्यसपछि सूर्यकुण्ड आएर उदीची, कनखल र दक्षिणमानसमा स्नान र तर्पण, गदाधरको दर्शन र पूजन ४.**चतुर्थ दिन**— फल्गुस्नान, मतङ्गवापी गएर स्नान, पिण्डदान, धर्मेश्वरको दर्शन, धर्मारण्यमा पिण्डदान। त्यहाँबाट बुद्धगया गएर बोधिवृक्षका मुनि पिण्डदान ५.**पञ्चम दिन**— फल्गुस्नान, ब्रह्मतीर्थमा स्नान, तर्पण, पिण्डदान, आम्रसेचन, ब्रह्मसरोवरको प्रदक्षिणा। काक, यम, श्वानका लागि बलि र स्नान ६.**षष्ठ दिन**— फल्गुस्नान, विष्णुपदका विष्णुपद, रुद्रपद, दक्षिणाग्निपद, गार्हस्पत्यपद, आहवनीयपद, सभ्यपद, आवसथ्यपद, सूर्यपद, कार्तिकेयपद, क्रौञ्चपद र काश्यपपद नामक वेदीको दर्शन, श्राद्ध एवं पिण्डदान। गजकर्णिकामा तर्पण र गयाशिरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिण्डदान। जिह्वालोल, मधुश्रवा र मुण्डपृष्ठमा पिण्डदान **७.सप्तम दिन**— फल्गुस्नान, गदालोलमा स्नान, श्राद्ध। अक्षयवटमा गएर त्यस वृक्षका मुनि श्राद्ध। तीन वा एक ब्राह्मणभोजन। आश्विनकृष्णमा गया गएर लाखौं मानिसले श्राद्ध गर्दछन्। यस समयमा गरिने श्राद्धको क्रम— १.**भाद्रशुक्ल चतुर्दशी**— पुनःपुनःमा तर्पण, श्राद्ध २.**भाद्र शुक्ल पूर्णिमा**— पल्गुमा स्नान, नदीको तीरमा पायसको पिण्डदान ३.**आश्विनकृष्ण प्रतिपदा**— ब्रह्मकुण्ड, प्रेतशिला, रामकुण्ड र रामशिलामा पिण्डदान र काकबलि ४.**आश्विनकृष्ण द्वितीया**— उत्तरमानस, उदीची, कनखल, दक्षिणमानस र जिह्वालोल तीर्थमा पिण्डदान ५.**आश्विनकृष्ण तृतीया**— सरस्वतीस्नान, मतङ्गवापी, धर्मारण्य र बोधगयामा श्राद्ध ६.**आश्विनकृष्ण चतुर्थी**— ब्रह्मसरोवरमा श्राद्ध, आम्रसेचन, काकवलि ७.**आश्विनकृष्ण पञ्चमी**— विष्णुपद मन्दिरभित्र विष्णुपद, रुद्रपद र ब्रह्मपदमा पायसको पिण्डदान ८.**आश्विनकृष्ण षष्ठीदेखि अष्टमीसम्म**— मन्दिर भित्रका सोह्र वेदी (कार्तिकपद, दक्षिणाग्नि, गार्हपत्याग्नि, आहवनीयाग्नि, सातत्याग्नि, आवसथ्याग्नि, सूर्यपद, चन्द्रपद, गणेशपद, दधीचिपद, कण्वपद, मतङ्गपद, क्रौञ्चपद, अगस्त्यपद, इन्द्रपद र काश्यपपद तथा बाहिरका दुई स्थानमा पिण्डदान। अष्टमीका दिन सोह्रवेदीको मण्डपमा दुधले गजकर्णतर्पण ९.**आश्विनकृष्ण नवमी**— रामगयामा श्राद्ध। सीताकुण्डमा माता, पितामही र प्रपितामहीको श्राद्ध १०.**आश्विनकृष्ण दशमी**— गयशिर र गयकूपमा पिण्डदान ११.**आश्विनकृष्ण एकादशी**— मुण्डपृष्ठ, आदिगया र धौतपादमा खुवा वा तिलसक्खरको पिण्डदान १२.**आश्विनकृष्ण द्वादशी**— भीमगया, गोप्रचार र गदालोलमा पिण्डदान १३.**आश्विनकृष्ण त्रयोदशी**— फल्गुस्नान, दुधले तर्पण, गायत्री, सावित्री र सरस्वती कुण्डमा क्रमशः प्रातः, मध्याह्न र सायं सन्ध्या १४.**आश्विनकृष्ण चतुर्दशी**— वैतरणीस्नान र तर्पण १५.**आश्विनकृष्ण अमावास्या**— अक्षयवट मुनि श्राद्ध, ब्राह्मणभोजन १६.**आश्विनशुक्लप्रतिपदा**— गायत्रीघाटमा दही र अक्षताको पिण्डदान। गयाश्राद्ध समाप्त। अशक्त र समयाभाव वा परिस्थिति अनुकूल नहुनेले आफ्नो अवस्थालाई हेरेर पाँच दिन, तीन दिन र त्यति पनि नसके एक दिन भएपनि गया गएर श्राद्ध गर्नुपर्छ। पाँच दिनको श्राद्धक्रम— १.**प्रथम दिन**— प्रेतशिलामा पिण्डदान, रामतीर्थमा स्नान तथा पिण्डदान प्रभासेश्वरको दर्शन, नागपर्वतमा काकवलि २.**द्वितीय दिन**— प्रेतपर्वत, ब्रह्मकुण्डमा स्नान, पिण्डदान, प्रेतका निमित्त तिल मिसाएको सातुको पिण्डदान र तर्पण ३.**तृतीय दिन**— ब्रह्मसरोवर, गोप्रचार, आम्रसेचन, यम-श्वान-काकवलि, ब्रह्मतीर्थको स्नान र गदाधरको दर्शन ४.**चौथो दिन**— फल्गुस्नान, गयाशिरमा श्राद्ध, विष्णुपद आदि विभिन्न पदमा श्राद्ध, कनकेश, केदार, नारसिंह र वामनको दर्शन ५.**पाँचौं दिन**— गदालोल, अक्षयवट, वटेश्वरदर्शन लिङ्गरूप प्रपितामहको दर्शन, साक्षीकर्मश्रवण। तीनदिने गयाश्राद्धको क्रम— १.**प्रथम दिन**— फल्गुतीर्थमा स्नान, तर्पण, पार्वणविधिबाट श्राद्ध।गदाधरको पूजन पञ्चगव्याभिषेक। श्राद्ध। २.**दोस्रो दिन**— ब्रह्मकुण्ड तथा प्रेतशिलामा तर्पण र श्राद्ध, श्वानवलि र काकवलि प्रदान, पञ्चतीर्थस्नान र श्राद्ध। ३.**तेस्रो दिन**—विष्णुपदका वेदीमा श्राद्ध। अक्षयवटमा श्राद्ध। ब्राह्मणभोजन। शय्यादान। साक्षीश्रवण (प्रार्थना गरेर समस्तकर्म भगवान्लाई निवेदन गर्ने काम)। **एकदिने कार्यक्रम**— फल्गुतीर्थमा स्नान, तर्पण र पार्वणविधिले श्राद्ध। विष्णुपदका सबै वेदिमा यथासम्भव श्राद्ध। अक्षयवटमा श्राद्ध। साक्षीश्रवण। तीर्थपुरोहितबाट आशीर्वादग्रहण (तीथाङ्क, गीताप्रेस)।

गयाशिरः (नपुं.) [*गयायाः शिरः, ष.त.*] गयाशिरनामक पर्वत। यहाँ अक्षयवट छ। नारदपुराणअनुसार यो गयद्वारा संरक्षित पर्वत हो। यहाँ गयाशिर नामको सरोवर छ, महानदी (सरस्वती), ब्रह्मसरोवर र अक्षयवट पनि छन्। नागकूट, गृध्रकूट, भगवान् विष्णु र उत्तरमानस यी चारको बिचको भागलाई गयाशिर भनिन्छ। एक कोश यसको सीमा छ। महानदीको पश्चिमदेखि गृध्रेश्वरसम्म र ब्रह्मकूपको उत्तरदेखि दक्षिण मानससम्मको ठाउँ गयाशिर नामले प्रसिद्ध छ।..........**क्रोशमेकं गयाशिरः। महानद्याः पश्चिमेन यावद् गृद्धेश्वरो गिरिः। उत्तरे ब्रह्मकूपस्य यावद् दक्षिणमानसम्॥ एतद् गयाशिरो नाम त्रिषु लोकेषु विश्रुतम्॥** (नि.सिं.)

गरम् (नपुं.) [*गीर्यते भक्ष्यते इति, ॠदोरप् ३.३.५७ इत्यप्*] १.विष। राजनिघण्ठअनुसार यो वत्सनाभ विष हो भने हेमचन्द्रअनुसार यो उपविष हो। **तस्मादिदं गरं भुञ्जे प्रजानां स्वस्तिरस्तु मे** (भाग.८.७.४१) **गरं चोपविषञ्च तत्** (अभि.चि.) २.रोग ३.[*गिरति दोषबहुलं नाशयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] एघार करणमध्ये पाँचौं करण।

गरलम् (पुं./नपुं.) [*गिरति जीवं नाशयति, गृ निगरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गरं लाति, ला दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४, गिरतेर्बाहुलकादलच् वा*] १.विष २.भार।

गरिमा (पुं.) [*गुरोर्भावः, पृथ्वादिभ्य इमनिच् (वा.) ५.१.१२२ इति इमनिच्*] १.गौरव २.महत्त्व ३.अष्टसिद्धि मध्येको एक सिद्धि/इच्छाअनुसार शरीरको वजन बढाउन सकिने एक सिद्धि।

गरिष्ठः (पुं.वि.) [*अतिशयेन गुरुः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, गरादेशः*] १.सबभन्दा ठुलो २.सम्मानित ३.पचाउन कठिन/दुष्पाच्य ४.ज्यादै गह्रौं।

गरी (स्त्री.) [*गृणातीति, गृ शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] सानो वनतोरियाँ। **गरी खरायां करणे क्लीबं नागविषे विषे** (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन गुरुः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, गरादेशः*] १.दुईमध्येको ठुलो २.महत्त्वपूर्ण ।

गरुडः (पुं.) [*गॄ निगरणे इति धातोः, गिर उडच् (उ.) ६०५ इति उडच्,*] १.विनताको गर्भबाट कश्यप ऋषिले जन्माएको एक पक्षी । विष्णु भगवान्‌को वाहन र अरुणको भाइ । २.सेनाको एक व्यूहरचना ३.नाचमा प्रयोग हुने एक प्रकारको मुद्राविशेष ४.सर्प र माछा खाने प्रायः पानीका किनारमा रहने गिद्ध जातिको ठुलो चरो । यसको एक बित्ता लामो सोझो र चेप्टो टुँड हुन्छ । एक हात जति लामो गला, हुन्छ । एक हात लामा गोडा हुन्छन् । गाढा विभूति रङमा सेतो किनारा भएका पखेटा हुन्छन् ।

गरुडो बलवानेष मम तुल्यश्च तेजसा । जातः परमतेजस्वी विनतानन्दवर्धनः॥ (म.भा.आदिपर्व २३/१२) **~गामी** (पुं.) [*गरुडेन गच्छति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] विष्णु । **~घण्टा** (स्त्री.) [*गरुडेन उपलक्षिता घण्टा, म.प.स.*] गरुडको मूर्ति भएको घण्टा । **~ध्वजः** (पुं.) [*गरुडो ध्वजो वाहनं यस्य सः, बहु.स.*] १.विष्णु २.गरुडको मूर्ति भएको पताका । **~पक्षः** (पुं.) [*गरुडस्य पक्ष इव, त.स.*] दुवै हात बङ्ग्याएर कमरमा राख्ने नृत्यको एक कला वा भाव । **~पाशः** (पुं.) [*गरुड इव पाशः, उप.त.*] सुर्किनीविशेष/एकथरी पासोविशेष । **~प्लुतम्** (नपुं.) [*गरुडस्येव प्लुतं यत्र तत्, बहु.स.*] नाचको भावविशेष । **~भक्तः** (पु.वि.) [*गरुडस्य भक्तः, ष.त.*] गरुडको आराधना गर्ने । **~मुद्रा** (स्त्री.) [*गरुडस्य इव मुद्रा, गरुडाकारा वा मुद्रा*] दुवै हातको पीठ आपसमा जोडेर दुवै कान्छी औँला जोल्ट्याएर दुवै चोरी औँला र बुढी औँला पनि जोडी माझी र साहिंली औँला चलाउँदा बन्ने विष्णुलाई सन्तोष पार्ने एक मुद्रा ।

गरुडपुराणम् (नपुं.) [*गरुडनाम्ना प्रथितं पुराणम्, म.प.स.*] सत्रौं पुराण । यसको नामकरण विष्णुको वाहन गरुडको नामबाट भएको छ । यसमा विष्णुले गरुडलाई संसारको सृष्टिसँग सम्बद्ध विषयको उपदेश दिएका छन् । यसमा मरेपछि गर्नुपर्ने कामहरूको विस्तृत वर्णन छ । गरुडपुराण दुई भागमा विभक्त छ– पूर्वखण्ड र उत्तरखण्ड । पूर्वखण्डमा २४० अध्याय छन् । यसलाई आचारकाण्ड मानिन्छ । उत्तरखण्डमा दुई काण्ड छन् प्रेतकल्प र ब्रह्मकाण्ड । प्रेतकल्पमा ४९ अध्याय छन् भने ब्रह्मकाण्डमा २९ अध्याय छन् । अंशको हिसावले यो तीन भागमा विभक्त छ– प्रथम (गरुडपुराणमाहात्म्य), द्वितीय (मोक्षोपायनिरूपण) र तृतीय (तत्त्वरहस्य) । यसमा विष्णुको पूजा, वैष्णवव्रत, प्रायश्चित्त, तीर्थको माहात्म्य, शक्तिपूजा, पञ्चदेवोपासना आदिको वर्णन छ । सृष्टिकर्म, ज्योतिष, शकुनविचार, सामुद्रिकशास्त्र, आयुर्वेद, छन्द, व्याकरण, रत्नपरीक्षा र नीतिका बारेमा पनि विभिन्न अध्यायमा चर्चा गरिएको छ । गरुडपुराणमा धर्मशास्त्रको पनि चर्चा छ । एक अध्यायमा पशुचिकित्साविधि र विभिन्न किसिमका पशुरोगलाई हटाउने औषधिको पनि वर्णन गरिएको छ । यसमा गीताको सारांश दिइएको छ । कृष्णलीलाको पनि चर्चा छ । प्रेतकल्पमा मरेपछि जीवले भोग्नुपर्ने विभिन्न दशाहरूको वर्णन छ । गर्भावस्था, नरक, प्रेतहरूको वासस्थान, प्रेतयोनिबाट मुक्ति, प्रेतको स्वरूप, मनुष्यको आयु, यमलोकको विस्तार, सपिण्डीकरणको विधान, वृषोत्सर्गविधान, गयाको महात्म्य आदिको यहाँ विस्तृत चर्चा भएको छ । ब्रह्मकाण्डमा ब्रह्मविषयक चिन्तन छ । साथै प्रसिद्ध तीर्थ तथा योग (षट्चक्र), पापीका लक्षण आदिको पनि यसमा चर्चा छ ।

गरुडरुतम् (नपुं.) १.[*गरुडस्य रुतम्, ष.त.*]. गरुडको आबाज २.[*गरुडस्य रुतमिव रुतं यत्र तत्*] प्रत्येक पाउमा क्रमशः नगण, जगण, भगण, जगण, तगण र अन्त्यमा गुरुवर्णको प्रयोग भएको छन्द । **गरुडरुतं नजौ भजतजगा यदा स्युस्तदा** (छन्दो.) ।

गरुडाग्रजः (पुं.) [*गरुडस्याग्रजः, ष.त.*] सूर्यको सारथि/गरुडको दाजु अरुण ।

गरुडासनः (पुं.) [*गरुड आसनं यस्य सः, बहु.स.*] विष्णु ।

गरुडासनम् (नपुं.) [*गरुड इव आसनम्, उप.त., गरुडाकारमासनं वा, म.प.स.*] घोप्टो परेर दुई जाँध र घुँडाले जमिन दबाएर नचलबलाई दुवै घुँडामाथि दुवै हात राख्दा हुने आसन ।

जङ्घोरूभ्यां धरां पीड्य स्थिरकायो द्विजानुनी ।
जानूपरि करं युग्मं गरुडासनमुच्यते ॥ (घे.सं.)

गरुडी (स्त्री.) [*गरुडस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] पोथी गरुड (चरा) । **तस्मादेतद्रक्ष्यमाणा गरुडी सम्भवाम्यहम्** (म.भा.व.प. २२५/९) ।

गरुत् (पुं.) [*गिरतीति, गॄ निगरणे इति धातोः, मृग्रोरुतिः, (उ.) इति उत्, यद्वा गृणाति शब्दायते वायुवेगेन, गॄ शब्दे इति धातोः, पूर्ववत् उत्*] १.चराको प्वाँख वा पखेटा २.[*गरणम्, गॄ निगरणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] निल्ने काम ।

गरुत्मान् (पुं.) [*गरुतः पक्षाः सन्त्यस्य, गरुत् शब्दात् तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, यवादित्वात् ८.२.९ भयः ८.२.१० वत्वं न*] गरुड चरो ।

गरुत्मान् गरुडस्तार्क्ष्यो वैनतेयः खगेश्वरः (अमर.) ।

गर्गः (पुं.) [*गृणात्युपदिशतीति, गॄ निगरणे इति धातोः, मुदिग्रोर्गगौ (उ. १३३), इति गः*] १.भुवमन्युका चार पुत्रमध्ये कान्छा पुत्र शिविका बाबु (म.पु. ४९.३६) २.एक वैदिक ऋषि । यी अङ्गिरस भरद्वाज वंशमा पैदा भएका थिए/मन्त्रद्रष्टा ऋषि । ऋग्वेद छैटौं मण्डलको सच्चालिसौं सूक्तका द्रष्टा यिनै हुन् । (ब्रह्मा.२.३२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म.पु. १४५.१०१) ३.ज्योतिषशास्त्रका एक विद्वान्। यिनका छोराको नाम गार्ग्य र छोरीको नाम गार्गी थियो। यी यदुवंशीका कुलगुरु थिए। श्रीकृष्ण र बलरामको नामकरण यिनैले गरेका हुन्। यी दुईको उपनयनमा पनि गर्ग सम्मिलित थिए। युधिष्ठिरको राजसूय यज्ञमा पनि यिनको उपस्थिति थियो। यिनको संहिता ग्रन्थ ई.पू. ५०० भन्दा अघिको मानिन्छ। (भाग. १०.८, १.२०, १०.७४.८) ४.ब्रह्माका एक मानस पुत्र। गयाको यज्ञमा यी ऋत्विक् बनेका थिए। (वा.पु.१०६.३५) ५.धर्मशास्त्रका प्रवर्तक एक ऋषि। ६.हैहयका पुरोहित (ब्रह्मा.पु.२.२८.३९) ७.कुरुक्षेत्रनिवासी कौशिक ऋषिका सात छोराका गुरु (म.पु.२०.३) ८.आङ्गिरस गोत्रप्रवर्तक ऋषि (म.पु. १९६.२४) ९.स्थापत्यकलाका अठार उपदेशकमध्ये एक। (म.पु. २५२.३) १०.दिवोदासका एक नाति (ब्रह्मा.पु. ३.६७) ११.सङ्गीतको एक ताल। यसमा चार द्रुत र आखिरमा एक विराम रहन्छ १२.साँढे १३.जुको १४.पाणिनिपूर्वका एक वैयाकरण।

गर्गरः (पुं.) [*गर्गं शब्दं राति, ददाति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः,आतो लोपः ६.४.६४*] १.एक वैदिक कालको बाजा २.मदानी ३.भुमरी ४.गर्गरानामक माछो ५.गाग्रो।

गर्गरी (स्त्री.) [*गर्गं शब्दं राति, ददाति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ यद्वा गॄ निगरणे इति धातोः, बहुलकाद् गरट्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.ठेकी/दही मथ्ने भाँडो। **गर्गरीकलश्यौ तु मन्थनी** (अभि.चि.) २.गाग्री। **मेषादौ सक्तवो देया वारिपूर्णा च गर्गरी** (ति.त.)।

गर्गसंहिता (स्त्री.) [*गर्गेण प्रोक्ता संहिता, म.प.स.*] यसमा राधा र कृष्णको लीलालाई सरस तथा प्राञ्जल शैलीमा वर्णन गरिएको छ। यो ग्रन्थ १० खण्डमा विभक्त छ। १.गोलोक खण्ड (२० अध्याय)। २.श्रीवृन्दावन खण्ड (२५ अध्याय) ३.गिरिराज खण्ड (११अध्याय) ४.माधुर्य खण्ड (२४ अध्याय) ५.श्रीमथुरा खण्ड (२६ अध्याय) ६.द्वारका खण्ड (२२ अध्याय) ७.विश्वजित् खण्ड (५० अध्याय) ८.श्रीबलभद्र खण्ड (१३ अध्याय) ९.श्रीविज्ञान खण्ड (१० अध्याय) १०.अश्वमेध खण्ड (६२ अध्याय) महाभारतअनुसार यसको रचना गर्गाचलमा भएको हो। श्रीकृष्णको चरित्रप्रधान भएकाले यस ग्रन्थलाई पुराण नभनेर इतिहास भनिएको छ। यसको वर्णनशैली काव्यात्मक छ। गर्गको आश्रम कुरुक्षेत्रको गर्गस्रोत भन्ने ठाउँमा थियो। यिनी पृथु तथा यदुवंशीका गुरु थिए। यिनले गर्गमनोरमा र बृहद् गर्गसंहिता नामक ज्योतिष ग्रन्थको पनि रचना गरेका छन्।

गर्गेश्वरः (पुं.) [*गर्गस्य ईश्वरो यत्र सः, बहु.स.*] नर्मदाको तीरमा रहेको एक तीर्थ। यहाँ स्नान गर्नाले अक्षय्य पुण्यलाभ हुन्छ। (म.पु. १९१.८२.३)।

गर्ज (धा.) [*ऊर्जाब्दे, भ्वा.अक.सेट्, पर.*] गर्जनु,बलपूर्वक शब्द गर्नु। लट्– **गर्जति**– गर्जन्छ। लिट्– **जगर्ज**– गर्जेछ (अन.)। लुट्– **गर्जिता**– गर्जने छ (अन.)। लृट्– **गर्जिष्यति**– गर्जने छ। लोट्– **गर्जतु**– गर्जोस्। लङ्– **अगर्जत्**– गर्ज्यो (अन.)। विधिलिङ्–**गर्जेत्**– गर्जला, गर्जोस्। आशीर्लिङ्– **गर्ज्यात्**– गर्जोस्। लुङ्– **अगर्जीत्**– गर्ज्यो। लृङ्– **अगर्जिष्यत्**– गर्जने थियो। भावे– **गर्ज्यते**– गर्जिन्छ। णिचि– **गर्जयति-ते**– गर्जन लगाउँछ। सनि– **जिगर्जिषति**– गर्जन खोज्छ। कृदन्ते– **गर्जनीयम्/गर्जितव्यम्/गर्ज्यम्**– गर्जनु पर्ने। **गर्जनम्**– गर्जन गर्ने काम। **गर्जितुम्**– गर्जन गर्न। **गर्जित्वा/सङ्गर्ज्य**– गर्जन गरेर। **गर्जन्-ती**– गर्जन गर्दै। **गर्जितः**– गर्जिएको इत्यादि। **गर्जति सिंहः** (दुर्गादास)।

गर्जनः (पुं.) नर्मदा नदीको किनारमा अवस्थित एक तीर्थ (म.पु.१९०.३)।

गर्जनम् (नपुं.) [*गर्ज शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मेघ, बाघ अथवा सिंह गर्जदाँको आवाज २.गर्जने काम।

गर्जितः (पुं.वि.) [*गर्जतीति, गर्ज शब्दे इति धातोः, गत्यर्थाकर्मक- ३.४.७२ इति कर्तरि क्तः*] गर्जेको।

गर्जितः (पुं.) [*गर्जो जातोऽस्य वा, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] मत्त हात्ती। **गर्जितं वारिवाहादिध्वानौ ना मत्तकुञ्जरे** (विश्व.)।

गर्जितम् (नपुं.) [*गर्ज शब्दे इति धातोः, गर्ज शब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.हात्ती कराएको आवाज २.मेघको गर्जन ३.युद्धमा शत्रुहरूको गर्जन। **बाण त्वं गर्जसे मोहात् शूराणां नास्ति गर्जितम्** (ह.वं.)।

गर्तः (पुं.) [*गिरति ग्रसति स्वस्मिन् पतितं जीवजातादिकम्, गॄ निगरणे इति धातोः, हसिमृग्रिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३) इति तन्*] १.खाल्टो/खाडल २.धाँधो/पृथ्वी फाटेर परेको चिरो ३.आमाको गर्भरूपी गुफा ४.कुवा ५.नरकविशेष। **निपपात महागर्ते तिमिरौघसमावृते** (मा.पु.)। ६.[*गीर्यते स्तूयते वेदस्तुतिं कुर्वता जनेन इति, पूर्ववत् तन् (उ. ३७३*] देवरथ।

गर्द (धा.) [*शब्दे, भ्वा.अक.सेट् पर.*] शब्द गर्नु। लट्– **गर्दति**– शब्द गर्छ इत्यादि।

गर्द (धा.) [*शब्दे, चुरा.उभ.)*] शब्द गर्नु। लट्– **गर्दयति-ते**– शब्द गर्छ इत्यादि।

गर्दभः (पुं.) [*गर्दयति कर्कशशब्दं करोतीति, गर्द शब्दे इति धातोः, कृशृशण्डिल कलिगर्दिभ्योऽभच् (उ.) ४०९ इति अभच्प्रत्ययः*] गधा। **अविश्रामं वहेद् भारं शीतोष्णं च न विन्दति। ससन्तोषस्तथा नित्यं त्रीणि शिक्षेत गर्दभात्** (चाणक्य)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दभाण्डः (पुं.) [*अम गत्यादिषु इति धातोः, ञमन्ताड्डः (उ.) ११४ इति डः, गर्दभस्य अण्डः, ष.त.*] १.गदहाको अण्डकोष २.[*गर्दभस्येव अण्डो यस्य सः, बहु.स.*] पहेँलो फूल फुल्ने पीपल। **गर्दभो गन्धभिद्यपि** (मेदिनी.)।

गर्दभी (स्त्री.) [*गर्दभस्य स्त्री,गौरादितया स्त्रियां जातौ वा ङीष्*] गदही। **सहैव दशभिः पुत्रैर्भारं वहति गर्दभी** (वाग्भट)।

गर्दभीमुखः (पुं.) [*गर्दभ्याः मुखमिव मुखं यस्य सः, बहु.स.*] कश्यपवंशमा पैदा भएका एक गोत्रकार ऋषि।

गर्ध (धा.) [*अभिकाङ्क्षयाम्, चुरा.उभ.*] इच्छा गर्नु, लोभ गर्नु। लट्— **गर्धयति**— इच्छा गर्छ, लोभ गर्छ इत्यादि।

गर्धनः (पुं.वि.) [*गर्धनशीलः, गृधु अभिकांक्षायामिति धातोः, जुचङ्क्रम्य— ३.२.१५० इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] लोभी।

गर्ब (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] हिँड्नु। लट्— **गर्बति**— हिँड्छ इत्यादि।

गर्भः (पुं.) [*गीर्यते जीवनसञ्चितकर्मफलदात्रा ईश्वरेण प्रकृतिबलाद् जठरगह्वरे स्थाप्यते पुरुषशुक्रयोगेन असौ, शब्द्यते वा, गृ निगरणे इति धातोः, गृ शब्दे इति धातोर्वा, अर्तिगृभ्यां भन् (उ.) ४४० इति भन्*] १.स्त्री पुरुषको सङ्गमद्वारा पुरुषको वीर्य स्त्रीको पाठेघरमा पुग्दा स्त्रीका डिम्बसँग मिलेर बच्चा बन्ने काम २.[*गीर्यते निगीर्यते, निक्षिप्यते वीर्यं योनिरन्ध्रेणास्मिन्, गिरति निषेकं करोति रेतोऽत्र वा*] स्त्री जातिको बच्चा बस्ने ठाउँ। **यथा लोहस्य निष्यन्दो निषिक्तो बिम्बविग्रहम्। उपैति तद् विजानीहि गर्भे जीवप्रवेशनम्** (महाभा.१४.१८.९) ३.गर्भस्थ शिशु ४.कुनै वस्तुको भित्री भाग ५.घरको भित्री भागको कोठा ६.सुत्केरी कोठा ७.भाद्र शुक्ल चतुर्दशीका दिन गङ्गा वा नदीको पानीले डुबाउने भूभाग। **भाद्रशुक्लचतुर्दश्यां यावदाप्लवते जलम्। तावद् गर्भं विजानीयात् तदूर्ध्वं तीरमुच्यते॥** (प्रायश्चित्ततत्त्व) ८.गुभो। **~केसरः** (पुं.) [*गर्भस्य केशरः*] गर्भनालको माथि रहने तन्तु। **~कोषः** (पुं.) [*गर्भस्य कोषः, ष.त.*] कोख/पाठेघर/गर्भस्थली। **~घाती** (पुं.वि.) [*गर्भं घातयति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८) इति णिनिः*] बच्चा तुहाउने/गर्भपात गर्ने। **~दासः** (पुं.) [*गर्भादेव दासः, प.त.*] जन्मैदेखिको कमारो। **~धारणम्** (नपुं.) [*गर्भस्य धारणम्, ष.त.*] पेट बोक्ने काम। **~नाडी** (स्त्री.) [*गर्भस्य नाडी, ष.त.*] सालनाल। **~नालम्** (नपुं.) [*गर्भस्य नालम्, ष.त.*] फूलको थुङ्गाभित्र केसर हुने नाल। **~पातः** (पुं.) [*गर्भस्य पातः, ष.त.*] गर्भ तुहाउने काम। **~सन्धिः** (पुं.) [*गर्भ इति सन्धिः, कर्म.स.*] नाटकमा हुने पाँचथरी सन्धिमध्ये एक सन्धि। **~स्रावः** (पुं.) [*गर्भस्य स्रावः, ष.त.*] गर्भपतन। **वरं गर्भस्रावो वरमपि च कन्यैव जनिता, न चाविद्वान् रूपद्रविणगुणयुक्तोऽपि तनयः** (हितो.)।

गर्भकः (पुं.) [*गर्भ इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] चुल्ठो जुरो आदिमा लगाइएको माला।

गर्भक्षितिजवृत्तम् (नपुं.) [*गर्भगतं क्षितिजवृत्तम्, म.प.स.*] आफ्नो खमध्यबाट ९० अंशले बनेको कल्पित वृत्त। **स्वखमध्यान्नवत्यंशेन विहितं वृत्तं गर्भक्षितिजवृत्तम्** (गो.प्र.)।

गर्भगृहम् (नपुं.) [*गर्भरूपम् आभ्यन्तरं गृहम्*] १.घरको भित्री कोठा २.मन्दिरका बिचको मूर्ति स्थापना गरिने मुख्य स्थान (म.पु.२६९.१-८)।

गर्भवती (स्त्री.) [*गर्भोऽस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः,उगितश्च इति ङीप्*] पेट बोकेकी/दोजिया/गर्भिणी।

गर्भवासः (पुं.) [*गर्भे वासः, स.त.*] गर्भमा बस्ने काम। **गर्भवासे महद् दुःखं जायमानस्य योनिजम्। जातस्य बालभावेऽपि वृद्धत्वे दुःखमेव च॥** (ग.पु.प्रेतकल्प ३२.७७)

गर्भशय्या (स्त्री.) [*गर्भे गर्भगता वा शय्या इव*] गर्भको वासस्थान। **यो यः पाञ्चालगोत्रे शिशुरधिकवया गर्भशय्यां गतो वा** (वे.सं.)।

गर्भागारम् (नपुं.) १.[*गर्भ इवागारम्, उपमा.त.स.*] भित्री कोठा। २.[*गर्भस्य उदरस्थशिशोः आगारम्*] गर्भ/पाठेघर/गर्भाशय।

गर्भाङ्कः (पुं.) [*गर्भभूतः अङ्कः, म.प.स.*] नाटकमा एक अङ्कभित्र आउने अर्को अङ्क।

गर्भाधानम् (नपुं.) [*गर्भस्य आधानम्, ष.त.*] सम्भोगद्वारा पेट बोकाउने काम। **~संस्कारः** (पुं.) [*गर्भाधानस्य संस्कारः, ष.त.*] गर्भाधानको समयमा गरिने संस्कार/सोह्र संस्कार मध्ये एक (म.पु.२७५.१६)।

गर्भाशयः (पुं.) [*आशेते अत्र, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८) इति घः, गर्भस्य आशयः, ष.त.*] १.साल २.पाठेघर।

गर्भिणी (स्त्री.) [*गर्भोऽस्त्यस्याः, अत इनिठनौ ५.१.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्, यद्वा वर्ग मोचने इति धातोः, गर्वेरत उच्च (उ.) २२२ इति इनच्, अकारस्य उकारः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, वस्य भश्च*] गर्भवती/पेट बोकेकी स्त्री। गर्भिणीको सूमह— **गार्भिणम्** (नपुं.), तीन महीनादेखि छ महीनासम्म (गर्भरहेको दिन भए) की गर्भिणी— **प्रव्यक्तगर्भा** (स्त्री.), छ महीनादेखि आठ महीनासम्मकी गर्भिणी— **सूतिः** (स्त्री.) नौ महीना भएकी सुत्केरी— **अरिष्टवासिनी** (स्त्री.) **अव्यक्तगर्भा वनिता भवेन्मासत्रयात्परम्। षण्मासात्परतः सूतिर्नवमेऽरिष्टवासिनी॥** (नि.सिं.)

गर्भितता (स्त्री.) [*गर्भः अभ्यन्तरगतं वाक्यमस्य सञ्जातमिति गर्भितं वाक्यम्, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९) इति तल्, टाप् ४.१.४*] एक वाक्यभित्र अर्को वाक्यको प्रवेश हुँदा पर्ने दोष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रमणे चरणप्रान्ते प्रणतिप्रवणेऽधुना। वदामि सखि ते तत्त्वं कदाचिन्नोचिताः क्रुधः॥ यस वाक्यभित्र **सखि ते तत्त्वं वदामि** भन्ने वाक्य घुसेकाले पदगत अन्वयमा अलमल भई रसप्रतीतिमा विलम्ब भएको हुँदा गर्भिता दोष परेको छ। **वाक्यान्तरे वाक्यान्तरानुप्रवेशो गर्भितता।** (सा.द.) यो अनित्य दोष हो। **गर्भितत्त्वं गुणः क्वापि** (तत्रैव)।

गर्भोपघातिनी (स्त्री.) [*गर्भमुपहन्ति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] साँढे खोजेता पनि गर्भ नरहेकी गाई।

गर्भोपनिषद् (स्त्री.) [*गर्भसम्बद्धा उपनिषद्, म.प.स.*] गर्भको बारेमा चर्चा भएको अथर्ववेदीय उपनिषद् (अथर्ववेदीय सर्वानुक्रमणिका)।

गर्मुः (पुं.) [*गिरतीति, गीर्यते वा, गॄ निगरणे इति धातोः, ग्रो मुट् च (उ.) ५ इत्युतिः*] सामान्य घाँस।

गर्व (धा.) [*दर्पे, अक.सेट्, पर.*] अहङ्कार गर्नु। लट्– **गर्वति**– अहङ्कार गर्छ इत्यादि।

गर्व (धा.) [*माने, चुरा.अक.सेट्, आत्म.*] अभिमान गर्नु। लट्– **गर्वयते**– अभिमान गर्छ। इत्यादि।

गर्वः (पुं.) [*गीर्यतेऽनेन, गॄ निगरणे इति धातोः, कॄगॄशॄदॄभ्यो वः (उ.) १६१ इति वः, यद्वा गर्व माने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.घमण्ड/अहङ्कार/शेखी २.तेत्तिस व्यभिचारीभावमध्ये एक भाव। वाग्भटअनुसार अरूलाई अनादर गर्नु गर्व हो। अग्निपुराणकारको भनाइअनुसार आफ्नो उत्कर्षका लागि अरूलाई हेला गर्नु गर्व हो।

गर्विता (स्त्री.) [*गर्वः सञ्जातोऽस्याः, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्, टाप् ४.१.४*] अवस्थानुसार नायिकाको एक भेद। घमण्ड गर्ने नायिका। घमण्डका आधारमा यसका दुई भेद छन्– प्रेमगर्विता र रूपगर्विता। प्रेममा गर्व गर्ने र रूपमा गर्व गर्ने नायिका (भानुदत्त)।

गर्ह (धा.) [*कुत्सायाम्, भ्वा.सक.सेट्, आत्म.*] निन्दा गर्नु। लट्– **गर्हते**– निन्दा गर्छ। लिट्– **जगर्हे**– निन्दा गरेछ। (अन.)। लुट्– **गर्हिता**– निन्दा गर्ने छ (अन.)। लृट्–**गर्हिष्यते**– निन्दा गर्ने छ। लोट्– **गर्हताम्**– निन्दा गरोस्। लङ्– **अगर्हत**– निन्दा गर्‍यो (अन.)। विधिलिङ्– **गर्हेत**–निन्दा गर्ला, निन्दा गरोस्। आशीर्लिङ्–**गर्हिषीष्ट**–निन्दा गरोस्। लुङ्– **अगर्हिष्ट**– निन्दा गर्‍यो। लृङ्– **अगर्हिष्यत**– निन्दा गर्ने थियो। भावे– **गर्ह्यते**– निन्दा गरिन्छ। णिचि– **गर्हयति-ते**– निन्दा गराउँछ। सनि– **जिगर्हिषते**–निन्दा गर्न चाहन्छ। कृदन्ते– **गर्हितव्यम्/गर्हणीयम्/ गर्ह्यम्**– निन्दा गरिने। **गर्हितः**– निन्दा गरिएको। **गर्हितुम्**– निन्दा गर्न। **गर्हित्वा**– निन्दा गरेर। **गर्हकः/गर्हिका/गर्हिता-त्री**– निन्दा गर्ने। **गर्हा**– निन्दा इत्यादि।

गर्ह (धा.) [*विनिन्दने, चुरा.सक.सेट्, उभय.*] दोष लगाउनु, निन्दा गर्नु। लट्– **गर्हयति-ते**– दोष लगाउँछ, निन्दा गर्छ इत्यादि।

गर्हा (स्त्री.) [*गर्ह्यते निन्द्यते इति, गर्ह कुत्सायामिति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] निन्दा/गाली।

गर्हितः (पुं.वि.) [*गर्ह्यते स्म, गर्ह कुत्सायामिति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] निन्दा गरिएको/निन्दित।

अतिदर्पे हता लङ्का अतिमाने च कौरवाः।
अतिदाने वलिर्बद्धः सर्वमत्यन्तगर्हितम्॥ (चाणक्य)

गर्ह्यः (पुं.वि.) [*गर्ह कुत्सायामिति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] निन्दनीय/तुच्छ/अधम।

कुपूयकुत्सितावद्यखेट गर्ह्याणकाः समाः (अमर.)।

गर्ह्यवादी (पुं.वि.) [*गर्ह्यं वदति, तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] नराम्रो बोल्ने। **गर्ह्यवादी तु कद्वदः** (अमर)।

गल (धा.) [*अदने, भ्वा.सक.सेट्, पर.*] खानु, निल्नु। लट्– **गलति**– खान्छ, निल्छ इत्यादि।

गल (धा.) [*स्रवणे, चुरा.अक.सेट्, आत्मने.*] चुहुनु। लट्– **गालयते**– चुहुन्छ। **अवगालयते**– तल खस्छ, नराम्रो आइपर्छ। **विगालयते**– मद्दत लिन्छ इत्यादि।

गलः (पुं.) १.[*गीर्यते अनेन, गॄ निगरणे इति धातोः, करणे अप्*] २.गला/कण्ठ। **गलांसभुजवक्षश्च तृतीयेन तथा क्रमात्।** (ग.पु.प्रेतकल्प ५.३४) ३.कुनै ठुलो वस्तु पल्याउन काम लाग्ने मोटो लामो फलाम वा बाँसको डन्डी ४.[*गलति क्षरति शालवृक्षादेः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] खोटो ५.[*गलति निस्सरति जलादेः, पूर्ववत् अच् ३.१.१३४*] माछोविशेष। **~कम्बलम्** (नपुं.) [*गले कम्बल इव*] गाईगोरुको घाँटीमा लर्दकिएको छाला/माल। **कम्बलो नागराजे स्यात्सास्नाप्रावारयोः कृमौ** (विश्व.)। **~गण्डः** (पुं.) [*गले गण्डः, स.त.*] गाँड। **~हस्तः** (पुं.) [*गले दत्तो हस्तः*] गर्दनठ्याक/ गलहत्ती।

गलन्तिका (स्त्री.) [*गलति, गल अदने इति धातोः, लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.१.१२४ इति शतृ, उगितश्च ४.१.६ इति ङीप्, शपश्यनोर्नित्यम् ७.१.८१ इति नुम्, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] करुवा।

गलमुद्रा (स्त्री.) भगवान् शिवलाई प्रसन्न तुल्याउन गाला फुलाइने एक मुद्रा (शिवार्चनपद्धति)।

गलरन्ध्रम् (नपुं.) [*गलस्य रन्ध्रम्, ष.त.*] घाँटीको प्वाल।

दैवमुल्लङ्घ्य यत्कार्यं क्रियते फलवन्न तत्।
सरोम्भश्चातकेनात्तं गलरन्ध्रेण गच्छति॥ (सुभा.)

गलाङ्कुरः (पुं.) [*गलरोधकः अङ्कुरो यत्र सः, बहु.स.*] रोगविशेष

गलिः (पुं.) [*गिरति श्रमेण विना केवलं भक्षयति, इन् (उ.) गुणः, रस्य लत्वञ्च*] अल्छी गोरु/दुष्ट गोरु। **गलिर्दुष्टवृषो शक्तेऽप्यधूर्वहः** (अभि.चि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

गलितः (पुं.वि.) [*गलति स्म, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] १.थाकेको/गलेको २.गिलिक्क पाकेको ३.पाकेर खसेको।

निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम्।
पिबत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः॥
(भाग.१.१.३)

गलुः (पुं.) [*गलति, गलधातोः उन्*] मणिविशेष।

गलेगण्डः (पुं.) १.[*गले गण्डः, सप्तम्या अलुक्*] गलगाँड २.[*गले गण्ड इव यस्य सः, बहु.स.*] १.बादर २.पक्षिविशेष।

गलोद्देशः (पुं.) [*गलस्योद्देशः समीपभागः*] घाँटीको भाग।

गल्पः (पुं.) [*गल अदने इति धातोः, पः*] १.छोटो कथा २.गफ।

गल्भ (धा.) [*धाष्ट्र्ये, भ्वा.अक.सेट्, आत्म.*] धैर्य राख्नु, साहस गर्नु। लट्— **गल्भते—** धैर्य राख्छ, साहस गर्छ इत्यादि।

गल्या (स्त्री.) [*गलानां समूहः, पाशादिभ्यो यः ४.२.४९ इति यः*] गलाको समूह।

गल्लः (पुं.) [*गमनम्, सम्पदादिभ्यः (वा.) इति क्विप्, गतं लातीति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३) इति कः, आतो लोपः ६.४.६४*] १.गाला २.गलफुलो।

गल्वर्कः (पुं.) [*गलुर्मणिविशेषः, स इव अर्को दीप्तिर्यस्य सः, बहु.स.*] रक्सी पिउने भाँडो। **मसारगल्वर्कसुवर्णरूप्यैर्वज्रप्रवालस्फटिकैश्च मुख्यैः** (म.भा.) **गल्वर्कस्तु चषकः** (अभि.चि.)।

गल्ह (धा.) [*कुत्सायाम्, भ्वा.सक.सेट्, आत्मने.*] निन्दा गन, गाली गर्नु। लट्— **गल्हते—** निन्दा गर्छ, गाली गर्छ इत्यादि।

गवयः (पुं.) [*गौरिवाऽयो गमनं प्राप्तिर्वाऽस्येति, यद्वा गवते, गुङ्शब्दे इति धातोः, बाहुलकादयः, यद्वा गवनम्, ऋदोरप् ३.३.५७ इत्यप्, गवं गवेन वा याति, मूलविभुजादित्वात् (वा.) ३.२.५ इति कः*] १.गाईजस्तो एक वन्यजन्तु २.वैवस्वतका एक पुत्र/एक महाबली बाँदरको सरदार (ब्रह्मा.पु. ३.७.२३२)।

गवलः (पुं.) [*अलति, अल भूषणादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गवामलम्, यद्वा— गवनम् गुङ् शब्दे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, गवं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] वनभैंसी। **अरण्यजेऽस्मिन् गवलः** (अभि.चि.)।

गवलम् (नपुं.) भैंसीको सिङ (अमर.)।

गवाक्षः (पुं.) [*गवामक्षीव, अक्ष्णोऽदर्शनात् ५.४.७६ इत्यच्, यद्वा गावः किरणा अक्ष्णुवन्ति व्यापुवन्ति अनेन, अक्षू व्याप्तौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.आँखीझ्याल २.रामका सेनाको एक बाँदर सेनापति।

गजो गवाक्षो गवयः शरभो गन्धमादनः।
पुत्रा वैवस्वतस्यैते पञ्च कालान्तकोपमाः॥ (रामा.)

३.दानवविशेष। यो दानव भएर पनि मनुष्यको धर्मलाई पालन गर्दथ्यो। (वा.पु. ६८.१६) ४.विरोचनको एक नाति (वा.पु. ६७.८१)।

गवाक्षी (स्त्री.) [*गां भूमिमक्ष्णोति, अक्षू व्याप्तौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप्*] गोरखकाँक्रो/काँक्रोविशेष।

गवाक्षी त्विन्द्रवारुण्यां गवाक्षो जालके कपौ (हैम.)।

गविष्ठिरः (पुं.) आत्रेय ऋषि। यिनी मन्त्रद्रष्टा र गोत्रप्रवर्तक पनि हुन्। (म.पु. १४५.१०७)।

गवीश्वरः (पुं.) [*गवामीश्वरः, ष.त.*] गाईको धनी।

गवेधुः (स्त्री.) [*गवा जलेन तत्र वा एधते, एध वृद्धौ इति धातोः, मृगय्वादित्वात् (उ.) ३७ कुः*] गाई भैंसीको आहारा/बाजुरा।

गवेधुका (स्त्री.) [*स्वार्थे कन् ५.४.५, टाप् ४.१.४*] १.बाजुरा २.नागबला।

गवेष (धा.) [*मार्गणे, चुरा.सक.सेट्. उभय.*] खोजी गर्नु। लट्— **गवेषयति-ते—** खोजी गर्छ। लिट्— **गवेषयाञ्चकार-चक्रे—** खोजी गरेछ (अन.)। लुट्— **गवेषयिता—** खोजी गर्ने छ (अन.)। लृट्— **गवेषयिष्यति-ते—** खोजी गर्ने छ। लोट्— **गवेषयतु-ताम्—** खोजी गरोस्। लङ्— **अगवेषयत्-त—** खोजी गऱ्यो (अन.)। विधिलिङ्— **गवेषयेत्-त—** खोजी गर्ला, खोजी गरोस्। आशीर्लिङ्— **गवेष्यात्/गवेषयिषीष्ट—** खोजी गरोस्। लुङ्— **अजगवेषत्-त—** खोजी गऱ्यो। लृङ् —**अगवेषयिष्यत्-त—** खोजी गर्ने थियो। कर्मणि— **गवेष्यते—** खोजी गरिन्छ। णिचि— **गवेषयति-ते—** खोजी गर्न लगाउँछ। कृदन्ते— **गवेषकः/ गवेषिका/गवेषयिता-त्री—** खोजी गर्ने। **गवेषयितव्यम्— गवेषणीयम्—** खोज्नुपर्ने। **गवेषयितुम्—** खोज्न। **गवेषयित्वा—** खोजेर इत्यादि।

गवेषकः (पुं.वि.) [*गवेषयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अनुसन्धान गर्ने।

गवेषणम् (नपुं.) [*गवेष मार्गणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अनुसन्धान/खोजी।

गवेषणा (स्त्री.) [*गवेष मार्गणे इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, टाप् ४.१.४*] अनुसन्धान/खोजी।

गवेषितः (पुं.वि.) [*गवेष्यते स्म, गवेष मार्गणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खोजिएको/अनुसन्धान गरिएको (अमर.)।

गव्यम् (नपुं.) [*गोर्विकारोऽवयवो वा, गोपयसोर्यत् ४.३.१६० इति यत्, वान्तो यि प्रत्यये ६.१.७९ इति वान्तादेशः*] १ दुध दही घिउ गोबर गहुँत इत्यादि गाईबाट प्राप्त हुने वस्तु २.गाईवस्तुका लागि हितकर कुँडो, घाँस, भुस्सा आदि।

गव्या (स्त्री.) [*गवां संहतिः, खलगोरथात् ४.२.५० इति यः टाप्*] गाईको बथान।

गव्यूतिः (स्त्री.) [*गोर्यूतौ छन्दस्युपसङ्ख्यानम्, अध्वपरिमाणे च (वा.) ६.१.७९ इत्यवादेशः*] दुई कोसको बाटो।

धन्वन्तरसहस्रं तु क्रोशः, क्रोशद्वयं पुनः।
गव्यूतिः स्त्री तु गव्यूतिर्गोरुतं गोमतं च तत्॥ (वाचस्पति)

गहनः (पुं.) एक वानरको सरदार (ब्रह्मा.पु. ३.७.२३५)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गहनम् (नपुं.) [*गाह्यते इति, गाहू विलोडने इति धातोः, बहुलमन्यत्रापि (उ.) २४६ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, कृच्छ्रगहनयोः ७.२.२२ इति निर्देशाद्ध्रस्वः*] १.जङ्गल २.दुःख ३.गुफा ४.(वि.) पस्न नसकिने ५.गहिरो/बुझ्न कठिन पर्ने। **गहनं वनदुःखयोः, गह्वरे कठिने चापि** (हैम.)।

गह्वरम् (नपुं.) [*गाहते इति, गाहू विलोडने इति धातोः, छित्वरछत्व-रधीवरपीवरमीवरचीवतीवरनीवरगह्वरकट्वरसंयद्वराः (उ.) २९८ इति ष्वरच्प्रत्ययान्तो निपातः*] १.अस्पष्ट रोदन। घाँटीमा घर्घर आवाज निकाल्दै रुने, कराउने काम। **रुदितं क्रन्दितं क्रुष्टं तद्पुष्टन्तु गह्वरम्** (हेम.) २.दम्भ/पाखण्ड ३.पहेली ४.जान नसकिने ठाउँ ५.वन, ६.[*गाह्यते इति*] गुफा ७.गहिराइ ८.प्वाल ९.(पुं.) निकुञ्ज/सघन वृक्ष वा झाडीले घेरिएको ठाउँ। **अथ गह्वरम्। गुहागहनदम्भेषु निकुञ्जे तु पुमानयम्** (मेदिनी.)।

गा (धा.) [*स्तुतौ, जुहो. सक.अनिट्, पर.*] प्रशंसा गर्नु। लट्– **जगाति**–प्रशंसा गर्छ इत्यादि।

गाङ् (धा.) [*गतौ, भ्वा. सक.अनिट्, आत्म.*] जानु। लट्– **गाते**– जान्छ इत्यादि।

गाङ्गः (पुं.) १.[*गङ्गायाः अपत्यम्, शिवादिभ्योऽण् ४.१.११ इत्यण्, वृद्धिः, आलोपः ६.४.६४*] १.गङ्गाको छोरो//भीष्म पितामह २.कार्तिकेय ३.एक गन्धर्व (वा. पु. ६९.२६) ४.(पुं.वि.) [*गङ्गाया अयम्, तस्येदम् ४.३.१२० इत्यण्*] गङ्गा सम्बन्धी।

गाङ्गायनिः (पुं.) [*गङ्गाया अपत्यं पुमान्, तिकादिभ्यः फिञ् ४.१.१५४ इति फिञ्*] १.भीष्मपितामह २.कार्तिकेय।

गाङ्गेयः (पुं.) [*गङ्गायाः अपत्यम् पुमान्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः, वृद्धिः, आलोपः ६.४.६४*] १.गङ्गाको छोरो/भीष्मपितामह २.कार्तिकस्वामी। **आग्नेयः कृत्तिकापुत्रो रौद्रो गाङ्गेय इत्यपि** (म.भा. १/३८/१३)।

गाङ्गेयम् (नपुं.) [*गङ्गायां भवम्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः*] १.सुन २.कसेरु। **गाङ्गेयः स्यात् पुमान्भीष्मे क्लीबं स्वर्णकसेरुणोः** (मेदिनी.)।

गाङ्गेरुकी (स्त्री.) [*गाङ्गं जलमीरयति, ईर गतौ क्षेपणे च इति धातोः, मृगय्वादयश्च (उ.) ३७ इति साधुः, कन् ५.३.७५, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष् (रामाश्रमी)*] गुनालु नामक बलुविशेष।

गाढम् (नपुं.) [*गाहते स्म, गाहू विलोडने इति धातोः, गत्यर्थाकर्म-३.४.७२ इति क्तः*] १.बाक्लो/गाढा २.धेरै ३.खुबसित। **रोदितव्यं ततो गाढमेवं तस्य सुखं भवेत्** (ग.पु.प्रेतकल्प ४.६८)।

गाढमुष्टिः (पुं.वि.) [*गाढा मुष्टिर्यस्य सः, बहु.स.*] कन्जुस।

गाणपतः (पुं.वि.) [*गणपतेरयम्, तस्येदम् ४.३.१२० इत्यण्*] गणेश-सम्बन्धी/गणपतिसम्बन्धी।

गाणपत्यः (पुं.) [*गणपतेरपत्यम्, दित्यदित्यादित्यपत्युत्तरपदाण्ण्यः ४.१.८५ इति ण्यः*] १.गणपतिका सन्तान २.गणेशलाई इष्टदेव मान्ने सम्प्रदायका मानिस। ३.गणेशको उपासना गर्ने एक सम्प्रदाय ४.गणपतिको निवासस्थान (लोक)। (वा.पु. १०१.३५४)।

गाणपत्यम् (नपुं.) [*गणपतये इदम्*] गणेशको पूजा, आराधना।

गाणिक्यम् (नपुं.) [*गणिकानां समूहः, गणिकायाश्च यञ् वाच्यः (वा.) ४.२.४० इति यञ्*] वेश्याहरूको समूह।

गाण्डिवः (पुं./नपुं.) [*गाण्डिर्ग्रन्थिरस्यास्ति, गाण्ड्यजगात् संज्ञायाम् ५.२.११० इति वः*] १.धनु २.अर्जुनको धनु। यो सोमबाट वरुणले, वरुणबाट अग्निले र अग्निबाट अर्जुनले पाएका हुन्। **जिष्णोर्धनुषि कोदण्डे गाण्डीवं गाण्डिवं तथा** (शाश्वत.)।

गाण्डीवः (पुं.) [*गाण्डी ग्रन्थिरस्ति अस्य, गाण्ड्यजगात्संज्ञायाम् ५.२.११० इति वः, अत्र संहितया ह्रस्वदीर्घयोर्ग्रहः*] अर्जुनको धनुष।

गाण्डीवी (पुं.) [*गाण्डीवोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] अर्जुन/युधिष्ठिरका भाइ/मध्यम पाण्डव।

गाता (पुं.) [*गायति, गैधातोस्तृच्*] गायक।

गाता चतुर्णां वेदानामुद्गाता प्रथमर्त्विजाम्। (ह.वं. ५४.११)

गातुः (पुं.) [*गायति षड्जादिवरान् आलापयति, गै शब्दे इति धातोः कमिमनिजनिगाभायाहिभ्यश्च (उ.) ७५ इति सूत्रेण तुः*] १.कोइली २.भमरो ३.गन्धर्व ४.गायक।

गातुः पुंस्कोकिले भृङ्गे गन्धर्वे गायनेऽपि च (मेदिनी.)।

गात्रम् (नपुं.) [*गाति गच्छति वा अनेन, गम्लृ गतौ इति धातोः, गमेरा च (उ.) ६८१ इति त्रन्, आत्वञ्च*] १.शरीर २.हात्तीका अघिल्तिरको भाग। **गात्रं गजाग्रजङ्घादिभागेऽप्यङ्गे कलेवरे** (मेदिनी.) ३.मुखबाट निस्किएको गान। हे. **गीतम्**।

गात्रसङ्कोची (पुं.) [*गात्रं सङ्कोचयति तच्छीलः, सुप्यजातौ णिनि-स्ताच्छील्ये ३.२.७८ इति णिनिः*] वनबिरालो।

गात्रानुलेपनी (स्त्री.) [*गात्रमनुलिप्यते यया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टित्वान् ङीप्*] केशर, कस्तूरी र श्रीखण्ड मिसाएर शरीरमा लगाउन बनाएको सुगन्धित लेप।

गाथकः (पुं.) [*गायतीति, गै शब्दे इति धातोः, गःस्थकन् ३.१.१४६ इति थकन्*] गायक।

गाथा (स्त्री.) १.[*गीयतेऽसौ, अनया वा, गै शब्दे इति धातोः, उषिकुषिगर्तिभ्यः स्थन् (उ.) स्थन्, सलोपश्च, टाप्*] साहित्यको एक भेद। यसमा गेयताको साथै कथानकको पनि प्राधान्य रहन्छ। यसको प्रयोग सर्वप्रथम ऋग्वेद ८.३२.१ मा देखिन्छ। यज्ञको अवसरमा गाथा गाउने चलन त्यतिखेर पनि थियो। गाना गाउनेलाई गाथिन् भनिन्थ्यो। जातकमा श्लोकबद्ध रचनालाई गाथा भनिएको छ। २.गान/गीत ३.स्तोत्र ४.आर्याछन्दको एक भेद। छन्दोमञ्जरीकारले गाथाको लक्षण यसरी दिएका छन्– **पादे द्वादश विषमे मात्राष्यदश द्वितीये हि। पञ्चदश चेतुरीये**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथिता गाथा तथैवार्या ॥ ५.बौद्ध साहित्यका ग्रन्थमा बिचबिचमा आउने पद्यभाग ६.ब्राह्मण र आरण्यक ग्रन्थमा गद्यात्मक आख्यानको बिचमा आएका पद्यात्मक अंश ७.संस्कृत र प्राकृत मिसिएको एक प्राचीन भाषा। **गाथा वाग्भेदवृत्तयोः** (विश्व.)।

गाधिः (पुं.) चन्द्रवंशी राजा कुशका नाति र कुशाम्बुका छोरा। यी प्रसिद्ध ऋषि विश्वामित्रका बाबु हुन्।

गाधिसूतः (पुं.) [*गाधेः सूतः, ष.त.*] विश्वामित्र।

गाधृ (धा.) [*प्रतिष्ठालिप्सयोः ग्रन्थे च, भ्वा. सक.सेट्, आत्म.*] कीर्ति प्राप्त गर्नु, लिने अभिलाषा राख्नु। लट्– **गाधते**– कीर्ति प्राप्त गर्छ, लिने अभिलाषा राख्छ इत्यादि।

गाधेयः (पुं.) [*गाधेरपत्यं पुमान्, इतश्चानीयः ४.१.२२ इति ढक्, ढस्य एयः*] विश्वामित्र। **त्रिशङ्कुयाजी गाधेयो विश्वामित्रश्च कौशिकः** (अभि.चि.)।

गानम् (नपुं.) १.[*गै शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] गीत/गीतका मुख्य छ लक्षण हुन्छन्– १.गीत मीठो स्वरमा गाइने खालको हुनुपर्छ। २.रसिलो हुनुपर्छ। ३.त्यसमा राग भरिएको हुनुपर्छ। ४.कोमलकान्त पदावलीको प्रयोग गर्नु जरुरी छ। ५.यो अलङ्कृत पनि हुनुपर्छ। ६.रसानुसार स्वरको प्रयोग गरिनुपर्छ। जस्तै–शृङ्गार र हास्यरसका लागि मध्यम र पञ्चम स्वर उपयुक्त हुन्छ भने वीर, रौद्र र शान्त रसका लागि षड्ज र ऋषभ स्वर उपयुक्त मानिन्छन्। करुणरसका लागि गान्धार र निषाद उपयोगी हुन्छन् भने बीभत्स र भयानक रसका लागि धैवत स्वर उपयुक्त ठहर्छन्।

सुस्वरं सरसं चैव सरागं मधुराक्षरम्।
सालङ्कारं प्रमाणञ्च षड्विधं गीतलक्षणम् ॥

२.[*गीयते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] प्रशंसा गरिएको/स्तुति गरिएको।

गान्धर्वः (पुं.वि.) [*गन्धर्वस्य अयम्, तस्येदम् ४.३.१२० इत्यण्*] गन्धर्वसम्बन्धी। **~विवाहः** (पुं.) [*गान्धर्वश्चासौ विवाहः, कर्म.स.*] वरवधूद्वारा स्वेच्छापूर्वक गरिने विवाह। **~विद्या** (स्त्री.) [*गान्धर्वसम्बन्धिनी विद्या, कर्म.स.*] संगीत सिकाउने विद्या। **~वेदः** (पुं.) [*गान्धर्वश्चासौ वेदश्च, कर्म.स.*] सङ्गीतशास्त्र।

गान्धारः (पुं.) [*गन्धारे गान्धारदेशे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.एक प्राचीन देश। सिन्धु र कुनार नदीदेखि काबुल नदीसम्मको प्रदेश। यसको राजधानीको नाम पुरुषपुर थियो। यो अहिले पेशावर र मुल्तानमा सम्मिलित छ। २.सङ्गीतका सात स्वरमध्ये तेस्रो स्वर। यसको आवाजको सङ्केत 'ग' यस्तो हुन्छ। यसलाई शुद्ध गान्धार र गको मुनि धर्का रहँदा 'ग' लाई कोमल गान्धार भनिन्छ। यसका तीन सय वादलहरी हुन्छन्। ३.सम्पूर्ण जातिको एक राग। यो प्रातःकालमा गाइन्छ ४.कैयौँ राग रागिनी मिलेर बनेको एक सङ्कर राग। गान्धार स्वरले पितृहरू तृप्त हुन्छन्। भेडा बाखाहरू गान्धारस्वरले बोल्छन्। गान्धारको उच्चारण मुखसहित नाकबाट हुन्छ। नाभिबाट उठेको वायु कण्ठ र शिरमा ठोक्किएर पवित्र गन्ध लिई आउने हुनाले यसलाई **गन्धार** भनिएको हो। स्वार्थमा अण् गर्दा गान्धार शब्द बन्छ। गान्धारलाई सुनेर गाईहरू नजिकै आउने, प्रसन्न हुने हुँदा यसकी अधिष्ठात्री देवी गाई हुन्। यसको स्थिति चोर औँलामा छ। **~पञ्चमः** (पुं.) माङ्गलिक एक राग। यसको रूप– म, प, ध, नि, स, ग, म। **~भैरवः** (पुं.) एक राग। **~लिपिः** (पुं.) खरोष्ट्री लिपि।

गान्धारिः (पुं.) [*गान्धारस्य अयम्, अत इञ् ४.१.९५ इति इञ्*] सुबलको छोरो/शकुनि।

गान्धारी (स्त्री.) [*गान्धारस्य अपत्यं स्त्री, तस्यापत्यम्.४.१.९२) इत्यण्, ङीप्*] १.काँढे बोटे दुरालभा २.पुरुवंशी राजा अजमीढकी दोस्री रानी ३.गान्धारका राजा सुबलकी छोरी र धृतराष्ट्रकी रानी ४.मेघरागको पाचौँ रागिनी ५.गाँजा ६.जैनीहरूका एक देवता ७.कुण्डलिनीयोगअनुसार बायाँ आँखाको नाडी। **गान्धारी वामचक्षुषि** (शिवस्वरोदय)।

गामुकः (पुं.वि.) [*गच्छति, गम्धातोः लषपत इति उकञ्*] जाने।

गाम्भीर्यम् (नपुं.) १.[*गम्भीरे भवम्, गम्भीराञ्ञ्यः ४.३.५८ इति ञ्यः, आदिवृद्धिः, अलोपः*] गहिराइमा रहेको २.[*गम्भीरस्य भावः, ष्यञ्*] गहिराइ/गम्भीरता।

गायकः (पुं.वि.) [*गायतीति, गै शब्दे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३) इति ण्वुल्, युवोरनाको ७.१.१ इत्यकः*] गाउने मानिस/गवैया।

गायत्री (स्त्री.) [*गायन्तं त्रायते, त्रैङ् पालने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४, ङीप्*] १.ऋचाको गान २.छ अक्षरको पाउ भएको छन्द, जस्तै– तनुमध्या, शशिवदना आदि। ३.रातो खयर ४.दुर्गा ५.गङ्गा ६.चौबिस अक्षर भएको एक वैदिक मन्त्र। यसमा स्थावर जङ्गम गरिएका उन्नाइस तत्त्व र पञ्चमहाभूतसमेत जोडिँदा चौबिस तत्त्व हुन्छन्। सबै देवताको गायत्री हुन्छ,। देवताअनुसार मन्त्र र वर्ण फरक फरक हुन्छन्। तर चौबिस अक्षरको ब्रह्मगायत्रीलाई वेदमाता भनिन्छ। बिहान ब्रह्माकी शक्ति– **ब्राह्मी,** मध्याह्नमा रुद्रकी शक्ति **सावित्री** र साँझमा विष्णुकी शक्ति **सरस्वती** गरी गायत्रीका तीन रूप हुन्छन्। क्षत्रियले जप्ने गायत्री चौबिस अक्षरको र वैश्यले जप्ने गायत्री छयालिस अक्षरको हुन्छ। यिनको नाम क्षत्रिय गायत्री र वैश्य गायत्री हो। यस्तै विष्णुगायत्री, शिवगायत्री, दुर्गागायत्री, कालीगायत्री, भैरवगायत्री, राधागायत्री आदि अरू पनि गायत्रीका भेद छन्। दशथरी सिद्ध विद्यामध्ये अन्नपूर्णा पनि एक गायत्री देवी हुन्। **अन्नपूर्णा च गायत्री** (पु. च.प्र.भा)।

गायनः (पुं.) [*गायतीति, गै शब्दे इति धातोः, ण्युट् च ३.१.१४७ इति ण्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.गाउने व्यक्ति। अष्टाध्यायी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार नर्तक, गायन र वादक तीनैलाई शिल्पी अर्थमा प्रयोग गरिएको छ। २.नाचगान गर्ने एक जाति विशेष।

गायिका (पुं.) [*गायतीति, गै शब्दे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४,इत्वम्*] गाउने स्त्री/गवैया।

गारुडम् (नपुं.) [*गरुडस्य इदम्, अण् वृद्धिश्च*] १.गरुडसम्बन्धी पुराण/गरुड श्रोता र भगवान् वक्ता भएको पुराण। **गरुडस्तु स्वयं वक्ता यत्तद् गारुडसंज्ञकम्**। (शिवपु.) २.सुवर्ण। **अपि गैरिकं गारुडजातरूपे**। (अभि.चि.) ३.मरकतमणि ४.सेनाको एक व्यूहविशेष। **गारुडञ्च महाव्यूहं चक्रे शान्तनवस्तथा** (म.भा.)।

गारुडिकः (पुं.) [*गरुडोऽधिष्ठाता अस्य गारुडः विषनिवारकमन्त्र-विशेषस्तेन चिकित्सति, स एव आजीवो यस्य इति वा, ठक्*] विषवैद्य।

गारुत्मतम् (नपुं.) [*गरुत्मत इदम्, गरुत्मान् देवता अस्य इति वा अण्*] पन्ना /मरकतमणि। **गारुत्मतं मरकतमश्मगर्भो हरिन्मणिः** (भा.प्र.)।

गार्गी (स्त्री.) [*गर्गस्य गोत्रापत्यं स्त्री*] १.दुर्गा २.जनकको सभामा याज्ञवल्क्यसँग शास्त्रार्थ गर्ने गर्गगोत्रमा उत्पन्न एक ब्रह्मवादिनी स्त्री।

गार्ग्यः (पुं.) [*गर्गस्य गोत्रापत्यम्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] १.गर्ग मुनिका पुत्र/यादवका कुलगुरु। २.[*गर्गस्य अयम्*] पाणिनिभन्दा पूर्ववर्ती एक वैयाकरण। यी वैयाकरण भरद्वाजका पुत्र थिए। युधिष्ठिरमीमांसकको मतअनुसार यिनको समय ३१०० वि.पू. हो। प्राचीन वाङ्मयमा गार्ग्यद्वारा रचित कैयौं ग्रन्थको उल्लेख छ। यिनले रचना गरेका प्रमुख कृतिहरू— निरुक्तम्, सामवेदस्य पदपाठः, शालाक्यतन्त्रम्, भूवर्णनम्, तक्षशास्त्रम्, लोकायतशास्त्रम्, देवर्षिचरितम्, सामतन्त्रम्। यी सबै ग्रन्थ वैयाकरण गार्ग्यका हुन् वा होइनन् अनुसन्धेय छन्। ३.विश्वामित्रको एक छोरो ४.एक भारतीय जनपद, जसलाई कृष्णले जितेका थिए ५.एक ऋषि।

गार्द्ध्यम् (नपुं.) [*गर्द्ध एव, चतुर्वर्णादितया ष्यञ्*] लिप्सा/लोभ।

गार्भिणम् (नपुं.) [*गर्भिणीनां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण, भस्याढे तद्धिते (वा.) ६.३.५ इति पुंवद्भावः*] गर्भिणीको समूह।

गार्हपत्यः (पुं.) [*गृहपतिना संयुक्तोऽग्निः, गृहपतिना संयुक्ते ञ्यः ४.४.९० इति ञ्यः, आदिवृद्धिः, इलोपः*] १.गृहस्थीले स्थापना गर्ने अग्नि २.अग्निहोत्रीले पश्चिममा स्थापना गर्ने अग्नि।

गार्हस्थ्यम् (नपुं.) [*गृहस्थस्य भावः कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.गृहस्थीका पाँच प्रधान कर्तव्य वा पञ्चमहायज्ञ २.गृहस्थाश्रम।

गालवः (पुं.) [*गालवस्यापत्यम्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्, गालं नेत्रस्रवं वायति, ओ वै शोषणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति को वा*] १.विश्वामित्रका माहिला छोरा, अनिकालमा १०० गाई लिएर बेच्नका लागि आमाले गलामा डोरीले बाँधेर डोहोऱ्याएकाले यिनको नाम गालव भएको हो। **पत्नी तस्य गले बध्वा मध्यमं पुत्रमौरसम्। शेषस्य भरणार्थाय व्यक्रीणाद् गोशतेन वै॥** (ह.वं. १२/२१) २.पाणिनिभन्दा पूर्ववर्ती वैयाकरण। युधिष्ठिर मीमांसकको भनाइअनुसार यिनको समय ३१०० वि.पू. मानिन्छ। पाणिनिले अष्टाध्यायीका ६.३.६१, ८.४.६७, ७.१.७४ र ७.३.९९ सूत्रमा चार ठाउँमा यिनको नाम लिएका छन्। महाभारतको शान्तिपर्वमा क्रमपाठ र शिक्षापाठका प्रवक्ताका रूपमा यिनको वर्णन छ। यिनी धन्वन्तरिका शिष्य थिए। यिनले संहिता, ब्राह्मण, क्रमपाठ, शिक्षा, निरुक्त आदि विषयसँग सम्बद्ध अरू ग्रन्थ पनि रचेका थिए। ३.[*गालं वेदान्तादिशास्त्रं वाति जानाति,कः, आलोपः*] एक बाभ्रव्यगोत्रीय ऋषि। यी वेदको क्रमविभागमा पारङ्गत विद्वान् थिए। ४.लोधको रूख। **गालवो मुनिभेदे स्याल्लोध्रवृक्षे च कीर्तितः** (विश्व.)।

गालिः (पुं) [*गाल्यते विक्रियते स्मरणमात्रेण मनो यस्मात्, औणादिक इन्प्रत्ययः*] कसैमाथि लक्ष्य गरेर नराम्रा शब्दावलीको प्रयोग गर्ने काम/श्राप। **ददतु ददतु गालिं गालिमन्तो भवन्तो वयमपि तदभावाद् गालिदानेऽसमर्थाः** (चिन्तामणि)।

गालितः (पुं.वि.) १.छानिएको /कपर्छान गरिएको। **शिलायां साधु संपिष्टं धान्याकं वस्त्रगालितम्। शर्करोदकसंयुक्तं कर्पूरादि सुसंस्कृतम्। नूतने मृण्मये पात्रे स्थितं पित्तहरं परम्।** (भा.प्र.) २.गालिएको/ठोस वस्तुलाई आगामा पगालिएको। **गालितस्य सुवर्णस्य षोडशांशेन सीसकम्** (रत्नावली)।

गालिनीमुद्रा (स्त्री.) [*गालयति द्रवीकरोति अविद्याम् इति, गलधातोर्णिचि णिनिः, ङीप्, गालिनीति मुद्रा, कर्म.स.*] दाहिने हातको कान्छी औँलालाई बायाँ हातको औँठाले र बायाँ हातको औँठालाई दाहिने हातको कान्छी औँलाले दबाएर चोरी औँला माझी औँला र साहिँली औँला आपसमा जोड्दा गालिनी मुद्रा हुन्छ। शङ्ख आदिको जल शुद्ध गर्नु यस मुद्राको प्रयोजन हो।

कनिष्ठाङ्गुष्ठकौ सक्तौ करयोरितरेतरम्।
तर्जनी मध्यमानामा संहता भुग्नवर्जिता॥
मुद्रैषा गालिनी प्रोक्ता शङ्खतोयादिशोधने॥ (मु.प्र.)

गालोडनम् (नपुं.) [*गाः इन्द्रियाणि आलोड्यन्तेऽनेन,करणे ल्युट्*] १.उन्माद २.रोगविशेष ३.मूर्खता।

गालोडितः (पुं.) [*गालोडः उदररोगः सञ्जातोऽस्य, इतच्*] १.पेटको रोगी २.उन्मत्त ३.मूर्ख। **उन्मादशीले रोगार्ते मूर्खे गालोडितः स्मृतः** (त्रिलोचनदास)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाहनम् (नपुं.) [*गाह्यते इति, गाहू विलोडने इति धातोः, ल्युट् च इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] डुबुल्की लगाउनु, स्नान गर्नु ।

गाहू (धा.) [*विलोडने, अवगाहने भ्वा. आत्म. सेट्*] लुट्पुट् गर्नु, आलोडन गर्नु, प्रवेश गर्नु । लट्– **गाहते**– लुट्पुट् गर्छ, आलोडन गर्छ, प्रवेश गर्छ इत्यादि । **गाहन्तां महिषा निपानसलिले** (अभि.शा.) ।

गिरा (स्त्री.) [*गृधातोः क्विप्, स्त्रियां टाप्*] वाणी/वचन । **तां गिरां श्रुत्वा** (दशरथविलापनाटक) ।

गिरिः (पुं.) [*गिरति धारयति पृथ्वीम्, गृधातोः, गृ शब्दे इति धातोर्वा कृगृशृपृकुटिभिदिछिदिभ्यश्च (उ.) ५९२ इति इः, कित्वञ्च, ऋत इद्धातोः ७.१.१०० इति इत्वम्, रपरत्वम्*] १.पहाड २.थरविशेष ३.पूजनीय व्यक्ति ४.आँखाको रोग ५.भकुण्डो ६.गैरिक धातुविशेष ७.आठको सङ्ख्या ८.दशथरी सन्न्यासीमध्ये एक ।

सदोर्ध्वबाहुर्यो वीरो मुक्तकेशो दिगम्बरः ।
सर्वत्र समभावेन भावयेद्यो नरोत्तमः ।
इष्टदेवीधिया नारीं स गिरिः परिकीर्तितः ॥ (तन्त्र)

९.पहाडमा बसेर गीताको अभ्यास गर्ने स्थिर बुद्धि भएको व्यक्ति ।

वासो गिरिवरे नित्यं गीताभ्यासे हि तत्परः ।
गम्भीराचलबुद्धिश्च गिरिनामा स उच्यते ॥

१०.सोफल्कका बाह्र छोरामध्ये एक ११.सानो मुसो ।

गिरिकर्णी (स्त्री.) [*गिरिर्बालमूषिका, तस्याः कर्ण इव पत्राणि अस्याः*] अपराजिता ।

गिरिका (स्त्री.) [*गिरति, कृगृपृकृटि– (उ.) इति इः किच्च, ऋत इत्– ७.१.१०० इति इत्वम्, रपरत्वम्, संज्ञायां कन् ५.३.७५ टाप् ४.१.४ इत्वम्*] १.सानो मुसो २.कोलाहल पर्वतद्वारा शुक्तिमती नदीको गर्भबाट पैदा भएकी नदी । यिनी उपरिचर वसुकी पत्नी हुन् ।

गिरिकाननम् (नपुं.) [*गिरेः काननम्, ष.त.*] पहाडी सानो वन ।

गिरिकूटम् (नपुं.) [*गिरेःकूटम्, ष.त.*] पर्वत/शिखर/पहाडको टाकुरो ।

गिरिगङ्गा (स्त्री.) [*गिरौ स्थिता गङ्गा, म.प.स.*] १.नदीविशेष २.पहाडी नदी ।

गिरिगुडः (पुं.) [*गिरेः गिरौ वा जातः गुडः इव*] भकुन्डो वा गोला ।

गिरिजम् (नपुं.) [*गिरौ जातम्, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः,यद्वा गिरेर्जातम्, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] १.अभ्रख २.शिलाजित ३.फलाम ४.(पुं.वि.) पहाडमा पैदा भएको ।

गिरिजा (स्त्री.) [*गिरेर्जाता, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ इति डः,डित्वाट्टिलोपः,टाप्*] १.पार्वती २.गङ्गा ३.मुडिलो ४.लहरे बेली ५.वनकेरा । **~अमलम्** (नपुं.) [*गिरिजेषु अमलम्*] अभ्रक । **~तनयः/नन्दनः** [*गिरिजायाः तनयः/ नन्दनः*] १.गणेश २.स्वामी कार्तिकेय । **~पतिः** (पुं.) [*गिरिजायाः पतिः,ष.त.*] शिव ।

गिरिजालम् (नपुं.) [*गिरेः जालम्, ष.त.*] पहाडको लहरा ।

गिरिज्वरः (पुं.) [*गिरेः ज्वर इव*] इन्द्रको वज्र ।

गिरिणदी (स्त्री.) [*गिरेः वा गिरौ स्थिता नदी, त.स. गिरिनद्यादीनां वा (वा.) ८.४.१० इति वा णत्वम्*] पहाडी नदी ।

गिरिणद्धः (पुं.वि.) [*गिरिभिः नद्धः, तृ.त., पूर्ववत् णत्वम्*] पहाडले घेरिएको ।

गिरिणितम्बः (पुं.) [*गिरेः नितम्बः, ष.त., पूर्ववत् णत्वम्*] १.पहाडको ढालु ठाउँ २.भीर ।

गिरितः (पुं.वि.) [*गृ निगरणे इति धातोः कर्मणि क्तः,पक्षे लत्वाभावः*] निलिएको /खाइएको ।

गिरिदुर्गम् (नपुं.) [*गिरेः दुर्गम्, ष.त.*] साँगुरो बाटो भएको पहाडी चुचुराको किल्ला ।

गिरिद्वारम् (नपुं.) [*गिरेः द्वारम्, ष.त.*] पहाड प्रवेश गर्ने बाटो वा पहाडबाट निस्कने ठाउँ ।

गिरिधरः (पुं.) [*गिरेर्धरः, ष.त.*] कृष्ण भगवान् ।

गिरिधातुः (पुं.) [*गिरौ जातो धातुः,म.प.स.*] गैरिकादि धातु ।

गिरिप्रस्थः (पुं.) [*गिरेः प्रस्थः,ष.त.*] पर्वतमाथिको भूमि ।

गिरिराजः (पुं.) [*गिरीणां राजा (ष.त.), राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] १.हिमालय २.ठुलो पर्वत ।

गिरिशः (पुं.) [*गिरिरस्यास्तीति, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति शः, यद्वा गिरौ कैलासे शेते इति, गिरौ डश्छन्दसि (वा.) ३.२.११५ इति डः, डित्वाट्टिलोपः*] १.शिवजी २.(पु.वि.) पहाडको आश्रय लिएर बस्ने । **गिरिशो गिरीशो मृडः** (अमर.) ।

गिरीन्द्रः (पुं.) [*गिरीणामिन्द्रः, ष.त.*] १.हिमालय पर्वत २.ठुलो पर्वत ३.शिव ।

गिरीशः (पुं.) [*गिरेरीशः, ष.त.*] १.शिवजी २.बृहस्पति ३.हिमालय ।
गिरीशोऽद्रिपतौ वाचस्पतिशङ्करयोः पुमान् (विश्व) ।

गिलितः (पुं.वि.) [*गीर्यते स्म, गृ निगरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अचि विभाषा ८.२.२१ इति वा लत्वम्,*] निलिएको/खाइएको ।

गीः (स्त्री.) [*गृ निगरणे इति धातोः, सम्पदादिभ्यः क्विप् (वा.) ३.३.९४ इति क्विप्*] वाणी । **गीर्वाग्वाणी सरस्वती** (अमर.) ।

गीतकारः (पुं.वि.) [*गीतं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] गीत कथ्ने मानिस ।

गीतक्रमः (पुं.) [*गीतस्य क्रमः, ष.त.*] सङ्गीतमा हुने एकथरी ताल वा लयको क्रम ।

गीतगोविन्दम् (नपुं.) [*गीतः गोविन्दो यत्र तत्, बहु.स.*] महाकवि जयदेवले रचना गरेको काव्य । यसमा राधा र कृष्णको लीलालाई सरस र गेयात्मक बनाएर प्रस्तुत गरिएको छ । राधा र कृष्णसँग सम्बद्ध कविनिष्ठ भक्तिभाव यसकाव्यमा चरम उत्कर्षमा पुगेर अभिव्यक्त भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतज्ञः (पुं.वि.) [*गीतं जानाति, आतोऽनुपसर्गे कः (३.२.३) इति कः,आलोपः ६.४.६४)*] सङ्गीतमा निपुण।

गीतदोषः (पुं.) [*गीतस्य दोषः, ष.त.*] गीतमा हुने दोष। गीतका चौध दोष छन्– शङ्कित, भीषण, भीत, उद्घुष्ट, अनुनासिक, काकस्वर, मूर्द्धगत, स्थानवर्जित, विस्वर, विरस, विश्लिष्ट, विषमाहत, व्याकुल र तालहीन।

गीतम् (नपुं.) [*गीयते इति, गै शब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] गाना। सङ्गीतशास्त्रअनुसार भगवान् शङ्करले मानिसहरूलाई दुःखबाट मुक्ति दिलाउन सर्वप्रथम गीत र बाजाको सिर्जना गरेका थिए। सामवेदको भाष्यअनुसार आभ्यन्तर प्रयत्नबाट हुने स्वरग्रामको अभिव्यक्ति नै गीत हो। संस्कृतमा गीत दुई किसिमका हुन्छन्– वैदिक र लौकिक॥ शास्त्रीयताको आधारमा लौकिक गीतलाई दुई भागमा बाँड्न सकिन्छ– मार्ग र देशी। शास्त्र प्रतिपादित सिद्धान्तको पालना गर्ने गीतलाई मार्ग भनिन्छ। यसका आद्याचार्य शङ्कर हुन्। लौकिक शैलीमा रचिएका गीतहरू देशी गीत हुन्। अर्को दृष्टिकोणले गीत दुई किसिमका हुन्छन्– यन्त्र र गात्र। मुरली, बाँसुरी वीणा आदिको गीतलाई यन्त्र र मुखबाट निस्किएको गानलाई गात्र भनिन्छ। **गीतं च द्विविधं प्रोक्तं यन्त्रगात्रविभागतः। यन्त्रं स्याद्वेणुवीणादि गात्रं तु मुखजं स्मृतम्॥** (सङ्गीतशा.)

गीतवाद्यम् (नपुं.) [*गीतञ्च वाद्यञ्च, स.द्व*] सङ्गीत/गानाबजाना। **गीतं वाद्यं तथा नृत्यं त्रयं सङ्गीतमुच्यते।**

गीतशास्त्रम् (नपुं.) [*गीतस्य शास्त्रम्, ष.त.*] सङ्गीतविद्या।

गीता (स्त्री.) [*गीयतेऽसौ, गै शब्दे इति धातोः, निष्ठा ३.२.१०२ इति कर्मणि क्तः, टाप् ४.१.४*] १.कथा २.सङ्कीर्ण रागको एक भेद ३.छब्बिस मात्राको एक छन्द। यसमा चौध र बाह्र मात्रामा विश्राम हुन्छ ४.[*गीयते स्म आत्मविद्योपदेशात्मिका ब्रह्मतत्त्वमयी कथा यत्र*] ग्रन्थविशेष। सामान्यतया गीता भन्नाले महाभारतको युद्धको वेला आफन्तलाई मारेमा पाप लाग्छ भनी दुःखको चिन्ता गर्दै मोहमा परेका अर्जुनलाई ज्ञानयोग, कर्मयोग, भक्तियोग आदिको बोध गराउन कृष्णले वर्णन गरेको अठार अध्यायभित्र सात सय श्लोक भएको कृष्णगीता भन्ने बुझिन्छ। यो ग्रन्थ महाभारत भीष्मपर्वबाट उद्धृत अंश हो। यसका रचयिता वेदव्यास हुन्। यसले नैतिक, व्यावहारिक र आध्यात्मिक समस्याको समाधान प्रस्तुत गरेको छ। यसमा मुख्यतः उपनिषद्, साङ्ख्य, कर्ममीमांसा, योग आदि विषयलाई अत्यन्त प्राञ्जल र सुबोध शैलीमा प्रस्तुत गरिएको छ। दार्शनिकहरूले यसलाई प्रस्थानत्रयीभित्र समाहित गरेका छन्। विभिन्न मतावलम्बी आचार्यहरूले आफ्नो सिद्धान्तको पुष्टिका निमित्त श्रीमद्भगवद्गीतामाथि विभिन्न टीकाहरू लेखेका छन्। यसमा ब्रह्मतत्त्व, जीवतत्त्व र जगत्तत्त्वको विश्लेषण गरिएको छ। तर गीता हरेक देवताको छ, ती ती देवताको स्वरूप र अध्यात्मतत्त्वको बोध गराउन प्रायः पद्यमा यसको रचना गरिएको हुन्छ। जस्तै– देवीभागवतमा देवीगीता, अध्यात्मरामायणमा रामगीता, शिवपुराणमा शिवगीता आदि।

गीतासारः (पुं.) [*गीतानां वेदान्तादिशास्त्राणां सारो वर्णितं यत्र सः, बहु.स.*] कृष्णले अर्जुनलाई बताएको वेदान्त योग आदि शास्त्रको सारभूत अष्टाङ्गयोग नामक मुक्तिजनक ग्रन्थ। **गीतासारं प्रवक्ष्यामि अर्जुनायोदितं पुरा। अष्टाङ्गयोगं मुक्त्यर्थं सर्ववेदान्तसारगम्॥** (ग.पु.२३३)

गीतिः (स्त्री.) [*गै शब्दे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.गायन/गीत २.आर्या छन्दको एक भेद। यसको प्रथम र तृतीय पाउमा बाह्र बाह्र मात्रा र द्वितीय तथा चतुर्थ पाउमा अठार अठार मात्रा हुन्छन्।

गीतिका (स्त्री.) [*गीतमेव स्वार्थे कन्, टाप् इत्वम्*] १.गीत २.छोटकरी भजन ३.छब्बिस मात्राको एक छन्द। यसमा चौध र बाह्र अक्षरमा यति हुन्छ र अन्तमा लघु गुरु हुन्छन् ४.एक वर्णवृत्त। यसको प्रत्येक चरणमा सगण, जगण, जगण, भगण, सगण एवं लघु तथा गुरु वर्ण रहेका हुन्छन्। **सजजा भरौ सलगा यदा कथिता तदा खलु गीतिका** (छन्दो.)।

गीतिकाव्यम् (नपुं.) [*गीतिप्रधानं काव्यम्, म.प.स.*] गाउनका लागि उपयुक्त हुने शैलीमा रचिएको काव्य। संस्कृतको **गीतगोविन्दम्** गीतिकाव्यको उत्कृष्ट नमुना हो।

गीतिनाट्यम् (नपुं.) [*गीतिप्रधानं नाट्यम्, म.प.स.*] गीतको प्रधान्य भएको नाटक।

गीती (पुं.वि.) [*गीतमनेन, इष्टादिभ्यश्च ५.२.८८.इति इनिः, यद्वा प्रशस्तं गीतमस्यास्तीति अत इनिठनौ ५.२.११५ इति इनिः*] १.गायक २.गीत गाएजस्तो गरी पढ्ने।

गीती शिघ्री शिरःकम्पी तथा लिखितपाठकः।
अनर्थज्ञोऽल्पकण्ठश्च षडेते पाठकाधमाः॥ (पा.शि.३२)

गीर्णः (पुं.वि.) [*गीर्यते स्म, गॄ शब्दे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः,णत्वम्*] प्रशंसा गरिएको/स्तुति गरिएको।

गीर्णिः (स्त्री.) [*गिलनम्, गॄ निगरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, ॠल्वादिभ्यः क्तिन्निष्ठावत् वाच्यः (वा.) ८.२.४४ इति नत्वम्*] १.निल्ने काम २.स्तुति ।

गीर्वाणाः (पुं.ब.) [*गीरेव निग्रहानुग्रहसमर्थतया बाणोऽस्त्रं येषान्ते, बहु.स., दन्त्योष्ठ्यपाठे गिरं वन्वते, वनु याचने इति धातोः, कर्मण्यण् इत्यण्, पूर्वपदादिति णत्वम्*] देवता।

गीष्पतिः (पुं.) [*गिरां पतिः, ष.त., अहरादीनां– (वा) ८.२.७०) इति वा रेफः, पक्षे विसर्गोपध्मानीयौ, कस्कादित्वात् ८.३.४८ षः*] १.बृहस्पति २.वाणीका मालिक ३.विद्वान् पुरुष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गु (धा.) [*पुरीषोत्सर्गे, अक.अनिट्, पर.*] मल त्याग गर्नु। लट्– **गुवति–** मल त्याग गर्छ। लिट्– **जुगाव–** मल त्याग गरेछ (अन.)। लुट्– **गुता–** मल त्याग गर्नेछ इत्यादि।

गुगुलुः (पुं.) [*गुज स्तेये इति धातोः क्विप् च ३.२.७६ इति क्विप्, गुजो व्याधेर्गुडति, गुड रक्षणे इति धातोः बाहुलकादुः, डलयोरेकत्वम्*] गोकुलधूप/प्रायः पहाडमा हुने एक प्रकारको रुख वा त्यसको खोटो। यसको नीमको पात जस्तो तर किनारा नकाटिएको पात हुन्छ। यसको खोटो आगोमा हाल्दा सुगन्ध आउने भएकाले यसलाई गोकुलधूप भनिन्छ। यसको बोटबाट हर मौसममा खोटो निस्कने गर्छ। यसका भेदहरू– गुग्गुलु गाढा नीलो– **महानीलः** (पुं.), गुग्गुल गाढा पहेँलो– **हिरण्याक्षः** (पुं.), गुग्गुल भमरा झैँ कालो र साँपको आँखाझैँ टल्कने– **महिषाक्षः** (पुं.), गुग्गुलु माणिक झैँ रातो– **पद्माक्षः** (पुं.), गुग्गुलु सेतो– **कुमुदाक्षः** (पुं.)।

गुङ् (धा.) [*अव्यक्ते शब्दे, भ्वा.अक.अनिट्, आत्म.*] अस्पष्ट बोल्नु। लट्– **गवते–** अस्पष्ट बोल्छ। लिट्– **जुगुवे–** अस्पष्ट बोलेछ इत्यादि।

गुच्छः (पुं.) [*गवनम्, गुङ् शब्दे इति धातोः, संपदादिभ्यः, क्विप् (वा.) ३.३.१०८ इति क्विप्, तुक् ६.१.७१ गुतं छ्यति, छो छेदने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.फूलहरुको झुप्पो/गुच्छा २.बत्तिस लुङ भएको हार ३.धान-जौ-आदिको झुप्पा।

गुच्छकः (पुं.) [*गुच्छ एव, स्वार्थे कन्*] झुप्पो।

गुज (धा.) [*शब्दे, भ्वा.अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **गुजति–** शब्द गर्छ इत्यादि।

गुजि (धा.) [*अव्यक्ते शब्दे, भ्वा.अक.सेट.पर.*] अस्पष्ट शब्द गर्नु, भुनभुनाउनु। लट्– **गुञ्जति–** अस्पष्ट शब्द गर्छ, भुनभुनाउँछ। लिट् – **जुगुञ्ज**- अस्पष्ट शब्द गरेछ, भुनभुनाएछ। लुट्- **गुञ्जिता**-अस्पष्ट शब्द गर्ने छ, भुनभुनाउने छ। लृट्– **गुञ्जिष्यति**- अस्पष्ट शब्द गर्ने छ, भुनभुनाउने छ। लोट्– **गुञ्जतु** अस्पष्ट शब्द गरोस्, भुनभुनाओस्। लङ्– **अगुञ्जत्**– अस्पष्ट शब्द गऱ्यो, भुनभुनायो। विधिलिङ्– **गुञ्जेत्**– अस्पष्ट शब्द गर्ला, भुनभुनाउला, अस्पष्ट शब्द गरोस्, भुनभुनाओस्। आ. लिङ्– **गुञ्ज्यात्**– अस्पष्ट शब्द गरोस्, भुनभुनाओस्॥ लुङ्– **अगुञ्जीत्**– अस्पष्ट शब्द गऱ्यो, भुनभुनायो॥ लृङ्– **अगुञ्जिष्यत्** अस्पष्ट शब्द गर्ने थियो, भुनभुनाउने थियो॥ णिच्- **गुञ्जयति, गुञ्जयते**– अस्पष्ट शब्द गराउँछ, भुनभुनाउन लगाउँछ॥ सन्– **जुगुञ्जिषति**- अस्पष्ट शब्द गर्न चाहन्छ, भुनभुनाउन चाहन्छ॥ जोगुञ्ज्यते– अतिशय वा बारम्बार भुनभुनाउँछ॥ कृदन्ते– **गुञ्जितः**– भुनभुनाएको॥ **गुञ्जन्**– भुनभुनाउँदै गरेको। **गुञ्जः, गुञ्जनम्, गुञ्जितम्**– भुनभुनावट गुञ्जन। **गुञ्जितव्यम्, गुञ्जनीयम्**– भुनभुनाउनु पर्ने। **गुञ्जित्वा, प्रगुञ्ज्य**– भुनभुनाएर, **गुञ्जितुम्**– भुनभुनाउन इत्यादि।

गुञ्जः (पुं.) [*गुञ्जनम्, गुजि अव्यक्ते शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.भँवराको गुञ्जन २.मधुर स्वर/मिठो ध्वनि।

गुञ्जनम् (पुं.) [*गुजि अव्यक्ते शब्दे इति धातोः, ल्युट् च ३.३.१८ इति ल्युट्, अनः*] गुञ्जन/मौरी, भमरा आदिको आवाज।

गुञ्जा (स्त्री.) [*गुञ्जतीति, गुजि अव्यक्ते शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.रातिगेडी २.बाजा विशेषको मधुरध्वनि ३.भुनभुनावट। **गुञ्जा तु काकचिञ्चायां पटहे च कलध्वनौ** (मेदिनी.)।

गुञ्जायमानः (पुं.वि.) [*गुञ्जायते, गुजि अव्यक्ते शब्दे इति धातोः, लटः शानच् ३.२.१२४*] मधुर ध्वनि आइरहेको/ गुन्जिरहेको।

गुञ्जावतंसः (पुं.) [*गुञ्जाया अवतंसः, ष.त.*] रातीगेडीको माला। **गुञ्जावतंस परिपिच्छ लसन्मुखाय** (भाग.)।

(गुञ्जावतंसः)

गुञ्जितम् (नपुं.) [*भावे क्तः*] गुञ्जन। **न गुञ्जितं तन्न जहार यन्मनः** (भट्टि.)।

गुटिका(स्त्री.) १.[*गुटिरेव, स्वार्थे कन्,टाप्,इत्वम्*] गोटी २.[*गुटिरिव सादृश्ये कन्*] सानो पुस्तक। जस्तै– **गौरीशङ्करगुटिका**।

गुडः (पुं.) [*गवतेऽव्यक्तशब्दं करोति, गुङ् अव्यक्ते शब्दे, इति धातोः, स्वादिभ्यः कित् (उ.) १२० इति डः, कित्वञ्च*] १.उखुको रसलाई पकाएर साह्रो पारिएको सक्खर। **इक्षो रसो यः सम्पक्वो जायते लोष्टवद् दृढः। स गुडो गौडदेशे तु मत्स्यण्ड्येव गुडो मतः॥** यसलाई गौड देशमा मत्स्यण्डी भन्दछन्। (भा.प्र.नि.) गुड अदुवासित खायो भने कफ नाश हुन्छ, हर्रोसित सेवन गऱ्यो भने पित्त नाश हुन्छ र सुठोसित मिलाएर निर्यमित सेवन गऱ्यो भने वातको रोग निको हुन्छ। २.गोलो वस्तु।

गुड (धा.) [*रक्षायाम्, भ्वा.सक.सेट्, पर.* संरक्षण गर्नु, बनाउनु। लट्– **गुडति–** संरक्षण गर्छ, बनाउँछ इत्यादि।

गुडपुष्पः (पुं.) [*गुड इव पुष्पं यस्य सः, बहु.स.*] महुवा वृक्ष।

गुडा (स्त्री.) [*गुडतीति, गुड रक्षायामिति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप् ४.१.४*] सिउँडी।

गुडि (धा.) [*वेष्टने, चुरा.सक.सेट्, उभय.*] घेर्नु, धुलो पार्नु, संरक्षण गर्नु॥ लट्– **गुण्डयति–ते–** घेर्छ, धुलो पार्छ, संरक्षण गर्छ इत्यादि।

गुडूची (स्त्री.) [*गुडतीति, गुड रक्षणे इति धातोः, बाहुलकादुचट् टित्वान् ङीप्*] गुर्जो॥

गुण (धा.) [*आमन्त्रणे, चुरा.सक.सेट्, उभय.*] बोलाउनु॥ लट्– **गुणयति–ते–** बोलाउँछ इत्यादि॥

गुणः (पुं.) [*गुण्यते इति, गुण आमन्त्रणे इति धातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.असल विशेषता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परैः प्रोक्ता गुणा यस्य निर्गुणोऽपि गुणी भवेत्।
इन्द्रोऽपि लघुतां याति परप्रख्यापितैर्गुणैः ॥ (सुभा.)

२.भलाइ ३.श्रेष्ठपना ४.प्रसिद्धि ५.लाभ ६.उपयोग ७.प्रभाव ८.असल परिणाम ९.डोरी १०.ताँदो ११.बाजाको डोरी १२.नसा १३.लक्षण १४.धागो १५.इन्द्रियबाट उत्पन्न रूप, रस, गन्ध, स्पर्श, शब्द यी पाँच विषय १६.अङ्क वा सङ्ख्याको गुना (जस्तै दश गुना, पाँच गुना आदि) १७.गौण/अप्रधान १८.धेरैपन/ज्यास्ती १९.सत्त्व, रज र तम यी प्रकृतिका तीनथरी गुण २०.व्याकरणमा हुने एक आदेश। जस्तै— अ— आ देखि पर इ— ई भए **ए**, अ— आ देखि पर उ— ऊ भए **ओ**, अ— आ देखि पर ऋ— ॠ भए **अर्**, अ— आ देखि पर लृ— लॄ भए **अल्** हुन्छ। उदाहरणको लागि— भव+ईशः— भवेशः, रमा+ईशः— रमेशः, शिव+ऊरु— शिवोरु। शिवा+ऊरु— शिवोरु। कृष्ण+ऋद्धिः— कृष्णर्द्धिः। तव+लृकारः— तवल्कारः। (आद्गुणः, पा.सू. ६.१.७८) २१.राजाका छ गुण— सन्धि, विग्रह, यान, आसन, द्वैध र आश्रय। **सन्धिर्ना विग्रहो यानमासनं द्वैधमाश्रयः। षड् गुणाः।** (अमर.) २२.तिनको सङ्ख्या २३.वृत्तांशको दुवै प्रान्तलाई जोड्ने सरल रेखा २४.ज्ञानेन्द्रिय, २५.भीमसेनको उपाधि २६.भान्से/पाचक २७.त्याग २८.काव्य भित्र विद्यमान रसको सौन्दर्य बढाउने धर्म। गुणलाई आचार्यहरूले विभिन्न ढङ्गबाट उल्लेख गरेका छन्। भरतअनुसार दोषको विपर्यय नै गुण हो। अभिनव गुप्तले दोषको अभावलाई गुण मानेका छन्। दण्डीले काव्यको शोभा बढाउने धर्मलाई गुण भनेका छन्। वामनले पनि काव्यको शोभा बढाउने धर्मलाई नै गुण भनेको देखिन्छ। आनन्दवर्धनले गुणको स्वतन्त्र अस्तित्व मानेका छैनन्। उनले गुणलाई रसाश्रित भनेका छन्। मम्मटको पनि त्यही विचार छ। विश्वनाथले काव्यको आत्मामा रहेको धर्मलाई गुण भनेको देखिन्छ। काव्यप्रकाशमा पनि गुणलाई रसको धर्म मानिएको छ।

ये रसस्याङ्गिनो धर्माः शौर्यादय इवात्मनः।
उत्कर्षहेतवस्ते स्युरचलस्थितयो गुणाः ॥

काव्यको आत्मस्थानीय रसको धर्मका रूपमा रहेका मुख्य गुण तीन छन् – माधुर्य, ओज र प्रसाद। १.माधुर्य भनेको चित्तलाई पगालेर आनन्दमय अवस्थामा पुऱ्याउने गुण हो। माधुर्य सम्भोग शृङ्गार, करुण, विप्रलम्भ र शान्त रसमा उत्तरोत्तर उत्कर्षाधायक हुन्छ। टवर्गबाहेक अन्यवर्गका वर्णसँग संयोग भएका पञ्चमवर्ण, असमस्त वा अल्पसमस्त पदरचना माधुर्यगुणका व्यञ्जक हुन्छन्। रेफ तथा णकारको प्रयोग यसमा उपयोगी हुँदैन। २.ओज भनेको चित्तलाई उरालेर प्रदीप्त तुल्याउने गुण हो। यो गुण वीर, बीभत्स र रौद्र रसमा उत्तरोत्तर उत्कर्षाधायक हुन्छ। क च ट त प ख छ ठ थ फसँग संयोग भएका ग ज ड द ब घ भ ढ ध भ वर्णहरू, र अथवा रेफसँग जोडिएका वर्णहरू, ट ठ ड ढ श ष वर्णहरू तथा लामो समास भएका विकट रचना ओजोगुणका व्यञ्जक हुन्छन्। ३.प्रसाद भनेको सुन्नेबित्तिकै अर्थ छलङ्ग हनु हो। यो गुण सबै रस र सबै रचनामा उपयोगी हुन्छ।

गुणकः (पुं.) [*गुणयतीति, गुण आमन्त्रणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अङ्कलाई गुणन गर्ने अङ्क/गुन्ने अङ्क। **गुण्यान्त्यमङ्कं गुणकेन हन्यात्** (लीला.)।

गुणकरः (पुं.वि.) [*गुणस्य करः, ष.त., गुणं करोति वा, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] फाइदा दिने/लाभदायक/हितकर।

गुणकारः (पुं.) [*गुणं पाकजनितगुणं करोति, कर्मण्यण्*] १.भीमसेन २.भान्से/भान्से ३.गुनिलो वस्तु।

गुणगानम् (नपुं.) [*गुणस्य गानम्, ष.त.*] गुणकीर्तन/गुणको बयान गर्नु/धुमधाम प्रशंसा गर्नु।

गुणग्राहकः (पुं.वि.) [*गुणस्य ग्राहकः, ष.त.*] गुणग्राही/अरूले लाएको गुण सम्झने/गुणीको वा गुणको आदर गर्ने/कृतज्ञ हुने। **~निधानः** (पुं.वि.) [*गुणस्य निधानं यत्र सः, बहु.स.*] गुणवान्/गुणनिधि/धेरै असल/असल गुण भएको/गुणाकर।

गुणनम् (नपुं.) [*गुणधातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] एउटा अङ्कले अर्को अङ्कलाई गुन्नु/गुणा गर्नु।

गुणनफलम् (नपुं.) [*गुणनस्य फलम्, ष.त.*] एउटा अङ्कले अर्को अङ्कलाई गुणा गरेर निस्केको परिणाम।

गुणनिका (स्त्री.) [*गुणयति पुनःपुनः आम्रेडयति, गुण आम्रेडने इति धातोःणिचि युच्,संज्ञायां कन्, टाप्, अत इत्वञ्च*] १.नृत्य २.शून्य अङ्क ३.पाठनिश्चय ४.शास्त्र, काव्य आदिको पुनः पुनः अनुशीलन।

गुणनी (स्त्री.) [*गुण्यते पुनः पुनः अनुशील्यतेऽनया, पद्धत्या करणे ल्युट् अनः, टित्वान् ङीप्*] १.बारम्बार शास्त्र, काव्य आदिको अनुशीलन गर्ने पद्धति २.पाठ निश्चय गर्ने तरिका।

गुणनीयः (पुं.) १.[*गुण्यतेऽसौ,कर्मणि अनीयर्*] गुनिने अङ्क आदि २.गुण्यतेऽनेन, करणेऽनीयर्] शास्त्र,काव्य आदिको अभ्यास।

गुणभेदः (पुं.) [*गुणानां भेदः, ष.त.*] १.साङ्ख्यको मतमा तीन गुण छन्— सत्त्व, रज र तम २.न्यायवैशेषिकको मतमा— रूप, रस, गन्ध, स्पर्श आदि २४ गुण छन्। ३.साहित्यमा गुणको सङ्ख्याका सम्बन्धमा मतभेद छ। भरतले श्लेष, प्रसाद, समता, समाधि, माधुर्य, ओज, पदसौकुमार्य, अर्थव्यक्ति, उदारता र कान्ति नामक १० गुण मानेका छन्। आचार्य दण्डीले पनि दशै गुण मानेका छन् तर समाधि, कान्ति आदि केही गुणहरूका बारेमा भरतको परिभाषाभन्दा उनको परिभाषा फरक छ। वामनले तिनै नामहरूको उल्लेख गर्दै १० वटा शब्दगुण र १० वटा अर्थगुण गरी २० गुणको चर्चा गरेका छन्। भोजराजले प्रथमतः २४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणको चर्चा गरी पुनः तिनलाई बाह्य, आभ्यन्तर र वैशेषिकका भेदले वर्गीकरण गर्दै गुणको सङ्ख्या ७२ पुऱ्याएका छन्। अग्निपुराणमा १८ गुणको चर्चा छ। उक्त ग्रन्थमा शब्दगुण ६ वटा छन्– श्लेष, लालित्य, गाम्भीर्य, सुकुमारता, औदार्य र ओज। अर्थगुणमा माधुर्य, संविधान, कोमला, उदारता, प्रौढी र सामयिकताको चर्चा छ। प्रसाद, सौभाग्य, यथासंख्य, प्राशस्त्य, पाक र रागलाई उभयगुण भानिएको छ। मम्मटले यी सबै गुणहरूको स्वतन्त्र अस्तित्वलाई खण्डन गरेर माधुर्य, ओज र प्रसादभित्रै ती सबै गुणको अन्तर्भाव गरेका छन्। (का.प्र.)।

गुणत्रयम् (नपुं.) [*गुणानां त्रयम्, ष.त.*] १.सत्त्व, रज, तम २.माधुर्य, ओज, प्रसाद ३.उपमा, अर्थगौरव, पदलालित्य (उद्भट)।

गुणवती (स्त्री.) [*गुणाःसन्त्यस्याः,मतुप्,मस्य वत्वमुगित्वान् ङीप्*] १.गायत्री २.गङ्गा ३.अप्सराविशेष ४.सुनाभकी छोरी ५.(स्त्री.वि.) गुण भएकी।

गुणवान् (पुं.वि.) [*गुणाः सन्त्यस्य, मतुप्,मस्य वत्वम्*] १.गुण भएको **दाता दयालुर्गुणवान् नरः स्यात्**। (कोष्ठीप्रदीप) २.(पुं.) यदुवंशीय सुनाभका नाति।

गुणवृक्षकः (पुं.) [*गुणानां रज्जूनां वृक्षः, ष.त., संज्ञायां कन् ५.३.७५*] डुङ्गाको बिचमा ठड्याइएको काठ।

गुणवृत्तिविरोधः (पुं.) [*गुणवृत्तीनां विरोधः, ष.त.*] सत्त्व, रज, तम यी तीन गुणहरूका कामको नामलाई गुणवृत्ति भनिन्छ। गुणहरूका कामको आपसमा जब विरोध हुन्छ त्यसलाई योगशास्त्रमा गुणवृत्तिविरोध भनिन्छ। जस्तै सत्वगुणको काम प्रकाश, ज्ञान र सुख दिने हुन्छ भने रजोगुणको काम क्रियाशीलता, कार्यमा प्रवृत्ति गराउने हुन्छ। तमोगुणको काम अन्धकार, अज्ञान र दुःख दिने हुन्छ। यिनको परस्पर विरोध हुँदा गुणवृत्तिविरोध भएको मानिन्छ।

गुणहीनः (पुं.वि.) [*गुणेन हीनः, तृ.त.*] गुण नभएको।

गुणहेतुः (पुं.) [*गुणानां हेतुः, ष.त.*] गुण बढाउने हेतु, यसको सङ्ख्या दश छ– १.शास्त्र २.पानी ३.सन्तान ४.देश ५.काल ६.कर्म ७.योनि ८.ध्यान ९.मन्त्र १०.संस्कार। **आगमोऽपः प्रजा देशः कालः कर्म च जन्म च। ध्यानं मन्त्रोऽथ संस्कारो दशैते गुणहेतवः॥** (भाग. ११/१३/१०)

गुणाख्यानम् (नपुं.) [*गुणानामाख्यानम्, ष.त.*] गुणको बयान।

गुणाङ्कः (नपुं.) [*गुणनं गुणः, गुणस्य अङ्कः, ष.त.*] गुणा गरिने अङ्क।

गुणाढ्यः (पुं.वि.) [*गुणैराढ्यः, तृ.त.*] १.गुणैगुण भएको २.(पुं.) एक कथाकार तथा कवि। यी गोदावरीतीरमा रहेको प्रतिष्ठा नगरका निवासी हुन्। विन्ध्याचलमा वसेर यिनले भूतभाषा (सम्भवतःपैशाची भाषा) मा साढे सातलाख पद्यमा कथा लेखेका थिए। उनका शिष्यले त्यो ग्रन्थ राजालाई देखाउन लगे। राजाले वास्ता गरेनन्। त्यसपछि आफ्ना शिष्यलाई सुनाएर गुणाढ्यले आगामा हाल्न थाले। त्यसको महत्त्व थाहा पाएर राजाले प्रयास गर्दा एक लाख श्लोकमात्र वच्यो। यसको विभिन्न भाषामा अनुवाद भएको छ। बुद्धस्वामीद्वारा रचित श्लोकसङ्ग्रह (नेपालमा प्राप्त पाण्डुलिपि) यसैको रूपान्तर हो। क्षमेन्द्रको बृहत्कथामञ्जरीमा बृहत्कथाको मूलकथालाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ। यो त्यति सरस छैन। सोमदेवको कथासरित्सागर पनि वृहत्कथाकै अंशगत रूपान्तर हो।

गुणातीतः (पुं.वि.) [*गुणानतीतः, द्वि.त.*] मान र अपमानमा हर्ष, विस्मत नगर्ने, मित्र र शत्रुको पक्षमा एकै खालको विचार राख्ने, शरीर रक्षाको लागि आवश्यक कर्म बाहेक अरू कामको उठान नगर्ने र कुनै किसिमको पनि कर्म नगर्नेलाई गुणातीत भनिन्छ। **मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः। सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते॥** (भ.गी. १४–२५)

गुणानुवादः (पुं.) [*गुणानामनुवादः, ष.त.*] गुणको प्रशंसा।

गुणापवादः (पुं.) [*गुणानामपवादः, ष.त.*] गुणको निन्दा।

गुणावलिः (स्त्री.) [*गुणानामवलिः, ष.त.*] गुणको समूह।

गुणितः (पुं.वि.) [*गुण्यते स्म, गुण आम्रेडने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.गुणा गरिएको २.थुप्रो लगाइएको ३.तेबर पारिएको। जस्तै– त्रिगुणित।

वस्त्रं त्रिगुणितं कृत्वा निष्पीडयति मूढधीः।
वृथा स्नानं भवेत्तस्य निराशा पितरो गताः॥ (आ.सू.)
गुणिताः शतशो विद्या सहस्रावर्तिता पुनः।
आगमिष्यति जिह्वाग्रे स्थलान् निम्नमिवोदकम्॥
(माण्डूकीयशिक्षा)

गुणी (पुं.वि.) [*गुणाः सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.गुण भएको।

नमन्ति फलिनो वृक्षा नमन्ति गुणिनो जनाः।
शुष्कवृक्षाश्च मूर्खाश्च भिद्यन्ते न नमन्ति च॥
(ग.पु. आचारकाण्ड ११४.५१)

२.शुभ/असल ३.(पुं.) [*गुणो ज्या अस्त्यस्य*] धनु।

गुणीभूतः (पुं.वि.) [*अगुणो गुणो यथा सम्पद्यते तथा भूतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, ईत्वम्*] अप्रधान बनेको/गौण भएको। **गुणीभूता गुणाः सर्वे तिष्ठन्ति हि पराक्रमे** (म.भा.२.१५.११)।

गुणीभूतव्यङ्ग्यम् (नपुं.) [*गुणीभूतं व्यङ्ग्यं यत्र तद्, बहु.स.*] वाच्यार्थभन्दा व्यङ्ग्यार्थ चमत्कारजनक नहुने वा समप्राधान्य रचनालाई गुणीभूतव्यङ्ग्य भनिन्छ। यसलाई मध्यम काव्यको रूपमा लिइएको छ। जयदेवको मतमा गुणीभूत व्यङ्ग्यका तीन भेद छन्– अप्रकटव्यङ्ग्य, आचारुव्यङ्ग्य र चारुतरव्यङ्ग्य। मम्मट, विश्वनाथ आदि काव्यशास्त्रीको मतमा गुणीभूतव्यङ्ग्यका आठ भेद छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेद	स्वरूप	उदाहरणसङ्केत
अगूढव्यङ्ग्य	वाच्यार्थ जस्तै व्यङ्ग्यार्थ स्पष्ट झल्कने	अनेन लोकगुरुणा।
अपराङ्गव्यङ्ग्य	वाच्यार्थ/रसादिको अङ्ग बनेको व्यङ्ग्यार्थ	अयं स रसनो-त्कर्षी पीनस्तन।
वाच्यसिद्ध्यङ्ग व्यङ्ग्य	वाच्यार्थसिद्धिका निमित्त आएको व्यङ्ग्यार्थ	दीपयन् रोधसी।
अस्फुटव्यङ्ग्य	स्पष्ट नभएको व्यङ्ग्यार्थ	सन्धौ सर्वस्वहर।
सन्दिग्धप्राधान्य	वाच्यार्थ र व्यङ्ग्यार्थको प्राधान्य छुट्ट्याउन नसकिने	हरस्तु किञ्चित्।
तुल्यप्राधान्य	वाच्यार्थ र व्यङ्ग्य अर्थको समप्राधान्य भएको	ब्राह्मणातिक्रम।
असुन्दरव्यङ्ग्य	व्यङ्ग्यार्थ चमत्कारजनक नभएको	वानीरकुञ्जोड्डीन।
काक्वाक्षिप्त व्यङ्ग्य	स्वरविकृति आदिबाट व्यङ्ग्यार्थ बुझिने खालको	मथ्नामि। कौरवशतं।

गुणेश्वरः (पुं.) [*गुणानामीश्वरः, ष.त.*] १.सत्त्व-रज-तम तीनै गुणलाई जितेको मानिस २.परमेश्वर ३.चित्रकूट पर्वत।

गुणोत्कर्षः (पुं.) [*गुणानामुत्कर्षः,ष.त.*] १.गुणको प्रधानता २.गुणवृद्धि।

गुण्ठनम् (नपुं.) [*गुठि वेष्टने इति धातोः, ल्युट् च इति ल्युट्, युवोरनाकौ इत्यनः*] १.ढकनी/बिर्को २.पछ्यौरा ३.छोप्ने कुरा।

गुण्ठितः (पुं.वि.) [*गुण्ठ्यते स्म, गुठि वेष्टने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.ढाकिएको २.धुस्रे फुस्रे भएको।

तन्न युद्धेन मे कार्यं न प्राणैर्नापि सीतया।
लक्ष्मणं निहतं दृष्ट्वा भ्रातरं पांशुगुण्ठितम्॥ (रामा.६.८२.८)

गुण्डिकः (पुं.) [*गुण्डोऽस्यास्तीति, अत इनिठनौ इति ठन्, ठस्येकः*] चामल आदिको पिठो। **गुण्डिकैः सितपीतैश्च मण्डयन्ती गृहाङ्गनम्** (अनन्तव्रतकथा)।

गुण्डितः (पुं.वि.) [*गुण्ड्यते स्म, गुडि वेष्टने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.धुलो आदिमा लपेटिएको २.चूर्ण पारिएको। **गुण्डितरुषिते** (अमर.)।

गुत्सः (पुं.) [*गुध्यते, गुध परिवेष्टने इति धातोः, उन्दिगुधिकुषिभ्यश्च (उ.) ३५५ इति सः, कित्*] १.फूलको गुच्छा २.मालाको प्रकार ३.थाम/खाँबो। **स्तबके हारभेदे च गुत्सः स्तम्बेऽपि कीर्तितः** (रुद्र)।

गुद (धा.) [*क्रीडायामेव, भ्वा.अक.सेट्, आत्म.*] खेल्नु। लट्– **गोदते**– खेल्छ इत्यादि।

गुदम् (नपुं.) [*गोदते चलति,गुद क्रीडायाम् इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा– गूयतेऽनेन, गु पुरीषोत्सर्गे इति धातोः, गवते, गुञ् शब्दे इति धातोर्वा, अब्दादयश्च (उ.) इति साधुः*] गुदद्वार। **चतुर्थेन तु पिण्डेन नाभिलिङ्गगुदं भवेत्** (ग.पु. प्रेतकल्प ५.३४)।

गुध (धा.) [*परिवेष्टने, दिवा.सक.सेट्, पर.*] घेर्नु। लट्– **गुध्यति**– घेर्छ इत्यादि। कृदन्ते– **गुधित्वा**– घेरेर। **गोधा/गोधिका**– गोहोरो इत्यादि।

गुध (धा.) [*रोषे, क्र्या.अक.सेट्, पर.*] रिसाउनु। लट्– **गुध्नाति**– रिसाउँछ इत्यादि।

गुन्द्रः (पुं.) [*गोदते, गुद क्रीडायाम् इति धातोः, बाहुलकाद्रक्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] निगालो।

गुन्द्रा (स्त्री.) [*गुन्द्रयति, गुद्रि क्षोदे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा गां जलं द्राति, द्रा गतौ इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.दहीगुहेँलो २.कागुनु ३.गुन्द्री ४.नागरमोथे। **गुन्द्रस्तेजनके स्त्री तु प्रियङ्गौ भद्रमुस्तके** (मेदिनी.)।

गुप (धा.) [*गोपने, भ्वा.सक.सेट्, आत्म.*] बचाउनु, संरक्षण गर्नु, लुकाउनु, निन्दा गर्नु। (निन्दायां सन्) लट्– **जुगुप्सते**– निन्दा गर्छ। लिट्– **जुगुप्साञ्चक्रे**– निन्दा गरेछ। लुट्– **जुगुप्सिता**– निन्दा गर्ने छ। लृट्– **जुगुप्सिष्यते**– निन्दा गर्ने छ। लोट्– **जुगुप्सताम्**– निन्दा गरोस्। लङ्– **अजुगुप्सत**– निन्दा गऱ्यो। विधिलिङ्– **जुगुप्सेत**– निन्दा गर्ला, निन्दा गरोस्। आ.लिङ्– **जुगुप्सिषीष्ट**– निन्दा गरोस्। लुङ्– **अजुगुप्सीष्ट**– नन्दा गऱ्यो। लृङ्– **अजुगुप्सिष्यत**– निन्दा गऱ्यो। कर्मणि– **जुगुप्स्यते**– निन्दा गरिन्छ। णिचि– **जुगुप्सयति, जुगुप्सयते**– निन्दा गराउँछ। सनि– **जुगुप्सिषते**– निन्दा गर्न चाहन्छ। अनेकाच् भएकाले यङ् र यङ्लुक्को प्रयोग हुँदैन। कृदन्ते– **जुगुप्सितव्यम्, जुगुप्सनीयम्, जुगुप्स्यम्**– निन्दा गर्नु पर्ने वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिने । **जुगुप्सितः**– निन्दा गरिएको, **जुगुप्सितुम्**– निन्दा गर्न । **जुगुप्सित्वा, सञ्जुगुप्स्य**– निन्दा गरेर, **जुगुप्सा**– निन्दा, घृणा इत्यादि । सन् नभएको बेलामा (अर्थान्तरमा) **गोपते, जुगुपे** आदि रूप हुन्छन् ।

गुप (धा.) [*व्याकुलत्वे, अक.सेट्, पर.*] व्याकुल हुनु । लट्– **गुप्यति**– व्याकुल हुन्छ इत्यादि ।

गुपू (धा.) [*रक्षणे, भ्वा.सक.सेट्, उभय.*] रक्षा गर्नु । लट्– **गोपायति**– रक्षा गर्छ । लिट्– **गोपायाञ्चकार-चकर/जुगोप**– रक्षा गरेछ (अन.) इत्यादि । **जुगोप गोरूपधरामिवोर्वीम्** (रघु.) ।

गुप्तः (पुं.वि.) [*गुप्यते स्म, गुप गोपने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.छिपेको २.प्रकट नभएको/नदेखिएको ३.[*गुप्यते स्म, गुप गोपनादौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.लुकेको २.रक्षा गरिएको । **गुप्तं गूढे त्राते ।** (हैम.) **~चरः** (पुं.वि.) [*गुप्तः चरतीति, चरेष्ट ३.२.१६ इति टः*] जासुस/गुप्त रूपमा विशेष कुराको भेद लगाउने दूत । **~दानम्** (नपुं.) [*गुप्तं यथा स्यात् तथा दानम्*] अरूलाई थाहा नदिई दिएको दान । **~सभा** (स्त्री.) [*गुप्ता चासौ सभा च, कर्म.स.*] सर्वसाधारणले थाहा नपाउने गरी केही मानिसहरू मात्र मिलेर गरेको सभा । **~वेशः** (पुं.) [*गुप्तश्चासौ वेशश्च, कर्म.स.*] लुकेर रहेको भेष/छद्म भेष ।

गुप्ताङ्गम् (नपुं.) [*गुप्तश्च तदङ्गञ्च, कर्म.स.*] अरूलाई देखाउन नहुने शरीरको अङ्ग अर्थात् मूत्रेन्द्रिय, गुदद्वार आदि ।

गुप्तासनम् (नपुं.) [*गुप्तश्च तदासनञ्च, कर्म.स.*] दुवै घुँडाको बिचमा दुवै गोडा नदेखिने गरी राखेर त्यसमाथि गुदद्वार राखिँदा हुने मुद्राविशेष ।

जानुनोरन्तरे पादौ कृत्वा पादौ च गोपयेत् ।
पादोपरि च संस्थाप्य गुदं गुप्तासनं विदः ॥ (घे.स.)

गुप्तिः (स्त्री.) [*गोपनम्, गुपू रक्षणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.रक्षा गर्ने क्रिया वा रक्षा गराइ २.[*गुपू गोपने इति धातोः, पूर्ववत् क्तिन् ३.३.९४*] छिपाउने क्रिया वा छिपाइ ३.[*गुप्यतेऽनया, करणे क्तिन्*] भ्यालखान ४.गुफा ५.अहिंसा आदि योगको अङ्ग ६.तन्त्रबाट मन्त्र संस्कार ७.किल्लाबन्दी वा बचाउको उपाय ८.रोकथाम ९.डुँगाको पिँध, १०.खाल्ये खनाइ ।

गुफ (धा.) [*ग्रन्थे, सक.सेट्, पर.*] रचना गर्नु, गुँथ्नु । लट्– **गुफति**– रचना गर्छ, गुँथ्छ इत्यादि ।

गुमानीकविः (पुं.) यिनको अर्को नाम लोकरत्न पन्त हो । यी महाराष्ट्र देशका ब्राह्मण थिए । यिनको समय सम्बत् १८४०-१९०३ मानिन्छ । यिनका बाबुको नाम निधि र आमाको नाम देवमञ्जरी थियो । संस्कृत, हिन्दी, नेपाली र उर्दू भाषामा यिनले कविता लेखेका छन् । यिनले लोकोक्ति सङ्कलन गरेर संस्कृत भाषामा ज्यादै सुन्दर उपदेशात्मक पद्यहरूको रचना रचेका छन् ।

गुम्फ (धा.) [*ग्रन्थे, सक.सेट् पर.*] उन्न,गुंथ्नु । लट्– **गुम्फति**– उन्छ,गुंथ्नु । लिट्– **जुगुम्फ**– उनेछ, गुथेछ । लुट्– **गुम्फिता**– गुथ्ने छ, उन्ने छ । लृट्– **गुम्फिष्यति**– गुथ्ने छ, उन्ने छ । लोट्– **गुम्फतु**– उनोस्, गुँथोस् । लङ्– **अगुम्फत्**– उन्यो, गुँथ्यो, विधिलिङ्– **गुम्फेत्**– उन्ला, गुँथ्ला, उनोस्, गुँथोस् । आ.लिङ्– **गुफ्यात्**– उनोस्, गुँथोस् । लुङ्– **अगुम्फीत्**–उन्यो, गुँथ्यो । लृङ्– **अगुम्फिष्यत्**– उन्ने थियो, गुँथ्ने थियो । कर्मणि– **गुम्फ्यते**, **गुफ्यते**– उनिन्छ, गुँथिन्छ । कृदन्ते– **गुम्फितव्यम्, गुम्फनीयम्, गुम्फ्यम्**– उन्नुपर्ने, गुँथ्नुपर्ने । **गुम्फितः**– उनिएको, गुँथिएको । **गुम्फित्वा, गुफित्वा**– उनेर, गुँथेर आदि ।

गुम्फनम् (नपुं.) [*गुम्फ ग्रन्थे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सिउनु वा बाँध्नु २.उन्नु ।

गुम्फना (स्त्री.) [*गुम्फनम्, गुम्फ गुम्फने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.११७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.सिउने काम वा सिलाउने काम २.उन्ने वा उनाउने काम ३.नियमपूर्वक शब्दरचनालाई क्रमबद्ध मिलाउने काम ।

गुम्फितः (पुं.वि.) [*गुम्फ्यते स्म, गुम्फ ग्रन्थे इति धातोः,निष्ठा ३.२.१०२ इति क्तः*] १.सिइएको, २.गाँथिएको ३.उनिएको ४.नियमअनुसार शब्दरचनालाई क्रमबद्ध बनाइएको ।

गुर (धा.) [*उद्यमने, चुरा.सक.सेट्, आत्म.*] उद्योग गर्नु । लट्– **गूरयते**– उद्योग गर्छ इत्यादि ।

गुरणम् (नपुं.) [*गुरी उद्यमे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] उचाल्नु ।

गुरी (धा.) [*उद्यमने, अक.सेट्, आत्म.*] उद्योग गर्नु । लट्– **गुरते**– उद्योग गर्छ इत्यादि ।

गुरुः (पुं.) [*गृणाति पाठयति, उपदिशति वा, गृ शब्दे इति धातोः, कृग्रोरुच्च (उ.) २४ इति कुः, ऋकारस्योत्वम्, रपरत्वञ्च*] १.गर्भाधान आदि संस्कार गर्ने बाबु । **निषेकादीनि कर्माणि यः करोति यथाविधि । संभावयति चान्नेन स विप्रो गुरुरुच्यते** (मनु.) । २.आचार्य । **स गुरुर्यः क्रियां कृत्वा वेदमस्मै प्रयच्छति** (मनु.) ३.शास्त्रको उपदेशकर्ता ४.संप्रदायप्रवर्तक ५.पढाउने शिक्षक ६.मन्त्र सुनाउने व्यक्ति ७.[*गीर्यते स्तूयतेऽसौ ज्ञानतपोवृद्धत्वात्*] पूज्य/संमान्य ८.[*गृणाति उपनीय सन्ध्योपासनाचारादीनि कर्माणि उपदिशति*] व्रतबन्ध गराएर सन्ध्योपासन आदि क्रिया सिकाउने व्यक्ति । **उपनीय गुरुः शिष्यं शिक्षयेच्छौचमादितः । आचारमग्निकार्यञ्च सन्ध्योपासनमेव च** (मनु.) ९.[*गिरति उपदिशति वेदादिशास्त्राणि इन्द्रादिदेवेभ्यः*] बृहस्पति १०.[*गिरति अज्ञानमन्तर्यामिण*] विष्णु ११.शिव । **आदिदेव महादेवो देवेशो देवभृद् गुरुः** (म.भा.) १२.जेठो दाजु, काका आदि पूज्य वर्ग । **उपाध्यायः पिता ज्येष्ठभ्राता चैव महीपतिः । बन्धुर्ज्येष्ठपितृव्यश्च पुंस्येते गुरवः स्मृताः** (सुभा.) १३.(स्त्री.) माइजु, ठुलीआमा आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातामही मातुलानी तथा मातुश्च सोदरा। श्वस्रू पितामही ज्येष्ठा धात्री च गुरवः स्त्रीषु (सुभा.)। १४.(त्रि.) [*गीयते स्तूयते महत्त्वात्*] महान्।१५.शक्तिशाली। **सोत्साहशक्तिसम्पन्नो हन्याद् शत्रुं लघुर्गुरुम्** (प.त.) १६.भार भएको/गरुङ्गो। **अथ मदगुरु-पक्षैर्लोकपालश्चिपानाम्** (रघु.) १७.अतिशय। **कश्चित्कान्ता विरहगुरुणा स्वाधिकारात्प्रमत्तः** (मे.दू.) स्त्रियाम् गुर्वी वा। तन्त्र ग्रन्थमा आ-आफ्नो तालले गुरु शब्दको अनेकौं अर्थ गरिएको देखिन्छ। विशेष जानकारीका लागि ती-ती ग्रन्थको अध्ययन गर्नुपर्छ। तन्त्रअनुसार गुरुहरू चार थरी हुन्छन्– गुरु, परमगुरु, परात्परगुरु र परमेष्ठी गुरु। **गुरुः परमगुरुश्चैव परात्परगुरुस्तथा। परमेष्ठी गुरुश्चैव स्वस्वाम्नायैः प्रतर्पयेत्॥** (पु.च. १/२३९) परमगुरु– गुरुको पिता, परात्परगुरु– इष्टदेवी वा कुनै देवी, परमेष्ठीगुरु– शिव। **स्वगुरुः परमेशानि साक्षाद् ब्रह्म न संशयः। तत्पिता परमगुरुः स्वयं विष्णुः क्षितौ सदा॥** (महिषमर्दिनीतन्त्र)। **आदौ सर्वत्र देवेशि मन्त्रदः परमो गुरुः। परापरगुरुस्त्वं हि परमेष्ठी त्वहं यतः॥** (पु.च. १/२३९)

गुरुकुलम् (नपुं.) [*गुरोः कुलम्, ष.त.*] १.गुरुको वंश २.विद्यार्थी-हरूलाई पठनपाठन गराउने गुरुको आश्रम/पाठशाला।

गुरुक्रमः (पुं.) [*गुरुरेव क्रमः परंपरा यत्र सः, बहु.स.*] १.संप्रदाय/गुरुकुलपरम्परा २.परम्परागत उपदेश। **आम्नायः सम्प्रदायः स्यात्पारम्पर्यं गुरुक्रमः** (हला.)।

गुरुचाण्डाली (स्त्री.) [*गुरुसहिता चाण्डाली, म.प.स.*] संस्कृत शब्दसित असंस्कृत शब्दको प्रयोग गर्दा हुन जाने दोष।

गुरुजनः (पुं.) [*गुरुश्चासौ जनश्च, कर्म.स.*] पूज्य व्यक्ति/मान्यजन।

गुरुतल्पगः (पुं.) [*गुरोः पितुः तत्तुल्यस्य वा तल्पम् दारान् गच्छतीति, अन्येभ्योऽपि दृश्यते ३.१ ७८ इति डः*] सौतेनी आमा वा गुरुकी पत्नीसँग व्यभिचार गर्ने। **भ्रातृधुग् ब्रह्महा गोघ्नः सुरापो गुरुतल्पगः। कुलमार्गं परित्यज्य ह्यनृतोक्तौ सदा रतः। हर्ता हेम्नश्च भूमेश्च स प्रेतो जायते नरः॥** (ग.पु.प्रेतकल्प १५.७४)

गुरुत्रयम् (नपुं.) [*गुरूणां त्रयम्, ष.त.*] तीन गुरु– माता, पिता, आचार्य। **पुरुषस्येह जातस्य भवन्ति गुरवस्त्रयः। आचार्यश्चैव काकुत्थ पिता माता च राघव**॥(रामा. अयोध्याकाण्ड, १११ सर्ग)

गुरुदक्षिणा (स्त्री.) [*गुरोः दक्षिणा, ष.त.*] मन्त्र सुनेपछि वा पढेपछि गुरुलाई दिइने दक्षिणा।

गुरुपङ्क्तिः (स्त्री.) [*गुरूणां पङ्क्तिः, ष.त.*] गुरुहरूको क्रम। तन्त्रशास्त्रअनुसार परिवारका रूपमा पूजा गरिने तीन थरी गुरुस्वरूप देवी तथा देवताहरू। यिनलाई तीन वर्गमा विभाजित गरिएको छ– दिव्यौघ, सिद्धौघ र मानवौघ। **कालिकाको** १.**दिव्यौघमा**– महादेवी, महादेव र त्रिपुरभैरव। २.**सिद्धौघमा**– ब्रह्मानन्द, पूर्णदेव, चलचित्त, चलाचल, कुमार, क्रोधन, वरद, स्मरदीपन, माया र मायावती। ३.**मानवौघमा**– विमल, कुशल, भीमसेन, सुधारक, मीन, गोरक्षक, भोजदेव, प्रजापति, मुल्देव, अवन्तिदेव, विन्ध्येश्वर, हुताशन, सन्तोष र समयानन्द। **ताराकाको** १.**दिव्यौघमा**– ऊर्ध्वकेश, व्योमकेश, नीलकण्ठ र वृषध्वज। २.**सिद्धौघमा**– वसिष्ठ, कूर्मनाथ, मीननाथ, महेश्वर र हरिनाथ। ३.**मानवौघमा**– तारावती, भानुमती, जया, विद्या, महोदरी, सुखानन्द, परानन्द, पारिजात, कुलेश्वर, विरूपाक्ष र केसरी। **श्रीविद्याको** १.**दिव्यौघमा**– आनन्दनाथदेव, परप्रकाशक, परशिव, परशक्ति, कौलेश्वर, शक्तिदेव, कुलेशान र कामुक। २.**सिद्धौघमा**– भोगक्रीड, भैरव,समय र देवसहज, ३.**मानवौघमा**– गणेश, विष्णु विमल,सहज, भुवन, नील र सुप्रिय। **दुर्गाको** १.**दिव्यौघमा**– परमात्मा, परानन्द, परमेष्ठी, महोदय, कृष्ण, काल र कलानाथ २.**सिद्धौघमा**– नारद, काश्यप, शम्भु, भार्गव र कुलकौलिक ३.**मानवौघमा**– रुद्राचार्य, क्षमाचार्य यवनाशन, कुमारीश, शक्तिधर, घनानन्द, प्रकाशक, हरिशर्मा, विष्णुशर्मा, दत्तात्रेय, प्रियंवद, बहुला, शनिकी देवी र चर्यानाथ। यीमध्ये दिव्यौघ आकाशमा, सिद्धौघ पृथ्वी एवं स्वर्गमा र मानवौघ मर्त्यलोकमा बस्छन्। यिनीहरूलाई तर्पण आदि दिँदा **अमुकानन्दनाथ श्रीपादुकां तर्पयामि नमः। अमुक्यम्ब श्रीपादुकां तर्पयामि नमः** यसरी प्रयोग गर्नुपर्छ।

गुरुद्रव्यम् (नपुं.) [*गुरोर्द्रव्यम्, ष.त.*] गुरुको सम्पत्ति।

देवद्रव्यञ्च ब्रह्मस्वं गुरुद्रव्यं तथैव च।
कन्यां ददाति शुल्केन स प्रेतो जायते नरः॥

(ग.पु.प्रेतकल्प १५.७०)

गुरुपूर्णिमा (स्त्री.) [*गुरोः पूर्णिमा, ष.त.*] गुरुको विशेष रूपमा पूजा गरिने पूर्णिमा/आषाढ शुक्ल पूर्णिमा/व्यासजयन्ती।

गुरुमन्त्रम् (नपुं.) [*गुरुणा दत्तं मन्त्रम्, म.प.स.*] १.गुह्य कुरा २.सार तत्त्व ३.गुरुको उपदेश ४.गुरुले दिएको जप गरिने मन्त्र।

गुरुवारः (पुं.) [*गुरोर्वारः, ष.त.*] बृहस्पतिवार /बिहिवार

गुर्द (धा.) [*क्रीडायामेव, भ्वा.अक.सेट्, आत्म.*] खेल्नु। लट्– **गूर्दते**– खेल्छ इत्यादि।

गुर्द (धा.) [*पूर्वनिकेतने, चुरा.अक.सेट्, उभय.*] पहिलेको घरमा बस्नु,। लट्– **गूर्दयति-ते**– पहिलेको घरमा बस्छ। **निकेतनं निवासः** (दुर्गादास)।

गुर्विणी (स्त्री.) [*गर्वति प्राप्नोति गर्वयति मुञ्चति वा सा, गर्व मोचने इति धातोः, गर्वेरत उच्च (उ.) २२२ इति इनच्, अकारस्य उकारः, षिद्गौरादिभ्यश्च, ४.१.४१ इति ङीष्, यद्वा गुरुर्दुर्जरोऽलघुर्वा गर्भोऽस्त्यस्याः, व्रीह्यादिभ्यश्च ५.२.११६ इतीनिः, संज्ञापूर्वकत्वात्र गुणः ६.४.१४६*] १.गह्रुँगी २.गर्भ बोकेकी स्त्री ३.गुरुपत्नी।

गुर्वी (धा.) [*उद्यमने, भ्वा. अक.सेट् पर.*] उद्योग गर्नु। लट्– **गूर्वति**– उद्योग गर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुर्वी (स्त्री.) १.ठुलो २.गह्रुङ्गो। **प्राकारं गदया गुर्व्या निर्विवेद गदाधरः** (भाग.१०.५९.५)।

गुल्फः (पुं.) [*गल अदने इति धातोः, कलिगलिभ्यां फगस्योच्च (उ.) ७१४ इति फक्, अकास्योराकारश्च*] गोली गाँठो।

गुल्मः (पुं.) [*गुड रक्षणे वेष्टने च इति धातोः, बाहुलकान्मः, डलयोरेकत्वम्*] १.ऊखु, बाँस, धान आदि जस्तै एउटा जराबाट धेरै शाखाहरू निस्कने बोट २.नौ हात्ती, नौ रथ, सत्ताइस घोडा र पैंतालिस पैदल सिपाही हुने प्राचीन कालको सेनाको एक विभाग ३.वायुगोला/पेटभित्र वायुको गोलाजस्तो जम्ने एक रोग।

गुल्मिनी (स्त्री.) [*गुल्मः प्रतानोऽस्त्यस्याः अत इनिठनौ ५.१.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] आँकुरा लागेको भाङ्गिने लहरा।

गुवाकः (पुं.) [*गुवन्त्यनेन स्रंसकत्वात्, गु पुरीषोत्सर्गे इति धातोः, पिनाकादयश्च (उ.) ४६३ इति साधुः*] सुपारी।

गुहः (पुं.) [*गूहति रक्षति सेनाम्, गुहू संवरणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.कार्तिकेय २.रामको एक मित्र ३.[*गुहति स्वं रूपं स्वमायया*] विष्णु ४.महादेव।

गुहा (स्त्री.) [*गूहति, गुहू संवरणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा षिद्भिदादिभ्योऽङ् ३.३.१०४ गुहा गिर्योषध्योः (ग.सू.) इत्यङ्, टाप् ४.१.४*] १.लहरोविशेष २.गुफा ३.चाल्ने सिस्नु। **गुहः षाण्मातुरे गुहा। सिंहपुच्छ्यां च गर्ते च पर्वतादेश्च गह्वरे।** (मेदिनी.) ४.हृदय। **तस्मादिदं गुहा हृदयम्** (शत.ब्राह्म.) ५.हृदय। **आत्मा गुहायां निहितोऽस्य जन्तोः**।

गुहाशयः (पुं.) [*गुहासु शेरते, अधिकरणे शेते ३.२.१५ इत्यच्*] १.मुसो २.परमात्मा ३.अज्ञान ४.ओखर ५.सिंह, बाघ, ब्वाँसो, भालु, चितुवा,न्याउरी मूसो,स्याल, बिरालो आदि जीव। **सिंहव्याघ्रवृका ऋक्षतरक्षुद्वीपिनस्तथा। बभ्रुजम्बूकमार्जारा इत्याद्याः स्युर्गुहाशयाः॥** (भा.प्र.) ६.प्राण ७.(पुं.वि.) गुफामा सुत्ने।

गुहू (धा.) [*संवरणे, भ्वा.सक.सेट् उभय.*] लुकाउनु, ढाक्नु, लट्– **गूहति–** [*ऊदुपधाया गोहः, इति ऊत्वम्*] लुकाउँछ, ढाक्छ इत्यादि।

गुह्यः (पुं.वि.) [*गुहां गोपनमर्हति, तदर्हति ५.१.६३ इति यत्*] १.गुप्त/लुकेको। **पुराणगुह्यं सकलं समेतम्** (दे.भा.१.३.३७ २.गोप्य/लुकाउनुपर्ने। **गुह्याद् गुह्यतरं ह्येतन्नाख्येयं यस्य कस्यचित्।** (ग.पु.प्रेतकल्प २६.४) ३.(नपुं.) १.योनि २.लिङ्ग ४.एकान्तस्थल। **कामार्तः पुरुषो ह्यत्र चुम्बयेद् गुह्यमादृतः**।

गुह्यः (पुं.) [*गुहां सरस्यादेर्गर्तमर्हति, दन्तादिभ्यो यत् ५.१.६६ इति यत्*] १.कछुवा २.विष्णु ३.महादेव ४.उपदेवताविशेष।

गुह्यकः (पुं.) [*गूहति निधिं रक्षति, गुहू संवरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, पृषोदरादित्वाद्यगागमः, यद्वा गुह्यं कुत्सितं कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ यद्वा गुह्यं गोपनीयं कं सुखं यस्य सः, बहु.स.*] १.कुबेर २.कुबेरको नोकर ३.पक्वान्नविशेष ४.देवयोनिविशेष।

गुह्यकाली (स्त्री.) [*गुह्या चासौ काली च,कर्म.स.*] १.दस महाविद्या अन्तर्गत कालीका अनेकरूपमध्ये एक। तन्त्रअनुसार यिनको उपासना दशरथ राजाका छोरा भरत तथा ब्रह्मा, वरुण र सूर्यले गरेका थिए। यिनी गुह्येश्वरीकै रूप हुन्। यिनी नौ कालीमध्ये पाँचौं काली हुन्। **पञ्चमी गुह्यकाली च।** (महाकालसंहिता) २.गुह्येश्वरी।

गुह्यकेश्वरः (पुं.) [*गुह्यं कायति कै शब्दे इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः आलोपः, गुह्यकानामीश्वरः, ष.त.*] कुबेर।

गुह्यदीपकः (पुं.) [*गुह्येन गुह्यः सन् वा दीपयति, ण्वुल,अकः*] जुनकिरी।

गुह्यद्वारम् (नपुं.) [*गुह्यञ्च तद् द्वारञ्च, कर्म.स.*] १.गुदद्वार, मलद्वार २.गुप्त ढोका।

गुह्यसाधना (स्त्री.) [*गुह्यस्य साधना, ष.त. गुह्या चासौ साधना च इति वा, कर्म. स.*] तान्त्रिक मार्गमा गरिने एक साधना।

गुह्येश्वरी (स्त्री.) [*गुह्या चासौ ईश्वरी च, कर्म.स.*] पुराणअनुसार नेपाल (काठमाडौँ) मा सतीदेवीको गुह्य झरेकोले गुह्येश्वरी देवीको उत्पत्ति भयो। गुह्येश्वरीका ५१ सिद्धपीठमध्ये यो एक हो। वाग्मतीको बायाँतिर १ हात जति गोलाकार, चारपाते कमल फूलको आकारको बिचमा ८/१० इन्च जति गोलाकार जलसहितको कुण्ड र ढुङ्गामाथि सुनको पाताले मोरेको मूर्ति छ। सूर्यवंशी राजा शङ्करदेवले नृसिंह ठक्कुर नामका तान्त्रिकद्वारा गुह्येश्वरीको कुण्ड पत्ता लगाई यो मन्दिर बनाइएका हुन्। तान्त्रिक लम्बकर्ण भट्टको भनाइअनुसार– जीर्णोद्धार गर्दा कुण्डमा फलामे दलिन राखियो, चौगिर्दा परखाल लगाइयो, ढुङ्गाले छोपेर अष्टदल पद्माकार र भैरवसहित स्फटिकको कलश स्थापना गरियो, मन्दिरको बाहिर ढुङ्गाको खम्बा खडा गरी सिंह राखियो। गुह्येश्वरी गुह्यकालीकै रूप मानिन्छ। काठमाडौँको पश्चिम दिशामा अवस्थित बालाजुको फूलबारीमा पनि गुह्येश्वरीको मूर्तिस्वरूप ढुङ्गाको पूर्णकलश स्थापित छ। यसलाई पुरानो गुह्येश्वरी भनिन्छ।

गूः (पुं.) [*गच्छति अपानेन, गम्धातोर्डूः, टिलोपः, यद्वा गूधातोः कर्मणि क्विप्*] विष्ठा।

गूढः (पुं.वि.) [*गुह्यते स्म, गुहू संवरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः ष्टुत्वे हस्य ढत्वे ढ्रप्लोपे- इति ढलोपे, दीर्घः*] लुकेको/छिपेको। **गूढं रहसि गुह्ये च न द्वयोः संवृते त्रिषु।** (मेदिनी.) **~पत्रम्** (नपुं.) [*गूढञ्च तत् पत्रञ्च, कर्म.स.*] मतदान पत्र। **~पुरुषः** (पुं.) [*गूढश्चासौ पुरुषश्च, कर्म.स.*] जासूस/गुप्तचर/भित्रभित्र चियोचर्चा गरिहिँड्ने मानिस। **~मार्गः** (पुं.) [*गूढश्चासौ मार्गश्च, कर्म.स.*] जसतसले थाहा नपाउने बाटो/सुरुङ। **~प्रश्नः** (पुं.) [*गूढश्चासौ प्रश्नश्च, कर्म.स.*] जटिल वा बुझ्न कठिन पर्ने सोधनी। **~ लेखः** (पुं.) [*गूढश्चासौ लेखश्च,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म.स.] लेख्ने वा संवाद पठाउने गुप्त लिपि प्रणाली/अरूले नबुझून् भनी तलमाथि वा अगाडिपछाडि लेखिने लेख। **~विद्या** (स्त्री.) [*गूढा चासौ विद्या च कर्म.स.*] रहस्यवाद/गुप्तविद्या। **~व्यङ्ग्यम्** (नपुं.) [*गूढञ्च तद् व्यङ्ग्यञ्च, कर्म.स.*] १.वास्तविक अर्थ लुकेको कविता वा लेख २.मध्यम काव्यको एक भेद।

गूढता (स्त्री.) [*गूढस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप् ४.१.४*] गोप्यता/गूढत्व/बाहिर प्रकट नहुनेपना/नबुझिनेपना।

गूढपात् (पुं.) [*गूढाः पादा अस्य पृषोदरादित्वात् ६.३.१०९ साधुः*] सर्प। **कुण्डली गूढपाच्चक्षुःश्रवाः काकोदरः फणी** (अमर.)।

गूढपादः (पुं.) [*गूढाः पादा यस्य सः, बहु.स.*] १.सर्प २.(पुं.वि.) गोडा ढाकेको। **उपानद्गूढपादस्य सर्वा चर्मावृतेव भूः** (म.भा.)।

गूढपूरुषः (पुं.) [*गूढश्चासौ पूरुषश्च, कर्म.स.*] गुप्तचर। **अपसर्पश्चरश्चारः प्रणिधिर्गूढपूरुषः** (हला.४२५)।

गूढव्यङ्ग्यलक्षणा (स्त्री.) [*गूढं व्यङ्ग्यं यत्र सा चासौ लक्षणा च, कर्म.स.*] लक्षणाको एक भेद। यसमा प्रयोजनरूप अर्थ गुप्त रूपमा रहेको हुन्छ।

गूढाक्षरम् (नपुं.) [*गूढञ्च तदक्षरञ्च, कर्म.स.*] १.गुप्त अक्षर/नबुझिने लिपि २.चित्रलिपि।

गूढार्थः (पुं.) [*गूढश्चासौ अर्थश्च, कर्म.स.*] १.गुप्त वा नबुझिने अर्थ २.भित्री अर्थ।

गूढाशयः (पुं.वि.) [*गूढ आशयो यस्य सः, बहु.स.*] भित्री अर्थ भएको/गूढार्थयुक्त २.(पुं.) भित्री आशय।

गूढोक्तिः (स्त्री.) [*गूढा चासौ उक्तिश्च, कर्म.स.*] १.सामान्य व्यक्तिले नबुझ्ने भनाइ २.[*गूढा उक्तिर्यत्र सः, बहु.स.*] गूढार्थप्रतीतिमूलक एक अर्थालङ्कार। कुनै व्यक्तिलाई भन्न खोजिएको कुरा उसलाई नभनेर अर्कालाई भन्दा यो अलङ्कार पर्छ।

गूथम् (नपुं.) [*गवतेऽव्यक्तशब्दं करोति यो वा येन सः, गु पुरीषोत्सर्गे, इति धातोः, तिथपृष्ठगूथयूथप्रोथाः (उ.) १७७ इति थक्, निपातनाद् दीर्घः*] मल/दिसा।

गूनम् (नपुं.) [*गूयते स्म, गु पुरीषोत्सर्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दुग्वोर्दीर्घश्च (वा.) ८.२.४४ इति नत्वम्, दीर्घश्च*] दिसा गरिएको स्थल।

गूरी (धा.) [*हिंसागत्योः, सक.सेट्.आत्म.*] मार्नु, जानु। लट्– **गूर्यते–** मार्छ, जान्छ इत्यादि।

गूवाकः (पुं.) [*गुवति बहुलभक्षणान्मुखविवराद् पुरीषवद् उत्सृजति, पिनाकादयश्च इत्याकः, कुयदितया गुणाभावः, निपातनाद् दीर्घः*] सुपारी।

गृ (धा.) [*विज्ञाने, सक.सेट्, आत्म.*] सम्झनु, जान्नु। लट्– **गारयते–** सम्झन्छ, जान्दछ इत्यादि।

गृ (धा.) [*सेचने, सक.अनिट्, पर.*] भिजाउनु। लट्– **गरति–** भिजाउँछ इत्यादि।

गृज (धा.) [*शब्दे, भ्वा.अक.सेट्, पर.*] गर्जनु। लट्– **गर्जति–** गर्जन्छ। लिट्– **जगर्ज–** गर्जिएछ (अन.)। लुट्– **गर्जिता–** गर्जने छ (अन.)। लृट्– **गर्जिष्यति–** गर्जने छ। लोट्– **गर्जतु–** गर्जोस्। लङ्– **अगर्जत्–** गर्ज्यो (अन.)। विधिलिङ्– **गर्जेत्–** गर्जला, गर्जोस्। आशीर्लिङ्– **गर्ज्यात्–** गर्जोस्। लुङ्– **अगर्जीत्–** गर्ज्यो। लृङ्– **अगर्जिष्यत्–** गर्जने थियो। भावे– **गर्ज्यते–** गर्जिन्छ। णिचि– **गर्जयति-ते–** गर्जन गराउँछ। सनि– **जिगर्जिषति–** गर्जन गर्न खोज्छ। कृदन्ते–**गर्जितव्यम्/गर्जनीयम्/गर्ज्यम्–** गर्जना गर्नुपर्ने। **गर्जितुम्–** गर्जना गर्न। **गर्जित्वा/सङ्गर्ज्य–** गर्जना गरेर। **गर्जक/गर्जिता-त्री–** गर्जना गर्ने। **गर्जनम्/गर्जना–** गर्जना गर्ने काम इत्यादि।

गृजि (धा.) [*शब्दे, भ्वा.अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **गृञ्जति–** शब्द गर्छ इत्यादि।

गृञ्जनः (पुं.) [*गृञ्ज्यते–भक्ष्यत्वेन कथ्यते, कर्मणि ल्युट्, अनः*] रातो वर्णको लसुन (राजनि.)।

गृञ्जनम् (नपुं.) [*गृञ्जते– भक्ष्यत्वेन कथ्यते रोगेषु, गृजि शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति कर्मणि ल्युट्*] १.गाजर। **गन्धाकृतिरसैस्तुल्यो गृञ्जनस्तु पलाण्डुना। दीर्घनालाग्रपत्रत्वात् भिद्यतेऽसौ पलाण्डुतः॥** २.[*गृञ्ज्यते अभक्ष्यत्वेन प्राणनाशकतया कथ्यते, कर्मणि ल्युट्*] विषाक्त पशुको मासु।

गृधु (धा.) [*अभिकाङ्क्षायाम्, दिवा.सक.सेट्, पर.*] चाहना गर्नु। लट्– **गृध्यति–** चाहना गर्छ इत्यादि।

गृधुः (पुं.) [*गृधु अभिकाङ्क्षायाम् इति धातोः, पृभिदिव्यधिगृधिधृषिभ्यः (उ.) इति कुः*] १.कामदेव २.इच्छा।

गृध्नुः (पुं.वि.) [*गर्धनशीलः, गृधु अभिकाङ्क्षायाम् इति धातोः, त्रसिगृधिधृषिक्षिपेः क्नुः ३.२.१४० इति क्नुः*] लोभी (अमर.)।

गृध्नुता (स्त्री.) [*गृध्नोर्भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] लोभीपना/लुब्धता।

गृध्रः (पुं.) [*गृध्यति मांसं काङ्क्षति, गृधु अभिकाङ्क्षायाम्, इति धातोः, सुसूधागृधिभ्यः क्रन् (उ.) १९२ इति क्रन्*] १.गिद्ध। **गृध्रः खगान्तरे पुंसि वाच्यलिङ्गस्तु लुब्धके।** (मेदिनी.) २.लोभी। **~पतिः** (पुं.) [*गृध्राणां पतिः, ष.त.*] जटायु/गृध्रराज। **~राजः** (पुं.) [*गृध्राणां राजा, ष.त.*] गिद्धको राजा।

गृष्टिः (स्त्री.) [*गृह्णातीति, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, पृषोदरादित्वात् ६.३.१०९ सिद्धम्*] १.बयर २.पहिलो पटक बिहाएकी गाई। **अथ गृष्टिः सकृत्सूतगवीबदरयोः स्त्रियाम्** (मेदिनी.)।

गृह (धा.) [*ग्रहे, चुरा.आत्म.सक. सेट्*] ग्रहण गर्नु। लट्– **गर्हयते–** ग्रहण गर्छ इत्यादि।

गृहम् (नपुं.) [*गृह्णाति धान्यादिकं जीवनार्थम्, ग्रह ग्रहणे इति धातोः, गेहे कः ३.१.१४४ इति कः, ग्रहीज्यावयिव्यधि– ६.१.१६ इति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्रसारणम्, सम्प्रसारणाच्च ६.१.१०८ इति पूर्वरूपम्] १.घर/बस्ने ठाउँ २.[*गृह्णाति करादिकं विकासाय, तथैव*] देश ३.[*गृह्यते स्वीक्रियते धर्माचरणायासौ*] पत्नी। न **गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते**। **~कर्म** (नपुं.) [*गृहस्य कर्म, ष.त.*] घरको कामकाज/घरेलु धन्धापात/गृहकार्य/ घरायसी कामकाज। **~कलहः** (नपुं.) [*गृहे कलहः, स.त.*] १.घरभित्रको झगडा २.गृहयुद्ध। **~त्यागः** (पुं.) [*गृहस्य त्यागः, ष.त.*] घर छोड्नु/गृहस्थाश्रम त्याग्नु। **~देवताः** (स्त्री.बहु.) [*गृहस्य देवताः, ष.त.*] कुल देवता/घरमा सधैँ पूजा गरिराखेका देवता/इष्ट देवता। **~पतिः** (पुं.) [*गृहस्य पतिः, ष.त.*] घरको मालिक। **~मन्त्रालयः** (पुं.) [*गृहस्य देशस्य मन्त्रालयः, ष.त.*] राष्ट्रको भित्री मामिलाको काम गर्ने र आन्तरिक रक्षासम्बन्धी नीति निर्धारण गर्ने गृहमन्त्रीका अधीनमा रहेको कार्यालय। **~मन्त्री** (पुं.) [*गृहस्य देशस्य तत्सञ्चालनव्यवस्थायाः मन्त्री, ष.त.*] राज्यभित्रका शान्ति, सुरक्षा अनि भित्री मामिलाको व्यवस्था मिलाउने मन्त्री। **~युद्धम्** (नपुं.) [*गृहे युद्धम्, स.त.*] १.देशभित्रका बासिन्दाहरूको बिच वा आपसमा भएको लडाइँ २.घरपरिवारको झगडा। **~लक्ष्मीः** (स्त्री.) [*गृहस्य लक्ष्मीः, ष.त.*] घरकी लक्ष्मी/गृहिणी/कुलवधू। **~विभागः** (पुं.) [*गृहस्य विभागः, ष.त.*] देशको मामिला, रेखदेख, शान्ति, सुरक्षाको प्रबन्ध गर्ने गृहमन्त्रालयका अधीनमा रहेको विभाग। **~वाटिका** (स्त्री.) [*गृहस्य वाटिका, ष.त.*] घर वरिपरिको बगैँचा वा फूलबारी। **~सचिवः** (पुं.) [*गृहस्य देशस्य सचिवः, ष.त.*] गृह मन्त्रालयका मुख्य अधिकारी।

गृहगोधिका (स्त्री.) [*अल्पा गोधा, अल्पे ५.३.८५ इति कन्, टाप् ४.१.४ इत्वम्, गृहस्य गोधिका, ष.त.*] माउसुली। **जेष्ठा स्त्री कुड्यमत्स्या च गृहगोधा गृहालिका** (साहसाङ्क)।

गृहद्वाः (स्त्री.) [*गृहस्य द्वाः, ष.त.*] घरको ढोका।

धनानि भूमौ पशवश्च गोष्ठे भार्या गृहद्वारि जनः श्मशाने।
देहश्चितायां परलोकमार्गे कर्मानुगो गच्छति लोक एकः॥
(पञ्चत.)

गृहबलिभुक् (पुं.) [*गृहे दत्तं बलिं भुङ्क्ते, भुज पालनाभ्यवहारयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] १.भँगेरो २.काग।

गृहभित्तिः (स्त्री.) [*गृहस्य भित्तिः, ष.त.*] भित्तो।

गृहभूमिः (स्त्री.) १.[*गृहयोग्या भूमिः, म.प.स.*] घर बनाउन उपयुक्त जग्गा/घडेरी २.[*गृहस्था भूमिः,म.प.स.*] घर भएको थलो।

गृहमेधिनी (स्त्री.) [*गृहं मेधते पुनाति,णिनिः, ततो ङीप्*] १.बुद्धि (म.भा.) २.गृहस्थकी पत्नी।

गृहमेधी (पुं.वि.) [*गृहैः दारैर्मेधते सङ्गच्छते इति, मेधृ सङ्गमे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] गृहस्थ।

गृहयालुः (पुं.वि.) [*गृहयति, गृह ग्रहणे इति धातोः, स्पृहिग्रहिपतिदयिनिद्रातन्द्राश्रद्धाभ्य आलुच् ३.२.१५८ इत्यालुच्, अयामन्ता- ६.४.५५ इति णेरयादेशः*] ग्रहण गर्ने/ग्रहीता/ग्रहणशील।

गृहवाटी (स्त्री.) [*गृहसमीपस्था वाटी, म.प.स. स्वार्थे कनि यपि गृहवाटिका इत्यपि*] घरनजिकै रहेको बगैँचा।

गृहस्थः (पुं.वि.) [*गृहे तिष्ठति, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, आलोपः ६.४.६४*] १.घरबार गरेर बस्ने व्यक्ति २.[*गृहे दारेषु तिष्ठति अभिरमते, पूर्ववत्*] गृहस्थाश्रमी। **सङ्कय ह्याहिताग्नीनां प्रत्यवायैः गृहस्थता**। (उ.रा.च.१.९) ३.घरमालिक (हला.)।

गृहस्थाश्रमः (पुं.) [*गृहस्थानामाश्रमः, ष.त.*] घर गृहस्थी गरेर बस्नेको आश्रम/चार आश्रममध्ये दोस्रो आश्रम।

गृहाः (पुं.बहु.) [*गृहशब्दो भूम्न्येव पुंसि, चात् क्लीबे*] १.घर २.देश ३.[*गृह्यन्ते धर्माचरणाय*] पत्नी। **गृहं गृहाश्च पुं भूम्नि कलत्रेषु च सद्मनि** (मेदिनी.)।

गृहागतः (पुं.) [*गृहमागतः,द्वि.त.*] अतिथि। **अतिथिर्ना गृहागते** (अमर.) २.(पुं.वि. घरमा आएको। **गृहागतं न हन्मि** (हितो.)।

गृहाधिपः (पुं.) [*गृहस्य अधिपः, ष.त.*] घरमालिक।

गृहारामः (पुं.) [*गृहस्यारामः, ष.त.*] घरको बगैँचा।

गृहावग्रहणी (स्त्री.) [*गृहमवगृह्यतेऽनया, ग्रह उपादाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टित्वान् ङीप्*] दैलाको ठेलो।

गृहिणी (स्त्री.) [*गृहं लक्षणया गृहस्वामित्वमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.घरकी मालिक्नी २.पत्नी ३.[*गृहं गृहकार्यं साध्यतया अस्ति अस्याः*] घरको काममा सिपालु स्त्री।

गृही (पुं.वि.) [*गृहा भवनं वा दाराः सन्त्यस्य, इनिः*] १.गृहस्थी २.भर्ता

गृहीतः (पुं.वि.) [*ग्रहधातोः कर्मणि क्तः*] १.ग्रहण गरिएको २.स्वीकार गरिएको।

गृहीतदृक् (पुं.वि.) [*गृहीता आश्रिता दृक्, हन्तुः प्रहर्तुर्वा भयात् येन सः, बहु.स.*] भागेको/लुकेको (अभि.चि.)।

गृहू (धा.) [*ग्रहणे, भ्वा.सक.सेट् आत्म.*] लिनु, स्वीकार गर्नु। लट्– **गर्हते–** लिन्छ, स्वीकार गर्छ इत्यादि। कर्मणि– **गृह्यते–** लिइन्छ, णिचि– **गर्हयति–ते–** लिन लगाउँछ। सनि– **जिगर्हिषते/ जिघृक्षते–** लिन चाहन्छ इत्यादि।

गृह्यः (पुं.वि.) [*गृह्यते स्वाम्यादिभिः इति, ग्रह ग्रहणे इति धातोः पदास्वैरिबाह्यापक्ष्येषु च ३.१.११९ इति क्यप्*] १.अस्वतन्त्र/पराधीन २.(नपुं.) [*गृह्यते आक्रम्यते, अर्शादिभी रोगैः, तथैव*] गुदद्वार ३.[*गृह्यन्ते सङ्गृह्यन्ते सामवेदाद्युक्तानि कर्मविधानान्यत्र, तथैव*] कात्यायन, गोभिल आदि सूत्रग्रन्थ ४.(पुं.) [*गृह्यते मानवेन इति, तथैव*] घरमा पालिएका मृग आदि।

गृह्यकः (पुं.) [*गृह्यते, ग्रह उपादाने इति धातोः, पदास्वैरिबाह्यापक्ष्येषु च ३.१.११९इति क्यप्, स्वार्थे कः*] १.ग्रन्थविशेष २.गुदद्वार ३.शाखा नगर ४.घरमा पालिएका मृग आदि जनावर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृह्यकम् (नपुं.) [*गृह्यते, ग्रह उपादाने इति धातोः, पदास्वैरिबाह्यापक्ष्येषु च ३.१.११९इति क्यप्, स्वार्थे कः*] १.ग्रन्थविशेष २.गुदद्वार । **गृह्य गुदे ग्रन्थभेदे क्लीबं, शाखापुरे स्त्रियाम्। गृहासक्तमृगादौ ना, त्रिषु चास्वैरिपक्ष्ययोः ॥** (मेदिनी.)

गृह्यका (स्त्री.) [*गृह्यते, ग्रह उपादाने इति धातोः, पदास्वैरिबाह्यापक्ष्येषु च ३.१.११९इति क्यप्, स्वार्थे कः,टाप्*] शाखानगर ।

गृह्यसूत्रम् (नपुं.) [*गृह्यञ्च तत् सूत्रम्, कर्म.स.*] संस्कार-सम्बन्धी विषय भएको वेदको अंश वा वैदिक ग्रन्थ । चारवेदका छुट्टाछुट्टै गृह्यसूत्र छन्– **ऋग्वेदका–** साङ्ख्यायन, आश्वलायन । **शुक्ल यजुर्वेदको–** पारस्कर । **कृष्ण यजुर्वेदका–** आपस्तम्ब, हिरण्यकेशी, बौधायन, गौतम, वसिष्ठ, भारद्वाज । **सामवेदका–** गोभिल, खदिर, जैमिनी । **अथर्ववेदको–** कौशिक ।

गॄ (धा.) [*निगरणे, तुदा.सक.सेट् पर.*] निल्नु । लट्– **गिरति/गिलति–** निल्छ । लिट्– **जागार/जगाल–** निलेछ (अन.) । लुट्– **गरिता/गरीता/गलिता/गलीता–** निल्ने छ (अन.) । लृट्– **गरिष्यति/गरीष्यति/गलिष्यति/गलीष्यति–** निल्ने छ । लोट्– **गिरतु/गिलतु–** निलोस् । लङ्– **अगिरत्/अगिलत्–** निल्यो (अन.) । विधिलिङ्– **गिरेत्/गिलेत्–** निल्ला, निलोस् इत्यादि । कर्मणि– **गीर्यते–** निलिन्छ । णिचि– **गारयति/गालयति–** निल्न लगाउँछ । सनि– **जिगरिषति–जिगलिषति–** निल्न खोज्छ । कृदन्ते–**गीर्त्वा/निगीर्य–** निलेर । **गलः–** गलो । **ग्रीवा–** घाँटी । **गरः–** विष । **उद्गारः–** उकेल इत्यादि ।

गॄ (धा.) [*शब्दे, क्र्या.अक.सेट्, पर.*] शब्द गर्नु । लट्– **गृणाति–** शब्द गर्छ इत्यादि ।

गेन्दुकः (पुं.) [*गाङ् गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, गाः गच्छन्निदुरिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, गे गगने इन्दुरिव, इति वा*] १.गालामा राख्ने तकिया २.भकुन्डो ।

गेपृ (धा.) [*गतौ, भ्वा.अक.सेट्,आत्म.*] काँप्नु, जानु । लट्– **गेपते–** काँप्छ, जान्छ इत्यादि ।

गेयः (पु.वि.) [*गातुं योग्यः, गैधातोर्यत्, आत्वम्, ततः आत इत्वम्*] गाउन लायक, गाइने ।

गेयकाव्यम् (नधा.) [*गेयप्रधानं काव्यम्, म.प.स.*] यज्ञ गर्ने समयमा गाइने संहिता । सामवेदको संहितालाई दुई भागमा बाँडिएको छ– आर्चिक र गेय । यीमध्ये दोस्रो भेद ।

गेवृ (धा.) [*सेवने, भ्वा.अक.सेट्, आत्म.*] सेवा गर्नु । लट्– **गेवति–** सेवा गर्छ इत्यादि ।

गेषृ (धा.) [*अन्विच्छायाम्, भ्वा.सेट्, आत्म.*] खोज्नु, पत्ता लगाउनु । लट्– **गेषते–** खोज्छ, पत्ता लगाउँछ इत्यादि ।

गेष्णुः (पुं.वि.) [*गै शब्दे इति धातोः, गादाभ्यामिष्णुच् (उ.) ३०३ इति इष्णुच्*] १.गायक २.नट ३.सामगानकर्ता ।

गेहम् (नपुं.) [*गेन गणेशेन ईह्यते काम्यते, ईह चेष्टयाम् इति धातोः, अर्कतरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्, गो गणेशो गन्धर्वो वा ईह ईप्सितो यस्मिन्वा,*] घर । **गेहमस्त्री, शालासभे स्त्रियाम्** (वाचस्पति) ।

गेहिनी (स्त्री.) [*गेहमस्यास्तीति, इनिः, ङीप्*] गृहिणी ।

गेहेनर्दी (पुं.वि.) [*गेहे एव नर्दतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः,पात्रे समितादय २.१.४८ इति समासः*] घरसाँडा/घरमा मात्र गर्जने । **गेहनर्दी गृहेशूरः पिण्डिमारश्च कथ्यते** (हला.) ।

गै (धा.) [*शब्दे, भ्वा.अक.अनिट्, पर.*] गाउनु । लट्– **गायति–** गाउँछ । **उद्गायति–** जोडसित गाउँछ । **विगायति–** निन्दा गर्छ । **अवगायति–** निन्दा गर्छ । लिट्– **जगौ–** गाएछ (अन.) । लुट्– **गाता**–गाउने छ (अन.) । लृट्– **गास्यति–** गाउने छ । लोट्– **गायतु–** गाओस् । लङ्– **अगायत्–** गायो (अन.) । विधिलिङ्– **गायेत्–** गाउला, गाओस् । आशीर्लिङ्– **गेयात्–** जाओस् । लुङ्– **अगासीत्–** गायो । लृङ्– **अगास्यत्–** गाउने थियो । कर्मणि– **गीयते–** गाइन्छ । णिचि– **गापयति–** गाउन लगाउँछ । सनि– **जिगासति–** गाउन चाहन्छ । कृदन्ते– **गायकः/गायिका–** गाउने । **गानम्/गीतम्/ गीतिः**–गाउने काम । **गातुम्–** गाउन । **गीत्वा/प्रगीय–** गाएर इत्यादि ।

गैरिकम्(नपुं.) [*गिरौ भवम्, अध्यात्मादेष्ठञिष्यते (वा.) ४.३.६० ठञ्*] १.धातुविशेष २.सिम्रिक ३.चाँदी । **गैरिकन्तु विशेषेण धातुः । धातुशब्देनैव प्रसिद्धत्वात्, गैरिकं धातुरुक्मयोः** (मेदिनी.) ।

गैरेयः (पुं.वि.) [*गिरौ भवम्, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः*] पहाडमा भएको ।

गैरेयम् (नपुं.) [*गिरौ भवम्, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः*] १.शिलाजित २.(वि.) पहाडमा भएको ।

गोकर्णः (पुं.) [*गोः कर्ण इव, तत्तुल्यपरिमाणवत्त्वादस्य तथात्वम्*] १.औंठो र साहिंली औँलाले नापिएको प्रमाण २.महादेव ३.[*गोः चक्षुरेव कर्णो यस्य सः, बहु.स.*] सर्प ४.[*गोः कर्णो इव कर्णौ यस्य सः, बहु.स.*] मृग ५.खच्चर ६.गणदेवताविशेष ७.काठमाडौँको उत्तरी भागमा रहेको एक प्रसिद्ध शैव मन्दिर ८.एक पौराणिक पात्र ९.भारतको दक्षिण प्रदेशमा अवस्थित एक तीर्थस्थल । यो समुद्री तटमा अवस्थित छ । **गोकर्णोऽश्वतरे सर्पे सारङ्गे च गणान्तरे । अङ्गुष्ठानामिकोन्माने** (मेदिनी.) ।

गोकर्णी (स्त्री.) [*गोः कर्ण इव, पाककर्ण ४.१.४५ इति ङीष्*] मरुई लहरो । **गोकर्णी मूर्विकौषधौ** (विश्व.) ।

गोकण्टकः (पुं.) [*गोर्धेनोः पृथिव्या वा कण्टकः*] १.गाईको खुर २.गाईखुरे रुख ।

गोकण्टको गोक्षुरके स्थपुटे च गवां खुरे (मेदिनी.) ।

गोकीलः (पुं.) [*गोः पृथिव्याः कील इव, निपातनाद् गोकिल इत्यपि*] १.मुसल २.हलो । **गोकीलो मुसले हले** (मेदिनी.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोकुलः (पुं.) पण्डितविशेष। यी सत्रौँ शताब्दीमा पैदा भएका हुन्। यिनले बनाएका ग्रन्थहरूमा **दिधितिविद्योत** (शिरोमणिको टीका), **न्यायसिद्धान्ततत्त्व, पदवाक्यरत्नाकर, मासमीमांसा, मिथ्यात्वनिरुक्ति, रश्मिचक्र, रसमहार्णव, लाघवगौरवरहस्य** र **शिवशतक** प्रसिद्ध छन्।

गोकुलम् (नपुं.) [*गवां कुलम्, ष.त.*] १.गाईको बथान २.[*गोः कुलं यत्र तत्, बहु.स.*] गौशाला ३.यमुनाका तटमा रहेको हिन्दूहरूको एक प्रसिद्ध तीर्थ/कृष्णको लीलास्थल ४.कानको लोतीमा लगाउने एक प्रकारको सुनको गहना।



(गोकुलम्)

गोकुलेशः (पुं.) [*गोकुलस्येशः, ष.त.*] १.कृष्ण २.[*गोकुलेशोऽस्यास्तीति, अच्*] कृष्णलाई इष्टदेव मान्ने दशथरी वैष्णवमध्ये एकथरी वैष्णव। कृष्णको भैँ पहिरन गर्दै अनेक थरी गहना पहिरेर अनेक सुगन्धित वस्तु लगाएर गाईको बथानको सेवा गर्दै, गन्धर्वाचार गरी लतागृहमा बसी सबै सिद्धि प्राप्त गर्न खोज्ने सम्प्रदाय। **नानाभरणसम्पन्नो नानासौगन्ध्यभूषितः। गवां कुलं प्रीणयति कलिकृष्णस्वरूपधृक्॥ गन्धर्वाचारनिरतो लतावेष्टिततत्परः। सम्प्रदायो गोकुलेशः सर्वसिद्धिकरो भुवि** (श.स.तन्त्र)।

गोक्षुरः (पुं.) [*क्षुर विलेखने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, गोः पृथिव्याः क्षुरः अस्त्रविशेष इव*] गाईखुरे।

गोक्षुरकः (पुं.) [*क्षुरतीति, क्षुर विलेखने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, स्वार्थे इवार्थे वा कन् ५.३.७५ गोः क्षुरकः, ष.त.*] १.गाइखुरे २.गाईको खुर।

गोगोयुगम् (नपुं.) [*द्वित्वे गोयुगच्प्रत्ययः*] दुई गोरु।

गोगोष्ठम् (नपुं.) [*गोः स्थानम्, स्थाने गोष्ठच्प्रत्ययः*] गोठ।

गोग्रासः (पुं.) [*गवे ग्रासः, च.त.*] भोजन गर्ने बेलामा गाईलाई छुट्याइने अन्न।

गोचरः (पुं.) [*गावः (धेनवः, इन्द्रियाणि च) चरन्ति अस्मिन्, गोचरसञ्चरवहव्रजव्यजापणनिगमाश्च ३.३.११९ इति अधिकरणे घप्रत्ययान्तो निपातः*] १.गाईहरूलाई चराउन छोडिएको जमिन/गौचर २.इन्द्रियद्वारा जानिने/इन्द्रिय ग्राह्य ३.क्षेत्र ४.विषय ५.दृष्टि परेको।

गोचर्म (नपुं.) [*गोः चर्म, ष.त.*] १.गाईको छाला २.प्राचीनकालको जमिनको परिमाणविशेष— जति ठाउँमा सय गाई र एक साँढे नखाँदिइकन बस्न पुग्छ, त्यति ठाउँलाई वेदका विद्वान्ले गोचर्म भनेका छन्।

गवां शतं वृषश्चैका यत्र तिष्ठेदयन्त्रितः।
एतद् गोचर्ममात्रं तु प्राहुर्वेदविदो जनाः॥ (वृद्धवसिष्ठ)

गोजलम् (नपुं.) [*गवि स्थितं जलम्, म.प.स.*] गहुँत।

गोजलेनैव पूरेण कर्णश्रावो विनश्यति (ग.पु.)।

गोजिह्वा (स्त्री.) १.[*गोःजिह्वेव*] जभ्रेय २.[*गोः जिह्वा, ष.त.*] गाईको जिब्रो।

गोणी (स्त्री.) [*गुण्यतेऽसौ, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, ङीप्*] १.बोरा/टाटको धोक्रो वा थैलो २.कोक्रो।

गोतमः (पुं.) [*गोभिर्ध्वस्तं तमो यस्य, बहु.स.*] गौतम मुनि।

गोत्रः (पुं.) [*गाः त्रायत इति गोत्रः, गोपूर्वकात् त्रैङ् पालने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] पर्वत।

गोत्रजः (पुं.वि.) [*गोत्रे जायते, जन्धातोर्डः*] कुल वा गोत्रमा उत्पन्न वा भएको।

गोत्रदेवी (स्त्री.) [*गोत्रस्य देवी, ष.त.*] जुन गोत्रको जुन शक्ति वा देवीले रक्षा र पालना गर्न सक्छिन् ती देवी त्यस गोत्रकी साक्षात् कुलदेवी हुन्छिन्। तिनका नाम— श्रीमाता, तारिणीदेवी, आशुपुरी, गोत्रपा, इच्छा, आर्तिनाशिनी, पिप्पली, विकारा, वशा, जगन्माता, महामाया, सिद्धा, भट्टारिका, कदम्बा, विकरा, मीठा, सुपर्णा, वसुजा, मातङ्गी, महादेवी, वाणी, मुकुटेश्वरी, भद्री, महाशक्ति, संहारी, महाबला, चामुण्डा र महादेवी (स्क.पु.)।

गोत्रभिद् (पुं.) [*गां पृथ्वीं त्रायन्ते इति गोत्राः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ गोत्रान् पर्वतान् भिनत्तीति, सत्सूद्विष ३.२.६१ इति क्विप्*] इन्द्र। **सहासनं गोत्रभिदध्यवात्सीत्** (भट्टि.)।

गोत्रम् (नपुं.) [*गां त्रायते, कः, आलोपः*] १.वन २.क्षेत्र ३.मार्ग ४.सम्भावनीय बोध ५.नाम/आख्या ६.छाता ७.संघ ८.वृद्धि ९.वित्त १०.[*गवते शब्दायते पूर्वपुरुषान्*] आफ्ना कुलका मूल पुरुष वा ऋषिका सन्तानको परम्परा। जस्तै वसिष्ठ गोत्र, कश्यप गोत्र, भारद्वाज गोत्र, कौशिक गोत्र आदि। **~पटः** (पुं.) [*गोत्रस्य पटः, ष.त.*] वंशावली/वंशको इतिहास। **~प्रवर्तकः** (पुं.) [*गोत्रस्य प्रवर्तकः, ष.त.*] गोत्रका प्रवर्तक ऋषि। विश्वामित्र, जमदग्नि, भरद्वाज, गौतम, अत्रि, वसिष्ठ र कश्यप यी सप्तर्षि र अगस्तिसमेत आठ ऋषिलाई मूल गोत्रप्रवर्तक मानिन्छ। यो उपलक्षणमात्र हो। गोत्रपवर्तक ऋषि र गोत्र अरू पनि छन्। यिनको सङ्ख्या हजारभन्दा पनि बढी छ। मुख्य प्रवर भने ४९ छन्। (ध.सि.)

गोत्रा (स्त्री.) [*गुङ् अव्यक्ते शबदे इति धातोः, गृधृवीपचिवचियमिसदिक्षदिभ्यस्त्रः (उ.) ६१६ इति त्रः, गोत्राः शैलाः सन्त्यस्याम्, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, गां जलं त्रायते वा, त्रैङ् पालने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] १.पृथ्वी २.[*गवां समूहः, इनित्रकट्यचश्च ४.२.५१ इति त्रः*] गाईको बथान ३.गायत्रीदेवी। **गन्धर्वी गह्वरी गोत्रा गिरिशा गहना गमी** (दे.भा.)।

गोदः (पुं.) [*गाः इन्द्रियाणि दायति शोधयति, गोपूर्वकाद् दैधातोरात्वे कः, आलोपः*] १.गिदी २.मस्तिष्क (हेमचन्द्र) ३.(पुं.वि.) [*गाः ददाति*] गाई दान दिने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोदा (स्त्री.) [*गां जलं स्वर्गं वा ददाति स्नानेन, दा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] १.गोदावरी नदी २.गायत्री। **गर्वापहारिणी गोदा गोकुलस्था गदाधरा** (देवीभा.) ३.[*गाः ददातीति, क्विप् च ३.२.७६ इति क्विप्*] गाई दिने महिला।

गोदानम् (नपुं.) [*गोः दानम्, ष.त.*] गाई दान गर्ने काम/गौदान।

गोदारणम् (नपुं.) [*गाम् पृथिवीं दारयति अनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हलो (अमर.) २.कोदालो (हेमचन्द्र)।

गोदावरी (स्त्री.) [*गाम् जलम् स्वर्गम् वा ददतीति गोदाः, तासु वरी श्रेष्ठा*] १.नदीविशेष २.नेपालको ललितपुरमा पर्ने एक तीर्थ ३.मध्यप्रदेशको नासिक नगरबाट ३० कि.मि. पश्चिम त्र्यम्बक ज्योतिर्लिङ्गको नजिकै रहेको ब्रह्मगिरि पहाडबाट निस्केर पूर्वतिर ९०० माइल बग्दै मछलीपत्तनम् नरसापुरको उत्तर तथा राजमहेन्द्रीबाट ७० किलोमिटर पूर्वमा ७ भागमा बाँडिएर सप्तगोदावरी नामले बङ्ग सागरमा मिसिने एक नदी। पुराणमा गोदावरीका— वसिष्ठा, कौशिकी, वृद्धगौतमी, गौतमी, भारद्वाजी, आत्रेयी र तुल्या यी सात धाराहरूको वर्णन छ। गोदावरीमा अरुणा, वरुणा, सरस्वती, गायत्री, सावित्री, श्रद्धा आदि कैयौँ नदीहरू मिलेका छन्। शिवको रिसले गौतम ऋषिले पृथ्वीमा ल्याइएको हुँदा यिनको नाम गौतमी रहन गएको हो। पञ्चवटीमा पनि यो नदी छ। यसैको किनारमा नासिक, देवगिरि, प्रतिष्ठानपुर निजामाबाद, बैंकटपुरम्, भद्राचलम्, राजमहेन्द्री आदि अनेक नगरहरू छन्। त्यस्तै वराहतीर्थ, गोवर्धनतीर्थ, चक्रतीर्थ, रामतीर्थ, तपस्तीर्थ, लक्ष्मीतीर्थ, सारस्वततीर्थ, श्वेततीर्थ, कपोततीर्थ आदि अनेक तीर्थहरू पनि यहाँ छन्। (इन्टरनेट र तीर्थाङ्क, कल्याण)।


(गोदावरी)

गोदुहः (पुं.) [*गाः देग्धि, दुह प्रपूरणे इति धातोः, मूलविभुजादित्वात् (वा.) ३.२.५ कः*] गोठालो। **गोपगोदुहबल्लवाः** (त्रिकाण्ड.)।

गोधनम् (नपुं.) [*गवां धनं समूहः*] १.गाईको बथान २.[*गाव एव धनम्*] गाईरूपी धन। **गोकुले धनगोधने** (व्याडि)।

गोधा (स्त्री.) [*गुध्यते परिवेष्ट्यते बाहुर्यया, गुध परिवेष्टने इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, गणपाठसामर्थ्याद् निपातनाद् उपधागुणः*] १.हतियारको चोटबाट बच्नका लागि हातमा लगाइने छाला आदिको पन्जा २.गोहोरो।

गोधापदी (स्त्री.) [*गोधाया इव पादो मूलमस्याः, कुम्भपदीषु च ५.४.१३९ इति साधुः*] लज्जावती।

गोधिः (पुं.) [*गुध्यते, गुध परिवेष्टने इति धातोः, इन् (उ.) ४.११८*] १.निधार २.ठुलो शङ्ख। **गोधिभालो महाशङ्खः** (त्रिकाण्ड.)।

गोधिका (पुं.) [*गुध्यति, गुध परिवेष्टने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] गोहोरो।

गोधिकात्मजः (पुं.) [*गोधिकायाः आत्मजः, ष.त.*] गोहराको बच्चो।

गोधुक् (पुं.) [*गां दोग्धि, सत्सूद्विष— ३.२.६१ इति क्विप्*] गोठालो।

गोधूमः (पुं.) [*गुध्यते परिवेष्ट्यते, गुध परिवेष्टने इति धातोः, गुधेरूमः (उ.) ६९० इति ऊमः*] १.गहुँ। आयुर्वेदअनुसार यसका मुख्य तीन भेद छन्— १.**महागोधूमः**— यो पश्चिमदेश अर्थात् पञ्जाव आदि प्रदेशमा हुन्छ २.**मधूली**— यो केही सानो हुन्छ। यसको खेती आग्रा, मथुरातिर बढी हुन्छ। ३.**दीर्घगोधूमः**— यसको टुँडो हुँदैन। आजकल गहूँका अनेक प्रकार पैदा भएका छन्। विश्वकै खाद्यान्न मानिने गहूँ आजकल अधिकांश देशमा पैदा हुन्छ। २.औषधिविशेष। **गोधूमो नागरङ्गे स्यादोष-धिव्रीहिभेदयोः** (मेदिनी.)।

गोधूलिः (स्त्री.) १.[*गोर्धूलिः, ष.त.*] बाटामा गाईले हिँड्दा उडाएको धुलो। तराईतिर वेलुका गाईहरू चरेर घर फर्कदा वरपरको सबै क्षेत्र गोधूलिले व्याप्त हुन्छ। २.[*गोर्धूलिर्यत्र*] गाई चरेर घर फर्कंदाको वेला। ज्योतिषमा यस वेलालाई शुभ मुहूर्त मानिएको छ—

यदा नास्तङ्गतो भानुः गोधूल्या पूरितं नभः।
सर्वमङ्गलकार्येषु गोधूलिः शस्यते सदा॥ (बृ.ज्यो.सा.)

गोधूलिको दुई घडी अघि, दुई घडी पछिको समय उत्तम हुन्छ। हेमन्त र शिशिर ऋतुमा सूर्यकिरण देखा नपरी खालि बिम्ब मात्रै देखा परेको समय तथा वसन्त र ग्रीष्ममा आधा सूर्य अस्ताएको समय अनि वर्षा ऋतुमा जम्मै सूर्य बिम्ब अस्ताएको समयलाई गोधूलि भनिन्छ।

गोनसः (पुं.) [*गोरिव नासिका यस्य, अञ्नासिकायाः ५.४.११८ इत्यच्, नसादेशः*] गाईको जस्तो नाक हुने सानो जातिको सर्प। **गोनासगोनसौ** (त्रिकाण्ड.)।

गोनासः (पुं.) [*गोर्नासा इव नासा यस्य सः, बहु.स.*] गोमन सर्प/गाईको जस्तो नाक हुने सर्प।

गोपः (पुं.) [*गोपायति, गुपू रक्षणे इति धातोः, आयादय आर्धधातुके वा ३.१.३१ इत्यायः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.धेरै गाउँको अध्यक्ष २.[*गाः पातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] गोठालो ३.गोठको स्वामी ४.[*गां पृथ्वीं पातीति, पूर्ववत् कः*] राजा ५.औषधिविशेष।

गोपो गोपालके गोष्ठाध्यक्षे पृथ्वीपतावपि।
ग्रामौघाधिकृते पुंसि शारिवाख्यौषधौ स्त्रियाम् (मेदिनी.)।

गोपतिः (पुं.) [*गवां किरणानां पतिः, ष.त.*] १.सूर्य २.[*गवां पशूनां पतिः*] महादेव ३.[*गां पृथ्वीं पाति पालयतीति, पा पालने इति धातोः, डतिः*] विष्णु। **अमानुषाणि कर्माणि पश्यामस्तव गोपते** (ह.वं.) ४.[*गवां सौरभेयीणां पतिः*] साँढे वा गोरु ५.एक राक्षस ६.[*गवां धेनूनां पतिः*] गाईको मालिक ७.इन्द्र (हला.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपथब्राह्मणम् (नपुं.) [*गोपथ इति ब्राह्मणम्*] अथर्ववेदसँग सम्बद्ध ब्राह्मणग्रन्थ। यसका दुई भाग छन्– पूर्वगोपथ र उत्तरगोपथ। पहिलो भागमा पाँच अध्याय अथवा प्रपाठक छन् भने दोस्रो भागमा छ अध्याय छन्। प्रपाठक कण्डिकाहरूमा विभक्त छ। यसलाई सबैभन्दा पछिल्लो ब्राह्मणग्रन्थ मानिन्छ। यसका रचयिता गोपथ ऋषि हुन्। भाषाशास्त्रको दृष्टिकोणले यसमा महत्त्वपूर्ण विषयहरू समाविष्ट छन्।

गोपनम् (नपुं.) [*गुप गोपने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लुकाउने काम [*गुपू रक्षणे इति धातोर्ल्युट्, अनः*] २.रक्षा गर्नु ३.व्याकुलता ४.दीप्ति ५.तेजपात ६.तमाखु/तमालपत्र।

गोपनीयः (पुं.वि.) १.[*गोपयितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*]लुकाउन लायक/सार्वजनिक गर्न नहुने २.रक्षा गर्नुपर्ने/रक्षणीय।

गोपानसी (स्त्री.) [*गोपायति रक्षति गृहमिति, गुपू रक्षणे इति धातोः, बहुलकान्नसट् प्रत्ययः, अल्लोप ६.४.४८ यलोपौ ६.१.६६, यद्वा– गवां गोभिर्वा पानं गोपानं किरणानां किरणैर्वा शोषणम्, तत् स्यति निवर्तयति, षो अन्तकर्मणि इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.बलो २.एक प्रकारको फूल।

गोपायितः (पुं.वि.) १.[*गोपाय्यते स्म, गुपू रक्षणे इति धातोः, आयादय आर्धधातुके वा ३.१.३१ आयादेशः, निष्ठा ३.२.१०२ इति क्तः*] रक्षा गरिएको २.(नपुं.) [*भावे क्तः*] रक्षा।

गोपालः (पुं.) [*गां पालयति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.गाई पाल्ने व्यक्ति २.[*गां पृथ्वीं वेदं वा रक्षति*] कृष्ण ३.[*गाः पशून्, जीवजातं पालयति*] शिव ४.राजा।

गोपालकः (पुं.) [*गोपाल एव, स्वार्थे कन् (ज्ञापि. ५.४.५ यद्वा पालयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, गोः पालकः, ष.त.*] १.गाई पाल्ने व्यक्ति २.शिव ३.श्रीकृष्ण ४.[*गां पृथ्वीं पालयति*] राजा।

गोपाष्टमी (स्त्री.) [*गोपप्रिया अष्टमी, म.प.स.*]कार्त्तिक शुक्ल अष्टमी

गोपिका (स्त्री.) [*गोपस्य इयम् गोपा, ततः स्वार्थे कन् (ज्ञापि.) ५.४.५, टाप् ४.१.४, इत्वम्*] गोपस्त्री/गोपिनी।

गोपी (स्त्री.) १.[*गोपायतीति, गुपू रक्षणे इति धातोः, आयाभावे नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] खन्यू। **गोपी श्यामा गोपवल्ली गोपा गोपालिका च सा** (वाचस्पति) २.[*गोपस्य गोपालकस्य कृष्णस्य वा ईयम्*] गोपिनी ३.[*गोपस्य स्त्री,पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] गोपालकी स्त्री।

गोपीचन्दनम् (नपुं.) [*गोपीप्रियं चन्दनम्, म.प.स.*] द्वारकामा पाइने वैष्णवहरूले तिलक धारण गर्ने पहेंलो माटो।

गोपुच्छः (पुं.) [*गोः पुच्छस्येव आकृतिर्यस्य सः, बहु.स.*] १.गाईको पुच्छरजस्तो बजाउने बाजा २.हारविशेष ३.गाईको जस्तो पुच्छर भएको बानर ४.(नपुं.) [*गोः पुच्छम्, ष.त.*] गाईको पुच्छर।

गोपुरम् (नपुं.) [*गावः पूर्यन्ते यत्र, पॄ पालने इति धातोः, मूलविभुजादित्वात् ३.२.५ इति कः*] १.सहरको मुख्य ढोका २.राजदरबार, मन्दिर आदिको मूल ढोका ३.सेतो मोथे। **पुरद्वारं तु गोपुरम्** (अमर.)।

गोप्ता (पुं.वि.) [*गोपायति गुपू रक्षणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.रक्षा गर्ने वा पाल्ने। **तस्मिन् वनं गोप्तरि गाहमाने** (रघु.२.१४) २.[*गुप्यति, तथैव*] लुकाउने/छिपाउने।

गोप्यः (पुं.वि.) [*गोपयितुं योग्यः, गुपू रक्षणे इति धातोः, गुप गोपने इति धातोर्वा, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.लुकाउनु पर्ने/अर्कालाई थाहा दिन नहुने २.रक्षा गर्न लायक ३.(पुं.) [*गोप्यते रक्ष्यतेऽसौ*] अनुचर/सेवक ४.राजाविशेष ५.(स्त्री. बहु.) गोपीको समूह। **शालिगोप्यो जगुर्यशः** (रघु.४.२०)।

गोप्यकः (पुं.) [*गुप्यते, गुपू रक्षणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५ गोप्यं कायति वा, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] अर्काका घरमा बसेर काम गर्ने मानिस/नोकर।

गोम (धा.) [*उपलेपने, सक.सेट् उभय.*] लिप्नु, पोत्नु। लट्– **गोमयति–ते–** लिप्छ, पोत्छ इत्यादि।

गोमतल्लिका (स्त्री.) [*प्रशस्ताः गौर्गोजातिः, प्रशंसावचनैश्च इति नित्यसमासेन परनिपातः*] सुशील गाई।

गोमती (स्त्री.) [*प्रशस्ता गौर्वाण्यस्याः, प्रशंसार्थे मतुप्*] १.एघार मात्राको एक छन्द २.एक वैदिक मन्त्र ३.गोमन्त (द्वारका नजिकको एक) पर्वतमा रहेकी एक देवी ४.भारतमा गोमती नामका अनेक नदी छन्। एक द्वारकामा, दोस्रो सिन्धुमा (डेरा इस्माईल खाँ र पहाडपुरको नजिक) मिल्ने, तेस्रो– शाहजहाँपुर, जौनपुर आदि ठाउँहरू हुँदै मार्कण्डेयेश्वर नजिकै वाराणसीदेखि ५० कि.मि. पूर्व गङ्गामा मिल्छ। ५.पुराणमा वर्णित गङ्गाका सात धारामध्ये एक धारा। रामले यसै धाराको किनारमा कयौँ यज्ञ गरेका थिए। काशिराज दिवोदास एक राक्षसबाट पीडित भएर काशी छोडी यसै गोमती नदीको किनारमा बसेका थिए। **~चक्रम्** (नपुं.) [*गोमत्यामुपलभ्यमानं चक्रम्, म.प.स.*] स्कन्द पुराणको द्वारकामहात्म्यअनुसार द्वारकाको गोमती नदीमा पाइने चक्र भएको सेतो पत्थर। यसका बाह्र भेद छन्। **~मन्त्रम्** (नपुं.) [*गोमत्याः मन्त्रम्, ष.त.*] महाभारतअनुसार गाईको बिचमा बसेर जप गर्दा इच्छित फल दिने मन्त्र।

गोमयम् (नपुं.) [*गोः पुरीषम्, गोश्च पुरीषे ४.३.१४५ इति मयट् यद्वा गोरागतम्, मयड्वैतयोः ४.३.१४३ इति मयट्*] गोबर/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपुरीष। **गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम्। जग्ध्वा परेऽह्न्युपवसेत् कृच्छ्रं सान्तपनं चरन्॥** (ग.पु.प्रेतकल्प. ४.१६५)। **~छत्रम्** (नपुं.) गोब्रे च्याउ।

गोमान् (पुं.वि.) [*बहवो गावोऽस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] गाईको धनी।

गोमायुः (पुं.) [*गां विकृतां वाचं मिनोति प्रक्षिपति, गोपूर्वकात् मिञ् प्रक्षेपणे इति धातोः, कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.१) इति उण्*] १.स्याल २.भ्यागुतो ३.गन्धर्वविशेष ४.[*सान्तः क्लीबे*] गाईको पित्त।

गोमी (पुं.वि.) [*गौरस्त्यस्य, ज्योत्स्नातमिस्राशृङ्गिणोर्जस्विन् ५.२.११४ इति निपातनात् मिन्*] १.गाई भएको/गाईको धनी २.[*गौर्वी–जमन्त्रवाक्यमस्यास्तीति*] उपासक।

गोमुखः (पुं./नपुं.) [*गोर्मुखमिव मुखं प्रवेशद्वारमस्य*] १.मादलविशेष २.बाङ्गो घर। **गोमुखं कुटिलागारे वाद्यभाण्डे च लेपने।** (मेदिनी.) ३.[*गोर्मुखमिव मुखम् यस्य तत्, बहु.स.*] गाईका मुखको आकार जस्तो मुख भएको जपमाला हाल्ने कपडाको थैलो। **प्रजपेद् विधिना गुह्यं वर्णमालाधिकं प्रिये। निधाय गोमुखे मालां गोपयेन्मातृजारवत्॥** ४.गङ्गा अवतरण भएको क्षेत्र ५.एक किसिमको बाजा ६.मुद्राविशेष।

गोमुखासनम् (नपुं.) [*गोमुखाकारमासनम्, ष.त.*] दुवै गोडा पीठतिर फर्काएर बसी सोझो भई गाईको मुखको आकार बन्दा गोमुखासन हुन्छ। **पादौ च भूमौ संस्थाप्य पृष्टपार्श्वे निवेशयेत्। स्थिरकायं समासाद्य गोमुखं गोमुखाकृतिः॥** (घे.सं.)

गोमुखी (स्त्री.) [*गोर्मुखमिव मुखं यस्याःसा,बहु.स.*] जपमाला राख्नका लागि बनाइएको कपडाको थैलो। हे. गोमुखः।

गोमूत्रम् (नपुं.) [*गोर्मूत्रम्, ष.त.*] गहुँत/गाईको पिसाब।

गोमेदः (नपुं.) [*गोर्मेदः, ष.त.*] एक प्रसिद्ध रत्न।

गोयुगम् (नपुं.) [*गोः युगम्, ष.त.*] गाईको जोडी। गोयुगप्रत्यय हुँदा सामान्य अर्थमा जोडी भन्ने बुझिन्छ। जस्तै– **उष्ट्रगोयुगम्** = ऊँटका जोडी।

गोरक्षः (पुं.) [*रक्षतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गवां रक्षः, ष.त.*] १.गाई पाल्ने व्यक्ति/गोपाल/गोरक्षक २.गोरखनाथ। एक हठयोगी सिद्ध पुरुष। यिनी मत्स्येन्द्रनाथका चेला, उज्जैनका राजा भर्तृहरिका गुरु हुन्। यिनको समय दसौँ शताब्दीतिर हो। भनिन्छ– मत्स्येन्द्रनाथ अयोध्यामा भिक्षा माग्न गएका थिए। निःसन्तान एक आइमाईले सन्तान पाऊँ भन्दा उनले विभूत दिएछन्। अरूको कुरा सुनेर ती आइमाईले विभूत खाल्टोमा फ्याँकेकी रहिछन्। बाह्र वर्षपछि मत्स्येन्द्रनाथले खाल्टोमा फ्याँकिएको विभूतको कुरा सुनी खाल्टोमा हेर्दा गोरखनाथ भेटिनु भएछ।

गोरजः (नपुं.) [*गोः रजः, ष.त.*] गाईका खुट्टाबाट उडेको धूलो।

गोरसः (पुं.) [*गोरसस्य दुग्धस्य विकारत्वादुपचारात्*] दही, मही, घीउ आदि दूधबाट बनेको पदार्थ। **विना को रसो गोरसं भोजनानाम्** (नीतिश्लोक)।

गोरोचना (स्त्री.) [*मङ्गल्या, गौरी, वन्द्या, रोचना, गोरोचना*] गाईगोरुको पित्ताशयमा अवस्थित एक पदार्थ। यो सुपारीदेखि निबुवा जत्रो सम्मको हुन्छ। यो गोलो तथा त्रिकोणाकार हुन्छ। यसले विष, अलक्ष्मी (दरिद्रता), ग्रहबाधा, गर्भस्राव, रक्तस्राव आदिलाई हटाउँछ। उन्माद, अपस्मार, अतिसार, कफज्वर, कमलपित्त, आन्द्रामा भएको विकृति आदि रोगको उपचारका लागि आवश्यक औषधिको रूपमा यसको प्रयोग हुन्छ।

गोर्दम् (नपुं.) [*गूर्यते गुरुते वा, गुरी उद्यमने इति धातोः, अब्दादयः (उ.) इति साधुः*] गिदी रहने ठाउँ/दिमाग।

गोलः (पुं.वि.) [*गुड्यते, गुड रक्षायामिति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, डस्य लत्वम्*] १.बाटुलो आकारको २.(पुं.) भकुन्डो ३.वायुगोला ४.अर्द्धवृत्तलाई आफ्नो व्यास रेखामा घुमाउँदा बन्न जाने स्वरूप। **अर्द्धवृत्तं स्वव्यासरेखोपरि भ्राम्यमाणं गोलमुत्पादयति।** (गो.प्र.) **~यन्त्रम्** (नपुं.) [*गोलकारं यन्त्रम्, म.प.स.*] ग्रह नक्षत्रको गति, स्थिति आदि पत्ता लगाउने यन्त्र। **~विद्या** (स्त्री.) [*गोलस्य विद्या, ष.त.*] गोलसम्बन्धी शास्त्र, ब्रह्माण्डको अध्ययन गर्ने विद्या।

गोलकः (पुं.) [*गुड्यते, गुड रक्षायाम् इति धातोः, भावे ३.३.१९ इति घञ्, स्वार्थे कन् ५.४.५*] १.पति मरेपछि जारबाट जन्मिएको छोरो २.बाटुलो पदार्थ/पिण्डाकार वस्तु ३.बिर्कोमा रुपैयाँ पैसा छिराउने प्वाल भएको कन्तुर। **अमृते जारजः कुण्डो मृते भर्तरि गोलकः** (अमर.)।

गोलसन्धिः (पुं.) [*गोलगतः सन्धिः, म.प.स.*] नाडीवृत्त र क्रान्तिवृत्तको सम्पात।

गोलाङ्गुलः (पुं.) [*गोर्लाङ्गूलमिव लाङ्गूलमस्य, त.स.*] वानर। **गोलाङ्गूलान् तथैवर्क्षान् द्रष्टुमिच्छामि मानद** (रामा.)।

गोलार्द्धम् (नपुं.) [*गोलस्य अर्धम्, ष.त.*] पृथ्वीको उत्तर वा दक्षिणपट्टिको आधा अंश/विषुवत् रेखाद्वारा छुट्याउँदा हुने भूगोलको आधा भाग।

गोलीढः (पुं.) [*गोभिर्लिह्यते स्म, लिह आस्वादने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पाडरी वृक्षविशेष।

गोलोमी (स्त्री.) [*गोर्लोमास्याः, गोर्लोमशब्दो गोलोमसदृशे लाक्षणिकः, एरच् ५.४.७५ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.बोझो २.सेतो दुवो ३.जटामसी। **गोलोमी श्वेतदूर्वायां स्याद्वचा–भूतकेशयोः** (मेदिनी.)।

गोलोचनम् (नपुं.) हे. गोरोचना।

गोवर्द्धनः (पुं.) [*वर्द्धयतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, गोः वर्धनः, ष.त.*] व्रजमण्डलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध पर्वत। यसलाई भगवान् कृष्णको स्वरूप मानिएको छ। व्रजवासीको रक्षा गर्न कृष्णले यस पर्वतलाई एक हप्तासम्म उठाएर व्रजमण्डललाई पानीबाट बचाएका थिए। यो पर्वत मथुराबाट बिस किलोमिटर उत्तर र बरसाना भन्ने ठाउँबाट पश्चिम उत्तरमा छ। यो दुई किलोमिटर चौडाइ र सात किलोमिटर लम्बाइ भएको पर्वत हो। तर यसको उचाइ थोरै छ। **~धरः** (पुं.) [*गोवर्द्धनस्य धरः, ष.त.*] कृष्ण।

गोविद् (स्त्री.) [*गोर्विट्, ष.त.*] गोबर।

गोविन्दः (पुं.) [*गां भुवं धेनुं स्वर्गं वेदं वा अविदत् (विदन्ति) विद्लृ लाभे इति धातोः, गवादिषु विन्देः संज्ञायाम् (वा.) ३.१.१३८ इति शः,वराहरूपेणोद्धरणात्, गवां विन्दो वा*] १.वासुदेव २.गाईको मालिक ३.बृहस्पति।

अतसीपुष्पसङ्काशं पीतवाससमच्युतम्।
ये नमस्यन्ति गोविन्दं न तेषां विद्यते भयम्॥

(ग.पु.प्रे.१४.५६)

गोविन्दचरितामृतम् (नपुं.) राधाकृष्णको लीलासँग सम्बन्धित कथानकलाई लिएर कृष्णदासकविराजद्वारा रचित २२ सर्ग तथा २५११ श्लोक भएको महाकाव्य।

गोविन्दद्वादशी (स्त्री.) [*गोविन्दप्रिया द्वादशी, म.प.स.*] फाल्गुन शुक्ल द्वादशीमा धनुराशिको बृहस्पति, कुम्भको सूर्य वा कर्कटको चन्द्रमा आइतवार पुष्य नक्षत्र परी शोभन योग हुँदा पर्न जाने एक पर्व।

गोशालम् (नपुं.) [*गवां शाला, ष.त., विभाषा सेनासुराच्छायाशालानिशानाम् २.४.२५ इति क्लीवत्वम्*] गौशाला/गोठ।

गोष्ठ (धा.) [*सङ्घाते, अक.सेट्, आत्म.*] एकत्रित हुनु। लट्–

गोष्ठते– एकत्रित हुन्छ इत्यादि।

गोष्ठम् (नपुं.) [*गावस्तिष्ठन्त्यत्र, घञर्थे– (वा) ३.३.५८ इति कः, अम्बाम्ब ८.३.९७ इति षत्वम्, ष्टुत्वम्*] गोठ। **गोष्ठं गोस्थानके** (मेदिनी.)।

गोष्ठश्वः (पुं.) [*गोष्ठे श्वा, अचतुरविचतुर ५.४.७७ इत्यच्*] आफ्नै थलोमा बसेर अर्काको ईर्ष्या गर्ने तर केही गर्न नसक्ने व्यक्ति। **स्थानस्थो यः परान् द्वेष्टि गोष्ठश्वं तं विदुर्बुधाः** (हला.)।

गोष्ठी (स्त्री.) [*गावोऽनेकाः वाचस्थिष्ठन्त्यत्र, घञर्थे कः ३.३.५८ इति कः, अम्बाम्ब– ८.३.९७ इति षत्वम्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.विद्वत्सभा २.कुराकानी/छलफल ३.उपरूपकको एक भेद। यसमा नौ अथवा दशओटा पुरुषपात्र हुन्छन्। पाँच अथवा छओटा स्त्रीपात्रको प्रयोग हुन्छ। यो एक अङ्कको उपरूपक हो। यसमा शृङ्गाररसको प्राधान्य रहन्छ। कैशिकी वृत्तिको प्रयोग हुन्छ। गर्भ र विमर्शबाहेक अरू सन्धिहरूको प्रयोग हुन्छ। अरू विशेषता नाटकसँग मिल्दाजुल्दा हुन्छन्। **गोष्ठी सभासंलापयोः स्त्रियाम्** (मेदिनी.)।

गोष्पदम् (नपुं.) [*गोः पदम्, ष.त.*] १.गाईको गोडा वा खुर २.धुलो वा हिलोमा हुने गाईको खुरको चिनु ३.गाईको खुरले बनाएको खाल्टोमा भरिने पानी ४.गाईको बराबर आउने जाने ठाउँ ५.एक तीर्थ।

गोसः (पुं.) [*गां जलं स्यति, षोऽन्तकर्मणि इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] औषधिविशेष।

गोसङ्ख्यः (पुं.) [*गां संचष्टे, चक्षिङ् व्यक्तायां वाचि इति धातोः, चक्षिङः ख्याञ् २.४.४५ इति ख्याञादेशः, समि ख्यः ३.२.७ इति कः*] गोठालो।

गोसर्गः (पुं.) [*गवां सूर्यकिरणानां सर्गः विसृष्टिर्यत्र सः, बहु.स.*] बिहान। **गोसर्गे चार्धरात्रे च तथा मध्यन्दिनेषु च** (सुश्रुत)।

गोस्तनः (पुं.) [*गोः स्तन इव*] हारविशेष।

गोस्तना (स्त्री.) [*गोः स्तनमिव फलमस्याः, ङीषभावे अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] दाख।

गोस्तनी (स्त्री.) [*गोः स्तनमिव फलमस्याः, स्वाङ्गाचोपसर्जनादसंयोगोपधात् ४.१.५४ इति ङीष्*] १.दाख/मुनक्का २.मातृगणभित्रकी एक देवी।

गोस्थानकम् (नपुं.) [*गवां स्थानम्, स्वार्थे कः ५.३.७५*] गोठ।

गोस्वामी (पुं.) [*गवामिन्द्रियाणां स्वामी, जितेन्द्रियतया तथात्वम्*] १.वैष्णव सम्प्रदायका आचार्यको पदवी २.गोसाइँ/गाईको मालिक/गाई पाल्ने व्यक्ति। **~कुण्डः** (पुं.) गोसाइँस्थानको प्रसिद्ध एक ताल/नीलकण्ठकुण्ड/गोसाइकुण्ड। यो लामटाङ हिमालयको फेदमा छ।

(गौः)

गौः (पुं.) [*गच्छति अनेन, गमेर्डोः (उ.) २.३५ इति डोः*] १.गोरु २.[*गम्यते परोपकार–यज्ञदानादिकर्मभिर्यस्मिन्, अधिकरणे डोः*] स्वर्ग ३.[*गच्छति शीघ्रम्, गम्यन्ते ज्ञायन्ते विषया अनेन, कर्तरि करणे वा डोः*] किरण ४.[*कर्तरि डोः*] वज्र ५.[*गम्यते पुण्यवद्भिर्यस्मिन्, अधिकरणे डोः*] चन्द्रमा ६.[*गच्छति सरतीव दृश्यते व्योम्नि, कर्तरि डोः*] सूर्य ७.[*गमयति स्वर्गं प्रापयति, कर्तरि डोः*] गोमेध यज्ञ ८.[*गम्यते स्वास्थ्यं प्राप्यतेऽनेन,करणे डोः*] औषधिविशेष ९.[*कुपथं गच्छति,कर्तरि डोः*] मूर्ख मानिस।

गौः [*गच्छति, गम्लृ गतौ इति धातोः, गमेर्डोः (उ.) २३५ इति डोः, वस्तुतस्त्वयं रूढ एव शब्दः, रुढा गवादयः प्रोक्ताः यौगिकाः पाचकादयः, योगरुढाश्च विज्ञेयाः पङ्कजाद्या मनीषिभिः, इत्युक्तेः*] यसको प्रथमा विभक्तिको एक वचनमा 'गौः' यस्तो रूप हुन्छ। १.(स्त्री.) गाई। **अपात्रे यदि गौर्दत्ता दातारं नरकं नयेत्।** (ग.पु. प्रेतकल्प१३.६) २.[*गम्यते व्रज्यतेऽस्याम्, अधिकरणे डोः*] भूमि। **दुदोह गां स यज्ञाय सस्याय मघवा दिवम्** (रघु.) ३.[*गम्यते ज्ञायते चित्ताभिप्रायो यया सा, करणे डोः*] वाणी ४.आमा (ए.को.) ५.सरस्वती ६.[*गच्छति शीघ्रम्, कर्तरि डोः*] वाण ७.[*गम्यन्ते विषया अनेन, करणे डोः*] आँखा ८.दिशा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौः (पु./नपुं.) १.[*गम्यते ज्ञायते स्पर्शसुखमनेन*] रौं २.इन्द्रिय ३.वृषराशि ४.[*गच्छति निम्नदेशम्, कर्तरि डोः*] जल/पानी ५.नौको सङ्ख्या ।

गौचरः (पुं.) [*गावः, चरन्त्यस्मिन् गोचरः, गोचर एव स्वार्थेऽण्, वृद्धिः*] गाईको चरन/गाईहरू चर्ने थलो ।

गौडः (पुं.) १.विन्ध्य पर्वतको उत्तरतिर बस्ने ब्राह्मण जातिको एक वर्ग २.भारतको पूर्वी बङ्गाल प्रदेशको पूर्व भागको प्राचीन नाम ।

गौडसम्प्रदायः (पुं.) [*गौड इति, सम्प्रदायः, गौडानां सम्प्रदायो वा, ष.त.*] गौड देशमा चलेको एक सम्प्रदाय । यस सम्प्रदायमा सबै कामना सिद्धिका लागि सङ्कल्प गरेर पूजा गर्दै फूल चढाएपछि नैवेद्य चढाइन्छ, हवन गरिन्छ, पान चढाइन्छ अनि बलि दिएर बायाँ हातले पूजा गरिन्छ, दाहिने हातले तर्पण गरिन्छ, विश्वस्वरूप भई दान गरिन्छ र हृदयमा देवीको स्थापना गरिन्छ । यो उपासना वामाचारीहरूले गर्दछन् ।

संप्रदायानथो वच्मि गौडकाश्मीरकेरलान् ।
सर्वार्थसिद्धिसङ्कल्पपूजापुष्पार्पणादनु ॥
नैवेद्यान्ते च हवनं ताम्बूलान्ते वलिर्मतः ।
पूजनं वामहस्तेन दक्षहस्तेन तर्पणम् ॥
साक्षाद्दानं मकारेण हृदि देव्या विसर्जनम् ।
गौडाख्यसंप्रदायोऽयं सेवितो वामभिः सदा ॥ (पु.च. ३.२८९) **~नटः** (पुं.) गौड र नट मिसिएर बन्ने एक सङ्कर राग । **~मल्लारः** (पुं.) वर्षा ऋतुका रातको दोस्रो प्रहरमा गाइने गौड र मल्लार मिसिएर बनेको एक सङ्कर राग । **~सारङ्गः** (पुं.) ग्रीष्म ऋतुको मध्याह्नमा गाइने गौड र सारङ्ग मिसिएर बनेको एक सङ्कर राग ।

गौडी (स्त्री.) १.[*गुडस्य विकारः, तस्य विकारः ४.३.१३४.इत्यण्, ङीप्*] सक्खरबाट बनाएको मदिरा २ एक रागिनी ।

गौडीरीति (स्त्री.) [*गौडीति रीतिः, कर्म.स.*] गौड देशमा प्रारम्भ भएर अन्यत्र फैलिएको काव्यको एक शैली । यसमा लामा समास भएका पदावलीको प्रयोग हुन्छ । **ट, ठ, ड, ढ, र**जस्ता कठोर वर्णहरूको उपयोग गरिएको हुन्छ । वीर, बीभत्स र रौद्ररसका निमित्त यो रीति उपयोगी मानिन्छ ।

गौणः (पुं.वि.) १.अप्रधान/मुख्य नभएको/साधारण २.गुण जाहेर गर्ने/गुणवाचक ।

गौणी (स्त्री.) [*गौणशब्दात् ङीप्*] १.मुख्य नभएकी २.साहित्य दर्पणअनुसार रुढि लक्षणाका आठ भेदमध्ये एक भेद । यसमा एक वस्तुको गुण दोस्रो वस्तुमा आरोपित गरिन्छ ।

गौणी भक्तिः (स्त्री.) देवताको पूजा, भजनतर्फ उन्मुख हुने प्रवृत्ति । यसलाई साधनभक्ति पनि भनिन्छ । यो पराभक्तिमा प्रवेश हुने पहिलो सिँढी हो । पराभक्तिको साधनाका लागि आउने विघ्न बाधाहरूलाई गौणीभक्तिद्वारा हटाउन सकिन्छ । नारदभक्तिसूत्रमा गौणीभक्तिको भेदलाई तीन भागमा छुट्याइएको छ– सात्त्विकी, राजसी र तामसी । भक्तिका निमित्त गरिने पूजालाई सात्त्विकी भनिन्छ । –(भाग. ३.२९.१०) विषय, यश र ऐश्वर्यप्राप्तिका निमित्त गरिने भक्तिलाई राजसी भक्ति भनिन्छ । (भाग. ३.२९.९) हिंसा, मात्सर्य आदिले प्रेरित भएर गरिने पूजालाई तामसी भक्ति भनिन्छ । (भाग. ३.२९.८) अर्को दृष्टिकोणले गौणीभक्तिलाई तीन भागमा छुट्याइएको छ– अर्थार्थी, आर्त र जिज्ञासु । संसारिक वस्तु प्राप्तिका निमित्त गरिने पूजा अर्थार्थी पूजा हो । दुःख अथवा सङ्कटनिवारणका निमित्त गरिने पूजा आर्तपूजा हो । भगवान्लाई जान्ने इच्छाले गरिने पूजा जिज्ञासुपूजा हो । यी तीनै पूजालाई सकाम भक्ति भनिएको छ । गौणी भक्तिमा सात्त्विकी भक्तिलाई अरू भक्तिभन्दा श्रेष्ठ भक्ति मानिएको छ । यसै गरी अर्थार्थी भक्तिभन्दा जिज्ञासुभक्ति, जिज्ञासु भक्तिभन्दा आर्तभक्ति उत्कृष्ट मानिन्छ । (शाण्डिल्यसूत्र ५६) श्रीमद्भगवद्गीतामा अर्थार्थी, आर्त, जिज्ञासु र ज्ञानी चार किसिमका भक्तको चर्चा छ । तीमध्ये ज्ञानी भक्तलाई सर्वोत्कृष्ट मानिएको छ । (भ.गी. ७.१६)

गौणीलक्षणा (स्त्री.) [*गौणी चासौ लक्षणा च, कर्म.स.*] प्रयोजनवती लक्षणाको सरोपा र साध्यवसाना भेदको प्रकार । यसमा वाच्यार्थको लक्ष्यार्थसँग सादृश्य सम्बन्ध रहेको हुन्छ । सादृश्यको अर्थ गुणको समानता हो । (सा.द. प.२.)

गौतमः (पुं.) [*गोतमस्यापत्यम्, तस्यापत्यम् ४.१.९२ इत्यण्*] १.शतपथ ब्राह्मणअनुसार सप्तर्षिमध्येका एक ऋषि । यिनकी पत्नीको नाम **अहल्या,** छोराको नाम **शतानन्द, शरद्वान्** र **चिरकारी** हो । बाबुको नामबाटै यिनका (सन्तान) छोराहरूलाई पनि गौतम भनिन्छ । शरद्वान्का छोरा कृपाचार्यलाई पनि गौतम भनिन्छ २.एक तपस्वी मुनि ३.गौतमबुद्ध ४.[*गोतमस्यायं शिष्यः, तस्येदम् ४.३.१२० इत्यण्*] न्यायशास्त्र बनाउने एक विद्वान्/अक्षपाद । यिनका रचनाहरू– **न्यायभाष्य, न्यायवार्तिक–तात्पर्यटीका, न्यायमञ्जरी ।** न्यायसूत्रमा पाँच अध्याय छन् । प्रत्येक अध्याय दुई आह्निकमा विभक्त छन् । यसमा १६ पदार्थको विवेचना छ– प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान ।

गौतमधर्मसूत्रम् (नपुं.) [*गौतमस्य धर्मसूत्रम्, ष.त.*] यो धर्मसूत्रहरूमा प्राचीनतम ग्रन्थ हो । यसको सम्बन्ध सामवेदसित छ । धर्मको प्रयोजन, चार वर्णहरू, उपनयनकाल, ब्रह्मचारीको नियम, गृहस्थको नियम, विवाहको समय, विवाहका प्रकार, ४० संस्कार आदि अनेक विषय यसमा वर्णित छन् ।

गौतमबुद्धः (पुं.) सिद्धार्थ । ईशाको ५६३ वर्ष पहिले शाक्यको राजधानी कपिलवस्तु हाल नेपालको रूपन्देही जिल्लाको लुम्बिनीमा गौतम गोत्रीय शुद्धोदनकी पत्नी मायादेवीको कोखबाट यिनको जन्म भएको हो । जन्मेको पाँचौ दिनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनको सिद्धार्थ नाम राखियो। सातौँ दिनमा मायादेवी परलोक भइन्। त्यसपछि यिनकी सानी आमा महाप्रजावती गौतमीद्वारा सिद्धार्थलाई हुर्काइयो। सम्पूर्ण विद्यामा पारङ्गत सिद्धार्थको दण्डपाणिकी छोरी गोपासँग विवाह भयो। पालि ग्रन्थअनुसार सिद्धार्थकी पत्नी सुप्रबुद्धकी कन्या थिइन्। यिनको भद्रकात्यायनी, यशोधरा, बिम्बा, बिम्बासुन्दरी नाम थियो। सिद्धार्थमा वैराग्य पैदा भएको देखेर यिनलाई भुलाउन युवतीहरू भएको सङ्गीतमय महल र बगैँचामा राखियो। यसै बेला यिनको छोरो जन्म्यो। छोराको नाम राहुल राखियो। २९ वर्षको उमेरमा छोरा र रानीलाई छोडेर सिद्धार्थ बोधिसत्त्व बनेर गयाको बोधि वृक्षमुनि गई तपस्या गर्न थाले। तपस्याबाट लाभ नहुँदा यिनी ध्यानद्वारा ज्ञान प्राप्त गर्ने कोसिसमा लागे। छैटौँ वर्ष वैशाख पूर्णिमाको रातको पहिलो प्रहरमा बोधिसत्त्वलाई पूर्वजन्मको सम्झना भयो। दोस्रो प्रहरमा यिनले दिव्य ज्ञान पाए। तेस्रो प्रहरमा यिनलाई बुद्धत्व प्राप्त भयो। त्यसपछि यिनी ज्ञानको प्रचार गर्दै भाण्डग्राम र भोगनगर हुँदै पावा भन्ने ठाउँमा पुगे। त्यहाँ चुकन्दरमार पुत्तक नाम गरेको चेलाको आतिथ्य ग्रहण गर्दा रक्तातिसारको रोग लाग्यो। रोगी अवस्थामा नै बुद्ध त्यहाँबाट कुशीनगरतिर प्रस्थान गरे। बाटामा हिरण्यवती (हिरण्वती) नदी तरेर सालवनमा पुगेपछि दुई साल वृक्षको बिचमा विश्राम लिन सुतेको अवस्थामा ८० वर्षको उमेरमा यिनको निर्वाण (मृत्यु) भयो। यी गौतमबुद्धभन्दा अघि २९ बुद्ध भइसकेका छन्।

गौतमी (स्त्री.) [*गौतमस्येयम्, अण्, ङीप्*] १.गोदावरी नदी।

पश्चिमाद्रिसमुद्भूता गौतमी पुण्यभावना।
अस्याः शीतं जलं वापि कफपित्तविकारहृत्॥ (हारीत.)

२.राक्षसीविशेष (शब्दर.) ३.[*गोतमस्यापत्यं स्त्री*] गोतमवंशीय शरद्वान्‌की छोरी द्रोणाचार्यकी पत्नी/अश्वत्थामाकी आमा। **अलभत् गौतमी पुत्रमश्वत्थामानमेव च**। (म.भा.१.३१.२३) ४.गौतमबुद्धको शिक्षा वा उपदेश ५.हलेदो ६.गोरोचन(राजनि.) ७.कण्व ऋषिकी बहिनी ८.अहल्या ९.दुर्गा (मेदिनी.) १०.गौतमगोत्रकी एक कन्या जटिला। यिनले सात ऋषिहरूसँग विवाह गरेकी थिइन्। ११.एक ब्राह्मणी १२.गौतमकी पत्नी १३.गायत्री देवी।

गौधारः (पुं.) [*आरगुदीचाम् ४.१.१३० इत्यारक्*] गोही।

गौधूमीनम् (नपुं.) [*गोधूमस्य भवनं क्षेत्रम्, धान्यानां भवने क्षेत्रे खञ् ५.१.१ इति खञ्, खस्येनः*] गहुँ पैदा हुने भूभाग।

गौधेरः (पुं.) [*गोधाया अपत्यं पुमान्, गोधाया ढ्रक् ४.१.१२९ इति ढ्रक्*] गोही।

गौधेयः (पुं.) [*शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः*] गोही।

गौरः (पुं.वि.) [*गुरते उद्युङ्क्ते मनोऽस्मिन्, गुरी उद्यमने इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ) १९६ इति रक्, वृद्धिः*] १.सेतो, पहेँलो, रातो। **गौरोऽरुणे सीते पीते।** (मेदिनी.) २.(पुं.) मृगविशेष ३.पद्मकेशर ४.कुङ्कुम ५.सेतो सस्यौँ। **गौरस्तु सर्षपः प्राज्ञैः सिद्धार्थः इति कथ्यते।** ६.चन्द्रमा ७.औषधिविशेष।

गौरवम् (नपुं.) [*इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] बडप्पन/महत्त्व/प्रतिष्ठा/सम्मान/गुरुता। **~शाली** (पुं.वि.) [*गौरवेण शालते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८.इति णिनिः*] सम्मानित/प्रतिष्ठित।

गौरवान्वितः (पुं.वि.) [*गौरवेण अन्वितः, तृ.त.*] गौरव भएको/सम्मान प्राप्त।

गौरा (स्त्री.) [*गौरोऽस्त्यस्याः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, यप् ४.१.४*] १.पार्वती २.पश्चिम नेपालमा मनाइने एक चाडपर्व।

गौराङ्गः (पुं.) [*गौराणि अङ्गानि यस्य सः, बहु.स.*] १.विष्णु २.शिव ३.चैतन्य महाप्रभु ४.अङ्ग्रेज।

गौरी (स्त्री.) [*गूयते, गुङ् शब्दे इति धातोः, ऋज्रेन्द्रा– (उ.) २.२८ इत्यादिना रगन्तो निपातितः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.रजस्वला नभएकी स्त्री २.पार्वती। **गौरी प्रोक्ता कान्यकुब्जे रम्भा तु मलयाचले।** (दे.भा.७.३०.५८) ३.आठ वर्षकी कन्या। **अष्टवर्षा भवेद् गौरी नववर्षा तु रोहिणी** (स्मृति.) ४.सेतो तुलसी ५.सेती गाई ६.पृथ्वी ७.गङ्गा ८.हलेदो ९.चुत्रो १०.गुडको रक्सी ११.नसो १२.मजिठो १३.सेतो दुबो १४.गोरोचन १५.वरुणकी पत्नी १६.पार्वतीकी सँगिनी १७.लहरे बली १८.सुनकेरा १९.प्रियङ्गु/दँयालो २०.रागिणीविशेष २१.बुद्धको शक्तिविशेष (हेम.)।

गौरीशङ्करः (पुं.) [*गौरी च शङ्करश्च यत्र सः*] १.नेपालको दोलखा जिल्लाको उत्तरी इलाकामा अवस्थित, रोल्वालिङ हिमशृङ्खलाको सर्वोच्च शिखर। यो दुई भागमा विभक्त छ। उच्चतर शृङ्ग २३४५७ फिट अग्लो छ। त्यतातिरका स्थानीय मानिसहरू यसलाई 'गौरा' भन्ने गर्दछन्। अर्को शृङ्गलाई पार्वती भनिन्छ। यी दुवैको संयुक्त नाम गौरपार्वता वा गौरीशङ्कर हो। २.[*गौरीसहतः शङ्करः*] पार्वतीसँग रहेका शिवजी।

गौशाला (स्त्री.) [*गवां शाला, त.स., पक्षे क्लीबत्वाभावः*] प्रशस्त गाईहरू राख्ने ठाउँ/गोठ।

गौष्ठीनम् (नपुं.) [*पूर्वं भूतं गोष्ठम्, गोष्ठात्खञ् भूतपूर्वे ५.२.१८ इति खञ्, खस्य ईनः*] पहिलो गोठ भएको ठाउँ।

ग्रथि (धा.) [*कौटिल्ये, अक.सेट्, आत्म.*] टेढो हुनु। गाँठो पार्नु, उन्नु। लट्– **ग्रन्थते–** टेढो हुन्छ, गाँठो पार्छ, उन्छ इत्यादि।

ग्रथितः (पुं.वि.) [*ग्रथ्यते स्म, ग्रन्थ सन्दर्भे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] गुँथिएको/उनिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थ (धा.) [*सन्दर्भे, सक.सेट.उभय.*] ग्रन्थ लेख्नु, प्रसङ्ग निकाल्नु। लट्– **ग्रन्थयति–ते–** ग्रन्थ लेखाउँछ, प्रसङ्ग निकाल्छ इत्यादि।

ग्रन्थ (धा.) [*सन्दर्भे, सक.सेट्, पर.*] ग्रन्थ लेख्नु, क्रमैले राख्नु। लट्– **ग्रथ्नाति–** ग्रन्थ लेख्छ,क्रमैले राख्छ। **उद्ग्रथ्नाति**– मुक्त गर्छ, फुकाउँछ इत्यादि।

ग्रन्थ (धा.) [*बन्धने, सक.सेट्, उभय.*] गाठो पार्नु, बाँध्नु। लट्– **ग्रन्थयति–ते–** गाठो पार्छ, बाँध्छ इत्यादि।

ग्रन्थः (पुं.) [*ग्रन्थनम्, भावे ३.३.१८ इति घञ्*] १.गाँठो पार्ने काम २.[*ग्रथ्यतेऽसौ, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] पुस्तक ३.बत्तिस अक्षरले बनेको अनुष्टुप् छन्दको श्लोक ४.शास्त्र। **ग्रन्थग्रन्थिं तदा चक्रे मुनिर्गूढं कुतूहलात्।** (म.भा. १.१.८०) **कृतान्तागमसिद्धान्तग्रन्थाः शास्त्रमतः परम्।** (ध.ना.मा.) ५.गाँठो ६.ग्रन्थि ७.गुम्फन ८.[*ग्रन्थनम्*] १.गाँठो पार्ने काम २.ग्रन्थ लेख्ने काम ९.द्रव्य। **लिपिसङ्ख्यायां शास्त्रे द्रव्ये च ग्रन्थशब्दमिच्छन्ति।** (हला.) **~कारः** (पुं.) [*ग्रन्थं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] लेखक/ग्रन्थकर्ता। **~कृत्** (पुं.) [*ग्रन्थं करोति, क्विप्, तुक्*] ग्रन्थकार। **~सूची** (स्त्री.) [*ग्रन्थानां सूची, ष.त.*] विभिन्न विषयका ग्रन्थ र लेखकहरूको नामसमेत लेखिएको किताब।

ग्रन्थनम् (नपुं.) [*भावे ल्युट्, अनः*] १.गाँठो पार्ने काम २.गुंथ्ने काम ३.शास्त्र रचना गर्ने काम। **श्रन्थनं ग्रन्थनं गुम्फः सन्दर्भो रचना स्मृता** (हला.)।

ग्रन्थिः (पुं.) [*ग्रन्थ बन्धने इति धातोः, खनिकष्यज्यसिवसिवनि–सनिध्वनिग्रन्थिचलिभ्यश्च (उ.) ५८९ इति इः*] १.गाँठो/बन्धन २.उखु, बाँस आदिको आँख्लो ३.दुई अङ्गको जोर्नी ४.समास भएका र अर्थ लगाउन कठिन पर्ने पद ५.मायापाश। **भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः** (भाग.१.२.२१) ६.कुटिलता ७.रोगविशेष। **~चौरः** (पुं.) [*ग्रन्थिभेदकश्चौरः, म.प.स.*] गाँठो खुस्काएर चोर्ने चोर २.समस्त तथा कठिन शब्दको अर्थ गर्न सक्ने विद्वान्। **~बन्धनम्** (नपुं.) [*ग्रन्थेर्बन्धनम्, ष.त.*] १.विवाहमा वरवधूको लगनगाँठो बाँध्ने काम २.गाँठो पार्ने काम ३.यमक,श्लेष, दीर्घ समास, दूरान्वय हुने पदविन्यास आदिबाट रचनालाई जटिल तुल्याउने काम। **ग्रन्थिर्ग्रन्थिरिह क्वचिद् क्वचिदपि न्यासि प्रयत्नान्मया** (श्रीहर्ष) **~मूलम्** (नपुं.) [*ग्रन्थेर्मूलम्, ष.त.*] लसुन, प्याज, सलगम आदि जरामा गाँठो भई फल्ने तरकारी आदि वनस्पति। **~भेदनम्** (नपुं.) १.ग्रन्थका पङ्क्ति फोरेर अर्थ लगाउने कार्य २.गाँठो फुकाउने काम ३.शरीरमा आएका गिर्खालाई अप्रेसन गरेर फुटाउने काम।

ग्रन्थिकः (पुं.) [*ग्रन्थः पञ्जिकास्त्यस्य, अत इनिठनौ इति ठन्, ठस्येकः*] १.ज्योतिषी २.[*ग्रन्थिना कौटिल्येन कायते, आतोऽनुपसर्गे कः इति कः,आलोपः*] गुप्त वेशधारी नकुल। **ग्रन्थिको नाम नाम्नाहं कर्मैतत्सुप्रियं मम।** (म.भा.४.३.२) ३.सहदेव (मेदिनी.) ४.भेडेकुरो।

ग्रन्थितः (पुं.वि.) [*ग्रथि कौटिल्ये इति धातोः,निष्ठा ३.२.१०२ इति क्तः*] १.उनिएको/गुथिएको २.मारिएको ३.आक्रमण गरिएको। **ग्रन्थितं गुम्फितं क्रान्ते हिंसिते च त्रिलिङ्गकम्** (मेदिनी.)।

ग्रन्थिपर्णम् (नपुं.) [*ग्रन्थौ पर्णान्यस्य, ग्रन्थस्य इव पर्णान्यस्य, इति वा*] भेडे कुरो। यो काश्मीरदेखि कुमाउसम्म ६ हजारदेखि १२ हजारको उचाइमा उपलब्ध हुन्छ। यसले कफ, वात, लुतो, विष, खोकी र दर्गन्धलाई हटाउँछ। **ग्रन्थिपर्णं ग्रन्थिकञ्च काकपुच्छञ्च गुच्छकम्** (भा.प्र.नि.) यसका धेरै भेद छन्– **स्थौणेयकम्, चोरकः** आदि। यो नेपालमा बढी उपलब्ध हुन्छ।

ग्रन्थिलः (पुं.) [*ग्रन्थिरस्यास्तीति, सिध्मादित्वात् ५.२.९७ लच्, ग्रन्थिं लाति वा*] १.करीरको रुख २.काँइयाको रुख ३.(पुं.वि.) गाँठो परेको ४.जटिल।

ग्रन्थी (पुं.) [*ग्रन्थाः सन्त्यस्य, अत इनिठनौ ५.२.११५.इति इनिः*] धेरै पुस्तक पढेको वा भएको मानिस। **अज्ञेभ्यो ग्रन्थिनः श्रेष्ठाः ग्रन्थिभ्यो धारिणो वराः** (मनु.१२.१०३)।

ग्रस (धा.) [*ग्रहणे, सक.सेट्, उभय.*] ग्रहण गर्नु। लट्– **ग्रासयति–ते–** ग्रहण गर्छ। इत्यादि।

ग्रसनम् (नपुं.) [*ग्रसु अदने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] गाँस हाल्ने काम/खाने काम।

ग्रसु (धा. [*अदने, भ्वा.सक.सेट्, आत्म.*] खानु। लट्– **ग्रसते–** खान्छ। लिट् – **जग्रसे**– खाएछ। लुट्– **ग्रसिता**– खाने छ। लृट् **ग्रसिष्यते**– खाने छ। लोट् – **ग्रसताम्**– खानुहोस्–लङ् **अग्रसत**– खायो। विधिलिङ्– **ग्रसेत**– खाला, खाओस्। आ.लिङ् – **ग्रसिषीष्ट**– खाओस्। लुङ् – **अग्रसिष्ट–** खायो। लृङ्– **अग्रसिष्यत**– खाने थियो। कर्मणि– **ग्रस्यते–** खाइन्छ। णिचि– **ग्रासयति–** खान लगाउँछ। सनि– **जिग्रसिषते–** खान चाहन्छ। यङि– **जाग्रस्यते**– बारम्बार वा अतिशय खान्छ। यङ्लुकि –**जाग्रसीति**–बारम्बार वा अतिशय खान्छ। कृदन्ते– **ग्रसितव्यम्, ग्रसनीयम्, ग्रस्यम्**– खानु पर्ने, खाइने। **ग्रसित्वा ग्रस्त्वा**– खाएर। **ग्रसितुम्**– खान। **ग्रासकः, ग्रासिका, ग्रसिता, ग्रसित्री–** खाने। **ग्रस्तः, ग्रसितः**– खाएको। **ग्रसनम्, ग्रासः**– खानेकाम, गास, ग्रहण लाग्नु इत्यादि।

ग्रस्तः (पुं.वि.) [*ग्रस्यते स्म, ग्रसु अदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.समातिएको/पक्रिएको/मिलिएको २.ग्रसित ३.ग्रहण लागेको ४.खाइएको। **ग्रस्तं जग्धे लुप्तपदोदिते।** (हैम.) ५.आक्रान्त।

ग्रस्तम् (नपुं.) [*ग्रस्यते स्म, ग्रसु अदने इति धातोः, नपुंसके भावे क्तः इति क्तः*] १.वर्ण र पदलाई नदेखिने गरी प्रयोग गरिएको बोली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.एक गाँस बनाइएको वस्तु ३.ग्रहण। **ग्रस्तं ग्रासीकृतेऽपि स्याल्लुप्तवर्णपदोदिते** (विश्वः)।

ग्रस्तोदयः (पुं.) [*ग्रस्तश्चसौ उदयश्च, कर्म.स.*] ग्रहण लागेकै वेलामा हुने सूर्य वा चन्द्रमाको उदय।

ग्रह (धा.) [*उपादाने, सक.सेट्, उभय.*] लिनु। लट्– **गृह्णाति/ गृह्णीते**– लिन्छ। **अनुगृह्णाति**– कृपा गर्छ। **अवगृह्णाति**– अडकाउँछ। **उद्गृह्णाति**– विश्वास गर्छ। **प्रतिगृह्णाति**– अनुमोदन गर्छ। **विगृह्णाति**– झगडा गर्छ। **संगृह्णाति**– बटुल्छ इत्यादि। लिट् – **जग्राह**– लिएछ। लुट् - **ग्रहीता**- लिने छ। लृट्– **ग्रहीष्यति, ग्रहीष्यते**- लिने छ। लोट् - **गृह्णातु, गृह्णीताम्** । लङ्– **अगृह्णात्**– **अगृह्णीत**। विधिलिङ्– **गृह्णीयात्, गृह्णीत**– आ.लिङ् **गृह्यात्, ग्रहीषीष्ट**– लुङ्– **अग्रहीत् अग्रहीष्ट**– लियो। लृङ्– **अग्रहीष्यत्, अग्रहीष्यत**– लिने थियो। कर्मणि– **गृह्यते**– लिइन्छ। णिचि– **ग्राहयति, ग्राहयते**– लिन लगाउँछ। सनि **जिघृक्षति, जिघृक्षते**– लिन खोज्छ। यङि– **जरीगृह्यते**– बारम्बार वा अतिशय लिन्छ। यङ्लुकि **जाग्रहीति** अतिशय वा बारम्बार लिन्छ । कृदन्ते– **ग्रहीतव्यम्, ग्रहणीयम्, गृह्यम्**– लिनु पर्ने वा लिइने। **ग्राही**– लिने। **ग्रहीतुम्**– लिन। **गृहीत्वा, गृहित्वा**– लिएर, **सङ्गृह्य**– सङ्ग्रह गरेर। **गृहीतः**– लिएको। **गृह्णानः**– लिँदै गरेको। **ग्रहः**– ताराबाट प्रकाशित हुने आकाशीय पिण्ड। **ग्रहणम्**– लिनु, सूर्य वा चन्द्रमामा पृथ्वी वा अन्य ग्रहको छाया पर्नु। **ग्राहः**– गोही, **ग्राहकः**– क्रेता आदि।

ग्रहः (पुं.) [*ग्रहणम्, ग्रह उपादाने इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.सूर्य र चन्द्रमामा लाग्ने ग्रहण २.समात्ने काम ३.लडाइँमा उद्यत हुने काम ४.बालकहरूलाई लाग्ने दोष ५.[*गृह्णाति, सूर्यस्य तेज इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सूर्यको चारैतिर परिक्रमा गर्ने र सूर्यकै तेजबाट प्रकाशित हुने बुध, शुक्र, पृथ्वी, मङ्गल, गुरु, शनि, अरुण, वरुण आदि आफ्नो प्रकाश नभएका आकाशीय पिण्डहरू। यी ग्रह यस सौरमण्डलका हुन्। अरू मण्डलमा पनि यस्तै ग्रह हुन्छन्। तिनीहरूको आफ्नो प्रकाश हुँदैन, अन्य कुनै तारा वा ज्योतिःपिण्डबाट प्रकाशित हुन्छन्। **~ग्रस्तः** (पुं.वि.) [*ग्रहेण ग्रस्तः, तृ.त.*] ग्रहका दशाले व्याप्त पारेको/ग्रह बिग्रेको/दिनदशा लागेको। **~दशा** (स्त्री.) [*ग्रहस्य दशा, ष.त.*] खराब वा अशुभ दिन। **~दृष्टिः** (स्त्री.) फलित ज्योतिषअनुसार प्रत्येक ग्रहको आपसमा पर्ने दृष्टि। **~दोषः** (पुं.) [*ग्रहस्य दोषः, ष.त.*] ग्रहको कुदृष्टि। **~नायकः** (पुं.) [*ग्रहाणां नायकः, ष.त.*] १.सूर्य २.शनिश्चर। **~पतिः** (पुं.) [*ग्रहाणां पतिः, ष.त.*] सूर्य। **~पथः** (पुं.) [*ग्रहाणां पन्थाः, ष.त. टच्*] ग्रहको बाटो/कक्ष। **~पीडनम्** (नपुं.)/**~पीडा** (स्त्री.) [*ग्रहाणां पीडनम्, पीडा वा, ष.त.*] १.ग्रहको प्रभावले हुने दुःख २.सूर्यग्रहण वा चन्द्रग्रहण। **~मण्डलम्** (नपुं.) **~मण्डली** (स्त्री.) [*ग्रहाणां मण्डलम्, मण्डली वा, ष.त.*] ग्रहहरूको समूह। **~मैत्री** (स्त्री.) [*ग्रहाणां मैत्री, ष.त.*] ग्रहको परस्पर मित्रता। **~यज्ञः** (पुं.) ग्रहको बाधा हटाउन गरिने यज्ञ। **~युतिः** (स्त्री.) [*ग्रहयोर्ग्रहाणां वा युतिः, ष.त.*] एक राशिको एकै अंशमा दुई वा धेरै ग्रहको जुटाइ। वस्तुतः सबै ग्रह आ-आफ्ना कक्षामा हिडिरहेका हुन्छन्। तल माथि वा वर परका हिसाबले यिनीहरूमा ठुलो अन्तर हुन्छ। तर पृथ्वीबाट हेर्दा यिनीहरू जोडिएजस्ता देखिन्छन्। यो कल्पना शुभाशुभ फलकथनका लागि मात्र गरिएको हो। **भावाभावाय लोकानां कल्पनेयं प्रदर्शिता। स्वमार्गगाः प्रयान्त्येते दूरमन्योन्यमाश्रिताः॥** (सूर्यसिद्धान्त, ७.२४) **~युद्धम्** [*ग्रहयोर्युद्धम्, ष.त.*] (नपुं.) दुई ग्रहको आपसमा हुने विरोध। **~योगः** (पुं.) हे. ग्रहयुतिः। **~राजः** (पुं.) [*ग्रहाणां राजा, ष.त.*] १.सूर्य २.चन्द्र ३.बृहस्पति। **~वेधः** (पुं.) [*ग्रहाणां वेधः, ष.त.*] वेध गरेर ग्रहहरूको स्थिति जान्ने काम। **~शान्तिः** (पुं.) [*ग्रहाणां शान्तिः, ष.त.*] विषम अवस्थामा रहेका ग्रहहरूबाट हुने पीडा हटाउन गरिने अनुष्ठान।

ग्रहणम् (नपुं.) [*ग्रह ग्रहणे इति धातोः, ल्युट् च ३.३.११५) इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पक्रने वा समात्ने काम २.[*गृह्यते आच्छाद्यते चन्द्रार्कौ यत्र, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, पूर्ववत् अन:*] कुनै कुनै औँसीमा सूर्यमा र कुनै कुनै पूर्णिमामा चन्द्रमामा लाग्ने कालो धब्बा। पृथ्वीले सूर्यलाई र चन्द्रमाले पृथ्वीलाई आ–आफ्नो कक्षबाट परिक्रमा गर्ने क्रममा सूर्य, चन्द्र र पृथ्वी समान रेखामा आउँछन्। यसरी आउँदा कुनै औँसीका दिन चन्द्रमाको छाया पृथ्वीमा पर्न जाँदा सूर्यको केही वा पूरै भाग छेकिन जान्छ। चन्द्रमाको छाया परेको ठाउँबाट हेर्दा सूर्यग्रहण लागेको देखिन्छ। कुनै पूर्णिमाको दिन पृथ्वीको छाया चन्द्रमामा पर्दा चन्द्रमाको पुरै भाग वा केही भाग देखिँदैन। यसलाई चन्द्रग्रहण भनिन्छ। ग्रहण तीन किसिमका हुन्छन्– खग्रास, खण्डग्रास र वलयग्रास। चन्द्रमाको सघन छाया पृथ्वीमा पर्दा खग्रास सूर्यग्रहण र विरल छाया पृथ्वीमा पर्दा खण्डग्रास सूर्यग्रहण हुन्छ। त्यस्तै पृथ्वीको सघन छाया चन्द्रमामा पर्दा खग्रास चन्द्रग्रहण र त्यसमा विरल छाया पर्दा खण्डग्रास चन्द्रग्रहण हुन्छ। कुनै बखत जब सूर्यको माझको भागलाई चन्द्रमाले छेक्छ, सूर्यको वरिपरिको घेरोमात्र देखिन्छ, त्यसलाई वलयग्रहण भन्दछन्। वस्तुतः यो खण्डग्रासकै एक भेद हो।

ग्रहगतिः (स्त्री.) [*ग्रहाणां गतिः, ष.त.*] ग्रहको चाल। यो दुई प्रकारको हुन्छ। मध्यम र स्फुटगति। मध्यम गति सरदर गति हो भने पृथ्वीको सतहबाट देखिने गति स्फुटगति हो। यो तीन प्रकारको हुन्छ– मार्गी (प्राग्गति) वक्री (पश्चाद् गति) शून्यगति। मार्गी पाँच, वक्री दुई र वक्री एक गरी भौमादि ग्रहका गति आठ प्रकारका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूलोकलोचनग्राह्या भुक्तिः स्फुटगतिर्मता।
सा त्रिधा प्राग्गतिः पश्चाद्गतिः शून्येति भेदतः।
प्राग्गतिः पञ्चधा पश्चाद्गतिर्द्वैविध्यमागता।
तृतीयैकविधत्वाच्च भौमादिगतिरष्टधा॥
(सि.द.ग्रहस्फुटीकरण,३४,३५)

ग्रहणिः (स्त्री.) [*गृह्णातीति, ग्रह उपादाने इति धातोः, ग्रहेरनिः (उ.) इति अनिः*] रोगविशेष। हे. ग्रहणी।

ग्रहणी (स्त्री.) [*गृह्णातीति, ग्रह उपादाने इति धातोः, ग्रहेरनिः (उ.) ७५६ इति अनिः, ङीष्*] खाएको नपची दिसा लाग्ने रोग/अपच/छेराउटी/अतिसार।

ग्रहणीरुक् (स्त्री.) [*गृह्णाति जठराग्निम्, ग्रह उपादाने इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्, ग्रहणी चासौ रुक्, कर्म.स.*] ग्रहणीनामक रोग।

ग्रहीतव्यः (पुं.वि.) [*ग्रहीतुमर्हः, अर्हे कृत्यतृचश्च ३.३.१६९ तव्यत्*] १.लिनैपर्ने २.[*तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] लिइने/लिनलायक।

ग्रहीता (पुं.वि.) [*गृह्णाति, ग्रह उपादाने इति धातोः, तृन् ३.२.१३५ इति तृन्, ग्रहोऽलिटि दीर्घः ७.२.३७ इतीटो दीर्घः*] ग्रहण गर्ने।
यत्र दाता ग्रहीता च स्वयं कुशिकनन्दनः (उ.रा.च.)।

ग्राम (धा.) [*आमन्त्रणे, सक.सेट्, उभय.*] बोलाउनु, बुद्धिपूर्वक भन्नु। लट्– **ग्रामयति–ते–** बोलाउँछ, बुद्धिपूर्वक भन्छ इत्यादि।

ग्रामः (पुं.) [*ग्रसते ग्रस्यतेऽत्र इति वा, ग्रसु अदने इति धातोः, ग्रसेरा च १४८ इति सूत्रेण मन्, आत्वम्*] १.गाउँ।
ग्राममध्ये स्थिते प्रेते श्रुते भुङ्क्ते यदृच्छया।
तदन्नं मांसवज्ज्ञेयं तत्तोयं रुधिरोपमम्॥ (ग.पु.प्रे. ३५.४३)
२.बस्ती ३.समूह ४.शिव ५.सङ्गीतमा षड्ज, मध्यम र गान्धार यी तीन स्वर ६.तीन थरी ग्राम–शालग्राम, सम्भलग्राम, नन्दिग्राम। **ग्रामः स्वरे संवसथे वृन्दे शब्दादिपूर्वके** (विश्व.)। ७.सङ्गीतमा सात स्वरहरूको समूहलाई ग्राम भनिन्छ। षड्ज, मध्यम र पञ्चम, त्यस्तै कसै कसैको मतमा षड्ज, मध्यम र गान्धार तीन ग्राम मानिएको छ। यिनलाई क्रमैसँग नन्दावर्त, सुभद्र र जीमूत पनि भनिन्छ। यिनका देवता– ब्रह्मा, विष्णु, शिव हुन्। प्रत्येक ग्राममा ७/७/मूर्च्छना हुन्छन्। साबाट उठान गरेर सा रे ग म प ध नि यी सात स्वरको षड्जग्राम। मबाट उठान गरेर म प ध नि सा रे ग यी मध्यम ग्राम। यस्तै गा अथवा पबाट उठान गरेर जुन स्वर हुन्छन् तिनका समूहलाई गान्धार अथवा पञ्चम ग्राम भनिन्छ। यिनमा पहिलेका दुई ग्रामको व्यवहार यसै लोकका मानिसले गर्छन् र तेस्रो ग्रामको व्यवहार स्वर्गलोकमा नारदले गर्दछन् भन्ने उल्लेख छ। **~कण्टकः** (पुं.वि.) [*ग्रामस्य कण्टकः इव*] गाउँको जाली फटाहा/गाउँमा झगडा गराउने व्यक्ति। **~देवताः** (पुं.बहु.) [*ग्रामस्य देवताः, ष.त.*] गाउँका देवता/गाउँलेले मान्दै आएका स्थानीय देवता। **~वासी** (पुं.वि.) [*ग्रामे वसति तच्छीलः, णिनिः*] गाउँले।

ग्रामणीः (पुं.) [*ग्रामं संवसथं तत्रत्यान् जनान् वा नयति दोषगुण–विचारादिभिः परिचालायति प्रेरयति वा, णीञ् प्रापणे इति धातोः, सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप् अग्रग्रामाभ्यां नयतेर्णो वाच्यः, इति वचनात् पूर्वपदात्संज्ञायामगः ८.४.३ इति णत्वम्*] १.श्रेष्ठ २.गाउँको नाइके/मुखिया।
मक्षिका मशको वेश्या मूषको याचकस्तथा।
ग्रामणीर्गणकश्चैव सप्तैते परभक्षकाः॥ (सुभा.)

ग्रामतक्षः (पुं.) [*ग्रामस्य तक्षा, ग्रामकौटाभ्यां च तक्ष्णः ५.४.९५ इति टच्*] गाउँलेले बाली भरेर काम लगाउने सिकर्मी।

ग्रामता (स्त्री.) [*ग्रामाणां समूहः, ग्रामजनबन्धुभ्यस्तल् ४.२.४२ इति तल्, टाप् ४.१.४*] गाउँको समूह।

ग्रामान्तः (पुं.) [*ग्रामस्यान्तः समीपम्*] गाउँको छेउ/सीमा।

ग्रामिकः (पुं.वि.) [*ग्रामोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्य इकः*] गाउँमा बस्ने/गाउँले।

ग्रामीणः (पुं.वि.) [*ग्रामे भवः, जातादिर्वा, ग्रामाद्यखञौ ४.२.९४ इति खः, खस्येनः, अलोपः, णत्वम्*] १.गाउँको/गाउँसम्बन्धी २.गाउँको मानिस/गाउँले। **~उद्योगः** (पुं.) [*ग्रामीणश्चासौ उद्योगश्च, कर्म.स.*] गाउँघरमा साधारण यन्त्रको उपयोग गरी खोलिएका उद्योगधन्दा/कुटीर उद्योग।

ग्रामीणा (स्त्री.) [*ग्रामे भवा, ग्रामाद्यखञौ ४.२.९४ इति खञ्, खस्येनः, टाप् ४.१.४*] १.नीर २.(वि.) गाउँमा भएको। (मेदिनी.)।

ग्रामेयकः (पुं.वि.) [*ग्रामे जातादि, कत्त्रादिभ्यो ढकञ् ४.२.९५ इति ढकञ्, ढस्य एयः, अकारलोपः*] गाउँमा उत्पन्न/गाउँले/गाउँसम्बन्धी/ग्रामीण/ग्राम्य।

ग्राम्यः (पुं.वि.) [*ग्रामे भवः, जातादिर्वा, ग्रामाद्यखञौ ४.२.९४ इति यः, अकारलोपः*] गाउँको/ग्रामीण/गाउँसम्बन्धी। **~कर्म** (नपुं.) [*ग्राम्याणां कर्म, ष.त.*] गाउँलेको काम। **~दोषः** (पुं.) [*ग्राम्य इति दोषः, कर्म. स.*] अशिष्ट शब्दको प्रयोग। **~जीवनम्** (नपुं.) [*ग्राम्यञ्च तज्जीवनञ्च, कर्म.स.*] गाउँले जीवन। **~पशुः** (पुं.) [*ग्राम्यश्चासौ पशुश्च ष.त.*] गाउँमा पालिने जनावर।

ग्राम्यता (स्त्री.) [*ग्रामे भवः, ग्राम्यः, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्प्रत्ययः, टाप् ४.१.४*] १.गाउँलेपन २.गाउँले अशिक्षित व्यक्तिले प्रयोग गर्ने पदलाई काव्यमा प्रयोग गर्दा पर्न जाने दोष। पद तीन किसिमका हुन्छन्– १.नागर (शिक्षित समुदायले प्रयोग गर्ने पद) २.उपनागर (अर्धशिक्षित समुदायले प्रयोग गर्ने पद) ३.ग्राम्य (अशिक्षित समुदायले मात्र प्रयोग गर्ने पद)। यीमध्ये नागर र उपनागर पदलाई काव्यमा प्रयोग गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोष मानिँदैन। ग्राम्य पदको प्रयोग काव्यमा दुष्ट मानिन्छ। तल्लो वर्गका पात्रको अभिव्यक्तिमा यो गुण हुने हुँदा यसलाई अनित्य दोष भनिएको छ।

ग्राम्यधर्मः (पुं.) [*ग्रामे भवः, ग्रामाद्यखञौ ४.२.९४ इति यः, ग्राम्याणां जनानां धर्मः*] १.गाउँलेहरूको चालचलन २.खेतीकिसानी।

ग्रावा (पुं.) [*ग्रसते इति, ग्रसु अदने इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.७५ इति वनिप्, पृषोदरादित्वात् साधुः*] १.पर्वत २.ढुङ्गो।

ग्रासः (पुं.) [*ग्रस्यते, ग्रसु अदने इति धातोः, अकर्तरि च संज्ञायाम् ३.३.१९ इति घञ्*] १.गाँस।

ग्रासमात्रं नियमतो नित्यदानं करोति यः।
चतुश्चामरसंयुक्तो विमानेनाधिगच्छति॥
(ग.पु.प्रे. ३९.३३)

२.पक्रनु ३.सूर्य– चन्द्र आदिमा लाग्ने ग्रहण। ४.[*ग्रसनम्, ग्रसु अदने इति धातोः, भावे ३.३.१८ इति घञ्*] गाँस हाल्नु ५.समाउनु। **~मुद्रा** (स्त्री.) दाहिने हातको पाँचै औँला जोडेर केही कुप्र्याउँदा हुने हस्तक्रियाको मुद्रा (मु.प्र.)।

ग्रासकः (पुं.वि.) [*ग्रसति, ग्रसु अदने इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.गाँस हाल्ने २.ग्रहणमा सूर्य वा चन्द्रमाका बिम्बको छादक।

ग्राहः (पुं.) [*गृह्णाति, ग्रह उपादाने इति धातोः, विभाषा ग्रहः ३.१.१४३ इति णः*] १.गोही २.गोहोरो। ३.[*ग्रहणम्, भावे घञ्*] समात्ने काम। **ग्राहो ग्रहे जलचरे** (हैम.)। ४.सूर्य र चन्द्रमामा लाग्ने ग्रहण ५.धारणा/समझ।

ग्राहकः (पुं.वि.) [*गृह्णातीति, ग्रह उपादाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] मूल्य तिरेर कुनै वस्तु किन्ने २.लिने वा समाउने।

ग्राही (पुं.वि.) [*गृह्णातीति, ग्रह उपादाने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः*] १.समात्ने वा लिने/ग्रहण गर्ने। २.आदरपूर्वक स्वीकार गर्ने, जस्तै– गुणग्राही, रसग्राही इत्यादि ३.(पुं.) दिसा वा मल रोक्ने पदार्थ वा औषधि।

ग्राह्यः (पुं.वि.) [*ग्रहितुं शक्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वृद्धिः*] १.योग्य/ग्रहण गर्न लायक २.इन्द्रियले देख्न वा सुन्न सकिने/अनुभव गर्न सकिने।

ग्रीवा (स्त्री.) [*गिरति निगलति यया सा, गृ निगरणे इति धातोः, शेवयह्वाग्रवाप्वमीवाः (उ.) १६० इति वन्, टाप्*] गर्दन/घाँटी।

ग्रीष्मः (पुं.) [*ग्रसतीव लोकानिति, ग्रसु अदने इति धातोः, ग्रीष्मः (उ.) १५५ इति मक्, धातोर्ग्रीभावः, षुगागमश्च निपातः*] १.जेठ र असार महिनाको ऋतु २.अत्यन्त तातोपना। **ग्रीष्म ऊष्मर्तुभेदयोः** (विश्वः)। **~ऋतुः** (पुं.) [*ग्रीष्मश्चासौ ऋतुश्च, कर्म.स.*] ६ ऋतुमध्ये ज्यादै गर्मी हुने दोस्रो ऋतु/जेठ र असार महिना। **~कालः** (पुं.) [*ग्रीष्मश्चासौ कालश्च, कर्म.स.*] ग्रीष्म ऋतुको समय/गर्मीयाम। **~कालिकः** [*ग्रीष्मकाले भवः, कालाट्ठञ् इति ठञ्, ठस्येकः*] ग्रीष्म ऋतुमा भएको/गर्मी मौसममा भएको। **~त्रान्तिः** (स्त्री.) सूर्य कर्कट रेखामा पुग्ने जून महिनाको एक्काइसौँ दिन/उत्तरी गोलार्द्धको लामो दिन।

ग्रुचु (धा.) [*स्तेयकरणे, सक.सेट्, पर.*] चोर्नु। लट्– **ग्रोचति–** चोर्छ इत्यादि।

ग्रैवः (पुं.वि.) [*ग्रीवायां भवः, तत्र भवः ४.३.५३ इत्यण्, वृद्धिः*] घाँटीमा भएको/घाँटीसम्बन्धी।

ग्रैवेयकम् (नपुं.) [*ग्रीवायां भवम्, कुलकुक्षिग्रीवाभ्यः– ४.२.९६ इति ढकञ्, ढस्य एयः, वृद्धिः*] गहना/घाँटीमा लगाइने भूषण हँसुली, सिक्री आदि।

ग्लसु (धा.) [*अदने, भ्वा. सक.सेट् आत्म.*] खानु। लट्– **ग्लसते–** खान्छ इत्यादि।

ग्लस्तः (पुं.वि.) [*ग्लस्यते स्म, ग्लसु अदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खाइएको।

ग्लह (धा.) [*आदाने, भ्वा.पर. सक. सेट्.*] लिनु। लट्– **ग्लहति–** लिन्छ इत्यादि।

ग्लहः (पुं.) [*गृह्यते इति, ग्रह ग्रहणे इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्, अक्षेषु ग्लहः ३.३.७० इति लत्वम्*] च्याँखे/जुवाको पैसा। **पणोऽक्षेषु ग्लहः** (अमर.)।

ग्लानः (पुं.वि.) [*ग्लायति स्म, ग्लै हर्षक्षये इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः, संयोगादेरातो– ८.२.४३ इति नत्वम्*] १.गलित/थोकेको २.रोगले दुब्लाएको।

ग्लानिः (स्त्री.) [*ग्लायति यस्मिन् सः, ग्लै हर्षक्षये इति धातोः, वहिश्रिश्रुयुद्रुग्लाहात्वरिभ्यो नित् (उ).५०० इति निः, नित्वञ्च। यद्वा ग्लै हर्षक्षये इति धातोः, ग्लाम्लाज्याहाभ्यो निः (उ.) इति निः, आदेच उपदेशेऽशिति ६.१.४५ इति आत्वम्*] १.थकाइ/शिथिलता २.नाश।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारतः।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्॥ (भ.गी.)

३.अनुत्साह/हतोत्साह ४.पछुतो/मानसिक खेद। ५.तेत्तिस व्यभिचारिभाव मध्येको एक भाव। भरतको भनाइअनुसार वमन, रेचन, रोग, अनाहार, चिन्ता, मद्यपान, प्यास, निद्रा आदिबाट यसको उत्पत्ति हुन्छ। विश्वनाथको भनाइअनुसार रतिजन्य परिश्रम, मनको ताप, भोग, प्यास आदिबाट उत्पन्न विकलता नै ग्लानि हो। यसमा कमजोरी, कम्प, अनुत्साह जस्ता अनुभाव रहेका हुन्छन्। (सा.द. ३.१७०)

ग्लुचु (धा.) [*स्तेयकरणे, भ्वा. सक.सेट्, पर.*] चोर्नु। लट्– **ग्लोचति–** चोर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्लुञ्चु (धा.) [*गतौ, भ्वा. सक.सेट्, पर.*] जानु । लट्– **ग्लुञ्चति–** जान्छ इत्यादि ।

ग्लेपृ (धा.) [*कम्पने, गतौ च, अक.सेट्, आत्म.*] काँप्नु, जानु । लट्– **ग्लेपते–** काँप्छ, जान्छ इत्यादि ।

ग्लेपृ (धा.) [*दैन्ये, भ्वा. सक.सेट्, आत्म.*] पराधीन हुनु, दरिद्र हुनु, काँप्नु, जानु । लट्– **ग्लेपते–** पराधीन हुन्छ, दरिद्र हुन्छ, काँप्छ, जान्छ इत्यादि ।

ग्लेवृ (धा.) [*सेवने, भ्वा.अक.सेट्, आत्म.*] सेवा गर्नु । लट्– **ग्लेवते–** सेवा गर्छ इत्यादि ।

ग्लै (धा.) [*क्लमे, क्लमो हर्षक्षयः अक.अनिट्, पर.*] थाक्नु, हाइ गर्नु । लट्– **ग्लायति–** थाक्छ, हाइ गर्छ, । **ग्लायति लोको शोकात्** (दुर्गादास) लिट्– **जग्लौ**–थाकेछ । लुट्– **ग्लाता**–थाक्ने छ । लृट्– **ग्लास्यति–** थाक्ने छ । लोट्– **ग्लायतु–** थाकोस् । लङ्– **अग्लायत्–** थाक्यो । विधिलिङ्– **ग्लायेत्–** थाक्ला, थाकोस् । आ.लिङ्– **ग्लायात्, ग्लेयात्**–थाकोस् । लुङ्– **अग्लासीत्–** थाक्यो । लृङ्– **अग्लास्यत्–** थाक्ने थियो । भावे– **ग्लायते**–थाकिन्छ । णिचि– **ग्लापयति, ग्लापयते**–थकाउँछ । सनि **जिग्लासति–** थाक्न खोज्छ । यङि– **जाग्लायते–** अतिशय वा बारम्बार थाक्छ । यङ्लुकि– **जाग्लाति, जाग्लेति–** अतिशय वा बारम्बार थाक्छ । कृदन्ते– **ग्लातव्यम्, ग्लानीयम्, ग्लेयम्–** थाक्नु पर्ने, थाकिने । **ग्लानः–** थाकेको । **ग्लायन्–** थाक्दै गरेको । **ग्लातुम्–** थाक्न । **ग्लात्वा, प्रग्लाय–** थाकेर इत्यादि ।

ग्लौः (पुं.) [*ग्लायति क्षयं प्राप्नोति कृष्णपक्षे ग्लै हर्षक्षये इति धातोः, ग्लादुदिभ्यां डौः (उ.) २३२ इति डौः*] १.चन्द्रमा २.[*ग्लायति क्षयं प्राप्नोति वह्निसंयोगे*] कपूर ३.एक अङ्कलाई बुझाउने शब्द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ

घ १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको चौथो वर्ण। कण्ठस्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, महाप्राण प्रयत्न। कवर्ग (क, ख, ग, घ, ङ) को चौथो वर्ण। **हशः संवारा नादा घोषाश्च। वर्गाणां द्वितीयचतुर्थौ शलश्च महाप्राणाः** (सि.कौ. २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

घः (पुं.) [*घण्टयति शब्देन, घटि द्युतौ, इति धातोः,घट चेष्टायामिति धातोर्वा बाहुलकाद् डः, टिलोपः*] १.घण्टा २.घर्घर ध्वनि। **घो घण्टयां घर्घरि ना** (मेदिनी.)।

घकारः (पुं.) [*घ इति वर्णनिर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] घवर्ण।

घघ (धा.) [*हसने, भ्वा.अक.सेट् पर.*] हाँस्नु, उपहास गर्नु। लट्– **घघति–** हाँस्छ, उपहास गर्छ इत्यादि।

घट (धा.) [*चेष्टायाम्, भ्वा.अक.सेट् आत्म.*] चेष्टा गर्नु, रचना गर्नु, घट्नु। लट्– **घटते–** चेष्टा गर्छ, रचना गर्छ, घट्छ। **घटते पठितुं शिष्यः**। (दुर्गादास) **विघटते–** वियोग हुन्छ, छुट्टिन्छ,वर्बाद हुन्छ, वन्द हुन्छ, विघटन हुन्छ। **संघटते–** जोड्छ, संघटन गर्छ। **उद्घाटयति–** खोल्छ, उघार्छ। **कपाटमुद्घाटयति** (मृच्छ.) उद्घाटन गर्छ। **औषधालयमुद्घाटयति**। **समुद्घाटयति–** थालनी गर्छ, आरम्भ गर्छ, समुद्घाटन गर्छ। लिट्– **जघटे–** चेष्टा गरेछ, रचना गरेछ, घटेछ। लुट्– **घटिता–** चेष्टा गर्ने छ, रचना गर्ने छ, घट्ने छ। लृट्– **घटिष्यते–** चेष्टा गर्ने छ, रचना गर्ने छ, घट्ने छ। इत्यादि। णिचि– **घटयति, घटयते–** चेष्टा गराउँछ, रचना गराउँछ, घटाउँछ सनि– **जिघटिषते–** चेष्टा गर्न खोज्छ, रचना गर्न खोज्छ, घट्न खोज्छ इत्यादि।

घट (धा.) [*द्युतौ, सक.सेट् उभय.*] चम्कनु, प्रकाशित हुनु। लट्– **घटयति-ते–** चम्कन्छ, प्रकाशित हुन्छ। **उद्घाटयति–** उद्घाटन गर्छ इत्यादि। धातुका अनेक अर्थ हुन्छन्। प्रसिद्ध अर्थमात्र धातुपाठमा दिइएको हुन्छ। वेद, पुराण,स्मृति,महाकाव्य आदिमा भएको प्रयोग हेरेर तिनको अर्थ निर्धारण गर्नुपर्छ।

क्रियावाचित्वमाख्यातुं प्रसिद्धोऽर्थः प्रदर्शितः।
प्रयोगतोऽन्ये मन्तव्या अनेकार्था हि धातवः॥ (वोपदेव)

घट (धा.) [*सङ्घाते, चुरा.सक.सेट् उभय.*] घोट्नु, लगाउनु, हिंसा गर्नु, हल्लाउनु, बटुल्नु। लट्– **घटयति-ते–** घोट्छ, लगाउँछ, हिंसा गर्छ, हल्लाउँछ, बटुल्छ। **घाटयति जनो द्वारम्** (दुर्गादास) **उद्घाटयति–** उद्घाटन गर्छ, उघार्छ इत्यादि।

घटः (पुं.) [*घटते मृदादिसङ्घातैर्जलादिग्रहणाय, घट चेष्टायामिति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.घडा/गाग्रो २.हृदय ३.[*घटस्थजलवन्निश्चलत्वात्*] समाधि विशेष/योगावस्थाको एक अवस्था। **आरम्भश्च घटश्चैव तथा परिचयोऽपि च। निष्पत्तिः सर्वयोगेषु स्यादवस्थाचतुष्टयम्।** (हठयोगप्र.) ४.हात्तीको शिर ५.कुम्भराशि। **सिंहे वा यदि गोघटे गतनरः सवार्थसिद्धिं लभेत्।** (समयप्रदीप) ६.नापो विशेष ७.सीमा। **आघाटस्तु घटोऽवधिः। अन्तोऽवसानं सीमा च** (अभि.चि.) **~कारः** (पुं.) [*घटं करोतीति, कर्मण्यण् ३.२.१ इति अण्*] कुमाले/ माटाका भाँडा बनाउने मानिस। **~कृत्** [*घटं करोति, क्विप्, तुक्*] कुमाले।

घटकः (पुं.) [*घटयतीति, घट सङ्घाते इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.लमी/मध्यस्थ २.धूर्त व्यक्ति ३.योजक ४.कुलको आचार्य/कुलको सबै कुरा थाहा पाउने वा अभिलेख राख्ने व्यक्ति। **अत्यन्तसूक्ष्ममपि ये कुलतारतन्यं जानन्ति ते हि घटका न तु योजकाद्याः।** (कुलदीपिका) ५.विनाफूल फल्ने वनस्पति।

घटकर्परः (पुं.) विक्रमादित्य सभाका नौ कविरत्न मध्ये एक। यिनले लेखेको **यमककाव्यम्** उपलब्ध छ। यसमा २२ श्लोक छन्। कुनै विरहिणीले वर्षाकालको आरम्भमा आफ्नो प्रियतमलाई पठाएको सन्देश यसमा वर्णित छ। ग्रन्थ अत्यन्त प्रौढ छ। यिनको समय वि.सं. प्रथम शताब्दी मानिन्छ।

घटदासी (स्त्री.) [*घटार्थं घटनार्थं दासीव*] नायक र नायिकाको समागममा भूमिका खेल्ने महिला/कुट्टिनी।

घटना (स्त्री.) [*घट्यते इति, घट सङ्घाते इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.जम्मा हुने काम। **करिणां घटना घटा** (अमर.) २.योजना ३.कुनै विषयमा केही विशेष कुरा हुनु/घट्नु वा घटाउनु। ४.माया। **अघटनघटनापटीयसी माया**। **~क्रमः** (पुं.) [*घटनायाः क्रमः, ष.त.*] १.घटनाको सिलसिला २.काण्ड। **~चक्रम्** (नपुं.) [*घटनायाश्चक्रम्,ष.त.*] एकपछि अर्को घटना हुने काम/घटनाहरूको तारतम्य वा समूह। **~स्थलम्–** (नपुं.) [*घटनायाः स्थलम्, ष.त.*] घटना घटेको ठाउँ।

घटनावली (स्त्री.) [*घटनानामावली, ष.त.*] घटनाहरूको समूह वा सूची वा तालिका।

घटयोनिः (पुं.) [*घटः कुम्भः योनिः कारणम् उत्पत्तिस्थानं यस्य सः, बहु.स.*] अगस्त्य मुनि।

घटराजः (पुं.) [*घटेषु राजते, घटेन मृदादिसङ्घटनेन राजते*] ठुलो वा राम्रो तथा बलियो घडा/कुम्भ।

घटस्थापना (स्त्री.) [*घटस्य स्थापना, ष.त.*] १.आश्विन शुक्ल प्रतिपदाको दिन देवीको आवाहनका लागि जलकलश स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने काम २.[घटस्य स्थापना यस्याम्, बहु.स.] आश्विन शुक्ल प्रतिपदा ३.कुनैपनि शुभकार्यमा कलश स्थापना गर्ने काम।

घय (स्त्री.) [*घटादयः षितः, इति वचनात्, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] १.हात्तीहरूको भुण्ड २.गोष्ठी/सभा ३.समूह।

घयटोपः (पुं.) [*घयया आटोपः, ष.त.*] १.तामदान वा म्यानको ढाक्ने पर्दा २.मेघमाला ३.मेघको गर्जन ४.आडम्बर/ तडकभडक।

घटि (धा.) [*भासायाम्, अक.सेट्, उभय.*] चम्कनु, प्रकाशित हुनु, शब्द गर्नु। लट्– **घण्टयति–ते–** चम्कन्छ, प्रकाशित हुन्छ, शब्द गर्छ इत्यादि।

घटिकः (पुं.वि.) १.[*घटेन तरति, नौद्व्यचष्ठन् ४.४.७ इति ठन्, ठस्येकः*] घडाद्वारा नदी तर्ने २.(पुं.) [*घटिं कायति, घटिवादनेन समयं सूचयति, कः, आलोपः*] घण्टी बजाएर समयको सूचना गर्ने मानिस।

घटिकम् (नपुं.) [*घटेन सादृश्यमस्त्यस्य, अत इनिठनौ इति ठन्, इकः*] नितम्ब।

घटिका (स्त्री.) [*स्वल्पा घटिः, अल्पे ५.३.८५ इति कन्, टाप्*] १.चौबिस मिनेटको समय २.सानो घडी ३.[*स्वल्पः घटः, प्राग्वत्, इत्वम्*] सानो घडा। **तस्मात् श्मशानघटिका इव वर्जनीयाः।**

घटितः (पुं.वि.) [*घट्यते स्म, घट चेष्टायामिति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.घटेको/घटना भएको २.बनाइएको।

घटी (स्त्री.) १.[*घटतेऽसौ, सर्वधातुभ्य इन् (उ.) इति इन्, ङीप्*] घडी २.[*स्वल्पो घटः, अल्पार्थे ङीष्*] सानो घडा।

घटीयन्त्रम् (नपुं.) १.[*घटीनां यन्त्रम्, ष.त.*] इनारबाट पानी भिक्दा गाग्रो, बाल्टिन आदि भुन्ड्याउने काठ, बाँस आदि २.[*घटी एव यन्त्रम्*] घडी।

घटोत्कचः (पुं.) [*घट इव उद्गताः कचा यस्य सः*] एक राक्षस। भीमसेन र हिडिम्बाको पुत्र। महभारतको युद्धमा कुण्डल दिएर इन्द्रबाट प्राप्त गरेको कर्णको शक्ति अस्त्रबाट यसको मृत्यु भएको थियो।

घटोद्भवः (पुं.) [*घटाद् उद्भव उत्पत्तिर्यस्य सः*] अगस्त्य मुनि।

घट्ट (धा.) [*चलने, अक.सेट्, आत्म.*] चल्नु। लट्– **घट्टते–** चल्छ इत्यादि।

घट्ट (धा. [*चलने, चुरा.अक.सेट्, उभय.*] जानु, स्थानान्तरण गर्नु। लट्– **घट्टयति–ते–** जान्छ। **परिघट्टयति–** फैलन्छ, घोट्छ। **विघट्टयति–** विघटन गर्छ।

घट्टः (पुं.) [*घट्यतेऽत्र, घट्ट चलने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१८ इति घञ्*] १.पिठो पिँध्ने यन्त्र/पानीले चल्ने ठुलो जाँतो २.[*घट्टन्ते सञ्चलन्ति स्नानाद्यर्थं जना अत्र*] नदी,पोखरी आदिको तटमा स्नान आदिका लागि बनाइएको घाट। **~जीवी** (पुं.वि.) १.[*घट्टेन घट्टे देयशुल्कादिना जीवति तच्छीलः, णिनिः*] घट्टको मालिक २.(पुं.) धोबीबाट वैश्यामा पैदा भएको एक वर्णसङ्कर जाति।

घणु (धा.) [*दीप्तौ, तना.उभ. अक. सेट्*] चम्कनु। लट्– **घणोति, घणुते–** चम्कन्छ इत्यादि।

घण्टा (स्त्री.) [*घण्टयति वादनेन पूजाकाले शोभते, घटिधातोः पचाद्यच्, ततष्टाप्*] देवताको आगमन र राक्षसको निवारणका लागि देवताको पूजा गर्दा बजाइने एक प्रकारको बाजा।

सर्ववाद्यमयी घण्टा केशवस्य सदा प्रिया।
वादनाल्लभते पुण्यं यज्ञकोटिसमुद्भवम्॥ (स्क.पु.)

घण्टाकः (पुं.) [*घण्टयति दीप्यते स्वकुसुमैः, घण्टापूर्वकात् कैधातोः कः*] घन्टे फूल।

घण्टाकर्णः (पुं.) १.[*घण्टे इव कर्णौ अस्य*] शिवगणविशेष २.[*घण्टा कर्णेऽस्य*] घण्टा कानमा भुन्ड्याएर हिँड्ने एक राक्षस।

घण्टानादः (पुं.) [*घण्टाया नादः, ष.त.*] घण्टा बजेको ध्वनि।

आगमार्थन्तु देवानां गमनार्थन्तु रक्षसाम्।
घण्टानादं प्रकुर्वीत पश्चाद् घण्टां प्रपूजयेत्॥ (आ.सू.)

चतुर्भुजः (पुं.) [*चत्वारो भुजा यस्य सः, बहु.स., यद्वा भुङ्क्ते भुनक्ति वा इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भुजः, चतुर्णां धर्मार्थकाममोक्षाणां भुजः, ष.त.*] १.चारकुने क्षेत्र/चतुष्कोण क्षेत्र २.विष्णु ३.(पु.वि) चार हात भएको ।

चतुर्मुखः (पुं. वि.) [*चत्वारि मुखानि यस्य सः, कर्म.स.*] १.चार मुख भएको २.(पुं.) ब्रह्मा ।

चतुर्युगः (पुं.वि.) [*चत्वारो युगा यत्र, बहु.स.*] चार युगको ।

चतुर्युगम् (नपुं.) [*चतुर्णां युगानां समाहारः, द्वि.स.*] सत्य, त्रेता द्वापर र कलियुगको समूह ।

चतुर्वक्त्रः (पुं.) [*चत्वारि वक्त्राणि यस्य सः, बहु.स.*] ब्रह्मा ।

चतुर्वर्गः (पुं.) [*चतुर्णां धर्मार्थकाममोक्षाणां वर्गः, ष.त.*] धर्म, अर्थ, काम र मोक्षको समूह ।

चतुर्विंशः (पुं.वि.) [*चतुर्विंशतेः पूरणः तस्य पूरणे डट् ५.२.४८ इति डट्, ति विंशतेर्डिति ६.४.१४२ इति तिलोपः*] चौबिसौँ ।

चतुर्विंशतिः (स्त्री.) [*चत्वारश्च विंशतिश्च, समा.द्व., यद्वा, चतुरधिका विंशतिः, त.स.*] चौबिस ।

चतुर्विंशतितमः (पुं.वि.) [*चतुर्विंशतेः पूरणः, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] चौबिसौँ ।

चतुर्बीजम् (नपुं.) [*चतुर्णां बीजानां समाहारः, स.द्व.*] मेथी, ज्वानो, चम्सुर र मुङ्ग्रिलाको बीज मिसाएर बनाएको पेटको गोला, अजीर्ण आदि नाशक औषधि ।

मेथिका चन्द्रशूरश्च कलाऽजाजी यवानिका ।
एतच्चतुष्टयं युक्तं चतुर्बीजमिति स्मृतम् ॥ (भा.प्र.नि.)

चतुर्व्यूहः (पुं.) पञ्चरात्रानुसार भगवान्ले लोकको कल्याणका निमित्त चार प्रकारका रूप धारणा गरेका थिए । व्यूह, विभव, अर्चावतार र अन्तर्यामी अवतार । व्यूहमा वासुदेव (परमात्मा), सङ्कर्षण (जीव), प्रद्युम्न (मन) र अनिरुद्र– (अहङ्कार) को गणना हुन्छ । यसलाई चतुर्व्यूह भनिन्छ ।

चतुर्हायणी (स्त्री.) [*चत्वारो हायना अब्दा यस्याः, सा, ङीष् ४.१.२७, त्रिचतुर्भ्यां हायनस्य (वा.) इति णत्वम्*] चार वर्षकी गाई ।

चतुश्चत्वारिंशः (पुं.वि.) [*चतुश्चत्वारिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् टेरिति टिलोपः*] चवालिसौँ ।

चतुश्चत्वारिंशत् (स्त्री.) [*चत्वारश्च चत्वारिंशच्च, समा.द्व., यद्वा चतुरधिका चत्वारिंशत्, म.प.स.*] चवालिस ।

चतुश्चत्वारिंशत्तमः (पुं.वि.) [*चतुश्चत्वारिंशतः पूरणः, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] चवालिसौँ ।

चतुष्कम् (नपुं.) [*चत्वारोऽवयवा यस्य तत्, वा कन्*] १.चार थरी वस्तु । **पानमत्ताः स्त्रियश्चैव मृगया च यथाक्रमम् । एतत् कष्टतमं विद्याच्चतुष्कं कामजे गणे** (मनु.७.५०) २.गृहविशेष ३.लट्ठीविशेष । ४.(पुं.) राजविशेष ।

चतुष्की (स्त्री.) [*चत्वारोऽवयवा अस्याः,स्त्रियां ङीप्*] १.मच्छडदानी/झुल २.झारविशेष ३.पोखरीविशेष । **चतुष्की मशकहर्यां पुष्करिण्यन्तरेऽपि च** (मेदिनी.) ।

चतुष्टयम् (नपुं.) [*चत्वारोऽवयवा अस्य, सङ्ख्याया अवयवे तयप् ५.२.४२ इति तयप्, रेफस्य विसर्गे षत्वे च ततो ह्रस्वात्तादौ तद्धिते ८.३.१०१ इति षत्वम्*] चार अवयवको, चार ।

तत्र मित्र न वस्तव्यं यत्र नास्ति चतुष्टयम् ।
ऋणदाता च वैद्यश्च श्रोत्रियः सजला नदी ॥ (हितो.)

चतुष्पथः (पुं.) [*चत्वारोऽध्ययनाध्यापनयजनयाजनरूपाः पन्थानो यस्य सः, बहु.स.*] ब्राह्मण ।

चतुष्पथं चतुर्मार्गसंगमे, ब्राह्मणे तु ना (मेदिनी.) ।

चतुष्पथम् (नपुं.) [*चतुर्णां पथां समाहारः, तद्धितार्थोत्तरपदसमाहारे च २.१.५१ इति समासः, ऋक्पूरब्धूः पथामानक्षे ५.४.७४ इति समासान्तोऽच्, इदुदुपधस्य चाप्रत्ययस्य ८.३.४१ इति षत्वम्, पथः सङ्ख्याव्ययादेः (वा.) २.४.१७ इति क्लीबत्वम्*] चौबाटो **सन्ध्ययोरुभयोश्चैव न सेवेत चतुष्पथम्** (मनु.४.१३१) ।

चतुष्पदः (पुं.) [*चत्वारः पादा यस्य सः, बहु.स.*] १.चौपाया/चारखुट्टे जनावर ।

ग्राममध्ये मृतः कश्चिन्नरो नारी चतुष्पदः
न कुर्यादन्नपानञ्च मृतं यावन्न नीयते ॥ (आ.का.)

२.बब आदि करण । ३.(पुं.वि.) चार पाउ भएको ।

चतुष्पदि (नपुं.) [*चत्वारः पादा यस्य तत्*] चार पाउ भएको छन्द/पद्य ।

पद्यं चतुष्पदि तच्च वृत्तं जातिरिति द्विधा ।
वृत्तमक्षरसङ्ख्यातं जातिर्मात्राकृता भवेत् ॥ (छन्दो.)

चतुस्त्रिंशः (पुं.वि.) [*चतुस्त्रिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्*] चौतिसौँ ।

चतुस्त्रिंशत् (स्त्री.) [*चत्वारश्च त्रिंशच्च, समा.द्व., यद्वा, चतुरधिका त्रिंशद्, त.स.*] चौतिस ।

चतुस्त्रिंशत्तमः (पुं.वि.) [*चतुस्त्रिंशतः पूरणः, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमड्*] चौतिसौँ ।

चते (धा.) [*याचने, सक.सेट् उभ.*] माग्नु । लट्– **चतति–ते–** माग्छ इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चत्वरम् (नपुं.) [*चतते याचते स्वीक्रियते यत्तत्, चते याचने इति धातोः, कॄगॄशॄवृञ्चतिभ्यः ष्वरच् (उ.) २८६, इति ष्वरच्*] १.आँगन २.चौतारो ३.चार कुने ठाउँ ४.यज्ञको लागि बनाएको सम्म ठाउँ/यज्ञका लागि परिष्कृत भूमि ५.चौबाटो। **चत्वरं स्यात्पथां श्लेषे स्थण्डिलाङ्गनयोरपि** (हैम.) ६.विभिन्न ठाउँबाट आएर बस्ने ठाउँ/मठ।

चत्वारः (पुं.बहु.) [*चते याचने इति धातोः, चतेरुरन् (उ.) ७४७ इति उरन्, जसि रूपम्*] चार।

चत्वारिंशत् (स्त्री.) [*चत्वारि दशतः, प्रमाणमस्य, निपातनात् सिद्धम्*] चालिस।

चत्वारिंशत्तमः (पुं.वि.) [*चत्वारिंशतः पूरणः, विंशत्यादिभ्यस्त-मडन्यतरस्याम् ५.२.५६ इति तमड्*] चालिसौँ।

चत्वालः (पुं./नपुं.) [*चतते याचतेऽसौ इति, चते याचने, इति धातोः, स्थाचतिमृजे रालज्वालजालीयचः (उ.) १२१, इति सूत्रेण आलच्*] १.यज्ञका लागि बनाइएको कुण्ड २.कुश।

चदि (धा.) [*आह्लादे दीप्तौ च, सक.सेट्, पर.*] आनन्द पाउनु, चम्कनु। लट्– **चन्दति–** आनन्द पाउँछ, चम्कन्छ। लिट्– **चचन्द–** आनन्द पाएछ, चम्केछ (अन.)। कृदन्ते– **चन्दनम्** इत्यादि।

चदे (धा.) [*याचने, सक.सेट्, उभ.*] माग्नु। लट्– **चदति–ते–** माग्छ इत्यादि।

चन्दनः (पुं./नपुं.) [*चन्दयति आह्लादयतीति, चदि आह्लादे इति धातोः, कृत्यल्युटो बाहुलम् ३.४.११३ इति ल्युट्, बहुलमन्यत्रापि (उ.) इति युच् वा, युवोरनाकौ ७.१.१ इत्यनः*] १.टीका लगाउने लेप २.श्रीखण्ड वृक्ष । **विना मलयमन्यत्र चन्दनं न प्रोहति** (प.त. १.८२) चन्दन सात प्रकारका हुन्छन्–श्रीखण्ड, वरचन्दन, हरिचन्दन, रक्तचन्दन, पतङ्गचन्दन,पीतचन्दन र शम्बरचन्दन। (निघण्टु) ३.(पुं.) वानरविशेष।

(चन्दनः)

चन्दिरः (पुं.) [*चन्दयति आह्लायति लोकान्, चदि आह्लादे इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दि तिमिमिहिमुहिमुचिरु-चिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) ५४ इति किरच्*] १.चन्द्र २.हात्ती। **चन्दिरश्चन्द्रहस्तिनोः** (उ.को.)।

चन्द्रः (पुं.) [*चन्दति हर्षयति दीपयति वा सः, चदि आह्लादने, इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दि श्वितिवृत्यजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसि दम्भिवसिवाशिशीङ्हसिसिधिशुभिभ्यो रक् (उ.) १७८ इति रक्*] १.चन्द्रमा/पथ्वीको उपग्रह। अरु ग्रहका पनि उपग्रह छन्। हे. उपग्रहः। २.ज्योतिषमा एक अङ्कलाई जनाउने शब्द ३.कपुर ४.मयूरको प्वाँखमा हुने चन्द्रमाको आकार ५.सुन (ऋग्वेद १.१४०.१२) ६.हीरा ७.मृगशिरा नक्षत्र ८.जुनटीकी/सानुनासिक अक्षरमाथि लाग्ने अर्ध चन्द्राकार चिह्न ९.मात्रिक समवृत्तको एक भेद। भानुदत्तको भनाइअनुसार यसका प्रत्येक पाउमा १७ मात्रा हुन्छन्। १०.पानी ११.सिँधुरे वृक्ष १२.उत्कृष्ट अर्थ बुझाउँदा समासान्त पदमा लाग्ने शब्द। जस्तै– **कृष्णचन्द्र, पुरुषचन्द्र आदि। चन्द्रोऽम्बुकाम्ययोः। स्वर्णे सुधांशौ कर्पूरे काम्पिल्ये मेचकेऽपि च** (हैम)। **हिमांशुश्चन्द्रमाश्चन्द्रः शशी चन्द्रो हिमद्युतिः** (शब्दार्णव)।१३.द्वीपविशेष १४.विसर्ग १५.रातो मोती १६.योगमा वर्णित नाडीविशेष। **बद्धपद्मासनो योगी प्राणं चन्द्रेण पूरयेत्** (ह.यो. प्रदीपिका)।

चन्द्रकः (पुं.) १.[*चन्द्र इव, इवे प्रतिकृतौ ५.६.९६ इति कन्*] १.मयूरको प्वाँखमा रहेको चन्द्रमाको आकार २.नङ ३.सेतो मरीच ४.पानीमा तेल पर्दा देखिने चन्द्रमाको जस्तो आकार।

चन्द्रकक्षा (स्त्री.) [*चन्द्रस्य कक्षा, ष.त.*] चन्द्रमाले पृथ्वीलाई पक्रिमा गर्ने मार्ग/चन्द्रविमण्डल। चन्द्रमाले पृथ्वीलाई एकपटक परिक्रमा गर्न लाग्ने कक्षाको दूरी करिब २३, ६८००० किलोमिटर छ। चन्द्रमा यस मार्गमा प्रतिघण्टा ३६६० कि.मि. का दरले हिँडिरहेको हुन्छ।

चन्द्रकला (स्त्री.) १.[*चन्द्रस्य कला, ष.त.*] चन्द्रमाको कला/चन्द्रमाको पृथ्वीपट्टिको भागमा सूर्यबाट किरण पर्न जाँदा देखिने अंश २.[*चन्द्रस्य कला इव*] शिरमा लगाउने चन्द्राकार गहना ३.[*चन्द्रं चन्द्राकारं मुखभागं कलयति, अच्, टाप्*] १.बाजाविशेष २.माछोविशेष (शब्दरत्नावली)।


(चन्द्रकला)

चन्द्रकान्तः (पुं.) [*चन्द्रःकान्तो यस्य सः, बहु.स.*] १.चन्द्रमाको किरण पर्दा पसिना निस्कने एक प्रकारको मणि २.रात्रिकमल ३.(पुं.वि.) [*चन्द्र इव कान्तः, उपमा त.*] चन्द्र झैँ सुन्दर।

चन्द्रकान्तम् (नपुं.) [*चन्द्रवत् कान्त कमनीयता यस्य तत्, बहु.स.*) १.श्रीखण्ड चन्दन २.रात्रीकमल।

चन्द्रकान्ता (स्त्री.) [*चन्द्रस्य कान्ता, ष.त.*] १.रात/रात्रि २.चन्द्रमाको किरण/जून। ३.प्रत्येक पाउमा पन्द्र अक्षर हुने एक छन्द।

चन्द्रगतिः (स्त्री.) [*चन्द्रस्य गतिः, ष.त.*] चन्द्रमाको हिँडाइ। यो तीन किसिमको छ– १.अक्षभ्रमण २.पृथ्वीको परिक्रमा ३.सूर्यको परिक्रमा। पृथ्वीको परिक्रमाको क्रममा चन्द्रमा करिव २८ दिनमा एकपटक आफ्नो अक्षमा पनि घुम्छ। त्यसैले चन्द्रमामा हाम्रो १४ दिनको १ दिन र त्यत्ति नै दिनको एक रात हुन्छ। यसलाई पृथ्वीको परिक्रमा गर्न २९ दिन १२ घण्टा ४४ मिनट २.८७ सेकेन्ड लाग्छ। गुरुत्वाकर्षण द्वारा चन्द्र पृथ्वीसित आबद्ध भएको हुँदा यसले पृथ्वीका साथै सूर्यलाई पनि परिक्रमा गर्दछ। हे. **चन्द्रमाः**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रगिरिः (पुं.) [*चन्द्र इव उच्चः, गिरिः, त.स.*] काठमाडौं उपत्यकाको दक्षिणतिरको एक प्रसिद्ध अग्लो पर्वत।

चन्द्रग्रहणम् (नपुं.) [*चन्द्रस्य ग्रहणम्, ष.त.*] चन्द्रमामा लाग्ने ग्रहण। जुन दिशामा सूर्य रहन्छ, त्यसको विपरीत दिशामा पृथ्वीको छाया रहन्छ। पृथ्वी गोल भएकाले चन्द्रकक्षमा पर्ने पृथ्वीको छाया पनि गोलाकार नै हुन्छ, यो छाया सूर्यभन्दा ६ राशि पर घुम्छ। चन्द्रमा सूर्यभन्दा छ राशि पर पुग्दा पूर्णिमा हुन्छ। जुन पूर्णिमामा चन्द्रमा पृथ्वीको छायाबाट अगल बगल भएर जान्छ, त्यस पूर्णिमाको दिन चन्द्रग्रहण पर्दैन। जुन पूर्णिमाको दिन चन्द्रमामा पृथ्वीको छाया पर्छ, त्यस बखत पृथ्वीले सूर्यलाई छेक्ने हुँदा सूर्यकिरण चन्द्रमामा नपर्ने भएकाले चन्द्रमा देखिँदैन। त्यसलाई खग्रास चन्द्र ग्रहण भनिन्छ। जुन पूर्णिमामा चन्द्रमाको केही भाग पृथ्वीको छायामा पर्छ, त्यसबखत चन्द्रमाको त्यति भाग नदेखिने भएकाले त्यो खण्डग्रास चन्द्रग्रहण हुन्छ।

चन्द्रधरातलम् (नपुं.) [*चन्द्रस्य धरातलम्, ष.त.*] चन्द्रमाको धरातल। चन्द्रमाको एक भाग पृथ्वीबाट देखिंदैन। देखिनेजति सबै भागको धरातल उब्बडखाबड परेको छ। चन्द्रमाको पूरा (देखिने, नदेखिने सबै) क्षेत्रफल तीन करोड पचहत्तर लाख उनन्तिस हजार छसय वर्ग किलोमिटर छ। यहाँ अग्ला अग्ला पर्वतहरू छन्। लिविनिज भनिने पर्वत ३५००० फिट अग्लो छ। चन्द्रधरातलमा पर्वतमालाहरू पनि प्रशस्त छन्। एवेनाइन भनिने पर्वतमाला ६४० किलो मिटर लामो छ। यहाँ हावा, पानी, बादल, वर्षा केही पनि छैन। चारैतिर धुलैधुलो, अग्ला पहाड र गहिरा खाल्टासिवाय अरु यहाँ केही देख्न पाइँदैन। चन्द्रधरातलबाट पृथ्वीलाई हेर्दा पृथ्वीबाट देखिने चन्द्रमाभन्दा पृथ्वी तेह्रगुना ठुलो देखिन्छ। पृथ्वीबाट चन्द्रमाका कला देखिएजस्तै चन्द्रधरातलबाट पृथ्वीका कलाहरू देखिन्छन्। हाम्रो पूर्णिमाका दिन चन्द्र धरातलमा अमावास्या र हाम्रो अमावास्याका दिन त्यहाँ पूर्णिमा पर्दछ। पृथ्वीबाट जस्तै त्यहाँबाट पनि ग्रहणहरू लागेका देखिन्छन्। पृथ्वीमा सूर्यग्रहण लागेको अवस्थामा चन्द्रधरातलबाट पृथ्वीमा ग्रहण लागेको देखिन्छ। पृथ्वीबाट चन्द्रग्रहण लागेको देखिँदा त्यहाँ सूर्यग्रहण लागेको हुन्छ। चन्द्रधरातलमा गुरुत्वाकर्षणको कमीले गर्दा मानिसलाई हिड्डुल गर्न निकै कठिन पर्छ। वायुमण्डल नभएको हुनाले साधारण विमान उड्न सक्तैनन्। अक्सिजन नभएको हुँदा त्यहाँ सामान्य अवस्थामा जीवित प्राणीको अस्तित्व सम्भव देखिँदैन।


(चन्द्रधरातलम्)

चन्द्रबिम्बम् (नपुं.) [*चन्द्रस्य बिम्बम्, ष.त.*] चन्द्रमा।

चन्द्रभागः (पुं.) [*चन्द्रस्य भागो यत्र सः, बहु.स.*] पर्वतविशेष।

चन्द्रभागा (स्त्री.) [*चन्द्रभागपर्वतस्येयम्, तत्प्रभवत्वात् तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप् प्राप्तः, चन्द्रभागान्नद्याम् (ग.) ४.१.४५ इति बह्वादिगणसूत्रात्र भवति, स्वररूपयोरविशेषात्, , संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः*] चन्द्रभागा नदी। **चन्द्रभागा चान्द्रभागा चान्द्रभागी च सा मता।** (द्विरूपकोष)।

चन्द्रम् (नपुं.) [*चन्दते दीप्यते इति रक्*] १.सुवर्ण २.चुकअमिलो ३.तित्री/अमिली ४.वृत्तविशेष।

चन्द्रमणिः (पुं.) [*चन्द्रस्य प्रियो मणिः, म.प.स.*] चन्द्रकान्त मणि।

चन्द्रमण्डलम् (नपुं.) [*चन्द्रस्य मण्डलम्, ष.त.*] १.चन्द्रमाको बिम्ब २.चन्द्रमाको वरिपरि यदाकदा देखिने परिधि।

चन्द्रमाः (पुं.) [*चन्द्रं कर्पूरं सादृश्येन माति तुलयतीति, माङ् माने इति धातोः, चन्द्रे मो डित् (उ.) ६६७ इति सूत्रेण असिः यद्वा चन्द्रमाह्लादं मिमीते निर्मिमीते इति, बाहुलकात्केवलादप्यसिः*] १.सूर्यको किरणद्वारा प्रकाशित पृथ्वीको उपग्रह। महाभारतअनुसार पृथ्वीका चन्द्रमण्डलको व्यास एघार हजार योजन, परिधिको विस्तार तेत्तिस हजार योजन र मोटाइ ऊनन्साट्ठी सय योजन छ। पुराणहरूमा भने चन्द्र- मण्डलको व्यास, परिधि र मोटाइका सम्बन्धमा एक मत छैन। आधुनिक खगोलशास्त्रअनुसार यसको व्यास ३४५६ (२१६० माइल) किलोमिटर मानिएको छ। यो पृथ्वीबाट करिब ३,८२,४०० (२३८८४० माइल) किलो मिटर टाढा छ। पृथ्वीबाट सबैभन्दा टाढा भएको अवस्थामा यसको दूरी ४०४३३६ किलोमिटर हुन्छ भने निकटतम दूरी ३५३७०० कि.मि. रहेको छ। १०० किलो मिटर प्रतिघण्टा चल्ने रेलमा चढेर हिड्ने हो भने हामीलाई चन्द्र धरातल पुग्न ६ महिना लाग्छ। १८००० माइल प्रतिघण्टा चल्ने रकेटमा चढेर जाने हो भने १३ घण्टामा चन्द्रधरातलमा ओर्लन सकिन्छ। यहाँको तापक्रम –१००° देखि –११०° सेन्टिग्रेडसम्म छ। चन्द्रमाका चार अवस्थाहरू– **पूर्णचन्द्रः** (पुं.), **वक्रचन्द्रः** (पुं.), **अर्धचन्द्रः** (पुं.) र **क्षीणचन्द्रः** (पुं.) चन्द्रमा पृथ्वीको उपग्रह हो। पृथ्वीले सूर्यलाई घुमेझैँ चन्द्रमाले पनि पृथ्वीलाई घुम्छ। चन्द्रमा आफ्नो कक्ष (Orbit) मा घुमेको आधारमा चन्द्रमासको परिकल्पना भएको हो। पृथ्वी पनि आफ्नो कक्षमा घुम्ने भएकाले चन्द्रमासको स्थिति फरक फरक हुन्छ। चन्द्रमा पृथ्वीको चार खण्डको एक खण्डमात्र छ। चन्द्रमा पनि पृथ्वीझैँ गोलो छ। चन्द्रमाबाट पृथ्वीमा प्रकाश १.३ सेकेण्डमा आइपुग्छ। देख्दा चन्द्रमा लगभग सूर्य जतिकै ठुलो देखिन्छ, तापनि पृथ्वीबाट सूर्य धेरै टाढा र चन्द्रमा नजिक रहेको हुँदा दुवै झन्डै उत्रै देखिने गर्छन्। चन्द्रमाले अण्डाकार

(चन्द्रमाः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्गमा पृथ्वीलाई एक पटक घुम्न २७ दिन ७ घण्टा ४३ मिनेट र ११.५ सेकेन्ड लाग्ने थियो, तर पृथ्वी पनि हरबखत घुमिनै रहने हुँदा चन्द्रमाले एक पटक पृथ्वीलाई घुम्न २९ दिन १२ घण्टा ४४ मिनेट २.८७ सेकेन्ड लाग्छ। चन्द्रमाको जुन भागमा सूर्यको किरण पर्छ त्यो भाग उज्ज्वल देखिन्छ। यसै कारण पृथ्वीमा राती पनि उज्यालो हुन्छ। यसलाई जुनेली रात भन्दछन्। जुन दिन पृथ्वीतिर फर्किएको चन्द्रभागमा पूर्णतः सूर्यको किरण पर्दैन, त्यो दिन औँसीको दिन हुन्छ। त्यस दिन चन्द्रमा देख्न सकिँदैन। २.एकलाई बुझाउने शब्द।

चन्द्रमुखी (स्त्री.) [*चन्द्र इव मुखं यस्याः सा, बहु.स.*] चन्द्रमाको जस्तो उज्ज्वल मुख भएकी/अन्यन्त राम्री/सुन्दरी।

चन्द्रमौलिः (पुं.) [*चन्द्रः मौलौ मस्तके यस्य सः,बहु.स.*] शिव।

चन्द्ररेखा (स्त्री.) [*चन्द्रस्य रेखा, ष.त.*] १.(बहु.) चन्द्रमामा रहेका खोल्साखोल्सी २.नगण, सगण, रगण, रगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। **नसरयुगगैश्चन्द्ररेखर्तुलोकैः**। (छन्दो.) ३.[*चन्द्रस्य रेखा, ष.त.*] चन्द्रकिरणको रेखा १.[*चन्द्रस्य रेखा इव आकृतिर्यस्याः सा, बहु.स.*] बाकुची। **गुडुची चन्द्ररेखा च सोमराट् चक्रमर्दकम्**। (भैषज्यरत्नावली) २.अप्सराविशेष ३.चन्द्रकला।

चन्द्रलेखा (स्त्री.) १.मगण, रगण, मगण, यगण, तथा यगणको प्रयोग भएको छन्द। **म्रौ मो यौ चेद् भवेतां सप्ताष्टकैश्चन्द्रलेखा**। (छन्दो.) २.(बहु.) चन्द्रमामा देखिएका खोल्साखोल्सी ३.[*चन्द्रस्य चन्द्रकिरणस्य लेखा*] चन्द्रमाका किरणको रेखा ४.अप्सराविशेष ५.बाकुची।

चन्द्रवंशः (पुं.) [*चन्द्रस्य वंशः, ष.त.*] चन्द्रमाबाट बुध पुरुरवा हुँदै चलेको वंश।

चन्द्रवर्त्म (नपुं.) १.वार्णिक छन्द अन्तर्गत पर्ने समवृत्तको एक भेद। यसको प्रत्येक पाउमा क्रमैले रगण, नगण, भगण, सगण— (ऽ।ऽ, ।।। , ऽ।।, ।।ऽ) को प्रयोग भएको हुन्छ। २.[*चन्द्रस्य वर्त्म, ष.त.*] चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्ने मार्ग।

चन्द्रवाला (स्त्री.) [*चन्द्रस्य कर्पूरस्य वाला इव, उपमित. स.*] अलैँची। **पृथ्वीका चन्द्रवालैला** (अमर.)।

चन्द्रविन्दुः (पुं.) [*चन्द्राकारो विन्दुः म.प.स.*] अक्षरको माथि लगाइने चन्द्राकार (ँ) चिह्न वा अनुनासिक चिह्न।

चन्द्रशाला (स्त्री.) [*अत्युन्नततया चन्द्र इव शाला*] अटली/सबैभन्दा माथिको कोठा। **चन्द्रशाला शिरोगृहम्** (अमर.)।

चन्द्रशूरः (पुं.) [*चन्द्रिका, चर्महन्त्री आदि*] चमसुर। **चन्द्रशूरं हितं हिक्कावातश्लेष्मातिसारिणाम्** (भा.प्र. नि.)।

चन्द्रशेखरः (पुं.) [*चन्द्रः शेखरः शिरोभूषणं यस्य सः, बहु.स.*] महोदव।

चन्द्रसंज्ञः (पुं.) [*चन्द्र इति संज्ञा यस्य सः, बहु.स.*] कपुर। **घनसारश्चन्द्रसंज्ञः** (अमर.)।

चन्द्रसेनः (पुं.) ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान्। यिनले केवल ज्ञानहोरा भनिने ग्रन्थ लेखेका छन्। यसमा लगभग ४००० श्लोक छन्। यिनको समय सातौँ शताब्दी हो। यिनी कर्णाटक प्रान्तका निवासी हुन्।

चन्द्रहारः (पुं.) [*चन्द्र इव हारः, उप.त.*] चन्द्रमाको आकार जस्तो गहना।

चन्द्रहासः (पुं.) [*चन्द्रस्येव हासः,प्रभाऽस्य*] १.चन्द्रमाको जस्तै टल्कने हतियार/तरबार २.रावणको तरबार ३.कान्छो ४.गोकुलधूप। **चन्द्रहासोऽसिमात्रके। दशग्रीवकृपाणे च, कनीयसि च गुग्गुलौ** (हैम.)।

चन्द्रा (स्त्री.) [*चन्द्रयति आह्लादयति, रक्,टाप्*] १.अलैँची २.चँदुवा ३.गुडुची।

चन्द्रातपः (पुं.) [*चन्द्र इव आतपति शीतलं करोति छायादानेनेति, आङ्पूर्वकात् तपधातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.चँदुवा २.चन्द्रकिरण।

चन्द्रिका (स्त्री.) १.[*चन्द्रोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, ततष्टाप् ४.१.४ प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः ७.३.४४ इति इत्वम्*] चन्द्रमाको किरण/जुन २.[*चन्द्र इव, इवार्थे कन्, टाप् ४.१.४ इत्वम्*] आँखीभौँ। **चन्द्रिका चन्द्रिमा चार्वी** (शब्दा.)। ३.प्रत्येक पाउमा क्रमशः दुई नगण, दुई तगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **ननततगुरुभिश्चन्द्रिका चतुर्भिः** (छन्दो.)।

चन्द्रोदयः (पुं.) १.[*चन्द्रस्य उदयः,ष.त.*] चन्द्रमाको उदय २.[*चन्द्रस्य वस्त्रनिर्मितचन्द्रस्य उदयो यत्र सः, बहु.स.*] चँदुवा। ३.औषधीविशेष।

चन्द्रोपलः (पुं.) [*चन्द्रप्रभोल्लासित उपलः, म.प.स.*] चन्द्रकान्तमणि।

चप (धा.) [*सान्त्वने.भ्वा.सक.सेट्, पर.*] शान्त गर्नु। लट्- **चपति—** शान्त गर्छ, मिठो बोली बोल्छ इत्यादि।

चपलः (पुं.वि.) [*चोपति मन्दं मन्दं गच्छति सः, चुप मन्दायां गतौ, इति धातोः, चुपेरच्चोपधायाः (उ.) ११६ इति सूत्रेण कलः, उकारस्येकारश्च, यद्वा— चपनम्, चप शक्तौ इति धातोः, ण्यन्तात्, एरच् ३.३.५६ इत्यच्, चपं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.चञ्चल/अस्थिर २.उत्ताउलो/हडबडे/डगमगाउने/चटपटे। **चपलचिकुरौ समौ** (अमर.) ३.विकल ४.क्षणिक ५.छिटो।

चपलः (पुं.) १.पारो २.माछो ३.काकाकुल ४.अठार प्रकारका मुसामध्ये एक प्रकारको मुसो ।

चपलता (स्त्री.) [*चपलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.चाञ्चल्य २.तेत्तिस व्यभिचारिभावमध्ये एक भाव। विश्वनाथको भनाइअनुसार द्वेष, राग आदिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणबाट मन स्थिर नहुनु चपलता हो। चपलता दुई किसिमको हुन्छ– प्रकृतिगत र आगन्तुक। प्रकृतिगत चपलता भावको रूपमा व्यक्त हुन्छ। आगन्तुक चपलता सञ्चारिभाव हो।

चपला (स्त्री.) [*चोपति गच्छतीति, चुप गतौ इति धातोः, चुपेरच्चोपधायाः (उ.) ११६ इति कल्प्रत्ययः, उपधाया उकारस्याकारश्च, ततष्टाप् ४.१.४*] १.बिजुली २.लक्ष्मी ३.आर्याछन्दको एक भेद।

दलयोर्द्वितीयचतुर्थौ गणौ जकारौ तु यत्र चपला सा। (छन्दो.) ४.वेश्या ५.पिप्ला। **चपला कमलाविद्युत्पुंश्चलीपिप्पलीषु च** (मेदिनी.)।

चपि (धा.) [*गत्याम्, चुरा. सक.सेट्, उभय.*] जानु। लट्– **चम्पयति-ते–** जान्छ इत्यादि।

चपेटः (पुं.) [*चपति, चप सान्त्वने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, एटति, इट गतौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः,चपश्चासाविटश्च, कर्म.स.*] लपेटा/थप्पड। **पाणौ चपेटप्रतलप्रहस्ताविस्तृताङ्गुलौ** (अमर.)।

चपेटा (स्त्री.) [*चपति सान्त्वयति यया सा, शकादिभ्योऽटन् (उ.) ५३० इति अटन्, प्रत्ययादेरेत्वम्*] थप्पड।

चमत्कारः (पुं.) [*चमत्करोतीति, डकुकृञ् करणे इति धातोः,भावे ३.३.१८ इति घञ्*] १.आश्चर्यको काम। विलक्षण वा अचम्मको काम २.वैचित्र्य/विच्छित्ति।

रसे सारश्चमत्कारः सर्वत्राप्यनुभूयते (धर्मदत्त)।

चमत्कारी (पुं.वि.) [*चमत्कारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] अचम्म लाग्दो/अनौठो/असाधारण।

चमनम् (नपुं.) [*चमु भक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] खानु/पिउनु।

चमरः (पुं.) [*चमति भक्षयतीति, चमु अदने, इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ.) ४१९ इति अरप्रत्ययः*] १.मृगविशेष २.चौंरी (साँढे) ३.चामर।

चमरं चामरे स्त्री तु मञ्जरीमृगभेदयोः (मेदिनी.)।

चमरिकः (पुं.) [*चम्यते खाद्यते इति, चमु अदने इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ.) ४१९ इति अरन्, चमरम् = चमराकारं पुष्पम्, तदस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] कोइरालो।

चमरी (स्त्री.) [*चमति भक्षयतीति, चमु अदने, इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ.) ४१९ इति अरप्रत्ययः, स्त्रियां ङीष्*] पुच्छरमा रौँको ठुलो भुप्पा हुने जङ्गली गाई/ चौंरी गाई।

चमसः (पुं./नपु.) [*चमति भक्षयति इति, चमु अदने, इति धातोः, अत्यविचमितमिरभिलभिनभितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.) ४०४ इति असच्प्रत्ययः*] जाँड रक्सी पिउने भाँडो/डबका।

चमसी (स्त्री.) [*चमन्त्यनेन,अत्यविचमितमिरभिलभिनभितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.) ४०४ इत्यसच्, पिप्पल्यादेराकृतिगणतया षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.काठबाट बनेको एक यज्ञपात्र २.मुगी,मसुरो अदिको पिठो।

चूर्णं यच्छुष्कमाषाणां चमसी साभिधीयते (भा.प्र.)।

चमु (धा.) [*अदने, भ्वा. सक .सेट्. पर.*] खानु। लट्– **चमति–** खान्छ। **आचमति–** आचमन गर्छ इत्यादि।

चमु (धा.) [*भक्षणे स्वा.सक.सेट्, पर.*] खानु। लट्– **चम्नोति–** खान्छ इत्यादि। कृदन्ते– **आचम्य–** आचमन गरेर इत्यादि।

चमूः (स्त्री.) [*चमति भक्षयति शत्रूनिति, चमु अदने इति धातोः, कृषिचमितनिधनिसर्जिखर्जिभ्य ऊः (उ.) ८४ इति ऊः*] १.सेना २.सेनाविशेष/७२९ हात्ती, ७२९ रथ, २१८७ घोडा, ३६४५ पैदल सेना गरी जम्मा ७९९० साङ्ख्या भएको सेना ३.स्त्रीजति।

चमूः सेनाविशेषे च सेनामात्रे च योषिति (मेदिनी.)।

चमूरुः (पुं.) [*चमति, चमु अदने इति धातोः, खर्जादित्वात् (उ.) ऊरः, पृषोदरादित्वादत् ६.३.१०९ इति उत्, रपरत्वम्*] मृगविशेष।

चम्पकः (पुं.) [*चम्पति, चम्प्यते वा, चपि गतौ इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २.३३ इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] चाँप।

चम्पा (स्त्री.) [*चम्पति, चम्प्यते वा, चपि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततष्टाप् ४.१.४*] १.चम्पक/चाँपको फूल २.पुष्पविशेष।

चम्पूः (पुं.) [*चमत्कृत्य पुनाति सहृदयान् विस्मितीकृत्य प्रसादयतीति, पृषोदरादित्वात्साधुः, यद्वा चम्पयति आस्वादयोग्यतां प्रापयति सहृदयान्, चपि गतौ इति धातोः, बाहुलकाद् ऊः*] गद्य र पद्य मिसिएको रचना। चम्पू विभिन्न उच्छ्वास वा स्तवक वा उल्लासमा विभक्त हुन्छ। यसको नायक देवता वा मानिस जो पनि हुन सक्छ। चम्पूकाव्यका निमित्त नायिकाको अनिवार्यता छैन। यसमा यति नै पात्र हुनुपर्छ भन्ने पनि कुनै नियम छैन। यसको अङ्गीरस शृङ्गार, वीर, शान्तमध्ये कुनै एक हुन सक्छ। गद्यमा समासको बाहुल्य हुन्छ। वार्णिक र मात्रिक दुवैथरी छन्दको प्रयोग गर्न सकिन्छ। महाकाव्यमा जस्तै यसमा पनि मङ्गलाचरण, खलनिन्दा, सज्जनको स्तुति, प्रकृतिको चित्रण आदि गरिएको हुन्छ। संस्कृतमा चम्पूको प्रारम्भिक रूप वैदिक साहित्यमा नै देखिन्छ। कृष्ण यजुर्वेदका तिनै शाखामा गद्य र पद्यको प्रयोग छ। ब्राह्मण र उपनिषद् ग्रन्थहरूमा गद्य र पद्यको प्रयोग मिश्रित रूपमा भएको देखिन्छ।संस्कृत भाषामा अनेकौं चम्पूग्रन्थहरू रचिएका छन्। कथावस्तुको स्रोतको आधारमा संस्कृतका चम्पूकाव्यलाई निम्न लिखित ढङ्गले वर्गीकरण गर्न सकिन्छ– १.रामायणका कथामा आधारित चम्पूकाव्य। यस वर्गका चम्पूकाव्य ३६ भन्दा बढी छन् भन्ने समालोचकहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारणा छ। जस्तै, रावणचम्पू, अमोघराघवचम्पू, रामचन्द्रचम्पू आदि २.महाभारतका कथामा आधारित चम्पूहरूको सङ्ख्या २७ भन्दा बढी छ। जस्तै— भारतचम्पू, महाभारतचम्पू, सुभद्राहरणचम्पू, कर्णचम्पू, नलचम्पू आदि ३.भागवतका आधारमा बनेका चम्पूहरूको सङ्ख्या ४५ भन्दा बढी छ। जस्तै— भागवतचम्पू, गोपालचम्पू, माधवचम्पू आदि। यस्तै शिवपुराणका रुद्रसंहिता र लिङ्गपुराणमा आधारित चम्पू, यात्राप्रबन्धात्मक चम्पू, स्थानीय देवता र महोत्सवसँग सम्बद्ध चम्पू, काल्पनिक कथामा आधारित चम्पू र दार्शनिक चम्पूकाव्यहरू पनि निकै रचिएका छन्। यिनको विकास दसौँ शताब्दीदेखि सोह्रौँ शताब्दीसम्म व्यापकमात्रामा भएको छ। दुई सयभन्दा बढी चम्पूकाव्यहरू संस्कृत भाषामा उपलब्ध छन्।

गद्यपद्यमयं काव्यं चम्पूरित्यभिधीयते (सा.द.)।

चय (धा.) [*गतौ, भ्वा.सक.सेट्, आत्म.*] हिँड्नु। लट्— **चयते**— हिँड्छ इत्यादि।

चयः (पुं.) [*चीयते, इति, चिञ् चयने इति धातोः, एरच् ३.३.५६ इति अच्*] १.समूह/राशि। **चयस्त्विषामित्यवधारितं पुरा** (शि.व.) २.गढ/किल्ला/सहर वा किल्लाका रक्षाका लागि चारैतिर लगाइएको पर्खाल ३.सुन्निने काम। **चयः शाम्यति गण्डस्य प्रकोपः स्फुटति द्रुतम्**। ४.पर्खालको जग। (वैद्यकम्) **चयः समूहे प्राकारमूलबन्धे समाहृतौ** (मेदिनी.)।

चयनम् (नपुं.) [*चीयते इति, चिञ् चयने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सञ्चय/सङ्ग्रह/सँगालो २.फूल आदि टिप्ने, छान्ने वा रोज्ने काम।

चयनिका(स्त्री.) [*चयनमेव चयनिका स्वार्थे कन्, ततष्टाप् ४.१.४, इत्वम्*] छानिएका कविता वा कथाहरूको सँगालो।

चर (धा.) [*गतिभक्षणयोः, भ्वा.सक.गतौ अक.सेट्, पर.*] जानु, खानु। लट्— **चरति**— जान्छ, खान्छ। लिट्— **चचार**— गएछ, खाएछ (अन.)। लुट्— **चरिता**— जाने छ, खाने छ (अन.)। लृट्— **चरिष्यति**— जाने छ, खाने छ। लोट्— **चरतु**— जाओस्, खाओस्। लङ्— **अचरत्**— गयो, खायो (अन.)। विधिलिङ्— **चरेत्**— जाला, खाला, जाओस्, खाओस्। आशीर्लिङ्— **चर्यात्**— जाओस्, खाओस्। लुङ्— **अचारीत्**— गयो, खायो। लृङ्— **अचरिष्यत्**— जाने थियो, खाने थियो। कर्मणि— **चर्यते**— गइन्छ, **खाइन्छ**। णिचि— **चारयति-ते**— हिँडाउँछ, खुवाउँछ। सनि— **चिचरिषति**— हिँड्न चाहन्छ, खान चाहन्छ। कृदन्ते— **चरितव्यम्, चरणीयम्, चर्यम्**— जानुपर्ने, खानुपर्ने। **चरित्वा, सञ्चर्य**— गएर, खाएर इत्यादि।

चर (धा.) [*संशये, सक.सेट्, उभय.*] शङ्का गर्नु। लट्— **चारयति**— शङ्का गर्छ। **विचारयति**— विचार गर्छ। **उच्चारयति**— उच्चारण गर्छ आदि। **प्रायेणायं विपूर्वकः**। कर्मणि— **विचार्यते**— विचार गरिन्छ। कृदन्ते— **विचारकः विचारिका, विचारयिता-त्री**— विचार गर्ने। **विचारयितुम्**— विचार गर्न। **विचारः, विचारणम्**— विचार गर्ने काम इत्यादि।

चरः (पुं.) [*स्वपरराष्ट्रस्य शुभाशुभज्ञानाय चरति, भ्रमति इति चर गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.गुप्त रहस्य पत्ता लगाउने कर्मचारी/गुप्तचर/दूत/जासूस २.(पुं.) [*सूर्यश्चरति गच्छत्यत्र, अधिकरणे घञ्*] चरसंज्ञक नक्षत्र ३.मेष, कर्कट, तुला र मकरको उदयास्त लग्न। **चरलग्ने चरांशे वा स्थापनञ्च विसर्जनम्** (ति.त.) ४.सूर्यको दैनिक गत्यन्तर ५.मङ्गल ६.खञ्जनपक्षी ७.पाशाविशेष ८.(पुं.वि.) हिँड्ने।

चरकः (पुं.) [*चरतीति, चर गतिभक्षणयोः, इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २००, इति क्वुन्, युवोरनाकौ ७.१८ इत्यकः*] १.आयुर्वेदसंहिताका प्रतिसंस्कर्ता। यिनको समय ईस्वीको प्रथम शताब्दी हो। यी कनिष्कका राजवैद्य थिए। २.वैशम्पायन ३.वैशम्पायनका शिष्य ४.कुष्ठरोग।

चरकसंहिता (स्त्री.) [*चरकेण प्रतिसंस्कृता संहिता, मं.प.स.*] यसमा मुख्यतया कायचिकित्साको वर्णन छ। विभिन्न स्थान र अध्यायमा विभक्त यस ग्रन्थमा रसायन, वाजीकरण, ज्वर, रक्तपित्त, गुल्म, प्रमेह, कुष्ठ, राजयक्ष्मा, उन्माद, अपस्मार, क्षत, शोथ, उदर, अर्श, ग्रहणी, पाण्डु, श्वास, कास, अतिसार, छर्दि, विष, मदात्यय, द्विव्रणीय, त्रिमर्मीय, उरुस्तम्भ, वातव्याधि, तृष्णा, वातशोणित, योनिव्यापादजस्ता विषयको वर्णन छ। यो प्राचीन चिकित्साशास्त्रको अप्रतिम रचना मानिन्छ। संसारका धेरै भाषामा यसको अनुवाद भएको छ।

चरणः (पुं./नपुं.) [*चरतीति, चर गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा चर्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः*] १.पाउ/गोडा २.पद्य वा श्लोकको एक पाउ ३.सूर्य वा चन्द्रको किरण ४.बह्वृचादि शाखा ५.वृक्षको जरो ६.गोत्र। **चरणोऽस्त्री बह्वृचादौ मूले गोत्रे पदेऽपि च। भ्रमणे भक्षणे चापि नपुंसक उदाहृतः** (मेदिनी.)। **~कमलम्** (नपुं.) [*चरणौ एव कमलम्, त.स.*] १.कमलजस्तो कोमल पाउ २.माननीयलाई सम्बोधन गरिने शब्द। **~गतः** (पुं.वि.) [*चरणं गतः, द्वि.त.स.*] पाउमा परेको/चरणमा परेको/शरणमा परेको। **~तलम्** (नपुं.) [*चरणयोस्तलम्, ष.त.*] पैताला/पादतल। **~पादुका** (स्त्री.) [*चरणयोः पादुका, ष.त.*] १.खराउ २.पत्थर आदिमा बनाइएको पाउको चिह्न/पैतालाको चिह्न। **~सेवा (स्त्री.)** [*चरणयोः, सेवा, ष.त.*] ठुलाबडाको सेवा/मान्यजनको सेवा। **~सेवी** (पुं.वि.) [*चरणौ सेवितुं तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सेवा गर्ने वा पाउ दाब्ने व्यक्ति। चरणवाचक शब्दको अगाडि षट् शब्द जोड्यो भने भ्रमरबोधक शब्द बन्दछ। जस्तै— **षट्पदः, षट्चरणः** आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरणग्रन्थिः (पुं.) [*चरणस्य ग्रन्थिः*] गोलीगाँठो ।

चरणव्यूहम् (नपुं.) [*चरणानां वेदशाखानां व्यूहोऽत्र*] वेदव्यासरचित चारै वेदको विवरण भएको शास्त्र ।

चरणामृतम् (नपुं.) [*चरणयोरमृतम्, जलम्, ष.त.*] देवता वा पूज्यजनका पाउ धोएको जल/चरणोदक ।

चरणायुधः (पुं.) [*चरणौ आयुधमस्य*] कुखुरो ।

चरणोदकम् (नपुं.) [*चरणयोरुदकम्, ष.त.*] देवता वा पूज्यजनका पाउ धोएको जल ।

चरम् (नपुं.) [*चरति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] हिँड्ने जगत् ।

चरमः (पुं./नपुं.) [*चरति अन्तिमस्थानं प्राप्नोति, चर गतौ इति धातोः, चरेश्च (उ.) ७५८ इति अमच्*] १.हद पुगेको/पल्लो २.अन्तिम ३.सबैभन्दा पछिल्लो ४.(चरन्त्यत्र) अस्ताचल । **~कालः** (पुं.) [*चरमश्चासौ कालश्च, कर्म.स.*] अन्त्यकाल/मृत्युको समय । **~सीमा** (स्त्री.) [*चरमा चासौ सीमा च, कर्म.स.*] उपल्लो हद/त्यसभन्दा माथि अघि बढ्न नसक्ने सीमा/उपल्लो अवस्था ।

चरमाचलः (पुं.) [*चरमश्चासौ अचलश्च कर्म.स.*]अस्ताचल ।

चरमाद्रिः (पुं) [*चरमश्चासौ अद्रिश्च,कर्म.स.*]अस्ताचल ।

चरमोत्कर्षः (पुं.) [*चरमश्चासौ उत्कर्षश्च, कर्म.स.*] अतिशय उन्नति ।

चरमोत्पादनम् (नपुं.) [*चरमञ्च तदुत्पादनञ्च, कर्म.स.*] अत्यधिक मात्रामा भएको वा गरेको उत्पादन ।

चराचरः (पुं.) [*पुनः पुनः चरतीति,पचाद्यच्, चरिचलिपतिवदीनां द्वित्वमच्याक् चाभ्यासस्य (वा.) ६.१.१२ इति द्वित्वम्, अभ्यासस्य आक् आगमश्च,आगमसामर्थ्यान्नि हलादिशेषः*] गतिशील ।

चराचरम् (नपुं.) [*चराश्च अचराश्च तेषां समाहारः, द्व.स.*] संसार/समस्त जगत्/चर र अचर, जड र चेतन, स्थावर र जङ्गम संसार ।

चरितकाव्यम् (नपुं.) [*चरितप्रधानं काव्यम्, म.प.स.*] प्रबन्ध–काव्यको एक भेद । यसमा ऐतिहासिक पात्रका चरित्रको वर्णन गरिएको हुन्छ । चरितकाव्यलाई कथा, पुराण आदिको नामबाट पनि उल्लेख गरिएको छ । संस्कृतका चरित्रकाव्यहरूमा **बुद्धचरितम्** (अश्वघोष), **नैषधीयचरितम्** (श्रीहर्ष) आदि शास्त्रीयशैलीका महाकाव्य हुन् । **दशकुमारचरितम्–** (दण्डी), **हर्षचरितम्–** (बाणभट्ट) चरित्रप्रधान गद्यकाव्य हुन् ।

चरितम् (स्त्री.) [*चर गतिभक्षणयोः इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] चरित्र/आचरण । **कथितो वंशविस्तारो भवता सोमसूर्ययोः । राज्ञाञ्चोभयवंश्यानां चरितं परमाद्भुतम् ॥** (भाग.)

चरितार्थः (पुं.वि.) [*चरितोऽर्थो यस्य सः, बहु.स.*] उद्देश्य वा अभिप्राय पूरा भएको/कृतार्थ/सन्तुष्ट/लागू भएको/प्रयोजन सिद्ध भएको । **पुराणस्य कवेस्तस्य चतुर्मुखत्वमीरिता । प्रवृत्तिरासीच्छब्दानां चरितार्था चतुष्टयी ॥** (कुमा.२.७)

चरितावली (स्त्री.) [*चरितानामावली, ष.त.*] विशिष्ट व्यक्तिहरूका चरित्रहरूको वर्णन गरिएको ग्रन्थ वा पुस्तक ।

चरित्रम् (नपुं.) [*चर गतिभक्षणयोः, इति धातोः, अर्तिलूधूसूखनसहचर इत्रः ३.२.१८४ इति इत्रन्*] आचरण/चरित्र । **अहो किमपि चित्राणि चरित्राणि महात्मनाम् । लक्ष्मीं तृणाय मन्यन्ते तद्भरेण नमन्त्यपि ॥** (सुभा.)

चरित्रचित्रणम् (नपुं.) [*चरित्रस्य चित्रणम्, ष.त.*] साहित्यका विभिन्न विधामा आउने नायक वा अन्य पात्रहरूका चरित्रको चित्रण ।

चरित्रवान् (पुं.वि.) [*चरित्रम् सच्चरितम् अस्याऽस्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] असल चरित्र भएको/सच्चरित्र ।

चरित्रहीनः (पुं.वि.) [*चरित्रेण हीनः, तृ.त.*] खराब चरित्र भएको/दुश्चरित्र ।

चरिष्णुः (पुं.वि.) [*चरितुं शीलः, चर गतिभक्षणयोः इति धातोः, अलङ्कृञ्– ३.२.१३६ इतीष्णुच्*] १.चल्ने २.खाने ३.डुलफिर गर्ने ।

चरुः (पुं.) [*चरन्ति भक्षयन्ति देवता इमम्, चर्यते भक्ष्यतेऽग्निना इति वा, चर गतिभक्षणयोः, इति धातोः, भृमृशीतृचरित्सरितनिधनि–मिमस्जिभ्य उः (उ.) ७ इति उः, गुणः, रपरत्वम्*] तिल, जौ, फलफूल आदि मिसाएर बनाएको हवनीय पदार्थ । प्रयोजनअनुसार चरु बनाउँदा मिसाइने अन्न पनि फरक हुन्छन् । तिल, चामल सेतो सर्स्यूँ, लावा मिसाएको चरु हवन गर्दा राजा वा शासकलाई वशमा पार्न सकिन्छ । सर्स्यूँ, अरिष्ट, लसुन, कपासको चरुले शत्रु मार्छ । जौको चरुले श्रीप्राप्ति हुन्छ । तिल घ्यूको चरुले पाप नाश गर्छ ॥ **तिलतण्डुलसिद्धार्थलाजैर्वश्यो नृपो भवेत् । सर्षपारिष्टलशुनकार्पासैर्मार्यते रिपुः ॥ यवैर्हुतैः श्रियः प्राप्तिस्तिलैराज्यैरघक्षयः ॥** (मन्त्रमहोदधि)

चर्च (धा.) [*परिभाषणहिंसासातनेषु, सक.सेट्, पर.*] बोल्नु,विचार गर्नु, छलफल गर्नु, हिंसा गर्नु, तोडफोड गर्नु । लट्– **चर्चति–** बोल्छ, विचार गर्छ,छलफल गर्छ, हिंसा गर्छ,, तोडफोड गर्छ आदि ।

चर्च (धा.) [*अध्ययने, चुरा.सक.सेट्, उभय.*] पढ्नु, चर्चा गर्नु । लट्– **चर्चयति–ते–** पढ्छ, चर्चा गर्छ इत्यादि । **चर्चयति वेदं विप्रः** (दुर्गादास) ।

चर्चा (स्त्री.) [चर्च अध्ययने इति धातोः, *चुरादिण्यन्ताद्भावे चिन्तिपूजिकथिकुम्बिचर्चश्च ३.३.१०५ इत्यङ्, टाप् ४.१.४*] १.विचार २.कुनै विषयमा चलेको कुराकानी/वार्तालाप/ छलफल/ बयान ३.विभिन्न प्रमाणहरू जुटाएर गरिने विमर्श ४.लेपन, घस्ने काम । **मृगमदकृतचर्चा पीतकौशेयवासाः** (छन्दो.) [*चर्च्यते शास्त्रज्ञैरसौ*] १.दुर्गा २.गायत्री देवी । **चर्चा स्याच्चर्ममुण्डायां चिन्तास्थासकयोरपि** (हैम) ५.पानीको फोका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्चिका (स्त्री.) [*चर्चा एव, स्वार्थे कन्, टाप्, इत्वम्*] १.दुर्गा २.रोगविशेष ३.[*चर्चां वेदादिशास्त्रविचारणां वेत्ति, ठन्*] शास्त्रमा विचारविमर्श गर्ने स्त्री ।

चर्चितः (पुं.वि.) [*चर्चा विचारणा, लेपनञ्च,सञ्जातास्य, इतच्*] १.चर्चा गरिएको २.लेपन गरिएको ।

चन्दनचर्चितनीलकलेवरपीतवसनवनमाली (गीतगोविन्द)

चर्ब (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] हिँड्नु । लट्– **चर्बति–** हिँड्छ इत्यादि ।

चर्म (पुं./नपुं.) [*चर गतिभक्षणयोः, इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्*] १.छाला २.लडाइँमा प्रयोग हुने ढाल । **चर्म कृत्तौ च फलके** (मेदिनी.) । **~कारः** (पुं.) [*चर्म करोतीति, अण् ३.२.१*] छालाको काम गर्ने व्यक्ति वा जाति । **~चक्षुः** (नपुं.) [*चर्मणः चक्षुः, ष.त.*] १.बाहिरी आँखा २.स्थूल दृष्टि । **~दण्डः** (पुं.) [*चर्मणा निर्मितो दण्डः, म.प.स.*] कोर्रा । **~पत्रम्** (नपुं.) [*चर्मणः पत्रमिव पत्रम्, ष.त.*] ताम्रपत्र, शिलापत्र आदि जस्तो कुनै प्रमाणिक कुरा लेखिएको छालाको पत्र । **~प्रभेदिका** (स्त्री.) [*चर्मणः प्रभेदिका, ष.त.*] १.खलाती २.छाला काट्ने हतियार । **~यष्टिः** (स्त्री.) [*चर्मणो यष्टिः, ष.त.*] चाबुक । **~वसनः** (पुं.) [*चर्म वसनं यस्य सः, बहु.स.*] शिव । **~सारः** (पुं.) [*चर्मणःसारः, ष.त.*] शरीरको स्वच्छ तरल पदार्थ ।

चर्मकषा (स्त्री.) [*चर्मणः कषा, ष.त.*] हात्तीकाने ।

चर्मकृत् (पुं.) [*चर्म करोति, चर्मघटितं पादुकादिकमुत्पादयति, क्विप् च ३.२.७६ इति क्विप्*] छालाको काम गर्ने व्यक्ति ।

चर्मण्वती (स्त्री.) [*आसन्दीवदष्ठीवच्चक्रीवत्कक्षीवद्रुमवच्चर्मण्वती ८.२.१२ इति निपातनात् साधुः*] नदीविशेष ।

चर्मपादुका (स्त्री.) [चर्मणःपादुका,ष.त.] छालाको जुत्ता ।

चर्मप्रसेविका (स्त्री.) [*चर्मणा प्रसीव्यते, षिवु तन्तुसन्ताने इति धातोः, कृञादिभ्यो वुन् (उ.) इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्*] खलाँती ।

चर्मी (पुं.) [*प्रशस्तं चर्मास्यास्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इतीनिः*] १.भोजपात २.(पुं.वि.) छालाले बनेको ढाल हातमा लिने व्यक्ति ।

चर्मारः (पुं.) [*चर्म चर्मक्रियां ऋच्छति, ऋ गतौ इति धातोः कर्मण्यण् इत्यण्*] चमार ।

चर्यः (पुं.वि.) [*चरितुमर्हः, यत्*] गर्नु पर्ने ।

चर्या (स्त्री.) [*चरणम्, चर गतिभक्षणयोः इति धातोः, गदमद-चरयमश्चानुपसर्गे ३.१.१०० इति यत्*] १.दैनिक कार्यक्रम/आचरण/बानीबेहोरा २.खानु ३.हिँड्नु ४.सेवा । **वनवासस्य हि रामस्य मम चर्या हि रोचते** । (रामा.२.२९.१५) ५.महायान सम्प्रदायमा धर्म र साधनाका लागि बोधिचित्त उत्पन्न गराउन ६ पारमिताको साधना गर्नु पर्छ । सबैभन्दा अन्तिम र महत्त्वपूर्ण प्रज्ञापारमिता हो । यसको साधानापछि बोधिचित्तको उदय हुन्छ । त्यसपछि अनन्त करुणाको आविर्भाव हुन्छ । यो समस्त प्रणालीको नाम चर्या हो ।

चर्व (धा.) [*अदने, भ्वा. सक.सेट् पर.*] खानु, चबाउनु । लट्– **चर्वति–** खान्छ, चबाउँछ इत्यादि ।

चर्वणम् (नपुं.) [*चर्व भक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वस्तु मुखमा हालेर दाँतले पिँध्नु/चपाउनु ।

चर्वितः (पुं.वि.) [*चर्व्यते स्म, चर्व अदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] चपाइएको/खाइएको ।

चर्वितचर्वणम् (नपुं.) [*चर्वितस्य चर्वणम्, ष.त.*] १.उग्राउनु/चपाइसकेका कुरा फेरि चपाउनु २.भनिसकेको कुरा फेरि भन्नु ३.गरिसकेको काम दोहोर्‍याएर गर्नु ।

चर्व्यः (पुं.वि.) [*चर्वितुमर्हः, चर्व भक्षणे इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] चपाउनै पर्ने/चपाएरै खानु पर्ने ।

चर्षणिः (पुं.) [*कर्षतीति, कृष्धातोःकृषेरादेश्च चः (उ.) इति अनिः, आदेश्च चः, णत्वम्*] १.मनुष्यजाति २.कर्तव्य र अकर्तव्यको बोध भएको ज्ञानी ।

चल (धा.) [*कम्पने, भ्वा.अक.सेट् पर.*] हल्लिनु, काँप्नु । लट्– **चलति–** हल्लिन्छ, काँप्छ इत्यादि ।

चल (धा.) [*विलसने, भ्वा.सक.सेट् पर.*] खेल्नु, चल्नु । लट्– **चलति–** खेल्छ, चल्छ इत्यादि ।

चल (धा.) [*भृतौ, चुरा.सक.सेट् उभय.*] पालना गर्नु,बढाउनु । लट्– **चालयति–ते–**पालना गर्छ, बढाउँछ इत्यादि ।

चलः (पुं.वि.) [*चलतीति, चल कम्पने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.हल्लिएको/चलेको/अस्थिर/ चञ्चल/हल्लने २.क्षणिक । **~चित्तम्** (नपुं.) [*चलञ्च तच्चित्तञ्च, कर्म.स.*] १.चञ्चल चित्त २.[*चलं चित्तं यस्य तत्, बहु.स.*] अस्थिर चित्त भएको । **~चित्रम्** (न.पुं.) [*चलञ्च तच्चित्रञ्च, कर्म.स.*] सिनेमा । **~निक्षेपः** (पुं.) [*चलं यथा स्यात्तथा निक्षेपः, यद्वा चलस्य चलराशेः निक्षेपः, ष.त.*] बैंकको चल्ती खातामा जम्मा गरेको रकम । **~सम्पत्तिः** (स्त्री.) [*चला चासौ सम्पत्तिश्च, कर्म.स.*] चलफिर गराउन सकिने धन, रूपैयाँ आदि ।

चलदलः (पुं.) [*चलं दलं यस्य सः, बहु.स.*] पीपल ।

चलनम् (नपुं.) [*चल कम्पने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा चलनशीलम्, चल गतौ इति धातोः, चलनशब्दादकर्मकाद्युच् ३.२.१४८ इति युच्*] १.व्यवहार/रिवाज/मान्दै आएको प्रथा/रीति/विधि २.हिँड्ने काम/गति ३.चल्नु ४.भ्रमण । **चलनञ्च विना कार्यं न भवेदिति मे मतिः** (दे.भा.) ५.काँप्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलनकलनम् (नपुं.) [*चलनस्य कलनम्, ष.त.*] पृथ्वीको गति–अनुसार दिनको घटबडको हिसाब निकाल्ने गणित ।

चलनसमीकरणम् (नपुं.) [*चलनस्य समीकरणम्, ष.त.*] गणितको एक क्रिया ।

चलनी (स्त्री.) [*चलतीति, बाहुलकाद् अनी (उ.)*] कन्चट/कन्सिरी

चलम् (नपुं.) १.प्रत्येक पाउमा क्रमैले मगण, भगण, नगण, जगण, भगण तथा रगणको प्रयोग भएको छन्द । **म्भौ न्जौ भ्रौ चेच्चलमुदितं युगैर्मुनिभिः स्वरैः** । (छन्दो.) २.चञ्चल । **चलं लोलं चलाचलाचलम्** (अमर.) ।

चला (स्त्री.) [*चलति अस्थिरा भवति, पचाद्यच्, टाप्*] लक्ष्मी ।

चलाचलः (पुं./नपुं.) [*भृशं चलति चरिचलिपतिवदीनां द्वित्वमच्याक् चाभ्यासस्य (वा.) ६.१.१२ इति द्वित्वम्, अभ्यासस्य आक् आगमश्च*] १.अत्यन्त गतिशील । **जन्मिनोऽस्य स्थितिं विद्वान् लक्ष्मीमिव चलाचलाम्** (किरा.) **चलाचले च संसारे धर्म एको हि निश्चलः** (वै.श.) २.चञ्चल ३.काग ४.[*चलश्चासौ अचलश्च, कर्म.स.*] चल र अचल, स्थावर र जङ्गम, चराचर ।

चलायमानः (पुं.) [*चलायते इति, यङन्तात् चल कम्पने इति धातोः, लटि, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] चलिरहेको/हल्लिरहेको/अस्थिर/चञ्चल ।

चलितः (पुं.वि.) [*चलति स्म, चल कम्पने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.चलेको/हल्लिएको २.प्रस्थान गरेको/हिँडेको । **अधिरूढे गजारोहे यथा स्याच्चलितो गजः** (रामा.) ।

चलितम् (नपुं.) [*चलितशब्दस्य समानार्थकम्*] हिँडेको सेना । **प्रचक्रं चलितं त्रिषु** (अमरमाला) ।

चवर्गः (पुं.) [*चस्य वर्गः, ष.त.*] 'च' देखि 'ञ' सम्मका अक्षरहरू ।

चविकम् (नपुं.) [*चर्व्यते, चर्व अदने इति धातोः, क्वुन् (उ.)*] चाँपो ।

चव्यम् (नपुं.) [*चर्व्यते, चर्व अदने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२५ इति ण्यत्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] चाँपो ।

चव्यं तु चविके क्लीबं वचायामपि योषिति (मेदिनी.) ।

चष (धा.) [*भक्षणे, सक.सेट्, उभय.*] खानु, स्वाद लिनु । लट्– **चषति-ते–** खान्छ, स्वाद लिन्छ इत्यादि ।

चषकः (पुं.) [*चषति भक्षयत्यस्मिन्निति, चष भक्षणे इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.मदिरा पिउने डबका, प्याला आदि भाँडो २.रक्सीविशेष ।

चषकोऽस्त्री सुरापात्रे मद्यमद्यप्रभेदयोः (मेदिनी.) ।

चषालः (पुं.) [*चषति, चष्यते वा, चष भक्षणे इति धातोः, सानसिवर्णसि– (उ) ५५७ इति साधुः*] यज्ञको मौलाको टुप्पामा राख्नुपर्ने बाटुलो काठ ।

चह (धा.) [*परिकल्कने, भ्वा. परिकल्कनम्– दम्भः शाठ्यञ्च, सक.सेट्, पर.*] घमन्डी हुनु, सताउनु । लट्– **चहति–** घमन्डी हुन्छ, सताउँछ इत्यादि ।

चह (धा.) [*परिकल्कने, चुरा.अक.सेट्, उभ.*] पिँध्नु,सताउनु । लट्– **चहयति-ते–** पिँध्छ, सताउँछ इत्यादि । **चहयति साधुं खलः** (दुर्गादास) ।

चाकचक्यम् (नपुं.) [*चकचकस्य भावः, ष्यञ्*] १.उज्ज्वलता २.शोभा

चाक्रिकः (पुं.) [*चक्रेण समूहेन चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] १.घण्टा बजाउने स्तुतिपाठक २.कुमाले ३.(वि.) गाडीवाला ४.तेलको व्यवसाय गर्ने ५.चक्र सम्बन्धी ।

चाक्षुषम् (नपुं.) [*चक्षुषा गृह्यते, शेषे ४.२.९२ अण्*] १.आँखाले बोध हुन सक्ने प्रमाण ।

चाक्षुषमनुः (पुं.) [*चाक्षुष इति मनुः, कर्म.स.*] चाक्षुष नाम गरेका मनु । अवनीन्द्र र गिरिभद्रा नामका क्षत्रिय दम्पतीका छोरा । पौराणिक कथाअनुसार– अवनीन्द्र र गिरिभद्राबाट चाक्षुष नामक छोरा जन्मिएपछि चाक्षुषलाई काखमा राखेर आमा गिरिभद्राले बोल्न सिकाउन लाग्दा बालकले पूर्वजन्मको कुरा सम्झेर हाँस्यो । आमाले हाँसेको कारण सोध्दा बालकले भन्यो 'आमा, त्यो बिरालाले मलाई खान चाहन्छ, उता जन्मेको बालक खाने महिला मलाई लैजान चाहन्छे, । तपाईं पनि मलाई प्रेम गरिरहनु भएको छ । तीनै थरीमा आ–आफ्नो स्वार्थ छ । तर मेरो र तपाईंको संगत ५/७ दिनको मात्र हुने छ । आमाले भनिन्– मेरो क्रियाकलाप तँलाई राम्रो लाग्दैन भने भैगो, अबदेखि तैँले मतिर मुख नफर्काएस् । यति भनेर छोरालाई सुत्केरी कोठामा छोडेर आमा अन्यत्र गइन् । त्यही मौकामा बालक खाने महिलाले बालकलाई चोरेर लगी र राजा विक्रान्तकी रानीको खाटमा सुताई । त्यहाँ रहेको रानीको छोरालाई अर्कैको घरमा पुऱ्याई । यसरी रोजिन्दा दुई बालकलाई साटफेर गरेर निर्दयताका साथ बालक खाने उसको चरित्र थियो । यता राजा विक्रान्तले बालकको व्रतबन्ध गराएपछि गुरुले आनन्द नाम राखेर 'आमालाई ढोग्न जा' भन्दा आनन्दले भने– मलाई जन्माउने आमा गिरिभद्रा हो, तर पोस्ने आमा यी रानी हुन् । तपाइँको छोरा विशाल नामको गाउँमा बस्ने अग्रबोध नामको ब्राह्मणको छोरा चैत्र हो । मानिस खाने महिलाले मलाई यहाँ ल्याएकी हो । चैत्रलाई अग्रबोध कहाँ पुऱ्याएकी छ र अग्रबोधको छोरालाई उसले खाई । अब चैत्रलाई विशाल गाउँबाट मगाएर राजा बनाउनुहोस्, मलाई तपस्या गर्न जान दिनुहोस् भन्दा सबैले अचम्म मानेर चैत्रलाई लिन पठाए, आनन्दलाई छाडिदिए । आनन्दले वनमा घोर तपस्या गर्दा ब्रह्माले तपस्या गर्न छाड, धर्म कर्ममा लाग भन्नुभयो र चाक्षुष नाम राखेर मनु हुने आशीर्वाद दिनु भयो । त्यसपछि आनन्द चाक्षुष मनुका नामले प्रसिद्ध भए । (फणीन्द्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाङ्गेरी (स्त्री.) [*चाङ्गमीरयति, इर गतौ इति धातोः, कर्मण्यण् ३.२.१इत्यण्*] १.चरिअमिलो २.टोकरीविशेष ।

फलावदंशपूर्णाश्च चाङ्गेर्यः पानयोजिताः (ह.वं.) ।

चाचपुटः (पुं.) तालको भेद । **गुरुर्लघुद्रुतश्चैव भवेच्चाचपुटाभिधे ।**

चाञ्चल्यम् (नपुं.) [*चञ्चलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] चञ्चलता ।

चाञ्चल्यरहिता लक्ष्मीः पुत्रपौत्रावधि स्थिरा (कवच) ।

चाटः (पुं.) [*चट्यते भिद्यते अस्मात्, चट भेदने इति धातोर्घञ्*] १.चोर २.ठग/विश्वास पारेर अर्काको धन लिने व्यक्ति ।

चाटकैरः (पुं.) [*चटकायाश्चटकस्य वा अपत्यं पुमान्, चटकाया ऐरक् ४.१.१२८ चटकादपीति वक्तव्यम् (वा.) ४.१.१२८ इति ऐरक्*] भँगेराको भाले बच्चा ।

चाटुः (पुं./नपुं.) [*चटति भिनत्ति हृदयमिति, चट भेदने इति धातोः, दृसनिजनिचरिचटिभ्यो ञुण् (उ.) ३ इति ञुण्, वृद्धिः*] १.मिठो बोली/प्रिय वचन २.मिथ्या प्रशंसा ।

चाटुकारः (पुं.वि.) *चाटु करोतीति, न शब्दश्लोककलहगाथा वैरचाटुसूत्रमन्त्रपदेषु ३.२.२३ इति टप्रत्ययनिषेधः, कर्मण्यण् ३.२.१ इत्यण्*] चिप्लो घस्ने/चाकडी गर्ने ।

चाटुपटुः (पुं.) [*चाटौ मिथ्यापरिभाषणे पटुः कुशलः, समर्थः, चतुरो वा स.त.*] १.भाँड २.बहुरूपी ३.चाप्लुसी गर्न र फुटो बोल्न सिपालु । **पाण्डवानां पण्डितोऽसौ व्यासश्चाटुपटुः कविः** (नैषध.) ।

चाटूक्तिः (स्त्री.) [*चाटुमयी उक्तिः, म.प.स., चाटूनामुक्तिर्वा*] १.फुटो प्रशंसा/फुस्ल्याउने काम २.चिप्लो मानिसको अभिव्यक्ति ।

चाणकीनम् (नपुं.) [*चणकानां भवनं क्षेत्रम्, धान्यानां भवने क्षेत्रे खञ् ५.१.१ इति खञ्, खस्येनः*] चना पैदा हुने जमिन ।

चाणक्यः (पुं.) [*चणकस्यापत्यं पुमान्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] भारतका प्राचीन सम्राट् चन्द्रगुप्त मौर्यका प्रधानमन्त्री/अर्थशास्त्रका रचयिता विष्णुगुप्त/कौटिल्य/एक प्रसिद्ध कूटनीतिज्ञ पण्डित । **~नीतिः** (स्त्री. [*चाणक्यस्य नीतिः, ष.त.*] चाणक्यले रचेको एक प्रसिद्ध नीतिको ग्रन्थ ।

चाणूरः (पुं.) कंसको पहलमान ।

चाण्डालः (पुं.) [*चण्डाल एव, अण्प्रकरणे कुलालवरुडनिषाद कर्मारचण्डालमित्रामित्रेभ्यः छन्दस्युपसङ्ख्यानम् (वा.) ५.४.३६ इत्यण्*] १.डुम जाति २.दुष्ट/नीच ३.ब्राह्मणी माता र शूद्र पिताबाट पैदा भएको जाति नारदपुराणअनुसार शूद्र तीन थरी हुन्छन्– कुमारीबाट जन्मेको, सगोत्रीबाट जन्मेको र ब्राह्मणीमा शूद्रबाट जन्मेको ।

अरूढः पतितापत्यं ब्राह्मण्यां यश्च शूद्रजः ।
सगोत्रोढासुतश्चैव चाण्डालास्त्रय ईरिताः ॥ (ना.पु.१३.३)

४.स्कन्द पुराणअनुसार जातिपतित मानिस ५.कामले मोहित भएर लिएको व्रत बिचमा नै छोड्ने मानिस । यस्ता मानिस बाचुन्जेल चाण्डाल र मरेपछि कुक्कुर हुन्छन् ।

पूर्वं व्रतं गृहीत्वा यो नाचरेत्काममोहितः ।
जीवन्भवति चाण्डालो मृतः श्वा चाभिजायते ॥
(नि.सिं.१९)

चाण्डालिका (स्त्री.) [*चण्डालस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ्– ४.१.१५ इति ङीप्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५, चण्डालेन कृता वा, कुलालादिभ्यो वुञ् ४.३.११८ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.१, इत्वम्*] १.चाण्डालले बजाउने सारङ्गी २.औषधिविशेष ३.किन्नर जातिकी स्त्री ।

चातकः (पुं.) [*चतते याचते जलमिति, चते याचने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] काकाकुल पक्षी ।

वामश्चायं नुदति मधुरं चातकस्ते सगर्वः (मे.दू.) ।

चातुरी (स्त्री.) १.[*चतुरस्य इयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५इति ङीप् यद्वा चतुरस्य भावः, ष्यञ्, षित्वात् ङीष्, यलोपः*] चातुर्य/चलाकी/बठ्याइँ/चतुऱ्याइँ ।

जहाति सहसाननं झटिति पृच्छति स्वागतं
नमस्यति कृताञ्जलिः श्रुतिमनोहरं भाषते ।
ददाति कुसुमं फलं शिथिलयत्यभीष्टं क्रिया
महो न परिचीयते कृपणवञ्चनाचातुरी ॥ (सुभा.)

२.गायत्री नामक शक्ति । **चतुर्भुजा चारुवक्त्रा चातुरी च ऋतप्रदा।** (दे.भा. १२.६.४७) ।

चातुर्थिकः (पुं.वि.) [*चतुर्थे दिवसे भवः, कालाट्ठञ् ४.३.११ इति ठञ् ठस्य इकः*] चारौँ दिनमा हुने वा आउने ।

चातुर्मासः (पुं.वि.) *चतुर्भिर्मासैः समाप्यते, संज्ञायामण् (वा.) ५.१.९४ इत्यण्*] चार महिनामा सम्पन्न हुने ।

चातुर्मास्यम् (नपुं.) [*चतुर्षु मासेषु क्रियते, चतुर्मासाद् यज्ञे ञ्यो वक्तव्यः (वा.) ४.३.५१ इति ञ्यः*] चार महिनामा समाप्त हुने व्रत वा धार्मिक कार्य ।

चातुर्यम् (नपुं.) [*चतुराणां भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, वृद्धिः*] चतुरता/चतुऱ्याइँ ।

देशाटनं पण्डितमित्रता च वाराङ्गना राजसभाप्रवेशः ।
अनेकशास्त्रार्थविलोकनञ्च चातुर्यमूलानि भवन्ति पञ्च ॥
(सुभा.)

चातुर्वर्ण्यम् (नपुं.) [*चत्वारश्च ते वर्णाः, चतुर्वर्णादिनामुपसङ्ख्यानम् (वा.) ५.१.१२४ इति ष्यञ्*] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चार वर्णको समूह ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः (भ.गी.) ।

चान्दनिकः (पुं.वि.) [*चन्दनेन शोभते इति, संपादिनि ५.१.९९ इति ठञ्, ठस्येकः, इति इकः, आदिवृद्धिः*] चन्दनले सुशोभित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चान्द्रमसम् (नपुं.) [*चन्द्रमा देवता अस्य तत्*] १.मृगशिरा नक्षत्र २.(वि.) [*चन्द्रमस इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] चन्द्रमा सम्बन्धी ।

चान्द्रमसी (स्त्री.) [*चन्द्रमस इयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, वृद्धिः*] चन्द्रमासम्बन्धी ।

चान्द्रवर्षः (पुं.) [*चान्द्रश्चासौ वर्षः, कर्म.स.*] चन्द्रमाको गतिको आधारमा गणना गरिने वर्ष ।

चान्द्रमानम् (नपुं.) [*चान्द्रञ्च तन्मानम्, कर्म.स.*] चान्द्रमासभित्रका तिथिको परिणाम वा नाम ।

चान्द्रमासः (पुं.) [*चान्द्रश्चासौ मासश्च, कर्म.स.*] शुक्ल पक्षको प्रतिपदादेखि औँसीको आखिरी कालसम्म, वा कृष्णपक्षको प्रतिपदादेखि पूर्णिमाको आखिरी कालसम्मको तिथि । अर्थात् चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्दा लाग्ने समय । यसका दुई भेद छन्— शुक्लादि र कृष्णादि । शुक्लप्रतिपदादेखि औँसीसम्मको समयलाई शुक्लादि भनिन्छ । यो मुख्य हो । कृष्णप्रतिपदादेखि पूर्णिमासम्मको समयलाई कृष्णादि भनिन्छ । यो विन्ध्यदेखि उत्तरदिशाका लागि मान्य छ । **कृष्णादिर्विन्ध्योत्तर एव ग्राह्यः । शुक्लप्रतिपदादिरमान्तः कृष्णप्रतिपदादिपूर्णिमान्तो वा चान्द्रो मासः** (ध.सि.) ।

चान्द्रवत्सरः (पुं.) [*चान्द्रश्चासौ वत्सरश्च, कर्म.स.*] चन्द्रमाको गतिअनुसार हुने वर्ष । चान्द्रवत्सरका प्रभवादि ६० नाम छन्— प्रभव, विभव, शुक्ल, प्रमाद, प्रजापति, अङ्गिरा, श्रीमुख, भाव, युवा, धाता, ईश्वर, बहुधान्य, प्रमाथी, विक्रम, वृष, चित्रभानु, सुभानु, तारण, पार्थिव, अव्यय, सर्वजित्, सर्वधारी, विरोधी, विकृति, खर, नन्दन, विजय, जय, मन्मथ, दुर्मुख, हेमलम्ब, विलम्ब, विकारी, शार्वरी, प्लव, शुभकृत्, शोभन, क्रोधी, विश्वावसु, पराभव, प्लवङ्ग, कीलक, सौम्य, साधारण, विरोधकृत्, परिधावी, प्रमादी, आनन्द, राक्षस, नल, पिङ्गल, कालयुक्त, सिद्धार्थी, रौद्र, दुर्मति, दुन्दुभि, रुधिरोद्गारी, रक्ताक्ष, क्रोधन र क्षय ।

चान्द्रसंवत्सरः (पुं.) [*चान्द्रश्चासौ संवत्सरश्च, कर्म.स.*] तीनथरी संवत्सरमध्ये (अघिल्लो वर्षको) चैत्र शुक्ल प्रतिपदादेखि (अर्को वर्षको) फाल्गुन औँसीसम्म तीन सय साठ्ठी तिथिहरूले बन्न जाने वर्षलाई चान्द्रसंवत्सर भनिन्छ । चान्द्रसंवत्सरका पाँच भेद छन्— संवत्सर, परिवत्सर, इदा (डा) वत्सर, अनुवत्सर र इद्वत्सर । **तत्र चान्द्रः संवत्सरश्चैत्रशुक्लप्रतिपदादिः फाल्गुनदर्शान्तः । चन्द्रकलावृद्धिक्षयप्रयुक्तप्रतिपदादितिथीनां षष्ट्यधिकशत्रयेण निष्पन्नो यः स चान्द्रः । चान्द्रस्य अवान्तरभेदा उच्यन्ते । संवत्सरः, परिवत्सर इदावत्सरोऽनुवत्सर इद्वत्सरश्चेत्येते पञ्चभेदाः ।** (कालमाधव) ।

चान्द्रायणम् (नपुं.) १.एक मात्रिक छन्द । यसको प्रत्येक चरणमा एघार तथा दश मात्रामा विराम भई एक्काइस मात्राहरू हुन्छन् २.[*चन्द्रस्यायनमिवायनं चरणं यस्मिन् कर्मणि ह्रासवृद्धिभ्यां तच्चान्द्रायणम्*] शुक्ल पक्षमा चन्द्रमाको कला बढेझैँ प्रतिदिन एक एक गाँस खाना बढाउँदै लगी पूर्णिमाको दिन पन्ध्र गाँस खाई, फेरि कृष्णपक्षको प्रतिपदादेखि चन्द्रमाको कला घटेझैँ प्रतिदिन एक-एक गाँस खाना घटाउँदै ल्याएर कृष्णपक्षको चतुर्दशीमा एक गाँस मात्र खाई औँसीको दिन चन्द्रमा नदेखिएझैँ उपवास बसेर एक महिनामामा पूरा गरिने व्रत । यसमा खाइने खानाको गाँस मयूरको फुल (अण्डा) जत्रो हुनुपर्छ । **एकैकं वर्धयेत्पिण्डं शुक्ले, कृष्णे च ह्रासयेत् । इन्दुक्षये न भुञ्जीत एष चान्द्रायणो विधिः ॥** (वसिष्ठ) **तिथिवृद्ध्या चरेत् पिण्डान् शुक्ले, शिख्यण्डसंमितान् । एकैकं ह्रसयेत् कृष्णे पिण्डं चान्द्रायणं चरन् ॥** (या.स्मृ.३२३ **शुक्लपक्षे प्रतिपदादितिथिषु मयूराण्डसमानैकैकग्रासान् वर्धयन् पूर्णिमायां पञ्चदश ग्रासाः क्षये चतुर्दश, वृद्धौ षोडश संपद्यते** (ध.सि.) । चान्द्रायणका भेदरू— यवमध्यचान्द्रायण, पिपीलिकामध्यचान्द्रायण, यतिचान्द्रायण, शिशुचान्द्रयाण, ऋषिचान्द्रायण र सोमायनचान्द्रायण ।

चापः (पुं./नपुं.) [*चपस्य वंशविशेषस्य विकारः, अवयवे च प्राण्यौषधिवृक्षेभ्यः ४.३.१३५ इत्यण्*] १.धनुष २.वृत्तको परिधिको एक भाग ।

चापलम् (नपुं.) [*चपलस्य भावः,कर्म वा युवादित्वादण्*] चञ्चलता **मात्सर्यद्वेषरागादेश्चापलन्त्वनवस्थितिः** (सा.द.) ।

चापल्यम् (नपुं.) [*चपलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] चञ्चलता/चपलता/अस्थिरता/छटपटी ।

चामरम् (नपुं.) [*चमर्या इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] चमर/चौँरीको पुच्छर ।

चामीकरम् (नपुं.) [*चमीकरे आकरविशेषे भवम्, तत्र भवः ४.३.५३ इत्यण्, यद्वा— चमनम्, चमु अदने इति धातोः, इञजादिभ्यः (वा.) ३.३.१०८ इति इञ्, अनाचमेः ७.३.३४ इति आङोऽविवक्षितत्वाद् वृद्धिः, कृदिकारादक्तिनः (ग.सू.) ४.१.४५ इति ङीष्, चामीं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] सुन ।

चामुण्डा (स्त्री.) [*चण्डश्च मुण्डश्च चण्डमुण्डौ, तौ हतौ यया सा*] सप्तशतीमा वर्णित चामुण्डा नामकी कालीदेवी । दैत्यराज शुम्भका सेनापति चण्ड र मुण्ड नामका दुई दैत्यको शिर काटेर ल्याएकी हुँदा दुर्गाबाट चामुण्डा नाम राखिएकी कालीदेवी ।

शिरश्चण्डस्य काली च गृहीत्वा मुण्डमेव च ।
यस्माच्चण्डञ्च मुण्डञ्च गृहीत्वा त्वमुपागता ।
चामुण्डेति ततो लोके ख्याता देवि भविष्यसि ॥ (स.श.)

चाम्पेयः (पुं.) [*चम्पाया अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] १.चाँप २.सुन ३.सुन्तला ४.नागकेसर । **चाम्पेयश्चम्पके स्वर्णे किंजल्के नागकेसरे** (मेदिनी.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चायृ (धा.) [*पूजानिशामनयोः, सक.सेट् उभय.*] पूजा गर्नु, सम्झनु। लट्– **चायति-ते–** पूजा गर्छ, सम्झन्छ इत्यादि।

चारः (पुं.) [*चरतीति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, चर एव प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.गुप्त पुरुष २.वृक्षविशेष ३.हिँड्ने ४.[*चरणम्, चर बन्धने (धातोरनेकार्थकत्वात्) भावे ३.३.१८ इति घञ्*] बन्धन ५.[*चरणम्, चर गतौ इति धातोर्भावे घञ्*] गति।

त्रुट्यादिप्रलयान्तकालकलना मानप्रभेदः क्रमा-
च्चारश्च द्युसदां द्विधा च गणितं प्रश्नास्तथा सोत्तराः।
भूधिष्ण्यग्रहसंस्थितेश्च कथनं यन्त्रादि यत्रोच्यते
सिद्धान्तः स उदाहृतोऽत्र गणितस्कन्धप्रबन्धे बुधैः॥
(सि.शि.)

६.कारागार। **चारः कारा गुप्तौ वन्द्याम्** (अभि.चि.)।

चारम् (नपुं.) [*चरति शरीरे,औषधसंसर्गेण,अचि चरः,चर एव अण्*] कृत्रिम विष। **कृत्रिमन्तु विषं चारं गरश्चोपविषञ्च तत्** (अभि.चि.)।

चारचक्षुः (पुं.) [*चारा एव चक्षूंषि यस्य सः, बहु.स.*] राजा। नेता।

चारटी (स्त्री.) [*चारयतीति, शकादिभ्योऽटन् (उ.) ४.८१ इत्यटन्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] स्थलकमलिनी।

चारणः (पुं.) [*चारयति प्रचारयति नृत्यगीतादिकमिति, चर गतिभक्षणयोः इति धातोः, णिचि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१) इत्यनः*] १.वंशको कीर्ति गाथा गाउने व्यक्ति २.यात्री/ भ्रमणकारी ३.जासुस/गुप्तचर ४.नटविशेष ५.गन्धर्वविशेष ६.देवयोनि-विशेष।

कितवा यं प्रशंसन्ति यं प्रशंसन्ति चारणाः।
यं प्रशंसन्ति बन्धक्यः स ज्ञेयः पुरुषाधमः॥ (सुभा.)

चारित्रम् (नपुं.) [*चर गतौ इति धातोः, चरेर्वृत्ते (उ) .६२१ इति णित्रन्, वृद्धिः*] चरित्र।

चारी (स्त्री.) (*चारः पदनिक्षेपोऽस्त्यस्याम्, अर्शाद्यच्, ङीष्*] १.नृत्यको अङ्गविशेष/नाचमा हुने पदचाल। **चारी चारुगतिः स्मृता**। २.(पुं.वि.) [*चरति तच्छीलः, णिनिः*] चरणशील। **स हि गगनविहारी ज्योतिषां मध्यचारी** (हितो.)।

चारुः (पुं.) १.[*चरति देवेषु गुरुत्वेन चर गतौ इति धातोः, दृसनिजनिचरिचटिभ्यो ञुण् (उ) ३.इति ञुण, वृद्धिः*] बृहस्पति २.(पुं.वि.) [*चरति चित्ते*] मन परेको/प्यारो/प्रिय/मनोहर/राम्रो **चारुर्बृहस्पतौ पुंसि शोभने त्वभिधेयवत्** (विश्व.)। **~दर्शनम्** (नपुं.) [*चारु च तद् दर्शनञ्च, कर्म.स.*] सुन्दरदृष्टि। **~लोचनः** (पुं.) [*चारु लोचनं यस्य सः, बहु.स.*] मृग। **~वक्त्रः** (पुं.वि.) [*चारु वक्त्रं यस्य सः, बहु.स.*] सुन्दर मुख भएको। **~हासिनी** (स्त्री.) [*चारुर्हासोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] राम्रो हल्का हाँसो हाँस्ने/मनमोहक हाँसो हाँस्ने स्त्री।

चारुगर्भः (पुं.) श्रीकृष्णका पुत्र। **चारुभद्रश्चारुगर्भः सुदंष्ट्रो द्रुम एव च** (ह.वं.)।

चारुगुप्तः (पुं.) श्रीकृष्णका पुत्र। **सुवेशश्चारुगुप्तश्च चारुवीर्यश्च वीर्यवान्** (ह.वं.)।

चारुदत्तः (पुं.) महाकवि भासद्वारा रचित एक नाटक। यसमा दरिद्र चारुदत्त र वेश्या वसन्तसेनाको प्रणयकथाको वर्णन छ। प्रतिनायकको रूपमा शकारको चित्रण गरिएको छ। घनघोर वर्षाको समयमा वसन्त सेना जब चारुदत्तको घर जान लागेकी हुन्छे, अचानक त्यसै अवसरमा नाटकको समाप्ति हुन्छ।

चारुदेष्णः (पुं.) रुक्मिणीबाट पैदा भएका श्रीकृष्णका छोरा।

चार्चिक्यम् (नपुं.) [*धात्वर्थनिर्देशे ण्वुल् (वा.) ३.३.१०८, चर्चिका ततः स्वार्थे ष्यञ् (वा.) ५.१.१२४*] चन्दन घस्ने काम।

चार्मणम् (नपुं.) [*चर्मणां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण्*] छालाको समूह।

चार्वाकः (पुं.) [*चारु वाक् यस्य सः, बहु.स. पृषोदरादितया साधुः*] १.भौतिकवादी दार्शनिक। यिनले प्रतिपादन गरेको दर्शनलाई चार्वाक दर्शन/लोकायत दर्शन भनिन्छ। २.एक राक्षस।

चार्वाकदर्शनम् (नपुं.) [*चार्वाकस्य दर्शनम्, ष.त.*] एक प्रसिद्ध नास्तिकदर्शन। अवैदिक दर्शनमा चार्वाक दर्शन सबैभन्दा प्राचीन दर्शन हो। यसमा कुनै स्वतन्त्र ग्रन्थ उपलब्ध छैन। विभिन्न ग्रन्थहरूमा छरिएर रहेका विचारहरू नै यस दर्शनका मुख्य स्रोत हुन्। चार्वाक बृहस्पतिका शिष्य मानिन्छन्। यिनका चेलाहरू पनि चार्वाककै नामले प्रसिद्ध भएका छन्। बाचुन्जेल मोज गर्नुपर्छ भन्ने यस दर्शनको मुख्य सिद्धान्त हो। यसले चैतन्य विशिष्ट शरीरलाई पुरुष मान्दछ। काम नै एउटा पुरुषार्थ हो, मरण नै मोक्ष हो र प्रत्यक्ष नै प्रमाण हो भन्ने यस दर्शनको सिद्धान्त छ।

चालः (पुं.) [*चलनम्, चल कम्पने इति धातोः भावे ३.३.१८ इति घञ्*] १.हिँड्ने तरिका/गति २.काम गर्ने तरिका ३.जालझेल ४.चलन/प्रयोग ५.शैली ६.घरको छाना ७.ठ्यौवा चरो। **~चलनम्** (नपुं.) [*चालश्च तच्चलनञ्च, कर्म.स., अथवा चालश्च चलनञ्च तयोः समाहारः, द्व.स.*] १.रीतिस्थिति/व्यवहार २.व्यवस्था ३.बानी/बेहोरा/स्वभाव/चालामाला/चरित्र।

चालकः (पुं.) [*चालयतीति, चल गतौ इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३) इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.चलाउने २.ड्राइभर ३.सञ्चालक ४.चञ्चल वा बेचैन हात्ती।

चालनी (स्त्री.) [*चाल्यते इति, अनया वा, चल गतौ इति धातोः, ण्यन्तात्, कृत्यलुटो बहुलम् ३.३.११३ इति ल्युट र युवोरनाकौ ७.१.१ इत्यनः, टित्वान् ङीप्*] चाल्नु।

क्षुद्रच्छिद्रशतोपेतं चालनी तितउः स्मृतः (कात्यायन)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाषः (पुं.) [*चाषयति, चष हिंसायाम् इति धातोः, णिचि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पक्षिविशेष/ठ्यौवाचरो।

चिकित्सकः (पुं.) [*चिकित्सति रोगानपनयति, कित व्याधिप्रतीकारे इति धातोः, गुप्तिज्किद्भ्यः सन् ३.१.५ इति सन्, द्वित्वम्, अभ्यासकार्यम्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] डाक्टर/वैद्य।

चिकित्सा (स्त्री.) [*चिकित्सनमिति कित व्याधिप्रतीकारे इति धातोः, गुप्तिज्किद्भ्यः सन् ३.१.५ इति सन्,द्वित्वादिः, अप्रत्ययात्– ३.३.१०२ इत्यः, टाप् ४.१.४*] १.औषधिमूलो गर्ने काम/उपचार/रोग निको पार्ने कार्य २.समस्याको समाधान।

आसुरी मानुषी दैवी चिकित्सा सा त्रिधा मता (वैद्यक)।

चिकित्सालयः (पुं.) [*चिकित्सायाः, चिकित्सायै वा आलयः, ष.त./च.त.*] औषधिमूलो गर्ने ठाउँ/स्वास्थ्यको जाँचबुझ र रेखदेख गर्ने थलो।

चिकित्साविज्ञानम् (नपुं.) [*चिकित्साया विज्ञानम्, ष.त.*] चिकित्सा-सम्बन्धी औषधि गर्ने शास्त्र।

चिकित्सुः (पुं.वि.) [*चिकित्सतीति, सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] चिकित्सा गर्ने/उपचार गर्ने।

चिकित्स्यः (पुं.वि.) [*चिकित्सितुं योग्यः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] चिकित्सनीय/चिकित्सा गर्न योग्य/चिकित्सा गरेर निको पार्न सकिने/चिकित्सासाध्य।

चिकीर्षा (स्त्री.) [*कर्तुमिच्छा, सनन्तात् चिकीर्षधातोः अप्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.४*] गर्ने इच्छा।

चिकीर्षुः (पुं.वि.) [*चिकीर्षतीति, सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] गर्न खोज्ने।

चिकुरः (पुं.) [*चि इति अव्यक्तं कुरति, कुर शब्दे इति धातोः इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.कपाल/केश २.सर्प ३.वृक्षविशेष ४.चञ्चल ५.घस्रने प्राणी ६.न्याउरी मुसो ७.छुचुन्द्रो ८.पक्षीविशेष। **चिकुरोऽहौ गृहबभ्रौ केशे चञ्चल शैलयोः। पक्षिवृक्षभिदोश्चापि**(हैम.)।**~कलापः**।**~निकरः**। **~पक्षः**। **~पाशः**।**~भारः**।**~हस्तः** (पुं.) केशको समूह।

चिक्कणः (पुं.) [*चिक्कणं स्निग्धगुणो विद्यतेऽस्य, अर्शाद्यच्*] १.सुपारीको बोट २.औषधिपाकको अवस्थाविशेष।

पाकस्तु त्रिविधो मन्दचिक्कणः खरचिक्कणः। (वाग्भट)

चिक्कणम् (नपुं.) [*चिक्क गतौ इति धातोः, संपदादिभ्यः क्विप् (वा.) ३.३.१०८ इति क्विप्, चिक्कं कणति, कण शब्दे इति धातोः, मूलविभुजादिभ्यश्च (वा.) ३.२.५ इति कः*] मसिनो चिप्लो वस्तु।

चिचिण्डः (पुं.) चिचिण्डो। **चिचिण्डो वातपित्तघ्नो वल्यः पथ्यो रुचिप्रदः** (हारीत.)।

चिञ् (धा.) [*चयने, स्वा.सक.अनिट् उभय.*] टिप्नु, बटुल्नु। लट्– **चिनोति**– टिप्छ, बटुल्छ। **अपचिनोति**– नाश गर्छ। **सञ्चिनोति**– संचय गर्छ। **उपसञ्चिनोति**– प्राप्त गर्छ। **निश्चिनोति**– निश्चय गर्छ। **विनिश्चिनोति**– ठिक निर्णय गर्छ इत्यादि। कर्मणि-**चीयते**– टिपिन्छ, बटुलिन्छ। णिचि– **चाययति-ते**– टिप्न लगाउँछ, बटुल्न लगाउँछ। सनि– **चिचीषति, चिकीषति**– टिप्न खोज्छ, बटुल्न खोज्छ। कृदन्ते– **चेतव्यः, चयनीयः, चेयः**– टिप्नुपर्ने बटुल्नुपर्ने। **चेतुम्**– टिप्न, बटुल्न। **चित्वा, विचित्य**– टिपेर, बटुलेर इत्यादि।

चिञ् (धा.) [*चयने, चुरा. द्विक.सेट् उभय.*] खोज्नु, बटुल्नु। लट्– **चपयति, चयति**– खोज्छ, बटुल्छ इत्यादि।

चिञ्चा (स्त्री.) [*चिम् इत्यव्यक्तं शब्दं चिनोति, चिञ् चयने इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.अमिली। २.रातीगेडी।

चिट (धा.) [*परप्रेक्ष्ये भ्वा.अक.सेट् पर.*] नोकर हुनु, आज्ञापालन गर्नु। लट्– **चेटति**– नोकर हुन्छ, आज्ञा पालन गर्छ इत्यादि।

चिट (धा.) [*प्रेषे,भ्वा.सक.सेट् पर.*] पठाउनु। लट्– **चेटति**- पठाउँछ। **चेटति भृत्यं स्वामी** (दर्गादास) चुरादौ चेटयति।

चित् (स्त्री.) [*चिती संज्ञाने इति धातोः, संपदादित्वात् ३.३.१०८ क्विप्*] १.बुद्धि २.केही/कोही ३.चैतन्य।

चित (धा.) [*सञ्चेतने, चुरा.सक.सेट् उभय.*] विचार गर्नु, स्मरण गर्नु। लट्– **चेतयते**– विचार गर्छ, स्मरण गर्छ । कृदन्ते– **चेतितः**– विचार गरेको, स्मरण गरेको। **चेतः**–चित्त। **चेतना/चेतनम्**– विचार गर्ने काम, स्मरण गर्ने काम। **चेतयितुम्**– विचार गर्न, स्मरण गर्न। **चेतयित्वा, प्रचेत्य**– विचार गरेर, स्मरण गरेर इत्यादि। **द्रष्टव्यः**– यस धातुको अर्थ सचेत तुल्याउनु भन्ने पनि हुन्छ।

चितः (पुं.वि.) [*चीयते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.सञ्चित २.बटुलिएको।

चिता (स्त्री.) [*चीयते श्मशानाग्निरस्याम् चिञ् चयने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] मरेपछि शरीर जलाउन बनाइएको शय्या।

चिताग्निः (पुं.) [*चितायाः अग्निः, ष.त.*] चिताको आगो।

चिति (धा.) [*स्मृत्याम्, चुरा.सक.सेट् उभय.*] चिन्तन गर्नु, स्मरण गर्नु, याद गर्नु। लट्– **चिन्तयति-ते**– चिन्तन गर्छ, स्मरण गर्छ, याद गर्छ। लिट्– **चिन्तयामास– से, चिन्तयाम्बभूव-वे**– चिन्तन गरेछ, स्मरण गरेछ, याद गरेछ (अन.)। लुट्– **चिन्तयिता**– चिन्तन गर्नेछ, स्मरण गर्ने छ, याद गर्ने छ (अन.)। लृट्– **चिन्तयिष्यति-ते**– चिन्तन गर्ने छ, स्मरण गर्ने छ, याद गर्ने छ। लोट्– **चिन्तयतु-ताम्**– चिन्तन गरोस्, स्मरण गरोस्, याद गरोस्। लङ्– **अचिन्तयत्-त**– चिन्तन गर्‍यो, स्मरण गर्‍यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याद गर्‍यो (अन.)। विधिलिङ्– **चिन्तयेत्-त–** चिन्तन गर्ला, स्मरण गर्ला, याद गर्ला, चिन्तन गरोस्, स्मरण गरोस्, याद गरोस्। आशीर्लिङ्– **चिन्त्यात्/चिन्तयिषीष्ट–** चिन्तन गरोस्, स्मरण गरोस्, याद गरोस्। लुङ्– **अचिचिन्तत्-त–** चिन्तन गर्‍यो, स्मरण गर्‍यो, याद गर्‍यो। लृङ्– **अचिन्तयिष्यत्-त** –चिन्तन गर्ने थियो, स्मरण गर्ने थियो, याद गर्ने थियो। कर्मणि– **चिन्त्यते–** चिन्तन गरिन्छ, स्मरण गरिन्छ, याद गरिन्छ। णिचि– **चिन्तयति–** चिन्तन गराउँछ, स्मरण गराउँछ, याद गराउँछ। सनि– **चिचिन्तिषति–** चिन्तन गर्न खोज्छ। स्मरण गर्न खोज्छ, याद गर्न खोज्छ। कृदन्ते– **चिन्तयितव्यम्, चिन्तनीयम्, चिन्त्यम्–** चिन्तन गर्नुपर्ने, स्मरण गर्नुपर्ने, याद गर्नुपर्ने। **चिन्तयित्वा, सञ्चिन्त्य–** चिन्तन गरेर, स्मरण गरेर, याद गरेर। **चिन्तयितुम्–** चिन्तन गर्न, स्मरण गर्न, याद गर्न। **चिन्ता, चिन्तना, चिन्तनम्–** चिन्ता, स्मरण, याद इत्यादि।

चितिः (स्त्री.) [*चीयतेऽस्यामग्निः, चिञ् चयने इति धातोः, अधिकरणे क्तिः*] १.चिता २.दुर्गा ३.इँट आदिको सङ्ख्या पत्ता लगाउने विधि। ४.चाङ ५.चैतन्य ६.बुद्धि ७.बटुलेर थुप्र्याउने काम।

चितिव्यवहारः (पुं.) घरको ईंटा आदिको सङ्ख्या निकाल्ने गणितसम्बन्धी विधि।

चिती (धा.) [*संज्ञाने, भ्वा.अक.सेट्, पर.*] राम्रोसित विचार गर्नु, होसमा आउनु। लट्– **चेतति–** राम्रोसित विचार गर्छ, होसमा आउँछ। लिट् **चिचेत–** राम्रोसित विचार गरेछ, होसमा आएछ। लुट्– **चेतिता–** राम्रोसित विचार गर्ने छ, होसमा आउने छ। लृट्– **चेतिष्यति–** राम्रोसित विचार गर्ने छ, होसमा आउने छ। लोट्– **चेततु–** राम्रोसित विचार गरोस्, होसमा आओस्। लङ्– **अचेतत्–** राम्रोसित विचार गर्‍यो, होसमा आयो। विधिलिङ्– **चेतेत्–** राम्रोसित विचार गर्ला, होसमा आउला, राम्रोसित विचार गरोस्,, होसमा आओस्। आ. लिङ्– **चित्यात्–** राम्रोसित विचार गरोस्, होसमा आओस्– लुङ्– **अचेतीत्–** राम्रोसित विचार गर्‍यो, होसमा आयो। लृङ्– **अचेतिष्यत्–** राम्रोसित विचार गर्ने थियो, होसमा आउने थियो। भावे– **चित्यते–** णिचि– **चेतयति-ते–** राम्रोसित विचार गराउँछ, हासमा ल्याउँछ। सनि– **चिचितिषति, चिचेतिषति–** राम्रोसित विचार गर्न खोज्छ, होसमा आउन खोज्छ। यङि– **चेचित्यते–** बारम्बार राम्रोसित विचार गर्छ, बारम्बार होसमा आउँछ। यङ्लुकि– **चेचितीति, चेचेत्ति–** बारम्बार राम्रोसित विचार गर्छ, बारम्बार होसमा आउँछ। कृदन्ते– **चेतितव्यम्, चेतनीयम्, चेत्यम्–** राम्रोसित विचार गनु पर्ने, होसमा आउनु पर्ने। **चेतकः, चेतिता, चेतनः–** राम्रोसित विचार गर्ने, होसमा रहने। **चित् चेतनम्, चेतना–** चैतन्य। **चेतः चित्तम्–** हृदय।

चित्तग्राही (पुं.वि.) [*चित्तं गृह्णातीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मुग्ध गर्ने/मोहित पार्ने/मन हरण गर्ने/ मोहमय/चित्तहारी।

चित्तचारी (पुं.वि.) [*चित्ते चरतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अर्काको इच्छाअनुसार काम गर्ने।

चित्तज्ञः (पुं.वि.) [*चित्तं जानातीति, आतोऽनुपसर्गे कः इति कः, आलोपः ६.४.६४*] अर्काको मनको कुरा जान्ने/मनोवैज्ञानिक।

चित्तदमनम् (नपुं.) [*चित्तस्य दमनम्, ष.त.*] आत्मसंयम/मनलाई वशमा गर्नु।

चित्तनिरोधः (पुं.) [*चित्तस्य निरोधः, ष.त.*] एउटै विषयमा ध्यान मग्न हुनु/पूर्णरूपले एकचित्त हुनु। चित्तवृत्तिलाई एउटै विषयमा केन्द्रित तुल्याउनु। **योगश्चित्तवृत्तिनिरोधः** (पतञ्जलि)।

चित्तनिवृत्तिः (स्त्री.) [*चित्तस्य निवृत्तिः, ष.त.*] सन्तोष/सुख।

चित्तप्रशमः (पुं.) [*चित्तस्य प्रशमः, ष.त.*] मानसिक शान्ति/चित्तको प्रसन्नता।

चित्तम् (नपुं.) [*चिती संज्ञाने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, श्वीदित ७.२.१४ इतीण् निषेधः*] मन, हृदय, अन्तःकरण।

चित्तरञ्जनम् (नपुं.) [*चित्तस्य रञ्जनम्, ष.त.*] हृदयलाई आनन्द दिनु/हृदयको आनन्दप्राप्ति।

चित्तविकारः (पुं.) [*चित्तस्य विकारः, ष.त.*] मानसिक विकृति।

चित्तविप्लवः (पुं.) [*चित्तस्य विप्लवः, ष.त.*] उन्माद/बहुलट्ठीपन/ चित्तमा हुने अधीरता।

चित्तविभ्रमः (पुं.) [*चित्तस्य विभ्रमः, ष.त.*] १.उन्माद/पागलपन २.भ्रान्ति/भ्रम।

चित्तविक्षेपः (पुं.) [*चित्तस्य विक्षेपः, ष.त.*] १.चित्तको चञ्चलता २.योगसाधनमा लागेकालाई चित्तमा विक्षेप (चञ्चल) गराई योगबाट विघ्न पार्ने क्रिया। यी नौथरी छन्– व्याधि, स्त्यान, संशय, प्रमाद, आलस्य, अविरति, भ्रान्तिदर्शन, अलब्धभूमिकत्व र अनवस्थितत्त्व।

चित्तविमुक्तिप्रज्ञा (स्त्री.) [*चित्तविमुक्तेः प्रज्ञा, ष.त.*] चित्तमा सांसारिक विषयको उदय नहुने प्रज्ञा। प्रज्ञाका दुई भेदमध्ये एक भेद। चित्तविमुक्तिप्रज्ञाका तीन भेद छन्– १.चित्तकृतार्थता– चित्तले भोग र मोक्षको लागि गरिने काम बाँकी नरहने गरी पूर्ण गरेको अवस्था, २.गुणलीनता ३.आत्मस्थिति।

चित्तवृत्तिः (स्त्री.) [*चित्तस्य वृत्तिः, ष.त.*] १.चित्तको भित्री अभिप्राय २.चित्तको अवस्था वा गति। चित्तवृत्ति असङ्ख्य हुन्छन्। तिनलाई मुख्य ५ भागमा बाडिएको छ– प्रमाण, विपर्यय विकल्प, निद्रा र स्मृति। यी पनि दुई किसिमका हुन्छन्– क्लिष्ट र अक्लिष्ट।

चित्तशुद्धिः (स्त्री.) [*चित्तस्य शुद्धिः, ष.त.*] दुर्व्यसनबाट चित्तलाई अलग गर्नु/चित्त निर्मल पार्नु।

चित्तसंयमः (पुं.) [*चित्तस्य संयमः, ष.त.*] हृदयलाई वशमा ल्याउनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तहारी (पुं.वि.) [*चित्तं हरति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मनलाई आकर्षण गर्ने/मनोहर/प्रिय/चित्ताकर्षक/चित्तापहारक।

चित्तसमुन्नतिः (स्त्री.) [*चित्तस्य समुन्नतिः ष.त.*] चित्तको विस्तार/फैलावट।

चित्ताभोगः (पुं.) [*चित्तस्य आभोगः, ष.त.*] चित्तको विस्तार।

चित्या (स्त्री.) [*चीयते स्म, चित्याग्निचित्ये च ३.१.१३२ इति क्यप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] चिता। **चिता चित्या चितिः स्त्रियाम्** (अमर.)।

चित्र (धा.) [*चित्रीकरणे, चुरा., सक.सेट्, उभय.*] तस्विर खिच्नु, चित्र बनाउनु। लट्– **चित्रयति-ते–** तस्विर खिच्छ, चित्र बनाउँछ। लिट्– **चित्रयाञ्चकार-चक्रे–** तस्विर खिचेछ, चित्र बनाएछ (अन.)। लुट्– **चित्रयिता–** तस्विर खिच्ने छ, , चित्र बनाउने छ (अन.)। लृट्– **चित्रयिष्यति-ते–** तस्विर खिच्ने छ, चित्र बनाउने छ। लोट्– **चित्रयतु-ताम्–** तस्विर खिचोस्, चित्र बनाओस्। लङ्– **अचित्रयत्-त–** तस्विर खिच्यो, चित्र बनायो (अन.)। विधिलिङ्– **चित्रयेत्-त–** तस्विर खिच्ला, चित्र बनाउला, तस्विर खिचोस्, चित्र बनाओस्। आशीर्लिङ्– **चित्र्यात्-चित्रयिषीष्ट–** तस्विर खिचोस्, चित्र बनाओस्। लुङ्– **अचिचित्रत्-त–** तस्विर खिच्यो, चित्र बनायो। लृङ्– **अचित्रयिष्यत्-त–** तस्विर खिच्ने थियो, चित्र बनाउने थियो। कर्मणि– **चित्र्यते–**तस्विर खिचिन्छ, चित्र बनाइन्छ। णिचि– **चित्रयति–** तस्विर खिच्न लगाउँछ, चित्र बनाउन लगाउँछ। कृदन्ते– **चित्रकः, चित्रिका, चित्रयिता-त्री–** तस्विर खिच्ने, चित्र बनाउने। **चित्रम्–** तस्विर, चित्र। **चित्रितः–** तस्विर खिचेको, चित्र बनाएको। **चित्रयितुम्–** तस्विर खिच्न, चित्र बनाउन। **चित्रयित्वा/प्रचित्र्य–** तस्विर खिचेर, चित्र बनाएर। **चित्रणम्/चित्रणा–** तस्विर खिच्ने काम, चित्र बनाउने काम इत्यादि। **द्रष्टव्यः** –साहित्यको क्षेत्रमा चित्र धातुको अर्थ चित्रण गर्नु भन्ने पनि हुन्छ इत्यादि।

चित्रः (पुं.वि.) [*चीयते इति अमिचिमिशमिभ्यः क्त्रः (उ.) इति क्त्रः*] १.आश्चर्यजनक २.(पुं.) अलङ्कारविशेष। **~कण्ठः** (पुं.) [*चित्रं कण्ठे यस्य सः, बहु.स.*] परेवा। **~कर्म** (नपुं.) [*चित्रस्य कर्म, ष.त.*] सजावट/शृङ्गार/अनौठो काम/तस्विर/चित्र बनाउने काम। **~कला** (स्त्री.) [*चित्रस्य कला ष.त.*] चित्र बनाउने विद्या/तस्विर बनाउने कला/चित्रकारी/चित्रविद्या। **~कारः** (पुं.) [*चित्रं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*]चित्रकार/चित्रकृत्/चित्रशिल्पी/चित्र बनाउने व्यक्ति। **~काव्यम्** (नपुं.) [*चित्रञ्च तत् काव्यम्, कर्म.स.*] विशेष क्रमले अक्षर मिलाएर लेख्दा कुनै चित्र बन्ने काव्य/शब्द र अर्थनिष्ठ अलङ्कारप्रधान काव्य। **~क्रिया** (स्त्री.) [*चित्रस्य क्रिया, ष.त.*] चित्रण गर्ने कला। **~गुप्तः** (पुं.) [*चित्रयति शुभाशुभकर्माणि लिखति, गुप्तश्च यः, बहु.स.*] १.प्राणीहरूले गरेका पाप– पुण्यको लेखा राख्ने एक देवता २.चौध यममध्ये एक यम। **~पटम्** (पुं.) [*चित्रस्य पटम्, ष.त.*] तस्विर/चित्र बनाउने लुगा। **~मयः** (पुं.वि.) [*प्रशस्तं चित्रमस्यास्ति, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] तस्विरै तस्विरले बनेको/भरिएको। **~लिपिः** (स्त्री.) [*चित्रा चासौ लिपिश्च, कर्म.स.*] साङ्केतिक लिपि/अक्षरका बदलामा रेखाबिन्दु वा वस्तुका आकृति आदिबाट शब्द वा भावको सङ्केत गर्ने लिपि/चित्रलेखा। **~लेखा** (स्त्री.) [*चित्रस्य लेखा, ष.त.*] १.तस्विर लेख्ने कुची। २.[*चित्रस्य लेखा, ष.त.*] चित्र लेखनमा विख्यात पौराणिक एक स्त्रीपात्र ३.प्रत्येक पाउमा क्रमैले मगण, भगण, नगण, लघुवर्ण, तगण, तगण, तथा दुई गुरुवर्ण प्रयोग भएको छन्द। **मन्दाक्रान्ता नपरलघुयुता कीर्तिता चित्रलेखा॥** (छन्दो.) **~विचित्रम्** (नपुं.) [*चित्रञ्च तद् विचित्रञ्च, कर्म.स*] रङविरङको/अनेक रङको/किसिम किसिमको। **~शाला** (स्त्री.) [*चित्रप्रधाना शाला, म.प.स.*] चित्रकलाको प्रदर्शन गरिने घर/तस्विरले सजाइएको घर/तस्विरले सुसज्जित भवन। **~शिखण्डी** (पुं.) [*चित्रशिखण्डः, अस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] सप्तऋषिको उपाधि।

चित्रकः (पुं.) [*चित्रयतीति, चित्र अद्‌भुतादौ इति धातोःक्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अँडिर २.तिल्के रुख ३.चित्रकार ४.फोटोग्राफर। ५.[*चिं बुद्धिं त्रायते, त्रैङ् पालने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, स्वार्थे कन् ५.३.७५*] तिलक ६.चितु। यो तीन प्रकारको हुन्छ– १.**सेतो फूल फुल्ने**– यो नेपाल, विहार, बङ्गाल, दक्षिणभारत, सिलोन र कुमाउका पर्वतीय प्रदेशहरूमा उपलब्ध हुन्छ। यसको बोट २ देखि ५ फुटसम्मको हुन्छ। चमेलीको जस्तै अत्यन्त सेतो फूल फुल्छ। अरुचि, अजीर्ण, अतीसार आदिको निदानमा यसको उपयोग हुन्छ। २.**रातो फूल फुल्ने**– यो सिक्किमका तराईमा मात्र अलिअलि नमुनाको रूपमा उपलब्ध हुन्छ। यो सेतो चित्रकभन्दा बढी गुणकारी हुन्छ। ३.**निलो फूल फुल्ने चित्रक**– यो दक्षिण अफ्रिकाका बगैँचामा लगाइएको पाइन्छ। यसको सेवनबाट सेतो कपाल कालो हुन्छ। पहेँलो चितु पनि भेटिएको छ तर त्यसको नाम आयुर्वेदका प्राचीन ग्रन्थहरूमा उल्लेख भएको देखिँदैन। ७.[*चित्रमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] चितुवा।

चित्रकम् (नपुं.) [*चित्रयति, चित्र चित्रक्रियायाम् इति धातोः, क्वुन, यद्वा चित्रं करोति वा, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] निधारमा लगाइने टीका।

चित्रकरः (पुं.) [*चित्रं करोति, दिवाविभानिशा– ३.२.२१ इति टः*] चित्र तयार गर्ने व्यक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्रकूटः (पुं.) [*चित्राणि कूटानि शिखराणि यत्र सः, बहु.स.*] १.कुशद्वीपको एक क्षेत्र २.भारतको एक प्रसिद्ध रमणीय पर्वत। यहाँ वनवासको समयमा राम, लक्ष्मण र सीता पर्णकुटी बनाएर लामो समयसम्म बसेका थिए। यो हिन्दुहरूको महत्त्वपूर्ण तीर्थस्थल हो। कामदगिरिको परिक्रमा र देवताको दर्शन यहाँको मुख्य विशेषता हो। पाँच दिनमा यहाँका सबै तीर्थको दर्शन गर्न सकिन्छ। यहाँका तीर्थस्थलहरूमा रामघाट, राघवप्रयाग, हनुमान् धारा, जानकीकुण्ड,स्फटिकशिला, अत्रिआश्रम, गुप्तगोदावरी, मन्दाकिनीघाट, कुशघाट, भरतकूप मुख्य छन्। आसपासका अन्य तीर्थमा गणेशकुण्ड, वाल्मीकि आश्रम, विराधकुण्ड, शरभङ्ग आश्रम उल्लेखनीय छन्। यो प्रयागबाट २७ कोश दक्षिणमा पर्दछ।

चित्रणम् (नपुं.) [*चित्र चित्रीकरणे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] चित्र बनाउने काम २.पात्रका चरित्रको चित्रण (व्याख्या) गर्ने काम।

चित्रपदा (स्त्री.) [*चित्राणि पदानि यस्यां सा, बहु.स.*] प्रत्येक पाउमा क्रमशः दुई भगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। **चित्रपदा यदि भौ गौ** (छन्दो.)।

चित्रपर्णी (स्त्री.) [*चित्राणि पर्णानि यस्याः सा, बहु.स.*] चाल्ने सिस्नु।

चित्रभानुः (पुं.) [*चित्रा भानवो यस्य सः, बहु.स.*] १.अग्नि २.सूर्य। **चित्रभानुः पुमान् वैश्वानरे चाहस्करेऽपि च** (विश्व.)।

चित्रम् (नपुं.) [*चित्रयति, चित्र चित्रीकरणे इति धातोः, नन्दिग्रहि ३.१.१३४ इत्यच्, यद्वा चीयते इति अमिचिमिशमिभ्यः क्त्रः (उ.) इति क्त्रः*] १.छिरबिरे रङ २.आश्चर्य ३.फोटो/तस्वीर ४.आखुपर्णीनामक वृक्षविशेष। (मेदिनी.) ५.समानिका छन्दका दुई पाउ मिलेर एक पाउ भएको एक छन्द, अर्थात् जुन छन्दको प्रत्येक पाउमा क्रमशः गुरु र लघुवर्णपछि रगण, जगण, गुरु तथा लघुवर्ण, रगण, जगण आउँछन्, त्यो छन्द। **चित्रसंज्ञमीरितं समानिकापदद्वयन्तु** (छन्दो.)।

चित्रमृगः (पुं.) [*चित्रश्चासौ मृगश्च, कर्म.स.*] थोप्ला भएको मृग।

चित्ररथः (पुं.) [*चित्रो रथो यस्य सः,बहु.स.*] गन्धर्वविशेष।

चित्रवत् (नपुं.) [*चित्रेण तुल्यम्, तेन तुल्यं क्रियाचेद् वतिः ५.१.११५ इति वतिः*] चित्रजस्तो/गतिरहित/निश्चल।

चित्रशिखण्डिजः (पुं.) [*चित्रशिखण्डिनो जातः, उप.त., ऋषयः सप्त धीमद्भिः स्मृताश्चित्रशिखण्डिनः इति हारावली, तदन्तर्गतादङ्गिरसो जातत्वात्, पञ्चम्यां जनेर्डः ३.२.९८ इति डः*] बृहस्पति।

चित्रशिखण्डिनः (पुं.बहु.) [*चित्राः शिखण्डाश्चूडाविशेषाः सन्ति येषान्ते*] १.मरीचि, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, ऋतु र वसिष्ठ यी सातवटा ऋषिको संयुक्त नाम। **मरीचिरङ्गिरा अत्रिः पुलस्त्यः पुलहः ऋतुः। वसिष्ठश्चेति सप्तैते ज्ञेयाश्चित्रशिखण्डिनः।**

चित्रशिखण्डी (पुं.) [*चित्रः शिखण्डश्चूडाविशेषोऽस्त्यस्य, इनिः*] १.आगो २.गोरु ३.बाण ४.केतु ग्रह ५.रुख ६.मयूर ७.कुखुरो ८.घोडा ९.(पुं.वि.) शिखा भएको।

चित्रा (स्त्री.) [*चित्र चित्रीकरणे इति धातोः, ण्यन्तात् नन्दिग्रहि पचादिभ्यो- इत्यच्, टाप्*] १.सर्प २.आखुपर्णी वृक्षविशेष ३.अप्सरा ४.सुभद्रा ५.छिरबिरे आइमाई ६.नदी ७.तिलक ८.माया ९.ज्योतिष शास्त्रअनुसार सत्ताइस नक्षत्रमध्येको चौधाँ नक्षत्र। यो एउटै तारा भएकाले यसको छुट्टै योगतारा छैन। यो क्रान्तिवृत्तबाट २ अंश १० कला दक्षिणपट्टि छ। यस नक्षत्रको आकार मोतीको बिन्दुजस्तो देखिन्छ। (सि.द.) पादव्यवस्था-अनुसार यस नक्षत्रमा जन्मने बालकको नाम पे, पो, रा, रीबाट प्रारम्भ हुन्छ। चित्राका प्रथम तथा द्वितीय पाउ कन्याराशिमा र तृतीय तथा चतुर्थ पाउ तुला राशिमा पर्दछन्। यो प्रथम श्रेणीको तारा हो। यो हाम्रो सूर्यभन्दा ४४० गुना ठुलो छ। चित्रानक्षत्र पृथ्वीबाट १२० प्रकाशवर्ष टाढा छ। यसको अन्तिम सीमा १८६ अंश ४० कला हो। यो अहिले १८३ अंश ५८ कलामा अवस्थित छ। यसका देवता त्वष्टा हुन्। **त्वाष्ट्री चित्रा।** (अभि.चि.) १०.प्रत्येक पाउमा क्रमशः तीन मगण तथा दुई यगण प्रयोग भएको छन्द। **चित्रानामच्छन्दश्चित्रं चेत् त्रयो मा यकारौ** (छन्दो.)।

(चित्रा)

चित्रितः पुं.वि.) चित्र्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः १.चित्रण गरिएको २.फोटो खिचिएको ३.चित्र बनाइएको।

चित्रीयमाणः (पुं.) [*चित्रीयते इति, चित्रङ् आश्चर्ये इति धातोः नमोवरिवश्चित्रङः क्यच् इति क्यच्, अवयवे कृतलिङ्गसमुदाये पर्यवस्यति इति क्यजन्तादात्मनेपदम्, ततः शानच्*] चित्रजस्तै बनेको।

चित्रोक्तिः (स्त्री.) [*चित्रा चासौ उक्तिश्च, कर्म.स.*] अद्भुत वाणी/विलक्षण बोली/ओजस्वी भाषण।

चित्रोत्तरम् (नपुं.) [*चित्रञ्च तदुत्तरञ्च, कर्म.स.*] प्रश्नका शब्दहरूमै उत्तर लुकेर रहेको वा धेरै प्रश्नको एउटै उत्तर भएको एक काव्यालङ्कार। जस्तै—

विद्वान् कीदृक् वचो ब्रूते को रोगी कश्च नास्तिकः।
कीदृक् चन्द्रं न पश्यन्ति तत्सूत्रं पाणिनेर्वद॥ (सुभा.)

चिन्तकः (पुं.वि.) [*चिन्तयतीति, चिति संज्ञाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] चिन्ता गर्ने/विचार गर्ने।

चिन्तनम् (नपुं.) [*चिति संज्ञाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वस्तुलाई बारम्बार सम्झनु/ध्याउन्न गर्नु/मनन गर्नु/स्मरण गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्ता (स्त्री.) [*चिन्तनम्, चिति स्मृत्याम्, इति धातोः, चिन्तिपूजि कथिकुम्बिचर्चश्च ३.३.१०५ इत्यङ्, ततष्टाप् ४.१.४*] १.ध्याउन्न/फिक्री २.पीर। **चिन्तासमं नास्ति शरीरशोषणम्** (सुभा.) ३.विचार/मनन। **~आकुलः** (पुं.वि.) [*चिन्तया आकुलः, तृ.त.*] चिन्तातुर/चिन्ताले आकुल वा चिन्तामा डुबेको/ चिन्तामग्न। **~मणिः** (पुं.) [*चिन्तायाः मणिः, ष.त.*] १.मनले चिताएको वस्तु पूरा गरिदिने एक कल्पित रत्न २.[*चिन्तया धारणाध्यान-समाधिभिः मण्यते आहूयते, मणधातोः इण्*] १.ब्रह्मा २.परमेश्वर ३.ॐ ह्री क्लीं भन्ने मन्त्र।

अवामावामार्द्धे स्फटिकमुभयाकारघटनाद्
द्विधाभूतं रूपं भगवदभिधेयं भवति यत्।
तदन्तर्मन्त्रं मे स्मरहरमयं सेन्दुममलं
निराकारं शश्वज्जप नरपते सिध्यतु स ते॥ (नैष.) ४.बुद्ध

५.घोडाविशेष। **~शीलः** (पुं.वि.) [*चिन्तायां शीलः, स.त.*] शोचविचार गरिरहने स्वभावको/मननशील।

चिन्मयः (पुं.वि.) [*प्रशस्तं चित् चैतन्यमस्य,. तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] १.शुद्ध ज्ञानमय चैतन्ययुक्त/ चैतन्यस्वरूप भएको २.(पुं.) परमेश्वर/परब्रह्म।

चिपिटकः (पुं.) [*नासिकायां नतम्, इनच्पिटच्चिकचि च ५.२.३३ इति पिटच्, प्रकृतेश्चि आदेशः, चिपिटमिव, संज्ञायां कन् ५.३.७५, इवे प्रतिकृतौ ५.३.९६ इति वा कन्*] च्युरा

चिपिटा (स्त्री.) [*चिपिटशब्दात् स्त्रियां टाप्*] चिउरा।

शालयः सतुषा आर्द्रा भृष्टाश्च स्फुटितास्ततः।
कुट्टिताश्चिपिटाः प्रोक्तास्ते स्मृताः पृथुका अपि॥
(भा.प्र.नि.)

चिबुकम् (नपुं.) [*चीवति, चीव्यते वा चीवृ आदानसंवरणयोः इति धातोः, मृगय्वादयश्च (उ.) ३९, स्वार्थे कन् (ज्ञापि. ५.४.५ चिनोति शोभां वा, पृषोदरादितया बत्वम्*] चिउँडो।

अधस्तादधरोष्ठस्य चिबुः स्याच्चिबुकं तथा (निगम)।

चिरकारी (पुं.) [*चिरं करोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] ढिलो निर्णय लिने।

बन्धूनां सुहृदाञ्चैव भृत्यानां स्त्रीजनस्य च।
अव्यक्तेष्वपराधेषु चिरकारी प्रशस्यते॥ (सुभा.)

चिरकालः (पुं.) [*चिरं कालः, सह सुपा इति समासः*] लामो समय/दीर्घ काल।

चिरकालिकः (पुं.वि.) [*चिरकाले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] लामो समयसम्मको/दीर्घकालको।

चिरक्रियः (पुं.) [*चिरं क्रिया यस्य सः बहु.स.*] जुम्सो।

चिरञ्जीवी (पुं.वि.) [*चिरञ्जीवतीति तच्छीलः, जीव प्राणने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.चिरञ्जीवी/धेरै कालसम्म बाँच्ने २.अश्वत्थामा, बलि व्यास, हनुमान्, विभीषण, कृपाचार्य, परशुराम र मार्कण्डेय नामक आठ ऋषिहरू।

चिरञ्जीवीभट्टाचार्यः (पुं.) संस्कृतका एक चम्पूकाव्यकार। यिनका प्रकाशित ग्रन्थहरू विद्वन्मोदतरङ्गिणी र माधवचम्पू छन्। विद्वन्मोदतरङ्गिणी आठ तरङ्गमा विभक्त छ। प्रथम तरङ्गमा कविले आफ्नो वंशको वर्णन गरेका छन्। दोस्रो तरङ्गमा वैष्णव, शाक्त, शैव, अद्वैतवादी, वैशेषिक, न्याय, मीमांसा, वेदान्त, सांख्य, पातञ्जलयोग, पौराणिक, ज्योतिषी, आवुर्वेदज्ञ, वैयाकरण, आलङ्कारिक र नास्तिकहरूलाई एकै ठाउँमा भेला गराएका छन् र तेस्रोदेखि आठौँ तरङ्गसम्म उनीहरूको मत प्रतिपादन गरेर खण्डन गरेका छन्। अन्तिम तरङ्गमा कविले समन्वयवादी दृष्टिकोण राखेका छन्। यसमा पद्यको बाहुल्य छ। माधवचम्पू पाँच उच्छवासमा विभक्त छ। यसमा कविले माधव र कलावतीका प्रणयगाथाको चित्रण गरेका छन्। यस काव्यमा शृङ्गाररसको प्राधान्य छ।

चिरनिद्रा (स्त्री.) [*चिरं निद्रा, सह सुपा २.१.४ इति समासः*] महानिद्रा/निधन।

चिरन्टी (स्त्री.) [*चिरेणाटति पितृगेहाद् भर्तृगेहम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुः, वयसि प्रथमे ४.१.२० इत्यत्र वयस्यचरम इति वाच्यम् (वा) इति वचनात् ङीष्*] उमेर पुगेर विवाह गरी वा नगरी बाबुको घरमा बसेकी स्त्री।

चिरन्तनः (पुं.वि.) [*चिरं भवः सायंचिरंप्राह्णप्रगेभ्यष्ट्युट्युलौ तुट् च ४.३.२३ इति ट्युः, तुट् च, अनादेशः*] पुरानो/धेरै काल अघिको।

चिरपरिचितः (पुं.वि.) [*चिरं परिचितः, त.स.*] धेरै अघिदेखि चिनजान भएको।

चिरप्रसूता (स्त्री.) [*चिरं प्रसूता, सह सुपा २.१.४ इति समासः*] बकेर्नो गाई।

चिरम् (नपुं.) [*चिनोतीति, चिञ् चयने इति धातोः, शुसिचिमीनां दीर्घश्च (उ.) १९३ इति क्रन्, दीर्घश्च*] धेरै समयसम्म।

चिररात्राय (अव्य.) [*चिरं रात्राय, अच्प्रत्यन्वव—५.४.७५ इत्यत्र अच् इति योगविभागादच्, चिररात्रानयते, कर्मण्यण् इत्यण्*] धेरै काल।

चिरस्मरणीयः (पुं.वि.) [*चिरं स्मरणीयः, त.स.*] धेरै दिनसम्म सम्झन लायक।

चिरस्य (अ.) [*चिरमस्यति, असु क्षेपणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.२४ इति ण्यत्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्*] धेरै काल।

चिरागतः (पुं.वि.) [*चिरमागतः, त.स.*] प्राचीन समयदेखि चलि-आएको।

चिराचरितः (पुं.वि.) [*चिरमाचरितः, त.स.*] प्राचीन समयदेखि चल्ती भएको।

चिरात् (अव्य.) धेरै काल देखि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिराय (अ.) [*चिरमयते, अय गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] धेरै काल।

चिरायुः (पुं.) १.[*चिरमायुर्यस्य सः, बहु.स.*] चिरञ्जीवी २.(नपुं.) [*चिरञ्च तदायुश्च, कर्म.स.*] लामो आयु।

चिरि (धा.) [*हिंसायाम्, स्वा. सक.सेट् पर.*] हिंसा गर्नु। लट्– **चिरिणोति–** हिंसा गर्छ इत्यादि।

चिरिविल्वः (पुं.) [*चिरं विलति, विल भेदने इति धातोः, बाहुलकाद्वः*] कुबेराक्ष/करञ्ज।

चिल (धा.) [*वसने, सक.सेट् पर.*] लुगा लगाउनु। लट्– **चिलति–** लुगा लगाउँछ। लिट्– **चिचेल–** लुगा लगाएछ इत्यादि। कृदन्ते– **चेलः–** लुगा इत्यादि।

चिलिचिमः (पुं.) [*चिल विलसने इति धातोः, इगुपधात्कित् (उ.) ५६९ वीप्सायां द्वित्वम्, चिलिं चिलिं विलासं मिमीते, माङ् माने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] भार भएको ठाउँमा पाइने सानो जातको माछो। **नलमीनश्चिलिचिमो बृहन्मीनोऽब्धिजस्तिमिः** (रत्न.)।

चिल्ल (धा.) [*शैथिल्ये भ्वा. भावकरणे च, अक.सेट् पर.*] खुकुलो पार्नु, मनको भाव प्रकट गर्नु। लट्– **चिल्लति–** खुकुलो पार्छ, मनको भाव प्रकट गर्छ इत्यादि।

चिल्लः (पुं.) [*चिल्लति, चिल्ल शैथिल्ये भावकरणे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.चिल २.[*चिल् चिल पिल् आदेशाः 'अस्य चक्षुषि' इत्यर्थे*] कचेरा लाग्ने रोगले ग्रस्त।

चिल्ली (स्त्री.) [*चिल्लति, चिल्ल शैथिल्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.लोध २.सागविशेष ३.झ्याँउँकिरी।

चिह्नम् (नपुं.) [*चाहयति, चह्यतेऽनेन वा, चह परिकल्कने इति धातोः, बाहुलकात्नक्, उपधाया इत्वञ्च*] १.चन्द्रमामा रहेको धब्बा २.कुनै कुराको सङ्केत ३.ध्वजा। **चिह्नं लक्ष्मपताकयोः** (मेदिनी.)।

चीक (धा.) [*आमर्षणे, चुरा. सक.सेट् उभय.*] सहनु, उत्ताउलो हुनु, असहिष्णु बन्नु। लट्– **चीकयति-ते–** सहन्छ, उत्ताउलो बन्छ, असहिष्णु बन्छ इत्यादि।

चीनः (पुं.) [*चीयते वृषलत्वादिदोषो यत्र, चिञ् चयने इति धातोः, बाहुलकाद् नक् दीर्घश्च*] १.मृगविशेष २.देशविशेष ३.तन्तुविशेष ४.धानविशेष। **चीनो देशांशुकव्रीहिभेदे तन्तौ मृगान्तरे** (मेदिनी.)।

चीनम्(नपुं.) [*चिनोति कीर्त्यादिकम्, चिञ् चयने इति धातोः, बाहुलकाद् नक् दीर्घश्च*] १.ध्वजा २.सिसा।

चीभृ (धा.) [*कत्थने, भ्वा. सक.सेट् आत्म.*] प्रशंसा गर्नु, सेखी झार्नु, आत्मस्तुति गर्नु। लट्– **चीभते–** प्रशंसा गर्छ,, सेखी झार्छ, आत्मस्तुति गर्छ इत्यादि।

चीरम् (पुं.) [*चिनोति आवृणोति, कटिदेशादिकम्, चिञ् चयने इति धातोः, शुसिवचिमीनां दीर्घश्च (उ.) १८३ इति क्रन्, दीर्घश्च*] १.कपडाको धरो/वस्त्रको धुर्को २.कपडा ३.होलीको दिन जलाइने ध्वजा ४.बोक्रा ५.गाईको स्तन ६.रेखा ३ लेखनप्रकार **~हरणम्** (नपुं.) [*चिरस्य हरणम्, ष.त.*] गोपिनीहरूको वस्त्रहरण गर्ने एक लीला। **~परिग्रहः** (पुं.) [*चीरस्य परिग्रहः, ष.त.*] वस्त्र लगाउनु।

चीरी (स्त्री.) [*चिनोति, चिञ् चयने इति धातोः, शुसिवचिमीनां दीर्घश्च (उ) ८३.इति क्रन्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] भिल्ली। **चीरी भिल्ल्यां, नपुंसकम्। गोस्तने वस्त्रभेदे च रेखालेखनभेदयोः** (मेदिनी.)।

चीरुका (स्त्री.) [*ची इति रौति, रु शब्दे इति धातोः, बाहुलकात् कक्, टाप् ४.१.४*] भिल्ली ।

चीव (धा.) [*भाषायाम्, चुरा. सक.सेट्, उभय.*] शब्द गर्नु। लट्– **चीवयति-ते–** शब्द गर्छ इत्यादि।

चीवरम् (नपुं.) [*चिञ् चयने, इति धातोः, छित्वरछत्वरधीवरपीवरमीवरचीवरतीवरनीवरगह्वरकट्वरसंयद्वराः (उ.) २८८ इति ष्वरच्प्रत्ययान्तो निपातः, दीर्घश्च*] लुगा/भिक्षुले लगाउने लुगा।

चीवृ (धा.) [*आदानसंवरणयोः, सक.सेट् उभय.*] लिनु, पक्रनु। लट्– **चीवति-ते–** लिन्छ, पक्रन्छ इत्यादि।

चुक्क (धा.) [*व्यथने, चुरा.सक.सेट् उभय.*] दुःख दिनु। लट्– **चुक्कयति-ते–** दुःख दिन्छ इत्यादि।

चुक्रः (पुं./नपुं.) [*चकते तृप्यति प्रतिहन्यते वा सः, चक तृप्तौ इति धातोः, चकिरम्योरुच्चोपधायाः (उ.) १८१ इति रक्, उपधायाः उत्*] अमिलो। **चुक्रं वृक्षाम्ले चाङ्गेर्यां स्त्री पुंस्यम्लेऽम्लवेतसे** (विश्व.)।

चुक्रिका (स्त्री.) [*चुक्कयतीति, चुक्क व्यथने इति धातोः, ऋज्रेन्द्र– (उ.) इति साधुः, स्वार्थे कन् ५.३.७५ चुक्रमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन् वा, टाप् ४.१.४, इत्वम्*] चरिअमिलो।

चुचुकम् (नपुं.) [*चुचु इत्यव्यक्तशब्देन कायते प्रकाशते पानकाले, कः,आतो लोपः*] स्तनको मुन्टो।

चुट (धा.) [*छेदने, तुदा सक.सेट् पर.*] प्वाल पार्नु, चुट्नु। लट्– **चुटति–** प्वाल पार्छ, चुट्छ इत्यादि।

चुट(धा.) [*छेदने,चुरा.सक.सेट् पर.*] काट्नु,चोट लाग्ने गरी हिर्काउनु। लट्–**चोटयति-ते–**काट्छ,चोट लाग्ने गरी हिर्काउँछ आदि।

चुट्ट (धा.) [*अल्पीभावे, चुरा अक.सेट् उभय.*] कम हुनु, बटुल्नु। लट्– **चुट्टयति-ते–** कम हुन्छ, बटुल्छ इत्यादि।

चुटि (धा.) [*छेदने, चुरा सक.सेट् उभय.*] काट्नु, खुर्कनु, तोड्नु। लट्– **चुण्टयति-ते–** काट्छ, खुर्कन्छ, तोड्छ इत्यादि।

चुड (धा.) [*संवरणे, तुदा सक.सेट् पर.*] बेर्नु। लट्– **चुडति–** बेर्छ इत्यादि। कृदन्ते– **चूडा–** टुप्पी/शिखा इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुडि (धा.) [*अल्पीभावे, भ्वा.अक.सेट्, पर.*] थोरै हुनु। लट्– **चुण्डति–** थोरै हुन्छ इत्यादि।

चुड्ड (धा.) [*भावकरणे, भ्वा. अक.सेट् पर.*] अभिप्राय बताउनु, इसारा गर्नु, लट्– **चुड्डति–**अभिप्राय बताउँछ, इसारा गर्छ इत्यादि।

चुद (धा.) [*संचोदने,चुरा सक.सेट् उभय.*] प्रेरणा दिनु, सोध्नु, प्रार्थना गर्नु। लट्– **चोदयति-ते–** प्रेरणा दिन्छ, सोध्छ, प्रार्थना गर्छ लिट्– **चोदयाञ्चकार, चक्रे–** प्रेरणा दिएछ, सोधेछ, पार्थना गरेछ। लुट्– **चोदयिता–** प्रेरणा दिने छ, सोध्ने छ, प्रार्थना गर्ने छ। लृट्– **चोदयिष्यति–** प्रेरणा दिने छ, सोध्ने छ, प्रार्थना गर्ने छ। लोट्– **चोदयतु**-प्रेरणा देओस्,सोधोस्, प्रार्थना गरोस् लङ्– **अचोदयत्–** प्रेरणा दियो, सोध्यो, प्रार्थना गऱ्यो। विधिलिङ्– **चोदेत**- प्रेरणा देला, प्रेरणा देओस्, सोध्ला, सोधोस्, प्रार्थना गर्ला, प्रार्थना गरोस्। आ.लिङ्- **चोद्यात्–** प्रेरणा देओस्, सोधोस्, प्रार्थना गरोस्। लुङ्– **अचूचुदत्**- प्रेरणा दियो, सोध्यो, प्रार्थना गऱ्यो। लङ्– **अचोदयिष्यत्**- प्रेरणा दिने थियो, सोध्ने थियो, प्रार्थना गर्ने थियो। कर्मणि– **चोद्यते–** प्रेरणा दिइन्छ, सोधिन्छ, प्रार्थना गरिन्छ। सनि- **चुचोदयिषति–** प्रेरणा दिन चाहन्छ, सोध्न खोज्छ, प्रार्थना गर्न चाहन्छ। कृदन्ते– **चोदकः, चोदिका, चोदयिता, चोदयित्री–** प्रेरणा दिने, सोध्ने, प्रार्थना गर्ने। **चोदयन्**- प्रेरणा दिइरहेको, सोधिरहेको, प्रार्थना गरिरहेको। **चोदयितव्यम्, चोदनीयम्, चोद्यम्–** प्रेरणा दिनुपर्ने वा दिइने, सोध्नु पर्ने वा सोधिने, प्रार्थना गर्नुपर्ने वा गरिने। **चोदना–** प्रेरणा, प्रश्न, प्रार्थना **चोदितः**- प्रेरणा दिइएको, सोधिएको। **चोदितवान्–** प्रेरणा दिएको,सोधेको, प्रार्थना गरेको। **चोदयितुम्–** प्रेरणा दिन,सोध्न, प्रार्थना गर्न, **चोदयित्वा, प्रचोद्य–** प्रेरणा दिएर, सोधेर, प्रार्थना गरेर। **चोदनम्–** प्रेरणा दिनु,प्रश्न गर्नु, प्रार्थना गर्नु इत्यादि।

चुप (धा.) [*मन्दायां गतौ, भ्वा. अक.सेट् पर.*] विस्तारै हिँड्नु। लट्– **चोपति–** विस्तारै हिँड्छ इत्यादि।

चुबि (धा.) [*वक्त्रसंयोगे, भ्वा.सक.सेट् पर.*] चुम्बन गर्नु। लट्– **चुम्बति–** चुम्बन गर्छ। लट्– **चुचुम्ब–** चुम्बन गरेछ (अन.)। लुट्– **चुम्बिता–** चुम्बन गर्ने छ। (अन.)। लृट्– **चुम्बिष्यति–** चुम्बन गर्ने छ। **चुम्बतु–** चुम्बन गरोस्। लङ्– **अचुम्बत्–** चुम्बन गऱ्यो (अन.)। विधिलिङ्– **चुम्बेत्–** चुम्बन गर्ला, चुम्बन गरोस्। आशीर्लिङ्– **चुम्ब्यात्–** चुम्बन गरोस्। लुङ्– **अचुम्बीत्–** चुम्बन गऱ्यो लृङ्– **अचुम्बिष्यत्–** चुम्बन गर्ने थियो। कर्मणि– **चुम्ब्यते–** चुम्बन गरिन्छ। णिचि– **चुम्बयति-ते–** चुम्बन गराउँछ। सनि– **चुचुम्बिषति–** चुम्बन गर्न चाहन्छ। कृदन्ते– **चुम्बकः/चुम्बिका/चुम्बिता-त्री–** चुम्बन गर्ने। **चुम्बन्-न्ती–** चुम्बन गरिरहेको/की। **चुम्बयितव्यम्, चुम्बनीयम्–** चुम्बन गर्नुपर्ने। **चुम्बितः– तवान्–** चुम्बन गरेको इत्यादि।

चुबि (धा.) [*हिंसायाम् सक.सेट् उभय.*] मार्नु, दुःख दिनु। लट्– **चुम्बयति–** मार्छ, दुःख दिन्छ इत्यादि।

चुम्बकः (पुं.वि.) [*चुम्बते इति, चुबि चुम्बने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] फलामलाई आफूतिर तान्ने एक प्रकारको पत्थर २.म्वाइँ खाने वा चुम्बन गर्ने मानिस।

चुम्बनम् (नपुं.) [*चुबि चुम्बने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] म्वाइँ खाने काम/चुम्बन गर्नु।

चुम्बितः (नपुं.) [*चुम्ब्यते स्म, चुबि वक्त्रसंयोगे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] चुम्बन गरिएको।

लेखनी पुस्तकं रामा परहस्तगते गता।
कदाचित् पुनरायाता नष्य भ्रष्य च चुम्बिता॥ (सुभा.)

चुर (धा.) [*स्तेये, चुरा.सक.सेट् उभय.*] चोर्नु। लट्– **चोरयति–** चोर्छ। लिट्– **चोरयामास–** चोरेछ (अन.)। लुट्– **चोरयिता–** चोर्ने छ (अन.) लृट्– **चोरयिष्यति–** चोर्ने छ। लोट्– **चोरयतु–** चोरोस्। लङ्–**अचोरयत्–** चोऱ्यो (अन.)। विधिलिङ्– **चोरयेत्–** चोर्ला, चोरोस्। आशीर्लिङ्–**चोर्यात्–** चोरोस्। लुङ्– **अचूचुरत्–**चोऱ्यो। लृङ्– **अचोरयिष्यत्–** चोर्ने थियो। आत्मनेपदे– **चोरयते, चोरयाञ्चक्रे** इत्यादि। कर्मणि– **चोर्यते–** चोरिन्छ।सनि– **चुचोरयिषति-ते–** चोर्न चाहन्छ। कृदन्ते– **चोरकः/चोरिका/चोरयिता-त्री–**चोर्ने। **चोरयन्-न्ती–** चोरिरहेको/की। **चोरः/चौरः–** चोर। **चोरयितुम्–** चोर्न। **चोरयित्वा/प्रचोर्य–** चोरेर। **चोरयितव्यम्/चोरणीयम्/चोर्यम्–** चोर्नुपर्ने, चोरिने इत्यादि।

चुल (धा.) [*समुच्छ्राये, चुरा.सक.सेट् उभय.*] बढाउनु, अग्लो हुनु, भिज्नु, डुब्नु। लट्– **चोलयति-ते–** बढाउँछ, अग्लो हुन्छ, भिज्छ, डुब्छ इत्यादि।

चुल्ल (धा.) [*भावकरणे, भ्वा. अक.सेट् पर.*] आफ्नो अभिप्राय बताउनु। लट्– **चुल्लति–** आफ्नो अभिप्राय बताउँछ इत्यादि।

चुल्लि (स्त्री.) [*चुल्ल्यतेऽत्र, चुल्ल भावकरणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्, चुद्यतेऽत्राग्निरिति वा, चुद प्रेरणे इति धातोः, बाहुलकाल्लिक्, पक्षे कृदिकारात्– (ग.सू.) ४.१.४५इति ङीष्*] चुल्हो।

चूचुकम् (नपुं.) [*चूष्यते इति, चूष पाने इति धातोः, बाहुलकादुकः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] स्तनको मुन्टो। **चूचुको ना कुचाननम्** (रत्न.)।

चूडा (स्त्री.) [*चोलयन्ति मस्तकादुपरि उन्नता भवन्ति, यद्वा चुड्यते, चुड संवरणे इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, उपधायाः दीर्घः, चुद सञ्चोदने इति धातोर्वा पूर्ववत्, निपातनाद दस्य डत्वम्*] १.शिखर/टाकुरो २.टुप्पी ३.कल्की ४.संस्कार–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष। ~**कर्म** (नपुं.) [चूडायाः *कर्म*] कुमारको पहिलो पटक केश काट्ने संस्कार/चौलकर्म।

चूडामणिः (पुं.) १.[*चूडायाः मणिः, ष.त.*] शिरमा लगाउने मणि २.[*चूडायां मणिर्यस्य सः, बहु.स.*] शिरमा मणि लगाएको व्यक्ति। ३.ग्रहणकालमा पर्ने योगविशेष ४.रातीगेडी।

चूडामणिः काकचिञ्चाफले मूर्धमणावपि (हैम.)।

चूडालः (पुं.वि.) [*चूडा अस्यास्ति, प्राणिस्थादातो ५.२.९६ इति लच्*] १.शिखा पालेको वा भएको २.कल्की भएको।

चूडाला (स्त्री.) [*चूडाऽस्त्यस्याः, प्राणिस्थादातो लजन्यतरस्याम् ५.२.९६ इति लच्, टाप्*] सेती गेडी।

चूडाला तूच्चयायां स्त्री चूडावति च वाच्यवत् (मेदिनी.)।

चूतः (पुं.)१.[*चूष्यते पीयते इति चूष पाने इति धातोः, निष्ठा ३.२.१०२ इति कर्मणि क्तः, पृषोदरादित्वात् ६.३.१०९ षलोपः*] आँपको रुख। **आम्रश्चूतो रसालोऽसौ**। (अमर.) २.[*चोतति क्षरति शोणितादिकमस्मात्, चुत क्षरणे इति धातोः बाहुलकात् कः, दीर्घश्च*] गुदद्वार।

चूरी (धा.) [*दाहे, सक.सेट् आत्मने.*] डढाउनु। लट्– **चूर्यते**– डढाउँछ इत्यादि। **चूर्यते वह्निरिन्धनम्** (दुर्गादास)।

चूर्ण (धा.) [*पेषे, चुरा. सक.सेट्, उभय.*] पिस्नु,धुलो पार्नु। लट्– **चूर्णयति-ते**– पिस्छ, धुलो पार्छ।

चूर्ण (धा.) [*संकोचने, सक.सेट् उभय.*] खुम्च्याउनु, धुलो पार्नु। लट्– **चूर्णयति-ते**– खुम्च्याउँछ, धुलो पार्छ। **सञ्चूर्णयति**– टुक्रा टुक्रा पार्छ इत्यादि।

चूर्णः (पुं.) [*चूर्ण्यते संपिष्यते इति चूर्ण संकोचने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] धुलो/मसिनो पदार्थ। ~**कारः** (पुं.) [*चूर्णं करोतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] चुना बनाउने/चूर्ण तुल्याउने।

चूर्णकम् (नपुं.) [*चूर्ण एव, स्वार्थे कन्*] १.चूर्ण २.गद्यकाव्यको एक भेद। **हे. गद्यम्।**

चूर्णकुन्तलः (पुं.) [*चूर्णयोग्यः कर्चूरादिक्षोदार्हः कुन्तलः, म.प.स.*] अल्खा।

चूर्णता (स्त्री.) [*चूर्णस्य भावः, तल्, टाप्*] धुलोपिठो।

चूर्णनम् (नपुं.) [*चूर्ण पेषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाको ७.१.१ इत्यनः*] धुलो पिठो पार्नु/मसिनो पारेर पिँध्नु।

चूर्णम् (नपुं.) [*चूर्ण्यते, चूर्ण पेषणे इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.धुलो २.पिठो।

चूर्णिः (पुं.) [*चरति गच्छति भक्षयति चूर्णयति प्रेरयतीति वा, घृणिपृश्निपार्ष्णिचूर्णिभूर्णयः (उ.) ४९२ इति निः, धातोरुपधाया ऊत्वम्*] १.विवरण/चूर्णिका २.सय कौडी।

चूर्णिका (स्त्री.) १.[*चूर्णः क्षेदोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप्*] सातु २.[*चूर्णिरिव, स्वार्थे कन्, टाप्, इत्वम्*] भाष्य वा टीका।

चूलः (पुं.) [*चोलयति, पुनःपुनः छेदेऽपि उद्गच्छति, चूल समुच्छ्राये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.केश २.[*चोलयति पुनःपुनः उद्गच्छति उन्नतो भवति*] यन्त्रको कुनै घुम्ने चक्काको धुराको तल्लो र माथिल्लो तिखो टुप्पो।

चूलिका (स्त्री.) [*चूल्यतेऽनया, चूल समुच्छ्राये इति धातोः, संज्ञायाम् ३.३.१०९ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्*] १.हात्तीका कानको फेद २.नाटकको एक अङ्ग।

चूष (धा.) [*पाने, भ्वा.सक.सेट्, पर.*] चुस्नु। लट्– **चूषति**– चुस्छ। लिट्– **चुचूष**– चुसेछ (अन.)। लुट्– **चूषिता**– चुस्ने छ (अन.)। लृट्– **चूषिष्यति**– चुस्ने छ। लोट्– **चूषतु**– चुसोस्। लङ्– **अचूषत्**– चुस्यो (अन.)। विधिलिङ्– **चूषेत्**– चुस्ला, चुसोस्। आशीर्लिङ्– **चूष्यात्**– चुसोस्। लुङ्– **अचूषीत्**– चुस्यो। लृङ्– **अचूषिष्यत्**– चुस्ने थियो। कर्मणि– **चूष्यते**– चुसिन्छ। कृदन्ते– **चूषकः/चूषिका/चूषिता-त्री**– चुस्ने इत्यादि।

चूषा (पुं.) [*चूष्यते पीयते पृष्ठमांसेनादृश्यतां नीयते, चूष पाने इति धातोः, घञर्थे कः (वा.) ३.३.५८*] हात्ती कस्ने छालाको डोरी।

चृती (धा.) [*हिंसाग्रन्थनयोः, सक.सेट्, पर.*] पीडा दिनु, मार्नु, उन्नु। लट्– **चृतति**– पीडा दिन्छ, मार्छ, उन्छ इत्यादि।

चेटः (पुं.) [*चेटति चिट परप्रेष्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.दास/कमारो २.नाटकमा प्रयोग हुने तल्लो खालको पात्र।

चेटकः (पुं.) [*चेट्यते, चिट परप्रेष्ये इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७.२.३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] अर्काको घरमा बसेर काम गर्ने मानिस/नोकर।

चेटी (स्त्री.) [*चेटस्य स्त्री, पुंयोगादख्यायाम् ४.१.४८ इति ङीष्*] दासी/कमारी।

चेत् (अ.) [*चेतति, चिती संज्ञाने इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्*] पक्षान्तर।

चेतः (नपुं.) [*चित संचेतने इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इति असुन्* चित्त।

वज्रादपि कठोराणि मृदूनि कुसुमादपि।
लोकोत्तराणां चेतांसि को हि विज्ञातुमर्हति॥ (उ.रा.च.)

चेतकी (स्त्री.) [*चेतयते उन्मीलयति ज्ञानेन्द्रियबलादीनि,चितधातोः ण्वुल्, अकः, गौरादितया ङीष्*] हिमालतिर पाइने तीन शिर भएको हर्रो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतनः (पुं.) [*चेतयते, चेतति, जानाति सर्वम्, चिती सञ्चेतने इति धातोः, चिती संज्ञाने इति धातोर्वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्राणी २.आत्मा ३.ईश्वर/परमात्मा ४.मनुष्य ५.(पुं.वि.) [*चेतना अस्ति अस्य, अर्शाद्यच्*] बुझ्ने वा अनुभव गर्ने /चेतना भएको।

चेतनः स्यात्सहृदयप्राणिनोश्चेतना तु धीः (हैम.)।

चेतना (स्त्री.) [*चेतयतेऽनया, चित सञ्चेतने इति धातोः, ण्यासश्रन्थो युच् इति युच्, युवोरनाकौ इत्यनः, टाप् ४.१.४*] १.बुद्धि २.विवेक ३.होस ४.ज्यान/प्राण/ जीवन् शक्ति।

चेतव्यः (पुं.) [*चेतुमर्हः, चिञ् चयने इति धातोः, तव्यत्तव्यानीयरः इति तव्यत्, एकाच इतीण्निषेधः*] १.टिप्न लायक/ टिप्नुपर्ने २.बटुल्नु पर्ने।

चेदिराजः (पुं.) [*चेदीनां राजा, ष.त.*] शिशुपाल।

चेयः (पुं.वि.) [*चेतुं योग्यः, अचो यत् इति यत्, ईद्यति इति ईत्वम्, गुणः*] बटुल्नु पर्ने।

चेलः (पुं.वि.) अधम (हला.३३७)।

चेलम् (नपुं.) [*चेल्यते विस्तार्यते तन्तुभिरनेन, चेल्धातोः कर्मणि घञ्*] वस्त्र।

चेलृ (धा.) [*चलने, भ्वा.अक.सेट्, पर.*] चल्नु, जानु। लट्– **चेलति–** चल्छ, जान्छ इत्यादि।

चेष्ट (धा.) [*चेष्टायाम्, भ्वा.अक.सेट्, आत्मने.*] चेष्टा गर्नु, कोसिस गर्नु। लट्– **चेष्टते–** कोसिस गर्छ इत्यादि। कर्मणि– **चेष्ट्यते–** चेष्टा गरिन्छ, कोसिस गरिन्छ। कृदन्ते– **चेष्टकः/चेष्टिका/चेष्टिता-त्री–** चेष्टा गर्ने कोसिस गर्ने। **चेष्टनम्/चेष्टा–** चेष्टा गर्ने काम, कोसिस गर्ने काम। **चेष्टितव्यम्/चेष्टनीयम्–** चेष्टा गर्नुपर्ने, कोसिस गर्नुपर्ने। **चेष्टितुम्–** चेष्टा गर्न, कोसिस गर्न इत्यादि।

चेष्टनः (पुं.वि.) [*चेष्टते तच्छीलः, चलनशब्दार्थादकर्मकाद्युच् ३.२.१४८ इति युच्, अनः*] चेष्टाशील/चलिरहने।

अथोपशरदेऽपश्यत् क्रौञ्चानां चेष्टनैः कुलैः।

चेष्टा (स्त्री.) [*चेष्टधातोर्भावे अङ्, टाप् च*] शरीरको क्रियाकलाप

चेष्टितम् (नपुं.) [*चेष्टधातोर्भावे क्तः*] १.क्रियाकलाप २.गति।

चैतन्यः (पुं.) [*चेतन एव, स्वार्थे ष्यञ्*] चैतन्यमहाप्रभु।

चैतन्यम् (नपुं.) [*चेतना एव, ष्यञ्*] १.प्रकृति २.चेतना।

चैतन्यमतम् (नपुं.) [*चैतन्यस्य मतम्, ष.त.*] वैष्णव दर्शनको एक सम्प्रदाय। यसका प्रवर्तक बङ्गदेशका निवासी महाप्रभु चैतन्य हुन्। यिनमा जयदेव र विद्यापतिको ठुलो प्रभाव परेको छ। यिनको मतमा राधा र कृष्णको उपासनालाई महत्त्व दिइएको छ। भगवान् कृष्ण नै परम तत्त्व हुन्, उनका अनन्त शक्ति छन्, शक्ति र शक्तिमान्मा न भेद छ न अभेद। यी दुईको सम्बन्धलाई तर्कद्वारा सिद्ध गर्न सकिँदैन भन्ने यिनको धारणा छ। भगवान् कृष्णका मुख्य तीन लीला छन्– वृन्दावनलीला, मथुरालीला र द्वारिकालीला। यीमध्ये यस मतले वृन्दावनको लीलालाई बढी महत्त्व दिएको छ। चैतन्यमतमा गोपिनीहरूले गरेको उपासना नै मुख्य उपासना मानिन्छ। यिनीहरू श्रीमद्भागवतलाई उत्तम शास्त्र मान्दछन्। धर्म, अर्थ, काम र मोक्षदेखि भिन्न प्रेमनामक पाँचौँ पुरुषार्थ पनि छ भन्ने यिनीहरूको धारणा छ। (सं.सा.इ.)

चैत्यः (पुं.) [*चित्यस्येदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.बुद्धको स्मारक २.आनन्द/सुख/मोजमज्जा।

चैत्यद्रुमः (पुं.) [*चैत्य इति द्रुमः, कर्म.स.*] पिप्पलको रुख।

चैत्यम् (नपुं.) [*चीयते, चित्याग्निचित्ये च ३.१.१३२ इति साधुः, चित्याया इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.यज्ञशाला २.बुद्धको प्रतिमा रहेको स्थान ३.वृक्षविशेष।

चैत्यमायतने बुद्धबिम्बेऽप्युद्देश्यपादपे (रुद्र.)।

चैत्रः (पुं.) [*चैत्री पूर्णिमाऽस्त्यस्मिन् मासे, विभाषाफाल्गुनीश्रवणाकार्तिकीचैत्रीभ्यः ४.२.२३ इति पक्षे अण्*] १.चित्रा नक्षत्रले युक्त पूर्णिमा भएको महिना/चैत महिना २.[*चित्रे पशुपक्षिविटपादिभिर्विचित्रे साधुः*] एक वर्षपर्वत।

हिमवान् हेमकुटश्च निषधो मेरुरेव च।
चैत्रः कर्णी च शृङ्गी च सप्तैते वर्षपर्वताः॥

३.[*चित्रविचित्रकार्ये साधुः*] बौद्धभिक्षु।

चैत्ररथम् (नपुं.) [*चित्ररथेन निर्वृत्तम्, तेन निर्वृत्तम् ४.२.६८ इत्यण्*] कुबेरको बगैँचा।

चैत्रिकः (पुं.) [*चैत्री पौर्णमासी अस्मिन् मासे, विभाषाफाल्गुनीश्रवणाकार्तिकीचैत्रीभ्यः ४.२.२३ इति वा ठक्, ठस्येकः ७.२.५० इति इकः, अलोपः*] चैत्र महिना।

चैत्री (स्त्री.) [*चित्रया चित्रानक्षत्रेण युक्ता पौर्णमासीति, नक्षत्रेण युक्तः कालः इत्यण्,ङीप्*] चैत्र महिनाको पूर्णिमा।

चैद्यः (पुं.) [*चेदीनां राजा, ष्यञ्*] शिशुपाल।

चैलम् (नपुं.) [*चिल्यतेऽनेन, चिल वसने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कपडा/वस्त्र/लुगा २.(पुं.) नीच/अधम।

चोचम् (नपुं.) १.खाएको जुठो २.ताडको फल ३.केराको फल (अमर.३.५.३०)।

चोद्यः (पुं.वि.) [*चोदयितुं प्रेरयितुमर्हः चुद प्रेरणे इति धातोर्णिचि अर्हे कृत्यतृचश्च इति यत्*] प्रेरणादायी।

चोद्यम् (नपुं.) [*चोदयति प्रेरयति चित्तमनेन, चुद प्रेरणे इति धातोर्णिचि ण्यत्*] १.अद्भुत वस्तु २.प्रश्न।

चोरः (पुं.) [*चोरयतीति, चुर स्तेये इति धातोः, णिचि, अः प्रत्ययात् ३/३.१०२ इति अः, यद्वा संज्ञापूर्वकत्वान्न गुणः, चुरा शीलमस्य,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छत्रादिभ्यो णः ४.४.६२ इति णः] १.चोर २.जडिबटी–विशेष।

चोरपुष्पी (स्त्री.) [*चोर इव पुष्पं यस्याः, रात्रिविकासित्वात्, पाककर्ण ४.१.४६ इति ङीष्*] सिन्काउली।

चोरितः (पुं.) [*चुर स्तेये इति धातोः णिचि निष्ठायां क्तः*] चोरिएको **चोरितं मुषितं मुष्णम्** (१४अमर.११२)।

चोलः (पुं./नपुं.) [*चोल्यतेऽनेन, चुल समुच्छ्राये इति धातोः, एरच् ३.३.५६ इत्यच्, यद्वा घः ३.३.११८*] १.चोलो २.कवच ३.एक प्राचीन देश।

चोषकः (पुं.वि.) [*चूषतीति, चूष पाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.चुसाहा/शोषण गर्ने २.चुस्ने ।

चोष्यम् (नपुं.) [*चुष्यते इति, यत्*] चुसेर खाइने वस्तु।

चौरः (पुं.) [*चोरयति, चुर स्तेये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्, चोर एव प्रज्ञादिभ्यश्च इति अण्*] १.चोर २.डाका ३.कविविशेष ४.असुरविशेष (ह.वं.१७६.१०)।

चौरिका (स्त्री.) [*चौरस्य कर्म भावो वा, मनोज्ञादित्वाद् ५.१.१३३ इति वुञ्, अकः, टाप्, इत्वम्*] चोरीकर्म।

चौर्यम् (नपुं.) [*चौरस्य भावः कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] चोरी। **सन्धिं छित्वा तु ये चौर्यं रात्रौ कुर्वन्ति तस्कराः। तेषां छित्वा धनं हस्तौ तीक्ष्णशूले निवेशयेत्॥** (मनु.९.२७६)

चौर्यरतम् (नपुं.) [*चौर्येण कृतं रतम्, म.प.स.*] गुप्तसँग गरिने स्त्रीसम्भोग/अनुचित रति।

चौर्यवृत्तिः (स्त्री.) [*चौर्यस्य वृत्तिः, ष.त.*] चोर्ने बानी/चोरेर जीवन गुजारा गर्ने पेसा।

चौलम् (नपुं.) [*चूडाया इदम्,अण्, डलयोरभेदः*] मुण्डनसंस्कार
~कर्म (नपुं.) [*चूडाया इदम्, तस्येदम् ४.३.१२० इत्यण्, डस्य लत्वम्, चौलमेव कर्म*] चूडाकर्म।

च्यवनः (पुं.) महर्षि भृगुबाट पुलोमा नामकी उनकी पत्नीमा जन्मिएका एक ऋषि। **च्यवनो मुनिभेदे स्यात्** (वाङ्म.)।

च्यवनप्राशः (पुं.) आयुर्वेदीय एक शक्तिवर्धक औषधि।

च्यु (धा.) [*सहने, चुरा.सक.सेट्, उभय*] सहनु। लट्– **च्यावयति-ते**– सहन्छ इत्यादि।

च्युङ् (धा.) [*गतौ, भ्वा.सक.अनि.आत्मने.*] जानु। लट्– **च्यवते**– जान्छ इत्यादि।

च्युतः (पुं.वि.) [*च्युङ् गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पतित/भ्रष्ट २.चुहेको ३.झरेको/खसेको।

च्युतसंस्कृतिः (पुं.) [*च्युता संस्कृतिः संस्कारो यत्र सः, बहु.स.*] १.संस्कारबाट खस्नु/आफ्ना धार्मिक कर्म नगरेवापत लाग्ने दोष २.[*च्युता संस्कृतिः व्याकरणादित्रुटिर्यत्र सः, बहु.स.*] साहित्यमा हुने व्याकरणगत त्रुटिसम्बन्धी दोष।

च्युतिः (स्त्री.) [*च्यवनम् इति, च्युङ् गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.खस्ने काम/पतित हुने काम वा अवस्था। **न गर्भच्युतिमात्रेण पुत्रो भवति पण्डितः**।(हितो.) २.विचलन ३.थोपा थोपा गरेर चुहुनु ४.[*च्यवते शोणितादिकमस्याः, च्युधातोरपादाने क्तिन्*] १.योनि २.गुदद्वार।

च्युतिर् (धा.) [*आसेचने, भ्वा.सक.सेट् पर.*] भिजाउनु, बग्नु। लट्– **च्योतति**– भिजाउँछ।

च्युस (धा.) [*हानौ हासे वा, चुरा. पर.अक.सेट्*] छोड्नु वा हाँस्नु। लट्– **च्योसयति**– छोड्छ, हाँस्छ।

च्योतम् (नपुं.) [*च्युतधातोः पृषोदरादितया साधुः*] घिउतेल चुहुनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ

छ१.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको सातौँ वर्ण। **तालुस्थानीय वर्ण**। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा विवार श्वास अघोष, महाप्राण प्रयत्न। **चवर्ग** (च, छ, ज, झ, ञ) को दोस्रो वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

छः (पु.वि.) [*छायते परिस्क्रियते यत् कर्मणि घञर्थे कः*] १.निर्मल/स्वच्छ २.(पुं.) तरल। **छा छादने स्त्रियां ख्याता निर्मलेऽन्यवदिष्यते** (मेदिनी.) ३.[*भावे डः, घञर्थे को वा*] छेदन,काट्ने काम। ४.भाग अंश वा टुक्रा।

छकारः (पुं.) [*छ इति वर्णनिर्देशे वर्णात्कारः (वा) इति कारप्रत्ययः*] छवर्ण।

छगः (पुं.) [*छं यज्ञादौ छेदनं गच्छतीति, छपूर्वकाद् गम्धातोः अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] बोको/पाठो।

अजः प्रोक्तः स्तभो वस्तश्छागश्छगलकश्छगः (हला.२७७)।

छगलः (पुं.) [*छ्यते छिद्यते इति, छो छेदने, इति धातोः, छो गुक् ह्रस्वश्च (उ.) ११८, इति सूत्रेण कलः, गुगागमः, ह्रस्वश्च*] पाठो/बोको/खसी। **छगलं नीलवस्त्रे, ना छागे, स्त्री वृद्धदारके** (मेदिनी.)।

छगलकः (पुं.) [*छगल एव, स्वार्थे कन्*] बोको/पाठो/खसी।

छगलम् (नपुं.) [*छ्यते छिद्यते नीलवर्णेनासौ, इति, छो छेदने, इति धातोः, छो गुक् ह्रस्वश्च (उ.) ११८, इति सूत्रेण कलः, गुगागमः, ह्रस्वश्च*] नीलो कपडा।

छगला (स्त्री.) [*छगलस्येव त्वग् विद्यतेऽस्य, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.त्रिधारा २.[*छगलस्य स्त्री टाप्*] बाखो।

छगलान्त्री (स्त्री.) [*छगलस्येवान्त्रमस्याः*] त्रिधारा/वृद्धदारक वृक्ष।

छगली (स्त्री.) [*छगलशब्दात् जातित्वान् ङीष्*] बाखो।

छजि (धा.) [*कृच्छ्रजीवने, चुरा.सक.सेट् उभ.*] कठिन जीवन व्यतीत गर्नु। लट्– **छञ्जयति–** कठिन जीवन व्यतीत गर्दछ इत्यादि।

छटा (स्त्री.) [*छोधातोरटन्, किच्च, टाप्*] १.कान्ति/शोभा। **प्रतापांशुछटाकूटैः पटवासमधर्म्मभिः** (रा.त.) २.समूह। **सयछ्यभिन्नघनेन विभ्रता नृसिंहसैहीमतनुं तनुं त्वया** (शि.व.)

छटाभा (स्त्री.) [*छटाभिः दीप्तिभिर्भाति, क्विप्*] बिजुली।

छत्रकः (पुं.) [*छत्रमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] १.माहुरीको छातो २.च्याउ ३.शिव मन्दिर।

छत्रचक्रम् (नपुं.) [*छत्रेण युक्तं चक्रम्, म.प.स.*] शुभ अशुभ बताउने ज्योतिषको एक चक्र।

छत्रधरः (पुं.वि.) [*छत्रस्य धरः, ष.त.*] १.छाताधारी २.राजा वा मान्यजन, वृद्ध आदिलाई छाता ओडाउने (अभि.चि.)।

छत्रधारी (पुं.वि.) [*छत्रं धारयति तच्छीलः, धृञ् धारणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] छाता लिएर हिँड्ने/छाता ओढ्ने।

छत्रपतिः (पुं.) [*छत्रस्य पतिः, ष.त.*] १.राजा/अधिपति २.प्राचीन कालका एक राजा।

छत्रपुष्पम् (नपुं.) [*छत्राकारं पुष्पं यस्य तत्*] गोलाइँचीफूलको बोट।

छत्रभङ्गः (पुं.) [*छत्रस्य भङ्गः, ष.त.*] १ राजाको राजगद्दी हट्नु/राज्यसत्ता समाप्त हुनु २.फलित ज्योतिषमा वर्णित एक योग ३.[*छत्रस्येव स्वामिनः भङ्गो यस्य सः, बहु.स.*] वैधव्य। ४.हात्तीको एक दोष।

छत्रम् (नपुं.) [*छादयति अनेन आतपादिकम्, छदधातोर्णिचि सर्वधातुभ्यः ष्ट्रन् (उ.) इति ष्ट्रन्, णिलोपः, ह्रस्वश्च, पुंसि तु छत्रः, पत्रपात्रपवित्रसूत्रछत्राः पुंसि चेति लिङ्गानुशासनवचनात्*] छाता।

छत्रा (स्त्री.) [*छत्रमस्त्यस्याः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, टाप् ४.१.४*] धनियाँ। **छत्रं स्यादातपत्राणे छत्रा मधुरिकौषधौ। धान्याके च शिलीन्ध्रे च** (हेम.)। २.[*छदति, छादयति वा, छद अपवारणे इति धातोः, त्रन् (उ.), इस्मन्त्रन्क्विषु च ६.४.९७ इति ह्रस्वः*]कुकुरमुते झार ३.[*छत्रमस्यास्तीति, छत्रा कारस्तबकत्वात्*] १.वनसुप २.च्याउ। (मेदिनी.) ३.मौरी।

छत्राकम् (नपुं.) [*छत्रा एव, स्वर्थे कन्*] च्याउ।

छत्राकं विड्वराहञ्च लशुनं ग्रामकुक्कुटम्।
पलाण्डुं गृञ्जनञ्चैव मत्या जग्ध्वा पतेद् द्विजः॥

(मनु. ५.१९)

छत्राकी (स्त्री.) [*छत्रमकति, अक कुटिलायां गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप्*] फ्याक्से।

छत्रिकः (पुं.वि.) [*छत्रमस्यास्ति, अत इनिठनौ इति ठन्*] छत्रधारी।

छत्री (पुं.वि.) [*छत्रमस्यास्तीति, इनिः*] १.छत्रधारी २.[*छत्रं कौशलादिभिराच्छादकत्वमस्य*] हजाम।

छत्रोपानहम् (नपुं.) [*छत्रञ्च उपानहौ च, तेषां समाहारः, द्वन्द्वाच्चुदषहान्तात्समाहारे ५.४.१०६ इति टच्*] छाताजुत्ता।

छत्वरः (पुं.) [*छद अपवारणे इति धातोः, छित्वरछत्वरधीवरपीवरमीवरचीवरतीवरनीवरगह्वरकट्वरसंयद्वराः (उ.) २८८ इति ष्वरच्प्रत्ययान्तो निपातः*] १.घर २.कुञ्ज/लतागृह/झाडी। **छत्वरो गृहकुञ्जयोः** (मेदिनी.)।

छद (धा.) [*अपवारणे, चुरा.सक.सेट् उभ.,अदन्तः*]– हटाउनु, लुकाउनु, ढाक्नु। लट्– **छदयति–ते–** हटाउँछ, लुकाउँछ, ढाक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहण लाग्छ। णिचि— **छदयति छादयते** (णिजभावे) **छदति छदते वा दिशं मेघः।** (दुर्गादास) **अपछादयति**— पर्दा उघार्छ, ढकनी हटाउँछ, उदाङ्ग पार्छ। **अवच्छादयति**— लुकाउँछ, ढाक्छ। **आच्छादयति**— लुकाउँछ, ढाक्छ। **उच्छादयति**— कपडा फुकाल्छ। **परिच्छादयति**— लुकाउँछ, ढाक्छ, पहिरन्छ। प्रच्छादयति— ढाक्छ, लपेट्छ, घुम्टो हाल्छ, भेष बदल्छ। **पैदानं प्रच्छन्नम्** (भर्तृ. २.६४) कपडा पहिरन्छ, अङ्को हाल्छ, बाधा पुऱ्याउँछ। **प्रतिछादयति**— लुकाउँछ, लपेट्छ, ढाक्छ। **सञ्छादयति**- राम्रोसित ढाक्छ, लुकाउँछ, घुम्टो हाल्छ।

छद (धा.) [*ऊर्जने, चुरा. पक्षे भ्वा. उभ. सक. सेट्*] बलियो तुल्याउनु, बचाउनु। **छदयति (जीवयति) पुत्रं पिता** (दुर्गादास)।

छद (धा.) [*अपवारणे, सक. सेट् उभ.*] हटाउनु, लुकाउनु, बचाउनु। लट्— **छदयति-ते**— हटाउँछ, लुकाउँछ, बचाउँछ, ढाक्छ इत्यादि।

छदः (पुं.) [*छद्यतेऽनेन, णिजभावे पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, णिजन्तस्यापि छाद्यतेऽनेन, छादेर्घे ६.४.९६ इति ह्रस्वः*] १.पात २.पखेटा ३.ग्रन्थिपर्ण ४.तमाखु ५.आवरण ६.प्वाँख। **छदः पलाशे गरुति ग्रन्थिपर्णतमालयोः** (मेदिनी.)।

छदनम् (नपुं.) [*छद्यतेऽनेन, छद अपवारणे इति धातोः, आधृषाद्वा (ग.) ३.१.२५ इति णिजभावे पक्षे करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पात २.चराको पखेटा ३.तरबारको म्यान ४.[*भावे ल्युट् च ३.३.११५ इति ल्युट्*] ढाक्नु। **छदनं च दले पक्षे पिधाने** (मेदिनी.)।

छदि (धा.) [*संवरणे, चुरा. सक. सेट् उभ.*] ढाक्नु, लपेट्नु। लट्— **छन्दयति-ते**— ढाक्छ। लिट्— **छन्दयाञ्चकार— चक्रे**— ढाकेछ (अन.)। लुट्— **छन्दयिता**— ढाक्ने छ (अन.)। लृट्— **छन्दयिष्यति**— ढाक्ने छ। लोट्— **छन्दयतु**— ढाकोस्। **छन्दयेत्**— ढाक्ला, ढाकोस्। आशीर्लिङ्— **छन्द्यात्**— ढाकोस्। लुङ्— **अछन्दयिष्यत्**— ढाक्ने थियो इत्यादि।

छदिः (नपुं.) [*छादयति येन तत्, छदधातोः, णिचि अर्चिशुचिहुसृपिछादिछर्दिभ्य इसिः (उ.) २७३, इति इसिः, इस्मन्त्रन् क्विषु च ६.४.९७ इति ह्रस्वः*] १.घुम/छत्री २.छाता ३.छानो।

छदिर् (धा.) [*ऊर्जने, भ्वा. अक. सेट् पर., घटादिः, इरित्*] बलवान् हुनु। लट्— **छदति**— बलवान् हुन्छ इत्यादि।

छद्म (नपुं.) [*छाद्यते आव्रियतेऽनेन, छद अपवारणे इति धातोः, णिचि सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्, इस्मन्त्रन् क्विषु च ६.४.९७ इति ह्रस्वः*] १.बदलेको वेश २.छलकपट/बहाना/निहुँ/कप्ट्याइँ। **छद्मना चरितं यच्च व्रतं रक्षांसि गच्छति।** (मनु. ४.१९९) **~नाम** (नपुं.) [*छद्म रचितं नाम, म.प.स.*] कसैले आफूलाई गुप्त राख्न कल्पना गरेर व्यवहारमा ल्याएको बनावटी नाम। जस्तै गुप्तवासको समयमा विराटराजाको दरवारमा रहँदा द्रौपदीसहित पाण्डवले आ-आफ्नो कार्यदक्षताका आधारमा राखेका छद्म नामहरू— कङ्क (युधिष्ठिर), वल्लभ (भीमसेन), बृहन्नला (अर्जुन), ग्रन्थिक (नकुल), तन्तिपाल (सहदेव), सैरन्ध्री (द्रौपदी)। (म.भा. विराटपर्व १.२४, २.१, १.२७, ३.४, ३.९, ३.१८)। **~वेशः** (पुं.) [*छद्मश्चासौ वेशश्च, कर्म.स.*] बनावटी वेश/नक्कली अनुहार।

छद्मी (पुं.वि.) [*छद्मोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.छद्म वेश धारण गर्ने/छद्मवेशी २.कपटी/धोखेबाज।

छन्दः (नपुं.) [*चन्दते आह्लादयति दीप्यते वा, चदि आह्लादने दीप्तौ च इति धातोः, चन्देरादेश्च छः (उ.) ६६८ इति असुन्, चस्य छः, छादनात् छन्दः (निरुक्त ७.१९)*] १.अक्षर, अक्षरको सङ्ख्या र क्रम, मात्रा, मात्रागणना तथा यति (विश्राम) सँग सम्बद्ध नियमबाट नियोजित पद्य रचना। छन्दको उल्लेख सर्वप्रथम ऋग्वेदमा पाइन्छ। छादयति आवृणोति, यस व्युत्पत्तिअनुसार अर्थलाई ढाक्नु वा रक्षा गर्नु भन्ने अर्थमा यो शब्दको प्रयोग भएको देखिन्छ। निघण्टुमा छन्द धातुको पनि प्रयोग भएको छ। वेदलाई पनि छन्द भनिन्छ। वेदका अङ्गहरूमा छन्दको नाम आउँछ। पिङ्गलाचार्यले छन्दसूत्र लेखेका छन्। अग्निपुराणमा छन्दलाई दुई भागमा वर्गीकरण गरिएको छ— वैदिक छन्द र लौकिक छन्द। वैदिक साहित्यमा प्रयुक्त छन्दलाई वैदिक छन्द र लौकिक साहित्यमा प्रयुक्त छन्दलाई लौकिक छन्द भनिएको छ। प्रथमतः छन्द दुई प्रकारमा हुन्छन्— वृत्त र जाति। जहाँ अक्षरको गणना हुन्छ, त्यसलाई वृत्त भनिन्छ। वृत्त तीन प्रकारको हुन्छ— १.समपाद (चारै पाउमा समान गणक्रम र अक्षरसङ्ख्या भएको) २.अर्धसमपाद (प्रथम र तृतीय पाउमा एकथरी गणक्रम र वर्णसङ्ख्या भएको, द्वितीय र चतुर्थ पाउमा अर्को थरी गणक्रम र वर्णसङ्ख्या भएको) ३.विषमपाद (चारै पाउमा भिन्न भिन्न गणक्रम र वर्णसङ्ख्या भएको। अक्षरको वृद्धिक्रमका हिसावले समपादवृत्त २७ प्रकारको हुन्छ— उक्था (एकाक्षरी), अत्युक्था (द्व्यक्षरी), मध्या (त्र्यक्षरी), प्रतिष्ठा (चतुरक्षरी), सुपूर्विका (पञ्चाक्षरी) गायत्री (षडक्षरी) उष्णिक् (सप्ताक्षरी), अनुष्टुप् (अष्टाक्षरी) बृहती (नवाक्षरी), पङ्क्ति (दशाक्षरी), त्रिष्टुप् (एकादशाक्षरी), जगती (द्वादशाक्षरी), अतिजगती (त्रयोदशाक्षरी), शर्करी (चतुर्दशाक्षरी), अतिशर्करी (पञ्चदशाक्षरी) अष्टि (षोडशाक्षरी) अत्यष्टि (सप्तदशाक्षरी) धृति (अष्यदशाक्षरी) अतिधृति (एकोनविंशत्यक्षरी) कृति (विंशत्यक्षरी) अतिकृति (एकविंशत्यक्षरी) प्रकृति (द्वाविंशत्यक्षरी) आकृति (त्रयोविंशत्यक्षरी) विकृति (चतुर्विंशत्यक्षरी) संस्कृति (पञ्चविंशत्यक्षरी), उत्कृति (षड्विंशत्यक्षरी) दण्डक (सत्ताइस अक्षरदेखि सुरु हने छन्द। यसका अनेक प्रकार छन्। हे. दण्डक। जातिछन्दमा मात्राको गणना हुन्छ। यी पनि नौ छन्— हे. आर्या। २.[*छदि संवरणे, भावे ३.३.१८ इति घञ्*] इच्छा/अभिलाषा ३.छाँट/ढङ्ग ४.वेद ५.प्रधान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्दः शास्त्रम् (नपुं.) [*छन्दसः शास्त्रम्, ष.त.*] छन्दको उत्पत्ति, छन्दको परम्परा, छन्दको लक्षण, उदाहरण, तिनका भेद-प्रभेदहरू आदि छन्दसम्बन्धी विभिन्न पक्षलाई प्रतिपादन गर्ने शास्त्र। संकृत वाङ्मयमा छन्दशास्त्रका सम्बन्धमा थुप्रै ग्रन्थहरूको निर्माण भएको छ। जस्तै– पिङ्गलसूत्र, हलायुधको छन्दशास्त्र, क्षमेन्द्रको सुवृत्ततिलक (एघारौं शताब्दी), गङ्गादासको छन्दोमञ्जरी (बाहौँ शताब्दी.), केदारभट्टको वृत्तरत्नाकर (चौधौँ शताब्दी), दामोदर मिश्रको वाणीभूषण– (चौधौँ शताब्दी) प्राकृत पैङ्गलम्– चौधौँ शताब्दी), हेमचन्द्रको छन्दोऽनुशासनम् (बाहौँ शताब्दी), छविलाल सूरिको वृत्तालङ्कार– (बिसौँ शताब्दी) आदि आदि। यी ग्रन्थहरूको अध्ययन गर्दा के देखिन्छ भने संस्कृतमा छन्दशास्त्र लेख्ने मुख्य चार शैली छन्– १.सूत्रशैली– पिङ्गलाचार्य र हेमचन्द्रले प्रयोग गरेको। २.श्लोकशैली– अग्निपुराण र नाट्यशास्त्रमा प्रयोग भएको। ३.एकनिष्ठशैली– लक्षण पनि उदाहरण पनि एउटै श्लोकमा निर्देश भएको। यसको प्रयोग छविलाल र केदार भट्टले प्रयोग गरेका छन्। ४.मिश्रित शैली– लक्षण छुट्टै र उदाहरण छुट्टै पद्यमा भएको। जस्तो– प्राकृतपैङ्गलम्।

छन्दकः (पुं.) [*चन्दयतीति आह्लदयत्यनेन, चदि आह्लादने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, चस्य छः*] १.रक्षक २.वासुदेव ३.गौतम ४.बुद्धको सारथी।

छन्दस्यः (पुं.) १.[*अक्षराणां समूहः,अक्षरसमूहे छन्दस उपसङ्ख्यानम् (वा.) ४.४.१४० इति यत्*] अक्षरसमूह, छन्द २.(पुं.वि.) [*छन्दसो व्याख्यानः, छन्दसो यदणौ ४.३.१२९ इति यत्*] छन्दको व्याख्या गर्ने।

छन्दस्यम् (नपुं.) [*छन्दसा निर्मितम्, छन्दसो निर्मिते ४.४.९३ इति यत्*] १.छन्दले बनेको २.इच्छाले गरेको।

छन्दानुवर्ती (पुं.वि.) [*छन्दमनुवर्तते इति, अनुपूर्वकात् वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.अरूको इच्छाअनुसार हिँड्ने वा अरूको विचार स्वीकार गर्ने २.छन्दको नियमअनुसार कविता लेख्ने।

छन्दोगः (पुं.) [*छन्दो गायतीति, गै शब्दे इति धातोः, गापोष्टक् ३.२.८ इति टक्*] १.सस्वर श्लोक पाठ गर्ने २.सामगायक /सामवेदको अध्येता (मनु.३.१४५)।

छन्दोबद्धः (पुं.वि.) [*छन्दसा बद्धः, तृ.त.*] छन्दमा वा पद्यमा लेखिएको।

छन्दोभङ्गः (पुं.) [*छन्दसो भङ्गः, ष.त.*] पद्यमा छन्दको नियमअनुसार हुनुपर्ने वर्ण मात्रा आदि नमिल्नु/छन्द बिग्रनु।

छन्दोमुक्तः (नपुं.) [*छन्दसा मुक्तः, तृ.त.*] छन्दका नियमले नबाँधिएको रचना। यसमा छन्दको गुण लय रहन्छ तर छन्दका नियमको बन्धन रहँदैन।

छन्नः (पुं.) [*छाद्यते स्म, छद अपवारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, वा दान्तशान्तपूर्णदस्तस्पष्टछन्नज्ञप्ताः ७.२.२७ इति निपातः*] १.एकान्त २.गुप्त ३.ढाकिएको। **छन्नं रहश्छादितयोः** (हैम.)।

छम् (नपुं.) [*भावे डः, घञर्थे को वा*] काट्ने काम।

छमु (धा.) [*अदने, भ्वा.सक.सेट् पर.*]– खानु। लट्– **छमति**– खान्छ। लिट्– **छछाम**– खाएछ (अन.)। लुट् –**छमिता**– खाने छ (अन.)। लृट्– **छमिष्यति**– खाने छ। लोट्– **छमतु**– खाओस्। लङ्– **अछमत्**– खायो इत्यादि।

छर्द (धा.) [*वमने, चुरा.अक.सेट् उभ.*] वमन गर्नु। लट्– **छर्दयति-ते**– वमन गर्छ। लिट्– **छर्दयाञ्चकार-चक्रे**– वमन गरेछ (अन.)। लुट्– **छर्दयिता**– वमन गर्ने छ (अन.)। लृट्– **छर्दयिष्यति**– वमन गर्ने छ। लोट्– **छर्दयतु**– वमन गरोस्। लङ्– **अछर्दयत्-त**– वमन गऱ्यो (अन.)। विधिलिङ्– **छर्दयेत्**– वमन गर्ला, वमन गरोस्। आशीर्लिङ्– **छर्द्यात्**– वमन गरोस्। लुङ्– **अचच्छर्दत्**– वमन गऱ्यो। लृङ्– **अचच्छर्दत्-त**– वमन गर्ने थियो। भावे– **छर्द्यते**– छादिन्छ। णिचि– **छर्दयति**– वमन गराउँछ। कृदन्ते– **छर्दयितुम्**– छाद्न, छदाउन, **छर्दनम्**– छाद्ने काम। **छर्दयित्वा/प्रच्छर्द्य**– छादेर इत्यादि।

छर्दनम् (नपुं.) [*छर्द वमने इति भावे ल्युट्*] छाद्नु।

छर्दिः (पुं.) [*छर्दति यत्तत्, छर्द वमने इति धातोः, अर्चिशुचिहुसृपिछादिछर्दिभ्य इसिः (उ.) २७३ इति इसिः*] १.वमन/छाद २.छाद छाद्दा आउने ग्याँस।

छर्दिका (स्त्री.) [*छर्दिरिव, स्वार्थे कन्, टाप्, अत इत्वम्*] १.छाद २.विष्णुकान्ता।

छर्दिकातः (अव्य.) [*छर्दिकायाः प्रतीकारः, रोगाच्चापनयने ५.४.४९ इति तसिः*] वान्ताको चिकित्सा।

छलः (पुं./नपुं.) [*छो छेदने इति धातोः, वृषादिभ्यश्च (उ.) १०५ इति कलच्, आलोपः ६.४.६४*] १.ठगी बेइमानी/धोखा/भुक्याउने काम/ बहाना/निहुँ। २.तेत्तिस सञ्चारिभावमध्ये एक सञ्चारिभाव। यो अपमान, विपरीत पक्ष र कुत्सित चेष्टाबाट पैदा हुन्छ ३.युद्धको मर्यादालाई नाघेर गरिने कपटी काम। **छलं छद्मस्खलितयोः** (हैम.)।

छविः (पुं.) [*छ्यति सूक्ष्मं करोतीति, छिनत्त्यसारं वा, छो छेदने इति धातोः,छिदिर् द्वैधीकरणे इति धातोर्वा, कृवघृ- ष्विछविस्थ- विकिकीदिवि (उ.) ५०५ इति क्विन्निपातः*] १.कान्ति २.शोभा ३.प्रभाव ४.किरण। **छविस्तु रुचिशोभयोः** (विश्व.) ५.छाला (अभि.चि. ३.२९४)।

छष (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् उभ.*] मार्नु। लट्– **छषति-ते**– मार्छ। लिट्– **चच्छष-चच्छषे**– मारेछ इत्यादि।

छा (स्त्री.) [*छद्धातोर्डः, टाप् च*] ढाक्ने काम/आच्छादन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छागः (पुं.) [*छायते छिद्यते यज्ञार्थमिति, छो छेदने इति धातोः, छापूखडिभ्यःकित् (उ.) १२९ इति गन्, आत्वम्*] बोको ।

छागी (स्त्री.) [*छ्यति, छायते वा, छो छेदने इति धातोः, छापूखडिभ्यः कित् (उ.) १२४ इति गन्, जातेः ४.१.६३ इति ङीष्*] बाख्रो ।

छातः (पुं./नपुं.) [*छ्यति स्म, छो छेदने इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः, छायते स्म वा, निष्ठा ३.२.१०२ इति क्तः*] दुब्लो ।

छात्रः (पुं.) [*छादयति, गुरोर्दोषान्, यद्वा गुरोर्दोषावरणं छत्रम्, तच्छीलमस्य, छत्रादिभ्यो णः ४.४.६२ इति णः, आदिवृद्धिः, आलोपः*] शिष्य/पढ्ने विद्यार्थी । **~गण्डः** (पुं.) [*छात्रेषु गण्डः, स.त.*] मन्दबुद्धि भएको छात्र/तीक्ष्ण बुद्धि नभएको छात्र,पद्यको एक पाउको अर्थमात्र बुभ्ने **~नायकः** (पुं.) [*छात्रस्य नायकः, ष.त.*] कक्षामा अनुशासन पालन गराउन लगाउने कक्षाको प्रमुख विद्यार्थी । **~वृत्तिः** (स्त्री.) [*छात्रस्य वृत्तिः, ष.त.*] विद्यार्थीहरूलाई विद्याध्ययन गर्नका लागि दिइने रकम वा अन्नपानादि ।

छात्रम् (नपुं.) कठयौरीको मह । यो गहकिलो र रोग नाशक हुन्छ ।

छादकः (पुं.वि.) [*छादयतीति, छद अपवारणे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.आच्छादन गर्ने २.(पुं.) १.राहु २.पृथ्वीको छाया ३.चन्द्रमा ।

छात्रकम् (नपुं.) [*छात्रस्य कर्म, द्वन्द्वमनोज्ञादिभ्यश्च ५.१.१३३ इति वुञ्,अकः*] छात्रको काम ।

छादनम् (नपुं.) [*छद अपवारणे इति धातोः, ण्यन्तात् ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, अण्यन्ताल्ल्युटि तु छदनम्*] १.ढाक्नु २.ग्रहणमा सूर्य र चन्द्रलाई छेक्नु ३.अन्तर्धान ।

छादनी (स्त्री.) [*छाद्यते शरीरमनया, करणे ल्युट्अनः, ङीप्*] छाला । **त्वक्छविश्छादनी कृत्तिश्चर्माजिनमसृग्धरा** । (अभि.चि.३.२९४]

छादितः (पुं.) [*छाद्यते स्म, छद अपवारणे इति धातोः, णिचि, वा दान्त– ७.२.२७ इति निष्ठान्तो निपातितः*] ढाकिएको । **घनतरघनवृन्दैश्छादितौ पुष्पवन्तौ** (उद्भट) ।

छाद्यः (पुं.वि.) [*छादयितुं योग्यः, छद अपवारणे इति धातोः, णिचि, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.ढाकिने २.(पुं.) ग्रहणमा सूर्य र चन्द्र ।

छान्दसः (पुं.) [*छन्दसा निर्मितः, छन्दसो निर्मिते ४.४.९३ इति अण्, आदिवृद्धिः*] १.छन्दमा लेखिएको २.इच्छाअनुसारको ३.[*छन्दो वेदमधीते वेत्ति वा, तदधीते तद्वेद २.७.६ इत्यण्*] वेदको अध्येता ४.[*छन्द एव, स्वार्थेऽण्*] वेद ।

छान्दोग्यम् (नपुं.) [*छन्दोगानां धर्मः आम्नायो वा, छन्दोगौक्थि ४.२.१२९ इति ञ्यः*] सामवेदको उपनिषद् । **ऐतरेयञ्च छान्दोग्यं बृहदारण्यकं तथा** (मौक्तिकोपनिषत्, अध्याय १) ।

छान्दोग्योपनिषद् (स्त्री.) एक सय आठ उपनिषद् मध्येको एक उपनिषद् । यो उपनिषद् ब्राह्मणको अन्तिम प्रपाठक हो । यसको रचना गद्यमा भएको छ । यसमा दार्शनिक तत्त्वहरूलाई कथाको माध्यमबाट प्रस्तुत गरिएको छ । सुरुका पाँच प्रपाठकहरूमा परमात्माका अनेक प्रतीकहरूको उपासनापद्धति वर्णित छ । अन्तिम तीन प्रपाठकमा तत्त्वज्ञानको निरूपण छ । पहिलो र दोस्रो अध्यायमा अनेक विद्याहरूको वर्णन छ । दोस्रो अध्यायको अन्त्यमा शैव उद्गीथ अन्तर्गत भौतिक आवश्यकता पूर्तिका निमित्त यज्ञको विधानको व्यवस्था छ । सामगान गर्ने व्यक्तिहरूलाई त्यहाँ व्यङ्ग्य पनि गरिएको छ । तेस्रो अध्यायमा देवमधुको रूपमा सूर्यको उपासना, गायत्रीको वर्णन, घोर आङ्गिरसद्वारा देवकीका छोरा कृष्णलाई आध्यात्मिक शिक्षा र अण्डबाट सूर्यको उत्पत्ति भएको विषय वर्णित छ । चतुर्थ अध्यायमा सत्यकाम जावालको कथा, रैक्यको दार्शनिक तथ्य, जवालद्वारा उपकोशललाई ब्रह्मज्ञान प्रदान गरिएको सन्दर्भ आउँछ । पञ्चम अध्यायमा प्राण, वाक्, चक्षु, श्रोत्र र मनको उपयोगितामाथि प्रकाश पारिएको छ । साथै त्यहाँ सृष्टिसम्बन्धी तथ्यको पनि वर्णन छ । छैटौँ अध्यायमा श्वेतकेतुको कथा छ । त्यहाँ वटवृक्षको माध्यमबाट ब्रह्मतत्त्वको वर्णन गरिएको छ । यसमा आरुणिले आफ्ना छोरा श्वेतकेतुलाई ब्रह्मतत्त्वको ज्ञान दिएका छन् । सातौं अध्यायमा भूभास्वरूपको विवेचना छ । आठौं अध्यायमा इन्द्र र विरोचनको कथाको माध्यमबाट आत्मसाक्षात्कारका व्यावहारिक उपायहरूको सङ्केत छ । जानेर (ज्ञानपूर्वक) गरिएका कर्मको पनि यसमा प्रशंसा छ ।

छा (स्त्री.) [*छ्यति प्रकाशमिति, छो छेदने इति धातोर्डः, ततष्टाप्*] छाया । हे. **छः** ।

छाया (स्त्री.) [*छ्यति प्रकाशमिति, छो छेदने इति धातोः, माछाससिभ्यो यः (उ.) ५५९ इति यः*] १.प्रकाशको अभाव २.प्रतिबिम्ब । **छाया सूर्यप्रिया कान्तिः प्रतिबिम्बमनातापः** । (अमर.) ३.प्रत्येक पाउमा क्रमशः यगण, मगण, नगण, तगण, तगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द । **~चित्रम्** (नपुं.) [*छायाप्रधानम् चित्रम्, म.प.स.*] यन्त्रद्वारा खिचिने तस्वीर/फोटो । **~तनयः** (पुं.) [*छायायास्तनयः, ष.त.*] शनि । **~तरुः** (पुं.) [*छायाप्रधानस्तरुः म.प.स.*] छायादार वृक्ष/बाक्लो छाया हुने वृक्ष । **~पथः** (पुं.) [*छायया मेघस्य छायया युक्तः पन्थाः*] आकाशमार्ग । **~यन्त्रम्** (नपुं.) [*छायासम्बद्धं यन्त्रम्, म.प.स.*] धूप घडी ।

छायाकरः (पुं.) [*छायायाः करः,ष.त.*] १.छायादार वृक्ष २.राजालाई छाता ओडाउने व्यक्ति (अभि.चि.३.४२८) ।

छायाद्रुमः (पुं.) [*छायाप्रधानो द्रुमः,म.प.स.*) छायादार वृक्ष ।

छायापुरुषः (पुं.) [*छायायां दृष्टः पुरुषः, म.प.स.*] आफ्नो छायारूप पुरुष ।

छायाभृत् (पुं.) [*छायामेकस्मिन् भागेऽनातपरेखां बिभर्ति, क्विप्*] चन्द्रमा (अभि.चि. २.१९) ।

छायावादः (पुं.) साहित्यमा प्रचलित एक वाद । संस्कृतका आधुनिक समालोचनाहरूमा यस शब्दको प्रयोग छ ।

छायासुतः (पुं.) [*छायायाः सूर्यपत्न्याः सुतः,ष.त.*] शनैश्चर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिः (अव्य.) [*छ्यति कीर्त्यादिकं नाशयति, छोधातोर्बाहुलकाद् किः*] निन्दा। (ए.को.)।

छिक्का (स्त्री.) [*छिगिति अव्यक्तपदेन कायति, छिक्पूर्वपदात् कैधातोः कः,टाप्*] हाछ्यूँ।

छित् (पुं.वि.) [*छिनत्तीति, छिदिर् द्वैधीकरणे इति धातोः, अन्येभ्योऽपि दृश्यते इति क्विप्*] १.काट्ने /छेदनकर्ता २.हटाउने। **श्रमच्छिदामा श्रमपादपानाम्** (रघु.५.६) ३.खण्ड खण्ड तुल्याउने।

छितः (पुं.वि.) [*छो छेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, शाच्छोरन्यतरस्याम् ७.४.४१ इति इत्वम्*] काटिएको/छिनेको। **छिन्ने लूनं छितं दितम्। छेदितं खण्डितं वृक्णं कृत्तम्** (अभि.चि.)

छित्वरः (पुं.वि.) [*छिदिर् द्वैधीकरणे इति धातोः, छित्वरछत्वरधीवरपीवरमीवरचीवरतीवरनीवरगह्वरकट्वरसंयद्वराः (उ.) २९८ इति ष्वरच्प्रत्ययान्तो निपातः*] १.धूर्त २.काट्ने ३.वैरी।

छिदा (स्त्री.) [*छेदनम्, षिद्भिदादिभ्योऽङ् ३.४.१०४ इत्यङ्, टाप्*] छेदनकार्य (मु.बो.)।

छिदिः (पुं.) [*छिदिर् द्वैधीकरणे इति धातोः, कृगृशृपृकुटिभिदिछिदिभ्यश्च (उ.) ५९२ इति इः, कित्वञ्च*] बन्चरो।

छिदिर् (धा.) [*द्वैधीकरणे रुधा.सक.अनिट् उभ.*] छिन्नभिन्न गर्नु। लट्– **छिनत्ति–छिन्ते,** णिचि– **छेदयति**– छिन्नभिन्न गर्छ इत्यादि। **आच्छेदयति**– जवर्जस्ती टुक्रा पार्छ। **उच्छेदयति**– हिंसा गर्छ, उखेल्छ, उन्मूलन गर्छ। **विच्छेदयति**– टुक्रा पार्छ, निरन्तरतालाई टुटाउँछ इत्यादि।

छिदिरः (पुं.) [*छिनत्तीति, छिदिर् द्वैधीकरणे इति धातोः, इषिमदिमुदिखिदिच्छिदिर्भिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच्, यद्वा छिनत्त्यसौ दाहादिना, इषिमरिमुदिछिदि (उ.) इति किरन्*] १.अग्नि २.डोरी ३.तरबार ४.बन्चरो। **छिदिरः पावके रज्जौ करवाले परश्वधे** (मेदिनी.)। **छिदिरोऽसिकुठारयोः, अग्नौ रज्जौ च** (उ.को.)।

छिदुरः (पुं.) [*छिदिर् द्वैधीकरणे इति धातोः, विदिभिदिच्छिदेः कुरच् ३.३.६२ इति कुरच्*] आफैं छिनेको।

आसां जलास्फालनतत्पराणां मुक्ताफलस्पर्धिषु शेखरेषु।
पयोधरोत्सर्पिषु शीर्यमाणः संलक्ष्यते नु छिदुरोऽपि हारः॥
(रघु.१६.६२)

छिदेलिमः (पु.वि.) [*छेत्तुं योग्यः, केलिमर उपसङ्ख्यानम् (वा.) इति केलिमर्*] छिन्न लागेको।

छिद्रः (पुं.) [*भेदने, चुरा.सक.सेट् उभय.*] प्वाल पार्नु। लट्– **छिद्रयति–ते–** प्वाल पार्छ। **छिद्रयति भाण्डं बालकः।** (दुर्गादास) लिट्– **छिद्रयाञ्चकार–चक्रे–** प्वाल पारेछ (अन.)। लुट्– **छिद्रयिता–** प्वाल पार्ने छ (अन.)। लृट्– **छिद्रयिष्यति–ते–** प्वाल पार्ने छ। लोट्– **छिद्रयतु–ताम्–** प्वाल पारोस्। लङ्– **अछिद्रयत्–** कानमा प्वाल पाऱ्यो (अन.)। विधिलिङ्– **छिद्रयेत्–** प्वाल पार्ला, प्वाल पारेस्। आशीर्लिङ्– **छिद्र्यात्–** प्वाल पारोस्। लुङ्– **अचिच्छिद्रत्–** प्वाल पाऱ्यो। लृङ्– **अछिद्रयिष्यत्–त**प्वाल पार्ने थियो। कर्मणि– **छिद्र्यते–** प्वाल पारिन्छ। णिचि– **छिद्रयति–** प्वाल पार्न लगाउँछ। कृदन्ते– **छिद्रकः/छिद्रिका /छिद्रयिता–त्री–** प्वाल पर्ने। **छिद्रयित्वा/प्रच्छिद्र्य–** प्वाल पारेर। **छिद्रयितुम्–** प्वाल पार्न इत्यादि।

छिद्रदर्शी (पुं.वि.) [*छिद्रं पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अर्काको दोष चाँडै देख्ने।

छिद्रम् (नपुं.) [*छिद्यते यत्तत्, छिदिर् द्वैधीकरणे इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ.) १७८ इति रक्, यद्वा छिद्र्यते, छिद्र भेदने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्वाल/दुलो **छिद्रेष्वनर्था बहुलीभवन्ति।** (सुभा.) २.त्रुटि/दोष। **छिद्रान्वेषणतत्परः प्रियसखि प्रायेण लोकोऽधुना। रात्रिश्चापि घनान्धकारबहुला गन्तुं न ते युज्यते॥** (सुभा.) ३.गुफा। **छिद्रं विवररन्ध्रवत्। गर्ते दोषे** (हैम.) ४.लग्नबाट आठौं स्थान। **छिद्राख्यमष्टमं स्थानम्** (ज्यो.त.) ५.नौलाई बुझाउने सङ्ख्यावाचक शब्द।

छिद्रान्वेषी (पुं.वि.) [*छिद्रमन्वेषयतीति, अनुपूर्वकात् इष धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.प्वाल खोज्ने २.अर्काको दोष खोजी हिंड्ने।

छिद्रितः (पुं.) [*छिद्र्यते स्म, छिद्र वेधे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] छेडिएको/प्वाल पारिएको।

छिन्नः (पुं.वि.) [*छिद्यते स्म, छिदिर् द्वैधीकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] काटिएको/चिरिएको। **छिन्नं कृत्ते त्रिलिङ्गं स्याद् गुडूच्यामपि योषिति** (मेदिनी.) **~केशः** (पुं.वि.) [*छिन्ना केशा यस्य सः, बहु.स.*] कपाल काटिएको/मुण्डन गरिएको। **~द्रुमः** (पुं.) [*छिन्नश्चासौ द्रुमश्च, कर्म.स.*] काटिएको वृक्ष। **~नासिकः** (पुं.वि.) [*छिन्ना नासिका यस्य सः, बहु.स.*] नकटो। **~भिन्नः** (पुं.वि.) [*छिन्नश्चासौ भिन्नश्च, कर्म.स.*] काटकुट पारिएको/टुक्र्याइएको/तितरबितर भएको। **~मस्ता** (स्त्री.) [*छिन्नं मस्तं मस्तकं यस्याः सा बहु.स.*] १.टाउको नभएकी देवी २.दस महाविद्यामध्येकी एक देवी। **~संशयः** (पुं.वि.) [*छिन्नः संशयो यस्य सः, बहु.स.*] सन्देहरहित।

छिन्नकः (पुं.वि.) [*अनत्यन्तगतौ क्तात् ५.४.४ इति कन्*] बिच बिचमा छिनेको।

छिन्नरुहा (स्त्री.) [*छिन्ना रोहति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, ङ्यापोः ६.३.६३ इति ह्रस्वः*] गुर्जो।

छुच्छुन्दरः (पुं.) [*छुच्छुम् इत्यव्यक्तशब्दो दीर्यति निर्गच्छत्यस्याः, दृधातोःअप्*] छुचुन्द्रो (मनु.१२.६५)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुच्छुन्दरी (स्त्री.) [छुच्छुम् *इत्यव्यक्तशब्दो दीर्यति निर्गच्छत्यस्याः, सर्व धातुभ्य इन् (उ.) इति इन्, कृदिकारादक्तिनः, इति ङीष्*] छुचुन्द्रो । **छुच्छुन्दरी गन्धमूष्याम्** (अभि.चि. ४.३६७) ।

छुट (धा.) [*छेदने, तुदा.सक.सेट् पर.*] प्वाल पार्नु । लट्– **छुटति–** प्वाल पार्छ । लिट्– **छुछोट–** प्वाल पारेछ (अन.) इत्यादि ।

छुप (धा.) [*संस्पर्शे, तुदा.सक.अनिट् पर.*] छुनु, स्पर्श गर्नु । लट्– **छुपति–** छुन्छ, स्पर्श गर्छ । लिट्– **चुच्छोप–** छोयो (अन.) । लुट्– **छोप्ता–** छुने छ । आशीर्लिङ्– **छुप्यात्–** छोओस् । लुङ्– **अच्छोप्सीत्–** छोयो इत्यादि ।

छुर (धा.) [*छेदने, तुदा.सक.सेट् पर., कुटादि*] काट्नु, भाँच्नु, खौरनु । लट्– **छुरति–** काट्छ, भाँच्छ, खौरन्छ इत्यादि ।

छुरिका (स्त्री.) [*छुरतीति, छुर छेदने इति धातोः, क्वुन् (उ.), युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्, यद्वा इगुपधज्ञाप्रीकिरः कः ३.२.१३५ इति कः, ततः स्वार्थे कन् ५.४.५ वा*] सानो छुरी । **अथ छुरिका कोशशायिका** (रभस.) ।

छुल्लकः (पुं.वि.) [*क्षोदनम्, क्षुदिर् संपेषणे इति धातोः, संपदादिभ्यः क्विप् (वा.) ३.३.१०८ इति क्विप्, क्षुदं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४, तोर्लि ८.४.६० इति लत्वम्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५, यद्वा– क्षुद्यते, स्फायितञ्चि– (उ.) २.१३ इति रक्, रलयोरेकत्वस्मरणात् कपिलिकादित्वात् (वा.) ८.२.१८ वा लत्वम्*] १.थोरै २.तल्लो । **क्षुल्लकस्त्रिषु नीचेऽल्पे** (विश्व.) ।

छृदी (धा.) [*सन्दीपने, चुरा.सक.सेट् उभ.*] जलाउनु । लट्– **छर्दयति-ते–** जलाउँछ । लिट्– **छर्दयाञ्चकार-चक्रे–** जलाएछ (अन.) । लुट्– **छर्दयिता–** जलाउने छ (अन.) । लृट्– **छर्दयिष्यति-ते–** जलाउने छ । लोट्– **छर्दयतु-ताम्–** जलाओस् । लङ्– **अछर्दयत्-त–** जलायो । (अन.) इत्यादि ।

छेकः (पुं.) [*छ्यति वनवासादिदुःखं छिनत्ति नाशयति, छीयते वा, छो छेदने इति धातोः, बाहुलकाद् डेकन्*] १.घरमा बस्ने चराचुरुङ्गी २.पाल्तु मृग २.शिष्ट ३.शब्दालङ्कारविशेष ।

छेको गृहाश्रितमृगपक्षिणोर्नागरे त्रिषु (मेदिनी.) ।

छेकस्त्रिषु विदग्धेषु गृहासक्तमृगाण्डजे (रभस.) ।

छेको व्यञ्जनसङ्घस्य सकृत्साम्यमनेकधा (सा.द.) ।

छेकानुप्रासः (पुं.) [*छ्यति दुःखं छिनत्ति, छो छेदने इति धातोः, बाहुलकाड्डेकन्, ईकन् वा, छेकैः शिष्टैः प्रयुक्तोऽनुप्रासः*] अनुप्रास अङ्कारको एक भेद । छेक शब्दको अर्थ शिष्ट भन्ने पनि हुन्छ । यो अलङ्कार विद्वान् वा चतुर वा शिष्ट व्यक्तिका निमित्त प्रिय वा उनीहरुले बढी प्रयोग गर्ने भएकाले यसलाई छेकानुप्रास भनिएको हो । यसको विवेचना गर्ने प्रथम व्यक्ति उद्भट हुन् । उनले काव्यालङ्कारसारसंग्रह (आठौँ शताब्दी) मा यसको उदाहरणसहित लक्षण दिएका छन् । मम्मटको भनाइअनुसार एकभन्दा बढी व्यञ्जनहरूको एक पटक आवृत्ति हुनु नै छेकानुप्रास हो ।

छेकापह्नुतिः (स्त्री.) [*छेकैः शिष्टैः प्रयुक्ता अपह्नुतिः, कर्म.स.*] अर्काको उक्तिलाई अयथार्थ उक्तिद्वारा खण्डन गर्दा हुने एक काव्यालङ्कार ।

छेकोक्तिः (स्त्री.) [*छेकानां शिष्यनामुक्तिः ष.त.*] गौण अर्थालङ्कार । लोकोक्तिभन्दा छुट्टै अर्थको व्यञ्जना भयो भने त्यो छेकोक्ति हुन्छ । अप्पय दीक्षितले यसका लक्षण र उदाहरण दिएका छन् ।

छेत्तव्यः (पुं.वि.) [*छेत्तुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] काट्न लायक/काट्नुपर्ने ।

छेत्ता (पुं.वि.) [*छिदिर् द्वैधीकरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ द*] न गर्ने २.निराकरण गर्ने ।

छेदः (पुं.) [*छिदिर् द्वैधीकरणे इति धातोः भावे ३.३.१८ इति घञ्*] १.काट्ने काम २.नाश ।

मेदच्छेदकृशोदरं लघु भवत्युत्थानयोग्यं वपुः (अभि.शा.) ।

३.[*छिद्यते इति कर्मणि घञ्*] खण्ड ।

छेदकः (पुं.वि.) [*छेदयति, छिदिर् द्वैधीकरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, पुगन्तलघूपदस्य च ७.३.८६ इति गुणः*] १.काट्ने २.हटाउने/निवारण गर्ने ।

संशयच्छेदशीलोऽसौ मुनीनामग्रणीः शुकः ।
श्रीमद्भागवतीं वार्तां प्रवक्तुमुपचक्रमे ॥ (भा.मा.)

छेदनः (पुं.वि.) [*छिनत्तीति छिदिर् द्वैधीकरणे इति धातोः, ल्युः, अनः*] काट्ने ।

छेदनम् (नपुं.) [*छिदिर् द्वैधीकरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.काट्ने काम २.निवारण ।

श्रुत्वैव तु महात्मानो मुनयोऽभ्यद्रवन् द्रुतम् ।
सनत्कुमारं धर्मज्ञं संशयच्छेदनाय वै ॥ (म.भा.३१८५.२४)

छेदनीयः (पुं.वि.) [*छेत्तुं योग्यः, छिदिर् द्वैधीकरणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] । काट्न योग्य/टुक्र्याउनु पर्ने ।

छेदिः (पुं.वि.) [*छिनत्ति छिदिर् द्वैधीकरणे इति धातोः, हृपिषिरुहिवृतिविदिछिदिकीर्तिभ्यश्च (उ.) इति इन्, गुणः*] काट्ने, छेदक, छेत्ता ।

छेदितः (पुं.वि.) [*छेद्यते स्म, छिदिर् द्वैधीकरणे इति धातोर्णिचि क्तः*] १.कटाइएको २.काटिएको ३.नाश गरिएको ।

छेदिताखिलपापौघा छद्मघ्नी छलहारिणी । (का.ख.३२.६२)

छेद्यः (पुं.वि.) [*छेत्तुं योग्यः, छिदिर् द्वैधीकरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] काट्नु पर्ने/काटिने ।

छो (धा.) [*छेदने, सक.अनिट् पर.*] काट्नु । लट्– **छ्यति–** काट्छ इत्यादि । **धान्यं छ्यति लोकः** (दुर्गादास) ।

छोटिका (स्त्री.) [*छुटति यज्ञविघ्नकराणां मायां छिनत्ति, छुट्धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः, टाप्, इत्वम्*] चोर औंलो र औंठो पड्काउँदा निस्केको आवाज ।

छोटिकाभिर्दशदिग्बन्धनं कृत्वा भूतशुद्धिं कुर्यात् (तन्त्रसार) ।

छोरणम् (नपुं.) [*छुर छेदे, अथवा छुर लोपे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] परित्याग/छोड्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज

ज १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको आठौँ वर्ण। तालुस्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, अल्पप्राण प्रयत्न। **हशः संवारा नादा घोषाश्च। वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) चवर्ग (च, छ, ज, झ, ञ) को तेस्रो वर्ण। २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

जः (पुं.) [*जनयतीति, जायते वा अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.शिव २.विष्णु ३.जनक ४.जगण ५.मृत्युञ्जय ६.तेज ७.पिशाच ८.कान्ति ९.मोक्ष १०.योग ११.विष १२.वेग १३.बलवान् १४.(पुं.वि.) [*जयति विपक्षम्, डः*] जेता।

जकारः (पुं.) [*ज इति निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] 'ज' यस्तो अक्षर।

जामाता जठरं जाया जातवेदा जलाशयः।
पूरिता नैव पूर्यन्ते जकाराः पञ्च दुर्भराः॥ (सुभा.)

जकारादिः (पुं.वि.) [*जकार आदौ यस्य सः, बहु.स.*] ज अक्षर आदिमा हुने शब्द।

जकारान्तः (पुं.वि.) [*जकारोऽन्ते यस्य सः,बहु.स.*] ज अक्षर अन्त्यमा हुने शब्द।

जक्ष (धा.) [*भक्षहसनयोः, भक्षणे सक., अन्यत्र अक., पर.*] खानु, हाँस्नु। लट्– **जक्षति–** खान्छ, हाँस्छ। लिट्– **जजक्ष–** खाएछ, हाँसेछ (अन.)। लुट्– **जक्षिता–** खाने छ, हाँस्ने छ (अन.)। लृट्– **जक्षिष्यति–** खाने छ , हाँस्ने छ। लोट्– **जक्षितु–** खाओस्, हाँसोस्। लङ्– **अजक्षीत्–अजक्षत्–** खायो, हाँस्यो (अन.)। विधिलिङ्– **जक्ष्यात्–** खाला, हाँस्ला, खाओस्, हाँसोस्। आशीर्लिङ्– **जक्ष्यात्–** खाओस्, हाँसोस्। लुङ्– **अजक्षीत्–** खायो, हाँस्यो। लृङ्– **अजक्षिष्यत्–** खाने थियो, हाँस्ने थियो इत्यादि।

जक्षणम् (नपुं.) [*जक्ष भक्षणे इति धातोः,ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] खानु/भक्षण। **जग्धिर्जक्षण भक्षणलेहाः प्रत्यवसानम्** (अभि.चि.३.८७)।

जगत् १.[*गच्छतीति, गम्लृ गतौ इति धातोः,वर्तमाने पृषद्बृहन्महज्जगच्छतृवच्च (उ.) २५० इति अतिः, धातो र्जगादेशः, वा गच्छतीति, द्युतिगमिजुहोतीनां द्वे च (वा) ३.२.१७८ इति क्विप्, द्वित्वञ्च, अभ्यासकार्यम्, तुक्, गमः क्वौ ६.४.४० इति मलोप्*] (नपुं.) १.संसार २.(त्रि.) चरजगत् ३.(पुं.) [*गच्छति इतस्ततो वाति*] वायु ४.[*गच्छन्त्यस्मिन् जीवाः*] महादेव। **विमुक्तो मुक्ततेजाश्च श्रीमान् श्रीवर्द्धनो जगत्।** (म.भा. १३.१७.१५१) **जगत् स्याद्विष्टपे क्लीबं वायौ ना जङ्गमे त्रिषु** (रुद्र.) **जगदाख्या स्मृता वाते विष्टपे जङ्गमेऽपि च।** (विश्व.)। **~कर्ता** (पुं.) [*जगतां कर्ता*] सृष्टिकर्ता ब्रह्मा। **~चक्षुः** (पुं.) [*जगतां चक्षुरिव, प्रकाशकत्वात्*] सूर्य। **~निवासः** (पुं.) [*जगतां निवासोऽत्र.*] परमात्मा/विष्णु। **~प्राणः** (पुं.) [*जगतां प्राणः, ष.त.*] वायु। **~योनिः** (पुं.) [*जगतां योनिः, ष.त.*] विष्णु/परमात्मा। **~वहा** (स्त्री.) [*जगतां वहा, ष.त.*] पृथ्वी। **~साक्षी** (पुं.) [*जगतः साक्षी, ष.त.*] १.परमात्मा २.सूर्य।

जगती (स्त्री.) [*गच्छतीति, गम्लृ गतौ इति धातोः, वर्तमाने पृषद्बृहन्महज्जगच्छतृवच्च (उ.) २५० इति अतिः,धातोर्जगादेशः, स्त्रियां ङीप्*] १.बाह्र अक्षर भएको छन्दको भेद/द्वादशाक्षरा वृत्ति। **त्रिष्टुप् च जगती चैव तथातिजगती मता।** (छन्दो.) २.जनता ३.लोक ४.पानी ५.पृथ्वी।

जगती भुवने ख्याता छन्दोभेदे जलेऽपि च। (विश्व.)

तमायान्तं ततो देवी सर्वदैत्यजनेश्वरम्।
जगत्यां पातयामास भित्वा शूलेन वक्षसि॥ (सप्तश.)

जगतीतलम् (नपुं.) [*जगत्याःतलम्, ष.त.*] पृथ्वी/धरती।

जगदम्बा (स्त्री.) [*जगताम् अम्बा, ष.त.*] दुर्गा देवी/लक्ष्मी जगज्जननी/जगन्माता।

जगदम्बिका (स्त्री.) [*जगताम् अम्बा, ष.त.ततः स्वार्थे कन्, टाप्, इत्वम्*] दुर्गा।

कामं कुरुष्व वधमद्य ममैव मातः
दुःखं न मे मरणजं जगदम्बिकेऽत्र (दे.भा.१.७.४६)।

जगदाधारः (पुं.) [*जगतामाधारः, ष.त.*] १.ईश्वर २.वायु।

जगदीशभट्टाचार्यः (पुं.) प्रसिद्ध नैयायिक। यिनको समय सत्रौँ शताब्दी हो। यिनले नव्यन्यायसम्बन्धी दुईवटा महत्त्वपूर्ण ग्रन्थ लेखेका छन्। १.दिधितिको प्रमाणिक टीका। यसलाई **जागदीशी** भन्दछन्। २.**शब्दशक्तिप्रकाशिका–** यसमा मुख्यतया व्यञ्जनाको खण्डन गरिएको छ।

जगद्गुरुः (पुं.) [*जगतां गुरुः, ष.त.*] १.जगदीश्वर/शङ्कर २.पूज्य व्यक्ति ३.शङ्कराचार्य।

जगद्धात्री (स्त्री.) [*जगतां धात्री,विधात्री, ष.त.*] दुर्गा।

जगद्विनाशः (पुं.) [*जगतो विनाशः, ष.त.*] प्रलय/संसारको नाश।

जगन्नाथः (पुं.) १.[*जगतां नाथः, ष.त.*] विष्णु २.[*जगतां नाथो यत्र तत्*] पुरुषोत्तम क्षेत्र ३.शालग्राम ४.जगन्नाथ पुरीका प्रसिद्ध देवता। यस ठाउँमा कृष्ण र बलराम अगल बगलमा तथा सुभद्रादेवी बिचमा रहेकी छिन्। ५.[*संज्ञावाचकशब्दः*] तैलङ्ग देशका एक कवि एवं काव्यशास्त्री। यिनका बाबुको नाम पेरुभट्ट तथा आमाको नाम लक्ष्मीदेवी थियो। यिनको समय सत्रौँ शताब्दी हो। यिनी जहाँगिर, जगत्सिंह, शाहजहाँ र प्राणनारायणका आश्रित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। शाहजहाँले यिनलाई पण्डितराजको उपाधि प्रदान गरेका हुन्। यिनका प्रमुख रचनाहरू– १.**रसरङ्गाधर**। यो दुई आननमा विभक्त छ– प्रथम आनन र द्वितीय आनन। प्रथम आननमा काव्यलक्षण, काव्यहेतु, रस, रसाभास आदिको चर्चा छ। दोस्रो आनन दुई भागमा प्रकाशित छ। प्रथम भागमा अभिधा, लक्षणा, व्यञ्जना, ध्वनि तथा अतिशयोक्तिपूर्वका अलङ्कारहरूको उदाहरण तथा प्रत्युदाहरणसहित विस्तृत विवेचना गरिएको छ। दोस्रो भागमा अतिशयोक्ति र त्यसपछि आउने अलङ्कारहरूको सोदाहरण विश्लेषण गरिएको छ। प्रत्येक अलङ्कारको शाब्दबोध प्रक्रियासमेत देखाएर खण्डनमण्डनसमेत भएको यो ग्रन्थ अत्यन्त प्रौढ छ। २.**चित्रमीमांसाखण्डन**– यसमा अप्पय दीक्षितद्वारा रचित चित्रमीमांसामा वर्णित सबै विषयको सोदाहरण खण्डन गरिएको छ। ३.**गङ्गालहरी**– पचपन्न पद्यमा रचिएको यो काव्य गङ्गाको स्तुतिपरक पद्यको सङ्ग्रह हो। यसमा कविको काव्यात्मक पक्ष अत्यन्त प्रौढ छ। ४.**यमुनालहरी**– शार्दूलविक्रीडित छन्दमा रचिएका १०० वटा पद्यहरू यसमा सङ्कलित छन्। यमुनाविषयक कविको भक्तिभाव प्रखररूपमा यसमा अभिव्यक्त भएको छ। ५.**करुणालहरी**– पचपन्न पद्यमा रचिएको यस काव्यमा जगन्नाथको विष्णुविषयक रतिभाव सशक्तरूपबाट अभिव्यक्त भएको देखिन्छ। ६.**लक्ष्मीलहरी**– लक्ष्मीको स्तुति गरेर रचिएको यस काव्यमा शिखरिणी छन्दको प्रयोग भएको छ। ७.**सुधालहरी**– यो सूर्यको स्तुतिकाव्य हो। यसमा तिसवटा स्रग्धराछन्दमा रचिएका पद्यहरू सङ्कलित छन्। ८.**प्राणाभरण**– यसमा कामरूप नरेशको प्रशंसा गरिएको छ। ९.**जगदाभरण**– उदयपुरका राजा जयसिंहको यसमा वर्णन भएको छ। १०.**भामिनीविलास**– यो फुटकर कविताहरूको सङ्ग्रह हो। यसमा चार विलास छन्– प्रास्ताविकविलास– यसमा १२९ पद्यको सङ्कलन छ। शृङ्गारविलास– यसमा १८३ पद्यहरू सङ्कलित छन्। करुणविलास– १९पद्यमा रचिएको यस विलासमा कविले करुणरसलाई चरम उत्कर्षमा पुर्‍याएका छन्। शान्तविलास– शान्तरस अभिव्यक्त भएको यस विलासमा ४६ वटा पद्यहरू सङ्कलित छन्। ११.**मनोरमाकुचमर्दिनी** भन्ने उनको अर्को व्याकरणसँग सम्बद्ध ग्रन्थ हो। भट्टोजीदीक्षितद्वारा रचित प्रौढमनोरमाको यसमा खण्डन छ। १२.**आश्वघाटीकाव्यम्** १३.**आसफविलास**। पण्डितराज जगन्नाथले रचना गरेको अन्तिम पद्य-**केचिद् ब्रह्म निराकारं नराकारञ्च केचन। वयन्तु दीर्घयोगेन निराकारमुपास्महे।**

जगन्नाथपुरी (स्त्री.) जगन्नाथको मन्दिर भएको सात पुरीमध्ये एक पुरी र चार धाममध्ये एक धाम। यहाँ इन्द्रद्युम्न नामका राजाद्वारा भैरवीचक्र स्थापना गरिएको हुँदा, छुवाछुत वा जुठो चोखाको बारना गर्दिन।

(जगन्नाथपुरी)

जगरः (पुं.) [*जगता गृह्यते, प्रातिपदिकाद्धात्वर्थे (ग.सू.) २०३ इति णिच्. टिलोपश्च, बाहुलकादरः, यद्वा जागर्ति, सङ्ग्रामेऽनेन, जागृ निद्रा क्षये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुर्वा*] कवच। **जगरः कङ्कटे योगः संनाहः स्यादुरश्छदः** (बोपालित)।

जगलः (पुं.) [*भृशं गलति, गल्यते वा, गल अदने इति धातोः, यङ्लुगन्तात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, संज्ञापूर्वकत्वात् दीर्घोऽकितः ७.४.८३ इति दीर्घो न*] १.पिठोबाट बनेको जाँड वा रक्सी २.जाँडको कट/छोक्रा ३.वृक्षविशेष **जगलो मदनद्रुमे मेदके पिष्टमद्ये च** (मेदिनी.)। ४.धूर्त (मेदिनी.) ५.कवच (शा.सं.) ६.(नपुं.) गोबर। **गोमयं जगलं गोविद** (रत्नमाला)।

जग्धः (पुं.वि.) [*अद् भक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अदो जग्धिः २.४.३६ इति जग्ध्यादेशः*] खाइएको।

जग्धिः (स्त्री.) [*अदनम्, अद भक्षणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अदो जग्धिः २.४.३६ इति जग्ध्यादेशः*] सहभोजन।

अदत्त्वा तु य एतेभ्यः पूर्वं भुङ्क्तेऽविचक्षणः।
स भुञ्जानो न जानाति श्वगृध्रैर्जग्धिमात्मनः॥
(मनु.३.११५) २.भोजन/भक्षण

जघनचपला (स्त्री.) १.[*जघनं चपलं यस्याः सा, बहु.स.*] २.कामुक स्त्री ३.नाच्न सिपालु महिला ४.आर्या छन्दको पूवार्द्ध र चपला छन्दको उत्तरार्द्ध मिलेर बनेको एक मात्रिक छन्द।

कृष्णः शृङ्गारपटुर्यौवनमदरागचपलललिताङ्गः।
आसीद् व्रजाङ्गनानां मनोहरो जघनचपलानाम्॥ (छन्दो.)
प्राक्प्रतिपादितमर्द्धे प्रथमे प्रथमेतरे च चपलायाः।
लक्ष्माश्रयेत सोक्ता विशुद्धधीभिर्जघनचपला॥

जघनम् (नपुं.) [*वक्रं हन्ति, हन्यते इति वा, हन हिंसागत्योः इति धातोः, हन्तेः शरीरावयवे द्वे च (उ.) ७२० इत्यच् यद्वा वक्रं हन्ति यङ्लुगन्तात् हन हिंसागत्योः, इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, आगमशास्त्रस्यानित्यत्वात् न नुक्*] १.स्त्रीको नाभिदेखि मुनितिरको भाग/जाँघ २.कमर/कटिभाग। ३.नितम्ब।

जघन्यः (पुं.वि.) [*कुटिलं हन्यते निन्द्यते यङन्ताद् हन हिंसागत्योः, इति धातोः, अचो यत् ३.१.९७ इति यत, यद्वा जघनमिव शाखादिभ्यो यः ५.३.१०३ इति यः*] १.सबभन्दा खराब/नीच/ निकृष्ट।

केचिद् वदन्ति धनहीनजनो जघन्यः
केचिद् वदन्ति गुणहीनजनो जघन्यः।
व्यासो वदत्यखिलवेदविशेषविज्ञो
नारायणस्मरणहीनजनो जघन्यः॥ (सुभा.)

२.सबैभन्दा पछि जन्मेको/कान्छो ३.[*जघने भवः*] शूद्र ४.हीनजाति ५.पृष्ठभाग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जघन्यजः (पुं.) [*जघन्ये चरमे जातः, जनी प्रादुर्भावे इति धातोः सप्तम्यां जनेर्डः ३.२.९७ इति डः टिलोपः*] १.शूद्र २.(पुं.वि.) पछिबाट जन्मिएको/कान्छो ।

एकादशस्तथा त्वष्य द्वादशो विष्णुरुच्यते ।
जघन्यजस्तु सर्वेषामादित्यानां गुणाधिकः ॥
(म.भा.१.६५.१६)

३.निन्द्य ४.अन्तिम ।

जघ्नुः (पुं.वि.) [*हन्तीति, हन हिंसागत्योः इति धातोः, कुर्भश्च (उ.) २२ इति उः, धतोर्द्वित्वम्, अलोपः, कुत्वञ्च*] हत्यारा ।

जङ्गमः (पुं./नपुं.) [*पुनः पुनः गच्छति, यङन्ताद् ३.१.२३ गम्लृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, यङ्लोपः*] हिँड्ने जगत् /चल वस्तु/स्थावरभिन्न ।

जङ्गलम् (नपुं.) [*पुनः पुनः गलति, पचाद्यच्, पृषोदरादितया साधुः*] १.पानी नभएको स्थल २.निर्जन स्थल । **~पथिकम्** (नपुं.) [*जङ्गलपथेन आहतम्, आहतप्रकरणे वारिजङ्गलस्थलकान्तार पूर्वपदादुपसङ्ख्यानम् (वा.) इति ठञ्, ठस्येकः*] निर्जन बाटो गरी ल्याएको ।

जङ्गमेतरः (पुं.) [*जङ्गमात् इतरः, प.त.*] अचल पदार्थ ।

जङ्घा (स्त्री.) [*जङ्घन्यते कुटिलं गच्छतीति यङ्लुगन्तात्, हन हिंसागत्योः, इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, टाप् ४.१.४, यद्वा जनी प्रादुर्भावे इति धातोः, अच् तस्य जङ्घ च (उ.) ७१९ इति अच्, जनेर्जङ्घादेशः*] जाँघ/पिँडौला/गोलीगाँठादेखि माथि तिघ्रादेखि तलको भाग । **शत्रुर्निमज्जता ग्राह्यो जङ्घायां प्रपतिष्यता** (म.भा.५.१३३.१९) ।

जङ्घाकरिकः (पुं.) [*जङ्घासाध्यत्वादुपचाराद् गतिर्जङ्घा, सैव करो राजदेयो भागः, आकरः श्रेष्ठो वा, जङ्घाकरः, सोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, जङ्घैव करी हस्ती यस्य इति वा*] १.दौडाहा २.डाक बोक्ने व्यक्ति ।

जङ्घालः (पुं.वि.) [*प्रशस्ता वेगवती जङ्घाऽस्त्यस्य, प्राणिस्थादातो लजन्यतरस्याम् ५.२.९६ इति,प्राण्यङ्गादिति वक्तव्यम्, (वा.) ५.२.९६ इति लच्*] १.अत्यन्त वेगवान् २.ठुलो जाँघ भएको २.(पुं.) मुण्डी मृग । **जङ्घालाः प्रायशः सर्वे पित्तश्लेष्महराः** (भा.प्र.) ।

जङ्घिलः (पुं.वि.) [*अतिशयिता जङ्घाऽस्य, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति इलच्*] ज्यादा छिटो हिँड्ने । **प्रज्ञालप्रज्ञिलौ तुल्यौ जङ्घालजङ्घिलादयः** (वाचस्पति) ।

जज (धा.) [*युद्धे, भ्वा. अक.सेट्, पर.*] युद्ध गर्नु, लडाइँ गर्नु, मार्नु । लट्– **जजति–** लडाइँ गर्छ, मार्छ, युद्ध गर्छ । लिट्– **जजाज–** लडाइँ गरेछ, युद्ध गरेछ, मारेछ (अन.) इत्यादि ।

जजि (धा.) [*युद्धे, भ्वा.अक.सेट्, पर.*] लडाइँ गर्नु । लट्– **जञ्जति–** लडाइँ गर्छ । लिट्– **जजञ्ज–** लडाइँ गरेछ (अन.) इत्यादि ।

जञ्जपुकः (पुं.वि.) [*गर्हितं जपति, जप व्यक्तायां वाचि इति धातोः, लुपसदचरजपजभदहदशगृभ्यो भावगर्हायाम् ३.१.१२४ इति यङ्, जपजभदहदशभञ्जपशाञ्च ७.४.८६ इति नुगागमः, यजजपदशां यङः ३.२.११६ इति ऊकप्रत्ययः*] नक्कली जप गर्ने/वेतालसित जप गर्ने ।

जट (धा.) [*साङ्घाते, भ्वा.अक.सेट् पर.*] जम्मा हुनु, एकत्र हुनु । लट्– **जटति–**जम्मा हुन्छ । लिट्– **जजाट–** जम्मा भएछ (अन.) इत्यादि ।

जटः (पुं.वि.) [*जटा अस्यास्तीति अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.जटाधारी २.(पुं.) शिव ३.ब्रह्मचारी ।

जटा (स्त्री.) [*जनी प्रादुर्भावे इति धातोः, जनेष्टन् लोपश्च (उ.) ७१८ इति टन्, धातोरन्त्यस्य लोपः, टाप्*] १.साधुसंन्यासीहरूले पालेको लामो र लट्टा परेको कपाल २.लट्टा ३.नरिवलको भुत्रो ४.जरा ५.जटामसी । **जटा लग्नकचे मूले मांस्यां प्लक्षे पुनर्जटी** (मेदिनी.) । **~जूटः** (पुं.) [*जटानां जूटे यस्य सः, बहु.स.*] शिव । **~धरः** (पुं.वि.) [*जटाया धरः, ष.त.*] १.जटाधारी । **जटाधरः सन् जुहुधीह पावकम् ।** (किरा.) २.(पुं.) शिव ३.वटवृक्ष । **~धारी** (पुं.) १.[*जटां धारयति, धृञ् धरणे इति धातोः, सुप्यजातौ णिनि स्ताच्छील्ये ३.२.७८ इति णिनिः*] शिव २.वटवृक्ष ३.(पुं.वि.) जटा धारण गर्ने ।

जटाज्वालः (पुं.) [*जटा इव ज्वाला यस्य सः,बहु.स.*] बलेको बत्ती ।

जटाबन्धः (पुं.) [*जटानां बन्धः, ष.त.*] १.संन्यासीहरूको कपालको लट्टा २.जुरो बाँध्ने काम ।

जटामांसी (स्त्री.) [*जटाऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा– जटति, जट सङ्घाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मन्यते, मनेदीर्घश्च (उ.) इति सः, दीर्घः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] जटामसी । **मांसं स्यादामिषे क्लीबं कक्कोलीजटयोः स्त्रियाम्** (मेदिनी.)

(जटामांसी)

यो १७ हजार फिट अग्लो कुमाउदेखि सिक्किमसम्मको हिमाली जङ्गल र भुट्यनमा उपलब्ध हुन्छ । यसलाई संस्कृतमा भूतजटा, जटिला, तपस्विनी, र जटामांसी पनि भनिन्छ । यो जटाले बेरिएको हुन्छ । रक्तप्रवाहको असन्तुलन, मस्तिष्क तथा नाडी तन्तुहरूको विकार, बालकको उदरशूल, स्त्रीजातिको मन्दशूल, अपच, सन्निपात, दन्तशूल आदि निको तुल्याउन यसको उपयोग गरिन्छ ।

जटायुः (पुं.) [*जटां याति प्राप्नोतीति, मृगय्वादित्वात् (उ.) ३७ इति कुः*] १.रामायणअनुसार सीतालाई उद्धार गर्न रावणसित युद्ध गर्ने गिद्ध २.गोकुलधूप (मेदिनी.) ।

जटलः (पुं.वि.) [*अप्रशस्ता जटा अस्य, जटाघटाकलाक्षेपे (वा.) ५.२.९७ इति लच्*] नराम्रोसित जटा पालेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयलः (पुं.) [*जटा अस्त्यस्य.सिध्मादिभ्यश्च इति लच्*] १.वरको वृक्ष २.गोकुलधूप।

जटिः (पुं.वि.) [*जटति सङ्घातं करोतीति, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] १.जटाधारी २.(पुं.) शिव ३.पाखरीको बोट।

जटिलः (पुं.वि.) [*जटाऽस्यास्तीति, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति इलच्*] १.धेरै जेलिएको वा झटपट टुङ्गो नलाग्ने/अत्यन्त कठिन/बुझ्न गाह्रो २.जटा भएको/जटाधारी ३.(पुं.) सिंह ४.ब्रह्मचारी।

जटिला (स्त्री.) [*जटाऽस्त्यस्याः, लोमादिपामादिपिच्छादिभ्यः शनेलच ५.२.१०० इति इलच्, टाप् ४.१.४*] १.जरैजराले जेलिएको २.पिप्ला ३.जटामसी।

जटिला पिप्पलीमांस्योर्जययुक्ते तु वाच्यवत् (मेदिनी.)।

जटी (स्त्री.) १.[*जट संघाते इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] पाखरीको बोट। **जय लग्नकचे मूले मांस्यां प्लक्षे पुनर्जटी** (मेदिनी.) २.(पुं.) [*जटा अस्यास्तीति, इनिः*] १.शिव। **ततो हरो जटी स्थाणुर्निशाचरपतिः शिवः।** (म.भा.७.५०.४३) २.जटाधारी जोगी।

मुण्डी जटी वल्कलवांस्त्रिदण्डी कषायवासा व्रतकर्षिताङ्गः।
त्यक्तैहिको वा यदि नाप्ततत्त्वस्तदा तु तस्योभयमेत्र नष्टम्॥
(सुभा.)

जठरः (पुं.) [*जायन्तेऽत्र प्राणिनः, जनी प्रादुर्भावे इति धातोः, जनेररष्ठ च (उ.) ७२६ इति अरः, नकारस्य टकारश्च*] १.पर्वतविशेष २.देशविशेष ३.[*जायतेऽत्र गर्भो मलं वा*] पेट ४.[*जायते ऽत्र*] पेटको रोग ५.(पुं.वि.) [*जटति एकत्रीभवति, बाहुलकादरः, ठान्तादेशश्च*] कठिन ६.जर्जो।

जठरम् (नपुं.) [*जायतेऽत्र गर्भो मलं वा, जनी प्रादुर्भावे इति धातोः, जनेररष्ठ च (उ.) इति अरः, नकारस्य ठकारश्च*] १.पेट। **जठरं को न बिभर्ति केवलम्** (सुभा.) २.गर्भाशय/पाठेघर ३.कुनै वस्तुको भित्री भाग।

जठराग्निः (पुं.) [*जठरस्य अग्निः,ष.त.*] खाएको वस्तु पचाउन पेटमा रहेको अग्नि/खाएको वस्तु पचाउने पाकस्थलीमा हुने रस।

जठरामयः [*जठरस्य आमयः,ष.त.*] १.जलोदर रोग २.अतिसार।

जडः (पुं.वि.) [*जडति बुद्धिं कठोरीकरोति, जल घातने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, डलयोरभेदः*] १.चेतना नभएको/निर्जीव।

वेदाभ्यासजडः कथं नु विषयव्यावृत्तकौतूहलो
निर्मातुं प्रभवेन्मनोहरमिदं रूपं पुराणो मुनिः॥

२.मूर्ख। ३.बहिरो।

नापृष्टः कस्यचिद् ब्रूयान्न चान्यायेन पृच्छतः।
जानन्नपि हि मेधावी जडवल्लोक आचरेत्॥ (सुभा.)

४.स्तब्ध/निश्चल।

जडीकृतस्त्र्यम्बकवीक्षणेन वज्रं मुमुक्षन्निव वज्रपाणिः।
(रघु. २.४२) ५.चिसो/शीतल।

परामृशन् हर्षजडेन पाणिना तदीयमंगं कुलिशव्रणाङ्कितम्।
(रघु.३.६८) ६.मन्द/अतिशय अल्छी। स्मरणशक्ति वा प्रतिभा ज्यादै कम भएको। **अलसः शीतको मन्दः जडो जिह्मश्च मन्थरः।** (हला.) ७.(पुं.) मूल/जरा ८.कारण ९.आधार १०.मोहित।

इष्टं वाऽ निष्टं वा सुखदुःखं वा न वेत्ति यो मोहात्।
परवशगः स भवेदिह नित्यं जडसंज्ञकः पुरुषः॥ (सुभा.)

जडता (स्त्री.) [*जडस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.मूर्खता २.अज्ञान/अचेतनता ३.तेत्तिस सञ्चारिभाव मध्येको एक भाव। इष्टदर्शन र अनिष्टको श्रवणबाट यसको उत्पत्ति हुन्छ। (ना.शा. ७.६६) विश्वनाथले पनि नाट्यशास्त्रकै आधारमा जडताको परिभाषा दिएका छन्। ४.जाडो/चिसोपना।

जडभरतः (पुं.) ऋषभदेवबाट जयन्तीमा जन्मिएका राजा भरत। नारद पुराणअनुसार यिनैको नामबाट भारतवर्षको नाम रहेको हो। यिनी मृगको बच्चामा आसक्त भएकाले मृगरूप भएर जन्मिए। मृगरूप छुटेपछि ब्राह्मणको छोरा भएर जन्मिए। पूर्व जन्ममा प्राप्त गरेको ज्ञानको स्मरण भएकाले यिनी पागल, मूर्ख, अन्धो र बहिरो झैँ भएर बस्ने गर्दथे। त्यसैले यिनलाई जडभरत भनियो।

जडम् (नपुं.) १.[*जलति लोकान् जीवयति, डलयोरैक्यात् लस्य डत्वम्*] पानी २.*जडति घनीभवति, पचाद्यच्*] सिसा।

जडवादः (पुं.) [*जड एव सर्वं सत्यम् इति वादः*] जड पदार्थलाई सत्ता मान्ने सिद्धान्त।

जडवादी (पुं.) [*जडवादोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः, यद्वा जड एव सर्वं सत्यम् इति वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] जड पदार्थलाई प्रमुख सत्ता मान्ने सिद्धान्तका अनुयायी यिनीहरू चेतनको पृथक् अस्तित्व स्वीकार गर्दैनन्।

जडिमा (पुं.) [*जडस्य भावः, वर्णदृढादिभ्यः ष्यञ् च ५.१.१२३ इति चाद् इमनिच्*] १.मन्दता २.अचेतनता ३.अज्ञानता ४.चिसोपना/जाडो।

जडाशयः (पुं.) १.[*जड आशयो यस्य सः, बहु.स.*] मूर्ख। **प्रायः सन्त्युपदेशार्हा धीमन्तो न जडाशयाः। तिलाः कुसुमसौगन्ध्य वाहिनो न यवाः क्वचित्॥** (सुभा.) २.[*जडस्य जलस्य, डलयोरभेदात्, आशयः, आश्रयः, ष.त.*] पोखरी। **जडाशयहरूनेर तुच्छ जीवनखातिर। मरेपनि झुकाएन धीर चातकले शिर॥** (लेखनाथ) **जडाशयाभ्यन्तरगूढपङ्कसमुद्भवं तामरसं प्रसिद्धम्। विलोचनं भूय इदं सुवर्णलतोत्तमाङ्गस्य मुखे प्रसूतम्॥** (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जड्डुलः (पुं.) [*जलति, जल घातने इति धातोः, बाहुलकादुलच् डलयोरैक्यम्*] शरीरमा रहने कालो दाग ।

जञ्जपूकः (पुं.वि.) [*पुनःपुनः, अतिशयेन वा जपति, यङन्तात् जप व्यक्तायां वाचि इति धातोः यजदशजपां यङः ३.२.१६६ इति ऊकः, यस्य हलः ६.४.४९ इति यलोपः*] ज्यादै वा पटक पटक जप गर्ने ।

जतु (नपुं.) [*जायते प्रादुर्भूयतेऽनेनेति, जनी प्रादुर्भावे इति धातोः, फलिपाटिनमिमनिजरां गुक्पटिनाकिधतश्च (उ.) १८ इति उः, नकारस्य तकारश्च*] १.लाहा/एक प्रकारको वृक्षबाट निस्किएको खोटो । **जिघ्रन् सोऽस्य वसागन्धं सर्पिर्जतुषि मिश्रितम् ।** (म.भा.१.१४.१३) २.माहुर ।

जतुकम् (नपुं.) १.[*जत्विव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] हिंग । २.[*जतुरेव, स्वार्थे कन्*] लाहा । **जतुकाजिनपत्राया जतुकं हिङ्गुलाक्षयोः** (मेदिनी.) ।

जतुका (स्त्री.) [*जायते, जनी प्रादुर्भावे इति धातोः, उलूकादयश्च (उ.) ४८९ इति साधुः, जतुशब्दात् संज्ञायां ५.३.७५ इति कन्, टाप् ४.१.४*] १.पद्मावती २.पक्षीविशेष ।

जतुकृत् (स्त्री.) [*जतु करोति, क्विप् च ३.२.१७८ इति क्विप्*] पद्मावती ।

जत्रु (नपुं.) [*जायते बाहुरस्मात्, जनी प्रादुर्भावे इति धातोः, जत्र्वादयश्च (उ.) ५५२ इति रुः*] कुम र घाँटीका बिचको हाडको जोर्नी ।

जनः (पुं.) [*जायते इति, जनि प्रादुर्भावे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] मानिस/मनुष्य/जहान/परिवार/जनता ।

अथ प्रवाते तुमुले निशि सुप्ते जने तथा ।
तदुपादीपयद् भीमः शेते यत्र पुरोचनः ॥ (म.भा.)
स्वमस्तकसमारूढं मृत्युं पश्येज्जनो यदि ।
आहारोऽपि न रोचेत किमुतान्या विभूतयः ॥ (सुभा.)

~कल्याणकेन्द्रम् (नपुं.) [*जानानाम् कल्याणम्, ष.त., तस्य केन्द्रम् ष.त.*] जनताको स्वास्थ्य, उन्नति तथा भलाइका लागि गरिने कार्यको मुख्य स्थान । **~गणना** (स्त्री.) [*जनानां गणना ष.त.*] १.जनसङ्ख्या/राष्ट्रका सबै मानिसहरूको गणना २.मानिसहरू गन्ने काम । **~जागरणम्** (नपुं.) [*जनानां जागरणम्, ष.त.*] जनजागृति/देशका जनतामा आफ्नो अधिकार र हकहितको ज्ञान हुनु/जनतामा आउने चेतना । **~तन्त्रम्** (पुं.) [*जनानां तन्त्रम्, ष.त.*] प्रजातन्त्र/ लोकतन्त्र/ जनताले आफ्ना शासनको आफैँ प्रबन्ध गर्ने व्यवस्था । **~पथः** (पुं.) [*जनानां पन्थाः, ष.त. समासान्तोऽच्*] धेरै मानिस र सवारीका साधन आदि चल्ने ठुलो सडक/राजपथ । **~पदः** (पुं.) [*जनस्य लोकस्य पदमाश्रयस्थानं यत्र*] देश/राज्य/गाउँ । **~प्रवादः** (पुं.) [*जनानां प्रवादः, ष.त.*] जनश्रुति/लोकापवाद/जनवाद/होहल्ला । **~प्रियः** (पुं.वि.) [*जनानां प्रियः, ष.त.*] सबैलाई मन परेको । **~वधः** (पुं.) [*जनानां वधः, ष.त.*] मनुष्यको हत्या/हिंसा । **~शक्तिः** (स्त्री.) [*जनानां शक्तिः, ष.त.*] मानिसको क्षमता/काम गर्न सक्ने व्यक्तिको समूह । **~श्रुतिः** (स्त्री.) [*जनानां श्रुतिः, ष.त., जनेषु श्रुतिर्यस्याः सा, बहु.स.*] हल्ला/किंवदन्ती । **~सङ्ख्या** (स्त्री.) [*जनानां सङ्ख्या, ष.त.*] जनसङ्ख्या/देशवासीको गन्ती । **~सङ्ग्रामः** (पुं.) [*जनानां सङ्ग्रामः, ष.त.*] सर्वसाधारण जनताले सामेल भई गरेको युद्ध/जनसंघर्ष । **~समुदायः** (पुं.) [*जनानां समुदायः, ष.त.*] भिड/हुल । **~हितम्** (पुं.) [*जनेभ्यो हितम्, च.त.*] जनतालाई असल हुने काम/लोकहित ।

जनकः (पुं.) [*जनयतीति, जनी प्रादुर्भावे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, जनिवध्योश्च ७.३.३५ इति न वृद्धिः*] १.बाबु/पिता २.वाल्मीकि रामायणअनुसार मिथिलाका एक राजा । यी निमिराजाका नाति मिथिका छोरा हुन् । यिनैको नामबाट मिथिलाका प्रत्येक राजाको उपाधि जनक भन्ने रह्यो । यी जनकको उन्नाइसौँ पुस्तामा ह्रस्वरोमा नामका राजा भए । ती ह्रस्वरोमाका दुई छोरामध्ये जेठा छोराको नाम सीरध्वज र कान्छा छोराको नाम कुशध्वज थियो । सीरध्वजकी छोरीको रूपमा सीता प्रकट भइन् । सीरध्वज जनकलाई नै विदेहराज भनिन्छ । देवी भागवतअनुसार वशिष्ठले निमिराजालाई सराप दिएपछि निमिराजाको शरीर मथ्दा मिथिको उत्पत्ति भयो । यसरी उत्पन्न भएका मिथिलाई जनक भनिएकाले मिथिलाका राजाहरूको जनक भन्ने पदवी रहेको हो । निमि विदेह भएकाले निमिवंशलाई विदेह भनिन्छ । **जनकः पितृभूपयोः** (हैम.) । (दे.भा. ६.१५) **~तनया** (स्त्री.) [*जनकस्य तनया, ष.त.*] राजा जनककी छोरी सीता/जनकात्मजा/जनकनन्दिनी । **~सुता** (स्त्री.) [*जनकस्य सुता, ष.त.*] राजा जनककी छोरी सीता/जनकात्मजा/जनकनन्दिनी ।

जनकपुरम् (नपुं.) [*जनकस्य पुरम्, ष.त.*] जनकको राजधानी । यसका प्राचीन नाम मिथिला, तीरभुक्ति, विदेह र विदेहनगरी हुन् । जनकपुरको चारैतर्फ पूर्वादि क्रमले शिलानाथ, कपिलेश्वर, कूपेश्वर, कल्याणेश्वर जलेश्वर क्षीरेश्वर र मिथिलेश्वर प्राचीन राजधानीका रक्षक थिए । कपिलेश्वर र कूपेश्वरलाई छाडेर अन्य मन्दिर पाँच पाँच कोशको अन्तरमा छन् । किल्लाका चारैतिर विश्वामित्र, गौतम, वाल्मीकि र याज्ञवल्क्यका आश्रम थिए । महाभारतको युद्धपछि यो सबै जङ्गलमा परिणत भयो । कालान्तरमा सिद्धहरूले एकान्तस्थल पाएर यसै जङ्गलमा तपस्या गर्न थाले । ती तपस्वीहरूमा चतुर्भुज गिरी र वैष्णव सूरकिशोर पनि थिए । सूरकिशोरले स्वप्नमा भएको आदेशबमोजिम अक्षयवटमुनिबाट राम पाञ्चायतनको मूर्ति निकाले र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनकपुरको प्रचार प्रसार गरे। यो वटवृक्ष अझै राम मन्दिरको पर्खालभित्र अवस्थित छ। दर्शनीय स्थलहरू– **जानकी मन्दिर–** पूर्वकालमा यो मन्दिर जीर्ण शीर्ण अवस्थामा थियो। महात्मा सुरकिशोरले सीता र रामका सुवर्णमय मूर्ति बनाएर स्थापना गरे। सम्बत् १९६७मा टिकमगढकी रानी स्व. वृषभानु कुँअरीले सुन्दर विशाल भवन बनाइन्। यो भवन जानकी मन्दिर, नौलखाभवन अथवा शीशमहलका नामले प्रसिद्ध भएको छ। यस भित्र जानकीजीको मन्दिर पनि छ। यसमा अङ्गराग सरोवरबाट उद्धार गरिएका सीता, राम र लक्ष्मणका मूर्तिहरू स्थापित गरिएका छन्। राजर्षि जनक र शतानन्दका मूर्तिहरू पनि दर्शनीय छन्। **राम मन्दिर–** यस मन्दिरमा सिद्ध महात्मा चतुर्भुज गिरीले अक्षयवटमुनिबाट निकालिएका अतिप्राचीन रामपञ्चायतनका मूर्तिहरू, श्रीलक्ष्मीनारयणका मूर्ति तथा दशावतारका मूर्तिहरू स्थापना गरेका छन्। विष्णुवृहद्पुराणअनुसार यो प्राचीन सुवर्णमण्डप हो। यस मन्दिरको घेराभित्र रहेका **अन्य मन्दिर तथा मूर्तिहरू–** हनुमान् मन्दिर, चतुर्भुजनाथ (शिव)को मन्दिर (आधुनिक जनकपुरका गवेषक तथा प्रतिष्ठापक महात्मा चतुर्भुजनाथ गिरीको जीवित समाधि रहेको स्थल) राजर्षि जनककी कुलदेवता त्रिपुरसुन्दरी देवीको मृत्तिकापीठ आदि। **जनक मन्दिर–** यो मन्दिर राम मन्दिरको ईशानकोणमा छ। यसमा विदेहजनक, सुनयना तथा संवत् २००२मा गङ्गासागरबाट उद्धार गरिएको सीताको भव्य मूर्ति स्थापना गरिएका छन्। **लक्ष्मण मन्दिर–** जानकी मन्दिरको नजिकै रहेको यस मन्दिरमा राम, सीता र लक्ष्मण विराजमान हुनुहुन्छ। **रङ्गभूमि–** जानकी मन्दिरको वायव्यकोणमा यो भूमि छ। यसलाई बाह्रबिघा भन्दछन्। यसको पश्चिम भागमा मौनी बाबाको सुन्दर मन्दिर छ। यसको दक्षिणतर्फ साधुहरूको गद्दी छ। यो जानकीको क्रीडास्थली हो। **विवाहमण्डप–** जानकी मन्दिरको नजिकै हाल विवाहमण्डपको निर्माण भएको छ। यसमा सीताको विवाहमा अयोध्याबाट जन्ती आएका दशरथ आदि र दुलहीपक्षका विशिष्ट व्यक्तिका मूर्तिहरू सजाएर राखिएका छन्। **जनकपुरका अन्य कतिपय सरोवर तथा मन्दिरहरू–** धनुःसागर, गङ्गासागर, दशरथ तलाउ, दशरथ मन्दिर, रत्नसागर, जनकसर, अग्निकुण्ड, विद्याकूप आदि। जनकपुर धाममा कूप तथा सरोवरको सङ्ख्या ७६ छ। स्नानका लागि पवित्र मानिएका यहाँ भएका **लघुनदीहरू–** दुग्धवती, यमुनी, जलधि, गेरुका, भूयसी, इक्षुमती, मण्डना (माडा) व्याघ्रमती (बिघी) र विरजा। **जनकपुरको आसपासमा पर्ने केही मन्दिर तथा क्षेत्रहरू–** धनुषा, दुर्गा मन्दिर, कपिलेश्वर, कुशेश्वर, जलेश्वर, कल्याणेश्वर, उग्रतारा, सिंहेश्वर, गौतमकुण्ड, अहल्याकुण्ड, लक्ष्मीनारायण मन्दिर (मटिहानी) गिरिजा मन्दिर आदि।

जनङ्गमः (पुं.) [*अधार्मिकाञ्जनान् गच्छति, जनेभ्यो गच्छति वा, गमश्च ३.२.४७ इति खच्, मुमागमश्च*] चाण्डाल।

जनता (पुं.) [*जनानां समूहः, ग्रामजनबन्धुभ्यस्तल् ४.२.४२ इति तल्, टाप् ४.१.४*] सर्वसाधारण/मानिसहरूको समष्टि/जनसमूह/लोक। **~जनार्दनः** (पुं.) [*जनता एव जनार्दनः, त.स.*] जनतारूपी ईश्वर/चेतना र सङ्गठनले उत्पन्न भएको ठुलो शक्ति र अधिकारयुक्त जनता।

जननगतिः (पुं.) [*जननस्य गतिः, ष.त.*] जन्मको दर/जनसङ्ख्याको प्रतिहजार वा प्रतिशतका हिसाबमा हुने जन्मको दर।

जननम् (नपुं.) [*जनी प्रादुर्भावे इति धातोः, जन जनने इति धातोर्वा, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.जन्म/उत्पत्ति २.वंश। **जननं वंशजन्मनोः** (मेदिनी.)।

जननाङ्गम् (नपुं.) [*जननस्य अङ्गम्, ष.त.*] पुरुषको लिङ्ग वा स्त्रीको योनि।

जननी (स्त्री.) [*जनयतीति, जनी प्रादुर्भावे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] आमा।

जननी जन्मभूमिश्च जाह्नवी च जनार्दनः।
जनकः पञ्चमश्चैव जकाराः पञ्च दुर्भराः॥ (सुभा.)

जननेन्द्रियः (पुं./नपुं.) [*जननस्य इन्द्रियः, ष.त.*] सन्तान जन्माउने इन्द्रिय/उपस्थ/योनि/लिङ्ग।

जनपदः (पुं.) [*जनस्य लोकस्य पदमाश्रयस्थानं यत्र सः, बहु.स.*] बस्ती भएको ठाउँ।

जनमतम् (नपुं.) [*जनानां मतम्, ष.त.*] सर्वसाधारण जनताको विचार/लोकमत। **~सङ्ग्रहः** (पुं.) [*जनानां मतम्, तस्य सङ्ग्रहः, ष.त.*] प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट कुनै विषयमा बहुसंख्यक जनताको विचार जान्ने काम।

जनमेजयः (पुं.वि.) [*जनमेजयति लोकान् कम्पयति, ण्यन्ताद् एजृ कम्पने इति धातोः एजे खश् ३.२.२८ इति खश्, गुणायादेशौ, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्*] १.जनतालाई कम्पित तुल्याउने २.(पुं.) हस्तिनापुरका एक राजा, अर्जुनका नाति, परीक्षितका छोरा। यिनले आफ्ना बाबुलाई डसेर मार्ने सर्पको प्रतिशोध लिन सर्प यज्ञ गरेका थिए। इन्द्रको शरणमा गएर तक्षकले ज्यान बचायो।

जनयित्री (स्त्री.) [*जनयतीति, जनी प्रादुर्भावे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] आमा।

जनरक्षा (स्त्री.) [*जनानां रक्षा, ष.त.*] जनताको जिउधनको सुरक्षा।

जनश्रुतिः (स्त्री.) *श्रूयते, श्रु श्रवणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, जनानां कर्णपरम्परया आगता श्रुतिः*] किंवदन्ती/लोकोक्ति।

जनाधिपः (पुं.) [*जनानामधिपः, ष.त.*] १.राजा २.कृष्ण।

जनाकीर्णः (पुं.वि.) [*जनैराकीर्णः, तृ.त.*] जनसङ्ख्या धेरै भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनान्तिकः (पुं.) अरूले नसुन्ने गरी दुई मानिसका बिचमा गरिने साङ्केतिक कुराकानी।

जनान्दोलनम् (नपुं.) [*जनानाम् आन्दोलनम्, ष.त.*] जन-सङ्घर्ष/क्रान्ति/कुनै कार्यको सिद्धिका लागि जनताद्वारा चलाइएको आन्दोलन।

जनापवादः (पुं.) [*जनानामपवादः,ष.त.*] लोकापवाद।

जनार्दनः (पुं.) [*जनं समुद्रवासिनं जननामानं राक्षसमर्दयति, अर्द धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१) इत्यनः, यद्वा जनैर्लौकैरर्द्यते याच्यते पुरुषार्थानसौ, कर्मणि, कृत्यलुटो बहुलम् ३.३.११३ इति ल्युट्, अनः*] विष्णु।

जनाश्रमः (पुं.) [*जनानां आश्रमः, आश्रयस्थानं यत्र सः, बहु.स.*] धर्मशाला।

जनाश्रयः (पुं.) [*जनानामाश्रयः,ष.त.*] १.पाटी/पौवा २.चौतारो/दुईचार जना जम्मा भई बस्ने स्थान। **मण्डपोऽस्त्री जनाश्रयः** (अमर.)।

जनिः (स्त्री.) १.[*जननम्, जनी प्रादुर्भावे इति धातोः, जनिघसिभ्यामिण् (उ.) ५७९ इति इण्, जनिवध्योश्च ७.३.३५ इति वृद्धिनिषेधः*] १.जन्म/उत्पत्ति। **जनिरुत्पत्तिरुद्भवः** (अमर.) २.[*जायते ऽस्याम्*] नारी/आमा (शब्दर.) ३.गन्धद्रव्यविशेष (मुकुट)।

जनिका (स्त्री.) [*जायतेऽस्याम्, जनिः, ततः स्वार्थे कन्, टाप्*] १.जन्मदात्री २.बुहारी (शब्दर.)।

जनितः (पुं.वि.) [*जन्यते स्म, जनी प्रादुर्भावे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] उब्जिएको/द्वारा भएको/जन्माइएको/पैदा गरिएको। **अतोऽहं कामयामि त्वां नहि त्वं जनितो मया** (ह.वं. १६१.३१)।

जनिता (पुं.) [*जनयति, जनी प्रादुर्भावे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] जन्म दिने/पिता।

जनिता चोपनेता च यश्च विद्यां प्रयच्छति।
अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः॥ (चा.नी.)

जनित्री (स्त्री.) [*स्त्रियां ङीप्*] जन्मदाता /आमा।

जनी (धा.) [*प्रादुर्भावे, दिवा.अक.सेट्, आत्म.*] उत्पन्न हुनु, पैदा हुनु। लट्– **जायते**– उत्पन्न हुन्छ। लिट्– **जज्ञे**– उत्पन्न भएछ (अन.)। लुट्– **जनिता**– उत्पन्न हुने छ (अन.)। लृट्– **जनिष्यते**– उत्पन्न हुने छ। लोट्– **जायताम्**– उत्पन्न होओस्। लङ्– **अजायत**– उन्पन्न भयो (अन.)। विधिलिङ्– **जायेत**– उत्पन्न होला, उत्पन्न होओस्। आशीर्लिङ्– **जनिषीष्ट**– उत्पन्न होओस्। लुङ्– **अजनि-अजनिष्ट**–उत्पन्न भयो। लृङ्– **अजनिष्यत्**– उत्पन्न हुने थियो। भावे– **जन्यते/जायते**– जन्मिइन्छ। णिचि– **जनयति**– जन्माउँछ। सनि– **जिजनिषते**– जन्मन खोज्छ। कृदन्ते– **जनकः/जनिका/जनयिता-त्री**– जन्म दिने। **जनितुम्**– जन्माउन। **जनित्वा/प्रजन्य**– जन्मिएर। **जनकः**– बाबु। **जन्तुः**– प्राणी। **जातिः**– जात। **जननम्/जन्म**– जन्मने काम। **जनता**– मानिसहरूको समूह इत्यादि।

जनी (स्त्री.) [*जायतेऽस्यां गर्भः इति जनिघसिभ्यामिण् (उ.) इति इण्, जनिवध्योश्च ७.३.३५ इति वृद्धिनिषेधः, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] १.पत्नी २.बुहारी ३.उत्पत्ति ४.[*जायते आरोग्यमनया, करणे इण्*] औषधिविशेष। **जनी सीमन्तिनी-वध्वोरुत्पत्तावोषधीभिदि** (मेदिनी.)।

जनुः (नपुं./स्त्री.) [*जननम्, जनी प्रादुर्भावे इति धातोः, जनेरुसिः (उ.) २८० इति उसिः,ऊङि जनूः*] १.जन्म २.उत्पत्ति।

जनोपयोगी (पुं.वि.) [*जनानामुपयोगी, ष.त.*] लोकोपयोगी/सर्वसाधारणलाई हित हुने।

जनौघः (पुं.) [*जनानामोघः, ष.त.*] जनताको समूह।

जन्तुः (पुं.) [*जन्यते शरीरादिधारणेन प्रार्दुर्भवति, जनी प्रादुर्भावे इति धातोः, कमिमनिजनिगाभायाहिभ्यश्च (उ.७५) इति तुः*] १.प्राणी २.अविद्याका दोषले देहको अभिमान गर्ने जीव। **एकः प्रजायते जन्तुरेक एव प्रलीयते** (मनु.)। ३.(पुं.बहु.) मानिस ४.सोमक राजाका एक पुत्र।

जन्तुफलः (पुं.) [*जन्तवः फलेऽस्य*] डुम्री। **उदुम्बरो जन्तुफलो यज्ञाङ्गो हेमदुग्धकः** (भा.प्र.)।

जन्म (नपुं.) [*जन जनने इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्, इषियुधीन्धि. (उ.)१४५ इति मकि, जन्मशब्दोऽदन्तः पुंल्लिङ्गोऽपि*] उत्पत्ति/जन्मने काम। **शुभानामशुभानाञ्च कर्मणां जन्म जायते** (ब्र.वै.पु.) अदन्तोऽपि जन्म शब्दः। **जन्मे पञ्चनवस्थिते कलहरिपुभयम्** (ज्यो.त.)। **~कुण्डली** (स्त्री.) [*जन्मनः कुण्डली, ष.त.*] जन्मका समयमा भएका ग्रहहरूको स्थिति, बालको जीवन भरको दिनदशा आदि थाहा पाउनका लागि बनाइने जन्मपत्रिका/जन्मपत्र/ चिना/ टिपन/ जन्मौटो। **~क्षेत्रम्** (नपुं.) [*जन्मनः क्षेत्रम्, ष.त.*] जन्मस्थल/जन्मेको ठाउँ। **~गतः** [*जन्म गतः, द्वि.त.*] जन्मँदैको/जन्मँदैदेखि आएको/जन्मजात। **~जयन्ती** (स्त्री.) [*जन्मनः जयन्ती, ष.त.*] १.संस्था स्थापना भएको दिनमा मनाइने उत्सव २.व्यक्तिको मृत्युपश्चात् जन्मदिनमा श्रद्धा व्यक्त गरिने कार्य। **~तिथिः** (स्त्री.) [*जन्मनः तिथिः, ष.त.*] जन्मेको तिथि। **~दाता** (पुं.वि.) [*जन्मनो दाता, ष.त.*] १.जन्माउने (बाबु) २.उत्पादन गर्ने/स्थापना गर्ने। **~दिनम्** (नपुं.) [*जन्मनो दिनम्, ष.त.*] जन्मिएको दिन। **~दिवसः** (पुं.) [*जन्मनो दिवसः, ष.त.*] जन्मदिन। **~नक्षत्रम्** (नपुं.) [*जन्मकालिकं नक्षत्रम् म.प.स.*] जन्मिएको नक्षत्र। **~नागरिकः** (पुं.) [*जन्मना नागरिकः, तृ.त.*] जन्मका आधारमा हुन पाउने त्यही देशको नागरिक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~पत्रिका (स्त्री.) [*जन्मसंबन्धी पत्रिका, म.प.स.*] चिना/बालक जन्मदाको ग्रहस्थिति, शुभाशुभ फल, जन्मको तिथि, समय आदि सबै विवरण खुल्ने गरी तयार पारिएको पत्र। **~प्रमाणपत्रम्** (नपुं.) [*जन्मनः प्रमाणपत्रम्, ष.त.*] यो देशमा जन्मेको हो भन्ने जनाउन त्यसै देशको सम्बद्ध निकायबाट दिइएको प्रमाणपत्र। **~भूमिः** (स्त्री.) [*जन्मनो भूमिः, ष.त.*] जन्मिएको ठाउँ/जन्मस्थान। **~मरणम्** (नपुं.) [*जन्म च मरणञ्च, तयोः समाहारः*] जन्मने र मर्ने काम। **~मासः** (पुं.) [*जन्मनो मासः, ष.त.*] जन्म महिना। **~राशिः** (पुं.) [*जन्मनो राशिः, ष.त.*] कुनै व्यक्तिको जन्मँदावखतको मेष, वृष आदि राशि। **~रोगी** (पुं.वि.) [*जन्मतो रोगी, ष.त.*] जन्मदेखि नै रोगी। **~साफल्यम्** (नपुं.) [*जन्मनः साफल्यम्, ष.त.*] जन्मिएको सफलता।

जन्मस्थानम् (नपुं.) [*जन्मनः स्थानम्, ष.त.*] जन्मिएको ठाउँ।

जन्मस्थानं न खलु विमलं वर्णनीयो न वर्णो
दूरे पुंसां वपुषि रचना पङ्कशङ्कां करोति।
यद्यप्येवं सकलसुरभिद्रव्यगन्धापहारी
को जानीते परिमलगुणः कोऽपि कस्तूरिकायाः॥ (शा.प.)

जन्मदः (पुं.) [*जन्म ददाति, आतोऽनुपसर्गे कः इति कः,आलोपः*] पिता/जनक (शब्दर.)।

जन्मसिद्धः (पुं.वि.) [*जन्मना सिद्धः, तृ.त.*] जन्मदेखि नै भएको/जन्मका साथसाथै भएको/जन्मनासाथ पाइएको **~अधिकारः** (पुं.) [*जन्मसिद्धश्चासौ अधिकारश्च, कर्म.स.*] संविधानबाट प्राप्त मौलिक अधिकार/मानवमात्रले पाउने मूल अधिकार।

जन्मान्तरम् (नपुं.) [*अन्यत् जन्म, मयूरव्यंसकादिसमासः*] पुनर्जन्म/अर्को जन्म।

वरं प्राणपरित्यागो न वियोगो भवादृशैः।
प्राणा जन्मान्तरे भूयो न भवन्ति भवद्विधाः॥
(पञ्चत.२.१८५)

जन्मान्तरिणः (पुं.वि.) [*जन्मान्तरे भवः, खः खस्य ईनः, णत्वम् गुणः*] अर्को जन्ममा भएको।

जन्मान्तरिणरमण स्वाङ्गसङ्ग समुत्सुका।
सलज्जा चान्तिके सङ्ख्याः पातु नः पार्वती सदा॥
(सा.द. १० प.)

जन्मान्धः (पुं.वि.) [*जन्मना अन्धः, तृ.त.*] जन्मदैको अन्धो।

न पश्यति च जन्मान्धः कामान्धो नैव पश्यति।
न पश्यति मदोन्मत्तो ह्यर्थी दोषं न पश्यति॥ (सुभा.)

जन्माष्टमी (स्त्री.) [*जन्माश्रिता कृष्णजन्मसम्बद्धा अष्टमी म.प.स.*] श्री कृष्णको जन्म दिन। भाद्र कृष्ण अष्टमी।

अथ भाद्रपदे मासि कृष्णाष्टम्यां महानिशि।
अष्टविंशतितमे जातः कृष्णोऽसौ देवकीसुतः॥ (ब्र.पु.)

जन्मी (पुं.) [*जन्मास्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः, नान्ताद् व्रीह्यादिभ्यश्च ५.२.११६ इतीनिः*] जन्मने प्राणी।

जन्मोत्सवः (पुं.) [*जन्मनः उत्सवः, ष.त.*] जन्मको दिन गरिने उत्सव। यो उत्सव कसैले जन्मतिथिका दिन गर्दछन् भने कसैले वि.सं.को गते वा इस्वीको तारिकअनुसार मनाउँछन्। यस दिन मार्कण्डेय, हनुमान् आदि अष्ट चिरञ्जीवीको पूजा, ग्रहपूजा आदि गर्ने विधान छ। आधुनिक सभ्यतामा हुर्केका युवायुवतीले भने प्रायः केक काटेर यो उत्सव मनाउँछन्।

जन्यः (पुं.) [*जनस्य जल्पः, मतजनहलात्करणजल्पकर्षेषु ४.४.९७ इति यत्*] १.जनताको भनाइ २.[*जायते जनयति वा जनी प्रादुर्भावे इति धातोः, भव्यगेयप्रवचनीयो- ३.४.६८ इति कर्तरि यत्*] जनक। ३.महादेव। **उग्रतेजा महातेजा जन्यो विजयकालवित्** (म.भा.) ४.(पु.वि.) [*जन्यते इति, जनी प्रादुर्भावे इति धातोः, णिचि, कर्मणि यत्*] उत्पाद्य/पैदा भएको। **शुश्राव घोषं न जनौघजन्यम्।** (रघु.) ५.पुत्र/सन्तान। **जनकस्य स्वभावो हि जन्ये तिष्ठति निश्चितम्।** (ब्रह्मवै.) ६.[*जनाय हितः*] जनताको भलाइ। ७.हाट।

जन्यं हट्टे परीवादे सङ्ग्रामे च नपुंसकम्।
जन्या मातृवयस्यायां जन्यः स्याज्जनके पुमान्।
त्रिषूत्पाद्यजनित्रोश्च नवोढाज्ञातिभृत्ययोः। (विश्व.)।

जन्यम् (नपुं.) *१.[जन्यते इति, जनी प्रादुर्भावे इति धातोः, तकिशसिचतियतिजनिभ्यो यद् वाच्यः (वा.) इति यत्, यद्वा जन जनने इति धातोः, जनेर्यक् (उ.) ५६० इति यक्*] लडाइँ। **तत्र जन्यं रघोर्घोरं पर्वतीयैर्गणैरभूत्** (रघु.) २.शरीर। **निवृत्त-सर्वेन्द्रियवृत्तिविभ्रमस्तुष्टाव जन्यं विसृजन् जनार्दनम्।** (भाग.) ३.हाट।

जन्या (स्त्री.) [*जनीं वधूं वहति वरगृहं प्रापयति संज्ञायां जन्याः ४.४.८२ इति यत्, टाप् ४.१.४*] १.आमाकी सँगिनी २.नवोढा बुहारीकी साथी/लोकन्ती ३.[*जन्यते या सा*] प्रेम (हेम.) ४.[*जन्यते इति*] छोरी।

जन्युः (पुं.) [*जायते प्रादुर्भवतीति, जनी प्रादुर्भावे इति धातोः, यजिमनिशुन्धिदसिजनिभ्यो युच् (उ.) ३०७ इति युच्, बाहुलकात् अनादेशाभावः*] १.प्राणी २.आगो ३.ब्रह्मा। **जन्युः स्याज्जन्तुमात्रे च पावके परमेष्ठिनि** (हैम.)।

जप (धा.) [*व्यक्तायां वाचि, भ्वा.मानसे च, सक., सेट् पर.*] जप गर्नु, मनमनै बोल्नु। लट्– **जपति–** जप गर्छ। लिट्– **जजाप–** जप गरेछ (अन.)। लुट्– **जपिता–** जप गर्ने छ (अन.)। लृट्– **जपिष्यति–** जप गर्ने छ। लोट्– **जपतु-तात्–** जप गरोस्। लङ्– **अजपत्–** जप गऱ्यो (अन.)। विधिलिङ्– **जपेत्–** जप गर्ला, जप गरोस्। आशीर्लिङ्– **जप्यात्–** जप गरोस्। लुङ्– **अजापीत्/अजपीत्–** जप गऱ्यो। लृङ्– **अजपिष्यत्–** जप गर्ने थियो। कर्मणि– **जप्यते–** जपिन्छ। णिचि– **जापयति-ते–**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जप्न लगाउँछ। सनि– **जिजपिषति–** जप्न चाहन्छ। कृदन्ते– **जपित्वा/प्रजप्य–** जपेर। **जपः/जपनम्–** जप्ने काम इत्यादि।

जपः (पुं.) [*जपनम्, जप मानसे च इति धातोः, व्यधजपोरनुपसर्गे ३.३.६१ इत्यप्*] कुनै मन्त्र वा नामलाई बारम्बार सम्झने वा भन्ने क्रिया। यसका तीन भेद छन्– १.वाचिक जप/सुनिने गरी मन्त्र उच्चारण गरेर हुने जप।

मन्त्रमुच्चारयेद् वाचा वाचिकः स जपः स्मृतः। (अ.पु.)

२.उपांशु जप/देवतालाई सम्झेर जिब्रो र ओठ चलाउँदै केही सुनिने गरी गरिएको जप।

जिह्वोष्ठौ चालयेत् किञ्चिद् देवतागतमानसः।
किञ्चिच्छ्रवणयोग्यः स्यादुपांशुः स जपः स्मृतः॥ (तथैव)

३.मानसिक जप/मन्त्रका वर्ण,स्वर र पदमय अक्षरको श्रेणीलाई अर्थ सम्झिएर मनमनै गरिने जप।

धिया यदक्षरश्रेणीं वर्णस्वरपदात्मिकाम्।
उच्चरेदर्थमुद्दिश्य मानसः स जपः स्मृतः॥ (तथैव)

यस अतिरिक्त जिब्रोमात्र चलाएर गरिने जपलाई जिह्वाजप भन्दछन्। **जिह्वाजपः स विज्ञेयः केवलं जिह्वया बुधैः।** (तथैव) वाचिक जपभन्दा उपांशुजप दशगुना बढी फल दिने हुन्छ भने जिह्वाजपले सयगुना बढी फल दिन्छ। मानस जपले हजारगुना बढी फल दिन्छ। यो सर्वोत्तम जप हो।

उच्चैर्जपाद् विशिष्टः स्यादुपांशुर्दशभिर्गुणैः।
जिह्वाजपः शतगुणः साहस्रो मानसः स्मृतः॥ (तथैव)।

~परायणः (वि.) [*जपे परायणः, स.त.*] जप गर्न लागेको। **~माला** (स्त्री.) [*जपस्य माला, ष.त.*] जप गर्दा मन्त्र आवृत्तिको गन्ती गरिने माला। **~मुद्रा** (स्त्री.) [*जपस्य मुद्रा, ष.त.*] औँठो र माझी औँलाको बिचले मालाको मणिहरू घुमाई जप्दा हुने हस्तक्रियाको मुद्रा।

अङ्गुष्ठं मध्यमामध्यपर्वे लग्नं तु कारयेत्।
तयोः संस्पर्शमात्रेण मणिकान् चालयेत् सुधीः॥ (मु.प्र.)

~यज्ञः (पुं.) [*जपप्रधानो यज्ञः, जप एव यज्ञो वा*] जपद्वारा गरिने आराधना।

जपन् (पुं.) [*जपति इति, जप व्यक्तायां वाचि मानसे च इति धातोः, लटिः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शतृ*] जप गरिरहेको।

जपनम् (नपुं.) [*जपधातोर्भावे ल्युट्, अनः*] मन्त्र जप्नु।

जपा (स्त्री.) [*जपन्ति तान्त्रिका अनया, जप व्यक्तायां वाचि मानसे च इति धातोः, व्यधजपोरनुपसर्गे ३.३.६१ इत्यप्, टाप् ४.१.४*] एक किसिमको फूलको वृक्ष/बाह्रमासे फूलको रुख।

जपापुष्पम् (नपुं.) [*जपायाः पुष्पम्, ष.त.*] बाह्रमासे फूल।

जप्यः (पुं.वि.) [*जपितुं योग्यः, जप व्यक्तायां वाचि मानसे च इति धातोः पोरदुपधात् ३.१.९८ इति यत्*] जप्नुपर्ने/जप्न लायक।

जभ (धा.) [*जभने,जभनं मैथुनम्, भ्वा.पर.अक.सेट्*] मैथुन गर्नु। लट्– **जभति–** मैथुन गर्छ। **जभति युवा** (दुर्गादास)।

जभि (धा.) [*जभने, भ्वा. पर. अक.सेट्*] मैथुन गर्नु। लट्– **जम्भति–** मैथुन गर्छ इत्यादि।

जभि (धा.) [*नाशने, चुरा.सक.सेट्, उभ.*]– नाश गर्नु। लट्– **जम्भयति-ते–** नाश गर्छ। **जम्भयति पापं गङ्गा।** (दुर्गादास) लिट्– **जम्भयाञ्चकार-चक्रे–** नाश गरेछ (अन.)। लुट्– **जम्भयिता** - नाश गर्ने छ। लृट्– **जम्भयिष्यति-ते–** नाश गर्ने छ। लोट्– **जम्भयतु-ताम्–** नाश गरोस्। लङ्– **अजम्भयत्-त–** नाश गऱ्यो (अन.)। विधिलिङ्– **जम्भयेत्-त–** नाश गर्ला, नाश गरोस्। आशीर्लिङ्– **जम्भयात्–**नाश गरोस्। लुङ्– **अजजम्भत्-त–** नाश गऱ्यो। लृङ्– **अजम्भयिष्यत्-त–** नाश गर्ने थियो इत्यादि।

जभि (धा.) [*गात्रविनामे, भ्वा.अक.सेट् आत्म., इदित्, रधिजभोरचि ७.१.६१ इति नुम्*] हाइ गर्नु, शरीर शिथिल हुनु। लट्– **जम्भते–** हाइ गर्छ। लिट्– **जजम्भे–** हाइ गरेछ (अन.)। लुट्– **जम्भिता–** हाइ गर्ने छ (अन.)। लृट्– **जम्भिष्यते–**हाइ गर्ने छ। लोट्– **जम्भताम्–** हाइ गरोस्। लङ्– **अजम्भत–** हाइ गऱ्यो (अन.)। विधिलिङ्– **जम्भेत–** हाइ गर्ला, हाइ गरोस्। आशीर्लिङ्– **जम्भिषीष्ट–** हाइ गरोस्। लुङ्– **अजम्भिष्ट–** हाइ गऱ्यो। लृङ्– **अजम्भिष्यत–** हाइ गर्ने थियो। भावे– **जम्भ्यते–** हाइ गरिन्छ। णिचि– **जम्भयति-ते–** हाइ गर्न लगाउँछ। कृदन्ते– **जम्भितुम्–** हाइ गर्न। **जम्भकः/ जम्भिका/जम्भिता-त्री–** हाइ गर्ने। **जब्धः/जब्धवान्/ जम्भितः–** हाइ गरेको। **जम्भः/जम्भा/ जम्भनम्–** हाइ गर्ने काम इत्यादि।

जमदग्निः (पुं.) [*जमन् भक्षयन् अग्निरिव, अत्यन्ततेजस्वीत्यर्थः*] १.सत्यवती र ऋचीकका छोरा, गोत्रप्रवर्तक एक ऋषि, परशुरामका पिता/प्रसिद्ध सप्तर्षिमध्येका एक ऋषि। यिनकी पत्नीको नाम रेणुका (दोस्रो नाम-कामली) हो। यिनका पाँच छोरा थिए- रुमण्वान्, सुषेण, बहु, विश्वबाहु र परशुराम। परशुराम यिनका कान्छा छोरा हुन्।

कश्यपोऽत्रिर्भरद्वाजो विश्वामित्रोऽथ गौतमः।
जमदग्निर्वसिष्ठश्च सप्तैते ऋषयः स्मृताः॥ (अमर.)

जमु (धा.) [*अदने, सक.सेट्, पर.*] खानु। लट्– **जमति–** खान्छ। लिट्– **जजाम–** खाएछ (अन.)। लुट्–**जमिता–**खाने छ (अन.)। लृट्– **जमिष्यति–** खाने छ। लोट्–**जमतु-तात्–** खाओस्। लङ्– **अजमत्–** खायो (अन.)। विधिलिङ्– **जमेत्–** खाला, खाओस्। आशीर्लिङ्– **जम्यात्–** खाओस्। लुङ्– **अजमीत्–** खायो। लृङ्– **अजमिष्यत्–** खाने थियो इत्यादि।

जम्पती (स्त्री.) [*जाया च पतिश्च, राजदन्तादि २.२.३१ गणे पाठाज्जायाशब्दस्य जम्भावो वा निपात्यते*] पतिपत्नी। **दम्पती जम्पती च सा** (वाचस्पति)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जम्बालः (पुं.) [*जमति, जमु अदने इति धातोः बाहुलकाद्वालन्, यद्वा जम्बम् आलाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.हिलो २.एक किसिमको भार भएको क्षेत्र। **जम्बालः शैवले पङ्के** (मेदिनी.) ३.केतकीको वृक्ष (शब्दर.)।

जम्बीरः (पुं.) [*जम्यते, जमु अदने इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, वीरयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, जम् चासौ वीरश्च, कर्म.स., गम्भीरादयश्च इति निपातनात् ईरन् वा*] १.ज्यामिर २.मरुवावृक्ष।

जम्बीरः प्रस्थपुष्पे स्यात्तथा दन्तशठद्रुमे (मेदिनी.)।

जम्बुः (पुं.) १.[*जम्यते भक्ष्यते फलमिति, जमु अदने इति धातोः, मृगय्वादयश्च (उ.) ३७ इति कूः, पृषोदरादित्वाद् बुक्, ह्रस्वः*] जामुनाको रुख २.[*जमति खादति मांसम्*] स्याल ३.[*जम्ब्वाः फलम्, जम्ब्वा वा ४.३.१६५ इत्यण्, फले लुक् ४.३.१६३ इति लुक्*] जामुनाको फल।

जम्बुकः (पुं.) [*जमति इति, जमु अदने इति धातोः, मृगय्वादिभ्यश्च (उ.) ३७ इति कूः, ततः स्वार्थे कन्, वुक्, ह्रस्वः*] १.स्याल २.धूर्त मानिस ३.[*जम्बु इव कायति, कः,आलोपः*] केतकीको फूल।

जम्बूः (पुं.) [*जनयतीति, जनी प्रादुर्भावे इति धातोः, अन्दूदृम्भूजम्बू- कफेलूकर्कन्धूदिधिषूः (उ.) ९३ इति सूत्रेण कू प्रत्ययान्तो निपातः, बुगागमश्च*] १.जामुनु २.(स्त्री.) पृथ्वीका सात खण्डमध्ये एक खण्ड ३.सुमेरु पर्वतमा बग्ने नदी। **जम्बूः स्यात्पादपान्तरे। तथा सुमेरुसरिति द्वीपभेदेऽपि च स्त्रियाम्** (मेदिनी.)।

जम्बूद्वीपः (पुं.) [*जम्बू (वृक्ष) युक्तो द्वीपः, म.प.स.*] सातद्वीपमध्ये पुराणमा प्रसिद्ध जम्बू नाम गरेको द्वीप।

जम्बूफलम् (नपुं.) [*जम्बोः फलम्, ष.त.*] जामुनाको फल

जम्बूफलानि पक्वानि पतन्ति विमले जले।
करिकम्पितशाखाभ्यो गुलुगुग्गुलुगुग्गुलु॥

जम्भः (पुं.) [*जम्भयत्यम्लत्वात्, जभी गात्रविनामे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, , रधिजभो– ७.१.६१ इति नुम्*] १.इन्द्रले मारेको एक राक्षस २.विष्णुले मारेको एक राक्षस ३.दाँत ४.च्युँडो ५.ज्यामिर।

जम्भभेदी (पुं.) [*जम्भमसुरं भेतुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.इन्द्र २.विष्णु।

जम्भलः (पुं.) [*वृषादिभ्यश्चित् (उ.) १११ इति कलप्रत्ययः* १.ज्यामिर २.बुद्ध ।

जम्भारातिः (पुं.) [*जम्भस्य आरातिः, ष.त.*] इन्द्र।

जम्भारिः (पुं.) [*जम्भस्य अरिः शत्रुः, ष.त.*] इन्द्र।

जम्भारिरेव जानाति रम्भासंयोगविभ्रमम्।
घटीचेटीविटः किञ्चिज्जानात्यमरकामिनीम्॥
(शा.प. ११६९)

जम्भीरः (पुं.) [*गम्भीरादित्वात् (उ.) ईरन्*] ज्यामिर।

जयः (पुं.) [*जयतीति, जि जये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.गिनेरी २.युधिष्ठिर। विराट राजाका दरवारमा रहदा राखिएको छद्मनाम।

जयो जयन्तो विजयो जयत्सेनो जयद्बलः।
इति गुह्यानि नामानि तेषां चक्रे युधिष्ठिरः॥

(म.भा.४.५.३४) ३.इन्द्रपुत्र/जयन्त। **तनयस्तु जयन्तः स्याज्ज यदत्तो जयश्च सः।** (अभि.चि.) ४.इक्ष्वाकुवंशीय एक राजा ५.साठी संवत्सरमध्येको एक संवत्सर ६.[*जयनमिति, एरच् ३.३.५६ इत्यच्*] विजय/उत्कर्षप्राप्ति ७.इन्द्रियनिग्रह ८.महाभारतको पूर्वरूप ९.अठार पुराण र रामायण।

अष्टादश पुराणानि रामस्य चरितं तथा।
जयेति नाम चैतेषां प्रवदन्ति मनीषिणः॥ (भ.पु.)

१०.भगवान्का एक पार्षद ११.[*सर्वाणि भूतानि जयति, पचाद्यच्*] विष्णु। **नमो जयः सत्यसन्धो दाशार्हः सात्वतां पतिः।** (म.भा.१३.१४९.६७) १२.नागविशेष (म.भा. ५.१०३.१६) ११.दानवविशेष (हरिवंश २३४.८२) १३.ऋषिविशेष। (भाग.८.१३.२१,२२) १४.विश्वमित्रका एक पुत्र १५.उर्वशीबाट पैदा भएका पुरुरवाका एक पुत्र १६.एक राजर्षि १७.धृतराष्ट्रका एक पुत्र १८.युयुधानका पुत्र १९.दक्षिणतिर ढोका फर्किएको घर अथवा दक्षिण ढोका नजिकको घर वा कोठो। **~कारः** (पुं.) [*जयस्य कारः, ष.त.*] जयध्वनि/ जयजयकार/ जयघोष/जय होस् भन्ने आवाज। **~घोषः** (पुं.) [*जयस्य घोषः, ष.त.*] जयजयकार/जयध्वनि/ जयजयकारको शब्द। **~चिह्नम्** (नपुं.) [*जयस्य चिह्नम् ष.त.*] जितबाजीको चिह्न/जितेको प्रमाणस्वरूप पाइने चिनो। **~दुन्दुभिः** (पुं.) [*जयस्य दुन्दुभिः, ष.त.*] जितबाजीको उपलक्ष्यमा बजाइने ठुलो दमहा।

जयगानम् (नपुं.) [*जयस्य गानम्, ष.त.*] विजयको प्रशंसा।

जयदेवः (पुं.) संस्कृतभाषाका गीतकार। यिनले गीतगोविन्द नामक गीतिकाव्यको रचना गरेका छन्। यिनी बाह्रौं शताब्दीका कवि हुन्। गीतगोविन्दमा १२ सर्ग छन्। सबै सर्ग गीतिमय छन्। कथासूत्रलाई निर्देश गर्न केही पद्यको पनि प्रयोग भएको छ। गीतगोविन्द मुख्यतः श्रीकृष्णको रासलीलासँग सम्बद्ध छ। यो शृङ्गाररसप्रधान काव्य हो। कोलमकान्त पदावलीले सुसज्जित यस काव्यमा संयोग र विप्रलम्भ दुवै शृङ्गार रसको अभिव्यक्ति भएको छ।

जयध्वनिः (पुं.) [*जयस्य ध्वनिः, ष.त.*] १.विजयको उपलक्ष्यमा गरिने नारा, जुलुस, दमाहा, ताली आदिबाट पैदा भएको आवाज २.मन्दिर, मठ, यज्ञ, सप्ताह आदिमा गरिने देवताको जयजयकार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयनम् (नपुं.) १.[*जि जये इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] जित्नु २.[*जीयतेऽनेन,करणे ल्युट् अनः*] घोडाको हिनहिनावट।

जयन्तः (पुं.) [*जयतीति, जि जये इति धातोः, तृभूवहिवसिभासिसाधिगडिमण्डिजिनन्दिभ्यश्च (उ) ४१५ इति झच्प्रत्ययः, झोऽन्तः ४.१.२ इति झस्यान्तादेशः*] १.इन्द्रको छोरो २.पहाड। ३.एघार रुद्रमध्ये एक रुद्र ४.विनायक ५.अक्रूरका बाबु ६.जाम्बवान्को एक छोरो ७.अज्ञातवासमा बसेको बखतका भीमसेन ८.गौतमको आश्रमको नजिकै निमिद्वारा स्थापित एक सहर ९.दशरथका एक मन्त्री १०.केतुमालमा पर्ने एक कुलपर्वत ११.पितृका लागि प्रिय मानिने एक तीर्थ १२.विष्णु १३.चन्द्रमा १४.शिव १५.ज्योतिषशास्त्रमा वर्णित एक योग। १६.सङ्गीतमा प्रसिद्ध एक ध्रुवक। **आदिताले जयन्तः स्यात् शृङ्गाररससंयुतः। रुद्रसङ्ख्याक्षरपद आयुर्वृद्धिकरः परः॥** (सं.दा.)

जयन्तभट्टः (पुं.) न्यायमञ्जरीनामक प्रसिद्ध ग्रन्थका प्रणेता। यिनको समय नवौँ शताब्दीको उत्तरार्द्ध हो। जयन्तभट्टले आफ्नो ग्रन्थमा चार्वाक, बौद्ध, मीमांसा र वेदान्तका मतको खण्डन गरेका छन्। भाषा अत्यन्त प्राञ्जल तथा रोचक छ।

जयन्ती (स्त्री.) [*जयतीति, जि जये इति धातोः, तृभूवहिवसिभासिसाधिगडिमण्डिजिनन्दिभ्यश्च (उ.) ४१५ इति झच्प्रत्ययः, झोऽन्तः ४.१.२ इति झस्यान्तादेशः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.संस्था स्थापना भएको दिनलाई उपलक्ष्य मानेर मनाइने उत्सव २.दिवङ्गत मानिसहरूको जन्मदिनमा श्रद्धा व्यक्त गरिने कार्य ३.फूलविशेष ४.दुर्गा ५.वज्रदन्ती ६.पताका/ध्वजा ७.ज्योतिष शास्त्रमा प्रसिद्ध योगविशेष। कृष्णाष्टमीको दिन एक कला मात्र भए पनि रोहिणी नक्षत्र हुँदा पर्ने योग। यसो हुन सूर्योदयमा अष्टमी हुनुपर्छ। यसका तीन भेद छन्– अहोरात्र रोहिणी भएको मुख्यकाल, आधा रातसम्म रोहिणी भएको मध्यकाल र दिनमा मात्र रोहिणी भएको अधमकाल।

अष्टमी कृष्णपक्षस्य रोहिणी ऋक्षसंयुता।
भवेत्प्रोष्ठपदे मासि जयन्ती नाम सा स्मृता॥
रोहिणीयोगोऽहोरात्रं मुख्यः।
निशीथमात्रे मध्यमः दिवसादावधमः॥ (नि.सिं.)

८.आठ पुण्यदायी द्वादशीमध्ये एक ९.ज्वरनाशक वटीविशेष १०.इन्द्रकी छोरी। **सुता जयन्ती तविषी ताविषी** (अभि.चि.)।

जयपत्रम् (नपुं.) [*जयसूचकं पत्रम्, म.प.स.*] जितेको कुरा जनाउने पत्र/जितबाजीको फैसलाको कागजात।

जयपराजयौ (पुं.द्वि.) [*जयश्च पराजयश्च, द्व.स.*] जित र हार।

जयलक्ष्मीः (स्त्री.) [*जयस्य लक्ष्मीः, ष.त.*] १.विजयबाट प्राप्त भएको सम्पत्ति २.देवीविशेष।

जयशृङ्गः (पुं.) [*जयस्य शृङ्ग इव शृङ्गो यस्य सः, बहु.स.*] जयघोष गरी बजाइने करनाल।

जयस्तम्भः (पुं.) [*जयस्य स्तम्भः, ष.त.*] विजय गरेकोमा त्यसको चिह्नस्वरूप राखिने वा राखिएको स्तम्भ/विजयस्तम्भ।

जया (स्त्री.) [*जयतीति, जि जये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्,टाप् ४.१.४*] १.दुर्गा २.हरियो दुबो ३.हर्रो ४.त्रयोदशी, अष्टमी र तृतीया तिथि। **त्रयोदश्यष्टमी चैव तृतीया च जया मता** (ति.त.) ५.पुण्यदायी आठ द्वादशीमध्ये एक ६.पार्वतीकी एक सखी ७.औषधिविशेष।

जयावहः (पुं.वि.) [*जयम् आवहति, आङ्पूर्वकाद् वह धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, जयस्य आवहः, ष.त.*] जय गराउने/विजय प्राप्त गराउने।

जयिनी (स्त्री.) [*जयति, जि जये इति धातोः जिदृक्षिविश्रीण्वमाव्यथाभ्यमपरिभूप्रसूभ्यश्च ३.२.५७ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] विजय प्राप्त गराउने।

जयिष्णुः (पुं.वि.) [*जेतुम् शीलः, जि जये इति धातोः, अलङ्कृञ्निराकृञ् ३.२.१३६ इति इष्णुच्*] सँधै जित्ने/जित्न सिपालु।

जयी (पुं.वि.) [*जयोऽस्यास्तीति, जिदृक्षिविश्रीण्वमाव्यथाभ्यमपरिभूप्रसूभ्यश्च ३.२.५७ इतीनिः*] जित्ने/विजय गराउने।

जयोल्लासः (पुं.) [*जयस्य उल्लासः, ष.त.*] विजय प्राप्त गरेको उपलक्ष्यमा मनाइने खुसियाली।

जय्यः (पुं.) [*जेतुं शक्यः, जि जये अभिभवे वा इति धातोः, क्षय्यजय्यौ शक्यार्थे ६.१.८१ इति यान्तादेशो निपातः*] जित्न सकिने।

जरठः (त्रि.) [*जरयतीति, जॄ वयोहानौ इति धातोः, बाहुलकात्, अठः, गुणः, रपरत्वम्*] १.जीर्ण २.कठिन ३.साह्रो। **जरठः कठिने जीर्णे** (वैजयन्ती)।

जरणः (पु.) [*जरयतीति, जॄ वयोहानौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.जिरा २.हिङ ३.साँचर नुन। **जरणं हिंगुनि स्मृतम्। जरणो जीरकेऽपि स्यात् कृष्णे सौवर्चलेऽपि च** (विश्व.)।

जरन् (पुं.वि.) [*जीर्यत इति जॄष् वयोहानौ इति धातोः, जीर्यतेरतृन् ३.२.१०४ इ अतृन्*] बृद्ध/बुढो।

क्षणात्प्रबोधमायाति लङ्घ्यते तमसा पुनः।
निर्वास्यतः प्रदीपस्य शिखेव जरतो मतिः॥ (सुभा.)

जरद्गवः (पुं.) [*जरंश्चासौ गौश्च, पूर्वकालैक– २.१.४९ इति समासः, गोरतद्धितलुकि ५.४.९२ इति टच्*] बुढो गोरु।

जरा (स्त्री.) [*जीर्यत्यनया, जॄ वयोहानौ इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] वृद्धावस्था।

कृतान्तस्य दूती जरा कर्णमूले
समागत्य वक्तीति लोका शृणुध्वम्।
परस्त्रीपरद्रव्यवाञ्छां त्यजध्वं
भजध्वं रमानाथपादारविन्दम्॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या च भार्या विरूपाक्षी कश्मला कलहप्रिया।
वचनोत्तरवक्त्री च सा जरा न जरा जरा॥ (चाणक्य)
कैकेयीशङ्कयेवाह पलितच्छद्मना जरा (रघु.१२.२)
रक्षसीविशेष/ जरासन्धलाई सिउने राक्षसी।

जराकृशः (पुं.वि.) [*जरया कृशः, तृ.त.*] वृद्धावस्थाले दुब्लाएको।

जराग्रस्तः (पुं.वि.) [*जरया ग्रस्तः,तृ.त.*] ज्यादै बुढो।

जराजीर्णः (पुं.वि.) [*जरया जीर्णः, तृ.त.*] बुढ्याइँले जीर्ण।

जरातुरः (पुं.वि.) [*जरया आतुरः,तृ.त.*] वृद्धावस्थाले पीडित।

जरायुः (पुं.) [*जरामेति, इण् गतौ इति धातोः, किञ्जरयोः शृणः (उ.) ४ इति ञुण्, वृद्धिः, आयादेशः*] १.गर्भाशय/गर्भलाई बेर्ने पातलो किसिमको छाला/साल। **या तु चर्माकृतिः सूक्ष्मा जरायुः सा निगद्यते** (गीता) २.जटायु पक्षी।

जरायुजः (पुं.) [*जरायुतो जायते, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] जरायुमा वा गर्भाशयमा जन्म हुने प्राणी/ पिण्डज/ सालनालले युक्त भई जन्मने प्राणी। **नृगवाद्या जरायुजाः** (अमर.)।

जरासन्धः (पुं.) [*जरया कृतः सन्धः, सन्धानं यस्य सः, बहु.स.*] भीमसेनबाट दुई टाङ फटाएर चिरी मारिएका मगध देशका एक प्रसिद्ध राजा।

जरितः (पुं.वि.) [*जरा सञ्जाता अस्य, तदस्य सञ्जातमिति इतच्*] वृद्धावस्था भएको।

जर्ज (धा.) [*परिभाषणहिंसाभर्त्सनेषु, भ्वा.सक.सेट् पर.*] बोल्नु, हिंसा गर्नु, भाँच्नु, गाली गर्नु। लट्– **जर्जति–** बोल्छ, हिंसा गर्छ, भाँच्छ, गाली गर्छ इत्यादि।

जर्जरः (पुं.वि.) [*जर्ज परिभाषणहिंसातर्जनेषु इति धातोः, बाहुलकाद् अरप्रत्ययः*] १.थोत्रो/जीर्ण २.वयोवृद्ध ३.टुक्रा टुक्रा भएको **जराजर्जरितविषाणकोटयो मृगाः** (काद.) **विसर्पन् धाराभिर्लुठति धरणीं जर्जरकणः** (उ.रा. १.२९) ४.ध्वनिविशेष।

जर्जरितः (पुं.) [*जर्जरः सञ्जातोऽस्य, तारकादितया इतच्*] १.बुढ्याइँले ग्रस्त २.थोत्रो परिएको ३.खण्ड खण्ड तुल्याइएको ४.मानसिक वा शारीरिक हिसाबले क्षतविक्षत भएको। **स्मरशरजर्जरितापि सा प्रभाते** (गीत.गो.)।

जर्जरीकः (पुं.वि.) [*जर्जरः सञ्जातोऽस्य, ईकन्*] १.बुढो २.थोत्रो/प्वालैप्वाल परेको।

जर्तिलः (पुं.) [*जरन् निष्फलस्तिलः, पृषोदरादित्वात् ६.३.१०९ इति साधुः*] जङ्गली तिल।

जल (धा.) [*अपवारणे, चुरा.सक.सेट् उभ.*] हटाउनु, जालले ढाक्नु। लट्– **जालयति–ते–** हटाउँछ, जालले ढाक्छ इत्यादि।

जल (धा.) [*घातने, भ्वा.अक.सेट् पर.*] तेजस्वी हुनु। लट्– **जलति–** तेजस्वी हुन्छ इत्यादि।

जलकपोतः (पुं.) [*जले स्थितः कपोतः, म.प.स.*] जलपरेवा।

जलकुक्कुटः (पुं.) [*जले स्थितः कुक्कुटः, म.प.स.*] सिम कुखुरो/ सिमसारमा बस्ने एक जातको कुखुरो।

जलकेलिः (पुं.) [*जले केलिः, स.त.*] जलबिहार जलक्रीडा/पानीमा गरिने क्रीडा/पानीमा खेल्नु वा पौडनु।

जलक्रीडा [*जले क्रीडा, ष.त.*] पानीमा पौडी खेल्नु, पानी छ्यापा छ्याप गर्नु आदि।

जलग्रहः (पुं.) [*जलस्य ग्रहः ग्रहणम्, ष.त.*] जलोदर/पेटमा पानी जम्ने एक रोग/जलदोष।

जलचरः (पुं.) [*जले चरति, चरेष्टः इति टः*] प्रायः पानीमा बस्ने, पानीमैं हिडडुल गर्ने जनावर। जस्तै माछो, गोही आदि।

जलजन्तवः (पुं.बहु.) [*जले स्थिताः जन्तवः, म.प.स.*] जलमा बस्ने प्राणी।

जलजन्तुः (पुं.) [*जलस्थो जन्तुः, म.प.स.*] पानीमा रहने प्राणी/जलीय प्राणी/जलचर।

जलजाक्षी (स्त्री.) [*जलजे इव अक्षिणी यस्याः सा,बहु.स.*] कमलनयनी।

जलतरङ्गः (पुं.) १.[*जलस्य तरङ्गो यत्र सः, बहु.स.*] सोह्र वा एघारवटा सङ्गमर्मर वा चिनिया माटाका कचौराहरूमा पानी हाली वा त्यसै लठ्ठीले हानेर बजाइने एक बाजा २.[*जलस्य तरङ्गः ष.त.*] पानीको छाल वा तरङ्ग।

जलदः (पुं.) [*जलं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] बादल/ मेघ/जलधर। **जायन्ते विरला लोके जलदा इव सज्जनाः** (प.त.१.२९)।

जलदपङ्क्तिः (स्त्री.) [*जलदानां पङ्क्तिः,ष.त.*] मेघमाला।

जलदपङ्क्तिरनर्तयदुन्मदम्
कलविलापि कलापिकदम्बकम्।
कृतसमार्जनमर्दलमण्डल–
ध्वनिजया निजया स्तनसंपदा॥ (शि.व. ६।३१)

जलदस्युः (पुं.) [*जले स्थितो दस्युः, म.प.स.*] १.जहाज लुट्ने सामुद्रिक डाकु।

जलदेवता (स्त्री.) [*जलस्य देवता, ष.त.*] वरुण देवता।

जलधरः (पुं.) [*जलस्य धरः, ष.त.*] १.मेघ २.मोथे ३.औषधिविशेष। **जलधरस्तोयधरादीनामप्युपलक्षणम्।**

जलधरमाला (स्त्री.) [*जलधराणां माला, ष.त.*] १.मेघको पङ्क्ति २.प्रत्येक पाउमा क्रमशः मगण, भगण, सगण तथा मगण भएको छन्द। **मो भः स्मौ जलधरमालाऽब्ध्यन्तैः** (छन्दो.)।

जलधारा (स्त्री. [*जलस्य धारा, ष.त.*] १.पानीको धारा २.(स्त्री.) [*जलस्य धारा यस्याः सा, प.त.*] रुद्री गर्दा शिवजीका शिरमा पानीको धारा खसाल्ने तामाको पात्र/जलहरी।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलधिः (पुं.) [*जलानि धीयन्तेऽस्मिन्, डुधाञ् धारणपोषणयोः इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, आलोपः ६.६.६४*] १.समुद्र २.सरोवर।

जलनम् (नपुं.) [*जल घातने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पोल्नु/टटाउनु २.डाह/द्वेष/ईर्ष्या।

जलनिगमः (पुं.) [*जलस्य निगमः, ष.त.*] पानीको निकास/जलपथ।

जलनिधिः (पुं.) [*जलानि निधीयन्तेऽत्र, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, जलानां निधिरिति वा*] १.समुद्र २.तलाउ।

जलनिर्गमाः (पुं.बहु.) [*गम्लृ गतौ इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्, जलानां निर्गमाः, ष.त.*] १.पानीको निकास २.भुँवरी परेर पानी तल खाँदिने काम।

जलनीली (स्त्री.) [*जलं नीलयति, नील वर्णे इति धातोः, णिचि ३.१.२५, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप्*] पानीमा लाग्ने हरियो भ्याउ।

जलपतिः [*जलस्य पतिः, ष.त.*] वरुण देवता।

जलपथः (पुं.) [*जलस्य पन्थाः, ष.त.*] १.पानीको निकास/जलमार्ग/कुलो २.जहाज/डुङ्गा हिँड्ने बाटो।

जलपात्रम् (नपुं.) [*जलस्य कृते जलाय वा पात्रम्, च.स.*] पानीको भाँडो।

जलपानम् (नपुं.) [*जलस्य पानम्, ष.त. जलमत्रोपलक्षणम्*] भोजन गर्नुभन्दा पहिले खाइने हल्का खाने कुरा/चमेना।

जलपित्तम् (नपुं.) [*जलस्य पित्तमिव, त.स.*] आगो/अग्नि

जलप्रपातः (पुं.) [*जलस्य प्रपातः, ष.त.*] झर्ना/छहरो।

जलप्रलयः (पुं.) [*जलेन प्रलयः, तृ.त.*] जलप्लावन/समस्त संसार जलमय हुने काम।

जलप्रवाहः (पुं.) [*जलस्य प्रवाहः, ष.त.*] पानीको बहाव/बग्ने पानीको धारा/जलस्रोत।

जलप्रायम् (नपुं.) [*जलं प्रायो यत्र तत्*] पानी प्रशस्त भएको स्थान।

जलबिन्दुः (पुं.) १.[*जलस्य बिन्दु ष.त.*] पानीको थोपा।

जलबिन्दुनिपातेन क्रमशः पूर्यते घटः।
स हेतुः सर्वविद्यानाम् धर्मस्य च धनस्य च॥

२.[*जलस्य विन्दुर्येन सः,बहु.स.*] आँखामा पानी भरिने एक रोग (चाणक्य)।

जलम् (नपुं.) [*जलति, जल अपवारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पानी २.जडपदार्थ ३.जड ४.शीतलता। **~अधिदेवः** (पुं.)१.[*जलस्य अधिदेवः, ष.त.*]वरुण २.[*जलमधिदेवोऽस्य,बहु.स.*] पूर्वाषाढा नक्षत्र। **~अभिलाषी** (पुं.) [*जलमभिलषति तच्छीलः, णिनिः*] तिर्खाएको। **जलाभिलाषी जलमाददाना** (रघु.२) **~अर्कः** (पुं.) [*जलेऽर्कः, स.त.*] पानीमा देखिने सूर्यको प्रतिविम्ब। **~अर्थी** (पुं.वि.) [*जलमर्थयते तच्छीलः, णिनिः*] पिपासु/तिर्खाएको। **~आर्द्रः** (पुं.वि.) [*जलेन आर्द्रः, तृ.त.*] पानीले भिजेको। **~कपोतः** (पुं.) [*जले स्थितः कपोत इव*] परेवा जस्ता देखिने पानीचरा। यिनहरू प्रायः ठुला नदी तथा समुद्री किनारमा रहन्छन्। **~काकः** (पुं.) [*जले स्थितः काकः, म.प.स.*] पानी काग। **~कुक्कुटः** (पुं.) [*जले स्थितः कुक्कुट इव*] पानीमा बस्ने कुखो आकारको चरा। **~केलिः** (पुं.) [*जले केलिः*] जलक्रीडा/नदी, तलाउ , समुद्र आदिमा पसेर पानी छ्यापाछ्याप गर्दै गरिने क्रीडा वा खेल। **~चरः** (पुं.) [*जले चरति, चरेष्टः इति टः*] जलमा रहने प्राणी। **~जः** (पुं.) [*जले जातः, डः*] १.चन्द्रमा २.जलजन्तु ३.माछा। **~जम्** (नपुं.) कमल। **~जीवी** [*जलेन, तत्र मत्स्यादिघातेन जीवति तच्छीलः, णिनिः*] १.मछुवा/माछा मारेर जीविका चलाउने जाति वा व्यक्ति २ .माझी। **~तरङ्गः** (पुं.) १.[*जलस्य तरङ्गः, ष.त.*] पानीको लहर २.[*जलस्य तरङ्ग इव ध्वनितरङ्गोऽस्य*] बाजाविशेष। नली आकारको यस बाजामा पानी भरेर समस्वर निकालिन्छ। **~त्रासः** (पुं.) १.[*जलस्य त्रासः, ष.त.*] पानी वा पानीजन्य वर्षा, पैरो, बाढी आदिको डर २.[*जलात् त्रासो यस्मिन् सः*] पानी देख्दा डराउने रोग। बौलाहा कुकुर आदि जनावरले टोकेका मानिसलाई प्रायः यस्तो रोग लाग्छ। **~निकेतनम्** (नपुं.) [*जलमध्यगतं निकेतनम्, म.प.स.*] पानीको बिचमा रहेको भवन। **~पूरः** (पुं.) [*जलस्य पूरः*] पानीको बाढी। **~प्रदानम्** (नपुं.) [*जलस्य प्रदानम्, ष.त.*] १.पानी वितरण २.मरेका प्रेत वा पितृलाई दिइने तर्पण। **~प्रलयः** (पुं.) [*जलजातः प्रलयः, म.प.स.*] पानीबाट हुने विनाश। **~प्लावनम्** (नपुं.) [*जलकृतं प्लवनम्, म.प.स.*] १.डुबान २.प्रलय। **~हस्ती** (पुं.) [*जले जातो हस्तीव*] जलहात्ती। जलवाचक शब्दको पछाडि निधि, राशि आदि शब्द जोड्योभने समुद्रबोधक शब्द बन्दछ। जस्तै– **अपांनिधिः, तोयराशिः, जलाकरः** आदि।जलवाचक शब्दको पछाडि नाथः, पतिः जस्ता स्वामीवाचक पदको प्रयोग हुँदा वरुण, समुद्र वा वरुण भन्ने अर्थको बोध हुन्छ। जस्तै– **जलपतिः, वारिनाथः** इत्यादि।

जलमग्नः (पुं.वि.) [*जले मग्नः, ष.त.*] पानीमा डुबेको।

जलमयः (पुं.वि.) [*प्रशस्तम् जलमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] सर्वत्र पानीले ढाकिएको/जलाम्मे/जलजले।

जलमार्गः (पुं.) [*जलस्य मार्गः, ष.त.*] १.जलको बाटो/सामुद्रिक वा नदीको मार्ग २.नाला/कुलो।

जलमुक् (पुं.) [*जलं मुञ्चति, मुच्लृ मोक्षणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] मेघ।

जलयन्त्रम् (नपुं.) [*जलानामुत्क्षेपणार्थं यन्त्रम्*] पानी फ्याक्ने यन्त्र।

जल मन्दिरम् (नपुं.) [*जलमध्यगतं मन्दिरम्, म.प.स.*] पानीका बिचमा बनेको मन्दिर।

जलयात्रा (स्त्री.) [*जले यात्रा, स.त.*] जहाज वा डुँगामा चढेर समुद्र वा लामो नदीमा गरिने यात्रा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलयानम् (नपुं.) [*जले यान्त्यनेन जनाः*] १.पानीजहाज २.मोटरबाट चल्ने डुँगा।

जलयुद्धम् (पुं.) [*जले युद्धम्, स.त.*] पानी वा समुद्रमा गरिने लडाइँ।

जलराशिः (पुं.) [*जलानां राशिर्यत्र सः, बहु.स.*] १.समुद्र/पानीको समूह भएको स्थल २.[*जलानां राशिः, ष.त.*] पानीको समूह।

जलवाहः (पुं.) [*जलं वहति, वह प्रापणे इति धातोः कर्मण्यण् इति अण्*] मेघ। यस्तै उदबाह आदि।

जलविनायकः [*जले विनायकः, स.त.*]चोभारमा अवस्थित गणेश। काठमाडौँका चार गणेशमध्ये एक।

जलव्यालः (पुं.) [*जलस्थो व्यालः*] पानीसर्प।

जलशायी (पुं.) [*जले शेते इति, शीङ् स्वप्ने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] विष्णु।

जलसेना (स्त्री.) [*जलस्य सेना ष.त.*] समुद्रमा लड्ने सेना।

जलसेनापतिः (पुं.) [*जलसेनायाः, पतिः, ष.त.*] जलसेनाको सबैभन्दा मुख्य अधिकृत।

जलस्रोतः (नपुं.) [*जलस्य स्रोतः, ष.त.*] पानीको मूल।

जलाञ्जलिः (पुं.) [*जलस्य अञ्जलिः, ष.त.*] मरेको प्रेतलाई दिइने अजुलीभरी पानी। **कुपुत्रमासाद्य कुतो जलाञ्जलिः** (सुभा.)।

जलाधारः (पुं.) [*आध्रियतेऽत्र, धृङ्अवस्थाने इति धातोः, अध्यायन्याय– ३.३.१२२ इति घञ्, जलस्याधारः, ष.त.*] तलाउ, समुद्र आदि।

जलावगाहः [*अवगाहनम्, अवगाहः, जले अवगाहः, स.त.*] पानीमा पौडी खेल्ने वा डुबुल्की मार्ने काम।

जलावर्तः (पुं.) [*जलानामावर्तः, ष.त.*] भुमरी।

जलाशयः (पुं.) [*जलमाशेते तिष्ठति अत्र, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः यद्वा जलानामाशयो यत्र सः, बहु.स.*] १.पोखरी/तलाउ २.कुवा/इनार ३.(नपुं.) उशीर। **जलाशयो जलाधारे स्यादुशीरे नपुंसकम्** (मेदिनी.)।

जलेवरः (पुं.) [*जले वरः, सप्तम्या अलुक्*] पानीमा बस्ने हाँसजस्तो एक जातको पक्षी।

जलेशः (पुं.) [*जलस्य ईशः,ष.त.*] १.वरुण २.समुद्र ३.महादेव।

जलेश्वरः (पुं.) १.[*जलस्य ईश्वरः, ष.त.*] वरुण २.समुद्र ३.महादेव। महोत्तरी जिल्लामा जलेश्वर महादेवको प्रसिद्ध मन्दिर छ।

जलोच्छ्वासः (पुं.) [*जलान्युच्छ्वसन्ति परिवहन्त्येभिः, श्वस प्राणने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये ६.३.१२२ इति वा दीर्घः, यद्वा–जलानामुच्छ्वसनम्*] १.बाढी २.नहर ३.कुलो।

जलोदरः (पुं.) [*जलप्रधानमुदरं यस्मात्, बहु.स.*] पेट बढ्ने एक किसिमको रोग।

जलोद्धतगतिः (स्त्री.) [*जलेन उद्धता गतिर्यस्याः सा, बहु.स.*] १.अत्यन्त उर्लिएको नदी २.प्रत्येक पाउमा त्रमशः जगण, सगण, जगण तथा सगणको प्रयोग भएको छन्द। **जसौ जसयुतौ जलोद्धतगतिः** (छन्दो.)।

जलौकसः (पुं.बहु.) [*जलमोको निवासो येषान्ते, बहु.स.*] १.पानी जुको। **जलौकापि जलोका स्याज्जलूका जलजन्तुका** (तारपाल)। **भोगः परोपतापेन पुंसां दुःखाय न स्थिरः। पानमप्यसृजः क्षिप्रं स्वपीडायै जलौकसाम्॥** (सुभा.) २.जलजन्तु।

जलौका (स्त्री.) [*जलमोकोऽस्याः, ओक उचः के ७.३.६४ इति निपातितोऽदन्त ओकशब्दः, ततष्टाप् ४.१.४*] पानी जुको।

जल्प (धा.) [*व्यक्तायां वाचि, भ्वा.सक.सेट् पर.*] बोल्नु। लट्– **जल्पति–** बोल्छ। **अभिजल्पति–** बोल्छ, कुराकानी गर्छ। **प्रजल्पति**– वोल्छ, कुराकानी गर्छ। **संजल्पति–** बोल्छ, वार्तालाप गर्छ। लिट्– **जजल्प–** बोलेछ (अन.)। लुट्– **जल्पिता–** बोल्ने छ (अन.)। लृट्– **जल्पिष्यति–** बोल्ने छ। लोट्– **जल्पतु– तात्–** बोलोस्। लङ्– **अजल्पत्–** बोल्यो (अन.)। विधिलिङ्– **जल्पेत्–** बोल्ला, बोलोस्। आशीर्लिङ्– **जल्प्यात्–** बोलोस्। लुङ्– **अजल्पीत्–** बोल्यो। लृङ्– **अजल्पिष्यत्–** बोल्ने थियो। कर्मणि– **जल्प्यते–** स्पष्ट बोलिन्छ। णिचि– **जल्पयति–** बोल्न लगाउँछ। कृदन्ते– **जल्पकः, जल्पिका–** बोल्ने। **जल्पितुम्–** बोल्न। **जल्पित्वा, प्रजल्प्य–** बोलेर इत्यादि।

जल्पः (पुं.) [*जल्पनम्, भावे घञ्*] १.भाषण, प्रवचन २.वादविवाद

जल्पनः १.(पुं.वि.) [*जल्पति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, अनः*] वक्ता/बोल्ने २.(नपुं.) [*ल्युट् च ३.३.११५ इति भावे ल्युट्, अनः*] बोल्ने काम।

जल्पाकः (पुं.) [*जल्पति, जल्प व्यक्तायां वाचि इति धातोः, जल्पभिक्षकुट्टलुण्टवृङः षाकन् ३.२.१५५ इति षाकन्*] धेरै बोल्ने पुरुष।

जल्पाकी (स्त्री.) [*जल्पति, जल्प व्यक्तायां वाचि इति धातोः, जल्पभिक्ष ३.२.१५५ इति षाकन्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] तथ्य कुरो नजानिकन धेरै बोल्ने महिला।

जल्पितः (पुं.वि.) [*जल्प्यते स्म, जल्प व्यक्तायां वाचि इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भनिएको।

जवः (पुं.) [*जु इति सौत्रो धातुः, जवनम्, ऋदोरप् ३.३.५७ इति अप्*] १.वेग। **जवो हि सप्तेः परमं विभूषणम्** (भर्तृ.३.१२१) २.त्वरा/क्षिप्रता। **जवेन पीठादुदतिष्ठदच्युतः** (शि.व.१.१२) ३.[*जवो अस्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] वेगवान् ३.छिटो काम गर्ने व्यक्ति। **जवो वेगवति त्रिषु। पुंलिङ्गश्च भवेद्वेगे चौण्ड्रपुष्पे जवा स्मृता** (विश्वः)।

जवनः (पुं.) [*जवशीलः, जु इति सौत्रो धातुर्गतौ वेगे च, जुचङ्क्रम्य– ३.२.१५० इति युच्, अनः ७.१.१*] १.अतिशय वेगले दौडने घोडा २.(पु.वि.) वेगवान् ३.(नपुं.) [*जुः सौत्रो वेगे, ल्युट् च*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः] वेगसित हुत्तिने काम। **जवनं तु स्यदे वेगिहये ना वेगिनी त्रिषु** (मेदिनी.)।

जवनिका (स्त्री.) [*जवति गच्छति दृश्यान्ते अङ्कान्ते वा, जुः सौत्रो धातुः, गतौ वेगे च, इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, स्वार्थे कन् (ज्ञापि.) ५.४.५, टाप् ४.१.४ इत्वम्*] पर्दा।

जष (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट्, पर.*] मार्नु, हिंसा गर्नु। लट्– **जषति–** मार्छ, हिंसा गर्छ इत्यादि।

जसि (धा.) [*रक्षणे, चुरा. सक.सेट्, उभ.*] रक्षा गर्नु, मुक्त गर्नु। लट्– **जंसयति-ते–** रक्षा गर्छ, मुक्त गर्छ इत्यादि।

जसु (धा.) [*ताडने, चुरा.सक.सेट्, उभ.*] हिर्काउनु, उपेक्षा गर्नु, मार्नु। लट्– **जासयति-ते–** हिर्काउँछ, उपेक्षा गर्छ, मार्छ। लिट्– **जासयाञ्चकार-चक्रे–** हिर्काएछ, , उपेक्षा गरेछ, , मारेछ (अन.)। लुट्– **जासयिता–** हिर्काउने छ, उपेक्षा गर्ने छ, मार्ने छ (अन.)। लृट्–**जासयिष्यति-ते–** हिर्काउने छ, उपेक्षा गर्ने छ, मार्ने छ। लोट्– **जासयतु-ताम्–** हिर्काओस्, उपेक्षा गरोस्, मारोस्। लङ्– **अजासयत्-त–**हिर्कायो, उपेक्षा गर्‍यो,मार्‍यो (अन.)। विधिलिङ्– **जासयेत्-त–** हिर्काउला, उपेक्षा गर्ला, मार्ला, हिर्काओस्, उपेक्षा गरोस्, मारोस्। आशीर्लिङ्– **जास्यात्– जासयिषीष्ट–** हिर्काओस्, उपेक्षा गरोस्, मारोस्। लुङ्– **अजीजसत्-त–** हिर्कायो, उपेक्षा गर्‍यो, मार्‍यो। लृङ्– **अजासयिष्यत्-त–** हिर्काउने थियो, उपेक्षा गर्ने थियो, मार्ने थियो इत्यादि।

जसु (धा.) [*मोक्षणे, दिवा.सक.सेट्, पर.*] मुक्त गर्नु, छोड्नु। लट्– **जस्यति–** मुक्त गर्छ, छोड्छ। लिट्– **जजास–** मुक्त गर्‍यो, छोड्यो (अन.)। लुट्– **जसिता–** मुक्त गर्ने छ, छोड्ने छ (अन.) लृट्– **जसिष्यति–** मुक्त गर्ने छ, छोड्ने छ। लोट्– **जस्यतु–** मुक्त गरोस्, छोडोस्। लङ्– **अजस्यत्–** मुक्त गर्‍यो, छोड्यो (अन.)। विधिलिङ्– **जस्येत्–** मुक्त गर्ला, छोड्ला, मुक्त गरोस्, छोडोस्। आशीर्लिङ्– **जस्यात्–** मुक्त गरोस्, छोडोस्। लुङ्– **अजसत्–** मुक्त गर्‍यो, छोड्यो। लृङ्– **अजसिष्यत्–** मुक्त गर्ने थियो, छोड्ने थियो इत्यादि।

जसु (धा.) [*हिंसायाम्, सक.सेट्, उभ.*] मार्नु, दुःख दिनु। लट्– **जासयति-ते–** मार्छ, दुःख दिन्छ। लिट्– **जासयाञ्चकार-चक्रे–** मारेछ, दुःख दिएछ (अन.)। लुट्– **जासयिता–** मार्ने छ, दुःख दिने छ (अन.) लृट्– **जासयिष्यति-ते–** मार्ने छ, दुःख दिनेछ। लोट्– **जासयतु– ताम्–** मारोस्, दुःख देओस्। लङ्– **अजासयत्-त–** मार्‍यो, दुःख दियो (अन.)। विधिलिङ्– **जासयेत्–** मार्ला, दुःख देला, मारोस्, दुःख देओस्। आशीर्लिङ्– **जास्यात्–** मारोस्, दुःख देओस्। लुङ्– **अजीजसत्–** मार्‍यो, दुःख दियो। लृङ्– **अजासयिष्यत्-त–** मार्ने थियो, दुःख दिने थियो इत्यादि।

जहत्स्वार्था (स्त्री.) [*जहत् स्वार्थो यया सा, बहु.स.*] आफ्नो अर्थलाई पुरै छोडेर अर्को अर्थ बुझाउने लक्षणाको प्रकार।

जहदजहल्लक्षणा (स्त्री.) [*जहच्च अजहच्च स्वार्थो यया सा, बहु.स.*] वाच्यार्थको एक देशलाई त्यागेर अर्को क्षेत्रमा रही अर्थ बुझाउने लक्षणा। जस्तै– **सोऽयं देवदत्तः।** यस वाक्यमा तत्काल र एतत्काल अर्थ त्यागेर देवदत्तमात्र भन्ने अर्थको बोध भएको छ।

जहल्लक्षणा (स्त्री.) [*जहत् स्वार्थो यया सा, सा चासौ लक्षणा, उत्तरपदलोपः*] आफ्नो अर्थलाई पूरै त्यागेर अर्को अर्थ बुझाउने लक्षणाको प्रकार। जस्तै– **अन्धो न पश्यति।** यहाँ अन्धो शब्दले आफ्नो पूरै अर्थ छोडेर विवेकहीन भन्ने अर्थ जनाएको छ।

जह्नुः (पुं.) [*जहाति दोषानिति, ओहाक् त्यागे इति धातोः, जहातेर्द्वेऽन्तलोपश्च (उ.) ३२३ इति नुः, द्वित्वम्, अन्त्यस्य लोपश्च*] १.विष्णु २.राजर्षिविशेष। **जह्नुः स्यात्पुंसि राजर्षिभेदे च मधुसूदने** (मेदिनी.) ३.(पुं.वि.) [*हन्तीति, हन हिंसागत्योः इत्यस्मात् कुभ्रश्च (उ.) २२ इति सूत्रेण उः, धातोर्द्वित्वम्, अलोपः, कुत्वञ्च*] हत्यारा/हन्ता।

जह्नुतनया (स्त्री.) [*जह्नोः तनया, ष.त.*] यमुना।

जागरः (पुं.) [*जागरणम् जागृ निद्राक्षये इति धातोः, भावे ३.३.१८ इति घञ्*] जागरण/जागृत अवस्था।

जागरणम् (नपुं.) [*जागृ निद्राक्षये इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.ब्युँझने काम/उठ्ने काम २.ज्ञान आउने काम/चेतनाको उदय ३.भजनकीर्तन गरी रातभर जागा रहनु/जाग्राम ४.जागृति।

जागरा (स्त्री.) [*जागरणम्, जागर्तेरकारो वा (वा.) ३.३.१०१ इत्यकारः, जाग्रोऽविचिण्णल्ङित्सु ७.३.८५ इति गुणः, टाप् ४.१.४*] जागरण। **जागरा जागर्या द्वयोः** (अमर.)।

जागरिता (पुं.वि.) [*जागरणशीलः, जागृ निद्राक्षये इति धातोः, तृन् ३.२.१३५ इति तृन्*] १.सँधैं ननिदाई जागा रहने २.जाँगरिलो।

जागरूकः (पुं.वि.) [*जागर्ति तच्छीलः, जागृ निद्राक्षये इति धातोः, जागरूकः ३.२.१६५ इत्यूकः*] १.जागरणशील/सचेत/अप्रमत्त २.सधैं ननिदाई जागा रहने ३.जाँगरिलो।

जागर्या (स्त्री.) [*जागरणम्, जागर्तेरकारो वा (वा.) ३.३.१०१, पक्षे शः, सार्वधातुके यक् इति यक्, जाग्रोऽवि इति गुणः*] जागरण।

जागृ (धा.) [*निद्राक्षये, अदा.अक.सेट्, पर.*] जाग्नु। लट्– **जागर्ति–** जाग्छ। लिट्– **जजागार–** जागेछ (अन.)। लुट्– **जागरिता–** जाग्ने छ (अन.)। लृट्– **जागरिष्यति–** जाग्ने छ। लोट्– **जागर्तु-तात्–** जागोस्। लङ्– **अजागः–** जाग्यो (अन.)। विधिलिङ्– **जागृयात्–** जाग्ला, जागोस्। आशीर्लिङ्– **जागर्यात्–** जागोस्। लुङ्– **अजागरीत्–** जाग्यो। लृङ्– **अजागरिष्यत्–** जाग्ने थियो। भावे–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जागर्यते– जागिन्छ। णिचि– **जागरयति–** जगाउँछ। सनि **जिजागरिषति–** जाग्न चाहन्छ। कृदन्ते–**जागरकः/ जागरिका–** जाग्ने। **जागरितुम्–** जाग्न इत्यादि।

जाग्रत् (पुं. वि.) [*जागर्ति, जागृ निद्राक्षये इति धातोः लटि तस्य स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शत्रादेशः,शतुःङित्वेन गुणाभावः,यण्, जक्षित्यादयः षट् इत्यभ्यस्तसंज्ञा, नाभ्यस्ताच्छतुःइति नुम्निषेधः*] १.जागा २.सचेत। **पठतो नास्ति मूर्खत्वं जपतो नास्ति पातकम्। मौनिनो कलहं नास्ति न भयं चास्ति जाग्रतः॥** (सुभा.)

जागृतः (पुं.वि.) [*जागर्ति स्म, जागृधातोः कर्तरि क्तः*] जागेको।

जागृतिः (स्त्री.) [*जागरणम्, जागृधातोः क्तिन्*] जाग्नु।

जाङ्गुलिकः (पुं.वि.) [*जाङ्गुलीं विषविद्यामधीते वेद वा, वसन्तादित्वात् ४.२.६३ इति ठक्, जाङ्गुल्या दीव्यतीति वा, तेन दीव्यति– ४.४.२ इति ठक्, ठस्येकः*] विषलाई हटाउन सक्ने वैद्य/विषशास्त्रको ज्ञाता।

जाङ्घिकः (पुं.) [*जङ्घाभ्यां जीवति, वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्, ठस्येकः*] डाक बोक्ने व्यक्ति।

जाज्वल्यः (पुं.वि.) [*जाज्वल्यते, यङन्तात्, ज्वल ज्वलने इति धातोः, पचाद्यच्*] तेजिलो।

जाज्वल्यमानः (पुं.वि.) [*जाज्वल्यते, यङन्तात्, ज्वल ज्वलने इति धातोः, लटः स्थाने ३.२.१२४ इति शानच्*] धेरै उज्यालो भएको/प्रज्वलित/दीप्तिमान्/तेजस्वी।

जाठरीयः (पुं.वि.) [*जठरस्य अयम्, छ, छस्य ईयः*] पेटसम्बन्धी।

द्वारि प्रविष्टः सहसा ततः किं
दृष्टः प्रभुः स्मेरमुखस्ततः किम्।
कथा श्रुता श्रोत्ररसा ततः किं
व्यथा न शान्ता यदि जाठरीयाः॥

जाड्यम् [*जडस्य भावः,ष्यञ्*] १.जाडो २.मूर्खता ३.अचेतनता।

जातः (पुं.वि.) [*जायते स्म, जनी प्रादुर्भावे इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] उत्पन्न/जन्मेको।

किं जातैर्बहुभिः पुत्रैः शोकसन्तापकारकैः।
वरमेकः कुलालम्बी यत्र विश्राम्यते कुलम्॥ (पञ्चत.)

~कामः (पुं.वि.) [*जातः कामो यस्य सः, बहु.स.*] मोहित। **~पक्षः** (पुं.वि.) [*जातौ पक्षौ यस्य सः, बहु.स.*] पखेटा उम्रिएको। **~प्रत्ययः** (पुं.वि.) [*जातः प्रत्ययो यस्य सः, बहु.स.*] विश्वास दिलाएको।

जातकः (पुं.) [*जात एव, स्वार्थे कन्*] शिशु।

जातकम् (नपुं.) [*जातं जन्म, तदधिकृत्य कृतो ग्रन्थः, अण्, ततः स्वार्थे कन्*] भर्खर जन्मिएको बालकको शुभ अशुभ हेर्ने बृहज्जातक आदि ग्रन्थ।

जातकर्म (नपुं.) [*जाते सति जातस्य वा यत् कर्म*] शिशु जन्मेपछि गरिने संस्कार।

जातम् (नपुं.) [*जनधातोः कर्तरि क्तः*] १.समूह। **कुर्वता कार्यजातम्** (सुभा.) २.(वि.) व्यक्त।

जातरूपम् (नपुं.) [*जातं रूपं यस्य, यद्वा– प्रशस्तं जातम्, प्रशंसायां रूपप् ५.३.६६ इति रूपप्*] सुन।

जातापत्या (स्त्री.) [*जातमपत्यं यस्याः सा, बहु.स.*] सन्तान भएकी स्त्री।

जातवेदाः (पुं.) [*जातो वेदो धनं यस्मात् सः, बहु.स.*] अग्नि/आगो।

जातिः (स्त्री.) [*जायते, जनी प्रादुर्भावे इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, जनसन– ६.४.४२ इत्यादिनात्वम्, तितुत्र– ७.२.९ इति नेट्*] १.जात/वर्ग २.सामान्य ३.गोत्र ४.मालती ५.अमला ६.जाइफल ७.छन्दोविशेष ८.जन्म, उत्पत्ति, वंश, परम्परा, धर्म, वासस्थान आदिबाट छुट्टिएको मनुष्य समाजको विभाग ९.आकार, प्रकार, गुण र स्थानभेदले छुट्टिएका वस्तुको विभाग १०.[*जात्याः पुष्पम्, जातिः पुष्पमूलेषु बहुलम् (वा.) ४.२.१६६ इति अनुदात्तादेरञ् ४.३.१४० अणः ४.३.१३५ च लुप्*] जाईको फूल। **~च्युतः** (पुं.वि.) [*जात्याश्च्युतः, प.त.*] जातिबाट पतन भएको/जात गएको। **~तत्त्वम्–** (नपुं.) [*जात्यास्तत्वं यत्र तत्, बहु.स.*] मानव जातिका मूल विभागहरू र तिनीहरूको पारस्परिक सम्बन्धको विवेचना गरिएको शास्त्र। **~धर्मः** (पुं.) [*जातेर्धर्मः, ष.त.*] जातविशेषले गर्नुपर्ने भनी तोकिएको काम/जातिविशेषका गुण वा विशेषता। **~बहिष्कारः** (पुं.) [*जातेर्बहिष्कारः, प.त.*] जातबाट निकाल्ने काम/हटक गर्ने काम। **~भेदः** (पुं.) [*जातेर्भेदः, ष.त.*] जातमा उचनीच हुने भेदभाव/जातपातको भेदभाव। **~भ्रंशः** (पुं.वि.) [*जातेर्भ्रंशः, प.त.*] जाति नै मासिने काम/जातबाट निक्लने वा हटक हुने काम/जातबाट पतन हुनु। **~भ्रष्टः** (पुं.वि.) [*जातेर्भ्रष्टः, प.त.*] जातिच्युत/जात गएको वा हटक भएको। **~वादः** (पुं.) [*जातिसम्बद्धो वादः*] १.जातपातमा दृढ विश्वास मान्ने सिद्धान्त २.जातपात मान्ने काम। **~वैरः** (पुं.) [*जात्या वैरः, तृ.त.*] जातिगत दुस्मनी/स्वाभाविक वैरभाव/सहज शत्रुता। **~व्यवसायः** (पुं.) [*जातेर्व्यवसायः, ष.त.*] जातअनुसारको पेसा वा इलम। **~सङ्करः** (पुं.) [*जात्या सङ्करः, तृ.त.*] दुई भिन्न जातका स्त्री-पुरुषबाट उत्पन्न भएको सन्तान/वर्णसङ्कर/खच्चर/ठिमाहा। **~स्वभावः** (पुं.) [*जातेः स्वभावः, ष.त.*] जातिबाट आउने स्वभाव/जातीय स्वभाव।

जातित्वम् (नपुं.) [*जातेर्भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] कुनै जातिको विशेष गुण वा धर्म।

जातिपुष्पम् (नपुं.) [*जात्याः पुष्पम्, जातिः, ष. त.*] जाईको फूल।

जाती (स्त्री.) [*जायते, जनी प्रादुर्भावे इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, जनसन– ६.४.४२ इत्यात्वम्, कृदिका-*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रादक्तिनः (ग.) ४.१.४१ इति वा ङीष्] १.चमेली २.गोत्र ३.जन्म ४.अमला ५.छन्दविशेष ६.जाइफल।

जातीपत्रम् (नपुं.) [*जात्याः पत्रम्, ष.त.*] जाइपत्री। जाइफललाई बेरेर बसेको रातो भाग नै जाइपत्री हो।

जातीफलस्य त्वक् प्रोक्ता जातीपत्रं भिषग्वरैः (भा.प्र.नि.)।

जातीफलम् (नपुं.) [*जात्याः फलम्, ष.त.*] जाइफल।

जातीयः (पुं.वि.) [*जातौ भवः, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] जाति वा राष्ट्रसम्बन्धी।

जातु (अव्य.) [*जायति, जै क्षये इति धातोः, बाहुलकात्तुन्*] सम्भवतः/सायद/कदाचित्/कहिलेकाहीं।

किं तेन जातु जातेन मातुर्यौवनहारिणा।
आरोहति न यः स्वस्य वंशस्याग्रे ध्वजो यथा॥ (सुभा.)

जातुचित् (अव्य.) [*जातु च चिच्च, अनयोः समाहारः, मुग्धबोधमते चित्प्रत्ययः*] कदाचित्/कुनै समयमा पनि।

प्रसन्नेन सदा भाव्यं न विषण्णेन जातुचित्।
विषादपरिभूतात्मा परतोऽप्यभिभूयते॥ (सुभा.)

जातुषम् (नपुं.) [*जतुनो विकारः, त्रपुजतुनोः षुक् ४.३.१३८ इत्यण्, षुगागमश्च*] लाहाबाट बनेको।

जातोक्षः (पुं.) [*जातश्चासावुक्षा च, अचतुर इति साधुः*] दाएको बहर।

जात्यः (पुं.वि.) [*जातौ भवः, जाताद्यत् इति यत्*] १.उच्च कुलमा जन्मेको/कुलीन। **स्वजात्यानधितिष्ठामि नक्षत्राणीव चन्द्रमाः।** (म.भा.१३.१६.९) २.सुन्दर/राम्रो।

अतीव स ज्ञायते महामणिर्जात्य इव प्रसन्नः (म.भा.५.३३.१२२)।

जात्यन्धः (पुं.) [*जातौ जन्मन्येव अन्धः, स.त.*] जन्मदेखि नै अन्धो।

जानकी (स्त्री.) [*जनकस्यापत्यम् दुहितृत्वेन, तस्यापत्यम् ४.१.९२ इत्यण्, ततो टिड्ढाणञ् ४.१.१५) इति ङीप्*] जनककी छोरी सीता/रामचन्द्रकी पत्नी।

जानकीचरितामृतम् (नपुं.) [*जानक्याश्चरितामृतं वर्णितं यत्र, तत्*] संस्कृत साहित्यको एक महाकाव्य। यसका रचयिता श्रीरामसनेहीदास वैष्णव हुन्। यसको रचनाकाल १९५० मानिन्छ। यसमा १०८ अध्याय छन्। सीताको जन्मदेखि लिएर विवाहसम्मको कथाको प्रसङ्ग यसमा वर्णित छ। सम्पूर्ण काव्य संवादात्मक शैलीमा रचिएको छ।

जानकीजानिः (पुं.) [*जानकी जाया यस्य सः, बहु.स. जायाया निङ् ५.४.१३४ इति निङ्, लोपो व्योर्वलि ६.१.६६ इति यलोपः*] रामचन्द्र।

जानपदः (पुं.) [*जनपदे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] ग्रामवासी।

~सैन्यम् (नपुं.) [*जानपदानां सैन्यम्, ष.त.*] देशको उपद्रव शान्त पार्न गठन गरिएको सेना/अन्यायबाट छुट्कारा पाउन वा दिलाउन गठित शक्ति।

जानानः (पुं.वि.) [*जानीते इति, ज्ञा अवबोधने इति धातोः, अनुपसर्गाज्ज्ञः १.३.७६ इति आत्मनेपदम्, लटः शतृशानचा— ३.२.१२४ इति शानच्*] पर्याप्त जानकारी राख्दै गरेको।

जानुः (पुं.) [*जनयति, जायन्तेऽस्माद् वा, जन जनने इति धातोः, दृसनिजनिचरिचटिभ्यो ञुण् (उ.) इति ञुण्, वृद्धिः*] घुँडो।

जानु (नपुं.) [*पूर्ववत्*] घुँडो।

जानुचरः (पुं.) [*जानुना चरति, चरेष्टः ३.२.१६ इति टः*] घुँडा टेकेर हिँड्ने बच्चा।

गृहे जानुचरः केल्यां मुग्धस्मितमुखाम्बुजः।
पुत्रः पुण्यवतामेव पात्रीभवति नेत्रयोः॥ (सुभा.)

जानुदघ्नः (पु.वि.) [*जानु प्रमाणमस्य, प्रमाणे द्वयसज्दघ्नञ्मात्रचः इति दघ्नञ्, एवमेव*] घुँडासम्मको।

यद्यपि स्वच्छभावेन दर्शयत्युदधिर्मणीन्।
तथापि जानुदघ्नोऽयमिति चेतसि मा कृथाः॥ (सुभा.)

जापः (पुं.) [*जपनम्, जपधातोर्भावे घञ्*] मन्त्र जप्ने काम।

जापकः (पुं.) [*जपति, जपधातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः, वृद्धिः*] जप गर्ने व्यक्ति।

जापनम् (नपुं.) [*जपधातोः स्वार्थे णिचि भावे ल्युट् अनः*] जप्ने काम

मुच्यते सर्वपापेभ्यो गायत्र्याश्चैव जापनात् (संवर्तकसंहिता)।

जाबालः (पुं.) [*जबमलति, आलति वा, अल भूषणादौ इति धातोः, कर्मण्यण् ३.२ १ इत्यण्*] १.बोका, बाखा पालेर जीविका गर्ने मनिस २.[*जबालाया अपत्यं पुमान्, अण्*] जाबालिमुनि।

जामदग्न्यः (पुं.) [*जमदग्नेरपत्यं पुमान्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] जमदग्निका छोरा/परशुराम।

जामाता (पुं.) १.[*जायां कन्यां माति मिनोति मिमीते मार्जयति वा सः, मा माने इति धातोः, नप्तृनेष्टृत्वष्टृहोतृपोतृभ्रातृ–जामातृमातृपितृदुहितृ (उ.) २६० इति तृच्, मिनोतेराकारादेशः मृजधातोः, वृद्धौ रेफजकारलोपः*] ज्वाइँ।

सदा वक्रः सदा क्रूरः सदा पूजामपेक्षते।
कन्याराशिस्थितो नित्यं जामाता दशमो ग्रहः॥ (सुभा.)

२.सूर्यमुखी फूल ३.मालिक।

जामिः (स्त्री.) [*जम्धातोः इञ् निपातनाद् वा साधुः*] १.बहिनी २.कुलकी स्त्री। **शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम्।** (मनु.३.५७)।

जामेयः (पुं.) [*जाम्या अपत्यम् पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] भानिज।

जाम्बवम् (नपुं.) [*जम्वोः फलम्, जम्वा वा ४.३.१६५ इत्यण्*] जामुनाको फल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाम्बवान् (पुं.) [*जाम्बस्तद्वर्णोऽस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] रामायणमा वर्णित एक भालु। यी सुग्रीवका मन्त्री थिए। यिनले रामलाई सहयोग गर्न रावणसँग लडे। द्वापर युगमा कृष्णसित पनि यिनको लडाइँ भयो। कृष्णसँग हारेपछि यिनकी छोरी जाम्बवतीको विवाह कृष्णसँग भयो।

जाम्बूनदम् (नपुं.) [*जम्बूनद्यां भवम्,तत्र भवः ४.३.५३ इत्यण्*] सुन।

जायकम् (नपुं.) [*जयति, गन्धान्तरम्, जि अभिभवे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ इत्यकः*] पहेँलो धूपी।

जायमानः (पुं.वि.) [जायते इति, लटः स्थाने शानच्, ज्ञाजनोर्जा ७.३.७९ इति जादेशः] १.जन्मँदै गरेको २.हुँदै गरेको।

जाया (स्त्री.) [*जायते यस्यां सा, जन जनने इति धातोः, जनेर्यक् (उ.) ५६० इति यक्, ये विभाषा ६.४.४३ इति आत्वम्, टाप् ४.१.४*] पत्नी/भार्या।

पतिर्भार्यां संप्रविश्य गर्भो भूत्वेह जायते।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः॥ (मनुः)

जायाजीवः (पुं.) [*जायया जीवति, जीव प्राणधारणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.नाच्ने तथा अभिनय गर्ने व्यक्ति/नट्वा। २.वेश्याको लोग्ने।

जायापती (पुं.) [*जाया च पतिश्च, द्वन्द्वस.*] दम्पती/पतिपत्नी।

जायुः (पुं.) [*जयत्यभिभवति तिरस्करोति शत्रून् रोगान् वा, जि अभिभवे इति धातोः कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ) १ इत्युण्, वृद्धिः, आयादेशः*] १.औषधि २.वीर ।

जारः (पुं.) [*जारयति जीर्यते वा स्त्रियाः सतीत्वमनेन, जॄ वयोहानौ धातोः,दारजारौ कर्तरि णिलुक् च (वा.) ३.३.२० इति घञ्, णेर्लुक् च*] १.अर्काकी स्वास्नीलाई आफ्नी स्वास्नी बनाउने मानिस २.औषधिविशेष। **जारस्तूपपतौ जारौषधीभिदि** (हैम.)।

जालकम् (नपुं.) [*जालमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] १.कोपिलो २.गर्व ३.आँखीझ्याल ४.चराको गुँड ५.अलङ्कारविशेष ६.माया।

जालम् (नपुं.) [*जल्यते आच्छाद्यतेऽनेन, जल संवरणे इति धातोः, शेषे ४.२.९२ इत्यण्*] १.जाली/जालो/जादू २.समूह ३.आँखीझ्यालको आँखा ४.माया ५.कवच ६. (पुं.) [*जालयति शाखाप्रशाखादिभिः संवृणोति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कदमको रुख।

जालिकः (पुं.) १.[*जालेन जीवति वेतनादिभ्यो जीवति ४.४.१२ इति ठन्, यद्वा जालेन चरति पर्पादिभ्यः ष्ठन् ४.४.१० इतिष्ठन्, ठस्य इकः*] जाल थापेर सिकार गर्ने व्यक्ति २.माकुरो ३.[*जालमस्यास्तीति, ठन्, इकः*] घिरौँलो ४.[*जालेन वाग्जालेन चरति, जीवति वा*] फटाहा, जाली।

जालिका (स्त्री.) [*जालमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः*] ढुङ्गा ईंट आदिबाट बच्न सेना, प्रहरी आदिले लगाउने जालैजालो भएको फलामको लुगा।

जाली (पुं.वि.) [*जालमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.जाल थापेर सिकार गर्ने व्यक्ति २.माकुरो ३.घिरौँलो ४.[*जालं वाग्जालमस्यास्तीति*] फटाहा, जाली।

जाल्मः (पुं.) [*जालयति, जालं करोति, जल अपवारणे इति धातोः, बाहुलकान्मः*] १.तल्लो खालको मानिस २.ठग ३.विचार नगरी काम गर्ने व्यक्ति। **जाल्मस्तु पामरे, असमीक्ष्यकारिणि च** (हैम.)।

जाह्नवी (स्त्री.) [*जह्नोरपत्यं स्त्री, तस्यापत्यम् ४.१.९२ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] गङ्गा, भागीरथी।

अहिरिपुपतिकान्तातातसंबद्धकान्ता-
हरतनयनिहन्तृप्राणदातृध्वजस्य ।
सखिसुतसुतकान्तातातसम्पूज्यकान्ता-
पितृशिरसि पतन्ती जाह्नवी नः पुनातु॥ (सुभा)

जि (धा.) [*जये, भ्वा.अक.पर.अनिट्*] जित्नु। लट्– **जयति–** जित्छ। लिट्– **जिगाय–** जितेछ (अन.) इत्यादि।

जि (धा.) [*भाषायाम्, चुरा अक.सेट्, उभय.*] बोल्नु। लट्– **जापयति–** बोल्छ इत्यादि।

जिगमिषा (स्त्री.) [*गन्तुमिच्छा, गम्लृ गतौ इति धातोः, सनि, अप्रत्ययात् ३.३.१०२ इत्यः, टाप्, इण्धातोस्तु बोधभिन्नार्थे सनि च २.४.७४ इति गम्यादेशः*] जाने इच्छा।

५४.रङ्गनाथः (१५२५) १.**सिद्धान्तचूडामणिः** २.**भङ्गीविभङ्गीकरणम्** ३.**लोहगोलखण्डनम्** ४.**पलभागखण्डनम्** ।

५५.गणेशः (१५२५) **जातकालङ्कारः** ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५६.दिवाकरः (१५२८) १.**जातकपद्धतिः** २.**पद्मजातकम्** ३.**मकरन्दविवरणम्** ४.**केशवपद्धतिटीका** ।

५७.नारायणः (१५४०) १.**मुहूर्त्तमार्त्तण्डः** २.**मार्त्तण्डवल्लभा** ।

५८.शिवदैवज्ञः (१५४०) **बीजगणितम्** ।

५९.विट्ठलदीक्षितः (१५४९) १.**मुहूर्त्तकल्पद्रुमः** २.**मुहूर्त्तद्रुम मञ्जरी** ।

६०.विश्वनाथः (१५५० १.**ज्योतिषग्रन्थानां टीका** २.**होरा स्कन्धनिरूपणम्** ।

६१.मुनीश्वरः (१५५०) १.**सिद्धान्तसार्वभौमः** २.**मरीचिः** (सिद्धान्तशिरोमणिटीका) २.**निसृष्यर्थदूती** (लीलावती टीका) ४.**पाटीसरः, छेद्यकभङ्गी** ।

६२.कमलाकरः (१५५०) **सिद्धान्ततत्त्वविवेकः** ।

६३.सोमदेव (१५५९) **कल्पलता** ।

६४.रङ्गनाथः (१५६०) **सिद्धान्तचूडामणिः** ।

६५.नित्यानन्दः (१५६१) **सर्वसिद्धान्तराजः** ।

६६.परमानन्दपाठकः (१६६०) **प्रश्नमाणिक्यम्** ।

६७.जगन्नाथः (१६६०) १.**सिद्धान्तसम्राट्** २.**रेखागणितम्** ।

६८.बलभद्रमिश्रः (१५६४) **हायनरत्नम्** ।

६९.शङ्करः (१६८८) **वैष्णवकरणम्** ।

७०.मथुरानाथः (१७०४) **यन्त्रराजघटना** ।

७१.चिन्तामणिदीक्षितः (१७०५) १.**सूर्यसिद्धान्तसारिणी** २.**गोलानन्दः** ।

७२.शिवदैवज्ञः (१७३७) **बीजगणितम्** ।

७३.बापूदेव शास्त्री (१७४३) १.**रेखागणितम्** २.**त्रिकोण मितिः** ३.**सायनवादः** ४.**विचित्रप्रश्नः** ५.**तत्त्वविवेकपरीक्षा** ६.**मान मन्दिरस्थ यन्त्रवर्णनम्** ७.**व्यक्तगणितम्** ८.**चलनकलनम्** ९.**चापीय त्रिकोणमितिः** आदि ।

७४.नीलाम्बरशर्मा (१७४५) **गोलप्रकाशः** ।

७५.वेङ्कटेश्वरकेतकरः (१८००) १.**ग्रहगणितम्** २.**ज्योतिर्गणितम्** ।

७६.सुधाकर द्विवेदी (१८२०) १.**गणकतरङ्गिणी** २.**गोलीय रेखागणितम्** ३.**ग्रहणकारणम्** ४.**दीर्घवृत्तलक्षणम्** ५.**द्युचरचारः** ६.**धराभ्रमः** ७.**विचित्रप्रश्नः** ८.**पिण्डप्रभाकरः** ९.**भाभ्रमणम्** १०.**रेखानिरूपणम्** ११.**प्रतिमाबोधकम्** १२.**टीकाग्रन्थाः** ।

७७.शङ्करबालकृष्णः (१८३०) **भारतीयज्योतिषम्** ।

७८.हरिकृष्णः (१८६६) **बृहज्ज्योतिषार्णवः** ।

७९.गौरीशङ्करजोशी १.**ग्रहदर्पणः**, २.**लघुदर्पणः** ३.**ग्रहदीपिका** ।

८०.नयराजपन्तः (१९७०) १.**रत्नदीपः** (संपादन) २.**सुमति तन्त्रम्** (सम्पादन) ।

८१.केशवरामजोशी (१९९६वि.सं तिर) **पञ्चाङ्गसारणी**, (ने.सं.वि.) आदि ।

ज्योतिषम् (नपुं.) [*ज्योतिरधिकृत्य कृतो ग्रन्थः, संज्ञापूर्वकविधेरनित्यत्वाद् वृद्धिनिषेधः, पक्षे ज्यौतिषम्*] १.ज्योतिर्विद्या वा ज्योतिःशास्त्रसम्बन्धी ग्रन्थ । २.वेदको आँखा,दोस्रो अङ्ग ।

शब्दशास्त्रं मुखं ज्यौतिषं चक्षुषी
श्रोत्रमुक्तं निरुक्तञ्च कल्पः करौ
या तु शिक्षा ऽस्य वेदस्य सा नासिका
पादपद्मद्वयं छन्द आद्यैर्बुधैः ॥ (सि.शि.)

ज्योतिषिकः (पुं.) [*ज्योतिषं तच्छास्त्रं वेत्त्यधीते वा, क्रतूक्थादिसूत्रान्तात् ठक् ४.२.६० इति ठक्, ठस्येकः, संज्ञापूर्वकविधेरनित्यत्वाद् वृद्धिनिषेधः, पक्षे ज्यौतिषिकः*] ज्योतिषी/ज्योतिश्शास्त्रको अध्येता । **सांवत्सरो ज्यौतिषिको मौहूर्तिको निमित्तवित्** (अभि.चि.) ।

ज्योतिषी (पुं.) [*ज्योतिषमस्यास्तीति, इनिः*]ज्योतिष शास्त्रका ज्ञाता वा अध्येता ।

ज्योतिष्का (स्त्री.) [*ज्योतिरिव कायते प्रकाशते,कैधातोरात्वे कः,आलोपः,टाप्*] राती बलेको देखिने लहरो ।

ज्योतिष्काः (पुं.बहु.) [*ज्योतिर्भिः स्वतेजसा, परतेजसा वा कायन्ते प्रकाशन्ते, कैधातोरात्वे कः,आलोपः*] १.सूर्य २.नक्षत्र ३.तारा ४.चन्द्रमा ५.भौमादि ग्रह (हेम.) ।

ज्योतिष्टोमः (पुं.) [*ज्योतींषि स्तोमा यस्य सः,बहु.स.*] १६ ऋत्विक्बाट सिद्ध हुने यज्ञविशेष ।

ज्योतिष्मती (स्त्री.) [*ज्योतिरस्या अस्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, उगितश्च ४.१.६ इति ङीप्*] १.जुनेली रात २.योगशास्त्रोक्त चित्तवृत्ति ३.मालकागुनु । **ज्योतिष्मती स्यात् कटभी ज्योतिष्का कङ्गुनीति च** (भा.प्र.नि.) ।

ज्योतिष्मान् (पुं.) [*ज्योतिरस्यास्तीति, मतुप्*] १.तारा २.सूर्य ३.पर्वतविशेष ४.जुनकिरी ५.(पुं.वि.) ज्योति भएको, तेजस्वी ।

ज्योत्स्ना (स्त्री.) [*ज्योतींषि सन्त्यस्याम्, ज्योत्स्नातमिस्रा–इति नप्रत्ययः, उपधालोपश्च, टाप् ४.१.४*] १.चन्द्रिका/चन्द्रमाको किरण २.जुनेली रात ।

ज्रि (धा.) [*अभिभवे जये च, भ्वा.सक.अनि.पर.*] हराउनु, जित्नु । लट्– **ज्रयति–** जित्छ इत्यादि ।

ज्रि (धा.) [*वयोहानौ.चुरा.सक.सेट्, उभय.*] बुढो हुनु । लट्– ज्राययति– बुढो हुन्छ इत्यादि ।

ज्वर (धा.) [*रोगे भ्वा. अक. सेट् पर.*] रोग लाग्नु, विरामी हुनु, ज्वरो आउनु । लट्– **ज्वरति–** ज्वरो आउँछ इत्यादि ।

ज्वरः (पुं.) [*ज्वरतीति, ज्वर रोगे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ज्वरणं वा, एरच् ३.३.५६ इत्यच्*] १.मानसिक दुःख २.प्राणीको शरीरमा हुने स्वाभाविक तातोपन भन्दा धेरै र शरीरलाई बेचैन तथा नाश पार्न सक्ने तातोपन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्वराग्निः (पुं.) [*ज्वरस्य अग्निः, ष.त.*] ज्वरो आउदा शरीरमा बढेको तातोपन ।

ज्वरितः (पुं.वि.) [*ज्वरः सञ्जातोऽस्य, इतच्*] ज्वरो अएको, शरीरमा तापक्रम बढेको ।

ज्वल (धा.) [*दीप्तौ.भ्वा.अक.सेट् पर.*] बल्नु, प्रकाशित हुनु , उत्सुक हुनु । लट्– **ज्वलति–** बल्छ,प्रकाशित हुन्छ,उत्सुक हुन्छ । **प्रज्वलति**– अतिशय बल्छ, ज्यादै चम्कन्छ । लिट्– **जज्वाल–** बलेछ, प्रकाशित भएछ, उत्सुक भएछ । (अन.) । लुट्– **ज्वलिता–** बल्ने छ, प्रकाशित हुने छ, उत्सुक बन्ने छ । (अन.) लृट्– **ज्वलिष्यति–** बल्ने छ, प्रकाशित हुने छ,उत्सुक बन्ने छ । लोट्–**ज्वलतु–तात्–** बलोस्, प्रकाशित होओस्, उत्सुक बनोस् । लङ्– **अज्वलत्–** बल्यो, प्रकाशित भयो, उत्सुक भयो । (अन.) । विधिलिङ्– **ज्वलेत्–** बल्ला,प्रकाशित होला, उत्सुक होला, बलोस्, प्रकाशित हओस्, उत्सुक बनोस् । आशीर्लिङ्– **ज्वल्यात्–** बलोस्, प्रकाशित होओस्, उत्सुक होओस् । लुङ्– **अज्वालीत्–**बल्यो, प्रकाशित भयो, उत्सुक भयो । लृङ्– **अज्वलिष्यत्–** बल्ने थियो, प्रकाशित हुने थियो, उत्सुक हुने थियो । णिचि– **ज्वालयति–** बाल्छ,प्रकाशित गराउँछ, उत्सुक तुल्याउँछ । सनि– **जिज्वलिषति–** बल्न चाहन्छ, प्रकाशित हुन चाहन्छ, उत्सुक हुन खोज्छ । **जाज्वल्यते**– अतिशय वा बारम्बार बल्छ, अतिशय वा बारम्बार प्रकाशित हुन्छ, अतिशय वा बारम्बार उत्सुक हुन्छ । कृदन्ते– **ज्वलकः, ज्वालकः, ज्वलयिता, ज्वलिता, ज्वलयिता, ज्वलयित्री–** बल्ने (पक्षे मितां ह्रस्वः) बल्ने । **ज्वालकः,ज्वालयिता**– बाल्ने । **ज्वलयन्, ज्वालयन्–** बल्दै । **ज्वालयन्–** बाल्दै । **ज्वाला**– आगो वा तेजको लप्का । **ज्वलितः ज्वालितः**– बलेको । **ज्वालितः**–बालेको । **ज्वलितव्यम्, ज्वालितव्यम्, ज्वलनीयम्, ज्वालनीयम्,ज्वल्यम्, ज्वाल्यम्–** बल्नुपर्ने । **ज्वालयितव्यम्, ज्वालयनीयम्, ज्वाल्यम्**– बाल्नुपर्ने, बालिने । **ज्वलयितुम्, ज्वलयितुम्, ज्वालयितुम्–** बल्न, ज्वायितुम्– बाल्न । ज्वलयित्वा, **ज्वालयित्वा**– बलेर । **ज्वालयित्वा**– बालेर । **प्रज्वल्य–** बलेर, **प्रज्वाल्य–** बालेर । **दीपं प्रज्वाल्य पूजयेत्** । **ज्वलनम्–** बल्नु । **ज्वालनम्–** बाल्नु इत्यादि ।

ज्वलनः (पुं.) [*ज्वलति तच्छीलः, जुचङ्क्रम्य– ३.२.१५० इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आगो २.तीनको सङ्ख्या ३.(पुं.वि.) बलिरहेको, चम्किरहेको ४.ज्वलनशील ।

ज्वलनम् (नपुं.) १.[*ज्वल्यते इति, ज्वल दीप्तौ इति धातोः, ल्युट् च इति भावे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तातो हुनु/बल्नु/दाह हुनु २.चम्कनु । **प्रसिद्धमूर्ध्वज्वलनं हविर्भुजः** (शि.व.) ।

ज्वलन्तः (पुं.वि.) [*ज्वलति, ज्वलधातोबाहुलकात् वहिनन्दि (उ.) इति झच्, झस्य अन्तः*] १.जिउँदो जाग्दो २.ज्वलनशील ।

ज्वलितः (पुं.वि.) [*ज्वल्यते स्म, ज्वल दीप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बलेको २.चम्केको ३.(नपुं.) [*ज्वल दीप्तौ इति धातोः, नपुंसके भावे क्तः ३ ३.१४ इति क्तः*] १.उज्यालो २.बलेको ।

ज्वारभाटाः (पुं.बहु.) [*ज्वरन्ति उच्छ्वलन्ति,उत्तरलीभवन्ति सूर्यचन्द्रयोराकर्षणजन्यप्रभावेण इति पचाद्यच्, ज्वराः, ज्वरा एव, स्वार्थे अण्, भटति स्वस्थाने प्रापयति समुत्तरलितं जलम्, अच्, ततः स्वार्थेऽण्, ज्वाराश्च, भाटाश्च, द्व.स.*] सूर्य र चन्द्रमाको आकर्षण शक्तिका कारण समुद्रका जलमा हुने आरोह । चन्द्रमा पृथ्वी नजिकै रहेको एक पिण्ड हो । यसैले गर्दा पृथिवीमा सूर्यग्रहण लाग्छ । यस अतिरिक्त चन्द्रमाको प्रभाव पनि समुद्रको पानीमा पर्दछ । यसै प्रभावले गर्दा समुद्रको पानी नियमित रूपले माथि उठ्ने र तल भर्ने गर्दछ । माथि उठ्नुलाई ज्वार र तल भर्नुलाई भाटा भनिन्छ । ज्वारभाटा दुई प्रकारको हुन्छ- दीर्घ र लघु । अमाास्याका दिन सूर्य र चन्द्रमा सम्मिलित गुरुत्त्वाकर्षण शक्तिले गर्दा समुद्रको पानी माथि उठ्छ । यसलाई दीर्घ ज्वार भन्दछन् । पूर्णिमाको दिन एकातिर सूर्य र पृथ्वी सम्मिलित भएर समुद्रको पानी तानिरहेका हुन्छन् भने अर्कातिर चन्द्रमाले आनो अकर्षण शक्तिद्वारा पानी तानिरहेको हुन्छ । यी दुवै ज्वार हुन् भने यसरी पानी तान्दा बिचभागमा जुन गहिराई आउँछ त्यो दीर्घभाटा हो । दुवै अष्टमीका दिन एकातिर सूर्यको आकर्षण शक्तिले समुद्रको पानी तानिएको हुन्छ भने त्यसैको प्रभावले गर्दा चन्द्रमातर्फ उठ्ने पानीको उचाइ त्यति बढ्न सकेको हुँदैन । पानीको अधोगमन पनि त्यति हुँदैन । त्यसैले यी लघु ज्वारभाटा हुन् । अन्य दिनमा पनि दिनमा २ पटक समुद्रको पानीमा चन्द्रमा सिधा भएको अवस्थामा त्यस क्षेत्रमा र त्यसको विपरीत दिशामा गरी दुई वटा ज्वार र दुईवटा भाटा आउने गर्दछन् । यिनको अन्तर सामान्यतया ६ घण्टाको हुन्छ । अर्थात् ६ घण्टा पानी बढ्छ र ६ घण्टा ऋमशः घट्दै जान्छ । परन्तु प्रथम ज्वार र द्वितीय ज्वारको अन्तर ठिक १२ घण्टा नभएर २६ मिनट ढिलो हुन्छ । उदाहरणका लागि २०७५ साल वैशाख १गते १२ बजे प्रथम ज्वार उठ्यो भने अर्को ज्वार रातको १२ बजेर २६ मिनटमा उठ्छ । त्यस्तै अर्को ज्वार भोलिपल्ट दिउसो १२ बजेर ५२ मिनटमा आउँछ । यसको कारण पृथ्वीको अक्षभ्रमण र चन्द्रमाको गतिदर भिन्न भएकाले प्रतिदिन पृथ्वीको सामुन्ने चन्द्रमालाई आइपुग्न लाग्ने समय १३ अंश (१ ४ ५२)को हिसावले दूरी पार गर्दै जानु पर्छ । (आदर्श संस्कृत हिन्दी कोश, व्रह्माण्ड और ज्योतिष रहस्य) ।

ज्वालः (पुं.) [*ज्वलति, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः*] आगाको ज्वाला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्वाला (स्त्री.) [*ज्वलति, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः, स्त्रियां टाप् ४.१.४*] १.आगाको लप्का/अग्निशिखा २.जाम्बवान्की पत्नी। ३.डढेको अन्न। ४.योगिनीविशेष।

ज्वालाजिह्वः (पुं.) [*ज्वाला जिह्वा इव यस्य सः, बहु.स.*] १.अगिन २.एक भैरव।

ज्वालामुखी (स्त्री.) [*ज्वाला मुखे यस्याः सा, बहु.स., ङीष्*] १.पृथ्वीबाट निस्कने तातो ग्याँस। पृथ्वीको जुन भागबाट पग्लेको चट्टान, ग्याँस, आगो, खरानी आदि निस्कन्छन्, ती क्षेत्रलाई पनि ज्वालामुखी भनिन्छ,। ज्वालामुखी पग्लेको चट्टान पृथ्वीभित्र रहँदाको अवस्थालाई म्याग्मा, म्याग्मा जब पृथ्वीको सतहमा आइपुग्छ, त्यसलाई लाभा, लाभा सतहमा आउने मुख्य मार्गलाई नली, लाभा निस्कने कचौरा जस्तो आकारको छिद्रलाई क्रेटर, मुख्य नलीको दायाँ–बायाँबाट गएको सानो नलीलाई डाइक, आगो, धुवाँ, खरानी, ग्याँस बराबर निस्किरहनेलाई जागृत ज्वालामुखी, चालु भएर बन्द भएकोलाई मृत–ज्वालामुखी र हालसम्म विष्फोटन नभएको तर पछि विष्फोटनको सम्भव भएकोलाई सुषुप्त ज्वालामुखी भनिन्छ। पृथ्वीको जुन भाग कमजोर हुन्छ त्यहाँ भूकम्प जान्छ। ज्वालामुखी पनि त्यस्तै भागमा धेरै पाइन्छ। तसर्थ भूकम्प जाने मोडदार पर्वतश्रेणीहरू जति छन्, ती सबै ज्वालामुखीका क्षेत्र हुन्। ज्वालामुखी विशेष गरेर समुद्रको तटीय भागमा धेरै पाइन्छ। प्रशान्त महासागर वरिपरिका इण्डोनेशिया, फिलिपिन्स, जापान, आदि देशका टापूहरूमा धेरै ज्वालामुखी छन्। (साभार चित्र इन्टरनेट) नेपालको दुल्लु, दैलेख आदि जिल्लामा यस्ता ज्वालामुखी प्रशस्त भएको विज्ञहरू बताउँछन्। २.एक देवी ३.एक तीर्थस्थल।

ज्वालामुख्यां महाजिह्वो देव उन्मत्तभैरवः।
अम्बिका सिद्धिकानाम्नी सानौ जालन्धरे मम॥ (तन्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झ

झ१.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको नवौं वर्ण। तालुस्थानीय वर्ण। खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, महाप्राण प्रयत्न। चवर्ग (च, छ, ज, झ, ञ) को चौथो वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

झः (पुं.) [*झग संहतौ इति धातोः, अन्यभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.वृष्टि सहितको वायु/झञ्झावात २.बृहस्पति ३.दैत्यराज ४.झनझन आवाज। **झो झण्टीशे सुरगुरौ दैत्यराजे ध्वनावपि** (वाङ्म.) ५.(पुं.वि.) नष्ट।

झकारः (पुं.) [*झ इति निर्देशे, वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] झवर्ण।

झङ्कारः (पुं.) [*झमित्यव्यक्तः शब्दः, तस्य कारः करणम्, भावे ३.३.१८ इति घञ्*] १.माहुरी, भमरा आदिको शब्द/भुनभुनाहट २.धातुका पात्रहरू ठक्कर लाग्दा आउने शब्द ३.बाजाको ध्वनि/झ्यालीको आवाज जस्तो शब्द।

झङ्कृतम् (नपुं.) [*झङ्करणम्, झम् इति अव्यक्तशब्दः, तस्माद् नपुंसके भावे क्तः इति क्तः*] पाउजु बज्दाको आबाज। **नूपुरं तत्र झङ्कृतम्** (ध.ना.मा.१०७)।

झङ्कृतिः (स्त्री.) [*झङ्करणम्, झम् इति अव्यक्तशब्दः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.काँस आदि बाजाको ध्वनि/झ्यालीको आवाज २.माहुरी, भमरा आदिको शब्द/भुनभुनाहट ३.धातुका पात्रहरू ठक्कर लाग्दा आउने शब्द।

झञ्जा (स्त्री.) वर्षासहितको आँधी-बेहरी। **~वातः** (पुं.) [*झञ्झाप्रधानो वातः, म.प.स.*] पानी सहितको हुन्डरी/पानी सहितको हुरी। **झञ्जावातः सवृष्टिकः** (अमर.)।

झञ्झानिलः (पुं.) [*झञ्झायुक्तः अनिलः, म.प.स.*] पानीसहितको आँधी (त्रिकाण्ड.)।

झट (धा.) [*सङ्घाते, भ्वा.अक.सेट्, पर.*] जम्मा हुनु, एकचित्र हुनु। लट्– **झटति–** जम्मा हुन्छ, एकत्रित हुन्छ इत्यादि। **झटन्ति केशाः** (दर्गादास)।

झटामला (स्त्री.) [*झट्यते इति, झट सङ्घाते इति धातोः, भावे ३.३.१८ इति घञ्, संज्ञापूर्वकत्वान्न वृद्धिः, झटति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] भुइँ अमला।

(झटामला)

झटिः (पुं.) [*झटति परस्परं संलयो भवति, झट संघाते इति धातोः सर्वधातुभ्य इन् (उ.५५७) इति इन्*] परस्पर जोडिने खालको सानो पोथ्रो।

झटिति (अव्य.) छिटो, शीघ्र। **अथाञ्जसा। द्राक् स्रागरं झटित्याशु मङ्क्ष्वह्नाय च सत्वरम्** (अभि.चि.६.१६६)।

झणत्कारः (पुं.) [*झणत् इति कारः करणम्*] सुन, चाँदी आदिबाट बनेका गहनाको आवाज।

झमु (धा.) [*अदने, भ्वा.सक.सेट्, पर.*] खानु, लट्– **झमति–** खान्छ इत्यादि।

झम्पः (पुं.) [*पृषोदरादित्वात्साधुः*] हाम फाल्ने काम।

झम्पा (स्त्री.) [*झमपूर्वकात् पत्धातोर्डः,टिलोपः, टाप्*] उप्रेर हिँड्ने काम।

झम्पारुः (पुं.) [*झम्पम् आराति,आददाति, बाहुलकाद् डुः*] वानर

झम्पाकः (पुं.) [*झम्पेन अकति गच्छति, अकधातोः अण्*] लामो पुच्छर भएको वानर/ढेडु।

झम्पी (नपुं.) [*झम्पोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] वानर।

झरः (पुं.) [*झरति, झॄष वयोहानौ इति धातोः षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्*] छहरा/झरना/पहाडको शिखरबाट झरेको पानीको प्रवाह। **वारिप्रवाहो निर्झरो झरः। स तु प्रस्रवणश्चापि** (भा.प्र.नि.)।

झरा (स्त्री.) [*झरति, झॄष वयोहानौ इति धातोः षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] छहरा/झरना।

झरी (स्त्री.) [*झरति, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, झरः, अच इः (उ.) इति इः, झरिः,ततो ङीष् (ग.) ४.१.४५*] लामो समयसम्म हुने वर्षा।

झर्च्छ (धा.) [*भर्त्सने,तुदा.पर.सक.सेट्*] झर्कनु,गाली गर्नु,भन्नु। लट्-**झर्च्छति** -झर्कन्छ, गाली गर्छ, भन्छ इत्यादि।

झर्झ (धा.) [*परिभाषणहिंसातर्जनेषु, भ्वा.सक.सेट्, पर.*] बोल्नु, हिंसा गर्नु, गाली गर्नु। लट्– **झर्झति–** बोल्छ, हिंसा गर्छ, गाली गर्छ इत्यादि।

झर्झरः (पुं.) [*झर्झति झर्झ परिभाषणहिंसातर्जनेषु, इति धातोः, बाहुलकात् अरन्, यद्वा झर्झशब्दं राति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इति आलोपः*] १.झाँझर। **कटाहस्य घृतस्योर्ध्वं झर्झरं स्थापयेत्ततः।** (भा.प्र.नि.) २.दमाहा ३.कलियुग ४.नदविशेष ५.हिरण्याक्षको छोरो।

झर्झरा (स्त्री.) [*झर्झ्यते निन्द्यते, निपातनादरः, टाप्*] १.वेश्या २.जलशब्दविशेष।

झर्झरी [*झर्झरशब्दात् इनिः*] शिव।

झर्झरी (स्त्री.) मासका पिठोबाट बनाएको रोटी।

झर्झरीकः (पुं.) [*पर्फरीकादयश्च (उ.४६० इति ईकन्प्रत्ययः, निपातेन साधुः*] १.शरीर २.चित्र (उ.को.) ३.झाझर।

झर्झरिका (स्त्री.) १.मासको पिठाबाट बनेको रोटीविशेष २.झाँझर ३.वाद्यविशेष। **धूमसीरचिता चैव प्रोक्ता झर्झरिका बुधैः** (भा.प्र.नि. कृतान्नवर्ग ३८)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झर्झरी (स्त्री.) [*गौरादितया ङीष्*] १.रोटीविशेष। **झर्झरी कफपित्तघ्नी क्वचिद् वातकरी मता।** (भा.प्र.नि.) २.बाजाविशेष।

झल्लः (पुं.) १.एक वर्णसङ्करजाति २.झल्लो ३.भाँड।

झल्लकम् (नपुं.) [*स्वार्थे कन्*] भ्याम्टा/बाजाविशेष।

झल्लरी (स्त्री.) [*झर्झति पापिनो तर्जयति, झर्झ उक्तौ तर्जने च इति धातोः अरन्, पृषोदरादित्वात्साधुः*] १.भ्याली बाजा २.चक्राकार बनाएर बाँधेको केश/जुरो।

झष (धा.) [*आदानसंस्करणयोः भ्वा.सक.सेट्, उभय.*] ग्रहण गर्नु, लिनु, वस्त्र आदि लगाउनु। लट्– **झषति-ते–** ग्रहण गर्छ, लुगा,आभूषण आदि लगाउँछ इत्यादि।

झष (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट्, पर.*] मार्नु, हिंसा गर्नु। लट्– **झषति–** मार्छ, हिंसा गर्छ इत्यादि।

झषः (पुं.) [*झष्यते वध्यते, झष हिंसायामिति धातोः, खनो घ च ३.३.१२५ इति घः*] १.माछो २.मीनराशि ३.सुनसान वन ४.ताप। **झषा नागवलायां स्त्री तापमत्स्याटवीषु ना** (मेदिनी.)।

झषकेतनः (पुं.) [*झषः केतनं यस्य सः, बहु.स.*] कामदेव। (हला.३२)

झषध्वजः (पुं.) [*झषो मत्स्यो ध्वजो यस्य सः, बहु.स.*] कामदेव/मीनकेतन।

झषाः (पुं.बहु.) [*झष्यते वध्यते, झष हिंसायामिति धातोः, खनो घ च ३.३.१२५ इति घः, जसि रूपम्*] झषभित्र आउने माछाहरू– रोहित, मद्गुर, शाल, राजील, सकुल, तिमि र तिमिङ्गिल।

झषा (स्त्री.) [*झषति वातम्,पचाद्यच्*] नागबला।

झषाङ्कः (पुं.) [*झषः अङ्कश्चिह्नं यस्य सः,बहु.स.*] १.अनिरुद्ध २.कामदेव।

झषाशनः (पुं.वि.) [*झषः अशनं यस्य सः,बहु.स.*] मत्स्याहारी।

झषोदरी (स्त्री.) [*झषो मत्स्य एव उदरमुत्पत्तिस्थानं यस्याः सा, बहु.स.*] व्यासकी आमा/ सत्यवती।

झाङ्कृतम् (नपुं.) वायुको आवाज। **झाङ्कृतञ्चाथ मरुति** (ध.ना.मा.१०७)।

झाटः (पुं.) [*झटधातोः घञ्*] १.पर्णशाला २.रुखको समूह।

झाटलः (पुं.) [*झाटं लाति, कः,आतो लोपः*] कालो पाडरी।

झाय (स्त्री.) [*झटधातोर्णिचि अच्, टाप्*] भैंअमला।

झाटिका (स्त्री.) [*झाय एव,स्वार्थे कन्, टाप्*] भैंअमला।

झार्झरः (पुं.) [*झर्झरवादनशिल्पमस्य, मण्डुकझर्झरादण–न्यतरस्याम् (वा.) इति अण्, आदिवृद्धिः, अलोपः*] भ्याली बजाउन सिपालु।

झार्झरिकः (पुं.) [*झर्झरवादनशिल्पमस्य, मण्डुकझर्झराद णन्यतरस्याम् (वा.) इति अणोऽभावे शिल्पम् ४.४.५५ इति ठक्, आदिवृद्धिः, अलोपः*] झाँझर बजाउन सिपालु।

झालिः (स्त्री.) आँपको तरकारीविशेष। **आम्रमामफलं पिष्टं राजिकालवणान्वितम्। भृष्टं हिङ्गुयुतं पूतं घोलितं झालि–रुच्यते ॥** (भा.प्र.)

झावुकः (पुं.) [*झा इति शब्दं वेति गच्छति, वी गत्यादिषु इति धातोः, मितद्रवादित्वात् (वा.) ३.२.१८० इति डुः, ततः संज्ञायां कन् ५.३.७५*] भ्याउ। **समौ पिचुलझावुकौ** (अमर.)।

झिङ्गिनी (स्त्री.) जडिबुटी विशेष। यो प्रायः गर्मी ठाउँमा हुन्छ। यसको बोक्रा काँडा बनाएर खान दियो भने प्यास हट्छ। कुल्ला गऱ्यो भने खोकी, दन्तशूल आदि हराउँछ। पात उमालेर सुन्निएको ठाउँमा लगायो भने निको हुन्छ।

झिण्टी (स्त्री.) [*झिम् इति रटति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुः, षिद्गौरा–दिभ्यश्च इति ङीष्*] सामान्य कपुरनली (हला.२०५)।

झिरिका (स्त्री.) [*झिरि इति कायते, कै शब्दे इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः, टाप्*] १.भ्याउँकिरी २.बाजाविशेष (हला.२५६)।

झिल्लिः (स्त्री.) [*झि इति अव्यक्तशब्देन लिशति, लिशधातोः डिः,टिलोपः*] १.भ्याउँकिरी २.बाजाविशेष। **घण्टशब्दस्तथा भेरिमृदङ्गौ झिल्लिरेव च। पञ्चानां शस्यते वाद्यं देवताराधनेषु च ॥** (गूढार्थदीपिका)

झिल्लिका(स्त्री.) [*संज्ञायां कन्, ततष्टाप्, झिल्लीकेत्यपि पाठः*] भ्याउँकिरी। **झिल्लिकाविरुतैर्दीर्घै रुदतीव समन्ततः** (रामा.)

झिल्ली (स्त्री.) [*झि इति अव्यक्तशब्देन लिशति, लिशधातोः डिः,टिलोपः,ङीप्*] १भ्याउँकिरी २.दियाको बत्ती ३.प्रकाश/चमक।

झिल्लीकण्ठः (पुं.) [*झिल्ली कण्ठे यस्य सः, बहु.स.*] घरपालुवा परेवा।

झिल्लीरवः (झिल्लीनां रवः, ष.त.) भ्याउँकिरीको आवाज।

वाचां माङ्गलिकीं तनोति तिमिरस्तोमोऽपि झिल्लीरवैः।
जातोऽयं दयिताभिसारसमयो मुग्धे विमुञ्च त्रपाम्॥
(सुभा.)

झीरुका (स्त्री.) [*झिरिति अव्यक्तं शब्दं रौति, रु शब्दे इति धातो बाहुलकात् कक्, टाप्*] भ्याउँकिरी।

झु (धा.) [*गतौ, भ्वा.आत्म.सक. अनिट्*] हिड्नु। लट्– **झवते–** हिँड्छ इत्यादि।

झुण्टः (पुं.) [*झट सङ्घाते इति धातोः घञि पृषोदरादितया साधुः*] १ खाँबो/थाम २.रुखको अगाडिको हाँगो।

झुण्डः (पुं.) [*झटन्ति अत्र मेषादयः, झट सङ्घाते इति धातोः घञि पृषोदरादितया साधुः*] १.मानवेतर वस्तुको समूह/बथान २.झाडी।

झुमरी (स्त्री.) रागिणीविशेष।

झृष (धा.) [*वयोहानौ, दिवा.पर.अक.अनिट्*] बुढो हुनु।लट्– **झीर्यति–** बुढो हुन्छ इत्यादि।

झोडः (पुं.) सुपारी। बहुप्रयोगः (श.क.द्रु.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ञ

ञ १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जनको दसौं वर्ण। तालु तथा नसिकास्थानीय वर्ण। खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, अल्पप्राण प्रयत्न। चवर्ग (च, छ, ज, झ, ञ) को अन्तिम वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

ञः (पुं.) १.गोरु २.शुक्र ३.वक्रगति ४.गायन ५.घर्घर ध्वनि ६.सङ्गीतविशेज्ञ। **ञः पुमान् स्याद् वलिवर्दे शुके वामगतावपि** (वाङ्म.) ७.गणपाठमा धातुको उभयपदबोधक अनुबन्ध-विशेष।

ञकारः (पुं.) [*ञ इति निर्देशे, वर्णात्कारः (वा.) ३.३.१०८ इति कारप्रत्ययः*] ञवर्ण।

ञिइन्धी (धा.) [*दीप्तौ, रुधा.अक.सेट् आत्म.*] प्रकाशित हुनु,बल्नु। लट्– **इन्धे**–प्रकाशित हुन्छ,बल्छ । लिट्– **इन्धाञ्चक्रे/इन्धाम्बभूव/इन्धामास**– प्रकाशित भएछ, बलेछ। (अन.)। लुट्– **इन्धिता**– प्रकाशित हुने छ, बल्ने छ (अन.)। लृट्– **इन्धिष्यते**– प्रकाशित हुने छ, बल्ने छ। लोट्– **इन्धाम्**– प्रकाशित होओस्, बलोस्। लङ्– **ऐन्ध**– प्रकाशित भयो,बल्यो (अन.)। विधिलिङ्– **इन्धेत**– प्रकाशित होला, बल्ला, प्रकाशित होओस्, बलोस् । आशीर्लिङ्– **इन्धिषीष्ट**– प्रकाशित होओस्, बलोस्। लुङ्– **ऐन्धिष्ट**– प्रकाशित भयो, बल्यो। लृङ्– **ऐन्धिष्यत**– प्रकाशित हुने थियो, बल्ने थियो। भावे- **इध्यते**– चम्किइन्छ। **इन्धयति-ते**– चम्काउछ,बाल्छ। **इन्दिधिषते**– प्रकाशित हुन वा चम्कन खोज्दछ, बल्न खोज्दछ।। कृदन्ते– **इन्धितव्यम्, इन्धनीयम्, इन्ध्यम्**– प्रकाशित हुनुपर्ने, बल्नुपर्ने। **इन्धानः**– प्रकाशित हुँदै गरेको, बलिरहेको, **इन्धितुम्**– प्रकाशित हुन, बल्न। **इन्धित्वा**– **समिध्य**– प्रकाशित भएर, बलेर। **इद्धः**– प्रकाशित भएको, बलेको। **इन्धनम्**– दाउरा, **समित्**– समिधा इत्यादि।

ञिक्ष्विदा (धा.) [*स्नेहनमोचनयोः, दिवा. अक. सेट् पर.*] तेल लगाउनु, मुक्त गर्नु। लट्– **क्ष्विद्यति**– तेल लगाउँछ, मुक्त गर्छ इत्यादि।

ञितृषा (धा.) [*पिपासायाम्, अक.सेट् पर., पुषादिः*] तिर्खाउनु। लट्– **तृष्यति**– तिर्खाउँछ। लिट्– **ततर्ष**– तिर्खाएछ (अन.)। लुट्– **तर्षिता**– तिर्खाउने छ (अन.)। लृट्– **तर्षिष्यति**– तिर्खाउने छ। लोट्– **तृष्यतु**– तिर्खाओस्। लङ्– **अतृष्यत्**– तिर्खायो (अन.)। विधिलिङ्– **तृष्येत्**– तिर्खाउला, तिर्खाओस्। आशीर्लिङ्– **तृष्यात्**– तिर्खाओस्। लुङ्– **अतृषत्**– तिर्खायो। लृङ्– **अतर्षिष्यत्**– तिर्खाउने थियो इत्यादि।

ञित्वरा (धा.) [*सम्भ्रमे, अक.सेट् आत्मने.*] छिटो गर्नु। लट्– **त्वरते**– छिटो गर्छ। लिट्– **तत्वरे**– छिटो गरेछ (अन.)। लुट्– **त्वरिता**– छिटो गर्ने छ (अन.) लृट्– **त्वरिष्यते**– छिटो गर्ने छ। लोट्– **त्वरताम्**– छिटो गरोस्। विधिलिङ्– **त्वरेत**– छिटो गर्ला, छिटो गरोस्। आशीर्लिङ्– **त्वरिषीष्ट**–छिटो गरोस्। लुङ्– **अत्वरिष्ट**– छिटो गऱ्यो। लृङ्– **अत्वरिष्यत**– छिटो गर्ने थियो। भावे– **त्वर्यते**– छिटो गरिन्छ। णिचि– **त्वरयति-ते**– छिटो गराउँछ। **अत्वरत्**– छिटो गरायो। सनि– **तित्वरिषते**– छिटो गर्न चाहन्छ। यङि– **तात्वर्यते**– बारम्बार वा ज्यादै छिटो गर्छ। यङ्लुकि– **तात्वरीति, तातूर्ति**– बारम्बार वा अतिशय छिटो गर्छ। कृदन्ते– **त्वरितव्यम्, त्वरणीयम्, त्वर्यम्**– छिटो गर्नुपर्ने। **त्वारकः, त्वरकः** (मित्वाद् ह्रस्वः)– **त्वरिता-त्री– त्वरयिता त्री**– छिटो गर्ने। **त्वरमाणः**– छिटो गरिरहेको **तूः**– छिटो गर्ने। **तूर्णः**– छिटो गर्ने। **त्वरितम्**– छिटो। **त्वरा**– छिटोपना, हडवडी। **त्वरणम्**– छिटो गर्नु। **त्वरित्वा, सन्त्वर्य**– छिटो गरेर। **त्वरयित्वा प्रत्वरय्य**– छिटो गराएर इत्यादि।

ञिधृषा (धा.) [*प्रागल्भ्ये स्वा.सेट् पर.*] गर्व गर्नु, आफूलाई ठुलो सम्झनु। लट्– **धृष्णोति**– गर्व गर्छ। लिट्– **दधर्ष**– गर्व गरेछ (अन.)। लुट्– **धर्षिता**– गर्व गर्ने छ (अन.)। लृट्– **धर्षिष्यति**– गर्व गर्ने छ। लोट्– **धृष्णोतु**– गर्व गरोस्। लङ्– **अधृष्णोत्**– गर्व गऱ्यो (अन.)। विधिलिङ्– **धृष्णुयात्**– गर्व गर्ला, गर्व गरोस्। आशीर्लिङ्– **धृष्यात्**– गर्व गरोस्। लुङ्– **अधर्षीत्**– गर्व गऱ्यो। लृङ्– **अधर्षिष्यत्**– गर्व गर्ने थियो। भावे– **धृष्यते**– गर्व गरिन्छ। णिचि– **धर्षयति -ते**– गर्व गर्न लगाउँछ। सनि– **दिधर्षिषति**– गर्व गर्न चाहन्छ। यङि– **दरीधृष्यते**– बारम्बार गर्व गर्छ, अतिशय गर्व गर्छ। कृदन्ते– **धर्षितव्यम्**– गर्व गर्नुपर्ने। **धृष्टः**– अभिमानी, गर्वयुक्त। **धर्षितुम्**– गर्व गर्न। **धर्षित्वा/प्रधर्ष्य**– गर्व गरेर इत्यादि।

ञिधृषा (धा.) [*प्रागल्भ्ये, सक.सेट् पर.*] गर्व गर्नु, आफूलाई ठुलो सम्झनु। लट्– **धृष्णोति**– गर्व गर्छ, आफूलाई ठुलो सम्झन्छ। लिट्– **दधर्ष**– गर्व गरेछ,आफूलाई ठुलो सम्झेछ। लुट्– **धर्षिता**- गर्व गर्ने छ, आफूलाई ठुलो सम्झने छ। लृट्– **धर्षिष्यति** गर्व गर्ने छ, आफूलाई ठुलो सम्झने छ। **धृष्णोतु, धृष्णुतात्**– गर्व गरोस्, आफूलाई ठुलो सम्झोस्। लङ्– **अधृष्णोत्**– गर्व गऱ्यो, आफूलाई ठुलो सम्झ्यो। विधिलिङ्– **धृष्णुयात्**– गर्व गर्ला, आफूलाई ठुलो सम्झला। गर्व गरोस्, आफूलाई ठुलो सम्झोस्। आशीर्लिङ् **धृष्यात्**– गर्व गरोस्, आफूलाई ठुलो सम्झोस्। लुङ्– **अधर्षीत्** गर्व गऱ्यो, आफूलाई ठुलो सम्झ्यो। लृङ्– **अधर्षिष्यत्**– गर्व गर्ने थियो, आफूलाई ठुलो सम्झने थियो। भावे– **धृष्यते**– गर्व गरिन्छ, आफूलाई ठुलो ठानिन्छ। णिचि– **धर्षयति**– गर्व गराउँछ, आफूलाई ठुलो ठान्न लगाउँछ। सनि– **दिधर्षिषति**– गर्व गर्न चाहन्छ, आफैं ठुलो बन्न खोज्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यङि– **दरीधृष्यते–** अतिशय वा बारम्बार गर्व गर्छ, आफूलाई अति नै ठुलो ठान्छ। यङो लुकि– **दर्धर्षीति, दरीधृषीति** आदि– अतिशय वा बारम्बार गर्व गर्छ, आफूलाई अति नै ठुलो ठान्छ। कृदन्ते– **धर्षितव्यम्, धर्षणीयम्, धृष्यम्–** गर्व गर्नुपर्ने, आफैं आफूलाई ठुलो ठान्नु पर्ने। **धृष्टः–** गर्व गरेको, आफैं आफूलाई ठुलो ठानेको। **धर्षणम्–** गर्व गर्नु, आफूले आफैंलाई ठुलो ठान्नु। **धर्षितुम्** गर्व गर्न, आफूले आफैंलाई ठुलो ठान्न, **धर्षित्वा प्रधृष्य–** गर्व गरेर, आफूले आफैंलाई ठुलो ठानेर। **धृष्णुः–** गर्व गर्ने, आफूले आफैंलाई ठुलो ठान्ने इत्यादि।

ञिफला (धा.) [*विशरणे, भ्वा. अक.सेट् पर.*] जानु भाँच्नु, भाग लगाउनु। लट्– **फलति–** जान्छ, भाँच्छ, भाग लगाउँछ। लिट्– **पफाल–** गएछ, भाँचेछ, भाग लगाएछ (अन.)। लुट्– **फलिता–** जाने छ, भाँच्ने छ, भाग लगाउने छ (अन.)। लृट्– **फलिष्यति–** जाने छ, भाँच्ने छ, भाग लगाउने छ। लोट्– **फलतु–** जाओस् भाँचोस्, भाग लगाओस्। लङ्– **अफलत–** गयो, भाँच्यो, भाग लगायो (अन.) इत्यादि।

ञिभी (धा.) [*भये, जुहो.अक.अनिट् पर.*] डराउनु। लट्– **बिभेति–** डराउँछ। लिट्– **बिभयाञ्चकार-बिभाय–** डराएछ (अन.)। लुट्– **भेता–** डराउने छ (अन.)। लृट्– **भेष्यति–** डराउने छ। लोट्– **बिभेतु-बिभितात्/विभीतात्–** डराओस्। [*मिदचोऽन्त्यात्परः इति पक्षे इकारः*] लङ्– **अबिभेत्–** डरायो (अन.)। विधिलिङ्– **बिभियात्–बिभीयात्–**डराउला, डराओस्। आशीर्लिङ्– **भीयात्–** डराओस्। लुङ्– **अभैषीत्–** डरायो। लृङ्– **अभेष्यत्–** डराउने थियो। भावे– **भीयते–** डराइन्छ। णिचि– **भापयते, भीषयते-ति–** डर देखाउँछ। सनि– **बिभीषति**–डराउन चाहन्छ। कृदन्ते– **भायकः, भायिका, भापकः, भीषकः, भीषिका–** डर देखाउने। **भीरुः, भीलुकः, भीरुकः**–डरपोक। **भीत्वा, प्रभीय–** डराएर। **भीतवान्, भीतः** डराएको। **बिभीषुः–** डराउन खोज्ने। कृदन्तमा बनेका अन्य शब्द–**भेकः–** भ्यागुतो। **भयानकः–** डरलाग्दो, रसविशेष। **भीमः–** डरलाग्दो,मध्यम पाण्डव। **बिभीषणः**–रावणको कान्छो भाइ, **भयम्**–डर इत्यादि।

ञिमिदा (धा.) [*स्नेहने, भ्वा.सक.सेट् आत्म. द्युतादिः*] माया गर्नु, पग्लनु,। लट्– **मेदते–** माया गर्छ, पग्लन्छ,। लिट्– **मिमिदे–** माया गरेछ, पग्लेछ (अन.) इत्यादि।

ञिमिदा (धा.) [*स्नेहने, दिवा.सक.सेट् पर. पुषदिः*] माया गर्नु, पग्लनु,। लट्– **मेद्यति–** माया गर्छ, पग्लन्छ, पोत्छ। लिट्– **मिमेद–** माया गरेछ, पग्लेछ, पोतेछ (अन.) इत्यादि।

ञिष्वप् (धा.) [*शये, अदा.अक.अनिट् पर.*] सुत्नु, निदाउनु। लट्– **स्वपिति–** सुत्छ, निदाउँछ। लिट्– **सुष्वाप–** सुतेछ, निदाएछ (अन.)। लुट्– **स्वप्ता–** सुत्ने छ, निदाउने छ (अन.)। लृट्– **स्वप्स्यति–** सुत्ने छ, निदाउने छ। लोट्– **स्वपितु-स्वपतात्–** सुतोस्, निदाओस्। लङ्– **अस्वपत्-अस्वपीत्–** सुत्यो, निदायो (अन.)। विधिलिङ्– **स्वप्यात्–** सुत्ला, निदाउला, सुतोस्, निदाओस्। आशीर्लिङ्– **सुप्यात्–** सुतोस्, निदाओस्। लुङ्– **अस्वाप्सीत्–** सुत्यो, निदायो। लृङ्– **अस्वाप्स्यत्–** सुत्ने थियो, निदाउने थियो। भावे– **सुप्यते–** सुतिन्छ। णिचि– **स्वपयति-ते–** सुताउँछ। सनि– **सुषुप्सति–** सुत्न चाहन्छ। कृदन्ते– **स्वप्तव्यम्, स्वपनीयम्, स्वाप्यम्–** सुत्नुपर्ने, सुतिने। **स्वपनम्, स्वापः–** निद्रा/सुताइ। **सुप्तः–** सुतेको। **सुप्त्वा, प्रसुप्य–** सुतेर। **स्वप्नः–** सपना आदि।

ञिष्विदा (धा.) [*स्नेहनमोचनयोः, भ्वा.सक.सेट् पर.*] चिल्लो पार्नु, त्याग्नु। लट्– **स्वेदते–** चिल्लो पार्छ, त्याग गर्छ इत्यादि।

ञिष्विदा (धा.) [*अव्यक्ते शब्दे, भ्वा.अक.सेट् पर.*] अस्पष्ट शब्द गर्नु। लट्– **स्वेदति–** अस्पष्ट शब्द गर्छ। लिट्– **सिष्वेद–** अस्पष्ट शब्द गरेछ (अन.) इत्यादि।

ञिस्विदा (धा.) [*गात्रप्रक्षरणे, दिवा.अक. अनिट् पर.*] पसिना आउनु। लट्– **स्विद्यति–** पसिना आउँछ। लिट्– **सिस्वेद–** पसिना आएछ। (अन.) लुट्– **स्वेत्ता–** पसिना आउने छ। (अन.) लृट्– **स्वेत्स्यति–** पसिना आउने छ। (अन.) लोट्– **स्विद्यतु–** पसिना आओस्। लङ्– **अस्विद्यत्–** पसिना आयो। (अन.) विधिलिङ्– **स्विद्येत्–** पसिना आउला, पसिना आओस्। आशीर्लिङ्– **स्विद्यात्–** पसिना आओस्। लुङ्– **अस्विदत्–** पसिना आयो। लृङ्– **अस्वेत्स्यत्–** पसिना आउने थियो। भावे– **स्विद्यते–** पसिना निकालिन्छ। णचि– **स्वेदयति–** पसिना निकाल्न लगाउँछ। सनि– **सिष्वित्सति–** पसिना निक्लन खोज्दछ। यङि– **सेष्विद्यते–** ज्यादै वा बारम्बार पसिना निक्लन्छ। कृदन्ते– **स्वेत्तव्यम्, स्वेदनीयम्, स्वेद्यम्–** पसिना निकालिने। **स्विन्नः–** पसिना आएको। **स्वित्वा, प्रस्विद्य–** पसिना आएर। स्वेदनम् (नपुं.) पसिना निकाल्ने काम। **स्वेदकः/स्वेदिका, स्वेदिता/स्वेदित्री–** पसिना निकाल्ने। **स्वेदयिता/स्वेदयित्री–** पसिना निकाल्न लगाउने। **स्वेदः–** पसिना। **स्वेदनम्–** पसिना निकाल्ने काम। **स्वेदयित्वा–** पसिना निकाल्न लगाएर, बफ्याएर इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ट

ट १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको एघारौँ वर्ण। मूर्द्धास्थानीय वर्ण। खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा विवार, श्वास, अघोष, अल्पप्राण प्रयत्न। टवर्ग (ट, ठ, ड, ढ, ण) को पहिलो वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

टः (पुं.) [*टलति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः डित्वाट् टिलोपः*] १.पुङ्को २.पाउ ३.ध्वनि/टङ्कार। **टः पुमान् वामने पादे निःस्वनेऽपि पुमान् मतः** (वाङ्म.) ४.शिव ५.प्रसिद्ध, ६.त्रिभुवन। **टे महेश्वर आख्यात ख्याते त्रिभुवनेऽपि च** (मेदिनी.)।

टकारः (पुं.) [*ट इति निर्देशे, वर्णात्कारः (वा) ३.३.१०८ इति कारप्रत्ययः*] टवर्ण।

टकि (धा.) [*बन्धने, चुरा. सक.सेट् उभ.*] बाँध्नु, जोड्नु, टङ्कण गर्नु। लट्– **टङ्कयति-ते**– बाँध्छ, जोड्छ, टङ्कण गर्छ। लिट्– **टङ्कयाञ्चकार-चक्रे**– बाँधेछ, जोडेछ, टङ्कण गरेछ (अन.)। लुट्– **टङ्कयिता**– बाँध्ने छ, जोड्ने छ, टङ्कण गर्ने छ (अन.)। लृट्– **टङ्कयिष्यति-ते**– बाँध्ने छ, जोड्ने छ, टङ्कण गर्ने छ। लोट्– **टङ्कयतु-ताम्**– बाँधोस्, जोडोस्, टङ्कण गरोस् । लङ्– **अटङ्कयत्-त**– बाँध्यो, जोड्यो, टङ्कण गर्‍यो (अन.)। विधिलिङ्– **टङ्कयेत्-त**– बाँध्ला,जोड्ला, टङ्कण गर्ला बाँधोस्, जोडोस्, टङ्कण गरोस् । आशीर्लिङ्– **टङ्क्यात्–टङ्कयिषीष्ट**– बाँधोस्, जोडोस्, टङ्कण गरोस् । लुङ्– **अटटङ्कत्-त**– बाँध्यो, जोड्यो, टङ्कण गर्‍यो। लृङ्– **अटङ्कयिष्यत्-त**– बाँध्ने थियो, जोड्ने थियो, टङ्कण गर्ने थियो। कर्मणि– **टङ्क्यते**– बाँधिन्छ, जोडिन्छ, टङ्कण गरिन्छ। णिचि– **टङ्कयति**– बाँध्न लगाउँछ, जोडाउँछ, टङ्कण गराउँछ। कृदन्ते– **टङ्कणः** [*पृषो दरादितया णत्वम्*]– क्षार पदार्थ/ सोहाग (सुश्रुत, सूत्रस्थान,अ.३६) **टङ्कणम्**–बाँध्ने काम, जोड्ने काम, टङ्कण गर्ने काम। **टङ्कयित्वा**– बाँधेर, जोडे, टङ्कण गरेर । **टङ्कयितुम्**– बाँध्न, जोड्न, टङ्कण गर्न इत्यादि। आधुनिक संस्कृतमा टाइप गर्ने अर्थमा पनि यो धातु प्रसिद्ध छ।

टङ्कः (पुं.) [*टङ्कयति, टकि बन्धने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टम् इति शब्दं कायति वा, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, सुपि स्थः ३.२.४ इति वा कः*] १.तरबार २.घमण्ड ३.क्रोध। **दृष्टः स पौरैस्तरुणः सटङ्कः**। ४.पत्थर काट्ने छिनु, घन आदि। **टङ्कः पाषाणदारणः** (अमर.)।

टङ्ककः (पुं.) [*टङ्कयतीति, टकि बन्धने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] टाइप गर्ने मेसिन वा व्यक्ति।

टङ्कणः (पुं.) [*टकिधातोः ल्युः, अनः,पृषोदरादितया पक्षे णत्वम्*] १.सुहाग। **विरुक्षणोऽनिलकरः श्लेष्मघ्नः पित्तदूषणः। अग्निदीप्तिकरस्तीक्ष्णष्टङ्कणः क्षार उच्यते॥** (सुश्रुत.) २.देश-विशेष।

टङ्कणम् (नपुं.) [*टकिधातोर्भावे ल्युट्, अनः, पृषोदरातिया पक्षे णत्वम्*] १.एक उपरस/सुहाग २.टाइप गर्ने काम ३.टाँचा लगाउनु।

टङ्कणक्षारः (पुं.) [*टङ्कणाय क्षारः, च.त.*] सुहाग।

टङ्कनम् (नपुं.) [*टङ्क्यते इति, टकि बन्धने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.टङ्कन, चाँदी आदि धातुको मुद्रा ढलाइ २.टाइप गर्ने काम ३.रसायन लगाउनु ४.धातुका पातामा नाम,बुट्टा आदि खोप्ने काम।

टङ्कपतिः (पुं.) [*टङ्कस्य पतिः, ष.त.*] रुपियाँ, पैसा आदि काट्ने टक्सारविभागको अध्यक्ष।

टङ्कशाला (स्त्री.) [*टङ्काय शाला, च.त.*] टक्सार/टकमरी गर्ने ठाउँ।

टङ्कारः (पुं.) [*टङ् इत्यव्यक्तशब्दः, तस्य कारः, करणम्, टम्, डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.धनुषको आवाज २.अव्यक्तध्वनि।

टङ्कारी (स्त्री.) जडिबुटीविशेष। यो वात, कफ तथा उदर रोगनाशक हुन्छ। यसको फल बलवर्द्धक र विरेचक हुन्छ। जमेको कफ निकाल्ने काममा पनि यसको उपयोग फाइदाजनक हुन्छ।

(टङ्कारी)

टल (धा.) [*वैक्लव्ये, भ्वा.अक.सेट् पर.*] विह्वल हुनु, दुखित हुनु, हृदयको रोगी हुनु,हल्लनु। लट्– **टलति**– विह्वल हुन्छ, दुखित हुन्छ, हृदयको रोगी हुन्छ,हल्लन्छ इत्यादि।

टा (स्त्री.) [*टलति भूकम्पकाले, डः,टिलोपः,टाप्*] १.पृथिवी २.ध्वनिविशेष। **टा पृथिव्यां करङ्केये ध्वनौ च परिकीर्तितः** (मेदिनी.)।

टिकृ (धा.) [*गतौ, भ्वा. सक.सेट् आत्मने, ऋदित्*] हिंड्नु। लट्– **टेकते**– हिंड्छ। लिट्– **टिटिके**– हिंडेछ (अन.)। लुट्– **टिकिता**– हिंड्ने छ इत्यादि।

टिट्टिभः (पुं.) [*'टिट्टि' शब्दं भाषते, 'टिट्टि' शब्देन भाति वा, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, डित्वाट्टिलोपः,*] हुटिट्याउँ। यसले वगरमा फुल पार्छ। उत्तानो परेर सुत्छ। **टिट्टिभस्तु कटुक्वाण उत्पादशयनश्च सः** (अभि.चि.)।

टिट्टिभकः (पुं.) [*'टिट्टि' शब्दं भाषते, 'टिट्टि' शब्देन भाति वा, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, डित्वाट्टिलोपः, संज्ञायां कन् ५.३.७५*] हुटिट्याउँ।

टिप्पणम् (नपुं.) [*टिप्यते इति, टिप् धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, पृषोदरादित्वात् साधुः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोटकरीमा लेख्ने काम/सानो वा छोटकरी चिह्न/खेस्राको टिपोट/एक प्रकारको सानो रसिद।

टिप्पणी (नी) (स्त्री.) [*टेपयति नोदयति प्रेरयत्यर्थबोधाय, टिपृधातोः, क्विप् च ३.२.७६ इति क्विप्, टिपा पण्यते स्तूयते इति एरच् ३.३.५६ इत्यच्, ङीप्*] १.सम्झनाका लागि लेखिने छोटकरी लेख/टीका/टिप्पन/मूल ग्रन्थभित्र रहेका विशिष्ट पद वा पदावलीको अर्थ निर्देश गर्ने काम २.कुनै विषयमा गरिएको छोटो सारपूर्ण विश्लेषण। ३.टीकाको पनि टीका। जस्तै— महाभाष्यको प्रदीप टीकाको नागेशकृत उद्योत टिप्पणी ४.फुटनोट ५.अर्काको आलोचना।

टीकः (पुं.) [*टीकते इति, टीक गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] छेउ छेउमा रत्नहरू लट्कने गरी जडेको घाँटीमा लाइने एक किसिमको चन्द्राकार गहना।

टीका (स्त्री.) [*टीक्यते गम्यतेऽर्थो यया सा, टीक गतौ इति धातोः अप्रत्ययः, टाप् ४.१.४*] १.मूल ग्रन्थको व्याख्या। **यथासम्भवमर्थस्य टीकनं टीका** (राजशेखर) व्याख्यान ग्रन्थ, विषमपद व्याख्या। तारानाथको भनाइअनुसार टीकाको अर्थ वृत्ति नै हो। यो संक्षिप्त हुनुपर्छ। कठिन शब्दको मात्र यसले व्याख्या गर्छ। अरू समालोचकहरूको धारणानुसार टीका भनेको विषमपदको व्याख्यामात्र होइन मूलमा रहेका सजिला र असजिला समस्त पदहरूको व्याख्या हो। **सुगमानां विषमाणाञ्च निरन्तरं व्याख्या**— (हेम.) **टीका निरन्तरव्याख्या** (अभि.चि.) संस्कृत साहित्यमा टीका ग्रन्थको विशाल निधि छ। काव्य, नाटक, महाकाव्य, लक्षणग्रन्थ, आयुर्वेद, ज्योतिष आदि सबैजसो विषय र तिनका मूल ग्रन्थमा प्रशस्त टीका लेखिएका छन्। जस्तै अमरकोषको रामाश्रमी टीका, क्षीरस्वामीको अमरकोषोद्घाटन टीका, नैषधीयचरित महाकाव्यको जीवातु टीका आदि। भाषाको आधारमा टीका दुई किसिमका हुन्छन्— १.सम्बद्ध भाषामा रचिएका टीका २.अन्यभाषामा रचिएका टीका। जस्तै संस्कृतको संस्कृतमा रचिएका, मेघदूतको सञ्जीवनी, नैषधीयचरितको प्रकाश, जीवातु, केतकिग्रहगणितको परिमल आदि। भाषान्तरका टीकाहरू— वक्रोक्तिजीवितको प्रकाश हिन्दी टीका, अमरकोषको कुलचन्द्ररचित नेपाली टीका आदि। २.थोप्ला ३.दाग ४.तिलक/निधारमा लगाइने टीका ५.शरीरमा इन्जेक्सनद्वारा उपयोगी कीटाणु पसाउने काम/खोप।

टीकाकारः (पुं.वि.) [*टीकां करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.३ इत्यण्, उपपदसमासः*] व्याख्याकार।

टीकृ (धा.) [*गतौ ज्ञाने च, भ्वा. सक.सेट्, आत्म. ऋदित्*]— हिंड्नु, जान्नु। लट्— **टीकते**— हिंड्छ इत्यादि।

टुओ श्वि (धा.) [*गतिवृद्ध्योः, भ्वा.अक.सेट् पर.*] जानु, बढ्नु। लट्— **श्वयति**— जान्छ, बढ्छ। लिट्— **शुशाव**— गएछ, बढेछ (अन.)। लुट्— **श्वयिता**— जाने छ, बढ्ने छ (अन.)। लृट्— **श्वयिष्यति**— जानेछ, बढ्नेछ। लोट्— **श्वयतु**— जाओस्, बढोस्। लङ्— **अश्वयत्**— गयो, बढ्यो। विधिलिङ्— **श्वयेत्**— जाला, बढ्ला, जाओस्, बढोस्। आशीर्लिङ्— **शूयात्**— जाओस्, बढोस्,। लुङ्— **अश्वत्**— गयो, बढ्यो। लृङ्— **अश्वयिष्यत्**— जाने थियो, बढ्ने थियो इत्यादि।

टुओ स्फूर्जा (धा.) [*वज्रनिर्घोषे, भ्वा.अक.सेट् पर.*] मेघ गर्जनु। लट्— **स्फूर्जति**— मेघ गर्जन्छ। लिट्— **पुस्फूर्ज**— मेघ गर्जेछ (अन.)। लुट्— **स्फूर्जिता**— मेघ गर्जने छ (अन.)। लृट्— **स्फूर्जिष्यति**— मेघ गर्जने छ। लोट्— **स्फूर्जतु-तात्**— मेघ गर्जोस्। लङ्— **अस्फूर्जत्**— मेघ गर्ज्यो (अन.)। विधिलिङ्— **स्फूर्जेत्**— मेघ गर्जला, मेघ गर्जोस्। आशीर्लिङ्— **स्फूर्ज्यात्**— मेघ गर्जोस्। लुङ्— **अस्फूर्जीत्**— मेघ गर्ज्यो। लृङ्— **अस्फूर्जिष्यत्**— मेघ गर्जने थियो। णिचि- **स्फूर्जयति**— मेघगर्जन गराउँछ। **स्फूर्जयति वातः** (दुर्गादास) **पोस्फूर्ज्यते**— अतिशय मेघ गर्जन्छ। **कृदन्ते**— **स्फूर्जितव्यम्, स्फूर्जनीयम्, स्फूर्ज्यम्**— मेघ गर्जनु पर्ने। **स्फूर्जनम्**— मेघगर्जन। **स्फूर्जितः**— मेघ गर्जेको आदि।

टु क्षु (धा.) [*शब्दे, अदा. सक.सेट् पर. ट्वित्*] शब्द गर्नु। लट्— **क्षौति**— शब्द गर्छ। लिट्— **चुक्षाव**— शब्द गरेछ (अन.) इत्यादि।

टुण्टुकः (पुं.) [*टुण्टु इति कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.टटेलो २.थौरै। **टुण्टुकः शोणकाल्पयोः** (मेदिनी.)।

टु दु (धा.) [*उपतापे,तना. सक. अनिट् पर.*] दुःख दिनु,तताउनु, जलाउनु। लट्— **दुनोति**—दुःख दिन्छ,ताप दिन्छ,जलाउँछ। लिट्— **दुदाव**— दुःख दिएछ,ताप दिएछ, जलाएछ। (अन.)। लुट्— **दोता**— दुःख दिने छ,ताप दिने छ, जलाउने छ (अन.)। लृट्— **दोष्यति**— दुःख दिने छ, ताप दिने छ, जलाउने छ। लोट्— **दुनोतु-दुनुतात्**— दुःख देओस्, ताप देओस्, जलाओस्। लङ्— **अदुनोत्**— दुःख दियो, ताप दियो,जलायो। (अन.)। विधिलिङ्— **दुनुयात्**— दुःख देला, ताप देला, जलाउला। दुःख देओस्, ताप देओस्,जलाओस् । आशीर्लिङ्— **दूयात्**— दुःख देओस्। लुङ्— **अदौषीत्**— दुःख दियो, ताप दियो, जलायो। लृङ्— **अदोष्यत्**— दुःख दिने थियो, ताप दिने थियो, जलाउने थियो। कर्मणि-**दूयते**- दुःख दिइन्छ, ताप दिइन्छ, जलाइन्छ। णिचि— **दावयति-ते**— दुःख दिन लगाउछ, ताप दिलाउछ, जलाउँछ यङि— **दुदूषति**— दुःख दिन खोज्दछ,ताप दिन चाहन्छ,जलाउन चाहन्छ। **दोदूयते** ज्यादै वा बारम्बार दुःख दिन्छ,ताप दिन्छ, जलाउछ। यङ्लुकि— **दोदीति, दोदवीति**— ज्यादै वा बारम्बार दुःख दिन्छ,ताप दिन्छ, जलाउछ। कृदन्ते— **दोतव्यम्, दवनीयम्, दव्यम्, दाव्यम्**— दुःख दिनुपर्ने, ताप दिनु पर्ने, जलाउनु पर्ने। **दुतः**— दुःख दिइएको। **दवनम्**— दुःख दिने काम, ताप दिने काम,जलाउने काम। **दुत्वा, विदुत्य**—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःख दिएर, ताप दिएर, जलाएर। **दोतुम्**– दुःख दिन, ताप दिन, जलाउन। **दावः**– डढेलो इत्यादि।

टु नदि (धा.) [*समृद्धौ, भ्वा.अक.सेट्, पर.*] वृद्धि हुनु, बढोत्तरी हुनु। लट्– **नन्दति**– वृद्धि हुन्छ,बढोत्तरी हुन्छ। **अभिनन्दति**– अभिनन्दन गर्छ। **आनन्दति**– सुखी हुन्छ, प्रसन्न हुन्छ, हर्षित हुन्छ। **प्रतिनन्दति**– उपकार गर्छ, धन्यवाद दिन्छ। लिट्– **ननन्द**– वृद्धि भएछ, बढोत्तरी भएछ (अन.)। लुट्– **नन्दिता**– वृद्धि हुने छ, बढोत्तरी हुने छ (अन.)। लृट्– **नन्दिष्यति**– वृद्धि हुने छ, बढोत्तरी हुने छ । लोट्– **नन्दतु-तात्**– वृद्धि होओस्, बढोत्तरी होओस्। लङ्– **अनन्दत्**– वृद्धि भयो, बढोत्तरी भयो (अन.)। विधिलिङ्– **नन्देत्**–वृद्धि होला, वृद्धि होओस् ,बढोत्तरी होला, बढोत्तरी होओस्। आशीर्लिङ्– **नन्द्यात्**– वृद्धि होओस् बढोत्तरी होओस्। लुङ्– **अनन्दीत्**– वृद्धि भयो, बढोत्तरी भयो। लृङ्– **अनन्दिष्यत्**– वृद्धि हुने थियो, बढोत्तरी हुने थियो। नन्दयति ते खुसी पार्छ, समृद्ध तुल्याउछ। **निनन्दिषति** खुसी हुन खोज्छ, समृद्ध हुन चाहन्छ। यङि **नानन्द्यते** अतिशय वा बारम्बार खुसी हुन्छ वा समृद्ध हुन्छ। यङ्लुकि **नानन्दीति, नानन्ति** अतिशय बारम्बार खुसी वा समृद्ध हुन्छ। कृदन्ते **नन्दनीयम्, नन्दितव्यम्, नन्द्यम्** खुसी वा समृद्ध हुनुपर्ने आदि।

टु भ्राजृ (धा.) [*दीप्तौ, भ्वा.अक.सेट्, आत्मने. फणादि*] चम्कनु, सुशोभित हुनु। लट्– **भ्राजते**– चम्कन्छ। लिट्– **बभ्राजे**– चम्किएछ (अन.)। लुट्– **भ्राजिता**– चम्कने छ (अन.)। लृट्– **भ्राजिष्यते**– चम्कने छ। लोट्– **भ्राजताम्**– चम्कोस्। लङ्– **अभ्राजत्**– चम्कियो (अन.)। विधिलिङ्– **भ्राजेत**– चम्कला, चम्कोस्। आशीर्लिङ्– **भ्राजिषीष्ट**– चम्कोस्। लुङ्– **अभ्राजिष्ट**– चम्कियो। लृङ्– **अभ्राजिष्यत**– चम्कने थियो इत्यादि।

टु भ्राशृ (धा.) [*दीप्तौ भ्वा.अक.सेट् आत्म. फणादि*] चम्कनु। लट्– **भ्राश्यते-भ्राशते**– चम्कन्छ इत्यादि।

टु भ्लाशृ (धा.) [*दीप्तौ,भ्वा. अक.सेट् आत्म.फणादि.*] चम्कनु। लट्– **भ्लाश्यते, भ्लाशते**– चम्कन्छ इत्यादि।

टु मस्जो (धा.) [*शुद्धौ, तुदा.अक.अनिट्, पर.*] डुब्नु, डुबुल्की मार्नु। लट्– **मज्जति**– डुब्छ, डुबुल्की मार्छ। लिट्– **ममज्ज**– डुबेछ, डुबुल्की मारेछ (अन.)। लुट्– **मङ्क्ता**– डुब्ने छ, डुबुल्की मार्ने छ (अन.)। लृट्– **मङ्क्ष्यति**– डुब्नेछ, डुबुल्की मार्नेछ। लोट्– **मज्जतु**– डबुबोस्, डुबुल्की मारोस्। लङ्– **अमज्जत्**– डुब्यो, डुबुल्की मार्‍यो (अन.)। विधिलिङ्– **मज्जेत्**– डुब्ला, डुबुल्की मार्ला, डुबोस्, डुबुल्की मारोस्। आशीर्लिङ्– **मज्ज्यात्**– डुबोस्, डुबुल्की मारोस्। लुङ्– **अमाङ्क्षीत्**– डुब्यो, डुबुल्की मार्‍यो। लृङ्– **अमङ्क्ष्यत्**– डुब्ने थियो, डबुबुल्की मार्ने थियो।

टुयाचृ (धा.) [*याच्ञायाम्, भ्वा.सक.सेट्, उभ.*] माग्नु। लट्– **याचति-ते**– माग्छ। लिट्– **ययाच-चे**– मागेछ (अन.)। लुट्– **याचिता**– माग्ने छ (अन.)। लृट्– **याचिष्यति-ते**– माग्ने छ। लोट्– **याचतु-ताम्**– मागोस्। लङ्– **अयाचत्-त**– माग्यो (अन.)। विधिलिङ्– **याचेत्-त**– माग्ला, मागोस्। आशीर्लिङ्– **याच्यात्-याचिषीष्ट**– मागोस्। लुङ्– **अयाचीत्-अयाचिष्ट**– माग्यो। लृङ्– **अयाचिष्यत्-त**– माग्ने थियो। कर्मणि– **याच्यते**– मागिन्छ। णिचि– **याचयति-ते**– माग्न लगाउँछ। सनि–**यियाचिषति**–माग्न चाहन्छ। कृदन्ते– **याचकः/ याचिका/ याचिता-त्री**– माग्ने। **याचितव्यम्/ याचनीयम्/याच्यम्**– माग्नुपर्ने। **याचितुम्**– माग्न। **याचितः**– मागिएको। **याचित्वा/उपयाच्य**– मागेर। **याच्ञा**– माग्ने काम इत्यादि।

टु वम (धा.) [*उद्गिरणे, भ्वा. सक.सेट्, पर.*] वमन गर्नु। लट्– **वमति**– वमन गर्छ। लिट्– **ववाम**–वमन गरेछ (अन.)। लुट्– **वमिता**– वमन गर्नेछ (अन.)। लृट्– **वमिष्यति**– वमन गर्ने छ। लोट्– **वमतु-तात्**– वमन गरोस्। लङ्– **अवमत्**– वमन गर्‍यो (अन.)। विधिलिङ्– **वमेत्**– वमन गर्ला, वमन गरोस्। आशीर्लिङ्– **वम्यात्**– वमन गरोस्। लुङ्– **अवमीत्**– वमन गर्‍यो। लृङ्– **अवमिष्यत्**– वमन गर्ने थियो, कर्मणि– **वम्यते**– वमन गरिन्छ। णिचि– **वमयति, वामयति, वामयते**– वमन गराउँछ सनि–**विवमिषति**– वमन गर्न खोज्छ। यङि– **ववम्यते**– अतिशय वा बारम्बार वमन गर्दछ। कृदन्ते– **वामकः, वामिका, वमकः, वमिका, वमिता, वमित्री**– वमन गर्ने। **वामकः, वामयिता**– वमन गराउने। **वमन्**– वमन गर्दै गरेको। **वामयन्, वमयन् , वामयमानः, वमयमानः**– वमन गराउँदै गरेको। **वमितः, वान्तः**– वमन गरेको। **वमः, वमथुः**– वमन। **विवमिषुः**– वमन गर्न चाहने। **वान्तिः**– वमन। **वमित्वा, वान्त्वा**– वमन गरेर, **वमितुम्** वमन गर्न। **वमितव्यम्, वमनीयम्**– वमन गर्नुपर्ने।

टुवेपृ (धा.) [*कम्पने, भ्वा.अक.सेट्, आत्म.*] काँप्नु। लट्– **वेपते**– काँप्छ। लिट्–**विविपे**– काँपेछ (अन.)। लुट्– **वेपिता**– काँप्नेछ (अन.)। लृट्– **वेपिष्यते**– काँप्नेछ। लोट्– **वेपताम्**– काँपोस्। लङ्– **अवेपत**– काँप्यो (अन.)। विधिलिङ्– **वेपेत**– काँप्ला, काँपोस्। आशीर्लिङ्– **वेपिषीष्ट**– काँपोस्। लुङ्– **अवेपिष्ट**– काँप्यो। लृङ्– **अवेपिष्यत**– काँप्ने थियो इत्यादि।

ट्वल (धा.) [*वैक्लव्ये, अक.सेट् पर.*] व्याकुल हुनु। लट्– **ट्वलति**– व्याकुल हुन्छ। लिट्– **टट्वाल**– व्याकुल भएछ (अन.) इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठ

ठ १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जनको बाह्रौं वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा विवार श्वास अघोष, महाप्राण प्रयत्न। टवर्ग (टठडढण) को दोस्रो वर्ण। २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

ठक्कुरः (पुं.) एकथरी ब्राह्मणको थर वा उपाधि।

ड

ड १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको तेह्रौं वर्ण। मूर्द्धस्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, अल्पप्राण प्रयत्न। टवर्ग (ट, ठ, ड, ढ, ण) को तेस्रो वर्ण। २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

डः (पुं.) [*डीयते डी नभोगतौ, इति धातोः अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.वडवानल। **डः पुमान् वडवाग्नौ स्यात्** (मेदिनी.) २.शब्द ३.शिव ४.पक्षी ५.ग्रह ६.त्रास।

डकारः (पुं.) [*ड इति निर्देशे, वर्णात्कारः (वा.)३.३.१०८ इति कारप्रत्ययः*] डवर्ण।

डप (धा.) [*सङ्घाते चुरा. सक.सेट् आत्म.*] एकत्रित गर्नु। लट्– **डापयते–** एकत्रित गर्छ। लिट्– **डापयाञ्चक्रे–** एकत्रित गरेछ (अन.)। लुट्– **डापयिता–** एकत्रित गर्ने छ (अन.)। लृट्– **डापयिष्यते–** एकत्रित गर्ने छ। लोट्– **डापयताम्–** एकत्रित गरोस्। लङ्– **अडापयत–** एकत्रित गऱ्यो (अन.)। विधिलिङ्– **डापयेत–** एकत्रित गर्ला, एकत्रित गरोस्। आशीर्लिङ्– **डापयिषीष्ट–** एकत्रित गरोस्। लुङ्– **अडीडपत–** एकत्रित गऱ्यो। लृङ्– **अडापयिष्यत–** एकत्रित गर्ने थियो इत्यादि।

डमरः (पुं.) [*डम इति शब्दस्य राणम्, रा दाने इति धातोः, बाहुलकाद्धऽर्थे कः*] १.लुटपिट २.चोरीडकैती ३.बाजाबाज।

(डमरु)

डमरुः (पुं.) [*डम् इति शब्दमियर्ति, मृगय्वादित्वात् (उ.३७) अर्तेः, ऋ गतौ इति धातोर्वा, कुः, गणपाठादेव गुणः*] १.पूजा गर्दा बजाउने एक किसिमको बाजा २.चमत्कार। **~मुद्रा** (स्त्री.) केही खुकुलो मुठी बाँधेर माझी औँला खुम्च्याई दाहिने कानमाथि दाहिने हात घुमाउँदा सम्पूर्ण बिघ्न हटाउने हस्तक्रियाको डमरुमुद्रा हुन्छ। **एषा मुद्रा डमरुका सर्वविघ्नविनाशिनी॥** (मु.प्र.) **~यन्त्रम्** (नपुं.) डमरुको छाँटको रसादि ओखती पुट गर्ने भाँडो।

डयनम् (नपुं.) [*डीङ् विहायसा गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उड्ने काम/उडाइ।

डल्लकः (पुं.) [*डल्ल एव सर्वप्रातिपदिकेभ्यः स्वार्थे कन् (वा.) इति कन्*] डालो।

डल्लिका (स्त्री.) [*डल्ल एव सर्वप्रातिपदिकेभ्यः स्वार्थे कन् (वा.) इति कन्, टाप् ४.१.४, इत्वम्*] डाली।

डवित्थः (पुं.) काठले बनाएको मृग।

डहुः (पुं.) [*दहति तोहति वा, दह भस्मीकरणे इति धातोः, तुहिर् अर्दने इति वा धातोः, मृगय्वादित्वात् (उ.) ३७ निपातितः*] बडहर।


(डहु)

डा (स्त्री.) डाकिनी। **डा डाकिन्यां स्त्रियां मता** (वाङ्म.)।

डाकिनी (स्त्री.) [*डाय भयदानाय अकन्ति, कुटिलं व्रजन्ति, डाकाः, तासां समूहः, खल्वादिभ्य इनिर्वक्तव्य ४.२.५१ इतीनिः*] कालीको गण। **सार्द्धञ्च डाकिनीनाञ्च विकयनां त्रिकोटिभिः** (ब्र.वै.पु.)।

डामरः (पुं.) १.शिवद्वारा प्रतिपादित शास्त्रविशेष। यो ६ किसिमको छ– योगडामर (श्लो.२३५३३) शिवडामर (श्लो.११००७) दुर्गाडामर (श्लो.२३५३३) सारस्वतडामर (श्लो.९९०५) ब्रह्मडामर (श्लो.७०१०५) गन्धर्वडामर (श्लो.६००६०) २.चमत्कार ३.गर्व ४.आटोप ५.क्षेत्रपालविशेष ६.कोटको चक्रविशेष।

डिण्डिमः (पुं.) [*डिण्डि इति शब्दं मिनोति प्रकाशयति, अन्येभ्योऽपि दृश्यते (वा.)३.२.१०१ इति डः,डित्वाट्टिलोपः*] १.डिबडिबे/वाद्यविशेष २.वृक्षविशेष ३.पानीअमला।

डिण्डीरः (पुं.) [*डिण्डि इति शब्दमीरयति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इति अच्*] समुद्रको फिंज।

डिण्डिशः (पुं.) सागविशेष। यो रुचिकारक, कफ, पित्त र पत्थरीमा फइदाजनक हुन्छ।

डिण्डिशो रोमशफलो मुनिनिर्मित इत्यपि (भा.प्र नि.)।

डित्थः (पुं.) १.काठले बनाएको हात्ती। **डित्थः काष्ठमयो हस्ती डवित्थस्तन्मयो मृगः।** (विभक्तिपाद, सुपद्मव्याकरण) २.विशेष लक्षणले युक्त पुरुष।

शब्दरूपो युवा विद्वान् सुन्दरः प्रियदर्शनः।
सर्वशास्त्रार्थवेत्ता च डित्थ इत्यभिधीयते।

डिप (धा.) [*क्षेपे, चुरा. सक.सेट् आत्म.*] फ्याँक्नु। लट्– **डेपयते–** फ्याँक्छ। लिट्– **डेपयाञ्चक्रे–** फ्याँकेछ (अन.)। लुट्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डेपयिता— फ्याँक्ने छ (अन.)। लृट्— **डेपयिष्यते—** फ्याँक्ने छ। लोट्— **डेपयताम्—** फ्याँकोस्। लङ्— **अडेपयत—** फ्याँक्यो (अन.)। विधिलिङ्— **डेपयेत—** फ्याँक्ला, फ्याँकोस्। आशीर्लिङ्— **डेपयिषीष्ट—** फ्याँकोस्। लुङ्— **अडीडिपत—** फ्याँक्यो। लृङ्— **अडेपयिष्यत—** फ्याँक्ने थियो इत्यादि।

डिप (धा.) [*क्षेपे, तुदा. दिवा. च, सक.सेट् पर.*] फ्याक्नु। लट्— **डिपति/डिप्यति—** फ्याँक्छ इत्यादि।

डिप (धा.) [*क्षेपे सङ्घाते च, भ्वा. सक.सेट् आत्मने.*] फ्याक्नु, बटुल्नु। लट्— **डेपयते—** फ्याँक्छ, बटुल्छ इत्यादि।

डिम (धा.) [*हिंसायाम्, भ्वा. पर.सक. सेट्*] हिंसा गर्नु। लट्— **डेमति—** हिंसा गर्छ इत्यादि।

डिमः (पुं.) [*डिम डिम्बो विप्लबः, तद्योगादयं डिमः*] रूपकको एक भेद। डिमको बारेमा भरत, धनञ्जय, शारदातनय र विश्वनाथले निकै चर्चा गरेका छन्। यिनीहरूको मतानुसार डिमको कथानक इतिहास प्रसिद्ध हुनुपर्छ। देवता, गन्धर्व, यक्ष, राक्षस, महासर्पजस्ता अलौकिक तत्त्वहरू नेता हुन्छन्। भूत, प्रेत, पिशाच आदि १६ वटा उद्धत पात्रहरू यसमा रहन्छन्। चार अङ्कमा रचिने व्यवस्था भएको यस खालको रूपकमा कौशिकीलाई छोडेर अरू वृत्तिको प्रयोग भएको हुन्छ। शान्त, हास्य र शृङ्गाररसको यसमा प्रयोग हुँदैन। विमर्शबाहेक अरू चार सन्धिको प्रयोग हुन्छ। यसमा माया, इन्द्रजाल, सङ्ग्राम, क्रोध, सूर्यग्रहण, चन्द्रग्रहण आदिको पनि वर्णन हुन्छ। यसको मुख्य रस रौद्र हुन्छ।

डिमि (धा.) [*सङ्घे, चुरा.उभ. सक. सेट्*] जम्मा गर्नु। लट्— **डिम्बयति-ते—** जमा गर्छ इत्यादि।

डिमि (धा.) [*नोदने, चुरा.पर.सक. सेट्*] प्रेरणा दिनु। लट्— **डिम्बयति—** प्रेरणा दिन्छ इत्यादि।

डिम्बः (पुं.) [*डिबि नोदे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.विप्लव २.भयको आवाज ३.अण्ड ४.लुटपिट-चोरी डकैती ५.बाजा-बाज ६.अण्ड ७.फोक्सो।

डिम्बिका (स्त्री.) [*डिम्बयति, नायकसमीपे नादयत्यात्मानम्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः, टाप्, इत्वम्*] १.कामुक स्त्री २.पानीको फोका ३.टटेलो। **डिम्बिका जलविम्बे स्यात् शोणके कामुकस्त्रियाम्।** (मेदिनी.)

डिम्भः (पुं.) [*डिम्भयति, डिभि सङ्घे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.बालक २.मूर्ख। **डिम्भोऽपि बालिशे बाले** (मेदिनी.)।

डिम्भकः (पुं.) [*डिम्भ एव, स्वार्थे कन्*] १.बालक २.एक पौराणिक पात्र/ब्रह्मदत्तको पुत्र।

डिम्भचक्रम् (नपुं.) [*डिम्भ इव चक्रम्, उपमानत.*] व्यक्तिको शुभ अशुभ छुट्ट्याउने चक्रविशेष।

डिम्भा (स्त्री.) [*डिम्भ्यते, डिभि सङ्घे इति धातोः, एरच् ३.३.५६ इत्यच्, अकर्तरि च कारके संज्ञायाम् ३.३.११९ इति घञ् वा*] दुध नछुटेकी सानी बालिका। **डिम्भोऽपि बालिशे बाले** (मेदिनी.)।

डीङ् (धा.) [*विहायसा गतौ, भ्वा. सक.सेट्, आत्म.*] आकाशमा उड्नु। लट्— **डयते—** उड्छ। लिट्— **डिड्ये—** उडेछ (अन.)। लुट्— **डयिता—** उड्ने छ (अन.)। लृट्— **डयिष्यते—** उड्ने छ। लोट्— **डयताम्—** उडोस्। लङ्— **अडयत—** उड्यो (अन.)। विधिलिङ्— **डयेत—** उड्ला, उडोस्। आशीर्लिङ्— **डयिषीष्ट—** उडोस्। लुङ्— **अडयिष्ट—** उड्यो। लृङ्— **अडयिष्यत—** उड्ने थियो इत्यादि।

डीङ् (धा.) [*विहायसा गतौ, दिवा. अक. सेट्, आत्मने.*] आकाशमा उड्नु। लट्— **डीयते—** उड्छ। लिट्— **डिड्ये—** उडेछ (अन.)। लुट्— **डयिता—** उड्ने छ (अन.)। लृट्— **डयिष्यते—** उड्ने छ। लोट्— **डीयताम्—** उडोस्। लङ्— **अडीयत—** उड्यो (अन.)। विधिलिङ्— **डीयेत—** उड्ला, उडोस्। आशीर्लिङ्— **डयिषीष्ट—** उडोस्। लुङ्— **अडयिष्ट—** उड्यो। लृङ्— **अडयिष्यत—** उड्ने थियो इत्यादि।

डीनः (पुं.वि.) [*डीयते स्म, गत्यर्थाकर्मक इति क्तः*] उडेको।

डीनम् (नपुं.) १.[*डीङ् विहायसा गतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, तस्य नः*] उड्ने क्रिया/पक्षीको उडान।

डु कृञ् (धा.) [*करणे,.भ्वा. सक.सेट्, उभय.*] गर्नु। लट्— **करोति.कुरुते—** गर्छ। **अतिकुरुते—** ज्यादै गर्छ। **अधिकरोति—** अधिकार जमाउँछ। **अपकुरुते—** अपकार गर्छ। **आकुरुते—** भेष बदल्छ। **उत्कुरुते—** मार्छ। **उपकरोति—** उपकार गर्छ। **उपस्करोति—** स्वच्छ बनाउँछ। **तिरस्करोति—** तिरस्कार गर्छ। **दुष्करोति—** दुष्कर्म गर्छ। **निराकुरुते—** हटाउँछ, निन्दा गर्छ। **परिष्कुरुते—** परिस्कार गर्छ। **पराकरोति—** हटाउँछ। **प्रकुरुते—** प्रारम्भ गर्छ। **प्रतिकुरुते—** प्रतिकार गर्छ। **प्रत्युपकुरुते—** प्रत्युपकार गर्छ। **विकुरुते—** खोज्छ, शब्द गर्छ। **विकरोति—** बदलिन्छ, काँप्छ। **व्याकुरुते—** स्पष्ट गर्छ, सम्झन्छ। **संस्करोति—** स्वच्छ पार्छ, संस्कार गर्छ। **सुकरोति—** राम्रो गर्छ। लिट्— **चकार. चक्रे—** गरेछ (अन.)। लुट्— **कर्ता—** गर्ने छ (अन.)। लृट्— **करिष्यति-ते—** गर्ने छ। लोट्— **करोतु. कुरुताम्—** गरोस्। लङ्— **अकरोत् अकुरुत—** गऱ्यो (अन.)। विधिलिङ्— **कुर्यात्. कुर्वीत—** गर्ला, गरोस्। आशीर्लिङ्— **क्रियात्.कृषीष्ट—** गरोस्। लुङ्— **अकार्षीत्.अकृत—** गऱ्यो। लृङ्— **अकरिष्यत्-त—** गर्ने थियो। कर्मणि— **क्रियते—** गरिन्छ। णिचि— **कारयति-ते—** गराउँछ। सनि— **चिकीर्षति-ते—** गर्न चाहन्छ। कृदन्ते— **कारकः.कारिका—** गर्ने। **चिकीर्षकः.र्षिका—** गर्न खोज्ने। **कुर्वन्. कुर्वाणः—** गरिरहेको। **करः.करणम्. क्रिया.कृतिः—** काम। कारणम्— हेतु। **कृत्वा—** गरेर। **अलङ्कृत्य—** अलङ्कृत गरेर। **पुरस्कृत्य—** अगाडि लगाएर। **उरीकृत्य—** स्वीकार गरेर। **नमस्कृत्य—** नमस्कार गरेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात्कृत्य— प्रत्यक्ष गरेर। **कर्तुम्**— गर्न। **कर्तव्यम्. करणीयम्. कार्यम्. कृत्यम्**— गनुपर्ने इत्यादि।

डुक्रीञ् (धा.) [*द्रव्यविनिमये, सक.अनिट्, उभय.*] किन्नु। लट्— **क्रीणाति.क्रीणीते**— किन्छ। **विक्रीणाति**—बेच्छ। लिट्—**चिक्राय, चिक्रिये**— किनेछ (अन.) लुट्—**क्रेता**—किन्ने छ (परो.)। लृट्— **क्रेष्यति—ते** किन्ने छ। लोट्— **क्रीणातु.क्रीणीताम्**— किनोस्। लङ्— **अक्रीणत-त**— किन्यो (अन.)। विधिलिङ्— **क्रीणीयात्. क्रीणीत**—किन्ला, किनोस्। आशीर्लिङ्— **क्रीयाते.क्रेषीष्ट**— किनोस्। लुङ्— **अक्रैषीत्.अक्रेष्ट**— किन्यो। लृङ्— **अक्रेष्यत्-त**— किन्ने थियो। कर्मणि— **क्रीयते**— किनिन्छ। णिचि— **क्रापयति-ते**— किनाउँछ। सनि— **चिक्रीषति-ते**— किन्न चाहन्छ। कृदन्ते— **क्रेतव्यम्.क्रयणीयम्. क्रेयम्**— किन्नु पर्ने। **क्रीतः**— किनेको। **क्रीणानः**— किन्दै गरेको। **क्रेतुम्**— किन्न। **क्रित्वा**— किनेर। **विक्रीय**— बेचेर। **क्रयः**—किन्ने काम। **विक्रयः**— बेच्ने काम। **क्रय्यः**— किन्न सकिने इत्यादि।

डुण्डुभः (पुं.) [*डुण्डु इत्यनुकरणशब्दः, तेन भाति, भा दीप्तौ इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, यद्वा तेन भणति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०२ इति डः, डित्वाट्टिलोपः*] विष नहुने दुइ मुखे सर्प।



(डुण्डुभः)

एकदा स वने घोरं डुण्डुभं जरसान्वितम्
अपश्यद् दण्डमुद्यम्य हन्तुं तं समुपाययौ ॥ (दे.भा.)।

डुण्डुलः (पुं.) [*डुण्डुं लाति, आतोऽनुपसर्गे कः इति कः, आलोपः*] सानो लाटोकोसेरो।

डुदाञ् (धा.) [*दाने, जुहो. सक.अनिट्, उभ.*] दिनु। लट्— **दत्ते— ददाति**-दिन्छ। **आददाति**— लिन्छ, स्वीकार गर्छ। **व्याददाति**- उधार्छ। **समाददाति**— प्रसन्न तुल्याएर लिन्छ। **परिददाति**— सुम्पन्छ। लिट्— **ददौ-ददे**— दिएछ **(अन.)**। लुट्— **दाता**— दिने छ (अन.)। **लृट्— दास्यति-ते**— दिने छ। लोट्— **ददातु-दत्ताम्**— देओस्। लङ्— **अददात्-अदत्त**— दियो (अन.)। विधिलिङ्— **दद्यात्-ददीत**— देला, देओस्। आशीर्लिङ्— **देयात्-दासीष्ट**— देओस्। लुङ्— **अदात्-अदित**— दियो। लृङ्— **अदास्यत्-त**— दिने थियो, कर्मणि **दीयते** दिइन्छ। णिचि **दापयति-ते** दिलाउँछ। **दित्सति-ते**— दिन चाहन्छ। **देदीयते**— बारम्बार वा ज्यादै धेरै दिन्छ। यङ्लुकि— **दादेति, दादाति**— बारम्बार वा ज्यादै धेरै दिन्छ। कृदन्ते— **दायकः, दायिका, दाता, त्री**— दिने। **दत्तः**— दिएको। **दानीयम्, दातव्यम्**— दिनुपर्ने। **दापकः, दापिका, दापयिता त्री**— दिलाउने। **दित्सा**— दिने इच्छा। **दानम्**— दिने काम। **दापनम्**— दिलाउने काम। **दत्वा, प्रदाय**— दिएर। **दापयित्वा, प्रदाप्य**— दिलाएर। **दातुम्**— दिन इत्यादि।

डुधाञ् (धा.) [*धारणपोषणयोः, जुहो. सक. अनिट् उभय.*] धारण गर्नु, पालन गर्नु। लट्— **दधाति-धत्ते**— धारण गर्छ। पालन गर्छ। **अनुसन्दधाति**— अनुसन्धान गर्छ। **अभिदधाति**— प्रसिद्ध तुल्याउँछ, व्यक्त गर्दछ, भन्छ। **अभिसन्दधाति**-जित्छ, हराउछ। **समवदधाति**— सावधान हुन्छ, ध्यान दिन्छ। **आदधाति**— स्वीकार गर्छ, स्थापित गर्छ। **उपदधाति**— सहायता गर्छ। **निदधाति**— स्थापना गर्छ। धारण गर्छ **विदधाति** काम गर्छ। **सन्निदधाति**— नजिकै राख्छ। **समादधाति**— समाधान गर्छ। **परिदधाति**— पहिरन्छ। लिट्— **दधौ-दधे**— धारण गरेछ, पालन गरेछ (अन.)। लुट्— **धाता**— धारण गर्ने छ, पालन गर्ने छ। (अन.)। लृट्— **धास्यति-ते**— धारण गर्ने छ, पालन गर्ने छ। लोट्—**दधातु-धत्ताम्**— धारण गरोस्, पालन गरोस्। लङ्— **अदधात्-अधत्त**—धारण गर्‍यो, पालन गर्‍यो (अन.)। विधिलिङ्— **दध्यात्-दधीत**— धारण गर्ला, पालन गर्ला, धारण गरोस्, पालन गरोस्। आशीर्लिङ्— **धेयात्-धासीष्ट**— धारण गरोस्, पालन गरोस्। लुङ्— **अधात्-अधित**— धारण गर्‍यो, पालन गर्‍यो। लृङ्— **अधास्यत्-त**— धारण गर्ने थियो, पालन गर्ने थियो। कर्मणि- **धीयते** - धारण गरिन्छ, पालन गरिन्छ। णिचि- **धापयति**-धारण गराउँछ, पालन गराउँछ। **धित्सति-ते**— धारण गर्न चाहन्छ, पालन गर्न चाहन्छ। **देधीयते**— बारम्बार वा ज्यादै धेरै धारण गर्छ, बारम्बार वा ज्यादै धेरै पालन गर्छ। यङ्लुकि— **दाधेति, दाधाति**— बारम्बार वा ज्यादै धेरै धारण गर्छ, बारम्बार वा ज्यादै धेरै पालन गर्छ। कृदन्ते— **धायकः, धायिका, धाता, त्री**— धारण गर्ने, पालन गर्ने। **धत्तः**— धारण गरिएको पालन गरिएको। **धानीयम्, धातव्यम्— धारण गर्नुपर्ने, पालन गर्नुपर्ने। धापकः, धापिका, धापयिता त्री**— धारण गराउने पालन गराउने। **धित्सा**— धारण गर्ने इच्छा, पालन गर्ने इच्छा। **धानम्**— धारण गर्ने काम, पालन गर्ने काम। **धापनम्**— धारण गराउने काम, पालन गराउने काम। **हित्वा, निधाय**— धारण गरेर, पालन गरेर इत्यादि

डुपचष् (धा.) [*पाके, भ्वा.सक.अनि., उभ.*] पाक्नु। लट्— **पचति-ते**— पाक्छ। लिट्— **पपाच-पेचे**— पाकेछ (अन.) लुट्— **पक्ता**— पाक्ने छ (अन.)। लृट्— **पक्ष्यति-ते**— पाक्ने छ। लोट्— **पचतु-ताम्**— पाकोस्। लङ्— **अपचत्-त**— पाक्यो (अन.)। विधिलिङ्— **पचेत्-त**— पाक्ला, पाकोस्। आशीर्लिङ्— **पच्यात्-पक्षीष्ट**— पाकोस्। लुङ्— **अपाक्षीत्-अपक्त**— पाक्यो। लृङ्— **अपक्ष्यत्-त**— पाक्ने थियो, कर्मणि **पच्यते**- पाकिन्छ। **पाच्यते**- पकाइन्छ। णिचि— **पाचयति**- पकाउँछ। सनि— **पिपक्षति**- पाक्न खोज्छ। यङि— **पापच्यते**— धेरै वा बारम्बार पाक्छ। यङ्लुकि— **पापचीति पापक्ति** - **धेरै** वा बारम्बार पाक्छ। कृदन्ते— **पाचकः, पाचिका, पक्ता, पाचयिता-त्री**— पाक्ने पकाउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिपक्षिता–त्री– पाक्न वा पकाउन खोज्ने। **पक्वः**– पाकेको। **पचनम्**– पाक्नेकाम। **पाचनम्**– पकाउने काम। **पाकः**– पाक्ने क्रिया। **पक्तुम्**– पाक्न। **पाचयितुम्**–पकाउन। **पक्त्वा**–पाकेर। **पाचयित्वा**– पकाएर इत्यादि।

डुभृञ् (धा.) [*धारणपोषणयोः, जुहो. सक., अनिट् उभ., ऋकारान्तः*] धारण गर्नु, पोषण गर्नु। लट्– **बिभर्ति-बिभृते**– धारण गर्छ, पोषण गर्छ। लिट्– **बिभराञ्चकार-चक्रे- बभार बभ्रे**- धारण गरेछ, पोषण गरेछ (अन.)। लुट्– **भर्ता**– धारण गर्नेछ, , पोषण गर्ने छ (अन.)। लृट्– **भरिष्यति-ते**– धारण गर्ने छ, पोषण गर्नेछ। लोट्– **बिभर्तु-बिभृताम्**– धारण गरोस्, पोषण गरोस्। लङ्– **अबिभः– अबिभृत**– धारण गऱ्यो, पोषण गऱ्यो (अन.)। विधिलिङ्– **बिभृयात्-बिभ्रीत**– धारण गर्ला, पोषण गर्ला, धारण गरोस्, पोषण गरोस्। आशीर्लिङ्– **भ्रियात्-भृषीष्ट**– धारण गरोस्, पोषण गरोस्। लुङ्– **अभार्षीत्-अभृत**– धारण गऱ्यो, पोषण गऱ्यो। लृङ्– **अभरिष्यत्-त**– धारण गर्ने थियो, पोषण गर्ने थियो। कर्मणि– **भ्रियते** - धारण गरिन्छ,, पोषण गरिन्छ। णिचि– **भारयति**, धारण गराउछ, पोषण गराउछ। यङि– **बेभ्रीयते**– बारम्बार वा अतिशय धारण गर्छ, बारम्बार वा अतिशय पोषण गर्छ। यङ्लुकि– **बर्भरीति, करीभरीति, बर्भर्ति**- बारम्बार वा अतिशय धारण गर्छ, बारम्बार वा अतिशय पोषण गर्छ। **भारकः, भारिका, भर्ता**– धारण गर्ने पोषण गर्ने। **भरणम्**– धारण, पोषण। **भृत्वा, संभृत्य**– धारण गरेर, पोषण गरेर इत्यादि।

डुमिञ् (धा.) [*प्रक्षेपणे, स्वा. सक.अनिट्, उभ.*] फ्याक्नु, फैलाउनु। लट्– **मिनोति-मिनुते**– फ्याँक्छ, फैलाउँछ। लिट्– **ममौ- मिम्ये**– फ्याँकेछ, फैलाएछ (अन.)। लुट्– **माता**– फ्याँक्ने छ, फैलाउने छ (अन.)। लृट्– **मास्यति-ते**– फ्याँक्ने छ, फैलाउने छ। लोट्– **मिनोतु-मिनुताम्**– फ्याँकोस्, फैलाओस्। लङ्– **अमिनोत्-अमिनुत**– फ्याँक्यो, फैलायो (अन.)। विधिलिङ्– **मिनुयात्-मिन्वीत**– फ्याँक्ला, फैलाउला, फ्याँकोस्, फैलाओस्। आशीर्लिङ्– **मीयात्-मासीष्ट**– फ्याँकोस्, फैलाओस्। लुङ्– **अमासीत्-अमास्त**– फ्याँक्यो, फैलायो। लृङ्– **अमास्यत्-त**– फ्याँक्ने थियो, फैलाउने थियो, कर्मणि – **मीयते**– फ्याँकिन्छ, फैलाइन्छ। णिचि– **माययति– ते**– फ्याँक्न लगाउँछ, फैलाउन लगाउछ। सनि– **मित्सति– ते** -फ्याँक्न चाहन्छ, फैलाउन चाहनछ इत्यादि।

डुलभष् (धा.) [*प्राप्तौ, भ्वा.सक.अनिट्, आत्म.*] प्राप्त गर्नु। लट्– **लभते**– प्राप्त गर्छ। **आलभते**– स्पर्श गर्छ, हत्या गर्छ। **हृदयमालभते**। (गृह्यसूत्र) **विप्रलभते**- विछोड हुन्छ, बकवाद गर्छ। **उपालभते**– गाली गर्छ, दुर्वचन बोल्छ। लिट्– **लेभे**– प्राप्त गरेछ (अन.)। लुट्– **लब्धा**– प्राप्त गर्ने छ (अन.)। लृट्– **लप्स्यते**– प्राप्त गर्ने छ। लोट्– **लभताम्**– प्राप्त गरोस्। लङ्– **अलभत**– प्राप्त गऱ्यो (अन.)। विधिलिङ्– **लभेत**– प्राप्त गर्ला, प्राप्त गरोस्। आशीर्लिङ्– **लप्सीष्ट**– प्राप्त गरोस्। लुङ्– **अलब्ध**– प्राप्त गऱ्यो। लृङ्– **अलप्स्यत**– प्राप्त गर्ने थियो। कृदन्ते– **लभनीयम्, लब्धव्यम्, लभ्यम्**– प्राप्त गर्नुपर्ने। **लम्भकः, लम्भिका, लब्धा**– पाउने। **लब्धिः, लाभः**- प्राप्ति। **लब्ध्वा, उपलभ्य**– पाएर। **लब्धुम्**– पाउन इत्यादि।

डुलिका (स्त्री.) [*डुली एव, कन्, टाप्, इत्वम्*] १.एक प्रकारको चरो २.पोथी कछुवा।

डुली (स्त्री.) [*पृषोदरादितया साधुः*] १.एक प्रकारको चरो २.पोथी कछुवा। **कमठी डुलिः** (अमर.१.१०.२४) दुलिरित्यपि पाठः।

डुवप् (धा.) [*बीजसन्ताने छेदनेऽपि, भ्वा.सक.अनिट्, उभ.*] बीउ रोप्नु, अन्न आदि काट्नु। लट्– **वपति-ते**– बीज छर्छ, अन्न काट्छ। लिट्– **उवाप-उपे**– बीव छरेछ, अन्न काटेछ (अन.)। लुट्– **वप्ता**– बीज छर्ने छ, अन्न काट्ने छ (अन.)। लृट्– **वप्स्यति-ते**– बीज छर्ने छ, अन्न काट्ने छ। लोट्– **वपतु-ताम्**– बीज छरोस्, अन्न काटोस्। लङ्– **अवपत्-त**– बीज छऱ्यो, अन्न काट्यो (अन.)। विधिलिङ्– **वपेत्-त**– बीज छर्ला, अन्न काट्ला, बीज छरोस्, अन्न काटोस्। आशीर्लिङ्– **उप्यात्-वप्सीष्ट**– बीज छरोस्, अन्न काटोस्। लुङ्– **अवाप्सीत-अवप्त**– बीज छऱ्यो, अन्न काट्यो। लृङ्– **अवप्स्यत्-त**– बीज छर्ने थियो, अन्न काट्न थियो, इत्यादि।

डोमः (पुं.) जातिविशेष। **चाण्डालश्चैव डोमश्च ज्ञानकश्च तथा इति** (मत्स्यसूक्ततन्त्र)।

डोरः (पुं./नपुं) [*दोषं राति, रा दाने इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, पृषोदरादित्वात्साधुः*] हात गोडामा बाँध्ने डोरो। रक्षासूत्र।

डोरकम् (नपुं.) [*डोर एव, स्वार्थे कन्*] डोरो। **चतुर्दशग्रन्थियुक्तं कुङ्कुमाक्तं सुडोरकम्। स्त्रियश्च पुरुषश्चैव बध्नीयाद् वामदक्षिणे॥** (अन.व्र.)।

डोलिका (स्त्री.) सागविशेष/जीवन्ती। **डोलिका विषमुष्टिश्च डोडीत्यपि सुमुष्टिका**। (भा.प्र.नि.) यसले कफ, ज्वरो, वायुलाई हटाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढ

ढ १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको चौधौँ वर्ण। मूर्धास्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, महाप्राण प्रयत्न। टवर्ग (ट, ठ, ड, ढ, ण) को चौथो वर्ण। २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

ढः (पुं.) १ ढक्का २.कुकुरको पुच्छर ३.कुकुर। **ढो ढक्कायां पुमानुक्तः शुनि पुच्छे तथा शुनः।** (वाङ्म.) ४.ध्वनिविशेष ५.(पुं.वि.) निर्गुण।

ढकारः (पुं.) [*ढ इति निर्देशे, वर्णात्कारः (वा.) ३.३.१०८ इति कारप्रत्ययः*] ढवर्ण।

ढक्का (स्त्री.) [*ढगिति कायति कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] नगरा/बाजाविशेष।

ढालः (पुं.) तरबार, ढुङ्गा अदिको चोटलाई रोक्ने साधन। प्राचीनकालको अस्त्रप्रतिरोधक अस्त्र। युद्धमा प्रयोग हुने ढाल प्रायः गोलाकार हुन्छ।

ढुण्डिराजः (पुं.) ज्योतिषशास्त्रका प्रसिद्ध आचार्य। यिनको समय सोह्रौँ शताब्दी हो। यिनले जातकाभरण नामक २००० श्लोक भएको फलितज्योतिषको महत्त्वपूर्ण ग्रन्थ लेखेका छन्।

ढोलः (पुं.) [*दोलायमानो वाद्यते, पृषोदरादि त्वात्साधुः*] ढोलक बाजा।

ढौकृ (धा.) [*गतौ, भ्वा. सक.सेट् आत्मने.*] जानु। लट्– **ढौकते–** जान्छ। लिट्– **डुढौके–** गएछ (अन.)। लुट्– **ढौकिता–** जाने छ (अन.)। लृट्– **ढौकिष्यते–** जाने छ। लोट्– **ढौकताम्–** जाओस्। लङ्– **अढौकत–** गयो (अन.)। विधिलिङ्– **ढौकेत–** जाला, जाओस्। आशीर्लिङ्– **ढौकिषीष्ट–** जाओस्। लुङ्– **अढौकिष्ट–** गयो। लृङ्– **अढौकिष्यत–** जाने थियो इत्यादि।

ण

ण १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको पन्ध्रौँ वर्ण। मूर्द्धास्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष, अल्पप्राण प्रयत्न। टवर्ग (ट, ठ, ड, ढ, ण) को पाचौँ वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

णः (पुं.) [*णख गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०२ इति डः, पृषोदरादित्वात् साधुः*] १.विन्दुदेव नामका बुद्ध २.भूषण ३.गुणहीन ४.निर्णय ५.ज्ञान ६.शिव ७.पानीघर ८.दान ९.पिङ्गलमा एक गणको नाम १०.(पुं.वि.) गुण नभएको।

णः पुमान् विन्दुदेवे स्याद् भूषणे गुणवर्जिते।
पानीयविलयेऽपीति केचिद्चुर्विपश्चितः॥ (वाङ्म.)

णकारः (पुं.) [*ण इति निर्देशे, वर्णात्कारः (वा.) ३.३.१०८ इति कारप्रत्ययः*] णवर्ण।

णगणः (पुं.) [*ण इति गणः, कर्म.स.*] दुईमात्राको एक मात्रिक गण।

णक्ष (धा.) [*गतौ, भ्वां.सक.सेट् पर.*] जानु। लट्– **नक्षति–** जान्छ। लिट्– **ननक्ष–** गएछ (अन.) इत्यादि।

णख (धा.) [*गतौ, भ्वा. सक.सेट् पर.*] जानु। लट्– **नखति–** जान्छ इत्यादि।

णखि (धा.) [*गतौ, भ्वा.सक.सेट् पर. इदित्*] जानु। लट्– **नङ्खति–** जान्छ इत्यादि।

णट (धा.) [*नृत्तौ भ्वा., अक.सेट् पर.*] नाच्नु। लट्– **नटति–** नाच्छ लिट्– **ननाट–** नाचेछ (अन.)। लुट्– **नटिता–** नाच्ने छ (अन.)। लृट्– **नटिष्यति–** नाच्ने छ। लोट्– **नटतु–** नाचोस् लङ्– **अनटत्–** नाच्यो (अन.)। विधिलिङ्– **नटेत्–** नाच्ला, नाचोस्। आशीर्लिङ्–**नट्यात्–** नाचोस्। लुङ्– **अनाटीत्-अनटीत्**–नाच्यो। लृङ्– **अनटिष्यत्**–नाच्ने थियो, भावे– **नट्यते**– नाचिन्छ। णिचि– **नाटयति–** नचाउँछ। सनि– **निनटिषति–** नाच्न चाहन्छ। यङि– **निनट्यते**– बारम्बार नाच्छ, ज्यादै नाच्छ। कृदन्ते– **नटः**– नटुवा। **नाटकः, नाटिका, नटिता-त्री**– नाच्ने। **नटितव्यम्, नटनीयम्, नट्यम्–** नाच्नुपर्ने। **नाटनीयम्, नाट्यम्**– नचाउनुपर्ने। **नटितुम्–** नाच्न। **नटित्वा, प्रणट्य**– नाचेर। **नाटयित्वा**– नचाएर। **नटनम्**– नाच्ने काम, **नाटनम्**– नचाउने काम। **नाटकम्–** दृश्यकाव्यको एक भेद। **नाटिका**– अठार उपरूपकमध्ये एक।

णद (धा.) [*अव्यक्ते शब्दे, भ्वा. अक .सेट् पर.*] बज्नु। लट्– **नदति–** बज्छ। **प्रणदति**– घण्टा अथवा पशुको जस्तो शब्द गर्छ। **व्युनुनदति**– घन्कन्छ। लिट्– **ननाद–** बजेछ (अन.)। लुट्– **नदिता–** बज्ने छ (अन.)। लृट्– **नदिष्यति–** बज्ने छ। लोट्– **नदतु–** बजोस्। लङ्– **अनदत्–** बज्यो (अन.)। विधिलिङ्– **नदेत्–** बज्ला, बजोस्। आशीर्लिङ्– **नद्यात्–** बजोस्। लुङ्– **अनादीत्-अनदीत्–** बज्यो। लृङ्– **अनदिष्यत्–**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बज्ने थियो, णिचि— **नादयति**— बजाउँछ। सनि— **निनदिषति**— बज्न खोज्छ। यङि— **नानद्यते**— ज्यादै वा बारम्बार बज्छ। *यङ्लुकि*— **नानदीति**— ज्यादै वा बारम्बार बज्छ। कृदन्ते— **नदितव्यम्, नदनीयम्, नद्यम्**— बज्नुपर्ने। **नादितव्यम्, नादनीयम्, नाद्यम्**— बजाउनुपर्ने वा बजाइने। **नदन्**— बज्दै गरेको, बजिरहेको। **नदनम्, नादः**— बज्ने काम, आवाज। **नादकः, नादी, नदिता**— बजाउने, बज्ने। **नदितः**— बजेको। **नादितः**— बजाइएको **नदितुम्**— बज्न। **नदित्वा, सन्नद्य**— बजाएर, अपनादः [*अपकृष्टो नादः*] नराम्रो आवाज। **अन्तर्णदनम्**— भित्रभित्रै बज्ने काम। **उन्नादः** [*उद्गतो नादः*] ठुलो आवाज। **निर्णादः** [*निर्गतो नादो यस्मात्*] आवाज नआउनु इत्यादि।

णद (धा.) [*भाषायाम्, चुरा. सक.सेट्, उभ.*] आबाज गर्नु। लट्— **नादयति-ते**— बजाउँछ। लिट्— **नादयाञ्चकार-चक्रे**— बजाएछ। लुट् - **नादयिता**— बजाउने छ। (अन.) लृट्— **नादयिष्यति-ते**— बजाउने छ। लोट्— **नादयतु-ताम्**— बजाओस्। लङ्— **अनादयत्-त**— बजायो। विधिलिङ्— **नादयेत्-त**— बजाउला, बजाओस्। आशीर्लिङ्— **नाद्यात्— नादयिषीष्ट**— बजाओस्। लुङ्— **अनीनदत्-त**— बजायो। लृङ्— **अनादयिष्यत्-त**— बजाउने थियो। कर्मणि— **नाद्यते**— बजाइन्छ। कृदन्ते— **नादकः, नादिका, नादयिता, नादयित्री**— बजाउने। **नादयन्-नादयमानः**— बजाउँदै गरेको, **नादयन्ती— नादयमाना**— बजाउँदै गरेकी। **नादितः**— बजाइएको। **नादयितव्यम्, नादनीयम्, नाद्यम्**— बजाउनुपर्ने, बजाइने। **नादः**— बजाएको आवाज, **नादनम्, नादना**— बजाउने काम, **नादयित्वा, प्रनाद्य**— बजाएर। **नादयितुम्**— बजाउन इत्यादि।

णभ (धा.) [*हिंसायाम्, भ्वा.सक. सेट् आत्म.*] मार्नु। लट्— **नभते**— हिंसा गर्छ। लिट्— **नेभे**— हिंसा गरेछ। लुट्— **नभिता**— हिंसा गर्ने छ। लृट्— **नभिष्यते**— हिंसा गर्ने छ। लोट्— **नभताम्**— हिंसा गरोस्, लङ्— **अनभत**— हिंसा गर्‍यो। **नभेत** हिंसा गर्ला, हिंसा गरोस्। आशीर्लिङ्— **नभिषीष्ट**— हिंसा गरोस्। लुङ्— **अनभिष्ट**— हिंसा गर्‍यो। द्युद्भ्यो लुङि इति परस्मैपदपक्षे पुषादिसूत्रेण च्लेरङि **अनभत्**। लृङ्— **अनभिष्यत**— हिंसा गर्ने थियो इत्यादि।

णभ (धा.) [*हिंसायाम्, दिवा. सक.सेट्, पर.पुषादिः*] हिंसा गर्नु। लट्— **नभ्यति**— हिंसा गर्छ। लिट्— **ननाभ**— हिंसा गरेछ (अन.)। लुट्— **नभिता**— हिंसा गर्ने छ (अन.)। लृट्— **नभिष्यति**— हिंसा गर्ने छ। लोट्— **नभ्यतु**— हिंसा गरोस्। लङ्— **अनभ्यत** हिंसा गर्‍यो। (अन.)। विधिलिङ्— **नभ्येत्**— हिंसा गर्ला, हिंसा गरोस्। आशीर्लिङ्— **नभ्यात्**— हिंसा गरोस्। लुङ्— **अनभत्**— हिंसा गर्‍यो। लृङ्— **अनभिष्यत्**— हिंसा गर्ने थियो इत्यादि।

णभ (धा.) [*हिंसायाम्, क्र्यादि. च, सक. सेट् पर.*] हिंसा गर्नु। लट्— **नभ्नाति**— हिंसा गर्छ इत्यादि।

णम (धा.) [*प्रह्वत्वे शब्दे च, भ्वा. सक.अनिट्, पर.*] नमस्कार गर्नु, शब्द गर्नु। लट्— **नमति**— नमस्कार गर्छ, शब्द गर्छ। **प्रणमति**— प्रणाम गर्छ। लिट्— **ननाम**— नमस्कार गरेछ, शब्द गरेछ (अन.)। लुट्— **नन्ता**— नमस्कार गर्ने छ, शब्द गर्ने छ (अन.)। लृट्— **नंस्यति**— नमस्कार गर्ने छ, शब्द गर्ने छ। लोट्— **नमतु**— नमस्कार गरोस्, शब्द गरोस्। लङ्— **अनमत्**— नमस्कार गर्‍यो, शब्द गर्‍यो (अन.)। विधिलिङ्— **नमेत्**— नमस्कार गर्ला, शब्द गर्ला, नमस्कार गरोस्, शब्द गरोस्। आशीर्लिङ्— **नम्यात्**— नमस्कार गरोस्, शब्द गरोस्। लुङ्— **अनम्सीत्**— नमस्कार गर्‍यो, शब्द गर्‍यो। लृङ्— **अनम्स्यत्**— नमस्कार गर्ने थियो, शब्द गर्ने थियो, कर्मणि—**नम्यते**— नमस्कार गरिन्छ। णिचि— **नमयति, नामयति**— नमस्कार गराउँछ। सनि—**निनंसति**— नमस्कार गर्न चाहन्छ। **नंनम्यते**— बारम्बार नमस्कार गर्छ। यङ्लुकि— **नंनमीति, नंनन्ति**— बारम्बार नमस्कार गर्छ। कृदन्ते— **नमकः, नामकः, नामिका**— नमस्कार गर्ने। **नमितव्यम्, नमनीयम्**— नमस्कार गर्नुपर्ने। **नमनम्, नतम्, नतिः**— नमस्कार। **नतः**- नमस्कार गरेको। **नत्वा, प्रणत्य, प्रणम्य**— नमस्कार गरेर। **नमयितुम्**— नमस्कार गर्न। नमकः,नमिका, **नन्ता,नन्त्री**- नमस्कार गर्ने, नुहुने। **नमनम्**- नमस्कार। **नप्ता** [*नम्धातोः तृन् ३.२.१३५ इति तृन्, अप्तृन्तृच ६.४.११ इति सूत्रे निपातनात् नकारस्य पकारः*] नाति। **प्रणमकः**— प्रणाम गर्ने। **प्रणतः**— प्रणाम गरेको। **प्रणामः**— नमस्कार। **प्रणामकः प्रणामिका, प्रणामी**— नमस्कार गर्ने। **प्रणामयन्**— नमस्कार गराउँदै। यो धातुको अर्थ नुहुनु पनि हुन्छ। जस्तै— **नमन्ति फलिनो वृक्षाः**। (दुर्गादास) **नतः, नम्रः**— नुगेको आदि।

णय (धा.) [*गतौ भ्वा. सक. सेट् आत्मने*] जानु। लट्— **नयते**— जान्छ इत्यादि।

णर्द (धा.) [*शब्दे, भ्वा. पर.अक.सेट्*] शब्द गर्नु। लट्— **नर्दति**— शब्द गर्छ इत्यादि। **प्रणर्दति मेघः** (दुर्गादास)।

णल (धा.) [*गन्धे, बन्धे च, भ्वा.सक.सेट् पर.*] गन्ध आउनु, हिंसा गर्नु, बाँध्नु। लट्— **नलति**— गन्ध आउँछ, बाँध्छ, हिंसा गर्छ इत्यादि। **नलति केशं लोकः**। (दुर्गादास) **नलः** [*नलति शत्रून् बध्नाति*] राजाविशेष [*नल्यते इति*] गन्ध, नाली। **नाली, प्रणाली**— मार्ग, तरिका।

णश (धा.) [*अदर्शने, दिवा. अक.वेट् पुषादिः*] नाश हुनु। लट्— **नश्यति**— नाश हुन्छ। **विनश्यति, प्रणश्यति** –नाश हुन्छ। लिट्— **ननाश**— नाश भएछ (अन.)। लुट्— **नशिता, नंष्टा**— नाश हुने छ (अन.)। लृट्— **नशिष्यति नंक्ष्यति**— नाश हुने छ। लोट्— **नश्यतु**— नाश होओस्। लङ्— **अनश्यत्**— नाश भयो (अन.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिलिङ्– **नश्येत्–** नाश होला, नाश होओस्। आशीर्लिङ्– **नश्यात्–** नाश होओस्। लुङ्– **अनशत्–** नाश भयो। लृङ्– **अनशिष्यत्/अनंक्ष्यत्–** नाश हुने थियो, । भावे– **नश्यते–** नासिन्छ। णिचि– **नाशयति–** नाश गराउँछ। सनि– **निनशिषति/निनंक्षति–** नाश हुन चाहन्छ। यङि– **नानश्यते–** बारम्बार नाश हुन्छ। यङ्लुकि– **नानशीति, नानंष्टि–** बारम्बार नाश हुन्छ। कृदन्ते– **नाशकः,प्रणशकः, नाशिका, प्रणाशिका, नाशिता-त्री, नाशयिता-त्री–** नाश गर्ने। **नष्टः, प्रणष्टः, नष्टवान्, प्रणष्टवान्–** नाश भएको। **नाशितः, प्रणाशितः–** नाश गरिएको। **नश्यमानः–** नाश हुन लागेको। **नशनम्, नाशः, प्रणाशः**– नाश। **नशितव्यम्, नष्टव्यम्, नाशयितव्यम्–** नाश गर्नुपर्ने। **नश्वरः–** नाशशील। **नाशितुम्, नष्टुम्–** नाश गर्न। **नंष्ट्वा, नष्ट्वा, नाशयित्वा, प्रणश्य, प्रणाश्य–** नाश गराएर इत्यादि।

णस (धा.) [*कौटिल्ये, भ्वा. अक.सेट् आत्मने*] टेढो हुनु, वक्र हुनु, निहुरनु। लट्– **नसते–** टेढो हुन्छ, वक्र हुन्छ, निहुरन्छ इत्यादि। **नसते लतां वायुः** (दुर्गादास)।

णह (धा.) [*बन्धने, दिवा. सक.अनिट्, उभ.*] बाँध्नु। लट्– **नह्यति-ते– बाँध्छ। सन्नह्यति-ते**– कवच धारण गर्छ। **परि (री) णह्यति– ते**– व्यापकरूपमा फैलन्छ। लिट्– **ननाह-नेहे–** बाँधेछ (अन.)। लुट्– **नद्धा–** बाँध्ने छ (अन.)। लृट्– **नत्स्यति-नेत्स्यते–** बाँध्ने छ। **नह्यतु-ताम्–** लोट्– बाँधोस्। लङ्–**अनह्यत्-अनह्यताम्–** बाँध्यो (अन.)। विधिलिङ्– **नह्येत्-त–**बाँध्ला, बाँधोस्। आशीर्लिङ्– **नह्यात्-नत्सीष्ट–** बाँधोस्। लुङ्–**अनात्सीत्, अनद्ध–** बाँध्यो। लृङ्– **अनत्स्यत्-त–** बाध्ने थियो। कर्मणि– **नह्यते**-बाँधिन्छ। णिचि-**नाहयति-ते–** बाध्न लगाउँछ। सनि– **निनत्सति–** बाँध्न खोज्छ। यङि– **नानह्यते–** अतिशय वा बारम्बार बाँध्दछ। यङ्लुकि– **नानहीति, नानद्धि–** अतिशय वा बारम्बार बाँध्छ। कृदन्ते– **नाहकः, नाहिका, नाहयिता, नाहयित्री–** बाँध्ने। **निनत्सकः, निनत्सिका**– बाध्न चाहने। **नह्यमानः–** बाँध्न लागेको। **उपानत्** [*उपनह्यते बध्यते, नहिवृति ६.३.११६ इति दीर्घः*] खराउ, जुत्ता। अपिनद्धः, पिनद्धः, सुनद्धः– राम्रोसित बाँधिएको। **निनत्सुः–** बाँध्न खोज्ने। **नद्धव्यम्, नहनीयम्, नह्यम्–** बाँध्नुपर्ने। **नद्ध्वा, पिनह्य–** बाँधेर। **नद्धुम्–** बाँध्न। **सन्नाहः–** युद्धका लागि कवच पहिरेर तयार हुने काम। **परिणाहः परीणाहः–** विशालता।

णासृ (धा.) [*शब्दे, भ्वा. अक.सेट् आत्म.*] शब्द गर्नु। लट्– **नासते–** शब्द गर्छ इत्यादि।

णिक्ष (धा.) [*चुम्बने, भ्वा. सक.सेट् पर.*] चुम्बन गर्नु। लट्– **निक्षति–** चुम्बन गर्छ। लिट्– **निनिक्ष–** चुम्बन गरेछ (अन.) इत्यादि।

णिजि (धा.) [*शुद्धौ, अदा. सक.सेट् आत्मने*] सफा पार्नु। लट्– **निङ्क्ते–** सफा पार्छ। लिट्– **निनिञ्जे–** सफा पारेछ (अन.)। लुट्– **निञ्जिता–** सफा पार्ने छ (अन.)। लृट्– **निञ्जिष्यते–** सफा पार्ने छ। लोट्– **निङ्क्ताम्–** सफा पारोस्। लङ्– **अनिङ्क्त–** सफा पाऱ्यो (अन.)। विधिलिङ्– **निञ्जीत–** सफा पार्ला, सफा पारोस्। आशीर्लिङ्– **निञ्जिषीष्ट–** सफा पारोस्। लुङ्– **अनिञ्जिष्ट–** सफा पाऱ्यो। लृङ्– **अनिञ्जिष्यत–** सफा पार्ने थियो इत्यादि। **प्रणिङ्क्ते दक्षिणीयानां विप्राणां समूहः** (हला.)।

णिजि (धा.) [*वर्णे, सम्पर्चने, अवयवे, अव्यक्ते शब्दे च, अदा. सक.अक. सेट् आत्म.*] रँगाउनु, चम्किलो पार्नु, टुक्रा टुक्रा पार्नु, अस्पष्ट शब्द गर्नु। लट्– **निङ्क्ते–** रँगाउँछ, चम्किलो पार्छ, टुक्रा-टुक्रा पार्छ, अस्पष्ट शब्द गर्छ इत्यादि।

णिजिर् (धा.) [*शौचपोषणयोः, जुहो. अक.अनिट् उभ.*] शुद्ध गर्नु, पालन गर्नु। लट्– **नेनेक्ति-नेनिक्ते–** शुद्ध पार्छ, पालन गर्छ। लिट्– **निनेज-निनिजे–** शुद्ध पारेछ, , पालन गरेछ (अन.)। लुट्– **नेक्ता–** शुद्ध पार्ने छ, पालन गर्ने छ (अन.)। लृट्– **नेक्ष्यति-ते–** शुद्ध पार्ने छ, पालन गर्ने छ। लोट्– **नेनेक्तु-नेनिक्ताम्–** शुद्ध पारोस्, पालन गरोस्। लङ्– **अनेनेक्-अनेनिक्त–** शुद्ध पाऱ्यो, पालन गऱ्यो (अन.)। विधिलिङ्– **नेनिज्यात्-नेनिजीत–** शुद्ध पार्ला, पालन गर्ला, शुद्ध पारोस्, पालन गरोस्। आशीर्लिङ्– **निज्यात्-निक्षीष्ट–** शुद्ध पारोस्, पालन गरोस्। लुङ्– **अनिजत्, अनैक्षीत्, अनिक्त–** शुद्ध पाऱ्यो, पालन गऱ्यो। लृङ्– **अनेक्ष्यत्-त–** शुद्ध पार्ने थियो, पालन गर्ने थियो। कर्मणि– **निज्यते–** शद्ध पारिन्छ, पालन गरिन्छ। णिचि– **नेजयति-ते–** शुद्ध पार्न लगाउँछ, पालन गर्न लगाउँछ। सनि- **निनिक्षति-ते–** शुद्ध पार्न चाहन्छ, पालन गर्न चाहन्छ। यङि– **नेनिज्यते–** अतिशय वा बारम्बार शुद्ध पार्छ, वा पालन गर्छ। यङ्लुकि– **नेनीजिति, नेनेक्ति–** अतिशय वा बारम्बार शुद्ध पार्छ वा पालन गर्छ इत्यादि।

णिदि (धा.) [*कुत्सायाम्, भ्वा. सक.सेट् पर.*] निन्दा गर्नु। लट्– **निन्दति–** निन्दा गर्छ। लिट्–**निनिन्द–** निन्दा गरेछ (अन.)। लुट्– **निन्दिता–** निन्दा गर्ने छ (अन.)। लृट्– **निन्दिष्यति–** निन्दा गर्ने छ। लोट्– **निन्दतु–** निन्दा गरोस्। लङ्– **अनिन्दत्–** निन्दा गऱ्यो (अन.)। विधिलिङ्– **निन्देत्–** निन्दा गर्ला, निन्दा गरोस्। आशीर्लिङ्– **निन्द्यात्–** निन्दा गरोस्। लुङ्– **अनिन्दीत्–** निन्दा गऱ्यो। लृङ्– **अनिन्दिष्यत्–** निन्दा गर्ने थियो। कर्मणि– **निन्द्यते–** निन्दा गरिन्छ। णिचि– **निन्दयति-ते–** निन्दा गराउछ सनि– **निनिन्दिषति–** निन्दा गर्न चाहछ। यङि– **नेनिन्द्यते–** ज्यादै निन्दा गर्छ। यङ्लुकि– **नानन्दीति, नेनिन्ति** अतिशय विन्दा गर्छ। कृदन्ते– **निन्दितव्यम्,**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निन्दनीयम्, निन्द्यम्– निन्दा गर्नुपर्ने। **निन्दित्वा, सन्निन्द्य–** निन्दा गरेर। **निन्दितुम्–** निन्दा गर्न। **निन्दा, निन्दनम्–** निन्दा गर्ने काम। **निन्दितः–** निन्दा गरिएको, **निन्दकः, निन्दयिता–त्री–** निन्दा गर्ने इत्यादि।

णिद्व (धा.) [*कुत्सासन्निकर्षयोः, भ्वा. सक.सेट्, उभ.*] निन्दा गर्नु, नजिक जानु। लट्– **नेदति-ते–** निन्दा गर्छ, नजिक जान्छ। लिट्– **निनेद-निनिदे–** निन्दा गरेछ, नजिक गएछ (अन.)। लुट्– **नेदिता–** निन्दा गर्ने छ, नजिक जाने छ (अन.)। लृट्– **नेदिष्यति-ते–**निन्दा गर्ने छ, नजिक जाने छ। लोट्– **नेदतु-ताम्–** निन्दा गरोस्, नजिक जाओस्। लङ्– **अनेदत्-त–** निन्दा गऱ्यो नजिक गऱ्यो (अन.)। विधिलिङ्– **निद्यात्–** निन्दा गर्ला, नजिक जाला, निन्दा गरोस्, नजिक जाओस्। आशीर्लिङ्– **निद्यात्-नेदिषीष्ट–** निन्दा गरोस्, नजिक जाओस्। लुङ्– **अनेदीत्-अनेदिष्ट–** निँदा गऱ्यो नजिक गयो। लृङ्– **अनेदिष्यत्-त–** निन्दा गर्ने थियो, नजिक जाने थियो इत्यादि।

णिल (धा.) [*गहने, तुदा.सक.सेट्, पर.*] बाक्लो हुनु, दुर्बोध हुनु। लट्– **निलति–** बाक्लो हुन्छ, दुर्बोध हुन्छ इत्यादि। **निलति शास्त्रं कुधीः** (दुर्गादास)।

णिवि (धा.) [*सेचने, भ्वा.सक.सेट् पर.*] भिजाउनु, लट्– **निन्वति–** भिजाउँछ इत्यादि।

णिश (धा.) [*समाधौ, अक.सेट्, पर.*] मनन गर्नु, ध्यान लगाउनु। लट्– **नेशति–** मनन गर्छ, ध्यान गर्छ इत्यादि। **नेशति योगी**। (दुर्गादास)।

णिषु (धा.) [*सेके, भ्वा, पर. सक. सेट्*] भिजाउनु। लट्– **नेषति–** भिजाउँछ इत्यादि।

णिसि (धा.) [*चुम्बने, अदा. सक.सेट्, आत्म.*] चुम्बन गर्नु। लट्– **निंस्ते–** चुम्बन गर्छ इत्यादि।

णीञ् (धा.) [*प्रापणे,भ्वा. सक.अनिट्, उभ.*] लैजानु। लट्– **नयति-ते–** लैजान्छ। **अनुनयति–** अनुनय गर्छ, माग्छ। **अपनयति–** लैजान्छ, हरण गर्छ। **अभिनयति–**अभिनय गर्छ। **आनयति–** ल्याउँछ। **उपनयति–** नजिकै ल्याउँछ, उपनयन संस्कार गर्छ। **उन्नयति–** माथि लैजान्छ, उठाउँछ। **दुर्णयति–** खराब व्यवहार गर्छ। **निर्णयति–** निश्चय गर्छ। **परिणयति–**विवाह गर्छ। **प्रणयति–**प्रेम गर्छ। **विनयति–** नम्रभावले आफ्ना कुरा राख्छ। **व्यपनयति–** फैलाउँछ। **विनिर्णयति–** न्यायपूर्वक विचार गर्छ, न्याय गर्छ। **सन्नयति–** जम्मा गर्छ। **समनुनयति–** प्रार्थना गर्छ। **समानयति–** जम्मा गर्छ। लिट्– **निनाय-निन्ये–** लगेछ (अन.)। लुट्– **नेता–** लाने छ (अन.)। लृट् **-नेष्यति-ते–** लाने छ। लोट्– **नयतु-ताम्–** लैजाओस्। लङ्– **अनयत्-त–** लग्यो (अन.)। विधिलिङ्– **नयेत्-त–** लैजाला, लैजाओस्। आशीर्लिङ्– **नियात्-नेषीष्ट–** लौजाओस्। लुङ्– **अनैषीत्-अनेष्ट–** लग्यो। लृङ्– **अनेष्यत्-त–** लैजाने थियो। कर्मणि– **नीयते–** लगिन्छ। णिचि– **नाययति-ते–** लैजान लगाउँछ। सनि– **निनीषति-ते–** लान चाहन्छ। कृदन्ते– **नायकः, नेता, नेत्री–** लैजाने। **नयमानः–** लगिरहेको। **नीतः–** लगिएको। **नयः, नयनम्–** नीति, लैलाने काम, आँखा। **नेतव्यः, नयनीयः, नेयः–** लगिने, लैजानुपर्ने। **नेतुम्–** लैजान, **प्रणीय–** बनाएर। **नाययित्वा–** लान लगाएर। **निनीषा–** लैजाने अभिलाषा। **नयमानः–** लैजादै गरेको। **नीतः–** लगिएको। **नीतवान्–** लगेको। **प्रणीतः–** रचिएको। **उपनीतः–** व्रतबन्ध भएको। **नेत्रम्, नयनम्–** आँखा, **अनुनायकः–** अनुनय गर्ने। **आनाय्यः–** दक्षिणग्निविशेष। **ना–** मानिस, **नेम–** आधा। **नयः–** नीति, लाने काम, **नायकः–** नेता, प्रमुख परुषपात्र। **प्रणाय्यः–** चोर, विरक्त। **नायिका–** प्रमुख स्त्रीपात्र। **अपनयनम्–** हटाउने काम। **परिणयः–** विवाह, **प्रणयः–** प्रेम, **प्रणयनम्–** रचना गर्ने काम। **उननयः–** उन्नति, उचाल्ने काम। **निर्णयः–** अठोट, **अनुनयः–** नम्रभावले गरिने अनुरोध। **उपनयः–** नजिक जाने काम। **उपनयनम्–** व्रतबन्ध गर्ने काम। **विनयः–** नम्रता। **दुर्नयः–** खराब नीति। **सुनयः–** असल नीति। **नीरम्–** पानी इत्यादि।

णील (धा.) [*वर्णे, भ्वा.वर्ण इह कृष्णीभावस्तत्करणञ्च, भ्वा. पर. अक. सक.च, सेट्*] निलो वा कालो रङले रङाउनु। लट्– **नीलति–** कालो वा नीलो रङले रँगाउ। **नीलति सूत्रं तन्तुवायः**। (दुर्गादास)

णीव (धा.) [*स्थौल्ये, भ्वा.अक.सेट् पर.*] मोटाउनु। लट्– **नीवति–** मोटाउँछ इत्यादि। **नीवति लोकः** (दुर्गादास)।

णु (धा.) [*स्तुतौ, अदा.सक.सेट्, पर.*] स्तुति गर्नु। लट्– **नौति–** स्तुति गर्छ। लिट्– **नुनाव–** स्तुति गरेछ (अन.)। लुट्– **नविता–** स्तुति गर्ने छ (अन.)। लृट्– **नविष्यति–** स्तुति गर्ने छ। लोट्– **नौतु–** स्तुति गरोस्। लङ्– **अनौत्–** स्तुति गऱ्यो (अन.)। विधिलिङ्– **नुयात्–** स्तुति गर्ला, स्तुति गरोस्। आशीर्लिङ्– **नूयात्–** स्तुति गरोस्। लुङ्– **अनावीत्–** स्तुति गऱ्यो। लृङ्– **अनाविष्यत्–** स्तुति गर्ने थियो। कर्मणि– **नूयते–** स्तुति गरिन्छ। णिचि– **नावयति–** स्तुति गराउँछ। **नुनूषति–** स्तुति जर्न चाहन्छ। यङि– **नोनूयते-** अतिशय वा बारम्बार स्तुति गर्छ। यङ्लुकि– **नोनोति, नोनवीति–**अतिशय वा बारम्बार स्तुति गर्छ। कृदन्ते– **नावकः, नाविका, नुविता, नुवित्री–** स्तुति गर्ने। **नूतः-** स्तुति गरिएको। **नूतवान्–** स्तुति गरेको। **नुवितव्यम्, नुवनीयम्, नव्यम्–** स्तुति गर्नुपर्ने। **नुवितुम्–** नमस्कार गर्न। **नूतिः, नवः, नवनम्–** स्तुति। **नूत्वा, प्रणूय–** स्तुति गरेर इत्यादि। **नूमो रामपदाम्भोजं रेणवो यत्र सन्ततम्** (राघवस्तुति)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

णुद (धा.) [*प्रेरणे, तुदा. सक.अनिट् उभय.*] प्रेरणा दिनु। लट्– **नुदति– ते**–प्रेरणा दिन्छ,। **अपनुदति**– हटाउँछ। **विनुदति**– प्रसन्न तुल्याउँछ। **सन्नुदति**– हाँक्छ। लिट्– **नुनोद, नुनुदे**– प्रेरणा दिएछ (अन.)। लुट्– **नोत्ता**– प्रेरणा दिने छ (अन.)। लृट्– **नोत्स्यति-ते**– प्रेरणा दिने छ। लोट्– **नुदतु, नुदताम्**– प्रेरणा देओस्। लङ्– **अनुदत्, अनुदत**– प्रेरणा दियो (अन.)। विधिलिङ्– **नुदेत्, नुदेत**– प्रेरणा देला, प्रेरणा देओस्। आशीर्लिङ्– **नुद्यात्, नुत्सीष्ट**– प्रेरणा देओस्। लुङ्– **अनौत्सीत्, अनुत**– प्रेरणा दियो। लृङ्– **अनोत्स्यत्, अनोत्स्यत**– प्रेरणा दिने थियो। कर्मणि– **नुद्यते**– प्रेरणा दिइन्छ। णिचि– **नोदयति-ते**– प्रेरणा दिलाउँछ। सनि– **नुनुत्सति-ते**– प्रेरणा दिन चाहन्छ। यङि– **नोनुद्यते**– ज्यादै प्रेरणा दिन्छ। यङ्लुकि– **नोनुदीति, नोनोत्ति**– अतिशय प्रेरणा दिन्छ। कृदन्ते– **नोदकः, नोदिका, नोत्ता -त्री**– प्रेरणा दिने। **नुन्नः, नुत्तः**– प्रेरणा दिएको। **नुनुत्सुः**– प्रेरणा दिन चाहने। **नोदः, नोदनम्**– प्रेरणा दिने काम। **नोत्तुम्**– प्रेरणा दिन। **नोदयितुम्**– प्रेरणा दिलाउन। **नुत्त्वा**– प्रेरणा एिर। **नोदित्वा**– प्रेरणा दिलाएर इत्यादि।

णू (धा.) [*स्तवने, तुदा.सक.सेट्, पर., ह्रस्वान्तोप्ययं वररुचिः*] स्तुति गर्नु। लट्– **नुवति**– स्तुति गर्छ। लिट्– **नुनाव**–स्तुति गरेछ। (अन.)। लुट्– **नुविता**– स्तुति गर्ने छ (अन.)। लृट्– **नुविष्यति**– स्तुति गर्ने छ। लोट्– **नुवतु**– स्तुति गरोस्। लङ्– **अनुवत्**– स्तुति गर्‍यो (अन.)। विधिलिङ्– **नुवेत्**– स्तुति गर्ला, स्तुति गरोस्। आशीर्लिङ्– **नूयात्**– स्तुति गरोस्। लुङ्– **अनुवीत्**– स्तुति गर्‍यो। लृङ्– **अनुविष्यत्**– स्तुति गर्ने थियो इत्यादि। कर्मणि– **नूयते**– स्तुति गरिन्छ। णिचि– **नावयति-ते**– स्तुति गर्न लगाउँछ। सनि– **नुनूषति**– स्तुति गर्न चाहन्छ। यङि– **नोनूयते**– ज्यादै स्तुति गर्छ।। कृदन्ते– **नावकः, नाविका, नुविता-त्री**– स्तुति गर्ने। **नूतिः, नुवनम्**– स्तुति। **नूत्वा/प्रणूय**– स्तुति गरेर इत्यादि।

णेदृ (धा.) [*कुत्सासन्निकर्षयोः,भ्वा.सक.सेट्, उभ ऋदित्*] निन्दा गर्नु, दोष लयाउनु, नजिक हुनु,। लट्– **नेदति-ते**– निन्दा गर्छ, नजिक हुन्छ। **नेदति दयालुं दीनः** (दुर्गादास)।

णेसृ (धा.) [*गतौ, भ्वा. सक. सेट्. आत्म. ऋदित्*] जानु, हिंड्नु। लट्– **नेषते**– जान्छ, हिंड्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त

त१.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको सोह्रौँ वर्ण। दन्तस्थानीय वर्ण। खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा विवार, श्वास, अघोष, अल्पप्राण प्रयत्न। **खरो विवाराः श्वासा अघोषाश्च, वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) तवर्ग (त, थ, द, ध, न) को पहिलो वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

तः (पुं.) [*तनोति विस्तारयति कार्यजातम्, अन्येष्वपि दृश्यते ३.२.१०१ इत्यत्र अपिशब्दोपादानाद् धात्वन्तरादपि डः, डित्त्वाट्टिलोपः*] १.पुच्छर २.छाती ३.गर्भाशय ४.योद्धा ५.दुष्ट ६.बर्बर ७.बौद्ध ८.रत्न ९.अमृत १०.म्लेच्छ ११.काख १२.[*तर्दति हिनस्ति द्रव्यापहरणेन जनान्, पूर्ववद् डः*] चोर। १३.छन्दमा प्रयोग हुने गणविशेष। यस गणमा प्रथम दुई वर्ण गुरु हुन्छन् र पछिल्लो वर्ण लघु हुन्छ। यसको चिह्न ऽऽ। हुन्छ। १४.श्यालको पुच्छर १५.(नपुं./स्त्री.) तरल १६.पुण्य।

तश्चौरामृतपुच्छेषु क्रोडे म्लेच्छे च कुत्रचित्।
अपुमांस्तरले पुण्ये कथितः शब्दवेदिभिः॥ (वाङ्म.)

तक (धा.) [*हसने,सहने, भ्वा. अक. सहने च, सक. सेट् पर.*] हाँस्नु, उपहास गर्नु, ठट्टा गर्नु, सहन गर्नु। लट्– **तकति–** हाँस्छ, उपहास गर्छ, ठट्टा गर्छ, सहन्छ। लिट्– **तताक–** हाँसेछ, उपहास गरेछ, ठट्टा गरेछ, सहेछ (अन.) इत्यादि।

तकारः (पुं.) [*त एव, त इति निर्देशे, वर्णात्कारः (वा) ३.३.१०८ इति कारप्रत्ययः*] तवर्ण।

तकि (धा.) [*कृच्छ्रजीवने, भ्वा. अक.सेट्,पर.*] दुःखले जीवन बिताउनु। लट्–**तङ्कति–**दुःखले जीवन बिताउँछ। **तङ्कति दीनः** (दुर्गादास) लिट्– **ततङ्क–** दुःखले जीवन बिताएछ (अन.)। **तङ्किता–** दुःखले जीवन बिताउने छ। **तङ्किष्यति–** दुःखले जीवन बिताउने छ इत्यादि। णिचि– **तङ्कयति–** तङ गर्छ, दुःख दिन्छ, आतङ्कित पार्छ। सनि– **तितङ्किषति–** तङ गर्न खोज्छ, आतङ्कित तुल्याउन चाहन्छ। कृदन्ते– **आतङ्कः–** सन्त्रास। **आतङ्कितः–** सन्त्रस्त। **आतङ्कनम्–** आतङ्कित पार्ने काम।

तकिलः (पुं.) [*तङ्कति, तकि कृच्छ्रजीवने इति धातोः मिथिलादयश्च (उ.) १.५८ इति इलच्, नलोपश्च*] धूर्त (उ.को.)।

तकिला (स्त्री.) [*टाप्*] औषधिविशेष। **मिथिला नगरी भेदे पथिल : पथि यातरि। ओषधी तकिला वेत्रलतायां गतिला भवेत्** (उ.को.६६)।

तक्यः (पुं.वि.) १.[*तकं हासमर्हति,यत्*] हास्य २.[*तक सहने इति धातोः तकिसहि (वा.) इति यत्*] सहन गर्न सकिने।

तक्रम् (नपुं.) [*तनक्ति सङ्कोचयति दुग्धं दधि वा, तञ्चू सङ्कोचने इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्यजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधिशुभिभ्यो रक् (उ.) १७८ इति रक्, न्यङ्क्वादीनाञ्च ७.३.५३ इति कुत्वम्*] दहीको चार भागको एक भाग पानी हालेर पारेको मोई। आधा पानी हालेर पारेको मोईलाई उदश्वित् भनिन्छ।

न तक्रसेवी व्यथते कदाचिन्
न तक्रदग्धाः प्रभवन्ति रोगाः।
यथा सुराणाममृतं सुखाय
तथा नराणां भुवि तक्रमाहुः॥ (भा.प्र.)

वातदोषमा सिधे नुन र सुठो हालेको मोई असल हुन्छ। पित्तदोषमा चिनी हालेको मोई हितकारक हुन्छ। कफदोषमा सुठो, मरिच र पिप्ला हालेको मोई लाभदायी मानिन्छ। खास गरी अग्निमान्द्य, अतिसार, दुर्बलता, पिसाब जम्ने रोग, विषमज्वर, अर्शा, भगन्दर, प्रमेह, कुष्ठ, कृमिरोग आदिलाई यसले नष्ट पार्छ। क्षयरोग, रक्तपित्त आदि कतिपय रोगमा तक्रसेवन लाभदायी हुँदैन।

तक्रकूर्चिका (स्त्री.) [*तक्रस्य कूर्चिका, ष.त.*] तातो दुधमा मोई मिसाई फटाएर बनाइएको खाद्य पदार्थ/छिना।

ग्राहिणी वातला रूक्षा दुर्ज्जरा तक्रकूर्चिका (सुश्रुत.)।

तक्रपिण्डम् (नपुं.) [*तक्रस्य पिण्डम्, ष.त.*] मोई फटाएर निकालेको छोक्रा/छिना।

तक्रमांसम् (नपुं.) [*तक्रपक्वं मांसम्, म.प.स.*] मरमसाला हाली भुटेर मोई हाली पकाएको मासु। यो वातनाशक, बलप्रद, कफहारक र रुचिवर्द्धक हुन्छ।

तक्रवर्गः (पुं.) [*तक्रस्य वर्गः, ष.त.*] मोई र त्यसबाट बन्ने सबै पदार्थ।

तक्रसारम् (नपुं.) [*तक्रस्य सारम्, ष.त.*] मक्खन/नौनी।

दधिसारं तक्रसारं नवनीतं नवोद्धृतम् (अभि.चि.)।

तक्राटः (पुं.) [*तक्राय अटति, पचाद्यच्*] मदानी (हारावली)।

तक्ष (धा.) [*त्वचने, भ्वा.अक.सेट् पर.*] ढाक्नु, ग्रहण गर्नु,। लट्– **तक्षति–** ढाक्छ, ग्रहण गर्छ। लिट्– **ततक्ष–** ढाकेछ, ग्रहण गरेछ (अन.) इत्यादि।

तक्षकः (पुं.) [*तक्षति, तनूकरोति, तक्षू तनूकरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अथवा तक्षति तनूकारोतीति, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २०० इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.सिकर्मी २.देवताको कालिगढ/विश्वकर्मा ३.सूत्रधार ४.[*तक्षति दंशति*] आठ नागमध्येको एक नाग।

अनन्तो वासुकिः पद्मो महापद्मश्च तक्षकः।
कुलीरः कर्कटः शङ्खश्चाष्टौ नागाः प्रकीर्तिताः॥ (प.पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तक्षको नागवर्धक्योः (अमर.३.३.४) ५.प्रसेनजित्का एक पुत्र/एक पौराणिक पात्र। **ततः प्रसेनजित् तस्मात् तक्षको भविता पुनः**। (भाग.९.१२.८) ६.वृक्षविशेष।

तक्षकीयम् (नपुं.) [*तक्षकाः सन्त्यस्मिन् देशे, तक्षान्नलोपश्च (वा.) ४.२.९१ इति छः कुक्, नलोपश्च, छस्य ईयः*] १.सिकर्मी भएको देश वा क्षेत्र २.प्रशस्त नाग भएको देश वा क्षेत्र ३.(वि.) [*तक्षकस्येदम्*] तक्षकसम्बन्धी।

तक्षणम् (नपुं.) [*तक्षू तनूकरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.ताछ्नु/खुर्कनु २.तिखार्नु।

द्रवाणाञ्चैव सर्वेषां शुद्धिरुत्प्लवनं मतम्।
प्रोक्षणं संहतानाञ्च दारवाणाञ्च तक्षणम्॥ (मनु.५.११५)

तक्षणी (स्त्री.) [*तक्ष्यतेऽनया, तक्षू तनूकरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति टित्वान् ङीप्*] काठ ताछ्ने ज्यावल/बोसिला। **वृक्षभित् तक्षणी वासी** (अभि.चि.)।

तक्षशिला (स्त्री.) देशविशेष। सिन्धुदेशको एक सहर। यो झेलम नदीको तीरमा पर्छ। यसै ठाउँमा जनमेजयले सर्प यज्ञ गरेका थिए। यो हाल पाकिस्तानमा छ। यसको प्राचीन नाम शालातुर हो। भरतका छोरा तक्षले यस सहरको निर्माणका लागि शिलान्यास गरेको हुँदा यसको नाम तक्षशिला रहन गएको हो। यहांको विश्वविद्यालयमा अध्ययन गर्न उहिले नेपालबाट पनि मानिसहरू जाने गर्दथे। पाणिनि र चाणक्यको जन्म यसै ठाउँमा भएको हो। **स तथा भ्रातॄन् सन्दिश्य तक्षशिलां प्रत्यभिप्रतस्थे** (म.भा. १.३.२२)।

तक्षा (पुं.) [*तक्षति तनूकरोति, तक्षू तनूकरणे इति धातोः, कनिन् युवृषितक्षिराजिधन्विद्युप्रतिदिवः (उ.) १६२ इति कनिन्*] १.विश्वकर्मा २.सिकर्मी। **तक्षा तु वर्द्धकिस्त्वष्टा रथकारश्च काष्ठतट्** (अमर.२.१०.९) ३.(स्त्री.) [*तक्ष्यतेऽसौ, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.१ तखता ४.*[*तक्षा विश्वकर्मा स्वामित्वेनास्त्यस्याः, अर्शाद्यच्, टाप्*] चित्रा नक्षत्र। ५.[*दिनरात्रिव्यवस्थया जनानामायु स्तनूकरोति, अन्धकारं तनूकरोति वा*] १.सूर्य २.दियो ३.प्रकाश ६.[*तक्षति तनूकरोति शोषयति शरीरम्*] ज्वरो। **तक्षा दीपे ज्वरे सूर्ये आतपे** (वाङ्म.)।

तक्षाकारः (पुं.) [*तक्षां करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण, वृद्धिः*] सिकर्मी।

तक्षू (धा.) [*तनूकरणे, भ्वा.सक. वेट् पर.*] ताछ्नु। लट्– **तक्षति**– ताछ्छ। **अनुतक्षति**–धार लगाउँछ। **सन्तक्षति**– टुक्रा पार्छ। लिट्– **ततक्ष**– ताछेछ (अन.)। लुट्– **तक्षिता-तष्टा**– ताछ्ने छ (अन.)। लृट्– **तक्षिष्यति-तक्ष्यति**– ताछ्ने छ। लोट्– **तक्षतु-तात्**– ताछोस्। लङ्– **अतक्षत्**– ताछ्यो (अन.)। विधिलिङ्– **तक्षेत्**– ताछ्ला, ताछोस्। आशीर्लिङ्– **तक्ष्यात्**– ताछोस्। लुङ्– **अतक्षीत्-अताक्षीत्**– [*वदव्रज इति प्राप्तायां वृद्धेर्नेटि इति निषेध*] ताछ्यो। लृङ्– **अतक्षिष्यत्-अतक्ष्यत्**– ताछ्ने थियो। कर्मणि– **तक्ष्यते**– ताछिन्छ। णिचि– **तक्षयति-ते**– ताछ्न लगाउँछ। सनि– **तितक्षिषति, तितक्षति**– ताछ्न चाहन्छ। यङि– **तातक्ष्यते**– बारम्बार वा ज्यादै ताछ्तछ। यङ्लुकि– **तातक्षीति-तातष्टि**– बारम्बार वा ज्यादै ताछ्छछ। कृदन्ते–**तक्षितव्यम्, तष्टव्यम्, तक्षणीयम्, तक्ष्यम्**– ताछ्नु पर्ने/ताछिने। **तक्षकः, तक्षिका, तक्षिता-त्री**– ताछ्ने। **तक्षयिता**– तछाउने। **तक्षितः, तष्टः**– ताछेको। **तक्षित्वा, तष्ट्वा, प्रतक्ष्य**– ताछेर। **तक्षयित्वा**– तछाएर। **तक्षितुम्, तष्टुम्**– ताछ्न। **तक्षयितुम्**– तछाउन इत्यादि। स्वादौ– **तक्ष्णोति**।

तगणः (पुं.) [*त इत्याख्यो गणः, म.प.स.*] छन्दशास्त्रमा दुई गुरु र एक लघु हुने वर्णको समूह। यसलाई जनाउन ऽऽ। चिह्नको प्रयोग हुन्छ। **कथितोऽन्तलघुस्तः** (वृत्तरत्ना.)।

तगरः (पुं.) [*तं क्रोडभागं गिरति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सेतो फूल फुल्ने वृक्षविशेष। यो वैशाखमा फुल्छ। यसका दुई अङ्गुल चौडा र चार/पांच अङ्गुल लामा पात हुन्छन्, पाँच/छ हात लामो बोट हुन्छ। यो दुई प्रकारको हुन्छ। दुवैको गुण एकै खालको छ।

तगि (धा.) [*गतौ सक., स्खलने कम्पे, अक. भ्वा.सेट् पर.*] हिंड्नु, लड्नु/पछारिनु, काँप्नु। लट्– **तङ्गति**– हिंड्छ, लड्छ, पछारिन्छ काँप्छ इत्यादि।

तङ्कः (पुं.) १.[*टङ्कयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, पृषोदरादितया साधुः*] पत्थर काट्ने छिनो २.[*तङ्कनम्, तकि कृच्छ्रजीवने इति धातोः भावे ३.३.१८ इति घञ्*] प्रियतमको विछोडमा प्रियतमाको हृदयमा पैदा हुने सन्ताप ३.भय/डर ४.[*तङ्कोऽस्यास्तीति, अर्शाद्यच्*] भयभीत।

तङ्कनम् (नपुं.) [*तकि कृच्छ्रजीवने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.दुःखले बाँच्नु २.भयग्रस्त हुनु।

तङ्कितः (पुं.वि.) [*तङ्कः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] भयभीत/आतङ्कित।

तच्छीलः (पुं.वि.) [*तस्मिन् शीलं यस्य सः, बहु.स.*] कुनै काममा स्वभावतः प्रवृत्त वा लगानशील।

तञ्चु (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] हिंड्नु। लट्– **तञ्चति**– हिंड्छ। लिट्– **ततञ्च**– हिंडेछ (अन.)। लुट्– **तञ्चिता**– हिंड्ने छ (अन.)। लृट्– **तञ्चिष्यति**– हिंड्ने छ। लोट्– **तञ्चतु**– हिंडोस्। लङ्– **अतञ्चत्**– हिंड्यो (अन.)। विधिलिङ्– **तञ्चेत्**– हिंड्ला, हिंडोस्। आशीर्लिङ्– **तच्यात्**– हिंडोस्। लुङ्– **अतञ्चीत्**– हिंड्यो। लृङ्– **अतञ्चिष्यत्**– हिंड्ने थियो इत्यादि।

तञ्चू (धा.) [*सङ्कोचने, रुधा.सक.वेट् पर.*] सङ्कुचित हुनु। लट्– **तनक्ति**– सङ्कुचित हुन्छ। लिट्– **ततञ्च**– सङ्कुचित भएछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अन.)। लुट्– **तञ्चिता- तङ्क्ता–** सङ्कुचित हुने छ (अन.)। लृट्– **तञ्चिष्यति-तङ्क्ष्यति–** सङ्कुचित हुने छ। लोट्– **तनक्तु–** सङ्कुचित होओस्। लङ्– **अतनक्–** सङ्कुचित भयो (अन.)। विधिलिङ्– **तञ्च्यात्–** सङ्कुचित होला, सङ्कुचित होओस्। आशीर्लिङ्– **तच्यात्–** सङ्कुचित होओस्। लुङ्– **अतञ्चीत्-अताङ्क्षीत्–** सङ्कुचित भयो। लृङ्– **अतञ्चिष्यत्-अतङ्क्ष्यत्–** सङ्कुचित हुने थियो आदि।

तट (धा.) [*उच्छ्राये, भ्वा.अक.सेट् पर.*] अग्लो हुनु। लट्– **तटति–** अग्लो हुन्छ। लिट्– **तताट–** अग्लो भएछ (अन.) इत्यादि।

तटः (पुं.) [*तटति नद्याः सकाशादौन्नत्यमुच्छ्रायं वा एति तट उच्छ्राये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.नदीको तीर/जलाशयको प्रान्तभाग २.[*तटति सर्वोन्नतो भवति*] महादेव। **नमस्तटाय तथ्याय तटानां पतये नमः**। (म.भा. १२.२८४.३६) ३.किनारा/छेउ। **कर्तव्यमार्गौ धावेते ह्रदस्यास्य तटावुभौ**॥ (ह.वं. ६७.५५) ४ शरीरका कतिपय अवयवका साथ जोडिएर आउने पद। जस्तै– **जघनतटः, कटितटः, कुचतटः** आदि।

तटबन्धः (पुं.) [*तटस्य बन्धः, ष.त.*] नदीको चौडाइ वा फैलावट बढ्न नदिन किनारमा लगाइएको माटो वा सिमेन्ट, इँट वा ढुङ्गा आदिको पर्खाल।

तटम् (नपुं.) [*तटति उच्छ्रितं भवति, तट उच्छ्राये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.नदीको तीर। **कूलं रोधश्च तीरञ्च प्रतीरञ्च तटं त्रिषु** (अमर.१.१०.७) २.क्षेत्र ३.प्रदेश। **गोकर्णे पुष्करारण्ये तथा हिमवतस्तटे** (म.भा.)।

तटवर्ती (पु.वि.) [*तटे वर्तते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] तीर, क्षेत्र वा प्रदेशमा रहेको।

तटस्थः (पुं.वि.) [*तटे तिष्ठतीति, तटपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.किनारमा रहेको २.नजिकमा रहेको ३.मध्यस्थ/कसैको पक्ष नलिने/निष्पक्ष/निरपेक्ष/उदासीन ४.नजिक। **तटस्थः स्यादुदासीनो तीरस्थनिकटस्थयोः**। (बल) ५.(पुं.) धर्म, गुण आदिसँग सम्बद्ध वस्तुको लक्षण। **तद्भिन्नत्वे सति तद्बोधकत्वं तटस्थत्वम्** (वेदान्तकारिका)।

तटस्थता (स्त्री.) [*तटस्थस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.कुनै पक्ष नलिने काम/मध्यस्थता २.तीरमा बस्ने काम।

तटस्थीकरणम् (नपुं.) [*अतटस्थः, तटस्थो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.कुनै देश वा स्थानलाई तटस्थ बनाउने कुराको घोषणा। २.विरोधीमध्येबाट अलग राख्नु।

तटाकः (पुं./नपुं.) [*तटमकति, कर्मण्यण् इत्यण्*] तलाउ। **ददृशुः सहिता रम्यं तटाकं योजनायतम्** (वा.रामा.अरण्यकाण्ड ११.५)।

तटिनी (स्त्री.) [*तटमस्त्यस्याः,अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ४.१.५ इति ङीप्*] नदी। **तटिनी ह्रादिनी धुनी** (अमर. १.१०.३०)। **कदा वाराणस्याममरतटिनीरोधसि वसन्** (भर्तृहरि)।

तटी (स्त्री.) [*तटति उच्छ्रिता भवति, तट उच्छ्राये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, जातेरस्त्रीविषयादयोपधात् ४.१.६३ इति ङीष्*] नदीको किनार।

क्षेत्रं वाटी भग्नदेवालयो दूतीगृहं वनम्।
मालयञ्च श्मशानञ्च नद्यादीनां तटी तथा॥ (मा लक्ष्मीः, लीयतेऽस्मिन्, उपवनम्, सा.द.३.८६)।

तड (धा.) [*आघाते, चुरा.सक.सेट् उभ.*] हिर्काउनु (ज्योतिषमा) गुन्नु। लट्– **ताडयति-ते–** हिर्काउँछ। लिट्– **ताडयाञ्चकार-चक्रे–** हिर्काएछ (अन.)। लुट्– **ताडयिता**–हिर्काउने छ (अन.)। लृट्– **ताडयिष्यति-ते–** हिर्काउने छ। लोट्– **ताडयतु-ताम्–** हिर्काओस्। लङ्– **अताडयत्-त–** हिर्कायो (अन.)। विधिलिङ्– **ताडयेत्-त–** हिर्काउला, हिर्काओस्। आशीर्लिङ्– **ताड्यात्-ताडयिषीष्ट–** हिर्काओस्। लुङ्– **अतीतडत्-त–** हिर्कायो। लृङ्– **अताडयिष्यत्-त–** हिर्काउने थियो इत्यादि। कर्मणि– **ताड्यते–** हिर्काइन्छ। सनि– **तिताडयिषति-ते–** हिर्काउन चाहन्छ। कृदन्ते– **ताडकः, ताडिका, ताडयिता, ताडयित्री**– हिर्काउने। **ताडयन्–** हिर्काइरहेको। **ताडयन्ती–** हिर्काइरहेकी। **ताडयित्वा, सन्ताड्य–** हिर्काएर। **ताडयितुम्–** हिर्काउन। **ताडनम्–** हिर्काउने काम। **ताडितः–** हिर्काइएको। **ताडितवान्–** हिर्काएको। **तण्डुलः**– चामल। **तडागः**–तलाउ/ पोखरी इत्यादि।

तड (धा.) [*भासायाम्, चुरा. सक.सेट् उभ.*] चम्कनु, धम्क्याउनु। लट्– **ताडयति-ते–** चम्कन्छ, धम्क्याउँछ। इत्यादि।

तडाकः (पुं.) [*ताड्यते आहन्यते ऊर्मिमालाभिः, तड आघाते इति धातोः, पिनाकादयश्च (उ.) ४६३ इति आकन्*] तलाउ/सरोवर। **एतत् पञ्चगुणः प्रोक्तस्तडाक इति निश्चयः** (स्मृ.त. २.५१३)।

तडागः (पुं./नपुं.) [*ताड्यते आहन्यते ऊर्मिमालाभिः, तड आघाते इति धातोः तडागादयश्च (उ.) इति आगप्रत्ययः*] १.तलाउ/दुई हजार हात लम्बाइ र चौडाइ भएको पोखरी। सामान्य पोखरीभन्दा पाँचगुणा ठुलो जलाशय २.कमल पैदा हुने क्षेत्र। **पद्माकरस्तडाकोऽस्त्री** (अमर. १.१०.२८)।

तडागजलम् (नपुं) [*तडागस्य जलम्, ष.त.*] तलाउको पानी।

प्रशस्तभूमिभागस्थो बहुसंवत्सरोषितः।
जलाशयस्तडागः स्यात् ताडागं तज्जलं स्मृतम्॥ (भा.प्र.नि.)

तडाघातः (पुं.) [*तटे आघातः, पृषोदरादितया टस्य डः*] सुँड उठाएर हात्तीले गर्ने प्रहार।

उच्चैः करिकराक्षेपे तडाघातं विदुर्बुधाः (कु.सं.टीका)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तडि (धा.) [*ताडने भ्वा.सक.सेट् आत्म.*] हिर्काउनु। लट्– **तण्डते–** हिर्काउँछ। लिट्– **ततण्डे–** हिर्काएछ (अन.) इत्यादि।

तडित् (स्त्री.) [*ताडयति अभ्रमिति, तड आघाते इति धातोः; ताडेर्णिलुक् च (उ.) १०३ इति सूत्रेण इतिप्रत्ययः, णेर्लुक् च*] बिजुली। **तडित्सौदामिनी विद्युत्** (अमर.१.३.९)।

तडित्वान् (पुं.) [*तडितः सन्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् इति मतुप्, मस्य वः*] १.मेघ। **धाराधरो जलधरस्तडित्वान् वारिदोऽम्बुभृत्** (अमर.१.३.७) २.नागरमोथे ३.(पुं.वि.) बिजुली भएको।

तण्डकः (पुं.) [*तण्डते नृत्यति इव, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.खञ्जन पक्षी २.फिँज ३.(न.पुं) समासप्रधान वाक्य। **समासप्रायमाख्यातं पदजातञ्च तण्डकम्**। (हला.) ४.घरको बलो ५.(पुं./नपुं) परिष्कार ६.(पुं.वि.) माया रच्ने/बहुरूपी।

तण्डिः (पुं.) [*तण्डते इति सर्वधातुभ्य इन् (उ.) इति इन्*] एक प्राचीन ऋषि (म.भा.शा.२५०.१७)।

तण्डिकः (पुं.) एक ऋषि।

तण्डुः (पुं.) [*तण्डते नृत्यति इव, बाहुलकात् उः*] १.शिवजीको द्वारपाल/रुद्रको अनुचर। **तण्डुः स्यान्नन्दिकेश्वरः।** (हला.१४) २.रङ्गमञ्चको गायननिर्देशक (हला.८३६)।

तण्डुरीणः (पुं.) [*तण्डुलादिना जीवति, व्रातेन जीवति ५.२.२१ इति खः,खस्य ईनः, लस्य रत्वम्*] चिल्सा/चामल, दाल आदिमा लाग्ने किरा।

तण्डुलः (पुं./नपुं) [*तण्ड्यते आहन्यते, सनसिवर्णसि (उ.) इति उलच्*] १.चामल। **तण्डुलो धान्यसारे स्यात्** (मङ्खक) २.वायुविडङ्ग ३.आठ सर्स्यौंबराबरको नापो।

तण्डुलाम्बु (नपुं.) [*तण्डुलस्य अम्बु, ष.त.*] चौलानी।

तण्डुलीयः (पुं.) [*तण्डुलाय हितः, तस्मै हितम् इति छः, छस्य ईयः ७.१.२*] चौराई साग। **तण्डुलीयोऽल्पमारीषः** (अमर.२.४.१३६)।

तण्डुलोदकम् (नपुं.) [*तण्डुलस्य तण्डुलप्रक्षालनस्य उदकम्, ष.त.*] चौलानी। **सुस्वादु शीतलञ्चैव वृंहणं तण्डुलोदकम्** (हारीत)।

तत् (नपुं.) [*हे. तद्*] १.त्यो/एक सार्वनामिक शब्द। **तस्य तदेव हि मधुरं यस्य मनो यत्र संलग्नम्**। (सुभा.) २.ब्रह्मको नामविशेष।

तत् (द्) (अव्य.) [*तस्मादिति, तनु विस्तारे इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्, अनुनासिकलोपः (वा.) ६.४.४० तुक् ६.१.७१*] त्यसैले।

ततः (पुं.वि.) [*तन्यते स्म, तनु विस्तारे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.फैलिएको। **विसृतं विस्तृतं ततम्**। (अमर. ३.१.८६) २.व्याप्त। **यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम्**। (भ.गी. ८.२२) ३.[*तनोति स्वम्, कर्तरि क्तः*] वायु (मेदिनी.)।

ततः (अव्य.) [*तस्मादिति पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्, यद्वा सार्वविभक्तिकस्तसिः, त्यदाद्यत्वम्*] १.त्यसपछि। **ततस्ते दक्षिणातीरमन्वगच्छन् पदातयः**। (म.भा ८.५.२) २.त्यहाँबाट ३.त्यस कारणले इत्यादि। **यत्तद्यतस्ततो हेतौ** (अमर.३.४.३)।

ततम् (नपुं.) [*तनोति मनोऽनेन, तनु विस्तारे इति धातोः तनिमृङ्भ्यां किच्च. (उ.) ३७५ इति तन्*] सैरन्ध्री, रावणहस्त, वीणा आदि तारले बज्ने बाजा। **ततं वीणादिकं वाद्यम्** (अमर.१.७.४)।

ततमः (पुं.वि.) [*तेषां मध्ये सः, वा बहूनां जातिपरिप्रश्ने डतमच् ५.२.९३ इति डतमच्*] धेरैमा त्यो।

ततरः (पुं.वि.) [*तयोर्मध्ये सः, किं यत्तदोर्निर्धारणे द्वयोरेकस्य डतरच् ५.३.९२ इति डतरच्*] ती दुइमध्ये त्यो।

ततस्त्यः (पुं.वि.) [*ततस्तत्र भवः, अव्ययात्त्यप् ४.२.१०४ इति त्यप्*] त्यहाँ भएको।

ततिः १.(स्त्री.) [*तनु विस्तारे इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] पङ्क्ति/श्रेणी। २.(अव्य.) [*तत्परिमाणमेषाम्, डतिरिति कोशकाराः, परन्त्वपाणिनीयोऽयं प्रयोगः, तदर्थे डतिप्रत्ययविधायकसूत्रस्य वार्तिकस्य वा ऽभावात्*] त्यत्ति।

ततो भवान् (अव्य.) [*स भवान्, इतराभ्यो दृश्यन्ते ५.३.१४ दृशिग्रहणाद् भवदादियोग एव प्रथमार्थे तसिल्*] सम्माननीय/हजुर।

तत्कालः (पुं.) [*स चासौ कालश्च,कर्म.स.*] १.वर्तमान काल २.तुरुन्तै ३.त्यसै समयमा हुने फल। **तत्कालस्तु तदात्वं स्यात्** (अभि.चि.)। **तत्कालमेव समपूरयदुन्नतश्रीः** (कथा.स.)।

तत्कालम् (नपुं.) [*स कालो यस्मिन् कर्मणि तत्*] तुरुन्तै।

तत्कालधीः (पुं.वि.) [*तत्काले कार्यकाले धीः उपस्थिता बुद्धिर्यस्य सः, बहु.स.*] प्रत्युत्पन्नमति/समस्या पर्नासाथ समाधानको बाटो पहिल्याउने बुद्धि भएको।

प्रत्युत्पन्नमतिर्ज्ञेयस्तत्कालोत्पन्नधीर्नरः (हला.)।

तत्क्रियः (पुं.वि.) [*सा क्रिया वेतनमृते यस्य सः, बहु.स.*] विना वेतन काम गर्ने।

तत्क्षणः (पुं.) [*स चासौ क्षणश्च, कर्म.स.*] त्यही क्षण/तुरुन्त। **सद्यः सपदि तत्क्षणे** (अमर.)।

तत्त्वम् (नपुं.) [*तननमिति संपदादिभ्यः क्विप् (वा.) ३.३.९ इति क्विप्, तदस्यास्तीति, वप्रकरणेऽन्यत्रापि दृश्यत इति वक्तव्यम् (वा.) इति वः, तसौ मत्वर्थे १.४.१९ इति भत्वान्न जस्त्वम्, अनचि च ८.४.४७ इति द्वित्वम्*] १.वास्तविक दशा वा स्थिति २.सच्चाइ ३.निष्कर्ष/आखिरी निधो ४.यथार्थ रूप ५.वस्तु ६.परमात्मा ७.जस्तो हुनुपर्ने त्यस्तो सिद्धान्त ८.मन ९.सारांश १०.नाचविशेष ११.तन्त्र र दर्शनशास्त्रमा प्रतिपादित तत्त्वहरू। यिनको सङ्ख्या विभिन्न मतअनुसार भिन्न–भिन्न छ। केही विद्वान् तथा दार्शनिक पृथ्वी, जल, तेज, वायु र आकाशलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिका पाँच तत्त्व, मान्दछन्। कसैले तिनमा परमात्मालाई समेत समावेश गरी ६ तत्त्व मानेका छन्। अर्काथरीले तिनमा जीवलाई समेत थपेर सात तत्त्व प्रतिपादन गरेका छन्। यसै गरी दार्शनिकहरूले नयाँ नयाँ तत्त्वहरू थप्दै तत्त्वसङ्ख्या बढाउँदै लगेका छन्। साङ्ख्य दर्शनमा २४ तत्त्वको चर्चा छ- पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) पञ्चतन्मात्रा (गन्ध, रस, रूप, स्पर्श, शब्द) पञ्चज्ञानेन्द्रिय (श्रोत्र, त्वचा, चक्षु, जिह्वा, नासिका) पाँच कर्मेन्द्रिय (वाक्, पाणि, पाद, उपस्थ, पायु) चार प्रकृति (मन, बुद्धि, चित्त र अहङ्कार) (भाग. ३/२६/११–१३)। **महाभरतको शान्ति पर्वमा** आठ प्रकृति (अव्यक्त, महत्तत्त्व, अहङ्कार, आकाश, वायु, अग्नि, जल, पृथ्वी) पाँच ज्ञानेन्द्रिय(श्रोत्र, त्वचा, नेत्र, जिह्वा, नासिका पाँच तन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) वाणी, हस्त, पाद, पायु, मेढ्र र मन गरी २४ तत्त्व को चर्चा छ। तान्त्रिक मतानुसार ३६ तत्त्व छन्। शैव योगीको मतमा पनि तत्त्वको सङ्ख्या ३६ छ। आधुनिक विज्ञानअनुसार तत्त्व दुई प्रकारको हुन्छ– शुद्ध र यौगिक।

तत्त्वग्रामः (पुं.) [*तत्त्वानां समूहः, गुणादिभ्यो ग्रामज्वक्तव्यः (वा.) ४.२.३७ इति ग्रामच्*] तत्त्वसमूह।

तत्त्वगुणादर्शः (पुं.) एक चम्पूकाव्य। यसका रचयिता श्री अण्णयार्य हुन्। यिनको समय सत्रौँ शताब्दी हो। यसमा तत्त्वार्थको निरूपण र कवित्व दुवै उपलब्ध छ। संवादात्मक शैलीमा रचिएको यस कृतिमा शैव र वैष्णवसंप्रदायका सिद्धान्तलाई कवितामय रोचक शैलीबाट प्रस्तुत गरिएको छ।

तत्त्वज्ञः (पुं.वि.) [*तत्त्वं जानातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.तत्त्व वा यथार्थको ज्ञाता/तत्त्वज्ञानी २.ब्रह्मज्ञानी।

यथामृतेन तृप्तस्य नाहारेण प्रयोजनम्।
तत्त्वज्ञस्य तथा तार्क्ष्य न शास्त्रेण प्रयोजनम्॥ (ग.पु.ध.का)

तत्त्वज्ञानम् (नपुं.) [*तत्त्वस्य ज्ञानम्, ष.त.*] १.यथार्थ ज्ञान/बुद्धिका आठ गुणमध्ये एक गुण।

शुश्रूषा श्रवणञ्चैव ग्रहणं धारणन्तथा।
ऊहापोहार्थविज्ञानं तत्त्वज्ञानञ्च धीगुणाः॥ (अभि.चि.)

२.ब्रह्मज्ञान।

तत्त्वन्यासः (पुं.) [*तत्त्वस्य न्यासः,ष.त.*] विष्णुको पूजामा गरिने एक न्यास। **तत्त्वन्यासं ततः कुर्यात् साधकः सिद्धिहेतवे** (गौ.त.)।

तत्त्वविद्या (स्त्री.) [*तत्त्वस्य विद्या, ष.त.*] दर्शनशास्त्र।

तत्त्ववेत्ता (पुं.वि.) [*तत्त्वस्य वेत्ता, ष.त.*] १.तत्त्वज्ञ २.अध्यात्मविद्या जान्ने ३.यथार्थ कुराको ज्ञाता ४.ब्रह्मज्ञ।

तत्त्वतः (अव्य.) [*तत्त्वे इति, आद्यादिभ्य उपसङ्ख्यानम् (वा) इति तसिः*] यथार्थमा/वास्तवमा।

तत्त्वाभिनिवेशी (पुं.) [*तत्त्वस्य अभिनेवेशी, ष.त.*] चार किसिमका भावक (समालोचक) मध्ये एक किसिमको भावक। राजशेखरले काव्यमीमांसामा भावक– (समालोचक) लाई चार वर्गमा छुट्याएका छन्– मत्सरी,दोषान्वेषी,सतृणाभ्यवहारी र तत्त्वाभिनिवेशी १.**मत्सरी**– गुणलाई पनि दोष बनाएर विवेचना गर्ने २.**दोषान्वेषी**– दोषहरूको मात्र खोजी गरी त्यसको विवेचना गर्ने ३.**सतृणाभ्यवहारी**– घाँसैसित खाने अर्थात् प्रशंसामात्रै गर्ने ४.**तत्त्वाभिनिवेशी**–दोषलाई दोष र गुणलाई गुणको रूपमा उल्लेख गरी त्यसको विवेचना गर्ने।

तत्त्वावधानम् (नपुं.) [*तत्त्वस्य अवधानम्, ष.त.*] सत्य वा यथार्थ कुरामा ध्यान दिएर निरीक्षण गर्ने काम।

तत्परः (पुं.वि.) [*तदेव परं सर्वोत्तममस्य*] १.कुनै काम गर्न तयार भएको/तम्तयार/उद्यत २.ईश्वरमा समर्पित।

एष साक्षाद् हरेरंशो जातो लोकरिरक्षया।
इयञ्च तत्परा हि श्रीरनुजज्ञेऽनपायिनी॥

तत्परायणः (पुं.वि.) [*तदेव परमयनमस्य*] १.कुनै खास विषयमा मन लाउने त्यसमा तल्लीन वा निमग्न २.ईश्वरमा मग्न।

तत्पश्चात् (अव्य.) [*ततः पश्चात्, प.त.*] त्यसपछि।

तत्पुरुषः (पुं.) १.[*स चासौ पुरुषश्च*] ईश्वर/परमात्मा २.[*तस्य पुरुषः, ष.त.*] व्याकरणअनुसार पछिल्लोपद प्रधान हुने एक समास, जस्तै– पूर्वं कायस्य=पूर्वकायः,कृष्णं श्रितः=कृष्णश्रितः, नखैर्भिन्नः=नखभिन्नः,यूपाय दारु=यूपदारु, चोराद् भयम्= चोरभयम्, कृष्णस्य सखा= कृष्णसखः, अक्षेषु शौण्डः= अक्षशौण्डः, न हितः= अहितः। कर्मधारयलाई तत्पुरुषको भेद र द्विगुलाई कर्मधारयको भेद मानिन्छ। **प्रायेणोत्तरपदार्थप्रधानस्तत्पुरुषः, तत्पुरुषभेदः कर्मधारयः, कर्मधारयभेदो द्विगुः।**

तत्र (अव्य.) १.[*तस्मिन्निति, सप्तम्यास्त्रल् ५.३.१० इति त्रल्*] त्यहाँ। २.[*इतराभ्योऽपि दृश्यते ५.३.१४ इति त्रल्*] सप्तमीदेखि इतर अर्थमा पनि त्रल् हुन्छ। जस्तै– स भवान्=तत्र भवान्, तं भवन्तम्= तत्र भवन्तम्, तेन भवता=तत्र भवता, तस्मै भवते=तत्र भवते, तस्माद् भवतः=तत्र भवतः इत्यादि।

तत्रत्यः (पुं.वि.) [*तत्र भवः, अव्ययात्त्यप् ४.२.१०४ इति त्यप्*] त्यहाँ भएको।

तत्रभवान् (पुं.) [*स भवान्, इतराभ्योऽपि दृश्यन्ते ५.३.१४ इति प्रथमार्थे त्रल्, सुप्सुपेति समासः*] हजुर/सम्माननीय। एवं क्रमले तत्र भवन्तम्, तत्र भवता इत्यादि।

तत्रि (धा.) [*कुटुम्बधारणे, चुरा. अक.सेट् आत्म.*] परिवारलाई पोषण गर्नु। लट्– **तन्त्रयते**– परिवारलाई पोषण गर्छ। लिट्– **तन्त्रयाञ्चक्रे**– परिवारलाई पोषण गरेछ (अन.)। लुट्– **तन्त्रयिता**– परिवारलाई पोषण गर्ने छ (अन.)। लृट्– **तन्त्रयिष्यते**– परिवारलाई पोषण गर्ने छ। लोट्– **तन्त्रयताम्**–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवारलाई पोषण गरोस्। लङ्– **अतन्त्रयत–** परिवारलाई पोषण गऱ्यो (अन.)। विधिलिङ्– **तन्त्रयेत–** परिवारलाई पोषण गर्ला, परिवारलाई पोषण गरोस्। आशीर्लिङ्– **तन्त्रयिषीष्ट–** परिवारलाई पोषण गरोस्। लुङ्– **अततन्त्रत–** परिवारलाई पोषण गऱ्यो। लृङ्– **अतन्त्रयिष्यत–** परिवारलाई पोषण गर्ने थियो। (णिजभावे **तन्त्रति**) इत्यादि।

तत्सदृशः (पुं.वि.) [*तेन सदृशः, तृ.त.*] त्योजस्तो/त्यस समान/तत्सम।

तत्समः (पुं.वि.) [*तेन समः, तृ.त.*] १.तत्सदृश/त्योजस्तो/जस्ताको तस्तो २.संस्कृत भाषाबाट अन्य भाषामा जस्ताको तस्तै आएर चलेको शब्द। प्रकृति संस्कृत भएको शब्द (प्राकृतप्रकाश)।

तथा (अव्य.) [*तेन प्रकारेण, प्रकारवचने थाल् ५.३.२३ इति थाल्, त्यदादीनामः ७.२.१०२ इत्यत्वम्, पररूपम् ६.१.९७*] १.त्यस्तै प्रकारले।

स तैः पृष्टस्तथा सम्यगमितौजा महात्मभिः।
प्रत्युवाचार्च्य तान् सर्वान् महर्षीन् श्रूयतामिति॥ (मनुः)

२.त्यस्तो/समानता–

यथा चित्तं तथा वाचो यथा वाचस्तथा क्रियाः (सुभा.)।

३.समुच्चय–

सपादलक्षञ्च तथा भारतं मुनिना कृतम्।
इतिहास इति प्रोक्तं पञ्चमं वेदसम्मतम्॥ (देभा.१.२.२६)

४.निश्चय–

तं वेधा विदधे नूनं महाभूतसमाधिना।
तथा हि सर्वे तस्यासन् परार्थैकफला गुणाः॥ (रघु.१.२९)

यस्तै स्वीकृति, पृष्टप्रतिवाक्य आदि अर्थमा पनि यसको प्रयोग हुन्छ।

तथाकथितः (पुं.वि.) [*तथैव कथितः*] १.नाममात्रको/भनाउँदो २.त्यसै भनिदिएको।

तथागतः (पुं.) [*तथा सत्यं गतं ज्ञानं यस्य सः, बहु.स.*] १.बुद्ध २.(पुं.वि.) [*यथा पुनरावृत्तिर्न भवति तथा गतः, आगतो वा*] त्यसै गरी गएको वा आएको ३.जन्मनु मर्नु नपर्ने गरी गएको ४.त्यसै (विनाकाममा) आएको वा गएको।

तथाच (अव्य.) [*तथा च च च, द्व.स.*] आफुले भनेको कुरालाई पुष्टि गर्न खोज्दा प्रयोग गरिने पद। **तथाचोक्तम्–हितं मनोहारि च दुर्लभं वचः** (किरा.)।

तथापि (अव्य.) [*तथा अपि, सवर्णदीर्घः*] तैपनि।

वसन्त्यरण्येषु चरन्ति दूर्वाः
पिबन्ति तोयान्यपरिग्रहाणि।
तथापि वध्या हरिणा नराणां
को लोकमाराधयितुं समर्थः॥ (सुभा.)

तथैव (अव्य.) [*तथा च एव च, द्व.स.*] त्यस्तै नै।

तथ्यभाषी (पुं.वि.) [*तथ्यं भाषते तच्छीलः, तथ्यपूर्वकाद् भाष व्यक्तायां वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.३.७८ इति णिनिः*] सत्यवक्ता/तथ्य कुरा बोल्ने/सत्यवादी।

तथ्यम् (नपुं.) [*तथा (तत्र) साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] सत्य/वास्तविक कुरो।

तथ्याङ्कः (पुं.) [*तथ्यश्चासौ अङ्कश्च, कर्म.स. तथ्यस्य अङ्को वा, ष.त.*] कुनै वस्तुको ठिक–ठिक अवस्था देखाउने अङ्क/यो वस्तु यति छ भनी दर्साउने अङ्क।

तथ्याङ्कशास्त्रम् (नपुं.) [*तथ्याङ्कस्य शास्त्रम्, ष.त.*] तथ्याङ्कसँग सम्बद्ध विषय सिकाउने शास्त्र।

तद् (त्रि.) [*तनोति विस्तृतो भवति इति तनु विस्तारे इति धातोः, त्यजितनियजिभ्यो डित् (उ.) १३७ इति सूत्रेण, अदिः, डित्त्वम्, टिलोपः*] १.ब्रह्म। **तत्त्वमसि** (वेदान्तवाक्य) २.त्यो। **त्यदादीनां सर्वनामसञ्ज्ञा भवति, तेन सामान्यवाचकास्त्यदादयः॥** (उ.को.टी.) ३.त्यसै कारण।

तदनन्तरम् (नपुं.) [*तस्य अनन्तरम्, ष.त.*] त्यसपछि।

तदनुरूपम् (नपुं.) [*तस्य अनुरूपम्, ष.त.*] उस्तो/त्यस्तो/त्यही जस्तो/त्यसैजस्तो/उसैजस्तो।

तदर्थम् (नपुं.) [*तस्मै इदम्, च.त.*] त्यस निमित्त/त्यस कारण।

तदर्थसमितिः (स्त्री.) विशेष कामका लागि बनेको समिति। यो समिति काम सम्पन्न भएपछि स्वतः विघटन हुन्छ।

तदा (अव्य.) [*तस्मिन् काले, तदो दा च ५.३.१९ इति दा, अत्वपररूपे*] १.त्यस अवस्थामा २.त्यस समयमा।

तदात्वम् (नपुं.) [*तदा इत्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.तत्काल २.त्यो समय।

तदानीम् (अव्य.) [*तस्मिन् काले, दानीञ्च ५.३.१८ इति दानीम्*] त्यस बखत/त्यस समयमा।

तदीयः (पुं.) [*तस्य अयम्, त्यदादीनि च १.१.७४ इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः ७.१.२*] त्यसको/त्यससम्बन्धी।

तदुपरि (अव्य.) [*तस्योपरि, ष.त.*] त्यसमाथि/उसभन्दा माथि। **नीरसतरुरिह विलसति तदुपरि वायस एकः** (नी.श्लो.)।

तद्गः (पुं.वि.) [*तं गच्छति, डप्रत्ययः,टिलोपः*] तदासक्त।

तद्गतः (पुं.वि.) [*तस्मिन् परमात्मन्येव विषये वा गतो लीनः*] १.कुनै पनि विषयमा आसक्त २.ईश्वरमा लीन। **ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनः** (स्तोत्र)।

तद्गुणः (पुं.) [*स उत्कृष्टो गुणो यस्मिन् सः, बहु.स.*] १.लोकन्याय मूलक एक अर्थालङ्कार। यसमा कुनै वस्तु वा व्यक्तिले आफ्नो गुणलाई त्यागेर नजिकै रहेको अन्य वस्तु वा व्यक्तिको उत्कृष्ट गुण ग्रहण गरेको विषय वर्णन गरिएको हुन्छ। यहाँ गुण शब्दको अर्थ रङ्ग र रूपलाई लिइएको छ। **समुत्सृज्य गुणं योगादत्युज्ज्वल**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणस्य यत्। वस्तु तद्गुणतामेति भण्यते स तु तद्गुणः (का.प्र. १०/१३७) २.(पुं.वि.) [*स एव गुणोऽस्य*] सोही गुण भएको।

तद्भवः (पुं.) [*तस्माद् संस्कृताद् प्रकृतेर्वा भवः, प.त.*] संस्कृत भाषाबाट शौरसेनी, महाराष्ट्री आदि भाषामा विकसित भई नेपाली, हिन्दी आदि भाषामा आएका शब्दहरू। जस्तै– कर्म > कम्म > काम। अद्य > अज्ज > आज। वृक्ष > रुख्खो > रूख। प्राकृत भाषामा संस्कृतका अधिकांश संयुक्त व्यञ्जन वर्णमध्ये एउटाको लोप हुन्छ र अर्को वर्ण डबलिन पुग्छ अर्थात् समीभवन हुन्छ। नेपाली भाषामा आउँदा प्राकृत अवस्थामा डबलिएका वर्णमध्ये एउटा वर्णको लोप हुन्छ र त्यसको क्षतिपूर्तिस्वरूप अगाडि आउने वर्णको दीर्घीभवन हुन्छ। (हे. **उदाहरण**) संस्कृत बाहेक अरू भाषाबाट आएका शब्दहरूलाई आगन्तुक शब्द मानिन्छ। यी दुईथरी हुन्छन्– विकारी र अविकारी। विकारी तद्भव जस्ता र अविकारी तत्सम जस्ता हुन्छन्।

तद्बलः (पुं.वि.) [*तस्मिन् लक्ष्ये एव बलं यस्य सः,बहु.स.*] बाणविशेष (हला.४६३)।

तद्भिन्नः (पुं.वि.) [*तस्माद् भिन्नः, प.त.*] त्यसबाट अलग/उसबाट फरक।

तद्वत् (अव्य.) [*तत्र इव, तस्य इव, तत्र तस्येव ५.१.११६ इति वतिः*] १.त्यसमा जस्तै २.त्यसको जस्तै २.[*तेन तुल्यम्, तेन तुल्यं क्रिया चेद् वतिः ५.१.११५ इति वतिः*] त्यसले तुल्य। ३.[*तमर्हति, तदर्हम् ५.१.११७ इति वतिः*] त्यो जस्तो।

तद्वान् (पुं.वि.) [*तदस्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, झयः ८.२.१० इति मस्य वः*] १.तद्विशिष्ट २.व्यक्ति-विशिष्ट जातिमा सङ्केत मान्ने बौद्धको सङ्केतग्रहसम्बन्धी एक सिद्धान्त। **तद्वान् अपोहो वा कैश्चित्** (का.प्र.)।

तनयः (पुं.) [*तनोति कुलम्, तनु विस्तारे इति धातोः, वलिमसितनिभ्यः कयन् (उ.) ५४९ इति कयन्*] छोरो। **तनयो दारकः सुतः** (अभि.चि.)।

तनया (स्त्री.) [*तनोति कुलम्, तनु विस्तारे इति धातोः, वलिमसितनिभ्यः कयन् (उ.) ५४९ इति कयन्, टाप् ४.१.४*] छोरी।

तनिमा (पुं.) [*तनोर्भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२२ इति इमनिच्*] दुब्लोपना।

तनिष्ठः (पुं.वि.) [*अयमेषां तनुः, इष्ठन्प्रत्ययः*] १.अतिशय सानो २.अतिशय थोरै ३.क्षुद्र।

तनीयान् (पुं.वि.) [*अयमनयोस्तनुः, ईयसुन्प्रत्ययः*] दुईमा सानो वा थोरै।

तनु (धा.) [*विस्तारे, तना. सक.सेट् उभ.*] फैलाउनु। लट्– **तनोति-तनुते**– फैलाउँछ। लिट्– **ततान-तेने**– फैलाएछ (अन.)। लुट्– **तनिता**– फैलाउने छ (अन.) लृट्– **तनिष्यति-ते**– फैलाउने छ। लोट्– **तनोतु-ताम्**– फैलाओस्। लङ्– **अतनोत्-अतनुत**– फैलायो (अन.)। विधिलिङ्– **तनुयात्-तन्वीत**– फैलाउला, फैलाओस्। आशीर्लिङ्– **तन्यात्-तन्विषीष्ट**– फैलाओस। लुङ्– **अतानीत्-अतत**– फैलायो। लृङ्–**अतनिष्यत्-त**– फैलाउने थियो, कर्मणि– **तायते, तन्यते**–फैलाइन्छ। णिचि– **तानयति-ते**– फैलाउन लगाउँछ। सनि– **तितनिषति-ते, तितंसति-ते, तितांसति-ते**– फैलाउन खोज्छ। यङि– **तन्तन्यते**– बारम्बार वा ज्यादै फैलाउँछ। यङ्लुकि– **तन्तनीति, तन्तन्ति**– बारम्बार वा ज्यादै फैलाउँछ। कृदन्ते– **तनितव्यम्, तननीयम्, तान्यम्**– फैलाउनु पर्ने। **तनितुम्**– फैलाउन। **तननम्**– फैलाउने काम। **तातः**– बाबु। **तनित्वा, तत्वा, वितत्य, प्रतन्य**– फैलाएर। **वितानः**– विस्तार। **सन्तानः**– सन्तति, विस्तार। **ततिः**– विस्तार इत्यादि।

तनु (धा.) [*श्रद्धोपकरणयोः, चुरा.सक.सेट् उभ.*] श्रद्धा गर्नु, उपकार गर्नु। लट्– **तानयति**– श्रद्धा गर्छ, उपकार गर्छ। **सन्तानयति**– विस्तार गर्छ, तन्काउँछ, लामो पार्छ। लिट्– **तानयाञ्चकार-चक्रे**– श्रद्धा गरेछ, उपकार गरेछ (अन.)। लुट्– **तानयिता**– श्रद्धा गर्ने छ, उपकार गर्ने छ (अन.)। लृट्– **तानयिष्यति-ते**– श्रद्धा गर्ने छ, उपकार गर्ने छ। लोट्– **तानयतु-ताम्**– श्रद्धा गरोस्, उपकार गरोस्। लङ्– **अतानयत्-त**– श्रद्धा गर्‍यो, उपकार गर्‍यो (अन.)। विधिलिङ्– **तानयेत्-त**– श्रद्धा गर्ला, उपकार गर्ला, श्रद्धा गरोस्, उपकार गरोस्। आशीर्लिङ्– **तान्यात्-तानयिषीष्ट**–श्रद्धा गरोस्, उपकार गरोस्। लुङ्– **अतीतनत्**– श्रद्धा गर्‍यो, उपकार गर्‍यो। लृङ्– **अतानयिष्यत्-त**– श्रद्धा गर्ने थियो, उपकार गर्ने थियो। [*णिजभावपक्षे तनति*] कृदन्ते– **तानकः/तानयिता/ तानयित्री**– श्रद्धा गर्ने/उपकार गर्ने। **तानितः**– श्रद्धा वा उपकार गरेको, **तानयित्वा/प्रतान्य**– श्रद्धा वा उपकार गरेर। **नितान्तम्**– निरन्तर इत्यादि।

तनुः (स्त्री.) [*तनोति विस्तारयति कार्यजातम्, तन्यते वा, तनु विस्तारे इति धातोः, भृ–मृ–शी–तृ–चरि–त्सरि–तनि–धनि– मि–मस्जिभ्य उः (उ.) १.७ इति उः, यद्वा तनोतीति तन्यन्ते कर्माण्येनन वा, तनु विस्तारे इति धातोः, अर्तिपृवपियजितनि धनितपिभ्यो नित् (उ.) २८२ इति उसिः*] १.शरीर २.छाला। **त्वग्देहयोरपि तनुः** (अमर.३.३.११३)।

तनुः (त्रि.) १.थोरै २.दुब्लो। **वितरन्ती रसमन्तर्ममार्द्रभावं तनोषि तनुगात्रि** (आर्यासप्तशती) ३.विरल। **तनुलोमकेशदशनां मृद्वङ्गीं स्त्रियमुद्वहेत्** (मनु.३.१०)।

तनुकम् (नपुं.) [*अल्पा तनुः, यवादिभ्यः कन् (तनुः सूत्रे) इति कन्*] सूक्ष्मतत्त्व।

तनुजः (पुं.) [*तनोः शरीराज्जातः, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] छोरो/पुत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तनुजा (स्त्री.) [*तनोः शरीराज्जाता, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः टाप्*] छोरी।

तनुता (स्त्री.) [*तनु विस्तारे इति धातोर्निष्पन्नात् तनुशब्दात् तस्य भावस्त्वतलौ इति तल्, टाप्*] १.तारको रूपमा लैजान सकिने ठोस पदार्थको गुण २.दुब्लोपना/कृशता।

तनुत्रम् (नपुं.) [*तनुं त्रायते इति, त्रैङ् पालने इति धातोः, आदेच उपदेशेऽशिति ६.१.४५ इत्यात्वम्, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ३.४.६४ इत्यालोपः*] १.कबच २.लडाइँ, हुलदङ्गा आदिमा लगाउने फलामको कपडा ३.वस्त्र/लुगा।

तनुत्राणम् (नपुं.) १.[*त्रायतेऽनेन इति त्रैङ् पालने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, आत्वम्, दीर्घः, तनोस्त्राणम्, ष.त.*] कवच/युद्धमा लगाइने फलामको लुगा २.[*भावे ल्युटि तु*] शरीरको रक्षा गर्ने काम।

तनुमध्या (स्त्री.) [*तनोर्मध्या, ष.त.*] १.शरीरको माझको भाग २.[*तनुः स्वल्पं मध्यं कटिप्रदेशो यस्याः सा, बहु.स.*] कम्मर वा मध्यभाग सानो भएकी। **मूर्तिर्मुरशत्रोरत्यद्भुतरूपा। आस्तां मम चित्ते नित्यं तनुमध्या॥** (छन्दो.टी.) ३.[*तनु अल्पमात्रिकं लघुद्वयं मध्ये यस्याः सा, बहु.स.*] प्रत्येक पाउमा तगण, यगणको प्रयोग भएको छन्द। **त्यौ चेत् तनुमध्या** (छन्दो.)।

तनूः (स्त्री.) [*तनोति कार्याणि यया वा, तनु विस्तारे इति धातोः, भृ–मृ–शी–तृ– चरि–त्सरि–तनि–धनि–मि–मस्जिभ्य उः (उ.) ७ इति सूत्रेण उः, अप्राणिजातेश्चारज्वादीनामुपसङ्ख्यानम् (चात्प्राणिजातेरपि] इति ऊङ्*] शरीर। **स्त्रियां मूर्तिस्तनुस्तनूः** (अमर.)।

तनूजः (पुं.) [*तन्वाः जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] छोरो। **अवेहि गन्धर्वपतेस्तनूजं प्रियंवदं मां प्रियदर्शनस्य** (रघु.५.५३)

तनूजा (स्त्री.) [*तन्वाः जाता, पञ्चम्यामजातौ ३.२.९८ इति डः टाप्, एवं तनुजः, तनुजा, ह्रस्वमध्योऽपि शब्दः*] छोरी।

तनूकृतः (पुं.वि.) [*अतनुस्तनुरकारि, डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः,च्वौ च ७.४.२६ इति दीर्घः*] १.ताछिएको २.थोरै पारिएको।

तनूनपात् (पुं.) [*तनूं स्वं शरीरं न पाति आशुविनाशितया न रक्षति, पा रक्षणे इति धातोर्लटः शत्रादेशः ३.२.१२४ उगिदचां सर्वनामस्थाने चाधातोः ७.१.७० इति नुम्*] १.अग्नि। **जातवेदास्तनूनपात्** (अमर.३.१.५३) २.चितुको बोट।

तनूरुहः (पुं.) [*तन्वाः रोहति, कः*] पुत्र। **तनूरुहस्तु पुत्रे** (हैम.)।

तनूरुहम् (नपुं.) [*तन्वां रोहतीति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.पखेटा २.रौँ/केश। **तनूरुहं रोम लोम** (अमर. २.६.९८) ३.औंला।

तन्तुः (पुं.) [*तन्वते इति तनु विस्तारे इति धातोः, सितनिग–मिमसि सच्यविधाञ्क्रुशिभ्यस्तुन् (उ.) ७२ इति तुन्*] १.धागो/सूत्र २.सन्तान। **अन्तस्थः सर्वभूतानामात्मा योगेश्वरो हरिः। स्वमायया ऽवृणोद् गर्भं वैराट्याः कुलतन्तवे॥** (भाग.)

तन्तुकारः (पुं.) [*तन्तुं करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इति अण्, वृद्धिः*] जुलाहा/लुगा बुन्ने व्यक्ति।

तन्तुकीटः (पुं.) [*तन्तूत्पादकः कीटः,म.प.स.*] रेसमी किरा।

तन्तुभः (पुं.) [*तन्तुरिव भाति, भा दीप्तौ इति धातोः, सुपि स्थः ३.२.४ इत्यत्र सुपि इति योगविभागात् कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.सस्यौं (अमर.) २.[*तन्तुना भाति*] बाच्छो (जटाधर)।

तन्तुवायः (पुं.) [*तन्तून् वयति, वेञ् तन्तुसन्ताने इति धातोः, ह्वावामश्च ३.२.२ इति अण्,आत्वम्,आतो युक्*] १.लुगा बन्ने एक जाति/जुलाहा। **तन्तुवायः कुविन्दः स्यात्** (अमर.२.१०.६) २.माकुरो **लूता स्त्री तन्तुवायोर्णनाभमर्कटकाः समाः** (अमर.२.५.१३)।

तन्तुशाला (स्त्री.) [*तन्तूनां वयनाय शाला, च.त.*] तानघर।

तन्तुसन्ततम् (नपुं.) [*तन्तुभिः सन्ततम्, कर्तृकरणे कृता बहुलम् २.१.३२ इति समासः*] बनेको कपडा, बोरा, पाट आदि।

तन्त्रकम् (नपुं.) [*तन्त्रादचिरापहृतम्, तन्त्रादचिरापहृते ५.२.७० इति कन्*] तानबाट भर्खर निकालिएको लुगा/नयाँ लुगा।

तन्त्रकारः (पुं.) [*तन्त्रं करोति, तन्त्रपूर्वकात् डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इति अण्, उप.त.स.*] १.तन्त्रग्रन्थका रचयिता। तन्त्र सिद्धान्तका प्रवर्तक २.तान वा लुगा सिउने मिसिनको निर्माता।

तन्त्रग्रन्थः (पुं.) [*तन्यते विस्तार्यते ज्ञानमनेनेति तन्त्रम्, तन्त्रस्य तन्त्रशास्त्रस्य ग्रन्थः, ष.त.*] आनन्द– भैरव र आनन्द भैरवी वा शिव– पार्वतीको संवाद भएको ग्रन्थ, तन्त्रका दक्षिणाचार र वामाचार गरी दुई मुख्य मार्ग छन्। आदि शङ्कराचार्यले चतुःषष्ट्या तन्त्रैः (सौन्दर्य लहरीमा) भनी चौसठ्ठी तन्त्रको नाम लिनुभएको छ। तन्त्रमा सृष्टि, प्रलय, मन्त्रनिर्णय, देवताहरूको संस्थान, तीर्थवर्णन, आश्रमधर्म, विप्रसंस्थान, भूतादिसंस्थान, यन्त्रनिर्णय, देवतोत्पत्ति, वर्ण, ज्योतिषसंस्थान, पुराण, शक्तिकोष, व्रतव्यवस्था, शौचाचार, नरक, स्त्रीपुरुषलक्षण, राजधर्म, दानधर्म, युगधर्म, व्यवहार, अध्यात्म आदि विषयको वर्णन गरिएको हुन्छ। **मुदं कुर्वन्ति देवानां मनांसि तारयन्ति च। तस्मात् तन्त्र इति ख्यातो दर्शितव्यः कुलेश्वरि॥ सर्गश्च प्रतिसर्गश्च मन्त्रनिर्णय एव च। देवतानां च संस्थानं तीर्थानाञ्चैव वर्णनम्॥ तथैवाश्रमधर्मश्च विप्रसंस्थानमेव च। संस्थानं चैव भूतानां यन्त्राणां चैव निर्णयः। उत्पत्तिर्विबुधानाञ्च तरूणां कल्पसंज्ञितम्। संस्थानं ज्योतिषाञ्चैव पुराणाख्यानमेव च॥ कोषस्य कथनञ्चैव व्रतानां परिभाषणम्। शौचाशौचस्य चाख्यानं नरकाणाञ्च वर्णनम्॥ हरचक्रस्य चाख्यानं स्त्रीपुंसोश्चैव लक्षणम्। राजधर्मो दानधर्मो युगधर्मस्तथैव च॥ व्यवहारस्य कथनं तथा चाध्यात्मवर्णनम्। इत्यादि लक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते॥** (कुलार्णवतन्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्रम् (नपुं.) [*तननम्, तन्वते, तन्यतेऽनेन वेति, तनु विस्तारे इति धातोः, सर्वधातुभ्यः ष्ट्रन् (उ.) ६०८ इति ष्ट्रन्, यद्वा तन्त्रणं तन्त्र्यते वा, तन्त्रि धारणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.देवदेवीहरूको उपासना गर्ने एक रहस्यात्मक शास्त्र २.सिद्धान्त ३.कुलकृत्य ४.कर्तव्य ५.अर्थको साधन ६.शपथ ७.मन्त्र ८.आगमशास्त्र। भोग र मोक्षको उपाय बताउने शास्त्र।

तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्वितान्।
त्राणञ्च कुरुते यस्मात् तन्त्रमित्यभिधीयते ॥

तन्त्र शब्दको प्रयोग शास्त्र, सिद्धान्त, अनुष्ठान, विज्ञान, विज्ञानविषयक ग्रन्थ आदि विविध अर्थमा भएको छ। जुन शास्त्रमा देवताको स्वरूप, गुण, कर्म आदिका बारेमा चिन्तन गरिएको हुन्छ, तद्विषयक मन्त्रको उद्धार गरिएको हुन्छ, तिनै मन्त्रलाई यज्ञमा संयोजित गरेर देवताको ध्यान र उपासना (पटल, पद्धति, कवच, नामसहस्र र स्तोत्र) व्यवस्थित रूपमा देखाइएको हुन्छ, त्यसैलाई तन्त्र भनिन्छ। तन्त्र ग्रन्थ दुई किसिमका छन्– वैदिक र अवैदिक। जस्तै– पाञ्चरात्र, शैवागम आदि वैदिक तन्त्र हुन् भने शाक्त आगम अवैदिक हुन्। तन्त्रलाई मोटामोटी तीन भागमा वर्गीकरण गरिएको छ– ब्राह्मण, बौद्ध र जैनतन्त्र। ब्राह्मणतन्त्र पनि तीन किसिमका छन्– वैष्णवागम, शैवागम र शाक्तागम। यी तीन तन्त्रका उपास्य देवता क्रमशः विष्णु, शिव र शक्ति हुन्। तन्त्र साहित्य विशाल र प्रौढ छ। धेरै तान्त्रिक ग्रन्थहरू अप्रकाशित अवस्थामा छन्। ९.तान/लुगा बन्ने मिसिन।

तन्त्रवायः (पुं.) [*तन्त्रं वयति*] १.माकुरो। **ऊर्णनाभस्तन्त्रवायो जालिको जालकारकः।** (अभि.चि.) २.जुलाहा। **तन्त्रवायः कुविन्दः स्यात्** (अभि.चि.)।

तन्त्रिका (स्त्री.) [*तन्त्रयति, तन्त्रि कुटुम्बधारणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम् ७.३.४*] १.गुडूची/जडीबुटीविशेष २.इनारमाथि पानी तान्ने बाल्टिन, घडा आदि झुन्ड्याउन राखिएको चर्खा वा काठ आदि। **नेमिस्तु तन्त्रिका** (अभि.चि.)।

तन्त्रीः (स्त्री.) [*तन्त्रयति मोहयति लोकानिति, तन्त्रि कुटुम्बधारणे मोहे च इति धातोः, अवितृस्तृतन्त्रिभ्य ईः (उ.) ४४६ इति ईः*] १.वीणाको तार। **नातन्त्री विद्यते वीणा नाचक्रो विद्यते रथः** (रामा.२.३९.२९) २.वीणा ३.नदी ४.युवतीविशेष ४.गुडूची/जडीबुटीविशेष ५.डोरी। **शुल्मं वराटको रज्जुः शुल्वं तन्त्री वटी गुणः** (अभि.चि.)।

तन्त्रीगणः (पुं.) [*तन्त्रीणां गणः, ष.त.*] डोरीको गुत्थो/डोरी समूह।

तन्द्रा (स्त्री.) [*तद् द्राति, द्रा कुत्सायां गतौ इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, स्त्रियां टाप् ४.१.४ निद्रातन्द्रा इति तदो नान्तत्वं निपात्यते*] १.झुल्लु २.अर्धनिद्रा ३.आलस्य। **आलस्यं तन्द्रा कौसीद्यम्** (अभि.चि.)।

षड्दोषाः पुरुषेणेह हातव्या भूतिमिच्छता।
निद्रा तन्द्रा भयं क्रोध आलस्यं दीर्घसूत्रता ॥ (हितो.)

तन्द्रालुः (पुं.वि.) [*तत् द्राति तच्छीलः, तत्पूर्वकात् द्रा कुत्सयाम् गतौ इति धातोः, स्पृहिगृहिपतिदयिनिद्रातन्द्राभ्य आलुच् ३.२.१५८ इति आलुच्, निपातनात् तस्य नः*] तन्द्रा अवस्थामा रहिरहने।

तन्द्रिः (पुं.) [*तन्द्रायाः, करणम्, तत्करोति तदाचष्टे (ग.सू.) इति ण्यन्तात् अच इः (उ.) ५८८ इति इः, स्त्रियां कृदिकारादक्तिनः (ग.सू.) इति ङीषि तन्द्री*] १.निद्रा २.परिश्रमजन्य असामर्थ्य/थकाइ।

तन्द्रितः (पुं.वि.) [*तन्द्रा सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.तन्द्रामा परेको २.उङ्ने।

तन्मयः (पुं.वि.) [*तदेव, तच्छब्दान्मयट्*] १.तन्मनस्क/तन्मय/तल्लीन।

तन्मयत्वं न यावत् स्यात् तावत् प्रेमविडम्बना।
न ह्यग्निमयताऽलाभे लोहदाहकतेष्यते ॥ (सुभा.)

२.एकोहोरो ३.दत्तचित्त।

तन्मात्रम् (नपुं.) [*सा मात्रा यस्मिन् तत्*] साङ्ख्यदर्शन सम्मत पञ्चभूतको अपञ्चीकृत रूप। अर्थात् शब्द, स्पर्श, रूप, रस र गन्ध। यी पाँच तत्त्वको सूक्ष्म र अमिश्र रूप। **तस्मिन् तस्मिंश्च तन्मात्रा तेन तन्मात्रता स्मृता** (साङ्ख्यकारिकाटीका)।

तन्मात्रा (स्त्री.) विभिन्न दर्शनमा तन्मात्राको चर्चा छ। सांख्यदर्शनले तन्मात्राको सङ्ख्या पाँच मानेको छ– १.**शब्दतन्मात्रा** २.**स्पर्शतन्मात्रा** ३.**रूपतन्मात्रा** ४.**रसतन्मात्रा** र ५.**गन्धतन्मात्रा**। यिनै तन्मात्राबाट आकाश, वायु, तेज, जल र पृथ्वीको उत्पत्ति हुन्छ। साङ्ख्यकारिकानुसार शब्दतन्मात्राबाट आकाश, स्पर्शतन्मात्रा र शब्दतन्मात्राको योगबाट वायु, रूपतन्मात्रा र शब्दस्पर्शतन्मात्राको योगबाट तेज, शब्द, स्पर्श र रूपतन्मात्राको योगबाट जल, गन्धतन्मात्रा, शब्दतन्मात्रा, स्पर्शतन्मात्रा, रूपतन्मात्रा र रसतन्मात्राको योगबाट पृथ्वी महाभूतको जन्म हुन्छ अर्थात् पृथ्वीमा शब्द, स्पर्श, रूप, रस, गन्ध यी पाँचै गुण विद्यमान छन्। तन्मात्राहरू अत्यन्त सूक्ष्म हुन्छन्। योगीहरूले मात्र तिनीहरूलाई प्रत्यक्ष ज्ञान गर्न सक्छन्। सामान्य व्यक्तिका निमित्त तन्मात्रा अप्रत्यक्ष र अभोग्य हुन्छन्। त्यसैले तिनीहरूलाई अविशेष मानिएको छ।

तन्वी (स्त्री.) [*तनुशब्दाद् वोतो गुणवचनात् ४.१.४४ इति पक्षे ङीष्*] १.दुब्ली, पातली, कोमल शरीर भएकी। **तन्वी श्यामा शिखरिदशना पक्वबिम्बाधरोष्ठी** (मे.दू.) २.चौबिस अक्षरको पाउ हुने एक छन्द/प्रत्येक पाउमा क्रमशः भगण, तगण, नयण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सगण, भगण, भगण, नगण तथा यगणको प्रयोग भएको छन्द। यसमा पाँच, त्यसपछि सात र त्यसपछि बाह्र अक्षरमा विश्राम हुन्छ। **भूतमुनीनैर्यतिरिह भतनाः स्भौ भयनाश्च यदि भवति तन्वी** (छन्दो.)।

तप (धा.) [*सन्तापे, भ्वा.अक.अनि., पर.*] सन्तप्त हुनु, तपस्या गर्नु, तात्नु। लट् —**तपति**— सन्तप्त हुन्छ, तपस्या गर्छ, तात्छ। **अनुतपति**— पश्चात्ताप गर्छ। **परितपति, सन्तपति**— चिन्तित हुन्छ। लिट्— **तताप**— सन्तप्त भएछ, तपस्या गरेछ, तातेछ (अन.)। लुट्— **तप्ता**— सन्तप्त हुने छ, तपस्या गर्ने छ, तात्ने छ (अन.)। लृट्— **तप्स्यति**— सन्तप्त हुने छ, तपस्या गर्ने छ, तात्ने छ। लोट्— **तपतु**— सन्तप्त होओस्, तातोस्, तपस्या गरोस्। लङ्— **अतपत्**— सन्तप्त भयो, तात्यो, तपस्या गऱ्यो (अन.)। विधिलिङ्— **तपेत्**— सन्तप्त होला, तात्ला, तपस्या गर्ला, सन्तप्त होओस्, तातोस्, तपस्या गरोस्। आशीर्लिङ्— **तप्यात्**— सन्तप्त होओस्, तातोस्, तपस्या गरोस्। लुङ्— **अताप्सीत्**— सन्तप्त भयो, तात्यो, तपस्या गऱ्यो। लृङ्— **अतप्स्यत्**— सन्तप्त हुने थियो, तात्ने थियो, तपस्या गर्ने थियो। भावे— **तप्यते**— सन्तप्त होइन्छ, तातिन्छ, तपस्या गरिन्छ। **तापयति-ते**— सन्तप्त पार्छ, तताउँछ, तपस्या गराउँछ। सनि— **तितप्सति**— सन्तप्त हुन चाहन्छ, तात्न खोज्छ, तपस्या गर्न चाहन्छ। यङि— **तातप्यते**— ज्यादै पटक पटक वा सन्तप्त हुन्छ, तात्छ, तपस्या गर्छ। यङ्लुकि— **तातपीति, तातप्ति**— अतिशय वा बारम्बार सन्तप्त बन्छ, तात्छ, तपस्या गर्छ। कृदन्ते— **तापकः, तापिका, तप्ता, तप्त्री**— सन्तप्त हुने, तात्ने, तपस्या गर्ने। **तापकः, तापयिता। तापयित्री**— सन्तप्त पार्ने, तताउने, तपस्या गराउने। **तापः**— तातो, चिन्ता, वेदना। **सन्तापः**— चिन्ताजन्य वेदना। **तप्तः**— तातेको, चिन्तित, तपस्या गरेको। **तापितः**— तताइएको, तपस्या गराइएको, चिन्तित पारिएको। **तपनः**— तताउने, सूर्य, तपस्या गर्ने। **तप्तव्यम्, तपनीयम्, तप्यम्**— तात्नुपर्ने, तातिने, सन्तप्त हुनुपर्ने, तपस्या गर्नुपर्ने। **तापः**— तातो, चिन्ता। **सन्ताप**— विशेष प्रकारको वेदना। **आतपः**— सूर्यको प्रकाश। तप्तुम्— ताप्न, सन्तप्त बन्न, तपस्या गर्न। **तापयितुम्**— तताउन, सन्ताप दिलाउन, तपस्या गराउन। **तपस्या**— कसैमाथि एक चित्त लगाएर गरिने ध्यान, चित्त दिएर गरिने कठोर साधना। **तपः**— तपस्या। **तपनम्**— तात्ने काम, सन्तप्त हने काम, तपस्या गर्ने काम। **तपस्या**— कठोर साधना। **तितप्सा**— तपस्या गर्ने इच्छा, ताप्ने इच्छा। **तापनम्**— तताउने काम, तपस्या गराउने काम, सन्तप्त तुल्याउने काम। **तप्त्वा, सन्तप्य**— तापेर, सन्तप्त बनेर, तपस्या गरेर। **तापयित्वा, सन्ताप्य**— तताएर, सन्तप्त बनाएर, तपस्या गराएर। **सन्तापी**— सन्तप्त हुने, तात्ने, राम्रोसित तपस्या गर्ने इत्यादि।

तप (धा.) [*ऐश्वर्ये, दिवा.अक.अनिट्, आत्म.*] समृद्ध हुनु। लट्— **तप्यते**— समृद्ध हुन्छ। लिट्— **तेपे**— समृद्ध भएछ। (अन.) लुट्— **तप्ता**— समृद्ध हुने छ (अन.)। लृट्— **तप्स्यते**— समृद्ध हुने छ। लोट्— **तप्यताम्**— समृद्ध होओस्। लङ्— **अतप्यत**— समृद्ध भयो (अन.)। विधिलिङ्— **तपेत**— समृद्ध होला, समृद्ध होओस्। आशीर्लिङ्— **तप्सीष्ट**— समृद्ध होओस्। लुङ्— **अतप्त**— समृद्ध भयो। लृङ्— **अतप्स्यत**— समृद्ध हुने थियो इत्यादि।

तप (धा.) [*दाहे, चुरा.सक.सेट्, उभ.*] डढाउनु। लट्— **तापयति-ते**— डढाउँछ। लिट्— **तापयाञ्चकार-चक्रे**— डढाएछ (अन.)। लुट्— **तापयिता**— डढाउने छ (अन.)। लृट्— **तापयिष्यति-ते**— डढाउने छ। लोट्— **तापयतु-ताम्**— डढाओस्। लङ्— **अतापयत्-त**— डढायो (अन.)। विधिलिङ्— **तापयेत्-त**— डढाउला, डढाओस्। आशीर्लिङ्— **ताप्यात्**— डढाओस्। लुङ्— **अतीतपत्-त**— डढायो। लृङ्— **अतापयिष्यत्-त**— डढाउने थियो इत्यादि।

तपः (पुं.) [*तपति जगदिति, तप सन्तापे इति धातोः,नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.ग्रीष्म ऋतु। **निदाघ उष्णेपगम उष्ण ऊष्मागमस्तपः** (अमर.१.४.१९) २.सूर्य ३.अग्नि।

तपः (नपुं.) [*तपति,तापयति वा,सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्*] तपस्या/ विषय वासनाबाट अलग गरी चित्तलाई शुद्ध गर्ने कष्टकर साधना २.तपोलोक ३.कठिन काम ४.धर्म/चान्द्रयण आदि व्रत **~क्लेशः** (पुं.) [*तपसः क्लेशः, ष.त*] तपस्याको कष्ट। **~चरणम्** (नपुं.) [*तपसश्चरणम्, ष.त.*] तपस्या गर्नु। **~चर्या** (स्त्री.) [*तपसश्चर्या, ष.त.*] तपस्या गर्ने काम। **~निधिः** (पुं.) [*तपसो निधिः, ष.त.*] महातपस्वी। **~लोकः** [*तपसो लोकः, ष.त.*] पुराणमा वर्णित चौध लोकमध्ये एक। **~वृद्धः** (पुं.वि.) [*तपसा वृद्धः, तृ.त.*] सानै उमेरका परिपक्व तपस्वी। **~स्थली** (स्त्री.) [*तपसः स्थली, ष.त.*] तपस्याको स्थल।

तपःक्लेशसहः (पुं.वि.) [*तपसः क्लेशं सहते, पचाद्यच्*] तपस्याको दुःख सहन सक्ने। **तपःक्लेशसहो दान्तः** (अमर.२.७.४२)।

तपनः (पुं.) [*तपतीति, तप सन्तापे इति धातोः,नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः,युवोरनाकौ ७.१.१ इत्यनः*] १.गर्मी/ताप २.सूर्य। **तपनः सविता रविः** (अमर.१.३.३१) ३.नायकनायिकालाई वियोगावस्थामा अनुभव हुने कामवेदनाजन्य चेष्टा। **तपनः प्रियविच्छेदे स्मरावेशोत्थचेष्टितम्।** (सा.द.) ४.तपस्वी ५.भलायो ६.ग्रीष्मऋतु ७.आँक ८.सूर्यकान्तमणि ९.नरकविशेष (अमर.१.९.१) १०.अग्निविशेष ११.अग्निमन्थ वृक्ष।

तपनात्मजा (स्त्री.) [*तपनस्यात्मजा, ष.त.*] १.तापी नदी २.यमुना।

तपनी (स्त्री.) [*तप्यतेऽत्र, अस्यास्तटेऽतिपवित्रतया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टित्वान् ङीप्*] तापी नदी। **तापी तपनी तपनात्मजा** (अभि.चि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपनीयम् (नपुं.) [*तप्तुं योग्यम्, बह्वौ शोधनीयत्वात् तप सन्तापे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इत्यनीयर्*] सुन। **तपनीयं शातकुम्भं गाङ्गेयं भर्म कर्वुरम्** (अमर.२.९.९४)।

तपनीयः (पुं.वि.) [*तप्तुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.तपस्या गर्न लायक २.तताउनु पर्ने।

तपस्तक्षः (पुं.) [*तपसः तक्षः, ष.त.*] तपस्याका विघ्नकारक इन्द्र। **सुरर्षभस्तपस्तक्षो जिष्णुर्वरशतक्रतुः** (अभि.चि.)।

तपस्यः (पुं.) [*तपांसि विद्यन्तेऽस्मिन् मासे, मत्वर्थे मासतन्वोः ४.४.१२८ इति यत्*] १.फाल्गुन २.तपस्याका लागि उपयुक्त समय ३.[*तपांसि विद्यन्तेऽस्मिन् तनौ, पूर्ववत्*] अर्जुन ४.तामस मनुका छोरा।

तपस्या (स्त्री.) [*तपश्चरति, तस्य भावः, कर्मणो रोमन्थतपोभ्यां वर्तिचरोः ३.१.१५ इति क्यङ्, अ प्रत्ययात् ३.३.१०२ इति भावेऽङ्, ततष्टाप् ४.१.४*] १.नियमपूर्वक गरिने शिव, विष्णु आदि देवताहरूको ध्यान वा आराधना २.कठिन कार्य।

तपस्विनी (स्त्री.) [*तपोऽस्त्यस्याः, जटिलत्वात्, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.जटामसी २.पार्वती ३.तपस्या गर्ने स्त्री ४.कठिन कार्यकी साधिका ५.दुःख पाएकी स्त्री ६.पतिव्रता।

तपस्वी (पुं.वि.) [*तपोऽस्यास्तीति,तपस् शब्दात् तपः सहस्राभ्यां विनिनी ५.२.१०२ इति विनिः*] १.तपस्या गर्ने २.कठिन साधक। ३.(पुं.) नारद (शब्दर.) ४.मत्स्यविशेष ५.चाक्षुषमनुका एक पुत्र।

तपःप्रभावः (पुं.) [*तपसः,प्रभावः,ष.त.*] तपस्याबाट प्राप्त हुने शक्ति।

तपाः (पुं.) [*तपत्यस्मिन्,असुन्*] १.माघ महिना २.शिशिर काल।

तपात्ययः (पुं.) [*तपस्य ग्रीष्मस्य अत्ययोऽवसानं यत्र सः, बहु.स.*] वर्षाकाल।

तपोधनः (पुं.) [*तप एव धनं यस्य सः, बहु.स.*] तपस्या नै धन भएको व्यक्ति/तपस्वी।

तपोबलम् (नपुं.) [*तपसो बलम्, ष.त.*] तपस्याबाट प्राप्त हुने शक्ति/तपस्याको प्रभाव।

तपोवनम् (नपुं.) [*तपसो तपसे वा वनम्, ष.त./च.त.*] तपस्या गर्ने वन।

तप्तः (पुं.वि.) [*तप्यते स्म, तप सन्तापे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.तातेको २.दुःखित/पीडित। ३.तपस्या गरेको

तप्तकम् (नपुं.) [*तप्यतेऽग्नौ इति तत्पम्, तप्तमेव, स्वार्थे कन्*] तावा।

शुष्कगोधूमचूर्णेन किञ्चित् पुष्यञ्च पोलिकाम्।
तप्तके स्वेदयेत् कृत्वा भूर्यङ्गारेऽपि तां पचेत्॥ (भा.प्र.नि.)

तम् (नपुं.) १.[*तरणम्, तॄ तरणप्लवनयोः इति धातोः भावे डः, टिलोपः*] तर्ने काम २.[*तरति भवसागरमनेन, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति करणे डः, टिलोपः*] पुण्य।

तमः (पुं./नपुं.) [*ताम्यत्यनेन, प्रकाशाभावात् ग्लायत इव, तमु ग्लानौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.राहु/छाया ग्रह। **स्वर्भानुस्तु तमो राहुः** (रत्नकोष) २.[*ताम्यत्यनेन इति सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इत्यसुन्*] चारैतिर फैलिएको अन्धकार/अँध्यारो (अमर.१.८.३) ३.अज्ञान ४.शोक,मोह। **तमो ध्वान्ते गुणे शोके** (मेदिनी.१७१.२४) ५.[*कप्रत्ययेऽदन्तोऽपि*] तीन गुणमध्ये एक गुण (अमर.१.४.२९)।

तमःप्रभा (स्त्री.) [*तमसोऽन्धकारस्य प्रभा अस्ति अस्यां सा बहु.स.*] नरकविशेष।

तमरम् (नपुं.) राङ्। **स्याच्चक्रसंज्ञं तमरञ्च रागजम्** (अभि.चि.)।

तमसः (पुं.) [*ताम्यत्यस्मिन्, तमु काङ्क्षायाम् इति धातोः, अत्यविचमितमिरभिलभिनभितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.) ४०४ इति असच्प्रत्ययः*] १.अन्धकार/अँध्यारो २.कुवा/इनार।

तमसा (स्त्री.) [*ताम्यत्यस्मिन्निति, तमु ग्लानौ इति धातोः, अत्यविचमितमिरभिलभिनभितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.) ४०४ इति असच्, ततष्टाप् ४.१.४*] १.उत्तर भारतमा बग्ने गङ्गाको एक सहायक नदी। यसको आधुनिक नाम टौँस हो २.हरिद्वारको तलबाट बग्दै कानपुर नजिकै गङ्गामा मिसिने नदी ३.ऋक्ष पर्वतबाट निस्केर चित्रकूटको छेउबाट बग्दै बनारस र प्रयागको बिच गोपीगञ्जभन्दा केही पर गङ्गामा मिसिने नदी।

तमस्विनी (स्त्री.) [*तमो विद्यतेऽस्यामिति, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.रात्रि **विभावरीतमस्विन्यौ रजनी यामिनी तमी** (अमर.१.४.४) २.अँध्यारो मुखे आइमाई ३.अबोध महिला ४.शोकाकुल नारी।

तमाखुः (पुं.) सुर्ती।

तमाखुपत्रं राजेन्द्र भज माज्ञानदायकम्
तमाखुपत्रं राजेन्द्र भज मा ज्ञानदायकम्॥ (नीतिश्लो.)

तमालः (पुं./नपुं.) [*ताम्यते इति, तमु काङ्क्षायाम् इति धातोः, तमिविशिबिडिमृणिकुलिकपिपलिपञ्चिभ्यः कालन् (उ.) १२३ इति सूत्रेण कालन्*] १.तमाखु/सुर्ती २.(पुं.) ताडको वृक्ष। **कालस्कन्धस्तमालः स्यात्तापिच्छोऽपि** (अमर.२.४.६८)।

तमालपत्रम् (नपुं.) [*तमालस्य पत्रम्, ष.त.*] १.सुर्ती/काँचो पात/तमाखुको पात २.ताडको पात। **तमालपत्रास्तरणासु रन्तुं प्रसीद शश्वन्मलयस्थलीषु**। (रघु.६.६४) ३.[*तमलपत्रमिव*] निधारमा लगाएको तिलक वा चन्दन। **तमालपत्रतिलकचित्र-काणि विशेषकम्** (अमर.१.२.३)।

तमी (स्त्री.) [*तम्यते ग्लायते , तमु ग्लाने इति धातोः,सर्वधातुभ्य इन् (उ.) इति इन्, पक्षे ङीष्*] १.अन्धकार २.रात्रि।

तमी तमिस्रा कथिता तमस्विनी विभावरी नक्तमुखा च शर्वरी।
क्षपा त्रियामा क्षणदा निशिथिनी निशा च दोषा रजनी च यामिनी॥
(हला.१०७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तमिस्रम् (नपुं.) [*तमोऽस्त्यस्य, ज्योत्स्नातमिस्राशृङ्गिणोर्जस्विन्नूर्ज्वस्वलगोमिन्मलिनमलीमसाः ५.२.१०४ इति निपातः*] १.अन्धकार २.क्रोध ३.नरकविशेष (भाग.४.७.४४)।

तमिस्रा (स्त्री.) [*तमोऽस्यास्तीति ज्योत्स्नातमिस्रा ५.२.१०४ इति तमस उपधाया इत्वम्, रश्च, ततष्टाप्*] १.अँधेरी रात २.कृष्ण पक्षको रात ३.अन्धकार समूह।

तमी (स्त्री.) [*तमिशब्दात् कृदिकारादक्तिनः (ग.सू.) इति ङीष्*] १.अँध्यारो २.रात।

तमु (धा.) [*काङ्क्षायां खेदे च, अक.सेट् पर.*] इच्छा गर्नु, दुःखित हुनु। लट्– **ताम्यति**– इच्छा गर्छ, दुःखित हुन्छ इत्यादि।

तमोगुणः (पुं.) [*तमप्रधानो गुणः, म.प.स.*] तीन गुणमध्ये एक गुण/क्रोध, आलस्य आदिको कारणभूत एक प्राकृतिक गुण।

तमोगुणी (पुं.वि.) [*तमोगुणोऽस्यास्तीति, तमोगुणशब्दात्, अत इनिठनौ ५.२.११५ इति इनिः*] तमोगुण प्रधान भएको/तमोमय।

तमोघ्नः (पुं.) [*तमोऽन्धकारं मोहमज्ञानं वा हन्ति नाशयति मूलविभुजादिभ्यः कः (वा) इति कः, अल्लोपोऽनः ६.४.१३४ इत्यल्लोपः, हो हन्तेर्ञ्णिन्नेषु ७.३.५४ इति कुत्वम्*] १.सूर्य २.गुरु ३.विष्णु ४.चन्द्र ५.शम्भु ६.बुद्ध।

तमोनुद् (पुं.) [*तमो नुदतीति, णुद प्रेरणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, सर्वापहारी लोपः*] १.चन्द्र २.सूर्य ३.अग्नि। **चन्द्राग्न्यर्कास्तमोनुदः** (अमर.३.३.८९)।

तमोपहः (पुं.) [*तमोऽपहन्ति, हन हिंसागत्योः इति धातोः, अपे क्लेशतमसोः३.२.५० इति डः, डित्वाट्टिलोपः*] १.अग्नि २.चन्द्र ३.सूर्य।

तय (धा.) [*गतौ, सक.सेट् आत्म.*] हिँड्नु। लट्– **तयते**– हिँड्छ इत्यादि।

तरः (नपुं.) [*तीर्यतेऽनेन, तॄ प्लवनतरणयोः इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इत्यसुन्*] १.बल/पराक्रम २.वेग। **रंहस्तरः स्यदः स्यात्प्रसरो वेगो रयो जवो वाजः** (हला.४४३) ३.(पुं.) [*तरणम् तॄधातोः अप्*] तर्ने काम। **तरस्तु तरणे पुंसि** (मेदिनी.१२५.४०)।

तरक्षः (पुं.) [*तीर्यते इति तरः, मार्गः, तरं बलं गतिं मार्गं वा क्षिणोति, क्षिणु हिंसायाम्, इति धातोः, मितद्र्वादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.१८१ इति डुः, डित्वाट्टिलोपः, पृषोदरादित्वादकारः*] चितुवा।

तरक्षुः (पुं.) [*तरं बलं गीतं मार्गं वा क्षिणोति क्षिणु हिंसायाम् इति धातोः, मितद्र्वादिभ्य उपसङ्ख्यानम् (वा.) ३.२.१८१ इति डुः, डित्वाट्टिलोपः*] चितुवा। **तरक्षुस्तु मृगादनः** (अमर.२.५.१) (चित्र साभार इन्टरनेट)।

(तरक्षुः)

तरङ्गः (पुं.) [*तरति उत्प्लुत्य गच्छति इति तॄ प्लवनतरणयोः इति धातोः, तरत्यादिभ्यश्च (उ. १२५) इति अङ्गच्*] १.उमङ्ग/उत्साह वा आनन्दका अवस्थामा उठ्ने विचार २.नदीको छाल/लहर।

तरङ्गदैर्घ्यम् (नपुं.) [*तरङ्गस्य दैर्घ्यम्, ष.त.*] विद्युत् चुम्बकीय लहरको लम्बाइ।

तरङ्गिणी (स्त्री.) [*तरङ्गो वीचिरस्त्यस्याः, अत इनिठनौ ५.२.१२५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] नदी।

अव्याकरणमधीतं भिन्नद्रोण्या तरङ्गिणीतरणम्।
भेषजमपथ्यसहितं त्रयमिदं कृतं वरं न कृतम्॥ (सुभा.)

तरङ्गितः (पुं.वि.) [*तरङ्गः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.तरङ्ग भएको २.त्रियाशील।

तरणम् (नपुं.) [*तॄ प्लवनतरणयोः, इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः, णत्वम्*] तर्ने वा पार हुने काम।

तरणिः (पुं.) [*तरन्ति संसारमनेन, तॄ प्लवनतरणयोः, इति धातोः, अर्तिसृधृधम्यम्यश्यवितृभ्योऽनिः (उ.) इत्यनिः*] १.सूर्य २.आँक।

तरणिजा (स्त्री.) १.एक वार्णिक छन्द। यस छन्दमा प्रत्येक पाउमा नगण र गुरु वर्ण (।।।,ऽ) रहन्छन्। २.[*तरणेः सूर्याद् जाता*] यमुना।

तरणी (स्त्री.) १.[*तरन्ति नदीम् अनया, तॄ प्लवनतरणयोः इति धातोः, अर्तिसृधृधम्यम्यश्यवितृभ्योऽनिः (उ.) २ ६७ इत्यनिः, कृदिकारादक्तिनः (ग.सू.) इति ङीप्*] डुङ्गा/नाउ २.[*तरन्ति रोगमनया*] घिउकुमारी। **तरणिर्द्युमणौ पुंसि कुमारीनौकयोः स्त्रियाम्** (मेदिनी.)

तरपण्यम् (नपुं.) [*तरणमिति, तॄ प्लवनतरणयोः इति धातोः, ऋदोरप् ३.३.७५ इत्यप्, तरस्य पण्यम्, ष.त.*] डुङ्गाको ख्यावा/डुङ्गा तारेको भाडा। **आतरस्तरपण्यं स्यात्** (अमर.१.१०.११)।

तरलः (पुं.) [*तरणं तरः, ऋदोरप् ३.३.५७ इत्यप्, तरं लातीति आतोऽनुपसर्गे कः इति कः, यद्वा तॄ प्लवनतरणयोः इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११ इति कलप्रत्ययः*] १.हारको बिचमा रहेको त्रिपुटि। **तरलो हारमध्यगः** (अमर.२.६.१०२) २.हारका दाना। **प्रकीर्णका विप्रकीर्णाश्च राजन्, प्रवालमुक्तास्तरलाश्च हाराः** (म.भा.८.९४.२८) ३.(पुं.वि.) चञ्चल ४.चित्तको द्रवीभाव भएको। **आ स्वभावमधुरैरनुभावैस्तावकैरतितरां तरलाः स्म** (नैष.५.२४) ५.निश्चित नभएको,जता पनि जान सक्ने ६.(नपुं.) [*तरति, बाहुलकाद् अलच्*] झोल ।**~ नयनः** (पुं.वि.) [*तरलं नयनं यस्य सः, बहु.स.*] चञ्चल आँखा भएको।

तरलनयनम् (नपुं.) १.[*तरलञ्च तत् नयनञ्च, कर्म.स.*] चञ्चल आँखा २.प्रत्येक पाउमा चार नगणको प्रयोग भएको छन्द।

तरला (स्त्री.) [*तरलशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.रक्सी २.मौरी ३.हलुवा। **तरला च विलेपिका** (हला.३२०)।

तरलितः (पुं.वि.) [*तरलमस्य जातमिति तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.६ इति इतच्*] १.आन्दोलित २.कम्पित ३.पग्लिएको ४.अस्थिर अवस्थामा रहेको।

तरवारिः (पुं.) [*तरं समागतं विपक्षबलं वारयतीति, अच इः (उ.५८८) इति इः*] तरबार। पुराणअनुसार ब्रह्माको यज्ञाग्निबाट खड्गको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति भयो र ब्रह्माले खड्ग शिवलाई दिनुभयो। शिवले विष्णुलाई, विष्णुले मरीचिलाई, मरीचिले महर्षिहरूलाई र महर्षिहरूले इन्द्रलाई दिए। यसरी नै त्यो कृपाचार्य कहाँ आयो र कृपाचार्यले पाण्डवहरूलाई दिएपछि खड्गको प्रचार भयो। तरबार दुई– तीन हात लामो र साँढे दुई तीन अङ्गुल चौडा पातलो र तीखो धार भएको प्रसिद्ध हतियार हो। दुईतिर धार र तिखो टुप्पो भएको तरबारलाई **असिः** (पुं.), दुईतिर धार भएको बोधो टुप्पो भएको तरबार– **खड्गः** (पुं.), टुप्पो घुम्रेको छाँटको तरबार– **करवालः/मण्डलाग्रः** (पुं.), करवीरको पातको आकार भएको तरबार– **करवीरदलाकारखड्गः** (पुं.), कमलका पातको आकारको तरबार– **पद्मदलाकृतिखड्गः** (पुं.), हँसियाजस्तो तरबार– **कुब्जखड्गः** (पुं.), लट्ठीझैँ सोझो तरबार– **दण्डखड्गः** (पुं.), तरबारको धारलाई– **पुष्करम्** (नपुं.), तरबार भुन्ड्याउने फित्तालाई– **मेखला** (स्त्री.), तरबारको मूठलाई– **त्सरुः** (पुं.), तरबारको म्यानलाई– **कोशः** (पुं.) भनिन्छ। **सर्वेषामुत्तमः खड्गश्चन्द्रहासः सुखावहः। पञ्चाशदङ्गुलः कार्यः किं वा तालत्रयेण तु ॥ करवीरदलाकारः किं वा पद्मदलाकृतिः। अथवा कुब्जखड्गेन दण्डखड्गेन छेदयेत्** ॥ (पु.च. ४/१३) तरबार चलाउने किसिमहरू– मण्डलाकार गरी तरबार घुमाउनु– **भ्रान्तम्** (नपुं.), उठाएर चारैतिर घुमाउनु– **उद्भ्रान्तम्** (नपुं.), आफ्नो चारैतिर तरबार घुमाउनु– **आविद्धम्** (नपुं.), शत्रुमाथि जाइलाग्दा उठाउनु– **आप्लुतम्** (नपुं.), तरबारको टुप्पोले शत्रुलाई घोच्नु– **प्रसृतम्** (नपुं.), शत्रुको दायाँ– बायाँ ढालसँगै तरबार घुमाउनु– **परिवृत्तम्** (नपुं.), शत्रुको दायाँ बायाँ ढाल लिएर तरबार घुमाउँदै पछि हट्नु– **निवृत्तम्** (नपुं.), दुवैथरी योद्धाले आपसमा तरबारले हानाहान गर्नु– **सम्पातम्** (नपुं.), लडाइँमा तरबारले आफ्नो वैशिष्ट्य कायम गर्नु– **समुद्दीर्णम्** (नपुं.), अङ्गप्रत्यङ्गमा तरबार चलाउनु– **भारतम्** (नपुं.), विचित्र रीतिले तरबार चलाउनु– **कौशिकम्** (नपुं.), आफूलाई ढालले बचाएर तरबार चलाउनु– **सात्त्वतम्** (नपुं.), घुम्रेको तरबार– **धाराविषः** (पुं.), तरबारको धारमा नाच्ने– **नर्तकः** (पुं.), तीन चार हात लामो दुवैतिर धार भएको तिखो टुप्पो तरबारविशेष– **पट्टिशः** (पुं.), तरबार इन्द्रको– **परञ्जम्** (नपुं.), बलिदान दिंदा प्रयोग गरिने तरबार– **पराकः** (पुं.), दुईतिर धार भएको तरबार– **यमधारः** (पुं.)।

भ्रान्तमुद्भ्रान्तमाविद्धमाप्लुतं प्रसृतं सृतम्।
परिवृत्तं निवृत्तं च खड्गं चर्म च धारयन्॥
सम्पातं समुद्दीर्णं च दर्शयामास पार्षतः।
भारतं कौशिकं चैव सात्त्वतं चैव शिक्षया॥ (म.भा.द्रो.प.)

तरसम् (नपुं.) [*तरो बलमस्त्यस्मिन्, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] मासु। **पिशितं तरसं मांसम्** (अमर.२.६.६३)।

तरस्वी (पुं.वि.) [*तरो वेगोऽस्यास्तीति, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिः*] १.वेगशाली,फुर्तिलो २.वीर। **तरस्वी शूरवेगिनोः** (अमर.) ३.(पुं.) गरुड ४.वायु।

तरिः (स्त्री.) [*तरन्त्यनया तॄ प्लवनतरणयोः, इति धातोः, अच इः (उ.) ५८८ इति इः*] १.डुङ्गा। **साब्रवीद् दासकन्यास्मि धर्मार्थं वाहये तरिम्।** (म.भा.१.१००.४८) २.लुगा राख्ने सन्दुस।

तरी (स्त्री.) [*तरन्त्यनया, तॄ प्लवनतरणयोः इति धातोः अवितॄस्तृतन्त्रीभ्य ईः (उ.) ४४६ इति ईः*] १.डुङ्गा २.लुगा,गहना राख्ने सन्दुस।

तरुः (पुं.) [*तरति संसारसमुद्रं नरकं वाऽनेन रोपकः इति, तॄ प्लवनतरणयोः, इति धातोः, भृमृशीतॄचरित्सरितनिधनिमिमस्जिभ्य उः (उ.) ७ इति सूत्रेण उः*] वृक्ष/बोट।**~कोटरः** (पुं.) [*तरोः कोटरः, ष.त.*] रुखको टोड्को।**~खण्डः** (पुं.) [*तरोः खण्डः, ष.त.*] रुखको टुक्रो/ठुटे।**~तलम्** (नपुं.) [*तरोस्तलम्, ष.त.*] रुखको छहारीभित्र पर्ने भूभाग।**~राजः** (पुं.) [*तरूणां राजा, ष.त. राजाहःसखिभ्यष्टच् ५.४.९१*] ताडको रुख।**~विलासिनी** (स्त्री.) [*तरुणा विलसति तच्छीला, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.रुखमा जाने लहरो २.मालती फूलको लहरो।

तरुणः (पुं.) [*तरति प्रमोदसलिले, तॄ प्लवनतरणयोः इति धातोः, त्रो रश्च लो वा (उ.) ३४१ इति उनन्, रपरत्वम्*] १.जवान/युवक/युवा पुरुष/तन्नेरी। **वयस्थस्तरुणो युवा।** (अभि.चि.) २.नयाँ/ताजा।

तरुणं सर्षपशाकं नवौदनं पिच्छिलानि दधीनि।
स्वल्पव्ययेन सुन्दरि ग्राम्यजनो मिष्टमश्नाति॥ (छन्दो.)

~ज्वरः (पुं.) सातदिनभन्दा बढी आएको ज्वरो। **~दधि** (नपुं.) पाँचराते दही।

शुष्कं मांसं स्त्रियो वृद्धा बालार्कस्तरुणं दधि।
प्रभाते मैथुनं निद्रा सद्यः प्राणहराणि षट्॥ (चाणक्य)

तरुणी (स्त्री.) [*तरति प्रमोदसलिले, तॄ प्लवनतरणयोः इति धातोः, त्रो रश्च लो वा (उ.) ३४१, इत्युनः, ततो ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्, गुणः, रपरत्वम्*] युवती/उमेर चढेकी आइमाई। **वृद्धोऽपि तरुणीं गत्वा तरुणत्वमवाप्नुयात्** (भा.प्र.)।

तरुमृगः (पुं.) [*तरुप्रचारी मृगः, शाकपार्थिवादीनां सिद्धये उत्तरपद लोपस्योपसङ्ख्यानम् (वा.) २.१.६० इति मध्यमपदलोपी समासः*] बाँदर (शब्दर.)।

तरुशः (पुं.) [*तरवः सन्त्यस्मिन्, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति शः*] रुख भएको।

तर्क (धा.) [*भाषायां वितर्के च, सक.सेट्, उभ.*]– तर्क गर्नु। लट्– **तर्कयति–ते–** तर्क गर्छ। लिट्– **तर्कयाञ्चकार-चक्रे–** तर्क गरेछ (अन.)। लुट्–**तर्कयिता–**तर्क गर्ने छ (अन.)। लृट्– **तर्कयिष्यति–ते–** तर्क गर्ने छ। लोट्– **तर्कयतु–ताम्–** तर्क गरोस्। लङ्– **अतर्कयेत्–त–** तर्क गऱ्यो (अन.)। विधिलिङ्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्कयेत्-त— तर्क गर्ला, तर्क गरोस्। आशीर्लिङ्— **तर्क्यात्-तर्कयिषीष्ट**— तर्क गरोस्। लुङ्— **अततर्कत्-त**— तर्क गऱ्यो। लृङ्— **अतर्कयिष्यत्-त**— तर्क गर्ने थियो इत्यादि।

तर्कः (पुं.) १.[*तर्क भाषायां, वितर्के च इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.वादविवाद/बहस/विवेचना/तर्कना। **शुष्कतर्कं परित्यज्य आश्रयस्व श्रुतिं स्मृतिम्।** (म.भा.३.१९९.१०८) २.[*तर्क्यते प्रतिपाद्यते इति*] पदार्थ ३.[*तर्क्यन्ते प्रतिपाद्यन्ते पदार्था अनेन, करणे घञ्*] न्यायशास्त्र ४.मीमांसा आदि हेतुशास्त्र। **यस्तर्केणानुसन्धत्ते स धर्मं वेद नेतरः।** (मनु.) ५.ज्ञान । **तं वै फलार्थिनं मन्ये भ्रातरं तर्कचक्षुषा।** (म.भा.१.१६८.१८) **~वितर्कः** (पुं.) [*तर्कश्चासौ वितर्कश्च, कर्म.स*] अनेक किसिमको तर्क/वादविवाद। **~विद्या** (स्त्री.) [*तर्कस्य पदार्थस्य विद्या, ष.त.*] तर्क वा बहस गर्ने शास्त्र/न्यायविद्या/पदार्थविद्या/आन्वीक्षिकी। **~शास्त्रम्** (नपुं.) [*तर्कस्य पदार्थस्य शास्त्रम्, ष.त.*] न्यायविद्या/तर्क गर्न सिकाउने विद्या/पदार्थशास्त्र/आन्वीक्षिकी। **आन्वीक्षिकीं तर्कविद्यामनुरक्तो निरर्थकम्** (म.भा.१३.३७.१२)।

तर्कुः (पुं.) [*कृन्त्यते कृन्तति छिनत्ति वस्त्रादिकमनेन इति वा, कृतिच्छेदने इति धातोः, कृतेराद्यन्तविपर्ययश्च (उ.) १६ इति सूत्रेण उः, ककारतकारयोर्विनिमयश्च*] धागो बेर्ने यन्त्र।

तर्ज (धा.) [*तर्जने, चुरा.सक.सेट् आत्म.*] निन्दा गर्नु, गाली गर्नु। लट्— **तर्जयते**— गाली दिन्छ, निन्दा गर्छ। लिट्— **तर्जयाञ्चक्रे**— गाली गरेछ, निन्दा गरेछ (अन.)। लुट्— **तर्जयिता**— गाली गर्ने छ, निन्दा गर्ने छ (अन.)। लृट्— **तर्जयिष्यते**— निन्दा गर्ने छ, गाली गर्ने छ। लोट्— **तर्जयताम्**— निन्दा गरोस् गाली गरोस्। लङ्— **अतर्जयत**— निन्दा गऱ्यो, गाली गऱ्यो (अन.)। विधिलिङ्— **तर्जयेत**— निन्दा गर्ला, गाली गर्ला, निन्दा गरोस्, गाली गरोस्। आशीर्लिङ्— **तर्जयिषीष्ट**— निन्दा गरोस्, गाली गरोस्। लुङ्— **अततर्जत**— निन्दा गऱ्यो, गाली गऱ्यो। लृङ्— **अतर्जयिष्यत**— निन्दा गर्ने थियो, गाली गर्ने थियो इत्यादि।

तर्ज (धा.) [*भर्त्सने, सक.सेट् पर.*] गाली गर्नु। लट्— **तर्जति**— गाली गर्छ। लिट्— **ततर्ज**— गाली गरेछ (अन.) इत्यादि।

तर्जनम् (नपुं.) [*तर्ज भर्त्सने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.गाली गर्ने काम २.डाँट्ने काम।

तर्जनी (स्त्री.) [*तर्ज्यतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः, टित्वान् ङीप्*] चोर औंलो।

तर्णकः (पुं.) [*तर्ण एव, स्वार्थे कन्*] १.भर्खर जन्मिएको बाच्छो **तर्णकः स्मर्यते वत्सः** (हला.२६३) २.बालक। **गोकर्णतर्णकोऽयं तर्णोत्युपकण्ठकच्छेषु** (अनर्घराघव २.२३)।

तर्द (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् पर.*] हिंसा गर्नु। लट्— **तर्दति**— हिंसा गर्छ इत्यादि।

तर्दूः (पुं.) [*तरतीति, तॄ प्लवनतरणयोः इति धातोः, त्रो दुट् च (उ.) ९२ इति उः, दुडागमश्च*] काठको करछी/दाबिलो।

तर्पणम् (नपुं.) [*तर्पयति देवान्, ऋषीन्, पितृपितामहादीन् अनेन, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट् कृत्यल्युटो बहुलम् ३.३.११३ इति वा कर्तरि ल्युट्, अनः*] १.देवता, ऋषि र पितृलाई पानी दिने काम ।

तर्पणेन च होमेन सन्ध्याया वन्दनेन च।
प्राप्यते भगवान् विष्णुर्धर्मकामार्थमोक्षदः॥

(ग.पु.आचारकाण्ड २२३.२) २.[*तृप पृणने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] अघाउनु। **सौहित्यं तर्पणं तृप्तिः** (अमर.२.९.५६) ३.तृप्त पार्नु/प्रसन्न तुल्याउनु। **तर्पणं प्रीणनावनम्** (अमर.३.२.४)।

तर्षः (पुं.) [*तर्षणम्, ञितृषा पिपासायाम् इति धातोः भावे ३.३.१८ इति घञ्*] १.तृष्णा/विषयभोगको चाहना। **निवृत्ततर्षैरुपगीयमानम्** (भाग.) **तृष्णा तर्षोपलाषिका** (अभि.चि.) २.तिर्खा/प्यास। ३.सूर्य ४.समुद्र ५.अभिलाषा।

तर्षणम् (नपुं.) [*ञितृषा पिपासायाम् इति धातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट्, अनः, गुणः, णत्वम्*] १.तृष्णा/विषयभोगको उत्कट अभिलाषा २.पिपासा।

तर्षितः (पुं.वि.) [*तर्षःसञ्जातोऽस्य, तारकादितया इतच्*] १.तिर्खाएको। **राजा तद्यज्ञसदनं प्रविष्टो निशि तर्षितः।** (भाग.९.२.२७) २.तीव्र अभिलाषा भएको। **वशिष्ठः पुरतः कृत्वा दारान् दशरथस्य च। अभिचक्राम तं देशं रामदर्शनतर्षितः॥** (रामा.२.१०४.१)

तर्हि (अव्य.) [*तथा सति, अनद्यतने र्हिलन्यतरस्याम् ५.३.२ इति र्हिल् अत्वपररूपे*] त्यसो भए।

तल (धा.) [*प्रतिष्ठायाम्, चुरा. सक.सेट्, उभ.*] स्थापित गर्नु। लट्— **तालयति-ते**— स्थापित गर्छ। लिट्— **तालयाञ्चकार-चक्रे**— स्थापित गरेछ (अन.)। लुट्— **तालयिता**— स्थापित गर्ने छ (अन.)। लृट्— **तालयिष्यति-ते**—स्थापित गर्ने छ। लोट्— **तालयतु-ताम्**— स्थापित गरोस्। लङ्— **अतालयत्-त**— स्थापित गऱ्यो (अन.)। विधिलिङ्— **तालयेत्-त**— स्थापित गर्ला, स्थापित गरोस्। आशीर्लिङ्— **ताल्यात्-तालयिषीष्ट**— स्थापित गरोस्। लुङ्—**अतीतलत्-त**— स्थापिंत गऱ्यो। लृङ्— **अतालयिष्यत्-त**— स्थापित गर्ने थियो इत्यादि।

तलः (पुं.) [*तल प्रतिष्ठायामिति धातोः पचाद्यच्*] १.वृक्ष २.थप्पड/लबटा। **स मुष्टिं पातयामास हृदये दैत्यपुङ्गवः। देव्यास्तञ्चापि सा देवी तलेनोरस्यताडयत्॥** (मार्कण्डेयपु. ९०.१६) ३.ताली। **ततः प्रहसिताः सर्वे तेऽन्योन्यस्य तलान् ददुः।** (म.भा. २.२७७.२४) ४.तरबारको मुठ ५.आचार ६.स्वभाव ७.महादेव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलम् (नपुं.) [*तल प्रतिष्ठायामिति धातोः पचाद्यच्*] १.ताँदो चलाउदा पर्ने आघातलाई कम गर्न हात वा औँलामा लगाइने साधन। **ततः समुत्पेतुरुदायुधास्ते महीक्षितो बद्धतलाङ्गुलित्राः** । (म.भा. १.१९०.१५) २.वन २.खाडल ३.पैताला ४.हत्केलो ५.कार्यबीज ६.कुनै स्थानविशेषसित जोडिएर आउने शब्द। जस्तै– भूतल, अवनितल, रसातल आदि ७.तलो।

तलितमांसम् (पुं.) [*तलितञ्च तन्मांसञ्च, कर्म.स.*) पाकेको शुद्ध मासुलाई घिउमा पुनः भुटेको मासु।

शुद्धमांसविधानेन मांसं सम्यक् प्रसाधितम्।
पुनस्तदाज्ये संभृष्टं तलितं कथ्यते बुधैः॥ (भा.प्र.नि.)

तलिनः (पुं.वि.) [*तालयति प्रतिष्ठतीति, तल प्रतिष्ठायाम् इति धातोः, तलिपुलिभ्याञ्च (उ.२२१) इति इनच्*] १.विरल/थोरै २.स्वच्छ। **तलिनं विरले स्तोके स्वच्छेऽपि वाच्यलिङ्गकम्** (मेदिनी.)।

तलुनः (पुं.) [*तरतीति, तॄ प्लवनतरणयोः इति धातोः, त्रो रश्च लो वा (उ.) ३१४, इत्युनः गुणः रपरत्वम्, रस्य लश्च*] तरुण/युवा/तन्नेरी।

तल्पम् (नपुं.) [*तल्यते शयनार्थं गम्यतेऽत्र, खष्पशिल्पशष्पवाष्परूप पर्पतल्पाः (उ.) ३१५ इति पः*] १.ओछ्यान २.पत्नी ३.अटाली। **तल्पं शय्याट्टदारेषु** (अमर.३.३.१३१)।

तसि (धा.) [*अलङ्करणे, चुरा.सक.सेट्, उभ.*] सजाउनु। लट्– **तंसयति–** सजाउँछ। लिट्– **तंसयाञ्चकार–चक्रे–** सजाएछ (अन.)। लुट्– **तंसयिता–** सजाउने छ (अन.)। लृट्– **तंसयिष्यति–ते–** सजाउने छ। लोट्– **तंसयतु–ताम्–** सजाओस्। लङ्– **अतंसयत्–त–** सजायो (अन.)। विधिलिङ्– **तंसयेत्–त–** सजाउला, सजाओस्। आशीर्लिङ्– **तंस्यात्–तंसयिषीष्ट–** सजाओस्। लुङ्– **अततंसत्–त–** सजायो। लृङ्– **अतंसयिष्यत्–त–** सजाउने थियो।कर्मणि– **अवतंस्यते–** सजाइन्छ, अलङ्कृत पारिन्छ। कृदन्ते– **अवतंसकः, अवतंसिका, अवतंसयिता, अवतंसयित्री–** सजाउने, अलङ्कृत तुल्याउने। **अवतंस्य–** सजाएर अलङ्कृत पारेर। **अवतंसयितुम्–** सजाउन, अलङ्कृत पार्न। **अवतंसयितव्यम्, अवतंसनीयम्, अवतंस्यम–** सजाउनु पर्ने, अलङ्कृत गरिनु पर्ने। **अवतंसनम्–** सजाउनु, अलङ्कृत पार्नु **अवतंसः–** *सजावट* अलङ्कार [*प्रायेण अयं अवपूर्वः*] इत्यादि।

तसु (धा.) [*उपक्षये, दिवा.सक.सेट्, पर.*] फ्याँक्नु, उडाइदिनु। लट्– **तस्यति–**फ्याँक्छ,उडाइदिन्छ। लिट्– **ततास–** फ्याँकेछ, उडाइदिएछ (अन.)। लुट्– **तसिता–** फ्याँक्ने छ, उडाउने छ (अन.)। लृट्– **तसिष्यति–** फ्याँक्नेछ, उडाउनेछ। लोट्– **तस्यतु–** फ्याँकोस्, उडाओस्। लङ्– **अतस्यत्–** फ्याँक्यो, उडायो (अन.)। विधिलिङ्– **तस्येत्–** फ्याँक्ला, उडाउला, फ्याँकोस्, उडाओस्। आशीर्लिङ्– **तस्यात्–** फ्याँकोस्, उडाओस्। लुङ्– **अतसत्–** फ्याँक्यो, उडायो। लृङ्– **अतसिष्यत्–** फ्याँक्ने थियो इत्यादि।

तस्करः (पुं.) [*तत् चौरं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः, तद्बृहतोः करपत्योश्चोरदेवतयोः, सुट् तलोपश्च (वा.) ६.१.१५७ इति सुट् तलोपश्च*] १.चोर/लुकेर वा देखादेख अरूको वा राज्यको सम्पत्ति अपहरण गर्ने।

इन्दुं निन्दति तस्करो गृहपतिं जारो सुशीलं खलः
साध्वीमप्यसती कुलीनमकुलो जह्याज्जरन्तं युवा।
विद्यावन्तमनक्षरो धनपतिं नीचश्च रूपोज्ज्वलं
वैरूप्येण हतः प्रबुद्धमबुधो कृष्टं निकृष्टो जनः॥

(सुभा.) २.कान। **तस्करः कर्णचोरयोः** (रत्न.)।

ताक्रम् (नपुं.) [*तक्रेण संस्कृतम्, संस्कृतं भक्षा ४.२.१६ इति अण्*] मोई हालेर बनाएको खाद्यपदार्थ।

ताटङ्कः (पुं.) १.मात्रिक छन्दको एक भेद। यसको प्रत्येक चरणमा १६ र १४ वर्णमा विश्राम हुन्छ। अन्त्यमा मगण (ऽऽऽ) आउँछ। यसका प्रत्येक चरणमा २८ मात्रा हुन्छन्। २.[*पृषो.*]कानमा लगाउने गहना।

ताडका (स्त्री.) रामायणअनुसार विश्वामित्रको यज्ञमा रामले मारेकी एक राक्षसी। यसका पिताको नाम सुकेतु, पतिको नाम सुन्दर र छोराको नाम मारीच थियो।

ताडनम् (नपुं.) [*तड आघाते इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पिट्नु २.पिटाइ / आघात ३.डाँट्नु/हप्काउनु ४.दण्ड/दण्ड दिनु ५.गुणन/गुणन गर्नु ६.चन्दनले मन्त्र लेखेर वायुबीज पढ्दै त्यस मन्त्रमा पानीले हान्ने क्रिया।

ताडना (स्त्री.) [*तड आघाते इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.पिटाइ २.हप्काइ ३.धम्की ४.गुणन।

ताडनी (स्त्री.) [*ताड्यतेऽनया,करणे ल्युट्, ङीप्*] सिर्कनो/छडी।

ताण्डवः (पुं./नपुं.) [*तण्डुमुनिना प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्, नपुं– ताण्डवम्*] १.पुरुषको विशेष नृत्य। **पुंनृत्यं ताण्डवं प्रोक्तं स्त्रीनृत्यं लास्यमुच्यते**। २.शिवको नृत्य।

तातः (पुं.) [*तनोति विस्तारयति गोत्रादिकम्,तनु विस्तारे, दुतनिभ्यां दीर्घश्च (उ.) ३७७ इति क्तः, दीर्घश्च, नलोपः*] १.बाबु/पिता २.पूजनीय व्यक्ति ३.छोरो ४.शिष्य (आत्मालाई पुत्ररूपमा जन्माउने हुँदा पितालाई तात भनिएको हो, पिता नै पुत्र रूपमा जन्मलिने हुँदा छोरालाई तात भनिएको हो, शिष्य पनि छोरो जस्तै हुने हुँदा शिष्यलाई पनि तात भनिन्छ) ४.प्रेमपूर्ण सम्बोधनमा प्रयोग हुने शब्द। **शिष्योऽपि पुत्र उच्यते** (शाङ्करभाष्य)।

तनोति पुत्ररूपेण आत्मानमिति पिता तात उच्यते।
पिता एव पुत्र इति पुत्रोऽपि तात उच्यते॥
तातेन कथितं पुत्र लेखं लिख ममाज्ञया।
नतेन लिखितो लेखः पितुराज्ञा न लङ्घिता॥ (सु.भा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तात्कालिकः (पु.वि.) [*तत्कालाय अयम्, आपदादिपूर्वपदात् कालान्तात् (वा.) ४.२.११६ इति ठञ्, ञिठञ् वा, स्त्रियां ठञि तात्कालिकी, ञिठञि तु तात्कालिका*] तत्कालका लागि भएको/तत्कालको ।

तात्पर्यम् (नपुं.) [*तत्परस्य भाव, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.वक्ताको इच्छा/अभिप्राय २.तत्परता ।

तात्पर्यावृत्तिः (स्त्री.) [*तात्पर्या इति वृत्तिः, कर्म.स.*] मीमांसकहरू मध्ये केही आचार्यहरूले प्रतिपादन गरेको एक शब्दशक्ति। अभिधाले वाच्यार्थ बुझाउँछ भने लक्षणाले लक्ष्यार्थ बुझाउँछ। शब्दको परस्पर अन्वय गरेर तात्पर्य बुझाउने काम तात्पर्या वृत्तिको हो । यो अभिहितान्वयवादीको मत हो । वाक्यमा मुख्य तीन तत्त्व छन्– आकाङ्क्षा, योग्यता र आसत्ति । वाक्य पूर्तिका लागि अर्को पदको अपेक्षा रहनु आकाङ्क्षा हो । वाक्यमा प्रयोग भएका पदहरूको अर्थ बुझाउन सक्ने क्षमता योग्यता हो । वाक्यमा प्रयुक्त पदहरूको सामीप्य हुनु आसत्ति हो । यति हुँदाहुँदै पनि शब्दहरूको अन्वय ज्ञान विना वास्तविक अर्थको बोध नहुने हुँदा त्यसका लागि तात्पर्यावृत्ति मान्नुपर्छ भन्ने अभिहितान्वयवादीको मत छ। **तात्पर्यार्थोऽपि केषुचित्** (का.प्र.)।

तादात्म्यम् (नपुं.) [*स आत्मा स्वरूपं यस्य, तस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] अभेद। तद्रूपता ।

तादृक् (पुं.) [*स इव दृश्यते, तत् पूर्वकात् दृशिर् प्रेक्षणे इति धातोः, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति क्विप्, आः सर्वनाम्नः ३.३.९१ इति आत्वम्, कुत्वम्*] त्यस्तो/त्यस किसिमको ।

तादृशः (पुं.) [*स इव दृश्यते, तत् पूर्वकात् दृशिर् प्रेक्षणे इति धातोः, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति कञ्, आः सर्वनाम्नः ३.३.९१ इति आत्वम्*] त्यस्तै/त्यस किसिमको । **न मातरि न दारेषु न सोदर्ये न चात्मनि। विश्वासस्तादृशः पुंसो यादृङ् मित्रे स्वभावजे॥** (सुभा.)

तादरूप्यरूपकम् (नपुं.) [*तादूप्यञ्च तद् रूपकञ्च, कर्म.स.*] उपमान र उपमेयको आरोप हुँदा रूपक अलङ्कार बन्दछ। यो दुई किसिमको हुन्छ– अभेद रूपक र तादरूप्य रूपक । उपमान र उपमेयलाई अभेद मानेर वर्णन गर्दा अभेदरूपक हुन्छ भने उपमेयलाई तद्रूप अर्थात् उपमानको रूपमा वर्णन गर्दा तादरूप्य रूपक हुन्छ जस्तै–

अचतुर्वदनो ब्रह्मा द्विबाहुरपरो हरिः।
अभाललोचनः शम्भुर्भगवान् बादरायणः॥

यसमा वेदव्यासमाथि उपमान अर्थात् ब्रह्म, हरि र शम्भुको तादरूप्य देखाइएको हुँदा तादरूप्य रूपक अलङ्कार परेको छ।

तानः (पुं.) [*तन्यते विस्तार्यते इति, तनु विस्तारे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.धागो २.सङ्गीतमा स्वर समूहको कलापूर्ण विस्तार, । तान धेरैथरी हुन्छन्, जस्तै– शुद्धतान– **सारेगमपधनिसा सानिधपमगरेसा** । कूटतान– **सागरेगमपधपनिधसा** । सपाटतान– **सारेगमपधनिसा रेंगंसंपंमंगंरेंसाँनिंधपमगरेसा** । मिश्रतान– **गरेमगधपमगगमपधम पधनिधसाँनिरेगरेंसा** इत्यादि । **~तरङ्गः** (पुं.) [*तानस्य तरङ्गः, ष.त.*] सङ्गीतमा तानको लहर । **~पूरिका** (स्त्री.) तानपूरा ।

तान्त्रिकः (पुं.वि.) [*तन्त्रम् तन्त्रामकशास्त्रमधीते वेत्ति अनुसरति वा तन्त्रशब्दात् ऋतुक्थादिसूत्रान्ताट्ठक् ४.२.६० इति ठक्, ठस्येकः ७.३.५० इति इकः*] १.तन्त्रशास्त्रको ज्ञाता अध्येता वा त्यसअनुसार साधना गर्ने । २.विभिन्न सिद्धान्तको ज्ञाता। **सैद्धान्तिकस्तु तान्त्रिकः** (अभि.चि.) ।

तापः (पुं.) [*तपनं तापः, तप सन्तापे इति धातोर्णिचि, भावे ३.३.१८ इति घञ्*] १.सन्ताप २.दुःख/वेदना । **~त्रयम्** (नपुं.) [*तापानां त्रयम्, ष.त.*] आध्यात्मिक, आधिदैविक र आधिभौतिक कष्ट। **~हरः** (पुं.वि.) [*तापस्य हरः,ष.त.*] शान्तिदायी ।

तापक्रमः (पुं.) [*तापस्य क्रमः, ष.त.*] तापको बढ्दो वा घट्दो क्रम ।

तापनीयम् (नपुं.) [*तपनीयस्य विकारः, जातरूपेभ्यः परिमाणे ४.३.१५३ इति अण्, आदिवृद्धिः, अन्त्यलोपः*] सुनको सिक्का।

तापमानम् (नपुं.) [*तापस्य मानम्, ष.त.*] तापको परिमाण ।

तापमापकः (पुं.वि.) [मापयति, माधातोः णिचि पुकि अकः,तापस्य मापकः] ताप नाप्ने ।

तापसः (पुं.) [*तपोऽस्यास्तीति, अण् च इति अण्, वृद्धिः*] तपस्वी।

तापसकः (पुं.) [*कुत्सितः तापसः, कुत्सिते इति कन्*] तुच्छ तपस्वी।

तामरसम् (नपुं.) १.वार्णिक छन्दको समवृत्तको एक भेद/यसको प्रत्येक पाउमा क्रमैले नगण, जगण, जगण, यगण रहन्छन्। **इह वद तामरसं नजजा यः**। (छन्दो.) २.सुन ३.कमल। **पङ्केरुहं तामरसम्** (अमर.) ।

तामसः (पुं.) [*तमोऽस्यास्तीति ज्योत्स्नादिभ्य उपसङ्ख्यानम् (वा.) ५.२.१०३ इति मत्वर्थेऽण्*] १.दुष्ट मानिस २.सर्प ३.लाटे कोसेरो ४.क्रोध ५.चौथो मनु ६.तेत्तिसथरी केतु।

तामसमनुः (पुं.) [*तामस इति मनुः, कर्म. स.*] १.चौथा मनु २.स्वराष्ट्र नामका एक पराक्रमी राजा।

तामिस्रः (पुं.) [*तमिस्रा अस्ति अस्याम्, अणप्रकरणे ज्योत्स्नादिभ्य उपसङ्ख्यानम् (वा.) इति अण्, वृद्धिः*] नरकविशेष ।

ताम्बूलम् (नपुं.) [*ताम्यति काङ्क्षति यत्तत्, तमु काङ्क्षायाम् इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊलच् तमेबुग्वृद्धिश्च*] पानको पात, खयर, चून, सुपारी, मसाला आदि हाली बनाइएको पान।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताम्बूलं कटुतिक्तमिश्रमधुरं क्षारं कषायान्वितं
वातघ्नं कफनाशनं कृमिहरं दौर्गन्ध्यदोषापहम्।
वक्त्रस्याभरणं मलापहरणं कामाग्निसन्दीपनं
ताम्बूलस्य सखे त्रयोदश गुणाः स्वर्गेऽपि ते दुर्लभाः॥

ताम्बूलिकः (पुं.) [*ताम्बूलेन जीवति, वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्, ठस्येकः ७.३.५० इति इकः*] पान बेच्ने व्यक्ति।

ताम्बूली (स्त्री.) [*ताम्बूलशब्दात् गौरादितया ङीष्*] पानको लहरो।

ताम्रः (पुं.) [*ताम्र इव*] रातो रङ्को। **~कारः** (पुं.वि.) [*ताम्रं कारोति, कर्मण्यण् इत्यण्*] १.तामाको भाँडा बनाउने व्यक्ति २.थरविशेष। **~कौशिकी** (स्त्री.) [*ताम्रा रक्तवर्णा चासौ कौशिकी च, कर्म.स. ताम्रवर्णपर्वतादागता वा*] भोटमा मूल भई नेपालको पूर्वी क्षेत्रबाट बग्ने सप्तकोसीमध्येको एक नदी। **~चूडः** (पुं.) [*ताम्रा रक्तवर्णा चूडा शिखा यस्य सः, बहु.स.*] कुखुरो। **ताम्रचूडस्य मांसेन पिबेच्च मद्यमुत्तमम्** (भा.प्र.)।**~पत्रम्** (नपुं.) [*ताम्रस्य पत्रमिव पत्रम्, त.स.*] तामाको पातामा लेखिएको लेख/कुनै विशेष दान–धर्म र कामकाजको प्रमाण पछि सम्म रहोस् अनि सबैले जानुन्, बुझुन् भनी तत्सम्बन्धी विषय खोदाई वा कुँदाई राखिएको ताँवाको पातो। **~पात्रम्** (नपुं.) [*ताम्रस्य पात्रम्, ष.त.*] तामाको भाँडो। **~युगम्** (नपुं.) [*ताम्रप्रधानं युगम्, म.म.स.*] मानिसले तामाका औजार, भाँडाकुँडा आदि उपयोगमा ल्याउन प्रारम्भ गरेको ऐतिहासिक समय।

ताम्रम् (नपुं.) [*ताम्यति काङ्क्षतीति, तमु काङ्क्षायाम् इति धातोः, अमितम्योर्दीर्घश्च (उ.) १८३ इति रक्, दीर्घश्च*] १.तामो/धातु विशेष २.द्वीपविशेष रातो वर्ण भएको ३.कुष्ठरोग ४.(पुं.वि.)।

ताम्रिमा (पुं.) [*ताम्रस्य भावः, वर्णदृढादिभ्यः ष्यञ् च ५.१.१२३ इति इमनिच्*] रातोपना।

तायृ (धा.) [*सन्तानपालनयोः, सक.सेट्, आत्म.*] संरक्षण गर्नु, पालन गर्नु। लट्– **तायते**– संरक्षण गर्छ, पालन गर्छ। लिट्– **तताये**– संरक्षण गऱ्यो, पालन गऱ्यो (अन.) इत्यादि।

तारः (पुं.) १.[*तार्यते विस्तार्यते, णिच्, घञ्*] अत्युच्च स्वर २.[*तार्यते भवसागरमनेन*] प्रणव।

तारयेद् यो भवाम्बोधेः स्वजपासक्तमानसम्।
ततस्तार इति ख्यातो यस्तं ब्रह्माप्यलोकयत्॥ (का.ख.)

३.नक्षत्र ४.विष्णु ५.महादेव ६.राक्षसविशेष ७.दैत्यविशेष ८.वानरविशेष ९.(पुं.वि.) १.ज्यादै ठुलो स्वरले कराउने २.किरण फुरफुराउने ३.निर्मल ४.मोती जडिएको।

तारकः (पुं.वि.) [*तारयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.तार्ने/पार लगाउने २.भवसागरबाट मुक्ति दिलाउने ३.(पुं.) तारकासुर ४.घट्वारे ५.महादेव ६.तार्ने उपाय। **केचिदागमजालेन केचिन्निगमसङ्कुलैः। केचित् तर्केण मुह्यन्ति नैव जानन्ति तारकम्॥** (ह.यो.प्र.)

तारकः (पुं.) [*तारयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.वार्णिक छन्दको समवृत्तमा पर्ने एक भेद। यसको प्रत्येक पाउमा क्रमैले चार सगण र एक गुरु वर्ण (।ऽऽ, ।ऽऽ, ।ऽऽ, ।ऽऽ र ऽ) रहेका हुन्छन्। २.कार्तिकेयले मारेको एक राक्षस।

तारकजित् (पुं.) [*तारकं तारकासुरं जयति, जि जये इति धातोः क्विप्, तुक्*] कार्तिकेय।

तारकम् (नपुं.) [*तार एव, स्वार्थे कन् यद्वा तारयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.तारा २.नक्षत्र ३.आँखाको नानी ४.[*तारेण कनीनिकया कायति, कः, आलोपः*] आँखा ५.निशाना।

तारका (स्त्री.) [*तारा एव, स्वार्थे कन्, टाप्, तारका ज्योतिषि (वा.) इति इत्वनिषेधः*] १.तारा २.[*तारा इव, इवार्थे कन्, टाप्, इत्वाभावः*] आँखाको नानी ३.[*ह्रस्वा तारा, ह्रस्वे इति कन्,टाप्,इत्वाभावः*] १.धूमकेतु २.उल्कापिण्ड।

तारकारिः (पुं.) [*तारकस्य अरिः, ष.त.*] शिव।

तारकिणी (स्त्री.) [*तारकाः सन्ति अस्याम्, तारकशब्दात् अत इनिठनौ इति इनिः, ऋन्नेभ्यो ङीप् इति ङीप्*] धेरै तारा देखिएको रात।

तारकितः (पु.वि.) [*तारकाः सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] तारा लागेको।

तारकेशः (पुं.) [*तारकाणामीशः ष.त.*] चन्द्रमा।

तारणम् (नपुं.) [*तार्यते, तॄ प्लवनतरणयोः इति धातोः णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पार लगाउने काम/तार्ने काम/उद्धार २.विस्तार।

तारतम्यम् (नपुं.) [*तरतमस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] धेरथोर/न्यूनाधिक्य/कमज्यादा।

तारम् (नपुं.) [*तार्यते विस्तार्यते*] १.चाँदी २.मोती ३.आँखाको नानी

तारवम् (नपुं.) [*तरोर्विकारोऽवयवो वा, ओरञ् ४.३.१३९ इति अञ्, वृद्धिः*] १.रुखको जरो वा हाँगाविगा २.रुखको काठबाट बनेका भाँडा।

तारा (स्त्री.) [*तरन्त्यनया तॄ प्लवनतरणयोः इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, ऋदृशोऽङि गुणः, तारा ज्योतिषि (ग.सू.) इति निपातनाद् दीर्घः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.मोती २.वालीकी पत्नी ३.बृहस्पतिकी पत्नी ४.हरिश्चन्द्रकी पत्नी ५.आँखाको पुतली ६.शिरमा बाँध्ने कपडा ७.बुद्धहरूकी एक शक्ति देवी ८.आकाशमा राती जताततै देखिने आफ्नै प्रकाश भएका उज्याला, चम्किला पिण्ड । आधुनिक विज्ञानअनुसार हालसम्म फेला परेका अठासी तारामण्डल छन्। प्रत्येक तारामण्डलमा असङ्ख्य ताराहरू छन्। ताराको सङ्ख्या तीन अरबभन्दा पनि बढी छ। सूर्य एक तारो हो। यो आकाशगङ्गा (ग्यालेक्सी) भित्र पर्दछ। सूर्यभन्दा पनि ठुला र चम्किला तारा यस ब्रह्माण्डमा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीमध्ये सबभन्दा उज्याला तारा –आर्कतुरुस सूर्यभन्दा १०० गुना उज्यालो छ। बेतेलिन्स सूर्यभन्दा १२०० गुना उज्यालो छ र तीन सय गुना ठुलो पनि छ। आर्द्र्स सूर्यभन्दा ४००० गुना बढी उज्यालो र २४५० गुना ठुलो छ। ताराको आफ्नै प्रकाश हुन्छ। यो प्रकाश तारामा आणविक प्रतिक्रियाबाट पैदा हुन्छ। प्रत्येक तारामा तापक्रम हुन्छ। यो तापक्रम सबैमा एकै खालको हुदैन। हाम्रो सूर्यको तापमान सतहमा ६००० अंश से.फ. देखि १०,००० अंश से.फ. सम्म छ भने धेरै तारा सूर्यभन्दा कैयौं गुना बढी तापमान भएका छन्। उदाहरणको लागि लुब्धक ताराको तापमान ११००० अंश से. छ भने वाणराज ताराको १६००० अंश से. छ। हाम्रो सूर्य आकार र तेजस्वितामा सामान्य तारा हो। यस भन्दा ६ लाख गुना ठुला आकार र तेजस्विता भएका तारा पनि छन्। तेजस्विताका आधारमा तारालाई प्रथम श्रेणीदेखि छैटौं श्रेणीसम्म क्रमशः अल्फा, विटा, गामा,डेल्टा, थिटा, जिटा ६ वर्गमा छुट्याइएको छ। छैटौं वर्गका तारा सबैभन्दा कम तेज भएका तारा हुन्। तीभन्दा पाँचौं श्रेणीका तारा २.५ गुणा तेजिला हुन्छन्। यसरी प्रत्येक श्रेणीका ताराको तेजस्विता २.५ गुणाको दरले बढ्दै गएर प्रथमश्रेणीका ताराको तेज १०० गुणा बढी हुन्छ। प्रथम श्रेणीका कतिपय तारा -कालिय, जय,स्वाति, जेष्ठा, अभिजित,श्रवण, त्रिशंकु, चित्रा, मघा, विजय, लुब्धक, अगस्त्य आदि। यी तारा सूर्यभन्दा निकै ठुला र तेजिला पनि छन्। तारालाई युग्म तारा, परिवर्तनशील तारा, गुच्छात्मक तारा आदिका नामले पनि वर्गीकरण गरिएको छ। ९.मोतीको (हात्तीलाई लगाइदिने) गहना १०.तन्त्रअनुसार दोस्रो महाविद्या देवी । यिनको ध्यान र मन्त्रअनुसार विभिन्न नाम तथा रूप छन्। **पूर्वाम्नाय**अनुसार यिनका चार भेद छन्-- स्पर्शतारा, नीलतारा वा चन्द्रघण्य, महातारा र त्रैलोक्यविजयतारा। **दक्षिणाम्नाय**अनुसार यिनका आठ भेद छन्— चिन्तामणितारा, एकजय, सिद्धजय, त्रिजय, क्रूरमारिका, क्रूरचण्डा, महाचण्डा र चतुर्वेदोदरी। यी आठ ताराको योगबाट माहेश्वरी ताराको स्वरूप बन्छ। त्यस्तै नारसिंही, वज्रतारा, ब्रह्माराधिता तारा, मणितारा आदि अरू पनि यिनका भेद छन्। **पश्चिमाम्नाय**अनुसार-- हंसतारा, मणिधरवज्रिणी, असुरेखा, महोग्रतारा, वज्ररेखा, सर्वविघ्नोत्सारिणी आदि भेद छन्। **उत्तराम्नाय**मा— तारा, उग्रा, महोग्रा, वज्रा, नीला, सरस्वती, कामेश्वरी र भद्रकाली छन्। ऊर्ध्वाम्नायमा— शाम्भवतारा, वाग्वादिनी, महानीलशारदा, चीनसुन्दरी, नीलसुन्दरी, महानीलसुन्दरी, उग्रतारा, शाङ्करी आदि छन्। **अधराम्नाय**मा— रसायन उग्रवेताल, उग्रमुखवेताल, अग्निमुखवेताल, वटयक्षिणी आदि छन्। त्यस्तै— तारा, उग्रतारा, महोग्रतारा, एकजटा, नीलसरस्वती आदि पनि तारामहाविद्याका भेद छन्। **~ कूटम्** (नपुं.) फलित ज्योतिषअनुसार वरकन्याको शुभाशुभ फल सूचित गर्ने योग। **~गणः** (पुं.) [*ताराणां गणः, ष.त.*] ताराहरूको समूह/ नक्षत्रमण्डल/तारामण्डल ।**~ध्वंसः** (पुं.) [*तारकाणां ध्वंसः, ष.त.*] तारा पड्किएर नष्ट हुने काम। आकाशमा रहेका कैयौं तारा पड्किरहेका हुन्छन् भने तिनैबाट नयाँ ताराको सृजना भइरहेको हुन्छ। एक दिन हाम्रो सूर्य पनि फुट्छ, यसबाट नयाँ तारा पनि जन्मन सक्छन्। कतिपय ताराहरू फुटेर नष्ट भइसके तर तिनीहरूको प्रकाश पृथ्वीमा बल्ल आउँदै छ। **~पतिः** (पुं.) [*ताराणां ताराया वा पतिः,ष.त.*] १.चन्द्रमा २.शिव ३.बृहस्पति ४.वाली ५.सुग्रीव **~ पथः** (पुं.) [*ताराणां* पन्था, त.ष. टच्] १.आकाश २.देशविशेष। **~पातः** (पुं.) [*तारायाः पातः, ष.त.*] उल्कापात । **~पीडः** (पुं.) [*ताराणामापीडः भूषणमिव ष.त.*] १.चन्द्रमा २.चन्द्रापीडको भाइ।

तारागृहम् (नपुं.) [*ताराणां कल्पितनक्षत्रादीनां गृहम्, ष.त.*] प्लानेटेरियम। विभिन्न देशमा यस्ता घरहरू बनेका छन्। ती घरको छानामा यन्त्रहरू जडान गरिएका हुन्छन्। तिनैको सहयोग लिएर बुध, शुक्र, पृथ्वी,मङ्गल, बृहस्पति, शनि, अरुण, वरुण यम तथा तिनका चन्द्रमा, नक्षत्र, तारा आदि घुमेको देखाइन्छ। यसको अवलोकन रोचक तथा लाभदायक हुन्छ।

ताराङ्कितः (पुं.वि.) [*ताराभिरङ्कितः तृ.त.*] ताराको चिह्न दिइएको।

तारापुञ्जः (पुं.) [*ताराणां पुञ्जः,ष.त.*] ग्यालेक्सी। आकाशमा खरबौंको सङ्ख्यामा तारापुञ्ज रहेका छन्। हामीरहेको तारापुञ्जको नाम आकाशगङ्गा हो। (हे. **आकाशगङ्गा**)।

तारामण्डलम् (नपुं.) [*ताराणां मण्डलम्, ष.त.*] १.आकाशमा देखिने समग्र ताराको समूह । **आकाशमा** विभिन्न समूहमा ताराहरू विभक्त भएर रहेजस्तो देखिन्छ। पृथ्वीबाट देख्न सकिने ताराका समूहलाई ज्योतिषीहरूले १२ राशिभित्र २८ नक्षत्रसमूहको गणना गरेका थिए। पाश्चात्य अन्तरीक्षविद्हरूले यान्त्रिक उपकरणको समेत प्रयोग गरेर नयाँ दृष्टिबाट अध्ययन गरी तारामण्डलको सङ्ख्या ८८ पुऱ्याएका छन्। तीमध्ये **प्रमुख राशि र तारामण्डल—** १.तिमिमण्डल २.मेषराशि ३.देवयानी ४.त्रिकोणमण्डल ५.वैतरणीमण्डल ६.कृत्तिकामण्डल ७.ययातिमण्डल ८.वृषराशि ९.मृगमण्डल १०.ब्रह्ममण्डल ११.शशकमण्डल १२.कपोत मण्डल १३.नौकामण्डल १४.श्वानमण्डल १५.शुनिमण्डल १६.मिथुनराशि १७ पुलोमामण्डल १८.कर्कराशि १९.वासुकिमण्डल २०.सिंहराशि २१.सप्तर्षिमण्डल २२.स्वस्तिकमण्डल २३.हस्तमण्डल २४.कन्याराशि २५.कालेयमण्डल २६.नरास्यमण्डल २७.भूतेशमण्डल २८.तुलाराशि २९.लघुसप्तर्षिमण्डल ३०.सुनीतिमण्डल ३१.वृश्चिकराशि ३२.सिंहमण्डल ३३.सर्पमातृमण्डल ३४.दक्षिण त्रिकोणमण्डल ३५.वेदीमण्डल ३६.शौरीमण्डल ३७.वीणामण्डल ३८.धनुराशि ३९.गरुडमण्डल ४०.धनिष्ठामण्डल ४१.हंसमण्डल ४२.मकरराशि ४३.वृषपर्वामण्डल ४४ कुम्भराशि ४५.सारसमण्डल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तारामण्डलम्

४६.दक्षिण मीन ४७.भाद्रपदवर्ग ४८.शर्मिष्ठामण्डल ४९.मीनराशि ५०.वृद्धमण्डल ५१.परशुमण्डल ५२.प्रजापतिमण्डल ५३.वृषमण्डल ५४.काश्यपमण्डल ५५.वृषपर्वा मण्डल ५६.प्रजापतिमण्डल ५७.हरिकुलेशमण्डल ५८.लुब्धकमण्डल ५९.वासुकिमण्डल ६०.मृगमण्डल आदि (ब्र.ज्यो.र.)।

जेठ महिनाको तारामण्डल



साभार– सूर्यसिद्धान्त, विज्ञानभाष्य

यस चित्रमा उक्त समयमा ९ बजे राती **खस्वस्तिक**– (आफ्नो शिर/टाउकाको सीधा पर्ने आकाशको बिन्दु) मा हेर्दा त्यसदेखि केही पूर्व र दक्षिणतर्फ स्वाती नक्षत्र देखिन्छ। पौने घण्टापछि यो नक्षत्र याम्योत्तर (दक्षिणउत्तर) वृत्तमा आउँछ। त्यस बखत यो खस्वस्तिकबाट ५ अंश दक्षिणमा हुन्छ। **उत्तरतर्फ**–सप्तर्षिका प्रथम पाँच तारा याम्योत्तर वृत्तभन्दा पश्चिमपट्टि छन्। यिनीहरू सँगसँगै अरुन्धती तारा पनि छ। छैटौं तारा वसिष्ठ याम्योत्तर वृत्त नजिकै छ। सातौं तारा मरीचि याम्योत्तर वृत्तको पूर्वपट्टि छ। पन्द्र मिनेटपछि यो तारा याम्योत्तर वृत्तमा आउछ। सप्तर्षिभन्दा तल– (पछाडि) ४ वटा धमिला तारा पूर्वपश्चिम फैलिएर एकै रेखामा रहेका देखिन्छन्। यिनीहरू अजिङ्गर आकारको तारासमूहको पुच्छरतिरका तारा हुन्। यसको मुख उत्तरपूर्वतिर अलि माथि देखिन्छ। यसले लघु सप्तर्षिलाई घेरेको छ।

उत्तरपूर्वमा तीनवटा तारा क्षितिजमा देखिन्छन्। उत्तरपूर्व क्षितिजमा हंसमण्डलका तारा छन्। यहाँबाट लिएर आग्नेय– (पूर्वदक्षिण) कुनासम्म चम्किलो नदीको जस्तो प्रवाह देखिन्छ। यसलाई आकाशगङ्गा भन्दछन्। यसमा असङ्ख्य तारा छन्। (तर चित्रमा यो देखिदैन) हंसमण्डलमाथि चम्किलो तारा अभिजित छ। यसको छेउमा अजिङ्गरको मुख छ। पूर्व क्षितिजको नजिकै उत्तरतर्फ श्रवण नक्षत्रका तीन तारा छन्। यीमध्ये बिचको तारो निकै चम्किलो र प्रथम श्रेणीको छ। यो श्रवण नक्षत्रको योग तारा हो। खस्वस्तिक र क्षितिजको बिच भागमा हरिकुलेश मण्डल छ। यसका सबै तारा धमिला छन्। हरिकुलेशभन्दा केही माथि ५–७ वटा तारा मुकटजस्ता देखिन्छन्। यी तारा धमिला छन्। त्यसभन्दा माथि खस्वस्तिकको नजिकै स्वाती नक्षत्रपुञ्ज छ। तीमध्ये स्वातीको योगतारा अलि चम्किलो र रातो वर्णको छ।

पूर्वदक्षिणतर्फ आकाशलाई सुशोभित तुल्याइरहेका वृश्चिक राशिका तारा छन्। यसको मुखमा अनुराधा नक्षत्रका तीन तारा देखिन्छन्। पेटमा ज्येष्ठा नक्षत्रका तीन तारा छन्। बिचमा ज्येष्ठाको योगतारा छ। क्षितिज नजिकै मूल नक्षत्रका तारा छन्। केही पूर्वपट्टि क्षितिज नजिकै पूर्वाषाढा नक्षत्रका तारा देखिन्छन्। मूल र पूर्वाषाढा धनु राशिमा पर्ने भएकाले यिनीहरू उदाइसकेका छैनन्। पूर्वाषाढामाथि मङ्गल ग्रह छ– (तर यो चित्रमा देखिँदैन) अनुराधाभन्दा माथि विशाखा नक्षत्रका दुई तारा दायाँ बायाँ छन् तर चम्किला छैनन्। दक्षिण दिशाको क्षितिजमा दुई/तीनवटा ठुला तारा छन्। ज्यादै दक्षिण भएकाले नेपालको सबै भागबाट यिनीहरू देखिँदैनन्। नेपालगञ्जबाट थोरै समय देखिन्छन्। पश्चिमको क्षितिजमा चारवटा तारा छन्। यिनीहरू एक घण्टाभन्दा बढी देखिँदैनन्।

खस्वस्तिक र **दक्षिण क्षितिज**को बिचदेखि केही माथि क्रान्तिवृत्तमा चित्रा तारा छ। आजभन्दा १६०० वर्ष अगाडि शरत्संपात यसै तारामा हुन्थ्यो। अर्थात् दक्षिणायन प्रारम्भ हुन्थ्यो। आज लगभग २४ अंश पश्चिमबाट प्रारम्भ हुन्छ। चित्राभन्दा पश्चिमपट्टि तलतिर हस्तानक्षत्र तीन हात फैलाएर बसेजस्तो देखिन्छ। यसभन्दा माथि कन्या राशिका धमिला तारा देखिन्छन्। त्यसभन्दा तलतिर तीनवटा तारा सीधा रेखामा छन्। यसको नजिकैबाट आजभोलि शरत्संपात प्रारम्भ हुन्छ। यो बिन्दु चित्राबाट २४° टाढा छ।

दक्षिणपश्चिमतर्फ– यस दिशामा महत्त्वपूर्ण तारा छैनन्। धमिला ताराहरूको एउटा रेखा क्रान्तिवृत्त नजिकै समानान्तरमा रहेको छ। यसको पश्चिममा एउटा चम्किलो तारा छ। पश्चिम क्षितिजमा प्रश्वा नामक एउटा तारा देखिन्छ। यसको उत्तरपट्टि धमिला तारा वक्रगतिमा रहेका छन्। यी पुनर्वसु नक्षत्रका दुई तारा हुन्। प्रश्वादेखि पुनर्वसुसम्मको रेखा मिथुन राशि हो। त्यसभन्दा माथि वक्र आकारका धमिला तारा छन्। यो कर्कट राशि हो। यसभन्दा केही पश्चिमतर्फ खस्वस्तिक र क्षितिजका बिचमा सिंह राशिका तारा देखिन्छन्। यो तारासमूह गर्दन झुकेको सिंहजस्तो देखिन्छ। यसमा ६–७ वटा तारा छन्। दक्षिणतर्फ मघा नक्षत्र छ। यसभन्दा माथि पूर्वफाल्गुनी नक्षत्रका ताराहरू छन्। सिंह राशिको पुच्छरमा उत्तरफाल्गुनीको एउटा तारा छ।

उत्तरपश्चिमतर्फ– यस क्षेत्रमा प्रजापति मण्डल छ। ऋतु र पुलहको रेखामा दक्षिणमा अगस्ति तारा देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाद्र महिनाको तारामण्डल



साभार– सूर्यसिद्धान्त, विज्ञानभाष्य

यस चित्रमा यस वखत प्रसिद्ध तीनवटा नक्षत्रमण्डल **खस्वस्तिक**को नजिकै देखिन्छन्। श्रवण नक्षत्रका तीन तारा खस्वस्तिक नजिकैको याम्योत्तरवृत्तमा दक्षिणतर्फ रहेका छन्। यसको नजिकै धनिष्ठाका चार तारा छन्। वेदाङ्ग ज्योतिषकालमा धनिष्ठाबाट उत्तरायण प्रारम्भ हुन्थ्यो। खस्वस्तिक नजिकै हाँसको पुच्छरमा एउटा धमिलो तारा छ। यसको उत्तरपूर्व दिशामा एउटै रेखामा दुईवटा चम्किला तारा छन्। यो हंस आकाशगङ्गामा पखेटा फिजाएर तरिरहेको जस्तो देखिन्छ। हंसभन्दा पश्चिमतर्फ अभिजित नामक चम्किलो नक्षत्र छ।

उत्तरतर्फ– लघुसप्तर्षि तारा ध्रुवभन्दा पश्चिमपट्टि छन्। यसभन्दा केही पश्चिममा एउटा अजिङ्गर सुतेजस्तो देखिन्छ। अजिङ्गरको पुच्छरको नजिकै ध्रुवसूचक तारा छ। सप्तर्षिमण्डलका अन्य तारा उत्तरपश्चिम दिशामा रहेका छन्। ध्रुवताराभन्दा पूर्वपट्टि केही माथि धमिला चारवटा तारा छन्। त्यसको पूर्वपट्टि डब्लु आकार बनाएर बसेका काश्यपमण्डलका तारा छन्। त्यसभन्दा तल क्षितिजमण्डल नजिकै परशुमण्डलका ताराहरू देखिन्छन्।

पूर्वतर्फ– पूर्व र ईशान दिशाको माझमा अश्विनी नक्षत्रका तीन तारा उदाउन लागेका देखिन्छन्। यसभन्दा माथि अन्तरमदाको चक्र छ। त्यो परशुमण्डलको नजिकैबाट प्रारम्भ हुन्छ। यस चक्रमा पूर्वभाद्रपदा र उत्तरभाद्रपदाका उत्तरतर्फका तारा छन्। यी दुई नक्षत्रका दुई/दुई तारा मिलेर एउटा वर्गाकार क्षेत्र बनेको छ। यसलाई भाद्रपदावर्ग भन्दछन्। त्यसभन्दा तल उत्तरभाद्रपदाका दुईवटा तारा छन्। त्यसभन्दा माथि पूर्वभाद्रपदा नक्षत्रका दुई तारा छन्। उत्तरभाद्रपदा ताराबाट दक्षिण गएपछि उक्त दुई ताराको दूरीबराबरमा वसन्तपात बिन्दु छ। यसै स्थलमा क्रान्तिवृत्त र विषुवद्वृत्तको पात रहेको छ। पृथ्वीको गतिको क्रममा सूर्य यहाँ पुगेपछि वसन्त ऋतु प्रारम्भ हुन्छ। यसै दिनबाट सूर्य उत्तरगोलतर्फ लाग्छ। यस दिन दिन र रात बराबर हुन्छन्। यसै समयबाट दिन बढ्न र रात घट्न थाल्छ।

पूर्वदक्षिणतर्फ– यस दिशामा उज्याला तारा कम छन्। जेठ महिनामा यस दिशामा रहेका तारा दक्षिणपश्चिममा पुगेका देखिन्छन्। यस बेला दक्षिणपश्चिममा कुम्भज तारा देखिन्छ। कुम्भ राशि नजिकै रहेको हुँदा यसलाई कुम्भज भनिएको हो। यो साँझमा ७–८ बजेतिर आश्विन महिनामा देखिन्छ र वर्षाऋतुमा अस्ताउँछ। यो अगस्त्य तारा होइन। अगस्त्य तारा वर्षाको मध्यमा उदाउँछ र बिहान केही समय देखिएर अस्ताउँछ। यसभन्दा दक्षिणतर्फ तीनवटा तारा छन्। यिनलाई सारस भनिन्छ। कुम्भजभन्दा माथि कुम्भ राशिका धमिला नक्षत्र छन्। सारसभन्दा माथि श्रवण नक्षत्रभन्दा तल मकर राशिका धमिला तारा देखिन्छन्। यस वखत दक्षिण क्षितिजमा कुनै तारा देखिँदैनन्। श्रवण नक्षत्र खस्वस्तिकको नजिकै देखिन्छ।

दक्षिणपश्चिमतर्फ– जेठ महिनामा दक्षिणपूर्व दिशामा वृश्चिक र धनु राशिका तारा चम्कन्थे भने यस बखत यिनै तारा दक्षिणपश्चिम दिशामा चम्किएका देखिन्छन्। फरक के छ भने यस बखत धनुष राशिका सबै ताराको साथै पूर्वाषाढा र उत्तराषाढाका तारा पनि देखिएका छन्। वृश्चिक राशि र विशाखा नक्षत्रका तारा पश्चिम क्षितिजमाथि देखिन्छन्। पश्चिम दिशाको क्षितिजमाथि अन्य कुनै महत्त्वपूर्ण तारा छैनन्। त्यसमाथि खस्वस्तिकभन्दा केही तल स्वाती नक्षत्र छ। स्वातीभन्दा माथि मुकुट र मुकुटभन्दा माथि हरिकुलेशका धमिला तारा देखिन्छन्।

मार्ग महिनाको तारामण्डल



साभार– सूर्यसिद्धान्त, विज्ञानभाष्य

यस महिनामा आकाश स्वच्छ हुन्छ, धुलो हुँदैन। पूर्वतर्फ धेरै नयाँ तारा देखिन्छन्। **उत्तर**तर्फ– क्षितिजको नजिकै ताराहरू झुन्डेजस्ता देखिन्छन्। यस वखत ध्रुवतारा सबैभन्दा माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। लघुसप्तर्षिभन्दा माथि तीनवटा धमिला तारा छन्। क्षितिजभन्दा जतिमाथि ध्रुवतारा छ, ध्रुवताराबाट त्यति नै माथि कश्यपमण्डल छ। यसका ४ वटा तारा छन्। चित्रमा ३ तारा याम्योत्तरबाट पश्चिममा छन् भने एउटा तारा उक्त रेखाबाट पूर्वपट्टि छ। अश्विनी नक्षत्र सीधा शिरमाथि देखिन्छ।

उत्तरपूर्वतर्फ– यस दिशामा पूर्वपट्टि पुनर्वसुका दुईवटा तारा छन्। यसमाथि प्रजापतिमण्डल चम्किएको छ। यसका मुख्य पाँच तारा छन् र यिनीहरू त्रिभुजाकारमा रहेका छन्। यसभन्दा माथि ब्रह्महृदय र त्यसभन्दा माथि लुब्धक तारा छ। यस दिशामा अर्को तारा अगस्त्य देखिन्छ तर यो क्षितिजमाथि आइसकेको छैन। त्यसभन्दा पछि अर्कोतिर उत्तरपश्चिम क्षितिजको नजिकै अभिजित तारा देखिन्छ। ब्रह्महृदयको सामुन्नेमा अग्नितारा छ। प्रजापतिमण्डलभन्दा माथि परशुमण्डल छ। यसको दक्षिणी भागमा कृत्तिका नक्षत्रका ताराहरू छन्।

पूर्वतर्फ– यस दिशामा प्रश्वा नामक तारा क्षितिजको नजिकै देखिएको छ। त्यसभन्दा केही दक्षिणतर्फ लुब्धक तारा चम्किएको छ। लुब्धक र प्रश्वामाथि अग्रहायणमण्डल छ। यसलाई कालपुरुष पनि भन्दछन्। यस मण्डलको बिचमा तीनवटा चम्किला तारा प्रायः एकै रेखामा देखिन्छन्। यिनीहरूलाई इल्वल भनिन्छ। यीमध्ये सबैभन्दा माथिल्लो तारा विषुवद्वृत्तमा छ। त्यसैले यो तारा क्षितिजको जुन बिन्दुबाट उदाउँछ त्यो पूर्व दिशा हुन्छ र जुन बिन्दुमा अस्ताउँछ त्यो पश्चिम दिशा हुन्छ। अग्रहायणका चार कुनामा चार तारा छन्, उत्तरपट्टिको तारा केही रातो वर्णको छ। यसभन्दा दक्षिणपट्टि थुप्रै धमिला तारा छन्। यिनीहरूको आकार खरायोको जस्तो देखिन्छ। त्यसैले यिनलाई शशक पनि भन्दछन्। अग्रहायण भन्दा केही उत्तरपट्टि रोहिणी नक्षत्र छ। यसको योगतारा केही रातो छ । यसमा पाँच तारा छन्। रोहिणी नक्षत्रभन्दा उत्तरतर्फ प्रजापतिमण्डल छ। त्यसभन्दा माथि केही उत्तरतर्फ कृत्तिकामण्डल देखिन्छ। कृत्तिकाभन्दा माथि अश्विनी नक्षत्र छ। पूर्व दिशामा देखिने यी नक्षत्र जाडाको समयमा रातभर देखिने हुँदा यिनलाई शीतकालीन नक्षत्र पनि भनिन्छ।

पूर्वदक्षिणतर्फ– यस दिशामा यस बखत कुनै चम्किलो नक्षत्र छैन।

दक्षिणतर्फ– यस दिशामा क्षितिजसँगै तीन तारापुञ्ज छन्। सबैभन्दा माथि मत्स्याकार तिमिमण्डल छ। यसका सबै तारा धमिला देखिन्छन्। दक्षिणपश्चिममा सारस, कुम्भज र अगस्त्य तारा रहेका छन्। पश्चिमदक्षिण र पश्चिम दिशाको बिचमा धमिला मकर राशिका तारा छन्। त्यसभन्दा माथि कुम्भ राशिका तारा देखिन्छन्।

पश्चिमतर्फ– यस दिशामा श्रवण नक्षत्रका तारा छन्। त्यसभन्दा केही उत्तरतर्फ धनिष्ठा नक्षत्र छ। धनिष्ठाभन्दा धेरै माथि पूर्वभाद्रपदा र उत्तरभाद्रपदा नक्षत्रका तारा छन्। यिनीहरू वर्गाकार देखिन्छन्। वर्गाकार क्षेत्रका तलतिर दुई तारा पूर्वभाद्रपदा र माथिका दुई तारालाई उत्तरभाद्रपदा भनिन्छ। उत्तरपश्चिममा अभिजित नक्षत्र छ। त्यसभन्दा माथि हंसमण्डल देखिन्छ। त्यसभन्दा केही उत्तर अजिङ्गरको मुखमा केही तारा देखिन्छन्। यस बखत आकाशगङ्गा पूर्व क्षितिजबाट उत्तरपश्चिम क्षितिजसम्म फैलिएको देखिन्छ।

फाल्गुन महिनाको तारामण्डल



साभार– सूर्यसिद्धान्त, विज्ञानभाष्य

शिरमा मिथुन राशि छ। पुनर्वसुका दुई तारा खस्वस्तिकमा रहेका छन्। प्रश्वा केही दक्षिणतर्फ छ। उत्तरतिर ध्रुवताराभन्दा पूर्वपट्टि लघुसप्तर्षि छन्। ध्रुवताराभन्दा पश्चिममा तीनवटा तारा क्षितिजलाई छोएजस्तै देखिन्छन्। लघुसप्तर्षिको पूर्वतर्फ अजिङ्गर छ। यसको मुख क्षितिजको नजिकै आएको देखिन्छ। उत्तरपूर्वमा सप्तर्षिमण्डल छ। सप्तर्षिमाथि धमिला सर्पाकार तारा छन्। **ईशान र पूर्व दिशाको बिच** स्वाती नक्षत्रका राता तारा देखिन्छन्। **पूर्व दिशा**मा क्षितिजसँगै कन्या राशिका तारा रहेका छन्। यस बखत चित्राको उदय भएको हुँदैन। कन्या राशिभन्दा माथि सिंह राशिका तारा छन्। तल्लो एक्लो तारा उत्तरफाल्गुनी नक्षत्रको तारा हो। यसभन्दा माथि दुईवटा तारा पूर्वफाल्गुनी नक्षत्रका छन्। त्यसभन्दामाथि मघा नक्षत्रका तारा देखिन्छन्। हँसिया आकारमा देखिने यस नक्षत्रका तलतिरका दुईवटा तारा अत्यन्त चम्किला छन्। तीमध्ये दक्षिणपट्टिको तारा योग तारा हो। यो रातो वर्णको छ। त्यसभन्दा माथि देखिने धमिला तारामध्ये उत्तरपट्टिका तारा पुष्य नक्षत्र र दक्षिणतर्फका तारा अश्लेषा नक्षत्र हुन्। पुनर्वसु र मघा नक्षत्रको बिचका तारा कर्कट राशिका तारा हुन्। **पूर्व र आग्नेय** दिशाको बिचमा चार/पाँच तारा क्षितिजसँगै देखिन्छन्। ती हस्ता नक्षत्रका तारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्। पूर्व क्षितिजबाट खस्वस्तिकसम्म जति नक्षत्र क्रान्तिवृत्तमा देखिन्छन् तिनलाई वर्षाका नक्षत्र भन्दछन्। आर्द्रा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पूर्वफाल्गुनी, उत्तरफाल्गुनी, हस्ता र चित्रा वर्षानक्षत्र मानिन्छन्। **पूर्वदक्षिण**मा प्रसिद्ध कुनै तारा छैन। **दक्षिण**मा जहाज आकारको तारामण्डल छ। यसको मुख्य तारा अगस्त्य याम्योत्तरवृत्तबाट पश्चिमपट्टि छ। नौकामण्डलमाथि लुब्धक मण्डल छ। **पश्चिमदक्षिण**मा शशक र त्यसभन्दा माथि अग्रहायणी मण्डल छ। त्यसभन्दा माथि मिथुन राशिका तारा छन्। **पश्चिम दिशा**को उत्तरतर्फ क्षितिजसँगै अश्विनी नक्षत्रका तारा छन्। यसभन्दा माथि दुई/तीनवटा भरणी नक्षत्रका तारा देखिन्छन्। त्यसभन्दा उत्तरतर्फ कृत्तिका नक्षत्र छ। कृत्तिका नक्षत्रको उत्तरतर्फ परशुमण्डल छ। परशुमण्डलभन्दा माथि प्रजापति मण्डल छ। ब्रह्महृदय, प्रजापति आदि तारा उत्तर पश्चिममा देखिन्छन्। यस वखत आकाशगङ्गा पश्चिमकोणबाट दक्षिणसम्म फैलिएको देखिन्छ।

यी चार महिनाको आकाशको चित्रबाट प्रायः सबै तारा समूह र प्रधान तारा सजिलै चिन्न सकिन्छ। यी सबै चित्रहरू स्थानाभावले गर्दा सूक्ष्म भएका छन्, तिनको स्थूलरूप शब्दकोशको अत्यमा समावेश गरिएको छ। २.[*ताराणां मण्डलानि यत्र तत्*] आकाश।

तारिका (स्त्री.) [*तारस्तीव्रता अस्ति अस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, यप्, इत्वम्*] १.ताडवृक्षको रस २ तरण मूल्य/डुंगा तारेको ख्यावा।

गर्भिणी तु द्विमासादिस्तथा प्रव्रजितो मुनिः।

ब्राह्मणा लिङ्गिनश्चैव न दाप्या तारिका तरे॥ (मनु.)

तारिणी (स्त्री.) [*तारयति भवसागरम्, णिच्, णिनिः, ङीप् च*] १.बुद्धदेवताको एक भेद/नीलसरस्वती/तारा। २.शक्तिविशेष।

तारा चोग्रा महोग्रा च वज्रा नीला सरस्वती।

कामेश्वरी भद्रकाली इत्यष्टौ तारिणी स्मृता॥ (मन्त्रकोष)

तारुण्यम् (नपुं.) [*तरुणस्य भावः, गुणवचनब्राह्मणदिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, आदिवृद्धिः*] युवावस्था। **तारुण्यं यौवनम्** (अभि.चि.)।

तार्किकः (पुं.वि.) [*तर्कमधीते वेत्ति वा, ठक्, ठस्येकः*] १.तर्क-शास्त्रको ज्ञाता २.तर्कशास्त्रको अध्येता/नैयायिक।

परामृशन्तो लिङ्गानि व्यभिचारविचारकाः।

तार्किका यदि विद्वांसो विटैः किमपराध्यते॥ (सुभा.)

तार्क्षः (पुं.) [*तृक्ष एव, स्वार्थेऽण्*] विनतमा जन्मिएका कश्यपपुत्र।

तार्क्ष्यः (पुं.) [*तार्क्षस्य कश्यपस्यापत्यं पुमान्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] १.घोडा २.गरुड ३.सर्प।

अकृतोपद्रवः कश्चिन्न महानपि पूज्यते।

अर्चयन्ति नरा नागं न तार्क्ष्यं न गजादिकम्॥ (सुभा.)

४.[*तृक्षस्य मुनेरपत्यं पुमान्*] कश्यप मुनि ५.वृक्षविशेष ६.सुन ७.रथ। **तार्क्ष्यो रथो गरुडो वा नः स्वस्ति दधातु**। (महीधर) ८.क्षत्रियविशेष ९.महादेव १०.पर्वतविशेष ११.पक्षी।

तार्क्ष्यशैलम् (नपुं.) [*तार्क्ष्यशैले भवम्*] नेत्रजल/गाजलविशेष।

तालः (पुं.) [*तालयति,तल प्रतिष्ठायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इत्यच्*] १.ताडको वृक्ष। २.[*तलनम्, तलप्रतिष्ठाकरणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] स्वरका गतिको विशिष्ट रूपको परिचय दिने तत्त्व। सङ्गीतमा स्वरको भन्दा तालको स्थान गौण हुन्छ। स्वर अङ्ग हो भने ताल उपाङ्ग हो। ताल एक किसिमको नापो पनि हो। **गीतकालक्रियामानं तालः** (हला.टीका)। यसका अनेक भेद छन्। जस्तै— त्रिताल, झपताल आदि। ताल स्वरसन्धिको बिचमा रहन्छ। मात्रिक छन्दको लय तालको अधीनमा हुन्छ ३.[*तलत्यत्र, तल प्रतिष्ठायामिति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] हातको ताल **~पत्रम्** (नपुं.) [*तालस्य पत्रम्, ष.त.*] ताडको पात। **~वनम्** (नपुं.) [*तालानां वनम्, ष.त.*] ताडको जङ्गल।

तालध्वजः (पुं.) [*तालो ध्वजे यस्य सः, बहु.स.*] बलराम। **नातिदूरं ततो गत्वा नगं तालध्वजो ययौ** (म.भा.९.५४.१०)।

तालपत्रम् (नपुं.) [*तालस्य पत्रमिव पत्रं (सुवर्णस्य) यत्र तत्*] कानमा लगाउने गहना/झुम्का,कुण्डल आदि। **कर्णिका तालपत्रं स्यात्** (अमर.२.६.१०३) **तालपत्रन्तु कुण्डलम्** (हैम.) कर्णिका स्त्री जातिले मात्र लगाउँछन् भने कुण्डल स्त्री,पुरुष दुवैले लाउँछन्।

तालपर्णिका (स्त्री.) [*तालः, तत्सदृशः पर्णो यस्याः सा, बहु.स.*] एक सुगन्धित द्रव्य।

तालम् (नपुं.) [*तलति जलमत्र, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्*] १.प्राकृतिक पोखरी/दह २.सङ्गीतको गति वा लोली ३.[*तालस्य विकारोऽवयवो वा, तालाद्धनुषि ४.३.१५२ इत्यण्*] तालबाट बनेको धनुष ४.ताली/थपडी ५.काँसले बनाएको बाजाविशेष ६.हत्केलो ७.हरिताल।

तालमूलिका (स्त्री.) [*तालस्येव मूलमस्याः, बहु.स.*] मुसली।

तालवृन्तकः (पुं.) [*तालस्येव वृन्तकं यस्य सः, बहु.स.*] पङ्खा।

तालवृन्तम् (नपुं.) [*तालस्य वृन्तं यस्य सः, बहु.स.*] १.पङ्खा।

परे ब्रह्मणि विज्ञाते समस्तैर्विषयैरलम्।

तालवृन्तेन किं कार्यं लब्धे मलयमारुते॥ (सुभा.)

२.(पुं.) सोमविशेष (सुश्रुत)।

तालव्यः (पुं.वि.) [*तालौ भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्*] तालुसम्बन्धी/तालुस्थानबाट उच्चारण हुने इ, ई, च, छ, ज, झ, ञ य अनि श ध्वनि।

तालाङ्कः (पुं.) [*तालः, तत्सदृशः, अङ्को ध्वजो यस्य सः, बहु.स.*] १.बलराम। **तालाङ्को मुसली हली**। (अमर.) २.महालक्षणले सम्पन्न पुरुष ३.शिव ४.पुस्तक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तालिकः (पुं.) [*तालेन करतलेन निर्वृत्तः, तेन निर्वृत्तम् ५.१.७९ इति ठक्, ठस्येकः*] १.लबटो/करतल २.ताली ।

यथैकेन न हस्तेन तालिकः सम्प्रपद्यते ।
तथोद्यमपरित्यक्तं न फलं कर्मणः स्मृतम् ॥ (प.त. २.१२७) ३.तालिका/लेखेको कुरालाई व्यवस्थित गरेर राख्ने काम ।

तालिका (स्त्री.) [*तालयति प्रतिष्ठापयति सूच्यजातम्, ताल प्रतिष्ठायामिति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः ७.१.१, टाप् ४.१.४, इत्वम् ७.३.४४*] १.सूची/नामावली २.ताल ।

ताली (स्त्री.) [*तालयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.भुइँ अमला २.वनखजुरी ।

तालुः (पुं.) [*तरन्ति निःसरन्ति वर्णाः, यस्मादनेन वा, तॄ प्लवनतरणयोः इति धातोः, त्रो रश्च लः (उ.) ५ इति ञुण्, वृद्धिः रस्य लादेशश्च*] शरीरको एक अवयव /तालव्य वर्णको उच्चारणस्थान ।

तावकः (पुं.वि.) [*तव अयम्, युष्मदस्मदोरन्यतरस्यां खञ्च इति चाद् अण् तवकममकावेकवचने ४.३.३ इति तवकादेशः, वृद्धिः*] तपाईंको/तिम्रो/ तेरो ।

तावकीनः (पुं.वि.) [*तव अयम्, युष्मदस्मदोरन्यतरस्यां खञ् च ४.३.१ इति खञ्, खस्य ईनः ७.१.२ तवकममकावेकवचने ४.३.३ इति तवकादेशः, वृद्धिः*] तपाईंको/तिम्रो/तेरो ।

तावतिकः (पुं.वि.) [*तावता क्रीतः, सङ्ख्याया अतिशदन्तायाः ५.१.२३ इति कन् वतोरिड् वा ५.१.२२ इति इट्*] त्यतिले किनेको ।

तावत्कः (पुं.वि.) [*तावता क्रीतः, सङ्ख्याया अतिशदन्तायाः, इति कन् वतोरिड् वा ५.१.२२ इति पक्षे इडभावः*] त्यतिले किनेको ।

तावद्द्वयसम् (अव्य.) [*तावत् परिमाणमस्य, वत्वन्तात्स्वार्थे द्वयसच्मात्रचौ बहुलम् (वा.) ५.२.३७ इति द्वयसच्*] त्यतिमात्र ।

तावन्मात्रम् (अव्य.) [*तावत् परिमाणमस्य, वत्वन्तात्स्वार्थे द्वयसच्मात्रचौ बहुलम् (वा.) ५.२.३७ इति मात्रच्*] त्यति मात्र ।

तावान् (पुं.वि.) [*तत्परिमाणमस्य, यत्तदेतेभ्यो परिमाणे वतुप् ५.१.३९ इति वतुप्, आः सर्वनाम्नः ६.३.९१ इति आत्वम्*] त्यत्ति/त्यति परिमाणको ।

तावत्स्यात् सर्वकृत्येषु पुरुषोऽत्र स्वयं प्रभुः ।
स्त्रीवाक्याङ्कुशविक्षुण्णो यावन्नो भ्रियते बलात् ॥ (सुभा.)

तिक (धा.) [*आस्कन्दने गतौ च, स्वा.सक.सेट् पर.*] तिरस्कार गर्नु, जानु । लट्— **तिक्नोति**—तिरस्कार गर्छ, जान्छ । लिट्— **तितेक**— तिस्कार गरेछ, गएछ (अन.) । लुट्— **तेकिता**—तिरस्कार गर्ने छ, जाने छ (अन.) इत्यादि ।

तिक् (धा.) [*गतौ, भ्वा. सक.सेट् आत्म. ऋदित्*] हिँडनु । लट्— **तेकते**— हिँड्छ । लिट्— **तितिके**— हिंडेछ (अन.) इत्यादि ।

तिक्तः १.(पुं.) [*तेजयतीति तिज निशाने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] छ रसमध्ये एक रस । २.सुगन्ध ३.[*तिक्तस्तिक्तरसोऽस्यास्तीति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] ठुलो कुटज वृक्ष ४.चिराइतो ५.निम आदिको रसबाट बनाइएको विभिन्न रोगनाशक औषधिविशेष ६.(पुं.वि.) ७.तितो ८.[*तिक्तःसुगन्धः, तिक्तरसो वा अस्त्यस्य, अर्शाद्यच्*] सुगन्धी ।

तिक्तकः (पुं.) [*तिक्त एव, संज्ञायां कन् ५.३.७५ इति कन्*] परवर ।

कुलकं पटोलस्तिक्तकः पटुः (अमर २.४.१५५.) ।

तिक्तशाकः (पुं.) [*तिक्तः शाको यस्य सः, बहु.स.*] सिप्लिकाने ।

वरुणो वरणः सेतुस्तिक्तशाकः कुमारकः (अमर२.४.२५.) ।

तिग (धा.) [*आस्कन्दने गतौ च, सक.सेट् पर.*] तिरस्कार गर्नु, जानु । लट्— **तिग्नोति**— तिरस्कार गर्छ, जान्छ इत्यादि ।

तिग्मः (पुं.) [*तेजते छिनत्तीति, तिज निशाने इति धातोः, युजिरुचितिजां कुश्च (उ.) १४१ इति मक् कवर्गश्चान्तादेशः*] १.वज्र २.क्षत्रियविशेष ३.(पुं.वि.) [*तिग्ममस्यास्ति, अर्शाद्यच्*] तिखो, कडा, खरो ।

तिग्मम् (नपुं.) [*तेजते छिनत्तीति, तिज निशाने इति धातोः, युजिरुचितिजां कुश्च (उ.) १४१ इति मक् कवर्गश्चान्तादेशः*] वज्र ।

तिग्मांशुः (पुं.) [*तिग्मा अंशवः किरणा यस्य सः, बहु.स.*] १.सूर्य २.अग्नि ३.(त्रि.) कडा किरण भएको ।

तिज (धा.) [*निशाने, सक.सेट् उभ.*] तिखार्नु, पाइन लगाउनु, धार लगाउनु । लट्— **तेजयति-ते**— तिखार्छ, पाइन लगाउँछ, धार लगाउँछ । लिट्— **तेजयाञ्चकार-चक्रे**— तिखारेछ, पाइन लगाएछ, धार लगाएछ (अन.) । लुट्— **तेजयिता**— तिखार्ने छ, पाइन लगाउने छ, धार लगाउने छ (अन.) । लृट्— **तेजयिष्यति-ते**— तिखार्ने छ, पाइन लगाउने छ, धार लगाउने छ । लोट्— **तेजयतु-ताम्**— तिखारोस्, पाइन लगाओस्, धार लगाओस् । लङ्— **अतेजयत्-त**— तिखाऱ्यो, पाइन लगायो, धार लगायो (अन.) । विधिलिङ्— **तेजयेत्-त**— तिखार्ला, पाइन लगाउला, धार लगाउला, तिखारोस्, पाइन लगाओस्, धार लगाओस् । आशीर्लिङ्— **तेज्यात्-तेजयिषीष्ट**— तिखारोस्, पाइन लगाओस्, धार लगाओस् । लुङ्— **अतीतिजत्-त**— तिखाऱ्यो पाइन लगायो, धार लगायो । लृङ्— **अतेजयिष्यत्-त**— तिखार्ने थियो, पाइन लगाउने थियो, धार लगाउने थियो इत्यादि । भ्वादौ तु — **तितिक्षते, तेजते** इत्यादि ।

तितउः (पुं./नपुं.) [*तनु विस्तारे इति धातोः, तनोतेर्डउः सन्वच्च (उ) ७४० इति डउः, सन्वद्भावश्च*] चाल्नु ।

तितिक्षा (स्त्री.) [*तितिक्षणम्, तिज धातोः क्षमार्थे गुप्तिज्किद्भ्यः सन् ३.१.५ इति सन्, अप्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.४*] १.सर्दी, गर्मी, सुख, दुःख आदि सहने शक्ति । **यमैरकामैर्नियमैश्चाप्यनिन्दया निरीहया द्वन्द्वतितिक्षया च** (भाग. ४.२२.२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.अर्कालेगरेका अपकारको पनि सहन गर्न सक्ने क्षमता/ सहनशीलता।

तितिक्षुः (पुं.वि.) [*तितिक्षधातोः सनाशंसभिक्ष उः ३.२.१६८ इत्युः*] सहनशील/सहने शक्ति भएको/क्षमाशील।

तितीर्षा (स्त्री.) [*तितीर्षणम्, तृञ् तरणे इति धातोः सनि, अप्रत्ययात् ३.३.१० इत्यः, टाप् ४.१.४*] तर्ने इच्छा/पार हुने इच्छा।

तितीर्षुः (पुं.वि.) [*तितीर्षति, सनन्तात् तृधातोः सनाशंसभिक्ष उः ३.२.१६८ इत्युः*] तर्न चाहने/पार जान चाहने। **तितीर्षुर्दुस्तरं मोहादुडुपेनास्मि सागरम्** (रघु. १.२)।

तित्तिडीकः (पुं.) [*ष्टीम आर्द्रीभावे इति धातोः, पर्फरीकादयश्च (उ.) ४६८ इति ईकन् द्वित्वञ्च*] तित्री/अमिली।

तित्तिरिः (पुं.) [*तित्तिशब्दं राति ददाति उच्चारयति इति, बाहुलकात् किः*] तित्रो।

तिथिः (स्त्री.) [*अतति गच्छतीति, अत सातत्यगमने इति धातोः, ऋतन्यञ्जि (उ.) ४४२ इति इथिन्, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इत्यल्लोपः*] १.पन्ध्रको सङ्ख्या २.चान्द्रमासको कुनै पक्षको कुनै दिन,। अर्थात्– औँसीदेखि पूर्णिमा र पूर्णिमादेखि औँसी भित्र पर्ने दिन। तिथि पाँच किसिमका हुन्छन्– नन्दा, भद्रा, जया, रिक्ता र पूर्णा। **नन्दातिथि**– प्रतिपदा, षष्ठी, एकादशी। यी तिथि शुक्लपक्षका भए अशुभ र कृष्णपक्षका भए शुभ मानिन्छन्। **भद्रातिथि**– द्वितीया, सप्तमी, द्वादशी। यी तिथि शुक्लपक्षका भए मध्यम र कृष्णपक्षका भए सम मानिन्छन्। **जयातिथि**– तृतीया, अष्टमी र त्रयोदशी। यी तिथि शुक्लपक्षका भए शुभ र कृष्णपक्षका भए अशुभ मानिन्छन्। **रिक्तातिथि**– चतुर्थी, नवमी र चतुर्दशी। यी तिथि शुक्ल पक्षका भए अशुभ र कृष्ण पक्षका भए शुभ हुन्छन्। **पूर्णातिथि**– पञ्चमी, दशमी र पूर्णिमा। यी शुक्ल पक्षमा शुभ र कृष्ण पक्षमा सम मानिन्छन्। प्रकारान्तर ले तिथिहरूका तीन भेद छन्– १.**सम्पूर्णा तिथिः**– सूर्योदयदेखि ६० घडी वा २४ घण्टाको समयमा पूरा हुने तिथि २.**सखण्डा तिथि**– सूर्योदेखि ६० घडी वा २४ घण्टाको पूरा समय नरहने तिथि। सखण्डा तिथिका दुई भेद छन्– **शुद्धा तिथि**– सूर्योदयदेखि सूर्यास्तसम्मको काल पाएको वा शिवरात्रि आदि रात्रिपूजाको महिमा भएको रात्रिसम्मको काल (घडी) रहेको तिथि। **विद्धा तिथि**– उपर्युक्त शुद्धा तिथिको लक्षण नभएका तिथि। विद्धातिथिका पनि दुई भेद छन्– **प्रातर्विद्धा तिथि**– सूर्योदयपछि ६ घडी भित्र अर्को तिथिको स्पर्श भएको तिथि। **सायंविद्धा तिथि**– सूर्यास्त अगाडि ६ घडीभित्र अर्को तिथिको स्पर्श भएको तिथि। तर पञ्चमीले षष्ठीलाई १२ घडीले, दशमीले एकादशीलाई १५ घडीले, चर्तुदशीले पूर्णिमालाई १८ घडीले स्पर्श गर्नु पर्छ। ३.**सकला तिथिः**– सूर्योदय हुँदा वा चन्द्रमा अस्ताउँदा रहेको तिथि। स्नान दान जप आदि कर्म गर्दा यस्ता तिथि महत्वपूर्ण हुन्छन्।

यां तिथिं समनुप्राप्य उदयं याति भास्करः।
सा तिथिः सकला ज्ञेया स्नानदानजपादिषु॥
यां तिथिं समनुप्राप्य यात्यस्तं यामिनीपतिः।
सा तिथिः सकला ज्ञेया स्नानदानादिकर्मसु॥

(ध.सिं.सामान्यतिथिनिर्णय)

~क्षयः (पुं.) सूर्योदय कालमा नरहेको तिथि। **~पतिः** (पुं.) तिथिको अधिष्ठातृदेवता।

तिथि	स्वामी	तिथि	स्वामी
प्रतिपदा	अग्नि	द्वितीया	ब्रह्मा
तृतीया	देवी	चतुर्थी	गणेश
पञ्चमी	सर्प	षष्ठी	स्कन्द
सप्तमी	सूर्य	अष्टमी	शिव
नवमी	दुर्गा	दशमी	यम
एकादशी	विश्वदेवा	द्वादशी	विष्णु
त्रयोदशी	कामदेव	चतुर्दशी	शिव
पूर्णिमा	चन्द्रमा	औँसी	पितृहरू

तिथिपत्रम् (नपुं.) [*तिथिप्रधानं पत्रम्*] पात्रो/पञ्चाङ्ग।

तिनिशः (पुं.) [अतिशयेन नेशति,इगुपधात् कः,पृषोदरादितया साधुः]वृक्षविशेष।

तिन्तिडी (स्त्री.) [*तिम्यति, तिम आर्द्रीभावे इति धातोः, अलिकादयश्च (उ.) ४७३ इति निपातः*] तित्री/अमिली ।

तिन्तिडीकः (पुं.) [*तिम्यति, तिम आर्द्रीभावे इति धातोः, अलिकादयश्च (उ) ४७३ इति निपातः*] तित्री/अमिली।

तिन्दुकः (पुं.) [*तिम्यति, तिम आद्रीभावे इति धातोः, मृगय्वादयश्च (उ.) ३९ इति निपातः, ततः संज्ञायां कन् इति कन्*] तिँदु।

तिन्दुकी (स्त्री.) [*तिम्यति, तिम आर्द्रीभावे इति धातोः, मृगय्वादयश्च (उ.) ३९ इति बाहुलकाद् उकषान्तो निपातः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] तिँदु।

तिपृ (धा.) [*क्षरणार्थे, अक.सेट्, आत्म.*] भिजाउनु। लट्– **तेपते**– भिजाउँछ। लिट्– **तितिपे**– भिजाएछ (अन.)। लुट्– **तेप्ता**– भिजाउने छ (अन.)। लृट्– **तेप्स्यते**– भिजाउने छ। लोट्– **तेपताम्**– भिजाओस्। लङ्– **अतेपत**– भिजायो (अन.)। विधिलिङ्– **तेपेत**– भिजाउला, भिजाओस्। आशीर्लिङ्– **तिप्सीष्ट**– भिजाओस्। लुङ्– **अतिप्त**– भिजायो। लृङ्– **अतिप्स्यत**– भिजाउने थियो इत्यादि।

तिम (धा.) [*आर्द्रीभावे, अक.सेट्, पर.*] भिज्नु। लट्– **तिम्यति**– भिज्छ इत्यादि।

तिमिः (पुं.) [*ताम्यति आकाङ्क्षतीति, तमु काङ्क्षायाम् इति धातोः, क्रमितमिशतिस्तम्भामत इच्च (उ.) ५७१ इति इन्, अत इच्च*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.माछोविशेष। **अस्ति मत्स्यो तिमिर्नाम शतयोजनविस्तरः** (भरत) २.समुद्र ३.राजाविशेष।

तिमिङ्गिलगिलः (पुं.) [*तिमिं मत्स्यं गिलति, गिलेऽगिलस्य (वा.) ६.३.७० इति कः, तिमिङ्गिलं गिलति, गिलगिले च (वा) ६.३.७० इति कः*] ठुलो खालको माछोविशेष।

तिमितः (पुं.वि.) [*तिम्यति स्म, तिम आर्द्रीभावे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.भिजेको/चिसो २.निश्चल (धरणि)।

तिमिरम् (नपुं.) [*तेमति आर्द्रीभवत्यस्मिन् तत्, तिम्यति आच्छादयति, आर्द्रीकरोति वा जगत्, तिम आर्द्रीभावे इति धातोः, इषिमदिमुदि-खिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) ५४ इति किरच्*] १.अँध्यारो २.(पुं.) [*तिम्यति क्लिद्यति चक्षुरनेन*] आँखाको रोग। **तमोऽक्षिरोगौ तिमिरः** (उ.को.)। **~रिपुः** [*तिमिरस्य रिपुः,ष.त.*] सूर्य (हला.)।

तिमिरमयः (पुं.वि.) [*प्रशस्तं तिमिरमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] अन्धकारले छाएको वा ढाकेको।

तिमीः (पुं.) [*तिमिः पृषोदरादित्वात् साधुः*] माछोविशेष।

तिमीमण्डलम् (नपुं.) १.[*तिमीनां तत्सदृशमत्स्याकाराणां ताराणां मण्डलम्, ष.त.*] मत्स्याकार तारामण्डल। यसका मुख्य दुई तारा छन्– मीरा र विराध। यीमध्ये मिरा १४ नोबेम्बर र विराध १० दिम्बिर ९ बजे राती याम्योत्तर वृत्तमा देखिन्छन्। २.[*तमीनां मत्स्यविशेषाणां मण्डलम्, ष.त.*] तिमी नामक माछाको समूह।

तिरः (अव्य.) [*तरतीति, तॄ प्लवनतरणयोः इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इत्यसुन्*] १.तेर्सो २.अन्तर्द्धान। **विश्वयोनिस्तिरोदधे** (कु.सं.) ३.तिरस्कार।

तिरञ्ची (स्त्री.) [*स्त्रियां ङीप्*] पशुपक्षीका पोथी।

तिरश्चीनः (पुं.वि.) [*तिरः अञ्चति, विभाषाञ्चेरदिक् स्त्रियाम् इति खः,खस्येनः*] तेर्सो हिँड्ने। **गतं तिरश्चीनमनूरुसारथेः** (शि.व.१.२)।

तिरस्करणी (स्त्री.) [*तिरोऽन्तर्धानं करोतीति, तिरस्क्रियतेऽनया, रजःकणादिः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] १.अदृश्य हुने विद्या २.पर्दा/जवनिका।

यत्रांशुकाक्षेपविलम्बितानां
यदृच्छया किंपुरुषाङ्गनानाम्।
दरीगृह द्वारविलम्बिविम्बा-
स्तिरस्करिण्यो जलदा भवन्ति॥ (कु.सं.१.१४)

तिरस्कारः (पुं.) [*तिरस्करणम्, तिरस्पूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अपमान/अनादर/अवज्ञा/उपेक्षा/हेला। २.विशेषालङ्कारअन्तर्गत आउने एक अर्थालङ्कार। पण्डितराज जगन्नाथले यसको प्रतिपादन गरेका छन्।

तिरस्कृतः १.(पुं.वि.) [*तिरस्क्रियते स्म, क्तः*] तिरस्कार गरिएको २.(पुं.) तन्त्रसारोक्त मन्त्रविशेष।

यस्य मध्ये हकारोऽस्ति कवचं मूर्द्धनि द्विधा।
अस्त्रं तिष्ठति मन्त्रः स तिरस्कृत उदीर्यते॥

तिरस्क्रिया (स्त्री.) [*तिरस्करणम्, तिरस्पूर्वकाद् डुकृञ् करणे इति धातोः कृञः श च ३.३.१०० इति शः, तिरसोऽन्यतरस्याम् ८.३.४२ इति सत्वम्*] अपहेलना। **परिभावस्तिरस्क्रिया** (अमर.१.७.२२)।

तिरीटम् (नपुं.) [*तीर्यते शिरोविपदोऽनेन, तॄ प्लवनतरणयोः इति धातोः, कृतॄकृपिभ्यः कीटन् (उ.) ६३४ इति कीटन्*] श्रीपेच।

तिरीटिः (पुं.) उखुको आँख्लो (शब्दर.)।

तिरोधानम् (नपुं.) [*तिरस्पूर्वकाद्, डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लुप्त हुनु/अन्तर्धान हुनु। **सिद्धान् विद्याधरांश्चैव तिरोधानेन सोऽसृजत्** (भाग.२.२१.४४)।

तिरोहितः (पुं.वि.) [*तिरस्पूर्वकाद्, डुधाञ् धारणपोषणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.लुप्त/छोपिएको/ढाकिएको २.लडाइँमा भागेर लुकेको। **त्रिषु नष्टतिरोहितौ** (अमर.२.८.११२)।

तिर्यङ् (पुं.) १.[*तिरः अञ्चति, उदरेऽन्नादिकमस्य*] पशुपक्षी। **पापानि तु नरः कृत्वा तिर्यग् जायेत भारत**। (म.भा.१३.१११.१२५) २.(पुं.वि.) तेर्सो हिँड्ने।

तिल (धा.) [*गतौ, भ्वा. सक. सेट् पर.*] भिजाउनु। लट्– **तेलति**– भिजाउँछ। लिट्– **तितेल**– भिजाएछ (अन.) इत्यादि।

तिल (धा.) [*स्नेहने, सक.सेट् उभ.*] तेल लगाउनु। लट्– **तेलयति-ते**– तेल लगाउँछ। लिट्– **तेलयाञ्चकार-चक्रे**– तेल लगाएछ (अन.)। लुट्– **तेलयिता**– तेल लगाउनेछ (अन.)। लृट्– **तेलयिष्यति**– तेल लगाउनेछ। लोट्– **तेलयतु-ताम्**– तेल लगाओस्। लङ्– **अतेलयत्-त**– तेल लगायो (अन.)। विधिलिङ्– **तेलयेत्-त**– तेल लगाउला, तेल लगाओस्। आशीर्लिङ्– **तेल्यात्-तेलयिषीष्ट**– तेल लगाओस्। लुङ्– **अतीतिलत्-त**– तेल लगायो। लृङ्– **अतेलयिष्यत्-त**– तेल लगाउने थियो इत्यादि।

तिलम् (नपुं.) [*तिलति स्निह्यति तैलेन पूर्णीभवतीति, तिल स्नेहने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.सानो चेप्टो प्रसिद्ध तेल निस्कने अन्न। तिल अनेक किसिमका हुन्छन्। तिल कालो (गाढा कालो रङ्गको) – **कृष्णतिलः** (पुं.), तिल सेतो– **तैलपिञ्जः/वासिततिलः** (पुं.) तिल सानो– **अल्पतिलः** (पुं.), **सवर्ण्यतिलः** (पुं.), **तिलःकृष्णः सितो रक्तः सावर्ण्योऽल्पतिलः स्मृतः** (अ.नि.प्रि.१९९)। वनमा हुने तिल– **जर्तिलः** (पुं.) तिल मिसिएको पानी– **तिलोदकम्** (नपुं.), तिलको फूल– **वज्रपुष्पम्** (नपुं.), **वज्रपुष्पं तिलस्य यत्** (अमर.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.[*तिलतुल्यवर्णोऽस्यास्तीति , अर्शाद्यच्*] शरीरमा हुने कोठी ३.आँखाको नानीबिचको कालो वस्तु ४.कालो थोप्लाको छाँटको वस्तु ५.स्त्रीकेशर, सेतो पुंकेशर समेत पाँच केसर हुने सेतो वा सेतोमा गुलाबी छिर्का भएको ढुङ्ग्रे फूल। ।

तिलकः (पुं.) १.[*तिलति स्निह्यतीति, तिल स्नेहने इति धातोः, क्वुन् (उ.) २००*] तिल्केको बोट २.[*तिल इव इवे प्रतिकृतौ ५.३.९६ इति कन्, यद्वा तिलवत् कायतीति, कैशब्दे इति धातोः, आतोऽनुपसर्गे ३.२.३ इति कः,आलोपः*] टीको/चन्दन।

द्वादशाङ्गे ललाटादौ तिलकं हरिमन्दिरम्।
स्नानान्ते वैष्णवः कुर्यात् प्रत्येकं कृष्णनामभिः॥ (प.पु.)

३.कोठी ४.एक प्रकारको घोडा ५.रोगविशेष ६.सङ्गीतमा ध्रुवकको एक भेद। **पञ्चविंशतिवर्णाङ्घ्रितिलको ध्रुवको भवेत्** (स.दा.) ७.प्रधान/मुख्य/विशेष।

तिलकटम् (नपुं.) [*तिलानां रजः, कटच्प्रकरणेऽलाबूतिलोमाभङ्गाभ्यो रजस्युपसङ्ख्यानम् (वा.) ५.२.२९ इति कटच्*] तिलको धुलो।

तिलकम् (नपुं.) [*तिलति स्निह्यति, क्वुन् शिल्पिसंज्ञयोः इति क्वुन्,अकः*] १.फोक्सो २.पिपासास्थल ३.कालो नुन ४.विवाहमा स्नेहपूर्वक छोरीज्वाइँलाई दिइने दाइजो ५.[*तिलमिव कायति, कः, आलोपः*] यज्ञमा होम गरेर डढाइएको चरु र घृतपात्रमा रहेको घिउ मिसाएर बनाइएको पदार्थ तथा त्यसबाट निधारमा लगाइने टीका।

तिलकमुद्रा (स्त्री.) [*तिलकस्य मुद्रेव मुद्रा, त.स.*] भक्तहरूले आफ्ना शरीरमा लगाइने चन्दनको शङ्ख, चक्र आदि चिह्न।

तिलकालकः (पुं.) [*तिल इव कालकः*] कोठी। **तिलकस्तिल कालकः** (अमर.२.६.४९)।

तिलतैलम् (नपुं.) [*तिलस्य विकारः (स्नेहः), विकारे स्नेहने तैलच् (वा.) ५.२.२९ इति तैलच्, यद्वा तिलस्य तैलम्, ष.त.*] तिलको तेल। मर्दन गर्दा शरीरका अवयवका निमित्त यो तेल अतीव गुणकारी हुन्छ तर खानु भने हुँदैन, त्वचा, केश र आँखालाई हानि पुऱ्याउँछ। ठोक्किएको, मर्किएको, अङ्ग (मसल) फाटेको, आगाले पोलेको, हाडमा चोटपटक लागेको, जिउ दुखेको आदिमा तिलको तेल घसे वा लगाए फाइदा गर्छ। तिलको तेल लगाएर स्नान गर्दा धेरै फाइदा हुन्छ।

तिलपर्णी (स्त्री.) [*तिलस्येव पर्णान्यस्याः, पाककर्ण ४.१.६४ इति ङीष्*] रक्तचन्दन।

तिलपिञ्जः (पुं.) [*निष्फलस्तिलः, तिलान्निष्फलात्पिञ्जपेजौ प्रत्ययौ वक्तव्यौ (वा.) इति पिञ्जप्रत्ययः, पेजप्रत्यये तिलपेजः, इत्यपि*] १.फल नभएको तिलको भिँगल्य २.कोसा नलाग्ने तिल।

तिलमयः (पुं.वि.) [*तिलस्य विकारोऽवयवो वा असंज्ञायां तिलयवाभ्याम् ४.२.१४९ इति मयट्*] तिलबाट बनेको।

तिलाः (पुं.वि.) [*तिलस्य फलानि, लुक्प्रकरणे फलपाकशुषा मुपसङ्ख्यानम् (वा.) ४.३.१६६ इति अणो लुक्*] तिलको पाकेको फल।

तिलाञ्जलिः (पुं.) १.[*तिलसहिता अञ्जलिः, म.प.स.*] मरेका मानिसलाई लक्ष्य गरेर दिइने तिल र कुशसहितको जलाञ्जलि/ तिलोदक २.त्याग (लाक्षणिक अर्थ)।

तिलित्सः (पुं.) [*तिलिं गतिं त्सरति, छद्मतां नयति, त्सर छद्म गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०२ इति डः, टिलोपः*] गोमन सर्प।

तिलोत्तमा (स्त्री.) [*तिलैः तिलप्रमाणैः सर्वरत्नानामंशैरुत्तमा*] एक अप्सरा।

तिलं तिलं समानीय रत्नानां यद् विनिर्मिता।
तिलोत्तमेति तत्तस्या नाम चक्रे पितामहः॥
(म.भा.१.२१२.१७)

तिलौदनः (पुं.) [*तिलमिश्रं ओदनं यत्र सः*] तिल हालेर पकाएको खिच्रो। **कृशरस्तु तिलौदनः** (अमर.परि.३१)।

तिल्यम् (नपुं.) [*तिलानां भवनं क्षेत्रम्, विभाषा तिलमाषो-माभङ्गाणुभ्यः ५.२.४ इति यत्*] तिल हुने क्षेत्र।

तिल्वः (पुं.) [*तिलत्यनेनाङ्गम्, तिल स्नेहने इति धातोः, उल्वादयश्च (उ.) ५४४ इति वनन्तो निपातः*] लोध।

तिष्यः (पुं.) १.[*तुष्यन्त्यस्मिन् जनाः, तुष तुष्टौ इति धातोः, सूर्यतिष्य ६.४.१४९ इति निपातनात्क्यप्, उपधाया इत्वञ्च*] पुष्य नक्षत्र हे. पुष्य। २.[*तुष्यन्त्यस्मिन् पापाचाराः*] कलियुग। **तिष्यपुष्ये कलियुगे** (अमर.३.३.१४७) ३.[*तिष्यः पुष्यनक्षत्रं पौर्णमास्या-मस्ति अस्य*] पौषमहिना ४.[*तिष्ये जातः, श्रविष्ठाफल्गुन्य ४.३.३४ इति अणो लुक्*] तिष्य (पुष्य) नक्षत्रमा पैदा भएको।

तिष्यफला (स्त्री.) [*तिष्यं मङ्गल्यं फलमस्याः, बहु.स.*] अमला।

तिष्या (स्त्री.) [*तिष्यं मङ्गल्यमस्त्यस्याः*] अमला। **तिष्या धात्री च कीर्त्यते** (धरणि.)।

तीकृ (धा.) [*गतौ, सक.सेट् आत्म.*] हिँड्नु। लट्– **तेकते**– हिँड्छ इत्यादि।

तीक्ष्णः (पुं.वि.) [*तितिक्षते, तिज निशाने इति धातोः, तिजेदीर्घश्च (उ.) ३०५ इति क्स्नः, दीर्घश्च*] १.तिखो/धारिलो २.प्रखर/तीव्र ३.असह्य ४.आत्मत्यागी ५.अल्छी नगर्ने ६.राम्रो बुद्धि भएको ७.(पुं.)जबाखार ८.सेतो कुश ९.नक्षत्रको तीक्ष्णगण– (अश्लेषा, ज्येष्ठा र मूल)।

तीक्ष्णगन्धकः (पुं.) [*तीक्ष्णो गन्धोऽस्य, शेषाद्विभाषा ५४.१५४ इति कप्*] सैजन।

तीक्ष्णम् (नपुं.) [*पूर्ववत्*] १.अतिशय कडा घाम। **तिग्मं तीक्ष्णं खरं तद्वत्** (अमर.) २.फलाम (अमर.२.९.९८) ३.विष ४.युद्ध।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषाभिमरलोहेषु तीक्ष्णं क्लीबे खरे त्रिषु । (अमर.३.३.५३) ५.सामुद्रिक नुन ६.तिखो वा कठोर वस्तु (हीरा, दुर्वचन, कटाक्ष, नङ आदि) ७.अण्डकोश ।

तीक्ष्णोपायः (पुं.) [*तीक्ष्णश्चासौ उपायश्च,कर्म.स.*] कठोर उपाय ।

तीर (धा.) [*कर्मसमाप्तौ, अक.सेट् उभ., अदन्तः*] काम पूरा हुनु । लट्– **तिरयति-ते–** काम पूरा हुन्छ इत्यादि ।

तीरम् (नपुं.) [*तीरयति समापयति नद्यादिकम्, तीर कर्मसमाप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] नदीको किनारा/छेऊ ।

तीरवर्ती (पुं.वि.) [*तीरे वर्तते इति*] तीर वा किनारमा रहेको ।

तीर्थः पुं./नपुं.) [*तरन्ति भवसागरं येन, तरन्ति यत्र वा सः, तॄ प्लवनतरणयोः इति धातोः, पातॄतुदिवचिरिचिसिचिभ्यस्तक् (उ.) १७२ इति स्थन्*] १.बाटो २.अग्नि ३.ब्राह्मण ४.आइमाईको रज ५.दार्शनिक सिद्धान्तविशेष ६.कुनै पवित्र ठाउँ ७.जलाशय ८.द्वारा/माध्यम ९.उपाय १० गुरु ११.आचार्य १२.बौद्धशास्त्र-देखि भिन्न शास्त्र १३.यज्ञ १४.सचिव १५.उपदेश १६.उपयुक्त ठाउँ वा वेला १७.दशनामी संन्यासीमध्ये एक १८.मौका १९.जलाशयमा गएर स्नान,सन्ध्या आदि गर्नका लागि बनाइएको घाट २०.चरणामृत, २१.मन्त्री, २२.योनि । **योनौ जलावतारे च मन्त्राद्यष्यदशस्वपि । पुण्यक्षेत्रे तथा तथा पात्रे तीर्थं स्याद् दर्शनेष्वपि ॥** (हला.) २३.दर्शन २४.कारण २५.पुण्यकाल २६.दुस्मनी छाडेर आपसमा हुने उचित व्यवहार २७.ईश्वर २८.माता पिता २९.अतिथि ३०.हातका चार तीर्थ– कायतीर्थ, देवतीर्थ, पितृथीर्थ र ब्राह्मतीर्थ । ३१.धर्मभावबाट श्रद्धासहित मानिसहरू स्नान, यज्ञ, देव दर्शन आदि गर्न जाने पवित्र स्थल । यसका तीन भेद छन्– जङ्गमतीर्थ, मानसतीर्थ र स्थावरतीर्थ ३२.शत्रु पक्षका अठार व्यक्तिहरू– मन्त्री, पुरोहित, युवराज, सेनापति, द्वारपाल, अन्तर्वेशिक (अन्तःपुरको अध्यक्ष), कारागारको अध्यक्ष, कोषाध्यक्ष, अर्थसचिव, प्रदेष्टा (प्रहरीको अध्यक्ष), नगराध्यक्ष, कारिगरको नाइके, धर्माध्यक्ष, सभाध्यक्ष, दण्डपाल, दुर्गपाल, राष्ट्रसीमापाल र वनरक्षक । शत्रु राजातर्फका यी अठारलाई तीर्थ भनिन्छ । यीमध्ये मन्त्री, पुरोहित र युवराजबाहेक आफुतिरका पन्ध्र व्यक्तिहरूलाई पनि तीर्थ भन्दछन् । **~करणम्** (नपुं.) [*तीर्थस्य करणम्, ष.त.*] तीर्थ गर्ने काम । **~काकः** (पुं.) [*तीर्थस्य काक इव*] लोभी मानिस । **~यात्रा** (स्त्री.) [*तीर्थस्य यात्रा, ष.त., तीर्थे वा यात्रा स.त.*] तीर्थ वा पुण्यभूमिमा जाने काम/तीर्थाटन । **~राजः** (पुं.) [*तीर्थानां राजा, ष.त.*] प्रयाग । **~श्राद्धम्** (नपुं.) [*तीर्थे श्राद्धम्, स.त.*] कुनै पनि तीर्थमा जाँदा गरिने श्राद्ध, यसमा आवाहन, विसर्जन, अर्घ्य, द्विजाङ्गुष्ठनिवेशन, तृप्ति प्रश्न, विकरदान र अग्नौकरण गरिँदैन । तीर्थश्राद्ध आमात्र, पक्वात्र वा कन्दमूल तथा फलहरूले गर्नुपर्छ । **आवाहनं विसृष्टिश्च तत्र तेषां न विद्यते । अर्घ्यमावाहनञ्चैव द्विजाङ्गुष्ठनिवेशनम् ॥ तृप्तिप्रश्नं च विकिरं तीर्थश्राद्धे विवर्जयेत् । तीर्थश्राद्धं प्रकुर्वीत पक्वान्नेन विशेषतः ॥ आमान्नेन हिरण्येन कन्दमूलफलैरपि ॥** (श्राद्धच.)

तीर्थङ्करमहावीरः (पुं.) [*तीर्थङ्कर इति महावीरः, कर्म.स.*] यिनको जन्म ईसाभन्दा ५९९ वर्षपूर्वमा भारतको बिहार प्रान्तको कुण्डपुर (विदेहको राजधानी वैशाली नजिकै) मा भएको थियो । यिनका पिताको नाम सिद्धार्थ र माताको नाम त्रिशाला थियो । यिनैबाट जैन धर्म चलेको हो । जैनीहरूले महावीरलाई इष्टदेव मान्छन् । यिनलाई देवताभन्दा पनि श्रेष्ठ र सबैथरी दोषबाट रहित मुक्त तथा मुक्तिदाता ठान्दछन् । गत उत्सर्पिणीमा चौबिस तीर्थङ्कर थिए । तिनका नाम यस प्रकार छन्– केवलज्ञानी, निर्वाणी, सागर, महायशा, विमलनाथ, सर्वानुभूति, श्रीधर, दत्त, दामोदर, सुतेजा, स्वामी, मुनिसुव्रत, सुमति, शिवगति, अस्ताग, निमीश्वर, अनिल, यशोधर, कृतार्थ, जिनेश्वर, शुद्धमति, शिवकर, स्यन्दन र सम्प्रति । वर्तमान अवसर्पिणीको आरम्भमा भएका चौबिस तीर्थङ्करका नाम– ऋषभदेव, अजितनाथ, शम्भवनाथ, अभिनन्दन, सुमतिनाथ, पद्मप्रभ, सुपार्श्वनाथ, चन्द्रप्रभ, सुविधिनाथ, शीतलनाथ, श्रेयांसनाथ, वासुपूज्यस्वामी, विमलनाथ, अनन्तनाथ, धर्मनाथ, शान्तिनाथ, कुन्थुनाथ, अरनाथ, मल्लिनाथ, मुनिसुव्रत, नमिनाथ नेमिनाथ, पार्श्वनाथ र महावीरस्वामी । यिनीहरूमध्ये ऋषभदेव, वासुपूज्य र नेमिनाथका मूर्तिहरू योगाभ्यासमा बसेका र बाँकी अरूका मूर्ति उभिएका हुन्छन् । आगामी उत्सर्पिणीमा हुने भनी उल्लेख गरिएका २४ तीर्थङ्करहरू– पद्मनाभ, शूरदेव, सुपार्श्व, स्वयम्प्रभ, सर्वानुभूति, देवश्रुत, उदय, पेढाल, पोट्टिल, शतकीर्ति, सुव्रत, अमम, निष्कषाय, निष्पुलाक, निर्मम, चित्रगुप्त, समाधि, संवर, यशोधर, विजय, मल्ल, देव, अनन्तवीर्य र भद्रकृत् । यिनका बाबु, आमा, उपासक, देवता, चिह्न र वर्ण पनि अलग अलग छन् । विशेष जानकारकि लागि हे. अभिधानचिन्तामणि, देवाधिदेवकाण्ड ।

तीर्थत्रयम् (नपुं.) [*तीर्थानां त्रयम्, ष.त.*] नैमिषारण्य, पुष्कर, चक्रतीर्थ (वामनपु.अ.७) ।

तीर्थस्थलम् (नपुं.) [*तीर्थस्य स्थलम्, ष.त.*] तीर्थरहेका स्थल । धार्मिकभावबाट प्रेरित भएर स्नान, दर्शन, पितृतर्पण, श्राद्ध आदि गर्न जाने स्थल, प्राचीन ऋषिमुनि तथा देवताहरूले तपस्या वा साधना गरेर पवित्र तुल्याएको स्थल । तीर्थस्थलहरू धर्मअनुसार फरक फरक छन् । मठमन्दिर पनि अलग अलग छन् । तीर्थमा गएर गरिने विधि पनि भिन्न छन् । वैदिक धर्मानुयायीहरूका प्रमुख तीर्थहरू नेपाल र भारतभित्रै पर्दछन् । अन्य धर्मावलम्बीहरूका तीर्थ नेपाल, भारत र अन्य मुलुकमा पनि छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीर्थोदकम् (नपुं.) [*तीर्थस्योदकम्, ष.त.*] गङ्गा, यमुना आदि तीर्थको जल। **तीर्थोदकञ्च वह्निश्च नान्यतः शुद्धिमर्हतः** (सुभा.)।

तीव (धा.) [*स्थौल्ये, भ्वा.अक.सेट् पर.*] मोटाउनु। लट्– **तिवति**– मोटाउँछ इत्यादि।

तीव्रः (पुं.वि.) [*तीवति, तीव स्थौल्ये इति धातोः, बाहुलकाद् रक्*] १.अतिशय २.तिक्खर ३.कठोर।

तीव्रे तपसि लीनानानामिन्द्रियाणां न विश्वसेत्।
विश्वामित्रोऽपि सोत्कण्ठं कण्ठे जग्राह मेनकाम्॥ (सुभा.)

तीव्रवेदना (स्त्री.) [*तीव्रा चासौ वेदना च, कर्म.स.*] १.अतिशय पीडा २.नरकको वेदना। **कारणा तु यातना तीव्रवेदना** (अमर.१.९.३)

तीव्रता (स्त्री.) [*तीव्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.अतिशय २.वेगाधिक्य।

तु (अव्य.) १.पादपूर्तिमा आउने पद। **तु ह च स्म वै पादपूरणे** (अमर. ३.४.५) २.परन्तु ३.भेद। **भोजनन्तु रुचिप्रियम्** ४.निश्चय। **क्षीरमांसन्तु पुष्टिकृत्**। ५.प्रशंसा ६.विनिग्रह ७.समुच्चय। **उष्ट्रयानं समारुह्य खरयानन्तु कामतः। स्नात्वा तु विप्रो दिग्वासाः प्राणायामेन शुध्यति** (मनु. ११.२०२)।

तुक् (पुं.) [*तुज्यतेऽनेन, क्विप्*] अपत्य/सन्तान। **तुक् तोकं तनयश्च नन्दन इति प्राज्ञैरपत्यं स्मृतम्** (हला.४९७)।

तुङ्गः (पुं.वि.) [*तुञ्ज्यते, तुजि हिंसायाम् इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.अग्लो २.(पुं.) बुधग्रह ३.पर्वत ४.चिलाउनेको बोट ५.नरिवल ६.गैंडा ७ योगभेद ८.ग्रहहरूको उच्च राशि। **आदित्यमेषे वृषभे शशाङ्के कन्यागते ज्ञे च गुरौ कुलीरे। मीने च शुक्रे मकरे महीजे शनौ तुलायामिति तुङ्गगेहाः** (समयामृत)।

तुङ्गिमा (पुं.) [*तुङ्गस्य भावः, वर्णदृढादिभ्यः ष्यञ्च ५.१.१२३ इत्यत्र चाद् दृढादेराकृतिगणतया इमनिच्*] उचाइ।

कृतनिश्चयिनो वन्द्यास्तुङ्गता नोपभुज्यते।
चातकः को वराकोऽयं यस्येन्द्रो वारिवाहकः॥ (सुभा.)

तुच्छः (पुं.वि.) [*तुदा व्यथया छ्यति छो छेदने इति धातोः, मूलविभूजादिभ्यश्च (वा.) ३.२५ इति कः*] १.तुच्छ/काम नलाग्ने **किमैतैरात्मनस्तुच्छैः सह देहेन नश्वरैः**। २.रित्तो/खाली। **शून्यन्तु वशिकं तुच्छरिक्तके**। (अमर.३.१.५६) ३.थोरै/अत्यल्प।

तुज (धा.) [*हिंसायाम्, भ्वा. सक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **तोजति**– हिंसा गर्छ। लिट्– **तुतोज**– हिंसा गरेछ (अन.) इत्यादि।

तुजि (धा.) [*पालने, भ्वा. सक.सेट्, पर.*] पालन गर्नु। लट्– **तुञ्जति**– पालन गर्छ इत्यादि।

त्रयो दण्डिप्रबन्धाश्च त्रिषु लोकेषु विश्रुताः॥ (राजशेखर)

दशकुमारचरितमा आठ कुमारहरूका कथाको वर्णन छ। यसका दुई पीठिका छन्—पूर्वपीठिका र उत्तरपीठिका। काव्यादर्श उनको अलङ्कारसँग सम्बद्ध ग्रन्थ हो। ३.(पुं.वि.) दण्डधारी।

दण्डोपघातम् (नपुं.) [*दण्डेन उपहन्ति, हिंसार्थानाञ्च समान कर्मकाणाम् ३.४.४८ इति णमुल्, अत उपधायाः ७.२.११६ इति वृद्धिः, हो हन्ते ७.३.५४ इति कुत्वम्, हनस्त ७.३.३२ इति नस्य तः*] लट्ठीले हिर्काएर। जस्तै— **दण्डोपघातं गाः कालयति**= लट्ठीले हिर्काएर गाई धपाउँछ।

दत्तः (पुं.) १.[*देवदत्तशब्दस्य विनापि प्रत्ययेन पूर्वोत्तरपदयोर्विभाषा लोपो वक्तव्यः (वा.) इति देवशब्दस्य लोपः, एवमेव सत्यभामा भामा वा सत्या इत्यादि*] देवदत्त, संस्कृतमा लामा नामहरूलाई विभिन्न ढंगले छोटो पार्ने चलन छ। यसरी छोटो पार्दा कतै पूर्वपदको लोप हुन्छ भने कतै उत्तरपदको लोप हुन्छ, कतै अर्कै प्रत्यय लगाएर शब्द बनाइन्छ। माथि दिएको उदाहरणमा देवको लोप भएर दत्त बाँकी रहेको छ। त्यस्तै सत्यभामाको सट्टा भामा वा सत्याको पनि प्रयोग हुन्छ। २.(पुं.वि.) [*दीयते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] दिइएको।

जातेति कन्या महती हि चिन्ता

कस्मै प्रदेयेति महान् वितर्कः।

दत्ता सुखं प्राप्स्यति वा न वेति

कन्यापितृत्वं खलु नाम कष्टम्॥ (सुभा.)

~चित्तः (पुं.वि.) [*दत्तं चित्तं येन सः, बहु.स.*] काममा तल्लीन भएको/एकाग्र/एकचित्त।

दत्तकः (पुं.) [*दत्त इव, प्रागिवात्कः ५.३.७० इति कः*] सन्तान नहुनेले शास्त्र र ऐन मुताबिक ग्रहण गरेको पुत्र।

दद्यात् माता पिता वाऽथ स पुत्रो दत्तको भवेद् (स्मृति)।

~पुत्रः (पुं.) [*दत्तकश्चासौ पुत्रश्च, कर्म.स.*] धर्मपुत्र।

दत्तात्रेयः (पुं.) ब्रह्मा, विष्णु र शिवको रूपमा अत्रि ऋषिले अनसूयाबाट जन्माइएको एक परमज्ञानी ऋषि। यी विष्णुका चौबिसौं अवतारमध्ये छैटौं अवतार हुन्। मार्कण्डेय पुराणअनुसार लक्ष्मी, सतीदेवी र सरस्वतीमा आफूजस्तो पतिव्रता तीनै लोकमा कोही छैन भन्ने घमण्ड थियो, नारदले तिनीहरूलाई अनसूयाको कुरा सुनाए, ती सबै देवीहरूले नारदले बयान गरेको अनसूयाको पतिव्रताधर्म भङ्ग पार्न प्रेरणा दिएपछि ब्रह्मा, विष्णु, शिव तीनै देवता अनसूयाकहाँ पुगे। आतिथ्यसत्कार गर्न लाग्दा देवताले भने— हे देवी जबसम्म तिमी नाङ्गै हामीकहाँ आउँदिनौ तबसम्म आतिथ्य स्वीकार गर्दैनौं। त्यसवेला अत्रिऋषि मन्दाकिनीमा स्नान गर्न गएका थिए। अनसूयाले अतिथि देवता समान हुन् भनेर भगवान् र अत्रिलाई प्रणाम गरेर भनिन्— यदि मेरो पातिव्रत्य धर्म सत्य छ भने यी तीनै जना ६/६ महिनाका बालक होऊन्। त्यसपछि ती तीनै देवता बालक भए र अनसूयाले तिनीहरूलाई पालन पोषण गर्न लागिछन्। यता आफ्ना पतिहरूको हालत नारदबाट सुनेर ती तीनै देवीहरू अनसूयाकहाँ गएर माफी माग्दै आफ्ना पतिहरूलाई मागे। अनसूयाले पातिव्रत्यबलबाटै ती बालकलाई ब्रह्मा, विष्णु शिव बनाएर देवीहरूलाई दिइन्। तीनै देवताले अनुसूयालाई वर माग भन्दा आफ्नो छोरा बन्ने वर मागिन्। कालान्तरमा ब्रह्माको अंशबाट चन्द्रमा, शिवबाट दुर्वासा र विष्णुबाट दत्तात्रेयको जन्म भयो। (भा.३.३.११)

दत्तावधानम् (नपुं.) [*दत्तञ्च तदवधानञ्च, धर्म.स.*] एकाग्र चित्त हुनु।

दद (धा.) [*दाने, सक.सेट्, आत्म.*] दान गर्नु। लट्— **ददते**— दान गर्छ। लिट्— **ददर्दे**— दान गरेछ (अन.)। लुट्— **ददिता**— दान गर्ने छ (अन.)। लृट्—**ददिष्यते**— दान गर्ने छ। लोट्— **ददताम्**— दान गरोस्। लङ्— **अददत**— दान गऱ्यो (अन.)। विधिलिङ्— **ददेत**— दान गर्ला, दान गरोस्। आशीर्लिङ्— **ददिषीष्ट**— दान गरोस्। लुङ्— **अददिष्ट**— दान गऱ्यो। लृङ्— **अददिष्यत**— दान गर्ने थियो इत्यादि।

ददः (पुं.वि.) [*ददाति, ददातिदधात्योर्विभाषा ३.१.१३९ इति शः, श्लुः, द्वित्वम्, अभ्याससंज्ञा, ह्रस्वः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] दिने। जस्तै— **अभयंददः**— अवलोकितेश्वर बुद्ध।

ददत् (पु.वि.) [*ददाति, दा दाने इति धातोः लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शतृ, शपि श्लौ, द्वित्वम् अभ्याससंज्ञा, ह्रस्वः, अभ्यस्तसंज्ञा, नाभ्यस्ताच्छतुः ७.१.७८ इति नुम्निषेधः*] १.दिने/दाता २.दिदै गरेको।

दधः (पुं.वि.) [*दधाति, ददातिदधात्योर्विभाषा ३.१.१३९ इति शः, श्लुः, द्वित्वम्, अभ्याससंज्ञा, ह्रस्वः, आतो लोप इटि च ६.४.६४ इति आलोपः*] धारण गर्ने।

दध (धा.) [*धारणे, सक.सेट्, आत्म.*] धारण गर्नु, पालन गर्नु। लट्— **दधते**— धारण गर्छ, पालन गर्छ। लिट्— **दधे**— धारण गरेछ, पालन गरेछ (अन.)। लुट्— **दधिता**— धारण गर्ने छ, पालन गर्ने छ (अन.)। लृट्— **दधिष्यते**— धारण गर्ने छ, पालन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने छ। लोट्– **दधताम्**– धारण गरोस्, पोषण गरोस्। लङ्– **अदधत**– धारण गऱ्यो, पोषण गऱ्यो (अन.)। विधिलिङ्– **दधेत**– धारण गर्ला, पोषण गर्ला, धारण गरोस्, पोषण गरोस्। आशीर्लिङ्– **दधिषीष्ट**– धारण गरोस्, पोषण गरोस्। लुङ्– **अदधिष्ट**– धारण गऱ्यो, पोषण गऱ्यो। लृङ्– **अदधिष्यत**– धारण गर्ने थियो, पोषण गर्ने थियो इत्यादि।

दध (धा.) [*घातने पालने च, सक.सेट् पर. छान्दस*] संरक्षण गर्नु, पोषण गर्नु, मार्नु, दुःख दिनु। लट्– **दध्नोति**– संरक्षण गर्छ, पोषण गर्छ, मार्छ, दुःख दिन्छ इत्यादि।

दधत् (पुं.वि.) [*दधातीति लटः स्थाने शतृ, उभे अभ्यस्तम् ६.१.५ नाभ्यस्ताच्छतुः ७.१.७८ इति नुम्निषेधः*] धारण गर्ने।

दधानः (पुं.वि.) [*धत्ते इति डुधाञ् धारणपोषणयोः इति धातोः, लटः स्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.२४ इति शानच्*] धारण गरिरहेको।

दधिः (पुं.वि.) [*दधाति, भाषायां धाञ्कृञ्सृजनिगमिभ्यः किकिनौ वक्तव्यौ (वा.) ३.२.१७१ इति किः, अभ्यासकार्यम्, आतो लोप इटि च ६.४.६४ इति आलोपः*] धारण गर्ने।

दधि (नपुं.) [*दध धारणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इतीन्*] दही।

दधित्थः (पुं.) [*दधिवर्णो द्रवस्तिष्ठत्यस्मिन्*] क्वाथ।

दधिदुग्धम् (नपुं.) [*दधि च दुग्धञ्च द्व.स., विभाषा वृक्षमृगतृणधान्यव्यञ्जनपशुशकुन्यश्ववडवपूर्वापराधरोत्तराणाम् २.४.१२ इति व्यञ्जनद्वन्द्वत्वादेकवद्भावः*] दहीदुध/दुधदही।

दधिफलः (पुं.) [*दधि फलेऽस्य*] क्वाथ।

दधिभवः (पुं.वि.) [*दध्नो भवति*] दहीबाट निस्केको वा बनेको।

दधिमण्डः (पुं.) [*दध्नो मण्डः, ष.त.*] दहीको छाली।

दधिवारि (नपुं.) [*दध्नो वारि, ष.त.*] १.दहीको पानी २.[*दधिप्रधानं वारि, म.प.स.*] पखाले ३.(पुं.) [*दधिसदृशो वारि यत्र सः, बहु.स.*] पुराणमा वर्णित सात समुद्रमध्ये एक। **लवणक्षीरमध्वाज्यसुरेक्षुस्वादुवारयः** (अभि.चि.)।

दधिसक्तवः (पुं.) [*सचते इति, षच समवाये इति धातोः, सितनिगमि (उ.) ६९ इत्यादिना तुन्, दध्युपसिक्ताः सक्तवः, अन्नेन व्यञ्जनम् २.१.३४ इति समासः, शाक पार्थिवादीनां सिद्ध्य उत्तरपदलोपस्योपसङ्ख्यानम् (वा.) २.१.७८ इति वा समासः*] दहीमा मुछिएको सातु।

दधिसारम् (नपुं.) [*दध्नः सारम्, ष.त.*] नौनी।

दधीचिः (पुं.) अथर्वका छोरा, एक ऋषि। यिनले वज्र बनाउन आफ्नो शरीरको हाड इन्द्रलाई दिएका थिए।

दधीच्यस्थि (पुं.) [*दधीचेः अस्थि, ष.त.*] १.हीरा २.वज्र ३.दधीचिको हाड।

दधृक् (पुं.) [*धृष्णोतीति, शत्रून्, ञिधृषा प्रागल्भ्ये इति धातोः, ऋत्विग्दधृक् ३.२.५९ इति क्विन्, निपातनाद् द्विर्वचनं कुत्वञ्च*] शत्रुलाई हराउने।

दध्नः (पुं.) [*जीवेभ्यः पापपुण्यफलं दधते इति, दधृधातोर्बाहुलकात् नः*] चौध यमराजमध्ये एक।

दनुः (स्त्री.) कश्यपकी पत्नी, दक्षकी छोरी, दानवकी आमा।

दनुजः (पुं.) [*दनोर्दनौ वा जातः, सप्तम्यां जनेर्डः, ३.२.९७, पञ्चम्यामजातौ ३.२.९८ इति वा डः, डित्वाट्टिलोपः*] राक्षस/असुर/दनुबाट पैदा भएको दानव।

दन्तः (पुं.) [*दाम्यति उपशाम्यति यो येन वा सः, दमु उपशमे इति धातोः, हसिमृग्रिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३ इति तन्*] १.दाँत २.औषधिविशेष ३.बत्तिसको सङ्ख्या जनाउने शब्द। **~कारः** (पुं.) हात्तीका दाँतको सामान बनाउने कारिगर। **~काष्ठम्** (नपुं.) १.दत्तिवन २.सानो मयल। **~काष्ठकम्** (नपुं.) वनमाली। **~केतुः** (पुं.) कागती। **~ग्राही** (पुं.वि.) दाँत बिगार्ने। **~घर्षः** (पुं.) दाँतमा दाँत बजाउने क्रिया। **~घातः** (पुं.) दाँतले टोक्ने क्रिया। **~चालः** (पुं.) दाँत हल्लिनु। **~चिकित्सकः** (पुं.) [*दन्तानां चिकित्सकः, ष.त.*] दाँतको डाक्टर। **~चिकित्सा** (स्त्री.) दाँतको उपचार गर्ने काम। **~च्छेदः** (पुं.) दाँतको चर/दन्तद्वार। **~च्छेदी** (पुं.वि.) दन्तद्वारे। **~मूलम्** (नपुं.) दाँतको जरो। **~तालः** (पुं.) ताल दिन बजाइने प्राचीनकालको बाजाविशेष। **~दर्शनम्** (नपुं.) रिस, हाँसो वा खिसी गरी दाँत देखाउने काम। **~द्वारम्** (नपुं.) [*दन्तयोर्द्वारम्, ष.त.*] दुई दाँतका बिचको छिद्र। **~धावनम्** (नपुं.) दाँत माज्ने काम। **~धौतिः** (स्त्री.) हठयोगको धौति क्रियामध्ये एक भेद। यसका पाँच भेद छन्– १.दन्तमूल २.जिह्वामूल ३.कर्णधौति दुईथरी ४.कपालरन्ध्र। **~मूलधौतिः** (स्त्री.) खयरको रस र सुकेको धुलो वा कुनै मञ्जनले फोहोर नजाँदासम्म दाँतको जरा सफा गर्ने काम (घे.सं.)। **~मुद्रा** (स्त्री.) दाहिने हातको खुकुलो मुठी बाँधेर माझी औँलो सोझो पारी माथि ताकेर हेर्दा हुने हस्तक्रियाको मुद्रा। **उत्तानोर्ध्वमुखीमध्या सरला बद्धमुष्टिका। दन्तमुद्रा समाख्याता सर्वागमविशारदैः॥** (मु.प्र.)। **~मूलीयाः** (पुं.बहु.) दाँतको सहायताले उच्चारण हुने वर्णहरू– त, थ, द, ध, न, ल, स। **~रोगः** (पुं.) दाँतको रोग। **~रोगी** (पुं.वि.) दाँतको रोगी। **~वक्त्रः** (पुं.) शिशुपालको भाइ, यसलाई कृष्णले मारेका थिए॥ **~वीणा** (स्त्री.) १.दाँत लगाएर बजाइने वीणा २.दाँतको कटकट आवाज। **~वेदना** (स्त्री.) दाँत दुखाइ। **~वैद्यः** (पुं.) दाँतको डाक्टर। **~शङ्कुः** (पुं.) चिरफार गर्ने प्राचीनकालको औजारविशेष। **~शठः** (पुं.) १.ज्यामिर २.कयेथ ३.दाँत कुँडिने फल। **~शर्करा** (स्त्री.) १.दाँतमा पाप्रो निस्कने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोग २.दाँतको पाप्रो। **~शाणः** (पुं.) मञ्जन। **~शिरा** (स्त्री.) गिंजो। **~शुद्धिः** (स्त्री.) दाँतको सफाइ। **~शूलः** (पुं.) **~शूलम्** (नपुं.) दाँतको शूल/दाँत दुखाइ। **~शोथः** (पुं.) गिंजो सुन्निने रोग। **~शोधनी** (स्त्री.) दाँत कोट्याउने सिन्को। **~शोफः** (पुं.) गिजो सुन्निने रोग। **~सङ्घर्षः** (पुं.) दाँत पिसाइ/दाह्रा किट्ने काम।

दन्तकः (पुं.) १.[*दन्त इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] सिंगौरो। **नागदन्तस्तु दन्तकः।** (अभि.चि.) २.पहाडबाट बाहिर निस्किएको तेर्सो जमिन। **दन्तकास्तु बहिस्तिर्यक्प्रदेशा निर्गता गिरेः।** (अभि.चि.) ३.[*दन्त एव, स्वार्थे कन्*] दाँत ४.[*अल्पो दन्तः, अल्पे ५.३.८५ इति कन्*] सानो दाँत ५.[*कुत्सितो दन्तः, कुत्सिते ५.३.७४ इति कन्*] १.खान नसक्ने दाँत २.नक्कली दाँत।

दन्तच्छदः (पुं.) [*छाद्यतेऽनेन, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घप्रत्ययः, छादेर्घेऽद्व्युपसर्गस्य ६.४.९६ इति ह्रस्वः, दन्तानां छदः, ष.त.*] ओठ।

दन्तधावनः (पुं.) [*दन्तान् धावति, धावु गतिशुद्ध्योः, इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.वज्रदन्ती २.रातो खयर ३.रामरिठ्ठो ४.मौलसरी ५.दतिउन ६. अन्य मञ्जन।

दन्तधावनम् (नपुं.) १.[*दन्तानां धावनम्, ष.त.*] दाँत माझ्ने काम। **ततः स्नानं प्रकुर्वीत दन्तधावनपूर्वकम्। मुखे पर्युसिते नित्यं भवत्यप्रयतो नरः।** (ग.पु.आचारकाण्ड २१३.४७) २.[*दन्ताः धाव्यन्तेऽनेन*] वज्रदन्ती ३.कुनै दन्तिउन वा ब्रुस।

दन्तभागः (पुं.) १.[*दन्तस्य लक्षणया तत्सहितनिकटवर्तिनो ऽङ्गस्य भागः, ष.त.*] हात्तीको अगाडिपट्टिको भाग। **दन्तभागः पुरोभागः।** (अभि.चि.) २.[*दन्तस्य भागः, ष.त.*] दाँतको भाग।

दन्तमलम् (नपुं.) [*दन्तानां मलम्, ष.त.*] दाँतको फोहर।

कुचैलिनं दन्तमलोपधारिणं
बह्वाशिनं निष्ठुरवाक्यभाषिणम्।
सूर्योदये ह्यस्तमये च शायिनं
विमुञ्चति श्रीरपि चक्रपाणिनम्॥ (ग.पु.)

दन्तवस्त्रम् (नपुं.) [*दन्तस्य वस्त्रमिव, त. स.*] ओठ। **ओष्ठोऽधरो रदच्छदः। दन्तवस्त्रञ्च** (अभि.चि.)।

दन्तवासाः (पुं.) [*दन्तस्य वास इव, ष.त.*] ओठ। **अधरो दन्तच्छद ओष्ठ उच्यते दन्तवासश्च** (हला.)।

दन्तशठः (पुं.) [*दन्तस्य शठः, ष.त.*] १.अमिलो। **अम्लस्तु पाचनो दन्तशठः** (अभि.चि.) २.ज्यामिर ३.कैथ।

दन्तहर्षः (पुं.) [*दन्तानां हर्षो यस्मात्*] दाँतमा लाग्ने रोग।

दन्तादन्ति (अव्य.) [*दन्तैश्च दन्तैश्च प्रहृतय प्रवृत्तमिदं युद्धम्, बहु.स.*] दाँतले टोकाटोक गरेर भएको युद्ध।

दन्तावलः (पुं.) [*अतिशयितौ दन्तौ यस्य, दन्तशिखात्संज्ञायाम् ५.२.११३ इति वलच्, वले ६.३.११८ इति दीर्घः*] हात्ती।

दन्तावली (स्त्री.) [*दन्तानामावली, ष.त.*] दाँतको लहर।

दन्तिका (स्त्री.) [*दाम्यति दम्यते वा, दमु उपशमे इति धातोः, हसिमृग्रि (उ.) ३.८६ इति तन्, ततः स्वार्थे कन् ५.३.७५*] वज्रदन्ती।

दन्ती (पुं.) [*अतिशयितौ दन्तावस्य, अत इनिठनौ ५.२.१७५ इतीनिः*] हात्ती।

दन्तीमदः (पुं.) [*दन्तिनां मदः, ष.त.*] हात्तीको मदजल।

दन्तुरः (पुं.वि.) [*उन्नताः दन्ताः सन्त्यस्य, दन्त उन्नत उरच् ५.२.१०६ इत्युरच्*] १.ओठभन्दा बाहिर दाँत निस्केको छ्वाँके २.लामा लामा दाँत हुने दाह्रे।

दन्तोष्ठ्यः (पुं.वि.) [*दन्तोष्ठाभ्यां भवः, शरीरावयवाच्च इति यत्*] दाँत र ओठको सहायताबाट उच्चरित हुने वर्ण। **वकारस्य दन्तोष्ठ्यम्** (सि.कौ.)।

दन्त्यः (पुं.वि.) [*दन्तेषु भवः, शरीरावयवाच्च इति यत्, अलोपः*] १.दाँतमा भएको २.(पुं.) दन्त स्थानबाट उच्चारण हुने वर्ण। जस्तै ऌ, त, थ, द, ध, न, ल, स। **ऌतुलसानां दन्ताः** (सि.कौ.)

दन्दशूकः (पुं.) [*गर्हितं दंशति, लुपसदचरजपजभदहदशगृभ्यो भावगर्हायाम् ३.१.२४ इति यङ्, जपजभदहदशभञ्जपशाञ्च ७.४.८६ इति नुकि अनुस्वारः, यजजपदशां यङः (उ.) १७८ इति रक्*] १.हिंस्रक २.राक्षस। **इषुमति रघुसिंहे दन्दशूकान् जिघांसौ** (भट्टि. १.२६) २.सर्प।

दभ्रम् (नपुं.) [*दभ्यते, दम्भु दम्भने इति धातोः, स्फायितञ्चि (उ.) १७८ इति रक्*] साह्रै सानो।

दम् (नपुं.) [*ददाति आनन्दम्, वाहुलकात् कः*] पत्नी।

दमः (पुं.) [*दमनम्, दमु उपशमे इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेशस्य मान्तस्याऽनाचामे ७.३.३४ इति वृद्धिनिषेधः*] १.दबाब २.सजाय/दण्ड ३.विष्णु ४.बुद्धदेव ५.घर ६.हिलो ७.योगशास्त्रअनुसार इन्द्रियलाई वशमा राखी खराब कामबाट मन हटाएर ईश्वरमा लगाउने क्रिया। यो यम अन्तर्गत आउँछ। तर नेपालीमा भने दम भनेर श्वास रोगलाई पनि लिने गरिन्छ। यसका पाँच भेद छन्— क्षुद्रश्वास, तमकश्वास, ऊर्ध्वश्वास, महाश्वास र छिन्नश्वास (शा.ध.सं.)।

दमकः (पुं.वि.) [*दमयते, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] दमन गर्ने।

दमघोषः (पुं.) चेदिनरेश शिशुपालका पिता।

दमथः (पुं.) [*दम दमने इति धातोः, शीङ्शपिरुगमिवञ्चि-जीविप्राणिभ्योऽथः (उ.) ४०० इति अथप्रत्ययः*] दमन/दण्ड।

दमथुः (पुं.) [*दम दमने इति धातोः, ट्वितोऽथुच् ३.३.८९ इति अथुच्*] १.सजाय २.आत्मसंयम।

दमनः (पुं.वि.) [*दाम्यति दमु उपशमे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, अनः*] दमन गर्ने। **~नीतिः** (स्त्री.) [*दमनस्य नीतिः, ष.त.*] अरूलाई थिचोमिचो गर्ने नीति। **~शीलः** (पुं.वि.) [*दमने शीलः, स.त.*] दमन गर्ने स्वभावको/दमन हुने वा दब्ने स्वभावको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दमनम् (नपुं.) [*दम्यते इति, दम शमे दण्डे च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] दबाउने काम/थिच्ने वा थिचोमिचो गर्ने काम/पेलाइ/अधिकार वा हैकममा राख्ने काम।

दमयन्ती (स्त्री.) [*दमयतीति, अकर्त्रभिप्राये, शेषात्कर्तरि परस्मैपदम् १.३.७८ इति परस्मैपदम्, णिचि लटः शतृशानचावप्रथमा समानाधिकरणे ३.२.१२४ इति शतृ, नुम्, ङीप्*] विदर्भ देशका राजा भीमकी कन्या/राजा नलकी रानी।

दमितः (पुं.वि.) [*दम्यते स्म इति, णिजन्तात् दमु उपशमे इति धातोः, क्तप्रत्यये, वा दान्तशान्तपूर्णदस्तस्पष्टछन्नज्ञप्ताः ७.२.२७ इति वैकल्पिकतया इडागमः*] १.दमन गरिएको २.वशमा राखिएको।

दमी (पुं.वि.) [*दाम्यति, दमु उपशमे इति धातोः शमित्यष्टाभ्यो घिनुण् ३.२.१४१ इति घिनुण्*] शान्त।

दमु (धा.) [*उपशमे, सक.सेट् पर., पुषादिः*] शान्त गर्नु, दमन गर्नु। लट्– **दाम्यति**– शान्त गर्छ, दमन गर्छ। लिट्– **ददाम**– शान्त गरेछ, दमन गरेछ (अन.)। लुट्– **दमिता**– शान्त गर्ने छ, दमन गर्ने छ (अन.)। लृट्– **दमिष्यति**– शान्त गर्ने छ, दमन गर्ने छ। लोट्– **दाम्यतु-तात्**– शान्त गरोस्, दमन गरोस्। लङ्– **अदाम्यत्**– शान्त गऱ्यो, दमन गऱ्यो (अन.)। विधिलिङ्– **दाम्येत्**– शान्त गर्ला, दमन गर्ला, शान्त गरोस्, दमन गरोस्। आशीर्लिङ्– **दम्यात्**– शान्त गरोस्, दमन गरोस्। लुङ्– **अदमत्**– शान्त गऱ्यो, दमन गऱ्यो। लृङ्– **अदमिष्यत्**– शान्त गर्ने थियो, दमन गर्ने थियो इत्यादि।

दमुनाः (पुं.) [*दमु उपसमे इति धातोः, दमेरुनसिः (उ.) ६८४ इति उनसिः, दमूना इत्यपि*] १.शुक्र २.अग्नि।

दम्पती (पुं.) [*जाया च पतिश्च, द्व.स., राजदन्तादिषु पाठाद् दम्भावो निपात्यते*] स्त्रीपुरुष/जोइपोइ/लोग्नेस्वास्नी।

अन्तःकरणतत्त्वस्य दम्पत्योः स्नेहसंश्रयात्।
आनन्दग्रन्थिरेकोऽयमपत्यमिति बध्यते॥ (सुभा.)

दम्भः (पुं.) [*दभ्यतेऽनेन, दम्भु दम्भने इति धातोः, भावे ३.३.११८ इति घञ्*] १.घमन्ड/सेखी/भुटो अभिमान/आडम्बर/कपट/छल २.इन्द्रको वज्र।

दम्भचर्या (स्त्री.) [*दम्भप्रधाना चर्या, म. प.स.*] १.छलपूर्ण व्यवहार २.अभिमानपूर्ण व्यवहार।

दम्भु (धा.) [*दम्भने, सक.सेट् पर.*] ठग्नु। लट्– **दभ्नोति**– ठग्छ। लिट्– **ददम्भ**– ठगेछ (अन.)। लुट्– **दम्भिता**– ठग्ने छ (अन.)। लृट्– **दम्भिष्यति**– ठग्ने छ। लोट्– **दभ्नोतु**– ठगोस्। लङ्– **अदभ्नोत्**– ठग्यो (अन.)। विधिलिङ्– **दभ्नुयात्**– ठग्ला, ठगोस्। आशीर्लिङ्– **दभ्यात्**– ठगोस्। लुङ्– **अदम्भीत्**– ठग्यो। लृङ्– **अदम्भिष्यत्**– ठग्ने थियो इत्यादि।

दम्भोलिः (पुं.) [*दम्भु रोधने इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इत्यसुन्, दम्भसि रोधने अलिः समर्थः, स.त.*] वज्र।

दम्यः (पुं.) [*दमनार्हः दमु शमने इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९इत्यर्थे पोरदुपधात् ३.१.९८ इति यत्*] बहर।

दय (धा.) [*दानगतिरक्षणहिंसादानेषु, सक.सेट् आत्म.*] दान दिनु, जानु, पालन गर्नु, रक्षा गर्नु, मार्नु, दुःख दिनु, ग्रहण गर्नु। लट्– **दयते**– दान दिन्छ, जान्छ, पालन गर्छ, रक्षा गर्छ, मार्छ, दुःख दिन्छ, ग्रहण गर्छ। लिट्– **दयाञ्चक्रे**– दान दिएछ, गएछ, पालन गरेछ, रक्षा गरेछ, मारेछ, दुःख दिएछ, ग्रहण गरेछ (अन.)। लुट्– **दयिता**– दान दिने छ, जाने छ, पालन गर्ने छ, रक्षा गर्ने छ, मार्ने छ, दुःख दिने छ, ग्रहण गर्ने छ (अन.)। लृट्– **दयिष्यते**– दान दिने छ, जाने छ, पालन गर्ने छ, रक्षा गर्ने छ, मार्ने छ, दुःख दिने छ, ग्रहण गर्ने छ। लोट्– **दयताम्**– दान देओस्, जाओस्, पालन गरोस्, रक्षा गरोस्, मारोस्, दुःख देओस्, ग्रहण गरोस्। लङ्– **अदयत**– दान दियो, गयो, पालन गऱ्यो, रक्षा गऱ्यो, माऱ्यो, दुःख दियो, ग्रहण गऱ्यो (अन.)। विधिलिङ्– **दयेत**– दान देला जाला, पालन गर्ला, रक्षा गर्ला, मार्ला, दुःख देला, ग्रहण गर्ला, दान देओस्, जाओस्, पालन गरोस्, रक्षा गरोस्, मारोस्, दुःख देओस्, ग्रहण गरोस्। आशीर्लिङ्– **दयिषीष्ट**– दान देओस्, जाओस्, पालन गरोस्, रक्षा गरोस्, मारोस्, दुःख देओस्, ग्रहण गरोस्। लुङ्– **अदयिष्ट**– दान दियो, गयो, पालन गऱ्यो, रक्षा गऱ्यो, माऱ्यो, दुःख दियो, ग्रहण गऱ्यो। लृङ्– **अदयिष्यत**– दान दिने थियो, जाने थियो, पालन गर्ने थियो, रक्षा गर्ने थियो, मार्ने थियो, दुःख दिने थियो, ग्रहण गर्ने थियो। कर्मणि– **दय्यते**– दया गरिन्छ। णिचि– **दाययति**– दया गराउँछ। कृदन्ते– **दायकः/दायिका/दयिता**-त्री– दिने **दाययिता**– दिलाउने। **दयालुः**– दया गर्ने। **दयितुम्**– दया गर्न। **दयित्वा/प्रदय्य**– दया गरेर इत्यादि।

दयनीयः (पुं.वि.) [*दयितुं योग्यः, दय दानादौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] दुःखी/दीनहीन/दया गर्न लायक।

दयमानः (पुं.वि.) [*दयते इति, दय दानगतिहिंसारक्षणादानेषु इति धातोः, लटः शानच्*] १.दया गरिरहेको २.रक्षा गर्दै रहेको।

दया (स्त्री.) [*दयते रक्ष्यतेऽनया, दय दानगतिहिंसारक्षणेषु इति धातोः, षिद्भिदादिभ्यश्च ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] माया/कृपा/स्नेह/करुणा/सहानुभूति।

यत्नादपि परक्लेशं हर्तुं या हृदि जायते।
इच्छा भूमिसुरश्रेष्ठ सा दया परिकीर्त्तिता॥ (प.पु)

~निधिः (पुं.) [*दयायाः निधिः, ष.त.*] १.अत्यन्त दयालु व्यक्ति/दयानिधान २.ईश्वर। **~पात्रम्** (नपुं.) [*दयायाः, पात्रम्, ष.त.*] दया वा माया गरिने व्यक्ति। **~मयः** (पुं.वि.) [*प्रशस्ता दया अस्त्यस्य, ततप्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] दयाले भरिपूर्ण/दयालु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दयाकरः (पुं.वि.) [*दयां करोतीति, डुकृञ् करणे इति धातोः, कृञो हेतुताच्छील्यानुलोम्येषु ३.२.२० इति ताच्छील्ये टः*] दयालु/दया गर्ने।

दयाकूर्चः (पुं.) [*दयायाः कूर्चः, ष.त.*] बुद्ध। **समन्तभद्रः सङ्गुप्तो दयाकूर्चो विनायकः** (अभि.चि.)।

दयालुः (पुं.वि.) [*दयते तच्छीलः, दय दानगतिरक्षणादिषु इति धातोः, स्पृहिगृहिपतिदयिनिद्रातन्द्राश्रद्धाभ्यः आलुच् ३.२.१५८ इति आलुच्*] कृपालु/दयाशील। **दयालुरपि स कृष्णः** (उद्भटः)।

दयावीरः (पुं.) [*दयाप्रधानो वीरः, म.प.स.*] वीररसको एक भेद। रोगी वा आर्त व्यक्ति यसको आलम्बन विभाव हुन्छ। आर्तव्यक्तिका वेदनाव्यञ्जक क्रियाकलाप उद्दीपन विभाव हुन्छन्। रुनु, शोक गर्नु, विलौना गर्नु, सहानुभूति व्यक्त गर्नु आदि यसका अनुभाव हुन्। त्यसको अवस्था देखेर मनमा पैदा हुने आवेग, मोह, जडता, मूर्च्छा आदि यसका व्यभिचारिभाव हुन्। यसमा दयामय उत्साह स्थयिभावको रूपमा व्यक्त भएको हुन्छ। संस्कृतमा जीमूतवाहन नाटक यसको उदाहरण हो।

दयितः (पुं.वि.) [*दय्यते स्म, दय दानादौ इति धातोः, निष्ठा इति क्तः*] १.मन परेको २.(पुं.) पति।

दयितजनवियोगा वित्तवियोगाश्च केन सह्याः स्युः।
यदि सुमहौषधकल्पो वयस्यजनसङ्गमो न स्यात्॥ (प.त.)

दयिता (स्त्री.) [*दय्यते स्म, दय दानादौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप्*]/प्रिया/पत्नी।

निवर्त्य राजा दयितां दयालुस्तां सौरभेयीं सुरभिर्यशोभिः (रघु.)।

दरः (पुं.) [*दीर्यते वक्षोऽनेन, दृ भये इति धातोः ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.डर २.गुफा।

दरत् (स्त्री.) [*दीर्यते इति दृ विदारणे इति धातोः, शृदृभसोऽदिः (उ.) १३५ इति अदिप्रत्ययः*] १.हृदय २.तीर ३.झरना ४.डर ५.पर्वत।

दरम् (अव्य.) [*दीर्यते इति*] अलिअलि।

दरिः (पुं.) [*दृणोति हिनस्ति, सर्वधातुभ्य इन् (उ) इति इन्*] १.तक्षक जातिको सर्प २.(स्त्री.) [*दरति भयमुत्पादयति, दृ भये इति धातोः पूर्ववत्, दरी इत्यपि*] गुफा। **कन्दरःकन्दरा दरः** (हला.२.१६७)।

दरितः (पुं.वि.) [*दरः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५२.३ ६ इति इतच्*] डराएको। **दरितश्चकितो भीतस्त्रस्तो भीरुश्च कातरः** (हला.३५६)।

दरिद्रः (पुं.वि.) [*दरिद्राति दुर्गच्छति, दरिद्रा दुर्गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, आलोपः*] केही नभएको/सम्पत्तिविहीन।

उत्थाय हृदि लीयन्ते दरिद्राणांमनोरथाः।
बालवैधव्यदग्धानां कुलस्त्रीणां कुचाविव॥ (सुभा.)

दरिद्रता (स्त्री.) [*दरिद्रस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] दारिद्र्य/गरिबी/धनहीनता।

दरिद्रता धीरतया विराजते
कुरूपता शीलतया विराजते।
कुभोजनञ्चोष्णतया विराजते
कुवस्त्रता शुभ्रतया विराजते॥ (सुभा.)

दरिद्रा (धा.) [*दुर्गतौ, अक.सेट्, पर., आकारान्तोऽयम्*] दरिद्र हुनु। लट्– **दरिद्राति**– दरिद्र भयो। लिट्– **ददरिद्रौ-दरिद्राञ्चकार-बभूव**– दरिद्र भएछ (अन.)। लुट्– **दरिद्रिता**– दरिद्र हुने छ (अन.)। लृट्– **दरिद्रिष्यति**– दरिद्र हुने छ। लोट्– **दरिद्रातु**– दरिद्र हओस्। लङ्– **अदरिद्रात्**– दरिद्र भयो (अन.)। विधिलिङ्– **दरिद्रियात्**– दरिद्र होला, दरिद्र हओस्। आशीर्लिङ्– **दरिद्र्यात्**– दरिद्र हओस्। लुङ्– **अदरिद्रीत्**– दरिद्र भयो। लृङ्– **अदरिद्रिष्यत्**– दरिद्र हुने थियो इत्यादि।

दरी (स्त्री.) १.[*दृणातीति, दृ विदारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, दरट् इति पाठात् टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] गुफा। २.(वि.) [*द्रियते, द्रिङ् आदरे इति धातोः जिदृक्षिविश्री ३.२.१५७ इति इनिः*] आदर गर्ने।

दरोदरम् (पुं.) [*दरमुदरं यस्य सः, बहु.स.*] जुवा/द्युतक्रीडा।

दर्दरीकम् (नपुं.) [*दृ विदारणे इति धातोः, पर्फरीकादयश्च (उ. ४६८) इति ईकन् द्वित्वञ्च*] बाजा।

दर्दुरः (पुं.) [*दृणाति विदारयति कर्णौ शब्देन, इति, दृ विदारणे इति धातोः, मुकुरदर्दुरौ (उ) ४२ इति सूत्रेण उरच्, डित्वम्, अभ्यासस्य रुक्, टिलोपश्च*] १.मेघ २.भ्यागुतो। **दर्दुरा यत्र वक्तारस्तत्र मौनं हि शोभनम्।** (सुभा.) ३.बाजाविशेष ४.पर्वतविशेष।

दर्दुरस्तोयदे भेके वाद्यभाण्डाद्रिभेदयोः।
दर्दुरा चण्डिकायां स्याद् ग्रामजाले च दर्दुरम्॥ (विश्व.)

दर्दुरप्लावः (पुं.) [*दर्दुरस्येव प्लावः, त.स.*] भ्यागुतो उफ्राइ।

दर्द्रूः (पुं.) [*दरिद्राति, दुर्गतिं नयति अनेन, शरीरम् दरिद्रा दुर्गतौ इति धातोः, दरिद्रातेर्यालोपश्च (उ.) ९३ इति ऊः, इ च आ च = या, इति व्युत्पत्त्या एकारस्य आकारस्य च लोपः, दर्द्रुरित्यपि*] १.कुष्ठरोग विशेष। **दर्द्रूः कुष्ठभेदकः** (विश्व.) २.दाद।

दर्द्रुघ्नः (पुं.) [*दद्रुं दद्रुरोगं हन्ति, अमनुष्यकर्तृके च ३.२.५३ इति टक्, अल्लोपः, कुत्वम्, दर्द्रूघ्न इत्यपि*] १.कुष्ठरोगको औषधि २.दादको औषधि ३.घोडताप्रे।

प्रपुन्नाडस्त्वेडगजो दर्द्रुघ्नश्चक्रमर्दकः (अमर.)।

दर्द्रुणः (स्त्री.) [*दर्द्रूरस्यास्ति, शाकीपलालीदर्द्रूणां ह्रस्वश्च इति पामादिषु ५.२.१०० पाठान्नः, णत्वम्*] दाद रोग हुने।

दर्द्रुरोगी (पुं.) [*दद्रूश्चासौ रोगश्च, इको ह्रस्वोऽङ्यो गालवस्य ६.३.६१ इति ह्रस्वः, दद्रुरोगोऽस्यास्ति, द्वन्द्वोपतापगर्ह्यात्प्राणिस्थादिनिः ५.२.१२८ इतीनिः*] दादको रोगी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्पः (पुं.) [*दर्पणम्, दृप सन्दीपने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अभिमान। **दर्पोऽभिमानोऽहङ्कारः**। (अमर.) २.मुस्कान ३.उच्छृङ्खलता ४.कस्तूरी ५.गर्मी।

दर्पकः (पुं.) [*दर्पयति, मोहयति ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कामदेव (हला.३३)।

दर्पणः (पुं.) [*दर्पयति, दृप हर्षमोचनयोः, इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] ऐना।

दर्भः (पुं.) [*दृणाति विदारयतीति, दृ विदारणे इति धातोः, दृदलिभ्यां भः (उ.) ४३९ इति भः*] कुश।

दर्विः (पुं.) [*द्रियते, दृङ् आदरे इति धातोः, वृदृभ्यां विन् (उ.) ५०२ इति विन्*] १.डाडु २.दाबिलो।

दर्वी (स्त्री.) [*द्रियते, दृङ् आदरे इति धातोः, वृदृभ्यां विन् (उ.) ५०२ इति विन्, ङीप्*] १.डाडु २.दाबिलो।

दर्वीकरः (पुं.) [*दर्व्याकारः, फण एव करो यस्य, कृञो हेतु-ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] सर्प।

दर्शः (पुं.) [*दृश्यते शास्त्रेण, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.समुद्र २.दर्शन ३.सूर्य र चन्द्रमा एकै रेखामा परेको अवस्था।

दर्शकः (पुं.वि.) [*पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, ण्वुल्तृचौ ३.३.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः*] १.हेर्ने/दर्शन गर्ने/द्रष्य २.[*दर्शयतीति, दृशिर् प्रेक्षणे इति धातो णिचि पूर्ववत् ण्वुल्*] देखाउने।

दर्शनम् (नपुं.) [*दृश्यते इति दृशिर् प्रेक्षणे इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] १.हेर्नु/दृष्टि २.मन्दिरमा गएर देवतालाई नमस्कार गर्नु ३.[*दृश्यतेऽनेन इति करणे ल्युट्*] ईश्वर, आत्मा, जीव, जगत्, प्रमाण आदिको बारेमा हेर्ने वा विचार गर्ने शास्त्र/चिन्तनप्रधान सिद्धान्त । दर्शन दुईथरी छन्– **आस्तिक** र **नास्तिक**। आस्तिक दर्शनमा वैशेषिक, नव्यन्याय, साङ्ख्य, योग, मीमांसा र वेदान्त मुख्य छन्। नास्तिक दर्शनमा बौद्धदर्शन, जैनदर्शन, चार्वाक दर्शन उल्लेखनीय मानिन्छन् (हे दर्शनशास्त्र) ४.आँखा ५.ऐना ६.स्वप्न ७.बुद्धि ८.[*दृश्यते स्वर्गादिकमनेन*] धर्म ९.यज्ञ।

दर्शनशास्त्रम् (नपुं.) [*दर्शनस्य शास्त्रम्, ष.त.*] तत्त्वज्ञान गराउने शास्त्र/आत्मा, परमात्मा, प्रकृति, पुरुष, धर्म, जीवनको अन्तिम लक्ष्य आदिको विवेचन र विश्लेषण गर्ने शास्त्र। संस्कृत वाङ्मयमा दुईथरी दर्शनको आविर्भाव भएको छ– वेद वा ईश्वरलाई मान्ने र नमान्ने।

वेद वा ईश्वरलाई प्रमाण मान्ने प्रमुख दर्शनहरू।

१.**न्याय**– यसमा तर्क तथा विश्लेषणद्वारा सत्यको निरूपणका निमित्त आवश्यक प्रमाण, तिनको स्वरूप, सङ्ख्या र प्रमेयमा विचार गरिएको छ। यो दुई शाखामा विभक्त छ– **प्राचीन न्याय** र **नव्य न्याय**। प्राचीन न्यायको आधारभूत ग्रन्थ गौतमको **न्यायसूत्र** हो। यो पाँच अध्यायमा विभक्त छ। प्रत्येक अध्यायमा २।२ आह्निक छन्। यसमा सोह्र विषयको प्रमाणद्वारा परीक्षण गरिएको छ। **प्रमाणैरर्थपरीक्षणं न्यायः** १.१.१ (वत्स्यायनभाष्य) यसको रचना ई.पू. तेस्रो शताब्दीमा भएको मानिन्छ। न्यायसूत्रमा वात्स्यायन (चौथो शताब्दी) ले विस्तृत भाष्य (वात्स्यायनभाष्य) लेखेका छन्। दिङ्नाग (पाँचौं शताब्दी) ले वात्स्यायन भाष्यको खण्डन गरेपछि उद्योतकर (छैटौं शताब्दी) ले **न्यायवार्तिक** लेखेर दिङ्नागको खण्डनलाई खण्डन गरी वात्स्यायनका सिद्धान्तको प्रतिष्ठापन गरे। धर्मकीर्ति (छैटौं शताब्दी) ले **न्यायविन्दु** लेखेर उद्योतकरका तर्कको खण्डन गर्दै दिङ्नागले गरेको खण्डनलाई समर्थन जनाए। फेरि वाचस्पति (नवौं शताब्दी) ले न्यायवार्तिक-माथि **न्यायवार्तिकतात्पर्यटीका**, **न्यायसूचीनिबन्ध** र **न्यायसूत्रोद्धार**को रचना गरेर न्यायदर्शको आस्तिक परम्परालाई विकसित गरे। त्यसपछि आचार्य उदयन (ई.९८४) ले वाचस्पतिको न्यायवार्तिकतात्पर्यटीकामाथि **न्यायवार्तिकतात्पर्य परिशुद्धि** नामक प्रौढ टीका लेखे। यस अतिरिक्त यिनले **न्यायकुसुमाञ्जलि, आत्मतत्त्वविवेक, किरणावली, न्यायपरिशिष्ट** लेखेर न्यायदर्शको विकासमा ठुलो योगदान दिए। यस शाखाका अन्य प्रसिद्ध आचार्यहरूमा न्यायमञ्जरीका रचयिता जयन्त (दसौं शताब्दी) **न्यायसार**का प्रणेता भासर्वज्ञ (दसौं शताब्दी) विशेष उल्लेखनीय छन्। न्यायदर्शनको विकासमा यिनको विशेष योगदान छ।

नव्यन्यायको उदय दरभङ्गानिवासी गङ्गेशोपाध्याय (बाह्रौं शताब्दी) को **तत्त्वचिन्तामणि**बाट भएको हो। यो चार खण्डमा विभक्त छ। यसमा न्यायसम्मत चार प्रमाणको सूक्ष्मदृष्टिबाट विश्लेषण भएको छ। मूलतः पदार्थको विश्लेषण गर्ने शैली परम्परागत सरणीभन्दा भिन्न र सूक्ष्म भएकाले यसलाई नव्य न्याय भनिएको हो। यस शाखासित सम्बद्ध अन्य कृतिहरूमा जगदीश तर्कालङ्कारको **शब्दशक्तिप्रकाशिका**, गदाधर भट्टाचार्यका **व्युत्पत्तिवाद, शक्तिवाद**, विश्वनाथ भट्टाचार्यको **न्यायसिद्धान्तमुक्तावली**, केशवमिश्रको **तर्कभाषा**, अन्नम्भट्टको **तर्कसंग्रह** प्रमुख छन्। नव्यन्यायको विकास एवं प्रचार तथा प्रसारमा यी ग्रन्थको विशेष देन छ। (हे. **न्यायदर्शनम्**)

२.**वैशेषिकदर्शन**– यस दर्शनका प्रवर्तक कणाद हुन्। विशेष पदार्थको सविस्तार चर्चा गरिएको हुँदा यसलाई वैशेषिक दर्शन भनिएको हो। यसलाई औलुक्यदर्शन पनि भनिन्छ। यस दर्शनको आधारभूत ग्रन्थ **वैशेषिकसूत्र** हो। यसको रचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कणादले गरेका थिए। यसमा दश अध्याय छन्। प्रत्येक अध्याय २।२ आह्निकमा विभक्त छन्। यस ग्रन्थमा ३७० सूत्र छन्। यसको रावणभाष्य हाल उपलब्ध छैन। यसको **पदार्थधर्मसङ्ग्रह** नामक प्रशस्तपाद भाष्य छ। प्रशस्तपाद भाष्यका दुई टीका छन्– उदयनाचार्यको **किरणावली** र श्रीधराचार्यको **न्यायकन्दली**। यसपछि लेखिएका वैशेषिक दर्शनका ग्रन्थमा न्यायदर्शनको पनि मिश्रण छ। त्यस्त कृतिहरूमा शिवादित्यको **सप्तपदार्थी**, लोकाक्षिकुमारको **तर्ककौमुदी**, विश्वनाथ पञ्चाननको **भाषापरिच्छेद** प्रसिद्ध छन्।

३.**साङ्ख्य**– यो दर्शन सबै दर्शनभन्दा प्राचीन दर्शन मानिन्छ। यस दर्शनका सिद्धान्त उपनिषद्, महाभारत, भागवत आदि ग्रन्थमा छरिएर रहेका छन्। भागवतमा भगवान्ले कपिल अवतार लिएर आमालाई साङ्ख्य (तत्त्व) ज्ञान दिएको विषय वर्णित छ। यसबाट यस सिद्धान्तका प्रतिपादक कपिल हुन् भन्ने सिद्ध भएको छ। यस सिद्धान्तको आधारभूत पहिलो ग्रन्थ **तत्त्वसमास** हो। कपिलद्वारा रचित यो ग्रन्थ संक्षिप्त एवं सारगर्भित छ। यसमा २२ सूत्र छन्। यसलाई स्पष्ट पार्न यिनले ६ अध्यायमा विभक्त ५३७ सूत्रसङ्ख्या भएको **साङ्ख्यसूत्र** नामक ग्रन्थ लेखे। यिनको यस परम्परालाई अघि बढाउने आचार्यहरूमा आसुरि, पञ्चशिख,गार्ग्य र उलूक मानिन्छन्। भनिन्छ– कपिलका दुई शिष्य आसुरी र पञ्चशिखले पनि साङ्ख्यदर्शनसम्बन्धी पुस्तक लेखेका थिए, तर ती हाल उपलब्ध छैनन्। त्यसपछि ईश्वरकृष्ण(तेस्रो शताब्दी) ले **साङ्ख्यकारिका** लेखे। यो प्रामाणिक र लोकप्रिय पनि छ। यसको चिनिया अनुवाद छैटौं शताब्दीमा भएको थियो। यसमाथि भएका व्याख्याग्रन्थहरूमा गौडपादको **साङ्ख्यकारिकाभाष्य**, वाचस्पति मिश्रको **साङ्ख्यतत्त्वकौमुदी** विशेष उल्लेखनीय छन्। यसपछि रचिएका ग्रन्थहरूमा विज्ञान भिक्षु (पन्ध्रौं शताब्दीं) द्वारा प्रणीत **साङ्ख्यप्रवचनभाष्य** र **साङ्ख्यसार** महत्त्वपूर्ण कृति हुन्। यसमा तत्त्वको सङ्ख्या निर्धारित छ। यही सङ्ख्यासित सम्बद्ध भएकाले यस दर्शनलाई साङ्ख्य भनिएको हो भन्ने विद्वान्हरूको धारणा छ। यस दर्शनमा प्रकृति र पुरुष दुवैको आ–आफ्नो मौलिकता रहेको हुँदा यसलाई द्वैतवादी दर्शन भनिन्छ। आधिभौतिक, आधिदैविक र अध्यात्मिक दुःखबाट तत्त्वज्ञानद्वारा जीवनलाई मुक्त गराउनु यस दर्शनको मुख्य प्रयोजन हो। (हे. **वैशेषिकदर्शनम्**)

४.**योगदर्शन**– चित्तवृत्तिको निरोध गरी आत्मसाक्षात्कारद्वारा जीवनलाई मुक्ति दिलाउनु यस दर्शनको मुख्य उद्देश्य हो। यस दर्शनको आधारभूत ग्रन्थ। यसको आधारभूत ग्रन्थ महर्षि पतञ्जलिद्वारा रचित **योगसूत्र** हो। यसमा चार पाउ छन्– समाधिपाद, साधनापाद, विभूतिपाद र कैवल्यपाद। प्रथम पादमा योगको स्वरूप, लक्षण,उद्देश्य, चित्तवृत्तिनिरोधका उपाय र अनेक किसिमका योगको विवेचना छ। द्वितीय पादमा क्रियायोग, क्लेश, कर्मफल, तिनीहरूको दुःखात्मक स्वरूप, दुःख, दुःखको निदान, दुःखनिवृत्ति र दुःखनिवृत्तिका उपायको चर्चा छ। तृतीय पादमा योगको अन्तरङ्ग अवस्था तथा योगाभ्यासबाट प्राप्त हुने सिद्धिको वर्णन छ। चतुर्थपादमा मुक्ति, आत्मा, परलोक आदिका विषयमा प्रकाश पारिएको छ। योगदर्शन क्रियात्मक छ। यस विषयमा थुप्रै कृति रचिएका छन्। विभिन्न आसनको माध्यमबाट रोगनिदानका साथै मानिसलाई स्वस्थ तुल्याउने काममा योगसाधना अति लोकप्रिय भएको छ। (हे. **योगदर्शनम्**)

५.**मीमांसा**– मीमांसा शब्दको शाब्दिक अर्थ कुनै पनि वस्तुको यथार्थ निर्णय हो। धर्मसम्बन्धी यथार्थ निर्णय दिने भएकाले यसलाई मीमांसादर्शन भनिएको हो। यस दर्शनका प्रवर्तक महर्षि जैमिनि (वि.पू. ३०० वर्ष) हुन्। यस सिद्धान्तको मूल ग्रन्थ **जैमिनिसूत्र** हो। यसमा १२ अध्याय छन्। जम्मा सूत्रको सङ्ख्या २६४४ छ। यस ग्रन्थमाथि शबर स्वामीले शावरभाष्य लेखेका छन्। यिनको समय ईशाको दोस्रो शतक मानिन्छ। पछि गएर मीमांसादर्शन तीन धारमा विभक्त भयो– भाट्टमत, गुरुमत र मुरारिमत। भाट्टमतका प्रवर्तक कुमारिल भट्ट, गुरुमतका प्रवर्तक प्रभाकर र मुरारिमतका प्रवर्तक मुरारि मिश्र हुन्। भाट्ट मतका प्रवर्तक कुमारिल (ई.६००)ले शाबरभाष्यमाथि तीन वृत्तिको रचना गरे-श्लोकवार्तिक, तन्त्रवार्तिक र टुप्टीका। यिनका शिष्य मण्डनमिश्रले **विधिविवेक, भावनाविवेक, विभ्रमविवेक** र **मीमांसासूत्रानुक्रमणी** लेखे। यस सम्प्रदायका अन्य आचार्यमा पार्थसारथिले तर्करत्न, **न्यायरत्नमाला, न्यायरत्नाकर, शास्त्रदीपिका** नामक ४ ग्रन्थको रचना गरे। यसै मतका अनुयायी अर्का आचार्य वेदव्याख्याता माधवाचार्यले **न्यायरत्नमाला** नामक अत्यन्त उपयोगी ग्रन्थ लेखेका छन् भने खण्डदेवले **भाट्टकौस्तुभ, भाट्टदीपिका** र **भाट्टरहस्य** भनिने पाण्डित्यपूर्ण तीन ग्रन्थ रचना गरेका थिए। गुरुमतका प्रवर्तक प्रभाकरले शावरभाष्यमाथि **बृहती** र **लघ्वी** नामक २ टीका लेखेका थिए। यसै मतका अनुयायी शालिकनाथले **ऋतुविमला, दीपशिखा, प्रकरणपञ्जिका** नामका तीन पञ्जिका रचना गरे। यसै मतका अनुयायी मानिने भवदेवले **नवविवेक** र नन्दीश्वरले **प्रभाकरविजय** नामक ग्रन्थ रचेका थिए। तेस्रो मुरारिमतका सम्बन्धमा भने गङ्गेशोपाध्याय र उनका छोरा वर्द्धमानले उल्लेख गरेबाहेक तत्सम्बन्धी अन्य कुनै सामग्री उपलब्ध छैन। मीमांसा दुई भागमा विभक्त छ– पूर्वमीमांसा र उत्तरमीमांसा। पूर्वमीमांसामा कर्मकाण्डको व्याख्या छ। मीमांसा दर्शन भन्नाले पूर्वमीमांसा भन्ने बुझिन्छ। उत्तरमीमांसालाई वेदान्तदर्शन भन्दछन्। हे. **मीमांसादर्शनम्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.**वेदान्तदर्शन**— यस दर्शनलाई उत्तरमीमांसा वा ब्रह्ममीमांसा पनि भनिन्छ। प्रारम्भमा वेदका तीन भाग (ब्राह्मण, आरण्यक र उपनिषद) मध्ये अन्तिमभाग उपनिषद्लाई वेदान्त भनिन्थ्यो। **वेदान्तविज्ञानसुनिश्चितार्थाः**। (मुण्डकोपनिषद्) पछि विभिन्न उपनिषद्मा छरिएर रहेका आध्यात्मिक विषयलाई सङ्कलन गरेर वेदव्यासले ब्रह्मसूत्र लेखे। यसमा चार अध्याय छन्, सूत्रको सङ्ख्या ५५० छ। यही ग्रन्थ वेदान्तदर्शनको आधार ग्रन्थ हो। यसमाथि अनकौं आचार्यले भाष्य लखेर आ-आफ्नो सिद्धान्त प्रतिपादन गरेका छन्। तीमध्ये प्रमुख भाष्यकार—

१.शङ्कर (७८८—८८० ई.) **शारीरकभाष्य** केवलाद्वैत।
२.भास्कर (११०० ई.) **भास्करभाष्य** भेदाभेद।
३.रामानुज (११४० ई.) **श्रीभाष्य** विशिष्यद्वैतवाद।
४.मध्व (१०३८ ई.) **पूर्णप्रज्ञभाष्य** द्वैतवाद।
५.निम्बार्क (१२५० ई.) **वेदान्तपारिजात** द्वैताद्वैत।
६.श्रीकण्ठ (१२७० ई.) **शैवभाष्य** शैवविशिष्यद्वैत।
७.श्रीपति (१४०० ई.) **श्रीकरभाष्य** वीरशैव विशिष्टाद्वैत।
८.वल्लभ (१४७९ ई.) **अणुभाष्य** शुद्धाद्वैत।
९.विज्ञानभिक्षु (१६००) **विज्ञानामृत** अविभागाद्वैत।
१०.वलदेव (१७२५) **गोविन्दभाष्य** अचिन्त्यभेदाभेद।

शङ्कराचार्य अगाडि ब्रह्मसूत्रका धेरै भाष्यकार भए। तीमध्ये **गौडपादकारिका** मुख्य छ। यी शङ्कराचार्यका गुरु गोविन्द भगवत्पादका पनि गुरु हुन्। २१५ कारिका भएको यस भाष्यमा अद्वैत वेदान्तको प्रतिपादन भएको छ। अद्वैत वेदान्तका प्रकाण्ड विद्वान् शङ्कराचार्य हुन्। उनले उपनिषद,श्रीमद्भगवद्गीता र ब्रह्मसूत्रमाथि **भाष्य** लेखेका छन्। शङ्कराचार्यको भाष्यमा सूक्ष्मातिसूक्ष्म दार्शनिक चिन्तन सरलशैलीमा प्रस्तुत गरिएको छ। उनले ६७ पद्यको आत्मवोध भन्ने कृति पनि लेखेका छन्। यसमा वेदान्तदर्शनको सार प्रस्तुत छ। वेदान्त दर्शनअनुसार ब्रह्म सत्य हो, संसार मिथ्या हो। जीव र बह्म एक तथा अभिन्न छन्— **ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः**। यस सम्प्रदायसित सम्बद्ध प्रमुख कृति- १.मण्डनमिश्रको **ब्रह्मसिद्धि** २.वाचस्पति मिश्र (नवौं शताब्दी) ब्रह्मसूत्रमाथि लेखिएको शाङ्करभाष्यको **भामतीभाष्य** ३.सुरेश्वराचार्यका उपनिषद् भाष्यमाथि लेखिएका **वार्तिक, बृहदारण्कोपनिषद्भाष्य** ४.सर्वज्ञात्ममुनिको ब्रह्मसूत्रमाथि गरिएको **संक्षेपशारीरक** नामक पद्यबद्ध व्याख्या ५.नृसिंहाश्रमको **तत्त्वबोधिनी** व्याख्या ६.मधुसूदन सरस्वतीको **सारसङ्ग्रह** व्याख्या ७.श्रीहर्षको **खण्डनखण्डखाद्य** ८.चित्सुखाचार्यका **तत्त्वदीपिका, भावप्रकाशिका, अभिप्रायप्रकाशिका, भावतत्त्वप्रकाशिका** ९.मधुसूदन सरस्वतीको **अद्वैतसिद्धि** १०.विद्यारण्यको **पञ्चदशी,** ११.विद्यारण्य र भारततीर्थको **वैयासकिन्यायमाला** १२.धर्मराजाध्वरीन्द्रको **वेदान्तपरिभाषा** १३.सदानन्दको **वेदान्तसार** १४.विज्ञान भिक्षुको **विज्ञानामृत** (ब्रह्मसूत्रको टीका) १५.प्रकाशानन्दको **सिद्धान्तमुक्तावली** १६.अप्पयदीक्षितको **न्यायरक्षामणि, सिद्धान्तलेशसंग्रह** १७.ब्रह्मानन्दको **लघुचन्द्रिका** १८.अन्नम्भट्टको **मिताक्षरा** (ब्रह्मसूत्रभाष्य) आदि।

वेदान्त दर्शनका अन्य प्रमुख सम्प्रदायमा नवौं शताब्दीका भास्करले ब्रह्मसूत्रमाथि भाष्य लेखेर अर्को मान्यता स्थापना गरेका छन्। उनको मान्यताअनुसार ब्रह्म शुभलक्षणले सम्पन्न छ। उपाधिको कारणले गर्दा यो बद्ध र मुक्त दुवै छ। ब्रह्ममा एकता र अनेकता दुवै छ। कारण अवस्थामा ब्रह्ममा एकत्व रहन्छ भने परिणामावस्थामा अनेकत्व रहन्छ। जीवात्मा र ब्रह्म अभिन्न छन्। परिच्छिन्नताको कारणले जीवात्मा ब्रह्मदेखि भिन्न प्रतीत हुन्छ। ब्रह्म अनन्त जीवात्माको माध्यमबाट अनुभव लिन्छ। भास्कर कर्म र ज्ञान दुवैका पक्षपाती देखिन्छन्। यिनको मतलाई त्रिदण्डी मत पनि भनिन्छ।एकातिर भेद र अर्कातिर अभेद मानेको हुँदा यसलाई भेदाभेदवाद पनि भनिन्छ।

रामानुज ब्रह्मसूत्रका अर्का व्याख्याता हुन्। यिनको भाष्य श्रीभाष्य हो। यसमा पदार्थत्रयको कल्पना छ— चित्, अचित् र ईश्वर। चित् भोक्ता जीव हो भने अचित् भोग्य जगत् हो। ईश्वर सर्वान्तर्यामी परमेश्वर हो। ईश्वर नित्य र सत्य भएकाले त्यसका अङ्ग जीव र जगत् पनि सत्य छन्। किन्तु सवै स्वतन्त्र पनि छन्। ईश्वर सदा सगुण र सविशेष छ। ईश्वर जगत्को उपादान र निमित्त दुवै कारण हो। यसले चिदचित् दुवैलाई नियन्त्रण गर्दै कार्यमा प्रवृत्त गराउँछ। चित्, अचित् दुवै ईश्वरमा आश्रित छन्। ईश्वर विशेष्य छ भने जीव र जगत् विशेषण छन्। जीव र जगत् विशेषण भएको हुँदा ईश्वरसित सम्बद्ध छन्। यसरी अद्वैत ब्रह्मलाई सगुण र सविशेष मानेको हुँदा यिनको मतलाई विशिष्टाद्वैतवाद भनिन्छ। यस मतसित सम्बद्ध कतिपय अन्य कृतिहरू १.सुदर्शन (तेह्रौं शताब्दी) को **श्रुतप्रकाशिका** टीका २.वेंकटनाथ वेदान्तदेशिकको **तत्त्वटीका, सेश्वरमीमांसा,** ३.अप्पयदीक्षितको **नयमयूखमालिका** ४.महाचार्यको **अद्वैतविद्याविजय, गुरूपसत्तिविजय, परिकर-विजय, पाराशर्यविजय, ब्रह्मविद्याविजय, सद्विद्याविजय** ५.श्रीनिवासाचार्यको **यतीन्द्रमतदीपिका** आदि।

ब्रह्मसूत्रका अर्का व्याख्याता निम्बार्क हुन्। यिनको भाष्यको नाम **वेदान्तपारिजातसौरभ** हो। यिनको मतअनुसार ब्रह्म सगुण र निर्गुण दुवै छ। जगत् त्यसको अभिव्यक्तिमात्र हो। यो ब्रह्मदेखि भिन्न पनि छ, अभिन्न पनि छ। जीवात्मा मुक्तावस्थामा पनि ब्रह्मदेखि अभिन्न तथा भिन्न रहन्छ। यसरी द्वैत र अद्वैत दुवै मानेको हुँदा यस मतलाई द्वैताद्वैतवाद भनिएको हो। यस सम्प्रदायलाई सनक सम्प्रदाय पनि भनिन्छ। ब्रह्मसूत्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिरिक्त उनले **दशश्लोकी** लेखेर द्वैताद्वैतवादको प्रतिपादन गरे। त्यसै भाष्यमा उनका शिष्य श्रीनिवासाचार्यले **वेदान्तकौस्तुभ** नामक टीका लेखे। यसै सम्प्रदायका एक विद्वान् केशवाचार्यले ब्रह्मसूत्रका अतिरिक्त प्रमुख उपनिषद्, श्रीमद्भगवद्गीता (तत्त्वप्रकाशिका) र विष्णुसहस्रनाममा टीका लेखेका थिए।

मध्व ब्रह्मसूत्रका अर्का व्याख्याता हुन्। यिनको भाष्यको नाम **पूर्णप्रज्ञ** हो। यिनी द्वैतवादी आचार्य हुन्। यिनले प्रकृति, जीवात्मा र परमात्मा तीनैलाई नित्य र परस्पर भिन्न मानेका छन्। जीवात्मालाई सेवक र परमात्मालाई सेव्य भनेका छन्। विष्णुलाई परमतत्त्व मानेर उनलाई प्राप्त गर्ने साधन भक्ति हो भन्ने यिनको धारणा छ। आफ्नो मतको प्रतिपादनका लागि यिनले ब्रह्मसूत्र भाष्यका अतिरिक्त **अणुव्याख्यान, गीताभाष्य, ऋग्भाष्य, तत्त्वविवेक, तत्त्वसङ्ख्यान** आदि लगभग ३७ वटा ग्रन्थ लेखेका छन्। यस सम्प्रदायका अन्य लेखकमा आचार्य जयतीर्थ (यिनले मध्वका सबै कृतिको टीका लेखेका छन्)। व्यासयति, वादिराज, विजयीन्द्र, श्रीनिवासको नाम उल्लेखनीय छ।

ब्रह्मसूत्रका अर्का भाष्यकार वल्लभाचार्य हुन्। यिनको भाष्य **अणुभाष्य** हो। यसलाई यिनले पूरा गर्न सकेनन्। पछि यिनका छोरा विठ्ठलनाथले पूरा गरे। वल्लभ शुद्धाद्वैतवादी हुन्। यिनी ब्रह्मलाई सगुण तथा निर्गुण दुवै मान्दछन्। संसारको सृष्टि,स्थिति र प्रलय ब्रह्मबाटै हुन्छ। सत्, चित् र आनन्द ब्रह्मका सत्य गुण हुन्। यो एक छ र अनन्त पनि छ। यो जीवात्माको अन्तर्यामी र जगत्को निमित्त कारण हो। जीवात्मा ब्रह्मरूपी अग्निका झिल्का हुन्। यसैले जीवात्मा ब्रह्मदेखि भिन्न छैनन्। यस मतका आराध्य देव कृष्ण हुन्। यिनको उपासना गोपीजनवल्लभ, श्रगिोवर्द्धननाथ अथवा श्रीनाथका नामले गरिन्छ। आफ्नो मतको प्रतिपादन गर्न यिनले भाष्यका अतिरिक्त १६ वटा गुटिका लेखेका छन्। भागवतको **सुबोधिनी टीका** पनि यिनैको रचना हो। यस सम्प्रदायका अन्य लेखकहरूमा वल्लभको भाष्यमाथि **भाष्यप्रकाश** नामक टीका र यस सम्प्रदायको दर्शनसित सम्बद्ध मौलिक ग्रन्थ **वेदान्ताधिकरणमाला**का रचयिता पुरुषोत्तम (वल्लभका शिष्य), तैत्तरीयोपनिषद्का भाष्यकार जयगोपाल, ब्रह्मसूत्रको **भाव-प्रकाशिका** नामक भाष्यकार कृष्णचन्द्र मुख्य छन्।

ब्रह्मसूत्रका व्याख्याता श्रीकण्ठले **श्रीकण्ठभाष्य** लेखेर शिवाद्वैत सिद्धान्त प्रतिपादन गरे। यस सिद्धान्तले शिवलाई परमेश्वर मानेको छ। अन्यविषयमा यो मत विशिष्टाद्वैतसित मिल्दोजुल्दो छ।श्रीकण्ठले पति (ईश्वर), पशु (जीवात्मा) पाश (बन्धन) तीन तत्त्व मानेका छन्। अप्पयदीक्षितले श्रीकण्ठको भाष्यमाथि **शिवार्कमणिदीपिका** नामक टीका लेखेका छन् भने **रामायणतात्पर्यसंग्रह** तथा **भारततात्पर्यसङ्ग्रह** लेखेर उनले रामायण र महाभारतको शिवाद्वैतपरक व्याख्या गरेका छन्। यस मतसित सम्बद्ध अन्य ग्रन्थहरू– **रत्नत्रयपरीक्षा, शिखरिणीमाला, शिवाद्वैत निर्णय** आदि।

गौडीय वैष्णव सम्प्रदायले अचिन्त्य भेदाभेदको स्थापना गरेको छ। बलदेव विद्याविभूणले गौडीय वैष्णव सम्प्रदायको मतअनुसार ब्रह्मसूत्रको भाष्य लेखेका छन्। यस सम्प्रदायका आधार बङ्गाली श्रीकृष्ण चैतन्यका उपदेश हुन्। रूपगोस्वामी, जीवगोस्वामी आदि विभिन्न विद्वान्हरूले विविध कृति सृजना गरेर यस सम्प्रदायको विकासमा महत्त्वपूर्ण योदान दिएका छन्।

अर्का ब्रह्मसूत्रका भाष्यकार साङ्ख्य दर्शनका अन्तिम व्याख्याता विज्ञान भिक्षु हुन्। यिनले ब्रह्मसूत्रको **विज्ञानामृत** नामक व्याख्या गरेर अविभाग द्वैतवादको स्थापना गरेका छन्।

ब्रह्मसूत्रका अर्का भाष्यकार श्रीपति पण्डित हुन्। यिनले ब्रह्मसूत्रको **श्रीकर** नामक आफ्नो भाष्यमा द्वैताद्वैत दृष्टिकोणको प्रतिनिधित्व गरेका छन्। हे. **वेदान्तदर्शनम्**

वेद वा ईश्वर नमान्ने दर्शनहरू।

७.बौद्धदर्शन– बुद्धले ई.पू.छैटौं वा सातौं शताब्दीमा पालीभाषामा जुन उपदेश दिएका थिए, ती उपदेश नै बौद्ध दर्शनको आधारभूमि हो। बौद्धका धार्मिक साहित्यलाई तिपिटक (त्रिपिटक) भनिन्छ। पालिभाषामा रचिएको त्रिपिटकभित्र बुद्धले बुद्धत्व प्राप्त गरदेखि निर्वाण प्राप्त नगरेसम्मका सबै उपदेश सङ्कलित छन्। यो तीन भागमा विभक्त छ– सुत्तपिटक (यसमा अनुशासनसम्बन्धी विषय सङ्कलित छ) विनयपिटक (उपदेशात्मक) धम्मपिटक (दर्शनको दुरूह सङ्ग्रह)। यसका अतिरिक्त अनेकौं साहित्य पालि तथा संस्कृतभाषामा उपलब्ध छ। प्रथमतः बौद्धदार्शनिकका दुई शाखा छन्– **महायानी** र **हीनयानी**। बोधिसत्त्वका आराधक र महायानसूत्रका अनुयायीलाई महायानी भनिन्छ भने तिनको अनुसरण नगर्नेलाई हीनयानी भनिन्छ। महायानका दुई शाखा छन्– **माध्यमिक** र **योगाचार**। हीनयानका पनि दुई शाखा छन्– **वैभाषिक** र **सौत्रान्तिक**। भगवान् बुद्धले वाराणसीमा दिएको उपदेश मध्यममार्गी थियो। यसैसित सम्बद्ध भएकाले यसलाई माध्यमिक मत भनिन्छ। यस सम्प्रदायको शून्यवादी सिद्धान्त बौद्धदर्शनको सर्वाधिक सूक्ष्म र तर्कपूर्ण सिद्धान्त हो। नागार्जुनले यसलाई सैद्धान्तिक रूप दिएर व्यवस्थित तुल्याएका हुन्। यस शाखाको प्रतिनिधि ग्रन्थ नागार्जुनको **माध्यमिककारिका** वा माध्यमिक सूत्र हो। यसमा २७ अध्याय र ४०० पद्य छन्। नागार्जुनका अन्य रचनाहरू– **युक्तिषष्टिका, शून्यतासप्तति, प्रतीत्यसमुत्पादहृदय, महायानविंशक** र **विग्रहव्यावर्तिनी**। यसपछि नागार्जुनका शिष्य आर्यदेवले माध्यमिक विचारधारालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवर्धन गरे। उनको **चतुःशतक** माध्यमिक शाखाका साहित्यको महनीय कृति हो। चन्द्रकीर्तिले यसमा टीका लेखेका छन्। आर्यदेवका अन्य रचनाहरू— **चित्तविशुद्धिप्रकरण, हस्तलाघवप्रकरण, लङ्कावतार, भावविवेक**। माध्यमिक सम्प्रदायको विकासमा आचार्य चन्द्रकीर्तिको नाम उल्लेखनीय छ। यिनका प्रमुख कृति— **माध्यमिकावतार, प्रसन्नपदा र चतुःशतकटीका**। माध्यमिक तथा योगाचार दुवैथरी सिद्धान्तका प्रतिपादक आचार्य शान्तिदेवका रचना— **बोधिचर्यावतार, शिक्षा समुच्चय**। योगाचार— यस सम्प्रदायका प्रवर्तक असङ्गका गुरु मैत्रेयनाथ हुन्। असङ्गले गुरुको सिद्धान्तको व्यख्या गरेर योगाचार नाम दिए भने वसुबन्धुले **विज्ञानवाद**को नाम दिएर त्यसको दार्शनिक पक्षको निरूपण गरे। **महायानसूत्रालङ्कार, योगाचारभूमिशास्त्र** मैत्रेयनाथका रचना हुन्। अश्वघोष **महायानश्रद्धोत्पादसूत्र** लेखेर यस सम्प्रदायको अनुयायी बनेका छन् भने वसुबन्धुले ६०० पद्यको अभिधर्मकोष लेखेर यस शाखाको संवर्द्धनमा अतुलनीय योगदान गरेका छन्। **विज्ञप्तिमात्रतासिद्धि, पञ्चस्कन्धप्रकरण, व्यख्यायुक्ति** आदि उनका अरू पनि उल्लेखनीय कृति हुन्। यस सम्प्रदायसित सम्बद्ध केही रचना— स्थिरमतिको **त्रिंशिकाविज्ञप्तिटीका**, धर्मपालको **विंशतिविज्ञप्तिटीका**, दिङ्नागको **प्रमाणसमुच्चय, प्रमाणशास्त्रप्रवेश**, धर्मकीर्तिको **न्यायविन्दु, धर्मोत्तरको न्यायविन्दुटीका**, शङ्कर रक्षितको **तत्त्वसंग्रह** आदि। वैभाषिक– सम्राट् अशोकको संरक्षण तथा अचार्य वसुमित्रको अध्यक्षतामा भएको पाँचसय भिक्षुको सम्मेलनले आर्य कात्यायनीप्रणीत ज्ञानप्रस्थानशास्त्रको **विभाषा** नामक टीका लेख्ने व्यवस्था मिलाएको थियो। (सं.सा.इ. गैरौला) यसै टीकाको आधारमा यो सम्प्रदाय स्थापना भएको हो। सम्राट् कनिष्कले यसको निकै प्रचार गरे। भदत्त धर्मजात र घोषक यस सम्प्रदायका प्रमुख समर्थक हुन्। **उदानवग्ग, धम्मपद**, आर्यशूरको **जातकमाला** आदि यस सम्प्रदायसित सम्बद्ध कृति हुन्। सौत्रान्तिक— नागार्जुनका समसामयिक कुमारलात यस सम्प्रदायका प्रवर्तक मानिन्छन्। सूत्रमा नै आधारित भएकाले यसलाई सौत्रान्तिक भनिएको हो। यो सम्प्रदाय सुपिटकलाईमात्र प्रमाण मान्दछ। **नैयायिक धर्मोत्तर**, अभिधर्मकोषका टीकाकार यशोमित्र आदि यस सम्प्रदायका अनुयायी हुन्। हे. **बौद्धदर्शनम्**

८.**जैनदर्शन**— विभिन्न पूर्वीय दर्शनमध्ये जैन दर्शन पनि तत्त्वज्ञानसित सम्बद्ध दर्शन हो। जिनका अनुयायीलाई जैन भनिन्छ। जिन भनेको निम्न कोटिका राग, द्वेषलाई जितेर निर्वाण प्राप्त गर्नु वा सर्वोच्च सत्ता उपलब्ध गर्नु हो। यसबाट के बुझिन्छ भने जैनधर्मको मुख्य आधार आचारनिष्ठा हो। त्यसैले जैनधर्मका प्रचारक सिद्धहरूलाई तीर्थङ्कर भनिन्छ। यी तीर्थङ्कर २४ छन्। यी मध्ये प्रथम तीर्थङ्कर ऋषभदेव थिए भने अन्तिम तीर्थङ्कर भारतको विहार राज्य अन्तर्गत मजफपुर जिल्लाको वैशालीका निवासी क्षत्रिय राजकुमार थिए। पिताको देहावसान पछि राज्य भाइलाई सुम्पिएर गृह त्याग गरी तेह्र वर्षसम्म आत्म चिन्तन गरेपछि उनलाई ज्ञान प्राप्त भयो र उनी महावीर स्वामीका नामले प्रख्यात भए। राजगृहको नजिकै पाव भन्ने ठाउँमा यिनको निर्वाण भयो। जैनहरू यिनै अन्तिम तीर्थङ्कर वर्द्धमान महावीर (६५६ वि.पू.) का अनुयायी हुन्। जैनहरू ईश्वर मान्दैनन्। जीव तथा प्रकृतिलाई भिन्न तर सत्य तत्त्व ठान्दछन्। यिनीहरू पुनर्जन्म तथा कर्मसिद्धान्तमा विश्वास गर्दछन्। यिनीहरूको दृष्टिकोणअनुसार सबै जीवमा बोधि (ज्ञान) छ। तर पूर्व कर्मले गर्दा प्रकाशमा आउन सकेको हुँदैन। कर्मफलबाट उपलब्ध शरीर प्रगतिको बाधक बन्दछ। यसबाट मुक्त हुन सम्यग् दर्शन (जैनसिद्धान्त प्रति श्रद्धा) सम्यग् ज्ञान (जैनाचार्यद्वारा उपदिष्ट सिद्धान्तको अनुसरण) सम्यक् चरित्रको (अहिंसा, सुनृता, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहको पालन) साधना गर्नुपर्छ। तपस्याबाट जीव बन्धनमुक्त हुन्छ, आनन्दमय बन्न पुग्छ र अर्हत बन्दछ भन्ने यिनीहरूको धारणा छ। संसारका सबै वस्तु सत् असत् दुवै छन्। जैन दर्शन अनेकतावाद वा स्याद्वाद मान्दछ। वेदलाई प्रमाण नमान्ने हुँदा यो अवैदिक दर्शन हो। यसका दुई सम्प्रदाय छन्– श्वेताम्बर र दिगम्बर। श्वेताम्बर सेतो लुगा लगाउँछन् भने दिगम्बर नाङ्गै बस्छन्। यी दुई सम्प्रदायमा नैतिक सिद्धान्तमा मतभेद छ तर दार्शनिक सिद्धान्तमा कुनै अन्तर छैन। श्वेताम्बरसम्प्रदायका प्रमुख दार्शनिक र तिनका कृति— हरिभद्र— **न्यायप्रवेश टीका, षड्दर्शनसमुच्चय, लोकतत्त्वनिर्णय, योगदृष्टिसमुच्चय, योगविन्दु, धर्मविन्दु**। अमृतचन्द्र— **तत्त्वार्थसार, पुरुषार्थसिद्ध्युपाय**, कतिपय टीका। हेमचन्द्र— **प्रमाणमीमांसा, अन्ययोग-व्यवच्छेदिका**। मल्लिषेण— स्याद्वादमञ्जरी। **आशाधर**—धर्मामृत। देवेन्द्र सूरि- **सिद्धपञ्चाशिका, वन्दारुवृत्ति, उपमित-भवप्रपञ्चकथा, सारोद्धार**। सकलकीर्ति— **तत्त्वार्थसारदीपिका**। श्रुतसागर— **जिनेन्द्रयज्ञविधि, तत्त्वार्थदीपिका**। यशोविजय— **ज्ञानविन्दुप्रकरण, ज्ञानसार** आदि। दिगम्बरसम्प्रदायका कतिपय दार्शनिक र तिनका कृति— उमास्वाति— **तत्त्वार्थाधिगमसूत्र**। सिद्धसेन दिवाकर— **न्यायावतार, सम्मतितर्कसूत्र**। समन्तभद्र— **युक्त्यनुशासन, रत्नकारण्ड-श्रावकाचार**। अकलङ्क— **तत्त्वार्थराजवार्तिक, अष्टशती**। माणिक्यमुखनन्दी— **परीक्ष-मुखसूत्र**। प्रभाचन्द्र— **प्रेमकमल-मार्तण्ड, न्यायकुमुद-चन्द्रोदय**। शुभचन्द्र— **ज्ञानार्णव** (पद्यबद्धदर्शनग्रन्थ) इत्यादि। हे. जैनदर्शनम्, जैनसाहित्यम् ९.**चार्वाकदर्शन**— यो प्राचीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौतिकवादी दर्शन हो। नास्तिक दर्शनमा यो सर्वाधिक प्राचीन तत्त्वचिन्तन गर्ने दर्शन हो। यसलाई लोकायत दर्शन पनि भनिन्छ। यसको अस्तित्व अतिप्राचीन कालमा पनि कुनै कुनै रूपमा विद्यमान थियो। वेद, उपनिषद्, पुराण, रामायण, महाभारत तथा दार्शनिक ग्रन्थमा पनि यसको उल्लेख छ। यसको सिद्धान्त प्रतिपादन गर्ने कुनै स्वतन्त्र कृति उपलब्ध छैन। यस दर्शनका समर्थक रहेको कुनै सम्प्रदाय पनि छैन। ब्रह्मसूत्र शाङ्करभाष्य (३.३.५३–५४), कमलशीलरचित तत्त्वसङ्ग्रह-पञ्जिका, न्यायमञ्जरी, सर्वसिद्धान्तसङ्ग्रह, सर्वदर्शनसङ्ग्रह, नैषधीयचरितको सत्रौं सर्ग, प्रबोधचन्द्रोदय आदि ग्रन्थमा छरिएर रहेका चार्वाक दर्शन सम्बन्धी चिन्तन नै यसका आधार हुन्। चार्वाक शब्दको अर्थका सम्बन्धमा पनि यसै भन्न सकिने स्थिति छैन। यस दर्शनका प्रवर्तक कुनै ऋषि नै थिए भनेर कसैले भनेका छन् भने कसैको मतमा बृहस्पति वा उनका शिष्य चार्वाक मुनि थिए। वर्णाश्रमधर्मको नियममा बाँधिन नचाहने व्यक्तिका लागि बृहस्पतिले नै अन्यत्र प्रवृत्त गराउन विभिन्न सूत्र लेखेर यस दर्शनको आविर्भाव गरेका हुन् भन्ने कतिपय पुराणमा उल्लेख छ। कसैले चारु वाक्‌को अपभ्रंश चार्वाक हो पनि भनेका छन्। अन्य जानकारीका लागि हे. **चार्वाकदर्शनम्** ।

दर्शनीयः (पुं.वि.) [*द्रष्टुमर्हः, तव्यत्तव्यानीयरः ३.१.९६ इति अनीयर्प्रत्ययः*] हेर्न लायक/दर्शन योग्य/सुन्दर।

दर्शनीयतमः (पुं.वि.) [*अतिशयेन दर्शनीयः अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्प्रत्ययः*] अत्यन्त हेर्न लायक।

दर्शनीयमानी (पुं.वि.) [*आत्मानं दर्शनीयं मन्यते इति, मनः ३.२.८२ इति णिनिः*] आफूलाई राम्रो ठान्ने।

दर्शनीयम्मन्यः (पुं.वि.) [*आत्मानं दर्शनीयं मन्यते, आत्मने खश्च ३.२.८३ इति खश्, मुमागमः*] आफूलाई राम्रो ठान्ने। यस्तै **सुन्दरम्मन्यः**, **पण्डितम्मन्यः**, आदि।

दर्शपौर्णमासः (पुं.) हविर्यज्ञको सात भेदमध्ये तेस्रो यज्ञ। यो यज्ञ औंसी र पूर्णिमामा गरिन्छ। यसमा अग्नि र विष्णुलाई आहुति दिइन्छ।

दर्शयामिनी (स्त्री.) [*दर्शस्य यामिनी, ष.त.*] औंसीको रात।

दर्शयिता (पुं.वि.) [*दर्शयति, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.देखाउने २.(पुं.) बाटो देखाउने पुरुष ३.ढोके।

दर्शश्राद्धम् (नपुं.) पार्वणश्राद्ध।

दर्शश्राद्धन्तु यत्प्रोक्तं पार्वणं तत् प्रकीर्तितम् (नि.सिं.)।

दर्शान्तकालः (पुं.) [*दर्शान्तश्चासौ कालश्च, कर्म.स.*] अमावास्याको अन्त र प्रतिपदाको आरम्भ हुने सन्धिकाल। यस बखत चन्द्रमा आफ्नो कक्षामा घुम्दै सूर्यका साथ दक्षिणोत्तर रेखामा पुगेका हुन्छन्। (ना.पु.)

दर्शितः (पुं.वि.) [*दर्श्यते स्म, दृशिर् प्रेक्षणे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.देखाइएको २.देखिएको ३.स्पष्ट।

दल (धा.) [*विशरणे विदारणे च, अक.सेट्, पर.*] फैलनु, चिर्नु। लट्– **दलति**–फैलन्छ, चिर्छ इत्यादि।

दल्मिः (पुं.) [*दलते विशीर्णो भवतीति, दल विशरणे इति धातोः, दल्मिः (उ.४९६) इति मिः*] इन्द्रको हतियार।

दवः (पुं.) [*दुनोति दाहयति वनम्, टु दु उपतापे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] वनडढेलो।

दवथुः (पुं.) [*दवनम्, टु दु उपतापे इति धातोः, द्वितोऽथुच् ३.३.८९ इति अथुच्*] सन्ताप।

दवाग्निः (पुं.) [*दवाख्योऽग्निः म.प.स.*] वनडढेलो/दावानल।

दविष्ठः (पुं.वि.) [*अतिशयेन दूरः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणादिपरं पूर्वस्य च गुणः ६.४.१५६ इति यणादिपरस्य लोपः, उकारस्य च गुणः, अवादेशः*] ज्यादै टाढा।

दवीयान् (पुं.वि.) [*अयमेभ्योऽतिशयेन दूरः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन् स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणादिपरं पूर्वस्य च गुणः ६.४.१५६ इति यणादिपरस्य लोपः, उकारस्य च गुणः, अवादेशः*] ज्यादै टाढा रहेको।

तेजस्विमध्ये तेजस्वी दवीयानपि गण्यते।
पञ्चमः पञ्चतपसस्तपनो जातवेदसाम्॥ (शि.व.)

दश (नपुं.) [दशतीति बाहुलकात् कनिन् यद्वा *प्रागेकद शभ्योऽच्छन्दसि ५.३.४९ इत्यन्*] दशलाई बुझाउने सङ्ख्यावाचक शब्द। **~कर्म** (नपुं.) [*दशानां कर्मणां समाहारः, द्विगु स.*] गर्भाधानदेखि व्रतबन्धसम्म गरिने पुरुषको दशथरी संस्कार। गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडा, कर्णवेध र व्रतबन्ध। **पुरुष-संस्कारकर्मत्वं तु गर्भाधानादीनां व्रतबन्धान्तानां दशानामेव।** (सं.दी.)। **~कामव्यसनम्** (नपुं.) क्रमैले उत्पन्न हुने दशथरी व्यसन। सिकार, जुवा, दिनमा सुत्नु, अरूको निन्दा चर्चा, घमन्डको शक्ति, नाच, गीत, खेलबाड, व्यर्थको घुमाइ र रक्सी पिउनु **~गात्रम्** (नपुं.) [*दश गात्राणि सन्ति यस्मिन् कर्मणि तत्*] शरीरका दश मुख्य अङ्ग– १.शिर २.नाक, कान, आँखा ३.गर्दन, काँध, हात, छाती ४.नाभि, लिङ्ग, गुदद्वार ५.घुँडा, जाँघ, खुट्टा ६.शरीरको हाड ७.शरीरको नसो ८.दाँत, नङ आदि ९.वीर्य १०.पूर्ण शरीरको साथ भोक प्यास आदि। यी मरेपछि दश दिनसम्म दिइने दश पिण्डले मृतकका उपर्युक्त दश अङ्गहरू बन्न जाने हुँदा दश दिनसम्म गरिने कर्मलाई दशगात्र कर्म भनिन्छ।

शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा।
द्वितीयेन तु कर्णाक्षिनासिकासु समासतः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गलांसभुजवक्षांसि तृतीयेन तथा क्रमात्।
चतुर्थेन तु पिण्डेन नाभिलिङ्गगुदानि च॥
जानुजङ्घे तथा पादौ पञ्चमेन तु सर्वदा।
मर्माणि षष्ठपिण्डेन सप्तमेन तु नाडयः॥
दन्तलोमाद्यष्टमेन वीर्यं तु नवमेन च।
दशमेन तु पूर्णत्वं क्षुत्तृषोर्वा विपर्ययात्॥ (वृद्धगार्ग्यः)

~दानम् (नपुं.) [*दशानां दानानां समाहारः, द्विगु स.*] प्रायःमर्न लागेका समयमा गरिने गाई, तिल, सुन, भूमि, घिउ, कपडा, चाँदी, नून, सखर र फलाम यी दश वस्तुहरूको दान। **~दिक्पालाः** (पुं.बहु.) [*दशसङ्ख्यका दिक्पालाः, म.प.स.*] दश दिशाका अधिष्ठातृदेवता। **~धरः** (पुं.) दश सिद्धि पाएका बुद्ध भगवान्। **~धर्माः** (पुं.) घमण्ड, उद्धतपन, पागलपन, थकाइ, रिस, भोक, आतुरी, डर, लोभ र कामुकता। यी १० धर्म (कुरा) को वशमा पर्दा मानिसले पाप गर्छ

मत्तः प्रमत्त उन्मत्तः श्रान्तः क्रुद्धो बुभुक्षितः।
त्वरमाणश्च भीरुश्च लुब्धः कामी च ते दश॥ (ह.वं.१३/१५)

दशकम् (नपुं.) [*दशानां पूरकम्, सङ्ख्यायाः संज्ञासूत्राध्ययनेषु ५.१.५८ इति कन्*] १.दसवटा वस्तुको समूह २.दस वर्षको समूह।

दशकन्धरः (पुं.) [*दश कन्धरा यस्य सः, बहु.स.*] रावण/दशग्रीव।
लङ्केशो दशकन्धरः (अभि.चि.३.३७०)।

दशकुमारचरितम् (नपुं.) [*दशानां कुमाराणां चरितं यत्र तत्, बहु.स.*] दण्डीद्वारा रचित प्रसिद्ध गद्यकाव्य। यो दुई पीठिकामा विभक्त छ— पूर्वपीठिका र उत्तरपीठिका। दुवै पीठिकाहरू विभिन्न उच्छ्वासमा विभक्त छन्। यसमा दस राजकुमारहरूको वर्णन छ। यसको उत्तरपीठिका दण्डीको कृति होइन भन्ने कतिपय समालोचकहरूको धारणा छ।

दशकुशलानि (नपुं.) [*दशसङ्ख्यकानि कुशलानि, म.प. स.*] बौद्ध धर्ममा स्वीकृत चरित्रहरू। यी दुई प्रकारका हुन्छन्— दुःशील र सुशील। दुःशीलबाट राग, द्वेष आदि उत्पन्न हुन्छन्। सुशील बाट स्वार्थहीन भावना पैदा हुन्छ। यसको परिणति प्रेम र करुणा हो। यी तीन प्रकारका हुन्छन्-कायिक, वाचिक र मानसिक। कायिक-हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु। वाचिक— असत्य नबोल्नु, चुगली नलगाउनु, गालीगलोज नगर्नु, बकबास नगर्नु। मानसिक— परद्रव्यमा लोभ नगर्नु, ईर्ष्या नगर्नु, नास्तिक दृष्टि नराख्नु।

दशग्रीवः (पुं.) [*दश ग्रीवा यस्य सः, बहु.स.*] रावण।

दशद्वारम् (नपुं.) [*दशानां द्वारानां समाहारः, द्विगुस.*] शरीरका दस छिद्रको समूह। मुख, नाकका दुइटा प्वाल, दुइटा आँखा, दुइटा कान, गुदद्वार, लिङ्ग अथवा योनिको छिद्र र ब्रह्मरन्ध्र।

दशधा (स्त्री.) [*दशभिः प्रकारैः सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा*] दस किसिमले/दशप्रकारले।

दशनः (पुं.) [*दश्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट युवोरनाकौ ७.१.१इत्यनः*] १.दाँत २.बत्तिस सङ्ख्यालाई बुझाउने शब्द।

दशपारमिताः (स्त्री.बहु.) महायानी साधकले बोधिचित्त ग्रहण गरिसकेपछि दश पारमिताको सेवन आवश्यक चर्या मानिन्छ। ती पारमिता दश छन्— दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा, प्रणिधि, बल, उपाय र ज्ञान। पारमिता भनेको पूर्णता हो। पूर्णता प्राप्तिका लागि उक्त पारमिताको निरन्तर सेवन गर्नुपर्छ। जातकनिदान कथाअनुसार सुमेधनामक ब्राह्मणले गरेको अथक प्रयासबाट यी पारमिता प्रकट भएका हुन्। उक्त पारमिताको सेवनबाटै शाक्यमुनिले सम्यक् सम्बोधिको लोकोत्तर सम्पत्ति प्राप्त गरेका थिए। बौद्ध मान्यताअनुसार जसले बुद्धत्व प्राप्तिका लागि दृढ सङ्कल्प लिई उक्त पारमिताको लामो समयसम्म अथक सेवन गर्छ त्यसैले मात्र भविष्यमा बुद्धत्व प्राप्त गर्न सक्छ। पारमिता पूर्ण गर्ने व्यक्तिलाई बोधिसत्त्व भनिन्छ। (नागार्जुन)

दशपीठिकाः (स्त्री.बहु.) [*दशसङ्ख्यकाः पीठिकाः, म.प.स.*] मूर्ति राख्ने आधार। यी दशथरी हुन्छन्— स्थण्डिला, वापी, यक्षी, वेदी, मण्डला, पूर्णचन्द्रा, वज्रा, परमा, अर्धशशी, त्रिकोणा (मत्स्यपु.)।

दशबलः (पुं.वि.) [*दश बलानि यस्य सः, बहु.स.*] १.दश किसिमको बल भएको २.बुद्ध।

दानं शीलं क्षमा वीर्यं ध्यानप्रज्ञाबलानि च।
उपायः प्रणिधिर्ज्ञानं दश बुद्धबलानि वै॥ इति।

दशभूमयः (स्त्री.बहु.) [*दशसङ्ख्यका भूमयः, म.प.स.*] बुद्धत्व प्राप्त गर्ने दश सिँढीहरू। बोधिसत्त्व प्राप्तिका लागि यी सिँढीहरू क्रमशः पार गर्दै आध्यात्मिकताको विकास गर्नु आवश्यक हुन्छ। महायान सम्प्रदायले स्वीकार गरेका दशभूमिहरू- प्रमुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुखी, दूरगमा, अचला, साधुमती, धर्ममेधा (धर्मसङ्ग्रह)।

दशमः (पुं.वि.) [*दशानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् नान्तादसङ्ख्यादेर्मट् ५.२.४९ इति मट्*] दसौँ **~दशा** (स्त्री.) साहित्यको रस निरूपणमा वियोगीले प्राण छोडिदिने अवस्था। **~भावः** (पुं.) फलित ज्योतिषअनुसार कुण्डलीमा लग्नको दसौँ कोठा।

दशमहाविद्याः (स्त्री.) [*दशसङ्ख्यका महाविद्याः,म.प.स.*] तन्त्रशास्त्रअनुसार दशथरी महाविद्या नामका देवीहरू— काली, तारा, षोडशी, बगला, भुवनेश्वरी, धूमावती, छिन्नमस्ता, मातङ्गी, भैरवी र कमला।

काली तारा षोडशी च बगला भुवनेश्वरी।
धूमा छिन्ना च मातङ्गी भैरवी कमलात्मिका॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशमांशः (पुं.) [*दशमोंऽशः,*] दसौं हिस्सा वा भाग।

दशमी (स्त्री.) [*दशानां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट् नान्तादसङ्ख्यादेर्मट् ५.२.४९ इति मट्, टित्वान् ङीप्*] १.दशमी तिथि २.विमुक्तावस्था ३.शुक्ल तथा कृष्णपक्षको दसौं तिथि ४.[*दशमोऽवस्थाविशेषोऽस्यास्ति, वयसि पूरणात् ५.२.१३० इतीनिः*] अत्यन्त बुढो अवस्था।

दशमुखः (पुं.) [*दश मुखानि यस्य सः, बहु.स.*] रावण।

दशमूत्रम् (नपुं.) [*दशानां मूत्राणां समाहारः, द्विगुस.*] निम्न लिखित दशथरी प्राणीहरूको मूत– गाई, बाखी, ऊँटिनी, भैंडी, भैंसी, घोडी, आइमाई, ढोई, मृगी, गदहीको पिसाब।

दशमूलम् (नपुं.) [*दशानां मूलानां समाहारः, द्विगुस.*] १.पहैंलो सहिजन २.दसथरी जडीबूटीका जराहरू– वनगहते, सतिबयर, सानो बिहीँ, कण्टकारी, गोखुर, बेल, खमारी, पाडरी, गिनेरी, र टटेलो। **उभाभ्यां पञ्चमूलाभ्यां दशमूलमुदाहृतम्** (अ.नि.)।

दशरथः (पुं.) [*दशसु (दिक्षु) प्रथितो रथो यस्य सः, सप्तमी विशेषणे बहुव्रीहौ२.२.३५ इति व्यधिकरणसमासः*] रामचन्द्रका पिता/सूर्यवंशका एक प्रसिद्ध राजा/अयोध्याका राजा।

दशरूपकम् (नपुं.) [*दश रूपकाणि निरूपितानि यत्र तत्*] नाट्यशास्त्रको प्रसिद्ध ग्रन्थ। यसका रचयिता धनञ्जय हुन्। यसमा तीनसय कारिका छन्। ग्रन्थ चार प्रकाशमा विभक्त छ। प्रथम प्रकाशमा रूपकको लक्षण, भेद, अर्थप्रकृति, अवस्था, सन्धि, अर्थोपक्षेपक, विष्कम्भक, चूलिका, अङ्कास्य, प्रवेशक, अङ्कावतार, वस्तुको सर्वश्राव्यता, अश्राव्यता। नियतश्राव्यता र तिनका भेदको निरूपण छ। दोस्रो प्रकाशमा नायक– नायिकाका भेदहरू, तिनका सहायक, नायिकाका अलङ्कार, वृत्ति आदिको वर्णन छ। तेस्रो प्रकाशमा पूर्वरङ्ग, अङ्कविधान र रूपकका दश भेदको निरूपण गरिएको छ। चौथो प्रकाशमा रसको स्वरूप, त्यसका अङ्ग तथा नौ रसको विशद वर्णन छ। साथै यसमा रसनिष्पत्ति, रसास्वादनका प्रकार, शान्तरसको अनुपयोगिताजस्ता विषयको पनि निरूपण गरिएको छ।

दशवशिताः (स्त्री, बहु.) [*दशसङ्ख्यका वशिताः, म.प स.*] आध्यात्मिक अनुशासनतिर डोहोऱ्याउने संयम। महायानीहरूले बोधिसत्त्वमा निहित वशिता दश मानेका छन्– आयुर्वशिता, चित्तवशिता, परिष्कारवशिता, धर्मवशिता, धीवशिता, जन्मवशिता, अभिमुक्तिवशिता, प्रणिधानवशिता, कर्मवशिता, ज्ञानवशिता (धर्मसङ्ग्रह)।

दशा (स्त्री.) [*दश्यते, दंश दशने इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] १.अवस्था/हालत/स्थिति २.खराब दिन २.बत्ती ३.लुगाको छेऊ, ४.चित्त ५.शरीरका दश अवस्था– गर्भवास, जन्म, बाल्यकाल, कुमार अवस्था, पौगण्ड, यौवन, वृद्धावस्था, जरा, प्राणरोध, नाश ६.पूर्व रागका दस दशा– अभिलाषा, चिन्ता, स्मरण, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, व्याधि, जडता र मरण ७ जीवनमा सूर्य आदि आठ ग्रहको भोगकाल– १.सूर्यको ६ वर्ष, चन्द्रमाको १५ वर्ष, मङ्गलको आठ वर्ष, बुधको १७ वर्ष, शनिश्चरको १० वर्ष, बृहस्पतिको १९ वर्ष, राहुको १२ वर्ष, शुक्रको २१ वर्ष।

षट् सूर्यस्य दशा ज्ञेया शशिनो दश पञ्च च।
अष्यवङ्गारके प्रोक्ताः बुधे सप्तदश स्मृताः॥
शनैश्चरे दश प्रोक्ता गुरोरेकोनविंशतिः।
राहोर्द्वादश वर्षाणि भृगोरप्येकविंशतिः॥ (ज्यो.त.)

दशा दस प्रकारका हुन्छन्– १.योगिनी २.वार्षिकी ३.नाक्षत्रिकी ४.लाग्निकी ५.मुकुन्दा ६.विंशोत्तरी ७.त्रिंशोत्तरी ८.पताकी ९.हरगौरी १०.दिनदशा। युगअनुसार सत्ययुगमा लग्नदशा, त्रेतायुगमा हरगौरी, द्वापरमा योगिनी र कलियुगमा नाक्षत्रिकी दशा महत्त्वपूर्ण मानिन्छन्।

सत्ये लग्नदशा चैव त्रेतायां हरगौरिका।
द्वापरे योगिनी चैव कलौ नाक्षत्रिकी मता॥ (सत्यामृत)

दशाङ्गम् (नपुं.) [*दश अङ्गानि यस्य तत्, बहु.स.*] दसथरी सुगन्धित वस्तुबाट बन्ने धूप– शिलाजित, गुग्गुल, श्रीखण्ड, जटामसी, लोवान, कराल, खस, नखी, कपूर र कस्तूरी।

दशाङ्गक्वाथः (पुं.) [*दश अङ्गानि यस्य सः, स चासौ क्वाथश्च, कर्म.स.*] दश थरी जडिबूटीको काँढा– असुरो, गुर्जो, पित्तपापडा, चिराइतो, नीमको बोक्रा, हर्रो, बर्रो, अमला, गहत र भृङ्गराज।

दशाननः (पुं.) [*दश आननानि यस्य सः, बहु.स.*] रावण।

दशानीकिन्यः (स्त्री.) [*दशसंख्यका अनीकिन्यः म.प.स.*] २१,८७० हात्ती, २१,८७० रथ, ६५,६१० घोडा, १०, ९,३५० पैदल भएको सेनाविशेष। **दशानीकिन्योऽक्षौहिणी** (अमर.२.८.८१)

दशावताराः (पु.बहु.) [*दशसंख्यका अवताराः, म.प.स.*] विष्णुका मुख्य दशअवतार– १.मत्स्य २.कच्छप ३.वराह ४.नृसिंह ५.वामन ६.परशुराम ७.राम ८.कृष्ण ९.बुद्ध र १०.कल्कि।

दशाश्वमेधः (पुं.) [*दश अश्वमेधा यत्र, बहु.स.*] १.काशी अन्तर्गतको एक तीर्थ २.प्रयाग अन्तर्गत त्रिवेणी नजिकैको घाट वा तीर्थ।

दशास्यः (पुं.) [*दश आस्यानि यस्य सः, बहु.स.*] रावण।

दशाहः (नपुं.) १.दस दिन २.मृतकका कर्मको दसौं दिन।

दशि (धा.) [*दंशने, सक.सेट् आत्म.*] डस्नु। लट्– **दंशयते**– डस्छ। लिट्– **दंशयाञ्चक्रे**– डसेछ (अन.)। लुट्– **दंशयिता**– डस्ने छ (अन.)। लृट्–**दंशयिष्यति**–डस्ने छ। लोट्– **दंशयताम्**– डसोस्। लङ्– **अदंशयत**–डस्यो (अन.)। विधिलिङ्– **दंशयेत**– डस्ला, डसोस्। आशीर्लिङ्– **दंशयिषीष्ट**– डसोस्। लुङ्– **अददंशत**– डस्यो। लृङ्– **अददंशयिष्यत**– डस्ने थियो इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशि (धा.) [*भाषयाम्, सक.सेट्, उभ.*] घोच्ने गरी बोल्नु। लट्– **दंशयति-ते–** घोच्ने गरी बोल्छ। लिट्– **दंशयाञ्चकार-चक्रे–** घोच्ने गरी बोलेछ (अन.)। लुट्– **दंशयिता–** घोच्ने गरी बोल्ने छ (अन.)। लृट्– **दंशयिष्यति-ते–** घोच्ने गरी बोल्ने छ। लोट्– **दंशयतु-ताम्–** घोच्ने गरी बोलोस्। लङ्– **अदंशयत्-त–** घोच्ने गरी बोल्यो (अन.)। विधिलिङ्– **दंशयेत्-त–** घोच्ने गरी बोल्ला, घोच्ने गरी बोलोस्। आशीर्लिङ्– **दंश्यात्-दंशयिषीष्ट–** घोच्ने गरी बोलोस्। लुङ्– **अददंशत्-त–** घोच्ने गरी बोल्यो। लृङ्– **अदंशयिष्यत्-त–** घोच्ने गरी बोल्ने थियो इत्यादि।

दशेरः (पुं.) [*दंशति दंष्ट्राभ्यामिति, दंश दंशने इति धातोः, पतिकठिकुठिगडिगुडिदंशिभ्य एरक् (उ.६१) इति एरक्*] हिंस्रक जनावर।

दसि (धा.) [*दर्शनदंशनयोः, सक.सेट्, आत्म.*] देख्नु, डस्नु। लट्– **दंसयते–** देख्छ, डस्छ। लिट्– **दंसयाञ्चक्रे–** देखेछ, डसेछ (अन.) इत्यादि।

दसि (धा.) [*भाषायाम् सक.सेट्, उभ.*] घोच्ने गरी बोल्नु। लट्– **दंसयति-ते–** घोच्ने गरी बोल्छ इत्यादि।

दसु (धा.) [*उपक्षये, सक.सेट्, पर.*] फ्याँकनु। लट्– **दस्यति–** फ्याँक्छ इत्यादि।

दस्युः (पुं.) [*दस्यति नाशयति परस्वान्, दसु उपक्षये इति धातोः, यजिमनिशुन्धिदसि (उ.३०७) इति युच्*] १.डाकु/तस्कर २.शत्रु ३.असुर।

दस्युहः (पुं.) [*दस्यून् वध्यादिति आशिषि हन ३.२.४९ इति आशीरर्थे डः*] शत्रुलाई मारोस्।

दस्रौ (पुं.द्वि.) [*दस्यतः क्षिपतः रोगान् इति, दसु उपक्षेपे इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपि (उ.१७८) इति रक्*] १.अश्विनी कुमार २.दुईलाई बुझाउने शब्द ३.गधा।

दह (धा.) [*भस्मीकरणे, सक.अनिट्, पर.*] डढाउनु। लट्– **दहति–** डढाउँछ। लिट्– **ददाह–** डढाएछ (अन.)। लुट्– **दग्धा–** डढाउने छ (अन.)। लृट्– **धक्ष्यति–** डढाउने छ। लोट्– **दहतु–** डढाओस्। लङ्– **अदहत्–** डढायो (अन.)। विधिलिङ्– **दहेत्–** डढाउला, डढाओस्। आशीर्लिङ्– **दह्यात्–** डढाओस्। लुङ्– **अधाक्षीत्–** डढायो। लृङ्– **अधक्ष्यत्–** डढाउने थियो इत्यादि।

दहनः (पुं.) [*दहति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अग्नि २.भलायो ३.औषधिविशेष ४.खराब चेष्टा ५.तीनको सङ्ख्या ६.कृत्तिका नक्षत्र ७.[*दह्यते कामाग्निना*] परेवा ८.एघार रुद्रमध्ये एक। ९.कार्त्तिकेयका एक अनुचर १०.(नपुं.) [*भावे ल्युट्, अनः*] डढाउने काम।

दहनोपलः (पुं.) [*दहनाय अग्न्युत्पादनाय उपलः*] १.सूर्यकान्तमणि २.दलछिन ढुङ्गो।

दाक्षायण्यः (स्त्री.बहु.) [*दक्षस्याअपत्यम्, वा नामधेयस्य (वा.) १.१.७३ इति वृद्धसंज्ञा, उदीचां वृद्धादगोत्रात् ४.१.१५७ इति फञ्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.अश्विनी आदि नाम गरिएका २७ नक्षत्र २.(एकव.) पार्वती।

दाक्षिणात्यः (पुं.वि.) [*दक्षिणायां भवः, दक्षिणापश्चात्पुरसस्त्यक् ४.२.९८ इति त्यक्, वृद्धिः*] दक्षिण दिशाको/दक्षिणपट्टिको/विन्ध्यपर्वतदेखि दक्षिण दिशाको।

दाक्षिणात्या (स्त्री.) (हे. **प्रवृत्ति चौथो भेद**)।

दाक्षिण्यम् (नपुं.) [*दक्षिणस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सरलता।

दाडिमः (पुं.) [*दलनं दालः, दल विशरणे इति धातोः, भावे ३.३.१८ इति घञ्, दलेन निर्वृत्तः, भावप्रत्यायान्तादिमप् (वा) .४.४.२० इति इमप्, डलयोरेकत्वम्*] दाडिम/अनार।

दाडिमपुष्पकः (पुं.) [*दाडिमस्य पुष्पमिव पुष्पं यस्य सः, बहु.स.*] गुराँस।

दाण् (धा.) [*दाने, सक.अनिट्, पर.*] दिनु। लट्– **यच्छति–** दिन्छ। **आयच्छति–** लिन्छ, स्वीकार गर्छ। लिट्– **ददौ–** दिएछ (अन.)। लुट्– **दाता–** दिने छ (अन.)। लृट्– **दास्यति–** दिने छ। लोट्– **यच्छतु–** देओस्। लङ्– **अयच्छत्–** दियो (अन.)। विधिलिङ्– **यच्छेत्–** देला, देओस्। आशीर्लिङ्– **देयात्–** देओस्। लुङ्– **अदात्–** दियो। लृङ्– **अदास्यत्–** दिने थियो। कर्मणि– **दीयते–** दिइन्छ। णिचि– **दापयति–** दिलाउँछ। सनि– **दित्सति–** दिन चाहन्छ। कृदन्ते– **दातव्यम्/दानीयम्/ देयम्–** दिनुपर्ने। **दातुम्–** दिन इत्यादि।

दाण्डाजिनिकः (पुं.) [*दण्डाजिनेन शाठ्येन दम्भेन वा अर्थानन्विच्छति, अयःशूलदण्डाजिनाभ्यां ठक्ठञौ इति ठञ्, इकः, आदिवृद्धिः*] दम्भी/पाखण्डी।

दातः (पुं.वि.) [*दाप्यते स्म, दाप् लवने इति धातोः, ३.२.१०२ इति क्तः*] १.काटिएको २.[*दैप् शोधने इति धातोः कर्तरि क्तः*] शुद्ध।

दाता (पुं.वि.) [*ददाति, ण्वुल्तृचौ इति तृच्*] १.दिने २.(पुं.) दान गर्ने व्यक्ति।

दाता नीचोऽपि सेव्यः स्यान्निष्फलो न महानपि।
जलार्थी वारिधिं त्यक्त्वा पश्य कूपं निषेवते॥ (सुभा.)

दातृत्वम् (नपुं.) [*दातुर्भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] दानशीलता/दानीपना।

दातृत्वं प्रियवक्तृत्वं धीरत्वमुचितज्ञता।
अभ्यासेन न लभ्येयुश्चत्वारः सहजा गुणाः॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दात्यूहः (पुं.) [*दाप् लवने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, दातिं मारणमूहते इति, ऊह वितर्के इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.जलकाग/कालो काग २.काकाकुल ३.मेघ ।

दात्रम् (नपुं.) [*दात्यनेन, दाप् लवने इति धातोः, दाम्नी ३.२.१८२ इति ष्ट्रन्*] १.दाँती/आरो २.हँसिया ।

दाधिकम् (नपुं.) [*दध्ना उपसिक्तम्,दध्ना चरति, दध्ना संस्कृतं वा, ठक्, इकः,आदिवृद्धिः*] १.दहीमा पकाएको वा मुछेको खाद्यवस्तु २.औषधिविशेष । **बीजपूररसोपेतं सर्पिर्दधिचतुर्गुणम् । साधितं दाधिकं नाम गुल्महृत् प्लीहशूलजित् ॥** (सुश्रुत)

दान (धा.) [*खण्डने, सक.सेट्, उभ.*] टुक्रा टुक्रा पार्नु, यो नित्य सनन्त छ । लट्– **दीदांसति–** टुक्रा टुक्रा पार्न खोज्छ इत्यादि ।

दानम् (नपुं.) [*डु दाञ् दाने इति धातोः, ल्युट् च ३.३ ११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कसैलाई विधिपूर्वक दिने काम २.[*द्यत्यनेन, दो अवखण्डने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१*] हात्तीको मदजल ३.त्याग । **विद्यते सागरस्यान्तो दानस्यान्तो न विद्यते** (शुद्धितत्त्व) **~दातव्यम्** (नपुं.) [*दानञ्च दातव्यञ्च तयोः समाहारः, द्व.स.*] विधिपूर्वक दान गरी दिएको वस्तु/सङ्कल्प गरेर वा त्यसै दिइएको धनमाल । **~पत्रम्** (नपुं.) [*दानस्य पत्रम्, ष.त.*] १.दान गरिदिएँ भनी दाताले पाउनेलाई लेखिदने कागजपत्र । २. त्यसै व्यहोराको शिलापत्र वा ताम्रपत्र **~पात्रम्** (नपुं.) दान दिन योग्य व्यक्ति । **~प्रतिष्ठा** (स्त्री.) [*दानस्य प्रतिष्ठा, ष.त.*] दान गरिसकेपछि त्यसको न्यूनताको पूर्ति गर्नका लागि दिइने दक्षिणा । **~वीरः** (पु.वि.) [*दाने वीरः, स.त.*]. अत्यन्त दानी मानिस । **~स्वरूपम्** (नपुं.) दानको लक्षण र प्रकार । **द्विहेतु षडधिष्ठानं षडङ्गं च द्विपाकयुक् । चतुष्प्रकारं त्रिविधं त्रिनाशं दानमुच्यते** । यसको अर्थ = (दानमा) **द्विहेतुः**– श्रद्धा र भक्ति, **षडधिष्ठानम्–** धर्म, अर्थ, काम, लाज, हर्ष र डर, **षडङ्गम्–** दाता, प्रतिग्रहीता, (दान लिने) शुद्धि, धर्मयुक्त देयवस्तु, देश र काल, **द्विपाकयुक्–** दानको दुईफल– यस लोकमा उन्नति र परलोकमा सुख । **चार किसिमका दानहरू**– ध्रुव, त्रिक, काम्य र नैमित्तिक । **ध्रुव–** पानी पँधेरो, बगैँचा, पोखरी, विद्यालय, चिकित्सालय आदिमा खर्च गरिएको चिरस्थायी दान । **त्रिक–** सन्तान, विजय र ऐश्वर्य प्राप्तिको लागि खर्च गरिएको दान वा पुत्रैषणा, वित्तैषणा वा लोकैषणाका लागि गरिएको दान । **काम्य–** कुनै कुरा प्राप्त होस् भनी गरिएको दान । **नैमित्तिक–** चाड, पर्व आदिमा गरिने दान । **त्रिविधदानम्–** उत्तम वस्तु, मध्यम वस्तु र तुच्छ वस्तुको दान । **त्रिनाशम्–** दान दिएर पछुताउनु, अपात्रलाई दान दिनु र श्रद्धा नगरेर दान गर्नु ।

दानवः (पुं.) [*दनोरपत्यम्, तस्यापत्यम् ४.१.९१ इत्यण्, वृद्धिः*] राक्षस/दनु नामकी राक्षसीको सन्तान ।

दानवराजः (पुं.) [*दनोरपत्यानि पुमांसः, दानवाः, तेषां राजा, राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्, टिलोपः*] दानवको राजा ।

दानवारिः (पुं.) [*दानवानामरिः, ष.त.*] १.देवता २.दानवका शत्रु । ३.(नपुं.) [*दानजन्यं वारि, म.प.स.*] हात्तीको मदजल ।

दानवीरः (पुं.) [*दानप्रधानो वीरः, म.प.स.*] वीररसको एक भेद ।

दानशीलः (पुं.) [*दानं शीलं स्वभावो यस्य सः, बहु.स.*] दाता । **यत्फलं दानशीलस्य क्षमाशीलस्य यत्फलम् । यच्च मे फलमाधाने तेन संयुज्यतां भवान् ॥** (म.भा. ५.१२२.५)

दानशौण्डः (पुं.) [*दाने शौण्डः, सप्तमी शौण्डैः २.१.४१ इति समासः*] १.धेरै दान गर्ने २.प्रसिद्ध ।

दान्तः (पुं.वि.) [*दम्यत इति दान्तः, णिजन्तात् दमु उपशमे इति धातोः क्तप्रत्यये वा दान्तशान्तपूर्णदस्तीस्पष्टछन्नज्ञप्ताः ७.२.२७ इति इडभावो णिलुक् च निपात्यते*] १.तपस्याको दुःखलाई सहन सक्ने २.इन्द्रियलाई वशमा राखेको । **दान्तस्तु दमिते** (अमर.२.७.४२) ३.[*दन्तेन निर्वृत्तम्, तेन निर्वृत्तम् ४.२.६८ इत्यण्*] दाँतले बनेको ४.[*धातूनामनेकार्थकत्वात्*] दाता ५.दमनक वृक्ष ६.विदर्भराजका एक पुत्र ।

दान्ता (स्त्री.) अप्सराविशेष । **विद्युता प्रशमी दान्ता** (म.भा. १३.१९.४५) ।

दान्तिः (स्त्री.) [*दमनम्, दमु उपशमे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुनासिकस्य ६.४.११५ इति दीर्घः*] १.दमन २.इन्द्रियलाई वशमा राख्ने काम ।

दाप् (धा.) [*लवणे, सक.अनिट्, पर.*] काट्नु । लट्– **दाति–** काट्छ इत्यादि ।

दापितः (पुं.) [*दाप्यते स्म, दाप् लवणे इति धातोः, ण्यन्ताद् निष्ठा ३.२.१०२ इति क्तः*] दिलाइएको ।

दाम (नपुं.) [*द्यति, दो अवखण्डने इति धातोः, दीयते वा अनेन वा, देङ् रक्षणे इति धातोर्वा,सर्वधातुभ्यो मनिन् (उ.)५९४ इति मनिन्*] १.दाम्लो २.माला ३.(पुं.वि.) [*ददाति, कर्तरि मनिन्*] दाता ।

दामनी (स्त्री.) [*दामैव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, अन् ६.४.१६७ इति प्रकृतिभावः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, यद्वा नित्यं संज्ञाछन्दसोः४.२ .९ इति ङीष्*] पशुलाई खुट्टामा बाँध्ने डोरी/पगहा । **पशुरज्जुस्तु दामनी** (अमर.२.९.७३) ।

दामा (स्त्री.) [*डाबुभाभ्यामन्यतरस्याम् इति पक्षे डाव्*] दाम्लो ।

दामोदरः (पुं.) [*दामानि लोकनामानि उदरे यस्य सः, बहु.स.यद्वा दाम उदरे यस्य सः, दाम्ना दामोदरं विदुः इति भगवद्वचनाद् यशोदया दाम्ना उदरे बद्धः,तेनासौ दामोदरः*] कृष्ण/नारायण । **दामानि लोकनामानि तानि यस्योदरान्तरे । तेन दामोदरो देवः** (विष्णुस.मा.) ।

दामोदरकुण्डः (पुं./नपुं.) [*दामोदर इति कुण्डः*] हिमालय नजिकको शालग्राम क्षेत्रमा गण्डकीको पश्चिम उत्तरमा कैयौँ कुण्ड (ताल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(दामोदरकुण्डः)

छन्। तीमध्ये समुद्रतहदेखि ५,४०० मिटरको उचाइमा अवस्थित एक कुण्ड। नेपालको मुस्ताङ जिल्लामा पर्ने यो कुण्ड मुक्तिनाथबाट१६ माइल उत्तरमा छ। बाटो ज्यादै कठिन र हिमाच्छादित भएको हुंदा यात्रीलाई दामोदर कुण्ड पुग्न मुक्तिनाथबाट तीन दिन लाग्छ। बायमा एउटा सरोवर भेटिन्छ। यसलाई नक्कली दामोदरकुण्ड भन्दछन्।

दाम्पत्यम् (नपुं.) [*दम्पत्योर्भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] पति पत्नीको सम्बन्ध वा काम।

दायः (पुं.) १.[*दानम्, भावे ३.३.१८ इति घञ्, आतो युक्. ७.३.३३ इति युक्*] दिने काम २.[*दीयतेऽसौ, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] अंशियारहरूमा बाँडिने पैतृक सम्पत्ति/दान, दाइजो/अरूहरूलाई दिइने धन/अंश ३.[*दो छेदे इति धातोः घञ्*] खण्डन ४.(पुं.वि.) [*ददाति, दाधातोःश्याद्व्यधा-इति णः, युक्*] दाता।**~बन्धुः** (पुं.) [*दायस्य बन्धुः,ष.त.*] अंशियार दाजुभाइ।**~भागः** (पुं.) [*दायस्य भागः, ष.त.*] उत्तराधिकारीहरूमा बाँडिने पैतृक सम्पत्तिको अंश।

दायकः (पुं.वि.) [*ददातीति, डु दाञ् दाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] दाता/दिने।

दायकरः (पुं.) [*दायस्य करः, ष.त.*] पैतृक सम्पत्ति उपभोग गर्दा लाग्ने कर।

दायादः (पुं.) [*दायं पैतृकं धनमादत्ते इति स्वामीश्वरादिति सूत्रेण सोपसर्गादपि निपातनात् कप्रत्ययान्तो साधुः*] १.अंशियार २.पुत्र। **कनीयान् मम दायादो धृता येन जरा मम** (म.भा. १.८५.२)।

दायाधिकारी (पुं.) [*दायस्य अधिकारी, ष.त.*] कसैको मृत्युपछि त्यसको सम्पत्ति खाने हकदार।

दायित्वम् (नपुं.) [*दायिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] जिम्मेदारी/जवाफदेही/कुनै कुरामा उत्तरदायी बन्ने काम।

दारकः (पुं.) [*दारयति नाशयति जनकस्य पितॄणम्, दॄ विदारणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बालक २.छोरो/पुत्र ३.सुंगुर (पुं.वि.) नाश गर्ने। **अशेषदुर्नामकरोगदारकं करोति वृद्धं सहसैव दारकम्** (वैद्यक)।

दारकर्म (नपुं.) [*दारौपयिकं दारसम्पादकं कर्म, म.प.स.*] विवाह।

दारहेतुः (पु.) [*दाराणां हेतुः, ष.त.*] पत्नीको कारण। स्त्रीजातिको प्रेमरूपी बन्धन।

अपत्यदर्शनस्यार्थे प्राणानपि च या त्यजेत्।
त्यजन्ति तामपि क्रूरा मातरं दारहेतवे॥ (सुभा.)

दारा (स्त्री.) [*दारयति ज्ञातिबन्धून्, अच्, टाप्*] पत्नी। **अप्येकात्मनो दारां नृणां स्वत्वगृहो यथा** (भाग.७.१४.११)।

दाराः (पुं.बहु.) [*दारयन्ति भ्रातृस्नेहम्, दॄ विदारणे इति धातोः, णिचि, दारजारौ कर्तरि णिलुक् च (वा.) ३.३.२० इति घञ् णिलुक् च, टाप् ४.१.४*] पत्नी/भार्या।

प्रागल्भ्यहीनस्य नरस्य विद्या
शस्त्रं यथा कापुरुषस्य हस्ते।
न तृप्तिमुत्पादयते शरीरे
वृद्धस्य दारा इव दर्शनीयाः॥ (सुभा.)

दारितः (पुं.वि.) [*दार्यते स्म, दॄ विदारणे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.दारिएको/चिथरिएको २.चिराइएको।

दारिद्र्यम् (नपुं.) [*दरिद्रस्य भाव, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दरिद्रता/गरिबी।

कुपात्रदानाच्च भवेद् दरिद्रो
दारिद्र्यदोषेण करोति पापम्।
पापप्रभावान्नरकं प्रयाति
पुनर्दरिद्रः पुनरेव रोगी॥ (सुभा.)

दारु (नपुं.) [*दीर्यते भिद्यते इति दॄ विदारणे इति धातोः, दृसनिजनिचरिचटिभ्यो ञुण् (उ.३) इति ञुण, वृद्धिः, रपरत्वम्*] १.काठ/काष्ठ २.देवदारु ३.रक्सी।

दारुणः (पुं.) १.[*दारयति काष्ठान्यसौ*] शिल्पी २.[*दारयति पापान्यसौ*] दाता ३.[*दारयति मृगादीनसौ*] चितुवा ४.[*दार्यन्ते हृद्ग्रन्थयोऽनेन*] भयानक रस, रौद्ररस ५.[*दार्यते राक्षसानां मनांस्यनेन*] विष्णु। **सुधन्वा खण्डपरशुर्दारुणो द्रविणप्रदः** (म.भा. १३.१४९.७४)।

दारुणः (पुं.वि.) [*दारयति, यत् येन वा सः, ण्यन्ताद्, दॄ विदारणे इति धातोः, कृवृदारिभ्य उनन् (उ.३४०) इति उनन्, वृद्धिः, रपरत्वम्*] १.कडा/कठोर/निष्ठुर। **दारुणं देहदमनं सर्वलोकभयङ्करम्।** (देवीभा.१.४.५२) २.भयङ्कर/उग्र। **हाहाकारो महानासीत् सम्प्रहारश्च दारुणः। उत्पपात ततः सिंहो नृपस्योपरि दारुणः॥** (देवीभा.९.४.२७) ३. [*दारयति, पूर्ववत्*] चिथर्ने।

दारुसिता (स्त्री.) [*दारु सितेव*] दालचिनी। **त्वक्स्वाद्वी तु तनुत्वक् स्यात् तथा दारुसिता मता** (भा.प्र.नि.)।

दारुहरिद्रा (स्त्री.) [*दारु चासौ हरिद्रा च, कर्म.स.*] चुत्रो।

दारुहस्तकः (पुं.) [*हस्त इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, दारुणो हस्तकः*] दाबिलो/काठको पुन्यू।

दार्ढ्यम् (नपुं.) [*दृढस्यः भावः, वर्णदृढादिभ्यः ष्यञ्च ५.१.१३३ इति ष्यञ्*] दृढता/बलियोपन।

दार्वाघाटः (पुं.) [*दारु आहन्ति, दारावाहनोऽणन्तस्य च टः संज्ञायाम् (वा.) ३.२.४९ इति टः, वासार्थं दारु आघाटयति, घट सङ्घाते इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] काठ प्वाल पार्ने चरो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(दार्वाघाटः)

दार्वाघातः (पुं.) [*दारुणि आघातो यस्मात् सः*] काठ प्वाल पार्ने चरो।

दार्विका (स्त्री.) [*दार्वीव इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] औषधिविशेष।

दार्वी (स्त्री.) [*दीर्यते इति, दॄ विदारणे इति धातोः, दृसनि (उ.३) इति ञुण्, वोतो गुणवचनात् ४.१.४४ इति ङीष्, यद्वा षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.चुत्रो २.दाविलो ३.औषधिविशेष।

दाली (स्त्री.) दाल। **दालिर्दाली स्त्रियामुभे** (भा.प्र.नि.)।

दावः (पुं.) [*दुनोति उपतापयति जीवान्, दुन्योरनुपसर्गे ३.१.१४२ इति णः, वृद्धिः*] डढेलो।

दावाग्निः (पुं.) [*दावस्य अग्निः, ष.त.*] वनडढेलो/दावानल/जङ्गलमा सल्केको डढेलो।

दाश (धा.) [*हिंसायाम्, सक.सेट्, पर., छान्दसः*] हिंसा गर्नु लट्— **दाश्नोति**— हिंसा गर्छ इत्यादि।

दाशः (पुं.) [*दशति मस्यान्, दंश दशने इति धातोः, दंशेश्च (उ.) ६९९ इति टः, आ च, यद्वा दाश्यते मूल्यमस्मै, दाशृ दाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सेवक २.माझी/मलहा ३.माग्ने।

दाशपुरम् (नपुं.) [*दाशान् कैवर्तान् पिपर्ति, पॄ पालनपूरणयोः इति धातोः, मूलविभुजादित्वात् (वा.) ३.२.५ कः*] सेतो मोथे।

दाशरथिः (पुं.) [*दशरथस्यापत्यं पुमान्, अत इञ् ४.१.९५ इति इञ्*] रामचन्द्र।

दाशृ (धा.) [*दाने, सक.सेट्, उभ., ऋदित्*] दिनु, आहुति दिनु। लट्— **दाशति-ते**— दिन्छ, आहुति दिन्छइत्यादि।

दासः (पुं.) [*दंसयति दंस्यते वा, दसि दंशनदर्शनयोः इति धातोः, दंसेष्टटनौ न आ च (उ.) ६९८ इति टः, आत्वञ्च, यद्वा दास्यते दीयते भृतिमूलदिकं यस्मै सः*] १.सेवक ३.माझी/मलहा।

दासीसुतः (स्त्री.) [*दास्याः सुतः, ष.त.*]दासीबाट पैदा भएको पुत्र **गोप्यो दासीसुतः स्मृतः** (हला.५०१)।

दासेयः (पुं.) [*दास्या अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः ७.१.२*] दासीको छोरो/दास वंशमा उत्पन्न।

दासेरः (पुं.) [*दास्या अपत्यम्, क्षुद्राभ्यो वा ४.१.१३१ इति ढ्रक्, ढस्य एयः (७.१.२)*] नोकर/अर्काको घरमा बसेर काम गर्ने मानिस।

दासेरकः (पुं.) [*दास्या अपत्यम्, क्षुद्राभ्यो वा ४.१.१३१ इति ढ्रक्, ढस्य एयः ७.१.२, ततः कन्*] १.दासीको छोरो २.ऊँट ३.माझी/धीवर।

दाहः (पुं.) [*दहनम्, दह दहने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.डढाउने काम २.ताप/छट्पटी ३.मुर्दा पोल्ने काम/दाहसंस्कार। **दाहस्यानन्तरं कार्यं पुत्रैः स्नानं सचैलकम्। तिलोदकन्ततो दद्यान्नामगोत्रेण तिष्ठतु॥** (ग.पु. प्रेतकल्प १५.५३) ४.जलन/ताप ५.पोल्ने काम/जलाउने काम।

दाहकः (पुं.वि.) [*दाहयतीति, दह दहने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पोल्ने जलाउने २.दागबत्ती दिने ३.भतभती पोल्ने।

दाहकर्म (नपुं.) [*दाहस्य कर्म, ष.त.*] दाहसंस्कार/दाहक्रिया/मुर्दा पोल्ने काम।

दाहनम् (नपुं.) [*दह दहने इति धातोः, णिचि, युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] पोल्ने वा डढाउने काम।

दाहसंस्कारः (पुं.) [*दाहेन संस्कारः, तृ.त.*] लाश जलाउने कर्म।

दिक् (स्त्री.) [*दिशति अवकाशम्.इति ऋत्विग्दधृक्. ३.९.५९ इति क्विन्, कुत्वम्*] दिशा। मुख्य चार दिशा हुन्छन्— पूर्व, दक्षिण, पश्चिम र उत्तर। विदिशालाई पनि दिशा भन्ने चलन छ। यस्ता विदिशा चार छन्— आग्नेय, नैऋत्य, वायव्य र ईशान। तल र माथि अरू दुई दिशा छन्। यसरी दिशाको सङ्ख्या समग्रमा १० हुन्छ। **कृत्वैवमवधिं तस्मादिदं पूर्वञ्च पश्चिमम्। इति देशो निदिश्येत यया सा दिगिति स्मृताः**। **~चक्रम्** (नपुं.) १.आकाशमण्डल २.आठै दिशाहरूको समूह। **~पतिः** (पुं.) १.दिक्पाल २.ज्योतिषशास्त्रअनुसार दिशाहरूका स्वामी ग्रह। **~पालः** (पुं.) १.चौबिस मात्राहरूको एक छन्द, यसको बाह्र मात्रामा विश्राम हुन्छ। २.[*दिशः पालयति, कर्मण्यण् ३.२.१ इत्यण्*] दश दिशाको रक्षा गर्ने देवताहरू— पूर्व— **इन्द्र,** आग्नेय— **अग्नि,** दक्षिण— **यमराज,** नैर्ऋत्य— **निर्ऋति,** पश्चिम— **वरुण,** वायव्य— **वायु,** उत्तर— **कुबेर,** ईशान— **ईश्वर,** ऊर्ध्व— **ब्रह्मा** र अधः— **अनन्त**। **~शूलम्** (नपुं.) फलित ज्योतिषअनुसार दिशामा हुने कालको वास। शनिवार र सोमवार पूर्वमा, बृहस्पतिवार दक्षिणमा, आइतवार र शुक्रवार पश्चिममा, बुधवार र मङ्गलवार उत्तरमा दिक्शूल पर्छ। **~साधनम्** (नपुं.) [*साध्यन्तेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, दिशः साधनम्, ष.त.*] चुम्बक चढाएको पातलो दुई चुच्चे सुई किलाको टुप्पोमा अड्याई बनाएको यन्त्रद्वारा वा शङ्कुछायाद्वारा गरिने दिशा छुट्ट्याउने काम।

दिगन्तः (पुं.) [*दिशामन्तः, ष.त.*] क्षितिज/दिशाको अन्त/दिशाको छेउ।

दिगन्तरम् (नपुं.) [*दिशोरन्तरम्, ष.त.*] दुई दिशाका बिचको ठाउँ/दुई दिशाको मध्यकोण/उपदिशा।

दिगम्बरः (पुं.वि.) [*दिगेव अम्बरं यस्य सः, बहु.स.*] १.नाङ्गो २.(पुं.) शिवजी ३.सन्यासी ४.एकथरी बौद्धभिक्षु।

दिग्गजः (पुं.) [*दिशो गजः, ष.त.*] १.पुराणअनुसार आठ दिशामा रही पृथ्वीलाई थामिराख्ने गुरुत्वाकर्षणको प्रतीकका रूपमा रहेका हात्तीहरू। दिग्गजहरू आठ छन्— ऐरावत, पुण्डरीक, वामन, कुमुद, अञ्जन, पुष्पदन्त, सार्वभौम र सुप्रतीक २.(पुं.वि.) अति ठुलो/साह्रै ठुलो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिग्दर्शकः (पुं.वि.) [*दिशो दर्शकः, ष.त.*] दिशा देखाउने।

दिग्दर्शकयन्त्रम् (नपुं.) [*दिक्दर्शकञ्च तद् यन्त्रञ्च, कर्म स.*] कम्पास/रातमा पनि दिशा देखाउने यन्त्र।

दिग्दर्शनम् (नपुं.) [*दिशो दर्शनम्, ष.त.*] १.सामान्य परिचय/सामान्य ज्ञान २.नमुना/उदाहरणस्वरूप ३.दिशा हेर्ने काम। **~यन्त्रम्** (नपुं.) [*दिशो दर्शनम् दिग्दर्शनम्, ष.तः, दिग्दर्शनस्य यन्त्रम्, ष.त.*] कम्पास/दिशाको ज्ञान गराउने यन्त्र।

दिग्दाहः (पुं.) [*दिशो दाहः, ष.त.*] सन्ध्याका समयमा दिशाहरूमा आगो लागेजस्तो गरी रातो देखिने एक प्राकृतिक घटना।

दिग्धः (पुं.वि.) [*दिह्यते स्म, दिह उपचये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.विष लगाइएको २.पोतिएको/लेपिएको।

प्रस्वेदमलदिग्धेन वहता मूत्रशोणितम्।
व्रणेन विकृतेनेदं सर्वमन्धीकृतं जगत्॥ (सुभा.)

दिग्वासाः (पुं.) [*दिगेव वासो यस्य सः, बहु.स.*] १.शिव २.बौद्ध सन्न्यासी ३.(पुं.वि.) नाङ्गो।

दिग्वाससं गतव्रीडं जटिलं धूलिधूसरम्।
पुण्याधिका हि पश्यन्ति गङ्गाधरमिवात्मजम्॥ (सुभा.)

दिग्विजयः (पुं.) [*दिशो विजयः, ष.त.*] १.राजाहरूले आफ्नो प्रतिष्ठा स्थापित गर्न देश देशान्तर गई युद्ध गरी जित्ने काम २.विद्वान्ले देश देशान्तर घुमी शास्त्रार्थमा जित्ने काम।

दिङ्नागः (पुं.) १.दसौँ शताब्दीतिरका कुन्दमालानामक कृतिका प्रणेता एक कवि। यिनको यो नाटक रामायणमा आधारित छ। यसमा भवभूतिद्वारा रचित उत्तररामचरित्रको प्रभाव देखिन्छ। यसमा ६ अङ्क छन्। रामराज्याभिषेकभन्दा पछिको सीतानिर्वासन, पृथ्वीद्वारा सीताका पवित्रताको घोषणा, राम र सीताको पुनर्मिलनसम्मको कथालाई लिएर यो नाटकको रचना भएको छ। २.बौद्ध न्यायको प्रतिपादन गर्ने एक दार्शनिक। यिनलाई बौद्ध नैयायिकहरूमा सर्वोत्कृष्ट मानिन्छ। चौथौँ शताब्दी अथवा पाँचौँ शताब्दीको पूर्वार्द्ध यिनको समय हो। वसुबन्धुसित दीक्षा लिएपछि यिनको नाम दिङ्नाग भएको हो। यिनका ग्रन्थहरूमा प्रमाणसमुच्चय (यसको संस्कृत रूप उपलब्ध छैन, हेम वर्माले गरेको तिब्बती भाषाको अनुवादमात्र हाल उपलब्ध छ। ६ परिच्छेदमा विभक्त यस ग्रन्थमा न्यायशास्त्रका सिद्धान्तको निरूपण भएको छ। यिनका अन्य ग्रन्थहरूमा प्रमाणसमुच्चय-वृत्ति, न्यायप्रवेशः, हेतुचक्रहमरु, (तिब्बती भाषामा अनुवादको रूपमा उपलब्ध यस ग्रन्थको संस्कृत रूपान्तरण दुर्गाचरण चटर्जीले गरेका छन्।) प्रमाणशास्त्रन्यायप्रवेशः, आलम्बनपरीक्षा, आलम्बनपरीक्षाविधिः, त्रिकालपरीक्षा, मर्मप्रदीपवृत्ति आदि प्रसिद्ध छन्।

दितिः (स्त्री.) [*दो अवखण्डने इति धातोः कर्तरि क्तिच्*] १.दैत्यकी आमा। दक्षकी एक कन्या। कश्यपकी पत्नी २.[*भावे क्तिन्*] खण्डन ३.(त्रि.) दाता (ऋग्वेद ४.२.११)।

दितिसुताः (पुं.बहु.) [*दितेः सुताः, ष.त.*] दैत्य।

दित्सा (स्त्री.) [*दातुमिच्छा, दाधातोः, सन्, सनि मीमाधुरमलमशक पतपदमच इस् ७.४.५४ इति इस्, अत्र लोपोऽभ्यासस्य ७.४.५८ इति अभ्यासलोपः, सः स्यार्धधातुके ७.४.४९ इति तः, अ प्रत्ययात् ३.२.१०२ इति अः, टाप् ४.१.४*] दिने इच्छा।

मृतस्य लिप्सा कृपणस्य दित्सा
विमार्गगायाश्च रतिः स्वकान्ते।
सर्पस्य शान्तिः कुटिलस्य मैत्री
विधातृसृष्टौ न हि दृष्टपूर्वा॥ (सुभा.)

दित्सुः (पुं.वि.) [*दातुमिच्छा— दित्सा, दित्सतीति, सनाशंसभिक्ष उः ३.२.१६८.इति उः*] दिन इच्छा गर्ने/दान गर्न इच्छुक।

दिदृक्षा (स्त्री.) [*द्रष्टुमिच्छा, सनन्ताद् दृशिर् प्रेक्षणे इति धातोः, अ प्रत्ययात् ३.२.१०२ इति अप्रत्ययः, टाप् ४.१.४*] हेर्ने वा देख्ने इच्छा।

दिदृक्षुः (पुं.वि.) [*द्रष्टुमिच्छति, दिदृक्षति, दिदृक्षतीति, सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] हेर्न चाहने/दर्शनाभिलाषी।

दिद्युत् (पुं.वि.) [*द्योतते इति, द्युत दीप्तौ इति धातोः, द्युति- गमि. (वा.) ३.२.१७८ इति क्विप्, द्वित्वञ्च, ततोऽभ्यासकार्य, द्युतिस्वाप्योः संप्रसारणम् ७.४.६७ इति अभ्यासस्य संप्रसारणम्, तुक्*] चम्किलो।

दिधक्षुः (पुं.वि.) [*दग्धुमिच्छुः, सनन्ताद् दह दाहे इति धातोः, सनाशंसक्षि उः ३.२.१६८ इति उः*] डढाउन चाहने।

दिधिषूः (पुं.) [*दिधिं धैर्यं स्यति, त्यजतीति, षोऽन्तकर्मणि इति धातोः, अन्दूदृम्भूजम्बूकफेलूकर्कन्धूदिधिषूः (उ.) ९६ इति सूत्रेण, कूप्रत्ययान्तो निपातः, षत्वञ्च*] आफ्नो विवाह नहुँदै आफूभन्दा कान्छीको विवाह भइसकेकी केटी।

दिधिषूपतिः (पुं.) [*दिधिष्वाः पतिः, ष.त.*] १.भाउज्यू राख्ने पुरुष २.दोस्रो विवाह भएकी केटीको पति ३.जेठीको विवाह नभइकन विवाह गरिएकी कन्याको पति।

दिनकरात्मजा (स्त्री.) [*दिनकरस्य आत्मजा, ष.त.*] यमुना।

दिनम् (नपुं.) [*दीङ् क्षये इति धातोः, द्यतेः (उ.) २१७ इति इनच्, इकारलोपश्च*] कालको एक भाग/सूर्य उदाएदेखि नअस्ताए सम्मको समयको एकाइ। २४घण्टा वा साठ्ठी घडीको समय। **दिनेषु गच्छत्सु नितान्तपीवरं तदीयमानीलमुखं स्तनद्वयम्** (रघु. ३.८) यो मानवीय दिन हो। पितृको हिसाबले शुक्ल र कृष्ण गरी दुई पक्षको अर्थात् एकमहिनाको एक दिन हुन्छ। यस्तै देवता र राक्षसको उत्तरायण र दक्षिणायन गरी एक वर्षको एक दिन हुन्छ। त्यस्तै ब्रह्माको दिव्य दुई हजार वर्षको एक दिन हुन्छ। अर्थात् ८,६४०,०००,००० मानवीय दिन बराबर ब्रह्माको एक दिन हुन्छ। **~करः/~कर्ता/~कारी/~कृत्**— (पुं.) सूर्य। **~क्षयः** (पुं.) [*दिनस्य क्षयः, ष.त.*] १.तिथि घट्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम २.सन्ध्याकाल। **~क्षेपणम्** (नपुं.) दिनकटनी। **~चर्या** (स्त्री.) दिनहुँ गरिने काम धन्दा। **~चारी** (पुं.) सूर्य। **~ज्योतिः** (नपुं.) १.घाम २.दिनको उज्यालो। **~दशा** (स्त्री.) जिन्दगीमा पर्ने खराब अवस्था। **~दीपः** (पुं.) सूर्य। **~नाथः/नायकः** (पुं.) सूर्य। **~पः** (पुं.) १.सूर्य २.आँक। **~पतिः** (पुं.) १.सूर्य २.आँक ३.दिनको मालिक। **~पत्रम्** (नपुं.) दिनहुँको गते बार आदि लेखिएको पुस्तिका/क्यालेन्डर। **~पातः** (पुं.) तिथिको क्षय। **~पालः** (पुं.) सूर्य। **~बन्धुः** (पुं.) १.सूर्य २.आँक। **~मानम्** (नपुं.) [*दिनस्य मानम्, ष.त.*] सूर्योदयदेखि सूर्यास्तसम्मको वेलाको घडी-पला। **~मुखम्** (नपुं.) बिहान। **~रत्नम्** (नपुं.) १.सूर्य २.आँक। **~शेषः** (पुं.) सन्ध्याकाल।

दिनमणिः (पुं.) [*दिनस्य मणिरिव, त.स.*] सूर्य।

कलारत्नं गीतं गगनतलरत्नं दिनमणिः।
सभारत्नं विद्वान् श्रवणपुटरत्नं हरिकथा॥ (सुभा.)

दिनाङ्कः (पुं.) [*दिनस्य अङ्कः, ष.त.*] गते/तिथिमिति।

दिनाङ्कितः (पुं.वि.) [*दिनेन अङ्कितः,तृ.त*] तिथिमिति लेखिएको/मिति भएको।

दिवङ्गतः (पुं.वि.) [*दिवं गतः, द्वि.त.*] स्वर्गारोहण भएको/ स्वर्गवास भएको।

दिवसः (पुं./नपुं.) [*दिव्यति प्रकाशते सूर्यो यत्र सः, यद्वा, दिवु क्रीडादौ इति धातोः, दिवः कित् (उ.) ४०८ इति असच्प्रत्ययः*] दिन।

दिवसमुखम् (नपुं.) [*दिवसस्य मुखम्, ष.त.*] प्रातःकाल।

दिवस्पतिः (पुं.) [*दिवसः पतिः, ष.त.*] इन्द्र (म.भा.५.१२.९)।

दिवा (अव्य.) [*बाहुलकात् काप्रत्ययः*] दिन। **क्षणं लवाः मुहूर्ताश्च दिवा रात्रिस्तथैव च** (म.भा.२.११.३४)।

दिवा (स्त्री.) [*दिव्यतीति, दिव् धातोः षिद्भिदादिभ्योऽङ् ३.२ ३१ इत्यङ् टाप् ४.१.४, दिव्धातोः कनिन् प्रत्यये पुंस्यपि*] दिन/दिउसो।

दिवा पश्यति नोलुको काको नक्तं न पश्यति।
अपूर्वः कोऽपि कामान्धो दिवा नक्तं न पश्यति॥ (सुभा.)

दिवाकरः (पुं.) [*दिवा करोतीति तच्छीलः, दिवाविभा. इति टः*] सूर्य।

दिवाकीर्तिः (पुं.) [*दिवैव कीर्तिः कृत्यं यस्य सः, बहु.स., रात्रौ क्षुरकर्मनिषेधात्*] १.हजाम/कपाल खौरने व्यक्ति २.चाण्डाल।

दिवातनः (पुं.वि.) [*दिवा भवः, सायं चिरं प्राह्णे, प्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट् च ४.३.२३ इति ट्युः, तुट् च, अनादेशः*] दिनमा भएको।

दिवावसानम् (नपुं.) [*दिवा दिनस्य अवसानम् अन्तः*] साँझ।

दिवाशयः (पुं.) [*दिवायां शयः शयनम्, स.त.*] दिउसो सुत्नु। आयुर्वेदमा ज्यादै पानी खानु, अनियमित वा विषम भोजन, दिनमा सुत्नु, राति जाग्नु, दिसा रोक्नु, पिसाब रोक्नु यी छ थरी रोगका मूल कारण मानिएका छन्।

अत्यम्बुपनाद् विषमाशनाच्च
दिवाशयाज्जागरणाच्च रात्रौ।
संरोधनान्मूत्रपुरीषयोश्च
षड्भिः प्रकारैः प्रभवन्ति रोगाः॥ (वैद्यक)

दिवास्वप्नः (पुं.) १.[*दिवा विलोकितः स्वप्न इव, निष्फलत्वात्*] अत्यन्त काल्पनिक वस्तु। वास्तविक जीवनमा कुण्ठित, निराशाग्रस्त र असफल व्यक्तिहरू दिवास्वप्नद्वारा आफ्नो दमित वा अतृप्त इच्छा पूर्ति गर्दछन्। २.[*दिवायां स्वप्नः, स.त.*] दिनमा सुत्नु।

दिवि (धा.) [*प्रीणनार्थे, सक.सेट्, पर.*] तृप्त गर्नु। लट्– **दिन्वति–** तृप्त गर्छ इत्यादि।

दिविषदः (पुं.बहु.) [*दिवि सीदन्तीति, षद्लृ विशरणगत्यवसादनेषु इति धातोः, सत्सूद्विष. ३.२.६१ इति क्विप्, हृद्द्युभ्यां च (वा.) ६३९ इति ङेरलुक्, सुषामादिषु च ८.३.९८ इति षत्वम्*] १.देवता २.स्वर्गवासी।

दिविस्पृक् (पुं.वि.) [*दिवि स्पृशति, स्पृशोनुदके क्विन् इति क्विन्,निपातनादलुक्*] अतिशय अग्लो।

दिवु (धा.) [*क्रीडाविजिगीषाव्यवहारद्युतिस्तुतिमोदमदस्वप्न कान्तिगतिषु, सक.अक.सेट्, पर.*] खेल्नु, जित्ने इच्छा गर्नु, व्यवहार गर्नु, तेजस्वी हुनु, चम्कनु, प्रशंसा गर्नु, स्तुति गर्नु, प्रसन्न हुनु, गर्व गर्नु, सुत्नु, इच्छा गर्नु, जानु। लट्– **दिव्यति–** खेल्छ, जित्छ, व्यवहार गर्छ, तेजस्वी हुन्छ, चम्कन्छ, प्रशंसा गर्छ, स्तुति गर्छ, प्रसन्न हुन्छ, गर्व गर्छ, सुत्छ, इच्छा गर्छ, जान्छ। लिट्– **दिदेव–** खेलेछ, जित्ने इच्छा गरेछ, व्यवहार गरेछ, तेजस्वी भएछ, चम्केछ, प्रशंसा गरेछ, स्तुति गरेछ, प्रसन्न भएछ, गर्व गरेछ, सुतेछ, इच्छा गरेछ, गएछ। (अन.)। लुट्– **देविता–** खेल्ने छ, जित्ने छ, व्यवहार गर्ने छ, तेजस्वी हुने छ, चम्कने छ, प्रशंसा गर्ने छ, स्तुति गर्ने छ, प्रसन्न हुने छ, गर्व गर्ने छ, सुत्ने छ, इच्छा गर्ने छ, जाने छ (अन.)। लृट्– **देविष्यति–** खेल्ने छ, जित्ने छ, व्यवहार गर्ने छ, तेजस्वी हुने छ, चम्कने छ, प्रशंसा गर्ने छ, स्तुति गर्ने छ, प्रसन्न हुने छ, गर्व गर्ने छ, सुत्ने छ, इच्छा गर्ने छ, जाने छ। लोट्– **दिव्यतु-तात्–** खेलोस्, जित्ने इच्छा गरोस्, व्यवहार गरोस्, प्रसन्न होओस्, गर्व गरोस्, सुतोस्, इच्छा राखोस्, जाओस्। लङ्– **अदीव्यत्–** खेल्यो, जित्ने इच्छा गर्‍यो, व्यवहार गर्‍यो, प्रसन्न भयो, गर्व गर्‍यो, सुत्यो, इच्छा गर्‍यो, गयो (अन.)। विधिलिङ्– **दीव्येत्–** खेल्ला, जित्ने इच्छा गर्ला, व्यवहार गर्ला, तेजस्वी होला, चम्कला, प्रशंसा गर्ला, स्तुति गर्ला, प्रसन्न होला, गर्व गर्ला, सुत्ला, इच्छा गर्ला, जाला, खेलोस्, जित्ने इच्छा गरोस्, व्यवहार गरोस्, तेजस्वी बनोस्, चम्कोस्, प्रशंसा गरोस्, स्तुति गरोस्, प्रसन्न हओस्, गर्व गरोस्, सुतोस्, इच्छा गरोस्, जाओस्। आशीर्लिङ्– **दीव्यात्–** खेलोस्, जित्ने इच्छा गरोस्, व्यवहार गरोस्, तेजस्वी होओस्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चम्कोस्, प्रशंसा गरोस्, स्तुति गरोस्, प्रसन्न होओस्, गर्व गरोस्, सुतोस्, इच्छा गरोस्, जाओस्। लुङ्– **अदेवीत्–** खेल्यो, जित्ने इच्छा गऱ्यो, व्यवहार गऱ्यो, तेजस्वी भयो, चम्कियो, प्रशंसा गऱ्यो, स्तुति गऱ्यो, प्रसन्न भयो, गर्व गऱ्यो, सुत्यो, इच्छा गऱ्यो, गयो। लृङ्– **अदेविष्यत्–** खेल्ने थियो, जित्ने इच्छा गर्ने थियो, व्यवहार गर्ने थियो, तेजस्वी हुने थियो, चम्कने थियो, प्रशंसा गर्ने थियो, स्तुति गर्ने थियो, प्रसन्न हुने थियो, गर्व गर्ने थियो, सुत्ने थियो, इच्छा गर्ने थियो, जाने थियो इत्यादि।

दिवु (धा.) [*परिकूजने, अक.सेट्, आत्म.*] दुःख दिनु, शोक गर्नु। लट्– **देवयते–** दुःख दिन्छ, शोक गर्छ इत्यादि।

दिवु (धा.) [*मर्दने, सक.सेट्, उभ.*] मालिस गर्नु। लट्– **देवयति-ते–** मालिस गर्छ। लिट्– **देवयाञ्चकार-चक्रे–** मालिस गरेछ (अन.)। लुट्– **देवयिता–** मालिस गर्ने छ इत्यादि।

दिवौकसः (पुं.बहु.) [*दिवम् ओको निवासो येषान्ते, बहु.स.*] देवता।

दिव्यः (पुं.वि.) [*दिवि भवः, द्युप्रागपागुदक्प्रतीचो यत् ४.२.१०१ इति यत्*] १.धेरै राम्रो/उत्तम २.स्वर्गीय/अलौकिक ३.आकाशको/आकाशसम्बन्धी। **~चक्षुः** (पुं.वि.) १.[*दिव्यं चक्षुर्यस्य सः, बहु.स.*] गुप्त वा अदृश्य वस्तु देख्न सक्ने/अलौकिक दृष्टि भएको २.(न.पुं.) [*दिव्यञ्च तच्चक्षुः, कर्म.स.*] दिव्य दृष्टि। **~परीक्षा** (स्त्री.) [*दिव्या चासौ परीक्षा च, कर्म.स.*] प्राचीन– कालमा अभियुक्त दोषी छ कि छैन भनेर गरिने परीक्षा/ अभियुक्तलाई आगो वा पानीमा हाली वा विष खुवाई अथवा हिंस्रक जन्तुको अगाडि राखी बाँचेमा निर्दोष वा मरेमा दोषी ठहऱ्याउने परीक्षा। **~पितरः** (पुं.बहु.) पुराणअनुसार स्वर्गमा बस्ने सात पितृहरू– कव्यवाह, अनल, सोम, यम, अर्यमा, अग्निष्वात्त र बर्हिषद्। (शिवपुराण)। **~पुरुषः** (पुं.) [*दिव्यश्चासौ पुरुषश्च, कर्म.स.*] १.अलौकिक पुरुष/देवता, यक्ष, गन्धर्व आदि अलौकिक पुरुष। **~भावः** (पुं.) तन्त्रअनुसार तीनथरी भावमध्ये एक । जसको कुलमा जुन देवताको उपासना गरिन्छ, तिनै देवताका तेजको मुस्लाले भरिभराउ सम्पूर्ण जगत्मा तेजनै तेज भएको भावना गरी त्यसै तेजको उपासना गरिने देवमूर्तिको कल्पना गर्नु र त्यस्तो मूर्तिको मन्त्रमा आफूले आफ्नै आत्मालाई देवतामय र सम्पूर्ण वस्तुमा रहेको अनुभव गर्दै मन स्थिर गराई कुण्डलिनीको चिन्तन गर्ने काम।

प्रथमो दिव्यभावस्तु कथ्यते शृणु सादरम्।
यद्वर्णदेवता यत्र तत्तेजःपुञ्जपूरितम्॥
तेजोमयं जगत्सर्वं विभाव्य मूर्तिकल्पनम्।
तत्तन्मूर्तिमये मन्त्रे स्वेन स्वैनैव वा पुनः॥
आत्मानं तन्मयं दृष्ट्वा सर्वभावं तथैव च।
तत्सर्वं योषिति ध्यात्वा चिन्तयेद्यतमानसः॥ (पु.च.)

~रत्नम् (नपुं.) [*दिव्यञ्च तद् रत्नञ्च, कर्म.स.*] चिन्तामणि/मनले चिताएको कुरा पुऱ्याइदिने मणि। **~रसः** (पुं.) [*दिव्यश्चासौ रसश्च, कर्म.स.*] पारो। **~वर्षः** (पुं.) [*दिव्यश्चासौ वर्षश्च, कर्म.स.*] देवताको एक वर्ष।

दिव्यांशुः (पुं.) [*दिव्या अंशवो (किरणाः) यस्य सः, बहु.स.*] सूर्य।

दिव्या (स्त्री.) [*दिव्यशब्दात् अजाद्यतष्टाप् इति टाप्*] १.तीन थरी नायिकामध्ये विशेष गुण भएकी नायिका २.अमला ३.फूल नहुने चटेल ४.ठुलो जातको घिरौँलो ५.घोडताप्रे ६. सेतो दुबो ७.हर्रो ८.ठुलो जातको जिरा ९.कपुरकचरी १०.कुरिलो।

दिव्यादिव्यः (पुं.) [*दिव्यश्चासौ अदिव्यश्च, कर्म.स.*] तीनथरी नायकमध्ये दैवी तथा मानवीय गुणले सम्पन्न नायक।

दिव्यादिव्या (स्त्री.) [*दिव्या चासौ अदिव्या च, कर्म.स.*] तीनथरी नायिकामध्ये दैवी र मानवीय दुवै गुण भएकी नायिका।

दिव्यास्त्रम् (नपुं.) [*दिव्यञ्च तद् अस्त्रश्च, कर्म.स.*] ब्रह्मास्त्र/मन्त्रबलले चलाइने हतियार।

दिव्योपपादुकाः (पुं.बहु.) [*दिवि भवाः, द्युप्रागपा ४.२.१०१ इति यत्, पद गतौ इति धातोः, लषपतपद ३.२.१५५ इति उकञ्, दिव्याः पादुका येषान्ते, बहु.स.*] देवयोनिविशेष।

दिश (धा.) [*अतिसर्जने, सक.अनिट्, उभ.*] दान दिनु, त्याग्नु। **आदिशति–** आज्ञा दिन्छ। **उद्दिशति–** देखाउँछ। **उपदिशति–** उपदेश दिन्छ। **प्रदिशति–** निश्चित गर्छ। **प्रतिसन्दिशति–** १.पछि फर्काउँछ २.सन्देशको उत्तर दिन्छ। **व्यपदिशति–** बहाना बनाउँछ। **विनिर्दिशति–** स्पष्ट भन्छ। **समुपदिशति–** राम्रोसित उपदेश दिन्छ। लट्– **दिशति-ते–** दान दिन्छ, त्याग गर्छ। लिट्– **दिदेश-दिदिशे–** दान दिएछ, त्यागेछ (अन.)। लुट्– **देष्टा–** दान दिने छ, त्याग्ने छ (अन.)। लृट्– **देक्ष्यति-ते–** दान दिने छ, त्याग्ने छ। लोट्– **दिशतु-ताम्–** दान देओस्, त्यागोस्। लङ्– **अदिशत्-त–** दान देला, त्याग्यो (अन.)। विधिलिङ्– **दिशेत्-त–** दान देला, त्याग्ला। आशीर्लिङ्– **दिश्यात्-दिक्षीष्ट–** दान देओस्, त्यागोस्। लुङ्– **अदिक्षत्-त–** दान दियो, त्याग्यो। लृङ्– **अदेक्ष्यत्-त–** दान दिने थियो, त्याग्ने थियो इत्यादि।

दिशांपतिः (पुं.) [*दिशां पतिः, ष.त., तत्पुरुषे कृति बहुलम् ६.३.१४ इति बाहुलकाद् विभक्तेरलुक्*] दिशाका मालिक।

दिशा (स्त्री.) [*दिशत्यवकाशम्, दिश अतिसर्जने इति धातोः, ऋत्विग्दधृक् ३.२.५९ इति क्विन्, भागुरिमतेन टाप् ४.१.४*] १.क्षितिज मण्डलका कल्पित चार विभाग– पूर्व, पश्चिम, उत्तर, दक्षिण २.दशदिशा। हे. **दिक्**।

दिश्यम् (नपुं.) [*दिशि भवम्, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] दिशामा भएको।

दिष्टः (पुं.) [*दिशति, संज्ञायां क्तः*] १.काल २.वैवस्वतमनुका पुत्र ३.दारुहरिद्रा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिष्टम् (नपुं.) [*दिशति इष्टानिष्टकालं ददाति, क्तिच्कृतौ च संज्ञायाम् इति क्तः*] १.भाग्य। **न दिष्टमत्यतिक्रान्तुं शक्यं बुद्ध्या बलेन वा** (म.भा.१४.५३.१६) २.(वि.) उपदेश दिइएको/भनिएको। **गाधेयदिष्टं विरसं रसन्तं रामोऽपि मायाचनमस्त्रचञ्चुः** (भट्टि)

दिष्टान्तः (पुं.) [*दिष्टस्य दैवस्यान्तो यत्र सः, बहु.स*] मृत्यु। **जगाम काले धर्मात्मा दिष्टान्तं पुत्रपौत्रवान्** (म.भा.१.५८.२७)।

दिष्ट्या (अव्य.) [*देशनम्, दिश अतिसर्जने इति धातोः, सम्पदादिभ्यः क्विप् (वा.) ३.३.१०८ इति क्विप्, दिशं स्त्यायति, स्त्यै शब्दादौ इति धातोः, क्विप् च ३.२.१७८ इति क्विप्, षत्वम् ८.२.३६, ष्टुत्वम् ८.४.४१, संज्ञापूर्वकत्वान्न जस्त्वम्*] १.आनन्दले २.भाग्यले। **दिष्ट्याम्ब ते कुक्षिगतः परः पुमान्** (भाग.)।

दिह (धा.) [*उपचये, सक.अनिट् उभ.*] बढ्नु, पोत्नु, बेरिनु। लट्– **देग्धि-दिग्धे–** बढ्छ, पोत्छ, बेर्छ। लिट्– **दिदेह-दिदिहे–** बढेछ, पोतेछ, बेरेछ (अन.)। लुट्– **देग्धा–** बढ्ने छ, पोत्ने छ, बेरिने छ (अन.)। लृट्– **धेक्ष्यति-ते–** बढ्ने छ, पोत्ने छ, बेरिने छ। लोट्– **देग्धु-दिग्धाम्–** बढोस्, पोतोस्, बेरोस्। लङ्– **दधेग्–** बढ्यो, पोत्यो, बेऱ्यो (अन.)। विधिलिङ्– **दिह्यात्-दिहीत–** बढ्ला, पोत्ला, बेर्ला, बढोस्, पोतोस्, बेरोस्। आशीर्लिङ्– **दिह्यात्-धिक्षीष्ट–** बढोस्, पोतोस्, बेरोस्। लुङ्– **अधिक्षत्-त–** बढ्यो, पोत्यो, बेऱ्यो। लृङ्– **अधेक्षत्-त–** बढ्ने थियो, पोत्ने थियो, बेर्ने थियो इत्यादि।

दीक्ष (धा.) [*मौण्ड्येज्योपनयननियमव्रतादेशेषु, अक.सेट् आत्म.*]– मुण्डन गर्नु, यज्ञ गर्नु, दीक्षा दिनु, उपनयन गर्नु, आत्मनिग्रह गर्नु, धर्म सिक्नु, आदेश दिनु। लट्– **दीक्षते–** मुण्डन गर्छ, यज्ञ गर्छ, दीक्षा दिन्छ, उपनयन गर्छ, आत्मनिग्रह गर्छ, धर्म सिक्छ, आदेश दिन्छ इत्यादि।

दीक्षा (स्त्री.) [*दीक्ष, मौण्ड्येज्योपनयननियमव्रतादेशेषु इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.यज्ञकर्म २.पूजा ३.संस्कार ४.ब्रतबन्ध ५.गुरुमन्त्र ६. कुनै यज्ञको शुरुमा गरिने नियमपूर्वकको कर्म ७.आफ्नो कुलपरम्पराबाट चलिआएको नियमपूर्वकको विशेष मन्त्र वा गुरु वा आचार्यले सुनाउने कुनै देवताको विशेष मन्त्र। यसका अनेक भेद छन्– स्मार्त दीक्षा, मानसिक दीक्षा, यौगिक दीक्षा, चाक्षुषी दीक्षा, स्पार्शनी दीक्षा, वाचिकी दीक्षा, मान्त्रिकी दीक्षा, होत्री दीक्षा, शास्त्रीय दीक्षा, अभिषेचिकी दीक्षा इत्यादि। सद् गुरुबाट पाएको दीक्षाले ज्ञान, विज्ञान दिन्छ र पाप नाश गर्छ।

दिव्यं ज्ञानं यतो दद्यात्कुर्यात्पापस्य संक्षयम्।
तस्माद्दीक्षेति सा प्रोक्ता मुनिभिस्तन्त्रवेदिभिः॥ (यामल)
स्मार्ती मानसिकी यौगी चाक्षुषी स्पार्शनी तथा।
वाचिकी मान्त्रिकी होत्री शास्त्री चेत्यभिषेचिकी॥
दीयते ज्ञानविज्ञानं क्षीयन्ते पापराशयः।
तेन दीक्षेति सा प्रोक्ता प्राप्ता चेत् सद्गुरोर्मुखात्॥ (मे.त.)।

दीक्षागुरुः (पुं.) [*दीक्षाया गुरुः, ष.त.*] दीक्षामन्त्र सुनाउने गुरु।

दीक्षान्तः (पुं.) [*दीक्षाया अन्तः, ष.त.*] विश्वविद्यालयको अध्ययन अवधिको समाप्ति/अध्यापनको समाप्तिपछि गरिने विशेष कार्यक्रम। **~भाषणम्** (नपुं.) [*दीक्षान्ते भाषणम्, स.त*] विश्वविद्यालयले स्नातक- हरूलाई उपाधि वा प्रमाणपत्र वितरण गर्ने समयमा प्रमुख व्यक्तिद्वारा दिइने भाषण। **~समारोहः** (पुं.) [*दीक्षाया अन्तः, दीक्षान्तः, ष.त., दीक्षान्तस्य समारोहः, ष.त.*] कुनै विश्वविद्या लयले आफ्ना स्नातकहरूलाई उपाधि वा प्रमाणपत्र वितरण गर्ने अवसरको महोत्सव। **~स्नानम्** (नपुं.) [*दीक्षाया अन्तः, दीक्षान्तः, ष.त., दीक्षान्ते स्नानम्, स.त.*] १.मुण्डनपछिको स्नान २.विधिवत् गरिने यज्ञान्त स्नान ३.दीक्षाग्रहणपछिको स्नान।

दीक्षितः (पुं.वि.) [*दीक्षा सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्, यद्वा दीक्षमौण्ड्येज्योपनयनादौ इति धातोः, गत्यर्थाकर्मक ३.४ ७२ इति क्तः*] १.सोमपान गरिने यज्ञका कर्ता २.गुरुमुखबाट दीक्षा मन्त्र लिएको/दीक्षा प्राप्त गरेको। **अदीक्षिता ये प्रकुर्वन्ति जपपूजादिकाः क्रियाः। न भवन्ति प्रिये तेषां शिलायामुप्तबीजवत्। देवि दीक्षविहीनस्य न सिद्धिर्न च सद्गतिः॥** (तन्त्रसार) २.शिष्य। **दीक्षितं शैक्षं शिष्यञ्च तमन्तेवासिनं विदुः।** (ध.ना.मा.) ३.(पुं.) एक किसिमका ब्राह्मणको थर।

दीङ् (धा.) [*क्षये, अक.अनिट् आत्म.*] नाश हुनु। लट्– **दीयते–** नाश हुन्छ। लिट्– **दिदीये–** नाश भएछ (अन.)। लुट्– **दाता–** नाश हुने छ (अन.)। लृट्– **दास्यते–** नाश हुनेछ। लोट्– **दीयताम्–** नाश हओस्। लङ्– **अदीयत–** नाश भयो (अन.)। विधिलिङ्– **दीयत–** नाश होला, नाश होओस्। आशीर्लिङ्– **दासीष्ट–** नाश हओस्। लुङ्– **अदास्त–** नाश भयो। लृङ्– **अदास्यत–** नाश हुने थियो इत्यादि।

दीतः (पुं.वि.) [*दीयते स्म, दो अवखण्डने इति धातोः, निष्ठा .३.२.१०२ इति क्तः, द्यतिस्यति ४.४० इतीत्वम्*] काटिएको।

दीदिविः (पुं.) [*दीव्यत्यनेन, दिवु क्रीडायाम् इति धातोः, दिवो द्वे दीर्घश्चाभ्यासस्य (उ.) इति क्विन्*] १.बृहस्पति २.स्वर्ग ३.(त्रि.) खाद्यपदार्थ ४.(पुं.वि.) उदाएको, बारम्बार प्रकाशक।

दीधीङ् (धा.) [*दीप्तिदेवनयोः, सक.अक.सेट् आत्म.*] चम्कनु, खेल्नु। लट्– **दीधीते–** चम्कन्छ, खेल्छ। लिट्– **दीध्याञ्चक्रे–** चम्केछ, खेलेछ (अन.)। लुट्– **दीधिष्यते–** चम्कने छ, खेल्ने छ (अन.)। लृट्– **दीधिष्यते–** चम्कने छ, खेल्ने छ। लोट्– **दीधीताम्–** चम्कोस्, खेलोस्। लङ्– **अदीधीत–** चम्क्यो, खेल्यो (अन.)। विधिलिङ्– **दीधीत–** चम्कला, खेल्ला, चम्कोस्, खेलोस्। आशीर्लिङ्– **दीधिषीष्ट–** चम्कोस्, खेलोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुङ्– **अदीधिष्ट–** चम्क्यो, खेल्यो। लृङ्– **अदीधिष्यत–** चम्कने थियो, खेल्ने थियो इत्यादि।

दीधितिः (स्त्री.) [*दीधिते दीप्यते, दीधीङ् दीप्तिदेवनयोः इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४) इति क्तिच्, यीवर्णयोर्दीधीवेव्योः ७.४.५३ इतीकारलोपः*] किरण। **पुपोष वृद्धिं हरिदश्वदीधितेरनुप्रवेशादिव बालचन्द्रमाः** (रघु.३.२२)।

दीनः (पुं.) [*दीयते स्म, दीङ् क्षये इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, स्वादय ओदितः इति ओदितश्च ८.२.४५ इति नत्वम्*] १.दुःखी २.कङ्गाली।

दीपः (पुं.) [*दीप्यतेऽनेन, दीपयति वा, दीपी दीप्तौ इति धातेः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] बलेको बत्ती। **दीपहर्ता भवेदन्धः काणो निर्वापको भवेत्।** **~दानम्** (नपुं.) [*दीपस्य दानम्, ष.त.*] आराध्य देवताको अगाडि बत्ती बाल्ने काम/आरती गर्नु। **~पात्रम्** (नपुं.) [दीपस्य पात्रम्, ष.त.) दियो। **~मालिका** (स्त्री.) [*दीपानां मालिका, ष.त.*] दीपमाला/बत्तीको पङ्क्ति वा श्रेणी/दीपावली। **~शिखा** (स्त्री.) [*दीपस्य शिखा, ष.त.*] १.बत्तीको ज्वाला २.कालिदासका निमित्त दिइएको उपाधि। **~स्तम्भः** (पुं.) [*दीपस्य स्तम्भः, ष.त.*] १.पानस/प्रकाशस्तम्भ २.जहाजको मार्ग निर्देशन गर्न वा खतराबाट जोगाउनका लागि बत्ती बालिने अग्लो स्तम्भ/दीपाधार।

दीपकः (पुं.) १.[*दीपयति प्रकाशयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः*] दियो/बलेको बत्ती २.[*दीपे प्रकाशे कुशलः, आकर्षादिभ्य कन् ५.२.६४ इति कन्*] बत्ती बाल्न वा प्रकाशित गर्ने काममा कुशल।

प्रदोषे दीपकश्चन्द्रः प्रभाते दीपको रविः।
त्रैलोक्ये दीपको धर्मः सुपुत्रः कुलदीपकः॥ (सुभा.)

दीपकम् (नपुं.) [*दीपे प्रकाशे कुशलः, आकर्षादिभ्यः कन् ५.२.६४ इति कन्*] १.केशर २.मयूर-शिखा ३.सङ्गीतका छ रागमध्ये एक ४.एक ताल, जसमा प्लुत, लघु र प्लुत रहने एक ताल ५.कसौँदी ६.ज्वानो ७.कुङ्कुम/केसर ८.[*दीपयति प्रस्तुतमप्रस्तुतञ्चार्थं प्रकाशयति पूर्ववत्*] सादृश्यगर्भ गम्योपम्याश्रय वर्गको एक अर्थालङ्कार। प्रस्तुत अथवा अप्रस्तुत अर्थको एउटै क्रिया वा कारकसँग समबन्ध भएको वर्णन गर्दा दीपक अलङ्कार हुन्छ।

यत्रैकमनेकेषां वाक्यार्थानां क्रियापदं भवति।
तद्वत् कारकपदमपि तदेतदिति दीपकं द्विधा॥ (काव्याल.) ७.६४) दीपक अनेक किसिमको हुन्छ– आवृत्तिदीपक, कारकदीपक, मालादीपक आदि। दीपक पदको आवृत्ति आवृत्तिदीपक अलङ्कार हुन्छ। यसका शब्द, अर्थ र शब्दार्थको आवृत्ति हुँदा अनेक भेद हुन्छन्। एक कारकसित अनेकौं क्रियाको सम्बन्ध हुँदा कारकदीपक अलङ्कार पर्छ। एउटै क्रियाको अनेक कारकसित सम्बन्ध हुँदा पनि यो अलङ्कार पर्छ। पूर्वपूर्व वर्णित वस्तुभन्दा उत्तरउत्तर वर्णित वस्तुलाई उत्कृष्ट देखाउनुपर्दा मालादीपक अलङ्कार हुन्छ।

दीपकमाला (स्त्री.) [*दीपकानां माला, ष.त.*] १.दियाको ताँती २.प्रत्येक पाउमा क्रमशः भगण, मगण, जगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द।

दीपङ्करः (पुं.) मध्यकालमा भारतबाट नेपाल हुँदै भोटमा गई जीवन बिताउने तन्त्रवादी बौद्धाचार्य।

दीपनम् (नपुं.) [*दीपी दीप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.उज्यालो पार्ने काम/प्रकाशमान पार्ने काम २.पाचन शक्ति बढाउने काम।

दीपाङ्कुरः (पुं.) [*दीपस्य अङ्कुरः,ष.त.*] बत्तीको ज्वाला/दीप शिखा।

दीपिका (स्त्री.) [*दीपयतीति, दीपी दीप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] सानो बत्ती।

वर्धते न चिरं लोके वंशलक्ष्मीरसन्ततिः।
स्वल्पावशेषितस्नेहवर्तिमालेव दीपिका॥ (सुभा.)

दीपी (धा.) [*दीप्तौ, अक.सेट् आत्म.*] चम्कनु। लट्– **दीप्यते–** चम्कन्छ। लिट्– **दिदीपे–** चम्केछ (अन.)। लुट्– **दीपिता–** चम्कने छ (अन.)। लृट्– **दीपिष्यते–** चम्कने छ। लोट्– **दीप्यताम्–** चम्कोस्। लङ्– **अदीप्यत–** चम्क्यो (अन.)। विधिलिङ्– **दीप्येत–** चम्कला, चम्कोस्। आशीर्लिङ्– **दीपिषीष्ट–** चम्कोस्। लुङ्– **अदीपि-अदीपिष्ट–** चम्क्यो। लृङ्– **अदीपिष्यत–** चम्कने थियो इत्यादि।

दीप्तः (पुं.वि.) [*दीप्यते स्म, दीपी दीप्तौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] बलेको/चम्केको/जलेको/चहकिलो।

दीप्तिः (स्त्री.) [*दीप्यतेऽनया, दीपी दीप्तौ इति धातोः, क्तिन्नवादिभ्यश्च वक्तव्यः (वा.) ३.३.९४ इति क्तिन्*] १.कान्ति/तेज। **कान्तिरेवातिविस्तीर्णा दीप्तिरित्यभिधीयते।** (सा.द.३.१३१) २.स्त्रीजातिको स्वाभाविक गुण।

दीप्यमानः (पुं.वि.) [*दीप्यते इति, दीपी दीप्तौ इति धातोः, लटः स्थाने लटशतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] प्रकाशमान/उज्वल।

दीप्रः (पुं.वि.) [*दीपनशीलः दीपी दीप्तौ इति धातोः, नमिकम्पिस्म्यजसकमहिंसदीपो रः ३.२.१६७ इति रः*] चम्किलो।

दीर्घः (पुं.वि.) [*दृणातीति, दॄ विदारणे इति धातोः, बाहुलकाद् घक्*] लामो। **~कालः** (पुं.) [*दीर्घश्चासौ कालश्च, कर्म.स.*] लामो समय। **~जीवी** (पुं.वि.) [*दीर्घं जीवतीति*] धेरै दिनसम्म बाँच्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~तपाः (पुं.वि.) [*दीर्घं तपो यस्य सः, बहु.स.*] धेरै कालसम्म तपस्या गरेको । **~निःश्वासः** (पुं.) [*दीर्घश्वासौ निश्वासश्च, कर्म.स.*] शोक वा दुःखको कारणले निस्कने लामो श्वास/सुस्केरो। **~बाहुः** (पुं.वि.) [*दीर्घौ बाहू यस्य सः, बहु.स.*] घुँडासम्म पुग्ने लामा– लामा हात भएको। **~स्वरः** (पुं.) [*दीर्घश्वासौ स्वरश्च, कर्म.स.*] दुई मात्रा भएको स्वर। जस्तै– आ, ई, ऊ, ॠ, ए, ऐ, ओ, औ, अं तथा अः।

दीर्घकोशिका (स्त्री.) [*दीर्घः कोशो यस्याः सा, बहु.स., जातेरस्त्री विषयादयोपधातः ४.१.६३ इति ङीष्, संज्ञायां कन् ५.३.७५ इति कन्, केऽणः ७.४.१३ इति ह्रस्वः, टाप् ४.१.४*] ठुलो जातको जुका।

दीर्घजीवी (पुं.वि.) [*दीर्घं जीवति तच्छीलः*] लामो समय बाँच्ने।

लक्ष्मीस्ते हृदि भारती च वदने मौलौ सदा केशव
श्चण्डी ते भुजदण्डयोर्गुणनिधे गेहे कुबेरस्थितिः।
चित्तं चापि तवास्तु धर्मसदने दानप्रसङ्गः करे
सर्वास्ते विपदः प्रयान्तु विपिने त्वं दीर्घजीवी भव॥ (सुभा.)

दीर्घदर्शी (पुं.वि.) [*दीर्घं पश्यति, दृशिर् प्रेक्षणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.टाढासम्मको कुरा देख्ने २.विद्वान् ३.पछिसम्मको विचार गर्ने।

दीर्घदृष्टिः (स्त्री.) [*दीर्घा दृष्टिर्यस्य सः, बहु.स.*] दीर्घदर्शी।

दीर्घनिद्रा (स्त्री.) [*दीर्घा चासौ निद्रा च, कर्म.स.*] मृत्यु। **सोऽयं मत्कार्मुकाक्षेपविदीपितदिगन्तरैः। शरैर्विभिन्नसर्वाङ्गो दीर्घनिद्रां प्रवेक्ष्यति॥** (मा.पु.७.१३)

दीर्घपृष्ठः (पुं.) [*दीर्घं पृष्ठं यस्य सः, बहु.स.*] १.सर्प २.(पुं.वि.) लामो आङ भएको।

दीर्घम् (नपुं.) [*दॄ विदारणे इति धातोर्बाहुलकाद् घञ्*] लम्बाइ।

दीर्घवृत्तम् [*दीर्घाकारं वृत्तम्, म.प.स.*] केही लाम्चिलो वृत्त। ग्रहहरूले सूर्यलाई परिक्रमा गर्ने मार्ग पूर्ण वृत्त नभएर दीर्घवृत्त छ।

दीर्घवृन्तः (पुं.) [*दीर्घं वृन्तं यस्य सः, बहु.स.*] टटेलो।

दीर्घसूत्रः (पुं.वि.) [*दीर्घं सूत्रं व्यवस्था यस्य सः, बहु.स.*] जुम्सो। **सूत्रं तन्तुव्यवस्थयोः** (विश्व.)।

दीर्घसूत्रता [*दीर्घसूत्रस्य भावः, तल्, टाप्*] जुम्सोपना।

षड् दोषाः पुरुषेणेह हातव्या भूतिमिच्छता।
निद्रा तन्द्रा भयं क्रोधमालस्यं दीर्घसूत्रता॥ (हितो.)

दीर्घसूत्री (पुं.वि.) [*दीर्घसूत्रं बहुकालं व्याप्य कर्मारम्भोऽस्त्यस्य, इनिः*] जुम्सो/लोसे। **विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते** (गीता)।

दीर्घायुष्यः (पुं.वि.) [*दीर्घमायुष्यं यस्य सः, बहु.स.*] दीर्घायु/लामो समयसम्म बाँच्ने।

दीर्घावकाशः (पुं.) [*दीर्घश्वासौ अवकाशश्च, कर्म.स.*] विद्यालय आदिमा हुने लामो छुट्टी।

दीर्घिका (स्त्री.) [*दीर्घा इव, विस्तारमपेक्ष्य आयतैव, संज्ञायां कन् ५.३.७५ इति कन्, टाप् ४.१.४ इत्वम्*] १.विहारका निमित्त बनाइएको जलाशय। यसको लम्बाइ/चौडाइ तीनसये धनु बराबरको हुन्छ।

दीर्णः (पुं.वि.) [*दीर्यते स्म इति दॄ विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः, णत्वम्*] च्यातिएको/फाटेको।

दीव्यमानः (पुं.वि.) [*दीव्यति तच्छीलः ताच्छील्यवयोवचनशक्तिषु चानश् ३.२.१२९ इति चानश्*] खेलमा जित्न चाहने।

दु (धा.) [*गतौ, सक.अनिट्, पर.*] जानु। लट्– **दवति–** जान्छ। लिट्– **दुदाव–** गएछ (अन.)। लुट्– **दोता–** जाने छ (अन.)। लृट्– **दोष्यति–** जाने छ। लोट्– **दवतु–** जाओस् इत्यादि।

दुःख (धा.) [*तत्क्रियायाम्, सक.सेट्, उभ.*] दुःख दिनु। लट्– **दुःखयति-ते–** दुःख दिन्छ। लिट्– **दुःखयाञ्चकार-चक्रे–** दुःख दिएछ (अन.)। लुट्– **दुःखयिता–** दुःख दिने छ (अन.)। लृट्– **दुःखयिष्यति-ते–** दुःख दिने छ। लोट्– **दुःखयतु-ताम्–** दुःख देओस्। लङ्– **अदुःखयत्-त–** दुःख दियो (अन.)। विधिलिङ्– **दुःखयेत्-त–** दुःख देला। आशीर्लिङ्– **दुख्यात्-दुःखयिषीष्ट–** दुःख देओस्। लुङ्– **अदुदुःखत्-त–** दुःख दियो। लृङ्– **अदुःखयिष्यत्-त–** दुःख दिने थियो इत्यादि।

दुःख (धा.) [*तत्क्रियायाम्, दिवा.सक.सेट्, उभ.*] दुःख दिनु। लट्– **दुःख्यति–** दुःख दिन्छ इत्यादि।

दुःखम् (नपुं.) [*दुष्टानि खान्यस्मिन्, यद्वा दुर्निन्दितं खनति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, यद्वा दुःखयति, दुःख तत्क्रियायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कष्ट/क्लेश/पीडा/वेदना। **कविकल्पलतामा उल्लेख भएका दुःखका प्रमुख कारण–** पराधीनता, शारीरिक यातना, रोग (शारीरिक तथा मानसिक), मानहानि,शत्रु,खराव पत्नी वा पति, सम्पत्तिको अभाव,कुठाउँको वास,कुस्वामीको सेवा,धान्नै नसकिने धेरै छोराछोरी हुनु, वृद्धावस्था, अर्काका घरको वास, वर्षा ऋतुमा पनि प्रवासमा रहनु पर्ने स्थिति, दुइटी पत्नी, खराव नोकर, मूर्ख सन्तान, आत्मीय जनसितको विछोड, विनाहलाको खेती, विना उपकरण उद्योग र यस्तै अन्य। **~करः** (पुं.वि.) [*दुखं करोति तच्छीलः, कृञो हेतुताच्छील्यानुलोम्येषु ३.२.२०*] दुःख दिने/ दुःखदायक/दुःखदायी/दुःखद/दुःखप्रद। **~त्रयम्** (नपुं.) [*दुःखानां त्रयम्, ष.त.*] आध्यात्मिक, आधिभौतिक र आधिदैविक कष्ट। **~बहुलः** (पुं.वि.) [*दुःखं बहुलं यस्य सः, बहु.स.*] धेरै दुःख पाएको/ दुःखले पूर्ण। **~भाजनम्** (नपुं.) दुःखी। **~भावनम्** (नपुं.) दुःखको अनुभव,शोक। **~मयः** (पुं.वि.) [*प्रशस्तं दुःखमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] दुःखपूर्ण/दुःखै दुःखले भरिएको। **~शान्तिः** (पुं.) [*दुःखस्य शान्तिः, ष.त.*] १.दुःख हट्नु/दुःखको समाप्ति २.**~सागरः** (पुं.) [*दुःखस्य सागर इव,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ष.त.] १.संसार २.दुःखको समुद्र। **~साध्यः** (पुं.वि.) [*दुःखेन साध्यः,तृ.त.*] कठिनसित मात्र सिद्ध गर्न सकिने/दुःसाध्य/दुष्कर।

दुःखातीतः (पुं.वि.) [*दुःखमतीतः, द्वितीयाश्रितातीतपतित गतात्यस्त-प्राप्तापन्नैः २.१.२४ इति द्वितीयासमासः*] दुःखबाट मुक्त भएको।

दुःखान्तः (पुं.वि.) [*दुःखमन्ते यस्य सः, बहु.स.*] दुःखमय परिणाम भएको/दुःखपूर्ण अन्त्य भएको।

दुःखार्तः (पुं.वि.) [*दुःखेन आर्तः,तृ.त*] दुःखान्वित/ दुःखपूर्ण/ दुःखमय।

दुःखितः (पुं.वि.) [*दुःखमस्यास्तीति, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इतीतच्*] दुःखी/दुःख पाएको/पीडित।

दुःखी (पुं.वि.) [*दुःखमस्यास्तीति, सुखादिभ्यश्च ५.२.१३१ इति चात् इनिः*] दुःखले युक्त/दीन।

दुःशकुनम् (नपुं.) [*दुष्टं शकुनम्, प्रादिस.*] खराब शकुन/ अनिष्टसूचक लक्षण।

दुःशक्तः (पुं.) [*नञ्दुःसुभ्यो हलिसक्थ्योरन्यतरस्याम् ५.४.१२१ इति क्तः*] १.नसक्ने २.मुस्किलले सक्ने।

दुःशासनम् (नपुं.) [*दुष्टं शासनम्, प्रादिस.*] खराब शासन।

दुःशासनः (पुं.) [*दुष्टं शासनं यस्य सः, बहु.स.*] १.दुर्योधनको एक भाइ २.खराब शासन गर्ने राजा, नेता वा शासक।

दुःश्रवः (पुं.) [*दुःखेन श्रूयते, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल्,*] सुन्दा अप्रिय लाग्ने/कर्णकटु।

दुःश्रवत्वम् (नपुं.) [*दुःखेन श्रूयते, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल् तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.कानखाने आवाज २.काव्यमा हुने दोषविशेष। श्रुतिकटु नामक दोष। **परुषवर्णतया श्रुतिदुःखावहत्वं दुःश्रवत्वम्** (सा.द)।

दुःसहः (पुं.वि.) [*दुःखेन सोढुं शक्यः, ईषद्दुःसुषु ३.३.१२६ इति खल्*] सहन नसकिने/असह्य।

दुःसाध्यः (पुं.वि.) [*दुःखेन साध्यः, प्रादिस.*] दुष्कर/ असाध्य/ मुस्किलसित मात्र सिद्ध गर्न सकिने।

दुःसाहसः (पुं.) [*दुष्टः साहसः, प्रादिस.*] व्यर्थको साहस/खराब साहस।

दुःस्थः (पुं.वि.) [*दुःखेन तिष्ठतीति, सुपि स्थः ३.२.४ इति कः, आलोपः*] बिजोगसित बसेको।

दुःस्पर्शा (स्त्री.) [*दुःखेन स्पृश्यते, इषद्दुःसुषु ३.३.१२६ इति खल्*] १.काउलो २.सिस्नु ३.थाकल ४.बिँही।

दुःस्वप्नः (पुं.) [*दुष्टःस्वप्नः प्रादिस.*] खराब स्वप्न।

दुःस्वभावः (पुं.) [*दुष्टः स्वभावः, प्रादिस.*] खराब स्वभाव।

दुकूलम् (नपुं.) [*दुनोति उपतापयतीति, दु गतौ इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊलच्, धातोः कुक् च*] दोपट्टा।

दुग्धम् (नपुं.) [*दुह्यते स्म, दुह् प्रपूरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.दुध २.(वि.) दुहिएको।

दुग्धिका (स्त्री.) [*दुग्धमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४ इत्वम्*] १.रुधिलो २.दुधे झार ३.तिमिलो ४.दुध आउने अन्य वृक्ष।

दुग्धोद्योगः (पुं.) [*दुग्धस्य, तत्सम्बद्धपदार्थानां वा उद्योगः, ष.त.*] दुध वा दुधबाट उत्पन्न हुने वस्तुको उद्योग।

दुण्डुभः (पुं.) [*द्रोडति, द्रुड मज्जने इति धातोः, उभः कित्, कुठिद्रुडिभ्यां कन्णुनौ रलोपश्च, इत्युभप्रत्ययः, णुन्, रलोपश्च*] प्रायः पानीमा डबुबुल्की मार्ने ठुलो जातको सर्प।

दुद्रुमः (पुं.) [*दुष्टो द्रुमः, प्रादिस.*] छ्यापी।

दुन्दुभः (पुं.) [*दुन्दु इति शब्देन भाति, डः*] दमाहा।

दुन्दुभिः (पुं.) [*दुन्दु इति शब्देन भाति, बाहुलकात् किः, यद्वा द्यामुभति पूरयति शब्देन, उभ पूरणे इति धातोः, पृषोदरादित्वात् ६.३, १०९ साधुः*] १.दमाहा।

दुन्दुभिस्तु सुतरामचेतनस्तन्मुखादपि धनं धनं धनम्।
इत्यमेव निनदः प्रवर्तते किं पुनर्यदि जनः सचेतनः॥

(सुभा.) २.दैत्य ३.विष ४.आँखाको नानी ५.द्वन्द्व।

दुर् (अव्य.) अगिल्तिर लाग्ने एक उपसर्ग। यसले दोष, खराबी, कठोरता, निन्दा, निषेध, आदि बुझाउँछ जस्तै दुर्बुद्धि, दुश्चरित्र, दुर्गम इत्यादि।

दुरतिक्रमः (पुं.वि.) [*दुःखेन अतिक्रम्यतेऽसौ, ईषद्दुःसुषु ३.३.१२६ इति खल्*] दुर्लङ्घ्य/नाघ्न नसकिने/नाघ्न वा पार गर्न वा अतिक्रमण गर्न मुस्किल पर्ने/दुरतिक्रमणीय/दुरतिक्रम्य।

दुरतिक्रमणम् (नपुं.) [*दुष्टमतिक्रमणम्*] पार गर्न वा नाघ्न नसक्ने काम।

दुरत्ययः (पुं.वि.) [*दुःखेनातीयते, दुर् अतिपूर्वकात् इण् गतौ इति धातोः, ईषद्दुःसुषु ३.३.१२६ इति खल्*] १.तरिनसक्नु २.पारपाई नसक्ने काम।

दुरधिगम्यः (पुं.वि.) [*दुःखेनाधिगम्यते, दुर् अधिपूर्वकात् गम्लृ गतौ इति धातोः, पोरदुपधात् ३.१.९८ इति यत्*] १.दुष्प्राप्य/कठिनसित मात्र पाउन सकिने २.दुर्ज्ञेय/मुस्किलले मात्र बुझिने/ दुरधिगम।

दुरध्वा (पुं.) [*दुष्टः अध्वा, प्रादिस.*] खराब बाटो/कुबाटो।

दुरन्तः (पुं.वि.) [*दुष्टोऽन्तोऽवसानं यस्य सः, बहु.स.*] १.खराब परिमणाम भएको/अन्त्यमा खराब हुने २.अशुभ/अलच्छिन ३.दुस्तर ४.गम्भीर ५.दुर्ज्ञेय।

दुरन्वयः (पुं.वि.) [*दुर् दुर्गमः कठिनोऽन्वयो यस्य सः, बहु.स.*] १.कठिनसित मात्र बुझिने/दुर्ज्ञेय २.अन्वय गर्न कठिन पर्ने।

दुरभिसन्धिः (पुं.) [*दुष्ट अभिसन्धिः, प्रादिस.*] कुचक्र/ षड्यन्त्र/ खराब उद्देश्य लिएर गरिएको गुप्त सल्लाह।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुरभियोजनम् (नपुं.) [*दुष्टमभियोजनम्, प्रादिस.*] कसैलाई हानि पुऱ्याउने हिसाबले गरिएको गुप्त कारवाही।

दुरवग्रहः (पुं.वि.) [*दुःखेन अवगृह्यतेऽसौ, ईषद्दुःसुषु ३.३.१२६ इति खल्*] नियन्त्रण गर्न मुस्किल पर्ने/काबुमा ल्याउन वा रोक्न नसिकने।

दुरवस्थः (पुं.वि.) [*दुष्टा अवस्था यस्य सः, बहु.स.*] खराब अवस्थामा रहेको।

दुरवस्था (स्त्री.) [*दुष्य अवस्था, प्रादिस.*] खराब हालत /दुर्दशा/ दुर्गति।

दुराग्रहः (पुं.) [*दुष्ट आग्रहः, प्रादिस.*] अनुचित तरिकाले कुनै कुराको हठ लिनु/जिद्दी/अनुचित चेष्टा।

दुराचरणम् (नपुं.) [*दुष्टम् आचरणम्, प्रादिस.*] खराब चालचलन गर्नु/दुराचार गर्नु।

दुराचारः (पुं.) १.[*दुष्टः आचारो यस्य सः, बहु.स.*] खराब आचरण गर्ने/निन्दनीय आचार भएको/कुव्यवहार गर्ने।

दुराचारो हि पुरुषो लोके भवति निन्दितः।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च॥

(मनु.४.१५७) २.[*दुष्टः आचारः प्रादिस.*] खराब आचरण।

प्राप्ते कलियुगे घोरे नराः पुण्यविवर्जिताः।
दुराचाररताः सर्वे सत्यवार्तापराङ्मुखाः॥

(अध्यात्मरामायण)

दुरात्मा (पुं.वि.) [*दुष्ट आत्मा यस्य सः, बहु.स.*] नीच प्रकृतिको/खराब स्वभावको/मनमा कालो भएको।

प्रच्छादयति दुरात्मा सुजनः प्रकटयति परगुणान् काले।
तिरयति भुवनानि तमस्तान्येव रविः प्रकाशयते॥ (सुभा.)

दुरापः (पुं.वि.) [*दुःखेन आपः*] मुस्किलले पाउन सकिने/दुष्प्राप्य।

दुराराध्यः (पुं.वि.) [*दुःखेन आराध्यः, प्रादिस.*] खुसी तुल्याउन मुस्किल पर्ने।

दुरारोहः १.(पुं.) [*दुःखेन आरोहः,प्रादिस.*] कठिनसित चढ्नु २.[*दुःखेन आरोहो यस्य सः, बहु.स.*] कठिनसित चढिने। **दुरारोहा हि पर्वताः** (दुर्गादास)।

दुरालभा (स्त्री.) [*दुःखेनालभ्यते, डुलभष् प्राप्तौ इति धातोः, इषद्दुःसुषु ३.३.१२६ इति खल्, आगमशासनस्य अनित्यत्वान्न नुम्*] सिस्नु।

दुरालम्भः (पुं.वि.) [*दुःखेनालभ्यते स्पृश्यतेऽसौ, दुर् आपूर्वकात् लभ् धातोः, ईषद्दुःसुषु ३.३.१२६ इति खल्*] पाउन कठिन/दुष्प्राप्य/अप्राप्य/मुस्किलले मात्र पाइने।

दुरालापः (पुं.) [*दुष्ट आलापः, प्रादिस.*] १.खराब कुरो/नचाहिँदो कुरो २.गाली/दुर्वचन ३.(पुं.वि.) [*दुष्ट आलापो यस्य सः, बहु.स.*] नचाहिदो बोल्ने/ गाली गर्ने।

दुराशयः १.(पुं.) [*दुष्टः आशयः,प्रादिस.*] खराब आशय/कुत्सित अभिप्राय २.(पुं.वि.) [*दुर् दुष्टः आशयो यस्य सः, बहु.स.*] खराव विचार भएको/पापी।

दुराशा (स्त्री.) [*दुर्गता आशा प्रादिस.*] पूरा नहुने आशा/असम्भव कुराको आशा/असम्भव वा पूरा हुन नसक्ने इच्छा/खराब कुराको इच्छा।

दुरितः (पुं.वि.) [*दुरितमस्यास्ति, अर्शाद्यच्*] पापी/खराव काम गर्ने।

दुरितम् (नपुं.) [*दुष्टमितं गमनं नरकादिस्थानप्राप्तिरनेन*] पाप/पातक/खराव काम।

दुरुत्साहनम् (नपुं.) [*दुष्टमुत्साहनम्*] १.नचाहिँदो प्रोत्साहन २.अपराधीलाई अपराधमा संलग्न हुन गरिने प्रोत्साहन।

दुरुपयोगः (पुं.) [*दुर्गत उपयोगः, प्रादिस.*] नचाहिँदो कुरामा गरिएको खर्च/खराब काममा भएको उपयोग।

दुरुपयोजनम् [*दुर्गतमुपयोजनम्, प्रादिस.*] नचाहिँदो वा क्षेत्राधिकार बाहिरको काममा कुनै रकम वा वस्तुको प्रयोग गर्ने काम।

दुरुपस्थानः (पुं.वि.) [*दुःखेनोपस्थीयत इति आतो युच् ३.३.१२८ इति खलोपवादो युच्, युवोरनाकौ ७.१.१ इति अनः*] मुस्किलले उपस्थित हुन सकिने।

दुरुहः (पुं.वि.) [*दुःखेन ऊह्यते, वह प्रापणे इति धातोः कर्मणि क्तः*] १.कठिनसित मात्र बुझिने/दुर्ज्ञेय २.बोक्न कठिन हुने।

दुरोदरः (पुं.) [*दुरोदरमस्यास्ति,अर्शाद्यच्*] १.जुवाडे। **दुरोदरा विहिता ये तु तत्र महात्मना धृतराष्ट्रेण राज्ञा।** (म.भा.२.५.६९) २.पैसा।

दुरोदरम् (नपुं.) [*दुर् दुष्टम् आ समन्तात् उदरं यस्य तत्*] जूवा/पाशाको खेल। **व्यर्थं किं तनुषे दुरोदरमिदं न स्वापतेयं तव** (वक्रोक्तिपञ्चाशिका)।

दुर्गः (पुं.) [*दुःखेन गन्तुं शक्यतेऽत्र, सुदुरोरधिकरणे (वा.) ३.२.४८ इति, डः, डित्वाट्टिलोपः*] १.किल्ला/गढी २.कठिन मार्ग/दुर्गम बाटो।

दुर्गतः (पुं.) [*दुःखेन गच्छति स्म, दूर् पूर्वकात् गम्लृगतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.नराम्रो अवस्थामा पुगेको २.नरकमा परेको ३.दरिद्र भएको।

दुर्गतिः (स्त्री.) १.[*दुष्टा गतिः, प्रादिस.*] अपगति/खराब गति/दुर्दशा। **कुले कलङ्कः कवले कदन्नता सुतः कुबुद्धिर्भवने दरिद्रता। रुजः शरीरे कलहप्रिया प्रिया गृहागमे दुर्गतयः षडेते॥** (सुभा.) २.दरिद्रता। **कथं भवान् दुर्गतिमिदृशीं गतः।** (म.भा.१२.७०.८) ३.नरक। **कृत्वा यज्ञं विधानेन दत्वा पुण्यं मखार्जितम्। समुद्धर महाराज पितरं दुर्गतिं गतम्॥** (देवीभा.३.१२.९८)

दुर्गन्धः (पुं.) [*दुष्टो गन्धः, प्रादिस.*] नमिठो गन्ध/खराब गन्ध।

दुर्गन्धी (पुं.वि.) [*दुर्गन्धोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] गनाउने/दुर्गन्ध भएको।

दुर्गमः (पुं.वि.) [*दुःखेन गन्तुं शक्यते, दुर् पूर्वकात् गम् धातोः, ईषद्दुःसुषु ३.३.१२६ इति खल्*] १.कठिनसित मात्र जान सकिने वा जान अत्यन्त कठिन हुने २.जान्न गाह्रो/दुर्ज्ञेय/कठिनसित मात्र बुझ्न सकिने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गा (स्त्री.) [*दुःखेन गम्यते प्राप्यते ज्ञायते वाऽसौ, अन्यत्रापि दृश्यते इति डः, यद्वा दुर् दुःखेन गम्यते ऽस्याम्, सुदुरोरधिकरणे (वा.) ३.२.४८ इति डः, अथवा दुःखेन गीयते स्तूयते, गैशब्दे इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ् ततष्टाप् ४.१.४*] भगवती ।

दुर्गोत्सवः (पुं.) [*दुर्गाया उत्सवः, ष.त.*] १.दुर्गापूजा/बडादसैँ/आश्विन शुक्ल प्रतिपदादेखि सोही पक्षको दशमीसम्म दुर्गाको आराधना गरेर मनाइने महोत्सव २.चैत्राष्टमी।

दुर्घटना (स्त्री.) [*दुष्टा घटना, प्रादिस.*] शोकपूर्ण र कष्टपूर्ण आकस्मिक घटना/अशुभ घटना/थाहा नपाई अचानक किसिमले भएको नराम्रो काम कुरो।

दुर्जनः (पुं.) [*दुर् दुष्टे जनः, प्रादिस.*] दुष्ट/दुर्जन।

दुर्जनः परिहर्तव्यो विद्ययाऽलङ्कृतोऽपि सन्।
मणिना भूषितः सर्पः किमसौ न भयङ्करः॥ (सुभा.)

दुर्जयः (पुं.वि.) [*दुःखेन जेतुं शक्यः*] झट्ट वा सजिलोसँग जित्न नसकिने।

दुर्दमः (पुं.वि.) [*दुःखेन दम्यते इति, दुरुपसर्गकात्, दमु उपशमे इति धातोः, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल्*] तह लगाउन कठिन हुने/तह लगाउन नसकिने।

दुर्दशा (स्त्री.) [*दुष्टा दशा, प्रादिस.*] खराब अवस्था/दुर्गति/विपत्को अवस्था।

दुर्दिनम् (नपुं.) [*दुर्निन्दितं दिनम्*] १.बादल लागेर अँध्यारो भएको दिन। **दुर्दिनं जलदध्वान्तम्** (रत्नकोष) २.बाक्लो अँध्यारो ३.वृष्टि। **घनान्धकारे वृष्टौ च दुर्दिनं कवयो विदुः।** (रघु.४.४१) ४.सधैँ गर्दै आएको स्नान, सन्ध्यावन्दन, पूजाआजा, हरिकीर्तन आदि नभएको दिन। **यदच्युतकथालापरसपीयूषवर्जितम्। तद् दिनं दुर्दिनं मन्ये मेघाच्छन्नं न दुर्दिनम्।** (उदभट) ५.प्राकृतिक (भूकम्प,प्रलय आदि) सामाजिक (डकैती,लुटपाट,हत्या, बलात्कार, आफन्त व्यक्तिको निधन,आफ्नो वा आफन्तको असफलता आदि) वा राजनैतिक (देशको शासन व्यवस्था चल्न नसक्नु, वैदेशिक आक्रमण, शान्तिसुरक्षाको अभाव, खाद्यान्नको सङ्कट आदि) उपद्रो भएको दिन वा वर्ष। **सुदिनं दुर्दिनञ्चैव सर्वं कर्मोद्भवे भवेत्**।(ब्रह्मवैवर्त) **सम्प्राप्ते दुर्दिने काले दर्दिनं भाति वै नभः** (म.भा.८.११.२३)।

दुर्धर्षः (पुं.वि.) [*दुःखेन धृष्यते, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल्*] सजिलैसित जित्न नसकिने।

दुर्नाम (नपुं.) [*दुष्टं नाम, प्रादिस.*] अपवाद/बदनामी।

दुर्नामकम् (नपुं.) [*दुष्टं नामास्य, पापरोगत्वात्, कुत्सिते संज्ञायां कन् ५.३.७ इति कन्*] पायल्स/अल्काई।

दुर्नामा (स्त्री.) [*दुर्निन्दितं नामास्याः, अनो बहुव्रीहेः ४.१.१२ इति अन ङीष्*] १.ठुलो जातको जुका २.जघन्य अपराधी।

दुर्निग्रहः (पुं.वि.) [*दुःखेन निग्रहितुं शक्यः*] वशमा राख्न कठिन पर्ने ।

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम्।
अभ्यासेन तु कौन्तेय वैराग्येण तु गृह्यते॥ (भ.गी)

दुर्नीतिः (स्त्री.) [*दुष्टा नीतिः, प्रादिस.*] खराब आचरण कुनीति/अनाचार।

दुर्बलः (पुं.वि.) [*दुष्टं बलं यस्य सः, बहु.स.*] बल नभएको/शक्तिहीन/निर्धो।

दुर्बुद्धिः (पुं.) १.[*दुष्टा बुद्धिर्यस्य सः, बहु.स.*] दुष्ट बुद्धि भएको २.[*दुर् दुष्टा बुद्धिः, प्रादिस.*] खराब बुद्धि।

दुर्बोधः (पुं.वि.) [*दुःखेन बुध्यते, बोध्यते वा, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल्*] बुझ्न वा बुझाउन नसकिने/सजिलैसित बुझ्न नसकिने/अबुझ/दुर्बोध्य।

दुर्भगः (पुं.वि.) [*दुष्टं भगं (भाग्यं) यस्य सः, बहु.स.*] .भाग्य नभएको, नराम्रो।

दुर्भगः स्यात् प्रकृत्या यो विभूत्यापि स तादृशः।
गोमयं श्रीनिवासोऽस्ति तथापि न मनोहरम्॥ (सुभा.)

दुर्भरः (पुं.वि.) [*दुःखेन भरितुं शक्यः, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल्*] १.भर्न नसकिने २.जति दिए पनि नपुग्ने।

जामाता जठरं जाया जातवेदा जलाशयः।
पूरिता नैव पूर्यन्ते जकारा पञ्च दुर्भराः॥ (सुभा.)

दुर्भाग्यम् (नपुं.) [*दुष्टं भाग्यम् प्रादिस.*] दुःखी कर्म/प्रतिकूल भाग्य।

दुर्भिक्षम् (अव्य.) [*भिक्षाया अभाव, अव्य.स.*] अकाल/अनिकाल/अन्न दुर्लभ भएको समय।

दुर्भेद्यः (पुं.वि.) [*दुःखेन भेद्यते ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.सुगमतापूर्वक छिचोल्न नसकिने २.भेदन गर्न मुस्किल पर्ने ३.सहजै पार गर्न नसकिने।

दुर्मनाः (पुं.वि.) [*दुःस्थितं मनो यस्य सः, बहु.स.*] दिग्दार।

दुर्मतिः (पुं.वि.) [*दुष्टा दुर्गता वा मतिर्यस्य सः, बहु.स.*] १.खराब बुद्धि भएको।

व्यापारान्तरमुत्सृज्य वीक्षमाणो वधूमुखम्।
यो गृहेष्वेव निद्राति दरिद्राति स दुर्मतिः॥ (सुभा.)

२.(स्त्री.) [*दुष्टा मतिः,प्रादिस.*] कुबुद्धि/दुष्ट बुद्धि।

दुर्मल्लिका (स्त्री.) रूपकको एक भेद। यसका चार अङ्क हुन्छन्। पहिलो अङ्क ६ घडीको हुन्छ। यसमा बिटले क्रीडा गर्दछ। दोस्रो अङ्क १० घडीको हुन्छ। यसमा विदूषकको हँसी–ठट्टाको चित्रण हुन्छ। तेस्रो अङ्क १२ घडीको हुन्छ। यसमा पीठमर्द– (नोकर) चरित्रको चित्रण हुन्छ। चौथो अङ्क २० घडीको हुन्छ। यसमा सहरिया मानिसहरूको चरित्र प्रस्तुत गरिएको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भसन्धिबाहेक अन्य सन्धिहरू दुर्मल्लिकामा प्रयोग हुन्छन्। नायक निम्न जातिको हुन्छ। पुरुष पात्रहरू सबै चलाख हुन्छन्। यसको उदाहरण बिन्दुमती हो।

दुर्मुखः (पुं.वि.) [*दुष्टं दुःखजनकं मुखनिर्गतं वचनादि यस्य सः, बहु.स.*] १.नराम्रो अनुहारको २.दुर्मुखा/चोथाले/छुच्चो बोली भएको।

दुर्मुखः (पुं.) [*दुर् निन्दितं विरूपं मुखं यस्य सः,बहु.स.*] १.वानरविशेष। **ततो यूथपतिर्वीरो दुर्मुखो नाम वानरः** । (रामा.४.३९.३३) २.नागविशेष ३.घोडा ४.सर्प ५.महिषासुरको सेनापति ६.राक्षस विशेष ७.यक्षविशेष ८.वर्षविशेष ९.ऊँट।

दुर्मेधाः (पुं.) [*दुष्या मेधा यस्य सः, बहु.स., नित्यमसिच् प्रजामेधयोः ५.४.१२२ इत्यसिच्*] खराब बुद्धि भएको।

दुर्योधनः (पुं.) गान्धारीबाट जन्मिएका धृतराष्ट्रका जेठा छोरा। यिनी पाण्डवलाई पटक्कै मन पराउँदैनथे। यिनले बलरामसित गदा सञ्चालन गर्ने विद्या सिकेका थिए। भीमसित यिनको बढी विद्वेष थियो। युवराज बनाउने समयमा यिनले जाल रचेर युधिष्ठिरलाई वनवास पठाए। वनवासबाट फर्किएपछि युध्धिष्ठिरले राजसूय यज्ञ गरे। दुर्योधनलाई सह्य भएन। पाण्डवको पक्ष लिएको हुदा विदुरलाई राज्यबाट निकालियो। पाण्डवलाई नाश गर्ने योजनाअनुसार लाक्षागृहको निर्माण भयो। यो रहस्य थाहा पाएर पाण्डव जिउदै बाहिर निस्कन सफल भए। आफ्नो मामा शकुनिको सहयोग लिएर दुर्योधनले पाण्डवलाई द्यूतक्रीडामा हराए। जुवामा सबै सम्पत्ति र द्रौपदीलाई समेत हारेपछि द्यूतक्रीडाको शर्तअनुसार पाण्डव १२ वर्ष वनवास र एकवर्ष गुप्तवासका लागि प्रस्थान गरे। वनवास र अज्ञातवास पूरा गरी पाण्डव हस्तिनापुर पर्किएपछि सन्धिको प्रस्ताव लिएर श्रीकृष्ण दुर्योधनलाई भेट्न जाँदा दुयोधनले **सूचिकाग्रं न दास्यामि विना युद्धेन केशव** भनेर उनलाई फर्काइदिए। जति रोक्न प्रयास गरे पनि नरसंहारकारी महाभारतको युद्ध भएरै छाड्यो। यस युद्धमा भीमको गदा प्रहारबाट दुर्योधनको मृत्यु भयो। (म.भा.)

दुर्लङ्घ्यः (पुं.वि.) [*दुःखेन लङ्घ्यः प्रादिस.*] सजिलैसित नाघ्न नसकिने।

दुर्लभः (पुं.वि.) [*दुःखेन लभ्यते इति ईषद्दुःसुषु कृच्छ्राऽकृच्छ्रार्थेषु खल् ३.३.२६ इति खल्प्रत्ययः उपसर्गाद् खल्घञोः७.१.६७ इति नुमि प्राप्ते, न सुदुर्भ्यां केवलाभ्याम् ७.१.६८.इति निषेधः*] सजिलैसित नपाइने/दुष्प्राप्य/मुस्किलले पाइने। **दमो दानं दया चैव दाक्षिण्यं दयिता तथा। द्रविणं दीर्घजीवित्वं दकाराः सप्त दुर्लभाः॥** (सुभा.)

दुर्लभमुद्रा (स्त्री.) [*दुर्लभा चासौ मुद्राच, कर्म स.*] १.प्राप्त गर्न कठिन हुने मुद्रा २.प्राचीन मुद्रा।

दुर्वचः (नपुं.) [*दुर् दुष्टं वचनम्, प्रादिस.*] नराम्रो बोली/बिभ्ने वचन/कटु वचन। **विषं महाहेरिव यस्य दुर्वचः सुदुःसहं सन्निहितं सदा मुखे** (कादम्बरी)।

दुर्वचनम् (नपुं.) [*दुष्टं वचनम्, प्रादिस.*] दुर्वाक्य/दुर्वाच्य।

दुर्वहः (पुं.) [*दुःखेन वोढुं शक्यः, ईषद्दुःसुषु कृच्छ्राकृच्छ्रार्थेषु खल् ३.३.१२६ इति खल्*] बोक्न गाह्रो पर्ने/भार थाम्न नसकिने।

दुर्वासा (पुं.) [*दुष्टं वासो यस्य सः, बहु.स.*] १.पुराण प्रसिद्ध झट्टै रिसाउने एक ऋषि। अनसूया र अत्रिका छोरा। दत्तात्रेयका भाइ, शिवका अंशावतार। ब्रह्मवादिनी अबलाका भाइ। यिनको विवाह मुनिपुत्री कन्दलीसित भएको थियो। त्यतिखेरको प्रतिज्ञाअनुसार १०० अपराध सहन गरेपछि रिसाहा दुर्वासाले पत्नीलाई जलाएका थिए। २.(पुं.वि.) अति क्रोधी ३.मैलो लुगा लगाउने।

दुर्विधः (पुं.) [*दुर् दुष्य विधा यस्य सः, बहु.स.*] १.दरिद्र २.मूर्ख। **क्षुद्रदरिद्राकिञ्चनदुर्विधदुःस्थाश्च दुर्गताः प्रोक्ताः** (हला.३४८)

दुर्विनीतः (पुं.वि.) [*दुर्गतं विनीतं यस्य सः, बहु.स.*] विनय नभएको/अविनीत/अशिष्ट।

दुर्वी (धा.) [*हिंसायाम्, सक.सेट् पर.*] हिंसा गर्नु। लट्— **दूर्वति—** हिंसा गर्छ इत्यादि।

दुर्वृत्तः १.(पुं.वि.) [*दुष्टं वृत्तं यस्य सः, बहु.स.*] खराब चालचलन वा आचरण भएको/निन्दित आचरण भएको।

दुर्वृत्तम् (नपुं.) [*दुष्टञ्च तद् वृत्तञ्च, कर्म.स.*] खराब चरित्र वा आचरण। **खलः करोति दुर्वृत्तं नूनं फलति साधुषु। दशाननोऽहरत् सीतां बन्धनं स्यान्महोदधेः॥** (सुभा.)

दुर्वृत्तसूचिः (स्त्री.) [*दुर्वृत्तानां सूचिः, ष.त.*] खराब चरित्र भएका मानिसहरूको सूचि/अपराधीहरूको गिरोह।

दुर्व्यवस्था (स्त्री.) [*दुष्या व्यवस्था, प्रादिस.*] खराब व्यवस्था/खराब बन्दोवस्त/कुप्रबन्ध।

दुर्हृद् (नपुं.) [*दुष्टं हृदयं यस्य सः, बहु.स., सुहृद्दुर्हृदौ मित्रामित्रयोः ५.४.१५० इति हृदयस्य हृदादेशः*] दुर्जन/खराब हृदय भएको।

दुल (धा.) [*उत्क्षेपणे, चुरा. सक.सेट् उभय.*] फ्याक्नु, हल्लाउनु। लट्— **दोलयति—** फ्याँक्छ, हल्लाउँछ इत्यादि।

दुली (स्त्री.) [*दोलति, इगुपधात् कित् (उ.) इति इन्,पक्षे ङीष्*] कछुई। पोथी कछुवा।

दुश्चरितः (पुं.वि.) [*दुष्टं चरितं यस्य, यत्र वा*] खराब चरित्र भएको। **वरं हि नरके वासो न तु दुश्चरिते गृहे। नरके क्षीयते पापं कुगृहात् परिवर्धते॥** (सुभा.)

दुश्चरितम् (नपुं.) [*दुष्टं चरितम्, प्रादिस.*] खराब चरित्र।

दुश्चरित्रः (पुं.वि.) [*दुष्टं चरित्रं यस्य सः, बहु.स.*] खराब चरित्र भएको/नराम्रो चालचलनको/दुश्चरित।

दुश्चरित्रम् (नपुं.) दुष्टञ्च तच्चरित्रञ्च, कर्म.स.) नराम्रो चरित्र।

दुश्चर्मा (पुं.) [*दष्टं चर्म यस्य सः, बहु.स.*] छालाको रोगी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुश्चेष्य (स्त्री.) [*दुष्य चेष्य, प्रादिस.*] खराब चेष्या/दुष्कर्म/कुचेष्य।

दुश्च्यवनः (पुं.) [*दुष्टं च्यवते रणात् इति च्युङ् गतौ इति धातोः, चलनशब्दार्थादकर्मकाद्युच् ३.२.१४८ इति युच्, युवोरनाकौ ७.१.१ इति अनः*] १.इन्द्र २.लडाइँमा कूटनीति रच्न सक्ने व्यक्ति।

दुश्शासनः (पुं.) [*दुष्टं शासनमस्य*] दुर्योधनको एक भाइ।

दुश्श्रवता (स्त्री.) [*दुःखेन श्रूयते इति, दुः पूर्वकात् श्रु श्रवणे इति धातोः, ईषद् दुःसुषु. ३.३.१२६ इति खल्, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् (४.१.४)*] १.कर्णकटु २.काव्य वा साहित्यमा हुने श्रुतिकटु दोष। यो दोष पदांशगत, पदगत र वाक्यगत हुन्छ। वीर, रौद्र र वीभत्स रसमा कठोर वर्ण रसाभिव्यञ्जक भएकाले दुश्श्रवता गुण हुन्छ। अन्यत्र पनि वक्ता क्रोधी छ अथवा विषय पनि अत्यन्त उद्धत छ भने त्यस्तो क्षेत्रमा प्रयुक्त कर्णकटु शब्दहरू गुण नै मानिन्छन्। त्यसैले यो अनित्य दोष हो। जस्तै– **कार्तार्थ्यं यातु तन्वङ्गी कदानङ्गवशंवदा।** शृङ्गार रसको प्रसङ्ग भएको यस वाक्यमा प्रयुक्त कार्तार्थ्यम् शब्द कर्णकटु भएको हुँदा दुष्ट छ। यही शब्द रौद्र, वीर आदि रस, क्रोधी वक्ताको अभिव्यक्ति र उद्धत विषयमा प्रयोग भएको भए दोष हुँदैन थियो, गुण नै हुन्थ्यो। (सा.द.७/८)

दुष (धा.) [*वैकृत्ये, अक.अनिट्, पर.*] दुःखित हुनु, दूषित गर्नु। लट्– **दुष्यति, दोषयति दूषयति–** दुःखित हुन्छ, दूषित तुल्याउँछ इत्यादि।

दुष्करः (पुं.वि.) [*दुःखेन कर्तुं शक्यते, दुस् पूर्वकात् डुकृञ् करणे इति धातोः, ईषद्दुःसुषु कृच्छ्राकृच्छ्रार्थेषु खल् ३.३.१२६ इति खल्*] कठिन काम/मुस्किलको काम।

दुष्कर्म (नपुं.) [*दुष्टं कर्म, प्रादिस.*] कठिन काम/ कुत्सितकाम/ कुकर्म।

दुष्कालः (पुं.) [*दुष्टः कालः, प्रादिस.*] खराब समय/कुसमय।

दुष्कीर्तिः (स्त्री.) [*दुर्गता कीर्तिः, प्रादिस.*] कुख्याति/अपयश।

दुष्कुलम् (नपुं.) [*दुष्टं कुलम्, कुगतिप्रादयः २.२.१८ इति समासः*] खराब कुल।

दुष्कुलीनः (पुं.) [*दुष्कुले भवः, कुलात् खः ४.१.१३८ इति खः, खस्य ईनः*] खराब कुलमा पैदा भएको।

दुष्कृतम् (नपुं.) [*दुष्टं कृतम्*] पाप। **गृहादर्था निवर्तन्ते श्मशानादपि बान्धवः। सुकृत. दुष्कृतं लोके गच्छन्तमनुवर्तते** (अग्निपु.)।

दुष्कृतिः (स्त्री.) [*दुष्य कृतिः, प्रादिस.*] खराब काम/पाप/दुष्कृत्य।

दुष्क्रमः (पुं.) [*दुष्टो लोकशास्त्रविरुद्धः क्रमो यत्र सः, बहु.स.*] लोक वा शास्त्रको क्रम विरुद्ध हुने गरी भएको वर्णन, जस्तै– कुनै भक्त कृष्णसँग प्रार्थना गर्दै भन्छ– **त्वद्भक्तः कृष्ण गच्छेयं नरकं स्वर्गमेव वा** (च.लो.) यहाँ भक्तका लागि पहिले नरकको उल्लेख गरेर पछि स्वर्गको उल्लेख गर्नु क्रमव्यत्यय भएको छ किनभने भक्त पहिले स्वर्ग चाहन्छ, नरक होइन। त्यसैले यो दुष्क्रम दोष हो, यसलाई भोजराजले अक्रम भनेका छन्। (सरस्वतीकण्ठाभरण)

दुष्टः (पुं.वि.) [*दूषयति परान्, दुष वैकृत्ये धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] दुर्जन/अर्कालाई दुःख दिने स्वभावको/ दुराचारी।

दुष्टगजः (पुं.) [*दुष्टश्चासौ गजश्च, कर्म.स.*] मत्तहात्ती। **व्यालो दुष्टगजः प्रोक्तः** (हला.२२५)।

दुष्टाचारः (पुं.वि.) [*दुष्टश्चासौ आचारश्च,कर्म.स.*] खराब आचरण/दुराचार।

दुष्टात्मा (पुं.वि.) [*दुष्ट आत्मा यस्य सः, बहु.स.*] दुष्ट स्वभावको/ दुराचारी।

दुष्टुः (पुं.नपुं.) [*दुःखेन तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः अपदुःसुषु स्थः (उ.२५) इति सूत्रेण कुः, षत्वम्, ष्टुत्वम्*] खराब।

दुष्पुत्रः (पुं.) [*दुष्टः, दुर्गतो वा पुत्रः, प्रादिस.*] कुपुत्र।

एकेन शुष्कवृक्षेण दह्यमानेन वह्निना।
दह्यते तद्वनं सर्वं दुष्पुत्रेण कुलं यथा॥ (सुभा.)

दुष्पुरुषः (पुं.) [*निन्दितः पुरुषः,प्रादिस.*] खराब मानिस।

दुष्प्रवृत्तिः (पुं.) [*दुष्टा प्रवृत्तिर्यस्य सः, बहु.स.*] दुष्ट स्वभावको/ खराब प्रवृत्तिको।

दुष्प्राप्यः (पुं.वि.) [*दुःखेन प्राप्यः, प्रादिस.*] मुस्किलसित पाइने/पाउन कठिन पर्ने।

दुष्प्रेक्ष्यः (पुं.वि.) [*दुःखेन प्रेक्ष्यः, प्रादिस.*] सजिलैसित हेर्न नसकिने।

दुष्फोटः १.[*दुर् दुष्टं स्फोटयति, अच्*] शस्त्रविशेष २.[*दुष्फोटनम्, भावे घञ्*] फुटाउन नसक्नु।

दुष्यन्तः (पुं.) पुरुवंशप्रवर्तक एक राजा, यिनका पिताको नाम इलिल वा इलन, माताको नाम रथन्तर्या, पत्नीको नाम शकुन्तला, छोराको नाम भरत थियो। **राजर्षेरस्मि पुत्रोऽहमिलिलस्य महात्मनः। दुष्यन्त इति मे नाम सत्यं पुष्करलोचने॥ स मातरमुपस्थाप्य रथन्तर्यामभाषत** (म.भा.आ.प.क्षे.)।

दुःस्थः (पुं.) [*दुःखेन तिष्ठतीति, आतश्चोपसर्गे ३.१.१३६ इति कर्तरि कः, आलोपः*] १.टाढा रहेको २.कठिन अवस्थामा परेको ३.कष्टसाध्य।

दुस् (अव्य.) खराब, निन्दित आदि अर्थ बुझाउन आउने एक उपसर्ग।

दुस्तरः (पुं.वि.) [*दुःखेन तरितुं शक्यः, ॠदोरप् ३.३.५७ इत्यप्*] पार गर्न नसकिने/तर्न मुस्किल पर्ने।

तन्नः प्रद्योतयाध्यात्मज्ञानं तत्त्वार्थदर्शनम्।
येनाञ्जसा तरिष्यामो दुस्तरं भवसागरम्॥ भाग.४.३१.७)

दुह (धा.) [*प्रपूरणे, सक.अनिट्, उभ.*] दुहुनु। लट्– **दोग्धि-दुग्धे–** दुहुन्छ। लिट्– **दुदोह-दुदुहे–** दुहेछ (अन.)। लुट्– **दोग्धा–** दुहुने छ (अन.)। लृट्– **धोक्ष्यति-ते–** दुहुने छ। लोट्– **दोग्धु-दुग्धाम्–** दुहोस्। लङ्– **अधोक्-अदुग्ध–** दुह्यो (अन.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिलिङ्– **दुह्यात्-दुहीत–** दुहोला, दुहोस्। आशीर्लिङ्– **दुह्यात्-धुक्षीष्ट–** दुहोस्। लुङ्– **अधुक्षत्-अदुग्ध-अधुक्षत–** दुह्यो। लृङ्– **अधोक्ष्यत्-त–** दुहुने थियो इत्यादि।

दुहिता (स्त्री.) [*दोग्धि कार्याणि प्रपूरयति, विवाहादिकाले धनमाकृष्य गृह्णाति वा, दुह प्रपूरणे इति धातोः, नप्तृनेष्टृत्वष्टृहोतृपोतृ भ्रातृजामातृमातृपितृदुहितृ (उ.६०) इति तृच्*] छोरी।

दुहिर् (धा.) [*अर्दने, सक.सेट्, पर.*] पीडा दिनु। लट्– **दोहति–** पीडा दिन्छ इत्यादि।

दूङ् (धा.) [*परितापे, अक.सेट्, आत्म.*] दुःख दिनु। लट्– **दूयते–** दुःख दिन्छ इत्यादि।

दूतः (पुं.) [*दवति गच्छति, दुनोति उपतपयति वा सः, दु गतौ, दुतनिभ्यां दीर्घश्च (उ.२७७) इति क्तः, दीर्घश्च, यद्वा दूयते स्म, दूङ् परितापे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.सन्देश लिएर जाने व्यक्ति २.कार्य सिद्ध गराउने व्यक्ति।

दूतकाव्यम् (नपुं.) [*दूतप्रधानं काव्यम्, म.प.स.*] यसमा कसैलाई दूत बनाएर पठाएको हुन्छ। जस्तै– महाकवि कालिदासको मेघदूत। (हे. **गीतिकाव्य**)।

दूतघटोत्कचः (पुं.) [*दूतः घण्टोत्कचो यत्र सः, बहु.स.*] यस नाटकका रचयिता महाकवि भास हुन्। अर्जुनले जयद्रथलाई मार्छु भनेर प्रतिज्ञा गरेपछि कृष्णको आदेशअनुसार महाभारतका पात्र, हिडिम्बापुत्र घटोत्कच दूत बनेर गई धृतराष्ट्रलाई सन्देश सुनाउँछ, युद्ध भएमा त्यसको परिणाम भयावह हुने कुराको पनि सङ्केत गर्छ। धृतराष्ट्र दुर्योधनलाई सम्झाउछन्, तर शकुनिको सल्लाहमा हिँडेको दुर्योधनले आफ्ना बाबुको सही सुझावलाई पटक्कै स्वीकार गर्दैन। दुर्योधन र घटोत्कचका बिच निकै वादविवाद र चर्काचर्की पर्छ। घटोत्कचले लड्न आइज भनेर दुर्योधनलाई धम्की दिन्छ, धृतराष्ट्रले सम्झाएर शान्त तुल्याउँछन्। अन्तमा अर्जुनद्वारा अभिमन्युको बदला लिने धम्की दिएर घटोत्कच त्यहाँबाट हिँड्छ। यसरी घटोत्कच दूत बनेर गएको हुँदा यस नाटकको नाम दूतघटोत्कच रहन गएको हो। यसमा भरतवाक्य छैन। कथा काल्पनिक छ। दुर्योधन, शकुनि र कर्णको चरित्रमा अभिमान र क्रूरता छ भने घटोत्कचको चरित्रमा वीरता र शालीनता व्यक्त भएको छ। यसमा वीररसको प्राधान्य छ।

दूतवाक्यम् (नपुं.) [*दूतस्य वाक्यं वर्णितं यत्र तत्*] यो भासद्वारा रचित एक अङ्कको व्यायोग हो। यसमा महाभारतको विनाशकारी युद्धबाट बच्नका निमित्त पाण्डवहरूले कृष्णलाई आफ्नो दूत बनाएर दुर्योधनसमक्ष पठाइएको कथानकलाई नाटकीय रूप प्रदान गरिएको छ। यसमा वीररसको प्रधानता छ, स्त्रीपात्रको प्रयोग भएको छैन।

दूतावासः (पुं.) [*दूतस्य आवासः, ष.त.*] राजदूत, वाणिज्यदूत आदि राजप्रतिनिधि रहने ठाउँ।

दूतिकर्म (नपुं.) [*दूत्याः कर्म, ष.त.*] दूतिले गर्ने काम। नाटकमा नायक र नायिकालाई मिलाउने काममा दूतिको मुख्य भूमिका रहन्छ।

दूतिका (स्त्री.) [*दूती एव, स्वार्थे कन्, ह्रस्वः, टाप् ४.१.४*] प्रेमी र प्रेमिकाका सन्देशहरू ओसारपसार गर्ने स्त्री/कुटुनी/दूती।

दूती (स्त्री.) [*दवतीति, दु गतौ इति धातोः, दुतनिभ्यां दीर्घश्च (उ.२७७) इति क्तः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.सन्देश आदान प्रदान गर्ने स्त्रीजाति २.शृङ्गाररसमा रतिलाई उद्दीप्त गराउने कार्यमा भूमिका खेल्ने एक पात्र। नायिकाका सखीहरूको एक भेद।

दूत्यम् (नपुं.) [*दूतस्य भावः, कर्म वा, दूतवणिग्भ्याञ्च (वा.) इति यः*] दूतको काम। **दूत्यं तद्भावकर्मणि** (अमर.)।

दूरः (पुं.) [*दुःखेनेयते प्राप्यते, दुर् पूर्वकात् इण् गतौ इति धातोः, दुरीणो लोपश्च (उ.) १८७ इति रक्, धातोर्लोपश्च*] देश, स्थान, काल आदिका दृष्टिकोणले टाढा। **आसन्नान् पुरतो भावान् दर्शयित्वा पुरःपुरः। छागो हरितमुष्ट्येव दूरं नीतोऽस्मि तृष्णया॥** (सुभा.) **~गामी** (पुं.वि.) टाढा जाने/धेरै पर पुग्ने। **~दर्शी** (पुं.वि.) [*दूरं पश्यतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८इति णिनिः*] धेरै पछि हुने कुराको विचार गर्ने/दूरदर्शक। **~दर्शकयन्त्रम्** (नपुं.) [*दर्शयतीति– दर्शकम्, दूरस्य दर्शकञ्च तद् यन्त्रम्*] दूरबीन/टाढाको बस्तु नजिक देखाउने यन्त्र। **~सञ्चारः** (पुं.) [*दूरं सञ्चारयति, कर्मण्यण्*] टाढासम्म खबर पुऱ्याउने संस्था।

दूरगः (पुं.वि.) [*दूरं गच्छतीति, अन्तात्यन्ताध्वदूरपारसर्वान्तेषु डः ३.२.४८ इति डः, टिलोपः*] १.टाढा जाने २.दूरवर्ती। **यो यस्य हृदये नास्ति समीपस्थोऽपि दूरगः** (सुभा.)।

दूरदर्शनम् (नपुं.) १.[*दूरम् दृश्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] १.दूरवीन/दूरवीक्षण यन्त्र २.टेलिभिजन ३.[*भावे ल्युट् दूरस्य दर्शनम्*] टाढा हेर्नु।

दूरपाती (पुं.) [*दूरं पतति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.३.७८ इति णिनिः*] टाढासम्म पुग्ने/खुब दगुर्ने।

दूरभाषः (पुं.) [*दूराद् भाष्यतेऽनेन, पुंसि संज्ञायां घः प्रायेण इति घः*] १.टेलिफोन २.आकाशवाणी।

दूरम् (नपुं.) [*दुखेनेयते प्राप्यते इति, इण् गतौ इति धातोः, दुरीणो लोपश्च (उ.१८७) इति रक्, इणो लोपश्च*] टाढा। **शरीरस्य गुणानाञ्च दूरमत्यन्तमन्तरम्। शरीरं क्षणविध्वंसि कल्पान्त-स्थायिनो गुणाः॥** (हितो.१.४३)

दूरविक्षेपकः (पुं.) [*दूरं विक्षिपति, कर्मण्यण्*] कुनै ठाउँमा उत्पन्न ध्वनि, चित्र आदिलाई प्रकाश, विद्युत्तरङ्ग आदिको माध्यमबाट टाढासम्म पुऱ्याउने यन्त्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूरवीक्षणम् (नपुं.) [*दूरं वीक्ष्यतेऽनेन, करणे ल्युट् अनः*] १.दुर्बिन २.[*भावे ल्युट्*] १.टाढा हेर्ने काम २.यन्त्रको माध्यमबाट आकाशका विभिन्न ग्रहहरूको अवलोकन गर्ने काम।

दूरस्थः (पुं.वि.) [*दूरे तिष्ठतीति, सुपि स्थः ३.२.४ इति कः, आलोपः*] टाढा रहेको। **दूरस्थाः पर्वता रम्या वेश्या च मुखमण्डने। युद्धस्य वार्ता रम्या च त्रीणि रम्याणि दूरतः॥** (सुभा.)

दूरापः (पुं.) [*दुःखेन आप्तु शक्यः, ईषद्दुःसुषु कृच्छाकृच्छार्थेषु खल् ३.३.१२६ इति खल्*] दुःखानुसार मात्र पाइने।

दूरीकरणम् (नपुं.) [*अदूरं दूरं यथा सम्पद्यते तथा करणम्*] बलपूर्वक निकाल्ने वा हटाउने काम।

दूरेत्यः (पुं.) [*दूरादागतः, दूरे भवो वा, दूरादेत्यः (वा.) ४.२.१०४ इति एत्यप्रत्ययः, टिलोपः*] १.टाढाको २.टाढाबाट आएको।

दूर्वा (स्त्री.) [*दूर्वति, दूर्व्यते वा, दूर्वी हिंसायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ् वा, उपधायाञ्च ८.२.७८ इति दीर्घः*] दुवो। **~अङ्कुरम्** (नपुं.) **प्रबालम्** (पुं./नपुं.) दुबाका आँकुरा। **प्रबालमङ्कुरेऽप्यस्त्री** (अमर.)।

दूर्वाकाण्डम् (नपुं.) [*दूर्वायाः काण्डम्, ष.त.*] दुवाको हाँगो।

दूषकः (पुं.वि.) [*दूषयतीति, दुष वैकृत्ये इति धातोः, ण्वुल्तृचौ इति ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] अर्कामाथि दोष वा आरोप लाउने व्यक्ति। **बहुनिष्कपटद्रोही बहुधान्योपघातकः। रन्ध्रान्वेषी च सर्वत्र दूषको मूषको यथा॥** (सुभा.)

दूषणः (पुं.) [*दूषयति सदाचारमिति दुष वैकृत्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इति अनः, दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] १.राक्षस/रावणको भाइ २.पाप ३.मल ४.दोष।

दूषणम् (नपुं.) [*दुष्यतेऽनेन,दुष वैकृत्ये इति धातोः, करणधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ (७.१.१) इत्यनः, णत्वम् दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] १.दोष/अवगुण। **पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम्। स्वप्नमन्यगृहे वासो नारीणां दूषणानि षट्॥** (सुभा.) २.[*ल्युट् च ३.३.११५ इति ल्युट्*] दोष लाउने क्रिया ३.जैनीहरूको व्रतमा छोड्नुपर्ने बत्तिस कुरा। तीमध्ये बाह्र कायिक दस वाचिक र दस मानसिक छन्।

दूषणीयः (पुं.वि.) [*दूषयितुमर्हः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इत्यनीयर् दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] दोषारोपण गर्नुपर्ने/दोष लगाउनु पर्ने।

दूषिका (स्त्री.) [*दूषयति नेत्रम् इति, दुष वैकृत्ये इति धातोः, ण्वुल्तृचौ ३.१.१३३) इति ण्वुल्, युवोरनाकौ, ७.१.१ इति अकः, टाप् (४.१.४), प्रत्ययस्थाकात्पूर्वस्यात इदाप्यसुपः इति इत्वम्, दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] १.कचेरा/आँखाको फोहोर। **दूषिका नेत्रयोर्मलम्** (अमर.)। २.(त्रि.) अरूलाई दूषित तुल्याउने खराब व्यक्ति वा वस्तु।

दूषितः (पुं.वि.) [*दूष्यते स्म, दुष वैकृत्ये इति धातोः, णिचि,निष्ठा ३.२.१०२ इति क्तः, दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] दोषयुक्त। **यदा विगृह्णाति हतं तदा यशः करोति मैत्रीमथ दूषिता गुणाः। स्थितिं समीक्ष्योभयथा परीक्षकः करोत्यवज्ञोपहतं पृथग्जनम्॥** (सुभा.)

दूषीका (स्त्री.) [*दूषयते इति दुष वैकृत्ये इति धातोः, कषिदूषि-भ्यामीकन् (उ.४६४) इति ईकन्, टाप् ४.१.४ दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम, ण्वुलि,अकः, टाप्, इत्वम् दुषिका इत्यपि*] आँखाको कचेरा/चिप्रा।

दूष्यः (पुं.वि.) [*दूष्यते, दुष वैकृत्ये इति धातोः, ण्यन्ताद् अचो यत् ३.१.९७ इति यत्, दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] दोष लगाइने।

दूष्यम् (नपुं.) १.पालतम्बू। **दूष्यं त्रिषु दूषणीये क्लीबं वस्त्रे च तदगृहे**। (मेदिनी.) २.वस्त्र।

दूष्या (नपुं.) [*दूष्यते, दुष वैकृत्ये इति धातोः, ण्यन्तात् अचो यत् ३.१.१६ इति यत्, दोषो णौ ६.४.९० इति उपधायाः ऊत्वम्*] हात्तीमाथि हौदा कस्ने छालाको डोरी। **दूष्या कक्ष्या वरत्रा च** (अमर. २.८.४२)।

दृक् (पुं.वि.) [*पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, कर्तरि क्विन्*] निरीक्षक/द्रष्टा।

दृक् (स्त्री.) [*पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, यद्वा दृश्यतेऽनया, सम्पदादिभ्यः क्विप् ३.३.१०८ इति करणे क्विप्, क्विन्प्रत्ययस्य कुः इति बहुव्रीह्याश्रयणात् क्विप्यपि कुत्वम्*] १.आँखा/नजर/नेत्र २.बुद्धि ३.[*भावे क्विप्*] दर्शन/हेर्ने काम। **~कर्म** (नपुं.)ज्योतिषमा ग्रहको योग, चन्द्रमाको शृङ्गोन्नति, ग्रह वा नक्षत्रको उदय र अस्तको ज्ञान आदिको लागि ग्रहहरूलाई आफ्नो क्षितिजमा ल्याउन प्रयोग गरिने एक संस्कार वा क्रिया। **~काणः** (पुं.) फलित ज्यातिषअनुसार एक राशिको तेस्रो भाग, यो दश अंशको हुन्छ। **~क्षयः** (पुं.) धमिलो देख्नु। **~क्षेपः** (पुं.) १.नजर लगाउनु/हेर्नु २.दशमलग्नको नतांशको भुजज्या। यसको काम सूर्य ग्रहणको स्पष्टीकरणमा आउँछ।। **~शक्तिः** (स्त्री.) प्रकाशरूप चैतन्य आत्मा। **~श्रुतिः** (पुं.) सर्प। **~गणितम्** (नपुं.) ग्रहहरूको वेध गरेर गणित गर्नु। **~गणितैक्यम्** (नपुं.) कुनै समयमा ग्रहहरूको स्पष्ट गराई फेरि त्यसलाई वेध गरी मिलाएर हेर्नु र ग्रहहरूको वेध तथा स्पष्टतामा फरक नपर्ने गरी घटीबढी मिलाउनु। **~गतिः** (स्त्री.) १.आँखाको गति वा पहुँच २.दशम लग्नको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नतांशको कोटिज्या। **~गोचरः** (वि.) आँखाले देखिएको। **~गोलः** (पुं.) ऊर्ध्व स्वस्तिक र अधः स्वस्तिकमा जाने एक कल्पित ग्रह। यसलाई जता ग्रहको उदय हुन्छ उतै घुमाएर ग्रहस्थिति पता लगाइन्छ। **~जलम्** (नपुं.) आँसु। **~ज्या** (स्त्री.) दृग्गोलबाट जुन ग्रह जति पर रहन्छ त्यसलाई नतांश भनिन्छ र यसै नतांशको ज्यालाई दृग्ज्या भन्छन्। **~भक्तिः** (स्त्री.) प्रेमपूर्वकको हेराइ। **~लम्बनम्** (नपुं.) ग्रहण लागेको देखाउन सूर्य र चन्द्र गर्भाभिप्रायबाट एक सूत्रमा आउने, पृष्ठाभिप्रायबाट एक सूत्रमा नआउने भएमा पृष्ठाभिप्रायबाट एक सूत्रमा ल्याउन गरिने पूर्वापर संस्कार। **~नतिः** (स्त्री.) ग्रहण देखाउँदा सूर्यचन्द्रमाको जब अमान्त– काल स्पष्ट हुन्छ र गर्भाभिप्रायबाट एक सूत्रमा आउँछ तर पृष्ठाभिप्राय भने आउँदैन। त्यस बखत पृष्ठाभिप्रायबाट त्यसलाई एक सूत्रमा ल्याउन गरिने याम्योत्तर संस्कार। **~गोचरः** (पुं.) [*दृशोर्गोचरः, ष.त.*] आँखा अगिल्तिरको/ सामुन्नेको

दृक्श्रुतिः (पुं.) [*दृशौ श्रुती यस्य सः, बहु.स.*] सर्प (हला.६४०)।

दृग्वृत्तम् (नपुं.) [*दृग्गतं वृत्तम्, म.प.स.*] खमध्यबाट ग्रह हुँदै गएको वृत्त। यो चल वृत्त हो।

दृङ् (धा.) [*आदरे, सक.अनिट्, आत्म., प्रायेण अयं आङ्पूर्वकः*] आदर गर्नु। लट्– **आद्रियते–** आदर गर्छ। लिट्– **आदद्रे–** आदर गरेछ (अन.)। लुट्– **आदर्ता–** आदर गर्ने छ (अन.)। लृट्– **आदरिष्यते–** आदर गर्ने छ। लोट्– **आद्रियताम्–** आदर गरोस्। लङ्– **आद्रियत–** आदर गऱ्यो (अन.)। विधिलिङ्– **आद्रियेत–** आदर गर्ला, आदर गरोस्। आशीर्लिङ्– **आदृषीष्ट–** आदर गरोस्। लुङ्– **आदृत–** आदर गऱ्यो। लृङ्– **आदरिष्यत–** आदर गर्ने थियो इत्यादि।

दृङ्निरोधः (पुं.) [*दृशोर्निरोधः, ष.त.*] दृष्टिमा आएको कमजोरी।

दृढः (पुं.वि.) [*दर्हति, दर्हति स्म वा, दृह वृद्धौ इति धातोः, दृढः स्थूलबलयोः ७.२.२० इति साधुः*] १.मजबूत//बलियो २.पक्का/स्थिर ३.कडा/कठोर ४.(पुं.) ५.रूपकको भेद। **दृढः प्रौढोऽथ खचरो विभवश्चतुरक्रमः। निशारुकः प्रतितालः कथिताः सप्तरूपकाः॥** (सङ्गीतदामोदर) ६.तेह्रौ मनु, रौच्यका छोरा। **~निश्चयः** (पुं.) [*दृढश्चासौ निश्चयश्च, कर्म.स.*] नबदलिने अठोट वा निर्णय। **~प्रतिज्ञः** (पुं.वि.) [*दृढा प्रतिज्ञा यस्य सः, बहु.स.*] आफ्नो प्रतिज्ञामा अटल रहने वा आफ्नो कबुलबाट नडग्ने/दृढव्रत/दृढसन्ध।

दृढम् (नपुं.) [*दृह वृद्धौ इति धातोः दृढः स्थूलबलयोः ७.२.२० इति दृढे बलवति चार्थे निपात्यते*] १.बलियो २.ठुलो ३.कठोर।

दृढसन्धिः (पुं.) [*दृढः सन्धिः सन्धानमस्य*] १.अत्यन्त टाँसिएको २.राम्रोसित गाँसिएको ३.राम्रो मित्रता भएको।

दृढीकरणम् (नपुं.) [*अदृढं दृढं यथा सम्पद्यते तथा करणम्*] बलियो वा दृढ बनाउने काम।

दृढीभूतः (पुं.वि.) [*अदृढं दृढं यथा सम्पद्यते तथा भूतम्*] बलियो वा दृढ वा कसिलो भएको।

दृतिः (पुं.) [*दॄ विदारणे इति धातोः दॄणातेर्ह्रस्वश्च (उ.) इति तिः, ह्रस्वश्च*] १.खलाती २.माछो ३.गलकम्बल/माल। **सवत्सां पीवरीं दत्वा दृतिकण्ठामलङ्कृताम्। वैश्वदेवमसम्बाधं स्थानं श्रेष्ठं प्रपद्यते॥** (म.भा. १३.७९.१८) ४.मेघ (ऋग्वेद ७.१०३.२)।

दृप (धा.) [*उत्क्लेशे, सक.सेट्, पर.*] दुःख दिनु। लट्– **दृपति–** दुःख दिन्छ इत्यादि।

दृप (धा.) [*हर्षमोहनयोः, अक.वेट्, पर.*] प्रसन्न हुनु, गर्व गर्नु। लट्– **दृप्यति–** प्रसन्न हुन्छ, गर्व गर्छ इत्यादि।

दृब्धम् (नपुं.) [*दृभ्यते स्म, दृभी ग्रन्थे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] गुथिएको।

दृभ (धा.) [*सन्दर्भे, सक.सेट् उभ.*] सम्बन्ध जोड्नु, सन्दर्भ लगाउनु, डराउनु। लट्– **दर्भयति-ते–** सम्बन्ध जोड्छ, सन्दर्भ लगाउँछ, डराउँछ इत्यादि।

दृभी (धा.) [*ग्रन्थे, सक.सेट् उभ.*] सम्बन्ध जोड्नु, सन्दर्भ लगाउनु, डराउनु। लट्– **दर्भयति-ते–** सम्बन्ध जोड्छ, सन्दर्भ लगाउँछ, डराउँछ इत्यादि।

दृम्फ (धा.) [*उत्क्लेशे, सक.सेट् पर.*] पीडा दिनु। लट्– **दृम्फति–** पीडा दिन्छ इत्यादि।

दृम्भूः (पुं.) [*दधातीति, डुधाञ् धारणपोषणयोः इति धातोः, अन्दूदृम्भूजम्बूकफेलूकर्कन्धूदिधिषूः (उ.९६) इति सूत्रेण, कूप्रत्ययान्तो निपातः*] सर्प।

दृशिः (स्त्री.) [*दृश्यतेऽनया, दृशधातोः इन् (उ.) स च ङीत्, पक्षे ङीष् दृशी*] आँखा।

दृशिर् (धा.) [*प्रेक्षणे, सक.अनिट्, पर.*] हेर्नु। लट्– **पश्यति–** हेर्छ। लिट्– **ददर्श–** हेरेछ (अन.)। लुट्– **द्रष्य–** हेर्ने छ (अन.)। लृट्– **द्रक्ष्यति–** हेर्ने छ। लोट्– **पश्यतु–** हेरोस्। लङ्– **अपश्यत्–** हेऱ्यो (अन.)। विधिलिङ्– **पश्येत्–** हेर्ला, हेरोस्। आशीर्लिङ्– **दृश्यात्–** हेरोस्। लुङ्– **अदर्शत्– अद्राक्षीत्–** हेऱ्यो। लृङ्– **अद्रक्ष्यत्–** हेर्ने थियो इत्यादि।

दृश्यः (पुं.वि.) [*द्रष्टुं योग्यः, ऋदुपधाच्चाक्लृपिचृतेः ३.१.११० इति क्यप्*] १.हेर्न लायक २.अभिनेय।

दृश्यकाव्यम् (नपुं.) [*दृश्यञ्च तद् काव्यञ्च, कर्म.स.*] आँखाले प्रत्यक्ष हेरेर रसास्वाद लिइने काव्य। यसलाई दुई भागमा बाँडिएको छ– रूपक र उपरूपक। रूपकको प्रकार १० छ। उपरूपक १८ किसिमका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्यमानः (पुं.वि.) [*दृश्यते इति, लटः शतृशानचावप्रथमा समानाधिकरणे ३.२.१२४ इति शानच्*] देखिएको/दृष्टिगोचर भएको।

दृषद् (स्त्री.) [*दीर्यतेऽसौ इति दॄ विदारणे इति धातोः, दृणातेर्षुग्घ्रस्वश्च (उ.१३६) इति अदिः षुगादेशः, ह्रस्वश्च*] १ ढुङ्गा २.सिलौटो।

दृष्टः (पुं.वि.) [*दृश्यते स्म, दृशिर् प्रेक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] देखिएको।

दृष्टरजाः (स्त्री.) [*दृष्ट. रजो यस्याः सा, बहु.स.*] पहिलो पटक रजोवती भएकी स्त्री।

दृष्यन्तः (पुं.) [*दृष्टोऽन्त उदाहरणम्, यत्र सः*] १.उदाहरण/नमुना २.दुई वस्तुको बिच विम्बप्रतिविम्बभाव हुने गरी साहित्यमा प्रयुक्त अर्थालङ्कारविशेष। सादृश्यगर्भ गम्योपम्याश्रय वर्गको एक अर्थालङ्कार। उपमान वाक्य र उपमेय वाक्यको जहाँ विम्ब प्रतिविम्ब भाव हुन्छ, त्यहाँ यो अलङ्कार पर्दछ। **स्याद् विम्बप्रति– विम्बत्वं दृष्यन्तस्तदलङ्कृतिः** (सा.द.)।

दृष्टिः (स्त्री.) [*दृशिर् प्रेक्षणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति भावे क्तिन्*] १.अगाडिको वस्तुलाई आँखाले ठम्याउने काम/हेर्ने काम/अवलोकन। **दृष्टिपूतं न्यसेत् पादं वस्त्रपूतं पिबेज्जलम्।** (मनु. ६.४६) २.[*पश्यत्यनया, करणे क्तिन्*] आँखा ३.विचार। **~कोणः** [*दृष्टेः कोणः, ष.त.*] कुनै कुरालाई हेर्ने वा विचार गर्ने पक्ष। **~क्षेपः** (पुं.) [*दृष्टेः क्षेपः,ष.त.*] हेर्ने काम/अवलोकन/ दृष्टिपात/दृष्टिनिपात। **~गोचरः** (पुं.) [*दृष्टेः गोचरः, ष.त.*] आँखाद्वारा देखिएको/ प्रत्यक्ष/ दृष्टिगत/ सामुन्नेको। **~बन्धकः** (पुं.) लेनदेनमा ऋणीले धरौटीका रूपमा लेखिदिएको चल अचल सम्पत्ति। वस्तुको भोग गर्न नपाउने तर त्यसको बदलामा खाली ब्याज मात्र पाउने गरी लेखिएको तमसुक। **~विक्षेपः** (पुं.) [*दृष्टेर्विक्षेपः, ष.त.*] टेढो आँखाले हेर्नु/कटाक्ष। **~विभ्रमः** (पुं.) [*दृष्टेर्विभ्रमः, ष.त.*] प्रेमपूर्ण हेराइ।

दृष्टिदोषः (पुं.) [*दृष्टिगतो दोषः, म.प.स.*] १.आँखाको खरावी २.नकारात्मक सोचाइ।

दृष्टिभ्रमः (पुं.) [*दृष्टिगतो भ्रमः, म.प.स.*] एक वस्तुलाई अर्कै वस्तुका रूपमा देख्नु। जस्तै– डोरीमा सर्पको आभास। २.अस्तित्वविहीन वस्तु देख्नु।

दृह (धा.) [*वृद्धौ, सक.सेट्, पर.*] बढ्नु। लट्– **दर्हति–** बढ्छ इत्यादि।

दृहि (धा.) [*वृद्धौ, अक.सेट्, पर.*] बढ्नु। लट्– **दृंहति–** बढ्छ इत्यादि।

दॄ (धा.) [*भये, अक.सेट्, पर.*] डराउनु। लट्– **दरति–** डराउँछ इत्यादि।

दॄ (धा.) [*हिंसायाम्, सक.अनिट्, पर., ॠकारान्तः*] हिंसा गर्नु। लट्– **दृणोति–** हिंसा गर्छ इत्यादि।

दॄ (धा.) [*विदारणे, सक.सेट्, पर.*] चिर्नु। लट्– **दृणाति–** चिर्छ। लिट्– **ददार–** चिरेछ (अन.)। लुट्– **दरिता-दरीता–** चिर्ने छ (अन.)। लृट्– **दरिष्यति-दरीष्यति–** चिर्ने छ। लोट्– **दृणातु–** चिरोस्। लङ्– **अदृणात्–** चिऱ्यो (अन.) इत्यादि।

देङ् (धा.) [*रक्षणे, सक.अनिट्, आत्म.*] रक्षा गर्नु, पोषण गर्नु। लट्– **दयते–** रक्षा गर्छ, पोषण गर्छ इत्यादि।

देदीप्यमानः (पुं.वि.) [*अतिशयेन दीप्यते इति, यङि लटः स्थाने शानच्, मुक्*] धेरै चम्किलो/जाज्वल्यमान।

देवः (पुं.) [*दीव्यति आनन्देन क्रीडति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः, ३.१.१३४ इति अच्*] १.देवता।

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये।
भावेषु विद्यते देवस्तस्माद् भावो हि कारणम्॥ (सुभा.)

२.नाटकमा राजालाई गरिने सम्बोधन ३.मेघ ४.इन्द्र ५.पारो ६.ब्राह्मणको उपाधिविशेष ७.महादेव ८.विष्णु। **~ऋणम्** (नपुं.) ऋणत्रयमध्ये एक ऋण। **~कर्म** (नपुं.) [*देवस्य कर्म, ष.त.*] देवताहरूलाई प्रसन्न तुल्याउन गरिने यज्ञ, पूजा आदि देवकार्य। **~कल्पः** (पुं.वि.) [*सदृशार्थे कल्पप्*] देवताको कोटिमा पुगेको देवतातुल्य। **~गणः** (पुं.) १.देवताहरूको बेग्लाबेग्लै समूह, जसमध्ये आठ वसु, एघार रुद्र, बाह्र आदित्य, इन्द्र र प्रजापति समेत ३३ देवता हुन्छन्। त्यस्तै तिस तुषित, दश विश्वदेवा, बाह्र साध्य, चौसठ्ठी आभास्वरी, उनन्चास मरुत, दुईसय बिस महाराजिक समेत ३८५ देवता हुन्छन्। २.फलित ज्योतिषअनुसार नक्षत्रहरूको समूह, ३.देवताको अनुचर। **~गणिका** (स्त्री.) अप्सरा। **~गतिः** (स्त्री.) मरेपछि स्वर्ग जाने काम। **~तरुः** (पुं.) मन्दार, पारिजात, सन्तान, कल्पवृक्ष र हरिचन्दन यी पाँचथरी रुखहरू। कसैको मतमा पीपल समेत छथरी देवतरु मानिएका छन्।

पञ्चैते देवतरवो मन्दारः पारिजातकः।
सन्तानः कल्पवृक्षश्च पुंसि वा हरिचन्दनम्॥ (अमर.)

~दूतः (पुं.) [*देवानां दूतः, ष.त.*] ईश्वरका दूत। **~नागरी** स्त्री.) १.नेपालको राष्ट्रिय लिपि २.संस्कृत, नेपाली, हिन्दी आदि लेखिने लिपि। **~पत्तनम्** (नपुं.) १.सौराष्ट्र देशमा पर्ने सोमनाथ शिवको क्षेत्र २.काठमाडौँमा पशुपतिनाथको मन्दिरको वरिपरिको क्षेत्र। **~भाषा** (स्त्री.) [*देवानां भाषा, ष.त.*] संस्कृत भाषा। **~स्वम्** (नपुं.) [*देवानां स्वम्, ष.त.*] १.देवतालाई चढाएको सम्पत्ति २.धार्मिक कार्य सञ्चालनार्थ चढाएको वा दान गरिएको सम्पत्ति/मन्दिरको पूजापाठको खर्च पुरताल गर्न राखिएको केही सम्पत्ति/गुठी। देववाचक शब्दको पछाडी वाणीवाचक शब्द जोडे पछि संस्कृतभाषा भन्ने अर्थबोध हुन्छ जस्तै– **सुरभारती, गीर्वाणवाणी** आदि।

देवकी (स्त्री.) [*देवकस्य नृपतेरात्मजा पुंयोगे केकयीतिवद् ङीप्*] वसुदेवकी पत्नी/कृष्णकी आमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवकीनन्दनः (पुं.) [*देवक्याः नन्दनः ष.त., देवकशब्दस्य तदपत्ये लक्षणया वृत्तौ, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्, नहि तत्र दाम्पत्यलक्षण एव पुंयोगः, किन्तु जन्यत्वाद्यपि इति हरदत्तादयः*] कृष्ण।

देवकुमारिका (स्त्री.) यी संस्कृतकी कवयित्री हुन्। उदयपुरका राणा अम्बरसिंहकी पत्नीको रूपमा परिचित यिनको समय अठारौँ शताब्दी हो। यिनले वैद्यनाथप्रसादशस्ति नामक ग्रन्थको रचना गरेकी छन्। यस ग्रन्थमा १४२ पद्य छन्। ग्रन्थ पाँच प्रकरणमा विभक्त छ। पहिलो प्रकरणमा राणा संग्राम सिंहको अभिषेकको वर्णन छ। बाँकी प्रकरणहरूमा मन्दिरको प्रतिष्ठासम्बन्धी चर्चा छ। यिनको काव्यशैली सरल तथा प्रासादगुणयुक्त देखिन्छ।

देवकुसुमम् (नपुं.) [*देवानां कुसुमम्, कुसुमेषु देव इव वा, राजदन्तादिषु परम् २.२.३१ इति परनिपातः*] ल्वाङ्।

देवखातम् (नपुं.) [*देवेन देवैर्वा खातम्, तृ.त.*] १.स्वतःनिर्मित गुफा २.आफैं बनेको ताल। **नदीषु देवखातेषु तडागेषु सरःसु च। स्नानै समाचरन्नित्यं गर्तप्रस्रवणेषु च॥** (मनु.४.२०३)

देवगान्धारी (स्त्री.) श्रीरागकी एक पत्नी। यसको गानको समय शिशिर ऋतुको तेस्रो प्रहरदेखि आधा रातसम्म हो।

देवगिरिः (पुं.) [*देवानां गिरिः, ष.त.*] हिमालय।

देवगिरी (स्त्री.) रागिणीविशेष। वसन्तरागकी भार्या। यो रागिणी वसन्त ऋतुमा सबै समयमा र ग्रीष्म ऋतुमा दिनको चौथो प्रहरदेखि आधा रातसम्म गाइन्छ।

देवचिकित्सकौ (पुं.द्वि.) [*देवस्य चिकित्सकौ, ष.त.*] देवताका वैद्य/अश्विनीकुमार। **नासत्यावश्विनौ दस्रौ ख्यातौ देवचिकित्सकौ** (हला.८४)।

देवच्छन्दः (पुं.) [*देवैश्छन्द्यते, छदि संवरणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.दाना भएको हार २.शस्त्रविशेष ३.ध्वजाको दण्ड ४.लट्ठीविशेष।

देवजग्धकम् (नपुं.) [*देवैरद्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः, अदो जग्धिर्ल्यप्ति किति २.४.३६ इति जग्धादेशः*] घाँसविशेष।

देवता (स्त्री.) [*देव एव देवता, देवात्तल् ५.४.२७ इति तल्, टाप् ४.१.४*] १.इन्द्रिय २.अदिति र कश्यप ऋषिबाट जन्मिएका स्वर्गमा रहने अमर प्राणी। **एवं विदितवृत्तान्ते देवतानां गणे तदा। पितृणां प्रभवाल्लेभे मेषस्य वृषणं वृषा॥** (च.रा.) ऋग्वेदमा प्रजापति १, इन्द्र १, आदित्य १२, वसु ८, रुद्र ११ समेत ३३ देवताको उल्लेख छ। यी बाहेक अरू देवता धेरै छन्। सृष्टिको क्रममा एक कल्पमा १४ मनुहरू हुन्छन्। ती मनुहरूको पालामा रहेका देवताहरू पनि फरक फरक छन्। तिनको विवरण तालिका—

मनुको नाम	देवता
स्वायम्भुव	तुषिता
स्वारोचिष	पारावततुषिता।
उत्तम	स्वधा, सत्य, शौच, प्रतर्दन, वशवर्त्ति।
तामस	सत्या, सुधिय, सुरूपा, हरय।
रैवत	सुमेधा, भूतनय, वैकुण्ठ, अमिताभ।
चाक्षुष	आप्य, प्रसुता, भव्ययुथगा, लेखसंज्ञा।
वैवस्वत	आदित्य, वसु, रुद्र, साध्य, विश्वेदेवा, मरुद्ज, भृगव, अङ्गिरस, भृगुपुत्र
सावर्णि	सतुप तप, जप, शक्र, व्यूति, ज्योति, प्रभाकर, प्रभासदयित, धर्म, तेजोरश्मि, वक्रतुण्ड आदि २० अमिताभ (प्रभु, विभु, विभासा आदि २०) मुख्यदम, दान्त, अत, सोम, वित्त आदि।
दक्षपुत्रसावर्णि	पारा, मरीचि, भर्ग, सुधर्मा आदि १२
ब्रह्मपुत्रसावर्णि	सुखासीना, निरुद्धा, शान्ति सुधर्मा आदि १२
धर्मपुत्रसावर्णि	(मुहूर्त), निर्माणरति (मास, ऋतु र दिन आदि) विहङ्गम (रात्री), वृक्षकामगा
रुद्रसावर्णि	सुधर्मा, सुमनस, हरिण, रोहित, सुवर्णा आदि।
रौच्य	सुधर्मा, सुकर्मा।
भौत्य	चाक्षुषा, कनिष्ठा, पवित्रा, भाजिरा, धारवृका।

देवतात्मा (पुं.) [*देवता आत्मा (स्वरूपं) यस्य सः, बहु.स.*] देव स्वरूप। **अस्त्युत्तरस्यां दिशि देवतात्मा** (कुमा.१.१)।

देवताध्यायब्राह्मणम् (नपुं.) यो सामवेदको ब्राह्मणग्रन्थ हो। यो तीन खण्डमा विभक्त छ। प्रथम खण्डमा सामवेदमा वर्णित देवताहरूको नामको उल्लेख छ। दोस्रो खण्डमा छन्दका देवता र वर्णको निरूपण छ। तेस्रो खण्डमा छन्दको विवेचना गरिएको छ।

देवतायतनम् (नपुं.) [*देवातानामायतनम्, ष.त.*] देवालय।

देवदत्तीयः (पुं.) [*देवदत्तस्यायम्, वा नामधेयस्य वृद्धसंज्ञा वक्तव्या (वा.) १.१.७५ इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः, अलोपः*] देवदत्तसम्बन्धी/देवदत्तको।

देवदारुः (पुं.) [*देवस्य दारुः ष.त.*] सल्लाको रुख।

देवनः (पुं.) [*दिव्यन्ति येन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पाशा।

देवनम् (नपुं.) [*दिवु मर्दने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.मर्दन गर्नु २.पीडा दिनु।

देवनागरी (स्त्री.) संस्कृत, नेपाली आदि भाषाहरू जसमा लेखिन्छन् त्यो लिपि। नेपालको राष्ट्रिय लिपि। यो लिपि ब्राह्मीलिपिबाट कुटिललिपि हुँदै विकसित भएको लिपि हो। यो लिपि वैज्ञानिक छ। जस्तो बोलिन्छ, प्रायः त्यस्तै लेखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवपथः (पुं.) [*देवानां पन्थाः, ष.त., देवपथ इव, इवे प्रतिकृतौ इति कन्, देवपथादिभ्यश्च ५.३.१०० इति कनो लुप्*] मन्दिर वा पुण्यक्षेत्रमा जाने बाटो।

देवप्रयागः (पुं.) [*देवानां प्रकृष्ट्ये यागोऽत्र*] अलकनन्दा र भागीरथीको सङ्गमस्थल। भारतको टिहरी जिल्लामा पर्ने एक तीर्थ। यहाँबाट बद्रीनाथ जाने सोझो बाटो छ। तीर्थयात्रीहरूले यहाँ श्राद्ध गर्छन्।

देवभूयम् (नपुं.) [*देवस्य भावः, भुवो भावे ३.१.१०७ इति क्यप्*] देवतामा लीन हुनु। **विदितमेव हि भवतां शिवतातिमेव मतिं दधाना सुपथा सञ्चरमाणाः प्राणिनां दयमानमानसा मानधनाः ....परां निर्वृत्तिमुपेत्य देवभूयं गताः सर्वेऽपि नः पूर्वपुरुषाः** (च.रा.)।

देवमातृकः (पुं.) [*देवो माता अस्य, नद्यृतश्च ५.४.१५३ इति कन्*] वर्षाको पानीले मात्र आत्मनिर्भर भएको देश।

देवमातृका (स्त्री.) सोह्रवटी (मातृका) देवीहरू। यिनका नाम यस प्रकार छन्– गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, माता, लोकमाता, धृति, पुष्टि, तुष्टि र कुलदेवता।

देवयानी (स्त्री.) ययातिराजाकी जेठी रानी। यिनका यदु र दुर्वसु नामका दुई छोरा थिए। यिनको पिताको नाम शुक्राचार्य, माताको नाम ऊर्जस्वती हो। ऊर्जस्वती प्रियव्रत राजाकी छोरी हुन्।

देवयुः (पुं.) [*देवान् सुरान् याति प्राप्नोति, या प्रापणे इति धातोः, मृगय्वादयश्च (उ.३७) इति सूत्रेण कुप्रत्ययान्तो निपातः*] धार्मिक/धर्मात्मा।

देवयुगम् (नपुं.) [*देवानां युगम्, ष.त.*] मानिसका सत्य, त्रेता, द्वापर र कलि नामक चार युग/एक महायुग।

देवयोनयः (पुं.) [*देवा योनिः उत्पत्तिकारणं येषान्ते, बहु.स.*]देवताको विशेष अंशस्वरूप दशथरी समूह– विद्याधर, अप्सरा, यक्ष, राक्षस, गन्धर्व, किन्नर, पिशाच, गुह्यक, सिद्ध र भूत।

विद्याधराऽप्सरो यक्षरक्षोगन्धर्वकिन्नराः।
पिशाचो गुह्यकः, सिद्धो भूतोऽमी देवयोनयः॥
(अमर.१.१.११)

देवरः (पुं.) [*दीव्यति क्रीडादिकं करोतीति, दिवु क्रीडादौ इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ. ४१९) इति अरप्रत्ययः*] पतिको भाइ।

देवरथः (पुं.) [*देवानां रथः, ष.त.*] पुष्पक आदि विमान। **देवतार्थो देवरथः** (हला.४४६)।

देवर्षिः (पुं.) [*देवश्चसौ ऋषिश्च, कर्म.स.*] देवलोकमा प्रतिष्ठा पाएका ऋषि। भूत भविष्यत् र वर्तमानको ज्ञान भएका, सत्य बोल्ने, परमज्ञानी, आफ्नो इच्छाले संसारमा सम्बन्ध राख्ने, तपस्याले प्रसिद्ध, ज्ञान दिने, मन्त्र जान्ने, अष्टसिद्धिले सबै ठाउँमा पुग्न सक्ने र सधैँ ऋषिहरूले घेरिएर रहने, देवता, ब्राह्मण वा राजा। **मुख्य देवर्षिहरूको नाम–** धर्मका छोरा– **नरनारायण,** ऋतुका छोरा– **बालखिल्य,** पुलहका छोरा– **कर्दम,** कश्यपका छोरा– **पर्वत** र **नारद**। देवतालाई पनि अधीनमा राख्न सक्ने हुँदा यिनीहरूलाई देवर्षि भनिएको हो। **देवलोकप्रतिष्ठाश्च ज्ञेया देवर्षयः स्मृताः। देवर्षयस्तथाऽन्ये च तेषां वक्ष्यामि लक्षणम्॥ भूतं भव्यं भवज्ज्ञानं सत्याभिव्याहृतं तथा। सम्बुद्धास्तु स्वयं ये च सम्बद्धा येन वै स्वयम्। तपसेह प्रसिद्धा ये गर्भे यैश्च प्रणोदितम्। मन्त्रव्याहारिणो ये च ऐश्वर्यात्सर्वगाश्च ये॥ इत्येते ऋषिभिर्युक्ता देवद्विजनृपास्तु ये। देवर्षिर्धर्मपुत्रस्तु नरनारायणावुभौ। बालखिल्याः ऋतोः पुत्राः, कर्दमः पुलहस्य तु॥ पर्वतो नारदश्चैव कश्यपस्यात्मजावुभौ। ऋषन्ति देवा यस्मात्ते तस्माद् देवर्षयः स्मृताः॥** (वायुपु.)

देवलः (पुं.) [*देवानपि जीविकार्थे लाति स्वायत्तीकरोतीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः*] १.देवताको मूर्ति रहेको मन्दिर/देवालय/देवागार २.पर्खाल।

देववर्द्धकिः (पुं.) [*देवानां वर्द्धकिः, ष.त.*] विश्वकर्मा।

देववाणी (स्त्री.) [*देवानां तेषां कृते वाणी भाषा*] १.संस्कृत भाषा २.आकाशवाणी।

देवसभा (स्त्री.) [*सह भान्त्यस्याम्, सभाराजामनुष्यपूर्वा २.४.२३ इति निपातनादङ्, देवानां सभा, आस्थानगृहम्, ष.त.*] देवताको सभा /सुधर्मा। **स्यात् सुधर्मा देवसभा** (अमर.१.१.४८)।

देवा (पुं.) [*दीव्यति क्रीडादिकं करोतीति, दिवु क्रीडा विजिगीषादौ इति धातोः, दिवेर्ऋः (उ.२६४) इति ऋः, गुणः*] १.देवर २.जेठाजु। **स्वामिनो देवृदेवरौ** (मेदिनी)।

देवागारिकः (पुं.) [*देवागारे नियुक्तः, आगारान्ताट्ठन् ४.४.७० इति ठन्, ठस्य इकः, आलोपः*] देव मन्दिरको व्यवस्थाका लागि नियुक्त।

देवाङ्गना (स्त्री.) [*देवानामङ्गना, ष.त.*] अप्सरा/देवताकी स्त्री।

देवाजीवी (पुं.) [*देवैराजीवितुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] पाठ– पूजा गरेर जीविका चलाउने मानिस।

देवालयः (पुं.) [*देवानामालयः, ष.त.*] देवल/मन्दिर।

देवाश्वः (पुं.) [*देवस्य इन्द्रस्य अश्वः, ष.त.*] उच्चैःश्रवा/इन्द्रको घोडा। **उच्चैश्रवास्तु देवाश्वः** (हला.६१)।

देवी (स्त्री.) [*दीव्यतीति, दिव् धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टित्वान् ङीप् ४.१.१५ इति ङीप्*] १.भगवती दुर्गा र उनका सबै अवतार। २.देवताकी स्त्री/देवाङ्गना ३.राजमहिषी ४.मरुई लहरो ५.कपूरपाती ६.उपनाम। जस्तै– विमला देवी, यशोदा देवी। **देव्यन्ता हि स्त्रियो मताः।** (उद्वाहतत्त्व) ७.अथर्ववेदीय उपनिषद्विशेष **~मन्दिरम्** (नपुं.) भगवतीको मन्दिर। नेपालका प्रमुख देवी, तिनका मन्दिर र स्थान–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवीको नाम	स्थान
अन्नपूर्णा	असन, काठमाडौं
अन्नपूर्णा (पाथीभरा)	ताप्लेजुङ
अम्बिकेश्वरी	घोराही, दाङ
अम्बेश्वरी	दाङ
आलमदेवी	स्याङ्जा
इच्छाकामना	गोरखा
इन्द्रायणी	मनमैजु, काठमाडौं
इमादेवीस्थान	पाँचथर
उग्रतारा भगवती	डडेलधुरा
कनकसुन्दरी	जुम्ला
कन्काइ माई	झापा
कमला माई	कमलाखुंज, सिन्धुली
कालिका	छिल्लीकोट, दाङ
कालिकादेवी	रुकुम
कालिका मन्दिर	लम्जुङ
कालिका मन्दिर	मोरङ
कालिकास्थान	डिल्लीबजार, काठमाडौं
कालिन्चोक भगवती	दोलखा
काली मन्दिर	कालीकोट
कुमारी वही	काठमाडौं
खाँडादेवी	रामेछाप
खाँडादेवी	रामेछाप, तिल्केस्थान
खैरावाङ भगवती	सल्यान
गढीमाई	पाँचथर
गढीमाई	बारा
गजुरमुखी देवी	इलाम
गुणादी वाराही	जामुने, तनहूँ
गुमु कालिका	दोलखा
गुह्येश्वरी	काठमाडौं
गोरखकाली मन्दिर	गोरखा
गौखुरेदेवी	तेह्रथुम
चण्डिका भगवती	तेह्रथुम
चण्डेश्वरी	वनेपा, काभ्रे
चन्द्रिका भगवती	सप्तरी
चम्पादेवी	ओखलढुङ्गा
चुरियामाई	मकवानपुर
छायाछत्रेश्वरी	मकवानपुर
छिन्ताङ देवी	धनकुट्टा
जलजलादेवी	रोल्पा
जानकी मन्दिर	जनकपुर, धनुषा
जाल्पादेवी	बझाङ
जालपादेवी	नुवाकोट
ज्वालादेवी	धनकुट्टा
ढोरवाराही	हिलेटार, काठमाडौं
तलेजु मन्दिर	हनुमान् ढोका, काठमाडौं
तालवाराही	पोखरा, कास्की
त्रिपुरासुन्दरी	अछाम
त्रिपुरासुन्दरी	वैतडी
त्रिपुरासुन्दरी	सिन्धुपाल्चोक
तलेजुभवानी	भक्तपुर
दक्षिणकाली	काठमाडौं
दक्षिणकाली	धनकुटा
दन्तकाली	सुनसरी
दरबारदेवीस्थान	गुल्मी
दाउन्नेदेवी	नवलपरासी
दीव्येश्वरी (गुह्यकाली)	लोकन्थली, भक्तपुर
देवी मन्दिर	सल्यान
देवीस्थान	भलुवाजोर, रामेछाप
देहिमाण्डो भगवती	वैतडी
धूमवराही	काठमाडौं
नक्साल भगवती	काठमाडौं
नरदेवी	काठमाडौं
नवदुर्गा मन्दिर	भक्तपुर
नाटेश्वरी	बाजुरा
निशान भगवती	सदरमुकाम, धनकुटा
न्यातपोल मन्दिर (सिद्धिलक्ष्मी)	भक्तपुर
पञ्चकन्या	सुनसरी
पञ्चदेवीस्थान (यसमा शिवशक्ति दुवै छन्)	दैलेख
क– ज्वालादेवी (शिरस्थान)	नाभिखोला र छामगाड खोलाको दोभान
ख– ज्वालामाई (नाभिस्थान)	पश्चिम गमौडी, नात्री खोलाको किनार
ग– ज्वाला मन्दिर (पादुकास्थान)	भैरवीखोलाको किनार
घ– कोटिला (सतीदेवीको कोठी पतन भएको स्थल)	सरस्वती गा.वि.स.
ङ– धुलीश्वरी (धुलो पतन भएको)	नाभिखोलाको किनार, बडलोजी
पलान्चोक भगवती	काभ्रेपलान्चोक
पाथीभरा (प्रसिद्ध पाथीभराको प्रतीक)	धनकुटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बक्केश्वरी	गोरखा
बगलामुखी	पाटन, ललितपुर
बालात्रिपुरासुन्दरी	डोल्पा
बिन्दुवासिनी	पोखरा, कास्की
बिर्तामाई मन्दिर	पर्सा
भगवती मन्दिर	सर्लाही
भगवती/माइथान	बागलुङ
भद्रकाली	काठमाडौँ
भद्रकाली	सिन्धुली
भुवनेश्वरी	सल्यान
भैरवी मन्दिर	नुवाकोट
मङ्गला देवी	सङ्खुवासभा
मनकामना	गोरखा
मनकामना	सङ्खुवासभा
माई मन्दिर,	वीरगन्ज, पर्सा
महाकाली	चरिकोट
मायादेवी	लुम्बिनी
मालिका	छिल्लीकोट, दाङ
मालिका	बाजुरा
मेलौली भगवती	वैतडी
मैतीदेवी	काठमाडौँ
मौलाकालिका	नवलपरासी
रक्तकाली	काठमाडौँ
राजदेवी	धनुषा
राजदेवी	धनकुटा
राजदेवी मन्दिर	सप्तरी
वज्रबाराही	ललितपुर
वागीश्वरी	बाँके
वाराही मन्दिर,	छाब्दी, तनहूँ
विजयेश्वरी	रुकुम
विन्ध्यवासिनी	पर्सा
वैष्णवी देवी	ललितपुर
शिवकाली	प्यूठान
शिवधारा, पार्वतीगुफा	पाँचथर
शैलेश्वरी मन्दिर	डोटी
श्रीपञ्चमी मन्दिर	धनकुटा
श्वेतवाराही	ललितपुर
सङ्कटा	पनौती, काभ्रेपलान्चोक
सङ्कटा मन्दिर	काठमाडौँ
सल्यानकोट भगवती	धादिङ
सिंहदेवी मन्दिर	फिदिम, पाँचथर
सिंहवाहिनी भगवती	तेह्रथुम
सिद्धकाली	पाँचथर
सिद्धकाली	भोजपुर
सिद्धकाली भगवती	सङ्खुवासभा
सिद्धदेवी	थाक्ले, पाँचथर
सिद्धलक्ष्मीदेवी	भक्तपुर
सिद्धस्थान शक्तिपीठ	पाँचथर
सिद्धिदात्री भगवती	तेह्रथुम
सिद्धेश्वरी	दाङ
सुन्द्रावती	दोलखा
स्वस्थानी	शालीनदी साँखु काठमाडौँ इत्यादि

~पुराणम् (नपुं.) [*देव्या प्रोक्तं पुराणम्, म.प.स.*] देवीले बताएको पुराण, अठार उपपुराणमध्येको एक उपपुराण।

~माहात्म्यम् (नपुं.) [*देव्याः माहात्म्यम्, ष.त.*] १.भगवती दुर्गाको माहात्म्य २.भगवती दुर्गाको महत्त्व बखान गरिएको कृति।

देवीभागवतम् (नपुं.) देवी वा शक्तिको नाममा प्रचलित एक पुराण। यसलाई कसैले महापुराण र कसैले उपपुराणको रूपमा समावेश गरेका छन्। यसमा १८००० श्लोक र १२ स्कन्ध छन्। पद्मपुराण, विष्णुपुराण, ब्रह्मवैवर्तपुराण आदि पुराणहरूमा देवीभागवतको महात्म्य समावेश भएको छ। देवीभागवत सरल हुनाको साथै भावपक्षको प्राधान्य भएको पुराण हो।

देवृ (पुं.) [*देवने, अक.सेट्, आत्म.*] क्रीडा गर्नु। लट्– **देवते–** क्रीडा गर्छ। लिट्– **दिदेवे–** क्रीडा गरेछ (अन.)। लुट्– **देविता–** क्रीडा गर्ने छ (अन.)। लृट्– **देविष्यते–** क्रीडा गर्ने छ। लोट्– **देवताम्–** क्रीडा गरोस्। लङ्– **अदेवत–** क्रीडा गऱ्यो (अन.)। विधिलिङ्– **देवेत–** क्रीडा गर्ला, क्रीडा गरोस्। आशीर्लिङ्– **देविषीष्ट–** क्रीडा गरोस्। लुङ्– **अदेविष्ट–** क्रीडा गऱ्यो। लृङ्– **अदेविष्यत्–** क्रीडा गर्ने थियो इत्यादि।

देवेन्द्रः (पुं.) [*देवानामिन्द्रः, ष.त.*] देवताका अधिपति/इन्द्र।

देशः (पुं.) [*दिशति निर्दिशति इति, दिश अतिसर्जने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा दिश्यते इति, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] मुलुक, राष्ट्र, गाउँ र सहरसहितको विशिष्ट भूभाग।

यस्तु सञ्चरते देशान् यस्तु सेवेत पण्डितान्।
तस्य विस्तारिता बुद्धिस्तैलविन्दुरिवाम्भसि॥ (सुभा.)
देशे देशे कलत्राणि देशे देशे च बन्धवाः।
तं देशं नैव पश्यामि यत्र भ्राता सहोदरः॥ (रामा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~द्रोही (पुं.वि.) [*देशेभ्यो द्रुह्यतीति, द्रुहधातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] आफ्नो देशप्रति अनिष्ट चिताउने अनि प्रतिहिंसाको भावना राख्ने।

देशजः (पुं.वि.) [*देशे जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] १.आफ्नै देशमा उत्पन्न भएको २.(पुं.) बोलचालको भाषामा स्वतः उत्पन्न भएको शब्द।

देशविभागः (पुं.) काव्यमा देशमा प्रचलित व्यवस्थाको विपरीत हुने गरी कुनै रचना रचियो भने त्यसलाई दोष मानिन्छ। त्यसैले कविलाई देशका विभिन्न रीति, धर्म, संस्कृति, इतिहास, भूगोल आदिको ज्ञान हुनु जरुरी छ। राजशेखरले काव्यमीमांसाको सत्रौँ अध्यायमा देशविभागको वर्णन गरेका छन्।

देशाचारः (पुं.) [*देशस्याचारः, ष.त.*] देशमा पहिलेदेखि चलिआएको रीतिरिवाज/आचारव्यवहार।

देशाटनम् (नपुं.) [*देशानामटनम्, ष.त.*] विभिन्न देशहरूमा भ्रमण गर्नु, देशदेशावर घुम्नु। **देशाटनं पण्डितमित्रता च** (नीति.)।

देशान्तरम् (नपुं.) [*अन्यो देशः, मयूरव्यंसकादित्वात् समासः*] १.ठाउँको अन्तर।

वाचो यत्र विवेद्यन्ते गिरिर्वा व्यवधायकः।
महानद्यन्तरं यत्र तद्देशान्तरमुच्यते॥

२.फरक देश ३.सुमेरू र लङ्काको बिचमा रहेको रेखादेशबाट पूर्वपश्चिम रहेका स्थलहरूमा पर्न जाने अन्तर/रेखादेश र आफ्नो अभीष्ट देशको अन्तर। यो पूर्व र पश्चिमका भेदले दुई प्रकारको हुन्छ। आफ्नो अभीष्टदेश रेखादेशदेखि पूर्व भएमा पूर्वदेशान्तर तथा पश्चिम भएमा पश्चिम देशान्तर हुन्छ। यो अंशात्मक र योजनात्मक हुन्छ। अर्को शब्दमा स्वयाम्योत्तर रेखा र मध्यरेखाको अन्तर नै देशान्तर हो।

स्वयाम्योत्तररेखाया अन्तरं मध्यरेखया।
ज्ञेयं देशान्तरं तत्र पूर्वापरन्तदन्तरम्॥ (खगोलपरिभाषा)

~गमनम् (नपुं.) [*अन्यो देशः,तत्र गमनम्*] एक देशबाट अर्को देशमा जानु। **~गामी** (पुं.वि.) [*देशान्तरं गन्तुं शीलमस्य, णिनिः*] अर्को देशमा जाने। **~रेखा** (स्त्री.) [*देशान्तरस्य रेखा, ष.त.*] भूगोलमा पृथ्वीलाई ३६०° देशान्तरमा बाँडिएको छ। उत्तर ध्रुव र दक्षिण ध्रुव जोडिने गरी प्रत्येक देशान्तरबाट रेखाहरू खिचिएको कल्पना छ। यी रेखाहरू पनि ३६० वटा हुन्छन्। यस्ता काल्पनिक रेखालाई देशान्तररेखा भनिन्छ।

देशोपदेशः (पुं.) क्षमेन्द्रद्वारा रचित एक व्यङ्ग्यकाव्य। यसमा कविले तत्कालिक काश्मीरी समाज र शासकवर्गलाई रसिलो भाषामा प्रभावकारी ढङ्गबाट व्यङ्ग्व्य प्रहार गरेका छन्। यसमा ८ उपदेश छन्। पहिलो उपदेशमा दुर्जनको वर्णन छ। दोस्रोमा कृपणीको वर्णन छ। चौथो उपदेशमा कुटिनीहरूका काला कर्तुतहरूको चर्चा छ। पाँचौं उपदेशमा बिट र छैटौं उपदेशमा गौड देशका विद्यार्थीहरूका चरित्रको भण्डाफोर गरिएको छ। सातौं उपदेशमा कुनै बुढो सेठको तरुनी आइमाईसित भएको प्रेमलीलाको वर्णन छ। अन्तिम उपदेशमा वैद्य, कवि, बनिया, गुरु, कायस्थ आदिको व्यङ्ग्य चित्र उतारिएको छ।

देहः (पुं./नपुं.) [*देग्धि प्रतिदिनम्, दिह उपचये इति धातोः पचाद्यच्*] शरीर।

धनानि भूमौ पशवश्च गोष्ठे
भार्या गृहद्वारि जनः श्मशाने।
देहश्चितायां परलोकमार्गे
कर्मानुगो गच्छति जीव एकः॥ (सुभा.)

~कर्ता (पुं.) [*देहस्य कर्ता, ष.त.*] १.सूर्य २.परमात्मा ३.पिता। **~क्षयः** (पुं.) [*देहस्य क्षयो यस्मात्, बहु.स.*] १.क्षय रोग २.[*देहस्य क्षयः,ष.त.*]शरीरको नाश। **~गतः** (पुं.वि.) [*देहं गतः, द्वि.त.*]शरीरमा भएको। **~जः** (पुं.) [*देहात् जातः, जनी प्रादुर्भावे इति डः*] छोरो। **~त्यागः** (पुं.) [*देहस्य त्यागः, ष.त.*] मृत्यु।**~धारणम्** (नपुं.) [*देहस्य धारणम्, ष.त.*] जन्म **~धारी** (पुं.वि.) [*देहं धारयितुं शीलमस्य*] शरीरधारी।

देहपीठम् (नपुं.) वज्रयानी सिद्धहरूको साधनाकेन्द्रमा जालन्धर, कामरूप, ओडियान र श्रीहट्ट प्रमुख तन्त्रपीठहरू रहन्छन्। बौद्ध हठयोगको साधनामा यी पीठहरूलाई देहपीठ मानिएको छ।

देहान्तरप्रवेशः (पुं.) [*अन्यो देहः, देहान्तरः, तस्मिन् प्रवेशः, स.त.*] जीवात्माले एक शरीरलाई छोडेर अर्को शरीरमा प्रवेश गर्ने काम।

देहलिः (पुं.) [*देहनम्, दिह उपचये (लेपनार्थे) इति धातोर्भावे घञ् देहो लेपः, तं लातीति, बाहुलकात् किः*] दहिलाको ठेलो।

देहली (स्त्री.) [*कृदिकारादक्तिनः, इति पक्षे ङीष्*] दहिलो/द्वारको अग्रभाग। नेपालीमा दहिलो शब्दले दुई अर्थ दिन्छ। १.ढोका–दैलो लगाऊ। २.ढोका अड्याउन राखिएको जगतिरको ठेलोसहितको चौकी आकारको भूभाग–दैलो पोत। संस्कृतको देहली शब्द दोस्रो अर्थमा प्रयुक्त छ।

देही (पुं.वि.) [*देहमस्यास्तीति, अत इनिठनौ इति इनिः*] शरीरधारी।

दैतेयः (पुं.बहु.) [*दितेरपत्यम्, ङीबन्ताद्, दितिशब्दात्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] दैत्य।

दैत्यः (पुं.) [*दितेरपत्यम्, दित्यदित्यादित्यपत्युत्तरपदाण्ण्यः ४.१.८५ इति ण्यः, तद्धितेष्वचामादेः ७.३.११७ इति वृद्धिः, इकारलोपः, प्रायोणायं बहुवचने प्रयोगः*] १.राक्षस/दितिको सन्तान। **~गुरुः** (पुं.) [*दैत्यानां गुरुः, ष.त.*] शुक्राचार्य/राक्षसका गुरु। **~माता** (स्त्री.) दिति।

दैत्या (स्त्री.) [*दितेरियम्, दित्यादित्यादित्यपत्युत्तरपदाण्ण्यः ४.१.८५ इति ण्यः, टाप् ४.१.४ इति टाप्*] १.जटामसी २.दैत्यकी छोरी।

दैत्यारिः (पुं.) [*दैत्यानामरिः, ष.त.*] १.दैत्यका शत्रु २.विष्णु ३.देवता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैनिकः (पुं.वि.) [*दिने भवः, कालाट्ठञ् इति ठञ्, ठस्येकः*] दिनमा भएको।

दैनिकम् (नपुं.) [*दिने भवम्, कालाट्ठञ् इति ठञ्, ठस्येकः, आदिवृद्धिः*] डायरी/दिनभर भएका घटनाको विवरण।

दैन्यम् (नपुं.) [*दीनस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] तेत्तिस व्यभिचारिभावमध्ये एक भाव। भरतले निर्धनता, मनस्ताप आदिलाई दैन्यको विभाव मानेका छन्। असंयम, शैथिल्य, मनिलता आदि यसका अनुभाव हुन्। विश्वनाथको मतानुसार दुर्गति आदिबाट उत्पन्न ओजस्विताको अभाव नै दैन्य हो।

दैप् (धा.) [*शोधने, सक.अनिट्, पर.*] शुद्ध गर्नु। लट्– **दायति–** शुद्ध गर्छ इत्यादि।

दैवः (पुं.वि.) [देवस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्, वृद्धिः] देवताको/देवतासम्बन्धी। **दैवे युगसहस्रे द्वे ब्राह्मः** (अमर.१.४.२१)

~प्रकोपः (पुं.) [*दैवस्य प्रकोपः, ष.त.*] दैव वा प्रकृतिका विकारबाट हुने जनसंहारक भूकम्प, अतिवृष्टि, महामारी आदि आपत्–विपत्/दैवीप्रकोप।

दैवः (पुं.) [*देव एव, प्रज्ञादिभ्यश्च इत्यण्*] १.देवता २.भाग्य। **अवर्षणं चाप्यतिवर्षणञ्च दैवो न जानाति कुतो मनुष्यः** (हितो.)।

दैवकृतः (पुं.वि.) [*दैवेन कृतः, तृ.त.*] ईश्वरले गरेको/दैवी/भाग्यले भएको/प्रारब्धबाट भएको।

दैवकोविदः (पुं.) [*दैवस्य कोविदः, ष.त.*] ज्योतिषी/दैवज्ञ/दैवविद्।

दैवगतिः (स्त्री.) [*दैवस्य गतिः, ष.त.*] ईश्वरीय प्रेरणा/भाग्यको लीला/प्रारब्धको कार्य।

दैवज्ञः (पुं.) [*दैवं शुभाशुभं जानाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] शुभ,अशुभ जान्ने ज्योतिषी।

देवे तीर्थे द्विजे मन्त्रे दैवज्ञे भेषजे गुरौ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी॥ (सुभा.)

दैवतः (पुं.वि.) [*देवतानामयम्, तस्येदम् इत्यण्*] देवताको/देवतासम्बन्धी। **मासेन स्यादहोरात्रः पैत्रो वर्षेण दैवतः** (अमर.)

दैवतम् (नपुं.) १.[*देवता एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, वृद्धिः, आलोपः*] २.देवता। यो शब्द बहुवचनमा प्रयोग हुन्छ।

शिवयोर्युञ्जतोर्वीर्यं दृष्ट्वा धात्र्यां समर्पितम्।
पावकः प्रतिजग्राह दैवतैरनुनाथितः॥ (चम्पूरा.)

दैवदत्तः (पुं.) १.[*देवदत्तस्यायम्, तस्येदम् ४.३.१२० इति अण्, आदिवृद्धिः, अलोपः*] देवदत्तसम्बन्धी। २.[*दैवेन दत्तः, तृ.त.*] भाग्यले दिएको।

दैवपरः (पुं.वि.) [*दैवमेव परं प्रधानं यस्य सः, बहु.स.*] भाग्यवादी।

सार्द्धं न बलिभिः कुर्यान्न च न्यूनैर्न निन्दितैः।
न सर्वशङ्किभिर्नित्यं न च दैवपरैर्नरैः॥ (मा.पु.४३.८९)

दैवम् (नपुं.) १.[*देवादागतं देवस्येदं वा, तस्येदम् ४.३.१२० इत्यण्, वृद्धिः*] देवतासम्बन्धी/देवता वा ईश्वरबाट भएको/मानिसले गरेर नभएको/भाग्य २.[*देवो देवता अस्य, सास्य देवता ४.१.२४ इत्यण्*] अङ्गुलीको अग्रभाग/देवतीर्थ। **अङ्गुल्यग्रे तीर्थं दैवम्** (अमर. २.७.५०)।

दैववशात् (अव्य.) [*दैवस्य वशः, तस्मात्, ष.त.*] अकस्मात्/संयोगवश/भाग्यवश।

दैववादी (पुं.वि.) [*दैवं वदतीति सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] भाग्यको भरोसामा रहने/भाग्यवादी।

दैवश्राद्धम् (नपुं.) इष्टदेव, विश्वेदेवा वा देवताको तृप्ति गर्न गरिने श्राद्ध।

देवानुद्दिश्य यच्छ्राद्धं तत्तु दैविकमुच्यते।
अत्र दैवशब्देन स्वेष्टदेवता गृह्यन्ते, अपि वा विश्वेदेवाः॥
(श्रा.म.)

दैवागतः (पुं.वि.) [*दैवात् आगतः, प.त.*] अकस्मात् भएको/आकस्मिक/एक्कासी भएको।

दैवी (स्त्री.) [*दैवस्य इयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, दैवादागता वा*] भाग्यसम्बन्धी/भाग्यले भएको/अचानकको।

दैवोपहतः (पुं.वि.) [*दैवेन उपहतः, तृ.त.*] भाग्यले ठगिएको/अभागी।

दैष्टिकः (पुं.वि.) [*दिष्टमिति मतिर्यस्य सः, अस्तिनास्ति दिष्टं मतिः ४.४.६० इति ठक्, ठस्य इकः, वृद्धिः, अलोपः*] दैव मान्ने व्यक्ति।

दो (धा.) [*अवखण्डने, सक.अनिट्, पर.*] विभाग गर्नु। लट्– **द्यति–** विभाग गर्छ। लिट्– **ददौ–** विभाग गरेछ (अन.) इत्यादि।

दोः (पुं.) [*दम्यति उपशाम्यति यो येन वा सः, दमु दमने इति धातोः, दमेर्डोसिः (उ.) २३७ इति डोसिः*] १.हात। **दातव्येयमवश्यमेव दुहिता कस्मैचिदेनामसौ दोर्लीलामसृणीकृतत्रिभुवनो लङ्कापति र्याचते।** (अनर्घराघव २.४४) २.गणितमा प्रयोग हुने भुजा।

दोग्ध्री (स्त्री.) [*दोग्धि, दुग्धं पूरयति इति दुह प्रपूरणे इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] दुध दिने॥

किं तया क्रियते धेन्वा या न दोग्ध्री न गर्भिणी।
कोऽर्थः पुत्रेण जातेन यो न विद्वान्न धार्मिकः॥ (सुभा.)

दोधकम् (नपुं.) १.दुई अर्थ भएको कुरा/जता पनि लाग्न सक्ने अर्थ २.वार्णिक छन्दअन्तर्गत समवृत्तको एक भेद यसको प्रत्येक पाउमा क्रमशः तीन भगण र दुई गुरु वर्ण– (ऽ॥, ऽ॥, ऽ॥, ऽ) रहेका हुन्छन्। **दोधकमिच्छति भत्रितयाद् गौ।–** (छन्दो.)।

दोला (स्त्री.) [*दोलयतीति, दुल उत्क्षेपे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गुणः टाप् ४.१.४*] १.नीर २.डोली ३.बगैंचामा हालिएको पिङ वा भुला।

द्विधेव हृदयं तस्य दुखितस्याभवत्तदा।
दोलेव मुहुरायाति याति चैव सभां प्रति॥
(म.भा.३.६२.२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोषः (पुं.) [*दूष्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति घञ्, गुणः*] १.कमजोरी/त्रुटि/नराम्रा गुणहरू।

अदाता वंशदोषेण कर्मदोषाद् दरिद्रता।
उन्मादो मातृदोषेण पितृदोषेण मूर्खता॥ (चाणक्य)

२.न्यायशास्त्रअनुसार मिथ्याज्ञानबाट पैदा हुने मानसिक भाव ३.मीमांसाअनुसारको एक अदृष्ट दोष ४.[*दुष्यति शरीरमनेन, करणे घञ्*] १.पाप २.वात,पित्त, कफ। **नास्ति रोगो विना दोषैर्यस्मात्तस्माद् विचक्षणः। अनुक्तमपि दोषाणां लिङ्गैर्व्याधि मुपाचरेत्॥** (चरक) ५.[*दुष्यति अन्धकारेण,पूर्ववत्*] प्रदोष। **दोषे हृषीकेश उतार्द्धरात्रे निशीथ एकोऽवतु पद्मनाभः** (भाग. ४.८.१९) ६.[*दुष्यति काव्यमनेन, पूर्ववत्*] काव्यलाई दूषित तुल्याउने तत्त्व। प्रत्यक्ष वा अप्रत्यक्ष रूपले रस रसाभास आदिको आस्वादमा बाधा पुर्‍याउने काव्यको धर्म। **साक्षात् परंपरया वा रसादीनां सम्यक्प्रतीतिप्रतिबन्धककाव्यधर्मत्वं दोषत्वम्** (सा.द. कुसुमप्रतिभाटीका) सामान्यतया दोष दुई किसिमका हुन्छन्– नित्य र अनित्य। जुन दोष जुनसुकै अवस्थामा पनि दोष हुन्छन् ती नित्य दोष हुन्। व्याकरणको नियमविपरीत बनेका (अशुद्ध) शब्दको प्रयोग गर्दा हुन जाने च्युतसंस्कृति दोष नित्य दोष हो। जुनसुकै अवस्थामा यस्ता शब्दको प्रयोग दुष्ट मानिन्छ। जुन दोष कुनै अवस्थामा वा कतै दोष भए पनि अन्यत्र गुण अथवा दोषाभाव बन्न पुग्छन् भने ती नित्य दोष हुन्। दुःश्रव (श्रुतिकटु) आदि कतिपय दोषहरू शृङ्गार करुण आदि रसको सन्दर्भमा दोष मानिए तापनि वीर, रौद्र आदि रसमा गुण बन्न पुग्छन्। त्यसैले यस्ता दोषहरू अनित्य दोष मानिन्छन्। विश्वनाथले दोषलाई पाँच भागमा बाँडेका छन्– पददोष, पदांशदोष, वाक्यदोष, अर्थदोष र रसदोष। वास्तवमा दोष तीन किसिमका हुन्छन्– शब्ददोष, अर्थदोष र रसदोष। शब्ददोषका तीन भेद छन्– पददोष, पदांशदोष र वाक्यदोष। **पददोषहरू–** १.दुःश्रव २.अश्लील– लज्जाजनक, घृणाजनक र अमङ्गलजनक ३.अनुचितार्थ ४.अप्रयुक्त ५.ग्राम्य ६.अप्रतीत ७.सन्दिग्ध ८.नेयार्थ ९.निहितार्थ १०.अवाचक ११.क्लिष्ट १२.विरुद्धमतिकृत् १३.अविमृष्टविधेयांश। **पदांशदोष–** १.दुःश्रव २.अश्लील– लज्जाजनक, घृणाजनक र अमङ्गलजनक ३.अनुचितार्थ ४.अप्रयुक्त ५.ग्राम्य ६.अप्रतीत ७.सन्दिग्ध ८.नेयार्थ ९.निहितार्थ १०.अवाचक ११.क्लिष्ट १२.विरुद्धमतिकृत् १३.अविमृष्टविधेयांश १४.निरर्थक १५.असमर्थ १६.च्युतसंस्कृति। **वाक्यदोष–** वाक्यदोष दुई किसिमको हुन्छ– पददोषको सजातीय वाक्यदोष र विजातीय वाक्यदोष। सजातीय वाक्यदोष– १.दुःश्रव २.अश्लील– लज्जाजनक, घृणाजनक र अमङ्गलजनक ३.अनुचितार्थ ४.अप्रयुक्त ५.ग्राम्य ६.अप्रतीत ७.सन्दिग्ध ८.नेयार्थ ९.निहितार्थ १०.अवाचक ११.क्लिष्ट १२.विरुद्धमतिकृत् १३.अविमृष्टविधेयांश। विजातीय वाक्यदोष– १.वर्णप्रतिकूलता २.लुप्तविसर्गता ३.आहतविसर्गता ४.अधिकपदता ५.न्यूनपदता ६.कथितपदता ७.हतवृत्तता ८.पतत्प्रकर्षता ९.सन्धौ विश्लेष १०.अश्लील ११.कष्टता १२.अर्धान्तरैकपदता १३.समाप्त पुनरात्तता १४.अभवन्मत संबन्ध १५.अक्रम १६.अमतपरार्थता १७.वाच्यस्यानभिधानता १८.भग्नपक्रम १९.प्रसिद्धत्याग २०.अस्थानगत पदसमासन्यासः २१.सङ्कीर्णता २२.गर्भितता। **अर्थदोष–** १.अपुष्ट २.कष्टार्थ ३.व्याहत ४.पुनरुक्त ५.दुष्क्रम ६.ग्राम्य ७.सन्दिग्ध ८.निर्हेतु ९.प्रसिद्धिविरुद्ध १०.विद्याविरुद्ध ११.अनवीकृत १२.साकाङ्क्ष १३.अपदयुक्त १४.सहचरभिन्न १५.प्रकाशितविरुद्ध १६.निर्मुक्तपुनरात्त १७.अश्लील १८.नियमपरिवृत्त १९.अनियमपरिवृत्त २०.विशेषपरिवृत्त २१.सामान्यपरिवृत्त २२.विधि अप्रयुक्त २३.अनुवाद अयुक्त। **रसदोष–** १.स्वशब्दवाच्य (रस, स्थायी भाव, सञ्चारी भाव आदिको) २.कष्टकल्पना (विभाव अनुभावको) ३.विरोधी रसका अङ्गहरूको ग्रहण ४.पुनः पुनः दीप्ति (रसको) ५.अकाण्ड प्रथन (रसको) ६.अकाण्ड छेदन (रसको) ७.अङ्गभूत रसको अतिविस्तार ८.अङ्गीरसको वेवास्ता ९.प्रकृतिविपर्यय १०.अनङ्गवर्णन।

दोषग्राही (पुं.वि.) [*दोषान् गृह्णातीति, णिनिः*] दोषमात्र ग्रहण गर्ने/ दुष्ट/दुर्जन। **विसृज्य शूर्पवद् दोषान् गुणान् गृह्णन्ति साधवः। दोषग्राही गुणत्यागी चालनीव हि दुर्जनः॥** (उद्भट)

दोषज्ञः (पुं.वि.) [*दोषान् सांसारिकविषयगतदोषान् जानातीति, ज्ञा अवबोधने इति धातोः,आतोऽनुपसर्गे कः३.२.३ इति कः,आलोपः*] १.विद्वान्/अध्यात्मवेत्ता २.[*दोषान् कफपित्तवातजदेषान् जानाति, पूर्ववत्*] वैद्य। **दोषज्ञौ वैद्यविद्वांसौ**। (अमर.३.३.३३) ३.(पुं.वि.) दोष पहिल्याउन सक्ने।

दोषत्रयम् (नपुं.) [*दोषाणां त्रयम्, ष.त.*] १.वात, पित्त र कफ यी तीन दोष। २.शब्द, अर्थ र रसदोष ३.आयु, धर्म र कीर्तिलाई नाश गर्ने मानिसका तीन दोष- अर्काको धन चोर्नु, अर्काकी स्त्रीसितको संसर्ग गर्नु, मित्रको पत्याग गर्नु।

हरणञ्च परस्वानां परदाराभिमर्शनम्।
सुहृदश्च परित्यागस्त्रयो दोषाः क्षयावहाः॥
(म.भा. उ. ३३)

दोषविवेचकः [*विनक्ति, विचिर् पृथग्भावे इति धातोः, ण्वुल्तृचौ इति ण्वुल्, अकः, दोषाणां वेचकः, ष.त.*] छानविन गरेर पुस्तक, सिनेमा आदिमा प्रयोग हुने आपत्तिजनक अंश निकाल्नका लागि नियुक्त कर्मचारी/सेन्सर।

दोषा (स्त्री.) [*दुष्यते अन्धकारेण,दुष वैकृत्ये इति धातोः आप्रत्ययः*] १.रात्रि/रात (९० अमर.३.३.२२५) २.साँझ ३.[*दाम्यति अनेन, दमेर्डोसि भागुरिमते टाप्*] हात। **दोर्दोषा च भुजो बाहुः पाणिर्हस्तः करस्तथा** (धनञ्जय)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोषा (अव्य.) १.रात्रि/रात २.साँझ।

दोषाङ्कुशः (पुं.) [*दोषाणामङ्कुशः, ष.त.*] दोषलाई हटाउने तत्व। यो तीन किसिमको हुन्छ– १.दोषलाई गुण बनाइदिने २.दोषलाई हटाउने ३.दोषलाई अपरिहार्य अङ्ग तुल्याइदिने (चन्द्रालोक २:४१)।

दोषातनम् (नपुं.) [*दोषा भवम्, सायं चिरं प्राह्ण, प्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट् च ४.३.२३ इति ट्युः, तुट् च, अनादेशः*] रातमा भएको।

दोषारोपणम् (नपुं.) [*दोषस्य आरोपणम्, ष.त.*] दोष लगाउने काम/दोष देखाउने वा लाउने काम।

दोषाश्रयः (पुं.) [*दोषाणामाश्रयः, ष.त.*] काव्यमा हुने दोषहरू रहने स्थल। दोष सामान्यतया शब्द र अर्थमा रहेका हुन्छन्। शब्दमा रहने दोषलाई शब्ददोष र अर्थमा रहने दोषलाई अर्थदोष भन्दछन्। आश्रयको आधारमा दोष तीन किसिमका छन् १.शब्ददोष २.अर्थदोष ३.उभयदोष। विश्वनाथले आश्रयको आधारमा दोषलाई पदगत पदांशगत वाक्यगत, अर्थगत र रसगत गरी पाँच भागमा छुट्याएका छन्।

दोषी (पुं.वि.) [*दुष्यति, दुष वैकृत्ये इति धातोः सम्पृचा- ३.२.१४२ इति घिनुण्*] दोष वा खोट भएको/दोष लागेको/कलङ्की।

दोषैकदृक् (पुं.) [*दोषे एकस्मिन्, दृक् दृष्टिर्यस्य सः,बहु.स.*] दोषमात्र हेर्ने। **दाषैकदृक् पुरोभागी** (अमर.३.१.४६)।

दोहः (पुं.) [*दोहनम्, भावे ३.३.१८ इति घञ्*] दुहुने काम।

दोहडिका (स्त्री.) प्रथम र तृतीय पाउमा तेह्र-तेह्र मात्रा, द्वितीय र चतुर्थ चरणमा एघार-एघारमात्रा भएको एक मात्रिक छन्द।

दोहदक्षः (पुं.वि.) [*दोहे दक्षः, स.त.*] दुहुन सिपालु।

दोहदम् (नपुं.) [*दोहमाकर्षं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.इच्छा,गर्भ रहेका बखत हुने इच्छा। **अयमिच्छामात्र वाच्यपि गर्भिणीच्छायां प्रयुज्यते**। (रामाश्रमी) २.गर्भ ३.गर्भको चिह्न। **दोहदो गर्भलक्षणे अभिलाषे तथा गर्भे** (हैम.)।

दोहदवती (स्त्री.) [*दोहदं गर्भिण्यभिलाषोऽस्त्यस्याः,तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्,मस्य वः,उगितश्च इति ङीप्*] गर्भको समयमा विशेष अभिलाषा राख्ने स्त्री।

दौत्यम् (नपुं.) [*दूतस्य भावः कर्म वा, गुणवचनब्रह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दूतले गर्ने वा गर्नुपर्ने काम।

दौर्गत्यम् (नपुं.) [*दुर्गतेर्भावः,ष्यञ्*] १.दरिद्रता/निर्धनता २.अगति ३.दुःख कष्ट।

येनैवाम्बरखण्डेन संवीतो निशि चन्द्रमाः।
तेनैव च दिवा भानुरहो दौर्गत्यमेतयोः॥ (सुभा.)

दौर्जन्यम् (नपुं.) [*दुर्जनस्य भावः कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दुष्टता।

आकरः प्राणिनां जन्तोर्दौर्जन्यस्य न जायते।
कालकूटः सुधासिन्धोः प्राणिनां प्राणहारकः॥ (सुभा.)

दौर्भागिनेयः (पुं.) [*दुर्भगायाः, अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः, कल्याणादीनामिनङ् ४.१.१२६ इति इनङादेशः*] अभागिनीको छोरो।

दौर्मद्यम् (नपुं.) [*दुर्धरो मदो येषान्ते दुर्मदाः योद्धारः, तेषां कर्म, ष्यञ्*] युद्ध (हला.७६१)।

दौर्हदम् (नपुं.) [*दुष्टं रुच्यभाववमनादिजन्यपीडायुतं हृद् हृदयं यस्मात्तद्, दुर्हृद् गर्भः, दुर्हृदो कर्म, युवादित्वादण्*] १.गर्भिणीको इच्छा। **लब्धदौर्हदा हि बलवन्तं चिरायुषञ्च पुत्रं जनयति** (सुश्रुत) २.दुष्टको भावना वा कर्म। **दुर्भाषिणो मन्युवशानुगस्य कामात्मनो दौर्हदभावितस्य**। (म.भा.५.२६.१४) ३.लालसा ४.[*दुर्हृद् एव, स्वार्थे अण्*] गर्भ। **सुदक्षिणा दौर्हदलक्षणं दधौ** (रघु.)।

दौवारिकः (पुं.) [*द्वारि नियुक्तः, तत्र नियुक्तः ४.४.६९ इति ठक्, ठस्येकः, द्वारादीनाञ्च ७.३.४ इति दकारवकारयोर्मध्ये ऐच् (औ) आगमः*] द्वारपाले/ढोके।

दौष्कुलेयः (पुं.वि.) [*दुष्कुलस्यापत्यं पुमान् दुष्कुलाड्ढक् ४.१.१४२ इति ढक्, ढस्य एयः ७.१.२, वृद्धिः*] खराब कुलबाट पैदा भएको सन्तान।

दौहित्रः (पुं.) [*दुहितुरपत्यं पुमान् अनृष्यानन्तर्ये विदादिभ्योऽञ् ४.१.१०४ इति अञ्, वृद्धिः, यण्*] छोरीको छोरो। **त्रीणि श्राद्धे पवित्राणि दौहित्रः कुतुपस्तिलाः** (मा.पु.)।

दौहित्री (स्त्री.) [*दुहितुरपत्यं स्त्री, अनुष्यानन्तर्ये विदादिभ्योऽञ् ४.१.१०४ इति अञ्, वृद्धिः, यण् टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] छोरीकी छोरी/छोरीपट्टिकी नातिनी।

दौहित्रेयः (पुं.) [*दुहितुरपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः, वृद्धिः, यण्*] छोरीको छोरो।

दौहित्रेयी (स्त्री.) [*दुहितुरपत्यं स्त्री, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः, वृद्धिः, यण, टिड्ढाणञ् इति ङीप्*] छोरीको छोरी/छोरीतर्फकी नातिनी।

द्यावापृथिव्यौ (स्त्री.द्विव.) [*द्यावा च पृथिवी च, तयोरन्तरालम्*] आकाश र पृथिवीको बिचको स्थान/क्षितिज।

द्यावाभूमिः (स्त्री.) [*द्यौश्च भूमिश्च, तयोरन्तरालम्*] आकाश र पृथ्वीबिचको स्थान।

द्यु (धा.) [*अभिगमने, सक.अनिट् पर.*] शत्रुमाथि आक्रमण गर्नु। लट्– **द्यौति**– शत्रुमाथि आक्रमण गर्छ। लिट्– **दुद्याव**– शत्रुमाथि आक्रमण गरेछ (अन.)। लुट्– **द्योता**– शत्रुमाथि आक्रमण गर्ने छ (अन.) इत्यादि।

द्युः (पुं.) [*द्यु अभिगमने इति धातोः क्विप्,बाहुलकात् तुगभावः*] १.स्वर्ग २.आकाश ३.अग्नि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्युत (धा.) [*दीप्तौ, अक.सेट्, आत्म., प्रायेण अयं विपूर्वकः*] चम्कनु। लट्– **द्योतते–** चम्कन्छ। लिट्– **दिद्युते–** चम्केछ (अन.)। लुट्– **द्योतिता–** चम्कने छ (अन.)। लृट्– **द्योतिष्यते–** चम्कने छ। लोट्– **द्योतताम्–** चम्कोस्। लङ्– **अद्योतत–** चम्क्यो (अन.)। विधिलिङ्– **द्योतेत–** चम्कला, चम्कोस्। आशीर्लिङ्– **द्योतिषीष्ट–** चम्कोस्। लुङ्– **अद्योतिष्ट–** चम्क्यो। लृङ्– **अद्योतिष्यत्–** चम्कने थियो इत्यादि।

द्युतिः (स्त्री.) [*द्योततेऽनया, द्युत दीप्तौ इति धातोः, इगुपधात् कित् (उ.) इति इन्*] १.किरण २.[*इक् कृष्यादिभ्यः (वा.) इति भावे इक्*] शोभा। **शोभा कान्तिर्द्युतिश्छविः** (अमर.१.३.१७)।

द्युपतिः (पुं.) [*दिवः पतिः, ष.त.*] १.सूर्य २.इन्द्र।

द्युमणिः (पुं.) [*दिवो मणिरिव, त.स.*] सूर्य।

द्युम्नम् (नपुं.) [*दिवं म्नाति, म्ना अभ्यासे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.सम्पत्ति २.बल। **द्युम्नं वित्ते बलेऽपि च** (हेमचन्द्र) ३.अन्न।

द्युलोकः (पुं.) [*द्युश्चासौ लोकश्च, कर्म.स.*] स्वर्ग।

द्युवा (पुं.) [*दिद्युते इति, द्यु अभिगमने इति धातोः, कनिन् युवृषितक्षिराजिधन्विद्युप्रतिदिवः (उ.) १६२ इति कनिन्*] सूर्य।

द्युसदः (पुं.बहु.) [*दिवि सीदन्ति, षद्लृ विशरणगत्यवसादनेषु इति धातोः, सत्सूद्विष। ३.२.६ इति क्विप्*] देवता।

द्यूतः (पुं./नपुं.) [*देवनम्, दिवु क्रीडादौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, उठ्*] रुपियाँ, पैसाबाजी थापेर खेलिने खेल/जुवा/क्रीडा। **~कारः** (पुं.) [*द्यूतं कारयतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] जुवा खेलाउने व्यक्ति/खाले। **~वृत्तिः** (स्त्री.) [*द्यूतस्य वृत्तिः ष.तः, ष.त.*] जुवामात्र खेलेर गरिने जीविका।

द्यूतकारकः (पुं.) [*द्यूतं कारयति, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् ५.४.५ यद्वा ण्वुलतृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः, द्यूतस्य कारकः, ष.त.*] जुवा खेलाउने व्यक्ति। **सभिका द्यूतकारकाः** (अमर.२.१०.४४)।

द्यूतकृत् (पुं.) [*द्यूतं करोति, क्विप् ३.२.७६*] जुवाडे। (अमर.२.१०.४३)

द्यै (धा.) [*न्यक्करणे, सक.अनिट्, पर.*] धिक्कार्नु। लट्– **द्यायति–** धिक्कार्छ इत्यादि।

द्योतः (पुं.) [*द्योत्यतेऽनेन,करणे घञ्*] घाम/प्रकाश। **प्रकाशो द्योत आतपः** (अमर.१.४.३४)।

द्योतकः (पुं.वि.) [*द्योतयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] प्रकाशित गर्ने/प्रकाशक/द्युति दिने/झल्काउने।

द्योतनः (पुं.) [*द्योततेऽसौ, द्युति दीप्तौ इती धातोः, बहुलमन्यत्रापि २.७९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] १.दियो २.चम्किलो वस्तु।

द्योतयमानः (पुं.वि.) [*द्योतयन्त इति द्युत दीप्तौ इति धातोः, णिजन्तात् णिचश्च १.३.७४ इति कर्तृगामिनि क्रियाफले आत्मनेपदम्, लटः शानच्, मुमागमश्च*] उज्यालो पारिरहेको/चम्काइरहेको।

द्यौः (स्त्री.) [*द्योतन्ते देवा अस्यामिति, द्युत दीप्तौ इति धातोः, बाहुलकाड्डोः*] १.स्वर्ग २.आकाश ३.दिन।

द्रप्सम् (नपुं.) [*दृप्यन्त्यनेन, दृप हर्षादौ इति धातोः, अनुदात्तस्य च ६.१.५९ इत्यम्, बाहुलकात् सः*] पातलो दही (अमर.२.९.५१)।

द्रम(धा.) [*गतौ,अक.सेट् पर.*] जानु। लट्–**द्रमति–**जान्छ इत्यादि।

द्रवः (पुं.) [*द्रु गतौ धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.तरल पदार्थ २.लडाइँबाट भाग्ने काम (अमर.२.८.१११) ३.खेलविशेष। **द्रव केलिपरिहासाः क्रीडा खेला च नर्म च** (अमर.१.७.३२) ४.गति।

द्रवणशीलः (पुं.वि.) [*द्रवणे शीलः, स.त.*] पग्लने/बग्ने।

द्रवन्ती (स्त्री.) [*द्रवतीति, द्रु गतौ इति धातोः, लटः शतृ ३.२.१२४ इति शतृ*] मुस्लिण्डी।

द्रविडः (पुं.) १.दक्षिण भारतको एक क्षेत्र २.त्यस क्षेत्रका आदिवासी। **~प्राणायामः** (नपुं.) [*द्रविडानां तद्देशवासिनां प्राणायाम इव*] १.कुनै काम सजिलो र सोझो तरिकाले नगरी गाह्रो र घुमाउरो तरिकाले गर्ने काम २.घुमाउरो तरिकाले श्वास-प्रश्वास रोक्ने र छोड्ने कार्य।

द्रविणम् (नपुं.) [*द्रवति गच्छति, द्रूयते प्राप्यते वा तत्, द्रु गतौ इति धातोः,द्रुदक्षिभ्यामिनन् (उ.) २१८ इति इनच्, गुणः,अवादेशश्च*] १.सम्पत्ति २.बल/पराक्रम **द्रविणन्तु बलं धनम्** (अमर.३.३.५२)

द्रवीभूतः (पुं.वि.) [*अद्रवो द्रवो यथा सम्पद्यते तथा भूतः*] पग्लेको/पन्यालो भएको/पातलो।

द्रवीभूतं घृतञ्चैव द्रवीभूतञ्च चन्दनम्।
नार्पयेद् देवतुष्ट्यर्थं घनीभूतं तदर्पयेत्॥ (आ.सू.)

द्रव्यम् (नपुं.) १.[*द्रोरिदं द्रु गतौ इति धातोः, द्रव्यञ्च भव्ये ५.३.१०४ इति साधुः*] रुखका अवयव, बोक्रा पात आदि पदार्थ। २.पृथ्वी, जल, तेज आदि ३.[*यद्वा,द्रोर्विकारः,द्रोश्च ४.३.१६१ इति यत्*] वस्तु/पदार्थ/ कच्चा पदार्थ ४.विलेपन ५.औषधि ६.धन/वित्त।

माता निन्दति नाभिनन्दति पिता भ्राता न सम्भाषते
भृत्यः कुप्यति नानुगच्छति सुतः कान्ता च नालिङ्गते।
अर्थप्रार्थनशङ्कया न कुरुते सम्भाषणं वै सुहृत्
तस्माद् द्रव्यमुपार्जयस्व सुमते द्रव्येण सर्वे वशाः॥ (सुभा.)

~पिशाचः (पुं.) [*द्रव्ये पिशाच इव*] प्रशस्त पैसा भएर पनि खर्च नगर्ने/किरन्टोकी कन्जुस। **~प्रकृतिः** (स्त्री.) [*द्रव्यस्य प्रकृतिः,ष.त.*] पदार्थको स्वभाव। **~वान्** पुं.वि.) [*द्रव्यमस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] धनी/पैसावाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रष्टव्यः (पुं.वि.) [*द्रष्टुमर्हः अर्हे कृत्यतृचश्च ३.३.१६९ इति तव्यत्, यद्वा कृत्याश्च ३.३.१७१ इति आवश्यके तव्यत्*] दर्शनीय/हेर्न लायक/हेर्नेपर्ने।

द्रष्य (पुं.) [*पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, ण्वुल्तृचौ, ३.१.१३३ इति तृच्*] १.न्यायाधीश २.ध्यानद्वारा देख्ने पुरुष ३.साङ्ख्य-शास्त्रअनुसार पुरुष र योग शास्त्रअनुसार ज्ञानस्वरूप आत्मा। ४.कृतिको समीक्षा गरी गुण दोष केलाउने समालोचक।

द्रा (धा.) [*कुत्सायां गतौ, अक.अनिट् पर.*] भाग्नु, निदाउनु (निदाउन अर्थमा यो धातुमा नि उपसर्ग लगाउनु पर्छ)। लट्– **द्राति–** भाग्छ। **निद्राति–** निदाउँछ। लिट्– **दद्रौ–** भागेछ, **निदद्रौ–** निदाएछ (अन.) इत्यादि।

द्राक् (अ.) [*द्रा कुत्सायां गतौ इति धातोः बाहुलकात् कः*] झट्टै/तुरुन्तै।

द्राक्षा (स्त्री.) [*द्राङ्क्ष्यते काङ्क्ष्यते इति, द्राक्षि काङ्क्षायामिति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, टाप् ४.१.४*] १.दाख/मुनक्का २.जडेलो।

द्राक्षि (धा.) [*काङ्क्षायां घोरवासिते च, अक.सेट्, पर.*] काग-काग गर्नु, इच्छा गर्नु। लट्– **द्राङ्क्षति–** काग-काग गर्छ, इच्छा गर्छ इत्यादि।

द्राखृ (धा.) [*शोषणालमर्थयोः, सक.सेट् पर.*] सुक्नु, भूषित हुनु, रोक्नु। लट्– **राखति–** सुक्छ, भूषित हुन्छ, रोक्छ। लिट्– **रराख–** सुकेछ, भूषित भएछ, रोकेछ (अन.) इत्यादि।

द्राघिष्ठः (पुं.) [*अतिशयेन दीर्घः, अतिशायने तमबिष्ठनौ ५.३.५५इति इष्ठन्, प्रियस्थिरफिरारुबहुलगुरु- ६.४ १५७ इति द्राघादेशः*] ज्यादै लामो।

द्राघृ (धा.) [*सामर्थ्ये, अक.सेट् आत्म.*] शक्तिमान् हुनु, लामो हुनु। लट्– **द्राघते–** शक्तिमान् हुन्छ, लामो हुन्छ अर्थात् तन्कन्छ इत्यादि।

द्राडृ (धा.) [*विशरणे, अक.सेट् आत्म.*] चिर्नु। लट्– **द्राडते–** चिर्छ इत्यादि।

द्राविडकः (पुं.) [*द्रविडे देशे जातः, तत्र जातः ४.३.३५ इत्यण्, स्वार्थे कन् ५.३.७५*] सेतो हलेदो।

द्राह (धा.) [*निद्राक्षये, अक.सेट् आत्म.*] जाग्नु। लट्– **द्राहते–** जाग्छ। लिट्– **दद्राहे–** जागेछ (अन.) इत्यादि।

द्रु (धा.) [*गतौ, सक.अनिट् पर.*] जानु। लट्– **द्रवति–** जान्छ, पग्लन्छ इत्यादि।

द्रुः (पुं.) [*द्रवत्यूर्ध्वम्, द्रु गतौ इति धातोः, मितद्र्वादिभ्यश्च (वा.) ३.२.१८० इति डुः, डित्वाट्टिलोपः, यद्वा द्रु गतौ इति धातोः, बाहुलकात् कुः, डित्वञ्च, ततष्टिलोपः*] १.वृक्ष २.हाँगो [*समुदाये वृत्ताः शब्दा अवयवेष्वपि वर्तन्ते इति न्यायः*]।

द्रुकिलिमम् (नपुं.) [*किलतीति, किल श्वैत्यक्रीडनयोः इति धातोः, बाहुलकात् किमच्, द्रुश्चासौ किलिमञ्च, कर्म.स.*] देवदारु।

द्रुघणः (पुं.) [*द्रुर्वृक्षो हन्यतेऽनेन, करणेऽयोविद्रुषु ३.२.८२ इत्यप्, घनादेशश्च, पूर्वपदात् ८.४.३ इति णत्वम्*] १.मुङ्ग्रो (अभि.चि.) २.बन्चरो (सि.कौ.)।

द्रुञ् (धा.) [*हिंसायाम्, सक.सेट् उभ.*] हिंसा गर्न। लट्– **द्रुणाति-ते–** हिंसा गर्छ। लिट्– **दुद्राव-वे–** हिंसा गरेछ (अन.), इत्यादि।

द्रुणः (पुं.) [*द्रुणतीति, द्रुण हिंसागतिकौटिल्येषु इति धातोः, इगुपध इति कः*] बिच्छी। **अलिद्रुणौ तु वृश्चिके** (अमर.२.५.१४)।

द्रुतम् (नपुं.) [*द्रवतीति, द्रु गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.छिटो/चाँडो २.पग्लेको। ३.[*द्रवन्ति शीघ्रं गच्छन्त्यत्र, द्रु गतौ इति धातोः, क्तोऽधिकरणे च ३.४.७६ इति क्तः*] छिटो– छिटो गरिने नृत्य आदि। **~गतिः** (स्त्री.) [*द्रुता चासौ गतिश्च, कर्म.स.*] चाँडो चाँडो हिँड्ने काम। **~गामी** (पुं.वि.) [*द्रुतं गन्तुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] छिट्टो हिड्ने/शीघ्रगामी। **~पदम्** (नपुं.) एक छन्द, यसको प्रत्येक चरणको चौथो एघारौँ र बाह्रौँ अक्ष गुरु र बाँकी अक्षर लघु हुन्छन्। **~मध्या** (स्त्री.) एक अर्द्धसमवृत्त, यसको पहिलो र तेस्रो चरणमा तीन भगण र दुई गुरु, दोस्रो र चौथो चरणमा दुई जगण र एक यगण हुन्छन्।

द्रुतविलम्बितम् (नपुं.) [*द्रुतञ्च तद् विलम्बितञ्च, कर्म.स.*] वार्णिक छन्द अन्तर्गत समपाद छन्दको एक भेद। यसको प्रत्येक पाउमा क्रमशः नगण, भगण, भगण र रगण– (।।।, ऽ।।, ऽ।।, ऽ।ऽ) रहेका हुन्छन्। **द्रुतविलम्बितमाह नभौ भरौ** (छन्दो.)।

द्रुता (स्त्री.) प्रत्येक पाउमा क्रमैले रगण, जगण, सगण, तथा लघु र गुरुवर्णको प्रयोग भएको छन्द। **रेण जेन सेन लगयोर्द्रुता** (छन्दो.)।

द्रुपदः (पुं.) १.खडाउ २.महाभारतअनुसार एक चन्द्रवंशी उत्तर पाञ्चालका राजा, यिनकी द्रौपदी छोरी र धृष्टद्युम्न, शिखण्डी आदि छोरा थिए।

द्रुपदा (स्त्री.) अगाडिमा द्रुपद शब्द जोडिने एक वैदिक ऋचा।

द्रुपदात्मजः (पुं.) [*द्रुपदस्य आत्मजः, ष.त.*] १.शिखण्डी २.धृष्टद्युम्न।

द्रुपदात्मजा (स्त्री.) [*द्रुपदस्य आत्मजा, ष.त.*] द्रौपदी।

द्रुमः (पुं.) [*द्रवः शाखाः सन्त्यस्य, द्युद्रुभ्यां मः (५/२/१०८) इति द्रुशब्दान्मप्रत्ययः*] १.रुख २.पारिजात ३.कुबेर ४.एक राजा, यी पूर्व जन्ममा शिविनामका दैत्य थिए ५.रुक्मिणी र कृष्णको एक छोरा। **द्रुमस्तु पादपे पारिजाते किंपुरुषेश्वरे** (हैम.२.३२९)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रुमभङ्गः (पुं.) [*द्रुमस्य भङ्गः,ष.त.*] रुखको भाँचिने क्रिया/रुख ढल्नु।

द्रुमामयः (पुं.) [*द्रुमाणामामयः,ष.त.*] १.माहुर २.वृक्षको रोग।

द्रुमोत्पलः (पुं.) [*द्रुमे उत्पलं तदाकारं पुष्पं यस्य सः, बहु.स.*] काठे चाँप।

द्रुवन् (पुं.वि.) १.[*द्रुवतीति, द्रु गतौ इति धातोः, लटः स्थाने शतृ*] दौडिरहेको २.[*ये गत्यर्थास्ते ज्ञानार्थाः*] ज्ञान गरिरहेको।

द्रुवयम् (नपुं.) [*द्रोर्विकारः, माने वयः ४.३.१६२ इति वयः*] प्रमाण नाप्नु, जोख्नु, भर्नु आदि। **यौतवं द्रुवयं पाय्यम्** (अमर.२.९.८५)

द्रुह (धा.) [*जिघांसायाम्, सक.सेट्, पर.*] द्वेष गर्नु, मार्ने प्रयास गर्नु। लट्– **द्रुह्यति–** द्वेष गर्छ, मार्ने प्रयास गर्छ। लिट्– **दुद्रोह–** द्वेष गरेछ, मार्ने प्रयास गरेछ (अन.)। लुट्– **द्रोहिता-द्रोग्धा-द्रोढा–** द्वेष गर्नेछ, मार्ने प्रयास गर्नेछ (अन.)। लृट्– **द्रोहिष्यति-ध्रोक्ष्यति–** द्वेष गर्नेछ, मार्ने प्रयास गर्नेछ। लोट्– **द्रुह्यतु–** द्वेष गरोस्, मार्ने प्रयास गरोस्। लङ्– **अद्रुह्यत्–** द्वेष गर्‍यो, मार्ने प्रयास गर्‍यो (अन.)। विधिलिङ्– **द्रुह्येत्–** द्वेष गर्ला, मार्ने प्रयास गर्ला, द्वेष गरोस्, मार्ने प्रयास गरोस्। आशीर्लिङ्– **द्रुह्यात्–** द्वेष गरोस्, मार्ने प्रयास गरोस्। लुङ्– **अद्रुहत्–** द्वेष गर्‍यो, मार्ने प्रयास गर्‍यो। लृङ्– **अद्रोहिष्यत्–** द्वेष गर्ने थियो, मार्ने प्रयास गर्ने थियो। कर्मणि– **द्रुह्यते–** द्वेष गरिन्छ, मार्न प्रयास गरिन्छ। णिचि– **द्रोहयति–** द्वेष गराउँछ, झगडा पार्छ। मार्ने प्रयास गराउँछ। सनि– **दुद्रोहिषति, दुद्रुहिषति, दुध्रुक्षति–** मार्ने प्रयास गर्न खोज्छ। यङि– **दोद्रुह्यते–** अतिशय वा बारम्बार द्रोह गर्छ। कृदन्ते– **द्रोहकः, द्रोहिका, द्रोहिता, द्रोहित्री, द्रोही–** मार्न प्रयास गर्ने, द्वेष गराउने, झगडा मच्चाउने। **द्रुह्यन्–** मार्ने प्रयास गरिरहेको द्वेष गराइरहेको, झगडा मच्चाइरहेको इत्यादि।

द्रुहः (पुं.वि.) [*द्रुह्यति, इगुपधज्ञाप्रीकिरःकः ३.१.१३५ इति कः*] द्रोह गर्ने।

द्रुहिणः (पुं.) [*दुह्यति दुष्टेभ्यः, द्रुह जिघांसायाम् इति धातोः, बहुलमन्यत्रापि (उ.) इति इनच्, बाहुलकाद् गुणाभावः*] ब्रह्मा।

द्रूः (स्त्री.) [*द्रूयते प्राप्यते दुःखमनया सा, क्विब् वचिप्रच्छिश्रिस्रुद्रुप्रुज्वां दीर्घोऽसंप्रसारणञ्च (उ २१५) इति क्विप्, दीर्घः, असंप्रसारणञ्च*] सुन।

द्रेकृ (धा.) [*शब्दोत्साहयोः, अक.सेट्, आत्म.*] शब्द गर्नु, उत्साह गर्नु। लट्– **द्रेकते–** शब्द गर्छ, उत्साह गर्छ इत्यादि।

द्रै (धा.) [*स्वप्ने, अक.अनिट्, पर.*] सुत्नु। लट्– **द्रायति–** सुत्छ। लिट्– **दद्रौ–** सुतेछ इत्यादि।

द्रोणः (पुं.) [*द्रवति गच्छतीति, द्रु गतौ इति धातोः, कृवृजृसि-द्रुपन्यनिस्वपिभ्यो नित् (उ.२९७) इति नः, गुणः, णत्वम्*] १.काठको भाँडो/पाथी २.पातको दुनु ३.काग ४.महाभारतका प्रसिद्ध एक पात्र/अश्वत्थामाका बाबु/द्रोणाचार्य। **द्रोणः काकेऽपि च**। (अमर.३.३.४९) ५.विच्छी ६.लम्बाइ,चौडाइ चारसये धनु बराबर भएको तलाउ वा जलाशय। **शतेन धनुर्भिः पुष्करिणी। त्रिभिः शतैर्दीर्घिका। चतुर्भिर्द्रोणः। पञ्चभिस्तडागः। द्रोणात् शतगुणा वापी**। (जलाशयतत्त्व) ७.मलिलो वर्षा गर्ने मेघ। **आवर्तो निर्जलो मेघः सम्मर्दश्च बहूदकः। पुष्करो पुष्कर जलो द्रोणः सस्यप्रपूरकः** (ज्यो.त.) ८.काठको कलश ९.काठले बनेको रथ १०.यज्ञमा मथेर आगो निकालिने अरणीकाठ।

~कलशम् (नपुं./पुं.) काठको कलश। यसमा प्राचीन कालमा सोमलताको रस राखिन्थ्यो। **~काकः** (पुं.) कालो काग। **~गिरिः** (पुं.) द्रोणाचल पर्वत।

द्रोणक्षीरा (स्त्री.) [*द्रोणपरिमितं क्षिरमस्याः*] सोह्र सेर दुध दिने गाई।

द्रोणदुग्धा (स्त्री.) [*द्रोणं दोग्धि, दुह प्रपूरणे इति धातोः, दुहः कप् धश्च ३.२.७० इति कप्, धश्चन्तादेश*] सोह्र सेर दुध दिने गाई।

द्रोणाचलः (पुं.) हिमालय अन्तर्गत ऋषभ र कैलाशको बिचमा रहेको एक पर्वत। यसलाई सञ्जीवनी बुटी लिन जाँदा हनुमान्‌ले उठाएर रामकहाँ पुर्‍याएका थिए।

द्रोणाचार्यः (पुं.) [*द्रोणश्चासौ आचार्यश्च, कर्म.स.*] घृताची अप्सरालाई देख्दा चुहेको भरद्वाज मुनिको वीर्य द्रोण (काठको कलश) मा राखिंदा त्यसबाट पैदा भएका महाभारतकालीन एक ब्राह्मण, यी कौरव र पाण्डवका गुरु थिए। यिनलाई धनुर्वेदका विशेष ज्ञाता मानिन्छ।

द्रोणिः (स्त्री.) [*द्रवन्ति गच्छन्ति यत्रं सा, द्रु गतौ इति धातोः, वहिश्रिश्रुयुद्रुग्लाहात्वारिभ्यो नित् (उ.) ५०० इति निः, पक्षे ङीप्, नित्वञ्च*] १.नापो विशेष २.कालो पोथी काग ३.सिचाइका लागि विकट स्थलबाट पानी लैजान बनाएको ढुंगा आकारको डुँड ४.दुई पर्वतका बिचको भूभाग।

एवं तौ लोकसिद्धाभिः क्रीडाभिश्चेरतुर्वने।
नद्यद्रिद्रोणिकुञ्जेषु काननेषु सरःसु च॥ भाग.१०.१७.१६)

द्रोहः (पुं.) [*द्रोहणम्, द्रुह धातोः, भावे ३.३.१८ इति घञ्*] अर्काको अनिष्ट चिताउनु/द्वेष, वैरभाव, प्रतिहिंसाको भावना। **~चिन्तनम्** (नपुं.) कसैसित द्रोह गर्ने विचार गर्नु। (अमर.१.५.४) **~बुद्धिः** (स्त्री.) अर्काको हेला वा बिगार गर्ने बुद्धि/दुष्ट विचार।

द्रोही (पु.वि.) [*द्रुह्यति, द्रुह जिघांसायाम् इति धातोः सम्पृचा-३.२.१४२ इति घिनुण् पुगन्तलघूपधस्य च ७.३.८६ इति उपधागुणः*] द्रोह गर्ने।

द्रौणिः (पुं.) [*द्रोणस्यापत्यं पुमान्, अत इञ्, इति इञ्, वृद्धिः*] अश्वत्थामा।

द्रौणिकः (पुं.) [*द्रोणस्य वापः, तस्य वापः ५.१.४५ इति ठञ्, ठस्येकः*] सोह्र पाथी बिउ रोपिने खेत।

द्रौपदी (स्त्री.) [*द्रुपदस्यापत्यं स्त्री, तस्यापत्यम् ४.१.९२ इत्यण्, ङीप्*] राजा द्रुपदकी छोरी/पञ्चपाण्डवकी रानी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वन्द्वः (पुं./नपुं.) [*द्वौ द्वौ सहाभिव्यक्तौ, द्वन्द्वं रहस्यमर्य्यादा-वचनव्युत्क्रमणयज्ञपात्रप्रयोगाभिव्यक्तिषु इति द्विशब्दस्य द्विर्वचनम्, पूर्वपदस्याम्भावोऽत्वञ्चोत्तरपदस्य, नपुंसकत्वञ्च निपात्यते, चार्थे द्वन्द्वः इति निर्देशात् पुंस्त्वमपि*] १.जोडा। **द्वन्द्वयुद्धञ्च पार्थेन कर्तुमिच्छाम्यहं प्रभोः** (म.भा.१.१३७.१५) २.झगडा। **शतं दद्यान्न विवदेदिति प्राज्ञस्य लक्षणम्। विना हेतुमपि द्वन्द्वमेतन्मूर्खस्य लक्षणम्॥** (हितो.३.२२) ३.आन्तरिक वा बाह्य घटना वा विचारको तनाव ४.मिथुन,स्त्री र पुरुषका जोडी/भालेपोथी। **स्त्रीपुंसौ मिथुनं द्वन्द्वम्** (अमर.२.५.३८) ५.रहस्य, चिसोतातो आदिको प्रभाव आदि। **सर्वर्तुनिर्वृतिकरे निवसन्नुपैति न द्वन्द्वदुःखमिह किञ्चिदकिञ्चनोऽपि** (शि.व.४.६४) ६.रोगविशेष ७.प्रायः उभयपदको अर्थ प्रधान हुने गरी भएको बेग्लाबेग्लै पदको समासलाई द्वन्द्व समास भनिन्छ। यसको विग्रह गर्दा 'च' (र, पनि) भनी बेग्लाबेग्लै शब्दलाई एकै ठाउँमा जोडिन्छ, जस्तै– रामश्च, कृष्णश्च– **रामकृष्णौ।** यहाँ राम र कृष्ण वा राम पनि कृष्ण पनि भन्दा रामकृष्ण भन्ने शब्द बन्दछ। द्वन्द्व समासका दुई भेद छन्– **इतरेतरद्वन्द्व** र **समाहारद्वन्द्व।** इतरेतरद्वन्द्व प्रायः प्राणीवाचक शब्दका बिचमा हुन्छ, यसमा दुई भए द्विवचन र धेरै जना भए बहुवचनको रूप हुन्छ। जस्तै- रामश्च, कृष्णश्च (राम र कृष्ण, वा राम पनि कृष्ण पनि) रामकृष्णौ (द्विवचन) भयो। हरिश्च हरश्च गुरुश्च भन्दा हरिहरगुरुवः (बहुवचन) भयो।

समाहारद्वन्द्व प्रायः अप्राणिवाचक शब्दमा प्रयोग हुन्छ र त्यसको एकवद्भाव (एक वचनको रूप) हुन्छ। जस्तै– भेरी च पटहश्च अनयोः समाहारः, इति, भेरी र पटह भन्दा, वा भेरी पनि पटह पनि भन्दा **मेरीपटहम्** यस्तो एकवद्भाव हुन्छ। यो सामान्य नियम हो, तर पाणिनिव्याकरणमा विशेष विशेष शब्दका विशेष विशेष रूप देखाइएका छन्। त्यसको विस्तृत जानकारकि लागि भट्टोजीदीक्षितद्वारा रचित सिद्धान्तकौमुदीको सम्बद्ध अंश हेर्नु पर्छ।

द्वन्द्वात्मकभौतिकवादः (पुं.) [*द्वन्द्वात्मकश्चसौ भौतिकवादश्च, कर्म.स.*] भौतिकवादको दृष्टिकोणले जीवन र जगत्‌को व्याख्या गर्ने सिद्धान्त। दुई विरोधी तत्त्वद्वारा संसार चलेको छ भनेर व्याख्या गर्ने शास्त्र।

द्वयम् (नपुं.) [*द्वौ अवयवौ अस्य, सङ्ख्याया अवयवे तयप् इति तयप् ५.२.४२ द्वित्रिभ्यां तयस्यायज्वा ५.२.४ इति अयच्, यण् ६.१.१७७*] १.जोडा २.दुई अवयव भएको। **अतद्द्वयी जित्वरसुन्दरान्तरे** (नैष.)।

द्वाः (स्त्री.) [*द्वारयति संवृणोति यया सा, बाहुलकात् क्विव् वचिप्रच्छिश्रिस्रुद्रुप्रुज्यां दीर्घोऽसंप्रसारणञ्च (उ.) इति क्विप्, दीर्घः, असं-प्रसारणञ्च*] १.ढोका २.साधन ३.उपाय। **द्वाद्वरि चाप्युपाये च** (वाङ्म.)।

द्वाःस्थः (पुं.) [*द्वारि तिष्ठति, सुपिस्थः ३.२.४ इति कः, आतो लोपः*] १.ढोकाको पाले २.नन्दिकेश्वर ३.(पुं.वि.) ढोकामा रहेको।

द्वाःस्थितः (पुं.) [*द्वारि तिष्ठति स्म, गत्यर्था-इति क्तः*] १.द्वारपाल। २.नन्दिकेश्वर ३.(पुं.वि.) ढोकामा रहेको।

द्वाचत्वारिंशः (पुं.वि.) [*द्वाचत्वारिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, डित्वाट्टिलोपः*] बयालिसौँ।

द्वाचत्वारिंशत् (स्त्री.) [*द्वौ च चत्वारिंशच्च (द्व.स.), द्व्यधिका चत्वारिंशत् (त.स.) द्व्यष्टनः, संज्ञायामबहु-ब्रीह्यशीत्योः ६.३.४७ इति आत्वम्*] बयालिस।

द्वात्रिंशः (पुं.वि.) [*द्वात्रिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, डित्वाट्टिलोपः*] बत्तिसौँ।

द्वात्रिंशत् (स्त्री.) [*द्वौ च त्रिंशच्च (द्व.स.) द्व्यधिका त्रिंशत् (त.स.) द्व्यष्टनः, संज्ञायामबहुब्रीह्यशीत्योः ६.३.४७ इति आत्वम्*] बत्तिस।

द्वादशः (वि.) [*द्वादशानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् डित्वाट्टिलोपः*] १.बाह्रौँ २.बाह्रबाट बनेको ३.बाह्र।

द्वादश (नपुं.) [*द्व्यधिका दश (त.स.) द्वौ च दश च, द्व.स. वा द्व्यष्टनः, संज्ञायामबहुब्रीह्यशीत्योः ६.३.४७ इति आत्वम्*] १.बाह्र २.बाह्रको सङ्ख्या।

द्वादशकरः (पुं.) [*द्वादश कराः (भुजाः) यस्य सः, बहु.स.*] १.स्वामी कार्तिकेय २.बृहस्पति ३.स्वामी कार्तिकेयको एक अनुचर।

द्वादशभावः (पुं.) [*द्वादशसङ्ख्यको भावः, म.प.स.*] फलित ज्योतिषमा जन्मकुण्डलीको बाह्रौ भाव।

द्वादशरात्रः (पुं.) [*द्वादश रात्र्यो यस्मिन् सः, बहु.स.*] बाह्रौँ दिनमा पूर्ण हुने यज्ञ।

द्वादशलोचनः (पुं.) [*द्वादश लोचनानि यस्य सः, बहु.स.*] स्वामी कार्तिकेय।

द्वादशवर्गी (स्त्री.) [*द्वादशानां वर्गाणां समाहारः, द्विगु.स.*] क्षेत्र, होरा, द्रेष्काण, चतुर्थांश, पञ्चमांश, षष्ठांश, सप्तमांश, अष्टमांश, नवमांश, दशमांश, एकादशांश र द्वादशांश यी बाह्र वर्गको समष्टि। यसबाट वर्षाकालमा ग्रहहरूको फलाफल निकालिन्छ।

द्वादशवार्षिकम् (नपुं.) [*द्वादशवर्षे भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] ब्रह्महत्या लाग्दा बाह्र वर्षसम्म गरिने व्रतविशेष।

द्वादशशुद्धिः (स्त्री.) [*द्वादशपरिमिताःशुद्धिः, म.पस.*] वैष्णव संप्रदायमा तन्त्रोक्त बाह्रथरी शुद्धि।

द्वादशाक्षरः (पुं.वि.) [*द्वादश अक्षराणि यस्मिन् सः, बहु.स.*] १.बाह्र अक्षर भएको २.(नपुं.) विष्णुसम्बन्धी एक मन्त्र, ॐ नमो भगवते वासुदेवाय।

द्वादशाङ्गम् (नपुं.) [*द्वादश अङ्गानि यस्य तत्, बहु.स.*] १.गोकुल धूप, श्रीखण्ड, तेजपत्ता, कूट अगरु, केसर, जाइफल, कपूर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जटामसी, नागरमोथे, तेज, खस यी बाह्र सुगन्धित वस्तुबाट बनेको धूप २.जैनीहरूको एक ग्रन्थ।

द्वादशाङ्गुलः (पुं.) [*द्वादश अङ्गुलानि यस्मिन् सः, बहु.स.*] बित्ता।

द्वादशात्मा (पुं.) [*मासानुसारेण द्वादश आत्मानः स्वरूपाणि यस्य सः, बहु.स.*] १.सूर्य २.आँकको रुख।

द्वादशादित्याः (पुं.बहु.) [*द्वादशसङ्ख्यका आदित्याः, म.प.स.*] कश्यप ऋषिले अदितिबाट जन्माएका बाह्र सूर्यरूप देवताहरू— धाता, मित्र, अर्यमा, शुक्र, वरुण, अंश, भग, विवस्वान्, पूषा, सविता, त्वष्टा र विष्णु।

धाता मित्रोऽर्यमा शक्रो वरुणस्त्वंश एव च।
भगो विवस्वान् पूषा च सविता दशमस्तथा॥
एकादशस्तथा त्वष्टा द्वादशो विष्णुरुच्यते।
जघन्यजस्तु सर्वेषा मादित्यानां गुणाकरः॥ (म.भा.आ.प.)

द्वादशायतनम् (नपुं.) [*द्वादशानाम्, आयतनानां समूहः*] जैन दर्शनअनुसार पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, मन र बुद्धिको समूह।

द्वादशायुः (पुं.) [*द्वादशवर्षपर्यन्तमायुर्यस्य सः, बहु.स.*] कुकुर।

द्वादशारण्यम् (नपुं.) [*द्वादशानामरण्यानां समूहः*] पुराणअनुसार बाह्र अरण्य (वन)— दण्डकारण्य, विन्ध्यारण्य, पुष्करारण्य, नैमिषारण्य कुरुजाङ्गल, उत्पलवर्तकारण्य, जम्बूकारण्य, अर्बुदारण्य, हिमवदरण्य, धर्मारण्य, वेदारण्य र सैन्धवारण्य।

द्वादशाहः (पुं.) [*द्वादश च तद् अहः, यस्मिन् सः*] १.बाह्र दिनमा पूरा हुने यज्ञ २.[*द्वादशानामह्नां समाहारः, द्विगु.स.*] बाह्र दिनको समूह ३.[*द्वादशेऽह्नि भवः*] मृतकको बाह्रौं दिनमा गरिने श्राद्ध।

द्वादशी (स्त्री.) [*द्वादशानां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट् डित्वाट्टिलोपः, ङीप्*] प्रत्येक पक्षको बाह्रौं तिथि/विष्णुको तिथि।

द्वानवतिः (स्त्री.) [*द्वौ च नवतिश्च (द्व.स.), यद्वा द्व्यधिका नवतिः, त.स.*] बयान्नब्बे।

द्वापरः (पुं./नपुं) [*द्वौ परौ प्रकारौ विषयौ वा यस्य, आत्वम्*] १.सन्देह २.तास वा पासाको खेलमा दुवा ३.[*द्वौ सत्यत्रेतायुगौ परौ उत्कृष्टौ यस्मात् तत्, बहु.स.*] चार युगमध्ये वामन द्वादशीबाट सुरु हुने तेस्रो युग। यसको समयावधि ८६५००० वर्ष मानिएको छ।

द्वापरः संशयेऽपि स्यात् तृतीयेऽपि युगे पुमान् (वाङ्म.)।

द्वापञ्चाशत् (स्त्री.) [*द्वौ च पञ्चाशच्च (द्व.स.), यद्वा द्व्यधिका पञ्चाशत् (त.स.), विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम् ६.३.४९ इति आत्वम्*] बाउन्न।

द्वारपालः (पुं.) [*द्वारं पालयति, पाल रक्षणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] ढोके/पाले।

द्वारम् (नपुं.) [*द्वरति निर्गच्छति गृहाभ्यन्तराद् अनेन, द्वृधातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा द्वारयति, पचाद्यच्*] १.ढोका।

द्वारं द्वारं रटन्तीह भिक्षुकाः पात्रपाणयः।
दर्शयन्त्येव लोकानामदातुः फलमीदृशम्॥ (सुभा.)

२.ढोकाको खापा ३.साधन ४.[*द्वरति मरणकाले जीवो निर्गच्छत्यनेन*] मानवका शरीरमा विद्यमान नौ छिद्र— नाक २, आँखा दुई, कान दुई, मुख, गुदद्वार, मूत्रेन्द्रिय। **~यन्त्रम्** (नपुं.) [*द्वारस्य यन्त्रम्, ष.त.*] ताल/छेस्किनी।

द्वारमातृकाः (स्त्री.) [*द्वारस्थिताः मातृकाः, म.प.स.*] घरको रक्षा गर्ने देवीहरू— जयन्ती, मङ्गला, पिङ्गला, आनन्दवर्धिनी र महाकाली।

द्वारपालः (पुं.) [*द्वारं पालयति,कर्मण्यण् इत्यण्*] ढोकामा बस्ने पाले

द्वारिका (स्त्री.) [*द्वारेण प्रशस्तद्वारेण कायति कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४, टाप् ४.१.४, इत्वम्*] सात मोक्ष पुरीमध्ये एक पुरी र चारधाममध्ये एक प्रसिद्ध तीर्थ। यसको अर्को नाम आनर्त नगरी वा अब्धि नगरी हो। प्राचीन द्वारका मधुपुरको नजिकै रहेको द्वारकाबाट ८५ माइल दक्षिण पूर्वको कुनामा रैवतक पर्वत नजिकै थियो। महाभारतअनुसार द्वारका कृष्णको प्रधान वासस्थान हो, यसको पूर्वमा रैवतक, दक्षिणमा लतावेष्ट, पश्चिममा सुकक्ष, उत्तरमा वेणुमन्त नामका पर्वत थिए। यो अन्यन्त सुन्दर थियो। यसै ठाउँमा साम्बको पेटबाट मुसल पैदा भयो। कृष्ण र द्वारकावासी स्त्रीपुरुषले द्वारकापुरी खाली गरेपछि समुद्रले यसलाई डुबाएको थियो। त्यसभन्दा पहिले यो रेवका छोरा रैवतको राजधानी थियो। त्यसभन्दा पनि पहिले यसको नाम कुशस्थली थियो। रैवतले कुश विछ्याएर यज्ञ गरेको हुँदा यसको नाम कुशस्थली रहन गएको हो।

रेवस्य रैवतः पुत्रः कुकुद्मी नाम धार्मिकः।
ज्येष्ठः पुत्रशतस्यासीद् राज्यं प्राप्य कुशस्थलीम्॥
(ह.व. १०/३४)

हाल त्यहाँ दुई द्वारिका विद्यमान छन्— गोमती द्वारिका र वेट द्वारिका। गोमती द्वारिका प्राचीन कुशस्थली वा श्रीकृष्णको निवास भएको स्थली हो भनेर पुरातत्वविद्हरूले भनेका छन्। यसको नैऋत्य कोणमा समुद्रको पानीले भरिएको गहिरो खाडल छ। यसलाई गोमती भन्दछन्। गोमतीको उत्तरतिर नौवटा पक्की घाट छन्— सङ्गमघाट, नारायणघाट,वासुदेवघाट,गौघाट, पार्वतीघाट, पाण्डवघाट, ब्रह्मघाट, सुरधनघाट र सर्कारीघाट। समुद्र र गोमतीको सङ्गम घाटमा सङ्गमनारायणको मन्दिर छ भने वासुदेवघाटमा हनुमान्को मन्दिर छ। यहाँ रहेका अन्य स्थलहरूमा निष्पाप सरोवर, चतुर्भुजी द्वारकाधीशको मन्दिर, त्रिविक्रम मन्दिर, प्रद्युम्न मन्दिर, कुशेश्वर महादेवको मन्दिर, पुरुषोत्तम, देवकी, लक्ष्मीनारायण र सत्यभामाका मन्दिरहरू विशेष दर्शनीय छन्। यहा शङ्कराचार्यको शारदा मठ पनि छ। गोमती द्वारकाबाट २० माइल पर ईशान कोणमा एउटा द्वीप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। त्यहां भगवान् श्रीकृष्णको ठुलो मन्दिर छ। त्यसका आसपासमा थुप्रै देवी, देवताका मन्दिरहरू छन्। गोपीसरोवर, नागनाथ, शङ्खोद्धार आदि यहांका अन्य दर्शनीय स्थल हुन्। द्वीपमा रहेको हुंदा यसलाई वेट्द्वारिका भनिएको हो। (तीर्थाङ्क)

द्वाविंशतिः (स्त्री.) [*द्वौ च विंशतिश्च (द्व.स.) द्व्यधिका विंशतिः (त.स.) वा द्व्यष्टनः, संज्ञायामबहुव्रीह्यशीत्योः ६.३.४७ इति आत्वम्*] बाइस।

द्वाषष्टिः (स्त्री.) [*द्वौ च षष्टिश्च द्व.स. यद्वा, द्व्यधिका षष्टिः (त.स.) विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम् ६.३.४९ इति आत्वम्*] बैसाट्ठी।

द्वासप्ततिः (स्त्री.) [*द्वौ च सप्ततिश्च द्व.स., यद्वा द्व्यधिका सप्ततिः (त.स.) विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम् ६. ३.४९ इति आत्वम्*] बहत्तर।

द्वास्थः (पुं.) [*द्वारि तिष्ठति, सुपि स्थः इति कः,खर्परे शरि वा विसर्गलोपो वक्तव्यः इति पाक्षिको विसर्गलोपः*] १.द्वारपाल २.नन्दिकेश्वर ३.(पुं.वि.) ढोकामा रहेको।

द्विः (अव्य.) [*द्वित्रिचतुर्भ्यः सुच् ५.४.१८ इति सुच्*] दुई पटक/दुई चोटी।

द्विः शरं नाभिसन्धत्ते द्विः स्थापयति नाश्रितान्।
द्विर्ददाति नचार्थिभ्यो रामो द्विर्नैव भाषते॥ (रामा.)

द्विकः (पुं.) [*द्वौ कौ ककारौ यत्र सः, बहु.स.*] १.काक २.कोक (चखेवा)

वयं कका वयं काका जल्पन्तीति प्रगे द्विकाः।
तिमिरारिस्तमो हन्यादिति शङ्कितमनसाः॥ (सुभा.)

द्विकम् (नपुं.) [*द्वाभ्यां कायति, कै शब्दे इति धातोः, आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.अत्यन्त मिलेका जोडी। २.आत्मा ३.मन। **द्विकमात्ममनोयुग्मे क्लीबं द्वे काककोकयोः।** (वाङ्म.) ३.एउटै दृक्सूत्रमा पर्ने दुइ नक्षत्र। यिनीहरू दुई प्रकारका छन्— चाक्षुष र वर्णच्छत्रीय। जुन नक्षत्र दूरवीनबाट हेर्दा दुइटा देखिन्छन्, ती चाक्षुष हुन्। जुन नक्षत्र वर्णच्छत्रमा रेखाको विचलनबाट द्विकभाव देखाउँछन् ती वर्णच्छत्रीय द्विक नक्षत्र हुन्। (अ.ज्यो.वि. १२.१-१४)

द्विकरः (पुंवि.) १.[*द्वे करोति, दिवाविभा-३.२.२१ इति टः, गुणः, रपरत्वम्*] दुइ काम गर्ने २.[*द्वौ करौ यस्य सः, बहु.स.*] दुइ हात भएको।

द्विगुः (पुं.) समूह अर्थ बुझाउने गरी सङ्ख्यावाची शब्दका साथ भएको समस, जस्तै— **त्रयाणां मूलानां समाहारः त्रिमूली।**

द्विगुणाकृतः (पुं.वि.) [*अद्विगुणः द्विगुणो यथा सम्पद्यते तथा कृतः, कृञो द्वितीय ५.४.५८ इति डाच्*] १.डबल काम गरिएको २.दुई पल्ट जोतिएको। **द्विगुणाकृते तु सर्वं पूर्वं शम्बाकृतमपीह** (अमर. २.९.९)।

द्विचत्वारिंशत् (स्त्री.) [*द्वौ च चत्वारिंशच्च, द्व.स. यद्वा द्व्यधिका चत्वारिंशत्, त.स.*] बयालिस।

द्विजः (पुं.) [*द्विर्जायते जन्मना विशिष्टसंस्कारेण च इति, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, टिलोपः*] १.दुई पटक जन्मेको प्राणी २.ब्राह्मण, क्षत्रिय र वैश्य ३.फूलबाट पैदा हुने प्राणी, अण्डज पक्षी, सर्प आदि। ४.दाँत। **द्विजः स्याद् ब्राह्मणक्षत्रवैश्यदन्ताण्डजेषु ना** (मेदिनी. ३०.९)।

द्विजन्मा (पुं.) [*द्विर्वारद्वयं जन्म यस्य सः, बहु.स.*] १.दाँत २.ब्राह्मण ३.क्षत्रिय ४.वैश्य ५.चरो।

द्विजन्मा पुंसि दन्तेऽथ द्वे ब्रह्मक्षत्रविट्खगे (वाङ्म.)।

द्विजराजः (पुं.) [*द्विजानां राजा, ष.त., राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] १.चन्द्रमा २.गरुड ३.विष्णु।

द्विजराजस्त्वनन्तेऽपि चन्द्रे च गरुडे पुमान् (वाङ्म.)।

द्विजा (स्त्री.) [*द्विर्जाता, जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] १.सितल चिनी २.धुलो।

द्विजातिः (पुं.) [*द्वे जाती जन्मनी यस्य सः बहु.स.*] १.ब्राह्मण, क्षत्रिय र वैश्य। **मातुरग्रे विजननं द्वितीयं मौञ्जीबन्धनात्** (मनु. २.१६९) २.अण्डज पक्षी, सर्प, ३.दाँत।

द्विजिह्वः (पुं.) [*द्वेजिह्वे यस्य सः, बहु.स.*] १.दुई जिब्रे २.छुल्याहा/कुरा लगाउने व्यक्ति ३.सर्प ४.बोलीको ठेगान नभएको मानिस।

द्विजिह्वत्वम् (पुं.) [*द्विजिह्वस्य भावः,तस्य भावस्त्वतलौ इति त्वप्रत्ययः*] दुई जिब्रेपना, बोलीको ठेगान नहुनु।

वाताशिनो द्विजिह्वत्वं निर्मितं पश्य वेधसा (सुभा.)।

द्विजिह्वा (स्त्री.) [*द्वे जिह्वे यस्याः सा, बहु.स.*] १.सर्पिणी २.कलम।

कृष्णास्या न तु मार्जारी द्विजिह्वा न तु सर्पिणी।
पञ्चभर्ता न पाञ्चाली यो जानाति स पण्डितः॥ (सुभा.)

द्विट् (पुं.) [*द्वेष्टीति, द्विषधातोः, सत्सूद्विष. ३.२.६१ इति क्विप्*] शत्रु।

द्विड् विपक्षाहिताऽमित्रदस्युशात्रवशात्रवः (अमर.२.८.११)।

द्वितयम् (नपुं.) [*द्वौ अवयवौ अस्य, सङ्ख्याया अवयवे तयप् ५.२.४२ इति तयप्*] १.दुई अवयव भएको २.दोब्बर। **द्रुमसानुमतां किमन्तरं यदि वायौ द्वितयेऽपि ते चलाः** (रघु. ८.९०)।

द्वितीयः (पुं.वि.) [*द्वयोः, पूरणः, द्वेस्तीयः ५.२.५४ इति डटं प्रबाध्य तीयप्रत्ययः*] दोस्रो। **द्वितीया तिथिगेहिन्योर्द्वितीयः पूरणे द्वयोः** (हेमचन्द्र २.५१९)।

द्वितीया (स्त्री.) [*द्वयोः पूरणीः, तस्य पूरणे डट् ५.२.४८ इति प्राप्तं डटं प्रबाध्य द्वेस्तीयः ५.२.५४ इति तीयप्रत्ययः, टाप् ४.१.४*] १.दोस्री २.द्वितीया तिथि। ३ पत्नी ३.ब्रह्माको दिन ४.विभक्ति-विशेष। सस्कृत भाषाका अम् औट् शस् पाणिनिसम्मत द्वितीया विभक्ति हुन्। **द्वितीया स्त्री द्वितीयस्यां विभक्तौ ब्रह्मणस्तिथौ। भार्यायाञ्च** (वाङ्म.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीयार्यभट्टः (पुं.) [*द्वितीयः आर्यभट्टः*] ज्योतिषशास्त्रका आचार्य। यिनले आर्यसिद्धान्त लेखेका छन्। यो अत्यन्त प्रौढ ग्रन्थ छ। यसमा १८ अध्याय र ६२५ पद्य छन्। भाष्कराचार्यभन्दा यी पूर्ववर्ती मानिन्छन्। यिनको जीवनीका सम्बन्धमा कुनै विवरण उपलब्ध छैन।

द्वित्राः (पुं.ब.) [*द्वौ वा त्रयो वा, बहु.स., सङ्ख्याया अल्पीयस्याः (वा) इति द्विशब्दस्य पूर्वनिपातः, बहुव्रीहौ संख्येये ५.३.७४ इति डच्, टिलोपः,*] दुई तीन वस्तु वा जना।

द्वित्वम् (नपुं.) [*द्वयोर्भावः, तस्य भावस्त्वतलौ इति त्वः*] जोडी, डबलिनु

द्विदलम् (नपुं./पुं.) [*द्वे दले यत्र तत्, बहु.स.*] दुई फक्ल्याँटे अन्न। मास, मुङ, मसूरो, चना, गहत, भटमास, बोडी र रहरलाई द्विदल भनिन्छ।

माषमुद्गमसूराश्च चणकाश्च कुलत्थिकाः।
निष्पावा राजमाषाश्च आढक्यो द्विदलं स्मृतम्॥ (नि.सि.)

कसै-कसैले उम्रदा दुईपाते हुनेलाई पनि द्विदल भनेका छन्। उम्रदा टुसो नलागी दुई फक्ल्याँटे हुने अन्नलाई पनि द्विदल भनिन्छ। **केचित् उत्पत्तिसमये दलद्वयं यस्य भवति तद्भूतपूर्वगत्या द्विदलमित्युच्यते इत्याहुः। उदाहरन्ति च— बीजमेघसमुद्भूतं द्विदलं चाङ्कुरं विना। दृश्यते यत्र सस्येषु द्विदलं तन्निगद्यते॥** (नि.सि.)

द्विधा (अव्य.) [*द्वाभ्यां प्रकाराभ्याम्, सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा*] दुई प्रकारले/दुई किसिमले।

तीक्ष्णधारेण खड्गेन वरं जिह्वा द्विधा कृता।
न तु मानं परित्यज्य देहि देहीति भाषितम्॥ (सुभा.)

द्विधाकारम् (नपुं.) [*अद्विधा द्विधा कृत्वा, नाधार्थप्रत्यये च्व्यर्थे ३.४.६२ इति णमुल्, ७.२.११५ इति वृद्धिः*] दुईथरी गराउनु।

द्विधाभावम् (नपुं.) [*अद्विधा द्विधा भूत्वा, नाधार्थप्रत्यये च्व्यर्थे ३.४.६२ इति णमुल्, ७.२.११५ इति वृद्धिः, एचोऽयवायावः ६.१.७८ इति आवादेशः*] दुइथरी हुनु।

द्विनवतिः (स्त्री.) [*द्वौ च नवतिश्च, द्व.स., यद्वा द्व्यधिका नवतिः, त .स.*] बयान्नब्बे।

द्विपः (पुं.) १.[*द्वाभ्यां मुखशुण्डाभ्यां पिबति, सुपि स्थः ३.२.४ इत्यत्र सुपि इति योगविभागात् कः, आतो लोपः ६.४.६४ इति आलोपः*] १.हात्ती। **दन्ती दन्तावलो हस्ती द्विरदोऽनेकपो द्विपः।** (अमर. २.८.३४) २.नागकेशर।

द्विपञ्चाशत् (स्त्री.) [*द्वौ च पञ्चाशच्च, द्व.स. यद्वा, द्व्यधिका पञ्चाशत् त.स.*] बाउन्न।

द्विपदी (स्त्री.) [*द्वौ पादौ यस्याः सा, बहु.स.*] १.दुईवटा खुट्टा भएको २.दुई चरणमात्र हुने एक प्रकारको छन्द।

द्विपाद् (पुं.) [*द्वौ पादौ यस्य सः, बहु.स.*] १.चरो २.मानिस ३.(पुं.वि.) दोपाया। **द्विपाद् द्वे विहगे मर्त्ये द्व्यङ्घ्रिके तु त्रिषु मतः** (वाङ्म.)।

द्विपाद्यः (पुं.) [*द्वौ पादौ परिमाणमस्य, पणपाद इति यत्, पद्भावः ६.३.५३*] शास्त्रले तोकेभन्दा डबल दण्ड।

द्विपुष्करयोगः (पुं.) [*द्विपुष्कर इति योगः*] ज्योतिषशास्त्रअनुसार द्वितीया, सप्तमी, द्वादशी तिथि मध्ये एक तिथि, शनि, मङ्गल, रविवार मध्ये एक वार र धनिष्ठा, चित्रा, मृगशिरा नक्षत्रमध्ये कुनै एक नक्षत्र जुद्दा हुने योग।

द्विमातृजः (पुं.वि.) [*द्वाभ्यां मातृभ्यां जातः, पञ्चम्या जातौ ३.२.९८ इति डः, टिलोपः*] १.दुई आमाको सन्तान। २.गणेश।

द्विमास्यः (पुं.वि.) [*दौ मासौ भूतः, द्विगोर्यप् ५.१.८२ इति यप् एवं त्रिमास्यः, चतुर्मास्य आदि*] दुई महिना उमेर भएको।

द्विमुखः (पुं.) [*द्वे मुखे यस्य सः, बहु.स.*] १.दुईमुखे सर्प २.बोलीको ठेगान नभएको व्यक्ति।

द्विरदः (पुं.) [*द्वौ रदौ यस्य सः, बहु.स.*] हात्ती।

द्विरसनः (पुं.) [*द्वे रसने जिह्वे यस्य सः, बहु.स.*] सर्प।

द्विरात्रम् (नपुं.) [*द्वयोः रात्र्योः समाहारः, द्विगु.स., अहः सर्वैकदेश ५.४.८७ इति टच्*] दुई रात।

द्विरुक्तिः (स्त्री.) [*द्विसंख्यका उक्तिः, म.प.स.*] पहिले भनिसकेको कुरा फेरि भन्नु/दोहोऱ्याएर भन्नु।

द्विरेफः (पुं.) [*द्वौ रेफौ, (भ्रमर इति पदे) यस्य सः, बहु.स.*] भमरो।

द्विशः (अव्य.) [*द्वौ द्वौ इति, सङ्ख्यैकवचनाच्च वीप्सायाम् ५.४.४३ इति शस्*] दुईपटक।

द्विशतम् (नपुं.) [*द्वौ च शतञ्च, स.द्व., यद्वा द्व्यधिकं शतम्, त.स.*] एक सय दुई।

द्विष (धा.) [*अप्रीतौ, सक.अनिट् उभ.*] द्वेष गर्नु। लट्— **द्वेष्टि–द्विष्टे—** द्वेष गर्छ। लिट्— **दद्वेष–दिद्विषे—** द्वेष गरेछ (अन.)। लुट्— **द्वेष्टा—** द्वेष गर्ने छ (अन.)। लृट्— **द्वेक्ष्यति–ते—** द्वेष गर्ने छ। लोट्— **द्वेष्टु–द्विष्यम्—** द्वेष गरोस्। लङ्— **अद्वेट्–अद्विष्ट—** द्वेष गऱ्यो (अन.)। विधिलिङ्— **द्विष्यात्–द्विषीत—** द्वेष गर्ला, द्वेष गरोस्। आशीर्लिङ्— **द्विष्यात्–द्विक्षीष्ट—** द्वेष गरोस्। लुङ्— **अद्विषत्–अद्विक्षत—**द्वेष गऱ्यो। लृङ्— **अद्वेक्ष्यत्–त—**द्वेष गर्ने थियो। कर्मणि— **द्वेष्यते—** द्वेष गरिन्छ। णिचि— **द्वेषयति—** द्वेष गर्न लगाउँछ। सनि— **दिद्विक्षति—** द्वेष गर्न चाहन्छ। यङि— **देद्विष्यते—** अतिशय वा बारम्बार द्वेष गर्छ। यङ्लुकि— **देद्विषीति, देद्वेष्टि—** अतिशय वा बारम्बार द्वेष गर्छ। कृदन्ते— **द्वेषकः, द्वेषिका द्वेष्य, द्वेष्टी—** द्वेष गर्ने। **द्विट्—** द्वेष गर्ने। जस्तै— **विप्रद्विट्, ब्रह्मद्विट्, मित्रद्विट् प्रद्विट्** आदि। **द्वेषी—** द्वेष गर्ने। **द्विषन्, द्विषाणः—** द्वेष गरिरहेको **द्विष्टः—** द्वेष गरिएको। **द्विष्टवान्—** द्वेष गरेको। **द्वेषितः—** द्वेष गरिएको। **दिद्विक्षकः—** द्वेष गर्न चाहने। **देद्विषकः—** अतिशय वा बारम्बार द्वेष गर्ने। **द्वेष्टव्यम्, द्वेषणीयम्, द्वेष्यम्—** द्वेष गर्नुपर्ने **द्वेषः, द्विष्टिः, द्वेषणम्, द्वेषणा—** डाह, द्वेष। **द्विष्टुम्—** द्वेष गर्न। **द्विष्ट्वा, प्रद्विष्य—** द्वेष गरेर। **द्वेषयितुम्—** द्वेष गराउन इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विषन् (पुं.) [*द्वेष्टि इति द्विष अप्रीतौ इति धातोः द्विषोऽमित्रे इति शतृप्रत्ययः*] १.शत्रु। **यियिक्षमाणेनाहूतः पार्थेनाथ पुरं द्विषन्।** (शि.व. २.१) २.(पुं.वि.) द्वेष वा ईर्ष्या गर्ने।

द्विषन्तपः (पुं.वि.) [*द्विषतः तापयति, तप सन्तापे इति धातोः, द्विषत्परयोस्तापे ३.२.३९ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्*] शत्रुलाई सताउने।

द्विषष्टिः (स्त्री.) [*द्वौ च षष्टिश्च, द्व.स., यद्वा द्व्यधिका षष्टिः, त.स.*] बैसट्ठी।

द्विष्ठः (पुं.वि.) [*द्वयोः तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, आतो लोपः, अम्बाम्ब ८.३.९७ इति मूर्धन्यादेशः*] दुइतिर बस्ने।

द्विसन्धानकाव्यम् (नपुं.) यसका रचयिता धनञ्जय हुन्। यो दुई अर्थ भएको काव्य हो। यसको अर्को नाम राघवपाण्डवीय पनि हो। यसमा एउटै भाषामा रामायण र महाभारतका कथाको वर्णन छ। यो श्लेषमय काव्य हो।

द्विसप्ततिः (स्त्री.) [*द्वौ च सप्ततिश्च, द्व.स., यद्वा द्व्यधिका सप्ततिः, त.स.*] बहत्तर।

द्विसहस्रम् (नपुं.) [*द्वौ च सहस्रञ्च, स.द्व. यद्वा, द्व्यधिकं सहस्रम्, त.स.*] एक हजार दुई।

द्विसांवत्सरिकः (पुं.वि.) [*द्वौ संवत्सरौ जातौ अस्य, रात्र्यहःसंवत्सराच्च ५.१.८७ इति ठक्, ठस्य इकः, आदिवृद्धिः*] दुई संवत्सरको।

द्विहायनी (स्त्री.) [*द्वौ हायनौ यस्याः, दामहायना— ४.१.२७ इति ङीष्*] दुई वर्षकी गाई। **द्विहायनी द्विवर्षा गौः** (अमर. २.९.६८)।

द्वीपः (पुं./नपुं) १.[*द्विर्गता आपोऽत्र, ऋक्पूरब्धू पथामानक्षे ५.४.७४ इत्यः, द्व्यन्तरुपसर्गेभ्योऽप ईत् ६.३.९७ इति ईत्*] चारैतिर पानीले घेरिएको भूभाग। **द्वीपोऽस्त्रियामन्तरीपं यदन्तर्वारिणस्तटम्** (अमर.१.१०.८) २.[*द्वौ वर्णौ ईयतेऽत्र,इण् गतौ इति धातोः बाहुलकात् पः*] बाघको छाला।

द्वीपवती (स्त्री.) [*द्वीपमस्त्यस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] १.नदी। **अलङ्कृतं द्वीपवत्या मालिन्या रम्यतीरया।** (म.भा.१.७०.२८) २.पृथ्वी। **द्वीपवत्यापगाभुवोः** (वाङ्म.)।

द्वीपवान् (पुं.) [*द्वीपाः सन्त्यस्य, पूर्ववत् मतुप्, मस्य वः*] १.नद २.समुद्र। **द्वीपवान् सिन्धुनदयोः** (वाङ्म.)।

द्वीपी (पुं.) १.[*रेखाकारद्वीपवत्वाद् द्वीपं कर्बुरचर्म, अस्त्यस्येति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.बाघ/चितुवा। **शार्दूलद्वीपिनौ व्याघ्रे** (अमर.) [*द्वीपो भूभागोऽस्यास्तीति पूर्ववत्*] समुद्र/सागर।

द्वेधा (अव्यं.) [*द्विधा इति, एधाच्च ५.३.४५ इति धा इत्यस्य स्थाने एधाच्*] दुइ प्रकारको।

द्वेषः (पुं.) [*द्वेषणम्, द्विष अप्रीतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] वैरभाव/विरोध।

द्वेषणः (पुं.) [*द्वेष्टि, तच्छीलःक्रुधमण्डार्थेभ्यश्च ३.२.११५ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रिसाहा २.शत्रु।

द्वेषणम् (नपुं.) [*द्विष अप्रीतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] द्वेष गर्ने काम/घृणा/शत्रुता।

द्वेषी (पुं.वि.) [*द्वेष्टि तच्छीलः,द्विष अप्रीतौ इति धातोः, संपृचानुरुधाङ्य ३.२.१४२ इति घिनुण्*] डाहा गर्ने/ईर्ष्या गर्ने।

> **दीव्यं ज्ञानमतीन्द्रियं यदृषिभिर्ब्राह्मं वशिष्ठादिभिः**
> **पारम्पर्यवशाद् रहस्यमवनीं नीतं प्रकाश्यन्ततः।**
> **नैतद् द्वेषिकृतघ्नदुर्जनदुराचाराचिरावासिनां**
> **स्यादायुःसुकृतक्षयो मुनिकृतां सीमामिमामुज्झतः॥**
> (सि.शि.)

द्वेष्य (पु.वि.) [*द्वेष्टि, द्विष अप्रीतौ इति धातोः तृन् ३.२.१३५ इति तृन्*] द्वेष गर्ने/डाही। **द्वेष्यरस्तस्य नैवासन् स च द्वेष्टि न कश्चन** (म. भा.१.४९.९)।

द्वेष्यः (पुं.वि.) [*द्वेष्टुमर्हः, द्विष अप्रीतौ इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] १.द्वेष गर्न लायक। **सुखं वा यदि वा दुःखं द्वेष्यं वा यदि वा प्रियम्। यथावत् सर्वमाचक्ष्व श्रुत्वा धास्यामि यत् क्षमम्॥** (म.भा. ४.१६.१८) २.(पु.) [*द्विष्यतेऽसौ,ण्यत्*] शत्रु।

द्वैगुणिकः (पु.वि.) [*द्विगुणार्थं द्रव्यं द्विगुणम्, तत्प्रयच्छति, (द्विगुणं ग्रहीतुमेकगुणं ददाति) प्रयच्छति गर्ह्यम् ४.४.३० इति ठक्, ठस्य इकः, वृद्धिः*] ऋण दिएर डबल ब्याज खाने व्यक्ति।

द्वैतम् (नपुं.) [*द्विधा इतम्, द्वीतम्, तस्य भावः, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इत्यण, वृद्धिः*] १.दुई। **विशोको ब्रह्मसम्पत्या संछिन्नो द्वैतसंशयः।** (भाग.१.१५३०) २.वनविशेष। **स वर्णिलिङ्गी विदितः समाययौ युधिष्ठिरं द्वैतवने वनेचरः** (किरा.)।

द्वैतवादः (पुं.) [*द्वैतस्य वादः, ष.त.*] सत् दुई अथवा दुईभन्दा बढी छन् भनेर व्याख्या गर्ने सिद्धान्त। यसलाई बहुत्ववाद पनि भन्न सकिन्छ। यो अद्वैतवादको विरोधी सिद्धान्त हो। यसले श्रुति स्मृति र ब्रह्मसूत्रलाई प्रमाण मान्छ। ब्रह्म प्राप्त गर्नु नै यस वादको प्रमुख लक्ष्य हुन्छ। यसका प्रथम प्रवर्तक मध्वाचार्य हुन्। ११ वर्षको उमेरमा यिनले अद्वैतमतका संन्यासी अच्युत पक्षाचार्यसँग दीक्षा लिएका थिए। यिनले गीताभाष्य, उपनिषद्को भाष्य र ब्रह्मसूत्रको भाष्य लेखेका छन्। यिनका अनुयायीहरूमा जयतीर्थ, व्यासतीर्थ, रामाचार्य, वनमाली मिश्र, विजयीन्द्र, वैदेशतीर्थ आदि छन्। यो मत आज पनि विभिन्न क्षेत्रमा प्रचलित छ। द्वैतवाद अद्वैतवादको प्रतिक्रियास्वरूप प्रादुर्भाव भएको सिद्धान्त हो। मध्वाचार्यले वेद, स्मृति तथा तर्कको आधारमा के सिद्ध गरेका छन् भने 'ब्रह्ममात्रै सत्य होइन, संसार पनि सत्य हो। जीव ब्रह्मको अभास होइन, ईश्वर जीवदेखि सधैं भिन्न हुन्छ। जड पदार्थदेखि ईश्वर छुट्टै हो। जीव पनि जड पदार्थदेखि भिन्न नै हुन्छ। एउटा जीव अर्को जीवदेखि भिन्न हुन्छ। एउटा जड पदार्थ अर्को जड पदार्थदेखि पनि भिन्न हुन्छ।' यस सम्प्रदायका आचार्यहरूले अद्वैत सिद्धान्तको खण्डन गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैतवादी (पुं.वि.) [*द्वैतं जीवः, ईश्वरश्चेति वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] जीव र ईश्वरलाई भिन्न मान्ने सिद्धान्तवादी।

द्वैताद्वैतवादः (पुं.) संसार र ब्रह्मको सम्बन्धलाई लिएर दार्शनिकहरूमा प्रशस्त भेद छ। शङ्कराचार्य अद्वैत सम्बन्ध मान्दछन् भने रामानुजले विशिष्टाद्वैत मानेका छन्। निम्बार्कको मतमा संसार र ब्रह्मको सम्बन्ध द्वैताद्वैत छ। यस मतअनुसार संसार ब्रह्मदेखि भिन्न पनि छ अभिन्न पनि छ। यस सिद्धान्तका प्रतिपादक तैलङ्ग देशनिवासी निम्बार्क हुन्। यिनको समय एघारौं शताब्दी हो। यिनले वेदान्तपारिजात, दशश्लोकी र कृष्णस्तवराज लेखेका छन्। यिनका चेला श्रीनिवासाचार्यले वेदान्तपारिजातको टीका, वेदान्त कौस्तुभको रचना गरेका छन्। काश्मीरी केशवभट्टले पनि यस मतको पक्षमा थुप्रै पुस्तकहरू लेखेका छन्। यसको अर्को नाम भेदाभेदवाद हो।

द्वैतीयीकः (पुं.वि.) [*द्वितीय एव, तीयादीकक् स्वार्थे वाच्यः ५.३.४८ इति ईकन्*] दोस्रो।

द्वैधः (पुं.वि.) [*द्विधा इति द्वित्र्योश्च धमुञ् इति धमुञ्*] दुई किसिमको।

द्वैधम् [*पूर्ववत्*] दुईथरी बलिया शत्रुका बिच थाहा नपाउने गरी दुवैतिर बोलीले ठिक्क पारी समदूरीमा बस्नु।

द्वैधङ्कारम् (नपुं.) [*अद्वैधं द्वैधं कृत्वा, नाधार्थप्रत्यये च्व्यर्थे ३.४.६२ इति णमुल्, अचो ञ्णिति ७.२.११५ इति वृद्धिः, उरण् रपरः १.१.५१ इति रपरत्वम्*] दुइथरी हुनु वा बन्नु।

द्वैधभावम् (नपुं.) [*अद्वैधं द्वैधं भूत्वा, नाधार्थप्रत्यये च्व्यर्थे ३.४.६२ इति णमुल्, अचोञ्णिति ७.२.११५ इति वृद्धिः, एचोऽयवा यावः ६.१.७८ इति आबादेशः*] १.दुइथरी हुनु २.परस्पर समान बल भएका विरोधीका बिच दुवैतिर बोलीले आत्मसमर्पणको भाव देखाई कागका आँखाले झैं नदेखिने गरी समभाव राख्नु। **बलिनो द्विषतोर्मध्ये वाचात्मानं समर्पयन्। द्वैधभावेन तिष्ठेत काकाक्षिव-दलक्षितः** (अ.पु.२४०)।

द्वैधशासनम् (नपुं.) [*द्वधञ्च तत् शासनञ्च, कर्म.स.*] दुई वर्गका हातमा वा अधीनमा रहेको शासन व्यवस्था।

द्वैपः (पुं.) [*द्वीपिनो व्याघ्रस्य विकारोऽवयवो वा, द्वैपवैयाघ्रादञ् ४.२.१२ इति अञ्, वृद्धिः*] १.बाघको छालाले बेरिएको रथ २.[*द्वीपिनो व्याघ्रस्य विकारः,प्राणिरजतादिभ्योऽञ् इति अञ्*] बाघको छाला हाड आदि। ३.[*द्वीपः निवासोऽस्य, सोऽस्य निवासः इत्यण्*] द्वीपका बासिन्दा।

द्वैपायनः (पुं.) [*द्वीपमयनं जन्मभूमिर्यस्य सः, द्वीपायनः स एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.महाभारत, पुराण आदि ग्रन्थहरूका रचयिता वेदव्यास। **व्यासो द्वैपायनः पाराशर्यः सत्यवतीसुतः** (अमर.परिशिष्ट २३) २.द्वीपमा जन्मेका व्यक्ति। ३.सरोवरविशेष। **आसाद्य च कुरुश्रेष्ठ तत्र द्वैपायनं ह्रदम्** (म.भा.९.३१.२)।

द्वैमातृकः (पुं.वि.) १.[*द्वे मातृके इव, नदीवृष्टिरूपे यस्यासौ द्विमातृकः, द्विमातृक एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] खोलाको पानी लाग्ने खेत वा जमिन २.[*द्वे मातरौ यस्य सः, बहु.स., नद्यृतश्च ५.४.१५३ इति कप्*] दुई आमाको सन्तान।

द्वैमात्रेयः (पुं.वि.) [*द्वयोर्मात्रोरपत्यं पुमान्, शुभ्रादिभ्यश्च इति ढक्,ढस्य एयः, वृद्धिः, यण्*] १.दुई आमाको छोरो २.(पुं.) गणेश।

द्वैमातुरः (पुं.) [*द्वयोर्मात्रोरपत्यं पुमान्, मातुरुत्सङ्ख्यासंभद्रपूर्वायाः ४.१.११५ इति अण्, ऋकारस्य उदादेशः, रपरत्वञ्च, वृद्धिः*] १.दुई आमाको सन्तान। **द्वैमातुरो द्विमातृजः**। (अभि.चि.) २.गणेश ३.जरासन्ध। **द्वैमातुरो जरासन्धवारणाननयोः पुमान्** (मेदिनी.)।

द्वैराज्यम् (नपुं.) [*द्वयो राज्ययोर्भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति यत्*] एकै देशमा दुई राष्ट्रको प्रभुत्व तथा शासन भएको व्यवस्था वा स्थिति।

द्वैरात्रिकः (पुं.वि.) [*द्वयोः रात्र्योः समाहारः, तत्र भूतः, रात्र्यहः संवत्स राच्च ५.१.८७ इति ठञ्, ठस्य इकः, वृद्धिः*] दुई रातको।

द्वैरात्रीणः (पुं.वि.) [*द्वयोः रात्र्योः समाहारः, तत्र भूतः, रात्र्यहःसंवत्सराच्च ५.१.८७ इति खः, खस्य ईनः, वृद्धिः*] दुई रातको।

द्वैविध्यम् (नपुं.) [*द्विविधस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.दोहोरोपन २.दुई किसिम हुनु।

द्वौ (पुं.विं) दुई। **द्वयोरेव समं वित्तं द्वयोरेव समं बलम्। तयोर्विवादो मैत्री वा नोत्तमाधमयोः क्वचित्॥** (सुभा.)

द्व्यक्षरम् (नपुं.) १.[*द्वे अक्षरे यस्य तद् बहु.स.*] दुइ अक्षर भएको। **स चिन्तयन्द्व्यक्षरमेकदाम्भस्युपाशृणोद् द्विर्गदितं वचो विभुः।** (भाग. २.९.६) २.[*द्वयोरक्षरयोः समाहारः, द्वि.स.*] दुइ अक्षरको सनूह।

द्व्यङ्गुलम् (नपुं.) १.[*द्वे अङ्गुली परिमाणमस्य, तत्पुरुषस्याङ्गुलेः ५.४.८६ इति अच्*] दुइ औँला नापो भएको। २.[*द्वयोरङ्गुल्योः समाहारः, द्वि.स.*] दुइ औँलाको समूह।

द्व्यञ्जलम् (नपुं.) १.[*द्वयोरञ्जल्योः समाहारः, द्विगु.स. द्वित्रि-भ्यामञ्जलेः ५.४.१०२ इति वा टच्*] दुई अञ्जुलि २.[*द्वौ अञ्जली परिमाणमस्य, बहु.स.*] दुई अँजुली नापो भएको।

द्व्यञ्जलि (नपुं.) [*द्वयोरञ्जल्योः समाहारः, द्विगु.स. द्वित्रिभ्यामञ्जलेः ५.४.१०२ इति पक्षे टजभावः*] दुई अञ्जुलि।

द्व्यन्यः (पुं.वि.) १.[*द्वाभ्यामन्यः, तृ.त.*] दुइदेखि भिन्न २.[*द्वे अन्ये यस्य सः, बहु.स.*] अरु दुइ भएको ३.(नपुं.) [*द्वयोरन्ययोः समाहारः, द्वि.स.*] दुई अरूको समूह।

द्व्यणुकम् (नपुं.) [*द्वौ अणू कारणे यस्य तत्, बहु.स. शेषाद् विभाषा ५.४.१५४ इति कप्*] १.दुई अणुको संयोगबाट बनेको वस्तु २.दुई अणुको मात्रा।

द्व्यर्थकः (पुं.वि.) [*द्वौ अर्थौ यस्य सः, बहु.स., शेषाद् विभाषा ५.४.१५४ इति कप्, पक्षे द्व्यर्थः*] दुई अर्थ लाग्ने/उभयार्थी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लेष, ध्वनि आदिमा प्रायः यस्ता पदको प्रयोग हुन्छ। यस्ता पद दुई किसिमका हुन्छन्- सभङ्ग र अभङ्ग। राघवपाण्डवीयका पद्यहरू यसका उदाहरण हुन्। यसमा दुवै थरी अर्थ लाग्ने पद तथा पदावलीको प्रयोग गरेर रामायण तथा महाभारतको कथा वर्णन गरिएको छ। अन्य काव्यमा पनि द्व्यर्थक पदको प्रशस्त प्रयोग छ।

द्व्यशीतिः (स्त्री.) [*द्वौ च अशीतिश्च, द्व.स., यद्वा द्व्यधिका अशीतिः, म.प.स.*] बयासी।

द्व्यष्टम् (नपुं.) [*द्वे हेमरूप्येऽश्नुते स्म, अशू व्याप्तौ इति धातोः गत्यर्था इति क्तः*] तामो। **शुल्वं म्लेच्छमुखं द्व्यष्टम्** (अमर.२.९.९७)।

द्व्यहः (पुं.) [*द्वयोरह्नोः समाहारः, द्विगुस. राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्, टिलोपः*] दुई दिनको समूह।

द्व्यहीनः (पुं.वि.) [*द्वे अह्नी भूतः, रात्र्यहःसंवत्सराच्च ५.१.८७ इति खः, खस्य ईनः*] दुई दिनको।

द्व्यह्नः (पुं.) [*द्वयोरह्नोर्भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, द्विगोर्लुगनपत्ये ४.१.८८ इति ठञो लुक्, अह्नोऽह्न एतेभ्यः ५.४.८८ इति अह्नादेशः*] दुई दिनमा भएको।

द्व्यात्मकः (पुं.) [*द्वौ रूपौ आत्मानौ यस्य सः, बहु.स.*] १.मिथुन, कन्या, धनु र मीन राशि। **चरस्थिरद्व्यात्मकनामधेया मेषादयोऽमी क्रमशः प्रदिष्टाः।** (ज्योतिस्तत्त्व) २.(पुं.वि.) दुई रूप भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध

ध १.देवनागरी लिपिको वर्णमालाअन्तर्गत तवर्गीय व्यञ्जनको चौथो अक्षर/दन्त्यस्थानीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष तथा महाप्राण प्रयत्न। देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको उन्नाइसौं वर्ण। खण्डीय वर्ण। २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

धः (पुं.) [*दधाति, विश्वम्, धारयति वा, अन्येष्वपि दृश्यते ३.२.१०१ इत्यत्र अपिशब्दोपादानाद् डः, टिलोपः*] १.ब्रह्मा २.[*दधाति निधिम्]* कुबेर ३.[*दधाति जीवानां शुभाशुभम्*] धर्म/सदाचार ४.(पुं.वि.) धारण गर्ने।

धकारः (पुं.) [*ध इति निर्देशे, वर्णात्कारः (वा.)* इति कारप्रत्ययः] ध यो वर्ण।

धक्क (धा.) [*नाशने, सक.सेट् उभ.*] नाश गर्नु। लट्— **धक्कयति–ते—** नाश गर्छ। **धक्कयति पापं गङ्गा** (दुर्गादास) इत्यादि।

धटः (पुं.) [*धं धनम् अटति प्राप्नोति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्, शकन्ध्वादित्वात्पररूपम्*] १.तुला राशि २.तराजु ३.तुलापरीक्षा ४.औषधिको एक रुख।। यो कफ तथा पित्तनाशक मानिन्छ। यसको फल अलिअलि गुलियो हुन्छ।

धण (धा.) [*ध्वाने, भ्वा.पर.अक.सेट्*] शब्द गर्नु। लट्— **धणति—** शब्द गर्छ। **धणति मृदङ्गः** (दुर्गादास) इत्यादि।

धत्तूरः (पुं.) [*धयति धातून्, धयतीव प्रकृतिं वा, धेट् पाने इति धातोः, बाहुलकादूरच्, पृषोदरादीनि यथोपदिष्टम् ६.२.१०९ इति साधुः*] धतुरो। **धत्तूरः कनकाह्वयः**। (अभि.चि.) सुनलाई बुझाउने सबै शब्द धतुराका पनि वाचक हुन्।

धन (धा.) [*भ्वा.पर.अक.सेट्*] शब्द गर्नु। लट्— **धनति—** शब्द गर्छ। **धनति मृदङ्गः** (दुर्गादास)।

धन (धा.) [*धान्ये, अक.सेट् पर., छान्दसः*] उत्पादन गर्नु, पैदा गर्नु। लट्— **दधन्ति—** उत्पादन गर्छ, पैदा गर्छ,। **दधन्ति भूमिधान्यमुत्पादयन्ति** (दुर्गादास) इत्यादि।

धनञ्जयः (पुं.) [*धनं जयति सम्पादयतीति, संज्ञायां भृतॄवृजिधारिसहितपिदमः ३.२.४६ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्*] १.अर्जुन। उत्तर कुरुलाई जितेपछि यिनको नाम धनञ्जय रहेको हो। (भाग.१.७.५०) **अर्जुनः फाल्गुनः पार्थः सव्यसाची धनञ्जयः**। (अभि.चि.) २.शरीरको पोषक वायु। **न जहाति मृतञ्चापि सर्वव्यापी धनञ्जयः** ३.[*धनं जयति सम्पादयति, धनमिच्छेद् हुताशनाद् इत्युक्तेः*] अग्नि ४.नागविशेष। **कमलाश्वतरौ नागौ धृतराष्ट्रवलाहकौ। मणिमान् कुण्डधारश्च कर्कोटकधनञ्जयौ॥** (म.भा.२.९.९) ५.खरीको रुख ६.गोत्रविशेष। **धनञ्जयानामृषभः सुसामा सामगोऽभवत्**। (म.भा. २.३३.३४) ७.विष्णु। **पाण्डवानां धनञ्जयः** (भ.गी.) ८.सोह्रौं द्वापरका व्यास। **त्रय्यारुणिः पञ्चदशे षोडशे तु धनञ्जयः**। (दे.भा.१.३.३०) ९.विश्वामित्रका एक पुत्र। (वि.पु.३.१.१८) १०.नाट्यशास्त्रका एक आचार्य। यिनको समय दसौँ शताब्दी हो। यिनका बाबु विष्णु र भाइको नाम धनिक थियो। यिनले दशरूपक नामक नाट्यग्रन्थको रचना गरेका छन्। यस ग्रन्थमा उनका भाइ धनिकले टीका पनि लेखेका छन्। यिनले शान्त रस नाटकका लागि उपयोगी नहुने तथ्य प्रस्तुत गरेका छन्। (हे.दशरूपक) ११.एक कवि तथा कोशकार। यिनको समय आठौं शताब्दीको उत्तरार्द्ध वा नवौं शताब्दीको पूवार्द्ध हो। यिनका पिताको नाम वसुदेव र आमाको नाम श्रीदेवी थियो। यिनले धेरै पुस्तक लेखेका छन्। तिनमा द्विसन्धान काव्य र नाममाला विद्वज्जगत्मा ख्यातिप्राप्त छन्। नाममालाको श्लोकसङ्ख्या २०० छ।

कवेर्धनञ्जयस्येयं सत्कवीनां शिरोमणेः।
प्रमाणं नाममालेति श्लोकानां हि शतद्वयम्॥
प्रमाणमकलङ्कस्य पूज्यपादस्य लक्षणम्।
द्विसन्धानकवेः काव्यं रत्नत्रयमपश्चिमम्॥ (ध.ना.मा.)

धनदः (पुं.) १.[*धनं दयते पालयतीति, देङ् पालने इति धातोः, आत्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] कुबेर २.[*धनदोऽस्यास्तीति, अर्शादित्वादच्*] हिमालयको एक प्रदेश। **धनदं समतिक्रम्य हिमवन्तञ्च पर्वतम्**। (म.भा. १३.१९.१६) ३.बाह्र आदित्यमा एक आदित्य (म.पु. १७१.५६) ४.सात मरुत्मा एक मरुत् (ब्रह्मा. पु.३.५.९४) ५.(पुं.वि.) [*धनं ददातीति, पूर्ववत् कः*] धन दिने/सम्पत्ति दिने। **उत्तेजयति भूतानि क्रूरवाग् धनदोऽपि सन्** (कामन्द.)।

धनदा (स्त्री.) [*धनं ददाति उपासकानाम्, पूर्ववत् कः, टप्*] आश्विन कृष्ण एकादशी।

धनदानुजः (पुं.) [*धनदस्य अनुजः, ष.त.*] रावण।

निग्रहात् स्वसुराप्तानां वधाच्च धनदानुजः।
रामेण निहितं मेने पदं दशसु मूर्द्धसु॥ (रघु.१२.५३)

धनदायी (पुं.) [*उपासकानां धनं ददाति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.अग्नि। **धनमिच्छेद् हुताशनात्**। २.(पुं.वि.) धन दिने।

धनधान्यम् (नपुं.) [*धनञ्च धान्यञ्च, तयोः समाहारः, द्व.स.*] धन, अन्न आदि श्रीसम्पत्ति।

धनपक्षः (पुं.) [*धनस्य पक्षः, ष.त.*] व्यापार आदिबाट आएको आमदानी लेखिने खातापुस्तिकाका पानाको बायाँ भाग/क्रेडिटसाइट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनपतिः (पुं.) [*धनानां पतिः, ष.त.*] १.कुबेर। **एषा धनपतेर्मूर्तिः सर्वकिल्बिषनाशिनी** (व.पु) २.धनको मालिक ३.एकादशीका दिन अन्न नखानेलाई धन दिने र देवताका धनको रक्षा गर्ने एक वायु ४.(पुं.वि.) धनी/प्रशस्त धन भएको।

धनपोषम् (नपुं.) [*धनेन पुष्य, स्वे पुषः ३.४.४० इति णमुल्*] धनले पोस्ने काम।

धनफलम् (नपुं.) [*धनानां फलम्,ष.त.*] दान, भोग आदि।

अग्निहोत्रफला वेदा दत्तभुक्तफलं धनम्।
रतिपुत्रफला दारा शीलवृत्तफलं श्रुतम्॥ (अ.पु.)

धनम् (नपुं.) [*दधाति सुखमिति, दधन्ति धान्यादिमुत्पादयति, धन धान्ये इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, यद्वा कृपृवृजिमन्दिनिधाञः क्युः इति (उ.) इति क्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] . परिश्रम गरी कमाएको श्रीसम्पत्ति र जायजेथा/चल अचल सम्पत्ति।

धनैर्निष्कुलीनाः कुलीना भवन्ति
धनैरापदं मानवा निस्तरन्ति।
धनेभ्यः परो नास्ति बन्धुर्हि लोके
धनान्यर्जयध्वं धनान्यर्जयध्वम्॥ (उद्भट)

धनमदः (पुं.) [*माद्यन्त्यनेन, मदोऽनुपसर्गे ३.३.६७ इत्यप्, धनस्य मदः, ष.त.*] धनको अभिमान।

धनराशिः (पुं.) [*धनानां राशिः, ष.त.*] धनको समूह/धनको थुप्रो।

धनवती (स्त्री.) [धनमस्ति अस्याः, *तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, उगितश्च ४.१.६ इति ङीप्*] १.धनिष्ठा नक्षत्र २.धन भएकी महिला।

धनवान् (पुं.वि.) [*धनमस्ति अस्येति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] धनी/धनाढ्य/धनशाली/धनकुबेर।

आढ्यः समृद्धो धनवानिन ईशो धनीश्वरः (हला.)।

धनविधेयकम् (नपुं.) [*धनस्य विधेयकम्, ष.त.*] राज्यको आय बढाउन अथवा धनसम्बन्धी अन्य माग स्वीकृत गराउन संसद्, विधान वा प्रतिनिधिसभा आदिमा प्रस्तुत गरिने विधेयक।

धनव्ययः (पुं.) [*धनस्य व्ययः, ष.त.*] पैसा वा धनको खर्च।

यशस्करे कर्मणि मित्रसंग्रहे प्रियासु नारीष्वधनेषु बन्धुषु।
ऋतौ विवाहे व्यसने रिपुक्षये धनव्ययस्तेषु न गण्यते बुधैः॥

धनश्रीः (स्त्री.) [*धनस्य श्रीः*] १.धनको शोभा २.रागिणीविशेष।

धनहरी (स्त्री.) [*धनं हरति, हरतेरनुद्यमनेऽच् ३.२.९ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.चमेहा २.खराब कुलमा उत्पन्न भएकी नारी। **दुष्कुलीना धनहरी** (वाचस्पति) ३.एक राक्षसी ४.छट्टू/धूर्त ५.चोरनामक द्रव्यविशेष ६.(पुं.वि.) धन हरण गर्ने।

धनादेशः (पुं.) मनिअर्डर। धनप्रेषणादेश।

धनाधिपः (पुं.) [*धनानाम् अधिपः, ष.त.*] १.कुबेर। **राजराजो धनाधिपः** (अमर.१.१.६८) २.धनेश/धनाधिपति।

धनाध्यक्षः (पुं.वि.) [*धनानाम् अध्यक्षः, ष.त.*] १.खजान्ची २.(पुं.) कुबेर।

धनार्थी (पुं.वि.) [*धनमर्थयते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] धनसम्पत्तिको इच्छा गर्ने/धनपिपासु।

धनार्थी जीवलोकोऽयं श्मशानमपि सेवते।
त्यक्त्वा जनयितारं स्वं सुदूरमपि गच्छति।
अर्थार्थीत्यपि पाठः (सुभा.)।

धनाशा (स्त्री.) [*धनस्य आशा, ष.त.*] १.धनको इच्छा २.लोभ।

धनाशा जीविताशा च जीर्यतोऽपि न जीर्यति (वि.पु.)।

धनिकः (पुं.वि.) [*धनमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः ७.३.५०*] धनी/धनवान्।

न विद्यया नैव कुलेन गौरवं
जनानुरागो धनिकेषु सर्वदा।
कपालिना मौलिधृतापि जाह्नवी
प्रयाति रत्नाकरमेव सत्वरम्॥ (सुभा.)

धनिष्ठा (स्त्री.) *[अतिशयेन धनवान् ,अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्,टाप् ४.१.४,विन्मतोर्लुक् ५.३.६५ इति मतुपो लुक्]* तेइसौँ नक्षत्र। यसको आकार नगराको जस्तो छ। यसमा पाँचवटा तारा छन्। यसको मुख्य तारा (योगतारा) नक्षत्रको पश्चिमपट्टि छ। यसको ध्रुवांश (मेषको 0° बाट हुने दूरी) २८५/३० कला छ (सि.दर्पण) यस नक्षत्रमा पैदा हुने बालकको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार गा— गि— गु— गेबाट प्रारम्भ हुन्छ। धनिष्ठाका १ र २ पाउ मकर राशिमा र ३ र ४ पाउ कुम्भ राशिमा पर्दछन्। (मुचि) यो नक्षत्र पृथ्वीबाट करिब १६०० प्रकाश वर्ष टाढा छ। (आकाशदर्शन) **श्रविष्ठा तु धनिष्ठा वसुदेवता** (अभि.चि.)।

धनी (पुं.) [*धनमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] धन भएको/सम्पत्ति भएको।

एहि गच्छ पतोत्तिष्ठ वद मौनं समाचर।
एवमाशाग्रहग्रस्तैः क्रीडन्ति धनिनोऽर्थिभिः॥ (सुभा.)

धनुः (पुं.नपुं.) [*धन्यते युद्धादिना धान्यमाप्यते, धन धान्ये इति धातोः भृमृशीतृचरित्सरितनिधनिमिमस्जिभ्य उः (उ.) ३९७ इति उः, सान्तोऽप्ययं धनुष् शब्दः*] १.शस्त्र विशेष/तानेर फ्याँक्ने एक हतियार। **धनुषा च धनुं विदुः** (द्विरूपकोशः) २.बाह्र राशिमध्ये एक राशि। ३.बाण वा काँड हान्ने शस्त्र। **धनुश्चापोऽस्त्रमिष्वासः कोदण्डं धन्वः कार्मुकम्।** (अभि.चि.) ४.धनुषका आकारको एक प्रकारको गुलेली। ५.धनुषका आकारको कपास फड्कने साधन।

~गुणः (पुं.) [*धनुषो गुणः, ष.त.*] धनुको ताँदो/प्रत्यञ्चा। **~धरः** (पुं.) [*धरतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.३४ इत्यच्, धनुषो धरः, ष.त.*] धनु चलाउने व्यक्ति/धनुर्धारी। **~विद्या** (स्त्री.) [*धनुषो विद्या, ष.त.*] १.धनु चलाउने कला सिकाउने विद्या २.यजुर्वेदको एक उपवेद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनुराशिः (पुं.वि.) [*धनुः इति राशिः, कर्म.स.*] मूलको चारै पाउ, पूर्वाषाढाको चारै पाउ र उत्तराषाढाको प्रथम पाउ मिलेर बन्ने राशि। यो वृश्चिक राशिको पूर्व तिर पर्दछ। वैज्ञानिकहरूले धनुराशिलाई आकाश–गङ्गाको केन्द्र मानेका छन्। हाम्रो सूर्यले अफ्ना ग्रह, उपग्रह, शिशुग्रह तथा धूमकेतुलाई साथमा लिएर २०० माइल प्रतिसेकेन्डका गतिको हिसाबले यसको परिक्रमा गरिरहेको छ भन्ने उनीहरूको भनाइ छ। यसको सीमा २४० अंशदेखि २७० अंशसम्म हो। यस राशिलाई २१ अगस्त, राती ९ बजे याम्योत्तर रेखामा स्पष्ट देख्न सकिन्छ। (ज्यौ.ब्र.र.)

(धनुराशिः)

धनुर्धरः (पुं.) [*धरति इति पचाद्यच्, धनुषो धरः, ष.त.*] धनुर्धारी।

धनुर्भृत् (पुं.वि.) [*धनुः बिभर्ति, डुभृञ् धारणपोषणयोः इति क्विप्, तुक्*] धनुर्धारी। **तूणी धनुर्भृद् धानुष्कः स्यात्** (अभि.चि.)।

धनुर्वृक्षः (पुं.) [*धनुषो वृक्षः, ष.त.*] धामिनको रुख। यो जम्वुदेखि नेपालसम्म ४००० फिटसम्मको उचाइमा पाइन्छ। यो वलवर्द्धक, अरुचिनाशक हुन्छ। टुटेका हात जोर्नी आदिलाई जोर्ने काम, खोकी आदिमा यसको उपयोग लाभदायक मानिन्छ। यसका अन्य नाम– **धन्वङ्गः, गोत्रवृक्षः, सुतेजनः**।

धनुर्वेदः (पुं.) धनु तरबार आदि अस्त्र शस्त्र चलाउने नियम तथा तरिकाको वर्णन भएको शास्त्र/यजुर्वेदको उपवेद। विश्वामित्रप्रणीत धनुर्वेदमा चार पाउ छन्– **प्रथमपाद–** यसमा दीक्षा र आयुधको लक्षण तथा अधिकारको निरूपण गरिएको छ। यस पादमा आयुधलाई चार भागमा वर्गीकरण गरिएको छ– १.मुक्त (चक्र आदि) २.अमुक्त (खड्ग–भाला आदि) ३.मुक्तामुक्त (त्रिशूल आदि) ४.यन्त्रमुक्त (बाण आदि)। यी मध्ये मुक्तलाई अस्त्र र अमुक्तलाई शस्त्र भनिएको छ। **द्वितीयपादमा–** गुरुको लक्षण, अस्त्रग्रहण गर्ने तरिका र सबैथरी शस्त्र– अस्त्रको बयान छ। **तृतीयपादमा–** शस्त्रको अभ्यासविधिको वर्णन गरिएको छ। **चतुर्थपादमा–** सिद्धिप्राप्त अस्त्रको विस्तृत चर्चा छ।

धनुष्करः (पुं.वि.) [*धनुः करोति, दिवाविभा–२.२.२१ इति टः*]धनु बनाउने २.[*धनुः करे यस्य सः, बहु.स.*] धनुर्धारी।

धनुष्कारः (पुं.वि.) [*धनुः करोतीति, धनुष्पूर्वकाद् डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] धनु बनाउने।

धनुष्काण्डम् (नपुं.) [*धनुषः काण्डम्, ष.त.*] धनुको काँड।

धनुष्कोटिः (स्त्री.) [*धनुषः कोटिः, धन्वी तु ना धनुराशौ धानुष्के तु भवेत्रिषु ष.त.*] १.धनुषको टुप्पो २.रामेश्वरको एक थीर्त। **धुष्काटिश्चापकोटौ स्याद् रामेश्वरतीर्थके** (वाङ्म.)।

धनुष्टङ्कारः (पुं.) [*धनुषः टङ्कारः, ष.त.*] १.धनु चलाउँदाको आवाज २.धनुको आकार भैँ शरीर हुन जाने (अर्थात् कुर्कुच्चा र टाउकोले जमिन टेक्ने र अरू शरीर धनु घुमेभैँ माथि फर्किन जाने) रोग।

धनुष्पटः (पुं.) [*दधन्ति धारयन्ति, धन धान्ये इति धातोः, भृमृशी–(उ.) ७ इत्युः, पटतीति, पट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, धनुषः पटो विस्तारो यस्य सः, बहु.स.*] १.चिरौँजी २.असल खालको लुगा ३.मेष आदि राशिमा नवौँ राशि ४.चाप।

धनुष्पाणिः (पुं.वि.) [*धनुः पाणौ यस्य सः, बहु.स., प्रहरणार्थेभ्यः परे निष्ठासप्तम्यौ (वा.) इति सप्तम्याः परनिपातः, नित्यं समासेऽनुत्तरपदस्थस्य ८.३.४५ इति षत्वम्*] धनुर्धारी/धनुष हातमा धारण गर्ने।

धनुष्मान् (पुं.) [*धनुरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, तसौ मत्वर्थे १.४.१९ इति मत्वम्*] धनुर्धारी।

धनेशः (पुं.) [*धनानामीशः, ष.त.*] १.धनका मालिक वा ईश्वर २.धनेश्वर/ कुबेर। ३.पक्षी विशेष।

(धनेशः)

धनेश्वरः (पु.) [*धनानामीश्वर, ष.त.*] १.कुबेर २.धनको स्वामी। **कैलासौका यक्षधननिधिकिम्पुरुषेश्वराः** (अभि.चि.)।

धन्यः (पुं.) [*धनं लब्धा, धनगणं लब्धा ४.४.८४ इति यत्, अलोपः*] १.धन प्राप्त गर्ने २.धन्यवादका लागि योग्य ३.पुण्यवान्/असल कर्म गर्ने। **सुकृती पुण्यवान् धन्यः** (अभि.चि.) ४.[*धनं प्रयोजन मस्य*] धनको चाहना राख्ने।

धन्यवादः (पुं.) [*धन्य इति वादः, कर्म.स.*] सहयोग गरिदिएकोमा कृतज्ञता जनाउँदा भनिने शब्द।

धन्या (स्त्री.) धनियाँ। **धन्या धन्याकं धान्याकम्** (अभि. चि.)।

धन्याकम् (नपुं.) [*धन्या एव, स्वार्थे कन्*] हे. धन्या।

धन्वः (पुं.) [*धन्वतीति, धवि गतौ इति धातोः, कनिन् युवृषि (उ) १५६ इति कनिन्*] १.बाण २.वृत्तको चाप ३.मरुभूमि।

धन्वन्तरिः (पुं.) १.देवताका वैद्य २.आयुर्वेदशास्त्रका प्रवर्तक आचार्य ३.भगवान् विष्णुका चौबिस अवतारमध्ये एक ४.समुद्र मन्थन गर्दा निस्केको चौध रत्नमध्ये एक ५.राजा विक्रमादित्यका सभामा रहेका नवरत्न विद्वान्मध्ये एक।

धन्वयासः (पुं.) [*धन्वनो यासः, मरुभवत्वात्*] सिस्नु।

धन्वा (पुं.) [*धन्वतीति, धवि गतौ इति धातोः, कनिन् युवृषितक्षिराजिधन्विद्युप्रतिदिवः (उ.) १६२ इति कनिन्*] १.वाणको ठोक्रो २.(नपुं.) वृत्तको चाप ३.मरुभूमि।

धन्वी (पुं.वि.) [*धन्वा विद्यतेऽस्य, व्रीह्यादित्वादिनिः*] १.धनुष धारण गर्ने/धनुर्धारी २.(पुं.) वलदेव।

धम् (नपुं.) [*दधाति सुखम्*] धन।

धमकः (पुं.वि.) [*ध्मा शब्दाग्निसंयोगयोः, इति धातोः, ध्मो धम च (उ.) २०३ इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, ध्मा इत्यस्य स्थाने धमादेशश्च*] १.आगो फुक्ने २.(पुं.) खलाती।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धमनः (पुं.) [*धमतीति, धम ध्वाने इति सौत्रो धातुः, धम्यते धमति वा, बाहुलकात् (उ.) २.७८ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] नर्कट।

धमनिः (स्त्री.) [*धमति प्रापयति रसादिकमिति, धमिः सौत्रो धातुः, तस्मात्, अर्तिसृधृधम्यम्यश्यवितृभ्योऽनिः (उ.) २६७ इति अनिः, ङीषि धमनी इत्यपि*] १.हलेदो २.नरकट ३.नली वा पाइप ४.घोक्रो/घाटी। **कन्धरा धमनी ग्रीवा शिरोधिश्च शिरोधरा** (अभि.चि.) ५.वेश्या ६.काठपातको नसा ७.मुटुबाट शरीरका विभिन्न भागमा रगत लैजाने नसा। मुटुबाट फोक्सामा रगत पुऱ्याउने धमनीलाई महाधमनी भन्छन्। यसले मुटुबाट फोक्सोसम्म अशुद्ध रगत लैजान्छ। त्यहाँ शुद्ध पारिएको रगत महाशिरामार्फत मुटुमा आउँछ। त्यसलाई शुद्ध पारी अक्सिजनयुक्त तुल्याएर अन्य धमनीहरूले शरीरका विभिन्न भागमा पुऱ्याउँछन्। ८.वाणी। **धमनी स्त्री सिरा हट्टविलासिन्योश्च वाचि च** (वाङ्म.)।

धम्मिल्लः (पुं.) [*धमति, धम ध्वाने इति सौत्रो धातुः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, मिलति, मिल सङ्गमे इति धातोः, बाहुलकाल्लक्, धम् चासौ मिल्लश्च, कर्म.स.*] १.जुरो २.चुल्ठो ३.बाँधेको केश। **धम्मिल्लः संयताः केशाः** (अभि.चि.)।

धरः (पुं.) [*धरतीति, धृञ् धारणे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] १.पर्वत। पृथ्वीवाचक शब्दको पछाडि जोडिदा यसले पर्वत अर्थ जनाउँछ। जस्तै– महीधरः, भूधरः आदि। २.धारण गर्ने ३.कूर्मराज।

धरणम् (नपुं.) [*धृधातोर्ल्युः, अनः*] १.चौबिस रत्ति बराबरको मान २.पलको दशमांश ३.[*भावे ल्युट्*] धारण। **यज्ञाङ्गयोनित्व मवेक्ष्य यस्य सारं धरित्रीधरणक्षमञ्च** (कुमा.१.१७)।

धरणिः (स्त्री.) [*धरति जीवादीनिति, धृञ् धारणे इति धातोः, अर्तिसृधृधम्यश्यवितृभ्योऽनिः (उ.) २६७ इति अनिः गुणः, रपरत्वम्*] १.धरती/पृथ्वी। **धात्री धरित्री धरणी विश्वा विश्वम्भरा धरा** (अभि.चि.) २.नसा/नाडी। **~कन्दः** (पुं.) [*धरण्याः, कन्दः, ष.त.*] बन तरुल। **~धरः** (पुं.) [*धरतीति धरः, धृञ् धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, धरण्याः, धरः, ष.त.*] १.पर्वत २.विष्णु ३.शेषनाग ४.दिग्गज।

धरणी (स्त्री.) [*पक्षे ङीष्*] पृथिवी।

धरणीसुता (स्त्री.) [*धरण्याः सुता, ष.त.*] सीता। **वैदेही मैथिली सीता जानकी धरणीसुता** (अभि.चि.)।

धरा (स्त्री.) [*धरति जीवसंघान्, धृञ् धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.पृथ्वी २.गर्भाशय ३.बोसो। **~तलम्** (नपुं.) [*धरायाः तलम्, ष.त.*] १.सतह २.तल ३.पृथ्वी ४.क्षेत्रफल। **~धरः** (पुं.) [*धराया धरः, ष.त.*] १.शेषनाग २.पहाड ३.महाकच्छप ४.शिव। **धराधरस्तु शैलेऽपि शिवेऽपि च पुमान् मतः।** (वाङ्म.) **~शायी** (पुं.वि.) [*धरायां शेते, शीङ् स्वप्ने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.जमिनमा वा भूमिमा सुतेको २.पछारिएको/लडेको। ३.विनाश भएको।

धरात्मजः (पुं.) [*धराया आत्मजः, ष.त.*] १.मङ्गल २.नरकासुर।

धरात्मजा (स्त्री.) [*धराया आत्मजा, ष.त.*] रामकी पत्नी सीता।

धराधिपः (पुं.) [*धराया अधिपः, ष.त.*] धराधीश/धराधिपति/राजा

धरामरः (पुं.) [*धराया अमरः, ष.त.*] ब्राह्मण।

धरित्री (स्त्री.) [*धरति जीवजातम्, धृञ् धारणे इति धातोः, अशित्रादिभ्य इत्रोत्रौ (उ.) ४.१७२ इति इत्रः, ङीप्*] धरती/धरा/पृथ्वी। **स्वमूर्तिलाभप्रकृतिं धरित्रीं लतेव सीता सहसा जगाम** (रघु. १४.५८)।

धर्तव्यः (पुं.वि.) [*धर्तुं योग्यः, तव्यत् प्रत्ययः*] धारण गर्नु पर्ने।

धर्मः (पुं./नपुं.) [*ध्रियते सुखप्राप्तये सेव्यते इति, धरति लोकानिति वा, धृञ्, धारणे इति धातोः, अर्तिस्तुसुहुसृधृभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण, मन्*] १.इहलोक तथा परलोकमा सुख शान्ति र कल्याण प्राप्त हुने वेद, उपनिषद्, धर्मशास्त्रद्वारा निर्दिष्ट कर्म। **धर्मस्तु तद्विधिः** (अमर.१.६.३) २.अहिंसा ३.परोपकार। **एक एव सुहृद् धर्मो निधनेऽप्यनुयाति यः शरीरेण समं नाशं सर्वमन्यत्तु गच्छति** ॥ (हितो.) ४.योगशास्त्रमा वर्णित क्रियाकलाप। **प्राणयामस्तथा ध्यानं प्रत्याहारोऽथ धारणा। स्मरणञ्चैव योगेऽस्मिन् पञ्च धर्माः प्रकीर्तिताः।** (योगसार) कुनै वस्तुको गुण वा स्वभाव। जस्तै– पानीको धर्म–चिसो, आगाको धर्म– तातो इत्यादि ५.जन्मलग्नबाट हुने नवौं राशि ६.न्याय ७.आचार ८.सादृश्य जस्तै–अलङ्कार शास्त्रमा उपमेय र उपमानमा समानरूपले रहने विशेषता ९.[*धरति लोकान्, ध्रियते सुखप्राप्तये सेव्यते इति वा पूर्ववत्*] .ब्रह्माजीको दाहिने स्तनबाट उत्पन्न सम्पूर्ण लोकलाई सुख दिने एक देवता १०.धर्मराज ११.युधिष्ठिर १२.राजा १३.यज्ञ गरेर सोमपान गर्ने व्यक्ति १४.धर्मशास्त्र १५.सत्य १६.आचरण १७.न्याय १८.तरबार १९.बाण २०.इन्साफ २१.सत्सङ्गति २२.यज्ञ २३.सत्य २४.उपनिषद् २५.धर्मावतार वृषभ २६.शेषनाग।

धर्मोऽस्त्री सुकृते साम्ये स्वभावे लग्नराशितः।
राशौ च नवमे प्राहुर्मौहूर्ता ना तु सोमपे।
न्यायाचारयमाहिंसाखड्गचापेषु राज्ञि च।
प्रधानशेषे सत्ये च श्रुतौ दण्डविनिर्णये।
सताञ्च सङ्गते यज्ञे तथैवोपनिषद्यपि (वाङ्म.)।

संसारमा मुख्य एघार धर्म छन्– सनातन, बौद्ध, जैन, यहुदी, मुसलमान, क्रिश्चियन, कन्फ्यूसियस, सिन्तो, पारसी धर्म, एमिनिष्ट र फेटिष्ट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिवंशअनुसार धर्मका चार पाउहरू चार आश्रमबाट व्यक्त हुन्छन्– ब्रह्मचर्याश्रमबाट स्वाध्याय, गृहस्थ आश्रमबाट पवित्रता, वानप्रस्थ आश्रमबाट गौरवान्वित तपस्या र संन्यासाश्रमबाट तत्त्वमसि महावाक्यको विचार।

पादा धर्मस्य चत्वारो यैरिदं धार्यते जगत्।
ब्रह्मचर्येण व्यक्तेन गृहस्थेन च पावनाः॥
गुरुभावेन वाक्येन गुरुमार्गानुगामिना।
इत्येते धर्मपादाः स्युः स्वर्गहेतोः प्रचोदिताः॥ (ह.व.)

हरिवंशमा उल्लेख भएअनुसार धर्मका पाँच पाउमध्ये– सत्ययुगमा धर्मका चार पाउ रहन्छन्, एक पाउ अधर्म रहन्छ, त्रेता युगमा धर्मका तीन पाउ रहन्छन् र दुई पाउ अधर्म रहन्छ, द्वापर युगमा धर्मका दुई पाउ रहन्छन्, तीन पाउ अधर्म रहन्छ र कलियुगमा धर्मको एक पाउ रहन्छ, चार पाउ अधर्म रहन्छन्। **सत्ये तत्र धर्मश्चतुष्पादो ह्यधर्मः पादविग्रहः। त्रेतायां द्वाभ्यामधर्मः पादाभ्यां त्रिभिर्धर्मो व्यवस्थितः। द्वापरे द्वाभ्यां धर्मः स्थितः पद्भ्यामधर्मस्त्रिभिरुत्थितः। कलौ तत्राधर्मश्चतुष्पादः स्याद्धर्मः पादविग्रहः।** (ह.वं.)। वैशेषिक दर्शनअनुसार– अभ्युदय र मोक्षको सिद्धि गराउने कर्मलाई धर्म भनिन्छ। **यतोऽभ्युदयनिःश्रेयसः सिद्धिः स धर्मः**। न्याय शास्त्रअनुसार– वेदले बताएको कर्म गर्नुलाई धर्म भनिन्छ। **विहितकर्मजन्यो धर्मः** (तर्कसङ्ग्रह) जैमिनिसूत्रअनुसार– कुनै काम गर्ने विधान भएको वाक्यको लक्षण सम्बन्धी अर्थलाई धर्म भनिन्छ। **चोदनालक्षणोऽर्थो धर्मः**। अमरकोशअनुसार– वेदले बताएको सदाचार र यज्ञादि गर्नुलाई धर्म भनिन्छ। **श्रुतिः स्त्री वेद आम्नायस्त्रयी धर्मस्तु तद्विधिः।** याज्ञवल्क्यस्मृतिअनुसार– धर्मको लक्षण वा धर्म हुने काम– देश (कृष्णसार मृग स्वच्छन्द घुम्ने देश, अर्थात् हिंसा, अत्याचार आदि नभएको देश), काल ,सङ्क्रान्ति, जन्माष्टमी जस्ता पर्वको दिन), उपाय (धर्म शास्त्रले बताएअनुसार कर्म गर्ने विधि) र द्रव्य (अरूलाई बाधा नपारेर प्राप्त भएको धन प्रेम र श्रद्धा साथ दान गर्नु वा दान लिनु) लाई धर्मको लक्षण भनिन्छ। श्रुति (वेद), स्मृति (धर्मशास्त्र), सदाचार (कुल परम्परादेखि वा विद्वान् आस्तिक मानिसबाट चलाइएको धार्मिक चलन) र आफ्नो आत्मालाई प्यारो लाग्ने (शास्त्रविरुद्ध नभएको) कर्म। **देशे काल उपायेन द्रव्यं श्रद्धासमन्वितम्। प्राप्ते प्रदीयते यत्तत्सकलं धर्मलक्षणम्। श्रुतिस्मृतिसदाचारः स्वस्य च प्रियमात्मनः। सम्यक्सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम्॥** राजा रन्तिदेवले राज्य, स्वर्ग, मोक्षको इच्छा नगरी दुःखीको दुःख शान्त पार्नु नै आत्माको प्रिय धर्म मानेका छन्। **न त्वहं कामये राज्यं न स्वर्गं न पुनर्भवम्। कामये दुःखतप्तानां प्राणिनामार्तिनाशनम्॥** शास्त्रविरुद्ध नभएको आफ्नो मनले यसो गर्छु भनी निधो गरिएको कर्मलाई धर्म भनिन्छ। जस्तै– युधिष्ठिरले आफ्ना भाइहरू र अरू राजाहरूसँग कहिल्यै तितो कुरा बोल्दिन, सधैं बन्धुको आज्ञा मानेर उनीहरूले भनेको कुरा पूर्ण गर्छु भनी निश्चय गरेर त्यसलाई धर्म माने। **न प्रवक्ष्यामि परुषं भ्रातृनन्यांश्च पार्थिवान्। स्थितो निदेशे ज्ञातीनां योक्ष्ये तत् समुदाहरन्॥** विष्णुधर्मोत्तरअनुसार– धर्मको लक्षण वा धर्म हुने कर्म– यज्ञ, तपस्या, दान, दया, क्षमा, अहिंसा, सत्य, तीर्थसेवा, स्वाध्याय, सत्सङ्ग, देवपूजा, गुरु– मातृ– पितृसेवा, ब्राह्मणसेवा, इन्दियनिग्रह, ब्रह्मचर्य, अमात्सर्य, गङ्गास्नान, हरिहरपूजन, नारायणध्यान र आत्मचिन्तन मानिएका छन्। **तस्य द्वाराणि यजनं तपो दानं दया क्षमा। हिंसा त्यागस्तथा सत्यं तीर्थानुसरणं शुभम्॥ स्वाध्यायसेवा साधूनां सहवासः सुरार्चनम्। गुरूणां चैव शुश्रूषा ब्राह्मणानां च पूजनम्॥ इन्द्रियाणां जयश्चैव ब्रह्मचर्यममत्सरम्। गङ्गास्नानं हरिहराभ्यर्चनं स्वात्मचिन्तनम्॥ ध्यानं नारायणस्यैतत् संक्षेपाद्धर्मलक्षणम्।** मनुस्मृतिअनुसार– धर्मको लक्षण दुनियाँलाई सुरक्षित राख्ने अर्थात् यो लोक परलोक दुवै सपारिदिने कर्मलाई धर्म भनिन्छ। धर्मद्वारा नै प्रजाको रक्षा हुन्छ। **धारणाद्धर्म इत्याहुर्धर्मो धारयते प्रजाः** (मनु.)।

यस्तै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, अन्त्यजहरूको साधारण धर्म तथा विशेष धर्म, गृहस्थ, ब्रह्मचारी, वानप्रस्थ र संन्यासीहरूको धर्म, आपत्कालीन धर्म इत्यादि अनेक धर्म छन्। **~कार्यम्** (नपुं.) [*धर्मस्य कार्यम्, ष.त.*] धर्मशास्त्रमा बताएका धार्मिक विधि व्यवहार र जातिअनुसार गरिने धर्मका कामकुरा। **~कोशः** (पुं.) [*धर्माणां धर्मसंवद्धशास्त्राणां कोशः, ष.त.*] धर्मशास्त्रहरूको समूह/कर्तव्य नियमहरूको सङ्ग्रह। **~क्षेत्रम्** (नपुं.) [*धर्मस्य क्षेत्रम्, ष.त.*] कुरुक्षेत्र/कौरव र पाण्डवहरूले लडाइँ गरेको ठाउँ। यो बाह योजनको छ। **धर्मक्षेत्रं कुरुक्षेत्रं द्वादशयोजनावधि** (अभि. चि.)। **~ग्रन्थः** (पुं.) [*धर्मस्य ग्रन्थः, ष.त.*] जातीय वा सामाजिक आचार व्यवहार लेखिएको ग्रन्थ/धर्म-शास्त्र। **~च्युतः** (पुं.वि.) [*धर्माच्च्युतः, प.त.*] धर्मबाट पतित भएको। **चिन्ता** (स्त्री.) [*धर्मस्य चिन्ता भावना, ष.त.*] धर्मको भावना। **~द्रोही** (पुं.) [*धर्मस्य द्रोही*] धर्ममा अनास्था गर्ने वा विश्वास नगर्ने/ नास्तिक। **~धातुः** (पुं.) बुद्ध। **बुद्धस्तु सुगतो धर्मधातुस्त्रिकालजिज्जिनः** (अभि.चि.)। **~ध्वजः** (पुं.) [*धर्मो ध्वजश्चिह्नम् यस्य सः, बहु.स.*] देखावटी धर्म गर्ने व्यक्ति/धर्मको आडम्बर गर्ने व्यक्ति/ढोंगी/पाखण्डी/धर्मध्वजी। **~निरपेक्षः** (पुं.वि.) [*धर्मात् निरपेक्षः, प.त.*] धर्मका मामलामा निरपेक्ष वा तटस्थ रहने॥ **~निरपेक्षराज्यम्** (नपुं.) [*धर्मनिरपेक्षञ्च तद् राज्यम्*] धर्मका मामलामा निरपेक्ष वा तटस्थ रहने सरकारी नीति भएको राज्य/असाम्प्रदायिक। **~पट्टः** (पुं.) [*धर्मस्य पट्टः, ष.त.*] धर्माधिकारीले दिएको धर्मसम्बन्धी व्यवस्थापत्र/धर्म वा देवीदेवतालाई साक्षी राखीकन कुनै विषयमा गरिएको सम्झौतापत्र। **~पत्रम्** (नपुं.) [*धर्मस्य पत्रम्, ष.त.*] धर्म वा देवीदेवतालाई साक्षी राखेर परस्परको विश्वासका लागि लेखिएको कागजपत्र/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मपट्ट। **~परायणः** (पुं.वि.) [*धर्मे परायणः, स.त.*] धर्ममा श्रद्धा भएको/धर्मनिष्ठ/धार्मिक आचरण गर्ने/धर्ममा लागेको। **~माता** (स्त्री.) [*धर्माय माता, च.त.*] नजन्माइकन पनि पालनपोषण गर्ने आमातुल्य महिला। **~पुत्रः** (पुं.) [*धर्माय पुत्रः, च.त.*] आफ्ना छोराछोरी नहुनेले धर्मका लागि कुनै व्यक्तिको पुत्रलाई पुत्रको रूपमा राखिएको व्यक्ति। **~पुत्री** (स्त्री.) [*धर्माय पुत्री, च.त.*] आफ्ना छोराछोरी नहुनेले धर्मका निमित्त कुनै व्यक्तिकी छोरीलाई छोरीको रूपमा राखिएकी पुत्री। **~भीरुः** (पुं.वि.) [*धर्माद् भीरुः प.त.*]। धर्मदेखि डराउने। **~भ्रष्टः** (पुं.वि.) [*धर्माद् भ्रष्टः, प.त.*] धर्मबाट नष्ट भएको/पतित। **~युद्धम्** (नपुं.) [*धर्मस्य युद्धम्, ष.त.*] छलकपट नगरीकन गरेको युद्ध/धर्म रक्षाका लागि गरिने युद्ध। **~राजः** (पुं.) [*धर्मेण राजते पचाद्यच्, धर्मस्य राजा वा टच्, ष.त.*] १.युधिष्ठिर २.यमराज। **~विद्** (पुं.) [*धर्मम् वेत्तीति, विद्+क्विप्, उप.स.*] धर्मका ज्ञाता। **~शाला** (स्त्री.) [*धर्माय शाला, च.त.*] पाटीपौवा/बटुवा वा गरीब गुरुवाहरूलाई बस्नका लागि बाटाघाटा वा तीर्थस्थलमा बनाइएको घर। **~शास्त्रम्** (नपुं.) [*धर्मप्रतिपादकं शास्त्रम्, म.प.स.*] धर्मसम्बन्धी विवरण भएको शास्त्र/चौध विद्यामध्ये एक। **धर्मशास्त्रं स्यात् स्मृतिर्धर्मसंहिता। षडङ्गी वेदाश्चत्वारो मीमांसान्वीक्षिकी तथा। धर्मशास्त्रं पुराणञ्च विद्या एताश्चतुर्दश॥** (अभि.चि.) **~शीलः** (पुं.) [*धर्मे शीलः, स.त.*] धार्मिक स्वभावको। **~सङ्कटम्** (नपुं.) [*धर्मस्य संकटम्, ष.त.*] १.धर्मपालन गर्न वा धर्म बचाउन मुस्किल परेको अवस्था/धर्मकृच्छ २.पाप हुने कुनै काम गर्नु परेको अवस्था।

धर्मकथा (स्त्री.) [*धर्मसम्बद्धा कथा, म.प.स.*] धर्मगाथा। यो शब्द विशेष गरी बौद्ध र जैन साहित्यमा प्रसिद्ध छ। मानव समाजका प्राचीन कथाहरू यसमा समाहित हुन्छन्।

धर्मकीर्तिः (पुं.) बौद्ध प्रमाणशास्त्रका विद्वान्। दिङ्नागको शिष्यपरम्पराका आचार्य र ईश्वरसेनका शिष्य। कुमारिल भट्टका भान्जा। यिनले लेखेका कृतिहरूमा प्रमाणवार्तिक र न्यायविन्दु अत्यन्त प्रसिद्ध छन्। यिनको समय सातौं शताब्दी हो। प्रमाणवार्तिकमा १५०० श्लोक छन्। स्वार्थानुमान, प्रमाणसिद्धि, प्रत्यक्षप्रमाण र परार्थानुमानको विस्तृत विवेचना छ यस ग्रन्थमा। प्रमाणविनिश्चयमा १३४० श्लोक छन्। न्यायविन्दु बौद्धन्यायको सबैभन्दा महत्त्वपूर्ण ग्रन्थ हो। यसको रचना सूत्रशैलीमा भएको छ। यसमा तीन परिच्छेद छन्। प्रथम परिच्छेदमा प्रमाणको परिचय र प्रत्यक्ष प्रमाणको विवेचना छ। दोस्रो परिच्छेदमा अनुमानका प्रकारहरू र हेत्वाभासको विवेचना छ। तेस्रो परिच्छेदमा परार्थानुमानसम्बन्धी विभिन्न विषयहरूको वर्णन भएको छ।

धर्मगतलक्षणा (स्त्री.) [*धर्मगता चासौ लक्षणा च, कर्म.स.*] लक्षणाका भेदहरूमध्येको एक भेद। जहाँ लक्षणाको प्रयोजन रूप व्यङ्ग्यार्थ लक्षणाको धर्मको रूपमा रहेको हुन्छ, त्यहाँ धर्मगतलक्षणा हुन्छ। गङ्गामा बस्ती छ भन्दा त्यहाँ लक्ष्यार्थ तटलाई लिइएको छ। तटको धर्म पवित्रता हुन्छ। तटको धर्मातिशय सूचित गर्नका निमित्त यहाँ धर्मगत लक्षणा भएको छ।

धर्मचिन्ता (स्त्री.) [*धर्मस्य चिन्ता, ष.त.*] पुण्यभावना। (हला.७७०)

धर्मज्ञः (पुं.वि.) [*धर्मम् जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] धर्म जान्ने/धर्मविद्।

धर्मतन्त्रम् (नपुं.) धर्मका सिद्धान्तको आधारमा चलेको राज्यव्यवस्था। यस्ता राज्य प्राचीनसमयमा प्रशस्त थिए। गुरु पुरोहित नै यसका शासक हुन्थे।

धर्मध्वजी (पुं.) [*धर्मस्य ध्वजश्चिह्नम्, धर्मो ध्वज इव वा, धर्मध्वजोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] पेट पाल्नका लागि धर्मको नाममा ठग्ने व्यक्ति। **धर्मध्वजी लिङ्गवृत्तिः** (अभि.चि.)।

धर्मनिरपेक्षता (स्त्री.) [*धर्मस्य निरपेक्षता, ष.त.*] धर्मको मामलामा निरपेक्ष वा तटस्थ रहने काम।

धर्मपत्तनम् (नपुं.) [*आदौ धर्मपत्तने जातम्, तत्र जातः४.३.२५ इत्यण, संज्ञापूर्वकत्वान्न वृद्धिः*] मरिच। **मरीचं कोलकं कृष्णमूषणं धर्मपत्तनम्** (अमर.२.९.२६)।

धर्मपिता (पुं.) [*धर्मस्य पिता, ष.त.*] १.धर्मोपदेशक २.[*धर्माय पिता, च.त.*] नजन्माइकन पनि पालनपोषण, शिक्षण आदि गर्ने पितृतुल्य व्यक्ति।

धर्मपुत्रः (पुं.) [*धर्मस्य धर्मराजस्य पुत्रः, ष.त.*] युधिष्ठिर। **अजातपुत्रो शल्यारिर्धर्मपुत्रो युधिष्ठिरः। कङ्कोऽजमीढः** (अभि.चि.)।

धर्ममेधः (पुं.) समाधि। योगशास्त्रमा चित्तवृत्तिको निरोधलाई योग भनिएको छ। चित्त त्रिगुणात्मक हुन्छ। चित्त यदि रजोगुण र तमोगुणको सम्पर्कमा छ भने त्यसलाई विषय र ऐश्वर्य प्यारो लाग्छ। रजोगुणप्रधान चित्तमा चाञ्चल्य बढी हुन्छ। सत्त्वगुणप्रधान चित्त समाधिका निमित्त उपयोगी मानिन्छ। बौद्ध दर्शनमा धर्ममेधलाई अभिषेक पनि भनिएको छ।

धर्मराजः (पुं.) [*धर्मेण राजते, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा धर्मस्य राजा, राजाहः सखिभ्यष्टच् ४.४.९१ इति टच्*] १.बुद्ध। **मारजिद् धर्मराजः** (अभि.चि.) २.यमराज। **धर्मराजः पितृपतिः समवर्ती परेतराट्।** (अमर.) ३.युधिष्ठिर। **धर्मराजो यमे बुद्धे युधिष्ठिरनृपे पुमान्** (मेदिनी.) (पुं.वि.) धर्मप्रधान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मवीरः (पुं.) [*धर्मप्रधानो वीरः, म.प.स.*] वीररसका विभिन्न भेदहरूमध्ये एक भेद। जहाँ धर्मका निमित्त उत्साहप्रद स्थितिको वर्णन भएको हुन्छ, त्यो रस धर्मवीर मानिन्छ। यस रसमा ईश्वर वा आराध्य देव/देवी आलम्बनविभाव हुन्छन्, तीर्थस्थल, मन्दिर, पुराण वाचन, धार्मिक प्रवचन आदि यसका उद्दीपनविभाव हुन्। भावुक हुनु, आँखाबाट हर्षाश्रु झर्नु, गरिब र रोगीमाथि दया जाग्नु, परोपकारको भावना पैदा हुनु आदि यसका अनुभाव हुन्। हर्ष, औत्सुक्य, चपलता आदि यस रसका व्यभिचारिभाव हुन्। यिनै सामग्रीबाट परिपुष्ट धर्मविषयक उत्साह काव्य वा साहित्यमा वीररसको रूपमा व्यक्त भएको हुन्छ। भक्तिरस र धर्मवीरमा के अन्तर छ भने भक्तिरसमा भक्तिको प्राधान्य हुन्छ। तर धर्मवीरमा उत्साहको उत्कर्ष हुन्छ।

धर्मसंहिता (स्त्री.) [*धर्मबोधार्थं रचिता संहिता, संपूर्वकाद् डुधाञ् धारणपोषणयो इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति हिः, टाप्*] मनु, याज्ञवल्क्य आदि ऋषिहरूले रचना गरेका धर्मसम्बन्धी ग्रन्थ/आचारग्रन्थ।

धर्मसम्प्रदायः (पुं.) [*धर्मस्य सम्प्रदायः, ष.त.*] पश्चिमी बङ्गाल, उडिसा, नागपुर आदि ठाउँमा कुनै बखत चलेको धर्मदेवताको पूजा गर्ने चलन र त्यसको परम्परा।

धर्मसूत्रम् (नपुं.) यसलाई कल्पको अङ्ग मानिन्छ। धर्मसूत्रमा आचार–नियमहरूको निरूपण भएको छ। विवाह, संस्कार, श्राद्ध आदिको यसमा विस्तृत विवेचना छ। धर्मसूत्र अनेक किसिमका छन्। गौतमधर्मसूत्र, वसिष्ठधर्मसूत्र, शङ्खकृतधर्मसूत्र आदि। यीमध्ये गौतमधर्मसूत्र सामवेदीहरूले अध्ययन गर्छन् भने वसिष्ठधर्मसूत्र ऋग्वेदीहरूले पढ्छन्। शङ्खकृतधर्मसूत्र वाजसनेयी संहिताका अनुयायीहरूले पढ्छन् भने आपस्तम्ब र बौधायन धर्मसूत्र तैत्तिरीय शाखाका अनुयायीहरूले पढ्छन्।

धर्मस्वम् (नपुं.) [*धर्माय स्वम्, च.त.*] मठ, मन्दिर आदिको को व्यवस्थापन तथा धार्मिक कृत्य सञ्चालनका लागि राखिएको गुठी वा सम्पत्ति।

धर्मात्मा (पुं.वि.) [*धर्म आत्मा स्वभावो यस्य सः, बहु.स.*] धार्मिक। पवित्र स्वभाव भएको/सकेसम्म अरूको भलो गर्ने।

धर्मान्धः (पुं.) [*धर्मेण अन्धः, धर्मे अन्धो वा*] आफ्नो धर्ममा अन्ध श्रद्धा राखेर अर्काको धर्मप्रति तिरस्कार वा द्वेषको भाव राख्ने/धर्मोन्मत्त।

धर्मावतारः (पुं.) [*धर्मस्य अवतारः, ष.त.*] १.साक्षात् धर्मको रूप/परम धर्मशील व्यक्ति २.एक आदरसूचक संवोधन ३.युधिष्ठिर।

धर्मिगतलक्षणा (स्त्री.) [*धर्मिगता चासौ लक्षणा च, कर्म.स.*] लक्षणाको एक भेद। जहाँ प्रयोजन व्यङ्ग्यार्थ लक्ष्यार्थमा रहन्छ त्यो धर्मिगतलक्षणा हुन्छ।

धर्मिष्ठः (पुं.वि.) [*अतिशयेन धर्मोऽस्यास्तीति, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्*] अतिशय धर्मात्मा।

त्यक्त्वा सुदुस्त्यजसुरेप्सितराज्यलक्ष्मीं
धर्मिष्ठ आर्यवचसा यदगादरण्यम्।
मायामृगं दयितयेप्सितमन्वधावद्
वन्दे महापुरुष ते चरणारविन्दम्॥
(भाग.११.५.३४)

धर्मिष्ठता (स्त्री.) [*धर्मिष्ठस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] अतिशय धार्मिकता।

माधुर्यं प्रमदाजनेषु ललितं दाक्षिण्यमार्ये जने
शौर्यं शत्रुषु नम्रता गुरुजने धर्मिष्ठता साधुषु।
मर्मज्ञेष्वनुवर्तनं बहुविधं मानं जने पण्डिते
शाठ्यं पापिजने नरस्य कथिताः पर्यन्तमष्टौ गुणाः॥
(सुभा.)

धर्मोपदेशी (पुं.वि.) [*धर्ममुपदिशति तच्छीलः, सुप्यजातौ णिनिस्ता–च्छील्ये ३.२.७८ इति णिनिः*] धर्मको उपदेश गर्ने।

धर्म्यः (पुं.वि.) [*धर्मेण प्राप्यः, नौवयोधर्म ४.४.९१ इति यत्, अलोपः*] धर्मबाट प्राप्त हुने।

धर्म्यम् (नपुं.) [*धर्मादनपेतम्, धर्मपथ्यर्थन्यायादनपेते ४.४.९२ इति यत्, अलोपः*] धर्मको अनुकूल।

धर्षणम् (नपुं.) [*धृष्यते इति, धृष प्रहसने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आक्रमण/धावा २.अपमान/मानहानि।

धर्षणिः (स्त्री.) [*कर्षति नीचैः कुलम्, कृषेरादेश्च धः (उ.) इति अनिः, आदेर्धकारश्च*] व्यभिचारिणी।

धर्षणी (स्त्री.) [*कृदिकारादक्तिनः इति वा ङीष्*] असती/पुंश्चली।

धर्षिणी (स्त्री.) [*धर्षति, हिनस्ति कुलम्, ञिधृषा प्रागल्भ्ये इति धातोः, णिनिः, ङीप्*] व्यभिचारमा संलग्न स्त्री।

धवः (पुं.) [*धवति धूयते वा, धूञ् कम्पने इति धातोः, आधृषाद्वा इति णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच् यद्वा, अकर्तरि च कारके संज्ञायाम् ३., ३.१९ इति घञ्, संज्ञापूर्वकत्वान्न वृद्धिः, ऋदोरप् ३.३.५७ इति वा अप्*] १.पति २.धूर्त ३.स्वामी ४.वृक्षविशेष ५.कम्पन। **धवो ना धवने धूर्ते प्रभौ पत्यौ च योषिताम्** (वाङ्म.)।

धवलः (पुं.) [*धवं कम्पं लाति, ला आदाने इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ यद्वा धावति मनोऽत्र, धावु गतिशुद्ध्योः इति धातोः, वृषादित्वात् (उ.) १०६ इति कलच्, बाहुलकाद्ध्रस्वः*] १.मरिच २.कपूर ३.ठुलो साँढे ४.सेतो वर्ण ५.(पुं.वि.) सेतो वर्ण भएको। **~पक्षः** (पुं.) १.[*धवलौ पक्षौ यस्य सः, बहु.स.*] हाँस २.[*धवलश्चासौ पक्षश्च कर्म.स.*] शुक्लपक्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धवला (स्त्री.) [*धावति मनोऽत्र, धावु गतिशुद्ध्योः इति धातोः, वृषादित्वात् (उ.) १०६ इति कलच्, बाहुलकाद्ध्रस्वः, टाप् ४.१.४*] राम्रो गाई।

धवलितः (पुं.वि.) [*धवलः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् इति इतच्*] सेतो पारिएको। **सुधाधवलितं सौधं कुट्टिमं बद्धभूमिकम्** (हला.२९४)।

धवलिमा (पुं.) [*धवलस्य भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२२ इतीमनिच्*] सेतोपन/शुक्लता।

धवि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **धन्वति–** जान्छ। लिट्– **दधन्व–** गएछ (अन.) इत्यादि।

धवित्रम् (नपुं.) [*धुनोति अपनयत्यनेन, अर्तिलुधूसूखनसहचर इत्रः ३.२.१८४ इति इत्रप्रत्ययः, गुणः, अवादेशः*] १.मृगचर्मले वनेको पङ्खा। **धवित्रं व्यजनं यत्तद् रचितं मृगचर्मणा** (अमर.) २.खलाँती ३.(त्रि.) हटाउने। **शङ्काधवित्रवचनम्** (भट्टि.)।

धातकी (स्त्री.) [*धातुं करोति, तत्करोति तदाचष्टे (वा. ३.१/.६ इति णिच्, टेः ६.४.१५५ इति टिलोपः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] धयेँरो। यसका अन्य नाम– धातुपुष्पी, ताम्रपुष्पी, कुञ्जरा, बहुपुष्पी, वह्निज्वाला। अतिसार, प्रवाहिका, प्रदर, उदरशूल, अपच, दम आदिमा यसको उपयोग लाभदायी हुन्छ।

धाता (पुं.वि.) [*दधाति सर्वं जगदिति डुधाञ् धारणपोषणयोः इति धातोः, ण्वुल्तृचौ ३.२.१३३ इति तृच्*] १.पालक/रक्षक/संरक्षक २.(पुं.) ब्रह्मा। **धातारं तपसा प्रीतं ययाचे स हि राक्षसः** (रघु.१०.४३) ३.विष्णु। **आचारनिलयो धाता पुष्पहासः प्रजागरः।** (म.भा.१३.१४९.११५) ४.महादेव। **धाता शक्रश्च विष्णुश्च मित्रस्त्वष्य ध्रुवो वरः** (म.भा.३३.१७.१०३) ५.भृगु मुनिका पुत्र ६.उनन्चास वायु धध्ये एक ७.आदित्यविशेष ८.ब्रह्माका एक पुत्र।

धातुः (पुं.) [*दधाति धरति पोषति ध्रियतेऽनेन वा, डुधाञ् धारणपोषणयोः इति धातोः, सितनिगमिमसिसच्यविधाञ्कुशिभ्यस्तुन् (उ.७२) इति तुन्*] १.श्लेश्मादि (थुक,खकार, पित्त आदि) २.रसादि (खाएपछि उत्पन्न अन्नादिका विकार) ३.रक्तादि (शुक्र/वीर्य, बोसो, मासु, हाड आदि) ४.पृथिवी आदि.(पृथ्वी, जल, तेज, वायु,आकाश) ५.पञ्चमहाभूत र तिनका गुण (गन्ध,रस, रूप, रस, स्पर्श) ६.इन्द्रिय ७.पत्थरको विकारबाट उत्पन्न गैरिकादि धातु ८.सुन, चाँदी, फलाम, तामा आदि खनिज पदार्थ ९.हरिताल, मोनासिल आदि १०.[*धीयन्ते शब्दा अस्मिन्, पूर्ववत्*] व्याकरणमा क्रियाको प्रकृति। जस्तैः भू-कृ एध् आदि। यस्ता धातु दुई थरी हुन्छन्– **अकर्मक** (कर्म नहुने) र **सकर्मक** (कर्म हुने) धातुका दश लकार, तिन पुरुप र तिन वचन हुन्छन्। त्यस्तै पद पनि तीन किसिमका हुन्छन्– **आत्मनेपद, परस्मैपद** र **उभयपद** ११.बुद्ध वा कुनै महात्माको हाड आदि, जसलाई बुद्धिष्ठहरूले डब्बामा बन्द गरेर राख्छन्।

श्लेष्मादि रसरक्तादि महाभूतानि तद्गुणाः।
इन्द्रियाण्यश्मविकृतिः शब्दयोनिश्च धातवः॥

(अमर.३.३.६५) **~सन्धानी/कुप्यशाला** (स्त्री.)। धातु (सुन, चाँदी आदि) को मूर्ति ढाल्ने ठाउँ। **~ कुप्यम्** (नपुं.), सुन चाँदी वाहक धातु। **~कोशः/कोषः** (पुं.) १.सुन चाँदी राख्ने ठाउँ २.अदादि धातुको क्रमबद्ध संकलन भएको ग्रन्थ। **~भस्म** (नपुं.) धातुको भस्म।**~मलम्** (नपुं.)धातु गाल्दा निस्कने मैला **~वादः** (पुं.) [*धातोर्वादः, ष.त.*] रासायनिक प्रक्रियाबाट सुन, चाँदी आदि बनाउने विद्या/धातुविद्या। **~क्षयः** (पुं.) [*धातोः क्षयः, ष.त.*] १.शरीरको वीर्य नष्ट हुने प्रमेयसम्बन्धी रोग २.धातु खिइने काम।

धातुपुष्पिका (स्त्री.) [*धातृपुष्पमस्याः शेषाद् विभाषा ५.४.१५४ इति कप्, टाप्, इत्वम्*] धयेँरो।

धातुविज्ञानम् (नपुं.) [*विज्ञायतेऽनेन, विज्ञानम्, धातोर्विज्ञानम्, ष.त.*] धातुसम्बन्धी अध्ययन गर्ने शास्त्र।

(धात्री)

धात्री (स्त्री.) १.[*धीयते पीयते इति, धेट् पाने इति धातोः, ध कर्मणि ष्ट्रन् ३.२.१८१ इति ष्ट्रन्, षिद्गौरादिभ्यश्च ३.३.१० इति ङीष्*] १.आमा २.धाई उपमाता ३.[*दधति धारयति सर्वमिति*] पृथ्वी ४.[*धीयते धार्यते शिवेन*] गङ्गा ५.[*धीयते पोष्यते शरीरमनया*] अमला। **धात्री जनन्यामलकीवसुमत्युपमातृषु** (विश्व.)। ६.गायत्रीस्वरूपा भगवती। **धात्री धनुर्धरा धेनुर्धारिणी धर्मचारिणी** (दे.भा.) **~विद्या** (स्त्री.) [*धात्र्या विद्या, ष.त., धात्रीसम्बद्धा विद्या वा*] स्त्रीलाई प्रसव गराउने र बालकको पालनपोषण गर्ने विद्या।

धाना (पुं./स्त्री. नपुं.बहु.) [*दधति, डुधाञ् धारणपोषणयोः इति धातोः धापृवस्यज्यतिभ्यो नः (उ.) इति नः*] १.टुँडा,भूस आदि फालेर सफा पारी भुटेको जौ २.जौका जमरा ३.सातु। **धाना भृष्टयवेऽङ्कुरे धान्याके चूर्णसक्तुषु** (हैम.)।

धानुष्कः (पुं.वि.) [*धनुः प्रहरणमस्य, तदस्य प्रहरणम् ४.४.५७ इति ठक् इसुसुक्तान्तात्कः ७.३.५१ इति कः, वृद्धिः*] १.धनुर्धारी व्यक्ति २.धनुर्धर/धनुबाट जीविका चलाउने।

धान्यकम् (नपुं.) १.[*धान्यमिव, इवे प्रतिकृतौ इति कन्*] सावाधान २.[*धान्यमेव, स्वार्थे कन्*] धान।

धान्यकूटम् (नपुं.) [*धान्यस्य कूटम्, ष.त.*] धानको थुप्रो।

धान्यकोष्ठकम् (नपुं.) [*धान्याय कोष्ठकम्, च.त.*]धान राख्ने कोठा वा भकारी। **कुशूलं धान्यकोष्ठकम्** (हला. ३१२)।

धान्यत्वक् (स्त्री.) [*धान्यस्य त्वक्, ष.त.*] भुस/धानको बोक्रा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धान्यम् (नपुं.) [*डुधाञ् धारणादौ इति धातोः, दधातेर्यत् नुट् च (उ.) ७३६ इति यत्, नुट् च, यद्वा धाने पोषणे साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] १.धान २.अन्न।

धान्यशूकम् (नपुं.) [*धान्यस्य शूकम्, ष.त.*] धानको टुँडा।

धान्याकम् (नपुं.) [*धान्यते भक्ष्यार्थिभिः, धन शब्दे इति धातोः णिचि, तस्य लोपे, बाहुलकात् पिनाकादयश्च (उ) ४.१५ आकप्रत्ययः युगागमश्चेति निपातनात्साधुः*] धनियाँ। नेपाल तथा भारतका विभिन्न प्रान्तमा यसको खेती हुन्छ। मसलाको साथै विभिन्न औषधिको निर्माणमा यसको उपयोग हुन्छ।

धान्याचलः (पुं.) [*दानार्थं विधानेन धान्यनिर्मितः पर्वतः, धान्य-सम्बद्धोऽअचलः, म.प.स.*] कुनै काम गर्नका लागि विधिपूर्वक जम्मा पारिएको पर्वताकार धानको थुप्रो।

धान्याम्लम् (नपुं.) [*धान्याभियुतमम्लम्,म.प.स.*] पानीमा चामल, कोदाको पिठो आदि हालेर बनाएको अमिलो खाद्यवस्तु।

धान्यार्थी (पुं.वि.) [*धान्यमर्थयते, तदन्ताच्च वा (वा), ५.२.३५ इतीनिः*] धन, सुवर्ण,धान आदिको चाहना राख्ने।

धाम (नपुं.) [*दधाति गृहस्थादिकं धीयते द्रव्यजातमस्मिन् वा, डुधाञ् धारणपोषणयोः इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्*] १.किरण,तेज। **पतत्यधो धाम विसारि सर्वतः किमेत दित्याकुलमीक्षितं जनैः**। (शि.व.१.२) २.घर/मन्दिर। **भर्तुः कण्ठच्छविरिति गणैः सादरं वीक्ष्यमाणः पुण्यं यायास्त्रिभुवन-गुरोर्धाम चण्डीश्वरस्य**। (मेघ.१.३५) ३.प्रभाव। **सहते न जनोऽप्यधः क्रियां किमु लोकाधिकधाम राजकम्** ।। (किरा.२.४१) ४.स्थान। **त्रिषु धामसु यद् भोग्यं भोक्ता भोगश्च यद् भवेत्। तेभ्यो विलक्षणः साक्षी चिन्मात्रोऽहं सदाशिवः** । (पञ्चदशी) ५.जन्म ६.विष्णु। **गुरुर्गुरुतरो रामः सत्यः सत्यपराक्रमः**॥ ७.शाखा ८.आकाश ९.शरीर १०.भोजन ११.अन्न १२.विचित्रता १३.चिह्न १४.तीर्थस्थल। १५.आधार १६.धन।

धाम स्थानाधिकरणधनत्विट्सारलक्ष्मसु।
गेहदेहप्रभावान्नभोजनव्योमजन्मसु।
शाखायामपि वैचित्र्ये नकारान्तं नपुंसकम्। (वाङ्म.)

धामनिधिः (पुं.) [*धाम्नस्तेजसो निधिः,ष.त.*] सूर्य। **इनो भगो धामनिधिश्चांशुमाल्यब्जिनीपतिः**। (४१ अमर.१.३.३०)

धामम् (नपुं.) १.तिलक २.तेज। **धामं त्वदन्तं तिलकतेजसोः क्लीबमिष्यते** (वाङ्म.)।

धामार्गवः (पुं.) [*धाम्नोऽर्गः, धामार्ग वाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.अपामार्ग २.[*धाम ऋच्छति, ऋ गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, धामार् चासौ गौश्च, गोरतद्धितलुकि ५.४.९२ इति टच्*] तोरियाँ। **धामार्गवस्तु पुंसि स्यादपामार्गे च घोषके** (मेदिनी.)।

धाय्या (स्त्री.) [*धीयते पुष्यतेऽग्निरनया, पाय्यसांनाय्यनिकाय्यधाय्या ३.१.१२९ इति साधुः*] समिधा हालेर अगिन बाल्दा उच्चारण गरिने मन्त्र।

धारकः (पुं.) [*धारयतीति, धृञ् धरणे इति धातोः, णिचि, ण्वुलतृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.धारण गर्ने २.छेक्ने/रोक्ने ३.ऋण लिने/ऋणी।

धारणम् (नपुं.) [*धृञ् धरणे इति धातोः, ल्युट् च इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] बोक्नु/धारण गर्नु/पहिरनु/शरीरमा लगाउनु।

धारणा (स्त्री.) [*धृञ् धरणे इति धातोः, णिचि, ण्यासश्रन्थो युच ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.धारण गर्ने क्रिया २.धेरै समयसम्म संझना राख्न सक्ने बुद्धि ३.पक्का विचार ४.[*धारयति धर्मम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४, णत्वम्*] मर्यादा/उचित मार्गमा हिंड्नु। **संस्था तु मर्यादा धारणा स्थितिः** (अमर.२.८.२६) ५.विश्वास ६.अष्टाङ्गयोगमध्ये छैठौं योग। यसमा योगी वा साधकले शरीरबाहिर अर्थात् सूर्य, चन्द्र, देवमूर्ति आदिमा चित्तलाई एकनासले राख्नु वा शरीरभित्र (अर्थात् पहिले नाइटो, अनि हृदय, त्यसपछि छाती, घाँटी, मुख, नाकको टुप्पो, आँखा, आँखीभौँको बिच, शिर र शिखामाथि) चित्तलाई एकनासले अड्याई राख्नु दस धारणा हो। उपर्युक्त दस ठाउँमा प्राणायामद्वारा प्राण अड्याउनुलाई पनि धारणा भनिन्छ।

प्राङ् नाभ्यां हृदये चाथ तृतीये च तथोरसि।
कण्ठे मुखे नासिकाग्रे नेत्रभ्रूमध्यमूर्धसु।
किञ्चित्तस्मात्परस्मिन् च धारणा दश कीर्तिताः।

(ग.पु.) **~विधिः** (पुं.) [*धारणाया विधिः*] धारण गर्ने तरिका/धारणा लिने विधान। **~शक्तिः** (स्त्री.) धारण गर्न सक्ने क्षमता।

धारयः (पुं.वि.) [*धारयतीति, अनुपसर्गाल्लिम्पविन्धारिपारि विद्युदेजिचेतिसातिसाहिभ्यश्च ३.१.१३८ इति शः, गुणायादेशौ*] धारण गर्ने।

धारा (स्त्री.) [*धृञ् धरणे इति धातोः, णिचि, षिद्भिदादिभ्योऽङ् ४.१.४१ इत्यङ्, ऋदृशोऽङि गुणः, निपातनाद् दीर्घः, टाप् ४.१.४*] १.प्रवाह २.कुनै अधिनियम आदिको त्यो स्वतन्त्र अङ्ग वा भाग जसमा कुनै एक विषयको कुरो वा आदेश एकसाथ सन्निवेश गरिएको हुन्छ/ऐन कानुनमा विषय विषयका अधिकारसम्बन्धी कुरा लेखिएको वाक्य/दफा, खण्ड ३.चलिरहेको कुनै काम ४.पानीको धारो/छहरा/छाँगा ५.[*धार्यन्तेऽश्वा अत्र, अनया वा, धृञ्, धारणे इति धातोः, ण्यन्तात् पूर्ववत्*] घोडाका पाँचथरीका गति ६.हतियारको धार। ७.अतिवृष्टि। **पर्जन्यस्य यथा धारा यथा च दिवि तारकाः। गुणाः सङ्ख्यापरित्यक्तास्तद्वदस्य**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महात्मनः (प.त.२.६२) ८.समूह ९.सदृश १०.मालवदेशको एक सहर ११.तीर्थविशेष । तरल पदार्थको धारो । जस्तै– जलधारा, दुग्धधारा, मधुधारा आदि । **~वाहिकः** (पुं.वि.) [*धारां वाहयतीति, धारावाहः सोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] क्रमशः धाराजस्तै अविच्छिन्न गतिले खसिरहने वा चलिरहने । **~संपातः** (पुं.) [*धाराणां सम्पातः, सम्भूय पतनं यत्र, पत्लृ पतने इति धातोः, भावे ३.३.१८ इति घञ्*] मुसलधारे वर्षा ।

धाराधरः (पुं.) [*धाराणां जलानां धरः, ष.त.*] १.मेघ २.तरबार । **धाराधरोऽसि मेघयोः** (विश्व.) ।

धार्तराष्ट्रः (पुं.) [*धृतराष्ट्रे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.कालो चुच्चो र कालो खुट्टा भएको हाँस २.सर्पविशेष ३.[*धृतराष्ट्रस्यापत्यं पुमान्, तस्यापत्यम् इत्यण्*] धृतराष्ट्रको पुत्र ।

धार्मिकः (पुं.वि.) [*धर्मं चरति, धर्मं चरति ४.४.४१ इति ठक्, ठस्येकः, वृद्धिः, अलोपः*] १.धर्म गर्ने/धर्मात्मा २.धर्मविषयक ३.[*धर्मे नियुक्तः, ठक्*] धर्मसम्बन्धी व्यवस्था गर्न राज्यले नियुक्त गरेको व्यक्ति ४.[*धर्मं धर्मशास्त्रमधीते वेत्ति वा, ठक्*] धर्मशास्त्रको ज्ञाता वा अध्येता । **धार्मिको नृपतेर्धर्माधिकृते पुरुषे त्रि तु । पाठके धर्मशास्त्राणां धर्मस्य चरितर्यपि ।** (वाङ्म.) **~स्वतन्त्रता** (स्त्री.) [*धार्मिकी चासौ स्वतन्त्रता च, कर्म.स.*] स्वतन्त्रतापूर्वक आफ्नो धर्म पालन गर्ने र सो धर्मअनुसार व्यवहार गर्न पाउने अधिकार ।

धावकः (पुं.) [*धावतीति, धावु गतिशुद्ध्योः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.दौडेर खबर लैजाने/दूत/हलकारो/दौडाहा २.दौडने ३.धुने/सफा गर्ने ।

धावनम् (नपुं.) [*धावु गतिशुद्ध्योः, इति ल्युट् अनः*] १.दौडने क्रिया । २.सफा गर्ने काम । **धावनं क्लीवलिङ्गं स्याच्छोदनेऽथ गतावपि** (वाङ्म.) ।

धावनमार्गः (पुं.) [*धावनाय मार्गः, च.त.*] ओर्लदा वा उत्रदा विमानलाई दगुर्नका लागि बनाइएको बाटो ।

धावनिः (स्त्री.) [*धावतीति, धावु गतिशुद्ध्योः इति धातोः, बाहुलकादनिः*] चाल्ने सिस्नु ।

धावु (धा.) [*गतिशुद्ध्योः, भ्वा. सक. गतौ अक.सेट्, उभ.*] दौडनु, सफा गर्नु । लट्– **धावति–ते–** दौडन्छ, सफा पार्छ । **अनुधावति**– पछि पछि दौडन्छ । **अभिधावति**– नजिक आउँछ । **आधावति**– चारैतिर दौडन्छ । **परिधावति**–वरिपरि दौडन्छ । लिट्– **दधावे–**दौडेछ सफा पारेछ । (अन.) । लुट्–**धाविता–**दौडने छ, सफा पार्ने छ । (अन.) । लृट्– **धाविष्यति–ते–** दौडने छ, सफा पार्ने छ । लोट्– **धावतु–ताम्–** दौडोस्, सफा पारोस् । लङ्– **अधावत्–त–** दौड्यो, सफा पाऱ्यो । (अन.) । विधिलिङ्– **धावेत्–त–** दौडला,सफा पार्ला, दौडोस्, सफा पारोस् । आशीर्लिङ्– **धाव्यात्–धाविषीष्ट–** दौडोस्, सफा पारोस् । लुङ्– **अधावीत्–अधाविष्ट–** दौड्यो, सफा पाऱ्यो । लृङ्– **अधाविष्यत्–त–** दौडने थियो,सफा पार्ने थियो । **धाव्यते**– दौडिइन्छ । णिचि– **धावयति–** दौडाउँछ, सफा पार्न लगाउँछ । सनि– **दिधाविषति**– दौडन खोज्छ, सफा पार्न चाहन्छ । **धावकः, धाविका, धाविता, धावित्री–** दौडने । **धावन्, धावमानः**– दौडिरहेको, सफा पारिरहेको । **धावितुम्**– दौडन, सफा गर्न । **धावनम्**–दौडनु, सफा गर्नु । **धौतः**– धोएको,सफा गरेको । **धावितव्यम्, धावनीयम्, धाव्यम्**– दौड्नुपर्ने, सफा गर्नुपर्ने । **धावित्वा, प्रधाव्य**– दौडेर, सफा गरेर । इत्यादि ।

धि (धा.) [*धारणे, तुदा. सक.अनिट् पर.*] धारणा गर्नु । लट्– **धियति–** धारण गर्छ । लिट्– **दिधाय–** धारण गरेछ (अन.) इत्यादि ।

धिक्कारः (पुं.) [*धिक्करणम्, डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] धिक्कार, तिरस्कार, अनादर, घृणा आदि बुझाउने शब्द ।

धिक् (अव्य.) १डर देखाउनु २.निन्दा ।

धिग्जीवितं शास्त्रकलोज्झितस्य
धिग्जीवितञ्चोद्यमवर्जितस्य ।
धिग्जीवितं व्यर्थमनोरथस्य
धिग्जीवितं ज्ञातिपराजितस्य ॥ (सुभा.)
धिग् निर्भत्सननिन्दयोः (अमर.३.३.२४०) ।

धिक्कृतः (पुं.वि.) [*धिगिति कृतः, निष्ठा इति क्तः*] धिक्कार गरिएको/तिरस्कृत । **अवरीणो धिक्कृतश्चापि** (अमर.३.१.९४)

धिक्ष (धा.) [*सन्दीपनक्लेशनजीवनेषु, सक.सेट्, आत्म.*] जलाउनु, थकित हुनु, बाँच्नु । लट्– **धिक्षते–** जलाउँछ, थकित हुन्छ, बाँच्छ इत्यादि ।

धिष (धा.) [*शब्दे, जुहो. अक.सेट्, पर.*] शब्द गर्नु । लट्– **धिधेष्टि–** शब्द गर्छ इत्यादि ।

धिषणः (पुं.) [*धृष्णोति प्रागल्भ्यं ददातीति सः, ञिधृषा प्रागल्भे इति धातोः, धृषेर्धिष् च संज्ञायाम् (उ.) २४९ इति क्युः, युवोरनाकौ ७.१.१ इत्यनः, धिषादेशश्च*] बृहस्पति ।

धिषणम् (नपुं.) [*प्राग्वत्*] स्थान । **तदा विकुण्ठधिषणात् तयोर्निपतमानयोः । हाहाकारो महानासीद् विमानाग्रेषु पुत्रकाः** (भाग.३.१६.३२) ।

धिषणा (स्त्री.) [*धृष्णोति प्रागल्भ्यं ददातीति, धृष्णुवन्त्यनया वा, ञिधृषा प्रागल्भ्ये इति धातोः, धृषेर्धिष् च संज्ञायाम् (उ.) २४९ इति क्युः, धिषादेशश्च, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.बुद्धि २.स्मृति ३.स्तुति ४.वाणी ५.पत्थर ६.[*द्वि.व. धिषणे*] पृथ्वी र अन्तरिक्ष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धिष्ण्यः (पुं.) [*धृष्णोति प्रगल्भो भवतीति, सानसिवर्णसिपर्णसितण्डुलाङ्कुशचषालेल्वलपल्वलधिष्ण्यशल्याः उ. ५५७ इति ण्यः, ऋकारस्येकारश्च*] १.शुक्राचार्य (हला.४८) २.अग्नि ।

धिष्ण्यम् (नपुं.) [*धृष्णोति प्रगल्भो भवतीति, सानसिवर्णसिपर्णसितण्डुलाङ्कुशचषालेल्वलपल्वलधिष्ण्यशल्याः उ. ५५७ इति ण्यः, ऋकारस्येकारश्च*] १.स्थान २.नक्षत्र ३.अग्नि ४.भवन ५.प्राणाभिमानी देवता ६.शक्ति ७.उल्काविशेष । **धिष्ण्यं स्थानाग्निसद्मसु । शक्तावृक्षेऽपि** (मेदिनी. ११५.३३-३४) ।

धीः (स्त्री.) [*ध्यायतेऽनया, ध्यानं वा, ध्यायते सम्प्रसारणञ्च (वा.) ३.२.१७८ इति क्विप्, सम्प्रसारणम्, हलः ६.४.२ इति दीर्घः*] १.बुद्धि २.ज्ञान । **धीर्ज्ञानभेदे बुद्धौ च** (मेदिनी. ७८.२) ।

धीगुणाः (पुं.बहु.) [*धियो गुणाः, ष.त.*] बुद्धिसम्बन्धी गुणहरू/कामन्दक नीतिअनुसार बुद्धिका गुणहरू, लिनु, धारण गर्नु, तर्क वितर्क गर्नु, तत्त्वहरूको अर्थ विचार गरी तिनको बोध गर्नु ।

शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा ।
ऊहापोहार्थविज्ञानं तत्त्वज्ञानं च धीगुणाः ॥ (कामन्दक) ।

धीङ् (धा.) [*आधारे, दिवा.सक.अनिट्, आत्म., ईकारान्तः*] धारण गर्नु, लुक्नु । लट्– **धीयते–** धारण गर्छ, लुक्छ । लिट्– **दीध्ये–** धारण गरेछ, लुकेछ (अन.) । लुट्– **धेता–** धारण गर्ने छ, लुक्ने छ । (अन.) । लृट्– **धेष्यते–** धारण गर्ने छ, लुक्ने छ । लोट्– **धीयताम्–** धारण गरोस्, लुकोस् । लङ्– **अधीयत–** धारण गऱ्यो, लुक्यो (अन.) । विधिलिङ्– **धीयेत–** धारण गर्ला, लुक्ला, धारण गरोस्, लुकोस् । आशीर्लिङ्– **धेषीष्ट–** धारण गरोस्, लुकोस् । लुङ्– **अधेष्ट–** धारण गऱ्यो, लुक्यो । लृङ्– **अधेष्यत**–धारण गर्ने थियो, लुक्ने थियो इत्यादि ।

धीन्द्रियम् (नपुं.) [*धीसाधनमिन्द्रियम्, म.प.स.*] ज्ञानेन्द्रिय/आँखा, जिब्रो, छाला, कान, नाक र मन ।

मनः कर्णौ तथा नेत्रं रसना च त्वचा सह ।
नासिका चेति षट् तानि धीन्द्रियाणि प्रचक्षते ॥ (स्मृति)

धीमती (स्त्री.) [*धीरस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, ङीप्*] बुद्धि भएकी स्त्री/चतुर तथा सिपालु महिला । **प्राज्ञा तु धीमती** (अमर.२.६.१२) ।

धीमान् (पुं.) [*प्रशस्ता धीरस्ति अस्य तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] १.बुद्धिमान्/प्रज्ञावान्/विद्वान् । (अमर. २.७.५) **स्वायंभुवो मनुर्धीमानिदं शास्त्रमकल्पयत् ।** (मनु.१.१०२) २.बृहस्पति ३.विराटपुत्र ४.उर्वशीको गर्भबाट जन्मिएका पुरुरवाका एक पुत्र (म.भा.१.७५.२४) ।

धीरः (पुं.वि.) [*धियं राति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ यद्वा दधाति सर्वान् पोषयति वा, डु धाञ् धारणादौ इति धातोः, सुसूधागृधिभ्यः क्रन् (उ.) १९२ इति क्रन्*] १.विद्वान्/पण्डित । **तथापरे चात्मसमाधियोगबलेन जित्वा प्रकृतिं बलिष्ठाम् । त्वामेव धीराः पुरुषं विशन्ति तेषां श्रमः स्यान्न तु सेवया ते ॥** (भाग.३.६.४५) २.धैर्यशील ३.मन्द । **देहे समीहे भवतो विधातुं धीरं समीरं नलिनीदलेन ।** (रसमञ्जरी) ४.विनीत ५.गम्भीर । **अवोचदेनं गगनस्पृशा रघुः स्वरेण धीरेण निवर्तयन्निव** (रघु.३.४४) ६.बलियो ७.स्वतन्त्र ८.वार्णिक छन्दका समवृत्तको एक भेद । यस छन्दको प्रत्येक पाउमा क्रमैले तगण, तगण, तगण र दुई गुरु वर्ण (ऽऽ।, ऽऽ।, ऽऽ।, ऽऽ) रहेका हुन्छन् । **~चेताः** (पुं.) [*धीरं चेतो यस्य सः, बहु.स.*] मन बलियो भएको/स्थिरचित्त । **~प्रशान्तः** (पुं.) [*धीरश्चासौ प्रशान्तश्च, कर्म.स.*] धीर र शान्त प्रकृतिको नायक । **~ललितः** (पुं.) [*धीरश्चासौ ललितश्च, कर्म.स.*] धीरता र वीरताको साथै निश्चय र विलासिताका गुण भएको अनि नृत्य र गानमा निपुण नायक ।

धीरता (स्त्री.) [*धीरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] धैर्य ।

धीरम् (नपुं.) [*दधाति, धीयते वा, डुधाञ् धारणदौ इति धातोः सुसूधाञ्गृधिभ्यः क्रन् (उ.) इति क्रन्, घुमास्था इति ईत्वम्*] कुङ्कुम । **धीरो धैर्यान्विते स्वैरे बुधे क्लीबन्तु कुङ्कुमे** (मेदिनी.) ।

धीरललिता (स्त्री.) १.प्रत्येक पाउमा क्रमशः भगण, रगण, नयण, रगण, नगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द २.नायिकाविशेष ।

धीरा (स्त्री.) [*धियं राति, रा आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] दृढ र शान्त चित्त भएकी एक किसिमकी नायिका ।

धीराधीरा (स्त्री.) [*धीरा चासौ अधीरा च, कर्म.स.*] नायिकाको एक भेद । कतै धैर्य लिने र कतै धैर्य नलिने नायिका । आपाततः प्रिय लागे पनि वस्तुतः अप्रिय वाक्यद्वारा नायकलाई दुःख दिने नायिका । **धीराधीरा तु सोल्लुण्ठभाषितैः खेदयत्यमुम्** (सा.द.३.७७) ।

धीरोदात्तः (पुं.) [*धीरश्चासौ उदात्तश्च, कर्म.स.*] भाग्यको परिवर्तनले विचलित नहुने, दयालु, क्षमाशील, बलवान् र योद्धा नायक ।

धीरोद्धतः (पुं.) [*धीरश्चासौ उद्धतश्च, कर्म.स.*] प्रचण्ड, चञ्चल, अहङ्कारी, आत्मश्लाघी र अर्काको गर्व सहन नसक्ने योद्धा नायक ।

धीवरः (पुं.) [*डुधाञ् धारणपोषणयोः, इति धातोः, छित्वरछत्वरधीवरपीवरचीवरतीवरनीवरगह्वरकट्वरसंयद्वराः (उ.) २८८ इति ष्वरच्प्रत्ययान्तो निपातः*] १.माझी/डुङ्गा चलाउने व्यक्ति २.[*धिया वरः, तृ.त.*] बुद्धिमान् ।

धीशक्तिः (स्त्री.) [*धियः शक्तिः, ष.त.*] बुद्धिको क्षमता वा सामर्थ्य । यो आठ किसिमको हुन्छ– शुश्रूषा, श्रवण, ग्रहण, धारण, ऊह, अपोह, विज्ञान र तत्त्वज्ञान । **धीशक्तिर्निष्क्रमः** (अमर.३.२.२५) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धीसचिवः (पुं.) [*धिया धियां वा सचिवः, सहायः, म.प.स.*] मन्त्री। राष्ट्रको सञ्चालनमा आवश्यक सल्लाह दिने मन्त्रीलाई धीसचिव भनिन्छ भने काममा सहयोग गर्ने मन्त्रीलाई कर्मसचिव भनिन्छ। **मन्त्री धीसचिवोऽमात्योऽन्ये कर्मसचिवास्ततः** (अमर.२.८.४)

धुक्ष (धा.) [*सन्दीपनक्लेशनजीवनेषु, भ्वा.सक.सेट्, आत्म.*] जलाउनु, थकित हुनु, बाँच्नु। लट्– **धुक्षते–** जलाउँछ, थकित हुन्छ, बाँच्छ इत्यादि।

धुतः (पु.वि.) [*धुञ् कम्पने इति धातोः क्तः*] केही हल्लिएको। **वेल्लितप्रेङ्खिताधूतचलिताकम्पिता धुते** (अमर.३.१.८७)।

धुनी (स्त्री.) [*धुनोति वेतसादीन्, धुञ् कम्पने इति धातोः क्विप् ३.२.१७८, पृषोदरादित्वात् ६.३.१०९ इति नुक्, नान्तत्वाद् ऋन्नेभ्यो ङीप् इति ङीप्*] नदी। **तटिनी ह्रादिनी धुनी** (अमर.१.१०.३०)।

धुन्वन् (पुं.) [*धुनोतीति, धूञ् कम्पने इति धातोः, लटस्थाने शतृ*] काँपिरहेको/हल्लिरहेको।

धुरन्धरः (पुं.) [*धुरं धारयति, धृञ् धारणे इति धातोः, णिचि, संज्ञायां भृतृवृजिधारिसहितपिदमः ३.२.४६ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्, वाचं यमपुरन्दरौ च इत्यत्र चादम् वा*] १.सद्गुणसम्पन्न २.प्रकाण्ड विद्वान् ३.भारवहन गर्ने/अभिभारा लिने ४.भारी बोक्ने वा गाढा तान्ने गोरु।

धुरा (स्त्री.) [*धुर्वतीति, धुर्वी धातोः, क्विप् च इति क्विप्, टाप् ४.१.४*] १.गाडी, रथ, वग्गी आदिमा पाङ्ग्रा अड्ने तेस्रो अग्लो/धुरा २.बैलका काँधमा रहने जुवा।

धुरीणः (पुं.) [*धुरं वहति, खः सर्वधुरात् ४.४.७८ इति खः, खस्येनः*] १.श्रेष्ठ/प्रमुख/अग्रगण्य २.भारी बोक्ने वा गाढा तान्ने गोरु।

धुर्यः (पुं.) [*धुरं वहति, धरो यड्ढकौ ४.४.७७ इति यत्, अलोपः*] १.भारी बोक्ने वा गाढा तान्ने गोरु २.श्रेष्ठ।

धुर्वी (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् पर., ईदित्*] हिंसा गर्नु। लट्– **धुर्वति–** हिंसा गर्छ इत्यादि।

धुवित्रम् (नपुं.) [*धूयतेऽनेन, धूञ् कम्पने इति धातोः, अर्तिलूधूसू– ३.२.१८४ इति इत्रः*] मृगको छालाद्वारा बनाइएको चमर।

धू (धा.) [*विधूनने, तुदा.सक.सेट् कुटादिः*] काँपुनु। लट्– **धुवति–** काँप्छ। लिट्– **दुधाव–** काँपेछ, (अन.) इत्यादि।

धूः (स्त्री.) [*धूर्वतीति, धुर्वी हिंसायामिति धातोः, भ्राजभास– ३.२.१७७ इति क्विप्, राल्लोपः ६.४.२१ र्वोः ८.२.७६ इति दीर्घः*] १.गाडा वा रथको अगाडिको भाग २.भारी। **धूः स्त्री क्लीबे यानमुखम्** (अमर.२.८.५५)।

धूञ् (धा.) [*धुञ् इत्यपि,कम्पने, स्वा.सक.वेट्, उभ.*] काँपुनु, हल्लनु। लट्– **धूनोति–धूनुते–** काँप्छ, हल्लन्छ। लिट्– **दुधाव–दुधुवे–** काँपेछ, हल्लिएछ (अन.)। लुट्– **धविता–** काँप्ने छ, हल्लने छ (अन.)। लृट्– **धविष्यति–ते–** काँप्नेछ, हल्लनेछ। लोट्– **धूनोतु–धूनुताम्–** काँपोस्, हल्लोस्। लङ्– **अधूनोत्–अधूनुत–** काँप्यो, हल्यो (अन.)। विधिलिङ्– **धूनुयात्–धून्वीत–** काँप्ला, हल्लेला, काँपोस्, हल्लोस्। आशीर्लिङ्– **धूयात्–धाविषीष्ट–** काँपोस्, हल्लोस्। लुङ्– **अधावीत्–अधविष्ट–** काँप्यो, हल्यो। लृङ्– **अधविष्यत्–त–** काँप्ने, थियो, हल्लने थियो इत्यादि।

धूञ् (धा.) [*कम्पने, क्र्या. सक.सेट् उभ.*] काँपुनु, हल्लनु। लट्– **धुनाति–धुनीते–**(प्वादीनां ह्रस्वः) काँप्छ, हल्लन्छ। लिट्– **दुधाव–दुधुवे–** काँपेछ, हल्लेछ (अन.)। लुट्– **धविता–** काँप्ने छ, हल्लने छ (अन.)। लृट्– **धविष्यति–ते–** काँप्ला, हल्लला। लोट्– **धूनातु– धुनीताम्–** काँपोस्, हल्लोस्। लङ्– **अधुनात्– अधुनीत–** काँप्यो, हल्यो (अन.)। विधिलिङ्– **धुनीयात्– धुनीत–** काँप्ला, हल्लेला, काँपोस्, हल्लोस्। आशीर्लिङ्– **धूयात्–धाविषीष्ट–** काँपोस्, हल्योस्। लुङ्– **अधावीत्– अधविष्ट–** काँप्यो, हल्यो। लृङ्– **अधविष्यत्–त–** काँप्ने, थियो, हल्लने थियो इत्यादि।

धूञ् (धा.) [*कम्पने, चुरा. सक.सेट् उभ.*] काँपुनु, हल्लनु। लट्– **धूनयति–** काँप्छ, हल्लन्छ। लिट्– **धूनयाञ्चकार–चक्रे–** काँपेछ, हल्लेछ (अन.)। लुट्– **धूनयिता–** काँप्ने छ, हल्लने छ (अन.) इत्यादि।

धूतः (पुं.वि.) [*धूयते स्म, धूञ् कम्पने इति धातोः, निष्ठा ३.२.१०२) इति क्तः*] १.अलिअलि हल्लिएको २.त्यागिएको। **त्यक्तं हीनं विधुतं समुज्भितधूतमुत्सृष्टम्** (अमर. ३.१.१०६)।

धूनः (पुं.वि.) [*धूयते स्म, धूञ् कम्पने इति धातोः, निष्ठा ३.२.१०२) इति क्तः, ल्वादितया नः*] कम्पित।

धूप (धा.) [*भाषायाम्, भ्वा.सक.सेट् उभ.*] बोल्नु। लट्– **धूपायति–ते–** बोल्छ, भाषण दिन्छ इत्यादि।

धूप (धा.) [*सन्तापे, सक.सेट्पर.*] ताप्नु। लट्– **धूपायति–** ताप्छ। लिट्– **दुधुप–धूपायाञ्चकार–** तातेछ (अन.) इत्यादि।

धूपः (पुं.) [*धूपयति रोगान् दोषान् वा धूप तापे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.३४ इत्यच्*] आगोमा सल्काएर सुवास फिँजाइने सुगन्धी द्रव्य।

धूपायितः (पुं.वि.) [*धूप्यते स्म, धूप सन्तापे इति धातोः, आयादयः ३.१.३१ इति वा आयः, निष्ठा ३.२.१०२ इति क्तः*] १.तताइएको। २.भिल्स्याइएको।

धूपितः (पुं.वि.) [*धूप्यते स्म, धूप सन्तापे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.तताइएको २.भिल्स्याइएको।

धूमः (पुं.) [*धूनोति कम्पयतीति, धूञ् कम्पने इति धातोः, इषियुधीन्धिदसिश्याधूसूभ्यो मक् (उ.१५०) इति मक्*] धुँवा/आगाबाट निस्किएको कालो पदार्थ।

धूमकेतुः (पुं.) [*धूमः, तत्सदृशो वा केतुः ध्वजो यस्य सः, बहु.स.*] १.अग्नि २.पुच्छ्रे तारा (हे. **धूम्रकेतुः**)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धूमपटः (पुं.) [*धूमः पट इव, त. स.*] तोप, ट्याङ्क, सेनाको गतिविधि आदि लुकाउन फैलाइएको धुवाँको बादल।

धूमपानम् (नपुं.) [*धूमस्य पानमिव, त.स.*] धूम्रपान/चुरोट, तमाखु, गाँजा आदिको धुवाँको सर्को मुखले तानेर सेवन गर्ने काम।

धूमयोनिः (पुं.) [*वाष्परूपो धूमो योनिर्यस्य सः,बहु.स.*] मेघ। **घनजीमूतमुदिरजलमुग्धूमयोनयः** (अमर.१.३.७)।

धूमलः (पुं.) [*धूमं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कालो मिसिएको रातो वर्ण। **धूम्रधूमलौ कृष्णलोहिते** (अमर.१.५.१६)।

धूमसंहतिः (स्त्री.) [*धूमस्य संहतिः, ष.त.*] धुवाँको समूह।

धूम्या (स्त्री.) [*धूमानां समूहः, पाशादिभ्यो यः ४.२.४९ इति यः, टाप् ४.१.४*] धुवाँको समूह (अमर.३.२.४२)।

धूम्याटः (पुं.) [*धूम्या धूमसमूह इवाटति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ध्वाँसे चरो।

धूम्रः (पुं.) [*धूमं तद्वर्णं राति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वात् साधुः*] धुवाँ/ध्वाँसो। **~लोचनः** (पुं.वि.) [*धूम्रे लोचने यस्य सः*] १.ध्वासे रङ्गको आँखा भएको २.राक्षसविशेष।

धूम्रकेतुः (पुं.) [*धूम्र इव केतुः त.स.*] १.गणेश २.भरतराजाको एक छोरा ३.पुच्छ्रेतारो। धुवाँको आकारको लामो मुस्लो वा पुच्छर देखिने पिण्ड। सङ्गमतन्त्रअनुसार धूम्रकेतुको सङ्ख्या अठार हजार छ। यिनको आकार पनि भिन्न भिन्न छ। कुनै कुचाजस्ता, कुनै वृक्षजस्ता, कुनै हात्तीको सुँडजस्ता, कुनै घाँस-परालजस्ता, कुन शङ्खजस्ता, कुनै टेढा, कुनै सीधा, कुनै घोडाजस्ता इत्यादि अनेक किसिमका हुन्छन्। यीमध्ये कुनै २१ दिनमा, कुनै ४२ दिनमा, कुनै एक महिनामा, कुनै दुई महीनामा र कुनै त्यसभन्दा पनि बढी समयमा देखिन्छन्। यिनीहरू एक पटक, दुईपटक, तीन पटक, चार पटक र पाँच पटकसम्म पनि वर्षमा उदाउँछन्। हलिनामक पुच्छ्रेतारा ७५ वर्षमा एक पटक एक ठाउँबाट देख्न सकिने हुन्छ। यी धूमकेतुहरू सूर्यको नजिक घुम्दै आएपछि वाफिएर पुच्छर भएका देखिन्छन्। वैज्ञानिक मतअनुसार धूमकेतुहरू अन्तरिक्षमा अनेक छन्। यिनीहरू पत्थर, धुलो, वरफ आदिबाट बनेका हुन्छन्। यिनीहरूको पुच्छर ग्याँसबाट बनेको हुन्छ। यसैले यिनीहरूका पुच्छरहरू चम्किला देखिन्छन्। यिनीहरूले पनि सूर्यको परिक्रमा गर्दछन्।

(धूम्रकेतु)

अष्यदशसहस्रन्तु केतुसङ्ख्याः प्रकीर्तिताः।
तन्मध्ये तु शतं चाष्ट दशसङ्ख्याः प्रकीर्तिताः॥
एतन्मध्ये महेशानि पञ्चाशत्केतवः शिवे।
संमार्जनसमाकारा वृक्षाकारास्तथैव च॥
शिखाकारसमापन्नास्तथा हस्तकसन्निभाः।
तृणाकारास्तथा कम्बुसदृशा कुटिलाः शिवे॥
वृक्षमात्रसमाकारा घयकारास्तथा प्रिये।
एकविंशद्दिनं व्याप्य तदद्वयं वा महेश्वरि॥
मासमात्रं तथा देवि तद्द्वये परमेश्वरि।
चतुर्दिक्षु भ्रमन्त्येव दिवा वा चोदयो भवेत्॥ (सङ्गमतन्त्र)

धूम्रीकरणम् (नपुं.) [*अधूम्रं धूम्रं यथा सम्पद्यते तथा करणम्*] कोठामा रहेका रोगका कीटाणु तथा हावाको प्रदूषण हटाउन सुगन्धित धुवाँ एवं सङ्क्रमणनाशक ग्याँसको प्रसारण गर्ने काम।

धूरी (धा.) [*हिंसागत्योः,हिंसायाम्—सक. गतौ—अक., सेट् आत्म.*] हिंसा गर्नु, जानु। लट्— **धूर्यते—** हिंसा गर्छ, जान्छ इत्यादि।

धूर्जटिः (पुं.) [*धूर् भारभूता जटिर्जय यस्य सः, बहु.स., जट संघाते इति धातोः, सर्वधातुभ्य इन् (उ.) ४.११८ इनीन्*] महादेव/शिव।
सिद्धिः साध्ये सतामस्तु प्रसादात्तस्य धूर्जटेः।
जाह्नवीफेनलेखेव यन्मूर्ध्नि शशिनः कला॥ (हितो.)

धूर्तः (पुं.) [*धूर्वति हिनस्ति, धुर्वी हिंसायाम् इति धातोः, हसिमृग्रिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३ इति तन्, राल्लोपः, पूर्वस्य दीर्घः*] १.अर्कालाई ठगेर स्वार्थ पूरा गर्ने व्यक्ति/ठग/वञ्चक/धोकेवाज। **धूर्तस्तु वञ्चकः** (अमर.३.१.४७)।
मुखं पद्मदलाकारं वाचा चन्दनशीतला।
हृदयं क्रोधसंयुक्तं त्रिविधं धूर्तलक्षणम्॥ (सुभा.)
२.[*धूर्ताःसन्त्यस्य,अर्शाद्यच्*] धतुरो। **धूर्तो धत्तूरमायिनोः।** (हेमचन्द्र २.१७८)।

धूर्तता (स्त्री.) [*धूर्तस्य भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.२.१९ इति तल्, टाप् ४.१.४*] धूर्त हुनाको भाव/धोखेबाजी।

धूर्वहः (पुं.) [*वहतीति, वहः, अच्, धुरो वहः*] भारबाहक गोरु।

धूलिः (स्त्री.) [*धूयते वातेन कम्प्यतेऽसौ, धूञ् कम्पने इति धातोः, बाहुलकाद् लिक्*] १.धूलो २.चूर्ण ३.रज ४.पराग। **~पटलम्** (नपुं.) [*धूलीनां पटलम्, ष.त.*] तुवाँलो/कुइरो जस्तो धूलिमण्डल।

धूस (धा.) [*कान्तिकरणे, चुरा.सक.सेट् उभ.*] शोभित हुनु। लट्— **धूषयति-ते—** शोभित हुन्छ इत्यादि।

धूसरः (पुं.) [*धूनोतीति, धूञ् कम्पने इति धातोः, कृधूमधिभ्यः कित् (उ.) ३६० इति सरः*] १.मायको रङ्गको/खाकी २.धुलो लागेर फुस्रो भएको।

धृङ् (धा.) [*अवस्थाने, अक.अनिट् आत्म.*] रहनु, धारण गर्नु। लट्— **ध्रियते—** रहन्छ, धारण गर्छ। लिट्— **दध्रे—** रहेछ, धारण गरेछ (अन.) इत्यादि।

धृङ् (धा.) [*अवध्वंसने, भ्वा.अक.अनिट् आत्म.*] खस्नु, नष्ट हुनु। लट्— **धरते—** खस्छ, नष्ट हुन्छ। लिट्— **दध्रे—** खसेछ, नष्ट भएछ (अन.)। लुट्— **धर्ता—** खस्ने छ, नष्ट हुने छ (अन.)। लृट्— **धरिष्यते—** खस्ने छ, नष्ट हुने छ। लोट्— **धरताम्—** खसोस्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नष्ट होओस्। लङ्– **अधरत्–** खस्यो, नष्ट भयो (अन.)। विधिलिङ्– **धरेत–** खस्ला, नष्ट होला, खसोस्, नष्ट होओस्। आशीर्लिङ्– **धृषीष्ट–** खसोस्, नष्ट होओस्। लुङ्– **अधृत–** खस्यो, नष्ट भयो। लृङ्– **अधरिष्यत–** खस्ने थियो, नष्ट हुने थियो इत्यादि।

धृज (धा.) [*गतौ, भ्वा.सक.सेट्., पर.*] जानु। लट्– **धर्जति–** जान्छ इत्यादि।

धृजि (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु। लट्– **धृञ्जति–** जान्छ। लिट्– **दधृञ्ज–** गएछ (अन.) इत्यादि।

धृतः (पुं.) [*ध्रियते स्म, धृञ् धारणे इति धातोः, निष्ठा इति क्तः ३.२.१०२ इति क्तः*] समातिएको/ पक्रिएको/अँठ्याइएको।

धृतराष्ट्रः (पुं.) [*धृतं राष्ट्रं येन सः, बहु.स.*] १.महाभारतका एक प्रसिद्ध जन्मान्ध राजा/दुर्योधनका पिता २.नागविशेष ३.एक गन्धर्वराज ४.एक दानव।

धृतिः (पुं.) [*धरणम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.ग्रहण गर्ने काम/समाउने क्रिया/२.धैर्य/स्थिरता ३.तेत्तिस व्यभिचारी भावमध्येको एक भाव। वीरता, आध्यात्मिक ज्ञान, ऐश्वर्य, पवित्रता, सच्चरित्रता, मान्यजन प्रतिको आदरभाव आदिबाट यसको आविर्भाव हुन्छ। तृप्ति, सन्तोष आदि यसका अनुभाव हुन्छन्। ४.देवीविशेष ५.चन्द्रमाका सोह्र कलामध्ये एक कला। ६.अश्वमेध यज्ञको एक आहुति ७.कुशद्वीपको एक नदी।

धृतिमान् (पुं.वि.) [*धृतिरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] धैर्य भएको/धैर्यशाली/धीर।

धृष (धा.) [*प्रसहने, चुरा.सक.सेट् उभ.*] जित्नु, हराउनु, घवडाउनु। लट्– **धर्षयति-ते–** जित्छ, हराउँछ, घवडाउँछ इत्यादि।

धृषुः (पुं.) [*धृष्णोतीति, ञिधृषा प्रागल्भ्ये इति धातोः, पृ भिदिव्यधिगृधिधृषिभ्यः (उ.) इति कुः*] दक्ष/कुशल।

धृष्टः (पुं.वि.) [*धृष्णोतीति, ञिधृषा प्रगल्भे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, धृषिशसी वैयात्ये ७.२.१९ इति अविनये इण्निषेधः*] १.विनय नभएको/नम्रताहीन/अशिष्ट/निर्लज्ज। **जनस्य गोप्तासि विकत्थमानो न शोभसे वृद्धसभासु धृष्टः।** (भाग.५.१२.७) २.चार प्रकारका पतिमध्ये एक ३.चेदिवंशीय कुन्तिका छोरा। **कुन्तेर्धृष्टः सुतो जज्ञे रणधृष्टः प्रतापवान्।** (ह.वं. ३६.२४) ४.सप्तम मनुका एक पुत्र। **इक्ष्वाकुर्नभगश्चैव धृष्टो ययातिरेव च** (भाग. ८.१३.२)।

धृष्टनायकः (पुं.) [*धृष्टश्चासौ नायकश्च, कर्म.स.*] काव्यमा आउने एक किसिमको नायक। यो तीन किसिमको हुन्छ– १.अपराध गरे पनि सङ्कोच नमान्ने २.गाली गरे पनि न लजाउने ३.दोष देखिए पनि झुटो बोल्ने।

कृतागा अपि निःशङ्कस्तर्जितोऽपि न लज्जितः।
दृष्टदोषोऽपि मिथ्यावाक् कथितो धृष्टनायकः॥
(सा.द ३.४३.)

धृष्णः (पुं.) [*धृष्णोति स्म, ञिधृषा प्रागल्भ्ये इति धातोः, धृषेश्च इति न भिध्*] ढिठो स्वभावको।

धृष्णिः (पुं.) [*धृष्णोति, ञिधृषा प्रागल्भ्ये इति धातोः, सवृषिभ्यां कित् (उ.) ४.४९ इति निः, पिच्च*] किरण।

धृष्णुः (पुं.वि.) [*धृष्णोतीति, ञिधृषा प्रागल्भ्ये इति धातोः, त्रसिगृधिधृषिक्षिपेः क्नुः ३.२.१४०.इति क्नुः, णत्वम्*] ढिठो।

धृतिः (स्त्री.) अठार अक्षर भएको छन्द/अष्ट्यदशाक्षरा वृत्ति।

धेकृ (धा.) [*दर्शने, सक.सेट् उभ.*] देख्नु। लट्– **धेकयति-ते–** देख्छ इत्यादि।

धेट् (धा.) [*पाने, भ्वा.सक.अनिट्, पर.*] पिउनु। लट्– **धयति–** पिउँछ। लिट्– **दधौ–** पिएछ (अन.)। लुट्– **धाता–** पिउने छ (अन.)। लृट्– **धाष्यति–** पिउने छ। लोट्– **धयतु–** पियोस्। लङ्– **अधयत्–** पियो (अन.)। विधिलिङ्– **धयेत्–** पिउला, पिओस्। आशीर्लिङ्– **धेयात्–** पियोस्। लुङ्– **अदधत्–** पियो। लृङ्– **अधास्यत्–** पिउने थियो इत्यादि।

धेनुः (स्त्री.) [*धयति सुतानीति, धेट् पाने इति धातोः, धेट इच्च (उ.) ३२१ इति नुः, इकारान्तादेशश्च*] १.दुहुनु गाई/भर्खर बियाएकी गाई। (अभि.चि.) २.पृथ्वी।

(धेनुः)

~मुद्रा (स्त्री.) बायाँ हातको चोरी औँलामा दाहिने हातको माझी औँला, त्यस्तै दाहिने हातको चोरी औँलामा बायाँ हातको माझी औँलो, यसरी नै कान्छी र साहिंली औँलाहरू जोड्दा हुने हस्तक्रियाको मुद्रा।

धेनुकः (पुं.) [*धेनुरिव कायति, शब्दायते, आत्वम्, कः, आलोपः*] एक राक्षस/धेनुकासुर।

धेनुका (स्त्री.) [*धेनुरिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप् ४.१.४*] १.हथिनी। **इभः करेणुर्गजोऽस्य स्त्री धेनुका वशापि च।** (अभि.चि.) २.गाई। ३.एक नदी।

धेनुमुद्रा (स्त्री.) [*धेनुरूपा मुद्रा, म.प.स.*] गाईको स्तन आकारको मुद्रा। देवीदेवतालाई नैवेद्य चढाइसकेपछि यो मुद्रा प्रदर्शन गरिन्छ। **नैवेद्यान्ते धेनुमुद्रां दर्शयेत् साधकोत्तमः** (ग.पु.आ. का.२९.१६)।

धेनुष्या (स्त्री.) [*संज्ञायां धेनुष्या ४.४.८९ इति साधुः*] बाँधिएको गाई। **धेनुष्या बन्धके स्थिता** (अमर.२.९.७२)।

धेयः (पुं.वि.) *धातुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] १.धारण गर्न योग्य/धार्य/धारणीय २.पोषण गर्न योग्य।

धैनुकम् (नपुं.) [*धेनूनां समूहः, अचित्तहस्तिधेनोष्ठक् ४.२.४७ इति ठक्, इषुसुक्तान्तात्कः ७.३.५१ इति कः,वृद्धिः*] लैना गाईको बथान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धैर्यम् (नपुं.) [*धीरस्य भावः कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.धीरता/शान्ति/सङ्कट वा कठिनाइका समयमा मनमा लिइने स्थिरता।

शुष्केन्धने वह्निरुपैति वृद्धिं बालेषु शोकश्चपलेषु कोपः।
कान्तेषु कामो निपुणेषु वित्तं धर्मो दयावत्सु महत्सु धैर्यम्।

(सुभा.) २.अयत्नज अलङ्कारको सातौँ भेद।

धैर्यच्युतः (पुं.वि.) [*धैर्याच्च्युतः, प.त.*] धैर्य हराएको/धैर्यविहीन।

धैवतः (पुं.) [*धीमतामयम्, पृषोदरादिः ६.३.१०९ संज्ञायाम् ८.२.११ इति वा वत्वम्*] सङ्गीतमा सात स्वरमध्येको छैठौँ स्वर अथवा 'ध' को सङ्केत गर्ने आवाज। जसमा कुनै चिह्न रहन्न त्यसलाई शुद्ध धैवत भनिन्छ र शुद्ध धैवतमुनि धर्का रहँदाको मलधैवत ध यस्तो हुन्छ। धैवतस्वरले सम्पूर्ण भूतसमुदायलाई तृप्त पार्छ। यसको वर्ण पहेँलो हुन्छ,। यो क्षत्रिय जातिको मानिन्छ। धैवतस्वरबाट घोडा हिनहिनाउँछ र यो निधारबाट उत्पन्न हुन्छ । धैवत तुम्बुरुले गाएको स्वर हो। जसरी चन्द्रमा शुक्ल पक्षमा बढ्छन्, कृष्णपक्षमा घट्छन्, त्यसरी नै स्वरग्राम प्राप्त भएपछि जुन स्वरको घट्ती बढ्ती हुन्छ र पूर्वोत्पन्न स्वरको जहाँ अतिसन्धि रहन्छ, त्यो धैवत स्वर हो। यसको स्थान कान्छी औँला मानिएको छ।

धोरणम् (नपुं.) [*धोरति गच्छत्यनेन, धोर धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् वा*] तीव्र गतिले हिँड्ने सवारी साधन। **पत्रं स्याद् वाहनं यानं युग्यं पत्रञ्च धोरणम्** (अमर.२.८.५८)।

धोरणी (स्त्री.) [*धोरति, क्रमशः प्राप्नोति अनिप्रत्ययः*] परम्परा।

धोरितकम् (नपुं.) घोडाको चालविशेष (अमर.२.८.४८)।

धोर्ऋ (धा.) [*गतिचातुर्ये, अक.सेट्, पर., ऋदित्*] राम्रो तरिकाबाट हिँड्नु। लट्– **धोरति–** राम्रो तरिकाबाट हिँड्छ। लिट्– **दुधोर–** राम्रो तरिकाबाट हिँडेछ (अन.)। लुट्– **धोरिता–** राम्रो तरिकाबाट हिँड्ने छ। (अन.) लृट्– **धोरिता–** राम्रो तरिकाबाट हिँड्ने छ। लोट्– **धोरतु–** राम्रो तरिकाबाट हिँडोस्। लङ्– **अधोरत्–** राम्रो तरिकाबाट हिँड्यो (अन.)। विधिलिङ्– **धोरेत्–** राम्रो तरिकाबाट हिँड्ला, राम्रो तरिकाबाट हिँडोस्। आशीर्लिङ्– **धोर्यात्–** राम्रो तरिकाबाट हिँडोस्। लुङ्– **अधोरीत्–** राम्रो तरिकाबाट हिँड्यो। लृङ्– **अधोरिष्यत्–** राम्रो तरिकाबाट हिँड्ने थियो इत्यादि।

धौतः (पुं.वि.) [*धाव्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः, वकारस्य ऊठ्, वृद्धिश्च*] १.धोइएको/पखालिएको २.तिखारिएको ३.उदिन्याइएको।

धौतकौशेयम् (नपुं.) [*धाव्यते स्म, धावु गतिशुद्ध्योः, इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, ऊठ्, वृद्धिश्च, धौतं च तत्कौशेयञ्च, कर्म.स.*] धोएको रेसमी वस्त्र। **पत्रोर्णं धौतकौशेयम्** (अमर.२.६.११३)।

धौतिः (स्त्री.) [*धावु गतिशुद्ध्योः, इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, ऊठ्, वृद्धिः*] १.धुलाइ २.चोख्याइ/चोखो गर्ने क्रिया ३.शरीरको भित्री अवयव सफा पार्ने उद्देश्यले चार अङ्गुल चौडा र पन्ध्र हात लामो भिजेको कपडा निलेर फेरि बाहिर निकाल्ने हठयोगीको एक क्रिया। हठयोगमा छ कर्म छन्– धौति, वस्ति, नेति, नौलि, त्राटक र कपालभाति। यीमध्येको एक क्रिया। धौतिका मुख्य चार भेद छन्– अन्तर्धौति, दन्तधौति, हृद्धौति र मूलशोधन। यी मध्ये अन्तर्धौतिका चार भेद छन्– वातसारधौति, वारिसारधौति, वाह्निसारधौति र बहिष्कृतधौति। दन्तधौतिका निम्न भेद छन्– दन्तमूलधौति, जिह्वामूलधौति, कर्णमूलधौति, र कपालरन्ध्रधौति। हृद्धौतिका तीन भेद छन्– दण्डधौति, वमनधौति र वासधौति। मूलशोधन एक मात्र छ।

धौम्यः (पुं.) १.उत्कलका निवासी प्रसिद्ध एक ऋषि। यी देवलका भाइ र पाण्डवका पुरोहित थिए। (भाग.१०.७४.९) २.व्याघ्रपाद ऋषिका छोरा। यी शिवका भक्त थिए। तपोबलबाट यिनले दिव्यज्ञान प्राप्त गरे। (म.भा.अनु.१४.४५) ३.पश्चिममा उदाउने एक तारा (म.भा.शा. २०८.३०) ४.आयोदनामक एक ऋषि।

धौरितकम् (नपुं.) [*धोरणम्, धोर्ऋ गतिचातुर्ये इति धातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, ततः स्वार्थे कन् (ज्ञापि) ५.४.५, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, वृद्धिः*] घोडाका पाँच प्रकारका हिँडाइमध्ये एक हिँडाइ। **तत्र धौरितकं धौर्यं धारणं धौरितञ्च तत्**। (नाममाला)।

धौरेयः (पुं.) [*धुरं वहति, धुरो यड्ढकौ ४.४.७७ इति ढक्, ढस्य एयः ७.१.२ आदिवृद्धिः, अलोपः ६.४.६४, स्त्रियां ङीप्– धौरेयी*] १.भारी बोक्ने वा गाढा तान्ने गोरु २.उत्कृष्ट।

धौम्यस्य सुधामधुरिमधौरेयीभिः स्वयंवरकथाभिः।
द्रुपदपुरःसरणिरेषां द्वित्राण्यभवत्पदानीव॥ (च.भा.)

ध्मा (धा.) [*शब्दाग्निसंयोगयोः, सक.अनिट्, पर.*] फुक्नु, बजाउनु। लट्– **धमति–** फुक्छ, बजाउँछ। लिट्– **दध्मौ–** फुकेछ, बजाएछ (अन.)। लुट्– **ध्माता–** फुक्ने छ, बजाउने छ (अन.)। लृट्– **ध्मास्यति–** फुक्ने छ, बजाउने छ। लोट्– **धमतु–** फुकोस्, बजाओस्। लङ्–**अधमत्–** फुक्यो, बजायो (अन.)। विधिलिङ्– **धमेत्–** फुक्ला, बजाउला, फुकोस्, बजाओस्। आशीर्लिङ्– **ध्मेयात्-ध्मायात्–** फुकोस्, बजाओस्। लुङ्– **अध्मासीत्–** फुक्यो, बजायो। लृङ्– **अध्मासीत्–** फुक्ने थियो, बजाउने थियो इत्यादि।

ध्माकारः (पुं.) [*ध्मा अग्निसंयोगः, तं करोति, कर्मण्यण्*] लोहार।

ध्यातः (पुं.वि.) [*ध्यायते स्म, ध्यै चिन्तायाम् इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.ध्यान गरिएको २.चिन्तन गरिएको। **ध्यातं वित्तमहर्निशं न च पुनर्विष्णोः पदं शाश्वतम्** (शान्तिशतक)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यातव्यः (पुं.वि.) [*ध्यातुं योग्यः, ध्यै चिन्तायामिति धातोः, तव्यत्तव्यानीयरः ३.१.९७ इति तव्यत्*] ध्यान गर्न योग्य/विचार गर्न लायक।

ध्याता (स्त्री.) [*ध्यायते इति, ध्यै चिन्तायामिति, धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] ध्यान गर्ने/ध्यानी/विचार गर्ने।

ध्यानम् (नपुं.) [*ध्यै चिन्तायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै काम वा कुरामा मन तल्लीन भएर लाग्ने क्रिया २.चित्तको एकाग्रता ३.एकाग्र चित्तले गरेको कुनै देवता वा ब्रह्मको चिन्तन। **मूर्तामूर्तब्रह्मरूपचिन्तनं ध्यानमुच्यते**। (ग.पु.आ. २३७.१३) **~मग्नः** (पुं.वि.) [*ध्याने मग्नः, स.त.*] ध्यानमा तल्लीन भएको/ध्यानमा एकाग्र भएको/ध्याननिष्ठ/ध्यानावस्थित।

ध्यानयोगः (पुं.) [*ध्यानमेव योगः, त.स.*] १.ध्यान रूपी योग। २.अष्टाङ्गमध्ये ध्यानलाई प्रधान मानिएको सातौँ योग। ध्येय वस्तुको चिन्तन गर्दागर्दै ध्येय कुरामा अभिन्न रूप हुन जाने अवस्थालाई ध्यानयोग भनिन्छ। **तत्र प्रत्ययैकतानता ध्यानम्** (पा.यो.सू.)। घेरण्डसंहितामा ध्यानयोगका तीन भेदको वर्णन छ– स्थूलध्यानय ोग, ज्योतिर्ध्यानयोग र सूक्ष्मध्यानयोग।

स्थूलं ज्योतिस्तथा सूक्ष्मं ध्यानस्य त्रिविधं विदुः।
स्थूलं मूर्तिमयं प्रोक्तं ज्योतिस्तेजोमयं तथा॥
सूक्ष्मं बिन्दुमयं ब्रह्म कुण्डलीपरदेवता।
स्वकीयहृदये ध्यायेत् सुधासागरमुत्तमम्॥

यीमध्ये स्थूल ध्यानयोगका दुई भेद छन्– **प्रथम–** हृदयमा उत्तम अमृतको समुद्रबीच रत्नहरूको बालुवा र त्यसको वरिपरि खुबसित फुलेका नीमका बोटहरूका बगैँचाले खचाखच भएको, चमेली, जाई, केशर, चाँप, पारिजात, स्थलकमल आदि फूलहरूका सुगन्धले दसै दिशा भरिएको, रत्नका टाकुराको बिचमा योगी वा साधकले खुब राम्रो कल्पवृक्षको कल्पना गरोस्। त्यस कल्पवृक्षमा हमेसा फूल तथा फल लाग्ने चार हाँगाहरू (चार वेद), गुनगुनाउने भमराहरू (कर्म), बास्ने कोइली आदि चराहरू (सज्जन सन्त) को पनि चिन्तन गरोस् अनि त्यहाँ ठुलो माणिकको मण्डप, त्यस बिचमा राम्रो पलङ, त्यस पलङमा गुरुद्वारा बताइए अनुरूप– गहना, वाहन आदिले युक्त इष्टदेवताका स्वरूपको कल्पना गरी नित्य ध्यान गर्नुलाई प्रथम स्थूल ध्यान भनिन्छ। **द्वितीय–** ब्रह्मरन्ध्रमा एक हजार पत्र भएको कमल, त्यसको बीचमा 'ह, स, क्ष, म, ल, व, र, यूँ, ह, स्व, ख, फ्रें' यी बाह्र बीज मन्त्र भएका खुब चम्किला सेता बाह्र पत्र भएको कमल छ। त्यस कमलको कर्णिकामा अ, क, थ यी तीन अक्षर, तीन रेखा अनि ह, ल, क्ष यी तीन अक्षर र तीन रेखा छन्। त्यस्तो त्रिकोणको बिचमा प्रणव 'ॐ' छ। त्यसमाथि नाद बिन्दुमय राम्रो सिंहासन छ। त्यसमाथि हंसका दुई पादुका छन्। ती पादुकामाथि दुई बाहु, तीन नजर भएका, सेतो वस्त्र पहिरिएका, श्रीखण्ड घसेका, सेतो फूलको माला लगाएका र रातो शक्ति साथमा लिएर बसेका गुरु हुनुहुन्छ। उहाँको ध्यान गर्दा दोस्रो स्थूल ध्यान हुन्छ। **सहस्त्रारे महापद्मे कर्णिकायां विचिन्तयेत्। विलग्नसहितं पद्मं द्वादशदलसंयुतम्। शुक्लवर्णं महातेजोद्वादशबीजभूषितम्। हसक्षमलवरयूँ– ह– स्व– ख– फ्रें यथाक्रमम्॥ तन्मध्ये कर्णिकायां तु अकथादि रेखात्रयम्। हलक्षकोणसंयुक्तं प्रणवं तत्र वर्तते॥ नादबिन्दुमयं पीठं ध्यायेत्तत्र मनोहरम्। तत्रोपरि हंसयुग्मपादुका तत्र वर्तते॥ ध्यायेत्तत्र गुरुं देवं द्विभुजञ्च त्रिलोचनम्। श्वेताम्बरधरं देवं शुक्लगन्धानुलेपनम्॥शुक्लपुष्पमयं माल्यं रक्तशक्तिसमन्वितम्। एवंविधगुरोर्ध्यानात् स्थूलध्यानं प्रसाध्यते॥**

ज्योतिर्ध्यानका पनि दुई भेद छन्। **प्रथम ज्योतिर्ध्यान–** मूलाधारमा सर्पको आकार भएकी कुण्डलिनी शक्ति र बल्दो कोपिलाको आकार भएका जीवात्मा छन्, तिनैमा ज्योतिर्मय परमेश्वर ब्रह्मको ध्यान गर्नुलाई प्रथम ज्योतिर्ध्यान भनिन्छ।

मूलाधारे कुण्डलिनी भुजङ्गाकाररूपिणी।
जीवात्मा तिष्ठति तत्र प्रदीपकलिकाकृतिः॥
ध्यायेत्तेजोमयं ब्रह्म तेजोध्यानं परात्परम्॥

दुवै आँखीभौँका बिचमा वा हृदयमा ॐकारमय तेजको पुञ्ज रहेको छ। त्यस पुञ्जको ध्यान गर्नुलाई द्वितीय ज्योतिर्ध्यान भनिन्छ

भ्रुवोर्मध्ये वा हृदये यत्तेजः प्रणवात्मकम्।
ध्यायेज्ज्वालावलीयुक्तं तेजोध्यानं तदेव हि॥

सूक्ष्म ध्यान– ठुलो भाग्यले जाग्न सक्ने कुण्डली जागृत हुँदै र आत्मासँग मिलेर आँखीभौँको प्वालबाट निस्की ब्रह्मनाडीमा खेल्ने अवस्था हुनुलाई सूक्ष्म ध्यान भनिन्छ। सूक्ष्म ध्यान सबैले गर्न सक्दैनन्, योगीले मात्र शाम्भवी मुद्राद्वारा यस ध्यानमा सिद्धि पाउँछन्।

बहुभाग्यवशाद्यस्य कुण्डली जागृता भवेत्।
आत्मनः सहयोगेन नेत्ररन्ध्राद्विनिर्गता॥
विहरेद्राजमार्गे च चञ्चलत्वान्न दृश्यते।
शाम्भवीमुद्रया योगी ध्यानयोगेन सिध्यति॥
सूक्ष्मं ध्यानमिदं गोप्यं देवानामपि दुर्लभम् (घे.सं.)।

ध्यानी (पुं.वि.) [*ध्यानमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] ध्यान गर्ने समाधिमा बस्ने।

ध्यामः (पुं.) [*ध्यायते पशुभिः, ध्यै चिन्तायामिति धातोः, बाहुलकान्मक्*] १.धुवाँ २.अस्पष्ट। **ध्यामौ धूमास्फुटौ** (६६ अमर. ३.३.१४४) ३.सुगन्ध आउने रोहिष नामक घाँस। **पौरसौगन्धिकध्यामदेवजग्धकरौहिषम्**। (अमर. २.४.१६६) ४.(पुं.वि.) श्याम वर्णको (मेदिनी. १०९.१७)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्येयः (पुं.वि.) [*ध्यातु योग्यः, ध्यै चिन्तायामिति धातोः, अचो यत् ३.१.९७ इति यत्*] ध्यान गर्नु पर्ने ।

ध्येयः सदा सवितृमण्डलमध्यवर्ती
नारायणः सरसिजासनसन्निविष्टः (नारायणस्तोत्र) ।

ध्यै (धा.) [*चिन्तायाम्, भ्वा. सक.अनिट् पर.*] ध्यान गर्नु, चिन्तन गर्नु । लट्— **ध्यायति**— ध्यान गर्छ, चिन्तन गर्छ । लिट्— **दध्यौ**— ध्यान गरेछ, चिन्तन गरेछ (अन.) । लुट्— **ध्याता**— ध्यान गर्ने छ, चिन्तन गर्ने छ (अन.) । लृट्— **ध्यास्यति**— ध्यान गर्ने छ, चिन्तन गर्ने छ । लोट्— **ध्यायतु**— ध्यान गरोस्, चिन्तन गरोस् । लङ्— **अध्यायत्**— ध्यान गर्‍यो, चिन्तन गर्‍यो (अन.) । विधिलिङ्— **ध्यायेत्**— ध्यान गर्ला, चिन्तन गर्ला, ध्यान गरोस्, चिन्तन गरोस् । आशीर्लिङ्— **ध्येयात्**— ध्यान गरोस्, चिन्तन गरोस् । लुङ्— **अध्यासीत्**— ध्यान गर्‍यो, चिन्तन गर्‍यो । लृङ्— **अध्यास्यत्**— ध्यान गर्ने थियो । कर्मणि— **ध्यायते**— ध्यान गरिन्छ । णिचि— **ध्यापयति**— ध्यान गराउँछ । सनि— **दिध्यासति**— ध्यान गर्न चाहन्छ । यङि— **दाध्यायते**— बारम्बार वा अतिशय ध्यान गर्छ । यङ्लुकि— **दाध्याति, दाध्येति**— बारम्बार वा अतिशय ध्यान गर्छ । कृदन्ते— **ध्यायकः, ध्यायिका, ध्याता, ध्यात्री**— ध्यान गर्ने । **ध्यापकः, ध्यपिका, ध्यापयिता, ध्यापयित्री**— ध्यान गराउने । **ध्यापयन्**— ध्यान गराइरहेको । **ध्यायन्ती**— ध्यान गराइरहेकी । **ध्यातव्यम्, ध्यानीयम्, ध्येयम्**— ध्यान गर्नुपर्ने वा ध्यान गरिने । **ध्यातुम्**— ध्यान गर्न, **ध्यापयितुम्**— ध्यान गराउन । **ध्यात्वा, आध्याय**— ध्यान गरेर । **ध्यापयित्वा, अभिध्याप्य**— ध्यान गराएर । **ध्यानम्**— ध्यान, चिन्तन । **सुधीः**— विद्वान्, राम्रो बुद्धि भएको । **कुधीः**— खराव बुद्धि भएको इत्यादि ।

ध्रज (धा.) [*गतौ, सक.सेट् पर.*] जानु । लट्— **ध्रजति**— जान्छ । लिट्— **दध्राज**— गएछ (अन.) इत्यादि ।

ध्रजि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु । लट्— **ध्रञ्जति**— जान्छ । लिट्— **दध्रञ्ज**— गएछ (अन.) इत्यादि ।

ध्रण (धा.) [*शब्दे, सक.सेट् पर.*] शब्द गर्नु । लट्— **ध्रणति**— शब्द गर्छ । लिट्— **दध्राण**— शब्द गरेछ (अन.) इत्यादि ।

ध्राक्षि (धा.) [*काङ्क्षयां घोरवासिते च, भ्वा.अक.सेट् पर.*] का— का गर्नु, इच्छा गर्नु । लट्— **ध्राङ्क्षति**— काग— काग गर्छ, इच्छा गर्छ इत्यादि ।

ध्राखृ (धा.) [*शोषणालमर्थयोः, भ्वा. सक.सेट् पर.*] सुक्नु, अलङ्कृत गर्नु, रोक्नु । लट्— **ध्राखति**— सुक्छ, अलङ्कृत गर्छ, रोक्छ इत्यादि ।

ध्राडृ (धा.) [*विशरणे, भ्वा. अक.सेट् आत्म.*] टुक्रा-टुक्रा पार्नु । लट्— **ध्राडते**— टुक्रा-टुक्रा पार्छ इत्यादि ।

ध्रु (धा.) [*स्थैर्ये, भ्वा.अक.अनिट् पर.*] अचल हुनु । लट्—**ध्रवति**— अचल हुन्छ । लिट्—**दुध्राव**—अचल भएछ (अन.) इत्यादि ।

ध्रु (धा.) [*गतिस्थैर्ययोः, तुदा.अक.अनिट् पर.*] जानु, स्थिर हुनु । लट्— **ध्रुवति**— जान्छ, स्थिर हुन्छ । लिट्— **दुध्राव**— गयो, स्थिर भयो (अन.) इत्यादि ।

ध्रुवः (पुं.) [*ध्रुवति स्थिरो भवति, ध्रु गतिस्थैर्ययोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, कुटादित्वात् १.२.१ इति ङित्वम्, यद्वा बाहुलकात् ध्रुवः कः (उ. २.२९ इति कः*] १.धर्मद्वारा धूम्राको गर्भबाट उत्पन्न दोस्रा वसु । **आपो ध्रुवश्च सोमश्च** (म.पु.५.२१) २.नहुषका छोरा, ययातिका दाजु ३.यमराजको सभामा बसेर यमराजको उपासना गर्ने एक राजा ४.युधिष्ठिरका सहायक एक राजा ५.पक्षीविशेष ६.किलो ७.ठुटे रुख । **स्थाणुर्वा ना ध्रुवः शङ्कुः** (अमर.२.४.८) ८.पहाड ९.बरको वृक्ष १०.ध्रुवपद नामको सङ्गीतको लय ११.यज्ञपात्रविशेष १२.ब्रह्मा १३.विष्णु १४.शिव (म.भा. १३.१७.३०३) १५.ज्योतिषका वर्णित एक शुभ योग । यस योगमा जन्मने शिशुको लक्षण—

नरीनर्त्ति वाणी सदा वक्त्रपद्मे
चरीकर्ति काव्यं बरीभर्ति बन्धून् ।
ध्रुवाख्ये प्रसूतिध्रुवा तस्य कीर्ति—
र्दिगन्ते नितान्तं भवेच्चारुमूर्तिः ॥ (कोष्ठीप्रदीप)

१६. ध्रुवतारा । **ध्रुवो भभेदे** (अमर.३.३.२११) १७.गाँठो १८.सुनीति नामकी उत्तानपाद राजाकी जेठी पत्नीबाट जन्मेका विष्णुभक्त, पुराण प्रसिद्ध एक राजा १९.फलित ज्योतिषमा उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तरभाद्रपद र रोहिणी नक्षत्रको समूह २०.रगणको अठाराैं भेद, यसमा क्रमैले एक लघु— एक गुरु र तीन लघु हुन्छन् । २१.तालुको एक रोग २२.प्रातकालदेखि सायङ्कालसम्म कुनै पनि देवतालाई नचढाएर राखिने सोमरसको भाग २३.रौंको भुँवरीविशेष । **द्वावुरस्थौ शिरस्थौ द्वौ द्वौ द्वौ रन्ध्रोपरन्ध्रयोः । एको भाले ह्यपाने च दशावर्ता ध्रुवाः स्मृताः ॥** (शब्दार्थचि.) २४.नाकको टुप्पो । **अरुन्धतीं ध्रुवञ्चैव विष्णोस्त्रीणि पदानि च । आसन्नमृत्युर्नो पश्येच्चतुर्थं मातृमण्डलम् । अरुन्धती भवेज्जिह्वा ध्रुवो नासाग्रमुच्यते । विष्णोः पदानि भ्रूमध्ये नेत्रयोर्मातृमण्डलम् ॥** (काशीखण्ड१२.१२.१४) **~गतिः** (स्त्री.) १.ध्रुवले तपस्या गरेर प्राप्त गरेको स्थान, यो सप्तर्षिभन्दा पनि माथि छ । (भाग.२.७.८) २.स्थिर गति । **~दर्शकः** (पुं.) [*ध्रुवं दर्शयति, ध्रुव— दृशिर् प्रेक्षणे इति धातोः णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] कम्पास/सधैँ उत्तरपट्टि मात्र सूई फर्कने दिशासूचक यन्त्र । **~दर्शनम्** (नपुं.) [*ध्रुवस्य दर्शनम्, ष.त.*] विवाहमा मन्त्र पढेर वरवधूलाई ध्रुव देखाउने काम । **~रेखा** (स्त्री.) [*ध्रुवयोः रेखा, ष.त.*] विषुवत् रेखा । **~लोकः** (पुं.) १.[*ध्रुवस्य लोकः, ष.त.*] ध्रुव बसेको लोक २.[*ध्रुवश्चासौ लोकश्च, कर्म.स.*] स्थिर लोक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्रुवः (पुं.वि.) [*ध्रुवति,स्थिरो भवति, बाहुलकात् कः*] १.निश्चित २.स्थिर/नित्य/शाश्वत ३.मौजुदा।

शाश्वतस्तु ध्रुवो नित्यसदातनसनातनाः (अमर.३.१.७२)।

यो ध्रुवाणि परित्यज्य अध्रुवाणि निषेवते।

ध्रुवाणि तस्य नश्यन्ति अध्रुवं नष्टमेव हि॥ (हितो.)

ध्रुवकः (पुं.) [*ध्रुव एव, स्वार्थे कन्*] १.ठुटो २ ग्रहको गणित गर्दा आवश्यक पर्ने पठित अङ्क/भगण (राशिचक्र) बाट चक्रसम्बन्धी ग्रह घटाएर राखिएको सङ्ख्या। **स्थाणौ ना ध्रुवकः शङ्कुः।** (अभि.चि.) २.गीतको अङ्गविशेष। **उत्तमः षड्पदः प्रोक्तो मध्यमः पञ्चमः स्मृतः। कनिष्ठश्च चतुर्भिः स्याद् ध्रुवकोऽयं मयोदितः॥** (स.दा.) ३.ठुटो ।

ध्रुवतारा (स्त्री.) [*ध्रुव इति तारा, कर्म.स.*] पृथ्वीको उत्तरी ध्रुवबाट हेर्दा सीधा शिरमाथि देखिने एक तारा। विषुवत रेखाबाट हेर्दा यो यो उत्तर क्षितिजमा देखिन्छ। दक्षिण गोलार्द्धबाट यो तारा देखिदैन। नेपालबाट हेर्दा यसको उचाइ २६ अंश छ। यो पृथ्वीबाट ४७ प्रकाशवर्ष टाढा छ। प्राचीन कालमा यसै तारालाई हेरेर दिशा छुट्याइन्थ्यो। पृथ्वीको दैनिक गतिले गर्दा सबै तारा उदाएर अस्ताउँछन् तर ध्रुव स्थिर देखिन्छ। त्यसैले यसलाई स्थिर मानिएको हो। वस्तुतः ध्रुव पनि स्थिर छैन। यो तारा क्रान्तिवृत्तको केन्द्रको वरिपरि विस्तारै घुमिरहेको छ। (गोलबोध)

ध्रुवपदम् (नपुं.) १.सङ्गीतमा गाना बजानाको एक लय, यसका स्थायी, अन्तरा, सञ्चारी र अभोग समेत चार भाग हुन्छन्। यसमा वीररस, शृङ्गाररस र शान्तरसलाई प्रधानता दिइएको हुन्छ। यसको ताल गाह्रो छ। जस्तै सुल्फाकताल, ब्रह्मताल, चौताल आदि। यसमा तान रहँदैन, खाली दुईगुना, तीनगुना, चारगुना, आठगुना, आदि लय हुन्छ। तिहाइका टुक्राहरू पनि धेरै रहन्छन्। यो मर्दाना लय भएकाले गाउँदा राम्रो लाग्छ। २.पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवको क्षेत्र ३.ध्रुवतारा ४.[*ध्रुव इति पदम्, कर्म.स.*] ध्रुवनामक पद।

ध्रुवप्रोतवृत्तम् (नपुं.) [*ध्रुव इति पदच्, कर्म.स.*] दक्षिणी र उत्तरी दुई ध्रुवमा गएको वृत्त।

ध्रुवम् (नपुं.) १.स्थिर वस्तु २.तर्क ३.आकाश ३.निश्चय नै। **ध्रुवमयं स एव बालः।**

ध्रुवा (स्त्री.) [*ध्रुवतीति, ध्रुव गतिस्थैर्ययोः इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप् ४.१.४*] १.घिउ राख्ने, वरको पातको आकार भएको यज्ञपात्र विशेष/सुरो। **ध्रुवा तु सर्वसंज्ञार्थं यस्यामाज्यं निधीयते।** (अभि.चि.) २.शालपर्णी ३.गीतविशेष ४.साध्वी स्त्री।

ध्रुवीकरणम् (नपुं.) [*अध्रुवं ध्रुवं यथा संपद्यते तथा करणम्, च्विः, ईत्वञ्च*] एकै स्थान, एकै उद्देश्य वा एकै रूपमा रहने/निश्चल वा स्थिर गर्ने वा गराउने काम/कुनै सिद्धान्त आदिलाई स्थिरता प्रदान गर्ने काम।

ध्रेकृ (धा.) [*शब्दोत्साहयोः, भ्वा.अक.सेट् आत्म.*] शब्द गर्नु, उत्साह बढाउनु, उन्नत हुनु। लट्– **ध्रेकते–** शब्द गर्छ, उत्साह बढाउँछ, उन्नत हुन्छ इत्यादि।

ध्रै (धा.) [*तृप्तौ, भ्वा.सक.अनिट् पर.*] तृप्त हुनु, सन्तुष्ट हुनु। लट्– **ध्रायति–** तृप्त हुन्छ, सन्तुष्ट हुन्छ इत्यादि।

ध्वंसः (पुं.) [*ध्वंसनमिति, भावे ३.१८ इति घञ्*] नाश/विनाश। **जन्याभावत्वं ध्वंसत्वम्** (सि.मु.)।

दर्शितभयेऽपि धातरि धैर्यध्वंसो भवेन्न धीराणाम्।

शोषितसरसि निदाघे नितरामेवोद्धतः सिन्धुः॥ (सुभा.)

ध्वंसकः (पुं.वि.) [*ध्वंसयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] नाश गर्ने/विध्वंसक।

ध्वंसनः (पुं.वि.) [*ध्वंसयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, अनः*] ध्वस्त पार्ने/नाश गर्ने।

प्रजापतिरिवौदार्ये तेजसा भास्करोपमः।

महेन्द्र इव शत्रूणां ध्वंसनः शरवृष्टिभिः॥ (म.भा.)

ध्वंसनम् (नपुं.) [*ध्वंस अवस्रंसने इति धातोः ल्युट् च इति ल्युट् युवोरनाकौ इत्यनः*] १.तल खस्ने काम २.ध्वस्त पार्ने काम।

ध्वंसावशेषः (पुं.) [*ध्वंसाद् अवशेषः, प.त.*] नाश भएर बाँकी रहेको अंश वा भाग।

ध्वंसी (पुं.वि.) [*ध्वंसोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] नाशवान्।

जालान्तरगते सूर्यकरे ध्वंसी विलोक्यते।

त्रसरेणुस्तु विज्ञेयस्त्रिंशता परमाणुभिः॥ (वैद्यकपरिभाषा)

ध्वंसु (धा.) [*अवस्रंसने गतौ च, अक.सेट् आत्म.*] नाश हुनु, हिँड्नु। लट्– **ध्वंसते–** नाश हुन्छ, हिँड्छ इत्यादि।

ध्वज (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **ध्वजति–** जान्छ। लिट्– **दध्वाज–** गएछ (अन.) इत्यादि।

ध्वजः (पुं./नपुं.) [*ध्वजति,उच्छ्रितो भवति, ध्वज गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.झन्डा/ध्वजा/पताका।

किन्तेन जातु जातेन मातुर्यौवनहारिणा।

आरोहति न यः स्वस्य वंशस्याग्रे ध्वजो यथा॥ (प.त.१.३२)

२.चिह्न/निशान ३.लिङ्ग वा योनि। **विदग्धैस्तु सिरास्नायुत्वङ्मांसैः क्षीयते ध्वजः** (सुश्रुत) ४.घमण्ड/अभिमान ५.[*ध्वजोऽस्यास्ति, अर्शादितया अच्*] ध्वजाको दण्ड ६.[*ध्वजो विपणिपताकाऽस्त्यस्य*] मद्यव्यापारी। **ध्वजः स्याच्छौण्डिके पुमान्** (मेदिनी.) ७.प्रसिद्ध पुरुष ८.ट्रेडमार्क ९.पूर्वतिरको घर। **~यष्टिः** (स्त्री.) [*ध्वजस्य यष्टिः, ष.त.*] झन्डाको डन्डा/ ध्वजदण्ड।

ध्वजभङ्गः (पुं.) [*ध्वजस्य मेढ्रस्य भङ्गः, ष.त.*] नपुंसक हुने रोग।

ध्वजा (स्त्री.) [*ध्वजति, ध्वज गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] अटलरूपमा गाडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखिने विशेष चिह्नको ध्वजा। **बन्धनीया पताकाश्च रोपणीया ध्वजा अपि** (आ.रा.वि.का.)। ध्वजा र पताका उस्तै फहराउने भए पनि यिनमा भेद छ। किनभने ध्वजामा चिह्न हुन्छ भने पताकामा चिह्न हुँदैन। **ध्वजाः समुच्छ्रिताः साधु पताका श्चाभवंस्तथा** (वा.रा.अ.का.) **ध्वजाः सचिह्नाः पताकाश्चिह्नरहिता इत्याहुः** (टीका)।

ध्वजि (धा.) [*गतौ, भ्वा. सक.सेट्, पर.*] जानु। लट्– **ध्वञ्जति–** जान्छ। लिट्– **दध्वञ्ज–** गएछ (अन.) इत्यादि।

ध्वजिनी (स्त्री.) [*ध्वजोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः, ङीप्*] १.सेना/फौज। **कटकं ध्वजिनी तन्त्रं दण्डोऽनीकं पताकिनी।** (अभि.चि.) २.झन्डा बोक्ने।

ध्वजी १.(पुं.वि.) [*ध्वजोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] झन्डा बोकेर हिँड्ने। २.(पुं.) मदिराको व्यापारी / कलवार। **वारिवासः पानवणिग् ध्वजो ध्वज्यासुतीबलः** (अभि.चि.)।

ध्वजोत्तोलनम् (नपुं.) [*ध्वजाया उत्तोलनम्, ष.त.*] झन्डा फहराउने काम/ध्वजोत्थान।

ध्वण (धा.) [*शब्दार्थे, भ्वा. अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **ध्वणति–** शब्द गर्छ इत्यादि।

ध्वन (धा.) [*शब्दे, भ्वा. अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **ध्वनति–** शब्द गर्छ। लिट्– **दध्वान**– शब्द गरेछ (अन.)। लुट्– **ध्वनिता**– शब्द गर्ने छ (अन.)। लृट्– **ध्वनिष्यति**– शब्द गर्ने छ। लोट्– **ध्वनतु–** शब्द गरोस्। लङ्– **अध्वनत्–** शब्द गऱ्यो (अन.)। विधिलिङ्– **ध्वनेत्–** शब्द गर्ला, शब्द गरोस्। आशीर्लिङ्– **ध्वन्यात्–** शब्द गरोस्। लुङ्– **अध्वानीत्–** शब्द गऱ्यो। लृङ्– **अध्वनिष्यत्–** शब्द गर्ने थियो, भावे– **ध्वन्यते–** शब्द गरिन्छ। णिचि– **ध्वनयति, ध्वानयति**– शब्द गराउँछ। कृदन्ते–**ध्वनकः, ध्वनिका, ध्वनिता, ध्वनित्री ध्वनयिता, ध्वनयित्री**–शब्द गर्ने। **ध्वानकः, ध्वानिका, ध्वानयिता, ध्वानयित्री–** शब्द गराउने। **ध्वनितव्यम्, ध्वननीयम्, ध्वन्यम्–** शब्द गरिने। **ध्वननम्**– शब्द आउने काम, ध्वनित कुने काम। **ध्वान्तः–** अन्धकार। **ध्वनित्वा, प्रध्वन्य**– शब्द गरेर। **ध्वनितुम्**–शब्द गर्न। **ध्वनिः**–शब्द, आबाज। ध्वनि दुई प्रकारको हुन्छ– **व्यक्त र अव्यक्त**। व्यक्तध्वनिको उच्चारण ह्रस्व हुन्छ। अव्यक्त ध्वनि आउँदा दीर्घ हुन्छ। जस्तै– **ध्वानयति देवदत्तः**– देवदत्त अस्पष्ट आबाज निकाल्छ इत्यादि।

ध्वन (धा.) रवे, *चुरा. अक.सेट्, उभ.*] शब्द गर्नु, आवाज गर्नु। लट्– **ध्वनयति– ते**– शब्द गर्छ, आवाज गर्छ, बजाउँछ। लिट्– **ध्वनयाञ्चकार-चक्रे–** शब्द गरेछ, आवाज गरेछ, बजाएछ (अन.) लुट्– **ध्वनयिता**– शब्द गर्ने छ, आबाज गर्ने छ, बजाउने छ (अन.) लृट्– **ध्वनयिष्यति-ते**– शब्द गर्ने छ, आबाज गर्ने छ, बजाउने छ। लोट्– **ध्वनयतु, ध्वनयताम्–** शब्द गरोस, आबाज गरोस्, बजाओस्। **अध्वनयत्, अध्वनयत–** शब्द गऱ्यो, आवाज गऱ्यो, बजायो। (अन.) विधिलिङ्– **ध्वनयेत्, ध्वनयेत**– शब्द गर्ला, आवाज गर्ला, बजाउला शब्द गरोस्, आबाज गरोस्, बजाओस्। आशीर्लिङ्– **ध्वन्यात्, ध्वनयिषीष्ट**– शब्द गरोस्, आबाज गरोस्, बजाओस्। लुङ्– **अदध्वनत्-त–** शब्द गऱ्यो, आबाज गऱ्यो, बजायो। लृङ्– **अध्वनयिष्यत्**-त– शब्द गर्ने थिगो, आबाज गर्ने थियो, बजायो। कृदन्ते– **ध्वनकः ध्वनिका ध्वनयिता–त्री–** शब्द गर्ने, आबाज गर्ने, बजाउने। **ध्वनन्–** शब्द गरिरहेको, आबाज गरिरहेको, बजाइरहेको। **ध्वनन्ती–** शब्द गरिरहेकी, आबाज गरिरहेकी, बजाइरहेकी। **ध्वन्यमानः–** शब्द गरिरहेको, आबाज गरिरहेको, बजाइरहेको। **ध्वनितः**– शब्द गरेको, आबाज गरेको, बजाएको। **ध्वनिः–** शब्द, आवाज, झल्कने अर्थ। **ध्वनयितव्यः, ध्वननीयः, ध्वन्यः–** शब्द गरिने, आवाज गरिने, बजाइने। **ध्वनयितुम्**– शब्द निकाल्न, आबाज गर्न, बजाउन। **ध्वननम्–** शब्द गर्ने काम, आबाज गर्ने काम, बजाउनेकाम। **ध्वनयित्वा, प्रध्वन्य**– शब्द गरेर, आबाज गरेर, बजाएर इत्यादि।

ध्वनिः (पुं.) [*ध्वन शब्दे इति धातोः, खनिकष्यज्यसिवसिवनिसनिध्वनिग्रन्धिचलिभ्यश्च (उ.) ५८९ इति इः*] १.सङ्गीतमा बाजाको धुन/मादल आदिको शब्द २.आवाज ३.मेघको गर्जन ४.क,ख आदि गरिएका वर्ण। **शब्दो ध्वनिश्च वर्णश्च मृदङ्गादिभवो ध्वनिः। कण्ठसंयोगजन्मानो वर्णास्ते कादयो मताः॥** (भाषापरिच्छेद) ५.प्रतीयमान अर्थ/झल्कने अर्थ/व्यङ्ग्यार्थ। संस्कृत काव्यशास्त्रमा प्रयुक्त ध्वनि शब्दको व्युत्पादन गर्दा यसका अनेक अर्थ हुन्छन्– १.**ध्वन्यते अनया** (जसद्वारा ध्वनि निस्किन्छ) व्यञ्जना नामक शब्दशक्ति २.**ध्वन्यतेऽसौ** (जुन ध्वनित हुन्छ) प्रतीयमान अर्थ (रस ध्वनि, वस्तुध्वनि र अलङ्कारध्वनि) ३.**ध्वनतीति**– (जसले ध्वनित गर्छ) व्यञ्जक शब्द र अर्थ ४.**ध्वन्यतेऽस्मिन्–** (जसमा ध्वनि छ) प्रबन्ध काव्य। यस्तो ध्वनिलाई वैयाकरणहरूले स्फोट अर्थात् कण्ठ र तालुको संयोग वा वियोगबाट निस्कने शब्द भन्छन्। यसरी नै साहित्यशास्त्रमा व्यञ्जना वृत्तिबाट बोध हुने अर्थलाई व्यङ्ग्य वा ध्वनि भनिन्छ। यो अर्थ उत्तम काव्यभित्र परमसुन्दरी युवतीको अनुहारमा लावण्य झल्किएझैं झल्किएर रहेको हुन्छ।

प्रतीयमानं पुनरन्यदेव वस्त्वस्ति वाणीषु महाकवीनाम्।
यत्तत्प्रसिद्धावयवातिरिक्तं विभाति लावण्यमिवाङ्गनासु॥
(ध्वन्यालोक)

यो व्यञ्जनावृत्तिबोध्य हुन्छ भन्ने काव्य शास्त्रीहरूको धारणा छ। नैयायिकहरूले ध्वनिलाई अनुमानभित्रै अन्तर्भाव गरेर त्यसको बोधका लागि छुट्टै व्यञ्जनाव्यापार आवश्यक छैन भनेका छन्। भाट्टमतका अनुयायी मीमांसकहरू तात्पर्यवृत्तिबाटै व्यङ्ग्यार्थ बोध हुन्छ भन्ने पक्षमा छन्। भट्टनायक आदि साङ्ख्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान्हरूले अभिधाको अव्यवहित र व्यवहित गरी दुई भेद मानेर त्यसैबाट व्यञ्जनाको काम चल्छ भनेका छन्। यी सबै मतलाई खण्डन गरेर ध्वनिवादीहरूले व्यङ्ग्यार्थ बोधका लागि व्यञ्जना वृत्तिको स्थापना गरेका छन्।

ध्वनिकाव्यम् (नपुं.) [*ध्वनिप्रधानं काव्यम्, म.प.स.*]। वाच्यार्थभन्दा व्यङ्ग्यार्थ बढी चमत्कारजनक भएको काव्य। यस्तो काव्यलाई पण्डितराज जगन्नाथले उत्तमोत्तम काव्य भनेकाछन् भने मम्मट, विश्वनाथ आदि आचार्यले उत्तम काव्य भनेका छन्। **वाच्यातिशयिनि व्यङ्ग्ये ध्वनिस्तत्काव्यमुत्तमम्** (का.प्र.) पण्डितराज जगन्नाथले यस्लाई उत्तमोत्तम काव्य भनेका छन्। उनको दृष्टिमा काव्य चार प्रकारका हुन्छन्– उत्तमोत्तम (वाच्यार्थभन्दा व्यङ्ग्यार्थ चमत्कारजनक हुने) उत्तम (व्यङ्ग्यार्थ वाच्यार्थभन्दा समप्राधान्य वा अल्पप्राधान्य हुने) मध्यम काव्य (वाच्यालङ्कार चकत्कार जनक भएको) अधम काव्य (अनुप्रास यमक आदि। शब्दालङ्कार चमत्कारजनक भएको। **तच्चोत्तमोत्तममध्यमाधमभेदाच्चतुर्धा** (रसग.प्रथम आनन)।

ध्वनिक्षेपकयन्त्रम् (नपुं.) [*ध्वनिक्षेपकञ्च तद् यन्त्रम्, कर्म.स.*] माइक्रोफोन।

ध्वनिनाटकम् (नपुं.) [*ध्वनिप्रधानं नाटकम्, म.प.स.*] रेडियो नाटक।

ध्वनिभेदः (पुं.) [*ध्वनेर्भेदः, ष.त.*] ध्वनिको प्रकार। काव्यशास्त्रमा ध्वनिका प्रकारको बारेमा व्यापक चर्चा भएको छ। ध्वनि सिद्धान्तका व्याख्याता आनन्द वर्धनको मतअनुसार ध्वनि मुख्य दुई किसिमको हुन्छ– अविवक्षितवाच्य र विवक्षितान्यपरवाच्य। अविवक्षित– वाच्यमा वाच्यार्थ विवक्षित हुँदैन। यो लक्षणामूला ध्वनि हो। यसका दुई भेद हुन्छन्– अर्थान्तरसङ्क्रमितवाच्य र अत्यन्ततिरष्कृतवाच्य। अर्थान्तरसङ्क्रमितवाच्य ध्वनि उपादान लक्षणा (अजहत्स्वार्था) मूलक ध्वनि हो। यसमा शब्दले आफ्नो वाच्यार्थको साथै लक्ष्यार्थ बुझाएर व्यङ्ग्यार्थको पनि बोध गराउँछ। यहाँ शब्दको आफ्नो अर्थ अर्थान्तरमा सङ्क्रमित हुन्छ। आँप आँपै हो भन्दा आँप शब्दको पुनरुक्ति भएकाले मुख्य अर्थमा बाधा परेको हुँदा दोस्रो आँप शब्दले मिठो भन्ने लक्ष्यार्थ बोध गराएको छ। त्यसबाट अतिशय मिठो भन्ने व्यङ्ग्य अर्थ ध्वनित हुन्छ। अत्यन्ततिरष्कृतवाच्यध्वनि लक्षणलक्षणा (जहत्स्वार्था लक्षणा) मूला ध्वनि हो। यसमा वाच्यार्थ अत्यन्त तिरष्कृत हुन्छ। कस्तो अन्धो रहेछ लत्याएर हिंड्छ भन्दा आँखा देख्ने व्यक्ति अन्धो हुन नसक्ने भएकाले अन्धो शब्दको अर्थ अत्यन्त तिरष्कृत भएको छ। यसरी मुख्यार्थमा बाधा परेकाले अन्धो शब्दले यहाँ हडबडे भन्ने लक्ष्यार्थ बोध गराएको छ। यसबाट अतिशय हडबडे भन्ने व्यङ्ग्यार्थ बुझिने हुँदा यो अत्यन्ततिरष्कृत वाच्य ध्वनि हो। यो पदगत र वाक्यगतका हिसाबले चार प्रकारको हुन्छ। विवक्षितान्यपरवाच्य ध्वनि अर्थात् अभिधामूला ध्वनिका मुख्य दुई भेद छन्। असंलक्ष्यक्रमव्यङ्ग्य र संलक्ष्यक्रमव्यङ्ग्य। वाच्यार्थ बोध हुनासाथ तुरुन्तै व्यङ्ग्यार्थ बोध भयो भने त्यो असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि हुन्छ। यसमा वाच्यार्थ र व्यङ्ग्यार्थको क्रम त हुन्छ तर त्यो क्रम अत्यन्त छिटो भएकाले प्रतीति हुँदैन। शृङ्गार आदि रस, रसाभास, भाव, भावाभास आदि यसै भित्र पर्दछन्। यो ध्वनि पद, पदांश, वाक्य, प्रबन्ध, वर्ण र रचनाका भेदले छ किसिमको हुन्छ। संलक्ष्यक्रमव्यङ्ग्य ध्वनिमा वाच्यार्थ र व्यङ्ग्यार्थको क्रम थाहा हुन्छ। संलक्ष्यक्रम ध्वनि तीन किसिमको हुन्छ– शब्दशक्त्युद्भव, अर्थशक्त्युद्भव र उभयशक्त्युद्भव। शब्दशक्त्युद्भव ध्वनि खास शब्दमा आश्रित रहन्छ। यसमा शब्द बदलिनासाथ (पर्यायवाची शब्दको प्रयोग गर्नासाथ) ध्वनि हराउँछ। यो पनि वस्तुबाट वस्तु, वस्तुबाट अलङ्कार, अलङ्कारबाट वस्तु र अलङ्कारबाट अलङ्कारका भेदले चार प्रकारको हुन्छ। अर्थशक्त्युद्भव ध्वनि अर्थमा आश्रित ध्वनि हो। शब्द परिवर्तन भए पनि (पर्यायवाची अन्य शब्दको प्रयोग भएपनि) यस ध्वनिमा कुनै असर पर्दैन। यो पनि वस्तुबाट वस्तु, वस्तुबाट अलङ्कार, अलङ्कारबाट वस्तु र अलङ्कारबाट अलङ्कारका भेदले चार प्रकारको हुन्छ। अर्थशक्त्युद्भव ध्वनिका यी सबै प्रकारहरू स्वतः सम्भवी, कविप्रौढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्धका भेदले तीन/तीन प्रकारका हुँदा (४×३=१२) १२ प्रकारको हुन्छ। फेरि यो ध्वनि पदगत, वाक्यगत र प्रबन्धगत (३×१२) का हिसाबले ३६ किसिमको हुन्छ। यसरी शुद्ध ध्वनिका भेदहरू–

१. अविवाक्षितान्यपरवाच्य ध्वनि – ४
२. विवक्षितान्यपरवाच्य ध्वनि –
  क) असंलक्ष्यक्रम ध्वनि – ६
  ख) संलक्ष्यक्रम ध्वनि –
    अ) शब्दशक्त्युद्भव – ४
    आ) अर्थशक्त्युद्भव – ३६
    इ) उभयशक्त्युद्भव – १

गरी जम्मा ५१ हुन्छन्। यिनीहरू एकअर्कासित मिश्रित हुँदा ५१×५१=२६०१ हुन्छन्। संसृष्टि र तीन किसिमका सङ्करका हिसाबले ध्वनिको सङ्ख्या २६०१×४ = १०४०४ हुन्छ। यसमा उक्त शुद्ध ध्वनिका ५१ भेद मिलाउँदा ध्वनिको सङ्ख्या १०४५५ हुन्छ। (हे. **काव्यप्रकाश-चतुर्थप्रकाश**)।

ध्वनिग्रहः (पुं.) [*ध्वनेः ग्रहो ग्रहणं यस्मात् सः, बहु.स.*] १.कान २.क्यासेट ३.[*ध्वनेः शब्दस्य ग्रहः, ष.त.*] शब्दज्ञान।

ध्वनिविकारः (पुं.) [*ध्वनेः विकारः, ष.त.*] १.शोक, भय आदिद्वारा ध्वनिमा आउने विकृति २.काकु।

ध्वनिसङ्करः (पुं.) [*ध्वनीनां सङ्करः, ष.त.*] दुध र पानी मिसिएझैं ध्वनिका भेदहरू मिसिएर बन्न जाने ध्वनिका प्रकार। यी तीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किसिमका हुन्छन्— संशयाष्पदसङ्कर, अङ्गाङ्गिभावसङ्कर र एकव्यञ्जकानुप्रवेश सङ्कर।

ध्वनिसम्प्रदायः (पुं.) [*ध्वनेः संप्रदायः, ष.त.*] ध्वनि नै काव्यको आत्मा हो भन्ने संप्रदाय। यस संप्रदायका प्रवर्तक आचार्य आनन्दवर्धन हुन्। नवौँ शताब्दीका आचार्य आनन्दवर्धनले आफ्नो ध्वन्यालोक भन्ने कृतिमा ध्वनिको महत्त्व, ध्वनिको लक्षण, ध्वनिका भेद– उपभेद, उदाहरण, प्रत्युदाहरण आदिको विस्तृत विवरण दिँदै ध्वनिविरोधी मतको खण्डन गरेर ध्वनिको स्थापना गरेका छन्। यस संप्रदायका अरू आचार्यहरूमा एघारौँ शताब्दीका मम्मट, चौधौँ शताब्दीका विश्वनाथ, सत्रौँ शताब्दीका पण्डितराज जगन्नाथ मुख्य छन्। यिनीहरूले आ–आफ्ना ग्रन्थमा ध्वनिको महत्त्व दर्शाउँदै त्यसको विशद विवेचना र प्रतिष्ठापन गरेका छन्।

ध्वनिसिद्धान्तः (पुं.) [*ध्वनेः सिद्धान्तः, ष.त.*] ध्वनि नै काव्यको आत्मा हो भनेर प्रतिपादन गर्ने सिद्धान्त। यो संस्कृत काव्यशास्त्रको सबैभन्दा प्रमुख र प्रौढ सिद्धान्त हो। यसका प्रवर्तक आचार्य आनन्दवर्धन हुन्। यिनको समयमा तीनथरी ध्वनिविरोधी मतहरू थिए। १.अभाव वादी २.लक्षणावादी ३.अनिर्ववचनीयतावादी। अभाववादी पनि तीनथरी थिए— अत्यन्ताभाववादी, परम्परा वादी र अन्तर्भाववादी। अत्यन्ताभाववादी ध्वनिको अस्तित्व पटक्कै स्वीकर्दैनथे। परम्परावादीहरू भामह, वामन, दण्डी आदि आचार्यले ध्वनिको चर्चा नगरेको हुंदा त्यसको अस्तित्व स्वीकार्ने पक्षमा थिएनन्। अन्तर्भाववादीहरू अलङ्कारभित्रै ध्वनिको अन्तर्भाव गरेर ध्वनिको पृथक् अस्तित्व मान्ने पक्षमा गएनन्। आनन्दवर्धनले यी सबै मतको एक एक गरी खण्डन गरेर ध्वनिसिद्धान्तको स्थापना गरेका छन्। भक्ति अर्थात् लक्षणावादीको मत पनि दोषपूर्ण नै ठहरियो। अनिर्वचनीयता वादीको विचारलाई त उनले तर्कपूर्ण उपहासको शैलीमा उडाइनै दिएका छन्। ध्वनिसिद्धान्तको स्थापनाको औचित्य देखाउँदै आनन्दवर्द्धन लेख्छन्—

काव्यस्यात्मा ध्वनिरिति बुधैः यः समाम्नातः पूर्वं
तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये।
केचिद् वाचां स्थितमविषये तत्त्वमूचुस्तदीयं
तेन ब्रूमः सहृदयमनः प्रीतये तत्स्वरूपम्॥
(ध्वन्या. १.२)

ध्वनि भनेको प्रतीयमान अर्थ हो। नारीको अङ्गमा झल्कने लावण्यजस्तै महाकविका रचनामा यो अर्थ झल्कन्छ। यो वाच्यार्थ र लक्ष्यार्थदेखि सर्वथा भिन्न छ। **हुन्छ जाऊ, मेरो पनि त्यसै ठाउँमा जन्म होस्** भन्दा यस वाक्यमा विधि अर्थ वाच्य छ। नजाऊ भन्ने निषेधार्थ व्यङ्ग्य छ। वाच्यार्थको बोध सबै पाठकलाई हुन्छ, त व्यङ्ग्यार्थको ज्ञान सहृदयीलाई मात्र हुन्छ। एउटा शब्द वा वाक्यको वाच्यार्थ एउटै हुन्छ, व्यङ्ग्यार्थ अनेक हुनसक्छन्। वाच्यार्थ ज्ञानका लागि सोझो पद, पदार्थको ज्ञान भए पुग्छ, व्यङ्ग्यार्थ ज्ञानका लागि भावुकताले माझिएको प्रतिभा चहिन्छ। वाच्यार्थले सोझो कुरा जनाउँछ भने व्यङ्ग्यार्थले भावुक हृदयलाई प्रफुल्ल पनि पार्छ। वाच्यार्थको बोध सामान्य हुन्छ तर व्यङ्ग्यार्थबोध चमत्कारजनक हुन्छ। वाच्यार्थको बोध पहिले हुन्छ भने व्यङ्ग्यार्थको बोध पछाडि। वाच्यार्थ वाचक पदमामात्र आश्रित हुन्छ भने व्यङ्ग्यार्थ पद, पदांश, वाक्य, वर्ण, आदिमा आश्रित हुन्छ। वाच्यार्थको विषय एउटा हुन्छ भने व्यङ्ग्यार्थको विषय अर्कै पनि हुन सक्छ। यसरी महाकविका वाणीबाट व्यक्त हुने, वाच्यार्थभन्दा छुट्टै अस्तित्व राख्ने ध्वनिलाई स्वीकार नगर्नु अत्यन्ताभाववादीको मूढता सिबाय केही होइन। भामह, दण्डी आदिले चर्चा गरेको परम्परावादी चिन्तनभित्र पध्विनि अटाउँदैन। शब्दालङ्कारमा त व्यङ्ग्य अर्थको प्रवेशै हुँदैन, अर्थालङ्कारहरू प्रायः वाच्य नै हुन्छन्। समासोक्ति, अप्रस्तुतप्रशंसा जस्ता कतिपय अलङ्कारमा प्रतीयमान अर्थ व्यक्त भएता पनि ती अर्थ वाच्यका पोषक भएकाले तिनलई ध्वनि भन्न मिलेन। वाच्यार्थको पोषक भएर आएका प्रतीयमान अर्थ उत्तमकाव्य ध्वनिभित्र पर्दैनन्, ध्वनि भनेको अलङ्कार्य हो। अलङ्कारभित्र अलङ्कार्यको अन्तर्भाव कदापि हुन सक्दैन।

व्यङ्ग्यस्य यत्राप्राधान्यं वाच्यमात्रानुयायिनः।
समासोक्त्यादयस्तत्र वाच्यालङ्कृतयः स्फुटः।
व्यङ्ग्यस्य प्रतिभामात्रे वाच्यार्थानुगमेऽपि वा।
न ध्वनिर्यत्र व्यङ्ग्यस्य प्राधान्यं न प्रतीयते॥ (ध्वन्यालोक)

लक्षणा नभएको ठाउँमा पनि कतै ध्वनि हुने र लक्षणा भएको ठाउँमा पनि कतै ध्वनि नरहने हुंदा भक्ति अर्थात् लक्षणाभित्र ध्वनिको अन्तर्भाव हुन सकेन। महाकविहरूको वाणीमा सहृदयले सहजै अनुभव गर्न सक्ने, उदाहरण प्रत्युदाहरणबाट स्थापित प्रतीयमान अर्थ ध्वनिलाई अनिर्वचनीय भनेर पन्छाउन मिल्दैन। ध्वनिको स्वतन्त्र अस्तित्व र स्पष्ट क्षेत्र छ। ध्वनिसिद्धान्तअनुसार ध्वनि भनेको काव्यको आत्मा हो। माधुर्य, ओज र प्रसाद गुण त्यस आत्माका स्थिर धर्म हुन्। वैदर्भी, गौडी, पाञ्चाली, लाटी आदि रीति काव्यावयवका संरचना हुन्। शब्द र अर्थ काव्यका शरीर हुन्। उपमा, उत्प्रेक्षा आदि अलङ्कारहरू शब्द र अर्थको सौन्दर्य वढाउने भएकाले काव्यशरीरका अस्थिर धर्म हुन्। ध्वनि पदगत, पदांशगत, वाक्यगत, प्रबन्धगत आदिका भेदले अनेक किसिमको हुन्छ। अभिधामूल, लक्षणामूल, संलक्ष्यक्रम, असंलक्ष्यक्रम, शब्दशक्त्युद्भव, अर्थशक्त्युद्व, उभय शक्त्युद्भव आदिका भेदले यसका अरू पनि धेरै प्रकार हुन्छन्। (हे. **ध्वनिभेद**, **ध्वनिः**) यी सबै भेदमा प्रतीयमान (झल्कने) अर्थको प्राधान्य अनिवार्य हुन्छ। वाच्यार्थभन्दा अल्प प्राधान्य वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समप्राधान्य प्रतीयमान अर्थ ध्वनि नभएर गुणीभूत व्यङ्ग्य हुन्छ। प्रतीयमान कोटिमा आएका रस, वस्तु र अलङ्कार अप्रधान बनेर कसैको अङ्ग बन्न पुग्दा गुणीभूत व्यङ्ग्य नै हुन्छन्। काव्यशास्त्रमा प्रतिपादित रसवदादि अलङ्कार पनि वस्तुतः गुणीभूत व्यङ्ग्यकै एक भेद हो। प्रतीयमान अर्थको भूमिका नभएका अरू सबै अलङ्कार शब्दालङ्कार वा अर्थालङ्कार हुन्। अलङ्कारत्वनिर्वाहका लागि प्रतीयमान कोटिमा आउने अर्थमा चमत्कारको अवस्था शून्य हुने हुँदा तिनीहरू पनि वाच्यालङ्कार नै हुन्, गुणीभूतव्यङ्ग्य होइनन्। (विशेष जानकारीका लागि हे. ध्वन्यालोक, विश्वेश्वरी टीका)।

ध्वनितः (पुं.वि.) [*ध्वनति स्म, ध्वन शब्दे इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.बजेको २.शब्द गरेको ३.भल्किएको।

ध्वनितम् (नपुं.) [*ध्वन शब्दे इति धातोःक्तः*] अव्यक्त शब्द। **स्वनितं ध्वनितं समे** (अमर.३.१.९४)।

ध्वस्तः (पु.वि.) [*ध्वंसते स्म, ध्वंसु अवस्रंसने इति धातोः गत्यर्थाकर्मक इति क्तः, अनुनासिकलोपः*] नाश भएको/खसेको। **स्रस्तं ध्वस्तं भ्रष्टं स्कन्नं पन्नं च्युतं गलितम्** (अमर.३.१.१०४)।

ध्वस्तिः (स्त्री.) [*ध्वंसनम्, क्तिन्नावादिभ्यश्च वक्तव्यः (वा.) ३.३.९४ इति क्तिन्, अनुनासिकलोपः*] १.विनाश २.प्रलय

शतानन्दध्वस्तिप्रभृतित्रुटिपर्यन्तसमय–
प्रमाणं भूधिष्ण्यग्रहनिवहसंस्थानकथनम्।
ग्रहेन्द्राणां चाराः सकलगणितं यत्र कथितं
स सिद्धान्तः प्रोक्तो विपुलगणितस्कन्धकुशलैः॥
(सि.शे.)

ध्वाक्षि (धा.) [*काङ्क्षे, घोरवासिते च, भ्वा. अक.सेट् पर.*] इच्छा गर्नु, का का गर्नु, नराम्रोसित कराउनु। लट्– **ध्वाङ्क्षति**– चाहन्छ, का का गर्छ, नराम्रो शब्द गर्छ इत्यादि।

ध्वाङ्क्षः (पुं.) [*ध्वाङ्क्षति उच्चैः रौति, ध्वाक्षि घोरवासिते इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.काग। २.माछो खाने एक प्रकारको पक्षी/बकुल्लोविशेष ३.तक्षक ४.भिक्षुक ५.कपासको बीज निकाल्ने यन्त्र/उइंटो। **ध्वाङ्क्षो मत्स्यात्खगे काके भिक्षुके तक्षकेऽपि च। चात् कक्कोलिकायामपि** (मेदिनी.)।

ध्वाङ्क्षपुष्टः (पुं.) [*ध्वाङ्क्षेण पुष्टः, तृ.त.*] कोइली।

ध्वाङ्क्षमाची (स्त्री.) कवै। यसका अन्य नामहरू– काकमाची, काह्वा, वायसी। यो त्रिदोषनाशक र नेत्रका लागि हितकर हुन्छ। सुन्निने रोग, कुष्ठरोग, पाइल्स (अल्काई) ज्वरो, प्रमेह, वमन, हृदयरोग आदिमा यसको उपयोग लाभदायक हुन्छ।

ध्वाङ्क्षरावी (पुं.वि.) [*ध्वाङ्क्ष इव रौति तच्छीलः, कर्तर्युपमाने ३.२.७९ इति णिनिः*] कागजस्तै कराउने वा शब्द गर्ने।

ध्वाङ्क्षारातिः (पुं.) [*ध्वाङ्क्षाणामारातिः, ष.त.*] लाटो कोसेरो/उल्लू। **उलुकः कौशिकः प्रोक्तो ध्वाङ्क्षारातिर्निशाटनः** (हला.२४६)।

ध्वानः (पुं.) [*ध्वननम्, ध्वन शब्दे इति धातोः भावे ३.३.१८ इति घञ्*] शब्द/आबाज/ध्वनि। **शब्दो निनादो निर्घोषः स्वनो ध्वानः स्वरो ध्वनिः** (अभि.चि.)।

ध्वान्तः (पुं.) १.तामिस्र नरक २.मरुद्गण मध्ये एक ३.अन्धकार

ध्वान्तम् (नपुं.) [*ध्वनधातोः तमस्यर्थे क्षुब्धस्वान्तध्वान्त– ७.२.१८ इति क्तप्रत्ययान्तो निपातः*] अन्धकार। **अन्धकारोऽस्त्रियां ध्वान्तं तमिस्रं तिमिरं तमः** (अमर.१.८.३)।

ध्वान्तारातिः (पुं.) [*ध्वान्तस्य आरातिः, ष.त.*] १.सूर्य (अभि.चि.) २.चन्द्रमा ३.अग्नि।

ध्वान्तोन्मेषः (पुं.) [*ध्वान्ते उन्मेषः प्रकाशो यस्य सः, बहु. स.*] जुनकिरी।

ध्वृ (धा.) [*कौटिल्ये, कौटिल्यं नाम कुटिलीकरण्म्, भ्वा.पर. सक. अनिट्*] बङ्ग्याउनु। लट्– **ध्वरति**– बङ्ग्याउँछ। **ध्वरति तृणं वायुः**। (दुर्गादास) इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न

न- **१.**देवनागरी वर्णमालाअनुसार व्यञ्जन वर्णको बिसौं वर्ण । दन्त्य र नासिकास्थानीय वर्ण । खण्डीय वर्ण । आभ्यन्तरप्रयत्नमा स्पृष्टप्रयत्न । बाह्यप्रयत्नमा संवार नाद, घोष तथा अल्पप्राण प्रयत्न । **हशः संवारा नादा घोषाश्च, वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) तवर्ग (त,थ, द, ध, न) को पाँचौं वर्ण २.लेख्यरूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

न (अव्य.) १.निषेधार्थक शब्द ।

अतिवादांस्तितिक्षेत नावमन्येत केनचित् ।
न चेमं देहमाश्रित्य वैरं कुर्वीत केनचित् ॥ (मनु. ६.४७)

२.सादृश्य ३.अल्प ४.अभाव । न अस्ति= **नास्ति**– छैन । ५.विरोध ६.तद्भिन्नता ७.अप्राशस्त्य । हे. **अ** ।

नः (त्रि.) [*अस्मान्, अस्मभ्यम् अस्माकम् वा, बहुवचनस्य वस्नसौ ८.१.२१ इति नसादेशः*] द्वितीया, चतुर्थी र षष्ठीको बहुवचनमा आफूलाई बुझाउने शब्द । जस्तै हामीलाई, हाम्रा लागि, हाम्रो । यदा कदा उक्त विभक्तिका एक वचन र दुइ वचनमा पनि यसको प्रयोग हुन्छ । जस्तै–

तत्तादृशं कथमुदेति मनुष्यलोके
तेजोऽद्भुतं निरभिसन्धि न तावदेतत् ।
तान्येव चास्य चरितानि दशाननस्य
धिक् चिन्तया रजनिरक्षिषु नः प्रभाति ॥
(अन.रा.)

यहाँ रामले आफूलाई नः को प्रयोग गरेका छन् । **अस्मदो द्वयोश्च** १.२.५९ (पा.सू.) ।

नः (पुं.) [*णह बन्धने इति धातोः अन्येभ्योऽपि दृश्यते (वा.) इति डः, डित्वाट्टिलोपः*] १.मोती २.गणेश ३.सम्पत्ति/दौलत ४.बुद्ध ५.सादृश्य ६.दल ।

नः (पुं.वि.) [*नमति, डः*] स्तुति गरेको ।

नःक्षुद्रः (पुं.वि.) [*नसा नासिकया क्षुद्रः, तृ.त.*] नराम्रो नाक भएको ।

नःक्षुद्रः क्षुद्रनासिकः (हला.६०७)

नंशुकः (पुं.वि.) [*नाशयति, णश अदर्शने इति धातोः पचिणसोर्णुकन् नुमौ च (उ.) णुकन्, नुमागमश्च*] नाशक ।

नकारः (पुं.) १.[*न इति निर्देशे वर्णात्कारः (वा.) ३.३.१०८ इति कारप्रत्ययः*] न अक्षर २.निषेध/अस्वीकार ।

नकारात्मकः (पुं.वि.) [*नकार आत्मा यस्य सः, बहु.स.*] निषेधात्मक/ कुनै कुरो नमान्ने वा नगर्ने निश्चय गरेको/अस्वीकृतिमूलक ।

नकुटम् (नपुं.) [*न कुटति, कुटिलो भवति, कुट कौटिल्ये इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, प्रकृत्या न नलोपः*] नाक/नासिका ।

नकुलः (पुं.) [*न कुलमस्य, नभ्राण्णपान्नवेदानासत्या नमुचिनकुल नखनपुंसकनक्षत्रनक्रनाकेषु प्रकृत्याः ६.३.७५ इति प्रकृतिभावान्न नलोपः*] १.न्याउरी मूसो ।

सत्त्वैः सत्त्वा हि जीवन्ति दुर्बलैर्बलवत्तराः ।
नकुलो मूषिकानत्ति विडालो नकुलं तथा ॥
विडालमत्ति श्वा राजन् श्वानं व्यालमृगस्तथा ।
(म.भा.१२.१५.२०)

नकुलः पुनः । पिङ्गलो सर्पहा बभ्रुः (अभि.चि.) ।
२.अश्विनीकुमारबाट माद्रीमा गर्भ रही पैदा भएका पाण्डुका चौथा क्षेत्रज पुत्र । यिनले राजसूय यज्ञका लागि पश्चिमतिरका देश जितेर प्रशस्त खजाना ल्याएका थिए । यिनी नीति, धर्मशास्त्र, पशुचिकित्सा र युद्धविद्यामा निपुण थिए । अज्ञातवासको समयमा ग्रन्थिक नामबाट चिनिने नकुलले गाई चराउने काम गरेका थिए । यिनको विवाह चेदीराजकी छोरी करेणुमतीसित भएको थियो । नकुलका करेणुमतीबाट नीरमित्र र द्रौपदीबाट शतानीक नामक दुइ पुत्र पैदा भएका थिए । ३.शिव ।

युधिष्ठिरस्य या कन्या नकुलेन विवाहिता ।
पूजिता सहदेवेन सा कन्या वरदा भवेत् ॥

(विदग्धमुखमण्डन) ४.(पुं.वि.) कुल नभएको ।

नकुला (स्त्री.) [*न विद्यते कुलं यस्याः सा, बहु.स.*] पार्वती ।

सुनन्दा विकचा लम्बा जयन्ती नकुला कुला (अभि.चि.) ।

नकुली (स्त्री.) [*न कुलमस्य, नभ्राण्णपान्नवेदानासत्या नमुचिनकुल नखनपुंसकनक्षत्रनक्रनाकेषु प्रकृत्याः ६.३.७५ इति प्रकृतिभावान्न नलोपः, ङीप्*] १.पोथी कुखुरो २.जटामसी ३.शङ्खिनी महिला ४.कुङ्कुम ५.नकुलेश्वरी नामक एक देवी ६.पोथी न्याउरी मुसो ।

नकुलीशपाशुपतदर्शनम् (नपुं.) [*नकुलीशेन प्रोक्तं पाशुपतदर्शनम्, म.प.स.*] यो दर्शन समस्त प्राणीलाई पशु र तिनका स्वामी भएकाले शिवलाई पशुपति मान्दछ । यसले मुक्तिका दुई भेद मानेको छ– आत्यन्तिक दुःखनिवृत्ति र परमैश्वर्यप्राप्ति । यस दर्शनको स्वतन्त्र ग्रन्थ हाल उपलब्ध छैन । सर्वदर्शनसङ्ग्रहमा सङ्कलित सामग्री नै यसको स्रोत हो ।

नकुलेष्य (स्त्री.) [*नकुलानामिष्य, ष.त.*] फ्याक्से ।

नक्क (धा.) [*नाशने, चुरा.सक.सेट्, उभ.*] नाश गर्नु । लट्– **नक्कयति-ते**– नाश गर्छ । लिट्– **नक्कयाञ्चकार-चक्रे**– नाश गरेछ (अन.) । लुट्– **नक्कयिता**– नाश गर्ने छ इत्यादि ।

नक्तः (पुं./नपुं.) एक किसिमको व्रत । मार्ग महिनाको शुक्ल वा कृष्ण प्रतिपदाबाट प्रारम्भ गरी वर्षभरका सबै प्रतिपदाका दिन यो व्रत बस्ने चलन छ । यसमा दिनभर भोको बसेर तारा लागेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुको पूजा गर्छन् र भोजन गर्छन्। वर्षान्तमा विष्णुको मूर्तिलाई रातो कपडा पहिर्याएर विशेष पूजा गरी यो व्रत समाप्त गरिन्छ।

नक्तकः (पुं.) [*नजते, ओनजी व्रीडे इति धातोः, बाहुलकात्तन्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५ नक्तं कं सुखमस्माद्वा, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति मलोपः*] पुराना मैला लुगाका टुक्रा।

नक्तञ्चरः (पुं.) [*नक्तं रात्रौ चरतीति चर गतिभक्षणयोः इति धातोः चरेष्टः ३.२.१६ इति टप्रत्ययः*] १.राक्षस २.चोर ३.लाटोकोसेरो (पुं.वि.) रातमा हिँड्ने। **नक्तञ्चरेभ्यो भूतेभ्यो बलिमाकाशतो हरेत्** (मा.पु. २९.२०)।

नक्तञ्चरी (स्त्री.) [*नक्तं चरतीति, चर गतिभक्षणयोः इति धातोः चरेष्टः ३.२.१६ इति टः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.राक्षसी २.रातमा हिँड्ने महिला।

त्यज नत्तञ्चरि क्षोभं वाचाटे रावणो ह्यहम् (भट्टि.)।

नक्तचारी (पुं.) [*नक्ते चरति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.लाटोकोसेरो २.चोर ३.बिरालो ४.(पुं.वि.) रातमा हिँड्ने।

नक्तन्तनम् (नपुं.) [*नक्तम् (रात्रौ) भवम्, सायंचिरंप्रह्णे प्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट् च ४.३.२३ इति ट्युः, तुडागमश्च*] रातमा भएको।

नक्तन्दिवम् (नपुं.) [*नक्तञ्च दिवा च, द्व.स., अचतुरविचतुर ५.४.७७ इत्यजन्तो निपातः*] रातदिन।

नक्तम् (अव्य.) [*नञ्जति, ओनस्जी व्रीडे इति धातोः, बाहुलकात् तमुप्रत्ययः*] १.रात्रि २.सन्ध्या हुन लागेको समय/दिनको चौथो वा अन्तिम प्रहर।

नक्तमालः (पुं.) [*नक्तं मालो धारणमस्य, नक्तम् अलति वा, अल भूषणादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] करञ्ज/कुबेराक्ष। **स नर्मदारोधसि सीकरार्द्रैर्मरुद्भिरानर्तितनक्तमाले** (रघु.)।

नक्रः (पुं.) [*न क्रामति दूरस्थलम्, क्रमु पादविक्षेपे इति धातोः, अन्यत्रापि दृश्यते (वा.) ३.२.४८ इति डः, नभ्राण्णपान्नवेदानासत्यानमुचिनकुलनखनपुंसकनक्षत्रनक्रनाकेषु प्रकृत्याः ६.३.७५ इति प्रकृतिभावान्न नलोपः*] १.गोही २.हात्तीको आकार हुने जलजन्तु। **नक्रः स्वस्थानमासाद्य गजेन्द्रमपि कर्षति। स एव प्रच्युतः स्थानात् शुनापि परिभूयते** (प.त.)।

नक्रम् (नपुं.) [*नक्रवद् आकृतिरस्य, अर्श आदिभ्योऽच् इत्यच्*] १.नाक २.काठविशेष ३.नाकको अघिल्लो भागको डाँडी।

नक्षत्रम् (नपुं.) [*न क्षरति क्षीयते वा क्षर सञ्चलने इति धातोः, क्षि निवासगत्योः इति धातोर्वा क्षत्रमित्यस्य निपातः, नभ्राण्णपान्नवेदानासत्यानमुचिनकुलनखनपुंसकनक्षत्रनक्रनाकेषु प्रकृत्याः ६.३.७५ इति प्रकृतिभावान्न नलोपः यद्वा नक्षति गच्छतीति, नक्ष गतौ इति धातोः, अमिनक्षियजिवधिपतिभ्योऽत्रन् (उ.) ३९२ इति अत्रन्*] क्रान्तिवृत्तको आसपासमा रहेका ताराहरूको समूह, ती सताइस छन्– अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पूर्वफाल्गुनी, उत्तरफाल्गुनी, हस्ता, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपदा, उत्तरभाद्रपदा, रेवती। यस अतिरिक्त अभिजित् नामक अर्को नक्षत्र पनि मानिएको छ। यिनीहरू ताराका समूहहरू हुन्। प्रत्येक नक्षत्रका चार पाउ हुन्छन्। तिनीहरूलाई चु, चे, चो, ला आदि अक्षरले जनाउँछन् जस्तै– चूचेचोला– **अश्विनी,** लीलुलेलो– **भरणी,** अइउए– **कृत्तिका,** ओवावीवू– **रोहिणी,** वेवोकाकि– **मृगशीरा,** कुघङछ– **आर्द्रा,** केकोहाही–**पुनर्वसु,** हुहेहोडा– **तिष्य** डिडुडेडो– **अश्लेषा,** मामिमूमे– **मघा,** मोटाटीटु– **पूर्वफाल्गुनी,** टेटोपपी–**उत्तरफाल्गुनी,** पुषणठ– **हस्ता,** पेपोररी– **चित्रा,** रुरेरोता– **स्वाति,** तीतूतेतो– **विशाखा,** नानीनूने– **अनुराधा,** नोयायियू– **ज्येष्ठा,** येयोभाभी– **मूल,** भूधफाढ–**पूर्वाषाढा** भेभोजाजी– **उत्तराषाढा,** खीखूखेखो– **श्रवण,** गागीगूगे– **धनिष्ठा,** गोसासीसु– **शतभिषा,** सेसोददी– **पूर्वभाद्रपदा,** दूथझञ– **उत्तरभाद्रपदा,** देदोचाची– **रेवती,** जुजेजोख– **अभिजित्।** यी नक्षत्रमध्ये **अश्विनी**देखि **रोहिणी**सम्मका ४ नक्षत्रको स्त्रीलिङ्ग र बहुवचनमा प्रयोग हुन्छ। **मृगशिर**शब्द स्त्रीलिङ्ग एकवचनमा प्रयुक्त छ। यस्तै **आर्द्रा**– स्त्रीलिङ्ग एकवचन, **पुनर्वसु, पुष्य**-पुंलिङ्ग एकवचन, **अश्लेषा, मघा**– स्त्रीलिङ्ग बहुवचन, **पूर्वफाल्गुनी, उत्तरफाल्गुनी**– स्त्रीलिङ्ग द्विवचन, **हस्ता**– पुंलिङ्ग तथा स्त्रीलिङ्ग र एकवचन, **चित्रा**– स्त्रीलिङ्ग एकवचन, **स्वाति**– स्त्रीलिङ्ग र पुंलिङ्ग एकवचन, **विशाखा, अनुराधा**– स्त्रीलिङ्ग बहुवचन, **ज्येष्ठा**– स्त्रीलिङ्ग तथा एकवचन, **मूल**– पुंलिङ्ग र नपुंसकलिङ्ग एकवचन, **पूर्वाषाढा, उत्तराषाढा**– स्त्रीलिङ्ग बहुवचन, **श्रवण**– पुंलिङ्ग र स्त्रीलिङ्ग एकवचन, **धनिष्ठा, शतभिषा**– स्त्रीलिङ्ग बहुवचन, **पूर्वभाद्रपदा, उत्तरभाद्रपदा**– स्त्रीलिङ्ग द्विवचन र **रेवती**– स्त्रीलिङ्ग तथा एकवचनमा प्रयोग हुन्छ। (तन्त्रसार)

नक्षत्रकल्पः (पुं.) [*नक्षत्रस्य कल्पः, ष.त.*] १.यज्ञ, संस्कार आदि कर्म र मुहूर्तको वर्णन २.चन्द्रमाको स्थिति, गति आदिको वर्णन भएको अथर्ववेदको एक परिशिष्ट। ३.अथर्वसंहिताका प्रवर्तक एक विद्वान्।

नक्षत्रगणः (पुं.) [*नक्षत्राणां गणः, ष.त.*] फलित ज्योतिषअनुसार नक्षत्रहरूको बेग्लाबेग्लै समूह।

नक्षत्रचक्रम् (नपुं.) [*नक्षत्राणां चक्रम्, ष.त.*] १.गुरुले शिष्यलाई कुन रूपमा मन्त्र दिनु उचित होला भनी नक्षत्र र मन्त्र जुराउने चक्र २.राशिचक्र।

नक्षत्रनाथः (पुं.) [*नक्षत्राणां नाथः, ष.त.*] चन्द्रमा।

नक्षत्रपतिः (पुं.) [*नक्षत्राणां पतिः, ष.त.*] चन्द्रमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नक्षत्रपथः (पुं.) [*नक्षत्राणां पन्थाः, ष.त., टच्*] आकाश।

नक्षत्रपुरुषः (पुं.) [*नक्षत्रं पुरुष इव*] समग्र नक्षत्रलाई एउटा मानवको रूपमा कल्पना गरिएको शरीर। त्यसका अङ्गहरूको विवरण यसप्रकार छ– **मूल नक्षत्र–** गोडा, **आश्विनी– रोहिणी–** जाँघ, **पूर्वाषाढा** र **उत्तराषाढा–** तिघ्रा, **पूर्वफाल्गुनी** र **उत्तरफाल्गुनी–** गुदद्वार, **कृत्तिका–** कमर, **पूर्वभाद्रपदा** र **उत्तरभाद्रपदा–** कोखा, **रेवती–** काखी, **अनुराधा–** छाती, **धनिष्ठा–** आङ, **विशाखा–** बाहु, **हस्ता–** हात, **पुनर्वसु–** औँला, **अश्लेषा–** नङ, **ज्येष्ठा–** गर्दन, **श्रवण–** कान, **पुष्य–** मुख, **स्वाति–** दाँत, **शतभिषा–** हाँसो, **मघा–** नाक, **मृगशिरा–** आँखा, **चित्रा–** निधार, **भरणी–** टाउको र **आर्द्रा–** रौँ छन्।

नक्षत्रप्रचारः (पुं.) [*नक्षत्राणां प्रचारः, ष.त.*] ज्योतिषअनुसार क्रान्तिवृत्तबाट हुने नक्षत्रको गति र स्थिति, जस्तै– पुनर्वसु, मृगशिरा, आर्द्रा, ज्येष्ठा, अनुराधा, हस्ता, पूर्वाषाढा, उत्तराषाढा र मूल यी नक्षत्र दक्षिणचारी हुन्। कृत्तिका, रोहिणी, पुष्य, चित्रा, अश्लेषा, रेवती, शतभिषा, धनिष्ठा र श्रवण यी नक्षत्र मध्यचारी हुन्। अश्विनी, भरणी, स्वाति, विशाखा, पूर्वफाल्गुनी, उत्तरफाल्गुनी, मघा, पूर्वभाद्रपदा र उत्तरभाद्रपदा यी नक्षत्र उत्तरचारी छन्।

नक्षत्रफलम् (नपुं.) [*नक्षत्राणां फलम्, ष.त.*] विभिन्न राशिमा नक्षत्र रहँदा उच्च, नीच, स्वगृही, शत्रुगृही, आदि अवस्थाबाट हुने फल।

नक्षत्रभोगः (नपुं.) [*नक्षत्राणां भोगः,ष.त.*] नक्षत्रले एक दिनमा गर्ने भोग।

नक्षत्रमण्डलम् (नपुं.) [*नक्षत्राणां मण्डलम्, ष.त.*] नक्षत्रको समूह।

नक्षत्रमाला (स्त्री.) १.[*नक्षत्राणां सङ्ख्या इव सङ्ख्या यस्याः सा, सा चासौ माला च, कर्म.स.*] सत्ताइस दानाको माला।

नृत्ये नक्षत्रमाला स्यान्मुक्तावलिरिवोज्वला (स.दा.)।

२.[*नक्षत्राणां माला, ष.त.*] नक्षत्रहरूको पङ्क्ति/ताराहरूको पङ्क्ति।

यावन्नक्षत्रमाला विचरति गगने भूषयन्तीह भासा।
तावन्नक्षत्रभूतो विचरति सह तैर्ब्रह्मणोऽह्नोऽवशेषम्॥
(बृहत्संहिता १०५.१३)

नक्षत्रवर्त्म (नपुं.) [*नक्षत्राणां वर्त्म, ष.त.*] आकाश।

नक्षत्रविज्ञानम् (नपुं.) [*नक्षत्रस्य विज्ञानम्, ष.त.*] ज्योतिषशास्त्र।

नक्षत्रविद्या (स्त्री.) [*नक्षत्रस्य विद्या, ष.त.*] खगोल विद्या वा ज्योतिष विद्या।

नक्षत्रवीथिः (स्त्री.) [*नक्षत्राणां वीथिः, ष.त.*] ग्रहगणितका लागि सजिलो होस् भनेर कल्पना गरिएको तीन-तीन नक्षत्रहरूका बिचको बाटो। जस्तै– स्वाति, भरणी, कृतिका– **नागवीथि,** रोहिणी, मृगशिरा, आर्द्रा– **राजवीथि,** पुनर्वसु, पुष्य, अश्लेषा– **ऐरावतवीथि,** मघा पूर्वफाल्गुनी, उत्तरफाल्गुनी– **वृषभवीथि,** अश्विनी, रेवती, पूर्वभाद्रपदा– **गोवीथि,** श्रवण, धनिष्ठा, शतभिषा– **जयद्रथवीथि,** अनुराधा, ज्येष्ठा, मूल– **मृगवीथि,** हस्ता, विशाखा, चित्रा– **अजावीथि** र पूर्वाषाढा, उत्तराषाढा, उत्तरभाद्रपदा– **दहनावीथि** ।

नक्षत्रवृष्टिः (स्त्री.) [*नक्षत्राणां नक्षत्रस्य वा वृष्टिः,ष.त.*] नक्षत्रपात/उल्कापात। समय समयमा पृथिवीको आसपासमा रहेका वभिन्न ज्योतिपिण्डका टुक्राहरू उछिट्टिने क्रिया। यिनीहरूमध्ये धेरैजसो वायुमा घर्षित भएर आकाशमा नै हराउँछन् भने केही पृथ्वीसम्म पनि आइपुग्छन्।

नक्षत्रेशः (पुं.) [*नक्षत्राणामीशः, ष.त.*] चन्द्रमा।

नखः (पुं./नपुं.) [*शरीरे नह्यत इव, णह बन्धने इति धातोः, नहेर्हलोपश्च (उ.)७११ इति खः, हलोपश्च, यद्वा न खमस्य, नभ्राण्णपान्न ६.३.७५ इति प्रकृतिभावान्न नलोपः*] १.नङ २.नङ्ग्रा। **उरोविदारं प्रतिचस्करे नखैः** (शि.व.)।

नखकः (पुं.वि.) [*नखेषु प्रसक्तः, तत्र प्रसितः ५.२.६६ इति कन्*] नङ पालुवा।

नखजाहम् (नपुं.) [*नखस्य मूलम्, तस्य पाकमूले पील्वादिकर्णादिभ्यः कुणब्जाहचौ ५.२.२४ इति जाहच्प्रत्ययः*] नङको फेद।

नखम् (नपुं.) [*न खनति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, टिलोपः*] १.कालो हलेदो २.नङ्।

नखम्पचः (पुं.वि.) [*नखान् पचति, मितनखे च ३.२.३४ इति खश, मुमागमश्च*] नङलाई पनि पकाउने/अतिशय तातो।

घर्मे निदाघकिरणस्य करैः कठोरैः
कान्तारमध्यपदवीषु नखम्पचासु।
त्वां वीक्ष्य संस्थूलपदां वनदेवताभि–
र्निन्दिष्यते नियतमेव निमेषहानिः॥ (च.रा.)

नखरः (पुं./नपुं.) [*न खनति, खन्यते वा, डरो वक्तव्यः (वा. ३.३.१२५ इति डरप्रत्ययः, नखं राति वा आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोप इटि च ६.४.६४ इत्यालोपः*] १.नङ् २.अस्त्रविशेष। **नखरप्रासयोधिनः** (म.भा.)।

नखरायुधः (पुं.) [*नखराणि आयुधानि यस्य सः, बहु.स.*] नङ्ग्राले आघात गर्ने प्राणी। जस्तै– बाघ, सिंह, कुखो आदि।

नखाग्रः (पुं.) [*नखानां अग्रः, ष.त.*] नङ वा नङ्ग्राको टुप्पो।

नखाघातः (पुं.) [*नखैराघातः, तृ.त.*] नङ्ग्राले चिथोरचाथर गर्ने काम।

नखानखि (नपुं.) [*नखैर्नखैः प्रहृत्य प्रवृत्तमिदं युद्धम्, बहु.स.*] परस्परमा चिथोराचिथोर गरेर भएको युद्ध।

नखायुधः (पुं.) [*नखा आयुधानि यस्य सः, बहु.स.*] हिंसक जन्तु।

नखी (पुं.वि.) [*नखोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] लामा लामा नङ वा नङ्ग्रा हुने/नङ्ग्रा नै हतियार हुने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगः (पुं.) [*दहति भष्मीकरोति, दहेर्गो लोपो दश्च नः (उ. ७५० इति गप्रत्ययः, ह्रस्व लोपः, दस्य नश्च। यद्वा न गच्छति, गम्लृ गतौ इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, नगोऽप्राणिष्वन्यतरस्याम् ६.३.७७ इति प्रकृतिभावः*] १.पर्वत २.वृक्ष ३.सातलाई बुझाउने शब्द। **शैलवृक्षौ नगावगौ** (अमर.)।

नगणः (पुं.) [*न इति गणः, कर्म.स.*] पिङ्गलसूत्रानुसार तीन लघुमात्र हुने एक गण। नगणको चिह्न—॥। हो।

नगण्यः (पुं.वि.) [*न गण्यः*] १.गणना गर्न अयोग्य/गन्तीमा नआउने २.तुच्छ/निकृष्ट।

नगतरुः (पुं.) [*नगस्य तरुः, ष.त.*] पहाडमा हुने अग्लो रुख।

नगरम् (नपुं.) [*नगा इव प्रसादादयः सन्ति यत्र, नगपाण्डुपांशुभ्यो रः (वा.) ५.२.१०७ इति रः*] सहर/पुर। **~पालिका** (स्त्री.) [*नगरस्य पालिका, ष.त.*] नगरको सरसफाइ, स्वास्थ्य, सडक, भवनको निर्माण, पानी, बत्ती आदिको प्रबन्ध मिलाउने वैधानिक संस्था। **~प्रहरी** (पुं.) [*नगरस्य प्रहरी, ष.त.*] सहरको सुरक्षा गर्ने नियुक्त पुलिसको विशेष विभाग वा टोली।

नगरी (स्त्री.) [*नगाः सन्त्यत्र, नगपांसुपाण्डुभ्यो रः (वा.) ५.२.१०७ इति रः, ङीष्, पक्षे क्लीबत्वं पत्तनसाहचर्यात्*] सहर। **प्रीत्या ददौ च कर्णाय मालिनीं नगरीमथ** (म.भा.१२.५.६)।

नगाधिपः (पुं.) [*नगानामधिपः, ष.त.*] हिमालय।

नगेशः (पुं.) [*नगानां पर्वतानाम् ईशः, ष.त.*] १.हिमालय २.सुमेरु।

स्वयं महेशः श्वसुरो नगेशः
सखा धनेशस्तनयो गणेशः।
तथापि भिक्षाटनमेव शम्भो-
र्बलीयसी केवलमीश्वरेच्छा॥ (सुभा.)

नगौकः (पुं.) [*नगो वृक्षः, नगे वा ओको यस्य सः, ओकशब्दः ओक उचः के ७.३.६४ इति निपातनाददन्तोऽपि यद्वा नगा ओकसो यस्य सः बहु.स.*] १.चरो २.सिंह ३.मृगविशेष। **नगौकाः पुंसि शरभे पक्षिपञ्चास्ययोरपि** (मेदिनी.)।

नगौकाः (पुं.) [*नगः पर्वतः, वृक्षो वा ओकः (स) आश्रयस्थानं यस्य सः, बहु.स.*] १.पक्षी २.मृगविशेष ३.सिंह।

नग्नः (पुं.वि.) [*नजते स्म, ओनजी व्रीडे इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इत्यकर्मकत्वात् क्तः, ओदितश्च ८.२.४५ इति नत्वम्*] १.नाङ्गो/निर्वस्त्र २.लगौँटी वा गेरुवा वस्त्र मात्र पहिरने एक थरी दिगम्बर जैन साधु। नग्न पाँचथरी हुन्छन्— (क) कच्छ लगाएको, (ख) कच्छ मात्र लगाएको अरू खोलेको (ग) कच्छ नै नलगाएको, (घ) एक मात्र वस्त्र पहिरेको (ङ) वस्त्र नै नपहिरेको नाङ्गो ३.धर्मशास्त्र नजान्ने र वेद नपढेको द्विजाति। कुनै द्विजातिले ऋग् यजुः साम यी तीन वेदमध्ये कुनै एक वेद पनि अध्ययन गरेको छैन भने त्यसलाई पनि नग्न र पातकी भनिएको छ। ४.जसले गृहस्थ धर्म छोडेर वानप्रस्थ नलिई संन्यास धर्म लिन्छ, त्यस्तो पाप गर्ने संन्यासीलाई पनि नग्न भनिन्छ। ५.अज्ञानी मानिस ६.दम्भी व्यक्ति ७.बौद्ध भिक्षु।

द्विकच्छः कच्छशेषश्च मुक्तकच्छस्तथैव च।
एकवासा अवासाश्च नग्नः पञ्चविधः स्मृतः॥ (आ.त.)
येषां कुले न वेदोऽस्ति न शास्त्रं नैव च व्रतम्।
ते नग्नाः कीर्तिताः सद्भिस्तेषामन्नं विगर्हितम्॥ (मा.पु.)
ऋग्यजुः सामसंज्ञेति त्रयी तां धारयेद् द्विजः।
एतामुज्झति यो मोहात् स नग्नः पातकी स्मृतः॥
यस्तं सन्त्यज्य गार्हस्थ्यं वानप्रस्थो न जायते।
परिव्राडपि मैत्रेयः स नग्नः पापकृन्नरः॥ (वै.पु.)

~सत्यम् (पुं.) [*नग्नञ्च तत् सत्यम्, कर्म.स.*] अप्रिय तर यथार्थ कुरो।

नग्नङ्करणम् (नपुं.) [*अनग्नं नग्नं कुर्वन्ति अनेन, आढ्यसुभग स्थूलपलितनग्नान्धप्रियेषु च्व्यर्थेष्वच्वौ मृञः करणे ख्युन् ३.२.५६ इति ख्युन्, युवोरनाकौ ७.१.१.इत्यनः, मुम् ६.३.६७, अनुस्वारः ८.३.२४, गुणः ७.३.८४, रपरत्वम् १.१.५१, णत्वम्*] नाङ्गो तुल्याउने कर्म।

नग्नम्भविष्णुः (पुं.वि.) [*अनग्नो नग्नो भवति, कर्तरि भुवः खिष्णुच्खुकञौ ३.२.५७ इति खिष्णुच् मुम्*] नाङ्गो हुने

नग्नम्भावुकः (पुं.वि.) [*अनग्नो नग्नो भवति, कर्तरि भुवः खिष्णुच्-खुकञौ ३.२.५७ इति खुकञ्, मुम्*] नाङ्गो हुने।

नग्नहूः (स्त्री.) [*ह्वनम्, हूयते वा, ह्वेञ् स्पर्धायां शब्दे च इति धातोः, संपदादिभ्यः क्विप् (वा.) ३.३.१०८ इति क्विप् नग्नस्य हूः ष.त.*] १.चामल आदि पकाएर तयार गरिएको जाँड, रक्सीको बीज २.मसला/मर्चा।

नग्नाटः (पुं.) [*नग्नः अटति, पचाद्यच्*] दिगम्बर यति।

नग्निका (स्त्री.) [*नजते स्म, ओ नजी व्रीडे इति धातोः, गत्यर्थाकर्मक— ३.१.७२ इति क्तः, ओदितश्च ८.२.४५ इति नत्वम्, स्वार्थे कन् ५.३.७५, टाप्, इत्वम्*] १.नाङ्गै बस्ने स्त्रीजाति। **नग्नो बन्दिक्षपणयोः पुंसि, त्रिषु विवाससि** (मेदिनी.) २.रजोवती नभएकी स्त्री ३.स्तन न भएकी केटी।

अव्यञ्जना भवेत्कन्या कुचहीना तु नग्निका (पञ्चतन्त्र)।

नट (धा.) [*अवस्कन्दने, चुरा.सक.सेद्, उभ.*] देखाउनु लट्— **नाटयति-ते—** देखाउँछ इत्यादि।

नट (धा.) [*नृतौ, भ्वा. अक.सेद्, पर.*]— नृत्य गर्नु। लट्— **नटति—** नृत्य गर्छ। लिट्— **ननाट—** नृत्य गरेछ। लुट्— **नटिता—** नृत्य गर्ने छ (अन.)। लृट्— **नटिष्यति—** नृत्य गर्ने छ। लोट्— **नटतु—** नृत्य गरोस्। लङ्— **अनटत्—** नृत्य गऱ्यो (अन.)। विधिलिङ्— **नटेत्—** नृत्य गर्ला, नृत्य गरोस्। आशीर्लिङ्— **नट्यात्—** नृत्य गरोस्। लुङ्— **अनाटीत्—** नृत्य गऱ्यो। लृङ्— **अनटिष्यत्—** नृत्य गर्ने थियो। भावे— **नट्यते—**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृत्य गरिन्छ। णिचि— **नाटयति**— नृत्य गराउँछ, नाटक गराउँछ, नक्कल पार्छ। सनि— **निनटिषति**— नाटक गर्न चाहन्छ। यङि— **नानट्य**— ते ज्यादै वा बारम्बार नृत्य गर्छ। यङो लुकि— **नानटीति, नानट्ति**— ज्यादै वा बारम्बार नृत्य गर्छ। कृदन्ते— **नटितिव्यम्, नटनीयम्, नाट्यम्**— नाच्नु जर्ने। **नटित्वा, संनट्य**— नृत्य गरेर। **नटितुम्**— नृत्य गर्न। **नाटयितुम्**— नृत्य गराउन, आभनय गराउन। **नाटकः, नाटिका, नाटयिता-त्री**— नृत्य गराउने, अभिनय गराउने। **नाटकम्**— दृश्यकाव्य इत्यादि।

नटः (पुं.) [*नटति, णट नृतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच् यद्वा नमतीति, णम प्रह्वत्वे शब्दे च इति धातोः जनिदाच्युसृवृमदिषमिनमिभृञ्भ्य इत्वन् त्वनृत्न णन्किन्शक्स्यढडटाटचः (उ.) ५५४ इति डट्प्रत्यस्य निपातः*] १.नाटकमा अनुकार्य (राम, सीता आदि) को रूप धारण गरेर तीनका अवस्थाको अनुकरण गर्ने व्यक्ति २.नर्तक ३.व्यायाम, खेलप्रदर्शनबाट आदिबाट जीविका चलाउने एक जाति। (हि.सा.प्रा.श. ३१० पृ.) ४.कलवार र दमिनीबाट उत्पन्न एक वर्णसङ्कर जाति ५.नागविशेष ६.तेस्रो प्रहर र साँझमा गाइने एक राग, यसमा शुद्ध स्वर रहन्छन्। ७.नाटक, रूपक आदि दृश्यप्रधान काव्यमा आउने अभिनेता/सूत्रधार। कथावस्तु स्थापना गर्ने पात्र ८.सोनापाठा। **~राजः** (पुं.) [*नटानां राजा, ष.त., टच्*] १.कुशल नट २.शिव ३.कृष्ण।

नटनम् (नपुं.) [*नट अवस्कन्दने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] १.नाच्नु २.पाठ खेल्नु।

नटनारायणः (पुं.) [*नटानां नारायण इव*] रागविशेष। यसको गाइने समय हेमन्त ऋतु हो।

नटवरः (पुं.) [*नटेषु वरः, स.त.*] सुन्दर वा उत्कृष्ट नटुवा। **वर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारम्** (भाग.)।

नटि (धा.) [*भाषायाम्, सक.सेट् उभ.*] शब्द गर्नु। लट्— **नण्टयति-ते**— शब्द गर्छ इत्यादि।

नटी (स्त्री.) [*नटति, नट स्पन्दने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इति अच्, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] १.दृश्यकाव्यमा मुख्य स्त्रीपात्रको अभिनय गर्ने स्त्री/अभिनेत्री २.नाटकको प्रस्तावना भागमा रङ्गमञ्चमा उपस्थित भएर सूत्रधारलाई कथावस्तुको प्रारम्भ गर्ने कार्यमा सहयोग पुऱ्याउने स्त्री पात्र ३.नट जातिमा पैदा भएकी कन्या वा नटकी स्त्री ४.मालकागुनु। **कपोताङ्घ्री नटी नली** (अमर.)।

नटेश्वरः (पुं.) [*नटानां नटेषु वा ईश्वरः, ष.त.स.त.*] शिव।

नडः (पुं.) [*नडति, नड गहने इति धातोः, नन्दिग्रहि ३.१.१३४ इत्यच्*] नर्कट। **नडस्तु धमनः पोटगलः** (अमर. २.४.१६२)

नडप्रायः (पुं.) [*नडाः प्रायो यत्र सः, बहु.स.*] नरकट बढी हुने ठाउँ।

नडवान् (पुं.) [*नडाः प्रायो यत्र, कुमुदनडवेतसेभ्यो ड्मतुप् ४.२.८७ ड्मतुप्, झयः ८.२.१० इति मादुपधायाः ८.२.९ इति वत्वम्*] नरकट बढी हुने ठाउँ।

नडसंहतिः (स्त्री.) [*नडानां संहतिः, ष.त.*] नर्कटको घारी।

नड्या (स्त्री.) [*नडानां संहतिः, पाशादिभ्यो यः ४.२.४९ इति यः*] नर्कटघारी। **नड्या तु नडसंहतिः** (अमर.२.४.१६८)।

नड्वलः (पुं.) [*नडाः सन्ति यस्मिन् सः, नडशादाद् ड्वलच् ४.२.७७ इति ड्वलच्*] नर्कटघारी/नर्कट भएको क्षेत्र।

नतः (पुं.वि.) [*नम्यते स्म, आदिकर्मणि क्तः कर्तरि च ३.४.७१ इति क्तः*] नुहेको/झुकेको। **~मस्तकः** (पुं.वि.) [*नतं मस्तकम् यस्य सः, बहु.स.*] शिर झुकेको/टाउको नुहेको/विवश/लज्जित। **~नासिकः** (पुं.वि.) [*नता नासिका यस्य सः, बहु.स.*] चेप्टिएको नाक भएको। **~भ्रूः** (स्त्री.) [*नता भ्रूर्यस्याः बहु.स.*] टेढो आँखी भौँ भएकी।

नतकालांशः (पुं.) [*नतकालस्य अंशः, स.त.*] निरक्षखमध्यदेखि ग्रहगत ध्रुवप्रोत वृत्त र नाडीवृत्तको सम्पातसम्मको नाडीवृत्तको अंश।

नतनासिकः (पुं.) [*नासिकाया नतमस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] नेप्टो नाक हुने।

नतांशः (पुं.) [*नतश्चासौ अंशश्च, कर्म.स.*] १.खमध्यदेखि ग्रहसम्मको भाग। २.[*पुं.वि.*] नुगेको भाग।

नतिः (स्त्री.) [*नमनम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.नम्र हुनु/झुक्नु/निहुरने काम २.नमस्कार/प्रणाम ३.आफ्नो सीधा बिन्दुबाट ग्रहसम्मको दूरी।

नदः (पुं.) [*नदति प्रवाहवेगेन शब्दायते इति, णद अव्यक्ते शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] प्रशस्त पानी भएको ठुलो नदी। यस्ता नदहरूमा ब्रह्मपुत्र, शोण, सिन्धु, हिरण्य, कोक, लोहित, घर्घर र शतद्रु परिगणित छन्।

नदी (स्त्री.) [*नदति शब्दायते इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, नदटिति पाठात् टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.पहाड, ताल, मूल आदिबाट निस्केर समुद्रमा मिसिन जाने प्राकृतिक पानीको अविच्छिन्न बग्ने रूप २.कुनै पन्यालो वस्तुको एकनासको बगाइ। **नदी सरिति, शोणादौ ना** (मेदिनी.)।

नदीनः (पुं.) १.[*नदीनाम् इनः, ष.त.*] १.समुद्र २.[*न दीनः*] सुखी।

नदीमातृकः (पुं.) [*नद्यम्बुभिर्वृष्ट्यम्बुभिश्च सम्पन्नैर्धान्यैः पालितः, नदी माताऽस्य, नद्यृतश्च ५.४.१५३ इति कप्*] नदीको कुलो लागेर अत्मनिर्भर भएको देश।

नदीष्णः (पुं.वि.) [*नद्यां स्नाति, सुपि स्थः ३.२.४ इत्यत्र सुपीति योगविभागात् कः, निनदीभ्षां स्नातेः कौशले ८.३.८९ इति षत्वम्, ष्टुत्वम्*] १.सिपालु/कुशल २.विज्ञ/पारङ्गत।

नदीसर्जः (पुं.) [*नद्याः सर्जः, ष.त.*] खरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नद्ध्री (स्त्री.) [*नह्यतेऽनया, णह बन्धने इति धातोः, दाम्नी ३.२.१८२ इति ष्ट्रन्, ङीष्*] छालाको डोरी ।

ननान्दा (स्त्री.) [*न नन्दति– न तुष्यति, न नन्दयति भ्रातृजायाम्, इति वा, नञि च नन्देः (उ.) २.९७ इति ऋन् वृद्धिश्च*] १.नन्द २.आमाज्यू । **ननान्दा तु स्वसा पत्युर्ननन्दा नन्दिनी च सा** (रभस.) ।

ननु (अव्य.) [*ननु निपातद्वयस्य समाहारद्वन्द्वः*] १.प्रश्न । **ननु समाप्तकृत्यो गौतमः** । (मालवि.४.२) २.अवधारण ।

उपपन्नं ननु शिवं सप्तस्वङ्गेषु यस्य मे ।
दैवीनां मानुषीणाञ्च प्रतिहर्ता त्वमापदाम् (रघु. १.६०)

३.सोधपुछ, निश्चय । **लोको दैवं समालोक्य उदासीनो भवेन्ननु** (म.भा.१३.६.२९) ४.सम्बोधन । **ननु पदे परिवृत्य भण** । (मृच्छ.) ५.अनुग्रह । **ननु मां प्रापय पत्युरन्तिकम्** । (कुमा.४.३२) ६.पूर्वपक्षको उपस्थापन विरोधोक्ति, प्रत्युक्ति ७.सम्भावना/ उत्प्रेक्षाव्यञ्जक शब्द ।

मन्ये शङ्के ध्रुवं नूनं किंवा प्रायो नु वेद्मि च ।
ननु नाम हि जानामि उत्प्रेक्षाव्यञ्जकानि च ॥

ननुच (अव्य.) [*ननु, च अनयोः समाहारद्वन्द्वः*] विरोध जनाउन वाक्यको प्रारम्भमा आउने पद । **ननु च स्याद् विरोधोक्तौ** (अमर.३.४.१४) ।

नन्दः (पुं.) [*नन्दयतीति, पुंसिसंज्ञायां घः प्रायेण इति घः*] १.कृष्णलाई पालनपोषण गर्ने बाबु । २.विष्णु ३.एक प्राचीन राजा ४.आनन्द ५.निधिविशेष ६.एक प्रकारको बाँस ७.मादलविशेष ८.नागविशेष ९.धृतराष्ट्रका एक छोरा १०.मदिराको गर्भबाट पैदा भएका वसुदेवका एक पुत्र ११.क्रौञ्चद्वीपको एक वर्ष पर्वत १२.दत्तकमीमांसाग्रन्थका रचयिता । **~नन्दनः** (पुं.) [*नन्दयतीति, टुनदि समृद्धौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] कृष्ण ।**~नन्दिनी** (स्त्री.) [*नन्दयतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्, नन्दस्य नन्दिनी, ष.त.*] नन्दकी छोरी दुर्गा । **~पतिः** (पुं.) नन्देभाइ/नन्दको पति । **~पालः** (पुं.) वरुण । **~पुत्री** (स्त्री.) [*नन्दस्य पुत्री, ष.त.*] नन्दनन्दिनी । **~प्रयागः (पुं.)** रुद्र प्रयागदेखि तीन माइलमाथि अलकनन्दा र नन्दाको सङ्गम भएको एक तीर्थ । **~वंशः** (पुं.) मगधको प्रसिद्ध राजवंश ।

नन्दकः (पुं.) [*नन्दयतीति, टुनदि समृद्धौ इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल् युवोरनाकौ ७.१.१ इत्यकः*] १.प्रसन्न गर्ने/हर्षित पार्ने/सन्तोषप्रद २.विष्णुको तरबार ३.कुलको रक्षक । **नन्दको हरिखड्गे च हर्षके कुलपालके** (विश्व.) ।

नन्दथुः (पुं.) [*नन्दनम्, टु नदि समृद्धौ इति धातोः, ट्वितोऽथुच् ३.३.८९ इति अथुच्*] आनन्द ।

नन्दनः (पुं.) [*नन्दयतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इति अनः*] १.छोरो २.विष्णु । **आनन्दो नन्दनो नन्दः** (म.भा.१३.१३९.५) ३.भ्यागुतो ४.इन्द्रको बगैँचा ५.महादेव । **नन्दीश्वरश्च नन्दी च नन्दनो नन्दिवर्द्धनः** । (म.भा.१३.१७.७५) ६.वत्सरविशेष ७.कार्तिकेयको एक अनुचर ८.जिनबलविशेष ९.आनन्द १०.प्रत्येक पाउमा नगण, जगण, भगण, रगण, रगणको प्रयोग भएको छन्द । **नजभजरैस्तु रेफसहितैः शिवैर्हयैर्नन्दनम्** (छन्दो.) ११.पर्वतविशेष । **तीरे तु चन्द्रकुण्डस्य नन्दनो नाम वै गिरिः** (कालिकापु.) **~प्रधानः** (पुं.) इन्द्र । **~माला** (स्त्री.) कृष्णलाई मनपर्ने मालाविशेष । **~वनम्** (नपुं.) इन्द्रको बगैँचा ।

नन्दनम् (पुं.) [*नन्दयति, टुनदि समृद्धौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.इन्द्रको बगैँचा २.खुसी तुल्याउने वस्तु ३.आनन्द दिने काम । **इन्द्रोद्याने, नन्दनस्तु तनये हर्षकारिणि** (हैम.) ।

नन्दा (स्त्री.) [*नन्दयतीति, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, टाप् ४.१.४*] १.हर्ष/खुशी २.सिलाम ३.दुर्गा ४.पार्वती ५.कामधेनुविशेष ६.एक जीवमातृका देवी ७.एक प्रकारका तिथि ८.सम्पत्ति ९.माटाको घडा १०.सङ्क्रान्ति विशेष ११.सङ्गीतमा एक मूर्च्छना १२.अप्सराविशेष १३.विभीषणकी एक छोरी १४.जैनीहरूको वर्तमान अवसर्पिणीकी दसौँ अर्हतकी माता १५.नदीविशेष १६.शकद्वीपको एक नदी १७.नन्द/पतिकी बहिनी १८.तीर्थविशेष । **~अत्मजः** (पुं.) कृष्ण । **~आत्मजा** (स्त्री.) नन्दकी छोरी दुर्गा । **~तिथिः** (स्त्री.) प्रतिपदा, षष्ठी, एकादशी तिथि । **~तीर्थम्** (नपुं.) नैमिषारण्यको पूर्वतिर पर्ने एक तीर्थ । **~देवी** (स्त्री.) दक्षिण हिमालको एक टाकुरो । यो २५००० फिट्भन्दा अग्लो छ ।

नन्दिः (पुं.) [*नन्दति अत्र, टुनदि समृद्धौ इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] १.आनन्द/हर्ष २.परमेश्वर ३.शिवको बाहन/बसाहा/साँढे ४.शिवको एक गण ५.शिवको द्वारपाल ।

नन्दिकः (पुं.) [*नन्दिरेव, स्वार्थे कन्*] शिवका एक द्वारपाल ।**शृङ्गी भृङ्गी रिटिस्तुण्डी नन्दिको नन्दिकेश्वरः** (२१ अमर.१.१.४०) ।

नन्दिकेश्वरः (पुं.) १ शिवका एक द्वारपाल २.काव्यविद्याको साधना गर्ने प्राचीन आचार्यहरूमध्ये एक आचार्य । रस विषयमा यिनले आफ्नो सिद्धान्त प्रतिपादन गरेका छन् भनेर राजशेखरले उल्लेख गरेका छन् । यिनको अभिनयदर्पण नामक ग्रन्थ प्रसिद्ध छ । यी पाँचौ शताब्दीका आचार्य हुन् । अभिनयदर्पणमा ३२४ श्लोक छन् । भगवान् शिवको स्तुतिपछि नाट्यशास्त्रको परम्परा र अभिनयविधिको यसमा चर्चा छ । अभिनयलाई नाट्य, नृत्त र नृत्य गरी तीन भागमा विभक्त गरिएको छ । नाट्यका छ तत्त्व छन्– नृत्य, गीत, अभिनय, भाव, रस र ताल । पुनः अभिनयलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार भागमा वर्गीकरण गरिएको छ– आङ्गिक, वाचिक, आहार्य र सात्विक। सोह्र किसिमका अभिनय र तिनका भेदको पनि यसमा वर्णन छ। ३.एक उपपुराण।

नन्दितः (पुं.वि.) [*नन्द्यते स्म, टुनदि समृद्धौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आनन्दित/हर्षित।

नन्दिनी (स्त्री.) [*नन्दयतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.छोरी/पुत्री २.वसिष्ठकी एक गाई/कामधेनु ३.दुर्गा ४.गङ्गा ५.पत्नी।

नन्दिवृक्षः (पुं.) [*नन्दनम्, टुनदि समृद्धौ इति धातोः, इन् (उ.) ४.११८ ङीष् (ग.) ४.१.४५ वा, नन्द्या वृक्षः, ष.त.*] टुनीवृक्ष।

नन्द्यः (पुं.वि.) [*नन्दितुमर्हः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] आनन्द दिन योग्य।

नन्द्यावर्तः (पुं.) [*नन्दयतीति, नन्दी आवर्तोऽत्र*] १.बाटुलो आकार भएको घर २.वृक्षविशेष। **नन्द्यावर्तः पुमान्वेश्मप्रभेदे भगवद्द्रुमे** (मेदिनी.)।

नपुंसकः (पुं./नपुं.) [*न स्त्री, न पुमान्, निपातनात् सिद्धम्*] १.स्त्री वा पुरुष नछुट्टिने/पुरुष वा स्त्रीको चिह्न नभएको।

स्तनकेशवती नारी लोमशः पुरुषः स्मृतः।
उभयोरन्तरं यच्च तदभावे नपुंसकम्॥

२.डरछेरुवा/नामर्द।

नपुंसकता (स्त्री.) [*नपुंसकस्य भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] नामर्दपन/नपुंसकत्व/नपुंसक हुनाको भाव/हिंजडापन।

नपुंसकम् (नपुं.) [*न स्त्री न पुमान् न.त., नभ्राण्णपान्नवेदानासत्या नमुचिनकुलनखनपुंसकनक्षत्रनक्रनाकेषु प्रकृत्याः, इति प्रकृति भावान्न नलोपः, निपातनात् स्त्रीपुंसयोः नपुंसकभावः, स नपुंसको भवेत् इति भाष्यवचनात्पुंस्यपि*] न स्त्री न पुरुष/हिंजडा। **तृतीया प्रकृतिः शण्ढः क्लीबः षण्डो नपुंसकम्**। (अमर. २.६.३९)।

नप्ता (पुं.) [*न पतन्ति नरके अस्मात्, नञ्पूर्वकात् पत्लृ गतौ इति धातोः, नप्तृ– नेष्टृ– त्वष्टृ– होतृ– पोतृ– (उ.) २६० इति तृच्, टिलोपश्च*] नाति/छोरा वा छोरीको छोरो। **नप्ता पुत्रश्च पुत्रयोः** (अमर.३.३.८५)।

नप्त्री (स्त्री.) [*न पतन्ति पितरोऽनया, नञ्पूर्वकात् पत्लृ गतौ इति धातोः, नप्तृनेष्टृ (उ.) २६० इति तृच्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] नातिनी/छोरा वा छोरीको छोरी। **नप्त्री पौत्री सुतात्मजा** (अमर.२.६.२९)।

नभः (नपुं.) [*नह्यते मेघैरिति, णह बन्धने इति धातोः, नहेर्दिवि भश्च (उ.) ६६० इति असुन्, भकारश्च*] आकाश/गगन **~चरः** (पुं.) [*नभसि चरतीति, चरेष्टः ३.२.१६ इति टः*] आकाश चारी ग्रह, पक्षी, देवता, गन्धर्व, बादल, वायु, विमान आदि।

नभसः (पुं.) [*णभ हिंसायाम् इति धातोः, अत्यविचमितमिरभिलभिन भितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.) ४०४ इति असच्प्रत्ययः*] १.आकाश २.वर्षा ऋतु ३.समुद्र ४.शून्यको अङ्क।

नभसङ्गमः (पुं.) [*नभसं खं मेघवर्त्म, नभसं गच्छति, गमश्च ३.२.४७ इति खच्*] १.चरो २.वायुयान ३.ग्रह।

नभस्यः (पुं.) [*नभा अभ्रम्, तत्र साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] भदौ महिना। **स्युर्नभस्यप्रौष्ठपदभाद्रभाद्रपदाः समाः** (अमर. १.४.१७)।

नभस्वान् (पुं.) [*नभोऽस्यास्ति स्वत्वेनेति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] वायु। **नभस्वद्वातपवनः पवमानः प्रभञ्जनाः** (अमर.१.१.६३)।

नभाः (पुं.) [*नभस् शब्दस्य पुंसि सौ रूपम्*] १.श्रावण महिना २.मेघ ३.फिकदानी ४.नाक ५.कमलसूत्र ६.वर्षा ऋतु। **नभो व्योम्नि नभा मेघे श्रावणे च पतद्ग्रहे। घ्राणे मृणालसूत्रे च वर्षासु च नभाः स्मृतः** (विश्व. १७७.३७)।

नभोदृष्टिः (पुं.) [*नभसि दृष्टिर्यस्य सः, बहु.स.*] आकाशतिर फर्केका आँखा हुने २.आदर्शका मात्र कुरा गर्ने।

नभोनदी (स्त्री.) [*नभसो नदीव*] आकाशगङ्गा/साना–साना नक्षत्रहरूको समूह।

नभोमणिः (पुं.) [*नभसो मणिरिव*] सूर्य।

नभोमण्डलम् (नपुं.) [*नभसो मण्डलम्, ष.त.*] आकाश मण्डल। **नेदं नभोमण्डलमम्बुराशिः नैताश्च तारा नवफेनभङ्गः** (सुभा.)

नमः (अव्य.) [*नमनम्, णम प्रह्वत्वे इति धातोः, असुन् (उ.) ४.१८९*] १.स्तोत्र २.यज्ञ ३.वज्र ४.त्याग ५.नमस्कार/प्रणाम ६.क्रोध शान्त पार्न शान्ति कर्म पूजा आदिमा मन्त्रको अन्त्यमा जोडिने बीज। तर कुनै पनि मन्त्रमा दुईटा 'नमः' लाग्दैन। कतै मन्त्रको आदि मध्य र अन्तमा पनि नमः को प्रयोग हुने गर्छ। त्यसवेला त्यो पुच्छबीज नभएर अर्कै अर्थमा प्रयोग भएको मान्नु पर्छ। ७.अङ्गन्यासमध्ये हृदयन्यासमा प्रयोग हुने वीजमन्त्र।

क्रोधोपशमने शान्तौ पूजने च नमो वदेत्।
नमोऽन्तमन्त्रे देवेशि न नमो योजयेद् बुधः
हृदयायेति शब्देन हृत्स्थो देवः सविग्रहः।
उच्यते नम इत्यस्य ज्ञानं तद्विषयः परम्॥

नमनम् (पुं.) [*णम प्रह्वते शब्दे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यकः*] नमस्कार गर्नु/प्रणाम गर्नु/ढोग/विनय।

नमनीयः (पुं.वि.) [*नमितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.नमस्कार गर्न योग्य/प्रणाम गर्न योग्य/आदरणीय/पूज्य २.निहुरनुपर्ने।

नमसितः (पुं.वि.) [*पक्षे क्यस्य विभाषा इति यलोपः*] नमस्कार गर्नुपर्ने, पूजनीय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्कारः (पुं.) [*नमस्करणम् नमस्पूर्वकात् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] निहुरेर आदरपूर्वक अभिवादन गर्नु/प्रणाम/ढोग। नमस्कारका मुख्य तीन भेद छन्– १.मान्यजन आउँदा उठेर सम्मानसाथ गरिने– **अभ्युत्थानाभिवादन** २.पाउ समातेर नम्र भई गरिने– **पादोपसङ्ग्रहाभिवादन** ३.आफ्नो नाम र गोत्र भन्दै गरिने– **स्वनामगोत्रोच्चारणाभिवादन**। प्रकारान्तरले हेर्दा नमस्कारका सात भेद देखिन्छन्– १.त्रिकोणात्मक नमस्कार, २.षट्कोणात्मक नमस्कार, ३.अर्धचन्द्रात्मक नमस्कार, ४.प्रदक्षिणात्मक नमस्कार, ५.दण्डवत् नमस्कार, ६.अष्टाङ्ग नमस्कार ७.उग्र नमस्कार/ब्रह्मरन्ध्रले भूमि छोएर गरिने नमस्कार।

त्रिकोणमथ षट्कोणमर्द्धचन्द्रं प्रदक्षिणम्।
दण्डमष्टाङ्गमुग्रञ्च सप्तधा नतिलक्षणम्॥ (का.पु.)

नमस्कृतः (पुं.वि.) [*नमस्क्रियते स्म, नमस्पूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] नमस्कार गरिएको/प्रणाम गरिएको।

नमस्या (स्त्री.) [*नमस्करणम्, नमोवरिवश्चित्रङः क्यच् ३.१.१९ इति क्यच्, अप्रत्ययात् ३.३.१०२ इत्यकारः*] पूजा/अर्चना/सत्कार।

नमस्यितः (पुं.वि.) [*नमःकृतम्, नमोवरिवश्चित्रङः क्यच् ३.१.१९ इति क्यच्, निष्ठा ३.२.१०२ इति क्तः*] नमस्कार गरिएको पूजित।

नमितः (पुं.वि.) [*नमति स्म इति णम प्रह्वत्वे शब्दे च इति धातोः, णिचिः, क्तः*] झुकेको/ निहुरेको/ नुहेको।

नमुचिः (पुं.) [*न मुञ्चति इति, सर्वधातुभ्य इन् (उ.) ४६७ इति इन् कित्वात्र गुणः, नभ्राण्णपान्नवेदानासत्या नमुचिनकुलनख नपुंसकनक्षत्रनक्रनाकेषु प्रकृत्याः ३.६.७५ इति प्रकृतिभावान्न नलोपः*] राक्षसविशेष।

नमुचिसूदनः (पुं.) [*नमुचेर्दैत्यस्य सूदनः, ष.त., षूद क्षरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ इत्यनः*] इन्द्र। **स्वाराण्नमुचिसूदनः** (अमर.१.१.४३)।

नम्नम्यमानः (पुं.वि.) [*अतिशयेन नम्यते इति यङन्ताद् णम प्रह्वत्वे शब्दे च इति धातोः, नुगतोऽनुनासिकान्तस्य ७.४.८५ इति नुक्, ततो लटि शानच्, मुगागमश्च*] अतिश्रद्धेय।

नम्रः (पुं.वि.) [*नमनशीलः, णम प्रह्वत्वे शब्दे इति धातोः नमिकम्पिस्म्यजसकमहिंसदीपो रः ३.२.१६७ इति रः*] १.झुकेको २.विनयशील।

नयः (पुं.) [*नयनम्, णय गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, सञ्ज्ञापूर्वकत्वान्न वृद्धिः, यद्वा– णीञ् प्रापणे इति धातोः, एरच् ३.३.६५, इत्यच्, क्वचिदपवादविषयेऽप्युत्सर्गोऽविनिविशते*] १.लैजानु २.नीति।

बहुधा बहुभिः सार्धं चिन्तिताः सुनिरूपिताः
न कथञ्चिद् विलीयन्ते विद्वद्भिश्चिन्तिता नयाः॥ (सुभा.)

~शास्त्रम् (नपुं.) [*नयस्य राजनीतेः शास्त्रम्, ष.त.*] राजनीतिक शास्त्र। **~शाली** (पुं.) [*नयेन शाडते, शालते, शोभते, नयपूर्वकात् शाडृ श्लाघायाम् (डलयोरभेदः) इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] विनयी/नम्र।

नयनगोचरः (पुं.वि.) [*नयनयोर्गोचरः, ष.त.*] आँखा अगिल्तिरको/दृष्टिगोचर।

नयनच्छदः (पुं.) [*नयनयोश्छदः, ष.त.*] आँखाको ढकनी/पलक/

नयनतारा (स्त्री.) [*नयनयोस्तारा, ष.त.*] आँखाको पुतली/नानी।

नयनपुटम् (नपुं.) [*नयनस्य पुटम्, ष.त.*] आँखाको गेडी/आँखाको खाल्डो।

नयनम् (नपुं.) [*नयते प्राप्नोति रूपं येन तत्, णीञ् प्रापणे इति धातोः, बाहुलमन्यत्रापि २.७९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] १.लैजाने वा नेतृत्व गर्ने काम २.(नपुं.) [*नीयतेऽनेन णीञ् प्रापणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] नेत्र/आँखा ३.दुईलाई जनाउने शब्द। नयन वा नेत्रवाचक शब्दका अगाडि उप उपसर्ग जोड्दा चश्मा (चस्मा) भन्ने अर्थ बुझिन्छ। जस्तै– **उपनेत्रम्, उपचक्षुः, उपलोचनम्** आदि।

नयनाभिरामः (पुं.) [*नयनयोरभिरामः, ष.त.*] अति सुन्दर/मनोहर/नयननन्दन/नयनप्रीतिकर।

नरः (पुं.) [*नरति, नृणातीति, नॄ नये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.मानिस २.ब्रह्मा ३.अर्जुन। **नरोऽजे मनुजेऽर्जुने, क्लीबं तु रामकपूरे** (मेदिनी.)। **~केशरी** (पुं.) [*नरः केशरीव, उपमित त.स.*] १.श्रेष्ठ व्यक्ति/पराक्रमी मनुष्य २.नृसिंह अवतार। **~नारायणः** (पुं.) [*नरश्चासौ नारायणश्च, कर्म.स.*] १.विष्णुका चौबिस अवतारमध्ये एक २.(द्विव.) [*नरश्च नारायणश्च*] १.कृष्ण र अर्जुन २.नर र नारायण नामक विष्णुका अवतार मानिएका दुई ऋषि। **~देवः** (पुं.) [*नरो देव इव, उपमि.त.स.*] राजा/नृप/नरेश/नरनाथ/नृपति/नरपाल। **~पशुः** (पुं.) [*नरः पशुरिव, उपमितत.स.*] पशुको गुण भएको मानिस/पशुतुल्य व्यक्ति। **~पिशाचः** (पुं.) [*नरः पिशाच इव, उपमि.त.स.*] पिशाचको जस्तो स्वभाव भएको मानिस/दुष्ट मानिस/दुर्जन। **~पुङ्गवः** (पुं.) [*नरेषु पुङ्गवः, स.त.*] श्रेष्ठ मानिस। **~भक्षी** (स्त्री.) [*नरः भक्षी, नरान् भक्षयतीति, तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मानिसहरूको मासु खाने। **~शार्दूलः** (पुं.) [*नरः शार्दूल इव, उपमि.त.स.*] बाघजस्तो मानिस अर्थात् धेरै पराक्रमी मानिस/नरव्याघ्र/श्रेष्ठ मानिस। **~सिंहः** (पुं.) [*नरः सिंह इव, उपमि.त.स.*] १.पुरुषमध्ये श्रेष्ठ/नरहरि/श्रेष्ठ पुरुष २.विष्णुका दश अवतारमध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक/नृसिंह। **~हत्या** (स्त्री.) [*नरस्य हत्या, ष.त.*] मानिसको हत्या/मानिस मार्ने काम।

नरकः (पुं.) [*नरति नृणाति, वा, नॄ नये इति धातोः, कृञादिभ्यः संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ, इत्यकः, गुणः*] १.ज्यादै गह्राउने ठाउँ २.ज्यादै दुःखको ठाउँ ३.पुराण वा धर्म शास्त्रहरूअनुसार पापीको पाप छुटाउने वा पापको फल भोगाउने लोक वा ठाउँ। यो चन्द्रबिम्ब झैँ बाटुलो छ, यहाँ नानाथरीका कुण्ड छन्। यी सबै कुण्ड अतिशय लम्बा चौडा र गहिरा तथा ज्यादै डरलाग्दा छन्। यिनीहरूमा छयासी कुण्ड (नरक) प्रसिद्ध छन्– बह्निकुण्ड, तप्तकुण्ड, क्षारकुण्ड, भयानककुण्ड, विट्कुण्ड, मूत्रकुण्ड, श्लेष्मकुण्ड, गरकुण्ड, दूषिकाकुण्ड, वसाकुण्ड, शुक्रकुण्ड, असृक्क्कुण्ड, अश्रुकुण्ड, गात्रमलकुण्ड, कर्णकुण्ड, मज्जाकुण्ड, नक्रकुण्ड, लोमकुण्ड, केशकुण्ड, अस्थिकुण्ड, ताम्रकुण्ड, लोहकुण्ड, चर्मकुण्ड, तप्तसुराकुण्ड, तीक्ष्णकण्टककुण्ड, विषकुण्ड, तप्ततैलकुण्ड, कुन्तकुण्ड, कृमिकुण्ड, पूयकुण्ड, सर्पकुण्ड, मशककुण्ड, दंशकुण्ड, गरलकुण्ड, वृश्चिकादिकुण्ड, शरकुण्ड, शूलकुण्ड, खड्गकुण्ड, गोलकुण्ड, नक्रकुण्ड, काककुण्ड, मन्थानकुण्ड, बीजकुण्ड, वज्रकुण्ड, तप्तबाणकुण्ड, तीक्ष्णपाषाणकुण्ड लालकुण्ड, मसीकुण्ड, चूर्णकुण्ड, चक्रकुण्ड, बककुण्ड कूर्मकुण्ड, ज्वालाकुण्ड, भस्मकुण्ड, दग्धकुण्ड, तप्तसूचीकुण्ड, गोकामुखकुण्ड, नक्रमुखकुण्ड, गजदंशकुण्ड, गोमुखकुण्ड, कुम्भीपाककुण्ड, कालसूत्रकुण्ड, मत्स्योदकुण्ड, कृमिकुण्ड, पांशुभोज्यकुण्ड, पाशवेष्टकुण्ड, शूलप्रोतकुण्ड, प्रकम्पनकुण्ड, उल्कामुखकुण्ड, अन्धकूपकुण्ड, वेधनकुण्ड, ताडनकुण्ड, ज्वालरन्ध्रकुण्ड, देहचूर्णकुण्ड, दलनकुण्ड, शोषणकुण्ड, कषकुण्ड, शूर्पज्वालामुखकुण्ड, धूमान्धकुण्ड, नागवेष्टनकुण्ड। (देवीभाग.)। तमिस्र, अन्धतामिस्र, रौरव, महारौरव, कुम्भीपाक, कालसूत्र, असिपत्रवन, शूकरमुख, अन्धकूप, कृमिभोजन, सन्दश, तप्तसूर्मि, वज्रकष्टक, शाल्मली, वैतरणी, पूयोद, प्राणरोध, विशंसन, लालाभक्ष्य सारमेयादन, अवीची, अयःपान। (भाग.)। तामिस्र, अन्धतामिस्र, रौरव, महारौरव, नरक, महानरक, कालसूत्र, सञ्जीवन, महचि, तपन, प्रतापन, संहत, काकोल, कुड्मल, प्रतिमूर्तिक, लोहशङ्कु ऋजीष, शाल्मली, वैतरणी, असिपत्र (नपुं.) लोहदारक। (मनु.) तमिस्र, लोहशङ्कु, महानिरय, शाल्मली, रौरव, कुड्मल, पूतिमृत्तिक, कालसूत्र, सङ्घात, लोहितोद, सविष, संप्रपातन, महानरक, काकोल, संजीवन, महापथ, अवीचि, अन्धतामिस्र, कुम्भीपाक, असिपत्रवन, तपन (याज्ञवल्क्यः) विभिन्न ग्रन्थमा वर्णित नरकका नाम विभिन्न छन्। अप्रसिद्ध नरकहरू पनि प्रशस्त छन्। यहाँ दिग्दर्शनका लागि उपर्युक्त नाम मात्र लेखिएका हुन्। **~कुण्डम्** (नपुं.) [*नरकस्य कुण्डम्, ष.त.*] पापीहरूलाई यातना दिइने नरकको एक खाल्डो। **~गतिः** (स्त्री.) नरकमा जानुपर्ने कर्म। **~गामी** (वि.) नरकमा पर्ने वा जाने। **~चर्तुदशी** (स्त्री.) कार्तिककृष्ण चतुर्दशी। **~जित्** (पुं.) १.नरकासुरलाई जित्ने श्रीकृण २.इन्द्र। **~मुक्तः** (पुं.वि.) नरकबाट छुटेको। **~यातना** (स्त्री.) नरकमा दिइने दुखः। **~स्थः** (पुं.वि.) नरकमा बस्ने।

नरकान्तकः (पुं.) [*नरकस्य अन्तकः, ष.त.*] विष्णु वा श्रीकृष्ण।

नरकारिः (पुं.) [*नरकस्य अरिः, ष.त.*] श्रीकृष्ण।

नरकासुरः (पुं.) [*नरक इति असुरः, कर्म.स.*] पृथ्वीको गर्भबाट उत्पन्न प्राग्ज्योतिष पुरको राजा/एक दानव। यसलाई श्रीकृष्णले मारेका थिए।

नरकेशरी (पुं.) [*नरः केशरी इव, उपमित त.स.*] १.नृसिंहावतार २.सिंहजस्तो पराक्रमी मानिस।

नरनारायणपर्वतः (पुं.) [*नरनारायण इति पर्वतः, कर्म.स.*] बदरीनाथ भन्दा धेरै माथिको एक हिमाली पर्वत। यहाँबाट अलकनन्दा जलको रूपमा र गङ्गा हिम प्रवाहको रूपमा निस्केको छ।

नरवाहनः (पुं.) [*नरो वाहनमस्य, क्षुभ्नादिषु च ८.४.३९ इति णत्वनिषेधः*] कुबेर।

नराधमः (पुं.) [*नरेषु अधमः, स.त.*] नीच प्रकृतिको मानिस/मानिसहरूमध्ये अधम।

नराधिपः (पुं.) [*नराणाम्, अधिपः, ष.त.*] राजा/नरेश/नराधिपति/नरेन्द्र/नरेश्वर।

नरेन्द्रः (पुं.) [*नराणामिन्द्रः ष.त.*] राजा।

नरोत्तमः (पुं.वि.) [*नरेषु उत्तमः, स.त.*] १.मानिसमा श्रेष्ठ २.(पुं.) विष्णु/नारायण।

नर्तकः (पुं.) [*नृत्यतीति नृति गात्रविशक्षेपे इति धातोः, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, युवोरनाकौ ७.१.१ इति अकः*] नाच्ने व्यक्ति/नचुवा/नटुवा।

नर्तकी (स्त्री.) [*नृत्यति, नृती गात्रविक्षेपे इति धातोः, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.नटी २.हथिनी। **नर्तकी लासिकायां च करेण्वामपि योषिति** (मेदिनी.)।

नर्तनम् (नपुं.) [*नृती गात्रविक्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] नाच्ने काम/नाच/नृत्य।

नर्तनप्रियः (पुं.) [*नर्तने प्रियः, स.त.*] नाच्न वा नाच हेर्न मन पराउने।

नर्द (धा.) [*शब्दे, अक.सेट् पर.*] शब्द गर्नु। लट्– **नर्दति–** शब्द गर्छ। लिट्– **ननर्द–** शब्द गरेछ (अन.)। लुट्– **नर्दिता–** शब्द गर्ने छ (अन.)। लृट्– **नर्दिष्यति–** शब्द गर्ने छ। लोट्– **नर्दतु–** शब्द गरोस्। लङ्– **अनर्दत्–** शब्द गऱ्यो (अन.)। विधिलिङ्– **नर्देत्–** शब्द गर्ला, शब्द गरोस्। आशीर्लिङ्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नर्द्यात्— शब्द गरोस् । लुङ्— **अनर्दीत्—** शब्द गर्‍यो । लृङ्— **अनर्दिष्यत्—** शब्द गर्ने थियो ।

नर्दटकम् (नपुं.) प्रत्येक पाउमा नगण, जगण, भगण, जगण, जगण तथा एक लघु वर्ण र एक गुरुवर्णको प्रयोग भएको छन्द । **यदि भवतो नजौ जजला गुरु नर्दटकम्** (छन्दो.) ।

नर्म (नपुं.) [*नरणम्, नॄ नये इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिप्*] क्रीडा ।

नर्मदा (स्त्री.) [*नर्म ददाति द्यति वा, डुदाञ् दाने इति धातोः, दो अवखण्डने इति धातोः आदेच उपदेशेऽशिति ६.१.४५ इत्यात्वे वा ततः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.आनन्द दिने स्त्री २.भारतको मध्यप्रदेशको एक प्रसिद्ध नदी । **नर्मदः केलिसचिवे नर्मदा सरिदन्तरे** (विश्व.) ।

नर्ममाला (स्त्री.) व्यङ्ग्यप्रधान एक काव्य । यसका रचयिता क्षेमेन्द्र हुन् । नर्ममालामा तीन परिच्छेद छन् । यसमा कायस्थ, अधिकारी आदिका क्रियाकलापहरूप्रति गहिरो व्यङ्ग्य गरिएको छ । घुस लिनु, जालसाजी गर्नु जस्ता क्रियाकलापको धज्जी उडाइएको छ ।

नर्मसचिवः (पुं.) [*नर्मणि सचिवः, स.त.*] नायकका लागि सहयोग पुऱ्याउने पात्र । नर्मको अर्थ आनन्दको उल्लास, रति, विलास र हास हुन्छ । शृङ्गाररसको प्रसङ्गमा नायकलाई आनन्द दिलाउने, दिल बहलाउने र यस्तै अन्य विविध कार्यमा सहयोग पुऱ्याउने काम नर्मसचिवको हुन्छ । शारदातनयले कामसचिव र बाणभट्टले अनुचरको रूपमा नर्मसचिवलाई लिएका छन् । नर्मसचिवका चार भेद छन्— १.**पीठमर्द—** स्त्रीलाई प्रसन्न तुल्याउने नायकको सहयोगी । २.**विट—** भानुदत्तले विटको परिचय दिँदै यसलाई कामतन्त्र कलाकोविद भनेका छन् । ३.**विदूषक—** शरीरका अङ्ग र बोलीलाई विकृत रूपमा प्रस्तुत गरेर हाँसो उठाउने खालको नायकको सहयोगी । ४.**चेटक—** नायकनायिकालाई मिलाउने कार्यमा कुशल सहयोगी । **सन्धानचतुरश्चेटकः** (भानु.) ।

नल (धा.) [*भाषायाम्, सक.सेट्, उभ.*] शब्द गर्नु । लट्— **नालयति-ते—** शब्द गर्छ इत्यादि ।

नलः (पुं.) [*नलति बध्नाति, नलधातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.नली २.ढुङ्ग्रो ३.कमलको डाँठ ४.अनाजहरू टिपिएको धान, कोदो आदिको हरियो बोट ५.पितृदेवता ६.बाँदर ।

नलः पोटगले राशि पितृदेवे कपीश्वरे ।
नली मनःशिलायां तु नलिनेऽपि नलं मतम् ॥ (विश्व.)

नलकूबरः (पुं.) [*नलः कूबरो युगन्धरो यस्य सः, बहु.स.*] कुबेरको छोरो ।

नलचम्पूः (स्त्री.) दसौं शताब्दीको पूर्वार्द्धमा त्रिविक्रम भट्टद्वारा रचित श्लेषप्रधान चम्पूकाव्य । यसमा नल-दमयन्तीको प्रणयकथाको वर्णन छ । यो ग्रन्थ उच्छ्वासमा विभक्त छ । यसका सात उच्छ्वास छन् । शृङ्गाररसको प्रधान्य छ । प्रतिप्रसङ्गमा श्लेष अलङ्कारको प्रयोगले गर्दा यो काव्य अत्यन्त प्रौढ देखिन्छ ।

नलदम् (नपुं.) [*नलं गन्धं ददाति, दयते वा, डुदाञ् दाने इति धातोः, देङ् पालने इति धातोर्वा, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] उशीर ।

नलमीनः (पुं.) [*नलवनस्थो मीनः नडाभो मीन इति वा, नलमीनः इति केचित्पठन्ति*] झार भएको ठाउँमा हुने सानो जातको माछो ।

नलिनम् (नपुं.) [*णल गहने इति धातोः, बहुलमन्यत्रापि (उ) २१६ इति इनच्*] १.कमल २.नल ३.पानी । **नलिनं नलिकातोयाम्बुजेषु** (हैम.) ।

नलिनी (स्त्री.) [*नलाः सन्त्यत्र, पुष्करादिभ्यो देशे ५.२.१३५ इतीनिः, डलयोरैक्यम्, यद्वा— नलमत्रास्ति, खलादिभ्यः (वा.) ४.२.५१ इतीनिः*] १.कमलको बोट २.कमलको समूह ३.कमलिनी ।

नली (स्त्री.) [*नलतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.मालकागुनु २.पानी बग्ने नल ३.हुक्काको सामानविशेष ।

नल्वः (पुं.वि.) [*णल बन्धने इति धातोः, उल्बादयश्च (उ.) ५४४ इति वः, कात्यस्तु नल्वं हस्तशतम् इत्याह,*] चारसय हात लामो ।

नव (नपुं.) [*नवतीति, बाहुलकात् कनिन्, गुणश्च*] १.नौलाई बुझाउने सङ्ख्याशब्द २.[*नूयते स्तूयते,णु स्तुतौ इति धातोः ऋदोरप् ३.३.५७ इत्यप्*] (पुं.वि.) नयाँ । **~कन्याः** (स्त्री.बहु.) [*नवसङ्ख्यकाः कन्याः, म.प.स.*] नौथरी कन्याहरू— नट जातिकी कन्या, ब्राह्मणी माता र माझीजातिको पिताबाट जन्मेकी कन्या, वेश्या, धोबिनी, नाउनी, ब्राह्मणी, शूद्रकी छोरी, ग्वालाकी छोरी, मालीकी छोरी यी नौ थरी महिला वा कन्या ।

नटी कपालिनी वेश्या रजकी नापिताङ्गना ।
ब्राह्मणी शूद्रकन्या च तथा गोपालकन्यका ।
मालाकारस्य कन्या च नव कन्याः प्रकीर्तिताः ।

(कुमारीतन्त्र) **~काल्यः** (स्त्री.बहु.) नौथरी काली देवी— दक्षिणकाली, भद्रकाली, श्मशानकाली, कालकाली,गुह्यकाली, कामकला काली, धनकाली, सिद्धिकाली र चण्डिकालिका ।

काली नवविधा प्रोक्ता सर्वतन्त्रेषु गोपिता ।
आद्या तु दक्षिणकाली भद्रकाली तथापरा ॥
अन्या श्मशानकाली च कालकाली चतुर्थिका ।
पञ्चमी गुह्यकाली च पूर्वं या कथितं मया ।
षष्ठी कामकलाकाली सप्तमी धनकालिका ।
अष्टमी सिद्धिकाली च नवमी चण्डिकालिका ॥

(महाकालसंहिता)

~कुमार्यः (स्त्री.बहु.) नौवटी कुमारी देवी— कुमारिका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~खण्डः (पुं.) पृथ्वीको नौखण्ड या विभाग– भारत, इलावृत्त, किम्पुरुष, भद्र, केतुमाल, हरि, हिरण्य, रम्य र कुश। **~जातः** (पुं.वि.) [*नवश्चासौ जातश्च, कर्म.स.*] भर्खर जन्मेको। **~दुर्गा** (स्त्री.बहु) [*नव नवसंख्यका दुर्गा म.प.स., संज्ञातया न द्विगुः*] नवरात्रमा पूजा गरिने शैलपुत्री,ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदा नामक दुर्गा देवीका नौ रूप। **~द्वारम्** (नपुं.) शरीरको नौ प्वाल वा इन्द्रिय– दुई आँखा, दुई कान, नाकका दुई प्वाल, मुख, गुदद्वार र लिङ्ग। **~द्वीपः** (पुं.) बङ्गालको एक प्रसिद्ध प्राचीन सहर। यहाँ स– साना नौ गाउँ थिए। यसलाई महाप्रभु चैतन्यको जन्मस्थान मानिन्छ। **~धातुः** (पुं.) [*नव नवसंख्यकः धातुः, म.प.स. संज्ञातया न द्विगुः*] सुन, चाँदी, फलाम, सिसा, तामा, राँग, पारो, काँस र चुम्बक यी नौ प्रकारका धातु। **~निधयः** (पुं.बहु) कुबेरका नौ निधि वा खानि– महापद्म, पद्म, शङ्ख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील, खर्व।

महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ।
मुकुन्दकुन्दनीलाश्च खर्वैते निधयो नव॥

~मल्लिका (स्त्री.) [*नवा चासौ मल्लिका, कर्म.स*] १.चमेली जातको एक फूल नवमालिका २.कामदेवको वाण। **~युवकः** (पुं.) [*नवश्चासौ युवकश्च, कर्म.स.*] भर्खरको तरुनो/नौजवान/नवयुवा। **~युवती** (स्त्री.) [*नवा चासौ युवती च, कर्म.स.*] भर्खरकी तरुणी/युवती स्त्री। **~यौवनम्** (नपुं.) [*नवञ्च तद् यौवनम्, कर्म.स.*] बढ्दो जवानी/भर्खरको चढेको यौवन। **~रत्नम्** (नपुं.) [*नवानां रत्नानां समाहारः, द्विगुस.संज्ञायान्तु न द्विगुः*] १.मोती, पन्ना, माणिक, गोमेद, हीरा, मुगा, लहसुन, पद्मराग र नीर यी नौ प्रकारका रत्न २.धन्वन्तरि, क्षपणक, अमरसिंह, शङ्कु, बेतालभट्ट, घटकर्पर, कालिदास, बराहमिहिर र वररुचि विक्रमादित्यका सभाका यी नौ जना पण्डित। **~रसः** (पुं.) [*नव नवसंख्यकः, रसः, म.प.स., संज्ञातया न द्विगुः*] शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त यी नौ प्रकारका रस। **~वधूः** (स्त्री.) [*नवा चासौ वधूश्च, कर्म.स.*] नयाँ दुलही/नवविवाहता स्त्री। **~सङ्गमः** (पुं.) [*नवश्चासौ सङ्गमश्च, कर्म.स.*] दुलहा दुलहीको प्रथम समागम/नयाँ पतिपत्नीको प्रथम भेट।

नवग्रहाः (पुं.बहु.) [*नवसंख्यका ग्रहाः, म.प.सः*] प्राचीन दृष्टिकोणअनुसार सूर्य, चन्द्र, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतु यी नौ ग्रह। नवीन दृष्टिकोणअनुसार बुध, शुक्र, पृथ्वी, मङ्गल, वृहस्पति, शनि, अरुण, वरुण।



(नवग्रहाः)

नवदलम् (नपुं.) [*नवं नूतनञ्च तद्दलञ्च, कर्म.स*] नयाँ पात।

नवधा (स्त्री.) [*नवभिः प्रकारैः, सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा*] नौ प्रकारले/नौ किसिमले।

नवधा भक्तिः (स्त्री.) [*नवधा भक्तिः*] विष्णुसँग सम्बद्ध भक्तिका प्रकारहरू– श्रवण, कीर्तन, विष्णुको स्मरण, विष्णुको पाउको सेवा, अर्चना, बन्दना, दासता, सख्यभाव र आत्मनिवेदन।

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्।
अर्चनं बन्दनं दास्यं सख्यमात्मनिवेदनम्॥ (भाग.)

नवनीतम् (नपुं.) [*नवञ्च तन्नीतं च, विशेषणं विशेष्येण बहुलम् २.१.५७ इति समासः*] नौनी। म्रक्षणम्, सरजम्, हैयङ्गवीनम् यसका अन्य नाम हुन्। यो वीर्यवर्द्धक, अग्निदीपक, र हितकारक हुन्छ। गाईको नौनी वात, पित्त, रक्तविकार, क्षयरोग, आदिमा लाभदायक हुन्छ। यो बालक र वृद्धका लागि हितकर हुन्छ। विशेष गरेर सानो बच्चाका लागि त गाईको नौनी अमृतसमान हुन्छ। भैंसीको नौनीले बोसो र शुक्र बढाउँछ।

नवमल्लिका (स्त्री.) [*नवा नवीना स्तुत्या चासौ मल्लिका च*] पुष्प–लताविशेष। **रम्यं हर्म्यतलं नवा सुनयना गुञ्जद्द्विरेफा लताः। प्रोन्मीलन्नवमल्लिकाः सुरभयो वाताः सचन्द्रा निशाः॥** (प्रबोधचन्द्रोदय)

नवमालिका (स्त्री.) [*नवा स्तुत्या माला ,अस्याः, शेषाद्विभाषा ५.४.१५४ इति कप्, टाप्, इत्वम्*] १.वसन्ती पुष्पलता २.सुकन्दराज ३.प्रत्येक पाउमा नगण, जगण, भगण र यगणको प्रयोग भएको छन्द। **इह नवमालिका नजभयैः स्यात्** (छन्दो.)।

नवमी (स्त्री.) [*नवानां सूर्यचन्द्रयोरन्तरभूतानां द्वादशांशानां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट्, नान्तादसङ्ख्यादेर्मट् ५.२.४९ इति मट्, ततः टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] शुक्ल र कृष्ण पक्षको नवौं तिथि।

नवरात्रम् (पुं.) [*नवसंख्यकानां रात्रीणां समाहारः, द्विगु.स., अहः सर्वैकदेशसङ्ख्यापुण्याच्च रात्रेः ५.४.८७ इत्यच्, सङ्ख्यापूर्वं रात्रं क्लीबम् इति नपुंसकत्वम्*] कुलपरम्पराअनुसार नवदुर्गा, महाविद्या, सिद्धविद्या आदि देवीका निराहार, फलाहार, एकभक्त, जलाहार, नक्तभोजन, हविष्याशन, अयाचित आदि व्रतमध्ये कुनै एकव्रत (एक, तीन, पाँच, सात वा) गरी वा दुर्गाको नित्य पूजा गरी यो पर्व शुक्ल पक्षको प्रतिपदादेखि नवमीसम्म नौ रात मनाइन्छ। तन्त्रशास्त्रअनुसार यो आश्विन, माघ, चैत र असार यी चार महीनामा मनाउनु पर्छ। धेरै जसोले आश्विनको नवरात्र र चैत्रको शुक्ल अष्टमीको दिन मात्र मनाउने गर्छन्। दशमीको दिन विसर्जन गरी खुसियाली मनाइने हुँदा यसलाई **दशैं** पनि भन्छन्।

नवशक्तिसमायुक्तं नवरात्रं तदुच्यते।
एकैव देवदेवेशि नवधा परिनिष्ठिता॥
बोधनं भोजनं चैव शयनं परिवर्तनम्।
चतुर्धा नवरात्रं तु भोगमोक्षप्रदं भवेत्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इषे प्रबोधनं चैव माघमासेऽथ भोजनम्।
चैत्रे तु शयनं प्रोक्तमाषाढे परिवर्तनम्॥
दुर्गां भगवतीमेतच्चतुर्विधमहोत्सवे।
जानताऽजानता वापि दृढभक्तिपरायणः॥
निराहारी फलाहरी त्वेकभक्तो जलव्रतः।
नक्तभोजी हविष्याशी यथाशक्त्या समर्चयेत्॥

(कुलागमरहस्य) नवरात्र चारवटा मानिन्छन्– **बोधन–** असौजमा हुने (यसमा देवी निद्राबाट जागा हुनुहुन्छ), **भोजन–** माघमा हुने (यसमा देवीले भोजन गर्नु हुन्छ), **शयन–** चैतमा हुने (यसमा देवी सुत्नु हुन्छ), **परिवर्तन–** असारमा हुने। यसमा देवी कोल्टे फर्कनु हुन्छ। नवरात्रमा नवदुर्गाको पूजा सुरु गरिने विविध मत छन्– १.उग्रचण्डा (१८ भुजाकी दुर्गा) को असौज कृष्ण नवमीमा शङ्ख बजाएर मध्याह्नमा खड्गमा प्रबोधन गरी टीकाको दिन विसर्जन गरिन्छ।

येऽप्यदशभुजां देवीमुग्रचण्डाभिधां प्रिये।
पिपूजयिषवो मर्त्यास्तदुपासकतामिताः॥
तथाश्विननवम्यां वै कृष्णायां सुसमाहिताः।
करवाले बोधयेयुर्मध्याह्ने शङ्खनिःस्वनैः॥ (पु.च.)

२.भद्रकाली (१६ भुजाकी दुर्गा) को असौज कृष्ण एकादशीमा उपवास, द्वादशीमा एक भक्त, त्रयोदशीमा नक्तव्रत र चतुर्दशीमा प्रबोधन गरी आश्विन शुक्ल दशमीका दिन विसर्जन गरिन्छ।

यदा तु षोडशभुजां महामायां प्रपूजयेत्।
दुर्गातन्त्रेण मंत्रेण विशेषं तत्र वै शृणु॥
कन्यायां कृष्णपक्षे तु एकादश्यामुपोषितः।
द्वादश्यामेकभक्तं च नक्तं कुर्यात्परेऽहनि॥
चतुर्दश्यां महामायां बोधयित्वा विधानतः।
गीतवादित्रनिर्घोषैर्नानानैवेद्यवेदनैः॥
अयाचितं बुधः कुर्यादुपवासं रहेऽहनि।
एवमेव व्रतं कुर्याद् यावद्वै नवमी भवेत्॥

३.भद्रकाली (१६ भुजाकी दर्गा) को असौज शुक्ल प्रतिपदामा घडामा प्रबोधन गरी आश्विन शुक्ल दशमीका दिन विसर्जन गरिन्छ।

इषे शुक्लप्रतिपदि भुजैः षोडशभिर्युताम्।
बोधयित्वा भद्रकालीं नवम्यन्तं प्रपूजयेत्॥ (पु.च.)

४.कात्यायनी (१० भुजाकी दुर्गा) को षष्ठीको दिन बेलको बोटमा प्रबोधन गरी सप्तमीदेखि पूजा गरी आश्विन शुक्ल दशमीका दिन विसर्जन गरिन्छ,। यसलाई फूलपाती भनिन्छ। यस्तो दशैं र असौजको नवरात्रलाई बडादशैं भनिन्छ।

बोधयेद् बिल्वशाखायां षष्ठ्यां देवी फलेषु च।
सप्तम्यां बिल्वशाखां तामाहृत्य प्रतिपूजयेत्॥
पुनः पूजां तथाष्टम्यां विशेषेण समाचरेत्।
जागरं च स्वयं कुर्याद्बलिदानं महानिशि॥
प्रभूतबलिदानं च नवम्यां विधिवच्चरेत्।
ध्यायेद्दशभुजां देवीं दुर्गामन्त्रेण पूजयेत्॥
विसर्जनं दशम्यां तु कुर्याद्वै शारदोत्सवैः।
धूलिकर्दमविक्षेपैः क्रीडाकौतुकमङ्गलैः॥
भगलिङ्गाभिधानैश्च भगलिङ्गप्रगीतकैः। (का.पु.) ५.तर कसै-कसैले महाष्टमी, महानवमी दुई दिन वा एक दिनमात्र दुर्गाको उपासना गर्छन्।

यस्त्वेकस्यामथाष्टम्यां नवम्यामथ साधकः।
पूजयेद्वरदां देवीं महाविभवविस्तरैः॥ (नि.सि.पृ. १२२)

६.आशौचले छेकिन जाँदा र तृतीया वा पञ्चमीमा चोखिएमा जमरा राख्छन् र सप्तमीमा चोखिए सोही दिनदेखि उपासना सुरु गर्छन्। कोही आशौचमा देवताको स्पर्श निषिद्ध भएकाले ब्राह्मणद्वारा यवारोपण (जमरा राख्ने काम) देवीको पूजाआजा,चण्डीपाठ आदि गराउँछन्। **शिष्टास्त्वाशौचे पूजादेवतास्पर्शो देर्लोकविद्विष्टत्वा-दन्यैनैव कारयन्ति। अपरे तु तृतीयादि पञ्चम्यादि-सप्तम्याद्यनुकल्पेन नव-रात्रविधिना सत्वात् प्रदिपद्याशौचे तृतीयाद्यनुकल्पाश्रयणं कुर्वन्ति** (ध.सिं)।

नवलेखनम् (नपुं.) [*नवञ्च तल्लेखनञ्च,कर्म.स.*] नयाँ कविता वा लेख लेख्ने कार्य/नयाँ साहित्यको सिर्जना गर्ने काम।

नववधूः (स्त्री.) [*नवा चासौ वधूश्च, कर्म.स.*] नयाँ दुलही।

नवसूतिका (स्त्री.) [*नवं सूतं प्रसवोऽस्याः, शेषाद् विभाषा ५.४.१५४ इति कप्, प्रत्ययस्थात् ७.३.४४ इतीत्वम्*] सुत्केरी।

नवान्नम् (नपुं.) [*नवञ्च तदन्नञ्च, कर्म.स.*] खेत वा खलाबाट घरमा आएको नयाँ अन्न।

नवाम्बरम् (नपुं.) [*नवं च तदम्बरं च,कर्म.स.*] न फाटेको, नलगाएको र नधोएको लुगा।

नवीकरणम् (नपुं.) [*अनवो नवो यथा सम्पद्यते तथा करणम्, च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] नयाँ तुल्याउनु/नयाँ पार्नु/फेरि जगैदेखि नयाँ बनाउने काम।

नवीनः (पुं.वि.) [*नवमेव, नवस्य नू आदेशः, त्नप्तनपूखाश्च प्रत्यया वक्तव्या ३.३.३७ इति खप्रत्ययः, खस्य ईनः*] नयाँ। **गदाधर-विनिर्मिता विविधदुर्गतर्काटवी नवीनपदवीमुदं वितनुतां सतां धीमताम्** (गदाधर)।

नवेदाः (पुं.वि.) [*न वेत्तीति, विद ज्ञाने इति धातोः सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्, नभ्राण्नपान्नवेदा– ६.३.७५ नञः प्रकृतिभावः*] नजान्ने।

नवोढा (स्त्री.) [*नवमूढं विवाहो यस्या सा,बहु.स.*] नवविवाहित स्त्री।

नवोद्धृतम् (नपुं.) [*नवञ्च तदुद्धृतञ्च*] १.नौनी। **नवनीतं नवोद्धृतम्** (अमर.२.९.५२) २.(वि.) भर्खरै निकाएिको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नव्यः (पुं.वि.) [*नूयते स्तूयते, अचो यत् ३.१.९७ इति यत्, वान्तदेशः, यद्वा नवमेव, शाखादिभ्यो यत् इति यत्*] १.नयाँ २.स्तुत्य ३.(पुं.) रातो पुनर्नवा/जडीबुटीविशेष।

नश्वरः (पुं.वि.) [*नश्यति तच्छीलः, इण्नशजिसर्तिभ्यः क्वरप् ३.२.१६३ इति क्वरप्*] नाशवान्/नाशशील।

नष्टः (पुं.वि.) [*नश्यति स्म, णश अदर्शने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति कर्तरि क्तः*] १.नाश भएको/हराएको। **नष्टं मृतमतिक्रान्तं नानुशोचन्ति पण्डिताः**। (प.त.) २.अधम **असन्तुष्य द्विजा नष्ट्याः सन्तुष्टयश्च महीभुजः। सलज्जा गणिका नष्य निर्लज्जास्तु कुलस्त्रियः** (चाणक्य) ३.प्रस्थान गरेको। **तृतीये तु मुहूर्ते सा नष्य वाणपुरात् तदा। सखीप्रियं चिकीर्षन्ती पूजयन्ती तपोधनान्**॥ (ह.वं.१७४.१२३) ४.भागेको। **नष्टं वर्षवरैर्मनुष्य गणनाभावादपास्य त्रपाम्** (रत्नावली) ५.निष्फल। **नष्टं देवलोके दत्तम्** (मनु.) ६.लडाइँबाट भागेर लुकेको (अमर.२.८.११२)।

नष्टचेष्टता (स्त्री.) [*नष्टा चेष्टा यस्य, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] चेष्टा नष्ट हुनु।

नष्याग्निः (पुं.) [*नष्टोऽग्निर्यस्य*] अग्निहोत्र त्याग गर्ने काम।

नस्तम् (नपुं.) [*नसनम्, णस कौटिल्ये इति धातोः, क्तः*] नाक छेड्ने काम।

नस्ता (स्त्री.) [*नस्यते,क्तः,टाप्*] १.छेडेको नाक २.बुलाकी ३.नत्था।

नस्तितः (पुं.वि.) [*नसनम्, णस कौटिल्ये इति धातोः, क्तः ३.३.११४ नस्तं कृतमस्य, प्रातिपादिकाद्धात्वर्थे (चु.अ.सू.) इति णिच्, ततः कर्मणि क्तः ३.२.१०२*] नाक छेडेर डोरी लगाएको (पशु)। **स्यान्नस्तितस्तु नस्योतः** (अमर.२.९.६३)।

नस्यम् (नपुं.) [*नासिकायै हितम्, शरीरावयवाद्यत् ५.१.६ इति यत्, नस् नासिकायाः (वा.) ५.१.६ इति नसादेशः*] नाकमा हाल्ने नस वा औषधि।

नस्योतः (पुं.वि.) [*नासिकायां भवा, शरीरावयवाच्च ४.३.५५ इति यत्, नस्नासिकाया यत्तस्क्षुद्रेषु (वा.) ६.१.६३ इति नसादेशः नस्यया नासारज्ज्वा उतः (उत्तम्भितः)*] नाक छेडेर डोरी लगाएको (पशु)।

नहि (अ.) [*नह्यति, णह बन्धने इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्*] हुँदैन/होइन आदि निषेध अर्थ बुझाउने शब्द/अभाव। **अभावे नह्य नो नापि** (अमर.३.४.११)।

नहुषः (पुं.) [*नह्यति बध्नातीति, णह बन्धने इति धातोः, पृनहिकलिभ्य उषच् (उ.) ५२४ इति उषच्*] १.नागविशेष २.राजाविशेष।

ना (पुं.) [*कार्याणि नयतीति, नयन्ति पूर्वपुरुषानुत्तमां गतिमिति वा, णीञ्, प्रापणे इति धातोः, नयतेर्डिच्च (उ. २६५) इति ऋः, डित्वाट्टिलोपः*] मानिस/पुरुष।

नाकः (पुं.) [*न विद्यते अकम्, दुखम् यस्मिन् सः, नञोऽस्त्यर्थानां वाच्यो वा चोत्तरपदलोपः इति नञ् बहुव्रीहिः, न भ्राण्न ६.३.७५ इति प्रकृतिभावान्नलोपाभावः*] १.स्वर्ग २.आकाश। **आकाशे त्रिदिवे नाकः** (अमर.३.३.२)।

नाकुः (पुं.) [*नम्यतेऽनेन, णम प्रह्वत्वे शब्दे इति धातोः फलिपाटिनमिमनिजरां गुक्पटिनाकिधतश्च (उ.) १८ इति नाक्यादेशः, उप्रत्ययश्च, इलोपः*] १.धमिराले उठाएको माटो २.मुनि/ऋषिविशेष। **नाकुर्मुन्यन्तरे पृथ्वीधरवल्मीकयोः पुमान्** (मेदिनी.) **वामलूरुश्च नाकुश्च वल्मीकं पुन्नपुंसकम्** (अमर.)।

नाकुली (स्त्री.) [*नकुलानामियम्, प्रियत्वात्, तस्येदम् ४.३.१२० इत्यण्, न आकुलत्वं यया वा*] फ्याक्से। **नाकुली कुक्कुटीकन्दे रास्नायां चव्यके स्त्रियाम्** (मेदिनी.)।

नागः (पुं.) [*नगे भवः, तत्र भवः ४.३.५३ इत्यण्, यद्वा न गच्छन्ति, अगाः, न अगा, सह सुपा २.१.४ इति समासः। अनञ्त्वान्न नलोपः*] १.हात्ती २.सर्प ३.पारिजात ४.नागकेसर ५.क्रूर आचार भएको व्यक्ति ६.सिँगौरो ७.मोथे ८.मेघ ९.शरीरमा भएको एक किसिमको वायु १०.चौध करणमध्ये एक करण ११.सिसा १२.शब्दको पछाडि आउँदा श्रेष्ठ अर्थ बुझाउने शब्द १३.तक्षक, कर्कोटक आदि फणा र पुच्छर भएका देवयोनिविशेष। **नागाः काद्रवेयाः** (अमर.१.८.४)।

नागो मतङ्गजे सर्पे पुंनागे नागकेसरे।
क्रूराचारे नागदन्ते मुस्तके वारिदेऽपि च।
देहानिलविशेषे च श्रेष्ठे स्यादुत्तरस्थितः (हैम.)।

१४.पर्वतविशेष १५.देशविशेष। **~कन्या** (स्त्री.) [*नागस्य कन्या, ष.त.*] नाग जातिका कन्या/माथिको आधा शरीर स्त्रीको र तल्लो आधा शरीर नागको हुने एक काल्पनिक जीव। **~दन्तः** (पुं.) [*नागस्य हस्तिनः दन्तः, ष.त.*] हात्तीको दाँत, भित्तामा गाडिएको किलो। **~पञ्चमी** (स्त्री.) [*नागस्य पञ्चमी, ष.त.*] श्रावण पञ्चमी/यस दिन नागको पूजा गरिन्छ। **~पुरम्** (नपुं.) [*नागानां पुरम्, ष.त.*] पाताल/ पृथ्वीमुनिको लोक। **~वल्लरी** (स्त्री.) [*नाग इव दीर्घा वल्लरी*] नागवल्ली/पानको लहरो/लता।

नागकेसरः (पुं.) [*नागाख्यः केसरः*] पुष्पवृक्षविशेष/नागपुष्प। **स्वर्णेभसर्पाख्यो नागकेसरः षट्पदप्रियः** (रभसः)।

नागबला (स्त्री.) [*नागानां हस्तिनां बला*] गुनालुनामक बलुविशेष।

नागम् (नपुं.) [*नगे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.सिसा २.करणको एक भेद। (मेदिनी.)।

नागरङ्गः (पुं.) [*नागा रजन्त्यत्र, रञ्ज रागे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, नागस्य सिन्दूरस्येव रङ्गोऽस्य इति वा*] १.सुन्तला २.नाटकमा प्रयोग हुने विटपात्र।

नागरम् (नपुं.) [*नगरे भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] १.सुठो २.मोथे ३.(पुं.) एकथरी ब्राह्मण ४.(पुं वि.) नगरवासी।

नागरिकः (पुं.वि.) [*नगरे राष्ट्रे भवः, तत्र भवः ४.३.५३ इति ठक्, ठस्येकः*] कुनै देश वा राष्ट्रको विधानअनुसार सामाजिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनीतिक अधिकार प्राप्त भएको/नागरिक अधिकार प्राप्त। **~स्वतन्त्रता** (स्त्री.) [*नागरिकाणां स्वतन्त्रता, ष.त.*] देशको संविधान र कानुनबमोजिम नागरिकले पाउने विभिन्न प्रकारका स्वतन्त्रता।

नागरिकता (स्त्री.) [*नागरिकस्य भावः, तस्य भावस्त्वतलौ ६.१.११९ इति तल्, टाप् ४.१.४*] देशको वासिन्दा हुनु। **~परित्यागः** (पुं.) [*नागरिकतायाः परित्यागः, ष.त.*] आफूले पाएको नागरिकता छोड्ने काम। **~प्रमाणपत्रम्** (नपुं.) [*नागरिकतायाः प्रमाणपत्रम्, ष.त.*] कुनै देशका नागरिकले आफ्ना देशका नागरिकताको कानुनबमोजिम पाउने प्रमाणको कागत। **~प्राप्तिः** (स्त्री.) [*नागरिकतायाः प्राप्तिः, ष.त.*] एक देशको नागरिक कुनै कारणले अर्को देशमा गई त्यहाँको कानुनलाई स्वीकार गरी सर्त पूरा गरेमा अरू नागरिकले जस्तै प्राप्त हुने नागरिकताको मान्यता।

नागरिकाधिकारः (पुं.) [*नागरिकस्य अधिकारः, ष.त.*] कुनै पनि देशको संविधानअनुसार सर्वसाधरण नागरिकले पाउने वा पाएको अधिकार/नागरिक हक।

नागरी (स्त्री.) [*नगरे भवा, तत्र भवः ४.३.५३ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] देवनागरी लिपि।

नागवल्ली (स्त्री.) [*नागस्य नागलोकस्य वल्लीव*] १.पान २.नागवेली ३.सर्प हिँडे झैँ बाङ्गोटिङ्गो परेको रेखा। **ताम्बूलवल्ली ताम्बूली नागवल्यपि** (अमर.२.४.१२०)।

नागलोकः (पुं.) [*नागानां लोकः, ष.त.*] १.पाताल २.सर्पहरू प्रशस्त पाइने क्षेत्र।

नागानन्दः (पुं.) एक दृश्यकाव्य। यसका रचयिता हर्षवर्द्धन हुन्। जीमूतवाहनको प्रेमकथा र त्यागमय जीवनलाई लिएर यो नाटक लेखिएको छ। यस नाटकको स्रोत बौद्ध कथा हो। बृहत्कथा एवं बेतालपञ्चविंशतिमा वर्णित कथानकलाई नाटकीय रूप दिएर यस ग्रन्थको रचना भएको छ।

नागान्तकः (पुं.) [*नागानामन्तकः, ष.त.*] १.गरुड २.(पुं.वि.) नागको शत्रु।

नागार्जुनः (पुं.) बौद्धदर्शनका असाधारण विद्वान्। यिनी शून्यवादका प्रवर्तक मानिन्छन्। यिनको समय १६६–१९६ ई. हो। चिनी तथा तिब्बती भाषामा यिनले लेखेका ग्रन्थहरूको अनुवाद उपलब्ध छ। माध्यमिककारिका, दशभूमिविभाषाशास्त्र, महाप्रज्ञा-पारिमितासूत्र आदि यिनका उल्लेखनीय कृति हुन्। यिनका दुईवटा ग्रन्थ माध्यमिककारिका र विग्रहव्यावर्तिनी मात्र संस्कृतमा उपलब्ध छन्। यी दुवै ग्रन्थमा विरोधी मतको खण्डन गरेर शून्यवादको स्थापना गरिएको छ।

नागेशः (पुं.) १.[*नागस्य ईशः, ष.त.*] दसौँ ज्योतिर्लिङ्ग। नागेश्वर भगवान्को स्थान गोमती द्वारकाबाट वेट द्वारका जाने बटामा पर्दछ। राजकोटसम्म सोमनाथ र नागेश्वर जाने बाटो एउटै छ। त्यहाँ पुगेपछि बाटो बदलिन्छ। नागेश्वर जान मोटर पाइन्छन्। शिव पुराणमा यस लिङ्गको दर्शनको निकै महत्त्व दर्शाइएको छ, शिवपुराणअनुसार जसले यस लिङ्गको दर्शन तथा पूजन गर्छ, माहात्म्य सुन्छ, त्यसले समस्त पापबाट मुक्त भएर परमपद प्राप्त गर्दछ

एतद् यः शृणुयान्नित्यं महापातकनाशनम्।
सर्वान् कामानियाद् धीमान् महापातकनाशनम्॥

(शिवपु.रुद्रसंहिता, अध्याय ३०.४४) २.प्रसिद्ध वैयाकरण।

नागेशभट्टः (पुं.) प्रसिद्ध वैयाकरण। यिनको समय सत्रौँ शताब्दी हो। यी महाराष्ट्री ब्राह्मण हुन्। यिनको अर्को नाम नागोजिभट्ट हो। यिनले महाभाष्य प्रदीपको टीका, काव्यप्रकाश टीका आदि टीकाग्रन्थको रचना गरेका छन्। यिनका स्वतन्त्रग्रन्थहरूमा लघुशब्देन्दुशेखर, बृहच्छब्देन्दुशेखर, परिभाषेन्दुशेखर, लघुमञ्जूषा, स्फोटवाद, महाभाष्यप्रत्याख्यानसङ्ग्रह विशेष उल्लेखनीय छन्।

नाटककारः (पुं.) [*नाटकं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] नाटकको सिर्जना गर्ने व्यक्ति/नाटक लेखक।

नाटकम् (नपुं.) [*नटन्ति अभिनेतारो यस्मिन्, तत्*] रूपकको एक भेद। यसको कथावस्तु इतिहास प्रसिद्ध हुन्छ। विलास, समृद्धि आदि गरिएका अनेक ऐश्वर्यको वर्णन गरिएको हुन्छ। सुख, दुःख आदिको उत्पत्ति देखाइएको हुन्छ। प्रसिद्ध वंशमा उत्पन्न भएको, धीरोदात्त, प्रतापी, गुणवान्, कुनै राजर्षि अथवा दिव्य वा दिव्यादिव्य पुरुष नाटकको मुख्य पात्र हुन्छ। शृङ्गार र वीररसमध्ये एउटा रस मुख्य र अरू रस अङ्ग हुन्छन्। निर्वहण सन्धिमा अद्भुतरसको प्रयोग हुन्छ। नाटकमा खासगरी चार या पाँच पुरुष पात्रको बढी भूमिका हुन्छ। यो पाँचदेखि १० अङ्कसम्मको हुन्छ। त्यसभन्दा बढी अङ्क भएमा त्यसलाई महानाटक भनिन्छ। जस्तै हनुमान् नाटक।

नाटकीयः (पुं.वि.) [*नाटकस्य अयम्, नाटके भवो वा*] नाटक सम्बन्धी/नाटकको।

नाटिका (स्त्री.) [*स्वल्पं नाटकम्*] उपरूपकको एक भेद। नाटक र प्रकरणको संमिश्रणबाट यसको रचना भएको हुन्छ। यसको कथावस्तु, प्रकरणको जस्तै कविकल्पित हुन्छ। धीरललित नायक हुन्छ। स्त्री पात्रको प्रधानता रहन्छ। दुई नायिकाहरू हुन्छन्। जेठी नायिका गम्भीर स्वभाविकी र खान्दानी हुन्छे। उसलाई जेठीपनाको घमन्ड हुन्छ। कान्छी नायिका सुन्दरी हुन्छे। नायकसँग कान्छी नायिकाको मिलन जेठी नायिकाको हातमा हुन्छ। अर्थात् जेठी नायिकाको सहयोग नलिई कान्छी नायिकालाई नायकसँग समागम गर्ने अवसर मिल्दैन। नायक लुकी लुकी कान्छीसँग भेट्ने प्रयास गर्छ। यसको मुख्य रस शृङ्गाररस हुन्छ। अरू त्यसका अङ्गरस हुन्छन्। यो चार अङ्कमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचिएको हुन्छ। यसमा विमर्शबाहेक अरू चार सन्धिको प्रयोग भएको हुन्छ। दुई अथवा तीन अङ्कमा पनि नाटिका लेखिन्छ। जस्तै– हर्षवर्द्धनको रत्नावली र प्रियदर्शिका, विह्लणको कर्णसुन्दरी आदि।

नाट्यम् (नपुं.) १.[*नटानां कर्म, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.२४ इति ष्यञ्, यद्वा ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] धीरोदात्त, धीरोद्धत, धीरललित, धीरप्रशान्त नायक र विभिन्न किसिमका नायिकाहरू तथा अरू पात्रहरूद्वारा तत्तत् अवस्थाको अभिनयद्वारा गरिएको यथार्थ अनुकरण वा अभिनय। यो चार किसिमको हुन्छ– **आङ्गिक**– शरीरका अङ्गप्रत्यङ्गहरूको उचित रूपले सञ्चालन गरिने अभिनय। **वाचिक**– मिल्दो भाषा, छन्द, बोली, शब्द, स्वर आदिको प्रयोग। **आहार्य**– मिल्दो वेष, भूषा र शृङ्गारहरूको प्रदर्शन। **सात्विक**– त्यस बेलाको मनोभावलाई व्यक्त गर्ने चेष्टाहरू २.नाच, गान र बजानको समुदाय। **तौर्यत्रिकं नृत्यगीतवाद्यं नाट्यमिति स्मृतम्** (अमर. १.७.१०)।

नाट्यमहाकाव्यम् (नपुं.) नाटकीय शैलीमा रचिएको महाकाव्य। यो अभिनयका निमित्त पनि र पढ्नका निमित्त पनि मिल्ने खालको हुन्छ। यसमा कथोपकथनभित्र वर्णन पनि हुन्छ। यसमा नाटक, गीतिकाव्य र कथाकाव्यका तीनै तत्त्वको सम्मिश्रण भएको हुन्छ।

नाट्यरासकम् (नपुं.) उपरूपकको एक भेद। यसमा एक अङ्क हुन्छ। धीरोदात्त नायक हुन्छ। पीठमर्द सहनायक हुन्छ। शृङ्गार आदि रसको प्रयोग हुन्छ। त्यसमा मुख्य रस हास्य रस हुन्छ। यसमा नायिका वासकसज्जा हुन्छे। मुखसन्धि र निर्वहणसन्धिको प्रयोग हुन्छ।

नाट्यलक्षणम् (नपुं.) [*नाट्यस्य लक्षणम्, ष.त.*] नाटकमा हुने लक्षणहरू। नाटकहरूमा सौन्दर्य बढाउन ३६ लक्षण ३३ नाट्यालङ्कार १३ वीथ्यङ्ग र १० लास्याङ्गहरू आवश्यक पर्छ भन्ने नाट्यशास्त्रीहरूको धारणा छ। नाट्यलक्षणहरू– **भूषण**– अलङ्कार र गुणको योग। **अक्षरसङ्घात**– विचित्र अर्थ परिमित अक्षर भएको उक्ति। **शोभा**– श्लेष पारेर प्रसिद्ध कुराबाट अप्रसिद्ध कुराको प्रकाशन। **उदाहरण**– समान विषय देखाएर इष्ट विषय सिद्ध गर्नु। **हेतु**– हेतु देखाएर इष्टसिद्ध हुने कुरा छोट्करीमा गर्नु। **संशय**– यथार्थ ज्ञान नहुनाले निश्चिय नहुनु। **दृष्यन्त**– आफ्नो पक्ष सिद्ध गर्ने दृष्टान्त दिनु। **तुल्यतर्क**– प्रासङ्गिक विषयसँग मिल्ने गरी तर्क गर्नु। **पदोच्चय**– अर्थ सुहाउने गरी पदहरूको प्रयोग गर्नु। **निदर्शन**– अर्को पक्ष हटाउन प्रसिद्ध कुरा देखाउनु। **अभिप्राय**– सादृश्यबाट असम्भव कुराको कल्पना गर्नु। **प्राप्ति**– केही कुराबाट केही कुराको अनुमान गर्नु। **विचार**– उपपत्तिबाट नदेखेको कुरा सिद्ध गर्नु। **दिष्ट**– देशकालअनुसार वर्णन गर्नु। **उपदिष्ट**– शास्त्रबमोजिमका मनोहर वाक्यहरूको प्रयोग गर्नु। **गुणातिपात**– गुणको विपरीत काम। **गुणातिशय**– गुणको उत्कर्ष। **विशेषण**– धेरै प्रसिद्ध कुरा देखाएर विशेष कुरा गर्नु। **निरुक्ति**– पहिले सिद्ध भइरहेको कुरा भन्नु। **सिद्ध**– इष्ट कुराको सिद्धिका निमित्त धेरैको कीर्तन गर्नु। **भ्रंश**– प्रसन्न भएर भन्न नहुने कुरा भन्नु। **विपर्यय**– सन्देहले विचार बदलिनु। **दाक्षिण्य**– चेष्टा र वचनले अर्काको मनको पछि लाग्नु। **अनुनय**– रसिलो कुरा गरेर काम सिद्ध गर्नु। **माला**– इष्ट कुराका निमित्त अनेक कुरा देखाउनु। **अर्थापत्ति**– एक कुराबाट अर्को कुरा सिद्ध गर्नु। **गर्हण**– दोष फलाकेर निन्दा गर्नु। **पृच्छा**– प्रार्थनाको बोलीले विषयको खोजी गर्नु। **प्रसिद्धि**– लोक प्रसिद्ध असल कुरा देखाएर कार्यसिद्ध गर्नु। **सारूप्य**– अनुभव भएको विषयको सादृश्य देखाएर क्षोभ बढाउनु। **संक्षेप**– छोट्करीमा आफूलाई अर्काका निमित्त काम लगाउनु। **गुणकीर्तन**– गुणहरूको कीर्तन गर्नु। **लेस**– सादृश्य लिएर भनेको वाक्य। **मनोरथ**– अर्कै भनाइ गरेर आफ्नो आशय बताउनु। **अनुक्तसिद्धि**– विशेष बुझाउनका लागि तर्कना बढाउनु। **प्रियवचन**– प्रमाणका निमित्त आनन्द दिने कुरा गर्नु।

नाट्यवृत्तिः (स्त्री.) [*नाट्ये प्रयुक्ता वृत्तिः, म.प.स.*] नाटकमा आउने वृत्तिहरू। यिनलाई अभिनयको जननी मानिन्छ। अभिनवगुप्तको भनाइअनुसार, वृत्ति भनेको पुरुषार्थको साधना गर्ने क्रियाकलाप हो। वृत्तिको उत्पत्तिका सम्बन्धमा विभिन्न मतहरू छन्। भरत नाट्यशास्त्रानुसार मधुकैटभको युद्धमा विष्णुले देखाएका चेष्टहरूबाट नाट्यवृत्तिको उत्पत्ति भएको हो। यी चार किसिमका छन्– भारती, सात्त्वती, कैशिकी र आरभटी। युद्धको समयमा विष्णुले गोडा चलाउँदा पृथ्वीमा जुन भार पर्‍यो त्यसै आधारमा **भारती वृत्तिको** उत्पत्ति भएको हो। उनका तेजस्वी वीररसोचित क्रियाकलापबाट **सात्त्वती वृत्ति** जन्मियो। विष्णुले गरेका ललित लीला तथा विचित्र आङ्गिक अभिनयबाट **कौशिकी वृत्ति**को उत्पत्ति भयो। आवेगमा आएर विष्णुले नाना किसिमका जुन युद्धका चेष्टा देखाए, त्यसबाट **आरभटी वृत्ति** पैदा भयो। (नाट्य– २२) भरतको मतानुसार भारती वृत्तिको सम्बन्ध ऋग्वेदसँग छ भने सात्त्वती वृत्तिको सम्बन्ध यजुर्वेदसित छ। कैशिकी वृत्ति सामवेदमा आधारित छ भने आरभटी वृत्तिको उत्पत्ति अथर्ववेदबाट भएको मानिन्छ। शारदा तनयले ब्रह्माका चार मुखबाट चार वृत्तिको जन्म भएको कुरा बताएका छन्। आनन्दवर्द्धन तथा अभिनवगुप्तले वृत्तिलाई दुई भागमा विभाजन गरेका छन्– अर्थवृत्ति र नाट्यवृत्ति। भरतपछिका अरू आचार्यहरूको वृत्तिका सम्बन्धमा खास मौलिकता देखिँदैन। यिनीहरूको विवरण– **भारती वृत्ति**– भरत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् नटसँग सम्बन्ध राख्ने संस्कृत भाषाप्रधान भएको वाग्व्यापार। यसमा स्त्री पात्र हुँदैन। यसको सबै रससँग सम्बन्ध हुन्छ। यसका मुख्य चार अङ्ग हुन्छन्– प्ररोचन, वीथी, प्रहसन र आमुख। **सात्त्वती वृत्ति–** शौर्य, दान, दया, दाक्षिण्य तथा हर्षहरू प्रधान भएको वृत्ति। शोकरहित, आश्चर्ययुक्त, ओजप्रधान भएको नायकको क्रियाकलाप। यसमा वीर, रौद्र र अद्भुत रसको प्रयोग हुन्छ। यसका चार अङ्ग छन्– संलापक, उत्थापक, साङ्घात्य र परिवर्तक। **कैशिकी वृत्ति–** यसमा गीत, नृत्य, विलास, शृङ्गारचेष्टा, विशेष किसिमको वेषभूषाको वर्णन हुन्छ, स्त्रीपात्र मुख्य हुन्छ। यो वृत्ति शृङ्गार र हास्य रससँग बढी सम्बद्ध हुन्छ। यसका नर्म, नर्मस्फूर्ज, नर्मस्फोट र नर्मगर्भ चार अङ्ग हुन्छन्। **आरभटी वृत्ति–** यसमा छलकपट, इन्द्रजाल, संग्राम, क्रोध, वध, बन्धन आदिको वर्णन भएको हुन्छ। यसको रौद्र, भयानक र बीभत्स रससँग बढी सम्बन्ध हुन्छ। यसका वस्तूत्थापन, सम्फेट, संक्षिप्ति र अवपातन चार अङ्ग हुन्छन्।

नाट्यशाला (स्त्री.) [*नाट्यस्य नाट्यार्थं वा शाला*] नाटक खेल्ने घर वा स्थान।

नाट्यशास्त्रम् (नपुं.) [*नाट्यस्य शास्त्रम्, ष.त.*] नाटक-सम्बन्धी सिद्धान्तको वर्णन गरिएको ग्रन्थ। यसका रचयिता आचार्य भरत हुन्। यिनको समय ई.पू. दोस्रो शताब्दी मानिन्छ। नाट्यशास्त्रका दुईथरि संस्करण छन्। कुनै संस्करणमा ३७ अध्याय छन् भने कुनै संस्करणमा ३६ अध्याय छन्। यसमा नाटकको उत्पत्ति, नाट्यशाला, रङ्गदेवताको पूजाविधि, ताण्डवनृत्य, चार प्रकारका रेचक, पूर्वरङ्ग, रस, चार प्रकारका अभिनय, छन्द, नाटकको भाषा, सन्धि, वृत्ति, नायक र नायिकाको भेद आदिको वर्णन छ। यो सूत्र, भाष्य र कारिकामा रचिएको छ। धेरैजसो अनुष्टुप् छन्दको प्रयोग भएको छ। कताकति आर्या छन्दको पनि प्रयोग देखिन्छ। कतै गद्यको पनि प्रयोग भएको छ। नाट्यशास्त्रमा प्रशस्त टीकाहरू लेखिएका छन्। ती टीकाकारमध्ये नौवटा टीकाकारको नाम विशेष उल्लेखनीय छ। –उद्भट, लोल्लट, शङ्कुक, भट्टनायक, राहुल, भट्टयन्त्र, अभिनवगुप्त, कीर्तिधर र मातृगुप्ताचार्य।

नाट्यालङ्काराः (पुं.बहु.) [*नाट्ये अलङ्काराः, स.त.*] नाटकमा आउने अलङ्कारहरू।

नाट्योक्तिः (स्त्री.) [*नाट्ये उक्तिः*] नाट्य वा नाटकमा प्रयोग हुने उक्तिहरू। यी छ किसिमका हुन्छन्– **प्रकाश–** सबैले सुन्नुहुने अभिव्यक्ति। **जनान्तिक–** कुनै व्यक्तिसँग सानो स्वरले गोप्य कुरा गर्दा प्रयोग हुने अभिव्यक्ति। **अपवारित–** केही व्यक्तिलाई नसुनाउने गरी अर्कोतिर फर्किएर गरिएको रहस्यपूर्ण कुराको अभिव्यक्ति। **स्वगत–** अरूलाई नसुनाउने, मनमनै विचार गरेको कुरा। **नेपथ्योक्ति–** भन्ने व्यक्ति नदेखिने गरी बाहिरबाट कसैले भनेको अभिव्यक्ति। **आकाशोक्ति–** कसैले केही नभने पनि ठाडो कान लगाएर कसैले केही भनेको सुनेझैँ आकाशतिर लक्ष्य गरी 'के भन्यौ?' 'के यसो?' भनेर अनुवाद गरी भनेजस्तो कुराको अभिव्यक्ति। यस्तै नाटकमा ब्राह्मणलाई **आर्य,** राजालाई **महाराज, देव,** पतिलाई **आर्यपुत्र** कुमारलाई **युवराज,** वेश्यालाई **अज्जुका,** विद्वान्लाई **भाव,** जुवाइँ वा भिनाजुलाई **आवुत्त** आदि शब्दबाट सम्बोधन गरिएको हुन्छ।

नाडिन्धमः (पुं.) [*नाडीं शिरां धमतीति, ध्मा शब्दाग्निसंयोगयोः इति धातोः, नाडीमुष्ट्योश्च ३.२.३० इति खश, मुम्, खित्यनव्ययस्य ६.३.६६ इति ह्रस्वः, पाघ्राध्मा ७.३.७८ इति धमादेशः*] सुनार। **नाडिन्धमः स्वर्णकारः कलादो रुक्मकारके** (अमर. २.१०.८)।

नाडी (स्त्री.) [*नालयति, अच् ३.१.३४ वा, डलयो-रेकत्वम्, गौरादिः ४.१.४१*] १.धान-जौ-फूल आदिको खोक्रो डाँठ। **नाडी नालञ्च काण्डोऽस्य** (अमर.२.९.२२) २.मानवीय शरीरको हत्केला अगाडिको भाग ३.छ क्षण बराबरको समय ४.आधा मुहूर्तको काल ५.दिन वा रातको छैटौं बेला ६.बन्दुकको नाल ७.वाँसको ढुङ्ग्री ८.शरीरको नशाविशेष, यी नशामध्ये हातको औंलामुनिको नाडीको चाल हेरेर मुटुको चाल पत्ता लगाई विशेषज्ञहरूले शरीरको रोग थाहा पाउँछन् र त्यसको उपचार गर्छन्। याज्ञवल्क्यअनुसार मानिसको शरीरमा ७२ हजार नाडी हुन्छन्। तीमध्ये मुख्य तीन नाडी छन्– इडा, पिङ्गला र सुषुम्णा। यस अतिरिक्त अरू सात नाडी पनि प्रसिद्ध छन्– गान्धारी, हस्तिजिह्वा, पूषा, यशस्विनी अलम्बुषा, कुहू र शङ्खिनी

नाडीवृत्तम् (नपुं.) [*नाडीसम्बद्धं वृत्तम्, म.प.स.*] ध्रुवबाट ९० अंशमा बनेको वृत्त, विषुवद्वृत्त।

नाडीव्रणः (नपुं.) [*नाड्यां व्रणः*] नसामा पुगेको नथाक्ने घाउ।

नाथः (पुं.) [*नाथति, नाथ ऐश्वर्ये, प्रार्थने, आशीर्वादे उपतापे च इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्*] १.रक्षक/शरणदाता (अथर्ववेद) २.स्वामी (महाभारत) ३.पति ४.बुद्ध (बोधिचर्यावतार) ५.सबैभन्दा ठुलो देवता (जैन) ६.शिव। जस्तै– पशुपतिनाथ, विश्वनाथ, भोलानाथ आदि। ७.नाथसम्प्रदायका व्यक्तिहरूको नामपछाडि आउने सम्मानसूचक शब्द जस्तै– आदिनाथ गोरखनाथ आदि। ८.[*नाथते उपतापयति, नाथ उपतापे इति धातोः पूर्ववदच्*] पशुको नाक छेडेर त्यसमा हालिने डोरी/नथुवा।

नाथवान् (पुं.वि.) [*नाथः स्वाम्यस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] अर्काको अधीनमा रहेको।

नाथसम्प्रदायः (पुं.) [*नाथानां सम्प्रदायः, ष.त.*] धर्मको प्रचार तथा प्रसार गर्ने एक सम्प्रदाय। यसका अनेकौं शाखा-प्रशाखा छन्। तीमध्ये गोरखनाथको शाखा बढी प्रभावशाली छ। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्रदायका योगीहरूको मुख्य आधार योग हो। यसैबाट औषधिको खोजी गरेर शरीरलाई अमर बनाउन चाहन्छन् नाथसंप्रदायका मानिसहरू। यिनीहरूका प्रमुख आचार्यलाई सिद्ध भनिन्छ। हठयोगप्रदीपिकामा ८४ सिद्धहरूको उल्लेख छ। गोरख सिद्धान्तसङ्ग्रहअनुसार नाथको सङ्ख्या ९ छ। तीमध्ये केन्द्रमा आदिनाथ छन् भने अरू आठ नाथहरू आठ दिशामा रहेर धर्म प्रचार गरिरहेका छन्। गोरखनाथद्वारा प्रतिपादित नाथमत १२ शाखामा विभक्त छ— १.सत्यनाथ २.धर्मनाथ ३.रामपन्थ ४.नटेश्वरी ५.कह्लण ६.कपिलानी ७.वैरागी ८.माननाथ ९.आईपन्थ १०.पागलपन्थ ११.धजपन्थ र १२.गङ्गानाथ। आदिनाथका दुई शिष्य छन्— मत्स्येन्द्रनाथ र जालन्धरनाथ। मत्स्येन्द्रनाथका शिष्य गोरक्षनाथ हुन्।

नाथसाहित्यम् (नपुं.) नाथसम्प्रदायमा प्रशस्त साहित्यको सिर्जना भएको छ। गोरखनाथका ४० भन्दा बढी रचनाहरू छन्। गोरखनाथपछि अनेक सिद्धहरूले विभिन्न कृतिहरूको रचना गरेका छन्। संस्कृत, हिन्दी, नेपाली, मैथिली, मराठी, गुजराती आदि अनेक भषामा नाथसम्प्रदायका विचारसँग सम्बद्ध कृतिहरू रचिएका छन्।

नाथहरिः (पुं.) [*नाथं नासारज्जुं हरति, हरतेर्दृतिनाथयोः पशौ ३.२.२५ इति इनिः*] पशु।

नाथृ (धा.) [*याच्ञोपतापैश्वर्याशीःषु, सक.सेट् आशीरर्थे आत्म. अन्यत्र पर.*] माग्नु, रोगी हुनु, आशीर्वाद दिनु, ऐश्वर्यशाली बन्नु। लट्— **नाथति—** माग्छ, रोगी हुन्छ, ऐश्वर्यशाली बन्छ, **नाथते—** आशीर्वाद दिन्छ। लिट्— **ननाथ—** मागेछ, रोगी भएछ, ऐश्वर्यशाली बनेछ, **ननाथे—** आशीर्वाद दिएछ (अन.)। लुट्— **नाथिता—** माग्ने छ, रोगी हुने छ, ऐश्वर्यशाली बन्ने छ, आशीर्वाद दिने छ (अन.)। लृट्— **नाथिष्यति—** माग्ने छ, रोगी हुने छ, ऐश्वर्यशाली बन्ने छ, **नाथिष्यते—** आशीर्वाद दिने छ। लोट्— **नाथतु—** मागोस्, रोगी होओस्, ऐश्वर्यशाली बनोस्, **नाथताम्—** आशीर्वाद देओस्। लङ्— **अनाथत्—** माग्यो, रोगी भयो, ऐश्वर्यशाली बन्यो, **अनाथत—** आशीर्वाद दियो (अन.)। विधिलिङ्— **नाथेत्—** माग्ला, रोगी होला, ऐश्वर्यशाली बन्ला, मागोस्, रोगी हओस्, ऐश्वर्यशाली बनोस्, **नाथेत—** आशीर्वाद देला, आशीर्वाद देओस्। आशीर्लिङ्— **नाथ्यात्—** मागोस्, रोगी होओस्, ऐश्वर्यशाली बनोस्, नाथिषीष्ट— आशीर्वाद देओस्। लुङ्— **अनाथत्—** माग्यो, रोगी भयो, ऐश्वर्यशाली बन्यो, **अनाथिष्ट—** आशीर्वाद दियो। लृङ्— **अनाथिष्यत्—** आशीर्वाद दिने थियो। कर्मणि— **नाथ्यते—** मागिन्छ, रोगी होइन्छ। णिचि— **नाथयति-ते—** माग्न लगाउँछ, रोगी बनाउँछ, आशीर्वाद दिलाउँछ। कृदन्ते—**नाथितव्यम्/नाथनीयम्—** माग्नुपर्ने, रोगी हुनुपर्ने, आशीर्वाद दिनुपर्ने इत्यादि।

नादः (पुं.) [*नदनम्, णद अव्यक्ते शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सङ्गीत २.ध्वनि/आवाज ३.गर्जाइ/गर्जने क्रिया ४.वर्णहरूको उच्चारणमा एक प्रयत्न, यसमा घाँटी न ज्यादा फुलाएर न ज्यादा खुँच्याएर हावा निकालिन्छ। ५.सानुनासिक स्वर। यो अर्द्ध चन्द्र ँ यस्तो चिह्नबाट व्यक्त हुन्छ। ६.वर्णहरूको अव्यक्त मूलरूप। भनाइ छ— आत्माद्वारा प्रेरित भएर चित्तले शरीरभित्रको अग्निमा आघात गर्दा अग्निद्वारा ब्रह्मसँग सम्बन्ध भएको प्राण प्रेरित हुन्छ। अग्निद्वारा प्रेरित त्यो प्राण फेरि माथि चढ्न थाल्छ र नाभिमा पुगेर ज्यादै सानो, हृदयमा सानो, गलामा पुष्ट, शिरमा अपुष्ट हुँदै त्यो मुखमा पुगेपछि कृत्रिम नाद उत्पन्न हुन्छ। नाद तीन थरीको छ— प्राणिभव, अप्राणिभव र प्राण्यप्राणिभव। यसमध्ये मुख आदि अङ्गबाट उत्पन्न गरिने— **प्राणिभव**, वीणा आदिबाट उत्पन्न हुने— **अप्राणिभव,** बाँसुरी आदिबाट उत्पन्न हुने— **प्राण्यप्राणिभव**। नादविना गीत, स्वर, राग आदिको उत्पत्ति सम्भव हुँदैन। नादमा ज्योति वा ब्रह्मरूप हुनाले साह्रा जगत् नादात्मक छ। यस हिसाबले नाद दुईथरी छन्— **आहत** र **अनाहत**। आहत नाद सबैले सुन्न सक्छन् तर अनाहतनाद सबैको विषय हुँदैन, योगीहरूले मात्र सुन्छन्, थाहा पाउँछन्। ७.आज्ञाचक्रमाथि अर्द्धचन्द्राकार शिवशक्तिस्वरूप बोधिनी शक्तिभन्दा माथिको ठाउँ।

नादितः (पुं.वि.) [*नाद्यते स्म, णद अव्यक्ते शब्दे इति धातोः, णिचिः, निष्ठा ३.२.१०२ इति क्तः*] १.ध्वनि वा शब्द निस्केको। २.बजाइएको।

नादेयः (पुं.वि.) [*नद्यां भवः, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः, वृद्धिः, इलोपः*] नदीमा भएको।

नादेयम् (नपुं.) [*नद्यां भवम् नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः, वृद्धिः, इलोपः*] नदीको पानी। **नद्या नदस्य वा नीरं नादेयमिति कीर्तितम्** (भा.प्र.नि.)।

नादेयी (स्त्री.) [*नद्यां भवा, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः, ङीप्*] १.पानीवेत २.सुन्तला ३.जय लता ४.भुइँ जामुनो।

नादेयी नागरङ्गे स्याज्जयायां जलवेतसे।
भूमिजम्ब्वाञ्च जम्ब्वां च काङ्गुष्ठेपि च योषिति॥ (विश्व.)

नानकः (पुं.) सिक्ख सम्प्रदायका आदि गुरु, पन्जाबका एक प्रसिद्ध महात्मा। यिनको जन्म सन् १५२६ मा तिलौडी नाउँको गाउँमा भएको थियो। यिनलाई सिक्खहरू ईश्वरको अवतार मान्दछन्।

नाना (अव्य.) [*न सह, विनञ्भ्यां नानाञौ नसह ५.२.२७ इति नाञ् प्रत्ययः, आदिवृद्धिः*] १.वर्जन। **हिरुङ् नाना च वर्जने** (अमर. ३.४.३) २.पृथक्/अनेक।

एकवृक्षे सदा रात्रौ नानापक्षिसमागमः।
प्रभातेऽन्यदिशो यान्ति का तत्र परिदेवना॥
(ग.पु.आचारकाण्ड ११३.४६)

नानारूपः (पुं.वि.) [*नाना रूपमस्य*] अनेक किसिमको। **विविधः स्याद् बहुविधो नानारूपः पृथग्विधः** (अमर.३.१.९३)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानार्थः (पुं.वि.) [*नानाविधाः अर्था अभिधेयानि यस्य सः, बहु.स.*] १.अनेक अर्थ भएको २.धेरै प्रकारको काममा आउन सक्ने/ विभिन्न किसिमको उपयोग वा प्रयोगमा आउने ।

नान्दी (स्त्री.) [*नन्दयति, स्तुत्या देवादीन् आनन्दयति, ण्यन्ताद् टुनदि समृद्धौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इति अच्, ततश्च प्रज्ञादिभ्यश्च ५.४.३८ इति अण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] नाटकको कथावस्तु सुरु हुनुभन्दा अगाडि रङ्गमञ्चमा विघ्न नआओस् भनेर गरिने आशीर्वादात्मक देवादिको स्तुति ।

आशीर्वचनसंयुक्ता स्तुतिर्यस्मात्प्रवर्तते ।
देवद्विजनृपादीनां तस्मान्नान्दीति कीर्त्यते ॥

यो दुई किसिमको हुन्छ । १.**अष्टपदा** (आठ पद वा पाउ भएको) २.**द्वादशपदा** (बाह्र पद वा पाउ भएको) अष्टपदा नान्दीको उदाहरण अनर्घराघव हो भने द्वादशपदा नान्दीको उदाहरण पुष्पमाला हो । **~पाठः** (पुं.) [*नान्द्याः पाठः, ष.त.*] नाटक सुरु हुनुभन्दा अघि गरिने मङ्गलाचरण । **~मुखम्** (नपुं.) [*नान्द्यर्थं वृद्ध्यर्थं बन्धनान्वितं मुखं यस्य सः, बहु.स.*] १.कुवा आदिको मुख छोप्ने वस्त्र २.[*नान्दी वृद्धिस्तदर्थं श्राद्धं मुखे यस्य तत्*] विवाह, व्रतबन्ध आदि शुभकार्यका आरम्भमा गरिने माङ्गलिक श्राद्ध । ३.नाटकको प्रारम्भमा गरिने माङ्गलिक क्रिया । **~श्राद्धम्** (नपुं.) पितृलाई देवस्वरूप सम्झेर गरिने श्राद्ध । जसमा स्वधाको ठाउँमा— **स्वाहा,** अपसव्यको सट्टा— **सव्य,** कुशको बदलामा— **दुबो,** दक्षिण फर्किने सट्टा— **पूर्व फर्किनु,** पहेंलो चन्दनको सट्टा— **रातो चन्दन** आदि प्रयोगमा ल्याइन्छ । नान्दीश्राद्धलाई नै आभ्युदयिक श्राद्ध भनिन्छ । यसका दुई भेद छन्– **इष्टिश्राद्ध** वा **कर्माङ्गश्राद्ध** र **वृद्धिश्राद्ध । सदा परिचरेद्भक्त्या पितॄनप्यत्र देववत्** (कात्यायन) ।

नान्दीकरः (पुं.) [*नान्दीं करोति वदति, दिवाविभानिशाप्रभा-भास्करान्तानन्तादिबहुनान्दीकिंलिपिलिबिबलिभक्तिकर्तृचित्र क्षेत्रसङ्ख्याजङ्घाबाह्वहर्यत्तद्धनुररुष्षु ३.२.२१ इति टः*] नाटक आदिमा स्तुतिपाठ गर्ने पात्र (भरत) ।

नान्दीमुखी (स्त्री.) १.प्रत्येक पाउमा क्रमशःनगण, नगण तगण, तगण, तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द । **स्वरभिदि यदि नौ तौ च नान्दीमुखी गौः** (छन्दो.) २.(बहु.) एक किसिमका पितृहरू ।

नान्दीवादी (पुं.वि.) [*नान्दीवदनशीलः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२ ७८ इति णिनिः*] नाटकमा स्तुतिपाठ गर्ने पात्र/मङ्गलवचन बोल्ने (पात्र) ।

नापितः (पुं.) [*न पियति स्म, पि गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.४७ इति क्तः, न अपितः, निषेधार्यकेन नशब्देन सह सुपा २.१.४ इति समासः, यद्वा— नापनम्, आप्लृ व्याप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, नापो जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इतीतच्*] हजाम । **क्षुरिमुण्डिदिवा कीर्तिनापितान्तावसायिनः** (अमर.२.१०.१०) ।

नाभिः (पुं./स्त्री.) [*नह्यन्तेऽत्र, णह बन्धने इति धातोः, नहोभश्च (उ.) ४.१२६ इतीञ् हस्य भः, वृद्धिः, यद्वा नभ्यतेऽक्षेण, णभ हिंसायाम् इति धातोः, इञ (ण) जादिभ्यः (वा.) ३.३.१०८ इति इञ्*] १.नाइटो २.पाङ्ग्राको बिचको भाग ३.दीर्घ वृत्ताकार ग्रहको कक्षामा पर्ने नाभिविशेष ४.कस्तूरी मृगको नाभि नजिकै रहने एक सुगन्धित पदार्थ । यसका अन्य नाम हुन्— मृगनाभिः, मृगमदः, सहस्रभित्, कस्तूरिका । यसलाई नेपालीमा बिना भन्दछन् । विभिन्न औषधिको निर्माणमा यसको उपयोग हुन्छ । ५.(पुं.) क्षत्रिय ६.विजयको अभिलषा भएको राजनेता । **क्षत्रियेऽपि च नाभिर्ना** (अमर.३.३.१३७) ।

नाभिजन्मा (पुं.) [*नाभौ (विष्णोः) जन्म यस्य सः, बहु.स.*] ब्रह्मा ।

नाभिरन्ध्रम् (नपुं.) [*नाभेः रन्ध्रम्, ष.त.*] नाइटाको प्वाल ।

नाभ्यम् (नपुं.) [*नाभये हितम्, शरीरावयवाद्यत् ५.१.६ इति यत्, इलोपः*] नाभिलाई हित गर्ने वस्तु ।

नाम (नपुं.) [*म्नायते, म्ना अभ्यासे इति धातोः, यद्वा नम्यतेऽभि-धीयतेऽर्थोऽनेन, णम प्रह्वत्वे शब्दे च इति धातोः, नामन्— सीमन्— व्योमन्— रोमन्— लोमन्— पाप्मन्— ध्यामन् (उ.) ६०० इति मन्प्रत्ययान्तो निपातः*] १.कुनै वस्तु वा व्यक्तिलाई बुझाउने वा बोलाउने शब्द/नाउँ/संज्ञा २.यश/कीर्ति ३.चिनारी । **हिमालयो नाम नगाधिराजः** (कु.सं. १.१) ४.सम्भावनायोग्य । **कथं भविष्यति सागरो नाम** ५.निन्दा । **ममापि नाम रावणस्य नरवानरैर्मृत्युः** । ६.द्वेषपूर्वक स्वीकार गर्नु । **शत्रोः सकाशाद् गृह्णाति नाम, एवमस्तु** ७.झुटो । **दष्टेऽधरे रोदिति नाम तन्वी** । ८.विस्मय । **अन्धो नाम गिरिमारोहति** । ९.स्मरण । **ननु नाम स्मर्यते किं तद् दिनं यस्मिन्नावयोः सङ्गमोऽभूत्** । **~करणम्** (नपुं.) [*नाम्नः करणम्, ष.त.*] नाउँ राख्ने काम/नामकर्म । **~कीर्तनम्—** (नपुं.) [*नाम्नः कीर्तनम्, ष.त.*] ईश्वरका नामको जप वा भजन । **~धातुः** (पुं.) [*नाम एव धातुः, त.स.*] व्याकरणअनुसार नाम शब्दबाट बनाइएको धातु, जस्तै– पुत्रबाट पुत्रीय (ति), शब्दबाट शब्दाय (ते) इत्यादि । **~मात्रम्** (नपुं.) [*नाम एव*] ज्यादै थोरै/ नाममात्रको/अति अल्प/साह्रै थोरै/भनाउँदो/तथाकथित । **~शेषः** (पुं.) [*नाम एव शेषो न देहादिरस्य*] नाउँ मात्र बाँकी रहेको/मरेको/मृत ।

नामकः (पुं.वि.) [*नाम एव नामकः, स्वार्थे कन्*] नाउँ गरेको/ नाउँको ।

नामकरणम् (नपुं.) नाम राख्ने काम । संस्कारविशेष ।

नामकरणवक्रता (स्त्री.) [*नामकरणगता वक्रता, म.प.स.*] चमत्कारपूर्ण ढङ्गले कृतिको नाम राख्दा पर्न आउने वक्रता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामग्राहम् (नपुं.) [*नाम गृहीत्वा, गृह ग्रहणे इति धातोः, नाम्न्यादि ३.४.५८ इति णमुल्*] नाम लिएर। **सम्प्राप्य राक्षससभं चक्रन्द क्रोधविह्वला। नामग्राहमरोदीत्सा भ्रातरौ रावणान्तिके॥** (भट्टि.)

नामधेयम् (नपुं.) [*म्नायते, म्ना अभ्यासे इति धातोः, यद्वा– नम्यतेऽभिधीयतेऽर्थोऽनेन, णम प्रह्वत्वे शब्दे च इति धातोः, नामन्– सीमन् (उ.) इति निपातितः, भागरूपनामभ्यो धेयः (वा.) ५.४.३६ इति स्वार्थे वा धेयः*] संज्ञा/नाम।

नामसूची (स्त्री.) [*नाम्नः सूची, ष.त.*] नामको लिस्ट/क्रमबद्ध नामावली।

नामाङ्कितः (पुं.वि.) [*नाम्ना अङ्कितः, तृ.त.*] नाम खोपिएको/नाउँ लेखिएको/नाउँ जनाइएको।

नामावली (स्त्री.) [*नाम्नाम् आवली, ष.त.*] नामको तालिका वा सूची/वस्तुका नामहरूको सूची।

नायः (पुं.) [*णीञ् प्रापणे इति धातोः, श्रिणीभुवोऽनुपसर्गे ३.३.२४ इति घञ्*] १.लैजानु २.नीति। **नयो नाये** (अमर ३.२.९)।

नायकः (पुं.) [*नयतीति, णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाको ७.१.१ इत्यकः*] १.नाइके/नेता २.मुख्य मानिस ३.हारको बिचको रत्न ४.नाटकका तीन तत्त्वमध्ये एक तत्त्व। काव्यशास्त्रका आचार्यहरूले वस्तु, नेता र रसलाई नाटकको मुख्य तत्त्वका रूपमा लिएका छन्। त्यसमध्ये नाटकमा नायकको मुख्य भूमिका रहन्छ। **नायको नेतरि श्रेष्ठे हारमध्यमणावपि** (विश्वहेमौ)।

नायकभेदः (पुं.) [*नायकानां भेदः, ष.त.*] नायकका प्रमुख प्रकारहरू। नायकलाई भोजराजले चार भागमा छुट्याएका छन्– नायक, प्रतिनायक, उपनायक र अनुनायक। साहित्य-दर्पणअनुसार नायकलाई अनेक ढङ्गबाट वर्गीकरण गर्न सकिन्छ। नाटकीय कथावस्तुको आधारमा नायक अनेक किसिमका हुन्छन्। गुणको आधारमा नायक चार किसिमका हुन्छन्– धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त। १.**धीरोदात्त–** बलियो, गम्भीर, क्षमाशील, स्थिर विचार भएको, आफ्नो प्रतिज्ञा पूरा गरेरै छोड्ने र बाहिर अभिमान नदेखाउने नायकलाई धीरोदात्त नायक भनिन्छ। जस्तै– उत्तररामचरितका नायक राम। २.**धीरोद्धत–** यो बढी घमण्डी, ईर्ष्यालु, छल गर्न सिपालु, चञ्चल, क्रोधी र आत्मप्रशंसक हुन्छ। जस्तै रावण। ३.**धीरललित–** यो निश्चिन्त स्वाभावको, कलाप्रेमी, कोमल स्वभाव भएको र सुखी प्रकृतिको हुन्छ। जस्तै– स्वप्नवासवदत्ता अथवा रत्नावली नाटिकाको नायक उदयन। ४.**धीरप्रशान्त–** सामान्य गुण भएको ब्राह्मण अथवा वैष्य आदि। जस्तै– मालतीमाधवको नायक माधव। मृच्छकटिकको नायक चारुदत्त। यी चार नायकहरू पनि दक्षिण, धृष्ट, अनुकूल र शठका भेदले चार-चार किसिमका हुन्छन्। **दक्षिण–** अनेक नायिकामा समान रूपले प्रेम गर्ने नायक। **धृष्ट–** विराएपनि निःशङ्क, हप्काएपनि निर्लज्ज, दोष देखिएपनि झुटो बोलेर छोपछाप गर्ने नायक। **अनुकूल–** एउटै नायिकामा प्रेम गर्ने नायक। **शठ–** एकातिर बाहिरी प्रेम देखाएर अर्कातिर भित्री प्रेम गर्ने नायक। यी १६ थरी नायक उत्तम, मध्यम र अधमका भेदले तीन-तीन थरी हुने हुँदा नायकहरू ४८ किसिमका हुन्छन्।

नायकगुणाः (पुं.) [*नायकस्य, गुणाः, ष.त.*] नायक विभिन्न किसिमका हुन्छन्। त्यसैले तिनीहरूको गुण पनि फरक-फरक हुन्छ। सामान्यतया प्रधान नायक कुलीन, सच्चरित्र, रूपवान्, उत्साही, काममा छिटो, तेजस्वी, चतुर र लोकप्रिय हुन्छ। यस्ता गुणले सम्पन्न भएको नायकमा शोभा, विलास, माधुर्य, गाम्भीर्य, धैर्य, तेज, लालित्य र औदार्य आठ सात्विक गुण रहन्छन्। **शोभा–** शूरता, दक्षता, सत्य, अनुराग, नीचमा घृणा र उत्कृष्टमा स्पर्द्धा पैदा हुनु। **विलास–** गम्भीर दृष्टि, विचित्र गति हुनु र मुसुक्क हाँसेर बोल्नु। **माधुर्य–** कस्तै अवस्थामा पनि नहडबडाउनु। **गाम्भीर्य–** डर, शोक, क्रोध र हर्षको अवस्थामा पनि कुनै विकृति नआउनु। **धैर्य–** जस्तै विघ्न परे पनि आँटेको काम गरिछाड्नु। **तेज–** अर्काले गरेको अपमानलाई ज्यान गए पनि नसहनु। **लालित्य–** वचन वेष राम्रो हुनु र शृङ्गारिक चेष्टा हुनु। **औदार्य–** मिठो बोल्नु र शत्रु तथा मित्र दुवैमा एकनासको व्यवहार गर्नु।

नायकसहायाः (पुं.) [*नायकस्य, सहायाः, ष.त.*] नाटकमा मुख्य नायकको सहयोगी भएर आउने विभिन्न पात्रहरू। जस्तै– **पीठमर्द**–यो उपनायक हो। लामो प्रासङ्गिक कथाको नायकभन्दा गुणमा केही कम हुन्छ। जस्तै– रामको सुग्रीव। **शृङ्गारी सहाय–** यिनीहरू मुख्य तीन किसिमका हुन्छन्– **विट–** धनी तर कन्जुस, धूर्त, केही कला जान्ने र बोलक्कड हुन्छ। **चेट–** तल्लो तहको नोकर। **विदूषक–** यो ठट्यौलो, विचित्र वेष र भाषा भएको, खन्चुवा र झगडालु प्रकृतिको हुन्छ। **अन्तःपुर-सहाय–** यसमा बाउन्ने, नपुंसक, किरात, म्लेच्छ, कुजो आदि रहेका हुन्छन्। **दण्डसहाय–** नायकलाई दण्डको क्षेत्रमा सहयोग गर्ने पात्रहरूमा मित्र, राजकुमार, सैनिक तथा सिकारीहरू रहेका हुन्छन्। **धर्मसहायक–** यसमा नायकको सहयोगीको रूपमा ज्ञानी, तपस्वी, पुरोहित, ऋत्विक् र विद्वान्हरू पर्दछन्। **प्रतिनायक–** यिनीहरू पापी, व्यसनी र धीरोद्धत प्रकृतिका हुन्छन्। जस्तै– रावण, दुर्योधन आदि। **दूत–** नायकको सन्देश ओसारपसार गर्ने पात्र। दूत तीन किसिमका हुनछन्– **निसृष्टार्थः** दुवैतिरको आशय बुझेर आफैँ कुरा मिलाई काम पट्याउने पात्र। **मितार्थ–** भनेजति चाहिँदो कुरा गरी काम मिलाउने पात्र। **सन्देशहारकः** भनेजति सन्देश मात्र लैजाने पात्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नायिका (स्त्री.) [*नयति, णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] १.कुनै काव्य वा नाटकमा आउने अभिनयमा कुशल स्त्रीपात्र २.मालिक्नी ३. पत्नी।

नायिकाभेदः (पुं.) [*नायिकानां भेदः, ष.त.*] प्रकृतिअनुसार नायिकाका तीन भेद हुन्छन्– उत्तमा नायिका, मध्यमा नायिका र अधमा नायिका। धर्मानुसार नायिकाका तीन भेद छन्– स्वकीया, परकीया र सामान्या। **स्वकीया**– सरल प्रकृतिकी नम्र, गृहस्थ जीवन चलाउने र पतिव्रता नारी। **परकीया**– अविवाहिता वा विवाहिता भए पनि व्यभिचारिणी र निर्लज्ज। **साधारणा**– वेश्या, कलाहरू जान्ने, नक्कली प्रेम गरेर नायकलाई आफ्नो वशमा पार्न सक्ने। उमेरको हिसाबले नायिका तीन किसिमका हुन्छन्– **मुग्धा**– कलिली, विशेष लाज मान्ने। **प्रौढा**– छिपिएकी, पूर्ण यौवन चढेकी, कामान्ध र नायकलाई दबाउन सक्ने। **मध्या**– यी तीन किसिमका हुन्छन्– धीरा, अधीरा र धीराधीरा। त्यसैगरी प्रौढा पनि तीन किसिमका हुन्छन्– धीरा, अधीरा र धीराधीरा। यी नायिकाहरू जेष्ठा र कनिष्ठाका भेदले दुई-दुई किसिमका हुन्छन्। परकीया नायिका दुई किसिमका हुन्छन्– कन्या र परोढा (अर्काले विवाह गरेकी)। स्वीया र साधारणा एकै किसिमका हुन्छन्। यसरी कुल मिलाएर नायिका १६ किसिमका हुन्छन्। अवस्थाविशेषले ती नायिकाहरू आठ– आठ किसिमका हुन्छन्– **स्वाधीनभर्तृका**– प्रेम र गुणले पतिलाई वशमा राख्ने विलासिनी। **खण्डिता**– परस्त्रीको संसर्गले दूषित पतिलाई देख्न नसकेर रिसाउने। **अभिसारिका**– कामातुर भएर प्रेमीका घरमा जाने वा बोलाउन पठाउने। **कलहान्तरिता**– चिप्लो घस्दा पनि रिसले पतिलाई हटाई पछिबाट पश्चाताप गर्ने। **विप्रलब्धा**– भेट गर्न आउने वाचा गरेर पनि प्रियतम नआउँदा आफूलाई अपमानित भएको महसूस गर्ने। **प्रोषितभर्तृका**– कार्यवश पति विदेश वा अन्यत्र गएको अवस्थामा कामवेदनाले छट्पटाएर बस्ने। **वासकसज्जा**– प्रियतम आउने बेलामा सिँगारपटार गरेर चिटिक्क भई बस्ने। **विरहोत्कण्ठिता**– आउने मन भए पनि कारणवश पति न आएकाले उत्कण्ठित भएर बस्ने। यसरी १६ नायिकामा प्रत्येकको ८ अवस्थाविशेषले गर्दा १२८ भेद हुन्छ। यिनीहरू पनि उत्तम, मध्यम र अधमका भेदले जम्मा नायिकाका भेदहरू ३८४ हुन्छन्।

नारकः (पुं.) [*नरक एव, प्रज्ञादिभ्यश्च ५.४.३८इत्यण्*] नरक।

नारकाः (बहु.पुं.) [*नरकस्थाः सत्त्वा जन्तवः, नरके भवाः, तत्र भवः ४.३.५३ इत्यण्*] नरकमा बस्ने प्राणीहरू।

नारकीयः (पुं.वि.) [*नरके भवः, वेणुकादिभ्यश्छण् वक्तव्य : (वा.) ४.२.१३८ इति छण्, छस्य ईयः)*] १.नरक सम्बन्धी/नरकको २.नरकभोगी जस्तो, अति नीच, निकृष्ट, अति अधम।

नारङ्गः (पुं.) [*नृणाति नयतीति, सृवृञोर्वृद्धिश्च (उ.) १२७ इति बाहुलकाद् अङ्गच्, धातोर्वृद्धिश्च*] १.रस २.पिप्ला ३.सुन्तला।

नारदः (पुं.) [*नरस्य धर्म्यम्, नराच्चेति वक्तव्यम् (वा.) ४.४.४९ इत्यण्, नारं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, यद्वा नारं पानीयमित्युक्तं तत् पितृभ्यः सदा भवान्। ददाति तेन ते नाम नारदेति भविष्यति।' (आगमः), नारं नरसमूहं द्यति कलहेनेति वा, नुरिदं नारमज्ञानम्, तद् द्यति ज्ञानोपदेशेनेति वा, दो अवखण्डने इति धातोः, आदेच उपदेशेऽशिति ६.१.४५ इति आत्वम्, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.शाकद्वीपको एक पर्वत २.चौबिस बुद्धहरूमध्ये एक बुद्ध ३.कश्यप ऋषिकी पत्नीबाट उत्पन्न एक गन्धर्व ४.एक प्रजापति ५.विश्वामित्रको एक छोरा ६.प्रसिद्ध एक देवर्षि। यिनी ब्रह्माका दश मानसपुत्रमध्ये एक हुन् (कसै कसैको मतमा नारद कुनै एक व्यक्तिको नाम होइन, साधुहरूको एक सम्प्रदायको नाम नारद थियो भन्ने छ।) यी विष्णुका २४ अवतारमध्ये एक अवतार मानिन्छन्।

नारदपुराणम् (नपुं.) [*नारदोक्तं पुराणम्, म.प.स.*] पुराणको क्रमानुसार सत्रौँ पुराण। (म.पु.) यसमा २५००० श्लोकहरू छन्। यसलाई बृहन्नारदीय पनि भनिन्छ। यसका दुई खण्ड छन्– पूर्वखण्ड र उत्तरखण्ड। पूर्वखण्डमा १२५ अध्याय र उत्तरखण्डमा ८२ अध्याय छन्। प्रकाशित नारदपुराणमा श्लोकहरूको सङ्ख्या १८११० मात्र उपलब्ध छ। नारदपुराण वैष्णव पुराण हो। यसमा वैष्णवहरूका अनुष्ठान र तिनीहरूका सम्प्रदायको दीक्षाविधानलाई विस्तारपूर्वक वर्णन गरिएको छ। उत्तर भागमा वैष्णव सम्प्रदायको विशेष चर्चा छ।

नारदस्मृतिः (स्त्री.) [*नारदप्रतिपादिता स्मृतिः, म.प.स.*] नारदद्वारा विरचित धर्मशास्त्रको एक ग्रन्थ। यसमा १०२८ श्लोक छन्। पहिलो तीन अध्यायमा न्यायसम्बन्धी विधिको वर्णन छ। त्यसपछि ऋणदान, सहकारिता आदिको विशेषरूपमा वर्णन भएको छ। यसमा १८ प्रकरण छन्। धेरैजसो मनुस्मृतिका विषयहरू सङ्कलित छन्।

नाराचः (पुं.) [*नरानाचामन्ति, अन्येभ्योऽपि दृश्यते (वा.) इति डः, प्रज्ञादिभ्यश्च इत्यण्, यद्वा– नाराणां समूहो नारम्, नारमाचामति, डः*] फलामे बाण। **प्रक्ष्वेडनास्तु नाराचाः** (अमर.२.८.८७)।

नाराचम् (नपुं.) प्रत्येक पाउमा क्रमशः नगण, नगण तथा चार रगणको प्रयोग भएको छन्द। **इह ननरचतुष्कसृष्टन्तु नाराचमाचक्षते** (छन्दो.)।

नाराचिका (स्त्री.) १.प्रत्येक पाउमा तगण, रगण, तथा एक लघु वर्ण र एक गुरुवर्णको प्रयोग भएको छन्द। **नाराचिका तरौ लगौ।** (छन्दो.) २.सुन, चाँदी जोख्ने सानो तराजु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाराची (स्त्री.) [*स्वल्पो नाराचः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्]* सुन, चाँदी जोख्ने सानो तराजु। **नाराची स्यादेषणिका** (अमर.)

नारायणः (पुं.) [*नराणां समूहो नारम्, तस्य समूहः ४.२.३७ इत्यण्, तदयनं यस्य, पूर्वपदात्संज्ञायामगः ८.४.३ इति णत्वम्, नरस्यापत्यम्, नडादिभ्यः फक् ४.१.९९ इति वा, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावो वा, नराज्जाताः नारा आपः, तत्त्वानि वा अयनं (यस्य) नारम्, अयते जानाति वा, आययति प्रवर्तयति वा अय गतौ इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.विष्णु २.शतावरी।

आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः।
ता यदस्यायनं पूर्वं तेन नारायणः स्मृतः। (मनु.)
आलोड्य सर्वशास्त्राणि विचार्यैवं पुनः पुनः।
इदमेकं सुनिष्पन्नं ध्येयो नारायणः सदा॥ (व्यास)

~अस्त्रम् (नपुं.) नारायण भगवान् अधिष्ठाता भएको अस्त्र। **~क्षेत्रम्** (नपुं.) गङ्गाको धाराबाट चारसय हातसम्म टाढाको भूभाग। **~प्रियः** (पुं.) १.शिव २.सहदेव। **~बलिः** (पुं.) गर्भ रहन नदिने वा मरेको सन्तान पैदा हुने प्रेतको उपद्रव शान्तिको लागि दिइने पिण्ड। **एवं कृतेऽपि गर्भाधाने यदि गर्भोत्पत्यभावे मृतापत्यता वा तदा प्रतिबन्धकप्रेतोपद्रवनिवृत्त्यर्थं नारायणबलिर्नागवलिश्च कार्यः।** (ध.सिं.)। **~सरोवरः** (पुं.) नारायण सरोवर भनी अनेक सरोवरको उल्लेख देखिन्छ। तर तीमध्ये दुईटा प्रसिद्ध छन्— पश्चिमी समुद्रतट र हिमालयको नारयण पर्वतमा रहेको सरोवर। यी दुईमध्ये नारायण पर्वतमा विद्यमान सरोवरको विशेष महत्त्व छ। यहाँको जल धेरैजसो हिउँले छोपेको हुन्छ, यहींबाट गङ्गा निस्केकी छन्। सिद्ध महात्माहरूले मात्र यिनको दर्शन पाउन सक्छन् भन्ने भनाइ छ।

नारायणः (पुं.) ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान्। सोह्रौं शताब्दीका नारयणले मुहूर्तमार्तण्डनामक ग्रन्थ लेखेका छन्। शार्दूल विक्रीडित छन्दमा लेखिएको यस ग्रन्थमा व्यावहारिक ज्योतिषको सुन्दर वर्णन छ।

नारायणभट्टः (पुं.) १.केरलमा पैदा भएका संस्कृत चम्पूकाव्यकार। यिनको समय सत्रौं शताब्दी हो। यिनले मत्स्यावतारप्रबन्ध, राजसूयप्रबन्ध आदि १६ वटा चम्पूकाव्य लेखेका छन्। तीमध्ये मत्स्यावतारप्रबन्ध, राजसूयप्रबन्ध, स्वाहासुधाकरचम्पू र कोटिविरह प्रकाशित छन्। मत्स्यावतारमा ६७ पद्य छन् र अरू गद्यमा छ। पुराणमा वर्णित मनु र मत्स्यावतारको कथालाई आधार बनाएर यस चम्पूको रचना भएको छ। राजसूयप्रबन्ध काव्यमा युधिष्ठिरको राजसूययज्ञको विषय वर्णित छ। स्वाहासुधाचम्पूमा कविले अग्निकी पत्नी स्वाहा र चन्द्रमाको प्रेम विषयक कथालाई काव्यात्मक शैलीमा प्रस्तुत गरेका छन्। २.नैषधीयचरित महाकाव्यका टीकाकार। पण्डित नरसिंह र महालसाका सुपुत्र। यिनको उपनाम वेदरकर थियो। यिनले लेखेको टीकाको नाम नैषधीयप्रकाश हो। यसलाई नारायणी टीका पनि भनिन्छ। श्रीहर्षद्वारा नैषधीयचरितमा प्रयत्नपूर्वक गुम्फित ग्रन्थिको भेदनका लागि यो टीका अत्यन्त उपयोगी छ। पद्यका पद पदमा लुकेर रहेका रहस्यलाई नारायणले विग्रहप्रदर्शन, भावार्थप्रकाशन, आदिबाट खुलस्त पारेका छन्। श्लेषमय पद्यको व्याख्यानमा त टीकाकारको व्युत्पत्ति मन्दाकिनीको प्रवाह जस्तै उर्लिएको छ।

नारायणी (स्त्री.) [*नारायणाज्जाता*] १.नदीविशेष २.शतावरी/कुरिलो ३.नारायणकी पत्नी ४.देवी ५.नेपालको मध्यभागबाट बगेकी गण्डकी नदी।

नारी (स्त्री.) [*नरस्य धर्म्या, नराच्चेति वक्तव्यम् (वा.) इति अच्, नृनरयोर्वृद्धिश्च ४.१.७३ इति ङीन् वृद्धिः, नरस्येयमिति वा*] १.स्त्री/महिला।

अश्वः शस्त्रं शास्त्रं वीणा वाणी नरश्च नारी च।
पुरुषविशेषं प्राप्ता भवन्ति योग्या अयोग्याश्च॥ (सुभा.)

२.प्रत्येक पाउमा एक मगणको प्रयोग भएको छन्द। **मो नारी** (छन्दो.)।

नालम् (नपुं.) [*नलत्यनेन, णल, गन्धे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.धान-जौ-फूल आदिको डाँठ। **नाडी नालञ्च काण्डोऽस्य** (अमर.२.९.२२) २.कमलको डाँठ।

नाला (स्त्री.) [*नलति, णल बन्धे इति धातोः ज्वलिति ३.१.१४० इति णः, टाप्*] १.कमलको डाँठ। **नाला नालम्** (अमर.१.१०.४२)

नालिकेलः (पुं.) [*नलति, नल्यते वा, णल गन्धे इति धातोः, बाहुलकादिण्, केन वायुना ईर्यते, ईर प्रेरणे इति धातोः, घञ् ३.३.१९, नालिश्चासौ केरश्च, कपिलकादितया पक्षे लत्वम् (वा.) ८.२.१८, लत्वाभावे नारिकेलः*] नरिवल।

नारिकेलसमाकारा दृश्यन्ते हि सुहृज्जनाः।
अन्ये बदरिकाकारा बहिरेव मनोहराः॥ (हितो.)

नालिका (स्त्री.) [*नालीव, प्रतिकृतौ कन्, टाप्, इत्वम्*] १.सागको डाँठ २.[*नाली एव, स्वार्थे कन्, टाप्, इत्वम्*] नाली।

नाविकः (पुं.वि.) [*नावा तरति, नौद्व्यचष्ठन् ४.४.७ इति ठन्, ठस्य इकः, आवादेशः*] डुङ्गा चलाउने माझी/बोटे।

नाव्यः (पुं.वि.) [*नावा तीर्यतेऽसौ, नौवयोधर्म ४.४.९१ इति यत्, वान्तो यिप्रत्यये ६.१.७९ इत्यावादेशः*] नाउद्वारा पार गर्नुपर्ने/ डुङ्गाद्वारा तरिने/नाउ चल्न योग्य पानी।

नाव्यम् (नपुं.) [*नावा तार्यम्, नौवयोधर्म— ४.४.९१ इति यत्, वान्तो यिप्रत्यये ६.१.७९ इत्यावादेशः*] नाउले तर्नुपर्ने नदी,पानी आदि।

नाशः (पुं.) [*नशनम्, णश अदर्शने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मृत्यु २.क्षति/बिग्रनु, भत्कनु, हराउनु आदि। **नाशः पलायने मृत्यौ परिध्वस्तावदर्शने** (हेमचन्द्र)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाशकः (पुं.वि.) [*नाशयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल् युवोरनाकौ ७.१.१ इत्यकः*] नाश गर्ने/नष्ट गर्ने/विध्वंसकारी।

नाशवान् (पुं.वि.) [*नाशोऽस्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] नाश वा नष्ट हुने/नश्वर/अनित्य।

नाशितः (पुं.वि.) [*नाश्यते स्म, णश अदर्शने इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] नाश गरिएको/नष्ट गरिएको।

नासत्यौ (पुं.) [*न सत्यं ययोस्तावसत्यौ, न असत्यौ। नभ्राण्ण– ६.३.७४ इति नञः प्रकृतिभावः*] अश्विनीकुमार।

नासा (स्त्री.) [*नास्यते, णासृ शब्दे इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४ यद्वा नाशतेऽनया, णासृ शब्दे इति धातोः, प्राग्वत्*] १.नाक/नासिका/सुँघ्ने इन्द्रिय/घ्राणेन्द्रिय २.दैलाको माथिल्लो पट्टिको काठ। **विज्ञेया नासिका नासा नासा द्वारोर्ध्वदारु च** (रुद्र) **नासा दारूपरि द्वारस्य। अधोदारु शिला स्त्रियाम्** (ध.ना.मा.)।**~रन्ध्रः** (पुं.) [*नासायाः रन्ध्रः, ष.त.*] नाकको प्वाल।

नासिका (स्त्री.) [*नासते शब्दायते इति णासृ शब्दे इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः,, टापि अत इत्वम्*] नाक।

घ्राणं गन्धवहा नासा नसा नस्या च नासिका (साहसाङ्क)।
कुल्या गन्धवहा घोणा घ्राणं नासा च नासिका (कात्य)।

नासिक्यम् (नपुं.) [*नासिकायै हितम्, यञ्*] १.नस २.नाकमा हाल्ने औषधि।

नासीरः (पुं.) [*नाशयति शत्रुसमूहम्, ईरन्, पृषोदरादितया साधुः*] १.सेना २.सेनाको अग्रपङ्क्ति ३.अग्रसर।

नास्ति (अव्य.) बिल्कुल नभएको वा छैन भन्ने अर्थ बुझाउने शब्द/हुँदै नभएको अवस्था। **~वादः** (पुं.) [*नास्ति इति वादः, कर्म.स.*] नास्तिकताको सिद्धान्त।

नास्तिकः (पुं.वि.) [*नास्ति परलोकः इति मतिर्यस्य सः, अस्ति नास्ति दिष्टं मतिः ४.४.६० इति ठक्, ठस्य इकः, आदिवृद्धिः*] ईश्वर/देवता/परलोक आदिको अस्तित्व नमान्ने।

न नास्तिकानां वचनं ब्रवीम्यहं
न नास्तिकोऽहं न च नास्ति किञ्चन।
समीक्ष्य कालं पुनरास्तिकोऽभवं
भवेय काले पुनरेव नास्तिकः॥ (रामा.२.३८) **~दर्शनम्** (नपुं.) नास्तिकवादीहरूको दर्शन/ईश्वर परलोक आदिको खण्डन गर्ने शास्त्र।

नास्तिकता (स्त्री.) [*नास्ति परलोक इति मतिरस्य, अस्तिनास्ति दिष्टंमतिः ४.४.६० इति ठक्, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] ईश्वर, परलोक आदि छैन भन्ने किसिमको बुद्धि। **मिथ्यादृष्टिर्नास्तिकता** (अमर.१.५.४)।

नास्तिक्यम् (नपुं.) [*नास्तिकस्य भावः, कर्म वा, ष्यञ्*] नास्तिकता।

नि (अव्य.) [*णह बन्धने इति धातोः, डिप्रत्ययः*] शब्दको अघि लागेर विभिन्न वा विशेष अर्थ बुझाउने उपसर्ग। जस्तै– निकर (समूह, जमात)/निग्रह (दान दिइएको वस्तु फिर्ता लिंदा दिइने त्यसको मूल्य)/निर्धन (गरीब)/निर्दिष्ट (देखाइएको)/निकासी (बाहिर निकाल्ने काम) आदि।

निःशङ्कः (पुं.वि.) [*निर्गता शङ्का यस्मात् सः, बहु.स.*] शङ्का नभएको/शङ्कारहित/नडराउने/निडर।

निःशलाकः (पुं.) [*निर्गता शलाकाप्यस्मात्*] एकान्त। **विविक्त-विजनच्छन्ननिःशलाकास्तथा रहः** (अमर.२.८.२२)।

निःशब्दः (पुं.वि.) [*निर्गतः शब्दो यस्मात् सः, बहु.स.*] ध्वनिरहित/शब्द नभएको/नीख।

निःशस्त्रः (पुं.वि.) [*निर्गतं शस्त्रं यस्मात् सः, बहु.स.*] निशस्त्र/हातहतियाररहित।

निःशस्त्रीकरणम् (नपुं.) [*अनिःशस्त्रं निःशस्त्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० अभूततद्भाव इति वक्तव्यम् (वा.) इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] निःशस्त्रीकरण/शस्त्ररहित पार्नु।

निःशुल्कः (पुं.वि.) [*निर्गतम् शुल्कम् यस्मात् सः, बहु.स.*] दस्तुर नलाग्ने वा दिन नपर्ने/भाडा, भन्सार आदि नलाग्ने।

निःशेषः (पुं.वि.) [*शेषात् निष्क्रान्तः, निरादयः इति समासः*] १.शेष नरहेको २.सम्पूर्ण।

निःशोकः (पुं.वि.) [*निर्गतः शोकः यस्मात् सः, बहु.स.*] शोक वा चिन्ता नभएको।

निःशोध्यः (पुं.वि.) [*निर्गतः शोध्यमस्मात्*] सफा गरिएको।

निःश्रेणिः (स्त्री.) [*नियता श्रेणिः पङ्क्तिरत्र, सविसर्गपाठे निश्चिता श्रेणिरत्र, परसाहचर्यात्स्त्रीत्वम्*] १.काठको खुड्किला २.खजुरीको रुख। **निश्रेणिरधिरोहण्यां खर्जूरीपादपेऽपि च** (हैम.)।

निःश्रेयसम् (नपुं.) [*नितरां श्रेयः निःश्रेयसम्। अचतुर ५.४.७७ इति निपातितम्*] १.कल्याण २.मोक्ष। ३.विद्या ४.भक्ति (पुं.) शिव। **निःश्रेयसं तु कल्याणमोक्षयोः शङ्करे पुमान्** (मेदिनी.)।

निःश्वासः (पुं.) [*निश्वसनम्, निपूर्वकात् श्वस प्राणने इति धातोः, भावे ३.३.१८ इति घञ्*] बाहिर निस्केको सास।

निःषमम् (अव्य.) [*निर्गतं सममत्र, तिष्ठद्गुप्रभृतीनि च २.१.१७ इत्यव्ययीभावत्वम्, सुविनिर्दुर्भ्यः ८.३.८८ इति षत्वम्*] निन्दनीय। **निःषमं दुःषमं गर्ह्ये** (अमर. २.४.१४)।

निःसङ्कोचम् (नपुं.) [*निर्गतः सङ्कोचो यस्मिन् कर्मणि तत्*] सङ्कोच नगरिकन/निस्कङ्कोच/धक नमानिकन।

निःसन्तानः (पुं.वि.) [*निर्गतः सन्तानो यस्मात् सः, बहु.स.*] निस्सन्तान/अपूतो/छोराछोरी नभएको।

निःसरणम् (नपुं.) [*सृ गतौ इति धातोः, ल्युट् ३.३.११७ निःसरणं मृतौ*] १.घरको निक्लने मूल द्वार २.मुक्ति ३.निक्लनु। **उपाये गेहादिमुखे निर्वाणे निर्गमेऽपि च** (हैम.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निःसारः (पुं.वि.) [*निर्गतः सारो यस्मात् सः, बहु.स.*] सार नभएको/तुच्छ। **निःसारस्य पदार्थस्य प्रायेणाडम्बरो महान्** (सुभा.)।

निःसृतः (पुं.वि.) [*निःसरति स्म, गत्यर्थाकर्मक—३.४.७२ इति क्तः*] १.निक्लेको २.मुक्त भएको ३.छुटकारा पाएको।

निःसृतोऽहं करिष्यामि सुकृतानीति चिन्तयन्।
मेदोऽसृग्दिग्धसर्वाङ्गो जरायुपुटसंवृतः॥ (ग.पु.)

निःस्पन्दः (पुं.वि.) [*निर्गतः स्पन्दो यस्मात् सः, बहु.स.*] स्पन्दन वा कम्प नभएको/स्थिर/निश्चल/निश्चेष्ट/स्तब्ध।

निःस्वः (पुं.वि.) [*निर्गतं स्वं यस्मात् सः, बहु.स.*] दरिद्र/सम्पत्ति नभएको।

निःस्वो वष्टि शतं शती दशशतं लक्षं सहस्राधिपो
लक्षेशः क्षितिपालतां क्षितिपतिश्चक्रेशतां वाञ्छति।
चक्रेशः सुरराजतां सुरपतिर्ब्रह्मेशतां काङ्क्षति
ब्रह्मा विष्णुपदं हरिः शिवपदं तृष्णावधिं को गतः॥
(सुभा.)

निःस्वार्थः (पुं.वि.) [*निर्गतः स्वार्थो यस्मात् सः, बहु.स.*] निस्स्वार्थ/स्वार्थरहित/विना स्वार्थको।

निकटम् (त्रि.) [*सम्प्रोदश्च ५.२.२९ इति चापन्ने कटच् यद्वा निकटति, कटे वर्षावरणयो इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] नगिच/नजिक/समीप।

निकटस्थं गरीयांसमपि लोको न मन्यते।
पवित्रामपि यन्मर्त्या न नमस्यन्ति जाह्नवीम्॥ (सुभा.)

~भविष्यः (पुं.वि.) [*निकटश्चासौ भविष्यश्च, कर्म.स.*] चाँडै आउने भविष्य/निकट भविष्य। **~वर्ती** (पुं.वि.) [*निकटं वर्तते तच्छीलः, वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] निकटस्थ/नजिकको/समीपको/समीपमा रहेको। **~सम्बन्धः** (पुं.) नजिकको नाता। **~स्थः** (पुं.वि.) नजिकै रहेको।

निकरः (पुं.) [*निकीर्यते, निपूर्वकात् कॄ विक्षेपे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] १.समूह/जमात/थुप्रो। **निकरो निवहे सारे न्यायदेय- धने निधौ** (मेदिनी.) २.सार वस्तु ३.न्यायपूर्वक दिइएको धन ४.खानी।

निकर्षणः (पुं.) [*कर्षणात् निर्गतः,निरादय (वा.) इति समासः*] वस्न योग्य सुन्दर स्थल। **सन्निवेशो निकर्षणः** (अमर.२.२.१९)।

निकषः (पुं.) [*निकषति, निपूर्वकात् कष हिंसायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कसी/कसौटी/हतियारमा शान लाउने ढुङ्गो/पाषाणचक्र।

निकषः शाणफलके (विश्व.)।

निकषा (अव्य.) [*निपूर्वकात् कष कषणे इति धातोः, आः समिणनिकषिभ्याम् (उ.) ६२४ इति आः*] १.नजिक २.माझ। **निकषान्तिकमध्ययोः** (मेदिनी.)।

निकषा (स्त्री.) [*निकषति, निपूर्वकात् कष हिंसायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप्*] राक्षसी।

निकषात्मजः (पुं.) [*निकषाया आत्मजः, ष.त.*] राक्षस।

निकषोपलः (पुं.) [*निकषश्चासौ उपलश्च, कर्म.स.*] हतियारमा शान लाउने ढुङ्गाको चक्का/कसी।

निकामम् (नपुं.) [*निपूर्वकात् कमु कान्तौ इति धातोः भावे ३.३.१८ इति घञ्*] इच्छानुसार। **कामं प्रकामं पर्याप्तं निकामेष्टं यथेप्सितम्** (अमर.२.९.५७)।

निकायः (पुं.) [*निचीयत इति, चिञ् चयते इति धातोः, सङ्घे चा नौत्तराधर्ये ३.३.४२ इति घञ्, आदेश्च ककारः*] १.समूह/थुप्रो २.घर ३.परमात्मा ४.मिलेर काम गर्न बनाएको केही मानिस-हरूको संघ ५.लाख।

निकाय्यः (पुं.) [*निचीयते धान्यादिकमत्र, चिञ् चयने इति धातोः, पाय्यसान्नाय्य ३.१.१२९ इति साधुः, घञि ३.३.४१*] १.घर २.संघ ३.परमात्मा ४.लाख। **निकायोऽपि, निकायः सद्मसङ्घयोः, परमात्मनि लक्षे च** (हैम.)।

निकारः (पुं.) [*निकृष्टीकरणम्, कृञो घञ् ३.३.१८*] १.तिरस्कार २.धान आदि अन्न सफा तुल्याउन फड्कनु, बताउनु। **निकारः स्यात् परिभवे धान्यस्योत्क्षेपणेऽपि च** (धरणि.)।

निकारणम् (नपुं.) [*निपूर्वकात् कृञ् हिंसायामिति धातोर्णिचि भावे ल्युट् अनः*] मार्नु। **निकारणं विशारणम्** (अमर.२.८.११२)।

निकासः (पुं.) [*निकस्यतेऽनेन, निपूर्वकात् कस गतौ इति धातोः करणे घञ्*] १.पानी निस्कने बाटो २.समस्या समाधानको उपाय।

निकुञ्चकः (पुं.) [*निकुञ्चति, कुञ्च कौटिल्ये इति धातोः, अच् ३.१.१३४, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] २० खारी २४६ मुरी बराबरको नापो।

निकुञ्जः (पुं.) [*निशेषेण कौ जायते, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः,पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.लताहरू र घना वृक्षहरू भएको ठाउँ/लतागृह/लतामण्डप २.वन्यजन्तुहरू रहने स्थल।

निकुम्भः (पुं.) [*कुं भूमिं बिभर्ति, संज्ञायां भृतॄ ३.२.४६ इति खच्, खच्च डिद्वा ३.२.३८, नियतः कुम्भः, प्रादयो गता २.२.१८ इति समासः, नियतः कुम्भो यस्य सः, बहु.स.*] १.शिवको एक गण २.सुन्द उपसुन्द नामक दैत्यका पिता ३.रावणको एक मन्त्री/कुम्भकर्णको छोरा ४.कृष्णद्वारा मारिएको शतपुरको एक दैत्यराज ५.हर्यश्वनामक राजाका छोरा ६.एक विश्वदेव ७.स्वामी कार्तिकेयको एक गण ८.जमालगोटा ९.वज्रदन्ती। **निकुम्भः कुम्भकर्णस्य तनये दन्तिकौषधौ** (मेदिनी.)।

निकुरम्बः (पुं.नपुं.) [*निकुरति, कुर छेदने इति धातोः, बाहुलकादम्बच् अत उत्वञ्च*] समूह। **यस्यास्ति फेननिकुरम्ब इवाट्टहासः** (श्रीकण्ठचरित १८४०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकृतः १.(पुं.वि.) [*न्यकारि, क्तः ३.२.१०२*] अपकार गरिएको। **निकृतः स्याद् विप्रकृतः** (अमर.३.१.४१) २.(पुं.) [*निकृन्तति, कृती छेदने इति धातोः इगुपध इति कः*] शठ/स्वाँठ/मूर्ख। **निकृतस्त्वनृजुः शठः** (अमर.३.१.४६)।

निकृतिः (स्त्री.) [*निकृष्टा कृतिः क्रिया परप्रतारणरूपा, यद्वा—पराभीष्टस्य निकर्तनम्, कृती छेदने इति धातोः, इक् कृष्यादिभ्यः (वा.) ३.३.१०८ इतीक्*] १.छल/कपट २.गालीगलौज ३.स्वाँठ। **निकृतिर्भर्त्सने क्षेपे शठे शाठ्येऽपि च स्त्रियाम्** (विश्व.)।

निकृत्तः (पुं.वि.) [*निपूर्वकात् कृति छेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] जरैदेखि काटिएको।

निकृष्टः (पुं.वि.) [*निकृष्यते स्म, निपूर्वकात् कृष विलेखने इति धातोः,क्तः*] जाति/आचार आदिबाट हीन भएको/नीच/तुच्छ/हेय/अधम। **अवद्यं निकृष्टमपकृष्टम्** (हला.३३७)।

निकेतनम् (नपुं.) [*निपूर्वकात्, कित निवासे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्, औणादिको युज् वा युवारनाकौ ७.१.१ इत्यनः*] १.घर/वासस्थान २.मन्दिर।

निकोचकः (पुं.) [*निकुच्यते, कुच् शब्दे तारे इति धातोः, कृञादिभ्यो वुन् (उ.) ५.३५*] अङ्कोल।

निक्वणः (पुं.) [*नौ ३.३.६४ इति अनुपसर्गे ३.३.६१ इति चानुवर्तमाने क्वणो वीणायां च ३.३.६५ इत्यप्*] १.गहनाको शब्द २.सुकेका पात,लुगाको शब्द (रामाश्रमी) ३.वीणाको शब्द (मुकुट)।

निक्वाणः (पुं.) [*निपूर्वकात्, क्वण धातोः, क्वणो वीणायाञ्च ३.३.६५ इत्यप्,पक्षे भावे ३.३.१८ इति घञ्*] गहनाको आवाज। **भूषणानाञ्च शिञ्जितम्। निक्वाणो निक्वणः क्वाणः** (अमर.)।

निक्षिप्तः (पुं.वि.) [*निक्षिप्यते स्म, निपूर्वकात् क्षिप प्रेरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.फ्याँकिएको २.धरौटी राखिएको।

निक्षेपः (पुं.) [*निक्षेपणम्, निपूर्वकात् क्षिप प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.फ्याँक्ने काम २.धरौटी राख्ने काम ३.[*निक्षिप्यतेऽसौ, निपूर्वकात् क्षिप प्रेरणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्*] धरौटी। **स्वद्रव्यं यत्र विश्रम्भाद् निक्षिपत्यविशङ्कितः। निक्षेपो नाम तत्प्रोक्तं व्यवहारपदं बुधैः॥** (मिताक्षरा) **~निधिः** (पुं.) [*निक्षेपस्य निधिः, निक्षेपाय निधिर्वा*] ऋण परिशोध कोष।

निक्षेपकः (पुं.वि.) [*निक्षिपति, निपूर्वकात् क्षिप प्रेरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.फ्याँक्ने/ त्याग गर्ने २.निक्षेप गर्ने/धरौटी राख्ने/निक्षेप्ता।

निखिलः (पुं.वि.) [*निवृत्तं खिलं शेषमस्मात् सः*] सबै/समस्त।

निगडः (पुं./नपुं.) [*निर्गतो गडः सेचनमस्मात्, कठिनत्वात्, निगलति वा, गल अदने इति धातोः, अच् ३.१.१३४ डलयोरेकत्वम्*] हात्तीको खुट्टामा बाँध्ने सिक्री। **अन्दुको निगडोऽस्त्री स्यात्** (अमर. २.८.४१)।

निगदः (पुं.) [*निगदनम् गद व्यक्तायां वाचि इति धातोः, नौ गद ३.३.६४ इत्यप्*] बोल्नु।

निगदितः (पुं.वि.) [*निपूर्वकाद् गद व्यक्तायां वाचि इति धातोः क्तः*] भनिएको।

निगमः (पुं.) [*नितरां गच्छन्त्यत्र, नौ गद ३.३.६४ इत्यप्*] १.बाटो/मार्ग २.सहर ३.वेद/वेदको कुनै अंश ४.हाट/बजार ५.निश्चय ६.उपदेश ७.[*निगमे भवः,तत्र भवः ४.३.५३ इत्यण्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः*] व्यापारी। **निगमाः पूर्वणिग्वेदनिश्चयाध्ववणिक्पथाः** (हैम.)। **~करः** (पुं.) [*निगमस्य करः, ष.त.*] व्यापारिक वा औद्योगिक निगम संस्थामा लगाइने कर।

निगमनम् (नपुं.) [*निपूर्वकात्, गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.वेदको अवतरण २.न्यायशास्त्रमा अनुमानका पाँच अवयवमध्ये एक। निष्कर्ष वााक्य। ३.कुनै संस्थालाई निगम/प्राधिकरणको रूप दिनु ४.अनुन्धान वा शिक्षणविधिमा पहिले सिद्धान्त वा नियम सिकाएर तदनुसार उदाहरण दिनु।

निगादः (पुं.) [*निगदनम्, गद व्यक्तायां वाचि इति धातोः, घञ् ३.३.१८*] बोल्नु।

निगारः (पुं.) [*निगरणम्, गृ निगरणे इति धातोः, उन्न्योर्ग्रः ३.३.२९ इति घञ्*] निल्नु।

निगालः (पुं.) [*निगलत्यनेन, गल अदने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, निगरत्यनेन वा, गृ निगरणे इति धातोः, उन्न्योर्ग्रः ३.३.२९ इति घञ्, अचि विभाषा ८.२.३१ इति वा लः*] घोडाको गर्दनको पछिल्लो भाग। **निगालस्तु गलोद्देशे** (अमर.२.८.४८)।

निगूढः (पुं.वि.) [*निपूर्वकात् गुहू संवरणे इति धातोः,क्तः*] अति गुप्त/रहस्यपूर्ण।

निगूहनम् (नपुं.) [*निपूर्वकात्, गुहू संवरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, दीर्घः*] लुकाउनु/छिपाउनु।

निग्रहः (पुं.) [*निग्रहणम्, निपूर्वकात्, ग्रह धातोः, अप् ३.३.५८*] १.नियन्त्रण ३.गाली ४.मर्यादा ५.बन्धन ६.दान दिइएको वस्तु पैसा दिएर किन्नु। **निग्रहो भर्त्सनेऽपि स्यान्मर्यादायां च बन्धने** (मेदिनी.)।

निग्राहकः (पुं.वि.) [*निगृह्णाति, निपूर्वकात् ग्रह ग्रहणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अपराधीहरूलाई दण्ड दिने २.समात्ने।

निघः (पुं.) [*निर्विशेषं हन्यते (ज्ञायते) इति हन हिंसागत्योः इति धातोः, निघो निमित्तम् ३.३.८७ इति अप्प्रत्ययः, टिलोपश्च निपात्यते*] चारैतिर एकनासले लगाएको। **तत्र विश्वक्समे निघः** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निघण्टुः (पुं.) वेदका कठिन शब्दहरूको सङ्कलन गरिएको कोषग्रन्थ। यसमा ५ अध्याय छन्। पहिलो तीन अध्यायलाई नैघण्टुककाण्ड भनिन्छ। यसमा संकलित शब्दहरूको व्याख्या निरुक्तको दोस्रो र तेस्रो अध्यायमा गरिएको छ। यसका शब्द सङ्ख्या १३४१ छन्। तीमध्ये २३० शब्दको व्याख्या भएको छ। चौथो अध्यायलाई नैगमकाण्ड र पाँचौं अध्यायलाई दैवतकाण्ड भनिन्छ। नैगमकाण्डमा तीन खण्ड छन् ६२, ८४ र १३२ पद छन्। दैवतकाण्डका छ खण्डको पदसङ्ख्या ३, १३, ३६, ३२, ३६ र ३१ छ। यसमा विभिन्न देवताहरूका नाम संकलित छन्। निरुक्तको सातदेखि १२ अध्यायमा यी शब्दहरूको व्याख्या भएको छ।

निघसः (पुं.) [*निपूर्वात् अद भक्षणे इति धातोः, उपसर्गेऽदः ३.३.५९ इति अप्, घञपोश्च २.४.३८ इति घस्लादेशः*] भोजन/आहार।

निघृष्टः (पुं.वि.) [*निघृष्यते स्म, निपूर्वकात् घृष घर्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] घोटिएको/रगडिएको।

निघ्नः (पुं.वि.) [*निहन्यते स्म, घञर्थे कः विधानम् (वा. ३.३.५८ इति कः*] १.अधीन। **अधीनो निघ्न आयत्तः** (अमर.३.१.१६) २.गुणन गरिएको।

निघ्नानः (पुं.वि.) [*निहन्तीति, ताच्छील्यवयोवचनशक्तिषु चानश् ३.२.१२९ इति चानश्*] मार्न सिपालु।

निचयः (पुं.) [*निपूर्वकात् चिधातोरच्*] समूह।

निचितः (पुं.वि.) [*निपूर्वकात् चिञ् धातोः क्तः*] १.ढाकेको। **पश्य नानाविधाकारैरग्निभिर्निचितां महीम्** २.सञ्चित। **वायुः प्रवृद्धो निचितं वनान्तं नुदत्यधस्तादहिताशनस्य** (भावप्रकाश)।

निचुलः (पुं.) [*निचोलति, चुल समुच्छ्राये इति धातोः, चुरादीनां णिज्वा, इगुपध ३.१.१३५ इति कः*] भुइँ वेत। **निचुलस्तु निचोले स्यादिज्जलाख्यमहीरुहे** (मेदिनी.)।

निचोलः (पुं./नपुं./स्त्री) [*निचोल्यते, चुल समुच्छ्राये चुरादिः, घञ् ३.३.१९ यद्वा– चोड्यते, चुड कृतौ चुरादिः, घञ् ३.३.१९ डलयोरेकत्वम्*] खोल। कसैका मतमा शरीर ढाक्ने वस्त्रविशेष/बुर्का।

निचोलकः (पुं.) [*निचोल इव कायति, कै शब्दे इति धातोः कः*] सेना आदिले प्राचीन समयमा लगाउने चोलो आकारको लुगा। १.[*निचोल एव, स्वार्थे कन्*] २.खोल ३.पूरा शरीर ढाकेर लगाइने लुगा।

निजः (पुं.वि.) [*निजायते, निपूर्वकात् जनी प्रादुर्भावे इति धातोः, उपसर्गे च ३.२.२९ इति डः, डित्वाट्टिलोपः*] आफू/स्वयं/सो/ऐजन।

नितम्बः (पुं.) [*नितम्बति, नितम्ब्यते वा, निपूर्वकात् तम्ब गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति वा घञ्, तम्यति सुरतसंमर्दाद्, तमु ग्लानौ,इति धातोः, उल्वादयश्च (उ.) इति वा साधुः*] १.कम्मरदेखि मुनिको शरीरको पछिल्लो अवयव/चाक/पुट्ठो २.पर्वतको तल्लो भाग। **गिरेर्नितम्बं मरुता विभिन्नं तोयावशेषेण हिमाभमभ्रम्**। (भट्टि) ३.कटिप्रदेश। **तरुण्यालिङ्गितः कण्ठे नितम्बस्थलमाश्रितः। गुरूणां सन्निधानेऽपि कः कूजति मुहुर्मुहुः॥** (विदग्धमुखमण्डन)

नितम्बिनी (स्त्री.) [*प्रशस्तो नितम्बोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] ठुलो र राम्रो नितम्ब भएकी स्त्री/नवयौवना सुन्दरी स्त्री।

नितान्तः (पुं.वि.) [*नितामयति स्म, निपूर्वकात् तम धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] अत्यन्त/अत्यधिक/बिलकुल/सर्वथा।

नित्कारः (पुं.) [*निकरणम्, कृ विक्षेपे इति धातोः, कृ धान्ये ३.३.३० इति घञ्*] धान–गहुँ आदिमा रहेको धुलो उडाउने क्रिया/निफन्ने क्रिया।

नित्यः (पुं.वि.) [*नियतं भवः, त्यब्नेर्ध्रुव इति वक्तव्यम् (वा. ४.२.१०४ इति नि इति, अव्ययात् त्यप्*] १.सधैं रहने २.(पुं.) समुद्र ३.आत्मा। **~कर्म** (नपुं.) [*नित्यञ्च तत्कर्म च, कर्म.स.*] प्रतिदिनको काम/शौच/ स्नान/ पूजापाठ आदि दिनदिनै गरिने कर्म/नित्य क्रिया। **~श्राद्धम्** (नपुं.) दिनहुँ गरिने श्राद्ध। यसमा विश्वेदेवको पूजा गरिन्न तर अर्थाभावमा जलले भए पनि गर्नुपर्छ। **अहन्यहनि यच्छ्राद्धं तन्नित्यमिति कीर्तितम्। विश्वेदेवविहीनं तदशक्तावुदकेन तु॥** (नि.सिं.) **~होमः** (पुं.) दिनहुँ गरिने होम।

नित्यत्वम् (नपुं.) [*नित्यस्य धर्मः, तस्य भावस्त्वतलौ इति त्वः*] नित्यता/सदाकाल रहिरहनु/कहिल्यै नाश नहुनु।

नित्यम् (नपुं.) [*नियतं भवम्, त्यब्नेर्ध्रुव इति वक्तव्यम् (वा.) ४.२.१०४ इति नि इति, अव्ययात्, त्यप्*] १.सधैं /सदा/सर्वदा २.निरन्तर।

नित्या (स्त्री.) [*नियतं भवा, त्यब्नेर्ध्रुव इति वक्तव्यम् (वा.) ४.२.१०४ इति नि इति, अव्ययात्, त्यप्, टप् ४.१.४*] १.पार्वती २.मनसादेवी ३.जसको इच्छाले ब्रह्मा विष्णु शिव आदि देवताको उत्पत्ति हुन्छ र फेरि जसमा लय हुन जान्छन् त्यस्ती शक्तिरूपिणी महामाया।

ब्रह्मविष्णुशिवादीनां भावे यस्यां निजेच्छया।
पुनः प्रलीयते यस्यां नित्या सा परिकीर्तिता॥

(शक्तियामल)

नित्यानन्दः (पुं.) [*नित्यश्चासौ आनन्दश्च, कर्म.स.*] १.सधैं भइरहने आनन्द। २.ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान्। यिनको समय सत्रौं शताब्दी हो। इन्द्रप्रस्थपुरमा बस्ने नित्यानन्दले **सिद्धान्तराज** नामक ग्रन्थ लेखेका छन्। यो ग्रहगणितसँग सम्बद्ध महत्त्वपूर्ण कृति हो। यसमा मीमांसाध्याय, मध्यमाधिकार, स्पष्टाधिकार, भग्रहयुत्यधिकार, भग्रहउन्नतांशसाधनाधिकार, भुवनकोश, गोलबन्धाधिकार र यात्राधिकार गरी आठ अधिकार छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निदर्शकः (पुं.वि.) [*निदर्शयति, निपूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] देखाउनु/प्रदर्शक ।

निदर्शनम् (नपुं.) [*निपूर्वकाद्, दृशिर् प्रेक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] देखाउने काम/प्रदर्शन/दृष्टान्त ।

निदर्शना (स्त्री.) [*निदर्श्यते संभवनसंभवन् वस्तुसंबन्धो यया सा*] सम्भव वा असम्भव दुईथरि वस्तुको सम्बन्धलाई विम्ब प्रतिविम्ब भाव भएको देखाएर वर्णन गर्दा पर्न जाने अर्थालङ्कार। साहित्यदर्पणअनुसार– जहाँ हुन लागेको वस्तुको सम्बन्ध र नभएको वस्तुको सम्बन्ध दुवै बिम्बानुबिम्बभावबाट देखाउँदा निदर्शना हुन्छ। काव्यप्रकाशअनुसार नभएको वस्तु सम्बन्धबाट जहाँ उपमाको कल्पना गरिन्छ, त्यहाँ प्रथम निदर्शना, जहाँ क्रियाबाटै आफ्नो र आफ्नो हेतुको सम्बन्धको उक्ति रहन्छ, त्यहाँ दोस्रो निदर्शना हुन्छ। चन्द्रालोक-अनुसार उस्तैउस्ता वाक्यहरूको एकताको आरोपलाई निदर्शना भनिन्छ।

संभवन् वस्तुसंबन्धोऽसंभवन्वापि कुत्रचित्।
यत्र विम्बानुविम्बत्वं बोधयेत्सा निदर्शना॥ (सा.द.)

निदाघः (पुं.) [*नितरां दह्यतेऽत्र, दह भस्मीकरणे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्*] १.ग्रीष्म ऋतु २.तातो वाफ ३.तातो पानी। **निदाघो ग्रीष्मकाले स्यादुष्णस्वेदाम्बुनोरपि** (विश्व.)। **~कालः** (पुं.) [*निदाघस्य कालः, ष.त.*] ग्रीष्म ऋतु।

निदानम् (नपुं.) [*नितरामसाधारणतया दीयते, निपूर्वकाद्, दा धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मुख्य कारण २.कारण ३.तपस्याको फलको याचना ४.अवसान ५.रोगलाई हटाउने उपाय ६.रोगको बारेमा निर्णय गर्ने ग्रन्थ ७.बाच्छाको दाम्लो ८.अन्त्य। **निदानं कारणे शुद्धौ तपसः फलयाचने, वत्सदाम्न्यवासने च** (हैम.)।

निदिग्धः (पुं.वि.) [*निदिह्यते स्म, दिह उपचये इति धातोः, क्तः ३.२.१०२*] पुष्ट भएको।

निदिग्धिका (स्त्री.) [*निदिह्यते स्म, दिह उपचये इति धातोः, क्तः, टाप् ४.१.४ स्वार्थे कन् ५.३.७५*] १.बिँही २.अलैंची।

निदेशः (पुं.) [*निदेशनम्, निपूर्वकाद्, दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.आज्ञा/आदेश/निर्देशन २.कानेखुसी। **निदेशः शासनोपान्तकथनेषु प्रयुज्यते** (विश्व.)।

निदेशकः (पुं.वि.) [*निदिशति, निपूर्वकाद्, दिश अतिसर्जने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निर्देश गर्ने वा दिने व्यक्ति/निर्देशक/डाइरेक्टर/चलचित्र वा पात्रको वेश-भूषा/कथोपकथन आदि विषय निर्धारित गर्ने व्यक्ति।

निद्रा (स्त्री.) [*या निन्दति यया वा सा, णिदि कुत्सायाम् इति धातोः, निन्देर्नलोपश्च (उ.) १८४ इति रक् नलोपश्च, टाप् ४.१.४*] १.सुस्ती २.तमोगुण र कफको संसर्गद्वारा प्राणीहरूका चेतनवृत्तिहरू बिच बिचमा केही समयको लागि निश्चेष्ट भई रोकिन जाने र ऊनीहरूलाई शारीरिक तथा मानसिक विश्राम प्राप्त हुने अवस्था। योग शास्त्रअनुसार पाँचथरी चित्त-वृत्तिहरूमध्ये अभावको ज्ञानको अबलम्बन (ग्रहण) गर्ने वृत्तिलाई निद्रा भनिन्छ। अर्थात् त्यस बेला मानिसलाई कुनै पनि विषयको ज्ञान रहँदैन, खालि ज्ञानको अभाव थाहा हुन्छ। त्यस्तो ज्ञानको अभावको ज्ञान त्यसै चित्तवृत्तिमा आश्रित रहन्छ। निद्राका क्लिष्ट र अक्लिष्ट दुई भेद छन्– जब निद्राबाट ब्युँझँदा साधकको मन र इन्द्रियमा सात्त्विक भावको उदय हुन्छ, आलस्य रहँदैन त्यसलाई– **अक्लिष्ट,** उपर्युक्त अवस्थाबाहेक अन्य अवस्थामा परिश्रमको अभावको बोध गराएर आसक्ति उत्पन्न गराउनेलाई **क्लिष्ट** भनिन्छ। निद्रामा बर्बराउनु– **उत्स्वप्नायनम्** (नपुं.), निद्रा लाग्नु– **निद्राणम्** (नपुं.)। **तमःकफाभ्यां निद्रा स्यात्** (शा.सं.)। **~आकुलः/आकृष्टः/आक्रान्तः** (पुं.वि.) निद्राले ग्रस्त। **~करः** (पुं.वि.) निद्रा लगाउने। **~कारी** (पुं.वि.) निद्रा लगाउने। **~कालः** (पुं.) सुत्ने वेला। **~गतः** (पुं.वि.) निदाएको। **~ग्रस्तः** (पुं.वि.) गाढा निद्रामा परेको। **~जनकः** (पुं.वि.) निद्रा लगाउने। **~ भङ्गः** (पुं.) निद्राले छाड्नु/निद्राबाट बिउँझनु।

निद्राणः (पुं.वि.) [*निद्राति स्म, अकर्मकत्वात् ३.४.७२ क्तः, संयोगादेः ८.२.४३ इति नः*] निदाइरहेको।

निद्रालुः (पुं.वि.) [*नितरां द्राति तच्छीलः, निपूर्वकात् द्रा कुत्सायां गतौ इति धातोः, स्पृहिगृहिपतिदयिनिद्रातन्द्राभ्य आलुच् ३.२.१५८ इति आलुच्*] १.अल्छी २.सुताहा/ज्यादै सुत्ने।

निद्रितः (पुं.वि.) [*निद्रा अस्य सञ्जाता इति, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] निदाएको/सुतेको।

निधनः (पुं.वि.) [*निवृत्तं धनं यस्य सः, बहु.स.*] धन नभएको।

निधनः (पुं./नपुं) [*नितरां दधाति, धारयति स्वीकरोति जीवो यत् तत्, नि पूर्वकात्, डुधाञ् धारणपोषणयोः, इति धातोः, कृपृवृजिमन्दि निधाञः क्युः (उ.) २.८२ इति क्युः, युवोरनाकौ ७.१.१ इत्यनः, आलोपः*] १.मृत्यु/२.अन्त/समाप्ति ३.नाश/विध्वंस ४.कुल। **निधनं स्यात् कुले नाशे** (मेदिनी.) **निधनोऽस्त्रियाम्** (अमर.)। **~क्रिया** (स्त्री.) [*निधनस्य क्रिया, ष.त.*] अन्त्येष्टि क्रिया।

निधिः (पुं.) [*नितरां धीयते इति, निपूर्वकात्, डुधाञ् धारणपोषयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किप्रत्ययः,नितरां दधाति पोषयति अनेन वा,*] १.कुनै वस्तु अधिक मात्रामा भएको ठाउँ/खानि। **निधिर्ना शेवधिः** (अमर.) २.शङ्ख, मकर आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुबेरका नौ निधि ३.समुद्र । **कन्यां सुकन्यां निधिकन्यकासमां मेने तदात्मानमनुत्तमञ्च** । (दे.भा.३.२२.१०) ४.गाढेको धन। **राजा लब्ध्वा निधिं दद्याद् द्विजेभ्योऽर्द्धम्, इतरेण निधौ लब्धे राजा षष्ठांशमाहरेत्** (मिताक्षरा) ५.[*प्रलयकाले सर्वमस्मिन् निधीयते*] विष्णु ६.महादेव (म.भा.१३.१७.४३) ७.औषधि-विशेष ।

निधुवनम् (नपुं.) [*निश्चयेन क्रीडाकाले धुनोति कम्पयतीति, धूञ् कम्पने इति धातोः, भूसूधूभ्रसूजिभ्यश्छन्दसि (उ.) २४७ इति क्युन्, युवोरनाकौ ७.१.१ इत्यनः, उवङादेशश्च ६.४.७७*] मैथुन। **मैथुनं निधुवनं रतम्** (अमर.२.८.५७)।

निध्यानम् (नपुं.) १.[*निपूर्वकाद् ध्यै चिन्तायाम् इति धातोः भावे ल्युट्, अनः*] हेर्नु । **निर्वर्णनन्तु निध्यानं दर्शनालोकनेक्षणम्** । (अमर.) २.[*नितरां ध्यानम्*] उत्कण्ठाका साथ स्मरण गर्नु।

निध्वानम् (नपुं.) [*नितरां ध्वानम्, प्रादिस.*] ठुलो आवाज। **निध्वानमश्रूयत पाञ्चजन्यः** (भाग.)।

निनदः (पुं.) [*णद अव्यक्ते शब्दे इति धातोः, नौ गदनद ३.३.६४ इत्यप्*] शब्द । **शब्दे निनादनिनदध्वनिध्वानरवस्वनाः** (अमर.) ।

निनदन् (पुं.वि.) [*अतिशयेन नदति निनद इत्यस्मात् लटः शतृ*] अतिशय शब्द गरिरहेको ।

निनादः (पुं.) [*निनदनम्, निपूर्वकात्, णद अव्यक्ते शब्दे इति धातोः, नौ गदनगपठस्वनः ३.३.६४ इति अबभावे घञ्, भावे ३.३.१८ इति घञ्*] ध्वनि/आवाज/शब्द ।

निन्दकः (पुं.वि.) [*निन्दयति, णिदि कुत्सने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निन्दा गर्ने/अर्काको दुर्गुण गाउने/अर्काको खोइरो खन्ने मानिस।

निन्दनम् (नपुं.) [*णिदि कुत्सने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] निन्दा गर्नु/निन्दा गर्ने काम।

निन्दनीयः (पुं.वि.) [*निन्दयितुं योग्यः, णिदि कुत्सने इति धातोः, तव्यत्तव्यानीयर् ३.१.९६ इत्यनीयरः*] निन्दा गर्न योग्य/तिरस्कार गर्न योग्य।

निन्दा (स्त्री.) [*निन्दनमिति, णिदि कुत्सने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] आलेचना,गालीगलोज। **दह्यमानाः सुतीव्रेण नीचाः परयशोऽग्निना । अशक्तास्तत्पदं गन्तुं ततो निन्दां प्रकुर्वते** ॥ (सुभा.) **~स्तुतिः** (स्त्री.) [*निन्दया स्तुतिः, तृ.त.*] निन्दाको बहानाले गरिएको स्तुति।

निन्दितः (पुं.वि.) [*निन्दा सञ्जाता अस्य, तदस्य अञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] निन्दा गरिएको/ अपहेलित ।

दुराचारो हि पुरुषो लोके भवति निन्दितः ।
दुःखभोगी च सततं रोगी चाल्पायुषो भवेत् ॥ (दक्ष.)

निपः (पुं.) [*नितरां पिबत्यनेन,निपूर्वकात्पाधातोः घञर्थे कः*] कलस **कलशस्तु त्रिषु द्वयोः । घटकुटनिपौ** (अमर.)।

निपठः (पुं.) [*निपठनम्, पठ व्यक्तायां वाचि इति धातोः, नौ गदनद– ३.३.६४ इत्यब् वा*] पढ्ने क्रिया। **निपाठनिपठौ पाठे** (अमर.)।

निपतनम् (नपुं.) [*निपूर्वकात्, पत्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] तल आउनु/झर्नु/ गिर्नु ।

निपतितः (पुं.वि.) [*निपत्यते स्म, निपूर्वकात्, पत्लृ गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खसेको/गिरेको/नाश भएको/विनष्ट।

निपाठः (पुं.) [*निपठनम्, पाठ व्यक्तायां वाचि इति धातोः, नौ गदनद ३.३.६४ इत्यब् वा, पक्षे घञ् ३.३.१८*] पढ्ने क्रिया।

निपातः (पुं.) [*नितरां पतनमिति, निपूर्वकात्, पत्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.खस्ने क्रिया/खसाइ २.तल झर्नु ३.नाश ४.मरण ५.संस्कृत व्याकरणको नियमबाट बन्न नसक्ने वा बन्ने नियम थाहा नभएको शब्द ६.द्रव्यभिन्न अर्थका चादि (च, वा, ह. आदि) अव्ययहरू **चादयोऽसत्वे** १.४.४७ (अष्टाध्यायीसूत्रपाठ)।

निपातनम् (नपुं.) [*पतेः स्वार्थण्यन्ताल्ल्युट् ३.३.११५*] १.पछार्नु २.खसाल्नु ३.तल भुक्नु । **अवनायस्तु निपातनम्** (अमर. ३.२.२७)।

निपानम् (नपुं.) [*निपीयत अस्मिन्निति, निपूर्वकात्, पा पाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पोखरी/आहाल २.दुध दुहुने भाँडो ३.इनारको नजिकै बनाएको पानी राख्ने खाल्डो।

निपीडकः (पुं.वि.) [*निःशेषेण पीडयति, निपूर्वकात्, पीड पीडायामिति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अति दुःख दिने/कष्ट दिने/गाड्ने/मर्दन गर्ने/ पेल्ने/ थिच्ने।

निपीडनम् (नपुं.) [*निपूर्वकात्, पीड पीडायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अत्यधिक दुःख दिनु/निचोर्नु/माड्नु।

निपीडितः (पुं.वि.) [*निपीड्यते स्म, निपूर्वकात्, पीड पीडायामिति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अति पीडित/दबाइएको/ थिचिएको/मर्दन गरिएको।

निपुणः (पुं.वि.) [*निपुणति, निपूर्वकात्, पुण शुभे कर्मणि इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.३५ इति कः*] १.सिपालु/काममा चतुर/कुशल २.पारङ्गत।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः ।
वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि ॥ (अमर.३.१.४)

निबद्धः (पुं.वि.) [*निबध्यते सम, निपूर्वकात्, बन्ध बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.रचिएको । **धिया निबद्धेयमतिद्वयी कथा** (कादम्बरी) २.बाँधिएको ३.जडिएको/जटिल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निबन्धः (पुं.) [*निबध्यतेऽनेन, बन्ध बन्धने इति धातोः,अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.ग्रन्थ २.[*निबन्धनम्, बन्ध बन्धने इति धातोः, भावे ३.३.१८ इति घञ्*] राम्ररी बाँध्ने काम/बन्धन ३.कुनै विषयलाई माध्यम बनाएर त्यसमाथि गरिने आत्मपरक वा वस्तुपरक लेखाकार रचना।

निबन्धनम् (नपुं.) [*निबध्यतेऽनेनात्र वा, निपूर्वकात्, बन्ध बन्धने इति धातो, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बन्धन २.लेख/रचना ३.[*निपूर्वकात्, बन्ध बन्धने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] रोक्ने काम/अवरोध।

निभः १.(पुं.वि.) [*निभादय उत्तरपदस्था एव सदृशवचना वाच्यलिङ्गाः भवन्ति। यथा– पितृनिभः पुत्रः, मातृनिभा कन्या देवनिभमपत्यम् इति नियतं भाति, आतश्चोपसर्गे ३.१.१३६ इति कः*] १.समासमा पछाडि प्रयोग हुँदा तुल्यता बुझाउने शब्द। २.(पुं.) [*निःशेषेण भाति, पूर्ववत्*] प्रकाश ३.(नपुं.) छल।

कैतवं कपटं कूटं व्याजछद्मोपधिच्छलम्।
मिषं निभञ्च निर्दिष्टं व्यपदेशश्च सूरिभिः। (हला.७०९)

निभालनम् (नपुं.) [*निपूर्वकाद् भल आमण्डने इति धातोः णिचि भावे ल्युट्अनः*] १.अवलोकन गर्नु २.निरूपण गर्नु।

निभालनं निशामनं निध्यनमवलोकनम्।
ईक्षणं दर्शनं दृष्टिर्द्योतनञ्च समं स्मृतम्॥ (हला.५६६)

निभृतः (पुं.वि.) [*नितरामभारि, भृञ् भरणे इति धातोः, क्तः*] वशमा रहेको। **निभृते भृतम्** (१६.अमर.३.२.१२)।

निमग्नः (पुं.वि.) [*निमज्यते स्म, निपूर्वकात् टु मस्जो शुद्धौ इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, ओदितश्च ८.२.४५ इति नः, कुत्वम्*] डुबेको/मग्न/तल्लीन।

निमज्जथुः (पुं.) [*निमज्जनम्, इति निपूर्वकात् टु मस्जो शुद्धौ इति धातोः,ट्वितोऽथुच् ३.३.८९इति अथुच्*] निमज्जन/पानीमा डुब्नु।

निमज्जनम् (नपुं.) [*निपूर्वकात्, टु मस्जो शुद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१.इत्यनः*] गोता लाउनु/डुबुल्की मार्नु।

निमज्जमानः (पुं.वि.) [*निमज्जते इति, निपूर्वकात्, टु मस्जो शुद्धौ इति धातोः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] गोता लाइएको/डुबुल्की मारिएको।

निमज्जितः (पुं.वि.) [*निपूर्वकात्, टु मस्जो शुद्धौ इति धातोः, णिचि, क्तः*] गोता लाएको/डुबुल्की मारेको।

निमन्त्रकः (पुं.वि.) [*निमन्त्रयति, निपूर्वकात्, मन्त्र गुप्तपरिभाषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निम्तो दिने/निमन्त्रण गर्ने/बोलाउने।

निमन्त्रणम् (नपुं.) [*निपूर्वकात्, मन्त्र गुप्तपरिभाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] भोज, उत्सव आदि काममा कसैलाई नियत समयमा आउन गरिएको अनुरोध/निम्तो।

निमयः (पुं.) [*निमीयते, मीङ् हिंसायाम् इति धातोः, एरच् ३.३.५६*] वस्तु वा पदार्थको विनिमय। **परीदानं परीवर्तो नैमेयनिमयावपि** (अमर. २.८०)।

निमित्तम् (नपुं.) [*निपूर्वकात्, ञिमिदा स्नेहने इति धातोः, ञितः क्त ३.२.७८ इति क्तः*] १.कारण/हेतु।

किं निमित्तं महाभाग निस्पृहस्य च मां प्रति।
जातं ह्यागमनं ब्रूहि कार्यं तन्मुनिसत्तमः॥ (दे.भा. १.१९.५) २.काम चलाउ/तदर्थ ३.लक्षण/चिह्न ४.शकुन।

निमित्तानि च पश्यामि विपरीतानि केशव (गीता)।

निमिषः (पुं.) [*निमेषति, निपूर्वकात्, मिष स्पर्धायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] आँखा झिम्म गर्नु/पलक मार्नु/आँखा भिम्म गर्दा लाग्ने समय/क्षण/निमेष।

निमीलनम् (नपुं.) [*निपूर्वकात्, मील निमेषणे इति धातोः, ल्युट् च इति भावे ल्युट् अनः*] १.आँखा चिम्लनु २.[*निमील्यतेऽनेन, करणे ल्युट् अनः*] मर्नु।

निमीलितः (पुं.वि.) [*निमील्यते स्म, निपूर्वकात्, मील निमेषणे इति धातोः,निष्ठा इति क्तः*] १.आँखा बन्द गरेको २.मरेको।

निमेषः (पुं.) [*क्षणद्वयं वः प्रोक्तो निमेषस्तु लवद्वयम् इत्यादि शास्त्रसिद्धा निमेषाः*] १.दुई क्षणको एक लव हुन्छ, दुई लव बराबरको समय/आँखा झिम्क्याउन लाग्ने समय २.रोगविशेष ३.यक्षविशेष।

निम्नः (पुं.वि.) [*निपूर्वकात्, म्ना अभ्यासे इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः*] १.तल/गहिरो २.तल्लो दर्जाको। **~सदनम्** (नपुं.) [*निम्नञ्च तत् सदनञ्च, कर्म.स.*] तल्लो सदन।

निम्नगा (स्त्री.) [*निम्नं गच्छति, गम्लृ गतौ इति धातोः, अन्येभ्योऽपि (वा.) ३.२.१०१ इति डः*] नदी।

यादृग्गुणेन भर्त्रा स्त्री संयुज्येत यथाविधि।
तादृग्गुणेन सा भवति समुद्रेणेव निम्नगा॥ (मनु.)

२.(वि.) तलतिर बग्ने।

निम्नोन्नतः (पुं.वि.) [*निम्नश्चासौ उन्नतश्च, कर्म.स.*] होचोअग्लो।

निम्नोन्नतं वक्ष्यति को जलानां
विचित्रभावं मृगपक्षिणाञ्च।
माधुर्यमिक्षौ कटुताञ्च निम्बे
स्वभावतः सर्वमिदं हि सिद्धम्॥ (सुभा.)

निम्बः (पुं.) [*नयति प्रापयति शुभगुणानिति, उल्वादयश्च (उ.) ५४४ इति बन्*] नीम। यसका अन्य नाम– पिचुमर्दः, पिचुमन्दः, तिक्तकः, अरिष्टः, पारिभद्रकः, हिङ्गुनिर्यास। यसले अग्निमान्द्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयरोग, खोकी, सर्दी, पित्त कफ, वमन, ज्वरो, कुष्ठ, प्रमेह, मलेरिया आदि रोगलाई नाश गर्दछ। अन्य धेरै रोगको औषधिनिर्माणमा यसको उपयोग हुन्छ।

निम्बतरुः (पुं.) [*निंवति, णिवि सेचने इति धातोः, पचाद्यच् ३.१.१३४ बययोरैक्यम्, कर्मणि घञ् ३.३.१९*] १.नीमको वृक्ष २.बकाइनो ।

न दुर्जनः सज्जनतामुपैति बहुप्रकारैरपि सेव्यमानः।
भूयोऽपि सिक्तः पयसा घृतेन न निम्बवृक्षो मधुरत्वमेति ॥ (सुभा.)

निम्बपत्रम् (नपुं.) [*निम्बस्य पत्रम्, ष.त.*] निमको पात। यो आँखाका निमित्त हितकारी हुन्छ। यसले कृमिजन्य रोग, पित्त र विषलाई नाश गर्छ। धेरैकिसिमको औषधिमा यसको उपयोग हुन्छ।

निम्बफलम् (नपुं.) [*निम्बस्य फलम्, ष.त.*] निमको फल। **निम्बफलं रसे तिक्तं पाके तु कटुभेदनम्।** (भा.प्र.नि.) गुल्म, अल्काई आदि रोगमा यसको बढी उपयोग हुन्छ।

निम्बार्कमतम् (नपुं.) [*निम्बार्कस्य मतम्, ष.त.*] द्वैताद्वैतवाद नामले प्रसिद्ध वैष्णव सिद्धान्त। यसका प्रतिष्ठापक बाह्रौं शताब्दीका तैलङ्ग ब्राह्मण निम्बार्क हुन्। यिनले रचेका ग्रन्थहरूमध्ये **वेदान्तपारिजातसौरभ**– (ब्रह्मसूत्रको छोटो भाष्य) **दशश्लोकी**– (सिद्धान्त प्रतिपादन गर्ने दश श्लोकहरूको सङ्ग्रह), **श्रीकृष्णस्तवराज**– (निम्बार्क मतको प्रतिपादन गर्ने २५ श्लोक भएको ग्रन्थ) मुख्य छन्। निम्बार्कको मतानुसार जीव अवस्था भेदले गर्दा ब्रह्मदेखि भिन्न पनि हुन्छ अभिन्न पनि हुन्छ अर्थात् दुवै हुन्छ। ईश्वर स्वतन्त्र छ, जीव परतन्त्र हुन्छ। चैतन्य गुण र ज्ञानाश्रयको कारणले गर्दा जीव ईश्वरतुल्य भएतापनि त्यसदेखि भिन्न छ। ईश्वर जीवको नियन्त्रक हो भने जीव नियम्य हो। ईश्वर स्वतन्त्र र नियन्ता भएको हुनाले जीव सधैं उसको आश्रित हुन्छ। जीव अणुस्वरूप छ। ज्ञानको लक्षण भएको हुनाले यसले सुख र दुःखको अनुभव गर्छ। ईश्वरको अंश, रूप र सङ्ख्या अपरिमित छ। ईश्वर अंशी हो भने जीव त्यसको अंश हो। जीव ईश्वरको शक्ति रूप हो। ब्रह्मदेखि पृथक् हुँदाहुदै पनि यो अभिन्न छ। मोक्षको अवस्थामा जीव ब्रह्ममा विलीन हुन्छ, ब्रह्मदेखि अभिन्न हुन्छ। यस मतानुसार भगवत् साक्षात्कार भक्तिद्वारा नै हुनसक्छ। भक्तिले जीवलाई सम्पूर्ण क्लेशबाट मुक्त गराउँछ। मुक्ति प्राप्त गर्न जीवलाई भगवान्को चरणको सेवाबाहेक अर्को कुनै उपाय छैन। यस मतमा कृष्ण नै परमात्मा हुन्। उनको वन्दना ब्रह्मा, शिव आदि सबै देवताले गर्छन्।

नियतः (पुं.वि.) [*नियम्यते स्म, निपूर्वकात्, यम उपरमे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] नियमबद्ध/तोकिएको/निर्धारित/नियम,प्रथा,बन्देज आदिद्वारा निश्चय गरिएको/तय गरिएको/निश्चित **~कालिकः** (पुं.वि.) [*नियतकालोऽस्यास्तीति, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] कुनै तोकिएका समयको वा तोकिएका समयसित सम्बद्ध भएको।

नियतात्मा (पुं.वि.) [*नियत आत्मा यस्य सः, बहु.स.*] आफूलाई नियन्त्रणमा राख्ने/संयमी/जितेन्द्रिय।

नियताप्तिः (स्त्री.) [*नियता चासौ आप्तिश्च, कर्म.स.*] मुख्य अर्थको सिद्धिको व्यवधान हटेपछि निश्चितरूपमा प्रयोजन प्राप्ति हुने नाटकको कार्यावस्थालाई नियताप्ति भनिन्छ।

अपायाभावतः प्राप्तिर्नियताप्तिः प्रकीर्तिता।

नियताहारः (वि.) [*नियतश्चासौ आहारश्च, कर्म.स.*] तोकिएअनुसार खाना खाने।

नियतिः (स्त्री.) [*नियम्यतेऽनया, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, यद्वा क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.भाग्य २.दैव ३.नियम ४.पूर्वजन्मको सञ्चित कर्म ५.(जैन मतअनुसार) जड प्रकृति। **नियतिर्नियमे दैवे** (विश्व.)। **~वादः** (पुं.) जसमा जे हुन्छ त्यो सबै पहिले नै ईश्वरद्वारा निर्धारित हुन्छ, त्यसलाई कसैले पनि टार्न सक्दैन भन्ने सिद्धान्त।

नियतेन्द्रियः (पुं.वि.) [*नियतानि इन्द्रियाणि यस्य सः, बहु.स.*] इन्द्रियहरूलाई वशमा राख्ने/जितेन्द्रिय।

नियन्ता (पुं.वि.) [*नियच्छति, निपूर्वकात्, यम उपरमे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.सारथि। **स नियन्तृध्वजरथं विव्याध निशितैः शरैः** (म.भा.७.१३.२२) २.विष्णु। **अपराजितः सर्वसहो नियन्ता नियमो यमः।** (म.भा.) ३.शासक।

नियन्त्रकः (पुं.वि.) [*नियन्त्रयति, निपूर्वकात्, यत्रि धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अभिभारा बोक्ने कुनै सङ्गठनको उच्च पदाधिकारी।

नियन्त्रणम् (नपुं.) [*नियन्त्र्यते, निपूर्वकाद्, यत्रि धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] नियम वा कुनै किसिमको बन्धनमा राख्नु/व्यवस्थित गर्नु/आफ्नै अधीनमा राखेर वा आफ्नै रेखदेखमा राखेर कुनै कार्य वा व्यापार सञ्चालन गर्ने काम।

नियन्त्रितः (पुं.वि.) [*नियन्त्र्यते स्म, निपूर्वकाद्, यत्रि धातोः, निष्ठाः ३.२.१०२ इति क्तः*] नियन्त्रणमा राखिएको/व्यवस्थित/प्रतिबन्ध लगाइएको।

नियमः (पुं.) [*नियमनम्, निपूर्वकाद्, यम उपरमे इति धातोः, यमसमुपनिविषु च ३.३.६३ इत्यप्*] १.नीति २.विधि ३.हरेक कामकुराको सञ्चालन गर्ने व्यवस्था मिलाउन बनाइएको विधान ४.प्रतिज्ञा ५.व्रत ६.परम्परादेखि चलेको चलन ७.जीवनभर गर्न नसकिएको तर विशेष समयमा गरिने कार्य ८.योग गर्नेले पालना गरिने अष्टाङ्ग योगमध्ये दोस्रो अवस्था। पातञ्जल योग सूत्रमा यसका पाँच भेदको वर्णन छ– शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधान। **शौचसन्तोषतपःस्वाध्यायेश्वरप्रणिधानानि नियमाः** (पा.यो.सू.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भागवतअनुसार नियमका भेद बाह्र छन्– शरीर शौच, मनःशौच, जप, तप, हवन, श्रद्धा, अतिथिसेवा, भगवान्को– पूजा, तीर्थयात्रा, परोपकार, सन्तोष र गुरुसेवा।

शौचं जपस्तपो होमः श्रद्धाऽऽतिथ्यं मदर्चनम्।
तीर्थाटनं परार्थेहा तुष्टिराचार्यसेवनम्॥
एते यमाः सनियमा उभयोर्द्वादश स्मृताः॥

देवीगीताअनुसार नियम दश छन्– तप, सन्तोष, आस्तिकता, दान, देवपूजा, वेदान्तादिश्रवण, लाज, सत्कर्ममा बुद्धि, जप र होम।

तपः सन्तोषमास्तिक्यं दानं देवस्य पूजनम्।
सिद्धान्तश्रवणं चैव ह्रीर्मतिश्च जपो हुतम्॥ (दे.गी.)

जैन शास्त्रमा नियमका निम्न भेद छन्– प्राणातिपात विरमण, मृषावादविरमण, अदत्तदानविरमण, मैथुनविरमण, परिग्रह–विरमण, दिग्व्रत, भोगोपभोगनियम, धनार्थदण्डनिषेध, सामयिक शिक्षाव्रत, औषध र अतिथि पूजा। **~पूर्वकम्** (नपुं.) [*नियमः पूर्वे यस्मिन् तत्*] नियमअनुसार प्रचलित/नियमका आधारमा। **~बद्धः** (पुं.वि.) [*नियमेन बद्धः, तृ.त.*] नियममा बाँधिएको वा व्यवस्थित गरिएको/नियमअनुसार चल्ने। **~विरुद्धः** (पुं.वि.) [*नियमस्य विरुद्धः, ष.त.*] नियममा नमिल्ने/नियमअनुसार नभएको।

नियमापत्तिः (स्त्री.) [*नियमस्य आपत्तिः, ष.त.*] १.स्वीकृत नियमका विरुद्ध कुनै कारणवश उठाएको वा गराएको आपत्ति २.शास्त्रको वचनमा परस्पर बाझिएको अवस्था।

नियमावली (स्त्री.) [*नियमानाम् आवली, ष.त.*] १.नियमपत्र/कुनै सभा, समिति र सरकारी अड्डाखानाका नियमलाई सबैले बुन सकुन् र राम्रैसँग पालन होस् भनी लेखिएको नियमको सङ्ग्रह २.स्मृतिग्रन्थ।

नियमितः (पुं.) [*नियमोऽस्य सञ्जातः, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.शास्त्र,चलन वा राज्यले बनाएको कानुनअनुसार काम गर्ने २.कुनै पनि काम सधैं गर्ने।

नियामकः (पुं.वि.) [*नियमयति, निपूर्वकाद् यम उपरमे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.वेदादि शास्त्र २.नियम बाँध्ने/व्यवस्थापक/नियन्ता/नियन्त्रण वा वशमा राख्ने/सञ्चालक ३.दुष्ट जन्तुबाट बचाउन जहाजको माथिल्लो भागमा बस्ने कप्तान। **नियामकः पोतवाहे कर्णधारे नियन्तरि** (विश्व.)।

नियुक्तः (पुं.वि.) [*नियुज्यते स्म, निपूर्वकाद् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] लगाइएको/भर्ना गरिएको/भर्ती गरिएको।

नियुक्तिः (स्त्री.) [*नियोजनम्, निपूर्वकाद् युजिर् योगे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] भर्ना/भर्ती। **~पत्रम्** (नपुं.) [*नियुक्तेः पत्रम्, ष.त.*] नियुक्तिको पत्र। **~पदम्** (नपुं.) [*नियुक्तेः पदम्, ष.त.*] नियुक्ति भएको पद।

नियुतम् (नपुं.) [*निपूर्वकाद् यु मिश्रणामिश्रणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] दश लाखको सङ्ख्या।

नियुद्धम् (नपुं.) [*निगृह्य नितरां वा युद्धम्*] कुस्ती। **नियुद्धं बाहुयुद्धे स्यात्** (अमर.२.८.१०)।

नियोक्ता (पुं.वि.) [*नियोजयति, निपूर्वकाद् युजिर् योगे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] नियुक्त गर्ने/नियोजक/काममा लगाउने व्यक्ति/नियोजयिता।

नियोगः (पुं.) [*नियोजनम्, निपूर्वकाद् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] काममा लगाउनु/काममा लगाउने वा नियुक्त गर्ने काम। **~कर्ता** (पुं.वि.) [*नियोगस्य कर्ता, ष.त.*] काममा भर्ना गराउने व्यक्ति वा अधिकृत। **~पत्रम्** (नपुं.) [*नियोगस्य पत्रम्, ष.त.*] भर्नापत्र।

नियोगी (पुं.वि.) [*नियोगोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] भर्ना गरिएको/नियुक्त गरिएको।

नियोजकः (पुं.वि.) [*नियोजयति, निपूर्वकाद् युजिर् योगे इति धातोः, णिचि, ण्वुलतृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] काममा लाउने व्यक्ति/नियोजक।

नियोजनम् (नपुं.) [*निपूर्वकाद् युजिर् योगे इति धातोः, णिचि, ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] काममा लाउनु।

नियोजितः (पुं.वि.) [*नियोज्यते स्म, निपूर्वकाद् युजिर, योगे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] काममा लगाइएको/ नियुक्त।

नियोज्यः (पुं.वि.) [*नियोजयितुमर्हः, निपूर्वकाद् युजिर् योगे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, यद्वा प्रयोज्यनियोज्यौ शक्यार्थे ७.३.६८ इति साधुः*] नोकर/भृत्य (अमर.२.१०.१७)।

निर् (अव्य.) धातु वा क्रियाको अगिल्तिर लागेर विभिन्न अर्थ बुझाउने एक उपसर्ग। **उपसर्गाः क्रियायोगे** (पा.सू.)।

निरक्षक्षितिजम् (नपुं.) [*निरक्षस्य क्षितिजम्, ष.त.*] ध्रुवस्थानबाट पूर्वस्वस्तिक र पश्चिमस्वस्तिकमा गएको वृत्त/उन्मण्डल वृत्त।

निरक्षरः (पुं.वि.) [*निर्गतानि अक्षराणि यस्मात् सः*] अपढ/अक्षर नचिन्ने/अपठित।

निरक्षरे वीक्ष्य महाधनत्वं विद्यानवद्या विदुषा न हेया।
रत्नावतंसाः कुलटाः समीक्ष्य किमार्यनार्यः कुलटा भवन्ति॥
जात्यो न भाति तुरगः खरयूथमध्ये
विद्वान् न भाति पुरुषेषु निरक्षरेषु (सुभा.)।

निरङ्कुशः (पुं.वि.) [*अङ्कुशात् निर्गतः, प्रादिस.*] कानुन आदिको बन्धनमा नरहेको/स्वेच्छाचारी/जे मन लाग्यो उसै गर्ने/अङ्कुश/नियन्त्रण वा प्रतिबन्ध नभएको/कुनै किसिमका बन्धनमा नरहेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरङ्गः (पुं.वि.) [*निर्गतमङ्गं यस्मात् सः*] कुनै एक अङ्ग नभएको ।

निरञ्जनः (पुं.वि.) [*निर्गतमञ्जनं यस्मात् सः*] अञ्जन वा गाज नलाएको, दोष नभएको/निष्कल्मष ।

निरतः (पुं.वि.) [*निःशेषेण रतः, प्रादिस.*] काममा लागेको/तल्लीन/तन्मय ।

निरन्तरः (पुं.वि.) [*निर् नास्ति अन्तरं यस्मिन्, यस्माद् वा, सः, बहु.स.*] १.लगातार २.सधैँ नित्य । **सज्जनयोः स्तनयोरिव निरन्तरं सङ्गतं भवति** (आर्यास.) ।

निरन्वयः (पुं.वि.) [*निर्गतः अन्वयो यस्य सः, बहु.स.*] १.सन्तान नभएको/निस्सन्तान २.पदहरूको परस्पर अन्वय हुन नसक्ने कठिन पद्य ।

निरपत्रपः (पुं.वि.) [*निर्गता अपत्रपा लज्जा यस्मात् सः, बहु.स.*] लाज नभएको/निर्लज्ज/पात्तिएको ।

निरपराधः (पुं.वि.) [*अपराधात् निर्गतः, प्रादिस.*] बेकसुर/निर्दोष/अपराध नगरेको ।

निरपवादः (पुं.वि.) [*अपवादात् निर्गतः, प्रादिस.*] सबै ठाउँमा समान रूपले लागू हुने ।

निरपेक्षः (पुं.वि.) [*अपेक्षया निर्गतः, प्रादिस.*] कुनै कुराको चाहना नगर्ने/विरक्त, आशा, तृष्णा आदिबाट मुक्त/तटस्थ/आफ्नै भरोसामा रहने ।

निरभिमानः (पुं.वि.) [*निर्गता अभिलाषा यस्मात् सः, बहु.स.*] कुनै कुराको इच्छा नगर्ने ।

निरभिलाषः (पुं.वि.) [*निर्गतः, अभिमानो यस्य सः, बहु.स.*] घमन्ड नभएको/घमन्डरहित/निरभिमानी ।

निरयः (पुं.) [*निकृष्टः अयो गमनं यत्र सः, बहु.स.*] नरक । **कथञ्च शक्या ते दातुं निरयस्थाः कथं पुनः** (ह.वं. १६.१६) ।

निरर्गलः (पुं.वि.) [*अर्गलाया निष्क्रान्तः, प्रादिस.*] आग्लो । नलागेको/स्वच्छन्द/प्रतिबन्ध वा नियन्त्रण नलागेको ।

निरर्थकः (पुं.वि.) [*निर्गतोऽर्थोऽस्मात्, कप्, बहु.स.*] १.मतलब वा प्रयोजन नभएको २.कुनै अर्थ नभएको ।

निरलसः (पुं.वि.) [*निर्गतोऽलसो यस्मात् सः, बहु.स.*] जाँगरिलो/आलस्य नभएको ।

निरवग्रहः (पुं.वि.) [*निष्क्रान्तोऽवग्रहान्नियमात्, निरादयः (वा.) २.२.१८ इति समासः*] १.कसैको अधीनमा नरहेको/स्वतन्त्र । **दुर्दमः कामचारी च स केशी निरवग्रहः** । (ह.वं. ८०.९) २.(पुं.) वृष्टि-प्रतिबन्धकको अभाव ३.महादेव ।

निरवच्छिन्नः (पुं.वि.) [*निःशेषेण अवच्छिन्नः, प्रादिस.*] सीमा नभएको/असीम/अपार/निरवधि/सिलसिला वा क्रमभङ्ग नभएको/निरन्तर/अविच्छन्न/लगातार ।

निरवयवः (पुं.वि.) [*निर्गतोऽवयवः, प्रादिस.*] अङ्गरहित/अवयव नभएको/निराकार ।

निरवलम्बः (पुं.वि.) [*निर्गतोऽवलम्बो यस्मात्, बहु.स.*] निस्सहाय/कोही सहारा नभएको/निराश्रय ।

निरसनम् (नपुं.) [*निर् पूर्वकात् अस्धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै विधि आदिलाई अधिकारपूर्वक वा वैध रीतिले रद्दी गरिदिने काम/फाल्ने/फ्याँक्ने काम/नाश २.खण्डन । **स पितुर्विक्रियां दृष्ट्वा राज्यान्निरसनञ्च तत् । नियतो वर्तयामास प्रजाहितचिकीर्षया ॥** (म.भा.१४४.१०)

निरस्तः (पुं.वि.) [*निरस्यते स्म, निर् पूर्वकात् अस्धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अनादरका साथ हटाइएको २.धनुषबाट छुटेको बाण । **निरस्तः प्रेषितशरे संत्यक्ते त्वरितोदिते । निष्ठ्यूते प्रतिहते च** (हैम.) ।

निरस्तम् (नपुं.) [*निरस्यते स्म क्तः*] छिटो बोली । **निरस्तं त्वरितोदितम्** (अमर.१.६.२०)

निरस्त्रः (पुं.वि.) [*निर्गतम् अस्त्रम् यस्मात् सः, बहु.स.*] हतियार नभएको/निःशस्त्र ।

निरस्त्रीकरणम् (नपुं.) [*निरस्त्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य चौ ७.४.३२ इति ईत्वम्*] निरस्त्र पार्ने काम ।

निराकरणम् (नपुं.) [*निर् आ पूर्वकात् डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हटाउनु/निकाल्नु २.खण्डन गर्नु ३.मार्नु (अमर.) ।

निराकरिष्णुः (पुं.वि.) [*निराकर्तुं शीलः, निर्– आङ् पूर्वकाद् डुकृञ् करणे इति धातोः, अलङ्कृञ् निराकृञ् प्रजनोत्पतोन्मद रुच्यपत्र पवृतुवृधुसहचर इष्णुच् ३.२.१३६ इति इष्णुच्प्रत्ययः*] हटाउन सिपालु ।

निराकाङ्क्षा (पुं.) [*निर्गताः आकाङ्क्षा,प्रादिस.*] आकाङ्क्षा वा इच्छाको अभाव ।

निराकारः (पुं.वि.) [*निर्गतः आकारो यस्मात् सः, बहु.स.*] १.आकार नभएको २.रूप नभएको ३.(पुं.) ईश्वर ४.आकाश ।

निराकाशः (पुं.वि.) [*निर्गत आकाशो यस्मात् सः, बहु.स.*] अलिकति पनि खालि स्थान नभएको/ठोस/घना ।

निराकृतः (पुं.) [*निराकारि, कृञ्, (डुकृञ् करणे) इति धातोः, क्तिन् ३.१.१०२*] १.अनादर गरेर निकालिएको २.खण्डन गरिएको ।

निराकृतिः (स्त्री.) १.[*निराकरणम्, कृञ् (डुकृञ् करणे) धातोः, क्तिन् ३.३.९५*] निराकरण/खण्डन । **प्रत्याख्यानं निरसनं प्रत्यादेशो निराकृतिः** (अमर.३.२.३१) २.(पुं.वि.) [*आकृतेरध्ययनचेष्टाया निर्गतः*] स्वध्याय नगर्ने । **अस्वाध्यायो निराकृतिः** (अमर. २.७.५३) ३.[*निर्गता आकृतिर्यस्मात्*] आकृति नभएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निराजनम् (नपुं.) [*निःशषेण नितरां वा राजनम्, राजृ दीप्तौ इति धातोः, ण्यन्तात्, 'ण्यासश्रन्थ'– ३.३.१०७ इति भावे युच्*] १.देवताहरूको आरति २.युद्धमा प्रस्थान गर्नुभन्दा अगाडि गरिने शस्त्रवाहन आदिको पूजा।

निराजनविधिः (पुं.) [*निःशेषेण राजनमत्र, बहु.स., तस्य विधिः, ष.त.*] १.महानवमीमा प्रस्थानभन्दा अगाडि शस्त्र, वाहन आदिको पूजा विधि २.आरति गर्ने पद्धति।

निरातङ्कः (पुं.वि.) [*आतङ्कात् निर्गतः, प्रादिस.*] १.भय नभएको/निडर २.स्वस्थ।

निरादरः (पुं.वि.) [*निर्गत आदरो यस्मात् सः, बहु.स.*] आदर नभएको/आदररहित/अपमानजनक/बेइज्जत।

निराधारः (पुं.वि.) [*निर्गत आधारो यस्मात् सः, ब हु.स.*] विना आधारको/कसैको आडमा आश्रित नभएको/कुनै कसैको आड—भसोसा नभएको/असहाय।

निरापदः (नपुं.वि.) [*आपदो निर्गतः, प्रादिस.*] आपत् नभएको।

निरामयः (पुं.वि.) [*निष्क्रान्त आमयात्, निरादयः (वा.) २.२.१८ इति समसः*] १.निरोगी। **वार्तो निरामयः कल्य उल्लाघो निर्गतो गदात्** (अमर.२.६.५७) २.उपद्रव आदि नभएको। **इदं नगरमध्यासे रमणीयं निरामयम्।** (म.भा.१.१५७.११) ३.रोगनाशक। **किमौषधैः क्लिश्यसि मूढ दुर्मते निरामयं कृष्णरसायनं पिब।** (मुकुन्दमाला) ४.(पुं.) [*निर्गत आमयो यस्मात्*] १.वनैया बोको २.बँदेल ३.महादेव ४.(नपुं.) कुशल/सन्चोसुबिस्ता। **कुरूणां पाण्डवानाञ्च प्रतिपत्स्व निरामयम्** (म.भा. ५.७८.८)।

निरामिषः (पुं.वि.) १.[*निर्गत आमिषो यस्मात् सः, बहु.स.*] मासु नभएको/मांसरहित २.(पुं.वि.) [*निर्गत आमिषो मांसभोजनं यस्मात् सः, बहु.स.*] मासु नखाने।

निरालम्बः (पुं.वि.) [*निर्गत आलम्बो यस्मात् सः, बहु.स*] सहारा नभएको/निराश्रय/निराधार।

निरालस्यः (पुं.वि.) [*निर्गतम् आलस्यं यस्मात् सः, बहु.स.*] आलस्य नभएको/आलस्यरहित।

निराशः (पुं.वि.) [*निर्गता आशा यस्मात् सः, बहु.स.*] आशारहित/उमेद वा आशा नभएको।

निराहारः (पुं.वि.) [*निर्गत आहारो यस्मात् सः, बहु.स.*] खाना नखाएको/भोकै बसेको।

निरीक्षणम् (नपुं.) [*निर्पूर्वकात्, ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] देखेरेर गर्नु/पडेर ध्यानपूर्वक हेर्ने काम/परीक्षण/जाँच गर्नु।

निरीशम् (नपुं.) [*ईशाया निर्गतम्, 'निरादय–' (वा.) २.२.१८ इति समासः*] फाली। **निरीशं कुटकं फालः** (अमर.२.९.१३)

निरीहः (पुं.वि.) [*निर्गता ईहा चेष्टा इच्छा वा यस्मात् सः, बहु.स.*] कुनै कुराको इच्छा नभएको/उदासीन/विरक्त।

निरुक्तः (पुं.वि.) [*निशेषेण उक्तः, प्रादिस.*] १.निश्चित रूपले भनिएको/पक्कापक्की गरिएको २.(नपुं.) महर्षि यास्कद्वारा लिखित एक प्रसिद्ध ग्रन्थ। यिनको समय ई.पू. सातौँ शताब्दी हो। यसमा १२ अध्याय छन्। निरुक्तमा वैदिक शब्दको व्युत्पत्ति दिइएको छ। वर्णागम, वर्णविपर्यय, वर्णविकार, वर्णनाश र धातुको अर्थातिशय आदि विषय यसमा प्रतिपादित छन्।

वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ।
धातोस्तदर्थातिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम्॥

हसतीति हंसः— अच् प्रत्ययः हंसः यहाँ अनुस्वार आगम भएर 'हंस' यो शब्द बन्दछ, **हिनस्तीति हिंसः** यहाँ पृषोदरादीनि यथोपदिष्टम्ले **सिंहः** यस्तो वर्णविपर्यय हुन्छ, **गूढआत्मा** यहाँ आको विकार भएर गूढात्मा भएको छ। **पृषत् उदरः** यहाँ पृषोदरादीनि यथोपदिष्टम्ले तकारको नाश (लोप) भएर पृष उदरः— **पृषोदरः** भयो, **भ्रमतीति— भ्रमरः** यहाँ उणादि सूत्रले अर प्रत्यय भएर भ्रमरः शब्द बन्यो। भ्रमर शब्दको अतिशय घुम्ने भन्ने अर्थ आउँछ। यस शब्दको व्युत्पत्ति दिंदा प्रत्ययहरूको पनि निर्देश गरिएको छ। यास्कले सम्पूर्ण शब्दहरूलाई धातुसिद्ध मानेका छन्। यस अतिरिक्त यसमा व्याकरण, भाषा विज्ञान, साहित्य, समाजशास्त्र र इतिहाससँग सम्बद्ध विषयहरू पनि प्रसङ्गवश आएका छन्। यास्कले देवतालाई तीन भागमा छुट्याएका छन्— पृथ्वीस्थानीय, अन्तरिक्षस्थानीय र स्वर्गस्थानीय। निरुक्तका थुप्रै भाष्य छन्। तीमध्ये प्राचीन भाष्यहरूमा स्कन्दस्वामीको भाष्य विशेष उल्लेखनीय छ। (श्री विष्णुपद भट्टाचार्य)

निरुक्तिः (स्त्री.) [*निशेषेण उक्तिः, प्रादिस.*] १.कुनै पद वा वाक्यको पूर्ण विवेचना सहितको व्याख्या २.कुनै शब्दको युक्तिसङ्गत तर मनगडन्त अर्थ गर्दा पर्ने एक काव्यालङ्कार।

निरुत्तरः (पुं.वि.) [*निर्गतमुत्तरं यस्मात् सः, बहु.स.*] उत्तर दिन नसक्ने/नाजवाफ/चूप/मौन।

निरुत्साहः (पुं.वि.) [*निर्गत उत्साहो यस्मात् सः, बहु.स.*] उत्साह नभएको/उत्साहरहित।

निरुत्सुकः (पुं.वि.) [*उत्सुकात् निर्गतः, प्रा.स.*] उत्सुक नभएको/उत्सुकतारहित।

निरुद्देश्यः (पुं.वि.) [*निर्गतमुद्देश्यं यस्मात् सः, बहु.स.*] लक्ष्यहीन/उद्देश्य नभएको।

निरुद्यमः (पुं.वि.) [*निर्गत उद्यमो यस्मात् सः, बहु.स.*] जाँगर—मरुवा/उद्योग नगर्ने/अनुद्योगी।

निरुपमः (पुं.वि.) [*निर्गता उपमा यस्मात् सः, बहु.स.*] उपमा दिन नसकिने/बेजोड/अतुलनीय/तुलना गर्न नसकिने।

निरुपायः (पुं.वि.) [*निर्गत उपायो यस्मात् सः, बहु.स.*] उपाय नभएको/युक्तिरहित/उपाय नलाग्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरूढः (पुं.) [*नितरां रूढः, प्रादिस.*] १.रूढिजन्य लक्ष्यार्थ २.पशुयागविशेष। **~पशुबन्धः** (पुं.) हविर्यज्ञका सात भेदमध्ये छैटौं यज्ञ। यो प्रतिवर्ष वर्षा ऋतुमा गरिन्छ। यसमा इन्द्र र अग्निको नामबाट हवन हुन्छ। **~लक्षणा** (स्त्री.) रूढि लक्षणाका भेदहरूमध्ये एक। जस्तै— कलिङ्गः साहसिकः। कलिङ्गका मानिस साहसी छन्, यहाँ कलिङ्गदेश मुख्यार्थ छ, यसमा कलिङ्गदेश नै साहसी हुने होइन, कलिङ्गदेशवासी साहसी छन् भन्ने अर्थ लोकप्रसिद्धिको कारण बोध भएको छ। **~वस्तिः** (स्त्री.) आयुर्वेदअनुसार रोगीको पेटमा नलीद्वारा गुदद्वारबाट ओखती हालिने एक प्रक्रिया।

निरूढा (स्त्री.) [*नितरां रूढा, प्रादिस.*] १.निरूढलक्षणा २.अविवाहिता स्त्री।

निरूढिः (स्त्री.) [*निपूर्वकात् रुह् बीजप्रादुर्भावे इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्रसिद्धि २.निरूढलक्षणा।

निरूपकः (पुं.वि.) [*निरूपयति, निपूर्वकात् रूप धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निरूपण गर्ने।

निरूपणम् (नपुं.) [*निपूर्वकात् रूप धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सोचविचारका साथ गरिने निर्णय/ विवेकपूर्ण निश्चय।

निरोधः (पुं.) [*निरोधनम्, निपूर्वकात् रुधिर् आवरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] रोकावट/प्रतिबन्ध/अवरोध/बिचमा रोक्ने वा छेक्ने काम।

निर्ऋतिः (स्त्री.) [*नियता ऋतिः घृणा यस्याः सा, बहु.स., ऋतेः शोभाया निर्गता वा*] १.नरकमा देखिने घृणित अवस्था २.पापका देवता। **दूतो निर्ऋत्या इदमाजगाम** (ऋग्वेद) **निर्ऋतिः पापदेवता** (सायणः) ३.(पुं.) दक्षिण र पश्चिमको बिचका कोणका देवता। **ऋति गतौ घृणायां च स्पर्धायां च शुभेऽपि च** (रभस.)। **निर्ऋतिः स्यादलक्ष्म्यां स्त्री, दिशां पालान्तरे पुमान्** (मेदिनी.) ४.राक्षसविशेष ५.मृत्यु। **स चिन्तयन्नित्य मथाशृणोद्यथा मुनेः सुतोक्तो निर्ऋतिस्तक्षकाख्यः** (भाग.१.१९.४)।

निर्गतः (पुं.वि.) [*निगच्छति स्म, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] बाहिर गएको/निस्केको।

निर्गन्धः (पुं.वि.) [*निर्गतो गन्धो यस्मात् सः, बहु.स.*] बास्ना नभएको/गन्धरहित।

निर्गन्धनम् (नपुं.) [*'निर्गन्धनम्' इत्यन्ते, तत्र 'गन्ध अर्दने' इति धातोः, ल्युट् ३.३.११५*] वध

निर्गमनम् (नपुं.) [*निर्गम्यते, निपूर्वकात् गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति भावे ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.निस्कने काम/बाहिर जानु २.[*निर्गम्यतेऽनेन, करणाधिकरणयोश्च इति करणे ल्युट्*] निस्कने बाटो।

निर्गुणः (पुं.वि.) [*गुणात् निर्गतः, प्रादिस.*] १.सत्त्व, रज र तम यी तीन गुण नभएको २.गुणरहित/खराब।

निर्गुणेष्वपि सत्त्वेषु दयां कुर्वन्ति साधवः।
नहि संहरते ज्योत्स्नां चन्द्रश्चाण्डालवेश्मनः॥ (सुभा.)

निर्गुणधारा (स्त्री.) [*निर्गुणस्य धारा, ष.त.*] ईश्वरका दुई रूप हुन्छन्। निर्गुण र सगुण। निर्गुण ईश्वरसँग सम्बद्ध विषयलाई लिएर रचिएको काव्यको धारा।

निर्गुणसम्प्रदायः (पुं.) [*निर्गुणस्य सम्प्रदायः, ष.त.*] निराकार, निर्गुण ईश्वरलाई मात्रै एक वर्ग।

निर्गुण्डी (स्त्री.) [*निर्गुडतीति, गुड रक्षायाम् इति धातोः, इगुपध— ३.१.३५ इति कः, पृषोदरादिः ६.३.१०९*] सिवाली। **निर्गुण्डी नीलशेफाल्यां सिन्दुवारद्रुमेऽपि च** (मेदिनी.)।

निर्ग्रन्थनम् (नपुं.) [*निर्पूर्वकाद् ग्रथि कौटिल्ये इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] वध/मार्नु।

निर्घृणः (पुं.वि.) [*निर्गता घृणा यस्मात् सः, बहु.स.*] इज्जत वा लाज नभएको/बेसरम।

निर्घोषः (पुं.) [*घुष घुष्टौ इति धातोः, भावे घञ्*] शब्द।

निर्जनः (पुं.वि.) [*निर्गतो जनो यस्मात् सः, बहु.स.*] कोही नभएको/एकान्त।

वर्जयेदिन्द्रियजयी निर्जने जननीमपि।
पुत्रीकृतोऽसौ प्रद्युम्नः कामितः शम्बरस्त्रिया॥ (सुभा.)

निर्जनीकरणम् (नपुं.) [*अनिर्जनं निर्जनं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगो सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, सर्वापहारी लोपः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] कुनै स्थानलाई आवादीरहित गर्ने वा गराउने काम।

निर्जरः (पुं.वि.) [*जराया निष्क्रान्तः, प्रादिस.*] कहिल्यै बुढो नहुने/सधैं तरुनो भइरहने।

निर्जराः (पुं.बहु.) [*जराया निष्क्रान्ताः प्रादिस.*] १.देवता २.(स्त्री.) बुढो नभएकी ३.(स्त्री.) गुडूची ४.(स्त्री.) तालपर्णी। **निर्जरःस्यात्पुमान्देवे जरात्यक्ते च वाच्यवत्। निर्जरा तु गुडूच्यां च तालपर्ण्यामपि स्त्रियाम्॥** (विश्व.) **अमरा निर्जरा देवाः** (अमर.)।

निर्जलः (पुं.वि.) [*निर्गतं जलं यस्मात् सः, बहु.स.*] पानी नभएको/ जलरहित।

निर्जितेन्द्रियग्रामः (पुं.वि.) [*इन्द्रियाणां ग्रामः, निर्जित इन्द्रियग्रामो येन सः, बहु.स.*] इन्द्रियहरूलाई आफ्नो अधीनमा राख्ने।

निर्जीवः (पुं.वि.) [*निर्गतो जीवो यस्मात् सः, बहु.स.*] जीव वा प्राण नभएको/मरेको।

निर्झरः (पुं.वि.) [*निर्झृणाति, निर्पूर्वकात् झृ धातोः, नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा निर्झरणम्, झृष वयोहानौ इति धातोः, ऋदोरप् ३.३.५७*] प्रपात/ छाँगो/झरना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्झरिणी (स्त्री.) [*निर्झरः पर्वतान्निःसृतजलप्रवाहः कारणत्वे नास्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] झरनाबाट निस्केको नदी/निर्झरी ।

निर्णयः (पुं.) [*निर्णयनम्, निर्पूर्वकात् णीञ् प्रापणे इति धातोः, एरच् ३.३.५६ इत्यच्, उपसर्गादसमासेऽपि ८.४.१४ इति णत्वम्*] निश्चय/निधो/फैसला । **समौ निर्णयनिश्चयौ** (अमर.१.५.३) ।

निर्णायकः (पुं.वि.) [*निर्णयतीति, निर्पूर्वकात्, णीञ्प्रापणे इति धातोः, ण्वुलतृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निर्णय गर्ने । **~मतम्** (नपुं.) [*निर्णायकञ्च तन्मतञ्च, कर्म.स.*] कुनै प्रश्नका सम्बन्धमा मतदानका समयमा पक्ष विपक्षमा समान मतदान आएमा कुनै सभा वा महासभामा सभापतिले आफ्नो मत दिन्छ र त्यही मतबाट नै त्यस विषयको स्वीकृति वा अस्वीकृतिको निर्णय दिइन्छ ।

निर्णयाभिलेखः (पुं.) [*निर्णयस्य अभिलेखः, ष.त.*] कुनै बैठक वा सभाले गरेको निर्णय लेखिएको कागतपत्र ।

निर्णिक्तः (पुं.वि.) [*निर्णिज्यते सम, णिजिर् शौचपोषणयोः इति धातोः, क्तः ३.२.१०२*] १.पानीले धोएर शुद्ध वा सफा पारिएको **जलदेवगृहञ्चैव श्मशानं गोद्विजालयम् । निर्णिक्तपादः प्रविशेद् नानिर्णिक्तः कदाचन ॥** (चिन्तामणि) २.पोषिएको ।

निर्णीतः (पुं.वि.) [*निर्णीयते स्म, निर्पूर्वकात्, णीञ् प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] निर्णय गरिएको/निश्चित ।

निर्णेजकः (पुं.) [*निर्णेनेक्ति, णिजिर् शुद्धौ इति धातोः, ण्वुल् ३.१.१३३ उपसर्गादसमासे ८.४.१४ इति णत्वम्*] धोवी/लुगा धुने मानिस । **निर्णेजकः स्याद् रजकः** (अमर.२.१०.१०) ।

निर्दन्तः (पुं.वि.) [*निर्गता दन्ता यस्मात् सः, बहु.स.*] दाँत नभएको/विना दाँतको ।

निर्दयः (पुं.वि.) [*निर्गता दया यस्मात् सः, बहु.स.*] निष्ठुर/दया नभएको/विना दाँतको ।

निर्दिष्टः (पुं.वि.) [*निर्दिश्यते स्म, निर्पूर्वकात् दिश अतिसर्जने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] तोकिएको/बताइएको/ठहराइएको ।

निर्देशः (पुं.) [*निर्देशनम्, निर्पूर्वकात् दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] विशेष रूपले कुनै कामकुरा भन्नु वा आज्ञा/आदेश/दिनु ।

निर्देशकः (पुं.वि.) [*निर्दिशति, निर्पूर्वकात् दिश अतिसर्जने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] निर्देश वा आदेश दिने व्यक्ति/डाइरेक्टर/निर्देष्य ।

निर्देशनम् (नपुं.) [*निर्पूर्वकात्, दिश अतिसर्जने इति धातोः, ल्युट च ३.१५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] निर्देश वा आदेश दिनु/अह्राउनु ।

निर्दोषः (पुं.) [*निर्गतो दोषो यस्मात् सः, बहु.स.*] दोष नभएको/निरपराध/निष्कलङ्क ।

निर्द्वन्द्वः (पुं.वि.) [*द्वन्द्वान् निर्गतः, प्रादिस.*] प्रतिद्वन्द्वी नभएको/विरोधी नभएको ।

निर्धनः (पुं.वि.) [*निर्गतं धनं यस्मात् सः, बहु.स.*] दरिद्र/गरिब/धन नभएको ।

निर्धारणम् (नपुं.) [*निधार्यते, निर्पूर्वकाद् धृञ् धरणे इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ठहराउनु/निर्णय/निश्चय/छान्नु/रोज्नु/तोक्नु/निधो गर्नु ।

निर्धारितः (पुं.वि.) [*निर्धार्यते स्म, निर्पूर्वकात् धृञ् धारणे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] निर्धारण वा निर्णय गरिएको/तोकिएको/निश्चित/ऐनमुताविक बनेको । **~समयः** (पुं.) [*निर्धारितश्चासौ समयश्च, कर्म.स.*] कुनै कामकुरा गर्न निश्चित गरिएको वा तोकिएको समय ।

निर्निमित्तम् (नपुं.) [*निर्गतं निमित्तं प्रयोजकः प्रयोजनं वा यत्र, तत्*] विनाप्रयोजन वा विनाकारण ।

निर्बन्धः (पुं.) [*बन्धाद् निर्गतः, प्रादिस.*] बाधा/रोकटोक नभएको ।

निर्बाधः (पुं.वि.) [*निर्गता बाधा यस्मात् सः, बहु.स.*] बाधा वा रोकावट आदिबाट मुक्त ।

निर्बीजः (पुं.वि.) [*निर्गतं बीजं यस्मात् सः, बहु.स., यद्वा निर् नास्ति बीजं यस्य सः, बहु.स.*] १.बीज वा बियाँ नभएको २.कारण नभएको ३.नपुंसक । **~समाधिः** (पुं.) ऋतम्भरा प्रज्ञाको पनि निरोध भएपछि अरू सबै किसिमका संस्कारको निरोध हुन्छ र निर्बीज समाधि उत्पन्न हुन्छ । यसैलाई कैवल्य अवस्था भनिन्छ । विरामप्रत्यय (आपसे आप सांसारिक कुराबाट मन हटेको अवस्था) को अभ्यास । यसमा चित्तको स्वरूप संस्कारमात्र बाँकी रहन्छ त्यसलाई असम्प्रज्ञातयोग वा निर्बीज– समाधि मानिन्छ । अर्थात् प्रकृतिको संयोगको अभाव हुन जाँदा द्रष्टाको आफ्नो स्वरूपमा स्थिति रहने अवस्थालाई असंप्रज्ञातयोग, निर्बीजसमाधि, कैवल्य अवस्था आदि नामले चिनाइन्छ । परवैराग्यको दृढताबाट जब समाधिप्रज्ञाको संस्कारको पनि निरोध हुन्छ अनि निर्बीज समाधि हुन्छ । त्यस अवस्थामा धारणा, ध्यान र समाधि पनि निर्बीज समाधिका बहिरङ्ग बन्छन् । **तस्यापि निरोधे सर्वनिरोधान्निर्बीजः** (पा.यो.सू.) ।

निर्भयः (पुं.वि.) [*निर्गतं भयं यस्मात् सः, बहु.स.*] कसैको भय नमान्ने/निडर/साहसी/निर्भीक ।

निर्भरः (पुं.वि.) [*निःशेषेण भरोऽत्र*] धेरै/ज्यादा/अधिक ।

निर्भीकः (पुं.वि.) [*निर्गता भीः यस्मात् सः, बहु.स.कप्*] डर नभएको/निडर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्मदः (पुं.) [*मदान्निर्गतः, निर्गतो मदोऽस्माद्वा*] १.मताएपछि तह लागेको हात्ती २.(पुं.वि.) धन, कुल, पद आदिको माद हटेको।

निर्मन्थ्यदारु (नपुं.) [*निर्मथ्यते, मन्थ विलोडने इति धातोः, ण्यत् ३.१.१२४ निर्मन्थ्यं च तद्दारु च*] यज्ञमा आगो निकाल्न प्रयोग गरिने काठ/अरणि।

निर्मलः (पुं.वि.) [*निर्गतं मलं यस्मात् सः, बहु.स.*] १.पवित्र/चोखो २.सङ्लो ३.दोषरहित ।

निर्माणम् (नपुं.) [*निर्मीयते, निर्पूर्वकात् माङ् माने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बनाउने काम/रचना। **~शाला** (स्त्री.) [*निर्माणस्य शाला, ष.त.*] विभिन्न वस्तुहरू उत्पादन गर्ने कारखाना।

निर्माता (पुं.वि.) [*निर्माति, निर्पूर्वकात् माङ् माने इति धातोः, ण्वुल् तृचौ ३.१.१३३ इति तृच्*] बनाउने/रचयिता/रचना गर्ने।

निर्माल्यम् (नपुं.) [*निर्मलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.चोखोपन २.सफापन ३.देवताको पितृहरूको पूजामा चढाइएको नैवेद्य। पूजा विसर्जन नहुँदासम्म चढाइएका वस्तुहरू नैवेद्य हुन्छन्। पूजा सकिएपछि त्यो सबै निर्माल्य (निर्वाली) हुन्छ।

अर्वाग्विसर्जनाद् द्रव्यं सर्वं नैवेद्यमुच्यते।
विसर्जिते जगन्नाथे निर्माल्यं भवति क्षणात्॥
(स्मृ.कौ.प्रथमभाग)

निर्मितः (पुं.वि.) [*निर्मीयते स्म, निर्पूर्वकात् माङ् माने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, इत्वम्*] बनाइएको/रचित।

निर्मुक्तः (पुं.वि.) [*निशेषेण अमोचि इति मुच्लृ मोचने इति धातोः, क्तः, निर् निश्चयेन मुक्तः— कञ्चुक इति वा*] १.काँचुली छोडेको २.सांसारिक विषयवासना छोडेको। **निर्निश्चयनिषेधयोः** (मेदिनी.)। **निर्मुक्तस्त्यक्तसङ्गे स्यान्मुक्तकञ्चुकभोगिनि।** (विश्व.)। ३.पूरै त्याग गरेको।

निर्मुक्तपुनरुक्तता (स्त्री.) [*निर्मुक्तः पुनरुक्तश्च, तस्य भावस्तत्ता, तस्य भावस्त्वतलौ इति तल्, टाप् ४.१.४*] एक पटक छोडिसकेको वस्तुलाई फेरि वर्णन गर्दा पर्न जाने साहित्यिक दोष।

निर्मूलः (पुं.वि.) [*निर्गतं मूलं यस्मात् सः, बहु.स.*] जरैदेखि उखलिएको/मूलरहित/जरो नभएको।

निर्मूलनम् (नपुं.) [*निर्पूर्वकात्, मूल धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] विनाश/निर्मूल गर्ने काम।

निर्मोकः (पुं.) [*नितरां मुच्यते, घञ् ३.३.१९*] १.काँचुली। **निजगात्र निर्विशेषस्थापितमपि सारमखिलमादाय। निर्मोकञ्च भुजङ्गी मुञ्चति पुरुषञ्च वारवधूः॥** (आर्यासप्त.) २.छाला। **मृगनिर्मोकवसनाश्चीरवल्कलवाससः। निर्द्वन्द्वाः सत्पथं प्राप्ता बालखिल्यास्तपोधनाः॥** (म.भा.१३.१४९.१०१) ३.छोड्नु ४.आकाश ५.वाद्यविशेष। **निर्मोको मोचने व्योम्नि सन्नाहे सर्पकञ्चुके** (मेदिनी.) ६.सावर्णिमनुका एक पुत्र (भाग.८.१३.११)।

निर्मोहः (पुं.वि.) [*निर्गतो मोहो यस्मात्, सः, बहु.स.*] १.मोह वा ममता नभएको २.सांसारिक विषयवासनाबाट मुक्त।

निर्याणम् (नपुं.) [*निर्याति मदो गच्छति अनेन, निर्पूर्वकात्, या प्रापणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हात्तीको आँखाको एक प्रदेश २.[*निर्याति मुञ्चति जन्ममरणादिकं दुःखमनेन*] मोक्ष ३.[*निश्चयेन यानम् गमनम्*] बाटो लाग्नु,प्रस्थान गर्नु। **निर्याणञ्च रथेनाशु सहसा यत्कृतं त्वया** (म.भा. १३.५५.६) **निर्याणं वारणापाङ्गदेशे मोक्षे ऽध्वनिर्गमे।** (मेदिनी.) ४.[*निर्याति गन्तुं न शक्नोति अनेन, करणे ल्युट्*] पशुलाई डोहोऱ्याएर निकाल्ने डोरी वा दाम्लो।

निर्यातः (पुं.वि.) [*निर्याति स्म, निर्पूर्वकात् या प्रापणे इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] देशबाट बाहिर माल पठाइएको।

निर्यातनम् (नपुं.) [*निर्पूर्वकाद् यत निकारादौ इति धातोः भावे ल्युट्, अनः*] १.शत्रुसित बदला लिनु २.दान दिनु ३.धितो राख्नु। **निर्यातनं वैरशुद्धौ दाने न्यासार्पणेऽपि च** (अमर.३.३.१२०)।

निर्यामः (पुं.) [*निर्यम्यतेऽनेन, निर्पूर्वकाद् यमधातोः करणे घञ्*] डुंगा तार्ने घटवारे। **निर्यामः कर्णधारकः** (हला.६५५)।

निर्यासः (पुं.वि.) [*निर्पूर्वकात् यसु प्रयत्ने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रुखबाट निस्कने गुँद/चोप २.काँडा।

निर्लिप्तः (पुं.वि.) [*निर्लिप्यते स्म, निर्पूर्वकात् लिप उपदेहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] राग/द्वेष आदिबाट मुक्त भएको/कुनै विषयमा आसक्ति नभएको।

निर्वचनम् (नपुं.) [*निर्पूर्वकाद् वच परिभाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै शब्द/पदसमूह वा वाक्यको आफ्नो समझअनुसार अर्थ लगाउने काम/व्याख्यान/शब्दोत्पत्ति देखाउने काम।

निर्वपणम् (नपुं.) [*निर्पूर्वकाद् वपधातोः भावे ल्युट्*] १.दान दिनु २.पिण्ड बटार्नु। **अनयैवावृता कार्यं पिण्डनिर्वपणं सुतैः** (मनु.३.२४८) ३.पिण्ड दिनु। **एवं निर्वपपणं कृत्वा पिण्डांस्तान् तदनन्तरम्। गां विप्रमजमग्निं वा प्रासयेदप्सु वा क्षिपेत्।** (मनु.३.२६०) ४.पिण्ड। **तत्समाप्य यथोद्दिष्टं पूर्वकर्म समाहितः। दातुं निर्वपणं सम्यग् यथावदहमारभम्॥** (म.भा.१३.८४.१४)

निर्वर्णनम् (नपुं.) [*निरपूर्वकाद् वर्णशब्दात् सत्याप— ३.१.२५ इति णिच्, ल्युट् ३.३.११५*] नियालेर हेर्ने काम।

निर्वस्त्रः (पुं.वि.) [*निर्गतं वस्त्रं यस्मात् सः, बहु.स.*] कुनै लुगा नलगाएको/दिगम्बर।

निर्वहणम् (नपुं.) [*निर्पूर्वकात्, वह प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.निर्वाह/गुजारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.समाप्ति/सकिनु । **निर्वहणं तु निष्ठा स्त्री संहारश्च समापने** (शब्दार्णव) ३.[*वर्ह हिंसायाम् इति धातोः, ल्युट् ३.३.११५*] मार्नु ४.नाटक वा काव्यमा प्रयोग हुने पाचौं सन्धि ।

निर्वहणसन्धिः (पुं.) [*निर्वहणमिति सन्धिः*] नाटकका पाँच सन्धिमध्ये एक सन्धि । जहाँ एउटै प्रयोजन सिद्ध गर्न कार्य र फलागमको पर्यवसान हुन्छ, त्यो नाटकको सन्धिलाई निर्वहणसन्धि भनिन्छ । यसका विबोध, ग्रथन, निर्णय, परिभाषण, प्रसाद आदि अङ्ग छन् ।

मुखं प्रतिमुखं चैव विर्शो गर्भ एव च ।
तथा निर्वहणञ्चेति नाटके पञ्च सन्धयः ॥

निर्वाचकः (पुं.) [*निर्वाचयति, निर.पूर्वकात् वच परिभाषणे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निर्वाचन गराउने/कुनै काम वा स्थानका लागि उम्मेदवार भएका व्यक्तिलाई मतदानको व्यवस्था गराउने । **~मण्डलम्** (नपुं.) [*निर्वाचकानां मण्डलम्, ष.त.*] प्रतिनिधि सभा, राष्ट्रिय सभा, जनसभा आदिका निर्दिष्ट सङ्ख्याका सदस्यहरूको निर्वाचन गराउने सदस्यको समूह । **~सूची** (स्त्री.) [*निर्वाचकानां सूची, ष.त.*] निर्वाचनमा भाग लिन योग्यता भएका वा उमेर पुगेका मतदाताहरूका नाम, उमेर, व्यवसाय आदिको बेहोरा बताउने सूची ।

निर्वाचनम् (नपुं.) [*निर्पूर्वकाद्, वच परिभाषणे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] चुनाव/छात्रे काम/भोट वा मतप्रथाद्वारा कुनै कामका लागि प्रतिनिधिका रूपमा छान्ने काम । **~अधिकारी** (पुं.) [*निर्वाचनस्याधिकारी, ष.त.*] चुनावमा विशेष रेखदेख गर्न खटिएका अधिकारी । **~आयोग** (पुं.) [*निर्वाचनस्य आयोगः, ष.त.*] चुनाव गराउने अड्डा । **~क्षेत्रम्** (नपुं.) [*निर्वाचनस्य क्षेत्रम्, ष.त.*] संविधान वा विधानअनुसार गठन हुने राष्ट्रिय वा स्थानीय निकाय आदिका निर्वाचनका लागि उपयुक्त विधानको दफाअनुसार तोकिएको निर्वाचन क्षेत्र । **~पद्धतिः** (स्त्री.) १.चुनावसम्बन्धी नियम २.चुनाव गराउने तरिका । **~पुस्तिका** (स्त्री.) चुनाव लड्नेको नाउँ, ठेगाना, मतदानको समय आदि लेखिएको पुस्तक । **~मताधिकारः** (पुं.) चुनावमा मत दिने अधिकार ।

निर्वाचितः (पुं.वि.) [*निर्वाच्यते स्म, निर्पूर्वकाद् वच परिभाषणे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] भोट वा मतद्वारा छानिएको ।

निर्वाणः (पुं.) [*निर्वाति स्म, निर्पूर्वकाद् वाधातोः गत्यर्थाकर्मक इति क्तः*] १.मुक्तिप्राप्त मुनि २.निभेको आगो आदि ।

निर्वाणम् (नपुं.) [*निर्वान्त्यत्र, क्तोऽधिकरणे च ३.४.७६ इति क्तः, यद्वा नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, निर्वाणोऽवाते ८.२.५० इति नत्वम्, णत्वम्*] १.निभाउनु ।

दीपनिर्वाणगन्धञ्च सुहृद्वाक्यमरुन्धतीम् ।
न जिघ्रन्ति न शृण्वन्ति न पश्यन्ति गतायुषः ॥ (हितो.)

२.सकिनु/समाप्ति ३.अस्ताउनु वा डुब्नु ४.मोक्ष ५.बौद्धमतबाट हुने पूर्ण ज्ञानको अवस्था ६.तन्त्रअनुसार मन्त्र पुटित गर्दै जाने तरिका, यसमा पहिले प्रणव र मातृका वर्णको पहिलो अक्षर, भनी मूलमन्त्र र वाग्बीज, त्यसपछि मातृकावर्णहरू र प्रणव । यसरी मूलमन्त्रलाई पुटित गर्दै जप्नुलाई निर्वाण भनिन्छ ।

अथ वक्ष्यामि निर्वाणं शृणु सावहिताऽनघे ।
प्रणवं पूर्वमुच्चार्य मातृकाद्यं समुच्चरेत् ॥
अथ मूलं महेशानि ततो वाग्भवमुच्चरेत् ।
मातृकां च समस्तां च पुनः प्रणवमुच्चरेत् ॥
एवं पुटितमूलं तु प्रजपेन्मणिपूरके (रुद्रयामल) ।

देवताको चैतन्यलाई पनि निर्वाण भनिन्छ, विद्वान्हरू मातृका वर्णलाई निर्वाण भन्छन् । चार पाउ भएको मन्त्रलाई निर्वाण भनिन्छ । परब्रह्मात्मिका देवीलाई पनि निर्वाण भनिन्छ ।

देवतायास्तु निर्वाणं चैतन्यं यच्च कीर्तितम्
निर्वाणं कथितं भद्रे विद्यावाङ्मातृकार्णकैः ॥
निर्वाणं परमेशानि चतुश्चरणरूपधृक् ।
निर्वाणं च महेशानि परब्रह्मात्मिका मता ॥

निर्वाण शब्दको प्रयोग गीतामा ब्रह्मनिर्वाण अवस्थाका लागि प्रयोग भएको छ । यसमा योगी, इन्द्रियजयी र वासनामुक्त हुन्छ । बौद्धहरूले यसलाई मरेपछि हुने शान्तिका रूपमा लिएका छन् । नाथपन्थमा निर्वाणलाई आत्मानुभव भनिएको छ । सन्तहरूले निर्वाणको अर्थ परमपद गरेका छन् । कतैकतै यसलाई साधनामात्र भनिएको छ । यसैको साधनाबाट मुक्ति प्राप्त हुन्छ भन्ने धारणा छ । ७.हात्तीको स्नान ८.अस्ताउने क्रिया । **~प्रिया** (स्त्री.) एक गन्धर्वीको नाम । **~मुद्रा** (स्त्री.) संहारमुद्राको भैं हात गराई दुवै चोरी औंला कान नजिक लैजाँदा हुने मुद्राविशेष ।

निर्वातः (पुं.वि.) [*निर्गतो वातः,म.प.स.*] १.वायु नभएको २.(पुं.) निर्गतो वातो यस्मात् सः, बहु.स.] हावा हुरी नलाग्ने स्थल ।

निर्वादः (पुं.) [*निर्पूर्वकाद् वद्धातोः, घञ् ३.३.१८*] १.जनापवाद २.सिद्धान्त । **निर्वादः स्याल्लोकवादपरिनिष्ठितवादयोः** (मेदिनी.) ३.[*निर्गतो वादः, म.प.स.*] चुपचाप ।

निर्वापणम् (नपुं.) [*डुवप् बीजसन्ताने इति धातोः स्वार्थे णिचि तस्माद ओवै शोषणे इति धातोर्वा णिचि, ल्युट् ३.३.११५, अनः,णत्वम्*] १.मार्नु २.निभाउनु । **दीपनिर्वापणात्पुंसः कूष्माण्डछेदनात् स्त्रियः** । (ति.त.) ३.निर्वाण प्राप्त गराउनु ४.बीज रोप्न लगाउनु ।

निर्वार्यः (पुं.वि.) [*निश्चयेन व्रियते, वृञ् वरणे इति धातोः, ऋहलोर्ण्यत ३.१.१२४ । निर्धार्यः इति पाठे– धृञ् धारणे इति धातोः, साधुः*] सुख–दुःख सहेर आफ्नो काममा लगनशील ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वासनम् (नपुं.) [*निर्पूर्वकाद् वस निवासे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.देश वा सहरबाट निकाल्ने काम/देशनिकाला।

निर्वासनञ्च नगरात् प्रव्रज्या च परन्तप।
नानाविधानां दुःखानामभिज्ञास्मि जनार्दन ॥ (म.भा. ५.९०.५८) २.मार्नु (अमर.२.८.११४)।

निर्वासितः (पुं.वि.) [*निर्वास्यते स्म, निर्पूर्वकाद् वस निवासे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.देश वा सहरबाट निकालिएको/देशनिकाला गरिएको २.मारिएको।

निर्विकल्पः (पुं.वि.) [*विकल्पात् निर्गतः, प्रादिस.*] स्थिर/निश्चित/विकल्प नभएको। **~समाधिः** (पुं.) [*निर्विकल्पश्चासौ समाधिश्च, कर्म.स.*] ज्ञेय ज्ञान/ज्ञाता आदिको भेद नभई ज्ञानात्मक सच्चिदानन्द ब्रह्म बाहेक अरू केही प्रत्यक्ष नहुने एक समाधि।

निर्विकारः (पुं.वि.) [*विकाराद् निर्गतः प्रादिस.*] विकार नभएको।

निर्विघ्नः (पुं.वि.) [*निर्गतो विघ्नो यस्मात् सः, बहु.स.*] बाधा वा विघ्न नभएको/विघ्नरहित।

निर्विरोधः (पुं.वि.) [*विरोधान् निर्गतः, प्रादिस.*] विरोध नभएको/विरोधहीन।

निर्विवादः (पुं.वि.) [*विवादाद् निर्गतः, प्रादिस.*] विना झगडाको/विना विवादविनाको।

निर्विवेकः (पुं.वि.) [*निर्गतो विवेको यस्मात् सः, बहु.स.*] विवेक नभएको/विवेकहीन।

निर्विशेषः (पुं.वि.) [*विशेषान् निर्गतः, प्रादिस.*] १.निरपेक्ष/कसैलाई नछुट्याउने २.समान/बराबर ३.(पुं.) ईश्वर।

निर्विषः (पुं.वि.) [*निर्गतो विषो यस्मात् सः, बहु.स.*] विष नभएको/विषहीन।

निर्वीरा (स्त्री.) [न विद्यते वीरः पतिः पुत्रश्च, यस्याः सा,बहु.स.] पति र पुत्र नभएकी स्त्री। **रहिता पतिपुत्राभ्यां निर्वीरेत्यभिधीयते** (हला.४८६)।

निर्वृत्तः (पुं.वि.) [*निवर्तते स्म, निपूर्वकात् वृतु वर्तने इति धातोः गत्यर्थाकर्मक इति क्तः*] सिद्ध/पूरा भएको/सम्पन्न।

निर्वेदः (पुं.वि.) [*निर् पूर्वकाद् विद ज्ञाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.खेद/आन्तरिक वेदना/हीनताबोध। **निर्वेदः स्वावमाननम्**। (अभि.चि.) २.पश्चात्ताप/पछुतो ३.वैराग्य ४.तेत्तिस व्यभिचारिभावमध्ये एक भेद। लौकिक विषयप्रति उदासीन हुँदा यस भावको प्रादुर्भाव हुन्छ। निर्वेद शान्तरसको स्थायी भाव हो। ५.(पुं.वि.) [*निर्गतो वेदो यस्मात् सः*] ज्ञान वा वेद नभएको।

निर्वेशः (पुं.) [*निर्विश्यते, अनेन वा, विश प्रवेशने इति धातोः, अकर्तरि च– ३.३.१९ इति हलश्च इति वा घञ्*] १.ज्याला, तलब, पारिश्रमिक आदि २.खानु– पिउनु, वस्त्र आदि लगाउनु ३.मूर्च्छा पर्नु। **निर्वेशस्तु पुमान्भोगे वेतने मूर्च्छनेऽपि च।** (मेदिनी.) ४.विवाह (स्मृति)।

निर्व्यथनम् (नपुं.) [*व्यथ भयचलनयोः इति धातोः, भावे ल्युट् ३.३.११५, निश्चयेन व्यथनं भयं चलनं वा यत्र*] छिद्र। **छिद्रं निर्व्यथनं रोकं रन्ध्रं श्वभ्रं वपा शुषिः** (अमर.)।

निर्व्याजम् (नपुं.) [*निर्गतो व्याजो यस्मात्तत्तथा*] विनाछलकपट।

निर्व्यूहः (पुं.) [*निरूहति, कः, पृषोदरादितया साधुः*] १.शिरमा लगाउने गहना २.भित्तामा ठोकिएको किलो/खुटी ३.क्वाथ/निकैवेर पकाएको मिश्री वा अन्य वस्तुको काँडा ४.(पुं.वि.) [*व्यूहान्निर्गतः*] बथानबाट अलग भएको।

निर्हारः (पुं.) [*निर्हरणम्, घञ् ३.३.१८*] १.बिझेको काँडो, बाण, गोली आदि निकाल्नु २.[*निर् अतिशयेन मनसो हरणम्, प्राग्वत्*] टाढासम्म फैलिएर आकर्षण पैदा गर्नु।

निर्हारी (पुं.वि.) [*निर् अतिशयेन मनो हरति तच्छीलः, णिनिः*] टाढा सम्म फैलिएको सुगन्ध। **समाकर्षी तु निर्हारी** (अमर.१.५.११)

निर्ह्रादः (पुं.) [*निर्पूर्वकाद् ह्रद अव्यक्ते शब्दे इति धातोर्भावे घञ्*] अव्यक्त शब्द। **स्वाननिर्घोषनिर्ह्रादनादनिस्वाननिस्वनाः** (अमर.)।

निलयः (पुं.वि.) [*निलीयतेऽत्र, लीङ् श्लेषणे इति धातोः, पुंसिसंज्ञायां घः प्रायेण ३.३.११९ इति घः, यद्वा एरच् ३.३.५६ इत्यच्*] १.वासस्थान/घर/गुँड २.आश्रयस्थल ३.लुक्ने ठाउँ। **निलयोऽस्तमये गृहे। गोपनस्य प्रदेशेऽपि** (हैम.)।

निलम्बनम् (नपुं.) [*निपूर्वकात् लबि गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै कर्मचारी अपराधी वा दोषी हुनाको सन्देह उत्पन्न भएमा त्यसलाई तत्कालका लागि आफ्नो पदबाट हटाउने काम।

निलम्बितः (पुं.वि.) [*निलम्ब्यते स्म, निपूर्वकात् लबि गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आफ्नो कुनै ताथाकथित अपराध वा दोषको कारण अन्तिम निर्णय नभएसम्म अस्थायी रूपले पदच्युत गरिएको।

निवर्तनम् (नपुं.) [*निपूर्वकात् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.उन्नति गर्ने इच्छा २.पछुतो ३.एक पटक ल्याएर फिर्ता गर्नु ४.अकर्मण्यता ५.विरक्ति ६.दुई सय हात लम्बाइ र दुई सय हात चौडाइ भएको जमिन। **निवर्तनं विंशतिसंख्यकैश्च क्षेत्रं चतुर्भिश्च भुजैर्निबद्धम्** (लीलावती)।

निवर्हणम् (नपुं.) [*निपूर्वकाद् वर्ह हिंसायाम् इति धातोर्भावे ल्युट् अनः*] मार्नु/हत्या गर्नु।

निवसनम् (नपुं.) १.[*न्युष्यतेऽत्र,अधिकरणे ल्युट्*] घर २.[*करणे ल्युट्*] वस्त्र ३.[*भावे ल्युट्*] १.बस्नु २.ढाक्नु।

निवहः (पुं.) १.[*नितरामुह्यते, वह प्रापणे इति धातोः, पुंसि– ३.३.११८ इति घः*] समूह २.[*नितरां वहति, पचाद्यच्*] सातथरी वायु मध्ये एक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवाकः (पुं.) [*निवचनम् घञ् ३.३.१८ उपसर्गस्य ६.२.१२२ इति दीर्घः*] अतिशय आदर गर्नु ।

निवातः (पुं.) [*निर्गतो वातोऽस्मात्*] १.हावा,हुरी लाग्ने ठाउँ २.निवासस्थल ३.शस्त्रद्वारा अभेद्य कवच (अमर.३.३.८४) ।

निवापः (पुं.) १.[*न्युप्यते, निवपनं वा डुवप् इति धातोः, कर्मणि ३.३.१९ भावे ३.३.१८ वा घञ्*] पितृलाई उद्देश्य गरेर गरिने दान । शास्त्रको विधानअनुसार दान गरिएमा त्यही कर्मलाई श्राद्ध भनिन्छ । **पितृदानं निवापः स्यात् श्राद्धं तत्कर्म शास्त्रतः ।** (अमर.२.७३१) २.[*न्युप्यते बीजमस्मिन्,अधिकरणे घञ्*] खेत । **अवनिं प्रमदाः गाश्च निवापं बहुवार्षिकम् । तत्ते विप्र प्रदास्यामि न तु वर्म सकुण्डलम्** (म.भा.३.३०९.३६) ।

निवारकः (पुं.वि.) [*निवारयति, निपूर्वकाद् वृञ् वरणे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] निवारण गर्ने/सुरक्षा गर्ने ।

निवारणम् (नपुं.) [*निपूर्वकाद् वृञ् वरणे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] कुनै किसिमको आपत्तिजनक घटना वा परिस्थितिलाई रोक्ने काम/छेक्ने काम ।

निवारणीयः (पुं.वि.) [*निवारयितुं योग्यः, निपूर्वकाद् वृञ् वरणे इति धातोः, णिचि, तत्तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] निवारण गर्न लायक/निवारण गर्न सकिने ।

निवास (धा.) [*आच्छादने, सक.सेट् उभ.*]– ढाक्नु, रहनु । लट्– **निवासयति-ते–** ढाक्छ, रहन्छ । लिट्– **निवासयाञ्चकार-चक्रे–** ढाकेछ, रहेछ (अन.) । लुट्– **निवासयिष्यति-ते–** ढाक्ने छ, रहने छ (अन.) । लृट्– **निवासयिष्यति-ते–** ढाक्ने छ, रहने छ । लोट्– **निवासयतु-ताम्–** ढाकोस्, रहोस् । लङ्– **अनिवासयत्–** ढाक्यो, रह्यो (अन.) । विधिलिङ्– **निवासयेत्-त–** ढाक्ला, रहला, ढाकोस्, रहोस्, । आशीर्लिङ्– **निवास्यात्-निवासयिषीष्ट–** ढाकोस्, रहोस् । लुङ्– **अनिनिवासत्-त–** ढाक्यो, रह्यो । लृङ्– **अनिवासयिष्यत्-त–** ढाक्ने थियो, रहने थियो इत्यादि ।

निवासः (पुं.वि.) १.[*निवसनम्, निपूर्वकाद् वस निवासे इति धातोः, भावे ३.३.१८ इति घञ्*] रहने काम/बस्ने काम २.[*निवसन्त्यत्र, हलश्च ३.३.१२१ इति घञ्*] स्थान/घर । **~स्थानम्** (नपुं.) [*निवासस्य स्थानम्, ष.त.*] बस्ने ठाउँ/बस्ने घर डेरा/कामदार कर्मचारीहरूका लागि घर र त्यसका सिमानाभित्र पर्ने अरू सानासाना घर– टहरा र बगैँचासमेत ।

निविडः (पुं.वि.) [*नितरां विडति, विडधातोः कः*] १.अतिशय बाक्लो २.निरवकाश ३.[*नेर्बिडज्बिसचौ इति बिडज्*] नेप्टो ।

निविष्टः (पुं.वि.) [*निविशति, स्म, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] बसेको/घुसेको/पसेको/स्थित ।

निवीतम् (नपुं.) १.[*नि वीयते स्म, व्येञ् संवरणे इति धातोः, क्तः ३.२.१०२ संप्रसारणादि ६.१.१५ ६.१.१०८ ६.४.२*] ओढ्ने लुगा २.[*निवीयते स्म, प्राग्वत्, नि अधोभागे वीतं गमनमस्य वा 'नि' इति प्रकृते*] माला लगाएझैँ पहिरिएको जनै । **उपवीतं भवेन्नित्यं निवीतं कण्ठलम्बितम्** (कूर्मपु.) ।

निवृतः (पुं.वि.) [*निव्रियते आच्छाद्यते स्म*] ढाकिएको ।

निवृत्तः (पुं.वि.) [*निवर्तते स्म, निपूर्वकाद् वृतु वर्तने इति धातोः, गत्यार्थाकर्मक– ३.४.७२ इति क्तः*] फर्केको/फिरेको/समाप्त/छुट्कारा वा अवकाश पाएको/मुक्त । **~भरणम्** (नपुं.) [*निवृत्तस्य भरणम्, ष.त.*] पेन्सन ।

निवृत्तिः (स्त्री.) [*निवर्तनम्, निपूर्वकाद् वृतु वर्तने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] अवकाश ग्रहण/मुक्ति/छुट्कारा/पन्छने काम/समाप्ति । **~पूर्वावकाशः** (पुं.) [*निवृत्तेः पूर्वम् अवकाशः*] सेवाबाट अवकाश ग्रहण गर्नुभन्दा पहिले नै सेवाबाट निवृत्ति । **~मार्गः** (पुं.) गृहस्थाश्रममा नबसेर एकाएक संन्यास लिने मोक्षमार्ग । **~वेतनम्** (नपुं.) [*निवृत्तेः वेतनम्, ष.त.*] अवकाश प्राप्त भएपछि पाइएको वेतन वा वृत्ति ।

निवेदनम् (नपुं.) [*निपूर्वकाद् विद ज्ञाने इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] नम्रतापूर्वक कसैसित कुरा गर्नु/बिन्ती/आवेदन/प्रार्थना ।

निवेद्यः (पुं.वि.) [*निवेदयितुं योग्यः, निपूर्वकाद् विद ज्ञाने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] बिन्ती वा प्रार्थना गर्न योग्य/आवेदन वा दरखास्त दिइने ।

निवेशः (पुं.) [*निविसन्ति अत्र, विश प्रवेशे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.सेनाको शिविर । **तस्य सेनानिवेशोऽभूदध्यर्धमिव योजनम्** । (म.भा.५.८.२) २.बस्ने काम । **निवेशार्थं गृहं दत्तमन्नपानादिकं तथा** (दे.भा.३.१९४४) ३.विवाह । **ततो निवेशाय तदा स विप्रो संशितव्रतः। महीञ्चकार दारार्थी न च दारानविन्दत** (म.भा.१.१४.१) कुनै विधि अधिनियम आदिमा कुनै वाक्य/वाक्य खण्ड/उपधाराको सन्निवेश ४.लाभांश, ब्याज आदि पाउने दृष्टिले उद्योग, बैङ्क आदिमा पूँजी लगाउने काम ५.रङ्गस्थल ।

निवेशनम् (नपुं.) [*निविशन्ति जना अत्र, अधिकरणे घञ्*] घर । **सम्मान्य सर्वलोकांश्च ययौ राजा निवेशनम्** । (देवी.भा.३.२४.४९)

निशा (स्त्री.) [*नितरां श्यति व्यापारान्, शो तनूकरणे इति धातोः आतश्चोपसर्गे ३.१.१३६ इति कः,टाप्*] १.रात/रजनी/रात्रि ।

शशिना च निशा निशया च शशिः
शशिना निशया च विभाति नभः ।
पयसा कमलं कमलेन पयः
पयसा कमलेन विभाति सरः ॥ (सुभा.)

२.बेसार/हलेदो ।

निशा दारुहरिद्रायां स्यात्त्रियामाहरिद्रयोः (विश्व.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निशाचरः (पुं.) [*निशायां चरतीति, चरेष्टः इति टप्रत्ययः, उपपद त.*] १.राक्षस २.लाटोकोसेरो ३.भूतप्रेत।

निशाटनः (पुं.) [*निशायामटति, कर्तरि ल्युः, अनः*] १.राक्षस २.लाटोकोसेरो ३.भूतप्रेत। **दिवाभीतो निशाटनः** (अमर.२.५.१४)

निशातः (पुं.वि.) [*निपूर्वकात् शो तनूकरणे इति धातोः क्तः, आत्वम्, पक्षे शाच्छोरन्यतरस्याम् इति इत्वाभावः*] १.तिखो २.धारिलो।

निशानम् (नपुं.) [*निपूर्वकात्, शो तनूकरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] झन्डा/कुनै वस्तु थाहा पाउन लगाउने चिह्न/चिनु।

निशानाथः (पुं.) [*निशायाः, नाथः, ष.त.*] १.चन्द्रमा २.कपूर।

निशानिशम् (अ.) [*निशायाः अनिशम्, ष.त.*] रातारात/हरेक रात।

निशान्तः (पुं.वि.) [*निःशेषेण शान्तः*] १.ज्यादै चुपचाप वा शान्त [*निशाया अन्तो यत्र स*] २.रातको अन्त्य/बिहानको झिसमिसे/उषा काल। **न निशान्ते परिश्रान्तो ब्रह्माधीत्य पुनः स्वपेत्** (मनु.)।

निशान्तम् (नपुं.) (नपुं.) [*निशायामम्यते स्म, अम गत्यादौ इति धातोः क्तः,नेट्*] घर। **निशान्तवस्त्यसदनम्** (अमर.२.२.४)।

निशापतिः (पुं.) [*निशायाः पतिः, ष.त.*] चन्द्रमा।

निशामनम् (नपुं.) [*निपूर्वकात् शमधातोर्णिचि ल्युट्*] १.हेर्नु २.आलोचना गर्नु ३.सुन्नु, सुनाउनु (हला.५६६)।

निशारणम् (नपुं.) [*निपूर्वकात् शृ हिंसायाम् इति धातोर्णिचि ल्युट्*] १.हिंसा गर्नु/मार्नु/हत्या गर्नु २.(पुं.) [*निशाया रणः*] रात्रीयुद्ध।

निशितः (पुं.वि.) [*निशायते स्म, शो तनूकरणे इति धातोः, क्तः ३.२.१०२ शाच्छोः ७.४.४१ इति वेत्वम्*] १.तिखारिएको २.तिखो।

निशीथः (पुं.) [*नितरां शेतेऽस्मिन् सः, नि पूर्वकात् शीङ् स्वप्ने इति धातोः, निशीथगोपीथावगथाः (उ.) १७४ इति थक्*] १.आधा रात। **निशीथदीपाःसहसा हतत्विषो बभूवुरालेख्यसमर्पिता इव** । (रघु.३.१५) २.रात्रि। **तन्त्रीसुगीतं मदनस्य दीपनं शुचौ निशीथेऽनुभवन्ति कामिनः** (ऋतुसं १.२)।

निशीथिनी (स्त्री.) [*निशीथोऽस्त्यस्याम्, इनिः ङीप्*] रात्रि।

निशुम्भनम् (नपुं.) [*निपूर्वकात् शुम्भधातोः (धातूनमनेकार्थकतया हिंसायामपि) ल्युट्,अनः*] हत्या गर्नु। **व्यापादनं विशसनं कदननञ्च निशुम्भनम्** (अमर.परि.२६)।

निशोध्यम् (नपुं.) [*निष्क्रान्त शोध्यमस्मात्, शोध्यान्निष्क्रान्तम् इति वा*] शुद्ध,सफा पारिएको वस्तु।

निश्चयः (पुं.) [*निश्चयनम्, निस्पूर्वकात् चिञ् चयने इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.विश्वास/निधो/पक्का/दृढ विचार २.एक अर्थालङ्कार। **अन्यन्निषिध्य प्रकृतस्थापनं निश्चयः पुनः** (सा.द. १०/५७)।

निश्चलः (पुं.वि.) [*निश्चलति, निस्पूर्वकात्, चल सञ्चलने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] अचल/स्थिर/हलचल नगर्ने/नबदल्ने/अपरिवर्तनीय।

चलन्ति गिरयः कामं युगान्तपवनाहताः।
कृच्छ्रेऽपि न चलत्येव धीराणां निश्चलं मनः॥ (सुभा.)

निश्चितः (पुं.वि.) [*निःशेषं चितः,निस्पूर्वकात् चिधातोः क्तः*] निश्चय भएको/पक्का भएको। **निश्चितं नियतं स्मृतम्** (हला.६१०)।

निश्चितम् (नपुं.) निश्चय नै।

निश्चेतनः (पुं.वि.) [*निर्गता चेतना यस्मात् सः, बहु.स.*] चेतना नभएको/बेहोस/मूर्च्छित।

निश्चेष्टः (पुं.वि.) [*निर्गता चेष्टा यस्मात् सः, बहु.स.*] १.चेष्टा नभएको २.अचल/स्थिर ३.अचेत/बेहोस।

निश्छलः (पुं.वि.) [*निर्गतं छलं यस्मात् सः, बहु.स.*] छलकपट नगर्ने/निष्कपट।

निश्रेणिः (स्त्री.) [*नियता श्रेणिररत्र*] काठको सिंढी/भऱ्याङ।

निश्वासः (पुं.) [*निश्वसनम्, निस्पूर्वकात्, श्वस प्राणने इति धातोः, भावे ३.३.१८ इति घञ्*] नाक वा मुखबाट निस्केको सास।

निश्शस्त्रीकरणम् (नपुं.) [*निश्शस्त्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, सर्वापहारी लोपः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] शस्त्र नभएको पार्नु/विनाहतियारको पार्नु।

निश्शेषम् (नपुं.) [*निष्क्रान्तं शेषात्, निरादयः— (वा.) २.२.१८ इति समासः*] सबै/शेष नराखीकन।

निषङ्गः (पुं.) [*नितरां सज्जन्ति शरा यत्र, निपूर्वकात् सञ्ज सङ्गे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, उपसर्गात् ८.३.६५ इति षत्वम्*] १.ठोक्रो/धनुर्धारीले पिठ्यूँमा बोकेर हिंड्ने बाण राख्ने थैलो २.[*नितरां सज्जन्ति जना यत्र, पूर्ववत्*] भेला।

निषङ्गी (पुं.वि.) [*निषङ्गोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] ठोक्रो भरेको/धनु धारण गरेको/धनुर्धारी।

निषद्या (स्त्री.) [*निषीदन्त्यस्यां जनाः, षद्लृ विशरणगत्यवसादनेषु इति धातोः, संज्ञायां समज— ३.३.९ इति क्यप्, सदिरप्रतेः ८.३.६६ इति षत्वम्*] पसल। **आपणस्तु निषद्यायाम्** (अमर.२.२.२)

निषद्वरः (पुं.) [*निषीदन्त्यत्र, षद्लृ, विशरणगत्यवसादनेषु इति धातोः, नौ सदेः (उ.) २.१२२ इति ष्वरच्, सदिरप्रतेः ८.३.३६ इति षत्वम्, यद्वा— निषदनम्, सम्पदादिक्विप् (वा. ३.३.१०८ निषद आसनस्य वर आवारकः, वृञ् आवरणे इति धातोः, आधृषीयः, पचाद्यच् ३.१.१३४*] १.हिलो २.कामदेव ३.जलमय प्रदेश। **निषद्वरः समरे पङ्के निशायां तु निषद्वरी** (विश्व.)।

निषधः (पुं.) [*पृषोदरादिः ६.३.१०९*] १.पर्वतविशेष २.कठिन ३.देशविशेष ४.निषध देशको राजा। **निषधः कठिने देशे तद्राजे पर्वतान्तरे** (विश्व.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निषादः (पुं.) [*निषीदति मनः, पापं वा यस्मिन्, षद्लृ सातने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, सादिरप्रतेः ८.३.६६ इति षत्वम्*] १.एक अनार्य जाति। पौराणिक कथनअनुसार ब्राह्मण पिता र शूद्रा माताबाट जन्मेको वर्णसङ्कर जाति। यिनीहरू चरा,माछा मार्छन्, नदीमा डुँगा चलाएर मानिसलाई वारपार गराउँछन्। २.[*निषीदन्ति षड्जादयःस्वरा यत्र, निपूर्वकात् सदधातोर्घञ्*] सङ्गीतका सात स्वरमध्ये 'नि' को रूप भएको अन्तिम स्वर। यसका दुई भेद छन्– शुद्ध र कोमल। शुद्धमा 'नि' को मुनि धर्का रहन्न तर कोमलमा 'नि' को मुनि धर्का रहन्छ। निषादमा सबै स्वरको निषादन (अन्तर्भाव) हुनाले निषाद नाम रहेको हो। (तुम्बुरुले गाएको स्वर निषाद हो र यसको आवाजले यक्ष तृप्त हुने तथा हात्ती चिघ्रने गर्छ।

निषादी (पुं.) [*निषीदन्त्यवश्यम्, षद्लृ विशरणादिषु इति धातोः, आवश्यके णिनिः ३.३.१७० यद्वा निषदयन्त्युवेशयन्ति हस्तिनम्, ग्रह्यादित्वात् ३.१.१३४ आवश्यके ३.३.१७० वा णिनिः*] १.माउते २.(पुं.वि.) बस्ने।

आतपात्ययसंक्षिप्तनीवारादिषु निषादिभिः।
मृगैर्वर्तितरोमन्थमुटजाङ्गणभूमिषु॥ (रघु.१.५२)

निषिद्धः (पुं.वि.) [*निषिध्यते स्म, निपूर्वकात् षिध गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] निषेध गरिएको/रोक लगाइएको।

निषेधः (पुं.वि.) [*निषेधनम्, निपूर्वकाद् षिध गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] रोक लगाउने काम/प्रतिषेध।

निषेधाज्ञा (स्त्री.) [*निषेधस्य आज्ञा, ष.त.*] निरोधाज्ञा/मालसमान वा सेवाको निकासी र पैठारीमा प्रतिबन्ध वा नियन्त्रण।

निषेधात्मकः (पुं.वि.) [*निषेध आत्मा यस्य सः, बहु.स.*] निषेध गरिएको/मनाही गरिएको/नकारात्मक/निषेधक/अस्वीकृति बुझाउने।

निषेधाधिकारः (पुं.) [*निषेधस्य अधिकारः, ष.त.*] भिटो/कुनै प्रस्तावित कार्यलाई अमान्य वा अस्वीकार गरेर रोक्ने अधिकार।

निष्क (धा.) [*परिमाणे, सक.सेट्, आत्म.*] नाप्नु, तौलनु, गन्नु। लट्– **निष्कयते**– नाप्छ, तौलन्छ, गन्छ। लिट्– **निष्कयाञ्चक्रे**– नापेछ, तौलेछ, गनेछ (अन.)। लुट्– **निष्कयिता**– नाप्ने छ, तौलने छ, गन्ने छ (अन.)। लृट्– **निष्कयिष्यते**– नाप्ने छ, तौलने छ, गन्नेछ। लोट्– **निष्कयताम्**– नापोस्, तौलोस, गनोस। लङ्– **अनिष्कयत**– नाप्यो, तौल्यो, गन्यो (अन.)। विधिलिङ्– **निष्कयेत्**– नाप्ला, तौलला, गन्ला, नापोस्, तौलोस्, गनोस्। आशीर्लिङ्– **निष्कयिषीष्ट**– नापोस, तौलोस, गनोस्। लुङ्– **अनिष्कत**– नाप्यो, तौल्यो, गन्यो। लृङ्– **अनिष्कयिष्यत**– नाप्ने थियो, तौलने थियो, गन्ने थियो इत्यादि।

निष्कः (पुं.) [*निषीदतीति, निपूर्वकात्, षद्लृ विशरणे इति धातोः, नौ सदेर्डिच्च (उ.) ३३२ इति कन्*] १.दिनार २.सुवर्ण ३.नापोविशेष ४.छातीमा लगाउने गहना।

निष्कण्टकः (पुं.वि.) [*कण्टकात् निर्गतः, प्रादिस.*] विघ्न बाधा केही नभएको/निर्विघ्न।

निष्कपटः (पुं.वि.) [*निर्गतं कपटं यस्मात् सः, बहु.स.*] छलछाम नभएको/कपट व्यवहार नभएको/सोझो।

निष्कर्मा (पुं.वि.) [*निर्गतं कर्म यस्मात् सः, बहु.स.*] १.एकाग्र भएर वा चित्त लगाएर काम नगर्ने २.कर्मरहित।

निष्कर्षः (पुं.) [*निष्कर्षणम्, निस्पूर्वकात् कृष विलोकने इति धातोः, भावे ३.३.१८ इति घञ्*] सार/निचोड/छलफलबाट आखिरमा निस्केको सिद्धान्त/परिणाम/नतिजा।

निष्कलङ्कः (पुं.वि.) [*निर्गतः कलङ्को यस्मात् सः, बहु.स.*] निर्दोष/दाग वा कलङ्क नभएको।

निष्कला (स्त्री.) [*कलं शुक्रे त्रिष्वजीर्णे नाव्यक्तमधुरध्वनौ (मेदिनी.), कलान्निष्क्रान्ता, निरादयः क्रान्ताद्यर्थे (वा.) २.२.१८ इति समासः, निर्गतं कलं शुक्रमस्या वा, पक्षे ङीष् निष्कली*] रजोधर्मबाट निवृत्त स्त्री। **निष्कलं तु कलाशून्ये नष्टवीर्ये तु वाच्यवत्** (मेदिनी.)।

निष्कामः (पुं.वि.) [*निर्गतः कामो यस्मात् सः, बहु.स.*] कुनै प्रकारको कामना वा आसक्ति नभएको/कुनै फलको इच्छा नगरिएको।

निष्कामभक्तिः (स्त्री.) [*निष्कामा चासौ भक्तिश्च, कर्म.स.*] भगवान्प्रति कुनै कामना नगरीकन गरिने भक्ति।

निष्कासनम् (नपुं.) [*निष्कास्यते, निस्पूर्वकात् कासृ दीप्तौ इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै पद वा ठाउँबाट हटाइने/निकाल्ने वा खोसिने काम/बाहिर निकाल्नु/निकाला गर्नु/हटाउने काम २.प्रकट गराउनु/निकाल्नु।

निष्कासितः (पुं.वि.) [*निष्कास्यते स्म, कस गतौ इति धातोः,ण्यन्तः, क्तः*] निकालिएको। **निष्कासितोऽवकृष्टः स्यात्** (अमर. ३.१.३९)।

निष्किञ्चनः (पुं.वि.) [*निर् न विद्यते किञ्चनो यस्य सः, बहु.स.*] दरिद्र/गरिब।

निष्कुटः (पुं.) [*कुटाद् गृहान्निष्क्रान्ताः, निरादयः (वा.) २.२.१८ इति समासः*] १.घरको बगैँचा २.नदीको तट ३.ढोका ४.टेड्को। **निष्कुटस्तु गृहोद्याने स्यात्केदारकवाटयोः** (मेदिनी.) ५.क्षेत्र। **समुद्रनिष्कुटे जाताः पारेसिन्धु च मानवाः** (म.भा.२.५०.९)।

निष्कुटी (स्त्री.) [*निश्चिता कुटिः कौटिल्यमस्याः, निष्क्रान्ता कुटेर्वा, कृदिकारात् (ग.) ४.१.४५ इति वा ङीष् (निष्कुटी)*] अलैँची।

निष्कुलः (पुं.वि.) [*निर् न विद्यते कुलं यस्य सः, बहु.स.*] कुल नष्ट भएको/वंश नासिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्कुलीनः (पुं.वि.) [*निष्कुले भवः, कुलात्खः ४.१.१३९ इति खः, खस्य ईनः*] नीच कुलको/निष्कुलको ।

निष्कुषितः (पुं.वि.) [*निष्कुष्यते स्म इति निस्– उपसर्गपूर्वकात् कुष निष्कर्षे इति धातोः, क्तः, इण्निष्ठायाम् ७.२.४७ इति इट्*] १.किरा लागेको/घुन आदि किराले खाएको २.खिया लागेको ।

निष्कुहः (पुं.) [*निश्चयेन कुहयते, कुह विस्मापने इति धातोः, पचाद्यच् ३.१.१३४*] रुखको टोड्का ।

निष्कृतिः (पुं.वि.) [*निस्पूर्वकात् कृ विक्षेपे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.छुटकारा/मुक्ति २.प्रायश्चित्त ।

ब्रह्मघ्ने च सुरापे च चोरे भग्नव्रते तथा ।
निष्कृतिर्विहिता लोके कृतघ्ने नास्ति निष्कृतिः ॥ (सुभा.)

निष्क्रमः (पुं.) [*निष्क्रमणम्, क्रमु पादविक्षेपे इति धातोः, घञ् ३.३.१८ नोदात्तोप ७.३.३४ इति वृद्धिर्न*] १.निक्लने क्रिया २.बुद्धिको सामर्थ्य । बुद्धिका गुणहरू जस्तै–

शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा ।
ऊहापोहौ च विज्ञानं तत्त्वज्ञानं च धीगुणाः ॥
निष्क्रमो निर्गमे ख्यातो बुद्धिसंपत्तिनिष्क्रमः (रुद्र.) ।
निष्क्रमो निर्गमे बुद्धिसम्पत्तौ दुष्कुलेऽपि च (हैम.) ।

निष्क्रमणम् (नपुं.) [*निस्पूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.घरबाट बाहिर निकाल्नु २.सनातन धर्मअनुसार द्विजाति बालकको (जन्मदिनको) चौथो महिनामा वा अन्नप्राशनको दिन गरिने सोह्र संस्कारमध्येको एक संस्कार । यसमा बालकलाई सूर्यको दर्शन गराउन बाहिर ल्याइन्छ । **तृतीये मासि सूर्यावलोकनं चतुर्थे मासि अन्नप्राशनकाले वा निष्क्रमणम्** (ध.सिं.) ३.निस्कनु ।

निष्क्रामणम् (नपुं.) [*निष्क्रामयति, निस्पूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] कुनै जाति, परिवार वा व्यक्तिलाई एक देश वा स्थानबाट निकाल्ने वा उठाउने काम/कुनै पदमा रहेको कर्मचारीलाई त्यस ठाउँबाट हटाउने काम ।

निष्क्रियः (पुं.वि.) [*निर्गता क्रिया यस्मात् सः, बहु.स.*] कुनै क्रिया वा चेष्टा नभएको/निश्चेष्ट/क्रिया रहित/विनाकामको/शक्तिहीन/काम नगरिकन रहने ।

निष्ट्यः (पुं.) १.[*निर्गतो वर्णाश्रमादिभ्यः, निसो गते इति वार्तिकेन त्यप्, ह्रस्वात्तादौ तद्धिते इति षत्वम्, ष्टुत्वम्*] वर्णाश्रम धर्मदेखि बाहिर रहेको चाण्डाल आदि २.[*निर्गत्य शरीरात् स्त्यायति विस्तीर्णो भवति*] पुत्र ।

निष्ठा (स्त्री.) [*निपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] १.धर्म, देवता, गुरुजन आदिमा रहनुपर्ने श्रद्धा वा भक्ति । **निष्ठया हि प्रतिष्ठा स्यादनिष्ठस्य कुतः कुलम् । शक्नोति नैष्ठिकः धर्मं त्रातुं न चेतरः ॥** (भरतमल्लिक) २.विश्वासका साथ हुने लगनशीलता । **निष्ठाविहीनस्य न कापि सिद्धिः** । (सुभा.) ३.कुनै निश्चित समयमा यो संसारबाट अन्तर्धान हुनु/नाश हुनु,मर्नु । **यदा क्षितावेव चराचरस्य । विदाम निष्ठां प्रभवञ्च नित्यम्** । (भाग.५.१२.९) ४.स्थिति ५.क्त र क्तवतु प्रत्यय ६.प्राप्तिको विषय । **भगवन्तं हरिं प्रायो न भजन्त्यात्मवित्तमाः । तेषामशान्तकामानां का निष्ठा विजितात्मनाम्** ॥ (श्रीधर) ७.कुनै नाटकको दुःखान्त घटना ८.कष्ट/दुःख ९.व्रत १०.निष्पत्ति ११.याचना १२.निर्वहण / हत्या १३.व्यवस्था १४.उत्कर्ष । **~वान्** (पुं.वि.) [*निष्ठा अस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] निष्ठा भएको/श्रद्धालु । **क्लेशे निष्पत्तौ नाशेऽन्ते निर्वहे याचने व्रते** (हैम.) ।

निष्ठानम् (नपुं.) [*निष्ठीयतेऽत्र, ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् ३.३.११७*] तिउन । **स्यात्तेमनन्तु निष्ठानम्** (अमर.२.९.४४)

निष्ठीवनम् (नपुं.) [*ष्ठिवु निरसने इति धातोः, ल्युट् ३.३.११५ ष्ठिविषिव्योर्ल्युटि दीर्घो वा*] थुक्ने क्रिया ।

निष्ठुरः (पुं.वि.) [*नितिष्ठति, मद्गुरादयश्च (उ.४३) इति कुरच्, उपसर्गात्सुनोति– ८.३.६५ इति षत्वम्*] १.निठुरी/कठोर हृदय भएको २.निर्दय/क्रूर ।

निष्ठुरम् (नपुं.) [*प्राग्वत्*] कठोर वचन । **निष्ठुरं परुषम्** (अमर.) ।

निष्ठेवः (पुं.नपुं) [*ष्ठिवु निरसने इति धातोः, घञ् ३.३.१८,ल्युटि निष्ठेवनमित्यपि*] थुक्ने क्रिया ।

निष्ठ्यः (पुं.वि.) [*निर्गतो वर्णाश्रमादिभ्यः, निसो गते (वा.) ८.३.१०१ इति त्यप्, ह्रस्वात्तादौ तद्धिते ८.३.१०१ इति षत्वम्, ष्टुत्वम्*] वर्णाश्रम धर्मदेखि बाहिर रहेको जाति ।

निष्ठ्यूतः (पुं.) [*निष्ठीव्यते स्म, ष्ठिवु निरसने इति धातोः, क्त ३.२.१०२ यस्य– ७.२.१५ इति नेट्, च्छ्वोः– ६.४.१९ इत्यूठ्*] १.फ्याँकेको २.थुकेको ।

निष्ठ्यूतिः (स्त्री.) [*ष्ठिवु निरसने इति धातोः, क्तिन्*] थुक्ने क्रिया **निष्ठ्यूतिर्निष्ठेवनं निष्ठीवनमित्यभिन्नानि** (अमर.३.२.३८) ।

निष्णः (पुं.वि.) [*निष्णातीति ष्णा शौचे इति धातोः आतश्चोपसर्गे ३.३.१०६ इति कः, आतो लोप ६.४.६४ इति आलोपः, निनदीभ्यां स्नातेः कौशले ८.३.८१ इति षत्वम्, ष्टुत्वम्*] सिपालु ।

निष्णातः (पुं.) [*न्यस्नासीत्, गत्यर्था ३.४.७२ इति क्तः, निनदीभ्यां स्नाते कौशले ८.३.८९ इति षत्वम्*] १.विज्ञ/पारङ्गत ।

निष्णातोऽपि च वेदान्ते साधुत्वं नैति दुर्जनः ।
चिरं जलनिधौ मग्नो मैनाक इव मार्दवम् ॥ (सुभा.)

२.सिपालु/निपुण ।

निष्पक्वः (पुं.वि.) [*निश्चयेन पक्वः*] १.राम्रासित पाकेको २.क्वाथ गरी बनाइएको (औषधिविशेष) ।

निष्पक्षः (पुं.वि.) [*निर्गतः पक्षो यस्मात् सः, बहु.स.*] तटस्थ/कतैपट्टि नलागेको/पक्षपात नगर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्पत्तिः (पुं.वि.) [*निस्पूर्वकात् पद गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.उत्पत्ति २.समाप्ति/सिद्धिनु ३.निर्वाह ४.मीमांसा ५.सिद्धि ६.रसानुभूति। **विभावानुभावव्यभिचारि-संयोगाद् रसनिष्पत्तिः** (भरतः)।

निष्पन्नः (पुं.वि.) [*निस्पूर्वकात् पद गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.सिद्धिएको/सम्पन्न २.उत्पन्न।

निष्पादकः (पुं.वि.) [*निष्पादयति, निस्पूर्वकात् पद गतौ इति धातोः, णिचि, ण्वुलतृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कुनै काम पूरा गर्ने/काम तामेल गर्ने।

निष्पादनम् (नपुं.) [*निस्पूर्वकात्, पद गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै काम पूरा गर्नु/तामेल गर्नु २.आज्ञापालन गर्नु/आदेश मान्नु।

निष्पादितः (पुं.वि.) [*निष्पाद्यते स्म, निस्पूर्वकात् पद गतौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.पूरा गरेको/तामेल भएको २.उत्पादित गरिएको।

निष्पाद्यः (पुं.वि.) [*निष्पादयितुं योग्यः, निस्पूर्वकात् पद गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] कुनै काम पूरा गर्न योग्य/तामेल गर्न योग्य।

निष्पापः (पुं.वि.) [*निर्गतं पापं यस्मात्, बहु.स.*] पाप नभएको/पापशून्य/निष्कल्मष।

निष्पावः (पुं.) [*निष्पवनम्, घञ् ३.३.१८*] धान आदिलाई बताएर, केलाएर, फट्केर साफ पार्ने क्रिया २.राजसिमी। **निष्पावो राजसिम्बी स्यात्** (भा.प्र.नि.)।

निष्पावकः (पुं.) [*निष्पाव एव, स्वार्थे कन्*] राजसिमी।

निष्प्रभः (पुं.) [*निष्क्रान्ता प्रभाऽस्मात्*] १.निस्तेज २.प्रभावहीन।

निष्प्रयोजनम् (नपुं.) [*निर् नास्ति प्रयोजनं यस्मिन् तत्*] विना प्रयोजनको।

निष्प्रवाणम् (नपुं.) [*नितरां प्रकर्षेण ऊयते इति वेञ् तन्तुसन्ताने इति धातोः ल्युट्अनः, णत्वम्*] नयाँ लुगा।

निष्प्रवाणि (नपुं.) [*प्रोयतेऽनया, वेञ् तन्तुसन्ताने इति धातोः, करणा— ३.३.११७ इति ल्युट् निर्गता प्रवाणी तन्तुवायशलाकाऽस्मात्, निष्प्रवाणिश्च ५.४.१६० इति साधुः*] तानबाट उतारेको नयाँ लुगा। **अनाहतं निष्प्रवाणि तन्त्रकञ्च नवाम्बरे** (अमर. २.६.११२)।

निष्फलः (पुं.वि.) [*निर्गतं फलं यस्मात् सः, बहु.स*] १.फल नभएको २.निरुपादेय।

अस्नात्वा तुलसीं छित्वा यः पूजां कुरुते नरः।
सोऽपराधी भवेत्सत्यं तत्सर्वं निष्फलं भवेत्॥ (वा.पु.)

निष्फला (स्त्री.) [*निवृत्तं फलं यस्याः सा, बहु.स.*] पचपन्न वर्षभन्दा माथिकी पर सर्न छोडेकी महिला (जटाधर)।

निःसरणम् (नपुं.) [*निसरन्त्यनेन, करणे ल्युट्*] १.घर आदिको मूल ढोका २.उपाय ३.निर्वाण ४.[*भावे ल्युट् अनः*] निस्कने काम।

निसर्गः (पुं.) [*निसर्जनम्, सृज विसर्गे इति धातोः, घञ् ३.३.१८*] १.स्वभाव २.सृष्टि ३.स्वरूप। **निसर्गः सृष्टौ स्वभावे च** (हैम)।

निसूदनः (पुं.वि.) [*निसूदयति, निपूर्वकात् षूद क्षरणे इति धातोः, सत्वे नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१इत्यनः*] १.मार्ने/वध गर्ने २.विनाश गर्ने।

उभयमेव वदन्ति मनीषिणः समयवर्द्धितया कृतकर्मणाम्।
बलनिसूदनमर्थपतिञ्च तं श्रमनुदं मनुदण्डधरान्वयम्॥ (रघु.९,२)

निसूदनम् (नपुं.) [*षूद क्षरणे इति धातोः, सत्वे ल्युट् ३.३.११५*] १.मार्नु, हिंसा गर्नु। **प्रवासनं परासनं निसूदनं निहिंसनम्** (अमर. २.८.११३) २.विनाश गर्नु।

निसृतः (पुं.वि.) [*निस्सरति स्म, निपूर्वकात् सृ गतौ इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] १.निक्लेको/निस्केको/ २.चुहिएको।

निसृष्टः (पुं.वि.) [*निसृज्यते स्म, निपूर्वकात् सृज विसर्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.छोडिएको/त्याग गरिएको २.प्रदत्त/दिइएको। **न्यस्तनिसृष्टे** (अमर.३.१.८८)।

निसृष्टार्थः (पुं.) [*निसृष्टोऽर्थो येन सः, बहु.स.*] १.राजाका तीन थरी दूतहरूमध्ये देश,काल विचार गरी राजकाजसम्बन्धी कुरा गर्ने एक किसिमको दूत २.नाफा नोक्सान र खेती बेपार आदि कामको रेखदेख गर्न राखिएको मानिस ३.तत्परताका साथ मालिकको काम गर्ने धीर र वीर मानिस।

निस्तलः (पुं.वि.) [*निर्गतं तलमस्य*] १.बाटुलो २.चलायमान। **निस्तलं वर्तुले चले** (विश्व.)।

निस्तर्हणम् (नपुं.) [*तृह हिंसायाम् इति धातोः, निर्पूर्वकात् तृन्हू' इति धातोः वा, ल्युट् ३.३.११५*] मार्नु।

निस्तारः (पुं.) [*निर्पूर्वकात् तृधातोर्भावे घञ्*] उद्धार।

संसार तव निस्तारपदवी न दवीयसी।
अन्तरा दुस्तरा न स्युर्यदि ते मदिरेक्षणा॥ (शृङ्गारशतक)

निस्त्रिंशः (पुं.) [*निर्गतस्त्रिंशतोऽगुलिभ्यः, निरादयः क्रान्ता- (वा.) २.२.१८ इति समासः सङ्ख्यायास्तत्पुरुषस्य (वा.) ५.४.७३ इति डच्*] १.तरबार। **नकुलस्यैष निस्त्रिंशो गुरुभारदृढो महान्** (म.भा.४.४१.२४) २.(पुं.वि.) घृणित वा क्रूर व्यक्ति/निर्दयी। **निस्त्रिंशो निर्घृणे खड्गे** (हैम.)।

निस्पन्दः (पुं.) [*निपूर्वकात् स्पदि किञ्चिच्चलने इति धातोः घञ्*] १.धड्कन २.गति ३.अभिव्यञ्जन।

निस्पृहः (पुं.वि.) [*निर्गता स्पृहा विषयाकाङ्क्षा यस्य सः, बहु.स.*] कुनै किसिमको विषय प्रति पनि रुचि वा कामना नभएको।

निस्यन्दः (पुं.) [*निस्यन्दनम्, निपूर्वकात् स्यन्दू क्षरणे इति धातोः भावे घञ्*] १.चुहुनु २.(पुं.वि.) [*निस्यन्दते इति कर्तृरि अच्*] चुहुने।

निस्वनः (पुं.) [*नौगदपठस्वनः ३.३.६४ इत्यप्*] शब्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्वानः (पुं.) [*अपोऽभावे घञ्*] शब्द/आवाज।

निस्सन्देहः (पुं.वि.) [*निर्गतःसन्देहो यस्मात् सः, बहु.स.*] सन्देह नभएको/धुकचुक नभएको/निश्शङ्क।

निस्सारः (पुं.वि.) [*निर्गतः सारो यस्मात् सः, बहु.स.*] १.सार नभएको २.बेकार/बेकम्मा ३.चूरो नभएको।

निस्स्पृहः (पुं.वि.) [*निर्गता स्पृहा यस्य सः, बहु.स.*] १.लोभ नभएको/निर्लोभ २.वासना नभएको।

निस्स्रावः (पुं.) [*निस्राव्यते, स्रु गतौ इति धातोः, ण्यन्तात्, एरच् ३.३.५६ इत्यच्, घञ् ३.१.१९ वा*] भातको माड। **मासराचामनिस्रावाः मण्डे** (अमर.२.९.४९)।

निहननम् (नपुं.) [*'हन हिंसायाम्' इति धातोः, ल्युट् ३.३.११५*] मार्ने काम/हत्या/वध।

निहन्ता (पुं.वि.) [*निहन्तीति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] मार्ने/ घातक।

निहाकाः (पुं.) [*नितरां जहाति त्यजतीति, निपूर्वकात् ओहाक् त्यागे इति धातोः, नौ हः (उ.) ३३१ इति कन्, आत्वम्*] १.छेपारो २.गोहोरो। **निहाका गोधिका समे** (अमर.१.१०.२२)।

निहारिका (स्त्री.) अँधेरी रातमा आकाशमा सेतो कुहिराको धारजस्तो देखिने नक्षत्रपुञ्ज/स्वर्गङ्गा।

निहिंसनम् (नपुं.) [*हिसि हिंसायाम् इति धातोः, ल्युट् ३.३.११५*] मार्नु। **प्रवासनं परासनं निषूदनं निहिंसनम्** (अमर.२.८.११२)।

निहितः (पुं.वि.) [*निधीयते स्म, निपूर्वकात् डुधाञ् धारण-पोषणयोः, इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति हिं*] राखिएको/स्थापित/रहेको। **धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः** (म.भा. ३.३१२.११२)।

निहितार्थता (स्त्री.) [*निहितोऽर्थो यस्य तत्ता, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] दुई अर्थ दिने शब्दलाई अप्रसिद्ध अर्थमा प्रयोग गर्दा पर्न जाने एक दोष। जस्तै– **यमुनाशम्बर मम्बरं व्यतानीत्।** यसमा दैत्य अर्थमा प्रसिद्ध शम्बर शब्दको अप्रसिद्ध जल अर्थमा प्रयोग भएकोले निहितार्थता दोष परेको छ। यो अनित्य दोष हो।

निहीनः (पुं.) [*निश्चयेन हीनः, कुगति २.२.१८ इति समासः*] नीच मानिस। **निहीनोऽपसदो जाल्मः** (अमर.२.१०.१६)।

निह्नवः (पुं.) [*निह्नवनम्, ह्नुङ् अपनयते इति धातोः, ऋदोरप् ३.३.५७*] १.सत्य कुरा लुकाएर बोल्नु २.विश्वास नगर्नु ३.शठता।

निह्नवः स्यादविश्वासेऽपलापे निकृतावपि (हैम.)।

निह्नुतिः (स्त्री.) लुकाउने काम/गोपनीयता।

निह्रादः (पुं.) [*ह्राद अव्यक्ते शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] आवाज/शब्द।

नीकाशः (पुं.) [*निपूर्वकात् काशृ दीप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, इकः, काशे ६.३.१२३ इति दीर्घः*] १.निश्चय २.समासमा पदको पछाडि तुल्यता बुझाउन आउने शब्द। **नीकाशो निश्चये तुल्ये** (मेदिनी.)।

नीचः (पुं.वि.) [*निकृष्यम् ईम् लक्ष्मीं शोभां चिनोतीति, निपूर्वकात् चिञ् चयने इति धातोः, डः ३.२.१०१, यद्वा नीचैस्त्वमस्त्यत्र, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, अव्ययानां भमात्रे टिलोपः ६.४.१४४ इति टिलोपः*] १.क्षुद्र/तुच्छ/अधम/निकृष्ट।

वरं सखे सत्पुरुषावमानितो
न नीचसंसर्गगुणैरलङ्कृतः।
वराश्वपादेन हतो विराजते
न रासभस्योपरि संस्थितो नरः॥ (सुभा.)

२.होचो। **नीचः पामरखर्वयोः** (हेम.)।

नीचकैः (पुं.) [*नीचैरेव, अव्ययसर्वनाम्नामकच् प्राक्टेः ५.३.७१ इत्यकच्*] नीचो/तल्लो/छोटो।

नीचैः (अव्य.) [*निपूर्वकात् चिञ् चयते इति धातोः, नौ दीर्घश्च (उ. ७०१) इति डैसिः, दीर्घश्च*] १.छोटो २.तल।

नीडः (पुं./नपुं.) [*नितराम् ईड्यते स्तूयते इति, निपूर्वकात् ईड स्तुतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] गुँड/पक्षीको निवासस्थल।

(नीडः)

नीडजः (पुं.) [*नीडे जातः, जनी प्रादुर्भावे इति धातोर्डः*] पक्षी (हला.२३८)।

नीडम् (पुं./नपुं.) [*नितराम् ईड्यमेति, घञ् ३.३.१९, यद्वा निश्चिता इलन्त्यत्र, 'इल स्वप्ने' इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, संज्ञापूर्वकत्वान्न गुणः, डलयोरेकत्वम्*] १.पक्षीको गुँड २.स्थानविशेष। **नीडे स्थानकुलाययोः** (मेदिनी.)।

नीडोद्भवः (पुं.) [*नीडे उद्भवो यस्य सः, बहु.स.*] चरो।

नीतिः (स्त्री.) [*नीयते कार्यक्रमोऽनया स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.लोकव्यवहार चलाउनका लागि नियत गरिएको आचार/आचारपद्धति २.[*नयनम्, णीञ् प्रापणे इति धातोः क्तिन्*] लैजानु। **~कुशलः** (पुं.वि.) [*नीतौ कुशलः, स.त.*] नीति वा कार्यपद्धति जान्ने/नीतिज्ञ/नीतिविद्। **~घोषणा** (स्त्री.) [*नीतेर्घोषणा, ष.त.*] स्वतन्त्र राष्ट्रका राजा वा कुनै राजनीतिक पार्टी वा दलका नेता आदिद्वारा आफ्ना नीति वा लक्ष्य आदिका सम्बन्धमा लिखित रूपमा गरिएको सार्वजनिक घोषणा। **~शास्त्रम्** (नपुं.) [*नीतेः शास्त्रम्, ष.त.*] आचारण वा आचार व्यवहारका बारेमा लेखिएको पुस्तक।

नीध्रम् (नपुं.) [*निरतां ध्रियते, धृङ् अवस्थाने इति धातोः, निश्चयेन धरते जलम् इति वा, धृञ् धारणे इति धातोः, मूलविभुजादिः (वा.) ३.२.५, अन्येषामपि ६.३.१३७ इति दीर्घः, यद्वा निश्चयेन इन्धे, ञि इन्धी दीप्तौ इत्यस्मात्, स्फायि (उ.) २.१३ इति रक्*] १.छानाको दाँती २.रथको बिचको भाग ३.रेवती नक्षत्र ४.जङ्गल।

नीपः (पुं.) [*नयति, नीयते वा, णीञ् प्रापणे इति धातोः, पानीविषिभ्यः पः (उ. ३.२३), बाहुलकाद्गुणाभावः*] १.कदम वृक्ष २.अशोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्ष ३.नीरवृक्ष ४.बन्धुकवृक्ष। **नीपः कदम्बबन्धूकनीला शोकद्रुमेषु च** (मेदिनी.)।

नीरजः (पुं.वि.) [*नीरे जातः, सप्तम्यां जनेर्डः इति डः, डित्वाट्टिलोपः*] १.पानीमा उत्पन्न हुने २.(पुं.) कमल।

नीरदः (पुं.) [*नीरं ददातीति, नीरपूर्वकात् दा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] बादल।

नीरधिः (पुं.) [*नीरं धीयतेऽत्र, नीरपूर्वकात् डु धाञ् धारणपोषणयो इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, आतो लोपः ६.४.६४*] समुद्र।

नीरम् (नपुं.) [*नयति सञ्चालयति शरीरमिति, णीञ् प्रापणे इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपि-वन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिम-न्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ.) १७८ इति रक्*] पानी।

नीरदः (पुं.) [*नीरं ददाति,आतोऽनुपसर्गे कः इति कः, आलोपः*] वादल।

नीरधिः (पुं.) [*नीरं धीयतेऽत्र, किः*] समुद्र।

नीरवः (पुं.वि.) [*निर्गतो रवो यस्मात् सः, बहु.स., दीर्घः*] शब्द नभएको/निश्शब्द/शब्द ननिकाल्ने।

नीरसः (पुं.वि.) [*निर्गतः रसो यस्मात् सः, बहु.स.*] रस नभएको/रसहीन/रूखो।

नीराजनम् (नपुं.) [*निश्शेषेण राजनमत्र, निस्पूर्वकात् रञ्ज रागे इति धातोः, ल्युट् च ३.३.११५ इति, युवोरनाकौ ७.१.१ इत्यनः,सस्य रुत्वे, रलोपे, दीर्घः*] पूजा गरिसकेपछि वा पूजाकै क्रममा गरिने देवताको आरती।

नीरुक् (स्त्री.) [*निर्गता रुक्*] १.स्वास्थ्य/नीरोगिता २.(पुं.वि.) [*निर्गता रुक् रोगो यस्मात् सः*] नीरोगी।

नीरोगः (पुं.वि.) [*निर्गतो रोगो यस्मात् सः, बहु.स.*] रोग नभएको/तन्दुरुस्त/सरसौदो।

नीरोगिता (स्त्री.) [*नीरोगिणो भावः, तस्य भावस्त्वतलौ ५.१.११८ इति तल्, टप् ४.१.४*] शरीरमा कुनै प्रकारको रोग नहुनाको अवस्था वा स्थिति/सन्चो रहेको अवस्था। **~प्रमाणपत्रम्** (नपुं.) [*नीरोगितायाः प्रमाणपत्रम्, ष.त.*] कुनै व्यक्तिलाई कुनै रोग छैन वा कुनै रोग लागेको छैन भनी डाक्टर वा कविराजले लेखिदिने प्रमाणपत्र।

नीरोगी (पुं.वि.) [*नीरोगोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] रोग नभएको/स्वस्थ/निरोगी

नील (धा.) [*वर्णे, अक.सेट् पर.*] नीलो रङ लगाउनु। लट्– **नीलति–** नीलो रङ लगायो इत्यादि।

नीलः (पुं.) [*नीलति, नील वर्णे इति धातोः, इगुपधज्ञा-प्रीकिरः कः ३.१.१३५ इति कः*] १.नीरको रुखबाट बनेको रङ २.नीलो रङ ३.नीरको रुख ४.रामको सेनाको एक बाँदर सेनापति ५.रम्यक पर्वतको सीमानासँग जोडिएको इलावृत खण्डको एक पर्वत ६.नौथरी निधिमध्ये एक ७.मङ्गलध्वनि ८.वरको वृक्ष ९.नीर नामको रत्न १०.कचिया नुन ११.तालिस पत्र १२.विष १३.नागविशेष १४.अजमीढ वंशी एक राजा १५.माहिष्मतीको एक राजा १६.नाचका १०८ करणहरूमध्ये एक १७.यमराज १८.सोह्र अक्षरको एक वर्णवृत्त १९.मञ्जुश्री २०.सय खरबको एक सङ्ख्या (१०००००००००००००) २१.सुर्मा। **नीलो वर्णे मणौ शैले निधिवानरभेदयोः। नील्योषध्यां लाञ्छने च** (हैम.) २२.[*नीलं तद्रूपमस्यास्तीति, मतुप्,गुणवचने मतुबो लुगिष्टः इति तस्य लुक्*] १.कृष्ण। **नीलः सत्त्वगुणोपेतः प्रादु रास महाद्युतिः** (दे. भा.) २.दुबो ३.बालतृण/मसिनो झार ४.इन्द्रनीलमणि ५.वंशाङ्कुर/बाँसको मुनो ६.नीलकमल ७.गाजलविशेष।

नीलकः (पुं.वि.) [*नील एव स्वार्थे कन्*] १.भमरो/भ्रमर २.कालो घोडो ३.काँचो नुन।

नीलकण्ठः (पुं.) [*नीलः नीलवर्णः कण्ठो यस्य सः, बहु.स.*] १.नेपालको उत्तरी भागमा अवस्थित एक पर्वत/गोसाइँकुण्डको पहाड २.शिव। **पातु वो नीलकण्ठस्य कण्ठः श्यामाम्बुदोपमः** (सुभा.) ३.मयूर। **मयूरो बर्हिणो बर्ही नीलकण्ठो भुजङ्गभुक्** (अमर.२.५.३०) ४.ज्योतिषशास्त्रका एक प्रकाण्ड विद्वान्। यिनको समय सोह्रौँ शताब्दी हो। यिनले ताजिक नीलकण्ठी नामक फलित ज्योतिषको महत्त्वपूर्ण कृति रचना गरेका छन्। यसमा तीन तन्त्र छन्– संज्ञातन्त्र, वर्षतन्त्र र प्रश्नतन्त्र ५.महाभारतका एक टीकाकार ६.(पुं.वि.) गला नीलो हुने। **~नारायणः** (पुं.) [*नीलकण्ठ इति नारायणः, कर्म.स.*] काठमाडौँ उपत्यकाका उत्तरमा रहेका एक नारायण/बुढा-नीलकण्ठ।


(नीलकण्ठः)

नीलग्रीवः (पुं.) [*नीला ग्रीवा यस्य सः, बहु.स.*] १.शिव २.मयूर ३.(पुं.वि.) नीलो घाँटी भएको।

नीलङ्गुः (पुं.) [*नितरां लङ्गति गच्छतीति, लगि गतौ इति धातोः, खरुशङ्कुपीयुनीलङ्गुलिगु (उ.३७) इति सूत्रेण नीलङ्गु इति निपातः*] १.किरो २.स्याल ३.भमरो। **नीलङ्गुरपि नीलाङ्गुः** (द्विरूपकोश) ४.पुष्पविशेष।

नीलम् (नपुं.) [*नील्या रक्तं वस्त्रम्, नील्या अन् वक्तव्यः (वा.४.२.२) इति अन् इकारलोपः*] १.नीरले रङ्गाएको वस्त्र २.नीलो लुगा ३.[*नीलस्तद्वर्णोऽस्यास्तीति,मतुब्, तस्य लुक्*] कचिया नुन ४.औषधी विशेष ५.विष ६.नीलोतुथो।

नीललोहितः (पुं.) १.[*नीलश्चासौ लोहितश्च, नीललोहितः कण्ठे जटासु च, यस्य सः, बहु.स.*] शिवजी २.कल्पविशेष ३.[*नीलश्चासौ लोहितश्च, कर्म.स.*] नीलो र रातो मिएिएको वर्ण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीला (स्त्री.) [*नीलति, 'णील वर्णे' इति धातोः, अच् ३.१.१३४ अतोनीष्, गुणविवक्षायां 'नीली' इति भवत्येव*] भिङ्गा ।

नीलाक्षः (पुं.वि.) [*नीले अक्षिणी यस्य सः, बहु.स.*] नीलो आँखा भएको ।

नीलाण्डकः (पुं.) [*नीलं कृष्णवर्णमण्डं यस्य सः, बहु.स.*] गवयनामक मृगविशेष । यसका अन्य नाम ऋष्यः, गवयः हुन् । यसको मासु पित्त तथा कफ जनक हुन्छ ।

नीलाम्बरः (पुं.वि.) [*नीलमम्बरं यस्य सः, बहु.स.*] १.नीलो वस्त्र लाउने २.(पुं.) बलराम ३.शनिश्चर ४.ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान् । यिनको समय उन्नाइसौं शताब्दी हो । यिनले क्षेत्रमिति र त्रिकोणमितिको आधारमा गोलप्रकाश नामक ग्रन्थ लेखेका छन् । यसमा पाँच अध्याय छन्– ज्योत्पत्ति, त्रिकोणमिति सिद्धान्त, चापीयरेखागणित सिद्धान्त, चापीयत्रिकोणमिति सिद्धान्त, चापीयरेखागणित सिद्धान्त, चापीयत्रिकोणमिति सिद्धान्त र प्रश्न । **नीलाम्बरो रौहिणेये कोणपे च शनैश्चरे** (विश्व.) ।

नीलाम्बरम् (नपुं.) १.[*नीलमम्बरमिव*] ताडको वन २.[*नीलञ्च तदम्बरञ्च, कर्म.स.*] नीलो वस्त्र ।

नीलाम्बुजम् (नपुं.) [*नीलञ्च तदम्बुजञ्च, कर्म.स.*] नीलो रङ्गको कमल ।

नीलिका (स्त्री.) [*नीलवर्णा, नीलादौषधौ, प्राणिनि च (वा.) ४.१.४२ इति ङीष्, स्वार्थे कन् ५.३.७५*] १.नेवारी फूल २.रोगविशेष ३.सिमाली । **नीलिका नीलिनीक्षुद्ररोगशेफालिकासु च** (मेदिनी.) ।

नीलिनी (स्त्री.) [*नीलो वर्णोऽस्त्यस्याः, अतः ५.२.११५ इतीनिः*] नीर ।

नीलिमा (पुं.) [*नीलशब्दात् इमनिच्प्रत्ययः*] नीलो रङ वा वर्ण ।

नीली (स्त्री.) [*नीलादोषधौ (वा.) ४.१.४२ इति ङीष्*] १.नीर । २.रोगविशेष । **नीली रुग्भेदनीलिन्योः** (मेदिनी.) ।

नीलीरागः (पुं.) [*नीलीवद् गाढः रागः प्रेम यस्य सः, बहु.स.*] १.स्थायी रूपले प्रेम गर्ने पुरुष २.[*नीलीव रागः*] नायिका र नायकको पूर्वरागविशेष । **न चातिशोभते यन्नापैति प्रेम मनोगतम् । नीलीरागः स विज्ञेयो यथा श्रीरामसीतयोः ॥** (सा.द.)

नीलोत्पलम् (नपुं.) [*नीलञ्च तदुत्पलञ्च, कर्म.स.*] १.नीलो कमल २.कामदेवका पाँच बाणमध्ये एक ।

नीलोपलम् (नपुं.) [*नीलञ्च तदुपलञ्च, कर्म.स.*] १.नीर २.इन्द्रनीलमणि ।

नीवरः (पुं.) [*णीञ् प्रापणे इति धातोः ष्वरच्प्रत्ययः*] १.व्यवसाय २.व्यावसायिक ३.संन्यासी ।

नीवाकः (पुं.) [*निवचनम्, घञ्, उपसर्गस्य ६.२.१२२ इति दीर्घः*] १.धन, धान आदिलाई अतिशय आदर गर्नु । **नीवाकस्तु प्रयामः स्यात्** (अमर.) २.कमी भएका वेला हुने अन्नको बढी माग ३.दुर्भिक्ष/अनिकाल ।

नीवारः (पुं.) [*निव्रियते इति, निपूर्वकात्, वृञ् वरणे इति धातोः, नौ वृ धान्ये ३.३.४८ इति घञ्, उपसर्गस्य घञ्मनुष्ये बहुलम् ६.३.२२ इति उपसर्गस्य दीर्घः*] साँवा धान । यो जलीय घास जातिको पोथ्रो हो । तलाउको नजिकै, वा सिमसारमा यो उम्रन्छ । वर्षा ऋतुमा खेतका डिल वा आसपासमा वा खेतभित्रै पनि यो उम्रेको हुन्छ । यो पित्तनाशक तथा वातकारक मानिन्छ । यसका अन्य संस्कृत नाम प्रसाधिका र तृणान्न हुन् । **प्रसाधिका तु नीवारस्तृणान्नमिति वा स्मृतम्** (भा.प्र.नि.) ।

नीविः (स्त्री.) [*निवीयते संव्रियते सा, व्येञ् संवरणे इति धातोः, नौ व्यो यलोपः पूर्वस्य च दीर्घः (उ.) ५८५ इति इण्, यलोपः नेर्दीर्घश्च, पक्षे ङीप् नीवी*] १.कम्मरमा बाँधेको धोती वा सारीको गाँठो २.मूल धन । **स्त्री कटीवस्त्रबन्धेऽपि नीवी परिपणेऽपि च** (अमर.) **नीवीपरिपणो मूलधनम्** (अमर.२.९.८०) यहाँ प्रयुक्त स्त्रीशब्द उपलक्षण वा स्त्रीलिङ्गनिर्देश हो ।

नीवृत् (पुं.) [*नियतो वर्तते, अधिकरणस्य कर्तृत्वविवक्षाऽत्र, वृतु वर्तने इति धातोः, क्विप् ३.२.१७८, नहिववृति ६.३.११६ इति दीर्घः*] बस्ती भएको ठाउँ/गाउँ वा नगर । **नीवृज्जनपदः** (अमर.) ।

नीशारः (पुं.) [*नितरां शीर्यते हिमानिलावत्र, अनेन वा, शॄ हिंसायाम् इति धातोः, शॄ वायुवर्णनिवृत्तेषु (वा. ३.३.२१) इति घञ्, उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः*] सिरक, कम्बल आदि । **निशारः स्यात् प्रावरणे हिमानिलनिवारणे** (अमर.२.६.११८) ।

नीहारः (पुं.) [*निह्रियते इति, हृञ् हरणे इति धातोः, घञ् ३.३.१९ उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः*] १.हिउँ २.बाक्लो तुषारो । **अवश्यायस्तु नीहारस्तुषारस्तुहिनं हिमम्** (अमर.) ३.मलमूत्रको त्याग (वामन) ।

नु (अव्य.) (अव्य.) [*नौति नुदति वा , मितद्र्वादितया डुः*] १.प्रश्न २.वितर्क । **स्वप्नो नु माया नु मतिभ्रमो नु** (अभि.शाकु.) ३.अपमान ४.हेतु ५.अतीत ६.अनुनय ७.विकल्प ८.निश्चय ९.(पुं.) अनुस्वार ।

नुतः (पुं.वि.) [*णु स्तुतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नुदविन्दोन्द्रीत्राघ्राह्रीभ्योऽन्यतरस्याम् ८.२.५६ इति पक्षे नत्वाभावः*] नमस्कार गरिएको/नमस्कृत/प्रशंसित ।

नुतिः (स्त्री.) [*णु स्तुतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] नमस्कार/प्रणाम/स्तुति/प्रशंसा । **परगुणनुतिभिः स्वान् गुणान् ख्यापयन्तः** (भर्तृहरि) **स्तवः स्तोत्रं स्तुतिर्नुतिः** (अमर.१.६.११) ।

नुत्तः (पुं.वि.) [*नुद्यते स्म, णुद प्रेरणे इति धातोः, क्तः ३.२.१०२ नुदविद ८.२.५५ इति पक्षे नत्वाभावः*] पठाएको वा काममा लगाएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नुन्नः (पु.वि.) [*नुद्यते स्म, णुद प्रेरणे इति धातोः,क्तः ३.२.१०२ नुदविद ८.२.५५ इति वा नत्वम्*] पठाइएको वा काममा लगाइएको । **नुत्तनुन्नास्तनिष्ठ्यूतविद्धक्षिप्तेरिताः समाः** (अमर.३.१.८७) ।

नूतः (पुं.वि.) [*णू स्तवने इति धातोः कर्मणि क्तः*] स्तुति गरिएको ।

नूतनः (पुं.) [*नव एव,नवस्य नू आदेशः, त्नप्तनप्खाश्च प्रत्यया वक्तव्याः (वा.) ५.४.२५ इति नुआदेशः, तनप्प्रत्ययश्च*] नयाँ ।

नूतिः (स्त्री.) [*नवनम्, णू स्तवने इति धातोः क्तिन्*] स्तुति ।

नूत्नम् (नपुं.) [*नवमेव, नवस्य नू आदेशः, त्नप्तनप्खाश्च प्रत्यया वक्तव्याः (वा.) ५.४.२५ इति नुआदेशः, त्नप् प्रत्ययश्च*] नयाँ ।

नूदः (पुं.) [*नुदति पापम्, णुद प्रेरणे इति धातोः, इगुपध ३.१.१३५ इति कः, पृषोदरादिः ६.३.१०९*] किम्बु ।

नूनम् (अव्य.) [*नु ऊनयतीति, ऊन परिहाणे इति धातोः, अम्*] १.अवश्य नै/निश्चय नै । **नूनमवश्यं निश्चये द्वयम्** (अमर.३.४.१६) २.सम्भावना वा उत्प्रेक्षा जनाउने शब्द । **नूनं दुग्धाब्धिमन्थोत्थाविमौ सुजनदुर्जनौ । किन्त्विन्दोः सोदरः पूर्वः कालकूटस्य चेतरः** ॥ (सुभा.) ३.तर्क ४.स्मरण ५.वाक्य पूर्ति गर्न आउने पद । **नूनं तु निश्चिते तर्के स्मरणे वाक्यपूरणे** (मेदिनी.१८३.५६) ।

नूपुरः (पुं.) [*नुवनम्, नूयते या, णु स्तुतौ इति धातोः, संपदादित्वात् (वा.) ३.३.१०८ इति क्विप्, नुवि पुरति, पुर अग्रगमने इति धातोः, इगुपध– ३.१.१३५ इति कः,क्लीबे नूपुरम्*] पाउजु । **मञ्जीरोऽस्त्री स नूपुरः** (रभस.) ।

नृती (धा.) [*गात्रविक्षेपे, अक.सेट् पर.*] नाच्नु । लट्– **नृत्यति–** नाच्छ । लिट्– **ननर्त–** नाचेछ (अन.) । लुट्– **नर्तिता–** नाच्ने छ (अन.) । लृट्– **नर्तिष्यति–** नाच्ने छ । लोट्– **नृत्यतु–** नाचोस् । लङ्– **अनृत्यत्–** नाच्यो (अन.) । विधिलिङ्– **नृत्येत्–** नाच्ला, नाचोस् । आशीर्लिङ्– **नृत्यात्–** नाचोस् । लुङ्– **अनर्तीत्–** नाच्यो । लृङ्–**अनर्तिष्यत्–** नाच्ने थियो । भावे– **नृत्यते–** नाचिन्छ । णिचि– **नर्तयति–** नचाउँछ । सनि– **निनर्तिषति, निनर्त्सति–** नाच्नचाहन्छ । यङि– **नरीनृत्यते–** अतिशय वा बारम्बार नाच्छ । यङ्लुकि– **नर्नर्ति, नरिनर्ति, नरीनर्ति–** अतिशय वा बारम्बार नाच्छ । कृदन्ते– **नर्तकः, नर्तिका, नर्तिता, नर्ती, नर्तिका–** नाच्ने । **नर्तयिता–** नचाउने । **निनर्तिषकः, निनर्तिषिका–** नाच्न चाहने । **नरीनृत्तकः, नरीनृत्तिका–** अतिशय वा बारम्बार नाच्ने । **नर्तितव्यम्, नर्तनीयम्, नृत्यम्–** नाच्नु पर्ने, नाचिने । **नृत्यम्–** नाच, **नृत्यन्, नृत्यन्ती–** नाच्दै । **नर्तनः–** नाच्ने । **नर्तयन्–** नचाउँदै । **नर्तितुम् –** नाच्न । **नर्तयितुम् –** नचाउन । **नर्तनम्–** नाच्ने काम, नाच्नु । **नर्तित्वा, परिनृत्य–** नाचेर । **नृतूः–** लामो आकारको नट्वा, क्रिमिविशेष इत्यादि ।

नृत्तम् (नपुं.) [*ऋदुपधाच्च ३.१.११० इति क्यबभावे, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] ताल, द्रुत, मध्य आदि लयमा नियमवद्ध भएको नृत्य । नृत्यलाई **मार्ग** र नृत्तलाई **देशी** पनि भन्दछन् । यी मार्ग र देशी स्त्रीजनोचित माधुर्य, सौकुमार्य भएमा लास्य र पुरुषोचित औद्धत्य भएमा ताण्डव नृत्य भनिन्छन् । लास्यकी प्रवर्तक गौरी हुन् भने ताण्डवका प्रवर्तक शिव हुन् । यसरी अभिनयका नाट्य, नृत्य, नृत्त, लास्य र ताण्डव भेद हुन्छन् ।

नृत्यम् (नपुं.) [*ऋदुपधाच्च ३.१.११० इति क्यप्*] हावभाव प्रकट गर्ने अङ्गको चलाइलाई नृत्य भनिन्छ । भरतमुनिले ब्रह्माबाट सङ्गीत सिकेर अप्सरा र गन्धर्वद्वारा महादेवकहाँ अभिनय देखाए । अनि महादेवबाट ताण्डव र पार्वतीबाट लास्य सिकेर आफ्ना सबै शिष्यहरूलाई सिकाए–

ब्रह्मणोऽधीत्य भरतः सङ्गीतं मार्गसंज्ञितम् ।
अप्सरोभिश्च गन्धर्वैः शम्भोरग्रे प्रयुक्तवान् ॥
ततोऽपि ताण्डवं ज्ञात्वा लास्यं ज्ञात्वोमयोदितम् ।
तत्सर्वं सर्वशिष्येभ्यः प्रोक्तवान् भरतो मुनिः ॥

(सङ्गीतपारिजात)

ताल मान र रसाश्रय, देवताहरूको रुचिसंगत सविलास अङ्ग विक्षेपहरूलाई पण्डितहरूले नृत्य भन्दछन् । ताण्डव र लास्य दुई किसिमका नृत्य हुन्छन् । फेरि ताण्डवका पनि दुई भेद छन्– पेवलि र बहुरूप । लास्यका पनि दुई श्रेणी छन्– छुरित र यौवत । (स.दामो.) **~शाला** (स्त्री.) [*नृत्याय शाला, च.त.*] नाचघर ।

नृपः (पुं.) [*नॄन् पातीति, पा रक्षणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः आतो लोप इति च ६.४.६४ इति आलोपः, उपपदस.*] राजा/नरेश/नृपति ।

नृपतिः (पुं.) [*नृणां पतिः, ष.त.*] राजा ।

नृपलक्ष्म (नपुं.) [*नृपस्य लक्ष्म, ष.त.*] छाता,चामर आदि राजचिह्न ।

नृपासनम् (नपुं.) [*नृपस्यासनम्, ष.त.*] राजाको आसन,भद्रासन ।

नृशंसः (पुं.वि.) [*नॄन् नरान् शंसति हिनस्तीति, नृपूर्वकात् शंसु हिंसायामिति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] निर्दयतापूर्वक अरूलाई सताउने/क्रूर/निर्दय/अत्याचारी/ परद्रोही/हत्यारा ।

ये नृशंसा दुरात्मानः प्राणिनां प्राणनाशकाः ।
उद्वेजनीया भूतानां व्याला इव भवन्ति ते ॥ (पञ्चत.)

नृसिंहः (पुं.) [*ना सिंह इव, उपमित त.स.*] १.मानिसहरूमा सिंह जस्तो श्रेष्ठ मानिस २.रतिबन्धविशेष ३.ब्रह्माको वरले देवताबाट नमर्ने हिरण्यकशिपुलाई मार्न आधा सिंह र आधा मानिसको रूप भएको विष्णुको अवतार ।

नमस्तस्मै नृसिंहाय दैत्यराजान्तकारिणे ।
अन्तः क्रोधशिखा यस्य समुत्पन्ना सद्यमिषात् ॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~चतुर्दशी (स्त्री.) वैशाखशुक्ल चतुर्दशी। **~पुराणम्** (नपुं.) अठार उपपुराणमध्येको एक उपपुराण। **~पुरी** (स्त्री.) मुलतानमा रहेको तीर्थविशेष। **~मुद्रा** (स्त्री.) नृसिंहको आकृतिपरिचायिका एक मुद्रा।

अङ्गुष्ठाभ्यां तु करयोरथाक्रम्य कनिष्ठिके।
अधोमुखीभिः सर्वाभिर्मुद्रेयं नृहरेर्मता॥ (मु.प्र.)

नृसेना (स्त्री.) [*नरः सेना इव, उपमितत.स.,पक्षे विभाषा सुरा इति क्लीबत्वे नृसेनम्*] मानिसको जमात।

नॄ (धा.) [*नये, भ्वा.अक.सेट्, पर.*] लैजानु। लट्– **नरति–** लैजान्छ इत्यादि।

नॄ (धा.) [*नये, क्र्या. सक.सेट्, पर.*] लैजानु। लट्– **नृणाति–** लैजान्छ इत्यादि। लिट्– **ननार–** लगेछ इत्यादि।

नेता (पुं.) [*नयतीति णीञ् प्रापणे इति धातोः, तृन् ३.३.१३५ इति तृन्प्रत्ययः*] १.राजनैतिक वा सामाजिक नेतृत्व लिने व्यक्ति २.मालिक ३.अगुवा ४.विष्णु भगवान् ५.नीम ६.सेतो सिमाली ७.कुनै अभिनयको मुख्य पात्र ८.नाटक अथवा काव्यको नायक। (हे. **नायक**)।

नेतिः १.(स्त्री.) हठयोगका ६ कर्ममध्ये एक। यसमा बित्ताभर लामो मसिनो डोरी नाकबाट हालेर मुखबाट निकाली नाक र मुखको मैला सफा गरिन्छ।

वितस्तिमानं सूक्ष्मसूत्रं नासानाले प्रवेशयेत्।
मुखान्निर्गमयेत्पश्चात्प्रोच्यते नेतिकर्मकम्॥ (घे.सं.)

२.(अव्य.) ईश्वरको महिमाको अन्त्य छैन भन्ने उपनिषद्को वाक्य वा शब्द। **नेतिनेतीत्यादिवाक्यैर्मम रूपं यदुच्यते** (दे.भा.)।

नेतृत्वम् (नपुं.) [*नेतुर्भावः कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] नेता हुनाको भाव/नायकत्व।

नेत्रः (पुं.) [बाहुलकात् कर्तर्यर्थे *णीञ्, प्रापणे इति धातोः, दाम्नी इति ष्ट्रन्, इणिषेधः*] १.नेता २.सारथि। **नेत्रो नेता सारथिश्च** (विश्व)।

नेत्रकल्पः (पुं.वि.) [*इषदूनं नेत्रम्, ईषदसमाप्तौ कल्पब् देश्यदेशीयरः ५.३.६७ इति कल्पप्प्रत्ययः*] आँखा जस्तो। **वनानि तोयानि च नेत्रकल्पैः पुष्पैः सरोजैश्च विलीनभृङ्गैः** (भट्टि.)।

नेत्रम् (नपुं.) [*नीयते नयति वाऽनेन, णीञ्, प्रापणे इति धातोः, दाम्नी इति ष्ट्रन्*] १.आँखा २.दुई सङ्ख्यालाई बुझाउने शब्द ३.लुगा ४.रुखको फेद ४.नेती/मधानीको डोरी ५.रथ। नेत्रवाचक शब्दको पछाडि जलवाचक शब्दको प्रयोग गर्दा आँसु अर्थको बोध हुन्छ। जस्तै– **नेत्रजलम्, नयनाम्बु, नेत्रवारि** आदि।नेत्रवाचक शब्दको अगाडि एक शब्द जोड्दा कानो वा काग भन्ने अर्थ को वाचक शब्द बन्दछ। जस्तै– **एकचक्षुः, एकविलोचनः, एकदृक्** आदि। नेत्रवाचक शब्दको पछाडि वस्त्रवाचक शब्द जोड्दा आँखाको पलक भन्ने बुझिन्छ। जस्तै– **नेत्रपटः,नयनवस्त्रम्** आदि। नेत्रवाचक शब्दको पछाडि कर्णवाचक शब्द जोड्ने हो भने सर्प भन्ने अर्थको बोध हुन्छ। जस्तै– **चक्षुःश्रवाः, दृक्कर्णः** आदि। नेत्रवाचक शब्दको अगाडि उप उपसर्ग लगाउँदा चश्मा भन्ने अर्थको बोध हुन्छ। जस्तै– **उपनेत्रम्, उपचक्षुः** आदि।

नेत्राम्बु (नपुं.) [नेत्रस्य वा नेत्रयोरम्बु, ष.त.] आँसु।

नेत्री (स्त्री.) [*नयतीति णीञ् प्रापणे इति धातोः, तृन् ३.२.१३५ इति तृन्प्रत्ययकः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.नेतृत्व गर्न सक्ने स्त्री २.नदी।

नेदिष्ठः (पुं.वि.) [*अतिशयेन अन्तिकम्, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, अन्तिकबाढयोर्नेदसाधौ ५.३.६३ इति नेदादेशः*] अति नजिकको। **नेदिष्ठमन्तिकतमम्** (अमर.३.१.६८)।

नेदीयान् (पुं.वि.) [अनयोरतिशयेनायमन्तिकः,द्विवचनविभज्योपपदे *तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, अन्तिकबाढयोर्नेदसाधौ ५.३.६३ इति नेदादेशः*] दुईमध्ये नजिकको।

नेपथ्यम् (नपुं.) [*नी+विच्+गुणः, ने– नेता, तस्य पथ्यम्, वेशः*] १.राजा वा नेताको वेश। **राजेन्द्रनेपथ्यविधानशोभा तस्योदितासीत् पुनरुक्तदोषा** (रघु.) २.नाट्यशालामा अभिनय वा प्रदर्शन गर्ने पात्रले पोसाकको परिवर्तन, शृङ्गार आदि पूर्वकार्य गर्ने कोठा/ रङ्गभूमि।

नेपालः (पुं.) [*पालयति पालः, ने– तदाख्यमुनिः पालः पालको यत्र, बहु.स.*] एशिया महाद्वीपमा सर्वोच्च हिमालयको काखमा पूर्वपश्चिम सरदर ८०० कि.मि. लम्बाइ र उत्तर दक्षिण सरदर १५२ कि.मि. चौडाइमा फिँजिएर रहेको एक स्वतन्त्र र सार्वभौमिकतासम्पन्न राष्ट्र/चीन र भारतका बिचको एक स्वतन्त्र नेपाल राज्य। यसको उत्तरतर्फ तिब्बत (चीनको स्वशासित प्रदेश) पूर्वतर्फ सिक्किम (भारत) दक्षिण तथा पश्चिमतर्फ भारत रहेका छन्। **~तारा** (स्त्री.) दुई इन्चका वृत्ताकारमा चार कला वा कुना निस्केको, बिचमा त्रिशूलको चिह्न वा वृत्तमा **जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी** लेखिएको नेपालको एक राष्ट्रिय तक्मा।

नेपालीयः (पुं.वि.) [*नेपाले भवः, एङ् प्राचां देशे १.१.७५ इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः ७.१.२ अलोपः*] नेपालमा भएको।

नेमः (पुं.वि.) [*नयतीति णीञ् प्रापणे इति धातोः, अर्तिस्तुसुहुसृधृभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण, मन्*] १.आधा (बहुवचनमा नेमे, नेमाः यस्तो रूप हुन्छ) २.(पुं.) काल/समय ३.समयको अवधि ४.सीमा/हद ५.हाता ६.पर्खाल ७.छल/कपट ८.टुक्रा ९.खाडल १०.सन्ध्याकाल ११.जरो। **नेमः कीलेऽवधौ गर्ते प्राकारे कैतवेऽपि च** (मेदिनी.) **अर्द्धवाची तु सर्वनामसञ्ज्ञकः।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेमिः (स्त्री.) [*नयति चक्रमिति, णीञ् प्रापणे इति धातोः, नियो मिः (उ.)४९२ इति मिः*] १.चक्रको विचको भाग २.साधन रुख ३.नेमिनाथ तीर्थङ्कर ४.दैत्यविशेष। **पुंलिङ्गस्तिनिशे नेमि श्चक्रप्रान्ते स्त्रियामपि** (रुद्र.) **~चक्रः** (पु.) १.परीक्षित्को खान्दान २.एक कृष्णको छोरा।

नेमी (स्त्री.) [*पक्षे वा ङीष्*] १.चक्रको प्रान्तभाग २.साधन वृक्ष।

नेमुनिः (पुं.) [*ने इति मुनिः*] नेपालका प्रथम पालक मुनि। स्कन्दपुराण हिवमत् खण्डमा वर्णन गरिएअनुसार यिनलाई भगवान् कृष्णको सान्निध्यमा श्रीपशुपतिनाथले नेपाल पाशुपत क्षेत्रको पालना गर्ने जिम्मा लगाएका थिए। **श्रीपशुपतिरुवाच– नेमे मुनिगणश्रेष्ठ तुष्टोऽहं ते वदाम्यहम्। अस्मिन् श्लेष्मान्तकवने मृगरूपेण वै मया॥ यत्र भ्रान्तं जलं पीतं यत्र सुप्तं स्थितं मया। तत्र तत्रैव तीर्थं मे जातं ब्राह्मणसत्तम॥ अस्मिन् श्लेष्मान्तकवने तपो वासुकिना पुरा। तप्तं वासुकिनाम्ना वै क्षेत्रमेतद् भविष्यति॥ नेमे त्वमस्य क्षेत्रस्य मुनीनामग्रणीर्भव। पालनीयं त्वया क्षेत्रं वचनान्मे तपोधन॥ मार्कण्डेय उवाच– ततः प्रभृति तज्जातं क्षेत्रं नेपालसंज्ञकम्। नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा॥ क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम्॥ ततो नारद प्रद्युम्नसहितो मधुसूदनः। युक्तः समस्तैर्मुनिभिः सूर्यकेतुनृपेण च॥ आज्ञां पशुपतेर्लब्ध्वा द्रष्टुं गुह्येश्वरीं ययौ** (ने.मा.)।

नेयः (पुं.वि.) [*नेतुं योग्यः, अचो यत् ६.४.६५ इति यत्*] लैजानुपर्ने।

नेयार्थता (स्त्री.) [*नेयोऽर्थो यस्य, तस्य भावस्तत्ता*] विनाकारण लाक्षणिक पदको प्रयोग गरी लक्ष्य अर्थ बुझ्उन खोज्दा पर्न जाने एक दोष। **सुन्दरीको वदन यो लात मार्दछ पद्ममा** यसमा विनाप्रयोजन जित्दछ भन्ने लक्ष्यार्थ बुझाउन लात मार्छ भन्ने पदावलिको प्रयोग भएको हुँदा दोष परेको छ,। यो अनित्य दोष हो।

नैकटिकः (पुं.वि.) [*निकटे वसति, निकटे वसति ४.४.७३ इति ठक्, ठस्य इकः, आदिवृद्धिः, अलोपः*] नजिकै बस्ने।

नैकट्यम् (नपुं.) [*निकटस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च १.१२४ इति ष्यञ्*] सामीप्य/निकटता।

नैकधा (अव्य.) [*न एकधा, सह सुपा इति समासः, नञोऽभावेन न नलोपः*] अनेक प्रकारले।

नैकभेदः (पुं.वि.) [*एको भेदोऽस्य, न एकभेदम्, सुप्सुपा २.१.४ इति समासः, न एको भेदोऽत्र इति वा, उत्तरपदशब्दस्य समासचरमावयवे रूढत्वान्मध्यमपदे नलोपाभावः*] अनेक किसिमको।

नैकषेयः (पुं.) [*निकषाया अपत्यं पुमान्, ढञ्,एयः*] राक्षस (हला.७३)।

नैगमः (पुं.) [*निगमे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.उपनिषद् २.[*निःशेषेण गच्छन्ति विक्रेयद्रव्याणि यस्मात् सः, निगमः, ततः स्वार्थे अण्*]व्यापारी ३.सहरवासी। **नैगमः स्यादुपनिषद्वणिजोः (नागरेऽपि च)** (विश्व.) ४.[*निगमस्य अयम् अण्*] निगमसम्बन्धी ५.[*निगममधीते वेत्ति वा, अञ्*] निगमशास्त्रको ज्ञाता। **द्विजेभ्यो बलमुख्येभ्यो नैगमेभ्यश्च नित्यशः** (म.भा.१३.१६७.४)।

नैचिकी (स्त्री.) [*नीचैश्चरति, चरति ४.४.८ इति ठक्, अव्ययानाम् (वा.) ६.४.१४४ इति टिलोपः,यद्वा प्रशस्तं निचिकं कर्णशिरोदेशः अस्त्यस्याः, ज्योत्स्नादिभ्यः (वा.) ५.२.१०३ इत्यण्,ङीप्*] असल गाई। **नैचिकी गौरुत्तमा तु नीचिकी सा प्रकीर्तिता** (ध.ना.मा.)।

नैतिकः (पुं.वि.) [*नीतेरयम्, नीतेरागतो वा, तस्येदम् ४.३.१२० इति ठक्*] नीति सम्बन्धी/नीतिको।

नैपाली (स्त्री.) [*नेपाले भवा, तत्र भवः ४.३.५३ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.नेपालमा पाइने मनःशीला २.एक प्रकारको जाई ३.शेफालिका। **नैपाली कुनटी गोला** (अमर.)।

नैपुणम् (नपुं.) [*निपुणस्य भावः, हायनान्तयुवादिभ्योण् ५.१.१३० इत्यण्*] निपुणता/कुशलता/क्षमता।

नैपुण्यम् (नपुं.) [*निपुणस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] निपुणता/कुशलता/क्षमता।

नैमित्तिकः (पुं.वि.) [*निमित्ताद् आगतः, तत आगतः ४.३.७४ इति ठक्, ठस्येकः*] १.ज्योतिष २.ईश्वरको दूत। **~प्रलयः** (पुं.) कल्पको अन्त्यमा हुने प्रलय। **~श्राद्धम्** (नपुं.) एकोद्दिष्ट श्राद्ध वा निमित्त नतोकिएको दिनमा गरिने श्राद्ध। जस्तो– सूर्य चन्द्र ग्रहण आदिमा गरिने श्राद्ध। **एकोद्दिष्टं तु यच्छ्राद्धं तन्नैमित्तिकमुच्यते** (नि.सिं.) **अनियतनिमित्ते विहितं नैमित्तिकम्, यथा सूर्यचन्द्रग्रहणादौ** (ध.सि.)।

नैमिषः (पुं.वि.) [*निमिषे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] एक निमिष वा क्षणभर रहने।

नैमिषारण्यम् (नपुं.) [*नैमिषस्य अरण्यम्, ष.त.*] प्राचीन वनमध्ये एक अथवा प्रसिद्ध तीर्थ। वायु र कूर्म पुराणअनुसार भगवान्को चक्रनेमि (चक्का) खसेकोले नैमिषारण्य नाम रहेको हो। वाराह पुराणअनुसार निमिष भरमा यस ठाउँमा भगवान्ले दानवलाई संहार पार्नु भएको हुँदा यसको नाम नैमिषारण्य रहेको हो भन्ने छ। यो सीतापुरदेखि लगभग २० माइल पर छ, हाल यसलाई मीनावार भनिन्छ।

एवं कृत्वा ततो देवो मुनिं गौरमुखं तदा।
उवाच निमिषेणेदं निहतं दानवं बलम्॥
अरण्येऽस्मिंस्ततस्त्वेतन्नैमिषारण्यसंज्ञितम्॥ (वाराहपु.)
प्रथमं तस्य चक्रस्य यत्र नेमिर्व्यशीर्यत।
तद् वनं तेन विख्यातं नैमिषं मुनिपूजितम्॥ (वा.पु.)

नैमेयः (पुं.) [*निमानम्, मेङ् प्रणिदाने इति धातोः, अचो यत् ३.१.९७, आत्वम् ६.१.४५, ईद्यति ६.४.६५, गुणः ७.३.८४, प्रज्ञाद्यण ५.४.३८ च*] पदार्थ वा वस्तुको विनिमय।

नैयग्रोधम् (नपुं.) [*न्यग्रोधस्य फलम्, न्यग्रोधस्य च केवलस्य ७.३.५ इत्यैच्*] वरको फल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैयायिकः (पुं.वि.) [*न्यायमधीते वेद वा, ऋतूक्थादिसूत्रान्ताट्ठक् ४.२.६० इति ठक्, ठस्य इकः, नय्वाभ्यां पदान्ताभ्यां पूर्वन्तु ताभ्यामैच् ७.३.३ इति ऐच्*] न्यायशास्त्रका ज्ञाता/न्यायवेत्ता। यिनीहरू गौतमसम्मत प्रमेय, संशय, प्रयोजन दृष्यन्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति आदि १६ पदार्थ मान्दछन्। **नैयायिकस्त्वाक्षपादः** (अमर.)।

नैराश्यम् (नपुं.) [*निराशस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] निराशा।

आशा बलवती कष्टं नैराश्यं परमं सुखम् (सुभा.)।

नैरन्तर्यम् (नपुं.) [*निरन्तरस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] निरन्तरता/अविच्छिन्नता।

नैराश्यम् (नपुं.) [*निराशस्य भावः कर्म वा गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] निराशता/आशारहित स्थिति।

नैर्ऋतः (पुं.) [*निर्ऋतेरपत्यं पुमान्, तस्यापत्यम् ४.१.९२ इत्यण्, वृद्धिः*] १.राक्षस। **निर्ऋतिस्तस्य वै भार्या नैर्ऋतास्तेन राक्षसाः** (म.भा.१.६६.५५) २.दक्षिण पश्चिम विदिशाको स्वामी।

नैर्ऋत्यः (पुं.वि.) [*निर्ऋतस्यापत्यम् नैर्ऋतः, नैर्ऋतस्यायम्,*] दक्षिण र पश्चिम दिशाका माझको कुना।

नैर्झरम् (नपुं.) [*निझरस्य इदम्, अण्, वृद्धिः*] १.झरनासम्बन्धी २.झरनाको पानी। **नैर्झरं रुचिकृन्नीरं कफघ्नं दीपनं लघु** (भा.प्र.नि.)।

नैर्मल्यम् (नपुं.) [*निर्मलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.नर्मलता/स्वच्छता २.निष्पापता/पवित्रता।

नैवेद्यम् (नपुं.) [*निवेदं निवेदनमर्हति, तदर्हति ५.१.६३ इति ष्यञ्, वृद्धिः यद्वा निवेदयितुमर्हः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति वचनात् ण्यन्ताद् विद्लृ लाभे इति धातोः अचो यत् ३.१.९७ इति यत्, गुणः, निवेद्यमेव प्रज्ञादिभ्यश्च ४.३८ इति स्वार्थेऽण्*] नैवेद/देवतालाई भोग लगाइएको खाद्यपदार्थ/प्रसाद। **निवेदनीयं द्रव्यन्तु नैवेद्यमिति कथ्यते** (स्मृति.)।

नैशः (पुं.वि.) [*निशायां भवः, निशाशब्दात् तत्र भवः ४.३.५३ इति अण् वृद्धिः, आलोपः*] रातसम्बन्धी/रातमा भएको।

नैशिकः (पुं.वि.) [*निशायां भवः, निशाशब्दात् निशाप्रदोषाभ्याञ्च ४.३.१४ इति पक्षे ठञ्, ठस्येकः, वृद्धिः,आलोपः*] रातसम्बन्धी।

नैषधीयचरितम् (नपुं.) [*नैषधीयं चरितं वर्णितं यत्र तत्*] श्रीहर्षद्वारा रचित २२ सर्गको प्रसिद्ध महाकाव्य। यसमा नल र दमयनतीको प्रंणयसँग सम्बद्ध कथावस्तुलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ। उनले आफ्नो कथा महाभारतबाट लिएका छन्। नैषधमा प्रौढ पाण्डित्यको साथै ललित पदहरूको सुन्दर विन्यास देखिन्छ। यो काव्य चिन्तामणि मन्त्रको साधनाबाट रचिएको हो भन्ने कुरा स्वयं श्रीहर्षले आफ्नो ग्रन्थको अन्तिम भागमा उल्लेख गरेका छन्। महाकाव्यको निर्माणमा आफूले जानीजानी केही जटिलताहरू पनि समावेश गरेको कुरा स्वयं श्रीहर्षको अभिव्यक्तिबाट स्पष्ट हुन्छ। गुरुको सेवाबाट समासका ग्रन्थिहरूलाई फुयएर मात्र महाकाव्य राम्रोसित बुझ्न सकिने कुरा श्रीहर्षका अभिव्यक्तिमा स्पष्ट उल्लेख भएको छ। त्यसैले यो महाकाव्य नैसर्गिक सिर्जना नभएर व्युत्पत्तिप्रधान रचना हो। यो ग्रन्थ विभिन्न टीकाहरूका साथ प्रकाशित भएको छ। तीमध्ये मल्लिनाथको जीवातु टीका, नारायण भट्टको प्रकाश टीका, शेषराज रेग्मीको टीका विशेष उल्लेखनीय छन्।

नैष्कर्म्यम् (नपुं.) [*निष्कर्मणो भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.अकर्मण्यता २.आलस्य ३.आसक्ति र फलको कामना नगरी गरिएको कर्म।

नैष्किकः (पुं.) [*निष्के हेम्नि नियुक्तः ४.४.६९ इति ठक्, ठस्येकः, वृद्धिः*] १.चाँदी विभागको अध्यक्ष २.टक्सारविभागको प्रमुख। **टङ्कपतिर्नैष्किककको रजताध्यक्षः** (रभस.) ३.कोषाध्यक्ष।

नैष्ठिकः (पुं.) १.[*निष्ठा संसारसमाप्तिः प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठञ्, ठस्येकः, आदिवृद्धिः*] ब्रह्मचर्य व्रत धारण गरेर आजीवन गुरुकुलमा वस्ने व्यक्ति २.सदाचार,धर्मकर्ममा निष्ठापूर्वक संलग्न व्यक्ति ३.(पुं.वि.) [*निश्चलतया स्थितिः निष्ठा, तत्र आसक्तः*] आफ्नोपनमा अटल रहने।

नैसर्गिकः (पुं.वि.) [*निसर्गेण स्वभावेन निर्वृत्तः, तेन निर्वृत्तम् ४.२.६८ इति ठक्, ठस्येकः, वृद्धिः*] प्राकृतिक/स्वाभाविक।

नैस्त्रिंशिकः (पुं.) [*निस्त्रिंशः प्रहरणमस्य, प्रहरणम् ४.४.५७ इति ठक्, ठस्येकः, वृद्धिः*] तरबार धारण गर्ने व्यक्ति। **नैस्त्रिंशिकोऽसिहेतिः स्यात्** (अमर.२.८.७०)।

नो (अव्य.) [*नह्यति, डोः*] निषेध अर्थ बुझाउने शब्द। **अभावे नह्य नो नापि** (अमर.३.४.११)

नोचेत् (अव्य.) [*नो च चेत् च, अनयोर्द्वन्द्वः*] १.निषेध २.होइनभने।

नौः (स्त्री.) [*नुद्यतेऽनया, णुद प्रेरणे इति धातोः, ग्लानुदिभ्यां डौः (उ.) २.६४ इति डौः, यद्वा– नयति, णीञ् प्रापणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, नम् अवति, क्विप् ३.२.७६, ज्वरत्वर– ६.४.२० इत्यूठ् वृद्धिः ६.१.८९*] डुङ्गा।

नौदण्डः (पुं.) [*नावः परिचालनार्थं दण्डः, म.प.स.*] बहाना। **नौदण्डः क्षेपणी स्मृता** (हला.६७२)।

नौकादण्डः (पुं.) [*नौकाया दण्डः,ष.त.*] डुङ्गा खियाउने बहाना।

नौतार्यम् (नपुं.) [*नावा तार्यम्, तृ.त.*] डुङ्गाले तर्नु पर्ने नदी, देश आदि। **नावा तार्यं नाव्यम्** (हला.६४९)।

नौशक्तिः (स्त्री.) [*नौरेव शक्तिर्यस्य बहु.स.*] नौसेना वा जलसेनाको रूपमा सङ्गठित शक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नौसेना (स्त्री.) [*नावः सेना, ष.त.*] जहाज वा डुङ्गामा बसेर लडाइँ गर्ने सेना/नौसैनिक ।

न्यक् (अव्य.) तिरस्कार/धिक्कार ।

न्यक् (पुं.) [*न्यञ्चतीति*] १.छोटो २.होचो **अथ वामने । न्यङ्नीचखर्वह्रस्वाः स्युः ॥** (अमर. ३.१.७०)

न्यक्कारः (पुं.) [*न्यक्करणम्, भावे ३.३.१८ इति घञ्*] धिक्कार । **न्यक्कारो ह्ययमेव यदरयस्तत्राप्यसौ तापसः** (का.प्र.) ।

न्यक्षः (पुं.वि.) [*नियतानि अक्षाणि इन्द्रियाणि यस्य यत्र वा सः*] १.निश्शेष । **निःशेषं न्यक्षमिष्यते** (हला.७७०) २.निकृष्ट ३.(पुं.) परशुराम ४.राँगो ।

न्यग्भावः (पुं.) [*न्यग्भवनम्, भावे ३.३.१८ इति घञ्, वृद्धिः*] तिरस्कार/अपमान ।

न्यग्भावितः (पुं.वि.) [*न्यग्भावः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] अपमानित/तिरस्कृत ।

न्यग्रोधः (पुं.) [*न्यक् रोहति, रुह बीजजन्मनि, प्रादुर्भावे च इति धातोर्बाहुलकाद् कर्तरि घञ्, न्यङ्क्वादिषु ७.३.५३ पाठात् धातुहकारस्य धकारः*] १.वटवृक्ष २.शमीवृक्ष ३.पुरसा/दुवै हात फैलाउदा जत्ति लम्बाइ हुन्छ त्यतिको नाम ४.विष्णु ५.शिव ६.मुसाकाने ७.उग्रसेनको एक पुत्र ८.बाँहा । **~परिमण्डलः** (पुं.) [*न्यग्रोधस्येव परिमण्डलमस्य*] पुरसाभरको लम्बाइ चौडाइ भएको सर्वलक्षणसम्पन्न पुरुष । **न्यग्रोधौ तु स्मृतौ बाहू व्यामो न्यग्रोध उच्यते । व्यामेन उच्छ्रयो यस्य अध ऊर्ध्वश्च देहिनः ॥ महाधनुर्धराश्चैव त्रेतायां चक्रवर्तिनः ॥ सर्वलक्षणसम्पन्ना न्यग्रोधपरिमण्डलाः ॥** (म.पु.) **~परिमण्डला** (स्त्री.) [*न्यग्रोध इव परिमण्डलमस्याः*] उत्तमलक्षणले युक्त भएकी महिला । स्तन कस्सिएकी, नितम्ब चौडा र बारुले कम्मर भएकी र दुबाको मुन्याको जस्तै श्याम वर्ण भएकी स्त्री । **स्तनौ सुकठिनौ यस्या नितम्बे च विशालता । दुर्वेव श्यामला या सा न्यग्रोधपरिमण्डला ॥** (शब्दर.) **दुर्वाकाण्डमिव श्यामा न्यग्रोधपरिमण्डला** (भट्टि) ।

न्यङ् (पुं.) [*न्यञ्चति, अञ्चु गतौ इति धातोः, ऋत्विग् ३.२.५९ इति क्विन्*] १.होचो २.नीच/तुच्छ/दुष्ट ३.मन्द/अल्छी । **न्यङ् नीचनिम्नयोः** (मेदिनी.) **न्यङ् नीचमन्दयोः**, इत्यपि पाठः ।

न्यङ्कुः (पुं.) [*नियतं नितराम् वा, अञ्चति, निपूर्वकात् अञ्चु गतौ इति धातोः,नावञ्चे (उ.) १.१७ इति ऊः, न्यङ्क्वादित्वात् ७.३.५३ इति कुत्वम्*] १.सिङका धेरै हाँगा हुने एक प्रकारको मृग/बारसिङ्गा मृग । **न्यङ्कुभिश्च वराहैश्च रुरुभिरुपशोभितम् ।** (हरिवंश) २.मुनिविशेष । **न्यङ्कुर्मृगे मुनौ** (हेमचन्द्र) ।

(न्यङ्कुः)

न्यञ्चः (पुं.वि.) [*नीचमञ्चतीति निपूर्वात् अञ्चु धातोः ऋत्विगदधृक् ३.२.५९.इति क्विप् सर्वापहारी लोपः, अनिदिताम् ६.४.२४ इति अनुनासिकलोपः, उगिदचाम् ७.१.७० इति नुम्, अनुस्वार परसवर्णदिकार्यम्, कुत्वाभावः*] हीन/असमर्थ/तलतिर लागेको ।

न्यञ्चितः (पुं.वि.) [*निपूर्वकाद् अञ्चुधातोः णिचि निष्ठा ३.२.१०२ इति क्तः*] तल फ्याँकिएको । **न्यञ्चितं स्यादधः क्षिप्तम्** (हला.) ।

न्ययः (पुं.) [*निःशेषेण अयनम्, एरच् इत्यच्*] सर्वनाश ।

न्यर्णः (पुं.वि.) [*नितरामर्दितः, अर्द हिंसायामिति धतोर्निष्ठायां क्तः,,अर्दे संनिविभ्यः ७.२.२४ इति इण्निषेधः*] अतिशय पीडित ।

न्यस्तः (पुं.वि.) [*न्यस्यते स्म, असु क्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.राखिएको २.त्यागिएको । **न्यस्तनिसृष्टे** (अमर.३.१.८८) ।

न्यादः (पुं.) [*न्यदनम्, निपूर्वकात्, अद भक्षणे इति धातोः, नौ ण च ३.३.६० इति णप्रत्ययः, वृद्धिः*] भोजन/खाद्यान्न । **जेमनं लेह आहारो निघसो न्याद इत्यपि** (अमर.२.९.५६) ।

न्यायः (पुं.) १.[*नियमेन ईयते इति, निपूर्वकात् इण् गतौ इति धातोः परिन्योर्नीणोर्द्युताभ्रेषयोः ३.३.२७ इति घञ्*] उचित अनुचितको विवेक/नीतिसङ्गत कुरो/इन्साफ/विधान वा कानुनअनुसारको फैसला २.[*नियन्ते प्राप्यन्ते विवक्षितार्था येन, णीञ्, प्रापणे इति धातोः, अध्यायन्यायोद्यावसंहाराश्च ३.३.१२२ इति घञ्प्रत्ययान्तो निपातः*] षड्दर्शन मध्येको एक दर्शन । ३.प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन नामक पाँच अवयव भएको वाक्य वा अभिव्यक्ति ४.वैदिक स्वरविशेष ५.[*नीयते प्राप्यते स्वर्गादिकमनेन*] विष्णु । **अग्रणीर्ग्रामणीः श्रीमान् न्यायो नेता समीरणः ।** (वि.स.ना.). । **~कर्ता** (पुं.) [*न्यायस्य कर्ता, ष.त.*] दुई थरी मानिसको झगडा सुनेर पक्षपात नगरी कानुनअनुसार मुद्दा छिन्ने मानिस । **~निपुणः** (पुं.वि.) [*न्याये निपुणः, स.त.*] न्याय गर्न सिपालु । **~पत्रम्** (नपुं.) [*न्यायस्य पत्रम्, ष.त.*] मुद्दा टिनेको फैसला । **~परायणः** (पुं.वि.) [*न्याये परायणः, ष.त.*] न्यायी/इन्साफी । **~पालिका** (स्त्री.) [*न्यायस्य पालिका, ष.त.*] न्यायविभाग वा न्यायव्यवस्था/सरकारका तीन अङ्गमध्ये एक अङ्ग । **~पूर्णः** (पुं.) [*न्यायेन पूर्णः, तृ.त.*] न्यायपूर्वक/न्यायअनुसार/ न्यायबमोजिमको । **~मूर्तिः** (स्त्री.) [*न्यायस्य मूर्तिरिव, त.स.*] न्यायाधिपति । **~विभागः** (पुं.) [*न्यायस्य विभागः, ष.त.*] न्यायशासनको प्रबन्ध गर्ने विभाग । **~शुल्कम्** (नपुं.) [*न्यायस्य शुल्कम्, ष.त.*] न्यायालयका कुनै वादी, प्रतिवादी, आवेदनपत्र आदि उपस्थित दर्ता गर्दा वा सुम्मिँदा दिइने शुल्क । **~सङ्गतः** (पुं.वि.) [*न्यायेन सङ्गतः, तृ.त.*] न्यायअनुसारको/न्यायोचित/ ऐनबमोजिम । **~सभा** (स्त्री.) [*न्यायस्य सभा, ष.त.*] अदालत/न्यायलय/कुनै विषयको निर्णय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न बसेको सभा। **~सेवा** (स्त्री.) [*न्यायस्य सेवा, ष.त.*] न्यायालय, अदालत वा कानुनसम्बन्धी कामको नोकरी।

न्यायदर्शनम् (नपुं.) [*नायस्य दर्शनम्, ष.त.*] छ थरी दर्शनशास्त्रमध्ये गौतम ऋषिले बनाएको एक दर्शन। यसमा कुनै वस्तुको यथार्थ ज्ञानको लागि विचारहरूको उचित निरूपण हुन्छ। न्यायदर्शनअनुसार विश्वको मूल परमाणु आत्मा र ईश्वर नित्यपदार्थ हुन्। यसैले जगत्को सत्ता छ। यी देखापर्ने सबै वस्तुहरू सत्य छन्। परमाणु यिनको समवायिकारण र ईश्वर निमित्त कारण हो। ईश्वरलाई अनुमानद्वारा जान्न सकिन्छ। ईश्वरको इच्छाले एक परमाणु दोस्रो परमाणुसँग मिलेर द्व्यणुकको सृष्टि गर्छ। त्यस्तै तीन द्व्यणुकको आपसी जोडबाट त्र्यणुक (त्रसरेणु) को उत्पत्ति हुन्छ। यसरी नै आकाशादि क्रमबाट पञ्चतत्त्व उत्पन्न हुन्छन्। न्याय दर्शनमा सुख-दुःखबाट छुट्नु नै मोक्ष मानिन्छ। यसका दुई भेद छन्– **अपरनिःश्रेयस** (जीवन्मुक्ति) र **परनिःश्रेयस** (विदेह मुक्ति)। मिथ्याज्ञानबाट नै मानिसले अनेक प्रकारको दुःख भोग्नुपर्छ। त्यस दुःखलाई नाश पार्न आत्माको साक्षात्कार गर्नु परम आवश्यक छ। आत्माको साक्षात्कार गर्न यम नियम धारणा आदि योगका उपायहरू अवलम्बन गर्नुपर्छ भन्ने न्यायदर्शनको चिन्तन छ। न्यायशास्त्रमा निम्न लिखित १६ तत्त्वको ज्ञानबाट कल्याण उपलब्ध हुन्छ भन्ने सिद्धान्त छ। १.प्रमाण २.प्रमेय ३.संशय ४.प्रयोजन ५.दृष्टान्त ६.सिद्धान्त ७.अवयव ८.तर्क ९.निर्णय १०.वाद ११.जल्प १२.वितण्डा १३.हेत्वाभास १४.छल १५.जाति र १६.निग्रहस्थान। न्यायदर्शनमा चार प्रमाणको चर्चा छ– प्रत्यक्ष, अनुमान, उपमान र शाब्द। नैयायिकहरू उपमानलाई अनुमानभित्रै अर्न्तर्भाव गर्दछन्। अनुमान दुई किसिमको हुन्छ– स्वार्थानुमान र परार्थानुमान। अनुमानका पाँच अवयव हुन्छन्– प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन। न्यायदर्शनमा आत्मा, शरीर, इन्द्रिय, इन्द्रियार्थ, बुद्धि, मन, प्रवृत्ति, दोष, जन्मान्तर, फल, दुःख र अपवर्ग नामक प्रमेयलाई ज्ञानको विषय मानिएको छ।

न्यायज्ञः (पुं.वि.) [*न्यायं जानाति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः,आतो लोप इटि च ६.४.६४ इत्यलोपः*] १.न्यायशास्त्रको ज्ञान भएको व्यक्ति २.विवेकपूर्वक न्याय-इन्साफ गर्नसक्ने र ऐनकानुन जान्ने व्यक्ति।

न्यायाधिकरणम् (नपुं.) [*न्यायस्य अधिकरणम्, ष.त.*] कुनै विवादग्रस्त विषय वा त्यस्ता विषयका उपर विचार गरी कानुनी निर्णय गर्ने अधिकारी वा यही उद्देश्यले स्थापना गरेको विशेष अदालत।

न्यायाधिपतिः (पुं.) [*न्यायस्य अधिपतिः, ष.त.*] जिल्ला अदालत, अञ्चल अदालत, क्षेत्रीय अदालत वा देशको सर्वोच्च अदालतका न्यायाधीश।

न्यायाधीशः (पुं.) [*न्यायस्य अधीशः, ष.त.*] मुद्दामामिलाको निर्णय, फैसला आदि गर्ने अधिकारी।

न्यायालयः (पुं.) [*न्यायस्य आलयः, ष.त.*] न्याय हुने ठाउँ/अदालत।

न्याय्यम् (नपुं.) [*न्यायदनपेतम्, न्यायशब्दात् धर्मपथ्यर्थन्यायादनपेते ४.४.९२ इति यत्, अलोपः*] समुचित/विधानसम्मत/उपयुक्त। **प्रिया न्याय्या वृत्तिर्मलिनमसुभङ्गेप्यसुकरम्** (नी.श.)।

न्यासः (पुं.) [*न्यसनम्, निपूर्वकाद् अस धातोः, अकर्तरिच कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.**देवो भूत्वा यजेद्देवम्** देवता भएर देव पूजा गर्नु भनेकोले कुनै देवताको मन्त्र वा पूजाको अङ्ग भएको छोटकरी मन्त्र रूप, जप, पूजाको सुरुमा अङ्ग अङ्गमा देवताको स्थापना गर्ने काम। यसका करन्यास, अङ्गन्यास, हृदय न्यास आदि भेद छन्। **न्यासात्तदात्मको भूत्वा देवो भूत्वा तु तं यजेत्** (भ.पु.) २.राग,रागिणीको स्वर वा ध्वनि। **न्यासः स्वरस्तु विज्ञेयो यस्तु गतिसमापकः**। (संगीतसारसङ्ग्रह), ३.देवता आदिको गुठी ४.संन्यास ५.त्याग ६.रोग वा बाधा शान्तिको उद्देश्यले रोगीको अङ्ग अङ्गमा मन्त्र पढ्दै छुने काम ७.धितो/नासो/धरोटी। **पुमानुपनिधिर्न्यासः** (अमर.२.९.८१) ८.स्थापना गर्नु/राख्नु।**~धारी** (पुं.वि.) [*न्यासं धारयति,सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.गुठियार २.धितो राख्ने। **~पत्रम्** (नपुं.) [*न्यासस्य पत्रम्, ष.त.*] गुठीलाई सुम्पिएको धनको कागत लेखिएको पत्र। **~प्रन्यासः** (पुं.) [*न्यासस्य प्रन्यासः, ष.त.*] धितोको रेखदेख गर्ने काम। **~भङ्गः** (पुं.) [*न्यासस्य भङ्गः, ष.त.*] धिताको दुरुपयोग/दाताको इच्छा विपरीत कार्य गर्नु। **~समितिः** [*न्यासस्य संरक्षणाय घटिता समितिः, म.प.स.*] गुठीको संरक्षण गर्ने कमिटी॥ **~सम्पत्तिः** (स्त्री.) [*न्यासस्य सम्पत्तिः, ष.त.*] १.गुठीको सम्पत्ति २.धरौटी राखिएको सम्पत्ति। **~स्वरः** (पुं.) [*न्यासस्यान्तिमः स्वरः, म.प.स.*] रागको आखिरीमा निकालिने स्वर।

न्यासी (पुं.वि.) [*न्यासोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.त्यागी २.धरौटी राख्ने ३.गुठियार ४.राख्ने।

न्युङ्खः (पुं.वि.) [*न्युङ्ख्यते, निपूर्वकात् उखि गतौ इति धातोः पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः दीर्घपाठे पृषोदरादितया साधुः*] १.राम्रो २.प्यारो ३.उचित ४.(पुं.) साम वेदको ऊँङ्कार। **न्युङ्खः सम्यङ् मनोज्ञे च साम्नः षट् प्रणवेषु च** (मेदिनी.)।

न्युब्जः (पुं.वि.) [*न्युब्जनम्, उब्ज आर्जवे इति धातोः, भावे ३.३.१८ इति घञ्, भुजन्युब्जौ पाण्युपतापयोः ७.३.३१ इति साधुः, न्युब्जः पृष्ठवक्रत्वमस्यास्ति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.कुप्रो। **न्युब्जो भुग्ने रुजा** (अमर.२.६.६) २.उधोमुन्टो लगाएको/घोप्टिएको। **न्युब्जं विद्यादधोमुखम्** (हला.)।

न्युब्जम् (पुं.) [*न्युब्जनम्, उब्ज आर्जवे इति धातोः, भावे ३.३.१८ इति घञ्, भुजन्युब्जौ पाण्युपतापयोः ७.३.३१ इति साधुः*] १.रोगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा भएको ढाडको कुप्रोपना २.कुशको स्रुवा ३.वरको रुख ४.कर्मरङ्गको फल ।

न्यूनः (पुं.वि.) [*न्यूनयति, निपूर्वकात् ऊन परिहाणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्*] १.कम/ थोरै २.नीच/क्षुद्र/निन्दनीय । **हीनन्यूनावूनगर्ह्यौ** (अमर.३.३.१२८)। **~कोणः** (पुं.) एक समकोणभन्दा छोटो कोण।

न्यूनतमः (पुं.वि.) [*अयमेषामतिशयेन न्यूनः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] सबैभन्दा कम।

न्यूनतरः (पुं.वि.) [*अयमनयोर्न्यूनः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप्*] दुइमा सानो।

न्यूनता (स्त्री.) [*न्यूनस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] कमी/अल्पता।

न्यूनधीः (पुं.वि.) [*न्यूना धीर्यस्य सः, बहु.स.*] अल्प बुद्धि भएको/थोरै बुद्धि भएको।

न्यूनपदता (स्त्री.) [*न्यूनपदस्य भावः, तत्ता*] अत्यावश्यक पदको प्रयोग नभएमा पर्न जाने साहित्यिक दोष। जस्तै— **यदि मय्यर्पिता दृष्टिः किं ममेन्द्रतया तदा**। यसमा **त्वया** पदको न्यूनता छ। यो अनित्य दोष हो। **उक्तावानन्दमग्नादेः स्यान्न्यूनपदता गुणः**।

न्यूनाधिकम् (नपुं.) [*न्यूनञ्चाधिकञ्च, तयोः समाहारः द्व.स.*] कमबेसी/थोरबहुत।

न्यूनीकरणम् (नपुं.) [*अन्यूनं न्यूनं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, सर्वापहारी लोपः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] कम गर्ने वा घटाउने काम।

न्यूनोन्नतक्षेत्रम् (नपुं.) [*न्यूनं उन्नतं यत्र तत् न्यूनोन्नतम् बहु.स., तच्च तत्क्षेत्रञ्च, कर्म.स.*] १.होचो अग्लो भएको क्षेत्र २.ज्यादै कम उन्नति भएको क्षेत्र/उद्योग, खनिज द्रव्य आदिका दृष्टिबाट ज्यादै पछाडि परेको भूभाग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प

प-१.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको एक्काइसौ वर्ण। ओष्ठस्थानीय वर्ण। खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्टप्रयत्न। बाह्य प्रयत्नमा विवार, श्वास, अघोष, अल्पप्राण प्रयत्न। **खरो विवाराः श्वासा अघोषाश्च, वर्गाणां प्रथमतृतीय पञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) पवर्ग (प, फ, ब, भ, म) को पहिलो वर्ण २.लेख्यरूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

पः (पुं.) १.[*पाति रक्षतीति, पा रक्षणे इति धातोः अन्येभ्योऽपि दृश्यते इति डः, टिलोपः*] रक्षक। जस्तै- **गोपः, नृपः, क्षितिपः** आदि। २.[*पिबति, पा पाने इति धातोः पूर्ववत्*] पिउने/पान गर्ने। जस्तै- **पादपः, द्विपः** आदि। ३.[*पातयति वेगेन वृक्षादीन्, पत्लृ पतने इति धातोः पूर्ववत्*] वायु ४.[*पतति वृक्षात्*] पात ५.[*पायते रक्ष्यतेऽसौ, पूर्ववत्*] अण्डा।

पक्कणः (पु.) [*पचन्ति श्वादीनां निकृष्टं मांसम्, क्विप् च ३.२.७६ इति क्विप्, पचः, शबराः, तेषां कणः कलहशब्दो यत्र सः, बहु.स.*] भिल्लको निवास। **पक्कणः शबरालयः** (अमर.)।

पक्तव्य (पुं.वि.) [*पक्तुं योग्यः, पचधातोः तव्यतव्यानियरः इति तव्यत्*] पकाउनुपर्ने/पकाइने।

पक्ता (पुं.वि.) [*पचति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, स्त्रियां पक्त्री, नपुंसके पक्तृ*] १.पकाउने २.(पुं.) भान्से।

पक्तिः (स्त्री.) [*पच्यते परिणम्यते इति, डु पचष् पाके इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] पाक।

वैवाहिकेऽग्नौ कुर्वीत गृह्यं कर्म यथाविधि।
पञ्चयज्ञविधानञ्च पक्तिञ्चान्वाहिकीं गृही॥ (मनु.)

पक्त्रम् (नपुं.) [*पच्यतेऽनेन, डु पचष् पाके इति धातोः गुधृवीवचिपचियमिसदिक्षदिभ्यस्त्रः (उ.) ४.१६५ इति क्त्रः*] गार्हपत्य अग्नि। **पक्त्रं भवेत् पुनः। गार्हपत्ये** (उ.को.६६२)।

पक्त्रिमः (पुं.वि.) [*पाकेन निर्वृत्तः ड्वितः क्त्रिः ३.३.८८ इति क्वित्रः, क्त्रेर्मम् नित्यम् ४.४.२० इति मम्*] आफैं पाकेको।

पक्वः (पुं.वि.) [*पच्यते स्म, डुपचष् पाके इति धातोः, क्तः, तस्य स्थाने पचो वः ८.२.५२ इति वः, वकारस्यासिद्धत्वात् चो कुः ८.२.३० इति कुत्वम्*] १.पाकेको। **पक्वे राद्धञ्च सिद्धञ्च** (अभि.चि.) २.परिणामोन्मुख ३.विनाशोन्मुख ४.अनुभव, ज्ञान आदिले खारिएको। यथा **पक्वा परिणता बुद्धिः पक्वं ज्ञानम्।** ज्यादै पाकेको- **निष्पक्वः** (पुं.वि.) अलि अलि पाकेको- **आपक्वः** (पुं.वि.)। **~इक्षुरसः** (पुं.) [*पक्वश्चासौ इक्षुरसश्च, कर्म.स.*] खुँदो/पाकेको उखुको रस। यसको सेवन गर्दा वात र कफजन्य रोग लाग्दैन। लागेको भए पनि कम हुन्छ। गुल्म आदि कतिपय रोगको निदानमा पनि यो रस लाभदायक हुन्छ।

पक्वो रसो गुरुः स्निग्धः सुतीक्ष्ण कफवातनुत्।
गुल्मानाहप्रशमनः किञ्चित् पित्तकरः स्मृतः॥
(भा.प्र.नि.)

यसलाई पकायो भने जम्दा ढुङ्गाजस्तै साह्रो हुन्छ। यसलाई गुड भनिन्छ।

इक्षो रसो यः सम्पक्वो जायते लोष्टवद् दृढः।
गुडो वृष्यो गुरुः स्निग्धो वातघ्नो मूत्रशोधनः॥
(भा.प्र.नि.)

~इष्टका (स्त्री.) [*पक्वा चासौ इष्टका च कर्म.स.*] पाकेको इँटा।

पक्वम् (नपुं.) [*पच्यते स्म, डुपचष् पाके इति धातोः, नपुंसके भावे क्त इति क्तः, तस्य स्थाने पचो वः ८.२.५२ इति वः,कुत्वम्*] १.पाक २.परिणाम।

पक्वशः (पुं.) [*पक्वानि वन्यफलमूलादीनि श्यति त्रोटयति, खनति वा, शो तनूकरणे इति धातोः अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] पुक्कस जाति।

पक्वान्नम् (नपुं.) [*पक्वञ्च तदन्नञ्च, कर्म स.*] १.पाकेको अन्न २.विशेष किसिमले बनाएको देवतालाई चढाइने नैवैद्य।

पक्वाशयः (पुं.) [*पक्वम् आमादिकम् आशेतेऽत्र, शीङ् स्वप्ने इति धातोः एरच् ३.३.५६ इत्यच्*] नाभिभन्दा तलको पेट/खाएको वस्तु गएर पाचन हुने ठाउँ। **पक्वाशयस्त्वधो नाभेरूर्ध्वमामाशयः स्मृतः** (वैद्यक)।

पक्ष (धा.) [*परिग्रहे, चुरा. सक.सेट् उभ.*] ग्रहण गर्नु, एक पक्षलाई अँगाल्नु। लट्- **पक्षति, पक्षयति-ते-** ग्रहण गर्छ, एक पक्षलाई अँगाल्छ। लिट्- **पपक्ष/पक्षयाञ्चकार-** ग्रहण गरेछ, एक पक्षलाई अँगाले छ। लुट्- **पक्षिता/पक्षयिता-** पक्ष लिने छ, ग्रहण गर्ने छ, लृट्- **पक्षिष्यति/पक्षयिष्यति-ते-** पक्ष लिने छ, ग्रहण गर्ने छ। लङ्- **अपक्षत्/अपक्षयत्-त-** पक्ष लियो ग्रहण गऱ्यो इत्यादि। कृदन्ते- **पक्षकः/पक्षिका-** पक्ष लिने, ग्रहण गर्ने। **पक्षितव्यम्, पक्षयितव्यम्/पक्षणीयम्/पक्ष्यम्-** पक्ष लिनु पर्ने, ग्रहण गर्नुपर्ने। **पक्षणा/पक्षणम्-** पक्ष लिने काम, ग्रहण गर्नु पर्ने काम। **पक्षितुम् पक्षयितुम्-** पक्ष लिन, ग्रहण गर्न। **पक्षित्वा, पक्षयित्वा/संपक्ष्य-** पक्ष लिएर, ग्रहण गरेर। **पक्षयन्-** पक्ष लिँदै, ग्रहण गर्दै इत्यादि।

पक्षः (पुं.) [*पक्ष्यते परिगृह्यते देवपितृकार्याय इति, यद्वा पक्ष्यते चन्द्रस्य पञ्चदशानां कलानामापूरणं क्षयो वा अनेन, पक्ष परिग्रहे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.प्रतिपदादेखि पूर्णिमा वा औँसीसम्म पन्ध्र अहोरात्र बराबरको समय। यो दुई किसिमको हुन्छ- शुक्लपक्ष र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णपक्ष। आमावास्या पछिको प्रतिपदादेखि पूर्णिमासम्मको समयलाई शुक्लपक्ष र पूर्णिमा पछि आमावास्यासम्मको समयलाई कृष्णपक्ष भनिन्छ। २.[*पक्ष्यते स्थाप्यतेऽस्मिन्*] न्यायशास्त्रमा सन्दिग्ध साध्य भएको स्थल। जस्तै– **पर्वतो वह्निमान् धूमात्।** यहाँ सन्दिग्ध साध्य वह्नि रहेको पक्ष पर्वत छ। ३.समूह, ४.मित्र र सहायकहरूको बल ५.चुलाको छिद्र, ६.[*पक्षतीति, पक्ष्यतेऽनेन वा पक्ष परिग्रहे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ् वा*] वाणमा लगाइएको पङ्ख, ७.दुई अङ्कलाई बुझाउने शब्द, ८.शिव ९.प्वाँख १०.तर्फ ११.शरीरको आधा भाग, जस्तै पक्षाघात १२.केशवाचक शब्दको पछाडि पक्षको प्रयोग हुंदा समूह अर्थ हुन्छ जस्तै– (पुं.) **केशपक्षः**– केशको समूह १३.तर्कको एउटा पाटो। जस्तै– पूर्व पक्ष र उत्तरपक्ष। **पूर्व एवाभवत्पक्षस्तस्मिन्नाभवदुत्तरः** (रघु.)। **~ग्रहणम्** (नपुं.) [*पक्षस्य ग्रहणम् ष.त.*] कुनै एक पक्ष लिनु। **~छिद्** (पुं.) [*पक्षं छिनत्ति, क्विप, तुक्*] इन्द्र। **~वादः** (पुं.वि.) [*पक्षस्य वादः, ष.त.*] एक पक्षको बयान वा अभिव्यक्ति। **~वाहनः** (पुं.) [*पक्षौ वाहनं यस्य सः, बहु.स.*] पक्षी।

पक्षः (नपुं.सान्तः) [*पचति,पचिवचिभ्यां सुट् च, इति असुन्, सुट् च*] पखेटा। **पक्षसी च स्मृतौ पक्षौ** (हला.२३८)।

पक्षकः (पुं.) १.[*पक्ष इव, इवे प्रतिकृतौ ५.३.९६ कन्, संज्ञायाम् ५.३.९७ इति वा कन्*] पछिल्तिरको ढोका/जस्केलो। **पक्षद्वारन्तु पक्षकः** (अभि.चि.) २.[*पक्षयति, पक्ष परिग्रहे इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पक्ष लिने/सहयोगी।

पक्षतिः (स्त्री.) [*पक्षस्य मूलम्, पक्षात्तिः ५.२.२५ इति तिप्रत्ययः, सर्वतोऽक्तिन्नर्थात्– (वा.) ४.१.४५ इति ङीषि तु पक्षती*] १.पखेटाको फेद २.परेवा तिथि/पक्षको सुरू। **पक्षतिस्तु भवेत्पक्षमूले च प्रतिपत्तिथौ** (विश्व.)।

पक्षद्वारम् (नपुं.) [*पक्षस्थितं द्वारम् म.प.स.*] १.जस्केलो २.पछिल्तिरको ढोका।

पक्षधरः (पुं.) १.[*धरतीति धरः, पक्षयोःकृष्णशुक्लपक्षयोः धरः, ष.त.*] चन्द्रमा २.(पुं.वि.) [*पक्षस्य धरः, ष.त.*] पक्ष लिने।

पक्षपातः (पुं.) [*पक्षस्य एकदेशस्य पातः समर्थनम्, स.त.*] १.एक पक्षको समर्थन २.औचित्य वा न्यायको विवेक नगरी कुनै एक पक्षमा लाग्ने प्रवृत्ति।

क्वचिद् विवदतोऽर्थेषु बलिनो दुर्बलस्य च।
अपक्षपातात् पश्यन्ति कार्येष्वधिकृता नराः ॥ (रामा.)

३.[*पक्षाणां पातः पतनं यत्र सः*] चराहरूको प्वाँख झर्ने रोगविशेष ४.उड्दा चराहरूले पखेटा हल्लाउने काम ५.कुनै वस्तुमाथि हुने स्नेह, प्रेम, रुचि। **भवन्ति, भव्येषु हि, पक्षपाताः** (किरा.)।

पक्षपातरहितः (पुं.वि.) [*पक्षपातेन रहितः, तृ.त.*] कसैको पक्षमा नलागेको/कसैको मतलबमा नलाग्ने।

पक्षपाती (पुं.वि.) [*पक्षपातोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.पक्षपात गर्ने २.एक पक्षमा लाग्ने। **पक्षपातिनो देवा अपि पाण्डवानाम्** (वेणीसंहार)।

पक्षभागः (पुं.) [*पक्षयत्यनेन, पक्ष परिग्रहे इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, पक्षस्य, पक्ष एव वा भागः*] हात्तीको दुईवटा कोखा।

पक्षमूलम् (नपुं.) [*पक्षस्य मूलम्, ष.त.*] पखेटाको फेद। **पक्षमूलन्तु पक्षतिः** (हला.२३९)।

पक्षघातः (पुं.) [*पक्षे घातः, स.त.*] पक्षाघात/शरीरका दायाँ वा बायाँ अङ्ग नचल्ने वा निश्चेष्ट हुने एक रोग।

पक्षान्तः (पुं.) [*पक्षस्य अन्तः, ष.त.*] १.पक्षको अन्तिम दिन।

पक्षान्ते निष्फला यात्रा मासान्ते मरणं ध्रुवम्। (ज्यो.त.)

२.पखेटाको छेऊ।

पक्षान्तरम् (नपुं.) १.[*अन्यः पक्षः, त.स.*] अर्को पक्ष/भिन्न पक्ष २.[*पक्षयोरन्तरम्, ष.त.*] दुई पक्षको अन्तर।

पक्षान्तौ (पुं.द्वि.) [*द्वे पञ्चदश्यौ पूर्णिमामावास्ये पक्षस्यान्तौ, ष.त.*] पक्षका अन्तिम दिन, पूर्णिमा र अमावास्या तिथि।

पक्षिणी (स्त्री.) [*पूर्वापरदिने पक्षाविव स्तो यस्याम्, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.दुई दिन र ती दुई दिनको बिचमा पर्ने एक रात/३६ घण्टाको समय। **पक्षिणी पक्षतुल्याभ्यामहोभ्यां वेष्टिता निशा** (अभि.चि.)। २.[*पक्षौ स्तोऽस्याः*] पोथी पक्षी ३.सागविशेष।

पक्षिराजः (पुं.) [*पक्षिणां राजा, ष.त. राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] १.गरुड। (हला.११९) २.(पुं.वि.) पक्षीहरूको राजा।

पक्षिशाला (स्त्री.) [*पक्षिणां शाला, ष.त.*] चिडियाखाना/चिडियाघर।

पक्षिशास्त्रम् (नपुं.) [*पक्षिविषयकं शास्त्रम्, म.प.स.*] चराहरूको अध्ययन गर्ने शास्त्र।

पक्षिसिंहः (पुं.) [*पक्षिषु सिंह इव, उप.त.*] गरुड।

सिंहशार्दूलनागाद्याः पुसि श्रेष्ठार्थवाचकाः (अमर.)।

पक्षी (पुं.) [*पक्षौ स्तोऽस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.चरो २.[*पक्षोऽस्यास्तीति, पूर्ववत्*] पक्ष लिने मानिस ३.[*पक्षाः कङ्कादीनां पत्राणि सन्त्यस्य सः, पूर्ववत्*] वाण।

पक्षीयः (पुं.वि.) [*पक्षाय हितः, तस्मै हितम् इति छः, ईयः*] एक पक्षलाई हित हुने २.[*पक्षस्यायम्*] पक्षसम्बन्धी।

पक्षीन्द्रः (पुं.) [*पक्षिणामिन्द्रः, ष.त.*] १.पक्षीको राजा २.गरुड।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्ष्म (नपुं.) [*पक्ष्यते परिगृह्यते आतपादिकमनेन, पक्ष परिग्रहे इति धातोः सर्वधातुभ्यो मनिन् (उ) इति मनिन्*] १.परेला २.केशर ३.तन्तु सूत्र आदिको अत्यन्त सानो भाग ४.पखेटा।

पक्ष्यः (पुं.वि.) [*पक्षे भवः, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] पक्षमा भएको।

पङ्कः (पुं./नपुं.) १.[*पच्यते, व्याप्यते क्लिद्यते वानेन, पचि विस्तारे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, हलश्च ३.३.१२१ इति करणे वा घञ्, कुत्वम् ७.३.५२, इदित्वान्नुम्*] हिलो। **पङ्को हि नभसि क्षिप्तः क्षेप्तुः पतति मूर्धनि**। (सुभा.) २.[*पच्यते व्यक्तीक्रियते दुःखमनेन, पचि विस्तारे व्यक्तीकरणे च इति धातोः हलश्च ३.३.१२१ इति घञ्, चजोः कु घिण्यतोः ७.३.५२ इति कुत्वम्, नुम्*] पाप। **पङ्कोऽस्त्री कर्दमे पापे** (मेदिनी.)।

पङ्कजम् (नपुं.) [*पङ्के जातम्, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] १.कमल २.(पुं.वि.) हिलामा पैदा भएको। यो योगरूढ शब्द हो।

रूढा गवादयः प्रोक्ता यौगिका पाचकादयः।
योगरूढाश्च विज्ञेयाः पङ्कजाद्या मनीषिभिः॥

पङ्कजवाटिका (स्त्री.) १.वार्णिक छन्दको समवृत्तको एक भेद। यस छन्दको प्रत्येक पाउमा क्रमशः भगण, नगण, जगण, जगण र एउटा लघु वर्ण– (ऽ।।, ।।।, ।ऽ।, ।ऽ।, ।) को प्रयोग हुन्छ। २.[*पङ्कजस्य वाटिका, ष.त.*] कमलको बगैँचा।

पङ्कजिनी (स्त्री.) [*पङ्कजानि सन्त्यस्याम्, पुष्करादिभ्यो देशे ५.२.१२५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] तलाउ।

पङ्किलः (पुं.) [*पङ्कोऽस्मिन्नस्ति, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति इलच्*] हिलो ज्यादा हुने स्थान।

पङ्केरुहः (पुं.) [*पङ्के रुह इव*] सारस पक्षी।

पङ्केरुहम् (नपुं.) [*पङ्के रोहति, रुह प्रादुर्भावे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३६ इति कः, तत्पुरुषे कृति बहुलम् ६.३.१४ इत्यलुक्*] कमल।

पङ्क्तिः (पुं.) १.[*पञ्च्यते व्यक्तीक्रियते श्रेणीविशेषेणेति, पचि व्यक्तीकरणे इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति भावे त्तिन् यद्वा पञ्चयति विस्तारयति जातिसंस्थानम् इति, पचि विस्तारे इति धातोः कर्तरि क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, इदितो नुम्धातोः ७.१.५८ इति नुम्*] लहर/श्रेणी/लाम २.पाँच अक्षरको पाउ भएको एक छन्द/एक भगण र दुई गुरुवर्ण भएको छन्द। **भगौ गिति पङ्क्तिः** (छन्दो.) ३.[*पञ्चकद्वयं परिमाणमस्य, पङ्क्तिविंशतित्रिंशच्चत्वारिंशत्पञ्चाशत्षष्टिसप्तत्यशीतिनवतिशतम् ५.१.५९ इति निपातनात् पञ्चन् शब्दस्य टिलोपः, तिप्रत्ययश्च*] दशको सङ्ख्या।

तेन मन्त्रप्रयुक्तेन निमेषार्द्धादपातयत्।
स रावणशिरःपङ्क्तिमज्ञातव्रणवेदनाम्॥ (रघु.१२.९९)

४.पृथ्वी ५.दिशा। **~च्युतः** (पुं.वि.) [*पङ्क्तेश्च्युतः, ष.त.*] डिमोसन भएको/आफ्नो पङ्क्ति, दर्जा, पद आदिबाट तल खसेको। **~दूषकः** (पु.वि.) [*पङ्क्तेः दूषकः, ष.त.*] पङ्क्तिमा राख्नु नहुने/अपाङ्क्तेय। **~पावनः** (पुं.वि.) [*पङ्क्तिं पावयति, ल्युः, अनः*] १.पङ्क्तिलाई पवित्र तुल्याउने। **~रथः** [*पङ्क्तिषु दशसु दिक्षु गतो रथो यस्य सः, बहु.स.*] दशरथ राजा।

पङ्गुः (पुं.) [*खञ्जति गतिवैकल्यं प्राप्नोति खजि गतिवैकल्ये इति धातोः, बाहुलकाद् कुः, खजयोः पगौ नुमागमश्च (उ) इति खस्य पत्वम्, गादेशो नुमागमश्च*] १.लँगडो २.[*कक्षाया दीर्घतया बहुकालेन राशिभागादिभोगान्मन्दगतित्वादस्य तथात्वम्*] शनैश्चर ३.यान चोर्ने व्यक्ति। **पङ्गुर्यानापहृन्नरः** (मा.पु.) ४.भिक्षाका लागि एक योजनभन्दा टाढा जान नसक्ने जोगी।

भिक्षार्थं गमनं यस्य विण्मूत्रकरणाय च।
योजनान्न परं याति सर्वथा पङ्गुरेव सः॥ (चिन्तामणि)

पङ्गुत्वम् (नपुं.) [*पङ्गोर्भावः, कर्म वा, तस्य भावस्त्वतलौ इति त्वः*] लँगडोपना।

पङ्गूः (स्त्री.) [*पङ्गोश्च ४.१.६१ इत्यूङ्*] लँगडी।

पचः (पुं.वि.) [*पचति, डुपचष् पाके इति धातोः पचाद्यच्*] पकाउने/भान्से।

पचनम् (नपुं.) [*डु पचष् पाके इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पाक्ने काम।

पचम्पचा (स्त्री.) [*पचतीति, पचाद्यच् ३.१.१३४, पृषोदरादित्वात् ६.३.१०९ इति साधुः*] चुत्रो। **पीतदारु पचम्पचा** (निघण्टु)।

पचा (स्त्री.) [*पचनम्, डु पचष् इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ् टाप्*] पाक्ने काम।

पचि (धा.) [*व्यक्तीकरणे, भ्वा. सक. सेट्. आत्म.*] स्पष्ट गर्नु। लट्- **पञ्चते**- स्पष्ट गर्छ। लिट्-**पपञ्चे**- स्पष्ट गरेछ इत्यादि।

पचि (धा.) [*विस्तारवचने, चुरा. सक. सेट्. उभ.*] फैलनु, प्रपञ्च गर्नु। लट्– **पञ्चयति-ते**– फैलाउँछ, प्रपञ्च गर्छ। लिट्– **पञ्चयाञ्चकार-चक्रे**– फैलाएछ, प्रपञ्च गरेछ (अन.)। लुट्– **पञ्चयिता**– फैलाउने छ, प्रपञ्च गर्ने छ (अन.)। लृट्– **पञ्चयिष्यति-ते**– फैलाउने छ, प्रपञ्च गर्ने छ। लोट्– **पञ्चयतु– ताम्**– फैलाओस्, प्रपञ्च गरोस्। लङ्– **अपञ्चयत्-त**– फैलायो, प्रपञ्च गऱ्यो। (अन.)। विधिलिङ्– **पञ्चयेत्**– फैलाउला, प्रपञ्च गर्ला, फैलाओस्, प्रपञ्च गरोस्। आशीर्लिङ्– **पञ्च्यात्**– फैलाओस्, प्रपञ्च गरोस्। लुङ्– **अपपञ्चत्-त**–फैलायो, प्रपञ्च गऱ्यो। लृङ्– **अपञ्चयिष्यत्-त**– फैलाउने थियो, प्रपञ्च गर्ने थियो। णिचि-**पञ्चयति**- फैलाउन लगाउँछ, प्रपञ्च गर्न लगाउँछ। सनि–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिपञ्चयिषति— फैलाउन खोज्छ, प्रपञ्च गर्न खोज्छ। कृदन्ते— **पञ्चकः/पञ्चिका/पञ्चयिता/पञ्चयित्री**— फैलाउने, प्रपञ्च गर्ने। **पञ्चयित्वा/प्रपञ्च्य**— फैलाएर, प्रपञ्च रचेर। **प्रपञ्चनम्**— फैलाउने काम, प्रपञ्च रच्ने काम। **पञ्चयितुम्**— फैलाउन, प्रपञ्च रच्न इत्यादि।

पचेलिमः (पुं. वि.) [*स्वयमेव पचति पच्यते वा, पच एलिमच् (उ) इति एलिमच्, यद्वा कर्मकर्तरि चायमिष्यते इति वचनात्, केलिमर उपसङ्ख्यानम् (वा.) ३.१.९ इति केलिमर्*] १.आफैं पाक्ने वा पाकेको।

स वारनारीमुखसञ्चितोपमं
ददर्श मालूरफलं पचेलिमम् (नैष.)

२.(पुं.) सूर्य ३.(पुं.) अगि। **पचेलिमो वह्निरव्योः** (उ.को.)।

पञ्चः (पुं.) [*पञ्चति परदोषादिकं व्यक्तीकरोति, पचाद्यच्*] गाउँको न्याय निसाप गर्ने भद्र भलादमी।

पञ्च (त्रि.) [*पञ्चति व्यक्तीकरोतीति बाहुलकात्, कनिन्*] पाँचलाई बुझाउने सङ्ख्यावाचक शब्द। **पञ्च जनाः, पञ्च स्त्रियः, पञ्च फलानि**।

पञ्चकम् (नपुं.) [*पञ्चभिः क्रीतम्, सङ्ख्याया अतिशदन्तायाः कन् ५.१.२२ इति कन्*] १.पाँचले किनेको २.[*पञ्चानां सङ्घः, सङ्ख्यायास्संज्ञासङ्घसूत्राध्ययनेषु ५.१.५८ इति कन्*] एकै प्रकारका पाँच वस्तुहरूको समुदाय ३.[*पञ्चानां श्रवणादिरेवत्यन्तनक्षत्राणां समूहः*] श्रवण, धनिष्ठा, पूर्वभाद्र, उत्तरभाद्र र रेवती पाँच नक्षत्रको समूह ४.कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मका पाँच दिन/यमपञ्चक।

पञ्चकन्याः (पुं.बहु.) [*पञ्चसङ्ख्यकाःकन्याः, म.प.स.*] पाँच कन्या – अहल्या, द्रौपदी, तारा, कुन्ती, मन्दोदरी।

पञ्चकर्म (नपुं.) [*पञ्चानां कर्मणां समाहारः, द्विगुस., संज्ञायान्तु न द्विगुः*] १.जप, होम, तर्पण, रुद्राभिषेक र ब्राह्मणभोजन यी पाँच पुण्य कर्म २.आयुर्वेदका पाँच क्रियाहरू— वमन, विरेचन, नस्य, अनुवासन र वस्ति ३.वैशेषिक दर्शनअनुसारका पाँच कर्म— उत्क्षेपण, अवक्षेपण, आकुञ्चन, प्रसारण र गमन।

पञ्चकल्याणः (पुं.) [*पञ्चसङ्ख्यकानि कल्याणानि यस्य सः, बहु.स*] मुख र चार खुट्टा सेतो अन्यत्र अरू नै रङ भएको घोडा। **मुखे यस्तु सितः पञ्चकल्याणोऽश्वः सदा मतः** (शु.नी.)।

पञ्चकवलम् (नपुं.) [*पञ्चानां कवलानां समाहारः, द्विगुस.*] दीन दुःखी तथा पाँचथरी (कुकुर, पतित, कोढी, रोगी, कौवा) लाई दिइने पाँच गाँस अन्नको समूह।

पञ्चकषायम् (पुं.) [*पञ्चानां कषायानां समाहारः, द्विगुस.*] निघण्टुअनुसार पाँचथरी टर्रो स्वाद आउने वस्तुहरू— जामुनु, सिमल, खरेटो, मौलसिरी र बेल।

पञ्चकामाः (पुं.) [*पञ्चगुणिताः कामाः, म.प.स.*] तन्त्रमा वर्णित पाँच कामदेव— काम, मन्मथ, कन्दर्प, मकरध्वज र मीनकेतु।

पञ्चकारणम् (नपुं.) [*पञ्चानां कारणानां समाहारः, द्विगुस.*] कुनै कामको उत्पत्तिको लागि आवश्यक जैन मतमा प्रतिपादित पाँच कारणको समूह— काल, स्वभाव, नियति, पुरुष, कर्म।

पञ्चकाशि (नपुं.) [*पञ्चानां काशीनां समाहारः, द्विगुस.*] पाँचवटा काशीको समूह— वाराणसी, गुप्तकाशी, उत्तरकाशी, दक्षिणकाशी र शिवकाशी।

पञ्चकृतिः (स्त्री.) [*पञ्चसङ्ख्यकजनैर्निधारिता कृतिः, म.प.स.*] पञ्चले ठहऱ्याएअनुसारको काम।

पञ्चकृत्यः (पुं.) १.[*पञ्च सृष्ट्यादिकं कृत्यं यस्य सः, बहु.स.*] ईश्वर २.[*पञ्चं विस्तृतं कृत्यं शाखापल्लवादि यस्य सः, बहु.स.*] वृक्षविशेष।

पञ्चकृत्यम् (नपुं.) [*पञ्चानां कृत्यानां समाहारः, द्विगुस.*] ईश्वर वा शिवजीका पाँच कामको समूह— सृष्टि, स्थिति, ध्वंस, तिरोभाव र अनुग्रह।

पञ्चकृत्वः (अव्य.) [*पञ्च वारमिति, क्रियावृत्तौ सङ्ख्यायाः क्रियाभ्यावृत्तिगणने कृत्वसुच् ५.२.४७ इति कृत्वसुच्*] पाँच पटक। यस्तै **षट्कृत्वः** (छ पटक) **सप्तकृत्वः** (सात पटक) आदि।

पञ्चकृष्णः (पुं.) [*पञ्च कृष्णा यस्य सः, बहु.स.*] सुश्रुतमा वर्णित कीटाणुविशेष।

पञ्चकेदाराः (पुं.बहु.) [*पञ्चगुणिताः केदाराः, म.प.स.*] केदारमण्डल अन्तर्गतका पाँच शिवलिङ्गहरू— केदारनाथ (महिषरूपधारी शिवको पृष्ठभाग) मध्यमेश्वर (यहाँ शिवको नाभि प्रतिष्ठित छ।) तुङ्गनाथ (यहाँ शिवको बाहु प्रतिष्ठित छ।) रुद्रनाथ (यहाँ शिवको मुख प्रतिष्ठित छ।) कल्पेश्वर (यहाँ शिवका जटा प्रतिष्ठित छन्)।

पञ्चकोणम् (नपुं.) [*पञ्चानां कोणानां समाहारः, द्विगुस.*] पाँच कुनाको समूह।

पञ्चकोलम् (नपुं.) [*पञ्चानां कोलानां समाहारः, द्विगुस.*] १.पाँच जातिको समूह २.निघण्टुमा वर्णित पाँच बुटीको समूह-पिप्ला, पिप्लामूल, चाभो, चितु र सूठो।

पिप्पलीपिप्पलीमूलचव्यचित्रकनागरैः।
पञ्चभिः कोलमात्रं यत्पञ्चकोलं तदुच्यते॥ (अ.नि)

पञ्चकोशम् (नपुं.) [*पञ्चानां कोशानां समाहारः, द्विगुस.*] वेदान्तमा वर्णित शरीरमा रहने पाँचथरी कोशहरू— अन्नमय कोश, प्राणमय कोश, मनोमय कोश, विज्ञानमय कोश र आनन्दमय कोशको समूह।

पञ्चक्रोशम् (पुं.) [*पञ्च क्रोशा यत्र तत्, बहु.स.*] १.पाँच कोशको घेराभित्र बसेको काशीको नाम २.धार्मिक दृष्टिले परिक्रमा गरिने पाँच कोशको क्षेत्र।

पञ्चक्लेशाः (पुं.बहु.) [*पञ्चगुणिताः क्लेशाः म.प.स.*] पातञ्जल योगअनुसारका पाँचथरी क्लेशहरू— अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चक्षतम् (नपुं.) [*पञ्चानां क्षतानां समाहारः, द्विगुस.*] प्राचीन कालमा दिइने पाँच किसिमका दण्डहरूको समूह, पञ्चखत, जस्तै– १.प्राणदण्ड २.गालामा डामी जन्मकैद गरिने दण्ड, ३.टुप्पीसमेत मुडी जिल्ला वा राज्यबाट निर्वासित गरिने दण्ड ४.तल्लो जातमा मिलाई छोडिने दण्ड ५.जातबाट पतित गराइने दण्ड।

पञ्चक्षारम् (नपुं.) [*पञ्चानां क्षाराणां समाहारः, द्विगुस.*] पाँच थरी क्षारहरूको समूह– कचिया नुन, सिधेनुन, बिरेनुन, साभरनुन र सौचरनुन।

पञ्चगङ्गम् (नपुं.) [*पञ्चानां गङ्गानां समाहारः, द्विगुस.*] १.गङ्गा, यमुना, सरस्वती, किरणा र धूतपापा यी पाँच नदीहरूको समूह २.(स्त्री.) [*पञ्च गङ्गा यत्र तत्*] काशीको एक घाट।

पञ्चगणः (पुं.) [*पञ्चसङ्ख्यकानां वनस्पतीनां गणः, म.प.स.*] निघण्टुमा वर्णित पाँचथरी बुटीहरू– वनगहनते, बिही, सतिबयर, कण्टकारी र बिराले लहरो।

पञ्चगन्धाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका गन्धाः, म.प.स.*] पाँच थरी सुगन्धित वस्तुहरू १.**संघर्षज–** घोटेर तयार परिने चन्दन, २.**परिमल–** माड्दा आउने सुगन्ध, ३.**क्षोदज–** गोरोचन आदि चूर्णबाट उत्पन्न सुगन्ध, ४.**प्राणिसम्भव–** कस्तूरी आदि ५.**कृष्णासार–** अत्तर। **संघर्षजः परिमलः क्षोदजः प्राणिसम्भवः। कृष्णसाराभिधानश्च गन्धः पञ्चविधो मतः॥** (पु.च.१.२६२) **(कृष्णसारस्तु श्रीखण्डादिसुरभिद्रव्याद्याकृष्टः सारः = भागः– भाषायाम्, अत्तर इति प्रसिद्धः इति टीका)।**

पञ्चगवम् (नपुं.) [*पञ्चानां गवां समाहारः, द्विगुस.*] पाँच गाईको बथान।

पञ्चगव्यम् (नपुं.) [*गोर्विकारः, गोपयसोर्यत् ४.३.१६० इति यत्, पञ्चानां गव्यानां समाहारः, द्विगुस.*] गाईको गहुँत, गोबर, दुध, दही, घिउ यी पाँच थरी रसहरू मिलाएर बनाइएको वस्तु। यो बनाउँदा बेग्लाबेग्लै प्रमाणबाट मिलाइन्छ। हेमाद्रिअनुसार– दुधभन्दा दुई गुना कम गहुँत, त्यसको आधा दही, दहीको आधा गोबर, गोबरको आधा घिउ मिलाइन्छ। पुरश्चर्यार्णवअनुसार– एक पल दुध, गहुँत, घिउ, दुई तोला गोबर र एक पसर दही मिलाइन्छ, अथवा पाँचै थरी बराबर मिलाउँदा पनि पञ्चगव्य बन्दछ। सान्तपन कृच्छ्र व्रतमा बनाइने पञ्चगव्यको प्रकार– राती गाईको गहुँत, सेती गाईको गोबर, पहेँली गाईको दुध, नीली गाईको दही, काली गाईको घिउ। यदि यिनीहरू नपाइएमा आठ मासा गहुँत, सोह्र मासा गोबर, बाह्र मासा दुध, दश मासा दही, आठ मासा घिउ र चार मासा कुशको पानी मिलाउँदा पञ्चगव्य हुन्छ। (या.स्मृ. ३.३१४ मि.टी)

यत्त्वगस्थिगतं पापं देहे तिष्ठति मामके।
प्राशनं पञ्चगव्यस्य दहत्यग्निरिवेन्धनम्॥

पञ्चगीतम् (नपुं.) [*पञ्चानां गीतानां समाहारः, द्विगुस.*] श्रीमद्भागवतको दशमस्कन्धअन्तर्गतका पाँच प्रसिद्ध गीतको समूह– वेणुगीत, गोपीगीत, युगलगीत, भ्रमरगीत र महिषीगीत।

पञ्चगुणः (पुं.वि.) [*पञ्च गुणा यस्य सः, बहु.स.*] पाँच गुना भएको।

पञ्चगुप्तः (पुं.) [*पञ्च करौ पादौ शिरश्चेति अङ्गानि गुप्तानि यस्य सः, बहु.स.*] १.कछुवा २.[*पञ्चानां पदार्थानां गुप्तं गोपनं यत्र*] पञ्चेन्द्रियलाई छिपाएर राख्नु नै प्रधान मानिने चार्वाकको मत।

पञ्चगौडाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका गौडाः, म.म..स.*] स्कन्द पुराणको सह्याद्रिखण्डमा वर्णित पाँचथरी ब्राह्मणहरूका भेद– सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र उत्कल।

पञ्चचक्रम् (नपुं.) [*पञ्चानां चक्राणां समाहारः, द्विगुस.*] तन्त्रमा प्रतिपादित पाँच थरी चक्रहरूको समूह– राजचक्र, महाचक्र, देवचक्र, वीरचक्र र पशुचक्र।

पञ्चचत्वारिंशः (वि.) [*पञ्चचत्वारिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् टिलोपः*] पैँतालिसौँ।

पञ्चचत्वारिंशत् (स्त्री.) [*पञ्च च चत्वारिंशच्च, स.द्व., यद्वा पञ्चाधिका चत्वारिंशत्, म.प.स.*] पैँतालिस।

पञ्चचामरम् (नपुं.) १.वार्णिक छन्दको समवृत्तको एक भेद। यस छन्दको प्रत्येक पाउमा जगण, तगण, गुरु, लघु, जगण, तगण गुरु लघु– (।ऽ।, ऽऽ।, ।,ऽ, ऽऽ।, ऽऽ।, ।,ऽ) को प्रयोग हुन्छ। **जतौ गलौ जतौ गलौ वदन्ति पञ्चचामरम्** अथवा **प्रमाणिकापदद्वयं वदन्ति पञ्चचामरम्** (छन्दो.) बाह्र अक्षरको यही नामको अर्को छन्द पनि छ। त्यसको लक्षण– **लघुर्गुरुर्वदन्ति पञ्चचामरम्** (छन्दो) २.[*पञ्चानां चामराणां समूहः, द्विगुस.*] पाँच चमरको सहूह।

पञ्चचूडा (स्त्री.) [*पञ्च चूडा यस्याः सा, बहु.स.*] रामायणमा वर्णित एक अप्सरा।

पञ्चजनः (पुं.) [*पञ्चभिर्भूतैः जन्यतेऽसौ, इति अकर्तरि च कारके संज्ञायाम् ३.३.१ इति घञ्, जनिवध्योश्च ७.३.३५ इति वृद्धिनिषेधः*] १.पुरुष २.संह्लादको पुत्र ३.श्रीकृष्णद्वारा मारिएको एक दैत्य ४.[*पञ्चसु जनेषु व्यावृत्तः, दिक्सङ्ख्ये संज्ञायाम् इति समासः*] पाँचथरी वर्णविशेष– ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र अन्त्यज ५.सगर राजाका एक छोरा ६.विदूषक/नाटकमा हँसाउने पात्र ७.देवता, पितृ, गन्धर्व, असुर र राक्षस ८.प्रजापतिविशेष। **एषा पञ्चजनस्याङ्ग दुहिता वै प्रजापतेः** (भाग. ६.४.५१)।

पञ्चजनीनः (पुं.) [*पञ्चसु जनेषु व्यावृत्तः, दिक्सङ्ख्ये संज्ञायाम् इति समासः, ब्राह्मणादयश्चत्वारो निषादश्च पञ्चजनाः, पञ्चजनेभ्यः हितम्, पञ्चजनादुपसङ्ख्यानम् (वा.) ५.१.९ इति खः, खस्य ईनः*] १.ब्राह्मण आदि चार वर्ण र निषादसमेत पाँचै थरीलाई हित हुने कार्य २.पञ्चजनसम्बन्धी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चज्ञानः (पुं.) [*पञ्चानां पदार्थानां ज्ञानं यस्य सः, बहु.स.*] १.बुद्ध २.पाशुपत सिद्धान्तका एक विद्वान्।

पञ्चतक्षम् (न.) [*पञ्चानां तक्षाणां समाहारः, द्वि.स.*] पाँचथरी सिकर्मीको समूह।

पञ्चतत्त्वम् (नपुं.) [*पञ्चानां तत्त्वानां समाहारः, द्वि.स.*] १.पाँच प्राकृतिक तत्त्व जस्तै– पृथ्वी, जल, तेज, वायु, आकाश/पञ्चमहाभूत २.तन्त्रमा प्रसिद्ध मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन नाम गरेका पाँच तत्त्व। **मद्यं मांसं तथा मत्स्यो मुद्रा मैथुनमेव च। पञ्चतत्त्वमिदं प्रोक्तम्** (तन्त्रसार) ३.वैष्णवसम्मत पाँच तत्त्व– गुरुतत्त्व, मन्त्रतत्त्व, मनस्तत्त्व, देवतत्त्व र ध्यान तत्त्व।

तत्त्वज्ञानमिदं प्रोक्तं वैष्णवैः शृणु यत्नतः
गुरुतत्त्वं मन्त्रतत्त्वं मनस्तत्त्वं सुरेश्वरि।
देवतत्त्वं ध्यानतत्त्वं पञ्चतत्त्वं वरानने॥

(निर्वाणतन्त्र, १२ पटल)

पञ्चतन्त्रम् (नपुं.) [*पञ्च तन्त्राणि यत्र तत्, बहु.स.*] नीतिसम्बन्धी शिक्षा दिने उद्देश्यले विभिन्न ग्रन्थहरूबाट संग्रह तथा निर्माण गरी विष्णु शर्माद्वारा रचिएको मित्रभेद, मित्रसम्प्राप्ति काकोलूकीय, लब्धप्रणाश र अपरीक्षितकारक नामक पाँच तन्त्रमा विभक्त गद्यपद्यमय आख्यान ग्रन्थ। यसका अनेकौं संस्करण छन्, नेपाली पञ्चतन्त्र पनि छ।

पञ्चतन्मात्रम् (नपुं.) [*पञ्चानां तन्मात्राणां समाहारः, द्वि.स.*] इन्द्रियहरूद्वारा थाहा पाइने पाँच थरी विषयहरूको सूक्ष्मरूपको समूह– शब्द, स्पर्श, रूप, रस र गन्ध।

पञ्चतपाः (पुं.) [*पञ्च तपांसि यस्य सः, बहु.स.*] पञ्चाग्नि ताप्ने योगी।

पञ्चतयः (पुं.वि.) [*पञ्च अवयवा अस्य, सङ्ख्याया अवयवे तयप् ५.२.४२ इति तयप्, स्त्रियां ङीपि पञ्चतयी*] पाँच अवयव भएको।

पञ्चता (स्त्री.) [*पञ्चानां क्षित्यादिभूतानां भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.पाँचको भाव, २.मरण, ३.पाँचको समूह। **पञ्चता पञ्चमात्रे स्यात्मरणेऽपि च योषिति** (मेदिनी.)।

पञ्चतालम् (नपुं.) १.[*पञ्चानां तालानां समाहारः, द्वि.स.*] पाँच तालको समूह २.(पुं.) [*पञ्च पञ्चसङ्ख्याकस्तालः*] सङ्गीतमा अष्टतालमध्येको पाँचौं ताल।

पञ्चतालेश्वरः (पुं.) [*पञ्चतालानामीश्वरः*] शुद्ध जातिको एक ताल।

पञ्चतिक्तम् (नपुं.) [*पञ्चानां तिक्तानां समाहारः, द्विगुस.*] पाँचथरी तिता ओखतीहरूको समूह– १.निमको बोक्रा २.गुर्जो ३.असुरो ४.परवर ५.कण्टकारी।

पञ्चतीर्थम् (नपुं.) [*पञ्चानां तीर्थानां समाहारः*] हातमा पाँच तीर्थ छन्– देवतीर्थ (औंलाको अग्र भाग) ऋषितीर्थ (औंलाको मूलभाग) यसलाई कायतीर्थ वा प्रजापति तीर्थ पनि भनिन्छ। पितृतीर्थ (बुढी औं ला र चोर औंलाको मध्यभाग। ब्राह्मतीर्थ (अङ्गुष्ठको मूलभाग) वैष्णवतीर्थ (हत्केलाको मध्यभाग)। यिनीहरूको समुदाय (म.भा. अनुशासनपर्व, अ. २२)।

पञ्चतृणम् (नपुं.) [*पञ्चानां तृणानां समाहारः, द्विगुस.*] १.पाँचथरी झारहरूको समूह– कुश, काश, रामशर, बाबियो र ऊखु २.भावप्रकशअनुसार– शालिधान, ऊखु, कुश, कास र रामशर।

पञ्चत्रिंशत् (स्त्री.) [*पञ्च च त्रिंशच्च, स.द्व. यद्वा पञ्चाधिका त्रिंशत्, त.स.*] पैंतिस।

पञ्चत्वम् (नपुं.) [*पञ्चानां क्षित्यादीनां भावः, पृथक्तया अवस्थितिः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.मृत्यु।

पञ्चधा सम्भृतः कायो यदि पञ्चत्वमागतः।
पञ्चभिः स्वशरीरोत्थैस्तत्र का परिवेदना॥ (भाग.)

२.पाँचको भाव।

पञ्चदशः (पुं.) [*पञ्चदशानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् डित्वाट्टिलोपः*] पन्ध्रौं।

पञ्चदश (नपुं.) [*पञ्च च, दश च, द्व.स. यद्वा पञ्चाधिका दश, त.स.*] पन्ध्र।

पञ्चदशधा (अ.) [*पञ्चदशभिः प्रकारैः, सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा*] पन्ध्रथरी।

पञ्चदशाहः (नपुं.) [*पञ्चदशगुणितमहः म.प.स.*] पन्ध्र दिन।

पञ्चदशी (स्त्री.) [*पञ्चदशानां पूरणी*] १.पूर्णिमा वा औंसी तिथि २.[*पञ्चदश प्रकरणानि यत्र सा, बहु.स.*] वेदान्तसम्बन्धी प्रसिद्ध एक ग्रन्थ। यसका रचयिता चौधौं शताब्दीतिरका विद्यारण्य मुनि हुन्। यिनको अर्को नाम माधव पनि हो। पन्ध्र प्रकरणमा निबद्ध यस ग्रन्थमा १५०० पद्य छन्। विभिन्न ग्रन्थका लेखक विद्वान् एवं कवि विद्यारण्यले प्रस्तुत ग्रन्थमा अद्वैत वेदान्त विषय प्रतिपादन गरेका छन्। ३.[*पञ्चदशानां प्रकरणानां समाहारः, द्विगुस.*] पन्द्र प्रकरणको समूह।

पञ्चदशी विद्या (स्त्री.) [*पञ्चदशी इति विद्या*] श्रीविद्याको एक भेद। यसमा वाग्भवकूट, कामराजकूट, शक्तिकूट यी तीन कूट मिलेका हुन्छन्।

प्रथमं वाग्भवं कूटं द्वितीयं कामकूटकम्।
तृतीयं शक्तिकूटं स्यात्कूटत्रयतनुर्मतः॥ (पु.च. ३)

पञ्चदश्यौ (स्त्री.) [*द्वे पञ्चदश्यौ पूर्णिमामावास्ये पक्षस्यान्तौ*] पक्षका अन्तिम दिन/पूर्णिमा र औंसी।

पञ्चदश्यौ यज्ञकालौ पक्षान्तौ पर्वणी अपि (अभि.चि.)।

पञ्चदारु (नपुं.) [*पञ्चानां दारूणां समाहारः, द्विगुस.*] पाँचथरी वृक्षहरूको समूह– आँप, जामुनु, ढुङ्गामाथि रहेको वृक्ष, आफूले पानी हालेर हुर्काएको वृक्ष र हात्तीले भाँचेको वृक्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्च दारूणि चोक्तानि चूतजम्बूद्रुमौ तथा।
अश्मपीठोत्थितश्चैव स्वेन सिक्तस्तरुस्तथा॥
करिभग्नस्तथा चैव (आ.सू.)।

पञ्चदोषाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका म.प.स. स.*] मानिसभित्र रहेका पाँच दोष। १.(साङ्ख्यअनुसार) काम, क्रोध, भय, निद्रा, श्वास। २.(मतान्तरमा) काम, लोभ, क्रोध, भय, स्वप्न ३.(मतान्तरमा) राग, मोह, स्नेह, काम, क्रोध ४.(मतान्तरमा) क्रोध, काम, लोभ, मद, माया।

पञ्चधा (अव्य.) [*पञ्चभिः प्रकारैः, सङ्ख्याया विधार्थे धा ५.२.४२ इति धा*] १.पाँच किसिमले २.पाँच भागहरूमा।

धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च।
पञ्चधा विभजन् वित्तमिहामुत्र च मोदते॥
(भाग.८.१९.३७)

पञ्चधारणमुद्रा (स्त्री.) हठयोगअनुसार पाँचथरी धारणा मुद्राहरू– आम्भसी, वायवी, आग्नेयी, पार्थिवी र आकाशी।

पञ्चनखः (पुं.वि.) [*पञ्च नखा यस्य सः, बहु.स.*] पाँचओटा नङ्ग्रा भएको।

पञ्चनदाः (पुं.बहु.) [*पञ्च नद्यः सन्त्यत्र, समासान्तोऽच्*] पाँच नदीहरू– शतद्रु (सतलज), विपाशा (व्यास), इरावती (रावी), चन्द्रभागा (चिनाव) र वितस्था (रावी) भएको देश/पन्जाब।

पञ्चनवतिः (स्त्री.) [*पञ्च च नवतिश्च स.द्व., यद्वा पञ्चाधिका नवतिः, म.प.स.*] पन्चानब्बे।

पञ्चनवतितमः (पुं.वि.) [*पञ्चनवतेः पूरणः, सङ्ख्याया अवयवे तमडन्यतरस्याम् ५.२.४२ इति तमट्*] पन्चान्नब्बेयौं।

पञ्चनाथाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका नाथाः म.प.स.*] पाँच नाथ (देवता) हरू– बद्रीनाथ, द्वारकानाथ, जगन्नाथ, रङ्गनाथ र श्रीनाथ।

पञ्चनियमाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका नियमाः, म.प.स.*] योगशास्त्रमा वर्णित अष्टाङ्योग अन्तर्गत पर्ने नियम पाँच छन्– शौच, सन्तोष, तप, स्वध्याय, ईश्वरप्रणिधान। **शौचसन्तोषतपः स्वाध्यायप्रणिधानानि नियमाः** (यो.सू.२.३२)।

पञ्चनीराजनम् (नपुं.) [*पञ्चसङ्ख्यकैः दीपैः नीराजनम्, म.प.स.*] १. कुनै देवी देवता आदिमा पाँच वस्तु घुमाएर गरिने नीराजन– बत्ती, कमल, वस्त्र पान, आँप २. बत्ती बाली घुमाएर गरिने निराजन।

पञ्चपक्षिणः (पुं.बहु.) [*पञ्चभि अक्षरैः कल्पिता पक्षिणः, म.प.स.*] शुभाशुभ हेर्ने शकुनशास्त्रमा कल्पित अ, इ, उ, ए, ओ, यी पाँच अक्षरका पक्षीहरू।

पञ्चपञ्चाशत् (स्त्री.) [*पञ्च च पञ्चाशच्च, स.द्व. यद्वा पञ्चाधिका पञ्चाशत, म.प.स.*] पचपन्न।

पञ्चपदातिका (स्त्री.) [*पञ्च पदातयो यस्यां सा*] पाँच पैदल भएको सेनाविशेष।

पञ्चपत्रः (पुं.) [*पञ्च पत्राणि यस्य सः, बहु.स.*] बाँकाको बोट।

पञ्चपदी (स्त्री.) [*पञ्चानां पदानां समाहारः, द्विगुस., द्विगोः ४.१.२१ इति ङीप्*] पाँच पाइला।

पञ्चपर्व (नपुं.) [*पञ्चानां पर्वणां समाहारः, द्विगुस.*] पाँच पर्वतिथि– चतुर्दशी, अष्टमी, औंसी, पूर्णिमा र आइतवारे संक्रान्ति।

चतुर्दश्यष्टमी चैव अमावास्या च पूर्णिमा।
पर्वाण्येतानि राजेन्द्र रविसंक्रान्तिरेव च॥

पञ्चपल्लवम् (नपुं.) [*पञ्चानां पल्लवानां समाहारः, द्विगुस.*] पाँचथरी वृक्षका पातको समूह– पिप्पल, डुम्री, पाखरी, आँप र वर। **अश्वत्थोदुम्बरप्लक्षचूतन्यग्रोधपल्लवाः** (ब्र.पु.)।

पञ्चपाण्डवाः (पुं.) [*पञ्चसङ्ख्यका पाण्डवाः, म.प.स.*] युधिष्ठिर, अर्जुन, भीमसेन, नकुल र सहदेव।

पञ्चपात्रम् (नपुं.) [*पञ्चानां पात्राणां समाहारः, द्विगु., पात्राद्यन्तस्य न (वा.) २.४.१७ इति स्त्रीत्वनिषेधः*] १.गिलासको छाँटको पूजा गर्न जल राखिने भाँडोविशेष/पञ्चपात्रो २.[*पञ्च पात्राणि यत्र तत्*] पार्वणश्राद्ध। यसमा पाँच भाँडामा नैवेद्य राखिन्छ। ३.पाँचवटा भाँडाको समूह।

पञ्चपितरः (पुं.बहु.) [*पञ्चसङ्ख्यकाःपितरः, म.प.स.*] पुराण वा स्मृतिअनुसार पाँच किसिमका पिताहरू– जन्मदिने, व्रतबन्ध गर्दिने, ससुरा, अन्नदाता र आपत्‌बाट बचाउने।

जनकश्चोपनेता च यश्च कन्यां प्रयच्छति।
अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः॥ (सुभा.)

पञ्चपित्तम् (नपुं.) [*पञ्चानां पशूनां पित्तम्, ष.त.*] बँदेल, बाखो, राँगो, माछो र मयूर गरी पाँचथरी जनावरको पित्त।

पञ्चप्रदीपः (पुं.) [*पञ्च प्रदीपा यत्र सः, बहु.स.*] पाँच वत्तीको आरति।

कुर्यात् सप्तप्रदीपेन शङ्खघण्टादिवाद्यकैः।
हरेः पञ्चप्रदीपेन बहुशो भक्तितत्परः॥
(प.पु. १०७ अ.र. करवीर)

पञ्चप्रयागाः (पुं.बहु.) [*पञ्चसङ्ख्यकाः प्रयागाः म.प.स.*] चौध प्रयागमध्येका पाँच प्रयाग– भारतको उत्तराखण्डमा पर्ने विष्णुप्रयाग (अलकनन्दा र विष्णुगङ्गाको सङ्गम) नन्दप्रयाग (अलकनन्दा र नन्दाको सङ्गम) कर्णप्रयाग (अलकनन्दा र पिण्डारको सङ्गम) रुद्रप्रयाग (अलकनन्दा र मन्दाकिनीको सङ्गम) देवप्रयाग (अलकनन्दा र भागीरथीको सङ्गम)।

पञ्चप्राणाः (पुं.बहु.) [*पञ्चसङ्ख्यकाः प्राणाः, म.प.स.*] शरीरका अङ्गअङ्गमा रहने पाँचथरी वायुहरू– प्राण, अपान, समान, उदान र व्यान।

पञ्चप्रासादः (पुं.) [*प्रसीदन्ति मनांसि अत्र, अधिकरणे घञ्, उपसर्गस्य दीर्घः, पञ्चचूडान्वितः प्रासादः, म.प.स.*] पाँच शिखर भएको देवताको मन्दिर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्वेष्टरचितं रम्यं पञ्चप्रासादसंयुतम्।
कारयित्वा हरेर्धाम धूतपापो व्रजेद्दिवम्॥ (अ.पु.)

पञ्चबदरीनाथाः (पुं.बहु.) [*पञ्च सङ्ख्यका बदरीनाथाः म.प.स.*] पाँचथरी बदरीनाथ– विशालबदरी (मुख्य बदरीनाथ), योगबदरी (पाण्डुकेश्वर भन्ने ठाउँको), आदिबदरी (कर्णप्रयागबाट एघार माइलमा पर्ने), भविष्यबदरी (जोशीमठबाट आठ माइलमा पर्ने) र ध्यानबदरी (जोशी मठबाट एक माइलमा पर्ने)।

पञ्चबन्धः (पुं.) [*पञ्च बन्धाः यत्र सः, बहु.स.*] चोरेको मालको पाँच भाग बराबर मोल लगाएर गरिने जरिवाना।

पञ्चबलम् (नपुं.) [*पञ्चानां बलानां समाहारः, द्विगुस.*] पाँचथरी बलुको समूह– अतिबला, बला, नागबला, राजबला र महाबला।

पञ्चबुद्धाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका बुद्धाः, म.प.स.*] १.पाँच अलौकिक तान्त्रिक बुद्धहरू– वैरोचन, अक्षोभ्य, अमिताभ, रत्नसम्भव र अमोघसिद्धि २.पुराण प्रसिद्ध पाँच बुद्धहरू– विपस्वी, शिखी, ऋकुच्छन्द, कनकमुनि र काश्यप।

पञ्चभूतम् (नपुं.) [*पञ्चानां भूतानां समाहारः, द्वि.स.*] पृथ्वी, जल, तेज, वायु, आकाश यी पाँच प्राकृतिक तत्त्व।

पञ्चमः (पुं.) [*पञ्चमो भागः, प्रागेकादशभ्यः इति अन् नान्ताद- सङ्ख्यादेर्मट्५.२.४९ इति मट्*] १.पाँचौं २.[*प्रागेकादशेभ्योऽछन्दसि ५.३.४९ इति भागार्थे पूरणप्रत्ययान्तादन्*] पाचौं भाग ३.[*पञ्च पञ्चसङ्ख्याको मः*] मैथुन ४.संगीतका सात स्वरमध्ये पाँचौं स्वर। देवता, पितृ, ऋषि मुनिलाई तृप्त पार्ने स्वर। यो वर्ण आकाशजस्तो श्याम छ। यसको आवाज वसन्तमा बोल्ने कोइलीको जस्तो मानिन्छ। यसको उत्पत्ति स्थान छाती, कण्ठ र शिर हो। नाभिबाट उठेको वायु– छाती हृदय, कण्ठ र शिरमा टक्कराएर पाँचै ठाउँबाट एकै साथ प्रकट हुने हुँदा यसको नाम पञ्चमस्वर रहेको हो। पञ्चमस्वरका देवता सोम हुन्। कहीं-कहीं पञ्चमस्वरको स्थान जिब्रो मानिएको छ र **मन्द्रस्योरसि तूच्यते** भन्ने पाठअनुसार मन्द्रस्वर अर्थात् पञ्चमस्वरको ठाउँ छाती पनि मानिएको छ। पञ्चमस्वरको **प** यस्तो आवाज हुन्छ, यसको कहिल्यै पनि रूप नबदलिने हुँदा यसलाई शुद्ध पञ्चम भनिन्छ।

पञ्चमो रागभेदे स्यात्स्वरभेदे च पञ्चमी।
पाण्डवानां च पत्न्यां स्त्री पञ्चानां पूरणे त्रिषु॥ (मेदिनी.)
पञ्चमो रुचिरे दक्षे पञ्चानामपि पूरणे।
रागभेदे पञ्चमी तु द्रौपद्याम्॥ (हैम.)

पञ्चमकाराः (पुं.बहु.) [*पञ्चगुणिता मकाराः, म.प.स.*] तान्त्रिक साधनामा प्रयोग हुने पाँच तत्त्व– मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन। शक्तिको पूजा गर्नुभन्दा पहिले यी वस्तुको सेवन अनिवार्य मानिएको छ। (महानिर्वाणतन्त्र ५.२२) पञ्चमकारका पनि साधकका कोटिअनुसार तीन भेद छन्– प्रत्यक्षतत्त्व, अनुकल्पतत्त्व र दिव्यतत्त्व। पञ्चमकारको अभिधेय अर्थानुसार बुझिने तत्त्व प्रत्यक्षतत्त्व हो। प्रत्यक्षतत्त्वभित्र गौडी, पैष्टी, माध्वी र मौरेय नामक मद्यलाई समावेश गरिएको छ। यिनमा पनि सुरुका तीन किसिमका मद्यहरू उत्तम कोटिका मानिन्छन्।– (महानिर्वाणतन्त्र ६, १–३) मांस पनि तीन किसिमका हुन्छन्– स्थलमा बस्ने प्राणीहरूको मांस, जलमा बस्ने प्राणीहरूको मांस र आकाशचारी पक्षीहरूको मांस। मत्स्यमा सौंस, पाठीन र रोहितनामक माछाको मासुलाई उत्तम मानिन्छ। मुद्रा तीन किसिमका हुन्छन्– शाली धानको चामलबाट बनेको मुद्रा र जौ, गहुँ आदिको पिठोबाट बनेको मुद्रालाई उत्तम मानिन्छ। अन्य धानका चामलका पिठाबाट बनेको मुद्रालाई मध्यम र चामलभन्दा भिन्न वस्तुबाट तयार भएको मुद्रालाई अधम मानिन्छ। योगीको मुद्रा र पञ्चतत्त्वको मुद्रासँग यो मुद्राको सम्बन्ध छैन। पाँचौं तत्त्व मैथुन हो। यसका लागि तीन किसिमका शक्ति अपेक्षित हुन्छन्– स्वकीया (आफ्नी पत्नी), परकीया (अर्काकी पत्नी) र सामान्या (सबैकी साझा अर्थात् वेश्या)। यी वस्तुको अभावमा अन्य वस्तुको उपभोग गर्नु अनुकल्प तत्त्व हो। जस्तो मद्यको ठाउँमा दुध, घिउ, मह आदि, मासुको सट्टा गहुँ, लसुन आदि, माछाको सट्टा मसुरो, मुद्राको सट्टा धान, चामल, गहुँ आदि अन्न र मैथुनको सट्टा हातले बनाएको कच्छपमुद्राको उपयोग। तत्त्वको अर्को प्रकार दिव्य तत्त्व हो। यसमा पञ्चमकार अन्तर्गत मद्य भन्नाले ब्रह्मरन्ध्रबाट निक्लिएको अमृत, मत्स्य भन्नाले इडा, पिङ्गला आदिबाट प्रभावित हुने स्वास, मुद्रा भन्नाले कुसङ्गतको त्याग र सत्सङ्गको ग्रहण, मैथुन भन्नाले मूलाधारमा रहेको कुण्डलिनीको सहस्रारमा विद्यमान शिवका साथ समागम भन्ने बुझिन्छ।

पञ्चमहापातकम् (नपुं.) [*पञ्चानां महापातकानां समाहारः, द्वि.स.*] स्मृतिअनुसार पाँच ठुला पापहरू– ब्रह्महत्या, सुरापान, चोरी, गुरुपत्नीमा गमन र उक्त चार पाप गर्नेका साथ संसर्ग।

पञ्चमहाभूतम् (नपुं.) [*पञ्चानां महाभूतानां समाहारः, द्वि.स.*] पृथ्वी, जल, तेज, वायु, आकाश, यी पाँच तत्त्व वा वस्तु। योगशास्त्रमा यसका पाँच अवस्था वर्णित छन्– **स्थूलावस्था–** हामीले इन्द्रियहरूद्वारा प्रत्यक्षरूपमा अनुभव गरिने शब्द, स्पर्श, रूप, रस, गन्ध, यी पाँच विषयहरू, **स्वरूपावस्था–** पञ्चमहाभूतको जुन लक्षण छ, त्यो नै पञ्चमहाभूतको स्वरूपावस्था हो, जस्तै पृथ्वीको मूर्ति, जलको– चिसोपन, तेजको– तातोपन वा उज्यालोपन, वायुको– गति, आकाशको– शून्य अवस्था वा अवकाश। **सूक्ष्मावस्था–** पञ्चमहाभूतको जुन कारणावस्था छ, जसलाई तन्मात्रा र सूक्ष्म तन्मात्रा पनि भनिन्छ त्यही नै सूक्ष्मावस्था हो। जस्तै– पृथ्वीको गन्धतन्मात्रा, जलको– रसतन्मात्रा, तेजको– रूपतन्मात्रा, वायुको–स्पर्शतन्मात्रा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशको— शब्द तन्मात्रा। **अन्वयावस्था—** पञ्चमहाभूतमा जुन तीन गुणको स्वभाव अर्थात् प्रकार, क्रिया, स्थिति व्याप्त छ, त्यो यसको अन्वयावस्था हो। **अर्थतत्त्वावस्था—** पञ्चमहाभूतको भोग र अपवर्ग नै अर्थतत्त्वावस्था हो। पञ्चमहाभूत वा पञ्चतत्त्वका पाँच प्रकृति— **पृथ्वीका—** हाड, मासु, छाला, नसा र रौँ, **जलका—** वीर्य, पित्त, पसिना, रगत र र्‍याल, **तेजका—** भोक, कान्ति, निद्रा, आलस्य र हाई, **वायुका—** उत्क्षेपण (उचाल्नु) अवक्षेपण (ओराल्नु), खुम्च्याउनु, पसार्नु र हिँड्नु तथा **आकाशका—** काम, क्रोध, लोभ, मद, मोह आदि।

पञ्चमहायज्ञाः (पुं.बहु.) [*पञ्चगुणिता महायज्ञाः, म.प.स.*] स्मृति, गृह्यसूत्र आदिमा उल्लेख भएअनुसार द्विजातिले प्रतिदिन गर्नु पर्ने पाँच यज्ञहरू— ब्रह्मयज्ञ (अध्ययन), देवयज्ञ (नित्य होम), मनुष्ययज्ञ (अतिथिसेवा), भूतयज्ञ (वलिवैश्वदेव) र पितृयज्ञ (नित्य तर्पण)।

वलिकर्म स्वधाहोमस्वाध्यायातिथिसत्क्रियाः।
भूतपित्रमरब्रह्म मनुष्याणां महामखाः॥ (या.स्मृ.)

पञ्चमहाव्याधयः (पुं.बहु.) [*पञ्चसङ्ख्यका महाव्याधयः,म.प.स.*] पाँच ठुला बिमारीहरू— क्यान्सर, क्षय, कुष्ठ, प्रमेह र मानसिक।

पञ्चमहाव्रतम् (न.) [*पञ्चानां महाव्रतानां समाहारः, द्विगुस.*] योगशास्त्रमा प्रतिपादित पाँच ठुला व्रतहरू— अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह।

पञ्चमहाशब्दाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका महाशब्दाः, म.प.स. कर्म.स.*] पाँचथरी बाजाको आवाज— नरसिङ्गा, खैँजडी, शङ्ख, दमाहा र विजयघण्टा।

पञ्चमाङ्गम् (नपुं.) [*पञ्चमञ्च तदङ्गञ्च, कर्म.स.*] १.राज्य चलाउन आवश्यक पर्ने पाँचौ अङ्ग। शत्रुको राज्यमा उपद्रव मचाउन र त्यहाँको भेद लिनका लागि तयार गरिएको दल २.शिर।

पञ्चमारः (पुं.) बलरामको एक छोरा।

पञ्चमाषकः (पुं.) [*पञ्च माषा यत्र सः, बहु.स.*] पाँच मासा सुन जरिवाना गरिने प्राचीनकालको एक दण्डव्यवथा।

पञ्चमास्यः (पुं.) [*पञ्चमो रागो स्वरो वा आस्येऽस्य*] कोइली।

पञ्चमाहिषम् (नपुं.) [*पञ्चानां माहिषाणां समाहारः, द्विगुस.*] सुश्रुतअनुसार भैंसीका पाँच पदार्थ— मूत, गोबर, दही, दुध र घिउ।

पञ्चमी (स्त्री.) [*पञ्चानां कलानां पूरणी (आपूरणं क्षयो वा) तस्य पूरणे डट् ५.२.४८ इति डट्। नान्तादसङ्ख्यादेर्मद् ५.२.४९ इति मद्, ङीप्*] १.शुक्ल वा कृष्ण पक्षको पाँचौ तिथि २.व्याकरणको पाचौँ विभक्ति, ३.[*पञ्चानां पाण्डवानामियम्*] द्रौपदी ४.रागिनीविशेष ५.खेलविशेषको थर्की ६.पाचौं ।

पञ्चमुखः (वि.) [*पञ्चं विस्तृतं मुखं यस्य सः, बहु.स.*] १.सिंह २.[*पञ्च मुखानि यस्य सः, बहु.स.*] शिव ३.पञ्चमुखी रुद्राक्ष।

पञ्चमुखी (पुं.) [*पञ्चमुखमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.असुरो २.बाह्रमासेको फूल ३.पाँच मुख भएको रुद्राक्ष। यसलाई योगीहरूले गलामा लगाएका हुन्छन्। जपका निमित्त यस रुद्राक्षको ठुलो महत्त्व छ। ४.(स्त्री.) [*पञ्चं विस्तृतं मुखं यस्याः सा, बहु.स., स्वाङ्गाच्चोपसर्जनादसंयागोपधात् ४.१.५४ इति ङीष्*] सिंहिनी ५.(स्त्री.) [*पञ्चमुखस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ ङीष् यद्वा महिषासुरादिदानवानां रक्तपानाय पञ्चं विस्तृतं मुखं यस्याः सा, बहु.स. पूर्ववत् ४.१.५४ इति ङीष्*] पार्वती।

पञ्चमुद्राः (स्त्री.बहु.) [*पञ्चसङ्ख्यकाः मुद्राः म.प.स.*] १.देवपूजामा देखाउनु पर्ने हस्तक्रियाका पाँचथरी मुद्राहरू— आवाहनी, स्थापनी, सन्निधापनी, सन्निरोधिनी र सम्मुखीकरणी २.महाविद्या।

पञ्चमूलम् (नपुं.) [*पञ्चानां मूलानां समाहारः, द्विगुस.*] पाँच थरी जडीबुटीको समूह। यसका लघुपञ्चमूल र बृहत्पञ्चमूल गरी दुई भेद छन्— **लघुपञ्चमूल—** वनगहते, सतिबयर, विही, कण्टकारी र गोखुर। **बृहत्पञ्चमूल—** बेल, खमारी, पाडरी, गिनेरी र टटेलो।

शालपर्णी पृष्ठपर्णी वार्ताकी कष्टकारिका।
गोक्षुरः पञ्चभिश्चैतैः कनिष्ठं पञ्चमूलकम्॥
श्रीफलः सर्वतोभद्रा पाटली गणकारिका।
स्योनाकः पञ्चभिश्चैतैः पञ्चमूलं महन्मतम्॥ (अ.नि.)

पञ्चयमाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका यमाः, म.प.स.*] योगशास्त्रमा प्रतिपादित पाँच यमहरू— अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह (योगदर्शन २.३.३१)।

पञ्चयोनि (नपुं.) [*पञ्चानां योनीनां समाहारः, द्विगुस.*] वृक्षका जरा, बोक्रा, पात, फूल, फल यी पाँचको समूह। यी वस्तुबाट जुन गन्धचूर्ण बनाइन्छ त्यसलाई पञ्चयोनिजनित गन्ध भनिन्छ। अथवा मन्दार, पारिजात, सन्तान, कल्पवृक्ष र हरिचन्दन नामका देव वृक्षहरूको समूह। **पञ्चयोनिसमुत्थानि गन्धचूर्णान्यनेकशः** (ह.वं. वि. ५०.६७)।

पञ्चरत्नम् (नपुं.) [*पञ्चानां रत्नानां समाहारः, द्वि.स., संज्ञायान्तु न द्विगुः*] १.पाँच प्रकारका रत्न— नीर, हीरा, पद्मराग मणि, मोती र मुगा २.पाँच प्रकारका प्रसिद्ध धातुहरूको समुदाय— सुन, चाँदी, तामा, फलाम र पित्तल।

पञ्चरश्मिः (पुं.) [*पञ्च रश्मयो यत्र सः, बहु.स.*] १.प्रणव/ओङ्कार २.स्वयम्भू पुराणअनुसार शून्य महाशून्य निरञ्जन निराकार भएको बखतमा एक ॐ कारको उत्पत्ति भयो। ॐ कारबाट पञ्चरश्मि निस्क्यो, पञ्चरश्मिबाट पञ्चबीजाक्षर प्रकट भए। ती पञ्च बीजाक्षर यी हुन्— **ॐ हुं त्रां ह्री, खं।** **ॐ**बाट वैलोचन, **हुं**बाट अक्षोभ्य, **त्रां**बाट रत्नसम्भव, **ह्रीं**बाट अमिताभ र **खं**बाट अमोघसिद्धि प्रकट भए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चरात्रम् (न.) [*पञ्चानां रात्रीणां समाहारः, द्वि.स.*] १.पाँच रातको समूह वा समय २.[*पञ्च रात्रयो यस्मिन् तत्, बहु.स.*] पाँच दिनमा पूर्ण हुने यज्ञविशेष ३.[*प्रस्ताविताः पञ्च रात्रयो यस्मिन् तत्*] महाकवि भासद्वारा रचित तीन अङ्कको एक नाटक (समवकार)। यो नाटक महाभारतको विराट पर्वमा वर्णित कथानकमा आधारित छ। मूल कथानकमा नाटककारले निकै परिवर्तन गरेका छन्। युधिष्ठिर, विराट, शकुनि, द्रोणाचार्य, भीमसेन आदि यसका मुख्य पात्र छन्। पाँच रातभित्र पाण्डवहरू उपस्थित भएमा द्रोणाचार्यको प्रस्ताव मान्य हुने शकुनिको प्रस्तावको आधारमा यसको नाम पञ्चरात्र रहेको हो। भरतवाक्यबाट समाप्त हुने यो नाटक अभिनयको दृष्टिकोणले उपयोगी छ।

पञ्चराशिकम् (नपुं.) [*पञ्च पञ्चमो राशिर्ज्ञायते यत्र तत्, बहु.स.*] चार ज्ञात राशिद्वारा पाँचौं अज्ञात राशि पत्ता लाग्ने गणितको एक प्रक्रिया।

पञ्चलक्षणम् (नपुं.) [*पञ्च लक्षणानि यत्र तत्, बहु. स.*] पुराण। यसमा मुख्य रूपमा सर्ग (सृष्टि) प्रतिसर्ग (प्रलय) वंश, मन्वन्तर र वंश विस्तारको वर्णन गरिएको हुन्छ। यिनै पाँच लक्षणले युक्त रचनालई पुराण भनिएको छ।

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च।
वंशानुचरितञ्चैव पुराणं पञ्चलक्षणम्॥ (वराहपु. २.४)

पञ्चलवणम् (नपुं.) [*पञ्चानां लवणानां समाहारः, द्वि.स.*] पाँचथरी नुन।

पञ्चलोकपालाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका लोकपालाः, म.प.स.*] पाँच देवताहरू— गणेश, दुर्गा, वायु, अश्विनीकुमार— दुई।

पञ्चलौहम् (नपुं.) [*पञ्चानां लौहानां समाहारः, द्वि.स., सञ्ज्ञायान्तु न द्विगुः*] १.सुन, चाँदी, तामो, राँग र सिसा। यी पाँच धातु २.वज्रलौह, कान्तलौह, पिण्डलौह, क्रौञ्चलौह र सारलौह यी पाँच धातु।

पञ्चवटी (पुं.) १.[*पञ्च वटाः वृक्षा यत्र सा, बहु.स.*] जनस्थानभित्र पर्ने नासिक नजिकको एक ठाउँ २.[*पञ्चानां वटानां समाहारः, द्वि.स.*] पाँचथरी रुखहरूको समूह— पीपल, बेल, बर, अमला र अशोक।

पञ्चवदनः (पुं.) [*पञ्च वदनानि यस्य सः, बहु.स.*] शिव।

पञ्चवर्गः (पुं.) [*पञ्चानां वर्गः, ष.त.*] पाँच कुराको समूह— पञ्चमहाभूत, पञ्चेन्द्रिय, पञ्चमहायज्ञ आदि।

पञ्चवर्णाः (पुं.बहु.) [*पञ्च सङ्ख्यकाः वर्णाः, म.प.स.*] प्रणवका पाँच अक्षर अर्थात् अ, उ, म, नाद, बिन्दु।

पञ्चवल्कलम् (नपुं.) [*पञ्चानां वृक्षाणां वल्कलम्, ष.त.*] वर, पीपल, पाखरी, डुम्री, वेत वा शिरीष यी पाँच वृक्षको बोक्रा।

पञ्चवाणाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका वाणाः म.प.स.*] १.कामदेवका पाँचथरी वाणहरू— उन्मादन, तापन, शोषण, स्तम्भन र सम्मोहन २.कामदेवका पाँचथरी फूलका वाणहरू— अरबिन्द, अशोक, चूत, नवमल्लिका र नीलोत्पल।

उन्मादनस्तापनश्च शोषणः स्तम्भनस्तथा।
सम्मोहनश्च कामस्य पञ्च वाणाः प्रकीर्तिताः॥
अरविन्दमशोकं च चूतं च नवमल्लिका।
नीलोत्पलं च कामस्य पञ्च वाणाः प्रकीर्तिताः॥

पञ्चवाद्यम् (नपुं.) [*पञ्चानां वाद्यानां समाहारः, द्वि.स.*] पन्चेबाजा— सनै, कर्णाल, नरसिंह, ट्याम्पो र दमाहा।

पञ्चवार्षिकः (वि.) [*पञ्चवर्षे भवः*] हरेक पाँचौ वर्षमा हुने वा गरिने।

पञ्चवायवः (पुं.बहु.) [*पञ्चसङ्ख्यका वायवः म.प.स.*] शरीरमा रहने पाँचथरी वायुहरू— **नाग—** डकार निकाल्ने, **कूर्म—** आँखा झिम्क्याउने, **कृकल—** छ्यूँ गर्दा आउने, **देवदत्त—** हाइ गर्दा आउने, **धनञ्जय—** मरेमा पनि शरीरलाई नछोड्ने।

नागः कूर्मोऽथ कृकलो देवदत्तो धनञ्जयः।
उद्गारे नाग आख्यातः कूर्म उन्मीलने स्मृतः॥
कृकलः क्षुतकृज्ज्ञेयो, देवदत्तो विजृम्भणे।
न जहाति मृतं वापि सर्वव्यापी धनञ्जयः॥

पञ्चविंशः (पुं.) [*पञ्चानां विंशतीनां पूरणः, तस्य पूरणे डट्५.२.४८ इति डट्, ति विंशतेर्डिति ६.४.१४२ इति तिलोपः*] पच्चिसौं।

पञ्चविंशतिः (स्त्री.) [*पञ्च च विंशतिश्च, स.द्व., यद्वा पञ्चाधिका विंशतिः, म.प.स.*] पच्चिस।

पञ्चविंशतिका (स्त्री.) पच्चिस कथाहरूको संग्रह, जस्तो— बेतालपच्चिसी।

पञ्चविधः (पुं.वि.) [*पञ्च विधा यत्र सः, बहु.स.*] पाँच किसिमको।

पञ्चविषयाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका विषयाः, म.प.स.*] ज्ञानेन्द्रियले ग्रहण गरिने पाँच चिज। कानले— **शब्द,** आँखाले— **रूप,** नाकले— **गन्ध,** जिभ्राले— **रस** र छालाले—**स्पर्श**। **रूपं शब्दो गन्धरसस्पर्शाश्च विषया अमी। गोचरा इन्द्रियार्थाश्च** (अमर.)।

पञ्चवृत्तयः (स्त्री.) [*पञ्चसङ्ख्यका वृत्तयः म.प.स.*] १.पतञ्जलिको मतमा मनका पाँचवृत्तिहरू— प्रमाण, विपर्यय, विकल्प, निद्रा र स्मृति २.कृत, तद्धित, समास, एकशेष र धातु ३.रुद्रटसम्मत मधुरा, प्रौढा, परुषा, ललिता र भद्रानामक पाँच वृत्ति।

पञ्चशब्दाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका शब्दाः, म.प.स.*] १.पन्चैबाजा २.संस्कृत व्याकरणअनुसार पाँच थरी नियमहरू— सूत्र, वार्तिक, भाष्य, कोश र महाकविहरूले गरेको प्रयोग, ३.पाँचथरी आवाज— वेदध्वनि, वन्दीको ध्वनि, शङ्खध्वनि, जयध्वनि र निशानध्वनि।

पञ्चशरः (पुं.) [*पञ्च शरा यस्य सः, बहु.स.*] कामदेव।

पञ्चशाखः (पुं.) [*पञ्च शाखा इवाङ्गुलयोऽस्य*] हात/पञ्जा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चशिखः (पुं.) [*पञ्च शिखा यस्य सः, बहु.स.*] १.सिंह २.नरसिंह ३.साङ्ख्यदर्शनका प्रचारक आसुरिका एक शिष्य, गुरुकी (आसुरि) पत्नी कपिलाको दुध पिउने गरेकाले यिनलाई कपिलापुत्र पनि भनिन्थ्यो। यिनी सनकादि सात दिव्य पुरुषमध्ये एक हुन्।

पञ्चशीलम् (नपुं.) [*पञ्चानां शीलानां समाहारः, द्विगुस., संज्ञायान्तु न द्विगुः*] १.बौद्ध धर्मानुसार गृहस्थ बौद्ध उपासकहरूले पालन गर्नुपर्ने पाँचवटा शील वा नियमहरू— हिंसा नगर्नु, चोरी नगर्नु, झुटो नबोल्नु, मद्यपान तथा लागूपदार्थ सेवन नगर्नु, ब्रह्मचर्यमा रहनु २.इण्डोनेशिया देशको वाङ्डुङ नामक सहरमा अप्रिल १९५५ सन्मा भएको एशिया र अफ्रिकाका अनेक राष्ट्रहरूको सम्मेलनमा राष्ट्रहरूको पारस्परिक हितका लागि स्वीकार गरिएका यी पाँच मुख्य सिद्धान्त— क्षेत्रीय अक्षुण्णता र सार्वभौमिकताको पारस्परिक सम्मान, पारस्परिक अनाक्रमण, एक अर्काका देशीय समस्याहरूमा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित तथा शान्तिपूर्ण सह— अस्तित्व।

पञ्चषष्टिः (स्त्री.) [*पञ्च च षष्टिश्च, द्व.स. यद्वा पञ्चाधिका षष्टिः, त.स.*] पैँसाठ्ठी।

पञ्चषष्टितमः (पुं.वि.) [*पञ्चषष्टेः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, सङ्ख्याया अवयवे तमडन्तरस्याम् ५.२.४२ इति तमट्*] पैँसाठ्ठियौँ।

पञ्चषाः (पुं.ब) [*पञ्च षड् वा बहुव्रीहौ सङ्ख्यये ५.४.७३ इति डच्, टिलोपः*] पाँच अथवा छ।

असङ्ख्याः परदोषज्ञा गुणज्ञा अपि केचन।
स्वयमेव स्वदोषज्ञा विद्यन्ते यदि पञ्चषाः॥ (सुभा.)

पञ्चसन्धयः (पुं.ब.) [*पञ्चसङ्ख्यकाः सन्धयः, म.प.स.*] १.व्याकरणमा प्रतिपादित पाँच थरी सन्धिहरू— स्वरसन्धि, व्यञ्जनसन्धि, विसर्गसन्धि, स्वादिसन्धि र प्रकृतिभाव २.साहित्यशास्त्रमा वर्णित प्रसिद्ध पञ्चसन्धिहरू— मुख, प्रतिमुख, गर्भ विमर्ष र उपसंहृति।

पञ्चसप्ततिः (स्त्री.) [*पञ्च च सप्ततिश्च, स.द्व, यद्वा पञ्चाधिका सप्ततिः, म.प.स.*] पचहत्तर।

पञ्चसप्ततितमः (पुं.वि.) [*पञ्चसप्ततेः पूरणः, विंशत्यादिभ्यः ५.४.४८ इति तमट्*] पचहत्तरौँ।

पञ्चसरोवराः (पुं.बहु.) [*पञ्चसङ्ख्यका सरोवराः, म.प.स.*] १.बिन्दु सरोवर (सिद्धपुर) २.नारायणसरोवर (कच्छ) ३.पम्पासरोवर (मैसूरराज्य) ४.पुष्करसरोवर (राजस्थान) मानससरोवर (तिब्बत)।

पञ्चसिद्धौषधयः (स्त्री.बहु.) [*पञ्चसङ्ख्यका सिद्धौषधयः, म.प.स.*] तेलियाकन्द, शालमिस्त्री, रानीगिठा, सर्पको काफल र रुदिलो।

तैलकन्दसुधाकन्दक्रोडकन्दरुदन्तिकाः।
सर्पनेत्रयुताः पञ्च सिद्धौषधिकसंज्ञकाः॥ (राजनिघण्ट)

पञ्चसुगन्धाः (पुं.बहु.) [*पञ्चसङ्ख्यकाः सुगन्धाः, म.प..स.*] पाँचथरी बासना आउने वस्तुहरू— कपूर, कङ्कोल, ल्वाङ, सुपारी र जाइफल।

कर्पूरकङ्कोललवङ्गपुष्पगुवाकजातीफलपञ्चकेन।
समांशभागेन च योजितेन मनोहरं पञ्चसुगन्धकं स्यात्॥

पञ्चस्कन्धाः (पुं.) [*पञ्चसङ्ख्यकाः स्कन्धाः म.प.स.*] बौद्ध दर्शनमा समस्त पदार्थलाई पाँच स्कन्धमा बाडिएको छ— रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध र विज्ञानस्कन्ध। यी स्कन्ध नै पुनर्जन्मका कारण हुन् र यिनीहरूको पूर्णतया नाश भयो भने निर्वाण प्राप्त हुन्छ।

पञ्चस्नानम् (नपुं.) [*पञ्चानामवयवानां स्नानम्, ष.त.*] दुई हात, दुई गोडा र टाउको समेत पाँच अङ्ग पखाल्ने काम।

पञ्चस्नेहाः (पुं.बहु.) [*पञ्चसङ्ख्यका स्नेहाः, म.प.स.*] पाँचथरी चिल्ला वस्तुहरू— घिउ, तेल, बोसो, मासी र मैन।

पञ्चस्वेदाः (पुं.बहु.) [*पञ्चसङ्ख्यकाः स्वेदाः, म.प.स.*] आयुर्वेदअनुसार पाँचथरी स्वेदहरू— लोष्टस्वेद, बालुवास्वेद, वाष्पस्वेद, घटस्वेद र ज्वालास्वेद।

पञ्चाङ्गम् (नपुं.) [*पञ्च अङ्गानि यस्मिन् तत्, बहु.स.*] १.पाँच अङ्ग भएको वस्तु वा समूह, जस्तै— रुखका जरा, बोक्रा, पात, फूल र फल २.गते, बार, तिथि, नक्षत्र र करणको विवरण लेखिएको पञ्जिका/पात्रो।

पञ्चाङ्गुलः (पुं.) [*पञ्चाङ्गुल्यो यस्य सः, बहु.स., तत्पुरुषस्याङ्गुलेः सङ्ख्याव्ययादेः ५.४.८६ इत्यच्*] १.अँडिर २.पाँचऔँले औषधिविशेष ३.पाँच औला भएको व्यक्ति।

पञ्चाङ्गुल्यः (स्त्री. बहु.) [*पञ्चसङ्ख्यका अङ्गुल्यः, म.प.स.*] पाँच औँलाहरू- १.अङ्गुष्ठः— बुढी औलो २.प्रदेशिनी— चोर औँलो ३.मध्यमा— माझी औँलो ४.अनामिका— साहिंली औँला ५.कनिष्ठा— कान्छी औँलो।

अङ्गुल्यः करशाखाः स्युः पुंस्यङ्गुष्ठः प्रदेशिनी।
मध्यमाऽनामिका चापि कनिष्ठा चेति ताः क्रमात्॥
(अमर.)

पञ्चाननः (पुं.) [*पञ्च पञ्चसङ्ख्याकम् अन्यत्र विस्तृतम् आननं यस्य सः, बहु.स.*] १.शिव २.सिंह।

कान्तारान्तरसञ्चरिष्णुरधुना पञ्चाननो वर्तते (सुभा.)।
पञ्चाननः शिवे पुंसि सिंहे त्वेष प्रकीर्तितः (वाङ्म.)।

पञ्चामृतम् (नपुं.) [*पञ्चानाममृतानां समाहारः, द्विगुस.*] दुध, दही, घिउ, मह, चिनीको मिसावटबाट बनेको पवित्र तरल पदार्थ।

दुग्धमाज्यं दधि क्षीरं माक्षिकं शर्करान्वितम्।
एकत्र मिलितं ज्ञेयं दिव्यं पञ्चामृतं परम्॥ (धन्वन्तरि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चायतनम् (नपुं.) [*पञ्चानां देवानां आयतनानां मध्येशानादिक्रमेण स्थितानां वसतीनां समाहारः, द्विगुस., पञ्चायतनीत्यपि प्रयोगः*], ष.त.] आर्यहरूका पाँच देवताहरूको समुदाय, जस्तै— गणेश, सूर्य, देवी, शिव र विष्णु। **~देवताः** (स्त्री./बहु.) तन्त्र वा पुराणअनुसारका प्रसिद्ध पाँच देवताहरू/पञ्चायतन देवता। यसमा इष्ट देवतालाई माझमा राखी पूजा गरिने हुँदा तदनुसार शिवपञ्चायतन, सूर्यपञ्चायतन, देवीपञ्चायतन, विष्णु-पञ्चायतन, गणेशपाञ्चायतन भनिन्छ। देवता राख्ने क्रम जस्तै— गणेशपञ्चायतनमा बिचमा गणेश, ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा सूर्य र वायव्यमा देवी राखिन्छ—

हेरम्बं तु यदा मध्ये ऐशान्यामच्युतं यजेत्।
आग्नेय्यां पञ्चवक्त्रं तु नैर्ऋत्यां द्युमणिं यजेत्।
वायव्यामम्बिकां चैव यजेन्नित्यमतन्द्रितः॥

शिवपञ्चायतनमा माझमा शिव, ईशानमा विष्णु, आग्नेयमा सूर्य, नैर्ऋत्यमा गणेश र वायव्यमा देवी राखिन्छ—

यदा तु शङ्करं मध्ये ऐशान्यां श्रीपतिं यजेत्।
आग्नेय्यां च तथा हंसं नैर्ऋत्यां पार्वतीसुतम्॥
वायव्यां च सदा पूज्या भवानी भक्तवत्सला॥

विष्णुपञ्चायतनमा माझमा विष्णु, ईशानमा शिव, आग्नेयमा गणेश, नैर्ऋत्यमा सूर्य र वायव्यमा अम्बिका राखिन्छ—

यदा तु मध्ये गोविन्दमीशान्यां शङ्करं यजेत्।
आग्नेय्यां गणनाथं च नैर्ऋत्यां तपनं तथा।
वायव्यामम्बिकां चैव यजेन्नित्यं समाहितः॥

देवीपञ्चायतनमा माझमा भवानी, ईशानमा विष्णु, आग्नेयमा शिव, नैर्ऋत्यमा गणेश र वायव्यमा सूर्य राखिन्छ—

भवानीं तु यदा मध्ये ऐशान्यां माधवं यजेत्
आग्नेय्यां पार्वतीनाथं नैर्ऋत्यां गणनायकम्।
प्रद्योतनं तु वायव्यामाचार्यस्तु प्रपूजयेत्।

सूर्य पाञ्चायतनमा माझमा सूर्य, ईशानमा शिव, आग्नेयमा गणेश, नैर्ऋत्यमा विष्णु र वायव्यमा देवी राखिन्छ—

सहस्रांशुर्यदा मध्ये ऐशान्यां पार्वतीपतिम्।
आग्नेय्यामेकदन्तं च नैर्ऋत्यामच्युतं तथा॥
वायव्यां पूजयेद्देवीं भोगमोक्षैकभूमिकाम् (आ.सू.)।

पञ्चालः (पुं.) [*पञ्चति विस्तृतो भवति, पचि विस्तारे, इति धातोः, तमिविशिबिडिमृणिकुलिकपिपलिपञ्चिभ्यः कालन् (उ.१२३), इति सूत्रेण कालन्*] देशविशेष।

पञ्चालिका (स्त्री.) १.[*पञ्च अलयो यस्याः सा, बहु.स*] द्रौपदी २.[*पञ्चभिर्वर्णैः अलति शोभते, अल भूषणे इति धातोः पचाद्यच्,ततः स्वार्थे कन्, टाप्, इत्वम्*] पुतली।

पञ्चावस्थाः (स्त्री.बहु.) [*पञ्चसङ्ख्यका अवस्थाः, म.प.स.*] मानिसका पाँच अवस्था हुन्छन्— जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय, तुरीयातीत (मण्डलब्राह्मणोपनिषत्)।

पञ्चास्यः (पुं.) १.[*पञ्चं विस्तृतमास्यमस्य, यद्वा मुखं पादाश्च पञ्च आस्यानीव यस्य, युद्धे मुख्यत्वात्*] सिंह २.[*पञ्च मुखानि यस्य सः, बहु.स.*] शिव।

पञ्चीकरणम् (नपुं.) [*अपञ्च पञ्च यथा सम्पद्यते तथा करणम्, च्विः, अतः ईत्वम्*] वेदान्तमा स्थूलभूतको सृष्टि पञ्चीकरण प्रक्रियाबाट हुन्छ भनिएको छ। सूक्ष्म पञ्चमहाभूतलाई भागविशेषले मिसाउने काम पञ्चीकरण हो। अर्थात् आकाशादि सूक्ष्म पञ्च तत्त्वमा प्रत्येकलाई दुई भाग लगाउने। पुनः दोस्रा भागलाई ४।४ भाग लगाउने। ती मध्ये प्रत्येकबाट १।१ भाग लिई पहिलो आधामा मिसाउदा क्रमशः पृथिव्यादि पञ्चीकरण हुन्छ।

द्विधा विधाय चैकैकं चतुर्धा विभजेत्पुनः।
स्वस्वेतरद्वितीयांशैर्योजनात् पञ्च पञ्च ते॥ (वेदान्तसार)

पञ्चेन्द्रियम् (नपुं.) [*पञ्चानामिन्द्रियाणां समाहारः, द्विगुस.*] १.पञ्च ज्ञानेन्द्रियको समूह, जस्तै— आँखा, कान, जिब्रो, नाक र छाला २.पञ्च कर्मेन्द्रियको समूह, जस्तै हात, पाउ, मुख, गुदा र लिङ्ग।

पञ्चेषुः (पुं.) [*पञ्च इषवो वाणा यस्य सः, बहु.स.*] कामदेव।

सम्मोहनोदन्मादनौ च शोषणस्तापनस्तथा।
स्तम्भनश्चेति कामस्य पञ्च वाणाः प्रकीर्तिताः॥
अरविन्दमशोकञ्च चूतञ्च नवमल्लिका।
नीलोत्पलञ्च पञ्चैते पञ्च वाणस्य सायकाः॥

पञ्चोपचारः (पुं.) [*पञ्चसङ्ख्यक उपचारः, म.प.स.*] गन्ध, पुष्प, धूप, दीप र नैवेद्य यी पाँच प्रकारका पूजाका सामान।

गन्धपुष्पे धूपदीपौ नैवेद्यं पञ्च ते क्रमात् (आ.सू.)। जावालिमते—

ध्यानमावाहनञ्चैव भक्त्या यच्च निवेदनम्।
नीराजनं प्रणामश्च पञ्च पूजोपचारकाः॥

पट (धा.) [*गतौ, भ्वा.सक.सेट्, पर.*] जानु। लट्— **पटति—** जान्छ। लिट्— **पपाट—** गएछ इत्यादि।

पट (धा.) [*ग्रन्थे, चुरा.सक.सेट्, उभ.*] गाँस्नु, भाग लगाउनु। लट्— **पटयति-ते—** गाँस्छ, भाग लगाउँछ। लिट्— **पटयाञ्चकार-चक्रे—** गाँसेछ, भाग लगाएछ इत्यादि।

पटः (पुं.) [*पटति, पट गतौ इति धातोः, पट विस्तारे इति धातोर्वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा— पट्यतेऽनेन, पट भासने इति धातोः, खनो घ च ३.३.१२५ इति घः, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः*] १.असल खालको लुगा २.वृक्षविशेष। **पटश्चित्रपटे वस्त्रेऽस्त्री, प्रियालद्रुमे पुमान्** (मेदिनी.)।

पटकुटी (स्त्री.) [*पटनिर्मिता कुटी, म.प.स.*] पाल/लुगाले बनाएको घर।

पटचौरः (पुं.) [*पटानां जीवनोपयोगिवस्तूनां चौरः, ष.त.*] चोर।

पटच्चरम् (नपुं.) [*पटति, पट गतौ इति धातोः, बाहुलकादत्, भूतपूर्वे चरट् ५.३.५३ इति चरट्, यद्वा— पटत् इत्यव्यक्तं शब्दं चरति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करोति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा– पट इवाचरति, सर्वप्रातिपदिकेभ्यः क्विप् वा (वा.) ३.१.११ इति क्विप्, शत्रन्ताच्चरट् ५.३.५३] पुरानो वस्त्र।

पटलप्रान्तम् (नपुं.) [पटलस्य प्रान्तम्, ष.त.] छानाको अग्रभाग।

पटलम् (नपुं.) [पटं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः] १.छानो २.परिवार ३.सञ्चय ४.समूह ५.आँखाको रोग/दृष्टिको अवरोधक तत्त्व/मोतीविन्दु।

प्रथमे पटले दोषो यस्य दृष्ट्यां व्यवस्थितः।
अव्यक्तानि सरूपाणि कदाचिदथ पश्यति॥ (माधव)

६.[पाटयति दीप्यते यः सः] १.ग्रन्थ २.वृक्षविशेष ३.डाँठ।

पटवासकः (पुं.) [पटो वास्यतेऽनेन, वास उपसेवायामिति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.१८ इति घः, स्वार्थे कन्] सिन्दूर।

पटहः (पुं/नपुं.) [पटेन हन्यते, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, पटत् इति शब्दं जहाति, ओहाक् त्यागे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति को वा] १.दमाहा २.नगरा/बाजाविशेष। **पटहो ना समारम्भे आनके पुंनपुंसकम्** (मेदिनी.)। **अस्त्रीति पूर्वान्वयि। उपवासं गृहं देहं लोहं पटहमित्यपि** (पुंनपुंसकाधिकार, चन्द्रगोमि)।

पटीरः (पुं.) [सुगन्धेन स्वं पाटयति ज्ञापयति, कृशॄपॄकटिपटिशौटिभ्य ईरन् (उ.) ४७० इति ईरन्] चन्दन।

पटुः (पुं.वि.) [पाटयति ज्ञापयति सदसत्पदार्थान्, पट गतौ इति धातोः, फलिपाटिनमिमनिजरां गुक्पटिनाकिधतश्च (उ.१८) इति सूत्रेण उः, पाटे पटिश्च] १.चतुर २.निरोगी ३.मधुर।

कुम्भपूरणभवः पटुरुच्चैरुच्चचार निनदोऽम्भसि तस्याः। (रघु.९.७३) ४.(पुं.) परवल। **पटुर्दक्षे च नीरोगे चतुरेऽप्यभिधेयवत्। पटोले तु पुमान् क्लीबे छत्त्रालवणयोरपि** (मेदिनी.)।

पटुपर्णी (स्त्री.) [पटूनि पर्णान्यस्याः, पाककर्ण– ४.१.६४ इति ङीष्] काँडे थाकल।

पटोलः (पुं.) [पटतीति, पट गतौ इति धातोः, अन्तर्भावितण्यर्थो वा, कपिगडिगण्डि– (उ.६६) इत्योलच्] १.परबर। यसलाई बुझाउन संस्कृतमा कुलकः, तिक्तः पाण्डुकः, राजीफलः, पाण्डुफलः आदि नामहरू दिइएका छन्। यो वीर्यवर्द्धक, अग्निदीपक र त्रिदोषनाशक हुन्छ। यसको सेवन गर्नाले ज्वरो, खोकी, रक्तविकार आदि रोग पनि निको हुन्छ। परबलको डाँठले कफ नाश गर्छ, पातले पित्त हरण गर्छ। फलले तीनैथरी दोषको हरण हुन्छ। जराले पेट सफा गर्छ।

पटोलस्य भवेन्मूलं विरेचनकरं सुखात्।
नालं श्लेष्महरं पत्रं पित्तहारि फलं पुनः॥
दोषत्रयहरं प्रोक्तं तद्वतिका पटोलिका (भा.प्र.नि.)।

२.(नपुं.) लुगाविशेष।

पटोलं वस्त्रभेदे, नौषधौ ज्यौत्स्न्यां तु योषिति (मेदिनी.)।

पटोलिका (स्त्री.) [पटतीति, पट गतौ इति धातोः, कपिगडिगण्डि– (उ.) ६६ इत्योलच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, स्वार्थे कन् १.३.७५, टाप् ४.१.४, ह्रस्वः] १.चिचिन्डो २.परबरको एक प्रकार।

पट्टशाकः (पुं.) पटुवा साग। कैयौँ क्षेत्रमा यो जङ्गलमा पनि आफैँ उम्रन्छ।

पट्टिकाख्यः (पुं.) [पट्टिका आख्या यस्य सः, बहु.स.] लोधको वृक्ष।

पट्टिशः (पुं.) [पटधातोर्बाहुलकात् टिशच्] बन्चरो आकारको अस्त्रविशेष। **परशुः पट्टिशो नाम स एव च परश्वधः** (भरत)

पट्टी (स्त्री.) [पट्टोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः, यद्वा– पट्टिशब्दात् क्तिजन्तान्ङीष् (ग. ४.१.४५)] १.डुनो २.लोधको वृक्ष ३.निधारमा लगाइने गहनाविशेष।

पठ (धा.) [व्यक्तायां वाचि, भ्वा.सक.सेट्., पर.] पढ्नु। लट्– **पठति**– पढ्छ। लिट्– **पपाठ**– पढेछ (अन.)। लुट्– **पठिता**– पढ्ने छ (अन.)। लृट्– **पठिष्यति**– पढ्ने छ। लोट्– **पठतु**– पढोस्। लङ्– **अपठत्**– पढ्यो (अन.)। विधिलिङ्– **पठेत्**– पढ्ला, पढोस्। आशीर्लिङ्– **पठ्यात्**– पढोस्। लुङ्– **अपाठीत्**– पढ्यो। लृङ्– **अपठिष्यत्**– पढ्ने थियो। कर्मणि– **पठ्यते**– पढिन्छ। णिचि– **पाठयति**– पढाउँछ। सनि– **पिपठिषति**– पढ्न चाहन्छ। कृदन्ते– **पठकः,पाठकः/पाठिका/पाठिता-त्री**– पढ्ने,पढाउने । **पठन्-न्ती**– पढिरहेको/की। **पठितः/तवान्**–पढेको। **पठितव्यम्/पठनीयम्**– पढ्नुपर्ने। **पाठनीयम्**–पढाउनुपर्ने। **पिपठिषा**–पढ्ने इच्छा। **पिपाठयिषा**–पढाउने इच्छा। **पठितुम्**– पढ्न। **पाठयितुम्**– पढाउन। **पठनम्**– पढाइ। **पाठनम्**– पढाउने काम। **पिपठिषुः**– पढ्न खोज्ने। **पिपाठयिषुः**– पढाउन खोज्ने। **पठित्वा/प्रपठ्य**– पढेर। **पाठयित्वा**– पढाएर इत्यादि।

पठकः (पुं.) [पठतीति पठः, पचाद्यच्, ततः स्वार्थे कन्] पढ्ने। **पठकाः पाठकाश्चैव ये चान्ये शास्त्रचिन्तकाः। सर्वे व्यसनिनो मूर्खा यः क्रियावान् स च पण्डितः॥** (म.भा. वनपर्व)

पठनम् (नपुं.) [पठ्धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः] पढ्ने काम/पढाइ/अध्ययन।

पठनपाठनम् (नपुं.) [पठनञ्च पाठनञ्च तयोः समाहारः] पढाउने र पढ्ने काम/लेखपढ/अध्ययन।

पडि (धा.) [गतौ, चुरा.सक.सेट् उभ.] नाश गर्नु। लट्– **पण्डयति-ते**– नाश गर्छ इत्यादि।

पण (धा.) [व्यवहारे, भ्वा.स्तुतौ च, सक.सेट्। व्यवहारार्थे-आत्म.। स्तुतौ पर.] व्यवहार गर्नु, प्रशंसा गर्नु। लट्– **पणते**– व्यवहार गर्छ, **पणयति** प्रशंसा गर्छ इत्यादि।

पणः (पुं.) [पण्यतेऽनेन, पण व्यवहारादौ इति धातोः, नित्यं पणः परिमाणे ३.३.६६ इत्यप्, पुंसि संज्ञायाम् ३.३.११८ इति घः, हलश्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.३.१२१ इति घञ् वा, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः] १.पैसा २.जुवा, पाशा ३.पारिश्रमिक ४.घर ५.धन।

पणो वराटमाने स्यान्मूल्ये कार्षापणे गृहे।
ऋय्यशाकादिके द्यूते व्यवहारे भृतौ धने॥ (विश्व.)

६.[*पण्यते स्तूयते यः*] विष्णु। **ऊर्ध्वगः सत्पथाचारः प्राणदः प्रणवः पणः** (म.भा.१३.१४९.११५)।

पणक्रिया (स्त्री.) [*पणस्य क्रिया, ष.त.*] बाजी लगाउने काम/बाजी थाप्ने काम।

पणबन्धः (पुं.) [*पणस्य बन्धः, ष.त.*] १.बाजी थाप्नु २.प्रतिज्ञा गर्नु/प्रण गर्नु।

पणवः (पुं.) [*पणं व्यवहारं वाति गच्छति, कः ३.२.३*] बाजाविशेष।

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत्॥ (भ.गी.)

पणसः (पुं.) [*पण व्यवहारे स्तुतौ च इति धातोः, अत्यविचमितमिरभिलभिनभितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.४०४) इति असच्प्रत्ययः*] व्यापार गर्ने सम्पत्ति।

पणायितः (पुं.वि.) [*पणाय्यते स्म, पण व्यवहारे स्तुतौ च इति धातोः, आयो वा ३.१.३१, क्त ३.२.१०२*] १.प्रशंसा गरिएको २.व्यापार गरिएको।

पणितः (पुं.वि.) [*पण्यते स्म, पण व्यवहारे स्तुतौ च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रशंसा गरिएको २.व्यापार गरिएको।

पणितव्यम् (नपुं.) [*पण्यते, पण व्यवहारे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] १.बेच्न लायक २.स्तुत्य।

पण्डः (पुं.) [*पणते व्यवहरतीति, पण गतौ, इति धातोः, ञमन्ताड्डः (उ.) ११९ इति डः, पण्डते इति, पडि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यज् वा*] १.पौरोहित्य काम गर्ने व्यक्ति २.नपुंसक।

परिकल्पना (स्त्री.) [*परिकल्प्यते इति, कृपू सामर्थ्ये इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] सम्भावना भएका कुरालाई पहिलेदेखि नै मनमा कल्पना गर्नु/योजना बनाउने काम।

परिकीर्णः (पुं.वि.) [*परिकीर्यते स्म, परिपूर्वकात् कॄ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] चारैतिर फैलिएको/फिँजिएको/घेरिएको।

परिकीर्तनम् (नपुं.) [*परिपूर्वकात् कृती विच्छेदने इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वस्तु वा व्यक्तिको अधिक प्रशंसा गर्नु/बडिबढाइ/बढी प्रशंसा।

परिकेन्द्रम् (नपुं.) [*केन्द्रं परितः, प्रादिस.*] परिधिको घेरा।

परिक्रमः (पुं.) [*परिक्रमणम्, क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेश ७.३.३४ इति वृद्धिनिषेधः*] घुम्ने काम, विहार, प्रदक्षिणा।

परिक्रमा (स्त्री.) [*परिवूर्वकात्, क्रमु पादविच्छेपे इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.१४*] १.चारैतिर रेखदेख गर्ने वा घुम्ने काम २.यात्रा/भ्रमण ३.देवताका मूर्ति, मन्दिर वा पुण्यक्षेत्रका चारैतिर भक्तिपूर्वक घुम्नु/प्रदक्षिणा।

परिक्रीडमानः (पुं.वि.) [*परिक्रीडते इति परिपूर्वकात् क्रीड धातोः, क्रीडोऽनुसंपरिभ्यश्च १.३.२१ इति आत्मनेपदम्, लटः शानच् ३.२.१२४, आने मुक् ७.२.८२ इति मुक्*] क्रीडा गरिरहेको/विहारमा संलग्न। **परिक्रीडस्व सानुषु** (भट्टि ८.१०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिक्रीणानः (पुं.वि.) [*परिक्रीणीते इति परिव्यवेभ्यः क्रियः १.३.१८ इति आत्मनेपदम्, लटः शानच् ३.२.१२४*] उपकारको वदला उपकार गरेर ऋण चुकाइरहेको ।

परिक्रिया (स्त्री.) [*परिकरणम्, कृञः श च ३.३.१०० इति शः, रिङ्शयग्लिङ्क्षु ७.४.२८ इति रिङ्*] १.छोरा–बुहारी— नाति–नातिनी आदिले घेरिने काम २.एकाह यज्ञविशेष । **सद्यःक्रिया अनुक्रिया परिक्रिया वा स्वर्गकामः** (आश्वलायन) ।

परिक्लान्तः (पुं.वि.) [*परितः क्लान्तः, प्रादिस.*] ज्यादै थाकेको/अति थकित ।

परिक्लेदः (पुं.) [*परितः क्लेदः, प्रादिस.*] आर्द्रता ।

परिक्षालनम् (नपुं.) [*परितः क्षालनम्, प्रादिस.*] राम्रोसँग धुनु/ पखाल्नु ।

परिक्षित् (पुं.) [*परितः सर्वतोभावेन क्षीयते हन्यते दुरितं येन, परिपूर्वकात् क्षिधातोः क्विप्, तुक्, संज्ञायां क्तप्रत्यये परिक्षित इत्यपि*] कालियुगको प्रारम्भमा भएका चक्रवर्ती राजा । यिनले धेरै राम्रा कामहरू गरे । अन्त्यमा कलिलाई तह लगाउन खोज्दा त्यसैको प्रतिशोधस्वरूप बुद्धि विग्रिएर अहंभाव जाग्दा मुनिको श्राप परी ६० वर्षको उमेरमा तक्षक नागले डसेर मरे ।

परिक्षिप्तः (पुं.वि.) [*परिक्षिप्यते स्म, परिपूर्वकात् क्षिप प्रेरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.यताउति फ्याँकिएको/फालिएको २.खाडल आदिले घेरिएको ।

परिक्षीणः (पुं.वि.) [*परितः क्षीणः,प्रादिस.*] १.अति दुब्लो २.क्षीण ३.विग्रेको ४.नष्टभ्रष्ट।

परिखा (स्त्री.) [*परितः खाता, यद्वा परितः खन्यते इति, परिपूर्वकात्, खनु अवदारणे इति धातोः, अन्यष्वपि दृश्यत इति वक्तव्यम् (वा.) ३.२.१०२ इति डः, टाप् ४.१.४*] नगर वा किल्लालाई दुर्गम बनाउनका लागि चारैतिर खनिएको खाल्टो ।

परिख्यातः (पुं.वि.) [*परितः ख्यातः, प्रादिस.*] प्रसिद्ध/विख्यात ।

परिगणना (स्त्री.) [*परितो गणना, प्रादिस.*] १.अनुसूची २.गन्ती/गणना/गन्ने काम ।

परिगणनीयः (पुं.वि.) [*परिगणयितुं योग्यः, परिवूर्वकात् गण सङ्ख्याने इति धातोः, तव्यत्तव्यानीयर् ३.१.९६ इत्यनीयरः*] गन्न योग्य/गणना गर्न योग्य ।

परिगणितः (पुं.वि.) [*परितो गणितः*] मुख्यरूपमा गणना गरिएको ।

परिगतः (पुं.वि.) [*परिगच्छति स्म परिपूर्वकाद् गम्धातोः क्तः*] १.प्राप्त २.वेष्टित/बेरिएको ३.ज्ञात ४.बिर्सिएको । ५.गएको । **परिगतं प्राप्ते विस्मृतज्ञानचेष्टिते** (मेदिनी.२०६) ।

परिगहनम् (नपुं.) [*परितो गहनम्, प्रादिस.*] धेरै बाक्लो/घना/अत्यन्त गहन/अति गहिरो ।

परिगृहीतः (पुं.वि.) [*परिगृह्यते स्म, परिपूर्वकात् ग्रह ग्रहणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.विवाह गरिएको २.ग्रहण गरिएको/स्वीकृति पाएको ३.समातिएको ।

परिग्रहः (पुं.) [*परिग्रहणमिति, परिपूर्वकात्, ग्रह ग्रहणे इति धातोः, ग्रहवृद्दनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.ग्रहण गर्नु/लिनु २.स्वीकृति/मन्जुरी ३.घेर्नु/परिवेष्टन ।

परिग्राहकः (पुं.वि.) [*परितो ग्राहकः, प्रादिस.*] १.ग्रहण गर्ने/लिने/ २.स्वीकृति गर्ने ३.धारणा गर्ने ।

परिग्लानः (पुं.वि.) [*परिग्लायतीति, परिपूर्वकात् ग्लै हर्षक्षये इति धातोः, क्तः, संयोगादेरातो धातोर्यण्वतः ८.२.४३ इति तस्य नत्वम्*] अत्यन्त क्षीण भएको/मुर्झाएको ।

परिघः (पुं.) [*परिहन्यतेऽनेन इति परौ घः ३.३.८४ इति करणेऽप्, घादेशश्च*] १.ढोका बन्द गर्ने आग्लो/विरे आग्लो २.भाला ३.वाण ४.योगको नाम । **परिघोऽस्त्री योगभेदे परिघातेऽर्गलेऽपि च** (हैम.) ।

परिघातनम् (नपुं.) [*परितो हननम्, परिपूर्वकात् हन्धातोर्ल्युट्, हनस्तोऽचिण्णलोः इति तः*] चारैतिरबाट हिर्काउने काम ।

परिघातिनः (पुं.) [*परितो घातयत्यनेन*] १.फलामले बेरिएको लट्ठी । **परिघः परिघातिनः** । (अभि.चि.) २.तोप ।

परिघृष्टः (पुं.) [*परितो घृष्टः, प्रादिस.*] बेसरी घोटिएको ।

परिचयः (पुं.) [*परि समन्ताच् चयनं बोधः, परिपूर्वकात् चिञ् चयने इति धतोः, एरच् ३.३.५६ इत्यच्*] राम्ररी जान्ने वा थाहा पाउने काम/जानपहिचान/चिनाजानी/चिनापर्ची । **~पट्टः** (पुं.) [*परिचयस्य पट्टः, ष.त.*] कुनै व्यक्ति, संस्था, पसल आदिको नाम र अरू कुनै विवरण लेखी सार्वजनिक सूचनाका लागि टाँगिएका धातु, काठ आदिको फलेक वा पाता ।

परिचरः (पुं.) [*परितश्चरति, परिपूर्वकात्, चर गतिभक्षणायोः इति धातोः, चरेष्टः ३.२.१६ इति टः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यज् वा*] १.नोकर/सेवक २.मृत्यु ३.रोगीको सेवा शुश्रूषा गर्ने व्यक्ति ४.सरकारी अफिस अड्डाखानामा चिठीपत्र आदि पुऱ्याउने व्यक्ति ।

परिचरणम् (नपुं.) [*परिपूर्वकात् चर गतिभक्षणायोः, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.सेवा २.टहल ।

परिचर्या (स्त्री.) [*परिचरणम्, परिपूर्वकात् चर गतिभक्षणयोः, इति धातोः, परिचर्यापरिसर्यामृगयाटाट्यानामुपसङ्ख्यानम् (वा.) ३.३.१०१ इति शप्रत्ययः, यक्च निपातः, ततष्टाप्*] रोगीको सेवा शुश्रूषा/सेवा–टहल । **परिचर्या तु पर्येष्टिः** (भागुरि) ।

परिचायकः (पुं.वि.) [*परिचायति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कुनै व्यक्ति वा वस्तुको परिचय गराउने ।

परिचाय्यः (पुं.) [*परिचीयते इति*] अग्नि राख्ने स्थान । **अग्नौ परिचाय्योपचाय्यसमूह्याः** ।

परिचारकः (पुं.) [*परिचरति, चर गत्यादौ इति धातोः, ण्वुल्तृचौ ३.१.३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] आर्काको घरमा बसेर काम गर्ने मानिस/नोकर । **नियोज्यः परिचारकः** (अभि.चि.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचालकः (पुं.) [*परिचालयति, परिपूर्वकात् चल गतौ इति धातोः, ण्वुलतृचौ ३.१.१३४ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.व्यवस्थापन गर्ने २.चलाउने/सञ्चालन गर्ने ३.हल्लाउने।

परिचालनम् (नपुं.) [*परिपूर्वकात्, चल गतौ इति धातोः, णिचि, ल्युट् च ३.१.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हल्लाउने काम २.सञ्चालन गर्ने काम ३.व्यवस्थापन।

परिचितः (पुं.) [*परिचीयते स्म, परिपूर्वकात् चिञ् चयने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] जान-पहिचान भएको/चिनापर्ची भएको।

परिचिन्तनम् (नपुं.) [*परिपूर्वकात् चिति संज्ञाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, इदित्वात् नुम्*] सोच्नु/विचार गर्नु/चिन्ता गर्नु/फिक्री गर्नु।

परिचेयः (पुं.) [*परिचेतुं योग्यः, परिपूर्वकात् चिञ् चयते इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] जान्न योग्य/ थाहा पाउन लायक/ परिचय गर्नु पर्ने।

परिच्छदः (पुं.) [*परितः छाद्यतेऽनेन, पुंसि संज्ञायां घः प्रायेण ३.३.१८ इति घः, छादेर्घेऽद्व्युपसर्गस्य ६.४.९६ इति ह्रस्वः*] १.माथिबाट ढाक्ने कपडा/पोसाक। **शाखावसक्तकमनीयपरिच्छदानाम्** (किरा.) २.उपकरण ३.परिवार।

परिच्छिद्रम् (नपुं.) [*परिमितं छिद्रम्, प्रादिस.*] १.सानो प्वाल २.सानो त्रुटि।

खलः सर्षपमात्राणि परिच्छिद्राणि पश्यति।
आत्मनो विल्वमात्राणि पश्यन्नपि न पश्यति॥ (सुभा.)

परिच्छिन्नः (पुं.वि.) [*परिपूर्वकात्, छिदिर् द्वैधीकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँडिएको/विभक्त २.सीमित/ परिमित।

परिच्छेदः (पुं.) १.[*परिच्छेदनम्, परिपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] कुनै वस्तुको खण्ड पार्नु/विभाजन २.[*परिच्छिद्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] ग्रन्थको कुनै एक विषयको चर्चा गरिएको अंश/अध्याय/ खण्ड/प्रकरण।

परिच्छेदकः (पुं.वि.) [*परिच्छिनत्तीति, परिपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] विभाजक/अलग पार्ने/सीमा वा अवधि निर्धारण गर्ने।

परिच्छेद्यः (पुं.वि.) [*परिच्छेत्तुं योग्यः, परिपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातो, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] छुट्याउन योग्य/ विभाज्य/परिमेय।

परिजनः (पुं.) [*परिगतो जनः,प्रादिस.*] १.जहान/परिवार २.आश्रममा रहेको व्यक्ति।

परिजल्पितः (पुं.वि.) [*परिपूर्वकात् जल्पधातोः क्तः, इडागमः*] ठट्टा गरेको।

परिज्ञातः (पुं.वि.) [*परिज्ञायते स्म, परिपूर्वकात् ज्ञा अवबोधने इति धातोः,निष्ठा ३.२.१०२ इति क्तः*] राम्ररी थाहा पाइएको/ निश्चितरूपमा ज्ञात भएको।

परिणतः (पुं.वि.) [*परिणमति स्म, परिपूर्वकात् णम प्रह्वत्वे शब्दे च इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.एक रूपबाट अर्को रूपमा आएको/रूपान्तरित २.विनीत ३.अतिशय नुहेको ४.पाकेको/परिपक्व।

परिणतिः (स्त्री.) [*परिणनम्, परिपूर्वकात् णम प्रह्वत्वे शब्दे च इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.झुक्नु/नहुनु २.नम्र हुनु ३.रूपान्तर हुनु /एक रूपबाट अर्को रूप लिने काम ४.परिपक्व हुनु।

परिणद्धः (पुं.) [*परिणह्यते स्म, परिपूर्वकात् णह बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँधिएको/बेरिएको २.कस्सिएको ३.विस्तृत/विशाल।

परिणयः (पुं.) [*परिणयनम्, परिपूर्वकात् णीञ् प्रापणे इति धातोः, एरच् ३.३.५६ इत्यच्*] विवाह।

परिणयनम् (नपुं.) [*परिणीयते, परिपूर्वकात् णीञ् प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] विवाह गर्नु।

परिणामः (पुं.) [*परिणमनम्, परिपूर्वकात्, णम प्रह्वत्वे शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.एक अवस्था वा रूप छोडेर अर्को अवस्था वा रूप लिने काम / स्वाभाविक रीतिद्वारा रूप वा अवस्थाको अदलाबदली/मूल प्रकृतिको विकृति/कुनै कामको अन्त्यमा त्यसको फलस्वरूप हुने काम वा विषय/नतिजा /पहिलो प्राकृतरूप वा अवस्था हटेपछि प्राप्त भएको अर्को रूप वा अवस्था/विकृति २.पाक हुनु वा पच्नु ३.विकास वा बढ्ती ४.बुढो हुनु ५.सकिनु/बित्नु ६.पाचनशक्ति ७.कुनै क्रियासिद्धिका निमित्त उपमेय उपमानको रूपमा परिणत हुने अर्थालङ्कार, सादृश्यगर्भ अभेदप्रदान आरोपमूलक एक अर्थालङ्कार। जहाँ उपमान उपमेयको रूपमा परिणत भएर प्रस्तुत कार्य गर्न समर्थ हुन्छ त्यहाँ परिणाम अलङ्कार हुन्छ। ८.योगशास्त्रमा वर्णित परिणाम यसका अनेक भेद छन्– जस्तै अवस्थापरिणाम, निरोधपरिणाम, धर्मपरिणाम, लक्षणपरिणाम, वर्तमानपरिणाम, समाधिपरिणाम इत्यादि ९.कुनै कुराको आखिरी अवस्था १०.नाटकको कथावस्तुको अन्तिम स्थिति। यसमा संघर्षको अन्त्य हुन्छ। नाटकको फल अगाडि आउँछ। **~दर्शी** (पुं.वि.) कुनै काम गर्नुभन्दा पहिले त्यस कामको नतिजा के होला भनी विचार गर्ने। **~दुःखम्** (नपुं.) स्थूल विचारले भोग गर्न पाए आनन्द होला भन्ने भावना हुनु र भोगेपछि दुःख देखिनुलाई योगशास्त्रमा परिणामदुःख भनिन्छ, जस्तै– मैथुन गर्दा कति नै सुख होला भन्ने मानिन्छ तर मैथुनको अन्त्यमा बल, वीर्य, तेज, स्मरण शक्तिको नाश हुने हुँदा त्यस्तो अवस्थालाई योगशास्त्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिणामदुःख मानिएको छ। **~वादः** (पुं.) संसारको नाश, उत्पत्ति आदि हमेसा भइनै रहन्छ भन्ने सिद्धान्त। **~शूलम्** (नपुं.) खाना पच्ने बेलामा पेटमा हुने शूल वा दुखाइ।

परिणायः (पुं.) [*परितो वामदक्षिणतो नयनम्, णीञ् प्रापणे इति धातोः, परिन्योः ३.३.३७ इति घञ्*] गोटी चाल्नु।

परिणाहः (पुं.) [*परिणह्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] चौडा।

परिणाही (पुं.वि.) [*परिणाहोऽस्यास्तीति, परिणाह शब्दात्, अत इनिठनौ ५.२.११५ इति इनिः*] फैलिएको/विस्तृत।

परिणीतः (पुं.वि.) [*परिणीयते स्म, परिपूर्वकात् णीञ् प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] विवाह भइसकेको/विवाहित।

परिणेता (पुं.वि.) [*परिणयति, परिपूर्वकात् णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] पति/स्वामी।

सतीमपि ज्ञातिकुलैकसंश्रयां
जनोऽन्यथा भर्तृमतीं विशङ्कते।
अतः समीपे परिणेतुरिष्यते
प्रियाप्रिया वा प्रमदा स्वबन्धुभिः॥ (सुभा.)

परिणेया (स्त्री.) [*परिणेतुं योग्या, परिपूर्वकात् णीञ् प्रापणे इति धातोः, अचो यत् ३.१.९७ इति यत्, टाप् ४.१.४*] विवाह गर्न योग्य भएकी कन्या।

परितः (अव्य.) [*सपर्यभिभ्यां च ५.३.९ इति तसिल्*] चारैतिर/चारैतर्फ/सबैतिर।

परितप्तः (पुं.वि.) [*परितपति स्म, परिपूर्वकात् तप सन्तापे यति धातोः क्तः*] १.निकै तातेको २.उत्तप्त ३.सन्तप्त ४.दुःखित।

परितापः (पुं.) [*परितपनम्, परिपूर्वकात् तप सन्तापे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अति गर्मी २.ज्यादा दुःख/क्लेश ३.पछुतो।

परितुष्टः (पुं.वि.) [*परिपूर्वकात् तुष तुष्टौ इति धातोः, कर्तरि क्तः*] प्रसन्न।

परितुष्टिः (स्त्री.) [*परितोषणम्, परिपूर्वकात् तुष तुष्टौ इति धातोः, स्त्रियां क्तिन् ३.१.९६ इति क्तिन्*] पूर्ण सन्तोष/हर्ष/परितोष।

परितृप्तः (पुं.वि.) [*परितृप्यते स्म, परिपूर्वकात् तृप तृप्तौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] अघाएको/खुबै तृप्त भएको/सन्तुष्ट।

परितोषः [*परितोषणम्, परिपूर्वकात् तुष तुष्टौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] सन्तुष्टि ।

यत्कर्म कुर्वतोऽस्य स्यात्परितोषोऽन्तरात्मनः।
तत्प्रयत्नेन कुर्वीत विपरीतन्तु वर्जयेत्॥ (मनु.४.१६१)

परित्यक्तः (पुं.वि.) [*परित्यज्यति स्म, परिपूर्वकात् त्यज हानौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] छोडिएको/त्यागिएको।

परित्यागः (पुं.) [*परित्यजनम्, परिपूर्वकात् त्यज हानौ इति धातो, भावे ३.३.१८ इति घञ्*] पूर्ण तवरले त्याग्ने वा छोड्ने काम।

परित्राणः (पुं.वि.) [*परिपूर्वकात् त्रैङ् पालनपूरणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नुदविन्दोन्दत्राघ्राह्रीभ्योऽन्यतरस्याम् ८.२.५६ इति तस्य नः*] आपत् परेकालाई रक्षा गरिएको।

परित्राणम् (नपुं.) [*परिपूर्वकात् त्रैङ् पालनपूरणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आपत् परेकालाई रक्षा गर्ने काम।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे॥ (गीता.)

परित्राता (पुं.वि.) [*परित्रायते, परिपूर्वकात् त्रैङ् पालनपूरणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] रक्षा गर्ने/बचाउने।

परिदानम् (नपुं.) [*परिवृत्य दानम्*] साटे।

परिदुर्बलः (पुं.वि.) [*परितः दुर्वलः, प्रादिस.*] अतिशय दुब्लो।

एहि स्वागतमाविशासननिदं कस्माच्चिराद् दृश्यते
का वार्ता परिदुर्बलोऽसि नितरां प्रीतोऽस्मि ते दर्शनात्।
इत्येवं समुपागतं द्विजवरं सम्भावयन्त्यादरा-
त्तेषां युक्तमशङ्कितेन मनसा गेहेषु गन्तुं सदा॥ (सुभा.)

परिदेवनम् (नपुं.) [*दिवु परिदेवने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आलाप विलाप गर्नु।

माता यदि विषं दद्यात् विक्रीणाति पिता सुतम्।
राज्यं हरति सर्वस्वं तत्र का परिदेवना॥ (सुभा.)

परिदेविनी (स्त्री.) [*परिदेवते इति परिपूर्वकात् देवृ देपने इति धातोः, संपृचानुरुधाङ्यमाङ्यसपरिसृसंसृजपरिदेविसंज्वरपरिक्षिप-परिरटपरिवदपरिदहपरिमुहदुषद्विषद्रुहदुहयुजाक्रीडविविचत्यजरजभजातिचरापचरामुषाभ्याहणश्च ३.२.१४२ इति घिनुण्*] विलाप गर्ने।

परिधानम् (नपुं.) [*परिपूर्वकात् डु धाञ् धारणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चारैतिरबाट घेर्नु २.लुगाफाटा, गहना आदि लगाउने काम ३.[*परिधीयते, डुधाञ् धारणपोषणयोः इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, अनः ७.१.१*] लगाइने वस्त्र। **तृणानि शय्या परिधानवल्कलं न बन्धुमध्ये धनहीनवल्कलम्** (हितो.)।

परिधायकः (पुं.वि.) [*परिदधाति, परिपूर्वकात् डुधाञ् धारणपोषणयोः, इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, युक्*] १.छोप्ने २.पहिरने ३.पुष्ट गर्ने।

परिधिः (पुं.) [*परिधीयतेऽनेन, परिपूर्वकात् डु धाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घो किः ३.३.९२ इति किः, आलोपः ६.४.६४*] १.सूर्य, चन्द्र आदि ग्रहको किरणको घेरा २.वृत्तको घेरा ३.भूगोल, क्षितिज आदिको घेरा ४.यज्ञीय पशु बाध्नका लागि राखिएको पलाश आदिको हागो। **परिधिर्यज्ञियतरोः शाखायामुपसूर्यके** (विश्व.)।

परिधिस्थः (पुं.वि.) [*परिधौ सेनान्ते तिष्ठति, सुपि स्थः ३.२.४ इति कः*] १.अपराधी सैनिकहरूलाई दण्ड दिनका निमित्त नियुक्त (व्यक्ति) २.युद्धमा सेनाको रथरक्षक ३.वृत्ताकार परिधि वरिपरि रहेको (वस्तु)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिधेयम् (नपुं.) [*परिधातुं शक्यम्, अचो यत् इति यत्, ईद्यति इति ईत्वम्, गुणः*] पहिरन/लगाइने वस्त्र आदि ।

परिपणम् (नपुं.) [*परिपण्यते वृद्ध्यर्थं प्रयुज्यते, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] मूलधन ।

परिपन्थी (पुं.) [*परि दोषाख्याने पन्थयितुं शीलः, पथि गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, 'परि' शब्दश्च प्रकृते*] १.शत्रु २.(पुं.वि.) प्रतिकूल आचरण गर्ने ।

परिपाकः (पुं.) [*परिपचनम्, परिपूर्वकात् डुपचष् पाके इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पच्नु/हजम हुनु २.राम्ररी पाक्नु वा पकाउनु ३.पूर्णतया विकसित हुनु ४.परिणाम/फल ५.निपुणता ।

परिपाटिः (स्त्री.) [*परिपाटनम्, पट गतौ इति धातोः, स्वार्थे ण्यन्ताद् अच इः (उ.) इति इः*] १.क्रम २.तरिका ।

परिपाठः (पुं.) [*परिपठनम्, परिपूर्वकात् पठ व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुरा मिलाएर विस्तृत रूपमा उल्लेख गर्नु वा पाठ गर्नु २.सिप/कला ३.चाँजो/पाँजो ।

परिपार्श्वकाः (पुं.) [*पार्श्वे इति परिपार्श्वम्, विभक्त्यर्थेऽव्ययीभावः २.१.६, परि पार्श्वं वर्तन्ते, इत्यर्थे परिमुखं च ४.४.२९ इति चकाराट्ठक् ठस्य कः*] सूर्यका वरिपरि बस्ने माठर, पिङ्गल र दण्डनामक पार्षद ।

परिपालकः (पुं.वि.) [*परिपालयति, परिपूर्वकात् पाल रक्षणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पालन तथा पोषण गर्ने २.परिपालन गर्ने ३.संरक्षक ।

परिपालनम् (नपुं.) [*परिपूर्वकात् पाल रक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.राम्रोसित पालनपोषण गर्ने काम/संरक्षण २.रक्षाको काम ३.आज्ञा शिरोपर गर्नु/भनेको मान्नु ।

परिपीडनम् (नपुं.) [*परिपूर्वकात् पीड अवगाहने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] ठुलो पीडा दिनु/ज्यादै दुःख दिनु ।

परिपीडितः (पुं.वि.) [*परिपीड्यते स्म, परिपूर्वकात् पीड अवगाहने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] साह्रै दुःख पाएको/पीडित ।

परिपुष्टः (पुं.वि.) [*परिपुष्यते स्म, परिपूर्वकात् पुष पुष्टौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अतिपुष्ट, हृष्टपुष्ट, ज्यादै मोटाएको/राम्ररी पालनपोषण गरिएको ।

परिपूतः (पुं.वि.) [*परिपूरयति स्म, परिपूर्वकात् पूञ् पवने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अति पवित्र ।

परिपूरकः (पुं.वि.) [*परिपूरयति, परिपूर्वकात् पॄ पालनपूरणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पूरा वा परिपूर्ण पार्ने/पूरा पारेर भर्ने/राम्ररी भर्ने ।

परिपूर्णः (पुं.वि.) [*परिपूर्यते स्म, परिपूर्वकात् पूरी आप्यायने इति धातोः, कर्तरि कर्मणि वा क्तः वा दान्त ७.२.२७ इति निपातनात् साधुः*] राम्ररी भरिएको/भरिभराउ भएको ।

परिपूर्णता (स्त्री.) [*परिपूर्णस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.१४*] पूर्ण हुनु ।

परिपूर्णेन्दुः (पुं.) [*परितःपूर्णः, प्रादिस. परिपूर्णश्चासौ इन्दुश्च, कर्म.स.*] पूर्णचन्द्र ।

परिपृच्छा (स्त्री.) [*परितः पृच्छा, प्रादिस.*] सोध्ने काम/कुनै कुरा जान्न वा कुनै घटना आदिको पत्ता लगाउनका लागि गरिने सोधपुछ/पुछताछ/परिप्रश्न/जिज्ञासा । **~गृहः** (पुं.) [*परिपृच्छायै गृहः, च.त.*] कुनै पनि कामकुराको सोधपुछ गर्ने वा पत्ता लगाउने कार्यालय ।

परिपेलवः (पुं.वि.) अतिशय कोमल ।

परिपेलवम् (नपुं.) [*परितः पेलवं मृदु*] सेतो मोथे ।

परिपोषकः (पुं.) [*परिपोषयति, परिपूर्वकात् पुष पुष्टौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] परिपुष्ट गर्ने/स्याहार-सम्भार गर्ने/राम्ररी पालनपोषण गर्ने ।

परिप्लवः (पुं.) १.[*परिप्लवते, परिवूर्वकात् प्लुङ् गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] चञ्चल/छुकछुके/क्षुब्ध २.[*परिप्लवनम्, परिपूर्वकात् प्लुङ् गतौ इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] डुबान/डुब्ने क्रिया ।

परिप्लावितः (पुं.वि.) [*परिप्लाव्यते स्म, परिपूर्वकात् प्लुङ् गतौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] पानी,तेल आदिले बेसरी भिजेको/चुर्लुम्म डुबेको/प्लावित ।

परिप्लुतः (पुं.वि.) [*परिप्लवते स्म, परिपूर्वकात् प्लुङ् गतौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] चुर्लुम्म डुबेको ।

परिबन्धः (पुं.) [*परिपूर्वकात् बन्ध बन्धने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.कसेर बाँध्ने काम २.रोकावट/प्रतिबन्ध ।

परिबर्हः (पुं.) [*परिबर्हते, परिपूर्वकाद् बर्ह प्राधान्ये इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] राजोचित सामग्री र धन ।

परिबोधः (पुं.) [*परितो बोधः, परिपूर्वकात् बुध अवगमने इति धातोः, भावे ३.३.१८ इति घञ्*] यथार्थ बोध/यथार्थ ज्ञान ।

परिबोधनम् (नपुं.) [*परिबोध्यते, परिपूर्वकात् बुध अवगमने इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चेतावनी/हप्की-दप्की गरेर कुकर्म गर्न लागेकालाई रोक्नु २.राम्रोसित बुझाउनु/सम्झाउनु ।

परिभवः (पुं.) [*परिभवनम्, परिपूर्वकाद् भू सत्तायामिति धातोः, घञभावे ऋदोरप् ३.३.५७ इत्यप्*] तिरस्कार/अनादर ।

परिभावः (पुं.) [*परिभवनम्, परिपूर्वकाद् भू सत्तायामिति धातोः, परौ भुवोऽवज्ञाने ३.३.५५ इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति बहुलग्रहणात् न दीर्घः*] तिरस्कार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिभावना (स्त्री.) [*परिपूर्वकात् भूधातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.चिन्ता २.कुतूहल वा उत्सुकता पैदा गर्ने पद वा वाक्य।

परिभाव्यः (पुं.वि.) १.[*परिभावे साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] कूट २.[*परिभावयितुमर्हः, परिपूर्वकाद् भूधातोः णिचि यत्*] विचार वा चिन्तन गर्नुपर्ने।

परिभाषणम् (नपुं.) [*परिभाष्यते, परिपूर्वकात् भाष व्यक्तायां वाचि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गाली गर्दै भाषण गर्नु २.नियम ३.बोलचाल गर्नु ४.आज्ञा/आदेश। **परिभाषणं सनिन्दोपालम्भे नियमेऽपि च** (मेदिनी.)।

परिभाषा (स्त्री.) [*परिभाष्यते, परिपूर्वकात् भाष व्यक्तायां वाचि इति धातोः, अप्रत्ययः (३.३.१०२), टाप् (४.१.४), 'परिभाषाश्च ततो भविष्यन्ति' इति 'हेतुमिति च' (३.१.२६) इति सूत्रे भाष्यात्*] १.कुनै शब्द वा पदको अर्थ वा भाव स्पष्ट बयान गर्ने छोटो भनाइ/पदार्थविश्लेषकको युक्तियुक्त भनाइ २.कुनै वस्तुको स्वरूप गुण विशेषता आदिको यथार्थ बोध गराउने लक्षण ३.निन्दा। **अव्यक्तानुक्तलेशोक्तसन्दिग्धार्थप्रकाशिकाः। पभिाषाः प्रकाश्यन्ते ऽदोषीभूताः सुनिश्चिताः** (वैद्यकपरिभाषा)।

परिभाषितः (पुं.वि.) [*परिभाष्यते स्म, परिपूर्वकात् भाष व्यक्तायां वाचि इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.परिभाषा गरिएको २.खुलासासँग भनिएको ३.तिरस्कार गरिएको।

परिभाषितम् (नपुं.) [*नपु.सके भावे क्तः इति क्तः*] परिभाषा/नियम। **नियमः परिभाषितम्** (मङ्खकोष)।

परिभूतः (पुं.वि.) [*परिभूयते स्म, परिपूर्वकात् भू सत्तायामिति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] तिरस्कार गरिएको/अनादर गरिएको।

परिभ्रमः (पुं.) [*परिपूर्वकात् भ्रमु सञ्चलने इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेश ७.३.३४ इति वृद्धिनिषेधः*] १.घुमाउरो तरिकाले कुनै कुरा भन्नु २.भ्रम ३.यताउति घुम्नु/चारैतर्फ घुम्नु।

परिभ्रमणम् (नपुं.) [*परिपूर्वकत् भ्रम सञ्चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] चारैतिर घुम्नु/चक्कर खानु/यताउति जानु/टहल्नु।

परिमण्डलः (त्रि.) [*परितः मण्डलः*] १.बाटुलो २.पर्वतविशेष (म.भा.६.६.११)।

परिमर्दनम् (नपुं.) [*परिपूर्वकात् मृद क्षोदे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] बेसरी घोट्ने वा माड्ने काम।

परिमलः (पुं.) १.[*परिमलते, सुगन्धिपार्थिवकणान् धरति, परिपूर्वकात् मल धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] गन्ध, सुवास, कुङ्कुम चन्दन आदि घोटेर बनाइएको सुगन्धी पदार्थ २.[*परिमलनम्, मल धारणे इति धातोः, भावे ३.३.१८ इति घञ्, संज्ञापूर्वकत्वान्न वृद्धिः*] शरीरमा कुङ्कुम चन्दन आदि मर्दन गर्ने क्रिया ३.[*परिपूर्वकात् मल धारणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः*] मैथुन आदि क्रियाबाट उत्पन्न गन्ध ४.घर्षणबाट पैदा भएको गन्ध।

स्यात्परिमलो विमर्दातिमनोहरगन्धयोश्चापि। सुरतोपमर्दविकसच्छरीरसङ्गादिसौरभे पुंसि॥ (मेदिनी.)

परिमललक्ष्मीः (स्त्री.) [*परिमलस्य लक्ष्मीः, ष.त.*] गन्धबाट पैदा भएको शोभा।

परिमलितः (पुं.वि.) [*परिमल्यते स्म, परिपूर्वकात् मल धारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सुगन्धित/सुवासित।

परिमाणः (पुं./नपुं.) [*परिपूर्वकात् माङ् माने इति धातो ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.घनत्व आदिको मान/नापतौल २.न्यायको मतमा असाधारण कारण।

परिमार्जनम् (नपुं.) [*परिपूर्वकात् मृजु शुद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.राम्ररी धुनु/पखाल्नु/स्वच्छ पार्नु २.दोष, त्रुटि हटाई ठिक गर्नु।

परिमितः (पुं.वि.) [*परिमीयते स्म, परिपूर्वकात् माङ् माने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.नापिएको/नापो लिएको २.तौल गरिएको ३.परिमाणमा घटी वा बढी नभएको/ठिक मात्राको ४.सीमित ५.थोरै/अल्प।

परिमिताहारः (पुं.वि.) १.[*परिमित आहारो यस्य सः, बहु.स.*] थोरै खाने/अल्पाहारी २.(पुं.) [*परिमितश्चासौ आहारश्च, कर्म.स.*] थोरै खाना/अल्पाहार।

परिमितिः (स्त्री.) [*परिपूर्वकात् माङ् माने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, इत्वम्*] परिमाण/नापो।

परिमृष्यन् (पुं.वि.) [*परिमृष्यतीति, परिपूर्वकात् मृष तितिक्षायाम् इति धातोः परेर्मृषः १.३.८२ इति परस्मैपदम्, लटः स्थाने शत्रादेशः ३.२.१२४*] ईर्ष्या गरिरहेको। **मघोने परिमृष्यन्तम्** (भट्टि ८.५२)।

परिमेयः (पुं.वि.) [*परिमातुं योग्यः, परिपूर्वकात् माङ् माने इति धातोः, अचो यत् ३.१.९४ इति यत्, ईद्यति इति ईत्वम्, गुणः*] १.नाप्न योग्य/तौलनु पर्ने २.नाप, तौल वा गन्ती गर्न सकिने ३.थोरै/अल्प/सीमित।

परिम्लानः (पुं.वि.) [*परिम्लायतीति, परिपूर्वकात् म्लै हर्ष क्षये इति धातोः, गत्यर्थाकर्मक इति क्तः, संयोगादेरातो धातोर्यण्वतः ८.२.४३ इति तस्य नत्वम्*] अत्यन्त क्षीण भएको/मुर्झाएको।

परिरम्भः (पुं.) [*परिरम्भणम्, रभ राभस्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, रभेरशब्लिटोः ७.१.६३ इति नुम्*] आलिङ्गन।

परिलुप्तः (पुं.वि.) [*परिप्लवते स्म, परिपूर्वकात् प्लुङ् गतौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.हराएको २.सबैतिरबाट बिग्रेको/क्षतिग्रस्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवत्सरः (पुं.) [*वत्सरं परिणतः,प्रादि स.*] पूरा एक वर्षको समय।

परिवर्जनम् (नपुं.) [*परिपूर्वकाद् वृजी वर्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लडाइँमा मारिने काम २.त्यागने काम।

परिवर्तनम् (नपुं.) [*परिवूर्वकात् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१.इत्यनः*] एक रूपबाट अर्को रूपमा बदल्नु/रूपान्तर हुनु/अदली बदली/साटफेर/ हेरफेर।

परिवर्तनशीलः (पुं.वि.) [*परिवर्तनस्य शीलं यस्य सः, ष.त.*] निरन्तर परिवर्तन भइरहने। **~संविधानम्** (नपुं.) [*परिवर्तनशीलञ्च तत् संविधानञ्च, कर्म.स.*] समय र परिस्थितिअनुसार अदल–बदल, थपघट गर्न सकिने संविधान।

परिवर्तनीयः (पुं.वि.) [*परिवर्तयितुं योग्यः, परिपूर्वकात् वृतु वर्तने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] परिवर्तन गर्न योग्य/हेरफेर गर्न लायक वा सकिने।

परिवर्तितः (पुं.वि.) [*परिवर्त्यते स्म, परिपूर्वकात् वृतु वर्तने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] परिवर्तन गरिएको।

परिवर्ती (पुं.वि.) [*परिवर्तितुं शीलमस्य, परिपूर्वकात् वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] परिवर्तन हुने। **परिवर्तिनि संसारे मृतः को वा न जायते** (हितो.)।

परिवर्तुलः (पुं.वि.) [*परितो वर्तुलः, प्रादिस.*] गोल/बाटुलो।

परिवर्धनम् (नपुं.) [*परिपूर्वकात् वृधु वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] राम्ररी बढ्नु/राम्ररी बढ्ने वा बढाउने काम/परिवृद्धि।

परिवर्धितः (पुं.वि.) [*परिवर्ध्यते स्म, परिपूर्वकात् वृधु वृद्धौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] राम्ररी बढाइएको।

परिवहनम् (नपुं.) [*परिपूर्वकात् वह प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वस्तु, माल–सामान आदि एक ठाउँबाट अर्को ठाउँसम्म उठाएर वा बोकेर लैजाने वा पुऱ्याउने काम।

परिवादः (पुं.) [*परिपूर्वकात् वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.निन्दा २.हेला ३.चुक्ली/सिकायत ४.अर्काका खराब कुराको चर्चा ५.वीणा बजाउने साधन। **परिवादोऽपवादे स्याद्वीणावादनवस्तुनि** (मेदिनी.)।

परिवादकः (पुं.वि.) [*परिवदतीति, परिपूर्वकात् वद व्यक्तायां वाचि इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.निन्दा गर्ने/निन्दक २.मुद्दा लगाउने।

परिवादिनी (स्त्री.) [*वीणैव सप्तभिस्तन्त्रीभिरुपलक्षिता परिवदति स्वरान् इति सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सातै तन्त्रीद्वारा स्वर उत्पन्न गराएर बज्ने वीणा।

परिवापितः (पुं.वि.) [*परिवाप्यते स्म, परिपूर्वकात् मुण्डनार्थकाद वप् धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] मुण्डन गरिएको।

परिवारः (पुं.) [*परिवार्यतेऽनेन, अकतरि च कारके संज्ञायाम् ३.३.१ इति घञ्, वृद्धिः*] जहान, नाताकुटुम्ब, नातेदार व्यक्तिहरूको समूह।

परिवारणम् (नपुं.) [*परिपूर्वकात् वृञ् वरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.ढाक्ने काम २.आवरण ३.म्यान/दाप।

परिवारितः (पुं.वि.) [*परिवार्यते स्म, परिपूर्वकात् वृञ् वरणे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] घेरिएको/आवेष्टित।

परिवाहः (पुं.) [*परिवहनम्, परिपूर्वकात् वह प्रापणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ढल–निकास, चारैतिरबाट पानी बग्नु/ पानीको भेल २.राजाले उपभोग गर्ने सामग्री। **परिवाहो जलोच्छ्वासे महीभृद्योग्यवस्तुनि** (मेदिनी.)।

परिवृढः (पुं.) [*परिवृंहति वृहि वृद्धौ इति धातोः, प्रभौ परिवृढः ७.२.२१ इति क्तः, इडभावश्च निपात्यते*] स्वामी/ मालिक। **प्रभुः परिवृढोऽधिपः** (अमर.)।

परिवृत्तिः (पुं.) [*परि वर्जनं विन्दति लभते, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१ इति क्तिच्*] भाइको विवाह हुँदा पनि विवाह नहुने दाजु।

परिवेत्ता (पुं.) [*परिविन्दति ज्येष्ठं परित्यज्य भार्यां लभते, विदॣ लाभे इति धातोः, तृन्तृचौ शंसिक्षदादिभ्यः संज्ञायां चानिटौ (उ.) इति तृन्*] दाजुको भन्दा आफ्नो विवाह पहिले गर्ने भाइ। **दाराग्निहोत्रसंयोगं कुरुते योऽग्रजे स्थिते। परिवेत्ता स विज्ञेयः परिवृत्तिस्तु पूर्वजः ॥** (मनु.३.१७१)

परिवेदनम् (नपुं.) [*परि वर्जयित्वा उचितकालं वेदनं विवाहः लाभो वा*] १.विवाह २.चारैतिरको ज्ञान ३.चारैतिरबाट लाभ।

परिवेदना (स्त्री.) [*परिवेदनम्, परिपूर्वकाद् विद धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] आलाप विलाप गर्नु।

परिवेशः (पुं.) [*परिपूर्वकाद् विश व्याप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चारैतिरबाट घेर्ने काम/वेष्टन २.परिधि वातावरण/ पर्यावरण।

परिवेषः (पुं.) [*परितो विष्यतेऽनेन, विष्लृ व्याप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सूर्यको वरिपरि लाग्ने वृत्ताकार रेखा २.वातावरण। **परिवेषस्तु परिधिरुपसूर्यकमण्डले** (अमर.)।

परिवेषकः (पुं.वि.) [*परिपूर्वकात् विष्लृ व्याप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] खाने कुरा पस्कने।

परिवेषणम् (नपुं.) [*परिपूर्वकात् विष्लृ व्याप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.भोजन पस्कनु २.घेर्ने काम/घेरा दिने काम।

परिवेष्टनम् (नपुं.) [*परिपूर्वकात् वेष्ट वेष्टने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] वरिपरिबाट घेर्ने काम/ढाक्ने वस्तु/आवरण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिव्ययः (पुं.) [*परितो व्ययः, प्रादिस.*] चारैतिरको खर्च।

परिव्याधः (पुं.) [*परिविध्यते, व्यध ताडने इति धातोः, अकर्तरि च कारके सञ्ज्ञायाम् ३.३.१९ इति घञ्*] १.पानीवेत २.सामान्यवेत ३.काठे चाँप। **परिव्याधस्तु पुंसि स्याद्वेतसे च द्रुमोत्पले** (मेदिनी.)।

परिव्राट् (पुं.) [*परित्यज्य गृहस्थाश्रमं सर्वतो व्रजति, परिपूर्वकात् व्रज गतौ इति धातोः, परौ व्रजेः षश्च पदान्ते (उ.) २२७ इति क्विप्, दीर्घः, पदान्ते षश्च*] जोगी/सन्यासी।

परिव्राजकः (पुं.वि.) [*परिव्रजतीति, परिपूर्वकात् व्रज गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाको ७.१.१ इत्यकः*] १.घर छोडेर चतुर्थाश्रममा रहने व्यक्ति २.सधैँ भ्रमण गरिरहने संन्यासी।

परिशीलनम् (नपुं.) [*परिपूर्वकात् शील गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] खोजी गर्नु, अनुसन्धान गर्नु।

परिशिष्टः (पुं./नपुं.) [*परिशिष्यते स्म, परिपूर्वकात् शासु अनुशिष्टौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, इत्वम्*] १.पुस्तक,लेख आदिको छुट भएको अंश/अवशिष्ट ग्रन्थभाग (हेमचन्द्र) २.(पुं.वि.) बाँकी रहेको ।

परिशुष्कः (नपुं.) [*परिशुष्यते स्म, परिपूर्वकात् शुष शोषणे इति धातोः,क्तः, शुषः कः इति कः*] एकदम सुखा भएको/ओइलाएको/नीरस।

परिशेषः (पुं.) [*परिपूर्वकात् शिष धातोः, भावे ३.३.१८ इति घञ्*] बचे-खुचेको वस्तु/अवशेष।

परिशोधः (पुं.) [*परिशोधनम्, परिपूर्वकात् शुध शुद्धौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ऋण आदि तिर्नु २.राम्रोसित भएको शुद्धि ३.संशोधन।

परिशोधनम् (नपुं.) [*परिपूर्वकात् शुध शुद्धौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पूर्णरूपले सफा सुग्घर गर्नु २.ऋण/कर्जा पूरा चुक्ता गर्नु ३.संशोधन वा परिमार्जन गर्नु।

परिशोध्यः (पुं.वि.) [*परिशोधयितुं योग्यः, परिपूर्वकात् शुध शुद्धौ इति धातोः, णिचि, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.ऋण चुक्ता गर्न योग्य २.संशोधन वा परिमार्जन गर्नुपर्ने।

परिश्रमः (पुं.) [*परिपूर्वकात् श्रम धातोः, भावे ३.३.१८ इति घञ्, न वृद्धिः*] मिहिनेत।

परिषद् (स्त्री.) [*परितः सीदन्त्यस्याम्, षद्लृ विशरणादौ इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, सदिरप्रतेः ८.३.६६ इति षत्वम्, बाहुलकात्परेरन्त्यलोपे पर्षद् च*] सभा।

परिष्कारः (पुं.) [*परिष्करणम्, परिपूर्वकात् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्, सुट्, ६.१.१३ सदिरप्रते ८.३.३६ इति षत्वम्*] १.स्वच्छता/निर्मलता/शुद्धि २.[*परिष्क्रियतेऽनेन, घञ् ३.३.१९*] गहना।

परिष्कृतः (पुं.वि.) [*परिष्क्रियते स्म, परिपूर्वकात् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, संपरिभ्याम्– ६.१.१३७ इति सुट्, परिनिविभ्यः– ८.३.७० इति षत्वम्*] १.शुद्ध पारिएको/परिष्कार गरिएको २.अलङ्कृत गरिएको/सिँगारिएको ३.माझिएको।

परिष्कृतभूमिः (स्त्री.) [*परितः कृता संस्कृता, संपरिभ्याम्– ६.१.१३७ इति सुट्, परिनिवि–८.३.७० इति षत्वम्, परिष्कृता चासौ भूमिश्च, कर्म.स.*] यज्ञ गर्न चोखो बनाएको भूमि।

परिष्कृतिः (स्त्री.) [*परिष्करणम्, परिपूर्वकात् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, सुट्, सदिरप्रते ८.३.३६ इति षत्वम्*] सफा गर्नु/शुद्ध गर्नु।

परिष्वङ्गः (पुं.) [*परिष्वञ्जनम्, परिपूर्वकाद् ष्वञ्ज परिष्वङ्गे इति धातोः, भावे ३.३.१८ इति घञ्, परिनिविभ्यः– ८.३.७० इति षत्वम्*] आलिङ्गन।

परिसंवत्सरः (पुं.) १.पञ्चवर्षीय युगमा दोस्रो वर्ष। यसका अधिपति सूर्य हुन्। २.सूर्य।

परिसङ्ख्या (स्त्री.) [*परितः सङ्ख्यानम्*] १.गन्ती/गणना २.[*इतरवर्जनबुद्धिः परिसङ्ख्या, परिशब्दस्य वर्जनार्थकत्वात्, सङ्ख्याशब्दस्य च ज्ञानार्थकत्वात्*] एक अर्थालङ्कार। यो चार किसिमको हुन्छ– प्रश्नपूर्वक प्रतीयमानको निषेध, प्रश्नपूर्वक वाच्यशब्दद्वारा कथननिषेध, प्रश्नरहित प्रतीयमान व्यङ्ग्यको निषेध र प्रश्नरहित वाच्यको निषेध।

प्रश्नादप्रश्नतो वापि कथिताद्वस्तुनो भवेत्।
तादृगन्यव्यपोहश्चेच्छाब्द अर्थोऽथवा तदा॥
परिसङ्ख्या चतुर्भेदा दर्पणे समुदीरिताः।

(काव्यदीपिका)

परिसङ्ख्यातः (पुं.वि.) [*परिसङ्ख्यायते स्म, परिसम्पूर्वकात् ख्या प्रकथने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] गन्ती गरिएको।

परिसङ्ख्यानम् (नपुं.) [*परिसम्पूर्वकात्, ख्या प्रकथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गन्ती गर्नु २.गन्ती।

परिसङ्घः (पुं.) [*परिगतः सङ्घः, प्रादिस.*] स्वतन्त्र राष्ट्र र राज्यहरूमा एकले अर्काको सहायता गर्ने, सामान्य रूपले सम्बन्ध राख्ने, वैदेशिक प्रश्न आदिका सम्बन्धमा समान नीति निर्धारित गर्ने आदि उद्देश्यले बनेको सङ्घ।

परिसमापकः (पुं.वि.) [*परिसमापयति, परिसम्पूर्वकात् आप्लृ व्याप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कुनै प्रमण्डल, व्यापारिक संस्था आदिका दातव्य-प्राप्तव्य दिएर– लिएर तिनको कारोवार समाप्त गर्ने अधिकारी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिसमाप्तिः (स्त्री.) [*परिसमापनम्, परिसम्पूर्वकात् आप्लृ व्याप्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] चालु भएका काम— कारवाही समाप्त वा अन्त्य हुने वा भएको अवस्था/कुनै चालु भएको कार्यको पूर्णता।

परिसरः (पुं.) [*परिसरन्त्यत्र, परिपूर्वकात् सृ गतौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.सहर, पर्वत आदिका आसपासको जमिन। **पर्यन्तभूः परिसरः** (अभि.चि.) २.दैव।

परिसर्पः (पुं.) [*परि समन्तात् सर्पणम्, सृप्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छोरा-बुहारी— नाति-नातिनी आदिले घेरिने काम २.[*परिसर्पणम्,सर्वतोऽन्वेषणम्*] १.चारैतिर खोजी गर्ने काम २.नाश भएका अत्यन्त प्रिय वस्तुको बारम्बार स्मरण। **इष्टनष्टयनुसरणं परिसर्पश्च कथ्यते** (सा.द. ६८३)।

परिसर्या (स्त्री.) [*परिसरणम्, परिपूर्वकात् सृ गतौ, इति धातोः, परिचर्यापरिसर्यामृगयाटाट्यानामुपसङ्ख्यानम् (वा.) ३.३.१०१ इति शप्रत्ययः, यक्च निपातः, ततष्टाप्*] १.सेवा/सुश्रूषा २.चारैतिर पुग्नु।

परिस्कन्दः (पुं.) [*परिस्कन्दति, स्कन्दिर् गत्यादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, परेश्च ८.३.७४ इति वा षत्वम्*] विनातलब अर्काको घरमा बस्ने व्यक्ति।

परिस्तोमः (पुं.) [*परिस्तूयते, ष्टुञ् स्तुतौ इति धातोः, अर्तिस्तुसु (उ.) १४० इति मन्, परिगतः स्तोमोऽत्र, वर्णस्तोमवत्त्वात्, यद्वा परिगतः स्तोमोऽत्र, प्रत्यनुपसर्गत्वान्न षः ८.३.६५*] हात्तीको झुल।

परिस्थितिः (स्त्री.) [*परिपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, इत्वम्*] अवस्था/हालत/स्थिति।

परिस्पन्दः (पुं.) [*परिस्पन्दनम्, स्पदि किञ्चिच्चलने इति धातोः, भावे ३.३.१८ इति घञ्, परिस्पन्द्यतेऽत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति अधिकरणे घञ्*] १.माला उन्ने काम २.कविव्यापार ३.शिवबाट भएको जगत्को सृजना।

परिस्फुटः (पुं.वि.) [*परिपूर्वकात् स्फुट विकसने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.स्पष्ट हुनु/खुलस्त हुनु २.राम्ररी विकसित हुनु।

परिस्फुरणम् (नपुं.) [*परिपूर्वकात् स्फुर किञ्चिच्चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.कम्पन/काँप्नु २.ग्याँसको फोका फोका निस्कनु ३.हुस्स भएर माथि उठ्नु ४.टुसो निस्कनु/कोपिला पलाउनु।

परिस्यन्दः (पुं.) [*परिस्यन्दनम्, स्यन्दू प्रस्रवणे इति धातोः, भावे ३.३.१८ इति घञ्, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ् वा*] १.माला उन्ने काम २.जगत्को सृजना ३.काव्यव्यापार।

परिस्रुत् (स्त्री.) [*परितः स्रवति स्रु स्रवणे इति धातोः, क्विप् च ३.३.७६ इति क्विप्, तुक् ६.१.७१*] १.जाँड-रक्सी। **परिस्रुता स्त्री वारुण्यां स्यन्ने स्यादभिधेयवत्** (मेदिनी.)। २.(पुं.वि.) चुहिएको।

परिहारः (पुं.) [*परिहरणम्, परिपूर्वकात् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छोडछाड गर्ने काम २.त्याग, दोष वा अनिष्ट कुरा हटाउनु ३.कुनै कुकृत्यको प्रायश्चित्त गर्नु।

परिहार्यः (पुं.वि.) [*परिहर्तुं योग्यः, परिपूर्वकात् हृञ् हरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] त्याग्न सकिने/परित्याज्य/हटाउन सकिने।

परिहासः (पुं.) [*परिहसनम्, परिपूर्वकाद् हस हसने धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् इति ६.३.१२२ इति पक्षे दीर्घः, परीहास इत्यपि*] १.ठट्टा/हाँसो २.क्रीडा ३.अर्कालाई होच्याएर गरिने हाँसो।

परीवादं परार्थञ्च परिहासं परस्त्रियम्।
परवेश्मनि वासञ्च न कुर्वीत कदाचन॥
(ग.पु.आचारकाण्ड १०८.१३)

परीक्षकः (पुं.वि.) [*प्रमाणेन परीक्षते, परिपूर्वकात् ईक्ष दर्शने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१. इत्यकः*] जाँच लिने/जाँचकी/प्रमाणहरू दिएर अर्थ निश्चय गर्न सक्ने/परीक्षण गर्न सक्ने।

परीक्षणम् (नपुं.) [*परीक्ष्यते, परिपूर्वकात् ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] जाँच गर्ने वा जाँच्ने काम/पारख गर्ने काम/परीक्षा लिने काम। **~कालः** (पुं.) [*परीक्षणस्य कालः, ष.त.*] कुनै व्यक्ति वा कर्मचारी कामका लागि योग्य छ कि छैन भनी जाँच वा पारख गर्ने समय।

परीक्षा (स्त्री.) [*परिपूर्वकात् ईक्ष दर्शने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] योग्यताको पारख वा जाँच गर्ने काम। **~भवनम्** (नपुं.) [*परीक्षायै भवनम्, च.त.*] परीक्षालय/विद्यार्थीहरूले बसेर परीक्षा दिने केन्द्र/परीक्षाकेन्द्र।

परीक्षार्थी (पुं.वि.) [*परीक्षायाः अर्थी, ष.त.*] जाँच वा परीक्षा दिने।

परीक्षितः (पुं.वि.) [*परीक्ष्यते स्म, परिपूर्वकात् ईक्ष दर्शने इति धातोः, क्तः*] जाँचिएको/परीक्षा गरिएको/जाँचबुझ गरिएको।

परीक्ष्यमाणः (पुं.वि.) [*परीक्ष्यते, परिपूर्वकात् ईक्ष दर्शने इति धातोः, लटि शानच् ३.२.१२४, यक्*] परीक्षणकालमा रहेको।

परीवर्तः (पुं.) [*परिवर्तनम्, भावे ३.३.१८, उपसर्गस्य— ६.३.१२२ इति दीर्घः*] साटो।

परीवादः (पुं.) [*परिपूर्वकात्, वद व्यक्तायां वाचि धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञि— ६.३.१२२ इति दीर्घः*] १.निन्दा।

परदारान् परद्रव्यं परीवादं परस्य च।
परीहासं गुरोः स्थाने चापल्यञ्च विवर्जयेत्॥ (सुभा.)

२.वीणा बजाउने साधन। **परीवादोऽपवादे स्याद्वीणावादनवस्तुनि** (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परीवारः (पुं.) [*परिवार्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, वृद्धिः, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति दीर्घः*] मानिसदेखि भिन्न अन्य प्राणीको बथान।

परीवाहः (पुं.) [*परिवहनम्, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति दीर्घः*] चारैतर्फबाट बग्ने काम। **पूरोत्पीडे तडागस्य परीवाहः प्रतिक्रिया** (सुभा.)।

परीष्टिः (स्त्री.) [*परिपूर्वकात्, इषु इच्छायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.श्राद्धमा गरिने ब्राह्मणसेवा २.अन्वेषण।

परीष्टिः परिचर्यायां प्रकाम्येऽन्वेषणे स्त्रियाम् (मेदिनी.)।

परीसारः (पुं.) [*परिसरणम्, परि पूर्वकात्, सृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञि– ६.३.१२२ इति दीर्घः*] चारैतिर पुग्नु।

परीहारः (पुं.) [*परिहरणम्, भावे इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति दीर्घः*] त्याग।

परीहासः (पुं.) [*परिहसनम्, परिपूर्वकात्, हस हासे इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति दीर्घः*] ख्याल-ठट्ठा।

परुः (पुं.) [*पॄ पालनपूरणयोः इति धातोः, अर्तिपॄवपियजितनिधनितपिभ्यो नित् (उ.) २८२, इति उसिः*] १.ग्रन्थि २.पर्व ३.आँख्ला ४.फूलको धुलो।

परुत् (अव्य.) [*पूर्वस्मिन् वत्सरे, सद्यः परुत्परार्यैषमपरेद्यव्यद्यपूर्वेद्युरन्येद्युरन्यतरेद्युपरेद्युरधरेद्युरुभयेद्युरुत्तरेद्युः ५.३.२२ इति निपातनात् पूर्वशदस्य परभावः, उत्प्रत्ययः, अलोपः*] पोर/गतवर्ष/ गएसाल।

परुषम् (नपुं.) [*पिपर्तीति, पॄ पालनपूरणयोः इति धातोः, पॄनहिकलिभ्य उषच् (उ.) ५२४ इति उषच्*] १.रुखोपन २.निठुर बोली ३.कठोर/कडा ४.छिरबिरे रङ्ग ५.कर्णकटु वर्ण। **परुषं कर्बुरे रूक्षे स्यान्निष्ठुरवचस्यपि** (हैम.)।

परुषावृत्तिः (स्त्री.) [*परुषा इति वृत्तिः*] साहित्यका प्रचलित वृत्तिको दोस्रो भेद। यसमा कठोर वर्णको प्रयोग हुन्छ।

परुषाक्षरम् (नपुं.) [*परुषञ्च तदक्षरञ्च, कर्म.स.*] कडा वा रुखो शब्द।

परुषोक्तिः (स्त्री.) [*परुषा चासौ उक्तिश्च, कर्म.स.*] निष्ठुर वचन/कटु वचन।

परेतः (पुं.वि.) [*परं परलोकमितः, द्वि.त.*] मरेको। **परेतो वाच्यलिङ्गः स्यान्मृते भूतान्तरे पुमान्** (मेदिनी.)।

परेतराट् (पुं.) [*परेतेषु मृतेषु राजते, सत्सूद्विष– ३.२.६१ इति क्विप्*] यमराज।

परेद्यवि (पुं.) [*परस्मिन्नहनि, परस्मादेद्यव्यहनि (वा.) इति एद्यविः, अकारलोपः*] अर्को दिन।

परेद्युः (अव्य.) [*परस्मिन्नहनि, सद्यः परुत् ५.३.२२ इति एद्युसनिपातः*] अर्को दिन/भोलिपल्ट।

परेष्टुका (स्त्री.) [*परमिच्छति, परैरिष्यते वा, बाहुलकात्तुः, स्वार्थे कन् ५.४.५ टाप्*] धेरै व्याएको गाई।

परैधितः (पुं.) [*परैरेधितः संवर्धितः*] अर्काले पालेर बढाएको।

परोक्षम् (अव्य.) [*अक्ष्णः परम्, अव्य.स.*] १.अप्रत्यक्ष/आँखाको अगिल्तिर नभएको २.साफसाफ वा सोझै नभनी घुमाउरो तरिकाले भनिएको। **~निर्वाचनम्** (नपुं.) [*परोक्षञ्च तद् निर्वाचनञ्च, कर्म.स.*] सोझै जनताबाट मतदान नभएर प्रतिनिधि आदिबाट गरिने चुनाव।

परोक्षवादः (पुं.) [*परोक्षमिति वादः*] परोक्ष वस्तु नै सबै कुरा हो भन्ने सिद्धान्त।

परोक्षार्थ (पुं.) [*परोक्षश्चासौ अर्थश्च, कर्म.स.*] अर्थ वा अभिप्राय रहस्यपूर्ण भएको/अर्थ गम्भीर भएको।

परोढा (स्त्री.) [*परेण ऊढा, तृ.त.*] अर्काकी पत्नी/परकीया नायिका।

परोत्कर्षः (पुं.) [*परेषामुत्कर्षः, ष.त.*] अर्काको उन्नति वा वृद्धि।

परोपकारः (पुं.) [*परेषामुपकारः, ष.त.*] पराइको भलो हुने काम/अर्काको उपकार।

यथा परोपकारेषु नित्यं जागर्ति सज्जनः।
तथा परापकारेषु जागर्ति सततं खलः॥ (सुभा.)

परोपदेशः (पु.) [*परेषामुपदेशः, ष त.*] १.अर्काको उपदेश २.[*परेभ्य उपदेशः, च.त.*] अर्कालाई दिइने शिक्षा वा अर्ती।

परोपदेशवेलायां शिष्ट्याः सर्वे भवन्ति हि (सुभा.)।

परोयुतम् (नपुं.) [*अयुतात् परे, राजदन्तादिषु परम् इति अयुतशब्दस्य परनिपातः,, पारस्करप्रभृतीनि च संज्ञायाम् इत्यस्याकृतिगणतया परशब्दस्य ससुट्को निपातः*] दशहजारभन्दा धेरै सङ्ख्या।

परोलक्षम् (नपुं.) [*लक्षात् परे, पूर्ववत्*] लाखभन्दा धेरै सङ्ख्या।

परोष्णी (स्त्री.) [*परः शत्रुः उष्णो यस्याः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] पक्षीविशेष।

पर्कटी (स्त्री.) [*पृच्यते, पृची सम्पर्के इति धातोः, बाहुलकात् कटः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.सुपारी आदिको नयाँ फल २.काभ्रो।

पर्कटी नूतनफले पूगादेः प्लक्षपादपे (मेदिनी.)।

विज्ञेया पर्कटी प्लक्षः प्लक्षः पिप्पलपादपः (शाश्वत)।

पर्जनी (स्त्री.) [*पिपर्तीति, पॄ पालनपूरणयोः इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, पर् चासौ जनी च*] चुत्रो।

पर्जन्यः (पुं.) [*पर्षति सिञ्चति वृष्टिं ददाति, पृषु सेचने इति धातोः, पर्जन्य (उ.३९०) इति अन्यः, षस्य जः*] १.बादल/मेघ २.वर्षा/ झरी ३.इन्द्र। **यज्ञाद् भवति पर्जन्यः पर्जन्याद् यज्ञसम्भवः।** ४.मेघको गर्जन।

पर्ण (धा.) [*हरितभावे, चुरा. अक. सेट् उभ.*] हरियो तुल्याउनु। लट्– **पर्णयति-ते–** हरियो तुल्याउँछ। लिट्– **पर्णयाञ्चकार-चक्रे–** हरियो तुल्याएछ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्णः (पुं.) [*पिपर्तीति धादृवस्यज्यतिभ्यो नः (उ.२९३) इति नः, यद्वा पृणतीति, पृण प्रीणने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा— प्रशस्तानि पर्णान्यस्य, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.बोटबिरुवाको पात/पत्र २.पान ३.पखेटा ४.वाणमा लगाइने प्वाँख। **पर्णपत्त्रे किंशुके ना** (मेदिनी.)। **~कुटी** (पुं.) [*पर्णस्य कुटी, ष.त.*] घाँसपात आदिले बनाइएको छाप्रो/पर्णशाला।

पर्णकः (पुं.) [*पर्ण इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] सर्वसाधारणलाई विनामूल्य वितरण गर्ने छापिएको कागजको टुक्रो।

पर्णम् (नपुं.) [*पिपर्ति पालयति पूरयति वा तत्, पृ पालनादौ, इति धातोः, धापृवस्यज्यति इति नः*] पात। **पर्णं तु पत्त्रे** (हैम.)।

पर्णमृगः (पुं.) [*पर्णतुल्यो मृगः, म.प.स.*] वानर, वनबिरालो आदि। **वनौकाः वृक्षमार्जारो वृक्षमर्कटिकादयः। एते पर्णमृगाः प्रोक्ताः सुश्रुताद्यैर्महर्षिभिः॥** (भा.प्र.नि.)

पर्णशाला (स्त्री.) [*पर्णनिर्मिता शाला, शाकपार्थिवादीनां सिद्धये उत्तरपदलोपस्योपसङ्ख्यानम् (वा. २.१.६९ इति समासः, उत्तरपदलोपश्च*] १.पातको कुटी/पातले बनाएको छाप्रो २.साधुहरूको कुटी।

पर्णसंस्तरः (पुं.) [*संपूर्वकात् स्तृञ् आच्छादने इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, पर्णानां संस्तरः, ष.त.*] पातको बिच्यौना/पातको शय्या।

पर्णलः (पुं.वि.) [*पर्णानि सन्ति अस्य, सिध्मादिभ्यश्च ५.२.९७ इति मत्वर्थे लच्*] पातै पात भएको।

पर्णासः (पुं.) [*पर्णान्यस्यति, असु क्षेपणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, यद्वा— पर्णैरसति, अस दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कालो बाबरी।

पर्द (धा.) [*कुत्सिते शब्दे, भ्वा. अक. सेट् आत्म.*] पाद्नु। लट्— **पर्दते—** पाद्छ। लिट्— **पपर्दे—** पादेछ (अन.)। लुट्— **पर्दिता—** पाद्ने छ (अन.)। लृट्— पाद्ने छ। लोट्— **पर्दताम्—** पादोस्। लङ्— **अपर्दत—** पाद्यो (अन.)। विधिलिङ्— **पर्देत—** पाद्‌ला, पादोस्। आशीर्लिङ्— **पर्दिषीष्ट—** पादोस्। लुङ्— **अपर्दिष्ट—** पाद्यो। लृङ्— **अपर्दिष्यत—** पाद्ने थियो इत्यादि।

पर्प (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु। लट्— **पर्पति—** जान्छ इत्यादि।

पर्ब (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु। लट्— **पर्बति—** जान्छ इत्यादि।

पर्यङ्कः (पुं.) [*परितोऽङ्क्यते इति, परिपूर्वकात् अकि लक्षणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, परेश्च घाङ्कयोः ८.२.२२ इति वा लत्वम्*] पलङ/खाट। **पल्यङ्को मञ्चपर्यङ्कवृषीपर्यस्तिकासु च** (मेदिनी.)।

पर्यटकः (पुं.वि.) [*पर्यटति, परिपूर्वकात् अट गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] देशविदेश घुमफिर वा भ्रमण गर्ने (व्यक्ति)।

पर्यटनम् (नपुं.) [*परिपूर्वकात् अट गतौ, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] चारैतिर घुम्ने काम/घुमफिर/भ्रमण। **अटा पर्यटनं भ्रमः** (रत्नकोष)। **~मन्त्रालयः** (पुं.) [*पर्यटनसम्बद्धो मन्त्रालयः*] विदेशीहरू तथा स्वदेशीलाई भ्रमणका लागि आवश्यक व्यवस्था मिलाउन बनेको मन्त्रालय। **~विभागः** (पुं.) [*पर्यटनस्य विभागः, ष.त.*] विदेशीहरू तथा स्वदेशीलाई भ्रमणका लागि आवश्यक व्यवस्था मिलाउन बनेको विभाग।

पर्यनुयोगः (पुं.) [*परितः अनुयोगः, प्रादिस.*] कुनै उक्ति वा बयानलाई झुट्टा सावित गर्न गरिएको सोधपुछ।

पर्यन्तः (पुं.) [*परिगतः अन्तम्, प्रादिस.*] १.टुङ्गो/सीमा। **पर्यन्तो लभ्यते भूमेः समुद्रस्य गिरेरपि। न कथञ्चित् महीपस्य चित्तान्तः केनचित् क्वचित्॥** (प.त.) २.नजिक। **पर्यन्तदेशं सरसेन देवी लिलेप सा चन्दनलोहितेन**। ३.अगलबगल। **पर्यन्तसञ्चारित–चामरस्य** (रघु.१८.४३)।

पर्यन्तभूः (पुं.) [*पर्यन्ते भूः*] नदी पर्वतको छेउछाउको भूभाग।

पर्ययः (पुं.) [*परिपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.भगण २.पालोलाई उछिन्ने काम ३.अह्राएको नटेर्ने क्रिया।

पर्यवसानम् (नपुं.) [*परितोऽवसानम्, प्रादिस.*] अन्त/समाप्ति।

पर्यवसितः (पुं.वि.) [*पर्यवस्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] सिद्धिएको/निष्कर्षमा पुगेको।

पर्यवस्था (स्त्री.) [*पर्यवस्थानम्, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्*] १.विरोध गर्नु। (हारावली) २.सर्वथा आफ्नै स्थितिमा रहनु।

पर्यवेक्षकः (पुं.वि.) [*पर्यवेक्षते इति, परि अवपूर्वकात् ईक्ष दर्शने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] जाँचबुझ गर्ने/कुनै कामको रेखदेख गर्ने/निरीक्षक/जाँचकी। **~दलम्** (नपुं.) [*पर्यवेक्षकाणां दलम्, ष.त.*] कुनै ठाउँमा वा कुनै राष्ट्रका बिचका झगडामा कुनै पनि पक्षबाट हुने होचो अर्घेलाका कुरा हेर्न खटाएको दल।

पर्यवेक्षणम् (नपुं.) [*परि अवपूर्वकात् ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१.इत्यनः*] चारैतिर आँखा पुऱ्याई रेखदेख गर्ने काम/निगरानी/निरीक्षण।

पर्यस्तः (पुं.वि.) [*परितः अस्तः, परिपूर्वकाद् असु क्षेपणे इति धातोः क्तः*] १.चारैतिर फ्याँकिएको २.मरेको (मेदिनी.) ३.चारैतिर फैलिएको। **पर्यस्ता पृथिवीं कृत्स्नाम्** (हरिवं.१.५९.२०)।

पर्यस्तापह्नुतिः (स्त्री.) अपह्नुति अलङ्कारको तेस्रो भेद। एकतिर रहेको वस्तुधर्मलाई निषेध गरेर त्यसको अन्यत्र आरोप गरिन्छ भने त्यो पर्यस्तापह्नुति हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यत्र तस्यारोपार्थः पर्यस्तापह्नुतिस्तु सः ।

नायं सुधांशुः किं तर्हि ? सुधांशुः प्रेयसीमुखम् ॥ (कुवल.)

पर्याणम् (नपुं.) [*परितो याति गच्छत्यनेन, परिपूर्वकात् या प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, पृषोदरादित्वात्साधुः*] घोडाको काठी (अभि.चि.३.४१८)।

पर्याप्तः (पुं.वि.) [*परिपूर्वकात् आप्लृ व्याप्तौ इति धातोः, क्तः*] चाहिएजति/यथेष्ट/प्रशस्त।

पर्याप्तिः (स्त्री.) [*पर्यापनम्, परिपूर्वकात् आप्लृ व्याप्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.यथेष्टता २.मर्न लागेको व्यक्तिलाई रोक्नु ३.प्रकाश ४.प्राप्ति ५.शक्ति।

पर्यायः (पुं.) [*परिपूर्वकात् इण् गतौ इति धातोः, परावनुपात्यय इणः ३.३.३८ इति भावे घञ्*] १.समान अर्थ बुझाउने शब्द २.क्रम/सिलसिला ३.मौका, ४.किसिम, ५.आलोपालो ६.निर्माण/बनाउने काम ७.एकै कुलमा उत्पन्न भएका दुई व्यक्तिहरूको आपसी सम्बन्ध ८.एक पदार्थको क्रमैले अनेक पदार्थसँग सम्बन्ध हुँदा पर्न जाने एक वाक्यन्यायमूलक अर्थालङ्कार अर्थात् एउटै वस्तुको अनेक आधार भएको वर्णन गर्दा वा अनेक वस्तुको एउटै आधार भएको वर्णन गर्दा पर्याय अलङ्कार पर्दछ। यसका दुई भेद छन्– १.एक पदार्थको अनेकमा आश्रय हुनु २.अनेक पदार्थको एकमा आश्रय हुनु, कुवलयानन्दअनुसार पर्याय दुई प्रकारका हुन्छन्– सङ्कोचनपर्याय र विकासपर्याय। **पर्यायः प्रकारेऽवसरे क्रमे** (मेदिनी.)।

पर्यायवक्रता (स्त्री.) [*पर्यायगता वक्रता, म.प.स.*] पदपूर्वार्द्ध वक्रताको दोस्रो भेद।

पर्यायोक्तिः (स्त्री.) [*पर्यायेण उक्तिः, तृ.त.*] सादृश्यगर्भ गम्यौपम्याश्रय वर्गको एक अर्थालङ्कार।

पर्यालोकनम् (नपुं.) [*परितः आ समन्तात् लोक्यते, परि आङ् पूर्वकात् लोकृ दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] राम्ररी हेर्ने काम, कुनै कार्य वा क्षेत्र आदिलाई एक छेउदेखि अर्को छेउसम्म हेर्ने वा जाँचबुझ गर्ने काम।

पर्यालोचनम् (नपुं.) [*परितः आ असन्तात् लोच्यते, परि आङ् पूर्वकात् लोचृ दर्शन इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वस्तु वा कृतिलाई विभिन्न कोणबाट विवेचना गर्ने/समीक्षा गर्ने काम।

पर्यालोचना (स्त्री.) [*परि आङ् पूर्वकात् लोचृ दर्शने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] चारैतर्फबाट हेर्न काम/समीक्षा।

पर्यावर्तनम् (नपुं.) [*परितः आ समन्तात् वर्तनम्, परिआङ् पूर्वकात् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] फर्केर आउनु/फिर्नु।

पर्यावरणम् (नपुं.) [*परितः आ समन्तात् वरणमिति, परि आङ् पूर्वकात् वृञ् वरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मानिस र अरू पशुपक्षी आदिका स्वास्थ्यमा प्रभाव पार्ने वातावरण, पृथ्वीका चारैतिर रहेका प्राणीहरूको स्वास्थ्यमा असर पार्ने वायुमण्डल।

पर्युदञ्चनम् (नपुं.) [*परित उदञ्च्यते, अञ्चु गतौ इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्मणि ल्युट्, अनः*] ऋण।

पर्युप्तः (पुं.वि.) [*परितः उप्यते स्म, परिपूर्वकात् वप बीजप्रोहणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, सम्प्रसारणम्*] रोपिएको/बिउ राखिएको।

पर्युषणम् (नपुं.) [*परिपूर्वकात् वस धातोः, ल्युट् च (३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पूजन/उपासना/सेवा– टहल।

पर्युषितः (पुं.वि.) [*पर्युष्यते स्म, परिपूर्वकात् वस धातोः निष्ठा इति क्तः, इदागमः*] बासी।

पुष्पं पर्युषितं त्यजन्ति मधुपा दग्धं वनान्तं मृगाः।

सर्वं कार्यवशाज्जनोऽभिरमते तत्कस्य को वल्लभः॥

(सुभा.)

पर्येषणा (स्त्री.) [*इषेरनिच्छार्थस्य (वा.) ३.३.१०७ इति युच्, परेर्वा (वा.) ३.३.१०७, अनः*] श्राद्धमा गरिने ब्राह्मण सेवा।

पर्येष्टिः (पुं.) [*परिपूर्वकात् इषु इच्छायामिति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] खोज/सोधपुछ।

पर्व (धा.) [*पूरणे, भ्वा.सक.सेट्, पर.*] पूर्ण गर्नु। लट्– **पर्वति–** पूर्ण गर्छ, इत्यादि।

पर्व (नपुं.) [*पृ पालनपूरणयोः, इति धातोः, स्नामदिपद्यर्तिपृशकिभ्यो वनिप् (उ.५६२) इति वनिप्*] १.धर्म कार्य वा उत्सव आदि गर्ने समय २.खण्ड/महाभारत आदि ग्रन्थको खण्ड ३.आाख्ला ४.(पुं.) [*पर्वतीति, पर्व पूरणे इति धातोः, बाहुलकात्कनिन्*] आँख्ला ५.उत्सव ६.[*प्रतिपत्पञ्चदश्योर्यदन्तरम् स सन्धिः। स एव पर्व अपि*] परेवा र औँसी, परेवा र पूर्णिमा तथा मसान्त र संक्रान्तिको सन्धिस्थल।

पर्व क्लीबं महे ग्रन्थौ प्रस्तावे लक्षणान्तरे।

दर्शप्रतिपदो सन्धौ विषुवत्प्रभृतिष्वपि॥ (मेदिनी.)

~पातः (पुं.) [*पर्वणः पातः,ष.त.*] आँख्ला छुट्टिने वा दुख्ने रोग।

~वाटिका (स्त्री.) [*पुष्पाणां वाटिका, ष.त.*] फूलबारी/ बगैँचा।

~वृष्टिः (स्त्री.) [*पुष्पणां वृष्टिः, ष.त.*] फूलको वर्षा।

पुष्परथः (पुं.) [*पुष्पमिव कोमलो रथः*] रथ आकारको खेलौना। **क्रीडारथः पुष्परथः** (हला.४४६)।

पुष्परसः (पुं.) [*पुष्पस्य रसः, ष.त.*] १.फूलको रस २.मह।

पुष्पलकः (पुं.) [*पुष्पं पुष्टिं लकति,अच्, पुष्कलक इत्यपि पाठः*] जलप्रायः प्रदेशमा पाइने एक प्रकारको जनावर। **केशेषु चमरीं हन्ति सीम्नि पुष्पलको हतः** (सि.कौ.)।

पुष्पलिट् (पुं.) [*पुष्पं लेढि, लिह आस्वादने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] भँमरो। **भ्रमरभृङ्गपुष्पलिहः** (हला.२५५)।

पुष्पवती (स्त्री.) [*पुष्पं रजोऽस्त्यस्याः,तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, वत्वम् ङीप्*] १.रजस्वला भएकी स्त्री २.तीर्थविशेष ३.(स्त्री.वि.) पुष्पयुक्त।

पुष्पवन्तौ (पुं.द्विव.) [*पुष्प विकसने इति धातोः, भावे ३.३.१८ इति घञ्, पुष्पो विकासः प्रकाशश्च, तद्वन्तौ, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, एकयोक्त्या साधारणवचनेन, प्रत्येकं 'पुष्पवान्' इति न प्रयुज्यते। अकारान्तोऽपि पुष्पवन्तशब्दः, अव रक्षणे इति धातोः, जॄविशिभ्यां झच् (उ.) इति बाहुलकादवतेरपि झच्, झोऽन्तः ७.१.३ इत्यन्तादेशः*] चन्द्रमा र सूर्यलाई एकै पटक भन्दा प्रयोग गरिने शब्द। **रविशशिनौ पुष्पवन्ताख्यौ** (नाममाला)।

पुष्पवर्षाः (स्त्री.बहु.) [*पुष्पाणां वर्षाः, ष.त.*] फूलको वर्षा/ पुष्पवृष्टि/विशेष अवसरमा फूल वर्षा गर्ने कार्य।

पुष्पवाटी (स्त्री.) [*पुष्पाणां वाटी, ष.त.*] फूलको बगैँचा।

वाटी पुष्पाद् वृक्षाच्चासौ क्षुद्रारामः प्रवेशिका (हैम.)।

पुष्पसमयः (पुं.) [*पुष्पाणां समय, ष.त.*] वसन्त ऋतु।

पुष्पसीता (स्त्री.) [*पुष्पोद्भवा सीता, म.प.स.*] फूलको रसबाट बनाएको चिनी। यो हल्का र रक्तपित्तलाई हटाउने खालको हुन्छ। **भवेत् पुष्पसीता सीता रक्तपित्तहरी लघुः** (भा.प्र.नि.)।

पुष्पहीना (स्त्री.) [*पुष्पेण रजसा हीना, तृ.त.*] रजोवती नहुने स्त्री। **पुष्पहीना च निष्फला** (हला.४८७)।

पुष्पाकरः (पुं.) [*पुष्पाणामाकरः, ष.त.*] वसन्त ऋतु। **मासो नु पुष्पाकरः** (विक्रम. १.९)।

पुष्पाञ्जलिः (पुं.) [*पुष्पाणां अञ्जलिः, ष.त.*] देवता वा पूज्य व्यक्तिलाई चढाउन फूल लिइएको अँजुली।

पुष्पिका (स्त्री.) [*पुष्पधातोः ण्वुल्, अकः, टप्, इत्वम्*] १.दाँतको मयल २ लिङ्गको टुप्पाको छालाभित्र जमेको मयल ३.अध्यायको अन्त्यमा आउने वाक्य। जस्तै— **इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये गोकर्णमोक्षवर्णनं नाम पञ्चमोऽध्यायः।**

पुष्पितः (पुं.वि.) [*पुष्पं सञ्जातमस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] फुलेको/विकसित/फूल लागेको।

एकेनापि सुवृक्षेण पुष्पितेन सुगन्धिना।
वनं सुवासितं सर्वं सुपुत्रेण कुलं यथा॥
(ग.पु.आचारकाण्ड)

पुष्पिताग्रा (स्त्री.) छन्दविशेष। यस छन्दको विषम पादमा क्रमशः नगण,नगण, रगण यगण आउँछन् भने समपादमा नगण,जगण,जगण, रगण तथा एक गुरुवर्ण आउँछन्।

अयुजि नयुगरेफतो यकारो
युजि च नजौ जरगाश्च पुष्पिताग्रा (छन्दो.)।

पुष्पेषुः (पुं.) १.[*पुष्पाणि इषवो यस्य सः, बहु.स.*] कामदेव २.[*पुष्पमेव इषुः, रूपकस.*] फूलरूपी वाण।

पुष्पोद्यानम् (नपुं.) [*पुष्पाणामुद्यानम्, ष.त*] पुष्पवाटिका।

पुष्यः (पुं.) [*पुष्णाति कार्याणि, पुष पुष्टौ इति धातोः, पुष्यसिध्यौ नक्षत्रे ३.१.११६ इति क्यप्*] १.कलियुग २.पौषमहिना ३.सूर्यवंशी एक राजा ५.आठौँ नक्षत्र। यसको स्वरूप तीरको जस्तो छ। यसमा धेरै तारा छन्। ज्यादै टाढा भएकाले नाङ्गो आँखाले तिनीहरू स्पष्ट देखिँदैनन्। यसको योगतारा नक्षत्रको बिचमा छ। यसको ध्रुवांश १०४ अंश हो। (सि.द.) यस नक्षत्रको अन्तिम सीमा १०६ अंश ४० कलासम्म छ। तर यो नक्षत्र १०८ अंश ५० कलामा रहेको हुंदा यसले आफ्नो सीमाको अतिक्रमण गरिसकेको देखिन्छ। यसको शर १ अंश १५ कला उत्तर छ। यसलाई तिष्य नक्षत्र पनि भन्दछन्। नक्षत्रको पादव्यवस्थाअनुसार यस नक्षत्रमा जन्मने बालक वा बालिकाको नाम क्रमशः हु हे हो डाबाट सुरु हुन्छ। (मु.चि.) यो नक्षत्र कर्कट राशिमा पर्छ। पुष्य नक्षत्र १४ मार्च राती ९ बजे याम्योत्तर वृत्तमा देखिन्छ। (ब्रह्माण्ड और ज्योतिष रहस्य) ६.[*भावे क्यप्*] पुष्टि।

पुष्यरथः (पुं.) [*पुष्य इव रथः,पुष्ये यात्रोत्सवादौ रथो वा, अन्तस्थमध्यो (पुष्परथः) वा*] यात्रा,उत्सव आदिमा चढ्न बनाइएको रथ।

पुष्यलकः (पुं.) [*पुष्यं पुष्टिं लकति, अच्, पुष्कलक इति च पाठः*] गह्राउने मृग आकारको जनाबर। यो मोटो र डल्लो खालको हुन्छ। जलप्राय प्रदेशमा पाइने यो जनाबर पाइन्छ। **केशेषु चमरीं हन्ति सीम्नि पुष्यलको हतः** (व्याकरण) हे. खट्टासः।

पुस्त (धा.) [*आदरानादरयोः, सक.सेट्, उभय.*] सत्कार गर्नु, अनादर गर्नु। लट्— **पुस्तयति-ते—** सत्कार गर्छ, अनादर गर्छ इत्यादि।

पुस्तम् (नपुं.) [*पुस्तयतीति, पुस्त आदरानादरयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा पुस्त्यते, इति, पुस्तधातोः,णिचि, एरच् ३.३.५६ इत्यच्*] १.हस्तलिखित २.पाण्डुलिपि ३.शिल्पकारी/माटो,काठ,वस्त्र आदि वस्तुले सामानहरूको निर्माण गर्नु, पुस्तक लेख्नु आदि। **पुस्तं लेख्यादिकर्मणि** (अमर.) ४.पुस्तक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकम् (नपुं.) [*पुस्तमेव, स्वार्थे कन्*] किताब।

पुस्तकालयः (पुं.) [*पुस्तकानामालयः, ष.त.*] पढ्न पाउने व्यवस्थाका लागि पुस्तकहरू मिलाएर राखिएको भवन/ पुस्तकागार/विभिन्न विषयका पुस्तकहरू सङ्ग्रह गरी राखिएको घर। **~अध्यक्षः** (पुं.) [*पुस्तकालयस्य अध्यक्षः, ष.त.*] ग्रन्थागार वा पुस्तकालयमा संगृहीत ग्रन्थहरूको रक्षा गर्ने व्यक्ति/ पुस्तकालयको प्रमुख कर्मचारी।

पुस्तिका (स्त्री.) [*स्वल्पं पुस्तम्, अल्पे ५.३.८५ इति कन्, टाप् ४.१.४ इत्वम्*] सानोतिनो किताब/सानो पुस्तक।

पूः (स्त्री.) [*पिपर्ति, पृ पालनपूरणयोः इति धातोः, भ्राजभास ३.३.११७ इति क्विप्, उदोष्ठ्यपूर्वस्य७.१.१०२ इत्युत्वम् र्वोः८.२.७६ दीर्घः, विषर्गः*] १.सहर २.शरीर। **पूरः शरीरे नगर्यां च** (हैम.)।

पूगः (पुं.) [*पूयते मुखमनेन इति पूङ् पवने, इति धातोः, छापूखडिभ्यः कित् (उ.) १२९ इति गन्*] १.सुपारी २.समूह। **पूगस्तु क्रमुके वृन्दे** (मेदिनी.)।

पूङ् (धा.) [*पवने, सक.सेट् आत्म.*] पवित्र बनाउनु। लट्– **पवते–** पवित्र बनाउँछ। लिट्– **पुपुवे–** पवित्र बनाएछ (अन.)। लुट्– **पविता–** पवित्र बनाउने छ (अन.)। लृट्– **पविष्यते–** पवित्र बनाउने छ। लोट्– **पवताम्–** पवित्र बनाओस्। लङ्– **अपवत–** पवित्र बनायो (अन.)। विधिलिङ्– **पवेत–** पवित्र बनाउला, पवित्र बनाओस्। आशीर्लिङ्– **पविषीष्ट–** पवित्र बनाओस्। लुङ्– **अपविष्ट–** पवित्र बनायो। लृङ्– **अपविष्यत–** पवित्र बनाउने थियो इत्यादि।

पूज (धा.) [*पूजायाम्, चुरा. सक.सेट् उभय.*] पूजा गर्नु। लट्– **पूजयति-ते–** पूजा गर्छ। लिट्– **पूजयाञ्चकार-चक्रे–** पूजा गरेछ (अन.)। लुट्– **पूजयिता–** पूजा गर्ने छ (अन.)। लृट्– **पूजयिष्यति-ते–** पूजा गर्ने छ। लोट्– **पूजयतु-ताम्–** पूजा गरोस्। लङ्– **अपूजयत्-त–** पूजा गऱ्यो (अन.)। विधिलिङ्– **पूजयेत्-त–** पूजा गर्ला, पूजा गरोस्। आशीर्लिङ्– **पूज्यात्-पूजयिषीष्ट–**पूजा गरोस्। लुङ्– **अपूपुजत्-त–** पूजा गऱ्यो। लृङ्– **अपूजयिष्यत्-त–** पूजा गर्ने थियो इत्यादि।

पूजकः (पुं.वि.) [*पूजयतीति, पूज पूजायामिति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पूजा गर्ने व्यक्ति/पूजाहारी/उपासक।

पूजनम् (नपुं.) [*पूज पूजायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पूजा गर्ने काम/अर्चना/सत्कार।

पूजनीयः (पुं.वि.) [*पूजयितुं योग्यः, तव्यत्तव्यानीयरः३.१.९६ इति अनीयर्*] पूज्य,आदरणीय,सत्कार गर्न योग्य।

पूजा (स्त्री.) [*पूजनम्, चिन्तिपूजिकथिकुम्बिचर्चश्च ३.३.१०५ इति अङ्, ततष्टाप् ४.१.४*] १.सम्मान/सत्कार २.चन्दन, अक्षता, फूल, बत्ती, नैवेद्य आदि चढाएर गरिने देवताको आराधना।

पूजापाठः (पुं.) [*पूजया सहितः पाठः, म.प.स.*] देवी देवताको अर्चना र स्तोत्र, गीता, भागवत आदिको पाठ।

पूजार्हः (पुं.वि.) [*पूजामर्हति,पूजापूर्वकात् अर्हधातोः अर्हः ३.२.१२ इत्यच्*] पूज्य,मान्य।

प्रजनार्थं महाभागाः पूजार्हा गृहदीप्तयः।
स्त्रियः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन॥
(मनु. ९.२६)

पूजासामग्री (स्त्री.) [*पूजायाः सामग्री, ष.त.*] पूजामा चाहिने वा पूजा गर्ने सामान/पूजोपकरण।

पूजाहारी (पुं.) [*पूजामाहर्तुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मन्दिरमा रहेर बिहान बेलुका नित्य देवी देवताको पूजा गर्ने व्यक्ति।

पूजितः (पुं.वि.) [*पूज्यते स्म, पूज पूजायामिति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पूजा गरिएको/अर्चित २.सम्मानित।

निवृत्ते भरते धीमानत्रे रामस्तपोवनम्।
प्रपेदे पूजितस्तस्मिन् दण्डकारण्यमीयिवान्॥ (भट्टि)

पूजितव्यः (पुं.वि.) [*पूजयितुं योग्यः, तव्यत्*] पूजनीय।

पूजिलः (पुं.वि.) [*पूजधातोः गुपादिभ्य इलच् (उ.) इति इलच्*] १.पूज्य २.(पुं.) देवता।

पूजोपचाराः (पुं.बहु.) [*पूजाया उपचाराः, ष.त.*] हे. उपचारविधिः

पूज्यः (पुं.वि.) [*पूजयितुं योग्यः, पूज पूजायामिति धातोः, अचो यत् ३.१.९७ इति यत्*] १.पूजनीय/मान्नलायक २.ससुरा। **पूज्यः श्वशुरवन्द्ययोः** (हैम.)। **~पादः** (पुं.वि.) [*पूज्यौ पादौ यस्य सः, बहु.स.*] १.अति पूज्य/पाउको पूजा गर्न योग्य,माता,पिता आदि मान्यजन २.[*पूज्यश्चासौ पादश्च*] पूजनीय चरण। **~वर्गः** (पुं.) [*पूज्यानां वर्गः, ष.त.*] पूज्य व्यक्तिहरूको समूह।

पूज्यमानः (पुं.) [*पूज्यते इति, पूज पूजायामिति धातोः, यगन्तात् शानच् ३.२.१२४*] पुजिने।

पूञ् (धा.) [*पवने, क्र्या. सक.सेट् उभय.प्वादीनां ह्रस्वः शिति इति ह्रस्वः*] पवित्र तुल्याउनु। लट्– **पुनाति-पुनीते–** पवित्र तुल्याउँछ। लिट्– **पुपाव-पुपुवे–** पवित्र तुल्याए छ (अन.)। लुट्– **पविता–** पवित्र तुल्याउने छ (अन.)। लृट्– **पविष्यति-ते–** पवित्र तुल्याउने छ। लोट्– **पुनातु-पुनीताम्–** पवित्र तुल्याओस्। लङ्– **अपुनात्-अपुनीत–** पवित्र तुल्यायो (अन.)। विधिलिङ्– **पुनीयात्-पुनीत–** पवित्र तुल्याउला, पवित्र तुल्याओस्। आशीर्लिङ्– **पूयात्-पविषीष्ट–** पवित्र तुल्याओस्। लुङ्– **अपावीत्-अपविष्ट–** पवित्र तुल्यायो। लृङ्– **अपविष्यत्-त–** पवित्र तुल्याउने थियो इत्यादि।

पूण (धा.) [*संघाते,राशीकरणे, चुरा.पर. सक. सेट्*] बटुल्नु। लट्– **पूणयति–** बटुल्छ। **पूणयति धान्यं लोकः** (दुर्गादास)।

पूतः (पुं.वि.) [*पवते स्म, पूञ् पवने इति धातोः, गत्यर्थाकर्मक. ३.४.७२ इति क्तः*] शुद्ध/पवित्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्षुःपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिबेत्।
सत्यपूतां वदेद् वाणीं मनःपूतं समाचरेत्॥ (सुभा.)

पूतक्रतुः (पुं.) [*पूताः ऋतवो येन सः, बहु.स.*] इन्द्र।

पूतना (स्त्री.) [*पूतं करोति तत्करोति– (वा.) ३.३.२६ इति णिच् बहुलमन्यत्रापि (उ.) २.७८ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.हर्रो २.बालक कृष्णलाई मार्न खोज्ने एक राक्षसी ३.रोगविशेष। **पूतना तु हरीतक्यां दानवीरोगभेदयोः** (मेदिनी.)।

पूतम् (नपुं.) [*पूयते स्म, पूञ् पवने इति धातोः, पूङ् पवने इति धातोर्वा, निष्ठा ३.२.१०२ इति क्तः*] भुस उडाएर थुप्रो लगाइएको अन्न।

पूता (स्त्री.) [*पूतशब्दात् टाप्*] १.दुबो २.(स्त्री.वि.) पवित्र।

पूतात्मा (पुं.वि.) [*पूत आत्मा यस्य सः,बहु.स.*] १.हृदयमा कलुष नभएको/अन्तःकरण शुद्ध भएको २.(पुं.) विष्णु ३.शुद्ध शरीर।

पूतिः (स्त्री.) [*पूधातोर्भावे क्तिन्*] १.पवित्रता २.दुर्गन्ध ३.[*पूय्यते मैथुनकाले दुर्गन्धीक्रियते वस्त्रादिकमनया, करणे क्तिन्*] स्त्रीजातिको योनि।

पूतिकरजः (पुं.) [*पूतिश्चासौ करजश्च,कर्मधा.स.*] लेकमा हुने पाङ्ग्रो।

पूतिकाष्ठम् (नपुं.) [*पूतेः पावनस्य काष्ठम्*] १.सल्लो २.देवदारु।
पूतिकाष्ठं च सरलदेवदारुमहीरुहोः (मेदिनी.)।

पूतिगन्धिः (पुं.वि.) [*पूयी विशरणे दुर्गन्धे च इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, पूतिर्दुष्टो गन्धोऽस्य, गन्धस्येत् ५.४.१३५ इतीकारः*] दुर्गन्धी/खराब किसिमको गन्ध आउने।

पूतिफली (स्त्री.) [*पूतिः फलेष्वस्याः, पाककर्ण ४.१.६४ इति ङीष्*] बाकुची।

पूतीकः (पुं.) [*पुनातीति, पूञ् पवने इति धातोः, तिन्तिडीकादयश्च (उ.) इतीकन् तुक्च*] लेकमा हुने पाङ्ग्रो।

पूपः (पुं.) [*पवनम्, पूञ् पवने इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, यद्वा पुवं पाति, पिबति वा आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] पुवा, मालपुवा, सेल, अनर्सा आदि।

पूपमयम् (नपुं.) [*प्रचुराः पूपाः यस्मिन्, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] पुवा प्रधान भएको।

पूयम् (नपुं.) [*पूयते दुर्गन्धो भवति, पचाद्यच्*] पिप।

पूयी (धा.) [*विशरणे दुर्गन्धे च, भ्वा.अक.सेट्, आत्म.*] फैलनु, दुर्गन्ध आउनु। लट्– **पूयते–** फैलन्छ, दुर्गन्ध आउँछ। लिट्– **पुपूये–** फैलिए छ, दुर्गन्ध आएछ (अन.) इत्यादि।

पूरः (पुं.) [*पूरयति, इगुपधतया कः*] १.जलसमूह, २.पानीको वेग ३.रक्तशुद्धि ४.खाद्यविशेष ५.बीजपुर/बिमिरो ६.प्राणायामको प्रथम प्रकार/पूरक/नाकको प्वालबाट वायु भित्र तान्ने काम।
प्राणस्य शोधयेन्मार्गं पूरकुम्भकरेचकैः।
प्रतिकूलेन वा चित्तं यथास्थिरमचञ्चलम्॥
(भाग.३.२८.९)

पूरकः (पुं.वि.) [*पूरयतीति, पॄ पालनपूरणयोः, इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पूरा गर्ने/कुनै वस्तुको कमी वा त्रुटि पूरा गर्न पछिबाट थप गरिने अंश २.प्राणायामको प्रथम प्रकार।

पूरकपरीक्षा (स्त्री.) [*पूरिका चासौ परीक्षा च,कर्म.स.*] अनुत्तीर्ण भएका विषयमा पुनः दिइने परीक्षा।

पूरणः (पुं.वि.) [*पूरयति, पॄ पालनपूरणयोः इति धातोः कर्तरि ल्युः, अनः*] पूरण गर्ने, भर्ने।

पूरणम् (नपुं.) १.[*पूर्यते स्म, पॄ पालनपूरणयोः इति धातोः, ल्युट् ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पूरा गर्ने काम/भरिभराउ पार्नु/पूर्ति २.[*पूर्यतेऽनेन,करणे ल्युट्*] पिठोविशेष।

पूरणी (स्त्री.) [*पूर्यतेऽनया, पूरी आप्यायने इति धातोः, ल्युट् च ३.३.११४ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] सिमलको वृक्ष। **पूरणः पूरके त्रिषु।**
क्लीबं पिष्टप्रभेदे च पूरणी शाल्मलिद्रुमे। (मेदिनी.)।

पूरणीयः (पुं.वि.) [*पूरयितुं योग्यः, तव्यत्तव्यानीयरः इत्यनीयर*] पुर्न वा भर्न लायक/पुरिने वा भरिने /पूरा गर्नुपर्ने।

पूरयिता (पुं.वि.) [*पूरयति, पॄ पालनपूरणयोः, इति धातोः, तृच्*] भर्ने, पूरा गर्ने।
अनुकूले विधौ देयं यतः पूरयिता हरिः।
प्रतिकूले विधौ देयं यतः सर्वं हरिष्यति॥ (सुभा.)

पूरितः (पुं.वि.) [*पूर्यते स्म, पूरी आप्यायने इति धातोः, ण्यन्ताद्, निष्ठा ३.२.१०२ इति क्तः, वा दान्त ७.२.२७ इति साधुर्वा*] १.भरिएको। २.पूरा भएको। **पूर्णः कृत्स्ने पूरिते च** (हैम.)।

पूरिका (स्त्री.) [*पूर्यते उदरमनया, पॄ पालनपूरणयोः, इति धातोः, कॄगॄशॄपॄकुटिभिदिछिदिभ्यश्च (उ.) ५९२ इति इः, कित्वञ्च, ऊत्त्वम् रपत्त्वञ्च, ततः संज्ञायां कन्, टाप्,*] पुरी/गहूँको आँटा वा मैदा बेलेर पकाएको रोटी। यो दुई प्रकारको हुन्छ– सुक्खा र चिल्लोमा पकाएको। सुक्खा पुरी स्वास्थ्यका लागि उपयोगी हुन्छ। चिल्लामा पकाएको पुरीलाई कचौडी भन्दछन्। यसले आँखालाई राम्रो गर्छ र रक्तपित्तलाई हटाउँछ।
ततस्तैलेन पक्वा सा पूरिका कथिता बुधैः।
तथैव घृतपक्वापि चक्षुष्या रक्तपित्तहृत्॥ (भा.प्र.नि.)

पूरी (धा.) [*आप्यायने, सक.सेट् आत्म.*] पूरा गर्नु, भर्नु। लट्– **पूर्यते–** पूरा हुन्छ, भरिन्छ। लिट्– **पुपुरे–** पूरा भए छ, भरिए छ (अन.) इत्यादि।

पूरी (धा.) [*आप्यायने, सक.सेट् उभय.*] तृप्त गर्नु, भर्नु। लट्– **पूरयति–** तृप्त गर्छ, भर्छ। लिट्– **पूरयाञ्चकार–** तृप्त गरेछ भरेछ (अन.)। लुट्– **पूरयिता–** तृप्त गर्ने छ, भर्ने छ (अन.)। लृट्– **पूरयिष्यति–** तृप्त गर्ने छ, भर्ने छ। लोट्– **पूरयतु–** तृप्त गरोस्, भरोस्। लङ्– **अपूरयत्–** तृप्त गऱ्यो, भऱ्यो (अन.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिलिङ्– **पूरयेत्–** तृप्त गर्ला, भर्ला, तृप्त गरोस्, भरोस्। आशीर्लिङ्– **पूर्यात्–** तृप्त गरोस्, भरोस्। लुङ्– **अपूपुरत्–** तृप्त गऱ्यो, भऱ्यो। लृङ्– **अपूरयिष्यत्–** तृप्त गर्ने थियो, भर्ने थियो इत्यादि।

पूरुषः (पुं.) [*पुरति, पुर अग्रगमने इति धातोः, पुरः कुषन् (उ.) ४.४७ पृषोदरादित्वात् ६.३.१०९ दीर्घः, यद्वा– पूरी आप्यायने इति धातोः, बाहुलकात्कुषन्*] केटो मानिस/पुरुष।

पूर्णः (पुं.वि.) [*पूर्यते स्म, पॄ पालनपूरणयोः इति धातोः, पूरी आप्यायने इति धातोर्वा, निष्ठा ३.२.१०२ इति क्तः, वा दान्त ७.२.२७ इति साधुर्वा*] १.पूरा भएको २.भरिएको ३.समर्थ ४.(पुं.) प्रधाका एक छोरा ५.(पुं.) नागविशेष। **पूर्णः कृत्स्ने पूरिते च** (हैम.) **~चन्द्रः** (पुं.) [*पूर्णश्चासौ चन्द्रश्च, कर्म.स.*] पूर्णिमाको चन्द्रमा। **~मासी** (स्त्री.) [*पूर्णो मासो यत्र, गौरादितया ङीष्*] पूर्णिमा। **~ कुम्भः** (पुं.) [*पूर्णश्चासौ कुम्भश्च*] मङ्गलका निमित्त राखिएका जलपूर्ण घडा। **~ न्यायाधिकरणम्** (नपुं.) [*पूर्णञ्च तद् न्यायाधिकरणम्, कर्म.स.*] पूर्ण बेन्च/फूल बेन्च।

पूर्णता (स्त्री.) [*पूर्णस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, तलन्तं स्त्रियामिति वचनानुसारेण स्त्रीत्वात् टाप्, त्वपक्षे क्लीबे पूर्णत्वम्*] पूर्ण हुनु।

पूर्णपात्रम् (नपुं.) [*पूर्णञ्च तत्पात्रञ्च, कर्म.स.*] १.कुनै वस्तुले भरिभराउ भाँडो २.पूजा होम आदि कर्म गर्दा छुट्पुट कर्म पूरा होस् भनी दान गरिने फल, द्रव्य र २५६ मुठी चामल राखेको पात्र।

अष्टमुष्टिर्भवेत् किञ्चित् किञ्चिदष्टौ तु पुष्कलम्।
पुष्कलानि च चत्वारि पूर्णपात्रं प्रचक्षते॥

आठ मुठी चामललाई किञ्चित् भनिन्छ। आठ किञ्चित्को १ पुष्कल हुन्छ। चार पुष्कलको १ पूर्णपात्र हुन्छ। ८×८×४=२५६ मुठी चामलको १ पूर्णपात्र हुन्छ। ३.चालिस मासाको ताम्रपात्रमा सुन, दक्षिणा राखी ब्राह्मणलाई दान गरिने पात्र।

द्वात्रिंशत्पलमानेन निर्मितं ताम्रपात्रकम्।
तण्डुलैस्तत्समापूर्य सहिरण्यं सदक्षिणम्॥
दद्याद् विप्राय सन्तुष्ट्यै पूर्णपात्रमितीरितम्॥

(प्र.च.सं.दी.)

पूर्णमासः (पुं.) १.[*पूर्णमासी अस्ति अस्य, अर्शाद्यच्*] पौर्णमास यज्ञ २.[*पूर्णो मासो यत्र*] पूर्णिमा। **दर्शे च पूर्णमासे च चातुर्मास्ये पुनः पुनः** (म.भा.१२.२९.११४)।

पूर्णयौवनम् (नपुं.) [*पूर्णञ्च तद् यौवनञ्च, कर्म.स.*] नौजवान/युवावस्था/तन्नेरी।

पूर्णविरामः (पुं.) [*पूर्णश्चासौ विरामश्च, कर्म.स.*] १.वाक्य पूरा हुँदा दिइने विराम चिह्न (।) २.पूर्णतया विश्राम लिने वा हुने काम।

पूर्णश्रीः (पुं.वि.) [*पूर्णा श्रीः यस्य सः,बहु.स.*] १.धनधान्यले पूर्ण २.(स्त्री.) [*पूर्णा चासौ श्रीश्च, कर्म.स.*] १.प्रशस्त सम्पत्ति २.प्रशस्त शोभा वा सौन्दर्य।

पूर्णतया (अव्य.) पूर्णरूपले/पूर्णतः।

पूर्णा (स्त्री.) [*पूर्णशब्दात् टाप्*] तिथिको एक प्रकार। यसमा पञ्चमी,दशमी, पूर्णिमा, अमावास्या तिथि पर्दछन्। **पूर्णासु योषित परिवर्जनीया** (तिथित.) हे. **तिथिः**।

पूर्णाङ्कः (पुं.) [*पूर्णश्चासौ अङ्कश्च, कर्म.स.*] १.पूर्ण सङ्ख्या २.कुनै प्रश्न वा प्रश्नपत्रको लागि निर्धारित सम्पूर्ण अङ्क।

पूर्णाधिकारः (पुं.) [*पूर्णश्चासौ अधिकारश्च, कर्म.स.*] तोकिएको क्षेत्रमा आफ्नो दायित्व पूरा गर्ने क्रममा आवश्यकताअनुसार प्रयोग गर्न पाउने पूरा अधिकार। **~प्राप्तदूतः** (पुं.) [*पूर्णश्चासौ अधिकारश्च, कर्म.स., तं प्राप्तः, द्वि.त. स चासौ दूतश्च, कर्म.स.*] स्वविवेकबाट काम गर्न र आफैँ आवश्यक निर्णय गर्नलाई पूरा अधिकार दिइएको दूत।

पूर्णायुः (पुं.वि.) [*पूर्णमायुर्यस्य सः, बहु.स.*] १.पूरा आयु भएको। मानिस सय वा एकसय बिस वर्ष बाँचे पूर्णायु हुन्छ। अरू प्राणीको पनि तोकिएअनुसारको वर्ष बाँचेमा पूर्णायु हुन्छ। २.(नपुं.) [*पूर्णञ्च तदायुश्च, कर्म.स.*] पूरा आयु।

पूर्णावतारः (पुं.) [*पूर्णश्चसौ अवतारश्च, कर्म.स.*] सम्पूर्ण कला सहित भएको कुनै देवताको अवतार। जस्तै– श्रीकृष्ण।

पूर्णाहुतिः (स्त्री.) [*पूर्णा चासौ आहुतिश्च, कर्म.स.*] १.होम गरेर बाँकी रहेको घिउले सुरो भरेर फूल कुश (वस्त्र सुपारी) राखी घिउको धारा चुहाउँदै पूर्णताको लागि होमको आखिरमा गरिने आहुति।

ततो होमावशिष्टेन घृतेनापूर्य वै स्रुवम्।
निधाय पुष्पं तस्याग्रे स्रुवेणाधोमुखेन ताम्॥
सदर्भेण समाच्छाद्य मूलेनाञ्जलिनोत्थितः।
वौषडन्तेन जुहुयात् धारां जलसमन्विताम्॥

२.गन्ध, पुष्पफल, अक्षतासहित पात्र लिएर उभिई गोडा जोडेर पूर्वदिशातिर फर्केर दिइने बलि।

अथ पूर्णाहुतिं दद्याद् गन्धपुष्पफलान्विताम्।
साक्षतामूर्ध्वकायश्च समपाच्छक्रदिङ्मुखः॥ (सं.दी.)

पूर्णिमा (स्त्री.) *पूरी आप्यायने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, चन्द्रस्य पूरणम्, तेन निर्वृत्ता पूर्णिमा, भावप्रत्ययान्तात् तेन निर्वृत्तम् इत्यर्थे इमप् (वा.४.४.२०) टाप् ४.१.४*] पूर्णिमा तिथि,शुक्लपक्षको अन्तिम तिथि, पूर्ण चन्द्र भएको तिथि।

पूर्णेन्दुः (पुं.) [*पूर्णश्चासौ इन्दुश्च, कर्म.स.*] पूर्ण चन्द्र/पूर्णिमाको चन्द्रमा। **नागो भाति मदेन कं जलरुहैः पूर्णेन्दुना शर्वरी।**

पूर्णोपमा (स्त्री.) [*पूर्णा चासौ उपमा च, कर्म.स.*] उपमान, उपमेय साधारण धर्म र वाचक शब्द चारै तत्त्वको शब्दतः उल्लेख हुने गरी वर्णनीय विषयको अवर्णनीय विषयसँग तुलना गर्दा पर्न जाने अलङ्कार। यो सादृश्यमूलक अलङ्कार हो। यो छ किसिमको हुन्छ– १.श्रौती समासगता २.श्रौती तद्धितगता ३.श्रौती वाक्यगता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.आर्थी समासगता ५.आर्थी तद्धितगता ६.आर्थी वाक्यगता। **पूर्णा षडेव तत्** (सा.द. १०.२१)।

पूर्तः (पुं.वि.) [*पूर्यते स्म वा, पृ पालनपूरणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, न ध्याख्या ८.२.५७ इति निष्ठानत्वं न*] १.भरिएको २.पूरा गरिएको।

पूर्तम् (नपुं.) [*पूरणम्, पूर्यन्ते स्म वा, पृ पालनपूरणयोः इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति निष्ठा ३.२.१०२ इति क्तः, वा, न ध्याख्या ८.२.५७ इति निष्ठानत्वं न*] १.तलाउ, धारो, इनार आदि बनाएर उत्सर्जन गर्ने काम।

पुष्करिण्यः सभावापी देवतायतनानि च।
आरामाश्च विशेषेण पूर्तं कर्म विनिर्दिशेत् (स्मृति)।
पूर्तं त्रिषु पूरिते स्यात्क्लीबं खातादिकर्मणि (मेदिनी.)।

२.भरिने काम ३.पूरा हुने कार्य।

पूर्तिः (स्त्री.) [*पूरणम्, पृ पालनपूरणयोः इति धातोः स्त्रियां क्तिन्*] १.अधुरो वा अभाव पूरा गर्ने काम २.रित्तो वा अपूरो क्षेत्र भर्ने काम।

पूर्व (धा.) [*पूरणे, सक.सेट्, पर.*] पूर्ण गर्नु। लट्— **पूर्वति—** पूर्ण गर्छ। लिट्— **पुपूर्व—** पूर्ण गरेछ (अन.)। लुट्— **पूर्विता—** पूर्ण गर्ने छ (अन.) इत्यादि।

पूर्व (धा.) [*निकेतने, चुरा. पर. निमन्त्रणे सक. निवासे अक. सेट्*] निमन्त्रण गर्नु, वास गर्नु। लट्— **पूर्वयति**— निमन्त्रण गर्छ। **पूर्वयति द्विजान् भोक्तुं गृही** (दुर्गादास) **पूर्वयति तीर्थेषु साधुः** (पूर्ववत्)।

पूर्वः (पुं.) [*पूर्वति, पूर्व पूरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पूर्व दिशा २.(पुं.वि.) अगाडि भएको ३.प्रथम। **पूर्वं तु पूर्वजे प्रागयं श्रुतभेदेषु** (हैम.)। **~कथितः** (पुं.वि.) [*पूर्वं कथितः, द्वि.त.*] पहिले भनिएको/अघि भनिएको। **~कालः** (पुं.) [*पूर्वश्चासौ कालश्च, कर्म.स.*] प्राचीन काल/पुरानो काल/अतीतकाल। **~कालिकः** (पुं.वि.) [*पूर्वकाले भवः, पूर्वकाल+ठञ्*] पूर्वकालिक/पहिलेको समयको/प्रचीन कालको। **~जन्म** (नपुं.) [*पूर्वञ्च तद् जन्म च, कर्म.स.*] पहिलेको जन्म/वर्तमान जन्मभन्दा अघिल्लो जन्म। **~धारणा** (स्त्री.) [*पूर्वा चासौ धारणा, च कर्म.स.*] १.कसैका पक्ष वा विपक्षमा पहिलेदेखि नै निश्चय वा स्थिर गरेको धारणा २.प्राक्कल्पना **~निर्णयः** (पुं.) [*पूर्वश्चासौ निर्णयश्च, कर्म.स.*] १.नजिर २.उदाहरण। **~पक्षः** (पुं.) [*पूर्वश्चासौ पक्षश्च, कर्म.स.*] १.अघिल्लो भाग २.फिरादवाला ३.कुनै विषयमा निर्णय लिनु अगाडि उठाइएका सम्भावित प्रश्न।

पूर्वजः (पुं.वि.) [*पूर्वस्मिन् काले जातः, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] १.पहिले जन्मेको २.पहिले उत्पत्ति भएको ३.पूर्व पुरुष।

पूर्वजाः (पुं.बहु.) [*पूर्वस्मिन (काले) जाताः, डः*] दिव्यपितृगण।

पूर्वजा (स्त्री.) [*पूर्वस्मिन (काले) जाता,डः, टिलोपः, टाप्*] दिदी।

पूर्वदिक् (स्त्री.) [*पूर्वा चासौ दिक् च*] पूर्वदिशा।

पूर्वदेवाः (पुं.बहु.) [*पूर्वे च ते देवाश्च, 'पूर्वापरप्रथम'— २.१.५८ इत्यादिना समासः, यद्वा पूर्वं देवाः, अन्यायाद्धि देवत्वाद् भ्रष्ट्याः, सुप्सुपा २.१.४ इति समासः, पूर्वे देवा येभ्यो वा, अनेकमन्यपदार्थे २.२.२४ इति बहुव्रीहिः*] दानव।

पूर्वदेवौ (पुं./द्विव.) [*पूर्वौ च तौ देवौ च, कर्म.स.*] नरनारायण ऋषि।

तेषां मनश्च तेजश्चाप्याददानाविवोजसा।
पूर्वदेवौ व्यतिक्रान्तौ नरनारायणावृषी॥ (म.भा.५.४९.५)

पूर्वधारणा (स्त्री.) [*पूर्वा चासौ धारणा च, कर्म.स.पुंवद्भावः*] पहिलेको चिन्तन वा अवधारणा/प्राक्कल्पना।

पूर्वनिश्चितः (पुं.वि.) [*पूर्वं निश्चितः*] पहिले नै निश्चय गरेको।

पूर्वपक्षः (पुं.) [*पूर्वश्चासौ पक्षश्च, कर्म.स.*] १.पहिलो भाग वा खण्ड २.पहिला पक्षको विचार वा भनाइ ३.शुक्लपक्ष।

पूर्वपत्नी (स्त्री.) [*पूर्वा चासौ पत्नी च, कर्म.स., पुंवत् कर्म. ६.३.४२ इति पुंवद्भावः*] १.प्रथम पत्नी २.पहिलेकी पत्नी। **भवपूर्वपत्नी** (कुमा.१.२१)।

पूर्वपदम् (नपुं.) [*पूर्वञ्च तत् पदञ्च, कर्म.स.*] अघिल्लो पद। **पूर्वपदात् संज्ञायामगः** (पा.सू.)।

पूर्वपर्वतः (पुं.) [*पूर्वश्चासौ पर्वतश्च, कर्म.स.*] १.सूर्य उदाउने पर्वत २.पूर्वपट्टिको पहाड।

पूर्वफाल्गुनी (स्त्री.) [*पूर्वा चासौ फाल्गुनी च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः*] एघारौं नक्षत्र। यसका दुई तारा छन्। यसको योगतारा उत्तरपट्टि छ। यसको ध्रुवांश (क्रान्तिवृत्तमा मेष विन्दु 0° बाट हुने दूरी) १४३ कला छ। (सि.द.) यस नक्षत्रमा पैदा हुने बालकको नाम नक्षत्रको पादव्यवस्थाअनुसार मो, टा, टि, टुबाट प्रारम्भ हुन्छ। यो सिंह राशिमा पर्छ।

पूर्वभागी (पुं.) [*पुरः पूर्वं भजते, भज सेवायाम् इति धातोः, संपृचा— ३.२.१४२ इति घिनुण्*] दोषमात्र हेर्ने/खोटमात्र लगाउने।

पूर्वभाद्रपदा (स्त्री.) [*भद्राण्येव भाद्राणि, भाद्राणि कल्याणकराणि पदानि यस्याः सा, बहु.स. पूर्वा चासौ भाद्रपदा, कर्म.स.*] पच्चिसौं नक्षत्र। यसको ध्रुवांश (क्रान्तिवृत्तमा मेष विन्दु 0° बाट हुने दूरी) ३२२ कला छ। यसको आकार दुवैतिर तारा झुन्डिएको लट्ठीजस्तो देखिन्छ। यसको योगतारा नक्षत्रको उत्तरपट्टि छ। (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्था– अनुसार सो, दा, दीबाट प्रारम्भ हुन्छ। यसका सुरुका तीन पाउ कुम्भ राशि र चौथो पाउ मीन राशिमा पर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वरङ्गः (पुं.) [*पूर्वं रज्यतेऽस्मिन्*] नाटक वा नाचको सुरुमा विघ्न बाधा हट्याउन र दर्शकलाई सावाधान गराउन गरिने ईश्वरस्तुति वा नान्दीपाठ। यसका बाइस अङ्गहरू छन्। यसका एघार अन्तर्गीत र एघार बहिर्गीत गरी दुई भेद हुन्छन्। पर्दाभित्र बसेर अभिनेता वा प्रयोगकर्ताले प्रयोगमा ल्याउनेलाई अन्तर्गीत र पर्दा उठाएर सबैले एकैसाथ गाइने गीतको योजनालाई बहिर्गीत भन्दछन्। पर्दाभित्रबाट सबैले एकसाथ गरिने— प्रत्याहार, अवतरण, आरम्भ, आश्रयणा, वक्रपाणि, परिघट्टना, संघोटना, मार्गासारित, ज्येष्ठासारित, मध्यासारित र कनिष्ठासारित हुन्छन्। पर्दा उठाएर सबैले एकसाथ गरिने गीतका भेदहरू यस प्रकार छन्— गीतक, वर्द्धमान, ताण्डव, उत्थापन, परिवर्तन, नान्दी, शुक्ला वा कृष्णा, रङ्गद्वार, चारी, महाचारी र प्ररोचना।

यन्नाट्यवस्तुनः पूर्वम्, रङ्गविघ्नोपशान्तये।
कुशीलवा, प्रकुर्वन्ति पूर्वरङ्ग स उच्यते॥ (सा.द.)

पूर्वरागः (पुं.) [*पूर्वस्मिन् काले रागः*] श्रवण वा दर्शनबाट नायक नायिकामा परस्पर प्रेम भएको तर सङ्गम भई नसकेको अवस्था।

श्रवणाद् दर्शनाद् वापि मिथः संरूढरागयोः।
दशाविशेषो योऽप्राप्तौ पूर्वरागः, स उच्यते॥

पूर्वरूपम् (नपुं.) [*पूर्वञ्च तद् रूपञ्च, कर्म.स.*] १.पहिले भएको रूप/कुनै कुरा वा घटना हुनुभन्दा पहिले देखिएको त्यसको रूप वा लक्षण २.लोकन्यायमूलक अर्थालङ्कार। पूर्वरूप अलङ्कार दुई किसिमको हुन्छ। अर्काबाट आएका गुणहरूलाई हटाएर फेरि आफ्नो गुण लिनु पहिलो पूर्वरूप हो भने कुनै वस्तु नाश भएपछि अरू वस्तुको कारणले पूर्ववस्तुका गुणहरू रहिरहनु अर्को पूर्वरूप हो ३.सन्धिस्थलमा अघिल्लो र पछिल्लो वर्णलाई हटाएर पूर्वकै वर्ण कायम हुनु। जस्तै— हरे अव, हरेऽव।

पूर्ववत् (अव्य.) [*पूर्वस्य पूर्वे, पूर्वस्मिन् इव वा, तत्र तस्येव ५.१.११६ इति वतिः*] अघिको जस्तै/पूर्वमा जस्तै।

पूर्ववत्करणम् (नपुं.) [*पूर्ववत् क्रियते इति डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ ल्युट् युवोरानाकौ ७.१.१ इत्यनः*] पहिलेको जस्तै बनाउने काम।

पूर्ववर्ती (पुं.वि.) [*पूर्वं वर्तते, तच्छीलः, णिनिः*] १.पहिलेको २.पूर्वको ३.पूर्वदिशाको।

पूर्ववार्षिकः (पुं.वि.) [*पूर्वं वर्षाणाम्, पूर्ववर्षाः, पूर्ववर्षासु भवः, वर्षाभ्यष्ठक् ४.३.१८इति ठक्, ठस्य इकः, आलोपः*] वर्षाभन्दा पहिल्यै भएको २.[*पूर्वस्मिन् वर्षे भवः, कालाट्ठञ्*] गत वर्षमा भएको।

पूर्ववृत्तम् (नपुं.) १.[*पूर्वञ्च तद् वृत्तञ्च, कर्म.स.*] पुरानो चरित्र वा घटना २.[*पूर्वस्य पूर्वदिशः, पूर्वक्षेत्रस्य वा प्राचीनसमयस्य वा वृत्तम्*] पूर्व दिशा, पूर्वीय क्षेत्र वा प्राचीन समयको चरित्र वा घटना।

पूर्वसञ्चितः (पुं.) [*पूर्वस्मिन् काले जन्मनि वा सञ्चितः, म.प.स.*] १.पहिले नै सञ्चय गरिएको २.पूर्वजन्ममा सञ्चय भएको।

पूर्वसरः (पुं. वि.) [*पूर्वः सरतीति, सृ गतौ इति धातोः, पूर्वे कर्तरि ३.२.१९ इति टः*] अगाडि सर्ने/अगाडि लाग्ने।

पूर्वसरी (स्त्री.) [*पूर्वा सरतीति, सृ गतौ इति धातोः, पूर्वे कर्तरि ३.२.१९ इति टः, टित्वान् ङीप्, सर्वनाम्नो वृत्तिमात्रे पुंवद्भावः (वा.) इति पुंवद्भावः*] अगाडि लागेकी।

त्विषां पतिः पाटलिताम्बुवाहा सा सर्वतः पूर्वसरीव सन्ध्या।
निनाय तेषां द्रुतमुल्लसन्ती विनिद्रतां लोचनपङ्कजानि॥ (किरा.)

पूर्वसेवा (स्त्री.) [*पूर्वस्मिन् काले कृता सेवा, म.प.स.*] पहिले गरेको नोकरी।

पूर्वस्थानम् (नपुं.) [*पूर्वञ्च तत्स्थानञ्च, कर्म.स.*] पहिलो स्थान, पुरानो बसोवास भएको थलो।

पूर्वस्थितिः (स्त्री.) [*पूर्वा चासौ स्थितिश्च,कर्म.स.*] पहिलेको अवस्था

पूर्वस्वस्तिकम् (नपुं.) [*पूर्वगतं स्वस्तिकम्, म.प.स.*] पूर्वापर वृत्त र नाडीवृत्तको पूर्वदिशाको सम्पात।

पूर्वस्वीकृतिः (स्त्री.) [*पूर्वा चासौ स्वीकृतिश्च, कर्म.स., पुंवत् कर्म. ६.३.४२ इति पुंवद्भवः*] कुनै काम गर्न वा गराउनलाई तत्सम्बन्धी अधिकारीले माथिल्लो निकायबाट काम गर्नुभन्दा पहिले नै लिनुपर्ने स्वीकृति।

पूर्वाः (पुं.) [*बहुवचनान्तः*] पूर्वज।

मत्परं दुर्लभं मत्वा नूनमावर्जितं मया।
पयः पूर्वैः स्वनिश्वासैः कवोष्णमुपभुज्यते॥ (रघु.१.६७)

पूर्वा (स्त्री.) [*पूर्वशब्दात् स्त्रियां टाप्*] पूर्व दिशा।

पूर्वाग्रहः (पुं.) [*पूर्वश्चासौ आग्रहश्च, कर्म.स.*] १.पहिलो आग्रह,विचार २.[*पूर्वस्य आग्रहः, ष.त.*] पहिलेकै विचारगत ढिपी।

पूर्वाङ्गम् (नपुं.) [*पूर्वञ्च तदङ्गञ्च, कर्म.स.*] मुख्य कार्यभन्दा पहिले गर्नुपर्ने अङ्गकार्य।

पूर्वाञ्चलः (पुं.) [*पूर्वस्य पूर्वदिशाया अञ्चलः, ष.त.*] पूर्वपट्टिको क्षेत्र, राजनीतिक हिसाबले हेर्दा देशको पूर्वतिर पर्ने अञ्चल।

पूर्वाद्रिः (पुं.) [*पूर्वः पूर्वदिक्स्थितः अद्रिः,म.प.स.*] उदयाचल।

पूर्वानुमानम् (नपुं.) [*पूर्वञ्च तदनुमानञ्च, कर्म.स.*] कुनै उत्पादनको विषय वा कुनै घटना आदिका सम्बन्धमा पहिलेदेखि गरिएको अनुमान।

पूर्वानुमितिः (स्त्री.) [*पूर्वा चासौ अनुमितिश्च, कर्म.स.*] पहिले गरिएको अनुमान। **~निष्कर्षः** (पुं.) [*पूर्वानुमितेः निष्कर्षः, ष.त.*] पहिले नै अनुमानद्वारा निकालिने निष्कर्ष।

पूर्वापरः (पुं.) [*पूर्वेण सहित अपरः, म.प.स.*] १.अगि र पछिको २.अघिल्लो पनि पछिल्लो पनि/पूर्व पनि पश्चिम पनि।

पूर्वापरवृत्तम् (नपुं.) [*पूर्वापरगतं वृत्तम्, म.प.स.*] समस्थानबाट ९० अंशले बनेको वृत्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वापराधी (पुं.) [*पूर्वश्चासौ अपराधी च, कर्म.स.*] पहिले धेरै पटक अपराध गरिसकेको व्यक्ति।

पूर्वाभिमुखः (पुं.वि.) [*पूर्वस्मिन् देशे अभिमुखमस्य, यद्वा पूर्वाम् पूर्वदिशमभि लक्ष्यीकृत्य मुखमस्य*] पूर्व दिशातर्फ फर्किएको।

पूर्वाभ्यासः (पुं.) [*पूर्वः प्राक्कलिकश्चासौ अभ्यासश्च,कर्म.स.*] पहिले गरिएको अभ्यास।

पूर्वार्द्धम् (नपुं.) [*पूर्वञ्च तदर्द्धञ्च.कर्म.स.*] अघिल्लो आधा भाग।

दिनस्य पूर्वार्द्धपरार्द्धभिन्ना छायेव मैत्री खलसज्जनानाम् (हितो.)

पूर्वावधानता (स्त्री.) [*पूर्वा चासौ अवधानता च, कर्म.ष.*] अनिष्ट वा हानिकारक परिणामको सम्भावना विचार गरी पहिलेदेखि नै होसियारी हुने काम।

पूर्वावस्था (स्त्री.) [*पूर्वा प्राग्भवा चासौ अवस्था च, कर्म.स.*] पहिलेको स्थिति।

पूर्वाषाढा (स्त्री.) [*पूर्वा चासौ आषाढा च, कर्म.स.*] सत्ताइस नक्षत्रमध्ये बिसौँ नक्षत्र। यसमा पाँच तारा छन्। यसको आकार हात्तीको दाँतजस्तो छ। यसको योगतारा (मुख्यतारा) उत्तरतर्फ छ। यसको ध्रुवांश (मेष 0° क्रान्तिवृत्तमा रहेको दूरी) २५० कला छ। (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्थाअनुसार 'भू', 'धा', 'फा', 'ढा'बाट प्रारम्भ हुन्छ। यो सिंह राशिमा पर्छ। (मु.चि.)



(पूर्वाषाढा)

पूर्वास्तः (पुं.वि.) [*पूर्वस्यां दिशि अस्तः, म.प.स.*] पूर्वदिशामा अस्ताएको।

पूर्वाह्णः (पुं./नपु.) [*पूर्वमह्नः, अह्नोऽह्न एतेभ्यः ५.४.८८ इति अह्नादेशः, अह्नोऽदन्तात् ८.४.७ इति णत्वम्*] दिनको पहिलो भाग / कुनै पनि तिथिको सूर्योदयदेखि सूर्यास्तसम्मको वेलालाई भाग लगाउँदा निस्कने पहिलो कालको नाम। दिनको काल विभाजन गर्ने विषयमा चार मत छन्– दिनलाई दुई भागमा विभाजन गर्ने मतमा– मध्य दिनसम्म **पूर्वाह्ण** र मध्य दिनपछि **अपराह्ण** मानिन्छ। **आवर्तनात्तु पूर्वाह्णो ह्यपराह्णस्ततः परः। अत्र आवर्तनं पश्चिमदिग्वर्तिच्छायायाः परिवर्तनम्** (वा.प.)।
यस मतमा दुई प्रहर पूर्वाह्ण र दुई प्रहर अपराह्ण हुन्छ। दिनलाई तीन भागमा विभाजन गर्ने मतमा– पाँच मुहूर्त **पूर्वाह्ण,** पाँच मुहूर्त **मध्याह्न** र पाँच मुहूर्त **अपराह्ण** हुन्छ।

पूर्वाह्णः प्रथमः प्रोक्तो मध्याह्नस्तु ततः परः।
अपराह्णस्ततः प्रोक्तो मुहूर्तानाञ्च पञ्चकः॥

दिनलाई चार भागमा विभाजन गर्ने मतमा– साढे एक प्रहर **पूर्वाह्ण,** एक प्रहर **मध्याह्न,** त्यसपछि तीन मुहूर्त **अपराह्ण** र त्यसपछि तीन मुहूर्त **सायाह्न** हुन्छ।

पूर्वाह्णः प्रहरं सार्धं मध्याह्नः प्रहरं तथा।
आतृतीयादपराह्णः सायाह्नश्च ततः परः॥

यस मतमा पूर्वाह्ण र मध्याह्न लामा हुन्छन्। अपराह्ण र सायाह्न तीभन्दा केही छोटा हुन्छन्। अर्थात् बत्तिस घडी दिनमान भएमा साँढे एक प्रहर अर्थात् वयानब्बे घडी पूर्वाह्ण, त्यसपछि एक प्रहर अर्थात् बिस घडी दिन चढ्दासम्म मध्याह्न, त्यसपछि तीन मुहूर्त अर्थात् छ घडी अपराह्ण, त्यसपछि छ घडी सायाह्न हुन्छ। दिनलाई पाँच भागमा विभाजन गर्ने मतमा– तीन मुहूर्त प्रातःकाल अर्थात् पूर्वाह्ण, तीन मुहूर्त सङ्गव, तीन मुहूर्त मध्याह्न, तीन मुहूर्त अपराह्ण र तीन मुहूर्त सायङ्काल हुन्छ।

मुहूर्तत्रितयं प्रातस्तावानेष तु सङ्गवः।
मध्याह्नस्त्रिमुहूर्तः स्यादपराह्णोऽपि तादृशः॥
सायाह्नस्त्रिमुहूर्तस्तु सर्वधर्मबहिष्कृतः (कार्तिकमहात्म्य)।

पूर्वाह्णकः (पुं.) [*पूर्वाह्णे भवः, पूर्वाह्णपराह्ण ४.३.२८ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, अल्लोपोऽनः ६.४.१३४ इति अलोपः*] दिनको पूर्वार्द्धमा भएको।

पूर्वाह्णेतनः (पुं.वि.) [*पूर्वाह्णे भवः, विभाषा इति ट्युः, अनः, तुट् च*] पूर्वाह्णमा भएको।

पूर्वेद्युः (अव्य.) [*पूर्वस्मिन्नहनि, पूर्वान्यान्यतरेतरापराधरोभयोत्तरेभ्य एद्युस् (वा.) ५.३.२२ इति निपातनात् एद्युस्*] पहिलो दिन।

पूर्वोक्तः (पुं.) [*पूर्वम् उक्तः द्वि.त.*] पहिले भनिएको/पूर्वकथित।

पूर्वोदितः (पुं.वि.) [*पूर्वस्याम् दिशि उदितः, स.त.*] पूर्व दिशामा उदाएको।

पूर्वोत्तरा (पुं.वि.) [*पूर्वञ्च उत्तरञ्च यस्याम्*] उत्तर र पूर्वको माझको दिशा, ईशान दिशा।

पूल (धा.) [*सङ्घाते, चुरा. सक.सेट्, उभय.*] सञ्चित गर्नु, थुप्रो लगाउनु। लट्– **पुलयति-ते–** सञ्चित गर्छ, थुप्रो लगाउँछ। लिट्– **पुलयाञ्चकार-चक्रे–** सञ्चित गरेछ, थुप्रो लगाएछ (अन.)।

पूल (धा.) [*सङ्घाते, अक.सेट्, पर.*] बटुल्नु, सञ्चित गर्नु। लट्– **पूलति–** बटुल्छ, सञ्चित गर्छ इत्यादि।

पूष (धा.) [*वृद्धौ, अक.सेट्, पर.*] बढ्नु, पालन गर्नु। लट्– **पूषति–** बढ्छ, पालन गर्छ। लिट्– **पुपूष–** बढेछ, पालन गरेछ। (अन.)

पूषाः (पुं.) [*पूषति वर्धतेऽसौ, पुष पुष्टौ इति धातोः, श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्मूर्धन्मज्जन्नर्यमन्विश्वप्सन्परिज्जनमातरिश्वन्मघवन्निति (उ.) १६५ इति कनिन्*] १.सूर्य। ऋतुअनुसार प्रत्येक महिनामा सूर्यका किरणमा घटबढ हुन्छ। त्यसैले सूर्यलाई **पूषा** भनिएको हो। व्याडिको मतअनुसार तापको आधारमा किरणको मान चैत्रमा १२००, वैशाखमा १३००, जेठमा १४००, असारमा १५००, श्रावण र भाद्रमा १४००-१४००, आश्विनमा १६००, कार्तिकमा ११००, मार्गमा १०५०, पौषमा १०००, माघमा ११०० र फाल्गुनमा १०५० हुन्छ भनिएको छ। सूर्यका सहस्र वा सो भन्दा माथि किरण हुन्छन् भन्नाको तात्पर्य पनि यही हो। (अभि.चि.टी.) २.वायु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृ (धा.) [*प्रीतौ, स्वा. सक. अनिट् पर.*] तृप्त गर्नु। लट्– तृप्त गर्छ। लिट्– **पपार**– तृप्त गरेछ (अन.)। लुट्– **पर्ता**– तृप्त गर्ने छ (अन.) इत्यादि।

पृङ् (धा.) [*व्यायामे, अक. अनिट् आत्म.*] उद्योग गर्नु। लट्– **व्याप्रियते**– उद्योग गर्छ। लिट्– **व्यापप्रे**– उद्योग गरेछ (अन.)। लुट्– **व्यापर्ता**– उद्योग गर्ने छ (अन.) इत्यादि।

पृच (धा.) [*संयमने, चुरा. सक.सेट् उभय.*] स्पर्श गर्नु, संयमित हुनु। लट्– **पर्चयति-ते**– स्पर्श गऱ्यो, संयमित भयो इत्यादि।

पृची (धा.) [*सम्पर्चने, सक.सेट् आत्म.*] कुलतमा लाग्नु। लट्– **पृङ्क्ते**– कुलतमा लाग्छ इत्यादि।

पृची (धा.) [*सम्पर्के, सक.सेट् पर.*] सम्पर्क गर्नु, स्पर्श गर्नु, संयोग गर्नु। लट्– **पृणक्ति**–सम्पर्क गर्छ, स्पर्श गर्छ, संयोग गर्छ इत्यादि।

पृच्छकः (पुं.वि.) [*पृच्छतीति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] प्रश्नकर्ता

पृच्छा (स्त्री.) [*पृच्छनम्, प्रच्छ ज्ञीप्सायामिति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यङ्, संप्रसारणम् ६.१.१६ टाप् ४.१.४*] प्रश्न।

पृड (धा.) [*सुखने, सक.सेट् पर.*] सुख दिनु। लट्– **पृडति**– सुख दिन्छ। लिट्– **पपर्ड**– सुख दिएछ (अन.) इत्यादि।

पृण (धा.) [*प्रीणने, सक.सेट् पर.*] आनन्द लिनु, सन्तोष लिनु। लट्– **प्रणति**– आनन्द लिन्छ, सन्तोष लिन्छ इत्यादि।

पृतना (स्त्री.) [*तिस्रो वाहिन्यः पृतना*] तीन बाहिनी बराबरको सङ्ख्यामा भएको सेना।

पृथ (धा.) [*प्रक्षेपे, सक.सेट् उभय.*] फ्याँक्नु, प्रेरणा दिनु, पठाउनु। लट्– **पर्थयति-ते**– फ्याँक्छ, प्रेरणा दिन्छ, पठाउँछ इत्यादि।

पृथक् (अव्य.) [*प्रथयति सङ्घातात् विस्तृतो भवतीति, प्रथ प्रख्याने इति धातोः, प्रथः कित्संप्रसारणञ्च (उ.) १४२ इति अजिः, कित्वम् संप्रसारणञ्च, पृथ प्रक्षेपे इति धातोर्वा, बाहुलकात् कक्, स्वरादिपाठादव्ययत्वम्*] छुट्टै/भिन्नै/बाहेक।

पृथक्ता (स्त्री.) [*पृथग् भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] भिन्नता। **~वादिनीतिः** (स्त्री.) [*पृथक्तां वदतीति सा चासौ नीतिः, कर्म.स.*] ठुला– ठुला युद्धमा ठुला शक्ति मानिएका राष्ट्रको युद्धको झगडाबाट छुट्टै अलग बस्ने नीति।

पृथक्पर्णी (स्त्री.) [*पृथगसक्तं पर्णमस्याः, ङीष् ४.१.५४*] चाल्ने सिस्नु।

पृथगात्मता (स्त्री.) [*पृथगात्मा यस्य सः, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] आत्माको बोध।

पृथग्जनः (पुं.) [*सज्जनेभ्यः पृथग्भूतो जनः, शाकपर्थिवादिः (वा.) २.१.७८*] तल्लो खालको मानिस।

पृथग्विधः (पुं.) [*पृथग् विधा यस्य सः, बहु.स.*] छुट्टै किसिमको।

पृथा (स्त्री.) कुन्ती। सूर्यवंशी राजा शूरसेनकी छोरी। राजा कुन्तिभोज शूरसेनका परम मित्र थिए। उनका सन्तान थिएनन्। राजा शूरले मेरो पहिलो सन्तान छोरो वा छोरी, जे भएपनि तपाईलाई दिन्छु भनी प्रतिज्ञा गरेका थिए। सोही प्रतिज्ञाअनुसार शूरसेनले आफ्नी जेठी छोरी कुन्तिभोजलाई दिए। कुन्तिभोजले पालेको हुँदा यिनको नाम कुन्ती रहन गयो। स्वयंवर विधिबाट पाण्डुसित यिनको विवाह भयो। पाण्डुबाट सन्तान नहुने भएपछि वंश रक्षाका लागि कुन्तीले दुर्वासाप्रदत्त वशीकरण मन्त्रको उपयोग गरी धर्मराजबाट युधिष्ठिर, वायुबाट भीमसेन र इन्द्रबाट अर्जुनलाई जन्माइन्। कन्या अवस्थामा नै त्यही मन्त्रको प्रयोग गरी कुन्तीले सूर्यबाट कर्णलाई जन्माइसकेकी थिइन्। (म.भा.)

(पृथिवी)

पृथिवी (स्त्री.) [*प्रथते विस्तीर्णा भवतीति, प्रथ प्रख्याने इति धातोः, प्रथेः षिवन् संप्रसारणञ्च (उ.) १५६ इति षिवन् संप्रसारणञ्च, षित्वान्ङीष्*] १.भूमि/पृथ्वी। सौरमण्डलको एक पारिवारिक सदस्य। **सूर्यबाट यसको दूरी र आकार** - दीर्घवृत्ताकार मार्गमा सूर्यलाई परिक्रमा गर्दा सूर्यबाट हुने पृथ्वीको निकटतम दूरी १४ करोड ७५ लाख किलोमिटर छ भने अधिकतम दूरी १५ करोड २५ लाख किलोमिटर छ। सूर्यबाट पृथ्वीमा प्रकाश आइपुग्न ८.५ मिनेट लाग्छ भने कुनै विस्फोटको आवाज आइपुग्न १४ वर्ष लाग्छ। पृथ्वीबाट प्रतिघण्टा १०० किलोमिटर हिंड्ने कुनै यानमा चढेर सूर्यलोकतिर प्रस्थान गरियो भने त्यसको करिब १७० वर्षमा त्यहाँ पुग्न सकिन्छ। यसको औसत दूरी १५ करोड किलोमिटर छ। पृथ्वी पूर्ण गोलो नभई तलमाथि केही चेप्टिई बिचमा फुकेको छ। पृथ्वीको ध्रुवीय व्यास १२६४० कि.मि. (७८९९.६ माइल) छ भने विषुवत् रेखीय व्यास १२६८३२ कि.मि. (७९२६.६ माइल) रहेको छ। अर्थात् भूमध्य भएको ठाउँमा ४३.२ कि.मि. (२७ माइल) व्यास बढी छ। व्यासअनुसार पृथ्वीको विषुवत् रेखीय परिधि ३९८४३ कि.मि (२४९०२ माइल) छ भने ध्रुवीय परिधि ३९७७६ कि.मि.(२४८६० माइल) रहेको छ। यसको अन्तर ६७ किलो मिटर देखिन्छ। **यसको बनोट**– पृथ्वीका मुख्य चार पत्र छन्– १.बाहिरी आवरण पत्र, २.मेन्टल, ३.बाहिरी कोर ४.भित्री कोर। बाहिरी आवरण पत्रको मोटाइ ५ किलोमिटरदेखि ५० किलोमिटरसम्म छ। पृथ्वीको जमिन भएको खण्डमा ४० देखि ५० किलोमिटर मोटाइ छ। यस भागमा नरम माटाका पत्रहरू, पत्रेदार र आग्नेय चट्टान छन्। समुद्र भएको ठाउँमा सालाखाला पाँच किलोमिटर जतिसम्म मात्र पातलो बेसाल्टको पत्र छ। मेन्टलको मोटाइ करीब ३०० किलोमिटर छ। यसमा फलाम, म्याग्नेसियमका सिलिकेट भएका चट्टानहरू छन्। पृथ्वीको बाहिरी कोर मेन्टलभन्दा भित्रको पत्र हो। यो करिब २१०० किलोमिटरको छ। यसमा निकल, फलाम पग्लेर रहेका होलान् भन्ने अनुमान छ। पृथ्वीको सबैभन्दा केन्द्रीय भाग भित्री कोर हो। यो पत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करीब १३०० किलोमिटर मोटाइ भएको अनुमान छ। पृथ्वीको क्षेत्रफल ५५करोड ३३ लाख किलोमिटर छ। यसको सतहमा करीब ३० प्रतिशत (करिब १५ करोड ९८ लाख कि.मि.) जमिन र ७० प्रतिशत (करिब ३६ करोड ३५ लाख, कि.मि.) पानी छ। समुद्रको गहिराइ कतै ४००० मिटरको छ भने कतै ११००० मिटरसम्म पनि छ। पृथ्वीको घनफल १० खरव ६३ अरव घनकिलोमिटर छ। । **तापक्रम–** पृथ्वीको न्यूनतम तापमान–८७ डि.से. छ भने अधिकतम तापमान ५९ डि.से. छ। यसको एउटामात्र उपग्रह (चन्द्रमा) छ। (हे. **चन्द्रमाः**) **यसको गति–** पृथ्वी हिँड्ने मार्गलाई पृथ्वीकक्षा भनिन्छ। यो कक्षा ९३ करोड ५४ लाख किलोमिटर छ। प्रतिघण्टा एकलाख वा प्रतिसेकेन्ड २९ किलोमिटरका दरले हिँडेर ३६५.२५ दिनमा यसले आफ्नो कक्षा पूरा गर्छ। यसको दैनिक गतिलाई अक्षभ्रमण भन्दछन्। अक्षभ्रमण भनेको पृथ्वीले आफ्नो धुरीमा एकपटक घुम्ने अवधि हो। यसले २४ घण्टा (२३ घण्टा ५६ मिनेट, ४.०९ सेकेण्ड) मा आफ्नो अक्षमा भ्रमण गर्दछ। यसको विपलायन वेग प्रतिसेकेन्ड ११.२ कि.मि. (७ माइल) छ। **यसको प्रभाव–** गतिका करणले गर्दा पृथ्वीमा ऋतुपरिवर्तन हुन्छ, पानी पर्ने, जाडो हुने, गर्मी हुने जस्ता कार्य यसै कारणबाट भएका हुन्। विविध प्राणीको पृथ्वीमा अस्तित्व भएको कारण पनि यही हो। पृथ्वीको ६६.५ अंश झुकेको छ। यसले दीर्घवृत्ताकार रेखामा सूर्यको परिक्रमा गर्ने हुदा दिन रात सँधै एकैखालका हुँदैनन्, लामा छोटा हुन्छन्। सूर्य विषुवत् रेखाको उत्तरी भागमा चम्कदा पृथ्वीको उत्तरी गोलार्द्धमा लामा दिन र रात छोटा हुन्छन्। त्यस्तै उक्त रेखाको दक्षिणी भागमा सूर्यका किरण ठाडो पर्दा दक्षिणी गोलार्द्धमा लामा दिन र छोटा रात हुन्छन्। जव विषुवत् रेखामा सूर्यका किरणहरू लम्बवत् हुन्छन्, ती दिनमा अर्थात् २१ मार्च र २३ सितम्बरका दिन सर्वत्र दिन र रात बराबर हुन्छन्। तर यो सामान्य सिद्धान्त हो, कतिपय देशमा यो नियम लागु हुदैन। २.ज्योतिषमा एकलाई जनाउने शब्द। (विज्ञानकोश) पृथ्वीवाचक शब्दको पछाडि देवतावाचक शब्द जोडे ब्राह्मणवाचक शब्द बन्छ। जस्तै– **भूदेवः, धरामरः** आदि। पृथ्वीवाचक शब्दका पछाडि पुत्रीवाचक शब्द जोड्दा सीतावाचक शब्द बन्दछ। जस्तै– **पृथ्वीसुता, धरणीनन्दिनी** आदि। (ब्रह्माण्ड औ ज्यो.)

पृथुः (पुं.) [*प्रथते कीर्तिं विस्तारयति, विस्तृतो भवति वा, प्रथ प्रख्याने इति धातोः, प्रथिम्रदिभ्रस्जां संप्रसारणं सलोपश्च (उ.) २८ इति सूत्रेण कुः, सम्प्रसारणञ्च*] १.शिव २.महाभारतका प्रसिद्ध एक राजा ३.कालो जीरा ४.(पुं.वि.) ठुलो। **पृथुर्विशाले भूपाले बाप्पिकाकृष्णजीरयोः** (हेमचन्द्र)।

पृथुकः (पुं.) [*प्रथ प्रख्याने इति धातोः, अर्भकपृथुकपाका वयसि (उ.) ७४१ इति साधुः*] १.बालक २.चिउरा। **पृथुकः पुंसि चिपिटे शिशौ स्यादभिधेयवत्** (मेदिनी.)।

पृथुलः (पुं.वि.) [*पृथुत्वमस्यास्ति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्, पृथुत्वं लाति वा*] फैलिएको/ठुलो/महान्/विशाल/मोटो।

पृथुरोमा (स्त्री.) [*पृथूनि रोमाणि यस्य सः, बहु.स.*] धेरै रौँ हुने माछो।

पृथ्वी (स्त्री.) [*प्रथते विस्तीर्णा भवतीति, प्रथ प्रख्याने इति धातोः, प्रथिम्रदिभ्रस्जां संप्रसारणम्– (उ.) १.२८ इति कुः, वोतो गुणवचनात् ४.१.४४ इति ङीष्, संप्रसारणञ्च, षित्वान्ङीष्, यण्*] १.पृथिवी/भूमि (हे. पृथिवी) २.हिङको पात ३.ठुलो ४.कालो जीरा ५.वार्णिक छन्दमा समवृत्तको एक भेद। यस छन्दको प्रत्येक पाउमा क्रमैले जगण, सगण, जगण, सगण, यगण र एक लघु तथा एक गुरु वर्ण (।ऽ।, ।।ऽ, ।ऽ।, ।ऽऽ, ।ऽ) रहन्छन्, आठ र त्यसपछि नौ अक्षरमा विश्राम हुन्छ।

पृथ्वी भूमौ महत्यां च त्वक्पत्र्यां कृष्णजीरके (विश्व.)।

पृथ्वीका (स्त्री.) [*प्रथते, प्रथ प्रख्याने इति धातोः, फर्फरीकादयश्च (उ.) इति साधुः*] अलैँची।

पृदाकुः (पुं.) [*पर्द कुत्सिते शब्दे इति धातोः, पर्देर्नित्संप्रसारणमल्लोपश्च (उ.) ३६७ इति काकुः, रेफस्य संप्रसारणम् अकारलोपश्च*] १.बिच्छी २.बाघ ३.सर्प ४.चितुवा।

पृदाकुर्वृश्चिके व्याघ्रे सर्पचित्रकयोः पुमान् (मेदिनी.)।

पृश्निः (पुं.वि.) [*स्पृशति संयुक्तो भवतीति, स्पृश संस्पर्शने इति धातोः, घृणिपृश्निपार्ष्णिचूर्णिभूर्णि (उ.) ५०१ इति निपातनात् साधुः*] १.पुड्के/सानो शरीर भएको २.(पुं.) किरण।

पृश्निपर्णी (स्त्री.) [*पृश्निरल्पं पर्णमस्याः, पाककर्ण ४.१.५४ इति ङीष्*] चाल्ने सिस्नु।

पृषत् (नपुं.) [*पर्षति सिञ्चति हिनस्ति वा तत्, वर्तमाने पृषद्बृहन्महज्जगच्छतृवच्च (वा.) इति अतिप्रत्यान्तो निपातः, यद्वा पर्षन्ति, पृषिरञ्जिभ्यां कित् (उ.) ३.१११ इत्यतच्*] बिन्दु।

पृषतः (पुं.) [*पृषताः सन्त्यस्य, अर्श आदिभ्योऽच् इत्यच्, यद्वा पर्षति, पृषु सेचने इति धातोः, पृषिरञ्जिभ्यां कित् (उ.) इत्यतच्*] १.मृगविशेष २.थोप्लो ३.(पु.वि.) सेतो थोप्ला भएको। **पृषतस्तु मृगे बिन्दौ खरोहिते। श्वेतविन्दुयुतेऽपि स्यात्** (हेम.)।

पृषतांपतिः (पुं.) [*पृषतां विन्दूनां पतिः, ष.त. विभक्तेरलुक्*] वायु।

पृषत्कः (पुं.) [*पर्षतीति, पृषु सेचने इति धातोः, वर्तमाने पृषद्बृहन्महत् (उ.) २.८४ इति साधुः। स्वार्थे कन् ज्ञापि. ५.४.५*] वाण।

पृषदश्वः (पुं.) [*पृषद् मृगभेदोऽश्वो वाहनमस्य, पृषतामम्बुकणानामश्व इवेति वा*] वायु।

पृषदाज्यम् (नपुं.) [*दध्ना सहितं घृतम्*] दधि मिलाएको घिउ।

पृषातकं सदध्याज्ये पृषदाज्यं तदुच्यते (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृषन् (पुं.) [*पर्षति, पृषु सेचने इति धातोः, पृषद्बृहन्महत् (उ.) इति साधुः*] शरीरमा सेता थोप्ला भएको मृग।

पृषन्ति (नपुं.) [*पर्षति, पृषु सेचने इति धातोः, पृषद्बृहन्महत् (उ.) इति साधुः,बहुवचनमतन्त्रम्*] पानीका थोप्लाहरू।

पृषन्मृगे पुमान्, बिन्दौ न द्वयोः पृषतोऽपि ना।
अनयोश्च त्रिषु श्वेतबिन्दुयुक्ते ऽप्युभाविमौ॥ (मेदिनी.)

पृषु (धा.) [*सेचनहिंसासङ्क्लेशनेषु, सक.सेट्, पर.*] भिजाउनु हिंसा गर्नु, कष्ट दिनु। लट्– **पर्षति**– भिजाउँछ, हिंसा गर्छ, कष्ट दिन्छ इत्यादि।

पृष्ठक्षितिजवृत्तम् (नपुं.) [*पृष्ठगतं क्षितिजवृत्तम्, म.प.स.*] पृष्ठ स्थानबाट गर्भक्षितिजको समानान्तर हुने गरी बनेको वृत्त, क्षितिज।

पृष्ठगामी (पुं.वि.) [*पृष्ठं गच्छति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.पछिपछि हिँड्ने प्राणी २.अनुयायी ३.अवनतिको दिशातर्फ लाग्ने।

पृष्ठतः (अव्य.) [*पृष्ठादिति अद्यादिभ्य उपसङ्ख्यानम् (वा.) इति तसिल्*] १.पिठिउँबाट २.पछिल्तिरबाट।

पृष्ठपोषकः (पुं.वि.) [*पृष्ठस्य पोषकः, पृष्ठं पोषयति वा पुष पुष्टौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सहायक/मद्दत गर्ने।

पृष्ठपोषणम् (नपुं.) [*पृष्ठात् पृष्ठेन वा पोष्यते, पुष पुष्टौ इति धातोः णिचि ल्युट्, अनः,णिलोपः*] पछाडिबाट सहयोग गर्ने काम।

पृष्ठभागः (पुं.) [*पृष्ठस्य भागः, ष.त*] १.पिठिउँको भाग २.पछाडिको भूभाग।

पृष्ठभूमिः (स्त्री.) [*पृष्ठस्थिता भूमिः,म.प.स.*] कुनै घटनाको आधारभूत पहिलो कुरो/घटनाको आधार/कुनै विशेष कुरा वा घटनाको रूप स्पष्टसँग देखाउने पहिलेको परिस्थिति।

पृष्ठम् (नपुं.) [*पृष्यते, पृषु सेचने इति धातोः, तिथपृष्ठगूथयूथप्रोथाः (उ.) १७७ इति थक्*] १.पिठ्यूँ/शरीरको पछिल्लो भाग/डँडाल्नु २.पुस्तक वा कागजपत्रको एकापट्टिको भाग।

पृष्ठवंशः (पुं.) [*पृष्ठस्य वंश इव*] पिठिउँको हाड/रीढ।

पृष्ठवाट् (पुं.) [*पृष्ठं वहति, वहधातोः ण्विः*] १.दाउन लागेको गोरु २.पछाडि भारी बोक्ने जनावर। **दारुकं पृष्ठवाहन्तु कृत्वा केशव इत्वरः** (ह.वं भ.प.५५.३१)।

पृष्ठस्थानम् (नपुं.) [*पृष्ठगतं स्थनम्, म.प.स.*] पृथ्वीमा जो मानिस जहाँ रहेको हुन्छ त्यो स्थान, स्वदेश।

पृष्ठाङ्कनम् (नपुं.) [*पृष्ठे अङ्कनम्, स.त.*] कुनै लेख, पत्र, चेक ड्राफ्ट, चलानी आदिको पीठमा हस्ताक्षर गर्ने काम।

पृष्ठाङ्कितः (पुं.वि.) [*पृष्ठे अङ्कितः, स.त.*] पृष्ठमा लेखिएको।

पृष्ठोदयाः (पुं.बहु.) [*पृष्ठेनोदयो येषान्ते, बहु.स.*] मेष, वृष, कर्कट, धनु, मकर र कुम्भ लग्न।

पृष्ठ्यः (पुं.) [*प्रशस्तमतिशयितं वा पृष्ठमस्य, अन्येभ्योऽपि दृश्यते (वा.) ५.२.१२० इति यप्*] भारी बोक्ने टट्टु।

पृष्ठ्यम् (नपुं.) [*पृष्ठानां समूहः, पृष्ठाद्यनु (वा.) ४.२.४२ यज्ञविषय इदं स्मरन्ति*] यज्ञ कर्ममा पछाडि बस्ने व्यक्तिहरूको समूह।

पॄ (धा.) [*पूरणे, सक.सेट्, उभय.*] पूर्ण गर्नु। लट्– **पारयति-ते**– पूर्ण गर्छ इत्यादि।

पॄ (धा.) [*पालनपूरणयोः, सक.सेट्, पर.*] पालन गर्नु, पूर्ण गर्नु। लट्– **पिपर्ति**– पालन गर्छ, पूर्ण गर्छ। लिट्– **पपार**– पालन गरे छ, पूर्ण गरेछ (अन.)। लुट्– **परिता**– पालन गर्ने छ, पूर्ण गर्ने छ (अन.)। लृट्– **परिष्यति**– पालन गर्ने छ, पूर्ण गर्ने छ। लोट्– **पिपर्तु**– पालन गरोस्, पूर्ण गरोस्। लङ्– **अपिपः**– पालन गर्‍यो, पूर्ण गर्‍यो (अन.)। विधिलिङ्– **पिपूर्यात्**– पालन गर्ला, पूर्ण गर्ला, पालन गरोस्, पूर्ण गरोस्। आशीर्लिङ्– **पूर्यात्**– पालन गरोस्, पूर्ण गरोस्। लुङ्– **अपारीत्**– पालन गर्‍यो, पूर्ण गर्‍यो। लृङ्– **अपरिष्यत्**– पालन गर्ने थियो, पूर्ण गर्ने थियो इत्यादि।

पेचकः (पुं.) [*पचति–संतपति, पच्यते वा दुःखेन, डुपचष् पाके इति धातोः, पचिमच्योरिच्चोपधायाः (उ.) इति वुन्, अकः,अत इत्वम्, पुगन्त ७.३.८६ इति गुणः*]१.लाटेकोसेरो २.हात्तीको पुच्छरनेर रहेको गुदा ढाक्ने मांसपिण्डविशेष ३.पलङ ४.मेघ।

पेटकः (पुं.) [*पेटयति,ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.सन्दुस, बाक्सा आदि। **पेटकः पुस्तकादीनां मञ्जूषायां कदम्बके** (विश्व.) २.समूह।

पेटा (स्त्री.) [*नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सन्दुस, बाकस आदि।

पेटी (स्त्री.) [*पिट्यते, पिट शब्दसंघातयोः इति धातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, जातित्वात् ४.१.६३ इति, गौरादित्वाद् ४.१.४१ इति वा ङीष्, पुंसि-पेटः, नपुं.-पेटम्*] बाँस, बेत, निगालो आदिको चोयाबाट बनेको बाकस।

पेयम् (नपुं.) [*पातुं योग्यम्, ईद्यति इति ईत्वम्,गुणः*] १.पानी (मेदिनी.) २.दुध (शब्दार्थचन्द्रिका) ३.आठथरी अन्नमध्ये एक ४.(वि.) पिउन लायक।

पेयूषः (पुं.) [*पीय पाने इति धातोः पीयेरूषन् (उ.) इति ऊषन्, गुणः*] साभ्फी पानी २.व्याएकी गाईको सात दिन भित्रको दुध, विगौती। **आसप्तरात्रप्रभवं क्षीरं पेयूष उच्यते।** (हारावली) ३.नौनी ४.अमृत।

पेरुः (पुं.) [*पीयते रसान्, पीङ् पाने इति धातोः मिपीभ्यां रुः (उ.) इति रुः,गुणः*] १.अग्नि २.सूर्य ३.समुद्र ४.(पुं.वि.) रक्षक ५.पूरक।

पेलम् (नपुं.) [*पेलति सर्वदा चलति, अच्*] अण्डकोष। **अण्ड पेलमण्डकः। मुष्कोऽण्डकोशो वृषणः** (अभि.चि.३.२७५)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पेलवः (पुं.वि.) [*पेलनम्, पिल भेदने इति धातोः, भावे ३.३.१८ इति घञ्, पेलोऽस्यास्ति, अन्येभ्योऽपि दृश्यते (वा., ५.२.१०९ इति वः*] १.पातलो २.कमलो।

पेलु (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **पेलति**– जान्छ इत्यादि।

पेवृ (धा.) [*सेवने, अक.सेट् आत्म.*] सेवा गर्नु। लट्– **पेवते**– सेवा गर्छ इत्यादि।

पेशलः (पुं.) [*पेशनम्, पिश अवयवे इति धातोः, भावे ३.३.१८ इति घञ् पेशं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पेशोऽस्यास्ति, सिध्मादित्वात् ५.२.९७ लज् वा*] १.चलाख/चतुरो २.जाँगरिलो ३.सुन्दर ४.दक्ष ५.धूर्त।

पेशी (पुं.) [*पिशति, पिश अवयवे इति धातोः, हृपिशिरुहि (उ.) इतीन्, कृदिकारादक्तिनः (ग.सू.) ४.१.४५ इति वा ङीष्*] १.अण्डा २.पाकेको कनिका ३.मांसपेशी ४.तरबारको दाप।

पेषणम् (नपुं.) १.[*पिष्धातोर्भावे ल्युट् अनः*] पिस्ने वा चूर्ण पार्ने काम २.[*पिष्यतेऽनेन, करणे ल्युट्*] १.लोरो, २.सिलौटे ३.खल।

पेषणी (स्त्री.) [*पिष्यतेऽनया, करणे ल्युट् अनः, ङीप्*] सिलौटे, खल।

पेषृ (धा.) [*प्रयत्ने, सक.सेट् आत्म.*] कोसिस गर्नु। लट्– **पेषते**– कोसिस गर्छ इत्यादि।

पेसु (धा.) [*गतौ,सक.सेट् पर.*] जानु। लट्–**पेसति**–जान्छ इत्यादि।

पै (धा.) [*शोषणे, अक. अनि, पर.*] सुक्नु, कुहिनु। लट्– **पायति**– सुक्छ, कुहिन्छ इत्यादि।

पैठरम् (नपुं.) [*पिठरे संस्कृतं संस्कृतं भक्षाः ४.२.१६ इत्यण्*] कसौंडी आदिमा पकाएको वस्तु।

पैठीनसी (पुं.) स्मृतिकार तथा गोत्रप्रवर्तक एक ऋषि।

पैणृ (धा.) [*गतिप्रेरणश्लेषणेषु, सक.सेट् पर.*] जानु, आज्ञा गर्नु, स्पर्श गर्नु, आलिङ्गन गर्नु। लट्– **पैणति**– जान्छ, आज्ञा गर्छ, स्पर्श गर्छ, आलिङ्गन गर्छ इत्यादि।

पैतामहम् (नपुं.) [*पितामहस्येदम्,तस्येदमित्यण्*] पितामहसम्बन्धी धन आदि।

पैतामहकः (पुं.) [*पितामहादागतः, विद्यायोनिसंबन्धेभ्यो वुन् ४.३.७७ इति वुन्, अकः, वृद्धिः, अलोपः*] बाजेदेखि आएको।

पैतृकम् (नपुं.) १.[*पितुरिदं पितुरागतं वा, पितुर्यच्च ४.३.७९ इति ठञ्, इसुसुक्तान्तात्कः, ७.३.५१ इति कः*] बाबुबाट प्राप्त धन। २.(वि.) [*पितुरागतम्, ऋतष्ठञ् ४.३.७८ इति ठञ्, ठस्य कः*] बाबुबाट आएको ३.पितापुर्खाबाट आएको।

पैतृस्वसेयः (पुं.) [*पितृस्वसुरपत्यं पुमान् स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः, वृद्धिः, ढकि लोपः इति ज्ञापकादन्त्यलोपः*] फुपूको छोरो, भानिजदाइ।

पैतृस्वस्रीयः (पुं.) [*पितृस्वसुरपत्यं पुमान् पितृस्वसुश्छण् ४.१.१३२ इति छण्, छस्य ईयः, वृद्धिः*] फुपूको छोरो।

पैत्रः (पुं.वि.) [*पितृणामयम्, तस्येदम् ४.३.१२० इत्यण्*] पितृ-सम्बन्धी।

पैत्राऽहोरात्रः (पुं.) [*पैत्रश्चासौ अहोरात्रश्च, कर्म.स.*] १.पितृको दिन र रात। पितृको कृष्णपक्ष दिन र शुक्लपक्ष रात हुन्छ। **नृणां मासेन, पितृणामयं पैत्राऽहोरात्रः, तत्र कृष्णपक्षो दिनम्, शुक्लपक्षो रात्रिः।**

पैशाचः (पुं.) [*पिशाचस्यायम्, अण्, वृद्धिः*] १.आठ प्रकारका विवाह मध्ये एक। छल वा अपहरणबाट हुने विवाह। **पैशाचः कन्यका छलात्** (या.व.) **सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति। स पापिष्ठो विवाहानां पैशाचः कथितोऽष्टमः॥** (मनु.) २.पिशाच-सम्बन्धी।

पैशाची (स्त्री.) [*पिशाचानामियम्, अण, वृद्धिः, ङीप्*] १.प्राकृत भाषा विशेष २.पिशाच योनिकी स्त्री ३.(वि.) पिशाचसम्बन्धी।

पैशुन्यम् (न.पुं.) [*पिशुनस्य भावः, गुणवचनब्राह्मणदिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] दौर्जन्य/चुक्ली। अरूलाई कुरा लगाउने काम। **परेषां क्लेशदं कुर्यान्न पैशुन्यं प्रभुप्रियम्। पैशुन्येन गतौ राहोश्चन्द्रार्कौ भक्षणीयताम्॥** (सुभा.)

पैष्टिकम् (नपुं.) [*पिष्टानां समूहः*] पिठाको समूह २.[*पिष्टानां विकारः*] मदिराविशेष।

पैष्टी (स्त्री.) [*पिष्टेन निर्वृत्ता, अण, ङीप्*] मदिरा।

पोगण्डः (पुं.) [*पुनातीति, पूः, तस्य गण्ड एकदेशो यस्य सः*] १.दस वर्षीय बालक २.न्यून वा अधिक अङ्ग भएको व्यक्ति। **पोगण्डो विकलाङ्गे स्यात्** (हला.)।

पोटः (पुं.) १.[*पुटन्त्यत्र,आधारे घञ्*] घरको जग वा भूमि २.[*पुट श्लेषे इति धातोर्भावे घञ्*] जोड, संश्लेषण।

पोटगलः (पुं.) [*पोटेन संश्लेषेण, गलति, गल अदने इति धातोः, गल स्रवणे इति धातोर्वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.नर्कट २.काश ३.माछोविशेष। **अथ पोटगलः पुंसि नले च काशमत्स्ययोः** (मेदिनी.)।

पोटलिका (स्त्री.) [*पोटेन संश्लेषेण लीयते, इति कः,ततः स्वार्थे कन्, टाप्, इत्वम्*] लुगाले बनाएको पोको वा झोली।

पोटा (स्त्री.) [*पोटयति, पुट भासने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पुटति, पुट संश्लेषणे इति धातोर्वा, पूर्ववत् अच्*] स्तन र दाडीले युक्त अथवा नपुंसक स्त्री।

पोतः (पुं.) [*पुनाति पवते वा कुलमिति, पूञ् पवने इति धातोः, पुङ् पवने इति धातोर्वा, हसिमृग्रिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३ इति तन्*] १.बालक २.पक्षीको बच्चा ३.लुगा ४.घर भएको स्थान ५.जहाज ६.दश वर्षको हात्ती। **पोतः शिशौ वहित्रे च गृहस्थाने च वाससि** (मेदिनी.)।

पोतजः (पुं.) [*पोतः सन् जायते, जन्धातोर्डः*] हात्ती आदि। **अण्डजा पक्षिसर्पाद्याः पोतजाः कुञ्जरादयः** (अभि.चि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोतरक्षः (पुं.) [*पोतं रक्षतीति, कर्मण्यण्, इत्यण्*] पतवारी।

पोतवणिक् (पुं.) [*पोतेनोपलक्षितो वणिक्, म.प.स.*] डुङ्गा अथवा जहाजको व्यापारी।

पोतवाहः (पुं.) [*पोतं वहति, कर्मण्यण् ३.२.१ इत्यण्*] दुर्घटनाबाट बचाउन जहाजको माथिल्लो भागमा बसेर बाहिर निरीक्षण गर्ने व्यक्ति।

पोता (पुं.) [*व्यापकत्वेन सर्वं पुनातीति, नप्तृनेष्टृत्वष्टृहोतृपोतृभ्रातृजामातृमातृपितृदुहितृ (उ.) २६० इति तृच्*] १.विष्णु २.ईश्वर।

पोताधानम् (नपुं.) [*पोते वहित्रे आधीयते, धाञ्धातोः, कर्मणि कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, यद्वा– पोतोऽर्भक आधीयतेऽत्र, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] फूलबाट निस्किएका साना-साना माछाको समूह। **क्षुद्राण्डमत्स्यसङ्घातः पोताधानम्** (अमर.)।

पोत्रम् (नपुं.) [*पूयतेऽनेन, हलशूकरयोः पुवः इति ष्ट्रन्*] बदेलको थुतुनो।

पोत्री (पुं.) [*पोत्रं मुखाग्रमस्त्यस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.सुँगुर २.बँदेल।

पोथृ (धा.) [*पर्याप्तौ, अक.सेट्, उभय.*] शक्तिमान् हुनु, योग्य हुनु। लट्– **पोथति-ते–** शक्तिमान् हुन्छ, योग्य हुन्छ इत्यादि।

पोलिका (स्त्री.) मैदा पानीमा च्यालेर पकाएको पातलो रोटी।

कुर्यात् समितयाऽतीव तन्वी पर्पटिका ततः।
स्वेदयेत् तप्तके तान्तु पोलिकां जगदुर्बुधाः॥ (भा.प्र.नि.)

पोषः (पुं.) [*पोषणम् पुष पुष्टौ इति धातोर्भावे घञ्*] पुष्ट पार्ने काम/पोषण।

पोषकः (पुं.वि.) [*पोषयतीति, पुष पुष्टौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पालनपोषण गर्ने/संरक्षक।

स बन्धुर्यो हिते युक्तः स पिता यस्तु पोषकः।
तन्मित्रं यत्र विश्वासः स देशो यत्र जीव्यते॥
(ग.पु.आचारकाण्ड १०८.१५)

~तत्त्वम् (नपुं.) [*पोषकञ्च तत् तत्त्वम्, कर्म.स.*] शरीरलाई स्वस्थ राख्न चाहिने पोषिलो वस्तु।

पोषणम् (नपुं.) [*पुष्यते, भावे ल्युट् अनः, गुणः, णत्वम्*] पालनपोषण गर्ने काम, पुष्ट पार्ने काम।

पोषणीयः (पुं.वि.) [*पोषयितुं योग्यः, तव्यत्तव्यानीयरः इत्यनीयर्, गुणः, णत्वम्*] पालन पोषण गर्नुपर्ने।

पोषयित्नुः (पुं.वि.) [*पोषयति, स्तनिहृषिपुषिगदिमदिभ्यो णेरित्नुच् (उ.) इति इत्नुच्*] पोषक।

पोषितः (पुं.वि.) [*पोष्यते स्म, पुष पुष्टौ इति धातोर्णिचि क्तः, इडागमः*] पालन पोषण गरिएको।

पोष्यः (पुं.वि.) [*पोषयितुं योग्यः, पुष पुष्टौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] पोषण गर्न योग्य/पाल्न योग्य। **~पुत्रः** (पुं.) [*पोष्यश्चासौ पुत्रश्च, कर्म.स.*] दत्तक पुत्र/छोरो समान गरी पालेको व्यक्ति/धर्मपुत्र।

पौण्ड्रः (पुं.) [*पुण्ड्यते, पुडि खण्डने इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्धुन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ.) १७८ इति रक्, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.ज्ञवारा ऊखु २.दैत्यविशेष। **सेव्यः पौण्ड्रकोऽतिरसो मधुः** (वाचस्पति)।

पौत्रः (पुं.) [*पुत्रस्याऽनन्तरापत्यं पुमान्, अनृष्यानन्तर्ये विदादिभ्योऽञ् ४.१.१०४ इति अञ्*] नाति/छोरा र छोरीको छोरो।

पौत्रपुत्रीणः (पुं.वि.) [*पुत्रांश्च पौत्रांश्चानुभवति, परोवरपरंपरपुत्रपौत्रमनुभवति ५.२.१० इति खः, खस्य ईनः, णत्वम्*] छोरा, नाति भएको।

पौत्री (स्त्री.) [*पुत्रस्याऽनन्तरापत्यं स्त्री, अनृष्यानन्तर्ये विदादिभ्योऽञ् ४.१.१०४ इति अञ्, ङीप्*] नातिनी/छोरा र छोरीकी छोरी।

पौंस्नः (पुं.) [*पुंसोऽपत्यम्, पुंसि भवः, पुंसां समूहः, पुंसा निर्वृत्तः पुंसां निवासः पुंसा प्रोक्तम्, पुंसां विकारः, पुंसामयम् इति स्त्रीपुंसाभ्यां नञ्स्नञौ भवनात् ४.१.८७ इति स्नञ्*] १.पुरुषको सन्तान २.परुषमा पैदा भएको ३.पुरुषको समूह ४.पुरुषले बनाएको ५.पुरुषको निवास ६.पुरुषले भनेको ७.पुरुषको विकार ८.पुरुषसम्बन्धी।

पौंस्नी (स्त्री.) [*पुमांसमर्हति, पुंसे हिता वा, स्त्रीपुंसाभ्यां नञ्स्नञौ भवनात इति स्नञ्, नञ्स्नञिकक् ख्युंतरुणतलुनानामुपसङ्ख्यानम् ४.१.७ इति ङीप्*] लोग्ने वा पुरुष खोज्न थालेकी स्त्री।

पौनःपुनिकः (पुं.वि.) [*पुनः पुनर्भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्य इकः, टिलोपः, आदिवृद्धिः*] बारम्बार भएको।

पौनःपुन्यम् (नपुं.) [*पुनःपुनः, स्वार्थे ष्यञ्*] बारम्बार।

पौरः (पुं.वि.) [*पुरि भवः, तत्र भवः ४.३.५३ इति अण्*] पुरवासी/सहरमा बस्ने।

पौरः (पुं./नपुं.) [*पुर, अग्रे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] रोहित घाँस। **पौरं त्रिषु पुरोद्भूते कत्तृणे पुंनपुंसकम्** (मेदिनी.)।

पौरकन्या (स्त्री.) [*पौराणां कन्या, ष.त.*] सहरिया अविवाहित केटी।

पौरस्त्यः (पुं.) [*पुरो भवः, दक्षिणापश्चात्पुरसस्त्यक् ४.२.९८ इति सूत्रेण त्यक्, वृद्धिः*] १.पूर्वमा भएको २.पूर्वको ३.अघिल्लो।

पौरस्त्यानेवमाक्रामंस्तांस्ताञ्जनपदाञ्जयी।
प्राप तालीवनश्याममुपकण्ठं महोदधेः॥ (रघु.)

पौराणिकः (पुं.वि.) [*पुराणमधीते वेत्ति वा आख्यानाख्यायिकेतिहासपुराणेभ्यश्च (वा.) ४.२.६० इति ठक्, ठस्य इकः, वृद्धिः*] १.पुराणका ज्ञाता वा अध्येता २.[*पुराणे भवः, पुराणशब्दात् भवार्थे ठक्*] पुराणमा भएको/पुराणसम्बन्धी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौरुषम् (नपुं.) १.[*पुरुषस्य कर्म, हायनान्तयुवादिभ्योऽण् ५.१.१३०* *इति अण्*] पुरुषार्थ।

विहाय पौरुषं यो हि दैवमेवावलम्बते।
प्रासादसिंहवत्तस्य मूर्ध्नि तिष्ठन्ति वायसाः॥ (सुभा.)

२.[*पुरुषः प्रमाणमस्य, पुरुषहस्तिभ्यामण् च ५.२.३८* इत्यण् आदिवृद्धिः] पुरुषले हात ठड्याएर उभिएको मानिस बराबरको नापो (मेदिनी.)।

पौरुषेयः (पुं.) १.[*पुरुषेण कृतः, पुरुषाद् वधविकारसमूहतेनकृतेषु इति वक्तव्यम् (वा.) ५.१.१० इति ढञ्, ढस्य एयः,आदिवृद्धिः, अलोपः*] पुरुषद्वारा रचित वा निर्मित। २.[*पुरुषस्य वधः, प्राग्वत्*] पुरुषको हत्या ३.[*पुरुषस्य समूहः*] पुरुषको समूह। **एकाकिनोऽपि परितः पौरुषेयवृता इव** (माघ) ४.[*पुरुषस्य विकारः*] पुरुषको विकार वा कार्य।

पौरोगवः (पुं.) [*पुरः पूजिता गौर्भूमिः, पुरोगवी, गोरतद्धित ५.४.९२ इति टच्, तस्या अयम्, तस्येदम् ४.३.१२१ इत्यण्, यद्वा— पुरः प्रथमवाच्यवस्तुषु गौर्नेत्रमस्य, पुरोगुः, गोस्त्रियोः १.२.४८ इति ह्रस्वः, ततः प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] भान्छाको तैनाथे।

पौरोहित्यम् (नपुं.) [*पुरोहितस्य भावः कर्म वा,पत्यन्तपुरोहितादिभ्यो यक् ५.१.१२८ इति यक्*] पुरोहित्याइँ/कर्मकाण्ड।

पौर्णमासः (पुं.) [*पौर्णमास्यां भवः, सन्धिवेलाद्यृतु ४.३.१६ इत्यण्*] पूर्णिमामा गरिने यज्ञ।

पौर्णमासः, पुमान् यज्ञभेदे स्त्री पूर्णिमातिथौ (मेदिनी.)।

पौर्णमासी (स्त्री.) १.[*पूर्णो मासोऽस्यां तिथौ वर्तते सा, पूर्णमासादण् वक्तव्यः (वा.) इति अण्, वृद्धिः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, अलोपः, यद्वा पूर्णमासे भवा, संज्ञायामण् वक्तव्यः (वा.) ५.१.९४ इत्यण्, ङीप्*] पूर्णिमा तिथि।

पौर्वार्धिकः (पुं.) [*पूर्वार्धे जातः, दिक्पूर्वपदाट्ठञ्च ४.३.६ इति ठञ्, ठस्य इकः, पक्षे द्वित्वे पौर्वार्द्धिकः*] पूर्वार्द्धमा भएको।

पौलस्त्यः (पुं.) [*पुलस्तेर्गोत्रापत्यम्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] १.कुबेर २.रावण ३.विभीषण ४.पुलस्तिका सन्तान।

पौलस्त्यो रावणो रक्षो लङ्केशो दशकन्धरः (अभि.चि.)

पौलिः (पुं.) [*पोलति, पुल महत्त्वे इति धातोः, ज्वलतिकसन्तेभ्यो णः ३.१.१४० इति णः, यद्वा भावे ३.३.१८ इति घञ्, पोलेन निर्वृत्तः, सुतङ्गमादित्वात् ४.२.८० इञ्, अभ्यूषसाहचर्यात् पुंसि*] १.भुटेको वा पिल्स्याएको अन्न २.सुक्खा रोटी।

पौलोमी (स्त्री.) [*पुलोम्नो मुनेरपत्यं स्त्री, तस्यापत्यम् ४.१.९२ इत्यण्, गोत्रत्वेन जातित्वान्ङीष् ४.१.६३*] इन्द्रकी पत्नी/इन्द्राणी।

शचीन्द्राणी पौलोमी जयवाहिनी (अभि.चि.२.८९)।

पौषः १.(पुं.) [*पुष्येण युक्ता पौणमासी अस्मिन् मासे, इति साऽस्मिन् पौर्णमासी ४.२.२१ इति अण्, तिष्यपुष्ययोर्नक्षत्रे यलोप इति वाच्यम् (वा.) ६.४.१४९ इति यलोपः, आदिवृद्धिः*] पुष महिना।

पौषो मासप्रभेदे स्यात् (विश्व.) २.(पुं.वि.) [*पुष्येण युक्तः कालः, नक्षत्रेण युक्तः कालः ४.२.३ इत्यण्, यलोपः*] पुष्य नक्षत्र भएको (दिन, रात आदि)।

पौषी (स्त्री.) १.[*पुष्येण युक्ता पौर्णमासी, नक्षत्रेण युक्तः कालः ४.२.३ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, तिष्यपुष्ययोर्नक्षत्राणि यलोप इति वक्तव्यम् (वा.) इति यलोपः*] पौष महिनाको पूर्णिमा २.[*पुष्येण युक्ता रात्री*] पुष्य नक्षत्र उदाएको रात (मुग्धबोध)।

पौष्करम् (नपुं.) [*पुष्कराणामिदम्, तस्येदम् इत्यण्*] १.एक सुगन्धित द्रव्य/कूटविशेष। २.कमलसम्बन्धी।

पौष्टिकम् (नपुं.) [*पुष्ट्यै हितम्, ठक्, इकः, आदिवृद्धिः*] १.धन, जन, बल, कीर्ति आदि बढाउने कर्म। **वृद्धिर्जनधनादीनां पुष्टिरित्यभिधीयते**। २.केश खौरदा शरीर ढाक्न प्रयोग गरिने लुगाविशेष ३.पुष्टिदायक वस्तु।

पौष्पकम् (नपुं.) [*पुष्पेण कायति, पुष्पपूर्वकात् कैधातोः कः, आलोपः ततः स्वार्थे अण्*] पित्तलको कीट।

पौष्पम् (नपुं.) १.[*पुष्पाणामिदम्, पुष्पशब्दात्, तस्येदम् ४.३.१२०* *इति अण्, वृद्धिः*] फूलसम्बन्धी २.[*पुष्पैर्निर्वृत्तम्*] फूलबाट बनेको। **आसनं प्रथमं दद्यात्पौष्पं दारुजमेव वा। वास्त्रं वा चार्मणं कौशं मण्डलस्योत्तरे सृजेत्॥** (का.पुं.)

प्याट् (अव्य.) [*प्यायते, प्यैङ् वृद्धौ इति धातोः, ट् प्रत्ययः*] सम्बोधन अर्थ बुझाउने पद।

प्यैङ् (धा.) [*वृद्धौ, अक, अनि, आत्म.*] बढ्नु, उन्नति हुनु। लट्— **प्यायते**—बढ्छ, उन्नति हुन्छ इत्यादि।

प्र (अव्य.) [*प्रथयति, प्रथधातोर्डः*] धातुका अगिल्तिर जोडिएर विभिन्न अर्थ बुझाउने एक उपसर्ग। बिस उपसर्गमध्ये एक। गति, आरम्भ, उत्कर्ष, प्रधानता प्रसिद्धि व्यवहार आदि यसका अनेक अर्थ हुन्छन्।

प्रकटः (पुं.वि.) [*सम्प्रोदश्च कटच् ५.२.२९ इति कटच्, यद्वा प्रकटतीति, पचाद्यच्*] १.निस्केको/प्रादुर्भाव भएको/उत्पन्न/ २.खुलासा भएको/स्पष्ट प्रत्यक्ष। **स्फुटे स्पष्टं प्रकाशं प्रकटेल्वणे** (अभि.चि.) **प्रकटाप्रकटा चेति लीला सेयं तदुच्यते** (भागवतामृत)।

प्रकटार्थता (स्त्री.) [*प्रकटेऽर्थो यस्याः सा, तस्याः भावः, तल्, टाप्*] सार्थकता अन्वर्थकता।

प्रकटितः (पुं.वि.) [*प्रकट्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] प्रकाश पारिएको/व्यक्त गरिएको/आविष्कार गरिएको। **दर्शितन्तु प्रकाशितम्। आविष्कृतं प्रकटितम्** (अभि.चि.)।

प्रकम्पनः (पुं.) [*प्रकम्पयति वृक्षादीन्, कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्तरि ल्युट् अनः*] १.वायु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातोऽहिकान्तपवमानमरुत्प्रकम्पनाः
कम्पाकनित्यगतिगन्धवहप्रभञ्जनाः (अभि.चि.)।

२.नरकविशेष ३.एक राक्षस ४.(पुं.वि.) ज्यादै काँप्ने वा हल्लने।

प्रकरः (पुं.) [*प्रकिरति, प्र पूर्वकाद् कृ विक्षेपे इति धातोः, अच्*] १.समूह/राशि/निकर २.[*प्रकीर्यते, ऋदोरप् ३.३.५७ इत्यप्*] छरिएको फूलको गुच्छा आदि ३.(नपुं.) अगरु।

प्रकरणम् (नपुं.) [*प्रक्रियतेऽस्मिन्, प्र पूर्वकाद् डुकृञ् करणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.वृत्तान्त। **एतत्प्रकरणं राजन्नधिकृत्य युधिष्ठिरः। पतिव्रतानां नियतं धर्मञ्चावहितः शृणु॥** (म.भा. ३.२०४.२१) प्रसङ्ग/सन्दर्भ २.परिच्छेद/अनुच्छेद ३.रूपकको एक भेद। यसको कथानक सामाजिक वा कविकल्पित हुन्छ। अङ्गी रस शृङ्गार हुन्छ। अन्य रस अङ्गरसका रूपमा आउँछन्। नायक ब्राह्मण (मृच्छकटिक) अमात्य (मालती माधव) वा व्यापारी (पुष्पदूतिका) हुन्छ। नायक धीरशान्त प्रकृतिको हुनुपर्छ भन्ने धनञ्जयको मत छ। अनेकौं आपत्ति, विघ्न बाधा पार गरेर नायक धर्म अर्थ र कामको प्राप्तिमा सँधै उद्यत हुन्छ। नायिका कुलीन स्त्री (पुष्पदूतिका) वा वेश्या (तरङ्गदत्त) वा दुवै थरी (मृच्छकटिक) हुन्छे। अन्य विशेषता यसमा नाटकका जस्तै हुन्छन्। प्रकरणमा त्रासद स्थितिको पनि सृजना भएको हुन्छ भन्ने पनि मत छ।

भवेत् प्रकरणे वृत्तं लौकिकं कविकल्पितम्।
शृङ्गारोऽङ्गी नायकस्तु विप्रोऽमात्योऽथवा वणिक्।
सापायधर्मकामार्थपरो धीरप्रशान्तकः॥ (सा.द.६.२५३)

प्रकरणवक्रता (स्त्री.) [*प्रकरणगता वक्रता, म.प.स.*] प्रकरणमा आउने वक्रता। यो अनेक किसिमको हुन्छ। जस्तै— उत्पाद्यकथावक्रता, उपकार्योपकारकभाववक्रता, आवृत्तिवक्रता, प्रासङ्गिकवक्रता, प्रकरणरसवक्रता आदि।

प्रकरणिका (स्त्री.) [*अल्पं प्रकरणम्, अल्पे ५.३.८५ इति कन्, टाप् ४.१.४ इत्वम्*] प्रकरणको एक भेद। यसमा नायक व्यापारी हुन्छ, नायिका उसकी सजातीया स्त्री हुन्छे र अरू सबै कुरा प्रकरणसँग मिल्दाजुल्दा हुन्छन्। (यसको उल्लेख छ तर उदाहरण उपलब्ध छैन।)

प्रकरी (स्त्री.) १.नाटकमा आउने एक प्रकारको प्रासङ्गिक कथावस्तु/प्रासङ्गिककथाको एक भेद। साहित्यमा मूल कथावस्तुको बिचमै उठेर बिचैमा टुङ्गिने प्रासङ्गिक कथावस्तु जस्तै— रामायणमा रावण र जटायुको संवाद।

प्रासङ्गिकं प्रदेशस्थं चरितं प्रकरी मता (सा.द.६.५१)।

२.एक प्रकारको गाना ३.मैदान ४.नटको पोसाक।

प्रकर्षः (पुं.) [*प्रकर्षणम्, प्रपूर्वकात् कृष विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.उत्कर्ष २.जोत्ने काम।

प्रकर्षणम् (नपुं.) [*प्रपूर्वकात् कृष विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तान्ने काम/घिच्याउने काम २.जोत्ने काम।

प्रकला (स्त्री.) [*प्रादिस.*] ज्यादै सानो अंश। साठ्ठी विकला मध्ये एक।

प्रकल्पना (स्त्री.) १.[*प्रकल्प्यतेऽनया, युच्, टाप्*] विशिष्ट कल्पना २.[*भावे युच्*] निश्चित गर्नु/स्थिर गर्नु (मनु. ८.२११)।

प्रकल्पितः (पुं.वि.) [*प्रकल्प्यते स्म, प्रपूर्वकात् कृपू सामर्थ्ये इति धातोः निष्ठा ३.२.१०२ इति क्तः,रस्य लत्वम्*] १.कल्पना गरिएको/नियत गरिएको/स्थिर गरिएको २.बनाइएको।

प्रकाण्डः (पुं.नपुं.) [*प्रकाण्ड्यते, कड भेदने चुरादिः, एरच् ३.३.५६ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुः, यद्वा काम्यते, कमु कान्तौ इति धातोः, णिङ् ३.१.३० वरण्डादयश्च (उ.) इति डो वा*] १.हाँगाको काप २.वृक्ष ३.(पुं.वि.) अत्यधिक प्रशंसनीय/महान् ४.विशाल अति ठुलो। **प्रकाण्डो विटपे शस्ते मूलस्कन्धान्तरे तरोः** (विश्व.)।

प्रकाण्डकः (पुं.) [*प्रकाण्ड एव, स्वार्थे कन्*] १.ठुलो हाँगा २.अतिशय महान् व्यक्तित्व।

प्रकामः (पुं.वि.) [*प्रकृष्टः कामो यस्य सः, बहु.स.*] १.अतिशय कामुक २.शृङ्गारप्रिय।

प्रकामभुक् (पुं.वि.) [*प्रकामं भुङ्क्ते, क्विप्*] अघौंजी खाने।

प्रकामम् (नपुं.) [*प्रगतं कामम्, प्रादिस.*] १.इच्छाअनुसार। **कामं प्रकामं पर्याप्तं निकामेष्टं यथेप्सितम्।** (अमर.) २.(अव्य.) अतिशय। **जातो ममायं विशदः प्रकामम्** (अभि.शा.४.२१)।

प्रकाम्यम् (नपुं.) [*प्रकामस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] अष्टसिद्धिमध्येको एक सिद्धि।

प्रकारः (पुं.) [*प्रभेदकरणम्, प्रकृष्टकरणं वा, प्रपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.किसिम/थरी/तरिका।

घटं भिन्द्यात् पटं छिन्द्यात् कुर्याद् रासभरोहणम्।
येन केन प्रकारेण प्रसिद्धः पुरुषो भवेत्॥ (सुभा.)

२.सादृश्य। **प्रकारौ भेदसादृश्ये** (अमर.)।

प्रकाशः (पुं.) १.[*प्रकाश्यतेऽनेन अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.झलक/आलोक/उज्यालो/किरण। **प्रकाशस्तेज उद्योत आलोको वर्च आतपः।** (अभि.चि.) २.[*प्रकाशनम्, भावे ३.३.१८ इति घञ्*] प्रकट हुनु/आविर्भाव ३.(पुं.वि.) स्पष्ट/व्यक्त। **स्फुटे स्पष्टं प्रकाशं प्रकटोल्वणे।** (अभि. चि.)।

प्रकाशकः (पुं.वि.) [*प्रकाशयतीति, प्रपूर्वकात् काशृ दीप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.व्याख्या गर्ने २.चम्किलो/प्रकाश दिने/प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने ३.(पुं.) दियो वा बत्ती ४.सूर्य ५.समाचारपत्र वा पुस्तक, पत्रिका आदि प्रकाशित गर्ने व्यक्ति वा संस्था ।

प्रकाशनम् (नपुं.) [*प्रकाश्यते इति, प्रपूर्वकात् काशृ दीप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पुस्तक, पत्रिका आदि प्रकाशित गर्ने काम २.प्रकाश पार्नु, व्याख्या गर्नु ३.उज्याले पार्नु/पदार्थलाई प्रकाशित तुल्याउनु ।

प्रकाशम् १.(नपुं.) [*प्रकाशं यथास्यात्तथा*] स्पष्ट/सबैले बुझ्ने वा सुन्ने गरी/खुलमखुल्ला २.[*प्रकाश्यतेऽसौ, घञ्*] काँस । **कांस्ये विद्युत्प्रियं घोषः प्रकाशं वङ्गशुल्वजम्** (अभि.चि.) ।

प्रकाशवर्षः (पुं.) [*प्रकाशगत्या मितो वर्षः, म.प.स*] प्रकाशले एक वर्षमा पार गर्ने दूरी । प्रकाश एक सेकेन्डमा ३००,००० किलोमिटर हिँड्छ । प्रकाशले एक वर्षमा पार गर्ने दूरी ९, ५००, ०००, ०००, ००० किलोमिटर हुन्छ । यसैलाई एक प्रकाशवर्ष भनिन्छ । नक्षत्र तारा आदि ज्योतिःपिण्डको दूरी प्रकाशवर्षमा नापिन्छ ।

प्रकाशितः (पुं.वि.) [*प्रकाशः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.प्रकाशमा आएको । देखाइएको २.आविष्कार गरिएको ३.छापिएको । **प्रणीतो न तु प्रकाशितः** । हे. **प्रकटितः** ।

प्रकाशितविरुद्धता (स्त्री.) [*प्रकाशिता चासौ विरुद्धता च, कर्म.स.*] अर्थदोषको पन्ध्रौँ भेद । हे. **अर्थदोष** ।

प्रकाश्यः (पुं.वि.) [*प्रकाशयितुं योग्यः, प्रपूर्वकात् काशृ दीप्तौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१३४ इति ण्यत्*] प्रकाश गर्न लायक/प्रकट गर्न योग्य/प्रकाशित गरिने ।

प्रकीर्णः (पुं.वि.) [*प्रकीर्यते स्म, प्रपूर्वकात् कॄ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] १.छरिएको/फिँजिएको/मिसिएको २.सिलसिला नमिलेको/अस्तव्यस्त ३.फुटकर । **~लेखः** (पुं.) [*प्रकीर्णश्चासौ लेखश्च, कर्म.स.*] छरिएका लेख ।

प्रकीर्णकम् (नपुं.) [*प्रकीर्यते स्म, कॄ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नत्वम् ईत्वम्, रपरत्वञ्च, संज्ञायां कन् ५.३.७५ इति कन्*] १.चमर । **चामरं बालव्यजनं रोमगुच्छः प्रकीर्णकम्** । (अभि.चि.) २.फैलावट ३.ग्रन्थविच्छेद ४.फुटकर वस्तुहरूको सङ्ग्रह ५.(पुं.) घोडा । **प्रकीर्णकं चामरे स्याद्विस्तरे ना तुरङ्गमे** (मेदिनी.) ६.पापविशेष ।

प्रकीर्तनम् (नपुं.) [*प्रकीर्त्यते स्म,कृत संशब्दने इति धातोः, भावे ल्युट्, अनः, इत्वरपरत्वे*] १.प्रशंसा गर्नु, स्तुति गर्नु २.उद्घोषण गर्नु ।

प्रकीर्तितः (पुं.) [*प्रपूर्वकात् कृत संशब्दने इति धातोः क्तः*] १.भनिएको २.प्रशंसा गरिएको, स्तुति गरिएको ।

प्रकीर्यः (पुं.वि.) [*प्रकीर्यते, कॄ विक्षेपे इति धातोः, अघ्न्यादित्वात् (उ.) यक्*] १.लेकमा हुने पाङ्ग्रो २.छरिएको । **प्रकीर्यः पूतिकरजे विप्रकीर्णे तु वाच्यवत्** (विश्व.) ।

प्रकृतः (पुं.वि.) [*प्रपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] प्रसङ्गप्राप्त विषय ।

प्रकृतिः (स्त्री.) [*प्रक्रियते कार्यादिकमनया,प्रपूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन् यद्वा क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.शिल्पी २.सत्त्व, रज र तमोगुणको साम्यावस्था ३.अमात्य ४.कारण ५.वस्तु वा व्यक्तिको मुख्य गुण/स्वभाव ६.साङ्ख्यसम्मत एक तत्त्व । यो पुरुषको विपरीत हुन्छ, परिवर्तनशील छ, नाशवान् छ र जड छ । प्रकृति भनेको पुरुषको शक्ति हो । साङ्ख्यहरू प्रकृतिलाई जड मान्छन् भने तान्त्रिकहरूको मतमा प्रकृति जड मानिँदैन । प्रकृति अर्थात् शक्तिसँग सगुण शिवको अविर्भाव हुन्छ, अनि संसारको सृष्टि हुन्छ । ७.निकास, उत्पन्न हुने ठाउँ ८.आकार/बनावट ९. नमूना/आदर्श १०.आइमाई ११.पुरुष वा स्त्री जातिको जननेन्द्रिय १२.सृष्टिको पञ्चतत्व १३.आमा १४.राजाको मन्त्रिमण्डल १५.राजाका प्रजा १६.साङ्ख्यदर्शनमा मानिएका आठ प्रधान तत्त्वहरू । यिनबाट हरेक वस्तु उत्पन्न हुन्छन् । १७.माया १८.आठथरी राज्याङ्ग । **स्वाम्यमात्यसुहृत्कोषराष्ट्रदुर्गबलानि च । राज्याङ्गानि प्रकृतयः पौराणां श्रेणयोऽपि च ॥** (अमर.) १९.एक्काइस अक्षरको पादव्यवस्था भएको छन्दविशेष । २०.व्याकरणमा प्रातिपदिक वा धातु । **~कृपणः** [*प्रकृत्या कृपणः, तृ.त.*] १.स्वभावैले कन्जुस २.स्वभावले चिन्न नसकिने । **~तरलः** (पुं.वि.) [*प्रकृत्या तरलः, तृ.त.*] स्वभावैले चञ्चल । **~भावः** (पुं.) [*प्रकृतेर्भावः, अवस्थितिः, ष.त.*] १.स्वभाव २.सन्धि भएर पनि पदहरू न जोडिने स्थिति । जस्तै— हरी एतौ, विष्णू इमौ आदि । **~ लयः** (पुं.) [*प्रकृतौ लयः, स.त.*] प्रकृतिमा विलीन हुनु । **~विज्ञानम्** (नपुं.) [*प्रकृतेर्विज्ञानम्, ष.त.*] प्रकृतिशास्त्र, जीव, वनस्पति, भूगर्भ आदि प्राकृतिक विषयहरूको विवेचना गरिएको शास्त्र । **~विपर्ययः** (पुं.) [*प्रकृतेर्विपर्ययः, ष.त.*] यथार्थसित नमिल्ने गरी वर्णन गर्दा पर्न जाने एक दोष । **~विरोधः** (पुं.) [*प्रकृतेर्विरोधः, ष.त.*] प्रकृतिको विरोध हुने गरी वर्णन गर्दा पर्न जाने दोष । **~सिद्धः** [*प्रकृत्या सिद्धः, तृ.त.*] नैसर्गिक / स्वाभाविक । **~सुभगः** (पुं.वि.) स्वभावैले सुन्दर । **~स्थः** (पुं.वि.) [*प्रकृतौ तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, आलोपः*] १.स्वाभाविक रूपले रहने २.स्वस्थ ३.नाङ्गो ।

प्रकृतिगुणः (पुं.) [*प्रकृतेर्गुणः, ष.त.*] सत्त्व,रज,तमोगुणमध्ये एक गुण ।

प्रकृष्टः (पुं.वि.) [*प्रकृष्यते इति, प्रपूर्वकात् कृष्धातोः क्तः*] मुख्य/प्रधान ।

मुख्यं प्रकृष्टं प्रमुखं प्रवर्हं वर्यं वरेण्यं प्रवरं परोगम् (अभि.चि.) ।

प्रकोपः (पुं.) [*प्रकृष्टः कोपः, प्रादिस.*] १.अत्यधिक रिस वा क्रोध, जोस, उत्तेजना २.महामारीको प्रबलता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकोष्ठः (पुं.) [*प्रकुष्यतेऽनेन कुसूलादन्नम्, कुष निष्कर्षे इति धातोः, उषिकुषिगार्तिभ्यस्थन् (उ.) इति थम् प्रविष्टः कोष्ठं कुसूलम्, अत्यादयः क्रान्ता (वा.) २.२.१८ इति समासो वा*] १.कुहिना र पन्जाको माझको पाखुराको भाग २.पस्दापस्दैको दलान ३.राजाको वैठक कोठा। **प्रकोष्ठमन्तरं विद्यादरत्नमणिबन्धयोः** (कात्यः)। **प्रकोष्ठो मणिबन्धस्य कूर्परस्यान्तरेऽपि च। भूपकक्षान्तरेऽपि स्यात्** (मेदिनी.) ४.कोठो।

प्रक्रमः (पुं.) १.[*प्रक्रमणम्, भावे ३.३.१८ इति घञ्*] पहिलो पटकको थालनी २.[*प्रकृष्टः क्रमः,प्रादिस.*] १.विशिष्ट किसिमको क्रम २.अवसर। **~भङ्गः** (पुं.) [*प्रक्रमस्य भङ्गः, ष.त.*] १.कुनै काम आरम्भ गरेर भएको त्यसको क्रमको उल्लङ्घन २.साहित्यमा हुने क्रमभङ्गको दोष। वर्णनको क्रम नमिल्दा पर्न जाने दोष।

प्रक्रान्तः (पुं.वि.) [*प्रपूर्वकात् क्रमु पादविच्छेपे इति धातोः क्तः*] १.प्रकरणमा रहेको २.आरम्भ गरिएको।

प्रक्रिया (स्त्री.) [*करणम्, कृञः श च ३.३.१०० इति शः, रिङ् ७.४.२८ इति रिङादेशः, रिङ्विधानसामार्थ्यान्न दीर्घः, प्रकृष्य क्रिया, प्रादिस.*] १.तरिका/नियमित तरिका/ रीति/प्रकार २.व्याकरणको रूपसिद्धि गर्ने वा वाक्य रचना गर्ने प्रणाली ३.व्यवस्था ४.[*प्रकृष्य क्रिया, प्रादिस.*] उत्कृष्ट कार्य। **प्रक्रिया तूत्पादने स्यादधिकारप्रकारयोः** (हेमचन्द्र) **प्रक्रिया त्वधिकारः** (अभि.चि.)।

प्रक्वणः (पुं.) [*प्रपूर्वकात् क्वण शब्दे इति धातोः क्वणो वीणायाञ्च ३.३.६५ इति अप्*] १.शब्द २.वीणाको आवाज।

प्रक्वाणः (पुं.) [*प्रपूर्वकात् क्वण शब्दे इति धातोर्घञ्*] वीणाको आबाज। **वीणायाः क्वणिते प्रादेः प्रक्वाणप्रक्वणादयः** (अमर.)।

प्रक्षरम् (नपुं.) घोडा सजाउने काम। **प्रक्षरं प्रखरः समौ** (अभि.चि.)।

प्रक्षालनम् (नपुं.) [*प्रपूर्वकात् णिजन्तात् क्षालधातोः भावे ल्युट् अनः*] धुने/सफा गर्ने काम। **प्रक्षालनाद् हि पङ्कस्य दूरादस्पर्शनं वरम्।** (हितो.)।

प्रक्षिप्तः (पुं.वि.) [*प्रक्षिप्यते स्म, प्रपूर्वकात् क्षिप्धातोः क्तः*] १.फ्याँकिएको २.त्यागिएको ३.थपिएको। जस्तै– पुराणको प्रक्षिप्त अंश।

प्रक्षेपः (पुं.) [*प्रक्षेपणम्, प्रपूर्वकात् क्षिप प्रेरणे इति धातोः भावे घञ्*] १.फ्यांक्नु २.मिलाउनु ३.कुनै कामको योजना ४.मूलधन ५.झटारो हान्ने काम ६.प्रहार ७.गाडीको बाकस ८.जम्मा गरेको आआफ्नो हिस्साको रुपैयाँ ९.[*प्रक्षिप्यतेऽसौ*] १.औषधिमा मिसाउने द्रव्य २.कुनै कृतिमा पछि थपिएको अंश।

प्रक्षेपणम् (नपुं.) [*प्रपूर्वकात् क्षिप प्रेरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.फ्याँक्ने काम २.जहाज आदि हाँक्नु।

प्रक्ष्वेडनः (पुं.) [*प्रकर्षेण क्ष्वेदन्ते, ञिक्ष्विदा अव्यक्ते शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] फलामको वाण। **प्रक्ष्वेडनः सर्वलौहो नाराच एषणश्च सः** (अभि.चि.)।

प्रखरः (पुं.वि.) १.तीक्ष्ण २.प्रतिभासम्पन्न, प्रबुद्ध ३.(पुं./नपुं.) घोडा सजाउने काम। हे. **प्रक्षरम्** ।

प्रख्यः (पुं.वि.) [*प्रख्याति प्रकाशयति, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्*] १.सदृश/समान। **प्रख्यप्रतिनिधि अपि** (दण्डी) २.श्रेष्ठ। उत्तरपदमा रहदा यसको तुल्य अर्थ हुन्छ। **स्युरुत्तरपदे प्रख्यः प्रकारः प्रतिमो निभः।** (हैम.) जस्तै– **गिरीशप्रख्यो धवल।**

प्रख्यातः (पुं.वि.) [*प्रपूर्वकात् ख्याधातोः क्तः*] ज्यादै प्रसिद्ध।

प्रख्यातवस्तु (नपुं.) [*प्रख्यातञ्च तद् वस्तु च, कर्म.स.*] नाटक महाकाव्य आदिमा प्रयोग हुने प्रसिद्ध कथानक। यो तीन किसिमको हुन्छ– प्रख्यात, उत्पाद्य र मिश्र। प्रख्यातवस्तुको कथावस्तु इतिहास, पुराण आदिबाट लिइन्छ। उत्पाद्य कथावस्तु कविकल्पित हुन्छ। मिश्रित कथावस्तुमा केही इतिहाससँग सम्बद्ध र केही कल्पित हुन्छ।

प्रख्यातिः (स्त्री.) [*प्रकृष्य ख्यातिः, प्रादिस.*] विशिष्ट ख्याति/अतिशय प्रसिद्धि।

प्रगण्डः (पुं.) [*प्रत्यासन्नो गण्डो यस्य सः, बहु.स. प्रादिस.*] काँधदेखि कुहिनासम्मको हातको भाग/ पाखुरो। **कफोणिस्तु कूर्परः। अस्योपरि प्रगण्डः स्यात्** (अमर.)।

प्रगतः (पुं.वि.) [*प्रपूर्वकाद् गम्लृ गतौ इति धातोः गत्यर्थाकर्मक इति क्तः*] अघि बढेको। **~जानुकः** (पुं.वि.) [*प्रगते असंश्लिष्टे जानुनी यस्य सः, बहु.स. कप्*] बाङ्गो वा टेढो जाँघ भएको। **प्रज्ञुः प्रगतजानुकः** (अमर.)।

प्रगतिः (स्त्री.) [*प्रकृष्य गतिः, प्रादिस.*] उन्नति/अगाडि बढ्नु। **~वादः** (पुं.) [*प्रगतेर्वादः, ष.त.*] समाज, साहित्य आदिलाई उत्तरोत्तर अगाडि बढाउनुलाई नै आदर्श मान्ने सिद्धान्त। **~रोधः** (पुं.) [*प्रगतेः रोधः, ष.त.*] प्रगति वा उन्नतिमा बाधा/उन्नति रोकिएको अवस्था। **~शीलः** (पुं.) [*प्रगतौ शीलमस्य, बहु.स.*] अगाडि बढ्ने/अग्रसर हुने।

प्रगल्भः (पुं.) [*प्रगल्भते इति प्रपूर्वकाद् गल्भ धार्ष्ट्ये इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] १.प्रत्युत्पन्नमति/प्रतिभाशाली/मौकाअनुसार कामकुरो गर्न सिपालु। **प्रज्ञा मनुष्यं कुरुते प्रगल्भम्** (म.भा.१२.६८.५८) २.निडर/साहसी।

प्रगल्भता (स्त्री.) [*प्रगल्भस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् ४.१.४*] समयअनुसार कामकुरो मिलाउन जान्ने क्षमता, प्रत्युत्पन्नमतित्व।

प्रगल्भा (स्त्री.) [*प्रगल्भते धृष्टा भवति, अच्, टाप्*] कामुक, मस्त तरुणी,रतिक्रीडामा कुशल, आँखा झिम्काउनु मुख नचाउनु आदि क्रियाकलापद्वारा मनका भाव व्यक्त गर्न सिपालु, अलिअलि लाज मान्ने र पतिलाई पटक्कै न छोड्ने नायिका। यसका तीन भेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्– धीरा, अधीरा, धीराधीरा। **स्मरान्धा गाढतारुण्या समस्त रतकोविदा। भावोन्नता दरव्रीडा प्रगल्भाक्रान्तनायिका॥** (सा.द.)

प्रगाढम् (नपुं.) [*प्रकर्षेण गाहते स्म, प्रपूर्वकाद् गाहू विलोडने इति धातोः कर्तरि क्तः,यस्य विभाषा ७.२.१५ इति नेट्*] १.अत्यन्त २.कष्ट। **प्रगाढं भृशकृच्छ्रयोः** (अमर.)।

प्रगुणः (पुं.वि.) [*प्रकृष्य गुणा यस्य*] १.सोभो २.उत्कृष्ट गुण भएको।

प्रगे (अव्य.) [*प्रगीयते, अत्र, गै शब्दे इति धातोः, कप्रत्ययः*] बिहान।

प्रगेतनः (पुं.वि.) [*प्रगे जातः, सायंचिरंप्राह्णप्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट् च ४.३.२३ इति ट्युः, तुट्, अनादेशः*] सबेरै भएको/सखारै भएको।

प्रग्रहः (पुं.) [*प्रगृह्यते, ग्रह उपादाने इति धातोः, प्रे वणिजाम् ३.३.५२ रश्मौ च ३.३.५३ इति घञभावपक्षे ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.बन्दीलाई थुन्ने घर/कारागार २.किरण ३.वृक्षविशेष। ४.लगाम ५.तुलाको डोरी ६.कुनै ग्रहका साथ रहने उपग्रह ७.सूर्य वा चन्द्रग्रहण ८.हात ९.सुन १०.विष्णु ११.सन्धिको नियम लागु नहुने स्वर। **प्रग्रहस्तु तुलासूत्रे बन्द्यां नियमने भुजे। हयादिरश्मौ रश्मौ च सुवर्णहरिपादपे** (विश्व.)।

प्रग्रहणम् (नपुं.) [*प्रपूर्वकाद् ग्रहधातोर्भावे ल्युट्, अनः*] १.समात्ने काम २.सूर्य वा चन्द्रग्रहण लाग्नु ३.गिरफ्तार गर्नु। ४.[*करणे ल्युट्*] १.लगाम २.तराजुको डोरी।

प्रग्राहः (पुं.) [*प्रगृह्यते, ग्रह उपादाने इति धातोः, प्रे वणिजाम् ३.३.५२ रश्मौ च ३.३.५३ इति घञ्*] १.किरण २.लगाम ३.तराजुको डोरी ४.गिरफ्तारी ५.[*प्रे लिप्सायाम् ३.३.४६ इति घञ्*] समात्ने काम। **पात्रप्रग्राहेण चरति भिक्षुः** (सि.कौ.)।

प्रघणः (पुं.) [*अगारैकदेशे प्रघणः प्रघाणश्च ३.३.७९इति प्रघणादेशः*] १.तामाको कलश २.फलामको मुङ्ग्रो ३.खुट्किलो।

प्रघनम् (नपुं.) [*प्रकर्षेण हन्यते इति*] युद्ध/लडाइँ। **युद्धमायोधनं जन्यं प्रघनं प्रविदारणम्** (अमर.)।

प्रघाणः (पुं.) [*प्रहण्यते, अगारैकदेशे प्रघणः, प्रघाणश्च ३.३.७९ इति प्रघाणादेशः*] १.तामाको कलश २.फलामको मुङ्ग्रो ३.खुट्किलो। **प्रघणोऽलिन्दके ताम्रकलशे लोहमुद्गरे** (हैम.)।

प्रचक्रम् (नपुं.) [*प्रस्थितं चक्रं सैन्यम्*] हिँडेको सेना।

प्रचण्डः (पुं.वि.) [*प्रकृष्टश्चण्डः, प्रादिस.*] अति तीव्र/प्रखर/अति रिसाहा/क्रोधी।

प्रचयः (पुं.) [*प्रपूर्वकात् चिञ् चयने इति धातोः, एरच् ३.३.५६ इति अच्*] १.बीजगणितमा हुने एक प्रकारको जोड २.वृद्धि ३.बटुल्ने काम ४.रास/थुप्रो ५.साधारण मेलमिलाप।

प्रचलनम् (नपुं.) [*भावे ल्युट्*] १.चलनचल्ती २.ज्यादै हल्लनु।

प्रचलायितः (पुं.) [*प्रचलायते स्म, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः, प्रचला जाताऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्, आतो युक्*] निद्रामा घुर्ने।

प्रचलितः (पुं.वि.) [*प्रचल्यते स्म, प्रपूर्वकात् चल सञ्चलने इति धातोः, क्तः*] चलन वा व्यवहार हुनथालेको/चलेको/ चलनचल्तीमा आएको। **~मुद्रा** (स्त्री.) [*प्रचलिता चासौ मुद्रा च, कर्म.स.*] चलनचल्तीमा रहेको सिक्का वा पैसा वा नोट।

प्रचारः (पुं.) [*प्रचारणम्, प्रपूर्वकात् चर गतिभक्षणयोः, इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै विषय, मत वा कुरो जनसाधारणलाई थाहा दिन गरिने विज्ञापन/विज्ञप्ति २.[*प्रचरन्ति गावोऽत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] गौचर/गाई चर्ने ठाउँ ३.घोडाको आँखाको रोग ४.अखडा ५.चलन/रीति ६.हिंङ्गुल।

प्रचारकः (पुं.वि.) [*प्रचारयतीति, प्रपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.प्रचार गर्ने २.(पुं.) फैलाउने/थाहा दिने।

प्रचुरः (पुं.वि.) [*प्रपूर्वकात् चुर धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] धेरै/प्रशस्त/ज्यादा/परिपूर्ण।

प्रचेताः (स्त्री.) [*प्रचेतयति, प्रकृष्टं चेतोऽस्येति वा, चिती संज्ञाने इति धातोः, असुन् (उ.)*] १.वरुण/पश्चिम दिशाको मालिक २.स्मृतिकार एक ऋषि ३.प्राचीनबर्हिका सवर्णाबाट जन्मिएका दश पुत्र ४.भृगुवंशीय एक प्रचेता मुनि। तपस्या गर्दागर्दै धमिराको गोलाले शरीर ढाकेको हुँदा यिनको नाम वाल्मीकि रह्यो। यिनले रामायणको रचना गरे। **रावणान्तकरो राजा रघूणां वंशवर्द्धनः। वाल्मीकिर्यस्य चरितं चक्रे भार्गवसत्तमः॥** (मत्स्यपु.) ५.(पुं.वि.) [*प्रकृष्टं चेतो ऽस्य*] विशाल हृदय भएको।

प्रचोदनी (स्त्री.) [*प्रचोदयति, चुद संचोदने इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] बिँही।

प्रच्छ (धा.) [*ज्ञीप्सायाम्, सक. अनिट् पर.*] सोध्नु, जान्ने इच्छा गर्नु। लट्– **पृच्छति–** सोध्छ, जान्ने इच्छा गर्छ। लिट्– **पप्रच्छ–** सोधे छ, जान्ने इच्छा गरेछ (अन.)। लुट्– **प्रष्टा–** सोध्ने छ, जान्ने इच्छा गर्ने छ (अन.)। लृट्– **प्रक्ष्यति–** सोध्ने छ, जान्ने इच्छा गर्नेछ। लोट्– **पृच्छतु–** सोधोस्। जान्ने इच्छा गरोस्। लङ्– **अपृच्छत्–** सोध्यो, जान्ने इच्छा गऱ्यो (अन.)। विधिलिङ्– **पृच्छेत्–** सोध्ला, जान्ने इच्छा गर्ला, सोधोस्, जान्ने इच्छा गरोस्। आशीर्लिङ्– **पृच्छ्यात्–** सोधोस्, जान्ने इच्छा गरोस्। लुङ्– **अप्राक्षीत्–** सोध्यो, जान्ने इच्छा गऱ्यो। लृङ्– **अप्रक्ष्यत्–** सोध्ने थियो, जान्ने इच्छा गर्ने थियो इत्यादि।

प्रच्छन्नः (पुं.वि.) [*प्रच्छाद्यते स्म, प्रपूर्वकात्, छद आवरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] १.ढाकिएको/छोपिएको/ आच्छादित २. [*कर्तरि क्तः*] लुकेको/छिपेको। **प्रच्छन्नमप्यूहति चेष्टितं बुधः।** (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रच्छदपटः (पुं.) [*प्रच्छदति, छद संवरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्, घः ३.१.११८ वा, प्रच्छाद्यतेऽनेन वा, चुरादिण्यन्तात् घः ३.३.१८ छादेर्घे ६.४.९६ इति ह्रस्वः, प्रच्छदश्चासौ पटश्च, कर्म.स.*] वीणा,डोली, खाट आदि ढाक्ने कपडाविशेष/चादर,तन्ना आदि।

प्रच्छर्दिका (स्त्री.) [*प्रच्छर्दनम्, छर्द वमने इति धातोः, रोगाख्यायां बहुलम् ३.३.१०८ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] वमन/वान्ता।

प्रच्छादनम् (नपुं.) [*प्रच्छाद्यते इति, प्रपूर्वकात् छद आवरणे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.ढाक्ने काम/छोप्ने काम २.छिपाउनु/लुकाउनु ३.[*प्रच्छाद्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः*] १.झापन २.मजेत्रो ३.ओड्ने।

प्रच्यवनम् (नपुं.) [*प्रपूर्वकात् च्यु सहने इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] चुहुनु/टप्कनु/खस्नु।

प्रजनः (पुं.) [*प्रजायतेऽनेन प्रपूर्वकात् जनी प्रादुर्भावे इति धातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.गुप्तेन्द्रिय २.पिता/जनक। **ईशो जनानां प्रजनः प्रजानां प्रसीदतां नः स महाविभूतिः।** (भाग.) [*प्रजननम्, जनी प्रादुर्भावे इति धातोः, ३.३.१८ इति घञ्, जनिवध्योश्च ७.३.३५ इति न वृद्धिः*] गर्भधारण।

प्रजनिका (स्त्री.) [*प्रजनयति, प्रपूर्वकाज्जनधातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः, टाप्, इत्वम्*] आमा/जन्मदात्री।

प्रजननम् (नपुं.) [*प्रजन्यते, प्रपूर्वकात् जनी प्रादुर्भावे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सन्तान उत्पादन गर्नु।

प्रजल्पः (पुं.) [*प्रजल्पनम्, भावे ३.३.१८ इति घञ्*] १.बकबक २.नचाहिंदो बोली ३.अनावश्यक भाषण ४.व्यर्थ प्रलाप।

प्रजल्पनम् (नपुं.) [*प्रपूर्वकाद् जल्प व्यक्तायां वाचि इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.ज्यादा बोल्नु २.बढी गफ गर्नु/लामो समयसम्म अनावश्यक कुराकानी गर्नु ३.अनावश्यक भाषण गर्नु।

प्रजवी (पुं.वि.) [*प्रजवति, जुः सौत्रो धातुः, वेगे गतौ च, प्रजोरिनिः ३.२.१५६ इतीनिः*] छिटो काम गर्ने।

प्रजाः (स्त्री.बहु.) [*प्रकर्षेण जायन्ते इति प्रपूर्वकाद् जन् धातोः, उपसर्गे च संज्ञायाम् ३.२.९९ इति डः, टिलोपः, टाप् ४.१.४*] १.रैती/दुनिया/कुनै देशको नागरिकता लिई राष्ट्रप्रमुखको अधीनमा रहने जनसमूह २.सन्तान/जहान। **प्रजाः स्यात्सन्ततौ जने** (अमरः)। **~कामः** (पुं.) [*प्रजानां कामो यस्य सः, बहु.स.*] सन्तानको चाहना राख्ने। **~क्षोभः** (पुं.) [*प्रजानां क्षोभः, ष.त.*] सत्ताका विरुद्धमा भएको जनताको क्षोभ वा विद्रोहको भावना। **~तन्त्रम्** (नपुं.) [*प्रजानां प्रजाभिः प्रजाभ्यः कृतम् तन्त्रम्, त.स.*] राज्यका जनता वा जनताका प्रतिनिधिद्वारा चलाइने शासन व्यवस्था।

प्रजाता (स्त्री.) [*प्रजायते स्म, अन्तर्भावितण्यर्थोऽत्र जनिधातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] सन्तान भएकी स्त्री।

प्रजातिः (स्त्री.) [*प्रकृष्टा जातिः, प्रादिस.*] १.जातिभित्रको पनि जाति। २.[*प्रजननम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] जन्म ३.उत्पत्ति ४.सन्तानवृद्धि ५.[*प्रजायतेऽनया, करणे क्तिन्*] प्रसववेदना।

प्रजापतिः (पुं.) [*प्रजानां पतिः, ष.त.*] १.सृष्टिका रचयिता/सृष्टिकर्ता ब्रह्मा २.दक्ष आदि ब्रह्मा वा स्वयम्भूका मानस पुत्र- भृगु, अङ्गिरा, मरीचि, पुलस्त्य, पुलह, ऋतु, दक्ष, अत्रि, वसिष्ठ, रुचि, धर्म, नीललोहित, स्वायम्भव मनु ३.राजा ४.सूर्य ५.आगो ६.त्वष्ट ७.ज्वाइँ ८.विष्णु ९.लिङ्ग। **प्रजापतिर्ना दक्षादौ महीपाले विधातरि** (विश्व.)। **प्रजापतिर्ब्रह्मराज्ञो र्जामातरि दिवाकरे। ब्रह्मौ त्वष्टरि दक्षादौ** (विश्वः)।

प्रजापतिस्मृतिः (स्त्री.) [*प्रजापतिना रचिता स्मृतिः, म.प.स.*] प्रजापतिद्वारा रचित एक स्मृतिग्रन्थ। आन्दाश्रमको संग्रहमा यसका श्राद्धविषयक १९८ श्लोक उपलब्ध छन्। बौधायनसूत्र, मिताक्षरा र अपरार्कमा पनि यस ग्रन्थका उद्धरण उपलब्ध छन्। धेरैजसो अनुष्टुप् छन्दको प्रयोग भएको यस स्मृतिमा इन्द्रवज्रा, उपजाति, वसन्ततिलका र स्रग्धरा छन्दको पनि प्रयोग भएको छ। (ध.शा.इ. काणे)

प्रजावती (स्त्री.) [*प्रजाऽस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.भाउज्यू २.भाइबुहारी ३.प्रियव्रतकी पत्नी।

प्रज्ञः (पुं.वि.) [*प्रजानातीति, प्रपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति कः, आतो लोपः ६.४.६४*] बुद्धिमान्/मतिमान्/विद्वान्/पण्डित।

प्रज्ञा (स्त्री.) [*प्रज्ञायतेऽनया, प्रपूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] नयाँ नयाँ कुराहरू सोच्न सक्ने मानसिक शक्ति/बुद्धि। **प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता। ~चक्षुः** (नपुं.) १.[*प्रज्ञा एव चक्षुः*] प्रज्ञारूपी आँखो २.(पुं.वि.) [*प्रज्ञा एव चक्षुर्यस्य सः*] मानसिक दृष्टि प्रबल भएको व्यक्ति/ज्ञानचक्षु। **~प्रतिष्ठानम्** (नपुं.) [*प्रज्ञायाः प्रतिष्ठानम्, ष.त.*] उच्चस्तरको शैक्षिक संस्था, विद्वान्हरूको सभा, समिति, विद्वत्परिषद्। **~बलम्** (नपुं.) [*प्रज्ञाजन्यं बलम्, म.प.स.*] बुद्धिबल/विद्याको बल। **प्रज्ञाबलञ्च सर्वेषु मुख्यं कार्यस्य साधकम्** (सुभा.)। **~हीनः** (पुं.) [*प्रज्ञया हीनः, तृ.त.*] बुद्धिहीन/मूर्ख।

प्रज्ञानम् (नपुं.) [*प्रकृष्टं ज्ञानम्, सुप्सुपेति समासः*] उत्कृष्ट किसिमको ज्ञान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रज्ञापनम् (नपुं.) [*प्रपूर्वकात् ज्ञा अवबोधने इति धातोः, णिचि, पुकि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] जनाउ/सूचना।

प्रज्ञापनपत्रम् (नपुं.) [*प्रज्ञापनस्य पत्रम्, ष.त.*] १.कुनै कुराको विवरणसहितको जनाउ दिने पत्र २.निकासी, पैठारी गरिने माल–वस्तुको विवरण भएको पत्र/व्यापारीहरूले विदेशबाट माल झिकाउँदा त्यस सम्बन्धमा सबै विवरण खोली सरकारी विभागमा दिइने औपचारिक पत्र।

प्रज्ञापारमिता (स्त्री.) [*प्रज्ञायाः पारमिता, ष.त.*] बौद्धहरूको एक प्रसिद्ध ग्रन्थ।

प्रज्ञुः (पुं.) [*प्रगते विरले जानुनी यस्य, प्रसंभ्यां जानुनोर्ज्ञुः ५.४.१२९ इति ज्ञुः*] घुँडा नजोडिने व्यक्ति।

प्रज्ज्वलितः (पुं.वि.) [*प्रज्ज्वल्यते स्म, प्रपूर्वकात् ज्वल दीप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हुरहुरी बलेको/ज्यादै बलेको/ दन्केको।

प्रज्वालनम् (नपुं.) [*प्रज्वाल्यते इति, प्रपूर्वकात् ज्वल दीप्तौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बाल्ने काम।

प्रडीनम् (नपुं.) [*प्रथमम्, डयनम्, डीङ् विहायसा गतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, स्वादय ओदितः (दि. गणसूत्रम्) इत्योदित्त्वात् ओदितश्च ८.२.४५ इति निष्ठानत्वम्*] १.तेर्सो उड्ने प्रक्रिया २.पक्षीको गतिविशेष।

प्रणतः (पुं.वि.) [*प्रकर्षेण नतः, प्रादि. स.*] १.नुहेको २.झुकेर नमस्कार गरेको। **भृत्यार्तिहं प्रणतपालभवाब्धिपोतम्।** (भाग.)

प्रणतिः (स्त्री.) [*प्रणमनम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] नमस्कार/ढोग।

प्रणयः (पुं.) [*प्रणयनम्, प्रपूर्वकात् णीञ् प्रापणे इति धातोः, एरच् ३.३.५६ इत्यच्*] प्रेम/प्रीति। **~कुपितः** (पुं.वि.) [*प्रणयेन कुपितः, तृ.त*] झुठो रिस। **~कोपः** (पुं.) [*प्रणयस्य कोपः, ष.त.*] नायिकाले नायकसँग गरेको देखावटी क्रोध। **~गाथा** (स्त्री.) [*प्रणयस्य गाथा, ष.त.*] प्रेमले भरिएको गीतिकाव्य/प्रेममय गीत। **~प्रकर्षः** (पुं.) [*प्रणयस्य प्रकर्षः, ष.त.*] अत्यधिक प्रेम। **~भङ्गः** (पुं.) [*प्रणयस्य भङ्गः, ष.त.*] प्रेम वा मित्रता टुट्ने काम। **~वचनम्** (नपुं.) [*प्रणयस्य वचनम्, ष.त.*] प्रेम प्रदर्शन गर्ने वाक्य। **~विमुखः** (पुं.वि.) [*प्रणयाद् विमुखः, प.त.*] प्रेमबाट पराङ्मुख।

प्रणयिनी (स्त्री.) [*प्रणयोऽस्ति अस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.प्रेमिका/प्रेम गर्ने स्त्री २.सखी/सहेली।

प्रणयी (पुं.वि.) [*प्रणयोऽस्ति अस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] प्रेमी/प्रेम गर्ने।

प्रणवः (पुं.) [*प्रणूयते स्तूयते, आत्मा स्वेष्टदेवता वा अनेन, प्रपूर्वकातद णु स्तुतौ इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, उपसर्गात्– ८.४.१४ इति णत्वम्*] ॐलाई बुझाउने शब्द/ओङ्कार। यसमा पाँच तत्त्व रहेका हुन्छन्– अकार– **ब्रह्मा,** उकार– **विष्णु,** मकार– **रुद्र,** नाद– **ईश्वर,** विन्दु– **सदाशिव।**

अकारश्च उकारश्च मकारश्च तृतीयकः।
नादश्चतुर्थो गदितः पञ्चमो विन्दुरीरितः।
ब्रह्मा विष्णुश्च रुद्रश्च ईश्वरश्च सदाशिवः।
(शक्तिसङ्गमतन्त्र)

प्रणादः (पुं.) [*प्रणदनम्, भावे ३.३.१८ इति घञ्*] १.उच्च स्वरले बोलाउनु २.सुसेल्लु।

प्रणदस्तु पुमांस्तारशब्दे च श्रवणामये।
अनुरागकृते शब्दे प्रणादः सीत्कृतं नृणाम्॥ (शब्दार्णव)।

प्रणामः (पुं.) [*प्रणमनम्, प्रपूर्वकात् णम प्रह्वत्वे शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] झुकेर नम्र भई गरिने ढोग वा नमस्कार। यसका तीन भेद छन्– १.कुनै मान्य जन आउँदा सम्मान देखाउन उठेर गरिने ढोग– **प्रत्युत्थानप्रणामः** २.गोडा समातेर गरिने प्रणाम– **पादोपसङ्ग्रहप्रणामः** ३.आफ्नो नाम र गोत्र सुनाउँदै गरिने प्रणाम– **स्वगोत्रनामोच्चारणप्रणामः।**

प्रणामी (पुं.) [*प्रणामोऽस्ति अस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] झुकेर नमस्कार वा प्रणाम गर्ने साधु/कृष्णमार्गी।

प्रणाली (स्त्री.) [*षिद् गौरादिभ्यश्च. ४.१.४१ इति ङीष्.*] १.पद्धति २.नाली।

प्रणिधानम् (नपुं.) [*प्रणिधीयते, प्र– निपूर्वकात् डुधाञ् धारण–पोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मनको एकाग्रता २.ध्यान ३.ठुलो वा महान् प्रयत्न ४.कर्मफलको त्याग।

प्रणिधिः (पुं.) [*प्रकर्षेण निधीयते ज्ञेयमत्र, उपसर्गे घोः, किः ३.३.९२ इति किः*] १.गुप्तचर/गुप्तरूपले काम गर्ने दूत २.विशेष कार्यका लागि राज्यले पठाउने दूत। ३.प्रार्थना/याचना। **प्रणिधिर्याचने चरे** (हैम.)।

प्रणिपातः (पुं.) [*प्रणिपतनम्, भावे ३.३.१८ इति घञ्*] १.नमस्कार/ढोग २.नम्रता ३.हात जोडी गरिने बिन्ती।

उत्तमं प्रणिपातेन शूरं भेदेन योजयेत्।
नीचमल्पप्रदानेन स्वेष्टं धर्मेण योजयेत्॥ (सुभा.)

प्रणिहितः (पुं.वि.) [*प्रणिधीयते स्म, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति हिः*] १.प्राप्त भएको २.स्थापित।

प्रणीतः (पुं.वि.) [*प्रणीयते स्म, प्रपूर्वकात् णीञ् प्रापणे इति धातोः, निष्ठा इति क्तः*] १.रचना गरिएको २.वेदमन्त्र पढेर संस्कार गरिएको (अग्नि) ३.(पुं.वि.) प्रवेश गराइएको ४.(नपुं.) पाकेको वस्तु। **प्रणीत उपसंपन्ने कृते क्षिप्ते प्रवेशिते, संस्कृताग्नौ च** (हेमचन्द्र)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणीता (स्त्री.) [*अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] यज्ञपात्रविशेष। यज्ञमा मन्त्र पढ्दै संस्कार गरेर यसमा पानी राखिन्छ। यो बाह अङ्गुल लामो, चार अङ्गुल चौडा, चार अङ्गुल गहिरो र एक अङ्गुल बिँड भएको सिप्लिकान, पलाँस आदि काठको बनाइन्छ। होम गरिने अग्निको उत्तरतर्फ यसलाई राखिन्छ। **प्रणीतः संस्कृताग्नौ ना यज्ञपात्रान्तरे स्त्रियाम्** (मेदिनी.)।

प्रणुतः (पुं.वि.) [*प्रणूयते स्म, णु स्तुतौ इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रशंसा गरिएको २.स्तुति गरिएको।

प्रणेता (पुं.वि.) [*प्रणयतीति, प्रपूर्वकात् णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] रचयिता/बनाउने मानिस/निर्माण गर्ने।

प्रणेयः (पुं.वि.) [*प्रणेतुं योग्यः, प्रपूर्वकात् णीञ् प्रापणे इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] १.लान योग्य/लैजान लायक २.वशमा परेको।

प्रतनम् (नपुं.) [*पुराण एव, पुराणे प्रात् (वा.) ५.४.३० प्रशब्दात् तनप्*] पुरानो।

प्रतलः (पुं.) [*प्रकृष्टं तलमस्य*] १.लपेटा/लवेटा २.ताडवृक्ष। **प्रतलं पातालभेदे तताङ्गुलिकरे पुमान्** (मेदिनी.)। **तलश्चपेटे तालद्रौ** (हैम.)।

प्रतलम् (नपुं.) [*प्रकृष्टं तलम्, प्रादिस.*] पाताल।

प्रताननी (स्त्री.) [*शाखापत्रसञ्चयः प्रतानः, सोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्, सा प्रताननी, ईदृशी लतावीरुदादिशब्दत्रयवाच्या*] फैलिएको लहरा।

प्रतापः (पुं.) [*प्रतापयत्यनेन, तप संतापे इति धातोः, ण्यन्तात् पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, यद्वा प्रतपनम्, भावे ३.३.१८ इति घञ्*] १.धन, दण्ड र सेनाबाट उत्पन्न भएको शक्ति २.तातो ताप ३.अपमान, अन्याय आदिबाट हृदयमा उत्पन्न डाह/छटपटी। **अधिक्षेपावमानादेः प्रयुक्तस्य परेण यत्। प्रणात्यये प्र (ऽप्य) सहनं तत्तेजः समुदाहृतम्** (भरतः, सा.द.)।

प्रतापसः (पुं.) [*प्रतापं चक्षुस्तेजः स्यति, षोऽन्तकर्मणि इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, प्रकृतास्तापसा येन वा*] सेतो आँक।

प्रतारकः (पुं.) [*प्रतारयति, प्रपूर्वकात् तृ प्लवनतरणयोः इति धातोः णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः, वृद्धिः*] ठग/वञ्चक। **शश्वन्नास्तीति वादी यो मिथ्यावादी प्रतारकः। देवद्वेषी गुरुद्वेषी गोहत्यायाः फलं लभेत्॥** (ब्रह्मवै.)

प्रतारणम् (नपुं.) [*प्रपूर्वकात्, तृ प्लवनतरणयोः, इति धातोर्णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.ठग्ने काम २.धूर्तता ३.धोखा ४.पार गरउने काम।

प्रतारणा (स्त्री.) [*प्रपूर्वकात् तृ प्लवनतरणयोः इति धातोः णिचि वृद्धौ, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, अनः, टाप्*] १.ठगीपना २.धूर्तता ३.बदमासी ४.दम्भ।

यदीच्छसि वशीकर्तुं जगदेकेन कर्मणा। उपास्यतां कलौ कल्पलता देवी प्रतारणा॥ (उद्भट)

प्रतारितः (पुं.वि.) [*प्रतार्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.ठगिएको/वञ्चित २.पीडित।

प्रति (अव्य.) [*प्रथते इति प्रथ विख्यातौ इति धातोर्बाहुलकाद् डतिः*] १.शब्दको अगिल्तिर लागेर अनेक अर्थ बुझाउने एक उपसर्ग २.तिर/तर्फ ३.माथि ४.प्रत्येक/हरेक ५.बराबर ६.फेरि/बदलामा/सट्टामा ७.गोटा/सङ्ख्या/गिन्ती।

प्रतिकञ्चुकः (पुं.) [*कञ्चुकं प्रतिगतः, प्रादिस.*] शत्रु/विपक्षी।

प्रतिकरः (पुं.) [*प्रतिगतः, करः, प्रादिस.*] १.कसैले अधिकार गरेको भूमि, सम्पत्ति आदि सरकारले लिंदा क्षतिपूर्ति–स्वरूप दिइने रकम/मुआब्जा २.प्रतिशोध।

प्रतिकर्ता (पुं.वि.) [*प्रतिकरोति, प्रतिपूर्वकात् कृधातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] प्रतिकार गर्ने।

विपदां प्रतिकर्तारो यस्योपायैरथर्वभिः। त्वादृशाः सन्ति किं तस्य कल्याणमनुयुज्यते॥ (अनर्घराघव)

प्रतिकर्म (नपुं.) [*प्रत्यङ्गं प्रतिख्यातं वा कर्म, शाकपार्थिवादिः (वा.) २.१.७८*] १.श्रृङ्गार २.विरोध ३.वदला।

उचिताः स्मो वने वासं प्रतिकर्म चिकीर्षवः। कोपं नार्हसि नः कर्तुं सदा समरदुर्जय॥ (रामा.)

प्रतिकारः (पुं.) [*प्रतिकरणम्, प्रतिपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.बदला लिनु/साटो फेर्नु/प्रतिक्रिया/प्रतिशोध २.चिकीत्सा ३.सामना। **~विधानम्** (नपुं.) [*प्रतिकारस्य विधानम्, ष.त.*] १.चिकित्सा/उपचार गर्ने काम २.विरोधको सामना गर्नु/आइलाग्नेमाथि जाइलाग्नु।

प्रतिकाशः (पुं.) [*प्रतिकाशते*] १.समासमा पछाडि तुल्यता बुझाउन आउने शब्द २.प्रतिविम्ब ३.दृष्टि ४.तुल्य।

प्रतिकूलः (पुं.वि.) [*कूलं प्रतिगतः, प्रादिस.*] १.अनुकूल नभएको २.उल्टो/विपरीत/विरुद्ध/विरोधी/प्रतिपक्षी। **~प्रभावः** (पुं.) [*प्रतिकूलश्चासौ प्रभावः, कर्म.स.*] उल्ट्रो असर/खराब।

प्रतिकूलता (स्त्री.) [*प्रतिकूलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] प्रतिकूल बुझाउने भाव/उल्टोपन/विपरीतता।

प्रतिकृतिः (स्त्री.) [*प्रकृष्या कृतिः, प्रतिनिधिः कृतेर्वा प्रादिस.*] फोटो, तस्वीर आदि। **शृणुध्वं देवताः सर्वाः शत्रुप्रतिकृतिं पराम्। अवध्या दानवा सर्वे ऋते शङ्करमव्ययम्॥** (ह.वं. २५७.२३)

प्रतिकृष्टः (पुं.) [*प्रतिकृष्यते स्म*] १.अधम/तुच्छ २.दोहोऱ्याएर जोतिएको।

प्रतिक्रान्ति (स्त्री.) [*क्रान्तिं प्रतिगता, प्रादिस.*] बढ्दै गएको क्रान्तिलाई रोक्नका निमित्त गरिएको शक्तिको प्रयोग।

प्रतिक्रिया (स्त्री.) [*प्रतिगता क्रिया, प्रादिस.*] १.कुनै घटना वा काम हुँदा त्यसको फलस्वरूप हुने क्रिया वा भावना २.सुधार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्नति वा क्रान्तिका विरुद्ध हुने क्रिया, काम वा गति ३.विरोध/प्रतिकार।

चिन्तनीया हि विपदामादावेव प्रतिक्रिया।
न कूपखननं युक्तं प्रदीप्ते वह्निना गृहे॥ (सुभा.)

~वादी (पुं.वि.) [*प्रतिक्रियावादोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] उन्नति, सुधार आदिका विरुद्ध आचरण गर्ने सिद्धान्त भएको।

प्रतिक्रियात्मकः (पुं.वि.) [*प्रतिक्रिया एव आत्मा यस्य सः, बहु.स.*] खालि प्रतिक्रिया जनाउने/प्रतिक्रियाले युक्त। **~सहयोगः** (पुं.) [*प्रतिक्रिया एव आत्मा यस्य सः, बहु.स., स चासौ सहयोगः, कर्म.स.*] सहयोगका बदलामा वा त्यसको प्रतिक्रियास्वरूप गरिने सहयोग।

प्रतिक्षणम् (अव्य.) [*क्षणे क्षणे, वीप्सायामव्ययीभावः*] निरन्तर/हरहमेसा/सदैव/प्रत्येक क्षणमा।

प्रतिक्षिप्तः (पुं.वि.) [*प्रतिक्षिप्यते स्म, प्रतिपूर्वकात् क्षिप क्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.झाँटिएको २.निन्दा गरिएको ३.पठाइएको ४.निकालिएको ५.निषेध गरिएको। **प्रतिक्षिप्तं वारिते स्यात्प्रेषिते पञ्चकं त्रिषु** (मेदिनी.)। **प्रतिक्षिप्रं प्रतिहते प्रेषिते च निराकृते** (विश्व.)।

प्रतिग्रहः (पुं.) [*प्रतिग्रहणम्, प्रतिपूर्वकात् ग्रह ग्रहणे इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.ग्रहण गर्नु/स्वीकार २.विधिपूर्वक दिएको दान लिने काम ३.समात्नु ४.विवाह/पाणिग्रहण ५.स्वागत ६.अनुग्रह ७.थुकदानी ८.ऋणको रकम उठाउन न्यायालय वा अदालतका आदेशबाट कसैको सम्पत्ति आदिमा अधिकार गर्ने काम ९.सेनाको पछिल्लो भाग।

प्रतिग्रहः स्वीकरणे सैन्यपृष्ठे पतद्ग्रहे।
योग्येभ्यो विधिवद्देये तद्ग्रहे च ग्रहान्तरे॥ (मेदिनी.)

प्रतिग्राहः (पुं.) [*प्रति गृह्णाति, विभाषा ग्रहः ३.१.१४३ इति णः, पक्षेऽच् ३.१.१३४*] फिक्दानी।

प्रतिग्राह्यः (पुं.) [*प्रतिग्रहीतुं योग्यः, प्रतिपूर्वकात् ग्रह ग्रहणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] ग्रहण गर्न योग्य/लिन योग्य/स्वीकार गर्न योग्य।

प्रतिघः (पुं.) [*प्रतिहननम्, प्रतिहन्त्यनेन वा अन्यत्रापि दृश्यते (वा.) ३.२.४८ इति डः, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्*] १.रिस २.प्रतिघात। **प्रतिघा रुद्प्रतिघातौ** (हैम.)। ३.विरोध ४.मुकाबिला/सामना ५.युद्ध/आपसी मारामार/कायकाट ६.क्रोध ७.मूर्च्छा।

प्रतिघातः (पुं.) [*प्रतिहननम्, प्रतिपूर्वकात् हन धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आघातका बदलामा हुने वा गरिने आघात/मुक्काको बदला मुक्का दिने काम।

प्रतिघातनम् (नपुं.) [*प्रतिपूर्वकाद् हन हिंसायाम् इति धातोः णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्*] लडाइँमा मार्नु।

प्रतिच्छाया (स्त्री.) [*प्रतिगता छायाम्, प्रादिस.*] चित्र/तस्विर/प्रतिविम्ब/प्रतिमा/मूर्ति।

प्रतिजनीनः (पुं.वि.) [*जनं जनम्, प्रतिजनम्, प्रतिजने साधुः, प्रतिजनादिभ्यः खञ् ४.४.९९ इति खञ्, खस्य ईनः, आदिवृद्धिः, अलोपः*] प्रत्येक व्यक्तिका लागि उपयोगी।

प्रतिजागरः (पुं.) [*प्रतिजागरणम्, जागृ निद्राक्षये इति धातोः, भावे ३.३.१८ इति घञ्, जाग्रोऽविचिण् ७.३.८५ इति गुणः*] रखवारी।

प्रतिज्ञा (स्त्री.) [*प्रतिज्ञायते इति, प्रतिपूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः ६.४.६४ टाप् ४.१.४*] प्रण/कबूल/किरिया/शपथ/कुनै काम गर्न वा नगर्न गरिएको दृढ निश्चय।

प्रतिज्ञातः (पुं.वि.) [*प्रतिज्ञायते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] १.स्वीकार गरिएको २.प्रतिज्ञा गरिएको।

प्रतिज्ञानम् (नपुं.) [*प्रतिजानातेर्ल्युट् च ३.३.११५ इति ल्युट्*] स्वीकार

प्रतिज्ञायौगन्धरायणम् (नपुं.) महाकवि भासद्वारा रचित एक नाटक। यसमा उदयन र वासवदत्ताको कथालाई नाटकीय शैलीमा प्रस्तुत गरिएको छ।

प्रतिदानम् (नपुं.) [*प्रतीपं दानम्*] नासो बुझाउने काम।

प्रतिदिनम् (नपुं.) [*दिने दिने, अव्य.स.*] दिनहुँ/हररोज/प्रत्येक दिनमा।

प्रतिद्वन्द्वम् (पुं.) [*प्रतिगतं द्वन्द्वम्, प्रादिस.*] दुई समान व्यक्तिहरूको परस्परको विरोध वा झगडा।

प्रतिद्वन्द्वी (पुं.वि.) [*प्रतिद्वन्द्वमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.मुकाबिला गर्ने/सामुन्ने आएर विरोध गर्ने २.प्रतिस्पर्धी।

प्रतिध्वनिः (पुं.) [*ध्वनिं प्रतिगतः, प्रादिस.*] आफ्नो उत्पत्ति स्थानबाट गएर अन्त कहीं ठक्कर खाई पुनः पैदा हुने आवाज/कहीं ठक्कर खाएर फर्केको आवाज।

प्रतिध्वानम् (नपुं.) [*ध्वानं प्रतिगतम्, प्रादिस.*] प्रतिध्वनि।

प्रतिनिधिः (पुं.) [*प्रतिनिधीयते सदृशीक्रियते इति, प्रति– निपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः ६.४.६४*] १.कुनै व्यक्तिले आफूले गर्नुपर्ने कामको लागि अर्को नियुक्त गरेको व्यक्ति/वारेस २.फोटो।

प्रतिपक्षः (पुं.) [*प्रतिकूलः पक्षः,प्रादिस.*] १.विरोधी पक्ष/विपक्ष/प्रतिवादी/शत्रु २.सदृश।

प्रतिपत् (स्त्री.) [*प्रतिपद्यते उपक्रम्यतेऽनया मासादि, प्रतिपद्यते सौम्यमार्गे याम्यमार्गे वा चन्द्रोऽत्र,संपदादिभ्यश्च क्विप् (वा.) इति क्विप्*] १.परेवा तिथि २.बुद्धि। **प्रतिपद् संविदि तिथौ** (हैम.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपत्तिः (स्त्री.) [*प्रतिपूर्वकात् पद गतौ (ये गत्यर्थकाः, ते ज्ञानार्थकाः इति वचनाद् ज्ञाने च) इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्राप्ति/उपलब्धि २.ज्ञान/प्रतीति ३.कथन/बयान ४.आरम्भ ५.पद्धति ६.दृढसङ्कल्प ७.प्रतिष्ठा ८.उपाय ९.प्रतिभा १०.उन्नति ११.ख्याति १२.साहस १३.प्रमाण १४.भरोसा १५.विश्वास। **~दक्षः** (पुं.वि.) [*प्रतिपत्तौ दक्षः, स.त.*] कुन काम कसरी गर्नुपर्छ, त्यसको ज्ञाता।

प्रतिपत्त्यर्थम् (नपुं.) [*प्रतिपत्तये इदम्, अर्थेन समासो विभक्त्यलोपश्च (वा.) इति समासः*] १.विश्वासका लागि २.ज्ञानका लागि।

प्रतिपद् (स्त्री.) [*प्रतिपद्यते उपक्रम्यतेऽनया मासादिः, संपदादित्वात् (वा.) ३.३.१०८ इति क्विप्*] १.परेवा/प्रतिपदा तिथि २.बुद्धि। **प्रतिपत्स्त्री तिथौ मतौ** (विश्व.)। **प्रतिभाप्रतिपत्प्रज्ञाप्रेक्षा चिदुपलब्धयः** (अभि.चि.२.२२३)।

प्रतिपदम् (नपुं.) [*पदे पदे प्रतिपदम्, अव्य.स.*] प्रत्येक पदमा।

प्रतिपदा (स्त्री.) [*प्रतिपद्यते इति, प्रतिपूर्वकात् पद गतौ इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्,टाप् ४.१.४*] कृष्ण वा शुक्लपक्षको पहिलो तिथि/परेवा तिथि।

प्रतिपन्नः (पुं.वि.) [*प्रतिपद्यते स्म, प्रतिपूर्वकात् पद गतौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.स्वीकार गरेको/परेको। **विश्वासे प्रतिपन्नानां वञ्चने का विदग्धता।** (सुभा.) २.प्रमाणित ३.निश्चित ४.बुझेको/ज्ञात। **प्रमदाः पतिवर्त्मगा इति प्रतिपन्नं हि विचेतनैरपि** (कुमा.४.३३)।

प्रतिपादकः (पुं.वि.) [*प्रतिपादयतीति, प्रतिपूर्वकात् पद गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.पूरा गर्ने/समर्थन गर्ने/पुष्टि गर्ने/राम्ररी सम्झाउने/बुझाएर भन्ने २.निर्वाह गर्ने ३.उन्नति गर्ने ४.उत्पादन गर्ने।

प्रतिपादनम् (नपुं.) [*प्रतिपूर्वकात् पद गतौ इति धातोः, ण्यन्ताद्, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.दान २.कुनै वस्तुलाई व्याख्या गरेर बुझाउने काम। **प्रतिपादनं तु दाने च प्रतिपत्तौ प्रबोधने** (मेदिनी.)।

प्रतिपादितः (पुं.वि.) [*प्रतिपूर्वकात् पद गतौ इति धातोः ण्यन्तात् क्तः*] १.व्याख्या गरिएको/ तर्क, प्रमाण आदिद्वारा सिद्ध गरिएको। **ज्ञातं ज्ञातिजनैः प्रवृद्धमयशो दूरङ्गता धीरता। त्यक्ता ह्रीः प्रतिपादितोऽप्यविनयः साध्वीपदं प्रोज्झितम्॥** (सुभा.)

प्रतिपाद्यः (पुं.वि.) [*प्रतिपादयितुं योग्यः, प्रतिपूर्वकात् पद गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] व्याख्या गर्नु पर्ने/तर्क,प्रमाण आदिबाट सिद्ध गर्नु पर्ने।

प्रतिपालनम् (नपुं.) [*प्रतिपूर्वकात् पाल रक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पालन गर्नु/ रक्षा गर्नु २.स्वीकार गर्नु।

प्रतिफलम् (पुं.) [*फलं प्रति, प्रादिस.*) परिणाम।

प्रतिबद्धः (पुं.) [*प्रतिबध्यते स्म बन्ध बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.कुनै काम वा संस्थाप्रति आवद्ध भएको २.बाँधिएको।

प्रतिबन्धः (पुं.) [*प्रतिबन्धनम्, बन्ध बन्धने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रोकावट/कुनै कुरो वा काममा लगाइएको शर्त २.विघ्न/बाधा/अड्चन।

प्रतिबन्धितः (पुं.वि.) [*प्रतिबध्यते स्म, प्रतिपूर्वकात्, बन्ध बन्धने इति धातो, निष्ठा ३.२.१०२ इति क्तः*] प्रतिबन्ध भएको वा प्रतिबन्ध लगाइएको।

प्रतिबाधितः (पुं.वि.) [*प्रतिबाध्यते स्मः, प्रतिपूर्वकाद् बाधृ लोडने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बाधा परेको/रोकिएको/ अड्चन परेको।

प्रतिबिम्बम् (नपुं.) [*विम्बम् प्रतिगतः, प्रादिस.*] १.कुनै वस्तुमा प्रकाश पर्दा त्यसको विपरीत दिशामा देखिने आकृति/छाया, ऐना, पानी आदिमा देखिने आकृति २.मूर्ति/चित्र ३.तस्वीर।

प्रतिभयम् (नपुं.) [*प्रतिगतं भयेन, प्रादिसमासः (वा.) २.२.१८ प्रतिगतं भयमस्मिन्, प्रादिभ्यो धातुजस्य (वा.) २.२.२४ इति वा*] १.भय २.भीष्म/डर लाग्दो। **प्रतिभयं भये भीष्मे** (हैम.)।

प्रतिभा (स्त्री.) [*प्रतिभानम्, इति, या शब्दग्राममर्थसार्थमलङ्कारतन्त्रमुक्तिमार्गमन्यदपि तथाविधमधिहृदयं प्रतिभासयति, प्रतिपूर्वकात् भा दीप्तौ इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्, टाप् .४.१.४*] १.क्षमता/कुनै काम विशेष योग्यतापूर्वक गर्न सक्ने मानसिक शक्ति २.काव्य सृजना गर्न सक्ने शक्ति। एकान्तस्थलमा बसेको बेला जसले हृदयमा नयाँ–नयाँ शब्दहरू र भावहरूको उन्मेष गराउँछ त्यो शक्ति। **शक्तिर्नवनवोन्मेषशालिनी प्रतिभा मता।** (काव्यदी.) प्रतिभा दुई किसिमको हुन्छ– १.कारयित्री २.भावयित्री। सृजनात्मक शक्ति कारयित्री प्रतिभा हो भने विवेचनात्मक शक्ति भावयित्री प्रतिभा हो। यी दुवै प्रतिभा तीन/तीन प्रकारका हुन्छन्– सहजा, आहार्या र औपदेशिकी। जन्मदेखि नै लिएर आएको प्रतिभा सहजा हो। अध्ययनबाट उत्पन्न प्रतिभा आहार्या प्रतिभा हो। अरूको उपदेशबाट अभ्यास गर्दै जाँदा पैदा भएको प्रतिभा औपदेशिकी प्रतिभा हो। (काव्यमीमांसा)। **~शाली** (पुं.वि.) [*प्रतिभया शालते इति, ३.२.७८ इति णिनिः,*] प्रतिभावान्/ प्रतिभा भएको/प्रतिभायुक्त।

प्रतिभान्वितः (पुं.वि.) [*प्रतिभानम्, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ् टाप् ४.१.४, प्रतिभया अन्वितः, तृ.त.*] बखतमा बुद्धि फुर्ने २.प्रतिभा भएको।

प्रतिभूः (पुं.) [*प्रतिरूपः प्रतिनिधिर्वा भवतीति, प्रतिपूर्वकात् भूधातोः, क्विप् च ३.२.७६ इति क्विप्*] जमानी बस्ने। प्रतिभूर्लग्नकः (अभि.चि.३.५४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिमा (स्त्री.) [*प्रतिमीयते अनयेति, प्रतिपूर्वकात् माङ् माने इति धतोः, आतश्चोपसर्गे ३.१.१०६ इत्यङ्, टाप् ४.१.४*] १.बुद्धि २.तौलने ढक ३.हात्तीको शिरोभाग ४.कुनै वास्तविक वा काल्पनिक आधारमा लेखिएको तस्विर वा बनाइएको मूर्ति ५.कुनै देवीदेवताको मूर्ति वा त्यस्तो चित्रले अङ्कित सुन, चाँदी आदिको पत्ता। पुराणअनुसार सुन, चाादी, तामो, माटो, ढुङ्गो, धातु, पित्तल, काँसो मध्ये कुनै एकबाट बनेको मूर्ति।

सौवर्णी राजती ताम्री मृन्मयी च तथा भवेत्।
पाषाणधातुयुक्ता वा रीतिकांस्यमयी तथा॥ (भ.पु)

श्रीमद्भागवतअनुसार आठथरीका मूर्ति हुन्छन्– शिला, काठ, फलाम, लेप, बालुवाले बनाएको, लेखेको, मणिले बनेको र मनले बनाएको।

आनुक् (>आनु) गुणाभावः = कृश-**कृशानुः** (आगो)।

आन्य (>आन्य) वद-**वदान्यः।**

आय्य (>आय्य) स्पृहि-**स्पृहयाय्यः।**

आरन् (>आर) आद्युदात्तः अगि-**अङ्गारम्,** मद-**मदारः।**

आल >आल) मराल :।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलच् (>आल) समुदायान्तोदात्तः स्था-**स्थालम्, स्थाली**।

आलञ् (>आलः) चत, व् इत्यागमः- **चत्वालः**, पत-**पातालः**।

आलीयच् (>आलीय) समुदायान्तोदात्तः = मृज- मार्जालीयः।

आस (>आस) = यु-**यवासः** (दुरालभा)।

आसि (>आस्) = इण्-अयाः (आगो)।

इ (>इ) = रु- **रविः**, कु-**कविः**, ऋ-**अरिः**।

इकन् (>इक) आद्युदात्तः = क्री-**ऋयिकः**, आ पण-**आपणिकः**।

इजि (>इज्) = पण-पस्य वादेशः, **वणिक्**।

इञ् (>इ) वृद्धिः = वप- **वापिः**, ङीप्-**वापी**, **याजिः**, **याजी**।

इण् (>इ) = जन-**जनिः**, अज-**आजिः**।

इत (>इत) = कुस-**कुसितः** (जनपद)।

इतच् (>इत) =समुदायान्तोदात्तः= फल-फस्य लादेशः, **पलितम्**।

इतन् (>इत) आद्युदात्तः = हृ-**हरितः**।

इति (>इत्) हृ- **हरित्**, सृ- **सरित्**, रुह- **रोहित्**, युष-**योषित्**।

इत्नुच् (इत्नु) समुदायान्तोदात्तः = स्तनि-**स्तनयित्नुः**।

इत्र (इत्र) = अश-**अशित्रम्**, स्त्रियाम्-**धरित्री**।

इत्वन् (इत्व) आद्युदात्तः = जन-**जनित्व**।

इथिन् (इथि) आद्युदात्तः = अत-**अतिथिः**।

इन् (इ) आद्युदात्तः = पच-**पचिः**, बल-**बली**।

इनच् (इन) समुदायान्तोदात्तः = हृ-**हरिणः**।

इनण् (>इन) वृद्धिः = मह-**माहिनम्**।

इनन् (>इन) आद्युदात्तः = **द्रविणः**, **दक्षिणः**, **दक्षिणा**।

इनि (>इन्) = गम्- **गमी**, **आगामी**।

इमनिच् (>इमन्) समुदायान्तोदात्तः = हृ-**हारिमा**, सृ-**सरिमा**, धृ-**धरिमा**।

इमनिन् (>इमन्) आद्युदात्तः = जन-**जनिमा**, भृ-**भरिमा**।

इलच् (>इल) समुदायान्तोदात्तः = सल-**सलिलम्**, कल-**कलिलम्**।

इष्ठ/ट) च (>इष्ठ (ट) समुदायान्तोदात्तः=अञ्ज-**अञ्जिष्टः** (ठः)।

इष्णुच् (श्रइष्णु) समुदायान्तोदात्तः = गै - गेष्णुः, दा-**देष्णुः**।

इसन् (>इस) = आद्युदात्तः = अर्पि-**अर्पिसः**।

इसि (>इस्) = **अर्चिः, शोचिः, हविः, सर्पिः**।

इसिन (>इस्) आद्युदात्तः = द्युत-आदेर्यो जः, **ज्योतिः**।

ई (>ई) = अव-**अविः**, तृ-**तरी**।

ईकन् (>ईक) आद्युदात्तः = **कषीका**, **दूषीका**।

ईचि (>ईचि) = मृ-**मरीचिः**, कण-**कणीचिः**।

ईद (>ईद) = कुस-**कुसीदम्**।

ईमनिच् (>ईमन्) समुदायान्तोदात्तः = हृ-**हरीमा**, सृ-**सरीमा**।

ईरच्/न् (>ईर) चित्वे समुदायान्तोदात्तः = **हिंसीरः**।

ईरन् (>ईर) आद्युदात्तः = कृ-**करीरम्**, शृ-**शरीरम्**।

ईषन् (>ईष) आद्युदात्तः = **करीषम्**।

उ (>उ) = भृ-**भरुः**, शृ-**शरुः**, तृ-**तरुः**, शी-**शयुः**, चर-**चरुः**।

उकन् (>उक) आद्युदात्तः = **सङ्कसुकः**।

उडच् (>उड) समुदायान्तोदात्तः = गृ-**गरुडः**।

उण् (>उ) वृद्ध्यादिः= कृ-**कारुः**, पा-**पायुः**, वा-**वायुः**, स्वद-**स्वादुः**।

उति (>उत्) = मृ-**मरुत्**, गृ-**गरुत्**।

उत्र (>उत्र) = त्रै-**त्रोत्रम्**, वृ-**वरुत्रम्**।

उन (>उन) = शक-**शकुनः**।

उनन् (>उन) आद्युदात्तः = कृ-**करुणः**, वृ- **वरुणः**, दारि-**दारुणः**।

उनसि (>उनस्) = दम-**दमुनाः**।

उनि (>उनि) = शक-**शकुनिः**।

उन्त (>उन्त) = शक-**शकुन्तः**।

उन्ति (>उन्ति) = **शकुन्तिः**।

उम (>उम) = कुस- **कुसुमम्**।

उम्भ (>उम्भ) = कुस-**कुसुम्भम्**।

उरच् (>उर) =समुदायान्तोदात्त= मन्द-**मन्दुरा**, मथ-**मथुरा**।

उरन् (>उर) = आद्युदात्त= अस-**असुरः**, मस-**मसुरा**।

उरिन् (>उरि) = आद्युदात्तः = **जसुरिः**, **सहुरिः**।

उल (>उल) = तडि-**तण्डुलः**।

उलच् (>उल) = समुदायान्तोदात्तः = **हर्षुलः**, **चटुलः**।

उलन् (>उलन्) = ताडि-तण्डादेशः, **तण्डुलः**।

उलि (>उलि) = अगि-**अङ्गुलिः**।

उशच् (>उश) समुदायान्तोदात्तः, अकि-**अङ्कुशः**।

उषच् (>उष) समुदायान्तोदात्तः = पृ-**परुषः**, नह-**नहुषः**, कल-**कलुषः**।

उषन् (>उष) आद्युदात्तः = ऋ-**अरुषः**।

उसि (>उस) = जन - **जनुः**।

उसिन् (>उस्) आद्युदात्तः = **अरुः**, **परुः**, **वपुः**।

ऊ (ऊ) = **कर्षूः**, **चमूः**, **तनूः**।

ऊक (ऊक) = मडि-**मण्डूकः**, मृ-**मरूकः**, वल-**वलूकः**।

ऊकण् (ऊक) = शल-**शालूकम्**।

ऊख (ऊख) = मा-मयादेशः, **मयूखः**।

ऊथन् (ऊथ) आद्योदात्तः, = जॄ-**जरूथम्**।

ऊम (ऊम) = गुध-**गोधूमः**।

ऊर (ऊर) = खर्ज- **खर्जूरः**, कृप-**कर्पूरः**, वल्ल-**वल्लूरः**।

ऊरन् (ऊर) आद्युदात्तः = स्यन्द-(सम्प्रसारणम्) **सिन्दूर** :, मी-**मयूरः**, मस-**मसूरः**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

ऊलच् (>ऊल) समुदायान्तोदात्तः, = कुस-**कुसूलम्**।

ऋ (>ऋ) = दिव्- **देवा**।

ऋतिन् (>ऋत) आद्युदात्तः = शक्-**शकृत्**।

ऋन् (>ऋ) आद्युदात्तः, = सु अस्-**स्वसा,** न नन्द-**ननन्दा**।

एणु (>एणु) = कृ- **करेणुः**, हृ-**हरेणुः**।

एन्य (>एन्य) = वृ- **वरेण्यः**।

एरक् (>एर) = **पतेरः, कुठेरः, गडेरः**।

एलिमच् (>एलिम) समुदायान्तोदात्तः = **पचेलिमः**।

एष्णुक् (>एष्णु) = गै- **गेष्णुः**।

ओतच् (>ओत) समुदायान्तोदात्तः, = **कवः** पादेशः **कपोतः**।

ओरन् (>ओर) आद्युदात्तः= कठ- **कठोरः**, चक-**चकोरः**।

ओलच् (>ओल) समुदायान्तोदात्तः = पट **पटोलः,** कपि नलोपः **कपोलः**।

क (श्रअ) गुणाभावादिः, = स्रु-**स्रुवः**, वि आ घ्रा-**व्याघ्रः**।

क (>क) = कृ- **कर्कः**, रा-**राका**, कल- **कल्कः**।

कक् (>क) अन्तकित्वेन नादेः कित्वम् = वृ-**वृकः**, मू-**मूकः**।

कङ्कण (>अङ्कण) = मृड-**मृडङ्कणः** (शिशु)।

कण (>कण) चित् -कान्तादेशः, गुणाभावश्च, = **चिक्कणः**।

कतु (>अतु) गुणाभावादिः, = कृ-**क्रतुः**।

कत्निच् (>अत्नि) गुणाभावादिः, समुदायान्तोदात्तः, **रत्निः**।

कत्रन् (>अत्रन्) गुणाभावादिः, आद्युदात्तः = **सुविदत्रम्**।

कन् (>अ) गुणाभावादिः, आद्युदात्तः = ।

कन् (>क) कनसि (अनस्) गुणाभावादिः, = **उशनाः**।

कनिन् (>अन्) गुणाभावादिः, आद्युदात्तः = यु-**युवा**।

कन्यन् (>अन्य) कित्, आद्युदात्तः = हर्य-हिरादेशः, **हिरण्यम्**।

कन्युच् (>अन्यु) गुणाभावादिः, समुदायान्तोदात्तः= क्षिप-**क्षिपण्युः**।

कप (>अप) गुणाभावादिः = क्वण (सम्प्रसारणम्) **कुणपः** (मुर्दा)।

कपन् (>अपन्) गुणाभावादिः = आद्युदात्तः कुट-**कुटपः**।

कमिन् (>अम्) कित्ः, आद्युदात्तः = इदि नलोपः, **इदम्** (सर्वनाम)

कयन् (>अय) गुणाभावादिः, आद्युदात्तः = तन-**तनयः**।

करन् (>कर) न कित्, आद्युदात्तः = शृ-**शर्करा**।

कल (>अल) गुणाभावादिः, = तृप-**तृपला,** तृफ-**तृफला**।

कलन् (कल) न कित्, आद्युदात्तः, = पुष-**पुष्कलः**।

काकु (>आकु) गुणाभावादिः = कट-**कयकुः,** कुष-**कुषाकुः** (सूर्य)।

कालन् (>आलन्) गुणाभावादिः, आद्युदात्तः = विड-**विडालः**।

किकन् (>इक) कित्, आद्युदात्तः = व्रश्च- **वृश्चिकः**, कृष-**कृषिकः**।

कितच् (>इत) कित् समुदायान्तोदात्तः रुच-**रुचितम्,** वश-**उषितम्**।

किन्दच् (>इन्द) कित् समुदायान्तोदात्तः = कुल-**कुलिन्दः**, पुल-**पुलिन्दः**।

किरच् (>इरच्) कित् समुदायान्तोदात्तः, = इष-**इषिरः**।

किष्यन् (श्रइष्य) कित्, आद्युदात्तः = रुच-**रुचिष्यः**, भुज-**भुजिष्या**।

कीकन् (ईकन्) कित्, आद्युदात्तः = ऋज-**ऋजीकः**, मृड-**मृडीकः**।

कीटन् (ईटन्) कित्, आद्युदात्तः, = कृ-**किरीटम्, तिरीटम्**।

कु (>उ) गुणाभवादिः, = भिद्-**भिदुः**, व्यध्-**विधुः**।

कुक् (>कु) = ह्री-**ह्रीकुः**।

कुकन् (>उक) गुणाभावादिः, आद्युदात्तः = प्रथ (सम्प्रसारणम्) **पृथुकः**।

कुषन् (>उष) गुणाभावादिः, आद्युदात्तः= पृ-**पुरुषः**।

कू (>ऊ) गुणाभावादिः, ऋत- **ऋतूः**, शृध-**शृधूः**।

केय्य (>एष्य) गुणाभावादिः, = स्तु-**स्तुवेयः** (वेद एवायम्)

क्त (>त) गुणाभावादिः, = घृ-**घृतम्,** सृ-**सृतम्**।

क्त्र (>त्र) गुणाभावादिः, = अम्- **अन्त्रम्**, चि-**चित्रम्**।

क्थन् (>थ) गुणाभावादिः आद्युदात्तः, = कुष- **कुष्ठः**।

क्थिन् (>थि) गुणाभावादिः, आद्युदात्तः = अस्-**अस्थि,** सक्-**सक्थि**।

क्न (>न) गुणाभावादिः, = तृह-**तृणम्**।

क्निन् (>नि) स्त्रियाम् आद्युदात्तः, न ङीप्, सृ-**सृणिः**।

क्मलन् (>मल) कित्, आद्युदात्तः, = कुट-**कुड्मलम्**।

क्यु (>यु-अन) गुणाभावादिः, = कृ- **किरणः**।

क्युच् (>यु-अन) गुणाभावादिः, आद्युदात्तः = ऋ-**उरणः**।

क्युन् (>यु-अन) गुणाभावादिः, समुदायान्तोदात्तः = भू-**भुवनम्**।

क्रन् (>र) कित्, आद्युदात्तः =, सु-**सुरः**। सू-**सूरः**।

क्ररच् (>रर) गुणाभवदिः, समुदायान्तोदात्तः = कु-**कुररः**।

क्रि (>रि) गुणाभावादिः, = सू- **सूरिः**।

क्रिन् (>रि) गुणाभावादिः, आद्युदात्तः = अद्-**अद्रिः**। भू-**भूरिः**।

क्रुकन् (>रुक) गुणाभावादिः, आद्युदात्तः = भी-**भीरुकः**।

क्रुन् (>(रु) गुणाभावादिः, आद्युदात्तः = रु-**रुरुः**।

क्ल (>ल) गुणाभावादिः, = मू-**मूलम्,** अम्-**अम्लम्**।

क्वन् (>व) गुणाभावादिः, आद्युदात्तः= अश्-**अश्वः**

क्वनिप् (>वन्) गुणाभावादिः, अनुदात्तः = शी-**शीवा**।

क्विन् (>वि) इकारस्यानुनासिकाभावान्न लोपः = कृ-**कीर्विः**।

क्विप् (>वि-तस्य लोपः) अनुदात्तः = कित् वच् (दीर्घः) - **वाक्**।

क्वुन् (>वु-अक) कित्, आद्युदात्तः = **चर- चरकः**।

क्सरन् (>सर) कित्, आद्युदात्तः = तन्-**तसरः**।

क्सि (>सि) गुणाभावादिः = प्लुष्-**प्लुक्षिः,** कुष्-**कुक्षिः**।

क्सु (>सु) गुणाभावादिः = इष्-**इक्षुः**।

क्स्न (>स्न) गुणाभावादिः = कृत्-**कृत्स्नम्**।

ख (>ख) खकारप्रश्लेषात् न खित् = शम्-**शङ्खः**, **मूर्खः**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग (>ग) न गित् = गॄ- **गर्गः**।

गक् (>ग) न गित्, गुणाभावादिः = मुद्-**मुद्गः**।

गण् (>ग) न गित्, वृद्ध्यादिः] शृ -**शार्ङ्गः**।

गन् (>ग) न गित्, आद्युदात्तः गम्- **गङ्गा**।

घथिन् (>अथि) [*कुत्वम्, आद्युदात्तः*] नि सञ्ज-**निषङ्गथिः**।

चट् (>च) [*न चित्, स्त्रियां ङीप्*] कु (दीर्घः) **कूची**।

चत्, (>अतु) समुदायानतोदात्तः एध- **एधतुः**।

चिक् (>च्) न चित्, गुणाभावादिः = स्रु-**स्रुक्**।

झष् (>झ-अन्त) समुदायान्तोदात्तः = जॄ-**जरन्तः**।

झिच् (>झि-अन्ति) तेन न झित्, समुदायान्तोदात्तः = भू-**भवन्ति**।

ञुन् (>उ) वृद्ध्यादिः, आद्युदात्तः = सन-**सानु**।

टन् (>अ) स्त्रियां ङीप्, नित्त्वे आद्युदात्तः = दन्श-नस्य आ **दायः**, दन्स-**दासः**।

टिषच् (>इष) समुदायान्तोदात्तः = अव-**अविषः**, महि-**महिषः**। स्त्रियां ङीप्।

ठ (>ठ) वप्रश्लेषात् न ठित् = कण-**कण्ठः**।

ड (>अ) अभत्वेऽपि टिलोपः = ऊर्णु-**ऊर्णा**।

ड (>ड) वप्रश्लेषात् न डित् = कुण-**कुण्डम्**, गु-**गुडः**।

डउ (>अउ) अभत्वेऽपि टिलोपः = **तन**-सन्वत्, तितउः डउ इत्यसन्धिनिर्देशात्र सन्धिः।

डटः (>अट) अभत्वेऽपि टिलोपः = नभ-**नटः**।

डति (>अति) अभत्वेऽपि टिलोपः = पा-**पतिः**।

डवतुप् (>अवतु) टिलोपः, उगित्कार्य्यम्, अनुदात्तः = भा-**भवान्, भवती**।

डिमि (>इम्) टिलोपः = कै-**किम्**। अस्य इदमत्र मान्तत्वेन कृन्मेजन्त इत्वव्ययत्वप्रसङ्गेऽपिच्विरव्ययमिति नियमादुणादौ च्विप्रत्ययान्तत्वे एवाव्ययत्वं नान्यथा।

डुतच् (>उत) टिलोपः समुदायान्तोदात्तः = आद् भू-**अद्भुतम्**।

डुमसुन् (>उम्स्) टिलोपःआद्युदात्तः = पा-**पुमान्, पुंसः**, वार्तिकेऽयं प्रत्ययः

डू (>ऊ) टिलोपः = भ्रम-**भ्रूः**।

डै (>ऐ) टिलोपः = **रै - राः, रायौ, रायः**।

डैसि (>ऐस्) टिलोपः = उद्, चि-**उच्चैः** नि-दीर्घः **नीचैः**।

डोः (>ओ) टिलोपः = गम्— **गो-गौः, गवा**। नाव्ययत्वमुक्तम्।

डोसि (>ओस्) टिलोपः = दम्-**दोः, दोषौ, दोषः**।

डौः (>औ) टिलोपः = ग्लै-**ग्लौः** नुद्-**नौः**, नाव्ययत्वमुक्तम्।

ड्रट् (>र) टिलोपः, स्त्रियां ङीप् = स्तै-**स्त्री**।

ड्रि (>रि) टिलोपः = तृ-त्रि-**त्रयः**।

ढ (>ढ) वप्रश्लेषात् न ढित् = शम्-**शण्ढः**।

णित्रन् (>इत्र) वृद्धिः आद्युदात्तः = भू-**भावित्रम्**। वद- **वादित्रम्**।

णु (>णु) वप्रश्लेषात्र णित् = स्था-**स्थाणुः**, अज-**वेणुः**।

णुकन् (>उक) वृद्ध्यादिः, आद्युदात्तः = पच-कादेशे **पाकुकः**।

ण्य (>ण्य) वप्रश्लेषात् न णित्, धृष अकारस्य इत्त्वम् = धिष्ण्यम्।

त (>त) ली— पुट् ह्रस्वः = **लिप्तम्** (श्लिष्टम्)।

तकन् (>तक) आद्युदात्तः = इष्-**इष्टका**, अश्-**अष्टका**।

तन् (>त) आद्युदात्तः, = हस्-**हस्तः**, भृ-**भर्तः**, गृ-**गर्तः**।

तनन् (>तन) आद्युदात्तः = वी-**वेतनम्**।

तशन् (>तश) आद्युदात्तः = इण्-**एतशः** (ब्राह्मणः)।

तशसुन् (>तशस्) आद्युदात्तः = इण्-**एतशाः** (विप्रः)।

ति (>ति) वि, तस्-**वितस्तिः**, सु अस्-**स्वस्ति** स्वरादिः।

तिकन् (>तिक) आद्युदात्तः = वृत्-**वर्तिका**। कृत्-कित्त्वम्, **कृत्तिका**।

तु (>तु) = कम-कन्तुः, जन्-**जन्तुः** गै-**गातुः**, हि-**हेतुः**।

तुन् (>तु) = आद्युदात्तः = सि-**सेतुः**, तन-**तन्तुः**, मन्-**मन्तुः**।

तृच् (>तृ) समुदायान्तोदात्तः = क्षद्-**क्षत्ता**, मन्-**मन्ता**।

तृन् (>तृ) आद्युदात्तः = शंस-**शंस्ता**।

त्लण् (>त्ल) वृद्ध्यादिः, च्यु-**च्यौत्लः**। (अण्डजः, क्षीणपुण्यश्च)।

त्युक् (>त्यु) गुणाभावादि = मृ-**मृत्युः**।

त्र (>त्र) गु = गोत्रं गोत्रा, वच-**वक्त्रम्**, यम-**यन्त्रम्**।

त्रन् (>त्र) आद्युदात्तः = हु-**होत्रम्**, या-**यात्रा**, स्रु-**स्रोत्रम्**।

त्रिन् (>त्रि) आद्युदात्तः = अद्-**अत्रिः**।

त्रिन् (>त्रिन्) आद्युदात्तः = निच्चेत्युक्तेः न नित्। अद-**अत्री, अत्रिणौ**।

त्रिप् (>त्रि) अनुदात्तः = रा— **रात्रिः**, शद्-**शत्रिः** (हस्ती)।

त्वन् (>त्व) आद्युदात्तः = **दात्वः** (दाता)।

थक् (>थ) गुणाभावादि = पृष-**पृष्ठम्**, यू-**यूथम्**, गू-**गूथम्**।

थन् (>थ) आद्युदात्तः = उष-**ओष्ठः** कुष-**कोष्ठम्**, गा-**गाथा**।

द (>द) = शा— **शादः** (जम्बालः शस्यञ्च)।

दन् (>द) आद्युदात्तः = शप्-**शब्दः**, अप्-अब्दः।

धुक् (>धु) गुणाभावादिः = शी-**शीधुः**।

न (>न) = धा-**धाना**, पृ— **पर्णम्**, वस्-**वस्नः**।

नक् (>न) गुणाभावादिः = इण्— **इनः**, सि-**सिनः**।

नि (>नि) = वी-(णत्वम्) **वेणिः**, ज्या-**ज्यानिः**।

नु (>नु) = दा-**दानुः**, भा-**भानुः**।

प (>प) =पापम्, नी-**नेयः**, नि-**नीपः**, विष-**विष्पम्**।

पास (>पास) कृ-**कर्पासः**।

फक् (>फ) गुणाभावादिः = कल (यस्योत्त्वम्) **कुल्फः**, गल **गुल्फः**।

भ (>भ) = ड-**दर्भः**, दल-**दल्भः**।

भन् (>भ) आद्युदात्तः = ऋ-**अर्भः**, गृ-**गर्भः**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

मक् (>म) गुणाभावादिः= इष्-**इष्मः**, युध्-**युध्मः**, भी-**भीमः**।

मदिक् (>मद्) गुणाभावः = यु-युष्मद्-**त्वम्**, अस्-अस्मद् **अहम्** (सर्वनम)।

मन् (>म) आद्युदात्तः = ऋ-**अर्म्मः**, स्तु-**स्तोमः**, सु-**सोमः**।

मनि (>मन्) = सु-शृ-**सुशर्म्मा**।

मनिण् (>मन्) वृद्धिः = अत–**आत्मा**।

मनिन् (>मन्) आद्युदात्तः = सो-**साम**, कृ-**कर्म**, वृ-**वर्म**।

मि (>मि) = नी-**नेमिः**, भू-कित्, **भूमिः**।

मिनि (>मिन्) = हु-**होमी**।

मुक (>मुकः) उष-लान्तादेशः, गुणाभावः = **उल्मुकः** (अगुल्ये)।

य (>य) = शल-**शल्यम्**।

यक् (>य) गुणाभावः = जन-**जन्यम्** (युद्धम्) **जन्या**-वधूः।

यत् (>य) स्वरितः = पु-यक्, णुक्, **पुण्यम्**, धा-नुक्, **धान्यम्**।

यतुच् (>यत्) समुदायान्तोदात्तः = तन-**तन्यतुः**।

युक् (>यु) गुणाभावः = भुज्-**भुज्युः** (भोजनम्)।

युच् (>यु) न अनादेशः, समुदायान्तोदात्तः = मन-**मन्युः**, जन-**जन्युः**।

युन् (>यु-अन) आद्युदात्तः = हन-आद्यन्तयोर्घतौ, **घतनः**।

र (>र) रीङ्– ह्रस्वः, पुट् च = **रिप्रम्** (कुत्सितम्)।

रक् (>र) गुणाभावः = स्फाय-**स्फारम्**, क्षिप-**क्षिप्रम्**।

रन् (>र) आद्युदात्तः = इति-**इन्द्र**, वज-**वज्रः**। भी-**भेरः**।

रु (>रु) = भी– **भेरुः**, पी-**पेरुः**, पा-**पारुः**, जत-**जत्रुः**।

लक् (>ल) कित् = शी-**शीलम्**।

व (>व) = कृ-**कर्वः**, गृ-**गर्वः**, शृ-**शर्वः**, वशादिरित्येके।

वन् (>व) आद्युदात्तः। इण्-**एव**, स्वरादिः = शी-**शेवः**।

वन् (>वन्) न नित्त्वं ज्ञापकात् = ऋ-**अर्वा** (कुत्सितः)।

वनिप् (>वन्) अनुदात्तः = स्ना-**स्नावा**, ऋ-**अर्वा** तुरङ्गगर्ह्ययोः)।

वरट् (>वर) स्त्रियां ङीप् = अश-उपधाया ईत्त्वम्-**ईश्वरः**।

वलच् (>वल) समुदायान्तोदात्तः = इल-**इल्वलः**, पल-**पल्वलः**।

वलञ् (>वल) वृद्धिः = शी-**शैवलः**।

वालुञ् (>वाल) वृद्धिः, आद्युदात्तः = शी-**शैवालः**। पृषोदरादित्वात् **सैवालञ्च**।

वालन् (>वाल) आद्युदात्तः = शी-**शैवालः**।

विः (>वि) ज्ञापकदस्य न लोपः = दृ-**दर्विः** वशादिरित्येके।

विन् (>वि) अनुदात्तत्वप्रतिज्ञाभावात् नास्य इदित्त्वं तेन न विलोपः = वृ-**वर्विः**, वशादिरित्येके।

वुन् (>वु-अक) आद्युदात्तः = कृ-**करकः**, **करका**।

शक् (>श) वकारप्रश्लेषात् न शित्, गुणाभावः = वृ-**वृशः**।

शुन् (>शु) आद्युदात्तः = **पर्शुः** (आयुधम्)।

श्वण् (>श्व) वृद्धिः = स्पृश-**पृभावः**, **पार्श्वः**।

षवन् (>अव) आद्युदात्तः स्त्रियां ङीष् = प्रथ-(सम्प्रसारणम्) **पृथवी**।

षिवन् (>इव) आद्युदात्तः स्त्रियां ङीष् = प्रथ-(सम्प्रसारणम्) **पृथिवी**।

ष्ट्रन् (>त्र) आद्युदात्तः = वस्– **वस्त्रम्**, शस्-**शस्त्रम्**, अस्-**अस्त्रम्**, स्त्रियां ङीष्।

ष्वरच् (>वर) समुदायान्तोदात्तः स्त्रियां ङीष् = वृ-**वर्वरः**, शृ-**शर्वरी**।

स (>स) = वृ-**वर्षम्**, तृ-**तर्षः**, वस-**वत्सः**, हन-**हंसः**।

सन् (>स) आद्युदात्तः = अम्-**अंसः**।

सरन् (>सर) आद्युदात्तः = अम्-**अंसः**।

सिकन् (>सिक) आद्युदात्तः = हन्-**हंसिका** (हंसयोषित्)

स्मन् (>स्म) आद्युदात्तः = सूच-**सूक्ष्मम्**।

स्य (>स्य) = मद्-**मत्स्यः**।

स्यन् (>स्य) आद्युदात्तः = मद्-**मत्स्यः**।

प्रत्ययवक्रता (स्त्री.) [*प्रत्ययगता वक्रता, म.प.स.*] सुप्प्रत्यय र तिङ्प्रत्ययको प्रयोगमा पाइने सौन्दर्य।

प्रत्ययान्तरवक्रता (स्त्री.) [*प्रत्यान्तरगता वक्रता, म.प.स.*] प्रत्ययवक्रताको सातौँ भेद।

प्रत्ययितः (पुं.वि.) [*प्रत्ययो विश्वासः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्यः ५.२.३६ इतीतच्*] पत्याइएको व्यक्ति।

प्रत्यर्थी (पुं.वि.) [*प्रत्यर्थयते तच्छीलः, प्रतिपूर्वकात्, अर्थ जाच्ञायाम्, इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.शत्रु २.प्रतिवादी ३.सदृश।

प्रत्यर्पणम् (नपुं.) [*प्रतिपूर्वकात् ऋ गतौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै एक देशमा अपराध गरेर अर्को देशमा भागी गएका अपराधीलाई त्यस देशमा त्यहाँको सरकारले पत्री फेरि उही देशका सरकारी अधिकारीका हातमा सुम्पिने काम २.पहिलेको वा असुल गरेको रकम फेरि पर्काइदिने काम ३.समर्पण।

प्रत्यवसानम् (नपुं.) [*प्रति– अवपूर्वकात्, षो अन्तकर्मणि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] भोजन/खाने काम।

प्रत्यवसितः (पुं.वि.) [*प्रत्यवसीयते स्म, षो अन्तकर्मणि इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खाइएको।

प्रत्यहम् (नपुं.) [*अहनि अहनि, अव्य.स.*] प्रतिदिन, दिनदिनै।

प्रत्यहं प्रत्यवेक्षेत नरश्चरितमात्मनः।
किन्नु मे पशुभिस्तुल्यं किन्नु सत्पुरुषैरिति॥ (सुभा.)

प्रत्याख्यातः (पुं.वि.) [*प्रत्याख्यायते स्म, ख्या प्रकथने इति धातोः, चक्षिङादेशो वा, निष्ठा ३.२.१०२ इति क्तः*] १.हटाइएको २.खण्डन गरिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्याख्यानम् (पुं.) [*प्रति– आङ् पूर्वकात् ख्या प्रकथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.उपेक्षा/निराकरण २.विरोध/नामञ्जूरी ३.कुनै सैद्धान्तिक विषयको खण्डन ४.निषेध गर्ने क्रिया।

प्रत्यागमनम् (नपुं.) [*प्रति– आङ् पूर्वकात् गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] फर्केर आउने काम/फिर्ता आउने काम।

प्रत्यादिष्टः (पुं.वि.) [*प्रत्यादिश्यते स्म, दिश अतिसर्जने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] स्वीकार नगरिएको।

प्रत्यादेशः (पुं.) [*प्रत्यादेशनम्, दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] प्रत्याख्यान।

प्रत्यानयनम् (नपुं.) [*प्रत्यानीयते, प्रति– आङ्पूर्वकात् णीञ् प्रापणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] फेरि फर्काइदिने काम/फिर्ता लिने काम।

प्रत्याभूतिः (स्त्री.) [*प्रत्याभूयते, प्रति– आङ्पूर्वकाद् भू–सत्तायामिति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] कुनै सम्झौता आदिको शर्त पालन गर्नलाई जमानतका रूपमा दिइएको वस्तु/धरौटी।

प्रत्यायुक्तः (पुं.वि.) [*प्रत्यायोज्यते स्म, प्रति– आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, क्तः*] प्रतिनिधि बनेर गएको व्यक्तिलाई विशेष अधिकार प्रदान गरिएको।

प्रत्यायोजनम् (नपुं.) [*प्रति– आङ्पूर्वकाद् युजिर् योगे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लिखित रूपमा जुनसुकै सभाका अध्यक्ष वा उच्च कर्मचारीका अधिकारीले केही समयका लागि आफूभन्दा कम दर्जाका वा अरू कुनै व्यक्तिलाई आफ्नो कर्तव्य, शक्ति अधिकार वा कार्य सञ्चालनको भार सुम्पिने वा जिम्मा दिने काम।

प्रत्यारम्भः (पुं.) [*आरभणम्, आङ्पूर्वकात् रभ राभस्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, रभे रसभरशब्लिटे ७.१.६३ इति नुम्, आरम्भं प्रतिगतः, प्रादिस.*] १.बारम्बार थाल्नु २.पुनःपुनः प्रारम्भ गर्नु।

प्रत्यारोपः (पुं.) [*प्रत्यारोपणं, प्रति– आङ्पूर्वकात् रोप धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आरोपको जवाफमा दिइने २.एक वस्तुलाई हटाएर त्यसको स्थानमा अर्को वस्तु राख्नु। जस्तै– मृगौलाको प्रत्यारोपण।

प्रत्यालीढम् (नपुं.) [*प्रत्याहेलनम्, लिह अस्वादने इति धातोः, नपुंसके भावे क्तः ३.३.१३३ इति क्तः*] धनुर्धारीको आसनविशेष ।

प्रत्यालोचना (स्त्री.) [*प्रत्यालोचनम्, प्रति– आङ्पूर्वकात् लोच्लृ दर्शने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] समालोचनाको एक विधि।

प्रत्यावर्तनम् (नपुं.) [*प्रति– आङ्पूर्वकाद् वृतु वर्तते इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] फर्कने वा फर्काउने काम।

प्रत्यावेदनम् (नपुं.) [*प्रत्यावेद्यते, प्रति– आङ्पूर्वकाद् विद् ज्ञाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वक्तव्य, कथन अदिका जवाफ वा विरोधमा भनेको कुरा।

प्रत्याशितः (पुं.वि.) [*प्रत्याश्यते स्म, प्रति– आङ्पूर्वकात् शो तनूकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पहिलेदेखि नै आशा वा अपेक्षा गरिएको २.सम्भावित/अनुमानित।

प्रत्यासन्नः (पुं.वि.) [*आसन्नं प्रतिगतः, प्रादिस.*] नजिके आएको।

प्रत्यासन्नविपत्तिमूढमनसां प्रायो मतिः क्षीयते (सुभा.)।

प्रत्यासारः (पुं.) [*प्रत्यास्रियते इति, प्रति आङ्पूर्वकात्, सृ गतौ इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] मोर्चाको पछि लाग्ने सेनासमूह।

प्रत्याहारः (पुं.) १.[*प्रत्याह्रियन्ते, प्रति–आङ्पूर्वकाद् हृञ् हरणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा प्रत्याहरणम् भावे ३.३.१८ इति घञ्*] योगका आठ अङ्गमध्ये एक। प्रत्याहार पांच प्रकारको हुन्छ– १.इन्द्रियलाई तिनका विषयबाट बलपूर्वक हटाउनु २.देखिनेजति सबैमा आत्मबोध गर्नु ३.नित्यकर्मको फलत्याग गर्नु ४.सबै विषयबाट विमुख हुनु ५.पाउ, अङ्गुष्ठ आदि अठार मर्मस्थलमा आरोहण अवरेहण्का क्रमले विचरण गर्नु। (शाण्डिल्योपनिषद्, अ. १) २.आदेश, प्रस्ताव, वचन आदिलाई फर्काउने काम ३.[*प्रत्याह्रियन्ते, वर्णा अनेन*] पाणिनीय व्याकरणमा विभिन्न वर्णहरू समायोजन हुने गरी बनाइएका पारिभाषिक संज्ञा जस्तै– अक् (अइउऋऌ) इक् (ऋउऋऌ) आदि । पाणिनीय व्याकरणको आधारशिला भनेका प्रत्याहार नै हु। प्रत्याहार निर्माणका लागि कल्पना गरि एको १४ सूत्रहरू– १.अइउण् २.ऋऌक् ३.एओङ् ४.ऐऔच् ५.हयवरट् ६.लण् ७.ञमङणनम् ८.झभञ् ९.घढधश् १०.जबगडदश् ११.खफछठथचटतव् १२.कपय् १३.शषसर् १४.हल्। यिनलाई माहेश्वर सूत्र वा प्रत्याहार सूत्र भनिन्छ। यी सूत्रमा आएका वर्ण मध्ये प्रत्येक सूत्रको अन्त्यमा आउने हल्वर्ण प्रत्याहारको संज्ञाविधानका लागि पढिएका हुन्। यिनको सहयोग लिएर सूत्रका प्रारम्भ र माझका वर्णको उपयोग गरी प्रत्यहार संज्ञाको विधान गरिएको हुन्छ। त्यस्ता प्रत्यहारहरूमा पाणिनीय व्याकरणका क्षेत्रमा प्रयोग हुने ४२ प्रत्याहार मुख्य छन्।

प्रत्याह्वानम् (नपुं.) [*प्रत्याहूयते, प्रति– आङ्पूर्वकात् ह्वेञ् धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै ठाउँ वा पदबाट कुनै अधिकारी वा विदेश गएका प्रतिनिधि, राजदूत, वाणिज्यदूत आदिलाई फर्काउने, फिर्ता बोलाउने काम २.चुनावद्वारा पठाइएका प्रतिनिधिलाई अविश्वास भएमा फेरि बोलाउने वा त्यस्तालाई आफ्नो प्रतिनिधित्वबाट बर्खास्त गर्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्युत्क्रमः (पुं.) [*प्रत्युत्क्रमणम्, भावे ३.३.१८ इति घञ्*] युद्धका निमित्त उद्योग गर्नु। (अमर.)

प्रत्युत्तरम् (नपुं.) [*उत्तरस्योत्तरम्*] जवाफको जवाफ/उत्तरको पनि उत्तर।

प्रत्युत्तरपत्रम् (नपुं.) [*प्रत्युत्तरभूतं पत्रम्, म.प.स.*] वादीले दिएका उजुरीमा प्रतिवादीले दिने उत्तरको बेहोरा लेखेको कागज/प्रतिवादीपत्र।

प्रत्युत्थानम् (नपुं.) [*प्रत्युत्थीयते, प्रति– उत्पूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मान्य वा पूज्य व्यक्ति आउँदा सम्मानका लागि उठ्नु २.उद्धार कार्य।

प्रत्युत्पन्नः (पुं.वि.) [*प्रत्युत्पद्यते स्म, प्रति– उत्पूर्वकात् पद गतौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः, तस्य नः*] पछिसम्मको कुरा सोच्न सक्ने।

प्रत्युत्पन्नमतिः (स्त्री.) १.[*प्रत्युत्पन्ना चासौ मतिश्च कर्म.स.*] पछि हुने कुरा अहिल्यै देख्न सक्ने बुद्धि/प्रतिभा/ तीक्ष्ण बुद्धि २.(पुं.वि.) [*प्रत्युत्न्ना मतिर्यस्य सः, बहु.स.*] पछि आउने समस्यालाई पहिले नै सोचेर काम गर्न सक्ने प्रतिभा भएको/तीक्ष्ण बुद्धि भएको/दीर्घदर्शी। **प्रत्युत्पन्नमतिर्दूराद्यः पश्येद् दीर्घदर्श्यसौ।**

प्रत्युद्यमः (पुं.) [*प्रतिगतः उद्यमः, प्रादिस.*] कुसमयमा भएको उद्योग

आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान्।
संदीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कीदृशः॥ (सुभा.)

प्रत्युपकारः (पुं.) [*उपकारस्यापि उपकारः*] उपकारका बदलामा गरिएको उपकार।

प्रत्युपदेशः (पुं.) [*उपदेशस्य प्रतिदानम्*] उपदेशको शुल्क। **व्यनीयत प्रत्युपदेशलुब्धैः** (कु.सं.)।

प्रत्युपस्थितः (पुं.वि.) [*प्रकर्षेण प्रतिकूलतया वा उपस्थितः*] आइलागेको।

प्रत्यूषम् (नपुं.) [*ओषत्यन्धकारम्, उष दाहे इति धातोः, उषः किच्च (उ.) इत्यसिः*] बिहानको समय/उषाकाल। **उषः प्रत्युषसि क्लीबं पितृप्रस्वां च योषिति** (विश्व.) २.(पुं.) [*प्रत्यूषति रुजति कामुकान्, ऊष रुजायाम् इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.वसु २.बिहानको समय। **प्रत्यूषोऽहर्मुखे वसौ** (विश्व.)।

प्रत्यूहः (पुं.) [*प्रत्यूहनम्, प्रति उपसर्गकात् ऊह तर्के इति धातोः, भावे ३.३.१८ इति घञ्*] विघ्न।

विस्मयो सर्वथा हेयः प्रत्यूहः सर्वकर्मणाम्।
तस्माद् विस्मयमुत्सृज्य साध्यसिद्धिर्विधीयताम्॥ (हितो.)

प्रत्येकम् (नपुं.) [*एकम् एकम्, अव्य.स.*] हर एक/प्रतिव्यक्ति वा प्रतिवस्तु।

प्रथ (धा.) [*प्रख्याने, चुरा.सक.सेट् उभय.*] विस्तार गर्नु, फैलाउनु। लट्– **प्रथयति** विस्तार गर्छ, फैलाउँछ इत्यादि।

प्रथ (धा.) [*प्रख्याने, भ्वा.अक.सेट् आत्म.*] प्रसिद्ध हुनु, विस्तार हुनु। लट्– **प्रथते–** प्रसिद्ध हुन्छ, विस्तार हुन्छ इत्यादि।

प्रथमः (पुं.वि.) [*प्रथते प्रसिद्धो भवति, प्रथम प्रख्याने इति धातोः, प्रथेरमच् (उ.) ७५७ इत्यमच्*] १.गणनाका क्रममा सबभन्दा पहिले आउने/पहिलो २.सबभन्दा असल। **प्रथमस्तु भवेदाद्ौ प्रधानेऽपि च वाच्यवत्** (मेदिनी.)।

प्रथमा (स्त्री.) [*प्रथम+टाप् ४.१.४*] १.कर्तकारक जनाउने पहिलो विभक्ति २.गणनाको क्रममा सबभन्दा पहिले आउने अर्थमा प्रयोग हुने स्त्रीलिङ्गी विशेषण।

प्रथमोपचारः (पुं.) [*प्रथमश्चासौ उपचारश्च, कर्म.स.*] प्राथमिक उपचार/कुनै घाइते वा आहत व्यक्तिको घाउ/चोटपटक लागे बित्तिकै तत्कालिक अवस्थामा उपयुक्त चिकित्सकको सहायताप्राप्त हुनुभन्दा पहिले गरिने उपचार। **~केन्द्रम्** (नपुं.) [*प्रथमोचारस्य केन्द्रम्, ष.त.*] घाइतेहरूको प्राथमिक उपचार गर्ने ठाउँ।

प्रथा (स्त्री.) [*प्रथनम्, प्रथ प्रख्याने इति धातोः, षिद्‌भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] धेरै दिनदेखि वा परम्परादेखि चलिआएको चलन/परम्परागत प्रणाली/रीतिस्थिति।

प्रथितः (पुं.वि.) [*प्रथमे स्म, प्रथ प्रख्याने इति धातोः, अकर्मकत्वात्, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.प्रसिद्ध २.फैलिएको।

दाने शौर्ये कवित्वे च पाण्डित्ये साधुतार्जने।
सुयशः प्रथितं येषां जन्मवन्तस्त एव हि॥ (सुभा.)

प्रथितिः (स्त्री.) [*प्रथ प्रख्याने इति धातोः, पदिप्रथिभ्यां नित् (उ.) ६३२ इति ति*] १.प्रसिद्धि २.विस्तार।

प्रथिमा (पुं.) [*पृथोर्भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२२ इति इमनिच्*] १.ठुलोपन २.विस्तार/विशालता।

प्रदक्षिणा (स्त्री.) [*प्रकृष्टा दक्षिणा, प्रादिस.*] भक्तिपूर्वक कुनै देवमूर्तिलाई दाहिने पारेर चारैतिर घुम्ने कार्य/परिक्रमा। देवीलाई एक पटक, सूर्यलाई सातपटक, गणेशलाई तीन पटक, विष्णुलाई चार पटक र शिवजीलाई आधा प्रदक्षिणा गरिन्छ। दायाँ पारेर घुम्दै शिवनिर्माल्य बग्ने नालीसम्म पुगेर फर्की वायाँ पार्दै नालीसम्म पुग्नुपर्छ। नाली नाघ्नु हुँदैन। अरु देवदेवीको एक पटक परिक्रमा गर्ने विधान छ। **एका चण्ड्या रवेः सप्त तिस्रः कार्या विनायके। हरेश्चतस्रः कर्तव्याः शिवस्यार्द्धप्रदक्षिणा। सव्यं व्रजेत्ततोऽसव्यं प्रणालं नैव लङ्घयेत्** (अग्निपु.)।

प्रदत्तः (पुं.वि.) [*प्रदीयते स्म, प्रपूर्वकाद् दा दाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दो दद्घोः ७.४.४६ इति ददादेशः, चर्त्वम्*] १.दिइएको २.[*आदिकर्मणि तु*] दिन थालिएको। **अवदत्तं विदत्तञ्च प्रदत्तञ्चादिकर्मणि। सुदत्तमनुदत्तञ्च निदत्तमिति चेष्यते** (सि.कौ.)।

प्रदरः (पुं.) [*प्रपूर्वकात्, दॄ विदारणे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] १.वाण २.स्त्रीजातिको रोगविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदर्शकः (पुं.वि.) [*प्रदर्शयति, प्रपूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] प्रदर्शन गराउने/देखाउने/दर्शक।

प्रदर्शनी (स्त्री.) [*प्रदर्श्यतेऽस्याम्, प्रपूर्वकाद् दृशिर् प्रेक्षणे इति धातो, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाको ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] विभिन्न प्रकारका वस्तुहरू सुसज्जित पारी जनसाधारणलाई देखाउने ठाउँ/मेला। **~मुद्रा** (स्त्री.) बायाँ हात सुल्ये र दायाँ हात उल्ये गरी (माझी र साहिंली) औँला खुम्च्याएर) दुवै हात आपसमा जोल्ठ्याएर कान्छी औँलो चोरी औँलोमा राखेर माझी र साहिंली औँला फर्काएर बुढी औँलोमा राखेर माझी र साहिंली औँला फर्काएर बुढी औँलाले दबाउँदा बनेको हातको प्वालबाट सूर्यदर्शन गर्ने हस्तक्रियाको मुद्रा विशेष (मु.प्र.)।

प्रदा (स्त्री.) [*प्रपूर्वकाद् डुदाञ् दाने इति धातोः आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] भेटी/उपहार।

प्रदानम् (नपुं.) [*प्रदीयते, प्रपूर्वकाद् डुदाञ् दाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] दान/दिने काम।

आदानस्य प्रदानस्य कर्तव्यस्य च कर्मणः।
क्षिप्रमक्रियमाणस्य कालः पिबति तद् रसम्॥ (सुभा.)

प्रदीपः (पुं.) [*प्रदीप्यते अनेन वा, प्रदीपयति वा, दीपी दीप्तौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ कः, घञ् ३.३.१९ वा अच् ३.१.१३४ वा*] १.दियो/बत्ती २.उज्यालो देखाउने साधन।

प्रदीपः सर्वविद्यानाम्।

प्रदीपनः (पुं.) [*प्रदीपयति, प्रपूर्वकात् दीपी दीप्तौ इति धातोः, णिचि ३.१.२६ नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.एक किसिमको विष २.(पुं.) प्रकाशक।

प्रदीपिका (स्त्री.) [*प्रदीपयति, प्रपूर्वकाद् दीपी दीप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] १.सानो बत्ती २.अर्थ वा विषय स्पष्ट गर्ने सानो पुस्तिका वा टीका।

प्रदीप्तः (पुं.वि.) [*प्रदीप्यते स्म, प्रपूर्वकाद् दीपी दीप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बलेको/उज्ज्वल प्रकाशमान।

प्रदूतः (पुं.) [*प्रकृष्टो दूतः, प्रादिस.*] वाणिज्य दूत।

प्रदेशः (पुं.) [*प्रकृष्टो देशः, प्रादिस.*] देशको एक ठुलो भाग/प्रान्त।

प्रदेशनम् (नपुं.) [*प्रदिश्यते इति, दिश अतिसर्जने इति धातोः, कृत्यल्युटः ३.३.११३ इति कर्मणि ल्युट्*] कोसेली/नजराना।

प्रदेशनी (स्त्री.) [*प्रदिश्यतेऽनया, दिश अतिसर्जने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] चोर औँलो।

प्रदेशिनी (स्त्री.) [*प्रदिशति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, यद्वा प्रदेशोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः*] चोर औँलो।

प्रदोषः (पुं.) [*प्रकृष्टो दोषः प्रादि.स.*] १.अपराध २.पाप ३.देश विद्रोह आदि जस्तो गडबड अवस्था, ४.[*दुष वैकृत्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४ प्रारम्भो दोषायाः, प्रादिसमासः २.२.१८ प्रारब्धा दोषा यस्मिन्निति वा, गोस्त्रियोः १.२.४८इति ह्रस्वः, दोषा इत्यव्ययमप्यस्ति*] सूर्यास्त बेलाको सन्ध्याकाल/साँझ ५.जुन तिथिमा नक्त व्रत गर्नु छ त्यस तिथिमा अर्को तिथि लाग्ने भएमा सूर्यास्त भएपछि दुई मुहूर्त (एक घण्टा छत्तिस मिनेट) वा तीन मुहूर्त (एक घण्टा चवालिस मिनेट) सम्मको बेला ६. द्वादशीमा आधा रातभित्र त्रयोदशी लागेमा, षष्ठीमा डेढ प्रहरभित्र सप्तमी लागेमा र तृतीयामा एक प्रहरभित्र चतुर्थी लागेमा साँझको वेलामा प्रदोष योग हुन्छ। ७.त्रयोदशीको दिन साझमा गरिने शिवसम्बन्धी व्रत ८.धन, स्वार्थ, पक्षपात आदिबाट हुने व्यक्तिहरूको नैतिक पतन।

प्रदोषव्यापिनी ग्राह्या तिथिर्नक्तव्रते सदा।
प्रदोषेऽस्तमयादूर्ध्वं घटिकाद्वयमिष्यते॥ (बृहज्ज्योतिःसार)

प्रदोषकः (पुं.वि.) [*प्रदोषे भवः, पूर्वाह्णपराह्ण. ४.३.२८ इति वुन्, युवोरनाकौ इत्यकः,अलोपः*] प्रदोषको समयमा पैदा भएको।

प्रद्युम्नः (पुं.) [*प्रकृष्टं द्युम्नं बलं यस्य सः, बहु.स.*] १.कामदेव २.कृष्णको जेठो छोरो।

प्रद्रावः (पुं.) [*प्रद्रवणमिति, द्रु गतौ इति धातोः, प्रे द्रुस्तुस्रुवः ३.३.२७ इति घञ्*] लडाइँबाट भाग्ने काम।

प्रधनम् (नपुं.) [*प्रधानम्, डुधाञ् धारणपोषणयोः, इति धातोः, कृपृवृजिमन्दिनिधाञः क्युः (उ.) इति क्युः, युवोरनाकौ ७.१.१ इत्यनः, आतो लोपः ६.४.६४*] युद्ध/लडाइँ। **प्रधनं युधि दारुणे** (हैम.)।

प्रधानः (पुं.वि.) [*प्रदधाति उत्कर्षमेति, प्रपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सबैभन्दा ठुलो/सर्वश्रेष्ठ/मुख्य २.नेवार जातिको एक थर।

सर्वौषधीनाममृतं प्रधानं
सर्वेषु सौख्येष्वशनं प्रधानम्।
सर्वेन्द्रियाणां नयनं प्रधानं
सर्वेषु गात्रेषु शिरः प्रधानम्॥ (नीतिश्लो.)

प्रधानाङ्गः (पुं.) [*प्रधानं अङ्गं राज्ये स्थानम् यः सः, बहु.स.*] १.राज्यका प्रधान अधिकारी २.नेवार जातिको एक थर।

प्रधानाङ्गम् (नपुं.) [*प्रधानञ्च तदङ्गञ्च, कर्म.स.*] १.शरीर वा अरू वस्तुहरूका मुख्य अङ्ग।

प्रधिः (पुं.) [*प्रधीयतेऽनेन, डुधाञ् धारणपोषणयो इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, प्रकृष्या धिर्यस्य सः, बहु.स.*] १.नेमि २.विशेष किसिमको बुद्धि भएको व्यक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधीः (पुं.वि.) [*प्रकृष्टा धीर्यस्य सः, बहु.स.*] १.विद्वान् २.उत्कृष्ट बुद्धि भएको ३.(स्त्री.) [प्रकृष्य धीः, प्रादिस.] उत्कृष्ट बुद्धि।

प्रनष्टः (पुं.वि.) [*प्रणश्यते स्म, प्रपूर्वकात् णश अदर्शने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हराएको/विनष्ट/नाश भएको।

प्रनालः (पुं.) [*प्रकृष्टो नालः, प्रादिस.*] शिवजीलाई स्नान गराएको पानी जाने नाल वा बाटो। **सव्यं व्रजेत्ततोऽसव्यं प्रनालं नैव लङ्घयेत्** (अ.पु.)।

प्रपञ्चः (पुं.) संसारको जञ्जाल/भवचक्र/झेल– बखेडा।

प्रपदम् (नपुं.) [*प्रकृष्टं प्रारब्धं प्रगतं वा पदम्, प्रादयो गता (वा.) २.२.१८ इति समासः*] पाउको अग्रभाग।

प्रपर्णः (पुं.वि.) [*प्रपतितं पर्णमस्य, प्रादिभ्यो धातुजस्य बहुव्रीहिर्वक्तव्य उत्तरपदलोपश्चेति बहुव्रीहिः, उत्तरपदलोपश्च*] पात झरेको।

प्रपा (स्त्री.) [*प्रपिबन्ति जलमस्याम्, पा पाने इति धातोः, घञर्थे कविधानम्, स्थास्नापाव्यधिहनियुध्यर्थम् (वा.) इति कः, यद्वा आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, आलोपः ६.४.६४ टाप् ४.१.४*] पँधेरो/पानी लिने ठाउँ। **प्रपा पानीयशालिका** (अमर.)

प्रपातः (पुं.) [*प्रपतन्त्यस्मात्, पत्लृ गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.झरना २.भृगु ऋषि ३.पर्वतको शिखर ४.कुवा ५.खाडल ६.काछ ७.पतन। **प्रपातो निर्झरे भृगौ, अवटे पतने कच्छे** (हैम)।

प्रपितामहः (पुं.) [*पितामहस्य पिता, प्रकर्षेण पितामहः, प्रादयो गता (वा.) २.२.१८ इति समासः,*] जिवा/हजुरबुबाको बुबा।

प्रपितामही (स्त्री.) [*प्रपितामहस्य स्त्री*] हजुरआमाकी सासू/ज्यामा/बज्यै।

प्रपुन्नाडः (पुं.) [*पुमांसं नाडयति, नड भ्रंशे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, मस्यानुस्वारे ८.२.१२३ परसवर्णः ८.४.५८, प्रकृष्टः प्रगतो वा पुन्नाडः*] तापे।

प्रपौण्डरीकम् (नपुं.) [*पुण्डरीकेण सदृशम्, शेषे ४.२.९२ इत्यण्, प्रकृष्टं पौण्डरीकम्, यद्वा– स्वार्थेऽण् ५.४.३८*] स्थलकमल।

प्रफुल्लः (पुं.वि.) [*फलति, ञिफला विशरणे इति धातोः, ञीतः क्तः ३.२.१८७ इति क्तः, आदितश्च ७.२.१६ इतीडभावः, अनुपसर्गात्फुल्लक्षीब ८.२.५५ इति तस्य लः, प्रादिसमासः (वा.) २.२.१८ यद्वा प्रफुल्लति, फुल्ल विकसने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.फुलेको २.प्रसन्न।

प्रबन्धः (पुं.) [*प्रकृष्टो बन्धः, प्रादिस.*] १.कुनै काम ठिकसित गर्ने व्यवस्था/इन्तिजाम/बन्दोवस्त/आयोजना २.गद्य वा पद्यमा लेखिएको लेख। **~पत्रम्** (नपुं.) [*प्रबन्धस्य पत्रम्, ष.त.*] कम्पनी कानुन– बमोजिमको उद्देश्य र अधिकारहरू लेखिएको कागजपत्र। **~रथी** (पुं.) [*प्रबन्धाय रथी, च.त.*] क्वाटर मास्टर जनरल। **~संपादकः** (पुं.) [*प्रबन्धस्य सम्पादकः, च.त.*] सम्पादकीय विषयको व्यवस्था मिलाउने र तत्सम्बन्धी विषयको देखभाल गर्ने सम्पादक।

प्रबन्धकः (पुं.वि.) [*प्रबध्नाति, प्रपूर्वकाद् बन्ध बन्धने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बन्दोवस्त गर्ने/आयोजक/इन्तजाम गर्ने २.प्रबन्ध लेख्ने।

प्रबन्धकल्पना (स्त्री.) [*प्रबन्धस्य कल्पना रचना ष.त.*] काल्पनिक विषयवस्तुलाई लिएर गद्यमा लेखिएको रचना।

प्रबन्धकाव्यम् (नपुं.) सुरुदेखि अन्त्यसम्म एउटा कथानक भएको कवि कल्पित रचनाविशेष।

प्रबन्धवक्रता (स्त्री.) [*प्रबन्धगा वक्रता, म.प.स.*] प्रबन्धमा सौन्दर्य ल्याउने वक्रता।

प्रबन्धोच्छेदः (पुं.) [*प्रबन्धस्य उच्छेदः, ष.त.*] प्रबन्ध वा कृतिको विनाश वा अपूर्णता। **निक्षेपो विक्रयो दानं देशत्यागोऽल्पजीविता। त्रुटिको वह्निरम्भश्च प्रबन्धोच्छेदहेतवः॥** (कविरहस्य)

प्रबलः (पुं.वि.) [*प्रकृष्टं बलं यस्य सः, बहु.स.*] अत्यन्त बलियो/प्रखर।

प्रबुद्धः (पुं.वि.) [*प्रबुध्यते स्म, प्रपूर्वकाद् बुध अवगमने इति धातोः, क्तः*] १.सेचत/जाग्रत/राम्ररी बुझ्ने २.ब्युँझेको/होशमा परेको।

प्रबोधः (पुं.) [*प्रबोधनम्, प्रपूर्वकाद् बुध अवगमने इति धातोः, भावे ३.३.१८ इति घञ्*] जागरण/ब्युँझनु/निद्रा खुल्नु। **प्रबोधस्तु विनिद्रत्वम्** (अभि.चि.२.२३३)।

प्रबोधनम् (नपुं.) [*प्रपूर्वकाद् बुध अवगमने इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गन्ध उडिसकेका वस्तुलाई पुनः सुगन्धित तुल्याउने काम २.जगाउनु ३.ज्ञान दिनु।

प्रभञ्जनः (पुं.) [*प्रकृष्टं भनक्ति, भञ्जो आमर्दने इति धातोः, युच् (उ.) इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] वायु।

प्रभवः (पुं.) [*प्रभवति अस्मात्, प्रोपसर्गाद् भूधातोः ऋदोरप् ३.३.५७ इति अप्*] उत्पत्तिस्थान/कारण।

जितेन्द्रियत्वं विनयस्य कारणं
गुणप्रकर्षो विनयादवाप्यते।
गुणाधिके पुंसि जनोऽनुरज्यते
जनानुरागः प्रभवो हि सम्पदः॥ (सुभा.)

प्रभविष्णुः (पुं.) [*प्रपूर्वकाद् भूधातोरिष्णुच्*] प्रभुत्वशाली।

प्रभा (स्त्री.) [*प्रभाति, आतश्चोपसर्गे ३.१.१३६ इत्यङ्, टाप् (४.१.४)*] आभा/चमक/दीप्ति/किरण/तेज।

प्रभाकरः (पुं.) [*प्रभां करोति, दिवाविभानिशाप्र ३.२.२१ इति टः*] १.सूर्य २.अग्नि ३.चन्द्रमा ४.समुद्र ५.अत्रि वंशमा उत्पन्न भएका एक मुनि ६. नागविशेष ७.एक मीमांसक ८.कुशद्वीपमा रहेको वर्षविशेष।

प्रभाकरमिश्रः (पुं.) मीमांसा दर्शनका गुरुमतको स्थापना गर्ने एक आचार्य। कुमारिल भट्टका शिष्य। यिनको कृति शवर स्वामीले रचना गरेको सावर भाष्यको टीका हो। यस अतिरिक्त उनले अरू पनि कृतिहरू रचेका छन् भन्ने सुनिन्छ तर उपलब्ध छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभातम् (नपुं.) [*भातुं प्रवृत्तम्, प्रभातम्, आदिकर्मणि ३.४.७१ इति क्तः, यद्वा प्रकृष्टं भातं दीप्तिरत्र*] बिहानको समय/प्रभातकाल।

प्रभानम् (नपुं.) [*प्रपूर्वकाद् भाधातोर्ल्युट्, अनः, ण्यन्तभादीनामुपसङ्ख्यानम् (वा.) इति णत्वनिषेधः*] अतिशय चम्किलोपना।

हरेः प्रगमनं नास्ति न प्रभानं हिमद्रुहः। नातिप्रवेपनं वायोर्मया गोपायिते वने॥ (भट्टि.)

प्रभावः (पुं.) [*प्रर्पवृकात् भू–सत्तायामिति धातोः, णिचि, भुवो भावे ३.१.१०७ इति घञ्, प्रकृष्टो भावः, प्रादिस, यद्वा प्रभवति अनेन, प्र– भू–सत्तायाम् इति धातोः, ण्यन्तात् पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, प्रभवनं वा, प्रपूर्वकात् भू–सत्तायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.असर/शक्ति/सामर्थ्य।

जानामि नागेन्द्र तव प्रभावं
कण्ठे स्थितो गर्जसि शङ्करस्य।
स्थानं प्रधानं न बलं प्रधानं
स्थाने स्थितः कापुरुषोऽपि शूरः॥ (सुभा.)

२.अरूमाथि आफ्नो आधिपत्य जमाउने काम ३.कुनै वस्तु वा कुरा आदिमा हुने परिणाम।

कुसङ्गेन मतिह्रासः प्रमादस्तत्प्रभावतः।
प्रवृद्धे तु प्रमादेऽत्र पातित्यं सर्वतो मुखम्॥ (सुभा.)

४.धन, दण्ड र सेनाबाट उत्पन्न भएको शक्ति। **~शाली** (पुं.वि.) [*प्रभावेन शालते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.प्रभाव भएको/प्रभाववान् २.सामर्थ्य वा शक्ति भएको।

प्रभावितः (पुं.वि.) [*प्रभाव्यते स्म, प्रपूर्वकात् भू–सत्तायामिति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] प्रभाव परेको/असर परेको।

प्रभावी (पुं.वि.) [*प्रभवति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.सामर्थ्यशाली/पराक्रमशील २.उत्पादनशील।

प्रभिन्नः (पुं.वि.) [*प्रकर्षेण भिद्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः, दकारतकारयोर्नः*] १.मद चुहाउने (हात्ती) २.अन्त्यन्त फरक।

प्रभुः (पुं.वि.) [*प्रभवतीति, प्रपूर्वकाद् भूसत्तायामिति धातो, विप्रसंभ्यो ड्वसंज्ञायाम् ३.२.१८० इति डुः*] १.मालिक/स्वामी सर्वोच्च अधिकारी । **प्रभुरतिकृपणः शास्त्रविद् धर्महीनः** (सुभा.) २.ईश्वर/परमात्मा ३.समर्थ। **~सत्ता** (स्त्र.) [*प्रभोः सत्ता, ष.त.*] आफ्नो कार्यक्षेत्रमा पूर्ण स्वतन्त्र देश, राज्य आदिको सर्वोच्च अधिकार वा सत्ता/पूर्ण स्वाधीनता/पूर्ण स्वतन्त्रता।

प्रभुता (स्त्री.) [*प्रभोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] प्रभुत्व/अधिकार/स्वामित्व/गौरव/ऐश्वर्य।

प्रभूतः (पुं.वि.) [*प्रभवति स्म, प्रपूर्वकाद् भू–सत्तायामिति धातोः, गत्यर्थाकर्मक ३.४.७२ क्तः*] १.प्रशस्त/अधिक २.पैदा भएको। **प्रभूतमुद्गते प्राज्ये** (हैम.)

प्रभूतेऽपि प्रभावे स्वे तन्द्रितो न भवेद् भृशम्।
तन्द्रादोषेण सिंहोऽपि क्षुधयाप्यभिभूयते॥ (सुभा.)

प्रभूतवयाः (पुं.वि.) [*प्रभूतं वयो यस्य सः, बहु.स.*] बुढो, पाको।

प्रभूतवयसः पुंसो धियः पाकः प्रवर्तते।
जीर्णस्य चन्दनतरोरामोद उपजायते॥ (सुभा.)

प्रभृतिः (स्त्री.) इत्यादि/हरू/आदि/लगायत/समेत।

प्रभेदः (पुं.) [*प्रकृष्टो भेदः, प्रादिस.*] अन्तर/फरक/भेद/भिन्नता।

प्रभ्रष्टकम् (नपुं.) [*प्रभ्रंशितुं प्रवृत्तम्, भ्रंशु अधःपतने इति धातोः, आदिकर्मणि क्तः, कर्तरि च ३.४.७१ इति क्तः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] पगरी गुतेर्भैं शिरमा गुथ्ने माला।

प्रमण्डलम् (नपुं.) [*प्रकष्टं मण्डलम्, प्रादिस.*] दुई–चार जना मिली काम गर्ने/विशेष गरी व्यापारका लागि बनाएका व्यक्तिहरूको संघ वा समूह।

प्रमत्तः (पुं.वि.) [*प्रपूर्वकात् मदी हर्षे इति धातोः, क्तः*] १.मात लागेको २.बहुलाएको/ पागल भएको ३.सम्पत्ति,उमेर पद आदिको घमन्डले मातेको

प्रभुत्वञ्च वयो वीर्यं धनञ्चैव विनश्वरम्।
अत एषां वशं प्राप्य न प्रमत्तो भवेत् सुधीः॥ (सुभा.)

प्रमथः (पुं.) [*प्रमथति, प्रपूर्वकात् मथे विलोडने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.शिवजीको एक गण।

षट्त्रिंशत्तु सहस्त्राणि प्रमथा द्विजसत्तमाः।
तत्रैकत्र सहस्त्राणि भागे षोडश संस्थिताः॥ (का.पु.)

२.घोडा ३.धृष्टराष्ट्रको १०० छोरामध्येको एक छोरा ४.साठी संवत्सरमध्ये एक संवत्सर।

प्रमथनम् (नपुं.) [*मथे विलोडने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाको ७.१.१ इत्यनः*] १.लडाइँमा मारिने काम २.मथन गर्ने काम।

प्रमथाः (पुं.बहु.) [*दृष्यान्प्रमथन्ति, मथे विलोडने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, प्रमथ्यन्ते मन्त्रादिना इति खनो घ च ३.३.१२५ इति घो वा*] शिवजीका गण।

प्रमथाधिपः (पुं.) [*प्रमथानामधिपः, ष.त.*] शिवजी/प्रमथ आदिगणका मालिक।

प्रमदः (पुं.वि.) [*प्रपूर्वकात्, मदी हर्षे इति धातोः, प्रमदसम्मदौ हर्षे ३.३.६८ इत्यप्*] १.अधिक मद भएको/बढ्ता मात लागेको/मदमत्त/उन्मत्त २.उग्र/प्रचण्ड ३.असावधान। **प्रमदः सम्मदे मत्ते स्त्रियामुन्मदयोषिति** (मेदिनी.)।

प्रमदवनम् (नपुं.) [*प्रमदानां वनम्, ङ्यापोः ६.३.६३ इति ह्रस्वः*] रानीहरू सयल गर्ने बगैँचा।

प्रमदा (स्त्री.) [*प्रकृष्टे मदो यौवनजन्यतारुण्यरूपमदो यस्याः सा, बहु.स.*] १.सुन्दरी स्त्री/रूपवती युवती २.सधैं प्रसन्न रहने स्त्री।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोऽनुकूलाः प्रमदा रूपवत्यः स्वलङ्कृताः (ग.पु.)। ३.छन्दविशेष।

प्रमनाः (पुं.) [*प्रकृष्टं मनो यस्य सः, बहु.स.*] प्रसन्न।

प्रमा (स्त्री.) [*प्रपूर्वकाद् माङ् माने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, आलोपः, टाप् ४.१.४*] १.शुद्ध वा यथार्थज्ञान २.नाप। **यथार्थानुभवः प्रमा** (तर्कभाषा)।

प्रमाणम् (नपुं.) [*प्रमीयतेऽनेन, प्रपूर्वकात् मा माने इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.नाप २.आकार ३.पैमाना/सीमा ४.साक्षी/गवाह ५.अन्तिम फैसला दिने अधिकारी/न्यायाधीश ६. एकता ७.शास्त्र, ८.कारण/जुक्ति, ९.प्रमाणपत्र, १०.मूलधन ११.मर्यादा १२.निश्चय १३.आठ प्रमाणहरूमध्ये कुनै एकको उल्लेख हुने एक अलङ्कार १४.सबुत १५.सत्यता १६.यथार्थज्ञान प्राप्तिका साधन। शास्त्रअनुसार यसका अलग अलग भेद छन्– नैयायिकको मतमा प्रत्यक्ष, अनुमान, उपमिति र शाब्द प्रमाणसहित थप दुई प्रमाण मानिन्छन्– अनुपलब्धि र अर्थापत्ति। पौराणिक दृष्टिकोणअनुसार उक्त छ प्रमाण तथा सम्भव र ऐतिह्य गरी आठ प्रमाण मानिएका छन्। साङ्ख्य वा योगशास्त्रमा तीन प्रमाण छन्– प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण र आगम प्रमाण।

प्रमाणपत्रम् (नपुं.) [*प्रमाणस्य पत्रम्, ष.त.*] कुनै कुराको प्रमाण स्वरूप दिइएको पत्र वा लेख।

प्रमाणिका (स्त्री.) एक वार्णिक छन्द। यसमा ज त ज र गणको प्रयोग हुन्छ। **प्रमाणिका जतौ जरौ** (छन्दो)।

प्रमाणीकरणम् (नपुं.) [*अप्रमाणं प्रमाणं यथा सम्पद्यते तथा करणम् च्विः, अस्य च्वौ इति ईत्वम्*]. कुनै कुराको सत्यता प्रमाणित गर्ने काम/कसैको विश्वसनीयताको पुष्टि गर्ने काम/सत्यापन।

प्रमातामहः (पुं.) [*मातुः पितरि डामहच् (वा.) ४.२.३६ प्रकृष्टो मातामहः*] मावलपट्टिका जिजु/आमाका बाजे।

प्रमातामही (स्त्री.) [*प्रकृष्या मातामही, प्रादिस.*] आमाकी बज्यै।

प्रमादः (पुं.) [*प्रमादनम्, प्रपूर्वकात् मदी हर्षे इति धातोः, णिचि, भावे ३.३.१८ इति घञ्*] १.अकर्तव्यलाई कर्तव्य र कर्तव्यलाई अकर्तव्य सम्झेर गरिएको काम २.भूल– चुक/भ्रम/भ्रान्ति/मद/उन्माद।

प्रमादवान् (पुं.वि.) [*प्रमादोऽस्यास्तीति, तदस्यास्त्यस्मिन्नस्तीति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] सधैं सावधान नहुने।

प्रमार्जनम् (नपुं.) [*प्रपूर्वकात् मृजु शुद्धौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] राम्ररी धुनु/खुब सफा गर्नु/पुछ्नु/बढार्नु/परिमार्जन गर्नु।

प्रमितिः (स्त्री.) [*प्रमाणम्, डुमिञ् प्रक्षेपणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] यथार्थ ज्ञान (अमर.रा.टी.)।

प्रमीतः (पुं.वि.) [*प्रमीयते स्म, प्रपूर्वकात् मीङ् हिंसायाम् इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.मरेको २.यज्ञमा पर्सिएको **प्रमीतं वाच्यलिङ्गं स्यात्प्रोषितेऽपि मृतेऽपि च** (मेदिनी.)।

प्रमीला (स्त्री.) [*प्रपूर्वकत् मील निमेषणे इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः टाप्*] १.ज्यादा थकावटको कारणबाट शरीरमा पैदा हुने शिथिलता २.आलस्य।

प्रमुखः (पुं.वि.) [*प्रकृष्टं मुखम् उत्कृष्टस्थानं यस्य सः, बहु.स.*] १.प्रधान २.प्रतिष्ठित ३.कुनै काममा नियुक्त भएको मुख्य व्यक्ति। **प्रमुखं प्रथमे मुख्ये** (हैम.)।

प्रमुदितः (पुं.वि.) [*प्रमोदते स्म, मुद हर्षे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] खुसी भएको।

प्रमेदितः (पुं.वि.) [*प्रमेदितुमारब्धः, आदिकर्मणि क्तः, कर्तरि च ३.४.७१ इति क्तः, विभाषा भावादिकर्मणोः ७.२.१७ इति पक्षे इडागमः, निष्ठा शीङ्स्विदिभिदि. १.२.१९ इति सूत्रेण कित्वनिषेधाद् गुणः*] खुबसित बोसो लाग्न सुरु गरेको।

प्रमेयः (पुं.) [*प्रमातुं योग्यः, अचो यत् इति यत्, ईद्यति इति ईत्वम्, गुणः*] साध्य/प्रमाणद्वारा सिद्ध गरिने वस्तु वा पदार्थ।

प्रमेहः (पुं.) आयुर्वेदअनुसार पुरुषको कफ, वात, पित्तको गडबडीले धातु, बोसो, रगत, मासु, मज्जा आदि बिग्रिन गई पिसाबबाट सखर निक्लने रोग। यसका धेरै भेद छन्– उदकप्रमेह, इक्षुप्रमेह, सान्द्रप्रमेह, सुराप्रमेह, पिष्टप्रमेह, शुक्रप्रमेह, सिकताप्रमेह, शीतप्रमेह, शनैःप्रमेह, लालाप्रमेह यी कफप्रमेहका भेद हुन्। क्षारप्रमेह, नीलप्रमेह कालप्रमेह हरिद्रप्रमेह, माञ्जिष्ठप्रमेह, रक्तप्रमेह, यी पित्तप्रमेहका भेद हुन्। बसाप्रमेह, मज्जाप्रमेह, क्षौद्रप्रमेह, हस्तिप्रमेह यी वात प्रमेहका भेद हुन्।

प्रमेही (पुं.वि.) [*प्रमेहोऽस्यास्तीति, इनिः*] प्रमेहको रोगी।

प्रमोदः (पुं.) [*प्रमोदनम्, प्रपूर्वकात् मुद हर्षे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.हर्ष/सुख/आनन्द/चैन २.गन्ध। **आमोदो गन्धहर्षयोः** (विश्व.)। **~करः** (पुं.वि.) [*प्रमोदस्य करः, ष.त.*] मनोरञ्जन कर/नाटक, चलचित्र, प्रदर्शन तथा मनोरञ्जनमा लाग्ने कर। **~गोष्ठी** (स्त्री.) [*प्रमोदाय गोष्ठी, च.त.*] मित्रमण्डलसित सहरको बाहिर गएर कुनै खुला स्थान, उद्यान आदिमा खान–पिन, मनोरञ्जन गरिने आयोजना/पिकनिक। **~वनम्** (नपुं.) [*प्रमोदाय निर्धारितं वनम्, च.त.*] मनोरञ्जन गर्ने बगैँचा/क्रीडा कानन।

प्रयङ्गवीणम् (नपुं.) [*प्रियङ्गूणां भवनं क्षेत्रम्, धान्यानां भवने ५.१.१ इति खञ्, खस्येनः, णत्वम्*] कागुनु पैदा हुने जमिन।

प्रयतः (पुं.) [*प्रयच्छति स्म, प्रपूर्वकात् यम उपरमे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, यद्वा– प्रयतते, यती प्रयत्ने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्*] शुद्ध।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयत्नः (पुं.) [*प्रयतनम्, प्रपूर्वकात् यति प्रयत्ने इति धातोः, नः*] १.प्रयास/कोसिस/उद्योग/चेष्टा। २. वर्णोच्चारणमा केही प्रयास गर्नु पर्ने हुन्छ, त्यसलाई जनाउने शब्द यत्न वा प्रयत्न हुन्। यो दुई प्रकारको हुन्छ– आभ्यन्तर प्रयत्न र बाह्य प्रयत्न। वर्णोच्चारणमा कण्ठदेखि मुखभित्र भएका प्रयत्नलाई आभ्यन्तर प्रयत्न भनिन्छ। यो वर्णोच्चारणभन्दा पूर्वको स्थिति हो। यो केही सूक्ष्म हुन्छ भने त्यसदेखि भिन्न क्षेत्रमा भएका प्रयत्नलाई बाह्य प्रयत्न भन्दछन्। आभ्यन्तर प्रयत्न पाँच प्रकारको हुन्छ १.स्पृष्ट प्रयत्न– यस्ता वर्णको उच्चारणमा जिब्राले उच्चारण स्थानलाई पूरै छोएको हुन्छ। संस्कृत भाषाका कदेखि मसम्मका सबै वर्ण स्पृष्ट प्रयत्न भित्र पर्दछन्। [*कादयो मावसानाः स्पर्शाः, तत्र स्पष्टं प्रयत्नं स्पर्शानाम्*] २.ईषत्स्पृष्ट– यस्ता वर्णको उच्चारणमा जिब्राले उच्चारण स्थानलाई आंशिक रूपमा स्पर्श गरेको हुन्छ। संस्कृतका य र ल व ईषत्स्पष्ट वर्ण हुन्। यिनलाई अन्तस्थ वर्ण भनिन्छ। [*ईषत्स्पृष्टमन्तस्थानाम्*] ३.विवृत– यस्ता वर्णको उच्चारणमा उच्चारणस्थान फैलिएको हुन्छ। संस्कृतका स्वरवर्ण (ह्रस्व अ बाहेक) विवृत प्रयत्नभित्र पर्दछन्। ४.ईषद्विवृत– यस्ता वर्णको उच्चारण गर्दा मुख केही खुलेको हुन्छ। संस्कृत भाषाका श ष स ह वर्ण ईषद्विवृत हुन्। ५.संवृत– यस्ता वर्णको उच्चारणमा मुख सङ्कुचित हुन्छ। संस्कृत भाषाको ह्रस्व अ संवृत प्रयत्न हो। बाह्य प्रयत्न ११ प्रकारका हुन्छन्। यिनलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ– **प्रथमवर्ग**– विवार [*विवारयति मुखम्*] जुन वर्णको उच्चारणमा मुख खुल्छ ती वर्ण विवार हुन्। संवार [*संवारयति मुखम्*] जुन वर्णको उच्चारणमा मुख सङ्कुचित हुन्छ तीवर्ण संवार हुन्। श्वास [*श्वासयति*] जुन वर्णको उच्चारणमा मुखबाट अधिक श्वास चल्छ, ती वर्ण श्वास हुन्। नाद [*नादयति मुखम्*] जुन वर्णको उच्चारणमा अर्को अव्यक्त शब्द भएको प्रतीति हुन्छ, ती वर्ण नाद हुन्। घोष [*घोषयति शब्दतरङ्गम्*] जुन वर्णको उच्चारणमा घन्को पैदा हुन्छ तीवर्ण घोष हुन्। अघोष [*अविद्यमानो घोषो यत्र*] जुन वर्णको उच्चारणमा घन्को पैदा हुँदैन ती वर्ण अघोष हुन्। **द्वितीय वर्ग**– अल्पप्राण [*अल्पाः प्राणा यत्र*] जुन वर्णको उच्चारणमा अपेक्षाकृत थोरै प्राणवायुको उपयोग हुन्छ ती वर्ण अल्पप्राण हुन्। महाप्राण [*महान्तः प्राणा यत्र*] जुन वर्णको उच्चारणमा अपेक्षाकृत धेरै प्राणवायुको उपयोग हुन्छ ती वर्ण महाप्राण हुन्। **तृतीय वर्ग** –उदात्त– तालु आदि स्थानको माथिल्लो भागबाट उच्चारण हुने वर्ण। अनुदात्त– तालु आदि स्थानको तल्लो भागबाट उच्चारण हुने वर्ण। स्वरित– तालु आदि स्थानको तल, माथि दुवै भागबाट उच्चारण हुने वर्ण। तलको तालिकाबाट बाह्य प्रयत्न र संस्कृत वर्णलाई सजिलै बुझ्न सकिन्छ।

विवार, श्वास अघोष	संवार नाद घोष	अल्पप्राण	महाप्राण	उदात्त, अनुदात्त, स्वरित
क,ख,श	ग,घ,ङ, य	क,ग,ङ,य	ख,घ,श	अ,ए
च,छ, ष	ज,झ,ञ,व	च,ज,ञ,व	छ,झ,ष	इ,ओ
ट,ठ, स	ङ,ढ ण, र	ट,ड,ण, र	ठ,ड, स	उ,ऐ
त,थ	द,ध,न, ल	त,द,न, ल	थ,ध, ह	ऋ,औ
प,फ	व,भ,म, ह	प,ब,म	फ,भ	लृ

प्रयस्तम् (नपुं.) [*प्रयस्यते, यसु प्रयत्ने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मसला हालेर राम्रोसित पकाएको वस्तु।

प्रयागः (पुं.) [*प्रयज्यतेऽनेन, प्रपूर्वकाद् यज पूजादौ इति धातोः, अकर्तरि च कारके स.ज्ञायाम् ३.३.१९ इति घञ्*] १.इन्द्र २.यज्ञ ३.घोडा ४.[*प्रयज्यतेऽत्र, अधिकरणे घञ्, यद्वा प्रकृष्टः सर्वयागेभ्यः, प्रादिस.*] तीर्थविशेष। यसका १४ भेद छन्– प्रयागराज, देवप्रयाग, रुद्रप्रयाग, कर्णप्रयाग, नन्दप्रयाग, विष्णुप्रयाग, सूर्यप्रयाग, इन्द्रप्रयाग, सोमप्रयाग, भास्करप्रयाग, हरिप्रयाग, गुप्तप्रयाग, श्यामप्रयाग र केशव प्रयाग। **प्रकृष्टं सर्वयागेभ्यः प्रयाग इति कथ्यते** (स्कन्दपु.)।

प्रयागराजः (पुं.) [*प्रयागानां राजा, ष.त., राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] भारतको उत्तर प्रदेशको गङ्गा, यमुना र गुप्त रहेकी सरस्वती नदीको सङ्गम भएको प्रसिद्ध तीर्थ। यहाँ प्रत्येक १२ वर्षमा कुम्भको मेला लाग्छ। छैटौं वर्षमा अर्धकुम्भको मेला लाग्छ। मेला माघ महीनामा पर्छ। प्रयागराजलाई सप्तपुरीको पति मानिन्छ। तीन नदी भएकाले त्रिवेणी भनिन्छ। **यत्राऽऽप्लुतान् ब्रह्मपदं नयन्ति स तीर्थराजो जयति प्रयागः** (पद्मपु. उ.खं.)।

प्रयाणम् (नपुं.) [*प्रकृष्टं यानम्, प्रादिस.*] १.यस लोकबाट बिदा हुनु/मर्नु २.एक ठाउँबाट अर्को ठाउँमा जानु/प्रस्थान/यात्रा।

प्रयामः (पुं.) [*प्रयमणम्, प्र उपसर्गकाद् यम उपरमे इति धातोः, भावे ३.३.१८ इति घञ्*] अतिशय आदर गर्नु।

प्रयासः (पुं.) [*प्रपूर्वकाद् यसधातोर्भावे घञ्*] १.प्रयत्न २.परिश्रम/व्यायाम। **प्रयासायासव्यायामाः** (अभि.चि.२.२३४)।

प्रयुञ्जानः (पुं.वि.) [*प्रयुङ्क्ते इति प्रपूर्वकात् युजिर् योगे इति धातोः, प्रोपाभ्यां युजेरयज्ञपात्रेषु इति आत्मनेपदम्, लटः शानच् ३.१२४, रुधादितया श्नम्, अलोपः*] प्रयोग गरिरहेको।

प्रयुक्तः (पुं.वि.) [*प्रयुज्यते स्म, प्रपूर्वकाद् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रयोग गरिएको/उपयोगमा ल्याइएको २.जोतिएको/नारिएको।

प्रयोगार्थः (पुं.वि.) [*प्रयोगाय अयम्, अर्थेन नित्यसमासो विशेष्यलिङ्गता चेति वक्तव्यम् इति समासः, विशेष्यलिङ्गता च*] प्रयोगका निमित्त।

प्रयोक्ता (पुं.वि.) [*प्रयुनक्ति, प्रपूर्वकाद् युजिर् योगे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] प्रयोग गर्ने/उपयोग गर्ने/कुनै काममा लगाउने/प्रेरक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोगः (पुं.) [*प्रयोजनम्, प्रपूर्वकाद् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.व्यवहार/कुनै वस्तु काममा लगाउनु २.पद वा वाक्यलाई बोलीचाली वा लिखतमा ल्याउनु । **शब्दाः प्रयोगेषु गवेषणीयाः** (हला.४.६९४) **~पत्रम्** (नपुं.) [*प्रयोगस्य पत्रम्, ष.त.*] यात्राका लागि रेलको डब्बा, मोटर, बस आदिको केही समयसम्म प्रयोग गर्ने अधिकार प्रदान गर्ने पत्र । यसमा प्रायः गन्तव्य स्थानको नाम, मिति, भाडा लेखिएको हुन्छ। **~पत्रकार्यालयः** (पुं.) [*प्रयोगपत्रस्य कार्यालयः, ष.त.*] टिकट घर, रेलगाडी, मोटर, बस आदिमा यात्रा गर्नलाई प्रयोगपत्र टिकट बेच्ने कार्यालय। **~शाला** (स्त्री.) [*प्रयोगस्य शाला, ष.त.*] कुनै पदार्थ प्रयोग गरेर जाँच्ने ठाउँ/पदार्थ विज्ञान, रसायन शास्त्र आदि विषयका तथ्यलाई सम्झन, जान्न वा नयाँ कुरा पत्ता लगाउन विभिन्न उपकरणहरू समावेश गरी बनाइएको स्थान।

प्रयोजकः (पुं.वि.) [*प्रयोजयति, प्रपूर्वकाद् युजिर् योगे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] काममा लगाउने/प्रेरक/प्रयोग गर्ने।

प्रयोजनम् (नपुं.) [*प्रपूर्वकाद् युजिर् योगे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आवश्यकता/उद्देश्य/अर्थ/मतलब/हेतु ।

प्रयोजनमनुद्दिश्य कृतं श्रेयः परेण यत्।
विस्मरेत्तन्न सुकृती कृमिघ्नो विस्मरन् भवेत्॥ (सुभा.)

प्रयोजनवती लक्षणा (स्त्री.) [*प्रयोजनवती लक्षणा*] लक्षणाको एक भेद अर्थात् लक्षणाका लागि मुख्यार्थबाध, मुख्यार्थसँग लक्ष्यार्थको कुनै न कुनै सम्बन्ध र रूढि अथवा प्रयोजनको आवश्यकता पर्दछ। प्रयोजन प्रायः प्रतीयमान हुन्छ।

प्ररूढयौवना (स्त्री.) [*प्ररूढं यौवनं यस्याः सा, बहु.स.*] उमेर चढेकी नायिका।

प्रायिकः (पुं.वि.) [*प्रायेण भवति, ठक्, ठस्येकः*] धेरैजसो ।

प्रायेण (अव्य.) प्रायः/धेरैजसो ।

प्रायोज्यः (पुं.वि.) [*प्रयोजनमर्हः,प्र आपूर्वकात् युजधातोर्णिचि यत्*] प्रयोग गर्नुपर्ने वा प्रयोग गरिने ।

प्रायोपवेशः (पुं.) [*प्रायेण मृत्युनिमित्तकानशनेन उपवेशः स्थितिः*] मर्नका लागि भोकै बस्ने काम ।

प्रायोपवेशो राजर्षिर्विप्रशापात् परीक्षितः (भाग.१२ स्कन्ध) ।

प्रायोपविष्टः (पुं.वि.) [*प्रायेण मरणार्थमनशनेन उपविष्टः*] मर्नका लागि नखाई बसेको ।

प्रायोपविष्टं गङ्गायां परीतं परमर्षिभिः (भाग.) ।

प्रारब्धः (पुं.वि.) [*प्र, आङ्पूर्वकाद् रभ्धातोः क्तः*] आरम्भ गरिएको ।

प्रारब्धम् (नपुं.) [*प्रकृष्टमारब्धं स्वकार्यजननाय*] १.अदृष्टविशेष २.भाग्य ३.पूर्वजन्म । **प्रारब्धकर्मणां भोगादेव क्षयः** (स्मृति) ।

प्रारम्भः (पुं.) [*प्र, आङ्पूर्वकाद् रभ्धातोः भावे घञ्, मुम् च*] सुरु, थालनी । **प्रारम्भे कर्मणां विप्रः पुण्डरीकं स्मरेद् हरिम्** (स्मृति) ।

प्रारूपकः (पुं.) [*प्रारूपयति, प्र–आङ्पूर्वकाद् रूप धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] प्रारूप वा मस्यौदा तयार गर्ने मानिस ।

प्रारूपकारः (पुं.) [*प्रारूपं करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] प्रारूप वा मस्यौदा तयार गर्ने मानिस ।

प्रार्थनम् (नपुं.) [*प्रकर्षेण अर्थनम्, याचनम्*] प्रार्थना गर्ने काम ।

प्रार्थना (स्त्री.) [*प्रार्थ्यते इति, प्रपूर्वकाद् अर्थ धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.निवेदन/बिन्ती भाउ २.देवताहरूसँग हात जोडेर गरिने अभ्यर्थना ।

~पत्रम् (नपुं.) [*प्रार्थनायाः, पत्रम्, ष.त.*] १.निवेदनपत्र/ दरखास्त २.निमन्त्रणापत्र ।

प्रार्थनीयः (पुं.वि.) [*प्रार्थयितुं योग्यः, अनीयर्प्रत्ययः*] १.निवेदन गरिने २.माग गारने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रार्थयिता (पुं.वि.) [*प्रार्थयते इति, प्रपूर्वकाद् अर्थ उपयाच्ञायामिति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] प्रार्थना गर्ने/निवेदन गर्ने।

प्रार्थितः (पुं.) [*प्रार्थ्यते स्म, अर्थ याच्ञायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रार्थना गरिएको २.मागिएको।

प्रार्थी (पुं.वि.) [*प्रार्थयते तच्छीलः, प्रपूर्वकाद् अर्थ उपयाच्ञायामिति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] प्रार्थना गर्ने/निवेदन गर्ने।

प्रार्थ्यः (पुं.वि.) [*प्रार्थयितुं योग्यः, प्रपूर्वकाद् अर्थ उपयाच्ञायामिति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] प्रार्थना गर्न योग्य/प्रार्थनीय विषय।

प्रालम्बम् (नपुं.) [*प्रालम्बते, लबि अवस्रंसने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] जनै लगाएझैं छड्के पारेर लगाइने माला।

प्रालम्बिका (स्त्री.) [*प्रालम्बते, प्रपूर्वकात् लबि अवस्रंसने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] घाँटीबाट अलि तल लट्काएर लगाउने सुनको गहना/सिक्री।

प्रालेखः (पुं.) [*प्रकृष्ट आलेखः, प्रादिस.*] महत्त्वपूर्ण अभिलेख।

प्रालेयम् (नपुं.) [*प्रकर्षेण लीयन्ते लीना भवन्ति पदार्था अत्रेति, प्रलयो हिमालयस्तत आगतम्, तत आगतः ४.३.७४ इति अण्, केकय ७.३.२ इत्यादिना यादेरियः*] हिउँ/बरफ।

प्रालेयाद्रिः (पुं.) [*प्रालेयस्य अद्रिः, ष.त.*] हिमालय।

प्रावधानम् (नपुं.) [*प्र– अवपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] व्यवस्था/चलन/नियम।

प्रावरणम् (नपुं.) [*प्रावृणोत्यनेन,प्र–आपूर्वकाद् वृधातो करणे ल्युट् अनः*] १.उत्तरीय वस्त्र (राजत.४.६७४) २.[*भावे ल्युट्*] राम्रोसित ढाक्ने काम।

प्रावारः (पुं.) [*प्रव्रियते इति प्रपूर्वकाद् वृञ् वरणे इति धातो वृणोतेराच्छादने ३.३.५४ इति घञ्, उपसर्गस्य घञ्यमनुष्ये बहुलम् ६.३.१२२ इति दीर्घः*] दोपट्टा/पछ्यौरा। **द्वौ प्रावारोत्तरासङ्गौ समौ वृहतिका अपि** (अमर.)।

प्राविधिकः (पुं.वि.) [*प्रविधौ भवः, प्रविधेरयं वा, प्रविधिशब्दात् ठक्, ठस्येकः*] कुनै कला, शिल्प आदिको विशेष कार्यविधि, प्रक्रियासम्बन्धी/वैज्ञानिक आधारमा सञ्चालन हुने कला र शिल्पसम्बन्धी। **~शिक्षा** (स्त्री.) [*प्राविधिकी चासौ शिक्षा च, कर्म.स.*] प्रयोगप्रधान शिक्षा।

प्राविधिज्ञः (पुं.) [*प्रविधिरेव प्राविधि, प्राविधिं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] प्रविधिको ज्ञाता/कुनै कला, शिल्प आदिको विशेष कार्यविधि तथा प्रक्रिया आदिको विज्ञ।

प्रावृट् (पुं.) [प्रवर्षन्ति मेघा यस्यां सा, बाहुलकात् क्विब् वचिप्रच्छिश्रिस्रुद्रुप्रुज्यां दीर्घोऽसंप्रसारणञ्च ६.१.१५ इति दीर्घः, असंप्रसारणञ्च] वर्षा ऋतु।

युक्तमेव कृतं मौनं काले प्रावृषि कोकिलैः।
वक्तारो दर्दुरा यत्र तत्र नष्टं सुभाषितैः॥ (सुभा.)

प्रावृतः (पुं.वि.) [प्राव्रियते स्म, प्र–आपूर्वकाद् वृधातोः क्तः] ढाकिएको।

प्रावृतम् (त्रि.) [प्राव्रियते स्म, प्र–आपूर्वकाद् वृधातोः भावे क्तः] ओड्ने लुगा। **निवीतं प्रावृतं त्रिषु** (अमर.)।

प्रावृषायणी (स्त्री.) [*प्रावृषामेति, अयते वा, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्, कृत्यचः ८.४.२९ इति णत्वम्*] काउछो। **प्रावृषा तु जलार्णवे** (त्रिकाण्ड.)।

प्रावृषिकः (पुं.वि.) [*प्रावृषि जातः, प्रावृषष्ठप् ४.३.२६ इति ठप्, ठस्य इकः*] वर्षामा भएको।

प्रावृषिजः (पुं.वि.) [*प्रावृषि जातः, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः प्रावृट्शरत्कालदिवां जेः ६.३.१५ इति सप्तम्या अलुक्*] वर्षामा पैदा भएको।

प्रावृषेण्यः (पुं.वि.) [*प्रावृषि भवः, प्रावृष एण्यः ४.३.१७ इति एण्यप्रत्ययः*] वर्षामा भएको।

प्रावृष्यः (पु.वि.) [*प्रावृषि भवः, यत्*] वर्षाकालमा भएको २.(नपु.) वैदूर्य मणि।

प्राशितः (पुं.वि.) [*प्र–आपूर्वकाद् अश्धातोः कर्मणि क्तः*] खाइएको

प्राशितम् (नपुं.) १.[*प्रकर्षेण आशितं यत्र तत्, बहु.स.*] पितृयज्ञ २.[*प्रकर्षेण आशितम्, भावे क्तः*] खाने काम।

प्राश्निकः (पुं.वि.) [*प्रश्नाय साधुः, ठक्, इकः*] १.सभ्य (त्रिकाण्ड.) २.प्रश्नकर्ता।

प्रासः (पुं.) [*प्रास्यते इति, प्रपूर्वकात् असु क्षेपणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] भाला।

प्रासङ्गः (पुं.) [*प्रसज्यते इति, षञ्ज सङ्गे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः*] नयाँ घोडालाई तालिम दिँदा काँधमा राखिने काठविशेष।

प्रासङ्गिकः (पुं.वि.) [*प्रसङ्गे भवः, प्रसङ्गस्यायं वा, प्रसङ्गशब्दात् ठक्*] प्रसङ्गसम्बन्धी/प्रसङ्गबाट आएको/प्रसङ्गमा मिल्ने/सान्दर्भिक।

प्रासङ्गिकवस्तु (नपुं.) [*प्रासङ्गिकञ्च तद् वस्तु च, कर्म.स.*] प्रसङ्ग प्राप्त कथानक,सहायक कथानक।

प्रासादः (पुं.) [*प्रसीदन्त्यस्मिन्निति, प्रपूर्वकात् सद्लृ गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, दीर्घः, यद्वा देवानां भूभुजां च गृहम्, प्रसीदति मनोऽत्र, हलश्च ३.३.१२१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति घञ्, सादकरयोः कृत्रिमे दीर्घो भवतीति वचनात् उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः,आङ् वा] १.दरवार/महल/विशाल महल २.देवल।

प्रासिकः (पुं.वि.) [*प्रासः, प्रहरणमस्य, प्रहरणम् ४.४५७ इति ठक्, ठस्य इकः, आदिवृद्धिः*] भाला प्रहार गर्न समर्थ।

प्राह्णः (पुं.) [*प्रथमं च तदहश्च प्राह्णः, राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्, अह्नोऽह्न एतेभ्यः ५.४.८८ इत्यह्नादेशः, अह्नोऽदन्तात् ८.४.७ इति णत्वम्*] दिनको प्रथम भाग।

प्राह्णेतनः (पुं.वि.) [*प्राह्णे भवः सायंचिरंप्राह्णेप्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट् च ४.३.२३ इति ट्युः, तुट् अनादेशः*] पूर्वाह्णमा भएको।

प्राह्णेतराम् (अव्य.) [*द्वयोरतिशयेन प्राह्णे, मुग्धबोधानुसारेण तराम् प्रत्ययः*] अतिशय बिहानै।

प्रियंवदः (पुं.वि.) [*प्रियं वदतीति, प्रियवशे वदः खच् ३.२.३८ इति खच्, मुमागमः ६.३.६७*] १.प्यारो बोल्ने/मिठो बोल्ने। **शवलस्तु प्रियंवदः** (अभि.चि.३.१५) २.(पुं.) गन्धर्वविशेष।

प्रियंवदा (स्त्री.) [*प्रियं वदतीति, प्रियवशे वदः खच् ३.२.३८ इति खच्, मुम् ६.३.६७ टाप् ४.१.४*] १.मिठो बोली बोल्ने स्त्री/मधुर भाषिणी २.प्रत्येक पाउमा न, न, ज, र गण हुने छन्द। **भुवि भवेन्ननजरैः प्रियंवदा** (वृत्तरत्नाकर)।

प्रियः (पुं.वि.) [*प्रीणातीति, प्रीञ् तर्पणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.मन परेको/प्यारो/मन पर्ने/सुन्दर/मनोहर २.(पुं.) पति ३.औषधिविशेष। **प्रियो वृद्ध्यौषधौ हृद्ये धवे** (हैम.) **~चिकीर्षुः** (पुं.) [*प्रियं चिकीर्षतीति, प्रियपूर्वकात् डुकृञ् करणे इति धातोः, सनि सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] खुसी पार्ने/प्यारो गर्ने/प्रसन्न कारक। **~दर्शनः** (पुं.वि.) [*प्रियं दर्शनं यस्य सः, बहु.स.*] धेरै राम्रो देखिने/मनोहर/सुन्दर। **~दर्शी** (पुं.वि.) [*प्रियेण पश्यतीति, दृशिर् प्रेक्षणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सबैलाई स्नेहको दृष्टिले हेर्ने/मनोहर/सुन्दर। **~पात्रम्** (नपुं.) [*प्रियञ्च तत् पात्रञ्च, कर्म.स.*] प्यारो व्यक्ति/मन परेको मानिस।

प्रियकः (पुं.) [*प्रीणातीति, प्रीञ् तर्पणे इति धातोः, क्वुन् शिल्पिसंज्ञयोः (उ.) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.कुंकुम २.छिरबिरे मृग ३.भँमरो ४.कागुनु ५.कदम वृक्ष ६.विजयसाल। **प्रियकः पीतसारके। नीपे चित्रमृगे चालौ प्रियङ्गौ कुङ्कुमेऽपि च** (मेदिनी.)।

प्रियङ्करः (पुं.वि.) [*प्रियं करोति, क्षेमप्रियमद्रेऽण् च ३.२.४४ इति चात् खच्, मुम् ६.३.६७*] खुसी पार्ने/प्यारो गर्ने/प्रसन्न कारक।

प्रियङ्करणः (पुं.वि.) [*अप्रियं प्रियं करोत्यनेन, आढ्यसुभगस्थूलपलितनग्नान्धप्रियेषु च्व्यर्थेष्वचौ कृञः करणे ख्युन् ३.२.५६ इति ख्युन्, युवोरनाकौ ७.१.१ इति अनः, णत्वम्*] प्रीतिदायक/प्रिय बनेको।

प्रियङ्गुः (स्त्री.) [*प्रियं गच्छतीति, गम्लृ गतौ इति धातोः, मितद्र्वादित्वात् (वा.) ३.२.१८० इति डुः*] १.कागुनुको फल २.दहीगुहेँलो। **स्त्री राजिकाकणयोरपि। फलिन्यां कङ्गुसस्ये च** (मेदिनी.)। यो तीन प्रकारको हुन्छ। नेपालमा पाइने प्रियङ्गुलाई गुहेँलो वा दहीगुहेँलो भन्दछन्। नेपाललगायत यो देहरादून, बङ्गाल, विहार आदि देशका विभिन्न क्षेत्रमा पाइन्छ। यो बलकारक तथा कफफित्तनाशक मानिन्छ। दोस्रो किसिमको प्रियङ्गु बिलोचिस्तानमा पाइन्छ। यसका जरा फैलिएका हुन्छन्। आन्द्राको घाउ, क्यान्सर आदिको उपचारका लागि कतिपय औषधिको निर्माणमा यसको उपयोग गरिन्छ। तेस्रो प्रियङ्गु ६००० माथिको उचाइमा सिलोन, कोङ्कण आदि पश्चिमी प्रायद्वीपमा उपलब्ध हुन्छ। ज्वरो, पित्त र सुनिने रोगमा यसको बढी उपयोग हुन्छ।

प्रियजनः (पुं.) [*प्रियश्चासौ जनश्च, कर्म.स.*] १.हितैषी जन २.आफन्त।

प्रियतमः (पुं.वि.) [*अतिशयेन प्रियः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] धेरै प्यारो व्यक्ति/प्रेमी/पति।

प्रियतमा (स्त्री.) [*अतिशयेन प्रिया, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्, तसिलादिष्वाकृत्वसुचः६.३.३५ इति पुंवद्भावः, टाप्*] ज्यादै प्यारी/प्रेमिका/पत्नी।

प्रियतरः (पुं.वि.) [*अयमनयोरतिशयेन प्रियः, तरप्*] अपेक्षाकृत प्यारो,दुई मध्येको बढी प्यारो।

प्रियता (स्त्री.) [*प्रियस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] प्यारोपन।

प्रियदर्शिका (स्त्री.) [*प्रियदर्शिकामधिकृत्य कृता आख्यायिका*] हर्षवर्धनद्वारा रचित चार अङ्कको एक नाटिका।

प्रियभाषणम् (नपुं.) [*प्रियञ्च तद् भाषणञ्च, कर्म.स.*] प्यारो बोली २.[*प्रियेण सह भाषणम्, तृ.त.*] प्रियतमसितको कुराकानी।

प्रियम्भविष्णुः (पुं.वि.) [*अप्रियः, प्रियो भवतीति, भू सत्तायाम्, इति धातोः, कर्तरि भुवः खिष्णुच्खुकञौ ३.२.५७ इति खिष्णुच्*] प्यारो हुने।

प्रियवादी (पुं.वि.) [*प्रियं वदति, तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] प्यारो बोल्ने। **कोऽतिभारः समर्थानां किं दूरं व्यवसायिनाम्। को विदेशः सविद्यानां कः परः प्रियवादिनाम्॥** (सुभा.)

प्रियव्रतः (पुं.) [*प्रियं व्रतं यस्य सः, बहु.स.*] स्वायंभुव मनुका छोरा।

प्रिया (स्त्री.) [*प्रीणातीति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, ततष्टाप् ४.१.४*] १.प्यारी २.पत्नी। **यस्य भार्या गुणज्ञा च भर्तारमनुगामिनी। अल्पाल्पेन तु सन्तुष्य सा प्रिया न प्रिया प्रिया॥** (ग.पु.आचारकाण्ड १०८.२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रियोदितम् (नपुं.) [*प्रियञ्च तदुदितञ्च, कर्म.स.*] १.चाप्लुसी २.मिठो बोली ३.[*प्रियया प्रियेण वा उदितम्*] प्रेमी वा प्रेमिकाको भनाइ वा सन्देश।

प्रीङ् (धा.) [*प्रीतौ, अक. अनिट् आत्म.*] प्रेम गर्नु। लट्– **प्रीयते–** प्रेम गर्छ। लिट्– **पिप्रिये–** प्रेम गरेछ (अन.)। लुट्– **प्रेता–** प्रेम गर्ने छ (अन.)। लृट्– **प्रेष्यते–** प्रेम गर्ने छ। लोट्– **प्रीयताम्–** प्रेम गरोस्। लङ्– **अप्रीयत–** प्रेम गऱ्यो (अन.)। विधिलिङ्– **प्रीयेत–** प्रेम गर्ला, प्रेम गरोस्। आशीर्लिङ्– **प्रेषीष्ट–** प्रेम गरोस्। लुङ्– **अप्रेष्ट–** प्रेम गऱ्यो। लृङ्– **अप्रेष्यत–** प्रेम गर्ने थियो इत्यादि।

प्रीञ् (धा.) [*तर्पणे कान्तौ च सक.सेट् उभय.*] तृप्त गर्नु, चम्कनु। लट्– **प्रीणयति-ते–**तृप्त गर्छ,चम्कन्छ। लिट्– **प्रीणयाञ्चकार-चक्रे–** तृप्त गरेछ, चम्के छ (अन.)। लुट्– **प्रीणयिता–** तृप्त गर्ने छ, चम्कने छ (अन.)। लृट्– **प्रीणयिष्यति-ते–** तृप्त गर्ने छ, चम्कने छ। लोट्– **प्रीणयतु-ताम्–** तृप्त गरोस्, चम्कोस्। लङ्– **अप्रीणयत्-त–** तृप्त गऱ्यो, चम्क्यो (अन.)। विधिलिङ्– **प्रीणयेत्-त–** तृप्त गर्ला, चम्केला,तृप्त गरोस्, चम्कोस्। आशीर्लिङ्– **प्रीण्यात्-प्रीणयिषीष्ट–** तृप्त गरोस्, चम्कोस्। लुङ्– **अपिप्रिणत्-त–** तृप्त गऱ्यो,चम्क्यो। लृङ्–**अप्रीणयिष्यत्-त–** तृप्त गर्ने थियो, चम्कने थियो। णिचि– **प्रीणयति-ते–** तृप्त गराउँछ चम्काउँछ। कृदन्ते– (धूञ्प्रीञो र्नुग्वक्तव्यः (वा.) ७.३.३७) **प्रीणकः–** तृप्त गर्ने, चम्कने इत्यादि।

प्रीणनम् (नपुं.) [*प्रीञ् तर्पणे इति धातोः, णिचि, नुक् (वा. ७.३.३७ ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.तृप्त पार्नु २.खुसी तुल्याउनु।

प्रीतः (पुं.वि.) [*प्रीयते स्म, प्रीङ् प्रीणने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.प्रसन्न २.तृप्त।

प्रीतिः (स्त्री.) [*प्रीणनमिति, प्रीञ् तर्पणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्रेम/स्नेह/अनुराग/प्यार।

वाग्वादमर्थ सम्बन्धं परोक्षे दारदर्शनम्।
यदीच्छेद् विपुलां प्रीतिं त्रीणि तत्र न कारयेत्॥ (सुभा.)

२.हर्ष ३.स्त्री वा पुरुषविषयक आकर्षण। **प्रीतिर्योगान्तरे प्रेम्णि स्मरपत्नीमुदोः स्त्रियाम्** (मेदिनी.)। **~दत्तम्** (नपुं.) १.[*प्रीत्या दत्तम्, तृ. त.*] प्रेमले दिएको वस्तु।

प्रीत्या दत्तन्तु यत्किञ्चित् श्वश्वा वा श्वसुरेण वा ।
पादवन्दनिकञ्चैव प्रीतिदत्तं तदुच्यते॥

२.[*भावे क्तप्रत्यये*] प्रीतिदान।**~भाजनम्** (नपुं.) [*प्रीत्याः भाजनम्, ष.त.*] प्रेमपात्र/ प्रेममय व्यक्ति/मन परेको मानिस।**~भोजः** (पुं.) [*प्रीत्या भोजः, तृ.त.*] प्रियजनहरू सम्मिलित भएर प्रेमपूर्वक गरिने भोजन। **~भोज्यम्** (नपुं.) [*प्रीत्या भोज्यम्, तृ.त.*] प्रेमले खाइने वस्तु। **~वचनम्** (नपुं.) [*प्रीतिमयं वचनम्,म.प.स.*] मिठो बोली/प्यारो बोली। **~सम्मेलनम्** (नपुं.) [*प्रीत्या सम्मेलनम्*] प्रेममय भेटघाट।

प्रुङ् (धा.) [*गतौ, भ्वा. सक. अनि, आत्म.*] जान,तर्नु। लट्– **प्लवते–** जान्छ, तर्छ इत्यादि।

प्रुड (धा.) [*मर्दने, भ्वा. सक.सेट् पर.*] मर्दन गर्नु, मालिस गर्नु। लट्– **प्रोडति–** मर्दन गर्छ, मालिस गर्छ इत्यादि।

प्रुषु (धा.) [*दाहे, सक.सेट् पर.*] डढाउनु। लट्– **प्रोषति–** डढाउँछ इत्यादि।

प्रुष्टः (पुं.वि.) [*प्रुष्यते स्म, प्रुषु प्लुषु दाहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यस्य ७.२.१५ इति नेट्*] डढेको।

प्रेक्षकः (पुं.वि.) [*प्रेक्षते इति, प्रपूर्वकात् ईक्ष दर्शने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] देख्ने/हेर्ने/दर्शक।

प्रेक्षणम् (नपुं.) १.[*प्रपूर्वकात् ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हेर्नु/देख्नु। २.[*प्रेक्षतेऽनेन, करणे ३.३.११७ इति ल्युट्, अनः*] आँखा।

प्रेक्षणीयः (पुं.वि.) [*प्रेक्षितुं योग्यः, प्रपूर्वकात् ईक्ष दर्शने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] हेर्न योग्य/दर्शनीय।

प्रेक्षा (स्त्री.) [*प्रकर्षेण ईक्ष्यते अनया, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.बुद्धि २.[*प्रकर्षेण ईक्षणम्, भावे अः, टाप्*] हेर्ने काम ३.(*प्रेक्ष्यते इयम्*] नृत्य। **प्रेक्षाधीरीक्षणं नृत्तम्** (हैम.) ४.शोभा ५.शाखा।

प्रेङ्खा (स्त्री.) [*प्रेङ्ख्यते इति, प्रपूर्वकात् इखि गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, टाप् ४.१.४*] १.डोली २.पिङ।

प्रेङ्खितम् (नपुं.) [*प्रेङ्खते स्म, प्रपूर्वकात् इखि गतौ इति धातोः, क्तः*] अलि-अलि हल्लिएको, आन्दोलित।

प्रेङ्खोलनम् (नपुं.) [*प्रेङ्खोल्यतेऽनेन, प्रेङ्खोलधातोः करणे ल्युट्*] १.डोला २.पिङ ३.[*भावे ल्युट्*] हल्लने काम,आन्दोलन।

प्रेङ्खोलितः (पुं.वि.) [*प्रेङ्खोलधातोःकर्तरि क्तः*] काँपेको/ हल्लिएको आन्दोलित (अभि.चि. ६.११६)।

प्रेतः (पुं.वि.) [*प्रकर्षेण इतः, इण् गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.ज्यादै स्वार्थी/दुष्ट मानिस २.मरेको ३.पिशाचको समान एक कल्पित देवयोनिविशेष ४.प्रेत भन्नाले साधारणतया भूत, पिशाच, किचकन्नी आदिलाई सम्झिइन्छ। प्रेतको चुच्चो परेको थुतुनो हुन्छ, झिनो र लामो पेट हुन्छ। कालो रूप, पछाडि फर्केका खुट्टा, नाके स्वरको बोली आदि यसका अन्य विशेषता हुन्छन्। मरेपछि (जीव) मानिसले लिङ्ग शरीर लिन्छ। धर्मशास्त्रअनुसार मानिस मरेपछि उसको नाममा प्रतिदिन एक/एक पिण्डका दरले दश दिनसम्म दश पिण्ड दिएपछि लिङ्गशरीरबाट प्रेत शरीर धारणा गर्छ र श्राद्ध आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्कर्म गरेपछि प्रेत शरीरबाट पितृरूप लिन्छ। शरीर एवं कुटुम्ब छोडेर दक्षिणको बाटो (नरकतिर) जान लागेको र श्राद्ध, दान आदि सत्कर्म नहुनाले अगति परेको जीवलाई प्रेत भनिन्छ। **विहाय गतवान् स्थूलं देहं देहानुबन्धिनम्। याम्यमार्गं समापन्नः प्रेत इत्यभिधीयते॥** (अन्त्यकर्मदीपक) **~कर्म ~कार्यम् ~कृत्यम्** (नपुं.) **~क्रिया** (स्त्री.) मृतकले सद्गति पाओस् भनी गरिने दाहादि संस्कारदेखि सपिण्डीसम्मको श्राद्धादि कर्म/अन्त्येष्टि। **~गृहम्** [*प्रेतानां गृहम्, ष.त.*] मसानघाट। **~घण्ट** [*प्रेतस्य घण्टा, ष.त.*] शवयात्रामा बजाइने घण्टा। **~तर्पणम्** [*प्रेतस्य तर्पणम्, ष.त.*] मरेको दिनदेखि १० दिनसम्म प्रेत शब्द उच्चारण गरेर दिइने जलदान। **~दाहः** [*प्रेतस्य दाहः, ष.त.*] लाश जलाउने काम। **~देहः** [*प्रेतस्य देहः, ष.त.*] मृत्युदेखि सपिण्डीकरणसम्म रहने मृतकको शरीर। **~धूमः** [*प्रेतस्य धूमः, ष.त.*] चिताको धुवाँ। **~नदी** [*प्रेततरणीया नदी, म.प.स.*] वैतरणी नदी। **~पतिः** [*प्रेतानां पतिः, ष.त.*] यमराज। **~पावकः** [*प्रेतानां पावकः, ष.त.*] चिताको आगो। **~पिण्डम्** (नपुं.) [*प्रेताय देयं पिण्डम्, म.प.स.*] मरेको दशदिन सम्म प्रेतलाई दिइने पिण्ड। **~पुरम्** (नपुं.) [*प्रेतानां पुरम्, ष.त.*] यमालय। **~शिला** (स्त्री.) [*प्रेतानां प्रेताय वा शिला*] पिण्डदानका निमित्त गयामा राखिएको ढुङ्गो। **येयं प्रेतशिला ख्याता गयायां सा त्रिधा स्थिता। प्रभासे प्रेतकुण्डे च गयासुरशिरस्यपि॥** (ग.पु. गयामाहात्म्य ८५, ८६ अध्याय) **~शौचम्** [*प्रेतस्य प्रेते सति वा शौचम्*] १.लासलाई नुहाउने काम २.मरेपछि (दाहसंस्कार गरेपछि) आफन्तले गर्ने स्नान। **~श्राद्धम्** [*प्रेतस्य श्राद्धम्, ष.त.*] मरेको वर्षदिनसम्म गरिने श्राद्ध। यसभित्र मुख्यतया सपिण्डी, ऊनमासिक, मासिक, षाण्मासिक र प्रथम वार्षिक श्राद्ध पर्दछन्। **~हारः** [*प्रेतं हरति, कर्मण्यण्*] १.मृतकको शव बोकेर मसानघाटमा लैजाने आफन्त २.मलामी।

प्रेतवाहितः (पुं.वि.) [*प्रेतेन वाहितः, तृ.त.*] भूत चढेको,प्रेतबाट प्रेरित भएर फलाक्दै कम्पन गर्ने। (त्रिकाण्ड.)

प्रेतात्मा (पुं.) [*प्रेत आत्मा यस्य सः, बहु.स.*] दशगात्र, श्राद्ध आदि कर्म नभएको।

प्रेम (नपुं.) [*प्रीञ् तर्पणे इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन्*] अनुराग/प्यार/प्रीति/मन परेको वस्तु सधैं आफ्नो साथमा रहोस् भन्ने मनोवृत्ति। प्रेमलाई चार भागमा बाँड्न सकिन्छ– १.आसक्तिजन्य प्रेम २.कामवासनाजन्य प्रेम ३.श्रद्धाभक्तिजन्य प्रेम ४.वात्सल्य प्रेम। **~कथा** (स्त्री.) [*प्रेम्णः कथा, ष.त.*] प्रेमकहानी। **~गर्विता** (स्त्री.) [*प्रेम्णा गर्विता, तृ.त.*] मेरा पति मलाई ज्यादै प्रेम गर्छन् भनेर घमन्ड गर्ने स्त्री। **~पात्रम्** (नपुं.) [*प्रेम्णः पात्रम्, ष.त.*] प्यारो मानिस/प्रिय व्यक्ति। **~पाशः** [*प्रेम्णः पाशः, ष.त.*] मायाजाल/प्रेमको पासो।

प्रेमा (पुं.) [*प्रीणाति, प्रीञ्, तर्पणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, प्रियस्य भावः, पृथ्वादिभ्य इमनिज् वा ५.१.१२२ इति इमनिच्, प्रियस्थिर ६.४.१५७ इति प्रादेशः*] १.स्नेह २.इन्द्र ३.वायु ४.नर्मवचन।

प्रेमिका (स्त्री.) [*प्रेमिणि इयम्, कः, टाप्, इत्वम्, नलोपः*] प्रेयसी।

प्रेमी (पुं.वि.) [*प्रेमास्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] प्रेम गर्ने व्यक्ति।

प्रेयः [*अयमनयोरतिशयेन प्रियः,ईयसुन्, प्रादेशश्च*] १.अतिशय प्रेम २.अनुग्रह।

प्रेयसी (स्त्री.) [*ईयमनयोरतिशयेन प्रिया, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, प्रियस्थिर ६.४.१५७ इति प्रादेशो निपातः, ङीप्*] प्रेमिका/प्रियतमा/प्रेम गर्ने स्त्री।

प्रेरकः (पुं.वि.) [*प्रेरयति, ण्वुल्तृचौ ३.१.११३ इति ण्वुल्, अकः*] प्रेरणा दिने।

प्रेरणा (स्त्री.) [*प्रेरणम्, प्रपूर्वकाद् ईर गतौ इति धातोः, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.कसैलाई कुनै काममा प्रवृत्त गराउनु/कसैलाई कुनै काम अह्राउनु २.उत्तेजना।

प्रेरितः (पुं.वि.) [*प्रेर्यते स्म, प्रपूर्वकाद् ईर गतौ कम्पने च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] काममा प्रवृत्त गरिएको/प्रेरणा गरिएको।

प्रेषकः (पुं.वि.) [*प्रेषयति, प्रपूर्वकाद् इष धातोःण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पठाउने।

प्रेषणम् (नपुं.) [*प्रेष्यते इति, प्रपूर्वकाद् इष धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] पठाउने काम।

प्रेषितः (पुं.वि.) [*प्रेष्यते स्म, प्रपूर्वकाद् इष धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पठाइएको।

प्रेषितव्यः (पुं.वि.) [*प्रेषयितुं योग्यः, प्रपूर्वकाद् इष धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] पठाउन योग्य/प्रेषित गर्न योग्य।

प्रेषृ (धा.) [*गतौ, भ्वा. सक.सेट् आत्म.*] जानु। लट्– **प्रेषते–** जान्छ इत्यादि।

प्रेष्ठः (पुं.) [*अयमेषामतिशयेन प्रियः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, प्रियस्थिर ६.४.१५७ इति प्रादेशः*] अत्यन्त प्यारो।

प्रेष्ठा (स्त्री.) [*अयमेषामतिशयेन प्रिया, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, प्रियस्थिर ६.४.१५७ इति प्रादेशः*] प्रियतमा, प्रतिव्रता स्त्री।

प्रेष्यः (पुं.वि.) [*प्रेषयितुं योग्यः, प्रपूर्वकाद् इष धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] पठाउन योग्य/पठाउन लायक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रैष्यः (पुं.) [*प्रेष्यते, इष गतौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, प्रादूहो (वा.) ६.१.८९ इति वृद्धिः*] अर्काको घरमा बसेर काम गर्ने मानिस/नोकर।

प्रोक्तः (पुं.वि.) [*प्रोच्यते स्म, प्रपूर्वकाद् वच परिभाषणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भनिएको/उक्त।

प्रोक्षणम् (न.) [*प्रकृष्टमुक्षणम्, प्रपूर्वकाद् उक्ष सेचने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पानी छर्केर चोखो पार्नु, २.उत्तानो हातले पानी छर्कनु, ३.यज्ञमा बलि दिइने पशुमाथि पानी छर्कनु, ४.विवाहको परिच्छन्न नामको रीति। **प्रोक्षणं सेकवधयोः** (हैम.) ५.यज्ञीय पशुको वध। **प्रोक्षणञ्च मखे वधः** (अभि.चि.३.४९४)।

प्रोक्षणी (स्त्री.) [*प्रोक्षतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.प्रोक्षणीपात्र २.चोखो पार्न छर्किने पवित्र जल ३.होम गर्दा पहिरने कुशको औँठी।

प्रोक्षणीपात्रम् (न.) १.यज्ञमा होम गरिने अग्निको उत्तरतिर प्रणीतादेखि अगाडि रहने सिप्लिकाने काठको पात्रविशेष। यो बाह्र अङ्गुल लामो, चार अङ्गुल चौडा, चार अङ्गुल गहिरो, एक अङ्गुलको बिट भएको बाटुलो छाँटको र अगाडितिर कमलको कोपिला जस्तो हुन्छ– यो हरिहरादिको मत हो। अरूको मतमा यो मिहेलको काठको एक बित्ता लामो हाँसको टुँडजस्तो चार अङ्गुल गहिरो हुनुपर्छ २.पूजा गर्दा अर्घ र पाद्यपात्रको बिचमा राखिने पात्र। यसमा पूजा गरेर अर्घोदक हालेर प्रोक्षण गरिन्छ।

प्रोक्षितः (पुं.वि.) [*प्रोक्ष्यते स्म, प्रपूर्वकात् उक्ष सेचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.यज्ञमा मारिएको (पशु)। २.पर्सिएको ३.भिजाइएको। **प्रोक्षितं निहते सिक्ते** (रभस)।

प्रोक्षितम् (नपुं.) [*नपुंसके भावे क्तः*] १.यज्ञमा वलि दिइने पशुलाई पवित्र तुल्याउन पानी छर्कने काम २.श्रौतसंस्कारद्वारा संस्कार गरिएका पशुको अग्निष्टेम आदि यज्ञमा हवन गरेर बाँकी रहेको मासु (मि.टीका)।

प्रोज्ज्वलः (पुं.वि.) [*प्रोज्ज्वलति, प्र– उत्पूर्वकात् ज्वल ज्वलने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] धैरै चम्किलो/अत्यन्त उज्यालो।

प्रोतः (पुं.वि.) १.बनेको। **उतं प्रोते** (अभि.चि.) २.(पुं.) लुगा, कपडा **पटः प्रोतः** (अभि.चि.)।

प्रोत्खातः (पुं.वि.) राम्रोसित खनिएको। उत्खनन गरिएको।

प्रोत्तुङ्गः (पुं.वि.) [*प्रकर्षेण उत्तुङ्गः, प्रादिस.*] अतिशय अग्लो।

प्रोत्फुल्लः (पुं.वि.) [*प्रोत्फुल्लति, प्र– उत्पूर्वकात् फुल्ल विकसने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.राम्ररी फक्रेको/अतिशय फुलेको/अति विकसित २.ज्यादै प्रसन्न।

प्रोत्सारणम् (नपुं.) [*प्रकर्षेण उत्सारणम्*] पूर्णरूपले पन्छाउने काम/हटाउने काम।

प्रोत्सारितः (पुं.वि.) [*प्रकर्षेण उत्सारितः*] पन्छाइएको/हटाइएको।

प्रोत्साहनम् (नपुं.) [*प्र– उत्पूर्वकात् सह मर्षणे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] उत्साह बढाउने काम/उत्तेजना पैदा गर्ने वा हौसला बढाउने कार्य।

प्रोत्साहितः (पुं.वि.) [*प्र– उत्पूर्वकात् सह मर्षणे इति धातोः, णिचि, क्तः*] उत्साह बढाइएको/उत्तेजना पार्ने काम गरिएको वा हौसला बढाइएको।

प्रोत्थितः (पुं.वि.) [*प्र– उत्पूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, क्तः, इत्वम्*] १.राम्ररी उठेको २.राम्रो उन्नति भएको।

प्रोथः (पुं.वि.) [*प्रवते गच्छति यो वा येन सः, प्रुङ गतौ, इति धातोः, तिथपृष्ठगूथयूथप्रोथाः (उ.) १७७ इति थक्, निपातनाद् गुणः*] १.प्रसिद्ध २.भयानक।

प्रोथः (पुं.) [*प्रोथतीति, प्रोथृ पर्याप्तौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः यद्वा प्रवते गच्छति यो वा येन सः, प्रुङ गतौ, इति धातोः, तिथपृष्ठगूथयूथप्रोथाः (उ.) १७७ इति थक्, निपातनाद् गुणः*] १.घोडा, सुँगुर आदिका नाकको अघिल्लो भाग/थुतुनो २.कटीको मांसपिण्ड ३.स्त्रीको गर्भ ४.खाडल ५.शाटक/वस्त्र (त्रिकाण्ड.)।

प्रोथम् (नपुं./पु()) [*प्रोथतीति, प्रोथृ पर्याप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.घोडाको नाक २.(त्रि.) कटीको मांसपिण्ड।

प्रोद्दीप्तः (पुं.वि.) [*प्र–उत्पूर्वकाद् दीपी दीप्तौ इति धातोः क्तः*] १.अत्यन्त बलेको/प्रज्वलित/उज्यालो २.जिउँदो जाग्दो।

प्रोद्धरणम् (नपुं.) [*प्रोद्ध्रियते स्म, प्र– उत्पूर्वकात् धृञ् धरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] कुनै लेख, पुस्तक अदिबाट कुनै अंश उद्धृत गर्ने काम/कुनै ठाउँमा दृष्टान्त दिनका लागि लिएको लेख वा साहित्यिक अंश।

प्रोद्धृतम् (नपुं.) [*प्रोद्धृतं बहिष्कृतं यत्तत्*] अशुद्ध जनै।

प्रोल्लेखनम् (नपुं.) [*प्रकर्षेण उल्लेखनम्*] पुस्तक आदि पढ्दा पछि हेर्न सजिलो होस् भनेर महत्त्वपूर्ण स्थलमा चिनो लगाउनु।

प्रोषितः (पु.वि.) परदेश गएको।

प्रोषितपतिका (स्त्री.) [*प्रोषितः, विदेशं गतः पतिर्यस्याः सा, बहु.स.*] पति परदेश गएकाले आगमनको प्रतीक्षामा तड्पिएर बसेकी नायिका।

प्रोषितभर्तृका (स्त्री.) [*प्रोषितः, विदेशं गतः भर्ता यस्याः सा, बहु.स.*] हे. **प्रोषितपतिका**।

प्रोष्ठपदाः (स्त्री.बहु.) [*प्रोष्ठो गौः, तस्येव पादा यासान्ताः, बहु.स. सुप्रातसुश्व ५.२.१२० इत्यादिना बहुव्रीहावच् पद्भावश्च निपातितः,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फल्गुनीप्रोष्ठपदानाम् १.२.६० इति नक्षत्रात्पाक्षिकं बहुत्वम्] १.पूर्वभाद्रपदा नक्षत्र २.उत्तरभाद्रपदा नक्षत्र।

प्रोष्ठपदी (स्त्री.) [*प्रोष्टपदाभिर्युक्ता पौर्णमासी, नक्षत्रेण युक्तः कालः इत्यण्, स्त्रियां ङीप्*] भदौको पूर्णिमा।

प्रोष्ठी (स्त्री.) [*प्रकृष्ट ओष्ठोऽस्याः, ओत्वोष्ठयोः समासे वा (वा.) ६.१.९४ इति पररूपम्, नासिकोदरौष्ठ ४.१.५५ इति जातेः ४.१.६३ इति वा, ङीष्, द्वयोः इत्यनेन सम्बन्धात् प्रोष्ठः अपि*] पोठी माछा।

प्रौढः (पुं.वि.) [*प्रकर्षेण ऊढः, प्रादिस., यद्वा प्रोह्यते स्म, वह प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, प्रादूहोढोढ्येषैष्येषु (वा.) ६.१.८६ इति वृद्धिः*] १.युवावस्था नाघेको/छत्तिसदेखि पचास वर्षको अवस्था भएको। २.परिपक्व ३.खुबसित बढेको, जागेको वा फुलेको। **प्रौढपुष्पैः कदम्बैः** (मेघ.१.२०) ४.चतुर/चलाख। ५.निपुण (भाग.३.२.९)।

प्रौढशिक्षा (स्त्री.) [*प्रौढानां कृते शिक्षा, म.प.स.*] सोह्र वर्षभन्दा बढी उमेर भएकालाई दिइने प्रारम्भिक शिक्षा।

प्रौढा (स्त्री.) [*प्रकर्षेण ऊढा, प्रादिस.*] १.छत्तिस वर्षदेखि पचपन्न वर्षसम्मकी महिला २.प्रगल्भा नायिका। यसका अनेक भेद छन्– कलहान्तरिता, उत्कण्ठिता, वासकसज्जा, अभिसारिका, प्रवत्स्यत्पतिका आदि।

प्रौढिः (स्त्री.) [*प्रपूर्वकाद् वहधातोः क्तिन्, प्रादूहो इति वृद्धिः, ष्टुत्वादिः*] १.सामर्थ्य २.उत्साह ३.चिन्तनगत गहिराइ ४.परिपक्वता। **यथा यथा च दम्पत्योः प्रौढिं परिचयो ययौ। तयोस्तथा तथा प्रेम नदीभावमिवाययौ॥** (कथास.) ५.काव्यको गुणविशेष।

प्रौष्ठपदः (पुं.) १.[*प्रौष्ठपदाभिर्युक्ता पौर्णमासी प्रौष्ठपदी, सा अस्ति अस्मिन् मासे स मासः, सास्मिन् पौर्णमासीति ४.२.२१ इति अण्*] भदौ महिना। **नभस्यः प्रौष्टभाद्रपरः पदः** (अभि.चि.२.६८)।

प्रौष्ठपदी (स्त्री.) [*प्रौष्ठः गौः, तस्येव पादा ययोस्ते, प्रौष्ठपदे, नक्षत्रविशेषौ प्रौष्ठपदाभ्यां युक्ता पौर्णमासी, नक्षत्रेण युक्तः कालः४.२.३ इत्यण्, ततो ङीप्*] भाद्र महिनाको पूर्णिमा।

प्रौष्ठपदे (स्त्री. द्वि.) [*प्रौष्ठः गौः, तस्या इव पादा ययोस्ते, सुप्रातसुश्वसुदिवशारि– ५.४.१२० इत्यच्प्रत्ययान्तो निपातः पुनर्वसुफल्गुनीविशाखाभाद्रपदानां स्त्रीद्विचनान्तत्वम् (कर्मप्रदीपः)*] पूर्वभाद्रपदा र उत्तरभाद्रपदा नक्षत्र।

प्लक्ष (धा.) [*भक्षणे,भ्वा. उभ. सक.सेट्*] खानु। लट्–**प्लक्षति, प्लक्षते**–खान्छ इत्यादि।

प्लक्षः (पुं.) [*प्रक्षरति, क्षर संचलने इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, कपिलिकादित्वात् (वा. ८.२.१८ लत्वम्, यद्वा– प्लक्ष्यते, भक्ष्यते विहगादिभिरिति, प्लक्ष भक्षणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.काभ्रो। **प्लक्षो जटी पर्कटी स्यात्।** (अमर.) २.द्वीपविशेष ३.पहेँलो फूल फुल्ने पीपल/पारिस पिप्पल ४.ढोका वा घरको ठुलो भ्याल। (वाङ्म.) ५.दारुकका एक पुत्र/विष्णुका एक अवतार (वायुपु.२३.१९६) ६.तीर्थविशेष।

प्लक्षतीर्थः (पुं.) [*प्लक्ष इति तीर्थः, कर्म.स.*] १.कुरुक्षेत्रको एक पवित्र सरोवर २.सरस्वती नदी निस्किएको स्थल।

प्लव (धा.) [*गतौ, भ्वा. आत्म. सक. सेट्*] हिँड्नु। लट्–**प्लवते**–हिँड्छ इत्यादि।

प्लवः (पुं.) १.[*प्लवतीति, गच्छतीति, प्लुङ् गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पोडे जाति २.भ्यागुतो ३.पृथ्वीको तल्लो भाग ४.जलकाग ५.नराम्रो काम गर्ने व्यक्ति ६.काभ्राको वृक्ष ७.पक्षीविशेष ८.गनाउने झार ९.साठी संवत्सरमध्ये एक संवत्सर १०.सानो ढुङ्गा ११.मोथे १२.गन्धक १३.शब्द १४.बाँदर १५.कन्याराशि १६.मेघ १७.हाँस, सारस, बकुल्ला, कन्याङकुरुङ तथा गिद्धजातिका पानीमा रहने चरा। नदीमुख, रजहाँस तथा वकुल्ला जातिका चराहरू (भा.प्र.नि.) २.[*प्लवनम्, प्लु गतौ इति धातोः ऋदोरप् ३.३.५७ इत्यप्*] १.स्नान २.डुबान ३.डुबुल्की मार्ने काम ४.पानीमा उत्रने क्रिया।

प्लवकः (पुं.) [*प्लवते इव, प्लु गतौ इति धातोः पचाद्यच्, ततः स्वार्थे कन्*] १.भ्यागुतो २.डोरीमा नाच्ने नटुवा ३.तरवारको धारमा नाच्ने नटुवा ४.बाँदर ५.चाण्डाल ६.(पुं.वि.) उफ्रने ७.पौडी खेल्ने।

प्लवगः (पुं.) [*प्लवेन गच्छति, प्लुङ् गतौ इति धातोः, अन्येष्वपि दृश्यते (वा.) ३.३.४८ इति डः*] १.बाँदर २.भ्यागुतो ३.सूर्यको सारथि ४.मृग ५.वृक्षविशेष ६.पानीको चरो। ७.(पुं.वि.) उफ्रेर हिँड्ने।

प्लवङ्गः (पुं.) [*प्लवनम्, प्लुङ् गतौ इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, प्लवेन गच्छति, गमश्च ३.२.४ इति खच्, खच्च डिद्वा वाच्यः (वा.) ३.२.३८ इति डित्वम्, टिलोपः, मुम् ६.३.६७*] १.बाँदर २.भ्यागुतो ३.मृग ४.एकचालिसौँ संवत्सर ५.वृक्षविशेष। (मेदिनी.) ६.(पुं.वि.) उफ्रेर हिँड्ने।

प्लवङ्गमः (पुं.) [*प्लवेन (प्लुत्या) गच्छतीति, गमश्च ३.२.४७ इति खच्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्*] १.बाँदर। **एष्यन्ति प्रेषितास्तत्र रामदूताः प्लवङ्गमाः** (रामा.४.६२.११) २.भ्यागुतो ३.छन्दविशेष। ४.(पुं.वि.) उफ्रेर हिँड्ने।

प्लवनम् (नपुं.) [*प्लु गतौ इति धातोर्भावे ल्युट् अनः*] डुब्नु, स्नान गर्नु, पौडनु, बाढी आउनु, जलमग्न हुनु।

प्लविकः (पुं.) [*प्लवेन चरति, ठन्, अकः*] घट्वारे। डुङ्गा चलाएर मानिसलाई नदी वारपार गराई जीविका चलाउने व्यक्ति।

प्लाक्षम् (नपुं.) १.[*प्लक्षानां फलम्, प्लक्षादिभ्योऽण् ४.३.१६४ इत्यण्, वृद्धिः अण्विधानसामर्थ्यात् फले न लुक्*] काभ्राको फल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.(वि.) [*प्लक्षस्य विकारः, प्लक्षस्य समूहः, प्लक्षस्येदमित्यादि*] काभ्रोसम्बन्धी

प्लावः (पुं.) [*प्लावनम्, प्लुधातोर्णिचि भावे घञ्*] हे. **प्लावनम्**।

प्लावनम् (नपुं.) [*प्लु गतौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.पौडने काम/पौडी २.उफ्रनु ३.कुद्नु ४.स्नान/मज्जन ५.डुबान, जलमग्नता ६.प्रलय।

प्लावितः (पुं.वि.) [*प्लुधातोः णिचि निष्ठायां क्तः*] १.डुवानमा परेको, डुबाइएको। **पुरी सा वासुदेवस्य प्लावितोदधिना ततः।** (देवीभा. ८.१०) २.पानीमाथि उत्रेको २.ढाकेको।

प्लिह (धा.) [*गतौ भ्वा. सक.सेट् आत्म.*] जानु। लट्– **प्लेहते–** जान्छ। लिट्– **पिप्लेहे–** गएछ (अन.) इत्यादि।

प्लीहा (पुं.) [*प्लिह्यते प्राप्यतेऽन्तरिति, प्लिह गतौ, इति धातोः, श्वुक्षन्पूषन्प्लीहन्क्लेदन् (उ.)* १.पेटेको रोग २.फियो/हृदयको बायाँ भागमा रहेको मांसपिण्डविशेष।

प्लुङ् (धा.) [*गतौ, भ्वा. सकः अनि, आत्म.*] उफ्रिएर हिँड्नु। लट्– **प्लवते–** उफ्रिएर हिँड्छ इत्यादि।

प्लुतः (पुं.वि.) [*प्लूयते स्म, प्लु गतौ इति धातोः इति क्तः*] १.उफ्रिएको २.भिजेको/डुबेको/जलाम्मे भएको ४.[*प्लुतं प्लुतवद् गतिरस्यास्तीति अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] तीन मात्रा भएको स्वर। (छन्दो.) प्रायः टाढाबाट बोलाउँदा, गाउँदा, रुँदा प्लुतमात्राको प्रयोग हुन्छ।

प्लुतस्वरः (पुं.) [*प्लुतश्चासौ स्वरश्च, कर्म.स.*] उच्चारण गर्दा दीर्घ स्वरभन्दा धेरै समय लाग्ने स्वर।

प्लुतम् (नपुं.) [*प्लुधातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.घोडाको एक किसिमको हिँडाइ २.पक्षीको गतिविशेष।

~गतिः १.[*प्लुता चासौ गतिश्च, कर्म.स.*] उफ्रनु २.[*प्लुता गतिर्यस्य सः, बहु.स.*] बाँदर ३.खरायो।

प्लुष (धा.) [*स्नेहनसेवनपूरणेषु, क्र्या. सक.सेट् पर.*] माया गर्नु, सेवा गर्नु, पूर्ण गर्नु। लट्– **प्लुष्णाति–** माया गर्छ, सेवा गर्छ, पूर्ण गर्छ, छर्कन्छ, हिलो पार्छ, लेप लगाउँछ इत्यादि।

प्लुष (धा.) [*दाहे, दिवा. सक.सेट् पर.*] डढ्नु। लट्– **प्लुष्यति–** डढ्छ। लिट्– **पुप्लोष–** डढेछ (अन.) इत्यादि।

प्लुषु (धा.) [*दाहे, भ्वा. सक.सेट् पर.*] जल्नु। लट्– **प्लोषति–** जल्छ इत्यादि।

प्लुष्टः (पुं.) [*प्लुष्यते स्म, प्लुषु दाहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यस्य विभाषा ७.२.१५ इति इण्निषेधः*] डढेको।

प्लोषः (पुं.) [*प्लोषणम्, प्लुष दाहे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.डढ्ने काम २.चालिस प्रकारका पित्तका विकारमध्ये एक। (चरक, सूत्रस्थान, अ.२०) ३.भित्र छट्पटी हुनु।

प्लोषणम् (नपुं.) [*प्लुष दाहे इति धातोः ल्युट् चेति ल्युट्*] १.डढाउनु, सेक्नु २.(वि.) [*प्लुष्यतेऽनेन, करणे ल्युट् अनः*] डढाउने।

प्सा (धा.) [*भक्षणे, अदा. सक. अनि. पर.*] खानु, भोकाउनु। लट्– **प्साति–** खान्छ, भोकाउँछ इत्यादि।

प्सा (स्त्री.) [*प्सा भक्षणे इति धातोः क्विप्*] १.बुभुक्षा/खाने इच्छा/भोक। २.खाने काम।

प्सातः (पुं.वि.) [*प्सायते स्म, प्सा भक्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.खाएको। २.भोकाएको।

प्सानम् (नपुं.) [*प्सायते प्साधातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.खानु (हेमचन्द्र) २.[*कर्मणि ल्युट्*] भोजन, खाद्यपदार्थ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फ

फ- १.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको बाइसौँ वर्ण। ओष्ठस्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा विवार श्वास अघोष, महाप्राण प्रयत्न। पवर्ग (प, फ, ब, भ, म) को दोस्रो वर्ण। **खरो विवाराः श्वासा अघोषाश्च, वर्गाणां द्वितीयचतुर्थौ शलश्च महाप्राणाः** (सि.कौ.) २.लेख्यरूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

फ : (पुं.) [*फक्क नीचैर्गतौ इति धातोर्डः*] १.स्थान २.हाइ गर्नु ३.फलप्राप्ति ४.संज्ञाविशेष। ५.आँधीबेहरी/हावा सहितको वर्षा ६.उन्नति ७.रहस्यमय अनुष्ठान ८.यज्ञको साधन। **फो यज्ञसाधनं स्फानं भञ्झावाते च पुंस्ययम्** (वाङ्म.)।

फः (पुं.वि.) [*फक्कति, नीचैर्गच्छति, वृद्धिं गच्छति, पूर्ववत्*] १.विस्तार हिँड्ने २.बढ्ने ३.खराब आचरण गर्ने ४.निरर्थक भाषण गर्ने।

फकारः (पुं.) [*फ इति निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] फवर्ण/पवर्गको दोस्रो वर्ण।

फक्क (धा.) [*नीचैर्गतौ, नीचगतिः मन्दगमनञ्च, भ्वा. अक. सेट् पर.*] विस्तार-विस्तार हिँड्नु, खराब आचरण गर्नु। बढ्नु, फुल उठ्नु। लट्– **फक्कति–** विस्तारै हिँड्छ, खराब आचरण गर्छ, बढ्छ, फुल उठ्छ। लिट्– **पफक्क–** विस्तारै हिँडेछ, खराब आचरण गरेछ, बढेछ, फुल उठेछ (अन.)। लुट्– **फक्किता–** विस्तारै हिँड्ने छ, खराब आचरण गर्ने छ, बढ्ने छ, फुल उठ्ने छ (अन.)। लृट्– **फक्किष्यति–** विस्तारै हिँड्ने छ, खराब आचरण गर्ने छ, बढ्ने छ, फुल उठ्ने छ। लोट्– **फक्कतु–** विस्तारै हिँडोस्, खराब आचरण गरोस्, बढोस्, फुल उठोस्। लङ्– **अफक्कत्–** विस्तारै हिँड्यो, खराब आचरण गर्‍यो, बढ्यो, फुल उठ्यो (अन.)। विधिलिङ्– **फक्केत्–** विस्तारै हिँड्ला, खराब आचरण गर्ला, बढ्ला, फुल उठ्ला, विस्तारै हिँडोस्, खराब आचरण गरोस्, बढोस्, फुल उठोस्। आशीर्लिङ्– **फक्क्यात्–** विस्तारै हिँडोस्, खराब आचरण गरोस्, बढोस्, फुल उठोस्। लुङ्– **अफक्कीत्–** विस्तारै हिँड्यो, खराब आचरण गर्‍यो, बढ्यो फुल उठ्यो। लृङ्– **अफक्किष्यत्–** विस्तारै हिँड्ने थियो, खराब आचरण गर्ने थियो, बढ्ने थियो, फुल फुल्ने थियो इत्यादि।

फक्ककः (पुं.वि.) [*पक्कति, ण्वुल्, अकः*] १.निरर्थक बोल्ने/बकबक गर्ने २.नराम्रो आचरण गर्ने ३.बढ्ने। **अथ फक्कितरि प्रोक्त : फक्ककश्चाभिधेयवत्** (वाङ्म.)।

फक्किका (स्त्री.) [*फक्कनम्, धात्वर्थनिर्देशे ण्वुल्वक्तव्यः (वा.) ३.३.१०८ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्, प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः ७.३.४४ इति इत्वम्*] १.शास्त्रमा वर्णित विषयको कुनै पक्ष अस्पष्ट वा सन्दिग्ध भएमा त्यसको समाधान खोज्न उठाइने पूर्वपक्ष/शास्त्रार्थमा दुरुहस्थललाई स्पष्ट गर्न उठाइने पूर्वपक्ष (शब्दार्थकौस्तुभ)। २.दुरुह ग्रन्थ ३.शङ्का र (पूर्वपक्ष र समाधान उत्तरपक्ष भएको कठिन ग्रन्थी (कुलचन्द्र गौतम) ४.[*पक्क्यते सतताध्ययन चिन्तनादिभिर्ज्ञायते ननु, नच इत्यादिपद्धत्या दुरुहार्थोऽनया, बाहुलकात करणे ण्वुल्*] शास्त्रको दुरुह अर्थ निकाल्ने पद्धति विशेष।

परिखावलयच्छलेन या
न परेषां ग्रहणस्य गोचरः।
फणिभाषितभाष्यफक्किका
विषमा कुण्डलनामवापिता॥ (नैष २.९५)

५.तल्लो खालको व्यवहार ६.काँक्रो, फर्सी, कुभिण्डो आदिको लामो चिरा ७.पक्षपात ८.फाँकी।

फट्(अव्य.) [*अनुकरणशब्द*] १.एक तान्त्रिक शब्द/अङ्गन्यासमा प्रयोग हुने एक बीज। यसलाई अस्त्रमन्त्र पनि भनिन्छ। अनिष्टदाहक तेज। जस्तै- हुं फट् स्वहा। **अनिष्टस्य फट्शब्देन दाहकं तेज इष्यते।** २.उच्चाटन, विद्वेष आदि पैदा गर्न मन्त्रको पछाडि लाग्ने (पुच्छ) बीज। **उच्चाटने च विद्वेषे तथाऽऽधिविकृतौ च फट्।**

फटः (पुं.) [*फटतीति, फट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् यद्वा स्फुट विकसने इति धातोः पचाद्यचि पृषोदरादित्वात् साधुः*] १.सर्पको फणा। **फणः फटः फणा प्रोक्ता** (हला.) २.(पुं.वि.) फटाहा/बदमास/कितव (हेमचन्द्र)।

फटा (स्त्री.) [*फटतीति, फट गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.सर्पको फणा।

निर्विषेणापि सर्पेण कर्तव्या महती फटा।
विषं भवतु मा वास्तु फटाटोपो भयङ्करः॥ (प.त.)

२.सर्पको दाँत। **फटा तु स्त्री फणेऽपि स्यात्तथा दन्तेऽपि भोगिनाम्** (वाङ्म.)।

फण (धा.) [*गतौ, सक.सेट् पर.*] जानु, तेजोवध गर्नु, यता उति घुम्नु। लट्– **फणति–** जान्छ, तेजोवध गर्छ, यताउति घुम्छ। लिट्– **पफाण–** गएछ, तेजोवध गरेछ यताउति घुमेछ (अन.)। लुट्– **फणिता–**जाने छ, तेजोवध गर्ने छ यताउति घुम्ने छ (अन.)। लृट्– **फणिष्यति–** जाने छ, तेजोवध गर्ने छ, यताउति घुम्ने छ। लोट्– **फणतु–** जाओस्, तेजोवध गरोस् यताउति घुमोस्। लङ्– **अफणत्–** गयो, तेजोवध गर्‍यो, यताउति घुम्यो (अन.)। विधिलिङ्– **फणेत्–** जाला, तेजोवध गर्ला, यताउति घुम्ला, जाओस्, तेजोवध गरोस्, यताउति घुमोस्। आशीर्लिङ्– **फण्यात्–** जाओस्, तेजोवध गरोस्, यताउति घुमोस्। लुङ्– **अफाणीत्–** गयो, तेजोवध गर्‍यो, यताउति घुम्यो। लृङ्– **अफणिष्यत्–** जाने थियो, तेजोवध गर्ने थियो, यताउति घुम्ने थियो इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फणः (पुं.) [*फणति विस्तारं गच्छति, फण गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सर्पको फणा । **परिवादं ब्रुवाणे हि दुरात्मा वै महाजने। प्रकाशयति दोषांस्तु सर्पः फणमिवोच्छ्रितम्॥** (म.भा.) २.कांधमाथिको मर्मस्थल। **~ करः** [*फण एव करो हस्तो यस्य सः, बहु.स.*] सर्प ।**~धरः** (पुं.) [*धरति, पचाद्यच्, फणस्य धरः ष.त.*] १सर्प २.शिव ।**~भृत्** (पुं.) [*फणं बिभर्ति, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] १.सर्पविशेष/गोमन सांप २.शेषनाग।

फणसः (पुं.) कटहर। **पनसः कण्टकिफलः पणसश्चम्पकालुकः।** (अमर.४) ।

फणा (स्त्री.) [*फणति प्रसारसङ्कोचं गच्छतीति, फण गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] सर्पले फिँजाएर छत्राकार पारिएको टाउको।

(फणा)

ज्वलति चलितेन्धनोऽग्निर्विप्रकृतः पन्नगः फणां कुरुते। तेजस्वी संक्षोभात् प्रायः प्रतिपद्यते तेजः॥ (अभि.शाकु.)

फणिचक्रम् (नपुं.) [*फण्याकारं चक्रम्, म.प.स.*] विवाह आदिमा शुभ अशुभ हेर्ने सर्पाकार नक्षत्रघटित चक्र। **अश्विन्यादि लिखेच्चक्रं सर्पाकारं त्रिनाडीकम्** (ज्योतिषतत्त्व)।

फणिज्जकः (पुं.) [*फणी जातोऽस्मात्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] मरुवक वृक्ष।

फणितः (पुं.वि.) १.[*फणति स्म, विस्तारं गच्छति स्म, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] फैलेको २.[*फणा सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३४ इति इतच्*] फणा उठाएको।

फणिपतिः (पुं.) [*फणिनां पतिः, ष.त.*] १.नागहरूका स्वामी २.शेषनाग ३.अनन्त ४.वासुकि ५.महाभाष्यकार पतञ्जलि।

फणिप्रियः (पुं.) [*फणिनां प्रियः, ष.त.*] वायु।

फणिफेनः (नपुं.) [*फणिनां फेन इव*] अफिम।

फणिफेनकम् (नपुं.) [*फणिफेन एव, स्वार्थे कन्*] अफिम। **आफुकमाफूकं चाहिफेनकं फणिफेनकम्** (अमर.४)।

फणिभाष्यम् (नपुं.) [*फणिना पतञ्जलिना कृतं भाष्यम्, म.प.स.*] पाणिनिका सूत्रको व्याख्या भएको पातञ्जल महाभाष्य।

फणिभुक् (पुं.) [*फणिनो भुङ्क्ते, भुजधातोः क्विप्*] १.गरुड २.मयूर ३.न्याउरी मुसो।

फणिमण्डलम् (नपुं.) १.[*फणिनां मण्डलम्, ष.त.*] सर्पको समूह २.[*फणिनः मण्डलम्*] सर्पको मण्डलाकार।

फणिवल्ली (स्त्री.) [*फणीव दीर्घा वल्ली, म.प.स.*] नागवेली लहरो।

फणी (पुं.वि.) [*फणोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.फणाधारी सर्प २.[*शेषावतारतया*] पतञ्जलि। **फणिभाषितभाष्य फक्किका** (नैषध.) ३.राहु।

फणीन्द्रः (पुं.) [*फणिनामिन्द्रः, ष.त.*] ठुलो सर्प/शेषनाग।

फणीश्वरः (पुं.) [*फणिनामीश्वरः, ष.त.*] हे. **फणिपतिः**।

फम् (नपुं.) [*फक्क नीचैर्गतौ इति धातोर्डः*] १.रुखो बोली २.फुत्कार ३.निरर्थक भाषण। **फं रुक्षोक्तौ च फुत्कारे तथा निष्फलभाषणे** (वाङ्म.)।

फर्परीकः (पुं.) [*स्फुरधातोः ईकन्, धातोः फर्फरादेशः*] हत्केलो। **~कम्** (नपुं.) ताजा टुसा वा आँकुरा **~ का** (स्त्री.) जुत्ताविशेष।

फल (धा.) [*निष्पत्तौ, अक.सेट्, पर.*] फल्नु, सफल हुनु। लट्– **फलति–** फल्छ, सफल हुन्छ। लिट्– **पफाल–** फलेछ, सफल भएछ (अन.) इत्यादि। **फलितः**–फलेको, सिद्ध भएको। **फलितव्यम् फलनीयम्–** फल्नु पर्ने, सिद्ध हुनुपर्ने। **फलनम्–** फल्ने काम, सिद्ध हुने काम। **फलित्वा, संफल्य–** फलेर, सफल भएर इत्यादि।

फलकः (पुं./नपुं.) [*फलति विस्तृतो भवति ञिफला विशरणे इति धातोः, फल निष्पत्तौ इति धातोर्वा, कृञादिभ्यो संज्ञायां वुन् (उ.) ७२३ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.काठको फल्याक। **पाण्डुलेख्येन फलके भूमौ वा प्रथमं लिखेत्** (व्यवहारतत्त्व) २.फिलो ३.नितम्बः ४.कागत आदिको पत्र वा ताउ ५.लडाइँमा प्रयोग गरिने ढाल ६.हाडको कुड्को/अस्थिखण्ड।

शार्ङ्गं बाणं कृपाणं फलकमरिगदे पद्मशङ्खौ सहस्रं विभ्राणाः शस्त्रजालं मम ददतु हरेर्बाहवो मोहहानिम्। (स्तोत्रावलि) ६.हत्केलो ७.निधारको हड्डी। **भृकुटीकुटिलात्तस्या ललाटफलकाद् द्रुतम्** (सप्तशती)।

फलकपाणिः (पुं.) [*फलकं पाणावस्य*] ढाल हातमा लिने व्यक्ति। **चर्मी फलकपाणिः स्यात्** (अमर.)।

फलकम् (नपुं.) [*फलमेव, संज्ञायां कन्*] १.ढाल २.नागकेशर ३.फलेक ४.धोबीले लुगा धुँदा प्रयोग गर्ने फल्याक। **शाल्मले फलके श्लक्ष्णे निज्याद् वासांसि नेजकः।** (मिताक्षरा) **कालः काल्या भुवनफलके क्रीडति प्राणिसारैः** (नीतिशतक) ५.पत्र,पृष्ठ ६.नितम्ब ७.हत्केलो।

फलकयन्त्रम् (नपुं.) [*फलकाकारं यन्त्रम्, म.प.स.*] भास्कराचार्य–द्वारा निर्मित ज्योतिषको अध्ययन गर्ने एक उपकरण।

फलकामः (पुं.वि.) [*फलं कामयते, कर्मण्यण्*] फलको इच्छा राख्ने।

फलगुच्छम् (नपुं.) [*फलानां गुच्छम्, ष.त.*] जामुनु, फणिर आदि फलको गुच्छा।

फलग्राही (पुं.वि.) [*फलं गृह्णाति, णिनिः*] १.फल लाग्ने २.फल लिने।

फलत्रिकम् (नपुं.) [*फलानां त्रिकम्, ष.त.*] हर्रो, बर्रो र अमलाको समूह। **त्रिफला तु फलत्रिके** (उणा.)।

फलदः (पुं.वि.) [*फलं ददाति, दा दाने इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.फल दिने २.लाभदायी। **गतेऽपि वयसि ग्राह्या विद्या सर्वात्मना बुधैः। यद्यपि स्यान्न फलदा सुलभा सान्यजन्मनि॥** (सुभा.)

फलदायी (पुं.वि.) [*पलं ददाति तच्छीलः,णिनिः*] १.फल दिने २.उपलब्धि हुने।

फलनम् (नपुं.) [*फल निष्पत्तौ इति धातोर्भावे ल्युट् अनः*] १.फल लाग्नु २.परिणाम निस्कनु।

फलनिष्पत्तिः (स्त्री.) [*फलस्य फलानां वा निष्पत्तिः, ष.त.*] १.फलको उत्पत्ति २.कार्यको परिणाम ३.सफलता।

फलप्राप्तिः (स्त्री.) [*फलस्य फलानां वा प्राप्तिः, ष.त.*] १.फल उपलब्ध हुने काम २.नाटकमा फलागम ३.अभीष्ट कामको सिद्धि।

फलपूरः (पुं.) [*फलेन पूर्यते इति, पूरी आप्यायने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] विमिरो।

फलम् (नपुं.) [*फलति, ञिफला विशरणे इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.फाली २.प्रयोजन। **स तं प्राह फलं ब्रूहि वेदस्य च धनस्य च।** (अग्निपु.) ३.परिणाम। **व्युष्टिः फलम्** (अभि.चि.) ४.जाइफल ५.लाभ। **शान्तमिदमाश्रमपदं स्फुरति च बाहुः कुतः फलमिहास्य। अथवा भवितव्यानां द्वाराणि सर्वत्र।** (अभि.शा.) ६.लब्धि ७.सस्य। **फलानि सर्वभक्ष्यांश्च परिशुष्काणि यानि च। तानि दक्षिणपार्श्वे तु भुञ्जानस्योपकल्पयेत्॥** (सुश्रुतः) ८.लडाइँमा प्रयोग गरिने ढाल ९.फलफूल। **उदेति पूर्वं कुसुमं ततः फलं घनोदयः प्राक् तदनन्तरं पयः।** (अभि.शाकु.) १०.फलेक। ११.अण्डकोष। **अफलो भुज्यते मेषः सफलस्तु न भुज्यते।** (रामायण) १२.जीवले भोग्ने कर्मफल। **जीवः कर्मफलं भुङ्क्ते आत्मा निर्लिप्त एव च।** (ब्रह्मवै.) १३.प्रमेयको एक भेद। **आत्मशरीरेन्द्रियार्थ-बुद्धिमनप्रवृत्तिदोष-प्रेत्यभावफलदुःखापवर्गास्तु प्रमेयम्।** (गौतमसूत्र) १४.त्रिफला। **त्रिफला फलमित्युक्तम्** (वैद्यक-परिभाषा) १५.शारीफलक/थर्कीको गोटी १६.प्रतिफल। **फलमस्योपहासस्य सद्यः प्राप्स्यसि पश्य माम्।** (रघु.१२.३७) १७.कर्म। **ब्रुवते हि फलेन साधवो न तु कण्ठेन निजोपयोगिताम्।** (नैष.२.४८) १८.प्रजा, सन्तान (रघु.१४.३९) १९.गणितमा गणनाको परिणाम। जस्तै— गुणन क्रियाको परिणाम–गुणनफल आदि। २०.रजःस्राव/रजस्वला २१.फलेक २२.आशय। **किमपेक्ष्य फलम्** (किरा.२.२१)।

फलपुष्पा (स्त्री.) [*फलानि पुष्पाणीवास्याः*] १.खजुरी २.छोहरा। **फलपुष्पा मुद्गरिका खर्जूः स्कन्धफलेत्यपि** (अमर.४)।

फलपूरः (पुं.) [*पलेन पूर्यतेऽसौ*] बिमिरो। **फलपूरो बीजपुरो रुचको मातुलिङ्गकः** (अमर.४)।

फललक्षणा (स्त्री.) [*फलहेतुका लक्षणा, म.प.स.*] प्रयोजनवती लक्षणा।

फलवाडवः (पुं.) दाडिम।

दाडिम्बः कुट्टिमफलः करकः फलवाडवः।
मधुबीजः कुचफलो मणिबीजश्च दाडिमः॥ (अमर.४.)

फलवान् (पुं.वि.) [*फलान्यस्य सन्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.फल लागेको वृक्ष/वनस्पति।

अपुष्पा फलवन्तो ये ते वनस्पतयः स्मृताः।
पुष्पिणः फलवन्तश्च वृक्षास्तूभयतः स्मृताः॥

(मनु.१.४७) २.सफलता दिने।

फलवन्ध्यः (पुं.वि.) [*फलेन वन्ध्यः, तृ.त.*] फल नलाग्ने वृक्ष। **पलवन्ध्यस्त्ववकेशी** (अभि.चि.)।

फलश्रुतिः (स्त्री.) [*फलस्य कर्मफलस्य श्रुतिः, ष.त.*] १.कर्मफलको श्रवण २.[*श्रूयतेऽनया*] कर्मफल सुनाउने वचन।

फलसाधनम् (नपुं.) १.[*साध्यतेऽनेन, करणे ल्युट् अनः, फलस्य साधनम्, ष.त.*] फल सिद्ध गर्ने उपाय २.[*साधधातोर्भावे ल्युट्*] परिणाम निकाल्ने काम/फल सिद्ध गर्नु।

फलस्तुतिः (स्त्री.) [*फलाय स्तुतिः, च.त.*] १.फलका निमित्त गरिने देवताको प्रार्थना २.प्रयोजन सिद्ध गर्न गरिने प्रशंसा।

फलाकाङ्क्षा (स्त्री.) [*फलानां फलस्य वा आकाङ्क्षा, ष.त.*] १.फल खाने इच्छा २.काम गरेपछि पाउनु पर्ने फलको अभिलाषा।

फलागमः (पुं.) [*फलानामागमः, ष.त.*] १.फलप्राप्ति २.नाटकको अन्त्यमा हुने परिणाम।

फलादनः (पु.) [*अत्तीति अदनः, फलस्य अदनः, ष.त.*] सुगा। **कीरस्तु शुको रक्ततुण्डः फलादनः** (अभि.चि.)।

फलादेशः (पुं.) [*फलस्य आदेशः, ष.त.*] ग्रहको गति स्थिति आदि हेरेर गरिने शुभाशुभ कथन।

फलाध्यक्षः (पुं.) [*फलानामध्यक्षः, ष.त.*] जुरे काफल। **राजादनः फलाध्यक्षः** (अमर.४)।

फलाम्लः (पुं.) [*फलमम्लमिव*] शङ्खत्रो। **अम्लसारो वेतसाम्लः फलाम्लो रक्तसारकः** (अमर.४)।

फलावन्ध्यः (पुं.) [*फलेन अवन्ध्यः, तृ.त.*] फल फल्ने वृक्ष। **फलावन्ध्यः फलेग्रहिः** (अभि.शा.)।

फलाहरः (पुं.वि.) [*फलान्याहर्तुं शीलमस्य, आङि ताच्छील्ये ३.२.११ इत्यच्*] फल टिपेर ल्याउने।

फलाहारः (पुं.) [*फलानामाहारः ष.त.*] व्रत बस्दा खाने फलफूलको खाना/फलफूलको आहारा।

फलाहारी (पुं.) [*फलाहारोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] फलमात्र खाने।

फलितः (पुं.वि.) [*फलानि सञ्जातान्यस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.फल लागेको।

यस्ते नवः पल्लवितः कराभ्यां
स्मितेन यः कोरकितस्तवास्ते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्गं म्रदिम्ना तव पुष्पितो यः
स्तनश्रिया यः फलितस्तवैव ॥ (सुभा.)
२.इष्टकार्य सिद्ध भएको। **कैकेयि कामाः फलितास्तवेति।**

फलिता (स्त्री.) [*फलं रजःस्रावोऽस्ति अस्याः, तारकादितया इतच्, टाप्*] रजोवती नारी।

फलिनः (पुं.) [*फलमस्त्यस्याः, फलबर्हाभ्यामिनच् (वा.) ५.२.१२१ इति इनच्*] १.दहीगुहेलो २.कटहर ३.इन्द्रपुष्पी। ४.(पु.वि.) फल लागेको।

फलार्थी फलिनं वृक्षं यश्छिन्द्याद् दुर्मतिर्नरः
निष्फलं तस्य वै कार्यं महादोषमवाप्नुयात् ॥
(ग.पु.आचारकाण्ड)

फलिनी (स्त्री.) [*फलमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.दहीगुहेलो २.फल लागेको ३.इन्द्रपुष्पी।

फली (पुं.वि.) [*फलं फलकमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.रन्डामा लगाइने फाली २.फलेको/फलयुक्त।

फलीभूतः (पुं.वि.) [*अफलं फलं यथा सम्पद्यते तथाभूतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.फलका रूपमा परिणत भएको/फलित २.सफलता प्राप्त भएको।

फलेग्रहिः (पुं.) [*फलानि गृह्णाति, ग्रह उपादाने इति धातोः, फलेग्रहिरात्मम्भरिश्च ३.२.२६ इति साधुः*] फल्ने वृक्ष।

फलेरुहा (स्त्री.) [*फले रोहति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, तत्पुरुषे कृति ६.३.१४ इत्यलुक्*] पाडरीवृक्ष।

फलेन्द्रः (पुं.) [*फलानामिन्द्रः, ष.त.*] ठुलो जातको जामुनु।
महाजम्बूः कोकिलेष्ट्य फलेन्द्रश्च निगद्यते (अमर.४)।

फलोदयः (पुं.) १.[*फलस्य उदयः, ष.त.*] फलको उत्पत्ति २.[*फलस्य उदयो यत्र*] १.लाभ २.स्वर्ग ३.हर्ष ४.नाटकमा फल प्राप्ति।

फलोद्यानम् (नपुं.) [*फलानामुद्यानम्, ष.त.*] फलफूलको बगैंचा।

फल्गुः (स्त्री.) [*फलति निष्पद्यते धर्माद्यनया, फल निष्पत्तौ इति धातोः, फलिपाटिनमिमनिजरां गुक्पटिनाकिधतश्च (उ.) १८ इति सूत्रेण उः, गुक् च*] १.गयाको प्रसिद्ध एक नदी।

एतद् गयाशिरः प्रोक्तं फल्गुतीर्थं तदुच्यते।
तत्र पिण्डप्रदानेन पितॄणां परमा गतिः ॥
पृथिव्यां यानि तीर्थानि ये समुद्राः सरांसि च।
फल्गुतीर्थं गमिष्यन्ति वारमेकं दिने दिने ॥
(ग.पु.८२)

२.काठे डुम्री।

फल्गुः (पुं.वि.) १.निस्सार।

अनन्तपारं किल शब्दशास्त्रं
स्वल्पं तथायुर्बहवश्च विघ्नाः।
सारं ततो ग्राह्यमपास्य फल्गु
हंसैर्यथा क्षीरमिवाम्बुमध्यात् ॥ (हितो.)
२.अयोग्य,निरर्थक, महत्त्वहीन (शिशु.३.७६)।

फल्गुः (पुं.) १.वसन्त ऋतु २.वृक्षविशेष/खनायो।

फल्गु (नपुं.) १.क्षुद्र वस्तु।

अहस्तानि सहस्तानामपदानि चतुष्पदाम्।
फल्गूनि तत्र महतां जीवो जीवस्य जीवनम् ॥ (भाग. १.१३.४७) २.फुटो कुरा। **न फल्गुवाक्यैः प्रतिबोधनीयः** (दे.भा.) ३.धुलो विशेष ४.फागु। **फल्गुः काकोदुम्बरिके वृक्षे निरर्थकेऽपि च** (हैम.)। **फल्ग्वसारेऽभिधेयवत्। नदीभेदे मलय्वां स्त्री** (विश्व.)।

फल्गुदा (स्त्री.) [*फल्गुरिति नाम ददाति धारयति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः,आलोपः*] फल्गुनदी। पितृलाई मोक्ष दिने एक नदी।

तत्र देशे गयानाम पुण्यदेशोऽतिविश्रुतः।
नदी च फल्गुदा नाम पितॄणां स्वर्गदायिनी ॥ (बृ.ध ५६ अ.) हे. **गया**।

फल्गुनः (पुं.) [*फलति निष्पादयतीति, फल निष्पत्तौ, इति धातोः, फलेर्गुक् च (उ.) ३४३ इति उनः, गुगागमश्च*] १.फागुन महिना २.अर्जुन। **फल्गुनस्त्वर्जुने मासे नक्षत्रे फल्गुनी स्मृता** (गोवर्धन)। ३.(पुं.वि.) [*फल्गुन्यां जातः, तत्र जातः ४.३.२५ इत्यण्, श्रविष्ठाफल्गुन्यनुराधास्वाति तिष्यपुनर्वसुहस्तविशाखा-षाढाबहुलाल्लुक् ४.३.३४ इत्यणो लुक्, लुक्तद्धितलुकि १.२.४९ इति स्त्रीप्रत्ययस्य लुक्*] फाल्गुनी नक्षत्रमा पैदा भएको।

फल्गुनी (स्त्री.) [*पिप्पल्यादेराकृतिगणतया षिद्गौरादिभ्यश्च ४.४१ इति ङीष्*] नक्षत्रविशेष/पूर्वफाल्गुनी र उत्तरफाल्गुनी नक्षत्र।

उत्तराभ्याञ्च पूर्वाभ्यां फल्गुनीभ्यामहं दिवा।
जातो हिमवतः पृष्टे तेन मां फाल्गुनं विदुः ॥ (म.भा.)

फः (पुं.) १.सन्ताप २.निष्फल भाषण। **फिः कोपे फश्च सन्तापे तथा निष्फलभाषणे।** (शब्दरत्नावली) ३.वृद्धि ४.वर्द्धक। **फा वृद्धौ वर्द्धके पुमान्** (विश्व.)।

फाणिः (स्त्री.) [*फाणयति, फण गतौ इति धातोः णिचि सर्वधातुभ्य इन् (उ.) इति इन्*] १.सक्खर २.मुछेको दही र सातु।

फाणितम् (नपुं.) [*फाण्यते स्म, फण गतौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] खुँदो।

इक्षो रसस्तु यः पक्वः किञ्चिद् गाढो बहुद्रवः।
स एवेक्षुविकारेषु ख्यातः फाणितसंज्ञया ॥ (भावप्र.)

फाण्टम् (नपुं.) [*फण्यते स्म, फण गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, क्षुब्धस्वान्त ७.२.१८ इति साधुः*] १.तातो पानीमा भिजाएर माडिएको वस्तु। **क्षिप्तोष्णतोये मृदितः फान्ट इत्यभिधीयते।** २.दही मथेर घिउ लाग्ने बेलाको फिँज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.(पुं.नपुं.) अनायास तयार पारिएको त्रिफला आदिको काँढा/औषधिविशेष। **सोऽयं चूर्णद्रवः फाण्टो भिषग्भिरभिधीयते।** (वैद्यक) **अनायासकृतं फाण्टम्** (अमर.३.१.९४)।

फालः (पुं.) [*फालयतीति, ञिफला विशरणे इति धातोः, णिचि, नन्दग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्*] १.शङ्कर २.बलराम ३.फाली। **निरीशं कुटकं फालः कृषिकः** (अमर.२.९.१३)।

फालम् (नपुं.) [*फल्यते विदार्यते क्षेत्रमनेन, फलधातोः, अकर्तरि च कारके-३.३.१९ इति घञ्*] १.फाली। **फाल उत्प्लुतौ। क्लीबं सीरोपकरणे पुंसि शङ्करसीरिणोः** (मेदिनी.) २.कपासको लुगा **फालन्तु कार्पासं वादरञ्च तत्** (अमर.२.६.१११) ३.[*फाल्यते विदार्यतेऽदः*] जोतिएको खेत।

फाल्गुनः (पुं.) [*फलति निष्पादयति, फल निष्पत्तौ इति धातोः, फलेर्गुक्च (उ.३४३) इत्युनन् गुगागमश्च, फल्गुन एव प्रज्ञादिभ्यश्च इत्यण्, वृद्धिः ७.२.११७*] १.काहुलाको रुख २.अर्जुन।

अर्जुनः फाल्गुनः पार्थः सव्यसाची धनञ्जयः।
राधावेधी किरीट्यैन्द्रिर्जिष्णुः श्वेतहयो नरः॥ (अभि.चि.)
उत्तराभ्याञ्च पूर्वाभ्यां फल्गुनीभ्यामहं दिवा।
जातो हिमवतः पृष्ठे तेनाहं फाल्गुनं विदुः॥ (म.भा.४.८२.१६)

३.दूर्वा नामको सोमलता ४.तीर्थविशेष ५.बृहस्पतिको एक वर्ष ६.[*फल्गुनिभिर्युक्ता पौर्णमासी फाल्गुनी, सास्मिन् पौणमासीति ४.२.३१ इत्यण्*] फागुन महीना। कसैकसैले फाल्गुण यस्तो णको प्रयोग गर्छन् तर त्यो अशुद्ध मानिन्छ।

फाल्गुने गगने फेने णत्वमिच्छन्ति बर्बराः।
फाल्गुनस्त्वर्जुने मासे फाल्गुनी चास्य पूर्णिमा॥ (धरणि.)

फाल्गुनानुजः (पुं.) [*फाल्गुनस्य तदाख्यमासस्य मध्यमपाण्डवस्य वा अनुजः पश्चाज्जातः ष.त.*] १.चैत्र महिना। **चैत्रे मोहनिकः कामसखश्च फाल्गुनानुजः।** (अभि.चि.टी.) २.नकुल ३.सहदेव।

फाल्गुनिकः (पुं.) [*विभाषा फाल्गुनीश्रवणाकार्तिकीचैत्रीभ्यः ४.२.२३ इति ठक् ठस्येकः*] १.फागुन महिना २.अर्जुन।

फाल्गुनी (स्त्री.) [*फाल्गुनीभिर्युक्ता पौर्णमासी*] १.फागुनको पूर्णिमा २.पूर्वफाल्गुनी र उत्तरफाल्गुनी नक्षत्र ३.फागुको चीर पोल्ने काम। **श्रावणी तु पतिं हन्ति ग्रामं दहति फाल्गुनी** (नि.सिं.)।

फाल्गुनीभवः (पुं.) [*फाल्गुन्यां भवः, स.त.*] १.बृहस्पति। **वाचस्पति-र्द्वादशार्चिर्धिषणः फाल्गुनीभवः** (अभि.चि.) २.(पुं.वि.) पूर्वफाल्गुनी र उत्तरफाल्गुनी नक्षत्रमा पैदा भएको।

फिरङ्गः (पुं.) [*फौ पापे क्रोधे वा रङ्गः अनुरागोऽस्य*] १ देशविशेष २.रोगविशेष।

गन्धरोगः फिरङ्गोऽयं जायते देहिनां ध्रुवम्।
फिरङ्गिणोऽतिसंसर्गाद् फिरङ्गिण्याः प्रसङ्गतः॥
फिरङ्गसंज्ञके देशे बाहुल्येनैव यद् भवेत्।
तस्मात् फिरङ्ग इत्युक्तो व्याधिर्व्याधिविशारदैः॥ (भा.प्र.)

फुल्ल (धा.) [*विकसने, भ्वा. अक.सेट् पर.*] फुल्नु। लट्– **फुल्लति–** फुल्छ। लिट्– **पुफुल्ल–** फुलेछ (अन.) इत्यादि।

फुल्लः (पुं.वि.) [*पुल्लति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् यद्वा ञिफला विशरणे इति धातोः ञितःक्तः ३.२.१८७ इति क्तः, अनुपसर्गात्फुल्लक्षीबकृशोल्लाघाः ८.२.५५ इति निपातनात् साधुः*] १.फुलेको/विकसित भएको। **जलञ्च शुशुभे छन्नं फुल्लैर्जलरुहैस्तदा** (म.भा.१.१२८.४१) २.(नपुं.) फूल/पुष्प। **श्रीपञ्चम्यां श्रियं देवी फुल्लैः सम्पूजयेत् सदा** (का.पु.)।

फुल्लवान् (पु.वि.) [*ञिफला विशरणे इति धातोः निष्ठा ३.२.१०२ इति क्तवतुः, अनुपसर्गात्फुल्लक्षीबकृशोल्लाघाः ८.२.५५ इति निपातनात् साधुः*] फुलेको/विकसित भएको।

फेनः (पुं.) [*स्फायते वर्द्धते सः, स्फायी वृद्धौ, इति धातोः, फेनमीनौ (उ.) २९० इति निपातः*] १.सिङान २.फिँज। **डिण्डीरोऽब्धिकफः फेनः** (अमर.)।

फेनलः (पुं.) [*फेनोऽस्यास्ति, फेनादिलच्च ५.२.९९ इति चात् लच्*] १.रिठ्ठो २.सावन ३.(नपुं.) बयर ४.(त्रि.) फिँज भएको।

फेनायमानः (पुं.वि.) [*फेनमुद्वमति वाष्पोष्माभ्यामुद्वमने ३.१.१६ फेनाच्चेति वक्तव्यम् (वा.) इति उद्वमनार्थे क्यङ्*] फिँज निकाल्ने।

फेनिका (स्त्री.) फिनी। **सिद्धैषा फेनिकानाम्नी मण्टकेन समा गुणैः** (भा.प्र.निघण्टु.)।

फेनिलः (पुं.) [*फेनोऽस्यास्ति, फेनादिलच्च ५.२.९९ इति इलच्*] १.रिठ्ठो २.सावन ३.(पुं.वि.) फिँज भएको। **फेनिलोऽरिष्टपादपे।** (हैम.)।

फेनिलम् (नपुं.) १.बयर। **फेनिलं मदनफले बदरे फेनवत्यपि** (हैम.) २.मइन फल।

फेरः (पुं.) [*फे इति शब्दं राति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः*] स्याल।

फेरण्डः (पुं.) [*फे इत्यव्यक्तशब्देन रण्डति, पचाद्यच्*] स्याल। **सृगालो जम्बुकः फेरुः फेरण्डः फेरवः शिवा** (अभि.चि.)।

फेरवः (पुं.) [*फे इत्यव्यक्तो रवोऽस्य*] स्याल। **गहारूपं वृषभेरुः फेरवस्तारवः शिवा** (साहसाङ्क)।

फेरुः (पुं.) [*फे इत्यव्यक्तं रौतीति मितद्रवादयश्च (वा.) ३.२.१८० इति डुः*] १.फ्याउरो २.स्याल।

फेला (स्त्री.) [*फेल्यते, फेलृ गतौ इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप्*] खाएर छाडेको पुरा।

फेलिः (पुं.) [*फेल्यते, फेलृ गतौ इति धातोः,सर्वधातुभ्य इन् इति इन्*] जुठो। **भुक्तसमुज्झिते। फेला पिण्डोली फेली च** (अभि.चि.)।

फेलिका (स्त्री.) [*फेलिरेव, स्वार्थे कन्, टाप्*] जुठो।

फेलृ (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **फेलति–** जान्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब

ब– १.देवानागरी लिपिको वर्णमालाअनुसार पवर्गीय व्यञ्जनको तेस्रो अक्षर,ओष्ठस्थानीय वर्ण। आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न र बाह्य प्रयत्नमा संवार, नाद, घोष र अल्पप्राण प्रयत्न। **हशः संवारनादा घोषाश्च, वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) पवर्ग (प, फ, ब, भ, म) को तेस्रो वर्ण २.लेख्यरूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

बंह (धा.) [*वृद्धौ, भ्वा.अ.सेट्*] बढ्नु, दृढ हुनु। लट्– **बंहते–** बढ्छ, दृढ हुन्छ इत्यादि।

बंहिमा (पुं.) [*बहुलस्य भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१ १२२ इति इमनिच्, प्रियस्थिर ६.४.१५७ इति बहुलशब्दस्य बंह्यादेशः*] बहुलता/बाहुल्य/विपुलता।

बंहिष्ठः (पुं.वि.) [*अयमेषामतिशयेन बहुलः, अतिशायने तमबिष्ठनौ इति इष्ठन्, प्रियस्थिर– ६.४.१५७ इति बहुलशब्दस्य बंह्यादेशः*] ज्यादै धेरै। **वृन्दिष्ठमार्चीद्वसुधाधिपानां तं प्रेष्ठमेतं गुरुवद्गरिष्ठम्। सद्वृङ्‌ महान्तं सुकृताधिवासं बंहिष्ठकीर्तिर्यशसा वरिष्ठम्॥** (भट्टि.)

बंहीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन बहुलः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, प्रियस्थिर– ६.४.१५७ इति बंह्यादेशः*] त्योभन्दा ज्यादै धेरै, बहुलतर, धेरैजसो। **तमङ्गदे मन्दरकूटकोटिव्याघट्टनोत्तेजनया मणीनाम्। बंहीयसा दीप्तिवितानकेन चकासयामासतुरुल्लसन्ती॥** (शि.व.)

बः १.वरुण २.समुद्र ३.योनि ४.पानी ५.गमन ६.चन्दन ७.लुगा बन्नु ८.केश काट्नु ९.बीज छर्नु। **बः पुमान् वरुणे सिन्धौ भगे तोये गतेऽपि च। गन्धने तन्तुसन्ताने पुंस्येव वपने स्मृतः** (वाङ्म.)।

ब (व) कः (पुं.) [*वङ्कते, कुटिलीभवति वकि कौटिल्ये गतौ च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पक्षे पृषोदरादितया बत्वं नलोपश्च*] १.बकुल्लो। **बकवद् ध्यानमाचरेत्।** (सुभा.) २.गुम्पाती ३.कङ्कपक्षी ४.राक्षसविशेष ५.ढोंगी ६.कपटी ७.दाल्भ्य मुनि ८.कुबेर। **बकस्तु बकपुष्पे स्यात्कङ्के श्रीदे च रक्षसि।** (मेदिनी.) **~जित्** (पुं.) [*बकं जयति, क्विप्*] १.श्रीकृष्ण २.भीम। **~ध्यानम्** (नपुं.) १.[*बकस्य ध्यानम्, ष.त.*] बकुल्लाको ध्यान २.[*बकस्य ध्यानमिव ध्यानम्, म.प.स.*] कुनै काममा लगाइने लामो (बकुल्लाको जस्तो) ध्यान। **~निषूदनः** [*बकस्य निषूदनः, ष.त.*] १.भीम २.श्रीकृष्ण। **~भक्तिः** (स्त्री.) [*बकस्येव भक्तिः, उपमा.त.*] देखावटी वा ढोंगी भक्ति। **~वृत्तिः** (स्त्री.) [*बकस्य वृत्तिरिव वृत्तिः, म.प.स.*] सोझोपन देखाई मौका पर्नासाथ स्वार्थ सिद्ध गर्ने काम /बकुल्लाले माछो खान बसेझैं अरूले देख्दा ऊँधो मुन्टो लगाएर बसी खराब चालले स्वार्थ सिद्ध गर्ने काम। **बकवृतिञ्च वर्जयेत्।** (या.स्मृ.) **~व्रतम्** (नपुं.) [*बकस्य व्रतमिव व्रतम्, म.प.स.*] ढोंगीपना/दम्भ।

बकारः (पुं.) [*ब इति निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] ब यो वर्ण/पवर्गको तेस्रो वर्ण।

ब (व) कि (धा.) [*कौटिल्ये अक. गतौ सक. भ्वा. आत्म. सेट्*] बाङ्गिनु, दुष्ट व्यवहार गर्नु, बङ्ग्याउनु, टेढो हिड्नु। लट्– **बङ्कते–** बाङ्गिन्छ, दुष्ट व्यवहार गर्छ, बङ्ग्याउँछ, टेढो हिँड्छ इत्यादि।

ब (व) कीयम् (नपुं.) १.[*बकाः सन्ति अस्मिन् देशे, उत्करादिभ्यश्छः ४.२.९० इति छः, छस्य ईयः*] प्रशस्त बकुल्ला भएको क्षेत्र वा देश २.(वि.) बकुल्ला सम्बन्धी।

बकुलः (पुं.) मौल्सरीको रुख।

ब (व) कोटः (पुं.) [*बङ्कते, बकि कौटिल्ये गतौ च इति धातोर्बाहुलकात् कोटच्*] बकुल्लो। **बको बकोटो विज्ञेयः** (हला. २५०)।

बठ (धा.) [*वृद्धौ समर्थे च, भ्वा.पर. अक. सेट्*] बढ्नु, समर्थ हुनु, बाठो हुनु। लट्– **बठति–** बढ्छ, समर्थ हुन्छ, बाठो हुन्छ इत्यादि। **बठति वीरो योद्धुम्।** (दुर्गादास)।

बडवा (स्त्री.) [*बलं सामर्थ्यमतिशयितमस्याः, अन्येभ्योऽपि दृश्यते (वा.) ५.१.१०९ इति वः, यद्वा बलं वाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, डलयोरेकत्वम्, टाप्*] १.घोडी २.द्विजातिकी पत्नी ३.समुद्रमा देखिने आगो ४.अश्विनी नामकी अप्सरा ५.दासी ६.नदीविशेष। **वडवा द्विजयोषिति। अश्वायां कुम्भदास्यां च नारीजात्यन्तरेऽपि च** (मेदिनी.)।

बडवानलः (पुं.) [*बडवाया अनलः, ष.त., आधाराधेयभाव एव सम्बन्धत्वेन षष्ठ्यर्थः*] वडवानल अग्नि/सामुद्रिक अग्नि।

बडवासुतौ (पुं.द्वि.) [*बडवायाः घोटकीरूपायास्त्वष्टृसुतायाः संज्ञायाः सुतौ, ष.त.*] दुई अश्विनीकुमार। **स्वर्वैद्यावश्विनीपुत्रावश्विनौ बडवासुतौ।** (हेमचन्द्र) यिनले घोडी (संज्ञा) को रूप लिएर सूर्य (अश्व) बाट दुई पुत्र पैदा गरेकी थिइन्। यी जुम्ल्याहा थिए। यिनीहरू पहिले यज्ञमा भाग लिन पाउँदैनथिए। यिनीहरूले निकै मिहिनेत गरेर वैद्यशास्त्रको अध्ययन गरी विशिष्टता हासिल गरे, औषधि गरेर च्यवन ऋषिको बुढापा पनि हटाइदिए। अन्यान्य ऋषि तथा देवताको पनि यिनले उपचार गरेका थिए। त्यसबाट प्रभावित च्यवनले देवतासित गरेको अनुरोधअनुसार यिनलाई यज्ञमा भाग लिने अवसर मिल्यो। त्यस पछि यी देवताका पनि वैद्य बने।

बडिशम् (नपुं.) [*बलिनो मत्स्यान् श्यति नाशयति, शो अन्तकर्मणि इति धातोः आदेच उपदेशेऽशिति ६.१.४५ इति आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इति आलोपः, डस्य लत्वम्*] माछा समात्ने जाल।

बडिशी (स्त्री.) [*पिप्पल्यादेराकृतिगणतया गौरादित्वान् ङीष्*] माछा समात्ने जाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बण (धा.) [*शब्दे, भ्वा. पर. सक. सेट्*] शब्द गर्नु, आबाज निकाल्नु। लट्– **बणति**– शब्द गर्छ, आबाज निकाल्छ इत्यादि।

बणः (पुं.) [*बणनम्*] शब्द।

बत (अव्य.) १.खेद २.निन्दा ३.विष्मय ४.आमन्त्रण ५.अनुकम्पा। **अहो बत महत्पापं कर्तुं व्यवसिता वयम्।** (गीता) **खेदानुकम्पा सन्तोषविस्मयामन्त्रणे बत** (अमर.)।

बद (धा.) [*स्थैर्ये, भ्वा. सक.सेट्, पर.*] स्थिर रहनु। लट्– **बदति**– स्थिर रहन्छ। लिट्– **बबाद**– स्थिर रहेछ (अन.) इत्यादि। **बदति पर्वतः** (दुर्गादास)।

बद (धा.) [*भाषणे, चु. उभ. पक्षे भ्वा.पर. सक. सेट्*] बोल्नु/भाषण गर्नु। लट्– **बादयति**– बोल्छ, भाषण गर्छ। पक्षे– **बदति** इत्यादि।

बदरः (पुं.) [*बदति स्थिरो भवति, छिन्नोऽपि पुनः प्ररोहति, बद स्थैर्ये इति धातोः, दिविभ्रमि (उ.) ३.११७ इति बाहुलकादरः*] १.बयर २.कपासको बीज।

बदरकुणः (पु.) [*बदराणां पाकः, तस्य पाकमूले बिल्वादि-कर्णादिभ्यः कुणब्जाहचौ ५.२.२४ इति कुणप्*] बयरका फलको पाक।

बदरपाकः (पुं.) १.[*बदराणां पाकः, ष.त.*] बयरका फलको पाक। २.[*बदराणां फलाानां पाक इव पाकः, म.प.स.*] साहित्यको सृजनासम्बन्धी एक परिपक्वता (काव्यमीमांसा)।

बदरम् (नपुं.) बयरको फल।

बदरा (स्त्री.) [*वदतीति, बद स्थैर्ये इति धातोः, बाहुलकादरः टाप् ४.१.४*] १.कपास २.औषधिविशेष ३.बाराही कन्द/गिठो। **बदरा स्यादेलापर्ण्यां विष्णुक्रान्तौषधावपि** (हैम.)।

बदरामलकम् (नपुं.) [*बदरमिव आमलकम्, उपमानत.*] बयरका दानाजस्तो दाना हुने अमला।

बदरिकाश्रमः (पुं.) [*बदरी एव स्वार्थे कन्, तस्याः समीपे तच्चिह्नितो वा आश्रमः*] हिमालयमा रहेको एक प्रसिद्ध तीर्थ। यो अलकनन्दा नदीको पश्चिम तटमा अवस्थित छ। यहाँ नर, नारायण र व्यासको आश्रम छ। भनिन्छ– भृगुतुङ्ग शिखरमा बयरको रुख भएकाले, त्यसैको आधारमा यसको नाम बदरिकाश्रम रहन गएको हो। महाभारतअनुसार यहाँ अघि गङ्गाका ताता र चिसा दुई धारा थिए। देवताले यसै स्थलमा तपस्या गरेर विष्णुलाई प्राप्त गरेका थिए रे। मुचुकुन्दले यसै ठाउँमा विष्णुप्रीत्यर्थ तपस्या गरे। (भाग. १०.५२.४) पाण्डवहरू महाप्रस्थानका लागि यसै स्थलमा आएका थिए। (म.भा.व.प. अ. १४५) ककुद्मीले आफ्नो वृद्धावस्था यसै स्थानमा विताए। यसलाई उर्वशीतीर्थ भनिन्छ। (म.पु. १३.९४) पद्मपुराणअनुसार यो संसारका तीर्थ मध्ये सर्वोत्तम तीर्थ हो। यहाँ बदरीनायणको मन्दिर छ। यो तीर्थ भारतको गढवाल क्षेत्रमा पर्छ। हे.– **वदरीनारायणः**।

बदरिः (स्त्री.) [*बदतीति, बद स्थैर्ये इति धातोः, बाहुलकादरिः*] बयर। **कर्कन्धुः कुबली कोलिर्बदरिः** (अभि.चि.)।

बदरिशैलः (पुं.) [*बदरिप्रधानः शैलः, म.प.स.*] वदरिकाश्रमको निकटवर्ती पर्वत। यो अलकनन्दा नदीको पश्चिमतिर पर्दछ।

बदरी (स्त्री.) [*बदतीति, बद स्थैर्ये इति धातोः, दिविभ्रमि (उ.) ३.११७ इत्यरः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] बयर। **बदरी कोले, क्लीबं तु तत्फले** (मेदिनी.)।

बदरीनारायणः (पुं.) [*बदर्यां बदरिकाश्रमे स्थितो नारायणः*] चार धाममध्ये प्रसिद्ध एक धाम। बौद्धहरूद्वारा नारद कुण्डमा फालिएको एक हात अग्लो, कालो पत्थरको, दुई हात भएको विष्णुको


(बदरीनारायणः)

मूर्तिलाई आदि शङ्कराचार्यले फेला पारे। उनले गडवाल नरेशलाई अलकनन्दाको दाहिनेतिर तप्तकुण्डको नजिकै गरुडकोटी नामको गुफामा (समुद्रबाट २३२१० फिट अग्लो हिमालयमा) ४५ हात अग्लो ढुङ्गाको मन्दिर बनाउन लगाई सो मूर्ति स्थापना गरेका हुन्। यहाँ रावल उपाधि भएका दक्षिण भारतका ब्राह्मणद्वारा श्रीनारदपञ्चरात्री र वैखानस पद्धतिले पूजा हुन्छ। यहाँको छत्र र कलश महारानी अहल्याबाईले चढाएकी हुन्। बदरीनाथका मूर्तिका साथमा लक्ष्मी, नरनारायण, कुबेर, गणेश, नारद, उद्धव (चाँदीको) र गरुडको मूर्ति पनि छ। पाँच बदरीनाथमध्ये यिनी विशाल बदरीनाथ हुन्। यिनलाई बौद्धहरूले बुद्ध र जैनहरूले ऋषभदेव अथवा पारसनाथ भनेर मान्दछन्। बदरीनाथ धामका अन्य तीर्थस्थलहरू– बदरीनाथको मन्दिरबाट ४/५ सिढी तल लिङ्गमूर्ति रहेको शङ्कराचार्यको मन्दिर छ। त्यसभन्दा ३/४ सिढी ओर्लिएपछि आदिकेदारको मन्दिर आउँछ। आदिकेदारको दर्शन गरेपछि मात्र बदरीनाथको दर्शन गर्नुपर्छ भन्ने मान्यता छ। आदिकेदारेश्वरभन्दा तलतिर अग्निकुण्ड (तप्तकुण्ड) छ। यस कुण्डभन्दा तल पाँच शिला छन्– गरुडशिला, नारदशिला, मार्कण्डयशिला, नरसिंहशिला, वाराहीशिला। तप्तकुण्डबाट ३०० गजतल अलकनन्दाको किनारमा एउटा शिला छ। यसलाई ब्रह्मकपाल भन्दछन्। यात्रीहरूले यहाँ गएर पिण्डदान गरेपछि उनीहरूका सबै पितृहरू मुक्त हुन्छन् भन्ने आम धारणा छ। ब्रह्मकपालमुनि ब्रह्मकुण्ड छ। यहाँ अघि ब्रह्माजीले तपस्या गरेका थिए। ब्रह्मकुण्डबाट किनारैकिनार मास्तिर जाँदा अलकनन्दा मोडिएको ठाउँमा अत्रि र अनसूया तीर्थ आउँछ। यसभन्दा अलि पर सेतो झरना झरेको छ।यसलाई इन्द्रतीर्थ भन्दछन्। अलकनन्दाको पारिपट्टि नरनारायणकी आमा धर्मपत्नीको सानो मन्दिर छ। यहाँबाट केही मानिसहरू वसुधारा गएर उसै दिन वदरीनाथ फर्कन्छन् भने केही आठ दिनका लागि आवश्यक भोजन, ओढ्ने–ओछ्याउने आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोकेर सत्पथतिर लाग्दछन्। सत्पथयात्रा अगस्त र सितम्बरमा मात्र हुन्छ। सत्पथ जाने बाटो ज्यादै कठिन छ। भित्ताजस्ता अग्ला डाँडा, सैकडौं झर्ना, पहाड कपेर बनाइएको चिप्लो खुड्किलो भएको बाटो पार गरेर साहसी यात्रीहरू सत्पथ पुग्छन्। यहाँ त्रिकोणात्मक सुन्दर सरोवर छ। स्कन्दपुराणमा यसको ठुलो महिमा वर्णित छ। सत्पथबाट उकालो लाग्ने बाटो निकै दुर्गम छ। सत्पथबाट अलिपर सोमकुण्ड र विष्णुकुण्ड छन्। नारायणपर्वतको फेदीबाट निस्किएर अलकनन्दा विष्णुकुण्डमा भागीरथीसित मिसिएर आएको देखिन्छ। सत्पथबाट स्वर्गारोहण पर्वत पनि देखिन्छ। हिउँका सिढीहरू पनि त्यहाँ स्पष्ट देखिन्छन्। महभारतअनुसार युधिष्ठिर यसै मार्गबाट स्वर्ग गएका थिए। अन्य पाण्डवहरूको बाटामा नै निधन भएको थियो। यात्रीहरू अलकनन्दाको अर्को किनारबाट फर्कन्छन्। वसुधारामा स्नान गरेर अलकनन्दासित सरस्वती नदीको मेल भएको केशवप्रयाग हुँदै बदरीनाथ आइपुग्छन्। यो बाटो अलि सजिलो पनि छ। अलकनन्दाका दुवै तटमा अनेकौं तीर्थ छन्। (तीर्थाङ्क, गीताप्रेस)।

बद्धः (पुं.वि.) [*बध्यते स्म, बध बन्धने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.बाधिएको २.जेल परेको ३.कसिएको ४.रोकिएको नियन्त्रित ५.रचिएको । **छायाबद्धकदम्बकं मृगकुलं रोमन्थमभ्यस्यतु**। (अभि.शा.) **~अनुरागः** (पुं.) [*बद्धोऽनुरागो यस्य सः, बहु.स.*] प्रेममा फसेको। **~अनुशयः** (पुं.वि.) [*बद्धोऽनुशयो यस्य सः, बहु.स.*] पश्चात्ताप गर्ने। **~कक्षः** (पुं.वि.) [*बद्धः कक्षो येन सः, बहु.स.*] कुनै काम गर्न कमर कसेको। **~दृष्टिः** (पुं.वि.) [*बद्धा दृष्टिर्यस्य येन वा सः, बहु.स.*] ताकेको। **~परिकरः** (पुं.वि.) [*बद्धः परिकरो येन सः, बहु.स.*] तयार/तत्पर। **~प्रतिज्ञः** (पुं.वि.) [*बद्धा प्रतिज्ञा येन सः, बहु.स.*] प्रतिज्ञा गर्ने/वाचा बन्धन गर्ने/वचनबद्ध। **~मुष्टिः** (पुं.वि.) [*बद्धा मुष्टिर्येन सः, बहु.स.*] १.मुठी बाँध्ने/मुठी कस्ने २.कसैलाई केही चिज दिन हात उठाउन नसक्ने/कन्जुस। **~मूलः** (पुं.वि.) [*बद्धं मूलं यस्य सः, बहु.स.*] दृढ/अटल/स्थिर। **~ शिखः** (पुं.) [*बद्धा शिखा येन सः, बहु.स.*] शिखा बाँधेको।

बद्धभूमिकम् (नपुं.) [*बद्धा भूमिका यस्य तत्, बहु.स.*] १.ठोकेर बलियो बनाइएको जमिन २.भूमिका बाँधिएको। **कुट्टिमं बद्धभूमिकम्** (हला. २९४)।

बद्धाञ्जलिः (पुं.वि.) [*बद्धः अञ्जलिर्येन सः, बहु.स.*] कसैलाई सम्मान गर्न हात जोडेको/जम्ला हात गरेको।

बध (धा.) [*बन्धने, चुरा. पर. सक. सेट्*] बाँध्नु। लट्– **बाधयति**– बाँध्छ। इत्यादि।

बध (धा.) [*निन्दायाञ्च, सक.सेट्, आत्म.*] निन्दा गर्नु द्वेष गर्नु। लट्– **बीभत्सते**– निन्दा गर्छ। लट्– **बीभत्साञ्चक्रे**– निन्दा गरेछ (अन.) इत्यादि। यो धातु नित्य सनन्त छ। कर्मणि– **वीभत्स्यते**– निन्दा गरिन्छ। णिचि– **बीभत्सयति**– निन्दा गराउँछ इत्यादि।

बध (धा.) [*संयमने, चुरा.सक.सेट् उभय.*] नियन्त्रित गर्नु, बाधा पुऱ्याउनु। लट्– **बाधयति-ते**– नियन्त्रण गर्छ, बाधा पुऱ्याउँछ इत्यादि।

बधिरः (पुं.) [*बध्यते शब्दश्रवणान् निरुध्यते सः, बन्ध बन्धने इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमु- चिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) ५४ इति किरच्*] बहिरो/कान नसुन्ने। **एवं कर्मविशेषेण जायन्ते सद्विगर्हिताः। जडमूकान्धबधिरा विकृताकृतयस्तथा॥** (मनु.)

बधिरिमा (पुं.) [*बधिरस्य भावः, वर्णदृढादिभ्यः ष्यञ्च ५.१.१२३ इति चाद् इमनिच्*] बहिरोपना।

ब (व) धूः (स्त्री.) [*बध्नाति प्रेम्णा, पक्षे बहति संसारभारम् ऊह्यते भर्त्रादिभिर्वा*] १.स्त्री २.बुहारी ३.नयाँ दुलही ४.पत्नी ५.ओषधिविशेष।

बन्दिः (पुं.) [*बदति स्थिरो भवति, बद स्थैर्ये इति धातोः सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, पृषोदरादितया नुम्*] कैदी।

बन्ध (धा.) [*बन्धने, क्र्या.सक.अनिट् पर.*] बाँध्नु। लट्– **बध्नाति**– बाँध्छ। **आबध्नाति**– चारैतिरबाट बाँध्छ। **अनुबध्नाति**– जोड्छ, टाँस्छ, जम्मा गर्छ, अनुसरण गर्छ **निबध्नाति**– बन्धनबाट मुक्त गर्छ, निबन्ध रच्छ, जम्मा गर्छ। **संबध्नाति**– मिलाप गर्छ, राम्रोसित बाँध्छ। लिट्– **बबन्ध**– बाँधेछ (अन.)। लुट्– **बन्द्धा**– बाँध्ने छ (अन.)। लृट्– **भन्त्स्यति**– बाँध्ने छ। लोट्– **बध्नातु**– बाँधोस्। लङ्– **अबध्नात्**– बाँध्यो (अन.)। विधिलिङ्– **बध्नीयात्**– बाँध्ला, बाँधोस्। आशीर्लिङ्– **बध्यात्**– बाँधोस्। लुङ्– **अभान्त्सीत्**– बाँध्यो। लृङ्– **अभन्त्स्यत्**– बाँध्ने थियो। कर्मणि– **बध्यते**– बाँधिन्छ। णिचि– **बन्धयति**– बाँध्न लगाउँछ। सनि– **बिभन्त्सति**– बाँध्न चाहन्छ। यङि– **बाबध्यते**– बारम्बार वा ज्यादै बाँध्छ। यङ्लुकि– **बाबन्धीति**– ज्यादै वा बारम्बार बाँध्छ। **बद्धः**– बाधिएको, **बन्धितः**– बाँधिएको। **बन्धयितव्यम्, बन्धनीयम्, बन्ध्यम्**– बाँध्नुपर्ने। **बन्धनम्, बन्धना**-बाध्ने काम, बाँध्ने साधन। **बद्ध्वा, बन्धयित्वा, संबध्य**– बाँधेर। **चक्रबन्धः**– चक्रमा बाँधिएको। **बन्धुः**– दाजुभाइ, नातागोता। **बधिरः**– बहिरो। **ब्रध्नः**– सूर्य। **बुध्नः**– **सङ्कल्प**, मन, देवता। **बन्धुरः/बन्धूरः**– होचो अग्लो/निम्नोन्नत। **बन्धूकः**– पुष्पविशेष इत्यादि।

बन्ध (धा.) [*बन्धने, चुरा. पर. सक. सेट्*] बाध्नु। लट्– **बन्धयति**– बाँध्छ इत्यादि। **बन्धयति वा पाशैरथवाऽस्मान् वधिष्यति** (रामा. २.८४.४)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्धः (पुं.) [*बन्धनमिति, बन्ध बन्धने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.बन्धन/बाँध्ने क्रिया २.[*बध्यते ऽनेन, हलश्च ३.३.१२१ इति घञ्*] कपाल बाँध्ने धागो ३.[*बध्यतेऽत्र, पूर्ववद् घञ्*] कैद ४.[*बध्यते जलप्रवाहोऽनेन, पूर्ववत्*] बाँध ५.कोकशास्त्रअनुसार मैथुनसम्बन्धी मुख्य सोह्र आसनहरूमध्ये एक। **हस्ताभ्याञ्च समालिङ्ग्य नारीं पद्मासनोपरि। रमेद् गाढं समाकृष्य बन्धोऽयं पद्मसंज्ञकः ॥** (रतिमञ्जरी) ६.सम्बन्ध/ मेल ७.बनावटी ८.हठयोगीहरूले आसन गर्दा शरीरलाई बाँधेर राख्ने क्रिया, जस्तै– मूलबन्धः, उड्डीयानबन्धः, जालन्धरबन्धः आदि। ९.कमल, मुरज, खड्ग आदिका चित्रअनुसार तिनमा बाँधिएका चित्रकाव्य, जस्तै– पद्मबन्धः, मुरजबन्धः, खड्गबन्ध आदि। **~पत्रम्** (नपुं.) [*बन्धस्य पत्रम्, ष.त.*] प्रतिज्ञापत्र।

बन्धकः (पुं.वि.) [*बध्नातीति, बन्ध बन्धने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.रुपियाँ पैसा सापट लिएर राखिएको धितो/ऋण लिए बापत राखिएको माल/धितो/बन्धक २.बाधा ३.डोरी वा दाम्लो ४.(पुं.वि.) बाँध्ने, बन्धनकर्ता। **न नारी न धनं गेहं न पुत्रा न सहोदराः। बन्धनं प्राणिनां राजन्नहङ्कारस्तु बन्धकः ॥** (देवीभा. ५.१.३९) ५.(पुं.) [*बन्ध एव, स्वार्थे कन्*] विनिमय।

बन्धकी (स्त्री.) [*बध्नाति मनोऽत्र, बन्ध बन्धने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, षिद्गौरादिभ्यश्च ४.१.१ इति ङीष्*] व्यभिचारमा संलग्न स्त्री/पाँच पुरुषका साथ सम्भोग गर्ने स्त्री। **बन्धकः स्याद्विनिमये पुंश्चल्यां स्याच्च बन्धकी** (मेदिनी.)। **पांशुला धर्षिणी बन्धक्यसती पुंश्चलीत्वरी।** (हला.४९६) **बन्धकी पञ्चमे भवेत्** (म.भा.आ.प.)।

बन्धनः (पुं.) [*बध्नाति, कर्तरि ल्युः, अनः*] महादेव। **बन्धनो बन्धकर्ता च सुबन्धनविमोचनः।** (म.भा.) ५.(पुं.वि.) [*बध्नाति, पूर्ववत्*] बाध्ने/बन्धनमा पार्ने।

बन्धनम् (नपुं.) १.[*बन्ध बन्धने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] बाँधिने काम। **रोगशोक–परीतापबन्धनव्यसनानि च। आत्मापराधवृक्षाणां फलान्येतानि देहिनः** (सुभा.) २.[*बध्यते ऽस्मिन् इति, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट् अनः७.१.१*] जेल/कारागार। **वसुदेवस्य देवक्यां जातो भोजेन्द्रबन्धने।** (भाग.) ३.[*बध्यतेऽनेन, करणधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः ७.१.१*] १.डोरी/दाम्लो २.सांसारिक मायाजाल। **पुराणान्ते श्मशानान्ते मैथुनान्ते च या मतिः। सा मतिः सर्वदा चेत् स्यात् को न मुच्येत बन्धनात्॥** (हितो.)

बन्धनवेश्म (नपुं.) [*बन्धनाय वेश्म, च.त.*] कारागार।

बन्धनालयः (पुं.) [*बन्धनस्य बन्धनाय वा आलयः, ष.त/च.त.*] बन्दीगृह/कारागार।

बन्धस्तम्भः (पुं.) [*बन्धाय स्तम्भः, च.त.*] बाँध्ने खाँबो/मौलो/ किलो।

बन्धुः (पुं.) [*बध्नाति मनः, स्नेहादिना, बन्ध बन्धने, इति धातोः, शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च (उ.)१० इति उः*] १.मित्र २.बन्धुत्रय वा बन्धुवर्गसम्बन्धी नातेदार ३.पिता ४.माता ५.भाइ ६.सगोत्री दाजुभाइको समूह ७.प्रत्येक पाउमा तीनवटा भगण र दुई गुरुवर्ण (ऽ।।, ऽ।।, ऽ।।, ऽऽ) हुने छन्द ८.बाह्रमासे फूल ९.कुनै जाति वा पेसासँग नाममात्रको सम्बन्ध भएको शब्द। यसको प्रयोग तिरस्कार सूचक हुन्छ, जस्तै– **ब्रह्मबन्धु, वैश्यबन्धु** आदि। १०.पति। **यत्पादपांसु संपर्कादहल्यासीदपांसुला। कारुण्यसिन्धवे तस्मै नमो वैदेहिबन्धवे।** (रघुटी.१८ सर्ग) **वैदेहिबन्धोर्हृदयं विदद्रे** (र.वं.)। **बन्धुर्बन्धुकपुष्पे स्याद बन्धुर्भ्रातरि बान्धवे** (विश्व.) ११.दोपहरिया फूल। **~कृत्यम्** (नपुं.) बन्धुवर्गको कर्तव्य। **~जनः** (पुं.) बन्धुवर्ग। **~जीवः/जीवकः** (पुं.) [*बन्धुरिव जीवं जलमस्य*] बाह्रमासे फूल।

बन्धुकः (पुं.) [*बन्धुरेव, स्वार्थे कन्*] दोपहरिया फूल।

बन्धुकी (स्त्री.) [*कुत्सिता बन्धुः*] वेश्या।

बन्धुता (स्त्री.) [*बन्धूनां समूहः, ग्रामजनबन्धुभ्यस्तल् ४.२.४३ इति तल्, टाप्*] दाजुभाइको समूह।

बन्धुत्वम् (नपुं.) [*बन्धोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.दोस्ती/मित्रता २.बन्धुपन/भाइचारा।

बन्धुत्रयम् (नपुं.) [*बन्धूनां त्रयम्, ष.त.*] आफ्नी फुपू, सानी आमा, ठुली आमा र मामाका छोरालाई आत्मबान्धव भनिन्छ। बाबुका फुपू, सानीआमा, ठुली आमा र मामाका छोरालाई पितृबान्धव भनिन्छ। आमाकी फुपू, सानीआमा, ठुलीआमा र मामाका छोराहरूलाई मातृबान्धव भनिन्छ। यी बन्धुत्रय वा बन्धुवर्ग हुन्। **आत्मपितृस्वसुः पुत्रा आत्ममातृस्वसुः सुताः। आत्ममातुलपुत्राश्च विज्ञेया आत्मबान्धवाः। पितुः पितृस्वसुः पुत्राः पितुर्मातृस्वसुः सुताः। पितुर्मातुलपुत्राश्च विज्ञेयाः पितृबान्धवाः। मातुः पितृस्वसुः पुत्रा मातुर्मातृस्वसुः सुताः। मातुर्मातुलपुत्राश्च विज्ञेया मातृबान्धवाः ॥** (या.स्मृतिः, मिता. टीका)

बन्धुदत्तम् (न.) [*बन्धुना दत्तम्, तृ.त.*] विवाहका बखत कन्यालाई पितामाता आदिबाट दिइएको दाइजो।

बन्धुदायादः (पुं.) [*बन्धुरेव दायादः, त.स.*] धर्मशास्त्र–अनुसार छ थरी सन्तानलाई बन्धुदायाद भनिन्छ– स्वयंजात, प्रणीत, पुत्रिकासुत, पौनर्भव, कानीन र भगिनीसुत। **इमे वै बन्धुदायादाः षट् पुत्रा धर्मदर्शने। स्वयं जातः प्रणीतश्च तत्समः पुत्रिकासुतः ॥ पौनर्भवश्च कानीनो भगिन्यां यश्च जायते** (म.भा.आ.प.)।

बन्धुप्रीतिः (स्त्री.) [*बन्धूनां प्रीतिः, ष.त.*] १.भाइचाराको प्रेम २.मित्रको प्रेम।

बन्धुभावः (पुं.) [*बन्धूनां भावः, ष.त.*] १.भाइचारा २.मित्रता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्धुरम् (नपुं.) [*स्नेहेन मार्दवेन वा बध्नातीति, बन्ध बन्धने इति धातोः, मद्गुरादयश्च (उ.४३) इति सूत्रेण उरजन्तो निपातःखर्जूरादित्वादूरजपि*] १.शिरपेच/मुकुट। **अन्ये छत्रं वरुथञ्च बन्धुरञ्च तथापरे। गन्धर्वा बहुसाहस्रास्तिलशो व्यधमन् रथम्॥** (म.भा.) २.(पुं.) हाँस, सारस ३.योनि/भग ४.वायुविडङ्ग ५.(त्रि.) बहिरो ६.उपद्र्याहा ७.होचो अग्लो परेको। **बध्नाति मे बन्धुरगात्रि चक्षुर्दृप्तः ककुद्मानिव चित्रकूटः।** (रघु.) **बन्धुरन्तून्नतानतम्** (अभि.चि.) ८.मनोहर/सुन्दर। **श्रेयः स्थेयः स देयान्मम विमलदृशो बन्धुरं सिन्दुरास्यः।** (स्तोत्र) ९.तरङ्गित १०.नम्र। **बन्धूरबन्धुरौ स्यातां नम्रसुन्दरयोस्त्रिषु** (रन्तिदेव)।

बन्धुरा (स्त्री.) रण्डी।। **बन्धुरा पण्ययोषायां स्त्रियां भूम्नि च सत्तुषु** (मेदिनी.) **बन्धुरा पण्ययोषिति** (विश्व.) ।

बन्धुलः (पुं.) [*बन्धून् लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] व्यभिचारिणी स्त्रीको छोरो।

बन्धुलः. (पुं.वि.) १.झुकेको/नम्र २.आकर्षक/सुन्दर।

बन्धूकः (पुं.) [*बध्नाति चित्तम्, बन्ध बन्धने इति धातोः, उल्लूकादयश्च (उ.) ४८९इत्यूकः*] मध्याह्नमा फुल्ने एक प्रकारको फूल/दोपहरिया फूल। **बन्धूको बन्धुजीवकः** (अभि.चि.)।

बन्धूकपुष्पः (पुं.) [*बन्धूकस्येव पुष्पाण्यस्य*] विजयसाल।

बन्ध्यः (पुं.) १.[*बन्धे साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] ऋतुकालमा पनि फल नलाग्ने वृक्ष। **सिक्तं स्त्रियमिव स्नेहाद् बन्ध्यमाश्रमपादपम्** (रघु.१.७०) २.पुलविशेष। **सेतुश्च द्विविधो ज्ञेयः खेयो बन्ध्यस्तथैव च।** (या.व.मिता.) ३.(पुं.वि.) [*ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] बाँध्न योग्य/बन्धनीय।

बन्ध्या (स्त्री.) [*बध्नाति, बन्ध बन्धने इति धातोः, अघ्न्यादयश्च (उ.) ५६१ इति यगन्तो निपातः, टाप् ४.१.४*] १.बाँझी स्त्री/शारीरिक दोषले सन्तान उत्पन्न गर्न नसक्ने स्त्री २.योनिको रोगविशेष। **उदावर्ता तथा बन्ध्या विप्लुता च परिप्लुता। वातला योनिजो रोगो जातदोषेण पञ्चधा॥** (भा.प्र.)

बभ्रुः (पुं.) [*बिभर्ति सर्वमिति, भृञ् भरणे इति धातोः, कुर्भ्रश्च (उ.) २२ इति सूत्रेण उः, धातोर्द्वित्वञ्च*] १.अग्नि २.मुनिविशेष ३.न्याउरी मूसो। **सञ्जायते महावक्रो मूषिको बभ्रुसन्निभः।** (मा.पु.) ४.शिव। **शृङ्गी शृङ्गप्रियो बभ्रू राजराजो निरामयः।** (शिव.स.) ५.विष्णु। **रुद्रो बहुशीरा बभ्रुर्विश्वयोनिः शुचिश्रवाः** (म.भा.) ६.(त्रि.) विशाल ७.(त्रि.) पहेँलो। **बबन्ध बालारुणबभ्रुवल्कलं पयोधरोत्सेधविशीर्णसंहतिः।** (कु.सं.) ८.कैलो वर्ण ९.(पु.वि.) कैलो वर्ण भएको। **नाक्रामेत् कामतश्छायां बभ्रुणो दीक्षितस्य च।** (मनु. ४.१३०) १०.लोमपादका छोरा। **लोमपादसुतो बभ्रुस्ततो कृतिरजायत।** (भाग. ९.२.४७) ११.देवावृधका छोरा (भाग. ९.२४.९) १२.द्रुह्युका छोरा (भाग. ९.२३.१४) १३.पञ्च गन्धर्वपति मध्ये एक (रामा. ४.४१.४२) १४.विश्वमित्रका छोरा (म.भा. १३.४.५०) १५.विश्वगर्भका छोरा, यादवविशेष (माघः २.४०) १६.अरुणका नाति, सम्पातिका छोरा १७.शौनकका एक शिष्य १८.(स्त्री.) कैली गाई। **खड्गमादाय तरसा प्रलीनोडुगणे निशि। अजानन्नहनन् बभ्रोः शिरः शार्दूलशङ्कया॥** (भाग.९.२.६)

बभ्रुमान् (पुं.वि.) [*बभ्रुः (अग्निः) अस्यास्तीति, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इत्यत्र मत्वर्थे मतुप् चेति वचनान्मतुप्, मस्य वः*] १.आगो भएको २.(पुं.) केवलका छोरा, वेगवान्का बाबु। यिनलई अक्रूरले मारेका थिए।

बभ्रुवाहनः (पुं.) चित्राङ्गदाबाट पैदा भएका अर्जुनका छोरा।

बर्ब (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु– **बर्बति–** जान्छ इत्यादि।

बर्बरः (पुं.) [*बर्बं गतिं राति ददाति, आतोऽनुपसर्गे कः३.२.३ इति कः, आलोपः*] १.झारङ्गी २.जातिविशेष।

बर्बरा (स्त्री.) [*बर्बरशब्दाट्टाप्*] बाबरी।

बर्ह (धा.) [*प्राधान्ये, भ्वा. सक.सेट् आत्म.*] श्रेष्ठ हुनु। लट्– **बर्हते–** श्रेष्ठ हुन्छ इत्यादि।

बर्ह (धा.) [*भाषायाम्, सक.सेट् उभय.*] बोल्नु। लट्– **बर्हयति–ते–** बोल्छ। लिट्– **बर्हयाञ्चकार–चक्रे–** बोलेछ (अन.) इत्यादि।

बर्ह (धा.) [*हिंसायाम्, सक.सेट् उभय.*] हिंसा गर्नु। लट्– **बर्हयति–ते–** हिंसा गर्छ इत्यादि।

बर्हपुष्पम् (नपुं.) [*बर्हमिव पुष्पं यस्य तत्*] भेडे कुहो।

बर्हम् (नपुं.) [*बर्हति, बृह वृद्धौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पक्षीको पुच्छर २.मयूरको पुच्छर। ३. पत्र। **बर्हे पिच्छे दलेऽस्त्रियाम्** (मेदिनी.)।

बर्हिः (पुं.) [*बृंहति बर्द्धते, बृहि वृद्धौ इति धातोः, बृंहेर्नलोपश्च (उ.) २७४ इति इसिः, नलोपश्च*] १.कुश २.अग्नि। **बर्हिर्ना कुशशुष्मणोः** (उ.को.)।

बर्हिणः (पुं.) [*बर्हम् पुच्छमस्ति अस्य फलबर्हाभ्यामिनन् (वा.) ५.२.१२१ इति इनन्, णत्वम्*] मयूर।

बर्हिपुष्पम् (नपुं.) [*बर्हं पत्रं प्रशस्तमस्य, अत इनिठनौ ५.२.११५ इतीनिः, पुष्यति, पुष्प विकसने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] भेडे कुरो।

बर्हिर्मुखाः (पुं.ब.) [*वर्हिः अग्निः मुखं येषान्ते, बहु.स.*] देवता।

बर्हिर्शुष्मा (पुं.) [*बर्हिः कुशः शुष्म बलं यस्य सः,बहु.स.*] अग्नि।

बर्हिष्ठम् (नपुं.) [*बर्हिषि कुशे तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, अम्बाम्ब ८.३.९७ इति षत्वम्*] सुगन्धवाल।

बर्ही (पुं.) [*वर्होऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] मयूर **मयूरो बर्हिणो बर्ही** (अमर.)।

बल (धां.) [*प्राणने धान्यावरोधने च, धनस्य भावो धान्यम्, समृद्धिस्तस्य अवरोधनम्, चुरा. सक.सेट् उभय.*] बलियो पार्नु, बचाउनु, समृद्धिमा अवरोध पुऱ्याउनु। लट्– **बलयति–ते–**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलियो पार्छ, बचाउँछ, समृद्धिमा अवरोध ल्याउँछ इत्यादि। **बलयति पुण्यहीनं विधिः** (दुर्गादास)।

बल (धा.) [*निरूपणे, हिंसायाम्, दाने च, भ्वा. आत्म.सक. सेट्*] निरूपण गर्नु, प्रतिपादन गर्नु, हिंसा गर्नु, दान दिनु। लट्- **बलते**— निरूपण गर्छ, प्रतिपादन गर्छ, हिंसा गर्छ, दान दिन्छ इत्यादि। **बलते धर्मं धीरः** (दुर्गादास)।

बलः (पुं.) [*बलमस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा बलते निरूपयति स्वेष्टम्, बलते विपक्षान् हन्ति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.बलराम। **पुष्णो ह्यपातयद् दन्तान् कलिङ्गस्य यथा बलः** (भाग. ४.५.१९) २.दैत्यविशेष ३.कागविशेष ४.वृक्षविशेष ५.कार्तिक स्वामीको एक अनुचर ६.रामचन्द्रका पुत्र कुशको वंशमा पैदा भएका पारियात्रका छोरा ७.मेघविशेष।

बलः (पुं.) [*बलमस्यास्तीति अर्शाद्यच्*] बलराम। **कालिन्दीभेदनो बलः** (अमर.)।

ब (व) लक्षः (पुं.वि.) [*बलं क्षायत्यस्मात्, आतोऽनुपसर्गे कः (३.२.३) इति कः, आलोपः६.४.६ पक्षे अवलक्षते इति, घञ्, अकारलोपः*] १.सेतो। **बलक्षो धवलोऽर्जुनः**। (अमर.) २.(पुं.) पूर्ण चन्द्रमा।

बलदः (पुं.) [*बलं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] १.पौष्टिक कर्मको अङ्गभूत होमको अग्नि २.गोरु ३.(पु.वि.) बलदिने।

बलदा (पुं.) [*बलं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः, टाप्*] अश्वगन्धा।

बलदेवः (पुं.) [*बलेन दीव्यति दिवु क्रीडादौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्*] १.बलराम/शेष नागका अंशावतार। **शेषस्यांशश्च नागस्य बलदेवो महाबलः** (म.भा. १.६७.१५१) २.वायु।

बलदेवा (पुं.) [*बलेन दीव्यति दिवु क्रीडादौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्, टाप्*] औषधिविशेष।

बलपरीक्षणम् (नपुं.) [*बलस्य परीक्षणम्, ष.त.*] परस्पर द्वेषीहरूमा एकले अर्काको शक्ति वा बलको परीक्षा लिनका लागि गरिने प्रयत्न।

बलभद्रः (पुं.) [*बलो बलवानपि भद्रः सौम्यः यद्वा बलेन भद्रः, बलं भद्रं श्रेष्ठमस्य वा*] १.बलवान् व्यक्ति २.नेपालका एक ऐतिहासिक वीर पुरुष ३.महाभारत तथा पुराणमा वर्णित कृष्णका दाजु/बलराम। **बलदेवो बलभद्रो नीलवस्त्रोऽच्युताग्रजः**। (अभि.चि.) ४.लोधको रुख ५.पर्वतविशेष ६.गाईजस्तो एक प्राणी ७. गोरु।

बलभद्रिका (स्त्री.) [*बलेन भद्रा, स्वार्थे कन् ५.३.७५ टाप्, इत्वम्*] मुडिलो। **वार्षिकं त्रायमाणा स्यात् त्रायन्ती बलभद्रिका** (अमर.)।

बलम् (नपुं.) [*बलयतीति, बल प्राणने इति धातोः, यद्वा वलते, वल संवरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.शक्ति/ताकत/ऊर्जा **पूजितं ह्यशनं नित्यं बलमूर्जञ्च यच्छति**। (मनु.२.५५) जोड २.सेना। **अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम्** (गीता) ३.वीर्य। **धातूनां यत्परं तेजस्तत्खल्वोजस्तदेव बलमित्युच्यते**। (सुश्रुतः) **शुक्रं रेतो बलं बीजं वीर्यं मज्जासमुद्भवम्** (अभि.चि.) ४.गन्धरस ५.रूप ६.शरीर। **कीदृशो वै प्रभावोऽस्य किं बलं कः पराक्रमः** (रामा.७.१.३३) ७.(पुं.वि.) [*बलमस्यास्ति, अच्*] बलियो।

बलयम् (नपुं.) [*बलते संवृणोतीति, वल संवरणे इति धातोः, वलिमलितनिभ्यः कयन् (उ.) ५४९) इति कयन्*] १.बालो २.घाँटीको रोग/गण्डमाला ३. ग्रहणको तेस्रो प्रकार।

बलरामः (पुं.) [*बलेन रमते, रमु क्रीडायामिति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, बलेन रामो रमणं यस्य इति वा*] कृष्णका दाजु/बलदेव/बलभद्र। बलरामको हलो— **संवर्तक**। मुसल— **सौनन्द**। पत्नी— **रेवती**। आमा— **रोहिणी**।

बलवत् (अव्य.) [*बलमस्यास्तीति, बलादिभ्यो मतुबन्यतरस्याम् ५.२.१३६ इति मतुप्, मस्य वः*] अत्यन्त, पूर्णतया, जवर्जस्ती। **बलवत्सुष्ठु किमुतातीव निर्भरे** (अभि.चि.)।

बलवर्द्धिनी (स्त्री.) [*बलं वर्धयति, णिनिः, ङीप्*] तागत दिने औषधिविशेष।

बलवान् (पुं.वि.) [*बलमस्यास्तीति, बलादिभ्यो मतुबन्यतरस्याम् ५.२.१३६ इति मतुप्, मस्य वः*] बलियो/बलशाली/शक्तिशाली। **मात्रा स्वस्रा दुहित्रा वा नैकशय्यासनो वसेत्। बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति॥** (सुभा.)

बलविन्यासः (पुं.) [*बलानां सैन्यानां विशेषेण न्यासः स्थापनम्, ष.त.*] १.शक्तिसन्तुलन २.युद्धका लागि विभिन्न किसिमले सेना मिलाएर राख्ने काम/व्यूहरचना।

बलसूदनः (पुं.) [*बलं तन्नामकमसुरं सूदयति, ल्युः, अनः*] १.इन्द्र २.विष्णु। **नो चेद् गृहाणाशु युद्धाय बलसूदन** (देवीभाग.)।

बलस्थितिः (स्त्री.) [*बलानां सैन्यनां स्थितिर्यत्र सा*] शिविर।

बला (स्त्री.) [*बलतीति, वल संवरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, बलमस्त्यस्याः इति वा, अर्श आदिभ्योऽच् ५.२.११५ इत्यच् वा, टाप्*] १.बलवान् २.बलु ३.जिन शासनकी अधिष्ठात्री देवी। **बलयुक्तेऽन्यलिङ्गः स्याद्बलावाट्यलके स्त्रियाम्** (मेदिनी.) ४.विद्याविशेष। विश्वामित्रले रामलाई दिएको विद्या। यो विद्या प्राप्त गरेपछि भोक, प्यास आदिबाट हुने दुःख वा क्लेश हुँदैन। **त्रिषु लोकेषु वा राम न भवेत् सदृशस्तव। बलामतिबलाञ्चैव पठतस्तव राघव। क्षुत्पिपासे न ते राम भविष्येते नरोत्तम** (रामा. १ काण्डः)।

बलाकः (पुं.) [*बल प्राणने इति धातोः, बलाकादयश्च (उ.) ४६२ इति आकप्रत्ययान्तो निपातः*] १.बकुल्लो। **बलाहकः स्याद बलाकः** (अभि.चि.) २.जह्नुका नाति ३.जातुकर्ण्यका एक शिष्य ४.राक्षसविशेष ५.महाभारतमा वर्णित एक व्याधा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलाका (स्त्री.) [*बलते संवृणोत्यसौ, बल प्राणने इति धातोः, बलाकादयश्च (उ.) ४६२ इति आकप्रत्ययान्तो निपातः, टाप् ४.१.४ यद्वा बलेनाकति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पोथी बकुल्लो। **बलाका बिषकण्ठिका** (अभि.चि.) २.कामासक्त युवती।

बलाकिनी (स्त्री.) [*बलाका अस्ति अस्याः, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] बकुल्ला भएको। **तासाञ्च पश्चात् कनकप्रभाणां काली कपालाभरणा चकासे। बलाकिनी नीलपयोदराजी दूरं पुरः क्षिप्तशतह्रदेव॥** (कु.सं.)

बलाङ्गकः (पुं.) [*बलानि अङ्गानि यस्य सः, बहु.स.*] वसन्त ऋतु। **वसन्त इष्यः सुरभिः पुष्पकालो बलाङ्गकः** (अभि.चि.)।

बलाञ्चिता (स्त्री.) [*बलेन अञ्चिता, तृ.तृ.*] रामचन्द्रको वीणा।

बलाटः (पुं.) [*बलमाटयति प्रापयति कर्मण्यण् ३.२.१ इत्यण्*] हरियो मुगी। **मुद्गस्तु प्रथनो लोभ्यो बलाटे हरितो हरिः** (अभि.चि.)।

बलात् (अव्य.) [*बलम् सामर्थ्यं कारणत्वेनातति, अत सातत्यगमने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] बलैसित/जबर-जस्तीसित/बलपूर्वक।

बलात्कारः (पुं.) [*बलात्करणमिति, भावे ३.३.१८ इति घञ्*] १.बलपूर्वक/जबर्जस्ती। **बलात्कारस्तु प्रसभं हठः** (अभि.चि.) २.महिलामाथि जबर्जस्ती गरिने अनुचित कार्य।

बलाध्यक्षः (पुं.) [*बलानां सेनानामध्यक्षः, ष.त.*] सेनापति/बलाधिकृत।

बलाबलम् (नपुं.) [*बलञ्च तदबलञ्च, कर्म.स.*] १.दुईको तुलनात्मक बल र निर्बलता। **समय एव करोति बलाबलं प्रणिगदन्त इतीव शरीरिणाम्। शरदि हंसरवाः परुषीकृत-स्वरमयूरमयू रमणीयताम्॥** २.दुई थरीका बलको प्रतिस्पर्धा/खिचातानी।

बलारातिः (पुं.) [*बलस्य तन्नामकासुरस्य आरातिः शत्रुः, ष.त.*] इन्द्र।

बलाशः (पुं.) [*बलमश्नाति, कर्मण्यण् ३.२.१ इत्यण्*] कफ। **कफः श्लेष्मा बलाशः स्नेहभूः खटः** (अभि.चि.)।

बलाहकः (पुं.वि.) [*वारीणां वाहकः, पृषोदरादीनि यथोपदिष्टम् इति साधुः, यद्वा बलं कम्पनमाजहाति, आङ् पूर्वकात् ओहाक् त्यागे इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २०० इति क्वुन्*] १बादल। **बलाहकच्छेदविभक्तरागामकालसन्ध्यामिव धातुमत्ताम्।** (कु.सं.१.४) २.पर्वत/पहाड ३.बकुल्लो ४.एक प्रकारको नाग। **अथ कम्बलाश्वतरधृतराष्ट्रबलाहकाः। इत्यादयोऽपरे नागास्तत्तद्वंशसमुद्भवाः।** (अभि.चि.) ५.दैत्यविशेष। **बलाहको गिरौ मेघे दैत्यनागप्रभेदयोः** (विश्वः) ६.मोथे ७.कृष्णका रथको एक घोडा। **स्यन्दनस्तु शतानन्दः सारथिश्चास्य दारुकः। तुरङ्गाः शैव्यसुग्रीवमेघपुष्पबलाहकाः** (त्रिकाण्डः) ८.जयद्रथको भाइ (म.भा.२.२५४.१२) ९.नदविशेष। **बलाहकश्च ऋषभश्चक्रो मैनाक एव च। विनिविष्यः प्रतिदिशं निम्नगा लवणाम्बुधिम्।** (मत्स्यपु. १२०.७२) १०.कुशद्वीपमा रहेको पर्वतविशेष (मत्स्यपु. २२१.५५)। **~च्छेदः** (पुं.) [*बलाहकानां छेदः, ष.त.*] मेघको एक टुक्रा।

बलिः (पुं.) *बलते संवृणोतीति बल संवरणे इति धातोः सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] १.प्रह्लादका नाति, विरोचनका छोरा र बाणासुरका पिता एक दैत्यराज। यिनको घमन्ड चूर्ण पार्न वामनावतार भएको थियो। यी अट्ठाइसौँ मनु हुन्। २.एक ऋषि ३.मालगुजारी ४.[*बल्यते दीयते इति बल दाने इति धातोः पूर्ववत् इनिः*] कुनै मानिसलाई भेट गर्दा दिइने उपहार ५.राजस्व/कर। **साम्वत्सरिकमाप्तैश्च राष्ट्रादाहारयेद् बलिम्** (मनु. ७.८०) ६.पञ्चमहायज्ञहरूमध्ये चौथो भूतयज्ञ/काग, कुक्कुर आदिलाई नियमित रूपमा समर्पण गरिएको खाने कुरा। **अध्ययनं ब्रह्मयज्ञः स्याद् देवयज्ञश्च आहुतिः। होमो होत्रं बषट्कारः पितृयज्ञस्तु तर्पणम्। तच्छ्राद्धं पिण्डदानञ्च नृयज्ञोऽतिथिपूजनम्। भूतयज्ञो बलिः पञ्च महायज्ञा भवन्त्यमी॥** (अभि.चि.) ७.चमरको डाँठ, ८.उपद्रव/उत्पात ९.पूजासामग्री १०.पूजा/अर्चा ११.घरमा राखे बलोविशेष १२.पेटको तल्लो भागमा रहेको शरीरको अवयव। **बलिर्दैत्यप्रभेदे च करचामरदण्डयोः। उपहारे पुमानस्त्री जरया श्लथचर्मणि। गृहदारुप्रभेदे च जठरावयवेऽपि च।** (मेदिनी.) १३.देवता पितृ आदिले पाऊन् वा खाऊन् भन्ने भावनाले पूजाको क्रममा चढाइने आमान्न, पक्वान्न, फलादि वा। जीवादि वस्तु वा खाने चिजलाई पनि बलि भनिन्छ। मेरुतन्त्रमा बलिका तीन भेद छन्– तान्त्रिकबलि, स्मार्तबलि र वैदिकबलि। **बलिस्तु त्रिविधो ज्ञेयस्तान्त्रिकः स्मार्त्त एव च।** (मेरुतन्त्र)। **वैदिकन्तु बलिं दद्यादोदनं स्विन्नमाषवत्। सरोचनमतिक्रूरदैवते वटकान्वितम्॥** (पु.च.भा. ४) स्मार्तबलि– कुभिण्डो, नरिवल, बेल, ऊखु आदि। कुभिन्डो, ऊखु, मासु, सारस यी छाग समानका बलिहरू हुन्। **कूष्माण्डमिक्षुदण्डं च मांसं सारसमेव च। एते बलिसमाः प्रोक्तास्तृप्तौ छागसमाः सदा॥** (कालिकापुराण) तान्त्रिक दक्षिणाचारमा बलि दिइने वस्तुहरू– पकाएको मास, लावा, भुटेको अन्न, सातु, चिउरा, चामल, भात, धान, पनिर, यवागू, (जौ वा चामलको माड), खिचडी/खिच्रो, खिर, घिउ वा दही मिलाएको अन्न, पकाएको अन्न र फलहरू। **माषभक्तं तथा लाजा धानाः सक्तव एव वा। पृथुकास्तण्डुला वापि स्विन्ना व्रीहय एव च॥ आमिक्षा वा यवागूर्वा कृशरं पायसं तथा। आज्याभिषिक्तं दधि वा पक्वान्नानि फलानि वा॥** तान्त्रिक वामाचारमा– पोलेको, भुटेको वा पकाएको माछो अथवा रक्सी। **दग्धमीनो भर्जितं वा तेमनीकृतमेव वा। मदिरा वा प्रदातव्या बलित्वेन वरानने॥ सर्वसाधारणत्वेन बलिर्नैष प्रकीर्त्यते। अधिकारिविशेषेण दातुं शक्यो बलिस्त्वयम्॥**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरूको भेदले बलिका भेदहरू पनि अनेक छन्। (हे. **पुरश्चर्यार्णव** (भाग. १) १४.बुढ्याइँले चाउरी परेको छाला।

~दानम् (नपुं.) [*बलेर्दानम्, ष.त.*] १.देवदेवीको उद्देश्यले गरिने पशुवध २.श्रीकृष्णलाई चढाएका नैवेद्यको एक शतांश वा सहस्रांश उनका पार्षदलाई प्रदान गर्नु ३.लामो समयदेखि भएको त्याग/उत्सर्ग।

बलिध्वंसी (पुं.) [*बलिं ध्वसयते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] विष्णु।

बलिनः (पुं.वि.) [*बलिस्त्वक्संकोचोऽस्यास्ति, पामादित्वान्नः ५.२.१००*] बुढ्याइँले चाउरी परेको।

बलिन्दमः (पुं.) [*बलिं दमयति, खच्, मुम्*] वामन अवतार।

बलिपुष्टः (पुं.) [*बलिना वैश्वदेवेन पुष्टः*] काग।

बलिभः (पुं.) [*बलयोऽस्मिन् सन्ति, तुन्दिबलिवटेर्भः ५.२.१३९ इति भः*] १.रेखा भएको २.बुढ्याइँले चाउरी परेको।

बलिभुक् (पुं.) [*बलिम्, वैश्वदेवबलिम्, गृहस्थदत्तद्रव्यं वा, भुङ्क्ते, भुज पालनादौ इति धातोः, क्विप् च ३.२.७५ इति क्विप्*] काग।

बलिमुखः (पुं.) [*बलिश्चर्मसङ्कोचो मुखे यस्य सः, बहु.स.बलीमुख इत्यपि*] बाँदर (हला.२३१)।

बलिवेश्म (नपुं.) [*बलेर्वेश्म, ष.त., बलेर्वेश्म यत्र, बहु.स. वा*] पाताल। **पातालं वडवामुखम्। बलिवेश्माधोभुवनं नागलोको रसातलम्॥** (अभि.चि.)

बलिशम् (नपुं.) १.[*बलिनो मत्स्यान् श्यति, शो तनूकरणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, डलयोरैक्याद् बडिशम् इत्यपि*] बल्छी २.अङ्कुर। **स तु पर्वणः। समुत्थितं स्याद् बलिशम्** (अभि.चि.)।

बलिष्ठः (पुं.वि.) [*अतिशयेन बलवान्, अतिशायने तमविष्ठनौ ५.३.५५ इति इष्ठन्, विन्मतुपोर्लुक् ५.३.६५ इति मतुपो लुक्*] १.अत्यन्त बलियो/शक्तिशाली/बलवान् २.(पुं.) ऊँट ३.ऋषि विशेष। (मार्कण्डेपु. २४.१९) ४.अतिशय बलवान्हरू– वायु, विष्णु, गरुड, शेषनाग, हनुमान्, यमराज, महावराह, सरभ, हात्ती, पृथुराज, बलराम, बाली, बलि, भीम, सती, शैव, पूर्वजन्ममा गरेको कर्म (ककिल्पलता)।

बलिसद्म (नपुं.) [*बलेः सद्म, ष.त.*] रसातल।

बली (पुं.) [*बलमस्यास्तीति, बलादिभ्यो मतुबन्यतरस्याम् ५.२.१३६ इति मतुबोऽभावे इनिः*] १.बलराम २.मास। **मासस्तु मदनो नन्दी वृष्यो बीजवरो बली** (अभि.चि.) ३.ऊँट ४.साँढे ५.राँगो ६.बँदेल ७.कुन्दवृक्ष ८.कफ ९.चाउरी परेको छाला १०.लुदा **कुष्ठं सुचूर्णितं कृत्वा घृतमाक्षिकसंयुतम्। भक्षणात् स्वप्नवेलायां बलीपलितनाशनम्॥** (वैद्यकम्) ११.(पुं.वि.) बलशाली/ बलियो।

ब (व) लीकम् (नपुं.) [*बलति संवृणोति, बल संवरणे इति धातोः अलीकादयश्च (उ.) ४७३ इति कीकच्*] छानाको छेउ/दाँती।

बलीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन बली, द्विवचन-विभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, स्त्रियाम्-बलीयसी*] ज्यादा बलियो। **बलीयसी केवलमीश्वरेच्छा**। (सुभा.) **आगमादेशयोर्मध्ये बलीयानागमो विधिः** (दुर्गादास)।

बलीवर्दः (पुं.) [*ईर्लक्ष्मी, वर् वरणम्, वर् ईप्सायां क्विप्, ईश्च वश्च ईवरौ, तौ ददातीति, ईवर्दः, बलमस्यास्तीति, बली, ततो बली च ईवर्दश्च इति*] साँढे, गोरु। **उक्षाननड्वान् ककुद्मान् गौबलीवर्दश्च शाङ्करः** (अभि.चि.)।

बष्कयिणी (पुं.) [*बस्कते, बस्क गतौ इति धातोर्बाहुलकादयन्, बस्कयः तरुणवत्सः, सोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनि, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्, अट्कुप्वाङ्नुम्व्यवायेऽपि ८.४.२ इति णत्वम्.*] एक वर्षको बाच्छो भएको गाई/बकेर्नो गाई।

बस्त (धा.) [*अर्दने, सक.सेट्, आत्म.*] दुःख दिनु। लट्– **बस्तयते–** दुःख दिन्छ इत्यादि।

बस्तः (पुं.) [*बस्तयति, बस्त अर्दने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.३.१३४ इत्यच्*] बोको।

बहिः (अव्य.) [*वहति, वह प्रापणे इति धातोः, इस्, बवयोरभेदः*] बाहिर। **बहिर्बहिर्भवे** (अभि.चि.)।

बहिरिन्द्रियम् (पुं.) [*बहिर्गतम् च तद् इन्द्रियञ्च, कर्म.स.*] बाहिरी विषयहरूको अनुभव गर्ने नाक, कान, आँखा, जिब्रो छाला आदि।

बहिर्गतः (पुं.वि.) [*बहिः गतः*] १.घरमा वा कार्यालयमा नभएको/बाहिर गएको २.स्पष्ट या सबैको अगाडि प्रकाशित भएको।

बहिर्गमनद्वारम् (नपुं.) [*बहिर्गमनस्य द्वारम्*] कोठाबाट बाहिर निस्कने ढोका।

बहिर्जगत् (नपुं.) [*बहिर्भूतं जगत्, म.प. स.*] दृष्टिगोचर भएको जगत्/ बाह्य जगत्/भौतिक जगत्।

बहिर्द्वारम् (नपुं.) [*बहिर्द्वारात्, अपपरि– २.१.१२ इति समासः, बहिश्च तद्द्वारं च इति वा*] बाहिरको ढोका।

बहिर्भूतः (पुं.वि.) [*बहिर्भवति स्म बहिर्, भू सत्तायामिति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] बाहिर भएको/निकालिएको/ निष्कासित।

बहिर्मुखः (पुं.वि.) [*बहिर्मुखं यस्य सः, बहु.स.*] १.बाहिर फर्किएको २.बाहिरी विषयमा मन लागेको/बाहिरतिर ध्यान गएको ३.कुनै विषयबाट विरक्त भएको/विमुख।

बहिर्योगः (पुं.) [*बहिः बाह्येन सह योगः सम्बन्धः*] बाहिरका साथ हुने सम्पर्क।

बहिष्कारः (पुं.) [*बहिष्करणम्, डुकृञ्, करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.बाहिर निकाल्ने काम/बहिष्करण २.छोड्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहिष्कृतः (पुं.वि.) [*बहिष्क्रियते स्म, बहिस् पूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.निकालिएको २.बहिष्कार गरिएको/त्यागिएको। **सर्वधर्मबहिष्कृतः** (मनु.)।

बहु (त्रि.बहु.) [*बंहते वर्धतेऽन्येभ्यः इति, बहि वृद्धौ इति धातोः, लङ्घिबंह्योर्नलोपश्च (उ.) २९ इति सूत्रेण कुः, नलोपश्च*] १.धेरै २.विशाल। **ततं बहु महद् गुरु** ३.तीन र सोभन्दा बढी ४.अनेक। **बहु स्यात् त्र्यादिसङ्ख्यासु विपुलेऽप्यभिधेयवत्** (विश्वमेदिन्यौ)। पुं.– **बहवः**, स्त्री.– **बह्व्यः**, नपुं.– **बहूनि**। **~भर्तृका** (स्त्री.) [*बहवो भर्तारो यस्याः, सा, बहु.स.*] धेरै पति भएकी। **~भाषाज्ञः** (पुं.वि.) [*बह्वीः भाषाः जानातीति, ज्ञा+कः*] धेरै भाषा जान्ने वा बोल्ने व्यक्ति। **~मतम्** (नपुं.) [*बहूनाम् मतम्, ष.त.*] १.समितिमा उपस्थित भएका सदस्यहरूमध्ये आधाभन्दा बढीको मत/धेरैको एउटा मत वा राय २.धेरैका विभिन्न मत। **~मान्यः** (पुं.वि.) [*बहुभिर्मान्यः, तृ.त.*] १.धेरैले मानेको वा आदर गरेको/सम्माननीय २.पूजनीय। **~मुखः** (पुं.) [*बहु सर्वोतोदिक्कं मुखं यस्य सः, बहु.स.*] अनेक विषयको जानकारी राख्ने/धेरै तिरको ज्ञान भएको/बहुमुखी प्रतिभा भएको। **~मुखी** (पुं.वि.) [*बहु सर्वोतोदिक्कं मुखमस्यास्तीति, बहुमुख+इनिः*] अनेक विषयको जानकारी राख्ने/धेरै तिरको ज्ञान भएको/बहुमुखी प्रतिभा भएको॥ **~रूपी** (पुं.वि.) [*बहु अनेकविधं रूपमस्यास्तीति, बहुरूप+इनिः*] १.जनसाधारणलाई विभिन्न रूप देखाएर जीविका गर्ने २.धेरै किसिमको चालबाजी गर्ने ३.अनेक रूपको। **~बचनम्** (नपुं.) [*बहु च तद् वचनञ्च, कर्म.स.*] व्याकरणशास्त्रअनुसार तीन वा तीनभन्दा अधिक वस्तु वा व्यक्तिलाई बुझाउने शब्द। **~विधः** (पुं.) [*बहवो विधयो यत्र, बहु.स.*] धेरै किसिमको/अनेक प्रकारको/धेरै प्रकारले/धेरै किसिमले। **~व्रीहिः** (पुं.) [*बहवो व्रीहयो यत्र, बहु.स.*] १.धेरै धान भएको ठाउँ २.अन्य पदको अर्थ प्रधान हुने गरी भएको समास। **प्रायेणान्यपदार्थप्रधानो बहुव्रीहिः**। (ल.कौ.) **~विवाहः** (पुं.) [*बहु बहुसंख्यको विवाहः, म.प.स.*] पति वा पत्नीले पत्नी वा पति छँदाछँदै अर्की अथवा अर्कोसँग बिवाह गर्ने काम। **~श्रुतः** (पुं.वि.) [*बहु श्रुतं येन सः, बहु.स.*] अनेक किसिमका धेरै शास्त्रीय वा लौकिक चर्चाहरू सुनेको। **~सङ्ख्यकः** (पुं.वि.) [*बह्व्यः सङ्ख्या यस्य सः, बहु.स.*] गणनामा धेरै सङ्ख्या भएको/बहुसङ्ख्यक।

बहुकः (पुं.) [*बहुभिः क्रीतः, सङ्ख्याया अतिशदन्तायाः कन् ५.१.२२ इति कन्*] धेरैले किनेको।

बहुकरः (पुं.) [*बहु करोति, भुवं संमार्ष्टि, किंयत्तद्बहुष्वज्विधानम् (वा.) ३.२.२१ इत्यच्, स्त्रियां बहुकरा*] १.खलो बढार्ने र साधारण भाडु लगाउने २.धेरै काम गर्ने। **निहन्ता वैरकाराणां सतां बहुकरः सदा** (भट्टि. ५.७८)।

बहुकुलीनः [*ईषदसमाप्ते कुले भवः कुलात् खः ४.१.१३९ इति खः, खस्य ईनः, विभाषा सुपो बहुच् पुरस्तात्तु ५.३.६८ इति बहुच्*] अलिअलि खान्दानी कुलमा पैदा भएको।

बहुकुल्यः (पुं.वि.) [*ईषदसमाप्ते कुले भवः अपूर्वपदस्यान्यतरस्यां यड्ढकञौ ४.१.१४० इति यत्, विभाषा सुपो बहुच् पुरस्तात्तु ५.३.६८ इति बहुच्*] अलिअलि खान्दानी कुलमा पैदा भएको।

बहुकृत्वः (अव्य.) [*बहुवारम्, सङ्ख्यायाः क्रियाभ्यावृत्तिगणने कृत्वसुच् ५.४.१७ इति कृत्वसुच्*] अनेकवार/धेरै पटक।

बहुगुडः (पुं.) [*ईषदसमाप्तो गुडः, विभाषा सुपो बहुच् पुरस्तात्तु ५.३.६८ इति बहुच्*] सक्खरजस्तो/सक्खरभन्दा अलि तल्लो।

बहुज्ञः (पुं.वि.) [*बहु जानातीति, बहुपूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] धेरै विषयका ज्ञाता/विशेषज्ञ/धेरै जान्ने।

बहुतः (अव्य.) [*बहुभ्य इति, पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्*] धेरै तिरबाट।

बहुतिथः (पु.वि.) [*बहूनां पूरणः, बहुपुगगणसङ्घस्य तिथुक् ५.२.५२ इति तिथुक्*] धेरै सङ्ख्या पूर्ण भएको। **ततः काले बहुतिथे गते राजा पुनः सुतम्। प्राह गच्छाशु विप्राणां त्राणाय चर मेदिनीम्॥** (मार्कण्डेयपु. २२.१)

बहुत्र (अव्य.) [*बहुषु इति, सप्तम्यास्त्रल् ५.३.१० इति त्रल्*] धेरै ठाउँमा।

बहुत्रा (अव्य.) [*बहुन् गच्छति, देवमनुष्यपुरुषपुरुमर्त्येभ्यो द्वितीयासप्तम्योर्बहुलम् ५.४.६ इति त्रा*] १.धेरै स्थानमा जाने २.[*बहुषु वसति, पूर्ववत्*] धेरै ठाउँमा बस्ने।

बहुथा (अव्य.) [*बहुभिः प्रकारैः, प्रकारवचने थाल् ५.३.२३ इति थाल्*] धेरै किसिमले।

बहुधा (अव्य.) [*बहुबारम्, विभाषा बहोर्धाऽविप्रकृष्ट–काले. ५.४.२० इति धा*] धेरै पटक।

बहुपटुः (पुं.) [*ईषदसमाप्तः पटुः, विभाषा सुपो बहुच् पुरस्तात्तु ५.३.६८ इति बहुच्*] केही चतुरो/पूरा चतुरो भई नसकेको।

बहुपात् (पुं.) [*बहवः पादा अस्य, सङ्ख्यासुपूर्वस्य ५.४.१४० इति पादशब्दान्तस्य लोपः*] वटवृक्ष। **न्यग्रोधस्तु बहुपात् स्याद् वटो वैश्रवणालयः** (अभि.चि.)।

बहुप्रदः (पुं.) [*बहु प्रददाति, प्रे दाज्ञः ३.२.६ इति कः*] धेरै दिने।

बहुमूल्यम् (नपुं.) [*बहु मूल्यमस्य*] धेरै मोलपर्ने।

बहुरूपः (पुं.) [*बहूनि रूपाण्यस्य*] १.सालधूप २.कामदेव ३.विष्णु ४.शिव ५.छेपारो। **बहुरूपः स्मरे विष्णौ सरटे धूपके शिवे** (हैम.) ६.ब्रह्मा ७.केश ८.(पुं.वि.) अनेक रूप लिने। **तमसा बहुरूपेण वेष्टिता कर्महेतुना** (मनु.१.४९)।

बहुरूपा (स्त्री.) [*बहुरूपस्य शिवस्य स्त्री, टाप्*] १ पार्वती २.[*बहूनि रूपाण्यस्याः*] आगाका सप्त जिह्वामध्ये एक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुलः (पुं.वि.) १.[*बहुलासु कृतिकासु जातः, सन्धिबेला-दृतुनक्षत्रेभ्योऽण् ४.३.१६ इति अण् श्रविष्ठाफल्गुन्यनुराधा- ४.३.३४ इति अणो लुक्, लुक् तद्धितलुकि १.२.४९ इति टापो लुक्*] कृतिका नक्षत्रमा जन्मिएको। २.[*बहून् लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः*] १.धेरै/प्रचुर/ काफी। **प्राज्यं प्रभूतं प्रचुरं बहुलं बहु पुष्कलम्।** (अभि.चि.) २.कालो ३.(नपुं.) आकाश ४.(पुं.) आगो ५.कृष्णपक्ष ६.शिव।

बहुला नीलिकायां स्यादेलायां गवि योषिति,
कृत्तिकासु स्त्रियां भूम्नि, विहायसि नपुंसकम्,
पुंस्यग्नौ कृष्णपक्षे च वाच्यवत्प्राज्यकृष्णयोः (विश्व.)।

बहुला (स्त्री.) [*बहूनि बीजानि लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] १.अलैँची २.गाई ३.स्त्री ४.(नित्यबहुचनान्तः) कृत्तिका नक्षत्र ५.देवीविशेष ६.नदीविशेष ७.उत्तानपादका छोरा उत्तमकी पत्नी।

बहुलीकृतः (पुं.वि.) [*बहु मानं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, अबहुलं बहुलमकारि, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.भुस उडाएर थुप्रो लगाइएको अन्न आदि २.विस्तार गरिएको। **पराक्रमवता वीर त्वया तद् बहुलीकृतम्** (मा.पु. २१.९२)।

बहुलेखः (पुं.) [*ईषदसमाप्तो लेखः, विभाषा सुपो बहुच् पुरस्तात्तु ५.३.६८ इति बहुच्*] लेख सिद्धिन केही बाँकी रहेको।

बहुवारकः (पुं.) [*बहून् वारयति, वृञ् वरणे इति धातोः, णिचि ३.१.२६, क्वुन् शिल्पिसंज्ञयोः (उ.) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] बोहरी।

बहुविधः (पुं.) [*बहवो विधा यस्य सः, बहु.स.*] अनेक किसिमको।

बहुव्ययी (पुं.वि.) [*बहु आयादधिकं व्ययते, विपूर्वकाद् अय गतौ इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ततो समासः*] आयभन्दा बढी खर्च गर्ने/खर्चालु।

बहुव्रीहिः (पुं.) १.समासविशेष। प्रायः यस समासमा अन्यपदको अर्थ प्रधान हुन्छ। जस्तै— **पीतमम्बरं यस्य सः, पीताम्बरो हरिः**। यसमा **पीत** र **अम्बर** पदको अर्थ गौण छ भने **हरि**पदको अर्थ मुख्य छ। हे. **समास** २.(पुं.वि.) [*बहवो व्रीहयो यस्य सः, बहु.स.*] धेरै धान भएको।

बहुशः (अव्य.) [*बहुभिः प्रकारैः, बह्वल्पार्थाच्छस्कारकादन्यतरस्याम् ५.४.४२ इति शस्*] धेरैजसो।

बहुसुता (स्त्री.) [*बह्व्यः सुता यस्याः सा, बहु.स.*] १.शतावरी/कुरिलो २.धेरै छोराछोरी भएकी आइमाई।

बहुसूतिः (स्त्री.) [*बह्व्यः सूतयो यस्याः, सा बहु.स.*] धेरै व्याएको गाई।

बह्वृचः (पुं.वि.) [*बह्व्यः ऋचोऽस्य सन्ति, ऋक्पूरब्धूपथामानक्षे ५.४.७४ इत्यः*] १.धेरै ऋचा भएको २.(पुं.) ऋग्वेद।

बह् (धा.) [*परिभाषणहिंसाच्छादनेषु, सक.अक. सेट् आत्म.*] बोल्नु, हिंसा गर्नु, ढाक्नु। लट्— **बह्नते**— बोल्छ, हिंसा गर्छ, ढाक्छ इत्यादि।

बह् (धा.) [*प्राधान्ये, सक.सेट् आत्म.*] श्रेष्ठ हुनु। लट्— **बह्नते**— श्रेष्ठ हुन्छ इत्यादि।

बाकम् (नपुं.) [*बकानां समूहः, तस्य समूहः ४.२.३७ इति अण्*] बकुल्लाको बथान।

बाढम् (नपुं.) [*बाहृ प्रयत्ने इति धातोः क्तः, क्षुब्धस्वान्तध्वान्त ७.२.१८ इति इडभावः, ढत्वष्टुत्वढलोपाश्च निपात्यन्ते*] १.अतिशय/ज्यादै। **बाढं मया सा नगरी दृष्य विद्यार्थिना सता।** (कथास.) २.सत्य। **बाढमेषु दिवसेषु पार्थिवः कर्म साधयति पुत्रजन्मने।** (रघु. १९.५२) ३.प्रतिज्ञा/हुन्छ भनेर स्वीकार गर्नु। **बाढं भृशप्रतिज्ञयोः** (विश्व.)।

बाणः (पुं.) [*बणनं बाणः, सोऽस्यास्तीति, अर्श आदिभ्योऽच् इत्यच्*] १.शर/काँड २.पाँचलाई बुझाउने शब्द ३.कादम्बरी महाकाव्यका रचयिता ४.काण्ड ५.राक्षसविशेष/बाणासुर/ बलिको जेठो छोरो ६.अयोध्याका राजा विकुक्षिका छोरा। **विकुक्षेस्तु महातेजा वाणः पुत्रः प्रतापवान्।** (रामा.) ७.गाईको स्तन। **बाणः स्याद् गोस्तने दैत्यभेदे केवलकाण्डयोः। बाणा तु वाणमूले स्त्री नीलभिण्ट्यां पुनर्द्वयोः** (मेदिनी.)। ८.शिव। **बाणः सदा शिवो बाणो बाणान्तरोऽपि च।** (हेमाद्रि) **~लिङ्गम्** (नपुं.) [*बाणस्य शिवस्य अर्चनार्थं लिङ्गम्, म.प.स.*] नर्मदा नदीमा अवस्थित शिवलङ्ग। **नर्मदाजलमध्यस्थं बाणलिङ्गमिति स्मृतम्** (मेरुतन्त्र)।

बाणभट्टः (पुं.) संस्कृत साहित्यका सर्वोत्कृष्ट कथाकार। संस्कृत गद्य-काव्यका रचयिता। यिनको समय छैटौँ शताब्दी हो। यिनका कृतिहरू— **कादम्बरी, हर्षचरित** र **चण्डिशतकम्** हुन्। हर्षचरित आठ उच्छ्वासमा विभक्त छ। यसमा राजा हर्षवर्द्धनको जीवनगाथा वर्णित छ। यो आख्यायिका हो। कादम्बरी यिनको दोस्रो ग्रन्थ हो। यो दुई भागमा विभक्त छ। पूर्वभाग र उत्तर भाग। पूर्व भाग वाणले लेखेका हुन् भने उत्तर भाग उनका छोरा पुलिन्द भट्टले रचेका हुन्। कादम्बरीको कथा काल्पनिक छ। चण्डिशतकमा कविले स्रग्धरा छन्दमा भगवती दुर्गाको सय पद्यमा स्तुति गरेका छन्। **पार्वतीपरिणय** र **मुकुटताडितक** पनि यिनैका रचना हुन् भन्ने केही समालोचकहरूको धारणा छ। यिनको काव्यशैली अत्यन्त प्रौढ छ।

बाणमुक्तिः (स्त्री.) [*बाणस्य मुक्तिः, ष.त.*] बाण छोड्ने काम। **बाणमुक्तिर्व्यवच्छेदः।** (हलायुधः)

बाणा (स्त्री.) [*बण्यते, बण शब्दे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] नीलो कठसरैया। **बाणा तु बाणमूले स्त्री नीलभिंट्यां पुनर्द्वयोः** (मेदिनी.)।

बाणाश्रयः (पुं.) [*बाणस्य आश्रयः, ष.त.*] बाण राख्ने ठोक्रो। तूणीर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाणासनम् (नपुं.) [*बाणस्यासनम्, ष.त.*] धनु/शरासन।

बादरः (पुं.) [*बदरायाः जातः, अण्*] कपास (हला.४६४)।

बादरम् (नपुं.) [*बदराया विकारः फलम्, अवयवे च ४.३.१३५ इत्यण्, तस्य फले लुक् ४.३.१६३ इति लुक् बदरस्य च विकारः, प्राग्वदण् ४.३.१३४*] कपास आदिको फलबाट बनेको लुगा।

बादरायणः (पुं.) [*बदरस्य गोत्रापत्यम्, नडादिभ्यो फक् ४.१.९९ इति फक्, फस्य आयन्, णत्वम्*] १.वदर गोत्रका सन्तान २.[*बदरस्य समूहः, बादरम्, तदुपलक्षितमयनं निवासस्थानं बदरिकाश्रमो यस्य सः, बहु.स.*] वेदव्यास।

यानि वेदविदां श्रेष्ठो भगवान् बादरायणः।
अन्ये च मुनयः सुत परावरविदो विदुः॥ (भाग. १.१.७)

बाधकः (पुं.वि.) १.[*बाधयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] बाधा पुऱ्याउने/रोक लगाउने/बिघ्न गर्ने २.स्त्रीजातिको रजस्वलालाई अनियमित तुल्याउने रोगविशेष।

बाधनम् (नपुं.) [*ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] १.पीडा २.पीडा दिने काम ३.[*बाधते इति, कर्तरि ल्युः, अनः*] प्रतिबन्धक।

बाधा (स्त्री.) [*बाधनम्, बाधृ विलोडने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप्*] १.दुःख २.अडचन। **बाधा दुःखे निषेधे च** (मेदिनी.)

बाधितः (पुं.वि.) [*बाध्यते स्म, बाधृधातोः क्तः*] बाधा परेको।

बाधिर्यम् (नपुं.) [*बधिरस्य भावः, वर्णदृढादिभ्यो ष्यञ् च ५.१.१२३ इति ष्यञ्*] बहिरोपना/कानको रोगविशेष।

यदा शब्दवहं वायुः श्रोत्रमावृत्य तिष्ठति।
शुद्धः श्लेष्मान्वितो वापि बाधिर्यं तेन जायते॥ (माधवकर)

बाध्यः (पुं.वि.) [*बाधयितुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.लाचार तुल्याइएको/नाइँ भन्न नसक्ने पारिएको २.विधि, नियम आदिद्वारा बाँधिएको।

बाध्यता (स्त्री.) [*बाध्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] बाध्य हुनुपर्ने अवस्था।

बान्धकिनेयः (पुं.) [*बन्धक्या अपत्यं पुमान् कल्याण्यादीनामिनङ् ४.१.१२६ इति ढक्, इनङ् च, ढस्य एयः*] व्यभिचारिणी स्त्रीको छोरो।

बान्धवः (पुं.) [*बध्नातीति, बन्ध बन्धने इति धातोः, शृस्वृस्निहि (उ.) १० इत्युः, बन्धुरेव, प्रज्ञादिभ्यश्च ५.४.३८ इति अण्, वृद्धिः*] १.दाजुभाइ/नातेदार/इष्टमित्र २.सगोत्री दाजुभाइ। **बान्धवो बन्धुमित्रयोः** (हैमः)। **कन्या वरयते रूपं माता वित्तं पिता सुखम्। बान्धवा धनमिच्छन्ति मिष्टन्नमितरे जनाः॥** (सुभा.)

बाभ्रवी (स्त्री.) [*बभ्रोः शिवस्य इयम्, तस्येदम् ४.३.१२० इत्यण्, ङीप्*] दुर्गा।

बार्हतम् (नपुं.) [*बृहत्याः फलम्*] बिहीको फल।

बार्हस्पतः (पुं.वि.) [*बृहस्पतेरयम्, तस्येदम् ४.३.१२० इत्यण्*] बृहस्पतिसम्बन्धी।

बार्हस्पत्यः (पुं.) १.[*बार्हस्पत्यम् बृहस्पतिना प्रोक्तं शास्त्रमस्ति अस्य, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] नास्तिक २.(पुं.वि.) [*बृहस्पतेरयम्, दित्यादित्यपत्युत्तरपदाण्ण्यः ४.१.८५ इति ण्यः*] बृहस्पतिसम्बन्धी।

बार्हस्पत्यम् (नपुं.) [*बृहस्पतिना प्रोक्तम्*] एक नीतिशास्त्र।

बालः (पुं.) १.[*बलति प्राणिति, बल प्राणने इति धातोः, ज्वलितिकसन्तेभ्यो णः ३.१.४० इति णः*] बच्चो/बालक/शिशु/सोह्र वर्षभन्दा कम उमेरको। २.मूर्ख ३.[*बलति मस्तकम् रक्षतीति, बल्यतेऽवरुध्यते वा, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] कपाल/केश। ४.नरिवल ५.पांच वर्षको हात्ती। **पञ्चवर्षो गजो बालः स्यात् पोतो दशवर्षकः** (हैम.) ६.मत्स्यविशेष ७.पुच्छर। **लज्जा तिरश्चां यदि चेतसि स्यादसंशयं पर्वतराजपुत्र्याः। तं केशपाशं प्रसमीक्ष्य कुर्युर्बालप्रियत्वं शिथिलं कुमार्यः॥** (कुमा.सं.) **~क्रीडा** (स्त्री.) [*बालस्य क्रीडा, ष.त.*] केटाकेटीको खेल। **~चर्या** (पुं.) [*बालस्य चर्या, ष.त.*] केटाकेटीले गर्ने क्रियाकलाप। **~चापल्यम्** (नपुं.) [*बालस्य चापल्यम्, ष.त.*] केटाकेटीको चञ्चलता, व्याकुलता, छटपटाइ। **~विवाहः** (पुं.) [*बालस्य विवाहः, ष.त.*] कानुनद्वारा निर्धारित वर्ष नपुगेकी कन्या र वर्ष नपुगेको केटाको विवाह/सानै उमेरमा गरिने विवाह। **~ब्रह्मचारी** (पुं.वि.) [*बालश्चासौ ब्रह्मचारी च, कर्म.स.*] बालककालदेखि नै ब्रह्मचारी रहेको व्यक्ति। **~सूर्यः** (पुं.) [*बालश्चासौ सूर्यश्च*] उदाउन लागेको सूर्य। **बालस्यापि रवेः पादाः पतन्त्युपरि भूभृताम्। तेजसा सह जातानां वयः कुत्रोपयुज्यते॥** (प.त.)

बालकः (पुं.) [*बाल एव, स्वार्थे कः*] १.बच्चो/शिशु/बालक/सोह्र वर्षसम्मको केटो। २.कुनै विषयमा प्रवेश नभएको/अबोध।

बालखिल्यः (पुं.) ऋषिविशेष।

बालगर्भिणी (स्त्री.) [*बाला चासौ गर्भिणी च, कर्म.स.*] १.प्रथम पटक गर्भवती भएकी गाई २.उमेरै नपुगी पेट बोकेकी केटी।

बालगोपालः (पुं.) [*बालः शिशुमूर्तिधरो गोपालः, म.प.स.*] श्रीकृष्ण।

बालचरितम् (नपुं.) [*बालस्य कृष्णस्य चरितं यत्र तत्, बहु.स.*] महाकवि भासद्वारा रचित एक नाटक। महाभारतमा प्रसिद्ध कृष्णजन्मदेखि कंसवधसम्मको कथावस्तुलाई लिएर यस नाटकको रचना भएको छ। यसमा पाँच अङ्क छन्। वीर रसको प्राधान्य छ।

बालतनयः (पुं.) [*बालास्तनयाः पत्राणि यस्य सः, बहु.स.*] १.खयर २.[*बालश्चासौ तनयश्च, कर्म. स.*] भर्खरै जन्मिएको बच्चा। **बालपत्रो यवासः खदिरश्च** (प्राञ्चः)।

बालतृणम् (नपुं.) [*बालञ्च तत् तृणञ्च, कर्म.स.*] कलिलो घाँस। **शष्पं बालतृणं प्रोक्तम्** (हला.१९०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालधिः (पुं.) [*बालाः केशा धीयन्तेऽत्र, कर्मण्यधिरणे च ३.३.९३ इति किः*] पुच्छरको रौंको झुप्पो।

बालपाश्या (स्त्री.) [*बालपाशे केशसमूहे साधुः, तत्र साधुः ४.४.९८ इति यत्, टाप्*] स्त्रीजातिहरूले जुरामा लगाउने पत्र आकारको गहनाविशेष।

बालम् (नपुं.) [*बालयति, बल संवरणे इति धातोः, ण्यन्तात्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्,*] सुगन्धबाल।

बालमूषिका (स्त्री.) [*क्षुद्रत्वात् बाला चासौ मूषिका च, कर्म.स.*] १.ड्डुहुरे मुसो २.मुसाको बच्चा।

बालरामायणम् (नपुं.) राजशेखरद्वारा रचित महानाटक। यसमा दश अङ्क छन्। सीताको स्वयंवरदेखि रामको लङ्काबाट अयोध्या प्रत्यागमनसम्म रामायणप्रसिद्ध कथावस्तुलाई लिएर यस नाटकको सृजना भएको छ। यसमा रामसँग भन्दा रावणसँग सम्बद्ध घटना बढी छन्। शार्दूलविक्रीडित र स्रग्धरा छन्दको बाहुल्य छ यस नाटकमा। कथानकको अनावश्यक विस्तारले गर्दा नाटकीय संघटन त्यति मिलेको छैन। यो ग्रन्थ नाट्यकलाको दृष्टिबाट त्यति सफल नभएपनि काव्यकलाको दृष्टिबाट महत्त्वपूर्ण छ।

बालचन्द्रसूरिः (पुं.) यिनको समय तेह्रौं शताब्दी हो। यिनले **वसन्तविलास** महाकाव्यको सिर्जना गरेका छन्। यिनको काव्यशैली सरल भएर पनि कलात्मक छ।

बालतन्त्रम् (नपुं.) [*बालानामुपचाराय तन्त्रम्, म.प.स.*] आयुर्वेदका आठ अवयवमध्ये बालकको पालन पोषण, रोगको उपचार आदि विषय वर्णन गरिएको **कौमारभृत्य** नामक छैटौ अवयव।

बालव्यजनम् (नपुं.) [*बालस्य पुच्छस्य व्यजनम्, ष.त.*] चमर।

बालहस्तः (पुं.) [*बालो हस्त इव, दंशादिनिवारकत्वात् बालानां हस्तः समूहो वा*] १.घोडा वा हात्तीको पुच्छरको रौंको झुप्पो। **बालो ना कुन्तलेऽश्वस्य गजस्यापि च बालधौ** (मेदिनी.) २.जुल्फी।

बाला (स्त्री.) [*बलति प्राणिति, बल प्राणने इति धातोः, ज्वलति-कसन्तेभ्यो णः ३.१.४० इति णः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.बालिका/सोह्र वर्षमुनिकी स्त्री। **बालेति गीयते नारी यावद् वर्षाणि षोडश।** (योगरत्नाकर) २.सोह्र वर्षकी नारी। **सद्यो मांसं नवान्नञ्च बाला स्त्री क्षीरभोजनम्। घृतमुष्णोदकस्नानं सद्यः प्राणकराणि षट्**॥ (चाणक्य) ३.नरिवल ४.हलेदो ५.अलङ्कारविशेष ६.घिउकुमारी ७.एकवर्षकी गाई। **वर्षमात्रा तु बाला स्यात्** (प्रा.त.) ८.विवाह नभएकी केटी। **~चतुर्दशी** (पुं.) [*बाला चासौ चतुर्दशी च, कर्म.स.*] मार्गकृष्ण चतुर्दशी। यस दिन काठमाडौंमा पशुपतिको वनमा र अन्यत्र शिवमन्दिरको चारैतिर शतबीज छर्ने चलन छ।

बालार्कः (पुं.) [*बालश्चासौ अर्कश्च, कर्म.स.*] १.उदाउन लागेका सूर्य २.आश्विन महिनाका सूर्य।

बालिः (पुं.) [*बाले केशे जातः, बालशब्दादिञ्*] एक बादर। यसलाई रामचन्द्रले मार्नुभएको थियो।

बालिका (स्त्री.) [*बाला एव, स्वार्थे कन्, अजाद्यतष्टाप् ४.१.४ इति टाप् प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः ७.३.४४ इति इत्वम्*] सानो उमेरकी स्त्री/बच्ची।

बालिशः (पुं.) [*बलिशस्य मत्स्यवेधनस्यायम्, मूर्खत्वादपूज्यत्वात्*] १.मूर्ख २.बालक। **बालिशस्तु शिशौ मूर्खे** (मेदिनी.)।

बालिशम् (नपुं.) [*बालाः केशाः शेरते अत्र*] ठुलो तकिया।

बालपाश्या (स्त्री.) [*बालपाशे केशसमूहे साधुः, तत्र साधुः४.४.९८ इति यत्, टाप्*] कपालमा लाउने गहनाविशेष।

बालिमा (पुं.) [*बालस्य भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२ इति इमनिच्*] बाल्यपन।

बाली (पुं.) १.[*बालाः केशा उत्पत्तिस्थानत्वेन सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] एक बांदर २ (पुं.वि.) [*बाला प्रशस्ताः केशाः सन्त्यस्य*] प्रशस्त कपाल भएको।

बालुः (स्त्री.) [*बलते इति बाहुलकाद् ञुण्*] १.बालुवा २.(पुं.) गन्धद्रव्यविशेष ३.पानीअमला।

बालुकम् (नपुं.) सुगन्ध द्रव्यविशेष। **बालुका सिकतासु स्याद् बालुकं त्वेलबालुके** (मेदिनी.)।

बालुका (स्त्री.) [*बालुरेव, स्वार्थे कन्, टाप्*] बालुवा।

बालुकायन्त्रम् (नपुं.) औषधि तयार गर्ने बालुवाबाट बनेको एक यन्त्र वा विधि।

बालुकास्वेदः (पुं.) [*बालुकया स्वेदः, तृ.त.*] बालुवाले सेकेर निकालिएको पसिना।

बालुकी (पुं.) [*बालुकमाश्रयत्वेनास्ति अस्याः, अत इनिठनौ इति इनि*] बालुवा भएको क्षेत्रमा फल्ने ककडी नामक फल। यसको आकार चिचिन्डाको जस्तो हुन्छ भने खाँदा काक्राको स्वाद आउँछ।

बालेयः (पुं.) [*बलये उपकरणय साधुः,छदिरुपधिबलेर्ढञ् ५.१.१३ इति ढञ्, ढस्य एयः*] १.गधा। २ (त्रि./पुं.वि.) कोमल ३.(बलये हितः) वलि दिन लायक ४.(पुं.) [*बालेरपत्यं पुमान्*] बालिको सन्तान/दैत्य। **बालेयो गर्दभे पुंसि मृदौ बलिहिते त्रिषु।** (मेदिनी.) ५.[*बलये उपहाराय हितः*] चामल।

बालेयशाकः (पुं.) [*बालेयः बालहितशचासौ शाकश्च, कर्म.स.*] भारङ्गी साग।

बाल्यम् (नपुं.) [*बालस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] बाल्यावस्था। **शिशुत्वं शैशवं बाल्यम्** (अमर.)

बाहविः (पुं.) [*बहुनाम कश्चित् ऋषिः, तस्यापत्यं पुमान्, बह्वादिभ्यश्च ४.१.४५ इति इञ्, वृद्धिः, उकारलोपः*] १.गार्ग्य ऋषि २.गौतम ऋषि। **बाहविर्गार्ग्यगौतमौ** (अश्वलायनसूत्र)।

बाहीकः (पुं.) १.[*बहिर्भवः, ईकक्च (वा.) इति ईकक्, टिलोपश्च, वृद्धिः*] बाहिरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहुः (पुं.) [*बाध्यन्ते विलोड्यन्ते पदार्था याभ्यां तौ, बाधृ लोडने इति धातोः, अर्जिदृशिकम्यमिपशिबाधामृजिपंसितुक्धुक् दीर्घहराकाश्च (उ.) २७ इति सूत्रेण कुः, धकारस्य हकारश्च*] हात । **बाहुः स्त्रीपुंसयोर्भुजः** (अमर.) । **वाहोऽश्वभुजयोः पुमान्** (दामोदर)। **वाहो बाहुरिति स्मृतः** (देशीकोष)।

बाहुकः (पुं.वि.) [*बाहुभ्यां तरति, नौ द्व्यचष्ठन् ४.४.७ इति ठन्, इसुसुक्तान्तात् कः ७.३.५१ इति कः*] हातले नदी तर्ने/पौडी खेलेर पारी जाने।

बाहुका (स्त्री.) [*बाहुरिव, इवे प्रतिकृतौ ५.२.९६ इति कन्, टाप्*] नदीविशेष।

बाहुजः (पुं.) [*बाहुभ्यां जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, बाहौ जातो वा, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] १.क्षत्रिय २.सुगा ३.आफैं उम्रेको तिल। **बाहुजः क्षत्त्रिये कीरे स्वयंजात-तिलेऽपि च** (विश्व.)।

बाहुदा (स्त्री.) [*बाहुं छिन्नं दत्तवती लिखितस्य ऋषेः, डुदाञ् धारणपोषणयो इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, यद्वा– बहुदस्य कार्तवीर्यस्येयम्, तेनावतारितत्वात्, तस्येदम् ४.३.१२० इत्यण्, अजादित्वात् ४.१.४ टाप्*] बाहुदा नदी।

बाहुबली (पुं.वि.) [*बाहुबलमस्यास्तीति, इनिप्रकरणे बलाद् बाहुरुपपदादुपसङ्ख्यानम् (वा.) ५.२.३५ इति इनिः*] हातले काम गर्न सक्ने/पाखुरा बजारेर काम गर्न सक्ने।

बाहुमूलम् (नपुं.) [*बाहोर्मूलम्, ष.त.*] काखी।

बाहुयुद्धम् (नपुं.) [*बाहुभ्यां युद्धम्, तृ.त.*] कुस्ताकुस्ती/मल्लयुद्ध/ नियुद्ध।

ततः सिंहः समुत्पद्य गजकुम्भान्तरे स्थितः।
बाहुयुद्धेन युयुधे तेनोच्चैस्त्रिदशारिणा॥ (मा.पु. ८३.१३)

बाहुलः (पुं.) [*बहुलाः कृत्तिकाः, ताभिर्युक्ता पौर्णमासी बाहुली सा अस्ति अस्मिन् मासे, साऽस्मिन् पौर्णमासीति ४.२.२१ इत्यण्*] कार्तिक महिना।

बाहुलकम् (नपुं.) [*बहुलस्य भावः*] विकल्पले/अनेक किसिमले/ बेनियमसित।

क्वचित्प्रवृत्तिः क्वचिदप्रवृत्तिः
क्वचिद्विभाषा क्वचिदन्यदेव।
विधेर्विधानं बहुधा समीक्ष्य
चतुर्विधं बाहुलकं वदन्ति॥ (सि.कौ.)

बाहुलेयः (पुं.) [*बहुलानां कृत्तिकानामपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्*] कार्तिकेय।

बाह्यः (पुं.वि.) [*बहिर्भवः, बहिर्देवपञ्चजनेभ्यश्चेति वक्तव्यम् (वा.) इति ञ्यः, टिलोपश्च, तद्धितेष्वचामादेः ७.२.११७ इति वृद्धिः*] बाहिरी।

बाह्लिकाः (पुं.बहु.) [*बह्लिकदेशे भवाः, कोपधाच्च ४.३.१३७ इत्यण्*] बाह्लीकदेशमा पाइने घोडा।

बिट (धा.) [*आक्रोशे, सक.सेट् पर.*] सराप्नु, गाली गर्नु, ज्यादै कराउनु। लट्– **बेटति–** सराप्छ, गाली गर्छ, ज्यादै कराउँछ। लिट्– **बिबेट–** सरापे छ, गाली गरेछ, ज्यादै कराएछ (अन.) इत्यादि।

बिड (धा.) [*आक्रोशे, भ्वा.पर.सेट्*] आक्रोश देखाउनु। लट्– **बेडति–** आक्रोश खेखाउँछ इत्यादि।

बिडालः (पुं.) [*बेडति, बिड आक्रोशे इति धातोः तमिबिडि इति कालन्*] बिरालो।

बिदि (धा.) [*अवयवे, भ्वा.प.से.*] अवयव बनाउनु, चिर्नु, भाग लगाउनु। लट्– **विन्दति–** अवयव बनाउँछ, चिर्छ, भाग लागाउँछ इत्यादि।

बिन्दुः (पुं.) [*बिन्द्यते इति, बिदि अवयवे, इति धातोः शृस्वृस्निहित्रप्य-सिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च इति चात् उः, यद्वा बिन्दुरिच्छुः ३.२.१६९ इति साधुः*] १.बुँदा २.थोपा ३.नाटकमा आउने अर्थप्रकृतिका पाँच स्थितिमध्ये दोस्रो स्थिति। नाटक अथवा काव्यमा कथानक विच्छिन्न हुन आँट्यो भने त्यसलाई मूल कथानकसँग जोडेर अघि बढाउने कारण। जसरी तेलको बिन्दु पानीमा फैलन्छ, त्यसरी बिन्दु पनि नाटकीय कथावस्तुमा फैलिएको हुन्छ। ४.संसारमा व्याप्त अनाहत नाद। यस नादबाट प्रकाश पैदा हुन्छ र प्रकाशको व्यक्त रूप नै बिन्दु हो। बिन्दुलाई तेजको प्रतीक मानिएको छ। बिन्दु तीन किसिमका हुन्छन्– इच्छा, ज्ञान र क्रिया ५.वीर्य ६.दांतको छिद्रको अन्तर ७.वेत्ता ८.शून्य ९.सूक्ष्म परमाणु। १०.दुई आँखीभौँको बिचको भाग।

बिन्दुजालकम् (नपुं.) [*बिन्दूनां जालकमिव*] हात्तीको शरीरमा हुने छिर्केमिर्के थोपा।

बिभ्रक्षुः (पुं.) [*बिभ्रक्षतीति सन्नन्तात् भ्रस्ज पाके इति धातोः, उप्रत्ययः, सनीवन्तर्ध ७.२.४९ इति इडभावपक्षे स्कोः संयोगाद्योरन्ते च ८.२.२९ इति सलोपः, व्रश्चभ्रस्ज ८.२.३६ इति षत्वम्, षढोः कः सि ८.२.४१ इति कत्वम्, आदेशप्रत्यययोः ८.३.५९ इति षत्वम्, क्षत्वम्*] पकाउन खोज्ने।

बिम्बः (पुं.) [*वीयते काम्यते तत्, वी गतिप्रजनकान्त्यसनखादनेषु इति धातोः, उल्वादयश्च (उ) ५४४ इति बन्, नुमागमः, ह्रस्वश्च, पृषोदरादितया वस्य बः*] १.सूर्य र चन्द्रमाको मण्डल २.छेपारो। **बिम्बस्तु कृकलासे स्यात्** *(वाङ्म.)* ~ **प्रतिबिम्बभावः** (पुं.) [*बिम्बञ्च प्रतिबिम्बञ्च, तयोर्भावः*] बिम्ब र प्रतिबिम्ब हुनु।

बिम्बम् (नपुं.) [*वीयते काम्यते तत्, वी गतिप्रजनकान्त्यसनखादनेषु इति धातोः, उल्वादयश्च (उ) ५४४ इति बन्, नुमागमः, ह्रस्वश्च,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृषोदरादितया वस्य बः] १.प्रतिबिम्बको आधार २.मण्डल/गोलाकार वस्तु ३.गोलकाँक्री। **बिम्बन्तु प्रतिबिम्बे स्यान्मण्डले बिम्बिका फले।** (हैम.) ४.अनुहार।

बिम्बितः (पुं.वि.) १.गोलाकार बनेको २.चित्रित

बिल (धा.) [*भेदने.चुरा. उभय.सेट्)* चिर्नु, दुई टुक्रा पार्नु। लट्– **वेलयति-ते–** चिर्छ, दुई टुक्रा पार्छ इत्यादि।

बिह्लणः (पुं.) बाह्रौं शताब्दीका कवि विह्लण वैदर्भी मार्गका कवि हुन्। यिनले १७ सर्गको **विक्रमाङ्कदेवचरितम्** नामक महाकाव्य लेखेका छन्। ऐतिहासिक घटनालाई कलात्मक ढङ्गबाट प्रस्तुत गर्न यी कवि अत्यन्त कुशल देखिन्छन्।

बीजम् (नपुं.) [*विशेषेण जायतेऽनेन, उपसर्गे च संज्ञायाम् ३.२.९९ इति डः, अन्येषामपि दृश्यते ६.३.१३७ इति दीर्घः, यद्वा– वीयते, व्येञ् संवरणे इति धातोः, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, वियं संवृतं जायते जनयति, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, विशेषेण एः कामात्, इना वा जायते, विशिष्या ई लक्ष्मीर्जायतेऽस्मादिति वा, वजति कार्यं गच्छति, वज गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ ईत्वम्, बवयोरभेदः*] १.मुख्य कारण २.वीर्य ३.बीज/बियाँ। **अक्षेत्रे बीजमुत्सृष्टमन्तरैव विनश्यति।** (मनु.) ४.तत्त्व ५.नाटकमा पाइने पहिलो अर्थ प्रकृति। अर्थप्रकृतिको पहिलो अवस्था। नाटक अथवा काव्यको परिणामको प्रारम्भिक रूप।

बीजमन्त्रम् (नपुं.) [*मन्त्रस्य बीजम्*] कुनै देवताको उपासना गर्ने संक्षिप्त मन्त्र/मूल वा इष्ट मन्त्र।

बीजाकृतम् (नपुं.) [*बीजेन सहकृतं कृष्टम्, कृञो द्वितीयतृतीय-शम्बबीजात्कृषौ ५.४.५८ इति डाच्*] पहिले बीज छरेर जोतेको जमिन।

बीजाक्षरम् (नपुं.) [*बीजं बीजभूतमक्षरम्, कर्म.स.*] तन्त्रग्रन्थहरूमा वर्णित बीजनामक अक्षर। एक अक्षरभित्र मन्त्रलाई कोचेर राखियो भने त्यो बीजाक्षर हुन्छ। जस्तै– ह्रीं क्लीं आदि।

बीभत्सः (पुं.वि.) [*बध बन्धने इति धातोः, धातोः, निन्दायां सन् ३.१.६ इति सन्, सनन्ताद् अप्रत्ययात् ३.३.१०२ इत्यः, अभ्यासस्य दीर्घश्च, टाप् ४.१.४, यद्वा बीभत्सा घृणास्त्यत्र, अर्श आदिभ्योऽच् ५.१.१२७ इत्यच्*] १.घिनलाग्दो/घृणा उत्पन्न गराउने २.क्रूर ३.विकृत ४.(पुं.) अर्जुन वृक्ष ५.साहित्यमा प्रसिद्ध नौ रसमध्ये एक रस/रगत, मासु, हाड, मुर्दा आदि दुर्गन्धित वस्तु आलम्बनविभाव, दुर्गन्ध आउने वस्तुका क्रियाकलाप उद्दीपनविभाव, वाकवाक लाग्नु, बान्ता आउनु आदि अनुभाव, मूर्च्छा, रोग आदि व्यभिचारिभावबाट व्यक्त जुगुप्सा स्थायी भाव भएको रस। **बीभत्सो नार्जुने, क्रूरघृणात्मविकृते त्रिषु** (मेदिनी.)।

बीभत्सरसः (पुं.) [*बीभत्स इति रसः, कर्म.स.*] जुगुप्सा स्थायिभाव भएको एक रस। हे. बीभत्सः

बुक्क (धा.) [*भषणे, सक.सेट् उभय.*] भुक्नु लट्– **बुक्कयति-ते–** भुक्छ। लिट्– **बुक्कयाञ्चकार-चक्रे–** भुकेछ (अन.)। लुट्– **बुक्कयिता–** भुक्ने छ (अन.)। लृट्– **बुक्कयिष्यति–** भुक्ने छ इत्यादि।

बुक्का (स्त्री.) [*बुक्यते स्वादुत्वान्मृग्यते, वुक्क भषणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, टाप् ४.१.४*] मुटु। **उरस्यपि च बुक्कायां हृदयं मानसेऽपि च** (त्रिकाण्ड.)।

(बुद्धः)

बुद्धः (पुं.वि.) १.[*बुध्यते स्म, बुध अवगमने इति धातोः, मतिबुद्धि ३.२.१८८ इति क्तः*] जानेको/बुझेको २.जाग्रत/जागेको ३.(पुं.) [*बुद्धं ज्ञानमस्यास्तीति, अर्श आदिभ्योऽच् ५.१.१२७ इत्यच्*] बौद्ध धर्मका प्रवर्तक एक महात्मा। यिनको जन्म नेपालको लुम्बिनी अञ्चलको कपिलवस्तुमा भएको थियो। श्रीमद्भागवतअनुसार विष्णु भगवान्का चौबिस अवतारमध्ये तेइसौँ अवतार। **बुद्ध अवतार लिनुको कारण–** देवताहरूका शत्रु दैत्यहरूले पनि वेदको सहारा लिएर मयदानवले बनाएको आँखाले नदेखिने सहरमा बसी जब मानिसहरूको नाश गर्न लागे त्यसवेला भगवान् विष्णुले मानिसको बुद्धिमा मोह र लोभ उत्पन्न गराउने भेष लिएर बुद्धको रूपमा अवतार लिई धेरै उपधर्मको उपदेश गर्नु भयो।

वेदद्विषां निगमवर्त्मनि निष्ठितानां
पूर्भिर्मयेन विहिताभिरदृश्यतूर्भिः
लोकान् घ्नतां मतिविमोहमतिप्रलोभं
वेषं विधाय बहुभाष्यत औपधर्म्यम्॥

(भाग.३७)

वैदिक आचारबाट देवताका द्रोहीहरूले नरमेध, गोमेध आदि यज्ञ गर्दा तिनीहरूलाई हिंसाको प्रवृत्तिबाट हटाउन बुद्धको अवतार लिएर भगवान् विष्णु कुल्चदा किरा मर्छन् भनी हातमा कुचो लिएर बाटो बढार्दै पाइला सार्दै देवद्रोहीहरू कहाँ पुगे। यज्ञ गर्दा आगोमा परेर प्राणीहरू मर्ने र बलि गर्दा धेरै जीवहत्या हुने हुँदा ठुलो पाप लाग्छ भनी त्यतातिर नलाग्न उनीहरूलाई सम्झाए। त्यसपछि हिंसाप्रधान वैदिक यज्ञयागादिलाई छोडेर ती देवद्रोहीहरू बुद्धधर्ममा लागे। **ताः कलौ संप्रवृत्ते संमोहाय सुरद्विषाम्। बुद्धो नाम्नाजिनसुतः कीकटेषु भविष्यति॥** (भाग १.३.२४) प्रथम बुद्धलाई कतिले अजिनको छोरा र कतिले जिनको छोरा भनेका छन्। बुद्धग्रन्थअनुसार गौतम बुद्धसमेत २८ बुद्ध भइसके। तीमध्ये दीपङ्कर बुद्धदेखि गौतम बुद्धसम्म २५ बुद्ध भएको प्रमाण त्रिपिटकमा उललेख गरिएको छ। **~गया** (स्त्री.) गयादेखि सात माइल पर फल्गुनदीको तटमा गौतम बुद्धले ज्ञान (बुद्धत्व) प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको ठाउँ। यहाँ बोधि नामको पीपलको वृक्ष थियो। पुरानो बोधिवृक्ष मरेपछि नयाँ पीपलका वृक्ष लगाइएका छन्। **~त्वम्** (नपुं.) बुद्धको धर्म वा भाव। **~द्रव्यम्** (नपुं.) बुद्ध भगवान्को हाड, रौं, नङ आदि बुद्धको संझना गराउने चिह्न,। यिनलाई स्तूपको तल राखिएको हुन्छ। **~मार्गः** (पुं.) बुद्ध धर्मको सिद्धान्त। हे. **बौद्धदर्शनम्।**

बुद्धः (पुं.वि.) [*बुध अवगमने इति धातोः कर्तरि क्तः*] बुझेको। जानेको। **बुद्धः पण्डिते बोधिते जिने** (हैम.)।

बुद्धचरितम् (नपुं.) [*बुद्धस्य चरितं वर्णित यत्र तत्, बहु.स.*] अश्वघोषद्वारा रचित एक महाकाव्य। हाल प्राप्त बुद्धचरितमा चौध सर्ग छन्। भनिन्छ– यसमा २८ सर्ग थिए, यो महाकाव्य राजा शुद्धोदन र उनकी पत्नी मायादेवीको जीवनवृत्तसँग सम्बद्ध छ। यसमा कविताको माध्यमबाट बौद्ध धर्मका सिद्धान्तहरूको प्रचार गरिएको छ।

बुद्धिः (स्त्री.) [*बुध्यतेऽनया, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] प्रज्ञा/मति, शोचविचार गर्ने र निश्चय गर्ने एक मानसिक शक्ति।

एकं हन्याद् न वा हन्यादिषुर्मुक्तो धनुष्मता।
बुद्धिर्बुद्धिमतोत्सृष्य हन्ति राष्ट्रं सनायकम्॥ (सुभा.)
यः पठति लिखति पश्यति परिपृच्छति पण्डितानुपाश्रयति।
तस्य दिवाकरकिरणैर्नलिनीदलमिव विकाश्यते बुद्धिः॥
(सुभा.)

बुद्धिजीवी (पुं.वि.) [*बुद्ध्या जीवितुं शीलमस्य*] बुद्धिले जीविका गर्ने/बौद्धिक कामबाट जीविका गर्ने/लेखपढ गरेर जीवनवृत्ति चलाउने। **~वर्गः** (पुं.) [*बुद्धिजीवीनां वर्गः, ष.त.*] आफ्ना बुद्धिले जीविका गर्ने व्यक्तिहरूको समुदाय वा सङ्घ।

बुद्धिदः (पुं.वि.) [*बुद्धिं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] बुद्धि, राय, वा सल्लाह दिने।

गन्धः सुवर्णे फलमिक्षुदण्डे नाकारि पुष्पं खलु चन्दनेषु।
विद्वान् धनाढ्यो न तु दीर्घजीवी धातुः पुरा कोऽपि न बुद्धिदोऽभूत्॥

बुद्धिमान् (पुं.वि.) [*बुद्धिरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] बुद्धि भएको/समझदार

बुध (धा.) [*अवगमने, सक.अनि, आत्म.*] जान्नु। लट्– **बुध्यते**– जान्दछ, **प्रतिबुध्यते**– जाग्दछ। **संबुध्यते**– राम्रोसित जान्दछ। लिट्– **बुबुधे**– जानेछ (अन.)। लुट्– **बोद्धा**– जान्ने छ (अन.)। लृट्– **भोत्स्यते**– जान्ने छ। लोट्– **बुध्यताम्**– जानोस्। लङ्– **अबुध्यत**– जान्यो (अन.)। विधिलिङ्– **बुध्येत**– जान्ला, जानोस्। आशीर्लिङ्– **भुत्सीष्ट**– जानोस्। लुङ्– **अबुद्ध**– जान्यो। लृङ्– **अभोत्स्यत**– जान्ने थियो। कर्मणि– **बुध्यते**– जानिन्छ। **बोधयति**– जान्न लगाउँछ। सनि– **बुभुत्सते**– जान्न चाहन्छ। यङि– **बोबुध्यते**– ज्यादै जान्दछ। **बोबुधीति, बोबोद्धि**– ज्यादै जान्दछ। कृदन्ते– **बोद्धव्यम्, बोधनीयम्, बोद्धयम्**– जान्नुपर्ने। **बुद्धः**– जानेको। **बोद्धुम्**– जान्न। **बोधयितुम्**– बुझाउन। **बुद्ध्वा, प्रबुद्ध्य**– जानेर, जागेर। **बोधकः, बोधिका**– बुझ्ने, बुझाउने। **बोद्धा– द्ध्री**– बुझ्ने। **बोधयिता– त्री**– बुझाउने। **बोधानः**– आचार्य। **बुबुधानः**– जान्न चाहने इत्यादि।

बुध (धा.) [*अवगमने, सक.सेट् पर.*] बुझ्नु, जान्नु। लट्– **बोधति**– बुझ्दछ, जान्दछ। **प्रतिबोधति**– जगाउँछ। **संबोधति**– राम्रोसित थाहा पाउँछ, संबोधन गर्छ। लिट्– **बुबोध**– बुझेछ, जानेछ (अन.)। लुट्– **बोधिता**– बुझ्ने छ, जान्ने छ (अन.)। लृट्– **बोधिष्यति**– बुझ्ने छ, जान्ने छ। लोट्– **बोधतु**– बुझोस्, जानोस्। लङ्– **अबोधत्**– बुझ्यो, जान्यो (अन.)। विधिलिङ्– **बोधेत्**– बुझ्ला, जान्ला, बुझोस्, जानोस्, जानोस्। आशीर्लिङ्– **बुध्यात्**– बुझोस्, जानोस्। लुङ्– **अबोधीत्**– बुझ्यो, जान्यो। लृङ्– **अबोधिष्यत्**– बुझ्ने थियो, जान्ने थियो। कर्मणि– **बुध्यते**– बुझिन्छ, जानिन्छ। णिचि– **बोधयति**– बुझाउँछ। सनि– **बुबुधिषति/बुबोधिषति**– बुझ्न चाहन्छ, जान्न चाहन्छ। यङि– **बोबुध्यते**– ज्यादै जान्दछ। यङ्लुकि– **बोबुधीति, बोबोद्धि**– ज्यादै जान्ने। कृदन्ते– **बोधितव्यम्, बोधनीयम्, बोध्यम्**– बुझ्नुपर्ने, जान्नु पर्ने। **बोधितुम्**– बुझ्न, जान्न। **बोधयितुम्**– बुझाउन। **बुद्धः**– जानेको, जागेको। **बोधितः**– बुझाएको, जगाएको। **बोधनम्/बोधः**– बुझ्ने वा बुझाउने काम। **बुधित्वा/प्रबुध्य**– बुझेर। **बोधकः/ बोधिका/बोधिता-त्री**– बुझ्ने। **बोधयिता– त्री**– बुझाउने इत्यादि।

बुधः (पुं.) [*बुध्यते यः, बुध ज्ञाने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.विद्वान्/पण्डित।

(बुधः)

बुधः कीदृग् वचो ब्रूते को रोगी कश्च नास्तिकः।
कीदृक् चन्द्रं न पश्यन्ति तत्सूत्रं पाणिनेर्वद॥
(सुभा.)

२.सूर्यको सबैभन्दा नजिकको ग्रह/बुधग्रह। यो सूर्यको सबैभन्दा निकटवर्ती ग्रह हो। यसको दुईतिहाई भाग सूर्यतर्फ फर्किएको छ। बाँकी एक तिहाई भागमा सूर्यको प्रकाश पर्न पाउँदैन। त्यसैले यसको तापक्रम सूर्यतिर फर्किएको भागमा ४३० डिग्रीसम्म पुग्छ भने सूर्यको प्रकाश पर्न नपाउने भागमा –३०० डि.से. हुन्छ। यो ग्रह सूर्यबाट ५,७९,०९,१०० किलोमिटर टाढा छ। पृथ्वीबाट यसको निकटतम दूरी ९ करोड २८ लाख किलोमिटर छ भने अधिकतम दूरी २१ करोड किलोभिटर हुन्छ। यसलाई हाम्रो वर्षको हिसाबले आफ्नो अक्षमा घुम्न ५८ दिन लाग्दछ भने सूर्यको परिक्रमा गर्न ८८ दिन लाग्दछ। यसको औसत व्यास ४,८७५ कि.मि. रहेको छ। यसमा वायुमण्डल र चन्द्रमा छैनन्। यो भित्री ग्रह हो।

बुधवारः (पुं.) [*बुधस्य वारः, ष.त.*] मङ्गलबार र बिहीबारको बिचमा पर्ने दिन। **गुणी गुणज्ञः कुशलः क्रियादौ विकासशीलो**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतिमान् विनीतः। मुदुस्वभावः कमनीयमूर्तिर्बुधस्य वारे प्रभवो मनुष्यः॥ (कोष्ठीप्रदीप)

बुधरत्नम् (नपुं.) [*बुधप्रियं रत्नम्, म.प.स.*] मरकतमणि।

बुधानः (पुं.विं) [*बुधिर् बोधने इति धातोः, युधिबुधिदृशिभ्यः किच्च (उ.) २५६ इति आनच्*] १.आचार्य २.विज्ञ ३.ब्रह्मवादी ४.प्रियवादी ५.(पुं.) बृहस्पति ६.कवि।

बुधाष्टमी (स्त्री.) [*बुधवारयुता अष्टमी, म.प.स.*] बुधवारको अष्टमी। यस दिन व्रत लिने विशेष व्यवस्था छ।

बुधिर् (धा.) [*बोधने, सक.सेट्, उभय.*] जान्नु, सम्झनु। लट्– **बोधति–** जान्दछ, सम्झन्छ इत्यादि।

बुध्नः (पुं.) [*बध्नाति बध्यते वा, बन्ध बन्धने इति धतोः, बन्धेर्व-धिबुधी च (उ.) २९२ इति नक्*] १.शिवजी २.रुद्र ३.रुखको जरो। **बुध्नो ना मूलरुद्रयोः** (मेदिनी.)।

बुभुक्षा (स्त्री.) [*भोक्तुमिच्छा, सनन्ताद् भुज पालनाभ्यवहारयोः इति धातोः, धातोः कर्मणः ३.१.७ इति सन्, अ प्रत्ययात् ३.३.१०२ इति अप्रत्ययः, ततष्टाप्*] खाने इच्छा/भोक/क्षुधा (हला.३६१)।

बुभुक्षालुः (पुं.वि.) [*बुभुक्षां लाति, मृगय्वादयश्च (उ.) इति कुः, आलोपः*] भोकाउने/खान चाहने।

बुभुक्षितः (पुं.वि.) [*बुभुक्षा भोजनेच्छा, सा अस्त्यस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] भोकाएको/भोको/क्षुधित।

बुभुक्षितैर्व्याकरणं न भुज्यते
पिपासुभिः काव्यरसो न पीयते।
न छन्दसा केनचिदुद्धृतं कुलं
हिरण्यमेवार्जय निष्फला गुणाः॥ (औ.वि.च.)

बुभुक्षुः (पुं.वि.) [*भोक्तुमिच्छुः, सनाशंसभिक्ष उः ३.२.१६८ इति सनन्तादुप्रत्ययः*] भोकाएको/खान चाहने।

बुभुत्सा (स्त्री.) [*बोद्धुमिच्छा, सनन्ताद् बुध अवगमने इति धातोः, अ प्रत्ययात् ३.३.१०२ इति अप्रत्ययः, ततष्टाप् ४.१.४*] जान्ने इच्छा गर्ने/जिज्ञासु।

बुसम् (नपुं.) [*बुसति, बुस उत्सर्गे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, (बुसं दन्त्यमिति धातुप्रदीपः*] पगटा/भुस।

बृंहितः (पुं.) बढाइएको।

बृंहितम् (नपुं.) हात्तीको गर्जन। **बृंहितं करिगर्जितम्** (अमर.)।

बृन्दारकाः (पुं.बहु.) [*प्रशस्तं बृन्दमस्यास्तीति, आरकन्*] देवता।
बृन्दारका दैवतानि पुंसि वा देवताः स्त्रियाम् (अमर.)।

बृषी (स्त्री.) [*पक्षे वृसीत्यपि*] ऋषि मुनि बस्ने आसन।

बृहत् (पुं.) [*बर्हति बर्धतेऽसौ, बृह वृद्धौ इति धातोः, वर्तमाने पृषद्बृहन्महज्जगच्छतृवच्च (उ.) २५० इति अतिप्रत्यान्तो निपातः*] ठुलो/फैलिएको।

बृहतिका (स्त्री.) [*बृहतिरेव, बृहत्या आच्छादने ५.४.६ इति कन्, टाप्, केऽणः ७.४.१३ इति ह्रस्वः*] स्त्रीजातिको उत्तरीय वस्त्र। **बृहती वसनान्तरे** (मेदिनी.)।

बृहत्कथा (स्त्री.) गुणाढ्यद्वारा लिखित कथाकाव्य। यो ग्रन्थ प्राकृत भाषामा लेखिएको थियो। पछि यसलाई संस्कृतमा रूपान्तरण गरियो। हाल बृहत्कथाका तीन किसिमका अनुवाद उपलब्ध छन्। १.बुधस्वामीद्वारा अनुदित **बृहत्कथाश्लोकसङ्ग्रह–** यी नेपालका थिए। यिनको समय आठौँ शताब्दी हो। यी बृहत्कथाका प्राचीनतम अनुवादक हुन्। २.**बृहत्कथामञ्जरी–** यो क्षमेन्द्रले गरेको अनुवाद हो। यसमा ७५०० श्लोक छन्। यो अनुवाद प्रामाणिक मानिन्छ। यिनको समय एघारौँ शताब्दी हो। ३.**कथासरित्सागर–** यो बृहत्कथाको तेस्रो अनुवाद हो। यसमा २४ हजार श्लोक छन्। यसका लेखक काश्मीर नरेश अनन्तका समसामयिक सोमदेव हुन्।

बृहत्कुक्षिः (पुं.) [*बृहत् कुक्षिरस्य*] भुँडे।

बृहदारण्यकोपनिषद् (स्त्री.) शतपथब्राह्मणको अन्तिम दुई शाखासँग सम्बद्ध एक उपनिषद्। यसमा तीन काण्ड छन्। प्रत्येक काण्डमा दुई दुई अध्याय छन्। तीन काण्डलाई क्रमशः मधुकाण्ड, मुनिकाण्ड र खिलकाण्ड भनिन्छ। यसमा ब्रह्मविद्या र मोक्षका बारेमा विशद चर्चा गरिएको छ। यो ग्रन्थ गद्यात्मक छ।

बृहद्भानुः (पुं.) [*बृहन्तो भानवो यस्य सः, बहु.स.*] अग्नि।

बृहन्नला (स्त्री.) महाभारतीय एक पात्र।

बृहस्पतिः (पुं.) [*वृहती वाणी, तस्याः, पतिः, ष.त., तद् बृहतोः करपत्योश्चोरदेवतयोः सुट् तलोपश्च (वा.) ६.१.१५७ इति सुट्, तलोपश्च, कुकुट्यादीनामण्डादिषु (वा.) इति पुंवद्भावः*] १.सौरमण्डलभित्र पर्ने एक ग्रह। यो सूर्यबाट

(बृहस्पतिः)

७७,३२,८०,००० किलोमिटरको दूरीमा रहेको छ। यसको व्यास औसत १४२००० किलोमिटर छ। यसलाई आफ्नो अक्षको परिक्रमा गर्न हाम्रो वर्षको हिसाबले ९ घण्टा पचास मिनेट ३० सैकेन्ड लाग्छ भने सूर्यलाई एकपटक परिक्रमा गर्न ११.९ वर्ष लाग्छ। यसको आयतन पृथ्वीको आयतनभन्दा १३१२ गुणा बढी छ। यसमा हाइड्रोजन, हिलियम, मिथेन र एमोनियाले बनेको वायुमण्डल छ। यसका सतहको औसत तापक्रम– १५३ डिग्री से. छ। दीर्घवृत्तमा यो ग्रह प्रति सेकेन्ड १३ किलोमिटरका दरले हिँड्छ। यसका १२ उपग्रह छन्– १ **आइयो–** यसको व्यास ३६९६ किलोमिटर छ। यो बृहस्पतिको निकटतम उपग्रह हो। यसले ४ लाख १९ हजार किलोमिटर दूरीमा रहेर हाम्रो वर्ष गणनाअनुसार एक दिन १८ घण्टा २८ मिनेटमा बृहस्पतिलाई परिक्रमा गर्दछ। २ **यूरोपा–** यसको व्यास ३१२० किलोमिटर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। यो बृहस्पतिबाट ६ लाख ६६ हजार ५६० किलोमिटर टाढा छ। यसले बृहस्पतिलाई ३ दिन १३ घण्टा १४ मिनेटमा परिक्रमा गर्दछ। ३ **गेनीमिड**– यो उपग्रह बृहस्पतिबाट १० लाख ६२ हजार ७२० किलोमिटर टाढा छ। यसलाई बृहस्पतिको परिक्रमा गर्न ७ दिन ३ घण्टा ४३ मिनेट लाग्छ। यसको व्यास ५१२० किलोमिटर छ। ४ **कलिस्टो**– यसको व्यास ५१६८ किलोमिटर छ। यो उपग्रह बृहस्पतिबाट१८ लाख ७० हजार ४ सय किलोमिटर टाढा छ। बृहस्पतिको परिक्रमा गर्न यस उपग्रहलाई ११ घण्टा ५७ मिनेट लाग्छ। अन्य उपग्रहको व्यास २४ किलोमिटरदेखि १६० किलोमिटरसम्म छ। यीमध्ये ४ उपग्रह विपरीत दिशाबाट परिक्रमा गर्दछन्। २.स्मृतिकार, देवताहरूका गुरु, विद्वान्। **~वारः/वासरः** (पुं.) सात बारहरूमध्ये पाँचौं बार।

बृहस्पतिस्मृतिः (स्त्री.) [*बृहस्पतिना रचिता स्मृतिः, म.प.स.*] बृहस्पतिद्वारा रचित धर्मशास्त्रसम्बन्धी ग्रन्थ।

बृहि (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] बोल्नु। लट्– **बृंहयति-ते**– बोल्छ। लिट्– **बृंहयाञ्चकार-चक्रे**– बोलेछ (अन.) इत्यादि।

बोधः (पुं.) [*बोधनम्, बुध अवबोधने इति धातोः, भावे ३.३.१८ इति घञ्*] जान्ने वा बुझ्ने क्रिया/जानकारी/ज्ञान। **~गम्यः** (पुं.वि.) [*बोधाय गम्यः, च.त.*] बुझ्न सकिने/सम्झन सकिने।

बोधकः (पुं.) [*बोधयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बुझाउने/बोध गराउने २.बिउँझाउने ३.जागृत तुल्याउने।

बोधकरः (पुं.) [*बोधं करोतीति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] स्तुतिपाठ गरी बिउँझाउने।

बोधगया (स्त्री.) बुद्धले ज्ञान प्राप्त गरेको स्थल।

बोधनम् (नपुं.) [*बुध अवगमने इति धातोर्णिचि भावे ल्युट्, अनः*] १.बुझाउनु २.बुझ्नु ३.गन्धोद्बोधन/गन्ध उडेका वस्तुमा पुनः गन्धोत्पादन गराउनु ४.बिउँझनु ५.बिउँझाउनु।

बोधनी (स्त्री.) [*बोध्यते शयनाद् जागर्यते अनया, करणे ल्युट्, अनः,*] कार्तिक शुक्ल एकादशी, हरिबोधिनी एकादशी २.जागरण ल्याउने महिला ३.पिप्ला।

बोधार्थः (पुं.वि.) [*बोधाय अयम्, च.त.*] एक कार्यालयले अर्को सम्बद्ध कार्यालय वा मानिसलाई दिइने आफूले गरेका कामको जानकारी।

बोधिः (पुं.) [*बुध्यते इति, सर्वधातुभ्य इन् (उ.) इतीन्*] ज्ञान।

बोधिका (स्त्री.) [*बोधयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः ७.३.४४ इति इत्वम्*] बोध गराउने (नैष. १.६)।

बोधिचर्या (स्त्री.) [*बोधेश्चर्या, ष.त.*] बुद्धधर्मसँग सम्बद्ध एक चर्या।

बोधितः (पुं.वि.) [*बुधधातोर्णिचि कर्मणि क्तः*] १.बुझाइएको २.जगाइएको।

बोधितरुः (पुं.) [*बोधिरिति तरुः, कर्म.स.*] १.बुद्धले तपस्या गरेर ज्ञान प्राप्त गर्दा आश्रय लिइएको पिप्पलको वृक्ष २.पिप्पल।

बोधिद्रुमः (पुं.) [*बुध्यते, बुध अवगमने इति धातोः, सर्वधातुभ्य इन् (उ.), नोत्क्रमनित्यम् इति न गुणनिषेधः, बोधिरिति द्रुमः, कर्म.स.*] १.बुद्धले ज्ञानप्राप्त गरेको वृक्ष २.पीपलको वृक्ष ३.समाधिको एक प्रकार। **बोधिः पुंसि समाधेश्च भेदे पिप्पलपादपे** (मेदिनी.)। **पिप्पलो बोधिरश्वत्थः** (रत्न.)।

बोधिवृक्षः (पुं.) [*बुध्यतेऽस्याम्, सर्वधातुभ्य इन् (उ.) इतीन्, बोधिरिति वृक्षः*] १.भारतको गया क्षेत्रमा रहेको एक प्रसिद्ध पीपलको बोट। यसै बोटमुनि महात्मा बुद्धले ज्ञानप्राप्त गरेका थिए/बोधितरु २.पिप्पलको रुख (अभि.चि.)।

बोधी (पुं.वि.) [*बोधयतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] बोध गराउने/बुझाउने/पत्ता वा थाहा पाउने।

बोध्यः (पुं.वि.) [*बोधयितुं योग्यः, ऋहलोर्ण्यत् इति ण्यत्*] बुझ्न योग्य/थाहा पाउन लायक/बताउन योग्य।

बोलः (पुं.) [*बोलयति, बुल मज्जने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा वाति, वा गतिगन्धनयोः इति धातोः, पिञ्जादित्वात् (उ.) ऊलच्*] गन्धरसनामक औषधिविशेष।

बौधायनधर्मसूत्रम् (नपुं.) [*बौधायनेन प्रणीतं धर्मसूत्रम्, म.प.स.*] कृष्ण यजुर्वेदका आचार्य बोधायनद्वारा लिखित धर्मशास्त्रसम्बन्धी ग्रन्थ। उपलब्ध बौधायनधर्मसूत्रमा आठ अध्याय छन्। अधिकांश भाग श्लोकबद्ध छ,। यसको समय वि.पू. पाँचौदेखि दुईसय शताब्दीसम्म मानिन्छ। यसमा अरू स्मृतिमा जस्तै विभिन्न आचार, व्यवहार, प्रायश्चित्त, ब्रह्मचारीका कर्तव्य, भोज्याभोज्य, दण्डविधान आदिको वर्णन छ।

बौद्धदर्शनम् (नपुं.) [*बौद्धञ्च तद् दर्शनम्, कर्म.स.*] बुद्धद्वारा प्रतिपादित सिद्धान्त। यिनको समय ईशापूर्व छैठौं शताब्दी मानिन्छ। यिनको जन्म कपिलवस्तुमा भएको थियो। यिनका बाबुको नाम शुद्धोदन, आमाको नाम मायादेवी र पत्नीको नाम यशोधरा थियो। बालकदेखि नै वृद्धावस्था र मृत्युको स्थितिलाई देखेर यिनलाई वैराग्य पैदा भयो अनि यिनले वनमा गएर तपस्या गरे, सन्न्यास लिए, ज्ञान प्राप्त भएपछि भिक्षुसंघको स्थापना गरे। ८० वर्षको उमेरमा कुशीनगरमा यिनको मृत्यु भयो। यिनको मतलाई यिनका चेलाहरूले व्यापक प्रचार प्रसार गरे। मृत्युपछि यिनको उपदेशलाई तीनवटा ग्रन्थमा सङ्कलित गरियो– १.**सुत्तपिटक**, २.**विनयपिटक** ३.**अभिधम्मपिटक**। पहिलो ग्रन्थमा बुद्धका उपदेशहरू सङ्कलित छन्। दोस्रो ग्रन्थमा यिनका आचारसम्बन्धी विचारहरूको सङ्ग्रह छ। तेस्रो दार्शनिक ग्रन्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो। बुद्धले दुःखबहुल प्रपञ्चबाट छुट्कारा पाउन आचारहरूको निर्माण गरे। यस प्रसङ्गमा यिनले चार आर्य सत्यको विवेचना गरेका छन्। सबै पदार्थ क्षणिक र नाशवान् छन्। संसारिक जीवन दुःखपूर्ण छ। यी दुःखका कारणहरू पनि छन्। दुःखलाई हटाएर मुक्ति प्राप्त गर्ने उपायहरू पनि छन्। संसारमा मुत्युको दुःख सबैभन्दा ठुलो र बच्न नसकिने दुःख हो।सबै प्रकारका दुःखबाट मुक्ति पाउने सबैभन्दा राम्रो उपाय संसारलाई त्याग गर्नु हो। संसारमा दुई थरी मुख्य दुःख छन्– वृद्धावस्था र मृत्यु। शरीर धारण गरेको हुनाले वृद्धावस्था र मृत्युलाई भोग्नु परेको छ। शरीर धारण नगरेको भए त्यसबाट छुट्कारा पाउन सकिन्थ्यो। त्यसैले दुःखको कारणको अन्त्य नभई दुःखको अन्त्य हुँदैन, दुःखको नाशको साधनलाई नै निर्वाण भनिन्छ। मोक्ष नै निर्वाण हो, निर्वाणद्वारा पुनर्जन्मको अन्त्य हुन्छ र दुःखबाट पनि मुक्ति पाइन्छ। बुद्धले आठ मार्ग बताएका छन्– सम्यक् दृष्टि (वस्तुको यथार्थ स्वरूपमा ध्यान दिनु) सम्यक् सङ्कल्प (दृढ निश्चयमा अटल रहनु) सम्यक् वाक् (सत्य बोल्नु र मिथ्या त्याग गर्नु) सम्यक् कर्मान्त (अहिंसा अस्तेय र इन्द्रियसंयम) सम्यक् आजीव (न्यायपूर्ण तरिकाले जीवन चलाउनु) सम्यक् व्यायाम (असल कामका निमित्त सधैँ प्रयत्नरत रहनु) सम्यक् स्मृति (लोभ चित्त संताप आदिबाट पर बस्नु) सम्यक् समाधि (रागद्वेषरहित चित्तको एकाग्रता) बुद्धले धर्मोपदेशका लागि तीन किसिमका दार्शनिक विचारहरूको आश्रय लिएका थिए– प्रतीत्यसमुत्पाद, कर्मक्षणिकवाद र आत्माको अनस्तित्व। प्रतीत्यसमुत्पाद भनेको कारणवाद पनि हो। यस सिद्धान्तअनुसार संसारमा जति पनि घटना घट्छन्, तिनको कारण अवश्य हुन्छ। यो नियम स्वतः परिचालित छ। यसको सञ्चालन कुनै चेतनशीलबाट हुँदैन। मनुष्यको जीवन पूर्वजीवनका कर्मको परिणाम हो। यस जीवनमा गरेका कर्मको फल उसले अर्को जीवनमा अवश्य भोग्नुपर्छ। बुद्धको मतमा संसारका सम्पूर्ण वस्तुहरू परिर्वनशील र नाशवान् छन्। कारणवश तिनीहरूको उत्पत्ति भएको छ। बौद्धहरू आत्माको अस्तित्व मान्दैनन्। बौद्ध दर्शनमा ईश्वरको अस्तित्व स्वीकार गरिएको छैन। ईश्वर र देवताको कल्पनाले मानिसलाई निष्क्रिय बनाउँछ भन्दै सबै तर्कलाई खण्डन गरेका छन् उनले। यसको पद्म, स्कन्द, कल्कि आदि पुराण तथा बौद्धग्रन्थहरूमा विशेष वर्णन छ। बौद्ध दर्शनका चार सम्प्रदाय छन्– वैभाषिक, माध्यमिक, सौत्रान्तिक र योगाचार। **वैभाषिक**– संसारका बाह्य र भित्री सबै पदार्थलाई सत्य मान्ने वाद वैभाषिक हो। यसलाई सर्वास्तिवाद पनि भनिन्छ। यस सम्प्रदायको सर्वमान्य ग्रन्थ कात्यायनीपुत्रद्वारा लिखित **अभिधर्म-ज्ञानप्रस्थानशास्त्र** हो। यस सम्प्रदायका अरू ग्रन्थमा वसुबन्धुको अभिधर्मकोष बढी प्रसिद्ध छ। **सौत्रान्तिक**– सौत्रान्तिकहरू सबै पदार्थलाई सत्य मान्छन् तर बाह्य पदार्थलाई प्रत्यक्ष रूपबाट सत्य नमानेर अनुमानद्वारा सत्य मान्छन्। बाह्य वस्तुलाई अनुमानद्वारा सत्य मानेकै हुनाले यिनीहरूलाई बाह्यानुमेयवादी पनि भनिन्छ। यस मतका चार प्रसिद्ध आचार्य छन्– कुमारलात, श्रीलात, वसुमित्र र यशोमित्र। **योगाचार**– यस सम्प्रदायका प्रवर्तक मैत्रेय हुन्। यिनले **मध्यान्तविभाग, अभिसमयालङ्कार, सूत्रालङ्कार, महायान उत्तर तन्त्र** र **धर्मधर्मताविभङ्ग** नामक ग्रन्थ रचना गरेका छन्। यस सम्प्रदायका अन्य आचार्यहरूमा दिङ्नाग, धर्मकीर्ति र धर्मपाल प्रसिद्ध छन्। यस मतअनुसार बाह्य पदार्थ असत्य छन्। यसमा चित्त अथवा विज्ञानलाई एकमात्र सत्य मानिएको छ। यसैले यसलाई विज्ञानवाद पनि भनिन्छ। **माध्यमिक**– यस वादका प्रवर्तक नागार्जुन हुन्। यिनले **माध्यमिकशास्त्र** नामक ग्रन्थ लेखेका छन्। यिनको मतअनुसार सबै शून्य छन्, सबै विषय असत् छन्। यो सम्प्रदाय दुई भागमा विभक्त छ– हीनयान र महायान। हीनयानीहरू अनीश्वरवादी छन्। यिनीहरू कर्म र धर्मलाई महत्त्व दिन्छन्। महायानीहरू उदारपन्थी छन्, परसेवामा बढी जोड दिन्छन्। त्यसैले गर्दा चीन, जापान, कोरिया आदि विभिन्न देशमा यसको व्यापक प्रचार भएको छ। महायानबाटै वज्रयान तथा तन्त्रमन्त्र आदि विकास भएका हुन्। धेरै सङ्गठन भएको हुनाले महायानका सूत्रग्रन्थ आ–आफ्नो सङ्गठनअनुसार बेग्लाबेग्लै रचना भएका छन्।

बौद्धम् (नपुं.) [*बुद्धेन प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्*] बुद्धले बताएको शास्त्र। **~धर्मः** (पुं.) [*बौद्धश्चासौ धर्मश्च, कर्म.स.*] महात्मा बुद्धले प्रचार गरेको धर्म।

बौद्धमठः (पुं.) [*बौद्धानां बौद्धधर्मावलम्बिनां मठः, ष.त.*] बुद्धधर्मावलम्बीहरूले अध्ययन,पूजा,पाठ आदि गर्ने थलो। यी मठहरू संसारका विभिन्न भागमा फैलिएर रहेका छन्। नेपालमा रहेका कतिपय मठ वा गुम्बाहरू– **ताप्लेजुङ**– दिकीछेलिङ गुम्बा (ओलाङ्चुङ गोला) दिकीछोलिङ गुम्बा (पापुङ) बौद्धगुम्बा (ओलाङ्चुङ गोला) **पाँचथर**– आगेजुङ गुम्बा (गोपेटारबाट पूर्वदक्षिण, करिब एक घण्टाको बाटो) साङ्छो गुम्बा (आगेजुङ) **इलाम**– तेम्बो धार्गेलिङ गुम्बा (फिकल, रम्फाप) ढुङ्साङा छोलिङ् गुम्बा (गोर्खेको चित्रे) टसीछोलिङ् गुम्बा (मावु) होसालछेदेन् गुम्बा (म्याग्मा) साङाङ्कछेलेन गुम्बा (मावु) न्यासासोङ गुम्बा (पशुपतिनगर) चित्रेगुम्बा (गोर्खेगाउँ) **सङ्खुवासभा**– सोम्पलुङ गुम्बा, सरचुङ्गुम्बा (हटिया, वा.नं. ४) गुठीगुम्बा आदि यस जिल्लामा १८ गुम्बा छन्। **तेह्रथुम**– बौद्धविहार (तालखर्क) मोलिङगुम्बा (आङिदम, गा.वि.स.) आदि। **भोजपुर**–टसीछेलिङ् गुम्बा, साङ्छेकछेलिङ गुम्बा आदि यस जिल्लामा २२ वटाजति गुम्बा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्। **खोटाङ—** भारतिका गुम्बा, पेमाछोलिङ गुम्बा, उर्गेनछेलिङ गुम्बा, आहालडाडा गुम्बा, थाइलिङ गुम्बा आदि। **सोलुखुम्बु—** जुनवेसी गुम्बा, पाल्देङरिउगुम्बा, साङ्गाछ्योलिङ गुम्बा, छेदेमछोखोरगुम्बा, पुङ्मोच्छे गुम्बा,पाङ्बुचे गुम्बा, ज्वाल्सा गुम्बा, टाक्सिन्दु गुम्बा आदि यस जिल्लामा ७० भन्दा बढी गुम्बा रहेका छन्। **ओखलढुङ्गा—** पोतालय गुम्बा, रिपायल गुम्बा, दोराखर्क गुम्बा, फापरे छेदेनछोलिङगुम्बा आदि यस जिल्लामा २२ भन्दा बढी छन्। **दोलखा—** कन्यूगुम्बा, बिगु गुम्बा, छ्यारागोफेलिङ् डिकुङ् काग्यू गुम्बा आदि। **रामेछाप—** सेम्बा गुम्बा (गर्ज्याङ) क्यामागुम्बा (गुम्देल) सम्तेन छोलिङ् गुम्बा (सादिङ्गाउँ, गुम्देल) टसी दर्ग्यालिङ् गुम्बा (लखनपुर) थोदुन सम्तेन छालिङ गुम्बा (बाम्ती) आदि यस जिल्ला ५२ वटाजति गुम्बा छन्। **सिन्धुली—** छ्याङदरे साङाक छोलिङ गुम्बा (खयरशाल, कपिलकोट) पेमाछोलिङ गुम्बा (सिद्धेश्वर) पेमादे छोलिङ गुम्बा (कालीदोभान) सालिङ गुम्बा (महेन्द्रझाडी) टासीछोछेल गुम्बा (आकाशे, हरिहरपुर) टासीछ्यालिङ गुम्बा (भिमान) आदि। **धनुषा—** पुल्चोक देक्षेलिङ गुम्बा (धारापानी) हरल्लेन गुम्बा (हरिपुर) **सर्लाही—** काल्साङ् छ्योखोरलिङ् गुम्बा (कर्मैया) सालिङ गुम्बा (ढुङ्गरसोला) थरपालिङ गुम्बा (पुनर्वास, मूर्तिया) साङ्दालिङ् गुम्बा (हरिभवन) पेमादेछेलिङ् गुम्बा (साहापुर) सेखिङ गुम्बा (अत्रौली) आदि। **सिन्धुपाल्चोक—**तार्केघ्याङ् सेर्माथाङ् (हेलम्बू)छोफेल गुम्बा (लिशांकु) आदि यस जिल्लामा ९४ वटा जति गुम्बा छन्। **काभ्रेपलान्चोक—**नमो बुद्ध (नामुडा) करुणामय बौद्धमठ (नाला) आदि यस जिल्लामा ४१ वटा जति गुम्बा रहेका छन्। **रसुवा—** सम्देङ् थाङ् चेद् गुम्बा, डोङा चेल्लाक खाङ गुम्बा, गुपा गुम्बा, डुक्साङ् छेलिङ् गुम्बा, तासीघ्याङ् आदि। **नुवाकोट—** गोकुलगुर्जे गुम्बा,टसी गुम्बा,सम्लिङ्घ्याङ गुम्बा आदि। **काठमाडौं—** चारुमती विहार (चावहिल) स्वयम्भूनाथ (मण्डपगिरि) बौद्धनाथ (बौद्धबजार) आनन्दकुटी विहार (स्वयम्भू) गणमहाविहार (गणबहाल) गौतम बुद्धविहार (पाँगा) जितवनविहार (थानकोट) धर्मकीर्तिविहार (नघलटोल) पद्मकीर्तिविहार (कमलपोखरी) न.म. श्रीकीर्तिविहार (कीर्तिपुर) पद्म सुगन्धविहार (मजिपाट) प्रणिधिपूर्ण विहार (यलम्बू) बुद्धविहार (भृकुटीमण्डप) बुद्धरत्नसडक (पुतलीसडक) विश्वशान्तिविहार (मीनभवन) विश्वशान्ति धर्मकीर्ति विहार (वसुन्धरा) आदि। **ललितपुर—** हिरण्यवर्ण महाविहार (पाटन) अक्षेश्वर महाविहार (पुल्चोक) यम्पी महाविहार (वा.नं. ९ वगलामुखीबाट शङ्खमूल जाने बाटो) रत्नाकर विहार (यलटोल) रुद्रवर्ण महाविहार (पाटन, ओकुबहाल) अशोकचैत्य (पाटन) महाबौद्ध (पाटनबजार, सुनधारा) सुमङ्लविहार (लुखुसीटोल) शाक्यसिंह विहार (थैनाटोल) अमरापुर विहार (बुग्मती) आदि। **धादिङ—** टसीक्षोजोम गुम्बा आदि यस जिल्लामा २४ वटा जति गुम्बा छन्। **पर्सा—** भिक्षुवा बौद्धविहार (वीरगन्ज) **चितवन—** बुद्धमन्दिर गुम्बा (तिनखोले, नारायणघाट) आदि। **गोरखा—** राछेन गुम्बा (छेकम्पार) थुग्छेलिङ गुम्बा (सामा) आदि यस जिल्लामा ७६ वटा जति गुम्बा छन्। **मनाङ—** भुजो गुम्बा (टङ्की) तरेगुम्बा (खाङसार) नारगुम्बा (मनाङ) भ्राका गुम्बा (भ्राका) आदि यस जिल्लामा १८ वटा जति गुम्बा छन्। **लमजुङ—** छ्योलिङ गुम्बा (पुरानोकोट, फुम्रे) साम्बाछोलिङ गुम्बा (इलामपोखरी) धर्मदीप गुम्बा (मालिङ) आदि। **तनहुँ—** उर्गेन धाकलिङ गुम्बा (दमौली) आदि। **कास्की—** कार्यसिद्ध विहार (पोखरा) साम्बाछोलिङ गुम्बा (विजुरे) धछेन्लिङ गुम्बा (पोखरा, व.न. ६) बौद्ध आर्घोसदन (वा.नं. ८ पोखरा) विश्वशान्ति स्तूप (पुम्दीभुम्दी, अनदु डाडा) आदि। **स्याङ्जा—** पेमा छ्यौरखोरलिङ् गुम्बा (काल्मा) बौद्ध गुम्बा (शिशवारी, पञ्चमूल) आदि। **पर्वत—** डाडाखर्क गुम्बा (खर्क, वडानं ३) **मुस्ताङ—** धामी गुम्बा, कुछप्तेन गुम्बा (जोम्सोङ) लोमान्थाङ (लोगाउँ) आदि यस जिल्लामा ४६ वटा जति गुम्बा छन्। **बाग्लुङ—** ज्ञानोदय बुद्धविहार आदि। **गुल्मी—** सुगन्धविहार। **नवलपरासी—** साङाक देछोलिङ गुम्बा आदि। **रूपन्देही—** मायादेवीमन्दिर (लुम्बिनी) पद्मचैत्यविहार (बुटवल) आदि। **कपिलवस्तु—** रिशोइयन शान्तिविहार (कपिलवस्तु,न.पा.) आदि। **हुम्ला—** हाम्जी(हल्जी) गुम्बा (लिमी) रेलिङ गुम्बा (रेलिङ लेक) मुचु गुम्बा (तुमकोट) रलिङ गुम्बा (बरगाउँ) दुम्कार छोजोन गुम्बा, ढाकर गुम्बा आदि। **मुगु—**सेर्खाङ सुङ् ज्योन् गुम्बा (मुगु व.नं ४) महाङ्काल लप्राङ गुम्बा (मुगु,वा.न १) दुङखाङ् गुम्बा (दोल्फु) पेमा छोलिङ् गुम्बा (रिमी) साकाङ् छोलिङ् गुम्बा (दोल्फु) आदि। यस जिल्लामा करवि ४८ गुम्बा छन्। **जुम्ला—** चुत्रागाउँ गुम्बा (गुठीचौर) मणिगुम्बा (गुठीचौर) आदि। **डोल्पा—** टुलुङ गुम्बा (तिन्जे)स्युङ्ज्योर गुम्बा (साल्दाङ) ढाकमार गुम्बा (छार्का) नाम्याल लाखाङ गुम्बा (फोक्सुन्दो) सेसुन्दो गुम्बा (साल्दाङ) से रिबु ढुक्य (साल्दाङ) आदि। **बाजुरा—** घ्याङ्चे गुम्बा (बिच्छवा) छोलिङ् गुम्बा (च्याचौर, बिच्छवा) आदि। **दार्चुला—** तिङ्कर गुम्बा। **कञ्चनपुर—** क्षोलिङ गुम्बा (पुनर्वास) आदि।

बौद्धिकः (पुं.वि.) बुद्धिसम्बन्धी/बुद्धिको/बुद्धिबाट हुने।

ब्रध्नः (पुं.) [*तिमिरं बध्नाति, बन्ध बन्धने, इति धातोः, बन्धेर्ब्रधिबुधी च (उ.) २९२ इति नक्*] सूर्य। **भास्करोऽहस्करो ब्रध्नः प्रभाकरदिवाकरौ** (अमर.)।

ब्रह्म (नपुं.) [*बृहि वृद्धौ इति धातोः, बृंहेर्नोऽच्च (उ. ५९५) इति मनिन्, नकारस्याकारश्च*] १.सत्, चित् र आनन्दस्वरूप जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूलतत्त्व/आत्मा/परमात्मा/जगत्को मूल कारण भएको नित्य र महान् चेतना शक्ति २.वेद ३.तपस्या। **~चर्यम्** (नपुं.) [*ब्रह्मणे वेदार्थं चर्यम् आचरणीयम्*] योगशास्त्रअनुसार यम अन्तर्गतको एक विधि। यसमा मन, वचन र कर्मले मैथुनका आठै अङ्गलाई छोड्नु पर्छ–**स्मरणं कीर्तनं केलिः प्रेक्षणं गुह्यभाषणम्। सङ्कल्पोऽध्यवसायश्च क्रियानिर्वृतिरेव च॥ एतन्मैथुनमष्यङ्गं प्रवदन्ति मनीषिणः। विपरीतं ब्रह्मचर्यम्।** स्त्रीको स्मरण गर्नु, स्त्रीसम्बन्धी कुरा गर्नु, स्त्रीसँग ख्याल ठट्टा गर्नु, हेर्नु, गोप्य कुरा गर्नु, मनले सम्भोगको सङ्कल्प गर्नु, मुसुक्क हाँस्नु र सम्भोग गर्नु, यी आठ प्रकारका मैथन हुन्। यसको विपरीत ब्रह्मचर्य हो।

कर्मणा मनसा वाचा सर्वावस्थासु सर्वदा।
सर्वत्र मैथुनत्यागो ब्रह्मचर्यं प्रचक्षते॥ (गरुडपु.)

~चर्याश्रमः (पुं.) [*ब्रह्मचर्यस्य आश्रमः, ष.त.*] द्विजातिका चार आश्रममध्ये ब्रह्मचर्य पालना गर्नुपर्ने पहिलो आश्रम। यसमा साधारणतया स्नान, सन्ध्या, गुरुसेवा, वेदाध्ययन, भिक्षायाचन, अग्निहोत्र आदि गर्नुपर्छ। **~चारी** (पुं.वि.) [*ब्रह्म ज्ञानम् तपो वा चरतीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.ब्रह्मचर्य पालन गर्ने वा ब्रह्मचर्याश्रममा रहने मानिस २.भीष्मपितामह। **~पुत्रः** (पुं.) [*ब्रह्मणः पुत्रः, ष.त.*] १.ब्रह्माका पुत्र/नारदः २.वसिष्ठ ३.मानसरोवरबाट निस्की भारतको आसाम प्रदेश हुँदै गङ्गामा मिल्ने एक नद। **~मुहूर्तः** (पुं.) [*ब्रह्मणो मुहूर्तः, ष.त.*] प्रभातकाल/ बिहान । **~रन्ध्रः** (पुं.) [*ब्रह्मणो रन्ध्रः, ष.त.*] तालुको बिचमा भएको मानिसको गुप्त छिद्र। यसबाट प्राण निस्कँदा ब्रह्मलोक प्राप्त हुन्छ। **~सूत्रम्** (नपुं.) [*ब्रह्मणि वेदग्रहणकाले उपनयनसमये धृतं सूत्रम्*] १.जनै/यज्ञोपवीत २.[*ब्रह्मप्रतिपादकानि सूत्राणि यत्र तद्, बहु.स.*] व्यासमुनिले बनाएको एक प्रसिद्ध दर्शन ग्रन्थ।

ब्रह्मकायः (पुं.) [*ब्रह्मणः कायः, ष.त.*] ब्रह्मशरीर।

शौचमास्तिक्यमभ्यासो वेदेषु गुरुपूजनम्।
प्रियातिथित्वमिज्या च ब्रह्मकायस्य लक्षणम्॥ (धन्वन्तरि)

ब्रह्मकूर्चम् (नपुं.) अहोरात्र उपवास गरेर भोलिपल्ट पञ्चगव्य खाने व्रत ।

ब्रह्मगुप्तः (पुं.) गणितज्योतिषका प्रसिद्ध आचार्य। यिनी ई.सन् ५९८ मा पन्जावमा जन्मेका थिए। यिनले **ब्रह्मस्फुटसिद्धान्त** र **खण्डखाद्यक** नामक दुई ग्रन्थ लेखेका छन्। यिनले ज्योतिष विषयका अतिरिक्त बीजगणित, अङ्कगणित र ज्यामितिका सम्बन्धमा पनि मौलिक सिद्धान्त प्रस्तुत गरेका छन्।

ब्रह्मण्यः (पुं.) [*ब्रह्मणि वैदिके साधुः, तत्र साधुः ४.४.९८ इति यत्, ये चाभावकर्मणोः ६.४.१६८ इत्यन् प्रकृत्या*] १.किम्बु २.शनिश्चर ३.ब्रह्म साक्षात्कारमा समर्थ व्यक्ति। **ब्रह्मसाधौ स्याद् ब्रह्मण्यश्च शनैश्चरे** (विश्व.)।

ब्रह्मत्वम् (नपुं.) [*ब्रह्मणो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] ब्रह्ममा लीन हुनु।

ब्रह्मदर्भा (स्त्री.) [*ब्रह्मणा दृभ्यते, दृभी ग्रन्थे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, कर्तृकरणे कृता २.१.३२ इति समासः*] ज्वानु।

ब्रह्मपुराणम् (नपुं.) सबैभन्दा पुरानो पुराण। **आद्यं सर्वपुराणानां पुराणं ब्राह्ममुच्यते।** –(विष्णुपु. ३.६.२०) यस पुराणमा २५४ अध्याय र लगभग १४ हजार श्लोक छन्। ब्रह्मपुराण दुई भागमा विभक्त छ– पूर्वभाग र उत्तरभाग। यो वैष्णव पुराण हो। यसमा पुराणसँग सम्बद्ध सबै विषयहरूको वर्णन छ।

ब्रह्मबन्धुः (पुं.) [*ब्रह्मणो बन्धुरिव, त.स.*] निन्दित ब्राह्मण।

ब्रह्मबिन्दवः (पुं.) [*वेदपाठकाले मुखन्निर्गता बिन्दवः ब्रह्मणो बिन्दवः, ष.त.*] वेद पढ्दा मुखबाट निस्किएका थुकका छिटा।

ब्रह्मभूयम् (नपुं.) [*ब्रह्मणो भावः, भुवो भावे ३.१.१०७ इति क्यप्*] ब्रह्ममा लीन हुनु।

ब्रह्मयज्ञः (पुं.) [*ब्रह्मणो यज्ञः, ष.त.*] स्वाध्याय/दैनिक गरिने वेद–वेदाङ्गको अभ्यास/पाँच महायज्ञमध्ये वेदाध्ययनरूप यज्ञ। **वेदाभ्यासो हि विप्राणां परमं तप उच्यते। ब्रह्मयज्ञः स विज्ञेयो षडङ्गसहितस्तु सः।** (दक्षस्मृति) यसका पाँच चरण छन्– वेदग्रहण, त्यसमाथि विचारविमर्श गर्नु , अभ्यास गर्नु, जप गर्नु र शिष्यलाई वेदको शिक्षा दिनु। **वेदस्वीकरणं पूर्वं विचारोऽभ्यसनं जपः। ततो दानञ्च शिष्येभ्यो वेदाभ्यासो हि पञ्चधा** (पूर्ववत्)।

ब्रह्मर्षिः (पुं.) [*ब्रह्म चासौ ऋषिः, कर्म.स., ऋत्येकः ६.१.२८ इति वा प्रकृतिभावः, पक्षे ब्रह्मऋषिः*] ब्राह्मण ऋषि/मन्त्रद्रष्टा ऋषि। तपस्याले निष्पाप, वेद वेदाङ्गको रहस्यका ज्ञाता, सत्यवादी ऋषि ।

ब्रह्मवर्चसम् (नपुं.) [*ब्रह्मणो वेदस्य तपसो वा वर्चः, ब्रह्महस्तिभ्यां वर्चसः ५.४.७८ इत्यच्*] आचार र अध्ययनबाट उत्पन्न भएको ब्रह्मतेज।

ब्रह्मवादी (पुं.वि.) [*ब्रह्म वदति, ब्रह्मणि वदः, (वा.) ३.२.७८ इति णिनिः*] १.वेदान्ती २.वेदको व्याख्याता।

ब्रह्मविद्या (स्त्री.) [*ब्रह्मसम्बन्धिनी विद्या, म.प.स.*] उपनिषद्।

ब्रह्मवैवर्तपुराणम् (नपुं.) क्रमानुसार यो दसौँ पुराण हो। ब्रह्मको विवर्तको कारणबाट यसलाई ब्रह्मवैवर्त भनिएको हो। यसमा चार खण्ड छन्– ब्रह्मखण्ड, प्रकृतिखण्ड, गणेशखण्ड र कृष्णजन्मखण्ड। यसमा कृष्णको चरित्रलाई विस्तृत रूपमा वर्णन गरिएको छ र राधालाई कृष्णकी पत्नी तथा शक्तिको रूपमा चित्रण गरिएको छ। मत्स्यपुराणअनुसार यसमा १८००० श्लोक छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसायुज्यम् (नपुं.) [*युनक्ति, युजिर् योगे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः इति कः, युजेन सह, तेन सह– २.२.२८ इति बहुव्रीहिः, वोपसर्जनस्य इति सहस्य सः, यद्वा– योजनम्, युक्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, सह युजाम्, सयुज्यस्य सयुजो वा भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च इति ष्यञ्, ब्रह्मणः सायुज्यम्, ष.त.*] ब्रह्ममा लीन हुनु।

ब्रह्मसूः (पुं.) [*ब्रह्म तपः, ब्रह्माणं वा सुवति चालयति, षू प्रेरणे इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.७६ इति क्विप्*] कामदेव।

ब्रह्महत्या (स्त्री.) [*ब्रह्मणो हत्या बधो पीडनञ्च*] १.ब्राह्मणको ज्यान लिने काम २.ब्राह्मणलाई पीडा दिने काम। आफ्नो उन्नतिका लागि झुटो बोल्नु, अर्काको चुक्ली सरकारी निकायमा लगाउनु र गुरुजनमाथि नचाहिंदो दोषारोपण गर्नु पनि ब्रह्महत्या समान मानिन्छन्।

ब्रह्मा (पुं.) [*बृंहति वर्धयति प्रजाः, इति, बृहि वृद्धौ इति धातोः, बृंहेर्नोऽच्च (उ.) ५९५ इति मनिन्, नकारस्याकारश्च*] १.ब्रह्मका तीन गुणहरूमध्ये संसारको सृष्टि गर्ने गुणले युक्त रूप/त्रिदेवमध्ये एक/प्रजापति २.ब्राह्मण ३.ऋत्विग्विशेष।

ब्रह्माक्षरम् (नपुं.) [*ब्रह्मणो बोधकमक्षरम्*] ॐकार/प्रणवाक्षर।

ब्रह्माञ्जलिः (पुं.) [*ब्रह्मणोऽञ्जलिः*] हातको अञ्जुलि।

ब्रह्माणी (स्त्री.) [*ब्रह्माणमणति कीर्तयति, अण शब्दे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, यद्वा ब्रह्माणमानयति जीवयति, अन प्राणने इति धातोः, कर्मण्यण् इत्यण्, णेरनिटि ६.४.५१ इति णिलोपः, टिड्ढाणञ् इति ङीप्, पूर्वपदाद् इति णत्वम्*] १.दुर्गा २.गायत्रीको एक स्वरूप ३.रेणुका नाम गरेको गन्धद्रव्य।

ब्रह्माण्डपुराणम् (पुं.) पुराणको क्रमानुसार यो अठारौँ पुराण हो। यसमा १०९ अध्याय र १२००० श्लोक छन्। समस्त ब्रह्माण्डको वर्णन भएको हुनाले यसलाई ब्रह्माण्डपुराण भनिएको हो। यसमा ३३ देखि ५८ अध्यायसम्म ब्रह्माण्डको विस्तारपूर्वक भौगोलिक वर्णन गरिएको छ। नक्षत्रमण्डल र युगहरूको पनि यसमा वर्णन छ।

ब्रह्माण्डम् (नपुं.) [*ब्रह्मणोऽण्डम्, ष.त.*] तारा, ग्रह, नक्षत्र आदिले युक्त सम्पूर्ण विश्व।

ब्रह्मानन्दः (पुं.) [*ब्रह्मणः ब्रह्मसाक्षात्कारस्य आनन्दः*] ब्रह्मज्ञानबाट पाइने तृप्ति वा आनन्द/अलौकिक आनन्द।

ब्रह्मासनम् (नपुं.) [*ध्यानं प्रत्येकतानता च, योगश्चित्तवृत्तिनिरोधश्च, तयोरासनम्, यद्वा– ध्यानस्य योग उपायः, ध्यानमेव योगो वा, तस्यासनं स्वस्तिकसिद्धपद्मादि, ब्रह्मसम्बन्धि आसनम्*] ब्रह्मको चिन्तन गर्दा वा वेद पाठ गर्दा बस्ने आसन/ब्रह्मको ध्यान गर्दा लिइने आसन।

ब्रह्मास्त्रम् (नपुं.) [*ब्रह्मणोऽस्त्रम्, ष.त.*] लक्ष्यमा कहिल्यै नचुक्ने दैवी अस्त्र/मन्त्रद्वारा चलाइने एक प्रकारको अस्त्र।

ब्रह्माहोरात्रः (पुं.) [*ब्रह्मण अहोरात्रः, ष.त.*] देवताहरूको दिनमानअनुसार हुने दुई हजार वर्ष।

ब्राह्मः (पुं.) [*ब्राह्मोऽजातौ ६.४.७१ इति साधुः*] १.देवताको दुई हजार युग/ब्रह्माको एक अहोरात्र। **दैवे युगसहस्रे द्वे ब्राह्मः।** (अमरः) २.विवाहको एक प्रकार। **~मुहूर्तः** (पुं.) सूर्योदयभन्दा दुई घडी अगाडिको समय।

ब्राह्मम् (पुं.) [*ब्रह्मा देवता अस्य, सास्य देवता ४.२.२४ इत्यण् ब्राह्मोऽजातौ ६.४.७१ इति साधुः*] औँठाको फेद।

ब्राह्मणः (पुं.) [*ब्रह्मणः, (विप्रस्य) अपत्यम्, तस्यापत्यम् ४.१.९५ इत्यण्, ब्रह्म (वेदम्) अधीतेः, तदधीते तद्वेदः ४.२.५९ इत्यण्, ब्रह्म (परमात्मानम्) जानाति शेषे ४.२.९ इत्यण्, अन् ६.४.१६७ इति प्रकृतिभावः*] १.अग्नि २.ब्रह्मविद्याको विशेषज्ञ व्यक्ति ३.विष्णु ४.शिव ५.ब्राह्मणबाट ब्राह्मणीमा पैदा भएको सन्तान। **ब्राह्मण्यां ब्राह्मणाज्जातो ब्राह्मणः स्यान्न संशयः** (म.भा.अनु. ४७.२८) ६.जातिविशेष। यसका मुख्य दशभेद छन्– सारस्वत, कान्यकुब्ज, गौड, मैथिल, उत्कल, कर्णाटक, महाराष्ट्र, आन्ध्र, तैलङ्ग, गुर्जर। यीमध्ये पाँच (सा.का.गौ.मै.उ) गौड र पाँच (क.म.आ.तै.गु) द्राविड भनिन्छन्। ब्राह्मणको लक्षण– बस्त्र, खाना र घरमा सङ्ग्रहको चिन्ता नगर्नेलाई देवताहरूले ब्राह्मण भनेका छन्। कुनै कुराको आशा वा चिन्ता नलिने, नमस्कार र स्तुतिको महत्त्व नराख्ने, शरीर क्षीण नभएका तर कर्मलाई क्षीण पारेका पुरुषलाई देवताहरूले ब्राह्मण भन्छन्। शान्त, सन्त, सुशील, सबै प्राणीको हितैषी, नरिसाउने, सन्ध्योपासना गर्ने, सरल चित्त भएका, कठोर व्रत गर्ने, आफ्नो र पराइको भन्ने भेदभाव नगर्ने, एक छाक खाने, सन्तोषी, थोरै खाने, ऋतुकालमा मात्र मैथुन गर्ने, पराइको अन्न, धन बाटोमा अथवा घरैमा फेला पारे पनि अर्काले नदिएसम्म नलिने, सत्य, तपस्या र इन्द्रियनिग्रहलाई ब्रह्म सम्झने र सम्पूर्ण प्राणीमा दया एवं ब्रह्मभाव राख्नेलाई ब्राह्मण भन्दछन्। योग, तप, दम, दान, सत्य, शौच, दया, विद्या, वेद, विज्ञान, आस्तिकपन आदि हुनु ब्राह्मणको लक्षण हो। उपर्युक्त दशथरी ब्राह्मण बाहेक जयपुरी, माथुरी, सरयूपारी, गडवाली, कूर्माञ्चली (नेपाली) शाकद्वीपी आदि ब्राह्मणका अरू पनि धेरै भेद छन्।

ब्राह्मणकः (पुं.) [*कुत्सितो ब्राह्मणः, कुत्सितार्थे कन्*] नाम मात्रको ब्राह्मण।

ब्राह्मणग्रन्थः (पुं.) वैदिक वाङ्मयअन्तर्गत आउने कर्मकाण्डको विवेचनासम्बन्धी ग्रन्थ। यसमा यज्ञ–यागादिका सम्बन्धमा हजारौँ नीति, नियम र विधिव्यवस्थाको निरूपण गरिएको छ। मूलतः यी ग्रन्थहरू कर्मकाण्डपरक छन्। यिनको रचना गद्यमा भएको छ। आपस्तम्भले मन्त्रसंहिता र ब्राह्मण दुवैलाई वेद भनेका छन्। ब्राह्मणग्रन्थमा मन्त्रहरूको विनियोगको विधान गरिएको छ। कुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्य प्राप्तिका लागि कुन मन्त्रको प्रयोग गर्ने भन्ने व्यवस्था यसमा छ। यसको भाषा परिमार्जित र प्रौढ देखिन्छ। वेदमा नपाइने धातुहरूलाई पनि ब्राह्मणग्रन्थमा प्रयोग गरिएको छ। प्रत्येक वेदका अलग अलग ब्राह्मणग्रन्थहरू छन्। जस्तै– ऋग्वेदको **ऐतरेय** र **साङ्ख्यायनब्राह्मण**, शुक्ल यजुर्वेदको **शतपथब्राह्मण**, कृष्णयजुर्वेदको **तैत्तिरीयब्रह्मण**, सामवेदको **ताण्ड्य, षड्विंश, सामविधान, आर्षेय, दैवत, उपनिषद्, संहितोपनिषद्, वंश** र **जैमिनीय ब्राह्मण**, अथर्ववेदको **गोपथब्राह्मण**।

ब्राह्मणब्रुवः (पुं.) [*ब्राह्मणपूर्वकाद् ब्रूधातोः कः,उवङ्, न वच्यादेशः*] जन्म, यज्ञोपवितधारण आदिले ब्राह्मण भएपनि ब्राह्मणोचित आचरण नगर्ने व्यक्ति/बनावटी ब्राह्मण ।

गर्भाधानादिभिर्युक्तस्तथोपनयनेन च।

न कर्मकृन्न चाधीते स ज्ञेयो ब्राह्मणब्रुवः॥ (पद्मपु.)

ब्राह्मणम् (नपुं.) १.ब्राह्मण जातिको सभा २.वेदको कर्मकाण्ड र ज्ञानकाण्डसम्बन्धी विभाग। यज्ञ गर्ने वैदिक मन्त्रको विधान भएको भागलाई कर्मकाण्ड र उपनिषद्को मन्त्र भएको भागलाई ज्ञानकाण्ड भनिन्छ। हरेक वेदका फरक फरक ब्राह्मणहरू छन्। हे. **ब्राह्मणग्रन्थः**।

ब्राह्मणयष्टिका (स्त्री.) [*ब्राह्मणयष्टिरिव, तादृशप्रकाण्डत्वात् इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] भारङ्गी।

ब्राह्मणायनः .(पुं.) [*ब्राह्मणस्यापत्यं पुमान्, फक्, फस्य आयन्*] शुद्ध ब्राह्मण कुलमा पैदा भएको।

ब्राह्मणी (स्त्री.) १.[*ब्रह्मण इयम्*] भारङ्गी २.[*ब्राह्मणस्य इयम्*] १.ब्राह्मणकी पत्नी २.बुद्धि ३.छेपारा जातिको एक भेद।

ब्राह्मण्यम् (नपुं.) १.[*ब्राह्मणानां समूहः, ब्राह्मण– ४.२.४२ इति यत्*] ब्राह्मणको समूह २.[*ब्राह्मणस्य भावः कर्म वा, गुणवचनब्राह्मणदिभ्यः कर्मणि च इति ष्यञ्*] १.ब्राह्मणत्व २.ब्राह्मणको कर्म। **सम्पतन्मोहजालेषु कदाचिदिह मानुषे। ब्राह्मण्यं लभते जन्तुस्तत्पुत्र परिपालय॥** (म.भा.)

ब्राह्मम् (नपुं.) १.[*ब्रह्मा देवताऽस्य, साऽस्य देवता ४.२.२४ इत्यण्, ब्राह्मोऽजातौ ६.४.७१ इति साधुः*] बुढी औँलाको फेद। २.(त्रि.न.वि.) [*ब्रह्मण इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] ब्रह्म वा ब्रह्मासम्बन्धी।

ब्राह्ममुहूर्तः (पुं.) [*ब्राह्मश्चासौ मुहूर्तश्च कर्म.स.*] १.रातको पछिल्लो प्रहरलाई ब्राह्ममुहूर्त भनिन्छ। सूर्योदयभन्दा पहिलेको आधा प्रहरमा दुई मुहूर्त हुन्छन्। अघिल्लो प्रहरलाई ब्राह्ममुहूर्त र दोस्रो प्रहरलाई रौद्रमुहूर्त भनिन्छ।

रात्रेश्च पश्चिमे यामे मुहूर्तो ब्राह्म उच्यते।

पश्चिमे यामे=शेषार्द्धप्रहरे, इति भवदेवीयनिर्णयामृते सुमन्तुः।

रात्रेश्च पश्चिमे मुहूर्तो यस्तृतीयकः।

स ब्राह्म इति विख्यातो विहितः सम्प्रबोधने॥

शेषार्द्धप्रहरे ब्राह्ममुहूर्तः (मदनपारिजात)।

अत्र सूर्योदयात्प्रागर्धप्रहरे द्वौ मुहूर्तौ,

तत्र आद्यो ब्राह्मः द्वितीयो रौद्रः (स्मृति त. प्रथमभाग.)। रातको पछिल्लो समयमा जुन तेस्रो वेला हुन्छ, त्यसलाई ब्राह्ममुहूर्त भनिन्छ,। मोटमोटी रूपमा सूर्योदयभन्दा पहिले ५ घडी वा २ घण्टाको समय ब्राह्म मुहूर्त हुन्छ।

ब्राह्मविवाहः (पुं.) [*ब्राह्मश्चासौ विवाहश्च, कर्म.स.*] वरलाई घरमा बोलाएर वस्त्र, आभूषणसहित कन्यादान गरिने विवाह।

ब्राह्मी (स्त्री.) [*ब्रह्मण इयं ब्राह्मी, तस्येदम् ४.३.१२० इत्यणि ब्राह्मो जातौ ६.४.१७१ इति टिलोपः*] १.भारतवर्षको प्राचीन लिपि, यसैबाट आधुनिक देवनागरी लिपिको विकास भएको हो। २.स्मरण शक्ति र बुद्धि बढाउने एक प्रसिद्ध बुटी।

वचा त्रिकटुकञ्चैव लवणं चूर्णमुत्तमम्।

ब्राह्मीरसे भावितञ्च मधुसर्पिःसमन्वितम्॥

सप्ताहं भक्षितं कुर्यान्महैश्वर्यं मतिं पराम् (ग.पु.)।

३.अष्टमातृकामध्ये एक देवी। ४.सरस्वती।

ब्राह्मी हंससमारूढा सर्वाभरणभूषिता (सर.स्तोत्र)।

५.ब्रह्माकी शक्ति ६.सोमलता ७.सागविशेष ८.घोडताप्रे ९.सूर्यमूर्ति।

ब्राह्मी माहेश्वरी चैव वैष्णवी चैव ते तनुः।

त्रिधा तस्य शरीरन्तु भानोर्भास्वान् प्रसीदतु॥ (मा.पु.)

१०.(स्त्री.) ब्रह्मस्वरूपा।

स्वाध्यायेन व्रतैर्होमैस्त्रैविद्येनेज्यया जनैः।

महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः॥ (मनु.)

११.ब्रह्मबाट प्राप्त।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति (भ.गी.)।

१२.[*तदधिष्ठातृदेवतया*] रोहिणी नक्षत्र। १३.ब्राह्म विवाह–अनुसार विवाहित स्त्री १४.वाणी। **~गायत्री** (स्त्री.) बयालिस वर्ण भएको एक वैदिक छन्द। **~जगती** (स्त्री.) बहत्तर वर्ण भएको एक वैदिक छन्द। **~बृहती** (स्त्री.) चउन्न वर्ण भएको एक वैदिक छन्द।

ब्रीहिः (पुं.) [*बर्हत्युपचयं गच्छति, बृह वृद्धौ इति धातोः, इगुपधात् कित् (उ.) इति इन्, पृषोदरादि ६.३.१०९ तया साधुः*] धान।

ब्रुवन् (पुं.वि.) [ब्रवीति, लटः शतृ] बोलिरहेको/वक्ता।

ब्रुवाणः (पुं.वि.) [*ब्रूते इति ब्रूञ् व्यक्तायां वाचि इति धातोः, लक्षणहेत्वोःक्रियायाः ३.२.१२६ इति इति शानच्*] बोल्दै गरेको/वक्ता।

ब्रूञ् (धा.) [*व्यक्तायां वाचि, अदा. सक. अनिट्, उभय.*] बोल्नु। लट्– **ब्रवीति, आह, ब्रूते**– बोल्छ। लिट्– **उवाच, ऊचे**– बोलेछ (अन.)। लुट्– **वक्ता**– बोल्ने छ (अन.)। लृट्– **वक्ष्यति-ते**– बोल्ने छ। लोट्– **ब्रवीतु, ब्रूताभ्**– बोलोस्। लङ्– **अब्रवीत्, अब्रूत**– बोल्यो (अन.) विधिलिङ्– **ब्रूयात्,**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रुवीत— बोल्ला, बोलोस्। आशीर्लिङ्— **उच्यात्**—**वक्षीष्ट**— भन्ला। लुङ्— **अबोचत, अवोचत**— बोल्यो। लृङ्— **अवक्ष्यत, अवक्ष्यत** बोल्ने थियो। कर्मणि— **उच्यते**— भनिन्छ। णिचि— **वाचयति-ते**— भन्न लगाउँछ। सनि— **विवक्षति-ते**— भन्न चाहन्छ। यङि— **वावच्यते**— ज्यादै वा अतिशय भन्छ। यङ्लुकि— **वावचीति**— ज्यादै वा बारम्बार बोल्छ। कृदन्ते— **वाचकः, वाचिका, वक्ता, वक्त्री**— बोल्ने। **वाचयिता, वाचयित्री**— बोल्न लगाउने। **विवक्षकः, विवक्षिका, विवक्षिता, विवक्षित्री**— भन्न चाहने। **ब्रुवन्, ब्रुवाणः**— भनिरहेको। **विवक्षन्, विवक्षमाणः**— भन्न चाहेको। **विवक्षुः**— भन्न चाहने। **वाक्, वाचा**— बोली। **अनूचानः**— साङ्गवेदको अध्येता। **वाग्मी**— बोल्न सिपालु। **वाचालः, वाचाटः**— ज्यादै बोल्ने/वकवके। **उक्तः**— भनिएको। **उक्तवान्**— भनेको। **वाचितः**— भनाइएको। **विवक्षितः**— भन्न चाहेको। **वक्तव्यम्, वचनीयम् वाच्यम्**— भन्नुपर्ने/अभिधेय। **वाक्यम्**— पूरा अर्थ बुझाउने गरी परस्पर अन्वित दुई वा दुईभन्दा बढी पदको समूह। **प्रवाच्यम्**— ग्रन्थिविशेष। **विवक्षणम्**— भन्न खोजेको कुरा। **अनुवाकः**— वेदको भागविशेष। **प्राड्विवाकः**— न्यायवादी। **वक्तुम्**— भन्न, **वाचयितुम्**— भनाउन। **विवक्षितुम्**— भन्न खोज्न। **उक्तिः**— कथन/भनाइ। **निरुक्तम्**— ग्रन्थविशेष। **वाचनम्, वाचना**— भनाउने काम/पाठ गर्ने काम। **वचनम्**— बोली। **उक्त्वा, प्रोच्य**— भनेर। **वाचयित्वा, प्रवाच्य**— भनाएर। **कृकवाकुः**— कुखो। **उक्थम्**— सामविशेष। **वक्त्रम्**— मुख। **वचः**— वचन/बोली इत्यादि।

ब्रूस (धा.) [*हिंसायाम्, चुरा. सक.सेट् उभय.*] मार्नु, दुःख दिनु। लट्— **ब्रूसयति, ब्रूसयते**— मार्छ, दुःख दिन्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ

भ १.देवनागरी लिपिको वर्णमालाअनुसार, पवर्गीय व्यञ्जनको चौथो अक्षर, यसको आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न, बाह्य प्रयत्नमा संवार, नाद, घोष र महाप्राण प्रयत्न हुन्छ। **हशः संवारा नादा घोषा श्च, वर्गाणां द्वितीयचतुर्थौ शलश्च महाप्राणाः** (सि.कौ.) देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको चौबिसौँ वर्ण। ओष्ठस्थानीय वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण। पवर्ग (प, फ, ब, भ, म) को चौथो वर्ण। २.लेख्य रूपमा सो व्यञ्जन वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

भः (पुं.) [*भाति, भा दीप्तौ इति धातोर्बाहुलकाड्डः*] १.शुक्राचार्य २.किरण। **भः स्यान्मयूखे शुक्रे** (विश्वप्र.) ३.भमरो। **भ्रमरे भः प्रकीर्तितः** (एका.को.) ४.भ्रान्ति (शब्दरत्नावली) ५.घर। **भं नक्षत्रे गभस्तौ स्त्री पुंसि स्याद् भृगुनन्दने** (विश्व)। **भवने च तथा भः स्यात्** (मेदिनी.) ६.छन्दमा प्रयोग हुने तीन अक्षरका आठ गणमध्ये पहिलो वर्ण गुरु हुने गण। **भादिगुरुः** (वृत्तरत्नाकर)।

भक्तः (पुं.) [*भजति स्म, भज सेवायामिति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तः*] १.ईश्वर वा देवताको भक्ति वा आराधना गर्ने व्यक्ति। **न मे भक्तः प्रणश्यति** (भ.गी.)। २.पूज्य वा ठुला मानिसमा श्रद्धा राख्ने व्यक्ति।

भक्तं रक्तं सदासक्तं निर्दोषं न परित्यजेत्।
रामस्त्यक्त्वा सतीं सीतां शोकशल्याकुलो भवत्॥ (सुभा.)

३.(पुं.वि.) कुनै वस्तु वा व्यक्तिप्रति अत्यन्त स्पृहा राख्ने। **प्रसीद वशगोऽहन्ते भक्तं मां भज भामिनि** (म.भा.) ४.भाग गरिएको। **भक्तो हरः शुध्यति यद्गुणः स्यात्** (लीलावती)। **~पुरम्** (नपुं.) काठमाडौँदेखि छ माइल पूर्वमा रहेको एक प्रसिद्ध सहर/भादगाउँ/काठमाडौँ उपत्यकाका तीन सहरमध्ये एक। **~वत्सलः** (पुं.वि.) [*भक्तानां वत्सलः, ष.त.*] भक्तप्रति माया गर्ने।

निजलोकं परित्यज्य भगवान् भक्तवत्सलः।
आविवेश स्वभक्तानां हृदयान्यमलानि च॥ (भाग.मा.)

भक्तकरः (पुं.) [*भक्तं करोति तच्छीलः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु इति टः*] भान्से।

भक्तकारः (पुं.) [*भक्तं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] भान्से/पाचक।

भक्तम् (नपुं.) [*भज्यते स्म, भज सेवायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भात।

सुधौतान् तण्डुलान् स्फीतान् तोये पञ्चगुणे पचेत्।
तद् भक्तं प्रसृतञ्चोष्णं विशदं गुणवन्मतम्॥ (भा.प्र.)

भक्तमण्डः (पुं.) [*भक्तस्य मण्डः, ष.त.*] भातको माड।

भक्तिः (स्त्री.) [*भज्यते विभज्यतेऽनया, भज सेवायामिति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.भाग लगाउने रेखा २.[*भजनम्, पूर्ववत् क्तिन्*] श्रद्धा। **भक्त्या हि तुष्यन्ति महानुभावाः।** (सुभा.) ३.ईश्वर– विषयक एक किसिमको सेवाभाव। यो दुई किसिमको हुन्छ– परमप्रेमरूपा र अमृतस्वरूपा। यसलाई प्राप्त गरेर मानिसहरू सिद्ध, अमर र तृप्त हुन्छन्। भक्तिमार्गको प्रमुख सम्प्रदाय भागवतधर्म हो। भक्तिका आश्रय नारायण हुन्। यी अनन्त, अविनाशी र अच्युत मानिन्छन्। यिनको अंश जीवात्मा हो। भक्ति नै मोक्षप्राप्तिको साधन हो। यो भक्ति दुई किसिमको हुन्छ– निष्काम कर्मभक्ति र सकाम कर्मभक्ति। निष्काम कर्मबाट चित्त शुद्ध हुन्छ। जीव चार किसिमका हुन्छन्– बद्ध, मुमुक्षु, केवल र मुक्त। मुक्त जीवले पार्थिव शरीर छोडेपछि लिङ्गशरीर धारण गर्छ। लिङ्गशरीर नाश भएपछि परमानुभूतमा रूपान्तरित हुन्छ। त्यसपछि त्यो क्रमशः अनिरुद्ध, प्रद्युम्न, सङ्कर्षण र वासुदेवमा लीन हुन्छ तर जीव वासुदेव बन्न सक्दैन। सम्प्रदायगत हिसाबले भक्तिका चार उपभेद छन्– १.श्रीसम्प्रदायमा प्रचलित भक्ति। यस सम्प्रदायको स्थापना गर्ने आचार्य रामानुजाचार्य हुन्। २.ब्रह्मसम्प्रदायमा प्रचलित भक्ति। यसका प्रतिपादक मध्वाचार्य हुन्। ३.रुद्रसम्प्रदायमा प्रचलित भक्ति। यसका संस्थापक विष्णुस्वामी हुन्। ४.सनकादिसम्प्रदायमा प्रचलित भक्ति। यसका प्रतिपादक निम्बाचार्य हुन्। यी चारै सम्प्रदायले शङ्कराचार्यको अद्वैत सिद्धान्त र मायावादको खण्डन गरेका छन्,भगवान्लाई सगुण स्वरूप मानेर भगवान् प्रतिको भक्तिमाथि जोड दिएका छन्। भक्तिको बारेमा भागवत माहात्म्यमा सुन्दर प्रसङ्ग उठाइएको छ–

उत्पन्ना द्रबिडे चाहं वृद्धिं कर्णाटके गता।
क्वचित् क्वचिन्महाराष्ट्रे गुर्जरे जीर्णतां गता॥
तत्र घोरकलेर्योगात् पाखण्डैः खण्डिताङ्गका।
दुर्बलाहं चिरं याता पुत्राभ्यां सह मन्दताम्॥
वृन्दावनं पुनः प्राप्य नवीनेव सुरूपिणी।
जाताऽहं युवती सम्यक् प्रेष्ठरूपा तु साम्प्रतम्॥

४.देवादिविषयक रतिभाव ५.रसविशेष। पौराणिकहरूले भक्तिलाई भावमात्र नमानेर रसको रूपमा स्वीकार गरेका छन्। उनीहरूको दृष्टिकोणअनुसार ईश्वरप्रतिको परम अनुरक्ति नै भक्ति हो। त्यसैले ईश्वरविषयक अनुरक्ति यसको स्थायिभाव हो। पुराणश्रवण, कीर्तन, भजन आदि यसका उद्दीपनविभाव हुन्। रोमाञ्च, अश्रुपात आदि यसका अनुभाव हुन्। हर्ष, वैराग्य आदि यसका व्यभिचारिभाव हुन्। यिनैबाट व्यक्त ईश्वरविषयक अनुराग नै भक्तिरस हो। यस सिद्धान्तका प्रतिपादक मधुसूदन सरस्वती हुन्। यिनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराभक्तिलाई रस भनेका छन्। ६.[*भज्यते सेव्यते ऽनया वाच्यादपरोऽर्थः*] लक्षणा शक्ति/गौणी वृत्ति।

भक्त्या बिभर्ति नैकत्वं रूपभेदादयं ध्वनिः।
अतिव्याप्तेरथाव्याप्तेर्न चासौ लक्ष्यते तया॥ (ध्वन्यालोक)

भक्तिकाव्यम् (नपुं.) [*भक्तिप्रधानं काव्यम्, म.प.स.*] भक्तिरसप्रधान भएको काव्य।

भक्तियोगः (पुं.) [*भक्तेर्योगः, यद्वा भक्त्या परमेश्वरे योगः सम्बन्धः*] भक्तिभावबाट परमेश्वरमा हुने सम्बन्ध। यो विभिन्न प्रकारको हुन्छ– तामस, राजस, सात्विक, निर्गुण, आत्यन्तिक। वेदाध्ययन, दान, तपस्या आदिबाट यो बढ्छ।

भक्तिरसः (पु. [*भक्तिरेव रसः*] भक्तिनामक रस। हे. **भक्ति**।

भक्तिवादः (पुं.) भक्ति भनेको लक्षणा हो। लक्षणाभित्रै सम्पूर्ण ध्वनिहरूको अन्तर्भाव हुन्छ भन्ने सिद्धान्त (ध्वन्यालोक)।

भक्तिसूत्रम् (नपुं.) [*भक्तिसम्बद्धानि सूत्राणि यत्र तत्, बहु.स.*] शाण्डिल्यमुनिद्वारा रचित वैष्णवसम्प्रदायको एक सूत्रग्रन्थ/शाण्डिल्यसंहिता।

भक्ष (धा.) [*अदने, सक.सेट्, हिंसायामात्मनेपदमन्यत्र णिचि परस्मैपदम्*] खानु। लट्– **भक्षयति**– खान्छ। लिट्– **भक्षयाञ्चकार**– खाएछ (अन.)। लुट्– **भक्षयिता**– खाने छ (अन.)। लृट्– **भक्षयिष्यति**–खाने छ। लोट्– **भक्षयतु**– खाओस्। लङ्– **अभक्षयत्**– खायो (अन.)। विधिलिङ्– **भक्षयेत्**– खाला, खाओस्। आशीर्लिङ्– **भक्ष्यात्**– खाओस्। लुङ्– **अभक्षयत्**– खायो। लृङ्– **अभक्षयिष्यत्**– खाने थियो, सनि– **बिभक्षयिषति-ते**– खान चाहन्छ। कृदन्ते– **भक्षकः, भक्षिका, भक्षयिता, भक्षयित्री**– खाने। **भक्षयितव्यम्, भक्षणीयम्, भक्ष्यम्**– खानुपर्ने। **भक्षितः**– खाइएको। **भक्षयमाणः, भक्षमाणः**– खादै गरेको। **भक्षणम्**– खाने काम। **भक्षयितुम्, भक्षितुम्**– खान। **भक्षयित्वा,संभक्ष्य**– खाएर। **मांसभक्षः** [*शीलिकामिभक्ष्याचारिभ्यो णः (वा.) ३.२.१ इति णः*] मासु खाने इत्यादि।

भक्षकः (पुं.वि.) [*भक्षयति, भक्ष अदने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः, स्त्रियां भक्षिका*] खाने/खन्चुवा।

भक्ष्यभक्षकयोः प्रीतिर्विपत्तेरेव कारणम् (हितो.)।

भक्षणम् (नपुं.) [*भक्ष अदने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् अनः, णत्वम्*] खाने काम। **शणशाकं वृथामांसं करेण मथितं दधि। तर्जन्या दन्तधावश्च सद्यो गोमांसभक्षणम्॥** (कर्मलोचन)

भक्षितः (पुं.वि.) [*भक्ष्यते स्म, भक्ष अदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खाइएको।

भक्ष्यः (पुं.वि.) [*भक्षितुं योग्यः, ॠहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] खानु हुने/खान योग्य/भोज्य (हितो.)।

भक्ष्यकारः (पुं.) [*भक्ष्यं करोतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.खाद्यपदार्थ तयार गर्ने २.मालपुवा सेल आदि तयार पार्ने ३.पिठोबाट बन्ने वस्तु तयार गरी जीविका गर्ने।

भगः (पुं.) [*भज्यते सेव्यते इति, भज सेवायाम् इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, यद्वा खनो घ च ३.३.१२५ इति घः, कुत्वम्*] १.सूर्य २.इन्द्र ३.बाह्र आदित्यमध्ये एक ४.ऐश्वर्य, धर्म, यश, संपत्ति, ज्ञान र वैराग्यको संयुक्त रूप।

ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः।
ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरितः॥

५.भोगको स्थान। (श्रीधर) ६.शम्भुविशेष।

ब्रह्मा बृहस्पतिर्विष्णुः सोमः सूर्यस्तथाश्विनौ।
भगोऽथ मैत्रावरुणौ वीरं ददतु मे सुतम्॥

७.भाग्य (श्रीधर) ८.[*भैर्नक्षत्रैः सह गच्छति*] नक्षत्र ९.[*पूर्ववत्*] पूर्वाषाढा नक्षत्र। (ज्यो.त.) १०.गुदद्वार र अण्डकोशको बिचको भाग।

भगणः (पुं.) १.[*भ इति गणः*] तीन वर्णमध्ये पहिलो वर्ण गुरु र पछिल्ला दुई वर्ण लघु हुने छन्दशास्त्रको एक गण २.[*भानां गणः*] ग्रहहरूले सूर्यलाई एकपटक फन्को मार्ने अवधि। साठ्ठी विकलाको एक कला, साठ्ठी कलाको एक अंश, तिस अंशको एक राशि र बाह्र राशिको एक भगण हुन्छ।

विकलानां कला षष्ट्या तत्षष्ट्या भाग उच्यते।
तत्त्रिंशता भवेद् राशिर्भगणो द्वादशैव ते॥ (सू.सि.१.२८)

३.[*भानां नक्षत्राणां गणः*] नक्षत्रहरूको समूह।

भगन्दरः (पुं.) [*भगं दृणातीति, दृ विदारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भगे च दारेः (काशिका.) इति खच् वा*] गुदद्वारभित्र आउने एक प्रकारको खटिरो/अल्काई।

भगम् (नपुं.) [*भज्यतेऽनेन, अस्मिन् वा इति, भज सेवायाम् इति धातोः, खनो घ च ३.३.१२५ इति घः, कुत्वम्*] १.योनि/स्त्रीजातिको मूत्रेन्द्रिय २.वीर्य ३.इच्छा ४ ज्ञान ५.वैराग्य ६.कीर्ति ७.माहात्म्य ८.यत्न ९.धर्म १०.मोक्ष ११.ऐश्वर्य।

भगं स्त्रीयोनिवीर्येच्छाज्ञानवैराग्यकीर्तिषु।
माहात्म्यैश्वर्ययत्नेषु धर्मे मोक्षे च ना रवौ॥ (विश्व.)

भगवती (स्त्री.) [*भगः ऐश्वर्यस्य समग्रस्य वीर्यस्य यशसः श्रियः, ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरितः, सोऽस्त्यस्यामिति, तदस्यास्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, उगितश्च ४.१.६ इति ङीप्*] १.दुर्गा र यिनका रूप २.लक्ष्मी ३.सरस्वती ४.गङ्गा ५.(वि.) पूजनीया।

भगवद्गीता (स्त्री.) [*भगवत्सम्बन्धिनी गीता, म.प.स.*] महाभारतको कुरुक्षेत्रको युद्धमा भगवान् कृष्णले अर्जुनलाई दिनुभएको उपदेशसँग सम्बद्ध कृति। यो महाभारतको भीष्मपर्वभित्र पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा १८ अध्याय र ती अध्यायभित्र ७०० श्लोक छन्। गीतामा नैतिक, आध्यात्मिक र व्यावहारिक तीनै किसिमका समस्याको समाधान प्रस्तुत गरिएको छ। गीतामा मुख्यतः उपनिषद्, साङ्ख्य, योग आदि दार्शनिक तत्त्वको विवेचना भएको छ। भाषा प्राञ्जल छ।

भगवद्भक्तः (पुं.) [*भगवतो भक्तः, ष.त.*] भगवान् प्रति भक्ति गर्ने।

भगवान् (पुं.) [*भगमस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.ईश्वर/शिव २.परमात्मा ३.विष्णु/कृष्ण ४.बुद्ध ५.(त्रि.) पूज्य।

भगिनी (स्त्री.) १.[*भगम् कल्याणम् यत्न इच्छा वा पित्रादितो द्रव्यदानं विद्यतेऽस्या इति, अत इनिठनौ ५.२.११५ इतीनिः ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] दिदी वा बहिनी २.[*भगम् योनिरस्यास्तीति, पूर्ववत्*] सामान्य स्त्री। **~पतिः** (पुं.) [*भगिन्याः पतिः, ष.त.*] बहिनी ज्वाइँ वा भिनाजु।

भगीरथः (पुं.) अयोध्याका सूर्यवंशी राजा दिलीपका छोरा। यिनले साह्रै ठुलो तपस्या गरी गङ्गालाई मर्त्यलोकमा ल्याएर आफ्ना पुर्खाको उद्धार गरेको कुरा पुराणहरूमा चर्चा छ। यिनैले ल्याएको हुँदा गङ्गाको नाम भागीरथी रहेको हो। **~प्रयत्नः** (पुं.) [*भगीरथस्येव प्रयत्नः*] राजा भगीरथले गङ्गालाई ल्याउन गरे जस्तो गरिने ठुलो प्रयत्न।

भग्नः (पुं.वि.) [*भज्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] भाँचिएको/टुटेको। **~प्रतिज्ञः** (पुं.वि.) [*भग्ना प्रतिज्ञा यस्य सः, बहु.स.*] प्रतिज्ञा भङ्ग भएको/कबोल पूरा नभएको। **~मनोरथः** (पुं.वि.) [*भग्नो मनोरथो यस्य सः, बहु.स.*] इच्छा नपुगेको/मनोरथ पूर्ण नभएको।

भग्नावशेषः (पुं.वि.) [*भग्नाद् अवशेषः, प.त.*] भत्की बिग्री बाँकी रहेको शेष अंश।

भग्नोत्साहः (पुं.वि.) [*भग्न उत्साहो यस्यः, बहु.स.*] साहस टुटेको/उत्साह भङ्ग भएको।

भङ्गः (पुं.) [*भञ्जनमिति, भञ्जो आमर्दने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.इच्छा, प्रतिज्ञा आदि टुट्ने काम २.नाश/ध्वंस ३.सभा, संस्था आदि समाप्त हुने काम/विघटन ३.[*भज्यते, भञ्जो आमर्दने इति धातोः, अकर्तरि च कारके–३.३.१९ इति घञ्*] तरङ्ग ४.रोग ५.पराजय ६. कुटिलता ७.भय ८.विच्छित्ति। **भङ्गस्तरङ्गे भेदे च रुग्विशेषे पराजये। कौटिल्ये भयविच्छित्त्योः** (हैम.)।

भङ्गा (स्त्री.) [*भज्यते, अनया वा, भञ्जो आमर्दने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा हलश्च ३.३.१२१ इति घञ्*] भाङ। **तरङ्गभेदयोर्भङ्गो भङ्गा शस्यशणाह्वये** (रुद्रः)।

भङ्गीनम् (नपुं.) [*भङ्गानां भवनं क्षेत्रम्, धान्यानां भवने क्षेत्रे खञ् ५.२.१ इति खञ्, खस्येनः*] भाङ् पैदा हुने जमिन।

भङ्गुरः (पुं.वि.) [*भज्यते स्वयमेव, भञ्जधातोः, भञ्जभासभिदो घुरच् ३.२.६१ इति कर्मकर्तरि घुरच्प्रत्ययः*] १.तत्काल नाश हुने/नाशवान् २.टेडो/बाङ्गो।

लघूकरिष्यन्नतिभारभङ्गुराममूं किल त्वं त्रिदिवादवातरः। उदूढलोकत्रितयेन साम्प्रतं गुरुर्धरित्री क्रियतेतरां त्वया॥ (शि.व.)

भङ्ग्यम् (नपुं.) [*भङ्गानां भवनं क्षेत्रम्, विभाषा तिलमाषोमाभङ्गाणुभ्यः ५.२.४ इति पक्षे यत्*] भाङ पैदा हुने जमिन।

भज (धा.) [*सेवायाम्, सक.अनिट्, उभय.*] भजन गर्नु, सेवा गर्नु। लट्– **भजति-ते**– भजन गर्छ, सेवा गर्छ। लिट्– **बभाज-भेजे**– भजन गरेछ, सेवा गरेछ (अन.)। लुट्– **भक्ता**– भजन गर्ने छ, सेवा गर्ने छ (अन.)। लृट्– **भक्ष्यति– ते**– भजन गर्ने छ, सेवा गर्ने छ। लोट्– **भजतु-ताम्**– भजन गरोस्, सेवा गरोस्। लङ्– **अभजत्-त**– भजन गऱ्यो, सेवा गऱ्यो (अन.)। विधिलिङ्– **भजेत-त**– भजन गर्ला, सेवा गर्ला, भजन गरोस्, सेवा गरोस्। आशीर्लिङ्– **भज्यात्-भक्षीष्ट**– भजन गरोस्, सेवा गरोस्। लुङ्– **अभाक्षीत्**– भजन गऱ्यो, सेवा गऱ्यो। लृङ्– **अभक्ष्यत्**– भजन गर्ने थियो, सेवा गर्ने थियो। कर्मणि– **भज्यते**– भजन गरिन्छ, सेवा गरिन्छ। णिचि– **भाजयति-ते**– भजन गराउँछ, सेवा गराउँछ। सनि– **बिभक्षति-ते**– भजन गर्न चाहन्छ, सेवा गर्न चाहन्छ। यङि– **बाभज्यते**– बारम्बार वा ज्यादै भजन वा सेवा गर्छ। यङ्लुकि– **बाभजीति, बाभक्ति**– बारम्बार वा ज्यादै भजन वा सेवा गर्छ। कृदन्ते– **भाजकः, भाजिका**– भजन वा सेवा गर्ने। **बिभक्षकः, बिभक्षिका**– भजन वा सेवा गर्न चाहने। **भक्ता, भक्त्री**– भजन वा सेवा गर्ने। **भजन्, भजमानः**– भजन वा सेवा गरिरहेको। **देहभाक्**– शरीरधारी। **विभक्तः**– भाग लगाइएको। **भ्राता** [*तृन् ३.२.१३५ इति तृन्, निपातनाद् भ्रादेशः*]– भाइ। **विभक्तिः**– सु, औ, जस्, आदि २१ सुप् प्रत्यय तथा तिप्, तस्, झि आदि १८ तिङ्प्रत्ययहरू। **भक्तव्यम्, भजनीयम्**– भजन वा सेवा गरिने। **भगः**– ऐश्वर्य, सूर्य, आदि, हे. भगः। **भक्तुम्**– भजन गर्न, सेवा गर्न, भाग लगाउन। **भक्तिः**– हे. भक्तिः, **भजनम्**– भजन वा सेवा।

भज (धा.) [*विश्राणने, सक.सेट्, उभय.*] दान दिनु, सिद्ध गर्नु, भाग लगाउनु। लट्– **भाजयति-ते**– दान दिन्छ, सिद्ध गर्छ, भाग लगाउँछ। लिट्– **भाजयाञ्चकार-चक्रे**– दान दिएछ, सिद्ध गरेछ, भाग लगाएछ (अन.)। लुट्– **भाजयिता**– दान दिने छ, सिद्ध गर्ने छ, भाग लगाउने छ (अन.)। लृट्– **भाजयिष्यति-ते**– दान दिने छ, सिद्ध गर्ने छ, भाग लगाउने छ। लोट्– **भाजयतु-ताम्**– दान देओस्, सिद्ध गरोस्, भाग लगाओस्। लङ्– **अभाजयत्-त**– दान दियो, सिद्ध गऱ्यो, भाग लगायो (अन.)। विधिलिङ्– **भाजयेत्-त**– दान देला, सिद्ध गर्ला, भाग लगाउला, दान देहोस्, सिद्ध गरोस्, भाग लगाओस्। आशीर्लिङ्– **भाज्यात्-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाजयिषीष्ट– दान देओस्, सिद्ध गरोस्, भाग लगाओस्। लुङ्– अबीभजत्-त– दान दियो, सिद्ध गऱ्यो, भाग लगायो। लृङ्– अभाजयिष्यत्-त– दान दिने थियो, सिद्ध गर्ने थियो, भाग लगाउने थियो। कृदन्ते– **भाजकः, भाजिका, भाजयिता, भाजयित्री–** भाग लगाउने। **भाजयितव्यम्, भाजनीयम्, भाज्यम्–** भाग लगाउनु पर्ने। **भाजितः–** भाग लगाइएको। **भागः–** अंश। **भाजयित्वा, विभज्य** (निपातनात् साधुः) **विभाज्य–** भाग लगाएर। **विभाजयितुम्–** भाग लगाउन इत्यादि।

भजनम् (नपुं.) १.[*भज सेवायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] स्तुति वा स्तोत्रको प्राधान्य भएको लोकमा प्रचलित कीर्तन गर्ने काम। यसमा दुई वा सोभन्दा बढी मानिसहरू एक ठाउँमा बसेर मादल, खैंजडी आदि बजाउँदै कीर्तन गर्दछन्। भजनका अनेक रूप छन्। बसेर गरिने खालका भजनहरूमा नृत्य समावेश भएको हुँदैन। उठेर गरिने भजनहरूमा नृत्य पनि समावेश भएको हुन्छ। भजनका विभिन्न मण्डलीहरू गाउँघरमा अनौपचारिक रूपमा गठित भएका हुन्छन्। २.[*भज्यते सेव्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् पूर्ववत् अनः*] उपासनापरक गीत। **~सङ्ग्रहः** (पुं.) १.[*भजनानां संग्रहः, ष.त.*] भजनहरूको सङ्कलन। २.[*भजनानां सङ्ग्रहो यत्र सः, बहु.स.*] भजनहरूको सङ्कलन भएको पुस्तक।

भजमानः (पुं.वि.) [*भजते फलमनुबध्नाति, भज सेवायाम् इति धातोः, ताच्छील्यवयोवचनहेतुषु चानश् ३.२.१२९ इति चानश्, यद्वा लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति लटः स्थाने शानच्*] भजन गरिरहेको।

भजि (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] भाँच्नु, बोल्नु। लट्– **भञ्जयति-ते–** बोल्छ इत्यादि।

भञ्जिका (स्त्री.) [*भनक्ति रोगान्, भञ्जो आमर्दने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, पृषोपरादित्वात् ६.३.१०९ साधुः*] १.भारङ्गी २.भाँच्ने वा टुक्र्याउने। **विषमपदभञ्जिका पञ्जिका** (राजशेखर)।

भञ्जो (धा.) [*आमर्दने, सक.अनिट्, पर.*] नष्ट गर्नु। लट्– **भनक्ति–** नष्ट गर्छ। लिट्– **बभञ्ज–** नष्ट गरेछ (अन.)। लुट्– **भङ्क्ता–** नष्ट गर्ने छ (अन.)। लृट्– **भङ्क्ष्यति–** नष्ट गर्ने छ। लोट्– **भनक्तु–** नष्ट गरोस्। लङ्– **अभनक्–** नष्ट गरोस् (अन.)। विधिलिङ्– **भञ्ज्यात्–** नष्ट गर्ला, नष्ट गरोस्। आशीर्लिङ्– **भज्यात्–** नष्ट गर्ला। लुङ्– **अभाङ्क्षीत्–** नष्ट गऱ्यो। लृङ्– **अभङ्क्ष्यत्–** नष्ट हुने थियो। कर्मणि– **भज्यते–** नष्ट गरिन्छ। णिचि– **भञ्जयति–** नष्ट गराउँछ। सनि– **बिभङ्क्षति–** नष्ट गर्न चाहन्छ। यङि– **बम्भज्यते–** ज्यादै वा बारम्बार नष्ट गर्छ। यङ्लुकि– **बम्भञ्जीति, बम्भङ्क्ति–** ज्यादै वा बारम्बार नष्ट गर्छ। कृदन्ते– **भङ्क्तव्यम्, भञ्जनीयम्, भङ्ग्यम्–** नष्ट गरिने। **भग्नः–** नष्ट भएको। **भङ्क्तुम्–** नष्ट गर्न। **भञ्जनम्–** नष्ट पार्ने काम। **भङ्क्त्वा, भक्त्वा, विभज्य–** नष्ट गरेर। **भङ्गः–** नाश। **भङ्गुरः–** नाश हुने इत्यादि।

भट (धा.) [*परिभाषणे, सक.सेट्, पर.*] बकबाद गर्नु। लट्– **भटति–** बकबाद गर्छ इत्यादि।

भट (धा.) [*भृतौ, सक.सेट्, पर.*] धारण गर्नु। लट्– **भटति–** धारण गऱ्यो। लिट्– **बभाट–** धारण गरेछ (अन.) इत्यादि।

भटः (पुं.) [*भटति नृपं युद्धादिना, भट भृतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.योद्धा/ सिपाही/ सैनिक २.पहलवान्।

भटित्रम् (नपुं.) [*भटति, भट भृतौ इति धातोः, अशित्रादिभ्य इत्रोत्रौ (उ.) इतीत्रः, भट्यते स्म वा*] सुकुटी मासु।

भट्टनायकः (पुं.) काव्यशास्त्रका एक आचार्य। यिनले हृदयदर्पण नामक ग्रन्थ रचना गरेका थिए। यो ग्रन्थ आज उपलब्ध छैन। अभिनवभारती, व्यक्तिविवेक, काव्यप्रकाश आदिका टीकाग्रन्थमा यिनका विचारहरूको उल्लेख छ। यिनी भरतको रससूत्रका तेस्रो व्याख्याता हुन्। यिनले रस विवेचनाको क्षेत्रमा साधारणीकरणको सिद्धान्त प्रतिपादन गरेका छन्। यिनको समय नवौँ शताब्दी हो। यिनको रससिद्धान्तलाई भुक्तिवाद भनिन्छ। (हे. **साधारणीकरण**)।

भट्टनारायणः (पुं.) भट्टनारायणको समय सातौँ शताब्दी हो। महाभारतमा वर्णित युद्धसँग सम्बद्ध विषयलाई कथावस्तु बनाएर यिनले वेणीसंहार नाटकको रचना गरेका छन्। यस नाटकको कलापक्ष अत्यन्त सशक्त छ। यसमा वीररसको प्राधान्य छ। यिनले विभिन्न छन्दहरूलाई यस नाटकमा प्रयोग गरेका छन्। शौरसेनी, मागधी दुवै प्राकृतहरूको प्रयोग छ यसमा।

भट्टलोल्लटः (पुं.) काव्यशास्त्रका एक आचार्य। नाट्यशास्त्रका टीकाकार। यिनले **विभावानुभावव्यभिचारिसंयोगाद् रसनिष्पत्तिः** भन्ने भरतको रससूत्रको व्याख्याका सन्दर्भमा संयोगको अर्थ उत्पाद्य उत्पादकभावसम्बन्ध र निष्पत्तिको अर्थ उत्पत्ति भन्ने गरेर रस उत्पाद्य र विभावादि त्यसका उत्पादक हुन् भन्ने मानेका छन्। त्यसैले रसनिष्पत्तिसम्बन्धी यिनको मतलाई उत्पत्तिवादी सिद्धान्त भनिन्छ। (हे. **उत्पत्तिवाद**)।

भट्टारकः (पुं.वि.) [*भट्टम् स्वामिनम् ऋच्छति, कर्मण्यण् ३.२.१ इत्यण्, संज्ञायां कन् ५.३.७७ इति कन्*] १.पूज्य/मान्य/सम्माननीय २.सूर्य ३.नाटकमा राजा ४.देवता ५.तपस्वी। **भट्टारको नृपे नाट्यवाचा, देवे तपोधने** (मेदिनी.)। **~वासरः** (पुं.) [*भट्टारकस्य वासरः, ष.त.*] रविवार।

भट्टिः (पुं.) **रावणवध महाकाव्य**का रचयिता। यिनको समय इस्वीको सातौँ शताब्दी हो। रावणवधमहाकाव्यलाई **भट्टिकाव्य** पनि भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो काव्य व्याकरण र अलङ्कार सिकाउने उद्देश्यले रचिएको कृति हो। यसमा चार खण्ड छन्– १.**प्रकीर्णकाण्डः**– पहिलो पाँच सर्गलाई प्रकीर्णकाण्ड भनिन्छ। यसमा रामजन्मदेखि लिएर रामवनगमन सम्मको कथा वर्णित छ। व्याकरणसँग सम्बद्ध धेरै कुराहरू सिकाउने दृष्टिकोण यसमा राखिएको छ। २.**अधिकारकाण्ड**– ६ सर्गदेखि ९ सर्गसम्मलाई अधिकारखण्ड भनिन्छ। यसमा व्याकरणका नियमहरूमा द्विकर्मक धातुको प्रयोग, भाव तथा कर्तामा कृदन्त शब्दको प्रयोग, आत्मनेपदको प्रयोग आदि विषय सिकाउने दृष्टिकोण राखिएको छ। ३.**प्रसन्नकाण्ड**– तेस्रो काण्डलाई प्रसन्न काण्ड भनिन्छ। यसमा अलङ्कारको प्रयोग भएको छ। यसअन्तर्गत दशम, एकादश, द्वादश र त्रयोदश सर्ग आउँछन्। दशम सर्गमा शब्दालङ्कार र अर्थालङ्कारका अनेक भेद तथा उपभेदको प्रयोग भएको छ। ११ र १२ सर्गमा माधुर्य तथा भाविक अलङ्कारको प्रयोग छ भने तेहौं सर्गमा भाषासम आदि श्लेष अलङ्कारका विभिन्न भेदहरूको प्रयोग भएको छ। ४.**तिङन्तकाण्ड**– अन्तिम काण्डलाई तिङन्तकाण्ड भनिन्छ। यस काण्डमा ९ अलङ्कारको प्रयोग छ। १४ सर्गदेखि २२ सर्गसम्म भएको यस काण्डका सर्गहरूमा लकारसँग सम्बद्ध प्रतिनिधिमूलक विभिन्न धातुरूपावलीको प्रयोग गरिएको छ। यस काव्यमा कविको कल्पनाशक्ति अत्यन्त तीव्र छ। प्रकृतिचित्रण, वस्तुवर्णन आदिका दृष्टिकोणले एकातिर यो काव्य सशक्त छ भने व्याकरण तथा अलङ्कारशास्त्रसँग सम्बद्ध नियम तथा तिनका प्रयोगलाई प्रस्तुत गर्न यो काव्य अत्यन्त सक्षम देखिन्छ।

भट्टिनी (स्त्री.) [*भटः भृतौ परिभाषणे च इति धातोः, बाहुलकात् तन्, भट्टः, सोऽस्त्यस्याः पतित्वेन, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् इति ङीप्*] १.ब्राह्मणको पत्नी २.नाटकमा प्रयोग हुने राजाका अरू पत्नी। **भट्टिनी द्विजभार्यायां, नाट्योक्तौ राजयोषिति** (विश्व.)।

भट्टोजिदीक्षितः (पुं.) प्रसिद्ध वैयाकरण। यिनको समय सोह्रौं शताब्दी हो। यिनले लेखेका कृतिहरूमा अष्टाध्यायीको **शब्दकौस्तुभ** टीका, **सिद्धान्तकौमुदी, प्रौढमनोरमा, वेदभाष्यसार** आदि छन्। शब्दकौस्तुभ पाणिनीय व्याकरणको सूत्रपाठअनुसारको व्याख्या हो। सिद्धान्तकौमुदीमा अष्टाध्यायीको प्रयोगक्रमानुसारको व्याख्या छ। प्रौढमनोरमा सिद्धान्त–कौमुदीको व्याख्या हो भने वेदभाष्यसार ऋग्वेदको प्रथम अध्यायमा रचिएको सायणभाष्यको सार हो।

भट्टोत्पलः (पुं.) ज्योतिषग्रन्थका प्रसिद्ध टीकाकार/सिद्धहस्त टीकाकार। यिनको समय दसौं शताब्दीको आसपास हो। यिनले बराहमिहिरका धेरैजसो ग्रन्थका टीका लेखेका छन्। ब्रह्मगुप्तको खण्डनखाद्य नामक ग्रन्थमा पनि यिनको **टीका** छ। ७०० आर्या छन्दमा यिनले **प्रश्नज्ञान** नामक मौलिक ग्रन्थ पनि रचेका छन्।

भडि (धा.) [*कल्याणे, सक.सेट् उभय.*] असल काम गर्नु। लट्– **भण्डयति-ते**– असल काम गर्छ। लिट्– **भण्डयाञ्चकार-चक्रे**– असल काम गरेछ (अन.)। लुट्– **भण्डयिता**– असल काम गर्ने छ (अन.)। लृट्– **भण्डयिष्यति-ते**– असल काम गर्ने छ। लोट्– **भण्डयतु-ताम्**– असल काम गरोस्। लङ्– **अभण्डयत्-त**– असल काम गऱ्यो (अन.)। विधिलिङ्– **भण्डयेत्-त**– असल काम गर्ला, असल काम गरोस्। आशीर्लिङ्– **भण्ड्यात्-भण्डयिषीष्ट**– असल काम गरोस्। लुङ्– **अबभण्डत्-त**– असल कम गऱ्यो। लृङ्– **अभण्डयिष्यत्-त**– असल काम गर्ने थियो इत्यादि।

भण (धा.) [*शब्दार्थे, अक.सेट् पर.*] भन्नु। लट्– **भणति**– भन्छ इत्यादि।

भण्यकी (स्त्री.) [*भट्यते, भण्यते वा, भट भृतौ इति धातोः, भण शब्दे इति धातोर्वा, पिनाकादयश्च (उ.) इति साधुः*] बिंही।

भण्डिरी (स्त्री.) [*भण्डतीति, भण्ड आभण्डने इति धातोः, बाहुलकादीरन्, षिद्गौरादिभ्यश्च ४.१.३१ इति ङीष्*] मजिठो।

भण्डिलः (पुं.) [*भण्डते इति, भडि कल्याणे इति धातोः, सलिकल्यनि-महिभडिभण्डिशण्डिपिण्डतुण्डिकुकिभूभ्य इलच् (उ.) ५७ इति इलच्*] १.दुध २.कल्याण। **भण्डरो भण्डिलो ना** (वाचस्पति)।

भण्डी (स्त्री.) [*भण्डतीति, भण्ड आभण्डने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] मजिठो।

भदन्तः (पुं.) [*भन्दते कल्याणं करोतीति, भदि कल्याणे सुखे च, इति धातोः, भन्देर्नलोपश्च (उ.) ४१७ इति झच्प्रत्ययः, झस्यान्तादेशः, नलोपश्च*] बौद्ध भिक्षु। **भदन्ताः सौगतादयः** (अभि.चि.)।

भदि (धा.) [*कल्याणे सुखे च, अक.सेट् आत्म.*] असल काम गर्नु, सुखी हुनु। लट्– **भन्दते**– असल काम गर्छ, सुखी हुन्छ इत्यादि।

भद्रः (पुं.वि.) [*भन्दते इति, भदि कल्याणे इति धातोः, ऋज्रेन्द्राग्रव-ज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ.१९६) इति रक्, नलोपश्च*] १.शिष्ट/सज्जन/सभ्य २.गोरु ३.शिव ४.पक्षिविशेष ५.हात्तीविशेष ६.सुन।

भद्रः शिवे खञ्जरीटे वृषभे तु कदम्बके।
करिजातिविशेषे ना, क्लीबं मङ्गलमुस्तयोः॥
काञ्चने च स्त्रियां रास्नाकृष्णाव्योमनदीषु च।
तिथिभेदे प्रसारिण्यां कट्फलानन्तयोरपि॥
त्रिषु श्रेष्ठे च साधौ च न पुंसि करणान्तरे (मेदिनी.)।

भद्रकुम्भः (पुं.) [*भद्रस्य, भद्रो वा कुम्भः*] मङ्गलका निमित्त राखिएको घडा।

भद्रदारु (नपुं.) [*भद्रं दारु, भद्रदारुणी क्लीबे*] देवदारु।

भद्रपर्णी (स्त्री.) [*भद्राणि पर्णानि यस्याः सा, बहु.स.*] खमारी।

भद्रबला (स्त्री.) [*भद्रं बलं यस्याः, सा, बहु.स.*] बिरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भद्रम् (नपुं.) [*भन्दते, भदि कल्याणे इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ.१) १६ इति रक्*] १.कल्याण २.मङ्गल ३.सुवर्ण (मेदिनी.)।

भद्रमुस्तकः (पुं.) [*भन्दते, भदि कल्याणे इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्र (उ. १९६) इति साधुः, भद्रं करोति वा, तत्करोति– (वा.) ३.१.२६ इति ण्यन्तात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भद्रश्चासौ मुस्तकश्च, कर्म.स.*] नागरमोथे।

भद्रश्रीः (पुं.) [*भद्रा श्रीर्यस्य सः, बहु.स.*] श्रीखण्ड चन्दन।

भद्रा (स्त्री.) [*भद्रशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.सानो जीरी २.अपराजिता ३.बलु ४.नीर (बोट), ५.चंसुर, ६.पारसी बोभो, ७.मोथे, ८.हलेदो ९.शमी १०.सेतो दुबो ११.काफल १२.अजय पालको बोट १३.गाई १४.आकाश गङ्गा १५.कृष्णकी पत्नी/केकय राजाकी छोरी १६.पृथ्वी १७.दुर्गा १८.सुभद्रा १९.फलित ज्योतिषअनुसार द्वितीया, सप्तमी र द्वादशी तिथि २०.भद्रायोग २१.बाधा २२.कटहर २३.बाटो २४.लडाइँको एक शक्ति २५.कामरूप देशको एक नदी २६.छायाबाट जन्मेकी सूर्यकी एक कन्या, २७.उपजाति छन्दको दशम भेद। **~योगः** (पुं.) ज्योतिष शास्त्रमा प्रसिद्ध एक योग। कृष्ण पक्षको– तृतीया, दशमीको पछिल्लो भाग, तथा सप्तमी र चतुर्दशीको पूर्वभागमा यो योग पर्दछ। शुक्ल पक्षको– एकादशी र चतुर्थीको पछिल्लो भाग तथा अष्टमी र पूर्णिमाको पूर्वभागमा ३० घडीसम्म यो योग रहन्छ।

शुक्ले पूर्वार्द्धेऽष्टमीपञ्चदश्यो–
भद्रैकादश्यां चतुर्थ्यां तु परार्द्धे।
कृष्णेऽन्त्यार्द्धे स्यात्तृतीयादशम्योः
पूर्वे भागे सप्तमीशम्भुतिथ्योः॥ (मु.चि.)

भद्राक्षः (पुं.) [*भद्राणि अक्षाणि यस्य सः, बहु.स.*] जपमाला बनाइने रुद्राक्षजस्तो एक प्रकारको फल।

भम् (नपुं.) [*भाति, भा दीप्तौ इति धातोः, अन्येष्वपि दृश्यते (वा.) ३.१.१०१ इति डः*] १.नक्षत्र, ग्रह २.सत्ताइसलाई बुझाउने अङ्क ७ बाह्र राशिको समूह/भगण।

भयङ्करः (पुं.वि.) [*भयं करोतीति, मेघर्तिभयेषु कृञः ३.२.४३ इति खच्, मुम्*] डर लाग्दो/भीतिदायक।

दुर्जनः परिहर्तव्यो विद्यया ऽलङ्कृतोऽपि सन्।
मणिना भूषितः सर्पः किमसौ न भयङ्करः॥ (हितो.)

भयत्रस्तः (पुं.वि.) [*भयेन त्रस्तः, तृ.त.*] भयभीत/साह्रै डराएको/अति त्रस्त।

भयदः (पुं.वि.) [*भयं ददातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] डर पैदा गर्ने/त्रासद।

भयद्रुतः (पुं.) [*अदुद्रुवत्, द्रु गतौ इति धातोः, कर्तरि क्तः ३.४.७२, भयाद् द्रुतः, पञ्चमी २.१.३७ इति योगविभागात् समासः*] डराएर भागेको।

भयम् (नपुं.) [*भीयते, भीषयति वा ञिभी भये इति धातोः, अज्विधौ भयादीनामुपसङ्ख्यानम् (वा.) ३.३.५.६ इति अच्*] १.डर २.डरलाग्दो ३.कुब्जकनामक फूल। **भयं भीतौ भयङ्करे कुब्जकपुष्पे** (हैम.)।

भयशीलः (पुं.वि.) [*भये शीलः, स.त.*] कातर/डरपोक/डरछेरुवा।

भयाकुलः (पुं.वि.) [*भयेन आकुलः, तृ.त.*] भयविह्वल/डरले आत्तिएको/डराएको।

भयाक्रान्तः (पुं.वि.) [*भयेन आक्रान्तः, तृ.त.*] साह्रै डराएको/अति त्रस्त।

भयानकः (पुं.वि.) [*बिभेत्यस्मादिति, ञिभी भये इति धातोः आनकः शीङ्भियः (उ.) ३६९ इति आनकः*] १.डरलाग्दो भीषण २.(पुं.) चितुवा ३.राहुग्रह ४.साहित्यका नौ रसमध्येको भय स्थायिभाव भएको रस। **भयानकः स्मृतो व्याघ्रे रसे राहौ भयङ्करे** (मेदिनी.)।

भयानकरसः (पुं.) [*भयानक इति रसः, कर्म.स.*] साहित्यमा वर्णित नौ रसमध्ये एक रस। डरलाग्दो वस्तु यसको आलम्बन विभाव हुन्छ। यसको स्थायी भाव भय हो। यसका देवता काल हुन्। यसको स्वभाव स्त्रीजातिको जस्तो हुन्छ। यो कालो वर्णको छ। डरलाग्दा वस्तुका चेष्टाहरू यसका उद्दीपनविभाव हुन्। गद्गद स्वर निकालेर बोल्नु, रुनु, कराउनु आदि यसका अनुभाव हुन्। रोमाञ्च, कम्प, आवेग आदि यसका व्यभिचारिभाव हुन्।

भयानको भयस्थायीभावः कलाधिदैवतः
स्त्रीनीचप्रकृतिः कृष्णो मतस्तत्त्वविशारदैः।
यस्मादुत्पद्यते भीतिस्तदत्रालम्बनं मतम्।
चेष्टा घोरतरा तस्य भवेदुद्दीपनं पुनः।
अनुभावोऽत्र वैवर्ण्यगद्गदस्वरभाषणम्।
प्रलयस्वेदरोमाञ्चकम्पादिप्रेक्षणादयः।
जुगुप्सावेगसम्मोहसन्त्रासग्लानिदीनताः
शङ्कापस्मारसम्भ्रान्तिमृत्याद्या व्यभिचारिणः॥ (सा.द.)

भयावहः (पुं.वि.) [*आवहतीति, आङ् पूर्वकात् वह प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भयस्यावहः, ष.त.*] डरलाग्दो/भयङ्कर।

भरः (पुं.) [*भ्रियते, भृञ् भरणे इति धातोः ऋयादेर्दीर्घान्तात् ३.३.५७ इत्यप्, यद्वा भरतीति, भृ भरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] अतिशय/धेरै।

भरटः (पुं.) [*बिभर्त्तीति डुभृञ् धारणपोषणयोः इति धातोः, जनिदाच्युसृवृमदिषमिनमिभृञ्भ्य इत्वनूत्वनूत्लणक्रिन्शक्स्यढडटाटचः (उ. ५५४) इति अटच्निपातः*] १.कुमाले २.नोकर।

भरणम् (नपुं.) [*भृञ् भरणे इति धातोः, ल्युट् च (३.३.११५) इति ल्युट् अनः ७.१.१, णत्वम्*] १.कसैका जीविकाका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवश्यक वस्तुहरू दिनु/पालनपोषण २.भर्नु ३.[*भ्रियतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१*] ज्याला, तलब, पारिश्रमिक आदि। **भरणी घोषके ऋक्षे भरणं वेतने भृतौ** (विश्व.मेदिनी.)।

भरणपोषणम् (नपुं.) [*भरणश्च तत् पोषणञ्च, कर्म.स.*] भरण तथा पोषण गर्ने काम/पालनपोषण गर्ने काम।

(भरणी)

भरणी (स्त्री.) [*भ्रियन्तेऽन्नपानादिना प्राणिनोऽस्याम्, भृञ् भरणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.सत्ताइस नक्षत्रमध्ये दोस्रो नक्षत्र। यसका तीन तारा छन्। यसको स्वरूप त्रिकोणात्मक छ। यसको योगतारा (मुख्य तारा) केन्द्रमा रहेको छ। यस नक्षत्रको ध्रुवांश (मेषको ० डिग्रीबाट क्रान्ति वृत्तमा विद्यमान दूरी) २१/३ कला छ। (सिद्धान्त दर्पण १२/१२) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्थाअनुसार ली– लु– ले– लोबाट प्रारम्भ हुन्छ। (मु.चि.) यो नक्षत्र पृथ्वीबाट करिब ३०० प्रकाश वर्ष टाढा छ। (आकाश दर्शन) २.जमिन खन्न शुभ मानिने एक लग्न ३.सर्पको विष झार्ने मन्त्र ४.पाटेघिरौंलो/तोरियाँ ५.फिस्टो जत्रो, पखेटामा काँढा हुने एक चरोविशेष। यो सर्पको अगाडि गुट्मुटिएर बस्छ। सर्पले यसलाई निलेपछि सर्पको पेटभित्र पखेटा फैलाएर पखेटाका तिखा काँढाहरूले सर्पको पेट चिरेर बाहिर निस्कन्छ।

भरणीयः (पुं.वि.) [*भर्तुं योग्यः, भृञ् भरणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] पालनीय/भरण गर्नु पर्ने।

भरण्डः (पुं.) [*भरतीति भृञ् भरणे, इति धातोः, अण्डन् कृसृभृवृञः (उ.) १३४ इति अण्डन्*] स्वामी।

भरण्यभुक् (पुं.) [*भरण्यं वेतनं भुङ्क्ते, क्विप् च ३.२.७६ इति क्विप्*] ज्याला लिएर काम गर्ने।

भरण्यम् (नपुं.) [*भरणे साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] ज्याला, तलब, पारिश्रमिक आदि।

भरतः (पुं.) [*भरति पुष्णाति लोकानिति, भृञ् भरणपोषणयोः इति धातोः, भृमृदृशियजिपर्विपच्यमितमिनमिहर्येभ्योऽतच् (उ.) इति अतच्, यद्वा– बिभर्ति स्वाङ्गम्, डुभृञ् भरणपोषणयोः, इति धातोः, पूर्ववत् अतच्*] १.कैकेयीको गर्भबाट जन्मेका दशरथ राजाका छोरा तथा श्रीरामका सौतानी भाइ। यिनकी रानीको नाम माण्डवी, छोराका नाम पुष्कर र तक्ष थिए। २.महाभारतअनुसार शकुन्तलाबाट जन्मिएका राजा दुष्यन्तका पराक्रमी पुत्र।

दुष्यन्तस्तु तदा राजा पुत्रं शाकुन्तलं यदा।
भरतं नामतः कृत्वा यौवराज्येऽभ्यषेचयत्॥ (म.भा.आ.प. ७४.१२६) ३.भागवत र नारदपुराणअनुसार राजा ऋषभदेवद्वारा जयन्ती (इन्द्रकी छोरी) बाट जन्माइएका जेठा छोरा, यिनैको नामबाट भारत वर्ष नाम रहेको हो, यिनै पछि जडभरतको नामले प्रसिद्ध भए ४.सङ्गीतशास्त्रको रचना गर्ने एक ऋषि ५.अभिनेता ६.शबर जाति ७.कपडा बुन्ने/जुलाहा ८.प्राचीनकालको उत्तर भारतको एक प्रदेश ९.जैनीहरूको मतमा प्रथम तीर्थङ्कर ऋषभदेवका जेठा छोरा १०.पहाडी जङ्गली मानिस ११.शंयुनामका अग्निका दोस्रा छोरा, १२.भरत नामका अग्निका छोरा १३.नाच देखाउने नटुवा १४.काँसो धातु १५.भारतीय काव्यशास्त्र, नाट्यशास्त्र तथा ललितकलाका प्रथम आचार्य। यिनको ग्रन्थ **नाट्यशास्त्र** हो। यिनको समय ई.पू. चौथो शताब्दीदेखि ई.पू. दोस्रो शताब्दीको बिच मानिन्छ। भरत प्रतिभाशाली व्यक्तित्व थिए। यिनले नाटकमा प्रयोग हुने विभिन्न तत्त्वहरूको वैज्ञानिक व्याख्या गरेका छन्। सङ्गीत, काव्यशास्त्र, नृत्य आदिको पनि त्यसमा सूक्ष्म विवेचना छ। भरतले चार अलङ्कारको विवेचना गरेका छन्– उपमा, रूपक, दीपक र यमक। नाटकलाई लक्ष्य गरेर यिनले रसको निरूपण गरेका छन् र अभिनयको दृष्टिकोणले आठै रसलाई मान्यता दिएका छन्। सङ्गीतसम्बन्धी भरतको विचार अत्यन्त प्रौढ छ। नाटकीय विधानको दृष्टिकोणले अनेकौं विषयको वर्णन आफ्नो नाट्यशास्त्रमा यिनले गरेका छन्।

भरतखण्डः (पुं./नपुं.) [*भरतस्य खण्डः, ष.त.*] भारतवर्ष।

भरतवाक्यम् (नपुं.) [*भरतस्य वाक्यम्, ष.त.*] नाटकको अन्तमा आउने आशीर्वादात्मक पद्य।

(भरद्वाजः)

भरद्वाजः (पुं.) [*भरद्वाजस्यापत्यम्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्, संज्ञा-पूर्वकत्वाद् वृद्ध्यभावः*] १.ऋषिविशेष २.[*भरन् धारको वाजोऽस्य*] भरद्वाज पक्षी। **भरद्वाजो गुरोः पुत्रे व्याघ्राद्याख्यविहङ्गमे** (मेदिनी.)।

भरुः (पुं.वि.) [*भरतीति भृञ् भरणे इति धातोः, भृमृशीतृचरितनिध-निमिमस्जिभ्य उः (उ.) इति उः, गुणः, रपरत्वम्*] १.स्वामी २.(पुं.) सुवर्ण ३.(पुं.) शिव।

भर्गः (पुं.) [*भर्जते, भृजी भर्जने इति धातोः, अञ्च्यञ्जियुजिभृजिभ्यः कुश्च (उ.) ६६५ इति असुन्, कवर्गश्चान्तादेशः भृज्यन्ते कामादयोऽनेन हलश्च ३.३.१२१ इति घञ्*] १.तेज २.शिव।

भर्ता (पुं.) [*बिभर्ति, पालयतीति, डुभृञ् धारणपोषणयोः, इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.पति २.स्वामी ३.पालक।

भर्तृदारकः (पुं.) [*द्रियते, दृङ् आदरे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः, भर्तू राज्ञो दारकः, ष.त.*] राजकुमार।

भर्तृदारका (स्त्री.) [*भर्तू राज्ञो दारका, ष.त.*] राजाकी छोरी/राजकन्या/अधिराजकुमारी।

भर्तृमेण्ठः (पुं.) **हयग्रीव** नामक महाकाव्यका रचयिता। यिनको समय पाँचौं शताब्दी हो। हयग्रीवमहाकाव्य हाल उपलब्ध छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यप्रकाश आदि काव्यशास्त्रका ग्रन्थमा काव्यशास्त्रीहरूले त्यसको उदाहरण दिएका छन्। त्यसबाट उनी सशक्त कवि रहेछन् भन्ने कुरा छर्लङ्ग हुन्छ।

भर्तृहरिः (पुं.) १.उजजयिनीका राजा विक्रमादित्यका भाइ संस्कृतका प्रकाण्ड विद्वान्। यी गन्धर्वसेनबाट दासीमा जन्मिएका थिए। यिनको नाम सुरुमा हरि थियो, केही समय उज्जयिनीका राजा भएकाले यिनको नाम **भर्तृहरि** भन्ने रह्यो। पत्नीको दुश्चरित्रबाट खिन्न भएर राज्य छोडी गोरखनाथलाई गुरु मानेर यिनले संन्यास लिए। त्यसपछि व्याकरणको **वाक्यपदीय, सारग्रन्थ** आदि कृतिहरूको रचना गरे। २.संस्कृत साहित्यका प्रसिद्ध नीतिकाव्यकार। यिनको समय सातौँ शताब्दी हो। यिनका तीन ग्रन्थ प्रकाशित छन्– **शृङ्गारशतक, नीतिशतक** र **वैराग्यशतक**। शृङ्गारशतकमा सम्भोग तथा विप्रलम्भ दुवै शृङ्गारको वर्णन छ भने नीतिशतकमा नीतिसँग सम्बद्ध विषयहरूको वर्णन छ। वैराग्यशतकमा संसारप्रति विरक्ति पैदा गर्ने खालका भावनाहरूलाई पद्यात्मक शैलीमा प्रस्तुत गरिएको छ। यिनको काव्यात्मक अभिव्यक्ति सशक्त र प्रभावकारी देखिन्छ। भाषा परिस्कृत तथा परिमार्जित छ।

भर्त्स (धा.) [*तर्जने, सक.सेट् आत्म.*] धिक्कार्नु, निन्दा गर्नु, डाँट्नु। लट्– **भर्त्सयते–** धिक्कार्छ, निन्दा गर्छ, डाँट्छ। लिट्– **भर्त्सयाञ्चक्रे–** धिक्कारेछ, निन्दा गरेछ, डाँटेछ (अन.) इत्यादि।

भर्त्सनम् (नपुं.) [*भर्त्स सन्तर्जने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] गाली गरेर बोल्नु/झपार्नु।

भर्त्सना (स्त्री.) [*भर्त्सनम्, भर्त्स तर्जने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] निन्दा/गाली/धम्की।

भर्म (नपुं.) [*भ्रियतेऽनेन, डुभृञ् धारणपोषणयोः इति धातोः, मनिन् (उ.)*] १.ज्याला, तलब, पारिश्रमिक आदि २.सुन। **भर्म स्यात्काञ्चने भृतौ** (मेदिनी.)।

भल (धा.) [*आमण्डने, सक.सेट् आत्म. प्रायेणायं निपूर्वः*] निरूपण गर्नु, वादविवाद गर्नु। लट्– **निभालयते–** निरूपण गर्छ, वादविवाद गर्छ। लिट्– **निभालयाञ्चक्रे–** निरूपण गरेछ, वादविवाद गरेछ। (अन.) लुट्– **निभालयिता–** निरूपण गर्ने छ, वादविवाद गर्ने छ (अन.)। लृट्– **निभालयिष्यते–** निरूपण गर्ने छ, वादविवाद गर्ने छ। लोट्– **निभालयताम्–** निरूपण गरोस्, वादविवाद गरोस्। लङ्– **न्यभालयत–** निरूपण गर्‍यो, वादविवाद गर्‍यो (अन.)। विधिलिङ्– **निभालयेत–** निरूपण गर्ला, वादविवाद गर्ला, निरूपण गरोस्, वादविवाद गरोस्। आशीर्लिङ्– **निभालयिषीष्ट–** निरूपण गरोस्, वादविवाद गरोस्। लुङ्– **न्यबीभलत–** निरूपण गर्‍यो, वादविवाद गर्‍यो। लृङ्– **न्यभालयिष्यत–** निरूपण गर्ने थियो, वादविवाद गर्ने थियो इत्यादि।

भल (धा.) [*परिभाषणहिंसादानेषु, सक.सेट्.आत्म.*] बोल्नु, मार्नु, दिनु। लट्– **भलते–** बोल्छ, मार्छ, दिन्छ। लिट्– **बभले–** बोलेछ, मारेछ दिएछ (अन.) इत्यादि।

भल्ल (धा.) [*परिभाषणहिंसादानेषु, सक.सेट्.आत्म.*] बोल्नु, मार्नु, दिनु। लट्– **भल्लते–** बोल्छ, मार्छ, दिन्छ। लिट्– **बभल्ले–** बोलेछ, मारेछ, दिएछ (अन.) इत्यादि।

भल्लः (पुं.) [*भल्लते इति, भल्ल हिंसायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.भाला २.भालु ३.भलायो वृक्ष।

भल्लातकी (स्त्री.) [*भल्ल इवातति, अत सातत्यगमने इति धातोः, क्वुन् (उ.), युवोरनाकौ ७.१.१ इत्यकः, जातेः ४.१.५३ इति ङीष्*] भलायो।

भल्लुकः (पुं.) [*भल्लते हिनस्तीति, भल्ल हिंसायामिति धातोः, उलूकादयश्च (उ. ४८९) इति ऊकः, पृषोदरादित्वाद् ह्रस्वः*] भालु।


(भल्लुकः)

भल्लूकः (पुं.) [*भल्लते परितो भाषतेऽसौ, भल्ल परिभाषणे इति धातोः, उलूकादयश्च (उ.) ४८९ इति संप्रसारणम्, ऊकश्च*] भालु। **भल्लूको भल्लुको भाल्ल इत्युलूकादयश्च सः** (पुरुषोत्तम)।

भवः (पुं.) [*भवति सर्वम्, इति भू प्राप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, गुणः, अवादेशः*] १.संसार २.जन्म/उत्पत्ति ३.शिव/शङ्कर ४.क्ल्याण ५.प्राप्ति। **भवः संसारसम्प्राप्तिश्रेयःशङ्करजन्मसु।** (विश्वप्र.)। **~बन्धनम्** (नपुं.) [*भवस्य बन्धनम्*] संसाररूपी बन्धन/सांसारिक मोहजाल। **~भयः** (पुं.) [*भवस्य भयः, ष.त.*] संसारमा बारबार जन्म लिनुपर्ने र मर्नुपर्ने डर। **~सागरः** (पुं.) [*भव एव सागरः, त.स.*] संसाररूपी समुद्र/भवसिन्धु।

भवदीयः (पुं.वि.) [*भवतो भवत्या वा अयम्, भवतष्ठक्छसौ ४.२.११५ इति छस्, छस्य ईयः*] तपाईंको/हजुरको।

भवननिर्माणविज्ञानम् (नपुं.) [*भवनस्य निर्माणम् तस्य विज्ञानम्, ष.त.*] घर निर्माणको विज्ञान/ठुल– ठुला भवन बनाउने कलाको वयान भएको शास्त्र/वास्तुशास्त्र।

भवनम् (नपुं.) [*भवत्यस्मिन्, भू सत्तायाम् इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा युच् (उ.), यद्वा भवनमस्त्यत्र, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.घर २.हुनु। **भवनं सदने भावे** (हैम.)।

भवनापचरणम् (नपुं.) [*भवनेषु अपचरणम्, ष.त.*] कसैका घरमा अवैध रूपले प्रवेश गर्ने काम/विना आज्ञाले अर्काको घरमा गरिने प्रवेश।

भवभूतिः (पुं.) संस्कृत साहित्यका प्रतिभाशाली एक प्रसिद्ध नाटककार। यिनको समय सातौँ शताब्दी हो। यिनका तीनवटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचना छन्– **मालतीमाधव**, **महावीरचरित** र **उत्तररामचरित**। मालतीमाधव प्रकरण हो भने अरू दुइवटा नाटक हुन्। मालतीमाधवमा १० अङ्क छन्। कथानक कल्पित छ। मालती र माधवको प्रणयकथाको यसमा वर्णन छ। रामायणको कथालाई नाटकको रूप दिएर लेखिएको यिनको अर्को कृति सात अङ्क भएको महावीरचरित हो। यसमा वीररसको प्रधान्य छ। उत्तररामचरित भवभूतिको सबैभन्दा उत्कृष्ट र अन्तिम रचना हो। यसमा कविले सीतानिर्वासनसँग सम्बद्ध रामायणको उत्तरकाण्डमा वर्णित कथावस्तुलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन्। यिनी नाटककार तथा कवि दुवै हुन्। यिनका नाटकहरूमा अभिनय पक्षभन्दा काव्यात्मक पक्षको प्राधान्य छ। यिनले करुणरसलाई नै प्रमुख रस मानेर अरू रसलाई करुणरसकै विकृति मानेका छन्। एउटै पानीका छिटा, थोपा, तलाउ भएजस्तै एउटै करुणरसका शृङ्गार, बीभत्स, वीर, रौद्र आदि रूपहरू हुन्छन् भन्ने यिनको धारणा छ।

भवान् (पुं.) [*भाति दीप्तो भवति दीपयति वा सः, भा दीप्तौ इति धातोः, भातेर्डवतुः (उ.) इति सूत्रेण डवतु*] १.तपाईं/हजुर (यो सर्वानामिक शब्द हो) २.(पुं.वि.) चम्किलो।

भवानी (स्त्री.) [*भवस्य स्त्री, इन्द्रवरुण ४.१.४९ इति ङीषानुकौ*] पार्वती।

भविकम् (नपुं.) [*भवति, भव्यगेय– ३.४.६८ इति साधुः*] १.कल्याण २.सत्य ३.योग्य ४.(पुं.) वृक्षविशेष।

भवितव्यः (पुं.वि.) [*भवितुं योग्यः, भू सत्तायामिति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] १.पछि हुने/भविष्यमा अवश्य हुने/भावी २.थाहा नपाई भएको वा हुने कुरा/काकताली परेर भएको वा हुने विषय/अकस्मात्को घटना।

भवितव्यता (स्त्री.) [*भवितव्यस्य भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५१.११९ इति तल्, टाप् ४.१.४*] १.अवश्य हुने काम कुरो/अचानकको घटना २.भाग्य/प्रारब्ध।

भविता (पुं.) [*तृन ३.२.१३५ इति तृन्*] सप्रने।

भविलः (पुं.) [*भवतीति, भू सत्तायामिति धातोः, सलिकल्यनिमहि-भडिभण्डिशण्डिपिण्डितुण्डिकुकिभूभ्य इलच् (उ.) ५७ इति इलच्*] भव्य।

भविष्णुः (पुं.) [*भवितुं तच्छीलः, भुवश्च ३.२.१३८ इतीष्णुच्*] १.सप्रने २.भावी।

भविष्यत्कालः (पुं.) [*भविष्यन् चासौ कालश्च, कर्म.स.*] आउँदो समय/पछि आउने काल/भविष्यत्काल।

भविष्यनिधिः (पुं.) [*भविष्यस्य निधिः, ष.त.*] कुनै सरकारी, अर्द्धसरकारी, गैरसरकारी वा व्यापारिक संस्था आदिमा काम गर्ने कर्मचारीको मासिक तलबबाट निश्चित रकम कटाई त्यसमा निश्चित रकम थपी त्यसको ब्याजसमेत दिई अवकाशपछि उसको जीवन निर्वाहको लागि जम्मा गरिएको सञ्चित रकम/कर्मचारी सञ्चय कोष।

भविष्यपुराणम् (नपुं.) क्रमानुसार नवौँ पुराण। यसमा भविष्यमा हुने घटनाहरूको वर्णन छ। यसमा पाँच पर्व छन्– ब्रह्मपर्व, विष्णुपर्व, शिवपर्व, सूर्यपर्व र प्रतिसर्गपर्व। यसको श्लोक सङ्ख्या १४००० छ। भविष्यपुराण दुई खण्डमा विभक्त छ– पूर्वार्द्ध र उत्तरार्द्ध। पूर्वार्द्धमा ४१ अध्याय छन् भने उत्तरार्द्धमा १७१ अध्याय छन्। अरू पुराणमा जस्तै यस पुराणमा पनि उपासना, व्रतविधान, वेदाध्ययनविधि, गायत्रीको महत्त्व, सन्ध्यावन्दनको समय, चार वर्णको विवाह आदिको वर्णन छ। यसको प्रतिसर्गपर्वलाई समालोचकहरूले प्रक्षिप्त पर्व मानेका छन्।

भविष्यवक्ता (पुं.वि.) [*भविष्यं वक्तीति, वच परिभाषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] पछि हुने कुरा भन्ने व्यक्ति।

भविष्यवाणी (स्त्री.) [*भविष्या चासौ वाणी च, कर्म.स.*] पछि हुने कुरा पहिले नै भनिएको।

भव्यः (पुं.वि.) [*भवतीति, भव्यगेयप्रवचनीयोपस्थानीयजन्या-प्लाव्यापात्या वा ३.४.६८ इति निपातनात् साधुः*] १.देख्दैमा राम्रो र महान्/सजधजको २.शुभ/मङ्गलकारक।

भव्यम् (नपुं.) [*भवितुं योग्यः, भूधातोः, भव्यगेय प्रवचनीयोपस्थानीय-जन्याप्लाव्यावात्या वा ३.४.६८ इति निपातनात् साधुः*] १.कुशल २.कल्याण ३.सत्य।

भष (धा.) [*भर्त्सने, अक.सेट् पर.*] भुक्नु। लट्– **भषति**– भुक्छ इत्यादि।

भषकः (पुं.) [*भषति भर्त्सयतीति, भष पैशून्ये इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २०० इति क्वुन्, युवोरनाकौ इत्यकः*] कुकुर।

भस (धा.) [*भर्त्सनदीप्त्योः भर्त्सने सक.दीप्तावक. सेट् छान्दसोऽयम्*] भयभीत गर्नु, दोष लगाउनु, चम्कनु, गाली गर्नु। लट्– **बभस्ति**– भयभीत तुल्याउँछ, दोष लगाउँछ, चम्कन्छ, गाली गर्छ इत्यादि।

भसत् (स्त्री.) [*बभस्ति भर्त्सयति प्रकाशते वा, भस भर्त्सनदीप्त्योः इति धातोः, शृदृभसोऽदिः (उ.) १३५ इति अदिप्रत्ययः*] १.चम्किलो २.जाँघ।

भस्त्रा (स्त्री.) [*भस भर्त्सनदीप्त्योः इति धातोः, हुयामाश्रुभसिभ्यस्त्रन् (उ.) ६१७ इति त्रन्, तितुत्र ७.२.९ इति नेट्, अजादित्वात् ४.१.४ टाप्*] खलाँती/कामीले आगो बाल्नका लागि आरनमा प्रयोग गर्ने उपकरण।

भस्त्रिकाकुम्भकः (पुं.) खलाँती चलाएझैँ गरी छिटो छिटो वायुलाई नाकद्वारा तान्ने र छोड्ने गर्दा हुन जाने कुम्भक– प्राणायामको एक भेद। भस्त्रिका कुम्भक तीन पटक गर्नु पर्छ।

भस्त्रेण लोहकाराणां यथाक्रमेण संभ्रमेत्।
तथा वायुं च नासाभ्यामुभाभ्यां चालयेच्छनैः।
त्रिवारं साधयेदेनं भस्त्रिकाकुम्भकं सुधी॥ (घे.सं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भस्म (नपुं.) [*बभस्तीति, भस भर्त्सनदीप्त्योः इति धातोः, सर्वधातुभ्यो मनन् (उ.) ५९४ इति मनिन्*] १.खरानी/विभूत २.विशेष तरिकाले रत्न, धातु, उपधातु आदि पोलेर बनाएको औषधि।

भस्मगन्धिनी (स्त्री.) [*भस्मनो गन्धः, भस्मगन्धोऽत्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः*] शितलचिनी।

भस्मगर्भा (स्त्री.) [*भस्म गर्भे यस्याः, सा, बहु.स.*] सिसौ।

भस्मसात् (अव्य.) [*भस्मनोऽधीनम्, भस्मशब्दात् साति-प्रत्ययः*] डढेर खरानी भएको/भस्मीभूत।

नोपेक्षितव्यो दुर्बुद्धिः शत्रुरल्पोऽप्यवज्ञया।
वह्निरल्पोऽप्यसंहार्यः कुरुते भस्मसाज्जगत्॥
(ग.पु.आचारकाण्ड ७२)

भस्मासुरः (पुं.) [*भस्मीभूतोऽसुरः*] कसैको शिरमा हात राख्ने वित्तिकै भस्म गर्न सक्ने शक्ति शिवजीबाट प्राप्त गरी पार्वतीको चाहना गर्दा आफै भस्म भएको पुराणप्रसिद्ध राक्षस।

भा (धा.) [*दीप्तौ, अक.अनिट्, पर.*] चम्कनु, प्रकाशित हुनु, राम्रो देखिनु। लट्– **भाति–** चम्कन्छ, प्रकाशित हुन्छ, राम्रो देखिन्छ। **अभिभाति**–चम्कन्छ। **दिवि स्थितः सूर्य इवाभिभाति**। (म.भा.) **आभाति**– सुशोभित हुन्छ, चम्कन्छ। **निर्भाति**– चम्कन्छ , उन्नति गर्छ, विचारमा अघि बढ्छ। **वेदाद् धर्मो हि निर्बभौ** (मनु.) **प्रभाति**– चम्कन्छ, प्रकट हुन्छ,विहान हुन्छ। **ननु प्रभाता रजनी। प्रतिभाति**– सुशोभित हुन्छ,चम्कन्छ, मनमा लाग्छ। **विचारमूढः प्रतिभासि मे त्वम्** (रघु.२) **विभाति–** प्रकट हुन्छ, चम्कन्छ। **व्यतिभाति**– चम्कन्छ। लिट्– **बभौ–** चम्के छ, प्रकाशित भएछ, राम्रो देखिएछ (अन.)। लुट्– **भाता–** चम्कने छ, प्रकाशित हुने छ, राम्रो देखिने छ (अन.)। लृट्– **भास्यति–** चम्कने छ, प्रकाशित हुनेछ, राम्रो देखिने छ। लोट्– **भातु–** चम्कोस्, प्रकाशित होस्, राम्रो देखियोस्। लङ्– **अभात्–** चम्क्यो, प्रकाशित भयो, राम्रो देखियो (अन.)। विधिलिङ्– **भायात्–** चम्कला, प्रकाशित होला, राम्रो देखिएला, चम्कोस्, प्रकाशित होओस्, राम्रो देखियोस्। आशीर्लिङ्– **भायात्–** चम्कोस्, प्रकाशित होस्, राम्रो देखियोस्। लुङ्– **अभासीत्–** चम्कियो, प्रकाशित भयो, राम्रो देखियो। लृङ्– **अभास्यत्–** चम्कने थियो, प्रकाशित हुने थियो, राम्रो देखिने थियो इत्यादि।

भाः (स्त्री.) [*भा दीप्तौ इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः, टाप् ४.१.४*] १.चमक/दीप्ति/शोभा/कान्ति २.किरण ३.पृथ्वी ३.अलङ्कार ४.प्रभात। **भाव भुव्यलङ्कृतौ दीप्तौ स्त्रियां भाः किरणे द्युतौ** (ननार्थरत्नमाला)। **भाः प्रभावे मयूखे च** (विश्व.)।

भाक्तः (पुं.) [*भक्ते साधुः, भक्ताण्णः (४.४.१००) इति णः*] १.भातका लागि उपयुक्त धान। २.(नपुं.) [*भक्त्या इदम्, तस्येदम् ४.३.१ इत्यण्*] लक्षणासम्बन्धी। **भाक्तमाहुस्तमन्ये** (ध्वन्यालोक)।

भागः (पुं.) [*भज्यते इति, भज विश्राणने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्*] खण्ड/अंश/हिस्सा। **भागो रूपार्धके भाग्यैकदेशयोः** (हैम.)। **~फलम्** (नपुं.) [*भागस्य फलम्,ष.त.*] भाजकले भाज्यलाई भाग गर्दा प्राप्त हुने पूर्ण अङ्क।**~भाक्** (पुं.) हिस्सेदार/साझेदार। **~लक्षणा** (स्त्री.) शब्दशक्तिको एक भेद/जहदहल्लक्षणा।

भागधेयम् (नपुं.) [*भाग एव, भागरूपनामभ्यो धेयः (वा. ५.४.३५ इति धेयः*] १.भाग्य २.तिरो वा कर। **भागधेयं मतं भाग्ये भागप्रत्यययोः पुमान्** (मेदिनी.)।

भागवतम् (नपुं.) [*भगवता प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्*] १.अठार महापुराणमध्ये एक। विशेष रूपमा श्रीकृष्णका कथाहरूको वर्णन भएको एक पुराण। २.विष्णु ३.ॐकारको उपासना अथवा सेवा ४.वैष्णव सम्प्रदायको प्राचीनतम मत। यस सम्प्रदायका प्रमुख उपास्य वासुदेव हुन्। उनलाई ज्ञान, शक्ति, बल, वीर्य, ऐश्वर्य र तेज गुणले सम्पन्न मानिएको छ। भागवतका उपासकहरू भागवत मानिन्छन्। (म.भा.शा.प. ३३९)

भागवतचम्पूः (स्त्री.) रामचन्द्र भद्रद्वारा लिखित एक चम्पूकाव्य। यसको समय सोह्रौं शताब्दी हो। कविले श्रीमद्भागवतको दशम स्कन्दको कंसवधसम्मको घटनालाई यसमा वर्णन गरेका छन्। यो ग्रन्थ अझै अप्रकाशित छ।

भगार्हः (पुं.) [*भागम् अंशम् अर्हतीति, भाग पूर्वकाद् अर्ह धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] भाग लगाउन योग्य/भाज्य।

भागिनेयः (पुं.) [*भगिन्या अपत्यम् पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] भानिज।

भागिता (स्त्री.) [*भागिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] कुनै कारखानामा साझा हुनु/भाग हुनु/साझेदारी/हिस्सेदारी।

भागीरथी (स्त्री.) [*भगीरथस्य इयम्, तस्येदम् ४.३.१२० इति अण्, यस्येति च इति इकारलोपः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] गङ्गा।

भागीरथीचम्पूः (स्त्री.) अच्युत शर्माद्वारा लिखित एक चम्पूकाव्य। राजा भगीरथको वंशाली र गङ्गावतरणको वर्णन गरिएको यस काव्यको शैली प्रवहणशील छ।

भागुरिः (पुं.) संस्कृतका प्रसिद्ध प्राचीन वैयाकरण। युधिष्ठिर मीमांसकको मतानुसार यिनको समय वि.पू. ४००० हो। यिनका व्याकरणसम्बन्धी चिन्तनहरू विभिन्न ग्रन्थहरूमा उल्लेख भएका छन्। खासगरी शब्दशक्ति प्रकाशिकामा यिनको नाम आउँछ। भनिन्छ– यिनको व्याकरण अष्टाध्यायीभन्दा पनि विस्तृत थियो। यिनले **भागुरिव्याकरण, सामवेदीयशाखा, ब्रह्माण्ड, अलङ्कारग्रन्थ, त्रिकाण्डकोश, साङ्ख्यभाष्य र दैवतग्रन्थ** लेखेका थिए। अभिनव गुप्तले ध्वन्यालोकको लोचनटीकामा भागुरिका रसविषयक विचारहरूको उद्धरण दिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाग्यपत्रकम् (नपुं.) [*भाग्यस्य पत्रकम्, ष.त.*] चिट्ठा।

भाग्यम् (नपुं.) [*भज्यते, भज सेवायामिति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, चजोः कु घिण्यतोः ७.३.५२ इति कुत्वम्, यद्वा भागाद्यच्च ५.१.४९ इति यत्*] १.जन्मने वित्तिकै प्राणीहरूको निधारमा विधिले लेखिदिएको दिनदशाको विधान/प्राणीले जीवनमा भोग्नुपर्ने सुख, दुःखको विधान २.पूर्वजन्ममा गरेका राम्रा/नराम्रा काम। अदृष्ट/नियति।

शीलं कुलं नैव न चैव विद्या
ज्ञानं गुणा नैव न बीजशुद्धिः ॥
भाग्यानि पूर्वं तपसार्जितानि
काले फलन्त्यस्य यथैव वृक्षाः ॥ (सुभा.)
भाग्यं कर्म शुभाशुभम् (हैम.)।

भाग्यरेखा (स्त्री.) [*भाग्यस्य रेखा, ष.त.*] सामुद्रिक शास्त्र-अनुसार हत्केलामा मणिबन्धदेखि औँलातिर गएको विशेष रेखा/भाग्य सूचित गर्ने ठाडो रेखा/विधिको लेखा/भाग्य बताउने ठाडो विधिको रेखा/भाग्यलेखा।

भाग्यवशः (पुं.) [*भाग्यस्य वशः, ष.त.*] भाग्यवशात्/भाग्यले गर्दा/प्रारब्धअनुसार/दैवात्।

भाग्यविधाता (पुं.वि.) [*भाग्यस्य विधाता, ष.त.*] भाग्य निर्माण गर्ने/प्रारब्धका निर्माता/भाग्य बनाउने वा दिने।

भाग्यहीनः (पुं.वि.) [*भाग्येन हीनः, तृ.त.*] अभागी/भाग्य नभएको/खराब भाग्य भएको/दुःखी।

भाग्योदयः (पुं.) [*भाग्यस्य उदयः, ष.त.*] सौभाग्य आउनु/उन्नति हुनु।

भाज (धा.) [*पृथक्कर्मणि, सक.सेट्, उभय.*] टुक्रा टुक्रा पार्नु, भाग लगाउनु। लट्– **भाजयति/भाजयते**– टुक्रा टुक्रा पार्छ, भाग लगाउँछ। लिट्– **भाजयाञ्चकार/चक्रे**– टुक्रा टुक्रा पारेछ, भाग लगाएछ (अन.)। लुट्– **भाजयिता**– टुक्रा टुक्रा पार्ने छ, भाग लगाउने छ। (अन.)। लृट्– **भाजयिस्यति-ते**– टुक्रा टुक्रा पार्ने छ, भाग लगाउने छ।। लोट्– **भाजयतु–ताम्**– टुक्रा टुक्रा पारोस्, भाग लगाओस्। लङ्– **अभाजयत्–त**– टुक्रा टुक्रा पार्‍यो, भाग लगायो (अन.)। विधिलिङ्– **भाजयेत्–त**– टुक्रा टुक्रा पारोस्, भाग लगाओस्। आशीर्लिङ्– **भाज्यात्/ भाजयिषीष्ट**– टुक्राटुक्रा पारोस्, भाग लगाओस्। लुङ्– **अबभाजत्–त**– टुक्राटुक्रा पार्‍यो, भाग लगायो। लृङ्– **अभाजयिष्यत्–त**– टुक्राटुक्रा पार्ने थियो, भाग लगाउने थियो इत्यादि।

भाजकः (पुं.वि.) [*भाजयतीति, भज विश्राणने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.गणितमा कुनै राशिलाई भाग गर्ने अङ्क २.भाग लगाउने व्यक्ति/बाड्ने मानिस।

भाजनम् (नपुं.) [*भज विश्राणने इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गणितमा कुनै राशिलाई भाग लगाउने काम २.बाड्ने काम ३.[*भाजयति. भाज पृथक्कर्मणि इति धातोः, कृत्यल्युटो बहुलम् ३.१.११३ इति ल्युट्, अनः ७.१.१*] भाँडो/पात्र।

भाजितः (पुं.वि.) [*भाज्यते स्म, भज विश्राणने इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] बाँडिएको/भाग लगाइएको/विभक्त।

भाज्यः (पुं.वि.) [*भाजयितुं योग्यः, भज विश्राणने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] भाग लाउन योग्य/विभाज्य/गणितमा भाजक अङ्कद्वारा भाग लिइने अङ्क।

भाटकः (पुं.वि.) [*भटतीति भट भृतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] घर वा जमिनको भाडा/बहाल/लगान/तिरो।

भाणः (पुं.) उपरूपकको एक भेद। यसमा एउटै पात्र हुन्छ। आकाशभाषित– (काल्पनिक पात्र) को सहायताबाट कथावस्तु अघि बढ्छ। शृङ्गाररसद्योतक घटनाहरूलाई बढीमात्रामा प्रदर्शन गरिएको हुन्छ। धूर्तहरूको चरित्र प्राधान हुन्छ। यसमा भारतीवृत्ति र मुखसन्धिको उपयोग गरिएको हुन्छ। संस्कृत वाङ्मयमा भाणसँग सम्बद्ध थुप्रै ग्रन्थहरू लेखिएका छन्। **चतुर्भाणी** नामक ग्रन्थ चार भागमा प्रकाशित भएको छ। यसका रचयिता वररुचि, ईश्वरदत्त, श्यामलिक र शूद्रक हुन्। अरू भाण ग्रन्थहरूमा **उभयाभिसारिका, धूर्तविटसंवाद** आदि मुख्य छन्। शारदातनयको विचारमा भाण १० किसिमका हुन्छन्– **गेयपद, स्थितपाठ्य, आसीन, पुष्पगण्डिका, प्रक्षदक, त्रिमूढ, सैन्धव, द्विमूढक, उत्तमोत्तमक** र **भाव्य**।

भाणिका (स्त्री.) उपरूपकको एक भेद। यसमा एक अङ्क हुन्छ, नायक मन्दबुद्धि भएको हुन्छ र प्रगल्भा नायिका हुन्छे। यसमा मुख र निर्वाहणसन्धिको प्रयोग हुन्छ। भाणिकाका मुख्य सात अङ्ग हुन्छन्– १.उपन्यास २.विन्यास ३.विबोध ४.सादोष ५.समर्पण ६.निवृत्ति र ७.संहार।

भाण्डम् (नपुं.) [*भदि कल्याणे सुखे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुः, यद्वा भणति, भण शब्दे इति धातोः, ञमन्ताड्डः (उ.) ११४ इति डः, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.भाँडो/वर्तन/२.व्यापारको माल/बिक्रीको वस्तु ३.घोडाको सिगार ४.दुई नदीका तटको मध्यभाग।

भाण्डं मूलवणिग्वित्ते तुरङ्गाणां च मण्डने।
नदीकुलद्वयोर्मध्ये भूषणे भाजनेऽपि च ॥ (हैम.)

भाण्डागारम् (नपुं.) [*भाण्डानामागारम्, ष.त.*] भण्डार/गोदाम/ढुकुटी।

भाण्डारी (पुं.) [*भाण्डम् ऋच्छति, णिनिः*] भण्डारी/भडारे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भातुः (पुं.) [*भातीति, भा दीप्तौ, इति धातोः, कमिमनिजनि-गाभायाहिभ्यश्च (उ.) इति सूत्रेण तुः*] १.सूर्य २.किरण। **भातुर्ना किरणे सूर्ये** (मेदिनी.)।

भाद्रः (पुं.) [*भाद्री पौर्णमासी अस्मिन् मासे, सास्मिन् पौणमासीति ४.२.२१ इत्यण्*] भदौ महीना/पूर्वभाद्रा नक्षत्रले युक्त पूर्णिमा भएको महिना। **~पदी** (पुं.) [*भद्रस्य इदम् भाद्रम् भाद्रमिव पदमस्याः*] भदौ महिनाको पूर्णे वा पूर्णिमा।

भाद्रपदाः (स्त्री.बहु.) [*भद्रं पदं यासां ताः, बहु.स., अत्रारोपाद् बहुत्वम्*] १.पूर्व भाद्रपदा नक्षत्र २.उत्तरभाद्रपदा नक्षत्र।

भानम् (नपुं.) [*भा दीप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] प्रतीति/अभास/कुनै प्रमाणिक आधार नभएको ज्ञान/भ्रम/भ्रमपूर्ण अवस्था वा धारणा।

भानुः (पुं.) [*भाति दीप्यतेऽसौ, भा दीप्तौ, इति धातोः, दाभाभ्यां नुः (उ. ३१९) इति नुः*] १.सूर्य २.अंश ३.किरण ४.बाह्रको सङ्ख्या ५.दिन। **भानुरंशौ रवौ दिने**। ६.(पुं.वि.) खुसी तुल्याउने।

भानुदत्तः (पुं.) अलङ्कारशास्त्रका एक आचार्य। यिनको समय तेह्रौं शताब्दी हो। यिनले **रसमञ्जरी, रसतरङ्गिणी, अलङ्कारतिलक, चित्रचन्द्रिका, गीतगौरीश, कुमारभार्गवीय** नामक कृति रचेका छन्। रसमञ्जरीमा नायक र नायिकाको भेदलाई सूत्रात्मक शैलीमा प्रस्तुत गरिएको छ। यो ग्रन्थ अत्यन्त प्रौढ छ। रसतरङ्गिणीमा रससम्बन्धी विषयको वैज्ञानिक विवेचना छ। यसमा आठ तरङ्ग छन्। भाव, स्थायिभाव, विभाव र तिनका भेद, अनुभाव, सात्विकभाव, व्यभिचारिभाव, नौ रस तथा शृङ्गाररसको विशेष विवेचना गरिएको छ। अलङ्कारतिलकमा पाँच परिच्छेद छन्। यसमा ६ शब्दालङ्कार र ७१ अर्थालङ्कारको वर्णन छ। गीतगौरीश गीतिकाव्य हो। १० सर्गमा विभक्त यस काव्यमा जयदेवको गीतगोविन्दको प्रत्यक्ष प्रभाव छ। अलङ्कारतिलकमा काव्यका विभिन्न अङ्ग– अलङ्कार, गुण, रीति, दोष तथा काव्यका भेदहरूको चर्चा भएको छ।

भाम (धा.) [*क्रोधे, अक.सेट् आत्म.*] रिस गर्नु। लट्– **भामते–** रिस गर्छ। लिट्– **बाभामे–** रिस गरेछ (अन.) इत्यादि।

भाम (धा.) [*क्रोधे, अक.सेट्, उभय.*] रिस गर्नु, घुर्क्याउनु। लट्– **भामयति–ते–** रिस गर्छ, घुर्क्याउँछ। लिट्– **भामयाञ्चकार-चक्रे–** रिस गरेछ, घुर्क्याएछ (अन.)। लुट्– **भामयिता–** रिस गर्ने छ, घुर्क्याउने छ (अन.)। लृट्– **भामयिष्यति–ते–** रिस गर्ने छ, घुर्क्याउने छ। लोट्– **भामयतु–ताम्–** रिस गरोस्, घुर्क्याओस्। लङ्– **अभामयत्–त–** रिस गर्‍यो, घुर्क्यायो (अन.)। विधिलिङ्– **भामयेत्–त–** रिस गर्ला, घुर्क्याउला, रिस गरोस्, घुर्क्याओस्। आशीर्लिङ्– **भाम्यात्–भामयिषीष्ट–** रिस गरोस्, घुर्क्याओस्। लुङ्– **अबभामत्–त–** रिस गर्‍यो, घुर्क्यायो। लृङ्– **अभामयिष्यत्–त–** रिस गर्ने थियो, घुर्क्याउने थियो इत्यादि।

भामः (पुं.) [*भाति प्रकाशतेऽसौ, भा दीप्तौ, इति धातोः, अर्तिस्तुसुहुसृधुभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ. १४५) इति सूत्रेण मन्*] १.रिस/क्रोध २.सूर्य ३.कान्ति। **भामः क्रोधे रवौ दीप्तौ** (विश्व.)।

भामहः (पुं.) काव्यशास्त्रका आचार्य/अलङ्कार सम्प्रदायका प्रवर्तक। यिनको समय छैटौं शताब्दी हो। भामहले **काव्यालङ्कार** नामक ग्रन्थको रचना गरेका छन्। यसमा काव्यमा अरू तत्त्वभन्दा अलङ्कार तत्त्व नै मुख्य रूपमा रहेको हुन्छ भन्ने सिद्धान्त प्रतिपादन गरिएको छ। रसको छुट्टै अस्तित्व स्वीकार नगरी उनले सबै रसहरूलाई रसवत् आदि अलङ्कारभित्रै समाहित गरेका छन्।

भामिनी (स्त्री.) [*अवश्यं भामते, भाम क्रोधे इति धातोः, आवश्यका ३.३.१७० इति णिनिः, ग्रह्यदिणिनिः ३.१.१३४ वा*] रिसाहा स्त्री।

भारः (पुं.) [*भ्रियते इति, भृञ् भरणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.बोझ/भारी २.कामको जिम्मेदारी/अभिभारा ३.नापोविशेष। **भारः सहस्त्रद्वितये पलानामपि वीवधे** (अजय)। **भारः स्याद्वीवधे विष्णौ पलानां द्विसहस्त्रके** (मेदिनी.)। **~ग्रस्त सम्पत्तिः** (स्त्री.) [*भारेण ग्रस्ता, तृ.त. भारग्रस्ता चासौ सम्पत्तिश्च, कर्म.स.*] ऋणको भार परेको सम्पत्ति वा जेथा। **~जीवी** (पुं.वि.) [*भारेण जीवति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] भरिया/भारवाहक/अर्काको भारी बोकेर पेट पाल्ने मानिस। **~वाहकः** (पुं.वि.) [*भारं वहतीति, भार पूर्वकात् वह धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] भरिया/कुल्ली/भारी बोक्ने।

भारतः (पुं.) १.[*भरतस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] भरतका वंशमा उत्पन्न व्यक्ति। २.(नपुं.) दक्षिण एसियाको प्रसिद्ध एक ठुलो देश। यो नेपालको दक्षिण, हिन्दमहासागरको उत्तर, बर्मा एवं बङ्गलादेशको पश्चिम र पाकिस्तान– अफगानिस्तानको पूर्वमा पर्छ। श्रीमद्भागवत र नारद पुराणअनुसार ऋषभ देवका छोरा भरतको नामबाट अजनाभखण्डलाई पछि भारतवर्ष भनिएको हो। (भाग. ५.४.८–१३)। महाभारतअनुसार– दुष्यन्त र शकुन्तलाको छोरा भरतबाट भारत नाम रहेको हो। **भारताद्भारती कीर्तिः** (म.भा.आ.प. ७४.१३१)। महाभारतको भीष्मपर्वमा वर्षपर्वतको बिचमा भारत वर्ष छ भन्ने छ। **इदं तु भारतं वर्षम्** (म.भा.आ.प. ६.७) उक्त भारतवर्ष नौ खण्डमा विभक्त थियो– इन्द्रद्वीप, कशेरु, ताम्रपर्ण, गभस्तिमान, नागद्वीप, सौम्यद्वीप, गान्धर्वद्वीप, वारुणद्वीप र कुमारिकाखण्ड।

भारतस्यास्य वर्षस्य नव भेदान्निबोधत।
इन्द्रद्वीपः कशेरुश्च ताम्रपर्णो गभस्तिमान्॥
नागद्वीपस्तथा सौम्यो गन्धर्वस्त्वथ वारुणः।
अयं तु नवमस्त्वेषां द्वीपः सागरसंवृतः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजनानां सहस्त्रन्तु द्वीपोऽयं दक्षिणोत्तरः।
आयतस्तु कुमारीतो गङ्गायाः प्रभवावधिः॥
तिर्यगूर्ध्वन्तु विस्तीर्णः सहस्त्राणि दशैव तु (मत्स्यपु.)।

भारतचम्पूः (पुं.) अनन्त भट्टद्वारा रचित चम्पूग्रन्थ। यिनको समय अज्ञात छ। यिनका नाममा दुई ग्रन्थ प्रसिद्ध छन्– **भारतचम्पू** र **भागवतचम्पू**। महाभारतको कथानकलाई आधार बनाएर रचिएको भारतचम्पू-काव्यमा प्रतीयमान अर्थको प्राधान्य छ।

भारतचम्पूतिलकम् (नपुं.) पाण्डवको जन्मदेखि लिएर युधिष्ठिरको राज्यव्यवस्थासम्मको घटनालाई लिएर लक्ष्मणसूरिद्वारा रचित एक चम्पूकाव्य। यिनको समय सत्रौँ शताब्दी हो।

भारतम् (नपुं.) [*अयं जम्बूद्वीपनवमांशः, भरतस्य राज्ञ इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.जम्बुद्वीपको नौ भागको एक भाग २.वेदव्यासद्वारा रचित एकलाख श्लोक भएको ग्रन्थ। **महर्षिव्यासरचिते जम्बूद्वीपे च भारतम्** (रभस.)।

भारतवर्षम् (नपुं.) [*वृष्यते, वृषु सेचने इति धातोः, भयादीनामुपसङ्ख्यानम् (वा.) ३.३.५६ इत्यच्, भारतमिति वर्षम्, कर्म.स.*] समुद्रदेखि उत्तर, हिमालयदेखि दक्षिणको बिचमा पर्ने भूभाग। **पुंनपुंसकयोर्वर्षं जम्बूद्वीपाब्दवृष्टिषु (रुद्र.)। वर्षं स्थानं विदुः प्राज्ञा इमं लोकं च भारतम्** (भारवि)। **उत्तरं यत्समुद्रस्य हिमाद्रेश्चैव दक्षिणम्, सर्वं तद्भारतं नाम भारती यत्र सन्ततिः। वर्षोऽस्त्री भारतादौ च जम्बूद्वीपाब्दवृष्टिषु** (मेदिनी.)।

भारती (स्त्री.) [*भृञ् भरणे इति धातोः, भृमृदृशि (उ.) इत्यतच्, भरतस्य इयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.भारत वर्षको जमिन २.सरस्वती ३.बोली ४.कुनै लेखको रचनाशैली ५.दशनामी संन्यासीहरूमध्ये एक ६. घोडटाप्रे ७.भद्राई चरो ८.नाटकमा प्रयोग हुने एक वृत्ति, यसमा पुरुषमात्र पात्र रहन्छन्, उच्च वर्णका मानिसले संस्कृतभाषाको व्यवहार गर्छन्। यो वृत्ति सबै रसमा प्रयोग हुन्छ। **अथ भारती। वचने च सरस्वत्यां पक्षिवृत्तिप्रभेदयोः॥** (मेदिनी.)

भारतीयः (पुं.वि.) [*भारते भवः, वृद्धिर्यस्याचामादिस्तद् वृद्धम् (१.१.७३) इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] १.भारतमा रहेको २.भारतबासी/भारतवर्षसम्बन्धी/ भारतको।

भारतीयदर्शनम् (नपुं.) [*भारतीयञ्च तद् दर्शनञ्च, कर्म.स.*] आध्यात्मिक विषयसँग सम्बद्ध प्राचीन ऋषिमुनिहरूको गहनतम चिन्तन। यसलाई प्राच्यदर्शन पनि भनिन्छ। यो दर्शन दुई भागमा विभक्त छ– आस्तिक र नास्तिक। आस्तिक दर्शनहरूमा मीमांसा, वेदान्त, साङ्ख्य, योग, न्याय र वैशेषिक आउँछन्। यिनलाई षड्दर्शन पनि भनिन्छ। वेदमाथि आस्था राख्ने भएकाले यिनीहरूलाई आस्तिक दर्शन भनिएको हो। यीमध्ये ईश्वरलाई स्वीकार नगर्ने दर्शनहरू पनि छन्। तर वेदलाई स्वीकार गरेको हुँदा ती दर्शन पनि आस्तिक दर्शनमै गनिन्छन्। नास्तिक दर्शनमा चार्वाक, बौद्ध र जैन दर्शन आउँछन्। वेदलाई नमान्ने हुँदा यिनलाई नास्तिक दर्शन भनिएको छ। भारतीय दर्शनलाई चार कालमा विभाजन गरिएको छ– वैदिककाल– (ई.पू.१५०० देखि लिएर ई.पू. ६०० सम्म), महाकाव्यकाल– (ई.पू. ६०० देखि लिएर ईश्वीको दोस्रो शताब्दीसम्म), सूत्रकाल तथा टीकाकाल– (ईश्वीको दोस्रो शताब्दीपछि)। वैदिककालमा प्राच्य दर्शनको बीजारोपण भएको थियो। प्राकृतिक शक्तिको आराधनाका निमित्त ऋषिहरूले व्यक्त गरेका उद्‌गारहरूले नै दार्शनिक पुट पाएका थिए। कालान्तरमा दार्शनिक सम्प्रदायहरूको उदय भयो। उपनिषद्‌हरू रचिए। तिनमा गहिरो दर्शनको प्रतिपादन भयो। महाकाव्यकाल भन्नाले रामायण र महाभारतको समयलाई जनाउँछ। यस समयमा चार्वाक दर्शनको प्रादुर्भाव भयो। बौद्ध, जैन, शैव तथा वैष्णव मतहरू पनि स्थापित भए। महाभारतको शान्तिपर्वमा पाँच दार्शनिक सम्प्रदायहरूको उल्लेख छ– साङ्ख्य, योग, पाञ्चरात्र, वेद र पाशुपत। सूत्रकाल षड्दर्शनहरूको मूलग्रन्थको लेखनकाल हो। यसमा दर्शनका मूलग्रन्थहरूको रचना भयो। टीकाकालमा मूलग्रन्थको टीका लेख्ने र तिनको नवीनतम व्याख्या दिने काम भयो। यस्ता व्याख्याकारहरूमा कुमारिलभट्ट, शङ्कराचार्य, श्रीधरस्वामी, रामानुज, मध्वाचार्य, वाचस्पति मिश्र, उदयन आदि प्रसिद्ध छन्। भारतीय दर्शनका प्रसिद्ध सम्प्रदायहरू– चार्वाक, जैन, बौद्ध, साङ्ख्य, योग, मीमांसा, न्याय, वैशेषिक, वेदान्त, शैवदर्शन, तन्त्र र वैष्णवदर्शन। हे. **दर्शनशास्त्रम्**।

भारद्वाजः (पुं.) १.भरद्वाज ऋषिको वंश २.ब्राह्मण, क्षत्रिय आदि जातिको एक गोत्र ३.संस्कृतका प्राक्पाणिनि वैयाकरण तथा अनेक शास्त्रका निर्माता एक ऋषि। युधिष्ठिर मीमांसकको मतानुसार यिनको समय वि पू. ९३०० वर्ष हो। यिनको व्याकरण रचना विषयक **भारद्वाजतन्त्र** हाल उपलब्ध छैन। यिनका प्रकाशित ग्रन्थहरूमा **यन्त्रसर्वस्व, शिक्षा** मुख्य छन्। यन्त्रसर्वस्व विमानसँग सम्बद्ध शास्त्र हो। यिनले धनुर्वेद, आयुर्वेद, राजनीति र अर्थशास्त्रमा पनि पुस्तकहरू लेखेका थिए। तर ती पुस्तकहरू हाल उपलब्ध छैनन्।

भारद्वाजी (स्त्री.) [*भरद्वाजस्य मुनेरियम्, तेन निर्मितत्वात्, तस्येदम् ४.३.१२० इत्यण्*] वनकपास। **सा कर्पासी वन्या चेत्तदा भारद्वाजी, वनकर्पासिकायां तु सहा चन्दनवीजिका, भारद्वाजी महावीर्या कुष्ठला कुष्ठनाशिनी** (वाचस्पति)।

भारयष्टिः (स्त्री.) [*भारस्य यष्टिः, ष.त.*] नोल।

भारवाहः (पुं.) [*भारं वहति, अन् ३.२.१ इति अन्*] भारी बोक्ने/भरिया।

भारविः (पुं.) संस्कृतका एक महाकवि। अलङ्कृतशैलीका कवि। यिनको समय सातौँ शताब्दी हो। यिनको एकमात्र कृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरातार्जुनीय महाकाव्य उपलब्ध छ। महाभारतमा वर्णित किरात र अर्जुनको युद्धलाई लिएर रचिएको यस काव्यमा वीररसको प्राधान्य छ। अर्थगौरव यस काव्यको मूलभूत विशेषता हो। यिनी कलापक्षका कवि हुन्। यिनलाई समालोचक डा. कीथले कालिदाससँग तुलना गर्दै अभिधाका कवि भनेका छन्।

भारिकः (पुं.) [*भारोऽस्ति वाह्यत्वेनास्य, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] भारी बोक्ने/भरिया।

भारुजिकः (पुं.) [*भरुजा इव, अङ्गुल्यादिभ्यष्ठक् ५.३.१०८ इति ठक्, ठस्येकः ७.३.५० इति इकः*] गिद्ध जस्तो।

भार्गवः (पुं.) [*भृगोरपत्यं पुमान्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्*] १.भृगुका वंशमा उत्पन्न व्यक्ति– शुक्राचार्य, परशुराम आदि २.राम्रोसित धनुष चलाउन जान्ने व्यक्ति ३.हात्ती।

भार्गवः परशुरामे सुधन्वति मतङ्गजे।
दैत्याचार्ये भार्गवी तु कृष्णदूर्वोमयोः स्त्रियाम्॥ (विश्व.)

भार्गवी (स्त्री.) [*भृगोरियम्*] १.दुबो २.पार्वती ३.लक्ष्मी। **भार्गवी पार्वतीश्रियोः। दूर्वायाम्** (मेदिनी.)।

भार्गी (स्त्री.) [*भर्जनम्, भ्रस्ज पाके इति धातोः, भावे ३.३.१८ इति घञ्, भ्रस्जो रोपधयो रमन्यतरस्याम् ६.४.४७ इति रमागमः, चजोः– ७.३.५२ इति कुत्वम्, यद्वा भृजी भञ्जने इति धातोः, घञ् ३.३.१८, भर्गोऽस्त्यस्याः, ज्योत्स्नाद्यण् (वा.) ५.२.१०३*] भारङ्गी।

भार्या (स्त्री.) [*भरणीया इति, भृञ् भरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, टाप् ४.१.४*] विवाहिता स्त्री/पत्नी।

भार्यासमं नास्ति शरीरतोषणम् (सुभा.)।

भार्यापती (पुं. नित्यद्विव.) [*भार्या च पतिश्च, द्वन्द्वस.*] पति–पत्नी।

भावः (पुं.) [*भवनम्, भावे ३.३.१८ इति घञ्*] १.हुने क्रिया वा अस्तित्व २.घटना ३.अवस्थान/हालत ४.ढङ्ग/रीति ५.ओहदा ६.वास्तविकता ७.स्वभाव ८.विचार ९.प्यार १०.अभिप्राय ११.अर्थ १२.सङ्कल्प १३.पक्का विचार १४.आत्मा १५.आशय। १६.वस्तु/चीज १७.जीवधारी १८.भावना १९.हावभाव २०.उत्पत्ति २१.संसार/दुनियाँ २२.पाठेघर २३.अलौकिक शक्ति २४.परामर्श २५.नाटकमा कुनै पूज्य व्यक्तिलाई गरिने सम्बोधन २६.नखरा २७.हुने क्रिया वा तत्त्व २८.मुखको आकृति वा चेष्टा २९.जन्म ३०.विद्वान् ३१.जन्तु ३२.योनि ३३.कुनै धातुको अर्थ ३४.उपदेश ३५.जन्मनक्षत्र ३६.इज्जत ३७.भाउ/मूल्य ३८.ईश्वर वा मान्यजनप्रतिको श्रद्धा ३९.फलित ज्योतिषअनुसार जन्मकुण्डली बनाउँदा विचार गरिने शयन उपवेशन, प्रकाशन, गमन आदि बाह्र चेष्टामध्येको एक चेष्टा ४०.साङ्ख्यअनुसार त्यस्तो पदार्थ, जुन जन्मिने, रहने, बढ्ने र अन्त्यमा मासिने हुन्छ ४१.व्याकरणमा अकर्मक धातुबाट भाववाच्यको रूप बनाइने क्रिया ४२.तरुनी आइमाईका अठ्ठाईस थरीका स्वाभाविक अलङ्कारहरूमध्येको पहिलो अलङ्कार ४३.मनमा छिपेको कुनै पनि भित्री इच्छा वा मनमा उब्जने कल्पना, जुन मनबाट उब्जेर मनमा नै बिलाउँछ। भाव मनको धर्म हुनाले शब्दद्वारा प्रकट हुन नसके पनि दृष्यन्तद्वारा केही मात्रामा प्रकट हुने गर्छ/चाकुको गुलियोपन जिब्रोले मात्र थाहा पाए झैँ भावलाई मनले मात्र जान्न सक्छ।

आकारश्छाद्यमानोऽपि न शक्यो विनिगूहितुम्।
बलाद्धि विवृणोत्येव भावमन्तर्गतं नृणाम् (रामायणम्)।
मनस्युपद्यते भावो मनस्येव प्रलीयते (आगम)।
भावस्तु मानसो धर्मः शब्दस्य हि कथं भवेत्।
किञ्चिद्भावं प्रवक्तव्यं दिङ्मात्रदर्शनं यथा।
यथेक्षुगुणमाधुर्यं जिह्वया ज्ञायते प्रभो।
तथा भावो महादेव मनसा परिभाव्यते (निगमकल्पानन्द)।
भावः सत्ता स्वभावाभिप्रायचेष्टयात्मजन्मसु।
क्रियालीलापदार्थेषु बुधजन्तुविभूषिते। रत्यादौ च।

(मेदिनी.)। तन्त्रशास्त्रमा उपासना गर्ने तीनथरी भाव छन्– दिव्यभाव, वीरभाव र पशुभाव। दिव्यभाव गर्नेले दिव्याचार, वीरभाव गर्नेले वीराचार र पशुभाव गर्नेले पश्चाचारका नियममा रहनु पर्छ। तन्त्रमा भावको ठुलो महत्त्व छ। भाव विना तन्त्र नै निष्फल हुन्छ भन्ने उनीहरूको धारणा छ। भावबाट कुलको वृद्धि हुन्छ, भावबाट गोत्रको वृद्धि हुन्छ, शरीर शुद्ध हुन्छ आदि। ४४.[*भावयति परिभावयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] देवादिविषयक रतिभाव। **~गतिः** (स्त्री.) इच्छा वा विचार। **~गम्यः** (वि.) भावद्वारा बुझिने। **~गाम्भीर्यम्** (नपुं.) भावको गहिराइ। **~ग्राही** (पुं.) मनको विचार बुझ्ने। **~वाचकः** (पुं.वि.) [*भावस्य वाचकः, ष.त.*] व्याकरणमा कुनै कुराको भाव, धर्म गुण आदिको बोध गराउने संज्ञा। **~वाच्यः** (पुं.वि.) [*भावो वाच्यो यत्र, बहु.स.*] व्याकरणमा वाक्यको उद्देश्य, कर्ता, कर्म नभई भावनै मुख्य हुने क्रियाको रूप। **~शुद्धिः** (स्त्री.) [*भावस्य शुद्धिः, ष.त.*] भावको शुद्धता।

भावकः (पुं.) [*भावयति, भू सत्तायामिति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.प्रेमी २.भावना गर्ने पुरुष ३.कुनै पनि कृतिहरूको अध्ययन गरेर त्यसको आस्वाद लिने व्यक्ति/समालोचक। राजशेखरले भावकको चर्चा गर्दै त्यसको वर्गीकरण गरेका छन्– १.अरोचकी २.सतृणाभ्यवहारी ३.मत्सरी र ४.तत्त्वाभिनिवेशी। गुणदोष विवेचनै नगरीकन कुनै पनि कृतिलाई राम्रो नमान्ने भावक वा समालोचकलाई अरोचकी भनिन्छ। गुणदोष नकेलाईकन प्रशंसामात्रै गर्ने भावक वा समालोचकलाई सतृणाभ्यवहारी भनिन्छ। त्यस्तै, गुणलाई पनि दोष बनाएर ईर्ष्यालु भावले कृतिको विवेचना गर्ने भावक वा समालोचकलाई मत्सरी भन्दछन्। गुण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र दोष राम्रोसित केलाएर जस्तो छ त्यस्तै रूपमा कृतिको विश्लेषण गर्ने भावक वा समालोचकलाई तत्त्वाभिनिवेशी भनिएको छ।

भावकत्वव्यापारः (पुं.) साहित्यशास्त्रमा प्रसिद्ध एक व्यापार। यसका व्याख्याता भट्टनायक हुन्। उनले यसै व्यापारको माध्यमबाट काव्य, नाटक आदिमा पात्र, दर्शक आदिको साधारणीकरण हुन्छ भनेका छन्। (हे. **साधारणीकरण**)।

भावत्कः (पुं.वि.) [*भवतो भवत्या वा अयम्, भवतष्ठक्छसौ ४.२.११५ इति ठक्, इसुसुक्तान्तात्कः ७.३.५१ इति कः, सर्वनाम्नो वृत्तिमात्रे पुंवद्भावः (वा.) इति पुंवद्भावः*] तपाईंको/हजुरको।

भावना (स्त्री.) [*भू सत्तायामिति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] अनुभव र स्मृतिबाट उत्पन्न हुने मनोभाव।

भावनात्मकः (पुं.वि.) [*भावना एव आत्मा यस्य सः, बहु.स.*] भावनायुक्त/भावनामय।

भावनाव्यापारः (पुं.) [*भावना इति व्यापारः*] रसानुभूतिमा पैदा हुने एक व्यापार। (हे. **रसनिष्पत्ति**)

भावपक्षः (पुं.) [*भावात्मकः पक्षः, म.प.स.*] साहित्य अथवा काव्यको आन्तरिक पक्ष।

भावप्रकाशः (पुं.) आयुर्वेदको एक प्रसिद्ध ग्रन्थ। आयुर्वेदशास्त्रका लघुत्रयीभित्र यो ग्रन्थ पनि पर्दछ। यसका रचयिता श्रीमिश्र लटकका छोरा भाव मिश्र हुन्। यसको रचनाकाल पन्द्रौं शताब्दी मानिन्छ। यसका तीन खण्ड छन्– पूर्वखण्ड, मध्यमखण्ड र उत्तरखण्ड। पूर्वखण्डमा अश्विनीकुमार र आयुर्वेदको उत्पत्तिको वर्णन छ।यसै खण्डमा गर्भप्रकरण, दोष, धातुवर्णन, दिनचर्या, ऋतुचर्या, धातुहरूको जागरण तथा मारण, पञ्चकर्म आदि विभिन्न विषयको विवेचना छ। मध्यमखण्डमा रोगहरूको चिकित्साको वर्णन छ। अन्तिम खण्डमा वाजीकरणको चर्चा छ। यस ग्रन्थमा मिश्रले त्यतिखेर प्रचलित सबै चिकित्सापद्धतिको चर्चा गरेका छन्। उनको **गुणरत्नमाला** नामक चिकित्सापद्धतिसँग सम्बद्ध अर्को ग्रन्थ पनि छ।

भावबोधकम् (नपुं.) [*भावस्य बोधकम्, ष.त.*] भाव बुझाउने।

भावविरोधः (पुं.) [*भावानां विरोधः, ष.त.*] भावहरूका बिचमा हुने परस्पर विरोधिता।

भावशवलता (स्त्री.) [*भावानां शवलता, ष.त.*] जहाँ एकपछि अर्को भाव शृङ्खलाबद्ध हुँदै क्रमैले व्यक्त भएका हुन्छन्, त्यो अवस्था।

भावशान्तिः (स्त्री.) [*भावानां शान्तिः, ष.त.*] पहिलेदेखि रहिआएको भाव चमत्कारपूर्ण ढङ्गले शान्त भएको अवस्था।

भावसन्धिः (पुं.) [*भावानां सन्धिः, ष.त.*] बराबर प्राधान्य भएका भावहरूका बिचको सन्धि।

भावाभासः (पुं.) [*भावस्य आभासः, ष.त.*] वेश्या आदिमा उत्पन्न हुने लज्जा आदि।

भाविकः (पुं.वि.) १.प्राकृतिक/स्वाभाविक २.मर्मज्ञ ३.(पुं.)साहित्यमा प्रसिद्ध एक अलङ्कार।

भाविकम् (नपुं.) गूढार्थ प्रतीतिमूलक एक अर्थालङ्कार। यसमा भूत र भविष्यका भाव अथवा पदार्थलाई प्रत्यक्षजस्तै गरी वर्णन गरिएको हुन्छ।

भावितः (पुं.वि.) [*भाव्यंते स्म, भुवोऽवकल्कने इति धातोः, ण्यन्तात् निष्ठा ३.२.१०२ इति क्तः*] १.सुगन्धित द्रव्यले सुगन्धित तुल्याइएको २.प्राप्त गरिएको ३.(पुं.)अलङ्कारविशेष। **भावितं वासिते प्राप्ते** (हैम.)।

भावी (त्रि.) [भविष्यतीति, *भू सत्तायाम् इति धातोः, भुवश्च (उ.) ४५६ इति इनिः णिद्वद्भावद् वृद्धिः*] १.हुने/आउने २.[*भवतीति, भू सत्तायामिति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] भविष्यत् काल/पछि हुने कुरो/भाव्य/हुनामी।

भावुकः (पुं.) [*भवतीति, भू सत्तायामिति धातोः, लषपतपद ३.२.१५४ इति उकञ्*] कोमल चित्त वा असल भावना भएको/कोमल भावको/भावुकता भएको।

भावोदयः (पुं.) [*भावस्योदयः, ष.त.*] एउटा भावको शान्ति भएपछि अर्को भावको उदय हुनु।

भावोद्दीपकः (पुं.वि.) [*भावस्य उद्दीपकः, ष.त.*] भावहरूलाई उत्तेजित तुल्याउने।

भाव्यः (पुं.) [*भवितुमर्हः, इति भू धातोः, ओरावश्यके ३.१.१२५ इति ण्यत्, वृद्धिः*] हुनुपर्ने।

भाष (धा.) [*व्यक्तायां वाचि, सक.सेट् आत्म.*] स्पष्ट बोल्नु। लट्– **भाषते**– स्पष्ट बोल्छ। लिट्– **बभाषे**– स्पष्ट बोलेछ (अन.)। लुट्– **भाषिता**– स्पष्ट बोल्ने छ (अन.)। लृट्– **भाषिष्यते**– स्पष्ट बोल्ने छ। लोट्– **भाषताम्**– स्पष्ट बोलोस्। लङ्– **अभाषत**– स्पष्ट बोल्यो (अन.)। विधिलिङ्– **भाषेत**– स्पष्ट बोल्ला, स्पष्ट बोलोस्। आशीर्लिङ्– **भाषयिषीष्ट**– स्पष्ट बोलोस्। लुङ्– **अभाषत**– स्पष्ट बोल्यो। लृङ्– **अभाष्यत**– स्पष्ट बोल्ने थियो इत्यादि।

भाषणकला (स्त्री.) [*भाषणस्य कला, ष.त.*] वक्तृत्वकला।

भाषणम् (नपुं.) [*भाष व्यक्तायां वाचि इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] वक्तव्य/व्याख्यान।

भाषणस्वतन्त्रता (स्त्री.) [*भाषणस्य भाषणाय वा स्वतन्त्रता, ष.त./च.त.*] सामाजिक, धार्मिक आदि विषयहरूमा सर्वसाधरणको अगाडि आफ्ना विचार प्रकट गर्न पाउने स्वतन्त्रता/वाक् स्वतन्त्रता।

भाषा (स्त्री.) [*भाष्यते अनया, भाष व्यक्तायां वाचि इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] बोली/वाणी/मुखबाट निसृत विचार–विनिमयको साधनभूत ध्वनिको समूह।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्फुटवाक्करणोपात्तो भावाभिव्यक्तिसाधकः।
सङ्केतितो ध्वनिव्रातः सा भाषेत्युच्यते बुधैः॥ (कपिल)

~तत्त्वम् (नपुं.) [*भाषायास्तत्त्वम्, ष.त.*] भाषाका अवयवहरू/भाषाभित्र रहने विषयहरू। **~विशेषज्ञः** (पुं.वि.) [*भाषाया विशेषज्ञः, ष.त.*] भाषाविद्/भाषाशास्त्री/ विभिन्न भाषाहरूको ज्ञाता/भाषाको उत्पत्ति, स्वरूप, विकास, त्यसका प्रवृत्ति आदिको विशेष ज्ञाता।

भाषाविज्ञानम् (नपुं.) [*भाषाया विज्ञानम्, ष.त.*] भाषाको उत्पत्ति, विकास र पारस्परिक सम्बन्ध, भाषिक व्यवस्था आदि भाषासम्बन्धी विषयको विवेचना गर्ने विज्ञान/भाषाशास्त्र।

भाषाया यत्तु विज्ञानं सर्वाङ्गं व्याकृतात्मकम्।
विज्ञानदृष्टिमूलं तद् भाषाविज्ञानमुच्यते॥ (कपिल)

भाषिका (स्त्री.) [*अल्पा भाषा, अल्पे ५.३.८५ इति कन्, टाप् ४.१.४, इत्वम्*] एउटै भाषाका विभिन्न रूप/समय र दूरीको कारणले बन्न गएका एउटै भाषाका विविध रूप/भाषाका स्थानीय भेद।

भाषितम् (नपुं.) [*भाष व्यक्तायां वाचि इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] बोली/भनाइ/वचन।

भाष्यम् (नपुं.) [*भाष्यते इति, भाष व्यक्तायां वाचि इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.बोल्न योग्य/भन्न योग्य/वचन/उक्ति २.व्याख्या/टीका/सूत्र वा मूल ग्रन्थको व्याख्या/विवृत्ति। जस्तै शङ्कराचार्यको **ब्रह्मसूत्रभाष्य**, शबर स्वामीकृत **मीमांसाभाष्य**, अष्ध्यध्यायीको पतञ्जलीकृत **महाभाष्य** आदि।

सूत्रार्थो वर्ण्यते यत्र वाक्यैः सूत्रानुसारिभिः।
स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदुः॥

भाष्यकारः (पुं.) [*भाष्यम् करोतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] भाष्य लेख्ने व्यक्ति।

भासः (पुं.) [*भासृ दीप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चमक/दीप्ति/प्रकाश/किरण २.आभास ३.इच्छा ४.सेतो एक जातको गिद्ध पक्षी ५.संस्कृतका प्रसिद्ध नाटककार। यिनको समय इस्वीको प्रथम शताब्दी मानिन्छ। यिनले १३ वटा नाटक लेखेका छन्— **प्रतिमानाटक**, **अभिषेकनाटक**, **बालचरित**, **पञ्चरात्र**, **मध्यमव्यायोग**, **दूतवाक्य**, **ऊरुभङ्ग**, **कर्णभार**, **दूतघोटत्कच**, **स्वप्नवासवदत्त**, **प्रतिज्ञायौगन्धरायण**, **अभिमारक** र **दरिद्रचारुदत्त**। यीमध्ये केही नाटक रामायणको कथानकमा आधारित छन् भने केही महाभारतको कथामा आधारित छन्। केही नाटकको कथावस्तु ऐतिहासिक छ भने केहीको कल्पित छ। भासको नाट्यशैली सरल र अलङ्कारविहीन छ। उनको कवित्वशक्ति उच्चकोटिको देखिन्छ।

भासमानः (पुं.वि.) [*भासते इति, भासृ दीप्तौ इति धातोः, लटः स्थाने शानच् ३.२.१२४*] सुशोभित।

भासितः (पुं.वि.) [*भासते स्म, भासृ दीप्तौ इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.चम्किलो/प्रकाशमान/सुशोभित २.विचार र कल्पनामा फुरेको।

भासृ (धा.) [*दीप्तौ, अक.सेट् आत्म.*] चम्कनु, प्रकाशित हुनु। लट्— **भासते—** चम्कन्छ, प्रकाशित हुन्छ। लिट्— **बभासे—** चम्केछ, प्रकाशित भएछ (अन.) इत्यादि।

भास्करः (पुं.) [*भाः करोतीति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः, कस्कादित्वात् ८.३.४८ सत्वम्*] १.सूर्य २.अग्नि ३.सुवर्ण, धातु, पत्थर, आदिको मूर्ति बनाउने व्यक्ति ४.महादेव ५.बाह्रौं शताब्दीका सिद्धान्तशिरोमणि नामक ज्योतिष ग्रन्थका प्रणेता एक प्रसिद्ध आचार्य। **भास्करो वह्निसूर्ययोः** (विश्व.)।

भास्कराचार्यः (पुं.) ज्योतिष विद्याका एक धुरन्धर विद्वान्। यिनले **अङ्कगणित**, **बीजगणित**, **ग्रहगणित**, **गोलाध्याय**, **करणकुतूहल**, **सर्वतोभद्र** आदि ग्रन्थ बनाएका थिए। यिनका पिताको नाम महेश आचार्य, छोराको नाम लक्ष्मीधर र छोरीको नाम लीलावती थियो। यिनै लीलावतीको नामबाट अङ्कगणित प्रसिद्ध छ। यिनको जन्म इस्वी सन् १११४ मा भएको विश्वास गरिन्छ। यी ब्रह्मगुप्तका अनुयायी हुन्। यिनको भाषा अत्यन्त प्राञ्जल छ।

भास्वराः (पुं.बहु.) [*आ सामन्ताद्भसनशीलाः, भासृ दीप्तौ इति धातोः, स्थेशभासपिसकसो वरच् ३.२.१७५ इति वरच्*] गणदेवता।

भास्वान् (पुं.) [*भा अस्यास्तीति, तदस्या ५.२.९४ इति मतुप्, मस्य वः*] १.सूर्य २.(पुं.वि.) चम्किलो। **भास्वान्दीप्ते रवौ** (विश्व.)।

भिक्ष (धा.) [*भिक्षायामलाभे लाभे च, सक.सेट् आत्म.*] माग्नु, प्राप्त गर्नु, प्राप्त नहुनु। लट्— **भिक्षते—** माग्छ, प्राप्त गर्छ, प्राप्त हुँदैन। लिट्— **बिभिक्षे—** मागेछ, प्राप्त गरेछ, प्राप्त भएन छ (अन.)। लुट्— **भिक्षिता—** माग्ने छ, प्राप्त गर्ने छ, प्राप्त हुने छैन (अन.)। लृट्— **भिक्षिष्यते—** माग्ने छ, प्राप्त गर्ने छ, प्राप्त हुने छैन। लोट्— **भिक्षताम्—** मागोस्, प्राप्त गरोस्, प्राप्त नहोस्। लङ्— **अभिक्षत—** माग्यो, प्राप्त गऱ्यो, प्राप्त भएन (अन.)। विधिलिङ्— **भिक्षेत—** माग्ला, प्राप्त गर्ला, प्राप्त नहोला, मागोस्, प्राप्त गरोस्, प्राप्त नहोस्। आशीर्लिङ्— **भिक्षिषीष्ट—** मागोस्, प्राप्त गरोस्, प्राप्त नहोस्। लुङ्— **अभिक्षिष्ट—** माग्यो, प्राप्त गऱ्यो, प्राप्त भएन। लृङ्— **अभिक्षिष्यत—** माग्ने थियो, प्राप्त गर्ने थियो, प्राप्त गर्ने थिएन इत्यादि।

भिक्षणम् (नपुं.) [*भिक्ष्यते, भिक्ष भिक्षायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] भिक्षा माग्ने काम।

भिक्षा (स्त्री.) [*भिक्षणम्, भिक्ष भिक्षायामिति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.माग्ने काम/याचना २.माग्नेलाई दिइने अन्न, द्रव्यादि। **~जीवी** (पुं.वि.) [*भिक्षया जीवति तच्छीलः, णिनिः*] भिक्षा मागेर जीविका गर्ने/मगन्ते/भिक्षार्थी। **~पात्रम्** (नपुं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[*भिक्षायै पात्रम्, च.त.*] १.भिक्षा माग्ने भाँडो/भिक्षाभाण्ड २.भिक्षाको अधिकारी/ भिक्षा मागन योग्य व्यक्ति। **~वृत्तिः** (स्त्री.) [*भिक्षाया वृत्तिः*] भिक्षाबाट गरिने जीविका/भीख मागेर गरिने जीवन निर्वाह।

भिक्षार्हः (पुं.वि.) [*भिक्षायै अर्हः, च.त.*] भीख दिन योग्य।

भिक्षुः (पुं.) [*भिक्षते इति, भिक्ष याच्ञायाम् इति धातोः, सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] १.भिक्षा माग्ने व्यक्ति/भिक्षुक २.बौद्ध संन्यासी।

भित्तम् (नपुं.) [*भिद्यते स्म, भित्तं शकलम् ८.२.५९ इति निपातितम्*] खण्ड/कुड्का।

भित्तिः (स्त्री.) [*भिद्यते इति, भिदिर् विदारणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.घरको जग २.भित्तो। **भित्तिः कुड्ये प्रभेदे च** (हैम.)।

भित्तिका (स्त्री.) [*भिनत्तीति, भिदिर् विदारणे इति धातोः, कृतिभिदिलतिभ्यः कित् (उ.) ४३५ इति तिकन्, टाप्*] भित्तो।

भिदा (स्त्री.) [*भिदिर् विदारणे इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] १.फाट्नु २.फुट्नु।

भिदिः (पुं.) [*भिदिर् विदारणे इति धातोः, कॄगॄशॄपॄकुटिभिदिछिदिभ्यश्च (उ.) ५९२ इति इः, कित्वञ्च*] वज्र।

भिदिर् (धा.) [*विदारणे, सक.अनिट्, उभय.*] चिर्नु। लट्– **भिनत्ति–** चिर्छ। लिट्– **बिभेद–** चिरेछ (अन.)। लुट्– **भेत्ता–** चिर्ने छ (अन.)। लृट्– **भेत्स्यति–** चिर्ने छ। लोट्– **भिनत्तु–** चिरोस्। लङ्– **अभिनत्–** चिर्‍यो (अन.)। विधिलिङ्– **भिन्द्यात्–** चिर्ला, चिरोस्। आशीर्लिङ्– **भिद्यात्–** चिरोस्। लुङ्– **अभिदत्–** चिर्‍यो। लृङ्– **अभेत्स्यत्–** चिर्ने थियो इत्यादि।

भिदिरम् (नपुं.) [*भिनत्ति पर्वतान् इति, भिदिर् विदारणे इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) इति किरच्*] बज्र।

भिदुः (पुं.) [*भिनत्तीति, भिदिर् विदारणे इति धातोः, पृभिदिव्यधिगृधिधृषिभ्यः (उ.) इति सूत्रेण कुः*] वज्र।

भिदुरम् (नपुं.) [*भिनत्ति, भिदिर् विदारणे इति धातोः, विदिभिदिच्छिदेः कुरच् ३.२.१६२ इति कुरच्*] वज्र।

भिद्यः (पुं.) [*भिनत्ति कूलम्, भिद्ध्योद्ध्यौ नदे ३.१.११५ इति क्यप्*] नद।

भिद्रम् (नपुं.) [*भिनति येन तत्, भिदिर् विदारणे, इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ.) १७८ इति रक्*] वज्र।

भिन्दन् (पुं.) [*भिनत्तीति भिदिर् विदारणे इति धातोः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति लटः स्थाने शतृ*] भदेन गरिरहेको।

भिन्दिपालः (पुं.) [*भिन्दतीति, भिदि अवयवे इति धातोः, इन् (उ.), तदवच्छिन्नः पालोऽपि भिन्दिः, भिन्दिं पालयति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.गुलेली २.तोप। **भिन्दिर्द्वादशतालं तु दशकुन्तो ऽभिधीयते** (भरत)।

भिन्नः (पुं.वि.) [*भिद्यते स्म, भिदिर् विदारणे इति धातोः, क्तः, दस्य तस्य च नः*] १.चिरिएको,फुटेको २.पृथक् भएको।

भिन्नकः (पुं.वि.) [*भिन्न इव, अनत्यन्तगतौ क्तात् ५.४.४ इति कन्*] केही टुटेजस्तो।

भिन्नता (स्त्री.) [*भिन्नस्य भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्. ४.१.४*] भिन्न हुनाको भाव/पार्थक्य।

भिन्नम् (नपुं.) [*भिद्यते स्म, भिदिर् विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दस्य तस्य च नः*] १.टुक्रा २.घाउ ३.भाँच्चिएको/अंश, ४.हतियारले चिरिएको घाउ ५.गणितको एक प्रकार।

भिन्नार्थः (पुं.वि.) [*भिन्नश्चासौ अर्थश्च, कर्म.स.*] फरक अर्थ भएको।

भिन्नार्थकः (पुं.) [*भिन्नोऽर्थो यस्य सः, बहु.स.*] छुट्टै अर्थ भएको।

भिल्लः (पुं.) [*भेलयति भिलतीति वा, भिल्+लक्*] भारतको राजस्थान र विन्ध्यपर्वतका क्षेत्रमा पाइने एक प्रसिद्ध जङ्गली जाति।

भिषक् (पुं.) [*बिभेति अस्माद् रोगः, ञिभी भये इति धातोः, भियः षुक् ह्रस्वश्च (उ. १४३) इति अजिः, षुक्, ह्रस्वश्च*] वैद्य/चिकित्सक।

भिस्सट (स्त्री.) [*भिस्सां टीकते, टीकृ गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, ङ्यापोः ६.३.६३ इति ह्रस्वः*] डढेको अन्न/माम्री।

भिस्सा (स्त्री.) [*बभस्ति, भस दीप्तौ इति धातोः, बाहुलकात्सः, बहुलं छन्दसि ७.४.७८ इतीत्वम्, ब्राह्मणभिस्सा इति ६.३.१ सूत्रे भाष्यप्रयोगाल्लोकेऽपि यद्वा– भेदनम्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, भिदं स्यति, षो अन्तकर्मणि इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वात् ६.३.१ सिद्धम्*] भात।

भीः (स्त्री.) [*ञिभी भये इति धातोः, सम्पदादिभ्यश्च ३.३.१०८ इति क्विप्*] डर/भय/भीति।

भीतः (पुं.वि.) [*भीयते स्म, ञिभी भये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] डराएको/भयभीत।

भीतङ्कारम् (नपुं.) [*भीतं कृत्वा इति कर्मण्याक्रोशे कृञः खमुञ् ३.४.२५ इति खमुञ्प्रत्ययः*] डरपोक बनाएर।

भीतिः (स्त्री.) [*ञिभी भये इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] डर/भय/त्रास। **भीतं भये भीतियुते त्रिषु** (मेदिनी.)।

भीमः (पुं.) [*बिभेत्यस्मादिति, ञिभी भये इति धातोः, भियः षुग्वा (उ.) १५३ इति मक्*] १.शिव/महादेव। २.युधिष्ठिरको भाइ ३.(पुं.वि.) डरलाग्दो ४.(पुं.) अमिलो वेत। **भीमोऽम्लवेतसे घोरे शम्भौ मध्यमपाण्डवे** (विश्वः)। **~कायः** (पुं.वि.) [*भीमः कायो यस्य सः, बहु.स.*] ठुलो जिउ भएको/बडेमाको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमशङ्करः (पुं.) [*भीमश्चासौ शङ्करश्च, कर्म.स.*] १.डर लाग्दो शिवको स्वरूप २.भारत, मध्यप्रदेशमा अवस्थित शिवको छैटौं ज्योतिर्लिङ्ग। भीमशङ्करको मन्दिर बम्बईबाट सत्तरी माइल पूर्व र पुनाबाट ४३ माइल उत्तर, पर्वतीय क्षेत्रमा रहेको भीमा नदीको तटमा अवस्थित छ। यहाँ घना वस्ती छैन, धर्मशालाहरू छन् तर शिवरात्रीमा बाहेक अन्य समयमा ती सबै खाली नै रहन्छन्। मन्दिरको नजिकै दुई कुण्ड छन्। अलि पर देवीको मन्दिर पनि छ। यातायातका साधनको अभावले गर्दा शिव रात्रीमा बाहेक अन्य समयमा त्यहाँ पुग्न निकै कठिन छ। **डाकिन्यां भीमशङ्करः** भनेको छ, तर डाकिनी उक्त स्थल हो वा होइन भन्न सकिने स्थिति छैन। शिवपुराणको एक कथाअनुसार भीमशङ्करको ज्योतिर्लिङ्ग आसाम जिल्लाको कामरूप अन्तर्गत ब्रह्मपुरमा पर्दछ। शिवजी स्वयं प्रकट भएर डरलाग्दो भीमनामक राक्षसलाई मारी भक्त कामरूपेश्वरको प्रार्थनाअनुसार त्यहीं बसेको हुंदा त्यसै समयदेखि ज्यातिर्लिङ्गको नाम भीमशङ्कर रहन गएको हो भनिएको छ।

भीमसेनः (पुं.) [*भीमाः सेनाः यस्य सः, बहु.स.*] १.पूजा गरिने एक देवता/भैरवविशेष। खास गरी काडमाडौं, ललितपुर। भक्तपुरका नेवार साहुमहाजनले व्यापार तथा समृद्धिका देवता मानेर पशुपक्षीको बलि चढाई यिनको पूजा गर्छन्। पसलमा भीमसेनका ससाना मूर्ति र फोटो पनि राख्छन्। उपत्यका बाहिर गएर बसेका नेवारी समुदायमा पनि भीमसेनलाई मान्ने र पूजा गर्ने प्रचलन प्रशस्त छ। २.पाण्डुको छोरो/युधिष्ठिरका भाइ/पञ्चपाण्डवमध्ये द्वितीय पाण्डव। **~वृक्षः** (पुं.) [*भीमसेनप्रियः वृक्षः, म.प.स.*] भुवादार, कमलो, बास्ना आउने पात र उत्तीसका जस्ता लामा-लामा लुर्का परेको फूल फुल्ने एक जातको वृक्ष/भीमसेनपातिको रुख।

भीरुः (पुं.वि.) १.[*बिभेतीति ञिभी भये इति धातोः, भियः क्रुक्लुकनौ ३.२.१७४ इति क्रुः*] डरपोक/डरछेरुवा/कातर/लाछी। २.(स्त्री.) डरपोक स्त्री। **भीरुः स्यात्कातरे नार्याम्** (अजयः)। **भीरुरार्ते जने स्त्रियाम्** (रभसः)। **भीरुरार्ते त्रिलिङ्गः स्याद्धरयोषिति योषिति** (मेदिनी.)।

भीरुकः (पुं.) [*बिभेतीति, ञिभी भये इति धातोः, भियः क्रुक्लुकनौ ३.३.१७४, क्रुकन्नपि (वा.) ३.२.१७४ इति क्रुकन्*] डर छेरुवा।

भीलुकः (पुं.वि.) [*बिभेति तच्छीलः, ञिभी भये इति धातोः, भियः क्रुक्लुकनौ ३.२.१७४ क्रुकन्नपि (वा.) ३.२.१७४ इति क्लुकन्*] डरपोक/डर छेरुवा।

भीषणः (पुं.वि.) [*भीषयतीति ञिभी भये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः (३.१.१३४) इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, भियो हेतुभये षुक् ७.३.४० इति षुक्*] डर लाग्दो/त्रासद/भयानक। **दारुणं भीषणं घोरं भीमं भयानकम्** (अमर.)।

भीषयमाणः (पुं.वि.) [*भीषयते इति, लटः शानच् ३.२.१२४, भियो हेतुभये षुक् ७.३.४० इति षुक्*] डर देखाइरहेको।

भीष्मः (पुं.वि.) [*बिभेत्यस्मात्, ञिभी भये इति धातोः, भियः षुग्वा (उ.) १५३ इति मक्, षुक् च*] १.भयङ्कर/भयानक २.महाभारतका प्रसिद्ध बालब्रह्मचारी गङ्गाका पुत्र/भीष्मपितामह ३.रुद्र ४.राक्षस। **भीष्मो रुद्रे च गाङ्गेये राक्षसे च भयङ्करे** (हैम.)। **~पञ्चकम्** (नपुं.) कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमा-सममका पाँच दिन। **~पितामहः** (पुं.) [*भीष्मः पितामह इव*] गङ्गाका गर्भबाट उत्पन्न भएका राजा शन्तनुका छोरा भीष्म। **~प्रतिज्ञा** (स्त्री.) [*भीष्मा चासौ प्रतिज्ञा, भीष्मस्य प्रतिज्ञा वा*] भीष्मपितामहले गरेको जस्तो भीषण प्रतिज्ञा/कठोर प्रतिज्ञा।

भीष्मसूः (स्त्री.) [*भीष्मं सूते, षूङ् प्राणिप्रसवे इति धातोः, क्विप् च ३.२.१७८ इति क्विप्*] भागीरथी नदी।

भुक्तम् (नपुं.) १.[*भुङ्क्तेऽस्मिन् इति प्रत्यवसनार्थकाद् भुज धातोः, क्तोऽधिकरणे च ध्रौव्यगतिप्रत्यवसानार्थेभ्यः ३.४.७६ इति क्तः*] भोजन गर्ने स्थान २.[*भुज्यते स्म, भुज धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भोजन गरिएको/खाइएको ३.[*भुज्यत इति, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] खुवाइ/भोजन।

भुक्तसमुज्झितम् (नपुं.) [*पूर्वं भुक्तं पश्चात् समुज्झितम्, पूर्वकालैक- २.१.४९ इति समासः*] खाएर छाडेको पूरा।

भुग्नः (पुं.वि.) [*भुजति स्म, भुजो कौटिल्ये इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, ओदितश्च ८.२.४५ इति नत्वम्*] बाङ्गो।

भुज (धा.) [*पालनभ्यव्यवहारयोः सक.अनिट्, पालने पर, अन्यत्र आत्म.*] पालन गर्नु, खानु, भोग गर्नु [*पालनभन्दा अरू अर्थमा यसका रूपहरू आत्मनेपदी हुन्छन्*] लट्— **भुनक्ति—** पालन गर्छ, **भुङ्क्ते—** भोग गर्छ, खान्छ। लिट्— **बुभोज—** पालन गरेछ, **बुभुजे—** भोग गरेछ, खाएछ (अन.)। लुट्— **भोक्ता—** पालन गर्ने छ, भोग गर्ने छ, खाने छ। (अन.)। लृट्— **भोक्ष्यति—** पालन गर्ने छ। **भोक्ष्यते—** भोग गर्ने छ, खाने छ। लोट्— **भुनक्तु—** पालन गरोस्। **भुङ्क्ताम्—** भोग गऱ्यो, खायो। लङ्— **अभुनक्—** पालन गऱ्यो, **अभुङ्क्त—** भोग गऱ्यो, खायो (अन.)। विधिलिङ्— **भुञ्ज्यात्—** पालन गर्ला, पालन गरोस्। **भुञ्जीत—** भोग गर्ला, खाला। भोग गरोस्, खाओस्। आशीर्लिङ्— **भुज्यात्—** पालन गरोस्। **भुक्षीष्ट—** भोग गरोस, खाओस्। लुङ्— **अभोक्षीत्—** पालन गऱ्यो। **अभुक्त—** भोग गऱ्यो, खायो। लृङ्— **अभोक्ष्यत्—** पालन गर्ने थियो। **अभोक्ष्यत—** भोग गर्ने थियो, खाने थियो। कर्मणि— **भुज्यते—** खाइन्छ, भोग गरिन्छ। णिचि— **भोजयते—** खुवाउँछ, भोग गराउँछ। सनि— **बुभुक्षते—** खान चाहन्छ, भोग गर्न चाहन्छ। यङि— **वोभुज्यते**— ज्यादा वा बारम्बार खान्छ वा भोग गर्छ। **भोक्तव्यम्, भोजनीयम्, भोज्यम्, भोग्यम्,—** खानुपर्ने, भोग गनु पर्ने, पालन गर्नु पर्ने। **भुक्तः, भुक्तवान्—** खाएको, भोग गरेको। **भुञ्जन् —**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालन गरिरहेको । **भुञ्जानः** [*श्नसोरल्लोपः ६.४.१११ इत्यल्लोपः*]— खाइरहेको, भोग गरिरहेको। **भोक्तुम्—** खान, भोग गर्न। **भुक्त्वा, संभुज्य—** खाएर, भोग गरेर। **भोजनम्—** खाने काम, खाइने वस्तु। **भोगः—** भोग्ने काम। **भोजकः, भोजिका, भोजयिता, भोजयित्री—** भोग गर्ने, खाने। **बुभुक्षितः—** भोकाएको, भोग गर्न चाहेको। **उष्णभोजी—** तातो खाने, **शीतभोजी—** चिसो खाने इत्यादि।

भुजः (पुं.) [*भुज्यतेऽनेन, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, भुज्यतेऽनेन, यद्वा भुज पालनाभ्यवहारयोः इति धातोः, भुजन्युब्जौ ७.३.३१ इति साधुः*] १.हात २.हात्तीको सुँढ ३.[*भुजति वक्रीभवतीति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] रेखागणितमा कोण बनाउने सोझो रेखा। ४.हाँगो/शाखा।

~पाशः (पुं.) [*भुजयोः पाशः, ष.त.*] भुजबन्धन/आलिङ्गन।

भुजगः (पुं.) [*भुजो कौटिल्ये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, भुजः सन् गच्छति अन्यत्रापि दृश्यते (वा.) ३.२.४८ इति डः*] १.सर्प २.जार।

भुजगी (स्त्री.) [*भुजगस्य इयम्, स्त्रीत्वान् ङीप्*] सर्पिणी।

खादेत् क्षुधार्ता भुजगी स्वमण्डम् (सुभा.)।

भुजङ्गः (पुं.) [*भुजः वक्रः सन् गच्छतीति, गम्लृ गतौ इति धातोः, गमश्च ३.२.४७ इति खच्, मुम्, खच्च डिद्वा (वा.) ३.२.३८ इति खचि डित्त्वे टिलोपः*] १.सर्प/साँप २.जार/उपपति ३.नाङ्गो।

भुजङ्गः सर्पषिङ्गयोः (हैमः)। **~प्रयातम्** (नपुं.) चारवटा यगण हुने एक वार्णिक छन्द। **भुजङ्गप्रयातं चतुर्भिर्यकायरैः** (छन्दो.)।

भुजङ्गभुक् (पुं.) [*भुजङ्गं भुङ्क्ते, भुज पालनादौ इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] मयूर।

भुजङ्गमः (पुं.) [*भुजैर्गच्छतीति, भुज कौटिल्ये इति धातोः, गमश्च ३.२.४७ इति खच्, मुम्*] सर्प।

भुजङ्गाक्षी (स्त्री.) [*भुजङ्गानक्षति, अक्षू व्याप्तौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, यद्वा— भुजङ्गोऽक्षि यस्याः, अक्ष्णोऽदर्शनात् ५.४.७६ इत्यच्, जाते ४.१.६३ इति, षिद्गौरादिभ्यश्च ४.१.४१ इति वा ङीष्, भुजङ्गशब्दस्य भुजङ्गाक्षिसदृशे लक्षणा*] फ्याक्से।

भुजद्रुमः (पुं.वि.) [*भुजा द्रुमा इव, उपमित त.*] लामा हात भएको।

भुजशिरः (पुं.) [*भुजस्य शिरः, ष.त.*] काँध।

भुजा (स्त्री.) [*भुजशब्दात्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.रेखागणितमा कोण बनाउने सरल रेखा २.हात/बाहुली।

भुजान्तरम् (नपुं.) [*भुजयोरन्तरम्, ष.त.*] १.दुई हातका बिचको भाग २.दुई भुजाको अन्तर।

भुजिष्यः (पुं.) [*भुङ्क्ते स्वाम्युच्छिष्टम्, भुज्यते वा, रुचिभुजिभ्यां किष्यन् (उ.) ६२८ इति किष्यन्*] अर्काको घरमा बसेर काम गर्ने मानिस/नोकर।

भुजो (धा.) [*कौटिल्ये, अक.अनिट् पर.*] टेढिनु, वक्र हुनु। लट्— **भुजति—** टेढो हुन्छ, वक्र हुन्छ। लिट्— **बुभोज—** टेढो भएछ, वक्र भएछ (अन.)। लुट्— **भोक्ता—** टेढो हुने छ, वक्र हुने छ (अन.)। लृट्— **भोक्ष्यति—** टेढो हुने छ, वक्र हुने छ। लोट्— **भुजतु—** टेढो हहोस्, वक्र हओस्। लङ्— **अभुजत्—** टेढो भयो, वक्र भयो (अन.)। विधिलिङ्— **भुजेत्—** टेढो होला, वक्र होला, टेढो होओस्, वक्र होओस्। आशीर्लिङ्— **भुज्यात्—** टेढो हओस् वक्र हओस्। लुङ्— **अभौक्षीत्—** टेढो भयो, वक्र भयो। लृङ्— **अभोक्ष्यत्—** टेढो हुने थियो, वक्र हुने थियो इत्यादि।

भुवनम् (नपुं.) [*भवतीति, भू सत्तायाम् इति धातोः, भू प्राप्तौ इति धातोर्वा, भूसूधूभ्रसूजिभ्यश्छन्दसि (उ.) २४७ इति क्युन्, युवोरनाकौ इत्यनः*] १.जगत/संसार/दुनियाँ २.पुराणमा वर्णित भू, भुव, स्व, मह आदि चौध लोक ३.पानी ४.आकाश ५.जनता।

भुवनं विष्टपेऽपि स्यात्सलिले गगने जने (मेदिनी.)।

भुवनेश्वरः (पुं.) [*भुवनस्य ईश्वरः, ष.त.*] १.शिव २.ईश्वर ३.भारतको उडिशाराज्यमा पर्ने एक तीर्थ।

भुवनेश्वरी (स्त्री.) [*भुवनस्य ईश्वरी, ष.त.*] १.दश महाविद्या मध्येकी एक देवी। यिनको उल्लेख देवीगीतामा छ। २.दुर्गा।

भुसुण्डीरामायणम् (नपुं.) रामभक्तिको प्रमुख उपजीव्य ग्रन्थ। यसमा ३६००० श्लोक छन्। यसको रचनाकाल चौधौँ शताब्दी मानिन्छ। यसमा पूर्वखण्ड, पश्चिमखण्ड, दक्षिणखण्ड र उत्तरखण्ड गरी चार खण्ड छन्। पूर्वखण्डमा १४६ अध्याय छन् भने पश्चिमखण्डमा ७२ अध्याय छन्। पूर्वखण्डमा ब्रह्माको यज्ञमा ऋषिहरूले गरेका रामकथा विषयक विभिन्न प्रश्नहरू तथा राजा दशरथको तीर्थयात्राको वर्णन छ। पश्चिमखण्डमा भरत र रामको संवादअन्तर्गत सीता जन्मदेखि लिएर स्वयंवरसम्मको कथा वर्णित छ। दक्षिणखण्डमा २४२ अध्याय छन्। यसमा रामराज्यभिषेकको तयारी, वनगमन, सीताहरण, रावणवध, लङ्काबाट प्रत्यावर्तन, भरद्वाज मुनिको आश्रममा राम र भरतको मिलनसँग सम्बद्ध कथाको वर्णन छ। उत्तरखण्डमा ५३ अध्याय छन्। यसमा देवताद्वारा रामचरित्रको महिमाको गान गरिएको छ। रामलाई पूर्णब्रह्मको साथै लीलापुरुषोत्तमको रूपमा चित्रण गरिएको छ।

भू (धा.) [*सत्तायाम्, अक.अनि.पर.*] हुनु। लट्— **भवति—** हुन्छ। **अधिभवति—** सत्ता चलाउँछ। **अनुभवति—** अनुभव गर्छ। **अभिभवति—** जित्तछ, पीडा दिन्छ। **उद्भवति—** उत्पन्न हुन्छ। **पराभवति—** हराउँछ। **प्रभवति—** प्रकट हुन्छ। **प्रतिभवति—** बदला लिन्छ। **परिभवति—** अपमान गर्छ, तिरस्कार गर्छ। **विभवति—** आश्रय दिन्छ, पालन गर्छ। **व्यतिभवते—** परस्पर मित्रता कायम गर्छ। **संभवति—** उत्पन्न हुन्छ। लिट्— **बभूव—** भएछ (अन.)। लुट्— **भविता—** हुने छ (अन.)। लृट्— **भविष्यति—** हुने छ। लोट्— **भवतु—** हओस्। लङ्— **अभवत्—** भयो (अन.)। विधिलिङ्— **भवेत्—** होला, होओस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्लिङ्– **भूयात्**– हओस्। लुङ्– **अभूत्**– भयो। लृङ्– **अभविष्यत्**– हुने थियो। भावे– **भूयते**– होइन्छ। कर्मणि– **अनुभूयते**– अनुभव गरिन्छ। णिचि– **भावयति-ते**– हुन प्रेरणा दिन्छ। सनि– **बुभूषति**– हुन चाहन्छ। यङि-**बोभूयते**, यङ्लुकि– **बोभवीति**– बारम्बार वा ज्यादै हुन्छ। कृदन्ते– **भवितव्यम्/भवनीयम्/भव्यम्**– हुनुपर्ने। **भूतः/ भूतवान्**–भएको। **भवन्/भवन्ती**–भइरहेको–की। **भवितुम्**– हुन। **भूत्वा/सम्भूय**– भएर। **भविता/भवित्री**– हुने। **भूष्णुः/भविष्णुः**– हुने। **भावुकः**– हुने । **विभुः, प्रभुः**– समर्थ स्वामी। **भूतिः**– ऐश्वर्य। **भावः**– अभिप्राय, धातुको अर्थ। **प्रभवः**– उत्पत्ति, उत्पत्ति स्थान। **भवः**– संसार, ईश्वर, भएको। **भवनम्**– हुनु, घर। **भुवनम्**– लोक । **भूमिः**– पृथ्वी। **अद्भुतम्**– आश्चर्य इत्यादि।

भू (धा.) [*प्राप्तौ, सक.सेट् आत्म.*] प्राप्त गर्नु, चिन्तन गर्नु। लट्– **भावयते**– प्राप्त गर्छ, चिन्तन गर्छ। लिट्– **भावयाञ्चक्रे**– प्राप्त गरेछ, चिन्तन गरेछ (अन.)। लुट्– **भावयिता**– प्राप्त गर्ने छ, चिन्तन गर्ने छ (अन.)। लृट्– **भावयिष्यते**– प्राप्त गर्ने छ, चिन्तन गर्ने छ। लोट्– **भावयताम्**– प्राप्त गरोस्, चिन्तन गरोस्। लङ्–**अभावयत**– प्राप्त गर्‍यो, चिन्तन गर्‍यो (अन.)। विधिलिङ्– **भावयेत्**– प्राप्त गर्ला, चिन्तन गर्ला, प्राप्त गरोस्, चिन्तन गरोस्। आशीर्लिङ्– **भावयिषीष्ट**– प्राप्त गरोस्, चिन्तन गरोस्। लुङ्– **अबीभवत**– प्राप्त गर्‍यो,चिन्तन गर्‍यो। लृङ्– **अभावयिष्यत**– प्राप्त गर्ने थियो, चिन्तन गर्ने थियो इत्यादि।

भू (धा.) [*अकलने, चुरा.सक.सेट्, उभय.*] मिलाउनु, मिस्नु, चिन्तन गर्नु। लट्– **भावयति-ते**– मिलाउँछ, मिस्छ, चिन्तन गर्छ। लिट्– **भावयाञ्चकार-चक्रे**– मिलाएछ, मिसाएछ, चिन्तन गरेछ (अन.)। लुट्– **भावयिता**– मिलाउने छ, मिसाउने छ, चिन्तन गर्ने छ (अन.)। लृट्– **भावयिष्यति-ते**– मिलाउने छ, मिसाउने छ, चिन्तन गर्ने छ। लोट्– **भावयतु-ताम्**– मिलाओस्, मिसाओस्, चिन्तन गरोस्। लङ्– **अभावयत्-त**– मिलायो, मिसायो, चिन्तन गर्‍यो (अन.)। विधिलिङ्– **भावयेत्-त**– मिलाउला, मिसाउला, चिन्तन गर्ला, मिलाओस्, मिसाओस्, चिन्तन गरोस्। आशीर्लिङ्– **भाव्यात्-भावयिषीष्ट**– मिलाओस्, मिसाओस्, चिन्तन गरोस्। लुङ्– **अबीभवत्-त**– मिलायो, मिसायो, चिन्तन गर्‍यो। लृङ्– **अभावयिष्यत्-त**– मिलाउने थियो, मिसाउने थियो, चिन्तन गर्ने थियो इत्यादि। धातुपाठे भुव अकलने इति पाठस्तु प्रमाद एव। भुव धातोः भावयति इति रूपस्यासिद्धेः।

भूः (स्त्री.) [*भवत्यस्यामिति, भू सत्तायामिति धातोः, क्विप्* च ३.२.७६ *इति क्विप्*] १.पृथ्वी/धर्ती/भूमि/भूमण्डल २.स्थानविशेष ३.स्त्रीजाति।

भूः स्थानमात्रे कथिता धरण्यामपि योषिति (मेदिनी.)।

भूकम्पः (पुं.) [*भुवः कम्पः, ष.त.*] कारणवश यदाकदा हुने पृथ्वीको कम्पन/भुइँचालो।

भूखण्डः (पुं.) [*भुवः खण्डः, ष.त.*] जमिनको टुक्रो/पृथ्वीको एक क्षेत्र।

भूगर्भः (पुं.) [*भुवः गर्भः, ष.त.*] पृथ्वीको भित्रीभाग/धर्तीभित्रको अंश। **~शास्त्रम्** (नपुं.) [*भूगर्भस्य शास्त्रम्, ष.त.*] पृथ्वीको बाहीरी र भित्री भाग कुन कुन तत्त्वले बनेका छन् र कुन रूपमा रहेका छन् तिनको विवेचना गर्ने शास्त्र।

भूगर्भविद् (पुं.) [*भूगर्भं वेत्ति, क्विप्*] पृथ्वीभित्रका विषयको ज्ञाता।

भूगर्भवेत्ता (पुं.) [*भूगर्भस्य वेत्ता, ष.त.*] भूगर्भका विशेषज्ञ।

भूगोलः (पुं.) १.[*भूः गोलः मण्डलमिव*] पृथ्वी। **मध्ये समन्तादण्डस्य भूगोलो व्योम्नि तिष्ठति**। (सूर्यसिद्धान्त) २.[*भूगोलस्य वर्णनं विद्यते अत्र, भूगोलशब्दाद् अर्श आदिभ्योऽच्* ५.२.१२७ *इत्यच्*] पृथ्वीका सतहमा रहेका नदी, पहाड, देश आदिका विषयमा व्याख्या गरिएको शास्त्र।

भूगोलविद्या (स्त्री.) [*भूगोलस्य विद्या, ष.त.*] पृथ्वीको आकार प्रकार विशेषता, बनोट आदिका सम्बन्धमा ज्ञान दिने विद्या।

भूचरः (पुं.) [*भुवि चरतीति, चरेष्टः इति टः*] १.पृथ्वीका सम्पूर्ण प्राणी २.एक प्रकारको सिद्धि।

भूचरी (स्त्री.) हठयोगअनुसार प्राण र अपान वायुलाई एकै ठाउँमा मिलाउने मुद्रा।

भूचालः (पुं.) [*भुवं चालयति, पचाद्यच्*] भूकम्प/भुइँचालो।

भूचित्रम् (नपुं.) [*भुवश्चित्रम्, ष.त.*] पृथ्वीको नक्सा।

भूच्छायम् (नपुं.) [*भुवश्छाया, विभाषा सेनासुराछाया– २.४.२५ इति तत्पुषे विभाषया नपुंसकत्वम्*] १.पृथ्वीको छाया २.अन्धकार। **तिमिरं तमस्तमिस्रां तमिस्रमिच्छन्ति भूच्छायम्** (हला.)।

भूतः (त्रि.) [*भूतिरस्यास्ति, अर्श आदिभ्योऽच्* ५.२.१२ *इत्यच्*] १.प्रेत/पिशाच/मृत शरीरको आत्मा/भूतात्मा २.पृथ्वी, जल, वायु र आकाश यी पाँच तत्त्व ३.सत्य ४.सम्पत्ति ५.प्राणी/जन्तु [*भवति स्म, गत्यर्थाकर्मक इति क्तः*] भएको ६.व्याकरणशास्त्रअनुसार कुनै काम समाप्त भएको बुझाउने त्रिया ७.पदार्थ। **~कालः** (पुं.) [*भूतश्चासौ कालश्च, कर्म. स.*] बितेको समय बुझाउने क्रियाको रूप/विगत समय। **~ग्रस्तः** (पुं.वि.) [*भूतैः ग्रस्तः, ष.त.*] १.भूतले समातेको/भूताविष्ट २.पुरानै कुराको आग्रह वा विशेषमा रहेको।

भूतकेशः (पुं.) [*भूतानां केश इव, भूतः केशोऽस्य वा*] १.जटामसी २.सेतोदुबो ३.सेतो तुलसी ४.इन्द्रेणी ५.कालो सिंवाली।

भूतग्रामः (पुं.) [*भूतानां समूहः, समूहार्थे ग्रामच्प्रत्ययः*] पदार्थको समूह २.वितेका विषयको समूह ३.मृतात्माको समूह ४.प्राणीको समूह।

भूतदया (स्त्री.) [*भूतानां भूतेषु वा दया, ष.त./स.त.*] प्राणीको वा प्राणीमा दया।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतधात्री (स्त्री.) [*भूतान् धारयति, तृच्, स्त्रियां ङीप्*] पृथ्वी ।

भूतनाथः (पुं.) [*भूतानां प्राणिनां नाथः, ष.त.*] शिव ।

भूतनायिका (स्त्री.) [*भूतानां प्रेतानां मृतात्मनां नायिका,ष.त.*] देवी ।

निशुम्भशुम्भमहिषमथनी भूतनायिका (अभि.चि.) ।

भूतपतिः (पुं.) [*भूतानां प्राणिनां पतिः, ष.त.*] शिव (अभि.चि.२.११३)

भूतपूर्वः (पुं.वि.) [*पूर्वं भूतः, सह सुपा इति समासः, भूतपूर्वे चरट् इति सूत्रनिर्देशाद् भूतशब्दस्य पूर्वप्रयोगः*] पैले भएको।

भूतपूर्वं कृतं कर्म कर्तारमनुतिष्ठति।
यथा धेनुसहस्रेषु वत्सो विन्दति मातरम्॥
(ग.पु.आचारकाण्ड ११३.५४)

भूतभाषा (स्त्री.) [*भूतानां पिशाचजातीनां भाषा, ष.त.*] पैशाची प्राकृत भाषा ।

भूतयज्ञः (पुं.) [*भूतानां कृते यज्ञः*] महायज्ञमध्ये अन्तिम यज्ञ/दिनदिनै काग,कुकुर आदिलाई दिइने वलि (अभि.चि.३.४८५-४८६) ।

भूतलम् (नपुं.) [*भुवस्तलम्, ष.त.*] पृथ्वीको सतह/धरातल/जमिन ।

भूतवेशी (स्त्री.) [*भूतानि विशति, विश प्रवेशने इति धातोः कर्मण्यण् ३.२.१ इत्यण्*] सेतो नेवारी फूल ।

भूतशुद्धिः (स्त्री.) [*भूतस्य शरीरस्य शुद्धिः, ष.त.*] पूजा, जप, पाठ आदि कर्म गर्नु, अगाडि आफ्नो शरीरलाई तेजःस्वरूप सम्झी जीवात्मालाई अद्वयब्रह्मका साथ कुण्डलिनी योगद्वारा जुटाइने कर्म । **शरीराकारभूतानां भूतानां यद्विशोधनम्। अद्वयब्रह्म-संयोगाद् भूतशुद्धिरियं मता** (पुरश्चर्यार्णव १.११४) ।

भूतात्तः (पु.वि.) [*भूतैः आत्तः, तृ.त.*] भूत लागेको । **भूतात्तस्त्वाविष्टः** (अभि.चि. ३.१५५) ।

भूतात्मा (पुं.वि.) [*भूतस्य आत्मा, ष.त.*] मृत शरीर वा त्यसमा पहिले रहेको आत्मा/जीवात्मा/प्रेत/पिशाच ।

भूतावासः (पुं.) [*भूतानामावासो यत्र बहु.स.*] १.बर्रो २.भूत बस्ने ठाउँ/श्मशान/एकान्तस्थल ।

भूतिः (स्त्री.) [*भवत्यनेन, भू सत्तायामिति धातोः, क्तिच्क्तौ च संज्ञायाम् इति क्तिच्*] १.खरानी/भस्म २.महादेवका अणिमादि आठथरी ऐश्वर्य ३.संपत्ति ४.उत्तरोत्तर वृद्धि ।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः।
तत्र श्रीविजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम॥ (भ.गी.)

५.हातीको श्रृङ्गार ।

रेवां द्रक्ष्यस्युपलविषमे विन्ध्यपादे विशीर्णां
भक्तिच्छेदैरिव विरचितां भूतिमङ्गे गजस्य (मे.दू.) ।

६. पितृका नवगणमध्ये एक ।

विश्वे विश्वनुगाराध्यो धर्मो धन्यः शुभाननः।
भूतिदो भूतिकृद् भूतिः पितॄणां ये गणा नव॥ (मा.पु.)

७.लक्ष्मी । **भूतेः लक्ष्म्याः** (या स्त्री सा दक्षिणा भूते इति भागवतश्लोकस्य टीकायां स्वामी) ८.औषधिविशेष ९.तृणविशेष १०.[*भवनम्, स्त्रियां क्तिन् इति क्तिन्*] जन्म/ उत्पत्ति ११.सत्ता ।

भूतिर्भसितं भस्म क्षारं सत्ता (रक्षा) च निर्दिष्ट्या (हला.) ।

भूतिकामः (पुं.) [*भूतेः कामो यस्य सः, बहु.स.*] समृद्धि वा ऐश्वर्यको अभिलाषी ।

भूतेशः (पुं.) [*भूतानामीशः,ष.त.*] शिवजी ।

भूतेष्या (स्त्री.) [*भूतानां प्रेतानामिष्या*] चतुर्दशी । **भूतेष्या तु चतुर्दशी** (अभि.चि.२.६५) ।

भूदारः (पुं.) [*भुवं दारयति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.सुँगुर २.बँदेल ।

भूदेवः (पुं.) [*भुवो भुवि वा देव इव*] ब्राह्मण ।

भूदेवो वाडवो विप्रः द्व्यग्राभ्यां जातिजन्मजाः (अभि.चि. ३.४७६) ।

भूधरः (पुं.) [*धरतीति धरः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भुवो धरः, ष.त.*] १.पहाड/पर्वत २.शेषनाग ३.कृष्ण ।

भूधरेश्वरः (पुं.) [*भूधराणामीश्वरः, ष.त.*] हिमालय पर्वत ।

भूध्रः (पुं.) [*भुवं धरति, मूलविभुजादितया कः,यण, एवं कुध्रमही-ध्रादयोऽपि ज्ञातव्याः*] १.पर्वत २.शेषनाग ३.कृष्ण ।

भूपः (पुं.) [*भुवं पातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] राजा/महाराजा/भूपति/नृपति/भूपाल ।

भूपदी (स्त्री.) [*भुवि पदं यस्याः सा, बहु.स., षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] वेली ।

भूपरिधिः (पुं.) [*भुवः परिधिः, ष.त.*] पृथ्वीको वरिपरिको रेखा। **~प्रमाणम्** (नपुं.) [*भूपरिधेः प्रमाणम्, ष.त.*] पृथ्वीको वृत्तको वरिपरिको रेखाको नापो ।

पुरान्तरं सूक्ष्मतरं सुयन्त्रै-
र्विद्वद्वरैराधुनिकैः प्रमाय।
शून्याभ्रतत्त्वोन्मितयोजनानि
विनिश्चित्तं भूपरिधेः प्रमाणम्॥ (केतकीग्रह.)

भूपरिमापः (पुं.) [*भुवः परिमापः, परिमापनम्, ष.त.*] देशको कुनै भागको भूमिको नापो ।

भूपिण्डः (पुं.) [*भूमेः पिण्डः, ष.त.*] पृथ्वीको पिण्ड। यो गोलाकार छ। यसको केन्द्रलाई भूकेन्द्र भनिन्छ। यो आकाशमा गुरुत्वाकर्षणको प्रभावले निराधार अडिएको छ। (गोलप्रकाश)

भूपेन्द्रः (पुं.) [*भूपानामिन्द्रः, ष.त.*] राजाहरूमा श्रेष्ठ राजा/ सम्राट्।

भूभारः (पुं.) [*भुवो भारः,ष.त.*] १.पृथ्वीको भार २.ठुलो जिम्मेवारी।

भूभृत् (पुं.) [*भुवं विभर्ति, डुभृञ् धारणपाणयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, तुक्*] १.पहाड २.राजा ।

भूमण्डलम् (नपुं.) [*भुवो मण्डलम्, ष.त.*] पृथ्वी/धर्ती ।

प्रभुर्विवेकी धनवांश्च दाता
विद्वान् विरागी प्रमदा सुशीला।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुरङ्गमः शस्त्रनिपातधीरो
भूमण्डलस्याभरणानि पञ्च॥ (सुभा.)

भूमध्यरेखा (स्त्री.) [*भुवो मध्यम्, ष.त., तस्य रेखा, ष.त.*] दक्षिणी र उत्तरी दुई ध्रुवका ठिक बिचमा पर्ने गरी कल्पना गरिएको भौगोलिक रेखा।

भूमध्यसागरः (पुं.) [*भुवो मध्यम्, ष.त., तत्र स्थितःसागरः, म.प.स.*] युरोप, अफ्रिका र एसियाका बिचमा रहेको एक समुद्र।

भूमापनम् (नपुं.) [*भुवो मापनम्, ष.त.*] सीमा छुट्ट्याउने दृष्टिले कुनै खेत, प्लट आदि जमिनका टुक्रा वा देश प्रदेश आदिको नापो गर्ने काम/पृथ्वीको नापो।

भूमिः (स्त्री.) [*बिभर्ति धारयति पोषयति वा, भृञ् भरणे इति धातोः, भृञ ऊच्च (उ.) २४० इति इन्, ऋकारस्योकारश्च यद्वा भवन्ति पदार्था अस्यामिति, भुवः कित् (उ.) इति मिः*] १.पृथ्वी २.आधार। **भूमिः क्षितौ स्थानमात्रे** (हैम.) ३.यज्ञवेदी ४.परिष्कृत भूमि ४.स्थान ५.जिब्रो ६. योगीको अवस्थाविशेष।

एवं प्राग्भूमिसिद्धावप्युत्तरोत्तरभूमये।
विधेया भगवद्भक्तिस्तां विना सा न सिध्यति॥

~करः (पुं.) [*भूमेः करः, ष.त.*] जग्गामा लागेको कर/तिरो/पोत/मालपोत। **~ देवः** (पुं.) [*भूमौ देव इव*] ब्राह्मण।

भूमिका (स्त्री.) [*भूमिरिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, अल्पा भूमिर्वा, अल्पे ५.३.८५ इति कन्, टप्*] १.मुखबन्ध/ प्रस्तावना/ प्राक्कथन/कुनै ग्रन्थका सम्बन्धमा लेखिएको सुरुको वक्तव्य २.उत्पत्तिस्थान ३.आधार/जग ४.नाटकमा पात्रहरूको वेषभूषा।

पात्राणि नाट्येऽधिकृतास्तत्तद्वेषस्तु भूमिकाः (अभि. चि.२.२४१)।

भूमिजम्बुका (स्त्री.) [*भूमिलग्ना जम्बुका, शाकपार्थिवादिः ३.१.६९, भूमिलग्नपत्रत्वात्*] १.भुइँजामुनो २.सुन्तला।

भूमिलेपनम् (नपुं.) १.[*भूमिर्लिप्यतेऽनेन, करणे ल्युट्*] गोबर। **गोविद् तु गोमयं भूमिलेपनम्**। (अभि.चि.४.३३८) २.[*भावे ल्युट्*] भूमि लिप्ने काम।

भूमिष्ठः (पुं.वि.) [*भूमौ तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कप्रत्ययः, आलोपः ६.४.६४, णत्वम्, ष्टुत्वम्*] भूमिमा रहेको।

भूमिस्पृक् (पुं.) [*भूमिं स्पृशति, स्पृश स्पर्शने इति धातोः, स्पृशोऽनुदके क्विन् ३.२.५८ इति क्विन्*] १.वैश्य २.मानिस। **भूमिस्पृक् पुंसि मानववैश्ययोः** (मेदिनी.) ३.चोरविशेष ४.लंगडो।

भूयः (अव्य.) १.[*भुवे भवाय यतते, भूपूर्वकाद् यति प्रयत्ने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] फेरि। **भूयोऽपि सिक्तः पयसा घृतेन न निम्बवृक्षो मधुरत्वमेति**। (सुभा.) २.[*अतिशयेन बहु, बहोर्लोपो भू च वहोः ६.४.१५८ इति भूरादेशः*] धेरै। **पञ्चानां त्रिषु वर्णेषु भूयांसि गुणवन्ति च** (मनु.)।

भूयशः (अव्य.) [*भूयशब्दाद् बह्वल्पार्थाच्छस्कारकादन्यतरस्याम् ५.४.४२ इति शस्*] धेरैजसो/प्रायशः।

भूयसीदक्षिणा (स्त्री.) [*भूयसी चासौ दक्षिणा च, कर्म.स.*] कुनै मङ्गल कार्य वा कृत्य गरिसकेपछि ब्राह्मणहरूलाई दिइने दक्षिणा।

भूयिष्ठः (पुं.वि.) [*अतिशयेन बहुलः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, बहोर्लोपो भूच बहोः, ६.४.१५८ इति बहोर्भूरादेशः, इष्ठस्य यिट् च ६.४.१५९ इति यिडागमः*] धेरै/ज्यादा।

यथा यथैव स्नेहेन भूयिष्ठमुपचर्यते।
धत्ते तथा तथा तापं महान् वै-श्वा- नरः खलः॥
(सुभा.)

भूयोभूयः (अव्य.) फेरि फेरि, बारम्बार।

भूयो भूयो भाविनो भूमिपालान्
नत्वा नत्वा याचते रामचन्द्रः।
सामान्योऽयं धर्मसेतुर्नराणां
काले काले पालनीयो भवद्भिः॥ (रामा.)

भूर् (अव्य.) [*भू-रुक्*] तीन व्याहृतिमध्ये एक। **ओं भूर्भुवः स्वः** (सप्रणव व्याहृति)।

भूराजस्वम् (नपुं.) [*भुवो राजस्वम्, ष.त.*] जग्गाजमिनमा लागेको पोत/कर/तिरो/भूमिकर।

भूरिः (पुं.) [*भवतीति, भू सत्तायाम् इति धातोः, अदिशदिभूशुभिभ्यः (उ.) ५१४ इति क्रिन्*] १.वासुदेव २.शिव ४.ब्रह्मा ५.इन्द्र ६.सोमदत्तका छोरा। ७.(नपुं.) सुवर्ण। **भूरिः स्यात्प्रचुरे स्वर्णे** (हैम.)।

भूरिर्ना वासुदेवे च हरे च परमेष्ठिनि।
नपुंसकं सुवर्णे च प्राप्ये स्याद्वाच्यलिङ्गकः॥ (मेदिनी.)

भूरिः (पुं.वि.) धेरै। **भूरीणि भूरिकर्माणि श्रोतव्यानि विभागशः** (भाग.) **~दानम्** (नपुं.) धेरै दान। **~तेजाः** (पुं.वि.) अति तेजस्वी। **~धनः** (पुं.वि.) [*भूरि धनं यस्य सः*] अशिय धनी। **~प्रयोगः** (पुं.) धेरै प्रयोग। **~लाभः** (पुं.) धेरै फाइदा। **~विक्रमः** (पुं.वि.) अतिशय पराक्रमी/बहादुर। **~वृष्टिः** (स्त्री.) ज्यादै वर्षा। **~श्रवाः** (पुं.) १.सात्यकिद्वारा मारिएको कौरव पक्षको एक योद्धा २.अतिशय श्रवणशक्ति भएको व्यक्ति।

भूरिफेना (स्त्री.) [*भूरयः फेना यस्याः सा, बहु.स.*] हात्तीकाने।

भूरिमाया (स्त्री.) [*भूरयो माया यस्य सः, बहु.स.*] स्याल।

भूरिशः (अव्य.) [*भूरिशब्दात् शस् प्रत्ययः*] धेरैजसो/अधिकांश।

भूरिशोऽपि च वसन्ति कानने
शाखिनो फलविशेषशालिनः।
कोकिलस्य तदपीह मानसं
नो रसालमपहाय तुष्यति॥ (सुभा.)

भूरुण्डी (स्त्री.) [*भुवं रुण्डयति आच्छादयति रुटि स्तेयकरणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीप्*] हात्तीका कानजस्ता पात हुने भुरुणीको साग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूर्जः (पुं.) [*भूर्ज अस्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा ऊर्जनमूर्जः, ऊर्ज बलप्राणनयोः इति धातोः, घञ् ३.३.११८ भूरूर्जोऽस्य*] भूर्जपत्रको रुख/भोजपत्रको लहरो। **~पत्रम्** (नपुं.) [*भूर्जस्य पत्रम्, ष.त.*] कागजजस्ता पातला पत्रैपत्र निस्कने बोक्रा भएको एक जातको वृक्ष।

भूर्जत्वक् (स्त्री.) [*भूर्जानां त्वगिव त्वक्, त.स.*] भोजपत्र।

भूर्लोकः (पुं.) [*भूश्चासौ लोकश्च, कर्म.स.*] मर्त्यलोक/संसार/ भूलोक।

भूष (धा.) [*अलङ्करणे, भ्वा.सक.सेट् पर.*] अलङ्कृत गर्नु, सजाउनु। लट्— **भूषति—** अलङ्कृत गर्छ, सजाउँछ। लिट्— **बुभूष—** अलङ्कृत गरेछ, सजाए छ (अन.)। लुट्— **भूषिता—** अलङ्कृत गर्ने छ, सजाउने छ (अन.)। लृट्— **भूषिष्यति—** अलङ्कृत गर्ने छ, सजाउने छ। लोट्— **भूषतु—** अलङ्कृत गरोस्, सजाओस्। लङ्— **अभूषत्—** अलङ्कृत गर्‍यो, सजायो (अन.)। विधिलिङ्— **भूषेत्—** अलङ्कृत गर्ला, सजाउला, अलङ्कृत गरोस्, सजाओस्। आशीर्लिङ्— **भूष्यात्—** अलङ्कृत गरोस्, सजाओस्। लुङ्— **अभूषीत्—**अलङ्कृत गर्‍यो,सजायो। लृङ्— **अभूषिष्यत्—** अलङ्कृत गर्ने थियो, सजाउने थियो। कर्मणि— **भूष्यते—** अलङ्कृत गरिन्छ,सजाइन्छ। णिचि— **भूषयति-ते—** अलङ्कृत गराउँछ, सजाउँछ सनि— **बुभूयिषति**-अलङ्कृत गराउन चाहन्छ यङि— **बोभूष्यते,** यङ्लुकि— **बोभूषीति, बोभूष्टि—** ज्यादै वा बारम्बार अलङ्कृत गर्न चाहन्छ, ज्यादै वा बारम्बार सजाउन चाहन्छ। कृदन्ते— **भूषकः, भूषिका, भूषिता, भूषित्री, भूषयिता-त्री—** अलङ्कृत पार्ने, सजाउने। **भूषन्, भूषयिषन्—** अलङ्कृत पारिरहेको, सजाइरहेको। **भूषितः—** अलङ्कृत। **भूषितवान्**- सजाएको अङ्कार गरेको। **भूषणीयम्, भूषितव्यम्—** अलङ्कृत गर्नुपर्ने। **भूषित्वा, संभूष्य, भूषयित्वा—** अलङ्कृत पारेर। **भूषणम्, भूषा—** अलङ्कार गहना इत्यादि।

भूष (धा.) [*अलङ्करणे, चुरा.सक.सेट् उभय.*] सजाउनु अलङ्कृत तुल्याउनु। लट्— **भूषयति-ते—** सजाउँछ, अलङ्कृत तुल्याउँछ। लिट्— **भूषयाञ्चकार-चक्रे—** सजाएछ, अलङ्कृत तुल्याएछ (अन.)। लुट्— **भूषयिता—** सजाउने छ, अलङ्कृत तुल्याउने छ (अन.)। लृट्— **भूषयिष्यति-ते—** सजाउने छ, अलङ्कृत तुल्याउने छ। लोट्— **भूषयतु-ताम्—** सजाओस्, अलङ्कृत तुल्याओस्। लङ्— **अभूषयत्-त—** सजायो, अलङ्कृत तुल्यायो (अन.)। विधिलिङ्— **भूषयेत्-त—** सजाउला, अलङ्कृत तुल्याउला, सजाओस्, अलङ्कृत तुल्याओस्। आशीर्लिङ्— **भूष्यात्—** सजाओस्, अलङ्कृत तुल्याओस्। लुङ्— **अबूभुषत्-त—** सजाउने थियो, अलङ्कृत तुल्यायो। लृङ्— **अभूषयिष्यत्-त—** सजाउने थियो, अलङ्कृत तुल्याउने थियो इत्यादि।

भूषणः (पुं.) [*भूषयति जगत्, ल्युः, अनः*] १.विष्णु (सहस्रनाम) २.राजाविशेष ३.कविविशेष।

भूषणम् (नपुं.) १.[*भूष्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] गहना/आभूषण/शोभा बढाउने वस्तु २.[*भावे ल्युट्*] भूषित गर्ने काम।

भूषा (स्त्री.) [*भूषणम्, भूष्यतेऽनया वा, भूष अलङ्करणे इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*]गहना/आभूषण/शोभा बढाउने वस्तु।

दम्पत्योः पर्यदात् प्रीत्या भूषावासपरिच्छदान् (भाग. ३.२२.२२)।

भूषितः (पुं.वि.) [*भूष्यते स्म, भूष अलङ्कारे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अलङ्कृत/सिँगारिएको/परिष्कृत।

प्रसाधितोऽलङ्कृतश्च भूषितश्च परिष्कृतः (अमर.)।

भूष्णुः (पुं.वि.) [*भवनशीलः, ग्लाजिस्थश्च ग्स्नुः ३.२.१३९ चाद्भुवः*] १.हुने/सप्रने २.धन वा समृद्धिको अभिलाषा राख्ने। **भविष्णुर्भविता भूष्णुः** (अभि.चि.)।

भूसंरक्षणम् (नपुं.) [*भुवः संरक्षणम्, ष.त.*] बाढी आदिबाट जग्गा—जमिनको कटाउ जोगाउन गरिने भूमिको बचावट।

भूसंस्कारः (पुं.) [*भुवः संस्कारः, ष.त.*] धार्मिक कार्यका निमित्त गरिने लिपपोत आदि भूभागको संस्कार।

भूस्वामित्वम् (नपुं.) [*भुवः स्वामित्वम्, ष.त.*] जमिनको स्वामित्व/भूमिमाथिको अधिकार।

भूस्वामी (पुं.) [*भुवः स्वामी, ष.त.*] १.जमिनको मालिक २.श्राद्धमा पितृलाई दिइने अन्नदानभन्दा अगाडि सीधा वा अन्नदान दिइने भूमिका अधिपति पृतृ। **एतद् भूस्वामिपृतृभ्यो नमः** (श्राद्धपद्धति)।

भृकुंसः (पुं.) [*भृपरः कुंसः, म.प.*] स्त्रीवेशधारी नट। **भ्रभ्रुभ्रूभृपरः कुंसो नटः स्त्रीवेशधारकः** (अभि.चि.)।

भृकुटी (स्त्री.) १.[*भ्रुवः, कुटी भङ्गिः, संप्रसारणम् ङीप्,* पृषो.] आँखीभौँ/भ्रू २.नेपालका प्रसिद्ध राजा अंशुवर्माकी छोरी। यिनको विवाह तिब्बतका राजा स्रङ-चन-गम्पोसँग भएको थियो।

भृगुः (पुं.) [*भृज्जति तपसा शरीरमिति, भ्रस्ज पाके इति धातोः, प्रथिम्रदिभ्रस्जां संप्रसारणं सलोपश्च (उ.२८) इति सूत्रेण कुः, सम्प्रसारणं भ्रस्जे सलोपश्च, न्यङ्क्वादित्वात् कुत्वम् ७.३.५३*] १.शुक्र २.झरना ३.जमदग्नि ऋषि/भृगुवंशका पूर्वपुरुष। एकपटक ब्रह्मा, विष्णु र शिवमध्ये सर्वपूज्य को हुन सक्छन् भन्ने विषयको परीक्षणका लागि ऋषिहरूले भृगु ऋषिलाई पठाए। भृगु सर्वप्रथम ब्रह्माको आवासमा गए तर ब्रह्माले उनको सत्कार गरेनन्। त्यसपछि भृगुले उनलाई संसारमा तिम्रो पूजा नहोस् भनी श्राप दिए। त्यसपछि भृगु शिवको निवासमा गए। पार्वतीसित बसिरहेका शिवले उनलाई भेट दिएनन्। त्यस पछि भृगु रिसाएर तिम्रो मूर्ति लिङ्गमय होस् भनी श्राप दिए। अनि भृगुले क्रुद्ध हुँदै विष्णुको आवासमा गएर सुतिरहेका विष्णुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छातीमा एक लात बजारे। विष्णु जागा भएर भृगुको गोडा सुमसुम्याउदै कतै तपाईंलाई चोट त लागेन भन्दै नम्र भएर प्रश्न गरे। त्यसपछि उनको शिष्टाचार देखेर विष्णुलाई नै सर्वपूज्य देवता ठहर गर्दै भृगु फर्किए, ऋषिहरूले सर्वपूज्य देवताका रूपमा विष्णुलाई लिए। (पौराणिक आख्यान) ४.शिव। **भृगुः शुक्रे प्रपाते च जमदग्नौ पिनाकिनि** (विश्व) **~तनयः** (पुं.) १.परशुराम। **वीरो न यस्य भगवान् भृगुनन्दनोऽपि** (उ.रा.५.३४) २.शुक्र। **~पतिः** (पुं.) परशुराम। **भृगुपतियशोवर्त्म यत् क्रौञ्चरन्ध्रम्**। (मे.दू.) **~रि(री)टिः** (पुं.) शिवको एक गण। **~वंशः** (पुं.) परशुरामको वंश। **~वारः/वासरः** (पुं.) शुक्रवार।

भृङ्गः (पुं.) [*बिभर्ति धरति पुष्परसमिति, डुभृञ् धारणपोषणयोः, इति धातोः, भृञः किन्नुट् च (उ.) १३० इति सूत्रेण गन्, कित्, नुट् च*] १.भमरो/भ्रमर २.(*भृङ्ग इव कृष्णत्वात्*) ध्वाँसे चरो ३.जडिबुटीविशेष। **भृङ्गो धूम्याटषिङ्गयो। मधुव्रते भृङ्गराजे पुंसि भृङ्गं गुडत्वचि** (मेदिनी.) ४.कामुक/व्यभिचारी। **~रि(री)टिः** ५.(पुं.) शिवको एक गण।

भृङ्गम् (नपुं.) [*बिभर्तीति, भृञ् किन्नुट् च (उ.१३०) इति गन्,* कित्, नुट् च] वेतलहुरी।

भृङ्गरजः (पुं.) १.[*भृङ्ग इव रजः कृष्णवर्णः पुष्परजो यस्य सः, बहु.स.*] भृङ्गराज २.[*भृङ्गस्य पादसंलग्नो पुष्परजः*] भवरो फूलमा बस्दा उसको खुट्टामा लागेको पुष्पपराग।

भृङ्गराजः (पुं.) [*भृङ्ग इव राजते, राजृ दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.भृङ्गराज २.पक्षिविशेष ३.[*भृङ्गानां राजा, टच्*] ठुलो खालको भँमरो। **अथ भृङ्गराज उक्तः पक्षिविशेषे च मार्कवे भ्रमरे** (मेदिनी.)। **स्यान्मार्कवो भृङ्गरजः भृङ्गराजः सुजागरः** (रभस.)।

भृङ्गारः (पुं.) [*बिभर्ति जलं धारयतीति, डुभृञ् धारणषेषणयोः, इति धातोः, शृङ्गारभृङ्गारौ (उ.४२३) इति आरन्, नुम्, गुक्, ह्रस्वश्च*] १.सुनको झारी। **भृङ्गारः कनकालुके। भृङ्गारी झिल्लिकायां स्यात्** (विश्व.)। **शिशिरसुरभिसलिलपूर्णोऽर्घ्यं भृङ्गारः** (वेणीसं.३) २.राज्यभिषेकका वेलामा प्रयोग गरिने एक प्रकारको घडा।

भृङ्गारी (स्त्री.) [*भृङ्गं भृङ्गरूपम् आ राति, रा दाने इति धातोः, मूलविभुजादिभ्यश्च (वा.) ३.२.५ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा बिभर्ति, शृङ्गारभृङ्गारौ (उ.) ४२३ इति साधुः, यद्वा रूपेण भृङ्गमृच्छति, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.१.२ इत्यण्*] झिंगो। **भृङ्गारी झिल्लिकायां च कनकालौ पुनः पुमान्** (मेदिनी.)।

भृङ्गी (पुं.) १.[*भृङ्गोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] शिवको एक अनुचर वा गण २.[*भृङ्गस्य स्त्री, ङीष्*] भमरी। **~राजः** (पुं.) [*भृङ्गिणाम् राजा, ष.त.*] औषधिको रूपमा प्रयोग हुने पहेंलो, रातो फूल फुल्ने मसिना पात हुने एक जातको झार।

भृजी (धा.) [*भर्जने, सक.सेट् आत्म.*] भुट्नु। लट्– **भर्जते–** भुट्छ। लिट्– **बभृजे–** भुटेछ (अन.)। लुट्– **भर्जिता–** भुट्ने छ (अन.)। लृट्– **भर्जिष्यते–** भुट्ने छ। लोट्– **भर्जताम्–** भुटेस्। लङ्– **अभर्जत–** भुट्यो (अन.)। विधिलिङ्– **भर्जेत–** भुट्ला, भुटेस्। आशीर्लिङ्– **भर्जिषीष्ट–** भुटेस्। लुङ्– **अभर्जिष्ट–** भुट्यो। लृङ्– **अभर्जिष्यत–** भुट्ने थियो। कर्मणि– **भृज्यते–** भुटिन्छ। णिचि– **भर्जयति–ते–** भुट्न लगाउँछ। सनि– **विभर्जिषते–** भुट्न चाहन्छ। कृदन्ते– **भर्जितव्यम्/भर्जनीयम्/ भृज्यम्–** भुट्नुपर्ने/भुटिने। **भर्जित्वा/संभृज्य–** भुटेर। **भर्जितुम्–** भुट्न। **भर्गः** तेज इत्यादि।

भृज्जनम् (पुं.) [*यत् यस्मिन् वा भृज्जति परिपक्वं भवति, भ्रस्ज पाके इति धातोः, भूसूधूभ्रस्जिभ्यश्छन्दसि (उ.) इति क्युन्, युवोरनाकौ ७.१.१ इत्यनः सम्प्रसारणम्*] भुट्ने भाँडो।

भृञ् (धा.) [*भरणे, सक.अनिट्, उभय.*] भरण–पोषण गर्नु, पूर्ण गर्नु। लट्– **भरति–ते–** भरण–पोषण गर्छ, पूर्ण गर्छ। लिट्– **बभार–बभ्रे–** भरण–पोषण गरेछ, पूर्ण गरेछ (अन.)। लुट्– **भर्ता–** भरण–पोषण गर्ने छ, पूर्ण गर्ने छ (अन.)। लृट्– **भरिष्यति–ते–** भरण–पोषण गर्ने छ, पूर्ण गर्ने छ। लोट्– **भरतु–ताम्–** भरण–पोषण गरोस्, पूर्ण गरोस्। लङ्– **अभरत्–त–** भरण–पोष गऱ्यो, पूर्ण गऱ्यो (अन.) विधिलिङ्– **भरेत्–त–** भरण–पोषण गर्ला, पूर्ण गर्ला, भरण–पोषण गरोस्, पूर्ण गरोस्। आशीर्लिङ्– **भ्रियात्–भृषीष्ट–** भरण–पोषण गारेस्, पूर्ण गरोस्। लुङ्– **अभार्षीत्–अभृत–** भरण–पोषण गऱ्यो, पूर्ण गऱ्यो। लृङ्– **अभरिष्यत्–त–** भरण–पोषण गर्ने थियो, पूर्ण गर्ने थियो इत्यादि।

भृतः (पुं.वि.) [*भ्रियते स्म, भृञ् भरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.भरिएको/परिपूर्ण २.पालनपोषण गरिएको ३.दास/कमारो।

भृतकः (पुं.) [*भ्रियते स्म, भृञ् भरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, भृत एव स्वार्थे कन्*] १.तलब लिएर काम गर्ने व्यक्ति २.नोकर/भृत्य।

भृतिभुक् (पुं.) [*भृतिं वेतनं भुङ्क्ते, क्विप् च ३.२.७६ इति क्विप्*] ज्याला वा तलब लिएर काम गर्ने व्यक्ति।

भृती (स्त्री.) [*कर्मणि भृतौ ३.२.२२ इति निर्देशात् क्तिनपि*] ज्याला, तलब, पारिश्रमिक आदि।

भृत्रिमः (पुं.वि.) [*भरणेन निर्वृत्तः भृञ् पालनपोषणयोः इति धातोः, ड्वितः क्त्रिः ३.३.८८ इति क्त्रिः, क्त्रेर्मम् नित्यम् ४.४.२० इति मम्*] पालनपोषण गर्नुपर्ने।

भृत्यः (पुं.) [*भ्रियते इति, भृञ् भरणे इति धातोः, भृञोऽसंज्ञायाम् ३.१.११२ इति क्यप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] १.भरणपोषण गर्नु पर्ने २.पारिश्रमिक दिएर काम लगाइएको व्यक्ति। **भृत्यः दासे भृतौ भृत्या** (विश्व.)।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भृत्या (स्त्री.) [*भ्रियन्ते कर्मकरा अनया, भृञ् भरणे इति धातोः, संज्ञायां समज ३.३.९९ इति क्यप्*] ज्याला, तलब, पारिश्रमिक आदि।

भृशम् (नपुं.) [*भृशते, भृशु अधःपतने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] धेरै/अतिशय।

भृष्टयवः (पुं.) [*भृष्टश्चासौ यवश्च*] भुटेको जौ।

भॄ (धा.) [*भर्त्सने, सक.सेट्, पर.*] गाली गर्नु, संरक्षण दिनु, पालन गर्नु, धारण गर्नु। लट्– **भृणाति–** गाली गर्छ, संरक्षण दिन्छ, पालन गर्छ, धारण गर्छ इत्यादि।

भेकः (पुं.) [*बिभेति यस्माद् यो वा, ञिभी भये इति धातोः, इण्भीकापाशल्यतिमर्चिभ्यः कन् (उ.) ३३० इति कन्, गुणः*] १.भ्यागुतो २.बादल। **भेको मण्डूकमेधयोः** (मेदिनी.)।

भेदः (पुं.) [*भेदनम्, भिदिर् विदारणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.फरक/अन्तर/भिन्नता २.फाटो/विरोध ३.भित्री कुरा। **~भावः** (पुं.) [*भेदस्य भावः, ष.त.*] १.प्रायः समान मानिसका व्यक्ति वा वस्तुहरूका बिच गरिने वा सम्झिने भेदको विचार २.सानो र ठुलो भनी छुट्ट्याउने काम।

भेदकातिशयोक्तिः (स्त्री.) अतिशयोक्ति अलङ्कारको एक भेद। उही विषयलाई अर्कै भनेर वर्णन गर्दा पर्ने अलङ्कार।

भेदकातिशयोक्तिस्तु तस्यैवान्यत्ववर्णनम्।
अन्यदेवास्य गाम्भीर्यमन्यद् धर्मं महीपतेः॥ (कुवल.)

भेदितः (पुं.वि.) [*भिद्यते स्म, भिदिर् विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.चिरिएको २.भेद पैदा गरिएको।

भेद्यः (पुं.वि.) [*भेत्तुं योग्यः, भिदिर् विदारणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.प्वाल पारिनुपर्ने/छेड्न योग्य/काट्न योग्य/भेदन गर्न योग्य २.फुट पैदा गर्न योग्य।

भेरिः (पुं. वि.) [*बिभ्यति जना यस्मात् सः, ञिभी भये इति धातोः, अदिशदिभूशुभिभ्यः (उ.) ५१४ इति क्रिन्*] १.डरलाग्दो २.(पुं.) बाजाविशेष।

भेरी (स्त्री.) [*बिभेति जनोऽनया, ध्वनेरधिकतया,अतिशयजलप्रवाह तया च, भी भये इति धातोः,ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुर भद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ. १९६) इति रक्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, गुणः*] १.कर्णाल बाजाविशेष २.नेपालको पश्चिमभागबाट बग्दै कर्णालीमा मिसिन पुग्ने एक नदी।

भेलसंहिता (स्त्री.) आयुर्वेदको प्रसिद्ध ग्रन्थ। यसका रचयिता भेल हुन्। यिनी पुनर्वसु आत्रेयका शिष्य थिए। भेलसंहिता पूर्ण उपलब्ध छैन। यसमा चरकसंहिताको प्रभाव परेको देखिन्छ। यसको रचनाकाल ई.पू. ६०० वर्ष मानिन्छ।

भेषजम् (नपुं.) [*भेषं रोगभयं जयति, जि जये इति धातोः, अन्येष्वपि दृश्यते इति डः*] औषधि/ओखती।

भेषृ [*भये, अक.सेट्, उभय.*] डराउनु। लट्– **भेषति-ते–** डराउँछ इत्यादि।

भैक्षम् (नपुं.) [*भिक्ष्यते, भिक्ष याच्ञायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०२ इत्यः, भिक्षाणां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण्*] मागेर ल्याएको अन्नको समूह।

भैरवः (पुं.) १.[*भीरोरयम्, तस्येदम् ४.३.१२० इत्यण्*] भयङ्कर/भयानक २.[*भीः– भयदायकः, रवः शब्दो यस्य सः, बहु.स., भीरवः, भीरव एव, स्वार्थेऽण्*] १.नागविशेष २.नदविशेष ३.शरद् ऋतुको पहिलो प्रहरमा गाइने एक राग ४.तालका आठ मुख्य भेदमध्ये एक ५.पिउँदा पिउँदै बान्ता गराउने रक्सी ६.शिवको गण ७.शिवको अवतार। भिन्न भिन्न देवीका भिन्नाभिन्नै नाम र सगुणरूपको ध्यानले गर्दा भैरवका नाम पनि फरक-फरक हुन्छन्, जस्तै– दशमहाविद्याका दश भैरव यी हुन्–

महाविद्या	भैरव
१.कालिका	१.महाकाल
२.तारा	२.अक्षोभ्य
३.त्रिपुरसुन्दरी	३.ललितेश्वर (त्रिपुरभैरव)
४.छिन्नमस्ता	४.विकरालक (क्रोधभैरव)
५.भुवना	५.महादेव
६. धूमावती	६.कालभैरव (घोरभैरव)
७.महालक्ष्मी	७.नारायण
८.भैरवी	८.बटुकभैरव
९.मातङ्गी	९.मातङ्गभैरव (सदाशिव)
१०.बगला	१०.मृत्युञ्जय (शक्तिसङ्गमतन्त्र)

ब्राह्मी आदि अष्टमातृकाहरूका आठ भैरवहरू यी हुन्–

मातृकाको नाम	भैरवको नाम
१.ब्राह्मी	१.असिताङ्ग,
२.माहेश्वरी,	२.रुरुनाथ,
३.ऐन्द्री,	३.चण्डनाथ,
४.वाराही	४.क्रोधभैरव,
५.वैष्णवी	५.उन्मत्तभैरव,
६.कौमारी	६.कपालीभैरव,
७.चामुण्डा	७.भीषणभैरव
८.चर्चिका	८.संहारभैरव

यी बाहेक बटुक भैरव आठ छन्। सतीदेवीका अङ्ग पतन भएका स्थलहरूमा विभिन्न शक्तिपीठ र भैरव पनि पैदा भएका छन्। विश्वरूप, महाकाल, कालभैरव आदि भैरवका अन्य प्रकार पनि छन्। तिनको वर्णन पुराण तथा तन्त्र ग्रन्थमा छ। ब्रह्माका पाँच शिरमध्ये एक शिर शिवको बायाँ हातको नङ्ले काटिएपछि शिरमात्रको रूपमा रहेका देवता पनि भैरव नै हुन्। नेपालमा भएका भैरव र तिनका शक्तिको सङ्ख्या पनि निकै छ।

१.अष्ट भैरवहरू

असिताङ्गः (पुं.) [*असितानि अङ्गानि यस्य सः, बहु.स.*] यिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णकालो छ। यिनकी शक्तिको नाम ब्राह्मी।

रुद्र (रु) भैरवः [*रुरुः रुद्रस्वरूपो भैरवः, म.प.स.*] यिनकी शक्तिको नाम रौद्री अथवा चण्डकुमारी हो।

क्रोधभैरवः (पुं.) [*क्रोधप्रधानः भैरवः, म.प.स.*] यी प्रायः रिसाउने खालका हुन्छन्। यिनकी शक्तिको नाम वैष्णवी हो।

उन्मत्तभैरवः (पुं.) [*उन्मत्तश्चासौ भैरवश्च, कर्म.स.*] यी सदा सर्वदा उन्मत्त र डरलाग्दा देखिन्छन्। यिनको शक्तिको नाम वाराही हो। एक पटक पशुपतिका दक्षिणमूर्ति क्रुद्ध भएका थिए। उनलाई शान्त गर्न उन्मत्तभैरवको स्थापना गरिएको हो। (वंशावली)।

कपालभैरवः (पुं.) [*कपालाकारकः भैरवः, म.प.स.*] गाग्राको आधा भागलाई कपाल भन्दछन्। कपालको आकारसित मिल्ने हुंदा यिनलाई कपालभैरव भनिएको हो। यिनकी शक्ति इन्द्राणी हुन्।

भीषणभैरवः [*भीषणाकारो भैरवः, म.प.स.*] यिनको आकार अरू भैरवको भन्दा पनि डरलाग्दो हुन्छ। यिनकी शक्ति चामुण्डा हुन्।

संहारभैरवः [*संहारकारको भैरवः, म.प.स.*] सम्पूर्ण सृष्टिलाई संहार गर्ने भैरव। यिनको अवतार प्रलयकालीन मानिन्छ। यिनकी शक्ति महालक्ष्मी हुन्।

२.कीर्तिमुखभैरवः— [*कीर्तिर्मुखे यस्य सः, बहु.स.*] यिनको शिर मात्र हुन्छ। पशुपतिमा ६४ लिङ्गको क्षेत्रमा पस्ने ढोकाको अगाडि कीर्तिभैरवको मन्दिर छ। पशुपतिमा चढाइने बलि यसै कीर्तिमुख भैरवमा चढाइन्छ

३.क्षेत्रपालभैरवः [*क्षेत्रं पालयति, पचाद्यच्, स चासौ भैरवश्च, कर्म.स.*] खास क्षेत्रको संरक्षणका लागि स्थापना गरेका भैरवलाई क्षेत्रपाल भैरव भनिन्छ। यी मूर्तिपरक र प्रतीकात्मक गरी दुई प्रकारका हुन्छन्। पचलीमा रहेको भैरवमूर्ति (पचलीभैरव) मूर्तिधारी क्षेत्रपाल भैरव हुन्। (वंशावली) गुणकामदेवले कीर्तिपुर नगरको रक्षाका लागि यिनलाई जगाएका थिए। प्रतीकात्मक क्षेत्रपालभैरव अमूर्त हुन्छन्। त्यसका लागि कुनै शिला, ढिस्को आदिलाई क्षेत्रपालको प्रतीक मानेर पूजा गर्ने प्रथा छ।

४.महाकालभैरवः [*महाकालरूपो भैरवः, म.प.स.*] यी भैरव कालका पनि काल मानिन्छन्। तान्त्रिकहरूले यिनको आराधना गरेर ठुला ठुला काम पट्याएका छन्। काठमाडौँ यट्खा टोलमा स्थापित भैरव महाकालभैरव हुन्। यसका दायाँबायाँ दुवैतिर दुई बौद्ध भिक्षु सेवामा संलग्न देखिन्छन्। महकालभैरव सनातन धर्मावलम्बी र बुद्धिष्ठ दुवैका साझा देवता हुन्। दुबैले आआफ्नो विधिअनुसार यिनको पूजा गर्दछन्। काठमाडौँ टुँडिखेलस्थित महाङ्काललाई चैत्र कृष्ण चतुर्दशीका दिन राती तासको लुगा लगाइन्छ। ती लुगामा मानव अस्थिका गहनाहरू जडिएका हुन्छन्। नेपाली समाजमा घर वा मन्दिरको मूल ढोकाको नजिकै खोपामा यिनको मूर्ति राख्ने प्रथा छ।

५.बटुकभैरवः [*वटुकरूपो भैरवः, म.प.स.*] यिनको स्वरूप सदा सर्वदा वटुकको जस्तो हुन्छ। तर यिनको ध्यान भने तीन भावले गरिन्छ— सात्त्विक, राजस र तामस। सात्त्विक भावले बालरूप, राजस भावले युवारूप र तामस भावले डरलाग्दो दाह्रा भएको प्रौढरूपको ध्यान गरिन्छ। थोरै आराधनाबाट पनि यी भैरव खुसी हुन्छन्। काठमाडौँ इन्द्रचोकका आकाशभैरव वटुक भैरव हुन्। ललितपुर लगनखेल स्थित बटुकभैरव साह्रै प्राचीन र प्रसिद्ध छन्।

६.व्याघ्रभैरवः [*व्यघ्राकारो भैरवः, म.प.स.*] व्याध्रभैरवलाई नेपाली जनताले बाघभैरव भन्दछन्। यसको मूर्ति बाघको आकारको भएकाले यिनलाई बाघभैरव भनिएको हो। यिनको जिभ्रो छैन। नेपालमा बाघभैरवको मन्दिर कीर्तिपुरमा मात्र छ। कीर्तिपुरवासी बाघभैरवलाई स्थानीय अभिभावक वा रक्षक मान्छन्। नुवाकोटका भैरव पनि बाघभैरव हुन्।

७.विशालकायभैरवः [*विशालः कायो यस्य सः, बहु.स.*] ठुला शरीर हुने भैरवलाई विशालकाय भैरव वा विराट्भैरव भन्दछन्। पशुपतिका उन्मत्तभैरव, ज्ञानेश्वरका आनन्दभैरव, हनुमानढोकाका कालभैरव, लेले प्रदेशका टीकाभैरव र नुवाकोटका भैरव विराटकाय भैरव हुन्। आनन्दभैरव ज्ञानेश्वर महादेवका प्रतिनिधि हुन्। बालबालिकाको रक्षा यिनले गर्दछन्। कालभैरव कान्तिपुरको उत्तरबाट ल्याई हनुमानढोकामा स्थापना गरिएका भैरव हुन्। यी नगरबासीहरूका पाप र धर्मको ज्ञाता मानिन्छन्। नेपाल भूखण्डको संरक्षणका लागि टीका भैरवको प्रतिष्ठा भएको मानिन्छ। नुवाकोट भैरव नुवाकोटका रक्षक हुन्। ललितपुर नगर रक्षाका लागि कुम्भेश्वरको शिवमन्दिरको छानामा उन्मत्त भैरवको स्थापना भएको छ। यस्तै पनौती,काभ्रे, दोलखा आदि नेपालका अन्य क्षेत्रमा पनि स्थानीय जनताको संरक्षणका लागि भैरवहरू स्थापित छन्। यहाँका मानिसहरूको भैरवप्रति अगाध आस्था छ। आआफ्नो रहन सहन, खानपिन र संस्कारअनुसार कसैले चन्दन, अक्षता, फूल, बाबर, फलफूल आदि चढाएर यिनको सात्त्विक पूजा गर्दछन् भने कसैले कुखुरा वा हाँसको फुल आदि पनि चढाउँछन्। कसैकसैले चाडपर्वको समयमा राँगा, बोका, हाँस, कुखुरा आदिको बलि पनि दिन्छन्।

८.भित्तिभैरवः [*भित्तिगतः भैरवः, म.प.स.*] यी भैरव चित्रका रूपमा रहेका भैरव हुन्। कतिपय देवी देवताका मन्दिरका दायाँ बायाँ र पछाडिका भित्तामा यिनको चित्र अङ्कित भएको हुन्छ। भित्तिभैरवले आफ्नो शरीरको पृष्ठमा शिरदेखि पाउसम्म नरचर्म (ब्रह्माण्डको प्रतीक) ओढेका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९.कुम्भभैरवः [*कुम्भनिकटस्थो भैरवः, म.प.स.*] यिनको शिरमात्र देखिन्छ। माटो, काठ र धातुले बनेका तीनैथरी यिनका रूप उपलब्ध छन्। माटाको मूर्तिमा पछाडिपट्टि माटाकै घ्याम्पो हुने हुँदा यिनलाई कुम्भभैरव भनिएको हो। तर धातु वा काठको मूर्तिमा भने घ्याम्पो राखिएको हुँदैन। पूजाको वेला घ्याम्पाको सट्टा अरू नै भाँडाको प्रयोग गरिन्छ। आगमशास्त्रमा कुम्भभैरवलाई अमृतवर्षनी भन्दछन्।

१०.चक्रभैरवः [*चक्राकारो भैरवः, म.प.स.*] रातो मच्छिन्द्रनाथ (करुणामय) को रथ, भक्तपुरको महाभैरवको रथ, सेतो मच्छिन्द्रनाथ (अवलोकितेश्वर) को रथ वा कुमारीको रथको चारै पाङ्ग्रालाई भैरव मानेर पुजिने हुँदा यिनलाई चक्रभैरव भनिएको हो। चार चक्रभैरव बाहेक रथको अग्रभागमा रहने भैरवलाई नागभैरव भनिन्छ। जात्राको पछिल्लो दिन पाँचै भैरवको पूजा हुन्छ।

११.भीमसेनभैरवः [*भीमसेननामको भैरवः, म.प.स.*] खासगरी साहू व्यपारीले भीमसेनलाई व्यापार र समृद्धिका संरक्षक भैरव मानी पशुपक्षीको बलि चढाई पूजा गर्ने, पसलमा भीमसेनका ससाना मूर्ति वा फोटो राख्ने र शनिवारका दिन व्यक्तिगत रूपमा भीमसेनको पूजा गर्ने गर्दछन्।

१२.अन्यभैरवाः [*अन्ये च ते भैरवाश्च, कर्म.स.*] उपर्युक्त बाह भैरवहरू बाहेक– भूतेश्वरभैरव (काठमाडौँ गणेश अगाडि) विश्वरूपभैरव, कालचक्रभैरव, महिषभैरव, पद्मनाभभैरव र श्मशानभैरव कालभैरव आदि अरू पनि भैरव छन्। यिनको विस्तृत विवरण तन्त्र तथा पौराणिक ग्रन्थमा वर्णित छ।

भैरवयातना (स्त्री.) [*भैरवी चासौ यातना च, कर्म.स.*] मरणकालमा प्राणीले भोग्नु पर्ने कहाली लाग्दो पीडा।

भैरवी (स्त्री.) [*भैरवस्य इयम्, ङीप्*] १.दुर्गा २.दश महाविद्या–मध्येकी एक महाविद्या। यिनका केही नामहरू– त्रिपुरभैरवी, चैतन्यभैरवी, भुवनेश्वरभैरवी, रुद्रभैरवी आदि ३.सङ्गीतमा एक रागिणी ४.एक वर्ष वा सोभन्दा मुनिकी कन्या ५.नदीविशेष ६.(वि.) डरलाग्दी। **~चक्रम्** (नपुं.) आज्ञा, विशुद्धि, अनाहत, मणिपुर, स्वाधिष्ठान, मूलाधार, सूर्य, सोम, अग्नि नामक नवकोण भएको एक चक्र। यसमा महालक्ष्मीलाई प्रधान मानेर तान्त्रिक विधिद्वारा उपासना गरिन्छ। यो चक्र रहेको ठाउँमा स्पृश्यास्पृश्यको वारणा हुँदैन। इन्द्रद्युम्न राजाले जगन्नाथ पुरीमा भैरवीचक्रको स्थापना गरेको हुँदा त्यहाँ खानपिनमा स्पृश्यास्पृश्यको वारणा छैन। त्यहाँ सबै वर्ण ब्राह्मण मानिन्छन्, समान र पवित्र हुन्छन्, जोसुकै त्यहाँ पुगुन्, कोही पनि ब्राह्मणेतर रहदैनन्।

प्रवृत्ते भैरवीचक्रे सर्वे वर्णा द्विजातयः।
निवृत्ते भैरवीचक्रे सर्वे वर्णाः पृथक्पृथक्॥ (यामलतन्त्र)

भैरवकुण्डम् (नपुं.) [*भैरवनाम्ना प्रसिद्धं कुण्डम्, म.प.स. यद्वा भैरवं भीषणञ्च तत् कुण्डम्, कर्म स.*] नीलकण्ठ पर्वत (गोसाइँकुण्ड पहाड) मा अवस्थित सबैभन्दा डर लाग्दो सरोवर।

(भैरवकुण्डम्)

भैषजम् (नपुं.) [*भेषयति, भेषृ भये इति धातोः, ण्यन्तात्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भेषं रोगं जयति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, यद्वा भेषं जयति, जै क्षये इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, भेषजमेव स्वार्थेऽण्*] १.औषधि २.पक्षिविशेष।

भैषज्यम् (नपुं.) [*भेषजमेव, अनन्तावसथेतिहभेषजाञ्ञ्यः, ५.४.२३ इति ञ्यः, वृद्धिः*] औषधी।

भोः (अव्य.) [*भाति, भा दीप्तौ इति धातोः, बाहुलकाड्डोस्*] सम्बोधन अर्थ बुझाउने पद। **भो बाल ! अत्रागच्छ।**

भोक्तव्यः (पुं.वि.) १.[*भोक्तुमर्हः,अर्हे तव्यत्*] भोग्नै पर्ने।

भोक्ता (पुं.) १.[*भुनक्ति,ण्वुल्तृचौ इति तृच्*] खाने (व्यक्ति) २.[*भुङ्क्ते इति, पूर्ववत्*] सम्भोग गर्ने (पति, प्रेमी) ३.शासन गर्ने (देशको रजकीय प्रमुख) ४.समय लगाउने (ग्रह) ५.शिव ६.विष्णु।

भोगः (पुं.) [*भुज्यतेऽसौ इति, भुजोऽनवने इति धातोः, भावे ३.३.१८ इति घञ्, चजोः कु घिण्यतोः ७.३.५२ इति कुत्वम्*] १.सुख–दुःखको अनुभव गर्नु २.पाप वा पुण्यको फल वा प्रारब्ध भोग्ने काम/आफूले गरेका कर्मको फल ३.मैथुन ४.शासन ५.देवतालाई चढाउने पदार्थ ६.ग्रहहरूले सूर्यको परिक्रमा गर्दा नक्षत्रहरूमा लगाइने समय। । **~बन्धकः** (पुं.) [*भोगाय बन्धकः, च.त.*] आसामीले साहुसँग लिएको ऋण नतिरेसम्म ब्याज वापत आफ्नो चल–अचल सम्पत्ति साहूले भोग गर्न पाउने गरी लिखत गरिदिएको, व्यवहार वा कानुनले साहूलाई भोग गर्न दिएको सापटी रुपियाँको ब्याजको सट्टामा बन्धक राखिदिएको माल नै साहूले भोगचलन गर्न पाउने एक प्रकारको बन्धकी। **~विलासः** (पुं.) [*भोगश्चासौ विलासश्च, कर्म.स.*] ऐस–आराम/मोजमज्जा।

भोगगृहम् (नपुं.) [*भोगाय गृहम्, च.त.*] १.वासस्थान २.नारी बस्ने घर वा कोठा।

भोगदेहः (पुं.) [*भोगाय देहः, च.त.*] प्रेतत्व निवृत्तिपछि यस जन्ममा मानिसले गरेका पाप–पुण्यको भोगका लागि बनेको शरीर। **प्रेतदेहं परित्यज्य भोगदेहं प्रपद्यते** (स्मृति.)।

भोगभूमिः (स्त्री.) [*भोगायैव भूमिः न तु धर्माद्याचारे*] भारतवर्षदेखि अतिरिक्त स्थल वा देश।

भोगवती (स्त्री.) [*भोगोऽस्या अस्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.पुराणमा प्रसिद्ध पाताल लोकमा बग्ने एक नदी २.गङ्गा ३.नागलोक ४.तीर्थविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोगाधिकारः (पुं.) [*भोगस्य अधिकारः, ष.त.*] खेत, भूमि आदिको भोगका लागि प्राप्त स्थायी अधिकार।

भोगार्हः (पुं.वि.) [*भोगाय अर्हः, च.त.*] भाग गर्न लायक।

भोगिकान्तः (पुं.) [*भागिनः सर्पस्य कान्तः*] वायु।

भोगिनी (स्त्री.) [*भोगः उपभोगः, अहे शरीरञ्च, अस्या अस्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.राजाकी उपपत्नी २.सर्पिणी।

विहाय महिषीमन्यराजयोषिति भोगिनी (मेदिनी.)।

भोगिभुक् (पुं.) [*भोगिनं भुनक्ति, क्विप्*] १.मयूर २.गरुड ३.न्याउरी मुसो।

भोगिवल्लभः (पुं.) [*भोगिनां वल्लभः,ष.त. तदाश्रितत्वात् तद्गन्धप्रियत्वाच्च*] चन्दन।

भोगी (पुं.) [*भोगोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.धेरै सुखदुःख भोगिसकेको/धेरै भोग गरेको/इन्द्रियहरूको सुख चाहने।

सुपात्रदानाच्च भवेद् धनाढ्यो
धनप्रभावेण करोति पुण्यम्।
पुण्यप्रभावात् सुरलोकवासी
पुनर्धनाढ्यः पुनरेव भोगी॥ (सुभा.)

२.[*अहेः शरीरं भोगः,सोऽस्यास्तीति, पूर्ववत्*] सर्प ३.ग्रामविशेष ४.राजा ५.विभिन्न स्त्रीहरूसँग संसर्गशील व्यक्ति।

भोगो भुजङ्गमेऽपि स्याद् ग्राममात्रे नृपे पुमान् (मेदिनी.)।

भोगीन्द्रः (पुं.) [*भोगिनाम् इन्द्र इव, ष.त.*] १.शेषनाग २.वासुकि नाग।

भोगेच्छा (स्त्री.) [*भोगस्य इच्छा, ष.त.*] सांसारिक विषयवासनाको भोग गर्ने अभिलाषा।

भोगेच्छा नोपभोगेन भोगिनां जातु शाम्यति।
लवणेनान्तरालेन तृष्णा प्रत्युत जायते॥ (सुभा.)

भोग्यः (पुं.) [*भोक्तुं योग्यः, भुज पालनाऽभ्यवहारयोः, इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, गुणः, कुत्वम्*] भोग गरिने/भोग गर्नुपर्ने। **भोग्यं किं रमणीं विना** (सुभा.)।

भोग्या (स्त्री.) [*भोक्तुं योग्या, ण्यत्, टाप्*] १.पृथिवी २.वेश्या ३.भोग गर्न लायक भएकी। **वीरभोग्या वसुन्धरा** (सूक्ति)।

भोजः (पुं.) [*भोजनम्, भुज पालनाभ्ववहारयोः इति धातोः, भावे ३.३.१८ इति घञ्, कुत्वाभावः*] १.उत्सव, पर्व आदिमा धेरै मानिस एकत्रित भएर खाने खाना २.एघारौँ शताब्दीका एक प्रसिद्ध दानी, कवि र विद्वान् राजा। यिनलाई धारानरेश महाराज भोज भनिन्छ। यिनले धर्मशास्त्र, ज्योतिष, योगशास्त्र, वैद्यशास्त्र, व्याकरण, काव्यशास्त्र आदि विषयमा ८४ वटा ग्रन्थ लेखेका छन्। यिनको ज्योतिषसम्बन्धी कृति **राजमृगाङ्क** हो। यिनका कृतिहरूमा **शृङ्गारमञ्जरी, मन्दारमरन्दचम्पूः, समराङ्गण सूत्रधारः, सरस्वतीकण्ठाभरणम्, युक्तिप्रकाशः, तत्त्वप्रकाशः, राजमार्तण्डः, शृङ्गारप्रकाशः** आदि प्रसिद्ध छन्।

भोजकत्वव्यापारः (नपुं.) रसानुभूतिको सम्बन्धमा रससूत्रको व्याख्याको क्रममा भट्टनायकले प्रतिपादन गरेको एक व्यापार।

भोजनम् (नपुं.) [*भुज्यते इति, भुज पालनाभ्यवहारयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.खाने काम/भक्षण २.खाने कुरा/खाद्य पदार्थ।

भोजनालयः (पुं.) [*भोजनाय आलयः, च.त.*] खाने ठाउँ/भोजन गर्ने स्थान।

भोजप्रबन्धः (पुं.) बल्लाल सेनद्वारा रचित आफ्नै किसिमको अनौठो एक काव्य। यसको रचना गद्य र पद्यमा भएको छ। यसको समय सोह्रौँ शताब्दी मानिन्छ। धारानरेश महाराज भोजका विभिन्न चरित्रलाई यसमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ। साहित्यको दृष्टिकोणले यो ग्रन्थ अत्यन्त महत्त्वपूर्ण छ।

भोज्यः (पुं.) [*भोक्तुं योग्यः, भुज पालनाऽभ्यवहारयोः, इति धातोः, भक्षणार्थे ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, गुणः, भोज्यं भक्ष्ये ७.३.६९ इति निपातनाद् न कुत्वम्*] १.खाइने वस्तु २.(पुं.वि.) खान लायक/खाइने।

भोज्यं भोजनशक्तिश्च रतिशक्तिर्वराः स्त्रियः।
विभवो दानशक्तिश्च नाल्पस्य तपसः फलम्॥ (चाणक्य)

भो भो (अव्य.) सम्बोधन जनाउने शब्द।

भो भो भुजङ्ग तरुपल्लव लोलजिह्वः (महानाटक)।

भोलानाथः (पुं.) शिव।

ब्रह्मणो वचनं श्रुत्वा भोलानाथो कृपानिधिः।
संहत्य तां महाज्वालां सगणोऽन्तरगान्मुने॥ (शि.पु.)

भोज्यभोजकभावः (पुं.) १.रससूत्रको व्याख्याको क्रममा भट्टनायकद्वारा प्रतिपादित सम्बन्ध २.खाने र खाइने बिचको नाता।

भौगोलिकः (पुं.वि.) [*भूगोले जातः, भूगोलस्यायम्, भूगोलाद् वा आगतः*] भूगोलसम्बन्धी।

भौतः (पुं.) १.[*भूतानि प्राणिनोऽधिकृत्य प्रवृत्तः, अण्*] भूतयज्ञ २.देवल ३.[*भिक्षादिभ्योऽण्*] भूतको समूह ४.[*भूतस्यायम्, तस्येदम् इत्यण्*] भूतसम्बन्धी।

भौतिकः (पुं.वि.) [*भूतानां विकारः*] १.पञ्चमहाभूतबाट बनेको २.पदार्थबाट बनेको ३.चलअचल सम्पत्ति ४.पार्थिव/शरीरसम्बन्धी ५.(पुं.) [*भूताः सन्ति सेवका अस्य, अत इनिठनौ इति ठन्, ठस्येकः*] शिव ६.[भूतेषु महदादिषु आत्मबुद्ध्या उपासकः] बौद्ध। **~विज्ञानम्** (पुं.) [*भौतिकञ्च तद् विज्ञानञ्च, कर्म.स.*] भूत वा जड तत्त्वहरूका गुणको विवेचना गर्ने शास्त्र/भौतिक शास्त्र। **~परियोजना** (स्त्री.) [*भौतिकी चासौ परियोजना च, कर्म.स.*] बाटोघाटो, घरवास आदिको निर्माण तथा विकाससम्बन्धी कार्य गर्नका लागि बनाइने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजना। **~व्यवस्था** (स्त्री.) [*भौतिकी चासौ व्यवस्था, कर्म.स.*] विभिन्न कार्यालयका लागि आवश्यक भवन, फर्निचर, पङ्खा, हिटर आदिको उचित प्रबन्ध। **~राज्यम्** (नपुं.) [*भौतिकञ्च तद् राज्यञ्च, कर्म.स.*] धर्मनिरपेक्ष राज्य/धर्मसम्बन्धी भेदभाव रहित भएको राज्य/धर्म, लिङ्ग, जाति आदिको आधारमा जनतालाई भेदभाव नगर्ने कानुनी व्यवस्था भएको राज्य। **~सम्पत्तिः** (स्त्री.) [*भौतिकी चासौ सम्पत्तिश्च, कर्म.स.*] प्राकृतिक सम्पत्ति/अचल सम्पत्ति/घर, जग्गाजमिन आदि र अरू प्रकारको सम्पत्ति।

भौतिकवादः (पुं.) [*भौतिकश्चासौ वादश्च, कर्म.स.*] केवल भौतिक पदार्थलाई मात्र मान्ने एक सिद्धान्त। यस सिद्धान्तअनुसार भौतिक वस्तु नै सबै कुरा हुन्। चेतना भौतिकवस्तुबाटै निर्माण हुन्छ। त्यसको छुट्टै अस्तित्व रहँदैन। प्राचीन भौतिकवादी दर्शनमा चार्वाक दर्शन मुख्य मानिन्छ। आधुनिक भौतिकवादीहरूमा द्वन्द्वात्मक भौतिकवाद मुख्य छ।

भौत्यः (पुं.) [*भूतेरपत्यम्, अपत्यार्थे ष्यञ्*] मनुविशेष।

भौमः (पुं.) [*भूमेरपत्यम्, शिवादिभ्योऽण् ४.१.११२ इत्यण्, वृद्धिः*] १.मङ्गलग्रह २.भौमासुर ३.(पुं.वि.) [*भूमेरयम्, भूमौ जातो वा*] भूमिसम्बन्धी/भूमिमा पैदा भएको। **भौमो मङ्गलदैत्ययोः** (हैम.)। हे. **मङ्गलः**।

भौमी (स्त्री.) [*भूम्यां जाता, तत्र जातः इत्यण्, ङीप्*] सीता (शब्दरत्नावली)।

भौरिकः (पुं.) [*भूरिणि सुवर्णे नियुक्तः, तत्र नियुक्तः ४.४.६९ इति ठक्*] सुनविभागको अध्यक्ष।

भ्यस (धा.) [*भये, अक.सेट्, आत्म.*] डराउनु। लट्– **भ्यसते–** डराउँछ। लिट्– **बभ्यसे–** डराएछ (अन.) इत्यादि।

भ्रंशः (पुं.) [*भ्रंशु अध पतने इति धातोः, अच्*] खस्ने काम/पतन/ ह्रास/पथभ्रष्ट हुनु।

भ्रंशु (धा.) [*अधःपतने, दिवा.अक.सेट्, पर.*] तल खस्नु/गिर्नु। लट्– **भ्रश्यति–** तल खस्छ, गिर्छ, । **यूथाद् भ्रष्टः** (हितो.४) भाग्छ। **संग्रामाद बभ्रशुः केचिद्** (भट्टि.१४.१०५) **परिभ्रश्यति–** खस्छ, विचलित हुन्छ, वञ्चित हुन्छ, क्षीण हुन्छ। **दारिद्र्याद् ह्रियमेति ह्रीपरिगतः प्रभ्रश्यते तेजसः** (मृच्छ. १.१४) **विभ्रश्यति–** तल झर्छ, पथभ्रष्ट हुन्छ, क्षीण हुन्छ। लिट्– **बभ्रंश–** तल खसेछ, गिरेछ (अन.)। लुट्– **भ्रंशिता–** तल खस्ने छ, गिर्ने छ (अन.)। लृट्– **भ्रंशिष्यति–** तल खस्ने छ, गिर्ने छ। लोट्– **भ्रश्यतु–** तल खसोस्, गिरोस्। लङ्– **अभ्रश्यत्–** तल खस्यो, गिऱ्यो (अन.)। विधिलिङ्– **भ्रश्येत्– तल** खस्ला, गिर्ला, तल खसोस, गिरोस्। आशीर्लिङ्– **भ्रश्यात्–** तल खसोस् गिरोस्। लुङ्– **अभ्रशत्–** तल खस्यो गिऱ्यो। लृङ्– **अभ्रंशिष्यत्–** तल खस्ने थियो, गिर्ने थियो इत्यादि।

भ्रकुंसः (पुं.) [*भ्रुवोर्भ्रुवा वा कुंसो भाषणमस्य, भ्रुवा कुंसयति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, भ्रुकुंसादी-नामकारो भवतीति वक्तव्यम् (वा.) इति उकारस्याकारः*] नाच्नका लागि स्त्रीको भेष धारण गर्ने पुरुषको नाम।

भ्रकुटिः (स्त्री.) [*कुट कौटिल्ये इति धातोः, इगुपधात्कित् (उ.) इतीन्, भ्रुवोः कुटिः, भ्रुकुंसादीनामकारो भवतीति वक्तव्यम् (वा.) इति उकारस्याकारः*] क्रोध आदिको कारणबाट आँखीभौं टेढो पार्नु/निधार खुम्च्याउनु।

भ्रक्ष (धा.) [*अदने, सक.सेट्, उभय.*] खानु। लट्– **भ्रक्षति-ते–** खान्छ। लिट्– **बभ्रक्ष-बभ्रक्षे–** खाएछ (अन.) इत्यादि।

भ्रण (धा.) [*शब्दार्थे, भ्वा. अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **भ्रणति–** शब्द गर्छ इत्यादि।

भ्रमः (पुं.) [*भ्रमणम्, भ्रमु अनवस्थाने इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेशस्य– ७.३.३४ इति वृद्ध्यभावः*] १.एक थोकलाई अर्को थोक सम्झनु/मिथ्याज्ञान २.शङ्का ३.भुलचुक ४.पानी वा हावाको भुँवरी ५.रिंगटा ६.कुन्दपुष्प ७.घुम्ने काम। **भ्रमोऽम्बुनिर्गमे भ्रान्तौ कुन्दभ्रमणयोरपि** (मेदिनी.)। **~जालम्** (नपुं.) [*भ्रमाणां जालम्, ष.त.*] मायाजाल/मोह/ मोहजाल।

भ्रमणम् (नपुं.) [*भ्रम्यते इति, भ्रमु चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] घुमफिर गर्ने काम/यात्रा/देशाटन।

भ्रमरः (पुं.) [*प्रतिकुसुमं भ्रमति, भ्राम्यति वा, भ्रमु चलने इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ.) ४१९ इति अरप्रत्ययः*] १.भमरो/भँवरो २.[*स्त्रियः परितो भ्रमति*] कामुक। **भ्रमरः कामुके भृङ्गे** (मेदिनी.)।

भ्रमरकः (पुं.) [*भ्रमर इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] १.अल्खा २.धातुविशेष ३.[*भ्रमर एव, स्वार्थे कन्*] भँमरो। **अथ भ्रमरको भृङ्गे गैरिके चूर्णकुन्तले** (मेदिनी.)।

भ्रमाः (पुं.बहु.) [*भ्रमन्ति जलान्यत्र, हलश्च ३.३.१२१ इति घञ्*] १.पानीको निकास २.भुमरी परेर पानी तल खाँदिनु ३.कुन्द पुष्प ४.भ्रमण ५.भ्रान्ति। **भ्रमोऽम्बुनिर्गमे भ्रान्तौ कुन्दभ्रमणयोरपि** (मेदिनी.)।

भ्रमात्मकः (पुं.वि.) [*भ्रम एव आत्मा यस्य सः, बहु.स.*] भ्रम उत्पन्न गर्ने/भ्रममा पार्ने/सन्देहास्पद/सन्दिग्ध/भ्रममूलक।

भ्रमिः (स्त्री.) [*भ्रमु अनवस्थने इति धातोः, भ्रमेः संप्रसारणञ्च (उ.) ५७० इति इञ्च, यद्वा इक्कृष्यादिभ्यः (वा. ३.३.१०८) इति इक्*] १.भुमरी २.चक्कर ३.भ्रान्ति ४.भ्रमण।

भ्रमी (पुं.वि.) [*भ्रमो विद्यतेऽस्य, अत इनिठनौ इति इनिः*] १.भ्रम भएको २.भ्रमण गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रमु (धा.) [*चलने, भ्वा. अक.सेट्, पर.*] घुम्नु, डुल्नु, विचलित हुनु, भ्रममा पर्नु, गल्ती गर्नु। लट्– **भ्रमति–** घुम्छ। **उद्भ्रमति**– उफ्रिएर हिँड्छ, माथि माथि उड्छ, व्याकुल हुन्छ। **धावत्युद्भवति प्रमीलति पतत्युद्याति मूर्छत्यपि**। (गीत.४.२) परिभ्रमति– चारैतिर घुम्छ, यताउति डुल्छ, प्रदक्षिणा गर्छ। **परिभ्रमसि किं वृथा क्वचन चित्त विश्राम्यताम्** (भर्तृ.३.१३७) **विभ्रमति**– यताउति चक्कर लगाउनु, व्याकुल हुनु, उद्विग्न हुनु। **प्रभामत्तश्चन्द्रो जगदिदमहो विभ्रमयति**। (काव्यप्र.१०) लिट्– **बभ्राम–** घुमेछ (अन.)। लुट्– **भ्रमिता–** घुम्ने छ (अन.)। लृट्– **भ्रमिष्यति–** घुम्ने छ। लोट्– **भ्रमतु–** घुमोस्। लङ्– **अभ्रमत्–** घुम्यो (अन.)। विधिलिङ्– **भ्रमेत्–** घुम्ला, घुमोस्। आशीर्लिङ्– **भ्रम्यात्–** घुमोस्। लुङ्– **अभ्रमीत्–** घुम्यो। लृङ्– **अभ्रमिष्यत्–** घुम्ने थियो इत्यादि। पक्षे **भ्राम्यति**। कर्मण्यपि- **भुवं बभ्राम** (द.कु.च.) **दिङ्मण्डलं भ्रमसि मानस चापलेन** (भर्तृ.)।

भ्रमु (धा.) [*अनवस्थाने, अनवस्थानम् देशान्तरगमनम्, दिवा. अक.सेट्, पर.*] अस्थिर हुनु, भ्रमण गर्नु, विदेश जानु। लट्– **भ्राम्यति–** अस्थिर हुन्छ, विदेश जान्छ, भ्रमण गर्छ। लिट्– **बभ्राम–** अस्थिर भएछ, भ्रमण गरेछ, विदेश गएछ। (अन.)। लुट्– **भ्रमिता–** अस्थिर हुने छ, भ्रमण गर्ने छ, विदेश जाने छ (अन.)। लृट्– **भ्रमिष्यति–** अस्थिर हुने छ, भ्रमण गर्ने छ, विदेश जाने छ। लोट्– **भ्राम्यतु–** अस्थिर रहोस्, भ्रमण गरोस्, विदेश जाओस्। लङ्– **अभ्राम्यत्–** अस्थिर भयो, भ्रमण गऱ्यो, विदेश गयो। (अन.)। विधिलिङ्– **भ्राम्येत्–** अस्थिर होला, भ्रमण गर्ला, विदेश जाला, अस्थिर होओस्, भ्रमण गरोस्, विदेश जाओस्। आशीर्लिङ्– **भ्रम्यात्–** अस्थिर हओस्, भ्रमण गरोस्, विदेश जाओस्। लुङ्– **अभ्रमत्–** अस्थिर भयो, भ्रमण गऱ्यो, विदेश गयो लृङ्– **अभ्रमिष्यत्–** अस्थिर हुने थियो, भ्रमण गर्ने थियो, विदेश जाने थियो इत्यादि। पक्षे– **भ्रमति**।

भ्रष्टः (पुं.वि.) [*भ्रश्यति स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.तलतिर गिरेको/पतित २.खराब/दूषित ३.दुश्चरित्र/साह्रै खराब आचारण भएको/बिग्रेको। **भ्रष्टस्य काऽन्या गतिः** (सुभा.) ४.नाश भएको।

भ्रष्टचरणम् (नपुं.) १.[*भ्रष्टञ्च तदाचरणञ्च,कर्म.स.*] भ्रष्टाचार/ नियमविपरीत आचरण २.[*भ्रष्टनामाचरणम्, ष.त.*] भ्रष्टको आचरण।

भ्रष्टचारः (पुं.) [*भ्रष्टश्चासौ आचारश्च, कर्म.स.*] नीति, नियम आदिको विरुद्ध आचरण/दुराचार/अनैतिक काम/अनुचित फाइदा।

भ्रष्टचारी (पुं.) [*भ्रष्टाचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] भ्रष्टचार गर्ने।

भ्रस्ज (धा.) [*पाके, सक.अनिट्, उभय.*] पकाउनु, भुट्नु। लट्– **भृज्जति–** पकाउँछ, भुट्छ। लिट्– **बभर्ज–** पकाएछ, भुट्छ (अन.)। लुट्– **भ्रष्टा–** पकाउने छ, भुट्ने छ (अन.)। लृट्– **भर्क्ष्यति–** पकाउने छ, भुट्ने छ। लोट्– **भृज्जतु–** पकाओस्, भुटोस्। लङ्– **अभृज्जत्–** पकायो, भुट्यो (अन.)। विधिलिङ्– **भृज्जत्–** पकाउला, भुट्ला, पकाओस्, भुटोस्। आशीर्लिङ्– **भृज्ज्यात्–** पकाओस्, भुटोस्। लुङ्– **अभार्क्षीत्–** पकायो, भुट्यो। लृङ्– **अभर्क्ष्यत्–** पकाउने थियो इत्यादि। पक्षे, **भृज्जते, बभर्जे** इत्यादि।

भ्राजथुः (पुं.) [*भ्राजनम् टु भ्राज दीप्तौ इति धातोः, द्वितोऽथुच् ३.३.८९ इति अथुच्*] शोभा।

भ्राजिष्णुः (त्रि.) [*भुवश्च ३.२.१३८ इति चाद् भ्राजेरपि इष्णुच्*] १.शृङ्गारले बढेको शोभा २.चम्किलो।

भ्राजृ (धा.) [*दीप्तौ, अक.सेट्, आत्म.*] चम्कनु, प्रकाशित **हुनु**। लट्– **भ्राजते–** चम्कन्छ, प्रकाशित हुन्छ। लिट्– **बभ्राजे–** चम्किएछ, प्रकाशित भएछ (अन.)। लुट्– **भ्राजिता–** चम्कने छ, प्रकाशित हुने छ (अन.)। लृट्– **भ्राजिष्यते–** चम्कने छ, प्रकाशित हुने छ। लोट्– **भ्राजताम्–** चम्कोस्, प्रकाशित हओस्। लङ्– **अभ्राजत–** चम्कियो, प्रकाशित भयो (अन.)। विधिलिङ्– **भ्राजेत–** चम्कला, प्राशित होला, चम्कोस्, प्रकाशित होओस्। आशीर्लिङ्– **भ्राजिषीष्ट–** चम्कोस्, प्रकाशित हओस्। लुङ्– **अभ्राजिष्ट–** चम्कियो, प्रकाशित भयो। लृङ्– **अभ्राजिष्यत–** चम्कने थियो, प्रकाशित हुने थियो इत्यादि।

भ्रातरौ (पुं.) [*भ्राता च भगिनी च, भ्राजृ दीप्तौ इति धातोः, नप्तृनेष्ट्र (उ.) इति साधुः, स्वसा च भ्राता च, भ्रातृपुत्रौ स्वसृदुहितृभ्याम् १.२.६८ एकशेषः*] १.दाजुभाइ-दिदीबहिनी २.दुई भाइ।

भ्राता (पुं.) [*भ्राजते दीप्यतेऽसौ, भ्राजृ दीप्तौ इति धातोः, नप्तृनेष्ट्-त्वष्टृहोतृपोतृभ्रातृजामातृमातृपितृदुहितृ (उ.) २६० इति तृच्, धातोर्जकारलोपः*] सहोदर दाजु वा भाइ ।

भ्रातृकम् (नपुं.) [*भ्रातुरागतम्, ऋतष्ठञ् ४.३.७८ इति ठञ्, इसुसुक्तान्तात्कः ७.३.५१ इति कः*] भाइबाट प्राप्त।

भ्रातृघातकः (पुं.वि.) [*भ्रातुः घातकः, ष.त.*] भाइलाई मार्ने।

भ्रातृजः (पुं.) [*भ्रातुः जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] दाजु वा भाइको छोरो/भतिजो।

भ्रातृजाया (स्त्री.) [*भ्रातुर्जाया, ष.त.*] १.भाउजू २.भाइबुहारी।

भ्रातृत्वम् (नपुं.) [*भ्रातुर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] दाजुभाइको सम्बन्ध वा स्नेह/भ्रातृभाव।

भ्रातृद्वितीया (स्त्री.) [*भ्रातृमङ्गलार्था द्वितीया, म.प.स.*] भाइटीका/यम द्वितीया/कार्तिक शुक्ल द्वितीया।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रातृभगिन्यौ (पुं.) [*भ्राता च भगिनी च, द्व.स.*] दाजुभाइ–दिदी–बहिनी।

भ्रातृवत्सलः (पुं.वि.) [*भ्रातुर्वत्सलः, ष.त.*] भाइलाई प्रेम गर्ने।

भ्रातृव्यः (पुं.) [*भ्रातुः पुत्रः, भ्रातुर्व्यच्च ४.१.१४४ इति व्यत्*] भाइको छोरो/भतिजो।

भ्रात्रीयः (पुं.) १.[*भ्रातुरपत्यं पुमान्, भ्रातुर्यच्च ४.१.१४४ इति चकारात् छप्रत्ययः, छस्य ईयः*] भतिजो २.(पुं.) [*भ्रातुरयम्*] भाइसम्बन्धी।

भ्रान्तः (पुं.वि.) [*भ्राम्यति स्म, गत्यर्थाकर्मक– इति क्तः*] १.भ्रान्तिमा परेको/भुलेको। २.घुमेको ३.(पुं.) मत्त हात्ती।

भ्रान्तिः (स्त्री.) [*भ्रमणम्, भ्रमु चलने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुनासिकस्य ६.४.१५ इति दीर्घः*] १.कुनै कुरा देखेर वा सुनेर अर्कै कुराको भान पर्नु २.पागलपन ३.भूलचूक/भ्रम ४.भ्रमण ५.अनवस्थिति। **भ्रान्तिरनवस्थितौ। मिथ्यामतौ च भ्रमणे** (मेदिनी)। **~हरः** (पुं.) [*भ्रान्तेः हरः, ष.त.*] १.मन्त्री २.(पुं.वि.) भ्रमनाशक।

भ्रामकः (पुं.वि.) [*भ्रामयति, भ्रमं जनयतीति, भ्रमु चलने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.भ्रम पैदा गर्ने २.घुमाउने ३.(पुं.) स्याल ४.धूर्त ५.चुम्बक।

भ्रामरम् (नपुं.) [*भ्रमरेण कृतम्, क्षुद्राभ्रमरबटरपादपादञ् ४.३.११९ इति अञ्*] भमराको मह।

भ्रामरः (पुं.) १.[*भ्रामयति लौहम् अर्तिकमि (उणा.) ३.३२ इत्यरः बाहुलकाद् दीर्घः*] चुम्बक २.[*भ्रामयति जनम्, पूर्ववत्*] छारे रोग/मूर्च्छा पार्ने रोग।

भ्रामरी (स्त्री.) १.[*भ्रमरस्यायं भ्रामरः, भ्रमरतुल्यकृष्णवर्णः, सोऽस्त्यस्याः, अर्शआदिभ्योऽच् इत्यच्, ङीप्*] पार्वती २.[*भ्रमयति लोकान्, अर्तिकमि (उणा.) ३.३२ इत्यरः, स्त्रीत्वान् ङीप्*] दशाविशेष।

भ्रामरीकुम्भकः (पुं.) [*भ्रामरीति कुम्भकः, कर्म.स.*] एकप्रकारको कुम्भक प्राणायाम। प्रतिदिन आधारातमा उठेर फरक फरक कुम्भक प्राणायम गरी हातले कान थुन्दा क्रमैले भ्याउँकिरी, वाँसुरी, मेघ, भ्याली, भमरो, घण्टा, तुरही, भेरी, मादल, दमहा आदिको ध्वनि सुनिन्छ। अनि ज्योतिदर्शन हुन्छ। त्यसैमा लीन भइरहँदा विष्णुलाई प्राप्त गर्न सकिने कुम्भक (घेरण्डसंहिता)।

भ्राम्यमाणः (पुं.वि.) [*भ्राम्यते इति, भ्रमु सञ्चलने इति धातोः, लटः शानच् ३.२.१२४ यक्*] चारैतिर घुमी हिंड्ने।

भ्राश (धा.) [*दीप्तौ, भ्वा. आत्म. अक. सेट्*] चम्कनु। लट्– **भ्राशते**– चम्कन्छ इत्यादि।

भ्राश (धा.) [*दीप्तौ, दिवा. आत्म. अक. सेट्*] चम्कनु। लट्– **भ्राश्यते**– चम्कन्छ इत्यादि।

भ्राष्ट्रः (पुं.) [*भृज्यतेऽत्र भ्रस्ज पाके इति धातोः, भ्रस्जिगमिनमिहनिविश्यशां वृद्धिश्च (उ.) इति ष्ट्रन्, वृद्धिः*] १.आकाश २.प्रकाश।

भ्राष्ट्रम् (नपुं.) १.आकाश २.हाँडी/भुट्ने भाँडो।

भ्राष्ट्रिका (स्त्री) [*भ्राष्ट्र इव, इवार्थे कन्, टाप्, इत्वम्*] रसायनादि औषधि पुट गर्ने चुह्लो ३.ईंटा पोल्ने अवाल।

भ्रास (धा.) [*दीप्तौ, भ्वा. आत्म. अक. सेट्*] चम्कनु। लट्– **भ्रासते**– चम्कन्छ इत्यादि।

भ्रास (धा.) [*दीप्तौ, दिवा. आत्म. अक. सेट्*] चम्कनु। लट्– **भ्रास्यते**– चम्कन्छ इत्यादि।

भ्रितकः (पुं.) [*भ्रियते स्म, भृञ् भरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, स्वार्थे कन् (ज्ञापि.क ५.४.५) यद्वा– भृतिं करोति, तत्करोति (वा.) ३.१.२६ इति णिजन्तात्क्वुन् (उ.) २.३२*] ज्याला वा तलब लिएर काम गर्ने व्यक्ति।

भ्री (धा.) [*भये भरणे च, क्र्या.अक.अनिट् पर.*] डराउनु, धारण गर्नु, आश्रय दिनु, पालन गर्नु। लट्– **भ्रिणाति**– डराउँछ, धारण गर्छ, आश्रय दिन्छ, पालन गर्छ इत्यादि।

भ्रुकुंसः (पुं.) [*भ्रुवोर्भ्रुवा वा कुंसो भाषणमस्य, भ्रुवा कुंसयति वा, नन्दिग्रहि ३.१.१३४ इत्यच् अभ्रकुंसादीनामिति वा ह्रस्वः*] नाच्नका लागि स्त्रीको भेष धारण गर्ने पुरुष।

भ्रुकुटिः (स्त्री.) [*कुट कौटिल्ये इति धातोः, इगुपधात्कित् (उ.) ४.१२० इतीन्, भ्रुवोः कुटिः, ष.त. अभ्रकुंसादीनामिति वा ह्रस्वः, पक्षे ङीष्, भ्रुकुटी*] क्रोध आदिको कारणबाट आँखीभौं टेढो पार्नु/निधार खुम्च्याउनु।

भ्रुञ्चु (धा.) [*गतौ, भ्वा. सक. सेट् पर.*] हिड्नु। लट्– **भ्रुञ्चति**– हिँड्छ इत्यादि।

भ्रूः (स्त्री.) [*भ्रमति नेत्रोपरि चलतीति, भृञ् भरणे इति धातोः, भ्रमेश्च डूः (उ.२३६) इति डूः*] भ्रूकुटी/आँखीभौं।

भ्रूकुंसः (पुं.) [*भ्रुवोर्भ्रुवा वा कुंसो भाषणमस्य, भ्रुवा कुंसयति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] नाच्नका लागि स्त्रीको भेष धारण गर्ने पुरुष।

भ्रूकुटिः (स्त्री.) [*कुट कौटिल्ये इति धातोः, इगुपधात्कित् (उ.) ४.१२० इतीन्, भ्रुवोः कुटिः, ष.त.*] क्रोध आदिको कारणबाट आँखीभौं टेढो पार्नु/निधार खुम्च्याउनु।

भ्रूक्षेपः (पुं.) [*भ्रुवः क्षेपः, ष.त.*] १.रिसले आँखा टेढो पार्नु २.भ्रूविक्षेप/कटाक्ष।

भ्रूण (धा.) [*आशाविशङ्क्योः, चुरा. सक.सेट् आत्म.*] आशा गर्नु, शङ्का गर्नु, गर्भ धारण गर्नु। लट्– **भ्रूणयते**– आशा गर्छ, शङ्का गर्छ, गर्भधारण गर्छ इत्यादि। **भ्रूणयते भद्रं लोकः** (दुर्गादास)।

भ्रूणः (पुं.) [*भ्रूण्यते आशास्यते इति, भ्रूण आशाविशङ्क्योः इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] गर्भमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको बच्चो/गर्भाशयमा रहेको शिशु। **भ्रूणः स्त्रीगर्भडिम्भयोः** (मेदिनी.)।

भ्रूणहत्या (स्त्री.) [*भ्रूणस्य हत्या, ष.त.*] गर्भपात/गर्भको नाश/गर्भमा रहेको बालकको हत्या।

भ्रूणहा (पुं.) [*भ्रूणं हन्ति, भ्रूणपूर्वकाद् हन हिंसागत्योः इति धातोः ब्रह्मभ्रूणवृत्रेषु ३.२.८७ इति क्विप्*] गर्भघाती।

भ्रूभङ्गः (पुं.) [*भ्रुवोर्भङ्गः, ष.त. इको ह्रस्वोऽङ्योः गालवस्य ६.३.६१ इति ह्रस्वे प्राप्ते इयङुवङ्भाविनामव्ययानाञ्च नेति वाच्यम् (वा.) इति निषेधः*] भ्रुकुटी/आँखी भौँ।

भ्रूमध्यम् (नपुं.) [*भ्रुवोर्मध्यम्, ष.त.*] दुई आँखिभौँको माझ।

भ्रूरेखा (स्त्री.) [*भ्रुवो रेखा इव, त.स.*] आँखी भौँ।

भ्रूरेखायुगलं भाति तस्याश्चटुलचक्षुषः (सुभा.)।

भ्रूविकारः (पुं.) [*भ्रुवोर्विकारः, ष.त.*] आँखिभौँ टेढो पार्नु।

भ्रूविक्षेपः (पुं.) [*भ्रुवोः विक्षेपः, ष.त.*] कटाक्ष।

असितात्मा समुन्नद्धः समाविष्कृतचापलः।
भुजङ्गकुटिलस्तस्या भ्रूविक्षेपः खलायते॥ (सुभा.)

भ्रूविक्षेपम् (नपुं.) [*भ्रुवं विक्षिप्य, स्वाङ्गेऽध्रुवे ३.४.५४ इति णमुल्*] आँखी भौँ चलाएर।

अधीयन्नात्मवद्विद्यां धारयन्मस्करीव्रतम्।
वदन् बह्वङ्गुलिस्फोटं भ्रूविक्षेपं विलोकयन्॥ (भट्टि.)

भ्रेजृ (धा.) [*दीप्तौ, अक.सेट्, आत्म.*] प्रकाशित हुनु। लट्– **भ्रेजते–** प्रकाशित हुन्छ इत्यादि।

भ्रेषः (पुं.) [*भ्रेषणम्, भ्रेषृ गतौ, इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.औचित्य वा कर्तव्यबाट गिर्नु २ चल्नु ३.हिड्नु ४.पाप।

भ्रेषृ (धा.) [*भये, भ्वा.अक.सेट्, उभय.*] डराउनु। लट्– **भ्रेषति–ते–** डराउँछ इत्यादि। **न भ्रेषति धर्मात् खलः** (दुर्गादासः)।

भ्रेषृ (धा.) [*गतौ, अक.सेट्, उभय.*] जानु। लट्– **भ्रेषति– ते–** जान्छ इत्यादि।

भ्लक्ष (धा.) [*अदने, भ्वा. सक. सेट्, उभय.*] खानु। लट्– **भ्लक्षति–ते–** खान्छ इत्यादि।

भ्लेषृ (धा.) [*गतौ, भ्वा. अक. सेट्, उभय.*] जानु। लट्– **भ्लेषति–** जान्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म

म-१.देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको पच्चिसौँ वर्ण। ओष्ठ र नासिकास्थानीय वर्ण। यो आभ्यन्तर प्रयत्नमा स्पृष्ट प्रयत्न तथा बाह्य प्रयत्नमा संवार, नाद, घोष र अल्पप्राण वर्ण। **हशः संवारा नादा घोषाश्च। वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः** (सि.कौ.) भाषाविज्ञान अनुसार खण्डीय वर्ण । पवर्ग (प, फ, ब, भ, म) को पाचौँ वर्ण २.लेख्यरूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

मंक्षु (अव्य.) [*मज्जति, टुमस्जो शुद्धौ इति धातोः, बाहुलकात्सुः मस्जिनशोर्झलि ७.१.६० इति नुम्, स्कोः संयोगाद्योरन्ते च ८.२.२९ इति सलोपः*] झट्टै/छिटो। **द्राग् स्रागरं झटित्याशु मङ्क्ष्वह्नाय च सत्वरम्।** (अभि. चि.)।

मः (पुं.) [*माति निर्माति विश्वम्, मा माने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इति आकार लोपः*] १.विष २.चन्द्रमा ३.विष्णु ४.ब्रह्मा ५.यम ६.समय ७.[*ओमित्यत्र हलन्तमकारोऽपि*] महेश्वर/शिव। **मः स्याच्चैव महेश्वरः।** (एका.को.) ८.छन्दशास्त्रको भाषामा मगणलाई सूचित गर्ने शब्द। **मन्दाक्रान्ताम्बुधिरसनगैर्मो भनौ तौ गयुग्मम्** (छन्दो.) ९.सङ्गीतमा मध्यमस्वरलाई सूचित गर्ने शब्द।

मकरः (पुं.) [*कृणतीति, कॄ हिंसायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततः मनुष्याणां करः, हिंसकः, ष.त., पृषोदरादितया साधुः*] १.जलजन्तुविशेष/मत्स्यजातिको एक भेद। **मत्स्यानां मकरः श्रेष्ठो दीपनो वातनाशनः।** (भा.प्र.) २.मेष आदि बाह्र राशि मध्येको दसौँ राशि। यसमा उत्तराषाढाको द्वितीय, तृतीय चतुर्थ पाउ, श्रवण नक्षत्रका सबै पाउ र धनिष्ठा नक्षत्रको प्रथम पाउ पर्दछन्। यसको सीमा २७० अंशदेखि ३०० अंशसम्म छ। यसका सबै तारा त्यति चम्किला छैनन्। २१ सितम्बर राती ९ बजे यसलाई याम्योत्तर वृत्तमा देख्न सकिन्छ।



(मकरः)

पराक्रमप्राप्तवरः प्रतिष्ठः
सदाङ्गनाप्राप्तिवराङ्गनः स्यात्।
श्रिया सहितो मकरे महीजे
प्रसूतिकाले कुलपालकश्च॥ (को.प्र.)

३.[*मङ्कते, मकि भूषायाम् इति धातोः, अच् ३.१.१३४, आगमशास्त्रस्यानित्यत्वान्न नुम्, मकं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कुबेरका नौ निधिमध्ये एक। **मकरो निधौ। नक्रे राशिविशेषे च** (हैम.)। ४.गोही आकारको व्यूहरचनाको एक भेद। **यायाद् व्यूहेन महता मकरेण पुरो भये।** (का.नी.) ५.माघ महिना ६.फलित ज्योतिषअनुसार एक लग्न ७.माछो ८.अस्त्रलाई निष्फल तुल्याउन पढिने एक मन्त्र। ९.पर्वतविशेष। **~कुण्डलम्** [*मकराकारं कुण्डलम्, म.प.स.*] माछा आकारको कुण्डल/ कानमा लगाउने एक प्रकारको गहना।

वनमालानिवीताङ्गो लसच्छ्रीवत्सकौस्तुभः।
महाकिरीटकटकः स्फुरन्मकरकुण्डलः॥ (भाग.६.४.३७)

~केतनः [*मकरो मकराङ्कितः केतनो ध्वजो यस्य सः, बहु.स.*] कामदेव।

मकरक्रान्तिः (स्त्री.) [*मकरस्य क्रान्तिः, ष.त.*] मकररेखा/विषुवत् रेखादेखि साढे तेत्तिस अंश दक्षिणमा पर्ने कल्पित एक रेखा।

मकरध्वजः (पुं.) [*मकरो मकरेण चिह्नितो ध्वजो यस्य सः, बहु.स.*] १.कामदेव २.पारो, गन्धक र सुनबाट तयार हुने आयुर्वेदीय एक रसौषधि। ३.हनुमान्को एक छोरा, अहिरावणको द्वारपाल ४.ल्वाङ।

मकरन्दः (पुं.) [*मकरमपि द्यति, कामजनकत्वात्, दो अवखण्डने इति धातोः, आत्वे आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इति आकारलोपः, पृषोदरादितया नुम्*] १.कुन्दनामक फूलको रुख २.फूलको रस ३.कमलको केसर ४.तालका आठ भेदमध्ये एक ५.प्रत्येक पाउमा क्रमशः सात जगण र एक यगण भएको छन्द ६.माहुरी ७.कोइली ८.आँपको वासना आउने एक रुख।

मकरन्दवती (स्त्री.) [*मकरन्दाः प्रशस्तकुन्दवृक्षाः सन्ति अस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, उगितश्च ४.१.६ इति ङीप्*] पाटलीपुत्र/भारतको विहारमा पर्ने पटना सहर ३.(स्त्री.वि.) फुलको रस भएकी।

मकरन्दिका (स्त्री.) प्रत्येक पाउमा क्रमशः यगण, मगण, नगण, सगण, जगण, जगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। यसको छ–छ अक्षरमा विश्राम हुन्छ। **रसैर्षड्भिर्लोकैः यमनसजजा गुरुर्मकरन्दिका** (छन्दो.)।

मकररेखा (स्त्री.) [*मकर इति रेखा, म.प.स.*] अक्षांशको २३५ डिग्रीको दक्षिणको रेखा।

मकरसङ्क्रान्तिः (स्त्री.) [*मकरस्य मकरमासस्य सङ्क्रान्तिः, ष.त.*] माघ महिना प्रारम्भ हुने दिन/सूर्य मकर राशिमा सङ्क्रमण भएको दिन/माघेसङ्क्रान्ति।

मकराकरः (पुं.) [*मकराणाम् आकरः, ष.त.*] समुद्र। **आकरो मकराद् रत्नाज्जलान्निधिधिराशयः।** (अभि.चि.) जस्तै— **जलनिधिः, जलधिः, जलाशयः।**

मकराङ्कः (पुं.) १.[*मकरो मत्स्यः अङ्कश्चिह्नं यस्य सः, बहु.स.*] कामदेव २.एक मनु ३.[*मकरा अङ्के यस्य सः, बहु.स.*] समुद्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मकरालयः (पुं.) [*मकराणामालयः, ष.त.*] समुद्र।

मकरासनम् (नपुं.) [*मकराकारमासनम्, म.प.स.*] छातीले भुइँ छुने गरी घोप्टो परी सुतेर दुवै गोडा फैलाई बाहाँ शिरमाथि राख्दा हुनजाने एक योगासन।

मकारः (पुं.) [*म इति वर्णनिर्देशे, वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] म यो वर्ण।

मनो मधुकरो मेघो मानिनी मदनो मरुत्।
मा मदो मर्कटो मत्स्यो मकारा दस चञ्चलाः॥ (सुभा.)

मकि (धा.) [*मण्डने, भ्वा.सक.सेट्, आत्म.*] अलङ्कृत तुल्याउनु। लट्– **मङ्कते–** अलङ्कृत तुल्याउँछ इत्यादि। **मङ्कते हारो जनम्** (दुर्गादास)।

मकुटम् (नपुं.) [*मङ्कतेऽलङ्करोति येन, मकि मण्डने इति धातोः उटच्, नलोपः*] शिरपेज/शिरोभूषण/मुकुट।

मकुरः (पुं.) [*मङ्कतेऽलङ्करोति येन, मकि धातोः, मकुरदर्दुरौ (उ.) इति उरच्प्रत्ययान्तो निपातः*] १.ऐना/दर्पण २.कुमालेको चक्र घुमाउने डन्डा ३.कोपिलो ४.वकुल/मौल्सरी ५.चमेलीविशेष।

मकुष्टकः (पुं.) [*मङ्कतीति, मङ्क्यते वा, मकि मण्डने इति धातोः, बाहुलकाद् उः, नुम्भावश्च, तिष्ठति, ष्ठा गतिनिवृत्तौ इति धातोः, क्वुन् (उ.), मकुश्चासौ स्थकश्च, पूर्वपदात् ८.३.१०६ इति षत्वम्*] १.वनमुगी २.भिलिङ्गी।

मकूलकः (पुं.) [*मङ्कते, मकि मण्डने इति धातोः पिञ्जाद्यूलच्*] दन्ती नामक ओषधिविशेष।

मक्क (धा.) [*गतौ, भ्वा. आत्म.सक. सेट्*] हिँड्नु, जानु। लट्– **मक्कते–** हिँड्छ, जान्छ आदि।

मक्ष (धा.) [*रोषे, सङ्घाते च, भ्वा. पर. अक.सेट्*] रिसाउनु, हमला गर्नु। लट्–**मक्षते–** रिसाउँछ, हमला गर्छ।

मक्षिका (स्त्री.) [*मशति शब्दायते, मश शब्दे रोषकृते च इति धातोः, हनिमशिभ्यां सिकन् (उ.) ६०३ इति सिकन्, टाप्, इत्त्वम् पृषोदरादितया दीर्घे मक्षीका*] १.मौरी २.भिँगो ३.भमरो।

मक्षिका मशको वेश्या मूषको याचकस्तथा।
ग्रामणीर्गणकश्चैव सप्तैते परभक्षकाः॥ (सुभा.)

~निकरः [*मक्षिकायाः निकरः, ष.त.*] भिँगाको गोलो।

अतिरमणीये काव्येऽपि पिशुनो दूषणमन्वेषयति।
अतिरमणीये वपुषि व्रणमिव मक्षिकानिकरः॥ (भा.)

मख (धा.) [*गतौ, भ्वा.सक.सेट्, पर.*] जानु। लट्– **मखति–** जान्छ इत्यादि।

मखः (पुं.) [*मह्यन्ते पूज्यन्ते देवा अत्र, मह पूजायाम् इति धातोः, शीङो ह्रस्वश्च (उ.) ७१२ इति खः, ह्रस्वश्च, यद्वा मखन्ति गच्छन्ति देवा अत्र, अनेन वा, मख गतौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, संज्ञापूर्वकत्वान्न वृद्धिः*] यज्ञ। **~क्रिया** [*मखस्य क्रिया, ष.त.*] यज्ञको काम। **~त्राता** (पुं.) १.राम २.यज्ञको रक्षक। **~राजः** (पुं.) [*मखानां राजा, ष.त.*] राजसूय यज्ञ।

मखि (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **मङ्खति–** जान्छ इत्यादि।

मगणः (पुं.) [*म इति गणः, कर्म.स.*] छन्दशास्त्रमा सवै वर्ण गुरु हुने तीन अक्षरको एक गण। यसको चिह्न यस्तो ऽऽऽ हुन्छ।

मगधः (पुं.) [*मगध्यन्ति याचन्ते, मगध याच्ञायाम् इति कण्ड्वादि-यगन्तात् धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यस्य हलः ६.४.४९ इति यलोपः, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण् वा*] १.राजाको वंशावलीको वर्णन गर्ने स्तुतिपाठक २.भारतमा पर्ने विहार राज्यको दक्षिणी भाग। प्राचीनकालमा यसको राजधानी गिरिव्रज (राजगृह) थियो। यहाँ पाँच पहाड छन्– विपुलगिरि, रत्नगिरि, उदयगिरि, शोणगिरि र व्यवहारगिरि। यसको अर्को राजधानी पाटलीपुत्रमा थियो। पछि आएर यसलाई कीकटदेश पनि भनिएको छ।

मगधेश्वरः (पुं.) [*मगधानामीशवरः, ष.त.*] जरासन्ध।

मगि (धा.) [*सर्पणे सक.सेट्, पर.*] हिँड्नु। लट्– **मङ्गति–** हिँड्छ इत्यादि।

मग्नः (पुं.वि.) [*मज्जति स्म, टु मस्जो शुद्धौ, इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ क्तः*] १.डुबेको।

अग्नौ दग्धं जले मग्नं हृतं तस्करपार्थिवैः।
तत्सर्वं दानमित्याहुर्यदि क्लैव्यं न भाषते॥ (सुभा.)

२.सुख वा आनन्दमा लट्ठ/मस्त/तन्मय।

मघवा (पुं.) [*मह्यते पूज्यते असौ, मह पूजायाम् इति धातोः, श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्मूर्धन्मज्जन्नर्यमन्विश्वप्सन्परिज्ज-न्मातरिश्वन्मघवन्निति (उ.) १६५ इति कनिन्, हस्य घो वुगागमश्च*] १.इन्द्र २.सूर्य ३.लाटेकोसेरो ४.व्यासको एक नाम ५.सातौँ द्वापर ६.जैनीहरूका बाह्र चक्रवर्ती मध्ये एक।

मघवान् (पुं.) [*मघवा बहुलम् ६.४.१२८ इति पक्षे तृ आदेशः*] इन्द्र

मघा (स्त्री.) [*मह्यते पूज्यते इति*] १.दसौँ नक्षत्र। यसको आकार हलो वा हँसिया वा भवन जस्तो छ। यसका पाँच तारा (कसैका मतमा ६ तारा) छन्। यसको योगतारा दक्षिणमा छ। यसकोध्रुवांश (क्रान्तिवृत्तमा मेष विन्दु 0° बाट हुने दूरी) १२६ कला छ। (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम पादव्यवस्थानुसार मा, मी, मु, मेबाट प्रारम्भ हुन्छ। यो सिंहरशिको हृदयमा पर्छ। त्यसैले रोमवासी यसलाई कोर्–लिओनस् अर्थात् सिंहको हृदय भन्दछन्। यो पृथ्वीबाट करिब ८५ प्रकाश वर्ष टाढा छ। (आकाशदर्शन-मूले) **मघा पित्र्या**। (अभि.चि.) यो शब्द बहुवचनान्त पनि छ।



(मघा)

कृष्णपक्षे त्रयोदश्यां मघास्विन्दुः करे रविः।
यदा तदा गजच्छाया श्राद्धे पुण्यैरवाप्यते॥ (ति.त.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.औषधिविशेष। **~त्रयोदशी** (स्त्री.) भाद्रकृष्ण त्रयोदशी। **~भवः** (पुं.) [*मघायां भवः उत्पत्तिर्यस्य सः, बहु.स.*] शुक्र ग्रह।

मघि (धा.) [*कैतवाध्यर्थयोः, भ्वा. कैतवे (द्युतक्रीडादौ) अक. अध्यर्थे (गतौ, निन्दायाम्, आरम्भे च) सक. सेट् आत्म.*] जुवा, तास आदि खेल्नु, जानु, निन्दा गर्नु आरम्भ गर्नु। लट्– **मङ्घते–** जुवा, तास आदि खेल्छ, जान्छ, निन्दा गर्छ, आरम्भ गर्छ आदि।

मघि (धा.) [*मण्डने, सक.सेट् पर.*] अलङ्कृत तुल्याउनु, सिँगार्नु। लट्– **मङ्घति–** अलङ्कृत गर्छ, सिँगार्छ इत्यादि।

मङ्क्षु (अव्य.) [*मज्जति, टु मस्जो शुद्धौ इति धातोः बाहुलकात् सुः, मस्जिनशोः इति नुम्, स्कोः इति सलोपः, अव्ययसंज्ञा*] शीघ्र।

मङ्खकः (पुं.) काश्मीरका प्रसिद्ध एक कवि तथा कोशकार। यिनले **श्रीकण्ठचरित** नामक महाकाव्य लेखेका छन्। यसमा २५ सर्ग छन्। भगवान् शङ्कर र त्रिपुरासुरका बिच भएको युद्धलाई लिएर यस महाकाव्यको सिर्जना भएको छ। यिनले **मङ्खककोश** नामक कोश ग्रन्थ पनि रचना गरेका छन्। एक हजार सात पद्यमा रचित यस कोश ग्रन्थमा काश्मीरी कविहरूले व्यवहारमा ल्याएका संस्कृत शब्दहरूको सङ्कलन छ।

मङ्गलः (पुं.) १.[*मङ्गति सूर्यं परितः गच्छतीति मगि गतौ इति धातोः, मङ्गेरलच् (उ.) ७५९ इति अलच्*] सौरमण्डलको एक ग्रह/सूर्यबाट चौथो स्थानमा रहेको ग्रह/पृथ्वीपछिको ग्रह। यो पृथ्वीभन्दा सानो र चन्द्रमाभन्दा दुई गुणा



(मङ्गलः)

ठुलो छ। रातो माटो भएकाले यसलाई अङ्गार वा आगाको फिलिङ्गो पनि भनिन्छ। यो सूर्यबाट करिब २२,७९,४०,५०० कि.मि. टाढा छ। यसको वायुमण्डलमा अक्सिजन, पानीको वाफ र कार्बन डाइअक्साइडको बाक्लो पत्र छ। यसको व्यास करिब ६,७,६८ किलोमिटर छ। यहाँ वायुमण्डलको घनत्व कम छ। दिनको तापमान १० डिग्री से. माथि जाँदैन। गर्मीको समयमा विषुवत् रेखमा ३० से. सम्म पुग्छ। पानी पर्दैन। जाडामा ध्रवको तापक्रम –८३ भन्दा माथि पुग्दैन। यो पृथ्वीबाट करिब ५,४२,६५,६०० किलोमिटर टाढा छ। यसलाई आफ्नो अक्षमा घुम्न २४ घण्टा ३७ मिनेट २२.६ सेकेन्ड लाग्छ। २४ किलोमिटर प्रति सेकेन्डको गतिका दरले हिँडेर यसले ६८७ दिनमा एकपटक सूर्यको परिक्रमा गर्छ। पृथ्वी र मङ्गल १५–१६ वर्षमा नजिक आउँछन्। यसका दुईओटा उपग्रह वा चन्द्रमा छन्। वैज्ञानिकहरूले एउटालाई **फोबोस** र अर्कालाई **डाइमोस** भनेका छन्। फोबोसको व्यास १६ किलोमिटर छ। मङ्गलबाट यसको दूरी ५९२० कि.मि. छ। यसले मङ्गललाई ७ घण्टा ३९ मिनेटमा परिक्रमा गर्दछ। डाइमोसको व्यास ८ किलोमिटर छ। यो २०,००० किलोमिटर टाढा रहेर ३० घण्टा २० मिनेटमा मङ्गलको परिक्रमा गर्दछ। फोबोस पश्चिमबाट उदाएर ४.५ घण्टा पछि पूर्वमा अस्ताउँछ। डाइमोस पूर्वबाट उदाएर २ दिन वा २ रात आकाशमा देखिएर पश्चिममा अस्ताउँछ। मङ्गलबाट खण्डग्रास सूर्य ग्रहण पनि देखिन्छ। डाइमसले सूर्यलाई छेक्दा लाग्ने ग्रहण २ मिनेटको हुन्छ भने फोबोसले सूर्यलाई ढाक्दा लाग्ने ग्रहण १९ सेकेन्डको मात्र हुन्छ। २.विष्णु ३.सिसाको सामान बनाउन प्रयोग गरिने धातुविशेष। **~वासरः** (पुं.) [*मङ्गलस्य वासरः, ष.त.*] सोमवार र बुधवारका बिचको दिन/भौमवार।

मङ्गलम् (पुं./नपुं.) [*मङ्गति, हितार्थं सर्पति मङ्ग्यते वा, मगि सर्पणे इति धातोः, मङ्गेरलच् (उ.) इत्यलच्*] १.कल्याण। **मङ्गलं पुनः, कल्याणे, मङ्गलो भौमे मङ्गला श्वेतदूर्विका** (हैम.)। २.मनकामना पूर्ण हुनु ३.आशीर्वाद ४.शुभशकुन/मङ्गलजनक द्रव्यहरू– पानीले भरिएको गाग्रो, ब्राह्मण, वेश्या, सेतो धान, ऐना, दही, घिउ, मह, लाजा, पुष्प, दुबो, अक्षता, सेतो गोरु, हात्ती, घोडा, बलेको आगो, सुवर्ण, पात, पाकेका फल, पतिपुत्रवती नारी, बलेको दियो, मणि, मोती, फूलको माला, तुरुन्त काटेको मासु, खीर, मह, लाजा, सूर्य, शमी, पिप्पलको रुख, चन्दन, देवप्रतिमा, हरिकीर्तन, शङ्ख र घण्टको ध्वनि,। दायाँ पर्दा शुभ हुने शकुन– राजहाँस, मयूर, खञ्जन, सुगा, कोइली, परेवा, चिल, चखेवा, कृष्णसार मृग, बाच्छो साथमा भएको गाई, सेतो चमर। बायातिर पर्दा शुभ हुने शकुन– स्याल, न्याउरी मुसो, चासपक्षी, मुर्दा। ५.भलाइ गर्ने वस्तु ६.शुभ उत्सव ७.हलेदो। (मत्स्यतन्त्रसूक्त) **~कर्म** (नपुं.) [*मङ्गलस्य कर्म, ष.त.*] कुनै कामकाज सफलतापूर्वक सम्पन्न होस् भन्नका लागि गरिने गणेश, सरस्वती आदिको पूजा, प्रार्थना आदि माङ्गलिक कार्य। **~कलशः** (पुं.) [*मङ्गलाय कलशः, च.त.*] मङ्गल वा शुभ शकुनका लागि राखिने जलपूर्ण कलश/कुनै शुभ कार्यमा मङ्गलका लागि देवताका अगिल्तिर राखिने जलपूर्ण घडा। **~कामना** (स्त्री.) [*मङ्गलस्य कामना, ष.त.*] भलो चिताउने काम/शुभ कामना। **~कारी** (पुं.वि.) [*मङ्गलं करोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मङ्गलकारक/कल्याणकारी। **~गानम्** (नपुं.) [*मङ्गलस्य गानम्, ष.त.*] शुभकार्यको सन्दर्भमा गाइने गीत/मङ्गलाचरण। **~पाठः** (पुं.) [*मङ्गलस्य पाठः, ष.त.*] १.कुनै पनि कृतिको प्रारम्भमा गरिने मङ्गलाचरण २.नाटक प्रदर्शनको प्रारम्भमा गरिने नान्दीपाठ। ३.अनिष्ट निवारण र कल्याणप्राप्तिका निमित्त गरिने पाठविशेष। **~पाठकः** (पुं.वि.) [*पठतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, मङ्गलस्य पाठकः, ष.त.*] मङ्गल पढ्ने/स्तुति पाठक। **~प्रदः** (पुं.वि.) [*मङ्गलम् प्रददाति, आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः ६.४.६४*] हित वा कल्याण गर्ने/मङ्गलकारी/ कल्याणकारी/मङ्गलकारक। **~मयः** (पुं.वि.) [*प्रशस्तं मङ्गलमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयट्] कल्याणमय/ हित/भलाइ/मङ्गलस्वरूप। **~वाद्यम्** (नपुं.) [*मङ्गलाय वाद्यम्, च.त.*] शुभ अवसरमा बजाइने बाजा। **~सूत्रम्** (नपुं.) [*मङ्गलस्य सूत्रम्, ष.त.*] १.कुनै देवताको प्रसादस्वरूप घाँटी वा नाडीमा बाँधिने धागो २.सधवा स्त्रीले गलामा लाउने सूत्र।

मङ्गला (स्त्री.) [*मगि सर्पणे इति धातोः, मङ्गेरलच् (उ.) ७५९ इति अलच्, टाप् ४.१.४, यद्वा मङ्गलमस्ति अस्याः, अर्शाद्यच्*] १.गौरी/पार्वती २.सेतो दुबो ३.पतिव्रता स्त्री। ४.पार्वतीकी एक सखी ५.लक्ष्मी। ६. हलेदो ७.हरियो दुबो ८.छन्दमा प्रयोग हुने मात्राविशेष। **~गौरीव्रतम्** (नपुं.) [*मङ्गलागौर्या व्रतम्, ष.त.*] विवाहपछि स्त्रीजातिले पाँच वर्षसम्म प्रत्येक श्रावण महिनाको मङ्गल वार लिइने व्रत (भ.पु.)।

मङ्गलागरुः (पुं.) [*मङ्गलञ्च तदगरु च, कर्म.स.*] चार किसिमका अगरु मध्ये एक अगरु।

मङ्गलाचरणम् (नपुं.) [*मङ्गलस्य आचरणम्, ष.त.*] १.शुभ कार्यको प्रारम्भमा मङ्गलको कामना गरी पढिने कुनै देवताको स्तुति २.ग्रन्थको आरम्भमा नमस्कार, वस्तु निर्देश वा आशीर्वाद दिई लेखिने माङ्गलिक श्लोक वा पद।

मङ्गलाचारः (पुं.) [*मङ्गलप्रधान आचारः*] १.मङ्गलका लागि गरिने कार्य/माङ्गलिक कार्य २.आशीर्वादको उच्चारण।

मङ्गलाव्रतम् (नपुं.) [*मङ्गलाया व्रतम्, ष.त.*] पार्वतीको प्रसन्नताका लागि स्त्रीजातिले लिने एक व्रत।

मङ्गलिनी (स्त्री.) [*मङ्गलमस्या अस्ति, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] विवाह, व्रतबन्ध आदि शुभ कार्यमा मङ्गल गान गर्ने स्त्री।

मङ्गल्यः (पुं.) [*मङ्गले साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] १.मुसुरो २.बेल ३.बयर ४.मजिठो ५.नरिवल ६.पिप्पल ७.विजयसाल ८.रिट्ठो।

मङ्गल्यकः (पुं.) [*मङ्गले साधुः, तत्र साधुः ४.४.९८ इति यत्, स्वार्थे कन्, ज्ञापि. ५.४.५*] मुसुरो।

मङ्गल्यम् (नपुं.) [*मङ्गलाय साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] १.दही २.सुन ३.चन्दन ४.सिंदुर ५.अगरु ६.राज्याभिषेकमा प्रयोग गरिने अनेक तीर्थको जल ७.(त्रि.) मङ्गलकारक।

मङ्गल्या (स्त्री.) [*मङ्गले साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] १.कालो धूपी २.शमीवृक्ष ३.शङ्खपुष्पी ४.बोभो ५.दुबो ६.जटामसी ७.हलेदो ८.दुर्गा।

मच (धा.) [*कल्कने, अक.सेट् आत्म.*] घमन्ड गर्नु, दुराचारी हुनु, कुट्नु। लट्– **मचते–** घमन्ड गर्छ, दुराचारी हुन्छ, कुट्छ। लिट्– **मेचे–** घमन्ड गरेछ, दुराचारी भएछ, कुटेछ इत्यादि।

मचर्चिका (स्त्री.) [*मं शम्भुं चर्चति, चर्च अध्ययने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, वा क्वुन् (उ.) युवोरनाकौ ७.१.१ इत्यकः, टाप्, इत्वम्*] अरू शब्दसँग गाँसिएर आउँदा श्रेष्ठ अर्थ दिने शब्द।

मचि (धा.) [*धारणोच्छ्रायपूजनेषु, सक.सेट् आत्म.*] धारण गर्नु, माथि उठाउनु, पूजित हुनु, मञ्चन गर्नु। लट्– **मञ्चते–** धारण गर्छ, माथि उठाउँछ, पूजित हुन्छ, मञ्चन गर्छ इत्यादि।

मज्जा (पुं.) [*मज्जत्यस्थिषु इति, टुमस्जो शुद्धौ इति धातोः, श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्मूर्धन्मज्जन्नर्यमन्विश्वप्सन्परिज्जन्मातरिश्वन्मघवन्निति (उ.) १६५ इति कनिन्, मस्जेः सकारस्य शकारः, तस्य जश्त्वेन जः*] १.हाडको बिचमा रहेको चिल्लो पदार्थ/बोसो २.लज्जा ३.रुखको चुरो। **मज्जा, मज्जानौ,** मज्जानः (रूपावली)।

मञ्चः (पुं.) [*मचि उच्छ्राये इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, यद्वा मञ्चते, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सर्वसाधारण जनतासमक्ष कुनै काम गर्नका लागि बनाइएको उच्च मण्डप २.देवता राख्ने सानो खटिया।

दोलायमानं गोविन्दं मञ्चस्थं मधुसूदनम्।
रथस्थं वामनं दृष्ट्वा पुनर्जन्म न विद्यते॥ (पुरा.)

३.खाट।

मञ्जरी (स्त्री.) [*मञ्जु मनोज्ञत्वम् ऋच्छति प्राप्नोति मञ्जुपूर्वकाद् ऋ गतौ इति धातोः, अत इः (उ.) इति इः, गुणः, पररूपम् पक्षे ङीष्–मञ्जरी*] १.पालुवा/मुजुरा २.मोती ३.तुलसी ४.तिलको बोट ५.लहरो।

निर्गते मञ्जरीकुञ्जादपश्यत्पुरतस्ततः।
कन्ये नीलनिलोचिन्यौ स केचिच्चारुलोचने॥

(राजतरङ्गिणी)

मञ्जिष्ठा (स्त्री.) [*मञ्जौ शोभने वर्णे तिष्ठति, सुपि स्थः ३.२.४ इति कः, आम्बाम्ब ८.३.९७ इति षत्वम्, पृषोदरादिः ६.३.१०९, यद्वा–अतिशयेन मञ्जुः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, टाप्*] मजिठो। यो आठहजार फिटमाथिका नेपाल र भारतका पर्वतीय प्रदेशमा उपलब्ध हुन्छ। कफ, सुन्निने रोग, योनि, नेत्र र कर्णसम्बन्धी रोग आदिमा यसको उपयोग हुन्छ। यो लहराजातिको वनस्पति हो, टाढासम्म फैलन्छ, जरो पृथ्वीभित्र निकै गहिराइमा पुग्छ। यसका अन्य संस्कृत नामहरू– विकसा, जिङ्गी, समङ्गा, कालमेषिका, मण्डुकपर्णी, भण्डीरी, भण्डी, योजनवल्ली, रसायनी, अरुणा, काला, रक्ताङ्गी, रक्तयष्टिका, भण्डीतकी, गण्डीरी, मञ्जूषा, वस्त्ररञ्जिनी (भा.प्र.नि.)।



(मञ्जिष्ठा)

मञ्जीरः (पुं.नपुं.) [*मञ्जति चित्तं प्रसादयतीति, मञ्ज धातो बाहुलकाद् ईरन्*] पाउजेब/नूपुर।

मञ्जु (अव्य.) [*मञ्जति चित्तं प्रसादयतीति, मञ्ज धातोः मृगय्वादयश्च (उ.) इति बाहुलकात् कुः*] राम्रो/सुन्दर/प्यारो/मधुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मञ्जुगर्तः (पुं.) [*मञ्जुश्चासौ गर्तश्च,कर्म.स.*] काठमाडौँ उपत्यकाको एक प्राचीन नाम।

मञ्जुघोषः (पुं.) [*मञ्जुश्चासौ घोषश्च,कर्म.स.*] १.मिठो बोली/मधुर वचन २.[*मञ्जुः श्रवणप्रियः कल्याणदायी वा घोषो यस्य सः, बहु. स.*] एक बौद्ध आचार्य/मञ्जुश्री/मञ्जुदेव।

मञ्जुभाषिणी (स्त्री.) [*मञ्जु भाषते तच्छीला, णिनिः*] १.मिठो बोल्ने आइमाई २.प्रत्येक पाउमा क्रमशः सगण, जगण, सगण, जगण, तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **सजसा जगौ च यदि मञ्जुभाषिणी** (छन्दो.)।

मञ्जुलः (पुं.वि.) [*मञ्जु मञ्जुत्वं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] १.सुन्दर/प्यारो/मधुर। **मञ्जुलं च चलाञ्चले। रम्ये कुञ्जे मञ्जुलस्तु दात्यूहे** (हैमः) २.(पुं.)काग।

मञ्जुश्रीः (स्त्री.) १.[*मञ्जु चासौ श्रीश्च*] सुन्दर शोभा २.(पुं.) [*मञ्जु श्रीर्यस्य सः, बहु.स.*] एक प्रसिद्ध बौद्ध आचार्य। यिनैले चोभारको डाँडो काटी काठमाडौँ उपत्यकाको पानी निकालेका हुन् भन्ने किंवदन्ती छ। ३.(स्त्री.) [*मञ्जु मनोहरा श्रीःशोभा यस्याः सा, बहु.स.*] बाह्र हात, दुई पाउ भएकी एक देवी।

मञ्जुसौरभम् (नपुं.) प्रथम र तृतीय पाउमा क्रमशः नगण, जगण, जगण, सगण, जगण, यगण तथा दोस्रो र चौथो पाउमा क्रमैले रगण, एक लघु र एक गुरुवर्णका प्रयोग भएको अर्धसम छन्द।

मञ्जुहासिनी (स्त्री.) प्रत्येक पाउमा क्रमशः जगण, तगण, सगण, जगण, तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **जतौ सजौ गो भवति मञ्जुहासिनी** (छन्दो.)।

मञ्जूषा (स्त्री.) [*मज्जति शुद्धो भवतीति, टुमस्जो शुद्धौ इति धातोः, मस्जेर्नुम् च (उ.) ५२६ इति ऊषन्, नुम् च*] १.सन्दुस/बाकस २.पेटारी ३.सेफ ४.पिँजडा।

मठ (धा.) [*मदनिवासयोः, अक.सेट्, पर.*] घमन्डी हुनु, बस्नु। लट्– **मठति–** घमन्डी हुन्छ, बस्छ इत्यादि।

मठः (पुं.) [*मठन्ति वसन्ति यत्र, मठ मदनिवासयोः इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, संज्ञापूर्वकत्वान्न वृद्धिः*] १.योगी संन्यासीहरू रहने ठाउँ/साधु संन्यासीहरूको आश्रम २.मन्दिरको पूजा आजका लागि व्यवस्था गर्न बनेको स्थान ३.तुलसी रोपिएको स्थान ४.छात्रावास। **मठश्छात्रादिनिलयः।** (अमर.) ५.मैदाको वृत्ताकार खाद्यवस्तु।

मठरः (पुं.) [*मन ज्ञाने इति धातोः, वचिमनिभ्यां चिच्च (उ.) ७२७ इति अरः, ठश्चान्तादेशः मठर एव माठरः*] १.सूर्यको पार्श्ववर्ती २.मुनिविशेष ३.रक्सीवाज। **मठरः मुनिशौण्ड्योः** (उज्वलदत्त)।

मठाधीशः (पुं.) [*मठस्य अधीशः, ष.त.*] कुनै मठका मुख्य अधिकारी/महन्त/मठाध्यक्ष।

मठि (धा.) [*पालने, सक.सेट्, आत्म.*] पालन गर्नु। लट्– **मण्ठते–** पालन गर्छ इत्यादि।

मठि (धा.) [*शोके, सक.सेट्, आत्म.*] दुःख मान्नु, चिन्ता गर्नु। लट्– **मण्ठते–** दुःख मान्छ, चिन्ता गर्छ इत्यादि।

मडि (धा.) [*विभाजने, सक.सेट्, आत्म.*] विभाजन गर्नु। लट्– **मण्डते–** विभाजन गर्छ। लिट्– **ममण्डे–** विभाजन गरेछ (अन.) इत्यादि।

मडि (धा.) [*भूषायाम्, अक.सेट्, पर.*] सिँगार्नु। लट्– **मण्डति–** सिँगार्छ। लिट्– **ममण्ड–** सिँगारेछ। णिचि– **मण्डयति–** सिँगार्न लगाउँछ। कृदन्ते– **मण्डकः/मण्डिका/मण्डिता-त्री–** सिँगार्ने। **मण्डितुम्–** सिँगार्न। **मण्डित्वा–** सिँगारेर। **मण्डितव्यम्/मण्डनीयम्–** सिँगार्नु पर्ने। **मण्डूकः–** भ्यागुतो। **मण्डलम्–** समूह, परिवार इत्यादि।

मडि (धा.) [*भूषायां हर्षे च, सक.सेट्, उभय.*] सिँगार्नु, खुशी हुनु। लट्– **मण्डयति-ते–** सिँगार्छ, खुसी हुन्छ। लिट्– **मण्डयाञ्चकार-चक्रे–** सिँगारे छ, खुसी भएछ (अन.)। लुट्– **मण्डयिता–** सिँगार्ने छ, खुसी हुने छ इत्यादि।

मड्डुः (पुं.) [*टुमस्जो शुद्धौ इति धातोः, भृमृशीतॄ. (उ.) ७ इति उः, पृषोदरादित्वात् जस्य डः*] ठुलो खालको डमरु।

मण (धा.) [*शब्दार्थे, अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **मणति–** शब्द गर्छ। लिट्– **ममाण–** शब्द गरेछ इत्यादि।

मणिः (पुं.स्त्री.) [*मणति शब्दयतीति, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] १.बहुमूल्य चमकदार पत्थर/रत्न/जवाहरत २.श्रेष्ठ र सुयोग्य व्यक्ति ३.बाख्राका लुर्कना ४.लिङ्ग र योनिको अग्रभाग ५.घ्याँम्पो ६.मालाको दाना ७.प्राचीन एक मुनि ८.नागविशेष ९.घडा।

> **मणिः स्त्रीपुंसयोरत्नजातौ मुक्तादिकेऽपि च**
> **कण्ठदेशस्तनेऽजाया लिङ्गाग्रेऽलिञ्जरेऽपि च** (विश्व.)।
> **मणिना वलयं वलयेन मणिर्मणिना वलयेन विभाति करः ॥**
> (सुभा.)

मणिकः (पुं.) [*मणिरेव, मण शब्दे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन् ततः संज्ञायां कन् ५.३.७५ इति कन्*] १.मणि २.घ्याम्पो। **अलिञ्जरः स्यान्मणिकः** (अमर.)।

मणिकर्णिका (स्त्री.) १.[*मणिप्रधाना कर्णिका, म.प.स.*] मणि जडिएको कानको गहना २.बनारसको एक घाट वा कुवा।

मणिकल्पलता (स्त्री.) प्रत्येक पाउमा क्रमशः नगण, जगण, रगण, भगण, भगण तथा एक गुरुवर्णका प्रयोग भएको छन्द। **नजरभभेण गेन च स्यान्मणिकल्पलता** (छन्दो.)।

मणिगुणः (पुं.) प्रत्येक पाउमा क्रमैले चार नगण तथा एक सगण भएको छन्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मणिगुणनिकरः (पुं.) प्रत्येक पाउमा १४ लघुवर्ण पछि एक गुरुवर्ण आउने शशिकला छन्दमा ८ र ७ अक्षरमा विश्राम भए यो छन्द पर्छ। यतिभेदले पनि छन्द बदलिन्छ भन्ने यो एउटा दृष्यान्त हो। **वसुमुनियतिरिति मणिगुणनिकरः** (छन्दो.)।

मणिचकः (पुं.) माटिकोरे चरा। टाउको गर्धन गाढा खयर रङको, घाँटी र छाती सेतो, तिखो लामो रातो ठुँड, हरियो र नीलो टलक भएको ढाड, पुच्छर र पँखेटा भएको भँगेरोभन्दा केही ठुलो एक चरो।

(मणिचकः)

मणिद्वीपः (पुं./नपुं.) [*मणिना रचितो द्विपः, मणिमयो वा द्विपः, म.प.स.*] ब्रह्मलोकभन्दा माथिल्लो वा परको लोक/देवीलोक।
ब्रह्मलोकादूर्ध्वभागे सर्वलोकोऽस्ति यः श्रुतः।
मणिद्वीपः स एवास्ति यत्र देवी विराजते॥ (देवीभा.)

मणिपूरम् (नपुं.) १.कलिङ्गदेश २.शरीरका षट्चक्रमध्ये नाइटोमा रहेको मेघ झैं कालोनीलो वर्णको बिजुली झैं चम्किलो उज्यालो मणि जस्तो पद्म। यसमा दस पत्र हुन्छन्। तिनमा डदेखि फसम्मका वर्ण छुट्टाछुट्टै रहेका हुन्छन्। त्यस्तो मणिपूर पद्ममा लक्ष्मीनारायण बस्नुभएको कल्पना गरी ध्यान गर्ने व्यवस्था योगशास्त्रमा वर्णित छ।

मणिप्रभा (स्त्री.) १.छन्दविशेष २.मणिको कान्ति।

मणिपद्मः (पुं.) १.बोधिसत्त्व/बुद्ध बन्ने अधिकारी भइसकेको व्यक्ति/बुद्धत्व प्राप्त हुने निश्चय भइसकेको व्यक्ति २.माने।

मणिबन्धः (पुं.) [*मणिर्बध्यतेऽत्र, बन्ध बन्धने इति धातोः, हलश्च ३.४.२१ इति घञ्*] नाडी/हत्केला र पाखुराका बिचको भाग। **मणिबन्धः पाणिमूलम्** (हला.)। **करोऽस्यादौ मणिबन्धो मणिश्च सः** (हैम.)।

मणिमञ्जरी (स्त्री.) प्रत्येक पाउमा क्रमशः यगण, भगण, नगण, यगण, भगण, जगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। यसमा १२ र ७ अक्षरमा विश्राम हुन्छ। **इनाश्वैः स्याद् यभनयभजगाः कीर्तिश्च मणिमञ्जरी** (छन्दो.)।

मणिमध्या (स्त्री.) प्रत्येक पाउमा क्रमशः भगण, मगण, सगणको प्रयोग भएको छन्द। **स्यान्मणिमध्या चेद् भमसाः** (छन्दो.)।

मणिमाला (स्त्री.) [*मणीनां माला, ष.त.*] १.मणिको माला २.प्रत्येक पाउमा क्रमशः तगण, यगण, तगण, यगणको प्रयोग भएको छन्द। यसको ६ अक्षरमा विश्राम हुन्छ। **त्यौ त्यौ मणिमाला छिन्ना गुहवक्त्रैः** (छन्दो.)।

मण्डः (पुं.) १.[*मण्डयति क्षेत्रं भूषयति, पचाद्यच्*] आँला भएको जडीबुटी/पाँचआँले २.पुच्छर ३.साग ४.अँडिर ५.[*मण्डति वर्षागमे हृष्यति*] भ्यागुतो।

मण्डम् (नपुं.) [*मन्यते ज्ञायतेऽनेन अन्नादिकम्, इति मन ज्ञाने, इति धातोः, ञमन्ताड्डः (उ.) ११९ इति डः*, १.माड/खोले २.पन्यालो वस्तुमा लाग्ने तर ३.दुधको मलाइ ४.फिँज।

मण्डनः (पुं.) [*मण्डनशीलः, मडि भूषायाम् इति धातोः, क्रुधमण्डार्थेभ्यश्च ३.२.१५१ इति युच्*] सिगारिने। **मण्डनं तु प्रसाधने, मण्डनोऽलङ्करिष्णौ स्यात्** (हैमः)।

मण्डनम् (नपुं.) [*मण्ड्यते अनेन, मडि भूषायामिति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आभूषण २.युक्ति र प्रमाणद्वारा कुनै पक्षको पुष्टि गर्नु। **मण्डनं तु प्रसाधने, मण्डनोऽलंकारिष्णौ** (हैम.)। ३.[*भावे ल्युट्*] सिँगार्ने काम, सजाउने काम।

मण्डनमिश्रः (पुं.) [*मण्डनाभिधो मिश्रः*] शङ्कराचार्यसित शास्त्रार्थ गर्ने एक प्रसिद्ध दार्शनिक/मिथिलाका प्रसिद्ध एक दार्शनिक। यी कुमारिलभट्टका अनुयायी विद्वान् थिए। यिनको समय सन् ६२०–७१० को आसपासमा मानिन्छ। यिनका ग्रन्थहरू विधिविवेक, **विभ्रमविवेक, भावनाविवेक, मीमांसानुक्रमणिका, स्फोटसिद्धि, ब्रह्मसिद्धि, नैष्कर्म्यसिद्धि, तैत्तरीय** र **बृहदारण्यक उपनिषद् भाष्य वार्तिक** मुख्य छन्। विधिविवेकमा विधिलिङ्गको विवेचना छ। विभ्रमविवेकमा पाँच किसिमका ख्यातिको व्याख्या गरिएको छ। भावनाविवेकमा भावना स्वरूपको निरूपण छ। मीमांसानुक्रमणिकामा मीमांसासँग सम्बद्ध विषयको चर्चा छ,। स्फोटसिद्धिमा वर्णवादीहरूको विचारलाई खण्डन गरेर मीमांसादर्शनको प्राणभूततत्त्व स्फोट सिद्धान्तको प्रतिपादन गरिएको छ।

मण्डपः (पुं.) [*मडि भूषायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्, मण्डं पाति रक्षतीति, पा रषणे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.पाल/कपडाको घर २.देवमन्दिरको माथिको बाटुलो वा गाईको पुच्छर जस्तो हिस्सा ३.सप्ताह आदि यज्ञ गर्दा विधिवत् बनाइने घर/प्रासाद। यो सत्ताइस किसिमको हुन्छ– पुष्पक (६४ स्तम्भ भएको) पुष्पभद्र (६२ स्तम्भ भएको) सुव्रत (६० स्तम्भ भएको) अमृतनन्दन (५८ स्तम्भ भएको) कौशल्य (५६ स्तम्भ भएको) बुद्धिसङ्कीर्ण (५४ स्तम्भ भएको) गजभद्र (५२ स्तम्भ भएको) जयावह (५० स्तम्भ भएको) श्रीवत्स (४४ स्तम्भ भएको) विजय (४६ स्तम्भ भएको) वास्तुकीर्ति (४४ स्तम्भ भएको) श्रुतिञ्जय (४२ स्तम्भ भएको) यज्ञभद्र (४० स्तम्भ भएको) विशाल (३८ स्तम्भ भएको) सुश्लिष्ट (३६ स्तम्भ भएको) शत्रुमर्दन (३४ स्तम्भ भएको) भागपञ्च (३२ स्तम्भ भएको) नन्दन (३० स्तम्भ भएको) मानव (२८ स्तम्भ भएको) मानभद्रक (२६ स्तम्भ भएको) सुग्रीव (२४ स्तम्भ भएको) हरित (२२ स्तम्भ भएको) कर्णीकार (२० स्तम्भ भएको) शतर्धिक (१८ स्तम्भ भएको) सिंह (१६ स्तम्भ भएको) श्यामभद्र (१४ स्तम्भ भएको) र सुभद्र (१२ स्तम्भ भएको)। यिनलई उत्तम, मध्यम र अधम गरी तीन भागमा विभाजन गरिएको छ। प्रत्येकका लक्षण अलग अलग छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको उत्तरतर्फ फलफूलका वृक्ष, चारैतर्फ जलाशय, दक्षिणतर्फ तपोवन, उत्तरतर्फ देवीको मन्दिर, आग्नेयकोणमा पाकशाला, नैऋत्यमा विनायकको मन्दिर, पश्चिममा विष्णु भगवान्को मन्दिर र यज्ञशाला रहेका हुन्छन्। दशवटा प्रवेशद्वारको व्यवस्था गरिएको हुन्छ। (मत्स्यपुराण, अ. २७०.१.३६)

मण्डपिका (स्त्री.) [*स्वल्पं मण्डपम्, अल्पे ५.३.८५ इति कन्, टाप्, इत्वम्*] सानो मण्डप। **तुलस्या उपरिष्यत्तु कुर्यात् मण्डपिकां शुभाम्** (स्कन्धपु. का.ख.)।

मण्डलकम् (नपुं.) [*मण्डलमिव, इवे प्रतिकृतौ ५.३.९३ इति कन्*] कुष्ठरोग।

मण्डलम् (नपुं.) [*मण्डयति इति, मडि भूषायाम् इति धातोः, वृषादित्वात् (उ.) १०६ कलच्, मण्डं भूषां लाति इति वा*] १.बाटुलो आकारको वस्तु/वृत्ताकार वस्तु २.ग्रहतारा आदिको बिम्ब ३.सर्पविशेष ४.कुकुर ५.बाह्रवटा राजाको समूह ६.कुष्ठरोग विशेष ७.दल वा समूह ८.सूर्य र चन्द्रमामा लाग्ने घेरा। ९.तन्त्र वा ऋग्वेदको मन्त्रविशेष। १०.शिकार खेल्दा प्रयोग गरिने तरिका। **मण्डलं देशबिम्बयोः। भुजभेदे परिधौ शुनि द्वादशराजके। संघाते कुष्ठभेदे च** (विश्व.) ११.शरीरका आठ जोर्नीमध्ये एक १२.गन्धद्रव्यविशेष १३.चालिस योजन लामो बिस योजन चौडा भएको पृथ्वीको खण्ड १२ जिल्ला वा प्रान्त १४.बाटुलो घेरा वा चिह्न १५.बाटुलो भई बसेको सेनाको व्यूह १६.कुष्ठरोगविशेष।

मण्डलाकारः (पुं.) [*मण्डलमिव आकारो यस्य सः, बहु.स.*] गोलाकार/वृत्ताकार/बाटुलो आकारको।

मण्डलाग्रः (पुं.) [*मण्डलमग्रं यस्य सः, बहु.स.*] १.तरवार २.समूहको अग्रभाग।

मण्डली (पुं.) [*मण्डलं कुण्डलाकारेण शरीरवेष्टनमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.सानो समूह/समाज/कुनै विशेष काम गर्नका लागि बनेको दल/जमात २.धागोमा काठ, ढुङ्गा आदि बाँधी परस्परमा अल्झाई खेल्नका लागि बनाइएको खेलौना ३.सर्पविशेष।

मण्डलेश्वरः (पुं.) [*मण्डलस्य भूम्येकदेशस्य ईश्वरः*] १.रजौटा राजा २.जोगीको नेता।

मण्डहारकः (पुं.) [*मण्डं सुराग्ररसं हरति, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] १.सुँढी २.जाँड रक्सीको काम गर्ने व्यक्ति।

मण्डितम् (नपुं.) [*मण्ड्यते स्म, मडि भूषायामिति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सजाइएको/भूषित/सजिसजाउ भएको।

मण्डूकः (पुं.) [*मण्डति शोभतेऽसौ, मण्डयति भूषयति जलाशयमिति वा, मडि भूषायां हर्षे च इति धातोः, शलिमण्डिभ्यामूकण् (उ) ४९१ इति ऊकण्*] १.भ्यागुतो २.ऋषिविशेष ३.घोडाको एकजाति ४.बाजाविशेष ५.रुद्रतालको एघार भेदमध्ये एक।

मण्डूकपर्णः (पुं.) [*मण्डूक इव पर्णं यस्य सः, बहु.स.*] टटेलो।

मण्डूकपर्णी (स्त्री.) [*मण्डूकवत् पर्णं यस्याः सा, बहु.स., पाककर्ण– ४.१.६४ इति ङीष्*] १.मजिठो २.ब्राह्मणी। **मण्डूकपर्णी मञ्जिष्ठाब्राह्मण्योर्ना तु शोणके** (मेदिनी.)।

मण्डूरः (पुं.) [*मडि भूषायामिति इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊरच्*] फलाम गालेर निस्कने कसर वा थेग्रो/फलामको कीट।

मतगणना (स्त्री.) [*मतस्य गणना, ष.त.*] चुनावमा मतपत्रहरू गन्ने काम/भोटको गिन्ती/मतगन्ती।

मतङ्गजः (पुं.) [*मतङ्गाद्वृषेर्जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] हात्ती।

मतदाता (पुं.) [*मतस्य दाता, ष.त.*] १.कुनै निर्वाचन क्षेत्रमा मत वा भोट दिने मानिस २.(पुं.वि.) मत वा विचार दिने।

मतदातासूची (स्त्री.) [*मतदातॄणां सूची, ष.त.*] मतदान दिने अधिकार प्राप्त भएका व्यक्तिहरूको सूची।

मतदानम् (नपुं.) [*मतस्य दानम्, ष.त.*] चुनावमा कुनै उम्मेद–वारलाई मत वा भोट दिने काम।

मतदानकक्षः (पुं.) [*मतदानाय कक्षः, च.त.*] चुनावमा मतदान गर्ने कोठा वा ठाउँ/मतदानकोष्ठ।

मतदानकेन्द्रः (पुं.) [*मतदानस्य केन्द्रः, ष.त.*] उम्मेदवारहरूलाई मतदाताले मत दिने ठाउँ।

मतदानपेटिका (स्त्री.) [*मतदानस्य पेटिका, ष.त.*] मतदाताहरूद्वारा मतपत्र खसाल्ने बाकस/मतपेटिका/ब्यालेट बक्स।

मतपत्रम् (नपुं.) [*मतस्य पत्रम्, ष.त.*] प्रतिनिधि छान्ने पत्र/ब्यालेट पेपर/निर्वाचनमा कुनै उम्मेदवारलाई मतदाताले बाकसमा खसाल्ने सरकारी छाप लागेको पत्र।

मतभेदः (पुं.) [*मतस्य भेदः, ष.त.*] मत नमिल्नु/ठ्याक नमिल्नु/मत नमिल्ने वा बाझ्ने काम।

मतम् (नपुं.) [*मन ज्ञाने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.विचार/राय/आशय/अभिप्राय २.भोट/चुनावमा कुनै व्यक्ति वा पक्षलाई दिइने सम्मति।

मतल्लिका (स्त्री.) [*यद्यपि मतल्लिकादयोः नियतलिङ्गाः, न तु विशेष्यनिघ्नाः, अव्युत्पन्नाश्चेति, तथापि व्युत्पत्तिरपि सम्भवति, मतं मतिमलति, अल भूषणादौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, क्वुन् (उ.) वा, युवोरनाकौ ७.१.१ इत्यकः, पृषोदरादित्वात् ६.३.१०९ अस्य लः*] अरू शब्दसँग गाँसिएर आउँदा श्रेष्ठ अर्थ दिने शब्द।

मताधिकारः (पुं.) [*मतस्य अधिकारः, ष.त.*] मत वा भोट दिने अधिकार।

मताधिकारी (पुं.) [*मतस्य अधिकारी, ष.त.*] चुनावमा मत दिने अधिकार पाएको व्यक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतान्तरम् (नपुं.) [*अन्यत् मतम्*] १.अर्को मत/विरोधी राय २.भिन्न सम्प्रदाय ३.[*मतयोर्मतानां वा अन्तरम्, ष.त.*] दुई वा धेरै मतका बिचको अन्तर।

मतानुसारेण [*मतस्य अनुसारेण, ष.त.*] मतानुकूल/मत वा विचार अनुसार।

मताभिव्यक्तिः (पुं.) [*मतस्य अभिव्यक्तिः, ष.त.*] आफ्नो मत सभाको अगाडि सबैले बुझ्ने गरी व्यक्त गर्नु।

मतावलम्बी (पुं.वि.) [*मतमवलम्बत इति णिनिः*] कुनै सम्प्रदाय वा धार्मिक व्यक्तिको मत मान्ने/मतानुयायी/कुनै विचारको पछि लाग्ने।

मतिः (स्त्री.) [*मन्यतेऽनया, मन ज्ञाने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बुद्धि।

मतिरागामिका ज्ञेया बुद्धिस्तत्कालदर्शिनी।
प्रज्ञा चातीतकालस्य मेधा कालत्रयात्मिका॥ (हैमः)
हीयते हि मतिस्तात हीनैः सह समागमात्।
समैश्च समतामेति विशिष्टैश्च विशिष्टताम्॥ (सुभा.)

२.इच्छा ३.स्मृति ४.तेत्तिस सञ्चारिभावमध्ये एक भाव। यो अनेक शास्त्रको मनन, त्यसको विश्लेषणबाट पैदा हुन्छ। **मतिर्बुद्धीच्छयोः** (हैम.)।

मानुष्ये सति दुर्लभा पुरुषता पुंस्त्वे पुनर्विप्रता,
विप्रत्वे बहुविद्यताऽतिनिपुणा विद्यावतोऽर्थज्ञता ।
अर्थज्ञस्य विचित्रवाक्यपटुता तत्रापि लोकज्ञता
लोकज्ञस्य समस्तशास्त्रविदुषो धर्मे मतिर्दुर्लभा॥ (सुभा.)

५.बुद्धिवर्धक औषधि। **~भ्रमः** (पुं.) [*मतेर्भ्रमः, ष.त.*] बुद्धि बिग्रनु। **~भ्रष्ट** (पुं.) [*मतेर्भ्रष्टः, ष.त.*] बुद्धि बिग्रिएको। **~भ्रष्ट्या** (स्त्री.) [*मतेर्भ्रष्या, ष.त.*] बुद्धि बिग्रिएकी।**~मान्** (पुं.वि.) [*मतिरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] बुद्धिमान्।

न स्वल्पस्य कृते भूरि नाशयेन्मतिमान्नरः।
एतदेव हि पाण्डित्यं यत्स्वल्पाद् भूरिरक्षणम्॥ (सुभा.)

~विपर्ययः (पुं.) [*मतेर्विपर्ययः, ष.त.*] भ्रम/भ्रान्ति। **~ह्रासः** (पुं.) [*मतेः ह्रासः, ष.त.*] बुद्धिको नाश।

कुसङ्गेन मतिह्रासः प्रमादस्तत्प्रमादतः।
प्रवृद्धे तु प्रमादेऽत्र पातित्यं. सर्वतोमुखम्॥ (सुभा.)

मतैक्यम् (नपुं.) [*मतानामैक्यम्, ष.त.*] मत मिल्नु/एकै हुनु/राय नबाझिनु।

मत्कः (पुं.) [*अहं स्वामी यस्य सः, स एषां ग्रामणीः ५.२.७८ इति कप्रत्ययः, प्रत्ययोत्तरपदयोश्च इति मपर्यन्तस्य मादेशः*] मेरो।

मत्कुणः (पुं.) [*मद्यति, क्विप् च ३.२.७६ इति क्विप्, कुणयति, कुण धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मच्चासौ कुणश्च, कर्म.स.*] १.उड़ुस २.दाह्री, जुँगा नभएको व्यक्ति ३.दाँत नभएको हात्ती ४.राँगो ५.नरिवलको भुत्राबाट बनेको कपडा।

मत्तः (अव्य.) [*मदिति अस्मद् शब्दात्, पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्, प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मदादेशः*] मबाट।

मत्तः (पुं.वि.) [*माद्यतीति, मद तृप्तियोगे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, नत्वाभावः*] १.उन्मत्त, २.रक्सी खाएर मात्तिएको।

दश धर्मं न जानन्ति धृतराष्ट्र निबोध तान्।
मत्तः प्रमत्तश्चोन्मत्तश्चान्तः क्रुद्धो बुभुक्षितः॥
त्वरमाणश्च लुब्धश्च भीतः कामी च ते दश (म.भा.)।

३.कोइली ४.मद चुहाउने हात्ती ५.अर्ना ६.प्रसन्न। **~काशिनी** (स्त्री.) [*मत्ता क्षीबेव काशते भाति, कर्तर्युपमाने ३.२.७९ इति णिनिः, दन्त्यसपक्षे कस गतिशासनयोः इति धातोः, पूर्ववत् णिनिः*] १.मत्त हुने स्त्री २.अतिशय राम्री स्त्री।

मत्तमयूरः (पुं.) १.प्रत्येक पाउमा क्रमशः मगण, तगण, यगण, सगण, तथा एक गुरुवर्णका प्रयोग भएको छन्द। यसमा चारपछि नौ अक्षरमा विश्राम हुन्छ। **वेदै रन्धैर्म्तौ यसगा मत्तमयूरः** (छन्दो.) २.उन्मत्त भएको मयूर।

मत्तमातङ्गः (पुं.) [*मत्तश्चासौ मातङ्गश्च, कर्म.स.*] १.उन्मत्त हात्ती २.दण्डक छन्दको एक भेद। यसको प्रत्येक पाउमा रगण नौ वा त्योभन्दा बढी प्रयोग भएका हुन्छन्। **~लीलाकरः** (पुं.) प्रत्येक पाउमा नौवटा रगण आउने छन्द। **यत्र रेफः स्वेच्छया गुम्फितः सस्मृतो दण्डको मत्तमातङ्गलीलाकरः** (छन्दो.)।

मत्ता (स्त्री.) प्रत्येक पाउमा क्रमशः मगण, भगण, सगण, तथा एक गुरुवर्णका प्रयोग भएको छन्द। **ज्ञेया मत्ता मभसगसृष्या** (छन्दो.)।

मत्ताक्रीडम् (नपुं.) प्रत्येक पाउमा क्रमशः दुइ मगण, दुई गुरुवर्ण, चौध लघुवर्ण र त्यस पछि एक गुरुवर्णको प्रयोग भएको छन्द। यसमा क्रमशः आठ, पाँच र दस अक्षरमा विश्राम हुन्छ। **मत्ताक्रीडं वस्विष्वाशायति मयुगगयुगमनुलघुगुरुभिः** (छन्दो.)।

मत्पुत्रः (पुं.) [*मम पुत्रः, ष.त. प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मादेशः पररूपम्*] मेरो छोरो।

मत्पुत्री (स्त्री.) [*मम पुत्री, ष.त., प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मदादेशः पररूपम्*] मेरी छोरी।

मत्रि (धा.) [*गुप्तपरिभाषणे, सक.सेट्, आत्म.*] कानेखुसी गर्नु, एकान्त गर्नु। लट्– **मन्त्रयते–** कानेखुसी गर्छ, एकान्त गर्छ। लिट्– **मन्त्रयाञ्चक्रे–** कानेखुसी गरेछ, एकान्त गरेछ (अन.) इत्यादि।

मत्समः (पुं.) [*मया समः, तृ.त., प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मदादेशः*] मजस्तो।

मत्समः पातकी नास्ति पापघ्नी त्वत्समा नहि।
एवं ज्ञात्वा महादेवी यथायोग्यं तथा कुरु॥ (दे.स्तोत्र)

मत्सरः (पुं.) [*माद्यतीति, मदी हर्षे इति धातोः, कृधूसृधिभ्यः कित् (उ.) ३६० इति सरः*] अर्काको भलाइ देख्न नसक्नु/डाह/जलन/क्रोध/द्वेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत्सरी (पुं.वि.) [*मत्सरोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.मात्सर्य गुणले युक्त भएको/अर्काले गरिखाएको देख्न नसक्ने/अर्काको इर्ष्या गर्ने/डाढे। २.(पुं.) गुणलाई पनि दोष तुल्याएर आलोचना गर्ने समीक्षक (काव्यमीमांसा)।

मत्स्यः (पुं.) [*माद्यति हृष्यतीति, मदी हर्षे इति धातोः, जनिदाच्युसृ-वृमदिषमिनमिभृञ्भ्य इत्वनत्वन्त्नण्क्विन्-शक्स्यढडटाटचः (उ.) ५५४ इति स्यनिपातः, यद्वा मदायते, मद तृप्तियोगे इति धातोः, ऋतन्यञ्जिवन्यञ्ज्यर्पिमद्यत्यङ्गि-कुयुकृशिभ्यः कत्निच्यतुजलिजिष्टुजिष्ठजिसन्स्यनिथिनुल्य सासानुकः (उ.) ५४० इति स्यन्*] १.माछो जमिनमा बाँच्न नसक्ने, समुद्र, नदी, पोखरी आदिको पानीमा बस्ने, फुलबाट बच्चा पैदा हुने प्रसिद्ध जलजन्तु। यसका अनन्त जाति छन् र संसारका प्राणीहरूमध्ये सबैभन्दा ठुलो वा सबैभन्दा सानो यही प्राणी हुन्छ। यी राता, सेता, हरिया, सुनौला आदि विभिन्न रङ र विभिन्न छाँटका हुन्छन्। **मत्स्यो मीनोऽथ पुंभूम्नि देशे** (मेदिनी.) २.मत्स्यावतार ३.मीनराशि ४.सुनौला रसको एक पत्थर ५.मत्स्य देश, ६.अद्रिकाको गर्भबाट राजा उपरिचरले जन्माएको एक छोरो।

मत्सी (स्त्री.) [*मत्स्यस्य स्त्री,गौरादित्वान् षिद्गौरादिभ्यश्च इति ङीष्, मत्स्यस्य ङ्याम् (वा.) इति यलोपः*] माछी/पोथी माछो

मत्स्यगन्धा (स्त्री.) [*मत्स्यस्य गन्ध इव गन्धो यस्याः सा, बहु.स.*] १.माछाको जस्तो गन्ध हुने २.व्यासकी आमा/पराशरकी पत्नी/सत्यवती/अद्रिकाकी छोरी।

मत्स्यण्डी (स्त्री.) [*मदं मुदं वा स्यन्दते, स्यन्दू प्रस्रवणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, पृषोदरादितया ६.३.१०९ साधुः*] खुँदो।

मत्स्यपित्ता (स्त्री.) [*मत्स्यानां पित्तमिव*] पिर्रे लहरो।

मत्स्यपुराणम् (नपुं.) [*मत्स्यं मत्स्यावतारसम्बद्धं पुराणम् म.प.स.*] पुराणको क्रममा सोह्रौं पुराण। यसमा २९१ अध्याय र करिब १४००० श्लोक छन्। यसमा अन्य पुराणमा वर्णित सबैजसो विषयको वर्णन छ।

मत्स्यमुद्रा (स्त्री.) [*मत्स्याकारा मुद्रा, म.प.स.*] दायाँ हातको पीठमा बायाँ हत्केलो राखी दुवै हातको औँठा चलाउँदा हुने हस्तक्रियाको मुद्रा।

दक्षपाणेः पृष्ठदेशे वामपाणितलं न्यसेत्।
अङ्गुष्ठौ चालयेत् ताभ्यां मुद्रेयं मत्स्यरूपिणी॥ (मु.प्र.)

मत्स्यवेधनम् (नपुं.) [*विध्यतेऽनेन, विध विधाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, मत्स्यानां वेधनम्, ष.त.*] बल्छी।

मत्स्याक्षी (पुं.) [*मत्स्यस्य अक्षिणी इव, अक्षिणी यस्याः सा, बहु.स., बहुव्रीहौ— ५.४.१३३ इति षच्, ङीष् ४.१.४१*] कनिके कुरो/खस्रा लाम्चा पात र नीलो फूल भएको कनिकाजस्तो गिर्खा फल्ने एक झार/घोडताप्रे।

मत्स्याण्डम् (नपुं.), [*मत्स्यस्य अण्डम्, ष.त.*] माछाको फुल ।

मत्स्याधानी (स्त्री.) [*मत्स्या आधीयन्तेऽत्र, डुधाञ् धारण-पोषणयोः इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] माछा हाल्ने फुँगो/भाँडो।

मत्स्यावतारः (पुं.) [*मत्स्यस्य अवतारः, ष.त.*] दश अवतारमध्ये विष्णुको पहिलो अवतार।

मत्स्यासनम् (नपुं.) [*मत्स्याकारमासनम्, म.प.स.*] पलेटी मारेर उत्तानो सुती दुवै कुहिनासहित हातले शिर बेर्दा हुने योगासन विशेष।

मुक्तपद्मासनं कृत्वा उत्तानशयनं चरेत्।
कूर्पराभ्यां शिरो वेष्ट्य मत्स्यासनन्तु रोगहम्॥ (घे.सं.)

मत्स्येन्द्रनाथः (पुं.) [*मत्स्येन्द्रश्चासौ नाथश्च, कर्म.स.*] नाथ सम्प्रदायका आदि आचार्य, कौल ज्ञानी, महान् योगी। यिनका गुरु जालन्धरनाथ र शिष्य गोरखनाथ हुन्।

मत्स्येन्द्रासनम् (नपुं.) [*मत्स्येन्द्राकारमासनम्, म.प.स.*] पेट पछाडि जाने गरी बायाँ गोडालाई दाहिने जाँघमा राखी बायाँ गोडामाथि दाहिने कुर्कुच्चा अडाएर दाहिने कुहिनाले मुख दबाएर आँखीभौँको बिचमा एकनास हेर्दा हुन जाने हठयोग।

मथनम् (नपुं.) [*मन्थति इति, मथि हिंसासंक्लेशनयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मथ्ने काम/मन्थन।

मथि (धा.) [*हिंसासंक्लेशनयोः, सक.सेट् पर.*] हिंसा गर्नु, दुःख दिनु। लट्— **मन्थति—** हिंसा गर्छ, दुःख दिन्छ इतयादि।

मथितः (पुं.वि.) [*मथ्यते स्म, मथे विलोडने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मथन गरिएको/घोलिएको।

मथुरा (स्त्री.) [*मथ्यते पापराशिर्यया, मथे विलोडने इति धातोः, मन्दिवाशिमथिचतिचङ्क्यङ्किभ्य उरच् (उ.) ४० इति सूत्रेण उरच्, टाप् ४.१.४*] १.भारतको एक शहर, कृष्णको राजाधानी/यमुनाको किनारमा रहेको कृष्णको जन्मस्थल/प्राचीन सात पवित्र पुरीहरूमध्ये एक। मथुराको प्राचीन नाम मधुरा वा मधुवन हो। यहाँ पहिले ध्रुवले तपस्या गरेका थिए। मधु नामको दैत्यले पछि यहाँ मधुरा (मधुपुरी) नामक सहर बसायो। रामचन्द्रको आज्ञाअनुसार यसै स्थलमा मधु दैत्यको छोरो लवणासुरलाई मारेर शत्रुघ्नले आफ्नो राजधानी बनाए। द्वापरयुगमा यो शूरसेनवंशी राजाहरूको राजधानी थियो। मथुरामण्डल बिस योजनको छ। यस भित्रका तीर्थहरूमा स्नान गर्नाले मानिसहरू सबै पापबाट मुक्त हुन्छन्। ब्रह्मज्ञान र भक्तिद्वारा संसार मथिने हुँदा यसलाई मथुरा भनिएको हो।

विंशतिर्योजनानां च माथुरं मम मण्डलम्।
यत्र तत्र नरः स्नात्वा मुच्यते सर्वपातकैः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मथ्यते तु जगत्सर्वं ब्रह्मज्ञानेन येन वा।
तत् सारभूतं यद्यस्यां मथुरा सा निगद्यते॥

२.रागिणी विशेष।

मथुरामाली (पुं.) [*मथुरायामिव माला अस्यास्तीति, माला क्षेपे (वा.) ५.२.१३१ इति इनिः*] १.जातिविशेष २.माला तयार गर्ने व्यक्ति।

मथे (धा.) [*विलोडने, सक.सेट्, पर.*] मथ्नु, विचार गर्नु, मनन गर्नु। लट्– **मथति–** मथ्छ, विचार गर्छ, मनन गर्छ, इत्यादि।

मद (धा.) [*तृप्तियोगे, सक.सेट्आत्म.*] तृप्त गर्नु। लट्– **मदायते–** तृप्त गर्छ। लिट्– **मादयाञ्चक्रे–** तृप्त गरेछ इत्यादि।

मदः (पुं.) [*मदयति, मदोऽनुपसर्गे ३.३.६७ इत्यप्*] १.नसा वा मात लाग्ने काम/मादक पदार्थको सेवनबाट भएको विकार २.माद/अभिमान ३.हर्ष ४.कस्तूरी ५.वीर्य ६.घमन्ड ७.हात्तीको पसिना ८.तेत्तिस व्यभिचारिभाव मध्येको एक भाव। यो मद्यको सेवनबाट पैदा हुन्छ। यसमा सम्मोह र आनन्दको मिश्रण भएको हुन्छ। **सम्मोहानन्दसम्भेदो मदो मद्योपयोगजः।** (स.द. ३.१४६) **मदो रेतसि कस्तूर्यां गर्वे हर्षेभदानयोः** (मेदिनी.)।

मदकलः (पुं.वि.) [*मदेन कलते, कल शब्दसङ्ख्यानयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मदे सति कलो ध्वनिर्यस्य इति वा*] मदले उन्मत्त भएको (हात्ती)।

मदनः (पुं.) [*मदयतीति, मदी हर्षलेपनयोरिति धातोः, णिचि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कामदेव २.भँवरो/भ्रमर ३.प्रेम ४.धतुरो ५.वसन्त ६.मैनकाँडो ७.खयर ८.मैनाचरो ९.कुण्डलीको सातौं कोठा १०.गीतविशेष ११.वसन्त ऋतु १२.अम्फी। **मदनः सिक्थके स्मरे। राढेवसन्ते धत्तूरे** (विश्वः)। **मदनः स्मरवसन्तद्रुभिद्धत्तूरसिंहके** (मेदिनी.)। **~पीडितः** (पुं.) [*मदनेन पीडितः, तृ.त.*] प्रेम वा कामवासनाले सताइएको।

मदनललिता (स्त्री.) प्रत्येक पाउमा क्रमशः मगण, भगण, नगण, मगण, नगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। यसमा चार, छ, छ अक्षरमा विश्राम हुन्छ। **भ्नौ नो म्नौ गो मदनललिता वेदैः षड्भ्ऋतुभिः** (छन्दो.)।

मदनोत्सवः (पुं.) [*मदनस्य उत्सवः, ष.त.*] वसन्त ऋतुमा गरिने कामदेवको उत्सव। यो उत्सव चैत्रशुक्ल द्वादशीदेखि चतुर्दशीसम्म मनाइन्थ्यो। यसमा व्रत, गानाबजाना, रात्रिमा जाग्राम वसिन्थ्यो। यस उत्सवमा स्त्री–पुरुष दुवै मिलेर वन–बगैंचामा गई आ–आफ्नो इच्छाअनुसारको खेलबाड गर्दथे।

मदमत्तः (पुं.वि.) [*मदेन मत्तः, तृ.त.*] १.धनमाल आदिको घमन्डले मात्तिएको २.मादक पदार्थको सेवनले मात्तिएको।

मदलेखा (स्त्री.) १.प्रत्येक पाउमा क्रमशः मगण, सगण, तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **म्सौ गः स्यान्मद लेखा।** (छन्दो.) २.[*मदस्य रेखा, ष.त.*] मदको रेखा/हात्तीका पसिनाको धारा।

मदस्थानम् (नपुं.) [*मदस्य स्थानम्*] जाँड–रक्सी पिउने ठाउँ/भट्टी।

मदि (धा.) [*स्तुतिमोदमदस्वप्नकान्तिगतिषु, भ्वा. सक. अक. सेट् आत्म.*] स्तुति गर्नु, आनन्द दिनु, उन्मत्त हुनु, सुत्नु, चम्कनु, हिंड्नु। लट्– **मन्दते–** स्तुति गर्छ, आनन्द दिन्छ, उन्मत्त हुन्छ, सुत्छ, चम्कन्छ, हिंड्छ इत्यादि।

मदिरा (स्त्री.) [*माद्यति मत्तो भवति यया सा, मदी हर्षे इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) इति किरच्, टाप्*] १.रक्सी/मादक पदार्थ। २.छन्दविशेष। प्रत्येक पाउमा क्रमशः सात भगण तथा एक गुरुवर्ण प्रयोग भएको छन्द।

सप्तभकारयुतैकगुरुर्गदितेयमुदारतरा मदिरा (छन्दो.)। ३.वसुदेवकी एक पत्नी ४.खञ्जन चरी ५.दुर्गादेवीको एक नाम।

मदिरागृहम् (नपुं.) [*मदिराया गृहम्, ष.त.*] रक्सी बनाउने घर/भट्टी।

मदी (धा.) [*हर्षे, ग्लेपने च, अक.सेट्, पर.*] प्रसन्न हुनु, थाक्नु लट्– **माद्यति–** प्रसन्न हुन्छ, थाक्छ। लिट्– **मामाद–** प्रसन्न भएछ, थाकेछ इत्यादि।

मदी (धा.) [*हर्षग्लेपनयोः, अक.सेट्, पर.*] हर्षित हुनु, थाक्नु। लट्– **मदति–** हर्षित हुन्छ, थाक्छ इत्यादि।

मदीयः (पुं.वि.) [*ममायम्, त्यदादीनि च १.१.७४ इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः, प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मदादेशः*] मेरो।

मदोत्कटः (पुं.वि.) [*मदेन दानाम्बुनोत्कटो मत्तः*] मदले उन्मत्त भएको (हात्ती)।

मदोन्मत्तः (पुं.वि.) [*मदेन उन्मत्तः, तृ.त.*] १.रक्सीले मात्तिएको/नसाले चूर भएको २.धनमाल आदिले उन्मत्त ३.मदजलले मात्तेको (हात्ती)।

मद्गुः (पुं.) [*मज्जति जलेन सर्वथा शुद्धो भवतीति, सर्वदा जले निमज्जति, टुमस्जो शुद्धौ, इति धातोः भृमृशीतृचरित्सरितनिधनिमिमसृजिभ्य उः (उ.) ७ इति उः, न्यङ्क्वादित्वात्कुत्वम् ७.३.५३ जश्त्वेन सस्य दः ८.४.५३*] १.पानीकाग। **मद्गुः पानीयकाकिका** (रभस.) २.सर्पविशेष ३.मगुरी माछो ४.लडाइँमा प्रयोग हुने एक जहाज ५.ब्राह्मबाट वन्दीमा जन्मिएको एक वर्णसङ्कर जाति ६.पुच्छरदेखि ठुंडसम्म ३४ इन्च लम्बाइ हुने एक चरा।

मद्गुरः (पुं.) [*माद्यति हृष्यतीति, मदी हर्षे इति धातोः, मद्गुरादयश्च (उ.) ४३ इति सूत्रेण उरजन्तो निपातः*] १.मत्स्यविशेष २.एक वर्णसङ्कर जाति।

मद्यपः (पुं.) [*मद्यं पिबतीति, पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] जाँड–रक्सी पिउने/मदिरा पिउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मद्यपानम् (नपुं.) [*मद्यस्य पानम्, ष.त.*] मदिरा, जाँड, रक्सी आदि मादक पदार्थ पिउने काम।

मद्यम् (नपुं.) [*माद्यति जनोऽनेन, गदमदचरयमश्चानुसर्गे ३.१.१०० इति यत्*] मादक पदार्थ/मदिरा/रक्सी।

चित्ते भ्रान्तिर्जायते मद्यपानाद्
भ्रान्ते चित्ते पापचर्यामुपैति।
पापं कृत्वा दुर्गतिं यान्ति मूढा–
स्तस्मान्मद्यं नैव पेयं न पेयम्॥ (वैद्यक)

मद्वर्गीणः (पुं.) [*मम वर्गे भवः, अशब्दे यत्खावन्यतरस्याम् ४.३.६४ इति खः, खस्य ईनः, अलोपः, णत्वम्*] मेरो वर्गमा रहेको/मेरो वर्गको।

मद्वर्ग्यः (पुं.) [*मम वर्गे भवः, अशब्दे यत्खावन्यतरस्याम् ४.३.६४ इति यत्, अलोपः*] मेरो वर्गमा रहेको/मेरो वर्गको।

मद्विधः (पुं.) [*मम इव विधा (प्रकारः) यस्य सः, बहु.स.*] मजस्तो।

मधुः (पुं.) [*मन्यन्ते विशेषेण जानन्ति यस्मिन् सः, मन्यते बुध्यते यद् येन वा तत्, मन ज्ञाने इति धातोः, फलिपाटिनमिमनिजरां गुक्पटिनाकिधतश्च (उ.) १८ इति सूत्रेण उः, नस्य धकारश्च*] १.चैत्र महिना २.दैत्यविशेष ३.जेठीमधु ४.कार्तवीर्य ५.शिव ६.सङ्गीतमा एक राग ७.अशोक ८.महुवा ९.वसन्त ऋतु १०.प्रत्येक चरणमा दुई लघु अक्षर भएको एक छन्द। **~मासः** (पुं.) [*मधुनामा मासः*] वसन्त ऋतुका चैत्र र वैशाख दुई महिना। **~यामिनी** (स्त्री.) [*मधोर्यामिनी, ष.त.*] वसन्त ऋतुको आनन्ददायक रात। । **~श्रीः** (स्त्री.) [*मधोः श्रीः, ष.त.*] वसन्त ऋतुको शोभा/वसन्तश्री। **~सूदनः** (पुं.) [*सूदयतीति सूदनः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, मधोः सूदनः, ष.त.*] मधुनामक राक्षसलाई मार्ने श्रीकृष्ण।

मधु (नपुं.) १.मह। यो अनेक प्रकारको हुन्छ। माक्षिक, भ्रामर, क्षौद्र, पौत्तिक, छात्र, आर्घ्य, औद्दालक, दाल। यी मह पार्ने ८ जाति छन्। तिनको गुण र परिचय– **माक्षिकम्**– मौरीको मह। यो सबै महभन्दा उत्कृष्ट मह हो। यसले नेत्रसम्बन्धी कमजोरी, खोकी, कमलपित्त, क्षयरोग आदिलाई नाश गर्दछ। **भ्रामरम्**– भ्रमर जातीय मौरीको मह। यो स्फटिकजस्तै निर्मल हुन्छ। यो रक्तपित्तविनाशक मानिन्छ। **क्षौद्रम्**– सानो जातको मौरीको मह। यो मौरीको मह जस्तै हुन्छ। विशेष रूपले प्रमेह रोगमा यसको उपयोग हुन्छ। **पौत्तिकम्**– कठ्यौरीको मह। यो मच्छड जस्तै सानो खालको हुन्छ। यसले रुखको टोड्कामा मह पार्छ। भिल्लहरू यसलाई पुत्तिका भन्दछन्। त्यसैले यसलाई पौत्तिक भनिएको हो। मूत्रकृच्छ्र र घाउ सुकाउने काममा यो मह लाभदायक हुन्छ। **छात्रमधु**– अग्ला भीरपाखामा, जङ्गलमा छाता आकारको गुँड बनाएर मह पार्ने कैला तथा पहेँला रङ्का मौरी हुन्छन्। तिनको महलाई छाते मह भनिन्छ। श्वेतकुष्ठ, प्रमेह, रक्तपित्त आदिमा यसको उपयोग हुन्छ। **आर्घ्यम्**– अर्घ्या जातिका मौरीको मह। जरत्कारु मुनिको आश्रममा पैदा भएका मौरी जस्ता पहेँलो वर्णका मधुमक्खीलाई अर्घ्या भनिन्छ। तिनीहरूले तयार पारेको हुँदा यस महलाई आर्घ्य भनिएको हो। यो मह आँखालाई राम्रो गर्ने, कफ तथा पित्त नाश गर्ने, पुष्टिदायक र बलवर्द्धक हुन्छ। **औद्दालकमधु**– धमिराको गोलाभित्र बस्ने साना कहिलो वर्णका साना किराहरूले मह पार्छन् तर त्यो नगण्य हुन्छ र औषधिका लागि पनि उपयुक्त हुँदैन। **दालमधु**– फूलबाट पत्तामा झर्ने रस। यो मधु मिठो र रुचिकारक हुन्छ। अर्को किसिमले महलाई दुई प्रकारमा बाँडएको छ– नयाँ र पुरानो। एक वर्ष नपगेको महलाई नयाँ र त्यसपछिको महलाई पुरानो मानिन्छ। तातो पदार्थसँग मिसिएको वा तताएको मह विषसमान हुन्छ, हितकारक मानिदैन। रोगीलाई गर्मी महिनामा मह दिनु राम्रो होइन। उच्च रक्तचाप भएको व्यक्तिले महको सेवन गर्नु लाभदायक हुँदैन। २.चिनी/सक्खर ३.मिठोपना ४.फूलको रस ५.गुलियो मदिरा ६.पानी ७.अमृत ८.घिउ ९.नौनी १०.दुध। ११.जेठीमधु १२.(पुं.वि.) मिठो, गुलियो, स्वादिलो अर्थ जनाउँदा यसको प्रयोग विशेष्यअनुसार हुन्छ। **पिपीलिकार्जितं धान्यं मक्षिकासञ्चितं मधु। लुब्धेन सञ्चितं द्रव्यं समूलञ्च विनश्यति॥** (सुभा.) **मधुश्चैत्रे च दैत्ये च मद्ये पुष्परसे मधु** (हट्टचन्द्रः)। **मधु पुष्परसे क्षौद्रे मद्ये, ना तु मधुद्रुमे। वसन्तदैत्यभिच्चैत्रे स्याज्जीवन्त्यां तु योषिति** (विश्व.। **~कोशः** (पुं.) [*मधूनां कोशः, ष.त.*] १.माहुरीको मह राख्ने घार वा पोलो २.बाखा वा भेडाको अण्डकोष। **~मक्षिका** (स्त्री.) [*मधु सञ्चायिका मक्षिका*] माहुरी/मौरी। **~मल्लिका** (स्त्री.) मालती नाच। **~यष्टिका** (स्त्री.) [*मधुप्रधाना यष्टिका*] जेठीमधु।

मधुकः (पुं.) [*मधु इव इवार्थे मधु एव इति स्वार्थे वा कन्*] १.मह २.महजस्तो गुलियो पदार्थ ३.महुवाको रुख तथा फूल ४.अशोक ५.चराविशेष।

मधुकम् (नपुं.) [*मध्विव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] जेठीमधु।

मधुकरः (पुं.) [*मधु करोति तच्छीलः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] १.भँमरो २.मौरी ३.कामी पुरुष ४.[*मधोः करः, ष.त.*] मह झिक्नेलाई लाग्ने कर।

मधुकरी (स्त्री.) [*मधुकरत्वजातिविशिष्य स्त्री, जातौ ङीष्*] मौरी/माहुरी।

दातव्यं भोक्तव्यं सति विभवे सञ्चयो न कर्तव्यः।
पश्येह मधुकरीणां सञ्चितमर्थं हरन्त्यन्ये॥ (सुभा.)

मधुखण्डः (पुं./नपुं.) [*मधोः खण्डः, ष.त.*] महबाट बनाइएको चिनी। यसले कफ तथा पित्तजन्य रोगलाई नाश गर्दछ। वमन, अतिसार, रक्तविकार आदि रोगमा यसको बढी उपयोग हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मधुपः (पुं.) [*मधु पिबतीति, पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.भँवरा/भ्रमर २.मौरी ३.[*मधु मद्यं पिबति*] जाँडरक्सी पिउने व्यक्ति ४.[*मधु ओष्ठरसं पिबति*] कामी पुरुष/स्त्रीमा लम्पट।

मधुपर्कम् (नपुं.) [*पृच् धातोः, भावे ३.३.१८ इति घञ्, मधुनः पर्को योगो यत्र, बहु.स.*] पूजा गर्दा देवतालाई चढाउन गाईको घिउ, दही तथा मह मिसाएर बनाएको एक पदार्थ। प्राचीनकालमा निम्न लिखित व्यक्तिहरूलाई मधुपर्कद्वारा स्वागत गरिन्थ्यो— स्नातक, आचार्य, राजा, मित्र, जुवाइँ (ससुरा, काका, मामा आदिसमेत) यज्ञमा वरण गरिएका ऋत्विक्हरू।

प्रतिसंवत्सरं त्वर्घ्याः स्नातकाचार्यपार्थिवाः।
प्रियो विवाह्यश्च तथा यज्ञं प्रत्यृत्विजः पुनः॥ (या.स्मृ.)

मधुपर्क बनाउँदा घिउ र मह एक एक भाग, दही तीन भाग मिसाउनु पर्छ।

आज्यमेकपलं ग्राह्यं दध्नस्त्रिपलमेव च।
मधुनः पलमेकन्तु मधुपर्कः स उच्यते॥

मधुपर्णिका (स्त्री.) [*मध्विव पर्णान्यस्याः, पाककर्ण ४.१.६४ इति ङीष्, स्वार्थे कन् ५.३.७५*] १.खमारी २.नीर ३.गुर्जो। **मधुपर्णी तु गम्भार्यां नीलीसंज्ञौषधावपि** (मेदिनी.)।

मधुपर्णी (स्त्री.) [*मधुमयानि पर्णान्यस्याः, पाककर्ण ४.१.५४ इति ङीष्*] गुर्जो।

मधुमक्षिका (स्त्री.) [*मधुकर्त्री मक्षिका, म.प.स.*] मौरी।

मधुमती (स्त्री.) १.योग दर्शनानुसार अभ्यास र वैराग्यले गर्दा रजोगुण र तमोगुण हटेर सत्त्वगुण पूर्णरूपले प्राप्त भएको समाधिको अवस्था २.लहरोविशेष ३.खमारी ४.एक प्राचीन नदी ५.गङ्गा ६.मधुदैत्यकी छोरी ७.नर्मदा नदीको एक शाखा ८.एक देवी ९.छन्दविशेष। प्रत्येक पाउमा क्रमशः नगण, नगण, तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **ननगि मधुमती** (छन्दो.)।

मधुमयः (पुं.वि.) [*प्रशस्तं मधु यस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] मधु वा मिठासले भरिएको/गुलियो रसले पूर्ण।

मधुमेहः (पुं.) [*मधु मेहति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पिसाबसित चिनी निस्कने एक रोग/एक प्रकारको प्रमेह।

मधुयष्टिका (स्त्री.) [*मधु यष्टीव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] जेठीमधु। **मधुयष्टी च यष्टीमधुकवेम च** (वाचस्पति)।

मधुरः (पुं.वि.) [*मधु माधुर्यमस्यास्तीति, ऊषसुषि ५.२.१०७ इति रः*] १.मिठो/स्वादिष्ट २.सुन्दा आनन्द आउने/मधुरतायुक्त।

रे जिह्वे कटुकस्नेहे मधुरं किं न भाषसे।
मधुरं वद कल्याणि लोको हि मधुरप्रियः॥ (सुभा.)

३.प्रिय ४.रसिलो ५.(पुं.) रसविशेष ६.काव्यको एक गुण।

मधुरस्तु प्रिये स्वादौ रसे च रसवत्यपि (हैम.)।

मधुरकः (पुं.) [*मधुर एव, स्वार्थे कन् ५.३.७५*] लशुनको जस्तो कन्द हुने औषधि।

स्याद्ध्रस्वाङ्गो मधुरको मुकुरश्चिरजीवकः (रभस.)।

मधुरसः (पुं.) १.काव्यको एक गुण २.छरस मध्ये एक।

मधुरसा (स्त्री.) [*मधुः रसो यस्याः सा, बहु.स.*] १.मरुई लहरो २.दाख ३.दुधे भार ४.मालकागुनु ५.कुरिलो।

भवेन्मधुरसा द्राक्षामूर्विकादुग्धिकासु च (मेदिनी.)।

मधुरा (स्त्री.) [*मधुरस्त्यस्याः, ऊषशुषि— ५.२.१०७ इति रः, टाप्*] १.सूप २.कुरिलो ३.खजुर ४.जेठीमधु ५.केराको बोट ६.जिरी साग ७.लहरोविशेष ८.शहरविशेष ९.साहित्यमा प्रसिद्ध एक वृत्ति। यसमा रचनामा रमणीयता ल्याउने गरी शब्दको विन्यास गरिएको हुन्छ।

मधुरा शतपुष्पायां मिश्रेयानगरीभिदोः (मेदिनी.)।

मधुरिका (स्त्री.) [*मधुरो रसोऽस्त्यस्याः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ५.२.११५इत्यच् ततः स्वार्थे कन टाप् इत्वम्*] १.वनसूप २.मधिसे सूप।

मधुरिपुः (पुं.) [*मधोरसुरस्य रिपुः, ष.त.*] विष्णु/मधुनामक दैत्यका शत्रु।

मधुरिमा (पुं.) [*मधुरस्य भावः, पृथ्वादिभ्य इमनिज् वा ५.१.१२२ इति इमनिच्*] मधुरत्व/मिठोपन/स्वादिलोपन।

मधुलिट् (पुं.) [*मधु लेढीति, क्विप् च ३.२.७६ इति क्विप्*] १.भमरो/भ्रमर २.माहुरी ३.(पुं.वि.) मह चाट्ने।

मधुव्रतः (पुं.) [*मधु व्रतं भक्ष्यं यस्य, बहु.स.*] भँमरो।

मधुशिग्रुः (पुं.) [*मधुप्रधानः शिग्रुः*] रातो फूल हुने सहेजन।

मधुश्रेणी (स्त्री.) [*मधुनः श्रेणिरत्र*] मरुई लहरो।

मधुष्ठीलः (पुं.) [*मधु ष्ठीवति, ष्ठिवु निरसने इति धातोः इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] महुवा वृक्ष।

मधुसूदनः (पुं.) १.[*मधु पुष्परसं सूदयति भक्षयति, ल्युः, अनः*] भमरो २.[*मधुं तन्नामकदैत्यं भक्तानां शुभाशुकर्म, परिणामाशुभं कर्म वा सूदयति नाशयति, तथैव*] श्रीकृष्ण।

सूदनं मधुदैत्यस्य यस्मात्स मधुसूदनः।
इति सन्तो वदन्तीशं वेदैर्भिन्नार्थमीप्सितम्॥
मधु क्लीबञ्च माध्वीके कृतं कर्म शुभाशुभम्।
भक्तानां कर्मणाञ्चैव सूदनं मधुसूदनः॥
परिणामाशुभं कर्म भ्रान्तानां मधुरं भधु।
करोति सूदनं यो हि स एव मधुसूदनः॥

(ब्र.वै.पु. श्रीकृष्णजन्मखण्ड, ११० अध्याय)

मधुस्त्रवा (स्त्री.) [*मन्यते इति, मन ज्ञाने इति धातोः, फलिपाटि— (उ.) १८ इत्युः धश्च। स्रवति। स्रु गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मधुनः स्रवो यस्याः, बहु.स.*] जिरीसाग।

मधूकः (पुं.) [*मह्यते मन्यते वा, मह पूजायाम् इति धातोः, मन ज्ञाने इति धातोर्वा, उलूकादयश्च (उ.) ४.४१ इति साधुः*] महुवा वृक्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मधूच्छिष्टम् (नपुं.) [*मधुन उच्छिष्टम्*] मैन।

मथनन्तु मधूच्छिष्टं मधुशेषञ्च सिक्थकम्।
मध्वाधारो मदनकं मधूषितमिति स्मृतम्॥ (भा.प्र.नि.)

मधूलकः (पुं.) [*अत्र मधूके, मधु लाति, ला दाने इति धातोः, आतोऽनुप– ३.२.३ इति कः, अन्येषामपि ६.३.१३७ इति दीर्घः, स्वार्थे कन् ५.३.७५*] पानीमा हुने महुवा। **गौरशाको मधूलोऽन्यो गिरिजः सोऽल्पपत्रकः** (माधव)। **मधूकोऽन्यो मधूलस्तु जलजो दीर्घपत्रकः** (स्वामी)।

मध्यः (पुं.) [*मध्ये भवः, अः सांप्रतिके ४.३.९ इति अः, अलोपः*] १.बिचको भाग/केन्द्र/माझ २.कम्मर। ३.ग्रह स्पष्ट गर्न ल्याइने अङ्कविशेष/अहर्गणबाट ल्याइएको देशान्तर आदि संस्कार नभएको अङ्करूप ग्रह ४.(पुं.वि.) उत्कर्ष वा अपकर्ष नभएको/सधैँ एकनासको ५.माइलो ६.माझको ७.तटस्थ। **मध्योऽवलग्नं विलग्नं मध्यमः** (ध.ना.मा.)। **~कालः** (पुं.) [*मध्यश्चासौ कालश्च, कर्म.स.*] प्राचीन र आधुनिक कालका बिचको समय/मध्ययुग। **~जनः** (पुं.) [*मध्यश्चासौ जनश्च, कर्म.स.*] दुई पक्ष वा दलमा सम्पर्क स्थापित गर्ने व्यक्ति/लमी। **~दिनम्** (नपुं.) [*दिनस्य मध्ये, त.स.*] बाह्र बजे/दिउँसो/मध्याह्न। **~युगः** (पुं.) [*मध्यश्चासौ युगश्च, कर्म.स.*] प्राचीन युग र आधुनिक युगको बिचको समय/एशिया र युरोपको इतिहासको दृष्टिकोणबाट प्रायः ईस्वीको सातौँ शताब्दीदेखि सोह्रौँ–सत्रौँ शताब्दीसम्मको समय। **~रात्रः** (पुं.) [*रात्रेर्मध्यम्, त.स.*] मध्यरात/आधारातको समय। **~वर्ती** (पुं.) [*मध्ये वर्तत इति, वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] बिचमा रहेको/माझमा रहेको/मध्यस्थ। **~वित्तवर्गः** (पुं.) [*मध्यम् वित्तं येषान्ते, बहु.स. तेषां वर्गः, ष.त.*] आर्थिक दृष्टिले मझौला स्थितिमा रहेका मानिसहरूको वर्ग/न धनी न गरिब भएका मानिसहरूको समूह।

मध्यगः (पुं.) [*मध्ये गच्छतीति, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] दलाल/लमी/कमिसन लिएर माल किनबेच गर्नेका बिचमा बसेर ग्राहक पट्याउने व्यक्ति/बिचौलिया।

मध्यतः (अव्य.) [*मध्यादिति, आद्यादिभ्य उपसङ्ख्यानम् (वा.) इति तसिः*] मध्य भागबाट।

मध्यदेशः (पुं.) [*मध्यश्चासौ देशश्च, कर्म.स.*] प्राचीनकालको उत्तर भारतको एक प्रदेश। प्राचीन समयमा उत्तर भारत अथवा आर्यावर्त पाँच भागमा विभक्त थियो– प्राची, दक्षिण, प्रतीची, उदीची र मध्य। यसैको अन्तिम अर्थात् मध्यभागको नाममा मध्यदेश रहेको हो। यस शब्दको प्रयोग ऐतरेयब्राह्मणमा पनि उपलब्ध छ। बाह्रौँ शताब्दीसम्म यसलाई मध्यदेश नै भनिन्थ्यो। मुसलमानको शासनकालमा हिन्दुस्तानको पर्यायवाची शब्दको रूपमा यसलाई प्रयोग गरियो। नेपालमा अझै पनि यस क्षेत्रमा बस्ने मानिसलाई मध्यदेशीय अर्थात् मधिसे भन्ने चलन छ। **हिमवद्विन्ध्ययोर्मध्यं यत्प्राग्विनशनादपि। प्रत्यगेव प्रयागाच्च मध्यदेशः प्रकीर्तितः।** (मनु.) **विनशनमत्र तीर्थविशेषः।**

मध्यम् (नपुं.) [*मध्ये भवत्वान्मध्यम्, अ साम्प्रतिके ४.३.९ इत्यः*] १.न छिटो न ढिलो हुने नृत्य, गीत, वाद्य आदि। **विलम्बितं द्रुतं मध्यम्** (अमर.) २.शतसागरको सङ्ख्या ३.विराम ४.कमर/शरीरको मध्यभाग ५.आयुकालको १६ देखि ७० वर्षसम्मको उमेर। **मध्यं वलग्ने न स्त्री स्यान्न्याय्येऽन्तरेऽधमे त्रिषु** (मेदिनी.)।

मध्यमः (पुं.) [*मध्ये भवः, मध्यान्मः ४.३.८ इति मः*] १.मझौला/माझको/बिचको २.गुण, परिमाण आदिमा न बढी न घटीको ३.संगीतको एक स्वर/गाउने कलाकार तथा वीणाबाट निस्किएको स्वर। यो स्वर काकाकुलको आवाजसँग मिल्दोजुल्दो हुन्छ।

तद्वदेवोत्थितो वायुरुरःकण्ठसमाहतः।
नाभिं प्राप्तो महानादो मध्यस्थस्तेन मध्यमः।
मध्यमो मध्यजे स्वरे। देहमध्ये मध्यदेशे।

(मेदिनी.)। **~पुरुषः** (पुं.) [*मध्यमश्चासौ पुरुषश्च, कर्म.स.*] व्याकरणअनुसार आफूले कुरा गरिरहेको वा आफ्नो कुरा सुनिरहेको मानिस/व्याकरणमा तीन पुरुषमध्ये एक। **~वर्गः** (पुं.) [*मध्यमश्चासौ वर्गश्च, कर्म.स.*] आर्थिक दृष्टिले पुगीसरी नआउने तहका मानिसहरूको जमात/मझौला वा बिचको श्रेणीका मानिसहरू। **~षोडशीश्राद्धम्** (नपुं.) मरेकाको एघारौँ दिनमा गरिने सोह्रवटा श्राद्ध। **~सङ्ग्रहः** (पुं.) आफ्नी स्त्री वा परस्त्रीलाई आफूमा प्रेम गराउने एक तरिका। यसमा त्यस्ता स्त्रीलाई अत्तर, माला, धूप, गहना, लुगा, खाने पिउने सामान आदि पठाउने गरिन्छ।

प्रेषणं गन्धमाल्यानां धूपभूषणवाससाम्।
प्रलोभनं चान्नपानैर्मध्यमः सङ्ग्रहः स्मृतः॥ (व्याससमृति)।

~साहसः (पुं.) वास, पशु, अन्न पानी घरको सामान आदि नाश पार्नुलाई मध्यम साहस भनिन्छ।

नाशः पश्वन्नपानानां गृहोपकरणस्य च।
एतेनैव प्रकारेण मध्यमं साहसं स्मृतम्॥ (या.स्मृ.)

~साहसदण्डः (पुं.) मध्यम साहस गर्नेलाई दिइने दण्ड। यसमा करिब ५०० जरिवाना गरिन्छ। **मध्यमस्य तु शास्त्रज्ञैर्दृष्टः पञ्च शतावरः।** **~स्वरः** (पुं.) सङ्गीतका सात स्वरहरूमध्येको चौथो स्वर। यसको उत्पत्ति भुवर्लोकबाट भएको मानिन्छ। मध्यमस्वरले गन्धर्व तृप्त हुन्छन्। यसको वर्ण कुन्द पुष्प झैँ सेतो छ, यसको जात ब्राह्मण हो। मध्यम स्वरले न्याउली चरो बास्छ। यो हृदयबाट प्रकट हुन्छ। नाभिबाट उठेको वायु ऊरु तथा हृदयमा ठक्कर खाएर नाभिमा आई मध्यमवर्ती हुन्छ। यसैले यहाँबाट निस्केको स्वरलाई मध्यम स्वर भनिन्छ। यसको स्वरगान विष्णुद्वारा सुरु गरिएको हो। यसको स्थान कण्ठ हो। आवाज सङ्केत 'म' यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ। यसमा कुनै चिह्न रहँदैन, अतः यसलाई शुद्ध मध्यम भनिन्छ। तर यसलाई कोमल स्वरका रूपमा पनि लिइएको छ। शुद्ध मध्यमको माथि धर्को राखिंदा 'म' यस्तो तीव्रमध्यम बन्न जान्छ।

मध्यममार्गः (पुं.) [*मध्यमश्चासौ मार्गश्च, कर्म.स.*] १.त्रिमार्ग-सिद्धान्तको एक मार्ग २.मध्यम किसिमको मार्ग।

मध्यमव्यायोगः (पुं.) भासद्वारा रचित एक अङ्कको नाटक। यसमा भीम र हिडिम्बाको प्रणयकथाको वर्णन छ। यसलाई रूपकका भेदमध्ये व्यायोगको कोटिमा राख्न सकिन्छ। यसको नायक धीरोद्धत छ। यसमा वीर र रौद्ररसको प्राधान्य छ। गर्भ र विमर्श सन्धिको प्रयोग भएको छैन। एकै दिनको घटनालाई लिएर यो नाटकको रचना भएको छ। रसपरिपाकमा यो नाटक सफल देखिन्छ।

मध्यमा (स्त्री.) [*मध्ये भवा, मध्यान्मः ४.३.८ इति मः, टाप् ४.१.४*] १.पाँच औँलामध्ये बिचको औँला/माझी औँला २.रजोवती स्त्री ३.नायकका दोष वा गुणअनुसार त्यसको आदर वा अपमान गर्ने स्त्री ४.मध्यम स्तर वा मध्यम श्रेणीको परीक्षा ५.तीन अक्षर भएको एक छन्द।

मध्यरेखा (स्त्री.) [*मध्ये स्थिता रेखा, म.प.स.*] ज्योतिष तथा भूगोलमा वर्णित कल्पित रेखा/उत्तरी ध्रुव र दक्षिणी ध्रुवमा जोडिएको रेखा। यसबाट देशान्तर निकालिन्छ। यसलाई भूमध्यरेखा पनि भनिन्छ। ज्योतिषमा यसलाई याम्योत्तररेखा भन्ने चलन छ।

मध्यस्थः (पुं.) [*मध्ये तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः*] १.माझको/बिचमा रहेको।

दूरस्थं जलमध्यस्थं धावन्तं धनगर्वितम्।
क्रोधोन्मत्तं मदोन्मत्तं नमस्कारेऽपि वर्जयेत्॥ (सुभा.)

२.तटस्थ/दुई पक्षका बिचमा रही कुरा मिलाइदिने व्यक्ति **~निर्णयः** (पुं.) [*मध्यस्थानां निर्णयः, ष.त.*] तटस्थ व्यक्तिले गरेको निर्णय।

मध्यस्थता (स्त्री.) [*मध्यस्थस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] झैझगडा, वादविवाद, मुद्दामामिला, खेल आदिमा दुईथरीका बिचमा रही हारजितको निर्णय गर्ने काम/मध्यस्थ हुनाको भाव।

मध्या (स्त्री.) [*मध्यशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.रजोवती भइसकेकी केटी २.माझी औँला ३.लज्जा र कामवासना समान भएकी नायिका। स्वकीया नायिकाको एक भेद। यसमा लज्जा र कामुकताको मध्यस्थिति रहन्छ। **समानलज्जामदना मध्या।** (भानुदत्त) ४.प्रत्येक पाउमा तीन अक्षर भएको छन्द।

मध्यान्तरम् (नपुं.) [*मध्यस्य अन्तरम्, ष.त.*] बिचको समय/माझमाझीको भाग। **~रेखा** (स्त्री.) [*मध्यान्तरा चासौ रेखा च, कर्म.स.*] एक कल्पित रेखा।

मध्यावकाशः (पुं.) [*मध्येऽवकाशः, स.त.*] बिचको छोटो फुर्सत।

मध्यावस्था (पुं.) [*मध्या चासौ अवस्था च, कर्म.स.*] मझौला/सामान्य/न असल न खराब अवस्था।

मध्याह्नः (पुं.) [*मध्यमहः, अह्नोऽह्न एतेभ्यः ५.४.८८ इति अह्नादेशः*] दिनको मध्य भाग/आधा दिनको समय/दिनको बिचको समय।

मध्ये (अव्य.) धेरै वा अनेकका बिचमा।

मध्वाचार्यः (पुं.) माध्वसम्प्रदायका प्रवर्तक आचार्य। यी दक्षिणभारतका आचार्य हुन्। यिनले धेरै ग्रन्थ र भाष्य रचेका छन्। यिनको मतमा सर्वप्रथम नारायणमात्र एक देवता थिए। यिनैबाट सम्पूर्ण देवता र जगत्को उत्पत्ति भयो। यिनले जीव र ईश्वरको बेग्लाबेग्लै सत्ता मानेका छन्। यिनको दर्शनलाई पूर्णप्रज्ञदर्शन र यिनको सिद्धान्तका अनुयायीलाई माध्व भानन्छ।

मध्वासवः (पुं.) [*मधुकपुष्पं मधु, तस्यासवः*] मौवाको रक्सी।

मन (धा.) [*ज्ञाने, सक.अनिट्, आत्म.*] जान्नु, सम्झनु। लट्– **मन्यते–** जान्दछ, सम्झन्छ। लिट्– **मेने–** जानेछ, सम्झेछ (अन.) लुट्–**मन्ता–**जान्ने छ, सम्झने छ (अन.)। लृट्– **मंस्यते–** जान्ने छ, सम्झने छ। लोट्– **मन्यताम्–**जानोस्, सम्झोस्। लङ्– **अमन्यत–** जान्यो, सम्झ्यो (अन.)। विधिलिङ्– **मन्येत–** जान्ला, सम्झला। आशीर्लिङ्– **मंसीष्ट–** जानोस्, सम्झोस्। लुङ्– **अमंस्त–** जान्यो, सम्झ्यो। लृङ्– **अमंस्यत–** जान्ने थियो, सम्झने थियो। इत्यादि।

मनः (नपुं.) [*मन्यते बुध्यतेऽनेन, सर्वधातुभ्योऽसुन् (उ.) ६३८ इत्यसुन्*] १.मानसरोवर २.फुर्ति/उत्साह ३.प्राकृतिक स्वभाव, बानी ४.भावना ५.इच्छा/कामना/अभिलाषा ६.मनसुवा ७.ख्याल/विचार ८.प्राणीहरूमा रहने एक शक्ति हो, जसबाट अनुभव, सङ्कल्प, विकल्प, इच्छा आदि प्रकट हुन्छन्। न्यायमा मनलाई एक द्रव्य तथा आत्मा वा जीवबाट फरक मानिएको छ। वैशेषिक दर्शनमा मनलाई एक अप्रत्यक्ष द्रव्य मानिएको छ। सङ्ख्या, परिणाम, पृथक्त्व, संयोग, विभाग, परत्व, अपरत्व र संस्कार आदि मनका गुण हुन् तथा मन अणुरूप छ भन्ने छ। योगशास्त्रमा मनलाई इन्द्रियहरूको मालिक भनिएको छ। जब अन्तःकरणले यो गरुँला वा त्यो गरुँला आदि अनेक कुराको चिन्तन गर्छ, तब त्यो मन हुन्छ। मन हृदयभन्दा माथि रहेको हुन्छ। मनका विकार वा दोष तीन छन्– परद्रव्याभिलाषा, परानिष्टचिन्तन र दुराग्रह। **यदा तु सङ्कल्पविकल्पकृत्यं तदा भवेत् तन्मन इत्यभिख्यम्।** (दे.भा.देवीगीता)

परद्रव्येष्वभिध्यानं परानिष्ट्यनुचिन्तनम्।
वितथाभिनिवेशश्च मानसं त्रिविधं स्मृतम्॥

मनःकल्पितः (पुं.) [*मनसा कल्पितः, तृ.त.*] मनले कल्पना गरेको/मनगढन्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनःकामना (स्त्री.) [*मनसः कामना, ष.त.*] १.मानसिक इच्छा/मनको धोको २.नेपालको गोरखा जिल्लामा रहेकी एक प्रसिद्ध देवी।

मनःपूतम् (नपुं.) [*मनसः पूतम्, ष.त.*] मनलाई पवित्र पार्ने काम।

चक्षुःपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिबेत्।

सत्यपूतां वदेद् वाणीं मनःपूतं समाचरेत्॥ (सुभा.)

मनःशीला (स्त्री.) [*मनःशब्दवाच्या शिला, शाकपार्थिवादितया साधुः*] मनशीला।

मनःशुद्धिः (स्त्री.) [*मनसः शुद्धिः, ष.त.*] मनको शुद्धता।

मनःशुद्धयैव शुद्धिः स्याद् देहिनां नात्र संशयः (ज्ञानार्णव)।

मननम् (नपुं.) [*मन ज्ञाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] सोच्ने काम/चिन्तन/विचार। **~शीलः** (पुं.वि.) [*मनने शीलः, स.त.*] विचारशील/शोचविचार गर्ने आदत भएको।

मननीयः (पुं.वि.) [*मन्तुं योग्यः, मन ज्ञाने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] मनन गर्न योग्य/विचारणीय।

मनसिजः (पुं.) [*शृङ्गाररूपेण मनसि जायते स्म, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, तत्पुरुषे कृति बहुलम् ६.३.१४ इत्यलुक्, लुकि तु मनोजः*] कामदेव।

मनस्वी (पुं.) [*प्रशस्तं मनोऽस्ति यस्य सः, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिः, सौ च ६.४.१३ इति दीर्घः*] बुद्धिमान्/प्रतिभाशाली/ठुलो विचारको।

अत्यन्तविमुखे दैवे व्यर्थे यत्ने च पौरुषे।

मनस्विनो दरिद्रस्य वनादन्यत्कुतः सुखम्॥ (सुभा.)

मनस्तापः (पुं.) [*मनसस्तापः, ष.त.*] मनको पीडा/मानसिक कष्ट/पश्चाताप।

मनाक् (अ.) [*मननम्, मन ज्ञाने इति धातोः, आक् प्रत्ययः*] अलिकति/केही/थोरै/कम।

मनागनाभ्यावृत्या वा कामं क्षाम्यतु यः क्षमी।

क्रियासमभिहारेण विराध्यन्तं क्षमेत कः॥ (शि.व.)

मनावी (स्त्री.) [*मनोः स्त्री, मनोरौ वा ४.१.३८ इति औकारादेशः, ङीप् च*] मनुकी पत्नी।

मनीषा (स्त्री.) [*ईष गतिहिंसादर्शनेषु इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यप्रत्ययः, मनसः ईषा, ष.त. शकन्ध्वादिषु पररूपं वाच्यम् (वा.) इति पररूपम्*] बुद्धि/प्रज्ञा/प्रतिभा।

मनीषी (पुं.वि.) [*मनीषा अस्यास्तीति व्रीह्यादिभ्यश्च ५.२.११६ इतीनिः*] विद्वान्/बुद्धिमान्/समझदार।

मनीषिणः सन्ति न ते हितैषिणो

हितैषिणो सन्ति न ते मनीषिणः।

सुहृच्च विद्वानपि दुर्लभो नृणां

यथौषधं स्वादु हितञ्च दर्लभम्॥ (भोजप्रबन्ध)

मनु (धा.) [*अवबोधने, सक.सेट्, आत्म.*] जान्नु, सम्झनु, ठान्नु। लट्– **मनुते–** जान्दछ, सम्झन्छ, ठान्दछ इत्यादि।

मनुः (पुं.) [*मन्यते जानाति सर्वमिति, मन ज्ञाने इति धातोः, शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च (उ.) १० इति उः*] १.कुरपाती २.मन ३.विष्णु ४.जैनीहरूको एक जिन, ५.कृष्णाश्वका एक छोरा ६.मन्त्र, ७.ब्रह्मा ८.एकरुद्र ९.चौधको सङ्ख्या १०.महाभारतअनुसार विवस्वान् नामका सूर्यका सातौँ छोरा वैवस्वत मनु (यमराजका दाजु हुन्) यिनैबाट सूर्यवंश तथा ब्राह्मण, क्षत्रिय आदि मानिस जन्मे। यसैले ब्राह्मणको क्षत्रियसँग सम्बन्ध हुन गयो। यिनका दस छोराहरू भए– वेणु, धृष्णु, नरिष्यन्त, नाभाग, इक्ष्वाकु, कारुष, शर्याति, इला (सुद्युम्न), पृषध्र र नाभागारिष्ट। यी बाहेक अरू ५० छोराहरू थिए। यिनीहरू आपसमा लडेर खत्तम भए। (म.भा. आ.प.) ११.पुराणअनुसार चौध मनु। यी मध्ये पहिलो स्वायम्भुव मनु हुन्,यिनलाई मानव जातिको मूल पुरुष तथा ब्रह्माको मानस पुत्र मानिन्छ), का नाम यस प्रकार छन्– स्वायम्भुव, स्वारोचिष, उत्तम (औत्तमि), तामस, रैवत, चाक्षुष, वैवस्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रुद्रसावर्णि, रौच्यसावर्णि (देवसावर्णि) र भौत्यसावर्णि (इन्द्रसावर्णि)।

मनुः स्वायम्भुवो नाम मनुः स्वारोचिषस्तथा।

औत्तमिस्तामसश्चैव रैवतश्चाक्षुषस्तथा॥

एते तु मनवोऽतीताः सप्तमस्तु रवेः सुतः।

वैवस्वतोऽयं यस्यैतत्सप्तमो वर्तते युगम्॥

सावर्णिर्दक्षसावर्णिर्ब्रह्मसावर्णिरित्यपि।

धर्मसावर्णी रुद्रस्तु सावर्णी रौच्यभौत्यवान्॥ (विष्णुपुराण)

प्रत्येक मनुका पालामा इन्द्र, देवता, ईश्वरका अवतार भिन्न भिन्न हुन्छन्।

मनुजः (पुं.) [*मनोर्जातः, जनी प्रादुर्भावे इति धातोः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] मानिस/मनुष्य/मानव।

मनुष्यः (पुं.) [*मनोरपत्यम् (जातिः) मनोर्जातावञ्यतौ षुक् च ४.१.१६१ इति यत् षुक्*] मानिस/मान्छे/मानव। **~गणना** (स्त्री.) [*मनुष्याणां गणना, ष.त.*] जनगणना।

मनुष्यता (स्त्री.) [*मनुष्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] मनुष्यको भाव/मानिसमा स्वाभाविकरूपले हुने वृद्धि/सौजन्य/सहायता/दया/सहृदयता/उत्तम गुण/मानवता।

मनुष्यधर्मा (पुं.) [*मनुष्यस्येव धर्म आचारोऽस्य, धर्मादनिच् केवलात् ५.४.१२४ इत्यनिच्*] कुबेर।

मनुस्मृतिः (स्त्री.) [*मनुना रचिता स्मृतिः, म.प.स.*] मनुद्वारा प्रणित प्राचीन ग्रन्थ। यस ग्रन्थमा १२ अध्याय र २६९४ श्लोक छन्। यसमा राजशास्त्र, धर्मशास्त्र, सामाजिक नियम, समाजशास्त्र, अर्थशास्त्र, राज्य, त्यसको स्वरूप, दण्डविधान आदिका बारेमा विस्तृत चर्चा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोगतः (पुं.वि.) [*मनो गतः, द्वि.त.*] मनमा रहेका/मनमा गएको/मनमा भएको।

मनोगुप्ता (स्त्री.) [*मनसा गुप्ता, कर्तृकरणे कृता बहुलम् २.१.३२ इति समासः*] १.मनःशीला २.मनभित्र लुकेकी।

मनोग्रन्थिः (पुं.) [*मनसः ग्रन्थिः, ष.त.*] १.मनमा रहेको ग्रन्थि/चेतन, अचेतन, अर्धचेतन मनमा रहेको ग्रन्थि २.दमित वासना।

मनोजः (पुं.) [*मनसि जात, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] मनमा उत्पन्न भएको कामदेव/स्त्री-पुरुषलाई संयोगको प्रेरणा दिने पौराणिक देवता।

मनोजवः (पुं.वि.) [*जवति, जुः सौत्रो धातुः, तस्मात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मनो जवं वेगाद्यस्मिन्*] **मनोजवपितृसधर्माणः** (नाममाला) १.विष्णु २.हनुमान् ३.छैठौ मन्वन्तरका एक इन्द्र। ४.रुद्रका एक छोरा ५.तीर्थविशेष ६.(पुं.वि.) ज्यादै कुद्न सक्ने।

मनोजवा (स्त्री.) [*मन इव जवो यस्याः सा, बहु.स.*) १.अग्निका सात जिब्रामध्ये एक २.क्रौञ्चद्वीपको एक नदी ३.स्कन्दकी आमा।

मनोजवित्वम् (नपुं.) [*मनसः जव इव जवो यस्य, तस्य भावस्तत्त्वम्*] स्थूल शरीर र इन्द्रियलाई साथै लिएर मनले जस्तै इच्छा हुनासाथ तुरुन्त पुग्न सक्ने शक्ति। **ततो मनोजवित्वं विकरणभावः, प्रधानजयश्च** (पा.यो.सू.)।

मनोज्ञः (पुं.वि.) [*मनो जानाति ज्ञापयति बोधनाय प्रवीणीकरोति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] अत्यन्त सुन्दर/मनोहर।

मनोदशा (स्त्री.) [*मनसो दशा, ष.त.*] मनको दशा वा अवस्था।

मनोनयनम् (नपुं.) [*मनसा नयनम्, तृ.त.*] आफ्नै इच्छाले कुनै व्यक्तिलाई कुनै पदमा नियुक्त गर्ने काम/कुनै मानिसलाई आफ्नै इच्छाले छान्ने काम/रोज्नु/चुन्नु।

मनोनिग्रहः (पुं.) [*मनसो निग्रहः, ष.त.*] मनको इच्छा वा वृत्तिहरूलाई रोक्ने काम/मनलाई वशमा राख्नु।

मनोनीतः (पुं.) [*मनसा नीतः, तृ.त.*] विशेष कामका लागि छानिएको/कुनै काममा सबैले रुचाएर खोजिएको वा छानिएको।

मनोभवः (पुं.) [*मनसि भवतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कामदेव।

मनोभावः (पुं.) [*मनसो भावः, ष.त.*] मनको भाव वा आशय/अभिप्राय।

मनोभिरामः (पुं.) [*मनसोऽभिरामः, ष.त.*] सुन्दर/मनोहर/रमणीय।

मनोभूः (पुं.) [*मनसो मनसि वा भवति, क्विप्*] कामदेव।

मनोमयः (पुं.) [*प्रशस्तं मनोऽस्यास्तीति, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] मनले युक्त भएको/मनसम्बन्धी/मानसिक कल्पनाले गठित।

मनोमयकोशः (पुं.) वेदान्त दर्शनअनुसार शरीरका पाँच कोशमध्ये तेस्रो कोश। यसभित्र मन र ज्ञानेन्द्रिय (आँखा, कान छाला, जिब्रो र नाक) पर्दछन्।

मनोमलम् (नपुं.) [*मनसो मलम्, ष.त.*] ईर्ष्या, द्वेष, राग आदि मनको दूषित भाव/मनको विकार।

मनोमालिन्यम् (नपुं.) [*मनसो मालिन्यम्, ष.त.*] १.मन नमिल्नु/चित्त फाट्नु/फाटे/बेमेल २.दत्तचित्त हुनु।

मनोयायी (पुं.) [*मन इव यातीति कर्तर्युपमाने ३.२.७९ इति णिनिः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युगागमः*] मन जस्तै हिंड्ने/अत्यन्त छिटो दगुर्ने।

मनोयोगः (पुं.) [*मनसो योगः, ष.त.*] मनलाई सङ्कल्प विकल्पबाट हटाएर एउटै कुरामा अटल राख्ने क्रिया।

मनोरञ्जकः (पुं.) [*मनो रञ्जयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] मनलाई प्रसन्न पार्ने/खुसी तुल्याउने/मनोरम/मनोरञ्जनकारी।

मनोरञ्जनम् (नपुं.) [*मनसो रञ्जनम्, ष.त.*] दिल बहलाउने काम/मनोविनोद/मनलाई खुसी तुल्याउने काम। **~करः** (पुं.) [*मनोरञ्जनस्य करः, ष.त.*] विलास कर/प्रमोद कर/खेल, तमासा आदि मनोविनोदका साधानहरूमा लाग्ने कर।

मनोरथः (पुं.) [*मन एव रथोऽत्र, मनसो रथ इव वा*] १.कामना/अभिलाषा/सङ्कल्प/मनोवाञ्छा।

उत्थाय हृदि लीयन्ते दरिद्राणां मनोरथाः।
बालवैधव्यदग्धानां कुलस्त्रीणां कुचा इव॥ (सुभा.)

२.कविविशेष।

मनोरथः शङ्खदत्तश्चटकः सन्धिमांस्तथा।
बभूवुः कवयस्तस्य वामनाद्याश्च मन्त्रिणः॥

(राजतरङ्गिणी)

मनोरमः (पुं.वि.) [*रमते इति रमः, रमु क्रीडायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, मनसो रमः, ष.त., यद्वा मनो रमयति, कर्मण्यण् ३.२.१ इत्यण्*] सुन्दर/मनोहर।

मनोरमा (स्त्री.) [*मनसो रमा, ष.त.*] १.राम्री २.सात सरस्वतीमध्ये चौथी सरस्वती ३.गन्धर्वविशेषकी पत्नी ४.बुद्धिको एक शक्ति ५.गोरोचना ६.विद्याधरकी कन्या ७.प्रत्येक चरणमा दश वर्ण हुने एक छन्द। यसको पहिलो, दोस्रो तेस्रो, सातौँ र नवौँ वर्ण लघु, शेषवर्ण गुरु हुन्छन्। ८.आर्याछन्दका ५७ भेदमध्ये एक, यसमा १२ गुरु वर्ण र ३३ लघु वर्ण हुन्छन्। ९.एक वर्णवृत्त, यसको प्रत्येक चरणमा चार भगण तथा अन्तमा दुई लघु हुन्छन्। १०.चौध अक्षरहरूको एक वर्णवृत्त। यसको प्रत्येक चरणमा चार सगण तथा अन्त्यमा दुई लघु हुन्छन्। ११.एक वर्णवृत्त। यसको प्रत्येक चरणमा तीन तगण र एक गुरु वर्ण हुन्छन्। १२.एक वर्णवृत्त/प्रत्येक पाउमा क्रमशः नगण, रगण, जगण, तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **नरजगैर्भवेन्मनोरमा** (छन्दो.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोविकारः (पुं.) [*मनसो विकारः, ष.त.*] मनमा उठ्ने तीव्र भावना वा आवेग। मनमा रहेका विभिन्न विकृतिहरू। यसले मानिसलाई अस्वस्थ तुल्याउँछ। मान्छे पागल पनि हुन सक्छ।

मनोविज्ञानम् (नपुं.) [*मनसो विज्ञानम्, ष.त.*] मनको वृत्ति वा मनमा उठ्ने विचार आदिको विवेचना गरिएको शास्त्र/मानस-शास्त्र/मनोवैज्ञानिक शास्त्र।

मनोविनोदः (पुं.) [*मनसो विनोदः, ष.त.*] मनलाई प्रसन्न गर्ने क्रिया/दिल बहलाव/मनोरञ्जन।

मनोविश्लेषणम् (नपुं.) [*मनसो विश्लेषणम्, ष.त.*] मनमा उठेका कुरा वा विचारहरूका कारण र तिनका परिणामहरूको समीक्षा।

मनोवृत्तिः (पुं.) [*मनसो वृत्तिः, ष.त.*] मनको वृत्ति/चित्तवृत्ति/मनोविकार/मनोवेग।

मनोवेगः (पुं.) [*मनसो वेगः, ष.त.*] मनको वेग/मनको उद्वेग/मनमा उठ्ने भावना।

मनोवेदना (स्त्री.) [*मनसो वेदना, ष.त.*] मनको चिन्ता/पिर वा ताप/मानसिक दुःख/मनोव्यथा।

मनोव्यथा (स्त्री.) [*मनसो व्यथा, ष.त.*] मनको ताप/चिन्ता।

मनोहतः (पुं.वि.) [*मनो हतं यस्य*] कार्यको असफलताले गर्दा डिच्च परेको।

मनोहरः (पुं.वि.) [*मनो हरतीति हरतेरनुद्यमनेऽच् ३.२.९ इत्यच्*] मनलाई लोभ्याउने/सुन्दर/अति राम्रो/मनोहारी।

मनोहरा (स्त्री.) [*मनो हरतीति, हरतेरनुद्यमनेऽच् ३.२.९ इत्यच्, टाप् ४.१.४*] १.मनलाई लोभ्याउने स्त्री २.एक अप्सरा।

मनोहरा सुकेशी च सुमुखी हासिनी प्रभा (म.भा. १३.१९.४५) ३.नदीविशेष ४.जातिपुष्प।

मनोहारी। (पुं.वि.) [*मनो हरति तच्छीलः, सुप्यजातौ णिनि-स्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मनोहर/सुन्दर।

गाङ्गं वारि मनोहारि मुरारिचरणच्युतम्।
त्रिपुरारिशिरश्चारि पापहारि पुनातु माम्॥ (गङ्गास्तोत्र)

मनोह्वा (पुं.) [*मनः शब्देन हूयते कथ्यते, ह्वेञ् स्पर्द्धायां शब्दे च इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] मनःशीला।

मन्तव्यः (पुं.वि.) [*मन्तुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] राय/मत/विचार/टिप्पणी/कैफियत/टीका/अभिमत।

मन्ता (पुं.वि.) [*मन्यते जानाति, मनु अवबोधने इति धातोः, बहुलमन्यत्रापि (उ.) इति तृच्*] १.विद्वान् २.मनन कर्ता।

मन्तुः (पुं.) [*मन्यते इति, मन ज्ञाने इति धातोः, कमिमनिज-निगाभायाहिभ्यश्च (उ.) ७१ इति सूत्रेण तुः*] १.अपराध २.मानिस ३.प्रजापति। **मन्तुः पुंस्यपराधेऽपि मनुष्येऽपि प्रजापतौ** (मेदिनी.)। ४.(पुं.वि.) सबैथोक जान्ने।

मन्त्रः (पुं./नपुं.) [*मन्त्र्यते इति, मत्रि गुप्तभाषणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.११९ इति घञ्*] १.गुप्त कुराकानी/परामर्श २.ऋक्, यजु र सामवेदीय संहिता। निरुक्तअनुसार वैदिक मन्त्र तीन किसिमका हुन्छन्– परोक्षकृत, प्रत्यक्षीकृत र आध्यात्मिक। नारदपञ्चरात्रको सातौँ अध्यायमा मन्त्रलाई तीन भागमा वर्गीकरण गरिएको छ– १.पुंमन्त्र (जसको अन्त्यमा 'हुँ फट् लाग्छ २.स्त्रीमन्त्र (जसको अन्त्यमा हुँ नमः लाग्छ)। मन्त्रका २८ भेद छन्– जाग्रत् सुषुप्त, मित्र, शत्रु, सौम्य, क्रूर, अतिक्रूर, छिन्न, रुद्ध, शक्तिहीन, पराङ्मुख, बधिर, नेत्रहीन, कीलित, शक्तिहीन, दग्ध, त्रस्त, मलिन, मदोन्मत्त, मूर्छित, प्रध्वस्त, बालक, कुमार, युवा, प्रौढ, बृद्ध, केकर र कूट। ३.अभीष्ट कार्यसिद्धिका निमित्त जपिने सूत्रात्मक मन्त्र। जस्तै– **ॐ नमः शिवाय, ॐ नमो भगवते वासुदेवाय** इत्यादि। ४.विचारविमर्श ५.नीति ६.जादु-टुना।

मन्त्रजः (पुं.) [*मन्त्राज्जातः*] मन्त्रतन्त्रबाट उत्पन्न सामर्थ्य।

मन्त्रपूतः (पुं.वि.) [*मन्त्रेण पूतः, तृ.त.*] मन्त्रद्वारा पवित्र गरिएको।

मन्त्रमुग्धः (पुं.वि.) [*मन्त्रेण मुग्धः, तृ.त.*] मोहित पारिएको/मोहिनी लगाइएको।

मन्त्रसंहिता (स्त्री.) [*मन्त्रस्य संहिता, ष.त.*] मन्त्रहरूको संग्रह भएको वेदको एक अंश।

मन्त्रज्ञः (पुं.) [*मन्त्रं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतो ऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप इटि च ६.४.६४ इत्यालोपः*] १.तन्त्रमन्त्र गर्न जान्ने व्यक्ति २.मन्त्री ३.जासूस/ गुप्तचर।

मन्त्रणा (स्त्री.) [*मन्त्रणम्, मत्रि गुप्तपरिभाषणे इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] सल्लाह/परामर्श/गुप्त कुरो।

मन्त्रयानम् (नपुं.) [*मन्त्रस्य यानम्, ष.त.*] बौद्ध धर्मको तेस्रो मार्ग। यससँग सम्बद्ध कृतिहरू संस्कृत, प्राकृत र अपभ्रंश भाषामा उपलब्ध छन्।

मन्त्रयोगः (पुं.) [*मन्त्रस्य योगः, ष.त.*] १.मन्त्रको प्रयोग २.मन्त्रको अर्थ विचार गर्दै चित्त चञ्चल नपारी मन्त्र जप्ने क्रिया ३.कुण्डलिनी योग।

मन्त्री (पुं.) [*मन्त्रो गुप्तभाषणमस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः, यद्वा मन्त्रयते इति, मत्रि गुप्तभाषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः*] १.राज्य सञ्चालनका निमित्त प्रधानमन्त्रीको सिफारिसमा राष्ट्राध्यक्षबाट नियुक्त भएको व्यक्ति।

अन्तःसारैरकुटिलैरच्छिद्रैः सुपरीक्षितैः।
मन्त्रिभिर्धार्यते राज्यं सुस्तम्भैरिव मन्दिरम्॥ (सुभा.)

२.सङ्गठनको पदाधिकारीविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अबुधा अजङ्गमा अपि कयापि रीत्या परं पदमवाप्ताः।
मन्त्रिण इति कीर्त्यन्ते नयवलगुटिका इव जनेन॥ (सुभा.) ३.सल्लाहदाता ४.सचिव ५.बुद्धिचालको सबैभन्दा ठुलो अफिसर

~मण्डलम् (नपुं.) [*मन्त्रिणां मण्डलम्*] मन्त्रिपरिषद्/कुनै देश वा राज्यका मन्त्रीको समुदाय।

मन्थ (धा.) [*विलोडने, भ्वा.सक.सेट् पर.*] मथ्नु, पीडा दिनु। लट्– **मन्थति–** मथ्छ, पीडा दिन्छ। लिट्– **ममन्थ–** मथेछ, पीडा दिएछ (अन.) इत्यादि।

मन्थ (धा.) [*विलोडने, क्र्या. द्विक.सेट् पर.*] मथन गर्नु। लट्– **मथ्नाति–** मथन गर्छ। लिट्– **ममन्थ–** मथन गरेछ (अन.)। लुट्– **मन्थिता–** मथन गर्ने छ (अन.)। लृट्– **मन्थिष्यति–** मथन गर्ने छ। लोट्– **मथ्नातु–** मथन गरोस्। लङ्– **अमथ्नात्–** मथन गऱ्यो (अन.)। विधिलिङ्– **मथ्नीयात्–** मथन गर्ला, मथन गरोस्। आशीर्लिङ्– **मथ्यात्–** मथन गरोस्। लुङ्– **अमन्थीत्–** मथन गऱ्यो। लृङ्– **अमन्थिष्यत्–** मथन गर्ने थियो इत्यादि।

मन्थदण्डः (पुं.) [*मन्थस्य दण्डः, ष.त.*] मदानी।

मन्थनम् (नपुं.) [*मन्थ विलोडने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मथ्ने काम/हुँडल्नु/फिट्नु २.[*मथ्यतेऽनेन, करणाधिकरणयोश्च ३.३ ११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मधानी।

मन्थनी (स्त्री.) [*मथ्यतेऽनया, करणाधिकरणयोश्च ३.३ ११७ इति ल्युट्, युवोरनाकौ ७.१.१) इत्यनः टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] मधानी।

मन्थरः (पुं.वि.) [*मन्थति पादौ, मथि हिंसासंक्लेशनयोः इति धातोः, बाहुलकादरन्, अथवा मन्थं राति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] विस्तारै हिंड्ने।

मन्थरा (स्त्री.) १.रामलाई चौध वर्ष वनवास र भरतलाई राज्य दिलाउने सम्बन्धमा कैकेयीद्वारा दशरथमाथि दबाब सृजना गर्न प्रयोग गरिएकी उनकै कुप्री नोकर्नी २.एक सय बिस हात लामो, साट्ठी हात चौडा र तिस हात उचाइ भएको डुंगा।

मन्थाः (पुं.) [*मन्थयति विलोडयतीति, मन्थ विलोडने इति धातोः, मन्थः (उ.) ४५९ इति इनिः कित्वान्न नकारलोपः*] १.मधानी २.बज्र ३.धनुष।

मन्थानः (पुं.) [*मन्थति, बाहलुकादानच्, ताच्छील्ये चानश् ३.२.१२९ वा*] मदानी।

मन्दः (पुं.वि.) [*मन्दते इति, मदि स्तुतिमोदमदस्वप्नकान्तिगतिषु इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.ढिलो/सुस्त। २.वेगरहित ३.कम ४.मत्थर ५.अल्छी ६.मूर्ख।

मन्दोऽप्यमन्दतां याति संसर्गेण विपश्चितः॥ (सुभा.) ७.अभागी ८.रोगी ९.स्वच्छन्द १०.एक हस्तिजाति ११.(पुं.) ग्रहका गतिको एक प्रकार १२.(पुं.) शनिग्रह।

मन्दोऽतीक्ष्णे च मूर्खे च स्वैरे चाभाग्यरोगिणोः,
अल्पे च त्रिषु पुंसि स्याद्धस्तिजात्यन्तरे शनौ (विश्व.)।

~बुद्धिः (पुं.) [*मन्दा बुद्धिर्यस्य सः, बहु.स.*] बुद्धि नभएको/ बुद्धिहीन/ मूर्ख/ अल्पबुद्धि।

मन्दगामी (पुं.) [*मन्दं गच्छति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.विस्तारै हिंड्ने व्यक्ति २.शनैश्चर।

मन्दरः (पुं.) [*मदि स्तुतिमोदमदस्वप्नकान्तिगतिषु इति धातोः, बाहुलकाद् अरन्*] एउटा पैराणिक पहाड।

मन्दाकः (पुं.) [*मन्द्यते स्तूयते सः, खजेराकः इति बहुलकात् आकन्*] तरङ्ग, स्रोत।

मन्दाकिनी (स्त्री.) [*मन्दाकानि प्रशस्तानि स्रोतांसि सन्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.इति ङीप्* १.आकाश गङ्गा/ग्यालेक्सी २.केदारनाथ नजिकको तलाउबाट निस्केर रुद्रप्रयागमा अलकनन्दा नदीसँग मिलेको (मन्दाकिनी) नदी। **मन्दाकिनीपयःपानं मन्दाक्षीमुखचुम्बनम्।**
मन्दरोपवनक्रीडा च मन्दानुष्ठानतः कुतः॥ (सुभा.) ३.चित्रकूटको नजिकै बग्ने एक नदी ४.हरिवंशमा वर्णित द्वारका नजिकै बग्ने एक नदी ५.सङ्क्रान्तिका सात भेदमध्ये एक भेद ६.प्रत्येक चरणमा क्रमैले दुई नगण तथा दुई रगण हुने एक वार्णिक छन्द। **ननररघटिता तु मन्दाकिनी** (छन्दो.)।

मन्दाक्रान्ता (स्त्री.) वार्णिक छन्दअन्तर्गत समवृत्तको एक भेद। यस छन्दको प्रत्येक पाउमा क्रमैले मगण, भगण, नगण, तगण, तगण र दुइटा गुरु वर्ण– (ऽऽऽ, ऽ।।, ।।।, ऽऽ।, ऽऽ) को प्रयोग हुन्छ, ४, ६ र ७ औं अक्षरमा विश्राम हुन्छ। कालिदासको मेघदूत यसै छन्दमा रचिएको छ।

मन्दाक्रान्ताम्बुधिरसनगैर्मो भनौ तौ गयुग्मम् (छन्दो.)।

मन्दाक्षम् (नपुं.) [*मन्दमक्षं वागाद्यत्र*] लज्जा।

मन्दाग्निः (पुं.) [*मन्दोऽग्निर्यस्मात् सः, बहु.स.*] खाएको पदार्थ परिपक्व नहुने एक रोग/अपच/अजीर्ण/भोक नलाग्ने रोग।

मन्दायमानः (पुं.वि.) [*मन्दायते इति, अमन्दं भन्दं भवति लोहितादिभ्यः क्यष् ३.१.१३ इति क्यष्, ततः शानच् ३.२.१२४, मुमागमः*] मन्द भइरहेको।

मन्दारः (पुं.) [*मन्दते स्तौतीति, मदि स्तुत्यादौ इति धातोः, अङ्गिमदिमन्दिभ्य आरन् (उ.) ४२१ इति आरन्प्रत्ययः, यद्वा मन्दा अरा यस्य, मन्दमृच्छति वा, ऋ गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.नन्दन वनका प्रसिद्ध पाँच दैवतहरूमध्ये एक २.आँकको बोट ३.धतुरो ४.निमको वृक्ष ५.हात्ती ६. धूर्त ७.अट्टहास गर्ने व्यक्ति ८.(मन्द्यते स्तूयते इति) वराह ९.पारिजात। **मन्दारः स्यात्सुरद्रुमे। पारिभद्रेऽर्कपर्णे च मन्दारो हस्तिधूर्तयोः** (विश्व.)।

मन्दिरम् (नपुं.) [*मन्दन्ते स्तुवन्ति यस्मिन् तत्, मदि स्तुत्यादौ इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दि–तिमिमिहिमु–*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) ५१ इति किरच्] १.देवताको भवन २.घर ३.सहर ४.गोही बस्ने ठाउँ ५.(पुं.) समुद्र। **मन्दिरो मकरावासे मन्दिरं नगरे गृहे** (हैम.)।

मन्दुरा (स्त्री.) [*मन्दन्ते स्वपन्ति मोदन्ते वा अश्वा यत्र, मदि स्तुत्यादौ इति धातोः, मन्दिवाशिमथिचतिचङ्क्यङ्किभ्य उरच् (उ. ३८) इति सूत्रेण उरच्, टाप् ४.१.४*] १.मान्द्रो २.अस्तबला/तबेला ३.सुत्ने सामग्रीहरू।

मन्दुरा वाजिशालायां शयनीयार्थवस्तुनि (मेदिनी.)।

मन्देहः (पुं.) पुराणअनुसार उदयाचलमा बस्ने पहाड झैं ठुला अनेक रूप लिने डरलाग्दा राक्षसहरू।

तत्र शैलनिभा भीमा मन्देहा नाम राक्षसाः (वा.रा.कि.का.)।

मन्दोदरी [*मन्दमल्पमुदरं यस्याः सा, बहु.स.*] (स्त्री.) रावणकी पत्नी/मय दानवकी छोरी।

मन्दोष्णम् (नपुं.) [*मन्दञ्च तदुष्णञ्च, कर्म.स.*] मनतातो।

मन्द्रः (पुं.वि.) [*मन्दते स्तौति हृष्यति वा, मदी हर्षे इति धातोः स्फायितञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दि श्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दि दहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ.) १७८ इति रक्]* १.गहिरो/गम्भीर २.(पुं.) वाद्यविशेष।

मन्मथः (पुं.) [*मनो मथति विकरोतीति, मथे विलोडने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् साधुः*] १.कामदेव/कामदेवता २.कैथ ३.कामवासना ४.साठी संवत्सरमध्ये एक संवत्सर ५.बयर। **मतो मथः, मन्मथः, कामचिन्तायां कपित्थे कुसुमायुधे** (विश्व.)।

मन्या (स्त्री.) [*पश्चाद्भागे ग्रीवायाः, सिरा, मन्यतेऽनया, संज्ञायां समज ३.३.९९ इति क्यप्*] गर्धनको हड्डी।

मन्युः (पुं.) [*मन्यतेऽसौ, मन ज्ञाने इति धातोः, यजिमनिशुन्धिदसिजनिभ्यो युच् (उ.) ३०७ इति युच्*] १.क्रोध/रिस।

यो सञ्चारयते मन्युं योऽतिवादांस्तितिक्षते।
यश्च तप्तो न तपति दृढं सोऽर्थस्य भाजनम्॥
(म.भा.१.७९.५)

२.दुःख/शोक/दुर्दशा (भट्टि.) ३.अहङ्कार (शब्दरत्नावली) ४.दीनता ५.यज्ञ। **मन्युर्दैन्ये क्रतौ क्रुधि** (हैम.)। ६.क्रोधाभिमानी देवता (ऋग्वेद १०.८३.९) ७.वितथका छोरा (भाग. ९.२१.१) ८.रुद्र (भाग ४.५.५)।

मन्वन्तरम् (नपुं.) [*मनोरन्तरं यस्मिन् तत्*] पुराण तथा सूर्य सिद्धान्तअनुसार एक कल्पमा हुने १४ मनुहरूको अधिकार काल। एक मनुले भोग गर्ने समय मानिसको वर्षको हिसाबले ३०८५७१४२८ वर्ष, ६ महीना, २ दिन, ४२ घडी, ५१ पला हुन्छ।

दैविकानां युगानां तु सहस्त्रं ब्रह्मणो दिनम्।
मन्वन्तरं तथैवैकं तस्य भागाश्चतुर्दश॥ (अमर.) हे. मनुः।

मन्वादितिथिः (स्त्री.) मन्वादितिथि १४ छन्– चैत्र शुक्ल तृतीया, पूर्णिमा, ज्येष्ठ शुक्ल पूर्णिमा, आषाढ शुक्ल दशमी, पूर्णिमा, श्रावण कृष्णष्टमी, भाद्र शुक्ल तृतीया, आश्विन शुक्ल नवमी, कार्तिक शुक्ल द्वादशी, पूर्णिमा, पौष शुक्ल एकादशी, माघ शुक्ल सप्तमी, फाल्गुन शुक्ल पूर्णिमा र फाल्गुन कृष्ण अमावास्या।

मभ्र (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **मभ्रति–** जान्छ इत्यादि।

ममत्वम् (नपुं.) [*मम भावः, ममेति पदम् अस्मच्छब्दप्रतिरूपकमव्ययम्, ततः तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वप्रत्ययः*] ममता/आत्मीयता।

ममता (स्त्री.) [*मम भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] माया/आत्मीयता।

यावद् देहाभिमानश्च ममता यावदेव हि।
यावन्न गुरुकारुण्यं तावत्तत्त्वकथा कुतः॥
(ग.पु.धर्मकाण्ड.४९.९६)

मम्मटः (पुं.) काव्यशास्त्रका प्रकाण्ड विद्वान्। काश्मीर निवासी मम्मटको समय एघारौं शताब्दी हो। यिनले काव्यप्रकाश भन्ने सारगर्भित **काव्यप्रकाश** लेखेका छन्। यसमा काव्यशास्त्रका अनेक अङ्गको विवेचना छ। मम्मटले आफ्नो ग्रन्थमा काव्यको परिभाषा, काव्यको प्रयोजन, काव्यको कारण, शब्दशक्ति, ध्वनि, रस, गुण, दोष, रीति, अलङ्कार आदिका सन्दर्भमा सोदाहरण सूत्रशैलीमा गहिरो चिन्तन प्रस्तुत गरेका छन्। यिनले ६० वटा अलङ्कारको विवेचना गरेका छन्। यसमा माधुर्य, ओज र प्रसाद तीनगुणभित्र २० गुणलाई अन्तर्भाव गरिएको छ। काव्यप्रकाशका १०८ भन्दा पनि बढी टीका लेखिएका छन्।

मय (धा.) [*गतौ, सक. सेट् आत्म.*] जानु। लट्– **मयते–** जान्छ इत्यादि।

मयः (पुं.) [*मीनाति, मीञ् हिंसायाम् इति धातोः, मयते द्रुतं गच्छति, मय गतौ इति धातोर्वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.ऊँट (अमर.) २.राक्षसविशेष ३.ऊँटको बच्चा ४.खच्चड। **मयः शिल्पिनि दैत्यानां करभेऽश्वतरे ऽपि च** (मेदिनी.)।

मयुः (पुं.) [*मीनोति प्रक्षिप्य गच्छति, सुशब्दं प्रक्षिपति वा, डुमिञ् प्रक्षेपणे इति धातोः, भृमृशीतॄवरित्सरितनिधनि-मिमस्जिभ्य उः (उ.) ७ इति उः, गुणः, अयादेशः*] १.किन्नर जाति/घोडाको आकारको प्राणी २.मृग। **मयुर्मृगाश्वमुखयोः** (विश्व.)।

मयुष्टकः (पुं.) [*मिनोतीति, डुमिञ् प्रक्षेपणे इति धातोः, भृमृशीतॄवरित्सरि तनिधनिमिमस्जिभ्य उः (उ.) ७ इत्युः मयश्चासौ स्थकश्च, कर्म.स.*] वनमुगी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयूखः (पुं.) [*मापयन् गननं प्रमाणयन् ओखति गच्छतीति, पृषोदरादिः, यद्वा माङ् माने इति धातोः, माङ ऊखो मय् च (उ.) ७१३ इति ऊखः, मयादेशश्च*] १.किरण/प्रभा २.ज्वाला ३.शोभा ४.पर्वत ५.किलो। **मयूखः किरणेऽपि च। ज्वालायामपि शोभायाम्** (विश्व.)।

मयूरः (पुं.) [*मयुरिव रौति शब्दायते इति, मयुपूर्वकात् रु शब्दे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, पृषोदरादित्वात् साधुः, यद्वा मीनोति, मिञ् धातोः, मीनोतेरूरन् (उ.) इति ऊरन्, बाहुलकान्मीनातेरात्वनिषेधः, धातोर्गुणायादेशः*] १.सहस्रजिरी २.मुजुर ३.अपामार्ग।



(मयूरः)

मयूरो नीलकण्ठेऽपि स्यान्मयूरशिखौषधौ (रभस.)।

मयूरो बर्हिचूडायामपामार्गे शिखण्डिनि (विश्व.)।

मयूरकः (पुं.) [*मयूरप्रतिकृतिः, इवे प्रकृितौ ५.३.९६ इति कन्*] अपामार्ग। **मयूरकोऽप्यपामार्गे क्लीबं तुत्थाञ्जने पुनः** (मेदिनी.)।

मयूरकम् (नपुं.) [*मयूरस्य प्रतिकृतिः, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, मयूरं कायति वा, सादृश्यात्, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] आँखाको औषधिविशेष।

मयूरभट्टः (पुं.) संस्कृतका विशिष्ट कवि। संस्कृत साहित्यको इतिहासमा मयूर नामका धेरै कविहरू भएका छन्। सूर्यशतकका रचयिता मयूरभट्ट सबैभन्दा प्राचीन मानिन्छन्। यिनको समय बाणभट्टको समय हो। यिनलाई कुष्ठरोग लागेको थियो। त्यसबाट निवृत्ति पाउन स्रग्धरा छन्दमा सूर्यशतक लेखेका थिए। यसको भाषा अलङ्कृत र प्रौढ छ।

मयूरसारिणी (स्त्री.) प्रत्येक पाउमा क्रमशः जगण, जगण, रगण, तथा एक गुरुवर्णका प्रयोग भएको छन्द। **जौ रगौ मयूरसारिणी स्यात्** (छन्दो.)।

मरकतम् (नपुं.) [*मरकं मारिभयं तरन्त्यनेन तॄ प्लवनतरणयोः इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] पन्ना।

मरणम् (नपुं.) [*म्रियते इति, मृङ् प्राणत्यागे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्, यद्वा भृजिमृङ्भ्यां युक्त्युकौ (उ.) ३.२१ इति युक्, अनः*] १.मृत्यु।

उदारस्य तृणं वित्तं शूरस्य मरणं तृणम्।

विरक्तस्य तृणं भार्या निस्पृहस्य तृणं जगत्॥ (सुभा.)

२.(पुं.) यमराज। **मृत्युर्ना मरणे यमे** (मेदिनी.)। ३.तेत्तिस व्यभिचारी भावमध्ये एक भाव। मर्नुभन्दा पहिलेको एक किसिमको भावना। **मरणम् मृतिः।** (ना.द.) ~ **शीलः** (पुं.) [*मरणे शीलः, स.त.*] मर्ने स्वभावको।

मरणान्तः (पुं.) [*मरणे अन्तो यस्य सः, बहु.स.*] नमरुन्जेल- सम्मको/मरेपछि मात्र सिद्धिने/मरणान्तक।

मरणाशौचः (पुं.) [*मरणस्य आशौचः, ष.त.*] बन्धु मर्दा लाग्ने आशौच। हे. **आशौच**।

मरणासन्नः (पुं.) [*मरणमासन्नः, द्वि.त.*] मर्न आटेको/प्राण जान लागेको/मृत्युका मुखमा परेको/मरणोन्मुख/मरणापन्न।

मरीचम् (नपुं.) [*म्रियते नश्यति श्लेष्मादिकमनेनेति, मृङ् प्राणत्यागे इति धातोः, बाहुलकात् ईच्*] मरीच/एक किसिमको पिरो पदार्थ।

मरीचिः (पुं.) [*म्रियन्ते नश्यन्ति क्षुद्रजन्तवस्तमांसि वाऽनेन, मृकणिभ्यामीचिः (उ.) ५१९ इति ईचिः*] १.ब्रह्माका दस मानस पुत्रमध्ये एक २.(पुं.स्त्री.) किरण/प्रकाश ३.मृगतृष्णा ४.ऋषिविशेष। **मरीचिर्मुनिभेदे ना गभस्तावनपुंसकम्** (विश्व.)।

मरीचिका (स्त्री.) [*मरीचौ सूर्यकिरणे कमिव जलमिव यत्र, यद्वा मरीचिरिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, टाप् ४.१.४ इत्वम्*] मृगतृष्णा/माया वा भ्रम। बालुवामा सूर्यको किरण पर्दा हुन जाने पानीको भ्रम वा त्यस्तै अन्य कुरा। **मृगतृष्णा मरीचिका** (विश्व.)।

मरुः (पुं.) [*म्रियन्तेऽस्मिन् भूतानि, मृङ् प्राणत्यागे, इति धातोः, भृमृशीतृवरित्सरितनिधनिमिमस्जिभ्य उः (उ.) इति उः, गुणः, रपरत्वम्*] पानी नभएको प्रदेश/मरुस्थल/बालुवैबालुवा मात्र भएको मरुस्थल। **मरुर्ना गिरिधन्वनोः** (मेदिनी.)।

मरुत् (पुं.) [*म्रियते, अनेन विना इति, मृङ् प्राणत्यागे, इति धातोः, मृग्रोरुतिः (उ.९९) इति सूत्रेण उत्*] १.मरुवा फूल, २.सौन्दर्य, ३.बृहद्रथ राजा ४.एक साध्यदेव ५.सुन ६.प्राण वायु ७.हावा/वायु ८.वायुका अधिष्ठाता देवता जसको सङ्ख्या ४९६ (गरुड पुराण आदिमा मरुत्को नाम भेद देखिन्छ) छ तर वायु पुराणमा मरुत्को सङ्ख्या ४९ दिइएको छ– सत्त्वज्योति, आदित्य, सत्यज्योति, तिर्यक्ज्योति, सज्योति, ज्योतिष्मान्, हरित, ऋतजित्, सत्यजित्, सुषेण, सेनजित्, सत्यमित्र, अभिमित्र, हरिमित्र, कृत, सत्य, ध्रुव, धर्ता, विधर्ता, विधारय, ध्वान्त, धुनि, उग्र, भीम, अभियु, साक्षिप, ईदृक्, अन्यादृक्, यादृक्, प्रतिकृत्, ऋक्, समिति, संरम्भ, ईदृक्ष, पुरुष, अन्यादृक्ष, चेतस, समिता, समदृक्ष, प्रतिदृक्ष, मरुति, सरत, देव, दिश, यजुः अनुदृक्, साम, मानुष र विश् (वायुपुराण)। महाभारतअनुसार मङ्कण मुनिको वीर्यबाट सात मरुद्गण उत्पन्न भए– वायुवेग, वायुबल, वायुहा, वायुमण्डल, वायुज्वाल, वायुरेता र वायुचक्र। यिनै मरुद्गण कल्पान्तमा दितिको गर्भमा इन्द्रको वज्रले काटिएर ४९ भए।

मरुत्पुत्रः (पुं.) [*मरुतः वायोः पुत्रः, ष.त.*] १.हनुमान् २.भीमसेन **भीमस्तु मरुत्पुत्रो वृकोदरः** (अभि.चि.३.३७१)।

मरुत्वान् (पुं.) [*मरुतो देवाः पाल्यत्वेन सन्त्यस्य, मध्वादिभ्यश्च ४.२.८६ इति मतुप् झयः ८.२.१० इति वत्वम्, तसौ मत्वर्थे*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.४.१९ इति भत्वाज्जश्त्वाभावः] १.इन्द्र २.धर्मपुत्र देवगणको एक भेद ३.साध्यविशेष ४.हनुमान् ५.(पु.वि.) मरुद्विशिष्ट।

बभौ मरुत्वान् विकृतः समुद्रो
बभौ मरुत्वान् विकृतः समुद्रः।
बभौ मरुत्वान् विकृतः समुद्रो
बभौ मरुत्वान् विकृतः समुद्रः॥ (भट्टि.)

मरुन्माला (स्त्री.) [*मरुद्भिर्मल्यते, धार्यते, मल धारणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, व्यस्तं समस्तं च नामेदम्, म्रियते, मृङ् प्राणत्यागे इति धातोः, मृग्रोरुतिः (उ. ९४) इति उतिः, मल्यते, मलधारणे इति धातोः, पूर्ववत् घञ् ३.३.१९*] कपुरपाती।

स्पृक्का तु ब्राह्मणी देवी मरुन्माला लता लघुः।
समुद्रान्ता वधूः कोटिवर्षा लङ्कोपिका मरुत्।
मुनिर्माल्यवती माला मोहना कुटिला लता (वाचस्पति)।

मरुवकः (पुं.) [*मरौ वाति, क्वुन् (उ.)*] १.मरुवावृक्ष/मैन काँडो २.बाघ ३.राहु ४.ज्यामिरविशेष ५.(पुं.वि.) भयानक।

मर्कटः (पुं.) [*मर्कति गच्छतीति, शकादिभ्योऽटन् (उ.) इति अटन्*] १.वानर।

मर्कटस्य सुरापानन्तस्य वृश्चिकदंशनम्।
तन्मध्ये भूतसञ्चारो यद्वा तद्वा भविष्यति॥ (सुभा.)

२.माकुरो। **अयमुद्गृहीतवडिशः कर्कट इव मर्कटः।** (आर्याशप्तशती) ३.स्थावरविष विशेष ४.गलामा गाँड भएको पक्षीविशेष।

मर्कटकः (पुं.) [*मर्कति, मर्क सौत्रो घातुः, शकादित्वात् (उ.) अटन्, संज्ञायां कन् ५.३.७५ इति कन्*] १.माकुरो। **अथ मर्कटकः सस्यभेदे वानरलूतयोः।** (मेदिनी.) २.वानर ३.अन्नविशेष ४.एक किसिमको माछो ५.दैत्यविशेष।

मर्कटी (स्त्री.) [*मर्कतीति, शकादिभ्योऽटन् (उ.) इति अटन्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.वानरी २.काउछो ३.सिमी ४.पाङ्ग्राको एक भेद ५.पोथी माकुरो। **अथ मर्कटी। करञ्जभिच्छूकशिम्ब्योः पुंसि वानरलूतयोः** (मेदिनी.) ६.अपामार्ग ७.ज्वानो।

मर्जूः (पुं.) [*मार्जयति शोधयतीति, मृजू शुद्धौ इति धातोः, मृजेर्गुणश्च (उ. ८५) ऊः*] १.कुचो २.बढार्ने व्यक्ति ३.धोवी ४.नाटकमा पीठमर्द ५.[*मृज्यते*] शुद्धि।

मर्तः (पुं.) [*म्रियतेऽसौ, मृङ् प्राणत्यागे, इति धातोः, हसिमृग्रि- (उ.) (उ.) ३७३ इति तन्*] १.मानिस २.[*म्रियतेऽत्र*] मर्त्यलोक।

मर्त्यः (पुं.) [*म्रियतेऽसौ, मृङ् प्राणत्यागे, इति धातोः, हसिमृग्रि-(उ.) ३७३ इति तन् मर्त एव वार्थे यत् (वा.) ५.४.३६ १.*] १.मनुष्य।

निकटस्थं गरीयांसमपि लोको न सेवते।
पवित्रामपि यन्मर्त्या न नमस्यन्ति जाह्नवीम्॥ (सुभा.)

२.पृथ्वीलोक ३.(नपुं.) शरीर। **~लोकः** (पुं.) [*मर्त्यानां लोकः, ष.त.*] पृथ्वी/धरती।

मर्त्यम् (नपुं.) [*पूर्ववत्*] शरीर।

मर्दनम् (नपुं.) [*मृद क्षोदे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.मिच्ने काम/माड्ने काम/तेल, बकुवा आदि घस्ने काम २.नाश ३.चूर्ण पार्ने काम।

मर्दलः (पुं.) [*मर्दमुपमर्दं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] मादल।

मर्दितः (पुं.वि.) [*मृद क्षेदे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.मर्दन गरिएको/माडिएको २.ग्रथित।

मर्ब (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **मर्बति–** जान्छ इत्यादि।

मर्म (नपुं.) [*म्रियतेऽसौ, मृङ् प्राणत्यागे इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्*] १.चोट लाग्दा मरणान्त हुने मूल वा कोमल अङ्ग/मर्मस्थल/शरीरका अङ्गको जोर्नी वा सन्धि स्थान २.भेद/रहस्य/गूढार्थ ३.मर्का/भित्री वेदना। **~घाती** (पुं.) [*मर्म हन्ति तच्छीलः, हन हिंसागत्योः इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मनमा चोट पुऱ्याउने/मर्म स्थानमा आघात पुऱ्याउने। **~छेदनम्** (नपुं.) [*मर्मणः छेदनम्, ष.त.*] हृदयमा च्नोट लाग्ने/मर्मभेदी। **~वचनम्** (नपुं.) [*मर्मघातकं वचनम्*] दिलमा चोट लाग्ने वचन/मर्म वाक्य/चित्त दुख्ने कुरो। **~स्थलम्** (नपुं.) [*मर्मसम्बद्धं स्थलम्*] चोट लाग्दा साह्रै दुख्ने र ज्यानसम्म पनि जाने शरीरका कुनै कोमल स्थान/सन्धि स्थान/मर्मस्थान। **~स्पर्शी** (पुं.) [*मर्म स्पृशति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] दिलमा चोट लाग्ने/मनमा ज्यादै प्रभाव पार्ने/मर्म छुने।

मर्मरः (पुं.) [*वस्त्राणां पर्णानां च स्वनिते मर्मरः, मर्म राति वा, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.एक किसिमको लुगा २.सुकेका पातको ध्वनि ३.झ्याली बाजाविशेष।

मर्मरो वस्त्रभेदे च शुष्कपर्णध्वनौ तथा।
पुंसि स्त्रियां पुनः प्रोक्ता मर्मरी पीतदारुणि॥ (अमर.)

मर्मस्पृक् (पुं.) [*मर्म स्पृशति, स्पृश उपतापे इति धातोः, स्पृशोऽनुदके ३.२.५८ इति क्विन्*] मर्मभेदी।

मर्माघातः (पुं.) [*मर्मण आघातः, ष.त.*] हृदयमा लागेको चोट/मर्मस्थलमा पुऱ्याएको आघात/मर्माहत।

मर्मान्तकः (पुं.वि.) [*मर्मणोऽन्तकः, ष.त.*] हृदयमा चोट लाग्ने/मर्मभेदी।

मर्मान्वेषणम् (नपुं.) [*मर्मणोऽन्वेषणम्, ष.त.*] रहस्य कुरा पत्ता लगाउनु/तत्त्व कुराको खोज तलास गर्नु।

मर्मोद्घाटनम् (नपुं.) [*मर्मण उद्घाटनम्, ष.त.*] मर्म वा रहस्य खोल्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्यादा (स्त्री.) [*'मर्या' इति सीमार्थेऽव्ययम्, तत्र दीयते, अङ्, टाप्*] १.सीमा २.स्थिति/व्यवस्था। **मर्यादा सीमनि स्थितौ** (मेदिनी.) ३.देवातिथिकी पत्नी ४.तट (हेमचन्द्र)।

मर्यादामार्गः (पुं.) [*मर्यादाया मार्गः, ष.त.*] वल्लभाचार्यद्वारा पुष्टिमार्गको निरूपणको क्रममा प्रतिपादित तेस्रो मार्ग। यो मार्ग वैदिक धर्मको मार्ग हो। वेदानुसारी मर्यादाको रक्षा गर्नु यस मार्गको उद्देश्य हो।

मर्यादावतारः (पुं.) [*मर्यादायै मर्यादास्थापनाय अवतारः, च.त.*] लोकमा मर्यादाको स्थापनाका निमित्त भएको विष्णुको अवतार। रामचन्द्रको अवतारलाई मर्यादावतार मानिन्छ।

मर्व (धा.) [*पूरणे, सक.सेट्, आत्म.*] पूरा गर्नु। लट्– **मर्वते**– पूरा गर्छ इत्यादि।

मल (धा.) [*धारणे, सक.सेट्, आत्म.*] धारण गर्नु। लट्– **मलते**– धारण गर्छ इत्यादि।

मलः (पुं./नपुं.) [*मृज्यते शोध्यते इति, मृजु शुद्धौ इति धातोः, मृजेष्टिलोपश्च (उ. ११५) इति कलः, टिलोपश्च, यद्वा मलते, मल धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्*] १.मयल/मैल/पसिना जमेर हुन जाने फोहर, २.विष्ठा, ३.धुलो/फोहर, ४.पाप ५.दोष ६.कपुर ७.समुद्री फिँज ८.माडेको छाला ९.छालाको लुगा १०.शरीरबाट निस्कने बाह्रथरी अपवित्र वस्तुहरू– बोसो, धातु, रगत, मासी, मूत, गुह्य, कानेगुजी, सिङान, नङको फोहोर, कफ, आँसु र पसीना ११.प्रकृतिको दोष १२.जैनमतअनुसार जीवात्मामा रहने दुष्ट स्वभाव १३.धातुको कस खिया आदि मयल १४.कृपणी १५.शिव अथवा ब्रह्मको नै जीवको रूपमा परिणत हुने काम। मलबाट आच्छादित शिव नै जीव हो। मायाबाट ढाकिएको जीव नै परम शिव हो। शिवबाट नै संसारको सृष्टि भएको छ। जीव नै पुद्गल हो। जीव नै हंस हो। यही व्यापक परम शिव हो। यही मन हो र चराचरमा यो व्याप्त छ। आफूलाई आफैँले चिनेपछि जीवले भुक्ति र मुक्ति दुवै दिन सक्छ। आत्माले नै आत्मालाई बाँध्छ। आत्माले नै आत्मालाई मुक्त गर्छ। आफूभन्दा भिन्न जति पनि पदार्थ छन्, ती सबै आत्मा नै हुन्। जसले यो कुरा राम्रोसँग आत्मसात् गर्न सक्छ, त्यो शिव हुन्छ, मुक्त हुन्छ र अरूलाई पनि मुक्त गराउन सक्छ।

वसा शुक्रमसृग्मज्जा कर्णविड्मूत्रविड्नखाः।
श्लेष्माश्रुदूषिकाः स्वेदो द्वादशैते नृणां मलाः॥ (मनु.)

~द्वारम् (नपुं.) [*मलनिर्गमनं द्वारम्*] गुदद्वार। **~मासः** (पुं.) [*मलो दोषयुक्तो मासः*] अधिकमास।

मलदूषितम् (नपुं.) [*मलेन दूषितम्, कर्तृकरणे कृता बहुलम् २.१.३२ इति समासः*] मैलो/फोहर लागेको।

मलयः (पुं.) [*मलते धारयतीति, मल धारणे इति धातोः, वलिमलितनिभ्यः कयन् (उ.) ५४९ इति कयन्*] १.मलयगिरी २.चन्दन ३.श्रीखण्ड हुने पर्वत। **~गिरिः** (पुं.) [*मलय इति गिरिः, कर्म.स.*] दक्षिण भारतमा रहेको एक पर्वत। यो पर्वत मैसूरको दक्षिण र ट्राबन्कोरको पूर्वमा पर्दछ। यस पर्वतमा श्रीखण्डका वृक्ष प्रशस्त मात्रामा पाइन्छन्।

मलयजः (पुं./नपुं.) [*मलये जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] १.दक्षिण दिशाबाट आउने हावा २.श्रीखण्ड/चन्दन।

मलयाचलः (पुं.) [*मलय इति अचलः, कर्म.स.*] मलयपर्वत

मलयाचलगन्धेन त्विन्धनं चन्दनायते।
तथा सज्जनसङ्गेन दुर्जनः सुजनायते॥ (सुभा.)

मलिनः (पुं.वि.) [*मलमस्त्यस्य, ज्योत्स्नातमिस्रा ५.२.११४ इति इनच्*] १.मैला भएको/उज्वल नभएको/अँध्यारो/मयल लागेको/मैलो २.पापी ३.निकृष्ट आचरण भएको/नित्यनैमित्तिक क्रियात्यागी ४.कालो ५.(पुं.) कामदेव।

मलिनी (स्त्री.) [*मलमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.रजस्वला भएकी स्त्री २.मैली स्त्री। **मलिनं कृष्णदोषयोः। मलिनी रजस्वलायाम्** (हैम.)।

मलिम्लुचः (पुं.) [*मल्यते, मल धारणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इतीन्, मलिं धृतं म्लोचति, मली सन् म्लोचति वा, म्लुच गत्याम् इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, आलोपः ६.४.६४*] १.डाका/बाटाघाटामा एकान्त पारेर डकैती गर्ने व्यक्ति २.मासुविशेष ३.अग्नि।

मलिम्लुचो मांसभेदे चौरज्वलनयोः पुमान् (विश्व.)।

मलीमसः (पुं./नपुं.) [*मलमस्त्यस्य, ज्योत्स्नातमिस्रा ५.२.११४ इति इमसच् निपात्यते*] १.मैलो/कालो २.पापी ३.सीसा ४.फलाम।

मलीमसं तु मलिने पुष्पकासीसलोहयोः (विश्व.)।

मल्ल (धा.) [*धारणे, सक.सेट्, आत्म.*] धारण गर्नु। लट्– **मल्लते**– धारण गर्छ इत्यादि।

मल्लः (पुं.) [*मल्लति, मल्ल धारणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.पहलमान/द्वन्द्व युद्धमा निपुण व्यक्ति/जोद्धा/योद्धा २.ठकुरी जातिको एक थर ३.नेवार जातिको एक थर ४.देशविशेष ५.पात्र ६.गाला ७.एक प्रकारको माछो। **~भूमिः** (स्त्री.) [*मल्लाय मल्लयुद्धाय भूमिः, च.त.*] मल्लयुद्ध गर्ने वा कुस्ती खेल्ने ठाउँ। **अयःपात्रे पयःपानं शालपत्रे च भोजनम्। शयनं तालपत्रे च मल्लभूमेरियं गतिः** (उद्भटः) **~युद्धम्** (नपुं.) [*मल्लयोर्युद्धम्, मल्लानां वा युद्धम्, ष.त.*] कुस्ती/द्वन्द्व/युद्ध।

मल्लारः (पुं.) [*मल्ल इव ऋच्छति, ऋ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सङ्गीतको एक राग ६.रागमध्ये दोस्रो राग।

आदौ मालवरागेन्द्रस्ततो मल्लारसंज्ञितः।
श्रीरागस्तस्य पश्चाद् वै वसन्तस्तदनन्तरम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिल्लोलश्चाथ कर्णाट एते रागाः प्रकीर्तिताः॥ (स.दा.)
यो वर्षाऋतुमा गाइन्छ।
मेघमल्लाररागस्य गानं वर्षासु सर्वदा (तथैव)।

मल्लिकः (पुं.) [*मल्लते, मल्ल धारणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) ४.११८ इतीन्, स्वार्थे कन् ५.३.७५*] १.हाँसविशेष। **मल्लिको हंसभेदे स्यात्** (मेदिनी.) २.(पुं.वि.) मैलो।

मल्लिका (स्त्री.) [*मल्लते गन्धम्, मल्यते वा, मल्ल धारणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इतीन्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्, स्वार्थे कन् ५.३.७५*] १.वेली फूल २.माछाको एक भेद ३.झोल पदार्थ पिउने माटको भाँडो ४.उपरूपकको एक भेद। यसमा शृङ्गाररसको प्रधान्य हुन्छ। दुईवटा अङ्क हुन्छन्। कैशिकीवृत्तिको प्रयोग हुन्छ। कथा सकिएपछि कथाको रहस्योद्घाटन हुन्छ। **मल्लिका तृणशून्येऽपि मीनमृत्पात्रभेदयोः** (मेदिनी.)।

मल्लिकाक्षः (पुं.) [*मल्लिकाकारमक्षि यस्य, बहुव्रीहौ सक्थ्यक्ष्णोः ५.४.११३ इति षच्*] १.मइलो खुट्टा र चरण भएको हाँसविशेष २.दुवै आँखालाई सेतो रेखाले घेरेको घोडा।


(मल्लिकार्जुनः)

मल्लिकार्जुनः (पुं.) [*मल्लिकया उमया सहितोऽर्जुनः शिवः, शिववाचकोऽप्यर्जुनशब्दः*] श्रीशैल पर्वतमा रहेका शिवको एक ज्योतिर्लिङ्ग। यो भारतको आन्ध्रप्रदेशको दक्षिणी भूभाग कृष्णानदी (पाताल गङ्गा) को तटमा पर्दछ। टाढैबाट यस मन्दिरको टुप्पाको दर्शनले मात्र पनि मुक्ति पाइन्छ भन्ने विश्वास छ। रिसाएर क्रौञ्च पर्वततिर लागेका कार्तिक स्वामीको खोजी गर्दै जाँदा श्रीशैलमा पुगेका शिवजीले आफू र पार्वतीलाई एउटै लिङ्गमा समाहित गरी यो लिङ्गको स्थापना गरेका हुन् भनेर पुराणमा उल्लेख गरिएको छ। यहाँ ब्रह्मरम्भा (जगदम्बा), त्रिपुरान्तक आदि अरू पछि बनेका मन्दिर पनि छन्। यो क्षेत्र धार्मिक तथा पर्यटकीय दृष्टिले अतिशय पुण्यदायी छ र दर्शनीय पनि छ।

मव (धा.) [*बन्धने, भ्वा.सक.सेट्, पर.*] बाँध्नु। लट्– **मवति–** बाँध्छ इत्यादि।

मव्य (धा.) [*बन्धने, भ्वा. सक. सेट्, पर.*] बाँध्नु। लट्– **मव्यति–** बाँध्छ इत्यादि।

मश (धा.) [*शब्दे रोषे गतौ च, अक.सेट्, पर.*] शब्द गर्नु, रिसाउनु, जानु। लट्– **मशति–** शब्द गर्छ, रिसाउँछ, जान्छ इत्यादि।

मशकः (पुं.) [*मशति ध्वनति कर्णे, पचाद्यच्, संज्ञायां कन्, मस्यते परिमीयतेऽसौ इति व्युत्पत्त्या मसक इत्यपि*] १.माखा २.भुसुना ३.मच्छड/लामखुट्टे।

प्राक्पादयोः पतति खादति पृष्टमांसं
कर्णे कलं किमपि रौति शनैर्विचित्रम्।
छिद्रं निरूप्य सहसा प्रविशत्यशङ्कः
सर्वं खलस्य चरितं मशकः करोति॥ (हितो.)
४.शरीरमा आउने मुसो नामक रोगविशेष।
अवेदनं स्थिरञ्चैव यत्तु गात्रे प्रदृश्यते।
मासवत् कृष्णमुत्सक्तं मलिनं मशकं दिशेत्॥ (भा.प्र.)
५.तेल हाल्ने छालाको थैलो।

मष (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **मषति–** हिंसा गर्छ इत्यादि

मष्यः (पुं.बहु.) [*मषन्ति विनाशयन्ति कुलस्य दुरितानि, मष हिंसायाम् इति धातोः कर्तरि क्तः*] कुलदेवताविशेष।

मसिः (पुं.) [*मस्यति परिणमते सः, मसि परिणामे इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्*] लेख्नका लागि बनाइएको रङ।

मसी (धा.) [*परिणामे, अक.सेट्, पर.*] रूपान्तर गर्नु, आकार बदल्नु। लट्– **मस्यति–** रूपान्तर गर्छ, आकार बदल्छ। लिट्– **ममास–** रूपान्तर गरेछ, आकार बदलेछ (अन.) इत्यादि।

मसी (स्त्री.) [*मसी परिणामे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्, ङीष्*] कलमले चोबेर लेख्ने कालो, नीलो, रातो आदि रङ्ग/मसी। **~जीवी** (पुं.) [*मस्या जीवति तच्छीलः, जीव प्राणने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] लेख्ने कामबाट जीविका गर्ने/लेखनदास।

मसीकूपिका (स्त्री.) [*मस्याः कूपिका, ष.त.*] मसिदानी/मसी हाल्ने भाँडो।

मसीपात्रम् (नपुं.) [*मस्याः पात्रम्, ष.त.*] मसीको भाँडो।

मसुरः (पुं.) [*मस्यते द्विदलतया परिणम्यते इति मसी परिणमे इति धातोः, मसेरुरन् (उ.) इति उरन्*] मसुरो।

मसूरविदला (स्त्री.) [*मसूरवद् विदलं यस्याः सा, बहु.स.*] कालो निशोथ।

मसुरा (स्त्री.) [*मस्यति सुष्ठुतया परिणमते इति, मसी परिणामे इति धातोः, मसेश्च (उ.) इति सूत्रेण उरन्*] १.मसुरो २.पाप ३.रोग ४.वेश्या।

मसूरिका (स्त्री.) [*मसूरेव, कन्, स्त्रियां टाप्, अत इत्वम्*] १.कुट्टनी २.दादुरा।

मसृणम् (नपुं.) [*मसी परिणामे इति धातोः, बाहुलकादृणः, यद्वा– समृणोति, ऋणु गतौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] मसिनो चिप्लो वस्तु। **मसृणोऽकर्कशे स्निग्धे** (विश्व.)।

मस्क (धा.) [*गतौ, भ्वा. सक.सेट् आत्म.*] जानु। लट्– **मस्कते–** जान्छ इत्यादि।

मस्करः (पुं.) [*मस्कते अनेन वा, मस्क गतौ इति धातोः, बाहुलकादरः, यद्वा– मङ्कते, मकि मण्डने इति धातोः, अरः, आगमशास्त्र–*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्यानित्यत्वान्न नुम्, मस्करमस्करिणौ वेणुपरिव्राजकयोः ६.१.१५४ इति सुट्] बाँस।

मस्करिव्रतम् (नपुं.) [*मस्करिणां व्रतम्, ष.त.*] संन्यासीको व्रत।

मस्करी (पुं.) [*मस्कनम्, मस्क गतौ इति धातोः, बाहुलकादरः, मस्करो ज्ञानं गतिर्वाऽस्यास्ति, मस्करमस्करिणी ६.१.१५४ इति इनिः, यद्वा– मस्करो वेणुरस्यास्ति, अत इनिठनौ ५.२.११५, यद्वा– मा कर्तुं कर्म निषेद्धुं शीलमस्य, मस्करमस्करिणौ ६.१.१५४ इति साधुः, यद्वा– मुकुर इव, शुद्धमन्तःकरणमस्यास्ति, प्राग्वन्निपातः, यद्वा–मङ्क्ते, मकि मण्डने इति धातोः, बाहुलकादरः, आगमशास्त्रस्यानित्यत्वान्न नुम्, मकरो निधिभेदोऽस्यास्ति, प्राग्वन्निपातः*] १.संन्यासी/भिक्षु। **भिक्षुः परिव्राट् कर्मन्दी पाराशर्यपि मस्करी** (अमर.) २.चन्द्रमा (शब्दचन्द्रिका)।

मस्तम् (नपुं.) [*मस्यते स्म, मसी परिणामे परिमाणे वा इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः]* टाउको/शिर।

मस्तकः (पुं./नपुं.) [*मस्यते स्म, मसी परिणामे परिमाणे वा इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)]* टाउको/शिर।

मस्तकम् (नपुं.) [*मस्त एव, स्वार्थे कन्*] १.शिर/टाउको २.चुचुरो/शिखर।

मस्तिष्कम् (नपुं.) [*मस्यते, मसनं वा, मसी परिणामे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, मस्तिं मस्कते, मस्क गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुः यद्वा मस्तं मस्तकमाधारत्वेन इष्यति प्राप्नोति, कः, पृषोदरादितया साधुः*] गिदी रहने ठाउँ/दिमाग।

मस्तु (पुं.नपुं.) [*मस्यति परिणमति, मसी परिणामे, इति धातोः, सितनिगमिमसिसच्यविधाञ्कुशिभ्यस्तुन् (उ.) ७२ इति सूत्रेण तुन्*] दहीबाट बनाइएको खाद्यपदार्थ। **मण्डं दधिभवं मस्तु** (मेदिनी.)।

मह (धा.) [*पूजायाम्, भ्वा. सक.सेट्, पर.*] पूजा गर्नु। लट्– **महति–** पूजा गर्छ। लिट्– **ममाह–** पूजा गरेछ (अन.) इत्यादि।

मह (धा.) [*पूजायाम्, चुरा.सक.सेट्, उभय.*] सम्मन गर्नु, पूजा गर्नु। लट्– **महयति-ते–** सम्मान गर्छ, पूजा गर्छ। लिट्– **महयाञ्चकार-चक्रे–** सम्मान गरेछ, पूजा गरेछ। (अन.) इत्यादि।

महः (पुं.) १.[*मह्यन्ते पूज्यन्तेऽस्मिन्, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः]* उत्सव २.यज्ञ ३.तेज।

महः (नपुं.) [*मह्यते पूज्यते तत्, सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्*] तेज। **मही नद्यन्तरे भूमौ मह उत्सवतेजसोः** (मेदिनी.)। ३.नैवेद्य ४.वलि ५.(अव्य.) महर्लोक।

महत् १.(वि.) [*महति पूजयति मह्यते पूज्यते वा तत्, वर्तमाने पृषद्बृहन्महज्जगच्छतृवच्च (उ) २५० इति अतिप्रत्ययान्तो निपातः*] ठुलो/महान्/श्रेष्ठ/उत्तम। २.(नपुं.) प्रकृतिको प्रथम विकार।

महती (स्त्री.) [*महति पूजयति मह्यते पूज्यते वा सा, वर्तमाने पृषद्बृहन्महज्जगच्छतृवच्च (उ.) २५० इति अतिप्रत्ययान्तो निपातः, उगितश्च इति स्त्रियां ङीप्*] १.नारदको वीणा २.भान्य ३.ठुलो बिहिँ ४.मर्मस्थलमा बाधा र शरीर कम्पन गराउने खालको हिक्का ५.बढाइ/महिमा ६.वैश्यको एक जाति ७.कुशद्वीपको नदी ८.श्रवण नक्षत्र परेको भाद्र शुक्ल द्वादशी ९.(स्त्री.वि.) ठुलो/महान्/श्रेष्ठ/उत्तम।

महत्तत्त्वम् (नपुं.) [*महच्च तत् तत्त्वञ्च, कर्म.स.*] १.जीवात्मा २.तन्त्रअनुसार सांसारिक सात तत्त्वमध्ये सबैभन्दा सूक्ष्म तत्त्व ३.साङ्ख्यअनुसार प्रकृतिको विकृत रूप/चौबिस तत्त्वमध्ये दोस्रो तत्त्व। ४.हठयोगअनुसार मन, बुद्धि, चित्त र अहङ्कारको समष्टिगत रूप।

महत्तमः (पुं.) [*अतिशयेन महान्, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] सबैभन्दा ठुलो।

महत्तरः (पुं.वि.) [*अयमनयोर्महान्, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप्*] गुण, परिमाण आदिका दृष्टिले दुई पदार्थमा ठुलो २.(पुं.) शूद्र।

महत्ता (स्त्री.) [*महतो भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.ठुलो हुनाको भाव/विशालता २.उत्तमता/श्रेष्ठता/महत्त्व।

महत्त्वम् (नपुं.) [*महतो भावः कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.ठुलोपन/विशालता २.बडप्पन ३.भित्रको सार वस्तु/विशेषता। **~पूर्णः** (पुं.) [*महत्त्वेन पूर्णः, तृ.त.*] विशेष महत्त्व भएको/विशेष उपयोगिता वा प्रभाव भएको। **~पूर्णपरिवर्तनम्** (नपुं.) [*महत्त्वपूर्णञ्च तत् परिवर्तनम्, कर्म.स.*] कुनै महत्त्वपूर्ण विषयलाई लिएर भएको क्रान्तिकारी परिवर्तन/विशेष प्रभावकारी अदलीबदली।

महत्त्वाकाङ्क्षा (स्त्री.) [*महत्त्वस्य आकाङ्क्षा, ष.त.*] ठुलो वा महत्त्वपूर्ण कुराको इच्छा/ठुलो कार्य गर्ने उच्च अभिलाषा।

महनीयः (पुं.वि.) [*महितुं योग्यः, मह पूजायामिति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] आदरणीय/पूज्य/मान्य।

महर्लोकः (पुं.) पुराणमा वर्णित भूर्लोक आदि गरिएका सात लोकमध्ये चौथो लोक।

महर्षिः (पुं.) [*महान् चासौ ऋषिश्च, कर्म.स.*] ठुला ऋषि/श्रेष्ठ ऋषि। बुद्धिदेखि परको विषयलाई थाहा पाउने र हरकिसिमले भगवान्लाई प्राप्त गर्न सक्ने ऋषिलाई महर्षि भनिन्छ। ब्रह्माका दस मानसपुत्र महर्षि हुन्– भृगु, मरीचि, अत्रि, अङ्गिरा, पुलह, ऋतु, मनु, दक्ष, वसिष्ठ र पुलस्त्य।

यस्माद्दृषन्ति ये धीरा महान्तं सर्वतो गुणैः।
तस्मान्महर्षयः प्रोक्ता बुद्धेः परमदर्शिनः॥ (वा.पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकच्छपः (पुं.) [*महान् चासौ कच्छपश्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] १.पुराणअनुसार पृथ्वीको भार वहन गरेर रहेको कछुवा/विष्णुका दस अवतारमध्ये एक अवतार २.ठुलो कछुवा।

महाकन्दः (पुं.) [*महत् कन्दं यस्य सः, बहु.स.*] लशुन।

महाकविः (पुं.) [*महान् चासौ कविश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.ठुला कवि/महाकाव्यका रचयिता/कालिदास, भारवि, माघ, भट्टि, श्रीहर्ष आदि महाकविहरू २.शुक्राचार्य।

महाकायः (पुं.वि.) १.[*महान् कायो यस्य सः, बहु.स.*] ठुलो शरीर हुने २.(पुं.) नन्दी।

महाकालः (पुं.) [*महान् चासौ कालश्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] १.शिवको संहारकारी रूप/रुद्र २.काठमाडौँका टुँडिखेलमा रहेका एक भैरव ३.अखण्ड समय ४.प्रमथगणविशेष ५.उज्जयिनीको शिवलिङ्ग ६.तीर्थविशेष ७.लताविशेष ८.एक शिवपुत्र

महाकाली (स्त्री.) [*महती चासौ काली च, कर्म.स., पुंवत् कर्मधारय ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] १.दुर्गाको एक रूप/रुद्राणी २.नेपालको पश्चिमी सीमामा बग्ने एक नदी ३.जैनहरूकी एक देवी।

(महाकालेश्वरः)

महाकालेश्वरः (पुं.) [*महाकालरूप ईश्वरः, म.प.स.*] महाकालेश्वर शिवका द्वादश ज्योतिर्लिङ्गमध्ये एक हो। यो भारतको मध्यप्रदेश उज्जयनको क्षिप्रा नदीको समीपमा अवस्थित छ। दूषण राक्षसले अवन्तिका (उज्जयन) का जनतालाई ज्यादै दुःख दिएको हुँदा तिनीहरूको उद्धारका लागि शिव प्रकट भएर राक्षसलाई मारी अवन्तिकावासीकै विनम्र आग्रह अनुसार महाकालको रूप लिएर त्यहाँ बसेका हुन् भन्ने जनश्रुति छ। मन्दिरको गर्भगृह (मूर्ति रहेको तलो) जमिनभित्र छ। त्यहाँ एकातिर गणेश र अर्कातिर पार्वतीको मूर्ति पनि छ। शिखरशैलीमा रचिएको यस मन्दिरको गजुर कलात्मक छ।

महाकाव्यम् (नपुं.) [*महच्च तत् काव्यम्, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.ऐतिहासिक वा प्रसिद्ध कथानक भएको आठ सर्गभन्दा माथिको रसमय प्रबन्धकाव्य। यसको नायक धीरोदात्त हुन्छ। चतुर्वर्ग फलको प्राप्ति यसको उद्देश्य हुन्छ। यसमा पाँचै सन्धिको प्रयोग गरिएको हुन्छ। यो उत्कृष्ट तथा अलङ्कृतशैलीमा लेखिन्छ। जीवनका सुख, दुःख आदि सबै कुराको यसमा वर्णन हुन्छ। यसमा प्रसङ्गअनुसार गुप्त सल्लाह, दूत पठाउनु, लडाइँ, समुद्र, सहर, पर्वत, ऋतु, सूर्य, चन्द्र, आश्रम, वृक्ष, बगैँचा, जलक्रीडा, मधुपान, दोस्तीवचन, कुलटाको चरित्र, रतिसम्बन्धी वर्णन, अन्धकार, वायु आदिको वर्णन गरिएको हुन्छ। अनुष्टुभ्, उपेन्द्रवज्रा, इन्द्रवज्रा, शक्वरी, अतिशक्वरी, अतिजगती, त्रिष्टुभ्, पुष्पिताग्रा आदि छन्दको प्रयोग यसमा गरिन्छ। सर्गमा प्रायः एउटै छन्दको प्रयोग हुन्छ र सर्गान्तमा छन्द बदलिन्छ। कुनै कुनै सर्गहरूमा अनेक छन्दको पनि प्रयोग गर्न सकिन्छ। शृङ्गार, वीर तथा शान्त रसमध्ये कुनै एकलाई प्रधान रस बनाइएको हुन्छ। बिचबिचमा अरू रस अङ्गरसका रूपमा आउँछन् २.ठुलो वा श्रेष्ठ काव्य।

सर्गबन्धो महाकाव्यमुच्यते तस्य लक्षणम्।
आशीर्नमस्क्रिया वस्तुनिर्देशो वापि तन्मुखम्॥
इतिहासकथोद्भूतमितरद्वा सदाश्रयम्।
चतुर्वर्गफलोपेतं चतुरोदात्तनायकम्॥
नगरार्णवशैलर्तुचन्द्रसूर्य्याऽऽदिवर्णनैः।
अलङ्कृतमसङ्क्षिप्तं रसभावनिरन्तरम्॥
सर्गैरनतिविस्तीर्णैः श्रव्यवृत्तैः सुसन्धिभिः।
सर्वत्र भिन्नवृत्तान्तैरुपेतं लोकरञ्जकम्॥
काव्यं कल्पान्तरस्थायि जायते सदलङ्कृति (काव्यादर्श)।

महाकुलः (पुं.) [*महत् कुलमस्य*] ठुलो कुलमा पैदा भएको।

महाकुलीनः (पुं.) [*महच्च तत् कुलञ्च, कर्म.स, तत्र भवः महाकुलादञ्खञौ ४.१.१४१ इति पक्षे खः, खस्य ईनः, अस्मिन् पक्षे वृद्ध्यभावः*] ठुलो कुलमा पैदा भएको।

महागुरुः (पुं.) [*महान् चासौ गुरुश्च, कर्म.स., आन्महत. ६.३.४३ इत्यात्वम्*] १.आमा, बाबु वा आचार्य २.पत्नीका लागि पति।

महागौरी (स्त्री.) [*महती चासौ गौरी च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] दुर्गा/आदि शक्ति/एक प्रसिद्ध देवी।

महाङ्गः (पुं.) [*महान्त्यङ्गान्यस्य सः, बहु.स.*] १.ऊँट २.(पुं.वि.) ठुलो अङ्ग भएको।

महाजनः (पुं.) [*महान् चासौ जनश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.ठुलाबडा मानिस/श्रेष्ठ पुरुष।

महाजनस्य संसर्गः कस्य नोन्नतिकारकः।
पद्मपत्रस्थितं वारि धत्ते मुक्ताफलश्रियम्॥ (सुभा.)

२.धनवान् ३.व्यापारी/रुपैयाँ पैसाको लेनदेन गर्ने/साहू।

महाजाली (स्त्री.) [*जालयति, जल आच्छादने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, महती चासौ जाली च, कर्म.स.*] १.पाटे घिरौँला। **महाजाली स पीतकः**। (अमर.) २.(पुं.वि.) [*महाजालमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] ठुलो जाल रच्न सक्ने।

महात्मा (पुं.वि.) [*महान् आत्मा यस्य सः, बहु.स.*] उदार मन भएको/शुद्ध अन्तःकरण भएको/समदर्शी।

महादशा (स्त्री.) [*महती चासौ दशा च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.मानिसका जीवनकालमा ग्रहविशेषको निर्धारित भोग्यकाल २.ठुलो आपत्ति वा सङ्कट।

महादानम् (नपुं) [*महच्च तद् दानञ्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.सूर्य-चन्द्र-ग्रहणमा दिइने दान २.स्मृतितत्त्व अनुसार महादान दुई छन्– सोह्रथरी र दशथरी। **सोह्र महादान–** तुलापुरुष, हिण्यगर्भ, ब्रह्माण्ड, कल्पपादप, गोसहस्त्र, हिरण्यकामधेनु, हिरण्याश्व, पञ्चलाङ्गल, धरादान, हिरण्याश्वरथ, हेमहस्तिरथ, विष्णुचक्र, कल्पलता, सप्तसागर, रत्नधेनु र महाभूतघटदान। **दश महादान–** कनकदान, अश्वदान, तिलदान, हात्तीदान, दासीदान, रथदान, महीदान, गृहदान, कन्यादान र कपिलाधेनुदान।

महादेवः (पुं.) [*महान् चासौ देवश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्, यद्वा महान् देवो नृत्यादिरूपा क्रीडा यस्य सः, बहु.स.*] १.शङ्कर २.ठुला देवता।

महादेशः (पुं.) [*महान् चासौ देशश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] पृथ्वीको बाहिरी सतहमा रहेको जमिनले ढाकेको भूभाग। यस्ता भूभाग सात छन् १.**एशिया–** यो विश्वको सबैभन्दा ठुलो महादेश हो। यसको क्षेत्रफल ४,३९,९९,००० वर्ग किलोमिटर छ। पृथ्वीको एकतिहाइ सतह यसै महादेशमा पर्दछ। यो महादेश १० डिग्री दक्षिणी अक्षांशदेखि ७८ डिग्री उत्तरी अक्षांशसम्म र २५ डिग्री पूर्वी देशान्तरदेखि १७० डिग्री पश्चिमी देशान्तरसम्म फैलिएको छ। विश्वका कूल भूभागको २९.९२ प्रतिशत जमिन यसै महादेशमा पर्दछ। एशियाको पूर्वमा प्रशान्त महासागर पर्दछ भने पश्चिममा युरोप महादेश पर्दछ। त्यस्तै यस महादेशको उत्तरमा सुमेरु महासागर पर्दछ भने दक्षिणमा हिन्द महासागर पर्दछ। यसको पूर्वपश्चिम लम्बाइ ९,६०० किलोमिटर छ भने उत्तरदक्षिण चौडाइ ८,६०० किलोमिटर रहेको छ। यस देशलाई विषमताको महादेश र भौगर्भिकरूपमा कान्छो महादेश भनिन्छ। यसमा ५४ प्रतिशत भन्दा बढी मानिसको बसोवास छ यस महादेशको अधिकांश भाग उत्तरी गोलार्द्धमा पर्दछ। **२.अफ्रिका–** यो विश्वको दोस्रो महादेश हो। यसको क्षेत्रफल २,९७,८५००० वर्गकिलोमिटर छ। यो महादेश ३७ डिग्री उत्तरी अक्षांशदेखि ३५ डिग्री दक्षिणी अक्षांशसम्म र २० डिग्री पश्चिमी देशान्तरदेखि ५० डिग्री पूर्वी देशान्तरसम्म फैलिएको छ। यस महादेशमा अधिकांश काला जातिका मानिस बस्ने भएकाले कालो महादेश र यसभित्रका विषयको पर्याप्त खोजी गरी जानकारी लिन अझै नसकिएकाले यसलाई अँध्यारो महादेश पनि भनिन्छ। यस महादेशको पूर्वमा लालसागर, पश्चिममा आन्ध्र महासागर, उत्तरमा भूमध्यसागर र दक्षिणमा कुमेरु महासागर पर्दछन्। यसको उत्तरपश्चिम लम्बाइ ८००० किलोमिटर छ भने पूर्वपश्चिम चौडाइ ७४४० किलोमिटर रहेको छ। विश्वमा सबैभन्दा बढी सुन र हीरा उत्पादन गर्ने महादेश अफ्रिका हो। **३ उत्तरअमेरिका–** उत्तर अमेरिकाको क्षेत्रफल २,४३,२०,००० वर्गकिलोमिटर रहेको छ। १० डिग्री उत्तरी अक्षांशदेखि ८० डिग्री उत्तरी अक्षांश र २०.८० डिग्री पश्चिमी देशान्तरदेखि १६० डिग्री पश्चिमी देशान्तरसम्म फैलिएको यस महादेशको भूभागले कूल भूभागको १६.९ प्रतिशत क्षेत्र ओगटेको छ। यस महादेशको पूर्वमा आन्ध्रमहासागर, पश्चिममा प्रशान्तमहासागर, उत्तरमा सुमेरुमहासागर र दक्षिणमा पानामा नहर पर्दछन्। यस महादेशको उत्तरदक्षिण लम्बाई सरदर ७,२०० किलोमिटर छ भने पूर्वपश्चिम चौडाइ सरदर ४,८०० किलोमिटर छ। **४.दक्षिण अमेरिका–** यो महादेश १२ डिग्री अक्षांशदेखि ५६ डिग्री अक्षांश र ३५ डिग्री पश्चिमी देशान्तरदेखि ८० डिग्री पश्चिमी देशान्तरमा फैलिएको छ। यस महादेशको क्षेत्रफल १,७०,८८००० वर्गकिलो मिटर रहेको छ। यस महादेशको पूर्वउत्तरमा आन्ध्र महासागर, पश्चिममा प्रशान्त महासागर र दक्षिणमा कुमेरु महासागर पर्दछन्। यस महादेशको उत्तरदक्षिण लम्बाइ ७,४४२ किलोमिटर छ भने पूर्वपश्चिमचौडाइ ३,२२१ किलोमिटर छ। **५.अन्यार्टिका–** यो पाचौ महादेश हो। १,३०,००,००० वर्गकिलोमिटर क्षेत्रफल रहेको यस महादेशले ६६.३० मिनेट दक्षिण अक्षांशदेखि ९० डिग्री अक्षांशसम्म र ११४ डिग्री पूर्वी देशान्तरदेखि १५३ पूर्वी देशान्तरसम्म ढाकेको छ। कूल भूभागको ८.९ प्रतिशत भूभाग ओगटेर रहेको यस महासागरको पूर्वमा आन्ध्रमहासागर तथा क्यारेविन सागर, पश्चिममा प्रशान्तमहासागर र दक्षिणमा डेकनहर पर्दछन्। यस महादेशलाई कुमेरु महासागरले चारैतिरबाट घेरेको छ। यसमा मानवको बसोवास छैन। यो महादेश सबैभन्दा पछि पत्ता लागेको हो। **६.यूरोप** विश्वको छैटौँ ठुलो महादेश युरोप हो। यसको क्षेत्रफल १.४.१८००० वर्ग किलोमिटर रहेको छ। भित्री समुद्रले घेरिएको महादेश भनेर चिनिने यो महादेश ३६ उत्तरी अक्षांशदेखि ७१ अक्षांशसम्म र २० पश्चिमी देशान्तरदेखि ६५ पश्चिमी देशान्तरसम्म फैलिएको छ। यस महादेशको पूर्वमा एशिया महादेश, पश्चिममा आन्ध्रमहासागर, उत्तरमा सुमेरुमहासागर र दक्षिणमा भूमध्यसागर पर्दछन्। यस महासागरले कूल भूभागको ६.७ प्रतिशत ओगटेको छ। यो मरुभूमि नभएको महादेश हो **७.अस्ट्रेलिया–** यस महादेशको क्षेत्रफल ७६,८६,८८ वर्ग किलोमिटर रहेको छ। यो महादेश १० डिग्री दक्षिणी अक्षांशदेखि ४० डिग्री दक्षिणी अक्षांशसम्म र ११० डिग्री पूर्वी देशान्तरदेखि १५३ डिग्री पूर्वी देशान्तरसम्म फैलिएको छ। यसको पूर्वमा प्रशान्त महासागर, पश्चिममा हिन्द महासागर, उत्तरमा पपुवा न्यूगिनी र दक्षिणमा न्युजिल्यान्ड (कुमेरु महासागर) पर्दछन्। यसको पूर्वपश्चिम लम्बाइ ३,९००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किलोमिटर छ भने उत्तरदक्षिण चौडाइ ३,१५० किलोमिटर छ। यसलाई टापुको देश, कङ्गारुको देश पनि भनिन्छ।

महाद्रुमः (पुं.) [*महान् चासौ द्रुमश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] अश्वत्थ/पीपलको बोट।

महाद्रावकः (पुं.) [*द्रावयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, महान् चासौ द्रावकश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] गन्धक।

महाधनम् (नपुं.) [*महद् धनं मूल्यमस्य*] धेरै मोल पर्ने वस्तु।

महाधिकारपत्रम् (नपुं.) [*अधिकारस्य पत्रम्, ष.त., महत् च तत् अधिकारपत्रञ्च, कर्म.स.*] जनताले अधिकार— व्यक्तिगत तथा राजनीतिक स्वतन्त्रता— प्राप्त गर्ने पत्र। यस्तो पत्र सन् १२१५ मा ब्रिटेनका राजाले जारी गरेका थिए।

महाधिवेशनम् (नपुं.) [*महच्च तद् अधिवेशनञ्च, कर्म.स.*] कुनै संस्थामा रही विभिन्न स्थान वा क्षेत्रको प्रतिनिधित्व गर्ने व्यक्ति र अरू साधारण सदस्यहरूसमेत जम्मा भई तोकिएको समयमा गर्ने ठुला सभा/महासभा/वार्षिक सभा।

महाध्वरः (पुं.) [*महान् चासौ अध्वरश्च सन्महत्— इति समासः, आन्महत ६.३.४६ इति आत्वम्*] ठुलो यज्ञ।

महान् (पुं.वि.) [*मह+अति*] १.ज्यादै ठुलो/महत्त्वपूर्ण/माथिल्लो तहको।

महतामपि दुःसङ्गात्कालुष्यमुपजायते।
दहनस्य प्रसङ्गेन घनसारस्य भस्मता॥ (सुभा.)

२.प्रकृतिको विकृति/महत्तत्त्व ३.शिव ४.ठुलो सिद्धान्त।

महानगरी (स्त्री.) [*महती चासौ नगरी च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] ठुलो सहर।

महानवमी (स्त्री.) [*महती चासौ नवमी च, कर्म.स. पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] आश्विन शुक्ल नवमी।

महानसः (पुं./नपुं.) [*महान् अनः उपकरणं यस्यः सः अनोश्मायः-सरसां जातिसंज्ञयोः ५.४.९४ इति टच्*] भान्छाघर।

महानाटकम् (नपुं.) [*महच्च तन्नाटकञ्च, कर्म.स.*] दश अङ्क भएको, सबै विशेषताले परिपूर्ण दृश्यकाव्य।

महानारायणोपनिषद् (स्त्री.) याज्ञिक्युपनिषद्। यो तैत्तरीय आरण्यकको दशम प्रपाठक हो। यसमा नारायणलाई परमात्माको रूपमा चित्रण गरिएको छ। सत्य, तप, दम, शम, दान, धर्म, यज्ञ आदिको यसमा प्रभावशाली ढङ्गबाट वर्णन गरिएको छ। यसका अनेक अनुवाक छन्।

महानिद्रा (स्त्री.) [*महती चासौ निद्रा च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] १.मृत्यु/मरण २.गाढ निद्रा।

महानिर्देशकः (पुं.) [*महान् चासौ निर्देशकश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] निर्देश वा आदेश दिने विशिष्ट अधिकारी/विभागीय स्तरमा कुनै कार्य सञ्चालनका लागि निर्देशन दिने माथिल्लो दर्जाको कर्मचारी।

महानिर्वाणम् (नपुं.) [*महच्च तन्निर्वाणम्, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] बौद्ध मतअनुसार बुद्ध वा अर्हतलाई मात्र प्राप्त हुने उच्च कोटिको निर्वाण/परिनिर्वाण।

महानिशा (स्त्री.) [*महती चासौ निशा च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] १.प्रलयकाल पछिको रात २.रातको दोस्रो र तेस्रो प्रहर।

महानुभावः (पुं.) [*महाननुभावो यस्य सः, बहु.स.*] १.ठुलो विचार भएको २.आदरणीय/सम्माननीय व्यक्ति/महाशय/महोदय।

महानुभावसंसर्गः कस्य नोन्नतिकारकः।
हरिहस्तगतः शङ्खः पवित्रः प्रथितो भुवि॥ (सुभा.)

महान्यायाधिवक्ता (पुं.) [*अधिवक्तीति, अधिवक्ता, न्यायस्य अधिवक्ता, न्यायाधिवक्ता, ष.त.:, महान् चासौ न्यायाधिवक्ता च कर्म.स.*] एटर्नी जनरल।

महापण्डितः (पुं.) [*महान् चासौ पण्डितश्च, कर्म.स.*] ठुलो विद्वान्।

महापद्मः (पुं.) [*महान् चासौ पद्मः, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] १.सय पद्मको सङ्ख्या २.सेतो कमल ३.आठ नागमध्ये एक नाग। **अनन्तो वसुकी पद्म महापद्मश्च तक्षकः।**
कुलीरः कर्कटः शङ्खश्चाष्टौ नागाः प्रकीर्तिताः॥ ४.नारद ५.कुबेरका नौ निधिमध्ये एक ६.हात्तीको एक जाति ७.कुबेरको एक अनुचर ८.(नपुं.) ९.दैत्यविशेष।

महापातकम् (नपुं.) [*महच्च तत्पातकञ्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] पाँच प्रकरका ठुला पापहरू— ब्रह्महत्या, सुरापान, चोरी, गुरुपत्नीमा गमन र ती पाप गर्नेहरूसँगको सम्पर्क।

महापात्रम् (नपुं.) [*महच्च तत्पात्रञ्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] १.मृतक कर्मको दान लिने ब्राह्मण/महाब्राह्मण २.ठुलो भाँडो ३.मानिसका खप्परको भाँडो।

महापुराणम् (नपुं.) [*महच्च तत्पुराणञ्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] व्यासले रचेका अठार पुराण। हे. **पुराणम्**

मद्वयं भद्वयञ्चैव ब्रत्रयं वचतुष्टयम्।
अनापकुस्कलिङ्गानि पुराणानि प्रचक्षते॥ (व्यास)

महापुरुषः (पुं.) [*महान् चासौ पुरुषश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.विष्णु २.परमेश्वर ३.सिद्धपुरुष ४.असल गुण भएको व्यक्ति ५.महावाणिज्य दूत ६.प्रमुख शासक/शासनसम्बन्धी कामका प्रमुख व्यक्ति ७.कुनै मानिसलाई व्यङ्ग्य प्रहार गर्दा प्रयोग हुने शब्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाप्रबन्धकः (पुं.) [*महान् चासौ प्रबन्धकश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] विभागीय प्रमुख/मुख्य/व्यवस्थापक/मुख्य प्रबन्धक/प्रमुख प्रबन्धक।

महाप्रभुः (पुं.) [*महान् चासौ प्रभुश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.परमेश्वर २.शिव ३.विष्णु ४.इन्द्र ५.सिद्ध पुरुष ६.बङ्गालका एक प्रसिद्ध वैष्णव आचार्य चैतन्यको एक आदरसूचक पदवी।

महाप्रलयः (पुं.) [*महान् चासौ प्रलयश्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] सृष्टिको नाश हुने प्रलय/ब्रह्माको आयु सिद्धिँदा हुने सम्पूर्ण सृष्टिको नाश।

महाप्रसादः (पुं.) [*महान् चासौ प्रसादश्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] १.देवताहरूलाई चढाएको विशेष प्रसाद २.जगन्नाथमा चढाइएको भात ३.देवीलाई चढाइएको बलि ४.ठुलो निगाह।

महाप्रस्थानम् (नपुं.) [*महच्च तत्प्रस्थानञ्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] महाप्रयाण/मृत्यु/मरण।

महाप्राणः (पुं.) १.[*महान्तः प्राणा यस्मिन् सः, बहु.स.*] अपेक्षाकृत उच्चारणमा धैरै समय लाग्ने वर्णहरू। जस्तै— ख, घ, छ, ठ, फ, थ, घ, झ, ढ, ध, भ, श, ष, स, ह २.पहाडी काग।

महाबलाधिकृतः (पुं.) [*बले सैन्ये, अधिकृतः, बलाधिकृतः, स.त., महान् चासौ बलाधिकृतश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] बलाधिकृत/सेनामा नियुक्त सबैभन्दा ठुलो अधिकारी।

महाबाहुः (पुं. वि.) [*महान्तौ बाहू यस्य सः, बहु.स.*] १.लामा लामा हात हुने २.(पुं.) विष्णु ३.धृतराष्ट्रको एक छोरो ४.एक राक्षस।

महाभारतम् (नपुं.) [*महान्तं भारं तनोति, डः, टिलोपः*] वेदव्यासद्वारा रचित विशालकाय भारतवर्षको इतिहास। यसमा १८ पर्व छन्— आदिपर्व, सभापर्व, वनपर्व, विराट्पर्व, उद्योगपर्व, भीष्मपर्व, द्रोणपर्व, कर्णपर्व, शल्यपर्व, सौप्तिकपर्व, स्त्रीपर्व, शान्तिपर्व, अनुशासनपर्व, अश्वमेधपर्व, आश्रमवासीपर्व, मौसलपर्व, महाप्रस्थानिकपर्व र स्वर्गारोहणपर्व। **आदिपर्व**मा सुरुदेखि खाण्डव वनको दाहसम्मको कथा वर्णित छ। यसमा १९ पर्व, २२७ अध्याय र ७९८४ श्लोक छन्। **सभापर्व**मा मय दानवले बनाएको सभाको निर्माणदेखि युधिष्ठिर, अर्जुन आदिको वनगमनसम्मको कथाको वर्णन छ। यसमा ९ पर्व, ७८ अध्याय र २५१९ श्लोक छन्। **वनपर्व**मा पाण्डवहरूको वनप्रवेशदेखि यक्ष र युधिष्ठिरको संवादसम्मको कथालाई समावेश गरिएको छ। यसमा १६ पर्व, २६९ अध्याय र ११६४ श्लोक छन्। **विराट्पर्व**मा अज्ञातवासका निमित्त पाण्डवहरूको विराटनगर प्रस्थानदेखि लिएर उत्तराका साथ अभिमन्युको विवाहसम्मको प्रसङ्ग निरूपण गरिएको छ। यसमा ४ पर्व, ६७ अध्याय र २०५० श्लोक छन्। **उद्योगपर्व**मा श्रीकृष्णको सल्लाहानुसार द्रुपद पुरोहित हस्तिनापुर प्रस्थानदेखि लिएर कुरुक्षेत्रमा दुवै दलका सेनाहरूको युद्धयोजना र व्यूहरचनासम्मको कथाको वर्णन गरिएको छ। यसमा ११ पर्व, १८६ अध्याय र ६६२८ श्लोक छन्। **भीष्मपर्व**मा सञ्जयलाई दिव्यदृष्टि प्राप्तिदेखि लिएर प्राणत्याग गर्नका निमित्त भीष्मले उत्तरायणको प्रतीक्षा गरेको प्रसङ्गसम्मको कथा वर्णित छ। यसमा ५ पर्व, ११७ अध्याय र ५८८४ श्लोक छन्। **द्रोणपर्व**मा अभिमन्युको युद्धदेखि श्रीकृष्णबाट भएको पाण्डव सेना र भीमको रक्षासम्मको कथा वर्णित छ। यसमा ८ पर्व, १७० अध्याय र ९९०९ श्लोक छन्। **कर्णपर्व**मा कर्ण सेनापति बनेको प्रसङ्गदेखि शल्यवध र दुर्योधन सरोवर प्रवेशसम्मको कथाको वर्णन गरिएको छ। यसमा १ पर्व, ५९ अध्याय र ४९६४ श्लोक छन्। **गदापर्व**मा भीमसेनलाई दुर्योधनले डाँटेको प्रसङ्गदेखि अश्वत्थामाले सेनापतित्व ग्रहण गरेको सन्दर्भसम्मको प्रसङ्ग समाहित गरिएको छ। यसमा ४ पर्व, ५९ अध्याय र ३२२० श्लोक छन्। **सौप्तिकपर्व**मा अश्वत्थामाबाट भएको द्रौपदीका पाँच पुत्रको हत्याको प्रसङ्गदेखि लिएर अश्वत्थामा भागेको प्रसङ्गसम्मको कथा वर्णित छ। यसमा ३ पर्व, १८ अध्याय र ८७० श्लोक छन्। **स्त्रीपर्व**मा धृतराष्ट्रको विलापदेखि लिएर मरेका आफन्त व्यक्तिहरूलाई तिलाञ्जली दिएको अवस्थासम्मको कथा निरूपण भएको छ। यसमा ५ पर्व, २७ अध्याय र ७७५ श्लोक छन्। **शान्तिपर्व**मा कर्णको कुरा थाहा पाएर युधिष्ठिरले गरेको शोकको प्रसङ्गदेखि लिएर जनक र शुकदेव आदि ऋषिहरूको कथासम्मको प्रसङ्ग वर्णन गरिएको छ। यसमा ४ पर्व, ३३९ अध्याय र १४७३२ श्लोक छन्। **अनुशासनपर्व**मा भीष्मले युधिष्ठिरलाई सान्त्वना दिएको प्रसङ्गदेखि भीष्मको प्राणत्यागसम्मको विषय वर्णन गरिएको छ। यसमा १ पर्व, १४६ अध्याय र ८००० श्लोक छन्। **आश्वमेधिकपर्व**मा शोकनिमग्न युधिष्ठिरलाई कृष्णले सम्झाएको प्रसङ्गदेखि लिएर विभिन्न किसिमका दान एवं व्रतको वर्णनसम्मको प्रसङ्ग निरूपण भएको छ। यसमा २ पर्व, १०३ अध्याय र ३३२० श्लोक छन्। **आश्रमवासिकपर्व**मा गान्धारी र कुन्तीलाई साथमा लिएर धृतराष्ट्रको वनप्रस्थानदेखि उनीहरूको मृत्यु भएसम्मको कथा वर्णित छ। यसमा ३ पर्व, ४२ अध्याय र १५०६ श्लोक छन्। **मौसल पर्व**मा मुसलद्वारा युद्धमा यदुवंशीहरू नाश भएको कथाको वर्णन छ। यसमा १ पर्व, ८ अध्याय र ३०० श्लोक छन्। **महाप्रस्थानिकपर्व**मा पाण्डवहरूले वृष्णिवंशीहरूको श्राद्ध गरेको प्रसङ्गदेखि लिएर युधिष्ठिर शरीरैसित स्वर्ग गएको प्रसङ्ग सम्मका कथाको वर्णन छ। यसमा १ पर्व, ३ अध्याय र ३२० श्लोक छन्। **स्वर्गारोहणपर्व**मा स्वर्गमा नारद र युधिष्ठिरका बिचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको कुराकानीदेखि लिएर नलोपाख्यान सम्मको कथाको वर्णन भएको छ। यसमा १ पर्व, ५ अध्याय र २०० श्लोक छन्। १८ पर्वबाहेक महाभारतको **परिशिष्ट**को रूपमा हरिवंश पनि छ। यसमा मुख्यतया श्रीकृष्णका वंशको वर्णन छ। हरिवंशको **आश्चर्यपर्व**मा १ पर्व २४४ अध्याय र १२००० श्लोक छन्। यसैको अर्को **भविष्यपौष्करप्रादुर्भाव पर्व**मा १ पर्व ११२ अध्याय २४४८ श्लोक छन्। महाभारतमा अनेकौँ टीका लेखिएका छन्। यो नैतिक तथा धार्मिक परम्पराको प्रमुख स्रोत ग्रन्थ हो। धेरैजसो समालोचकहरूले के भनेका छन् भने महाभारतको रचना एक व्यक्तिबाट मात्रै भएको होइन, अनेकौँ व्यासरूपधारी विद्वान्हरूले अनेकौँ समय लगाएर यसको रचना गरेका हुन्।

महाभाष्यम् (नपुं.) [*महच्च तद् भाष्यञ्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] पतञ्जलिद्वारा रचित अष्टाध्यायीको व्याख्या ग्रन्थ। यसमा ८५ आह्निक छन्। महाभाष्यमा व्याकरणको साथसाथै प्रत्यक्ष-अप्रत्यक्ष रूपमा समस्त विद्याको चर्चा छ। व्याकरणसम्बन्धी सम्पूर्ण समस्यालाई यसले समाधान गर्न खोजेको छ। अष्टाध्यायीमा ३९९५ सूत्र छन् तर महाभाष्यमा १६८९ सूत्रको मात्र भाष्य गरिएको छ। महाभाष्यको शैली संवादात्मक छ।

महाभियोगः (नपुं.) [*महान् चासौ अभियोगश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] राज्यका प्रधान या कुनै ठुला अधिकारीमाथि लगाइएको जघन्य वा ज्यादै अनुचित आचरणको अभियोग/महादोष।

महामन्त्री (पुं.) [*महान् चासौ मन्त्री च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] कुनै सार्वजनिक सङ्घ-संस्था आदिको दैनिक कार्य सञ्चालन गर्न नियुक्त गरिएको अधिकारी/जनरल सेक्रेटरी।

महामहिमः (पुं.) [*महान् महिमा यस्य सः, बहु.स.*] १.महिमा ठुलो भएको व्यक्ति २.विदेशका सर्वोच्च शासक, राजदूत आदिका लागि सम्मानार्थ प्रयोग गरिने शब्द।

महामहोपाध्यायः (पुं.) [*महान् चासौ महोपाध्यायश्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] १.संस्कृतका ठुला विद्वान् २.विद्वान्हरूलाई प्रदान गरिने एक उपाधि।

महामात्रः (पुं.वि.) [*महती मात्रा यस्य सः, बहु.स.*] १.राजाका मुख्य सहायक २.प्रधान ३.समृद्ध ४.माउतेको नाइके।

महामात्रः समृद्धे चामात्ये हस्तिपकाधिपे (मेदिनी.)।

महामाया (स्त्री.) [*महती चासौ माया च, कर्म.स., पुंवत् कर्मधारय ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम् यद्वा महती माया विश्वनिर्माणशक्तिर्यस्याः सा, बहु.स.*] जगत्‌की अधिष्ठात्री देवी/दुर्गा।

महामारी (स्त्री.) [*महती चासौ मारी च, कर्म.स.,पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः,आन्महत. ६.३.४६ इत्यात्वम्*] हैजा, शीतला, प्लेग आदि संक्रामक रोग।

महामालिका (स्त्री.) १.एक देवी २.प्रत्येक पाउमा क्रमशः दुई नगण, तथा चार रगणको प्रयोग भएको छन्द। **यदिह नयुगलं ततो वेदरेफैर्महामालिका** (छन्दो.)।

महामृत्युञ्जयः (पुं.) [*मृत्युञ्जयतीति मृत्युञ्जयः, महान् चासौ मृत्युञ्जयश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] शिवको एक रूप। **~स्तोत्रम्** (पुं.) [*मृत्युञ्जयतीति मृत्युञ्जयः, महान् चासौ मृत्युञ्जयश्च, कर्म.स., महामृत्युञ्जयस्य स्तोत्रम्, ष.त.*] अकाल मृत्यु र अनिष्ट निवारण गर्नका लागि पाठ गरिने शिवको एक प्रसिद्ध स्तोत्र।

महायानम् (नपुं.) [*महच्च तद् यानञ्च, कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्*] बौद्ध कर्मका यानहरूमध्ये एक यान। यसलाई हीनयानभन्दा उच्चकोटिको सिद्ध गर्न महायान शब्दको प्रयोग गरिएको हो। महायानीहरू सदाचार, परोपकार तथा उदारता आदि गुणले सम्पन्न हुन्छन्। संसारलाई निर्वाण दिलाउने प्रयास गर्छन्। बोधिसत्व, महामैत्री र करुणाले सम्पन्न हुन्छन्। समस्त प्राणीहरूलाई क्लेशबाट मुक्त गराएर निर्वाण उपलब्ध गराउनु महायानको प्रमुख उद्देश्य हो। यिनीहरूले तीन कामको कल्पना गरेका छन्– धर्मकाम, सम्भोगकाम र निर्वाणकाम। यिनीहरूको अर्को विशेषता दशभूमिको कल्पना हो। महायानको सिद्धान्तानुसार बुद्ध साधारण मानव नभएर लोकोत्तर पुरुष हुन्। उनको भक्ति गऱ्यो भने मानव दुःखबहुल यस संसारबाट पार हुन सक्दछ। महायान सम्प्रदायका ग्रन्थहरूमा असङ्गको सूत्रालङ्कार उललेखनीय छ। अश्वघोष, नार्गाजुन आदि विद्वान्हरूले यस यानलाई अघि बढाउन ठुलो योगदान दिएका छन्।

महारजतम् (नपुं.) [*महच्च तद्रजतञ्च, सन्महत् २.१.६१ इति समासः, आन्महतः ६.३.४६ इत्यावम्*] सुन।

महारजनम् (नपुं.) [*रज्यतेऽनेन, ल्युट् च ३.३.११५ इति ल्युट् रजकर-जनरजःसूपसङ्ख्यानम् वा. ६.४.३४ इति नलोपः, रञ्जेः क्युन् (उ.) २.७९ वा, महच्च तद्रजनञ्च, सन्महत्– २.१.६१ इति समासः आत्वम्*] १.बर्राको फूल। **महारजनमुद्दिष्टं शातकुम्भ-कुसुम्भयोः** (मेदिनी.)। २.सुन ३.कुसुम (वृक्ष)।

महारण्यम् (नपुं.) [*महच्च तदरण्यञ्च, सन्महत् २.१.६१ इति कर्म.स.*] घना जङ्गल।

महारथी (पुं.) [*महान् चासौ रथश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्, महारथोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] महान् योद्धा/ठुलो वीर।

महाराजः (पुं.) [*महान् चासौ राजा च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.सामन्त राजाहरूमाथि शासन गर्ने ठुला राजा/श्रेष्ठ राजा २.राजा, साधु, सन्यासी, गुरु आदिलाई सम्मानपूर्वक सम्बोधन गर्ने शब्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाराजिकाः (पुं.बहु.) [*महती राजिः पङ्क्तिर्येषान्ते, बहु.स., शेषाद्विभाषा ५.४.१५४ इति कप् टाप्*] गणदेवता।

महारात्रिः (स्त्री.) [*महती चासौ रात्रिश्च कर्म.स., पुंवत् कर्मधारय ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] १.महाप्रलयको रात २.आधा रातपछिका दुई मुहूर्तको रात्रिकाल ३.शिवरात्रि ४.आश्विन शुश्ल अष्टमीको रात (शक्तिसङ्गमतन्त्र)।

महाराष्ट्री (स्त्री.) महाराष्ट्र देशमा चलेको एक प्राचीन भाषा/एक प्राकृत भाषा।

महारुद्रः (पुं.) [*महान् चासौ रुद्रश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] शिव।

महारुद्री (स्त्री.) [*रुद्रस्य इयम्— रुद्री, महती चासौ रुद्री, च,कर्म.स., पुंवत् कर्मधारय ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] एघार जना ब्राह्मणले प्रतिदिन प्रतिव्यक्ति एघार आवृत्तिका हिसाबले एघार दिनसम्म गर्ने रुद्रीको पाठ।

महारोगः (पुं.) [*महान् चासौ रोगश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] डरलाग्दो रोग, जस्तै— क्षय, दम, कुष्ठ, मधुमेह, अर्बुद अदि।

महारौद्रः (पुं.वि.) [*महान् चासौ रौद्रश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] अतिभयानक।

महारौरवः (पुं.) [*रुरोरयम्, तस्येदम् ४.३.१२० इत्यण्, महान् चासौ रौरवश्च कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.एक्काइस नरक मध्ये एक २.(पुं.वि.) ज्यादै डरलाग्दो।

महार्घः (पुं.वि.) [*महानर्घो मूल्यं यस्य सः, बहु.स.*] महँगो/बहुमूल्य/किम्मती।

महार्घता (स्त्री.) [*महार्घस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] महगोपना/अधिकमूल्यता।

करोति निर्मलाधारस्तुच्छस्यापि महार्घताम्।
अम्बुनो विन्दुरल्पोऽपि शुक्तौ मुक्ताफलं भवेत्॥

महार्णवः (पुं.) [*महान् चासौ अर्णवश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] महासागर।

महालक्ष्मीः (स्त्री.) [*महती चासौ लक्ष्मीश्च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] १.दशमहाविद्यामध्येकी एक देवी

यन्मायया मोहिताश्च ब्रह्मविष्णुशिवादयः।
वैष्णवास्तां महालक्ष्मीं परां राधां वदन्ति ते॥

(ब्रह्मवै.प्र.ख. ५१ अ.)

२.प्रत्येक चरणमा तीन रगण हुने एक छन्द।

महालयः (पुं.) [*महान् आत्यन्तिको लयो यत्र सः, बहु.स.*] १.तीर्थ २.नारायण ३.आश्विन महीनाको कृष्णपक्ष/पितृपक्ष ४.देवमन्दिर ५.ब्रह्मलोक।

महालयश्राद्धः (पुं.) आश्विन कृष्ण पक्षमा गरिने श्राद्ध। यसलाई आश्विन कृष्ण परेवादेखि आश्विन शुक्ल पक्षको परेवासम्म १६ दिनसम्म गरिने हुंदा सोह्रश्राद्ध भनिएको हो। सोह्र दिन गरिने श्राद्धका पनि तीन पक्ष छन्— १.तिथि बढ्दा आश्विन कृष्ण प्रतिपदादेखि औँसीसम्म १६ दिन गरिने श्राद्ध, २.भाद्रशुक्लपक्षको पूर्णिमादेखि औँसीसम्म १६ दिन गरिने श्राद्ध, ३.आश्विनकृष्ण प्रतिपदादेखि आश्विनशुक्ल प्रतिपदासम्म १६ दिन गरिने श्राद्ध। **१.तिथिवृद्ध्या पक्षस्य षोडशदिनात्मकत्वे श्राद्धवृद्ध्यर्थमेकः पक्षः, २.भाद्रपूर्णिमया सहेति द्वितीयः, ३.आश्विनशुक्लप्रतिपदा सहेति तृतीयः।** (हेमाद्रि, नि.सि.)। तिथिनिर्णयअनुसार यसका अन्य भेद पनि छन्- अश्विनकृष्ण परेवादेखि औँसीसम्म १५ दिन, पञ्चमीदेखि चतुर्दशीलाई छोडेर औँसीसम्म ७ दिन, दशमीदेखि चतुर्दशीलाई छोडेर औँसीसम्म ५ दिन, चतुर्दशीबाहेक मृततिथि दिन। नेपाली समाजमा कसैकसैले १६ दिन नै श्राद्ध गर्दछन् भने अधिकांशले अन्तिम पक्षअनुसार एक जनाको मृत तिथिका दिन सबै पितृलाई पिण्ड दिएर यो श्राद्ध गर्दछन्। चतुर्दशी मृततिथि हुनेले औँसीका दिन यो श्राद्ध गर्दछन्।

महावराहः (पुं.) [*महान् चासौ वराहश्च कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.ठुलो बँदेल २.विष्णुका दश अवतारमध्येको दोस्रो अवतार ३.राजाविशेष।

महावर्तः (पुं.) [*महान् चासौ आवर्तश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.आँधी/तुफान २.ठुलो भुमरी।

महावाक्यम् (नपुं.) [*महच्च तद् वाक्यञ्च, कर्म.स.*] १.एक विषयलाई अनेक वाक्यद्वारा अर्थ बुझाउँदा प्रयोग गरिने वाक्यसमूह, जस्तै— रामायण, महाभारत, रघुवंश आदि २.दान गर्दा पढिने सङ्कल्प ३.उपनिषद्का **तत्त्वमसि, सोऽहम्, अहं ब्रह्मास्मि** आदि वाक्य।

महावातः (पुं.) [*महान् चासौ वातश्च, कर्म.स.*] १.विशाल आँधी २.अठार प्रकारका वातरोग मध्ये एक।

महाविद्या (स्त्री.) [*महती चासौ विद्या च, कर्म.स.*] १.तन्त्रमा उल्लेख गरिएका दश देवीहरू— काली, तारा, षोडशी, वगला, भुवनेश्वरी, धूमा, छिन्ना, मातङ्गी, भैरवी र कमला २.दुर्गा ३.गङ्गा।

महाविद्यालयः (पुं.) [*विद्याया आलयः, विद्यालयः, ष.त., महान् चासौ विद्यालयश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] उच्च शिक्षा दिइने विद्यालय/कलेज।

महाविषः (पुं.) [*महद् विषं यस्य सः, बहु.स.*] दुईमुखे सर्प।

महाविष्णुः (पुं.) [*महान् चासौ विष्णुश्च, कर्म.स.*] १.विराट्स्वरूप २.श्रीकृष्णको कलाविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाविषुवम् (नपुं.) [*विषु दिवारात्र्योः साम्यम्, तदस्यास्तीति, वप्रकरणेऽन्येभ्योपि दृश्यत इति वक्तव्यम् (वा) इति वः, महच्च तद् विषुवम्, कर्म.स.*] १.रात र दिन बराबर हुने समय २.मेषसङ्क्रान्ति।

महावीरः (पुं.) [*महान् चासौ वीरश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.ठुलो वीर/योद्धा २.हनुमान् ३.गौतम बुद्ध ४.विष्णुका चौबिस अवतारमध्ये अन्तिम अवतार जैनतीर्थङ्कर ५.गरुड ६.सिंह ७.यज्ञको आगो ८.बाज चरा ९.इन्द्रको वज्र १०.कोइली ११.मनुका एक छोरा।

महावीरचरितम् (नपुं.) [*महावीरस्य चरितं वर्णितं यत्र तत् काव्यम्, बहु.स.*] भवभूतिद्वारा प्रणीत एक नाटक। यसमा ७.अङ्क छन्। रामको विवाहदेखि लिएर रामराज्याभिषेकसम्मको कथालाई यसमा नाटकीय रूप प्रदान गरिएको छ। यसमा वीररसको प्राधान्य छ। अद्भुत, करुण, शृङ्गार आदि रसहरू अङ्गरसका रूपमा रहेका छन्। मानवजीवनको सूक्ष्म विश्लेषण यसमा भएको छ। पद्यको बाहुल्य भएकाले अभिनयभन्दा बढी यो पाठ्य नाटक जस्तो प्रतीत हुन्छ।

महावीराचार्यः (पुं.) बीजगणित र पाटीगणितका प्रसिद्ध आचार्य। यिनको समय ई. ८५० हो। यिनका दुई कृति उपलब्ध छन्– **ज्योतिषपटल** (अपूर्ण) र **गणितसारसङ्ग्रह**। गणितसारसङ्ग्रह ९ प्रकरणमा विभक्त छ।

महावृक्षः (पुं.) [*महान् चासौ वृक्षश्च, कर्म.स.*] १.ठुलो रुख।

सेवितव्यो महावृक्षः फलच्छायासमन्वितः।
यदि दैवात्फलं नास्ति छाया केन निवार्यते॥ (सुभा.)

२.ठुलो दाँते ओखर ३.सानो पाङ्ग्रो।

महाव्याहृतिः (स्त्री.) [*महती चासौ व्याहृतिश्च, कर्म.स.*] गायत्री मन्त्रका सुरुका प्रणवयुक्त तीन पद/ॐ भूः, ॐ भुवः, ॐ स्वः।

ओङ्कारपूर्विकास्तिस्रो महाव्याहृतयोऽव्ययाः।
त्रिपदा चैव सावित्री विज्ञेयं ब्रह्मणो मुखम्॥
(मनु. २.८१)

महाव्रतम् (नपुं.) [*महच्च तद् व्रतञ्च, कर्म.स.*] १.हिंसारहित सबै प्राणीहरूका साथ समान भाव राखी गरिने अनुष्ठान वा कर्म २.बाह्र वर्षमा पूर्ण हुने एक व्रत वा अनुष्ठान ३.नवरात्रको व्रत ४.चौरासी वर्ष उमेर पुग्दा गरिने व्रत ५.एक वैदिक ऋचा।

महाशक्तिः (स्त्री.) [*महती चासौ शक्तिश्च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.६४ इत्यात्वम्*] १.ठुलो शक्ति २.[*महती शक्तिर्यस्याः सा, बहु.स.*] दुर्गा।

महाशङ्खः (पुं.) [*महान् शङ्ख इव, शुभ्रत्वात्*] १.मानिसको टाउकाको हड्डी २.दशनिखर्वको सङ्ख्या ३.निदार ४.[*महान् महार्हः शङ्खः*] कुबेरका नौ निधिमध्ये एक। ५.कान र आँखाका बिचको हड्डी ६.ठुलो शङ्ख। **पौण्ड्रो दध्मौ महाशङ्खम्** (भगवद्गीता) ७.शङ्खचूड सर्प।

महाशतावरी (स्त्री.) [*महती चासौ शतावरी च, कर्म.स.*] ठुलो जातको कुरिलो।

महाशयः १.(पुं.वि.) [*महान् आशयो यस्य सः, बहु.स.*] १.ठुलो चित्त भएको २.सम्मानसूचक शब्द ३.(पुं.) [*महान् आशयो यस्य सः, बहु.स.*] उच्च आशय, उद्देश्य वा विचार भएको/महानुभाव/सज्जन/उच्च विचार भएको व्यक्ति।

महाशूद्री (स्त्री.) [*महती चासौ शूद्री च, कर्म.स.*] शूद्रकी पत्नी।

महाशून्यम् (नपुं.) [*महच्च तच्छून्यञ्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] आकाश।

महाश्वेता (स्त्री.) [*महती चासौ श्वेता च, कर्म.स.*] १.सेतो बिराली लहरो २.कादम्बरी गद्यकाव्यकी नायिका।

महाष्टमी (स्त्री.) [*महती चासौ अष्टमी च, कर्म.स., पुंवत् कर्मधारय ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] आश्विन शुक्ल अष्टमी।

महासम्मेलनम् (नपुं.) [*महच्च तद् सम्मेलनञ्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] कुनै संस्था आदिको ठुलो सभा।

महासभा (स्त्री.) [*महती चासौ सभा च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] १.संसदको माथिल्लो सदन २.संयुक्त राष्ट्र संघको विशेष किसिमको ठुलो अधिवेशन।

महासमरः (पुं.) [*महान् चासौ समरश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] महायुद्ध।

महासमितिः (स्त्री.) [*महती चासौ समितिश्च कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ यत्यात्वम्*] विशेष गरी राजनीतिक संस्थाका जिल्ला जिल्लाका प्रतिनिधिहरूले आफूमध्येबाट चुनाव गरी छानेका सदस्यहरूको समिति।

महासर्गः (पुं.) [*महान् चासौ सर्गश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] महाप्रलयपछि हुने नयाँ सृष्टि।

महासहा (स्त्री.) [*महती चासौ सहा च, सन्महत् २.१.६१ इति तत्पुरुषः, आन्महतः ६.३.४६ इत्यात्वम्*] मासलहरी/कठसरैया।

महासागरः (पुं.) [*महान् चासौ सागरश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] ठुलो सागर। यसभित्र धेरै समुद्र मिलेका हुन्छन्। पृथ्वीमण्डलमा– त्यस्ता महासागर पाँच छन्। ती हुन्– १.**प्रशान्त महासागर**– त्रिभुज आकारमा रहेको यो महासागर सबैभन्दा ठुलो, गहिरो र धेरै टापु भएको महासागर हो। कूल जलमण्डलको ४५.५ प्रतिशत यसैमा छ। यसको सबैभन्दा गहिरो क्षेत्र १०९११ मिटर रहेको छ। यसमा २५०० भन्दा बढी टापु रहेका छन्। २.**आन्ध्र महासागर**– यो विश्वको दोस्रो ठुलो महासागर हो । यसले कूल जलमण्डलको २५.७ प्रतिशत भाग ओगटेको छ। यसको गहिरो भाग ८६४८ मिटर छ। यस महासागरमा अन्य महासागरमा भन्दा अगला छाल आउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानीजहाज र हवाइजहाज हराउने रहस्यमय वरमुडा टेंगल यसै महासागरमा पर्दछ। पहिलो पटक यस महासागरलाई पानी जहाजले पार गरेको थियो। यो सबैभन्दा व्यस्त महासागर हो। ३.**हिन्द महासागर**— यो तेस्रो ठुलो महासागर हो। यसले कूल जलमण्डलको २०.५ प्रतिशत भाग ओगटेको छ। यसको गहिरो भाग ७७२५ मिटर छ। यस महासागरबाट मनसुनी हावा चलेर वर्षा हुने हुँदा यसलाई मनसुनी महासागर पनि भनिन्छ। ४.**कुमेरु महासागर**— यो चौथो महासागर हो। वृत्ताकार यस महासागरले दक्षिणी ध्रुवलाई वरिपरिबाट घेरेको छ। यसले कूल जलमण्डलको ६ प्रतिशत भाग ओगटेको छ। यो महासागर प्रशान्त र आन्ध्र महासागरसित जोडिएको छ। ५.**सुमेरुमहासागर**— यो महासागर सबैभन्दा सानो महासागर हो। यसले उत्तरी ध्रुवलाई वरिपरिबाट घेरेको छ। यसले कूल जलमण्डलको ४.१ प्रतिशत भाग ओगटेको छ। यहाँ जाडो महिनामा १० फिटसम्म बाक्लो हिउँ पर्दछ।

महासाहसम् (नपुं.) [*महच्च तत् साहसञ्च, कर्म.स.*] १.अतिशय बलपूर्वक गरेको कार्य २.अतिशय दण्ड ३.[*महत् साहसमत्र*] अतिशय नराम्रो काम।

महासुखम् (नपुं.) [*महच्च तत् सुखञ्च कर्म.स., आन्महत. ६.३.४ इत्यात्वम्*] सहजानन्दको अनुभूति। महासुखको अवस्थामा मानिस न त कानले सुन्छ, न त आँखाले देख्छ, न त हावाले नै उसलाई हल्लाउन सक्छ, न त आगाले नै उसलाई जलाउन सक्छ। न यो घट्छ न बढ्छ, न अचल छ न गतिशील हुन्छ। त्यसैले महासुखको व्याख्या गर्न सकिन्न भन्ने एक सिद्धान्त छ।

महासेतुः (पुं.) [*महान् चासौ सेतुश्च कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] १.ठुलो पुल २.तन्त्रशास्त्रअनुसार महाविद्याको स्वरूप भएको ३.(पुं.) महाविद्यारूपी समुद्रको मन्त्रचैतन्य प्राप्ति गराउने ठुलो पुल जस्तो मन्त्रको अङ्गलाई महासेतु भनिन्छ। अर्थात् मन्त्र जप्दा अघि वा पछि जप्नु पर्ने मन्त्रको अङ्ग भएको बीजमन्त्र।

महाविद्याप्तिसन्दर्शो महासेतुर्महेश्वरि।
महाविद्यार्णवस्याथ चैतन्यस्य प्रदर्शकः॥
महासेतुर्महादेवि महाविद्यास्वरूपधृक् (पु.च.)।

महासेनः (पुं.) [*महती सेना यस्य सः,बहु.स.*] १.कार्तिकेय २.ठुलो सेना भएको। **महासेनो महासैन्ये स्कन्देऽपि** (विश्वः)।

महासेना (स्त्री.) [*महती चासौ सेना च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्*] फौजको समूह।

महासेनानीः (पुं.) [*महान् चासौ सेनानीश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्*] कर्नेल।

महास्रग्धरा (स्त्री.) प्रत्येक पाउमा क्रमशः सगण, जगण, तगण, नगण, सगण, रगण रगण, तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **सजता नसौ ररौ गः फणितुरगहयैः स्यान्महास्रग्धराख्या** (छन्दो.)।

महि (धा.) [*वृद्धौ, अस.सेट् आत्म.*] बढ्नु। लट्— **मंहते—** बढ्छ इत्यादि।

महि (धा.) [*भाषायाम्, सक.सेट् उभय.*] बढ्नु। लट्— **मंहयति-ते—** बढ्छ इत्यादि।

महितः (पुं.वि.) [*मह्यते स्म, मतिबुद्धिपूजार्थेभ्यश्च ३.२.१८८ इति क्तः*] पूजित/सम्मानित।

महिमभट्टः (पुं.) काश्मीरका एक नैयायिक तथा काव्यशास्त्रका महान् आचार्य। यिनका बाबुको नाम श्रीधैर्य थियो। यिनको समय एघारौँ शताब्दीको मध्यभाग हो। यिनले **व्यक्तिविवेक** नामक ग्रन्थ लेखेका छन्। यसमा ध्वनि सिद्धान्तको खण्डन गरेर अनुमानको स्थापना गरिएको छ।

महिमा (पुं.) [*महतो भावः, पृथ्वादिभ्य इमनिज् वा ५.१.१२२ इति इमनिच्*] १.महात्म्य/प्रशंसा/ख्याति। **महिमानं महीयांसं सूते सङ्गो महत्मनाम्। मन्दाकिन्या मृदो वन्द्यास्त्रिवेदीवेदिनामपि॥** (सुभा) २.अष्टसिद्धि मध्ये एक सिद्धि।

महिमोदयः (पुं.) १.वि.सं. १७२२ मा जन्मिएका फलित तथा गणितका विद्वान्। यिनले लेखेको **पञ्चाङ्गानयनविधि** नामक ग्रन्थ निकै महत्त्वपूर्ण र उपयोगी छ। २.[*महिम्न उदयः ष.त.*] महत्त्वको अभ्युदय।

महिला (स्त्री.) [*मह्यते पूज्यते इति, मह पूजायामिति धातोः, सलिकल्यनिमहिभडिभण्डिशण्डिपिण्डतुण्डिकुकिभूभ्य इलच् (उ.) ५७ इति इलच्, टाप् ४.१.४*] १.स्त्रीजाति/भद्र नारी/स्त्री २.मदोन्मत्त स्त्री ३.कागुनो। **महिला फलिनीस्त्रियोः** (मेदिनी.)। **~सङ्घटनम्** (नपुं.) [*महिलानां सङ्घटनम्, ष.त.*] महिलावर्गका सामाजिक अवस्थाको सुधार तथा बौद्धिक विकासका लागि तिनीहरूलाई जागरुक बनाउन बनेको तिनीहरूकै सङ्घ वा सङ्गठन।

महिलाह्वया (स्त्री.) [*महिलाया आह्वयो यस्याः, सप्तम्युपमान— ६.२.२ इति साधुः*] दहीगुहेलो।

महिषः (पुं.) [*मह्यते प्रशस्यते इति, मह पूजायामिति धातोः, अविमह्योष्टिषच् (उ.) ४५ इति सूत्रेण ष्टिषच्*] १.महान् २.राँगो ३.[*मह्यते मान्यतेऽसौ*] शास्त्रअनुसार अभिषिक्त राजा।

महिषासुरः (पुं.) [*महिषश्चासौ असुरश्च, कर्म.स.*] मार्कण्डेय पुराणअनुसार दुर्गाले मारेको राँगाको आकार भएको एक असुर।

महिषी (स्त्री.) [*महिषस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] १.पट्टरानी ३.सुन्दरी ४.भैंसी। **श्यामा मन्थरगामिन्यः पीनोन्नत-पयोधराः। महिष्यश्च महिष्यश्च सन्ति पुण्यवतां गृहे॥** (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मही (स्त्री.) [*मह्यते इति, मह पूजायामिति धातोः, अच इः, इति इः, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] १.पृथ्वी/धरती २.नदीविशेष। **वीचिः पङ्क्तिर्महिः केलिरित्याद्या ह्रस्वदीर्घयोः** (वाचस्पति) **~धरः** (पुं.) [*धरतीति धरः, मह्या धरः, ष.त.*] १.पहाड/पर्वत २.शेषनाग।

महीक्षित् (पुं.) [*महीं क्षियति, क्षि निवासगत्योः इति धातोः, मह्यां क्षियति वा, क्षि क्षयैश्वर्ययोः इति धातोर्वा, क्विप् च ३.२.७६ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] राजा।

महीध्रः (पुं.) [*महीं धरति, धृञ् धारणे इति धातोः, मूलविभुजादिभ्यश्च (वा.) ३.२.५ इति कः*] १.पर्वत २.पृथिवीको उद्धारक।

महीभृत् (पुं.) [*महीं बिभर्ति, डुभृञ् धारणपोषणयोः, इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, ह्रस्वस्य पिति. इति तुक्*] १.पर्वत २.राजा।

महीरुहः (पुं.) [*मह्यां रोहति, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] वृक्ष/रुख।

महीलता (स्त्री.) [*मह्यां लतेव, कृशत्व-दीर्घत्वाभ्याम्*] गड्यौलो।

महीसुतः (पुं.) [*मह्याः सुतः, ष.त.*] १.मङ्गल २.भौमासुर।

महेच्छः (पुं.वि.) [*महती इच्छा यस्य सः, बहु.स.*] महत्त्वाकाङ्क्षी/महाशय। **महेच्छस्तु महाशयः** (अमर.)।

महेन्द्रः (पुं.) [*महतामिन्द्रः, ष.त.*] १.एक प्रसिद्ध पर्वत/कुलाचल २.राजा ३.इन्द्र। **~मल्ली** (स्त्री.) महेन्द्र मल्लले सर्वप्रथम छापेको मोहर/नेपाली मोहर।

महेन्द्रसूरिः (पुं.) ज्योतिषशास्त्रका एक आचार्य। यिनको समय बाह्रौं शताब्दीको अन्तिम चरण हो। यिनले यन्त्रराज नामक ग्रहगणितसँग संबद्ध महत्त्वपूर्ण ग्रन्थ लेखेका छन्। यसका पाँच प्रकरण छन्- गणिताध्याय,यन्त्रघटनाध्याय, यन्त्ररचनाध्याय, यन्त्रशोधनाध्याय र यन्त्रविचारणाध्याय।

महेन्द्राचलः (पुं.) [*महेन्द्र इति अचलः, कर्म.स.*] सात कुलपर्वतमध्ये एक।

महेन्द्रो मलयः सह्यो मुक्तिमानृक्षपर्वतः।
विन्ध्यश्च पारियात्रश्च सप्तैवात्र कुलाचलाः॥ (मा.पु.)

महेरणा (पुं.) [*महदीरणमस्याः, महमुत्सवमीरयति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] साज।

महेला (स्त्री.) [*मह्यते पूज्यते इति सलिकल्य (उ.) ५५ इति इलच्, गुणः, टाप्*] १.नारी २.[*महती चासौ इला च, कर्म.स.*] ठुलो अलैंची।

महेशः (पुं.) [*महान् चासौ ईशश्च, कर्म.स.*] १.शिव/परमेश्वर/महेश्वर २.एघार अङ्कलाई जनाउने शब्द।

महेश्वरः (पुं.) [*महाँश्चासावीश्वरश्च, सन्महत्- २.१.६१ इति समासः, महतामपि ईश्वरो वा ष.त.*] १.शिवजी।

विश्वस्थानाञ्च सर्वेषां महतामीश्वरः स्वयम्।
महेश्वरश्च तेनेमं प्रवदन्ति मनीषिणः॥ (ब्रह्मवै.प्र.ख. ५३ अ.) २.सबैभन्दा माथिल्लो स्वामी ३.सबैभन्दा धनी।
महेश्वरो महादेवे कथितोऽधीश्वरेऽपि च (विश्वः)।

महेश्वरी (स्त्री.) [*महती चासौ ईश्वरी च, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्, गुणः*] १.दुर्गा २.अपराजिता ३.कासँ ४.राजनीति।

महोक्षः (पुं.) [*महांश्चासावुक्षा च, अचतुर ५.४.७७ इति साधुः*] ठुलो गोरु/साँढे।

महोक्षः स त्वया दृष्टः संस्तवश्च कृतो यदि।
तदिहानय तं युक्त्या तावत्पश्यामि कीदृशः॥ (क.स.सा.)

महोत्पलः (पुं.) १.[*महत् उत्पलं मांसशून्यमल्पमांसं वा शरीरं यस्य सः, बहु.स.*] सारस पक्षी २.[*तथैव*] दुब्लो/पातलो/ख्याउटे।

महोत्पलम् (नपुं.) [*महच्च तदुत्पलञ्च, कर्मधा.स.*] १.कमल २.मासु नभएको शरीर ३.कुष्टनामक वृक्ष।
उत्पलं कुष्टभूरुहे, इन्दीवरे मांसशून्ये (हैम.)।

महोत्सवः (पुं.) [*महान् चासौ उत्सवश्च, कर्म.स.*] १.अतिशय सुखजनक कर्म २.देवी देवताको आराधना गरेर मनाइने विशेष उत्सव। **दुर्गातन्त्रेण मन्त्रेण कुर्याद् दुर्गामहोत्सवम्** (कालिकापुराण ६९ अध्याय)।

महोत्साहः (पुं.) [*महान् चासौ उत्साहश्च, कर्म.स., आन्महत. ६.३.४६ इत्यात्वम्, गुणः*] ठुलो उत्साह/ठुलो हौसला।

महोदधिः (पुं.) [*महान् चासौ उदधिश्च, कर्म.स., सन्महत्परमोत्कृष्टाः पूज्यमानैः २.१.६१ इति समासः, आन्महतः समानाधिकरणजातीययोः ६.३.६४ इति आत्वम्, गुणः*] ठुलो समुद्र/महासागर।

महोदयः (पुं.) [*महान् उदयो यस्य सः, बहु.स.*] १.ठुला वा मान्यजनलाई आदरपूर्वक गरिने सम्बोधन २.महाशय/ महानुभाव/ आदरणीय व्यक्ति ३.समृद्ध ४.[*महान् उदयो यस्मिन्*] समृद्ध देश ५.[*महान् उदय उत्कर्षो यस्मिन्, बहु.स.*] मोक्ष ६.[*तथैव*] स्वर्ग ७.[*महान् उदयः फलं यस्मिन्*] महाफल।

अयि यत्सुकरं कर्म तदप्येकेन दुष्करम्।
विशेषतोऽसहायेन किन्तु राज्यं महोदयम्॥
(अत्र महोदयमिति महाफलम्, कुलुकभट्टः)

महोदया (स्त्री.) [*महान् उदयो यस्याः सा, बहु.स.*] १.नागवला २.प्रतिष्ठित महिला।

महोदरः (पुं.वि.) [*महत् स्थूलमुदरं यस्य सः, बहु.स.*] ठुलो पेट भएको/भुँडे।

महोदरम् (नपुं.) [*महच्च तदुदरञ्च, कर्म.स.*] ठुलो पेट।

महोदरी (स्त्री.) १.[*महत् अतिशयहितकरमुदरं मूलम् अस्याः*] ठुलो कुरिलो २.(वि.)[*महत् स्थूलमुदरं यस्याः सा, बहु.स.*] ठुलो पेट भएकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महोद्यमः (पुं.) १.[*महान् चासौ उद्यमश्च, कर्म.स.*] ठुलो उद्योग २.[*महान् उद्यमो यस्य सः, बहु.स.*] १.ठुलो उद्योगी २.अतिशय उत्साही। **विष्णुर्दिग्विजयं कर्तुं श्रीमानासीद् महोद्यमः** (राजतरङ्गिणी)।

महोन्नतः (पुं.वि.) [*महान् चासौ उन्नतश्च, कर्म.स.*] १.ज्यादै समृद्ध/विकसित २.ज्यादै अग्लो ३.(पुं.) ताडको रुख।

महोन्नतिः (स्त्री.) [*महती चासौ उन्नतिश्च, कर्मस.*] १.अतिशय समृद्धि २.अतिशय उचाइ ३.(पुं.वि.) [*महती उन्नतिर्यस्य सः, बहु.स.*] १.अतिशय समृद्ध २.ज्यादै अग्लो।

महोरस्कः (पुं.) [*महत् ऊरो यस्य सः, बहु.स.*] ठुलो छाती भएको/विशाल वक्षस्थल भएको।

महोल्का (स्त्रीं) [*महती चासौ उल्का च, कर्म.स.*] १.ठुलो उल्कापिण्ड।

बृहच्छिखा च सूच्यग्रा रक्तनीलशिखोज्ज्वला।
पौरुषी च प्रमाणेन उल्का नानाविधाः स्मृताः॥ (ति.त.)

२.ज्यादै अचम्म लाग्दो कुरो।

महौजाः (पुं.वि.) [*महद् ओजो यस्य सः, बहु. स.*] १.अतितेजस्वी २.(पुं.) एक असुर/कालेयपुत्र।

महौषधम् (नपुं.) [*महत् च तद् औषधञ्च,कर्म.स., आन्महत. ६.३.६४ इत्यात्वम्, गुणः*] १.अति गुणकारी औषधि– सुठो, पिप्ला, लसुन र वत्सनाभ मिलेर बनेको औषधि २.अत्तीस ३.लसुन ४.सुठो ५.पिप्ला ६.वत्सनाभ ७.रानीगिट्ठो।

महौषधं तु शुण्ठ्यां स्याद्विषायां लशुनेऽपि च (मेदिनी.)।

महौषधिः (पुं.) [*मह्यते पूज्यते इति महती, वर्तमाने पृथग्महद्वृहज्जगच्छत्तृवच्च (उ.) २५० इति शतृप्रत्ययान्तो निपातः उगितश्च, इति ङीप्, महती चासौ ओषधिः, कर्म.स., पुंवत् कर्मधारय. ६.३.४२ इति पुंवद्भावः, आन्महत. ६.३.४६ इत्यात्वम्, वृद्धिः*] १.ठुलो औषधी/सञ्जीवनी आदि बुटी २.सेतो फुल्ने कण्टकारि ३.ब्राह्मी/घोडताप्रे ४.कुट्की ५.उत्तिस ६.रानीगिट्ठो ७.दुबो।

मांसम् (नपुं.) [*मन्यते ज्ञायते शरीरस्योपचयोऽनेन तत्, मन ज्ञाने, इति धातोः, मनेर्दीर्घश्च (उ.) ३५१ इति सः, दीर्घश्च*] मासु/प्राणीभित्रको नरम तथा चाम्रो रातो रङ्को वस्तु। **~ भोजी** (पुं.) [*मांसं भुनक्तीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मांसाहारी/मांसभक्षी/मासु खाने।

मांसखण्डः (पुं.) [*मांसस्य खण्डः, ष.त.*] मासुको चोक्टा वा कुट्का।

मांसखण्डो न सा जिह्वा या न वेत्ति सुभाषितम् (सुभा.)।

मांसलः (पुं.) [*मांसमस्त्यस्य, सिध्मादिलच् ५.२.९७*] बलियो/मोटे।

मांसविक्रयी (पुं.) [*मांसं विक्रीतवान् कर्मणि निविक्रियः ३.२.९३ इति क्रीणातेः कुत्सायाम्, इनिः*] मासु बेच्ने/बगरे/कसाई।

मांसिकः (पुं.) [*मांसं पण्यमस्य, तदस्य पण्यम् ४.४.५१ इति ठक्, ठस्येकः*] मासु बेच्ने व्यक्ति।

मांसोपजीवी (पुं.) [*मांसेन उपजीवतीति, जीव प्राणने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मासु बेचेर जीविका गर्ने व्यक्ति/बगरे।

मा (धा.) [*माने, अदा. अक.सेट्, पर.*] नाप्नु, तौल्नु। लट्– **माति–** नाप्छ, तौलन्छ। **अनुमाति–** अनुमाबाट सिद्ध गर्छ। **परिमाति–** नाप्छ। **प्रमाति–** प्रमाण दिन्छ। लिट्– **ममौ–** नापेछ, तौलेछ (अन.)। लुट्– **माता–** नाप्ने छ, तौलने छ (अन.)। लृट्– **मास्यति–** नाप्ने छ, तौलने छ। लोट्– **मातु–** नापोस्, तौलोस्,। लङ्– **अमात्–** नाप्यो, तौल्यो (अन.) विधिलिङ्–**मायात्–** नाप्ला, तौलला, नापोस्, तौलोस्। आशीर्लिङ्– **मेयात्–** नापोस्, तौलोस्। लुङ्– **अमासीत्–** नाप्यो, तौल्यो। लृङ्– **अमास्यत्–** नाप्ने थियो, तौल्ने थियो इत्यादि। कृदन्ते– **मायकः, मायिका, मापकः,मापिका, माता, मात्री**– नाप्ने। **मापितव्यः, मापनीयः, माप्यः**– नाप्नु पर्ने। **मापितः**– नापिएको, **मित्सितः**– नाप्न खोजिएको। **मित्सुः**– नाप्न चाहने। **माया**– ईश्वरीय लीला, भ्रमजाल। **मायावी, मायिकः**– मायाजाल रच्ने इत्यादि।

मा (स्त्री.) [*माति परिमाति अदृष्टं धनदानाय, मा माने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] १.लक्ष्मी २.आमा ३.(अव्य.) [*मानम्, संपदादिभ्यश्च (वा. ३.३.१०८ इति क्विप्*] निषेध अर्थ बुझाउने शब्द।

भाग्यवन्तं प्रसूयेथा मा शूरं मा च पण्डितम्।
शूराश्च कृतविद्याश्च वने सीदन्ति पाण्डवाः॥ (सुभा.)

माक्षि (धा.) [*काङ्क्षायाम्, सक.सेट्, पर.*] इच्छा गर्नु। लट्– **माङ्क्षति–** इच्छा गर्छ इत्यादि।

माक्षिकम् (नपुं.) १.[*मक्षिकाभिः कृतम्, संज्ञायाम् ४.३.११७ इति अण्, आदिवृद्धिः, आलोपः*] मौरीको मह/मधु। २.उपधातु/सुनामक्खी, रूपामक्खी आदि सात उपधातु हे. **उपधातुः**।

माक्षिकं तुत्थिताभ्रे च नीलाञ्जनशिलालकाः।
रसकञ्चेति विज्ञेया एते सप्तोपधातवः॥ (सुखबोध)

मागधः (पुं.) [*अर्या च क्षत्रियश्च, तयोः सुतः*] १.वैश्य कन्यामा क्षत्रियबाट उत्पन्न भएको सन्तान २.मगध देशमा उत्पन्न भएको व्यक्ति ३.जीरा ४.स्तुतिपाठक।

मागधी मगधोद्भूते शुक्लजीरकवन्दिनोः।
वैश्यतः क्षत्रियापुत्रे (हेमचन्द्र)।

मागधी (स्त्री.) [*मगधे देशे भवा, तत्र भवः ४.३.५३ इत्यण्, ङीप्*] १.जुही २.पिप्ला ३.वैश्यकी छोरी ४.मगधमा बस्ने स्त्री ५.प्राकृतभाषाको एक भेद। **मागधी स्यात्तु पिप्पली** (हैम.)।

माघः (पुं.) १.[*मघानक्षत्रेण युक्ता पौर्णमासी माघी, साऽस्त्यस्मिन्, साऽस्मिन् पौर्णमासी ४.२.२१ इति अण्*] माघ महिना २.शिशुपालवध नामक महाकाव्यका प्रणेता महाकवि माघ। यिनको समय आठौँ शताब्दी मानिन्छ। यिनका बाबुको नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दत्तक र बराजुको नाम सुप्रभदेव हो। माघको एकमात्र शिशुपालवध नामक महाकाव्य उपलब्ध छ। यसमा २० सर्ग छन्। कृष्णले गरेको शिशुपालको वधसँग सम्बद्ध कथानकलाई लिएर यसको रचना भएको छ। कथावस्तु अत्यन्त क्षीण छ। यसमा वीररसको प्राधान्य छ। शृङ्गार, करुण आदि अङ्गरसको रूपमा रहेका छन्। अनुप्रास, यमकजस्ता शब्दालङ्कार, उपमा, रूपक, अतिशयोक्तिजस्ता अर्थालङ्कारले महाकाव्य सुशोभित भएको छ। माघले प्रकृतिको चित्रण पनि प्रशस्त गरेका छन्। यिनको भाषा परिष्कृत तथा परिमार्जित छ। उपमा अलङ्कारको विधानमा कालिदास प्रसिद्ध छन् भने अर्थगौरवमा भारविको नाम प्रसिद्ध छ। दण्डी पदलालित्यमा प्रसिद्ध छन्। माघ उपमाविधान, अर्थगौरव र पदलालित्य तीनै दृष्टिकोणले उत्कृष्ट मानिन्छन्।

उपमा कालिदासस्य भारवेरर्थगौरवम्।
दण्डिनः पदलालित्यं माघे सन्ति त्रयो गुणाः॥

माघी (स्त्री.) [*मघया युक्तः कालोऽस्याम्, नक्षत्रेण युक्तः कालः ४.२.३ इत्यण्, ङीप्*] माघको पूर्णिमा। **आषाढी कार्तिकी माघी तिथयः पुण्यसम्भवाः** (रामा. अयोध्याकाण्ड)।

माघ्यम् (नपुं.) [*माघे साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] कुन्दवृक्ष।

माङ् (धा.) [*माने, दिवा.सक., अनिट्, आत्म.*] नाप्नु, तौलनु। लट्– **मायते–** नाप्छ, तौलन्छ। **अनुमायते**– तर्कद्वारा सिद्ध गर्छ। **उपमायते**– तुलना गर्छ। **परिमायते**– नाप्छ। **प्रमायते**– प्रमाणित गर्छ। लिट्– **ममे** –नापेछ, तौलेछ (अन.)। लुट्– **माता–** नाप्ने छ, तौलने छ (अन.)। लृट्– **मास्यते–** नाप्ने छ, तौलने छ। लोट्– **मायताम्–** नापोस्, तौलोस्। लङ्– **अमायत–** नाप्यो, तौल्यो (अन.) विधिलिङ्– **मायते–** नाप्ला, तौलला। नापोस् तौलोस्। आशीर्लिङ्– **मासीष्ट–** नापोस्, तौलोस्। लुङ्– **अमास्त–** नाप्यो, तौल्यो। लृङ्– **अमास्यत्–** नाप्ने थियो, तौलने थियो। कर्मणि– **मीयते–** नापिन्छ। णिचि– **मापयति**– नाप्न लगाउँछ। सनि– **मित्सति–** नाप्न चाहन्छ। यङि– **मेमीयते–** ज्यादै वा बारम्बार नाप्छ। कृदन्ते- **मायकः, मायिका, मापकः मापिका, माता, मात्री**– नाप्ने, **मापयिता, मापयित्री–** नपाउने। **मानीयम्, मातव्यम्, मेयम्–** नाप्नु पर्ने, नापिने। **मानम्–** नापो। **मितः**– नापिएको। **मित्वा, संमाय**– नापेर। **मातुम्**- नाप्न इत्यादि।

माङ् (धा.) [*माने, शब्दे च, जुहो.आत्म. सक. अक. अनिट्*] नाप्नु, शब्द गर्नु, म्या म्या गर्नु। लट्- **मिमीते–** नाप्छ, शब्द गर्छ। लिट्-**ममे** - नापेछ, शब्द गरेछ। (अन.) लुट्– **माता–** नाप्ने छ, शब्द गर्ने छ। (अन.) लृट्– **मास्यते**- नाप्ने छ, शब्द गर्ने छ। लोट्– **मिमीताम्–** नापोस्, शब्द गरोस्।लङ्– **अमिमीत**– नाप्यो, शब्द गर्‍यो। (अन.) विधिलिङ्– **मिमीत–** नापोस्, शब्द गरोस्, नाप्ला, शब्द गर्ला। आशीर्लिङ्– **मासीष्ट**– नापोस्, शब्द गरोस्। लुङ्– **अमास्त–** नाप्यो, शब्द गर्‍यो। लृङ्– **अमास्यत**– नाप्ने थियो, शब्द गर्ने थियो। कर्मणि– **मीयते–** नापिन्छ, शब्द गरिन्छ। णिचि– **मापयति, मापयते**– नाप्न लगाउँछ, शब्द गर्न लगाउँछ। सनि– **मित्सते–** नाप्न चाहन्छ, शब्द गर्न चाहन्छ। यङि– **मेमीयते**– ज्यादै वा बारम्बार नाप्छ वा शब्द गर्छ। यङ्लुकि-**मामाति, मामेति**– ज्यादै वा बारम्बार नाप्छ वा शब्द गर्छ। कृदन्ते– **मायकः, मायिका, माता, मात्री**– नाप्ने, शब्द गर्ने। **मापकः, मापिका, मापयिता, मापयित्री–** नपाउने, शब्द गराउने। **मातव्यम्, मानीयम्, मेयम्–** नापिने, नाप्नुपर्ने, शब्द गर्नु पर्ने। **मातुम्–** नाप्न, शब्द गर्न, **मात्वा, प्रमाय–** नापेर, शब्द गरेर, प्रमाण पुर्‍याएर आदि।

माङ्गलिकी (स्त्री.) [*मङ्गलं प्रयोजनमस्याः, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्य इकः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] मङ्गल सम्बन्धी/मङ्गल होस् भनेर तयार पारिएको।

माठरः (पुं.) [*मनुते मठरः, स एव माठरः, जनेररष्ठश्च (उ.) ५.३८ इत्यनुवर्तमाने वचिमनिभ्यां चिच्च (उ.) ५.३९ इत्यरप्रत्ययः ठश्चान्तादेशः, ततः प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, यद्वा मठति, मठ मदनिवासयोः इति धातोः, बाहुलकादरच् मठरस्यापत्यमिति वा, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्, यद्वा मठन्त्यनेन मठः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, यद्वा मठं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.सूर्यको एक पार्षद २.व्यास ३.ब्राह्मण। **माठरो व्यासविप्रयोः। सूर्यानुगे** (विश्व.)।

माड्डुकः (पुं.) [*मड्डुकवादनं शिल्पमस्य, मड्डुकझर्झरादणन्यतरस्याम् ४.४.५६ इति अण्, पक्षे शिल्पम् ४.४.५५ इति ठक्, ठस्य इकः, माड्डुकिकः*] डमरु बजाउन सिपालु। **महान् डमरुरेव मड्डुः** (भानुदिक्षित)।

माणवकः (पुं.) [*मनोरपत्यम्, तस्यापत्यम् ४.१.९२ इत्यण्, स्वल्पो मानवः, अल्पे ५.३.८५ अल्पार्थे कन्, ब्राह्मणमाणव ४.२.४२ इति निपातनाण्णत्वम्*] १.मूर्ख व्यक्ति २.बालक ३.हारविशेष। **हारभेदे माणवको बाले कुपुरुषेऽपि च** (रभस.) ४.छन्दविशेष/ प्रत्येक पाउमा क्रमशः भगण, तगण, एक लघु तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **भात्तलगा माणवकम्** (छन्दो.)।

माणिक्यम् (नपुं.) [*मणिरिव कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, चातुर्वर्णादीनामुपसङ्ख्यानम् (वा.) ५.१.१२४ इति स्वार्थे ष्यञ्*] गुलाबी वा रातो रङ्गको एक रत्न।

मातङ्गः (पुं.) [*मतङ्गशब्दात्, शिवादिभ्यश्च ४.१.११३ इत्यण्, मतङ्गस्यापत्यम् वा, तस्येदम् ४.३.१२० इत्यण्*] १.आनन्दादि योग मध्ये एक योग २.हात्ती ३.किरात ४.चाण्डाल ५.अर्हतका एक उपासक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातरः (स्त्री.बहु.) [*मान्यन्ते पूज्यन्ते लोकमातृत्वात् इति मातरः, मान पूजायाम् इति धातोः, नप्तृनेष्टृत्वष्टृहोतृपोतृभ्रातृजामातृमातृपितृदुहितृ (उ.) २६० इति सूत्रेण निपातितः, मान्ति शिवपरिवारत्वेन समाविशन्तीति वा*] १.ब्राह्मी आदि गरिएका आठ मातृकाहरू।

ब्राह्मी माहेश्वरी चैन्द्री वाराही वैष्णवी तथा।
कौमारीत्यपि चामुण्डा चर्चिकेत्यष्टमातरः॥ (विश्व.)

मातरपितरौ (पुं.) [*माता च पिता च, द्वन्द्वस.*] आमा-बुबा।

मातरिश्वा (पुं.) [*मातरि अन्तरिक्षे श्वयति गच्छति वर्द्धते वा, अथवा मातरि श्वसिति जीवयति शेते वा, टुओश्वि गतिवृद्ध्योः, इति धातोः श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्मूर्धन्मज्जन्नर्यमन्विश्वप्सन्परिज्जन्मातरिश्वन्मघवन्निति (उ.) १६५ इति कनिन्*] वायु/बतास।

मातली (स्त्री.) [*मतं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, मतलस्यापत्यम्, अत इञ् ४.१.९५ इति इञ्*] इन्द्रको सारथि।

माता (स्त्री.) [*मान्यते इति, मान पूजायाम् इति धातोः, माति वा, माति गर्भोऽस्यां वा, मा माने इति धातोर्वा, नप्तृनेष्टृत्वष्टृहोतृपोतृभ्रातृजामातृमातृपितृदुहितृ (उ.) २६० इति तृच्, धातोरन्त्यलोपः, स्वस्रादित्वात् ङीब्निषेधः*] १.आमा २.दुर्गा ३.पृथ्वी ४.ब्राह्मी आदि गरिएका मातृका ५.गाई। **मातरौ गोजनन्यौ द्वे** (रुद्र.)। **माता गौर्यादिजननीगोब्राह्मण्यादिभूमिषु** (विश्व.मेदिनी.)। **सोह्रथरी आमाहरू-** गुरुपत्नी, राजपत्नी, देवपत्नी, बुहारी, ठुली वा सानी आमा, फुपू, शिष्यपत्नी, मित्रपत्नी, माइजु, सौताने आमा, भाइबुहारी, सासु, बहिनी, छोरी, जन्म दिने आमा र इष्टदेवी।

गुरुपत्नी राजपत्नी देवपत्नी तथा वधूः।
पित्रोः स्वसा शिष्यपत्नी मित्रपत्नी च मातुली॥
पितृपत्नी भ्रातृपत्नी श्वश्रूश्च भगिनी सुता।
गर्भधात्रीष्टदेवी च पुंसः षोडश मातरः॥

(ब्र.वै.पु. कृष्णजन्मखण्ड)

मातापितरौ (पुं.) [*माता च पिता च, आनङृतो द्वन्द्वे ६.३.२५ अभ्यर्हितं च (वा.) २.२.३४ इति मातुः पूर्वनिपातः, पिता मात्रा १.२.७० इत्येकशेषो वा*] आमा-बुबा।

मातामहः (पुं.) [*मातुः पिता, पितृव्यमातुलमातामहपितामहाः ४.२.३६ इति डामहच्*] मावली हजुर बा/आमाका बुबा।

मातामही (स्त्री.) [*मातामहस्यापत्यं स्त्री, मातरि षिच्च (वा.) ४.२.३६ इति षित्वम्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] मावल पट्टिकी हजुर आमा/आमाकी आमा/बज्यै।

मातुलः (पुं.) [*मास्ति नास्ति तुला यस्य सः, बहु.स., यद्वा मातुः पिता, पितृव्यमातुलमातामहपितामहाः ४.२.३६ इति डुलच्*] १.मामा/आमाका दाजु वा भाइ २.धतुरो ३.नाप्न नसकिने।

मातुलो व्रीहिभिन्मातृभ्रात्रोश्च मदनद्रुमे। धत्तूरे (मेदिनी.)।

मातुलघाती (पुं.) [*मातुलं हतवान् कर्मणि हनः ३.२.८६ इति कुत्सितार्थे णिनिः, हनस्तोऽचिण्णलोः ७.३.३२ इति तः, हो हन्तेः, इति कुत्वम्, सौ च, इति दीर्घः*] मामाको हत्यारा।

मातुलपुत्रकः (पुं.) [*मातुलस्य पुत्रकः, ष.त.*] मामाको छोरो।

मातुलानी (स्त्री.) [*मायास्तुला, मातुलामानयति, अन प्राणने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, ङीष् ४.१.१४, मातुलस्य धत्तूरस्य स्त्रीव वा, मातुलोपाध्याययोर्ङीषानुकौ (वा.) ४.१.४९, मातुलस्य स्त्री*] १.भाङ् २.माइजु।

मातुलाहिः (पुं.) [*मां तुलयति, मूलविभुजादिभ्यः (वा.) ३.२.५ इति कः, मातुलश्चासावहिश्च, कर्मधा.स.*] १.साँवे सर्प २.छिरबिरे नाग।

मातुली (स्त्री.) [*मातुलस्य स्त्री, पुंयोगात् ४.१.४८ इति ङीष्*] माइज्यू।

मातुलुङ्गकः (पुं.) [*मीनात्यरुचिम् मीञ् हिंसायाम् इति धातोः, बाहुलकात्तुन्, लुञ्ज्यते, लुजि भासार्थः इति धातोः, घः ३.३.१९, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्, मातुश्चसौ लुङ्गश्च, स्वार्थे कन् ५.३.७५*] विमिरो।

मातृकम् (नपुं.) [*मातुरागतम्, ऋतष्ठञ् ४.३.७८ इति ठञ्, ठस्य इसुसुक्तान्तात्कः ७.३.५१ इति कः*] आमाबाट प्राप्त।

मातृका (स्त्री.) [*माता एव, स्वार्थे कन्, टाप् ४.१.४*] १.मुमा, २.जिजुमुमा, ३.दुधे धाई, ४.देवी, ५.उत्पन्न हुने ठाउँ, ६.निम्न लिखित नामका देवीहरूको वर्ग— जलमातृका, स्थलमातृका, द्वारमातृका, गृहमातृका, जीवमातृका, षोडशमातृका, षष्ठीदेवी, अष्टमातृका, ब्राह्मी आदिसप्तमातृका, ७.देवीका रूपमा पूजा गरिने वर्णमालाका अक्षरहरू, ८.चिउँडोका आठ वटा विशेष किसिमका नसाहरू, ९.तान्त्रिक मन्त्र १०.यन्त्रमा लेखिने अक्षर ११.अ—आ आदि अक्षर। **~कुण्डम्** (न.) बालकहरूको गुदद्वारमा हुने फोडाविशेष। **~न्यासमुद्रा** (स्त्री.) शरीरका अङ्ग-अङ्गमा मन्त्रहरू स्थापना गरिने मुद्रा। यसमा माझी र साहिँली औँलाले निधार, औँठो र साहिँली औँलाले आँखा, हातले टाउको तथा ओठ, माझी औँलाले कोखा, औँठाले कान, कान्छी औँला र औँठाले नाकको प्वाल, चोरी माझी र साहिँली औँलाले मुख तथा गाला, साहिँली औँलाले दाँत तथा जिभ्रो, कान्छी र साहिँली औँलाले पीठ, औँठो, माझी साहिँली र कान्छी औँलाले नाइटो तथा पेट, हत्केलाले हृदय छोइँदा मातृकान्यास मुद्रा हुन्छ। (मु.प्र.)

मातृघातकः (पुं.वि.) [*मातुः घातकः, ष.त.*] आमाको हत्या गर्ने/मातृघाती।

मातृत्वम् (नपुं.) [*मातुर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] आमा हुनाको भाव/माताको भाव।

मातृपक्षः (पुं.) [*मातुः पक्षः, ष.त.*] आमाको कुल/मातृकुल।

मातृष्वसा (स्त्री.) [*मातुः स्वसा, ष.त. मातृपितृभ्यां स्वसा ८.३.८४ इति षत्वम्*] १.सानी आमा २.ठुली आमा।

मातृष्वसेयः (पुं.) [*मातृष्वसुरपत्यम्, मातृष्वसुश्च ४.१.१३४ इति चात्, ढञ्*] ठुली आमा, सानी आमाको छोरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातृष्वस्त्रीयः (पुं.) [*मातृष्वसुरपत्यम्, मातृष्वसुश्च ४.१.१३४ इति छण्, छस्य ईयः*] ठुली आमा वा सानी आमाको छोरो।

मात्रा (स्त्री.) [*मा माने इति धातोः, हुयामाश्रुभिभ्यस्त्रन् (उ.) ६१७ इति त्रन्, टाप् ४.१.४*] १.सम्पत्ति २.नापो। **किं हस्तीमात्रोऽङ्कुशः।** (भरत) ३.कानको गहना ४.एक पटकमा खाइने औषधिको परिमाण ५.देवनागरी व्यञ्जनवर्णसित लाग्ने कुनै स्वरवर्णको चिह्न। जस्तै- कानदानी (ा) बाइमात्रा (ि) दाहिना (ी) तर्कुले (ु) बर्द्धने (ू) एकलख (े) दुईलख (ै) लखकानो (ो) दलकान्ना (ौ) शिरविन्दु (ं) दवासविन्दु (ः) ६.सङ्गीतमा ताल दिँदा लाग्ने समयको परिमाण ७.छन्द शास्त्रमा वर्णहरूको ह्रस्वदीर्घको स्थिति। **यस्याः पादे प्रथमे द्वादश मात्रास्तथा तृतीयेऽपि॥** (श्रुतबोध) ८.अणु।

सूक्ष्मलेशलवश्लक्ष्णक्षुद्रदभ्रकणाणवः ।
किञ्चिन्मात्रतनुस्तोकह्रस्वाल्पत्रुटयः समाः॥ (हला. ६८८) ९.कालविशेष।

कालेन यावता पाणिः पर्येति जानुमण्डले।
सा मात्रा कविभिः प्रोक्ता॥ (तन्त्रसार)

१०.हस्ती, अश्व आदि परिच्छद। **मात्रा परिच्छदेऽपि** (हला.)। ११.इन्द्रियवृत्ति।

मात्रा स्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदा।
अगमापायिनो नित्यास्तांस्तितिक्षस्व भारत॥ (गीता)

१२.इन्द्रिय (तट्टीकायां मधुसूदनसरस्वती) १३.पर्वत (३.४६.३ ऋग्वेद– मन्त्रभाष्ये सायणः) १४.शक्ति।

का मात्रा समुद्रस्य यो मम प्रसुतिं दूषयिष्यति (पञ्चतन्त्र)। १५.अवयव।

चन्द्रवित्तेशयोश्चैव मात्रा नित्यं हि शाश्वतीः।

इति मनूक्तश्लोकस्य व्याख्याने मात्रा अवयवा इति मेधातिथिः) १६.सूक्ष्म रूप। **मात्रा सूक्ष्मं रूपम्** (२.५.२५ भागवतटीकायां श्रीधरः) १७.अंश/भाग।

न योषिद्भ्यः पृथग् दद्यादवसानदिनादृते।
स्वभर्तृपिण्डमात्राभ्यस्तृप्तिरासां यतः स्मृता॥ (श्राद्धतत्त्व)
मात्रं त्ववधृतौ स्वार्थे कार्त्स्न्ये मात्रा परिच्छदे।
अक्षरावयवे द्रव्ये मानेऽल्पे कर्णभूषणे॥
काले वृत्ते च (हैम.)।
एकमात्रो भवेद् ह्रस्वो द्विमात्रो दीर्घ उच्यते (छन्दोम.)।

मात्रिकः (पुं.वि.) १.[*मात्राः सन्त्यस्य गणनीयत्वेन*] मात्राको विचार वा गणना भएको २.[*मात्राया अयम्*] मात्रासम्बन्धी।

मात्रिकछन्दः (नपुं.) [*मात्रिकञ्च तत् छन्दश्च, कर्म.स.*] मात्रा गणनाको आधारमा छुट्याउन सकिने एक किसिमको छन्द। मात्रिकछन्दको सङ्ख्या धेरै नै छ। वृत्ततरङ्गिणीमा मात्रिक छन्दको सङ्ख्या ९२, २७, ४६३ बताइएको छ।

मात्सर्यम् (नपुं.) [*मत्सरस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] अर्काको उन्नति देखेर डाह गर्नु/ईर्ष्या।

मात्सर्यरोगोपहतात्मनां हि स्खलन्ति साधुष्वपि मानसानि (भारवि.)।

मात्स्यिकः (पुं.) [*मत्स्यान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति ४.४.३५ इति ठक्, ठस्य इकः, वृद्धिः, अलोपः*] माछा मार्ने मलाहा।

मादः (पुं.) [माद्यत इति *सधमादस्थयोः ६.३.९६ इति निर्देशात् क्वचिदपवादः— इति न्यायाद्वा घञ् ३.३.१८*] १.हर्ष २.उन्माद।

मादकः १.(पुं.) [*मादयति स्वगुणेन भूतानीति, मदि हर्षग्लेपनयोः इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] नशा लगाउने वा बेहोस बनाउने पदार्थ २.[*माद्यति हृष्यति वर्षागमे, पूर्ववत्*] पानीको नजिकै बस्ने कालो काग।

मादङ्गिकः (पुं.) [*मृदङ्गो लक्षणया तद्वादनं शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्, ठस्येकः*] मादल बजाउने व्यक्ति।

मादृक् (पुं.) [*अहमिव, अस्मत् शब्दात्, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति क्विन्, प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मदादेशः, आः सर्वनाम्नः ६.३.९१ इति आकारोऽन्तादेशः*] मजस्तो।

मादृशः (पुं.वि.) [*अहमिव, अस्मत् शब्दात्, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति कञ्, प्रत्ययोत्तरपदयोश्च ७.२.९८ इति मदादेशः, आः सर्वनाम्नः ६.३.९१ इति आकारोऽन्तादेशः*] मजस्तो।

माधवः (पुं.) [*यदुपुत्रस्य मधोरपत्यं पुमान्, तस्यापत्यम् ४.१.९२ इत्यण् अथवा माया लक्ष्म्या विद्याया वा धवः, मा नास्ति धवोऽस्य वा*] १.विष्णु।

मा च ब्रह्मस्वरूपा या मूलप्रकृतिरीश्वरी।
नारायणीति विख्याता विष्णुमाया सनातनी॥
महालक्ष्मीस्वरूपा च वेदमाता सनातनी।
राधा वसुन्धरा गङ्गा तासां स्वामी च माधवः॥ (ब्रह्मवै. कृष्णजन्मखण्डः, ११०अ.)

२.[*मधोर्वसन्तस्यायम्, मधूनि मधुमन्ति कुसुमानि यस्मिन् वा, मधोर्ञ च ४.४.१२९ इति ञः*] वैशाख महिना।

स तेन सख्या सहितो जगामाप्रवणं वनम्।
पत्नीभिःस समं रन्तुं माधवे मासि पार्थिवः॥ (मा.पु. ११७.२७)

३.[*मधुरेव, चतुर्वर्णादीनामुपसंख्यनम् (वा.) इत्यण्*] वसन्त ऋतु। **मधुमाधवौ वसन्तः।** (सुश्रुत. १.१९.९) ४.महुवा ५.कालो मास ६.भौत्य मन्वन्तरका एक सप्तर्षि ७.सायणचार्यका भाइ ८.एक सङ्कर राग ९.प्रत्येक पाउमा आठ जगणको प्रयोग भएको एक छन्द।

माधवकः (पुं.) [*मधुना कृतः संधितः, कुलालादिभ्यो वुञ् ४.३.११८ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] मौवाको रक्सी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माधवनिदानम् (नपुं.) [*माधवेन रचितं निदानम्, म.प.स.*] आर्युवेदको एक प्रसिद्ध ग्रन्थ। यसका रचयिता माधव हुन्। यिनको समय सातौँ शताब्दीको आसपास मानिन्छ। सुरुमा यसको नाम **रोगविनिश्चय** थियो। पछि गएर यसलाई **माधवनिदान** भनियो।

माधवी (स्त्री.) [*मधौ साधु पुष्यति, कालात् साधुपुष्यत्पच्यमानेषु ४.३.४३ इत्यण्, ङीप्*] १.चमेली जस्तो सुगन्धित सेतो फूल फुल्ने एक जातको लहरा/लहरे चमेली/वसन्ती २.[*मधुनो विकारः, अवयवे च प्राण्योषधिवृक्षेभ्यः ४.३.१३५ इत्यण्, ङीप्*] मद्य ३.[*मधुनो विकारः, ओरञ् ४.३.१३९ इति अञ्, ङीप्*] मह ४.महको चिनी ५.[*माधवस्येयम्*] तुलसी ६.[*मधौ वसन्ते सेव्या अर्चनीया, अण्, ङीप्*] दुर्गा ७.कुट्टनी ८.[*माधवस्य पत्नी*] माधवकी पत्नी ।

माधुर्यगुणः (पुं.) [*माधुर्य इति गुणः, कर्म.स.*] साहित्यका तीन गुणमध्ये प्रथम गुण। माधुर्य गुण भनेको चित्तलाई क्रोधादि भावावेशले विहीन गराएर पगाली आनन्दमा मग्न तुल्याएर सरस अवस्थामा राख्ने गुण हो। वर्गका पञ्चम वर्ण (ङ, ञ, ण, न, म) को ट, ठ, ड, ढ, वाहेक अन्य व्यञ्जन वर्णसित भएको संयोग, रेफ, णकार, समास नभएका, भएपनि अल्पसमास भएका पदावलीको प्रयोग वा रचनाबाट यो गुण व्यक्त हुन्छ। माधुर्य गुण सम्भोग शृङ्गार, करुण रस, विप्रलम्भ शृङ्गार र शान्त रसको अभिव्यक्तिमा उत्तरोत्तर उपयोगी हुन्छ।

माधुरी (स्त्री.) [*अण्प्रत्ययान्तमाधुरशब्दान् ङीप्*] १.माधुर्य २.मद्य/जाँड, रक्सी।

माधुर्यम् (नपुं.) [*मधुरस्य भावः, वर्णदृढादिभ्यः ष्यञ् च ५.१.१२३ इति ष्यञ्*] १.मिठास/मधुरता २.लावण्य। **रूपं किमप्यनिर्वाच्यं तनोर्माधुर्यमुच्यते।** (सुश्रुतः) ३.काव्यको एक गुण। **चित्तद्रवी-भावमयो ह्लादो माधुर्यमुच्यते।** (सा.द.) ४.नायिकाको एक सात्विक अलङ्कार ५.नायकमा रहने एक सात्विक गुण।

माधुर्यरसः (पुं.) [*माधुर्यमिति रसः, म.प.स.*] एक किसिमको भक्तिरस, रूपगोस्वामीले उज्ज्वलनीलमणिमा माधुर्यलाई वास्तविक भक्तिरस भनेर त्यसको वर्णन गरेका छन्। **माधुर्याख्यो भक्तिरसः।** (१/३) उनको विचारमा राधा र कृष्णको अलौकिक पारस्परिक प्रेम नै माधुर्यरसको मूल हो।

माध्यन्दिनः (पुं.वि.) १.[*मध्ये भवः, अन्तपूर्वपदाट्ठञ् ४.२.६० इत्यत्र मध्यो मध्यं दिनण् चास्मात् इत्युक्तेर्मध्यस्य मध्यंभावो दिनण् प्रत्ययश्च*] मध्यम २.[*मध्यो दिनस्यायम्, उत्सादिभ्योऽञ् ४.१.८६ इति अञ्*] दिनको मध्यभाग ३.[*मध्यन्दिने भवः, भवार्थेऽण्*] मध्यदिनमा भएको।

माध्यन्दिनिः (पुं.) [*मध्यन्दिनस्यापत्यं पुमान्, अत इञ् ४.१.९५ इति इञ्*] यी पाणिनिभन्दा पूर्वका संस्कृत भाषाका वैयाकरण हुन्। यिनको समय ३००० वि.पू. मानिन्छ। यिनका बाबुको नाम मध्यन्दिन थियो। त्यसैले यिनको नाम माध्यन्दिनि रहन गएको हो। (पदमञ्जरी, भाग २) यिनका दुई ग्रन्थ उपलब्ध छन्– **शुक्लयजुःपदपाठ** र **माध्यन्दिन शिक्षा**। यसमा स्वर तथा उच्चारणसम्बन्धी नियमहरूको निरूपण गरिएको छ।

माध्यन्दिनी (स्त्री.) [*मध्यन्दिनेन प्रोक्ता, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्, ङीप्*] शुक्लयजुर्वेदको एक शाखा।

माध्यमिकः (पुं.) [*मध्यमे भवः, ठक् ठस्य इकः*] १.बिचको/मझौला २.बौद्ध धर्मको एक सम्प्रदाय। **~विद्यालयः** (पुं.) [*माध्यमिकश्चासौ विद्यालयश्च, कर्म.स.*] निम्न माध्यमिक भन्दा माथिल्लो शिक्षा दिने कक्षा। **~शिक्षा** (स्त्री.) [*माध्यमिकी चासौ शिक्षा च, कर्म.स.*] उच्च शिक्षा प्रारम्भ हुनुभन्दा पहिले दिइने शिक्षा।

माध्याह्निकः (पुं.) [*मध्याह्ने भवः, ठक्, इकः, वृद्धिः*] मध्याह्न-सम्बन्धी/दिउँसो।

माध्वमतम् (नपुं.) [*माध्वस्य मतम्, ष.त.*] वैष्णव मतको एक सम्प्रदाय। यसका प्रवर्तक मध्वाचार्य हुन्। यस सम्प्रदायलाई ब्रह्मसम्प्रदाय र यसको सिद्धान्तलाई द्वैतवाद भनिन्छ। मध्वाचार्यको जन्म दक्षिण भारतको उडुपी नामक ठाउँमा ११९९ मा भएको थियो। यिनले ३७ वटा ग्रन्थ लेखेका छन्। तीमध्ये १४ ग्रन्थ प्रसिद्ध छन्– **ब्रह्मसूत्रभाष्य, अनुव्याख्यान, ऐतरेय-भाष्य, छान्दोग्यभाष्य, केनभाष्य, कठभाष्य, बृहदारण्यकभाष्य, गीताभाष्य, भागवततात्पर्यनिर्णय, महाभारततात्पर्यनिर्णय, विष्णुतत्त्वनिर्णय, प्रपञ्चमिथ्यातत्त्वनिर्णय, गीतातात्पर्यनिर्णय** र **तन्त्रसारसंग्रह**। यिनी अद्वैतवादका विरोधी र द्वैतवादका समर्थक हुन्। यिनले भक्तिलाई मुख्य मान्छन्। भक्तिद्वारा नै मुक्ति हुन्छ भन्ने यिनको सिद्धान्त छ। ईश्वर, जीव र जगत् तीनै कुरा सत्य हुन् भन्ने यिनको धारणा छ । यिनको मतानुसार ब्रह्ममात्र सत् छैन अरू पनि सत् छन् भन्ने कुरा सिद्ध गरिएको छ। यिनले प्रत्यक्ष, अनुमान र शब्दलाई प्रमाणको रूपमा स्वीकार गरेका छन्।

माध्यमम् (नपुं.) [*मध्ये भवम्, अन्तपूर्वपदाट्ठञ् ४.२.६० इत्यत्र मण्मिञौ च प्रत्ययौ वक्तव्यौ इत्युक्तेः मण, वृद्धिः*] माझमा रहेको/तटस्थ।

माध्यस्थ्यम् (नपुं.) [*मध्यस्थस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] मध्यस्थता/तटस्थता।

माध्वी (स्त्री.) [*मधुनो विकारः, ६.४.१७५ इत्यण्, स्त्रियां यणादेशो निपातः*] मद्य/दाख आदिबाट बनेको मदिरा।

माध्विकम् (नपुं.) [*मधु मृद्वीका द्राक्षा, तस्या विकारः, तस्य विकारः ४.३.१३४ इत्यण्, अनुदात्तादेः ४.३.१४० इत्यञ् वा*] दाखको रक्सी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान (धा. [*जिज्ञासायाम्, सक.सेट्, आत्म.*] ज्ञान प्राप्त गर्ने, इच्छा गर्नु। लट्– **मीमांसते–** ज्ञान प्राप्त गर्ने इच्छा गर्छ, छलफल गर्छ। लिट्– **मीमांसाञ्चक्रे–** ज्ञान प्राप्त गर्ने इच्छा गरेछ, छलफल गरेछ (अन.) इत्यादि।

मान (धा.) [*पूजायाम्, सक.सेट्, उभय.*] सत्कार गर्नु, मान्नु। लट्– **मानयति-ते–** सत्कार गर्छ, मान्छ। णिच् नभएको बेलामा **मानति** इत्यादि।

मान (धा.) [*(मन) स्तम्भे चुरा. उभ. सेट्*] मान खोज्नु, घमन्ड गर्नु। लट्–**मानयते–**मान खोज्छ, घमन्ड गर्छ। लिट्– **मानयाञ्चक्रे–** मान खोजे छ, घमन्ड गरेछ (अन.)। लुट्– **मानयिता–** मान खोज्ने छ, घमन्ड गर्ने छ (अन.) लृट्– **मानयिष्यते–**मान खोज्नेछ, घमन्ड गर्ने छ। लोट्– **मानयताम्–** मान खोजोस्, घमन्ड गरोस्। लङ्– **अमानयत–** मान खोज्यो, घमन्ड गर्‍यो (अन.)। विधिलिङ्– **मानयेत–** मान खोज्ला, घमन्ड गर्ला, मान खोजोस्, घमन्ड गरोस्। आशीर्लिङ्– **मानयिषीष्ट–** मान खोजोस्, घमन्ड गरोस्। लुङ्– **अमीमनत–** मन खोज्यो, घमन्ड गर्‍यो। लृङ्– **अमानयिष्यत–** मान खोज्ने थियो, घमन्ड गर्ने थियो इत्यादि।

मानः (पुं.) [*मन्यते बुध्यतेऽनेन, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.आदर/सम्मान/सत्कार/इज्जत/प्रतिष्ठा।

अधमाः कलिमिच्छन्ति सन्धिमिच्छन्ति मध्यमाः।
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम्॥ (गरुडपु. ११५ अ.) २.दर्जा/पदवी ३.[*धनविद्याद्युत्कर्षेण मत्समो नास्तीति मननम्*] घमन्ड ४.विप्रलम्भ शृङ्गाररसको एक भेद। नायक वा नायिकाको हृदयमा प्रणय र ईर्ष्याबाट पैदा भएको अहंभावना। यो दुई प्रकारको हुन्छ– प्रेमको गति वक्र हुने हुँदा आनन्द मान्दामान्दै पनि क्रोध प्रदर्शन गर्नु प्रणयमान हो भने नायक वा नायिका अरु व्यक्तिसँग आसक्त भएको देखेर, सुनेर अथवा अनुमान गरेर आपसमा ईर्ष्याभाव प्रदर्शन गर्नु ईर्ष्यामान हो। (सा.द. ३.२०३-४) **मानं प्रमाणे प्रस्थादौ मानश्चित्तोन्नतौ ग्रहे** (हैम.)। **~गृहम्** (नपुं.) १.स्त्रीहरूले पति वा प्रेमीलाई रिस देखाएर बस्ने ठाउँ/कोपभवन २.नेपालका प्रसिद्ध लिच्छवी राजा मानदेवले बनाएको प्रख्यात दरबार। **~चित्रम्** (नपुं.) [*मानस्य चित्रम्, ष.त.*] भूचित्र/नक्सा। **~दण्डः** (पुं.) [*मानाय दण्डः, च.त.*] नाप्ने लट्ठी/मापदण्ड।

अस्त्युत्तरस्यां दिशिदेवतात्मा हिमालयो नाम नागाधिराजः।
पूर्वापरौ तोयनिधी वागाह्य स्थितः पृथिव्या इव मानदण्डः॥ (कु.सं.)। **~पत्रम्** (नपुं.) [*मानस्य पत्रम्, ष.त.*] अभिनन्दन-पत्र। **~भावः** (पुं.) [*मानस्य भावः, ष.त.*] मान/कदर/प्रतिष्ठा/मानमर्यादा/मनमनितो।

मानकम् (नपुं.) [*मानयतीति, मान पूजायामिति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] प्रामाणिक।

मानम् (नपुं.) १.[*मीयतेऽनेन, माङ् माने इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इति अनः*] तुलो/मानो पाथी आदि २.प्रमाण। ३.[*ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] नाप्ने वा तौलने काम।

मानदेवः (पुं.) विक्रमको छैटौँ शताब्दीको मध्य भागतिर शासन गर्ने नेपालका एक राजा। यिनले मानगृह, चाँगुनारायणको मन्दिर आदि अनेक महत्त्वपूर्ण भवनहरू निर्माण गराएका थिए।

माननीयः (पुं.) [*मानयितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इति अनीयर्*] १.आदरणीय/मान गर्न योग्य/मान्य २.मन्त्री, प्रधान-न्यायाधीश, संसदका सदस्य र सो सरहका अरू व्यक्तिहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने आदरसूचक शब्द।

मानवः (पुं.) [*मनोरयम्, तस्येदम् ४.३.१२० इत्यण्, यद्वा– मनोरपत्यम्, ब्राह्मणमाणव ४.२.४२ ज्ञापकादण्, अञि षुगभावो वा, उपसङ्ख्यानाभावात्*] मानिस/मनुष्य।

मानवाः स्वर्गमिच्छन्ति मोक्षमिच्छन्ति पण्डिताः।
अधना धनमिच्छन्ति वादमिच्छन्ति गर्विताः॥ (सुभा.)
~धर्मशास्त्रम् (नपुं.) [*मानवस्य धर्मशास्त्रम्, ष.त.*] मनु संहिता/मनुस्मृति। **~व्यापारः** (पुं.) [*मानवस्य व्यापारः, ष.त.*] मानिसलाई किन–बेच गर्ने काम। **~शास्त्रम्** (पुं.) [*मानवस्य शास्त्रम्, ष.त.*] मानिसको उत्पत्ति, विकास, विभेद आदिको विवेचना गर्ने शास्त्र/मानिससम्बन्धी विद्या।

मानवता (स्त्री.) [*मानवस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] मनुष्य हुनाको भाव/मनुष्यत्व/मानिसमा स्वभावैले हुने गुण, भावना, विशेषता आदिको समुदाय।

मानवी (स्त्री.) [*स्त्रियां ङीप्*] १.नारी २.शासनकी अधिष्ठात्री देवता ३.[*मनोरपत्यं स्त्री, अण्,ङीप्*] स्वायम्भुव मनुकी छोरी।

मानवीकरणम् (नपुं.) [*अमानवो मानवो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] अमानव वस्तुमा मानवीय गुणको आरोप गर्नु मानवीकरण हो। काव्यशास्त्रमा समासोक्ति अलङ्कार यस्तै खालको अलङ्कार मानिन्छ। त्यहाँ अमानवमाथि मानवीय वस्तु वा व्यवहारको आरोप गरिएको हुन्छ।

मानवीयः (पुं.) [*मानवस्य अयम्, मानवाज्जातो वा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] मानिससम्बन्धी।

मानवेन्द्र (पुं.) [*मानवानामिन्द्रः, ष.त.*] राजा/नृप/श्रेष्ठ पुरुष।

मानसम् (नपुं.) १.[*मन्यतेऽनेन, असुन् (उ.), मन एव मानसम्, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.मन/चित्त/हृदय २.मानससरोवर ३.[*मनसि जातम्, अण्*] ४.सङ्कल्प ५.[*मनस इदम्*] (त्रि.) मनसम्बन्धी। **मानसं स्वान्तसरसोः** (हैम.) **~जपः** [*मानसेन*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतो जपः, म.प.स.] मनमनै गरिएको जप। **~पटः** (पुं.) [मानसमेव पटः, रूप.स.] मनरूपी फल्याक। **~पुत्रः** (पुं.) [मानसश्चासौ पुत्रश्च कर्म.स.] इच्छा वा मनबाट पैदा भएको पुत्र। **~पूजा** (स्त्री.) [मानसकृता पूजा, म.प.स.] मनमनै गरिएको अर्चना। **~विज्ञानम्** (नपुं.) [मानसस्य विज्ञानम्, ष.त.] मनोविज्ञान/ मानसशास्त्र। **~व्रतम्** (नपुं.) [मानसकृतं व्रतम्, म.प.स.] अहिंसा आदि।

अहिंसा सत्यमस्तेयं ब्रह्मचर्यमकल्कता।
एतानि मानसान्याहुर्व्रतानि तु धराधरे॥ (वराहपु.)


(मानससरोवरः)

मानससरोवरः (पुं.) [मानस इति सरोवरः, कर्म.स.] १.हठयोगअनुसार शरीरभित्रको अमृत कुण्ड मानिने शून्य स्थान २.नेपालको उत्तर पश्चिममा पर्ने एक सिद्ध विशाल दह। यो हिमालयको उत्तरमा तिब्बत प्रान्तमा पर्छ। यहाँ सतीदेवीको दाहिने हत्केलो झरेकोले यसलाई शक्तिका ५१ पीठमध्ये कुमुदा नामको पीठ मानिन्छ। यसको आकार गोलो वा अण्डाकार छ। यसको वरिपरि २२ माइल छ भन्ने अनुमान गरिएको छ। यहाँबाट ब्रह्मपुत्र नदी, सरयूनदी र अरू पनि नदीहरू निस्केका छन्। यहाँ राजहाँस र अरू पनि लामागोडा हुने हाँसहरू रहन्छन्। यसैको पश्चिमतिर राक्षसताल पर्छ। वाल्मीकि रामायणअनुसार ब्रह्माको इच्छाले यो मानसरोवर बनेको हो। **ब्रह्मणा नरशार्दूल तेनेदं मानसं सरः** (वा.रा.), मानसरोवरमा जान उत्सुक— **मानसोत्कः** (पुं.वि.)।

मानसिकः (पुं.) [मनसोऽयम्, मनस आगतः, मनसो जातो वा, ठञ्, ठस्य इकः] मनसम्बन्धी/मनको।

मानसी (स्त्री.) १.[मनसि भवा, तत्र भवः ४.३.५३ इति अण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्] मनबाट उत्पन्न भएको/मनमनै गरिने/मनमनै गरिने पूजा आदि २.देवीविशेष।

मानसूत्रम् (नपुं.) १.[मानार्थं सूत्रम्] नाप्ने डोरी २.[मानस्य गात्रप्रमाणस्य सूत्रम्] सुन आदिले बनेको कन्दनी।

मानसौकसः (पुं.) [मानसं सर ओकोऽस्य] हाँस।

मानसोत्कः (पुं.वि.) [मनसे उत्कः उत्कण्ठा यस्य सः] मानस सरोवर जान उत्सुक।

मानहानिः (स्त्री.) [मानस्य हानिः, ष.त.] अपमान/बेइज्जत। **~कारकः** (पुं.) [मानहानेः काकरः, ष.त.] कसैका मान-मर्यादामा अपमान जनाउने किसिमको लेख, काम कुरा आदि।

मानिनी (स्त्री.) [प्रशस्तो मानोऽस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्] अभिमान राख्ने स्त्री/घमन्ड गर्ने स्त्री।

मानुषः (पुं.) [मनोरपत्यम्, (जातिः) मनोर्जातावञ्यतौ षुक् च ४.१.१६१ इति अञ्, षुक्,] मानिस।

मनुष्या मानुषा मर्त्या मनुजा मानवा नराः (अमर.)।

मानुषी (स्त्री.) [मनोरपत्यम्, मनोर्जातावञ्यतौ षुक् च ४.१.६१ इति अञ्, षुक् च, हलस्तद्धितस्य ६.४.१५० इति यलोपः, टिड्ढाणञ् ४.१.१५ इति ङीष्, जातिविवक्षायां वा ङीष् ४.१.६३ परत्वादञन्तत्वात् ४.१.७३ ङीन् वा] नारी/महिला।

मानुषीभ्यः कथं नु स्यादस्य रूपस्य सम्भवः।
न प्रभातरलं ज्योतिरुदेति वसुधातलात्॥ (सा.द.)

मानुष्यकम् (नपुं.) [मनुष्याणां समूहः, गोत्रोक्षोष्ट्र ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः, प्रकृत्याऽके राजन्यमनुष्ययुवानः (वा.) ६.४.१६३ इति यलोपो न] मनुष्यको समूह।

मानुष्यम् (नपुं.) [मनुष्यस्य भावः, मनुष्यस्येदमिति वा] १.मनुष्यता/मानिस जाति २.मनुष्यसम्बन्धी।

मानुष्यं वरवंशजन्म विभवो दीर्घायुरारोग्यकं
सन्मित्रं सुसुतः सती प्रियतमा भक्तिश्च नारायणे।
विद्वत्त्वं सुजनत्वमिन्द्रियजयः सत्पात्रदाने रति-
स्ते पुण्येन विना त्रयोदश गुणाः संसारिणां दुर्लभाः॥
(सुभा.)

मान्धाता (पुं.) प्राचीनकालका एक चक्रवर्ती राजा/युवनाश्वका छोरा।

यावत् सूर्य उदेति स्म यावच्च प्रतितिष्ठति।
सर्वं तद्यौवनाश्वस्य मान्धातुः क्षेत्रमुच्यते॥ (विष्णुपु.)

मान्यः (पुं.वि.) [मानितुमर्हः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति ण्यत्] मान्नुपर्ने/मान गर्न योग्य/माननीय/आदरणीय। **~गण्यः** (पुं.) [मान्यश्चासौ गण्यश्च, कर्म.स.] मानमनितो गर्नुपर्ने।

मान्यता (स्त्री.) [मान्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४] १.मान्य हुनाको भाव २.कुनै कुरा वा सिद्धान्तलाई मान्ने क्रिया वा भाव/अनुमोदन ३.ठुलो संस्थाले सानो संस्था वा त्यसले गरेका काममा दिने स्वीकृति।

मापनः (पुं.) [मापयति स्वर्णादिकमनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः] तुलो।

मापनम् (नपुं.) [ल्युट् च ३.३.११५ इति ल्युट् अनः] नाप्ने वा तौलने काम।

मामकः (पुं.) [मम अयम्, तस्येदम् ४.३.१२० इति अण्, तवकम-मकावेकवचने ४.३.३ इति ममकादेशः, आदिवृद्धिः अलोपः] मसँग सम्बन्धित/मेरो।

मामकीनः (पुं.) [मम अयम्, युष्मदस्मदोरन्यतरस्यां खञ् च ४.३.१ इति खञ्, खस्य ईनः, तवकममकावेकवचने ४.३.३ इति ममकादेशः, आदिवृद्धिः अलोपः] मसँग सम्बन्धित/मेरो।

माया (स्त्री.) [मीयते अपरोक्षवत् प्रदर्श्यतेऽनया, माति अन्तर्भवतीति, वा, मा माने इति धातोः, माछाससिभ्यो यः (उ.५५९) इति यः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टप्] १.लक्ष्मी २.धन, सम्पत्ति ३.छल/कपट ४.चटक/ जादूको खेल ५.राजनैतिक धोखाबाजी ६.गौतम बुद्धकी आमा ७.मयदानवकी छोरी ८.कुनै पनि आदर गर्न योग्य आइमाई ९.महामाया दुर्गा १०.बुद्धि ११.इन्द्रवज्रा नामको वर्णवृत्तको एक उपभेद १२.प्रत्येक चरणमा भगण, तगण, सगण तथा एक गुरु वर्ण हुने वर्णवृत्त १३.तर्क वितर्क गर्न नसकिने, वेदहरूले पनि जाति, गुण, क्रिया, संज्ञा आदिद्वारा यही हो भनी तोक्न नसक्ने, विकार रोग बुढापा आदि नहुने महामायाको आपसे आप सिद्ध भएको शक्तिलाई माया भनिन्छ। त्यस्तो माया त्रिकाल नै बाध्य रहन्न तर ब्रह्मज्ञानले बाध्य हुने हुँदा सत् न हुने र व्यावहारिक सत्ता नहुने हुँदा असत् पनि नहुने हुँदा विलक्षण हुन्छ। मायालाई कुनै वेदको शाखामा तम, वेदान्तवादीले जड, वैष्णवादिले ज्ञान, श्वेताश्वतरादि शाखावादीले अजा, माया, परा, प्रधान, प्रकृति शक्ति भन्छन्। शैवहरूले विमर्श, वेदको तत्त्व चिन्तन गर्नेले अविद्या भन्छन्। यसरी यस मायाका वेदादि शास्त्रहरूमा अनेक नाम छन्। यो दृश्य हुँदा जड र तत्त्व ज्ञान हुँदा मायाको अस्तित्व नरहनाले असत् पनि हुन जान्छ।

अप्रतर्क्यमनिर्देश्यमनौपम्यमनामयम्।
तस्य काचित्स्वतः सिद्धा शक्तिर्मायेति विश्रुता...॥
ज्ञाननाशात्ततोऽसती (दे.गी.द्वि.अ.) १४.सृष्टि स्थितिको मूलकारण प्रकृति १५.संसार सञ्चालन गर्ने ईश्वरको अलौकिक शक्ति १६.अविद्याद्वारा कुनै व्यक्ति वा वस्तुमा यो मेरो हो भन्ने भुटो ममता।

विचित्रकार्यकरणा अचिन्तितफलप्रदा।
स्वप्नेन्द्रजालवल्लोके माया तेन प्रकीर्तिता॥ (देवीपु.)

~जालम् (नपुं.) [*मायाया जालम्, ष.त.*] १.मोहको बन्धन/घरगृहस्थीको जन्जाल/गार्हस्थ्य २.झन्झट/मायापाश। **~पुरी** (स्त्री.) [*मायया निर्मिता पुरी, म.प.स.*] मोक्षदायक प्रसिद्ध सात पुरीमध्ये एक/हरिद्वार। **~पुरुषः** (पुं.) [*मायया निर्मितः पुरुषः, म.प.स.*] असुरहरूलाई मोहित गर्नाका लागि विष्णुका शरीरबाट उत्पन्न भएको पुरुष। **~वादः** (पुं.) [*माया इति वादः, कर्म.स.*] ब्रह्म सत्य र जगत् मिथ्या हो भनेर मान्ने सिद्धान्त/केवल ईश्वरलाई सत्य मानी सांसारिक पदार्थलाई माया अथवा भ्रममात्र मान्ने सिद्धान्त। **~वादी** (स्त्री.) [*मायावादोऽस्यास्तीति, इनिः*] मायावादका अनुयायी।

मायाकारः (पुं.) [*मायां करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] माया रच्ने व्यक्ति।

मायादेवीसुतः (पुं.) [*मायादेव्याः सुतः, ष.त.*] गौतमबुद्ध।

मायामोहः (पुं.) [*मायया मोहयति असुरान्, पचाद्यच्*] १.राक्षसहरूलाई मोहित तुल्याउन विष्णुको शरीरबाट निस्किएको पुरुषविशेष।

मायामोहोऽयमखिलान् दैत्यान् तान् मोहयिष्यति। (वि.पु. ५.२७) २.[*माया च मोहश्च यत्र सः, बहु.स.*] सांसारिक विषय।

मायावी (पुं.) [*माया अस्यास्तीति, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिः*] १.मोहनशक्तिले युक्त परमात्मा २.बिरालो ३.(पुं.वि.) मायाकार/इन्द्रजाली ४.चतुरो/चलाक ५.धूर्त/छली/कपटी।

मायासुतः (पुं.) [*मायायाः सुतः, ष.त.*] बुद्ध।

मायिकः (पुं.) [*माया अस्यास्तीति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति ठन्, ठस्य इकः*] १.धोखेबाज/धूर्त/ठग २.मायाकार ३.परमेश्वर ४.(पुं.वि.) मायाबाट बनेको/जादूबाट तयार भएको।

मायी (पुं.) [*माया अस्यास्तीति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] १.जाली/धूर्त/ठग/वञ्चक २.मायायुक्त परमेश्वर।

मायान्तु प्रकृतिं विद्यान्मायिनन्तु महेश्वरम्। (पञ्चदशी) ३.(पुं.वि.) माया रच्ने।

मायुः (पुं.) [*मिनोति प्रक्षिपति देहे ऊष्माणमिति कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १ इत्युण्, मीनातिमिनोति- ६.१.५० आत्वम्, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] १.पित्त २.शब्द (सायणः) ३.वाणी (निरुक्त)।

मायूरम् (नपुं.) १.[*मयूराणां समूहः, मयूरशब्दात्, तस्य समूहः ४.२.३७ इत्यण्*] मयूरको समूह २.[*मयूराणामिदम्, तस्येदम् ४.३.१२० इत्यण्*] मयूरसम्बन्धी।

मायूरिकः (पुं.) [*मयूरान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति ४.४.३५ इति ठक्, ठस्य इकः*] मयूरको सिकारी।

मारः (पुं.) [*म्रियन्ते प्राणिनोऽनेन, मृङ् प्राणत्यागे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.मार्ने काम/चोट प्रहार २.कामदेव ३.विघ्न।

मारोऽनङ्गे मृतौ विघ्ने मारी चण्ड्यां जनक्षये (विश्व.)।

मारकः (पुं.) [*म्रियन्ते प्राणिनोऽनेन, यस्मिन् वा, करणाधिकरणयोश्च ३.३.११७ इति करणेऽधिकरणे वा ल्युट्, अनः*] १.हत्यारा २.जन्मदाको ग्रहको योगविशेष/मारकेश ३.बाजचरो ४.(पुं.वि.) विष आदिको प्रभाव नाश पार्ने।

मारकतः (पुं.वि.) [*मरकतस्येदम्, तस्येदम् ४.३.१२० इत्यण्, वृद्धिः, स्त्रियां मारकती*] मरकतमणिसँग सम्बन्धित।

काचः काञ्चनसंसर्गाद् धत्ते मारकतद्युतिम्।
तथा सत्सन्निधानेन मूर्खो याति प्रवीणताम्॥ (सुभा.)

मारजित् (पुं.) [*मारं कामं जयति, उप.त.स., सत्सूद्विष ३.२.६१ इति क्विप्, तुक्*] १.बुद्ध २.शङ्कर ३.(पु.वि.) जितेन्द्रिय।

मारणम् (नपुं.) [*मृ हिंसायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.हत्या/वध २.अभिचारविशेष ३.औषधि बनाउँदा धातुलाई भस्म पार्नु।

मारितः (पुं.वि.) [*मार्यते स्म, निष्ठा इति क्तः*] १.मारिएको २.नाश पारिएको ३.भस्म पारिएको।

असम्यङ्मारितं स्वर्णं बलं वीर्यञ्च नाशयेत् (भा.प्र.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारिषः (पुं.) [*मर्षति दोषानिति, मृष तितीक्षायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् साधुः*] नाटकमा कुनै सम्मानित व्यक्तिलाई गरिने सम्बोधन/ नाटकको सूत्रधार।

मारुतः (पुं.) [*म्रियन्तेऽनेन विना, मृग्रोरुतिः (उ.) ९४ इति उतिः, ततः प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.हावा/समीर/वायु २.देवताविशेष ३.जनपदविशेष ४.अग्निविशेष। **अग्निश्च मारुतो नाम गर्भाधाने विधीयते।** (गृह्यसङ्ग्रह) ५.(पुं.वि) मरुत्सम्बन्धी।

मारुतिः (पुं.) [*मारुतस्यापत्यं पुमान्, अत इञ् ४.१.९५ इति इञ्*] १.हनुमान् २.भीमसेन।

तच्छ्रुत्वा वचनं भ्रातुर्ज्येष्ठस्यामिततेजसः।
संग्रहेऽस्य महाबाहुर्मारुतिः कुपितोऽब्रवीत्॥
(देवीभा. २.७.२१)

मार्कण्डेयः (पुं.) [*मृकण्डोरपत्यं पुमान्, शुभ्रादिभ्यश्च इति ढक् ४.१.१२३ ढस्य एयः, आदिवृद्धिः*] १.ऋषिविशेष/अष्टचिरञ्जीवी मध्येका एक चिरञ्जीवी ऋषि २.पुराणविशेष।

मार्कण्डेयपुराणम् (नपुं.) [*मार्कण्डेयेन प्रोक्तं पुराणम्, म.प.स.*] पौराणिक क्रमानुसारको सातौँ पुराण। मार्कण्डेय वक्ता भएको हुनाले यसलाई मार्कण्डेयपुराण भनिएको हो। यस पुराणमा ९००० श्लोक र १३८ अध्याय छन्। दुर्गा सप्तशती मार्कण्डेय पुराणकै अंश हो। यसमा तीन चरित्र छन्– प्रथमचरित्र– (मधुकैटववध), मध्यमचरित्र (महिषासुरवध) र उत्तरचरित्र– (शुम्भ, निशुम्भ तथा तिनका सेनापति चण्ड, मुण्ड र रक्तबीजको वध) सप्तशतीमा दुर्गालाई विश्वको मूलभूत शक्तिको रूपमा चित्रण गरिएको छ।

मार्ग (धा.) [*अन्वेषणे, संस्कारे च, सक.सेट् उभय.*] अन्वेषण गर्नु, शुद्ध गर्नु। लट्– **मार्गयति–ते–** अन्वेषण गर्छ, शुद्ध गर्छ। लिट्– **मार्गयाञ्चकार–चक्रे–** अन्वेषण गरेछ, शुद्ध गरेछ (अन.)। लुट्– **मार्गयिता–** अन्वेषण गर्ने छ, शुद्ध गर्ने छ (अन.)। लृट्– **मार्गयिष्यति–ते–** अन्वेषण गर्ने छ, शुद्ध गर्ने छ। लोट्– **मार्गयतु–ताम्–** अन्वेषण गरोस्, शुद्ध गरोस्। लङ्– **अमार्गयत्–त–** अन्वेषण गऱ्यो, शुद्ध गऱ्यो (अन.)। विधिलिङ्– **मार्गयेत्–त–** अन्वेषण गर्ला, शुद्ध गर्ला, अन्वेषण गरोस्, शुद्ध गरोस्। आशीर्लिङ्– **मार्ग्यात्–मार्गयिषीष्ट–** अन्वेषण गरोस्, शुद्ध गरोस्। लुङ्– **अममार्गत्–त–** अन्वेषण गऱ्यो, शुद्ध गऱ्यो। लृङ्– **अमार्गयिष्यत्–त–** अन्वेषण गर्ने थियो, शुद्ध गर्ने थियो इत्यादि।

मार्गः (पुं.) [*मार्ग्यते संस्क्रियते पादेन, मृग्यते गमनायान्विष्यते इति वा, मार्ग अन्वेषणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१ इति घञ्*] १.बाटो/पन्था/सरणि २.खोजी ३.मृगको मद/कस्तूरी ४.मंसिर महिना ५.मृगशिरा नक्षत्र ६.विष्णु। ७.रातो अपामार्ग ८.गुदद्वार ९.चिह्न १०.उपाय ११.तरिका . **मार्गो मृगमदे मासे सौम्यर्क्षेऽन्वेषणे पथि** (विश्व.)।

मार्गणः (पुं.) [*मार्गयतीति, मार्ग अन्वेषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ ल्युः, यद्वा मार्ग्यते, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.बाण २.[*मार्गयति दातारम्*] माग्ने ३.पाँच अङ्कलाई बुझाउने शब्द।

मार्गणम् (नपुं.) [*मार्ग अन्वेषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] खोजी गर्ने क्रिया।

मार्गशीर्षः (पुं.) [*मृगशिरसा युक्ता पौर्णमासी, नक्षत्रेण युक्तः कालः ४.२.३ इत्यण्, अचि शीर्षः ६.१.६२, इति शिरस् शब्दस्य शीर्षदेशः, मार्गशीर्षा पौर्णमास्यस्मिन्मासे, सास्मिन्पौर्णमासी ४.२.२१ इत्यण्*] मङ्सिर महिना।

मार्गिकः (पुं.) [*मृगान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति ४.४.३५ इति ठक्, ठस्य इकः, वृद्धिः, अलोपः*] मृग मार्ने सिकारी।

मार्गितः (पुं.वि.) [*मार्ग्यते स्म, मार्ग अन्वेषणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खोजिएको।

मार्गी (पुं.वि.) [*मार्गोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.कुनै मार्ग वा सम्प्रदाय वा पन्थमा लागेको व्यक्ति। जस्तै– शिवमार्गी, बौद्धमार्गी आदि। २.बटुवा/पथिक/मार्गदर्शक ३.ग्रहहरूको आफ्नो कक्षमा सिधै हिँडेको अवस्था।

मार्च (धा.) [*शब्दार्थौ, अक.सेट् उभय.*] शब्द गर्नु, बढार्नु। लट्– **मार्चयति–ते–** शब्द गर्छ, बढार्छ इत्यादि।

मार्ज (धा.) [*शब्दार्थौ, अक.सेट् उभय.*] शब्द गर्नु, बडार्नु। लट्– **मार्जयति–ते–** शब्द गर्छ, बढार्छ इत्यादि।

मार्जनः (पुं.) [*मार्ष्ट्यनेन, मृजू शुद्धौ इति धातोः, ल्युट् ३.३.११७ युवोरनाकौ ७.१.१ इत्यनः*] लोध।

मार्जनम् (नपुं.) [*मार्ज्यते इति, मृजू शुद्धौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.माज्नु २.सफा गर्नु ३.पुछ्नु ४.मेट्नु ५.बुकुवा लगाई स्नान गराउनु ६.कुशद्वारा (हवन वा पूजा गरिने ठाउँमा) पानी छर्केर शुद्ध पार्नु ७.भूल दोष आदि हटाउनु ८.तीर्थ वा देवताको चरणको जल शिरमा छर्कनु ९.विश्वामित्र कल्पअनुसार मार्जन गर्दाको प्रकार। यसमा से–स–थ भनी तीन पटक आकाशमा, व–व–र भनी तीन पटक शिरमा, न–न–न–भनी तीन पटक पृथ्वीमा यस प्रकार नौ पटक मार्जन गर्नुपर्छ। १०.पुरश्चरण सप्ताह आदिमा तर्पण गरेपछि तर्पणको दशांशले मन्त्रको अन्तमा **नमः** भन्दै कुम्भमुद्रा (हातको) बनाएर आफ्नो शिरमा जल छर्किनु पर्छ। यहाँ से, स, थ, व, व, र, न, न, न यी ९ अक्षर भन्नाले **आपो हिष्ठा मयोभुवः** इत्यादि तीन मन्त्रभित्र रहेका ९ चरणरूप मन्त्रहरूको अन्तमा रहेका वर्णहरूलाई सम्झनु पर्छ।

मार्जना (स्त्री.) [*मार्जनम्, मृजू शौचालङ्करणयोः इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.बढार्ने/सफा गर्ने काम २.लोधको वृक्ष ३.मुरलीको आवाज। **मार्जनो लोध्रशाखिनि। मार्जनं शुद्धिकरणे मार्जना मुरजध्वनौ** (हैम.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्जनी (स्त्री.) [*मार्ज्यतेऽनया, मृजू शुद्धौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] कुचो/कसिङ्गर बढार्ने साधन।

मार्जारः (पुं.) [*मार्ष्टि शुन्धतीति, मृजू शुद्धौ इति धातोः, कञ्जि-मृजिभ्यां चित् (उ.) ४२४ इति आरन्*] १.बिरालो। **मार्जारः किल दुष्यत्मा निश्चेष्टः सर्वकर्मसु।** (म.भा.५.१५९.१६) २.रातो चितु। **मार्जार ओतौ खट्टासे** (मेदिनी.)।

मार्जालीयः (पुं.) [*मार्जयति मार्ष्टि शोधयति वा, मृजू शुद्धौ इति धातोः, स्थाचतिमृजेरालज्वालज्वालजातीयचः (उ. १२१) इति सूत्रेण आलीयच्*] १.शूद्र २.बिरालो ३.शरीरको शुद्धि ४.शिव।

ललाटाक्षाय सर्वाय मीढुषे शूलपाणये।
पिनाकगोप्त्रे सूर्याय मार्जालीयाय वेधसे॥
(म.भा. ३.३९.७७)

मार्जितः (पुं.वि) [*मार्ज्यते स्म, मृजू शुद्धौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] माझिएको/मार्जन गरिएको।

मार्जिता (स्त्री.) [*मार्ज्यते स्म, मृजू शौचालङ्कारयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सिखर्नी/सिकर्नी।

मार्तण्डः (पुं.) [*मृते अण्डे भवः, तत्र भवः ४.३.५३ इत्यण्, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्*] १.सूर्य २.काख। **मार्तण्डः क्रोडसूर्ययोः** (विश्व.) ३.आँकको रुख ४.सुँगुर।

मातिर्कः (पुं.वि.) [*मृदो विकारः, अवयवो वा*] १.माटाले बनेको २.माटाको अवयव।

मार्दङ्गिकः (पुं.वि.) [*मृदङ्गवादनं शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्, ठस्य इकः, आदिवृद्धिः, अलोपः*] मादल बजाउन सिपालु।

मार्दवम् (नपुं.) [*मृदोर्भावः, पृथ्वादिभ्य इमनिज्वा इत्यत्र वावचनमणादेः समावेशार्थमित्युक्तेः, अण्*] कोमलता/नरमपना/मृदुता/ अकाठिन्य।

मार्मिकः (पुं.वि.) [*मर्मणि भवः, मर्म+ठक्*] मर्मस्थानमा प्रभाव पर्ने/मर्मस्पर्शी/वास्तविक वा भित्री कुरो बुझ्ने/मर्मज्ञ।

मार्ष्टिः (स्त्री.) [*मार्जनम्, मृजू शोचालङ्करणयोः इति धातोः, अबादित्वात् (वा.) ३.३.९४ क्तिन्, तितुत्र ७.२.९ इति नेट्, णिलोपः ६.४.५१*] अङ्ग सफा गर्ने काम।

मालकः (पुं.) [*मल धारणे इति धातोः, ण्वुल्तृचौ ३.१ १३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.नीम २.गाउँ नजिकैको वन ३.नरिवलको खपडाको भाँडो।

मालकम् (नपुं.) [*मल धारणे इति धातोः, ण्वुल्तृचौ ३.१ १३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१इत्यकः*] थलकमल।

मालतिः (स्त्री.) [*मलते स्वरूपं धरतीति, बाहुलकात् अतच्, उपधादीर्घः, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] हे. **मालती**।

मालती (स्त्री.) [*मां लक्ष्मीं शोभां वा लतति वेष्टते, लत वेष्टने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्, (वा.) ३.२.५ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा मालं तनोति वा, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०० इति डः*] १.चमेली २.जाइको फूल ३.युवती ४.नदीविशेष ५.चन्द्रिका ६.काकमाची ७.चन्द्रमा लागेको रात ८.वार्णिक समवृत्तको एक भेद/प्रत्येक पाउमा क्रमशः नगण, जगण, जगण, रगणको प्रयोग भएको छन्द। **भवति नजावथ मालतीजरौ** (छन्दो.)।

मालती युवती काकमाच्यां जातिविशल्ययोः।
ज्योत्स्नायां निशि नद्यां च (हैम.)।

मालतीमाधवम् (नपुं.) [*मालती च माधवश्च, मालतीमाधवौ, तौ अधिकृत्य कृतं प्रकरणम्*] भावभूतिद्वारा रचित १० अङ्कको एक प्रकरण। मालती र माधव नामक दुई पात्रहरूको प्रणयसम्बन्धी कथालाई लिएर यो नाटकको रचना भएको छ। यसको कथानक कल्पित छ। कथावस्तुको विधान, पात्रको चरित्रचित्रण आदिमा यो नाटक सफल छ। यसमा शृङ्गाररसको प्राधान्य छ।

मालम् (पुं.) [*मा लक्ष्मीः, शोभा वा, तां लाति, आतोऽनुपसर्गे कः इति कः, आलोपः*] गाउँका बिचको जङ्गल। **मालं ग्रामान्तराटवी** (अभि.चि.)।

मालविकाग्निमित्रम् (नपुं.) [*मालविका च अग्निमित्रश्च, मालविकाग्निमित्रौ, तौ अधिकृत्य कृतं नाटकम्*] कालिदासद्वारा रचित प्रसिद्ध नाटक। मालविका र अग्निमित्रको प्रणयसम्बन्धी कथालाई लिएर यस नाटकको रचना भएको छ। यसमा पाँच अङ्क छन्। अग्निमित्र धीरोधात्त नायक छ। यसमा शृङ्गाररसको प्राधान्य छ। ऐतिहासिक घटनालाई कविले कुशलतापूर्वक समावेश गरेका छन्। भाषा परिष्कृत तथा परिमार्जित छ।

माला (पुं.) [*माति मानहेतुर्भवतीति, मा माने इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ.) १९६ इति रक्, रस्य लः, टाप्, यद्वा मां शोभां लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ टाप् ४.१.४*] १.पङ्क्ति, २.नदीविशेष ३.भुइँअमला ४.उपजाति छन्दको एक भेद ५.धागो तार आदिमा लहरै मोती फूल आदि उनेर बनाइने वस्तु।

मालाकारः (पुं.) १.[*मालाया आकारः, ष.त.*] मालाको आकार २.[*मालां करोतीति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.माली २.नेवार जातिको एक भेद ३.पुराणअनुसार विश्वकर्मा र शूद्राबाट उत्पन्न, पराशरस्मृतिअनुसार तेलिनी र चर्मकारबाट उत्पन्न वर्णसङ्कर जाति।

मालातृणकम् (नपुं.) [*मालाकाराणि तृणानि यस्य सः, बहु.स.*] कुकुरमुते झार।

मालादीपकम् (नपुं.) शृङ्खलामूलक एक अर्थालङ्कार। पूर्ववर्णित वस्तु उत्तरोत्तर वर्णित वस्तुमा उत्कर्ष पैदा गर्न समर्थ भयो भने त्यो मालादीपक हुन्छ। **मालादीपकमाद्यं चेद्यथोत्तरगुणावहम्** (का.प्र. १०.१०४)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मालारूपकम् (नपुं.) [*मालाकारं रूपकम्, म.प.स.*] एक उपमेयमा अनेक उपमानको आरोप हुँदा पर्ने अलङ्कार।

मालिकः (पुं.) [*मालाऽस्यास्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति ठन्, यद्वा– माला शिल्पमस्याः, शिल्पम् ४.४.५५ इति ठन्, ठस्येकः*] १.माला बनाउने मानिस/माली २.नदविशेष ३.पक्षीविशेष/चितेरा ४.घाँटीको गहना।

मालिका सप्तलापुत्री ग्रीवालङ्करणेऽपि च।
पुष्पमाल्ये नदीभेदे पक्षिभेदे च मालिकः॥ (मेदिनी.)

५.धोवी।

मालिका (स्त्री.) १.[*माला एव, स्वार्थे कन्, टाप् इत्वम्*] माला २.[*माला इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] पङ्क्ति//ताँती ३.देवी ४.सानो किसिमको माला ५.पक्की घरको माथिल्लो तला ६.अङ्गुरको रक्सी ७.आलस ८.चमेली ९.मालीजातकी आइमाई १०.गजरा।

मालिनी (स्त्री.) [*माला इव सञ्जातः, आरोहावरोहोऽस्याः, बह्वादिभ्यश्च ४.१.४५ इतीनिः*] १.पन्ध्र अक्षरका चरणमा हुने एक किसिमको वार्णिक छन्द। वार्णिक छन्दअन्तर्गत आउने समवृत्तको एक भेद। जुन श्लोकको प्रत्येक पाउमा नगण, नगण, मगण, यगण, यगण– (।।।, ।।।, ऽऽऽ, ।ऽऽ, ।ऽऽ) को प्रयोग हुन्छ र आठौँ तथा त्यसपछि सातौँ अक्षरमा विश्राम हुन्छ, त्यो मालिनी छन्द हुन्छ। **ननमयययुतेयं मालिनी भोगिलोकैः** (छन्दो.) २.अयोध्याबाट ५० माइल पर सरयूमा मिसिने एक नदी। यसै नदीको तीरमा कण्व ऋषिको आश्रम थियो।

जनयामास मुनिर्मेनकायां शकुन्तलाम्।
प्रस्थे हिमवतो रम्ये मालिनीमभितो नदीम्॥ (म.भा.)

३.चम्पानगरी ४.कार्तिकेयकी एक आमा ५.सातवर्षकी कन्या ६.आकाशगङ्गा ७.राक्षसीविशेष ८.रौच्यमनुकी आमा ९.दुर्गा [*मालिनः स्त्री*] माली जातिकी स्त्री १०.काठे दुरालभा।

मालिन्यम् (नपुं.) [*मलिनस्य भावः, ब्रुन्छण्कठ इत्यत्र सङ्काशदितया ण्यप्रत्ययः*] मालिन हुनाको भाव/मालिनता। **मालिन्यं व्योम्नि पापे यशसि धवलता वर्ण्यते हासकीर्त्योः।** (सा.द.)

मालिन्यमवलम्बेत यदा दर्पणवत्खलः।
तदैव तन्मुखे देयं रजो नान्या प्रतिक्रिया॥ (सुभा.)

माली (पुं.) [*माला पण्यत्वेन अस्ति अस्याः, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] १.मालाकार २.राक्षसविशेष ३.[*माला अस्थिमाला अस्त्यस्य*] शिव ४.(पुं.वि.) मालाधारी।

मालीयः (पुं.) [*मालायां भवः, मालाशब्दाद् वृद्धिर्यस्याचामादिस्तद्वृद्धम् १.१.७३ इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः*] मालामा भएको।

मालुधानः (पुं.) [*मालुरोषधी, तत्र धानमस्य, यद्वा मालुर्मरणं विदधाति, ल्युः, अनः*] १.साँवे सर्प २.महापद्मनामक नाग ३.छिरबिरे नाग।

मालुधानो मातुलाहौ मालुधानी लतान्तरे (विश्वः)।

मालूरः (पुं.) [*मां लक्ष्मीं शोभां परेषां वृक्षान्तराणां लुनाति, लूञ् छेदने इति धातोः, बाहुलकाद्रक्*] बेल।

स वारनारीकुचसञ्चितोपमं
ददर्श मालूरफलं पचेलिमम् (नैष.)।

मालोपमा (स्त्री.) उपमा अलङ्कारको एक भेद। एक उपमेयको भिन्न भिन्न धर्म भएका अनेक उपमान सित तुलना गरेर वर्णन गर्दा पर्ने अलङ्कार।

मदन झैँ अतिसुन्दर रूपमा
शशिसरी अतिशीतल नेत्रमा।
रवि समान समुज्ज्वल तेजमा
ठहरिए रघुनायक लोकमा॥

माल्यम् (नपुं.) [*माला एव, चतुर्वर्णादीनां स्वार्थे उपसङ्ख्यानम् (वा.) ५.१.१२४ इति स्वार्थे ष्यञ्, आलोपः ६.४.६४*] १.माला उन्ने फूल २.माला। **माल्यं कुसुमतत्स्रजोः** (मेदिनी.)।

माल्यवान् (पुं.) [*माल्याकारताऽस्यास्ति, मतुप् ५.२.९५*] १.पर्वतविशेष/भारतको नीलगिरिबाट दक्षिण, निषधको उत्तरपूर्वबाट पाश्चमतिर पाँच योजन फैलिएको पर्वत। यो किष्किन्धाको नजिकै पर्दछ। यस पर्वतबाट काबेरी नदी निस्किएको छ। २.माला लिएको व्यक्ति।

माषः (पुं.) [*मस्यते इति, मष हिंसायामिति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.दाल बनाउने अन्नविशेष २.दश गुञ्जाको एक नापो।

माषकः (पुं.) [*मष्यतेऽनेन, मष हिंसायाम् इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] माषा (तौलविशेष) २.अन्नविशेष/दाल बनाउने मास ३.मूर्ख ४ छालाको रोगविशेष।

माषो व्रीह्यन्तरे मूर्खे मानत्वग्दोषभेदयोः (मेदिनी.)।

माषपर्णी (स्त्री.) [*माषस्येव पर्णान्यस्याः, पाककर्ण– ४.१.६४ इति ङीष्*] मासलहरी।

माषीनम् (नपुं.) [*माषानां भवनं क्षेत्रम्, विभाषातिलमाषोमाभङ्गाणुभ्यः ५.२.४ इति खञ्, खस्य ईनः*] मास पैदा हुने जमिन।

माष्यम् (नपुं.) [*माषानां भवनं क्षेत्रम्, विभाषातिलमाषोमाभङ्गाणुभ्यः ५.२.४ इति यत्*] मास पैदा हुने जमिन।

मासः (पुं.) १.[*मसी परिमाणे इति धातोः, भावे ३.३.१८ इति घञ्,*] नापो विशेष २.[*मस्यते परिमीयते असावनेनेति अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] महिना तिस दिनको समय। **मासे मासे समा ज्योत्स्ना पक्षयोरुभयोरपि। तत्रैकः शुक्लपक्षोऽभूत् यशः पुण्यैरवाप्यते॥** (सुभा.) सूर्यले एक राशि भोग गरेकोलाई **सौरमास,** चन्द्रमाले बाह्रराशि भोगेकोलाई **चान्द्रमास,** ३० दिनको एक **सावनमास,** नक्षत्रको एक फन्कालाई एक **नाक्षत्रमास** र पृथ्वीले सूर्यलाई एकपल्ट पूरा परिक्रमा गर्दा लाग्ने समयलाई **संवत्सर** भनिन्छ। बृहस्पतिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२ राशि भोग गरेको समयलाई **परिवत्सर,** १२ सावनमासको एक **इडावत्सर,** बाह्र चान्द्रमासको एक **अनुवत्सर** र बाह्र नाक्षत्रमासको एक **वत्सर** हुन्छ।

मासरः (पुं.) [*मास्यते, मसी परिणामे इति धातोः, ण्यन्तात्, बाहुलकादरन्, मा श्रीः सरन्त्यत्र, इति वा, सृ गतौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ६.३.११८ इति घो वा*] भातको माड।

मासान्तः (पुं.) [*मासस्य अन्तः, ष.त.*] १.महिनाको आखिरी दिन/संक्रान्तिको अगिल्लो दिन/मसान्त २.अमावस्या।

मासार्द्धम् (नपुं.) [*मासस्य अर्द्धम्, ष.त.*] आधा महिना/१५ दिन।

देहावयवमासार्द्धपतत्रगृहभित्तिषु।

परिग्रहे समीपे च पक्षः षट्सु निगद्यते॥ (हला.)

मासिकः (पुं.वि.) १.[*मासेन निर्वृत्तम्, तेन निर्वृत्तम् ४.२.६८ इति ठञ्, ठस्य इकः*] एक महिनामा सम्पन्न २.[*मासं भृतः, तमधीष्टे भृतो भूतो भावी वा ५.१.८० इति ठञ्, ठस्य इकः*] वेतन दिएर १ महिनाको लागि राखिएको ३.[*मासं भूतः, पूर्ववत्*] एक महिना भएको (रोगी) ४.[*मासं भावी, पूर्ववत्*] एक महिनामा हुने (उत्सव) ५.[*मासमधीष्टः, पूर्ववत्*] एक महिना पढाउने ६.(पुं.वि.) [*मासि भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, इकः, वृद्धिः*] महिनामा हुने/माससम्बन्धी/प्रत्येक महिनामा हुने वा निस्कने ७.[*मासो देवता अस्य, मासशब्दात् ठञ्, ठस्य इकः, अलोपः*] मास देवता भएको हवि॥ **~धर्मः** (पुं.) [*मासिकश्चासौ धर्मश्च कर्मधा.स.*] स्त्रीहरूको प्रतिमास हुने रजोधर्म/ऋतु। **~पत्रिका** (स्त्री.) [*मासिकी चासौ पत्रिका, कर्म.स.*] महिना-महिनामा निस्कने पत्रिका।

मासिकम् (नपुं.) [*मासे भवम् कालाट्ठञ् ४.३.११ ठस्य इकः*] महिनामा गरिने श्राद्ध।

पिण्डान्वाहार्यकं श्राद्धं कुर्यान्मासानुमासिकम् (मनुः)।

मासीनः (पुं.वि.) [*मासं भूतः, मासाद् वयसि यत्खौ ५.१.८१ इति खः, खस्य ईनः*] एक महिना उमेर भएको।

मासौदनः (पुं.) [*मासमिश्रित ओदनः, म.प.स.*] खिचडी।

मास्म (अ.) [*मा च स्म च अनयोः समाहारः, द्व.स.*] निवारण अर्थ बुझाउने शब्द।

मास्यः (पुं.) [*मासं भूतः, मासाद् वयसि यत्खौ ५.१.८१ इति यत्*] एक महिना उमेर भएको।

माह (धा.) [*माने, सक.सेट्, उभय.*] नाप्नु, गन्नु, तौलनु। लट्– **महति-ते–** नाप्छ, गन्छ, तौलन्छ। लिट्– **ममाह-हे–** नापेछ, गनेछ, तौलेछ इत्यादि।

माहाकुलः (पुं.वि) [*महाकुलस्यापत्यम्, महाकुलादञ्खञौ ४.१.१४१ इति अञ्, वृद्धिः, अलोपः*] ठुलो कुलमा पैदा भएको।

माहाकुलीनः (पुं.वि.) [*महाकुलस्यापत्यम्, महाकुलादञ्खञौ ४.१.१४१ इति खञ्, खस्य ईनः, वृद्धिः, अलोपः*] ठुलो कुलको।

माहात्म्यम् (पुं.) [*महात्मनो भावः कर्म वा गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, नस्तद्धिते इति टिलोपः*] महत्त्व/वखान/विशेषता/महिमा।

माहात्म्यं भगवत्याश्च पुराणादिषु कीर्तितम् (ति.त.)।

माहाराजिकः (पुं.) [*महाराजे कुवेरे भक्तिरस्य, महाराजाट्ठञ् ४.३.९७ इति ठञ्, ठस्य इकः, वृद्धिः, टिलोपः*] कुबेरको भक्ति गर्ने देवयोनि-विशेष।

माहिष्यः (पुं.) [*महिष्यां साधुः, तत्र साधुः ४.४.९८ इति यत्, स्वार्थेऽण् २.४.३८ यद्वा– मह्यते, महति वा, मह पूजायाम् इति धातोः, अविमह्योष्टिषच् (उ.) ४५ इति ष्टिषच्, चतुर्वर्णादित्वात् (वा.) ५.१.१२४ स्वार्थे ष्यञ्*] वैश्य कन्यामा क्षत्रियबाट उत्पन्न भएको सन्तान।

माहेयः १.(पुं.वि.) [*मह्यां भवः, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः, आदिवृद्धिः, इलोपः*] पृथ्वीमा पैदा भएको। २.(पुं.) [*मह्या अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] मङ्गल। **कफपित्तसमुद्भूतां शिरः पीडां भयावहाम्। माहेयः कुरुते शोकं बुधस्यान्तर्दशां गतः॥** (समयामृत)

माहेयी (स्त्री.) [*मह्याः सुरभेरपत्यं स्त्री, नद्यादिभ्यो ढक् ४.२.९७, इति ढक्, ङीप्*] गाई। **गौरुस्रा प्रिया इला मही** (निरुक्त)।

मिच्छ (धा.) [*उत्क्लेशे, सक.सेट्, पर.*] पीडा दिनु, कष्ट दिनु। लट्– **मिच्छति–** पीडा दिन्छ, कष्ट दिन्छ। लिट्– **मिमिच्छ–** पीडा दिएछ, कष्ट दिएछ (अन.)। लुट्– **मिच्छिता–** पीडा दिनेछ, कष्ट दिनेछ (अन.)। लृट्–**मिच्छिष्यति–**पीडा दिने छ, कष्ट दिने छ इत्यादि।

मिजि (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] बोल्नु। लट्– **मिञ्जयति-ते–** बोल्छ इत्यादि।

मिढम् (पुं.) [*मिह्यते स्म, मिह सेचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पिसाब गरेको स्थल।

मितंपचः (पुं.) [*मितं पचति, मितनखे च ३.२.३४ इति खच्*] कन्जुस/ कृपणी।

यदधोऽधः क्षितौ वित्तं निचखान मितम्पचः।

तदधो निरयं गन्तुं चक्रे पन्थानमग्रतः॥ (सुभा.)

मितः (पुं.वि.) [*मा माने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, द्यतिस्यतिमास्था-७.४.४० इति आकारस्य इकारः, मिधातोर्वा क्तः*] १.परिमित २.बिताइएको। **राजंश्चतुर्दशैतानि त्रिकालानुगतानि ते। प्रोक्तान्येभिर्मितः कल्पो युगसाहस्रपर्ययः** (भाग. ८.१३.३६) **मितञ्च सारञ्च वचो हि वाग्मिता** (नैष.)।

मितद्रुः (पुं.) [*मितम् अत्यल्पं द्रवति चलति, द्रु गतौ इति धातोः हरिमितयोर्द्रुवः (उ.) ३५ इति कुः, डित्वम्, टिलोपः*] १.समुद्र २.सम्ममा बग्ने नदी ३ (पुं.वि.) परिमित गति भएको।

मितभाषी (पुं.वि.) [*मितं भाषते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] कम बोल्ने/अल्प भाषी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मितम् (नपुं.) [*माङ् माने इति धातोः निष्ठा इति क्तः, द्यतिस्यतिमास्था– ७.४.४० इति आकारस्य इकारः, मिधातोर्वा क्तः*] परिमित, समुचित। **मितभोजनं स्वास्थ्यम्** (चाणक्य)।

मितव्ययिता (स्त्री.) [*मितव्ययिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] किफायती/कम खर्च गर्ने काम वा मितव्ययी हुने काम।

मितव्ययी (पुं.) [*मितव्ययोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] कम खर्च गर्ने/किफायतसाथ खर्च गर्ने।

मिताक्षरः (पुं.वि.) [*मितानि अक्षराणि यस्य सः, बहु.स.*] थोरै अक्षर भएको।

मिताक्षरा (स्त्री.) [*मितानि अक्षराणि यस्यां सा, बहु.स.*] याज्ञवल्क्य स्मृतिको टीका। यसका रचयिता विज्ञानेश्वर हुन्।

मितार्थः (पुं.वि.) [*मितोऽर्थो यस्य सः, बहु.स.*] परिमित अर्थ भएको/सीमित अर्थ भएको।

मितार्थकः (पुं.) [*मितोऽर्थो यस्य सः, बहु.स.*] थोरै शब्द भनेर चातुर्यले– आफ्नो काम सिद्ध गर्ने दूत।

मिताहारः (पुं.वि.) १.[*मित आहारो यस्य सः, बहु.स.*] थोरै खाने/धेरै खान नसक्ने/परिमित आहार गर्ने। २.(पुं.) [*मितश्चासौ आहारश्च, कर्म.स.*] परिमित खाना।

सुस्निग्धमधुराहारश्चतुर्थांशविवर्जितः।
भुज्यते शिवसंप्रीत्यै मिताहारः स उच्यते॥
(हठयोगप्रदीपिका)

मितिः (स्त्री.) [*मीयते इति, मा माने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, इत्वम्*] १.मान २.सीमा/हद/समयको सीमा/म्याद/ ३.कुनै दिन तोक्नका लागि लेखिने गते, महिना, साल आदि दिनाङ्क।

मित्रः (पुं.) [*मेद्यते स्निह्यते, ञिमिदा स्नेहने इति धातोः, अमिचिमिदिशसिभ्यः क्त्रः (उ.६१३) इति क्त्रः*] १.सूर्य २.दैत्यविशेष ३.प्रथम मरुद्गण । **मित्रं सुहृदि न द्वयोः। सूर्ये पुंसि** (विश्वः) ४.वसिष्ठको एक छोरा ५.उत्तिस ६.देवताविशेष।

मित्रद्रोही (पुं.) [*मित्राय द्रुह्यतीति, द्रुह धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मित्रलाई धोखा दिने/मित्रप्रतिका विश्वासघाती।

मित्रभूयम् (नपुं.) [*मित्रस्य भावः, भुवो भावे ३.१.१०७ इति क्यप्*] मित्रता।

मित्रम् (नपुं.) [*मेद्यति स्निह्यति, ञिमिदा स्नेहने इति धातोः, अमिचिमिदिशसिभ्यः क्त्रः (उ.) ६१३ इति क्त्रः*] १.मित २.अभिन्न साथी।

ददाति प्रतिगृह्णाति गुह्यमाख्याति पृच्छति।
भुङ्क्ते भोजयते चैव षड्विधं मित्रलक्षणम्॥ (सुभा.)

३.सीमाना जोडिएको राजा।

मित्रं सहृदि न द्वयोः।
सूर्ये पुंसि स्त्रियां गन्धद्रव्ये दैत्यान्तरे पुमान् (मेदिनी.)।

महाभारत अनुसार मित्र चार प्रकारका हुन्छन्– सहज (स्वाभविक विचारको), सन्धिमित्र (सन्धि गरेर बनाइएको मित्र) धनमित्र (धन दिएर बनाइएको मित्र), प्रतापमित्र (प्रताप देखेर बनेको मित्र)।

वदन्ति मित्रं सहजं विचक्षणा
स्तथैव साम्ना च धनेन चार्जितम्।
प्रतापतश्चोपनतं चतुर्विधं
तदस्ति सर्वं तव पाण्डवेषु॥ (म.भा.)

मित्रमिश्रः (पुं.) धर्मशास्त्रका विशिष्ट विद्वान् तथा ग्रन्थकार। यिनका बाबुको नाम परशुराम र बाजेको नाम हंसपण्डित थियो। यिनको समय सत्रौं शताब्दी हो। यिनले **वीरमित्रोदय** र याज्ञवल्क्यस्मृतिको **भाष्य** लेखेका छन्। वीरमित्रोदय परिभाषा, संस्कार, आह्निक, पूजा, प्रतिष्ठा, राजनीति, व्यवहार, शुद्धि, श्राद्ध, तीर्थ, दान, व्रत, समय, ज्योतिष, शान्ति, कर्मविपाक, चिकित्सा, प्रायश्चित्त, प्रकीर्ण, लक्षण, भक्ति तथा मोक्ष गरी २२ प्रकाशमा विभक्त छ। सबै प्रकाशहरू विशालग्रन्थमय छन्। सबैको रचना पद्यमा भएको छ। व्रतप्रकाशमा २२६५० र संस्कारप्रकाशमा १७४१५ श्लोक छन्। राजनीतिप्रकाशमा राजशास्त्रका सबै विषयको वर्णन छ।

मित्रयुः (पुं.) [*मित्रं यातीति मृगय्वादयश्च (उ.) ३९ इति कुः, आलोपः*] १.मिलनसार २.मित्रवत्सल ३.ऋषिविशेष/लोमहर्षणका शिष्य।

मित्रराष्ट्रम् (नपुं.) [*मित्राणां राष्ट्रं वा, त.स.*] मैत्री सम्बन्ध वा कुटनीतिक सम्बन्ध भएको राष्ट्र।

मित्रशक्तिः (स्त्री.) [*मित्रस्य मित्रराष्ट्रस्य शक्तिः, ष.त.*] मित्र राष्ट्रको बल वा शक्ति।

मिथः (अव्य.) परस्पर।

मिथिला (स्त्री.) [*मथ्यन्ते रिपवोऽत्र इति, मथे विलोडने इति धातोः, मिथिलादयश्च (उ.) ६० इति इलच्, अकारस्य इत्वञ्च, टाप्*] जनकपुरको राजधानी/रामायणमा वर्णित जनक राजाको राजधानी।

मिथुनम् (नपुं.) [*मेथति जानाति ज्ञायते हिनस्ति वा तत्, मिथिः सौत्रो धातुः, तस्मात्, क्षुधिपिशिमिथिभ्यः, कित् (उ.) ३४२ इति उनः*] १.स्त्री–पुरुषको जोडी/भालेपोथी/ दम्पती २.मैथुन ३.बाह्र राशिमध्ये तेस्रो राशि। यसमा मृगशिरा नक्षत्रका तृतीय र चतुर्थ पाउ, आर्द्रा नक्षत्रका सबै पाउ तथा पुनर्वसु नक्षत्रका प्रथम, द्वितीय र चतुर्थ पाउ पर्दछन्। युगल आकार भएको हुँदा यसलाई मिथुन भनिएको हो। यो राशि पूर्वपश्चिम फैलिएको छ। यसको सीमा ६० अंशदेखि ९० अंशसम्म छ। यस राशिको पुनर्वसु नक्षत्र निकै चम्किलो देखिन्छ। यस राशिलाई २१ फरवरी राति ९ बजे याम्योत्तरवृत्तमा देख्न सकिन्छ। (ब्र.ज्यो.)

(मिथुनम्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथ्या (स्त्री.) [*मथते इति, मन्थ विलोडने इति धातोः, अघ्न्यादयश्च (उ.) इति निपातनात् साधुः*] झुटो/असत्य/ढाँट। **~नाम** (नपुं.) [*मिथ्या च तत् नाम च, कर्म.स.*] झुटो नाम/बनावटी नाम/नक्कली नाम। **~वादः** (पुं.) [*मिथ्या चासौ वादश्च, कर्म.स.*] झुटो अपवाद/मिथ्या आरोप। **~वादी** (पुं.वि.) [*मिथ्यां वदतीति, तच्छीलः, ताच्छील्ये णिनिः*] झुटो बोल्ने/असत्यवादी। **~ज्ञानम्** (नपुं.) [*मिथ्या च तद् ज्ञानञ्च, कर्म.स.*] भ्रान्ति/ भ्रम।

मिथ्याकारयमाणः (पुं.) [*मिथ्या कारयेत, मिथ्योपपदात्कृञोऽभ्यासे १.३.७१ इति आत्मनेपदम्, लटः शानच् ३.२.१२४ मुमागमः*] झुटो सावित गराइरहेको।

मिथ्याचारः (पुं.) [*मिथ्या चासौ आचारश्च कर्म.स.*] कपटपूर्ण आचरण/कपटी व्यक्ति।

मिथ्यादृष्टिः (पुं.) [*'मिथ्या' इत्यपह्नवे, तद्विषयिणी दृष्टिः*] झुटो ज्ञान।

मिथ्याभियोगः (पुं.) [*मिथ्या चासावभियोगश्च, कर्म.स.*] झुटो अभियोग।

मिथ्याभिशंनम् (नपुं.) [*मिथ्यैव अभिशंसनम्*] झुटो प्रशंसा।

मिथ्यामतिः (पुं.) [*मिथ्या चासौ मतिश्च, कर्मधा.स., मिथ्या इति अव्ययम्*] झुटो बुद्धि/मिथ्या ज्ञान।

मिथ्यारोपणम् (नपुं.) [*मिथ्याया आरोपणम्, कर्म.स.*] झुटो आरोप लगाएर बदनाम गर्नु।

मिदि (धा.) [*स्नेहने, चुरा..सक.सेट्, उभय.*] चिल्लो हुनु, पग्लनु, पोल्नु, प्रेम गर्नु, नरम हुनु। लट्– **मिन्दयति–ते–** चिल्लो हुन्छ, पग्लन्छ, पोल्छ, प्रेम गर्छ, नरम हुन्छ इत्यादि।

मिदृ (धा.) [*मेधाहिंसनयोः, भ्वा. सक.सेट्, उभय.*] सम्झनु, जान्नु, पीडा दिनु, दुःख दिनु, हानी गर्नु। लट्– **मेदति–ते–** सम्झन्छ, जान्दछ, पीडा दिन्छ, दुःख दिन्छ इत्यादि।

मिन्नः (पु.वि.) [*मिद्यते स्म, इति ञिमिदा स्नेहने इति धातोः, निष्ठा, ३.२.१०२ इति क्तः, तदयोर्नः, आदितश्च ७.२.१६ इति इण् निषेधः*] मुलायम शरीर भएका/माया गर्न लायक।

मिल (धा.) [*सङ्गमे, अक.सेट्, उभय.*] भेट हुनु, मिल्नु। लट्– **मिलति–ते–** भेट हुन्छ, मिल्छ। लिट्– **मिमेल–मिमिले–** भेट भएछ, मिलेछ (अन.)। लुट्– **मेलिता–** भेट हुने छ, मिल्ने छ (अन.)। लृट्– **मेलिष्यति–ते–** भेट हुने छ, मिल्ने छ। लोट्– **मिलतु–ताम्–** भेटोस्, मिलोस्। लङ्– **अमिलत्–** भेट्यो, मिल्यो (अन.)। विधिलिङ्– **मिलेत्–त–** भेट्ला, मिल्ला, भेटोस्, मिलोस्। आशीर्लिङ्– **मिल्यात्–मिलिषीष्ट–** भेटोस्, मिलोस्। लुङ्– **अमेलीत्–अमेलिष्ट–** भेट्यो, मिल्यो। लृङ्– **अमेलिष्यत्–त–** भेट्ने थियो, मिल्ने थियो इत्यादि।

मिलनशीलः (पुं.) [*मिलने शीलं यस्य सः, बहु.स.*] सबैसित मिल्ने स्वभावको/मिलजुल गर्ने प्रकृतिको/मिलनसार।

मिलितः (पुं.वि.) [*मिल्यते स्म, मिल सङ्गमे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मिलेको/मिश्रित/जोडिएको/संयुक्त।

मिवि (धा.) [*सेचने, सक.सेट्, पर.*] भिजाउनु। लट्– **मिन्वति–** भिजाउँछ इत्यादि।

मिश (धा.) [*शब्दे रोषे, बन्धने, गतौ च, सक.सेट्, पर.*] शब्द गर्नु, रिस गर्नु, बाँध्नु, जानु। लट्– **मेशति–** शब्द गर्छ, रिस गर्छ, बाँध्छ, जान्छ इत्यादि।

मिश्र (धा.) [*सम्पर्के, सक.सेट्, उभय.*] मिस्नु। लट्– **मिश्रयति–ते–** मिसाउँछ। लिट्– **मिश्रयाञ्चकार– चक्रे –**मिसाएछ, (अन.)। लुट्– **मिश्रयिता–** मिसाउने छ (अन.)। लृट्– **मिश्रयिष्यति–ते–** मिसाउने छ। लोट्– **मिश्रयतु–ताम्–** मिसाओस्। लङ्– **अमिश्रयत्–त–**मिसायो (अन.)। विधिलिङ्**– मिश्रयेत्–त–** मिसाउला, मिसाओस्। आशीर्लिङ्– **मिश्र्यात्–मिश्रयिषीष्ट–** मिसाओस्। लुङ्– **अमिमिश्रत्–त–** मिसायो। लृङ्– **अमिश्रयिष्यत्–त–** मिसाउने थियो इत्यादि।

मिश्रः (पुं..) [*मेशति, मिश शब्दे रोषे बन्धने गतौ च इति धातोः, स्फायितञ्चिवञ्चि-(उ.) १७८ इति बाहुलकाद् रक्*] मिश्रण।

मिश्रणम् (नपुं.) [*मिश्र्यते इति, मिश्र सम्पर्के इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] दुई वा धेरै पदार्थ मिसाउने काम/मिसावट।

मिश्रितः (पुं.वि.) [*मिश्र्यते स्म, मिश्रधातोः निष्ठायां क्तः*] मिसिएको।

मिश्रेया (स्त्री.) [*मिश्रयतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ईयते, इण् गतौ इति धातो, अचो यत् ३.१.९७ इति यत्, मिश्रा चासावेया च, शकन्ध्वादिः (वा.) ६.१.९४*] वनसुप।

मिष (धा.) [*स्पर्धायाम्, अक.सेट्, पर.*] प्रतिस्पर्धा गर्नु। लट्– **मिषति–** प्रतिस्पर्धा गर्छ इत्यादि।

मिषु (धा.) [*सेचने, सक.सेट्, पर.*] भिजाउनु। लट्– **मेषति–** भिजाउँछ इत्यादि।

मिष्टः (पुं.) [*मिष्यते स्म, मिषु सेचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] गुलियो/मिठो/स्वादिष्ट। **~भाषी** (पुं.) [*मिष्टं भाषते इति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मिठो बोली बोल्ने व्यक्ति। **~मुखः** (पुं.) [*मिष्टं मुखं यस्य सः, बहु.स.*] मिठो बोली बोल्ने।

मिष्टान्नम् (नपुं.) [*मिष्टञ्च तद् अन्नञ्च कर्म.स.*] हलुवाइ रोटी/मिठाइ।

मिसिः (स्त्री.) [*मस्यति, मसी परिणामे इति धातोः, इन् (उ.), पृषोदरादित्वात् ६.३.१ साधुः*] १.ज्वानु २.सूप। **मिसिःस्त्री मधुरामांस्योः शतपुष्पाजमोदयोः** (मेदिनी.)।

मिसी (स्त्री.) [*मस्यति, मसी परिणामे इति धातोः, सर्वधातुभ्य इन् (उ.) कृदिकारात् (ग.) ४.१.४५ इति वा ङीष्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] जटामसी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिह (धा.) [*सेचने, सक.अनिट् पर.*] भिजाउनु, पिसाब फेर्नु। लट्– **मेहति–** भिजाउँछ, पिसाब फेर्छ इत्यादि।

मिहिका (स्त्री.) [*मेहति स्निह्यति मिहधातोः, क्वुन् शिल्पिसंज्ञयोः (उ.) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] हिउँ। **अवस्यायस्तु निहारस्तुषरस्तुहिनं हिमम्। प्रालेयं मिहिका च** (अमर.)।

मिहिरः (पुं.) १.[*मेहयति सेचयति पृथिवीं मेघजलेन सः, मिह सेचने इति धातोः, इषिमदिमुदिखिदि- (उ.) इति किरच्*] सूर्य २.[*मुह्यति यस्मै सः*] बुद्ध ३.कामुक ४.मूर्ख। **मिहिरः सूर्यबुद्धयोः। मिहिरः कामिमूर्खयोः** (मेदिनी.)।

मी (धा.) [*गतौ, सक.सेट् उभय.*] जानु। लट्– **माययति-ते–** जान्छ इत्यादि।

मीङ् (धा.) [*हिंसायाम्, अक.अनिट् आत्म.*] मार्नु, शरीर त्याग गर्नु। लट्– **मीयते–** मार्छ, शरीर त्याग गर्छ इत्यादि।

मीञ् (धा.) [*बन्धने हिंसायाम् च, सक.अनिट् उभय.*] बाँध्नु हिंसा गर्नु। लट्– **मीनाति–** बाँध्छ, हिंसा गर्छ। लिट्– **ममौ–** बाँधेछ, हिंसा गरेछ (अन.) इत्यादि।

(मीनः)

मीनः (पुं.) [*मीनाति हिनस्तीति, मीञ् बन्धने हिंसायाञ्च इति धातोः, फेनमीनौ (उ.) २९० इति निपातः*] १.माछो/मत्स्य २.विष्णुका दश अवतारमध्ये एक अवतार ३.बाह्रौं राशि। यसमा पूर्वभाद्रपदाको चतुर्थ पाउ, उत्तर भाद्रपदा र रेवती नक्षत्रका सबै पाउ पर्दछन्। **मीनो राश्यन्तरे मत्स्ये।** (विश्व.)। यसको आकार माछाको जस्तो भएकाले यसलाई मीन भनिएको हो। यसको सीमा ३३० अंशदेखि ३६० अंशसम्म छ। यो राशि कुम्भ राशिको उत्तरपूर्वी क्षेत्रमा पर्दछ। यसलाई २१ नोबेम्बर, रातको ९ बजे याम्योत्तर रेखामा देख्न सकिन्छ। (ब्र.ज्यो.)

मीनकेतनः (पुं.) [*मीनशब्दो जलचरोपलक्षणार्थः मीनो मकरः केतनं ध्वजो यस्य सः, बहु.स.*] कामदेव।

मीमांसकः (पुं.) १.[*मीमांसामधीते वेत्ति वा क्रमादिभ्यो वुन् ४.२.६१ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] मीमांसाको अध्येता २.[*मीमांसते इति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, तस्य अकः*] विवेचक/समालोचक।

मीमांसको महीपोऽयमन्यथा शक्तिमान् कथम्।
नैयायिकोऽपि स्यादेव परशक्तेस्तु खण्डनात्॥ (सुभा.)

मीमांसा (स्त्री.) [*मान पूजायामिति धातोः, सनि, अ प्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.४, इकारस्य दीर्घश्च*] १.अनुमान वा तर्क वितर्कद्वारा कुनै कुराको वास्तविकताको निधो गर्नु/खोज २.गवेषणा/विवेचना ३.समीक्षा ४.एक दर्शनशास्त्र। धर्म, कर्मको मीमांसा गर्ने हुँदा यसलाई धर्ममीमांसा पनि भनिन्छ। **धर्माख्यं विषयं वस्तु मीमांसायाः प्रयोजनम्–** (श्लो.वा. ११) मीमांसा दुई भागमा विभक्त छ– कर्ममीमांसा र ज्ञानमीमांसा। कर्ममीमांसालाई पूर्वमीमांसा भनिन्छ भने ज्ञानमीमांसालाई उत्तरमीमांसा भनिन्छ। मीमांसा भन्नाले जैमिनि ऋषिले बनाएको पूर्वमीमांसा र उत्तरमीमांसा भन्नाले वेदान्त दर्शन भन्ने बुझिन्छ।

मीमांसादर्शनम् (नपुं.) महर्षि जैमिनीद्वारा प्रवर्तन गरिएको दर्शनको एक भेद। यस सिद्धान्तको मूल ग्रन्थ **जैमिनीसूत्र** हो। यिनको समय वि.पू. ३०० वर्ष मानिन्छ। मीमांसासूत्र १२ अध्यायमा विभक्त छ र यसमा २६४४ सूत्र छन्। यसमा मुख्यतः धर्मको विवेचना भएको छ। यसमा ई. २०० का शवरस्वामीले विशद भाष्य लेखेका छन्। यसलाई **शावर भाष्य** भनिन्छ। पछि गएर मीमांसामा तीन मत देखापरे- भाट्टमत, गुरुमत र मिश्रमत। भाट्टमतका प्रतिपादक कुमारिल भट्ट हुन्। यिनको समय ई. ६०० हो। यिनले **श्लोकवार्तिक, तन्त्रवार्तिक** र **टुप्टीका** नामक ग्रन्थको रचना गरेका छन्। यी तीनवटै ग्रन्थ शावरभाष्यका वार्तिक हुन्। कुमारिलका प्रसिद्ध शिष्यको नाम मण्डन मिश्र हो। यिनले **विधिविवेक, भावनाविवेक, विभ्रमविवेक, मीमांसासूत्रानुक्रमणी** लेखेका छन्। भाट्टसम्प्रदायका अरु आचार्यमा पार्थसारथि मिश्र, माधवाचार्य र खण्डदेवको नाम बढी प्रसिद्ध छ। पार्थसारथिका ४ ग्रन्थ उपलब्ध छन्– **तर्करत्न, न्यायरत्नमाला, न्यायरत्नाकर** र **शास्त्रदीपिका**। माधवाचार्य वेदका व्याख्याता हुन्। यिनले न्यायरत्नमाला नामक उपयोगी ग्रन्थको रचना गरेका छन्। खण्डदेव मिश्र नव्यमतका प्रतिपादक हुन्। यिनले तीनवटा पाण्डित्यपूर्ण ग्रन्थको रचना गरेका छन्– **भाट्टकौस्तुभ, भाट्टदीपिका** र **भाट्टरहस्य**। गुरुमतका प्रवर्तक प्रभाकर मिश्रले शावर भाष्यका दुईवटा टीका लेखेका छन्– **बृहती** र **लघ्वी**। यिनका चेला शालिकनाथले **ऋजुविमला, दीपशिखा** र **प्रकरणपञ्जिका** नामक तीन पञ्जिका लेखे। यस मतका अन्य आचार्यमा **नयविवेक**का लेखक भवनाथ अथवा भवदेव र **प्रभाकरविजय**का लेखक नन्दीश्वर प्रसिद्ध छन्। गङ्गेशोपाध्याय र उनका छोरा वर्द्धमानका ग्रन्थमा मुरारिमतको उल्लेख छ। मुरारि मिश्र यस मतका प्रवर्तक हुन्।

मीमृ (धा.) [*गतौ शब्दे च, सक.सेट् पर.*] जानु, शब्द गर्नु। लट्– **मीमति–** जान्छ, शब्द गर्छ इत्यादि।

मील (धा.) [*निमेषणे, सक.सेट् पर.*] आँखा चिम्लनु। लट्– **मीलति–** आँखा चिम्लन्छ। **उन्मीलति–** विकसित हुन्छ, फुल्छ, फैलन्छ। **निमीलति–** बन्द हुन्छ, चिम्लन्छ। लिट्– **मिमेल–** आँखा चिम्लेछ (अन.)। लुट्– **मीलिता–** आँखा चिम्लने छ (अन.)। लृट्– **मीलिष्यति–** आँखा चिम्लने छ। लोट्– **मीलतु–** आँखा चिम्लोस्। लङ्– **अमीलत्–** आँखा चिम्लियो (अन.)। विधिलिङ्– **मीलेत्–** आँखा चिम्लला, आँखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिम्लोस्। आशीर्लिङ्— **मील्यात्—** आँखा चिम्लोस्। लुङ्— **अमीलीत्—** आँखा चिम्ल्यो। लृङ्— **अमीलिष्यत्—** आँखा चिम्लने थियो। कर्मणि— **मील्यते—** आँखा चिम्लिइन्छ। णिचि— **मीलयति-ते—** आँखा चिम्लन लगाउँछ। सनि— **मिमीलिषति—** आँखा चिम्लन चाहन्छ। कृदन्ते— **मीलितुम्—** आँखा चिम्लन। **मीलनम्—** आँखा चिम्लने काम। **मीलित्वा/निमील्य—** आँखा चिम्लेर इत्यादि।

मीलितम् (नपुं.) १.[*मील निमेषणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] आँखा बन्द हुनु/चिम्लनु २.[*मील्यते स्म, निष्ठा ३.२.१०२ इति कर्मणि क्तः*] खुम्चेको/सङ्कुचित/बन्द भएको ३.लोकन्यायमूलक एक अर्थालङ्कार। दुई समान वस्तु मध्ये एक वस्तु अर्को वस्तुको प्रभावमा आएर तिरोहित भएको वर्णन हुँदा मीलित अलङ्कार पर्छ। मीलितको अर्थ मिल्नु भन्ने हुन्छ। यसमा नीरक्षीरन्यायानुसार एक वस्तु अर्को वस्तुमा विलीन हुन्छ।

मीव (धा.) [*स्थौल्ये, अक.सेट्, पुर.*] मोटाउनु। लट्— **मीवति—** मोटाउँछ इत्यादि।

मुकुटम् (नपुं.) [*मङ्कते मण्डयति, मकि मण्डने इति धातोः, उटन्, नलोपश्च, बाहुलकाद् धातोरत उः*] देवता वा राजाले टाउकामा लगाउने विशेष प्रकारको आभूषण/श्रीपेज।

मुकुन्दः (पुं.) [*मुकुं मुक्तिं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४, पृषोदरादित्वान्नः*] १.विष्णु/कृष्ण २.पालुङ्गो साग ३.निधिविशेष। **मुकुन्दः पारदे विष्णौ रत्नभेदे च कुन्दुरौ** (मेदिनी.)। ४.प्याज ५.सठिया धान।

मुकुरः (पुं.) [*मङ्कते मण्डयतीति, मकि मण्डने इति धातोः, मुकुरदर्दुरौ (उ. ४०) इति सूत्रेण उरच्, नलोपः, उपधाया पक्षे उकारश्च*] १.ऐना २.बकुल ३.कुह्मालेको दण्ड ४.मौलसरी ५.बयर। **मकुरः स्यान्मुकुरवद् दर्पणे बकुलद्रुमे। कुलालदण्डे** (मेदिनी.)।

मुकुलः (पुं./नपुं.) [*मुञ्चति कलिकात्वम्, मुच्लृ मोचने इति धातोः, बाहुलकाद् घुलक्*] १.कोपिला/कली २.शरीर ३.जीवात्मा ४.छन्दविशेष।

मुकुलभट्टः (पुं.) संस्कृत काव्यशास्त्रका एक प्रकाण्ड विद्वान्। यिनले **अभिधावृत्तिमातृका** नामक ग्रन्थ लेखेका छन्। यिनको समय नवौँ शताब्दी मनिन्छ। यिनी व्यञ्जनाविरोधी आचार्य हुन्। यिनले अभिधाका १० भेदको कल्पना गरेर त्यसैभित्र लक्षणा र व्यञ्जनालाई समाहित गरेका छन्।

मुकुलितः (पुं. वि.) [*मुकुलमस्य सञ्जातः, तदस्य सञ्जातं तारकादिभ्यो इतच् ५.२.३६ इति इतच्*] १.कोपिला लागेको/केहीफुलेको/अलिकति मात्र फक्रेको २.आधा आँखा चिम्लिएको।

मुक्तः (पुं.) [*मुच्यते स्म, मुच्लृ मोचने इति धातोः क्तः*] १.मुक्ति पाएको/मोक्ष प्राप्त भएको २.बन्धन रहित, बन्धनबाट छुटेको। **~कण्ठः** (पुं.) [*मुक्तः कण्ठो येन सः, बहु.स.*] सङ्कोच नमान्ने स्पष्टरूपमा खुलस्त भन्ने। **~छन्दः** (नपुं.) [*मुक्तं छन्दः छन्दोनियमो यत्र तत्, बहु.स.*] मात्रा, वर्ण आदिको गणना नगरी उक्तिको वेगअनुसार चरणहरू छुट्ट्याइने एक किसिमको छन्द। **~वाणिज्यम्** (नपुं.) [*मुक्तञ्च तद् वाणिज्यञ्च, कर्म.स.*] कर नलाग्ने व्यापार/विदेश निर्यात गर्दा करबाट छुट पाएको व्यापार/मुक्त व्यापार। **~वाणिज्यनीतिः** (स्त्री.) [*मुक्तवाणिज्यस्य नीतिः, ष.त.*] कुनै देशका साथ वैदेशिक कर नलाग्ने वाणिज्य नीति/विदेशबाट आयात गर्दा कर नलाग्ने व्यापार नीति।

मुक्तककाव्यम् (नपुं.) [*मुक्तकञ्च तत् काव्यञ्च, कर्म.स*] हे. **मुक्तकम्**। संस्कृत भाषामा तीनथरी मुक्तक काव्य उपलब्ध छन्— शृङ्गारपरक, नीतिपरक र स्तोत्रपरक। शृङ्गारपरक मुक्तकको इतिहास निकै पुरानो भएपनि यसको विधिवत् थालनी कालिदासको **ऋतुसंहार**बाट भएको मानिन्छ। **शृङ्गारतिलक**, **पुष्पबाणतिलक** र **राक्षसकाव्य** पनि मुक्तक काव्य हुन्। यिनको रचना प्रसिद्ध कालिदासदेखि भिन्न कालिदासबाट भएको हो। अर्को **शृङ्गारतिलक** घटखर्परले रचना गरेका छन्। यसमा यमक अलङ्कारको प्राधन्य छ। शृङ्गारपरक मुक्तकको प्रणयनमा भर्तृहरिको नाम उल्लेखनीय छ। उनले **शृङ्गारशतक**मा सुन्दर मुक्तकको सृजना गरेका छन्। यसै क्रममा देखापर्ने अर्का मूर्द्धन्य कवि अमरुक हुन्। उनले रचना गरेको **अमरुशतकम्** भन्ने काव्यमा १०० मुक्तक पद्यको सङ्कलन छ। प्रत्येक पद्य आफैमा पूर्ण, स्वतन्त्र र काव्यात्मक छन्। शृङ्गारपरक अन्य मुक्तककारहरूमा **चौरपञ्चाशिकाका** रचयिता विह्लण (एघारौँ शताब्दी), **आर्याशप्तशतीका** प्रणेता गोवर्द्धनाचार्य, **गीतगोविन्द**कार जयदेव, **गीतराघव**का रचयिता प्रभाकर र हरिशङ्कर (एउटै नामका भिन्न कृति) **जानकीगीता**का हर्याचार्य, **रामविलास**का रचयिता हरिनाथ, **रोमावलीशतकम्**का प्रणेता विश्वेश्वर, **भामिनीविलास**का स्रष्टा पण्डितराज जगन्नाथ आदि मुख्य छन्। नीतिपरक मुक्तककारहरूमा चाणक्य, भर्तृहरि र भल्लटको नाम उल्लेखनीय छ। स्तोत्रमुक्तकको प्रारम्भ वेदबाटै हुन्छ। वैदिकसाहित्यमा अनेक स्तोत्रहरू छन्। रामायण, महाभारत, महापुराण तथा उपपुराणहरूमा प्रशस्त स्तोत्र छन्। स्वतन्त्ररूपमा रचिएका स्तोत्रहरूको सङ्ख्या पनि प्रशस्त छ। ती मध्ये पुष्पदन्त (ई. ८००) को **शिवमहिम्नः स्तोत्रम्**, **मयूर भट्टको मयूरशतकम्**, बाणभट्टको **चण्डीशतकम्**, शङ्कराचार्यका २०० भन्दा बढी **स्तोत्रहरू**, वेङ्कटाध्वरिको **लक्ष्मीसहस्रम्**, सोमेश्वरको **रामशतकम्**, उत्पलदेवको **शिवस्तोत्रावली**, जगद्धर भट्टको **स्तुतिकुसुमाञ्जली** समन्तभद्रको **चतुर्विंशिका**, वज्रदन्तको **लोकेश्वरशतकम्** आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुख्य छन्। कतिपय स्तोत्रहरूका कविहरूको पत्तो छैन भने कतिपय स्तोत्रहरू अझै पनि अप्रकाशित अवस्थामा नै छन्। नेपालको अभिलेखालयमा पनि त्यस्ता स्तोत्रहरूको सङ्ख्या प्रशस्त छ।

मुक्तकञ्चुकः (पुं.) [*मुक्तः कञ्चुको येन सः, बहु.स.*] काँचुली छोडेको सर्प।

मुक्तकम् (नपुं.) पूर्वापर प्रसङ्गको अपेक्षा नगरी रसास्वाद गराउन सक्ने पद्य। यसमा कथात्मक योजना हुँदैन। सबै पद्य अथवा रचनाहरू स्वतन्त्र हुन्छन्। रसचर्वणाको स्थिति सबै पद्यमा उत्तिकै रहन्छ। हेमचन्द्रले एकै छन्दमा वाक्यार्थ (भन्न खोजेको कुरो) पूरा हुने रचनाविशेषलाई मुक्तक भनेका छन्। **एकेन छन्दसा वाक्यार्थसमाप्तौ मुक्तकम्।** (काव्यानु. ८.१०) **मुक्तके कवयोऽनन्ताः सङ्घाते कवयः शतम्। महाप्रबन्धे तु कविरेको द्वौ दुर्लभास्त्रयः॥** (काव्यमीमांसा)

मुक्ता (स्त्री.) [*मुच्यते स्म, मोच्यते निःसार्यते इति वा, मुच्लृ मोचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] १.मोती २.वेश्या। **मुक्ता मौक्तिकपुंश्चल्योः** (हैम.)।

मुक्तात्मा (पुं.वि.) [*मुक्त आत्मा यस्य सः,बहु.स.*] १.मोक्षप्राप्त गरेको २.आसक्तिरहित ३.(पुं.) [*मुक्तश्चासौ आत्मा*] मुक्त भएको आत्मा।

मुक्तावली (स्त्री.) [*मुक्तानामावली दीर्घा पंक्तिः*] १.मोतीको माला। **मुक्तावली हारः** (रभस.) २.कारिकावलीको टीका/ न्यायसिद्धान्त मुक्तावली।

मुक्तिः (स्त्री.) [*मोचनम्, मुच्लृ मोचने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बन्धनबाट छुट्ने काम/छुटकारा २.मोक्ष/धार्मिक विचारअनुसार बारम्बार हुने जन्ममरणबाट छुट्नु। **मुक्तिर्मोचनमोक्षयोः** (हैम.)। **~युद्धम्** (पुं.) [*मुक्तेर्युद्धम्, ष.त.*] १.अर्को राष्ट्रको अधीनता, दासत्व आदिबाट आफ्नो देशलाई स्वतन्त्र पार्ने वा छुटकारा दिलाउने सङ्घर्ष २.आफ्नो देशका शोषक सामन्त शासकको अधीनबाट मुक्त गरिने गृह आन्दोलन वा आन्तरिक सङ्घर्ष। **~क्षेत्रम्** (नपुं.) [*मुक्तेः क्षेत्रम्, ष.त.*] १.ब्रह्म २.नेपालको वाग्लुङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको तीर्थ स्थान/काली नदीको उद्गम स्थल।

मुक्तिनाथः (पुं.) [*मुक्तेर्नाथः, ष. त.*] १.ब्रह्म २.काठमाडौँबाट उत्तरपश्चिमी भागमा अवस्थित मुस्ताङ जिल्लामा पर्ने २२००० फिट अग्लो हिमाली खण्डमा रहेको प्रसिद्ध एक तीर्थ। यहाँ अघि ब्रह्माले जलरूप विष्णु, अग्निरूप शिवको एउटै ठाउँमा आवाहन गरी घिउ र खीरले ज्ञानस्वरूप यज्ञमा सबै प्राणीले मुक्ति पाउन् भनी यज्ञ गरेकाले मुक्तिक्षेत्र नाम रहन गएको हो। यहाँ चतुर्बाहु विष्णु भगवान्को पाषाणमूर्ति, गुप्तधारा भएर आएकी मन्दाकिनीका १०८ धारा, झरना, ज्वालादेवी, शिवलिङ्ग आदि अनेक देवताहरू छन्। यो ठाउँ शालग्राम पर्वतमा पर्दछ। **मुक्तिहेतोः कृतो यज्ञो ब्रह्मणा सुभृतां परः। मुक्तिक्षेत्र इति ख्यातः** (शालग्रामरहस्य)।

(मुक्तिनाथः)

मुखचपला (स्त्री.) [*मुखेन चपला, तृ.त.*] १.चोथाले २.चपलाको पूर्वार्द्ध र आर्याको उत्तरार्द्ध मिली बनेको मात्रिक छन्द।

मुखम् (नपुं.) [*खनति विदारयति अन्नादिकमनेन, खनु अवदारणे इति धातोः, डित् खनेर्मुट् स चोदात्तः (उ.) ७०८ इति अच् मुट् च*] १.मोहडा २.आनन/मुख/अनुहार/चेहरा।

ओष्ठौ च दन्तमूलानि दन्ता जिह्वा च तालु च।
गलो गलादिसकलं सप्ताङ्गं मुखमुच्यते॥ (भा.प्र.)

३.सुरुको भाग/प्रारम्भ।

अथेप्सितं भर्तुरुपस्थितोदयं
सखीजनोद्वीक्षणकौमुदीमुखम् इति रघुवंशे कौमुद्या मुखम् प्रारम्भमिति मल्लिनाथः ४.नाटकमा प्रयोग हुने प्रथमसन्धि ५.प्रधान।

नक्षत्राणां मुखं चन्द्र आदित्यस्तेजसां मुखम्।
पर्वतानां मुखं मेरुर्गरुडः पततां मुखम्॥ (म.भा. २.२८.२७-२९) ६.निकास/निस्कने, पस्ने बाटो। ७.द्वार। **नदीमुखेनेव समुद्रमाविशत्।** (रघु. ३.२८) ८.अग्र भाग।

तस्मात् सर्वप्रयत्नेन प्रबोधयितुमीश्वरीम्।
ब्रह्मद्वारमुखे सुप्ते मुद्राभ्यासं समाचरेत्॥

(हठयोगप्रदीपिका ३.५) ९.तगारो। **मुखमुपाये प्रारम्भे श्रेष्ठे निःसरणास्ययोः** (हैम.) १०.प्रथम/आद्य। **अचक्षुर्विषयः प्रायाद् यथार्कः क्षणदामुखे॥** (रामा. २.५०.७) ११.बडहर। **लकुचो लिकुचो नुत्तः खगवक्त्रो मुखो डहुः॥** (शब्दचन्द्रिका) १२.उपाय १३.मुखको प्वाल। **प्रजासृजा यतः खातं तस्मादाहुर्मुखं बुधाः॥** (भरत) १४.शब्द १५.नाटक १६.वेद (शब्दरत्नावली)।

मुखच्छदः (पुं.) [*मुखस्य छदः, ष.त.*] चेहरा वा मुखलाई लुकाउन वा नचिनिने हुन लगाइने कपडाको खोल/नकाब/मुकुन्डो।

मुखपत्रम् (नपुं.) [*मुखं प्रधानं पत्रम्*] कुनै संस्था वा दलको विचार, सिद्धान्त वा उद्देश्यको प्रतिपादन गर्ने सामयिक पत्रिका।

मुखपात्रम् (नपुं.) [*मुखं प्रधानं पात्रम्*] सरकार वा अरू कुनै संस्था आदिको तर्फबाट आधिकारिक रूपले कुनै कुराको कथन गर्ने वा व्याख्यान गर्ने व्यक्ति/प्रवक्ता।

मुखपृष्ठम् (नपुं.) [*मुखं प्रधानं पृष्ठम्, कर्म.स.*] पुस्तक पुस्तिका र पत्रपत्रिकाको अघिल्लो वा बाहिरी पत्र वा बाहिरी पृष्ठमा रहने कुरा/मुखबन्ध।

मुखमण्डलम् (नपुं.) [*मुखस्य मण्डलम्, ष.त.*] अनुहार/चेहरा/मुखाकृति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुखरः (पुं.वि.) [*मुखम् अस्यास्तीति, नखमुखात् संज्ञायाम् ४.१.५८ इति रः*] मनपरी बोल्ने स्वभावको/अप्रिय बचन बोल्ने/मुखाले/चोथाले/बाज्ने/शब्द गर्ने।

मुखवासनः (पुं.) [*मखं वासयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] मुखलाई सुवासित तुल्याउने पदार्थ।

मुखशुद्धिः (स्त्री.) [*मुखस्य शुद्धिः, ष.त.*] दतिवन, मन्जन आदिद्वारा मुख सफा गर्नु/भोजन गरिसकेपछि पान, सुपारी ल्वाङ आदि खाएर मुख शुद्ध गर्नु।

मुखश्रीः (स्त्री.) [*मुखस्य श्रीः, ष.त*] मुखको शोभा/तेज/कान्ति।

मुखसन्धिः (पुं.) [*मुखमिति सन्धिः, कर्म.स.*] रूपकमा आउने पाँच सन्धिमध्येको पहिलो सन्धि।

मुखं बीजसमुत्पत्तिर्नानार्थरससम्भवा (दशरूपक १.२४)। मुखसन्धिमा अनेक रसले युक्त भएको नाटकको बीजलाई उत्पन्न गर्ने अंश रहेको हुन्छ। बीज अर्थप्रकृति र आरम्भ कार्यावस्थालाई यसले जोड्छ। मुखसन्धिका १२ अङ्ग छन्– उपक्षेप, परिकर, परिन्यास, विलोभन, युक्त, प्राप्ति, समाधान, विधान, परिभावना, उद्भेद, भेद तथा करण। हे. **साहित्यदर्पणः**।

मुखस्थः (पुं.) [*मुखे तिष्ठतीति, उप.त., ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः, आलोपः ६.४.६४*] १.कण्ठस्थ/कण्ठ भएको/मुखाग्र २.मुखभित्रको।

मुखाग्निः (स्त्री.) [*मुखे स्थिता अग्निः, म.प.स.*] मुर्दाको मुखमा राखिने अग्नि/दागवत्ती।

मुखापेक्षी (पुं.) [*मुखमपेक्षते इति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अर्काको अपेक्षा गर्ने/पराश्रित।

मुख्यः (पुं.वि.) [*मुखे आदौ भवः, शाखादिभ्यो यः ५.३.१०३ इति यः*] सबभन्दा ठुलो वा महत्त्वपूर्ण/प्रधान/प्रमुख/आफ्नो वर्ग वा समाजमा सबभन्दा ठुलो। **~कार्यालयः** (पुं.) [*मुख्यश्चासौ कार्यालयश्च, कर्म.स.*] प्रधान कार्यालय/केन्द्रीय कार्यालय। **~निर्वाचनायुक्तः** (पुं.) [*निर्वाचनाय आयुक्तः, च.त., मुख्यश्चासौ निर्वाचनायुक्तः, कर्म.स.*] देशको निर्वाचन कार्यको आयोजना तथा सञ्चालन, कार्यान्वयन आदि गर्न संविधानअनुसार गठित निर्वाचन आयोगको प्रमुख अधिकारी। **~न्यायाधीशः** (पुं.) [*न्यायस्य अधीशः, ष.त., मुख्यश्चासौ न्यायाधीशश्च, कर्म.स.*] कुनै प्रान्त वा क्षेत्रको न्यायालय वा अदालतहरूका न्यायाधीशहरूमा प्रधान। **~सचिवः** (पुं.) [*मुख्यश्चासौ सचिवश्च, कर्म.स.*] चिफ सेक्रेटरी/प्रमुख सचिव/विभिन्न सरकारी विभागीय सचिवहरूभन्दा माथि रहने सचिव।

मुख्यकथावस्तु (नपुं.) [*मुख्यञ्च तत् कथावस्तु च, कर्म.स.*] नाटक अथवा काव्यमा आउने मूल कथानक/आधिकारिक कथावस्तु।

मुख्यकल्पः (पुं.) [*मुख्यश्चासौ कल्पश्च, ष.त.*] शास्त्रीय मुख्य विधि।

मुख्यतः (अव्य.) [*मुख्यात् इति, आद्यादिभ्य उपसङ्ख्यानमिति तसिः*] खास गरेर/विशेष गरेर/प्रधानतः।

मुख्याधिकारी (पुं.) [*मुख्यश्चासौ अधिकारी च, कर्म.स.*] स्थानीय स्वायत्त संस्था वा कम्पनी वा फर्म वा सार्वजनिक संस्थाको सेक्रेटरीः, मेनेजर वा एजेन्ट/मुख्य निर्वाहक।

मुख्यायुक्तः (पुं.) [*मुख्यश्चासौ आयुक्तश्च, कर्म.स.*] सरकारले समय समयमा गठन गरेको कामविशेषको आयोगका प्रमुख व्यक्ति, आयोगका हाकिम।

मुख्यालयः (पुं.) [*मुख्यश्चासौ आलयश्च, कर्म.स.*] प्रधान कार्यालय वा मुख्य निवास/सदर मुकाम।

मुग्धः (पुं.) [*मुह्यते स्म, मुह वैचित्ये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मोहमा परेको/मोहित/भ्रममा परेको।

मुग्धा (स्त्री.) [*मुह्यते स्म, मुह वैचित्ये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] स्वकीया नायिकाको एक भेद। कलिली, विशेष लजालु नायिका।

मुच (धा.) [*प्रमोचने मोदने च, सक.सेट्, उभय.*] छोड्नु, छुट्याउनु। लट्– **मोचयति-ते–** छोड्छ, छुट्याउँछ। लिट्– **मोचयाञ्चकार-चक्रे–** छोड्यो, छुटायो (अन.) इत्यादि।

मुचि (धा.) [*कल्कने, अक.सेट्, आत्म.*] भन्नु, पिस्नु, गर्व गर्नु। लट्– **मुञ्चते–** भन्छ, पिस्छ, गर्व गर्छ इत्यादि।

मुचिरः (पुं.वि.) १.[*यो मुञ्चति स्वपदार्थमन्येभ्यो ददाति सः, मुच्लृ मोक्षणे इति धातोः, इषिमदिमुदि- (उ.) इति किरच्*] दाता २.(पुं.) [*मुञ्चति जलम्*] मेघ ३.धर्म ४.बायु ५.देवता।

मुचुकुन्दः (पुं.) [*मुचुः कुन्द इव*] १.पुष्पवृक्षविशेष २.मान्धाताका पुत्र।

मुच्लृ (धा.) [*मोक्षणे, सक.अनिट् उभय.*] छोड्नु। लट्– **मुञ्चति-ते–** छोड्छ। लिट्– **मुमोच-मुमुचे–** छोडेछ (अन.)। लुट्– **मोक्ता–**छोड्ने छ (अन.)। लृट्– **मोक्ष्यति-ते–** छोड्ने छ। लोट्– **मुञ्चतु-ताम्–** छोडोस्। लङ्– **अमुञ्चत-त–** छोड्यो (अन.)। विधिलिङ्– **मुञ्चेत्-त–** छोड्ला, छाडोस्। आशीर्लिङ्– **मुच्यात्-मुक्षीष्ट–** छोडोस्। लुङ्– **अमुचत्-अमुक्त–** छोड्यो। लृङ्– **अमोक्ष्यत्-त–** छोड्ने थियो इत्यादि।

मुज (धा.) [*शब्दे, अक.सेट् पर.*] शब्द गर्नु। लट्– **मोजति–** शब्द गर्छ इत्यादि।

मुजि (धा.) [*शब्दे, अक.सेट् पर.*] शब्द गर्नु। लट्– **मुञ्जति–** शब्द गर्छ इत्यादि।

मुञ्जालः (पुं.) ज्योतिषशास्त्रका प्रसिद्ध आचार्य। यिनको समय नवौं शताब्दी हो। यिनले **लघुमानस** नामक ज्योतिषग्रन्थको रचना गरेका छन्। यसमा ८ प्रकरण छन्। सर्वप्रथम ताराहरूको अध्ययन गरेर नयाँ तथ्य प्रस्तुत गर्ने पद्धति यिनैले आविष्कार गरेका हुन्। यिनको अध्ययन विशेषगरी चन्द्रमासम्बन्धी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुट (धा.) [*आक्षेपमर्दनयोः, सक.सेट् पर.*] निन्दा गर्नु दोष दिनु, मर्दन गर्नु। लट्– **मुटति–** निन्दा गर्छ, दोष दिन्छ, मर्दन गर्छ इत्यादि।

मुट (धा.) [*सञ्चूर्णने, सक.सेट् उभय.*] चूर्ण गर्नु। लट्– **मोटयति-ते–** चूर्ण गर्छ इत्यादि।

मुड (धा.) [*मर्दने, सक.सेट् पर.*] मर्दन गर्नु। लट्– **मोडति–** मर्दन गर्छ इत्यादि।

मुडि (धा.) [*खण्डने, सक.सेट् पर.*] चूर्ण गर्नु, मुण्डन गर्नु। लट्– **मुण्डति–** चूर्ण गर्छ, मुण्डन गर्छ। लिट्– **मुमुण्ड–** चूर्ण गरेछ, मुण्डन गरेछ (अन.) इत्यादि।

मुडि (धा.) [*मार्जने, सक.सेट् आत्म.*] स्वच्छ तुल्याउनु। लट्– **मुण्डते–** स्वच्छ तुल्याउँछ इत्यादि।

मुण (धा.) [*प्रतिज्ञाने, सक.सेट् पर.*] प्रण गर्नु, वचन दिनु। लट्– **मुणति–** प्रण गर्छ, वचन दिन्छ इत्यादि।

मुण्डः (पुं.) [*मुण्ड्यते, मुडि खण्डने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.शिर २.राहु ३.उपनिषद्विशेष ४.वलि राजाको एक सैनिक/दैत्यविशेष ५.शुम्भको सेनापति। **मुण्डो मुण्डितशीर्षयोः। राहौ दैत्यान्तरे** (हैम.। ६.[*मुण्डः मुण्डनं जीविकात्वेन अस्त्यस्य सः, अर्शाद्यच्*] हजाम।

मुण्डकः (पुं.) [*मुण्डयति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] हजाम।

मुण्डकोपनिषद् (स्त्री.) यो उपनिषद् अथर्ववेदको शौनकशाखासँग सम्बद्ध छ। यसमा तीन मुण्डक छन्। यो पद्यमा लेखिएको छ। मुण्डकहरू दुई/दुई खण्डमा विभक्त छन्। यस उपनिषद्मा ब्रह्मविद्या, ब्रह्मज्ञानको साधन, पराविद्या, अपराविद्या आदिको वर्णन छ।

मुण्डनम् (नपुं.) [*मुडि खण्डने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] केश छेदन गर्ने काम।

मुण्डितः (पुं.वि.) [*मुण्ड्यते स्म, मुडि खण्डने इति धातोः, निष्ठा ३.२.१०१ इति क्तः*] मुण्डन गरिएको।

(मुण्डी)

मुण्डी (पुं.) [*मुण्डं करोति, मुण्डमिश्र ३.१.२१ इति णिच्, ग्राह्यादित्वात् ३.१.१३४ णिनिः*] १.हजाम/कपाल, नङ आदि काट्ने मानिस २.मुडुली मृग ३.योगाचार्यविशेष।

महाकालश्च शूली च दण्डी मुण्डी स एव च।
(शि.पु.वायवीयसं.२.१०.५–६)

मुद् (स्त्री.) [*मोदनम्, मुद् हर्षे इति धातोः, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] १.हर्ष २.[*मोदतेऽनया, क्विप्*] औषधि-विशेष।

मुद (धा.) [*हर्षे, भ्वा.अक.सेट् आत्म.*] खुसी हुनु, प्रसन्न हुनु। लट्–**मोदते–** खुसी हुन्छ, प्रसन्न हुन्छ। **अनुमोदते–** अनुमोदन गर्छ। **प्रमोदते–** अत्यन्त प्रसन्न हुन्छ। लिट्– **मुमुदे–** खुसी भएछ, प्रसन्न भएछ (अन.) इत्यादि। भावे– **मुद्यते–** खुसी होइन्छ। णिचि– **मोदयति-ते–** खुसी तुल्याउँछ, प्रसन्न गराउँछ। सनि– **मुमुदिषते/मुमोदिषते–** खुसी हुन चाहन्छ, प्रसन्न हुन चाहन्छ। कृदन्ते– **मोदनः/मोदकः/मोदिता–** खुसी हुने, प्रसन्न हुने। **मोदितुम्–** खुसी हुन, प्रसन्न हुन। **मोदित्वा/सन्मुद्य–** खुसी बनेर प्रसन्न भएर। **मोदमानः–** खुसी भइरहेको, प्रसन्न भइरहेको इत्यादि।

मुद (धा.) [*संसर्गे, सक.सेट् उभय.*] मिसाउनु, बटुल्नु। लट्– **मोदयति-ते–** मिसाउँछ, बटुल्छ इत्यादि।

मुदितः (पुं.) [*मुद्यते स्म, मुद हर्षे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आनन्दित/हर्षित।

मुदिता (स्त्री.) [*मुद्यते स्म, मुद हर्षे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] परकीया नायिकाको एक भेद।

मुदिरः (पुं.) [*मोदन्ते अनेन, मुद हर्षे इति धातोः, इषिमदिमुदिखिदि-च्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) १.२.२१ इति किरच्*] १.कामुक/स्त्रीमा लम्पट २.भ्यागुतो ३.मेघ/बादल। **मुदिरः कामुकाभ्रयोः** (विश्वः)।

मुद्गः (पुं.) [*मोदयति आस्वादनेन, इति मुद हर्षे इति धातोः मुदिग्रोर्गग्गौ (उ.) १३३ इति गक्*] मुगी।

मुद्गपर्णी (स्त्री.) [*मुद्गः पर्णमस्याः, मुद्गशब्देन मुद्गपर्णसदृशः पर्णः लक्ष्यते, पाककर्ण ४.१.६४ इति ङीष्*] वनमुगी।

मुद्गरः (पुं.) [*गॄ निगरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मुद्रो गरः*] मुङ्ग्रो।

मुद्गलः (पुं.) [*मुद्गान् लाति गृह्णातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] ऋषिविशेष।

मुद्रकः (पुं.) [*मुद्रयतीति, मुद्र मुद्रणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पत्रपत्रिका, पुस्तक-पुस्तिका आदि छाप्ने व्यक्ति वा संस्था।

मुद्रणम् (पुं.) [*मुद्र्यते इति, मुद्र मुद्रणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] छपाइ/छाप्ने काम। **~यन्त्रम्** (नपुं.) [*मुद्रणाय यन्त्रम्, च.त.*] छाप्ने मेसिन। **~स्वातन्त्र्यम्** (नपुं.) [*मुद्रणस्य स्वातन्त्र्यम्, ष.त.*] सरकारी अधिकारीलाई नजचाई वा अनुमति नलिई वा कुनै रोकटोक विना छाप्न पाउने स्वतन्त्रता।

मुद्रणालयः (पुं.) [*मुद्रणस्य आलयः, ष.त.*] छापाखाना/प्रेस/छाप्ने ठाउँ/मुद्रणालय।

मुद्रा (स्त्री.) [*मोदन्ते हृष्यन्ति यया सा, मुद हर्षे, इति धातोः, स्फायितञ्चिवञ्चि-(उ. १७८) इति रक्, टाप् ४.१.४*] १.कुनै व्यक्ति वा संस्थानको छाप २.छापे औंठी ३.रुपियाँ पैसा आदि सिक्का ४.तक्मा ५.अक्षर फोटे आदि छाप्ने/टाइप, सिसा आदि ६.कनफट्टा आदिले कानमा पहिरने काँच, स्फटिक आदिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेप्टो र चाक्लो मुन्द्री जस्तो चिज ७.आँखा मुख आदि बन्द गर्ने वा छाप लगाएर बन्द गर्ने क्रिया ८.हठयोगद्वारा शरीर वा हात गोडालाई दोब्ब्याएर बनाइने आसनविशेष ९.भनेर दिइने आज्ञापत्र १०.शिव विष्णु आदि देवताको शङ्ख चक्र आदि आयुधहरूको चिह्न। यिनलाई भक्तजनले आफ्नो शरीरमा लेख्ने वा छपाउने गर्छन्। ११.मुखको आकार वा चेष्टा १२.तान्त्रिक मतमा कुनै भुटेको अन्न वा खाने कुरा १३.अगस्त्य ऋषिकी पत्नी/लोपामुद्रा १४.प्रकृत वा प्रस्तुत अर्थ बाहेक अरू पनि कुनै अभिप्राय निस्कने अलङ्कार १५.पूजा होम आदिमा हात वा हातका औँला दोब्ब्याएर बनाइने अङ्कुश, शङ्ख आदिको रूप। यसले सबै देवतालाई प्रसन्न पार्ने र पापको थुप्रोलाई नाश पार्ने तथा सम्पूर्ण कर्ममा सिद्धि दिने, आफ्नो शरीरद्वारा विना प्रयास आत्मालाई प्रसन्न पार्न मद्दत गर्ने, ग्रह आदिलाई खुसी गराउँदै पापलाई नाश पार्ने काम गर्दछ। १६.पञ्चमकारमध्ये एक तत्त्व (प्र.स.ई.)।

मुदं कुर्वन्ति देवानां मनांसि द्रावयन्ति च।
तस्मान्मुद्रा इति ख्याता दर्शितव्या कुलेश्वरि॥ (कुलार्णवे)
मोदनात्सर्वदेवानां द्रावणात्पापसन्ततेः ।
तस्मान्मुद्रेयमाख्याता सर्वकामार्थसाधिनी॥ (यामल)
मुदं स्वरूपमालाभ्यां देहद्वारेण चात्मनः।
या अर्पयन्त्ययत्नेन मुद्रास्ता शक्तयो मताः॥
मोदयन्ति ग्रहादिभ्यः पापौघान् द्रावयन्ति च।
मोदनं द्रावणं यस्मादतो मुद्राः प्रकीर्तिताः॥

~प्रदायः (पुं.) [*मुद्रायाः प्रदायः, ष.त.*] सरकारी ढुकुटीबाट चलनचल्तीका लागि मुद्रा निष्कासन गर्नु। **~बाहुल्यम्** (नपुं.) [*मुद्राया बाहुल्यम्, ष.त.*] मुद्रास्फीति/मूल्य वृद्धि। **~विज्ञानम्** (नपुं.) [*मुद्राया विज्ञानम्, ष.त.*] मुद्रासम्बन्धी विज्ञान अथवा शास्त्र। **~विस्फीतिः** (स्त्री.) [*मुद्राया विस्फीतिः ष.त.*] मुद्राको प्रचलनमा भएको साधारण वृद्धिलाई घटाउनु वा सामान्य स्थितिमा ल्याउनु/मुद्राको अत्यधिक विस्तारमा कमी गर्नु। **~स्फीतिः** (स्त्री.) [*मुद्रायाः स्फीतिः, ष.त.*] क्रयशक्तिका आधारमा मुद्रा वा द्रव्यको मूल्य कम र त्यसका अनुपातमा वस्तुको मोल बढी हुने गरी धेरै मुद्रा चलनमा आउने स्थिति/प्रचलित मुद्राको परिमाण असामान्य हिसाबसँग बढ्नाले मालसामानको मूल्य द्रुतगतिले बढ्दै जाने आर्थिक परिस्थिति।

मुद्राक्षरम् (नपुं.) [*मुद्रायामङ्कितमक्षरम्, म.प.स.*] १.औँठी आदिमा खोपेको अक्षर २.छाप ३.टाइप।

मुद्राङ्कनम् (नपुं.) [*मुद्राया अङ्कनम्, ष.त.*] १.ब्लक, टाइप आदिद्वारा छाप्ने काम/छापाखानाको छपाइ २.छाप लगाउने काम।

मुद्राङ्कितः (पुं.) [*मुद्रया अङ्कितः, तृ.त.*] लाहाको छाप लगाएर बन्द गरिएको/छाप वा मोहर लागेको।

मुद्राधिमूल्यनम् (नपुं.) [*मुद्राया अधिमूल्यनम्, ष.त.*] अरू देशका मुद्राको मूल्यको दाँजोमा आफ्नो मुद्राको क्रय शक्ति बढ्नु/रुपियाँको भाउ बढ्नु।

मुद्राराक्षसम् (नपुं.) विशाखदत्तद्वारा प्रणीत एक प्रसिद्ध नाटक। यसमा ७ अङ्क छन्। चाणक्यले नन्दवंशलाई समाप्त पारेर मौर्य साम्राज्यको स्थापना गरेको विषयलाई लिएर यो नाटकको निर्माण भएको छ। यो वीररस प्रधान नाटक हो। यसमा विशाखदत्तको नाट्यकला सशक्त देखिन्छ। यसका नायक चन्द्रगुप्त हुन्। कसैले चाणक्यलाई नै यसको नायक मानेका छन्। यसको भाषा प्रौढ तथा परिष्कृत छ।

मुद्रिका (स्त्री.) [*स्वल्पा मुद्रा, अल्पे ५.३.८५ इति कन्, टाप् ४.१.४, इत्वम्*] १.औँठी। **अङ्गुलीषु कुरङ्गाक्ष्याः शोभते मुद्रिकावली** (सुभा.) २.छाप ३.मोहर।

मुद्रितः (पुं.वि.) [*मुद्रा सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] छापिएको/मुद्रण गरिएको।

मुधा (अव्य.) [*मुह्यति, काप्रत्ययः, पृषोदरादित्वात् ६.३.१०९ हस्य धः*] व्यर्थ।

मुनिः (पुं.) [*मन्यते जानातीति, मन ज्ञाने इति धातोः, मनेरुच्च (उ. ५७२) इति इन्, अकारस्योकारः*] १.मन्त्रद्रष्टा ऋषि २.बुद्ध ३.चुप्प लागेर बस्ने ४.जितेन्द्रिय ऋषि। **मुनिर्वाचंयमेऽर्हति**।

मुनीन्द्रः (पुं.) [*मुनिषु इन्द्रः, स.त.*] १.बुद्ध २.(पुं.वि.) मुनिमा श्रेष्ठ।

मुनीश्वरः (पुं.) ज्योतिषशास्त्रका एक आचार्य। यिनको समय सोह्रौँ शताब्दी मानिन्छ। यिनले **सिद्धान्तसार्वभौम** नामक कृति रचना गरेका छन्। भास्कराचार्यको सिद्धान्तशिरोमणि र लीलावतीको पनि टीका यिनले लेखेका छन्।

मुमुक्षा (स्त्री.) [*मोक्तुं इच्छा, सनन्ताद् मुच्लृ मोचने इति धातोः, अ प्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.४*] मोक्षको इच्छा।

मुमुक्षुः (पुं.वि.) [*मुमुक्षतीति, सनन्ताद् मुच्लृ मोचने इति धातोः, सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] मोक्षको अभिलाषा गर्ने।

मुमूर्षा (स्त्री.) [*मर्तुमिच्छा, मृङ् प्राणत्यागे इति धातोः, सनि उदोष्ठ्यपूर्वस्य ७.१.१०२ इति उत्वम्, अ प्रत्ययात् ३.३.१०२ इति अप्रत्ययः, ततष्टाप् ४.१.४*] मर्ने अभिलाषा/मर्ने इच्छा।

मुमूर्षुः (पुं.वि.) [*मुमूर्षतीति, मृङ् प्राणत्यागे इति धातोः, सनि उदोष्ठ्यपूर्वस्य ७.१.१०२ इति उत्वम्, सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] मर्न आँटेको/मरणासन्न/मर्ने इच्छा गर्ने।

मुर (धा.) [*वेष्टने, सक.सेट् पर.*] घेर्नु, बेर्नु। लट्– **मुरति–** घेर्छ, बेर्छ इत्यादि।

मुरः (पुं.) [*मुरति वेष्टतेऽसौ, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.दैत्यविशेष २.क्लेश ३.सन्ताप ४.कर्मभोग।

मुरजः (पुं.) [*मुराद्वेष्टनाज्जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, मुरं वेष्टनं जातमस्येति वा*] मादल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुरलीधरः (पुं.) [*मुरल्या धरः, ष.त.*] १.श्रीकृष्ण २.(पुं.वि.) मुरली लिने ।

मुरा (स्त्री.) [*मुरतीति, मुर वेष्टने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप्*] जटामसी। **मुरा गन्धद्रव्ये दैत्यान्तरे पुमान्** (मेदिनी.)।

मुरारिः (पुं.) १.[*मुरस्य दैत्यविशेषस्य अरिः, ष.त.*] विष्णु ।

मुरः क्लेशे च सन्तापे कर्मभोगे च कर्मिणाम्।
दैत्यभेदेऽप्यरिस्तेषां मुरारिस्तेन कीर्तितः॥ (ब्रह्मवै.)

श्रीकृष्णजन्मख. ११० अ.) २.**अनर्घराघव** नाटकका रचयिता। यिनको समय आठौँ शताब्दी मानिन्छ। यी शुद्ध नाटक लेखक नभएर गीतिनाट्यका रचयिता थिए भन्ने समालोचकहरूको धारणा छ। यिनलाई नाट्यकलाको राम्रो ज्ञान थिएन। त्यसैले अनर्घराघवमा कथावस्तुको राम्रो समायोजन हुन सकेको छैन। लामा–लामा अङ्क हुनु, कथावस्तुमा विशृङ्खलता रहनु, कृत्रिम शैली र संवादको आधिक्य आदि कारणले गर्दा मुरारिलाई सफल नाटककार भन्न सकिन्न।

मुर्च्छ (धा.) [*मोहसमुच्छ्राययोः, सक.सेट् पर.*] मूर्च्छा पर्नु, ओइलाउनु। लट्– **मूर्च्छति–** मूर्च्छा पर्छ, ओइलाउँछ। [*उपधायाञ्चेति दीर्घः*] लिट्– **मुमूर्च्छ–** मुर्च्छा परेछ, ओइलाएछ (अन.)। लुट्– **मूर्च्छिता–** मूर्च्छा पर्ने छ, ओइलाउने छ (अन.)। लृट्– **मूर्च्छिष्यति–** मूर्च्छा पर्ने छ, ओइलाउने छ। लोट्– **मूर्च्छतु–** मूर्च्छा परोस्, ओइलाओस्। लङ्– **अमूर्च्छत्–** मूर्च्छा पर्‍यो, ओइलायो (अन.)। विधिलिङ्– **मूर्च्छेत–** मूर्च्छा पर्ला, ओइलाउला, मूर्च्छा परोस्, ओइलाओस्। आशीर्लिङ्– **मूर्च्छ्यात्–** मूर्च्छा परोस्, ओइलाओस्। लुङ्– **अमूर्च्छीत्–** मूर्च्छा पर्‍यो, ओइलायो। लृङ्– **अमूर्च्छिष्यत्–** मूर्च्छा पर्ने थियो, ओइलाउने थियो इत्यादि।

मुर्वी (धा.) [*बन्धने, सक.सेट् पर.*] बाँध्नु। लट्– **मूर्वति–** बाँध्छ इत्यादि।

मुष (धा.) [*स्तेये, सक.सेट् पर.*] चोर्नु। लट्– **मुष्णाति–** चोर्छ इत्यादि।

मुष्कः (पुं.) [*मुष्णाति वीर्यम्, इति, मुष स्तेये इति धातोः, सृवृभूशुषिमुषिभ्यः कक् (उ.) ३२८ इति कक्*] १.अण्डकोष २.वृक्षविशेष ३.[*मुष्णाति द्रव्यम्*] तस्कर ४.रास/थुप्रो। **मुष्को मोक्षकवृक्षे स्यात्संघाते वृषणेऽपि च।** (मेदिनी.) ५.हृष्टपुष्ट पुरुष।

मुष्ककः (पुं.) [*मुष्णाति रोगम्, मुष स्तेये इति धातोः, सृवृभूशुषिमुषिभ्यः कक् (उ.) ३२८, स्वार्थे कन् ५.३.७५*] १.पाडरी वृक्षविशेष २.समूह ३.साँढे।

मुष्टिः (पुं.) [*स हस्तः मुष्यतेऽनया मुष स्तेये इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, यद्वा– मुष्णाति, क्तिच् ३.३.१७४*] १.मुठी। **सम्पीडिताङ्गुलिर्मुष्टिः** (हला.)। **मुष्टिर्द्वयोः फले। बद्धपाणौ त्सरौ** (मेदिनी.) २.मुक्का ३.अनिकाल ४.एकमानाको दश भागको एक भाग ५.चार अङ्गुल बराबरको नापो ६.बलरामबाट मारिएको कंसको एक पहलवान्।

मुष्टिपीडम् (नपुं.) [*मुष्ट्याः पीडा यस्मिन् कर्मणि तद् यथा तथा*] मुठीलाई पीडा हुने गरी।

मुष्टिबन्धः (पुं.) [*मुष्टेर्बन्धः*] १.मुठ्याउनु २.मुठी बाँध्नु ३.कन्जुस्याइँ गर्नु।

मुष्टीमुष्टि (अव्य.) [*मुष्टिभिर्मुष्टिभिः प्रहृत्य प्रवृत्तमिदं युद्धम्*] मुक्कामुक्की/मुठी मुठीले आपसमा हानाहान गरेर भएको युद्ध।

मुस (धा.) [*खण्डने, सक.सेट् पर.*] टुक्राटुक्रा पार्नु। लट्– **मुस्यति–** टुक्राटुक्रा पार्छ। लिट्– **मुमोस–** टुक्राटुक्रा पारेछ (अन.)। लुट्– **मुसिता–** टुक्राटुक्रा पार्नेछ (अन.)। लृट्– **मुसिष्यति–** टुक्राटुक्रा पार्ने छ। लोट्– **मुस्यतु–** टुक्राटुक्रा पारोस्। लङ्– **अमुस्यत्–** टुक्राटुक्रा पार्‍यो (अन.)। विधिलिङ्– **मुस्येत्–** टुक्राटुक्रा पार्ला, टुक्रा टुक्रा पारोस्। आशीर्लिङ्– **मुस्यात्–** टुक्राटुक्रा पारोस्। लुङ्– **अमुसत्–** टुक्राटुक्रा पार्‍यो। लृङ्– **अमुसिष्यत्–** टुक्राटुक्रा पार्ने थियो इत्यादि।

मुसलः (पुं./नपुं.) [*मुस्यति अनेन, मुस खण्डने इति धातोः, वृषादिभ्यश्च (उ.) १०६ इति वलच्*] १.ओखलमा धान-जौ राखेर कुट्ने उपकरणविशेष। **मुसलं स्यादयोग्रे च पुंनपुंसकयोः स्त्रियाम्, तालमुल्यामाखुपर्णीगृहगोधिकयोरपि** (विश्व.)। २.आयुधविशेष।

मुसलमुद्रा (स्त्री.) दुवै हातको मुट्ठी पारेर बायाँ मुट्ठीमाथि र दायाँ मुट्ठी तल राख्दा हुने हस्तक्रियाको मुद्रा।

मुष्टिं कृत्वा तु हस्ताभ्यां वामस्योपरि दक्षिणम्।
कुर्यान्मुसलमुद्रेयं सर्वविघ्नौघनाशिनी॥ (मु.प्र.)

मुसलामुसली (अव्य.) [*मुसलैर्मुसलैश्च प्रहृत्य इदं युद्धं प्रवृत्तम्*] मुसल, मुसलले परस्परमा हिर्काएर गरिने युद्ध।

मुसली (स्त्री.) [*मुस्यति संशयम्, मुस खण्डने इति धातोः, वृषादित्वात् (उ. १०६) कलच्, मुसलमस्त्यस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.माउसुली २.मुसल हातमा लिने/बलराम ३.मुसलीकन्द।

मुसल्यः (पुं.) [*मुसलेन वध्यः, दण्डादिभ्यो यः ५.१.६६*] मुसलले हानेर मार्न लायक।

मुस्त (धा.) [*सङ्घाते, सक.सेट् उभय.*] बटुल्नु। लट्– **मुस्तयति-ते–** बटुल्छ इत्यादि।

मुस्तकम् (नपुं.) [*मुस्त सङ्घाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततः स्वार्थे कन्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल् वा*] मोथे। यो बाह्रै महिना पाइने तृणजातीय वनस्पति हो। यो मुख्य दुई प्रकारको हुन्छ– मोथे र नागरमोथे। संस्कृतमा मुस्तम्, मस्तकम्, कुरुविन्द र जलवाचक सबै शब्दले मोथेलाई जनाँछन् भने क्रोडकसेरुक, भद्रमुस्ता, गुन्द्रा, नागरमुस्तकम् शब्दले नागरमोथेलाई बुझाउँछन्। कफ पित्त, ज्वर अरुचि आदिमा यसको उपयोग हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुस्ता (स्त्री.) [*मुस्तयतीति, मुस्त सङ्घाते इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप्*] मोथे यसका अनेक भेद छन्– भद्रमुस्ता, कैवर्तमुस्ता नगरमुस्ता आदि।

मुह (धा.) [*वैचित्ये, अक.वेट्, पर.*] पागल हुनु, बुद्धि भ्रष्ट हुनु। लट्– **मुह्यति–** पागल हुन्छ, बुद्धि भ्रष्ट हुन्छ। लिट्– **मुमोह–** पागल भएछ, बुद्धि भ्रष्ट भएछ (अन.)। लुट्– **मोग्धा-मोढा–** पागल हुने छ, बुद्धि भ्रष्ट हुने छ (अन.)। लृट्– **मोहिष्यति-मोक्ष्यति–** पागल हुने छ, बुद्धि भ्रष्ट हुने छ। लोट्– **मुह्यतु–** पागल होस्, बुद्धि भ्रष्ट होस्। लङ्– **अमुह्यत्–** पागल भयो, बुद्धि भ्रष्ट भयो (अन.)। विधिलिङ्– **मुह्येत्–** पागल होला, बुद्धि भ्रष्ट होला, पागल होओस्, भ्रष्ट होओस्। आशीर्लिङ्– **मुह्यात्–** पागल होस्, बुद्धि भ्रष्ट होस्। लुङ्– **अमुहत्–** पागल भयो, बुद्धि भ्रष्ट भयो। लृङ्– **अमोहिष्यत्-अमोक्ष्यत्–** पागल हुने थियो, बुद्धि भ्रष्ट हुने थियो इत्यादि।

मुहिरः (पुं.) १.[*स्त्रियं विलोक्य मुह्यत्यसौ, मुह विमोहने इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरु-चिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) इति किरच्*] कामुक २.[*मोहयत्यसौ जनान्*] कामदेव ३.[*मुह्यते मोहं प्राप्नोति*] मूर्ख/असभ्य। **मुहिरः कामुके काम्ये कन्दर्पेऽसभ्यमूर्खयोः** (उ.को.)।

मुहुः (नपुं.) [*मुह्यति भ्रान्तो भवतीति, मुह वैचित्ये इति धातोः, मुहेः किच्च (उ.) २८५ इति उसिः*] बारम्बार।

मुहूर्तः (पुं./नपुं.) [*हुर्छा कौटिल्ये इति धातोः, बाहुलकात् अञ्जिघृसि– (उ.) इति क्तो मुडागमश्च, राल्लोपः ६.४.२१ इति छलोपः, हलि च ८.२.७७ इति दीर्घः, लिङ् चौर्ध्वमौहूर्तिके ३.३.१६४ इति निर्देशाद्वा मुहूर्तः*] १.दुई घडी वा ४८ मिनेटको समय २.दिनमानलाई पन्ध्र भाग लगाउँदा निस्कने एक भागको समय। मुहूर्तका नामहरू– रौद्र, श्वेत, मैत्र, सारभद्र, सावित्र, वैश्वदेव, गान्धर्व, कुतप रौहिण, तिलक, विभव, निर्ऋति, जय, शम्बर र विजय। **घटिकापदेन मुहूर्तो ग्राह्यः** (व.कृ.दी. नवरात्रप्रकरण)।

रौद्रः श्वेतस्तथा मैत्रः सारभद्रस्तथा स्मृतः।
सावित्रो वैश्वदेवश्च गान्धर्वः कुतपस्तथा॥
रौहिणस्तिलकश्चैव विभवो निर्ऋतिर्जयः।
शम्बरो विजयश्चैव भेदाः पञ्चदश स्मृताः॥

३.कामअनुसार मुहूर्तविशेषको प्रयोग हुन्छ,। दिनमा १६ र रातमा १६ मूहूर्त हुन्छन्। दिनमानलाई १६ ले भाग गर्दा निस्कने घडी पला दिनको एक मुहूर्त हुन्छ। दिनमानलाई ६० मा घटाउँदा निस्कने घडी पलालाई १६ ले भाग दिंदा रातको एक मुहूर्त हुन्छ। यसअनुसार हुने मुहूर्तका नामहरू– रौद्र, श्वेत, मैत्र, चार्वट, जयदेव, वैरोचन, तुरग, अभिजित, रावण, बालव, विभीषण, रुद्र, सुनन्दन, याम्य, सौम्य, भार्गव र सावित्र्य। यी बाहेक गृहप्रवेश मुहूर्त, द्विघटिका मुहूर्त, मुहूर्ताङ्गरेखा, मासमुहूर्त, वारमुहूर्त, आदि अनेक मुहूर्त छन्। विशेष जानकारीका लागि ज्योतिष शास्त्रमा हेर्नुपर्छ।

मुहूर्तमह्नो रात्रेश्च प्रोचुः पञ्चदशं लवम्।
(ध.सि. नवरात्रप्रकरण)

रौद्रं श्वेतं तथा मित्रं चार्वटं च चतुर्थकम्।
पञ्चमं जयदेवं च षष्ठं वैरोचनं तथा॥
तुरगं सप्तमं चैव ह्यष्टमं चाभिजित्तथा।
रावणं नवमं प्रोक्तं बालवं दशमं तथा॥
विभीषणं रुद्रसंज्ञं स्याद् द्वादशं च सुनन्दनम्।
याम्यं त्रयोदशं ज्ञेयं सौम्यं प्रोक्तं चतुर्दशम्॥
भार्गवं तिथिसंख्यं च सावित्र्यं षोडशं तथा।
एतानि प्रोक्तकार्येषु नियोज्यानि यथाक्रमम्॥
(बृ.ज्यो.सा.)।

मूकः (पुं.वि.) [*मूर्व्यते बध्यतेऽसौ इति धातोः, सृवृभूशुषिमुषिभ्यः कक् (उ.) ३२८ इति कक्, रेफवकारयोर्लोपः, यद्वा मू इति कायति, आतोऽनुप ३.२.३ इति कः*] १.लाटो/नबोल्ने २.अभागी ३.[*मव्यते बध्यते बालकैः, मवधातोः कक्, उपधाया वकारस्य उद्*] माछो ४.दैत्यविशेष ५.दुःखी (हेमचन्द्र) ६.तक्षकको पुत्र।

मूङ् (धा.) [*बन्धने, सक.सेट्, आत्म.*] बाँध्नु। लट्– **मवते–** बाँध्छ इत्यादि।

मूढः (पुं.) [*मुह वैचित्ये इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, ढत्वधत्वलोपदीर्घाः*] १.मूर्ख/लठुवा/लठेब्रो। **एवं पूर्वकृतं कर्म कर्तारमनुगच्छति। सुकृतं भुङ्क्ष्व चात्मानं मूढ किं परितप्यसे॥** (ग.पु.आचारकाण्ड ११३.५५) २.बालक ३.जड ४.तन्द्रालु। **मूढस्तन्द्रितबालयोः** (विश्व.)।

मूत्र (धा.) [*प्रस्रवणे, सक.सेट्, उभय.*] पिसाब गर्नु। लट्– **मूत्रयति-ते–** पिसाब गर्छ। लिट्– **मूत्रयाञ्चकार-चक्रे–** पिसाब गरेछ (अन.)। लुट्– **मूत्रयिता–** पिसाव गर्ने छ (अन.)। लृट्– **मूत्रयिष्यति-ते–** पिसाब गर्ने छ। लोट्– **मूत्रयतु-ताम्–** पिसाब गरोस्। लङ्– **अमूत्रयत्-त–** पिसाब गर्‍यो (अन.)। विधिलिङ्– **मूत्रयेत्-त–** पिसाब गर्ला, पिसाब गरोस्। आशीर्लिङ्– **मूत्र्यात्-मूत्रयिषीष्ट–** पिसाब गरोस्। लुङ्– **अमुमूत्रत्–** पिसाब गर्‍यो। लृङ्– **अमूत्रयिष्यत्-त–** पिसाब गर्ने थियो इत्यादि।

मूत्रम् (नपुं.) [*मुच्लृ मोक्षणे इति धातोः, सिविमुच्योष्टेरू च (उ.) ६१२ इति ष्ट्रन्, ऊश्च, यद्वा मूत्र्यते, मूत्र प्रस्रवणे इति धातोः, घञ् ३.३.१९*] पिसाब। गाई र मानिसको पिसाब औषधिको रूपमा प्रयोग हुन्छ। गाईको पिसाब धार्मिक कार्यमा अपवित्रलाई पवित्र तुल्याउने काममा प्रयोग गरिन्छ। गाईको मूत्र सेवन गर्नाले स्मरणशक्ति बढ्छ। पित्त, कफ तथा वातजन्य रोग, उदररोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा पाण्डुरोग हट्छ। मानिसको मूत्र सेवन गर्नाले गरसंज्ञक विष, रक्तविकार र लुतो नाश हुन्छ। मनुष्यमूत्र एक प्रकारको रसायन हो। गाई, भैंसी र बाखामा स्त्रीवर्गको मूत्र राम्रो अर्थात् हितकर हुन्छ। ऊँट, हात्ती, मानिस र घोडामा पुरुषवर्गको मूत्र लाभदायक हुन्छ।

गोऽजाऽविमहिषीणान्तु स्त्रीणां मूत्रं प्रशस्यते।
खरोष्ट्रेभनराश्वानां पुसां मूत्रं हितं स्मृतम्॥ (भा.प्र.नि.)

मूत्राशयः (पुं.) [*मूत्रस्य आशयः, ष.त.*] पिसाबको थैलो।

मूत्रितः (पुं.वि.) [*मूत्र्यते स्म, मूत्र प्रस्रवणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पिसाब गरिएको।

मूत्रेन्द्रियम् (नपुं.) [*मूत्राय इन्द्रियम्, च.त.*] पिसाब फेर्ने इन्द्रिय/लिङ्ग/भग।

मूर्खः (पुं.) [*मुह्यतीति, मुह वैचित्ये इति धातोः, मुहेः खो मूर्च (उ.) ७१० इति खः, मूरादेशश्च*] १.अज्ञानी/स्वाँठ/ज्ञान नभएको, २.भनेको नटेर्ने।

पयःपानं भुजङ्गानां केवलं विषवर्द्धनम्।
उपदेशो हि मूर्खाणां प्रकोपाय न शान्तये॥ (हितो.)

मूर्च्छना (स्त्री.) [*मूर्च्छनम्, मुर्च्छा मोहसमुच्छ्राययोः इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४ उपधादीर्घ*] सङ्गीतमा सात स्वरको आरोह–अवरोहको क्रम। सप्तकका सात स्वरअनुसार प्रत्येक ग्राममा सात–सात गरी जम्मा २१ मूर्च्छना हुन्छन्। देवता, पितृ र ऋषिहरूका सात सात मूर्च्छना छन्। **देवताका ७ मूर्च्छना**— नन्दी, विशाला, सुमुखी, चित्रा, चित्रवती, सुखा र बला। **पितृका ७ मूर्च्छना**— आप्यायनी, विश्वमृता, चन्द्रा, हेमा, कपर्दिनी, मैभी, बार्हती। **ऋषिहरूका सात मूर्च्छना**– (षड्जस्वरमा) उत्तरमन्द्रा, (ऋषभमा) अभिरूढता वा अभिरुद्गता, (गान्धारमा) अश्वक्रान्ता, (मध्यमस्वरमा) सौवीरा, (पञ्चमस्वरमा) ऋषीका, (धैवतमा) उत्तरायता, (निषादमा) रजकी। उपर्युक्त ऋषिहरूका सात मूर्च्छनालाई लौकिक मानिएको छ।

मूर्च्छा (स्त्री.) [*मूर्च्छनम्, मुर्च्छा मोहसमुच्छ्राययोः इति धातोः, गुरोश्च हलः ३.३.१०२ इत्यः, उपधायां च ८.२.७८ इति दीर्घः, टाप् ४.१.४*] रोग, भय, शोक आदिबाट प्राणी निश्चेष्ट भएको अवस्था/बेहोसीपना/अवचेतनता।

मूर्च्छालः (पुं.) [*मूर्च्छाऽस्यास्ति, सिध्मादिभ्यश्च (ग.) ५.२.९६ क्षुद्रजन्तूपतापयोश्च इति पठितत्वाल्लच्, प्राणिस्थादातः ५.२.९५ इति न भवति, प्राण्यङ्गादेव, वार्तिकरूपव्याख्यानात्*] मूर्च्छा हुने मृगी आदि रोगले ग्रस्त रोगी।

मूर्च्छितः (पुं.) [*मूर्च्छ्यते स्म, मुर्च्छा मोहसमुच्छ्राययोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यद्वा मूर्च्छा जाताऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच् उपधादीर्घः*] १.मूर्च्छा परेको/निश्चेष्ट भएको २.मूर्च्छा हुने रोगले ग्रस्त व्यक्ति ३.मूर्ख।

मूर्तः (पुं.वि.) [*मुर्च्छा मोहसमुच्छ्राययोः इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, राल्लोपः ३.४.२१, न ध्याख्या ८.२.५७ इति न नत्वम्*] १.मूर्ति भएको/साकार/मूर्तिमान्/शरीरधारी २.मूर्च्छा हुने मृगी आदि रोगले ग्रस्त ३.कठिन। **मूर्तं स्यात्त्रिषु मूर्छाले कठिने मूर्तिमत्यपि** (विश्व.)।

मूर्तिः (पुं.) [*मूर्च्छा मोहसमुच्छ्राययोः इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, राल्लोपः ६.४.२१ उपधादीर्घः*] १.शरीर/स्वरूप/ आकृति २.तस्वीर/प्रतिमा/सालिक ३.देवीदेवताको रूप वा आकृति ४.कठिनता। **मूर्तिः पुनः प्रतिमायां कायकाठिन्ययोरपि** (हैम.)। **~पूजा** (स्त्री.) [*मूर्तेः पूजा, ष.त.*] मूर्ति वा प्रतिमामा देवदेवीको भावना गरेर पूजा गर्ने काम। **~भञ्जकः** (पुं.वि.) [*मूर्तेर्भञ्जकः, ष.त.*] मूर्ति फोर्ने/प्रतिमा बिगार्ने।

मूर्तिमान् (पुं.वि.) [*मूर्तिरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.मूर्ति वा शरीरको रूपमा भएको/साकार २.साह्रो।

मूर्द्धन्यः (पुं.वि.) [*मूर्ध्नि भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्*] १.मूर्द्धा स्थानबाट उच्चारण हुने/मूर्द्धासम्बन्धी/मूर्द्धास्थानीय २.श्रेष्ठतम/उच्चतम।

मूर्द्धा (स्त्री.) [*मूर्वति बध्नाति यत्र, मूर्व बन्धने इति धातोः, कनिन्, उकारस्य दीर्घः, वकारस्य धकारः*] टाउको/शीर्ष/मस्तक/शिखा/मूर्धा।

मूर्धा (पुं.) [*मुह्यन्त्यस्मिन्नाहते इति, मुह वैचित्ये, इति धातोः, श्वन्नुक्षन्पूषन्–(उ.) १६५ इति कनिन्*] टाउको।

मूर्धाभिषिक्तः (पुं.) [*मूर्धन्यभिषिक्तः, राज्यदानसमये मूर्धन्य–भिषिच्यते, तत्प्रभवत्वात्सर्वोऽपि मूर्धाभिषिक्तः*] क्षत्रिय।

मूर्वा (स्त्री.) [*मूर्वति, मुर्वी बन्धने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] मरुई लहरो।

मूल (धा.) [*रोपणे, सक.सेट्, उभय.*] बीजारोपण गर्नु। लट्– **मूलयति–ते**— बीजारोपण गर्दछ इत्यादि।

मूल (धा.) [*प्रतिष्ठायाम्, अक.सेट्, पर.*] जरो समात्नु, आधार नै आफ्नो बनाउनु। लट्— **मूलति**— जरो समात्छ, आधार नै आफ्नो तुल्याउँछ इत्यादि।

मूलः (पुं.) [*मूलति प्रतिष्ठितो भवतीति, मूल प्रतिष्ठायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] उन्नाइसौँ नक्षत्र। यस नक्षत्रका पाँच तारा छन्। यसको आकार शङ्ख अथवा सिंहको पुच्छरजस्तो छ। यसको योगतारा ईशानमा छ। यसको ध्रुवांश (क्रान्तिवृत्तमा मेष 0° बाट हुने दूरी) २४०/४० कला छ। (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम पादव्यवस्थाअनुसार य, यो भा, भीबाट प्रारम्भ हुन्छ। यो धनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राशिमा पर्छ। (मु.चि.) यो पृथ्वीबाट करिब ३६० प्रकाश वर्ष टाढा छ। (आ.द.)

मूलकः (पुं.) [*मूले भवः, पूर्वाह्णपराह्णार्द्रामूलकः ४.३.२८ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] मूल नक्षत्रमा पैदा भएको।

मूलकम् (नपुं.) [*मूल प्रतिष्ठायाम् इति धातोः, क्वुन् (उ.) यद्वा– मूलयति, मूल रोहणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, संज्ञायां कन् ५.३.७५*] १.मूला २.अरू शब्दको पछाडि लागी मूलबाट उत्पन्न अर्थ बुझाउने शब्द। जस्तै– **दुःखमूलकम्, भ्रान्तिमूलकम्।**

मूलकर्म (नपुं.) [*ओषध्यादिमूलेन कर्म*] औषधि–जडिबूटी आदिले वशमा ल्याउने काम।

मूलधनम् (नपुं.) [*मूलं च तद्धनं च, कर्म.स.*] साँवा।

मूलप्रवृत्तिः (स्त्री.) मान्छेभित्र रहेका आहार, निद्रा, भय आदि विभिन्न प्रवृत्तिहरू। सामान्यतया मानिसमा रहने मूलप्रवृत्तिहरू– युयुत्सा, प्रतिकूलता, जिज्ञासा, दैन्य, आहारको अन्वेषण, यौनप्रवृत्ति, सन्तानेच्छा, सन्ततिरक्षा, संघात्मकप्रवृत्ति, पलायन, शरणागति, आत्मप्रदर्शन, सिर्जना, परिग्रह र हास्य। यिनका संवेगहरू– क्रोध, जुगुप्सा, आश्चर्य, आत्महीनता, भोक, कामुकता, वात्सल्य, स्नेह, एक्लोपन, भय, कातरता, गौरव, रचनात्मक आनन्द, प्रभुत्वको सुख र आमोद।

मूलम् (नपुं.) [*मवते बध्नातीति, मूङ् बन्धने इति धातोः, मूशक्यबिभ्यः क्लः (उ.) ५५८ इति क्लः, यद्वा मूलतीति, मूल प्रतिष्ठायाम् इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.जरो/बोट/कन्द।

अमन्त्रमक्षरं नास्ति नास्ति मूलमनौषधम्।
अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः ।। (सुभा.)

२.मुहान ३.आरम्भ वा उत्पत्ति भएको ठाउँ ४.प्रधान/सर्वश्रेष्ठ ५.सत्ताइस नक्षत्रमध्ये एक। **मूलेनावाहयेद्देवीं श्रवणेन विसर्जयेत्।** ६.झाडी ७.नजिक। **~कर्तव्यम्** (नपुं.) [*मूलञ्च तत् कर्तव्यञ्च, कर्म.स.*] मानिसले अरू वा आफ्ना प्रति र आफू–आफूमा गर्नुपर्ने मुख्य काम। **~ग्रन्थः** (पुं.) [*मूलश्चासौ ग्रन्थश्च, कर्म.स.*] ग्रन्थकर्ताको मुख्य रचना। **~च्छेदनम्** (नपुं.) [*मूलस्य छेदनम्, ष.त.*] १.जरैदेखि उखेल्ने काम २.निर्मूल गर्ने काम। **~धनम्** (नपुं.) [*मूलञ्च तद् धनञ्च कर्म.स.*] पूँजी/व्यापारमा लगाइएको धन। **~नियमः** (पुं.) [*मूलश्चासौ नियमश्च, कर्म.स.*] मुख्य नियम/आधारभूत नियम/संविधान।

मूलशिफा (स्त्री.) [*मूलादूर्ध्वं गता शिफा लता*] फेददेखि टुप्पासम्म पुगेको जरा।

मूलाधारः (पुं.) [*मूलभूत आधारः, म.प.स.*] योगशास्त्रमा कल्पित शरीरको आधारचक्र।

मूलेरः (पुं.) [*मूलतीति, मूल प्रतिष्ठायामिति धातोः, मूलेरादयः (उ.) इति एरक्*] जरो।

मूल्यनिर्धारणम् (नपुं.) [*मूल्यस्य निर्धारणम्, ष.त.*] वस्तुको मूल्य निर्धारण गर्ने काम।

मूल्यम् (नपुं.) [*मूलेन आनाम्यम्, नौवयोधर्मविषमूल. ४.४.९१ इति यत्, अलोपः*] १.लाभांश २.कुनै वस्तु खरीद गर्दा त्यसका बदलामा दिइने धन ३.पूर्ववर्ती, उत्तरवर्ती र समवर्ती कृतिकारका कृतिको बिचमा पाइने समानता र भिन्नताको आधारमा अङ्कन गरिने मूल्य। **मूल्यं स्याद्वेतने वस्ने** (विश्व. मेदिनी.) **~सिद्धान्तः** (पुं.) [*मूल्यस्य सिद्धान्तः, ष.त.*] कृति वा वस्तुको मूल्य निर्धारण गर्ने सिद्धान्त। **~नियन्त्रणम्** (नपुं.) [*मूल्यस्य नियन्त्रणम्, ष.त.*] वस्तुका मोलमा अनुचित वृद्धि हुन नदिनका लगि गरिने प्रतिबन्ध वा त्यसको व्यवस्था। **~निरूपणम्** (नपुं.) [*मूल्यस्य निरूपणम्, ष.त.*] १.कुनै वस्तु, सम्पत्ति वा कसैको योग्यता आदिको मूल्य निश्चित गर्ने काम २.मोल तोक्ने काम। **~निर्धारणम्** (नपुं.) [*मूल्यस्य निर्धारणम्, ष.त.*] १.कर–सम्बन्धी प्रयोजनका लागि आमदानी वा सम्पत्तिको सरकारी मूल्याङ्कन २.मूल्यको निर्धारण गर्ने काम। **~वान्** (पुं.) [*मूल्यमस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] धेरै मोल पर्ने/किमती। **~सूचनाङ्कः** (पुं.) [*मूल्यस्य सूचनम्, ष.त., मूल्यसूचनस्य अङ्कः, ष.त.*] खाद्यान्न, वस्त्र र अरू वस्तुको सामयिक मूल्य बताउने अङ्क। सामान्य स्थिति भएको समयमा मूल्यको मान प्रायः १०० मानिएको हुन्छ। यसभन्दा बढीलाई महङ्गो र घटीलाई सस्ताको परिदर्शक मानिन्छ। **~स्तरः** (पुं.) [*मूल्यस्य स्तरः, ष.त.*] वस्तुका मोलको माथिल्लो रेखा, तह वा भाउ। **~ह्रासः** (पुं.) [*मूल्यस्य ह्रासः, ष.त.*] चलनचल्तीका वस्तुको भाउ वा मोल घट्नु/चलनचल्तीको वस्तुहरूको उत्पादन बढी र चल्ती कम भएमा हुने मोलको घटती। **~ह्रासकोषः** (पुं.) [*मूल्यस्य ह्रासः, ष.त., मूल्यह्रासस्य कोषः, ष.त.*] यन्त्र, सामान, उपकरण आदि घसेटिनाले पुरानो तथा बेकाम हुनेहुँदा तिनको मूल्यमा क्रमशः हुने घट्तीलाई पूरा गर्ने उद्देश्यले स्थापना गरेको कोष वा निधि।

मूल्याङ्कनम् (नपुं.) [*मूल्यस्य अङ्कनम्, ष.त.*] १.मूल्य निर्धारण गर्ने काम/मोल तोक्ने काम २.कुनै वस्तुको गुण, उपयोगिता महत्त्व आदिको निर्णय गर्ने काम ३.कृतिहरूको विश्लेषण गरेर त्यसभित्र रहेका विशेषताहरूको निर्धारण गर्ने काम।

मूल्यानुपातिकरः (पुं.) [*मूल्यमनुपततीति, मूल्यानुपाती, स चासौ करश्च, कर्म.स.*] कुनै वस्तुमा त्यसको मूल्यअनुसार लाग्ने कर वा शुल्क/मूल्यानुपाती शुल्क।

मूल्यापकर्षः (पुं.) [*मूल्यस्य अपकर्षः, ष.त.*] मुद्रा, सरकारी ऋणपत्र, कारखानामा प्रयुक्त यन्त्रादिका मूल्यमा कमी हुनु/मूल्यह्रास।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्योत्कर्षः (पुं.) [*मूल्यस्य उत्कर्षः, ष.त.*] मुद्रा, सरकारी ऋणपत्र आदिको सापेक्ष मूल्यवृद्धि हुनु/मोल बढ्नु/महँगी हुनु।

मूष (धा.) [*स्तेये, सक.सेट्, पर.*] चोरी गर्नु। लट्– **मूषति–** चोरी गर्छ इत्यादि।

मूषकः (पुं.) [*मुष्णातीति परान्नादिकम्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.मुसो २.चोर/ठग/ वञ्चक।

मूषा (स्त्री.) [*मूषति, मूष स्तेये इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.३.१३५ इति कः, यद्वा मुष स्तेये इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ् ह्रस्वादिरिपि*] सुन, चाँदी पगाल्ने भाँडो। **मूषा त्वावर्तनी मूषी** (शब्दार्णव)।

मूषिकः (पुं.) [*मुष्णाति, पदार्थानिति, मुष स्तेये इति धातोः, मुषेर्दीर्घश्च (उ.) २०९ इति किकन् दीर्घश्च*] मुसो।

भद्रमूषिकं आसन्दी कुन्दुरुन्दुरुरुन्दरः।

मूषको वज्रदशनः क्रमः काण्डो विलेशयः॥ (वाचस्पति)

मूषिकपर्णी (स्त्री.) [*मूषिकः पर्णमस्याः, मूषिककर्णाकारपत्रत्वात्, पाककर्ण ४.१.४५ इति ङीष्*] मुस्लिण्डी।

मूषितः (पुं.वि.) [*मूष्यते, स्म, मूष स्तेये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] चोरिएको।


(मृगः)

मृग (धा.) [*अन्वेषणे, सक.सेट्, आत्म.*] अन्वेषण गर्नु, सिकार खेल्नु। लट्– **मृगयते–** अन्वेषण गर्छ, सिकार खेल्छ। लिट्– **मृगयाञ्चक्रे–** अन्वेषण गरेछ, सिकार खेलेछ (अन.)। लुट्– **मृगयिता**– अन्वेषण गर्ने छ, सिकार खेल्ने छ। (अन.)। लृट्– **मृगयिष्यते–** अन्वेषण गर्ने छ, सिकार खेल्ने छ। लोट्– **मृगयताम्–** अन्वेषण गरोस्, सिकार खेलोस्। लङ्– **अमृगयत–** अन्वेषण गऱ्यो, सिकार खेल्यो (अन.)। विधिलिङ्– **मृगयेत–** अन्वेषण गर्ला, सिकार खेल्ला, अन्वेषण गरोस्, सिकार खेलोस्। आशीर्लिङ्– **मृगयिषीष्ट–** अन्वेषण गरोस्, सिकार खेलोस्। लुङ्– **अममृगत–** अन्वेषण गऱ्यो, सिकार खेल्यो। लृङ्– **अमृगयिष्यत–** अन्वेषण गर्ने थियो, सिकार खेल्ने थियो इत्यादि।

मृगः (पुं.) [*मृगयते अन्वेषयति तृणादिकम्, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कर्तरि कः, यद्वा मृग्यते व्याधैः, मृग अन्वेषणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.हरिण/एक प्रकारको जङ्गली पशु २.मृगशीरा नक्षत्र ३.एक जातको हात्ती ४.खोज्ने काम ५.याचना ६.चारथरी पुरुषमध्ये एक। यसको बोली मिठो, आँखा ठुलो, राम्रो र छिटो चाल हुन्छ। यो केही सङ्कोच माने खालको हुन्छ।

मृगः पशौ कुरङ्गे च करिनक्षत्रभेदयोः।

अन्वेषणायां याच्ञायां मृगी तु वनितान्तरे॥ (विश्व.)

७.मार्ग महिना ८.मकर राशि ९.एकथरी वैष्णवको टीका १०.ज्योतिषमा वर्णित शुक्रका नौ गतिमध्ये अनुराधा ज्येष्ठा र मूलमा पर्ने आठौँ गति। ११.चन्द्रमामा देखिने कालो दाग १२.चारखुट्टे पशु १३.कस्तूरीको विना। **~धरः** (पुं.) [*धरतीति, धरः, मृगस्य धरः, ष.त.*] चन्द्रमा। **~नयनी** (स्त्री.) [*मृगस्य नयने इव नयने यस्याः सा, बहु.स.*] मृगका जस्ता ठुला र बान्की परेका चञ्चल आँखा भएकी स्त्री/मृगलोचना/मृगाक्षी। **~नाभिः** (पुं.) [*मृगस्य नाभिः, ष.त.*] कस्तुरी/कस्तुरीको बिना/मृगमद। **~राजः** (पुं.) [*मृगाणां पशूनां राजा, ष.त.*] सिंह/मृगेन्द्र। **~लाञ्छनः** (पुं.) [*मृगस्येव लाञ्छनं यस्य सः, बहु.स.*] चन्द्रमा। **~लाञ्छनम्** (नपुं.) [*मृगस्येव लाञ्छनम्.*] चन्द्रमाभित्र रहेको चिह्न।

मृगचर्म (नपुं.) [*मृगस्य चर्म, ष.त.*] मृगको छाला।

मृगतृष्णा (स्त्री.) [*मृगाणां तृष्णास्त्यस्याम्, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.बलौटे जग्गामा कडा घाम लाग्दा कहिलेकाँही देखिने जलको मिथ्या प्रतीति/मृगमरीचिका/ मिथ्यादृश्य २.मृगलाई लागेको प्यास। ३.पूरा नहुने आकाङ्क्षा।

मृगदंशकः (पुं.) [*मृगान् दशति, दंश दशने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन्, ज्ञापि. ५.४.५*] कुकुर।

मृगधूर्तः (पुं.) [*मृगेषु पशुषु धूर्त इव, संज्ञायां कन् ५.३.७५*] स्याल।

मृगबन्धनी (स्त्री.) [*मृगो बध्यतेऽनया, बन्ध बन्धने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] सिकार खेल्दा उपयोग गर्ने डोरी।

मृगमदः (पुं.) [*मृगस्य मदः, ष.त.*] कस्तूरी।

मृगमुद्रा (स्त्री.) [*मृगी मुद्रा*] दाहिने हातको औँठो र साहिली औँला माहिली औँलाको टुप्पोमा जोडेर कान्छी र चोर औँला सिधा गराउँदा हुने हस्तक्रियाको मुद्रा। यो मुद्रा होम गर्दा प्रयोगमा आउँछ।

मिलितानामिकाङ्गुष्ठं मध्यमाग्रे नियोजयेत्।

शिष्टाङ्गुल्युच्छ्रिते कुर्यान् मृगमुद्रेयमीरिता॥

तिस्रो मुद्राः स्मृता होमे मृगी हंसी च शूकरी (मुद्राप्रकाश)।

मृगया (स्त्री.) [*मृग्यन्ते मृगा अस्याम्, मृग अन्वेषणे इति धातोः, परिचर्यापरिसर्यामृगयाटाट्यानामुपसङ्ख्यानम् (वा.) ३.३.१०१ इति शप्रत्ययान्तो निपातः, ततष्टाप् ४.१.४*] सिकार खेल्ने काम/आखेट। **आखेटो मृगया स्त्रियाम्** (अमर.)।

मृगयुः (पुं.) [*मृगान् याति प्राप्नोतीति, या प्रापणे इति धातोः, मृगय्वादयश्च (उ.) ३७ इति सूत्रेण कुः, आलोपः ६.४.६४*] १.व्याधा २.ब्रह्मा ३.स्याल। **मृगयुः पुंसि गोमायौ व्याधे च परमेष्ठिनि** (मेदिनी.)।

मृगलोचना (स्त्री.) [*मृगस्येव लोचने यस्याः सा, व्यधि.बहु.*] मृगको जस्तो आँखा भएकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृगवधाजीवः (पुं.) [*मृगवधेनाजीवति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] मृगलाई मारेर जीविका चलाउने व्यक्ति।

मृगव्यम् (नपुं.) [*मृगा व्यय्यन्तेऽत्र, व्यय गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] सिकार।

मृगशिरः (पुं.) [*मृगः शिरो यस्य सः, बहु.स., रूपभेदात्क्लीबम्*] १.नक्षत्रविशेष २.एक जातको हत्ती। **मृगशीर्षे हस्तिजातौ मृगः पशुकुरङ्गयोः** (व्याडि)।

(मृगशिरा)

मृगशिरा (स्त्री.) [*मृगस्य शिर इव शिरो यस्याः सा, बहु.स.*] सत्ताइस नक्षत्रमध्ये पाँचौँ नक्षत्र। यस नक्षत्रका तीन तारा छन्। यसको आकार मृगको शिर वा मुख जस्तो छ। यसको योगतारा ईशानमा छ। यसको ध्रुवांश (क्रान्तिवृत्रमा मेष 0° बाट हुने दूरी) ६०/१५ कला छ। (सिं.द.) यस नक्षत्रमा जन्मने बालकको नाम पादव्यवस्था अनुसार वेवोकाकीबाट प्रारम्भ हुन्छ। यसको प्रथम र द्वितीय पाउ वृष राशिमा र तृतीय तथा चतुर्थ पाउ मिथुन राशिमा पर्छन्। (मु.चि.) यो पृथ्वीबाट करिब ४५० प्रकाश वर्ष टाढा छ। (आ.द.)

मृगशीर्षम् (नपुं.) [*आकृत्या मृगस्य शीर्षमिव शीर्षं शिरो यस्य सः, बहु.स.*] मृगशिरा नक्षत्र।

मृगाङ्कः (पुं.) [*मृगस्तद्रूपोऽङ्को यस्य सः, बहु.स.*] चन्द्रमा।

मृगाजिनम् (नपुं.) [*मृगस्य अजिनम्, ष.त.*] मृगचर्म/मृगको छाला।

मृगादनः (पुं.) [*मृगमत्ति, अद भक्षणे इति धातोः, ल्युः ३.१.१३४, अनः ७.१.१*] चितुवा।

मृगितः (पुं.वि.) [*मृग्यते स्म, मृग अन्वेषणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खोजिएको।

मृगी (स्त्री.) १.[*मृगस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] पोथी हरिण। २.तीन अक्षरको पाउ भएको एक छन्द। यसका प्रत्येक पाउमा रगणको प्रयोग हुन्छ।

मृगीयवानी (स्त्री.) प्रथम र तृतीय पाउमा क्रमशः रगण, जगण, रगण जगण, द्वितीय र चतुर्थमा तगण, रगण, जगण, रगण तथा एक गुरुवर्णको प्रयोग भएको अर्द्धसम वृत्त। **रौ जरौ जसंयुतौ पदेऽसमेऽथ युग्मे तरौ जरौ गुरुर्मृगीयवानी** (छन्दो.)।

मृगेन्द्रः (पुं.) [*मृगाणामिन्द्रः, ष.त.*] सिंह।

मृगेन्द्रमुखम् (नपुं.) [*मृगेन्द्रस्य मुखम्, ष.त.*] १.सिंहको मुख २.प्रत्येक पाउमा क्रमशः नगण, जगण, जगण, रगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **भवति मृगेन्द्रमुखं नजौ जरौ गः** (छन्दो.)।

मृग्यः (पुं.) [*मृगयितुं योग्यः, मृग अन्वेषणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] खोज्न लायक/खोज्नुपर्ने।

मृङ् (धा.) [*प्राणत्यागे, अक.अनिट्, आत्म.अयं लिट्—लुट्—लृट्—लृङ्क्षु परस्मैपदी*] मर्नु। लट्— **म्रियते—** मर्छ। लिट्— **ममार—** मरेछ (अन.)। लुट्— **मर्ता—** मर्ने छ (अन.)। लृट्— **मरिष्यति—** मर्ने छ। लोट्— **म्रियताम्—** मरोस्। लङ्— **अम्रियत—** मऱ्यो (अन.)। विधिलिङ्— **म्रियेत—** मर्ला, मरोस्। आशीर्लिङ्— **मृषीष्ट—** मरोस्। लुङ्— **अमृत—** मऱ्यो। लृङ्— **अमरिष्यत्—** मर्ने थियो इत्यादि।

मृच्छ (धां.) [*सङ्घाते, अक.सेट्, पर.*] बटुल्नु। लट्— **मृच्छति—** बटुल्छ इत्यादि।

मृच्छकटिकम् (नपुं.) महाकवि शूद्रकद्वारा रचित संस्कृतको सुप्रसिद्ध यथार्थवादी नाटक। शास्त्रीय दृष्टिकोणबाट यसलाई प्रकरण भन्न सकिन्छ। यसमा चारुदत्त र वसन्त सेना नामकी वेश्याको प्रणयको वर्णन छ। यो नाटक १० अङ्कमा विभक्त छ। दैवी कल्पना र अभिजात्य वातावरणबाट मुक्त भएर कविले यो नाटक रचना गरेका छन्। यसमा इतिहासप्रसिद्ध नायक नभएर धीरप्रशान्त लक्षणले युक्त ब्राह्मणलाई नायक तुल्याइएको छ भने वसन्तसेनाजस्ती वेश्यालाई नायिका बनाइएको छ।

मृजा (स्त्री.) [*मार्जनम्, मृजु शौचालङ्करणयोः इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इति अङ्, टाप् ४.१.४*] १.शुद्धि/सफाइ २.सिंगार्ने काम।

मृजू (धा.) [*शौचालङ्करणयोः, सक.सेट्, उभय.*] स्वच्छ पार्नु, अलङ्कृत तुल्याउनु। लट्— **मार्जयति-ते—** स्वच्छ पार्छ, धुन्छ, पवित्र तुल्याउँछ, अलङ्कृत गर्छ इत्यादि।

मृजू (धा.) [*शुद्धौ, सक.वेट्, पर.*] धुनु, स्वच्छ पार्नु। लट्— **मार्ष्टि—** धुन्छ, स्वच्छ तुल्याउँछ। लिट्— **ममार्ज—** धोएछ, स्वच्छ तुल्याएछ (अन.) इत्यादि।

मृड (धा.) [*सुखने, सक.सेट्, पर.*] सुख दिनु, प्रसन्न तुल्याउनु। लट्—**मृडति—**सुख दिन्छ, प्रसन्न तुल्याउँछ। लिट्— **ममर्ड—** सुख दिएछ, प्रसन्न तुल्याएछ (अन.) इत्यादि।

मृड (धा.) [*निमज्जने, अक.सेट्, पर.*] डुब्नु। लट्— **मृडति—** डुब्छ इत्यादि।

मृड (धा.) [*क्षोदे सुखे च, सक.सेट्, पर.*] चूर्ण पार्नु, सुख दिनु। लट्— **मृड्नाति—**चूर्ण पार्छ, सुख दिन्छ इत्यादि।

मृडः (पुं.) [*मृडति, मृड सुखने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा मृड्णाति, मृड च चात्क्षोदे इति धातोः, पूर्ववत् कः*] शिवजी।

मृडा (स्त्री.) [*मृडस्य स्त्री, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] गौरी/पार्वती।

मृडानी (स्त्री.) [*मृडस्येयम्, इन्द्रवरुण ४.१.४९ इति ङीष्, आनुक् च, णत्वम्*] पार्वती।

मृण (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] मार्नु। लट्— **मृणति—** मार्छ आदि।

मृणालः (पुं./नपुं.) १.[*मृणति हिनस्तीति, मृण हिंसायामिति धातोः, तमिविशिबिडिमृणिकुलिकपिपलिपञ्चिभ्यः कालन् (उ. १२३)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति सूत्रेण कालन्] कमल २.[*मृण्यते हिंस्यते भक्षणाद्यर्थंयते, पूर्ववत् कालन्*] पानीभित्रको कमलको डाँठ। **मृणालं नलदे क्लीबम्, पुंनपुंसकयोर्विसे** (मेदिनी.)।

मृणालिनी (स्त्री.) [*मृणालमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.कमलको बोट २.कमलिनी।

मृण्मयम् (नपुं.) [*मृदा निर्मितम्, विकारार्थे मयट्*] माटाले बनेको/माटाको।

मृत् (स्त्री.) [*मृद्नाति प्रलये चूर्णतया स्वकारणे लीयते, मृद क्षोदे इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] माटो/हिलो। **~पिण्डः** (पुं.) [*मृदः पिण्डः, ष.त.*] माटाको डल्ला।

मृतः (पुं.वि.) [*म्रियते स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] मरेको/मृत्यु भएको।

स जातो येन जातेन याति वंशः समुन्नतिम्।
परिवर्तिनि संसारे मृतः को वा नजायते॥ (सुभा.)

यज्वा (पुं.वि.) [विधिना *यजते स्म, यज देवपूजासङ्गतिकरणदानेषु इति धातोः, सुयजोर्ङ्वनिप् ३.२.१०३ इति ङ्वनिप्*] विधिपूर्वक यज्ञ गर्ने। **यज्वा तु विधिनेष्टवान्** (अमरः) **यज्वा स्यादासुतीबलः** (अभि.चि.)।

यत् (अव्य.) [*यच्छति, यम उपरमे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, गमादीनां क्वौ (वा.) ६.४.४० इत्यनुनासिकलोपः, तुक् ६.१.७५*] १.किनभने। **यदनुद्विग्नतः साध्यः पुरुषार्थो सदा बुधैः** (क.स.सा.) २.जुन। **यदेव रोचते यस्मै भवेत्तत्तस्य सुन्दरम्** (क.स.सा.)।

यत (धा.) [*निकारोपस्कारयोः, चुरा. अक.सेट्, उभय.*] यातना दिनु, निषेध गर्नु। लट्– **यातयति-ते**– यातना दिन्छ, निषेध गर्छ। लिट्– **यातयाञ्चकार-चक्रे**– यातना दिएछ, निषेध गरेछ (अन.) इत्यादि।

यतः (अव्य.) १.[*यस्मादिति, पञ्चम्यास्तसिल् ५.३.७ इति तसिल्, त्यदाद्यत्वम् ७.२.१०२*] जहाँबाट।
यत एवागतो दोषस्तत एव निवर्तते।
अग्निदग्धस्य विस्फोटशान्तिः स्यादग्निना ध्रुवम्॥ (सुभा.)
२.किनभने। **यतस्ते कृतिनो लोके परस्मै श्रेयसे सदा।** (नीतिसर्वस्व) **हेतौ यत् तद् यतस्ततः।** (अभि.चि.) ३.[*यम्यते स्म, यम उपरमे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] नियन्त्रित आफ्नो वशमा रहेको।
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः॥ (गीता)

यतम् (नपुं.) [*यमनम्, नियमनमिति, यम उपरमे इति धातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] माउतेले आफ्नो दुवै गोडाको सङ्केतद्वारा हात्तीलाई हिंडाउने काम। **निषादिनां पादकर्म यतं प्रोक्तम्** (हला.)।

यतमः (पुं.) [*एषां यः, वा बहूनां जाति परिप्रश्ने ५.३.९३ इति डतमच्, टिलोपः*] यीमध्ये जुन।

यतरः (पुं.) [*अनयोर्यः, किं यत्तदोर्निर्धारणे द्वयोरेकस्य डतरच् ५.३.९२ इति डतरच्*] जोचाहिँ।

यतात्मा (पुं.वि.) [*यत आत्मा यस्य सः, बहु.स.*] विषयविमुख।

यतिः (पुं.) [*यतते चेष्टते मोक्षार्थमिति, यती प्रयत्ने इति धातोः, सर्वधातुभ्य इन् (उ.) ४.११९ इति इन्*] १.भिक्षु/सन्न्यासी/योगी २.जितेन्द्रिय ३.ब्रह्माका एक पुत्र।
सनकाद्या नारदश्च ऋभुर्हंसोऽरुणिर्यतिः।
नैते गृहान् ब्रह्मसुता ह्यवसन्नूर्ध्वतेजसः॥ (भाग. ४.८.१)
४.नहुषका ज्येष्ठ पुत्र। यिनलाई राज्य गर्ने इच्छा नभएकाले यिनका भाइ ययाति राजा भएका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतिं ययातिं संयातिमायातिमयतिं ध्रुवम्।
नहुषो जनयामास षट्सुतान् प्रियवाससि॥ (म.भा.१.७५.३०)

५.विश्वामित्रका एक छोरा (म.भा. १३.४.५७) ६.ब्रह्माका एक मानस पुत्र ७.कर्मठ ८.(स्त्री.) [*यम्यते रसना जिह्वा अत्र, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुदात्तोपदेशवनतितनोत्यादीनामनुनासिकलोपो झलि क्ङिति ६.४.३५ इत्यनुनासिकलोपः*] छन्दमा हुने विश्राम।

यतिर्जिह्वेष्टविश्रामस्थानं कविभिरुच्यते।
सा विच्छेदविरामाद्यैः पदैर्वाच्या निजेच्छया॥ (छन्दो.)

९.पाठविच्छेद १०.कैदी ११.विधवा १२.सङ्गीतको स्थायि भाव। **यतिः स्त्री पाठविच्छेदे निकारयतिनोः पुमान्** (मेदिनी.)।

~चान्द्रायणः (पुं.) तिस दिन सम्म मध्याह्नमा प्रतिदिन ८।८ गाँस हविष्य खाएर गरिने एक व्रत। (मनु. ११.२१८) **~भङ्गः** (पुं.) [*यतेर्भङ्गः, ष.त.*] यति हुनुपर्ने ठाउँमा नहुँदा पर्ने दोष। **~सान्तपनम्** (नपुं.) [*यतयोऽपि सन्तप्यन्तेऽनेन, करणे ल्युट् अनः*] तीन दिन सम्म पञ्चगव्य (गहुँत, गोबर, दही, दुध र घिउ) खाएर गरिने व्रत। यसमा चौथो दिन उपवास बसेर हवन गर्ने व्यवस्था छ। (प्रायश्चित्तेन्दुशेखर) पञ्चगव्यमा कुशोदक मिसाई सात दिन सम्म खाएर अघिजस्तै व्रत गरे कृच्छ्रसान्तपन व्रत हुन्छ। (जावालि)

यती (धा.) [*प्रयत्ने, अक.सेट् आत्म.*] प्रयत्न गर्नु। लट्– **यतते–** प्रयत्न गर्छ। **आयतते–** वशमा राख्छ। **प्रयतते–** विशेष प्रयत्न गर्छ। लिट्– **येते–** प्रयत्न गरेछ (अन.)। लुट्– **यतिता–** प्रयत्न गर्ने छ (अन.)। लृट्– **यतिष्यते–** प्रयत्न गर्ने छ। लोट्– **यतताम्–** प्रयत्न गरोस्। लङ्– **अयतत–** प्रयत्न गऱ्यो (अन.)। विधिलिङ्– **यतेत–** प्रयत्न गर्ला, प्रयत्न गरोस्। आशीर्लिङ्– **यतिषीष्ट–** प्रयत्न गरोस्। लुङ्– **अयतिष्ट–** प्रयत्न गऱ्यो। लृङ्– **अयतिष्यत्–** प्रयत्न गर्ने थियो इत्यादि। भावे– **यत्यते–** प्रयत्न गरिन्छ। णिचि– **यातयति-ते–** प्रयत्न गराउँछ। सनि– **यियतयिषते–** प्रयत्न गर्न चाहन्छ। कृदन्ते– **यतितव्यम्, यतनीयम्, यत्यम्–** प्रयत्न गर्नु पर्ने। **यतितुम्–** प्रयत्न गर्न। **यतित्वा, प्रयत्य–** प्रयत्न गरेर। **यत्नः–** प्रयत्न। **यतिः–** विराम, पाठविच्छेद इत्यादि।

यती (पुं.) [*यमनम्, यम उपरमे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, मलोपः ६.४.३७, यतम् उपरमणमस्ति नित्यं वा अस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] जितेन्द्रिय/संन्यासी।

यती व्रती चापि पतिव्रताश्च वीराश्च शूराश्च दयापराश्च।
त्यागी च मौनी च बहुश्रुताश्च सुसङ्गमात्रेण दहन्ति पापम्॥ (सुभा.)

ये निर्जितेन्द्रियग्रामा यतिनो यतयश्च ते (अमर.)।

यत्किञ्चित् (अव्य.) [*यच्च किञ्चिच्च, द्व.स.*] अलिकति/केही/थोर बहुत।

यत्किञ्चिदस्ति विगुणं विरसं विरूपं
तद् वस्तु भो कृतधियः स्वदतां भवद्भ्यः।
लोकोत्तराखिलगुणं मथुरालयं यत्
तस्मिन् नितान्तरुचिरे नतिरस्तु नस्तु॥ (सुभा.)

यत्नः (पुं.) [*यतनम्, यती प्रयत्ने इति धातोः, यजयाच-यतविच्छ-प्रच्छरक्षो नङ् ३.३.९० इति नङ्*] १.प्रयास/कोसिस/प्रयत्न/उद्योग। **यत्ने कृते यदि न सिध्यति कोऽत्र दोषः** (सुभा.) २.कथावस्तुको दोस्रो अवस्था/नाटकमा फलप्राप्तिका निमित्त बढो उत्साहका साथ गरिने क्रियाकलाप। **प्रयत्नस्तु तदप्राप्तौ व्यापारोऽतित्वरान्वितः** (द.रु. १.१०) ३.वर्णोच्चारणमा हुने आभ्यन्तर तथा बाह्य प्रयत्न।

यत्नवान् (पुं.वि.) [*यत्नोऽस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] यत्न गर्ने/प्रयत्नशील।

यत्र (अव्य.) [*यस्मिन्निति, सप्तम्यास्त्रल् ५.३.१० इति त्रल्*] जहाँ।

तत्र मित्र न वस्तव्यं यत्र नास्ति चतुष्टयम्।
ऋणदाता च वैद्यश्च श्रोत्रियः सजला नदी॥ (हितो.)

यत्रकुत्र (अव्य.) [*यत्र च कुत्र च, द्व.स.*] जहाँकहाँ/जताकतै।

अयुक्तं बहु भाषन्ते यत्रकुत्रापि शेरते।
नग्ना विक्षिप्य गात्राणि बालका इव मद्यपाः॥ (सुभा.)

यत्रतत्र (अव्य.) [*यत्र च तत्र च, द्व.स.*] जता-ततै/जहाँ-कहीँ/सर्वत्र/ठाउँ-ठाउँमा।

यत्रकुत्रचित् (अव्य.) जहाँकहीँ पनि/जतातता/ठाउँठाउँमा।

यत्रि (धा.) [*सङ्कोचे, सक.सेट् उभय.*] सङ्कोच गर्नु, लजाउनु। लट्– **यन्त्रयति-ते–** सङ्कोच गर्छ, लजाउँछ। लिट्– **यन्त्रयामास-से–** सङ्कोच गरेछ, लजाएछ (अन.)। लुट्– **यन्त्रयिता–** सङ्कोच गर्ने छ, लजाउने छ (अन.)। लृट्– **यन्त्रयिष्यति-ते–** सङ्कोच गर्ने छ, लजाउने छ। लोट्– **यन्त्रयतु-ताम्–** सङ्कोच गरोस्, लजाओस्। लङ्– **अयन्त्रयत्-त–** सङ्कोच गऱ्यो, लजायो (अन.)। विधिलिङ्– **यन्त्रयेत्-त–** सङ्कोच गर्ला, लजाउला, सङ्कोच गरोस्, लजाओस्। आशीर्लिङ्– **यन्त्र्यात्-यन्त्रयिषीष्ट–** सङ्कोच गरोस्, लजाओस्। लुङ्– **अयन्त्रयत्-त–** सङ्कोच गऱ्यो, लजायो। लृङ्– **अयन्त्रयिष्यत्-त–** सङ्कोच गर्ने थियो, लजाउने थियो इत्यादि। सनि– **यियन्त्रयिषति-ते–** सङ्कोच गर्न चाहन्छ, लजाउन चाहन्छ। कृदन्ते– **यन्त्रणीयम्–** सङ्कोच गर्नुपर्ने, लजाउनु पर्ने। **यन्त्रयितुम्–** सङ्कुचित पार्न, लजाउन। **यन्त्रणा–** सङ्कोच, लाज आदि।

यथा (अव्य.) [*येन प्रकारेण, प्राकरवचने थाल् ५.३.३३ इति थाल्, त्यदाद्यत्वम् ७.२.१०२, पररूपम्*] जस्तै/जसरी।

यथा विषं यथा शस्त्रं यथाग्निरशनिर्यथा।
तथौषधमविज्ञातं विज्ञातममृतोपमम्॥ (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~क्रमम् (नपुं.) [*क्रममनतिक्रम्य, अव्य.स.*] क्रमअनुसार/क्रमैले/सिलसिला बमोजिम। **~गतम्** (नपुं.) [*आगतमनतिक्रम्य, यथाऽसादृश्ये २.१.७ इति नियमात् अव्ययं विभक्ति– २.१.७ इति समासः*] जसरी आयो/आएअनुसार। **~तथ्यम्** (नपुं.) [*तथ्यमनतिक्रम्य, अव्य.स.*] जस्ताको तस्तो/यथार्थ रूपमा। **~पूर्वम्** (नपुं.) [*पूर्वमनतिक्रम्य, अव्य.स.*] पहिलेको जस्तो/जस्ताको तस्तो। **~योग्यम्** (नपुं.) [*योग्यमनतिक्रम्य, अव्य.स.*] जस्तो उचित हुन्छ उस्तै/सुहाउँदो/यथोचित। **~शक्ति** (नपुं.) [*शक्तिमनुसृत्य, अव्य.स.*] शक्तिले भेटेसम्म/यथासम्भव/भरसक/यथाशक्य। **~समयम्** (नपुं.) [*समयमनुसृत्य, अव्य.स.*] उचित समयमा। **~सम्भवम्** (नपुं.) [*सम्भवमनुसृत्य, अव्य.स.*] हुन सकेसम्म/भ्याएसम्म/ भरसक/यथासाध्य। **~स्थानम्** (नपुं.) [*स्थानमनुसृत्य, अव्य.स.*] उचित स्थानमा। **~स्थिति** (अव्य.) [*स्थितिमनुसृत्य, अव्य.स.*] जस्तो अवस्था थियो त्यसैअनुसार।

यथाकामी (पुं.वि.) [*काममनुसृत्य प्रवृत्तिरस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] स्वेच्छाचारी

यथाकामी स्वरुचिश्च स्वच्छन्दः स्वैर्यपावृतः॥
(अभि.चि.)

यथाकामी भवेद्वापि स्त्रीणां वरमनुस्मरन्।
स्वदारनिरतश्चैव स्त्रियो रक्ष्या यतः स्मृताः॥
(या.व.१.८१)

यथाजातः (पुं.वि.) [*जातं जन्मकालविशेषमनतिक्रम्य वर्तते, पदार्थानतिवृत्तावव्ययीभावः, तदस्यास्ति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.मूर्ख २.जस्तो जन्मिएको थियो त्यस्तै अवस्थाको।

मूढो मन्दो यथाजातो बालो मातृमुखो जडः (अभि.चि.)।

यथातथम् (अव्य.) [*तथानतिक्रम्य, तथाशब्दः, तथशब्दो वा सत्यार्थः*] साँचो/जस्तो छ त्यस्तै। **सत्यं सम्यक् समीचीनमृतं तथ्यं यथातथम्। यथास्थितञ्च सद्भूते** (अभि.चि.)।

यथानुपूर्वम् (नपुं.) [*अनुपूर्वमनतिक्रम्य, अव्य.स.*] परम्पराअनुसार/क्रमबमोजिम।

यथाभिलषितम् (नपुं.) [*अभिलषितमनतिक्रम्य, अव्य.स.*] इच्छा अनुरूप/अभिलाषाअनुसार।

यथामुखीनः (पुं.वि.) [*मुखस्य सदृशं यथामुखम्, प्रतिविम्बम्, निपातनात्सादृश्येऽव्ययीभावः, यथामुखं दर्शनः, यथामुखसंमुखस्य दर्शनः खः ५.२.६ इति खः, खस्य इनः*] सम्मुख भएर/ सामुन्नेमा देखिएको। **यथामुखीनः सीतायाः पुप्लुवे बहु लोभयन्** (रामा.)।

यथायथम् (अव्य.) [*यथा स्वम् इति वीप्सायामव्ययीभावः २.१.६, यो य आत्मा, यद्यच्चात्मीयम्, तद्यथास्वम्, तस्मिन् यथा शब्दस्य द्वे क्लीबत्वं च निपात्यते यथास्वे यथायथम् ८.१.१४ इति सूत्रेण*] यथयोग्य/जसलाई जस्तो उचित छ त्यस्तो किसिमले।

यथार्थतः (अव्य.) [*यथार्थे इति, आद्यादिभ्य उपसङ्ख्यानम् (वा.) तसिः*] वास्तवमा/खसोखास/वस्तुतः।

यथार्थम् (अव्य.) [*अर्थमनतिक्रम्य, पदार्थानतिवृत्तावव्ययीभावः २.१.६*] १.जस्ताको तस्तो/वास्तविक २.ठिक/उचित/सत्य।

यथार्थन्तु यथातथम् (अमर.)।

यथार्थवर्णः (पुं.वि.) [*यथार्थं वर्णयति, अच्*] दूत। **यथार्थवर्णो मन्त्रज्ञः स्पशो हेरक उच्यते** (हला.४२५)।

यथार्थवादः (पुं.) [*यथार्थस्य वादः, ष.त.*] साहित्यको एक विशेष चिन्तन पद्धति। यस पद्धतिअनुसार साहित्यकारले जीवन र जगत्‌को यथार्थ पक्षको चित्रण गर्नु पर्दछ। यो शब्द संस्कृत साहित्यको आधुनिक समालोचनामा प्रयुक्त छ।

यथार्थवादी (पुं.वि.) [*यथार्थं वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] यथार्थवादका अनुयायी।

यथार्हवर्णः (पुं.) [*अर्हति, अर्ह पूजायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यो योऽर्हः, यथार्हो वर्णो रूपं यस्य सः, वर्णः स्याद्भेदरूपयोः (धरणि.) बहु.स.*] जासुस/दूत।

प्रणिधिर्यथार्हवर्णो ऽवसर्पो मन्त्रविच्चरः (अभि.चि.)।

यथावत् (अव्य.) [*यथा इव, तत्र तस्येव ५.१.११६इति वतिः*] जस्तो पहिले थियो उस्तै/पहिलेको जस्तो/पूर्ववत्।

यथाविधि (अव्य.) [*विधिमनतिक्रम्य, अव्य.स.*] विधिअनुसार।

यथासंख्यम् (नपुं.) [*सङ्ख्यामनतिक्रम्य, अव्य.स.*] १.सङ्ख्या वा क्रम नछोडी २.वाक्यन्यायमूलक एक अर्थालङ्कार। जहाँ क्रमैले पदार्थहरूको वर्णन हुन्छ, त्यो अलङ्कार।

यथासंख्यं क्रमेणैव क्रमिकाणां समन्वयः (का.प्र.१०.१०८)।

यथास्थितम् (अव्य.) [*स्थितमनतिक्रम्य, अव्य.स.*] सत्य/जस्तो थियो, त्यस्तै/यथास्थिति

यथास्वम् (अव्य.) [*स्वमनतिक्रम्य, अव्य.*] सम्पत्ति (भए) अनुसार/जसको जत्ति सम्पत्ति छ, तदनुसार।

यथेच्छाचारी (पुं.) [*इच्छामनुसृत्य, अव्य.स., यथेच्छमाचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] इच्छा लागे जस्तो गर्ने/स्वेच्छाचारी।

यथेप्सितम् (नपुं.) [*ईप्सितमनुसृत्य, अव्य.स.*] इच्छानुसार।

कामं प्रकामं पर्याप्तं निकामेष्टे यथेप्सिते (अभि.चि.)।

यथेष्टम् (नपुं.) [*इष्टमनतिक्रम्य इति अव्य.स.*] इच्छाअनुसार/मन लागेसम्म।

यथेष्टचारी (पुं.) [*इष्टमनुसृत्य, अव्य.स., यथेष्टमाचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः यथेण्टमाचरितुं शीलमस्य वा, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८इति णिनिः*] मन लागेको काम गर्ने/स्वेच्छाचारी/यथेच्छाचारी।

यथोक्तम् (नपुं.) [*उक्तमनुसृत्य, अव्य.स.*] पहिले भने जस्तो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथोचितः (पुं.वि.) [*यथोचितमस्यास्तीति, अर्शाद्यच्*] जस्तो उचित छ, त्यसअनुसारको ।

यथोचितम् (नपुं.) [*उचितमनुसृत्य, अव्य.स.*] जहाँ जे जसो गर्नुपर्छ त्यही माफिक ।

यथोदितम् (नपुं.) [*उदितमनुसृत्य,अव्य.स.*] भनिएअनुसार ।

यथोदितन्तु पितृभिः कुरु दारपरिग्रहम् (मा.पु.) ।

यथोद्गतः (पुं.वि.) [*उद्गतमनतिक्रम्य यथोद्गतम्, तदस्तीति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.मूर्ख । **वैधेयो बालिशो बालो जडो जाल्मो यथोद्गतः** (हला.३३६) २.जडवस्तु । २.(पु.वि.) जस्तो उम्र्यो त्यस्तै ३.उदाएजस्तो ।

यद् (त्रि.) [*यजति सर्वैः पदार्थैः सङ्गतो भवतीति, यज देवपूजादौ, इति धातोः, त्यजितनियजिभ्यो डित् (उ.) १३७ इति सूत्रेण, अदिः, डित्वम्*] १.ब्रह्मा २.यो । **त्यदादीनां सर्वनामसञ्ज्ञा भवति, तेन सामान्यवाचकास्त्यदादयः** । (उ.को.टी.) ३.कारण । **हेतौ यत् तद् यतस्ततः** (अभि.चि.) ।

यदा (अव्य.) [*यस्मिन् काले, सर्वैकान्यकिंयत्तदः काले दा ५.३.१५ इति दा*] जहिले/जुन समयमा/जब ।

यदाकदा (अव्य.) [*यदा च कदा च, द्व.स.*] कहिलेकाहीँ/कुनैकुनै समयमा/आकलझुकल ।

यदि (अव्य.) [*यतनम्, यती प्रयत्ने इति धातोः सर्वधातुभ्य इन् ४.११९ इति इन्, पृषोदरादितया तस्य दः, यद्वा णिजन्ताद् यत् शब्दात् अच इः ४.१३९ इति इः, प्रकृत्यैकाच् ६.४.१६३ इति टिलोपाभावः*] यसो हो भने । **पक्षान्तरे चेद् यदि च** (अमर.) ।

यदीयः (पुं.वि.) [*यस्यायम्, त्यदादीनि च १.१.७४ इति वृद्धसंज्ञा, वृद्धाच्छः इति छः, छस्य ईयः*] जससित सम्बधित ।

यदुः (पुं.) १.देवयानीका गर्भबाट पैदा भएका राजा ययातिका दुई, छोरामध्ये जेठा । यिनैबाट यदुवंश चलेको हो । श्रीकृष्ण यसै कुलमा पैदा भएका हुन् । २.राजा हर्यश्वका पुत्र ३.अनुका बाबु (वि.पु. ४.१४) ४.क्रोष्टु, नील आदि पाँचका पिता (म.पु. ४३.७) ।

यदुनाथः (पुं.) [*यदूनां नाथः, ष.त.*] श्रीकृष्ण । श्रीकृष्णलाई बुझाउन यदुशब्दको पूर्व प्रयोग हुने केही अन्य शब्दहरू– यदुपतिः, यदुभूपः, यदुराजः, यदुवंशमणिः, यदुवरः, यदुवीरः ।

यदुवंशः (पुं.) [*यदोर्वंशः, ष.त.*] यदुको वंश ।

यदृच्छा (स्त्री.) [*ऋच्छनम्, ऋच्छ धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४, या ऋच्छा, विशेषणं विशेष्येण बहुलम् २.१.५७ इति समासः*] १.स्वतन्त्रता/आफूखुसी । **स्वाच्छन्द्यं निर्निमित्तञ्च यदृच्छेत्यभिधीयते** । (हला.७७४) २.नामको मात्र ।

असम्पादयतः कञ्चिदथ जातिक्रियागुणैः ।
यदृच्छाशब्दवत्पुंसः संज्ञायै जन्म केवलम् ॥ (सुभा.)

यद्भविष्यः (पुं.) [*यत्किमप्यनिश्चितं भविष्यमायतिरस्य सः*] भाग्यवादी । **यद्भविष्यो दैवपरः** (हला.३७७) ।

अनागतविधाता च प्रत्युत्पन्नमतिस्तथा ।
द्वावेतौ सुखमेधेते यद्भविष्यो विनश्यति ॥ (म.भा.)

यद्यपि (अ.) [*यदि अपि*] यसो भए तापनि/हुनत/यस्तो हो तापनि ।

यद्यपि बहु नाधीषे तथापि पठ पुत्र व्याकरणम् ।
स्वजनः श्वजनो मा भूत् शकलं सकलं सकृच्छकृत् ॥
(सुभा.)

यद्वदः (पुं.वि.) [*यत्किमपि असम्बद्धं वदति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.जे पायो त्यही बोल्ने २.उत्तर दिन नसक्ने । **यद्वदः स्यादनुत्तरः** (हला.३७७) ।

यद्वा (अव्य.) [*यच्च वा च, द्व.स.*] १.अथवा/वा/पक्षन्तर २.बुद्धिविशेष (संक्षिप्तसारोणदिवृत्ति) ।

यद्वातद्वा (अव्य.) [*यद्वा च तद्वा च, द्व.स.*] जथाभावी/मनपरी/जस्तो हुन्छ, त्यस्तै ।

यस्य कस्य तरोर्मूलं येन केनापि धर्षितम् ।
यस्मै कस्मै प्रदातव्यं यद्वा तद्वा भविष्यति ॥ (लटकमेलक) ।

यन्ता (पुं.) [*यच्छति, यम उपरमे इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.सारथि २.माउते ३.विष्णु । **यन्ता हस्तिपके सूते** (अमर.) ३.(पुं.वि.) नियन्त्रक ।

यन्त्रकः (पुं.) १.[*यन्त्रयतीति, यत्रि सङ्कोचे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] यन्त्र चलाउने व्यक्ति २.[*यन्त्रमिव इवार्थे कन्*] घाउमा बाँध्ने कपडाको धुर्को/पट्टी ।

यन्त्रणा (स्त्री.) [*यन्त्रणम्, यत्रि सङ्कोचे इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४, णत्वम्*] सास्ती/यातना/पीडा ।

यन्त्रम् (नपुं.) [*यन्त्रयते इति, यत्रि सङ्कोचे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.मेसिन/कल/विभिन्न प्रकारका औजार र तिनलई बनाउने कल २.तन्त्रशास्त्रअनुसार अक्षर, चित्र आदि लेखिएको विशेष प्रकारको कोष्ठ ३.अनिष्ट आदिबाट रक्षाका लागि शरीरमा धारण गरिने जन्तर ४.देवादिको अधिष्ठान ५.बाजा ६.**~गृहम्** (नपुं.) [*यन्त्रस्य गृहम्, ष.त.*] यन्त्रशाला । **~चातुर्यम्** (नपुं.) [*यन्त्रस्य चातुर्यम्, ष.त.*] यन्त्रसम्बन्धी विशेष योग्यता/कालीगडी । **~जातम्** (नपुं.) १.यन्त्रको समूह २.यन्त्रबाट पैदा भएको । **~मुक्तम्** (नपुं.) [*यन्त्रेण मुक्तम्*] यन्त्रबाट छोडिने अस्त्रविशेष ।

हेतिः शस्त्रं प्रहरणमायुधमस्त्रं चतुर्विधं तच्च ।
मुक्तामुक्तममुक्तञ्च करमुक्तं यन्त्रमुक्तञ्च ॥ (हला.४६२)

~विद् (पुं.) [*यन्त्रं वेत्तीति, सत्सूद्विषद्रुह दुहयुजविदभिद च्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ६.२.६१ इति क्विप्*] यन्त्र विद्या जान्ने व्यक्ति/यन्त्रशास्त्रको ज्ञाता । **~शास्त्रम्** (नपुं.) [*यन्त्रस्य शास्त्रम्, ष.त.*] यन्त्र आदि चलाउने तथा सडक, पुल आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माण गर्ने विद्या/यन्त्रविद्या। **~शाला** (स्त्री.) [*यन्त्राणां शाला ष.त.*] १.यन्त्रहरू राख्ने घर २.वेधशाला। **~सज्जितसेना** (स्त्री.) [*यन्त्रेण सज्जिता, तृ.त.: यन्त्रसज्जिता चासौ सेना च, कर्म.स.*] गाडी, टेलिफोन, बम आदि आधुनिक यन्त्रको प्रयोग गर्ने र त्यस्ता हतियारले सजिसजाउ भएको सेना। **~समुच्चयः** (पुं.) [*यन्त्राणां समुच्चयः, ष.त.*] कुनै कारखाना आदिमा जडिएको सम्पूर्ण यन्त्र/उपकरण आदिको समूह/यन्त्रावली।

यन्त्रज्ञः (पुं.) [*यन्त्राणि जानातीति, अतोऽनुपसर्गे कः ३.२३ इति कः, आलापः*] मेकानिकल इन्जिनियर।

यन्त्रणा (स्त्री.) [*यन्त्रणम्, णिचि युच्, टाप्*] पीडा।

यन्त्रमन्त्रम् (नपुं.) [*यन्त्रम् च मन्त्रम् च, तयोः समाहारः, द्व.स.*] टुनामुना/मोहनी/झारफुक।

यन्त्रमुक्तम् (नपुं.) [*यन्त्रेण मुक्तम्, तृ.त.*] यन्त्रबाट छोडिएको अस्त्र/क्षेप्यास्त्र।

यन्त्रितः (पुं.) [*यन्त्र्यते स्म, यत्रि सङ्कोचे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.नियन्त्रणमा राखिएको २.यन्त्रद्वारा रोकिएको वा बन्द गरिएको।

यन्त्री (पुं.) [*यन्त्रमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.यन्त्र आदिको सहायताबाट काम गर्ने कारिगर/यन्त्र चलाउने वा जीर्णोद्धार गर्ने व्यक्ति/मिस्त्री २.तन्त्रमन्त्र गर्ने/तान्त्रिक।

यन्त्रिकः (पुं.) [*यन्त्रमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] यन्त्र आदिको सहायताबाट काम गर्ने कारिगर/यन्त्र चलाउने वा जीर्णोद्धार गर्ने व्यक्ति।

यभ (धा.) [*मैथुने, अक.अनि, पर.*] मैथुन गर्नु। लट्– **यभति–** मैथुन गर्छ। लिट्– **ययाभ–** मैथुन गरेछ (अन.) इत्यादि।

यम (धा.) [*परिवेषणे, सक. सेट्.उभय.*] स्वाधीन राख्नु, पोषण गर्नु। लट्- **यामयति-ते**- स्वाधीन राख्छ, पोषण गर्छ इत्यादि।

यम (धा.) [*उपरमे, अक.अनि, पर.*] प्रतिबन्ध लगाउनु, रोक्नु। लट्– **यच्छति–** प्रतिबन्ध लगाउँछ, रोक्छ। लिट्– **ययाम–** प्रतिबन्ध लगाएछ, रोकेछ (अन.)। लुट्– **यन्ता–** प्रतिबन्ध लगाउँने छ, रोक्ने छ (अन.)। लृट्– **यंस्यति–** प्रतिबन्ध लगाउने छ, रोक्ने छ। लोट्– **यच्छतु–** प्रतिबन्ध लगाओस्, रोकोस्। लङ्– **अयच्छत्–** प्रतिबन्ध लगायो, रोक्यो (अन.)। विधिलिङ्– **यच्छेत्–** प्रतिबन्ध लगाउला, रोक्ला, प्रतिबन्ध लगाओस्, रोकोस्। आशीर्लिङ्– **यम्यात्–** प्रतिबन्ध लगाओस्, रोकोस्। लुङ्– **अयंसीत्–** प्रतिबन्ध लगायो, रोक्यो। लृङ्– **अयंस्यत्–** प्रतिबन्ध लगाउने थियो, रोक्ने थियो इत्यादि।

यम (धा.) [*ज्ञानादिषु परिवेषणे च, सक.सेट् उभय.*] नियन्त्रण गर्नु, भरण पोषण गर्नु। लट्– **यमयति-ते–** नियन्त्रण गर्छ, भरणपोषण गर्छ इत्यादि।

यमः (पुं.) [*यमयति नियमयति जीवानां फलाफलमिति, यम ज्ञानादिषु परिवेषणे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.यमराज/मनुष्यलाई मरेपछि पापपुण्यको फल दिने देवता २.सातथरी पितृहरूमध्ये एक ३.दक्षिण दिशाको दिक्पाल ४.विष्णु ५.वायु ६.शनि ७.[*यच्छति एकत्र गर्भाशये निरतो भवति, पूर्ववत् अच्*] जुम्ल्याहा बच्चा ८.दुईको सङ्ख्या ९.[*यमयति जीवनमनेन, पूर्ववदच्, यद्वा यमनम्, यमः समुपनिविषु च ३.३.६३ इति चादनुपसर्गेऽपि अप्*] जीव रहेसम्म मानिसले अवश्य गर्नु पर्ने कर्म।

(यमः)

अहिंसा सत्यवचनं ब्रह्मचर्यमकल्कता।
अस्तेयमिति पञ्चैते यमाश्चैव व्रतानि च॥ (मनु.)

१०.[*यमयति, यमवदाचरति, तद्दूतत्वात्, पूर्ववदच्*] काक/काग ११.[*यमयति नियमयति सूर्यं परितो दीर्घवृत्ते भ्रमणेन जगत्, पूर्ववदच्*] सौर्यमण्डलमा पर्ने एक ग्रह। यो सूर्यबाट २२ करोड किलोमिटर दूरीमा छ। यसको व्यास ६७६८ किलोमिटर छ। यसलाई सूर्यको परिक्रमा गर्न हाम्रो वर्ष गणनाअनुसार ६८७ वर्ष लाग्छ। यसको उपग्रह छैन। यसलाई आफ्नो अक्षमा भ्रमण गर्न हाम्रो दिनगणनाअनुसार ६ दिन ९ घण्टा लाग्छ। यो ग्रह पृथ्वीभन्दा हलुका छ। यसको तापमान–२४०० डिग्री से. छ। १२.[*यच्छति नियच्छति इन्द्रियग्राममनेनेति, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] अष्टाङ्ग योगमध्ये इन्द्रियलाई वशमा राख्दै चित्तलाई धर्म वा ईश्वरमा अटल राखिने कर्मको वा योगको साधन वा पहिलो अवस्था, यमका अङ्गहरू मतमतान्तरले गर्दा पाँच, दश वा बाह्र छन्। **पाँच अङ्गहरू–** अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह।

अहिंसासत्यास्तेय-ब्रह्मचर्यापरिग्रहा यमाः।

दश अङ्गहरू– ब्रह्मचर्य, क्षान्ति (दुःख वा कठोर वचन सहनु) दान, सत्य, अकल्कता, अहिंसा, अस्तेय (छल चोरी आदिले अरूको धन नलिनु), माधुर्य (मिठो बोली वा अहङ्कार शून्य विचार) र मार्दव (बोली काम कुरोमा नरमपन)।

ब्रह्मचर्यं दया क्षान्तिर्दानं सत्यमकल्कता॥
अहिंसास्तेयमाधुर्यं दमश्चेति यमाः स्मृताः॥

अथवा आनृशंस्य (क्रूरपन नहुनु) दया, सत्य, अहिंसा, शान्ति, आर्जव (सिधापन), प्रीति, प्रसाद (मानसिक आनन्द) माधुर्य र मार्दव।

आनृशंस्यं दया सत्यमहिंसा शान्तिरार्जवम्।
प्रीतिः प्रसादो माधुर्यं मार्दवं च यमा दश॥

मतान्तरमा– अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, दया, सरलता, क्षमा, धैर्य, परिमित भोजन र शुद्धता।

अहिंसा सत्यमस्तेयं ब्रह्मचर्यं दयार्जवम्।
क्षमा धृतिर्मिताहारः शौचं चेति यमा दश॥ (दे.भा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३.यम (वर्ण) प्रातिशाख्यअनुसार क, ख, ग, घदेखि पर, यिनै वर्ण आएमा तिनीहरूलाई यम भनिन्छ– जस्तै– **पलिक्क्नी चख्ख्नतुः** आदि।

यमकम् (नपुं.) [*यमौ इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, यद्वा यमं युग्मभावं कायति, कः*] १.एक शब्दालङ्कार। यसमा एउटै क्रममा शब्दको पुनरावृत्ति हुन्छ। आवृत्ति भएका शब्दहरूमध्ये एउटा सार्थक, एउटा निर्थक अथवा भिन्नार्थक हुन्छ। यो अनेक किसिमको हुन्छ। पदावृत्तियमक, पादान्तयमक आदि।

सत्यर्थे पृथगर्थायाः स्वरव्यञ्जनसंहतेः।

क्रमेण तेनैवावृत्तिर्यमकं विनिगद्यते॥ (सा.द.)

संस्कृत भाषामा यमक अलङ्कारको प्रयोग घटखर्पर, भारवि, माघ, अदिका काव्यमा भएको छ। यमक अलङ्कारप्रधान काव्यको सृजना गर्ने कतिपय कवि र तिनका काव्य– घटखर्पर– **यमककाव्यम्**, नीतिवर्मा– **कीचकवधकाव्यम्**, वासुदेव– **नलोदयकाव्यम्** इत्यादि। २.एक वर्णवृत्त। यसमा प्रत्येक चरणमा एक नगण तथा दुई लघुमात्राहरू हुन्छन् ३.कपडाको दोहोरो पट्टी ४.ज्योतिषशास्त्रमा दुईलाई बुझाउने शब्द।

यमकोटिः (पुं./स्त्री.) लङ्काबाट पूर्वपट्टि रहेको प्राचीन एक सहर। **लङ्कापुरेऽर्कस्य यदोदयः स्यात् तदा दिनार्धं यमकोटिपुर्याम्। अधस्तदा सिद्धपुरेऽस्तकालः स्याद् रोमके रात्रिरलं तदैव।** (सि.द.१७.९४०)।

यमघण्टः (पुं.) [*यमं घण्टयति, अच्*] योगविशेष।

यमजः (पुं.वि.) [*यमः एकदा एकत्र सहचरः सन् जायते, जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, टिलोपः*] जुम्ल्याहा।

यमदण्डः (पुं.) [*यमस्य दण्डः, ष.त.*] यमराजको दण्ड/कालदण्ड।

यमदीपः (पुं.) [*यमाय दीयमानो दीपः, म.प.स.*] कार्तिक कृष्ण त्रयोदशीका दिन सायङ्कालमा दक्षिणतर्फ फर्किएर यमराजको नाममा दान गरिने बत्ती बालेको दियो।

यमदूतः (पुं.) [*यमस्य दूतः, ष.त.*] १.यमराजको दूत २.काग, कुकुर आदि।

यमद्वितीया (स्त्री.) [*यमस्य द्वितीया, ष.त.*] कार्तिक शुक्ल द्वितीया/भाइटीकाको दिन।

यमदेवता (स्त्री.) [*यमो देवता अस्याः सा*] भरणी नक्षत्र।

यमनः (पुं.) [*यमयति, नियमयति, भावे ल्युः, अनः*] नियन्त्रण कर्ता।

यमनिका (स्त्री.) [*यम्यतेऽनया, यम उपरमे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, (ज्ञापि. ५.४.५) कन्, टाप्, इत्वम्*] पर्दा।

यमपञ्चकम् (नपुं.) [*यमस्य पञ्चकम्, ष.त.*] कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मका पाँच दिन/तिहारका पाँच दिन।

यमपत्नी (स्त्री.) [*यमस्य पत्नी, ष.त.*] यमराजका दुई पत्नी छन्– १.धूमोर्णा २.विजया (जटाधर)।

यमराजः (पुं.) [*यमानां नियामकानां चतुर्दशभूपतीनां वा राजा, राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्.*] धर्मराज। पितृलोकका अधिष्ठाता/मरेपछि मानिसका शुभाशुभ फल दिने देवता।

वैद्यराज नमस्तुभ्यं यमराजसहोदर।

यमस्तु हरते प्राणान् वैद्यः प्राणान् धनानि च॥ (सुभा.)

यमराट् (पुं.) [*यमेन संयमेन राजते, सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, जान्तः*] यमराज। **कृतान्तो यमुनाभ्राता शमनो यमराड् यमः** (अमर.)।

यमलः (पुं.वि.) [*यमं मिलितं लातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.जुम्ल्याहा/एकै गर्भबाट पैदा भएका दुई बच्चा। **सुमित्रातनयौ जातौ यमलौ द्वौ मनोहरौ।** (देवीभा.) २.(नपुं.) जोडी। **~गानम्** (नपुं.) [*यमलञ्च तद् गानञ्च, कर्म.स.*] द्वैतसङ्गीत/दुई जनाले गाउने गीत/युगल गीत।

यमलार्जुनौ (पुं.द्वि.) [*यमलौ च तौ अर्जुनौ च, कर्म.स.*] गोकुलका प्रसिद्ध दुई खरीका बोट।

यमलोकः (पुं.) [*यमस्य लोकः, ष.त.*] यमपुरी/पुराणमा वर्णित यमराजको राजधानी/जीवधारीले मरेपछि जानु पर्ने ठाउँ।

यमलौ (पुं.द्वि.) [*यमं योगं लाति ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४, द्विवचने रूपम्*] १.एकैसाथ एउटै गर्भबाट जन्मेका/जुम्ल्याहा २.जोडा ३.ज्योतिषमा दुईलाई बुझाउने शब्द।

यमवाहनः (पुं.) [*यमस्य वाहनः, ष. त.*] राँगो/यमराजको वाहन

यमव्रतम् (नपुं.) [*यमस्य व्रतम्, ष.त.*] १.यमराजको आराधना गरिने एक व्रत २.[*यमस्येव व्रतम्*] पक्षपात नगरी सबै जनतामाथि समान भावले शासन गर्ने व्यवस्था।

यमस्मृतिः (स्त्री.) [*यमेन रचिता स्मृतिः, म.प.स.*] यमनामक विद्वान्बाट प्रतिपादित धर्मशास्त्रसँग सम्बद्ध एक स्मृतिग्रन्थ। याज्ञवल्क्यअनुसार यम धर्मका प्रवक्ता हुन्। यसमा प्रायश्चित्तशुद्धि, श्राद्ध आदिको चर्चा छ।

यमादर्शनम् (नपुं.) [*यमस्य अदर्शनं येन तत्, बहु.स.*] मार्ग शुक्ल त्रयोदशी (सोम, बुध, बृहस्पति र शुक्रवार) बाट थालेर एक वर्ष सम्म गरिने एक व्रत। यस दिन व्रतीले काल, दण्डधर, अन्तक, शीर्णपद, कङ्क, हरि, वैवश्वत आदि नाम भएका १३ ब्राह्मणलाई भोजन गराउनुपर्छ र तिल तथा चामल दान गर्नुपर्छ। यो व्रत गर्नाले यमराजका भीषण रूपको दर्शन गर्नु पर्दैन। (स्कन्दपु.)

यमास्यम् (नपुं.) [*यमस्य आस्यम्, ष.त.*] यमराजको मुख/कालको मुख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यमी (पुं.वि.) [*यमाः सन्त्यस्य, अहिंसासत्याऽ स्तेयब्रह्मचर्यापरिग्रहा यमाः, यमशब्दात् अत इनिठनौ ५.२.११५ इतीनिः*] १.योगी २.संयममा रहने/संयमी।

यमुना (स्त्री.) [*यमयति संवर्धयति पोषयति जलेन गङ्गाम्, यम परिवेषणे इति धातोः, अजियमिशीङ्भ्यश्च (उ.) ३.६१, इति उनः, टाप्*] १.भारतमा बग्ने एक नदी २.[*यमयति परिपोषयति धर्मराजं सुकृतिनो वा, पूर्ववत्*] यमराजकी बहिनी। **~भिद्** (पुं.) [*यमुनां भिनत्ति, क्विप्*] बलराम। **~भ्राता** (पुं.) [*यमुनायाः भ्राता, ष.त.*] यमराज/यमुनाका दाजु।

यमुनोत्तरी (स्त्री.) [*यमुनाया उत्तर उद्भेदो यस्यां सा, बहु.स.*] यमुना प्रादुर्भाव भएको क्षेत्र। यो समुद्री तहबाट दशहजार फिट उचाइमा रहेको छ। यहाँ स्नान गर्न नसकिने धेरै तप्त कुण्डहरू छन्। यमुनाको पानी पनि ज्यादै चिसो छ, नुहाउन सकिदैन। दुवै मिलाएर स्नानका लागि कुण्डहरू बनाइएका छन्। धेरैमाथि कलिन्दगिरिबाट हिउँ पग्लिएर झरेका धेरै धारा मिसिएर बनेको हुँदा यमुनालाई कालिन्दी पनि भनिन्छ। यमुनोत्तरी ज्यादै साँघुरो ठाउँमा छ। यहाँ यमुनाको मन्दिर छ। यात्रीहरूलाई बस्नका लागि एउटा सानो धर्मशालाको निर्माण भएको छ। उत्तरकाशी यहाँबाट २४ माइल टाढा छ।


(यमुनोत्तरी)

यमुनोद्भेदः (पुं.) [*यमुनाया उद्भेदो यत्र सः, बहु.स.*] यमुनोत्तरी।

यमो (धा.) [*अपरिवेषणे, सक.सेट्, पर.*] भोजन नगर्नु। लट्– **यमति**– भोजन गर्दैन इत्यादि।

ययातिः (पुं.) [*यस्य वायोरिव यातिः, गतिरस्य सः, बहु.स.*] चन्द्रवंशका एक प्रसिद्ध राजा/नहुषका एक पुत्र।

ययुः (पुं.) [*यान्ति प्राप्नुवन्ति देशान्तरमनेनेति, या प्रापणे इति धातोः, यो द्वे च (उ.0) १.२१ इति सूत्रेण कुः, सन्वद्भावः, द्वित्वादिश्च, आतो लोपः ६.४.६४*] १.घोडा २.अश्वमेध यज्ञका निमित्त छोडिएको घोडा। **ययुः पुमानश्वमेधतुरङ्गे च तुरङ्गमे** (मेदिनी.)।

यवः (पुं.) [*यूयते अम्भसा इति, यु मिश्रणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.जौ २.पैताला वा हत्केलामा हुने जौ आकारका रेखा ३.नापोविशेष। **यवो धान्येऽपृथक्कृतौ** (हैम.)। **~द्वीपवासी** (पुं.वि.) [*यवद्वीपे वसतीति, णिनिः*] यवद्वीपमा बस्ने।

यवक्रीतः (पुं.) भरद्वाजका छोरा, एक ऋषि।

यवक्यम् (नपुं.) [*यवकः शूकशून्यो यवः, यवकानाम्, भवनं क्षेत्रम्, यवयवकषष्टिकाद्यत् ५.२.३ इति यत्*] जौ– मुडुलो आदि उब्जा हुने जमिन।

यवक्षारः (पुं.) [*यवानां क्षारः, ष.त.*] जौको खार।

यवनः (पुं.) [*यौति मिश्रयत्यमिश्रयति वा सः, यु मिश्रणामिश्रणयोः, इति धातोः सुयुरुवृञो युच् (उ.) २.७५ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः, अवादेशश्च*] १.पुराणअनुसार तुर्वसुका वंशज। यिनी वीर र बुद्धिमान् थिए। राजा सगरले यिनलाई हराएर शिर मुडिदिएका थिए। त्यसैले यिनका वंशजहरूले परम्परागत धर्मका विरुद्ध विद्रोह गरे। २.युनान देशवासी/मुसलमान ३.कालयवन।

यवनानी (स्त्री.) [*यवनानां लिपिः,यवनाल्लिप्याम् (वा.) १.४.४९ इति ङीष्, आनुक् च*] यवनको लिपि/उर्दू आदि भाषाको लिपि।

यवनाश्वः (पुं.) राजा बहुलाश्वका बाबु/मिथिलाका एक राजा।

यवनिका (स्त्री.) [*दुष्ये यवः, इन्द्रवरुण– ४.१.४९ इति ङीषानुकौ, इवार्थे ५.३.९६, स्वार्थे ५.३.७५ वा कन् टाप्, पृषोदरादितया ह्रस्वः*] ज्वानु।

यवफलः (पुं.) [*यव इव फलान्यस्य*] १.बाँस २.ठुलो कुरो ३.जटामसी। **यवफलो मांसिकायां कुटजत्वचिसारयोः** (हैम.)।

यवसम् (नपुं.) [*यौतीति, यूयते वा, यु मिश्रणेऽमिश्रणे च इति धातोः, वहियुभ्यां णित् (उ.) ३.११९ इत्यसच्, संज्ञापूर्वकात्वात्र वृद्धिः*] गाई, गोरु आदिले खाने सामान्य घाँस।

यवः (पुं.) [*यवानां फलानि, यवाः, अवयवे च प्राण्यौषधिवृक्षेभ्यः ४.३.१३५ इत्यण्, फलपाकशुषाम् (वा.) ४.३.१६६ इति लुप्*] जौको फल। यसको प्रयोग धार्मिक कार्यमा हुन्छ। गहूँको आँटमा जौको पिठो मिसाएर पकाएको रोटी पथ्य र गुणकारी हुन्छ। प्रायः तीर्थस्थलमा जौका पिठाको पिण्डदान गरिन्छ। यसबाट बिरामीलाई खुवाउन वार्ली बनाइन्छ। नेपाली संस्कृतिअनुसार अक्षयतृतीयाका दिन जौको सातु दान दिने र खाने परम्परा छ। अपच, ज्वरो, अतिसार आदिमा जौका पिठाको माड बनाएर बिरामीलाई खान दिइन्छ। यो मुख्य दुई प्रकारको हुन्छ– टुँडा हुने र नहुने। टुँडा नहुनेलाई अतियव अर्थात् जै भनिन्छ।

यवनाचार्यः (पुं.) [*यवनो नाम आचार्यः, म.प.स.*] ज्योतिशशास्त्रका विद्वान् एक मुनि।

यवनानी (स्त्री.) [*यवनानां लिपिः, यवनाल्लिप्याम् इति ङीष् आनुक् च*] यवनहरूको लिपिः।

यवागूः (पुं.) [*यौति, यूयते वा, यु मिश्रणे इति धातोः, सृयुव-चिभ्योऽन्युजागूजक्नुचः (उ) ३६८ इति आगूच्*] हलुवा।

यवाग्रजः (पुं.) [*यवाग्राज्जायते स्म, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] जवाखार।

यवानी (स्त्री.) [*यवनिका, उग्रगन्धा, ब्रह्मदर्भा, अजमोदिका, दीप्यका, अजसाह्वया*] ज्वानु। यो दुई प्रकारको हुन्छ– खेती गरिने र जङ्गली। नेपाल, भारत, अफगानीस्तान, बेलुचिस्तान आदि विभिन्न देशमा यसको खेती हुन्छ। यसको बोट१ देखि ३ फुटसम्म अग्लो हुन्छ। यसले खराव कीटाणुलाई नाश गर्नुका साथै उदरशूल, अरुचि, हैजा आदि रोगको निवारणमा मद्दत पुऱ्याउँछ। यसको चिया निरन्तर खानाले शरीरमा क्याल्सियम अभिवृद्धि हुनाको साथै दुब्लो मानिस पनि स्वस्थ बन्न पुग्छ। सुत्केरीले ज्वानो खाए दुध आउँछ र सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुध खानाले बच्चा हृष्टपुष्ट बन्दछ। जङ्गली ज्वानु दुई प्रकारको हुन्छ। पहिलो प्रकारको जङ्गली ज्वानु पशुहरूको रोगका लागि प्रयोग हुन्छ। दोस्रो प्रकारको जङ्गली ज्वानु अजीर्ण, पुरानो खोकी, चर्मरोग, पोलेको घाऊ अदिको उपचारमा उपयोग गरिन्छ। अर्को एकथरी ज्वानु पनि हुन्छ, जसलाई फारसी यवानी भनिन्छ। यो सामान्य ज्वानुभन्दा आकारमा फरक हुन्छ र बढी विषालु हुन्छ।

यवासः (पुं.) [*यौति, यु मिश्रणामिश्रणयोः इति धातोः, ऋतन्यञ्जि (उ.) ४.२ इत्यासः*] १.सिस्नु २.काँडा भएको वृक्षविशेष।

यविष्ठः (पुं.वि.) [*अतिशयेन कनिष्ठः, युवन् शब्दात् अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्प्रत्ययः, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणादिपरं पूर्वस्य च गुणः इति परस्य यणो लोपः, गुणावादेशौ*] सबभन्दा कम उमेरको/सबभन्दा कान्छो।

यव्यम् (नपुं.) [*यवानाम्, भवनं क्षेत्रम्, यवयवकषष्टिकाद्यत् ५.२.३ इति यत्*] जौ-मुडुलो आदि उब्जा हुने जमिन।

यशः (नपुं.) [*अश्नुते व्याप्नोति, अशु व्याप्तौ इति धातोः, अशेर्देवने युट् च (उ.) ६४० इति असुन्, युट् च*] कीर्ति/असल कामबाट हुने सुख्याति हे. **कीर्तिः**।

यशःपटहः (पुं.) [*यशोऽर्थः पटहः, म.प.स. (वा.) २.१.६९*] कीर्तिका निमित्त बजाइने दमाहा।

यशस्करः (पुं.वि.) [*यशः करोतीति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति हेत्वर्थे टः, अत कृकमिक. ८.३.६४ इति विसर्गस्य सत्वम्*] कीर्तिदायक।

यशस्वान् (पुं.वि.) [*यशोऽस्त्यस्मिन्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] कीर्तिशाली।

यशस्वी (पुं.वि.) [*यशोऽस्त्यस्मिन्, अस्मायामेधास्रजो विनिः ५.२.१२१ इति विनिः*] यशोवान्/ठुलो यश प्राप्त भएको/कीर्तिशाली।

यशोदः (पुं.वि.) [*यशो ददातीति, दा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कीर्तिदाता।

यशोदा (स्त्री.) [*यशो ददातीति, दा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४, टाप् ४.१.४*] १.कृष्णलाई पाल्ने आमा/नन्दकी पत्नी। २.राजा दिलीपकी आमा।

यशोगाथा (स्त्री.) [*यशसो गाथा, ष.त.*] यशको प्रशंसा गरेर लेखिएको गाथा/यशोगान/यशोगीति।

यशोधरा (स्त्री.) [*धरतीति, धरा, यशसो धरा, ष.त.*] गौतम बुद्धकी पत्नी/गोपा।

यशोलिप्सुः (पुं.वि.) [*यशसो लिप्सुः, ष.त.*] यशको आकाङ्क्षा राख्ने।

यष्ट (पुं.वि.) [*यजते इति, यज देवपूजासङ्गतिकरणदानेषु इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः ८.२.३७ इति षत्वम्, ष्टुत्वम्*] यज्ञ गर्ने।

यष्टिः (स्त्री.) [*यजते सङ्गच्छते, यज देवपूजासङ्गतिकरणदानेषु इति धातोः, बाहुलकात्तिः, व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः ८.२.३७ इति षत्वम्, ष्टुत्वम् यद्वा यक्षते, यक्ष पूजायाम् इति धातोः त्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, स्कोः संयोगाद्योरन्ते च ८.२.४१ इति कलोपः*] १.लट्ठी/लाठो २.हारलता ३.यज्ञ। **~मधु** (नपुं.) [*यष्ट्याकारा मधु, म.प.स.*] जेठीमधु/एक जातको गुलियो जरा हुने लहरो।

यष्टिमधुकम् (नपुं.) [*यष्टिर्मध्विवास्याः, शेषाद् विभाषा ५.४.१५४ इति कप्*] जेठीमधु। यो अरब, अफगानिस्तान, तुर्किस्तान, साइबेरिया, वेलुचिस्तान आदि देशमा बढी पैदा हुन्छ। स्थानभेदले यो अनेक प्रकारको हुन्छ। उत्तम खालको जेठीमधु चिनीभन्दा पनि गुलियो हुन्छ। पिसाबको ज्वलन, अम्लपित्त, हृदयरोग, अपस्मार आदिमा यसको उपयोग हुन्छ।

(यष्टिमधुकम्)

यष्टीकः (पुं.वि.) [*यष्टिः प्रहरणमस्य, शक्तियष्ट्योरीकक् ४.४.५९ इति ईकक्*] लट्ठी हातमा लिने व्यक्ति।

यसु (धा.) [*प्रयत्ने, अक.सेट्, पर.*] प्रयास गर्नु। लट्– **यस्यति– यसति–** प्रयास गर्छ। लिट्– **ययास–** प्रयास गरेछ (अन.)। लुट्– **यसिता–** प्रयास गर्ने छ (अन.)। लृट्– **यसिष्यति–** प्रयास गर्ने छ। लोट्– **यस्यतु-यसतु–** प्रयास गरोस्। लङ्– **अयस्यत्-अयसत्–** प्रयास गऱ्यो (अन.)। विधिलिङ्– **यस्येत्-यसेत्–** प्रयास गर्ला, प्रयास गरोस्। आशीर्लिङ्– **यस्यात्–** प्रयास गरोस्। लुङ्– **अयसत्–** प्रयास गऱ्यो। लृङ्– **अयसिष्यत्–** प्रयास गर्ने थियो इत्यादि।

या (धा.) [*प्रापणे, सक.अनिट्, पर.*] पुग्नु, जानु। लट्– **याति–** पुग्छ, जान्छ। लिट्– **ययौ–** पुगेछ, गएछ (अन.)। लुट्– **याता–** पुग्ने छ, जाने छ (अन.)। लृट्– **यास्यति–** पुग्ने छ, जाने छ। लोट्– **यातु–** पुगोस्, जाओस्। लङ्– **अयात्–** पुग्यो, गयो (अन.)। विधिलिङ्– **यायात्–** पुग्ला, जाला, पुगोस्, जाओस्। आशीर्लिङ्– **यायात्–** पुगोस्, जाओस्। लुङ्– **अयासीत्–** पुग्यो, गयो। लृङ्– **अयास्यत्–** पुग्ने थियो इत्यादि।

या (स्त्री.) लक्ष्मी। **लक्ष्मी पद्मा रमा या मा ता सा श्री कमलेन्दिरा** (अभि.चि.)।

यागः (पुं.) [*इज्यतेऽनेन, वा, अत्र, यज देवपूजासङ्गतिकरणदानेषु इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, कुत्वम्*] यज्ञ।

यज्ञो यागः सवः सत्रं स्तोमो मन्युर्मखः क्रतुः।
संस्तरः सप्ततन्तुश्च वितानं बर्हिरध्वरः॥ (अभि.चि.)

याचकः (पुं.वि.) [*याचते इति, याचृ याच्ञायामिति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.माग्ने/मगन्ते २.भिक्षुक/भिखारी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतेर्भङ्गः स्वरो हीनो गात्रे स्वेदो महद्भयम्।
मरणे यानि चिह्नानि तानि चिह्नानि याचके॥ (सुभा.)

याचनकः (पुं.वि.) [*याचति, टुयाचृ याच्ञायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] माग्ने। **मार्गणोऽर्थी याचनकः** (अभि.चि.)।

याचनम् (पुं.) [*याचृ याच्ञायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रार्थना/अनुरोध २.माग्ने काम।

याचना (स्त्री.) [*याचृ याच्ञायामिति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] माग्ने काम/भिक्षा। **याचनाऽध्येषणा सनिः** (अभि.चि.)।

याचिका (स्त्री.) [*याचते इति, याचृ याच्ञायामिति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] १.प्रार्थनापत्र/आवेदनपत्र/अर्जी २.मगन्ते स्त्री।

याचितः (पुं.वि.) [*याच्यते स्म, याचधातोः कर्मणि क्तः*] मागिएको।

याचितम् (नपुं.) १.[*याचनम्, नपुंसके भावे क्तः*] माग्ने वृत्ति २.[*याचनवृत्तिर्मरणमिव दुःखजनकत्वात्*] मृत्यु। **द्वे याचितायाचितयोर्यथासंख्यं मृतामृते** (अमर.२.७.२२)।

याचितकम् (नपुं.) [*याचितेन याच्ञया निर्वृत्तम्, अपमित्ययाचिताभ्यां कक्कनौ ४.४.२१ इति कन्*] माग्दा पाइएको वस्तु। **याच्ञाप्राप्तं याचितकम्** (अभि. चि.)।

याचितः (पुं.वि.) [*याच्यते स्म, याचृ याच्ञायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मागिएको।

याच्ञा (स्त्री.) [*याचनम्, टुयाचृ याच्ञायाम् इति धातोः, यजयाचयतविच्छप्रच्छरक्षो नङ् ३.३.९० इति नङ्, टाप् ४.१.४*] माग्नु/माग्ने काम। **याच्ञा मोघा वरमधिगुणे नाधमे लब्धकामा** (मे.दू.)।

याजकः (पुं.) [*यजतीति, यज देवपूजासङ्गतिकरणदानेषु इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.यज्ञ गराउने ऋत्विक् २.राजाको हात्ती ३.मत्ता हात्ती। **याजकस्तु गजे राज्ञो याज्ञिकेऽपि** (मेदिनी.)।

याजनम् (नपुं.) [*यजधातोर्णिचि ल्युट्, अनः*] यज्ञ गराउनु, ब्राह्मणका ६ कर्म मध्ये एक। **अध्यापनमध्ययनं यजनं याजनं तथा। दानं प्रतिग्रहश्चैव ब्राह्मणानामकल्पयत्॥** (मनु.१)

याजमानम् (नपुं.) [*यजमानस्य धर्म्यम्, अण् महिष्यादिभ्यः ४.४.४८ इति अण्, वृद्धिः, अलोपः*] यजमानको व्यवहार वा आचरण।

याजिः (पुं.) [*यजधातोः औणादिक इञ्प्रत्ययः*] १.यज्ञ २.यज्ञकर्ता।

याजुषम् (नपुं.) [*यजुष इदम्, अण्*] यजुर्वेदसम्बन्धी। (सि.कौ.)

याज्ञवल्क्यः (पुं.) [*यज्ञवल्कस्य गोत्रापत्यम्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्*] प्रसिद्ध स्मृतिकार/वैशम्पायन ऋषिका शिष्य। भनिन्छ– एक पटक रिसाएका गुरुको आदेशअनुसार आफूले पाएको विद्या यिनले ओकले। वैशमपायनका अन्य शिष्यले तित्राको रूप लिएर त्यसलाई ग्रहण गरे। त्यसैले यो शाखा तैत्तिरीय शाखाका नामले प्रसिद्ध भयो। पछि सूर्यका उपासनाद्वारा वर प्राप्त गरेर याज्ञवल्क्य वाजसनेय शाखाका आचार्य भए। यिनको यौटा नाम वाजसनेय पनि थियो। मैत्रैयी र गार्गी यिनका दुई पत्नी थिए। यिनी राजर्षि जनकका दरबारिया ऋषि हुन्।

याज्ञवल्क्यस्मृतिः (स्त्री.) [*याज्ञवल्क्येन प्रणीता स्मृतिः, म.प.स.*] ऋषि याज्ञवल्क्यद्वारा प्रणीत एक स्मृति ग्रन्थ। याज्ञवल्क्य एक दार्शनिक ऋषि हुन्। वेदमा याज्ञवल्क्यको नाम प्रशस्त आउँछ। यस स्मृतिमा संस्करणानुसार १००३ देखि १०१० सम्म श्लोकहरू संग्रहित छन्। याज्ञवल्क्यस्मृति तीन काण्डमा विभक्त छ– प्रथमकाण्ड, द्वितीयकाण्ड र तृतीयकाण्ड। याज्ञवल्क्यस्मृतिका थुप्रै टीकाकारहरू छन्। तीमध्ये मिताक्षरा टीका प्रसिद्ध छ।

याज्ञसेनी (स्त्री.) [*यज्ञसेनस्य द्रुपदराजस्यापत्यं स्त्री, अत इञ् ४.१.९५ इति इञ्, ङीप्*] द्रौपदी। **पाञ्चाली द्रौपदी कृष्णा सैरन्ध्री नित्ययौवना। वेदीजा याज्ञसेनी च** (अभि.चि.)।

याज्ञिकः (पुं.वि.) [*यज्ञः, प्रयोजनमस्य वा, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्येकः, वृद्धिः*] यज्ञ गर्ने वा गराउने।

यातः (पुं.वि.) [*याति स्म, याधातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.गएको। **याता यान्ति च यातारो लोकाः शोकाधिका भुवि। काव्यसम्बन्धिनी कीर्तिः स्थायिनी निरपायिनी॥** (अनन्तदेव) २.बितेको। **कालो न यातो वयमेव यातास्तृष्णा न जीर्णा वयमेव जीर्णाः** (भर्तृहरि)।

यातना (स्त्री.) [*यति प्रयत्ने इति धातोः, यत निकारोपस्कारयोः इति धातोर्वा, णिचि ३.१.२६, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.सास्ती/कष्ट/पीडा २.यमलोकमा पापीलाई दिइने दण्ड।

यातम् (नपुं.) अङ्कुश रोपेर हात्तीको दुर्व्यवहारलाई रोक्ने काम **यातमङ्कुशवारणम्** (अभि.चि.)।

यातयामः (पुं.वि.) [*यातः यामः उपयोगसमयो यस्य सः, बहु.स.*] १.वृद्ध/बुढो २.(पुं.वि.) समय गएको ३.बासी।

याता (स्त्री.) [*यतते<ins>ऽ</ins>न्योन्यभेदाय, यती प्रयत्ने इति धातोः, यतेर्वृद्धिश्च (उ.) २.९९ इति ऋन्प्रत्ययः वृद्धिश्च*] १.देउरानी–जेठानी। **भार्यास्तु भ्रातृवर्गस्य यातरः स्युः परस्परम्** (मेदिनी.) २.(पुं.) [*याति गच्छति, या प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] बटोही/यात्रा गर्ने।

यातायातम् (नपुं.) [*यातञ्च आयातञ्च, द्व.स.*] आवत जावत/आउने जाने काम। **~ मन्त्रालयः** (नपुं.) [*यातायातसम्बद्धो मन्त्रालयः, म.प.ष.*] यातायात मन्त्रीका अधीनमा रहेको कार्यालय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यातु (नपुं.) [*सर्वेषामन्तं याति, या प्रापणे इति धातोः, कमिमनिज-निगाभायाहिभ्यश्च (उ.) ७३ इति तुः*] १.राक्षस २.[*यातीति*] यात्रा गर्ने व्यक्ति।

यातुधानः (पुं.) [*यातूनि रक्षांसि दधाति पुष्णाति स्वजातिपोषकत्वात् डुधाञ् धारणपोषणयो इति धातोः, णिचि, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा यातूनि यातनाः धीयन्तेऽस्मिन्निति, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] राक्षस।

यात्रम् (नपुं.) [*यातुर्धर्म्यम्, ऋतोऽञ् ४.४.४९ इति अञ्, वृद्धिः, यण्*] यात्री वा वटेहीको कर्तव्य वा आचरण।

यात्रा (स्त्री.) [*या प्रापणे इति धातोः, हुयामाश्रुभिभ्यस्त्रन् (उ.) ६१७ इति त्रन्, टप्*] १.प्रस्थान/एक ठाउँबाट अर्को ठाउँमा जाने काम २.उत्सव ३.यातना। **यात्रा तु यातनेऽपि स्याद् गमनोत्सवयोः स्त्रियाम्** (मेदिनी.)।

यात्रासाहित्यम् (नपुं.) [*यात्रासम्बद्धं साहित्यम्, म.प.स.*] यात्रासम्बन्धी विषयलाई लिएर लेखिएको साहित्य। यसलाई यायावर साहित्य पनि भन्न सकिन्छ। संस्कृतमा प्राचीन समयमा यात्रा साहित्यहरू रचिएका थिए भन्ने सङ्केत पाइन्छ। ती ग्रन्थहरू के कस्ता थिए, हाल उपलब्ध छैनन्। हाल आएर केही यात्रासाहित्यहरू लेखिएका छन्।

यात्रिकः (पुं.) [*या प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, यातुर्भावः कर्म वा, ऋतोऽञ्. ४.४९ इति अञ्, अत इनिठनौ इति ठन्, ठस्येकः*] पथिक।

यात्री (पुं.) [*या प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, ऋतोऽञ् ४.४.४९ इति अञ्, यात्रमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इनिः*] यात्रा गर्ने व्यक्ति/बटुवा/यात्रु।

याथातथ्यम् (नपुं.) [*यथातथा भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] यथातथ्य हुनाको भाव/वास्तविकता/औचित्य।

याथार्थ्यम् (नपुं.) [*यथार्थस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] यथार्थता।

यादःपतिः (पुं.) [*यादसां जलजन्तूनां पतिः, ष.त.*] समुद्र।

यादसांपतिः (पुं.) [*यादसां पतिः, ष.त., तत्पुरुषे कृति बहुलम् ६.३.१४ इत्यलुक्*] १.समुद्र २.वरुण/पश्चिम दिशाका मालिक।

यादसांपतिरम्भोधौ पश्चिमाशापतावपि (विश्व.)।

यादांसि (नपुं.) [*यान्ति वेगेन, या प्रापणे इति धातोः, असुन् (उ.), बाहुलकाद् दुक्, यद्वा— याति, क्विप् ३.२.१७८ यां दस्यति वा, दसु उपक्षये इति धातोः, क्विप् ३.२.१७८, साहचर्यस्य सर्वत्रानियामकत्वात् सान्त— ६.४.१० इति दीर्घः*] जलजन्तुहरू।

यादृक् (पुं.वि.) [*य इव दृश्यते, यत् पूर्वकाद् दृश् धातोः, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति क्विप्, आः सर्वनाम्नः ६.३.९१ इति आत्वम्, स्त्रियाम्— यादृशी*] जस्तो/जुन किसिमको।

देवे तीर्थे द्विजे धर्मे दैवज्ञे भेषजे गुरौ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी॥ (सुभा.)

यादृक्षः (पुं.वि.) [*य इव दृश्यते, यत् पूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, दृशेः क्सश्च वक्तव्यः (वा.) इति क्सः, आः सर्वनाम्नः ६.३.९१ इति आत्वम्*] जस्तो/जुन किसिमको।

यादृशः (पुं.वि.) [*य इव दृश्यते, यत्पूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, त्यदादिषु दृशोऽनालोचने कञ्च ३.२.६० इति कञ्, आः सर्वनाम्नः ६.३.९१ इति आत्वम्*] जस्तो/जुन किसिमको।

तादृशी जायते बुद्धिर्व्यवसायोऽपि तादृशः।
सहायास्तादृशाश्चैव यादृशी भवितव्यता॥ (सुभा.)

यानम् (नपुं.) [*यात्यनेन, या प्रापणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गन्तव्यमार्ग २.वाहन ३.बुद्धधर्मको प्रसिद्ध मार्ग। यो यान दुई किसिमको हुन्छ— **महायान र हीनयान** । प्रारम्भमा यिनीहरू दुईवटा मात्र थिए। पछि गएर यिनको विकास भयो। विभिन्न दार्शनिक सम्प्रदायहरू खडा भए। महायानमा बज्रयान, मन्त्रयान, कालचक्रयान र सहजयानको उदय भयो। यिनीहरूले शून्यको विश्लेषणमा बढी जोड दिए। हीनयानको पनि क्रमशः विकास हुँदै गएको छ ४.[*भावे ल्युट्*] शत्रुमाथि आक्रमण गर्नु ५.गति/प्रस्थान। **यानं स्याद्वाहने गतौ** (मेदिनी.)।

यानमुखम् (नपुं.) [*यानस्य मुखं पुरोभागः*] गाडा वा रथ वा अन्य यानको अघिल्लो भाग।

यान्त्रिकः (पुं.) [*यन्त्रादागतः, यन्त्रे भवो वा*] १.मेसिन २.यन्त्रसम्बन्धी ३.यन्त्र जस्तै चल्ने।

यापकः (पुं.वि.) [*यापयति, या प्रापणे इति धातोः, णिचि, पुकि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.समय बिताउने २.पुऱ्याउने।

यापनम् (नपुं.) [*या प्रापणे इति धातोः, णिचि, पुकि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.समय बिताउनु वा गुजारा गर्नु/निर्वाह गर्नु/जीविका गर्नु २.पुऱ्याउनु।

याप्यः (पुं.वि.) [*याप्यते, या प्रापणे इति धातोः, णिचि, पुकि अचो यत् ३.१.९७ इति यत्*] १.पुऱ्याइने २.निन्दनीय/तुच्छ।

याप्यं तु यापनीये स्यान्निन्दितेऽप्यभिधेयवत् (मेदिनी.)।

याप्ययानम् (नपुं.) [*याप्यैर्वाह्यं यानम्*] पालकी।

यामः (पुं.) [*यायते प्राप्यते सः, या प्रापणे इति धातोः, अर्तिस्तुसुहुसृधृक्षिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १.१४० इति सूत्रेण मन्*] १.प्रहर/समय/काल २.तीन घण्टाको समय ३.संयम।

यामस्तु पुंसि प्रहरे संयमेऽपि प्रकीर्तितः (विश्व.)।

यामलः (पुं.) [*यमल एव प्रज्ञादिभ्यश्च ५.४.३८ इति चादाकृतिगणतया अण्*] १.जुम्ल्याहा बच्चा/जोडा/युगल २.शाक्त आगमहरूको एक प्रकार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यामिनी (स्त्री.) [*यामाः सन्त्यस्याम्, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.रात २.प्राह्लादकी दोस्री छोरी ३.कश्यपकी एक पत्नी। **~मुखम्** (नपु.) रात प्रारम्भ हुने समय/प्रदोष। **प्रदोषो यामिनीमुखम्** (अभि.चि.)।

यामुनः (पुं.) [*यमुनायाः तन्नाम्न्या वा स्त्रिया अपत्यं पुमान्, अवृद्धाभ्यो नदीमानुषीभ्यस्तन्नामिकाभ्यः ४.१.११३ इति अण्, ढकोऽपवादः*] यमुना वा यमुना नाम गरेकी स्त्रीका सन्तान।

यामुनः (पुं.) [*यमुनायां भवः अण् ४.३.५३, यद्वा— यमुनाया अयम्, तद्वच्छ्यामत्वात्*] १.तीर्थविशेष २.रामानुजाचार्यका एक गुरु। यिनी संस्कृतका विद्वान् थिए। हे. **यामुनाचार्य**। ३.भारतको एक प्राचीन जनपद ४.गङ्गा र यमुनाको बिचमा पर्ने एक पर्वत।

यामुनाचार्यः (पुं.) विशिष्टाद्वैतवादका प्रसिद्ध आचार्य। यी नाथमुनिका पुत्र हुन्। यिनको समय दसौं शताब्दीको अन्तिम चरण हो। यिनले काव्य र दर्शन दुवै क्षेत्रमा कलम चलाएका छन्। यिनले रचना गरेका ग्रन्थहरू—१.**गीतार्थसङ्ग्रहः** २.**श्रीचतुश्लोकी** (लक्ष्मीस्तुतिः) ३.**सिद्धितन्त्र** (यसमा आत्मसिद्धि, ईश्वरसिद्धि, मायाखण्डन, आत्मविषयप्रतिपादक संवित् सिद्धिको वर्णन छ) ४.**आगमप्रामाण्यम्** (पाञ्चरात्रको प्रामाणिकता प्रतिपादन गर्ने ग्रन्थ) आलबन्दारस्तोत्रम् (यसमा ७० श्लोकमा आत्मसमर्पणको सिद्धान्तको सुन्दर वर्णन भएको छ)।

याम्यः (पुं.) [*यमस्य अपत्यादि, यमाच्चेति काशिकायाम् (वा.) इति ण्यः*] १.यमको सन्तान २.(पुं.वि.) [*यमस्यायम्*] यमराज सम्बन्धी ३.दक्षिणतिर।

याम्योत्तरवृत्तम् (नपुं.) [*याम्योत्तरगतं वृत्तम्, म.प.स.*] आफ्नो खमध्यबाट उत्तर तथा दक्षिण ध्रुवमा गएर बनेको वृत्त।

यायजूकः (पुं.वि.) [*अत्यर्थमतिशयं यजतीति, यङन्ताद् यजेः यजजपदशां यङः ३.२.१६६ इति ऊक्*] ज्यादै यज्ञ अनुष्ठान आदि गर्ने। **इज्याशीलो यायजूकः** (अभि.चि.)।

यायावरः (पुं.वि.) [*भृशं यातीति, यङन्ताद् या गतिप्रापणयोः इति धातोः, यश्च यङः ३.२.१७६ इति वरच्, यङो लुक् च*] घुमन्ते/एकै ठाउँमा नरहने/फिरन्ता/नियत स्थानमा नबस्ने।

यावः (पुं.) [*यौति, यूयते वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ऋदोरप् ३.३.५७ इति वा अप्, यव एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.माहुर २.लाहा। **यावोऽलक्ते पाकभेदे** (हैम.)।

यावकम् (नपुं.) [*यवानामयं यावः, याव एव, यवादिभ्यः कन् ५.४.३० इति कन्, लोकाश्रितत्वाल्लिङ्गस्येति नयेन नपुंसकत्वम्*] १.जौको पिठो वा त्यसबाट बनेको पदार्थ २.आधा भुटेको जौ ३.माहुर ४.[*यौतीति, यु मिश्रणे इति धातोः, कृञादिभ्यो वुन् (उ.) इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] भटमास।

यावज्जीवनम् (नपुं.) [*यावच्च तत् जीवनञ्च, कर्म.स.*] बाँचुन्जेल/आजीवन।

यावत् (अ.) [*यत् परिमाणमस्य, यत्तदेतेभ्यः परिमाणे वतुप् ५.१.३९ इति वतुप्*] सबै/तमाम/भएजति/जुन परिमाणको।

यावत्स्वस्थमिदं शरीरमरुजं यावज्जरा दूरतो
यावच्चेन्द्रियशक्तिरप्रतिहता यावत् क्षयो नायुषः।
आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान्
सन्दीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कीदृशः ॥
(सुभा.)

यावनः (पुं.) [*यवनदेशे भवः, तत्र भवः ४.३.५२ इत्यण्, याव्यते वा, यौतेर्ण्यन्ताल्ल्युट् ३.३.११३*] सुगन्धित धूप।

यावान् (पुं.वि.) [*यत् परिमाणमस्य, यत्तदेतेभ्यः परिमाणे वतुप् ५.१.३९ इति वतुप्, आः सर्वनाम्नः ६.३.९१ इति आत्वम्*] जति/जति मात्रामा।

याष्टीकः (पुं.) [*यष्टिः प्रहरणमस्य, शक्तियष्ट्योरीकक् ४.४.५९ इति ईकक् प्रत्ययः*] लट्ठी धारण गर्ने/द्वारपाल।

यासः (पुं.) [*यसनम्, यसु प्रयत्ने इति धातोः, भावे ३.३.१८ इति घञ्, यासोऽस्त्यस्य, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, याति, बाहुलकादसज् वा*] सिस्नु।

यास्कः (पुं.) एक ऋषि/वैदिक निरुक्तका रचयिता। यिनको समय ई.पू. सातौं शताब्दी हो। वेदका निरुक्तकारमध्ये यी एक हुन्। यिनको निरुक्त १२ अध्यायमा विभक्त छ।अन्तिम दुई अध्याय परिशिष्टको रूपमा रहेका छन्। यास्कले सबै शब्दलाई धातुसिद्ध मानेका छन्। निरुक्तमा वैदिकशब्दको निर्वचनका अतिरिक्त व्याकरण, भाषाशास्त्र, समाजशास्त्र, इतिहास आदि विषयको पनि प्रसङ्गवश चर्चा भएको छ। यास्कले वैदिक देवतालाई तीन भागमा छुट्याएकाछन्— पृथ्वीस्थानीय (अग्नि) अन्तरीक्षस्थानीय (वायु र इन्द्र) स्वर्गस्थानीय (सूर्य)। निरुक्तका धेरै टीकाकार भए। सबैटीका आज उपलब्ध छैनन्। प्राप्तमध्ये चौधौं शताब्दीका दुर्गादासको टीका सर्वोत्तम मानिन्छ।

यियविषा (स्त्री.) [*यवितुमिच्छा,सनि द्वित्वादिः, अः,टाप्, पक्षे युयूषा*] मिल्ने इच्छा।

यु (धा.) [*मिश्रणेऽमिश्रणे च, सक.सेट् पर.*] मिसाउनु, छुट्ट्याउनु। लट्— **यौति—** मिसाउँछ, छुट्याउँछ। लिट्— **युयाव—** मिसाएछ, छुट्ट्याएछ (अन.) इत्यादि।

यु (धा.) [*जुगुप्सायाम्, अक.सेट् आत्म.*] अपमान गर्नु, दोष लगाउनु, निन्दा गर्नु। लट्— **यावयते—** अपमान गर्छ, दोष लगाउँछ, निन्दा गर्छ इत्यादि।

युक्तः (पुं.वि.) [*युज्यते स्म, युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.मिलेको/जोरिएको/सम्मिलित २.सहित ३.उचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.न्यायप्राप्त द्रव्य ५.अङ्कको जोड ६.(नपुं.) चार हातको समूह। **युक्तो युक्ते पृथग्भूते क्लीबं हस्तचटुष्ट्ये** (मेदिनी.)।

युक्तरसा (स्त्री.) [*युक्तो रसो यस्याः, सा, बहु.स.*] गाईतिहारे।

युक्तिः (स्त्री.) [*युज्यते इति, युजिर् योगे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.उपाय/जुक्ति/चातुर्य/तर्क/चाला/तरिका २.साधर्म्यमूलक एक अर्थालङ्कार। आफ्नो मर्मलाई लुकाउन अरूलाई ठगेको वर्णन गर्दा यो अलङ्कार पर्छ। **~युक्तः** (पुं.वि.) [*युक्त्या युक्तः, ष.त.*] युक्तिपूर्वकको/युक्तिसङ्गत तरिका भएको। **~सङ्गतम्** (नपुं.) [*युक्त्या सङ्गतम्, तृ.त.*] युक्ति वा तर्क मिलेको/युक्तिपूर्ण।

युक्तिमूलकः (पुं.वि.) [*युक्तिर्मूले यस्य सः, बहु.स.*] तर्कयुक्त/युक्ति वा तर्कमा आधारित।

युगः (पुं.) [*युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्, कुत्वम्, संज्ञापूर्वकत्वाद् न गुणः*] १.गोरु नार्दा तिनको काँधमा हालिने जुआ २.जोडा ३.ऋद्धि र सिद्धि नामका दुई ओखती ४.पुस्ता/पिँढी/वंश ५.पासाको खेलमा एकै साथ चलाइने दुई गोटी/जुग ६.चारको सङ्ख्यालाई सङ्केत गर्ने शब्द ७.पुराणमा वर्णित कालको लामो अवधि वा समय। यसलाई सत्य, त्रेता, द्वापर र कलि भनिन्छ। हरिवंश— भविष्यपर्वअनुसार चार युगको दिन वा वर्षको गणना—

युग		दिव्यवर्ष वर्षदिन		मानुष वर्षमान
१. सत्ययुग	=	४८०० × ३६०	=	१७२८०००
२. त्रेतायुग	=	३६०० × ३६०	=	१२९६०००
३. द्वापरयुग	=	२४०० × ३६०	=	८६४०००
४. कलियुग	=	१२०० × ३६०	=	४३२०००
दिव्य चतुर्युग	=	१२००० × ३६०	=	४३२००००

मानुष चतुर्युग।

चत्यार्याहुः सहस्त्राणि वर्षाणां तु कृतं युगम्।
तस्य तावच्छती सन्ध्या द्विगुणा जनमेजय॥
त्रीणि वर्षसहस्त्राणि त्रेतायुगमिहोच्यते।
तस्य तावच्छती सन्ध्या द्विगुणा परिकीर्तिता॥
द्वापरं द्वे सहस्त्रे तु वर्षाणां कुरुसत्तम।
तस्य वर्षसहस्त्रं तु वर्षाणां द्वे शते तथा।
सन्ध्यया सह सङ्ख्यातं क्रूरं कलियुगं स्मृतम्।

८.विशेष घटना घटेको कुनै कालखण्ड। **~धर्मः** (पुं.) [*युगस्य धर्मः, ष.त.*] कुनै युगमा प्रधानरूपले चलेको धर्म वा आचरण वा व्यवहार/युगअनुसारको धर्म। **~पुरुषः** (पुं.) [*युगस्य पुरुषः, ष.त.*] कुनै युगको सबभन्दा महान् व्यक्ति/युगका सर्वश्रेष्ठ पुरुष/युगावतार।

युगकीलकः (पुं.) [*युगस्य कीलः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] जुवा/कृषिकर्ममा प्रयोग हुने औजारविशेष।

युगन्धरः (पुं.) [*युगं वोढृबन्धनकाष्ठं धारयति, संज्ञायां भृतृवृजि ३.२.४६ इति खच्, अरुर्द्विष ६.३.६७ इति मुम्*] रथमा घोडालाई जोत्नका निमित्त बनाइएको काठ अथवा जुवा बाँध्ने ठाउँ।

युगपत् (अ.) [*युवन्त्यस्मिन्काले, यु मिश्रणेऽमिश्रणे च इति धातोः, गप्रत्ययः, युगं पयतेऽस्मिन्, पय गतौ इति धातोः, डत्प्रत्ययः*] एकैचोटी।

युगपत्त्रकः (पुं.) [*युगं युगलं पत्रं यस्य सः, बहु.स.*] कोइरालो। यसका अन्य नाम हुन्— कञ्चनारः, कोविदारः, गण्डारिः, मरिकः, कुद्दालः, शोणपुष्पकः। फूलअनुसार यो अनेक किसिमको हुन्छ— सेतो, रातो, पहेँलो आदि। यो पहाडीप्रदेशमा सर्वत्र उपलब्ध हुन्छ। रक्तपित्त, खोकी, रक्तातिसार आदिमा यसको उपयोग लाभदायक हुन्छ।

युगपार्श्वगः (पुं.) [*युगमस्य स्कन्धकाष्ठस्य पार्श्वं गच्छति, अन्येष्वपि दृश्यते (वा.) ३.२.४८ इति डः*] दाउन लागेको गोरु।

युगम् (नपुं.) [*युज्यते, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, कुत्वम् ७.३.६२ संज्ञापूर्वकत्वात् तद्वहति रथयुगप्रासङ्गम् ४.४.७६ इति लिङ्गाद्वा गुणाभावः*] १.सत्य, त्रेता, द्वापर र कलि यी चार युग २.जोडी ३.रथ हलो आदिको अङ्ग ४.चार हातको नापो ५.औषधिविशेष। **युगो रथहलाद्यङ्गे न द्वयोस्तु कृतादिषु। युग्मे हस्तचतुष्केऽपि वृद्धिनामौषधेऽपि च** (मेदिनी.)।

युगलम् (नपुं.) [*युगं द्वित्वं विद्यतेऽस्त्यस्य, वृषादित्वात् (उ. १.१०६) कलच्, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्, युगं लाति वा, युगमस्त्यस्य वा। सिध्मादित्वात् ५.२.९७ लच्*] जोडा/युग्म। **~गानम्** (नपुं.) [*युगलञ्च तद् गानम्, कर्म.स.*] दुईजना मिली गाउने गीत।

युगान्तः (पुं.) [*युगानामन्तो यत्र, बहु.स., युगानामन्तो वा, ष.त.*] प्रलय।

युगान्तरम् (नपुं.) [*अन्यद् युगम्*] अर्को युग/दोस्रो युग/कुनै युगको परिवर्तन वा हेरफेर।

युगि (धा.) [*वर्जने, सक.सेट्, पर.*] त्याग गर्ने। लट्— **युङ्गति**— त्याग गर्छ इत्यादि।

युग्मम् (नपुं.) [*युज्यते तत्, युजिर् योगे, इति धातोः, युजिरुचितिजां कुश्च (उ.) १.१४५ इति मक् कवर्गश्चान्तादेशः*] १.जोडा/युगल २.द्वन्द्व ३.जोर ४.जुम्ल्याहा। **युग्मं यमलयामले** (रभस.)।

युग्यः (पुं.) [*युगं वहति, तद्वहति रथयुगप्रासङ्गम् ४.४.७६ इति यत्*] जोत्ने गोरु।

युग्यम् (नपुं.) [*युज्यते अनेन वा, युजिर् योगे इति धातोः, युग्यं च पत्रे ३.१.१२१ इति क्यबन्तो निपातः*] चढ्ने साधन।

युच्छ (धा.) [*प्रमादे, अक.सेट्, पर.*] असावधान हुनु। लट्— **युच्छति**— असावधान हुन्छ इत्यादि।

युज (धा.) [*संयमने, सक.उभय.*] बाँध्नु, लगाउनु, वशमा राख्नु। लट्— **योजयति-ते**— बाँध्छ, लगाउँछ, वशमा राख्छ। लिट्— **योजयाञ्चकार-चक्रे**— बाँधेछ, लगाएछ, वशमा राखेछ। (अन.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुट्– **योजयिता–** बाँध्ने छ, लगाउँछने छ, वशमा राख्ने छ (अन.)। लृट्– **योजयिष्यति–** बाँध्ने छ, लगाउने छ, वशमा राख्ने छ। लोट्– **योजयतु-ताम्–** बाँधोस्, लगाओस्, वशमा राखोस्। लङ्– **अयोजयत्-त–** बाँध्यो, लगायो, वशमा राख्यो (अन.)। विधिलिङ्– **योजयेत्-त–** बाँध्ला, लगाउला, वशमा राख्ला। आशीर्लिङ्– **योज्यात्-योजयिषीष्ट–** बाँधोस्, लगाओस्, वशमा राखोस्। लुङ्– **अयूयुजत्-त–** बाँध्यो, लगायो, वशमा राख्यो। लृङ्– **अयोजयिष्यत्-त–** बाँध्ने थियो, लगाउने थियो, वशमा राख्ने थियो इत्यादि।

युज (धा.) [*समाधौ, अक.अनिट्, आत्म.*] चित्तलाई नियन्त्रणमा राख्नु। लट्– **युज्यते–** चित्तलाई नियन्त्रणमा राख्छ इत्यादि।

युजिर् (धा.) [*योगे, अक.अनिट्, उभय.*] जोड्नु। लट्– **युनक्ति– युङ्क्ते–** जोड्छ इत्यादि।

युञ् (धा.) [*बन्धने, सक.अनिट्, उभय.*] बाँध्नु। लट्– **युनाति– युनीते–** बाँध्छ इत्यादि।

युत् (पुं.) १.[*युध्यतेऽस्यामिति, युथ सम्प्रहारे इति धातोः, संपदादिभ्यः क्विप् (वा.) ३.३.१०८ इति क्विप्, ततस्तुक्*] युद्ध २.(त्रि.) [*युध्यतीति*] योद्धा। **युयुधाते महावीर्याविन्द्रवृत्रौ युधां पती** (भाग.६.१२.२३)।

युतः (पुं.) [*यौतीति, यु मिश्रणाऽमिश्रणयोः, इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति कर्तरि क्तः, श्रयुकः किति ७.४.११ इति इण्निषेधः*] एउटै प्रयोजनमा बाँधिएका/एक भएका/ मिलेका।

युतकम् (नपुं.) [*युतमेव, स्वार्थे कन्*] १.योनिसम्बन्ध/विवाह २.जोडी ३.संशय ४.युक्त। **युतकं युगले युक्ते संशयेऽपि च** (रभसः) ५.दाइजो ६.धोती वा सारीको आँचल। **युतकं संशये युगे। नारीवस्त्राञ्चले युक्ते चलनाग्रे च यौतके** (मेदिनी.)।

युतिः (स्त्री.) [*यवनम्, युधातोर्भावे ल्युट्, अनः*] १.मिश्रण २.मिलन ३.पृथ्वीबाट हेर्दा वस्तुतः भिन्न कक्षाले गर्दा एक अर्कादेखि दूर रहे पनि दुई ग्रह, नक्षत्र आदिको मिलन भएको देखिने स्थिति।

दृक्कर्म कृत्वायनमेव भूयः
साध्येति तात्कालिकयोर्युतिर्यत्।
एवं कृते दिविचरौ ध्रुवसूत्रसंस्थौ
स्यातां तदा वियति सैव युतिर्निरुक्ता॥ (सि.शि.)

युत् (धा.) [*भासने, अक.सेट्, आत्म.*] चम्कनु, लट्– **योतते–** चम्कन्छ इत्यादि।

युद्धम् (नपुं.) [*योधनम्, युध संप्रहारे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] लडाइँ।

युद्धभूमिः (स्त्री.) [*युद्धस्य भूमिः, ष.त.*] रणक्षेत्र/युद्ध हुने वा भएको स्थल/युद्धक्षेत्र।

युद्धकुशलः (पुं.) [*युद्धे कुशलः, स.त.*] लडाकु/युद्धमा सिपालु।

युद्धपरिषद् (पुं.) [*युद्धस्य परिषद्, ष.त.*] युद्धको संचालन गर्नका लागि मन्त्रिमण्डलका केही सदस्यहरूबाट बनेको विशेष समिति।

युद्धबन्दी (पुं.) [*युद्धस्य बन्दी, ष.त.*] लडाइँमा पक्रिएर थुनामा राखिएको वा थुनिएको व्यक्ति।

युद्धविद्या (स्त्री.) [*युद्धस्य विद्या, ष.त.*] युद्धशास्त्र/रणकौशल।

युद्धविरामसन्धिः (पुं.) [*युद्धस्य विरामः, ष.त., तस्य सन्धिः, ष.त.*] लडाइँ बन्द गर्ने सम्झौता।

युद्धवीरः (पुं.) [*युद्धे वीरः, स.त.*] १.युद्ध गर्ने वीर वा बहादुर मानिस २.वीररसको एक भेद। यसमा शत्रु आलम्बन, उसका क्रियाकलाप उद्दीपन, पसिना आउनु, हास्नु, रिस उठ्नु आदि अनुभाव, हर्ष, आवेग, चपलता आदि व्यभिचारिभाव र उत्साह स्थायिभाव रहेका हुन्छन्।

युद्धस्थगनम् (नपुं.) [*युद्धस्य स्थगनम्, ष.त.*] लडाइँमा स्थायी वा अस्थायी सन्धि हुनुभन्दा पहिले लडाइँ बन्द गरिंदाको स्थिति/युद्धविराम।

युद्धापराधी (पुं.) [*युद्धस्य अपराधी, ष.त.*] शत्रुका हातमा कुनै युद्धोपयोगी सामग्री पुऱ्याउने वा गुप्त कुराको भेद खोल्ने र गर्न नहुने काम गर्ने व्यक्ति।

युद्धोत्तरव्यवस्था (स्त्री.) [*युद्धस्य उत्तरम्, ष.त., तस्य व्यवस्था, ष.त.*] लडाइँ समाप्त भएपछि त्यस देशको अवस्थाअनुरूप तयार गरेको आर्थिक समस्या सुल्झाउने व्यवस्था वा योजना।

युद्धोत्तेजकः (पुं.) [*युद्धस्य उत्तेजकः, ष.त.*] लडाइँ चम्काउने।

युद्धोत्तेजनम् (पुं.) [*युद्धस्य उत्तेजनम्, ष.त.*] भाषण, वक्तव्य नीति आदिबाट युद्धलाई उत्तेजित पार्ने काम।

युध (धा.) [*प्रहारे, अक.अनिट्, आत्म.*] लडाइँ गर्नु। लट्– **युध्यते–** लडाइँ गर्छ। लिट्– **युयुधे–** लडाइँ गरेछ (अन.)। लुट्– **योद्धा–** लडाइँ गर्ने छ (अन.)। लृट्– **योत्स्यते–** लडाइँ गर्ने छ। लोट्– **युध्यताम्–** लडाइँ गरोस्। लङ्– **अयुध्यत–** लडाइँ गऱ्यो (अन.)। विधिलिङ्– **युध्येत–** लडाइँ गर्ला, गडाइँ गरोस्। आशीर्लिङ्– **युत्सीष्ट–** लडाइँ गरोस्। लुङ्– **अयुद्ध–** लडाइँ गऱ्यो। लृङ्– **अयोत्स्यत–** लडाई गर्ने थियो इत्यादि।

युधानः (पुं.) [*युध संप्रहारे इति धातोः, युधिबुधिदृशिभ्यः किच्च (उ.) २५६ इति आनच्*] शत्रु।

युधिष्ठिरः (पुं.) [*युधि स्थिरः त.स.*] १.लडाइँमा मानसिक शान्ति राख्ने २.कुन्तीका छोरा/पाँच पाण्डवहरूमा सबभन्दा जेठा/ धर्मराज। **अजातशत्रुः शल्यारिर्धर्मपुत्रो युधिष्ठिरः। कङ्कोऽजमीढः** (अभि.चि.)।

युध्यमानः (पुं.) [*युध्यते इति, युध प्रहारे इति धातोः, लटि लटः शतृशानचा ३.२.१२४ इति शानच्, मुक्*] युद्धमा तल्लीन भएको।

युप (धा.) [*विमोहने, सक.सेट् पर.*] घबडाउनु। लट्– **युप्यति–** घबडाउँछ इत्यादि।

युयुत्सा (स्त्री.) [*योद्धुमिच्छा, युध सम्प्रहारे इति धातोः, अ प्रत्ययात् ३.२.१०२ इत्यः, टाप् ४.१.४*] लडाइँ गर्ने इच्छा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युयुत्सुः (पुं.) [*योद्धुमिच्छति, युध प्रहारे इति धातोः, सनि सनाशंसभिक्ष उः ३.२.१६८ इत्युः*] लडाइँ गर्न इच्छुक।

युयुधानः (पुं.) [*युद्ध्यतेऽसौ, युध संप्रहारे इति धातोः, मुचियुधिभ्यां सन्वच्च (उ.) इति आनच्, सन्वच्च*] योद्धा।

युवकः (पुं.) [*युवा एव, स्वार्थे कन्*] तरुण/युवा/जवान/तन्नेरी। **~सङ्घः** (पुं.) [*युवकानां सङ्घः, ष.त.*] शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि तथा राष्ट्र निर्माणका लागि अनि कर्तव्यप्रति जागरूक राख्नका लागि निर्माण गरिएका युवकहरूको सङ्घ वा संस्था।

युवजानिः (पुं.) [*युवतीर्जाया यस्य सः, बहु.स., जायाया निङ् ५.४.१३४ इति निङादेशः, लोपो व्योर्वलि ६.१.६६ इति यकारलोपः, स्त्रियाः पुंवद् भाषितपुस्कादनूङ् समानाधिकरणे स्त्रियामपूरणीप्रियादिषु ६.३.३४ इति पुंवद्भावः*] तरुणी पत्नी भएको।

युवतिः (स्त्री.) [*युवन् शब्दाद् यूनस्तिः ४.१.७७ इति तिः*] उमेरले परिपूर्ण भएकी स्त्री। **प्रमदा चेति विज्ञेया युवतीस्तु यथा स्मृता** (भागुरिः)।

युवती (स्त्री.) [*यौतीति, यु मिश्रणे इति धातोः, लटि लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शतृ, उगितश्च ४.१.६ इति ङीप्*] १.जवान स्त्री/उमेर चढेकी महिला। सोह्र वर्षभन्दा माथिकी तिस वर्ष उमेर नपुगेकी महिला।

आषोडशाद् भवेद् बाला तरुणी त्रिंशता मता।
पञ्चपञ्चाशतः प्रौढा वृद्धा भवति तत्परम् ॥ (भागुरि)

२.स्त्रीसामान्य।

युवराजः (पुं.) [*युवा चासौ राजा च, राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] राजाको उत्तराधिकारी।

युवा (पुं.) [*यौति मिश्रयत्यमिश्रयति वा, यु मिश्रणामिश्रणयोः इति धातोः, कनिन् युववृषितक्षिराजिधन्विद्युप्रतिदिवः (उ.) १.१५६, इति कनिन्*] १.युवक/तन्नेरी २.(पुं.वि.) श्रेष्ठ ३.नैसर्गिक बल भएको। **युवा स्यात्तरुणे श्रेष्ठे निसर्गबलशालिनि** (मेदिनी.)।

युष्मद् (पुं.) [*योषति सेवतेऽसौ इति, युष सौत्रो धातुः, तस्माद् युष्यसिभ्यां मदिक् (उ.) १.१३९, इति सूत्रेण मदिक्*] तँ, तिमी।

युष्मदीयः (पुं.) [*युवयोर्युष्माकं वा अयम्, युष्मदस्मदोरन्यतरस्यां खञ् च ४.३.१ इति चात् छः, छस्य ईयः*] १.तिमी दुईको/तपाइँ दुईको २.तिमीहरूको/तपाइँहरूको।

यूका (पुं.) [*यौतीति, यु मिश्रणे इति धातोः, अजियुधूनीभ्यो दीर्घश्च (उ) इति कन्, दीर्घश्च, टाप्*] १.जुका। **यूका तु षट्पदी** (अभि.चि.) २.जुँघा ३.नारी। **यूका श्मश्रुयोषितोः** (वाङ्म.)

यूतिः (स्त्री.) [*युधातोः क्तिन्प्रत्यये इण्निषेधः, ऊतियूतिजूतिसातिहेतिकीर्तयश्च ३.३.९७ इति निपातनाद् दीर्घः*] मिलन।

यूथः (पु./नपुं.) [*यौति मिश्रयत्यमिश्रयति वा, यु मिश्रणे, इति धातोः, तिथपृष्ठगूथयूथप्रोथाः (उ.) २.१२ इति थक्, निपातनाद् दीर्घः*] १.सजातीय समूह।

तत्र कुञ्जरयूथानि मृगयूथानि चैव हि।
विचरन्ति वनान्तेषु तानि द्रक्ष्यसि राघव ॥ (रामा.२.५४.४१)

२.किम्बु।

यूथनाथः (पुं.) [*यूथस्य हस्तिवृन्दस्य नाथः, ष.त.*] बथानको सबैभन्दा बलियो हात्ती।

यूथपः (पुं.) [*यूथं पाति, आतोऽनुपसर्गे कः, ३.२.३ इति कः, आलोपः ६.४.६४*] बथानको सबैभन्दा बलियो हात्ती।

यूथिका (स्त्री.) [*यूथम् पुष्पवृन्दमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ ठन्, ठस्येकः, टाप्*] १.जुही २.अमारो।

यूथिकाम्रातके पुष्पविशेषेऽपि च योषिति (मेदिनी.)।
विश्रान्तः सन् व्रज वननदीतीरजातानि सिञ्च-
न्नुद्यानानां नवजलकणैर्यूथिकाजालकानि (मेघ.)।

यूपः (पुं.) [*युवन्ति बध्नन्त्यस्मिन् पशून् यु मिश्रणे, इति धातोः, कुयुभ्याञ्च (उ.) ३.२७ इति पः, दीर्घश्च*] १.हात्ती बाँध्ने खम्बा २.यज्ञमा पशु बाँध्ने खम्बा/मौलो ३.पोखरीको मौलो ४.विजयस्तम्भ ५.किम्बु।

यूपकटकः (पुं.) [*यूपस्याग्रे कृतः कटकाकारः*] यज्ञको मौलाको टुप्पामा राख्नुपर्ने बाटुलो काठ। **चषालो यूपकटकः** (अमर.)।

यूपाग्रम् (नपुं.) [*यूपस्याग्रम्, ष.त.*] मौलाको टुप्पो।

यूष (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] हिंसा गर्नु। लट्— **यूषति**— हिंसा गर्छ इत्यादि।

यूषः (पुं.) [*यूषति, कफपित्तादीन् विनाशयति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] कफ तथा पित्त नाशक औषधिविशेष।

येनकेन (अव्य.) १.जो कोही २.जुन कुनै।

योक्त्रम् (नपुं.) [*युज्यतेऽनेन, युजिर् योगे इति धातोः, ष्ट्रन् ३.२.१८२*] १.जोतारो २.नेती/मोइ पार्ने डोरी।

ततो निश्चित्य मथनं योक्त्रं कृत्वा तु वासुकिम्।
मन्थानं मन्दरं कृत्वा ममन्थुरमितौजसः ॥

(रामा. १.४५.१८)

योगः (पुं.) [*युजिर् योगे, युज समाधौ वा इति धातोः, अञ्च्यञ्जियुजिभृजिभ्यः कुश्च (उ.) ६६५ इति असुन्, कवर्गश्चान्तादेशः, यद्वा योजनम्, भावे ३.३.१८ इति घञ्*] १.गणितमा जोड्ने क्रिया २.मिल्ने वा जोडिने काम ३.मौका/अवसर ४.चित्तलाई एकाग्र गरी ईश्वरमा लीन हुने उपाय/जीवात्मा र परमात्माको सम्बन्ध ५.फलित ज्योतिषअनुसार चन्द्र, सूर्यको विशेष स्थितिले पर्ने विशेष काल/सूर्य र चन्द्रको गतिसम्बन्धी स्थितिका योग। यी योग २७ छन्— विष्कुम्भ, प्रीति, आयुष्मान्, सौभाग्य, शोभन, अतिगण्ड, सुकर्मा, धृति, शूल, गण्ड वृद्धि, ध्रुप, व्याघात, हर्षण, वज्र, सिद्धि, व्यतिपात, वरियान, परिघ, शिव, सिद्ध, साध्य, शुक्ल, ब्रह्म, ऐन्द्र, वैधृति ६.सम्बन्ध ७.मार्ग/प्रणाली। जस्तै— भक्तियोग, भक्तिमार्ग आदि। ८.चित्तवृत्तिको निरोध। **योगश्चित्तवृत्तिनिरोधः** (पतञ्जलि)। **~क्षेमः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पुं.) [*योगेन सहितः क्षेमः,म.प.स.*] १.अलब्ध वस्तुको प्राप्ति र लब्ध वस्तुको संरक्षण २.राष्ट्रको शान्ति र सुव्यवस्था ३.जीवन निर्वाह। **~दानम्** (नपुं.) [*योगेन सक्रियतया उपाधिना वा दानम्*] कुनै काम कुरामा सहायक हुनु/सहयोग दिनु। **~निद्रा** (स्त्री.) [*योगरूपा निद्रा*] १.योगमा समाधि अवस्थाको निद्रा २.युगका अन्तमा हुने विष्णुको निद्रा ३.दुर्गा। **~फलम्** (पुं.) [*योगस्य फलम्*] जोड्दा निक्लने सङ्ख्या। **~माया** (स्त्री.) [*योगरूपा माया, म.प.स.*] १.सूक्ष्म समाधिको अलौकिक शक्ति २.भगवती दुर्गा ३.यशोदाका गर्भबाट जन्मेकी कन्या। **~मार्गः** (पुं.) [*योगस्य मार्गः, ष.त.*] योगशास्त्र अनुनुसार योगको आठौँ अङ्गहरूको अनुष्ठान गर्ने योगसाधनको बाटो/योगाभ्यास। **~रूढः** (पुं.) [*योगोऽवयवशक्तिः, रूढिः समुदायशक्तिः, एते स्तोऽस्य, अच्*] अवयवशक्ति र समुदायशक्तिबाट अर्थ बुझाउने पङ्कज आदि शब्दहरू। **~शक्तिः** (स्त्री.) [*योगस्य शक्तिः, ष.त.*] योगसाधनाबाट प्राप्त हुने बल वा शक्ति/तपोबल। **~शास्त्रम्** (नपुं.) [*योगस्य शास्त्रम्, ष.त.*] योगदर्शन/महर्षि पतञ्जलि रचित चित्तलाई एकाग्र गरेर ईश्वरमा लीन गराउने विषय वर्णन गरिएको शास्त्र।

योगजः (पुं.) [*योगेभ्यो जायते इति, जनधातोर्डः*] योगसाधनाबाट पैदा हुने अलौकिक धर्मविशेष।

योगतारा (स्त्री.) [*योगभूता प्रधानतयाऽवस्थिता तारा, म.प.स.*] मुख्य तारा/नक्षत्र तारा वा तारा समूहमा रहेको प्रधान मानिएको तारा। धेरैजसो नक्षत्रहरूमा अनेक तारा रहेका छन्। जस्तै– अश्विनी नक्षत्रमा तीन, कृतिकामा छ इत्यादि। नक्षत्रमा रहेका ताराहरूमध्ये जुन तारालाई मुख्य मानेर गणना गरिन्छ, त्यो योगतारा हुन्छ।

योगदर्शनम् (नपुं.) [*दृश्यतेऽनेन इति दर्शनम्, करणे ल्युट् योगस्य दर्शनम्, ष.त.*] पतञ्जलिद्वारा प्रवर्तन गरिएको एक प्राच्यदर्शन। याज्ञवल्क्यस्मृतिअनुसार हिरण्यगर्भ यस दर्शनका प्रथम वक्ता हुन्। पतञ्जलिले यसको प्रचार गरे। यसको मूलग्रन्थ पतञ्जलिको योगसूत्र नै हो। (हे. **योगसूत्रम्**) चित्तका समस्त वृत्तिको निरोधद्वारा आत्मा र परमात्माको बोध गर्नु यस दर्शनको मुख्य उद्देश्य हो। यसका आठ अङ्ग छन्– यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा र समाधि। अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहलाई यम भनिन्छ। सदाचारको परिपालन गर्नु नियम हो।यसका पाँच अङ्ग छन्– शौच, सन्तोष, तप, स्वाध्याय तथा ईश्वरप्रणिधान। शौच भनेको बाह्य र आभ्यन्तर शुद्धि हो। ईश्वरप्रणिधान भनेको ईश्वरको ध्यान र त्यसमा आफूलाई पूर्णतः समर्पण गर्नु हो।शरीरलाई स्थिर तुल्याउने साधन आसन हो। ध्यानका लागि अपेक्षित चित्तलाई एकाग्र र अनुशासित तुल्याउन आसनको ठुलो भूमिका हुन्छ। आसनका अनेक भेद छन्– पद्मासन, गरुडासन, मयूरासन आदि। नियमित आसन गर्नाले शरीर स्वस्थ रहन्छ, सबै अङ्ग वशमा रहन्छन्, शरीरका सबै विकृति हटेर जान्छन्, समाधिका लागि आवशयक क्षमता शरीरमा पैदा हुन्छ। श्वासप्रश्वासको नियन्त्रणलाई प्राणायाम भनिन्छ। यसका तीन अङ्ग हुन्छन्– पूरक (भित्र सास तान्नु) कुम्भक (भित्र सास रोक्नु) रेचक (बाहिर सास छोड्नु) इन्द्रियलाई बाह्य विषयबाट हटाएर आफ्नो वशमा राख्नु प्रत्याहार हो। यी सबै योगका बहिरङ्ग साधन हुन् भने धारणा र ध्यान अन्तरङ्ग साधन हुन्। चित्तलाई अभीष्ट विषयमा केन्द्रित गर्नु धारणा हो। ध्येय वस्तुको निरन्तर मननलाई ध्यान भनिन्छ। तपस्वीहरू यसै ध्यानद्वारा धेयवस्तु प्राप्त गर्दथे। आज पनि निरन्तर योगाभ्यास गऱ्यो भने अभीष्ट प्राप्ति हुन्छ। समाधि योगको अन्तिम परिणति हो। यस अवस्थामा साधकले आफूलाई ध्येय वस्तुसित एकाकार तुल्याएको हुन्छ। समाधिस्थ व्यक्ति तन्मय बनेर ध्यानमा संलग्न बन्दछ। योगाभ्यासद्वारा मानिसलाई अनेक सिद्धि प्राप्त हुन्छन्। तीमध्ये मुख्य आठ छन्– अणिमा (अणुभन्दा पनि सानो बन्न सक्नु) महिमा (पर्वतभन्दा पनि विशाल हुन सक्नु) लघिमा (अत्यन्त हल्का बनेर उड्न पनि सक्नु) प्राप्ति (चाहिएको वस्तु जुटाउन सक्नु) प्राकाम्य (इच्छाशक्ति बाधारहित हुनु) वशित्व (सबैलाई वशमा राख्न सक्ने शक्ति पैदा हुनु) कामावसायित्व (सङ्कल्पसिद्धि) तर योगीले यी सिद्धिहरूको भुलभुलैयामा लागेर योग छोड्नु हुँदैन, मोक्ष प्राप्त गर्नुपर्छ, यसको अन्तिम लक्ष्य भनेको आत्मदर्शन हो। यो ईश्वरवादी दर्शन हो। यसले सैद्धान्तिक तथा व्यावहारिक दुवै रूपमा ईश्वरलाई स्वीकार गरेको छ।

योगरत्नाकरः (पुं.) आयुर्वेदशास्त्रको महत्त्वपूर्ण एक ग्रन्थ। यसका लेखक अज्ञात छन्। यसमा रोगपरीक्षण, द्रव्यगुण, निघण्टु तथा रोगहरूको वर्णन छ।

योगवाशिष्ठः (पुं.) वसिष्ठ ऋषिले बनाएको ग्रन्थ। यसमा वसिष्ठले रामचन्द्रलाई वेदान्त दर्शनको उपदेश दिएका छन्। यसलाई वसिष्ठ महारामायण वा रामायणको उत्तर खण्ड भन्दछन्।

योगसूत्रम् (नपुं.) [*योगस्य सूत्रम्, ष.त.*] महर्षि पतञ्जलिप्रणीत योगशास्त्रसँग सम्बद्ध ग्रन्थ। यो चार पादमा विभक्त छ। समाधिपाद, साधनापाद, विभूतिपाद र कैवल्यपाद। समाधिपादमा योगको स्वरूप, उद्देश्य र लक्षण, चित्तनिरोधको उपाय तथा अनेक प्रकारका योगहरूको चर्चा छ। साधनापादमा क्रियायोग, क्लेश, कर्मफल, तिनीहरूको दुःखात्मक स्वभाव, दुःख, दुःखको निदान, दुःखनिवृत्ति र दुःखनिवृत्तिका उपायको चर्चा छ। विभूतिपादमा योगका अन्तरङ्ग अवस्था र योगबाट प्राप्त हुने सिद्धिको विवेचना छ। कैवल्यपादमा मुक्ति, आत्मा, परलोक आदिको बारेमा प्रकाश पारिएको छ।

योगाभ्यासः (पुं.) [*योगस्य अभ्यासः, ष.त.*] आसन, प्राणायाम, धारणा, ध्यान आदिबाट चित्तवृत्ति निरोधको अभ्यास।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगाभ्यासं प्रकुर्वन्तः पश्यन्त्यात्मानमात्मना ।
(ग.पु.आचारकाण्ड २३६.४९)

योगारूढः (पुं.वि.) [*योगमारूढः, द्वि.त.*] विषयवासनाको सुख र सबैखाले कर्मबाट निवृत्त योगी ।

योगासनम् (नपुं.) [*योगार्थम् आसनम्, ष.त.*] योग गर्दा बस्ने पद्मासन, ब्रह्मासन, ध्यानासन आदि ।

योगितः (पुं.) [*योगो मत्तता जातोऽस्य, तारकादित्वात् ५.२.३६ इतच्, यद्वा– योग्यन्ते स्म, युगि वर्जने इति धातोः, ण्यन्तात् निष्ठा ३.२.१०२ इति क्तः, अनित्यत्वान्न नुम्*] बहुलाएको कुकुर ।

योगिनी (स्त्री.) [*योगोऽस्ति अस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.योग अभ्यास गर्ने स्त्री २.भगवतीका हजारौँ सखीहरूमध्ये चौसाट्ठी योगिनीहरू प्रसिद्ध छन्– ब्रह्माणी, चण्डिका, रौद्री, इन्द्राणी कौमारी, वैष्णवी, दुर्गा, नारसिंही, कालिका, चामुण्डा, शिवदूति, वाराही, कौशिकी, माहेश्वरी, शाङ्करी, जयन्ती, सर्वमङ्गला, काली, करपालिनी, मेधा, विभा, शान्ता, भ्रामरी, रुद्राणी अम्बिका, क्षेमा, धात्री, स्वहा, स्वधा, अपर्णा, मोहाद्रि, घोररूपा, महाकाली, भद्रकाली, भगङ्करी, क्षेमङ्करी, उग्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डी, महामेघा, प्रियङ्करी, बलपवनकारिणी, बलप्रमाथिनी, मनोन्मोहिनी, सर्वभूतदायिनी, उमा, तारा, महानिद्रा, विजया, जया, शैलपुत्री, चन्द्रघण्टा, स्कन्दमाता, कालरात्री, चण्डिका, कुष्माण्डी, कात्यायनी, महागौरी (कलिकापुराण) स्कन्दपुराण, बृहन्नन्दिकश्वेर, चण्डीपुराण आदि अन्य ग्रन्थमा चौसाट्ठी योगिनीका नाम केही भिन्न छन् । ३.ज्योतिष शास्त्रअनुसार विशेष तिथिमा विशेष दिशामा रहने देवी ।

दिशा	तिथि	देवी
पूर्व–	प्रतिपदा र नवमी–	ब्रह्माणी
उत्तर–	द्वितीया र दशमी–	माहेश्वरी
आग्नेय–	तृतीया र एकादशी–	कौमारी
नैर्ऋत्य–	चतुर्थी र द्वादशी–	नारायणी
दक्षिण–	पञ्चमी र त्रयोदशी–	वाराही
पश्चिम–	षष्ठी	इन्द्राणी
वायव्य–	सप्तमी र अमावास्या	चामुण्डा
ईशान–	अष्टमी	महालक्ष्मी

यात्रा गर्दा यिनीहरूलाई बायाँ वा पछाडि पार्नु राम्रो मानिन्छ। **वामे शुभप्रदा पृष्ठे वाञ्छितार्थप्रदायिनी। दक्षिणे धनहन्त्री च सम्मुखे मृत्युदायिनी ॥** (योगिनीजातक) ४.आषाढ कृष्ण एकादशी । यस दिन पुण्डरीक भगवान्को पूजा हुन्छ । व्रतालुहरू रातमा जाग्राम बस्छन् । यसो गर्दा व्रत बस्नेहरू रोगबाट मुक्त हुन्छन् । (ब्र.वै.)

योगिवेशः (पुं.) [*योगिनो वेशः, ष.त.*] परम्परादेखि चलिआएको योगीले लाउने वस्त्र ।

योगी (पुं.) [*योगोऽस्यास्तीति, इनिः, यद्वा योजयति मनः परब्रह्मणि, सम्पृचेति घिनुण्*] १.योग गर्ने व्यक्ति २.सुख,दुःख सबै अवस्थामा सबैलाई आफूजस्तै ठान्ने व्यक्ति ।

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥ (गीता)

योगीशः (पुं.) [*योगिनामीशः, ष.त.*] याज्ञवल्क्य ।

योगीश्वरः (पुं.) [*योगीनामीश्वरः, त.स.*] १.श्रीकृष्ण २.शिव । **योगीश्वराय वरदाय नमः शिवाय ।** (स्तोत्र) ३.देवहोत्रका छोरा ।

योगीश्वरी (स्त्री.) [*योगीनामीश्वरी, ष.त.*] दुर्गा ।

योगेश्वरः (पुं.) [*योगस्य ईश्वरः, ष.त.*] १.कृष्ण २.योगका ईश्वर ३.पुराणमा वर्णित विशिष्ट योगीहरू/ऋषभदेवका १०० छोरामध्ये नौवटा छोरा– कवि, हरि, अन्तरीक्ष, प्रबुद्ध, पिप्पलायन, आविर्होत्र, द्रुमिल, चमस, करभाजन । (भाग.५.४.११) यिनीहरू परम योगी, महात्मा र भगवद्भक्त थिए ।

प्रजापतेः कश्यपाय सोमाय वरुणाय च ।
योगेश्वरेभ्यश्च सदा नमस्यामि कृताञ्जलिः ॥
(मा.पु.९७.८)

योगेश्वरी (स्त्री.) १.जडिबुटीविशेष २.[*योगानामीश्वरी, ष.त.*] दुर्गा । **त्वचं योगेश्वरी तथा** (दुर्गाकवच) ।

योगेष्टम् (नपुं.) [*योगे धातुसमबन्धे इष्टम्, सप्तमी शौण्डैः २.१.४० इति समासः*] सिसा ।

योग्यः (पुं.वि.) [*योगाय प्रभवति, योगाद्यच्च ५.१.१०२ इति यत्*] लायक/योगका निमित्त उपयुक्त/कुनै काम सफलतापूर्वक गर्ने/आफ्नो विषयको विशेषज्ञ ।

योग्यता (स्त्री.) [*योग्यस्य भावः, कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.सामर्थ्य/ल्याकत/क्षमता/गर्न सक्ने शक्ति– **तथान्यानप्ययोग्यानि योग्यतां यान्ति कालतः । योग्यान्य योग्यतां यान्ति कालवश्या हि योग्यता** (मा.पु. ११३.९) २.शाब्दबोधको एक कारण । वाक्यभित्र रहेका पदहरूको परस्पर सम्बन्धमा वाधा नहुनु । **योग्यता पदानां परस्परसम्बन्धे वाधाभावः** (सा.द.२.१) न्यायको मतमा **पदार्थे तत्र तद्वत्ता योग्यता परिकीर्तिता** (भाषापरिच्छेद) ।

योग्यतानुसारेण (पुं.) योग्यताअनुसार/शिक्षा वा अनुभवको योग्यताअनुसार ।

योग्यम् (नपुं.) [*युज्यते, युजिर् योगे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, यद्वा योगाय प्रभवति, योगाद्यच्च ५.१.१०२ इति यत्*] १.पातेभुलो २.ऋद्धिनामक औषधि ३.(वि.) उपयुक्त ४.(वि.) योग्यता भएको ।

योग्यः प्रवीणयोगार्होपायिशक्तेषु वाच्यवत् (शास्वत.) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योग्या (स्त्री.) [*अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.अभ्यास। **प्रणिधानयोग्यया समाध्यभ्यासेन** (रघुवंश, ८.१९ को पद्यटीका मा मल्लिनाथ) २.युवती।

निदाघशरदोर्बाला प्रौढा वर्षा–वसन्तयोः।
हेमन्ते शिशिरे योग्या वृद्धा क्वापि न शश्यते॥
(राजवल्लभ)

योजकः (पुं.) [*योजयतीति, युजिर् योगे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.जोड्ने/ मिलाउने/संयोजक २.प्रबन्धक/प्रबन्ध मिलाउने ३.लगाउने/प्रवृत्त गराउने।

अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः (सुभा.)।

योजनगन्धा (स्त्री.) [*योजनं गन्धो यस्याः सा, बहु.स.*] १.कस्तूरी २.व्यासकी आमा/सत्यवती।

योजनम् (नपुं.) [*युजिर् योगे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.मिलाउने काम/एकीकरण/ योग २.[*योज्यतेऽनेन, करणाधिकरयोश्च ३.३.११७ इति ल्युट् अनः ७.१.१*] चार कोसको लम्बाइको नापो। ३.[*युज्यते इति कृत्यल्युटे बहुलम् ३.३.११३ इति ल्युट् अनः*] परमात्मा ४.योगविशेष। **योजनं परमात्मनि। चतुष्क्रोश्याञ्च योगे च** (मेदिनी.)।

योजनवल्ली (स्त्री.) [*योजनगामिनी वल्ली, म.प.स.*] मजिठो।

योजना (स्त्री.) [*योजयति अेनन, युजिर् योगे इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] कुनै काम सिद्ध गर्ने उपाय/साधन/व्यवस्था/प्रबन्ध। **~आयोगः** (पुं.) [*योजनायै आयोगः, च.त.*] राष्ट्रको विकास र योजनासम्बन्धी कामकाजको व्यवस्था मिलाउने आयोग।

योत्रम् (नपुं.) [*यूयतेऽनेन, यु मिश्रणे इति धातोः, दाम्नी ३.२.१८२ इति ष्ट्रन्*] जोतारो। **आबन्धो योत्रं योक्त्रम्** (अमर.)।

योद्धा (पुं.) [*युध्यते इति, युध प्रहारे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] युद्ध गर्ने व्यक्ति/वीर सिपाही/लडाकु। **भटा योधाश्च योद्धारः** (अमर.)।

योधः (पुं.) [*युध्यते, युध संप्रहारे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सेना। **~संरावः** (पुं.) [*योधानां संरावः, ष.त. रु शब्दे इति धातोः, उपसर्गे रवः ३.३.२२ इति घञ्*] योद्धाहरूको गर्जन/परस्पर ललकार्ने काम।

योधनम् (नपुं.) [*युधधातोर्भावे करणे वा ल्युट् अनः*] १.युद्ध २.युद्ध गर्नु।

योनिः (पुं./स्त्री.) [*यौति संयोजयति पृथक् करोति वा, यु मिश्रणामिश्रणयोः, इति धातोः, वहिश्रिश्रुयुद्रुग्लाहात्वरिभ्यो नित् (उ.) ४.५१ इति निः, नित्वञ्च*] १.कुनै वस्तु पैदा हुने ठाउँ/उद्गमस्थान। **सर्वयोनिं परित्यज्य ब्रह्मयोनिं ततोऽभ्यगात्** (बृहद्विष्णुपुराण) २.स्त्रीको जननेन्द्रिय ३.तान्त्रिकविधि-अनुसारको यन्त्र ४.जन्म ५.मुहान ६.कारण।

ऋषयो राक्षसीमाहुर्वाचमुन्मत्तदृप्तयोः।
सा योनिः सर्ववैराणां सा हि लोकस्य निर्ऋतिः॥ (उ.रा.च.)

७.कुशद्वीपको नदीविशेष।

धूतपापा नदी नाम योनिश्चैव पुनः स्मृता (मा.पु.१२१.७१)।

८.तन्त्र विशेष।

सनत्कुमारकं तन्त्रं योनितन्त्रं प्रकीर्तितम् (महासिद्धिसा.)।

योनिः स्त्रीपुंसयोश्च स्यादाकारे स्मरमन्दिरे (मेदिनी.)।

योनिः कारणे भगतोययोः (हैम.) ९.प्राणीहरूको विभाग। पुराणअनुसार प्राणीहरूको योनि ८४ लाख छ। एक मतअनुसार जलजन्तुका ९ लाख, स्थावरका २० लाख, कृमिका ११ लाख, पक्षीका १० लाख, पशुका ३० लाख र मनुष्यका ४ लाख योनि छन्। **~ग्रन्थिः** (स्त्री.) [*योन्याः ग्रन्थिः, ष.त.*] स्त्रीको जननेन्द्रियभित्र रहने मांसपेशीको गाँठो।

योनिदेवता (स्त्री.) [*योनेर्देवता, ष.त.*] पूर्वफाल्गुनी नक्षत्र। **फल्गुनी योनिदेवता** (अभि.चि.२.२५)।

योनिमुद्रा (स्त्री.) [*योन्याकारा मुद्रा, म.प.स.*] भगवतीको पूजामा देखाइने अङ्गुलिरचित योनि आकारको मुद्रा।

योन्यर्शः (नपुं.) [*योनेः अर्शः (स) ष.त.*] योनिमा हुने रोगविशेष।

योषा (स्त्री.) [*यौति पुरुषेण मिश्रीभवति, यु मिश्रणामिश्रणयोः इति धातोः, वृतृवदिवचिवसिहनिकमिकषिभ्यः सः (उ.) ३.६२ इति बाहुलकात् सः, टाप्, षत्वम्, यद्वा योषति, योषयति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा युष्यते, योष्यते वा, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९इति घञ्*] स्त्री/नारी/आइमाई। **योषा जोषा स्त्रियां स्त्रियाम्** (उ.को.)।

योषित् (स्त्री.) [*योषति पुमांसम्, युष्यते पुंभिर्वा, युष सेवायामिति धातोः, हसृरुहियुषिभ्यः (उ.) १.९७ इति इतिः,*] नारी/स्त्री।

गच्छन्तीनां रमणवसतिं योषितां तत्र नक्तं
रुद्धालोके नरपतिपथे सूचिभेद्यैस्तमोभिः (मे.दू.)।
तं प्रेक्ष्य भरतं श्रेष्ठं शत्रुघ्नो वाक्यमब्रवीत्।
अवध्याः सर्वभूतानां योषितः क्षम्यतामिति॥ (अ.पु.)

योषिता (स्त्री.) [*योष्यते स्म, णिजन्ताद् निष्ठा ३.२.१०२ इति क्तः टाप्*] स्त्री/नारी/आइमाई। **स्त्री वधूर्योषिता रामा** (त्रिकाण्ड.)।

यौक्तिकः (पुं.वि.) [*युक्तिं करोति, ठञ्*] युक्तिसङ्गत।

यौगिकः (पुं.) १.[*योगात् प्रकृतिप्रत्ययार्थसम्बन्धात् अधिगतः, योगाद्यच्च ५.१.१०२ इति चात् ठञ्, ठस्य इकः*] दुई वा धेरै शब्द मिलेर बनेको शब्द २.[*योगात् तत्त्वयोस्तत्त्वानां वा मिश्रणा ज्जातः*] दुई वा दुईभन्दा बढी तत्त्वको मिश्रणबाट बनेको/ जोडिएको। **~शब्दः** (पुं.) [*यौगिकश्चासौ शब्दः, कर्म.स.*] प्रकृति र प्रत्ययबाट बनेको शब्द। यो तीन प्रकारको हुन्छ– कृदन्त, तद्धित र समास। **योगरूढाश्च रूढाश्च यौगिका श्चेति ते त्रिधा** (अ.कौ.)।

Nepal.Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगलभ्यार्थमात्रस्य बोधकं नाम यौगिकम्।
समासतद्धिताक्तश्च कृदन्तश्चेति तत् त्रिधा॥ (श.श.प्र.)

यौट्ट (धा.) [*बन्धे, सक.सेट् पर.*] बाँध्नु, वशमा राख्नु। लट्– **यौटति–** बाँध्छ, वशमा राख्छ इत्यादि।

यौड् (धा.) [*सम्बन्धे, सक.सेट् पर.*] बाँध्नु, वशमा राख्नु। लट्– **यौडति–** सम्बन्ध राख्छ इत्यादि।

यौतकम् (नपुं.) [*युतकाले विवाहकालेऽधिगतम्, तत्र भवः ४.३.५३ इत्यण्*] दाइजो/विवाहमा कन्या र वरलाई प्राप्त भएको धन।

यौतवम् (नपुं.) [*यौतेर्बाहुलकाद्भावे तुन्, योतुः शोधनम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.प्रमाण नाप्नु, जोख्नु, भर्नु आदि। **यौतवं द्रुवयं पाय्यमिति मानार्थकं त्रयम्** (अमर.) २.[*कर्तरि अपि तुन्*] नाप्ने वा जोख्ने साधन, माना, पाथी, तराजु आदि।

यौद्धिकः (पुं.वि.) [*युद्धे भवः,*] युद्ध सम्बन्धी।

यौधेयः १.(पुं.) [*योधाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] राजा शिविकी छोरी देविका (योधा) को गर्भबाट पैदा भएका, राजा युधिष्ठिरको छोरो २.(पुं.वि.) [*योधमर्हति, ढञ्,एयः*] योद्धा।

यौनम् (नपुं.) [*योन्या भावः, योनेः योनिसम्बन्धादागतम्, तत आगतः ४.३.७४ इत्यण्, यद्वा योनेरयम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.योनिसम्बन्धी/योनिको २.विवाहसम्बन्धी।

यौनवृत्तिः (स्त्री.) [*यौनस्य योनिसम्बद्धकर्मणो वृत्तिः, ष.त.*] यौनसँग सम्बद्ध व्यापार/कामकेली।

यौवतम् (नपुं.) १.[*युवतीनां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण्, भस्याढे तद्धिते (वा.) ६.३.३५ इति पुंवद्भावः, यौतेः शत्रन्तात् उगितश्च ४.१.६ इति ङ्यन्तो युवतीशब्दोऽयम्*] युवतीहरूको समूह। **गणिकादेस्तु गाण्क्यं गार्भिणं यौवतं गणे** (अमर.) २.[*युवतीभिः कृतम्*] नृत्यविशेष।

मधुरं बहुलीलाभिर्नटीभिर्यत्र दृश्यते।
वशीकरणविद्याभं तल्लास्यं यौवतं मतम्॥ (स.दा.)

यौवनपीडका (स्त्री.) [*यौवनस्य पिडका, ष.त. यौवनकण्टकमित्यपि*] युवावस्थामा मुखमा आउने डन्डिफोर।

शाल्मलिकण्टकप्रख्याः कफमारुतशोणितैः।
जायन्ते पीडका यूनां वक्त्रे या मुखदूषिका॥ (सुश्रुत१.१४)

यौवनम् (नपुं.) [*युनो भावः, युवन्शब्दाद् हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इत्यण्, तद्धितेष्वचामादेः ७.२.११७ इति वृद्धिः, अन् ६.४.१६७ इति प्रकृतिभावः*] युवावस्था। **शैशवेऽभ्यस्तविद्यानां यौवने विषयैषिणाम्।** (रघु.)। सोह्र वर्षदेखि सत्तरी वर्षसम्मको समय।

आषोडशाद् भवेद् बालस्तरुणस्तत उच्यते।
वृद्धः स्यात् सप्ततेरुर्ध्वं वर्षीयान् नवतेः परम्॥ (स्मृति)

यौवनलक्षणम् (नपुं.) [*यौवनस्य लक्षणम्, ष.त.*] १.लावण्य २.स्तन।

यौवनाश्वकः (पुं.) [*युवनाश्वस्यापत्यं पुमान्, तस्यापत्यम् ४.१.९२ इत्यण्, वृद्धिः, स्वार्थे कन्*] मान्धाता/एक सूर्यवंशी राजा।

यौष्माकः (पुं.वि.) [*युवयोर्युष्माकं वा अयम्, तस्येदम् ४.३.१२० इति अण्, तस्मिन्नणि च युष्माकास्माकौ ४.३.२ इति युष्माकादेशः, आदिवृद्धिः ७.२.११७ अलोपः*] १.तिमी दुईको/तपाईं दुईको २.तिमीहरूको/तपाईंहरूको।

यौष्माकीणः (पुं.वि.) [*युवयोर्युष्माकं वा अयम्, युष्मदस्मदोरन्यतरस्यां खञ्च ४.३.१ इति खञ्, खस्य ईनः तस्मिन्नणि च युष्माकास्माकौ ४.३.२ इति इति युष्माकादेशः, आदिवृद्धिः, अकारलोपः, णत्वम्*] १.तिमी दुईको/तपाईं दुईको २.तिमीहरूको/तपाईंहरूको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र

र- १.देवनागरी लिपिको वर्णमालाअनुसार, सत्ताइसौँ व्यञ्जन वर्ण। आभ्यन्तर प्रयत्नमा यो अन्तःस्थ व्यञ्जनको दोस्रो वर्ण हो। स्पर्श र ऊष्म वर्णको उच्चारणस्थानको बिचबाट उच्चरित हुने हुँदा यसलाई अन्तःस्थ भनिएको हो। बाह्य प्रयत्नमा संवार नाद, घोष र अल्पप्राण यसको प्रयत्न हुन्छ। यो मूर्द्धास्थानीय वर्ण हो। **ऋटुरषाणां मूर्द्धा** (सि.कौ.)। भाषाविज्ञानअनुसार खण्डीय वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

रः (पुं.) [*रमते इति अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] १.अग्नि २.गर्मी/तातो ३.प्रेम ४.वेग।

रंहः (नपुं.) [*रमतेऽनेन, रमेश्च (उ.) ४.२२५ इति असुन्, हुगागमश्च, यद्वा रहि गतौ इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) ४.१९० इति असुन्*] १.वेग। **वेगे रये रंहस्तरः स्यदः** (अभि.चि.३.१५८) २.महादेव। **भास्वराय सुतीर्थाय देवदेवाय रंहसे।** (म.भा.१४.८.१५) ३.विष्णु। **नमस्कृत्य सुरेशाय तस्मै देवाय रंहसे। प्रयाताः प्राग्दिशं पुण्यं विपुलं कश्यपाश्रमम्॥** (म.भा. हरिवंशपर्व, २५२.१८)।

रक (धा.) [*आस्वादने, सक.सेट्, उभय.*] स्वाद लिनु, चाख्नु लट्– **राकयति–ते–** स्वाद लिन्छ, चाख्छ इत्यादि।

रकारः (पुं.) [*र एव, वर्णात्कारः (वा.) ३.३.१०८ इति कारप्रत्ययः*] अन्तस्थ वर्णको दोस्रो अक्षर/रवर्ण।

रक्तः (पुं.) [*रज्यते अङ्गमनेन, रञ्ज रागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यद्वा रच्यते स्म, रच प्रतियत्ने इति धातोः, अनित्यण्यन्ताश्चुरादयः, इति वचनाद् णिजभावे निष्ठा ३.२.१०२ इति क्तः, अतो लोपः ६.४.४८, चोः कुः ८.२.३० इति कुत्वम्*] १.रातो वर्ण। **लोहितो रोहितो रक्तः**। (अमर.) २.अरुण/सूर्यको लालिमा ३.(पु.) दोपहरिया फूलको रुख ४.रातो खालको विषालु भ्यागुतो ५.माछोविशेष ६.विच्छीविशेष। ७.(पुं.वि.) आसक्त।

रक्तस्त्वं नवपल्लवैरहमपि श्लाघ्यैः प्रियाया गुणै–
स्त्वामायान्ति शिलीमुखाः स्मरधनुर्मुक्तास्तथा मामपि।
कान्तापादतलाहतिस्तव मुदे तद्वन्ममाप्यावयोः
सर्वं तुल्यमशोक केवलमहं धात्रा सशोकः कृतः॥
(यशोवर्मा)

८.रँगाइएको। **~चापः** (पुं.) [*रक्तस्य चापः, ष.त.*] शरीरमा प्रवाहित रक्तको वेग वा चाप। **~पातः** (पुं.) [*रक्तस्य पातः, ष.त.*] रगत चुहिनु/रगत चुहाउने काम/काटमार/रगतपच्छे। **~पित्तम्** (पुं.) [*रक्तं पित्तम् यस्य तत्, बहु.स.*] कलेजो, मुख, नाक, कान, गुदद्वार आदिबाट रगत निस्कने एक रोग। **~पिपासा** (स्त्री.) [*रक्तस्य पिपासा, ष.त.*] रगत खाने इच्छा। **~पिपासुः** (पुं.वि.) [*रक्तस्य पिपासुः, ष.त.*] रगत खाने इच्छा भएको। **~वर्णः** (पुं.) [*रक्तश्चासौ वर्णश्च, कर्म.स.*] रातो वर्ण/लाल वर्ण। **~सम्बन्धः** (पुं.) [*रक्तस्य सम्बन्धः, ष.त.*] वंश वा कुलको सम्बन्ध/वंशगत ऐक्य। **~स्रावः** (पुं.) [*रक्तस्य स्रावः, ष.त.*] चोटपटक लागेर शरीरबाट रगत चुहुनु/शरीरका कुनै अङ्गबाट स्वाभाविक किसिमले वा रोगवश रगत बग्नु।

रक्तकः (पुं.) [*रक्तपुष्पत्वाद्रक्तः, स्वार्थे कन् ५.३.७५*] १.दोपहरिया फूल २.रातो वर्ण ३.अनुरक्त। **रक्तकोऽम्लानबन्धूकरक्तव–र्णानुरागिषु** (मेदिनी.)।

रक्तकन्दः (पुं.) [*रक्तः कन्दो यस्य सः, बहु.स.*] मुगा। **अथ विद्रुमः। रक्ताङ्गो रक्तकन्दश्च प्रवालो हेमकन्दलः** (अभि.चि.)।

रक्तचन्दनम् (नपुं.) [*रक्तञ्च च तच्चन्दनं च, यद्वा रक्तं चन्दनमिव, रक्तसारत्वात्*] रातो चन्दन। यसको काठ घोटेर देवतालाई चढाइन्छ। औषधिमा पनि यसको प्रयोग हुन्छ। यो काठ साह्रो हुन्छ। फुस्रो बोक्रो, वाहिरी भाग सेतो र भित्री भाग रातो वा कलेजी रङ्गको हुन्छ। ग्रीष्म ऋतुमा यो फुल्छ। यसमा दुई/तीन अङ्गुलका कोसा लाग्छन्। कोसाभित्र रातीगेडीका जस्ता राता गेडा लाग्छन्। यो बिस/पच्चिस हात अग्लो हुन्छ। रक्तचन्दन बहुमूल्य काठ हो।

(रक्तचन्दनम्)

रक्ततुण्डः (पुं.) [*रक्तं तुण्डं यस्य सः, बहु.स.*] सुगा। **कीरस्तु शुको रक्ततुण्डः फलादनः** (अभि.चि.)।

रक्ततेजाः (पुं.) [*रक्तं तेजो यस्य सः, बहु.स.*] मासु। **रक्तात्तेजोभवे कव्यं काश्यपं तरसामिषे** (अभि.चि.३.२८६)।

रक्तपः (पुं.) [*रक्तं पिबति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] राक्षस।

रक्तपा (स्त्री.) [*रक्तं पिबति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४, टाप्)*] १.पानी जुको २.राक्षसी ३.डाकिनी। **रक्तपा स्याज्जलौकायां डाकिन्याम्, ना तु राक्षसे** (मेदिनी.)।

रक्तपुच्छिका (स्त्री.) [*रक्तं पुच्छं यस्याः सा, बहु.स.*] माउसुली जस्तो देखिने रातो पुच्छर भएको एक किरो। यसको शरीर सर्पको जस्तै चिल्लो हुन्छ। यो भुइँमा बस्छ। **ब्राह्मणी रक्तपुच्छिका** (अभि.चि.४.३६५)।

रक्तफला (स्त्री.) [*रक्तं फलं यस्याः सा, बहु.स., अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] गोलकाँक्री (अभि.चि. ४.२५१)।

रक्तभवम् (नपुं.) [*रक्ताद् भवः उत्पत्तिर्यस्य तत्, बहु.स.*] मासु।

रक्तम् (नपुं.) [*रज्यते स्म, रञ्ज रागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यद्वा रच प्रतियत्ने इति धातो णिजभावे पूर्वसूत्रेण क्तः, अतो लोपः ६.४.४८, चोः कुः ८.२.३०*] १.रगत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदा रसो यकृद्याति तत्र रञ्जकपित्ततः।
रागं पाकञ्च संप्राप्य जीवस्याधार उत्तमः।
रक्तं सर्वशरीरस्थं स भवेद् रक्तसंज्ञकः (वाग्भट)।

२.तामो। **रक्तं वरिष्ठं म्लेच्छाख्यं ताम्रं शुल्वमुडुम्बरम्** (वै.र.मा.) ३.कमलविशेष। **रक्तं कोकनदं पद्ममल्पमन्यद लोहितम्** (रत्नमाला) ४.सिन्दुर ५.हिङ। **रक्तं मर्कटशीर्षञ्च हिङ्गुलं दरदो रसः** (रत्नमाला) ६.रक्तचन्दन। **पतङ्गं रञ्जनं रक्तं पत्राङ्गञ्च कुचन्दनम्** (रत्नमाला) ७.कुङ्कुम ८.सुकेको अमला।

रक्तलोचनः (पुं.) [*रक्ते लोचने यस्य सः, बहु.स.*] परेवा।
पारावतः कलरवः कपोतो रक्तलोचनः (अभि.चि.४.४०५)।

रक्तवसनः (पुं.) [*रक्तं वसनं यस्य सः, बहु.स.*] १.भिक्षु २.संन्यासी।
भिक्षुः सन्यासिर्यतिः। कर्मन्दी रक्तवसनः (अभि.चि. ३.)।

रक्तशाली (पुं.) [*रक्तश्चासौ शालिश्च, कर्म.स.* अथवा रक्तेन रक्तवर्णेन शालते शोभते इति णिनीः] रातो शालिधान।

रक्तश्यामः (पुं.वि.) [*रक्तमिश्रितः श्यामः, म.प.स.*] रातो मिसिएको कालो/धुस्रो। **रक्तश्यामः पुनर्धूम्रधूमलौ** (अभि.चि.)।

रक्तसन्ध्यकम् (नपुं.) [*रक्तं सन्ध्येव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, केऽणः ७.४.१३ इति ह्रस्वः, यद्वा रक्तान् सन्धीन् अकति, अक कुटिलायां गतौ इति धातोः, मूलविभुजादित्वात् (वा.) ३.२.५ कः*] साँझमा फुल्ने रातो कमल।

रक्तसरोरुहम् (नपुं.) [*रक्तं च तत्सरोहं च, कर्म.स.*] रातो कमल।

रक्ता (स्त्री.) [*रक्तमस्यास्ति, अच्, टाप्*] १.रातीगेडी २.सङ्गीतमा पञ्चम स्वरका चार श्रुतिमध्ये दोस्रो श्रुति। ३.मजिठो ४.लाहा ५.बोभ्रो ६. कान नजिकैको एक नसो। ६.माकुरोविशेष ७.हिउँमा फल्ने एक सिमी ८.(वि.) रातो वर्णकी ९.आसक्त/अनुरक्ता।

रक्ताक्तः (पुं.वि.) [*रक्तेन अक्तः, तृ.त.*] रगतले मुछिएको/रक्ताम्मे।

रक्ताक्षः (पु.वि.) [*रक्ते अक्षिणी यस्य सः, बहु.स.*] १.राता आँखा भएको २.डरलाग्दो ३ (पुं.) राँगो ४.परेवा ५.चखेवा ६.सारस ७.वर्षविशेष। **रक्ताक्षमब्दं कथितं तृतीयं यस्मिन् भयं दंष्ट्रिकृतं गदाश्च** (बृहत्संहिता)।

रक्ताङ्गः (पुं.) [*रक्तमङ्गं यस्य सः, बहु.स.*] १.सिन्दुरे रुख २.मङ्गल ग्रह ३.(नपुं.) मुगा। **रक्ताङ्गस्तु महीसुते,**
कम्पिल्ले स्त्री तु जीवन्त्यां क्लीबं विद्रुमधीरयोः (मेदनी.)।

रक्तातिसारः (पुं.) [*रक्तेन मिश्रितोऽतिसारः, म.प.स.*] रगतमासी।

रक्तिः (स्त्री.) [*रञ्ज रागे इति धातोः, स्त्रियां क्तिन् ३.२.९४ इति क्तिन्*] १.प्रेम/अनुराग २.सुन्दरता/मनोहरता ३.रगत।

रक्तिमा (पुं.) [*रक्तस्य भावः, पृथ्वादिभ्य इमनिज् वा ५.१.१२२ इति इमनिच्*] रातोपन/लालिमा।

रक्तोत्पलम् (नपुं.) [*रक्तं च तदुत्पलञ्च, कर्म.स.*] रातो कमल।

रक्ष (धा.) [*पालने, सक.सेट् पर.*] पालन गर्नु। लट्– **रक्षति–** पालन गर्छ। लिट्– **ररक्ष–** पालन गरेछ (अन.) लुट्– **रक्षिता–** लृट्– **रक्षिष्यति–** पालन गर्ने छ। लोट्– **रक्षतु–** पालन गरोस्। लङ्– **अरक्षत्**– पालन गऱ्यो। विधिलिङ्– **रक्षेत्**– पालन गर्ला, पालन गरोस्। आ.लिङ्– **रक्ष्यात्**– पालन गररोस्। लुङ्– **अरक्षीत्**– पालन गऱ्यो। लृङ्– **अरक्षिष्यत्**– पालन गर्ने थियो ! कर्मणि– **रक्ष्यते**– पालन गरिन्छ। णिचि– **रक्षयति**– पालन गराउँछ , सनि– **रिरक्षिषति**– पालन गर्न चाहन्छ। कृदन्ते– **रक्षितव्यम्, रक्षणीयम्, रक्ष्यम्**– पालन गर्नु पर्ने। **रक्षकः, रक्षिका, रक्षिता, रक्षित्री, रक्षयिता, रक्षयित्री**– पालन गर्ने। **रक्षणम्**– पालन गर्ने काम। **रक्षितः**– पालन गरिएको। **रक्षितुम्**– पालन गर्न। **रक्षित्वा, संरक्ष्य**– पालन गरेर। **रक्षयित्वा**– पालन गराएर इत्यादि।

रक्ष (धा.) [*विधाने,चुरा. अदन्तः, उभय.सक. सेट्*] रक्षा गर्नु। लट्- **रक्षयति, रक्षयते**- रक्षा गर्छ इत्यादि।

रक्षः (नपुं.) [*रक्षयन्त्येभ्यो रक्ष विधाने इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्*] १.राक्षस २.देवयोनिविशेष।
रक्षांसि यत्रोग्रविषाश्च नागा
यत्रारयो दस्युवलानि यत्र।
दावानलो यत्र तथाऽब्धिमध्ये
तत्र स्थिता त्वं परिपासि विश्वम्॥ (सप्तशती)
३.निर्दयी।
दृष्ट्वा तु विकलान् व्यङ्गाननाथान् रोगिणस्तथा।
दया न जायते यस्य स रक्ष इति मे मतिः॥ (अ.पु.)

रक्षकः (पुं.) [*रक्षयतीति, रक्ष पालने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] १.रक्षा गर्ने, पालन गर्ने २.पाले।

रक्षणम् (नपुं.) [*रक्ष पालने इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट युवोरनाकौ ७.१.१ इत्यनः*] रक्षा गर्ने काम/बचाउने काम/हेरविचार।

रक्षा (स्त्री.) [*रक्षणम्, रक्ष पालने इति धातोः, गुरो हलः ३.३.१०२ इत्यः, टाप् ४.१.४*] रक्षण। **~कवचम्** (नपुं.) [*रक्षायै कवचम्, च.त.*] रक्षाका लागि उपयोग गरिने ढाल/रक्षाका लागि सैनिकले उपयोग गर्ने कवच। **~गृहम्** (नपुं.) [*रक्षायै गृहम्, च.त.*] सुरक्षाका लागि बनाइएको स्थल। **~बलम्** (पुं.) [*रक्षायै बलम्, च.त.*] पुलिस वा रक्षकहरूलाई सहायता गर्ने पुलिसजस्तै एक सरकारी दल। **~बन्धनम्** (पुं.) [*रक्षाया रक्षार्थं वा बन्धनम्*] १.श्रावण शुक्ल पूर्णिमाको दिन ऋषि पूजन गरेर हातमा बाँध्ने धागो २.रक्षा-सूत्र/विशेष गरेर यज्ञादिमा पूजा गरेर नाडीमा बाँध्ने डोरो। **~मन्त्रालयः** (पुं.) [*रक्षायाः मन्त्रालयः, ष.त.*] राष्ट्रको रक्षासम्बन्धी नीति निर्धारण गर्ने र रक्षाको प्रबन्ध गर्ने मन्त्रालय। **~विभागः** (पुं.) [*रक्षायै विभागः, च.त.*] राष्ट्रको रक्षासम्बन्धी विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य सञ्चालन गर्ने रक्षा मन्त्रालयको विभाग। **~सङ्घः** (पुं.) [*रक्षायै सङ्घः, च.त.*] टोलमा शान्ति सुरक्षा कायम गर्न र बेला बेलामा सरकारबाट वितरण भएका जिन्सी मालहरू टोलका सबैजनालाई वितरण गर्ने काम गर्न बनेको सङ्घ।

रक्षात्मकः (पुं.वि.) [*रक्षा एव आत्मा यस्य सः, बहु.स.*] रक्षाका लागि/रक्षाको कामलाई चाहिने/रक्षा हुने।

रक्षितः (पुं.वि.) [*रक्ष्यते स्म, रक्ष पालने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बचाइएको/जोगाइएको।

रक्षिवर्ग (पुं.) [*अवश्यं रक्षन्ति, रक्ष पालने इति धातोः, आवश्यका ३.३.१७० इति णिनिः, रक्षिणां वर्गः, ष.त.*] आठपहरिया/अङ्गरक्षकको समूह। **रक्षिवर्गो ह्यनीकस्थः** (हला.)।

रक्षणः (पुं.) [*रक्षणम्, रक्ष पालने इति धातोः, यजयाचयतविच्छप्रच्छरक्षो नङ् ३.३.९० इति नङ्, णत्वम्*] रक्षा गर्ने। **रक्षणस्त्राणे** (अमर.)।

रक्ष्यः (पुं.) [*रक्षितुं योग्यः, रक्ष पालने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] रक्षा गर्न योग्य/रक्षणीय।

रक्ष्यमाणः (पुं.) [*रक्ष्यते इति, रक्ष पालने इति धातोः, लटि, लटः शानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्, मुक्, यक्*] रक्षा भइरहेको/पालनपोपाण गरिरहेको।

रख (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **रखति–** जान्छ इत्यादि।

रखि (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **रङ्खति–** जान्छ इत्यादि।

रगि (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **रङ्गति–** जान्छ इत्यादि

रगे (धा.) [*शङ्कायाम्, सक.सेट्, पर.*] शङ्का गर्नु। लट्– **रगति–** शङ्का गर्छ इत्यादि।

रघि (धा.) [*गतौ, सक.सेट्, आत्म.*] जानु। लट्– **रङ्घते–** जान्छ इत्यादि।

रघुः (पुं.) [*लङ्घयति शत्रून्, लघि गतौ इति धातोः, लघिबंह्योर्नलोपश्च (उ) २९ इत्युत्, नलोपः, बालमूललघ्वलमङ्गुलीनां वा लो रत्वमापद्यते (वा.) इति लस्य रत्वम्*] दिलीप र सुदक्षिणाका छोरा, एक राजा/रघुवंश महाकाव्यका मूल पात्र। **~कुलम्** (नपुं.) [*रघोः कुलम्, ष.त.*] राजा रघुको कुल वा वंश/रघुवंश। **~कुलतिलकः** (पुं.) [*रघुकुलस्य तिलक इव, ष.त.*] रघुकुलमा जन्मेका सर्वश्रेष्ठ पुरुष/रामचन्द्र/रघुनन्दन। **~पतिः** (पुं.) [*रघुणां पतिः, ष.त.*] रामचन्द्र/रघुवर।

रघुनन्दनः (पुं.) [*रघूणां रघुवंशीयभूपानां नन्दनः, ष.त.*] रामचन्द्र।

रघुनाथः (पुं.) [*रघूणाम्, रघुकुलोत्पन्नानां नाथः, ष.त., क्षुम्नादिषु च ८.४.३९ इति णत्वनिषेधः*] रामचन्द्र।

रघुवंशः (पुं.) कालिदासद्वारा रचित प्रसिद्ध महाकाव्य। यसमा १९ सर्ग छन्। सूर्यवंशी राजाहरूको चरित्रलाई यस महाकाव्यमा प्रस्तुत गरिएको छ। कालिदासको काव्यकला यस महाकाव्यभित्र प्रखर रूपमा व्यक्त भएको छ। कथावस्तुको विधान, प्रकृतिको चित्रण, अलङ्कारको रचना, रसव्यञ्जना आदिका दृष्टिकोणले रघुवंश महाकाव्य महाकाव्योचित गुणले परिपूर्ण देखिन्छ।

रघूत्तमः (पुं.) [*रघुषु उत्तमः, स.त.*] रघुकुलका राजाहरूमा सर्वश्रेष्ठ/रामचन्द्र।

रङ्क (पुं.) [*रमतेऽसौ, रमु क्रीडायां इति धातोः, कृदाधारचिकलिभ्यः कः (उ.) ३२७ इति बाहुलकात् कः*] १.प्रजा/जनता २.मन्द।

रङ्कुः (पुं.) [*रमते रज्यते वा, मृगय्वादित्वात् (उ.) ३७ साधुः*] मृगविशेष।

रङ्गः (पुं.) १.[*रगि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] राङ् २.[*रञ्ज रागे इति धातोः, भावे ३.३.१८ इति घञ्*] रँगाउने काम ३.[*अकर्तरि च कारके संज्ञायाम् ३.३.१ इति घञ्*] रणभूमि, नाटक खेल्ने ठाउँ।

इयं रङ्गप्रवेशेन कलानाञ्चोपशिक्षया।
वञ्चनापण्डितत्वेन स्वरनैपुण्यमाश्रिता ॥ (मृच्छ.)

४.नृत्य।

रङ्गोपजीवी कैवर्तः कुण्डाशी गरदस्तथा।
सूचीमाहिषकश्चैव पर्वकारी च यो द्विजः ॥

(वि.पु.२.२६.२०) ५.[*रज्जति आसज्जति मल्लोऽत्र, अधिकरणे घञ्*] रणभूमि।

वृष्णीनां परदेवतेति विदितो रङ्गं गतः साग्रजः।

(भाग.१०.४३.१७) ६. **~भूमिः** (स्त्री.) [*रज्यतेऽत्र, रञ्ज रागे इति धातोः, पूर्ववत् घञ्*] १.रङ्गशाला २.नाटक खेल्ने वा नाच्ने ठाउँ ३.युद्धक्षेत्र/लडाइँको मैदान।

रङ्गम् (नपुं.) [*रङ्गति, रगि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] राङ्।

रङ्गमञ्चः (पुं.) [*रङ्गाय मञ्चः, च.त.*] नाटक वा नृत्य प्रदर्शन गरिने स्थल।

रङ्गाजीवः (पुं.) १.[*रङ्गेणाजीवति, जीव प्राणधारणे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा रङ्ग आजीवोऽस्य*] चित्रकार। **रङ्गाजीवो चित्रकारः** (अमर.)। २.[*रङ्गो नृत्यं नाट्यस्थानं वा आजीवो जीविका यस्य सः, बहु.स.*] नटुवा।

रच (धा.) [*प्रतियत्ने, चुरा. सक.सेट्, उभय.*] रचना गर्नु, निर्माण गर्नु। लट्– **रचयति-ते–** रचना गर्छ, निर्माण गर्छ। लिट्– **रचयाञ्चकार-चक्रे–** रचना गरेछ, निर्माण गरेछ (अन.)। लुट्– **रचयिता–** रचना गर्ने छ, निर्माण गर्ने छ (अन.)। लृट्– **रचयिष्यति-ते–** रचना गर्ने छ, निर्माण गर्ने छ। लोट्– **रचयतु-ताम्–** रचना गरोस्, निर्माण गरोस्। लङ्– **अरचयत्-त–** रचना गऱ्यो, निर्माण गऱ्यो (अन.)। विधिलिङ्– **रचयेत्-त–** रचना गर्ला, निर्माण गर्ला, रचना गरोस्, निर्माण गरोस्। आशीर्लिङ्– **रच्यात्-रचयिषीष्ट–** रचना गरोस्, निर्माण गरोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुङ्— **अररचत्-त—** रचना गऱ्यो, निर्माण गऱ्यो। लृङ्— **अरचयिष्यत्-त—** रचना गर्ने थियो, निर्माण गर्ने थियो इत्यादि।

रचना (स्त्री.) [*रच प्रतियत्ने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.सिर्जना/लेख्ने काम २.माला उन्ने काम ३.क्रम मिलाएर राख्ने काम। **शृणु व्यूहस्य रचनामर्जुनस्य यथागतः** (म.भा. ८.४६.१०) ४.उद्योग।

दैवाहतार्थरचना ऋषयोऽपि देव
युष्मत्प्रसङ्गविमुखा इह संसरन्ति (भाग. ३.९.१०)।

अत्र अर्थरचना अर्थोद्यमः, इति (श्रीधरः) ५.[*रच्यते इति*] कृति, काव्य, लेख आदि। ६.[*रचयति, ल्युः, अनः, टाप्*] विश्वकर्माकी पत्नी। **~कारः** (पुं.वि.) रचना गर्ने व्यक्ति।

रचनात्मकशक्तिः (स्त्री.) [*रचनात्मिका चासौ शक्तिश्च, कर्म.स.*] रचना गर्न सक्ने क्षमता।

रजः (पु.नपुं.) [*रज्यतेऽनेन, रञ्ज रागे इति धातोः, भूरञ्जिभ्यां कित् (उ.) ६६६ इति असुन्, पुंसि तु पचाद्यच्, निपातनान्नलोपः*] १.धुलो/छारो। **अर्थाः पादरजोपमाः** (उज्ज्वलदत्त)।

पादाहतं यदुत्थाय मूर्धानमधिरोहति।
स्वस्थादेवापमानेऽपि देहिनस्तद् वरं रजः॥ (शि.व.)

२.पुष्पपराग ३.स्त्रीहरू पर सर्दा योनिबाट निस्कने रगत ४.साङ्ख्यमा प्रतिपादित प्रकृतिको एक गुण। **रजः क्लीबं गुणान्तरे। आर्तवे च परागे च रेणुमात्रे च दृश्यते** (मेदिनी.)।

रजकः (पुं.) [*रजतीति, रञ्ज रागे इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.२००), इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, असि अके अने च रञ्जेर्नलोपो वाच्यः (वा.) इति नलोपः, यद्वा, रञ्जयति द्रव्याणि, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, अकः, रजकरजनरजःसूपसङ्ख्यानम् (वा.) इति नलोपः*] १.धोबी जाति २.लुगा धुने मानिस।

रजकी (स्त्री.) [*रजतीति, रञ्ज रागे इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २०० इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, असि अके अने च रञ्जेर्नलोपो वाच्यः (वा.) इति नलोपः, यद्वा, रञ्जयति द्रव्याणि, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, अकः, रजकरजनरजःसूपसङ्ख्यानम् (वा.) इति नलोपः, रजकस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] धोबिनी।

रजतम् (नपुं.) [*रजति प्रियं भवतीति, रञ्ज रागे इति धातोः, पृषिरञ्जिभ्यां कित् (उ.) ३९८ इति अतच्*] १.चाँदी २.सेतो वर्ण ३.हार। **रजतं हारे** (हला.)।

रजतमयः (पुं.वि.) [*प्रशस्तम् रजतमस्य, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] १.चाँदीले बनेको २.सेतो/शुभ्र।

रजनम् (नपुं.) [*रञ्ज रागे इति धातोः, रञ्जेः क्युन् (उ.२४६), इति क्युन्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रँगाउने काम २.किरण ३.पहेँलो रुखबाट आउने खोटो/चोप ४.धूप।

रजनिः (स्त्री.) [*रञ्जयति निद्रया लोकानिति, रञ्ज रागे इति धातोः, अर्तिसृधृधम्यश्यवितृभ्योऽनिः (उ.) २६७ इति अनिः, नलोपश्च*] रात।

रजनिकरः (पुं.) [*रजनिं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] चन्द्रमा। **द्विजराजो रजनिकरः** (हला.)।

हित्वा गृहान् सुतान् भोगान् वैदर्भी मदिरेक्षणा। अन्वधावत पाण्ड्येशं ज्योत्स्नेव रजनिकरम्॥ (भाग.४.२८.३४)

रजनिचरः (पुं.) [*रजन्यां चरतीति, चरेष्ट ३.२.१६ इति टः, ङ्यापो संज्ञाछन्दसोर्बहुलम् ६.३.६३ इति वा ह्रस्वः*] १.राक्षस २.लाटोकोसेरो।

रजनी (स्त्री.) [*रजन्त्यनुरक्ता भवन्ति रागिणोऽस्याम्, क्षिपेः किच्च (उ.) २.१०७ इति चकारादनिः, कित्त्वान्नलोपः ६.४.२४, ङीष् (ग.) ४.१.४५, यद्वा रञ्जयति निद्रया लोकानिति, रञ्ज रागे इति धातोः, अर्तिसृधृधम्यश्यवितृभ्योऽनिः (उ.) २६७ इति अनिः, नलोपश्च, ङीष्, ङीषभावे रजनिरपि*] १.रात्रि २.हलेदो ३.शिलाजित ४.पद्मावती। **रजनी नीलिनीरात्रिहरिद्राजतुकासु च** (विश्वः)। **~गन्धा** (स्त्री.) [*रजन्यां गन्धो यस्याः, सा, बहु.स.*] राती बास्ना फैलिने एक जातको फूल।

रजनीचरः (पुं.) [*रजन्यां चरतीति, चरेष्टः ३.२.१६ इति टः, ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् ६.३.६३ इति पक्षे ह्रस्वाभावः*] १.राक्षस २.लाटोकोसेरो।

रजनीमुखम् (नपुं.) [*रजन्या मुखमिव*] साँझ, प्रदोष।

ततः शशाङ्कधवले सञ्जाते रजनीमुखे।
पाणिमालभ्य भूपालं शय्यावेश्म विवेश सा॥ (रा.त. ४.४३३)

रजस्वला (स्त्री.) [*रजोऽस्त्यस्याः, रजःकृष्यासुतिपरिषदो वलच् ५.२.११२ इति वलच्, तसौ मत्वर्थे १.४.१९ इति भत्वान्न रुत्वम्, टाप् ४.१.४*] नछुने भएकी स्त्री।

अवीरुदक्या च रजस्वला स्या-
दात्रेयिका पुष्पवती च नारी (हला.४८८)।

रजिका (स्त्री.) [*रञ्जयतीति, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, असि अके अने च रञ्जेर्नलोपो वाच्यः (वा.) इति नलोपः, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] धोबीकी छोरी।

रजोगुणः (पुं.) [*रज इति गुणः, कर्म.स.*] मनमा चञ्चलता र काम, क्रोध, लोभ, राग, द्वेष आदि उत्पन्न गराउने एक प्राकृतिक गुण/मनुष्यमा हुने तीन गुणमध्ये एक।

रजोदर्शनम् (पुं.) [*रजसो दर्शनम्, ष.त.*] रजस्वला हुनु/स्त्रीको मासिक धर्म हुनु/रजोधर्म।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रजोवती (स्त्री.) [*रजोऽस्त्यस्याः*] रजस्वला भएकी स्त्री।

रज्जुः (स्त्री.) [*सृजतीति, सृज्यते वा, सृज विसर्गे इति धातोः, सृजेरसुम् च (उ.) १५ इति असुमागमः, उप्रत्ययः, सकारलोपः, यण् , आगमसकारस्य श्चुत्वेन शः, जस्त्वेन जः*] १.डोरी २.बागडोर ३.चुल्ठो। **रज्जुर्वेण्यां गुणेऽपि च** (अमर.)।

रञ्ज (धा.) [*रागे, अक.अनि.उभय.*] रँगाउनु। लट्– **रजति-ते–** रँगाउँछ इत्यादि।

रञ्ज (धा.) [*रागे, अक.अनि.उभय.*] रँगाउनु, आशक्त हुनु, मोहित हुनु। लट्– **रज्यति-ते–** रँगाउछ इत्यादि।

रञ्जकः (पुं.) [*रञ्जयतीति, रञ्ज रागे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.प्रसन्न गराउने/खुशी तुल्याउने २.रङ्गसम्बन्धी काम गर्ने/रँगाउने।

रञ्जनम् (पुं.) [*रञ्जयति, रञ्ज रागे इति धातोः, णिचि, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा युच् (उ.), मृगरमण एव नलोपो नान्यत्र*] १.रङ्ग लगाउने काम २.खुसी तुल्याउने काम ३.[*रज्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः ७.१.१*] जाइफल ४.रातो चन्दन।

रञ्जनो रागजनने रञ्जनं रक्तचन्दने (मेदिनी.)।

रञ्जनी (स्त्री.) [*रञ्जयतीति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् णिलोपस्य स्थानिवद्भावात् असनयोश्च इति नलोपो न, रज्यतेऽनया, इति विग्रहे तु करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा रञ्जेः क्युन् (उ.) इति क्युन्*] नीर।

गुढारोचनिकानीलीमञ्जिष्ठासु रञ्जनी।
रजनी नीलिनीरात्रिहरिद्राजतुकासु च॥ (मेदिनी.)

रट (धा.) [*परिभाषणे, अक.सेट् पर.*] बोल्नु, भाषण गर्नु, रट्नु। लट्– **रटति–** रट्छ। लिट्– **रराट–** रटेछ इत्यादि।

रण (धा.) [*शब्दार्थे, अक.सेट् पर.*] शब्द गर्नु। लट्– **रणति–** शब्द गर्छ। लिट्– **रराण–** शब्द गरेछ (अन.) इत्यादि।

रण (धा.) [*गतौ, शब्दे च, अक.सक.सेट् पर.*] हिँड्नु, शब्द गर्नु। लट्– **रणति–** हिँड्छ, शब्द गर्छ इत्यादि।

रणः (पुं.) [*रणन्ति शब्दायन्तेऽत्रेति, रण गतौ शब्दे च इति धातोः, वशिरण्योरुपसङ्ख्यानम् (वा. ३.२.५८) इत्यप्*] १.शब्द २.लडाइँ/युद्ध/सङ्ग्राम। **~क्षेत्रम्** (पुं.) [*रणस्य क्षेत्रम्, ष.त.*] युद्धभूमि/रणस्थल/युद्धक्षेत्र/रणभूमि। **~चण्डी** (स्त्री.) [*रणस्य चण्डी, ष.त.*] रणक्षेत्रकी देवी। **~धीरः** (पुं.) [*रणे धीरः, ष.त.*] धैर्यपूर्वक युद्ध गर्ने वीर। **~नादः** (पुं.) [*रणे नादः, स.त.*] लडाइँका मैदानमा वीरहरूले गर्ने गर्जना। **~भूमिसेवा** (स्त्री.) [*रणभूमेः सेवा, ष.त.*] १.फिल्डमा रहेको बेलामा गरिने सेवा या काम/मैदानी सेवा २.सैन्यावासबाट तारो हान्ने ठाउँ वा अरू कुनै अभ्यासका लागि मार्च गरिने ठाउँ। **~वीरः** (पुं.) [*रणे वीरः, स.त.*] युद्धकलामा अतिशय कुशल **~विजयस्तम्भः** लडाइँमा विजय प्राप्त गरेको स्मरण गराउनका लागि बनाइएको स्तम्भ।

रणरणकः (पुं.) [*रणरणं कायते इति, कै शब्दे इति धातोः, आत्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] प्रबल कामना/उत्कट इच्छा/व्यग्रता/अशान्ति। **अये सैवेयं रणरण–कदायिनी चित्रदर्शनाद् विरहभावना देव्याः स्वप्नोद्वेगं करोति** (उ.रा.च.)।

रणसङ्कुलम् (नपुं.) [*रणस्य सङ्कुलम्, ष.त.*] लडाइँको व्यग्रता/व्याकुलता।

रण्डा (स्त्री.) [*रमयति पुरुषान् इति, रमु क्रीडायाम् इति धातोः, ञमन्ताड्डः (उ.) ११९ इति डः, टाप् ४.१.४*] १.विधवा।

आः पाकं न करोषि पापिनि कथं पापी त्वदीयः पिता
रण्डे जल्पसि किं तवैव जननी रण्डा त्वदीया स्वसा।
निर्गच्छ त्वरितं गृहाद् बहिरितो नेदं त्वदीयं गृह
न्वेदेवं बहिरेमि गर्दभ गृहान्नात्रावतिष्ठे क्षणम्॥
(सुभा.)

२.मुसलिण्डी। **रण्डा मूषिकपर्ण्यां च विधवायां च योषिति** (मेदिनी.)।

रण्डः (पुं.) [*रमयति इति, रमु क्रीडायाम् इति धातोः, ञमन्ताड्डः (उ.) ११९ इति डः,*] १.धूर्त २.विफल ३.अर्द्धाङ्गी ४.पत्नी मरेको ५.अर्काकी श्रीमती, छोरी वा बुहारीलाई फकाउने।

रण्डी (स्त्री.) [*रण्डानां स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] विभिन्न पुरुषसँग रतिक्रीडा गर्ने आइमाई।

रतम् (नपुं.) [*रमणम्, रमु क्रीडायाम् इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, अनुदात्तोपदेश ६.४.३७ इति मलोपः*] मैथुन/रतिक्रीडा।

रतिः (स्त्री.) [*रमणम्, रमु क्रीडायामिति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, नलोपः*] १ अनुराग २.चाहेको वस्तु प्रतिको मनको लगाव ३.कामदेवकी पत्नी ४.शृङ्गाररसको स्थायिभाव। स्त्री र पुरुषका बिच हुने आकर्षण ५.रमण/क्रीडा।

रतिपतिः (पुं.) [*रतेः पतिः*] कामदेव/रतिको पति।

रत्नकान्तिः (स्त्री.) [*रत्नानां कान्तिः, ष.त.*] रत्नको तेज।

रत्नम् (नपुं.) [*रमयति हर्षयतीति, रमु क्रीडायाम् इति धातोः, रमेस्त च (उ.) ३०१ इति नः, मस्य तकारश्च, यद्वा रमन्तेऽस्मिन्, रमु क्रीडायाम् इति धातोः, बाहुलकात् क्नम्, तुक् ६.१.७१*] १.हीरा, मणिक आदि प्रसिद्ध खनिज वस्तु। **न रत्नमन्विष्यति मृग्यते हि तत्** (कालिदास) २.पञ्चरत्न, नवरत्न र चतुर्दशरत्नको सङ्ख्यालाई संकेत गर्ने शब्द ३.कुनै पनि बहुमूल्य प्यारो वस्तु ४.स्वजातीय सर्वोत्तम वस्तु। **जातौ जातौ यदुत्कृष्टं तद्रत्नमिह कथ्यते।** ५.मणिक ६.जैनमतअनुसार सम्यक् दर्शन, सम्यक् ज्ञान र सम्यक् चरित्र। **~खचितम्** (नपुं.) [*रत्नेन खचितम्,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृ.त.] मणिले जडित। **~गर्भा** (स्त्री.) [*रत्नानि गर्भे यस्याः सा, बहु.स.*] धरती/रत्नसू। **~निधिः** (पुं.) [*रत्नानां निधिः, ष.त.*] समुद्र/सागर।

रत्नसानुः (पुं.) [*रत्नानि सानौ यस्य सः, बहु.स.*] सुमेरु पर्वत।

रत्नाकरः (पुं.) [*रत्नानामाकारः, ष.त.*] १.रत्नको खानि २.समुद्र ३.हरविजय महाकाव्यका रचयिता काश्मीरका एक कवि। यिनको समय आठौँ शताब्दी हो। हरविजयमा ५० सर्ग र ४३२१ पद्य छन्। महाकवि माघद्वारा प्रणीत शिशुपाल वधको अनुकरणमा यो काव्यको रचना भएको छ।

रत्नावली (स्त्री.) [*रत्नानामावली, ष.त.*] १.रत्नको पङ्क्ति २.श्रीहर्षवर्द्धनद्वारा रचित नाटिका। राजा उदयन र रत्नावलीको प्रेमकथालाई लिएर यो नाटिकाको निर्माण भएको छ। यसका ४.अङ्क छन्। वस्तुविधान, चरित्रचित्रण आदिमा यो नाटिका सफल देखिन्छ। नेपालीमा मोतीराम भट्टले यसको अनुवाद गरेका छन्।

रत्निः (स्त्री.) [*ऋच्छति गच्छतीति, ऋ गतौ इति धातोः, ऋतन्यञ्जि-वन्यज्यर्पिमद्यत्यङ्गिकुयुकृशिभ्यःकत्निच्यतुजलिजिष्टुजिष्ठ-जिसन्स्यनिथिनुल्यसासानुकः (उ.४५०) इति कत्निच्, यण्*] मुट्ठी बाँधेको हात। **बद्धमुष्टिः करो रत्निः** (विश्व.)।

रथः (पुं.) [*रमते यस्मिन् येन वा सः, रमु क्रीडायाम् इति धातोः, हनिकुषिनीरमिकाशिभ्यः क्थन् (उ.) १५९ इति क्थन्, तितुत्र ७.२.९ इति इण्निषेधः*] १.विशेष गरी दुई वा चार पाङ्ग्रा भएको प्राचीनकालको यान/घोडाले तान्ने पाङ्ग्रा लागेको बग्गीजस्तो एक प्रकारको सवारी २.वेत। **रथः पुमानवयवे स्यन्दने वेतसेऽपि च** (मेदिनी.)। **~यात्रा** (स्त्री.) [*रथस्य यात्रा, ष.त.*] देवदेवीका मूर्तिलाई रथमा राखी घुमाएर गरिने उत्सव।

रथकट्या (स्त्री.) [*रथानां समूहः, इनित्रकट्यचश्च ४.२.५१ इति कट्यः, टाप् ४.१.४*] रथहरूको समूह।

रथकारः (पुं.) [*रथं करोतीति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.रथ बनाउने व्यक्ति २.शूद्रमा वैश्यबाट उत्पन्न भएको सन्तान ३.सिकर्मी/काठको काम गर्ने व्यक्ति।

रथगुप्तिः (स्त्री.) [*रथस्य गुप्तिरावरणम्*] लडाइँमा शत्रुको प्रहारबाट बच्नका निमित्त लगाइएको फलाम आदिको पर्दा।

रथद्रुः (पुं.) [*रथस्य द्रुः, ष.त. तत्रोपयुक्तत्वात्*] साँधनवृक्ष।

रथाङ्गः (पुं.) १.[*रथाङ्गो नाम अस्य*] चखेवा २.(नपुं.)[*रथस्याङ्गम्*] रथको पाङ्ग्रो ३.सुदर्शन चक्र। **रथाङ्गं न द्वयोश्चक्रे ना चक्राङ्गविहंगमे** (मेदिनी.)। **~पाणिः** (पुं.) [*रथाङ्गं पाणौ यस्य सः, बहु.स.*] विष्णु। **स वेद धातुः पदवीं परस्य दुरन्तवीर्यस्य रथाङ्गपाणेः** (भाग.१.३.३८)।

रथिकः (पुं.) [*रथोऽ स्यास्ति, अत इनिठनौ ५.२.११५ इति ठन्। ठस्येकः*] रथको मालिक।

रथिनः (पुं.) [*रथोऽस्यास्ति, मेधारथाभ्यामिरन्निनचौ (उ.) इति इनच्*] रथको मालिक।

रथी (पुं.) [*रथोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.रथको मालिक २.रथमा चढ्ने योद्धा वा व्यक्ति।

रथोद्धता (स्त्री.) वार्णिक छन्दअन्तर्गत समवृत्तको एक भेद। जुन छन्दको प्रत्येक पाउमा क्रमैले रगण, नगण, रगण तथा लघु र गुरु वर्ण– (ऽ।ऽ, ।।।, ऽ।ऽ, ।ऽ) को प्रयोग हुन्छ, त्यो छन्द। **रात्परैर्नरलगै रथोद्धता** (छन्दो.)।

रथ्यः (पुं.) [*रथं बहतीति, तद्वहति रथयुगप्रासङ्गम् ४.४.७६ इति यत्*] रथ तान्ने घोडा। **रथ्या रथौघविशिखावर्तनीषु च योषिति। रथवोढरि पुंलिङ्गः** (मेदिनी.)।

रथ्यम् (नपुं.) [*रथं वहति, रथाद्यत् ४.३.१२१ इति यत्, अलोपः*] पाङ्ग्रो/चक्का।

रथ्या (स्त्री.) १.[*रथानां समूहः, खलगोरथात् ४.२.५० इति यत्, टाप् ४.१.४*] रथको समूह २.[*रथाय हिता*] सडक/राजमार्ग। **रथ्यो रथांशे रथवोढरि। रथ्या तु रथसंघाते प्रतोल्यां पथि चत्वरे** (हैमः) ३.आँगन।

रद (धा.) [*विलेखने, सक.सेट् पर.*] चिर्नु, खुँड्नु। लट्– **रदति–** चिर्छ, खुँड्छ इत्यादि।

रदः (पुं.) [*रद्यतेऽनेन, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.दाँत २.बत्तिस सङ्ख्यालाई बुझाउने शब्द।

रदच्छदः (पुं.) [*रदा छाद्यन्तेऽनेन, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८) इति घः*] ओठ/ओष्ठ।

रदनः (पुं.) [*रद्यतेऽनेन, रद विलेखने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१.इत्यनः*] १.दाँत २.बत्तीसलाई बुझाउने अङ्क। ३.(नपुं.) [*ल्युट् च ३.३.११५इति ल्युट् अनः*] दाँतले टोक्ने वा लुछ्ने काम।

रदनच्छदः (पुं.) [*रदनाः छाद्यन्तेऽनेन छद संवरणे इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, छादेर्घे ६. ४.९६ इति, ह्रस्वः*] ओठ।

रदी (पुं.) [*रदौ प्रशस्तदन्तावस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] हात्ती। **कुम्भीकुञ्जरवारणेन्द्ररदिनः सामोद्भवः सिन्दुरः** (हला.)।

रध (धा.) [*हिंसासंराध्योः, सक.वेट् पर.*] हिंसा गर्नु, पाक्नु। लट्– **रध्यति–** हिंसा गर्छ, पाक्छ। लिट्– **ररन्ध–** हिंसा गरेछ, पाकेछ (अन.) इत्यादि।

रन्ध्रम् (नपुं.) [*रमणम्, संपदादिभ्यश्च ३.३.१०८ इति क्विप्, संज्ञा-पूर्वकत्वान्न दीर्घः, रमं क्रीडां धरति, मूलविभुजादित्वाद (वा. ३.२.५) कः, रन्धयति, रध हिंसासंराद्ध्योः इति धातोः, बाहुल-काद्रक् वा*] १.छिद्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नासानयननेत्राणां द्वे द्वे रन्ध्रे प्रकीर्तिते।
मेहनपानवक्त्राणामेकैकं रन्ध्रमुच्यते।
दशमे मस्तकं प्रोक्तं रन्ध्राणीति नृणां विदुः।
स्त्रीणां त्रीण्यधिकानि स्युः स्तनयोर्गर्भवर्त्मनः।
सूक्ष्मच्छिद्राणि चान्यानि मतानि त्वचि जन्मिनाम् ॥
(शार्ङ्गधर)

२.दोष। **रन्ध्रं दूषणे छिद्रे** (विश्व.) ३.योनि।

रप (धा.) [*व्यक्तायां वाचि, सक.सेट्, पर.*] स्पष्ट बोल्नु। लट्– **रपति–** स्पष्ट बोल्छ इत्यादि।

रफ (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **रफति–** जान्छ इत्यादि।

रफि (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **रम्फति–** जान्छ, इत्यादि।

रबि (धा.) [*शब्दे, अक.सेट्, आत्म.*] शब्द गर्नु, ठुलो स्वरले कराउनु, राम्नु। लट्– **रम्बते–** शब्द गर्छ, ठुलो स्वरले कराउँछ, राम्छ इत्यादि।

रभ (धा.) [*राभस्ये, सक.अनि.आत्म.*] आनन्द लिनु, प्रसन्न हुनु। यो प्रायः **आ** उपसर्गान्त छ। **आ**को अर्थ आरम्भ गर्नु हुन्छ। लट्– **आरभते–** आरम्भ गर्छ। लिट्– **आरेभे–** आरम्भ गरेछ (अन.)। लुट्– **आरब्धा–** आरम्भ गर्ने छ (अन.)। लृट्– **आरप्स्यते–** आरम्भ गर्ने छ। लोट्– **आरभताम्–** आरम्भ गरोस्। लङ्– **आरभत–** आरम्भ गऱ्यो (अन.)। विधिलिङ्– **आरभेत–** आरम्भ गर्ला, आरम्भ गरोस्। आशीर्लिङ्– **आरप्सीष्ट–** आरम्भ गरोस्। लुङ्– **आरब्ध–** आरम्भ गऱ्यो। लृङ्– **आरप्स्यत–** आरम्भ गर्ने थियो इत्यादि।

रभसः (पुं.) [*रभ राभस्ये इति धातोः, अत्यविचमितमिरभिलभिनभितपिपतिपनिपणिमहिभ्योऽसच् (उ.४०४) इति असच्प्रत्ययः*] १.वेग/हडबडी २.झोक ३.खेद ४.दुःख ५.पछुतो ६. उत्सुकता ७.प्रसन्नता ८.आनन्द/हर्ष।

रभि (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] बोल्नु। लट्– **रम्भयति-ते–** बोल्छ इत्यादि।

रमकः (पुं.) [*रमु क्रीडायाम् इति धातोः, रमे रश्च लो वा (उ.२०१), इति क्वुन् अकः*] विलासी।

रमणः (पुं.) १.[*रमयतीति, रमु क्रीडायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] पति। २.(नपुं.) [*रमु क्रीडायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] क्रीडा/विलास/विचरण/यता उति डुल्नु ३.समागम/मैथुन।

रमणी (स्त्री.) [*रम्यतेऽनया, रमु क्रीडायामिति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५इति ङीप्*] १.सुन्दरी स्त्री/युवती २.अर्कालाई प्रसन्न तुल्याउने स्त्री।

रमणीयः (पुं.) [*रमयितुं योग्यः, रमु क्रीडायामिति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] राम्रो मनोहर/आनन्द दिने/रम्य।

रमा (स्त्री.) [*रमयति, रमु क्रीडायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] लक्ष्मी।

रमु (धा.) [*क्रीडायाम्, अक.अनिट्, आत्म.*] रमण गर्नु, खेल्नु। लट्– **रमते–** रमण गर्छ, खेल्छ। **आरमति–** आराम गर्छ। **उपरमति-ते–** रमाउँछ, विश्राम गर्छ। **विरमति–** विश्राम गर्छ। लिट्– **रेमे–** रमण गरेछ, खेलेछ (अन.)। लुट्– **रन्ता–** रमण गर्ने छ, खेल्ने छ (अन.)। लृट्– **रन्ता–** रमण गर्ने छ, खेल्ने छ। लोट्– **रमताम्–** रमण गरोस्, खेलोस्। लङ्– **अरमत–** रमण गऱ्यो, खेल्यो (अन.)। विधिलिङ्– **रमेत–** रमण गर्ला, खेल्ला, रमण गरोस्, खेलोस्। आशीर्लिङ्– **रंसीष्ट–** रमण गरोस्, खेलोस्। लुङ्– **अरंस्त–** रमण गऱ्यो, खेल्यो। लृङ्– **अरंस्यत–** रमण गर्ने थियो, खेल्ने थियो। भावे-**रम्यते-** रमण गरिन्छ, खेलिन्छ। णिचि– **रमयति-ते–** रमण गराउँछ, खेल्छ। सनि– **रिरंसते-** रमण गर्न चाहन्छ, क्रीडा गर्न चाहन्छ। यङि– **रंरम्यते–** ज्यादै रमण गर्छ वा बारम्बार रमण गर्छ वा खेल्छ। यङ्लुकि– **रंरन्ति/रंरमीति-** ज्यादै रमण गर्छ वा बारम्बार रमण गर्छ वा खेल्छ। कृदन्ते– **रामकः/रामिका/रन्ता त्री–** रमण गर्ने। **रन्तव्यम्/रमणीयम्/रम्यम्–** रमण गर्नुपर्ने, राम्रो। **रत्वा/विरत्य–** रमण गरेर। **रन्तुम्–** रमण गर्न। **रमणम्–** रमण गर्ने वा खेल्ने काम इत्यादि।

रम्भा (स्त्री.) [*रभि भाषायामिति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४, यद्वा रभतीति, रभ राभस्ये इति धातोः, पचाद्यच् ३.१.१३४, रभेरशब्लिटोः ७.१.६३ इति नुम्, रभ्यते वा, घञ् ३.३.१९*] १.स्वर्गकी एक प्रसिद्ध अप्सरा २.केरा/कदली ३.गौरी ४.वीणा।

रम्भोरुः (पुं.) [*रम्भे इव ऊरुणी यस्याः सा, बहु.स.*] केराको थाम जस्ता ऊरु अर्थात् तिघ्रा भएकी स्त्री।

रम्यः (पुं.वि.) [*रम्यतेऽत्र, रमु क्रीडायामिति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] सुन्दर/राम्रो।

रय (धा.) [*गतौ, लये च, सक.सेट्, आत्म.*] जानु, विलीन हुनु। लट्– **रयते–** जान्छ, विलीन हुन्छ इत्यादि।

रयः (पुं.) [*रिणात्यनेन, री गतिरेषणयोः, इति धातोः, एरच् ३.३.५६ इति अच्, यद्वा रयतेऽनेन, रय गतौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, हलश्च ३.३.१२१ इति घञि तु संज्ञापूर्वकत्वाद्वृद्ध्यभावः*] वेग।

रल्लकः (पुं.) [*रमते, क्विप् च ३.२.१७८ इति क्विप्, गमादीनाम्– (वा.) ६.४.४० इति मलोपः, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्, यद्वा लाति, पूर्ववत् क्विप् ३.२.१७८, रत् चासौ लश्च,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वार्थे कन् (ज्ञापि) ५.४.५, केऽणः ७.४.१३ इति ह्रस्वः, यद्वा–रमणम्, संपदादिभ्यः (वा.) ३.३.१०८ इति क्विप्, रत् क्रीडा लक्ष्यतेऽनेन, लक आस्वादने इति धातोः, पुंसि संज्ञायां घः, प्रायेण ३.३.११८ इति घः, रतं लाति, क्वुन् (उ.) वा] १.कम्बल २.कालो मृग। **रल्लकः कम्बले स्मृतः, तथैव कम्बलमृगे** (हैम.)।

रवः (पुं.) [रवणम्, रु शब्दे इति धातोः, ऋदोरप् इत्यप्] शब्द।

रवणः (पुं.) १.[रौति शब्दयतीति, रु शब्दे इति धातो : सुयुरुवृञो युच् (उ. २४२), इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः, अवादेशश्च] कोइली २.[रौतीति, रु शब्दे इति धातोः, चलनशब्दार्थादकर्मकाद्युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः, अवादेशश्च] कोइली ३.[रौतीति तच्छीलः, रु शब्दे इति धातोः, चलनशब्दार्थादकर्मकाद्युच् ३.२.१४८ इति युच्, अनः ७.१.१] ऊँट।

अर्धोज्झितोद्गारविजर्भरस्वरः स्वनाम निन्ये रवणः स्फुटयर्थताम्। (शि.व.)

रवथः (पुं.) [रौतीति, रु शब्दे इति धातोः, शीङ्शपिरुगमिवञ्चिजीविप्राणिभ्योऽथः (उ.३९३) इत्यथः] कोइली।

रवि (धा.) [गतौ, सक.सेट् पर.] जानु। लट्– **रण्वति–** जान्छ इत्यादि।

रविः (पुं.) [रूयते स्तूयते इति, रु शब्दे इति धातोः, रुङ् गतौ इति धातोः, रु शब्दे इति धातोर्वा, अच इः (उ.) ५८८ इति इः] १.सूर्य २.ज्योतिषशास्त्रमा १२ लाई जनाउने शब्द। **~वारः** (पुं.) [रवेर्वारः, ष.त.] आदित्यवार/आइतवार। **~सुतः** (पुं.) [रवेः सुतः, ष.त.] १.यमराज २.शनैश्चर।

रशना (स्त्री.) [अश्नुते व्याप्नोतीति, अशु व्याप्तौ इति धातोः, अशेरश च (उ.२४३), इति युच्, रशादेशश्च] कन्दनी।

रशनोपमा (स्त्री.) उपमा अलङ्कारको छैटौं भेद, पहिलो उपमाको उपमेयलाई दोस्रो उपमाको उपमान बनाई वर्णन गर्दा पर्न जाने अलङ्कार।

चन्द्रायते शुक्लरुचापि हंसो हंसायते चारुगतेन कान्ता।
कान्तायते स्पर्शसुखेन वारि वारीयते स्वच्छतया विहाय॥

(सा.द.) यसमा प्रथम उपमाको उपमेयलाई दोस्रो उपमाको उपमान, दोस्रो उपमाको उपमेयलाई तेस्रो उपमाको उपमान तथा तेस्रो उपमाको उपमेयलाई चौथो उपमाको उपमान बनाएर वर्णन गरेको हुँदा रशनोपमा परेको छ।

रश्मिः (पुं.) [अश्नुते व्याप्नोतीति, अशू व्याप्तौ इति धातोः, अश्नोतेरश् च (उ.) ४९५ इति मिः, रशादेशश्च] १.किरण २.घोडाको लगाम ३.डोरी ४.आँखाको परेला।

रस (धा.) [शब्दे, अक.सेट् पर.] शब्द गर्नु। लट्– **रसति–** शब्द गर्छ इत्यादि।

रस (धा.) [आस्वादनस्नेहयोः, सक.सेट् उभय.] स्वाद लिनु, चाख्नु, प्रेम गर्नु। लट्– **रसयति–ते–** स्वाद लिन्छ, चाख्छ, प्रेम गर्छ इत्यादि।

रसः (पुं.) [रसतीति, रस आस्वादनस्नेहयोः, इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा रस्यते आस्वाद्यते, इति रस आस्वादने इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः] १.पारो। **रसेन्द्रः पारदः सूतः सूतराजश्च सूतकः। शिवतेजो रसः सप्त नामान्येवं रसस्य तु।** (रत्नमाला) **रसः सूतश्च पारदे** (अमरः) २.परमात्मा। **रसो वै सः। रसं ह्येवायं लब्ध्वानन्दीभवति** (तै.उ.२.७.१) ३.जिभ्रोद्वारा स्वाद लिइने, कुनै वस्तुको (पन्यालो) सार भाग। यस्तो रस छ प्रकारको हुन्छ– गुलियो (मधुर), अमिलो (अम्ल), नुनिलो (लवण) खाँदा जिभ्रो र ओठ पोल्ने (कटु), तितो (तिक्त) र टर्रो(कषाय) **रसो हि षड्विधो मधुराम्ललवण कटुकषायतिक्तभेदात्।** (त.स.)। ४.छको सङ्ख्या। **रसै रुद्रैश्छिन्ना यमनसभला गः शिखरिणी** (छन्दो.) ५.शरीरमा रहने सात थरी धातुहरू– रगत, पित्त, बोसो, मासु, मांसी, हाड र वीर्य ६.विष। **ये मन्त्रेषु रसेषु च प्रणिहितास्तैरेव ते घातिताः** (मुद्राराक्षस.) ७.रुख, पात, जरो, फल, फूल वा लहरो आदिबाट निस्कने पन्यालो वस्तु ८.कुनै चिजको सार भाग ९.पानी।

प्रजानामेव भूत्यर्थं स ताभ्यो बलिमग्रहीत्।
सहस्रगुणमुत्स्रष्टुमादत्ते हि रसं रविः॥ (रघु.)

१०.राग।

कविता कोमलवनिता रसयति रसिकं रसेन मिलिता।
सा यदि दुर्जनहस्ते पतिता प्रतिपदभग्ना संशयमग्ना॥ (उद्भटः)

११.हिङ १२.उमङ्ग १३.प्रेम/प्यार, यौनजन्य आकर्षण १४.अर्थ १५.रक्सी १६.स्वाद १७.कामक्रीडा/सम्भोग १८.वीर्य १९.कुनै चिज पकाउँदा निस्केको पन्यालो (सार) वस्तु/झोल, २०.हात्ती घोडालाई हुने रोगविशेष २१.शिलाजित २२.पारो वा सुन चाँदी आदि धातुलाई जडिबुटीको रसमा पकाएर बनाएको ओखतीविशेष/रसादि ओखती २३.छन्दः शास्त्रमा रगण तथा सगण २४.मनको तरङ्ग २५.एक प्रकारको भेडो २६.साहित्यशास्त्रमा वर्णित आनन्दमय चित्तवृत्ति वा अनुभव। यो काव्य अथवा नाटकमा विभाव (कारण) अनुभाव (कार्य) तथा सञ्चारिभाव (सहयोगी कारण) बाट व्यक्त हुने स्थायिभाव हो। व्यवहारमा जसलाई कारण, कार्य र सहकारी कारण भनिन्छ, तिनलाई नाटक अथवा काव्यमा विभाव, अनुभाव र व्यभिचारिभाव भनिन्छ। व्यवहारमा सीमित र व्यक्तिगत मानिने युवक र युवतीको रति वा अन्य स्थायिभाव काव्य/नाटकमा वर्णित भएपछि ती सबै विभावन व्यापारद्वारा सीमित र व्यक्तिगत नभएर सामूहिक बन्न पुग्छन्। साधारणीकरण हुन्छ। विभावादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सबै त्यसैमा विलीन हुन्छन्। रजोगुण र तमोगुण दमित भएर सत्त्वगुणको उद्रेक हुन्छ। यसै अवस्थामा सम्बद्ध विषयमा तल्लीन र अन्यविषयबाट विमुख बन्न पुगेका सामाजिकको हृदयमा वासनाको रूपमा पहिलेदेखि नै विद्यमान रत्यादि स्थायिभाव काव्यमा वर्णित विभावादिद्वारा व्यक्त हुन्छ र सामाजिकले अलौकिक चमत्कारमय ब्रह्मसाक्षात्कारतुल्य आनन्दको अनुभव गर्न पाउँछ। यसलाई रसास्वाद वा रसानुभूति भनिन्छ।

कारणान्यथ कार्याणि सहकारीणि यानि च।
रत्यादेः स्थायिनो लोके तानि चेन्नाट्यकाव्ययोः।
विभावा अनुभावास्तत् कथ्यन्ते व्यभिचारिणः।
व्यक्तः स तैर्विभावाद्यैः स्थायिभावो रसः स्मृतः॥
(का.प्र.)

रसका मुख्य स्थायिभाव नौ छन्— रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र निर्वेद। स्थायिभावका आधारमा रस नौ प्रकारका हुन्छन्— शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त। साहित्यदर्पणमा वात्सल्यलाई पनि रस मानेर रसको सङ्ख्या दश पुऱ्याइएको छ। रुद्रट नामका विद्वान्ले प्रेयान्लाई लिएर दश रस मानेका छन्। त्यस्तै भानुदत्तले 'रसतरङ्गिणी' मा वात्सल्य, लौल्य, भक्ति र कार्पण्यलाई पनि रस मानेका छन्। भोजराजले आफ्नो शृङ्गारप्रकाशमा शृङ्गारलाईमात्र रस मानेर वीर आदि अरू रसलाई प्रवाद भनेका छन्। रूपगोस्वामी भक्ति रसका उन्नायक मानिन्छन्। उनको रसविवेचना महाप्रभु चैतन्यको अचिन्त्यभेदाभेदवादबाट प्रभावित छ। उनले आध्यात्मिकता र धार्मिकतालाई पनि रसतत्त्वभित्र समाहित गरेका छन्। उनले भक्तिरसलाई पाँच भागमा छुट्याएका छन्— शान्त, प्रीति, प्रेयान् (सख्य) वात्सल्य र माधुर्य। शृङ्गार रस भनेको माधुर्य रस हो। उनले हास्य, अद्भुत, वीर, करुण, रौद्र, भयानक र वीभत्सलाई गौण रस भनेका छन्। रस काव्यको आत्मा हो भन्ने रस सम्प्रदायका आचार्यहरूको मत छ। **वाक्यं रसात्मकं काव्यम् इति।** (सा.द.) **~राजः** (पुं.) [*रसानां राजा, ष.त.*] १.भगवान् कृष्ण २.शृङ्गार रस ३.पारो।

रसकः (पुं.) [*रस एव, स्वार्थे कन्*] पकाएको मासु, तरकारी आदिको झोल। **निष्क्वाथो रसकः समौ** (अभि.चि.)।

रसगर्भम् (नपुं.) [*रसो गर्भेऽस्य*] १.चुत्राको रसबाट बनेको औषधि २.झोलिलो पदार्थ।

रसजाः (पुं.बहु.) [*रसे रसाद् वा जाताः*] दुध, दही, मदिरा आदिबाट पैदा भएका किरा। **रसजा मद्यकीटद्याः** (अभि.चि.)।

रसज्ञः (पुं.) [*रसं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.रसको मर्म बुझ्ने २.कला र साहित्यको मर्म जान्ने।

रसज्ञा (स्त्री.) [*रसं जानाति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] जिब्रो।

रसदः (पुं.) [*रसमास्वादं ददातीति, डुदाञ् दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] अन्नपात/अनाज।

रसदोषः (पुं.) [*रसस्य दोषः, ष.त.*] रससम्बन्धी दोष। हे. दोषः।

रसना (स्त्री.) [*रसति आस्वादयति यया सा, रस आस्वादने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, यद्वा— रसयन्त्यनया, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, यद्वा रसति, रस शब्दे इति धातोः, बहुलमन्यत्रापि (उ.) इति युच् युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.जिब्रो २.गाईतिहारे ३.एलापर्षी। **रसनं स्वजने ध्वनौ। जिह्वायां तु न पुंसि स्यात्** (मेदिनी.)। **रसनं तु ध्वनौ स्वादे रसज्ञारास्नयोः स्त्रियाम्** (रभस.)।

रसनिष्पत्तिः (स्त्री.) [*रसस्य निष्पत्तिः, ष.त.*] रसास्वाद/विभाव, अनुभाव, सञ्चारिभाव र स्थायिभाव मिलेर हुने रसास्वादको प्रक्रिया।

विभावानुभावव्यभिचारिसंयोगाद् रसनिष्पत्तिः (भरत)। विभाव, अनुभाव र व्यभिचारिभावको स्थायिभावसँग सम्बन्ध हुँदा रसको निष्पत्ति हुन्छ। यसमा प्रयुक्त **संयोग** र **निष्पत्ति** शब्दको अर्थलाई लिएर काव्यशास्त्रीहरूका बिच ठुलो मतभेद छ। भट्टलोल्लटले संयोगको अर्थ विभावको स्थायिभावसँग उत्पाद्य—उत्पादकभावसम्बन्ध, अनुभावको स्थायिभावसँग गम्यगमकभाव सम्बन्ध र व्यभिचारिभावको स्थायिभावसँग पोष्य—पोषकभाव सम्बन्ध हुन्छ भन्ने गरेका छन्। त्यस्तै निष्पत्तिको अर्थ उनले क्रमशः उत्पत्ति, अनुमिति र पुष्टि भनेका छन्। यिनको मतअनुसार विभावबाट उत्पन्न, उद्दीपनविभावबाट उद्दीप्त, अनुभावबाट गम्य र व्यभिचारिभावबाट परिपुष्ट भएको रत्यादि स्थायिभाव नै रस हो। विभावादि उत्पादक हुन् र रस उत्पाद्य हो भन्ने यिनको सिद्धान्त छ। त्यसैले यिनको सिद्धान्तलाई उत्पत्तिवादी सिद्धान्त भनिन्छ। यिनले आफ्नो सिद्धान्तलाई स्पष्ट गर्न सर्पको भ्रम पैदा गर्ने अँध्याराको डोरीको दृष्टान्त दिएका छन्। जसरी हावाद्वारा हल्लिएको अँध्याराको डोरीले सर्पको भ्रम सृजना गरेर दर्शकको मनमा भय उत्पन्न गर्छ, त्यसरी नै काव्य नाटकमा वर्णित पात्रहरूले विभिन्न क्रियाकलाप (विभावादिका कार्यको अनुकरण) द्वारा; वास्तविक नभएपनि वास्तविक वन्न पुगेका विभावादिद्वारा सामाजिकको मनमा रस उत्पन्न गराउँछन्। यसरी पात्रमा विभावादिको आरोप गरिएको हुँदा यसलाई आरोपवाद पनि भनिन्छ। यिनको व्याख्या वा सिद्धान्तलाई पछिका आचार्यले त्रुटिपूर्ण देखे । किनभने उत्पत्तिका लागि आवश्यक कार्यकारणको सह अस्तित्वविपरीत अप्रत्यक्ष विभावादिबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष रसको उत्पत्ति सम्भव थिएन। फेरि करुण रसमा शोक स्थायिभावका कारणभूत विभावादिबाट आनन्दात्मक रसरूप कार्यको उत्पत्ति हुन सक्ने सम्भावना नै रहेन। शृङ्गार रसमा पूजनीय पितृतुल्य विभावादिको रत्यादिविषयक क्रियाकलापको अवलोकन गर्न पुत्रतुल्य सामाजिकको प्रवृत्ति कसरी हुने भन्ने विषयमा उत्पत्तिवादले समाधान दिन सकेन। यस मतमा रस मूलतः विभावादिमा र गौणरूपमा नटमा उत्पन्न हुन्छ भनिएको छ। यसरी विभावादि र अभिनेतामा उत्पन्न रसबाट सामाजिकले कसरी आनन्दको अनुभूति गर्ने ? रसानुभूतिका सन्दर्भमा भट्टलोल्लटको उत्पत्तिवादले यस्ता समस्याको सही समाधान दिन नसकेकाले श्री शङ्कुकले न्यायशास्त्रको कार्यकारण भावको आधारमा रससूत्रको अनुमितिवादी व्याख्या गरे। यिनले संयोगको अर्थ अनुमाप्य– अनुमापकभावसम्बन्ध र निष्पत्तिको अर्थ अनुमिति गरेका छन्। यिनको मतमा विभावादि अनुमापक हुन् र रस अनुमान गरिने विषय हो। त्यसैले यिनको मतलाई अनुमितिवाद भनिन्छ। यिनले आफ्नो आशय स्पष्ट गर्न चित्रको घोडाको दृष्यान्त दिएका छन्। जसरी सत्य, मिथ्या, संशय र सादृश्य चार किसिमका प्रतीतिदेखि छुट्टैखालको प्रतीति चित्रको घोडामा भएजस्तै नटमा पनि विभावादिको प्रतीति हुन्छ। शिक्षा, अभ्यास आदिका बलले विभावादिको अनुकरण गरेर आफूलाई विभावादिजस्तै देखाउने नट, नटी र तिनका क्रियाकलापबाट सामाजिकले रसको अनुमान गर्छन्। रस अनुकार्यमा होइन, अनुकर्तामा रहन्छ भन्ने यस सिद्धान्तको मत छ। यिनको व्याख्यालई पनि भट्टतौत, भट्टनायक आदि आचार्यले त्रुटिपूर्ण नै ठहऱ्याए। यिनीहरूले कृत्रिम विभावादिबाट चमत्कारमय रसानुभूति हुन नसक्ने ठहर गरे। त्यसपछि साङ्ख्य दर्शनका अनुयायी भट्टनायकले रससूत्रको व्याख्या गरे । यसमा उनले संयोगको अर्थ भोज्यभोजकभावसम्बन्ध र निष्पत्तिको अर्थ भुक्ति गरेका छन्। अर्थात् विभावादि भोजक हुन् र रस भोज्य हो। यसैले यिनको मतलाई भुक्तिवाद भन्दछन्। यिनले आफ्नो आशय स्पष्ट गर्न तीन व्यापारको कल्पना गरेका छन्– अभिधा, भावकत्व र भोजकत्व। अभिधाबाट काव्यमा वर्णित विषयको बोध भएपछि भावकत्वव्यापारद्वारा साधारणीकरण हुन्छ। सामाजिक विषयवस्तुमा तल्लीन हुन्छ, तँ, म, तेरो, मेरो आदि भिन्नताको भावना हराएर जान्छ। तमोगुण र रजोगुण विलीन हुन्छन्, सत्त्वगुणमात्र बाँकी रहन्छ। त्यसपछि सामाजिकले भोजकत्वव्यपारद्वारा रसको भोग गर्छ। यस किसिमको व्याख्याले रसानुभूतिका सम्बन्धमा धेरै समस्याको समाधान दिन खोजेतापनि पछिका आचार्यले यसलाई त्रुटिपूर्ण नै देखे। तीनवटा व्यापारको कल्पना गर्नु, गौरवको विषय भएको र रस भोग गरिने विषय नभएर सामाजिकको मनमा अभिव्यक्त हुने विषय भएकाले यस मतप्रति असहमति जनाउँदै शैव अद्वैतवादी अभिनवगुप्तले यसको नयाँ व्याख्या गरे। यिनले रससूत्रमा प्रयुक्त संयोग शब्दको अर्थ व्यङ्ग्य व्यञ्जकभाव सम्बन्ध र निष्पत्तिको अर्थ अभिव्यक्ति गरेका छन्। अर्थात् विभावादि व्यञ्जक हुन् भने रस सामाजिकको मनमा अभिव्यक्त हुने विषय हो। यिनले एउटै व्यञ्जना व्यापारबाट रसानुभूतिका सबै प्रत्रिया निष्पन्न हुन्छन् भनेका छन्। यिनको सिद्धान्तलाई अभिव्यक्तिवाद भनिन्छ। यसको विस्तृत विवरण काव्यप्रकाश, साहित्यदर्पण, ध्वन्यालोकको लोचन, अभिनवभारती, तथा विश्वेश्वरी टीका आदि ग्रन्थमा हेर्न सकिन्छ।

रसपरिवर्तनवक्रता (स्त्री.) [*रसपरिवर्तनगता वक्रता, म.प.स.*] प्रबन्धवक्रताको एक भेद।

रसमैत्री (स्त्री.) [*रसयोः रसानां वा मिथो मैत्री, ष.त.*] रसहरूको परस्परमा हुने स्वाभाविक मित्रता। कतिपय रसहरूको आपसमा स्वाभाविक मित्रता रहेको हुन्छ। जस्तो– वीर, अद्भुत र रौद्रको परस्पर मित्रता रहेको हुन्छ। शृङ्गार अद्भुत र हास्य परस्पर मित्र रस हुन्। यस्तै भयानक र अद्भुत रस पनि मित्ररस नै हुन्।

रसरत्नसमुच्चयः (पुं.) आयुर्वेदशास्त्रको प्रसिद्ध ग्रन्थ। यसका रचयिता वाग्भट हुन्। यिनको समय तेहौँ शताब्दी हो। यसमा रसोत्पत्ति, महारसहरूको शोधन, उपरस, साधारण रसहरूको शोधन आदि विषयको वर्णन छ।

रसरत्नाकरः (पुं.) आयुर्वेदको एक प्रसिद्ध ग्रन्थ। रसविद्याको प्राचीनताम ग्रन्थ। यसका रचयिता नागार्जुन हुन्। यिनको समय सातौँ अथवा आठौँ शताब्दी मानिन्छ। यिनले संवाद शैलीमा रसायनको शोधनविधि यस ग्रन्थमा प्रस्तुत गरेका छन्।

रसराजः (पुं.) [*रसानां राजा, ष.त.*] रसको राजा। अग्निपुराणकारले शृङ्गारलाई रसको राजा मानेका छन्। अरू त्यसैका भेद हुन् भन्ने उनको धारणा छ। भवभूतिले करुणरसलाई मुख्य रस र अरू रसलाई त्यसैका रूपान्तर हुन् भन्ने आफ्नो धारणा राखेका छन् भने भट्टतौतले शान्त रसलाई प्रधान रस भनेका छन्।

रसवती (स्त्री.) [*रसाः सन्त्यस्याम्, रसादिभ्यश्च ५.२.९५ इति मतुप्, मस्य वः, उगितश्च ४.१.६ इति ङीप्*] १.भान्छाघर २.रस भएको वस्तु।

रसवदादिः [*रसवद् आदौ यस्य सः*] रसवद् आदि अलङ्कारहरू/रस, भाव आदिको अप्राधान्य हुँदा पर्न जाने अलङ्कार। यी अलङ्कारको सङ्ख्या सात छ। रसवत्, उर्जश्वी समाहित भावोदय भावसन्धि र भावशवलता हे. **रसाभासः**।

रसवान् (पुं.) [*रसोऽस्यास्तीति, रसादिभ्यश्च ५.२.९५ इति मतुप्, मस्य वः*] १.रस भएको/रसिलो २.रसदार/हँसाउने।

रसविधानम् (नपुं.) [*रसस्य विधानम्, ष.त.*] प्रबन्धकाव्यमा रस समावेश गर्ने पद्धति वा काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसविरोधः (पुं.) [*रसयोः, रसानां वा मिथो विरोधः, ष.त.*] रसको परस्पर विरोध। कुनै रस स्वभावतः विरोधी हुन्छन्। जस्तो– करुण, रौद्र, वीर र भयानक रस शृङ्गार रसका विरोधी रस हुन्। करुण र भयानक हास्य रसका विरोधी रस हुन्। करुणरस हास्य र शृङ्गार रसको विरोधी रस हो। रौद्र रसको विरोध हास्य, शृङ्गार र भयानक रसका साथ हुन्छ। वीर रसका विरोधी रस भयानक र शान्त रस हुन्। भयानक रसको शृङ्गार, वीर, रौद्र, हास्य र शान्तका साथ विरोध छ। शान्त रसका विरोधी रस वीर, शृङ्गार, रौद्र, हास्य र भयानक हुन्। बीभत्स रसको विरोधी रस शृङ्गार रस हो। अद्‌भुत रसको कुनै रसका साथ विरोध छैन।

रसव्यञ्जना (स्त्री.) [*रसस्य व्यञ्जना, ष.त.*] रसको अभिव्यक्ति।

रसशास्त्रम् (नपुं.) [*रसस्य शास्त्रम्, ष.त.*] रसको साङ्गोपाङ्ग विवेचना गरिएको शास्त्र।

रससम्प्रदायः (पुं.) [*रसस्य सम्प्रदायः, ष.त.*] रस नै काव्यको आत्मा हो भन्ने सिद्धान्तलाई आधार मानेर चलेको सम्प्रदाय। यस सम्प्रदायका प्रवर्तक आचार्य भरत हुन्। भरतपछि रसलाई नै काव्यको आत्मा हो भनेर व्याख्या गर्ने विश्वनाथ देखिन्छन्। ध्वनिवादी सबै आचार्यहरूले रसलाई काव्यका सबै तत्त्वमध्ये सर्वोत्तम तत्त्वको रूपमा लिएका छन्।

रसा (स्त्री.) [*रसोऽस्यामस्ति, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा रस्यते, रस आस्वादने इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति घञ्*] १.जिब्रो २.गोहोरो ३.पृथ्वी ४.रसिलो पदार्थ ५.गुधेरगानो।

रसाञ्जनम् (नपुं.) [*रसजमञ्जनम्, शाकपार्थिवादित्वात् (वा. २.१.७८) समासः*] चुत्राको रसबाट बनेको औषधि।

रसातलम् (नपुं.) [*रसायास्तलम्, ष.त.*] पुराणमा वर्णित पृथ्वीमुनिका सात लोकमध्ये छैटौँ लोक/पाताल।

रसात्मकः (पुं.वि.) [*रस आत्मा यस्य सः, बहु.स.*] १.रस भएको/रसयुक्त/रसिलो २.शृङ्गार आदि रसले युक्त। **वाक्यं रसात्मकं काव्यम्** (सा.द.)।

रसाभासः (पुं.) [*रसस्य आभासो यत्र सः, बहु.स.*] रसको अनुचित प्रवर्तन। पण्डितराजको मतअनुसार अनुचित आलम्बन विभावबाट पैदा भएको रस। रसअनुसार यसको प्रकृति र लक्षण भिन्नभिन्न हुन्छ। जस्तै– १.**शृङ्गाराभास**– उपनायिका वा अन्य पुरुषसँग नायिका आसक्त हुनु, पशुपक्षीका विचको रागात्मक भावनाको चित्रण, निरिन्द्रिय वस्तुको सम्भोगको वर्णन, गुरुपत्नीसँगको रतिपरक सम्बन्धको वर्णन, नायकनायिकाको एकोहोरो प्रेमको वर्णन, नीच व्यक्तिसितको प्रेमको वर्णन आदि। २.**करुणरसाभास**– विरक्त सन्यासीमा शोकप्रदर्शन आदि ३.**रौद्ररसाभास**– पूज्य व्यक्ति प्रति क्रोधप्रदर्शन ४.**वीररसाभास**– नीच वा असक्षम व्यक्तिमा उत्साहप्रदर्शन। ब्राह्मण वा पूज्य जनको वधमा हुने उत्साह आदि। ५.**भयानकरसाभास**– उत्तम तथा वीर व्यक्तिमा भय हुनु। ६.**बीभत्सरसाभास**– यज्ञका वलिपशुमा ग्लानि हुनु। ७.**अद्भुतरसाभास**– इन्द्रजालसँग सम्बद्ध कार्यको वर्णनबाट आश्चर्य वा विस्मयको अभिव्यक्ति। ८.**शान्तरसाभास**– नीच व्यक्तिमा निर्वेद अथवा शमको स्थितिको वर्णन। ९.**वत्सलाभास** यस्तै युवक वा वृद्धमा वात्सल्य प्रदर्शन १०.**भक्तिरसाभास** ईश्वरीय गुण नभएका देवता वा मानिसमा भक्ति प्रदर्शन गर्दा पनि रसभास हुन्छ।

रसाभिव्यक्तिः (स्त्री.) [*रसस्य अभिव्यक्तिः, ष.त.*] रसको अभिव्यक्ति। हे. **रसनिष्पत्तिः**।

रसायनम् (नपुं.) [*रस अयनं यत्र तत्, बहु.स.*] १.कमर २.मोही/तक्र ३.विष ४.वायु–विडङ्ग ५.बुढ्याइँ रोग नाश पारी सधैँ शरीरलाई पुष्ट पार्ने ओखती ६.तामोबाट सुन बनाउने एक विधि ७.कुनै पदार्थको तत्त्वज्ञान ८.सुन–चाँदी आदि धातु पगालेर एक थरी धातुबाट अर्कोथरी धातु बनाउने क्रिया ९.एक ओखतीमा अर्को ओखती मिसाएर नयाँ ओखती बनाउने विधि। **रसायनं तु तज्ज्ञेयं यज्जराव्याधिनाशनम्। यथा मृता रुन्दती च गुग्गुलुश्च हरीतकी॥** (भा.प्र.)

रसायनज्ञः (पुं.) [*रसायनं जानातीति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] रसायन क्रिया जान्ने मानिस।

रसायनवरः (पुं.) [*रसायनेषु वरः श्रेष्ठः, स.त.*] लहसुन/लशुन।

रसायनविज्ञानम् (न.) [*रसायनस्य विज्ञानम्, ष.त.*] वैज्ञानिक उपायबाट तत्त्वहरूको ज्ञान।

रसायनशास्त्रम् (न.) [*रसायनसम्बद्धं शास्त्रम्, म.प.स.*] पदार्थका तत्त्वहरूको फरक फरक दशामा हुने विकारहरूको विवेचन गरिएको शास्त्र।

रसालः (पुं.वि.) [*रसमालाति, आङ् पूर्वकात् ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, यद्वा रसमलति, अल भूषणादौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.रसिलो २.(पुं.) आँप ३.कटहर ४.उखु। **रसाल इक्षौ चूते च** (हैम.)।

रसाला (स्त्री.) [*रसानालाति, मूलविभुजादित्वात् (वा.) ३.२.५ कः*] सिखर्नी।

रसिकः (पुं.वि.) [*रसोऽस्यास्तीति, अत इनिठनौ (५.२.११५) इति ठन् ठस्येकः*] १.रसयुक्त/स्वादिलो/रसज्ञ २.[*रसं वेत्ति अनुभवति*] काव्यको मर्म बुझ्ने ३.आनन्दी/मोजी/क्रीडाप्रेमी।

रसितम् (नपुं.) [*रस्यते स्म, रस शब्दे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आवाज।

रसेन्द्रचिन्तामणिः (पुं.) आयुर्वेदशास्त्रको एक प्रसिद्ध ग्रन्थ। यसका रचयिता ढुण्ढिनाथ हुन्। यसको रचना तेह्रौं अथवा चौधौं शताब्दीको आसपासमा भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसेश्वरदर्शनम् (नपुं.) १.द्रवहरूको राजा/पारो २.शैवागम र शैवपुराणमा पारोलाई शिवको वीर्य मानिएको छ। पतञ्जलिले यस विषयमा प्रशस्त प्रकाश पारेका छन्।

रसोनकः (पुं.) [*रसे आस्वादने ऊन्यते पातकहेतुत्वात्, ऊन परिहाणे इति धातोः, एरच् ३.३.५६ इत्यच्, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति वा घञ्, स्वार्थे कन् ५.३.७५, यद्वा क्वुन् (उ.) इति क्वुन्*] लशुन।

रह (धा.) [*त्यागे, भ्वा.सक.सेट्, उभय.*] त्याग गर्नु। लट्– **रहति–** त्याग गर्छ इत्यादि।

रह (धा.) [*त्यागे,चुरा. सक.सेट्, उभय.*] त्याग गर्नु। लट्– **रहयति-ते–** त्याग गर्छ इत्यादि।

रहः (नपुं.) [*रमन्तेऽत्र, रमु क्रीडायाम् इति धातोः, देशे ह च (उ. ६६४) इति असुन्, हकारश्च, यद्वा रह्यते इति, रह त्यागे इति धातोः, असुन् (उ.) ४.१८९*] १.एकान्त स्थल २.गोप्यस्थल। **रहस्तत्त्वे रते गुह्ये** (मेदिनी.)। **रहो निधुवनेऽपि स्याद्रहो गुह्ये नपुंसकम्** (रभस.) ३.(पुं.) मैथुन।

रहस्यम् (नपुं.) [*रहसि भवम्, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] १.कुनै विषयको भित्री वा मूल कुरो २.गुप्त/भित्री कुरो ३.दुर्बोध तत्त्व। **'रहस्या स्त्री नदीभेदे गोपनीयेऽभिधेयवत्'** (मेदिनी.)। **~वादः** (पुं.) [*रहस्यस्य वादः, ष.त.*] अव्यक्त वा अज्ञातलाई विषय अथवा लक्ष्य बनाएर त्यसप्रति प्रण, विरह– आदि भाव व्यक्त गर्ने सिद्धान्त वा प्रथा। **~वादी** (पुं.वि.) १.[*रहस्यं वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] रहस्यमय कुरा बताउने २.[*रहस्यवादोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] रहस्यवादका अनुयायी।

रहि (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] बोल्नु। लट्– **रंहयति-ते–** बोल्छ इत्यादि।

रहि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **रंहति–** जान्छ इत्यादि।

रहितः (पुं.वि.) [*रह त्यागे इति धातोः, निष्ठा ३.२.१०२ इति कर्मणि क्तः*] १.नाम शब्दको पछिल्तिर लागेर नभएको, हीन, विना आदि अर्थ बुझाउने शब्द। जस्तै– दोषरहित, गुणरहित आदि।

रहीभूतः (पुं.) [*अरहो रहो यथा संपद्यते तथा भूतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः; अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] एकान्त।

रा (धा.) [*दाने, अदा.सक.अनिट्, पर.*] दिनु। लट्– **राति–** दिन्छ इत्यादि।

राः (स्त्री.) [*राति ददाति रायते दीयते वा सा, रा दाने इति धातोः, रातेर्डैः (उ.) २३४ इति डैः, रैशब्दः, ततः सौ राः*] १.सम्पत्ति २.सुवर्ण। **रा द्वयोर्विभवे स्वर्णे** (रुद्र.)।

राका (स्त्री.) [*राति ददाति प्रकाशमिति, रा दाने इति धातोः, कृदाधाराचिकलिभ्यः कः (उ.) ३२७ इति कः, टाप् ४.१.४*] १.पूर्णिमा तिथि २.[*रायते दीयते देवेभ्य हविर्यस्याम्, रा दाने इति धातोः, कन्, टाप्*] पूर्णिमाको रात ३.पहिलोपल्ट रजस्वला भएकी स्त्री। **राका नद्यन्तरे कच्छ्वा नवजातरजः स्त्रियाम्। सम्पूर्णेन्दुतिथौ** (विश्वः)।

राक्षसः (पुं.) [*रक्ष पालने इति धातोः, असुन् (उ.) ४.१८९, रक्ष एव प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, 'स्वार्थिकः प्रकृतितो लिङ्गवचनान्यतिवर्तन्तेऽपि' (प.) ५.३.६८ इति पुंस्त्वम्*] १.खराब स्वभाव भएको व्यक्ति २.दानव/दैत्य/देवताका शत्रु। **राक्षसो यातुधाने स्याच्चण्डायां राक्षसी स्मृता** (विश्वः)।

राक्षससभम् (नपुं.) [*राक्षसस्य सभा, ष.त., सभाराजाऽमनुष्यपूर्वा २.४.२३ इति नपुंसकत्वम्, ह्रस्वो नपुंसके प्रातिपदिकस्य १.२.४७ इति ह्रस्वः*] राक्षसको सभा।

राक्षसी (स्त्री.) [*रक्षस इयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.चमेहा/चोरफूल २.राक्षसकी स्त्री ३.क्रूर स्वभाव भएकी आइमाई।

राक्षसेन्द्रः (पुं.) [*राक्षसानाम्, इन्द्रः, ष.त.*] राक्षसको मालिक।

राक्षा (स्त्री.) [*रक्ष्यते, अनया वा, रक्ष पालने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] माहुर। **अत एव लाक्षायां रक्षणे रक्षा** (रुद्रा.)।

राखृ (धा.) [*शोषणालमर्थयोः, सक.सेट् पर.*] सुक्नु, अलङ्कृत गर्नु, कार्यमा सक्षम हुनु, रोक्नु। लट्– **रखति–** सुक्छ, अलङ्कृत गर्छ, कार्यमा सक्षम हुन्छ, रोक्छ इत्यादि।

रागः (पुं.) [*रज्यते वर्णान्तरं प्राप्यतेऽनेन, इति रञ्ज रागे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्, घञि च भावकरणयोः ६.४.२७ इति नलोपः, उपधावृद्धिः*] १.सुखको आसक्तिले कर्तव्यपथबाट विमुख हुन जाँदा हुने क्लेश, **सुखानुशयी रागः** (पा.यो.सू.) २.रङ्ग ३.रातो रङ्ग ४.लाहाको रङ्ग ५.प्रेम ६.भाव ७.रस ८.हर्ष ९.रिस १०.सौन्दर्य ११.दुःख १२.डाह १३.लालच १४.मैथुनसम्बन्धी १५.ईर्ष्या/द्वेष १६.मोह १७.मन प्रसन्न पार्ने क्रिया १८.राजा १९.सूर्य २०.चन्द्रमा २१.बुकुवा/अङ्गराग २२.सधवाले हात गोडामा लगाउने माहुर २३.सङ्गीतमा स्वर तथा गीतको आरोह अवरोह गरी गाउने तरिका वा विशेष प्रकारको क्रम अथवा निश्चित नियम भएको गीतको ढाँचा। यसका मुख्य ६ भेद छन्– भैरव, कौशिक, हिन्दोल, दीपक, श्रीराग र मेघराग।

रागिणी (स्त्री.) [*रागोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.व्यभिचारिणी/पातर्नी २.मेनाकी जेठी छोरी ३.जयश्री नामकी लक्ष्मी ४.सङ्गीतमा वर्णित रागका पत्नीहरू १.**राग भैरवका पत्नीहरू–** भैरवी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बराटी, मधुमाधवी, सैन्धवी र बङ्गाली, २.**रागकौशिकका** (मालकोस) **पत्नीहरू—** तोडी, गौरी, गणकली, खम्बावती र कुकुभ, ३.**राग हिन्दोलका पत्नीहरू—** रामकली, देशाली, ललित, विलावट र पटमञ्जरी, ४.**राग दीपकका पत्नीहरू—** देशी, कुमुदिनी, नटी, केदारा र कन्धरा, ५.**राग श्रीरागका पत्नीहरू—** मालश्री, आशावरी, धनश्री, वसन्त, र मारु, ६.**राग मेघरागका पत्नीहरू—** टङ्क, मल्लार, गुर्जरी, भूपाली र देशकारी।

रागी (पुं.वि.) [*संपृचानु ४.३.१४२ इति घिनुण्, चजो कुः घिण्यतोः ७.३.५२ इति कुत्वम्*] विषय–वासनामा आसक्त।

राघवः (पुं.) [*रघोरपत्यम् पुमान्, तस्यापत्यम् ४.१.९२ इत्यण्, वृद्धि*] रामचन्द्र।

राघवपाण्डवीयम् (नपुं.) [*राघवश्च पाण्डवाश्च, राघवपाण्डवाः, तानधिकृत्य कृतं काव्यम्*] श्लेषप्रधान महाकाव्य। यसमा रामायण र महाभारतको कथालाई श्लिष्टभाषामा वर्णन गरिएको छ। सभङ्ग श्लेषको प्रयोगबाट सबै पद्यहरू रामपरक तथा महाभारतपरक अर्थ व्यक्त गर्न समर्थ देखिन्छन्। कविको पाण्डित्य विलक्षण रूपमा व्यक्त भएको छ। यसका रचयिता माधव भट्ट कविराज हुन्।

राङ्कवम् (नपुं.) [*रङ्कौ भवम्, रङ्कोरमनुष्येऽण् च ४.२.१०० इत्यण्*] मृग,भेडा,च्यांग्रा आदि जनावरका रौँले बनेको वस्त्र।

राजकन्या (स्त्री.) [*राज्ञः कन्या, ष.त.*] राजाकी छोरी/राजकुमारी।

राजकम् (नपुं.) [*राज्ञां समूहः, गोत्रोक्षोष्ट्रेरभ्र ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] राजाहरूको समूह।

राजकीयः (पुं.वि.) [*राज्ञोऽयम्, राजन् शब्दात् राज्ञः क च ४.२.१४० इति छः, कादेशश्च, छस्य ईयः*] १.राज्यसित सम्बन्ध भएको २.औपचारिक।

राजकुमारः (पुं.) [*राज्ञः कुमारः, ष.त.*] राजाको छोरो/राजपुत्र।

राजगृहः (पुं.) १.पटना नजिकै रहेको एक प्रसिद्ध तीर्थ। यसलाई गिरिव्रज पनि भनिन्छ। यहाँ पाँच पहाड छन्– वैहार, वराह, वृषभ, ऋषिगिरि र चैत्यक। महाभारतको समयमा यो जरासन्धको राजधानी थियो। यहाँ तातो पानीका धारा र कुण्ड छन्। यहाँ हड्डी तथा चर्मरोग निको पार्न मानिसहरू घण्टौंसम्म तातो पानीमा डुबेर वसेका हुन्छन्। स्नान गरेर एक अँजुली पानी खायो भने पेटको रोग पनि निको हुन्छ रे। यो प्राचीन कालदेखि नै हिन्दु, बौद्ध र जैनीहरूको प्रसिद्ध तीर्थस्थल मानिन्छ। महावीर तीर्थङ्करको समयमा शोणिकले यहाँ राजगृह बसाएको थियो। चौबिसौं महावीर तीर्थङ्करले प्रथम उपदेश यसै स्थलमा दिएका थिए। २.केकयराज्यको राजधानी।

राजतरङ्गिणी (स्त्री.) संस्कृत काव्यपरम्परामा देखिएको उत्कृष्ट ऐतिहासिक महाकाव्य। यसका रचयिता महाकवि कल्हण हुन्। यसमा आठ तरङ्ग छन्। काश्मीरी राजाहरूको इतिहासलाई यसमा कलात्मक ढङ्गबाट वर्णन गरिएको छ।

राजदन्तः (पुं.) [*दन्तानां राजा, ष.त.*] अगिल्तिरका तलका दुई र माथिका दुई दाँत।

राजदूतः (पुं.) [*राज्ञो (लक्षणया राज्यस्य) दूतः, ष.त.*] एक राज्यबाट अर्को राज्यमा नियुक्त गरिएको दूत/अर्काको देशमा रहने राजा वा राष्ट्रपतिको प्रतिनिधि।

राजदूतावासः (पुं.) [*राजदूतस्य आवासः, ष.त.*] राजदूतको कार्यालय।

राजधानी (स्त्री.) [*धीयन्तेऽत्र जना, इति धानी, राज्ञो धानी, ष.त.*] राजा वा राज्यका मुख्य शासक रहेको सहर/राष्ट्रको सत्ताको केन्द्रीय कार्यालय रहेको स्थान।

राजनीतिः (पुं.) [*राज्ञो (लक्षणया राज्यसञ्चालनस्य) नीतिः, ष.त.*] राज्यको नीति/राज्यको शासनसम्बन्धी नीति।

राजनीतिज्ञः (पुं.) [*राज्ञो (लक्षणया राज्यसञ्चालनस्य) नीतिः, ष.त., राजनीतिं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] राजनीति जान्ने कूटनीतिज्ञ।

राजन्यः (पुं.) [*राजृ दीप्तौ इति धातोः, राजेरन्यः (उ.३८७) इति अन्यः*] १.अग्नि २.[*राज्ञोऽपत्यम्, राजश्वशुराद्यत् ४.१.१३७ इति यत्, ये चाभावकर्मणोः ६.४.१६८ इति प्रकृतिभावः*] राजकुमार ३.क्षत्रिय।

राजन्यकम् (नपुं.) [*राजन्यानां समूहः, गोत्रोक्षोष्ट्रेरभ्र ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] क्षत्रियहरूको समूह।

राजपत्रम् (नपुं.) [*राज्ञः (लक्षणया राज्यसञ्चालनस्य) पत्रम्, ष.त.*] समय समयमा सरकारबाट प्रकाश गरिने सूचना/ऐन–कानुन आदि प्रकाशित गरिने सरकारी पत्र/गजेट।

राजपत्रानङ्कितः (पुं.) [*राजपत्रे अनङ्कितः, स.त.*] राजपत्रमा उल्लेख नगरिएको कर्मचारी/राजपत्र अनङ्कित कर्मचारी।

राजपत्राङ्कितः (पुं.) [*राजपत्रे अङ्कितः, स.त.*] राजपत्रमा उल्लेख भएको कर्मचारी/गजेटेड।

राजपत्रितः (पुं.वि.) [*राजपत्रमस्य सञ्जातः, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.सरकारी मान्यता भएको वा स्वीकृत/राजपत्रांकित/गजेटेड ।

राजपथः (पुं.) [*राज्ञः (लक्षणया राज्यस्य) पन्थाः, ष.त.*] मूल सडक/राजमार्ग।

राजपद्धतिः (स्त्री.) [*राज्ञः (लक्षणया राज्यस्य) पद्धतिः, ष.त.*] राजकाज चलाउने पद्धति/राज्यको शासन प्रणाली।

राजबला (स्त्री.) [*बलानां बलप्रदानां राजेव, राजदन्तादिः २.२.३१*] बिरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजयक्ष्मा (पुं.) [*यक्ष्मणां राजा*] क्षयरोग।

राजयोगः (पुं.) १.[*योगानां राजा*] फलित ज्योतिषअनुसार राज्यको सुखभोग पाउने ग्रहस्थिति भएको एक योग २.पतञ्जलिले आफ्नो योगशास्त्रमा बताएको विशेष योगदर्शन।

राजराजः (पुं.) [*राज्ञां यक्षाणां राजा, राजाहः, सखिभ्यष्टच् ५.४.९१ इति टच्*] कुबेर।

राजराजेश्वरी (स्त्री.) दशमहाविद्यामध्ये एक/भुवनेश्वरी।

राजरोगः (पुं.) [*रोगाणां राजा*] क्षयरोग/समयमा उपचार नगरे निको नहुने रोग/लामो समयसम्म औषधि खानुपर्ने रोग।

राजर्षिः (पुं.) [*राजा चासौ ऋषिश्च, कर्म.स.*] राजवंश वा राजकुलमा जन्मेका ऋषि/क्षत्रिय कुलमा उत्पन्न भएका ऋषि।

राजवंश्यः (पुं.) [*वंशे भवः, दिगादिभ्यो यत् ४.३.५४इति यत्, राज्ञो वंश्यः, यद्वा राजवंशे साधुः, तत्र साधुः ४.४.९ इति यत्*] राजाको वंशमा भएको।

राजवीजी (पुं.) [*राज्ञो वीजयितुं शीलमस्य, वीज व्यजने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, यद्वा— राज्ञो बीजम्, राजवीजमस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] राजघराना।

राजवृक्षः (पुं.) [*राजा चासौ वृक्षश्च, वृक्षाणां राजानं वृश्चति इति वा, ओव्रश्चू छेदने इति धातोः, बाहुलकात् सक्*] राजवृक्ष/औषधिविशेष।

राजशेखरः (पुं.) संस्कृतका प्रसिद्ध नाटककार एवं काव्यशास्त्री। यिनको समय दसौँ शताब्दी हो। यिनका १० वटा कृति प्रकाशित छन्— बालरामायण, बालमहाभारत, विद्धसालभञ्जिका, कर्पूरमञ्जरी, काव्यमीमांसा आदि।

राजसः (पुं.) [*रजसा निर्वृत्तम्, तेन निर्वृत्तम् ५.१.७९ इत्यण्*] रजोगुणबाट उत्पन्न हुने/रजोगुणी।

राजसदनम् (नपुं.) [*राज्ञः सदनं योग्यत्वात्, यद्वा— सदनानां राजा, राजदन्तादिः २.२.३१*] दरबार।

राजसी (पुं.वि.) १.[*राज्ञ उचिता*] राजाहरूको जस्तो/राजालाई सुहाउने/राजोचित २.(स्त्री.वि.) [*रजसो भवा*] रजोगुणसम्बन्धी/रजोगुणबाट उत्पन्न।

राजसूयः (पुं.) [*राज्ञा सूयते, राजसूयसूर्य ३.१.११४ इति निपातनात् साधुः*] सम्राट् पद प्राप्त भएका राजाहरूले गर्ने विशेष प्रकारको एक यज्ञ। पवित्रनामक सोमयज्ञबाट प्रारम्भ भएर सौत्रामणिबाट यसको समाप्ति हुन्छ। युधिष्ठिरले यो यज्ञ गरेकाथिए। इष्टि, पशु, सोम, बर्हिर्होम यसका प्रधान अङ्ग हुन्।

राजस्वम् (नपुं.) [*राज्ञः (लक्षणया राज्यस्य) स्वम्, ष.त.*] कर; शुल्क आदिका रूपमा राजा वा राज्यलाई प्राप्त हुने धन/सरकारलाई राज्यको भूमिबाट उठेको कर।

राजहंसः (पुं.) [*हंसानां राजा, ष.त.*] राजहाँस/एक जातको ठुलो हाँस। **राजाहंसस्तु कादम्बे कलहंसे नृपोत्तमे** (हैम.)।

राजा (पुं.) [*राजते इति, राजृ दीप्तौ, इति धातोः, कनिन् युवृषितक्षि-राजिधन्विद्युप्रतिदिवः (उ. १६२) इति कनिन्*] १.कुनै देशको परम्परागत रूपले शासन गर्दै आएको व्यक्ति/नरेश २.चन्द्रमा ३.यक्ष ४.इन्द्र ५.स्वामी। **राजा प्रभौ च नृपतौ क्षत्रिये रजनीपतौ। यक्षे शक्रे च पुंसि स्यात्** (मेदिनी.)।

राजादनः (पुं.) [*राजभिरद्यते, अद भक्षणे इति धातोः, कर्मणि, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.खिर्रो २.पलाँस।

राजादनं क्षीरिकायां पियाले किंशुकेऽपि च (मेदिनी.)।

राजादनः पियालद्रौ क्षीरिकायां त्रिपत्रके (हैम.)।

राजानकरुय्यकः (पुं.) साहित्यशास्त्रका प्रसिद्ध एक आचार्य। यिनको समय बाह्रौँ शताब्दी हो। यिनले **अलङ्कारसर्वस्व** नामक अलङ्कार ग्रन्थ लेखेका छन्। यसमा अलङ्कारको वैज्ञानिक व्याख्या छ।

राजार्हम् (नपुं.) [*राजानमर्हति, अर्हः प्रशंसायाम् ३.२.१३३ इत्यच्*] १.सामान्य धूपी २.राजाका लागि योग्य वस्तु।

राजार्हं जोङ्गके क्लीबं राजयोग्येऽभिधेयवत् (मेदिनी.)।

राजिः (पुं.) [*राजते दीप्यतेऽसौ, राजृ दीप्तौ इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्*] १.पङ्क्ति/ताँती २.रेखा ३.समूह।

राजिका (स्त्री.) [*राजतीति, राजयति वा, क्वुन् (उ.)*] रायो/कालो तोरी।

राजिकातैलम् (नपुं.) [*राजिकायास्तैलम्, ष.त.*] रायो वा कालो तोरीको तेल। कफ, बोसो, अल्काई, कानसम्बन्धी रोग, लुतो, कुष्ठ आदिमा यसको उपयोग लाभदायक हुन्छ।

राजिलः (पुं.) [*राजी रेखाऽस्यास्ति, सिध्मादित्वाल्लच् ५.२.९७ यद्वा— राजिं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] विष नहुने दुई मुखे सर्प।

राजी (स्त्री.) [*राजृ दीप्तौ इति धातोः, इन् (उ.), वसिवपियजि राजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्, ङीप्*] १.पङ्क्ति २.रेखा। **राजी रेखायां पङ्क्तौ च** (हैम.)।

राजीवः (पुं.) [*राजी रेखास्यास्ति, अन्यत्रापि दृश्यते (वा.) ५.२.१०९ इति वः*] १.एक किसिमको माछो २.मृग ३.हरिणविशेष ४.हात्ती ५.(नपुं.) [*राजी दलश्रेणिरस्यास्तीति*] कमल/पद्म।

अथ राजीवो मीनसारङ्गभेदयोः, राजीवमब्जे (हैम.)।

राजीवम् (नपुं.) [*केसरस्य राज्यस्यास्ति, अन्येभ्योऽपि दृश्यते (वा.) ५.२.१०९ इति डः*] १.कमल २.मृग ३.माछो।

राजीवं नलिने, ना तु भेदे हरिणमीनयोः (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजृ (धा.) [*दीप्तौ, अक.सेट् उभय.*] चम्कनु, सुशोभित हुनु। लट्– **राजति-ते–** चम्कन्छ, सुशोभित हुन्छ। लिट्– **रराज-रेजे–** चम्केछ, सुशोभित भएछ (अन.)। लुट्– **राजिता–** चम्कने छ, सुशोभित हुने छ (अन.)। लृट्– **राजिष्यति-ते–** चम्कने छ, सुशोभित हुने छ। लोट्– **राजतु-ताम्–** चम्कोस्, सुशोभित बनोस्। लङ्– **अराजत्-त–** चम्कियो, सुशोभित बन्यो (अन.)। विधिलिङ्– **राजेत्-त–** चम्कला, सुशोभित बन्ला, चम्कोस्, सुशोभित बनोस्। आशीर्लिङ्– **राज्यात्-राजिषीष्ट–** चम्कोस्, सुशोभित बनोस्। लुङ्– **अराजीत्-अराजिष्ट–** चम्कियो, सुशोभित बन्यो। लृङ्– **अराजिष्यत्-त–** चम्कने थियो, सुशोभित बन्ने थियो इत्यादि।

राज्ञी (स्त्री.) [*राज्ञः स्त्री, पुंयोगदाख्यायाम् ४.१.४८ इति ङीष्*] रानी।

राज्यच्युतः (पुं.) [*राज्यात् च्युतः, प.त.*] राजगद्दीबाट निकालिएको।

राज्यतन्त्रम् (नपुं.) [*राज्यस्य तन्त्रम्, ष.त.*] राज्यको शासन प्रणाली/शासन पद्धति।

राज्यपरिषद् (पुं.) [*राज्याय परिषद्, च.त.*] राज्यको कामकाज चलाउनको लागि गठन गरिएको विशिष्ट व्यक्तिहरूको सभा।

राज्यपालः (पुं.) [*राज्यं पालयतीति, पाल रक्षणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] राजा वा राष्ट्रपतिको प्रतिनिधि भई शासन चलाउने व्यक्ति।

राज्यम् (नपुं.) [*राज्ञो भावः कर्म वा, राजाऽसे (ग.) इति गणसूत्रेण यक्*] १.राष्ट्र/एक राजा वा एक सत्ताद्वारा शासित देश २.आधिपत्य।

राज्यलक्ष्मीः (स्त्री.) [*राज्यस्य लक्ष्मीः, ष.त.*] राजलक्ष्मी।

राज्यव्यवस्था (स्त्री.) [*राज्यस्य व्यवस्था, ष.त.*] राज्यको नियम वा नीति/मुलुकको प्रशासकीय व्यवस्था।

राज्यसंरक्षकः (पुं.) [*राज्यस्य संरक्षकः, ष.त.*] १.राजालाई राष्ट्रका कामकाजमा सहायता दिने व्यक्ति २.राजाका अनुपस्थितिमा राजाको दैनिक कार्यभार सह्माल्न अधिकार पाएको एकभन्दा बढी व्यक्तिको सभा वा परिषद्/प्रजातान्त्रिक सरकार हुनुभन्दा अगाडि यो प्रथा नेपालमा थियो।

राज्याङ्गम् (नपुं.) [*राज्यस्य अङ्गम्, ष.त.*] राज्यका अङ्गहरू– स्वामी, अमात्य, सुहृत्, बल, राष्ट्र, दुर्ग, कोश, जनता । **स्वाम्यमात्यश्च राष्ट्रञ्च दुर्गं कोशो बलं सुहृत्। सप्ताङ्गं राज्यमुच्यते। पौरश्रेणिभिः सहाप्यङ्गमपि राज्यम्** (कामन्दकीय)।

राट् (पुं.) [*राजते इति, राजृ दीप्तौ इति धातोः, सत्सूद्विष ३.२.६१इति क्विप्*] राजा।

रात्रिः (स्त्री.) [*राति सुखं ददातीति, राति ददाति कर्मभ्योऽवसरं निद्रादिसुखं वा, रा दाने इति धातोः, राशदिभ्यां त्रिप् (उ.) ५१६ इति त्रिप्*] रात/राति। **रात्री रात्रिस्तमस्विनी** (शब्दार्णव)

~कालिकः (पुं.) [*रात्रिकाले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्*] रातमा हुने/रातिको।

रात्रिचरः (पुं.) [*रात्रौ चरति, चर गतिभक्षणयोः, इति धातोः, चरेष्टः ३.२.१६ इति टः, टित्वाट्टिलोपः*] १.राक्षस २.लाटोकोसेरो।

रात्रिचरी (स्त्री.) [*रात्रौ चरतीति, चरेष्टः ३.२.१६ इति टः, ङीप्, रात्रेः कृति विभाषा ६.३.७२ इति पक्षे मुमागमाभावः*] १.राक्षस २.लाटोकोसेरो।

रात्रिञ्चरः (पुं.) [*रात्रौ चरतीति, चरेष्टः ३.२.१६ इति टः, रात्रेः कृति विभाषा ६.३.७२ इति वा मुमागमः*] १.राक्षस २.उल्लू।

रात्री (स्त्री.) [*राति सुखं ददातीति, राति ददाति कर्मभ्योऽवसरं निद्रादिसुखं वा, रा दाने इति धातोः, राशदिभ्यां त्रिप् (उ.) ५१६ इति त्रिप्, ङीष्*] रात/राति।

राद्धान्तः (पुं.) [*राद्धः सिद्धोऽन्तो निश्चयो यस्मिन् सः, बहु.स.*] सिद्धान्त। **समौ सिद्धान्तराद्धान्तौ** (अमर.)।

राध (धा.) [*वृद्धौ, अक.अनि, पर.*] बढ्नु। लट्– **राध्यति–** बढ्छ इत्यादि।

राध (धा.) [*संसिद्धौ, अक.अनिट्, पर.*] पूरा गर्नु, सिद्ध गर्नु। लट्– **राध्नोति–** पूरा गर्छ, सिद्ध गर्छ। लिट्– **रराध–** पूरा गरेछ, सिद्ध गरेछ (अन.)। लुट्– **राद्धा–** पूरा गर्ने छ, सिद्ध गर्ने छ (अन.)। लृट्– **रात्स्यति–** पूरा गर्ने छ, सिद्ध गर्ने छ। लोट्– **राध्नोतु–** पूरा गरोस्, सिद्ध गरोस्। लङ्– **अराध्नोत्–** पूरा गऱ्यो, सिद्ध गऱ्यो (अन.)। विधिलिङ्– **राध्नुयात्–** पूरा गर्ला, सिद्ध गर्ला, पूरा गरोस्, सिद्ध गरोस्। आशीर्लिङ्– **राध्यात्–** पूरा गरोस्, सिद्ध गरोस्। लुङ्– **अरात्सीत्–** पूरा गऱ्यो, सिद्ध गऱ्यो। लृङ्– **अरात्स्यत्–** पूरा गर्ने थियो, सिद्ध गर्ने थियो इत्यादि।

राधः (पुं.) [*राधा विशाखा, तद्वती पौर्णमासी राधी, सास्मिन्नस्ति*] वैशाख।

राधा (स्त्री.) [*राध्नोति कार्यमनया, राध संसिद्धौ इति धातोः, गुरोश्च हलः ३.३.१०३ इति अः, टाप् ४.१.४, यद्वा राधयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.समृद्धि २.सफलता ३.बिजुली ४.विशाखा नक्षत्र ५.विष्णुक्रान्ता फूल ६.प्रेम ७.वैशाखको पूर्णिमा ८.अमला ९.धृतराष्ट्रका सारथि अधिरथकी पत्नी, यिनले कर्णलाई पोसेकी थिइन्। १०.प्रत्येक चरणमा क्रमैले रगण, नगण, यगण, यगण र एक गुरु हुने वर्णवृत्त ११.विष्णुक्रान्तानामक जडिबुटीविशेष १२.कृष्णकी प्यारी पत्नी एक गोपिनी। यिनका पिताको नाम वृषभानु, माताको नाम कीर्तिमती थियो. पूर्वजन्ममा कीर्तिमतीको नाम कलावती थियो र ती नृग राजाकी कान्छी छोरी थिइन्। ब्रह्मवैवर्त पुराणमा राधा, **रेफ** = करोडौं जन्मको पाप र शुभाशुभ कर्मबाट छुट्कारा दिने, **आ** = गर्भवास, मृत्युरोग नाश गर्ने, **ध**– आयु बढाउने **आ** =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्ववाञ्छित, सदानन्दस्वरूप तथा सम्पूर्ण सिद्ध समुदायरूप ईश्वर प्राप्ति गराउने। **राधा विद्युद्विशाखयोः। विष्णुक्रान्तामलक्योश्च गोपीवेध्यविशेषयोः** (हैम.)। **~कान्तः** [*राधायाः कान्तः, ष.त.*] श्रीकृष्ण। **~कुण्डः** [*राधायाः कुण्डः, ष.त.*] एक सरोवर। **~कृष्णः** [*राधया सहितःकृष्णः, म.प.स.*] राधाले सहित भएका कृष्ण। **~तन्त्रम्** [*राधायाः तन्त्रम्*] राधाका विषयमा लेखिएको तन्त्र। **~मोहनः** [*राधायाः मोहनः, ष.त.*] कृष्ण। **~वल्लभः** [*राधायाः वल्लभः, ष.त.*] कृष्ण। **~वल्लभी** [*राधावल्लभोऽस्यास्ति*] एक वैष्णवसम्प्रदाय। **~विनोदः** [*राधाया विनोदोऽस्मात्*] श्रीकृष्ण।

राधाष्टमी (स्त्री.) [*राधाया अष्टमी, ष.त.*] भाद्रशुक्ल अष्टमी/राधा जन्मिएको तिथि।

राधिका (स्त्री.) [*राधा एव, स्वार्थे कन्, टाप् ४.१.४, इत्वम्*] कृष्णकी प्रियतमा वा प्रेमिका/आद्या शक्ति।

राधृ (धा.) [*सामर्थ्ये, अक.सेट्, आत्म.*] समर्थ हुनु, योग्य हुनु। लट्— **राधते—** समर्थ हुन्छ, योग्य हुन्छ इत्यादि।

राधेयः (पुं.) [*राधाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] महाभारतका प्रसिद्ध योद्धा/कर्ण।

रामः (पुं.) [*रमन्ते योगिनोऽस्मिन्, रमु क्रीडायाम् इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, अत उपधायाः ७.२.११६ इति वृद्धिः, यद्वा रमते, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः*] १.दशरथ राजाका जेठा छोरा/ विष्णुका सातौँ अवतार २.तीनको सङ्ख्या बुझाउने शब्द ३.मृग ४.वरुण ५.रामनाम गरेको एक पशु ६.बलराम ७.परशुराम। **~नवमी** (स्त्री.) [*रामस्य नवमी, ष.त.*] चैत्रशुक्ल नवमी/रामको जन्म भएको दिन। **~बाणः** (पुं.) १.[*रामस्य बाणः, ष.त.*] रामचन्द्रको बाण २.[*रामस्य बाण इव, उपमा.त.*] अचुक/अमोघ/तुरुन्त असर पार्ने। **~राज्यम्** (नपुं.) [*रामस्य राज्यम्, ष.त.*] सबै जनतालाई सुख र आनन्द दिलाउने रामचन्द्रको आदर्श राज्य। **~लीला** (स्त्रीं.) [*रामस्य लीला यत्र सा, बहु.स.*] रामको जीवनचरित्र देखाइने गीतिनाट्य।

(रामः)

रामगिरिः (पुं.) [*रामप्रियो गिरिः, म.प.स.*] चित्रकूट पर्वत।

रामठः (पुं./नपुं.) [*रमन्ते अस्मिन्निति, रमु क्रीडायाम् इति धातोः, रमेर्वृद्धिश्च, इति अठः, वृद्धिश्च*] हिङ्।

रामणीयकम् (नपुं.) [*रमणीयस्य भावः, योपधाद् गुरूपोत्तमाद् वुञ् ५.१.१३२ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] सौन्दर्य/रमणीयता।

रामदासः (पुं.) [*रामस्य दासः, ष.त.*] १.हनुमान् २.दक्षिणभारतका प्रसिद्ध एक महात्मा ३.रामभक्त।

रामदैवज्ञः (पुं.) ज्योतिषशास्त्रका एक आचार्य। यिनको समय सोहौँ शताब्दी हो। यिनले **मुहूर्तचिन्तामणि, रामविनोदसारणी**जस्ता महत्त्वपूर्ण ग्रन्थ रचना गरेका छन्। एउटा संहिता ग्रन्थ पनि यिनले लेखेका थिए। त्यो आज उपलब्ध छैन।

रामरक्षास्तोत्रम् (नपुं.) विश्वामित्रले बनाएको रामको स्तोत्र।

रामा (स्त्री.) [*रमतेऽनया इति, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति करणे घञ्, यद्वा रमते, ज्वलादित्वात् ३.१.१४० णः, टाप् ४.१.४*] १.राम्री आइमाई २.पत्नी ३.नदी ४.लक्ष्मी ५.सीता ६.राधा ७.गीत गाउने कलामा निपुण आइमाई ८.कार्तिकशुक्ल एकादशी ९.हिङ १०.हिङ्गुल ११.सेतो कण्टकारी १२.घिउकुमारी १३.अशोक १४.गोरोचन १५.सुगन्धवाल १६.गेरू १७.मुडिलो १८.तेजपात १९.सिलाम २०.इन्द्रवज्रा र उपेन्द्रवज्राको संमिश्रण भएको एक उपजाति छन्द २१.पन्द्र गुरु र पैंतिस लघु मात्रा हुने एक अर्या छन्द २२.प्रत्येक चरणमा क्रमैले तगण, यगण र दुई लघु वर्ण हुने छन्द।

रामानन्दसम्प्रदायः (पुं.) [*रामानन्दस्य सम्प्रदायः, ष.त.*] विक्रमको पन्ध्रौँ शताब्दीका स्वामी रामानन्दले प्रवर्तन गरेको एक सम्प्रदाय।

रामानुजाचार्यः (पुं.) वैष्णव मतका प्रतिष्ठापक तथा विशिष्टाद्वैतवाद नामक वैष्णव सम्प्रदायका प्रवर्तक। यिनको समय एघारौँ शताब्दी हो। यिनका प्रसिद्ध ग्रन्थहरू— **वेदार्थसङ्ग्रह, वेदान्तसार, वेदान्तदीप** र **गीताभाष्य** हुन्।

रामायणम् (नपुं.) रामचन्द्रको कथालाई लिएर रचिएको आदिकाव्य। यसका रचयिता महर्षि वाल्मीकि हुन्। यसमा २४ हजार श्लोक छन्। यो काव्यको शैली प्रौढ छ। परिमार्जित तथा आलङ्कारिक भाषाको प्रयोग यसमा भेटिन्छ। रामायण सात काण्डमा विभक्त छ— बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धा काण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड॥ पाठभेदअनुसार प्रत्येक काण्डका सर्गसङ्ख्या पनि फरक छन्।

काण्ड	सर्गसङ्ख्या		
	उदीच्य	दाक्षिणात्य	गौडीय
बालकाण्ड	७७	७७	८०
अयोध्याकाण्ड	११९	११३	१२७
अरण्यकाण्ड	७९	८०	७९
किष्किन्धा काण्ड	६७	६४	६७
सुन्दरकाण्ड	६८	६८	९५
युद्धकाण्ड	१३०	१३०	११३
उत्तरकाण्ड	१२४	१११	११५
जम्मा	६६४	६४३	६७६

रामायणको रचनाकाल ई.पू. ५०० भन्दा पूर्व मानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः संवर्णयामास राघवं ग्रन्थकोटिभिः अनुसार वल्मीकिरामायणमा करोड श्लोक थिए, रामायणका टीकाकार नागेशभट्टले उक्त श्लोकको अर्थ सयकरोड भन्ने गरेका छन्। भनिन्छ– ती सबै श्लोक ब्रह्मलोक गए। लवकुशले गाएका २४००० श्लोकमात्र अहिले उपलब्ध छन्। वाल्मीकिरामायण–बाहेक अरू पनि रामायण छन्। वेदव्यासद्वारा रचिएको अध्यात्मरामायण निकै प्रसिद्ध छ। यो ब्रह्मपुराणबाट उद्धृत अंश हो। भानुभक्तले नेपालीभाषामा यसै रामायणको अनुवाद गरेका हुन्। पण्डित धनराजले आफूसित भिन्न प्रकारका ५ ओटा रामायण भएको उल्लेख गरेका छन्। सबैजसो पुराणहरूमा रामचरित्रको सुन्दर वर्णन छ। संसारका धेरै भाषामा रामायणको रचना भएको छ। नेपालमा संस्कृत भाषामा रचिएका रामचरित्रसँग सम्बद्ध कृतिहरूमा पण्डित दधिराम मरासिनीको श्रीरामचरितामृतम् उल्लेखनीय छ। महारामायणमा साँढे तीन लाख श्लोक छन्। संस्कृत भाषामा रचिएका ती रामायण, श्लोक सङ्ख्या र तिनका रचयिता–

रामायणको नाम	श्लोक सङ्ख्या	रचयिता
संवृतरामायण	२४,०००	नारद मुनि
अगस्त्यरामायण	१६,०००	अगस्त्य मुनि
लोमशरामायण	३२,०००	लोमश
रामरहस्य	२२,०००	–
मञ्जुलरामायण	१,२०,०००	सुतीक्ष्ण ऋषि
सौपद्यरामायण	६२,०००	अत्रि ऋषि
रामायणमहामाला	५६,०००	–
सौहार्दरामायण	४०,०००	शरभङ्ग ऋषि
रामायणमणिरत्न	३६,०००	वशिष्ठ ऋषि
सौर्यरामायण	६२,०००	सूर्य
चान्द्ररामायण	७५,०००	चन्द्र
मैन्दरामायण	५२,०००	मैन्द
स्वायम्भूवरामायण	१८,०००	ब्रह्मा
सुब्रह्मरामायण	३२,०००	सुब्रह्म
सुवर्चसरामायण	१५,०००	सुग्रीव
देवरामायण	१,००,०००	इन्द्र
श्रवणरामायण	१,२५,०००	इन्द्र
दुरन्तरामायण	६१,०००	वशिष्ठ
रामायणचम्पू	१५,०००	शिव

रामायणचम्पूः (स्त्री.) राजा भोजद्वारा रचित एक चम्पूकाव्य। यसको रचना वाल्मीकिको रामायणको आधारमा भएको छ। बालकाण्डदेखि सुन्दरकाण्डसम्मको कथावस्तुलाई उपजीव्य बनाएर कविले यस चम्पूको रचना गरेका छन्। यसमा गद्यभन्दा पद्यको प्रयोग बढी छ।

रामेश्वरम् (पुं.) [*रामस्य ईश्वरो यत्र तत्*] हिन्दुहरूका प्रसिद्ध चार धाममध्ये एक धाम। यो समुद्रको बिचमा पर्दछ। पहिले यहाँ समुद्र थिएन। कारणवश बिचको भाग धसिएपछि समुद्र आएको हो। यो द्वीपको लम्बाइ लगभग ११ माइल र चौडाइ ७ माइल छ। द्वादश ज्योतिर्लिङ्गमा रामेश्वर एघारौंमा पर्दछ। यहाँ रामले रावणको राजधानी लङ्कामा आक्रमण गर्ने क्रममा सेना उतार्न १०० योजन लामो पुल निर्माण गरेका थिए। यसको चौडाइ देवीपत्तनबाट दर्भशयनसम्म थियो। यसै स्थलमा उनले रामेश्वर लिङ्गको स्थापना गरेका थिए। रामेश्वरको मन्दिर बजारको पूर्वपट्टि समुद्री किनारको २० विघा जमिनमा बनेको छ। मन्दिर चारैतिरबाट अग्ला पर्खालमय भवनले घेरिएको छ। मन्दिरको अगाडिको गोपुर दश तलाको र पश्चिमगोपुर सात तलाको छ। पश्चिमगोपुरबाट भित्र पसेपछि तीनवटा बाटा भेटिन्छन्– सानुन्ने, दाँया र बाँया। सामुन्नेको बाटो गयो भने माधवतीर्थ (सरोवर) पुगिन्छ। यहाँ सेतुमाधवको मन्दिर पनि छ। यसको उत्तरतिर गन्धमादन तीर्थ, गवाक्षतीर्थ, गवयतीर्थ, नल तथा नीलतीर्थ नामक कूपहरू छन्। यहाँ कैयौं ससाना मन्दिर पनि छन्। प्रथम परिक्रमामा पर्ने अग्नितीर्थ (पूर्वद्वार अगाडिको समुद्र) र अगस्त्यतीर्थ मन्दिरपरिसरको बाहिर पर्दछन्। मन्दिरको पश्चिमद्वारबाट प्रवेश गरेपछि बायाँ मार्गबाट अघि बढ्दै जाँदा वायाँतर्फ शिवलिङ्ग प्रतिष्ठाको दृश्य देखिन्छ। यो शिवलिङ्ग शेषको फणामुनि छ। यसलाई राम र जानकीले दर्शन गरेका थिए। यहाँ नारद, लक्ष्मण, अङ्गद, हनुमान् आदि अन्य देवीदेवताका मूर्तिहरू पनि छन्। मार्गका दुवैतिर स्तम्भमा सिंह आदिका मूर्ति छन्। त्यसभन्दा अलि पर ब्रह्महत्या विमोचन तीर्थ, सूर्यतीर्थ, चन्द्रतीर्थ, गङ्गातीर्थ, यमुनातीर्थ र गयातीर्थ नाम गरेका कुण्ड छन्। पूर्वतर्फ चक्रतीर्थ छ। यसै ठाउँमा सुब्रह्मण्यम्को मन्दिर छ। यसभन्दा अलि अगाडि शङ्खतीर्थ छ। चक्रतीर्थ र शङ्खतीर्थको माझमा रामेश्वरको भित्री मन्दिरमा प्रवेश गर्ने ढोका छ। त्यसभित्र मन्दिरका कार्यालयहरू छन्। कार्यालयबाट रसिद लिई गङ्गाजल, पूजासामग्री आदि किन्नुपर्दछ। रामेश्वरको सामुन्ने ठुलो एउटा स्वर्णस्तम्भ छ। त्यसमाथि विशाल नन्दी बसेको छ। नन्दीको बायाँ भागमा हनुमान्को मूर्ति छ। नन्दीदेखि दक्षिणतिर शिवतीर्थ छ। उत्तरतर्फ गङ्गा, यमुना अदि तीर्थ छन्। नन्दीको पश्चिमतर्फ रामेश्वर मन्दिरमा प्रवेश गर्ने ढोका छ। ढोकाभित्र केटितीर्थ छ। यहाँबाट रामेश्वरलाई चढाउन लोहोटीमा जल किनेर लैजानुपर्छ। रामेश्वरको सामुन्नेमा ठुलो सभामण्डप छ। मन्दिरको उत्तरतर्फ विश्वनाथको मन्दिर छ। विश्वनाथको


(रामेश्वरम्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शन तथा पूजन गरेर रामेश्वरको दर्शन गर्नुपर्छ। रामेश्वर मन्दिरमा तीन ढोका छन्। त्यसभित्र शेष नागको छाता ओडेको ज्योतिर्लिङ्ग छ। यस लिङ्गमा यात्री कसैले पनि आफ्ना हातले जल चढाउन पाउँदैन। पुजारीले चढाइदिन्छन्। फूल आफैँले चढाउन सकिन्छ तर जल चढाउन पैसा तिरेर पुजारीलाई लगाउनुपर्छ। रामेश्वरमा अनेक प्रकारका पूजाको व्यवस्था छ। आफ्नो इच्छाअनुसारको पूजाको लागि निर्धारित शुल्क तिर्नुपर्छ। मन्दिरमा रामेश्वर तथा पर्वतीका धेरै गहनाहरू छन्। इच्छा हुनेले निर्धारित शुल्क तिरेर हेर्न पाउने व्यवस्था छ। रामेश्वरको रथयात्रा ज्यादै रमणीय हुन्छ। यहाँ रामेश्वरको ज्यादै स्वच्छ स्फटिक लिङ्ग छ। मन्दिर खुल्नासाथ रामेश्वरको प्रथमपूजा यसै लिङ्गमा हुन्छ। रामेश्वरको बाहिरपट्टि गन्धमादनेश्वर र अगस्त्येश्वर शिवलिङ्ग छन्। यहाँ आदिकालको अनादिसिद्ध स्ययम्भू लिङ्ग पनि छ। रामेश्वर मन्दिरको पूर्वी ढोकाबाहिर हनुमान्को मन्दिर छ। यसको सामुन्ने सावित्रीतीर्थ, गायत्रीतीर्थ, सरस्वतीतीर्थ आदि अनेकौं तीर्थ छन्। यात्रीहरू रामेश्वरको दर्शनपछि यी तीर्थमा स्नान गर्दछन्। मन्दिरभित्र २२ तीर्थ छन्, समुद्रको अग्नितीर्थ र अगस्त्यतीर्थलाई समेत मिलाएर जम्मा तीर्थको सङ्ख्या २४ छ। स्कन्दपुराणमा यी तीर्थको उत्पत्ति र महात्म्यका सम्बन्धमा विस्तृत चर्चा छ। यसको आसपासमा रहेका अन्य केही तीर्थस्थलहरू– **गन्धमादन**– यो रामेश्वरबाट डेढमाइल पर छ। यसका आसपासमा थुप्रै तीर्थ छन्। हे. गन्धमादन। **साक्षीविनायक**– यहाँ साक्षीविनायकको मन्दिर छ। **जयतीर्थ**– रामले लङ्काबाट फर्किएपछि जटा पखालेको तीर्थ। **सीताकुण्ड**– पूर्वजन्ममा सीता (वेदवती) ले तपस्या गरेको स्थल। **एकान्तराममन्दिर**– रामेश्धरबाट ४ माइल पर रहेको राममन्दिर। यहाँ भगवान् राम एकान्तमा बस्नुभएको थियो। **भैरवतीर्थ**– यो समुद्रको पुलमा नै रहेको छ। समुद्रलाई नै भैरवतीर्थ मानिन्छ। यस अतिरिक्त धनुष्कोटि, दर्भशयन, देवीपत्तन, पुलग्राम, श्रीलङ्का आदि क्षेत्रमा अनेकौं सरोवर, कुण्ड र देवीदेवताका मन्दिर तथ मूर्तिहरू छन्। तिनको विवरण अन्य ग्रन्थबाट लिन सकिने छ।

राम्भः (पुं.) १.[*रम्भस्य वेणोर्विकारः, अञ् ४.३.१४१*] बाँसको लौरो।

रम्भा कदल्यप्सरसोर्ना वेणौ वानरान्तरे (मेदिनी.) २.[*रम्भाया अपत्यं पुमान्, अण्*] वानरविशेष।

रारस्यमानः (पुं.) [*रारस्यते इति यङन्ताद् रस शब्दे इति धातोः, लटः शानच् ३.२.१२४*] लामो स्वरले बोलाइरहेको।

रावः (पुं.) [*रवणम्, विभाषा ङि रुप्लुवोः ३.३.५० इति घञ्*] शब्द।

रावणः (पुं.) [*रावयति लोकान् इति रु शब्दे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्तरि ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.तिदु रुख/तेंदु २.विश्रवा ऋषिले कैकसीको गर्भबाट जन्माइएका दुई राक्षसा। यिनमा दाजुका हजार टाउका थिए भने भाइका दश टाउका थिए। भाइको चरित्र वाल्मीकि रामायण अदिमा र दाजुको चरित्र अद्भुत रामायणमा वर्णन गरिएको छ। दाजु पुष्करद्वीपमा बस्थ्यो भने भाइ लङ्कामा बस्दथ्यो। रामायणअनुसार सीतालाई हरेर लैजाने राक्षसहरूको राजा, भाइ दश टाउका र बिस हात भएको थियो। यसको वर्ण कालो थियो। यसका बाजेको नाम पुलस्त्य ऋषि र बाबुको नाम विश्रवा थियो। बज्यै राजर्षि तृणबिन्दुकी छोरी थिइन् भने आमाको नाम कैकसी थियो। सौतानी दाजुको नाम कुबेर, सहोदर भाइको नाम कुम्भकर्ण र विभीषण, बहिनीको नाम शूर्पणखा, पत्नीको नाम मन्दोदरी, छोराहरूको नाम मेघनाद र अक्षयकुमार थियो। महाभारतमा रावणकी आमाको नाम पुष्पोत्कटा, विभीषणकी आमा मालिनी र शूर्पणखाकी आमा राका भन्ने उल्लेख भएको छ। रावणकी पत्नी मन्दोदरी मय दानवकी छारी थिइन्।

दुर्गस्त्रिकूटः परिखा समुद्रो रक्षांसि योधा परमा च वृत्तिः।
शास्त्रञ्च वै तूशनसा प्रदिष्टं स रावणः कालवशात्प्रनष्टः॥
(ग.पु.आचारकाण्ड क ११३.२१)

रावणिः (पुं.) [*रावणस्यापत्यं पुमान्,अत इञ् इति इञ्*] रावणको छोरो, मेघनाद।

रावणिः शक्रजिन्मेघनादो मन्दोदरीसुतः (अभि.चि.)।

राशिः (पुं.) [*अश्नुते व्याप्नोतीति, अशू व्याप्तौ इति धातोः, अशिपणाय्यो रुडायलुकौ च (उ.) ५८२ इति इण्, रुट् च*] १.थुप्रो/जम्मा/रास २.अङ्क/सङ्ख्या ३.मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धन, मकर, कुम्भ र मीन बाह ताराहरूको समूह ४.वृत्तको बाह्र भागको एक भाग।

राष्ट्रः (पुं./नपुं.) [*राजते इति, राजृ दीप्तौ इति धातोः, दाम्नी-शसयुयुज ३.२.१८२ इति ष्ट्रन्*] भूमि, जनता र प्रभुसत्ता सम्पन्न सरकार भएको देश। **~ऋणम्** (नपुं.) [*राष्ट्रस्य ऋणम्, ष.त.*] सरकारले कुनै प्रकारको पत्र आदि निकाल्ने र राष्ट्रका जनताबाट ऋणका रूपमा लिइएको रूपियाँ। (ऋ व्यञ्जन पनि छ।) **~गानम्** (नपुं.) [*राष्ट्रस्य गानम्, ष.त.*] राष्ट्रिय गाना। **~नायकः** (पुं.) [*राष्ट्रस्य नायकः, ष.त.*] राष्ट्रका प्रधान नेता। **~पतिः** (पुं.) [*राष्ट्रस्य पतिः, ष.त.*] राष्ट्रको प्रधान नेता। **~परिषद्** (पुं.) [*राष्ट्राणां परिषद्, ष.त.*] राष्ट्रका प्रतिनिधिहरूको परिषद् वा सभा। **~पिता** (पुं.) [*राष्ट्रस्य पिता, ष.त.*] १.राष्ट्रका संरक्षक। **~भाषा** (स्त्री.) [*राष्ट्रस्य भाषा, ष.त.*] राष्ट्रको सरकारी कार्यालयहरूमा लेखपढ आदिका लागि मान्यतापूर्वक व्यवहारमा ल्याइएको भाषा/राष्ट्रका शत–प्रतिशत जनताले बोल्ने र व्यवहार गर्ने भाषा। **~वादः** (पुं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[*राष्ट्रस्य वादः, ष.त.*] १.आफ्नो राष्ट्रको उन्नति गर्ने सिद्धान्त २.आफ्ना राष्ट्र र राष्ट्रियताप्रतिको भक्तिभावना **~वादी** (पुं.) [*राष्ट्रवादोऽस्यास्तीति, राष्ट्रवाद+इनिः*] राष्ट्रवादसित सम्बन्ध भएका/राष्ट्रवादका अनुयायी। **~विप्लवः** (पुं.) [*राष्ट्रस्य विप्लवः, ष.त.*] सार्वभौमसत्ता खलबल पार्ने मनसायले हातहतियार उठाई उत्पन्न गरे गराएको अवस्था। **~सङ्घः** (पुं.) [*राष्ट्राणां सङ्घः, ष.त.*] राष्ट्रहरूका बिचमा सहयोग, सद्भाव कायम गरी विश्वका शान्ति स्थापित गर्ने उद्देश्यले सन् १९४५ मा खडा गरिएको विश्व स्वाधीन राष्ट्रहरूको सङ्गठन। **~सेना** (स्त्री.) [*राष्ट्राणां सेना, ष.त.*] राष्ट्रका भित्रिभागमा भएको अशान्ति दमन गरी शान्ति कायम गर्ने सेना।

राष्ट्रिका (स्त्री.) [*राष्ट्रं स्यात्तूपवर्तने, उपद्रवे क्लीबपुंसोः (मेदिनी.), राष्ट्रमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४, इत्वम्*] बिंही।

राष्ट्रियः (पुं.वि.) १.[*राष्ट्रे जातः, भवो वा राष्ट्रावारापाराद् घ खौ ४.२.९३ इति घः, घस्य इयः*] राष्ट्रमा भएको २.[*राष्ट्रे जातः, तत्र जातः ४.३.२५ इति घः, घस्य इयः*] राष्ट्रमा पैदा भएको ३.[*राष्ट्रे कृतः, कुतलुब्धकृतकुशला. ४.३.३८ इति घः, घस्य इयः*] राष्ट्रमा गरिएको ४.[*राष्ट्रे प्रायो भवः ४.३.३९ इति घःघस्य इयः*] प्रायः राष्ट्रमा हुने ५.[*राष्ट्राद् आगतः ४.३.७४ इति घः, घस्य इयः*] राष्ट्रबाट आएको, [*राष्ट्रस्य अयम् ४.३.१२० इति घः, घस्य इयः*] राष्ट्रको। **~भाषा** (स्त्री.) [*राष्ट्रे भवा, राष्ट्रिया, सा चासौ भाषा च, कर्म.स.*] राष्ट्रमा भएका भाषा। **~करणम्** (नपुं.) [*अराष्ट्रियं राष्ट्रियं यथा सम्पद्यते तथा करणम्*] क्षतिपूर्ति दिएर वा विनाक्षतिपूर्ति देशका विशेष उद्योग, भूमि आदिलाई सरकारले आफ्नो अधिकारमा लिनु। **~चिह्नम्** (नपुं.) [*राष्ट्रियञ्च तच्चिह्नञ्च, कर्म.स.*] राष्ट्रले आफ्नो प्रतीकस्वरूप निर्धारण गरेको चिह्न। जस्तै– लालीगुराँस, गाई, सिम्रिक आदि। **~मुद्रा** (स्त्री.) [*राष्ट्रस्य इयम्, राष्ट्रिया, सा चासौ मुद्रा च, कर्म.स.*] राज्यका चलनचल्तीमा आएका पुराना र नयाँ विभिन्न प्रकारका रूपियाँ, पैसा आदि सिक्काहरू। **~सुरक्षा** (स्त्री.) [*राष्ट्रिया चासौ सुरक्षा च, कर्म.स.*] राष्ट्रको भित्री अशान्तिबाट हुने खतरा र बाहिरी आक्रमणबाट हुने खतराको रक्षा/राष्ट्रलाई बाहिर वा भित्रबाट हुने खतराबाट बचाउने काम।

राष्ट्रियता (स्त्री.) [*राष्ट्रियस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] राष्ट्रप्रतिको भक्ति, आस्था आदि हुनाको भाव।

राष्ट्रीयः (पुं.वि.) [*राष्ट्रस्य हितः*] राष्ट्रको हितमा भएको।

रासकम् (नपुं.) उपरूपकको एक भेद। यसमा मूर्ख नायक हुन्छ। प्रसिद्ध कुलकी नायिका हुन्छे। पाँच जना पात्र हुन्छन्। अनेक भाषाको प्रयोग हुन्छ। भारती तथा कैशिकी वृत्तिको प्रयोग हुन्छ। मुखसन्धि र निर्वहण सन्धिको यसमा प्रयोग भएको हुन्छ। सूत्रधारको प्रयोग हुँदैन। यो एक अङ्कको हुन्छ। यसमा श्लिष्ट नान्दीको प्रयोग हुन्छ। नृत्य, गीत आदिको पनि यसमा उपयोग गरिएको हुन्छ। यसको उदाहरण– **मेनकाहितम्** हो। (सा.द.प.६)

रासभः (पुं.) [*रासति शब्दयतीति, रासृ शब्दे, इति धातोः, रासिवल्लिभ्याञ्च (उ.) ४१२ इति अभच्प्रत्ययः*] गधा।

रासलीला (स्त्री.) [*रासस्य लीला, ष.त.*] गोपीहरूका साथ कृष्णले गरेको एक नृत्य/रासनृत्य।

रासायनिकः (पुं.) [*रसायनाद् आगतः, तत आगतः ४.३.७४ इति ठक्, ठस्येकः*] रसायनसम्बन्धी/रसयान शास्त्रसम्बन्धी।

रासृ (धा.) [*शब्दे, अक.सेट्, आत्म.*] शब्द गर्नु। लट्– **रासते–** शब्द गर्छ इत्यादि।

रास्नाः (पुं.) [*रस्यते इति, रस आस्वादने इति धातोः, रा आदाने इति धातोर्वा, रास्नास्नास्थूणावीणाः (उ.३०२), इति नः, टाप्*] १.बास्ना आउने द्रव्य २.गाईतिहारे।

रास्ना तु स्याद् भुजङ्गाक्ष्यामेलापर्ण्यामपि स्त्रियाम् (मेदिनी.)।

राहुः (पुं.) [*रहति गृहीत्वा चन्द्रं त्यजतीति रह त्यागे इति धातोः उणदयो बहुलम् इति वचनात् कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १ इत्युण, वृद्धिः*] १.क्रान्ति वृत्त र नाडी वृत्तको कल्पित एक संपात २.पृथ्वीको छाया ३.फलितज्योतिष तथा पुराणमा वर्णित अँध्यारो पाप ग्रह ४.सिंहिकाको छोरो/राक्षसविशेष ५.बदमास/सताउने। **तमस्तु राहुः स्वर्भानुः सैंहिकेयो विधुन्तुदः** (अमर.)।

रि (धा.) [*गतौ, तुदा.सक.अनिट्, पर.*] जानु। लट्– **रियति–** हिँड्छ इत्यादि।

रि (धा.) [*हिंसायाम्, स्वा. सक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **रिणोति–** हिंसा गर्छ इत्यादि।

रिक्तः (पुं.वि.) [*रेचति स्म, रिचिर् विरेचने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] रित्तो/खाली/केही नभएको।

रिक्तकम् (नपुं.) [*रिच्यते स्म, रिच वियोजनसंपर्चनयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] रित्तो।

रिक्तता (स्त्री.) [*रिक्तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] कुनै पद, नोकरी वा स्थान खाली हुनु।

रिक्थम् (नपुं.) [*रिणक्ति पृथक् करोतीति तत्, ऋच स्तुतौ, इति धातोः, पातृतुदिवचिरिचिसिचिभ्यस्थक् (उ.) १७२ इति थक्*] सम्पत्ति/धन।

रिगि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **रिङ्गति–** जान्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिङ्गणम् (नपुं.) [*रिगि गतौ इति धातोः, ल्युट् च ३.३.११५) इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः,णत्वम्*] धर्ममार्गबाट च्युत हुनु।

रिच (धा.) [*वियोजनसम्पर्चनयोः, सक.सेट्, उभय.*] जम्मा गर्नु, छुट्ट्याउनु, पेट साफ गर्नु। लट्– **रेचयति-ते–** जम्मा गर्छ, छुट्याउँछ, पेट साफ गर्छ इत्यादि।

रिचिर् (धा.) [*विरेचने, सक.अनिट्, उभय.*] दिशा खलास हुनु, गर्भपात गराउनु, झाडापखाला लाग्नु। लट्– **रिणक्ति-रिङ्क्ते–** दिशा खलास हुन्छ, गर्भपात गराउँछ, झाडापखाला लाग्छ इत्यादि।

रिपुः (पुं.) [*अनिष्टं रपति वदतीति, रप व्यक्तायां वाचि इति धातोः, रपेरिच्चोपधायाः (उ.) इति सूत्रेण कुः, अकारस्येकारश्च*] शत्रु।

रिफ (धा.) [*कत्थनयुद्धनिन्दाहिंसादानेषु, सक.सेट्, पर.*] बोल्नु, युद्ध गर्नु, निन्दा गर्नु, हिंसा गर्नु, दान दिनु। लट्– **रिफति–** बोल्छ, युद्ध गर्छ, निन्दा गर्छ, हिंसा गर्छ, दान दिन्छ इत्यादि।

रिवि (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **रिण्वति–** जान्छ इत्यादि।

रिश (धा.) [*हिंसायाम्, तुदा. अक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **रिशति–** हिंसा गर्छ इत्यादि।

रिष (धा.) [*हिंसायाम्, भ्वा. अक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **रेषति–** हिंसा गर्छ इत्यादि।

रिष (धा.) [*हिंसायाम्, दिवा.अक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **रिष्यति–** हिंसा गर्छ इत्यादि।

रिष्टिः (पुं.) [*रेषतीति, रिषु हिंसायाम् इति धातोः, रिशति, रिश हिंसायाम् इति धातोर्वा, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.तरबार २.शुभ। **रिष्टिः खड्के ना शुभे स्त्री** (मेदिनी.)।

री (धा.) [*गतिरेषणयोः, क्र्या.सक.अनिट्, पर.*] जानु, पुकार्नु, पीडा दिनु। लट्– **रीणाति–** जान्छ, पुकार्छ, पीडा दिन्छ इत्यादि।

रीङ् (धा.) [*श्रवणे, दिवा. सक.अनिट्, आत्म.*] सुन्नु। लट्– **रीयते–** सुन्छ इत्यादि।

रीढा (स्त्री.) [*रेहणम्, रिह वधे इति धातोः, औणादिकः क्तः, स्त्रीत्वं लोकात्*] तिरस्कार।

रीणः (पुं.वि.) [*रीयते स्म, रीङ् प्रस्रवणे इति धातोः, क्तः, स्वादय ओदितः इति नत्वम् ८.२.४५,णत्वम्*] बगेको।

रीतिः (स्त्री.) [*रीयतेऽनया, रीङ् गतौ इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् इति क्तिच्, यद्वा स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.काइदा/तरिका/परिपाटी/नियम/ढङ्ग/चलन/रिवाज/प्रथा २.प्रश्रवण ३.फलामको किट वा धाउ ४.विशिष्ट पदरचना। गुणयुक्त पदहरूको संरचना। वामनको मतानुसार काव्यको आत्मा ५.पित्तल। **रीतिः स्त्रियां स्यन्दप्रचारयोः पित्तले लोहकिट्टे च** (मेदिनी.)।

रीतिपुष्पम् (पुं.) [*रीतेः पित्तलस्य पुष्पमिव, तन्मूलत्वात्*] पित्तलको किट।

रीतिवादः (पुं.) [*रीति इति वादः, कर्म.स.*] रीतिलाई काव्यको आत्मा मान्ने सिद्धान्त।

रीतिसम्प्रदायः (पुं.) [*रीतेः सम्प्रदायः*] रीति नै काव्यको आत्मा हो भन्ने सिद्धान्तका अनुयायीहरूको परम्परा। यस परम्पराका प्रवर्तक आचार्य वामन हुन्।

रु (धा.) [*शब्दे, अक.सेट्, पर.*] शब्द गर्नु, रुनु। लट्– **रौति–** शब्द गर्छ, रुन्छ इत्यादि।

रुक् (स्त्री.) [*रुजति देहम्, रुजो भङ्गे इति धातोः, क्विप् च ३.२.१७८ इति क्विप्, रोजनम्, संपदादिभ्यः (वा.) ३.३.१०८ इति क्विप् वा*] १.रोग २.किरण ३.शोभा ४.इच्छा। **रुक् शोभाकिरणेच्छासु** (विश्व.)।

रुक्प्रतिक्रिया (स्त्री.) [*रुजः प्रतिक्रिया निरसनम्, ष.त.*] औषधोपचार।

रुक्मः (पुं./नपुं.) [*रोचने प्रदीप्तवर्णो भवति सः, रुच दीप्तौ, इति धातोः, युजिरुचितिजां कुश्च (१५१) इति मक् कवर्गश्चान्तादेशः*] १.सुनौलो कान्ति २.सुन। **रुक्मं लोहे सुवर्णे च** (हेमचन्द्र)।

रुक्मकारकः (पुं.) [*रुक्मं करोति, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] सुनार।

रुक्मवती (स्त्री.) प्रत्येक पाउमा क्रमशः भगण, मगण, सगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **रुक्मवती सा यत्र भमसगाः।** (छन्दो.)।

रुक्मिणी (स्त्री.) [*रुक्मो वर्णोऽस्या अस्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः, णत्वम्, ङीप्*] श्रीकृष्णकी पत्नी।

रुग्णः (पुं.वि.) [*रुज्यते स्म, रुजो भङ्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, कुत्वम्, णत्वम्*] १.भाँचिएको २.रोगाएको।

रुङ् (धा.) [*गतिरेषणयोः, सक.अनि.आत्म.*] जानु, दुःख दिनु, क्रुद्ध हुनु। लट्– **रवते–** जान्छ, दुःख दिन्छ, क्रुद्ध हुन्छ इत्यादि।

रुच (धा.) [*दीप्तावभिप्रीतौ च, अक.सेट्, आत्म.*] चम्कनु प्रकाशित हुनु, रुच्नु। लट्– **रोचते–** चम्कन्छ, प्रकाशित हुन्छ, मन पर्छ इत्यादि।

रुचकः (पुं.) [*रोचते, रुच दीप्तावभिप्रीतौ च इति धातोः, क्वुन् शिल्पिसंज्ञयोः (उ.) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.विमिरो २.गहना ३.माला ४.माङ्गल्यद्रव्य। **रुचको बीजपूरे च निष्के दन्तकपोतयोः। न द्वयोः सर्जिकाक्षारेऽप्यश्वाभरणमाल्ययोः। सौवर्चलेऽपि मङ्गल्यद्रव्ये चाप्युत्कटेऽपि च** (मेदिनी.)।

रुचकम् (नपुं.) [*रोचने, रुच दीप्तौ इति धातोः, क्वुन् शिल्पिसंज्ञयोः (उ.) इति क्वुन्, अकः*] सौँचर नुन।

रुचिः (स्त्री.) [*रुच्यते सा, इगुपधात् कित् (उ.) इति इन् कित्वञ्च*] खाने इच्छा/भोक/क्षुधा। **~करः** (पुं.वि.) [*रुचिं करोति, डुकृञ्*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करणे इति धातोः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः] १.रुचि उत्पन्न गर्ने/भोक लगाउने/रुचिकारक २.मनपर्दो/प्रिय ३.कान्ति ४.किरण ५.इच्छा। **रुचिर्दीप्तौ च शोभायामभिष्वङ्गाभिलाषयोः** (विश्व.)।

रुचितः (पुं.वि.) [*रुच दीप्तावभिप्रीतौ च इति धातोः, रुचिवचिकुचिकुटिभ्यः कितच् (उ.) ६३५ इति कितच्*] प्रिय/मन परेको।

रुचिरः (पुं.वि.) [*रोचते प्रितिकरो भवतीति, सः, रुच दीप्तौ इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) १.५१ इति किरच्*] १.रुचि बढाउने/रुचिकारक/रुचिवर्द्धक २.सुन्दर/ मनोहर/राम्रो ३.मिठो/स्वादिलो ४.चम्किलो/चहकिलो।

रुचिरा (स्त्री.) छन्दोविशेष।

रुच्यम् (नपुं.) [*रोचते, रुच्यते वा, राजसूय ३.१.११४ इति साधुः*] राम्रो।

रुज (धा.) [*हिंसायाम्, सक.सेट् उभय.*] हिंसा गर्नु। लट्– **रोजयति-ते**– हिंसा गर्छ इत्यादि।

रुजा (स्त्री.) [*इगुपधज्ञाप्रीकिरः कः ३.१.१३४ इति कः, टाप् ४.१.४, यद्वा षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्*] रोग। **रुजा त्वामयभङ्गयोः** (हैम.)।

रुजो (धा.) [*भङ्गे, सक.अनिट् पर.*] रोगले पीडित हुनु, भाँचिनु। लट्– **रुजति**– रोगले पीडित हुन्छ, भाँचिन्छ इत्यादि।

रुट् (स्त्री.) [*रुट् क्रुधौ इति धातोः, सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] रिस।

रुट (धा.) [*प्रतिघाते, सक.सेट्, आत्म.*] रोक्नु, धकेल्नु। लट्– **रोटते**– रोक्छ, धकेल्छ इत्यादि।

रुट (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] बोल्नु। लट्– **रोट्यति-ते**– बोल्छ इत्यादि।

रुटि (धा.) [*स्तेये, सक.सेट् पर.*] चोर्नु। लट्– **रुण्टति**– चोर्छ इत्यादि।

रुठ (धा.) [*उपघाते, सक.सेट्, पर.*] पीडा दिनु। लट्– **रोठति**– पीडा दिन्छ इत्यादि।

रुठि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **रुण्ठति**– जान्छ इत्यादि।

रुण्डः (पुं.) [*रुण्डति प्रतिहन्ति इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] शिर नभएको शरीर।

रुदितम् (नपुं.) [*रुदिर् अश्रुविमोचने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] रुवाइ/बिलौना/विलाप।

रुदिर् (धा.) [*अश्रुविमोचने, अक.सेट् पर.*] रुनु। लट्– **रोदिति**– रुन्छ, **उपारोदिति**– रोएर शान्त गर्नु, अर्काका निमित्त रुनु। लिट्– **रुरोद**– रोएछ। लुट्– **रोदिता**– रुने छ। लृट्– **रोदिष्यति**– रुने छ। लोट्– **रोदितु**– रोओस्। लङ्– **अरोदित्**– रोयो। लिङ्– **रुद्यात्**– रोला, रोओस्। आशीर्लिङ्– **रुद्यात्**– रोओस्। लुङ्– **अरुदत्**– रोयो। लृङ्– **अरोदिष्यत्**– रुने थियो। भावे– **रुद्यते**– रोइन्छ। णिचि– **रोदयति-ते**– रुवाउछ। सनि– **रुरुदिषति**– रुन चाहन्छ। यङि– **रोरुद्यते**– ज्यादै वा बारम्बार रुन्छ। यङ्लुकि– **रोरुदीति**– ज्यादै वा बारम्बार रुन्छ। कृदन्ते– **रोदकः, रोदिका रोदिता**– रुने, रुवाउने इत्यादि।

रुद्धः (पुं.वि.) [*रुधिर् आवरणे इति धातोः क्तः*] १.रोकिएको/छेकिएको/अवरुद्ध २.घेरिएको। **~कण्ठः** (पुं.वि.) [*रुद्धः कण्ठो यस्य सः, बहु.स.*] गला रोकिएको/भक्कानु परेको।

रुद्रः (पुं.) [*पापिनो रोदयतीति, रुदिर् अश्रुविमोचने, इति धातोः, रोदेर्णिलुक् च (उ.) १८९, इति रक् णेर्लुक्च*] १.संसारका प्रलयकारी शिवको एक रूप २.एघार सङ्ख्यालाई जनाउने शब्द। **~घण्टी** (स्त्री.) [*रुद्राकारा घण्टी, म.प.स.*] घाँटीको अगिल्लो भागमा उठेको अवयव वा हाड/किलकिले। **~भूमिः** (स्त्री.) [*रुद्रस्य भूमिः, ष.त.*] श्मशान।

रुद्रटः (पुं.) काव्यशास्त्रका प्रसिद्ध आचार्य। यिनको समय नवौँ शताब्दी हो। यिनले काव्यालङ्कार नामक महत्त्वपूर्ण ग्रन्थ लेखेका छन्। आफ्नो ग्रन्थमा यिनले काव्यलक्षण, काव्यभेद, शब्दशक्ति, वृत्ति, दोष, अलङ्कार, रस, नायकनायिका आदिको विस्तृत वर्णन गरेका छन्। अलङ्कारलाई यिनले वास्तव, औपम्य, अतिशय र श्लेष गरी चार वर्गमा विभाजन गरेका छन्।

रुद्रमल्लः (पुं.) संवत् १३७५ तिर अरिमल्लका उपराज अर्थात् अरिमल्लको अनुपस्थिति वा असमर्थतामा निजको प्रतिनिधि भई काम गर्ने एक राजकुमार।

रुद्रसर्गः (पुं.) [*रुद्रकृतःसर्गः*] रुद्रबाट भएको सृष्टि।

रुद्रसावर्णिः (पुं.) बाह्रौँ मनु।

रुद्राः (पुं.बहु.) [*रोदयन्त्यसुरान्, पापिनो वा रुदिर् अश्रुविमोचने इति धातोः, रोदेर्णिलुक् च (उ.) २.२२ इति रक् णेश्च लुक्*] १.गणदेवता २.एघार शिवका स्वरूप।

रुद्राक्षः (पुं.) [*रुद्रस्य अक्षीणि इव, अक्षीणि यस्य सः, बहु.स.*] एक प्रकारको साह्रो फल। धार्मिक दृष्टिले यसको महत्त्वपूर्ण स्थान छ। प्रायः शिवभक्तले यसको माला लगाउने गर्दछन्। यी अठतिस मुखे

(रुद्राक्षः)

सम्मका हुन्छन्। तिनमा एकदेखि चौध मुखसम्मका रुद्राक्षहरूको विशेष महत्त्व छ। तिनमा पनि एकमुखे रुद्राक्ष सबैभन्दा दुर्लभ, प्रभावकारी र बहुमूल्य हुन्छ। रुद्राक्ष वैशाखतिर फुल्छ। यसमा बाहिर बाक्लो बोक्रो भएको डल्लो फल लाग्छ। यसलाई शरद ऋतु पछि टिप्ने गर्दछन्। बोक्रो फालेपछि भित्र साह्रो भागको गेडा निस्कन्छ। यसको बिचमा ठाडो चिरा परेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। त्यसै आधारमा रुद्राक्षलाई एक मुखे, दुई मुखे, तीन मुखे आदि भन्ने गरिन्छ। शिवजीले त्रिपुरासुरलाई मार्न लामो समयसम्म तपस्या गरेर अघोरास्त्रको चिन्तन गर्दा शिवका सूर्यरूप नेत्रबाट १२, चन्द्ररूप नेत्रबाट १६ र अग्निरूप नेत्रबाट १० गरी ३८ मुखका रुद्राक्ष पैदा भएका हुन्। **त्रिपुरस्य वधे काले रुद्रस्याक्ष्णोः पतितास्तु ये। अश्रुजा विन्दवस्ते तु रुद्राक्षा अभवन् भुवि**। (संस्कारप्रदीप) रुद्राक्ष तीन प्रकारका हुन्छन्– उत्तम (अमलाका गेडाजत्रा) मध्यम (वयरका दाना जत्रा) अधम (चनाका दाना जत्रा) शिवार्चनमा रुद्राक्षमाला धारण गर्नु अनिवार्य मानिन्छ। **विना भष्मत्रिपुण्ड्रेण विना रुद्राक्षमालया। पूजितोऽपि महादेवो न स्यात्तस्य फलप्रदः** (लि.पु.) त्यसमा पनि स्वयं शिवस्वरूप भएकाले पञ्चमुखी रुद्राक्षको माला धारण विशेष फलदायी हुन्छ। **मुच्यते सर्वपापेभ्यः पञ्चवक्त्रस्य धारणात्** (स्क.पु.)।

रुद्राणी (स्त्री.) [*रुद्रस्य स्त्री, इन्द्रवरुणभवशर्वरुद्रमृडहिमारण्ययवयवनमातुलाचार्याणामानुक् ४.१.४९ इति आनुक्, ङीप् च*] रुद्रकी पत्नी/पार्वती।

रुद्री (स्त्री.) शिवका उपासनाका लागि गरिने वैदिक पाठ/शिवलिङ्गको माथि अविच्छिन्न जलधारा लगाएर गरिने धार्मिक कृत्य।

रुध (धा.) [*अनुपूर्वः कामे, सक.अनिट् आत्म. प्रायेणायमनुपूर्वः*] कृपालु हुनु, अनुमोदन गर्नु, शोक गर्नु, चाहनु। लट्– **अनुरुध्यते–** कृपालु हुन्छ, अनुमोदन गर्छ, शोक गर्छ, चाहन्छ इत्यादि।

रुधिर् (धा.) [*आवरणे, द्विक.अनिट् उभय.*] रोक्नु, घेर्नु। लट्– **रुणद्धि–** रोक्छ, घेर्छ इत्यादि।

रुधिरः (पुं.) [*रुध्यते चर्मणा यत्तद् रुधिर् आवरणे इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) १.५१ इति किरच्*] १.मङ्गल ग्रह २.(नपुं.) रगत/रक्त ३.कुङ्कुम। **रुधिरोऽङ्गारके पुंसि क्लीबं तु कुङ्कुमासृजोः** (मेदिनी.)।

रुप (धा.) [*विमोहने, सक.सेट् पर.*] चित्त विकल्प हुनु, घवडाउनु। लट्– **रुप्यति–** चित्त विकल हुन्छ, घवडाउँछ इत्यादि।

रुरुः (पुं.) [*रौति शब्दं करोतीति, रु शब्दे इति धातोः, रुशातिभ्यां क्रुन् (उ.) ५५३ इति रु प्रत्यान्तो निपातः*] १.मृग २.दैत्य ३.सर्पभन्दा पनि क्रूर जनावर। **रुरुर्दैत्ये मृगेऽपि च** (हैम.)।

रुश (धा.) [*हिंसायाम्, सक.अनिट् पर.*] हिंसा गर्नु। लट्– **रुशति–** हिंसा गर्छ इत्यादि।

रुशती (स्त्री.) [*रुश हिंसायाम् इति धातोः, शत्रन्तान् ङीप्, आच्छीनद्योः ७.१.८० इति नुमो विकल्पः*] खराब बोली।

रुष (धा.) [*हिंसायाम्, सक.सेट् पर.*] हिंसा गर्नु। लट्– **रोषति–** हिंसा गर्छ इत्यादि।

रुष (धा.) [*रोषे, अक.सेट् उभय.*] रिस गर्नु। लट्– **रोषयति-ते–** रिस गर्छ इत्यादि।

रुषितम् (नपुं.) [*रोषयति स्म, रुष रोषे इति धातोः, क्तः, रुष्यमत्वरसंघुषास्वनाम् ७.२.२८ इति वेट्*] रिसाएको/क्रुद्ध २.[*भावे क्तः*] रिसाइ/क्रोध।

रुष्टः (पुं.वि.) [*रुष रोषे इति धातोः, क्तः, इडभावः, णत्वं ष्टुत्वञ्च*] रिसाएको।

रुह (धा.) [*बीजजन्मनि प्रादुर्भावे च, अक.अनिट् पर.*] उत्पन्न हुनु। लट्– **रोहति–** उत्पन्न हुन्छ। **अतिरोहति–** माथि चढ्छ। **अवरोहति–** तल ओर्लन्छ। **आरोहति–** उक्लन्छ। **प्ररोहति–** उम्रन्छ। भावे– **रुह्यते–** उत्पन्न होइन्छ। णिचि– **रोहयति/ रोपयति** [*रुहः पोऽन्यतरस्याम्*] उत्पन्न गराउँछ। सनि– **रुरुक्षति–** उत्पन्न हुन चाहन्छ। कृदन्ते– **रोढव्यम्/रोहणीयम्/ रोह्यम्–** उत्पन्न हुनुपर्ने। **रुढ्वा–** उत्पन्न भएर। **आरुह्य–** चढेर इत्यादि।

रुहा (स्त्री.) [*छिन्नापि रोहति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] दुबो।

रूक्ष (धा.) [*पारुष्ये, अक.सेट् उभय.*] रुखो हुनु, कठोर बोली बोल्नु। नीरस बन्नु। लट्– **रूक्षयति-ते–** रुखो हुन्छ। कठोर बोली बोल्छ, नीरस बन्छ इत्यादि।

रूढः (पुं.) [*रोहति स्म, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.उम्रेको/उत्पन्न/टुसाएको/अङ्कुरित/चढेको/आरूढ २.कुनै अर्थमा केन्द्रित भएर रहेको शब्द।

रूढिः (पुं.) [*रोहणम्, रुह प्रादुर्भावे बीजजन्मनि प्रादुर्भावे च इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.धेरै समयदेखि चलिआएको प्रथा/चलन २.रूढ हुनु।

रूप (धा.) [*रूप तत्क्रियायाम्, सक.सेट् उभय.*] बनाउनु, मनमा आकारको कल्पना गर्नु। लट्– **रूपयति-ते–** बनाउँछ, आकारको कल्पना गर्छ इत्यादि।

रूपकम् (नपुं.) [*रूपयत्यत्र, रूप तत्क्रियायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, स्वार्थे कन्*] १.उपमेयसित उपमानको अभेद सम्बन्ध देखाउँदै कुनै विषयको वर्णन गर्दा पर्न जाने एक अर्थालङ्कार २.चाँदी ३.[*रूपारोपाद् रूपकम्*] दृश्यकाव्यको एक भेद। यी दश किसिमका हुन्छन्– प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, बीथी र प्रहसन (हे. **तत्तत् शब्द**)।

रूपकातिशयोक्तिः (स्त्री.) अतिशयोक्ति अलङ्कारको एक भेद। उपमेयलाई निगरण गरेर उपमानको माध्यमबाट उपमेयको वर्णन गर्दा पर्न जाने अलङ्कार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपगोस्वामी (पुं.) भक्ति एवं रसशास्त्रका आचार्य। यी महाप्रभु चैतन्यका शिष्य हुन्। यिनले १७ वटा ग्रन्थको रचना गरेका छन्। तीमध्ये आठ ग्रन्थ महत्त्वपूर्ण मानिन्छन्– **हंसदूत, उद्धवसन्देश, विदग्धमाधव, ललितमाधव, दानकेलीकौमुदी, भक्तिरसामृतसिन्धु, उज्ज्वलनीलमणि** र **नाटकचन्द्रिका**। यिनको समय सोह्रौँ शताब्दी हो। हे. **रसः**।

रूपामाली (स्त्री.) प्रत्येक पाउमा नौ गुरुवर्णको प्रयोग भएको छन्द।

अङ्कोन्माना वर्णा यत्र स्युः सर्वे दीर्घाः सर्पेशेनोक्तम्।
रूपामालीसंज्ञं तद्वृत्तं यस्मिंश्चेतः केषामुद्वृत्तम्॥
(छन्दो.)

रूप्यः (पुं.वि.) १.[*प्रशस्तं रूपमस्य, रूपादाहतप्रशंसयोर्यप् ५.२.१२०* *इति यप्*] प्रशंसनीय रूप भएको। २.[*आहतं रूपं यस्य सः*] साँचामा ढालेर बनाइएको (मुद्रा) **आहतं तु मृषार्थके, गुणिते ताडिते चापि** (हैम.)।

रूप्याध्यक्षः (पुं.) [*रूप्यस्याध्यक्षः, ष.त.*] १.चाँदी विभागको अध्यक्ष २.टक्सारविभागको प्रमुख। **रूप्यः स्यात्सुन्दरे त्रिषु। आहातस्वर्णरजते रजते च नपुंसकम्** (मेदिनी.)।

रूमा (स्त्री.) नुनको खानी।

रूष (धा.) [*भूषायाम्, सक.सेट्, पर.*] सुशोभित गर्नु। लट्– **रूषति–** सुशोभित गर्छ इत्यादि।

रूषितः (नपुं.) [*रूष्यते स्म, रूषि वेष्टने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पोतिएको।

रेकृ (धा.) [*शङ्कायाम्, सक.सेट्, आत्म.*] शङ्का गर्नु। लट्– **रेकते–** शङ्का गर्छ इत्यादि।

रेखा (स्त्री.) [*लिख्यते इति, लिख अक्षरविन्यासे इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, निपातनादुपधागुणः, टाप् ४.१.४, लस्य रः*] १.झिनु र लामो धर्को २.सामुद्रिक शास्त्रअनुसार शुभ, अशुभ फल बताउने हात, गोडा आदिमा भएका चिह्नहरू। **~गणितम्** (नपुं.) [*रेखासम्बद्धं गणितम्, म.प.स.*] रेखाहरूद्वारा सिद्धान्त निर्धारित गरिने गणितको एक विभाग। **~चित्रम्** (नपुं.) [*रेखायाश्चित्रम्, ष.त.*] रेखै रेखाले तयार भएको चित्र/खाका।

रेखादेशः (पुं.) [*रेखास्थितो देशः, म.प.स.*] लङ्का र सुमेरुपर्वतको बिचबाट (हाल ग्रीनविचबाट मानिएको छ) मध्यसूत्र गएको देश।

रेखाभूमिः (स्त्री.) [*रेखास्थिता भूमिः, म.प.स.*] हे. **रेखादेशः**।

रेचकः (पुं.) [*रेचयति, रिचिर् विरेचने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.दिसा लगाउने/पखाला चलाउने औषधि/जुलाब २.कुनै पदार्थमा मिसिएको खराब तत्त्वलाई पृथक् गर्ने काम ३.भित्रबाट श्वास बाहिर फाल्ने प्राणायामको एक भेद।

रेचनम् (नपुं.) [*रिचिर् विरेचने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः*] दिसा लगाउने काम।

रेचितम् (नपुं.) [*रेचनम्, रिचिर् विरेचने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] घोडाको एक किसिमको हिडाइ। **उत्तेजितं रेचितं स्यान्मध्यवेगेन या गतिः** (हैम.)।

रेट् (धा.) [*परिभाषणे, सक.सेट्, उभय.*] भुक्नु, पक्षीहरू कराउनु। लट्– **रेटति-ते–** भुक्छ, पक्षी कराउँछ इत्यादि।

रेणुः (पुं.) [*रिणाति गच्छति हिनस्ति हन्यते वा सः, री गतिरेषणयोः इति धातोः, अजिवृरीभ्यो निच्च (उ.३२५) इति णुः, गुणः*] धुलो/चूर्ण/अत्यन्त सानो कण। **रेणुः स्त्रीपुंसयोर्धूलौ पुंलिङ्गः पर्पटे पुनः** (विश्व.)।

(रेणुका)

रेणुका (स्त्री.) [*रेणुरस्या अस्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति ठन्, इसुसुक्तान्तात्कः ७.३.५१ इति ठस्य कः, रेणुरेव, संज्ञायां कन् वा, टाप् ४.१.४, इत्वम्*] १.धुलो २.शीतलचिनी। यो बलुचिस्तान, अफगानिस्तान, पश्चिम एसिया, भूमध्यसागरीय प्रदेश आदिमा पाइन्छ। जलोदर, कलेजोसँग सम्बन्धित रोगमा यसको उपयोग हुन्छ। ३.परशुरामकी आमा। **रेणुकापि हरेणौ च जामदग्न्यस्य मातरि** (मेदिनी.)।

रेणुकासुतः (पुं.) [*रेणुकायाः सुतः, ष.त.*] परशुराम।

रेतः (नपुं.) [*रीणाति, री गतिरेषणयोः, इति धातोः, स्रुरीभ्यां तुट् च (उ.) ६५१ इति असुन्, तुट् च*] धातु/वीर्य।

रेफः (पुं.) [*रेप्यते निन्द्यते इति, रेपृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] कुनै अक्षरका शिरमा लेखिने हलन्त रकार।

रेपृ (धा.) [*गतौ, सक.सेट्, आत्म.*] जानु। लट्– **रेपते–** जान्छ इत्यादि।

रेफः (पुं.) [*रिफ कत्थनयुद्धनिन्दाहिंसादानेषु इति धातोः, रिफतेस्तौदादिकादेः (उ.) ७४३) इति फः, यद्वा रिफ्यते, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा– अवद्यावमाधम– (उ.) इति अप्रत्यान्तो निपातः*] १.निकृष्ट २.रवर्ण। **रेफो रवर्णे पुंसि स्यात् कुत्सिते वाच्यवत् पुनः** (विश्व.)।

रेफाः (पुं.) [*रेफतीति, रिफ कत्थनयुद्धनिन्दाहिंसादानेषु इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्*] अधम, क्रूर, दुष्ट, कृपण।

रेभृ (धा.) [*शब्दे, अक.सेट्, आत्म.*] शब्द गर्नु। लट्– **रेभते–** शब्द गर्छ इत्यादि।


(रेवती)

रेवती (स्त्री.) [*रेवतस्यापत्यम्, तस्यापत्यथम् ४.१.९२ इत्यण्, पृषोदरादित्वात् साधुः*] सत्ताइसौँ नक्षत्र। यसको आकार माछाको जस्तो छ। यस नक्षत्रमा तीन तारा छन्। यसको योगतारा दक्षिणमा छ। यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्रुवांश (क्रान्तिवृत्तमा मेष ०° बाट हुने दूरी) ० छ। यो आफ्नो सीमा अर्थात् ३६० अंश, ० कलामा अवस्थित छ। यो क्रन्तिवृत्तबाट ५ अंश ० कला उत्तरमा पर्दछ। (सि.द.) यसमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्थाअनुसार देदोचाचीबाट प्रारम्भ हुन्छ। यो पृथ्वीबाट करिब १४०.प्रकाश वर्ष टाढा छ। २१ नोबेम्बर राती ९ बजे यसलाई याम्योत्तरवृत्तमा देख्न सकिन्छ। यसका देवता पूषा हुन्। **रेवती तु पौष्णम्** (अभि.चि.)।

रेवतीपुत्रः (पुं.) [*रेवत्याः पुत्रः, ष.त. ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् ६.३.६३ इति पक्षे ह्रस्वः*] बलराम।

रेवतीरमणः (पुं.) [*रमयतीति, रमु क्रीडायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, रेवत्या रमणः, ष.त.*] बलराम/रेवतीका पति।

रेवा (स्त्री.) [*रेवते उत्प्लुत्य गच्छति, अच्, टाप्*] नर्वदा नदी। **रेवां द्रक्ष्यस्युपलविषमे विन्ध्यपादे विशीर्णाम्** (मे.दू.पूर्वमेघ)।

रेवृ (धा.) [*प्लवगतौ, अक.सेट्, आत्म.*] उफ्रदै हिँड्नु, पौडी खेलेर पारी जानु। लट्– **रेवते–** उफ्रदै हिँड्छ, पौडी खेलेर पारी पुग्छ इत्यादि।

रेषृ (धा.) [*अव्यक्ते शब्दे, अक.सेट्, आत्म.*] अस्पष्ट शब्द बोल्नु, हिनहिनाउनु। लट्–**रेषते** अस्पष्ट शब्द गर्छ, हिनहिनाउँछ इत्यादि।

रै (धा.) [*शब्दे, अक.अनि.पर.*] शब्द गर्नु। लट्– **रायति–** शब्द गर्छ। लिट्– **ररौ–** शब्द गरेछ (अन.) इत्यादि।

रैवतकः (पुं.) [रेवत्या अयम्, रैवतः,रैवत एव, स्वार्थे कन्] पर्वतविशेष

रैवतिकः (पुं.) [*रेवत्याः अपत्यम्, रेवतीशब्दात् रेवत्यादिभ्यष्ठक् ४.१.१४६ इति ठक्, वृद्धिः, ठस्य इकः, इलोपः*] रेवतीको छोरो।

रोकम् (नपुं.) [*रोचतेऽत्र, रुच दीप्तौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, निष्ठायां सेट्त्वात्र्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्*] १.किन्ने वस्तु २.छिद्र ३.किरण।

रोगः (पुं.) [*रुज्यतेऽनेन, रोजनम् इति वा, रुज हिंसायामिति धातोः, भावे ३.३.१८ इति घञ्, अकर्तरि च कारके संज्ञायामिति वा घञ्, यद्वा रुजति, पदरुज ३.३.१६ इति घञ्*] बिमारी/व्याधि/
अत्यम्बुपानं कठिनासनञ्च धातुक्षयो वेगविधारणञ्च।
दिवाशयो जागरणञ्च रात्रौ षड्भिर्नराणां निवसन्ति रोगाः॥
(ग.पु.आचारकाण्ड ११४.२८)

~ग्रस्तः (पुं.) [*रोगेण ग्रस्तः, तृ.त.*] रोग लागेको/ रोगी/ रोगाक्रान्त/रोगार्त। **~निरोधकद्रव्यम्** (नपुं.) [*रोगस्य निरोधकम्, ष.त., तच्च तद् द्रव्यञ्च, कर्म.स.*] रोगको उत्पत्ति तथा प्रसार रोक्ने औषधि।

रोगहारी (पुं.) [*रोगं हरति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.वैद्य २.औषधी।

रोगाक्रान्तः (पुं.) [*रोगेण आक्रान्तः, तृ.त.*] रोगले ग्रस्त पारेको/रोग लागेको/रोगार्त/रोगी।

रोचनः (पुं.) [*रोचते, रुच दीप्तौ इति धातोः, अनुदात्तेतश्च ३.२.१४९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कालो सिमल २.रातो कमल ३.गाईको पित्त ४.कवरजातिकी स्त्री ५.रुचिलाग्दो विषय।
रोचना रक्तकह्लारे गोपित्तकवरयोषितोः।
रोचनः कूटशाल्मल्यां पुंसि स्याद्रोचके त्रिषु॥ (मेदिनी.)

रोचना (स्त्री.) [*रोचतेऽसौ, रुच दीप्तौ इति धातोः, बाहुलकाद् युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.रातो कमलको फूल २.गाईको पित्त ३.उत्तम आइमाई।

रोचनिका (स्त्री.) [*रोहणम्, रुह बीजजन्मनिप्रादुर्भावे च इति धातोः, णिचि, हस्य पः, युच्,अनः ,टाप्, इत्वम्*] वंशलोचन।

रोचनी (स्त्री.) [*रोचते इति, रुच दीप्तावभिप्रीतौ च इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] १.निशोथ २.ज्यादा कठोर। **रोचनी त्रिवृतादन्त्योः। रोचनी कर्कशे स्मृता** (मेदिनी.)।

रोचिः (नपुं.) [*रोचतेऽसौ, बाहुलकात् केवलादपि रुच प्रीतौ इति धातोः, वसौ रुचेः सञ्ज्ञायाम् (उ.) इति इसिन्, यद्वा रोचतेऽनेन इति, रुच दीप्तौ इति धातोः, अर्चिशुचि (उ.२.१०८) इति इसिः*] १.कान्ति २.किरण। **रोचिः शोचिरुभे क्लीबे** (अमर.)।

रोचिष्णुः (पुं.वि.) [*रोचनशीलः, रुचिर् दीप्तौ इति धातोः, अलङ्कृञ् ३.२.१३६ इति इष्णुच्*] १.चम्किलो २.सिङ्गारिएको।

रोटिका (स्त्री.) [*रुट प्रतिघाते इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, टाप् ४.१.४ इत्वम्*] १.रोटी २.तावामा सेकाएर भुङ्ग्रामा फुलाएको रोटी। **शुष्कगोधूमचूर्णेन किञ्चित् पुष्टाञ्च पोलिकाम्। तप्तके स्वेदयत् कृत्वा भूर्यङ्गारेऽपि तां पचेत्। सिद्धैषा रोटिका प्रोक्ता** (भावप्रकाश) यो बलवर्द्धक, रुचिजनक र बातनाशक हुन्छ। स्वस्थ्यका दृष्टिले उपयोगी मानिएका रोटी अनेक प्रकारका हुन्छन्। आयुर्वेदमा वर्णित त्यस्ता केही महत्त्वपूर्ण रोटीहरू– १.**बटी** (लिटी,) यो गहूँको पिठो पानीमा साह्रो हुने गरी मुछेर ओखरजत्रा डल्ला पारी भुङ्ग्रामा पकाइन्छ। यो ज्यादै गुणकारी हुन्छ। २.**यवरोटिका**– जौको पिठाको रोटी, यसले शरीरलाई तागत दिनुका साथै रोगसित लड्ने शक्ति प्रदान गर्दछ। ३.**बलभद्रिका**– बोक्रैसित पिसेको मासको पिठाको रोटी। यो बल तथा अग्निप्रवर्द्धक हुन्छ। ४.**धुमसी रोटिका**– मास पिसेर बोक्रा निकाली तयार गरेको पिठोबाट बनेको रोटी। यसलाई झर्झरी पनि भन्दछन्। रोगीका लागि यो अत्यन्त गुणकारी मानिन्छ। ५.**चणकरोटिका**– चनाको पिठाको रोटी। यसले कफ, पित्त र रक्तजन्य विकारलई नाश गर्दछ। ६.**वेढमिका**– गहूँको पिठोभित्र मासको पिठो भरेर बनाइएको रोटी। यो बलदायक, वीर्यवर्द्धक र रुचिकारक तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातनाशक हुन्छ। ७.**पर्पटः** (पापड) यो अनेक किसिमको हुन्छ— मासको पिठाको पापड, मुगी र चनाको पिठाको पापड आदि। यी सबै थरी पापड बल तथा रुचिवर्द्धक हुन्छन्। यस्तै अरू पनि रोटी र तिनका प्रकारहरू छन्। विशेष जानकारीका लागि हे. **भावप्रकाशनिघण्टु, कृतान्नवर्ग।**

रोड् (धा.) [*उन्मादे, सक.सेट् पर.*] उन्मत्त हुनु, पागल हुनु। लट्— **रोडति**— उन्मत्त हुन्छ, पागल हुन्छ इत्यादि।

रोदनम् (नपुं.) १.[*रुदिर् अश्रु विमोचने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] रुने काम २.[*रुद्यते, रुदिर् अश्रुविमोचने इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् अनः ७.१.१*] आँसु। **रोदनं क्रन्दनेऽस्रेऽपि दुरालम्भौषधौ स्त्रियाम्** (मेदिनी.)।

रोदनी (स्त्री.) [*रोदयति, रुदिर् अश्रुविमोचने इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] सिस्नु।

रोदसी (स्त्री.) [*गौरादितया ङीष्*] १.स्वर्ग २.भूमि।

रोदस्यौ (स्त्री./द्विव.) आकाश र पृथ्वीका बिचको स्थान।

रोधः (पुं.) [*रोधनम्, रुधिर् आवरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रोक/रोक्का/बाधा/अडकाउ २.[*रुणद्धि,जलम्, रुधिर् आवरणे इति धातोः, असुन् (उ.) इति असुन्, रोधः अदन्तोऽपि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] तीर/तट। ३.लोध वृक्ष।

रोधकः (पुं.) [*रुणद्धि, रुधिर् आवरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] रोक्ने/अवरोध गर्ने/छेक्ने।

रोधनः (पुं.) [*रुणद्धि, रुधधातोर्ल्युः, अनः*] अवरोध पुऱ्याउने।

रोधम् (नपुं.) [*रुध्यतेऽनेन, बाहुलकाद् रन्*] १.अपराध २.पाप।

रोधोवक्रा (स्त्री.) [*रोधसा पाषाणद्यवरोधेन वक्रा, कुटिला, तृ.त.*] नदी। (त्रिकाण्डशेष)

रोधोवती (स्त्री.) [*रोधोऽस्त्यस्याः, मतुप्, मस्य वः, उदित्वान् ङीप्*] नदी (राजमार्तण्ड)।

रोपः (पुं.) १.[*रोहणम्, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, णिचि, हस्य पः, भावे ३.३.१८ इति घञ्*] रोप्ने काम/रोपण २.[*रोप्यते, अनेन वा, रुप विमोहने इति धातोः, णिचि, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा— रुप्यतेऽनेन, हलश्च ३.३.१२१ इति घञ्*] बाण। **रोपो रोपणवाणयोः** (विश्वः)।

रोपकः (पुं.वि.) [*रोहयति, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, णिचि, हस्य पः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] बोट, बिरुवा आदि लगाउने/रोप्ने।

रोपणम् (नपुं.) [*रोहणम्, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, णिचि, हस्य पः, भावे ल्युट् अनः, णत्वम्*] रोप्ने काम।

रोम (नपुं.) [*रु शब्दे इति धातोः, नामन्— सीमन्— व्योमन्— रोमन्— लोमन्— पाप्मन्— ध्यामन् (उ.) ६०० इति मन्प्रत्ययान्तो निपातः*] रौँ।

रोमकन्दः (पुं.) [*रामयुक्तो कन्दो यस्य सः, बहु.स.*] पिँडालु।

रोमकपत्तनम् (नपुं.) [*रोमकञ्च तत्पत्तनञ्च, कर्म.स.*] देशविशेष।

लङ्काकुमध्ये यमकोटिरस्याः प्राक्पश्चिमे रोमकपत्तनञ्च।
अधस्ततः सिद्धपुरं सुमेरु सौम्येऽथ याम्ये वडवानलश्च॥
(सि.शि. गोलाध्याय)

रोमकम् (नपुं.) [*रोमे तद्देशे कायति, कैधातोरात्वे कः*] १.रोमसहर २.अयस्कान्तमणि ३.धुलो नुन।

रोमकूपः (पुं.) [*रोम्णां कूप इव*] रौँका छिद्र। **रोमकूपेषु कौमारी त्वचं वागीश्वरी तथा** (दुर्गाकवच)।

रोमगुच्छः [*रोम्णां गुच्छं यत्र सः, बहु.स.*] चामर।

रोमगुच्छम् (नपुं.) [*रोम्णां गुच्छम्, ष.त.*] रौँको गुजुल्टो।

रोमन्थः (पुं.) उग्राएर चबाउनु।

रोमलता (स्त्री.) [*रोम्णां लता, ष.त.*] रोमावली।

रोमशः (पुं.) [*रोमाणि सन्त्यस्य, लोमादिपामादिपिच्छादिभ्यो शनेलचः इति शः*] १.भेडो २.पिँडालु ३.बँदेल ४.एक ऋषि।

रोमहर्षः (पुं.) [*रोम्णः हर्ष इव तद्व्यञ्जकत्वाद्*] रोमाञ्च/पुलक/रोमहर्षण/हर्ष, शोक, भय आदिले शरीरका रौँहरू ठाडा ठाडा हुनु/रोमाञ्चक हुनु।

रोमहर्षणः (पुं.) [*रोमाणि हर्षयति, ल्युः, अनः*] १.ऋषिविशेष। यी व्यासका शिष्य थिए। यिनले वाक्शक्तिबाट व्यासका रोमहरूलाई पुलकित तुल्याएका थिए। त्यसैले गर्दा व्यासले नै यिनको नाम रोमहर्षण राखिदिएका हुन्। २.बर्राको रुख ३.(पुं.वि.) [*रोम्णो हर्षणं यस्मात् सः, बहु.स.*] रोमाञ्चकारी

रोमहर्षणम् (नपुं.).[*रोम्णो हर्षणम्, ष.त.*] रौँ ठाडा हुनु।

रोमाञ्चः (पुं.) [*रोम्णामञ्चनं उद्गमनम्, भावे ३.३.१८ इति घञ्*] रौँ ठाडा हुनु।

रोमाञ्चितः (पुं.वि.) [*रोमाञ्चोऽस्य सञ्जात इति, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] रोमाञ्च भएको/ पुलकित।

रोमोद्गमः (पुं.) [*रोम्णामुद्गमः, ष.त.*] रोमाञ्च। **रोमोद्गमः प्रादुरभूदुमायाः** (कु.सं.७.७७)।

रोमोद्भेदः (पुं.) [*रोम्णामुद्भेदः, ष.त.*] रोमाञ्च।

रोलम्बः (पुं.) [*रौतीति विच्, रौः कुर्वन् लम्बति स्थानात् स्थानान्तरं गच्छति, अच्*] भमरो (त्रिकाण्डशेष)।

रोलम्बमाला (स्त्री.) [*रोलम्बानां माला, ष.त.*] भमराको ताँती।

रोषः (पुं.) [*रुष रोषे इति धातोः,भावे ३.३.१८ इति घञ्*] रिस।

रोहः (पुं.) [*रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, भावे ३.२.१०२ इति घञ्*] उत्पन्न हुने काम/अङ्कुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोहणद्रुमः (पुं.) [*रोहणस्य द्रुमः, ष.त.*] श्रीखण्ड। **श्रीखण्डं रोहणद्रुमः** (अभि.चि.)।

रोहणः (पुं.) [*रोहति, नन्द्यादितया ३.१.१३४ इति ल्युः, अनः*] रत्नपर्वत।

रोहणम् (नपुं.) [*रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] चढ्ने काम/आरोहण।

रोहिणः (पुं.वि.) [*रोहति वीजेन जायते सः, रुह प्रादुर्भावे इति धातोः, रुहेश्च (उ.) २.५६ इति इनच्, गुणः, यद्वा रोहिण्यां जातः, सन्धिवेलाद्यृतुनक्षत्रेभ्योऽण् ४.३.१६ इति अण्, नक्षत्रेभ्यो बहुलम् ४.३.३७ इति अणो लुक्, पक्षे वृद्धिः रौहिणः*] १.रोहिणी नक्षत्रमा पैदा भएको २.(पुं.) चन्दनको रुख।

रोहिणिका (स्त्री.) [*रोहिणी एव, स्वार्थे कन्,टाप्, इत्वम्, ह्रस्वः*] क्रोधले रातो मुख लगाउने स्त्री।

रोहिणी (स्त्री.) [*रुह बीजजन्मनि प्रादुर्भावे इति धातोः, रुहेश्च (उ.) २.५६ इति इनच्, गुणः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा रोहितवर्णयोगात्, वर्णादनुदात्तोपधातो नः ४.१.३९ इति ङीम्नौ*] १.गुर्जो २.ऐसेलु ३.कुटकी ४.मजिठो ५.खमारी ६.हर्रो ७.गाई ८.बिजुली ९.रिट्ठा १०.बलरामकी मुमा ११.विद्याका सोह्र देवीमध्ये एक देवी। १२.धैवत स्वरका तीन श्रुतिहरूमध्ये दोस्रो श्रुति १३.नौ, पाँच वा तीन वर्षकी कन्या १४.माछोविशेष १५.गलाको रोगविशेष १६.नवकुमारीमध्ये एक १७.चन्द्रमाकी सबैभन्दा प्यारी पत्नी १८.भर्खर (पहिलो पटक) रजस्वला भएकी स्त्री १९.सत्ताइस नक्षत्रहरूमध्ये चौथो नक्षत्र। यसको ध्रुवांश (मेषको ० बाट हुने दूरी) ४६.३० छ, यस भित्र पाँच तारा छन्। यस नक्षत्रको योगतारा पूर्वपट्टि छ। यसको आकार गाडाको जस्तो छ। (सिद्धान्तदर्पण) यस नक्षत्रको निर्धारित सीमाको क्षेत्र ५३ अंश २० कला छ भने यो नक्षत्र ४९अंश ५५कलामा अवस्थित छ। यसलाई १८ जनवरी राती ९ बजे याम्योत्तर वृत्तमा देख्न सकिन्छ। यो नक्षत्र हाम्रो सूर्यभन्दा ९१ गुना ठुलो छ। यो नक्षत्र पृथ्वीबाट ५३ प्रकाशवर्ष टाढा छ। यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पाद विभाजनअनुसार क्रमशः ओ वा वि वुबाट प्रारम्भ हुन्छ। (मु.चि.) (मूले) **ब्राह्मी तु रोहिणी** (अभि.चि.)।



(रोहिणी)

रोहिणीपतिः (पुं.) [*रोहिण्याः पतिः, ष.त.*) चन्द्रमा।

रोहिणीशः (पुं.) [*रोहिण्याः ईशः, ष.त. एवं रोहिणीवल्लभादयोऽपि*] चन्द्रमा।

रोहिणीसुतः (पुं.) [*रोहिण्याः सुतः, ष.त.*] १.बुध ग्रह २.बलराम। **श्यामाङ्गो रोहिणीसुतः** (अभि.चि.)।

रोहित् (स्त्री.) [*रोहति, बीजं जनयति, रुह बीजजन्मनि, इति धातोः, हसृरुहियुषिभ्य इतिः (उ.) इति सूत्रेण, इतिः*] १.पोथी मृग २.लहराको एक प्रकार ३.अग्नि ४.सूर्य।

रोहितः (पुं.) [*रोहति प्रदुर्भवतीति, रुह बीजजन्मनि प्रादुर्भावे च, इति धातोः, रुहे रश्च लो वा (उ. ३८१) इति इतन्, यद्वा रोहणम्, भावे ३.३.१८ इति घञ्, रोहो जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इतज्*] १.गुराँसको फूल २.एक जातको माछा/रोहु ३.राजा हरिश्चन्द्रका छोरा ४.मृगविशेष ५.रातो वर्ण ६.मङ्गलग्रह ७.शोणनद ८.कुङ्कुम ९.रक्तचन्दन १०.रगत ११.युद्ध १२.रातो खालको रुख १३.वाणको ठोक्रो १४.शुक्र।

रोहितं कुङ्कुमे रक्ते ऋजुशक्रशरासने।
पुंसि स्यान्मीनमृगयोर्भेदे लोहितकद्रुमे॥ (मेदिनी.)

रोहितकः (पुं.) [*रोहितो वर्णोऽस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, स्वार्थे कन् ५.३.७५*] १.गुराँसको फूल २.कुङ्कुम ३.रगत ४.औषधिविशेष ५.हरिश्चन्द्रको छोरो ६.मङ्गलग्रह ७.(पुं.वि.) रातो।

रोहितम् (नपुं.) [*रुहधातोः रुहे रश्च लो वा (उ.) इति इतन्*] १.रातो वर्ण २.कुङ्कुम ३.सिधाखालको इन्द्रधनु।

रोहिताश्वः (पुं.) १.[*रोहिताः लोहताः अश्वाः ज्वालाः यस्य सः, बहु.स.*] अग्नि। **रोहिताश्वो वायुसखः शिखावानाशुशुक्षणिः** (अमर.) २.[*रोहितश्चासौ अश्वश्च, कर्म.स.*] रातो घोडा।

रोहिषी (स्त्री.) दुबो।

रोही (पुं.) [*अवश्यं रोहति आवश्यकाधमर्ण्ययोर्णिनिः ३.३.१७० इति णिनिः*] १.गुराँस २.पीपल ३.वरवृक्ष।

रोही रोहितके ऽश्वत्थवटपादपयोः पुमान् (मेदिनी.)।

रौक्ष्यम् (नपुं.) [*रुक्षस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] रुखोपना।

रौच्यः (पुं.) [*रुचेरपत्यम्, अण्*] १.मनुविशेष २.ब्रह्मचारीले प्रयोग गर्ने वेलको लट्ठी। **वैल्वः सारस्वतो रौच्यः** (अभि.चि.)।

रौच्यम् (नपुं.) [*रौच्यस्य इदम्,अण्*] मन्वन्तरविशेष।

रौड् (धा.) [*अनादरे, सक.सेट्, पर.*] अपमान गर्नु। लट्– **रौडति–** अपमान गर्छ। लिट्– **रुरौड–** अपमान गरेछ इत्यादि।

रौद्रः (पुं.) १.[*रुद्रो देवतास्य, साऽस्य देवता ४.२.२४ इत्यण्*] नौ वटा रसमध्येको एक रस (हे. रौद्ररसः) २.हेमन्त ऋतु। (अभि.चि.) ३.सूर्यको प्रकाश ४.(पुं.वि.) [*रुद्रस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] डरलाग्दो/भयङ्कर। **रौद्रन्तुग्रम्** (अमर.)।

रौद्ररसः (पुं.) [*रौद्र इति रसः, कर्म.स.*] नौ रसमध्येको एक रस। यसमा शत्रु आलम्बन विभाव हुन्छ। यसका क्रियाकलापहरू उद्दीपन विभावको रूपमा आउँछन्। कम्पन हुनु, दाँत टोक्नु आदि यसका अनुभाव हुन्। आवेग, उन्माद आदि यसका व्यभिचारिभाव हुन्छन्। क्रोध यस रसको स्थायिभाव हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसका अधिष्ठातृदेवता रुद्र हुन्। त्यसैले यसलाई रौद्र भनिएको हो।

रौद्री (स्त्री.) [*रुद्रो देवता अस्याः अण्, ङीप्*] १.आर्द्रा नक्षत्र। **आर्द्रा तु कालिनी रौद्री** (अभि.चि.) हे. आर्द्रा २.चण्डी ३.रुद्रजटा ४.चामुण्डा ५.मयदैत्यले बनाएको डरलनग्दो माया।

रौप्यम् (नपुं.) १.[*रूप्यमेव, प्रज्ञादिभ्यश्च ५.४.३८ इति चादाकृतिगणतया स्वार्थेऽण्*] १.चाँदी २.रुपियाँ।

रौप्यकम् (नपुं.) [*रौप्यमेव, स्वार्थे कन्*] १.चाँदी २.रुपियाँ।

रौमम् (नपुं.) [*रुमायां लवणाकरे भवम्, अण्*] साँवरी नुन।

रौमकम् (नपुं.) [*रुमायां भवम्, तत्र भवः ४.३.५३ इत्यण्, संज्ञायां कन् ५.३.७५*] साँवरी नुन।

रौरवः (पुं./नपुं.) [*रुरवः सर्पादपि क्रूराः, भीषणाश्च जन्तवः, ते सन्त्यस्मिन्, ओरञ् ४.२.७१ इत्यञ्*] १.एक्काइस महानरकमध्ये एक नरक। **रौरवो नरके घोरे** (मेदिनी.) **रुरुरिति सर्पादतिक्रूर सत्त्वस्यापदेशः** (भाग.५.२६.१६) २.[*रुरोर्विकारोऽवयवो वा*] रुरु मृगको मासु वा छाला ३.[*रुरवः सन्त्यस्मिन् देशे, पूर्ववत्*] रुरुमृग पाइने देश ४.(पुं.वि.) अतिशय डर लाग्दो।

रौहिणम् (नपुं.) [*रोहिणमेव, स्वार्थेऽण्*] दिनको नवौं मुहूर्त।

रौहिणेयः (पुं.) [*रोहिण्या अपत्यं पुमान्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः*] १.बुध ग्रह। **रौहिणेयो बुधः सौम्यः** (अमर.)। २.बलराम। **तत्रोपविष्टं पृथुदीर्घबाहुं ददर्श कृष्णः सहरौहिणेयः** (म.भा.१.१९२.१९) ३.विद्वान् ४.गाईको बाच्छो ५.पुरुषोत्तम क्षेत्रमा रहेका पाँच तीर्थमध्ये एक ।

रौहिणेयम् (नपुं.) मरकतमणि।

रौहिषः (पुं.) [*रोहति प्रादुर्भवति, रुहेर्वृद्धिश्च (उ.) ५० इति टिषन्, वृद्धिश्च, यद्वा रौहिषं तृणभेदमत्ति, शेषे ४.२.९२ इत्यण्*] मृग-विशेष।

रौहिषम् (नपुं.) [*पूर्ववत्*] घाँस विशेष। **रौहिषो मृगभेदे स्याद् रौहिषञ्च तृणं मतम्** (संसारावर्त)।

रौहिषी (स्त्री.) १.[*रौहिषस्य स्त्री,ङीष्*] मृगी २.[*रौहिषस्येयम्*] दुबो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल

ल- १.देवानागरी लिपिको वर्णमालाअनुसार, अन्तःस्थ व्यञ्जनको तेस्रो अक्षर/दन्त्यस्थानीय वर्ण। देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको अठ्ठाइसौँ वर्ण। आभ्यन्तर प्रयत्नमा ईषत्स्पृष्ट प्रयत्न। बाह्य प्रयत्नमा संवार, नाद, घोष र अल्पप्राण प्रयत्न। **हशः संवारनादा घोषाश्च। वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः।** भाषाविज्ञानअनुसार खण्डीय वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

लकारः (पुं.) [*ल एव, वर्णात्कारः (वा.) इति निर्देशे कारप्रत्ययः*] १.'ल' यस्तो अक्षर २.संस्कृत व्याकरणअनुसार क्रियाका दश प्रकारका रूप बुझाउन प्रयोग हुने लकार– लट्, लिट्, लुट्, लृट्, लेट् (यसको प्रयोग वेदमा मात्र हुन्छ), लोट्, लङ्, लिङ्, लुङ् र लृङ्।

लकुचः (पुं.) [*लक्यते, लक आस्वादने इति धातोः, बाहुलकादुचः*] १.बडहर २.लौकाट।

लक्तकः (पुं.) [*लक्यते स्म, लक आस्वादने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] पुराना मैला लुगाका टुक्रा।

लक्ष (धा.) [*आलोचने, सक.सेट् आत्म.*] आलोचना गर्नु। लट्– **लक्षयते–** आलोचना गर्छ इत्यादि।

लक्ष (धा.) [*दर्शनाङ्कनयोः, सक.सेट् उभय.*] हेर्नु, चिनो लगाउनु, विवेचना गर्नु। लट्– **लक्ष्यति-ते–** हेर्छ, चिनो लगाउँछ, विवेचना गर्छ इत्यादि।

लक्षः (पुं.) [*लक्ष दर्शनाङ्कयोः, इति धातोः, लक्षेरट् च (उ.) २९४, इति अट्*] १.लाख २.उद्देश्य।

लक्षकः (पुं.) [*लक्षयति, लक्ष दर्शनाङ्क्यो इति धातोः, ण्वुल्तृचौ ३.१.३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] लक्षणा शक्तिबाट लक्ष्य अर्थ बुझाउने शब्द। यस शब्दबाट मुख्य अर्थ बाधित भएपछि रूढि अथवा प्रयोजनवश मुख्य अर्थसँग सम्बन्धित अर्को अर्थ बुझिन्छ। जस्तै– **वाग्मतीमा गोठ छ** भन्दा जलप्रवाह अर्थ भएको वाग्मतीमा गोठको अस्तित्व सम्भव नहुने हुँदा मुख्य अर्थमा बाधा परेको छ। त्यसैले यहाँ वाग्मती शब्दको अर्थ तीर भन्ने हुन्छ। यहाँ लक्षणा गर्नुको मुख्य प्रयोजन पवित्र अथवा चिसो ठाउँ भन्ने हुन्छ। जलप्रवाह (मुख्य अर्थ) र तीर (लक्ष्य अर्थ) को सम्बन्ध सामीप्य अर्थात् निकटता छ।

लक्षणम् (नपुं.) [*लक्षयतेऽनेन, लक्ष दर्शनाङ्क्योः इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति करणे ल्युट्, यद्वा लक्षयतीति, लक्ष दर्शनाङ्क्योः, इति धातोः, लक्षेरट् च (उ.) २९४, इति अट् नकारश्च*] १.कुनै वस्तु चिन्न वा थाहा पाउन आवश्यक पर्ने त्यसका विशेषता वा गुण २.चिह्न ३.शकुन/लच्छिन ४.कुनै घटना हुनुभन्दा पहिले त्यसको सूचना गर्ने चिह्न ५.अव्याप्ति, अतिव्याप्ति र असम्भव दोष नभएको कुनै विषयको परिभाषा ६.चन्द्रमाको धब्बा।

लक्षणं नाम्नि चिह्ने च सारस्यां लक्षणा कचित् (विश्व.)।
ज्योतिष्मत्यां च सारस्यां स्त्री, क्लीबे नामचिह्नयोः।
स्याद्यक्षे लक्ष्मणः पुंसि सौमित्रौ, श्रीमति त्रिषु (रभस.)।

लक्षणलक्षणा (स्त्री.) लक्षणाको एक भेद। आफ्नो अर्थलाई पूरै त्यागेर अर्को अर्थ बुझाउने शब्दशक्ति।

लक्षणा (स्त्री.) [*लक्ष्यते मुख्यार्थातिरिक्तोऽर्थो बोध्यतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४, णत्वम्*] शब्दको दोस्रो शक्ति। मुख्य अर्थमा बाधा परेपछि अन्य अर्थ बुझाउने शब्दको व्यापार। लक्षणा हुन तीन तत्त्व अपेक्षित हुन्छन्– १.मुख्यार्थवाध, लक्ष्यार्थ र मुख्यार्थ तथा लक्ष्यार्थका बिचको कुनै न कुनै सम्बन्ध, रूढि अथवा प्रयोजन। मुख्यार्थवाध दुई किसिमको हुन्छ– अन्वयानुपपत्ति र तात्पर्यानुपपत्ति। जस्तै **वाग्मतीमा गोठ छ** भन्दा जलप्रवाहको अर्थ दिने वाग्मतीमा गोठको अस्तित्व सम्भव नभएको हुँदा मुख्य अर्थमा बाधा परेको छ। त्यसैले वाग्मती शब्दको यहाँ वाग्मतीको तट भन्ने लक्ष्यार्थबोध हुन्छ। मुख्यार्थ र लक्ष्यार्थका बिच सामीप्य सम्बन्ध रहेको छ। चिसो ठाउँ अथवा पवित्र स्थल बुझाउनु यो लक्षणाको मुख्य प्रयोजन हो। त्यस्तै नेपाल आँटिलो छ भन्दा जड वस्तु नेपाल आँटिलो हुनु सम्भव नभएकाले मुख्य अर्थमा बाधा परेको छ। त्यसैले यहाँ नेपाल शब्दको अर्थ नेपालवासी भन्ने हुन्छ। मुख्यार्थ र लक्ष्यार्थका बिच यहाँ आधाराधेयभाव सम्बन्ध छ। नेपाल शब्द नेपालवासीमा रूढ भएको हुनाले यो रूढि लक्षणाको उदाहरण हो २.[*लक्ष दर्शनाङ्क्योः इति धातोः, लक्षेरट् च (उ.) २९४ इति अट्, नकारश्च, टाप् ४.१.४, णत्वम्*] पोथी सारस, **सारस्यां लक्षणा क्वचित्** (मेदिनी.) ३.अप्सराविशेष।

लक्षणाभेदः (पुं.) [*लक्षणाया भेदः, ष.त.*] लक्षणा शक्तिका प्रकारहरू– प्रथमतः लक्षणा दुई किसिमको हुन्छ– रूढि र प्रयोजनवती। यी दुवैका उपादान र लक्षणलक्षणाका भेदले लक्षणा चार किसिमको हुन्छ। प्रत्येकका सारोपा साध्यवसानाका भेदले लक्षणा १६ किसिमको हुन्छ। सबै भेदको शुद्धा र गौणीका हिसाबले लक्षणाको सङ्ख्या ३२ पुग्छ। प्रयोजनवती लक्षणा गूढव्यङ्ग्या र अगूढव्यङ्ग्या गरी दुई किसिमको हुन्छ। धर्मगत र धर्मिगत हिसाबले प्रयोजनवती लक्षणा १६ किसिमको हुन्छ। रूढि लक्षणा र प्रयोजनवती लक्षणा ३२ भेदलाई जोड्दा यो ४८ किसिमको हुन्छ। प्रत्येक लक्षणाका पदगत र वाक्यगत भेद हुन्छन्। यसरी लक्षणा ८० प्रकारको हुन्छ। (रू. ८ + प्र. ८×२×२ = ४०×२ = ८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्षम् (नपुं.) [*लक्षयतीति, लक्ष दर्शनाङ्कनयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३३ इत्यच्, यद्वा लक्ष्यते इति, लक्ष आलोचने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.सय हजारको सङ्ख्या/लाख २.निशाना। **लक्षं व्याजशरव्ययोः। सङ्ख्यायामपि** (हैम.)।

लक्षितः (पुं.वि.) [*लक्षयते स्म, लक्ष दर्शनाङ्कनयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] लक्ष्य गरिएको/निर्दिष्ट।

लक्षिता (स्त्री.) [*लक्ष्यते स्म, लक्ष दर्शनाङ्कनयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ३.२.१०२*] नायकसितको समागमका लक्षणले युक्त नायिका।

लक्ष्म (नपुं.) [*लक्षयत्यनेन, लक्ष्यते इति वा, लक्ष दर्शनाङ्कनयोः इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.३.७५ इति मनिन्*] १.निशाना २.चन्द्रमाको धब्बा ३.मुख्य ४.कुनै कुराको चिह्न। **लक्ष्म प्रधानचिह्नयोः** (विश्व.)।

लक्ष्मणः (पुं.) [*लक्ष्मीरस्त्यस्याः, पामादित्वान्नः, यद्वा लक्ष दर्शनाङ्क्योः इति धातोः, लक्षेरट् च (उ.) २९४, इति अट् मुड्वा (उ.)*] १.सुमित्राका गर्भबाट जन्मेका राजा दशरथका छोरा/रामचन्द्रका भाइ २.(पुं.वि.) [*लक्ष्म्या अच्च (ग.) ५.२.१०० इति पामादित्वान्नः अत्वं च*] धन र गृहशोभा प्रशस्त भएको।

लक्ष्मणा त्वोषधीभेदे सारस्यामपि योषिति
रामभ्रातरि पुंसि स्यात्सश्रीके चाभिधेयवत् (मेदिनी.)।

लक्ष्मणा (स्त्री.) [*लक्ष दर्शनाङ्क्योः इति धातोः, लक्षेरट् च २९४, इति अट् मुडागमः, टाप् ४.१.४, णत्वम् यद्वा लक्ष्मीरस्त्यस्याः, लक्ष्म्या अञ्च (ग.) ५.२.१०० इति नः,अत्वञ्च, टाप्, णत्वम्*] हंसी/पोथी हाँस।

लक्ष्मीः (स्त्री.) [*लक्षयति पश्यति नीतिज्ञपुरुषम्, लक्ष दर्शनाङ्कनयोः, इति धातोः लक्षेर्मुट् च (उ.) ४४८ इति ई प्रत्ययः, मुट् च, ङीप्प्रत्ययन्ताभावान्न सुलोपः*] १.शोभा २.पाते भुलो ३.स्थलकमल ४.वृद्धि नामको बुटी ५.हलेदो ६.शमीको रुख ७.तुलसी ८.फल्ने रुख ९.मोती १०.कमल ११.मेषशृङ्गी १२.मोक्षको प्राप्ति १३.प्रत्येक चरणमा सत्ताइस गुरु र तीन लघु वर्ण हुने आर्या छन्दको एक भेद १४.वीरकी पत्नी १५.सीता १६.दुर्गा १७.प्रत्येक चरणमा क्रमैले दुई रगण, एक गुरु र एक लघु अक्षर हुने छन्द १८.घरकी मालिक्नी १९.सौभाग्य २०.सफलता २१.सुन्दरता २२.धनसम्पत्ति २३.समुद्रमन्थन गर्दा प्रकट भएकी, सेतो वस्त्र पहिरेकी धनकी अधिष्ठात्री देवी, यिनका विष्णुप्रिया र राज्यलक्ष्मी गरी दुई भेद छन्। **विष्णुप्रिया–** विष्णु भगवान्‌की पत्नी वा शक्तिको रूपमा विष्णुको साथमा रहने देवी। **राज्यलक्ष्मी–** राजाहरूको ऐश्वर्यको रूपमा रहने देवी। तन्त्रशास्त्रमा लक्ष्मीका अनेक रूपको चर्चा छ। जस्तै– त्रिशक्तिलक्ष्मी, सौभाग्यलक्ष्मी, महालक्ष्मी, साम्राज्यलक्ष्मी, कमलालक्ष्मी, राज्यलक्ष्मी, सिद्धिलक्ष्मी आदि। **लक्ष्मीः सम्पत्तिशोभयोः, ऋद्ध्योषधौ च पद्मायां वृद्धिनामौषधेऽपि च** (मेदिनी.)। **~नारायणः** (पुं.) [*लक्ष्म्या सहितः नारायणः, म.प.स.*] १.लक्ष्मीनारायण भगवान्। २.भित्र दुइटा चक्र हुने शालिग्राम। **~नारायणौ** (पुं.द्वि.) [*लक्ष्मीश्च नारायणश्च, तौ, द्वन्द्वस.*] लक्ष्मी र विष्णु। **~पतिः** (पुं.) [*लक्ष्म्याः पतिः, ष.त.*] विष्णु/नारायण। **~पुत्रः** (पुं.) [*लक्ष्म्याः (वरदः) पुत्रः, ष.त.*] धनी व्यक्ति/धनाढ्य/ लक्ष्मीवान्। **~पूजा** (स्त्री.) [*लक्ष्म्याः पूजा, ष.त.*] कार्तिक कृष्ण औँसीका दिन दीपावली गरेर धुमधामका साथ मनाइने चाडपर्व/लक्ष्मीको पूजा।

लक्ष्मीवान् (पुं.) [*लक्ष्मीरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ४.२.९४ इति मतुप्, मस्य वः*] धनवान्/धनाढ्य/सुन्दर/धन र गृहशोभाले सम्पन्न।

लक्ष्यः (पुं./नपुं.) [*लक्ष्यते यदिति, लक्ष दर्शनाङ्कनयोः इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.उद्देश्य/ध्येय २.तारो/निशाना ३.तारो बनाउन लगाएको चिनो ४.हठयोगको साधनका लागि आवश्यक तत्त्व। हठयोगअनुसार लक्ष्य दुई किसिमका हुन्छन्– बाह्यलक्ष्य र आभ्यन्तरलक्ष्य। बाह्यलक्ष्यका १६ आधार छन् भने आभ्यन्तरलक्ष्य षट्क्रममा आधारित छ। –(हे. **चक्र**)। **~भेदः** (पुं.) [*लक्ष्यस्य भेदः, ष.त.*] अस्थिर लक्ष्यमा तारो हान्ने काम। **~सिद्धिः** (पुं.) [*लक्ष्यस्य सिद्धिः, ष.त.*] चिताएको वा आँटेको कामकुरो पुग्नु/लक्ष्यसिद्ध हुनु।

लख (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **लखति–** जान्छ इत्यादि।

लखि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **लङ्खति–** जान्छ इत्यादि।

लग (धा.) [*आस्वादने, सक.सेट् उभय.*] स्वाद लिनु, चाख्नु। लट्– **लागयति-ते–** स्वाद लिन्छ, चाख्छ इत्यादि।

लगि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **लङ्गति–** जान्छ इत्यादि।

लगुडः (पुं.) [*लगति सङ्गं करोति, लगे सङ्गे इति धातोः, उडच्*] लौरो/लठ्ठी।

लगे (धा.) [*रङ्गे, सक.सेट्.पर.*] संयोग हुनु, मिलाप हुनु, स्पर्श हुनु, लाग्नु। लट्– **लगति–** संयोग हुन्छ, मिलाप हुन्छ, स्पर्श हुन्छ, लाग्छ इत्यादि।

लग्नः (पुं.वि.) [*लगति स्म, लगे सङ्गे इति धातोः, क्षुब्धस्वान्तध्वान्तलग्नम्लिष्ट ७.२.१८ इति अनिट्को निपातः, आगमशास्त्रस्यानित्यत्वान्नेट्*] १.लागेको २.स्त्रीजातिमा आसक्त ३.लज्जित।

लग्नं राश्युदये क्लीबं सक्तलज्जितयोस्त्रिषु (विश्व.)।

लग्नकः (पुं.) [*लज्यते स्म, ओलस्जी व्रीडे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] जमानत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लग्नम् (नपुं.) [*लगति स्म, लगे सङ्गे इति धातोः, क्षुब्धस्वान्तध्वान्तलग्नम्लिष्ट ७.२.१८ इति अनिट्को निपातः, आगमशास्त्रस्यानित्यत्वान्नेट्*] क्षितिज र राशिको संयोग/राशिको उदयस्थल।

लघट् (पुं.) [*लङ्घयति पर्वतादिकम्, लघि गतौ इति धातोः, लङ्घेर्नलोपश्च (उ.) १४०, इति सूत्रेण, अटि, नलोपश्च*] वायु।

लघि (धा.) [*गतौ, भोजननिवृत्तौ च, सक./अक.सेट् आत्म.*] नाघेर हिँड्नु, भोजन छोड्नु। लट्– **लङ्घते–** नाघेर हिँड्छ, भोजन छोड्छ। लिट्– **ललङ्घे–** नाघेर हिँडेछ, भोजन छोडेछ इत्यादि। णिचि– **लङ्घयते–** नाघ्न लगाउँछ। सनि– **लिलङ्घिषते–** नाघ्न खोज्छ। कृदन्ते–**लङ्घितुम्–** नाघ्न। **लङ्घित्वा–** नाघेर। **लङ्घितव्यम्/लङ्घनीयम्/लङ्घ्यम्–**नाघ्नु पर्ने। **लङ्घकः/लङ्घिका/लङ्घयिता-त्री–** नाघ्ने। **लङ्घयन्-न्ती–** नाघिरहेको/की। **लङ्घित्वा/संलङ्घ्य–** नाघेर। **लङ्घितः/लङ्घितवान्–** नाघेको। **लघुः** ह्रस्व, चाँडो, थोरै इत्यादि।

लघि (धा.) [*भाषा (सा) याम्, अक.सेट् उभय.*] चम्कनु, बोल्नु। लट्– **लङ्घयति-ते–** चम्कन्छ, बोल्छ इत्यादि।

लघिमा (पुं.) [*लघोर्भावः, पृथ्वादिभ्य इमनिज्वा ५.१.१२२ इति इमनिज्, टिलोपः*] १.हल्कापन २.आठ सिद्धिमध्ये एक सिद्धि। यस सिद्धिका प्रभावले मानिस आकृतिमा सानो र हलुङ्गो बन्न सक्छ/लघुता।

लघिष्ठः (पुं.) [*अयमेषामतिशयेन लघुः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्*] सबभन्दा हलुङ्गो/सबभन्दा सानो वा कम।

लघीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन लघुः, द्विवर्चनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्*] अत्यन्त हलुङ्गो।

किमप्यसाध्यं महतां सिद्धिं याति लघीयसाम्।
प्रदीपो भूमिगेहान्तर्ध्वान्तं हन्ति न भानुमान्॥ (सुभा.)

लघुः (पुं.वि.) [*लङ्घति गन्तुं शक्नोतीति, लघि गतौ इति धातोः, लङ्घिबंह्योर्नलोपश्च (उ.२९) इति सूत्रेण कुः, नलोपश्च*] १.छोटो/सानो।

यत्र नास्ति दधिमन्थनघोषो यत्र नो लघुलघूनि शिशूनि।
यत्र नास्ति गुरुगौरवपूजा तानि किं वत गृहाणि वनानि॥ (सुभा.)

२.क्षुद्र ३.हलुङ्गो ४.सुन्दर ५.सार नभएको ६.छिटो ७.(पुं.) औषधिविशेष ८.छन्दमा प्रयोग हुने ह्रस्व वर्ण ९.कालो अगुरु।

लघुरगुरौ च मनोज्ञे निःसारे वाच्यवत्क्लीबम्।
शीघ्रे च कृष्णागुरुणि स्पृक्कानामौषधौ तु स्त्री॥ (विश्व.)

~ तमसमापवर्त्यः (पुं.) दुई वा दुईभन्दा बढी सङ्ख्याहरूले निश्शेष भाग लाग्ने सबभन्दा सानो सङ्ख्या निकाल्ने गणितको प्रक्रिया। **~द्राक्षा** (स्त्री.) [*लघ्वी चासौ द्राक्षा च, कर्म.स.*] किसमिस/सुकाएको अङ्गुर। **~वादः** (पुं.) [*लघुश्चासौ वादश्च, कर्म.स.*] सानोतिनो मामिला/सुरुको मामिला। **~शङ्का** (स्त्री.) [*लघ्वी चासौ शङ्का च, कर्म.स.*] पिसाब गर्ने काम/मूत्रत्याग।

लघुकथा (स्त्री.) [*लघ्वी चासौ कथा च, कर्म.स.*] छोटो किसिमको कथा। पञ्चतन्त्रका कथाहरू लघुकथाभित्र पर्दछन्। यिनीहरू कुनै नैतिक शिक्षा दिने उद्देश्यले लेखिएका हुन्छन्।

लघुतमः (पुं.) [*अयमतिशयेन लघुः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] ज्यादै सानो।

लघुतरः (पुं.) [*अयमनयोः लघुः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप्*] दुईमध्ये सानो।

लघुलयम् (नपुं.) [*लङ्घते रोगान्, लङ्घयते वा भूस्थत्वात्, लघि गतौ इति धातोः, लङ्घिबंह्योर्नलोपश्च (उ.२९), लघु लीयते, लीङ् श्लेषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] उशीरको जरो। **लामज्जकं सुवासं स्यादमृणालं लयं लघु** (सुश्रुतः)।

लघुलिपिः (स्त्री.) संक्षिप्त लेखन शैली/सर्टहैंड/अर्काले भनको कुरा सजिलोसित टिप्न सकियोस् भनी बनाइएको टिपोट शैली।

लघुसप्तर्षिमण्डलम् (नपुं.) [*लघु च तत् सप्तर्षिमण्डलञ्च, कर्म.स.*] पुराणमा वर्णित शिशुमार चक्र/सातवटा ताराहरूको सानो मण्डली। यसलाई लघु ऋक्ष (सानो भालु) ध्रुवमत्स्य (अचल माछो) वा ऋक्षिका पनि भनिन्छ। यी सात तारामध्ये प्रारम्भका तारा जय, विजय हुन्। यी बढी चम्किला छन्। यो तारामण्डल ७५ उत्तरी अक्षांशबाट ध्रुवसंम फैलिएको छ।

लघूद्योगः (पुं.) [*लघुश्चासौ उद्योगश्च, कर्म.स.*] साना साना उद्योग/थोरै लागतबाट तयार हुन सक्ने उद्योग/कुटीरउद्योग।

लघूकरणम् (नपुं.) [*अलघुर्लघुर्यथा सम्पद्यते तथा करणम्*] १.सरल गर्नु/हल्का पार्नु २.पातलो पार्नु ३.क्षीण पार्नु/कम गर्नु।

लङ्का (स्त्री.) [*रमतेऽसौ, रमु क्रीडायाम् इति धातोः, कृदाधाराचिकलिभ्यः कः (उ.) ३२७ इति बाहुलकात् कः, कपिलकादित्वाद् धातोरादेर्लः टाप्*] १.भारतबाट दक्षिणतिर रहेको एक देश/रावणको प्रसिद्ध राज्य २.रामायणमा प्रसिद्ध एक राक्षसी ३.वृक्षको हाँगा ४.वेश्या/पुंश्चली।

लङ्केशः (पुं.) [*लङ्काया ईशः, ष.त.*] रावण (अभि.चि.३.३७०)।

लङ्कोपिका (स्त्री.) [*लङ्कायामुप्यते, डुवप् बीजसन्ताने इति धातोः, क्वुन् (उ.), वचिस्वपि (६.१.१५) इति वस्य उः, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्*] कपुरपाती।

लङ्घकः (पुं.वि.) [*लङ्घयतीति, लघि गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.नाघ्ने/फट्कने २.उल्लङ्घन गर्ने ३.नियम, रीति आदि नमान्ने ४.भोकै बस्ने।

लङ्घनम् (नपुं.) [*लघि गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.नाघ्ने क्रिया २.नाघ्नु ३.उफ्रिनु ४.चढ्नु ५.हमला गर्नु ६.सीमाबाट बाहिर जानु ७.हेला गर्नु ८.अपराध ९.गति १०.कुनै काममा सुबिस्ताले पुग्ने उपाय ११.आयुर्वेदअनुसार शरीरलाई हल्का र निरोगी राख्ने क्रिया। यसका अनेक भेद छन्– नखानु, बान्ता गर्नु, जुलाब गर्नु, रगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकाल्नु, तातो पानी पिउनु, पसिना निकाल्नु, अथवा वमन-जुलाव, एनिमा गर्नु, पानी पिउनु, हावामा बस्नु, घाममा बस्नु, खाएको कुरा पचाउनु, खाना नखानु, मिहिनेत गर्नु, शिरोविरेचन आदि।

लङ्घनीयः (पुं.वि.) [*लङ्घयितुं योग्यः, लघि गतौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.नाघ्न योग्य/फट्कन योग्य २.उल्लङ्घन गर्न योग्य।

लच्छ (धा.) [*लक्षणे, सक.सेट् पर.*] चिह्न लगाउनु, निशाना बनाउनु। लट्– **लच्छति–** चिह्न लगाउँछ, निशाना बनाउँछ इत्यादि।

लज (धा.) [*भर्जने, सक.सेट् पर.*] भुट्नु। लट्– **लजति–** भुट्छ इत्यादि।

लज (धा.) [*प्रकाशने, अक.सेट्, उभय.*] प्रकट हुनु। लट्– **लजयति-ते–** प्रकट हुन्छ।

लज्जा (स्त्री.) [*लज्जनम्, ओलस्जी व्रीडने इति धातोः, अप्रत्ययः ३.३.१०३ झलां जश् झशि ८.४.५३ इति जश्त्वम्*] लाज।

लज्जाशीलः (पुं.) [*लज्जा शीलमस्य*] लाज मान्ने।

लज्जितः (पुं.वि.) [*लज्जा जाताऽस्य, तदस्य सञ्जातं तारकादिभ्यश्च ५.२.३६ इति इतच्*] लजाएको।

लट (धा.) [*बाल्ये, अक.सेट् पर.*] बालकको जस्तो व्यवहार गर्नु, थोरै बोल्नु। लट्– **लटति–** बालकको जस्तो व्यवहार गर्छ, थोरै बोल्छ इत्यादि।

लड (धा.) [*उपसेवायाम् सक.सेट् उभय.*] पालन गर्नु, चाहना राख्नु। लट्– **लाडयति-ते–** पालना गर्छ, चाहना राख्छ इत्यादि।

लड (धा.) [*विलासे, अक.सेट् पर.*] विलास गर्नु। लट्– **लडति–** विलास गर्छ इत्यादि।

लता (स्त्री.) [*लतति, लतिः सौत्रो धातुर्वेष्टनार्थः ततः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा लततीति, लत आघाते सौत्रः, ततः अच् ३.१.१३४*] १.लहरा २.दुबो ३.कागुनो ४.कस्तूरी ५.दहीगुहेलो ६.कपुरपाती। **लता प्रियङ्गुशाखयोः। पृक्काज्योतिष्मतीवल्लीलताकस्तूरिकासु च। माधवी-दूर्वयोः** (मेदिनी.)।

लतार्कः (पुं.) [*लतासु अर्क्यते अर्च्यते, विरुद्धलक्षणया निन्द्यते वा, अर्क स्तवने इति धातोः, अर्च पूजायाम् इति धातोर्वा, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] हरियो प्याज/छ्यापी।

लतिका (स्त्री.) [*लततीति, लति सौत्रो धातुः, तस्मात्, कृतिभिदिलतिभ्यः कित् (उ.) ४३५ इति तिकन्, टाप्*] लहरो।

लप (धा.) [*व्यक्तायां वाचि, सक.सेट् पर.*] स्पष्ट बोल्नु। लट्– **लपति–** स्पष्ट बोल्छ इत्यादि।

लपनम् (नपुं.) [*लप्यतेऽनेन, लप व्यक्तायां वाचि इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मुख।

लपितः (पुं.वि.) [*लप व्यक्तायां वाचि इति धातोः क्तः*] भनिएको।

लपितम् (नपुं.) [*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] बोली/भनाइ/वचन।

लबि (धा.) [*शब्दे, अक.सेट् आत्म.*] शब्द गर्नु, लट्कनु। लट्– **लम्बते–** शब्द गर्छ, लट्कन्छ इत्यादि।

लब्धः (पुं.वि.) [*लभ्यते स्म, डुलभष् प्राप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पाइएको २.कमाइएको/अर्जित।

अलब्धञ्चैव लिप्सेत लब्धं रक्षेदवेक्षया।
रक्षितं वर्धयेत् सम्यग् वृद्धं तीर्थेषु निक्षिपेत्॥ (सत्पात्रेषु, सत्कर्मसु वा) (सुभा.) ३.भाग गर्दा निस्केको फल। **~कामः** (पुं.वि.) [*लब्धः कामो येन सः, कर्म.स.*] कामना सिद्ध भएको/इच्छा गरेको काम पूरा भएको/इच्छापूर्ण। **~कीर्तिः** (पुं.) [*लब्धा कीर्तिर्येन सः, बहु.स.*] प्रसिद्ध/विख्यात/यशस्वी। **~प्रतिष्ठः** (पुं.वि.) [*लब्धा प्रतिष्ठा येन सः, बहु.स.*] प्रसिद्ध/विख्यात/यशस्वी। **~प्रतिष्ठा** (स्त्री.) [*लब्धा चासौ प्रतिष्ठा च, कर्म.स.*] प्राप्त गरेको सम्मान/प्रसिद्धि। **~वर्णः** (पुं.) [*लब्धो वर्णः, स्तुतिर्येन*] विद्वान्। **~विद्यः** (पुं.वि.) [*लब्धा विद्या येन सः, बहु.स.*] विद्वान्।

लब्धाङ्कः (पुं.) [*लब्धश्चासौ अङ्कश्च, कर्म.स.*] १.भागफल/लब्धि २.प्राप्त गरेको अङ्क। **~पत्रम्** (नपुं.) [*लब्धा अङ्का यस्मिन् तत्, लब्धाङ्कम्, बहु.स., लब्धाङ्कञ्च तद् पत्रञ्च, कर्म.स.*] परीक्षामा प्राप्त अङ्कहरू उल्लेख भएको पत्र/मार्कसिट।

लब्धानुज्ञः (पुं.वि.) [*लब्धा अनुज्ञा येन सः, बहु.स.*] आज्ञा प्राप्त गरेको।

लब्धिः (स्त्री.) [*डुलभष् प्राप्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्राप्ति २.भाग गरेर आएको फल।

लब्धिमः (पुं.) [*लाभेन निवृत्तः, डुलभष् प्राप्तौ इति धातोः, ड्वितः क्त्रिः ३.३.८८ इति क्त्रिः, ततः क्त्रेर्मप् नित्यम् (वा.) इति मप्प्रत्ययः*] लाभबाट निष्पन्न।

लभ्यः (पुं.वि.) [*लब्धुं योग्यः, डुलभष् प्राप्तौ इति धातोः, पोरदुपधात् ३.१.९८ इति यत्*] प्राप्त हुने।

योगेन लभ्यो यः पुंसां संसारापेतचेतसाम्।
नियोगेन पितुः सोऽयं रामः कौशिकमन्वगात्॥ (च.रा.)

लभ्यम् (नपुं.) [*लभ्यते, पोरदुपधात् ३.१.९८ इति यत्*] नियमानुसार पाउनु पर्ने द्रव्यादि।

पुनर्वित्तं पुनर्मित्रं पुनर्भार्या पुनर्मही।
एतत् सर्वं पुनर्लभ्यं न शरीरं पुनः पुनः॥ (सुभा.)

लम्बः (पुं.) [*लम्बनम्, लबि अवस्रंसने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ग्रहदेखि पृथ्वीसम्मको भाग। २.लम्बाइ।

लम्बनम् (नपुं.) [*लम्बते, लबि अवस्रंसने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यनः] तिलहरी/घाँटीबाट अलि तलसम्म आउने गरी लट्काएर लगाउने गहनाविशेष।

लम्बोदरः (पुं.) [*लम्बमुदरं यस्य सः, बहु.स.*] १.गणेश २.लामो पेट भएको व्यक्ति।

लयः (पुं.) [*गीतवाद्यपादादिन्यासानां क्रियाकालयोः साम्यं लयः, लयनम्, लीङ् श्लेषणे इति धातोः अच्*] १.अँगालो हाल्नु/आलिङ्गन २.एक कुरा अर्कोमा मिल्न जानु ३.ध्यानमा एक नाससँग लाग्नु ४.आखिरमा सबै सृष्टि वा संसारको हुने विनाश/प्रलय ५.नाश ६.मिसिन वा मिल्न जानु ७.टाँसिनु ८.मूर्छा/बेहोसी ९.मनको सुस्ती १०.[*लीयतेऽस्मिन् इति, एरच् ३.३.५६ इत्यच्, गुणायादेशौ*] बस्ने वा विश्राम गर्ने ठाउँ ११.सङ्गीतको ताल १२.सङ्गीतमा दुई मात्राबिचको समय। जस्तै– त्रितालमा सोह्र मात्रा हुन्छन्, ती सोह्र मात्रा बिचबिचमा रहेको समय त्यस तालका लय हुन्। लय तीन प्रकारका छन्– **विलम्बित–** प्रत्येक दुई मात्राबिचको लामो समय, **मध्य–** धेरै लामो वा छोटो नभएको प्रत्येक दुई मात्रा बिचको समय, **द्रुत–** प्रत्येक दुई मात्राबिचको ज्यादै छोटो समय व्यवहारमा विलम्बितभन्दा दोब्बर छिटोमा मध्यलय र मध्यलयभन्दा दोब्बर छिटोमा द्रुतलय हुन्छ। **लयस्तूर्यत्रयीसाम्ये संश्लेषणविलासयोः** (हैम.)। **~कालः** (पुं.) प्रलयकाल। **~गतः** (पुं.वि.) १.पग्लिएको २.विलय भएको।

लर्ब (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **लर्बति–** जान्छ इत्यादि।

लल (धा.) [*ईप्सायाम्, सक.सेट्, आत्म.*] इच्छा गर्नु, रमण गर्नु। लट्– **लालयते–** इच्छा गर्छ, रमण गर्छ इत्यादि।

ललना (स्त्री.) [*ललते इति, लल ईप्सायाम् इति धातोः, णिचि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, यद्वा युच् (उ.), यद्वा– लडति, लड विलासे इति धातोः, बहुलमन्यत्रापि (उ.) इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४ डलयोरेकत्वम्*] १.राम्री आइमाई २.जिब्रो ३.स्वेच्छाचारिणी आइमाई ४.प्रत्येक चरणमा क्रमशः मगण, भगण तथा दुई सगणको प्रयोग भएको छन्द। यसमा पाँच तथा सात अक्षरमा विश्राम हुन्छ। **पञ्चमुनी म्भौ स्यात् सयुगा ललना।** (छन्दो.) ५.तन्त्र, वज्रयान, सिद्ध र हठयोगमा प्रतिपादित शरीरभित्रका ७२००० नाडीहरू। **ललना कामिनीनारीभेदजिह्वासु योषिति** (विश्व.)। **~प्रियः** (पुं.वि.) प्रेमिकाको प्यारो।

ललनिका (स्त्री.) सानी वा अभागिनी आइमाई।

ललन्तिका (स्त्री.) [*लडति, लड विलासे इति धातोः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.२४ इति शतृः, उगितश्च ४.१.६ इति ङीप्, शप्श्यनोर्नित्यम् ७.१.८१ इति नुम्, डलयोरेकत्वम्, ललन्त्येव, स्वार्थे कन् ५.४.५, टाप् ४.१.४, इत्वम्*] १.तिलहरी (गहना) २.गोहोरो छेपारो वा माउसुली।

ललाटन्तपः (पुं.वि.) [*ललाटं तपतीति, असूर्यललाटयोर्दृशितपोः ३.२.३६ इति खश्, मुम्*] १.निधार तताउने/अत्यन्त टाउको पोल्ने २.(पुं.) सूर्य।

ललाटम् (न.) [*ललनम्, लल ईप्सायाम् इति धातोः, लड विकासे इति धातोर्वा, भावे ३.३.१८ इति घञ्, डलयोरेकत्वम्, ललं विलासमीप्सां वा अटति, अट गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, यद्वा ललति, उक्तधातुभ्यां बाहुलकादटच्*] निधार।

ललाटफलकम् (नपुं.) [*ललाटं फलकमिव, उपमित त.स.*] निधारको चौडा भाग।

ललाटरेखा (पुं.) [*ललाटे निर्मिता रेखा, म.प.स.*] निधारमा कोरिएका रेखा/जीवनमा भोग्नुपर्ने सुखदुःखको व्यवस्था/भाग्यरेखा।

ललाटलेखा (स्त्री.) भाग्यलेखा/भाग्यरेखा।

प्राप्तव्यमर्थं लभते मनुष्यो
देवोऽपि तं वारयितुं न शक्तः।
अतो न शोचामि न विस्मयो मे
ललाटलेखा न पुनः प्रयाति॥
(ग.पु.आचारकाण्ड ११३.३२)

ललाटाक्षः (पुं.) [*ललाटेऽक्षि यस्य सः, बहु.स.*] शिव।

ललाटाक्षी (स्त्री.) [*ललाटेऽक्षि यस्याः सा, बहु.स.*] दुर्गा।

ललाटिका (स्त्री.) [*ललाटे भवा कर्णललाटात्कनलङ्कारे (उ.) इति कन्, ततष्टाप् (४.१.४), इत्वम्*] १.निधारको टीका २.बिन्दी/निधारमा लगाउने टीका जस्तो गहना।

ललामः (पुं.वि.) १.राम्रो २.बढिया ३.(पुं.) घोडा।

ललामकम् (नपुं.) [*तदेव माल्यं पुरोभागे न्यस्तं ललाटपर्यन्तम्, ललाममिव, इवार्थे कन् ५.३.९६*] छातीमा सोझो गरी झुन्डिने लामो माला।

ललितः (पुं.वि.) १.राम्रो २.हल्लिएको ३.खेलाडी ४.कामुक ५.प्यारो ६. उत्तम ७.कमलो ८.एक अर्थालङ्कार। यसमा वर्णनीय विषयको वर्णन नगरेर त्यसको प्रतिबिम्बको वर्णन गरिन्छ। अप्पय दीक्षितले यस अलङ्कारको सर्वप्रथम विवेचना गरेका छन्।

ललितकला (स्त्री.) [*ललिता चासौ कला च,कर्म.स.*] कला दुई किसिमको हुन्छ। ललितकला र उपयोगी कला। ललितकलाभित्र वास्तुकला, स्थापत्यकला, मूर्तिकला, चित्रकला, संगीतकला र काव्यकला आउँछन्।

ललितम् (नपुं.) [*लल ईप्सायाम् इति धातोः, लड विलासे इति धातोर्वा, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, डलयोरभेदः*] १.खेल २.सौन्दर्य ३.कुनै पनि स्वाभाविक क्रिया ४.बिजुली ५.गहनाको भेद ६.इप्सित वस्तु/चाहेको कुरा ७.भद्रता/भलाद्मीपन ८.शृङ्गाररसमा राम्रो हुने किसिमले आँखीभौँ, आँखा र हातगोडा आदि अङ्ग चलाएर गरिने हावभाव ९.कुनै चलिरहेको घटनालाई जस्ताको तस्तै वर्णन नगरेर अरू घटनाको उल्लेख गर्दा पर्न जाने एक काव्यालङ्कार १०.प्रथम चरणमा क्रमैले सगण, जगण, सगण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा लघु, दोस्रा चरणमा नगण, सगण, जगण तथा गुरु, तेस्रोमा नगण, सगण, सगण र चौथोमा सगण, जगण, सगण, जगणको प्रयोग भएको एक छन्द। ११.प्रातःकालमा गाइने एक राग। **अनाचार्योपदिष्टं स्याल्ललितं रतिचेष्टितम्। ललितमीप्सिते, तडिते हारभेदे च** (हैम.)।

ललिता (स्त्री.) १.प्रथम तथा तृतीय पाउमा क्रमशः रगण, सगण, एक लघु र एक गुरुवर्ण तथा द्वितीय र चतुर्थ पाउमा सगण, जगण, जगण एवं एक गुरुवर्णको प्रयोग भएको छन्द। **रसौ लगौ विषमे यदि सजजा गुरुर्ललिता समे**। (छन्दो.) २.प्रत्येक पाउमा क्रमशः नगण, भगण, जगण, रगणको प्रयोग भएको छन्द। **धीरैरभाणि ललिता नभौ जरौ।** (छन्दो.) ३.एक देवी।

लल्लः (पुं.) ज्योतिषशास्त्रका प्रमुख आचार्य। यिनले **शिष्यधीवृद्धिदतन्त्र** नामक ग्रन्थ रचेका छन्। यसमा १३ अध्याय र १००० श्लोक छन्। विभिन्न ग्रहहरूको गति, स्थिति आदिसँग सम्बद्ध गणितको यसमा प्रयोग भएको छ। यिनको समय पाँचौं शताब्दी मानिन्छ। सिद्धान्तशिरोमणिको भाषा यस ग्रन्थबाट निकै प्रभावित छ। दुवै ग्रन्थको शब्दविन्यास तथा वाक्यको विधानमा सामान्य परिवर्तन मात्र छ। दुवै ग्रन्थको शैली प्रायः एकै खालको छ।

लवः (पुं.) [*लवनम्, लूञ् छेदने इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.थोरै परिमाण/अल्प मात्रा/टुक्रो/खण्ड २.रामचन्द्रका एक छोरा ३.वृत्तको एक अंश ४.जाइफल ५.ल्वाङ ६.केसर ७.कालको एक भेद ८.आँखाको परेला ९.धान, जौ आदिलाई हँसियाले काट्ने काम। **लवः कालभिदिच्छिदि। विलासे रामजे लेशे तथा किञ्जल्कपक्ष्मणोः। गोपुच्छलोमस्वपि च** (हैम.)।

लवकः (पुं.वि.) [*लूनाति,लूञ् धातोः प्रसृल्वः समभिहारे इति वुन्,अकः,गुणावादेशौ*] राम्रोसित काट्ने।

लवङ्गः (पुं./नपुं.) [*लूनात्यनेन कफादिकमिति, लूञ् छेदने, इति धातोः, तरत्यादिभ्यश्च (उ.) १२५, इति अङ्गच्*] १.ल्वाङ २.औषधिविशेष।

लवणम् (नपुं.) [*लुनाति जाड्यमिति, लूञ् छेदने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३३ इति ल्युः युवोरनाकौ ७.१.१ इत्यनः, लवणाल्लुक् ४.४.२४ इति लिङ्गाण्णत्वम्*] १.नुन। यो अनेक किसिमको हुन्छ। यसका प्रमुख प्रकारहरू– **समुद्रलवणम्—** समुद्रको नुनिलो पानीबाट बनाएको नुन। यसमा आयोडिनको मात्रा बढी हुन्छ। यसको उपयोगबाट गलगण्डनामक रोग लाग्दैन। पाण्डु, आन्द्राको घाउ, वातजन्य नाडी सुन्निने रोग आदिको उपचारका लागि निर्माण गरिने औषधिमा यसको पनि उपयोग हुन्छ। प्रान्समा वच्चाको जीवनीशक्ति बढाउन यसको उपयोग हुन्छ। **विड्लवणम्—** झारपात आदि सडाएर वा गलाएर निकालिएको नुन। यसलाई कालो नुन पनि भन्दछन्। कफलाई मुखबाट बाहिर निकाल्ने र पेटको वायुलई गुदद्वारबाट बाहिर पठाउने काममा यसको उपयोग हुन्छ। **विडं सक्षारमूर्ध्वाधःकफवातानुलोमनम्। ऊर्ध्वं कफमधो वातं सञ्चारयेदित्यर्थः**। (भा.प्र.नि.) उदरशूल, अपचन, आन्द्राको विकार आदिमा यसको प्रयोगले निकै फइदा हुन्छ। **सौवर्चलं लवणम्—** [*सु सुष्ठु वर्चः दीप्तिं अलति प्राप्नोति अनेन*] यो अग्निदीपक पाचक र विरेचक हुन्छ। यो माटामा पाइने नुन हो। यसलाई नुनिलो माटामा खानीको नुन मिसाएर पानीमा हाली छानेर निकालिन्छ र आगामा सुकाइन्छ। शूल, गुल्म, आन्द्रामा बस्ने कीटाणु आदिको उपचारमा यसको उपयोग हुन्छ। **खनिजं लवणम्—** खानीबाट निकालिएको नुन। स्थानविशेषले यो अनेक किसिमको हुन्छ– सिन्धुदेशमा पैदा भएको नुनलाई **सैन्धव** भनिन्छ। यो पत्थरमय हुन्छ। यो केही रातो रङ्गको हुन्छ। यसलाई अन्य लवणभन्दा शुद्ध मानिन्छ। भोटबाट आउने नुनलाई **भोटे नुन** भनिन्छ। आशौच (जुठो) परेको समयमा यसको प्रयोग गर्न निषिद्ध छ। भारतमा पनि प्रशस्त नुन खानीहरू छन् र अन्य देशमा पनि। परिष्कार गरेर ल्याइएको खनिज लवण नै सुलभ भएकाले यसको व्यवहारमा बढी प्रयोग हुन्छ। **शाकम्भरीयम्—** साँभे नुन। राजपुतानामा साभरनामक २० माइल लामो ५ माइल चौडाइ भएको एक प्राकृतिक ताल छ। यसबाट चारवटा नदी बगेका छन्। गर्मीमा पानी कम हुन्छ। यसको पानी सुकाएर उत्पादन गरिने नुन साँभे नुन हो। **औषरं लवणम्—** ऊषर प्रदेशको नुनिलो माटाबाट पनि नुन उत्पादन हुन्छ। त्यसलाई औषर लवण भनिन्छ। यस्तै लवणका अरू पनि प्रकार छन्। विशेष जानकारीका लागि हे. चरकको लवणस्कन्ध, भावप्रकाशनिघण्टु, सुश्रुतको ४६ अध्याय आदि। २.राक्षस/लवणासुर ३.हाडको प्रकार। **लवणो राक्षसे रसे, अस्थिभेदे लवणा त्विट्** (हैम.)।

लवणाकरः (पुं.) [*लवणस्य आकरः, ष.त.*] १.नुनको खानि २.समुद्र।

लवणोदः (पुं.) [*लवणप्रधानमुदकं यत्र सः,बहु.स.*] क्षारसागर/नुनिलो समुद्र।

लवनम् (नपुं.) [*लुञ् छेदने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] काट्ने काम।

लवलेशः (पुं.) [*लवस्य लेशः, ष.त.*] ज्यादै थोरै परिमाण भएको मात्रा।

लवि (धा.) [*अवस्रंसने शब्दे च, अक.सेट्, आत्म.*] शब्द गर्नु, लट्कनु। लट्– **लम्बते**– शब्द गर्छ, लट्कन्छ इत्यादि।

लवित्रम् (नपुं.) [*लूयते छिद्यतेऽनेन, लूञ् छेदने इति धातोः, अर्तिलूधूसूखनसहचर इत्रः ३.२.८४ इति इत्रप्रत्ययः, गुणः, अबादेशश्च*] १.खुर्पा २.हँसिया।

लविधः (पुं.) [*लस्य विधा प्रकारो यस्य सः, बहु.स.*] हँसिया।

लव्यम् (नपुं.) [*लवितुं योग्यम् लूञ् छेदने इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] छिनाल्नुपर्ने/काट्न लायक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लशुनः (पुं.) [*अश्नाति अश्नुते वा, अश भोजने इति धातोः, अशूङ् व्याप्तौ इति धातोर्वा, अशेर्लश् च (उ.) इत्युनन् लशादेशश्च*] गन्ध आउने पोटी भएको फल/लशुन।

दुर्जनं सुजनीकर्तुं यत्नेनापि न शक्यते।
संस्कारेणापि लशुनं कः सुगन्धीकरिष्यति॥ (सुभा.)

लष (धा.) [*कान्तौ, अक.सेट् उभय.*] इच्छा गर्नु। लट्– **लष्यति-ते–** इच्छा गर्छ इत्यादि।

लष (धा.) [*हिंसायाम्, सक.सेट् उभय.*] हिंसा गर्नु। लट्– **लासयति-ते–** हिंसा गर्छ इत्यादि।

लस (धा.) [*श्लेषणक्रीडनयोः, अक.सेट् पर.*] आलिङ्गन गर्नु, गलामा गला मिलाउनु, खेल्नु, रमण गर्नु। लट्– **लसति–** आलिङ्गन गर्छ, गलामा गला मिलाउँछ, खेल्छ, रमण गर्छ इत्यादि।

लस (धा.) [*शिल्पयोगे, अक.सेट् उभय.*] चतुर हुनु, कुशल हुनु, कलाकौशल जान्नु। लट्– **लासयति-ते–** चतुर हुन्छ, कुशल हुन्छ, कलाकौशल जान्दछ इत्यादि।

लस्तकः (पुं.) [*लस्यते स्म, लस श्लेषणक्रीडनयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, आगमशास्त्रस्यानित्यत्वान्नेट्, स्वार्थे कन् ५.४.३८*] धनुषको बिचको भाग।

ला (धा.) [*आदाने, सक.अनि.पर.*] लिनु, ग्रहण गर्नु। लट्– **लाति–** लिन्छ, ग्रहण गर्छ, लिट्– **ललौ–** लिएछ, ग्रहण गरेछ (अन.) इत्यादि।

लाक्षणिकः (पुं.वि.) १.[*लक्षणया बोधयति, ठक्*] लक्षणाबाट बुझाउने। लक्षणासम्बन्धी/पारिभाषिक २.[*लक्षणमस्ति अस्य, ठक्*] लक्षण भएको।

लाक्षा (स्त्री.) [*राजते दीप्यते सा, राजृ दीप्तौ इति धातोः, बाहुलकाद् वृतृवदिवचिवसिहनिकमिकषिभ्यः सः इति सः, टाप् ४.१.४, कपिलकादित्वाद् रस्य लः, यद्वा लक्ष्यते, अनया वा, लक्ष दर्शने इति धातोः, प्राग्वत् सः, टाप्*] १.लाहा २.रङ्गाउने द्रव्य ३.माहुर।

लाक्षाप्रसादनः (पुं.) [*लाक्षा प्रसीदत्यनेन, युच् (उ.) करणे यद्वा लाक्षां प्रसादयति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लोधको रुख। **पट्टी ललाटभूषायां पट्टी लाक्षाप्रसादने** (विश्व.)।

लाक्षिकम् (नपुं.) [*लाक्षया रक्तं वस्त्रम्, लाक्षारोचनाट्ठक् ४.२.२ इति ठक्, ठस्य इकः*] गेरु कपडा/लाहाले रङ्गाएको वस्त्र।

लाखृ (धा.) [*शोषणालमर्थयोः, सक.सेट् पर.*] सुक्नु, अलङ्कृत हुनु, समर्थ हुनु। लट्– **लाखति–** सुक्छ, अलङ्कृत हुन्छ, समर्थ हुन्छ इत्यादि।

लाघवम् (नपुं.) [*लघोर्भावः, लघु+अण्*] लघु हुनाको भाव/लघुता/कमी/न्यूनता।

लाघृ (धा.) [*सामर्थ्ये, अक.सेट् आत्म.*] समर्थ हुनु। लट्– **लाघते–** समर्थ हुन्छ इत्यादि।

लाङ्गलम् (नपुं.) [*लङ्गन्ति प्राप्नुवन्त्यन्नादिकं येन तत्, लगि गतौ, इति धातोः, लङ्गेर्वृद्धिश्च (उ.११३), इति कलः,नुमागामः वृद्धिश्च*] १.हलो २.लिङ्ग ३.पुष्पविशेष

लाङ्गली तोयपिप्पल्यां क्लीबं तु कुसुमान्तरे।
गोदारणे तृणराजगृहदारुविशेषयोः॥ (मेदिनी.)

लाङ्गलदण्डः (पुं.) [*लाङ्गलस्य दण्डः, ष.त.*] हरिस।

लाङ्गलपद्धतिः (पुं.) [*लाङ्गलस्य पद्धतिः, ष.त.*] हलाको सियो।

लाङ्गलिकी (स्त्री.) [*लाङ्गलं पुष्पविशेषोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५, जातेः ४.१.६३ इति षिद्गौरादिभ्यश्च ४.१.४१ इति वा ङीष्, लाङ्गलवत् खनति भूमिम्, तेन दीव्यति खनति जयति जितम् ४.४.२ इति ठक्, ठस्येकः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] गुने मधुरो केँवरा।

लाङ्गली (पुं.) [*लाङ्गलमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.नरिवलको बोट २.बलराम ३.हली ४.हलहले।

लाङ्गली तोयपिप्पल्यां क्लीबं तु कुसुमान्तरे।
गोदारणे तृणराजगृहदारुविशेषयोः॥ (मेदिनी.)

लाङ्गूलम् (नपुं.) [*लङ्गति गच्छतीति, लगि गतौ इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊलच्, वृद्धिश्च*] १.पुच्छर। २.लिङ्ग। **लाङ्गूलं पुच्छशेफयोः** (मेदिनी.)।

लाछि (धा.) [*लक्षणे, भ्वा. सक. सेट् पर.*] चिह्न लगाउनु, निसाना लगाउनु। लट्– **लाञ्छति–** चिह्न लगाउँछ, निसाना लगाउँछ इत्यादि।

लाज (धा.) [*भर्त्सने भर्जने च, सक.सेट् पर.*] दोष लगाउनु, भुट्नु। लट्– **लाजति–** दोष लगाउँछ, भुट्छ इत्यादि।

लाजाः (पुं.बहु.) [*लज्यन्ते इति, लज भर्जने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, पुंसि बहुत्वम्*] भुटेको धान।

येषां स्युस्तण्डुलास्तानि धान्यानि सतुषाणि च।
भृष्टानि स्फुटितान्याहुर्लाजा इति मनीषिणः॥ (भा.प्र.नि.)

लाजि (धा.) [*भर्त्सने भर्जने च, सक.सेट् पर.*] दोष लगाउनु, भुट्नु। लट्– **लाञ्जति–** दोष लगाउँछ, भुट्छ इत्यादि।

लाञ्छनम् (नपुं.) [*लाञ्छ्यतेऽनेन, लच्छ, लाच्छि, लक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चन्द्रमामा रहेको धब्बा २.चिह्न ३.कसैमाथि लगाइएको आरोप। **लाञ्छनं लक्ष्मसंज्ञयोः** (हैम.)।

लाटानुप्रासः (पुं.) [*लाटस्य विदग्धस्य प्रियोऽनुप्रासः*] एक शब्दालङ्कार। अनुप्रास अलङ्कारको एक भेद। लाटदेशका मानिसलाई प्यारो लाग्ने एक अलङ्कार। जहाँ एकै अर्थ दिने शब्दको आवृत्ति हुन्छ तर तात्पर्य फरक पर्छ भने त्यहाँ यो अलङ्कार पर्दछ। अर्थात् समानार्थशब्दको आवृत्ति हुन्छ तर तिनीहरूको तात्पर्य भिन्न हुन्छ।

लाटीरीति (स्त्री.) [*लाटीति रीतिः, कर्म.स.*] लाटदेशमा चलेको रीतिको एक भेद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाभ (धा.) [*प्रेरणे, सक.सेट् उभय.*] प्रेरणा दिनु। लट्– **लाभयति–ते–** प्रेरणा दिन्छ इत्यादि।

लाभः (पुं.) १.[*लम्भनम्, भावे ३.३.१८ इति घञ्*] कुनै वस्तु पाउनु/प्राप्ति/लब्धि/नाफा/मुनाफा/फाइदा।

लाभस्तेषां जयस्तेषां कुतस्तेषां पराजयः।
येषामिन्दीवरश्यामो हृदयस्थो जनार्दनः॥

(ग.पु.आचारकाण्ड २३०)

२.[*लभ्यते, डुलभष् प्राप्तौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] मूलधनभन्दा बढी आएको फाइदा। **~करः** (पुं.) [*लाभस्य करः, ष.त.*] १.फाइदा हुने/लाभ हुने/लाभदायक २.लाभमाथि लाग्ने कर। **~कारी** (पुं.) [*लाभं करोतीति, डुकृञ् करणे इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] लाभ गर्ने/फाइदा हुने वा गर्ने। **~विभाजनयोजना** (स्त्री.) [*लाभस्य विभाजनम्, ष.त. तस्य योजना, ष.त.*] कुनै व्यापारी संस्था आदिमा हुने लाभांशको मालिक र श्रमिकका बिच गरिने वितरणको योजना।

लाभांशः (पुं.) [*लाभस्य अंशः, ष.त.*] कुनै व्यापारमा लगाएको सम्पत्तिबाट भएको आम्दानी/लाभको अंश/कारखाना आदिमा लागेको पूँजीमा लिने व्याज वा हिस्सेदारहरूमा बाढिने लाभका रकमको हिस्सा।

लाभालाभम् (नपुं.) [*लाभश्च अलाभश्च, तयोः, समाहारः, द्व.स.*] लाभ र हानि/नाफा नोक्सान।

लालनम् (नपुं.) [*लाल्यते इति, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] प्रेमपूर्वक बालकलाई प्रसन्न तुल्याउनु/मायाका साथ पालनपोषण गर्नु।

लालना (स्त्री.) [*लालनम्, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] प्यारो गर्ने काम/स्नेह/माया/प्रेम।

लालसः (पुं.) [*लल ईप्सायाम् इति धातोः, यङन्तात्, भावे ३.३.१८ इति घञ्*] चाहना/इच्छा।

लालसा (स्त्री.) [*लल ईप्सायाम् इति धातोः, औणादिकोऽसण्, यद्वा– लस कान्तौ इति धातोः, भृशं लसनम्, इत्यर्थे यङन्ताद् ३.३.१०२ अ प्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.१०२*] कुनै वस्तु प्राप्त गर्ने ठुलो इच्छा/अभिलाषा/लोभ/लालच। **लालसौत्सुक्य तृष्णातिरेकयाच्ञासु च द्वयोः** (विश्व.)।

लाला (स्त्री.) [*लालयते इति, लल ईप्सायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] राल/र्‍याल।

लालायितः (पुं.वि.) [*लालायते इति, क्तः*] अति लुब्ध/ज्यादा लोभिएको।

ललितः (पुं.वि.) [*लाल्यते स्म, लाल धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] माया–दया गरिएको/पुलपुल्याइएको/लालन गरिएको।

लालित्यम् (नपुं.) [*ललितस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.सौन्दर्य/रमणीयता। **उपमा कालिदासस्य भारवेरर्थगौरवम्। नैषधे पदलालित्यं माघे सन्ति त्रयो गुणाः॥** (उद्भट) २.प्रत्येक पाउमा क्रमशः मगण, सगण, रगण, सगण, तगण, जगण, नगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **लालित्यं भुजगेन्द्रेण भाषितमेतच्चेन्मसरस्तजनगुरुः** (छन्दो.)।

लावः (पुं.) [*लावयति, लूञ् छेदने इति धातोः, णिचि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पक्षिविशेष।

लावकः (पुं.वि.) [*लुनातीति लूञ् छेदने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः, आवादेशः*] काट्ने।

लावण्यम् (नपुं.) [*लवणस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.राम्रो हुनाको भाव/सौन्दर्य/सुशीलता २.नुनिलोपन।

लासिका (स्त्री.) [*लसति, लस श्लेषणक्रीडनयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१, टाप् ४.१.४, इत्वम्*] १.नटी २.मयूरी। **लासकौ केकिनर्तकौ** (हैम.)।

लास्यम् (नपुं.) [*लस् कान्तौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] नाच/नृत्य/स्त्रीहरूको नाच/शृङ्गार आदि कोमल रसको उद्दीपन गर्ने नृत्य/गानबजान, हावभावसहितको नाच। **लास्यं तौर्यत्रिके मतम्, नृत्ये च** (विश्व.)।

लिकुचः (पुं.) [*पृषोदरादित्वात् ६.३.१०९ इत्वम्*] बडहर।

लिक्षा (स्त्री.) [*लिश्यतेऽल्पा भवतीति, इति धातोः, स्नुव्रश्चिकृत्युषिभ्यः कित् (उ.) ३५३, इति बाहुलकात् सः, कित्वम्*] उडुस वा जुम्राको फुल/लिखो।

लिख (धा.) [*अक्षरविन्यासे, सक.सेट् पर.*] लेख्नु। लट्– **लिखति–** लेख्छ। लिट्– **लिलेख–** लेखेछ (अन.)। लुट्– **लेखिता–** लेख्ने छ (अन.)। लृट्– **लेखिष्यति–** लेख्ने छ। लोट्– **लिखतु–** लेखोस्। लङ्– **अलिखत्–** लेख्यो (अन.)। विधिलिङ्– **लिखेत्–** लेख्ला, लेखोस्। आशीर्लिङ्– **लिख्यात्–** लेखोस्। लुङ्– **अलेखीत्–** लेख्यो। लृङ्– **अलेखिष्यत्–** लेख्ने थियो इत्यादि।

लिखितः (पुं.वि.) [*लिख्यते स्म, लिख विलेखने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] लेखिएको। **~साक्षी** (पुं.) [*लिखितस्य लेखनस्य साक्षी, ष.त.*] कुनै वादी प्रतिवादीमा कुनै एक पक्षले लिखित रूपमा बसेको साक्षी/वादी या प्रतिवादीका फैसलामा लेखिएको साक्षी।

लिगि (धा.) [*चित्रीकरणे, सक.सेट् उभय.*] चित्र बनाउनु, विभिन्न रङ्ग भर्नु। लट्– **लिङ्गयति–ते–** चित्र बनाउँछ, विभिन्न रङ्ग भर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिगि (धा.) [*गतौ, सक.सेट् पर.*] हिँड्नु, जानु। लट्– **लिङ्गति–** हिँड्छ, जान्दछ इत्यादि। **ये गत्यर्थकास्ते ज्ञानार्थका** इति वचनात्।

लिङ्गम् (नपुं.) [*लिङ्ग्यते ज्ञायते अनेन, लिगि गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.चिह्न/चिनु/निशान २.पुरुषको मूत्रेन्द्रिय/लिङ्ग ३.बनावटी चिह्न ४.देवपूर्ति वा प्रतिमा ५.रोगको लक्षण ६.प्रमाण ७.स्त्री वा पुरुष छुट्ट्याउने चिह्न ८.शरीर नाश भएपछि कर्म भोग गर्ने जीव ९.व्याकरणमा शब्दको पुरुष– स्त्री वा नपुंसक छुट्ट्याउने लक्षण वा चिह्न १०.न्यायशास्त्रमा त्यो चीज जसबाट कुनै वस्तु उत्पन्न हुन्छ। ११.साङ्ख्यशास्त्र–अनुसार मूल प्रकृति १२.मीमांसाशास्त्र–अनुसार उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, अर्थवाद, उपपत्ति यी छ वटा लक्षण १३.स्कन्दपुराणअनुसार सतीवियोगी शिव निर्वस्त्र (नाङ्गै) आनर्त देशका ऋषिका आश्रममा पुगे, शिवको रूप देख्दा ऋषिपत्नीहरू कामान्ध भएर शिवको पछि लागे। यसैले रिसाएका ऋषिहरूले लिङ्ग झरोस् भनी शिवलाई सरापे। पछि झरेको लिङ्गलाई शिवको रूपमा स्थापना गरी पूजा गर्ने प्रथा ब्रह्माबाट चलाइयो, जुन शिवलिङ्गमा इन्द्रसहित सम्पूर्ण देवता लीन हुन्छन् र जसबाट सम्पूर्ण देवता उत्पन्न हुन्छन्, त्यस्तो शिवको अङ्गलाई पनि लिङ्ग भनिन्छ।

अथ ते मुनयो दृष्ट्वा तं तथा विगताम्बरम्।
कामोद्भवकरं स्त्रीणां प्रोचुः कोपारुणेक्षणाः॥
यस्मात्पाप त्वयाऽस्माकमाश्रमोऽयं विडम्बितः।
तस्माल्लिङ्गं पतत्वाशु तवैव वसुधातले॥
ऋषिशापान्निपतितं मम लिङ्गमनुत्तमम्।
तस्माल्लिङ्गं पूजयत सर्वकामार्थसिद्धये॥
लयनाल्लिङ्गमित्याहुः सर्वे देवाः सवासवाः।
सर्वे देवाश्च संभूता यतो देवस्य शूलिनः॥ (स्क.पु., ना.ख.)

१४.आँखा वा दृष्टिको तेज। १५.लिङ्ग पुराण। पुराणको क्रमानुसार यो एघारौ पुराण हो। यसमा विभिन्न किसिमका शिवपूजाका विधान र लिङ्गोपासनाको महत्त्व बताइएको छ। लिङ्गपुराणमा ११ हजार श्लोक छन्। १६३ अध्याय छन्। यो दुई खण्डमा विभक्त छ–पूर्वखण्ड र उत्तरखण्ड। पूर्वखण्ड पद्यमा लेखिएको छ भने उत्तरखण्डमा कतिपय अध्यायहरू गद्यमा पनि लेखिएका छन्। (पुराणविमर्श– पं. बलदेव उपाध्याय)

लिङ्गवृत्तिः (पुं.) [*लिङ्गम् बाह्यलक्षणमेव वृत्तिर्जीवनोपायो यस्य*] वेश बदलेर जीविका गर्ने व्यक्ति/नक्कली साधु।

लिङ्गवैचित्र्यवक्रता (स्त्री.) [*लिङ्गवैचित्र्यगता वक्रता, म.प.स.*] पदपूर्वार्द्धवक्रताको पाँचौँ भेद।

लिङ्गशरीरम् (नपुं.) वेदान्तमा वर्णित शरीरको एक भेद। वेदान्तअनुसार आत्मा दुई आवरणबाट ढाकिएको हुन्छ। शरीर अन्नमय, प्राणमय, मनोमय, ज्ञानमय र आनन्दमय कोषबाट बनेको हुन्छ। यसैलाई वेदान्त दर्शनमा लिङ्ग शरीर भनिन्छ।

लिङ्गेन्द्रियम् (नपुं.) [*लिङ्गमेव इन्द्रियम्, त.स.*] पुरुषको मूत्रेन्द्रिय/शिश्न।

लिप (धा.) [*उपदेहे, सक.अनिट् उभय.*] लिपपोत गर्नु। लट्– **लिम्पति-ते–** लिपपोत गर्छ। लिट्– **लिलेप–** लिपपोत गरेछ (अन.)। लुट्– **लेप्ता–** लिपपोत गर्ने छ इत्यादि।

लिपिः (स्त्री.) [*लिम्पतीति, लिप उपदेहे इति धातोः, इगुपधात्कित् (उ.५६९) इति इन् कित्, यद्वा लिप्यते इति, लिप उपदेहे इति धातोः, इक् कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इक्, इगुपधात् कित् (उ.) इतीन् वा, किलिपिलिबि ३.२.२१ इति लिङ्गात् पस्य बो वा*] अक्षर लेख्ने विधि वा प्रणाली/अक्षर, वर्ण, लेखिएको अक्षरहरूको ढाँचा। **~करः** (पुं.) [*लिपिं करोतीति, डुकृञ् करणे इति धातोः, दिवाविभा ३.२.२१ इति टः, एवं लिबिकरः अपि*] लेख्ने व्यक्ति/लेखक/कारिन्दा/लेखनदास/लिपिकर। **~करविभ्रमः** (पुं.) [*लिपिकरस्य विभ्रमः, ष.त.*] लिपिकार वा लेखद्वारा भएको भूल/कारिन्दाद्वारा भएको भूलचूक। **~बद्धः** (पुं.वि.) [*लिप्या बद्धः, तृ.त.*] लेखिएको/लिखित/लिपिको रूप दिइएको।

लिपिकारः (पुं.) [*लिपिं करोति, डुकृञ्, करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] लिपि बनाउने मानिस।

लिप्तः (पुं.वि.) [*लिप्यते स्म, लिप उपदेहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] लिपिएको/पोतिएको। **लिप्तं भुक्तविलिप्तयोः** (हैम.)।

लिप्तकः (पुं.) [*लिप्यते स्म, लिप उपदेहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] विष लगाइएको बाण।

लिप्सा (स्त्री.) [*लब्धुं इच्छा, डुलभष् प्राप्तौ इति धातोः, सन्नन्ताद ३.३.१०२, अ प्रत्ययात् इत्यः, टाप् ४.१.४*] इच्छा।

लिप्सुः (पुं.वि.) [*लब्धुमिच्छुः, लभृधातोः, सनन्तात् सनाशंस ३.२.१६८ इति उः, सनिमीमाघुर. ७.४.५४ इति इस्, अत्र लोपोऽभ्यासस्य ७.४.५८ इति अभ्यासलोपः*] प्राप्त गर्न चाहने/ लोभी।

लिबिः (पुं.) [*लिप्यते इति, लिप उपदेहे इति धातोः, कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इक्, इगुपधात् कित् (उ. ४.१२०) इतीन् वा, दिवाविभा इत्यत्र किंलिपिलिबि ३.२.२१ इति लिङ्गात् पस्य बो वा, लिबिः,लिविः इत्यपि पाठः*] अक्षरविन्यास/विचार प्रकट गर्ने स्थायी माध्यम।

लिश (धा.) [*अल्पीभावे, सक.अनि.आत्म.*] कम गर्नु। लट्– **लिश्यते–** कम गर्छ। लिट्– **लिलिशे–** कम गरेछ (अन.) इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिश (धा.) [*गतौ, सक.अनिट् पर.*] जानु। लट्– **लिशति–** जान्छ इत्यादि।

लिह (धा.) [*आस्वादने, सक.अनिट् उभय.*] चाट्नु। लट्– **लेढि–** चाट्छ। लिट्– **लिलेह–** चाटेछ (अन.) इत्यादि।

ली (धा.) [*श्लेषणे, सक.अनिट् पर.*] जोड्नु। लीन हुनु। लट्– **लीनाति–** जोड्छ इत्यादि।

ली (धा.) [*द्रवीकरणे, सक.सेट् उभय.*] पातलो पार्नु। लट्– **लाययति-ते–** पातलो पार्छ इत्यादि।

लीङ् (धा.) [*श्लेषणे, अक.अनिट् आत्म.*] लीन हुनु। लट्– **लीयते–** लीन हुन्छ। लिट्– **लिल्ये–** लीन भएछ (अन.) इत्यादि।

लीढः (पुं.) [*लिह्यते स्म, लिह आस्वादने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] चाटेको/ल्यापल्याप गरी खाइएको।

लीला (स्त्री.) [*लयनमिति, ली द्रवीकरणे इति धातोः, क्विप्, लियं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४, टाप् ४.१.४*] १.मनोरञ्जनको लागि गरिने काम/खेलवाड २.प्रेमले गरिने खेलवाड ३.देवताले मानिस आदिको रूप लिएर गरिने चरित्र ४.अनौठो काम ५.स्त्रीजातिहरूको विलास ६.क्रीडा ७.बाह्र मात्राहरू तथा अन्त्यमा एक जगण हुने एक मात्रिक छन्द। ८.प्रत्येक चरणमा क्रमैले भगण, नगण तथा एक गुरु हुने एक वर्णवृत्त ९.सात, सात, सात तथा तीनको विरामबाट चौबीस मात्राहरूको एक छन्द। यसको अन्त्यमा एक सगण हुन्छ। १०.साहित्यमा नायिकाले नायकको भेष वा बोलचालको नक्कल गर्ने भाव।

> **प्रियस्यानुकृतिर्लीला श्लिष्य वाग्वेषचेष्टितैः,**
> **लीला केलिर्विलासश्च शृङ्गारभावजा क्रिया** (हैम.)।
> **इति शब्दार्णवात्प्रकारार्थादन्येऽपि ज्ञेयाः,**
> **लीला विलासो विच्छित्तिर्विभ्रमः किलकिञ्चितम्,**
> **मोट्टायितं कुट्टमितं बिब्बोको ललितं तथा।**
> **वहृतं चेति मन्तव्या दश स्त्रीणां स्वभावजाः**
> (नाटकरत्नकोश)

लीलाकरः (पुं.) १.प्रत्येक पाउमा बयालिस अक्षर भएको एक दण्डक छन्द २.श्रीकृष्ण।

लीलाखेलः (पुं.) प्रत्येक पाउमा पाँच मगणको प्रयोग भएको छन्द।

लीलावतारः (पुं.) [*लीलायै अवतारः, च.त.*] परमात्माका २४ अवतारहरू।

लीलावती (स्त्री.) [*लीला अस्ति अस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, उगितश्च ६.३.४५ इति ङीप्*] १.विभिन्न लीला गर्ने आइमाई २.भास्कराचार्यकी छोरी ३.भास्कराचार्यले बनाएको पाटी गणित/व्यक्त गणित ४.मात्रिक समछन्दको एक भेद। यसको प्रत्येक पाउमा ३२ मात्रा हुन्छन्।

लुञ्च (धा.) [*अपनयने, सक.सेट् पर.*] लुछ्नु। लट्– **लुञ्चति–** लुछ्तछ इत्यादि।

लुट (धा.) [*विलोडने, सक.सेट् पर.*] काँप्नु, हल्लिनु, लट्पटिनु। लट्– **लोटति–** काँप्छ, हल्लन्छ, लट्पटिन्छ इत्यादि।

लुट (धा.) [*प्रतिघाते, सक.सेट् आत्म.*] प्रतिबन्ध लगाउनु, रोक्नु। लट्– **लोटति–** प्रतिबन्ध लगाउँछ इत्यादि।

लुटि (धा.) [*स्तेये, सक.सेट् पर.*] चोर्नु। लट्– **लुण्टति–** चोरी गर्छ/लुट्छ इत्यादि।

लुठ (धा.) [*संश्लेषयोः अक. सेट् पर.*] जोड्नु आलिङ्गन गर्नु। लट्– **लुठति–** जोड्छ, आलिङ्गन गर्छ इत्यादि।

लुठ (धा.) [*प्रतिघाते, सक.सेट् आत्म.*] प्रतिबन्ध लगाउनु। लट्– **लोठते–** प्रतिबन्ध लगाउँछ इत्यादि।

लुठ (धा.) [*उपघाते, सक.सेट् पर.*] तल खसाल्नु। लट्– **लोठति–** तल खसाल्छ इत्यादि।

लुठि (धा.) [*आलस्ये प्रतिघाते च, सक.सेट्.पर.*] अल्छी गर्नु, रोक्नु। लट्– **लुण्ठति–** अल्छी गर्छ, रोक्छ इत्यादि।

लुठि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **लुण्ठति–** जान्छ इत्यादि।

लुठितः (पुं.) [*लुठति स्मेति, लुठ प्रतिघाते इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.भूइँमा लडिबुडी गर्ने घोडा २.लुटुपुटु गर्ने।

लुण्ठ (धा.) [*स्तेये, सक.सेट् उभय.*] चोर्नु, लुट्नु। लट्– **लुण्ठयति-ते–** चोर्छ, लुट्छ इत्यादि।

लुथि (धा.) [*हिंसासंक्लेशनयोः सक.सेट् पर.*] हिंसा गर्नु। लट्– **लुन्थति–** हिंसा गर्छ इत्यादि।

लुप (धा.) [*विमोहने, सक.सेट् पर.*] चित्त विकल हुनु, लोप हुनु। लट्– **लुप्यति–** चित्त विकल हुन्छ, लोप हुन्छ इत्यादि।

लुप्तः (पुं.) [*लुप्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] लुकेको/छिपेको/हराएको/बेपत्ता भएको/नदेखिएको/लोप भएको।

लुप्तवर्णता (स्त्री.) [*लुप्तो वर्णः पदं वा यत्र पदे वाक्ये वा, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.कुरा लुकेको भनाइ २.साहित्यमा प्रसिद्ध एक दोष।

लुप्तोपमा (स्त्री.) [*लुप्ता उपमानसाधारणधर्मवाचकोपमेयबोधकपदानामेकस्य द्वयोस्त्रयाणां वा उपादानरहिता, साचासौ उपमा कर्म.स.*] उपमान उपमेय साधारण धर्म र वाचक शब्दमध्ये एक, दुई वा कुनै तीनको उल्लेख नगरी पर्न गएको उपमा अलङ्कार। संस्कृतमा यसका मुख्य एक्काइस भेद हुन्छन्। सामान्यधर्मलोप भएको उपमा दुई प्रकारको हुन्छ– १.श्रौती २.आर्थी। श्रौती दुई प्रकारको हुन्छ– १.समासगत– **वाचः सुधा इव**। २.वाक्यगत– **मुखमिन्दुर्यथा**। आर्थी तीन प्रकारको हुन्छ– १.तद्धितगत– **मधुरः सुधावदधरः**। २.समासगत– **ओष्ठस्ते विम्बतुल्यः**। ३.वाक्यगत– **पाणिः पल्लवेन समः**। प्रत्ययगत लुप्तोपमा पाँच किसिमको हुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.आधारमा क्यच्प्रत्यय भएको— **अन्तपुरीयति रणेषु।** २.कर्ममा क्यच् भएको— **पौरं जनं सुतीयसि।** ३.कर्तामा क्यङ् भएको— **श्रीस्तव रमणीयते।** ४.कर्ममा णमुल् भएको— **अमृतद्युतिदर्शं दृष्टः।** ५.कर्तामा णमुल् भएको— **इन्द्रसञ्चारं सञ्चरसि।** उपमान लोप भएको उपमा दुई प्रकारको हुन्छ— १.वाक्यगत— **तस्या मुखेन सदृशं रम्यं नास्ति।** २.समासगत— **न वा नयनतुल्यं रम्यमास्ते।** इवादि वाचक शब्दको लोप हुँदा दुई किसिमको उपमा हुन्छ— १.समासगत— **सुधाकरमनोहरं वदनम्।** २.क्विप्प्रत्ययगत— **गर्दभति श्रुतिपुरुषं व्यक्तं विनदन् महात्मनां पुरतः।** सामान्यधर्म र उपमानको लोप हुँदा उपमा दुई प्रकारको हुन्छ— १.समासगत— **लोके न वा नयनतुल्यमास्ते।** २.वाक्यगत— **तस्या मुखेन सदृशं लोके नास्ति।** सामान्यधर्मको लोप र इवादिवाचक शब्दको लोप हुँदा उपमा दुई किसिमको हुन्छ— १.क्विप्प्रत्ययगत— **विधवति मुखाब्जमस्याः।** २.समासगत— **मुखाब्जमस्याः।** उपमेय लोप भएको क्यच् प्रत्ययगत उपमा एक प्रकारको हुन्छ— **विकस्वरविलोचनः सहस्रायुधीयति।** सामान्यधर्म र उपमेय दुवैको लोप हुँदा कर्मक्यच्गत उपमा एक प्रकारको हुन्छ— **क्षीरोदीयन्ति सागराः।** उपमान, इवादिशब्द र सामान्यधर्मको लोप हुँदा समासगत उपमा एक प्रकारको हुन्छ— **राजते मृगलोचना** (सा.द.)।

लुप्लृ (धा [*छेदने, अक.अनिट्, उभय.*] प्वाल पार्नु, टुक्रा टुक्रा पार्न। लट्— **लुम्पति-ते—** प्वाल पार्छ, टुक्राटुक्रा पार्छ इत्यादि।

लुबि (धा.) [*अर्दने, सक.सेट्, पर.*] पीडा दिनु। लट्— **लुम्बति—** पीडा दिन्छ इत्यादि।

लुबि (धा.) [*अदर्शने, अक.सेट्, उभय.*] अदृश्य हुनु नदेखिनु, लोप हुनु। लट्— **लुम्बयति-ते—** अदृश्य हुनछ, लोप हुन्छ इत्यादि।

लुब्धः (पुं.) [*लुभ्यति स्म, लुभ गार्ध्ये इति धातोः, गत्यर्थाकर्मक ३.२.१०२ इति क्तः*] १.लोभी/लोलुप/आसक्त/मोहित २.व्याधा। **लुब्ध आकाङ्क्षिणि व्याधे** (हेमचन्द्र)।

लुब्धकः (पुं.) [*लुब्ध एव, स्वार्थे कन्*] १.लोभी व्यक्ति/आसक्त पुरुष २.चराको शिकारी ३.एक किसिमको चम्कने तारो।

लुभ (धा.) [*गार्ध्ये, सक.सेट्, पर.*] आशा गर्नु, लोभ गर्नु। लट्— **लुभ्यति—** आशा गर्छ, लोभ गर्छ इत्यादि।

लुभ (धा.) [*विमोहने, सक.सेट्, पर.*] लोभ गर्नु, मति भ्रम हुनु। लट्— **लुभति—** लोभ गर्छ, मतिभ्रम हुन्छ इत्यादि।

लुलापः (पुं.) [*लुडति पङ्के, लुड संश्लेषे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, डलयोरेकत्वम्, लुलं कर्दमसंश्लेषणम् आप्नोति प्राप्नोति कर्मण्यण्*] १.राँगो २.अर्ना।

लुलायः (पुं.) [*लुडति पङ्के, लुड संश्लेषे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, डलयोरेकत्वम्, लुलं कर्दमसंश्लेषणम् अयते गच्छति, कर्मण्यण्*] १.राँगो २.अर्ना।

लुलितः (पुं.वि.) [*लुल विमर्दने इति धातोः क्तः*] १.तरलित हुनु/लुलो हुनु २.हल्लनु। **हत्वा रथाश्वांश्चिच्छेद शिरो लुलितकुण्डलम्।** (कथास.) ३.छरिएको (भाग.१.९.३४) ४.ढाकेको। **न स्म विभ्राजते देवी शोकाश्रुलुलिताना।** ५.ग्लानि भएको/गलेको (आर्यासप्तशती) ६.उखेलिएको। **यथा नगेन्द्रो लुलितो नभस्वता** (भाग.३.१९.२४) ७.खण्डित। **किन्त्वन्तकासिलुलितात् पततां विमानात्** (भाग.४.९.१०) ८.विध्वस्त (भाग.७.९.२३)।

लूञ् (धा.) [*छेदने, सक.सेट्, उभय.*] काट्नु, चिर्नु। लट्— **लुनाति-लुनीते—** काट्छ, चिर्छ इत्यादि।

लूता (स्त्री.) [*लुनातीति, लूञ् छेदने इति धातोः, हसिमृगृ (उ.) ३.८६ इति तन्, टाप्*] १.माकुरो २.लुतो/एक प्रकारको चिलाउने खटिरो। सुश्रुतअनुसार यो सोह्र किसिमको हुन्छ। ३.कमिला।

लूनः (पुं.वि.) [*लूयते स्म, लूञ् छेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, ल्वादिभ्यः ८.२.४४ इति नत्वम्*] काटिएको।

लूमम् (नपुं.) [*लूयते इति, बाहुलकान्मक्*] पुच्छर।

लूष (धा.) [*भूषायाम्, सक.सेट्, पर.*] सिँगार्नु। लट्— **लूषति—** सिँगार्छ इत्यादि।

लेखः (पुं.) १.[*लेखनम्, भावे ३.३.१८ इति घञ्*] [*लिख्यतेऽसौ, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] गद्यमा लेखिने रचना। विभिन्न पत्रपत्रिकामा प्रकाशित गरिने उद्देश्यले लेखिने हुँदा प्रायः अन्यविधाभन्दा यो सानो हुन्छ। निबन्ध पनि लेख नै हुन् तर लेखभन्दा निबन्ध बढी कलात्मक हुन्छन्।

लेखकः (पुं.) [*लिखतीति, लिख अक्षरविन्यासे इति धातोः, शिल्पिनि ष्वुन् ३.१.१४५ इति ष्वुन्, ण्वुल्तृचौ ३.१.१३३ इति वा ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] लेख, ग्रन्थ, तमसुक आदि लेख्ने व्यक्ति।

सकृदुक्तगृहीतार्थो लघुहस्तो जिताक्षरः।
सर्वशास्त्रसमालोकी प्रकृष्टे नाम लेखकः ॥

(चाणक्य)

लेखकस्वम् (नपुं.) [*लेखकस्य स्वम्, ष.त.*] लेखकले पाउने पारिश्रमिक।

लेखनम् (नपुं.) [*लिख विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लेख्ने काम/लेखापढी।

लेखनी (स्त्री.) [*लिख्यतेऽनया, लिख विलेखने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] कलम।

पुस्तकं लेखनी रामा परहस्तगता पुनः।
यदि सा पुनरायाता नष्टा भ्रष्टा च चुम्बिता ॥ (नीति.)।

लेखर्षभः (पुं.) [*लेखेषु ऋषभः, सप्तमी २.१.४० इति योगविभागात्समासः, लेख ऋषभ इवेति वा, उपमितं व्याघ्रादिभिः २.१.५६ इति समासः*] इन्द्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखा (स्त्री.) [*लिख्यते, लिख अक्षरविन्यासे इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इति भिदादौ पाठादङ्; निपातनादुपधागुणः*] १.रेखा २.हिसाबकिताब ३.पङ्क्ति ४.लेखिने विषय ५.लिपि। **लेखो लेख्ये दैवते च लेखा राज्यां लिपावपि** (हैम.)। ६.(पुं. बहु.) [*लिख अक्षरविन्यासे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्, ग्रीवहस्तषदेषु तिस्रो लेखाः सन्त्येषामिति वा, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] देवता।। **आदितेया दिविषदो लेखा अदितिनन्दनाः** (अमर.)। **~कर्म** (नपुं.) [*लेखायाः, कर्म., ष.*] हिसाब-किताब राख्ने काम/तहबिलदारी। **~परीक्षकः** (पुं.) [*लेखायाः परीक्षकः, ष.त.*] राष्ट्रका आय-व्ययको जाँच पडताल गर्ने अधिकारी/आमदानी खर्चको हिसाबकिताब जाँच्ने अडिटर। **~परीक्षा** (स्त्री.) [*लेखायाः परीक्षा, ष.त.*] आय-व्यय-सम्बन्धी हिसाबको जाँच। **~पालः** (पुं.) [*लेखां पालयतीति, पाल रक्षणे इति धातोः कर्मण्यण् ३.२.१६ इत्यण्*] हिसाब राख्ने वा लेख्ने व्यक्ति/तहबिलदार।

लेखाध्यक्षः (पुं.) [*लेखाया अध्यक्षः, ष.त.*] राष्ट्रका आय व्ययको हिसाब राख्ने अधिकारी/एकाउन्टेन्ट।

लेखान्तरम् (नपुं.) [*लेखाया अन्तरम्, ष.त.*] १.भाग्य/प्रारब्ध २.कपाल/ललाट ३.एक किसिमको लेखबाट अर्को किसिमको लेखमा परिणत हुनु।

लेख्यः (पुं.वि.) [*लेखितुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] लेख्न लायक/लेखनीय।

लेपकः (पुं.वि.) [*लिम्पतीति, लिप उपदेहे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] लिप्ने/पोत्ने।

लेपनम् (नपुं.) [*लिप उपदेहे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लिप्ने वा पोत्ने काम २.लेप लाउने काम ३.अङ्गराग।

लेपृ (धा.) [*गतौ, सक.सेट् आत्म.*] जानु। लट्— **लेपते—** जान्छ इत्यादि।

लेशः (पुं.) [*लिशति, लिश गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा लिश्यते इति, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कण/ज्यादै सानो अंश/अणु/अत्यन्त थोरै परिमाण/अत्यल्प अंश। **एष ते राजधर्माणां लेशः समुपवर्णितः** (म.भा.१२.५८.२४) २.एक अर्थालङ्कार। निन्दालाई स्तुति र स्तुतिलाई निन्दा गर्नु लेश अलङ्कारको स्वरूप हो। **~मात्रम्** (नपुं.) [*लेश एव, लेश+मात्रच्*] अलिकति पनि

लेष्टुः (पुं.) [*लिस्यते, लिशति, वा, लिश गतौ इति धातोः, बाहुलकात्तुन्*] १.गोलाकार ढुङ्गो २.माटाको डल्लो।

लेहः (पुं.) [*लेहनम्, लिह आस्वादने इति धातोः, भावे ३.३.१८ घञ्*] १.चाट्ने काम २.[*लिह्यतेऽसौ*] आहार। **जग्धिस्तु भोजनम्। जमनं लेह आहारो निघसो न्याद इत्यपि** (अमर.)।

लेह्यः (पुं.) [*लुढुं योग्यः, लिह आस्वादने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] चाट्न योग्य/चाटिने।

लोकः (पुं.) [*लोक्यते, लोकृ दर्शने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९इति घञ्*] १.स्वर्ग; पृथ्वी र पाताल यी तीन स्थान/संसार/जगत्/लोक/संसार। यो मुख्यतया दुई किसिमको हुन्छ— इहलोक र परलोक। हामीले भोगेको संसारलाई इहलोक र नभोगेको अलौकिक संसारलाई परलोक भनिन्छ। २.जनता। **लोको विश्वे जने** (हैम.)। **~कथा** (स्त्री.) [*लोके प्रचलिता कथा, म.प.स.*] परम्परादेखि चलेको कथा/प्रचलित कथा। **~कार्यम्** (नपुं.) [*लोकस्य कार्यम्, ष.त.*] सर्वसाधारणसित सम्बन्ध राख्ने कार्य। **~गाथा** (स्त्री.) [*लोके प्रचलिता गाथा, म.प.स.*] जन-साधारणमा चलेको प्रचलित कथा। **~गीतम्** (नपुं.) [*लोके प्रचलितं गीतम्, म.प.स.*] कुनै समाजमा परम्परादेखि गाइएर आएका कर्खा, भ्याउरे आदि गीत/जनसाधारणमा प्रचलित गीत। **~तन्त्रम्** (नपुं.) [*लोकानां लोकैः लोकेषु वा कृतम् तन्त्रम्*] जनताद्वारा चुनिएका प्रतिनिधिहरूको हातमा शासन सत्ता रहेको पद्धति/प्रजातन्त्र/जनतन्त्र। **~तन्त्रवादः** (पुं.) [*लोकतन्त्रम् इति वादः, कर्म.स.*] लोकतन्त्रको प्रथा वा सिद्धान्त। **~तन्त्रवादी** (पुं.) [*लोकानां त्रयम्, ष.त.*] स्वर्ग, पृथ्वी र पाताल यी तीन लोक। **~नाट्यम्** (नपुं.) लोकमा चलेको नाटक। विभिन्न पूजाआजामा खेलिने छोटो नाटक। **~निन्दा** (स्त्री.) [*लोकस्य निन्दा, ष.त.*] लोकापवाद/ जनसाधारणमा चलेको अपवाद। **~नृत्यम्** (नपुं.) [*लोके प्रचलितं नृत्यम्, म.प.स.*] जनसमाजमा परम्परादेखि चलिआएको नाच/ग्रामीण नृत्य/गाउँले नाच। **~निर्माणकार्यम्** (नपुं.) [*लोकस्य निर्माणम्, ष.त., तस्य कार्यम्*] सार्वजनिक निर्माण कार्य। **~पतिः** (पुं.) [*लोकानां पतिः, ष.त.*] ब्राह्मण/राजा/लोकपाल/दिक्पाल। **~परम्परा** (स्त्री.) लोकमा चल्दै आएको परम्परा। **~पालः** (पुं.) [*लोकं पालयतीति, पाल+णिच् +अण्*] दिक्पाल/राजा। **~प्रसिद्धः** (पुं.) [*लोके प्रसिद्धः, स.त.*] संसार-प्रसिद्ध/विश्वप्रख्यात/ जनसमाजमा सुविख्यात/लोकप्रसिद्धि प्राप्त भएको। **~प्रियः** (पुं.) [*लोके प्रियः, स.त., वा लोकानां प्रियः, ष.त.*] सबै जनता वा दुनियाँलाई मन परेको/सबैको प्यारो। **~भावना** (स्त्री.) [*लोकानां भावना, ष.त.*] जनताको सेवा वा कल्याणको भावना/जनताको भावना। **~मतम्** (नपुं.) [*लोकस्य मतम्, ष.त.*] सामान्य जनताको राय/जनमत। **~मर्यादा** (स्त्री.) [*लोकस्य मर्यादा, ष.त.*] लौकिक व्यवहार/सामाजिक रीति— स्थिति/लौकिक रीतिरिवाज। **~वार्ता** (स्त्री.) [*लोके प्रचलिता वार्ता, म.प.स.*] किंवदन्ती/जनसाधारणमा परम्परादेखि चलिआएको कुरो वा विचार। **~विद्या** (स्त्री.) व्यवहार सञ्चालनका निमित्त उपयोगी हुने विद्या। जस्तो— कृषिविज्ञान, स्थापत्यविज्ञान, प्राविधिक विद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि। **~विश्रुतः** (पुं.) [*लोके विश्रुतः, स.त.*] नाउँ चलेको/ लोकप्रसिद्ध। **~व्यवहारः** (पुं.) [*लोकस्य व्यवहारः, ष.त.*] लोकमा चलेको व्यवहार/ लोकाचार/समाजमा प्रचलित प्रथा। **~शान्तिः** (स्त्री.) [*लोके शान्तिः, स.त.*] कुनै किसिमको उत्पात, विद्रोह, उपद्रव आदि नहुँदा जनतामा हुने शान्ति। **~सत्ता** (स्त्री.) [*लोकस्य सत्ता, ष.त.*] शासन भारको सत्ता/जनताका हातमा हुने शासन प्रणाली/प्रजातन्त्र। **~सदनम्‌** (नपुं.) [*लोकानां सदनम्, ष.त.*] प्रतिनिधिहरूको सभा/राष्ट्रिय सभा/संसद। **~सभा** (स्त्री.) [*लोकानां सभा, ष.त.*] लोकतन्त्रवादी राज्यमा शासन चलाउने कामका लागि जनताबाट निर्वाचित सदस्यहरूको सभा/जनताका प्रतिनिधिहरूको सभा जस्तै नेपालको प्रतिनिधि सभा; इजरायलको सिनेट; जापानको डाइट। **~समाजः** (पुं.) [*लोकानां समाजः, ष.त.*] जनसमाज/विभिन्न जाति धर्म, कर्म आदिका आधारमा खडा गरिएको मानव समाज। **~सिद्धः** (पुं.) [*लोके सिद्धः, स.त.*] लोक वा जनसमाजद्वारा स्वीकृत/समाजमा प्रचलन भएको/प्रचलित। **~सेवकः** (पुं.) [*लोकानां सेवकः, ष.त.*] जनताको सेवासम्बन्धी कार्यमा नियुक्त सरकारी कर्मचारी/सार्वजनिक सेवाको काम गर्ने व्यक्ति/सर्वसाधारण जनताको सेवा गर्ने मानिस। **~सेवायोगः** (पुं.) [*लोकानां सेवा, ष.त., तस्या आयोगः, ष.त.*] सरकारी प्रशासनको कार्य सुचारुरूपले सञ्चालनका लागि आवश्यक योग्य जनशक्ति छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न बनेको आयोग। **~स्वास्थ्यम्‌** (नपुं.) [*लोकानां स्वास्थ्यम्, ष.त.*] राज्यका जनताको स्वास्थ्य/साधारण जन स्वास्थ्य। **~हितम्‌** (नपुं.) [*लोकानां हितम्, ष.त.*] सार्वजनिक कल्याण/राज्यका सर्वसाधारण जनताको हित, लाभ वा भलाइ/जनहित। **~हितकार्यम्‌** (नपुं.) [*लोकानां हितम्, ष.त., तस्य कार्यम्, ष.त.*] सार्वजनिक कल्याणको काम।

लोकजित्‌ (पुं.) [*लोकं जयति, जि जये इति धातोः, क्विप्, तुक्*] १.बुद्ध २.(पुं.वि.) लोकलाई जित्ने।

लोकतन्त्रीकरणम्‌ (नपुं.) [*अलोकतन्त्रं लोकतन्त्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] कुनै राज्य वा शासन पद्धति आदिलाई लोकतन्त्र वा प्रजातन्त्रको रूप दिने काम, त्यसलाई लोकतान्त्रिक सिद्धान्तको अनुरूप बनाउने काम/जनतन्त्रीकरण/ प्रजातन्त्रीकरण।

लोकतान्त्रिकः (पुं.) [*लोकतन्त्रे भवः, लोकतन्त्रादागतो वा,*] लोकतन्त्र सम्बन्धी/प्रजातान्त्रिक/जनवादी।

लोकसाहित्यम्‌ (नपुं.) [*लोकस्य साहित्यम्, ष.त., लोके प्रचलितं वा साहित्यम्, म.प.स.*] परम्परागत रूपमा चल्दै आएको साहित्य। विभिन्न जातजातिमा अलिखित अवस्थामा रहेको साहित्य। गाउँले जीवनसँग सम्बद्ध साहित्य। लोकलाई आनन्द दिन लेखिएको साहित्य।

लोकाचारः (पुं.) [*लोकानामाचारः, ष.त.*] १.जनतामा चलेको व्यवहार/सर्वसाधारणमा प्रचलित आचार २.लोकलाई देखाउनका लागि गरिएको काम।

लोकान्तरम्‌ (नपुं.) [*अन्यो लोकः*] अर्को लोक।

लोकापवादः (पुं.) [*लोकस्य अपवादः, ष.त. वा लोके प्रचलितो ऽपवादः, म.प.स.*] जनसाधारणमा भएको बदनामी/लोक-निन्दा।

लोकायतः (पुं.) [*लोक एव आयतं यस्य सः, बहु.स.*] १.यस लोकबाहेक अर्को लोकमा विश्वास नगर्ने व्यक्ति/परलोकको अस्तित्व नमान्ने व्यक्ति २.चार्वाक-दर्शनको पक्षधर।

लोकायतनम्‌ (नपुं.) [*लोक एव आयतनं यस्मिन् तत्, बहु.स.*] १.नास्तिकदर्शन/चार्वाकदर्शन २.बुद्धदर्शन।

लोकालोकः (पुं.) [*लोकृ दर्शने इति धातोः, भावे ३.३.१३ इति घञ्, न लोकः, लोकश्च अलोकश्च (प्रकाशान्धकारौ) यत्र सः, बहु.स. सूर्यकिरणानां स्पर्शास्पर्शाभ्याम्*] सात द्वीप भएकी पृथ्वीलाई घेर्ने पहाड।

लोकृ (धा.) [*दर्शने, सक.सेट्. आत्म.*] हेर्नु। लट्– **लोकते/ आलोकते/अवलोकते–** हेर्छ इत्यादि। कर्मणि– **लोक्यते–** हेरिन्छ। णिचि– **लोकयति-ते–** देखाउँछ। सनि– **लुलोकिषते–** हेर्न चाहन्छ। कृदन्ते– **लोकितव्यम्/लोकनीयम्/लोक्यम्–** हेर्नुपर्ने। **लोकित्वा/आलोक्य–** हेरेर। **लोकितुम्–** हेर्न इत्यादि।

लोकृ (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] हेर्नु। लट्– **लोकयति-ते–** हेर्छ इत्यादि।

लोकेशः (पुं.) [*लोकानामीशः, ष.त.*] १.ब्रह्मा २.(पुं.वि.) संसारका मालिक।

लोकोक्तिः (स्त्री.) [*लोकानामुक्तिः, ष.त., लोके प्रचलिता उक्तिः, म.प.स.*] उखान/कहावत/कुनै अनुभव वा तथ्यको कुरो राम्रो किसिमसित संक्षेपमा भनिएको वाक्य/लोकमा प्रचलित सूक्ति।

लोकोत्तरः (पुं.वि.) [*लोकादुत्तरः, प.त.*] असाधारण/विलक्षण/ संसार वा सांसारिक वस्तुबाट प्राप्त हुन नसक्ने/अलौकिक।

लोकोपकारः (पुं.) [*लोकानामुपकारः, ष.त.*] सर्वसाधारण जनताको उपकार/सार्वजनिक लाभको काम/सर्वसाधारण जनताको लाभको काम।

लोचनम्‌ (नपुं.) [*लोच्यतेऽनेन, लोचृ दर्शने इति धतोः, करणाधि-करणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आँखा २.दुई सङ्ख्यालाई बुझाउने शब्द।

लोचृ (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] बोल्नु। **लोचयति-ते–** बोल्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोचृ (धा.) [*दर्शने, सक.सेट् आत्म.*] हेर्नु। लट्– **लोचते–** हेर्छ इत्यादि।

लोड्ट (धा.) [*उन्मादे, सक.सेट् पर.*] उन्मत्त हुनु। लट्– **लोडति–** उन्मत्त हुन्छ इत्यादि।

लोध्रः (पुं.) [*रुणद्धि, रुधिर् आवरणे इति धातोः, बाहुलकाद्रन्, तादृशसूत्राभावात्, कपिलिकादिः (वा. ८.२.१८, रोध्रोऽति लत्वाभावः*] १.अपराध २.पाप ३.लोध्रवृक्ष। **रोध्रो ना सावरे क्लीबमपराधे च किल्बिषे** (मेदिनी.)।

लोपः (पुं.) [*लुप उपदेहे इति धातोः, भावे ३.३.१८ इति घञ्*] हराउने क्रिया/अलप/गायब/अदृश्य/नाश/लुप्त।

लोपामुद्रा (स्त्री.) [*न मुदं राति, आतोऽनुपसर्गे कः (३.२.३) इति कः, लोपे धर्मलोपे अमुद्रा = हर्षं न लभते इत्यर्थः*] अगस्त्यकी पत्नी।

लोप्त्रम् (नपुं.) [*लुप्यते, लुप्लृ छेदने इति धातोः, ष्ट्रन् (उ.), लूञः ष्ट्रनि लोत्रम् अपि*] १.चोरेको धन २.आँसु। **लोप्त्रमश्रुणि चोरिते** (विश्व.)।

लोभः (पुं.) [*लोभनम् भावे ३.३.१८ इति घञ्*] अर्काका धनमाल लिने इच्छा/लालच/लिप्सा।

लोभी (पुं.वि.) [*लोभोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] लोभ गर्ने/लालची/लुब्ध/कन्जूस।

लोम (नपुं.) [*लूञ् छेदने इति धातोः, नामन्– सीमन्– व्योमन्– रोमन्– लोमन्– पाप्मन्– ध्यामन् (उ.) ६०० इति मन्प्रत्ययान्तो निपातः*] रौँ/राम/केश/भुत्ला।

लोमशः (अव्य.) [*लोमानि सन्त्यस्य, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति शः*] १.शरीरमा भ्यापभ्याप्ती रौँ भएको २.एक ऋषि ३.भेडो ४.स्याल।

लोमसा (स्त्री.) [*लोमानि सन्त्यस्याः, लोमादिपामादिपि–च्छादिभ्यः शनेलचः ५.२.१०० इति सः, टाप् ४.१.४*] १.रौँनै रौँ भएकी महिला २.जटामसी। (मेदिनी.)।

लोलः (पुं.वि.) [*लोडति, लुड विलोडने इति धातोः, क्वचिदपवाद–विषये ऽप्युत्सर्गप्रवृत्तेरच् ३.१.१३४ इत्यच् डलयोरेकत्वम्*] १.चञ्चल २.लालस। **अन्योन्यलोलानि विलोचनानि** (रघु.७.२३)।

लोला (स्त्री.) १.प्रत्येक पाउमा क्रमशः मगण, सगण, मगण, भगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। यमि सात सात अक्षरमा विश्राम हुन्छ। **द्विःसप्तच्छिदि लोला म्सौ म्भौ गौ चरणे चेत्।** (छन्दो.) २.चञ्चला।

लोलितम् (नपुं.) [*लुल विमर्दे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] हल्लिएको/चञ्चल भएको/अस्थिर भएको।

लोलुपः (पुं.) [*गर्हितं लुम्पति, लुप्लृ छेदे इति धातोः, लुपसद– ३.१.१२४ इति यङन्तादच् ३.१.१३४*] ज्यादै लोभी। **तथापि वाचालतया युनक्ति मां मिथस्त्वदालापनलोलुपं मनः** (शि.व.)।

लोलुभः (पुं.वि.) [*अतिशयेन लुब्धः, लुभ गार्ध्ये इति धातोः, यङि, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] अत्यन्त लोभी/प्राप्तिको उत्कट आभिलाषा राख्ने। **स्त्रियोऽपीच्छन्ति पुंभावं यं दृष्ट्वा रूपलोलुभाः। तस्यास्ति को भवेन्नार्थी तुल्यरूपः स किं पुनः॥** (कथास.)

लोष्ट (धा.) [*सङ्घाते, अक.सेट् आत्म.*] जम्मा गर्नु। लट्– **लोष्टते–** जम्मा गर्छ इत्यादि।

लोष्टः (पुं.) [*लोष्टते सङ्घातो भवतीति, लूञ् छेदने, इति धातोः, लोष्टपलितौ (उ.३७९) इति निपातनात् साधुः*] माटको डल्लो

लोष्टकः (पुं.) [*लोष्ट एव, स्वार्थे कन्*] माटको डल्लो २.ढुङ्गो स कथितो लोष्टको लोष्टः (हला.५७६)।

लोष्टभेदनः (पुं.नपुं) [*लोष्टानां भेदनः*] डल्ला फोड्ने औजारविशेष/डल्याँठो। कोटीशं लोष्टभेदनम् (हला.५७६)।

लोष्टम् (नपुं.) [*लोष्टते सङ्घातो भवतीति, लूञ् छेदने, इति धातोः, लोष्टपलितौ (उ.३७९) इति निपातनात् साधुः, यद्वा लोष्टतीति, लोष्ट संघाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पुंलिङ्गोऽप्ययम्*] १.माटको डल्लो २.पाषाण।

लोहः (पुं.) [*लोहति, लुह्यते वा, लुह गार्ध्ये इति धातोः, नन्दिग्रहि–पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, लुयतेऽनेन वा, लूञ् छेदने इति धातोः, बाहुलकाद् हः, रुह्यते, रोहति वा, रुह प्रादुर्भावे इति धातोः, घञ् ३.३.१९, अच् ३.१.१३४ वा, कपिलिकादित्वात् (वा.) ८.२.१८ लत्वम्*] फलाम/लोहा। **~कर्म** (नपुं.) [*लोहस्य कर्म, ष.त.*] फलामको काम। **~कर्मी** (पुं.) [*लोहस्य कर्म, ष.त., तदस्यास्तीति, लोहकर्म+इनिः*] फलामको कालिगड/लोहकार/लोहार/लौहकार। **~कान्तः** (पुं.) [*लोहस्य कान्तः, ष.त.*] चुम्बक। **~किट्टम्** (नपुं.) [*लोहस्य किट्टम्, ष.त.*] १.खिया २.कीट। **~कीलः** (पुं.) [*लोहस्य किलः, ष.त.*] १.दुई देशका बीचको सीमामा गाडिने फलामको स्तम्भ २.फलामको किलो। **~पाशः** (पुं.) [*लोहस्य पाशः, ष.त.*] फलामको जन्जीर/फलामको सिक्री/साङ्लो। **~मलम्** (नपुं.) [*लोहस्य मलम्, ष.त.*] फलामको कस/कीट/खिया। **~सारः** (पुं.) [*लोहस्य सारः, ष.त.*] असल जातको फलमा/इस्पात।

लोहकारः (पुं.) [*लोहं करोति, कर्मण्यण् (३.२.१) इत्यण्, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] १.फलामको काम गर्ने व्यक्ति २.लोहार जातिविशेष। **व्योकारोऽयस्करो लोहकारः स्यात्** (रत्नकोश)।

लोहपृष्ठः (पुं.) [*लोहमिव पृष्ठमस्य*] पक्षीविशेष।

लोहम् (नपुं.) [*लुह्यते, लुह गाद्ध्र्ये इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ४.३.१९ इति घञ्, रोहितशब्दात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, रलयौरैक्यम् वा*] १.सामान्य धूपी २.फलाम ३.फलामले बनाएको शस्त्र।

लोहोऽस्त्री शस्त्रके लोहं जोङ्गके सर्वतैजसे (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोहलः (पुं.) [*लोहनम्, लुह गार्ध्ये इति धातोः, भावे ३.३.१८ इति घञ्, लोहं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, यद्वा— रोहयतेर्बाहुलकादत्, कपिलिकादित्वात् (वा.) ८.२.१८ लत्वम्*] अक्षर चपाएर बोल्ने। **लोहलः शृङ्खलाधार्येऽव्यक्तवाचिनि च त्रिषु** (विश्व.)।

लोहाभिसारः (पुं.) [*लोहस्य शस्त्रस्याभितो हरणम्, हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] युद्ध यात्राभन्दा पहिलो गरिने हतियारको पूजा–आजा। **लोहाभिहार इत्युक्तो विधिर्नीराजनोत्तरः** (अमरमाला)। **लोहोऽस्त्री शस्त्रके लौहे** (मेदिनी.)।

लोहितः (पुं.) [*रुह्यते इति, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, रुहे रश्च लो वा (उ.) इति इतन्, रस्य लत्वम्*] १.मङ्गलग्रह २.नदविशेष ३.रातो सागर ४.रातो माछो ५.मृगविशेष ६.नागविशेष ७.देवताविशेष ८.रातो आलु ९.मुसुरो १०.रातो सठिया धान ११.पर्वतविशेष १२.कुशद्वीपको वर्षविशेष १३.(पुं.वि.) रातो वर्णको।

लोहितकः (पुं.) [*लोहित एव, लोहितान्मणौ ५.४.३० इति कन्*] १.रातो मणि २.[*लोहित एव, स्वार्थे कन्*] मङ्गल ग्रह।

लोहितचन्दनम् (नपुं.) [*लोहितञ्च तच्चन्दनञ्च, कर्म.स.*] १.रोतो चन्दन २.[*लाहितं चन्दनमिव*] काश्मीरी केशर ३.गाईको रातो शिर॥

लोहितम् (नपुं.) [*रुह्यते इति, रुह बीजजन्मनि प्रादुर्भावे च इति धातोः, रुहे रश्च लो वा (उ.) इति इतन्, रस्य लत्वम्*] १.रगत **नाप्सु मूत्रं पुरीषं वा ष्ठीवनं वा समुत्सृजेत्। अमेध्यलिप्तमन्यद् वा लोहितं वा विषाणि वा॥** (मनु.४.५६) २.रातो गाईको शिर ३ कुङ्कुम ४.रक्तचन्दन ५.माणिक्य ६.युद्ध ७.सरोवरविशेष ८.पद्मराग।

लोहितं रक्तगोशीर्षे कुङ्कुमे रक्तचन्दने।
पुमान्नदान्तरे भौमे वर्णे च त्रिषु तद्वति॥ (मेदिनी.)

लोहिताङ्गः (पुं.) [*लोहितानि अङ्गानि यस्य सः, बहु.स.*] १.मङ्गल ग्रह २.(पुं.वि.) रातो वर्ण भएको।

लोहिताक्षः (पुं.) [*लोहिते अक्षिणी यस्य सः, बहु.स.*] १.कोइली २.विष्णु ३.(पुं.वि.) रातो आखा भएको।

लोहिताननः (पुं.) [*लोहितमाननं यस्य सः, बहु.स.*] १.न्याउरीमुसो २.(पुं.वि.) रातो वर्णको मुख भएको।

लोहिताश्वः (पुं.) [*लोहिता अश्वा ज्वाला यस्य सः, बहु.स.*] १.अग्नि २.हरिश्चन्द्रको छोरा। **रोहिताश्वश्चित्रभानौ हरिश्चन्द्रनृपात्मजे** (विश्व.)।

लोहिनी (स्त्री.) [*लोहिता, वर्णादनुदात्तात् इति ङीष्, तकारस्य नकारश्च*] रातो वर्ण भएकी नारी।

लौकायतिकः (पुं.) [*लोकायतमधीते वेद वा लोकायतशब्दात् क्रतूक्थादिसूत्रान्ताट्ठक् ४.२.६० इति ठक्, ठस्य इकः, वृद्धिः*] लोकायत/चार्वाक शास्त्रको अध्येता।

लौकिकः (पुं.वि.) [*लोके भवः, स.त.*] यस लोकको/सांसारिक/ऐहिक/व्यावहारिक/लोकसम्बन्धी !

लौल्यम् (नपुं.) [*लोलस्य भावः, ष्यञ्*] चञ्चलता।

लौहभस्म (नपुं.) [*लोह एव लौहः, तस्य भस्म, ष.त.*] लोहालाई भस्म पारी तयार पारिएको एक आयुर्वेदिक औषधि।

लौहम् (नपुं.) [*प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] फलाम।

लौहमलम् (नपुं.) [*लोह एव लौहः, तस्य मलम्, ष.त.*] फलामको कस/कीट/खिया।

लौहयुगम् (नपुं.) [*लोह एव लौहः, तस्य युगम्, ष.त.*] मनुष्य जातिले सर्वप्रथम फलामे शस्त्र–अस्त्रहरू बनाउन आरम्भ गरेको ऐतिहासिक समय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व

व- १.देवनागरी लिपिको वर्णमालाअनुसार, अन्तःस्थ व्यञ्जनको अन्तिम अक्षर/दन्त र ओष्ठस्थानीय वर्ण/अर्धस्वर। आभ्यन्तर प्रयत्नमा ईषत्प्रयत्न स्पृष्ट र बाह्य प्रयत्नमा संवार, नाद, घोष र अल्पप्राण प्रयत्न। **ईषत्प्रयत्नमन्तःस्थानाम्। हशः संवारा नादा घोषाश्च, वर्गाणां प्रथमतृतीयपञ्चमा यणश्चाल्पप्राणाः।** (सि.कौ.) देवनागरी लिपिको वर्णमालाअनुसार व्यञ्जन वर्णको उनन्तिसौँ वर्ण। भाषाविज्ञानअनुसार खण्डीय वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

व (अव्य.) [*वाति, वानं वा, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] भैँ/जस्तै।

मणीवोष्ट्रस्य लम्बेते प्रियौ वत्सतरौ मम (सि.कौ.)।

वः (पुं.) [*वातीति, वा गतिगन्धनयोः, इति धातोः डः, टिलोपः*] १.वायु २.विष्णु २.वरुण ३.समुद्र ४.वस्त्र/कपडा ५.बाघ ६.जल ७.वासस्थान ८.कल्याण ९.बलवान् १०.वन्दना ११.बाहु/हात १२.मन्त्रणा।

वः (त्रि.) [*बहुवचनस्य वस्नसौ इति युष्मच्छब्दस्य द्वितीयाचतुर्थी षष्ठीविभक्तीनां बहुवचने वसादेशः*] १.तिमीहरूलाई २.तिमीहरूका लागि ३.तिमीहरूको। **पुष्णातु वो नोऽपि हरिर्धनं वः** (मुग्धबोध) पाउ र वाक्यको प्रारम्भ, च, हा आदि पदका साथ यसको प्रयोग हुँदैन। **न चैवाहाहैवयुक्ते** (पा.सू.)।

वंशः (पुं.) [*उष्यते इति, वश कान्तौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, आच्छीनद्योर्नुम् ७.१.८० इति नुमिति योगविभागान्नुम्*] १.पुत्र, पौत्र आदि सन्तान।

क्व सूर्यप्रभवो वंशः क्व चाल्पविषया मतिः।
तितीर्षुर्दुस्तरं मोहादुडुपेनास्मि सागरम्॥ (रघु.१.२)

२.बाँस।

ध्वनति पवनविद्धः पर्वतानां दरीषु
स्फुटति पटुनिनादः शुष्कवंशस्थलीषु।
प्रसरति तृणमध्ये लब्धवृद्धिः क्षणेन
क्षपयति मृगयूथं प्राप्तलग्नो दवाग्निः॥ (ऋतुसं. १.२५)

३.ढाडको हाड/मेरुदण्ड। **वंशे वेणौ कुले वर्गे पृष्ठाद्यवयवेऽपि च** (विश्व.) ४.घरको धुरीबलो। **वंशः पृष्ठास्थि गेहोर्ध्वकाष्ठे वेणौ गणे कुले** (केशव) ५.बाँसुरी। **स कीचकैर्मारुतपूर्णरन्ध्रैः कूजद्भिरापादितवंशकृत्यम्।** (रघु.२.१२) ६.उखुविशेष ७.बथान। **उत्थापितः संयतिरेणुरश्वैः सान्द्रीकृतस्यन्दनवंशचक्रैः** (रघु.७.३९) ८.सालवृक्ष (राजनि.) ९.एक प्रकारको उखु। **~करः** (पुं.) [*वंशं करोतीति, डुकृञ् करणे इति धातोः, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] कुनै वंश चलाउने मूल पुरुष/वंशप्रवर्तक/वंशको रक्षक वा रक्षा गर्ने पुरुष। **~तालिका** (स्त्री.) [*वंशस्य तालिका, ष.त.*] कुनै वंशका मानिसहरूको समयको क्रमानुसार बनाइएको सूची/वंशावली। **~दण्डः** (पुं.) [*वंशस्य दण्ड इव*] १.कुनै वंशका मानिसहरूको समयको क्रमानुसार बनाइएको सूची/वंशावली २.(पुं.) [*वंशस्य दण्डः,ष.त.*] बाँसको लठ्ठी। **~धरः** (पुं.) [*धरतीति, धरः, वंशस्य धरः, ष.त.*] कुलको रक्षा गर्ने पुरुष/वंशको रक्षक/सन्तान। **~परम्परा** (स्त्री.) [*वंशस्य परम्परा, ष.त.*] कुलको परम्परा/कुलक्रम।

वंशकः (पुं.) १.[*ह्रस्वो वंशः, ह्रस्वे ५.३.८३ इति कन्*] छोटो बाँस २.[*वंश एव,संज्ञायां कन्*] बाँस [*कुत्सिते ५.३.७४ इति कः*] काम नलाग्ने थोत्रो वा अपवित्र बाँस ३.[*वंश इव, इवे प्रतिकृतौ इति कन्*] १.माछोविशेष। यो माछो लामो हुन्छ। २.एक प्रकारको उखु।

वंशकम् (नपुं.) [*वंश इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] सामान्य अगरु। **वनद्रुमः परमदो वंशकं लोहनामकम्** (वाचस्पति)।

वंशक्षीरी (स्त्री.) [*वंशस्य क्षीरमिवास्त्यस्याः,अर्शाद्यच्,गौरादितया ङीष्*] वंशलोचन। **त्वक्क्षीरी वंशरोचना** (अभि.चि.)।

वंशजः (पुं.वि.) १.[*वंशे जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] कुनै वंशमा उत्पन्न/सन्तान। **बीज्यवंश्यौ तु वंशजे** (अभि.चि.) जस्तै– **सूर्यबीज्यः, सूर्यवंश्यः, सूर्यवंशजः**– सूर्यवंशमा पैदा भएका राम। २.[*वंशाज्जातः, प.त.*] बाँसबाट बनेको।

वंशजा (स्त्री.) [*वंशे जाता, जन्धातोः डः,टिलोपः, टाप्*] १.वंशलोचन २.कुलमा पैदा भएकी कन्या।

वंशतालिका (स्त्री.) [*वंशस्य तालिका, ष.त.*] वंशको विस्तार वा विकासक्रम जनाउने नक्सा/रेखात्मक चित्र।

वंशनालिका (स्त्री.) [*वंशस्य नालोऽस्त्यस्याः, अत इनिठनौ इति ठन्, ठस्येकः,टाप्*] बाँसुरी।

वंशपत्रकम् (नपुं.) [*वंशस्य पत्राणीव पत्राणि अस्य*] हरिताल। **हरितालन्तु पिञ्जरम्। विडालकं विस्रगन्धि खर्जूरं वंशपत्रकम्** (अभि.चि.४.१२४)।

वंशपत्रपतितम् (नपुं.) प्रत्येक पाउमा क्रमशः भगण ऽ॥, रगण ऽ।ऽ, नगण ।॥, भगणऽ॥, नगण ।॥ र एक लघु। तथा एक गुरु ऽ वर्णको प्रयोग भएको समपाद छन्द। यसमा दसौँ तथा सातौँ अक्षरमा यति हुन्छ।

दिङ्मुनि वंशपत्रपतितं भरनभनलगैः (छन्दो.)।

वंशरोचना (स्त्री.) [*रोचते, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४ वंशस्य रोचना, ष.त.*] वंशलोचन। यो बाँसभित्र रहेको रस सुकेर बनेको पदार्थ हो। यो कुनै बाँसमा मात्र जमेको हुन्छ। प्रायः पोथीजातिको बाँसमा यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थ बनेको देखिन्छ। प्रसूतिजन्य अधिक रक्तस्राव, जीर्णज्वर, श्वास कास, क्षय, मन्दाग्नि, कमजोरी, रगत मिसिएको कफ आदिको उपचारका लागि आवश्यक औषधि निर्माणमा यसको उपयोग हुन्छ। (भा.प्र.)

वंशलोचनः (पुं.) [*वंशस्य रोचनः, रलयोरभेदात् लत्वम्*] हे. **वंशरोचना।**

वंशवज्रा (स्त्री.) अर्धसमवृत्तमा पर्ने वार्णिक छन्द अन्तर्गतको एक भेद। यसको प्रथम र तृतीय चरणमा क्रमशः तगण ऽऽ।,, तगण ऽऽ।,, जगण ।ऽ। र रगण ऽ।ऽ आउँछन् भने दोस्रो र चौथो चरणमा तगण ऽऽ।, तगण ऽऽ।, जगण ।ऽ। र दुईवटा गुरु वर्ण ऽऽ आउँछन्।

वंशवृत्तम् (नपुं.) [*वंशस्य वंशस्थपुरुषाणां महिलानाञ्च वृत्तम्, ष.त.*] वंशभित्रका पुरुष वा महिलाको संक्षिप्त विवरण वा चरित्र।

वंशस्तनितम् (नपुं.) १.वंशस्थ छन्द। हे. **वंशस्थः** २.[*वंशस्य स्तनितम्, ष.त.*] बाँसको आवाज।

वंशस्थः १.(पुं.) वार्णिक छन्दको समवृत्तको एक भेद। यसको प्रत्येक पाउमा क्रमैले जगण ।ऽ।, तगण ऽऽ।, जगण र रगण– (ऽ।ऽ) को प्रयोग हुन्छ। यसलाई वंशस्थविल पनि भनिन्छ। **वदन्ति वंशस्थविलं जतौ जरौ** (छन्दो.) २.(पुं.वि.) [*वंशे तिष्ठति, स्थाधातोः सुपि स्थः इति कः, आलोपः*] बाँसमा रहेको।

वंशस्थितिः (स्त्री.) [*वंशस्य स्थितिः, ष.त.*] १.कुलको व्यवस्था २.बाँसको अवस्था।

वंशा (स्त्री.) प्राधाकी छोरी अप्सरा।

अनवद्यां मनुं वंशामसुरां मार्गणप्रियाम्।
अनूपां सुभगां भासीमिति प्राधा व्यजायत॥

(म.भा.१.६५.४६)

वंशागतः (पुं.वि.) [*वंशाद् आगतः,प.त.*] वंशपरम्पराबाट प्राप्त।

वंशाग्रम् (नपुं.) [*वंशस्य अग्रम्, ष.त.*] बाँसको टुप्पो।

वंशाङ्कुरः (पुं.) [*वंशस्य अङ्कुरः, ष.त.*] बाँसको मुनो।

वंशानुक्रमः (पुं.) [*वंशस्यानुक्रमः,ष.त.*] वंशको परम्परा/कुलक्रम।

वंशानुचरितम् (नपुं.) [*वंशस्य अनुचरितम्, ष.त.*] वंशपरम्पराको वर्णन। पुराणका पाँच लक्षणमध्ये एक।

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च।
वंशानुवंशचरितं पुराणं पञ्च लक्षणम्॥ (शब्दर.)

वंशावली (स्त्री.) [*वंशानामावली, ष.त.*] १.वंशपरम्पराको सूची/वंशका मानिसहरूका पुस्ताको क्रमानुसार बनाइएको विवरणात्मक सूची/वंशतालिका २.बाँसको भ्याङ ३.[*वंशानामावली वर्णिता यत्र सा*] वंशको क्रमबद्ध विवरण लेखिएको पुस्तिका।

वंशिका (स्त्री.) [*वंशः कारणत्वेनास्त्यस्याः,अत इनिठनौ इति ठन्, ठस्येकः,टाप्*] १.बाँसुरी २.अगरु (भरत)।

वंशी (पुं.) [*वंशो वेणुः, आदिपदात्काहलादि, वंशोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.बाँसुरी २.वंशलोचन ३.नसो ४.चार कर्ष वा आठ तोला बराबरको तौल ५.त्रसरेणु बराबरको परिमाण। **त्रसरेणुस्तु पर्यायनाम्ना वंशी निगद्यते** (शा.ध.सं.) ६.भ्यालबाट सूर्यकिरण कोठाभित्र पस्दा देखिने उडेको धुलाको कण। **जालान्तरगतैः सूर्यकरैर्वंशी निगद्यते** (शा.ध.सं.)। **~धरः** (पुं.) [*धरतीति, धरः, वंश्या धरः, ष.त.*] कृष्ण।

वंश्यः (पुं.) [*वंशे भवः, वंशे सत्कुले जातः, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] १.पूर्वज/पुर्खा/परवर्ती सन्तान। **इतरेऽपि रघोर्वंश्याः** (रघु.१५.३५) २.बाँसको बलो ३.मेरुदण्ड ४.शिष्य।

व(ब)कः (पुं.) [*वङ्कते इति, व (ब) कि कौटिल्ये गतौ च, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अनित्यत्वान् न नुम्*] १.बकुल्लो २.पुष्पविशेष ३.कुबेर ४.बकासुर। **वकस्तु वकपुष्पे स्यात् कह्वे श्रीदे च रक्षसि** (मेदिनी.)।

वकवृत्तिः (स्त्री.) १.[*वकस्य वृत्तिरिव वृत्तिः*] मौका छोपेर खाने वृत्ति २.वकस्य वृत्तिरिव वृत्तिर्यस्य] बगुलाभक्त।

वकारः (पुं.) [*व एव, व इति निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] अन्तःस्थ वर्णको चौथो अक्षर/व यस्तो वर्ण।

व(ब)कि (धा.) [*कौटिल्ये, भ्वा.अक.सेट् आत्म.*] वक्र हुनु, दुष्ट्याइँ गर्नु। लट्– **वङ्कते–** वक्र हुन्छ, दुष्ट्याइँ गर्छ इत्यादि।

व (ब)कि (धा.) [*गतौ, भ्वा.सक.सेट् आत्म.*] जानु। लट्– **वङ्कते–** जान्छ इत्यादि।

व(ब) कुलः (पुं.) [*वङ्कते कुटिलो भवतीति, वकि कौटिल्ये इति धातोः, मद्गुरादयश्च (उ.) ४३ इति बाहुलकात्, उरच्, रस्य लत्वम्, नलोपश्च*] मौलसरी वृक्ष ।

वक्तव्यः (पुं.वि.) [*वक्तुं योग्यः, वच परिभाषणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६इति तव्यत्*] १.कथनयोग्य/भन्न लायक/कथनीय २.कुत्सित/निन्दित।

वक्तव्यम् (नपुं.) १.भन्नुपर्ने कुरो। **वक्तव्यमत्रापि न किञ्चिदस्ति** । २.बोली, भाषण।

वक्ता (पुं.वि.) [*यो वक्तुं जानाति सः (भरत) औचित्याद् यो बहु वक्ति सः (मुकुट) वक्तीति, वच परिभाषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्,वा तृन् ३.२.१३५ इति तृन्*] १.बोल्न जान्ने/बोलक्कड २.औचित्यभन्दा वढी बोल्ने।

भद्रं कृतं कृतं मौनं कोकिलैर्जलदागमे।
दर्दुरा यत्र वक्तारस्तत्र मौनं हि शोभनम्॥ (हितो.)

३.(पुं.) भाषण दिने व्यक्ति ४.(पुं.) पुराण वा कथावाचक।

विरक्तो वैष्णवो विप्रो वेदशास्त्रविशुद्धिकृत्।
दृष्यन्तकुशलो धीरो वक्ता कार्योऽतिनिस्पृहः॥

(भाग.मा.६.२०)

वक्तृता (स्त्री.) [*वक्तुर्भावः कर्म वा,तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] भाषण/प्रवचन/व्याख्यान/वक्तव्य/वक्तृत्व।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्त्रम् (नपुं.) [*वक्ति अनेन, वच परिभाषणे इति धातोः, गुधृवीपचिवचियमिसदिक्षदिभ्यस्त्रः (उ.) ६१६ इति त्रः*] १.चेहरा/अनुहार/मुख/थुतुनो/प्राणीको खाने र बोल्ने अवयव २.छन्द-विशेष। अनुष्टुप् छन्दमा चतुर्थ वर्णपछाडि यगण तथा दोस्रो र चौथो पाउमा मगण र गुरुवर्ण आउंदा यो छन्द बन्दछ।

वक्त्रमास्ये छन्दसि च (हेमचन्द्र)।

वक्त्रासवः (पुं.) [*वक्त्रस्य आसव इव*] १.राल/थुक २.ओठको रस।

वक्रः (पुं./नपुं.) [*वञ्चति प्रलम्भते, वञ्चु प्रलम्भने, इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्विति-वृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दचन्दिदहिदसिद-म्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ.) १७८ इति रक्, न्यङ्क्वादीनां च ७.३.५३ इति कुत्वम्*] १.बाङ्गो/टेढो २.कुप्रो/कुब्ज ३.दीर्घवृत्तमा हिंड्दा गति फर्किएको भान भएको ग्रह ४.बेइमान/निर्दय/क्रूर ५.मङ्गल ६.शनिश्चर ।

वक्रं पुटभेदे वक्रः कुटिले क्रूरभौमयोः।
वक्रः शनैश्चरे पुंसि पुटभेदे नपुंसकम्॥ (मेदिनी.)

~गतिः (पुं.) १.[*वक्रा गतिर्यस्य सः, बहु.स.*] उल्टो गतिमा चलेको/उल्टो गति भएको २.धोखेबाज/बेइमान ३.मङ्गलग्रह ४.(स्त्री.) [*वक्रा चासौ गतिश्च, कर्म.स.*] उल्टो चाल/उल्टो गति ५.धोखा/बेइमानी। **~तुण्डः** (पुं.) [*वक्रं तुण्डं यस्य सः, बहु.स.*] १.गणेश २.सुगा ३.(नपुं.) [*वक्रञ्च तत् तुण्डञ्च, कर्म.स.*] बाङ्गो मुख/टेढो मुख। **~दृष्टिः** (स्त्री.) [*वक्रा चासौ दृष्टिश्च, कर्म.स.*] १.टेढो आँखा २.कर्के नजर ३.क्रोधसूचक दृष्टि ४.(पुं.वि.) [*वक्रा दृष्टिर्यस्य सः,बहु.स.*] टेढो आँखा हुने/डेढे। **~मतिः** (पुं.) [*वक्रा मतिर्यस्य सः,बहु.स.*] अर्काको कुभलो चिताउने/ दुर्मति/कुबुद्धि।

वक्रता (स्त्री.) [*वक्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] १.कुटिलता/टेढोपन/वक्रत्व। २.चमत्कारिता। कुन्तकले काव्यजन्य सौन्दर्यलाई वक्रता भनेका छन्। हे. **वक्रोक्तिभेदः**।

वक्रतालम् [*वक्रं तालमस्य*] बाजाविशेष।

वक्रतासाङ्कर्यम् (नपुं.) [*वक्रतयोः वक्रतानां वा, साङ्कर्यम् ष.त.*] दुई वा सोभन्दा बढी वक्रताहरूको सम्मिश्रण। यसमा दुई वा सोभन्दा बढी अलङ्कार,रस, ध्वनि आदि वक्रता (सौन्दर्यजनक काव्य तत्त्व)को मिश्रण हुन्छ। यो मिश्रण दुई प्रकारको हुन्छ– संसृष्टि र सङ्कर।

वक्रदारु (नपुं.) [*वक्राणि दारूणि यस्मिन् तत्*] बलो।

वक्रमः (पुं.) [*अवपूर्वकात् क्रमधातोर्घञ्, अल्लोपः*]पलायन/भाग्नु।

वक्रयः (पुं.) [*अवक्रीयतेऽनेन, अल्लोपः*] मूल्य।

वक्राङ्गः १.(पुं.) [*वक्राणि अङ्गानि यस्य सः, बहु.स.*] हाँस।

हंसाश्चक्राङ्गवक्राङ्गमानसौकशितच्छदाः (अभि.चि.)।

२.(पुं.वि.) बाङ्गो अवयव भएको।

वक्रिमा (पुं.) [*वक्रस्य भावः, इमनिच्*] १.वक्रता/कुटिलता २.धूर्तता ३.अभिव्यक्तिगत कलात्मकता/काव्यगत सौन्दर्य।

तद् वक्त्राम्बुजसौरभं स च सुधास्यन्दी गिरां वक्रिमा (गीत.)।

वक्री (पुं.) [*वक्रो वक्रता अस्यास्तीति, इनिः*] १.बुद्ध २.(पुं.वि.) टेढो/बाङ्गो ३.कुनै ग्रह आफ्नो कक्षमा सीधा गतिले नगएर फर्किएको जस्तो भान भएको।

लग्नेशो यदि वक्री स्यात् पुंसः कार्येषु वक्रता (ज्योतिस्तत्त्व)।

वक्रोक्तिः (स्त्री.) [*वक्रा चासौ उक्तिश्च, कर्म.स.*] १.घुमाउरो अभिव्यक्ति/बाङ्गो भनाइ/छेडपूर्ण कथन २.[*वक्रा चमत्कारपूर्णा उक्तिः*] चमत्कार पूर्ण आभव्यक्ति। यसलाई **वक्रोक्तिजीवितम्** भन्ने ग्रन्थमा कुन्तकले काव्यको जीवित अर्थात् आत्मा मानेका छन्। ३.अलङ्कारविशेष। (हे.वक्रोक्त्यलङ्कारः) **~वादः** (पुं.) वक्रोक्ति नै काव्यको आत्मा हो भन्ने सिद्धान्त। यसका प्रतिपादक आचार्य कुन्तक हुन्। उनले आफ्नो वक्रोक्तिजीवितम् भन्ने ग्रन्थमा यस सिद्धान्तको प्रतिपादन गरेका छन्।

वक्रोक्तिजीवितम् (नपुं.) [*वक्रोक्तिर्जीवितं यस्मिन् तत्*] कुन्तकद्वारा प्रणीत वक्रोक्ति सिद्धान्त प्रतिपादन भएको ग्रन्थ। यो ४ उन्मेषमा विभक्त छ। यसमा कारिका, वृत्ति र उदाहरणहरू छन्। कारिकाको सङ्ख्या १६५ छ। यसमा काव्यलक्षण, वक्रोक्तिको परिचय, त्यसका भेदहरू र उदाहरण, गुण आदिको वर्णन छ। कुन्तकले वक्रोक्तिभित्रै सम्पूर्ण काव्यतत्त्वलाई अन्तर्भाव गरेका छन्।

वक्रोक्तिभेदः (पुं.) [*वक्रोक्तेः भेदः ष.त.*] वक्रोक्तिका प्रकारहरू। कुन्तकले आफ्नो वक्रोक्ति जीवित भन्ने ग्रन्थमा वक्रोक्तिका अनेकौं प्रकारको उल्लेख गरेका छन्। तिनमा मुख्य पाँच प्रकार छन्– १.वर्णविन्यासवक्रता २.पदपूर्वार्द्धवक्रता ३.पदपरार्द्धवक्रता ४.वाक्यवक्रता ५.प्रबन्धवक्रता।

वक्रोक्तिसंप्रदायः (पुं.) [*वक्रोक्तेः सम्प्रदायः, ष.त.*] वक्रोक्ति नै काव्यको मूल तत्त्व हो भनेर चलेको सम्प्रदाय। यसका प्रवर्तक आचार्य कुन्तक हुन्। यिनले प्रचलित भनाइभन्दा भिन्न किसिमको अभिव्यक्तिलाई वक्रोक्ति भनेका छन्। भामहले अतिशयोक्तिलाई नै वक्रोक्ति भनेका थिए। त्यो नै अलङ्कारको बीज हो भन्ने आशय थियो उनको। त्यसैलाई लिएर कुन्तकले वक्रोक्ति सिद्धान्तको प्रतिपादन गरे। आफूभन्दा पूर्ववर्ती आचार्यले प्रतिपादन गरेका काव्यका सबै खाले तत्त्वलाई उनले वक्रोक्ति भित्रै अन्तर्भाव गरेका छन्। यिनका अनुयायी कोही भएनन्। राम्रो सिद्धान्त भएर पनि त्यसको अनुसरण पछिका आचार्यहरूले गरेनन्।

वक्रोक्तिसिद्धान्तः (पुं.) [*वक्रोक्तेः सिद्धान्तः ष.त.*] वक्रोक्ति नै काव्यको जीवन हो भन्ने सिद्धान्त। यस सिद्धान्तका प्रतिपादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्य कुन्तक हुन्। उनले आफ्नो **वक्रोक्तिजीवितम्** भन्ने ग्रन्थमा वक्रेक्तिसिद्धान्तको स्थापना गरेका छन्। काव्यका शब्द र अर्थ दुवै खाले चमत्कारलाई उनले वक्रोक्तिमा नै समेटेका छन्। अलङ्कार, ध्वनि, रीति, गुण आदि सबै काव्यका तत्त्वहरूलाई कुन्तकले वक्रोक्तिभित्रै समाहित गरेका छन्।

वक्रोक्त्यलङ्कारः (पुं.) [*वक्रा उक्तिः यत्र सा, बहु.स., वक्रोक्तिरिति अलङ्कारः, कर्म.स.*] घुमाउरो ढङ्गले भनिने एक अलङ्कारविशेष। कसैले एउटा तात्पर्य बुझाउन प्रयोग गरेको वाक्यलाई अर्काले श्लेष वा काकुद्वारा अर्कै अर्थ बुझेर त्यसको उत्तरात्मक अभिव्यक्ति दिएमा वक्रोक्ति अलङ्कार पर्दछ। यो दुई किसिमको हुन्छ– श्लेषवक्रोक्ति र ककुवक्रोक्ति।

यदुक्तमन्यथा वाक्यमन्यथान्येन युज्यते।
श्लेषेण काक्वा वा ज्ञेया सा वक्रोक्तिस्तथा द्विधा॥
(का.प्र.)

वक्ष (धा.) [*रोषे, अक.सेट् पर.*] रिस गर्नु, बढ्नु, शक्तिशाली हुनु, सञ्चित हुनु । लट्– **वक्षति–** रिस गर्छ, शक्तिशाली हुन्छ, सञ्चित हुन्छ इत्यादि।

वक्षः (नपुं.) [*उच्यतेऽनेन, वच परिभाषणे इति धातोः, पचिवचिभ्यां सुट् च (उ.) ६६९ इति असुन्, सुट् च,वक्षधातोरसुन् वा*] छाती/वक्षस्थल। **कपाटवक्षाः परिणद्धकन्धरः** (रघु.३.३४) **~स्थली** (स्त्री.) [*वक्षसः स्थली, ष.त., वक्ष एव वा स्थली तदाकारत्वात्*] छाती। **वक्षःस्थली रक्षतु सा जगन्ति जगत्प्रसूतेः गरुडध्वजस्य** (सुभा.)।

वक्षणम् (नपुं.) [*वक्षति अनेन,करणे ल्युट्*] छाती।

वक्षोजम् (नपुं.) [*वक्षसि जातम्, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] स्तन/कुच।

मध्यस्य प्रथिमानमेति जघनं वक्षोजयोर्मन्दतां
दूरं यात्युदरञ्च लोमलतिका नेत्रार्जवं धावति (सा.द.)।

वक्षोरुहः (पुं.) [*वक्षसि रोहति,वक्षस्पूर्वकाद् रुहधातोः कः*] स्तन। **मा शवरतरुणि पीवरवक्षोरुहयोभरेण भज गर्वम्**।(आर्याशप्तशती)

वख (धा.) [*गतौ,भ्वा .सक.सेट् पर.*] जानु। लट्– **वखति–** जान्छ इत्यादि।

वखि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्–**वङ्खति**–जान्छ इत्यादि।

वगलामुखी (स्त्री.) दश महाविद्यामध्येकी एक देवी।

पीताम्बरां द्विभुजाञ्च त्रिनेत्रां गात्रकोज्ज्वलाम्।
शिलामुद्गरहस्ताञ्च स्मरेत् तां वगलामुखीम्॥ (रुद्रयामल)

वगाहः (पुं.) [*अवगाहनम्, भावे घञ्,भागुरीमते अल्लोप*] १.डुब्नु/डुबुल्की मार्नु/पौडी खेल्नु/ नदी वा सरोवरमा पसेर स्नान गर्नु २.अध्ययनमा विषयभित्र पसेर गहिरिनु, विषयको गाम्भीर्यलाई छिचोल्ने गरी खुबसित केलाउनु।

वगि (धा.) [*गतौ,सक.सेट् पर.*] जानु, खोच्याएर हिँड्नु। लट्– **वङ्गति–** जान्छ, खोच्याएर हिँड्छ, बग्छ इत्यादि।

वघि (धा.) [*गतिनिन्दारम्भजवेषु,सक.सेट्, आत्म.*] जानु, निन्दा गर्नु, आरम्भ गर्नु, दगर्नु । लट्– **वङ्घते–** जान्छ, निन्दा गर्छ, आरम्भ गर्छ, दगुर्छ इत्यादि।

वङ्कः (पुं.) [*बङ्कते इति वकि कौटिल्ये इति धातोः अच्*] नदीको मोड।

वङ्क्रिः (पुं.) [*वङ्कतेऽसौ, वङ्क्र्यादयश्च इति क्रिन्*] १.बाजाविशेष २.घरको बलो।

वङ्क्षणः (पुं.) [*तस्य ऊरोः, वाङ्क्षति, वाङ्क्ष्यते वा, वाक्षि काङ्क्षायाम् इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, बाहुलकाद्धातोर्ह्रस्वः, वङ्क्षते, यद्वा– वक्षति, वक्ष रोषसंहत्योः इति धातोः, पूर्ववत् ल्युट् ३.३.११३ आच्छीनद्योर्नुम् ७.१.८० इत्यत्र 'नुम्' इति योगविभागान्नुम्*] तिघ्राको फेदको जोर्नी। **चतुर्दशास्थिनां सङ्घाताः,तेषु त्रयो गुल्फजानुवङ्क्षणेषु** (सुश्रुत)।

वङ्क्षुः (स्त्री.) [*वहति, वहधातोः कुन्, नुम् च*] गङ्गाको एक धार।

वङ्गः (पुं.) [*वङ्गति,वगिधातोः पचाद्यच्*] १.कपास २.भान्टा।

वङ्गनम् (नपुं.) [*वङ्गति, वगिधातोः ल्युः, अनः*] भान्टा/बैगन।

वङ्गम् (नपुं.) [*वङ्गति, वगि गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्,*] १.राङ् २.सिसा । **वङ्गः कार्पासे वर्ताके वङ्गा जनपदान्तरे। वङ्गं त्रपुणि सीसे च** (हैम.)। **वङ्गं सीसकरङ्गयोः** (मेदिनी.)।

वङ्गाः (पुं.बहु.) देशविशेष/बङ्गाल।

रत्नाकरं समारभ्य ब्रह्मपुत्रान्तगं शिवे।
वङ्गदेशो मया प्रोक्तो सर्वसिद्धिप्रदर्शकः॥ (शक्तिसङ्गमतन्त्र)

वङ्गारिः (पुं.) [*वङ्गस्य रङ्गधातोः अरिः, ष.त.*] हरिताल।

वङ्गालः (पुं.) भैरवरागको पुत्र।

वङ्गाली (स्त्री.) भैरवरागकीरागिणी।

भैरवी कौशिकी चैव भाषा वेलावली तथा।
वङ्गाली चैव रागिण्यो भैरवस्यैव वल्लभाः॥ (स.दा.)

वच (धा.) [*परिभाषणे, सक.सेट् चुरा.उभय.*] बोल्नु। लट्– **वाचयति-ते–** बोल्छ इत्यादि।

वच (धा.) [*परिभाषणे, द्विक.अनि.अदा.पर.*] बोल्नु,भाषण गर्नु, वयान गर्नु, पढ्नु। लट्– **वक्ति–** बोल्छ। **अनुवक्ति–** पछाडि बोल्छ। **निर्वक्ति–** निर्वचन गर्छ, व्याख्या गर्छ। **प्रतिवक्ति–** उत्तर दिन्छ। प्रतिवाद गर्छ। **विवक्ति–** व्याख्या गर्छ। **संवक्ति–** भन्छ, राम्रोसित बोल्छ,राम्रो भाषण गर्छ। लिट्– **उवाच–** भन्यो,भनेछ (अन.)। लुट्– **वक्ता–** भन्ने छ (अन.)। लृट्– **वक्ष्यति–** भन्ने छ। लोट्– **वक्तु–** भनोस्। लङ्– **अवक्–** भन्यो (अन.)। विधिलिङ्– **वच्यात्–** भन्ला, भनोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्लिङ्–**उच्यात्–** भनोस्। लुङ्– **अवोचत्–**भन्यो। लृङ्– **अवक्ष्यत्–**भन्ने थियो। यस्तै भाषण गर्छ आदि । कर्मणि- **उच्यते**– भनिन्छ। णिचि– **वाचयति**– भनाउँछ, भन्न लगाउँछ। सनि-**विवक्षति**– भन्न चाहन्छ। यङि– **वावच्यते**– ज्यादै वा पटक पटक भन्छ। यङ्लुकि– **वावचीति/वावक्ति**– ज्यादै वा पटक पटक भन्छ। कृदन्ते– **वाचक/वक्ता/वाचयिता** (पुं.)– भन्ने, बयान गर्ने, बोल्ने। **प्रवक्ता–** १.प्रवचन दिने २.कुनै सरकार, संगठन, सङ्घ, संस्थाका तर्फबाट आधिकारिक उत्तर वा जानकारी दिने। **वाचिका, वक्त्री, वाचयित्री** (स्त्री.)– बोल्ने, भाषण गर्ने। **वचन्**– बोल्दै गरेको। **वक्तव्यम्/वचनीयम्/वाच्यम्–** भन्न लायक। **उक्तः**-भनिएको। **उक्तवान्**– भनेको। **उक्तिः–** भनाइ। **उक्त्वा/प्रोच्य–** भनेर। **वाक्यम्–** अर्थ पूरा दिने पदसमुदाय। **वक्तुम्–** भन्न। **वाचयितुम्**– भनाउन। **वाक्–** बोली/वाणी। **विवक्षा**– भन्ने इच्छा। **विवक्षितः**– भन्न खोजेको। **विवक्षुः**– भन्न चाहने इत्यादि ।

वच (धा.) [*सन्देशे, भ्वा.पर.सक.अनिट्*] सन्देश दिनु, समाचार भन्नु। लट्– **वचति–** बोल्छ, सन्देश दिन्छ, समाचार भन्छ। **न वचत्यप्रियं वचः** (हला.)।

वचः (नपुं.) [*वच परिभाषणे इति धातोः,असुन् (उ.)*] १.बोली/भनाइ/वचन।

दन्तिदन्तसमानं हि महतां निसृतं वचः।
कूर्मग्रीवेव नीचानां पुनरायाति याति च॥ (सुभा.)

२.आदेश ३.[*वच सन्देशे इति धातोरसुन्*] सन्देश,समाचार ४.व्याकरणमा वचन। **~प्रवृत्तिः** (स्त्री.) [*वचसः प्रवृत्तिः, ष.त.*] भाषण वा प्रवचनको थालनी।

वचनम् (नपुं.) [*वच परिभाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १ कथन/उक्ति २.[*उच्यतेऽनेन, करणे ल्युट् अनः*] भाषण/उद्गार/वाक्य। **ननु वक्तृविशेषनिस्पृहा गुणगृह्या वचने विपश्चितः**।(कु.सं.२.५) **प्रीतः प्रीतिप्रमुखवचनं स्वागतं व्याजहार**। (मे.दू.१.४) ३.कबोल/प्रतिज्ञा/मानिसका मुखबाट निस्कने शब्द ४.धार्मिक ग्रन्थको सन्दर्भ। **स्मृतिवचनम्, शास्त्रवचनम्** आदि। ५.आदेश । **मद्वचनात् त्वमत्रैव तिष्ठ**। ६.शब्दको यथार्थता। **अथ पयोधरशब्दोऽत्र मेघवचनः** ७.[*वच सन्देशे इति धातोः करणे ल्युट्*] समाचार ८.व्याकरणमा सङ्ख्या जनाउन आउने शब्दका लागि बताउने पारिभाषिक शब्द। जस्तै– एकवचन, द्विवचन, बहुवचन। [*उच्यतेऽनेन, श्लेष्मनाशकतया अस्य तथात्वम्*] सुठो। **~उपक्रमः** (पुं.) [*वचनस्य उपक्रमः, ष.त.*] प्रस्तावना/आमुख। **~ कारी** (पुं.) [*वचनं करोति तच्छीलः*] आज्ञाकारी। **~क्रमः** (पुं.) [*वचनस्य क्रमः, ष.त.*]भाषणको सिलसिला। **~विरोधः** (पुं.) [*वचनस्य विरोधः, ष.त.*] भनाइको असङ्गति, परस्पर विरोधी वचन। **~शतम्** (नपुं.) [*वचनानां शतम्, ष.त.*] १.धैरै पटकको भनाइ २.सयौं भाषण।

वचनग्राही (पुं.) [*वचनं गृह्णातीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः*] आज्ञाकारी।

वचनपटुः (पुं.) [*वचने पटुः, स.त.*] बोल्न सिपालु।

वचनपत्रम् (नपुं.) [*वचनस्य पत्रम्, ष.त.*] ऋणपत्र।

वचनबद्धः (पुं.) [*वचनेन बद्धः, तृ.त.*] १.आफ्नै बोल-कबोलमा बाँधिएको/वचन वा प्रतिज्ञामा बाँधिएको/किरिया हालेको २.कसैसित भेट्न वा भविष्यमा कुनै काम गर्नका लागि वचन दिएको।

वचनविदग्धा (स्त्री.) [*वचने विदग्धा, स.त.*] विदग्धा नायिकाको एक भेद। मिठो बोली वा बोलीको चतुऱ्याइँले नायकलाई वशमा राख्ने वा काम पट्ट्याउन सक्ने नायिका।

वचनीयः (पुं.वि.) [*वक्तुं योग्यः, तव्यत्तव्यानीयरः, इत्यनीयर्*] १.भनिने २.वर्णन गरिने ३.निन्दनीय ।

वचनीयम्(नपुं.) [*लोकैर्वक्तुमर्हम्*] कलङ्क/निन्दा/कुरा काट्ने ठाउँ। **वचनीयमिदं व्यवस्थितं रमण त्वामनुयामि यद्यपि**। (कु.सं. ४.२१)

वचनीयता (स्त्री.) [*वचनीयस्य भावः, तस्य भावस्त्वतलौ इति तल,टाप्*] १.लोकापवाद/कुरा काट्ने काम/निन्दा। **भवति योजयितुर्वचनीयता** (पञ्चत.) २.भन्नुपर्ने अवस्था ।

वचनेस्थितः (पुं.) [*वचने तिष्ठति स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, तत्पुरुषे कृति ६.३.१४ इत्यलुक्*] अह्राएको मात्ने।

वचरः (पुं.) [*अवचरति, अवपूर्वकात् चरधातोः अच्, अलोपः*] १.कुखो २.मूर्ख /स्वाँठ।

वचसांपतिः (पुं.) [*वचसां पतिः,ष.त., विभक्तेरलुक्*] बृहस्पति।

वचस्करः (पुं.) [*वचसः करः, ष.त.*] भनेको मान्ने।

वचा (स्त्री.) [*वक्तीति, वचेरन्तर्भावितण्यर्थात्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.मैना २.सुगा ३.[*वक्ति स्वगन्धेन स्वं ख्यापयति*] बोझो। यो गुल्मजातिको वनौषधि हो। यसको बोट ३/४ हात अग्लो हुन्छ। यो सुगन्धित र केही पिरोखालको हुन्छ। श्वास-प्रश्वासजन्य विविध रोग, अपस्मार, जीर्ण अतिसार, मन्दज्वर, विषमज्वर आदिमा यसको उपयोग हुन्छ। **वचः कीरे वचौषधौ। शारिकायां च** (मेदिनी.)। यो नेपाललगायत धेरै मुलुकका पहाडी भागमा पैदा हुन्छ। यो धेरै किसिमको हुन्छ– खैरो, सेतो आदि। नेपालमा प्रायः खैरो रङको बोझो पाइन्छ। पारसिक वचा (बोझो) सेतो हुन्छ। महाभरी वचाको कडा गन्ध हुन्छ। सुगन्धा वचामा बढी सुगन्ध र ठुला गाँठा हुन्छन्। चोपचिनीलाई संस्कृतमा

(वचा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वीपान्तरवचा भनिन्छ। यसको चीनमा बढी उत्पादन हुन्छ। यो पनि अनेकथरीको हुन्छ। विशेष जानकारीका लागि हे. **भावप्रकाशनिघण्टु।**

वज (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु। लट्– **वजति–** जान्छ इत्यादि।

वज (धा.) [*संस्कृतौ, चुरा.पर.सक. सेट्*] संस्कार गर्नु, सफा गर्नु। लट्– **वाजयति–** सफा गर्छ। **वाजयति पक्षैर्वाणं काण्डकारः** (दुर्गादास)।

वज्रः (पुं.नपुं.) [*वजति शीघ्रं गच्छति, प्राप्नोति, वज गतौ इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेल–शुक्रशुक्ल–गौरवभैरामालाः (उ.) १९६ इति रक्*] १.इन्द्रको एक अस्त्र २.हीराविशेष ३.विश्वामित्रका एक छोरा ४.कठोर पदार्थ ५.गृहको लेपनका लागि प्रयोग गरिने चुना, सखर, मास, इँट्याको धुलो आदि मिलाएर बनाइएको पदार्थ ६.बुद्धदर्शनको एक सम्प्रदाय। ७.(पुं.) बालक।

वज्रं स्याद् बालके धात्र्यां क्लीवं योगान्तरे पुमान्।
वज्रा स्नुह्यां गुडूच्यां च वज्री स्नुह्यन्तरे स्मृता॥

दम्भोलौ हीरकेऽप्यस्त्री (विश्व)। **~ धरः** (पुं.) [*वज्रस्य धरः, ष.त.*] १.वज्र धारण गर्ने २.कमल कुलिश साधनामा निष्णात बौद्ध ३.वज्रयानका अनुयायी। **~पातः** (पुं.) [*वज्रस्य पातः, ष.त.*] १.वज्र पर्ने काम २.सहसा आइपरेको विपत्ति/आकस्मिक दुर्घटना। **~मणिः** (पुं.) [*वज्रनामा मणि, म.प.स.*] **हीरा। ~ यानम्** (नपुं.) [*वज्रनामकं यानम्, म.प.स.*] बौद्ध धर्मको एक तान्त्रिक सम्प्रदाय/महायानको एक शाखा। **~लेपः** (पुं.) [*वज्रस्य लेपः, ष.त.*] भित्ता, पर्खाल आदिमा लाइने चुन, सुर्की आदि मिलाएर बनाएको लेदो पदार्थ। **~लोहकः** (पुं.) [*वज्र इव लोहकः, उपमा.त.*] चुम्बक। **~शल्यः** (नपुं.) [*वज्र इव शल्यानि यस्य सः, बहु.स.*] दुम्सी। **~सत्त्वः** (पुं.) [*वज्रस्य सत्त्वं यस्मिन् सः,बहु.स.*] कठोर दिल भएको/निर्दयी **~सारः** (पुं.वि.) [*वज्रमिव सारः काठिन्यं यस्य सः, बहु.स.*] वज्र जस्तै साह्रो/अत्यन्त कडा/ बिजुलीको शक्ति भएको।

क्व च निशितनिपाता वज्रसाराः शरास्ते। (अभि.शा.)
त्वमपि कुसुमवाणान् वज्रसारीकरोषि।

~सूची (स्त्री.) [*वज्रस्य सूची, ष.त.*] हीराको सियो।

वज्रकङ्कटः (पुं.) [*वज्रः कङ्कटं देहावरणं यस्य सः, बहु.स.*] हनुमान्। **हनुमान् वज्रकङ्कटः। मारुतिः केशरिसुत आञ्जनेयोऽर्जुनध्वजः** (अभि.चि.)।

वज्रकालिका (स्त्री.) [*वज्रयुता कालिका, म.प.स.*] वज्र हातमा लिने कालिका/मायादेवी।

वज्रकीटः (पुं.) [*वज्रदन्तमयः कीटः, म.प.स.*] शालग्राम शिलाभित्र विभिन्न आकारका चित्र बनाउने किरो।

वज्रजित् (पुं.) [*वज्रं जयति,तस्याघातसहनेन, क्विप्, तुक्*] गरुड। **सौपर्णेयो वैनतेयः सुपर्णः सर्पारातिर्वज्रजिद् वज्रतुण्डः** (अभि.चि.)।

वज्रज्वाला (स्त्री.) [*वज्रस्य ज्वाला, ष.त.*] वज्र पर्दा पृथिवीमा आउने बिजुलीको ज्वाला। **वज्रज्वालाऽतिभीः स्मृता** (हला.)।

वज्रतुण्डः (पुं.) [*वज्रं तत्तुल्यं तुण्डमस्य, बहु.स.*] १.गणेश २.गरुड ३.गिद्ध ४.लामखुट्टे /मच्छड।

वज्रनिर्घोषः (पुं.) [*वज्रस्य निर्घोषः, ष.त.*] वज्रको आवाज।

वज्रपुष्पम् (नपुं.) [*वज्रमिव पुष्पम्*] तिलको फूल।

वज्रभृत् (पुं.) [*वज्रं बिभर्ति, क्विप्, तुक्*] १.इन्द्र २.बौद्धविशेष।

वज्राघातः (पुं.) [*वज्रस्य आघातः, ष.त.*] १.वज्रको प्रहार/चट्याङ वा आकाशीय बिजुलीबाट भएको आघात २.अतिसङ्कट।

वज्राङ्गः (पुं.) [*वज्रमिव बलवन्ति अङ्गानि यस्य सः, बहु.स.*] १.हनुमान् /वज्राङ्गबली २.सर्प।

वज्राचार्यः (पुं.) [*वज्रस्य वज्रयानस्य आचार्यः, ष.त.*] १.तान्त्रिक बौद्ध आचार्यको एक भेद २.विशेष संस्कार गरेपछि प्राप्त हुने बौद्धमार्गीहरूको एक उपाधि।

वज्राभः (पुं.) [*वज्रस्य हीरकस्य आभा इव आभा यस्य सः बहु.स.*] १.दुधे खरी/दुधजस्तै सेतो ढुङ्गो २.(पुं.वि.) हीराजस्तै चम्किलो।

वज्रासनम् (नपुं.) [*वज्रमिव आसनम्, त.स.*] पद्मासनमा बसी पैतालामाथि दुवै हत्केला उतानो पारेर खप्टी बस्ने एक आसन/योगको एक प्रसिद्ध आसन।

वज्री (पुं.) [*वज्रोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.इन्द्र २.बुद्ध। **वज्री तु बुद्धे देवाधिपे पुमान्** (विश्व.)।

वञ्चकः (पुं.वि.) [*वञ्चयते प्रतारयति, वञ्चु प्रलम्भने इति धातोः, णिचि, ण्वुल्तृचौ इति ण्वुल्, युवोरनाकौ इत्यकः*] १.ठग/धूर्त/धोखेबाज/बेइमान २.स्याल ३.छुचुन्द्रो ४.घरमा पालेको न्याउरीमुसो। **वञ्चकस्तु खले धूर्ते गृहबभ्रौ च जम्बुके** (विश्व.)।

वञ्चनम् (नपुं.) [*वञ्चु प्रलम्भने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] ठग्ने काम/ अर्काले पाउने कुरा नपाउने तुल्याउनु/वञ्चना।

वञ्चना (स्त्री.) [*वञ्चधातोर्युच्, अनः, टाप्*] ठगिपना/प्रतारणा।

ते कान्तं मुनयो दिव्याः प्रेक्ष्य हैमवतं पुरम्।
स्वर्गाभिसन्धि सुकृतं वञ्चनामिव मेनिरे॥ (कुं.सं.६.४७)

वञ्चितः (पुं.वि.) [*वञ्च्यते स्म, वञ्चु प्रलम्भने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] ठगिएको/धोखा दिइएको। **विधिना जन एष वञ्चितस्त्वदधीनं खलु देहिनां सुखम्** (कु.सं.४.१०)।

वञ्चु (धा.) [*गतौ, भ्वा. सक.सेट् पर.*] हिँड्नु। लट्– **वञ्चति–** हिँड्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वञ्चु (धा.) [*प्रलम्भने, चुरा.सक.सेट्,आत्म.*] ठग्नु। लट्– **वञ्चयते–** ठग्छ। लिट्– **वञ्चयाञ्चक्रे–** ठगेछ (अन.)। लुट्– **वञ्चयिता–** ठग्ने छ (अन.)। लृट्– **वञ्चयिष्यते–** ठग्ने छ। लोट्– **वञ्चयताम्–** ठगोस्। लङ्– **अवञ्चयत–** ठग्यो (अन.)। विधिलिङ्– **वञ्चयेत–**ठग्ला, ठगोस्। आशीर्लिङ्– **वञ्चयिषीष्ट–** ठगोस्। लुङ्– **अववञ्चत–** ठग्यो। लृङ्– **अवञ्चयिष्यत–** ठग्ने थियो। कृदन्ते– **वञ्चकः, वञ्चयिता** (पुं.) **वञ्चिका,वञ्चयित्री** (स्त्री.) ठग्ने। **वञ्चयितुम्**– ठग्न। **वञ्चयित्वा/प्रवञ्च्य**– ठगेर। **वञ्चयितव्यः/वञ्चनीयः**– ठगिने/ ठगिनुपर्ने। **वञ्चनम्–** ठगी/ठग्ने काम इत्यादि।

वञ्चुकः (पुं.वि.) [*वञ्चयति प्रतारयति,उकञ्*] ठग/धूर्त/ठग्न सिपालु

वञ्जुलः (पुं.) [*वज गतौ इति धातोः,बाहुलकादुलच्,नुम् च*] १.वेत २.अशोकवृक्ष ३.साँधनवृक्ष। **वञ्जुलः पुंसि तिनिशे वेतसाशोकयोरपि** (मेदिनी.) ४.पक्षीको एक जाति (हला.२५४)।

वञ्जुला (स्त्री.) [*वञ्जुलशब्दात् टाप्*] १.धेरै दुध दिने गाई। **बहुदुग्धा तु वञ्जुला** (अभि.चि.) २.नदीविशेष।

वट (धा.) [*विभाजने, ग्रन्थे च, सक.सेट् उभय.*] विभाजन गर्नु, गुँथ्नु, लपेट्नु। लट्– **वट्यति-ते–** विभाजन गर्छ, गुँथ्छ, लपेट्छ इत्यादि।

वट (धा.) [*परिभाषणे, सक.सेट् पर.*] वकवाद गर्नु। लट्– **वटति–** वकवाद गर्छ इत्यादि।

वट (धा.) [*वेष्टने, सक.सेट् पर.*] बेर्नु। लट्– **वटति–** बेर्छ।

वटः (पुं.) [*वटति वेष्टयति स्वं पत्रैर्मूलैर्वा वृक्षान्तरम्,वट वेष्टने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.बरको वृक्ष २.कौडी ३.शिवको जटा। **वटी त्रिषु गुणे पुंसि स्यान्यग्रोधकपर्दयोः** (मेदिनी.)।

वटकः (पुं.) मासको बारा।

माषाणां पिष्टिकां युक्तां लवणार्द्रकहिङ्गुभिः।
कृत्वा विदध्याद् वटकान् तान् तैलेषु पचेच्छनैः॥

(भा.प्र.नि.) बारा दुई प्रकारको हुन्छ– सुक्खा र रसदार। सुक्खा बारालाई नुन हिङ आदि फुराएर मोइ तताई त्यसमा हालेपछि रसदार बारा हुन्छ। बारा स्वास्थ्यका दृष्टिले अति उपयोगी खाद्यवस्तु मानिन्छ।

सञ्चूर्ण्य निक्षिपेत् तक्रे भृष्टं जीरकहिङ्गु च।
लवणं तत्र वटकान् सम्पूर्णानपि मज्जयेत्॥ (भा.प्र.नि.)

बारा मासको मात्र नभएर इमली, मुगी, फापर, आलु आदिको पनि बन्दछ। नेपालीमा इमली र आलुको वटकालाई तितौरा र फापरको वटकालाई फुर्‍यौला वा फुलौरा तथा तिलको वटकालाई तिलौरा भन्दछन्।

वटपिप्पलः (पुं.) [*वटसहितः पिप्पलः, म.प.स.*] बरपिप्पलको रुख।

वटपिप्पलम् (नपुं) [*वटपिप्पलौ यत्र तद् बहु.स.*] वर र पीपल भएको चौतारो।

वटवासी (पुं.) [*वटे वसति तच्छीलः, णिनिः*] यक्ष।

यक्षः पुण्यजनो राजा गुह्यको वटवास्यपि (अभि.चि.)।

वटरकः (पुं.) [*वटधातोः आरकन् प्रत्ययः*] डोरी।

वटरकमयं पाशमथ मत्स्यस्य मूर्द्धनि।
मनुर्मनुजशार्दूल तस्मिन् शृङ्गे न्यवेशयत्॥

(म.भा.३.१८७)

वटि (धा.) [*विभाजने, सक.सेट्.उभय.*] बाँड्नु। लट्– **वण्टयति-ते–** बाँड्छ। लिट्– **वण्टयाञ्चकार-चक्रे–**बाँडेछ (अन.) इत्यादि।

वटिः (पुं.) [*वटति रोगमिति, वट वेष्टने इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्*] औषधि विशेष/औषधिका गोली।

वटिका (स्त्री.) [*स्वल्पा वटिः, अल्पार्थे कन्, टाप्, इत्वम्*] १.औषधीको गोली २.दहीबाडा। **ईण्डेरिका तु वटिका** (अभि.चि.टी.)।

वटी (स्त्री.) [*वटति, वट वेष्टने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, वट्यते वा*] १.साधारण डोरी २.मस्यौरा। यो कर्कलो वा पिंडालु, कुभिन्डो आदिको भुजुरीलाई मासको पिठोमा मुछेर ससाना डल्ला पारी घाममा सुकाइन्छ। यसको तिउन राम्रो हुन्छ। ३.वृक्ष-विशेष।

वटुः (पुं.) [*वटति, वदति, वट कथने (परिभाषणे) इति धातोः, अणश्च (उ.) इत्यत्र चकारपाठाद् उः*] १.द्विजपुत्र/ब्राह्मण, क्षत्रिय र वैश्यको पुत्र। **वटुर्द्विजसुतः स्मृतः** (संसारावर्त) २.ब्रह्मचारी। **वटुर्वर्णो ब्रह्मचारी** (शब्दरत्नावली) ३.वृक्षविशेष।

वटुकः (पुं.) [*वटुरेव, स्वार्थे कन्*] द्विजपुत्र/ब्राह्मण, क्षत्रिय र वैश्यको पुत्र। २.ब्रह्मचारी ३.भैरवविशेष।

वटुकरणम् (नपुं.) [*वटोः करणम्, ष.त.*] उपनयनसंस्कार।

वठ (धा. [*स्थौल्ये, स्थौल्यमिह सामर्थ्ये, अक.सेट् पर.*] समर्थ हुनु। लट्– **वठति–**समर्थ हुन्छ इत्यादि। **वठति दाता।** (दुर्गादास) दानी दान गर्न समर्थ हुन्छ।

वठि (धा.) [*एकचर्यायाम्, अक.सेट्.आत्म.*] एकलकाटे हुनु, एक्लै जानु। लट्– **वण्ठते–** एकालकाटे हुन्छ, एक्लै जान्छ इत्यादि।

वड (धा.) [*आरोहणे, भ्वा.पर.सक. सेट्*] चढ्नु। लट्– **वडति–** चढ्छ इत्यादि।

वडवा (स्त्री.) [*वडति आरोहतीति पचाद्यच्, तं वाति, कः,आलोपः*] १.घोडी। **वडवाश्वा प्रसूर्वामी** (अभि.चि.) २.अप्सराविशेष ३.वेश्या ४.ब्राह्मण जातिकी स्त्री/द्विजयोषित् ५.नोकर्नी। **वडवा कुम्भदासी च** (अभि.चि.टी.)।

वडवानलः (पुं.) [*वडवाकारोऽनलः, म.प.स.*] समुद्रभित्र हुने आगो/वडवाग्नि।

वडवामुखः (पुं.) [*वडवाया मुखमिव मुखमस्य*] समुद्रभित्र देखिने आगो/वडवानल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वडवासुतः (पुं.) [*वडवायाः सुतः, ष.त.*] १.बछेडो २.(द्वि.व.) अश्विनी कुमार। **स्ववैद्यावश्विनीपुत्रावश्विनौ वडवासुतौ** (अभि.चि.)।

वडि (धा.) [*विभाजने, सक.सेट्, आत्म.*] विभाजन गर्नु। लट्– **वण्डते–** विभाजन गर्छ इत्यादि।

वड्रम् (नपुं.) [*वलते, वल संवरणे संचरणे च इति धातोः, बहुलमन्यत्रापि (उ.) इति रक्*] फैलावट/ठुलो।

वण (धा.) [*शब्दार्थे, अक.सेट्, पर.*] शब्द गर्नु। लट्– **वणति–** शब्द गर्छ इत्यादि।

वणिक् (पुं.) [*पणायते व्यवहरतीति, पण व्यवहारे स्तुतौ च इति धातोः,पणेरिज्यादेश्च वः (उ.) इति इच्,पकारस्य वकारश्च*] १.व्यापारी। **यस्यागमः केवलजीविकायै तं ज्ञानपण्यं वणिजं वदन्ति** (मालविका.१.१७) २.तुलाराशि। **~कर्म** (नपुं.) [*वणिजां कर्म, ष.त.*] **~क्रिया** (स्त्री.) [*वणिजां क्रिया, ष.त.*] व्यापार। **~जनः** (पुं.) [*वणिक् चासौ जनश्च*] व्यापारी। **~पथः** (पुं.) [*वणिजां पन्थाः, ष.त.*] १.व्यापारीको मार्ग २.दोकान। **~वृत्तिः** (स्त्री.) [*वणिजां वृत्तिः, ष.त.*] व्यापार। **~सार्थः** (पुं.) [*वणिजां सार्थः, ष.त.*] व्यापारीको टोली वा दल।

वणिग्भावः (पुं.) [*वणिजो भावः, ष.त.*] व्यापारवृत्ति।

वणिग्मार्गः (पुं.) [वणिजां मार्गः, ष.त.] व्यपारीको बाटो।

वणिजः (पुं.) [*वणिगेव, स्वार्थेऽच्*] १.व्यापारी २.तुलाराशि।

वणिज्या (स्त्री.) [*वणिजां कर्म, दूतवणिग्भ्यां च, इति यः*] व्यापार।

वण्टकः (पुं.) १.[*वण्ट्यते, वटि विभाजने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, स्वार्थे कन् (ज्ञापि. ५.४.५)*] भाग २.[*वण्टयति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] भाग लगाउने व्यक्ति। **वण्टकं वण्टयति वण्टकः** (दुर्गादास)।

वण्टनम् (नपुं.) [*वटि विभाजने इति धातोः ल्युट् च इति भावे ल्युट् अनः*] बाँड्ने काम/विभाजन।

वण्टितः (पुं.वि.) [*वण्ट्यते स्म, वटि विभाजने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,नुम्*] बाँडिएको/भाग लाइएको।

वण्डः (पुं.) [*वडि विभाजने इति धातोः, भावे ३.३.१८ इति घञ्*] भागबण्डा।

वत (अव्य.) [*वन्यते स्म इति, वनु याचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अनुनासिकलोपः*] खेद, अनुकम्पा आदि अर्थ बुझाउन प्रयोग हुने अव्यय पद। **क्व वत हरिणकानां जीवितं चातिलोलम्** (अभि.शा.)।

वतंसः (पुं.) [*भागुरीमते अकारलोपः*]अवतंस/गहना/आभूषण। **कपोलविलोलवतंसम्** (गीत.)।

वतोका (स्त्री.) [*अवगतं तोकं यस्याः सा, बहु.स. भागुरीमतेऽल्लोपः*] गर्भपात भएकी स्त्री/निः सन्तान महिला वा गाई।

वत्सः (पुं.) [*वदतीति, वद व्यप्तायां वाचि, इति धातोः, वृतृवदिह–निकमिकशिभ्यः सः (उ.) ३४९ इति सः*] १.बाच्छो। **तेनाद्य वत्समिव लोकममुं पुषाण।** (भर्तृहरि) २.पुत्र, सन्तान आदिलाई माया गर्दा प्रयोग गरिने शब्द/बाबु भनेर माया गर्दा बच्चालाई बोलाउने शब्द। **अयि वत्स कृतं कृतमतिविनयेन किमपराद्धं वत्सेन।** (उ.रा.च.) ३.दिवोदासका पुत्र ४.देशविशेष।


(वत्सः)

वत्सकः (पुं.) [*वदतीति, वद व्यक्तायां वाचि इति धातोः, वृतृवदिव–चिहनिकमिकषिभ्यः सः (उ.) ३४९ इति सः, ततः संज्ञायां कन् ५.३.९६*] १.कोरली बाच्छो २.ठुलो कुरो ३.बच्चा।

वत्सकामा (स्त्री.) [*वत्सस्य कामः अभिलाषो यस्याः सा, बहु.स.*] १.बाच्छालाई भेट्न चाहने गाई २.बच्चाको चाहना राख्ने महिला।

वत्सतरः (पुं.) [*वत्सोक्षाश्व ५.३.९१ इत्यादिना ष्टरच्*] दुई वर्षको बहर।

वत्सतरी (स्त्री.) [*अल्पा वत्सा, वत्सोक्षाश्व ५.३.९१ इति ष्टरच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] दुई वर्षकी बाच्छी।

वत्सनाभः (पुं.) [*वत्सान् नभ्नाति, णभ हिंसायाम् इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, वत्सस्य नाभिरिव नाभिरस्येति वा, अच् प्रत्यन्व–वपूर्वात् ५.४.७५ इति योगविभागादच्*] एक किसिमको विष। यसको प्रयोग औषधिमा हुन्छ।

वत्सभट्टिः (पुं.) संस्कृत साहित्यका एक कवि। यिनको समय मालवसम्वत् ५२९ हो। यिनको स्वतन्त्र रचना उपलब्ध छैन। मन्दसौर अभिलेखमा यिनका ४४ वटा पद्यहरू उट्टङ्कित छन्। सूर्यको स्तुतिमा निबद्ध यी कविताको शैली प्राञ्जल तथा उत्कृष्ट छ।

वत्सम् (नपुं.) [*वदति सामर्थ्यम्, वद व्यक्तायां वाचि इति धातोः, वद स्थैर्ये इति धातोर्वा, वृतृवदिहनिकमिकशिभ्यः सः (उ.) ३४९ इति सः*] छाती। **पुत्रादौ तर्णके वर्षे वत्सो वत्सं तु वक्षसि** (रुद्र.)।

वत्सरः (पुं.) [*वसन्त्यस्मिन् मासादय इति, वसतोऽयनेऽस्मिन् वा, वस निवासे इति धातोः, वसेश्च (उ.) ३५८, इति सरः, सस्यार्ध–धातुके ७.४.४९ इति सस्य तः*] वर्ष/साल। **अयने द्वे गतिरुदग् दक्षिणार्कस्य वत्सरः** (अभि.चि.)।

वत्सरादि (नपुं.) [*वत्सरस्य आदिर्यस्मिन् तत्*] १.वर्ष प्रारम्भ हुने दिन २.(पुं.) [*वत्सरस्य आदिर्यस्मिन् स मासः*] मार्ग महिना। **वत्सरादिर्मार्गशीर्षः सहः सहाः** (अभि. चि.)।

वत्सलः (पुं.वि.) [*वत्सं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ यद्वा वत्सं कामयते, वत्सांशाभ्यां कामबले ५.२.९८ इति लच्*] १.छोराछोरीमाथि प्रेम गर्ने/पुत्रस्नेही २.सबै केटाकेटीहरूलाई आफ्नै छोराछोरीलाई जस्तै प्रेम गर्ने ३.(पु.) भरतादिले मानेको दसौँ रस। **स्फुट चमत्कारितया वत्सलञ्चरसं विदुः** (सा.द.) हे. **वात्सल्यरस।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वत्सला (स्त्री.) [*वत्से कामोऽस्त्यस्याः, लच्, ततो वत्सलशब्दात् टाप्*] १.बाच्छालाई अतिशय प्रेम गर्ने गाई २.भक्तजनमाथि अतिशय दया गर्ने वत्सला देवी/शरणागतवत्सला भगवती।

वत्सा (स्त्री.) [*वत्सशब्दात् टाप्*] बाच्छी।

वत्सादनी (स्त्री.) [*वत्सैरद्यते, प्रियत्वात् अद भक्षणे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] गुर्जो।

वत्सिका (स्त्री.) [*वत्सा एव, कन्, टाप्, इत्वम्*] बाच्छो।

वद (धा.) [*व्यक्तायां वाचि, सक.सेट्, पर.*] स्पष्ट बोल्नु। लट्– **वदति–** बोल्छ। **अनुवदति**– अनुवाद गर्छ, पछाडि बोल्छ। **अपवदति–** निन्दा गर्छ। **अभिवदति–** श्रद्धापूर्वक नमस्कार गर्छ। **उपवदति–** फकाउँछ, लोभ देखाउँछ, चापलुसी गर्छ। **परिवदति**- उल्टो बोल्छ, गाली गर्छ, निन्दा गर्छ। **प्रतिवदति–** प्रतिवाद गर्छ, उत्तर दिन्छ। **प्रवदति–** बोल्छ, उच्चारण गर्छ, कुराकानी गर्छ, सम्बोधन गर्छ। **विवदति–** विवाद गर्छ, झगडा गर्छ। **विप्रवदति–** बकबाद गर्छ। **संवदति–** राम्रो बोल्छ, प्रवचन गर्छ अनुरूप हुन्छ। **अस्य मुखं सीताया मुखचन्द्रेण संवदत्येव**। (उ.रा.च.) **संप्रवदते**– उच्च स्वरले बोल्छ। **संप्रवदन्ते ब्राह्मणाः**। लिट्– **उवाद–** बोलेछ (अन.)। लुट्– **वदिता–** बोल्ने छ (अन.)। लृट्– **वदिष्यति–** बोल्ने छ। लोट्– **वदतु–** बोलोस्। लङ्– **अवदत्–** बोल्यो (अन.)। विधिलिङ्– **वदेत्–** बोल्ला, बोलोस्। आशीर्लिङ्– **उद्यात्–** बोलोस्। लुङ्– **अवादीत्–** बोल्यो। लृङ्– **अवदिष्यत्–** बोल्ने थियो। कर्मणि **उद्यते**- बोलिन्छ। णिचि– **वादयते**– बोल्न लगाउँछ। सनि– **विवदिषति**- वोल्न चाहन्छ। यङि– **वावद्यते**, यङ्लुकि– **वावदीति**– अतिशय वा पटक पटक बोल्छ। कृदन्ते-**वादकः, वादिका,**– बोल्ने। **वदन्–** बोल्दै गरेको। **वदिष्यन्/न्ती–** भविष्यमा बोल्दैरहने। **वदितव्यम्, वदनीयम्–** बोलिने। **वदितुम्–** बोल्न। **उदितिः, उक्तिः**– भनाइ/ बोली। **उदित्वा/प्रोद्यः–** भनेर। **वादयित्वा**– भनाएर इत्यादि।

वद (धा.) [*सन्देशवचने, चुरा.सक.सेट्, उभय.*] सन्देश भन्नु, बोल्नु, भाषण गर्नु। लट्– **वादयति-ते/वदते–** सन्देश भन्छ, बोल्छ, भाषण गर्छ। **अनुवादयति/अनुवदते**–अनुवाद गर्छ, पछि बोल्छ। **अपवादयति/अपवदते**-निन्दा गर्छ। **अभिवादयति/ अभिवदते**– नमस्कार गर्छ,सत्कारपूर्वक अभिनन्दन गर्छ। **उपवादयति/ उपवदते**– सम्झाएर भन्छ। **परिवादयति– परिवदते**– विरुद्ध बोल्छ, गाली वा निन्दा गर्छ। **प्रतिवादयति- प्रतिवदते–** उत्तर दिन्छ। **विप्रवादयति-विप्रवदते**– विलाप गर्छ,वकवाद गर्छ। **सम्प्रवादयति/सम्प्रवदते**– राम्रोसित भन्छ। लिट्– **वादयाञ्चकार/चक्रे, ववदे–** बोलेछ, सन्देश दिएछ, भाषण गरेछ इत्यादि।

वदः (पुं.) [*वदति, वद व्यक्तायां वाचि इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] वक्ता/बोलक्कड।

वदनम् (नपुं.) [*उद्यतेऽनेन, वद व्यक्तायां वाचि इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चेहरा २.मुख ३.अग्रभाग ४.कथन/भनाइ।

वदनासवः (पुं.) [*वदनस्य आसवः, ष.त.*] ओठको रस/अधरमधु।

वदमानः (पुं.वि.) [*वदत इति भासनोपसंभाषज्ञानयत्नविमत्युप मन्त्रणेषु वदः १.३.४७ इति आत्मनेपदम्, ततः लटः शानच्*], बोलिरहेको/बोल्दै गरेको।

वदान्यः (पुं.वि.) [*सर्वेभ्य एव दास्यामि इति मनोहरवाक्यं वदतीति सः, वद व्यक्तायां वाचि इति धातोः, वदेरान्यः (उ.) ३९१ इति आन्यः*] १.त्यागी/अतिदानी २.बोल्न सिपालु।

वदान्यो दानशौण्डे स्याच्चारुवादिनि वाच्यवत् (मेदिनी.)

३.ऋषिविशेष।

निवेष्टुकामस्तु पुरा अष्यवक्रो महातपाः।
ऋषेरस्य वदान्यस्य वव्रे कन्यां महात्मनः॥

(म.भा.१३.१९.११)

वदावदः (पुं.) [*अत्यन्तंवदति, वद व्यक्तायां वाचि इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, चरिचलि– (वा.) ६.१.१२ इति द्वित्वादि*] वक्ता/बोलक्कड। **वदो वदावदो वक्ता** (अमर.)।

वदि (धा.) [*अभिवादनस्तुत्योः, भ्वा. सक.सेट्, आत्म.*] अभिवादन गर्नु, स्तुति गर्नु। लट्– **वन्दते–** अभिवादन गर्छ, स्तुति गर्छ। लिट्– **ववन्दे–** अभिवादन गरेछ, स्तुति गरेछ (अन.)। लुट्– **वन्दिता–** अभिवादन गर्ने छ, स्तुति गर्ने छ इत्यादि। कर्मणि– **वन्द्यते–** अभिवादन गरिन्छ, स्तुति गरिन्छ। णिचि– **वन्दयति-ते–** अभिवादन गराउँछ, स्तुति गराउँछ। सनि– **विवन्दिषते–** अभिवादन गर्न चाहन्छ, स्तुति गर्न चाहन्छ। कृदन्ते– **वन्दकः/वन्दिका/वन्दिता/वन्दित्री–** अभिवादन गर्ने, स्तुति गर्ने। **वन्दमानः**–अभिवादन गरिरहेको, स्तुति गरिरहेको। **वन्दनम्/ वन्दना–** अभिवादन, स्तुति। **वन्दितुम्–** अभिवादन गर्न, स्तुति गर्न। **वन्दित्वा/अभिवन्द्य–** अभिवादन गरेर, स्तुति गरेर। **वन्दारुः–** अभिवादन गर्ने, स्तुति गर्ने इत्यादि।

वधः (पुं.) [*हननमिति, हन हिंसागत्योः इति धातोः, हनश्च वधः ३.३.७६ इत्यप्, वधादेशश्च*] मार्ने काम/अघात/प्रहार/हिंसा।

वधकः (पुं.) [*हन हिंसागत्योः इति धातोः, हनो वध च (उ. २०४) इति क्वुन्, वधादेशश्च, युवोरनाकौ ७.१.१ इत्यकः*] हत्यारा।

वधत्रम् (नपुं.) [*वध हिंसायाम्, इति धातोः, अमिनक्षियजि- वधिपतिभ्योऽत्रन् (उ.) ३९२ इति अत्रन्*] हतियार।

वधस्थली (स्त्री.) [*वधस्य वधाय वा स्थली*] मार्ने स्थान।

वधार्हः (पुं.वि.) [*वधमर्हति, अर्हधातोरण्*] मार्नुपर्ने/वध्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वधूः (स्त्री.) [*गृहस्य भारं वहतीति, उह्यते पितृगेहात् पतिगृहं वा, वह प्रापणे इति धातोः, वहो धश्च (उ.) ८३ इति सूत्रेण, ऊः, हस्य धकारश्च*] १.नयाँ दुलही। **समानयन् तुल्यगुणं वधूवरं चिरस्य वाच्यं न गतः प्रजापतिः**। २.पत्नी। **वधूर्जाया स्नुषा स्त्री च** (अमर.) ३.बुहारी। **तेषां वधूस्त्वमसि नन्दिनि पार्थिवानाम्** (उ.रा.च.१.१९) ४.कपुरपाती ५.युवति/तरुणी **हरिरिह मुग्धवधूनिकरे विलासिनि विलसति केलिपरे**। (गीतगोविन्द) ६.नारी/महिला। **नारी सीमन्तिनी वधूः** (अमर.) ७.आफूभन्दा नातामा कान्छो व्यक्ति भाइ, भतिजा, शिष्य आदिकी पत्नी। **समाः स्नूषाजनीवध्वः** (अमर.) ८.कुनै पनि पशुकी पोथी। जस्तै– **मृगवधूः, सिंहवधूः** आदि ९.स्त्रीत्वको आरोप गर्दा पछाडि आउने शब्द।

लक्ष्मीभृतोऽम्भोधितटाधिवासान्
द्रुमानसौ नीरदनीलभासः।
लतावधूसंप्रयुजोऽधिवेलं
वधूकृतान् स्वानिव पश्यति स्म॥ (शि.व.)

१०.सागविशेष।**~प्रवेशः** (पुं.) [*वध्वाःप्रवेशः, ष.त.*] विवाह पछि पतिको घरमा हुने दुलहीको प्रथम प्रवेश। **~जनः** (पुं.) [*वधूरेव जनः*] पत्नी/स्त्री। **~पक्षः** (पुं.)विवाहको समयमा कन्यापक्षका मानिस। **~वस्त्रम्** (नपुं.) दुलहीका लुगा।

वधूटी (स्त्री.) [*अल्पवयस्का वधूः*] तरुणी/नवयुवती।

वधूटी च चिरण्टी च द्वितीयवयसौ स्त्रियौ (हला.)।

वधोद्यतः (पुं.वि.) [*वधाय उद्यतः, च.त.*] मार्न तयार भएको।

वध्यः (पुं.वि.) [*हन्तुं योग्यः हनो वा यद् वधश्च वक्तव्यः (वा.) इति यत्, वधादेशश्च, यद्वा वधमर्हति, दण्डादिभ्यो यत् ५.१.६६ इति यत्, हनो वधादेशश्च, हन्तुं शक्यः, शकि लिङ् च ३.३.१७२ इत्यत्र चात् कृत्यप्रत्ययः*] १.मार्न योग्य। **वधाय वध्यस्य शरं शरण्यः** (रघु.) २.दण्ड दिन योग्य ३.मार्न सकिने। **~भूमिः** (स्त्री.) [*वधाय अर्हा, वध्या, सा चासौ भूमिश्च, कर्म.स.*] वध्यस्थल/वध्यस्थान/प्राणदण्ड दिने ठाउँ।

वन (धा.) [*सम्भक्तौ शब्दे च, भ्वा. सक.सेट् पर.*] सेवा गर्नु, सन्मान गर्नु, सहायता गर्नु, शब्द गर्नु। लट्– **वनति**– सेवा गर्छ, सम्मान गर्छ, शब्द गर्छ इत्यादि।

वन (धा.) [*संभक्तौ, शब्दे च, चुरा.उभ. सेट्*] अनुग्रह गर्नु,चोट पुऱ्याउनु शब्द गर्नु, विश्वास गर्नु। लट्– **वानयति-ते**– अनुग्रह गर्छ, चोट पुऱ्याउँछ, शब्द वा ध्वनि निकाल्छ, विश्वास गर्छ।

वनगवः (पुं.) [*वनस्य गौरिव*] वनगाईको साँढे।

गवयः स्याद् वनगवो गोसदृक्षोऽश्ववारणः (अभि.चि.)।

वनगौः (स्त्री.) [*वनस्य गौः, ष.त.*] वनगाई।

वनतिक्तिका (स्त्री.) [*वने तिक्ता, स्वार्थे कन् ५.३.७५ टाप् ४.१.४, इत्वम्*] गुधेरगानो।

वनप्रियः (पुं.) [*वनं प्रियमस्य*] कोइली।

वनम् (नपुं.) [*वन्यते संभज्यते सेव्यते याच्यते वा, वनु संभक्तौ इति धातोः, वनु याचने इति धातोर्वा, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, संज्ञापूर्वकत्वाद् वृद्ध्यभावः*] १.जङ्गल/धेरै वृक्ष भएको भूमि २.पानी ३.प्रवास ४.आवास/घर (मेदिनी.) ५.सोमरस पान गर्ने पात्र/चमस ६.झर्ना ७.काठ। ८.समस्त पदमा प्रथम पदकोरूपमा प्रयुक्त यस पदको अर्थ जङ्गली भन्ने हुन्छ। जस्तै– वनकदली, वनवराहः, वनपुष्पम् आदि।

वनं प्रस्रवणे गेहे प्रवासेऽम्भसि कानने (हैम)।

~कदली (स्त्री.) [*वनस्य कदली, ष.त.*] जङ्गली केरा। **~कुक्कुटः** (पुं.) [*वनस्य कुक्कुटः, ष.त.*] लुइँचे/वनैया कुखो **~खण्डम्** (नपुं.) [*वनस्य खण्डम्, ष.त.*] वनको एक भाग। **~गहनम्** (नपुं.) [*वनस्य गहनम्, ष.त.*] वनको झाडी। **~गोचरः** १.(पुं.) [*वनं विपिनं गोचरो देशो यस्य*] बाघ २.[*वनं जलं गोचरो देशो यस्य*] नारायण/विष्णु ३.(पुं.वि.) वनवासी ४.जलचर। **~च्छागः** (पुं.) [*वनस्य छागः, ष.त.*] वनको बाखो। **~देवता** (स्त्री.) [*वनस्य देवता, ष.त.*] १.वनका अधिष्ठाता देवता २.वनदेवी।**~धेनुः** (स्त्री.) [*वनस्य धेनुः, ष.त.*] वनगाई। **~प्रशासकः** [*वनस्य प्रशासकः, ष.त.*] वनको संरक्षण गर्ने व्यक्ति। **~पालः** (पुं.) [*वनं पालयतीति, वन–पाल्+अण्*] जङ्गलको देखभाल गर्ने अधिकारी। **~मल्लिका** (स्त्री.) [*वनस्य मल्लिका, ष.त., वा वने जाता मल्लिका, म.प.स.*] जङ्गली चमेली फूल आदि। **~मानुषः** (पुं.) वनमान्छे। **~माला** (स्त्री.) १.जङ्गली फूलको माला २.अठार अक्षरको एक छन्द ३.सबै ऋतुहरूमा फुल्ने अनेक थरी फूल गाँसेर मुकुटदेखि पाउसम्म लामो हुने गरी बनाइएको एक विशेषप्रकारको माला ४.तुलसी, कुन्दपुष्प, आँक, पारिजात, र कमल यी पाँच थरी फूल उनेर बनाएको माला।

आरभ्य मुकुटं यावत्सूत्रैर्विरचिता शुभा।
आपादलम्बिनी माला वनमाला प्रकीर्तिता॥
तुलसीकुन्दमन्दारपारिजाताम्बुजैश्चिता।
पञ्चभिर्ग्रथिता माला वनमाला प्रकीर्तिता॥

(नि.सि.टिप्पणी) **~सरोजिनी** (स्त्री.) [*वनस्य सरोजिनीव, शोभाकरत्वात्*] कपासको बोट।**~समूहः** (पुं.) [*वनानां समूहः, ष.त.*] जङ्गलको समूह। **~वनस्थः** (पुं वि.) [*वने तिष्ठति, स्थाधातोः कः*] १.वनमा रहेको २.वानप्रस्थमा लागेको।

एतच्छौचं गृहस्थानां द्विगुणं ब्रह्मचारिणाम्।
त्रिगुणन्तु वनस्थानां यतीनान्तु चतुर्गुणम्॥ (मनु.५.१३७)

~स्थली (स्त्री.) [*वनस्य स्थली, ष.त.*] वनभूमि/जङ्गलभित्रको जमिन।

वनमक्षिका (स्त्री.) [*वनस्य मक्षिका, ष.त.*] डाँस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनमालामुद्रा (स्त्री.) दुवै हातको चोरी र बुढी औँला गलाबाट उठान गरी पाउसम्म वनमाला झैँ शरीरको दुवै भागमा छुँदा हने मुद्रा।

स्पृशेत्कण्ठादिपादान्तं तर्जन्याङ्गुष्ठया तथा।
करद्वयेन सा मुद्रा मालेव वनमालिका॥ (मु.प्र.)

वनमाली (पुं.) [*अपादपद्मं या माला वनमालेति सा मता (कलिङ्गः) सास्यास्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इतीनिः, वनं मलितुं शीलमस्य इति वा, मल धारणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.विष्णु २.(पुं.वि.) वनमाला लगाउने।

वनमाली तु गोविन्दे वाराह्यां वनमालिनी (विश्व.)।

वनमुद्गः (पुं.) [*वने जातः मुद्गः, म.प.स.*] वनमुगी।

वनवह्निः (पुं.) [*वने स्थितो वह्निः, म.प.स.*] डढेलो।

वनवाटिका (स्त्री.) [*वनमिव स्थिता वाटिका, म.प.स.*] आफ्नो हकभोगको जग्गाजमीनमा आफ्नो मेहनतबाट लगाई पालेको सानो वन र त्यसले ढाकेको जग्गा।

वनवासी (पुं.वि.) [*वने वसति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, वृद्धिः, उपपदसमासः*] जङ्गलमा बस्ने।

वनविज्ञानम् (नपुं.) [*वनसम्बन्धिनो विज्ञानम्, म.प.स.*] वनको विषय र वृक्षरोपणादिसम्बन्धी विज्ञान वा शास्त्र।

वनविभागः (पुं.) [*वनस्य विभागः, ष.त.*] राज्यभरका जङ्गलको संरक्षण, संवर्द्धन आदि कामको प्रबन्ध गर्ने मन्त्रालयको अधीनमा रहेको विभाग।

वनव्रीहिः (पुं.) [*वने स्थितो व्रीहिः, म.प.स.*] जङ्गली धान।

वनशृङ्गाटः (पुं.) [*वनस्य शृङ्गाट इव*] गोखुर।

वनसंरक्षकः (पुं.) [*वनस्य संरक्षकः, ष.त.*] वनरक्षक/वनपाले।

वनस्पतिः (पुं.) [*वनानां पतिः, ष.त. पारस्करप्रभृतीनि संज्ञायाम् ६.१.१५७ इति ससुट्को निपातः*] १.विनाफूल फल लाग्ने वृक्ष २.वृक्षविशेष। **वनस्पतिर्ना द्रुमात्रे विना पुष्पं फलिद्रुमे** (मेदिनी.)।

वनायुजाः (पुं. बहु.) [*वनायुषु देशेषु जाताः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] वनायु देशमा पैदा भएको घोडा। **अजानेयः कुलजो, वनायुजः पारसीक उत्तकः** (रत्नकोष)।

वनितः (पुं.वि.) [*वन्यते स्म, वनधातोः क्तः*] १.सेवित २.मागिएको

वनिता (स्त्री.) [*वनति वन संविभक्तौ इति धातोः, बाहुलकात् इतन्, टाप् ४.१.४, यद्वा वन्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] स्वास्नीमान्छे/आइमाई/स्त्री।

वनी (स्त्री.) वन। **केलीवनीयमपि वञ्जुलकुञ्जमञ्जु** (सा.द.२)।

वनी (पुं.) [*वनमाश्रयत्वेनास्त्यस्य, अत इनिठनौ इति इनिः*] वानप्रस्थी

वनीकरणम् (नपुं.) [*अवनं वनं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] रुख लगाउने काम।

वनीपकः (पुं.) याचक/माग्ने। **याचकस्तु वनीपकः** (अभि.चि.)।

वनीयकः (पुं.) [*वननम्, वनु याचने इति धातोः, सर्वधातुभ्यः इन् (उ.) इति इन्, वनिर्याच्ञा, वनिमिच्छति, सुप आत्मनः क्यच् ३.१.८ इति क्यच्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] माग्ने /याचक।

वनीयान् (पुं.) [*वनमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः, अतिशयेन वनी, ईयसुन्*] वनवासी।

अन्यथा तेऽव्यक्तगतेर्दर्शनं न कथं नृणाम्।
नितरां म्रियमाणानां संसिद्धस्य वनीयसः॥ (भाग.१.१९.३६)

वनु (धा.) [*याचने, तना.सक.सेट्, उभ.*] माग्नु प्रार्थना गर्नु, लट्— **वनोति/वनुते**—माग्छ, प्रार्थना गर्छ इत्यादि। **तोयदादितरं नैव वनुते चातको जलम्** (दुर्गादास)।

वनेचरः (पुं.वि.) [*वने चरतीति,चरेष्टः ३.२.१६ इति टः,तत्पुरुषे कृति बहुलम् ६.३.१४इति अलुक्*] १.वनडुलुवा/वनवासी २.संन्यासी ३.तपस्वी ४.वनमान्छे ५.वन्य जन्तु ६.वनदेवता/ वनदेवी।

वनौकः (पुं.वि.) [*वनमोको यस्य सः, बहु.स.*] घर नभएको/माग्ने।

वसुधारा (स्त्री.) [*वसुरूपा धाराः सन्ति यत्र सा, बहु.स.*] बदरीनाथबाट पाँच माइल पर रहेको एक तीर्थस्थल। यहाँ वसुहरूले पात चपाएर, पानी पिएर धेरै वर्षसम्म तपस्या गरेका थिए। भगवान् विष्णुले उनीहरूलाई दर्शन दिनुभएको थियो। यहाँ ज्यादै अग्लो ठाउँबाट पानीका ठुला धारा झरेका छन्। छिटाले नुहाउनु पर्दछ। यो स्नान दुर्लभ मानिन्छ। यहाँ स्नान तथा पूजा गर्नाले मोक्ष प्राप्त हुन्छ। (म.भा.वन.८२.७६-७८)

वसुकः (पुं.) [*वसति, वस निवासे इति धातोः, शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च (उ.१०) इति उः, स्वार्थे कन् ५.३.७५*] १.आँक २.शिवमल्ली ३.रौँ भएको जनावर। **वसुकं रोमके पुंसि शिवमल्ल्यर्कपर्णयोः** (मेदिनी.)।

वसुकम् (नपुं.) [*वसु कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] साँवरी नुन। **वसुकं रोमके, पुंसि शिवमल्ल्यर्कपर्णयोः** (विश्व.)।

वसुदा (स्त्री.) [*वसु ददातीति, डु दाञ् दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ टाप् ४.१.४*] वसुन्धरा/वसुमती/पृथ्वी/धरती।

वसुदेवः (पुं.) [*वसुषु दीव्यति, दिवु क्रीडादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] कृष्णका पिता।

वसुधा (स्त्री.) [*वसूनि धीयन्तेऽस्याम्, डुधाञ् धारणपोषणयोः इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ टाप् ४.१.४*] पृथ्वी।

वसुदेवता (स्त्री.) [*वसु देवता यस्याः सा, बहु.स.*] धनिष्ठा नक्षत्र। **श्रविष्ठा तु धनिष्ठा वसुदेवता** (अभि.चि.)।

वसुधाधिपः (पुं.) [*वसुधाया अधिपः, ष.त.*] राजा।

वसुधाभृत् (पुं.) [*वसुधां विभर्तीति, डु भृञ् धारणपोषणयोः इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, ततस्तुक्*] राजा।

वसुधारा (स्त्री.) [*वसुरूपा धारा, म.प.स.*] भारतको हिमाञ्चल प्रदेशमा पर्ने एक तीर्थस्थल। हे **बदरीनारायणः**।

वसुन्धरा (स्त्री.) [*वसूनि धारयतीति, संज्ञायां भृतृवृजि ३.२.६४ इति खच्, खचि ह्रस्वः ६.४.९४ इति ह्रस्वः*] पृथ्वी।

वसुबन्धुः (पुं.) बौद्ध दर्शनका वैभाषिक मतका प्रमुख आचार्य। सर्वास्तिवाद सिद्धान्तका प्रतिष्ठापक। यिनको समय पाँचौं शताब्दी हो। यिनले लेखेको कृति **अभिधर्मकोष** हो। यो आठ परिच्छेदमा विभक्त छ। यसमा विवेचित विषयहरू– **धातुनिर्देश, इन्द्रियनिर्देश, लोकधातुनिर्देश, कर्मनिर्देश, अनुशयनिर्देश, आर्यपुद्गलनिर्देश, ज्ञाननिर्देशन** र **ध्याननिर्देश** छन्। यिनले जीवनको अन्तिम समयमा आफ्नो भाइ असङ्गको विचारबाट प्रभावित भएर वैभाषिक मतलाई छोडी योगाचार मतलाई ग्रहण गरेका थिए। यिनले लेखेका अन्य कृतिहरूमा **परमार्थसप्तति, तर्कशास्त्र, वादविधि, अभिधर्मकोशटीका, सद्धर्मपुण्डरीकटीका, महापरिनिर्वाणसूत्रटीका, वज्रच्छेदिका, प्रज्ञापारमितटीका** र **विज्ञप्तिमात्रतासिद्धि** उपलब्ध छन्। तिब्बती विद्वान्हरूको भनाइअनुसार यिनले **पञ्चस्कन्धप्रकरण, व्याख्यायुक्ति, कर्मसिद्धिप्रकरण, महायानसूत्रालङ्कारटीका, प्रतीत्यसमुत्पादक सूत्रटीका, मध्यान्तविभागभाष्य** पनि लेखेका थिए ।

वसुमती (स्त्री.) [*वसवः सन्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, ङीप्*] १.पृथ्वी २.छन्दविशेष।

वसुमान् (पुं.वि.) [*वसवः सन्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्*] धनी/सम्पन्न।

वस्क (धा.) [*गतौ, सक.सेट्, आत्म.*] जानु। लट्– **वस्कते**– जान्छ इत्यादि।

वस्तिः (पुं./स्त्री.) [*वस आच्छादने इति धातोः, वसेस्तिः (उ. ६२९) इति तिः*] नाइटोभन्दा तलको भाग।

वस्तिकर्म (नपुं.) [*वस्ते आच्छादयति मूत्रम्, मलञ्च, तस्य कर्म*] मलमूत्र सफा गर्नका लागि गुदद्वार र मूत्रेन्द्रियबाट पचका लगाउने काम/मल सफा गर्नलाई गुदद्वारबाट पानी हाल्ने काम/डुस।

वस्तु (नपुं.) [*वसन्ति येन तत्, वस निवासे इति धातोः, वसेस्तुन्, इति तुन्*] १.पदार्थ २.कथा उपन्यास आदिको विषय/कथावस्तु। **~प्रेषणादेशः** (पुं.) [*वस्तुप्रेषणस्यादेशः, ष.त.*] माल बाह्य देशमा पठाउनका लागि दिएको लिखित आदेश। **~वादः** (पुं.) [*वस्तुनो वादः, ष.त.*] वस्तुतन्त्र/दृश्य जगत् जस्तो छ त्यस्तै त्यसको सत्ता मान्ने एक दार्शनिक सिद्धान्त/ भूतवाद/ सांसाररिक कुराकै सर्वोपरि प्रधानता मान्ने सिद्धान्त। **~विनिमयः** (पुं.) [*वस्तूनां विनिमयः, ष.त.*] एक वस्तुसित अर्को वस्तु साट्ने काम। **~स्थितिः** (स्त्री.) [*वस्तुगता स्थितिः, म.प.स.*] भएको कुनै पनि घटना वा विषयको यथार्थ/वास्तविक स्थिति।

वसुप्रभा (स्त्री.) [*वसूनां नवनिधीनां प्रभा कान्तिर्यस्यां सा, बहु.व्री.*] अलकापुरी। **अलका पुनः। वसुप्रभा वसुसारा** (अभि.चि.टी.)

वस्तुतः (अव्य.) वास्तवमा/यथार्थतः।

वस्तुवक्रता (स्त्री.) [*वस्तुगता वक्रता, म.प.स.*] कथावस्तुको विन्यासमा देखापरेको चमत्कारिता।

वस्तुविन्यासः (पुं.) [*वस्तुनो विन्यासः, ष.त.*] प्रबन्धकाव्यमा हुने कथावस्तुको विन्यास।

वस्तुसत्यम् (नपुं.) [*वस्तुगतं सत्यम्, म.प.स.*] यथार्थ सत्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तूत्प्रेक्षा (स्त्री.) [*वस्तुगता उत्प्रेक्षा, म.प.स.*] उत्प्रेक्षा अलङ्कारको एक भेद। एक प्रकृत (प्रासङ्गिक) वस्तुको अर्को अप्रकृत (अप्रासङ्गिक) वस्तुसित सम्भावना जनाउँदा पर्न जाने उत्प्रेक्षा अलङ्कार। **धूमस्तोमं तमः शङ्के कोकीविरहशुष्मणाम्।** यहाँ प्रसिद्ध विषय सन्ध्याकालिक धुवाँलाई चखेवाको विरहाग्निको धुवाँको रूपमा सम्भावना देखाइएकोले वस्तूत्प्रेक्षा अलङ्कार परेको छ। (कुव.)

वस्त्यः (पुं.) [*वस्यते, वस आच्छादने इति धातोः, वस स्नेहनादौ इति धातोर्वा, चुरादीनां णिज्वा, वसेस्तिः (उ.) इति तिः वस्ति, तत्र साधुः ४.४.९८ इति यत्*] १.लुगाविशेष २.नाभिको तल्लो भाग ३.घर/वासस्थान। **निशान्तवस्त्यसदनम्** (अमर.)।

वस्त्रम् (नपुं.) [*वस्यतेऽनेन, वस आच्छादने इति धातोः, सर्वधातुभ्यः ष्ट्रन् (उ.६०८) इति ष्ट्रन्*] कपडा/पोसाक/लुगा। **~अञ्चलम्** (नपुं.) [*वस्त्रस्य अञ्चलम्, ष.त.*] धोती, पछ्यौरा आदिको छेउ/आँचल/किनारा। **~आगारः** (पुं.) [*वस्त्राणामागारः, ष.त.*] १.वस्त्रहरू राख्ने कोठा २.कपडाको पसल। **~हरणम्** (नपुं.) [*वस्त्रस्य हरणम्, ष.त.*] कपडा चोर्ने वा हरण गर्ने काम। वस्त्रवाचक शब्दको पछाडि गृहवाचक शब्द जोड्यो भने पालबोधक शब्द बन्दछ। जस्तै— **वस्त्रगृहम्** (नपुं.) [*वस्त्रनिर्मितं गृहम्, म.प.स.*] पाल। (त्रिकाण्डशेष) यस्तै **पटमन्दिरम्, वस्त्रनिकेतनम्** आदि।

वस्त्रपुत्रिका (स्त्री.) [*वस्त्रनिर्मिता पुत्रिका पुत्तलिका, म.प.स.*] लुगाले बनाएको पुतली/खेलौना।

वस्त्रयोनिः (स्त्री.) [*वस्त्रस्य योनिः कारणम्*] कपडा बनाउने बोक्रा, कपास, किरा आदिको रौ। **त्वक्फलकृमिरोमाणि वस्त्रयोनिः।** (अमर.)।

वस्त्रवेश्म (नपुं.) [*वस्त्रस्य वेश्म, ष.त.*] पाल/लुगाको घर।

वस्नः (पुं.) [*वस्धातोः नः*] मूल्य। **मूल्यं वस्नोऽप्यवक्रयः** (अमर)।

वस्नम्(नपुं.) [*वसत्यत्र, धापृवस्यज्यतिभ्यो नः (उ) इति नः*] १.मोल २.वस्त्र ३.धन ४.तलव/बेतन/पारिश्रमिक। **वस्नं वस्त्रे धने मूल्ये भृतौ।** (हेमचन्द्र) ४.[*वस्ते आच्छादयति शरीरम्*] छाला/चर्म।

वस्नसा (स्त्री.) [*वस्ते शरीरम्, वस आच्छादने इति धातोः, धापृवस्यज्यतिभ्यो नः (उ.) इति नः, वस्नं चर्म स्यति, षोऽन्तकर्मणि इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] नसा। **अथ वस्नसा। स्नायुः** (अमर.)।

वह (धा.) [*प्रापणे, सक.अनि.उभय.*] लैजानु, पुऱ्याउनु। लट्— **वहति-ते—** लैजान्छ, पुऱ्याउँछ। लिट्— **उवाह-ऊहे—** लगेछ, पुऱ्याएछ (अन.)। लुट्— **वोढा—** लग्ने छ, पुऱ्याउने छ (अन.)। लृट्— **वक्ष्यति-ते—** लग्ने छ, पुऱ्याउँने छ। लोट्— **वहतु-ताम्—** लौजाओस्, पुऱ्याओस्। लङ्— **अवहत्-त—** लग्यो, पुऱ्यायो (अन.)। विधिलिङ्— **वहेत-त—** लैजाला, पुऱ्याउला, लौजाओस्, पुऱ्याओस्। आशीर्लिङ्— **उह्यात्-वक्षीष्ट—** लैजाओस्, पुऱ्याओस्। लुङ्— **अवाक्षीत्-अवोढ—** लग्यो, पुऱ्यायो। लृङ्— **अवक्ष्यत्-त—** लग्ने थियो, पुऱ्याउने थियो इत्यादि।

वहः (पुं.) [*वहति युगमनेन, गोचरसंचर ३.३.११९ इति साधुः*] १.गोरुको काँध २.वायु। **वहः स्याद्वृषभस्कन्धे वाहे गन्धवहेऽपि च।** (विश्व.मेदिनी.) ३.[*वहतीति अच्*] घोडा ४.[*वहन्ति जना अत्र*] बाटो। (त्रिकाण्ड.) ५.नद (हेमचन्द्र)।

वहनः (पुं.वि.) [*वहतीति, वह प्रापणे इति धातोर्ल्युः, अनः*] १.बोक्ने २.पुऱ्याउने। ३.[*ऊह्यतेऽनेन, करणे ल्युट्*] वाहन/विमान **दैत्यानामधिपो विमानवहनः सान्तःपुरः सानुगः** (कथास.)।

वहनम् (नपुं.) [*उह्यतेऽनेन, करणे ल्युट्, अनः*] १.डुँगा ख्याउने बहाना २.[*भावे ल्युट्, अनः*] धारण गर्नु /बोक्नु।

वहमानः (पुं.वि.) [*वहते इति, विभाषोपपदेन प्रतीयमान १.३.७७ इति क्रियाफले कर्तृगामिनि विभाषयाऽऽत्मनेपदम्, इति लटः शत्रादेशः ३.२.१२४, मुमागमश्च*] धारण गरिरहेको।

वहि (धा.) [*वृद्धौ, अक.सेट् आत्म.*] बढ्नु। लट्— **वंहते—** बढ्छ। लिट्— **ववंहे—** बढेछ इत्यादि।

वह्निः (पुं.) [*वहति यज्ञद्रव्यं देवान् प्रापयति, वह प्रापणे इति धातोः, वहिश्रिश्रुयुद्रुग्लाहात्वरिभ्यो नित् (उ.) ५०० इति निः, नित्वञ्च*] १.अग्नि २.औषधिविशेष ३.तीनको अङ्क। **वह्निर्वैश्वानरेऽपि स्यात् चित्रकाख्यौषधे पुमान्।** (विश्व.)। कामविशेषले प्रयोग हुने वह्निका २७ नाम छन्—

क्र.सं.	काम	वह्निका नाम
१	गर्भाधानमा	मारुतः
२	पुंसवनमा	चन्द्रमाः
३	शृङ्गारकर्ममा	शोभनः
४	सीमन्तकर्ममा	मङ्गलः
५	जातकर्ममा	प्रगल्भः
६	नामकरणमा	पार्थिवः
७	अन्नप्रासनमा	शुचिः
८	चूडाकर्ममा	सत्यः
९	उपनयनमा	समुद्भवः
१०	विसर्ग (अग्निहोत्रादि) मा	वैश्वानरः
११	विवाहमा	योजकः
१२	चतुर्थीमा	शिखी
१३	धृतिमा	अग्निः
१४	प्रायश्चित्तमा	विधुः
१५	पाकयज्ञ (वृषोत्सर्ग, गृहप्रतिष्ठा आदिमा)	साहसः
१६	लक्षहोममा	वह्निः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७	कोटिहोममा	हुताशनः
१८	पूर्णाहुतिमा	मृडः
१९	शान्तिमा	वरदः
२०	पौष्टिकमा	बलदः/ बलवर्धनः
२१	आभिचारिककर्ममा	क्रोधाग्निः
२२	वशीकरणमा	शमनः
२३	वरदानमा	अभिदूषकः
२४	कोष्ठमा	जठरः
२५	मृतभक्षणमा	क्रव्यादः
२६	गोदानमा	सूर्यः
२७	केशान्तमा	अग्निः

यो विवरण शब्दकल्पद्रुममा आधारित छ। समुद्रको आगालाई वडवानल, वनमा लागेको आगालाई दावानल आदि अन्य आगाका पनि नाम तिनमा उल्लेख भएको छ। नेपाली अग्निस्थापना, अग्निपुराण आदिमा दिइएका नामहरू केही भिन्न पनि छन्। विशेष जानकारीका लागि हे. **ती र त्यस्तै अन्य ग्रन्थ** ।

वह्निशिखम् (नपुं.) [*वह्निवत् शिखा यस्य तत्, बहु.स.*] बर्राको फूल

वह्निसंज्ञकः (पुं.) [*वह्निः संज्ञा यस्य सः, बहु.स.*] चितु।

वह्यम् (नपुं.) [*वहन्ति अनेन, वह्यं करणम् ३.१.२०२ इति यत्*] गाडा।

तेन वह्येन हन्तासि त्वमयं पुरुषाशिनम्।
राक्षसं क्रूरकर्माणं शक्रारिं दूरवासिनम्॥ (भट्टि.)

२.अन्य यान ।

वा (धा.) [*गतिगन्धनयोः, अक.अनिट्, पर.*] हावाजस्तै तीव्र गतिले हिंड्नु, गन्ध आउनु। लट्– **वाति**– हावाजस्तै तीव्र गतिले हिंड्छ, गन्ध आउँछ इत्यादि।

वा (अव्य.) [*क्विप् ३.२.१७६*] १.विकल्प।

शुभं वाप्यशुभं कर्म फलकालमपेक्षते।
शरद्येव फलत्याशु शालिर्न सुरभौ क्वचित्॥ (सुभा.)

२.झैं तुल्यताबोधक पद। **वज्रं वा तव हृदयम्** (वज्रजस्तो तिम्रो हृदय) ३.अवधारणा, निश्चय आदि। **व्यासो वा धर्मवित्तमः** (व्यास नै धर्मका वेत्ता हुन्)।

वाः (नपुं.) [*वारयति, वृञ् वरणे इति धातोः, ण्यन्तात् ३.१.२६, क्विप् च ३.२.१७६ इति क्विप्*] पानी।

वाक् (स्त्री.) [*वक्ति शब्दानुच्चारयति यया सा, वच परिभाषणे इति धातोः, क्विब्वचिप्रच्छिश्रिस्रुद्रुप्रुज्वां दीर्घोऽसंप्रसारणञ्च (वा.) ३.२.१७८ इति क्विप्, दीर्घः, सम्प्रसारणाभावश्च*] १.बोली/भाषा/वाणी २.सरस्वती। **~केली** (स्त्री.) [*वाचा केली, तृ.त.*] हँस्सी/ठट्टा। **~पटुः** (पुं.) [*वाचि पटुः, स.त.*] बोल्न सिपालु/वाक्पटुताले युक्त। **~पतिः** (पुं.) [*वाचां पतिः, ष.त.*] १.कुरा वा भाषण गर्न कुशल व्यक्ति/बोल्न जान्ने मानिस २.बृहस्पति। **~पारुष्यम्** (नपुं.) [*वाचः पारुष्यम्, ष.त.*] कठोर शब्द/कर्कश शब्द। **~सिद्धिः** (पुं.) [*वाचः सिद्धिः, ष.त.*] भविष्यको वा परोक्षको कुरो ठिक ठिक भन्न सक्ने शक्ति/भनेको कुरा पुग्ने सिद्धि। **~स्वतन्त्रता** (स्त्री.) [*वाचां स्वतन्त्रता, ष.त.*] भाषण गर्न पाउने स्वतन्त्रता/बोल्न पाउने स्वतन्त्रता/वाक् स्वातन्त्र्य/विना रोकटोक मनमा लागेको कुरा आर्कालाई बाधा नपर्ने गरी भन्न, बोल्न पाउने अधिकार।

वाकः (पुं.) १.वाक्य २.वेदको अवयवविशेष।

वाकुची (स्त्री.) [*वातं कोचयति, कुच शब्दे तारे इति धातोः, मूलविभुजादित्वात् (वा.) ३.२.५ कः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] सोमराजी नामक औषधी।

वाक्छलम् (नपुं.) [*वाचां छलम्, ष.त.*] छक्याउने बोली।

वाक्पतिः (पुं.) [*वाचां पतिः, ष.त.*] १.बोल्ने व्यक्ति, वक्ता २.बृहस्पति।

वाक्पारुष्यम् [*वाचां पारुष्यम्, ष.त.*] १.कठोर वचन २.[*वाचां पारुष्यं यत्र तत्, बहु.स.*]. भनाभनबाट उठेको मुद्दा।

वाक्यकरः (पुं.वि.) [*वाक्यं करोतीति, कृञो हेतुस्तच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] आज्ञाकारी/वाक्यको अनुसरण गर्ने।

वाक्यगतलक्षणा (स्त्री.) [*वाक्यगता चासौ लक्षणा च, कर्म.स.*] वाक्यमा पर्न जाने लक्षणा। जहाँ अनेक पदबाट लक्ष्यार्थको बोध हुन्छ, त्यो अर्थ बुझाउन सक्ने शब्दको व्यापार।

वाक्यपदीयम् (नपुं.) [*वाक्यञ्च पदञ्च, वाक्यपदे वाक्यपदेऽधिकृत्य कृतो ग्रन्थः, शिशुक्रन्दयमसभद्वन्द्वेन्द्रजननादिभ्यश्छः ४.३.८८ इति छः, छस्य ईयः, निपातनात् क्लीबत्वम्*] व्याकरण दर्शनको अत्यन्त प्रौढ ग्रन्थ। यसका रचयिता भर्तृहरि हुन्। यो ग्रन्थ तीन काण्डमा विभक्त छ– ब्रह्मकाण्ड, वाक्यकाण्ड र पदकाण्ड । यसको रचना पद्यमय छ। यसमा १०६४ श्लोकहरू छन्। तीनै काण्डका विषयहरू फरक फरक छन्। ब्रह्मकाण्डमा स्फोटको विवेचना छ। वाक्यकाण्डमा भाषाको एकाइ वाक्यलाई मानेर त्यसमाथि विस्तृत विवेचना गरिएको छ। मानिसले भाषा सिक्दा वाक्य नै सिक्छ, अर्थबोध पनि वाक्यगत नै हुन्छ। त्यसैले वाक्य अखण्ड तत्त्व हो,पद, पदांश (प्रकृति,प्रत्यय आदि) केवल कोरा कल्पनामात्र हुन् भन्ने यिनको मत छ। पदकाण्डमा पद र तत्सम्बन्धी धेरै विषयको चर्चा छ। सम्भवतः त्यसैले यसलाई प्रकीर्ण काण्ड पनि भनिएको छ। वाक्यपदीयमा अनेकौं टीका लेखिएका छन्।

वाक्यम् (नपुं.) [*उच्यते इति, वच परिभाषणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, कुत्वम्*] १.भाषण/बोली २.अर्थ पूरा गर्ने पदहरूको समूह। परस्पर साकाङ्क्ष पदहरूको समूह। अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूरा गर्ने सुबन्त र तिङन्त पदको समूहलाई वाक्य भनिन्छ अथवा आकाङ्क्षा, योग्यता र आसत्तिले युक्त पदसमूहलाई वाक्य भनिन्छ, तिङन्त पदलाई मात्र पनि वाक्य भन्ने चलन छ। **तिङ्सुबन्तचयो वाक्यं क्रिया वा कारकान्विता** (अमर.)। **वाक्यं स्यात् योग्यताऽऽकाङ्क्षाऽऽसत्तियुक्तः पदोच्चयः** (सा.द.) **~करः** (पुं.) कुरा बनाएर भन्ने मानिस। **~कारः** (पुं.) [*वाक्यं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] वाक्यको रचना गर्ने मानिस। **~दोषः** (पुं.) [*वाक्यगतो दोषः, म.प.स.*] काव्यमा हुने तीनथरी दोषहरूमध्ये वाक्यमा हुने अठार प्रकारको दोष। **~पद्धतिः** (स्त्री.) वाक्यरचनाको विधि। **~भेदः** (पुं.) [*वाक्यस्य भेदः, ष.त.*] १.मीमांसाको एकै वाक्यको एकै अवस्थामा परस्पर विरोधी अर्थ गर्नु। २.वाक्यका प्रकारहरू– १.रचनाका आधारमा– सरल, संयुक्त र मिश्र। २.अर्थका आधारमा– विध्यर्थक वाक्य, आज्ञार्थक वाक्य, सम्भावनार्थक वाक्य, प्रश्नार्थक वाक्य, आदि **~माला** (स्त्री.) [*वाक्यस्य माला, ष.त.*] वाक्यको समूह। **~विन्यासः** (पुं.) [*वाक्यस्य विन्यासः, ष.त.*] शब्दहरू (वा शब्दसमूह) लाई नियमानुसार वाक्यमा राख्नु। **~विश्लेषणम्** (न.) [*वाक्यस्य वाक्यानां वा विश्लेषणम्, ष.त.*] विभिन्न अङ्ग वाक्यहरूलाई जोड्ने क्रिया, वाक्यभित्र रहेका उपवाक्य र तिनको सम्बन्धको व्याख्या गर्ने काम। **~शेषः** (पुं.) [*वाक्यस्य शेषः, ष.त.*] वाक्यको आखिरी। **~संश्लेषणम्** (पुं.) [*वाक्यानां संश्लेषणम्, ष.त.*] विभिन्न वाक्यहरूलाई जोड्ने क्रिया।

वाक्यवक्रता (स्त्री.) [*वाक्यगता वक्रता, म.प.स.*] कविको कवितामा पाइने वाक्यगत चमत्कारिता।

वाक्यांशः (पुं.) [*वाक्यस्य अंशः, ष.त.*] कुनै वाक्यको एक अंश/कुनै विचारको कुनै अंशलाई प्रकट गर्ने ठुलो वाक्यभित्रको सानो वाक्य।

वाक्षि (धा.) [*काङ्क्षायाम्, सक.सेट्, पर.*] इच्छा गर्नु। लट्– **वाङ्क्षति**– इच्छा गर्छ इत्यादि।

वागीशः (पुं.) [*वाचामीशः, ष.त.*] १.राम्रो बोल्ने व्यक्ति २.कवि ३.बृहस्पति ४.ब्रह्मा।

वागीश्वरी (स्त्री.) [*वाचामीश्वरी, ष.त.*] सरस्वती देवी।

वागुरा (स्त्री.) [*वान्ति मृगान् प्राप्नुवन्ति यया सा, बाहुलकाद् मुद्गुरादयश्च (उ) इति उरच्, टाप्*] मृग थाप्ने जाल/पासो।

वागुरिकः (पुं.) [*वागुरया चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] जङ्गली पशुहरू फसाएर जीविका गर्ने व्यक्ति/सिकारी।

वाग्जालम् (नपुं.) [*वाचां जालम्, ष.त.*] अरूलाई अलमल्याउने वा धोखा दिने घुमाउरो कथन/साधारण भाव भए तापनि त्यसका लागि प्रयोग गरिने लम्बेचौडे कुरा।

वाग्दण्डः (पुं.) [*वाचां दण्डः, ष.त.*] हप्कीदप्की/धम्की/वचनका रूपमा दिइने दण्ड।

वाग्दानम् (नपुं.) [*वाचा दानम्, तृ.त.*] विवाहमा कन्यादान गर्नुभन्दा पहिले नै वचनले दिने काम/कसैसित छोरीको विवाहसम्बन्धी काम कुरो छिन्ने काम।

वाचा दत्ता मया कन्या पुत्रार्थं स्वीकृता त्वया।
कन्याऽवलोकनविधौ निश्चिन्तस्त्वं स्थिरो भवः॥

(विवाहपद्धति)

वाग्देवता (स्त्री.) [*वाचो देवता, ष.त.*] सरस्वती/वाग्देवी।

वाग्दोषः (पुं.) [*वाचां दोषः, ष.त.*] बोल्दाको त्रुटि/बोल्दाको दोष/व्याकरणसम्बन्धी भूल वा अशुद्धि।

वाग्बद्धः (पुं.वि.) [*वाचा वद्धः, तृ.त.*] वचनबद्ध।

वाग्भटः (पुं.) संस्कृत साहित्यमा वाग्भट नाम भएका चार जना लेखक छन्। तीमध्ये १.अष्टाङ्गहृदयका लेखक २.नेमिनिर्माणका लेखक ३.वाग्भटालङ्कारका रचयिता ४.काव्यानुशासनका निर्माता। आयुर्वेदका लेखकको समय पाँचौं शताब्दी हो। **अष्टाङ्गसङ्ग्रह**मा यिनले आयुर्वेदका आठै अङ्गहरूको विवेचना गरेका छन्। **वाग्भटालङ्कार**का रचयिता वाग्भटको समय बाह्रौं शताब्दी मानिन्छ। यिनको वाग्भटालङ्कार पाँच परिच्छेदमा विभक्त छ। अर्का वाग्भटको समय चौधौं शताब्दी हो। यिनले **काव्यानुशासन** भन्ने ग्रन्थ लेखेका छन्। यो पाँच अध्यायमा विभक्त छ। २८० पद्यमा रचिएको यस कृतिमा काव्यशास्त्रीय सिद्धान्तको सोदाहरण निरूपण भएको छ। पहिलो अध्यायमा काव्यप्रयोजन, काव्यहेतु, कवि समय र काव्यभेदको चर्चा छ। दोस्रो अध्यायमा १६ किसिमका पददोष, १४ किसिमका वाक्यदोष र अर्थदोषको वर्णन छ। तेस्रो अध्यायमा ६३ वटा अर्थालङ्कार र चौथो अध्यायमा ६ वटा शब्दालङ्कारको विवेचना गरिएको छ। पाँचौं अध्यायमा ९ रस, नायकनायिका, प्रेमका १० अवस्था र रसदोषको वर्णन छ। –(भा.सा.शा., आ. बलदेव उपाध्याय)

वाग्मिता (स्त्री.) [*वाग्मिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] पाण्डित्य/विद्वत्ता/बोल्ने कौशल।

वाग्मी (पुं.वि.) [*सम्यग् बहु भाषते, वाचो ग्मिनिः ५.२.१२४ इति ग्मिनिः*] १.राम्रो कुराको व्याख्या गर्ने/भाषण गर्न कुशल/प्रवचनपटु २.बृहस्पति। **वाग्मी पटौ सुराचार्ये** (विश्व.मेदिनी.)।

वाग्युद्धम् (नपुं.) [*वाचा युद्धम्, तृ.त.*] मुख–मुखको झगडा/वाक्–कलह/बाझाबाझ/भनाभन।

वाग्वती (स्त्री.) काठमाडौं उपत्यकाबाट बग्ने एक नदी/वाग्द्वारबाट निस्किएर काठमाडौं उपत्यका हुँदै तराईतिर झरेको नदी/वाग्मती।

वाग्विदग्धः (पुं.वि.) [*वाचि विदग्धः,स.त.*] बोल्न सिपालु/वाक्पटु/वाग्वीर/विद्वान्/पण्डित।

वाग्विरोधः (पुं.) १.[*वाचां विरोधः, ष.त.*] कुनै कुराको विरोध गर्नु २.[*वाचो विरोधः, ष.त.*] परस्पर विरोधी कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाग्विलासः (पुं.) [*वाचो विलासः, ष.त.*] १.हँसीठट्टा/मन बहलाउनका लागि गरिने ख्यालठट्टा २.आपसी प्रेमका कुराकानी गर्नु।

वाग्विसर्गः (पुं.) [*वाचां विसर्गः, ष.त.*] १.कुरा थोरै गर्नु २.मौन/चुपचाप।

वाग्वैदग्ध्यम् (नपुं.) [*वाचो वैदग्ध्यम्, ष.त.*] १.कुरा गर्ने सिपालुपन २.राम्रो अलङ्कार र चमत्कारपूर्ण उक्तिको प्रगोगमा सिपालुपन।

वाङ्मयम् (नपुं.) १.[*वाचां विकारोऽवयवो वा, नित्यं वृद्धशरादिभ्यः ४.३.१४४ इति मयट्*] बोलीको विकास वा अवयव। २.[*वाचां प्रकारः, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] विभिन्न भाषाको साहित्य वा कृति।

वर्णैः कतिपयैरव ग्रथितस्य स्वरैरिव ।
अनन्ता वाङ्मयस्याहो गेयस्येव विचित्रता॥

वाङ्मयी (स्त्री.) [*वाचां स्वरूपा, नित्यं वृद्धशरादिभ्यः ४.३.१४४ इति मयट्, टित्वान्ङीप्*] सरस्वती।

वाङ्मुखम् (नपुं.) [*वाचां मुखम्, ष.त.*] भूमिका/प्रक्कथन।

वाचंयमः (पुं.वि.) [*वाचं यच्छति, वाचि यमो व्रते ३.२.४० इति खच्, वाचं यमपुरन्दरौ च ६.३.६९ इति निपातनात् मुमागमः*] १.मौन व्रत धारण गर्ने २.जितेन्द्रिय।

वाचकः (पुं.) [*वक्तीति, वचः परिभाषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.वाच्यार्थ बुझाउने शब्द २.(पुं.) पुराण वाचनको मुख्य वक्ता।

वाचकशब्दः (पुं.) [*वाचकश्चासौ शब्दश्च, कर्म.स.*] वाच्य (मुख्य, सोझो) अर्थ बुझाउने शब्द।

वाचनम् (नपुं.) [*वच परिभाषणो इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पढ्ने वा वाचन गर्ने काम/पाठ गर्ने काम २.बहसका लागि पहिलो, दोस्रो वा तेस्रोपल्ट पढ्ने काम। **~आलयः** (पुं.) [*वाचनाय आलयः, च.त.*] मानिसहरू जम्मा भई पत्रपत्रिका आदि पढ्ने ठाउँ।

वाचयिता (पुं.वि.) [*वाचयति, वच परिभाषणे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३इति तृच्*] पाठ गर्ने/वाचक।

वाचस्पतिः (पुं.) [*वाचः पतिः, ष.त., षष्ठ्याः पतिपुत्र ८.३.५३ इति सत्वविधानात् षष्ठ्या अलुक्*] १.सुवक्ता/राम्ररी बोल्न सक्ने व्यक्ति २.बृहस्पति।

वाचस्पतिमिश्रः (पुं.) भारतीय दर्शनका एक प्रगाढ विद्वान्। यिनले लेखेका कृतिहरूमा **न्यायवार्त्तिक तात्पर्य टीका** प्रसिद्ध छ। यिनले साङ्ख्यकारिकाको **साङ्ख्यतत्त्वकौमुदी टीका**, योगदर्शनको **तत्त्ववैशारदी** टीका र वेदान्तदर्शनसम्बन्धी ग्रन्थहरू पनि रचेका छन्। शाङ्करभाष्यको **भामती** टीका प्रसिद्ध छ। यिनको समय वि.सं. ८४१ को आसपासमा मानिन्छ। –(भारतीय दर्शन-बलदेव उपाध्याय)।

वाचस्पत्यम् (नपुं.) [*वाचस्पतेः कर्म भावो वा, गुणवचन-ब्राह्मणादिभ्यः कर्मणि च ५.४.१२४ इति ष्यञ्*] १.उच्च स्वरले सुनिएको बोली २.श्री तारानाथ तर्कवाचस्पति भट्टाचार्यद्वारा सङ्कलित संस्कृत शब्दकोष।

वाचाटः (पुं.वि.) [*वाचः सन्त्यस्य, आलजाटचौ बहुभाषिणि ५.२.१२५ इति कुत्सित इति वक्तव्यम् (वा.) ५.२.१२५ इति वार्तिकानुरोधाद्, कुत्सितार्थे आटच्*] वक्वके/नचाहिँदो बोल्ने।

वाचाटे बहुगर्ह्यवाक् (अमर.)।

वाचालः (पुं.वि.) [*कुत्सितं बहु भाषते, आलजाटचौ बहुभाषिणि ५.२.१२५ कुत्सायामिति वाच्यम् (वा.) ५.२.१२५ इत्यालच्*] निरर्थक कुरा बढी बोल्ने/वाक्पटु/धेरै बोल्ने।

वाचिकम् (नपुं.) [*सन्देशस्य वाक्, वाचो व्यवहृतायाम् ५.४.३५ इति ठक्, ठस्य इकः, वृद्धिः*] १.सन्देश २.समाचार सुनेर त्यही कुरा अन्यत्र भन्नु।

वाचोयुक्तिः (स्त्री.) [*वाचो युक्तिः सयुक्तिकत्वम्, वाग्दिक्पश्यद्भ्यो युक्तिदण्डहरेषु (वा.) ६.३.२१ इत्यलुक्*] युक्तियुक्त भनाइ।

वाचोयुक्तिपटुः (पु.वि.) [*वाचो युक्तिः सयुक्तिकत्वम्, वाग्दिक्पश्यद्भ्यः युक्तिदण्डहरेषु (वा.) ६.३.२१ इत्यलुक्, तत्र पटुः*] बोल्न सिपालु।

वाच्यता (स्त्री.) [*वाच्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] निन्दा/अपमान।

वाच्यम् (नपुं.) [*वक्तुं योग्यम्, वच परिभाषणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वचोऽशब्दसंज्ञायाम् ७.३.६७ इति कुत्वाभावः*] १.भन्न वा कहन योग्य/अभिधेय २.भनाइको प्रकार। व्याकरणअनुसार यो चार किसिमको हुन्छ– कर्तृ, कर्म भाव र कर्मकर्तृवाच्य। कर्ता प्रधान हुने वाच्य– **कर्तृवाच्य**। कर्मप्रधान हुने वाच्य– **कर्मवाच्य**, भाव प्रधान हुने वाच्य– **भाववाच्य** र कर्म नै कर्ता हुने वाच्य **कर्मकर्तृवाच्य** ३.[*वाचा प्रोक्तम्, वाचि जातः, कुर्वादिभ्यो ण्यः, इति ण्यः, कुत्वाभावः*] बोलीद्वारा पैदा भएको।

वाच्यसिध्यङ्गव्यङ्ग्यम् (नपुं.) [*वाच्यसिद्धेः अङ्गम्, तच्च तद् व्यङ्ग्यञ्च, कर्म.स.*] गुणीभूतव्यङ्ग्यको एक भेद। वाच्यार्थकै सिद्धिका निमित्त व्यङ्ग्यार्थको प्रयोग भएमा बन्न जाने एक मध्यम काव्य।

वाच्योत्प्रेक्षा (स्त्री.) [*वाच्या चासौ उत्प्रेक्षा च,कर्म.स.*] सम्भावना जनाउने शब्दको स्पष्ट उल्लेख गरेर योजना भएको उत्प्रेक्षा अलङ्कार।

वाछि (धा.) [इच्छायाम्, सक.सेट्पर.] इच्छा गर्नु। लट्– **वाञ्छति–** इच्छा गर्छ। लिट्– **ववाञ्छ–** इच्छा गरेछ (अन.)। लुट्– **वाञ्छिता–** इच्छा गर्ने छ (अन.)। लृट्– **वाञ्छिष्यति–** इच्छा गर्ने छ। लोट्– **वाञ्छतु–** इच्छा गरोस्। लङ्– **अवाञ्छत्–** इच्छा गऱ्यो (अन.)। विधिलिङ्– **वाञ्छेत्–** इच्छा गर्ला, इच्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरोस्। आशीर्लिङ्– **वाञ्छ्यात्–** इच्छा गरोस्। लुङ्– **अवाञ्छीत्–** इच्छा गर्‍यो। लृङ्– **अवाञ्छिष्यत्–** इच्छा गर्ने थियो। कर्मणि– **वाञ्छ्यते–** इच्छा गरिन्छ। णिचि– **वाञ्छयति/ते–** इच्छा गर्न लगाउँछ। सनि– **विवाञ्छिषति–** इच्छा गर्न खोज्छ। कृदन्ते– **वाञ्छितव्यम्/वाञ्छनीयम्–** इच्छा गर्नुपर्ने। **वाञ्छितः–** इच्छा गरिएको। **वाञ्छा/वाञ्छनम्–** इच्छा गर्ने काम। **वाञ्छित्वा/ प्रवाञ्छ्य–** इच्छा गरेर। **वाञ्छितुम्–** इच्छा गर्न। **वाञ्छन्–** इच्छा गरिरहेको इत्यादि।

वाजः (पुं.) [*वजत्यनेन, वज गतौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, निष्ठायां सेट्त्वान्न कुत्वम्, वाजयति वा ण्यन्तः*] १.बाणमा लगाइएको पङ्ख २.वेग। **बाजो निखलपक्षयोः। वेगे पुमानथ क्लीबे घृतयज्ञान्नवारिषु** (मेदिनी.)।

वाजपेयः (पुं.) [*वाजमन्नं घृतं वा पेयमत्र*] सात श्रौत यज्ञहरूमध्ये पाँचौं यज्ञ। आधिपत्यको कामनाले गरिने यस यज्ञका १७ दीक्षाहरू हुन्छन्। यो उत्तराफाल्गुनी नक्षत्र भएको पूर्णिमाका दिन आरम्भ गरिन्छ। यो यज्ञ गर्ने राजा सबै पापबाट मुक्त हुन्छ भन्ने पुराणमा वर्णन छ।

वाज्म् (न.पुं.) १.घिउ २.अन्न ३.पानी।

वाजसनेयप्रातिशाख्यम् (नपुं.) शुक्ल यजुर्वेदको एक प्रातिशाख्य ग्रन्थ। यसका रचयिता कात्यानमुनि हुन्। यिनलाई वार्त्तिककार कात्यानभन्दा भिन्न र पाणिनिभन्दा पूर्ववर्ती मानिन्छ। यस प्रातिशाख्यमा ८ अध्याय छन्। परिभाषा, स्वर र संस्कारको यसमा विस्तृत विवेचना भएको छ। पहिलो अध्यायमा पारिभाषिक शब्दको लक्षण दिइएको छ भने दोस्रो अध्यायमा तीन किसिमका स्वरको परिचय प्रस्तुत गरिएको छ। ३ देखि ७ अध्यायसम्म संस्कारको विस्तृत विवेचना छ। सन्धि, पदपाठको नियम र स्वरविधानको प्रतिपादन भएको छ। अन्तिम अध्यायमा वर्णको गणना र स्वरूपको विवेचना छ। यस प्रातिशाख्यका दुई शाखा छन्। –(वै.सा.सं.– पं. बलदेव उपाध्याय)

वाजिशाला (स्त्री.) [*वाजिनां शाला, ष.त.*] घोडा बाँध्ने तबेला।

वाजी (पुं.) [*अवश्यं वजतीति, वज गतौ इति धातोः, आवश्यकाधमर्ण्ययोर्णिनिः– ३.३.१७० इति णिनिः, यद्वा बाजाः पक्षा अभूवन् यस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.घोडा २.बाण ३.पक्षीविशेष। **बाजी बाणाश्वपक्षिषु** (मेदिनी.)।

वाजीकरणम् (नपुं.) [*अवाजी वाजीव क्रियतेऽनेन, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, च्वौ च ७.४.२६ इति दीर्घः*] औषधीद्वारा कामशक्ति वा वीर्य बढाउने काम।

वाजीदन्तकः (पुं.) [*वाजी दन्तोऽस्य, वाजिदन्ताभकेसरत्वात्, तादृशपुष्पत्वाद्वा*] असुरो।

वाञ्छकः (पुं.वि.) [*वाञ्छतीति, वाछि वाञ्छायाम् इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] इच्छा गर्ने/अभिलाषा गर्ने।

वाञ्छनीयः (पुं.वि.) [*वाञ्छयितुं योग्यः, वाछि वाञ्छायाम् इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] इच्छा गर्न योग्य/अभिलाषा गर्न लायक २.चाहिने।

वाञ्छा (स्त्री.) [*वाञ्छनम्, भावे ३.३.१८ इति घञ्, टाप् ४.१.४*] इच्छा।

वाञ्छितः (पुं.वि.) [*वाञ्छ्यते स्म, वाछि वाञ्छायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] इच्छा गरिएको/चाहिएको।

वाटिका (स्त्री.) [*ह्रस्वा वाटी, अल्पे ५.३.८५ इति कन्, टाप् ४.१.४ ह्रस्वः*] बगैंचा/बारी/उद्यान।

वाटः (पुं.) [*वाट्यते, वट वेष्टने इति धातोः अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, स्त्रियाम्– वाटी, नपुं.–वाटम्*] १.बाटो २.घेरा ३.ढकनी।

वाट्यालका (स्त्री.) [*वाटीमलतीति, अल भूषणादौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् ५.३.७५ वाट्या आलकः, ष.त.*] बलु।

वाडवः (पुं.) [*वडवायां जातः, तत्र जातः ४.३.२५ इत्यण्, वाडव इव वा, वाडनम्, वाडृ आप्लाव्ये इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ब्राह्मण २.वडवानल अग्नि ३.करणविशेष ४.पाताल।

वाडवं करणे स्त्रीणां घोटकौघे नपुंसकम्,
पाताले न स्त्रियां पुंसि ब्राह्मणे वडवानले (मेदिनी.)।

वाडवम् (नपुं.) [*बडवानां समूहः, खण्डिकादिभ्यश्च (४.२.४५) इत्यञ्*] घोडाको बथान।

वाडवेयः (पुं.) १.[*वडवायाः वृषः, वडवाया वृषे वाच्ये (४.१.१२०) इति ढञ्, ढस्य एयः, वृद्धिः*] घोडो। २.[*वडवायाः अपत्यं पुमान्, चतुष्पाद्भ्यो ढञ्, ढस्य एयः, वृद्धिः*] घोढाको बछेडो।

वाडव्यम् (नपुं.) [*वाडवानां समूहः, ब्राह्मणमाणववाडवाद्यन् ४.२.४२ इति यन्*] घोडाको बथान।

वाडृ (धा.) [*आप्लावे अक.सेट्, आत्म.*] स्नान गर्नु, अङ्ग धुनु। लट्– **वाडते–** स्नान गर्छ, अङ्ग धुन्छ इत्यादि।

वाणिः (स्त्री.) [*वाणनम्, वण शब्दे चुरादिः, अच इः (उ.)*] वस्त्र बुन्ने काम।

वाणिजः (पुं.) [*वणिक् एव, प्रज्ञादिभ्यश्च इत्यण्*] व्यापारी।

वाणिज्यकोशः (पुं.) [*वाणिज्याय कोशः, ष.त.*] व्यापार-सम्बन्धी काम गर्ने र व्यापारमा सहायता गर्ने बैंक।

वाणिज्यदूतः (पुं.) [*वाणिज्यसंबद्धो दूतः*] अर्को राष्ट्रमा आफ्नो देशको व्यापारिक स्वार्थ सुरक्षित राख्न र व्यापारलाई बढाउन राखिएको राष्ट्रको दूत।

वाणिज्यम् (नपुं.) [*वणिजो भावः, कर्म वा, दूतवणिकभ्याञ्च (वा) ५.१.१२५ इति यत् यद्वा वणिजि साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] व्यापार/किन्ने-बेच्ने काम। **सत्यानृतं तु वाणिज्यं वणिज्या** (हैम.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणिज्यशास्त्रम् (नपुं.) [*वाणिज्यस्य शास्त्रम्, ष.त.*] व्यापारशास्त्र।

वाणिज्यसन्धिः (पुं.) [*वाणिज्यस्य सन्धिः, ष.त.*] व्यापारसम्बन्धी सन्धि।

वाणिज्यसम्बन्धी (पुं.) [*वाणिज्यसम्बन्धोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] व्यापारसित सम्बन्ध भएको।

वाणिज्यालयः (पुं.) [*वाणिज्यस्य आलयः, ष.त.*] व्यापारको मुख्य ठाउँ/बजार/ठुलो पसल।

वाणिनी (स्त्री.) प्रत्येक पाउमा क्रमशः नगण, जगण, भगण, जगण, रगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **नजभजरैर्यदा भवति वाणिनी गयुतैः** (छन्दो.)।

वाणी (स्त्री.) [*वण शब्दे इति धातोः, इणजादिभ्यः (वा.) ३.३.१४८) इति इण्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्, यद्वा वण्यते, वण शब्दे इति धातोः, इञ् (वा.) ३.३.१०८ कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] १.मुखबाट निस्कने सार्थक शब्द/बोली/वचन २.सरस्वती।

वात (धा.) [*सुखसेवनयोः, सक.सेट् उभय.*] सुखी हुनु, सेवा गर्नु। लट्– **वातयति–ते–** सुखी हुन्छ, सेवा गर्छ इत्यादि।

वातः (पुं.) [*वातीति, वा गति गन्धनयोः, इति धातोः, हसिमृग्रिण्वाऽ–मिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३ इति तन्*] १.हावा/वायु/शरीरमा रहने वायु २.वायु प्रकोप भई सन्धिस्थानहरूमा पीडा हुने एक रोग/बाथ।

वातकः (पुं.) [*वातं करोति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] अपराजिताविशेष।

वातकी (पुं.वि.) [*वातोऽतिशयितोऽस्त्यस्य, वातातिसाराभ्यां कुक् च ५.२.१२९ इति इनिः, कुक् च*] वात रोग लागेको।

वातपोथः (पुं.) [*वातं पोथयति, पुथ हिंसायाम् इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] पलाँस।

वातप्रमीः (पुं./स्त्री.) [*वात इव प्रमिणोति प्रक्षिपतीति, मा माने इति धातोः, वातप्रमीः (उ.) ४४९ इति ईप्रत्ययः, आतो धातोः इत्यालोपः*] खुबसित दगुर्ने मृग। **वातप्रमीर्वातमृगः** (अमरमाला)।

वातरोगी (पुं.) [*वातरोगोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] वाथको रोग लागेको।

वातायनम् (नपुं.) [*ईयतेऽनेन, इण् गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११८ इति ल्युट्, यद्वा युच् (उ.), युवोरनाकौ ७.१.१ इत्यनः, वातस्यायनं यस्मात् तत्, बहु.स.*] आँखी झ्याल।

वातायुः (पुं.) [*वातमयते, अय गतौ इति धातोः, बाहुलकादुण्*] मृगविशेष।

वातावरणम् (नपुं.) [*वातस्य आवरणम्, ष.त., वा वात एव आवरणं रूपकत.*] १.पृथ्वीका चारैतिर फैलिएको हावा २.मानिसका स्वास्थ्य र स्वभावमा प्रभाव पार्ने आसपासको अवस्था/ परिस्थिति।

वातावर्तः (पुं.) [*वातानामावर्तः, ष.त.*] हावाको भुमरी/आँधी/ तुफान।

वातूलः (पुं.वि.) १.[*वातानां समूहः, वातात् समूहे च (वा.) ५.२.१२१ इति ऊलच्*] वायुको समूह/ठुलो आँधी। २.[*वातं न सहते, वातं न सहते इति च (वा) इति ऊलच्*] वातको रोगी।

वातोर्मिः (स्त्री.) १.प्रत्येक पाउमा क्रमशः मगण, भगण, तगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। **वातोर्मीयं गदिता म्भौ तगौ गः**। (छन्दो.) २.वायुको तरङ्ग।

वात्या (स्त्री.) [*वातानां समूहः, पशादिभ्यो यः ४.२.३९ इति यः, टाप् ४.१.४*] वतासको समूह।

वात्सकम् (नपुं.) [*वत्सानां समूहः, गोत्रोक्षोष्ट्र ४.२.३९ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः,वृद्धिः*] बाच्छाको बथान।

वात्सरिकः (पुं.वि.) [*वत्सरे भवः, वत्सर+ठञ्*] वार्षिक।

वात्सल्यम् (नपुं.) [*वत्सलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सन्तानप्रतिको प्रेम/आमाबाबुको स्नेह।

वात्सल्यरसः (पुं.) [*वात्सल्य इति रसः, कर्म.स.*] विश्वनाथद्वारा प्रतिपादित दसौँ रस। बाबुआमाले छोराछोरीमाथि माया गर्दा प्राप्त हुने आनन्द। स्नेह यसको स्थायिभाव हो। पुत्रपौत्रादि यसका आलम्बन विभाव हुन्। बालसुलभ चेष्टाहरू यसका उद्दीपन विभाव हुन्। आलिङ्गन, अङ्गस्पर्श, चुम्बन आदि यसका अनुभाव हुन्। हर्ष, गर्व आदि यसका व्यभिचारिभाव हुन्। काव्यमा यिनैबाट परिपुष्ट भएको वत्सलतारूपी स्नेह स्थायिभाव वात्सल्यरसको रूपमा चमत्कारपूर्ण भएर अभिव्यक्त भएको हुन्छ। भरतले यसलाई वत्सलरस भनेका छन्। **स्फुटं चमत्कारितया वत्सलञ्च रसं विदुः** (सा.द.)।

वात्स्यायनः (पुं.) [*वत्सस्यापत्यं पुमान्, यञिञोश्च, इति फक्, फस्यः आयनः*] १.न्यायसूत्रका प्रसिद्ध भाष्यकर्ता। यिनको ग्रन्थ **वात्स्यायनभाष्य**का नामले प्रसिद्ध छ। यिनको समय वि.पू. प्रथम शताब्दी मानिन्छ। यिनी कामसूत्रका रचयिता वात्स्यायनदेखि भिन्न छन्। –(भा.द.– आ. बलदेव उपाध्याय) २.कामसूत्रका रचयिता। यिनको समय ई.पू. प्रथम शताब्दी मानिन्छ। यिनले लेखेको **कामसूत्र** हो। यो अध्याय र प्रकरण मा विभक्त छ– प्रथम अधिकरणमा पाँच अध्याय र पाँच प्रकरण छन्– शास्त्रसङ्ग्रह, त्रिवर्गप्रतिपत्ति, विद्यासमुद्देश, नागरकवृत्त र नायकसहायदूतीकर्मविमर्श। दोस्रो अधिकरणमा १० अध्याय र १७ प्रकरण छन्। विभिन्न किसिमका सम्भोगलीलाको यसमा वर्णन छ। तेस्रो अधिकरणमा कन्याको वर्णन छ। यसमा पाँच अध्याय र नौ प्रकरण छन्। चौथो अधिकरण भार्याधिकरण हो। यसमा दुई अध्याय छन्। यस अधिकरणमा एकचारिणी र सपत्नी दुवै थरी भार्याका प्रति पतिका र पतिका प्रति तिनीहरूका कर्तव्यको वर्णन छ। पाँचौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकरणको नाम पारदारिक हो। यसमा छ अध्याय र १० प्रकरण छन्। परस्त्री र परपुरुषको प्रेमलीलाको यसमा वर्णन छ। कुन– कुन परिस्थितिमा कसरी प्रेम पैदा हुन्छ, बढ्छ र बिचमा टुट्छ, कसरी अर्काकी श्रीमतीमाथि आकर्षण बढ्छ, स्त्री जातिको व्यभिचार कसरी रक्षा हुन सक्छ? जस्ता अनेक विषयको यसमा विस्तृत वर्णन छ। छैटौँ प्रकरण वैशेषिक भनिन्छ। यसमा ६ अध्याय र १२ प्रकरण छन्। यसमा वेश्याहरूको चरित्रलाई नाङ्गो हुने गरी व्याख्या गरिएको छ। सातौँ अधिकरणलाई औपनिषदिक अधिकरण भनिन्छ। यसमा २ अध्याय र ६ प्रकरण छन्। तन्त्र, मन्त्र, औषधि आदिको प्रयोग गरेर नायकले नायिकालाई र नायिकाले नायकलाई वशमा ल्याउने तरिकाको यसमा वर्णन छ। समग्रमा यस ग्रन्थमा ७ अधिकरण, ३६ अध्याय, ६४ प्रकरण, १२५० सूत्र (श्लोक) निबद्ध छन्। (कामसूत्र– जयमङ्गला टीका, चौखम्बा प्रकाशन) ३.वत्स कुलमा जन्मिएका पुरुषहरू।

वादः (पुं.) [*वदनम्, वद व्यक्तायां वाचि इति धातोः, भावे ३.३.१८ इति घञ्*] तथ्य कुरो पत्ता लगाउन प्रतिपादन भएको सिद्धान्त। **~पत्रम्** (नपुं.) [*वादस्य पत्रम्, ष.त.*] वादीद्वारा कसैको विरुद्ध अदालतमा दायर गरेको आरोप/वादीपत्र। **~प्रतिवादः** (पुं.) [*वादस्य प्रतिवादः, ष.त.*] बहस/गरमागरम बहस/वादविवाद। **~मूलम्** (नपुं.) [*वादस्य मूलम्, ष.त.*] कुनै व्यवहार वा मुद्दा अदालतमा दिनाको कारण। **~विवादः** (पुं.) [*वादश्चासौ विवादश्च, कर्म.स.*] अर्काको भनाइलाई खण्डन गरी आफ्नो पक्षको स्थापन गर्ने काम/तर्कद्वारा आफ्नो पक्षको स्थापना। **~विषयः** (पुं.) [*वादस्य विषयः, ष.त.*] वादविवाद वा चर्चा गरिने विषय/विचारणीय विषय। **~व्ययः** (पुं.) [*वादस्य व्ययः, ष.त.*] मुद्दाको खर्च/न्यायालय वा अदालतद्वारा वादीलाई तिर्न लगाइने शुल्क/कोर्ट फी। **~हेतुः** (पुं.) [*वादस्य हेतुः, ष.त.*] झगडाको कारण/झगडाको बीज/वादमूल।

वादकः (पुं.वि.) १.[*वादयतीति, ण्यन्ताद् वद धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] बाजा बनाउने २.[*वदतीति, वद व्यक्तायां वाचि इति धातोः, पूर्ववद् ण्वुल्*] वादविवाद गर्ने।

वादनम् (नपुं.) [*वादयतीति, ण्यन्ताद् वद धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बाजा बजाउने वा बज्ने काम।

वादिः (पुं.) [*वद व्यक्तायां वाचि इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्*] १.वक्ता २.उजुर दिने व्यक्ति ३.विद्वान्।

वादितः (पुं.वि.) [*वाद्यते ध्वन्यते स्म, ण्यन्ताद् वद धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बाजा बजाइएको।

वादित्रम् (नपुं.) [*वद व्यक्तायां वाचि इति धातोः, भूवादिगृभ्यो णित्रन् (उ.) ६२० इति णित्रन्*] बाजा/बाद्य। तत, आनद्ध, सुशिर र घनलाई सामान्य बाजा अर्थमा पनि प्रयोग गरिन्छ।

वादी (पुं.वि.) [*वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.बोल्ने व्यक्ति २.अन्याय परेमा न्याय पाउन अदालतमा निवेदन दिने व्यक्ति/उजुर गर्ने व्यक्ति।

वाद्यम् (नपुं.) [*वादयितुं योग्यम्, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] संगीतको स्वर निस्कने वा ताल दिने साधन/बाजा।

वाधृ (धा.) [*लोडने, सक.सेट् आत्म.*] रोक्नु, दुःख दिनु। लट्– **वाधते–** रोक्छ, दुःख दिन्छ इत्यादि।

वानप्रस्थः (पु.) [*वनप्रस्थे वनैकदेशे भवः, तत्र भवः (४.३.५३) इत्यण्*] १.महुवा वृक्ष २.सनातन धर्मअनुसार चार आश्रम-हरूमध्ये तेस्रो आश्रम। यस आश्रममा गृहस्थीको छोरा वा नातिहरू जन्मेर समर्थ भएपछि आफ्नो उमेर, चाउरेको शरीर र फुलेको रौ. आदिको विचार गरी वनमा तपस्या गर्न जानुपर्छ। **गृहस्थस्तु यदा पश्येद्वलीपलितमात्मनः। अपत्यस्यैव चापत्यं तदारण्यं समाश्रयेत्॥** (मनु.) **~आश्रमः** (पु.) वानप्रस्थको आश्रम।

वानम् (नपु.) [*वायति स्म, ओवै शोषणे इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति कर्तरि क्तः, ओदितश्च ८.२.४५ इति नत्वम्, यद्वा वन्यते, वनु याचने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पाकेको फल २.हिंड्नु ३.गुन्द्री ४.सुगन्ध ५.वायु। **वानं शुष्कफले शुष्के सीवने गमने कटे, जलसंप्लुतवातोर्मिसुरङ्गासौरभेषु च** (हैम.)।

वानरः (पु.) [*वने भवं फलादि, अण् ४.३.५३ वानं वनसंबन्धिफलादिकं राति गृह्णाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] बाँदर।

(वानरः)

वानस्पत्यः (पु.) [*वनस्य पतिः, पारस्करप्रभृतीनि ६.१.१५७ इति सुट् वनस्पतौ भवः, दित्यदित्या– ४.१.८५ इति ण्यः*] फूलबाट फल लाग्ने आँप आदि ।

वानीरः (पु.) [*वायति, ओवै शोषणे इति धातोः, क्विप् ३.२.१७८ वा शुष्कम् आ समन्तान्नीरमस्य*] वेत।

वान्तः (पु.वि.) [*वमति स्म, गत्यर्थाकर्मकः ३.४.७२ इति क्तः*] छादेको/बान्ता गरेको।

वापकः (पु.वि.) [*वपति, डुवप वीजसन्ताने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बाटेबिरुवा रोप्ने २.कपाल खौरने ३.बुन्ने।

वापदण्डः (पु.) [*वपनम्, डुवप् इति धातोः, भावे ३.३.१८ इति घञ्, वापस्य दण्डः*] कपडा बुन्दा गजपट्टि ठोक्ने चेप्टो काठ।

वापिः (स्त्री.) [*वपन्ति यत्र इति, डुवप वीजसन्ताने इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्*] तलाउ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वापी (स्त्री.) [*वपन्ति यत्र इति, डुवप् वीजसन्ताने इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] तलाउ/जलविहारका निमित्त बनाइएको जलाशय। **वाप्यां वापिरपि स्मृता** (द्विरूपकोषः)।

वामः (पु.वि) [*वाति गच्छति गन्धनं वा गृह्णाति, वा गतिगन्धनयोः, इति धातोः, अर्तिस्तुसुहुसृधृभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण, मन्, यद्वा वमति स्नेहम्, टुवम उद्गीरणे इति धातोः, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः*] १.बायाँ/देब्रे २.विरुद्ध/प्रतिकूल ३.टेढो/वक्र ४.(नपुं.) धन ५.(पुं.) शिवजी ६.कामदेव ७.मेघ सव्य। **वामं धने पुंसि हरे कामदेवे पयोधरे** (विश्व.)।

वामदेवः (पु.) [*वामयति दुष्टानां मदमिति वामः, टुवम उद्गीरणे इति धातोः, णिच् ३.१.२६ नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, वामश्चासौ देवश्च, कर्म.स., लोकविपरीतत्वाद्वा वामः, वामेषु श्रेष्ठेषु देवो द्योतो यस्येति वा, बहु.स.*] १.शिवजी २.धन ३.कामदेव ४.मेघ।

वामनः (पु.) [*वामोऽस्यास्तीति, लोमादिपामादिपिच्छादिभ्यः शनेलचः ५.२.१०० इति नः*] १.बाउन्ने/पुड्को/होचो २.दक्षिण दिशाको हात्ती ३.अङ्कटनामक रुखविशेष ४.(पुं.) विष्णुका दश अवतारमध्ये पाँचौँ अवतार ५.काव्यशास्त्रका आचार्य। रीतिसम्प्रदायका प्रवर्तक। यिनको समय आठौँ शताब्दी हो। यिनले **काव्यालङ्कारसूत्रवृत्ति** नामक ग्रन्थ लेखेका छन्। यिनले काव्यको आत्मा रीतिलाई मानेका छन्। यिनले प्रतिपादन गरेको सिद्धान्तलाई रीतिसिद्धान्त भनिन्छ। **वामनोऽप्यतिखर्वे च त्रिषु पुंसि तु दिग्गजे। हरावङ्कटवृक्षे** (विश्व.)।

वामनपुराणम् (नपु.) [*वामनसंबद्धं पुराणम्, म.प.स.*] पुराणको क्रमानुसार चौधौँ पुराण। यसमा १०००० श्लोक र ९२ अध्याय छन्। यो ग्रन्थ पूर्वभाग र उत्तरभागमा विभक्त छ। यस पुराणका चार संहिता छन्— माहेश्वरीसंहिता, भागवतीसंहिता, सौरीसंहिता र गाणेश्वरीसंहिता। यसमा विष्णुको महत्त्वका साथसाथै शिवमहात्म्य, शैवतीर्थ, उमाशिवविवाह, गणेशको जन्म, कार्तिकेयको उत्पत्ति आदिको वर्णन छ। (सं.सा.इ.)

वामनावतारः (पु.) [*वामनस्य अवतारः, ष.त.*] विष्णुका दश अवतारमध्ये पाँचौ अवतार।

वाममार्गः (पु.) [*वामश्चासौ मार्गश्च, कर्म.स.*] मानिसको दाँतको माला लगाउनु, ढुङ्गो वा खप्परको पात्र बोक्नु, माडेको छालाको आसनमा बस्नु, आइमाईको कपालका रौँको बाला लगाउनु, मदिरातत्त्व भएको द्रव्य, मासु आदि खानेकुरा खानु, साना जातका माछा चपाउनु, वीणाको आवाज र कथा मन पराउनु, परस्त्रीसँगको मैथुनमा रुचि राख्नु र सबै वर्णहरूमा समानभाव राख्नुलाई वामाचार वा वामामार्ग भनिन्छ। (तर यसको गूढार्थ गुरुमुखबाट जान्नुपर्छ।) वाममार्गका ६ भेद छन्— कौलिक, वाम, चीनक्रम, सिद्धान्तीय र शावर।

माला नृदन्तसम्भूता पात्रं पाषाणमुण्डकम्।
आसनं सिद्धचर्मादि कङ्कणं स्त्रीकचोद्भवम्॥
द्रव्यमासवतत्त्वाढ्यं भक्ष्यं मांसादिकं शिवे।
चर्वणं बालमत्स्यादि मुद्रावीणारवःकथा॥
मिथुनं परकान्ताभिः सर्ववर्णसमानता।
वामाचार इति प्रोक्तः सर्वसिद्धिप्रदः शिवे॥ (पुरश्चर्यार्णव)

वामलूरः (पु.) [*वामैर्वामं वा लूयते, लूञ् छेदने इति धातोः, बाहुलकाद्रक्*] धमिराले उठाएको माटो।

वामलोचना (स्त्री.) [*वामः कामो लोचने आलोचने नेत्रे वाऽस्याः, यद्वा–वामे सुन्दरे लोचने चक्षुषी यस्याःसा*] वक्रदृष्टि राख्ने वा सुन्दरी स्त्री।

वामा (स्त्री.) [*वमति स्नेहम्, टुवम उद्गीरणे इति धातोः, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः, टाप् ४.१.४ यद्वा— वामः कामोऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, टाप् ४.१.४*] १.सुन्दरी स्त्री २.दुर्गा ३.सरस्वती।

वामं धने पुंसि हरे कामदेवे पयोधरे।
वल्गुप्रतीपसव्येषु त्रिषु नार्यां स्त्रियाम्॥ (मेदिनी.)

वामाक्षी (स्त्री.) [*वामे (सुन्दर्यौ) अक्षिणी यस्याः, सा, बहु.स.*] राम्रा आँखा हुने स्त्री।

वामाचारः (पु.) [*वामो वेदादिविरुद्ध आचारः*] वेदविरुद्ध मद्य मांस आदिको सेवनरूप तन्त्रप्रतिपादित आचारण।

वामी (स्त्री.) [*वामयतीति, टुवम उद्गीरणे इति धातोः, स्वार्थण्यन्तात्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, मितां ह्रस्वः ६.४.९२ इत्यत्र 'वा' इत्यनुवृत्तेर्न ह्रस्वः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा वं वरुणममति, तेनाम्यते वा, अम गत्यादिषु इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, अकर्तरि च संज्ञायाम् ३.३.१९ इति घञ् वा*] १.घोडी २.पोथी स्याल ३.गधही ४.पोथी छावा।

वामी शृगालीवडवारासभीकरभीषु च (मेदिनी.)।

वामोरुः (पु.) [*वामश्चासौ उरुश्च, कर्म.स.*] बायाँ तिघ्रो।

वायवीयः (पु.वि.) [*वायोरयम्, वायु+छः*] वायुसम्बन्धी।

वायव्यः (पु.वि.) [*वायोरयम्, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] १.उत्तर र पश्चिम दिशाका बिचको कोण २.एक अस्त्र।

वायव्यम् (नपु.) [*वायुर्देवता अस्य, वाय्वृतुपित्रुषसो यत् ४.२.३१ इति यत्, ओर्गुणः ६.४.१४६ इति गुणः, वान्तो यि प्रत्यये, इति वान्तादेशः*] १.उत्तर र पश्चिम दिशाको कोण/वायव्य नामक विदिशा २.वायु देवता भएको हवि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायसः (पु.) [*वयते गचछतीति, वय गतौ इति धातोः, वयश्च (उ.) ४०७ इति असच्प्रत्ययः, वृद्धिश्च*] काग/कौवा।

वायसारातिः (पु.) [*वायसस्य काकस्यारातिः*] लाटोकोसेरो।

वायुः (पु.) [*वाति गच्छति जानाति वा, वा गतिगन्धनयोः इति धातोः, कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १ इत्युण्, आतोयुक् चिण्कृतोः ७.३.३३ इति युक्*] १.हावा/बतास २.पञ्चतत्त्व मध्येको एक तत्त्व। प्राणीले सास फेरेर बाँच्न सकिने तत्त्व/अक्सिजन। प्राणीको शरीरमा दश वायु छन्। यीमध्ये पाँच मुख्य र पाँच गौण मानिन्छन्। पाँच मुख्य वायु र ती वायु रहने ठाउँ– हृदयमा **प्राण,** मलद्वारमा **अपान,** नाभिमा **समान,** घाँटीमा **उदान,** शरीरका सबै भागमा रहने **व्यान**।

हृदि प्राणो गुदेऽपानः समानो नाभिमण्डले।
उदानः कण्ठदेशे स्याद् व्यानः सर्वशरीरगः॥

पाँच गौण वायु– डकार्दा **नाग,** आँखा हेर्दा र चिम्लदा **कूर्म,** हाछ्यूँ गर्दा **कृकल,** हाई गर्दा **देवदत्त** र मरेपछि पनि शरीरमा रहिरहने वायु– **धनञ्जय।**

उद्गारे नाग आख्यातः कूर्म उन्मीलने स्मृतः॥
कृकलः क्षुत्कृते ज्ञेयो देवदत्तो विजृम्भणे।
न जहाति मृतं वापि सर्वव्यापी धनञ्जयः॥

३.ज्योतिषशास्त्रअनुसार पृथ्वी र अन्तरिक्षमा चल्ने सातथरी वायु हुन्छन्– **प्रवह, आवह, उद्वह, संवह, विवह, परिवह र परावह** ४.पुराणअनुसार वायु ४९ छन्। ५.अष्ट दिक्पालमध्ये वायव्यकोणका अधिष्ठाता देवता। **~कोणः** (पुं.) [*वायोः कोणः, ष.त.*] पश्चिम र उत्तर दिशाका बिचको कोण/वायुदेवताको आधिपत्य रहेको कोण। **~मण्डलम्** (नपुं.) [*वायोर्मण्डलम्, ष.त.*] पृथ्वीका चारैतिर रहेको हावाको आवरण/वातावरण। **~यानम्** (नपुं.) [*वायुना याति गच्छति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हवाइजहाज। **~रोगः** (पुं.) [*वायोर्रोगः, ष.त.*] वायुशूल/शरीरको काप, काखी आदि ठाउँमा वायुविकारबाट निस्कने गोला।

वायुपुराणम् (नपुं.) [*वायुना प्रोक्तं पुराणम्, म.प.स.*] पुराणको क्रमानुसार चौथो पुराण। शिवपुराण र वायुपुराण छुट्टाछुट्टै पुराण नभएर एउटै पुराण हो भन्ने कतिपय समालोचकहरूको धारणा छ। वायुपुराणमा ११००० श्लोक छन्। यो ११२ अध्यायमा विभक्त छ। यसमा चार खण्ड छन्– प्रक्रियापाद, अनुषङ्गपाद, उपोद्घातपाद र उपसंहारपाद। यसमा पुराणका सबैजसो लक्षणहरू उपलब्ध छन्। **वायुप्रोक्तमनुसृत्य पुराणमृषिसंस्तुतम्** (१९१.१६)।

वायुसखः (पुं.) [*वायोः सखा, राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्, वायुः सखास्येति (वायुसखा) वा, अस्मिन्पक्षे टजभावात् अनङ् सौ ७.१.९३ इत्यनङ्*] अग्नि।

वारंवारम् (अव्य.) पटक पटक। **वारंवारं शब्दर्थे वारंवारेण चेष्यते** (त्रिकाण्ड.)।

वारः (पुं.) [*वृणोति सूर्यादिसप्तग्रहान्, वृञ् वरणे इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.वासर। वार सात छन्– आइतवार, सोमवार, मङ्गलवार, बुधवार, बिहिवार, शुक्रवार र शनिवार २.मानिस वा पशुपन्छीको ठुलो जमात ३.रास/थुप्रो ४.शिव ५.नदी वा समुद्र किनार ६.मौका/अवसर ७.बाङ्गो रुख ८.पटक ९.रोक/रोकावट।

वारः सूर्यादिवासरे स्याद्
वारो हरे कुब्जवृक्षे वृन्दावसरयोः क्षणे (मेदिनी.)।

वारङ्गः (पुं.) [*वृणोति इति, वृञ् वरणे इति धातोः, सृवृञोर्वृद्धिश्च (उ.) १२७ इति अङ्गच्, वृद्धिश्च*] तरावारको मुठ।

वारणः (पुं.) [*वारयति शत्रुबलम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः णत्वम्*] हात्ती।

वारणं प्रतिषेधे स्याद्वारणस्तु मतङ्गजे (विश्व.)।

वारणम् (नपुं.) [*वार्यते इति, वृञ् अपवारणे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] मनाही/निषेध/रोकावट/हटाउने काम।

वारणवुसा (स्त्री.) [*वारणानां वुसा, वुस्यति वुस्यते वा, वुस उत्सर्गे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ् टाप् ४.१.४*] केरा।

वारयोषितः (स्त्री.बहु.) [*वारस्य जनसमूहस्य योषितः, ष.त.*] वेश्या/वारविलासिता/वारसुन्दरी/वाराङ्गना।

वारवाणः (पुं.) [*वाणं वारयति, वृणोति वा, वृञ् वरणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, मयूरव्यंसकादित्वात् २.१.७२, राज दन्तादित्वात् २.२.३१ वा परनिपातः*] कवच।

वारस्त्री (स्त्री.) [*वारस्य वृन्दस्य स्त्री, साधारणत्वात्*] वेश्या।

वाराङ्गना (स्त्री.) [*वारस्य जनसमूहस्य अङ्गना स्त्री, ष.त.*] वेश्या।

वाराङ्गनेव नृपनीतिरनेकरूपा (का.नी.)।

वाराणसी (स्त्री.) [*वरणा च असी च तयोर्नद्योरदूरे भवा, अदूरभवश्च ४.२.७० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] बनारस।

वाराणसेयः (पुं.वि.) [*वाराणस्यां भवः, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः, वृद्धिः, इलोपः*] बनारसमा भएको।

वाराहः (पुं.) [*वराहस्य अयम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.वराह/बनेल २.विष्णुका दश अवतारमध्ये तेस्रो अवतार।

वाराही (स्त्री.) १.[*वराहस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] पोथी बनेल २.वाराही कन्द/औषधीविशेष ३.[*वराहस्य*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईयम्, तस्येदम् ४.३.१२० इत्यण्, ङीप्] देवी। **वाराही मातृभेदे स्याद्विष्वक्सेनप्रियौषधौ** (मेदिनी.)।

वारिः (पुं.) [*वारयति निवारयतीति, वृञ् वरणे इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्*] हात्ती बाँध्ने ठाउँ।

वारि (नपुं.) [*वृञ् वरणे इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्*] १.पानी २.घडी ३.सरस्वती ४.हात्ती बाध्ने थलो। **वारि ह्रीबेरनीरयोः, वारिर्घट्यां सरस्वत्यां गजबन्धनभुव्यपि** (हैम.)। **~निधिः** (पुं.) [*वारिणां निधिः, ष.त.*] समुद्र।

वारिजम् (नपुं.) [*वारिणि जातम्, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] पानीमा उत्पन्न हुने/कमल।

वारितः (पुं.वि.) [*वार्यते स्म, वृधातोः णिचि निष्ठा ३.२.१०२ इति क्तः*] मनाही गरिएको/निषिद्ध/रोकिएको/छेकिएको। **~साहित्यम्** (नपुं.) [*वारितञ्च तद् साहित्यम्, कर्म.स.*] पढ्न वा साथमा राख्न सरकारद्वारा निषेध गरिएको साहित्य।

वारिदः (पुं.) [*वारि ददातीति, दा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] बादल/मेघ।

वारिपथिकम् (नपुं.) [*वारिपथेन आहतम्, आहतप्रकरणे, वारिजङ्गल-स्थलकान्तारपूर्वपदादुपसङ्ख्यानम् (वा) इति ठञ्, ठस्य इकः*] जलमार्गबाट ल्याइएको वस्तु।

वारिपर्णी (स्त्री.) [*वारिणि पर्णान्यस्याः, पाककर्ण ४.१.६४ इति ङीष्*] ठुला पात हुने कमल।

वारिप्रवाहः (पुं.) [*वारिणां प्रवाहः, ष.त.*] पानीको वेग।

वारिवाहः (पुं.) [*वारि वहति, कर्मण्यण् ३.२.३ इत्यण्*] मेघ।

वारुणम् (नपुं.) [*वरुणस्य इदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.पानी/जल २.वरुणसम्बन्धी।

वारुणयन्त्रम् (नपुं.) [*वारुणञ्च तद् यन्त्रञ्च, कर्म.स.*] दमकल/आगो निभाउने यन्त्र।

वारुणी (स्त्री.) [*वरुणस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.पश्चिम दिशा २.वरुणकी पत्नी ३.मदिरा।

वार्णिकः (पुं.वि.) [*वर्णात् आगतः, वर्णे भवः, वा, वर्ण+ठक्*] वर्ण वा अक्षरसम्बन्धी। **~छन्दः** (नपुं.) [*वाणिकञ्च तद् छन्दश्च, कर्म.स.*] वर्णवृत्त/वर्णको सङ्ख्या अथवा तिनका लघु– गुरुका क्रमको विचार गरी लेखिएको पद्य।

वार्तः (पुं.) [*वृत्तिरस्यास्ति, वृत्तेश्च (वा.) ५.२.१०१ इति णः*] निरोगी।

वार्ता (पुं.) [*वृत्तिरस्याम् अस्तीति, वृत्तेश्च (वा.) ५.२.१०१ इति णः, टाप् ४.१.४*] १.कुराकानी/बातचित/वृत्तान्त २.सन्देश । **~वहः** (पुं.वि.) [*वार्तामावहति, आङ्पूर्वकाद् वह प्रापणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] समाचारवाहक/दूत।

वार्ताकः (पुं.) [*वार्त्तमारोग्यमाकयति गमयति, आङ्पूर्वकात् अक कुटिलायां गतौ इति धातोर्णिचि कर्मण्यण् ३.२.१ इत्यण्*] भान्टा।

वार्ताकी (स्त्री.) [*वार्तमारोग्यमाकयति, अक कुटिलायां गतौ इति धातोः, ण्यन्तात्, कर्मण्यण् ३.२.१ इत्यण्, जातेः ४.१.६३ इति ङीष्*] सेतो बिंही।।

वार्ताकुः (स्त्री.) [*वृतु वर्तने इति धातोः, वृत्तेर्वृद्धिश्च (उ.) इति काकुः, वृद्धिश्च*] भान्टा। **वृन्ताकं स्त्री तु वार्ताकुर्भण्यकी भाण्टिकाऽपि च** (भा.प्र.नि.)।

वार्तालापः (पुं.) [*वार्तया आलापः, तृ.त.*] कुराकानी/वातचित/कथोपकथन/संवाद।

वार्तावहः (पुं.) [*वार्ताया वहः, ष.त.*] १.हालखबर ओसार-पसार गर्ने व्यक्ति २.हुलाकी।

वार्तिकः १.(पुं.वि.) [*वृत्तिग्रन्थमधीते वेत्ति वा, क्रतूत्थादिसूत्रान्ताट्ठक् ४.२.६० इति ठक्, ठस्य इकः, वृद्धिः*] वृत्ति ग्रन्थको अध्येता २.बट्टाई चरो।

वार्तिकम् (नपुं.) [*वृत्तौ व्याख्याने साधुः, कथादिभ्यष्ठक् ४.४.१०२ इति ठक्, ठस्य इकः, वृद्धिः, रपरत्वम्*] १.व्यापार २.मूल वा सूत्रमा भनेको, नभनेको अथवा अस्पष्ट कथन भएकोलाई स्पष्ट गर्ने नियम।
उक्तानुक्तदुरुक्तार्थव्यक्तकारि वार्तिकम् (काव्यमी.)।

वार्तीकः (पुं.) बट्टाई चरो। **वर्त्तीको वर्तिचटको वार्तिकश्चैव स स्मृतः** (भा.प्र.नि.)।

वार्द्धकम् (नपुं.) [*वृद्धस्य भावः, द्वन्द्वमनोज्ञादिभ्यश्च ५.१.१३३ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बुढ्याइँ/बुढ्याइँबाट भएको कमजोरी २.[*वृद्धानां समूहः, वृद्धाच्चेति वक्तव्यम् ४.२.३९) इति वुञ्, अकः ७.१.१*] वृद्धहरूको मण्डली वा समुदाय।

वार्द्धक्यम् (नपुं.) [*वृद्धस्य भावः कर्म वा, चतुर्वर्णादीनामुपसङ्ख्यानम् ५.१.१२४ इति ष्यञ्, कुक् च*] १.वृद्धावस्था/वुढ्याइँ २.बढ्ती/वृद्धि।

वार्धकम् (नपुं.) [*वृद्धानां समूहः, वृद्धाच्च (वा) ४.२.३९ इति वुञ्*] वृद्धावस्था। **वार्धकं वृद्धसङ्घाते वृद्धत्वे वृद्धकर्मणि** (विश्व.)।

वार्धुषिः (पुं.) [*पृषोदरादित्वात् ६.३.१०९ कलोपे वार्धुषिः*] लगानी गर्ने व्यक्ति।

वार्धुषिकः (पुं.) [*वृद्धिर्गर्ह्या प्रयच्छति, प्रयच्छति गर्ह्यम् ४.४.३० इति ठक्, ठस्येकः, वृद्धेर्वृधुषिभावः (वा.) ४.४.३०*] लगानी गर्ने व्यक्ति।

वार्मणम् (नपुं.) [*वर्मणां समूहः, भिक्षादिभ्योऽण् ४.२.३८ इत्यण्*] कवचहरूको समूह।

वार्यः (पुं.वि.) [*वारयितुं शक्यः, वृञ् वरणे इति धातोः, णिचि ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] निवारण गर्न सकिने।

वार्षिकः (पुं.वि.) १.[*वर्षे भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्य इकः आदिवृद्धिः*] वर्षमा भएको/वर्षभरिको २.मुडिलो ३.[*वर्षासु साधुः, वर्षाभ्यष्ठक् ४.३.१८ इति ठक्, ठस्य इकः, वृद्धिः*] वर्षाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि उपयोगी। **वार्षिकं त्रायमाणायां क्लीबं वर्षाभवे त्रिषु** (मेदिनी.)। **~प्रतिवेदनम्** (नपुं.) [*वार्षिकञ्च तद् प्रतिवेदनञ्च, कर्म.स.*] प्रतिवर्ष वर्षदिनसम्म गरेका काम तथा आय व्ययको विवरण । **~वित्तविवरणम्** (नपुं.) [*वित्तस्य विवरणम्, ष.त., वार्षिकञ्च तद् वित्तविवरणञ्च, कर्म.स.*] राज्य वा कुनै संस्थाको वर्षको आर्थिक स्थितिको विवरण। **~विवरणम्** (नपुं.) [*वार्षिकञ्च तद् विवरणञ्च, कर्म.स.*] वर्षदिनभरि भएका कामको लेखाजोखा/वर्षभरका कामकुराको लेखा।

वार्षिकोत्सवः (पुं.) [*वार्षिकश्चासौ उत्सवश्च,कर्म.स.*] प्रतिवर्ष मनाइने उत्सव।

वालेयः (पुं.) [*वलय उपसंहाराय संहितः, छदिरुपधि ५.१.१३ इति ढञ्, वलेरपत्यम्, इतश्चानिञः ४.१.१२२ इति ढग् वा*] गदहा।

वालेयशाकः (पुं.) [*वालेयस्य शाकः, गर्दभभक्ष्यशाकत्वात्*] भारङ्गी।

वाल्कम् (नपुं.) [*वल्कस्य विकारः, तस्य विकारः ४.३.१३४ इत्यण्*] बोक्राबाट बनेका लुगा।

वाल्कलम् (नपुं.) [*वल्कलेन निर्मितम्, तेन निर्वृत्तम् ४.२.६८ इत्यण्*] छाला वा बोक्राले बनेको/छाला वा बोक्रासम्बन्धी।

वाल्मीकिः (पुं.) [*वल्मीकस्य मुनेरपत्यं पुमान्, अत इञ् ४.१.९५ इति इञ्, वृद्धिः*] संस्कृतका आदिकवि। यिनले रामायण महाकाव्य लेखेका छन्। व्याधाले हानेको क्रौञ्च पक्षीको वेदनाबाट प्रभावित भएर यिनले यो ग्रन्थ लेखेका हुन्। यसमा रामचन्द्रका चरित्रको वर्णन छ। काव्यात्मक दृष्टिकोणले यो काव्य उच्चकोटिको छ। धेरैजसो अनुष्टुप् छन्दको प्रयोग भएको छ। कतिपय सर्गहरूमा वसन्ततिलका, वंशस्थ, द्रुतविलम्बित आदि अन्य छन्दको पनि प्रयोग भएको देखिन्छ। यसमा करुण रसको प्राधान्य छ।

वावदूकः (पुं.) [*भृशं वक्तीति, यङ्लुगन्ताद् वद व्यक्तायां वाचि इति धातोः, उलूकादयश्च (उ.) ४८९ संप्रसारणम्, ऊकश्च*] वक्ता/धेरै बोल्ने।

वाशिका (स्त्री.) [*वाश्यते इति, वाशृ शब्दे इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, स्वार्थे कन्, यद्वा वश कान्तौ इति धातोः, संज्ञायाम् ३.३.१०९ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्*] असुरो।

वाशितम् (नपुं.) [*वाशृ शब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.१४ इति क्तः*] १.पक्षीको आवाज २.हथिनीको स्वर ३.सुगन्धित तुल्याइएको वस्तु ४.लुगाद्वारा बेरिएको वस्तु।

वाशृ (धा.) [*शब्दे, अक.सेट् आत्म.*] शब्द गर्नु, बास्नु। लट्– **वाश्यते–** शब्द गर्छ, बास्छ इत्यादि।

वाष्पम् (नपुं.) १.[*वाधते दुःखयतीति, वाध वाधने इति धातोः, खष्पशिल्पशष्पवाष्परूपपर्पतल्पाः (उ.) ३१५, इति पः, सकारश्च*] बाफ २.[*वाययति, ओ वै शोषणे इति धातोः पूर्ववत् साधुः*] आँसु। **वाष्पमूष्माश्रु** (अमर.)।

वाष्पिका (स्त्री.) [*वाष्पमिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, यप् ४.१.४, इत्वम्*] हिंगको पात।

वाष्पीयः (पुं.वि.) [*वाष्पाद् भवः, वाष्प+छः (ईयः)*] बाफबाट भएको/बाफसम्बन्धी।

वाष्पीकरणम् (नपुं.) [*अवाष्पं वाष्पं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] कुनै पदार्थलाई वफ्याउने काम।

वाष्पीभूतः (पुं.वि.) [*आवाष्पं वाष्पं यथा सम्पद्यते तथा भूतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] वाफका रूपमा परिणत गरिएको/वाफ लगाइएको।

वास (धा.) [*उपसेवायाम्, सक.सेट् उभय.*] बास्ना आउनु। बसाउनु। लट्– **वासयति–ते–** वास्ना आउछ इत्यादि।

वासः (नपुं.) [*उष्यतेऽत्र, वस निवासे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.बस्ने ठाउँ घर/गृह/रहने काम/रहेको ठाउँ/अवस्थल २.वास्ना/सुगन्ध ३.(नपुं.) [*वस आच्छादने इति धातोः, वसेर्णित् (उ.) ६६७ इति असुन् णिच्च, वृद्धिः*] लुगा/वस्त्र।

वासांसि जीर्णानि यथा विहाय गृह्णाति देहानि नरोऽपराणि।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही॥

(भ.गी.) **~गेहम्** (नपुं.) [*वासाय गेहम्, च.त.*] बस्ने घर/बस्ने कोठा। **~व्यवस्था** (स्त्री.) [*वासस्य व्यवस्था, ष.त.*] बस्ने ठाउँको सुविधा वा प्रबन्ध। **~स्थानम्** (नपुं.) [*वासस्य स्थानम्, ष.त., वा वासाय स्थानम्, च.त.*] वास गरेको ठाउँ/बसेको वा रहेको स्थान।

वासकः (पुं.) [*वासयति, वास उपसेवायामिति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.वासना २.गन्ध ३.असुरो ४.बस्ने घर ५.[*वस आच्छादने इति धातोः, ण्वुल् ३.१.१३३ इति ण्वुल्, अकः ७.१.१*] लुगा। **~सज्जा** (स्त्री.) [*वासकेन सज्जा, तृ.त.*] वाससज्जा/सिँगार–पटार गरी घर, कोठा, विछ्यौना आदि सजाएर नायकको आगमनको प्रतीक्षा गर्ने नायिका।

वासगृहम् (नपुं.) [*वासस्य गृहम्, ष.त.*] कोठा।

वासनम् (नपुं.) [*वास उपसेवायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.वासना फिँजाउनु/सुगन्धित पार्नु २.वस्त्र लगाउने काम।

वासना (स्त्री.) [*वासयति, कर्मणा योजयति जीवमनांसीति, वास उपसेवायाम् इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.सांसारिक सुखभोग/भोगविलासको इच्छा २.सुगन्ध।

वासन्तः (पुं.वि.) [*वसन्ते भवः, तत्र भवः ४.३.५३ इत्यण्*] वसन्त ऋतुसम्बन्धी/वसन्त ऋतुमा हुने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासन्ती (स्त्री.) [*वसन्ते पुष्यति, कालात्साधुपुष्यत् ४.३.४३ इत्यण, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.माधवी लता/नेवारी फूल २.वसन्तोत्सव ३.दुर्गा देवी ४.प्रत्येक पाउमा क्रमशः मगण, तगण, नगण, मगण तथा दुई गुरुवर्णको प्रयोग भएको छन्द। **मात्तो नो मो गौ यदि गदिता वासन्तीयम्।** (छन्दो.) **वासन्ती माधवीयूथ्योरुष्ट्रे नावहिते त्रिषु** (मेदिनी.)।

वासयोगः (पुं.) [*वासे सुगन्धीकरणे योग उपायः*] बुकुवा/पाउडर।

वासरः (पुं.) [*वासयतीति, वासृ शब्दे इति धातोः, अर्तिकमिभ्रमिचमिदेविवासिभ्यश्चित् (उ.) ४१९ इति अरप्रत्ययः*] १.दिन/ दिवस/वार २.वासस्थान ३.नागविशेष। **वासरस्तु पुन्नागप्रभेददिनयोरपि** (विश्व.)।

वासवः (पुं.) [*वसवो देवा वसूनि रत्नान्यस्य वा सन्ति, ज्योत्स्नादिभ्य उपसङ्ख्यानम् (वा.) ५.२.१०३ इति अण, वसोरपत्यमिति वा, दैत्यानां वासं वाति, वा गतिगन्धनयोः इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः,आलोपः ६.४.६४*] १.इन्द्र २.धनिष्ठा नक्षत्र।

वासा (स्त्री.) असुरो। **वासको वासिका वासा भिषङ्माता च सिंहिका** (भा.प्र.नि.) यो अनेक प्रकारको हुन्छ। सबैमा गुण प्रायः एकैखाले रहन्छन्। हृदयरोग, खोकी,ज्वरो वमन आदिरोगमा यसको उपयोग गर्नाले बढी फाइदा हुन्छ।

वासितम् (नपुं.) [*वास्यते स्म, वस स्नेहनादौ इति धातोः, वास उपसेवायाम् इति धातोर्वा, निष्ठा ३.२.१०२ इति क्तः*] १.सुगन्धित तुल्याइएको। **भावितन्तु वासितं स्यात्** (अभि.चि.) २.(त्रि.) [*वस आच्छादने इति धातोर्णिचि क्तः ३.२.१०२*] लुगाले ढाकिएको ३.[*वस शब्दे इति धातोः, णिचि क्तः*] पक्षीहरूको आवाज।

वासिष्ठः (पुं.) [*वसिष्ठस्यापत्यं पुमान्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इति अण, वृद्धिः*] १.वसिष्ठका छोरा २.वसिष्ठका सन्तान ३.गोत्रविशेष।

वासिष्ठी (स्त्री.) [*वसिष्ठस्येयम्*] १.गोमती गङ्गा। **वासिष्ठी गोमती तुल्ये** (अभि.चि.) २.(वि.) वसिष्ठसम्बन्धी।

वासी (स्त्री.) बोसिला। **वृक्षभित् तक्षणी वासी** (अभि.चि.)।

वासुः (पुं.) [*वसति जगदस्मिन्, उणादयो बहुलम् इति वचनात् कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १.१ इत्युण, वृद्धिः*] १.वासुदेव/कृष्ण २.ईश्वर ३.आत्मा।

वासुकिः (पुं.) [*वसुना रत्नेन कायति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ वसुकस्यापत्यम् पुमान्, अत इञ् ४.१.९५ इति इञ्*] एक प्रसिद्ध नागराज/आठ नागमध्ये एक नाग। **वासुकिस्तु सर्पराजः श्वेतो नीलसरोजवान्** (अभि.चि.)।

वासुदेवः (पुं.) [*वसुदेवस्यापत्यम्, वसुदेवशब्दात् ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इति अण, वृद्धिः, यद्वा वसतीति वासुः, बाहुलकादुण् वासुश्चासौ देवश्च*] वसुदेवका छोरा/श्रीकृष्ण।

सर्वत्रासौ समस्तं च वसत्यत्रेति वै यतः।
ततोऽसौ वासुदेवेति विद्वद्भिः परिगीयते॥ (वि.पु.)
कृष्णाय वासुदेवाय हरये परमात्मने।
प्रणतक्लेशनाशाय गोविन्दाय नमो नमः॥ (भाग.)

वासूः (स्त्री.) [*वासूः वास्यते स्वगृहे, वस निवासे इति धातोः, ण्यन्ताद्बाहुलकादूः*] कुमारी। **बाला वासूः** (अभि.चि.)।

वास्तविकः (पुं.वि.) [*वस्तुतो निर्वृत्तम्, तेन निर्वृत्तम् ५.१.७९ इति ठक्, ठस्येकः*] यथार्थ/जस्ताको तस्तो/तथ्य/सत्य/साँचो।

वास्तव्यः (पुं.वि.) [*वसतीति, वसेस्तव्यत्कर्मणि णिच्च (वा.) ३.१.९६ इति तव्यत्, णिद्वच्च,वृद्धिः*] रहन योग्य/बस्न लायक।

वास्तुः (पुं./नपुं.) [*वसन्ति प्राणिनोऽत्र सः, वस निवासे इति धातोः, वसेस्तुन्नगारे णिच्च (उ.) १.७५ इति तुन्, णिद्वद्भावश्च, वृद्धिः*] १.वास्तु पुरुष २.घडेरी/वासस्थान ३.नयाँ घरमा प्रवेश गर्दा गरिने यज्ञ आदि कर्म। **वेश्मभूर्वास्तुरस्त्रियाम्** (मेदिनी.)। **~कला** (स्त्री.) [*वास्तुसम्बद्धा कला, म.प.स.*] घर, महल आदि बनाउने कला वा विद्या/वास्तु निर्माण गर्ने कला/वास्तुविज्ञान/वास्तुविद्या/वास्तुशास्त्र। **~कारः** (पुं.) [*वास्तुं करोतीति, डुकृञ् करणे इति धातोः कर्मण्यण् ३.२.१ इति अण्*] वास्तुकलाको निर्माता। **~देवता** (स्त्री.) [*वास्तोः देवता, ष.त.*] गृहदेवता। **~शान्तिः** (स्त्री.) [*वास्तोः शान्तिः, ष.त.*] नयाँ घरमा प्रवेश गर्दा गरिने शान्ति, स्वस्ति आदि शुभ कर्म।

वास्तुकम् (नपुं.) [*वसति देहे, चिरं गुणा वाऽस्मिन् वसन्ति, वस निवासे इति धातोः, उलूकादयश्च (उ.) इति साधुः, यद्वा वास्तौ भवम्, अध्यात्मादेष्ठञिष्यते (वा.) ४.३.६० इति ठञ्, इसुसुक्तान्तात्कः ७.३.५१ इति कः, एवं ह्रस्वमध्यम् वास्तुकम् अपि*] १.बेथुको साग २.घर आदिको निर्माण।

वाह् (धा.) [*बाह प्रयत्ने, भ्वा. अक.सेट्, आत्म.*] कोसिस गर्नु। लट्— **वाहते**— कोसिस गर्छ इत्यादि।

वाह्लीकः (पुं.) [*वह्लते, वह्ल प्राधान्ये इति धातोः, बाहुलकादीकन्, वह्लीकदेशे भवम्, कच्छादिभ्यश्च ४.२.१३३ इत्यण्*] (पुं.) १.देशविशेष २.घोडाविशेष ३.गन्धर्वविशेष।

वाह्लीकम् (नपुं.) [*वह्लते, वह्ल प्राधान्ये इति धातोः, बाहुलकादीकन्, वह्लीकदेशे भवम्, कच्छादिभ्यश्च ४.२.१३३ इत्यण्*] १.काश्मीरी केशर २.[*वह्लीकेषु भवम्, तत्र भवः ४.३.५३ इत्यण, ह्रस्वमध्यमपि*] हिंग ३.कुङ्कुम (हैम.)।

वि धातु वा क्रियाको अगिल्तिर लागेर अनेकता, निषेध, विशेषता, प्रतिकूलता आदि बुझाउने एक उपसर्ग। जस्तै विभागः, विस्मृतः, विनाशः, विभिन्नः आदि।

विः (पुं.) [*वाति वायुवद् गच्छति, वा गतिगन्धनयोः इति धातोः, वातेर्डिच्च (उ.) ५८३ इति इण, डिच्च, डित्त्वादाकारलोपः,स्त्रियां वीत्यपि*] १.पक्षी २.घोडा (वामन आप्टे)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विंशः (पुं.वि.) [*विंशतेः पूरणः, विंशत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमडोऽभावे डट्*] बिसौँ।

विंशकः (पुं.वि.) [*विंशत्या क्रीतः, विंशतित्रिंशद्भ्यां ड्वुन् संज्ञायाम् ५.१.२४ इति ड्वुन्, अकादेशः, तिविंशतेर्डिति ६.४.१४२ इति तिलोपः*] बिसले किनेको।

विंशतिः (स्त्री.) [*द्वे दशती, पङ्क्तिविंशतित्रिंशच्चत्वारिंशत्पञ्चाशत्षष्टिसप्तत्यशीतिनवतिशतम् ५.१.५९ इति शतिप्रत्ययान्तो निपातः*] बिसको सङ्ख्या।

विंशतितमः (पुं.वि.) [*विंशतेः पूरणः, विशंत्यादिभ्यस्तमडन्यतरस्याम् ५.२.५६ इति तमट्*] बिसौँ।

विकचः (पुं.) [*विगताः कचाः यस्य सः, बहु.स.*] १.बुद्ध २.संन्यासी ३.केतु।

विकचः (पुं.वि.) १.[*विशिष्याः शुक्लाः कचा यस्य सः, बहु.स.*] केश फुलेको २.[*विकचति विकसति, विपूर्वकात् कच बन्धने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] फुलेको/विकसित। **विकचः क्षेपणे केतौ ना केशे स्फुटिते ऽन्यवत्।** (मेदिनी.)।

विकटः (पुं.वि.) [*विकटयति, विपूर्वकात् कट धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा सम्प्रोदश्च कटच् ५.२.२९ इति कटच्*] १.कठिन/मुस्किल २.भयङ्कर ३.दुर्गम। **~दर्शनम्** (नपुं.) [*विकटञ्च तद् दर्शनञ्च, कर्म.स.*] डरलाग्दो देखिने।

विकत्थनः (पुं.वि.) [*विकत्थते आत्मानम्, विपूर्वकात् कत्थधातोर्ल्युः, अनः*] आत्मप्रशंसा गर्ने/आत्मश्लाघी।

असूयितारं द्वेष्यरं प्रवक्तारं विकत्थनम्।
भीमसेननियोगात्ते हन्ताहं कर्णमाहवे॥ (म.भा.२.७२.३२)

विकत्थनम् (नपुं.) [*विपूर्वकात् कत्थ श्लाघायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आत्मश्लाघा २.व्यङ्ग्य।

विकत्थना (स्त्री.) [*विपूर्वकात् कत्थ श्लाघायामिति धातोर्णिचि युच्,टाप्*]आत्मप्रशंसा।

संभवोक्तापि शक्तानां न प्रशस्ता विकत्थना।
शरदीयघनध्वानैर्वचोभिः किं भवादृशाम्॥
(विख्यातविजयनाटक)

विकम्पितः (पुं.वि.) [*विपूर्वकात् कम्पधातोः क्तः*] निकै ठुलो कम्पन भएको/निकै हल्लिएको।

विकरः (पुं.) १.[*विकरणम्, विपूर्वकात् कॄ विक्षेपे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] अगति परी मरेका पितृहरूलाई श्राद्ध गर्दा दिइने अन्न २.[*विकीर्यते हस्तपादादिकमनेन, पूर्ववत्*] रोगविशेष।

विकरालः (पुं.वि.) [*विशेषेण करालः*] ज्यादै डरलाग्दो/भयानक। **विकरालं महावक्त्रमतिभीषणदर्शनम्** (मार्कण्डेयपु. ११८.४८)।

विकर्तनः (पुं.) [*विशेषेण कर्तनं यस्य सः, बहु.स., विश्वकर्मणा यन्त्रोपलीढत्वात्, विकर्तयति भक्तरोगान् इति वा, कृती छेदने इति धातोः, णिजन्तात् कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.सूर्य २.बाबुको राज्य खोसेर राजा हुने छोरो ३.काट्ने/टुक्र्याउने व्यक्ति ४.आँकको वृक्ष।

विकर्म (नपुं.) [*विरुद्धं विपरीतं वा कर्म, प्रादिस.*] १.नराम्रो काम/निषिद्ध कर्म २.उल्टो काम। **~कृत्** (पुं.वि.) [*विरुद्धं कर्म करोति, कृधातोः कर्तरि क्विप्, तुक्*] धर्मशास्त्र,कानुन वा समाजले निषेध गरेको काम गर्ने। **~स्थः** (पुं.वि.) [*विकर्मणि तिष्ठति, स्थाधतोः कप्रत्ययः*] धर्मशास्त्र,कानुन वा सामाजिक मान्यता विपरीत आचरण गर्ने।

पाखण्डिनो विकर्मस्थान् वैडालव्रतिकान् शठान्।
हेतुकान् वकवृत्तींश्च वाङ्मात्रेणापि नार्चयेत्॥
(वि.पु.३.१८ अ.)

विकर्षः (पुं.) १.[*विकृष्यन्ते परप्राणा अनेन, घञ्*] बाण २.[*भावे घञ्*] विकर्षण।

विकर्षणम् (नपुं.) [*विपरीतं कर्षणम्, विपूर्वकात्, कृष विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.विपरीत तनाइ २.फ्याँक्ने काम ३.अनाकर्षण ४.भाग लगाउने काम। **वर्णाश्रमविभागांश्च रूपशीलस्वभावतः। ऋषीणां जन्मकर्माणि वेदस्य च विकर्षणम्** (भाग.३.७.२९)।

विकलः (पुं.वि.) [*विगतः कलो व्यक्तध्वनिर्यस्य सः, बहु.स.*] १.व्याकुल/विह्वल २.[*विगता जीवनकला यस्य सः*] स्वभाव हीन/असन्तुष्ट/क्षुब्ध/मनमा शान्ति नभएको।**~पाणिकः** (पुं.) [*विकलः हीनः पाणिर्यस्य सः,कन्*] कुजो। **कुणिर्विगतपाणिकः** (हला.)।

विकलनम् (नपुं.) [*विपूर्वकात् कल सङ्ख्याने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] स्रेस्ताको बायाँपट्टि रकम लेख्ने काम।

विकला (स्त्री.) १.[*विभागः कलायाः, प्रादि.स.*] चन्द्रमाको कलाको साठियौँ भाग/अति छोटो समय २.[*विगतः कलो मधुरालापो यस्याः सा, बहु.स.*] रजोवती हुन छोडेकी स्त्री।

विकलाङ्गः (पुं.वि.) [*विकलानि अङ्गानि यस्य सः, बहु.स.*] शरीरको कुनै अङ्ग भङ्ग भएको वा भाँचिएको/विकलेन्द्रिय। **जनयामास पुत्रौ द्वावरुणं गरुडं तथा। विकलाङ्गोऽरुणस्तत्र भास्करस्य पुरस्सरः॥** (म.भा.१.३१.३४)

विकलीकृतः (पुं.वि.) [*अविकलं विकलं यथा सम्पद्यते तथा कृतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] लङ्गडो, लुलो आदि हुनाको कारणबाट आफ्नो काम गर्न असमर्थ भएको।

विकलेन्द्रियः (पुं.वि.) [*विकलानि इन्द्रियाणि यस्य सः, बहु.स.*] कुनै इन्द्रिय विकृत भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकल्पः (पुं.) १.[*विरुद्धं कल्पनम्, विपूर्वकात् कृपधातोर्घञ्*] भ्रान्ति। **विकल्पोपहतस्त्वं वै दूरदेशमुपागतः। न मे विकल्पसन्देहो निर्विकल्पोऽस्मि सर्वदा॥** (देवीभा. १.१९.३२) २.कल्पना। **एतस्याः सप्तद्वीपविशेषविकल्पस्त्वया भगवन् सूचितः** (भाग. ५.१६.२) ३.संशय। **तत्सिषेवे नियोगेन स विकल्पपराङ्मुखः।** (रघु. १७.४९) ४.अनेक प्रकार। **प्रच्छन्नं वा प्रकाशं वा तन्निषेवेत यो नरः। तस्य दण्डविकल्पः स्यात् तथेष्टं नृपतेस्तथा॥** (मनु. ९.२२९) ५.विविध कल्प। **स्मृतिशास्त्रे विकल्पस्तु आकाङ्क्षापूरणे सति।** (भविष्यपु.) वाक्यन्यायमूलक एक अर्थालङ्कार। विरोधी समान पदार्थहरूको एकै समय र स्थानमा विरोध भएको वर्णन गर्दा पर्न जाने एक अर्थालङ्कार। **~चित्तवृत्तिः** (पुं.) योगशास्त्रमा वर्णित एक प्रकारको चित्तको अवस्था। पाँचथरी चित्तवृत्तिमध्ये एक चित्त वृत्ति। यसका **अक्लिष्ट** र **क्लिष्ट** दुई भेद छन्। अक्लिष्ट चित्तवृत्ति वैराग्यवर्द्धक हुन्छ, यसले योगसाधनमा श्रद्धा तथा उत्साह बढाउँछ। यो आत्मज्ञानका लागि सहायक बन्दछ। क्लिष्ट चित्तवृत्ति– अक्लिष्ट चित्तवृत्तिको विपरीत अवस्था।

विकल्पितः (पुं.वि.) [*विकल्पोऽस्य सञ्जातः, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] अनिश्चित/सन्दिग्ध/ अनियमित।

विकसा (स्त्री.) [*विकसति, विपूर्वकात् कस गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] मजिठो।

विकसितः (पुं.वि.) [*विकसति स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.फुलेको २.प्रफुल्ल/खुसी भएको/प्रसन्न ३.बढेको/वृद्धि भएको।

विकश्वरः (पुं.) [*विकसति, विपूर्वकात् कस गतौ इति धातोः, स्थेशभास ३.२.१७५ इति वरच्, विकस्वर इत्यपि*] १.फुल्ने २.विकसित हुने ३.अर्थान्तरन्यासअन्तर्गत पर्ने एक अर्थालङ्कार। यसको स्वतन्त्र लक्षण कुवलयानन्दमा छ। सामान्यलाई विशेषद्वारा समर्थन गर्दा यो अलङ्कार पर्दछ। त्यसैले धेरै आचार्यहरूले यसलाई छुट्टै अलङ्कार नमानेर अर्थान्तरन्यासभित्रै समावेश गरेका छन्।

विकाङ्क्षः (पुं.वि.) [*विगता काङ्क्षा यस्मात् सः, बहु.स*] इच्छारहित/निष्काम।

विकारः (पुं.) [*विकरणम्, विपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै वस्तु या पदार्थका रूप, गुण आदिमा परिवर्तन हुनु २.खराबी ३.चित्तमा हुने परिवर्तन ४.रोग। **विकारो धातुवैषम्यं साम्यं प्रकृतिरुच्यते। सुखसंज्ञकमारोग्यं विकारो दुःखमेव च॥** (चरक) ५.मत्स्यविशेष। **मत्स्यो मीनो विकारश्च** (भा.प्र.)।

विकारी (पुं.वि.) [*विकारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः, यद्वा विकरोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.बदलिने स्वभावको/परिवर्तनशील २.मनमा राग, द्वेष आदि विकार उत्पन्न भएको।

विकालः (पुं.) [*विरुद्धः क्रियानर्हः कालः*] अनुपयुक्त समय।

विकाशः (पुं.) [*विपूर्वकात् काशृ दीप्तौ इति धातोः घञ्*] १.एकान्त स्थल २.प्रकाश।

विकासः (पुं.) [*विकसनम्, विपूर्वकात् कस गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.क्रमशः बढ्नु/वृद्धि हुनु/उन्नति हुनु/ विस्तार/फैलावट २.प्रदर्शन/प्रकाश। ३.एकान्त। **विकासो विजने स्फुटे।** (अजय) **~व्ययः** (पुं.) [*विकासस्य विकासाय वा व्ययः*] उन्नति, प्रगति आदि विकास कार्यमा लगाइने वा गराइने खर्च। **~समितिः** (स्त्री.) [*विकासाय समितिः, च.त.*] योजना र विकास कार्यहरूलाई शीघ्र र सुचारुरूपले कार्यान्वित गर्न–गराउन गठन गरिएको समिति।

विकासितः (पुं.वि.) [*विकास्यते स्म, विपूर्वकात् कस गतौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] फैलाइएको/विस्तारित/ देखाइएको।

विकासी (पुं.) [*विकसति, विपूर्वकात् कस गतौ इति धातोः, वौ कषलस ३.२.१४३ इति घिनुण्, यद्वा अत इनिठनौ ५.२.११५ इति इनिः*] १.फुल्ने २.विकसित गर्ने। **विकासः स्फुटने व्यक्तौ** (धरणि.)।

विकिरः (पुं.) [*विकीर्यतेऽसौ, विपूर्वकात् कॄ विक्षेपे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] १.पूजाको समयमा विघ्न,बाधा हटाउन छरिने लाजा, सस्यौं, कुश, दुबो, भस्म आदि। **लाजचन्दनसिद्धार्थभस्मदूर्वाक्षताः कुशाः। विकिरा इति सन्दिष्यः सर्वविघ्नोपनाशकाः॥** (तन्त्रसार) २.श्राद्ध गर्दा पिण्डदान गर्नुभन्दा पहिले अग्निदग्ध, असंस्कृत, विपन्न आदि अपगति परेर मरेकालाई दिइने अन्न। **ये वा दग्धाः कुले बालाः क्रियायोग्या ह्यसंस्कृताः। विपन्नास्तेऽन्नविकिरसंमार्जनजलाशिनः॥** (मार्कण्डेयपु.३१.१२) ३.[*विकिरति, विपूर्वकात् कॄ विक्षेपे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] चरो। **विकिरोऽण्डजः** (भा.प्र.) ४.[*विकीर्यते जलमत्र*] कुवा।

विकिरम् (नपुं.) नदीको निकटवर्ती वालुकामय प्रदेशबाट निकालिएको पानी। **नद्यादिनिकटे भूमिर्या भवेद् वालुकामयी। उद्भाव्यते यतो यत्तु तज्जलं विकिरं विदुः** (चिन्तामणि)।

विकिरणः (पुं.) [*विकिरतीति, कॄ विक्षेपे इति धातोः, कॄपॄवृजिमन्दि (उ.) २४८ इति क्युन्, युवोरनाकौ ७.१.१ इत्यनः, इत्वम् ७.१.१०० रपरत्वम् १.१.५१ बाहुलकाद्दीर्घः*] १.आँक २.नराम्रो खालको किरण।

विकिरणम् (नपुं.) [*विपूर्वकात्, कॄ विक्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, निपातनात् इत्वम्, णत्वम्*] फिँजाउने क्रिया/छर्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकीर्णः (पुं.वि.) [*विकीर्यते स्म, विपूर्वकात् कॄ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः, ईत्वम्, रपरत्वम्*] १.छरिएको/फिँजिएको वा फिँजाइएको २.प्रसिद्ध/विख्यात ३.विक्षिप्त।

विकुञ्चनम् (नपुं.) [*विपूर्वकात् कुञ्चधातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बेसरी खुम्चिने किसिम वा खुम्च्याउने क्रिया।

विकुर्वाणः (पुं.) १.[*विकुरुते, विपूर्वकाद् डुकृञ् करणे इति धातोः, वेः शब्दकर्मणः इत्यात्मपदम्। ३.२.१२४ इति शानच्*] विभिन्न शब्द निकाल्दै। **योऽपचक्रे बनात्सीतामधिचक्रे नयं हरिः विकुर्वाणः स्वरानद्य बलं तस्य निहन्म्यहम्** (भट्टी)। २.[*अकर्मकाच इत्यामेनपदम् ततःशानच्*] विकृत हुँदै गएको।

विकृतः (पुं.वि.) [*विक्रियते स्म, विपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बिग्रेको/विकार उत्पन्न भएको २.कुरूप/रूप बिग्रेको। **~कण्ठः** (पुं.वि.) [*विकृतं कण्ठं यस्य सः, बहु.स.*] ३.स्वर बिग्रेको/धोत्रो स्वर भएको। **~बुद्धिः** (पुं.वि.) [*विकृता बुद्धिर्यस्य सः, बहु.स.*] बुद्धि बिग्रेको।

विकृतः (पुं.वि.) [*विपूर्वकात् कृधातोः क्तः*] १.बिग्रेको २.रोगी।

विकृतम् (नपुं.) [*विकरणम् विकृतम्, विपूर्वकाद् डुकृञ् करणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] विकृति।

विकृतिः (स्त्री.) [*विकरणम्, विपूर्वकाद् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बिगार/खराबी/कुनै वस्तु बिग्रेर बनेको रूप २.परिवर्तित रूप ३.विचार, बुद्धि, उद्देश्य आदिमा आएको विकार। **विकृतिं नैव गच्छन्ति सङ्गदोषेण साधवः। आवेष्टितं महासर्पैश्चन्दनं न विषायते॥** (सुभा.) ४.तेइस अक्षरको छन्द, जस्तै– अद्रितनया, मत्ताक्रीड आदि।

विकृष्टः (पुं.वि.) [*विशेषेण कृष्टः, प्रादि.स.*] १.विशेष प्रकारले तानिएको २.टाढासम्म पुगेको। **~ कालः** (पुं.) [*विकृष्टश्चासौ कालश्च, कर्म.स.*] लामो समय/ चिरकाल।

विकोशः (पुं.) [*कोशाद् विगतः, प्रा.स.*] १.तलवार, खुकुरी आदि म्यान वा दाप आदिबाट झिकिएको २.आवरण वा खोल नभएको।

विकेन्द्रीकरणम् (नपुं.) [*अविकेन्द्रं विकेन्द्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्, दीर्घः*] केन्द्रको अधीनमा रहेको सत्ता, अधिकार आदिलाई अधीन राज्यहरूमा बाँड्नु/केन्द्रका अधीनमा रहेका अधिकारलाई साना–साना अङ्गप्रत्यङ्गमा वितरण गर्नु।

विक्रमः (पुं.) [*विक्रमणम्, विपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पराक्रम/वीरता/बहादुरी/शक्ति/सामर्थ्य। **विक्रमस्तु पुमान् क्रान्तिमात्रे स्याच्छक्तिसंपदि।** (मेदिनी.) २.पदचालन ३.विक्रम संवत् चलाउने राजा।

विक्रमणम् (नपुं.) [*विपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] साहसपूर्वक कदम बढाउनु/वीरता देखाउनु।

विक्रमादित्यः (पुं.) विक्रम संवत्सरका प्रवर्तक मानिएका भारतका एक प्रतापी राजा।

विक्रमाब्दः (पुं.) [*विक्रमस्य अब्दः, ष.त.*] विक्रमादित्यले चलाएको प्रसिद्ध संवत्सर/विक्रम संवत्।

विक्रमोर्वशीयम् (नपुं.) [*विक्रमश्च उर्वशी च, तौ अधिकृत्य कृतम् त्रोटकम्*] महाकवि कालिदासद्वारा रचित एक त्रोटक। उपरूपकको एक भेद। उर्वशी र पुरुरवाको प्रेमकथालाई लिएर यसको रचना भएको छ। यसमा नाटककारले नाटकीयता प्रदान गर्न निकै कसरत गरेका छन्। कालिदासको काव्यकला पनि यसमा सशक्त छ।

विक्रयः (पुं.) [*विक्रयणम्, विपूर्वकाद् डु क्रीञ् द्रव्यविनिमये इति धातोः, एरच् ३.३.५६ इत्यच्*] बेच्ने काम/बिक्री। **~करः** (पुं.) [*विक्रयस्य करः, ष.त.*] उपभोक्तालाई कुनै पदार्थ बिक्री गर्दा उपभोक्तामाथि लाग्ने कर। **~पत्रम्** (नपुं.) [*विक्रयस्य पत्रम्, ष.त.*] कुनै माल बेच्दा मालको विवरण र त्यसको दर, मोल आदि लेखिएको पत्र/बिल। **~लेखः** (पुं.) [*विक्रयस्य लेखः, ष.त.*] किनबेच गर्दा घर, खेत आदिको पूरा बेहोरा, नाउँ; ठेगाना, सर्त, मूल्य आदि लेखिएको कागत वा लेखपत्र।

विक्रयार्थः (पुं.वि.) [*विक्रयाय अयम्, च.त.*] बेचिने/बिक्री गरिने/बिक्रीको/विक्रेतव्य/बिक्रीका लागि राखिएको।

विक्रयिकः (पुं.) [*विक्रयेण जीवति, वस्नक्रयविक्रयाट्ठन् ४.४.१३ इति ठन्, ठस्येकः*] बेच्ने व्यक्ति।

विक्रान्तः (पुं.वि.) [*विक्रामति स्म, क्रमु पादविक्षेपे इति धातोः, गत्यार्थाकर्मक ३.४.१२ इति क्तः*] साहसी/वीर/पराक्रमी/पराक्रमशाली/विजयी।

विक्रान्तिः (स्त्री.) [*विक्रमणम्, विपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.कदम २.शक्ति/सामार्थ्य/वीरता।

विक्रायकः (पुं.वि.) [*विक्रीणाति, विपूर्वकाद् डुक्रीञ् द्रव्यविनिमये इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] बेच्ने/बिक्री गर्ने/बिक्रेता।

विक्रिया (स्त्री.) [*विकरणम्, विपूर्वकाद् डुकृञ् करणे इति धातोः, कृञः श च ३.३.१०० इति शः*] १.विरुद्ध कर्म २.विकार।

विक्रीतः (पुं.) [*विक्रीयते स्म, विपूर्वकाद् डुक्रीञ् द्रव्यविनिमये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बेचिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्रेता (पुं.) [*विक्रीणाति, डुक्रीञ् द्रव्यविनिमये इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] व्यापारी।

विक्रेयम् (नपुं.) [*विक्रीयते, विपूर्वकाद् डुक्रीञ् द्रव्यविनिमये इति धातोः, अचो यत् ३.१.९७ इति यत्, गुणः*] बेच्न लायक वस्तु।

विक्रोशः (पुं.) [*विक्रोशनम्, विपूर्वकात् क्रुश क्रोशे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ठुलो स्वर २.गाली/निन्दा।

विक्रोशनम् (नपुं.) [*विपूर्वकात् क्रुश क्रोशे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.ठुलो स्वरले बोलाउनु/पुकार्नु २.गाली गर्नु/हप्काउनु।

विक्रोष्ट्य (पुं.वि.) [*विक्रोशति, विपूर्वकात् क्रुश क्रोशे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.ठुलो स्वरले बोलाउने व्यक्ति २.गाली गर्ने मानिस।

विक्लवः (पुं.) [*विक्लवनम्, विपूर्वकात् क्लु भये इति धातोः, ऋदोरप् ३.३.५७*] डराएको स्थिति/विह्वल अवस्था।

विक्लिन्नः (पुं.वि.) [*विक्लिद्यते स्म, विपूर्वकात् क्लिद दैन्ये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.भिजेको/आर्द्र २.सडेगलेको/कुहेको ३.ओइलाएको ४.जीर्ण।

विक्लिष्टः (पुं.वि.) [*विक्लिष्यते स्म, विपूर्वकात् क्लिश क्लेशे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, षत्वष्टुत्वे*] साह्रै दुःखित/उत्पीडित/घायल।

विक्षतम् (नपुं.) [*विक्षीयते स्म, विपूर्वकात् क्षि क्षये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.ठुलो चोट वा घाउ लागेको २.[*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] घाउ वा चोट।

विक्षरणम् (नपुं.) [*विपूर्वकात् क्षर गातौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बेसरी चुहुनु।

विक्षालितः (पुं.वि.) [*विक्षाल्यते स्म, विपूर्वकात् क्षाल प्रक्षालने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] राम्ररी धोइएको।

विक्षावः (पुं.) [*विक्षवणम्, विपूर्वकाद् टुक्षु शब्दे इति धातोः, वौ क्षुश्रुवः ३.३.२५ इति कर्मणि घञ्, वृद्धिः*] शब्द।

विक्षिप्तः (पुं.वि.) [*विक्षिप्यते स्म, विपूर्वकात् क्षिप क्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.यताउति छरिएको/फ्याँकिएको/त्यागिएको/मिल्काइएको २.छँटाएको/पागल भएको ३.व्यग्र/व्याकुल।

विक्षिप्तता (स्त्री.) [*विक्षिप्तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] बहुलट्ठीपन/दिमाग सड्कने काम।

विक्षुण्णः (पुं.वि.) [*विशेषेण क्षुण्णः, क्षुद्+क्तः*] १.कुल्चिएको/खुँदिएको २.धुलो पारिएको।

विक्षुब्धः (पुं.वि.) [*विशेषेण क्षुब्धः, क्षुभ सञ्चलने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मनमा शान्ति वा स्थिरता नभएको/अतिशय क्षुब्ध/छटपटाएको।

विक्षेपः (पुं.) [*विक्षेपणम्, विपूर्वकात् क्षिप क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] हुत्याउनु/हुत्याउने काम।

विक्षेपशक्तिः (स्त्री.) [*विक्षेपस्य शक्तिः, ष.त.*] १.मायाको सामर्थ्य २.फ्याँक्ने क्षमता।

विक्षेप्ता (पुं.वि.) [*विक्षिपति, विपूर्वकात् क्षिप क्षेपणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] फ्याँक्ने/मिल्काउने/हुत्याउने।

विक्षोभः (पुं.) [*विक्षोभणम्, विपूर्वकात् क्षुभ सञ्चलने इति धातोः, भावे ३.३.१८ इति घञ्*] मनको उद्वेग/क्षोभ/कुनै खराब घटनाले गर्दा मनमा उत्पन्न हुने विकार।

विखण्डनम् (पुं.) [*विपूर्वकात् खडि भेदने इति धातोः ल्युट् च इति ल्युट् अनः*] टुक्रा टुक्रा पार्ने काम।

विखण्डितः (पुं.वि.) [*विखण्ड्यते स्म, खडि भेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] टुक्राटुक्रा पारिएको/खण्डित/भाग लगाइएको/विभाजित/विच्छिन्न।

विख्यः (पु.वि.) [*विगता नासिका यस्य सः, ख्यश्च (वा) इति ख्यादेशः*] नाक नभएको/नकटे।

विख्यातः (पुं.वि.) [*विख्यायते स्म, ख्या प्रकथने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] प्रसिद्ध/नाम चलेको/सर्वविदित।

विख्यातिः (स्त्री.) [*विपूर्वकात् ख्याधातोः क्तिन्*] विशेष प्रकारको प्रसिद्धि।

विख्यापितः (पुं.वि.) [*विख्याप्यते स्म, विपूर्वकात् चक्षिङ् व्यक्तायां वाचि इति धातोः, णिचि पुकि निष्ठा ३.२.१०२ इति क्तः*] प्रसिद्ध तुल्याइएको/विख्यात तुल्याइएको।

विगतः (पुं.वि.) [*विगच्छति स्म, विपूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.बितेको/अतीत २.निस्तेज। **विगतौ वीतनिष्प्रभौ।** (रुद्र.) **विगतो निष्प्रभे वीते** (हैम.)।

विगतनासिकः (पुं.) [*विगता नासिका यस्य सः, बहु.स.*] बुच्चे नाक भएको।

विगतार्तवा (स्त्री.) [*ऋतुरेव आर्तवम्, विगतमार्तवं रजो यस्याः सा, बहु.स.*] मासिक धर्म बन्द भइसकेकी स्त्री।

विगर्हणम् (नपुं.) [*विपूर्वकात् गर्ह कुत्सायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हप्की/धम्की/निन्दा/तिरस्कार।

विगर्हा (स्त्री.) [*विगर्हणम्, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] निन्दा/तिरस्कार।

विगर्हितः (पुं.वि.) [*विगर्ह्यते स्म, विपूर्वकाद् गर्ह कुत्सायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हप्काइएको/भर्त्सना गरिएको/तिरस्कृत।

विगलितः (पुं.वि.) [*विगल्यते स्म, विपूर्वकाद् गल अदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] पगलेको/गलेको/चुहेको।

विगानम् (नपुं.) [*विरुद्धं गानं परस्य, प्रादिस.*] निन्दा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विगाहः (पुं.) [*विगाहनम्, विपूर्वकाद् गाहू विलोडने इति धातोः, भावे ३.३.१८ इति घञ्*] डुबुल्की/गोता/स्नान।

विगुणः (पुं.वि.) [*विगता गुणा यस्मात् सः, बहु.स.*] गुण नभएको/गुणहीन/निर्गुण/कुत्सित/खराब।

विग्रः (पुं.वि.) १.[*विगता नासिका यस्य, प्रादिभ्यो धातुजस्य २.२.२४ इति समासः, वेर्ग्रो वक्तव्यः— (वा.) ५.१.११८ इति नासिकाया ग्रादेशः*] बुच्चे नाक भएको। २.[*विविधान् गृह्णात्यर्थानिति विपूर्वकाद् ग्रह ग्रहणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] मेधावी/बुद्धि भएको।

विग्रहः (पुं.) १.[*विविधं सुखादिकं गृह्णाति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.शरीर २.युद्ध ३.झगडा। **विग्रहः कायविस्तारविभागे ना रणेऽस्त्रियाम्।** (मेदिनी.) ४.[*विरुद्धं विविधं वा ग्रहणम्, अप् ३.३.५८*] शत्रुसित निहुँ खोज्नु ५.समस्त शब्दको अर्थ ६.वाक्यार्थबोधक विधि। **विग्रहः कार्यविस्ताराविभागे ना, रणेऽस्त्रियाम्।** (मेदिनी.) **वाक्यार्थावबोधकं विग्रहः** (सि.कौ.)।

विग्रही (पुं.वि.) [*विग्रहोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] लडाइँ गर्ने वा गराउने/युद्ध गर्ने वा गराउने।

विघटनम् (नपुं.) [*विपूर्वकाद् घट चेष्टयाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अलग–अलग पार्नु/छुट्ट्याउनु/छिन्नभिन्न पार्नु/फोर्नु/नष्ट पार्नु।

विघटना (स्त्री.) [*विपूर्वकाद् घट चेष्टयाम् इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.११७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] समाजलाई छिन्नभिन्न तुल्याउने काम। विघटना हुने प्रमुख प्रकारहरू— १.प्रकृतिको प्रकोपः अनावृष्टि, अनिकाल, महामारी, भूकम्प आदि २.युद्ध–आक्रमणात्मक अथवा रक्षात्मक ३.आन्तरिक अव्यवस्था अशान्ति अथवा उपद्रो ४.समाजको जीवन शक्तिको ह्रास ५.मूल्य अथवा आदर्शको पतन।

विघट्टनम् (नपुं.) [*विपूर्वकाद् घट्ट धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.घोट्ने काम/रगड्ने काम २.खोल्नु/उघार्नु/छुट्ट्याउनु/अलग गर्नु।

विघट्टनीयः (पुं.वि.) [*विघट्टयितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] छुट्ट्याउन योग्य/छुट्ट्याउन लायक/बिगार्न योग्य।

विघट्टितः (पुं.वि.) [*विघट्यते स्म, विपूर्वकाद् घट्ट धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.घर्षण भएको/घोटिएको २.छुट्टिएको।

विघनः (पुं.) १.[*विहन्यतेऽनेन करणेऽयोविद्रुषु ३.३.८२ इति अप्, घनादेशश्च*] निर्मल २.[*विशेषेण घनः निविडः*] खँदिलो ३.पूर्ण कलाले युक्त।

विघसः (पुं.) [*विशिष्टैरद्यते, अद भक्षणे इति धातोः, उपसर्गेऽदः ३.३.५९ इत्यप्, घञपोश्च २.४.३८ इति घस्लृ*] १.अतिथि, गुरु, सन्यासी आदिलाई खुवाएर बाँकी रहेको अन्न २.भोजनको अवशेष।

विघातकः (पुं.वि.) [*विघातयतीति, विपूर्वकात् हन हिंसागत्योः इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] हत्या गर्ने/घातक।

विघूर्णनम् (नपुं.) [*विपूर्वकाद् घूर्ण धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.बेसरी घुम्नु/खुब चक्कर खानु २.घुर्नु।

विघूर्णितः (पुं.वि.) [*विघूर्ण्यते स्म, विपूर्वकाद् घूर्ण धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.खुब चक्कर आएको २.घुरेको।

विघोषितः (पुं.वि.) [*विघुष्यते स्म, विपूर्वकाद् घुषिर् विशब्दने इति धातोः, क्तः*] खुबै चर्को स्वरले घोषणा गरिएको।

विघ्नः (पुं.) [*विहन्यतेऽनेन, विपूर्वकाद् हन हिंसागत्योः इति धातोः, घञर्थे कविधानम् इति कः*] अड्काउ/रोकावट/विरोध/अड्चन/अड्को/बाधा। **अनेकशास्त्रं बहु वेदितव्यं स्वल्पश्च कालो बहवश्च विघ्नाः। यत्सारभूतं तदुपासितव्यं हंसो यथा क्षीरमिवाम्बुमध्यात्॥** (सुभा.) **~कारी** (पुं.वि.) [*विघ्नं कारोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] विघ्न गर्ने/उपद्रव गर्ने/बाधा हाल्ने/भाँजो हाल्ने। **~विनायकः** (पुं.) [*विघ्नस्य नायकः, ष.त.*] १.विघ्ननाशक/बाधा हटाउने २.गणेश। **~नाशकः** पुं.वि.) [*विघ्नानां नाशकः, ष.त.*] १.विघ्न हटाउने/बाधा हटाउने २.गणेश।

विघ्नराजः (पुं.) [*विघ्नानां राजा, ष.त., राजाहः सखिभ्यष्टच् ५.४.९१ इति टच्*] गणेश।

विचक्षणः (पुं.वि.) [*विचक्षते इति, चक्षिङ् व्यक्तयां वाचि इति धातोः, अनुदातादेश्च हलादेः ३.२.१४९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, असनयोश्च प्रतिषेधो वक्तव्यः— (वा.) २.४.५४ बहुलं तणि (वा.) २.४.५४ इति वा न ख्याञ्*] १.विशेषज्ञ/निपुण/विद्वान्/पण्डित/बुद्धिमान्। **यस्य न ज्ञायते शीलं कुलं विद्या नरस्य च। कस्तेन सह विश्वासं पुमान् कुर्याद् विचक्षणः॥** (प.त) २.चम्किलो/चमकदार ३.सिपालु।

विचयनम् (नपुं.) [*विपूर्वकात् चिञ् चयने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] राम्रोसित हेरेर वस्तुहरूको खोजी गर्ने क्रिया।

विचरणम् (नपुं.) [*विपूर्वकात् चर गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] घुमफिर गर्नु/भ्रमण गर्नु/हिँड्नु/गमन गर्नु।

विचर्चिका (स्त्री.) [*विचर्च्यते, चर्च अध्ययने इति धातोः, रोगाख्यायां ण्वुल् ३.३.१०८ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप्*] लुतो।

विचर्चितः (पुं.वि.) [*विचर्च्यते स्म, विपूर्वकात् चर्च अध्ययने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.पोतिएको/लिपिएको २.चर्चा गरिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

विचलनम् (नपुं.) [*विपूर्वकाद् चल सञ्चलने इति धातोः ल्युट् च इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.अस्थिरता २.नियम छोडेर बाहिरिने काम। यो विचलन अनेक क्षेत्रमा हुन्छ। जस्तै– भाषिक विचलन, धार्मिक विचलन, सांस्कृतिक विचलन, ग्रहको गतिमा आएको विचलन आदि।

विचलितः (पुं.वि.) [*विचलति स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.अस्थिर/चञ्चल २.आत्तिएको/तर्सिएको ३.उद्देश्य, प्रतिज्ञा, प्रण आदिबाट डगेको।

विचारः (पुं.) [*विचरणम्, विपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै विषयमा गम्भीरतापूर्वक सोच्ने काम/मनन २.सङ्कल्प ३.फैसला ४.रेखदेख/हेर–विचार ५.मनमा उत्पन्न हुने कुरा ६.वादी र प्रतिवादीका कुरा सुनेर मुद्दा छिन्ने काम। **~धारा** (स्त्री.) [*विचारस्य धारा, ष.त.*] कुनै जाति वा सम्प्रदायविशेषको विचार–शैली/कुनै राजनीति वा आर्थिक सिद्धान्त परम्पराको मूलमा रहने विचारसरणी। **~विमर्शः** (पुं.) [*विचारस्य विमर्शः, ष.त.*] परस्परमा विचारको आदानप्रदान गर्ने काम/सर–सल्लाह। **~शक्तिः** (स्त्री.) [*विचारस्य शक्तिः, ष.त.*] सोच्ने शक्ति/मनन गर्ने शक्ति। **~स्वातन्त्र्यम्** (नपुं.) [*विचारस्य स्वातन्त्र्यम्, ष.त.*] कुनै विषयमा पनि सोचविचार गर्ने र आफ्नो विचार प्रकट गर्ने स्वतन्त्रता।

विचारकः (पुं.वि.) [*विचारयति, विपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.विचार गर्ने/मनन गर्ने २.विचारी/मीमांसा गर्ने/विचारकर्ता ३.न्याय गर्ने/न्यायाधीश ४.दार्शनिक।

विचारज्ञः (पुं.वि.) [*विचारं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] विचार गर्नमा कुशल न्यायाधीश।

विचारणा (स्त्री.) [*विचारणम्, विपूर्वकात् चर असंशये इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४ णत्वम्*] विचार/विमर्श।

विचारणीयः (पुं.वि.) [*विचारयितुं योग्यः, विपूर्वकात् चर गतिभक्षणयोः, इति धातोः, णिचि तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्, णत्वम्*] १.विचार गर्नुपर्ने/विचार गर्न लायक २.सन्दिग्ध/शङ्कास्पद।

विचारवान् (पुं.वि.) [*विचारोऽस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.विचारशील/सोच्ने शक्ति भएको २.बुद्धिमान्/बुद्धि भएको। **विचारवान् पाणिनिरेकसूत्रे श्वानं युवानं मघवानमाह** (सूक्ति)।

विचाराधीनः (पुं.वि.) [*विचारस्य अधीनः, ष.त.*] कुनै विचार वा कुराको अधीनमा रहेको अथवा विचार गर्नुपर्ने भनी छुट्याएको निर्णय नभइसकेको।

विचारार्थः (पुं.वि.) [*विचाराय अयम्, च.त.*] विचार गर्नाका लागि/विचारका निमित्त।

विचारितः (पुं.) [*विचार्यते स्म, चर गतौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] विचार गरिएको।

विचालनम् (नपुं.) [*विपूर्वकात् चल गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हल्लाउनु/डोलाउनु/हटाउनु।

विचिकित्सा (स्त्री.) [*विपूर्वकात् कित संशये इति धातोः, गुप्तिज्किद्भ्यः सन् ३.१.५ इति सन्, अ प्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.४*] सन्देह/संशय/निश्चय।

विचित्रम् (नपुं.) [*विशेषेण चित्रम्, सुप्सुपेति समासः*] १.अद्भुत २.अनेक रङ्गको/रङ्गीचङ्गी ३.विलक्षण/असाधारण ४.अत्यन्त सुन्दर ५. [*विचित्रमिति अलङ्कारः, कर्म.स.*] इष्टसिद्धिका निमित्त विपरीत प्रयास गरेको वर्णन गर्दा पर्न जाने अर्थालङ्कार ६.(पुं.) पापीहरूका पापको कुरा लेख्ने यमराजको लेखनदास। (स्क.पु.ना.ख. २२६.६१)।

विचित्रमार्गः (पुं.) [*विचित्र इति मार्गः, कर्म.स.*] कुन्तकद्वारा प्रतिपादित तीन किसिमका मार्गमध्येको दोस्रो मार्ग।

विचिन्त्यः (पुं.वि.) [*विचिन्तयितुं योग्यः, विपूर्वकात् चिति संज्ञाने इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] विशेष विचार गर्न लायक/चिन्तनीय।

विचिन्वानः (पुं.वि.) [*विचिनुते इति विपूर्वकात् चिञ् चयने इति धातोः, लटः शानच् ३.२.१२४*] विचार गरिरहेको।

विचिर् (धा.) [*पृथग्भावे, रुधा.सक.अनिट्, उभय.*] अलग हुनु। लट्– **विनक्ति-विङ्क्ते–** अलग हुन्छ इत्यादि।

विचेतनः (पुं.वि.) [*विगता चेतना यस्मात् सः, बहु.स.*] १.चेतना वा होस नभएको/अचेत २.मूर्ख/विवेकहीन।

विचेताः (पुं.वि.) [*विगतं चेतो यस्मात् सः, बहु.स.*] १.चेतना वा होस नभएको/अचेत २.मूर्ख/विवेकहीन।

विचेष्टः (पुं.वि.) [*विगता चेष्टा यस्मात् सः,बहु.स.*] १.चेष्टा नभएको/निश्चेष्ट २.गतिहीन/अचल/स्थिर।

विचेष्टितम् (नपुं.) [*विशिष्टं चेष्टितम्*] विशेष क्रियाकलाप। **विधेर्विचित्राणि विचेष्टितानि** (कथा.स.)।

विच्छ (धा.) [*भाषायाम्, चुरा. सक.सेट्, उभय.*] बोल्नु। लट्– **विच्छयति–ते–** बोल्छ इत्यादि।

विच्छन्दकः (पुं.) [*विशिष्टच्छन्दोऽत्र, यद्वा विशिष्टञ्छन्दयति साभिलाषान् करोति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल् यद्वा क्वुन् (उ.) युवोरनाकौ ७.१.१ इत्यकः*] ठुलो अग्लो राम्रो घर।

विच्छन्दकम् (नपुं.) [*विगतं छन्दकं यस्मात् तत्, बहु.स.*] बेछाँटको महल/धेरै खण्ड वा तलाहरू भएको घर।

विच्छित्तिः (स्त्री.) [*विपूर्वकात् छिद्धातोः क्तिन्*] १.विच्छेद २.अङ्गहार ३.विनाश ४.वैचित्र्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विच्छिन्नः (पुं.वि.) [*विच्छिद्यते स्म, विपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दकारतकारयोर्नः*] १.छुट्ट्याइएको/टुक्राटुक्रा पारिएको २.कुटिल (हेमचन्द्र)।

विच्छेदः (पुं.) [*विच्छेदनम्, विपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छुट्ट्याउनु/टुक्राटुक्रा पार्नु २.सिलसिला टुट्नु/क्रमभङ्ग हुनु।

विच्छेदनम् (नपुं.) [*विपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.छुट्ट्याउनु/टुक्राटुक्रा पार्नु २.सिलसिला टुट्नु/क्रमभङ्ग हुनु।

विच्छेदनीयः (पुं.वि.) [*विच्छेदयितुं योग्यः विपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.छुट्ट्याउन योग्य/टुक्राटुक्रा पार्न योग्य २.सिलसिला टुट्याउन योग्य/क्रमभङ्ग पार्न योग्य।

विच्युतः (पुं.वि.) [*विशेषेण च्युतः, प्रादिस.*] १.स्थान, पद, मान आदिबाट भ्रष्ट भएको/विफल भएको २.वियोग भएको।

विच्युतिः (स्त्री.) [*विपूर्वकात् च्युधातोः क्तिन्*] विछोड।

विजनः (पुं.वि.) [*विगता जना यस्मात् सः, बहु.स.*] कोही नभएको/निर्जन/एकान्त स्थान।

विजयः (पुं.) [*विजयनमिति, विपूर्वकाद् जि.जये इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.जित्ने काम २.[*विजयतेऽस्मिन्, पूर्ववत् अच्*] साठी संवत्सरमध्येको एक संवत्सर। ३.[*विजयते, विपूर्वकाद् जि जये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] अर्जुन। **~चिह्नम्** (नपुं.) [*विजयस्य चिह्नम्, ष.त.*] लडाइँका समयमा बजाइने एक किसिमको प्राचीन बाजा। **~दुन्दुभिः** (पुं.) [*विजयस्य दुन्दुभिः, ष.त.*] सफलताको अवसरमा बजाइने बाजा। **~पताका** (स्त्री.) [*विजयस्य पताका, ष.त.*] विजय प्राप्त हुँदा फहराइने ध्वजा/विजयसूचक ध्वजा। **~लक्ष्मीः** (पुं.) [*विजयस्य लक्ष्मीः, ष.त.*] विजयकी अधिष्ठात्री देवी/विजयश्री/विजयको शोभा। **~सारः** (पुं.वि.) [*विजयेन अत्युन्नतेन शालते शोभते इति*] विजयसार/सालकैजस्ता पात हुने र काण्डमा घाउ लागेमा रातो रगतजस्तो चोप निस्कने एक जातको वृक्ष। यस काठको गिलास, कटैरा आदि बनाइन्छ। आयुर्वेदअनुसार प्रतिदिन यसको गिलास वा भाँडामा पानी राखेर पिउनाले कुष्ठ र प्रमेह रोग निको हुन्छ भनिएको छ।

विजया (स्त्री.) [*विजयते, विपूर्वकाद् जि जये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.दुर्गा। **अनन्ता विजया क्षेमा मानस्तोका कुहावती।** (अभि.चि.टी.) २.मात्रिक सम छन्दको एक भेद। यसको प्रत्येक चरणमा १०, १०, १०, १० अक्षरमा विश्राम हुन्छ। ४० मात्रा हुनछन्। अन्त्यमा कर्णप्रिय तुल्याउन रगण (ऽ।ऽ) को प्रयोग गरिएको हुन्छ। **~दशमी** (स्त्री.) [*विजया इति दशमी, कर्म.स.*] १.आश्विन शुक्लदशमी २.आश्विन शुक्ल प्रतिपदादेखि सोही पक्षको नवमीसम्म भगवती दुर्गाको आराधना गरी विसर्जन गरेर नयाँ नयाँ लुगा लगाई मान्यजनबाट देवीको प्रसादस्वरूप टीका, जमरा र आशीर्वाद ग्रहण गर्दै उल्लासपूर्ण वातावरणमा उत्सव मनाइने दिन ३.नवरात्रमा आराधित देवीको विर्सजन गर्ने दिन।

विजयी (स्त्री.) [*विजयोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५इति इनिः*] विजय प्राप्त गर्ने/विजेता।

विजयोपहारः (पुं.) [*विजयस्य उपहारः, ष.त.*] युद्धमा भएको जित र कुनै प्रतियोगितात्मक खेल आदिको प्रतिस्पर्धामा पहिलो-दोस्रो आदि भएवापत दिइने कप, सिल्ड, नगद, प्रमाणपत्र आदि।

विजातिः (स्त्री.) [*विपरीता जातिः, प्रादिस.*] भिन्न जाति/बेग्लै जात।

विजिगीषुः (पुं.वि.) [*विजिगीषतीति, सनाशंसभिक्ष उः ३.२.१६८ इत्युः*] जित्ने इच्छा गर्ने।

विजितः (पुं.वि.) [*विजय्यते स्म, विपूर्वकाद् जि जये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] जितिएको/पराजित/हारेको। **एकस्मिन् विजिते चित्ते विजितं सकलं जगत्। अजिते तु पुनस्तस्मिन् न पुत्रोऽपि विनिर्जितः** (सुभा.)।

विजिघृक्षुः (पुं.वि.) [*विजिघृक्षतीति, सन्नन्तात् ग्रह उपादाने इति धातोः, सनाशंस भिक्ष उः ३.२.१६८ इत्युः रुदविदमुषग्रहिस्वपि १.२.८ इति कित्वम्, ग्रहिज्या ६.१.१६ इति संप्रसारणम् ढत्वकत्वसत्वानि च, सनि ग्रहनुहोश्च ७.२.१२ इति इणो निषेधः*] झगडिया/युद्धाभिलाषी।

विजिर् (धा.) [*पृथग्भावे, जुहो. अक.अनिट्, उभय.*] अलग हुनु। लट्— **वेवेक्ति-वेविक्ते—** अलग हुन्छ इत्यादि।

विजृम्भणम् (नपुं.) [*विपूर्वकाद् जृम्भ गात्रविनामे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाको ७.१.१ इत्यनः*] १.हाई गर्नु २.फुल्नु/विकसित हुनु ३.प्रकट हुनु।

विजृम्भितः (पुं.) १.[*विजृम्भते स्म, विपूर्वकाद् जृम्भ गात्रविनामे इति धातोः, क्तः*] उब्दुद्ध/विकसित २.[*विजृम्भा सञ्जाता अस्य, तदस्य सञ्जातम् तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] हाई गरेको ३.चेष्टा गरेको।

विजेतव्यः (पुं.वि.) [*विजेतुं योग्यः, विपूर्वकाद् जि जये इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] जित्न सकिने/जित्न योग्य/विजेय।

विज्जिका (स्त्री.) संस्कृतकी सुप्रसिद्ध कवयित्री। यिनका पद्यहरू सूक्तिमा सङ्कलित छन्। यिनलाई विज्जका, विज्जिका र विद्या पनि भनिन्छ। यिनका रचनाहरू शृङ्गारप्रधान छन्। यिनको समय आठौं शताब्दीको लगभग हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MiDI

विज्ञः (पुं.वि.) [*विजानाति, आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः ६.४.६४*] कुनै विषयको ज्ञाता।

विज्ञता (स्त्री.) [*विज्ञस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] निपुणता/बुद्धिमान्/विज्ञ हुनाको भाव।

विज्ञप्तिः (स्त्री.) [*विशिष्टा ज्ञप्तिः, प्रादिस.*] १.जनाउ दिने काम/सूचना दिने काम/विज्ञापन/कुनै कुरा सार्वजनिक रूपमा घोषणा गरी प्रचारित गर्ने काम।

विज्ञातः (पुं.वि.) [*व्यज्ञायि, ज्ञा अवबोधन इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यद्वा— विजानाति, मतिबुद्धि (३.२.१८८ इति क्तः*] थाहा पाइएको/जानिएको/प्रसिद्ध/विख्यात।

विज्ञातव्यः (पुं.वि.) [*विज्ञातुं योग्यः, विपूर्वकात् ज्ञा अवबोधने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] जान्न योग्य/थाहा पाउन योग्य।

विज्ञाता (पुं.) [*विजानातीति, विपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] खुब जान्ने वा बुझ्ने/राम्ररी थाहा पाउने।

विज्ञानम् (नपुं.) [*विज्ञायते अनेन, विपूर्वकात् ज्ञा अवबोधने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.पदार्थहरूका तत्त्वको विवेचना गरिएको शास्त्र/भौतिकशास्त्र २.शिल्पशास्त्र ३.प्राविधिक विद्या। **विज्ञानं कर्मणे ज्ञाने** (हैम.)।

विज्ञानवादः (पुं.) [*विज्ञानमिति वादः, कर्म.स.*] महायानका दुई दार्शनिक सम्प्रदायमध्ये एक। यस सम्प्रदायका प्रमुख आचार्यहरूमा अश्वघोष, वसुबन्धु, असङ्ग र मैत्रेय छन्।

विज्ञानेश्वरः (पुं.) **मिताक्षरा** नामक महत्त्वपूर्ण ग्रन्थका रचयिता। यिनले याज्ञवल्क्यस्मृतिको भाष्यकोरूपमा यो कृति लेखेका छन्। विज्ञानेश्वर पूर्वमीमांसाका प्रकाण्ड पण्डित थिए। यिनको समय एघारौँ शताब्दी मानिन्छ।

विज्ञापनम् (नपुं.) [*विपूर्वकात् ज्ञा अवबोधने इति धातोः, णिचि, पुकि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सर्वसाधारण जनतालाई थाहा दिनका लागि प्रचार गरिएको विशेष सूचना/सूचित गर्ने काम।

विज्ञापनदाता (पुं.वि.) [*विज्ञापनस्य दाता, ष.त.*] पत्रिका, पर्चा, चित्र, पोस्टर आदिमा विज्ञापन छपाउन दिने व्यक्ति वा संस्था।

विज्ञापितः (पुं.वि.) [*विज्ञाप्यते स्म, विपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, णिचि पुकि निष्ठा ३.२.१०२ इति क्तः*] विज्ञापन गरिएको/प्रचार गरिएको।

विज्ञाप्यः (पुं.वि.) [*विज्ञापयितुं योग्यः, विपूर्वकाद् ज्ञा अवबोधने इति धातोः, अचो यत् ३.१.९७ इति यत्*] विज्ञापन गर्न लायक/विज्ञापनीय।

विज्ञेयः (पुं.वि.) [*विज्ञातुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] थाहा पाउन योग्य/राम्ररी जान्न लायक।

विट् (स्त्री.) [*वेवेष्टि, विष्लृ व्याप्तौ इति धातोः, क्विप् च ३.२.१७६ इति क्विप्*] १.मानिस २.वैश्य ३.विष्ठा/दिसा।

विट्खदिरः (पुं.) [*विड्गन्धी खदिरः, म.प.स.*] दिसाजस्तो गह्नाउने खयर।

विट्चरः (पुं.) [*विषं विष्ठां चरति, चर गत्यादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा मूलविभुजादिभ्यः (वा.) ३.२.५ इति कः, यद्वा विषश्चरः, ष.त.*] सुँगुर।

विट (धा.) [*शब्दे, भ्वा. अक.सेट्, पर.*] शब्द गर्नु। लट्— **वेटति—** शब्द गर्छ इत्यादि।

विटः (पुं.) [*वेटतीति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.कामुक/लम्पट/आफ्नो सम्पत्ति रण्डीबाजी गरेर उडाइसकेको व्यक्ति २.चलाक/धूर्त ३.विदूषक जस्तो नाटकको पात्र।

विटङ्कम् (नपुं.) [*विशेषेण टङ्क्यतेऽत्र, टकि बन्धने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] परेवाको गुँड/परेवा बस्ने छत २.पक्षीहरू थुन्ने पिंजरा ३.सबभन्दा अग्लो ठाउँ।

विटपः (पुं.) [*विटान् पाति, पा रक्षणे इति धातोः, आतोऽनुपसर्गे कः, इति कः, यद्वा विटानां पानम्, पा पाने इति धातोः, घञर्थे कः (वा.) ३.३.५८ यद्वा विटति, विट्यते वा, विट आक्रोशे इति धातोः,विटपविष्टपविशिपोलपाः (उ.) ४३२ इति कपन्*] १.वृक्षको फैलावट/हाँगाको विस्तार २.नाटकीय एक पात्र/विटको मालिक। **विटपो न स्त्रियां स्तम्बशाखाविस्तारपल्लवे। विट्याधिपे ना** (मेदिनी.)।

विटपी (पुं.) [*विटपः शाखादिरस्त्यस्येति, अत इनिठनौ ५.२.११५इति इनिः*]रुख/बोट/वृक्ष विटपी पादपपस्तरुः (अमर.)।

विडङ्गः (पुं.) [*विडति रोगान्प्रत्याक्रोशतीति, विड भेदने इति धातोः, विडादिभ्यः कित् उ. १२६ इति अङ्गच्, कित् च*] १.किरा मार्ने औषधिविशेष/ वायुविडङ्ग २.ज्ञाता। **विडङ्गस्त्रिष्वभिज्ञे स्यात्कृमिघ्ने पुंनपुंसकम्।** (मेदिनी.)।

विडम् (नपुं.) [*विडति, विड भेदने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] खारा नुन।

विडम्बकः (पुं.वि.) [*विडम्बयति, विपूर्वकाद् डबि धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अर्काको नक्कल गर्ने/अनुकरण गर्ने २.कष्ट दिने/पीडा दिने।

विडम्बना (स्त्री.) [*विडम्बयति, विपूर्वकाद् डबि धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.नकल वा अनुकरण गर्ने काम २.होच्याउनु ३.छल/धोखा ४.पीडा/कष्ट। **पुस्तकस्था तु या विद्या परहस्तगतं धनम्। संग्रामे च गृहे सैन्यं तिस्रस्तत्र विडम्बनाः ॥** (सुभा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विडम्बितः (पुं.वि.) [*विडम्ब्यते स्म, विपूर्वकाद् डबि धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.धोखा दिइएको/छलकपट गरेको २.हँस्सी उडाइएको/गिज्याइएको ३.अनुकरण गरिएको/नकल उतारिएको।

विडालः (पुं.) [*विडति आक्रोशतीति, विड आक्रोशे, इति धातोः, तमिविशिविडि मृणिकुलिकपिपलिपञ्चिभ्यः कालन् (उ.) १२३, इति सूत्रेण कालन्, स्त्रियाम्— विडाली*] १.बिरालो २.आँखाको गोलाइ/नेत्रपिण्ड। **विडालो नेत्रपिण्डे स्याद् वृषदंशकके पुमान्** (मेदिनी.)।

(विडालः)

विडौजाः (पुं.) [*विडति, विड भेदने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, विडं भेदकमोजो यस्य सः, बहु.स.*] इन्द्र। **विडौजाः पुरा पृष्टवान् पद्मयोनिं धरित्रीतले सारभूतं किमस्ति। चतुर्भिर्मुखैरित्यवोचद् विरञ्चिस्तमाखुस्तमाखु स्तमाखुस्तमाखुः॥** (सुभा.)

विड्वराहः (पुं.) [*विट्प्रियो वराहः, म.प.स.*] सुँगुर।

वितंसः (पुं.) [*वितंस्यते, विपूर्वकात् तसि अलङ्कारे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, उपसर्गस्य— इति दीर्घः*] सिकार खेल्ने सामग्री। **वीतंसो बन्धनोपाये मृगाणामपि पक्षिणाम्। तेषामेव च विश्वासहेतोः प्रावरणेऽपि च** (विश्व.)।

वितण्डवादः (पुं.) [*वितण्डस्य वादः, ष.त.*] बहसमा जित्नका लागि निरर्थक वा असम्भव तर्क पेश गर्ने काम/बकवाद/निरर्थक उक्ति-प्रत्युक्ति/विनासित्तिको झगडा।

वितण्डा (स्त्री.) [*वितण्डनम्, विपूर्वकात् तडि आघाते इति धातोः, गुरोश्च हलः ३.३.१०२ इति अः, टाप् ४.१.४*] अर्काको कुरालाई दबाएर आफ्नो कुरा माथि पार्ने काम/निरर्थक कुरो/बकवाद ।

विततः (पुं.वि.) [*वितन्यते स्म, विपूर्वकात् तनु विस्तारे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] विस्तृत/फैलिएको/ढाकिएको/छोपिएको।

वितथम् (अव्य.) [*विगतं तथ्यं यस्मात्, तत, अच् इति योगाविभागात् समासान्तोऽच्*] १.झुटो २.निष्फल।

वितथवादी (पुं.वि.) [*वितथं वदति तच्छीलः, वद व्यक्तायां वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] झुटो बोल्ने/मिथ्यावादी।

वितथ्यम् (नपुं.) [*वितथमेव, स्वार्थे यत्*] १.झुटो/मिथ्या २.व्यर्थ/निरर्थक।

वितद्रुः (पुं.) [*विशेषेण तनोतीति, जत्र्वादयश्च, इति बाहुलकाद् रुः*] नदीविशेष।

वितमस्कः (पुं.वि.) [*विगतं तमो यस्मात् सः, बहु.स.*] १.अँध्यारो नभएको/अन्धकाररहित २.अज्ञान नभएको ३.तमोगुणरहित।

वितरकः (पुं.वि.) [*वितरति, विपूर्वकात् तॄ प्लवनतरणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] बाँड्ने/वितरण गर्ने।

वितरणम् (नपुं.) [*विपूर्वकात् तॄ प्लवनतरणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.बाँड्ने काम/बाँडचुँड/दिनु/अर्पण गर्नु २.तर्नु/पार गर्नु।

वितरितः (पुं.वि.) [*वितीर्यते स्म, विपूर्वकात् तॄ प्लवनतरणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँडिएको/वितरण गरिएको/दिइएको २.तरिएको/पार गरिएको।

वितर्कः (पुं.) [*वितर्कनम्, विपूर्वकात् तर्क विचारणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै तर्क वा कथनलाई बेठिक सम्झी त्यसको विरुद्ध उठाइने तर्क/तर्कमाथिको तर्क विचार/मनन/सन्देह २.तेत्तिस व्यभिचारिभावमध्ये एक भाव। विशेष प्रतीतिको अभिलाषा।

वितर्क्यः (पुं.वि.) [*वितर्कयितुं योग्यः, विपूर्वकात् तर्क विचारणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, यद्वा वितर्कयितुमर्हः अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] तर्क वा विचार गर्न योग्य/सन्दिग्ध।

वितर्दिः (स्त्री.) [*विगता तर्दि हिंसाऽस्याः, तर्द हिंसायाम् इति धातोः, सर्वधातुभ्य इन् (उ.) इतीन्*] अग्लो पारी बनाइएको चौको/डबली, चौतारो, मञ्च आदि/वेदिका।

वितलम् (नपुं.) [*विशिष्टं तलम्, सुप्सुपेति समासः*] पृथ्वीभन्दा तल मानिएका सात लोकमध्ये एक लोक।

वितष्टः (पुं.वि.) [*वितस्यते स्म, विपूर्वकात् तसु उपक्षये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] राम्ररी ताछिएको/सम्म पारेर ताछिएको।

वितस्तिः (पुं.स्त्री.) [*वितस्यति, वितस्यते वा, तसु उपक्षये इति धातोः, वौ तसेः (उ.) ६३१ इति तिः*] बाह्र अङ्गुलको नापो/एक बित्ता।

वितानम् (नपुं.) [*वितन्यते यत्, विपूर्वकात्, तनु विस्तारे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.चँदुवा/पाल २.यज्ञ। **सोमपायिनि भविष्यते मया वाञ्छितोत्तमवितानयाजिका** (माघ) ३.समूह। **नवकनकपिशङ्गं वासराणां विधातुः, ककुभि कुलिशपाणेर्भाति भासां वितानम्** (माघ) ४.विस्तार। **यज्ञस्य च वितानानि योगस्य च पथं प्रभो** (भाग.) ५.(त्रि.) शून्य। **बृहत्तुलैरप्यतुलैर्वितानम्** (शि.व.) ६.(नपुं.) अवसर ७.(पुं./नपुं.) घाउमा लगाउने पट्टि ८.तुच्छ। **गगनमश्वखुरोद्धतरेणुभिर्नृसविता च वितानमिवाकरोत्** (रघु.)।

वितीर्णः (पुं.वि.) [*वितीर्यते स्म, विपूर्वकात् तॄ प्लवनतरणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.तरेको/पार भएको २.बितेको/ विगत ३.दिइएको/प्रदत्त।

वितुन्नकः (पुं.) [*वितुद्यते स्म, विपूर्वकात् तुद व्यथने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, स्वार्थे कन् ५.३.७५*] भुइँ अमला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वितुन्नकम् (नपुं.) [*विगतं तुन्नं दुःखमस्मात्, कप् ५.४.१५४ वितुद्यते भक्ष्यार्थम् इति वा तुद व्यथने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, कन् (ज्ञापि.) ५.४.५*] १.धनियाँ २.आँखाको औषधि। **वितुन्नकं तु धान्याके झायमलमयूरके** (विश्व.)।

वितुषः (पुं.वि.) [*विगतास्तुषा यस्मात् सः, बहु.स.*] बोक्रा छोडाइएको।

वित्तः (पुं.वि.) [*विद्यते स्म, विद विचारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नुदविदोन्दीत्राघ्राह्रीभ्योऽन्यतरस्याम् ८.२.५६ इति वा नत्वम्, यद्वा विद्लृ लाभे इति धातोः, पूर्ववत् क्तः*] १.विचार गरिएको २.प्रसिद्ध ३.प्राप्त। **विन्नं विचारिते लब्धे।** (विश्व.) **वित्तं क्लीबं धने, वाच्यलिङ्गं ख्याते विचारिते** (मेदिनी.)।

वित्तम् (नपुं.) [*विद्यते स्म, विद्लृ लाभे इति धातोः, वित्तो भोगप्रत्यययोः ८.२.५८ इति साधुः*] धन/सम्पत्ति/अर्थ। **~आयोगः** (पुं.) [*वित्तस्य आयोगः, ष.त.*] आर्थिक विषमता सुधार गर्न र आर्थिक विषयको विचारविमर्श गर्न गठित समिति। **~प्रबन्धकः** (पुं.) [*वित्तस्य प्रबन्धकः, ष.त.*] राज्यका धन, आयव्ययका साधन आदि विभागको रेखदेख र समुचित व्यवस्था गर्ने व्यक्ति/ वित्तमन्त्री/अर्थमन्त्री। **~विधेयकः** (पुं.) [*वित्तस्य विधेयकः, ष.त.*] संसद वा प्रतिनिधि सभा र विधान सभामा प्रस्तुत गरिने आयव्ययसम्बन्धी विधेयक। **~वान्** (पुं.वि.) [*वित्तमस्यास्तीति, वित्त+मतुप्*] धनी/धनवान्/वित्तशाली। **~शाठ्यम्** (नपुं.) [*वित्ते शाठ्यम्, स.त.*] लेनदेनको कारबाहीमा बेइमानी गर्नु। **~साधनम्** (नपुं.) [*वित्तस्य साधनम्, ष.त.*] राज्य वा संस्था आदिको धन प्राप्त गर्ने माध्यम/आर्थिक स्रोत।

वित्तिः (स्त्री.) [*वेदनम्, विद ज्ञाने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.ज्ञान/विवेक/विचार २.[*विद्लृ लाभे इति धातोः, पूर्ववत् क्तिन्*] उपलब्धि ३.सम्भावना।

वित्तीयः (पुं.वि.) [*वित्तस्यायम्, वित्त+छः (ईयः)*] अर्थसम्बन्धी। **~विवरणम्** (नपुं.) [*वित्तीयञ्च तद् विवरणञ्च,कर्म.स.*] आर्थिक विवरण।

वित्तेश्वरः (पुं.) [*वित्तस्य ईश्वरः, त.स.*] १.धनका देवता २.(पुं.वि.) ज्यादै धनी।

विथृ (धा.) [*याचने, भ्वा. द्विक.सेट् आत्म.*] माग्नु। लट्– **वेथते–** माग्छ इत्यादि।

विद (धा.) [*ज्ञाने, अदा.सक.सेट्, पर.*] सम्झनु, जान्नु, दुःखी हुनु, ध्यान गर्नु, मनन गर्नु। लट्– **वेद-वेत्ति–** सम्झन्छ, जान्दछ, दुःखी हुन्छ, ध्यान गर्छ, मनन गर्छ । लिट्– **विदाञ्चकार-विवेद–** सम्झेछ, जानेछ, दुःखी भएछ,ध्यान गरेछ, मनन गरेछ (अन.)। लुट्– **वेदिता–** सम्झने छ, जान्ने छ, दुःखी हुने छ, ध्यान गर्ने छ, मनन गर्ने छ (अन.)। लृट्– **वेदिष्यति–** सम्झने छ, जान्ने छ, दुःखी हुने छ। ध्यान गर्ने छ, मनन गर्ने छ। लोट्– **विदाङ्करोतु-वेत्तु–** सम्झोस्, जानोस्, दुखी हओस्, ध्यान गरोस्, मनन गरोस्। लङ्– **अवेत्–** सम्झ्यो, जान्यो, दुखी बन्यो, ध्यान गर्‍यो, मनन गर्‍यो (अन.)। विधिलिङ्– **विद्यात्–** सम्झोस्, जानोस्, दुखी बनोस्, ध्यान गरोस्, मनन गरोस्। आशीर्लिङ्– **विद्यात्–** सम्झोस्, जानोस् दुखी बनोस्, ध्यान गरोस्, मनन गरोस्, लुङ्– **अवेदीत्–** सम्झ्यो,जान्यो दुखी बन्यो,ध्यान गर्‍यो, मनन गर्‍यो। लृङ्– **अवेदिष्यत्–** सम्झने थियो, जान्ने थियो, ध्यान गर्ने थियो, दुखी हुने थियो, मनन गर्ने थियो। कर्मणि– **विद्यते**– सम्झिन्छ, जानिन्छ, दुखी बनिन्छ, ध्यान गरिन्छ, मनन गरिन्छ। णिचि– **वेदयति**– सम्झाउँछ, जान्न लगाउँछ, ध्यान गराउँछ, मनन गराउँछ, सनि– **विविदिषति**– सम्झन खोज्छ, जान्न खोज्छ, ध्यान गर्न खोज्छ, मनन गर्न खोज्छ। यङि– **वेविद्यते,** यङ्लुकि– **वेवेत्ति, वेविदीति**–अतिशय वा बारम्बार सम्झन्छ। कृदन्ते– **आवेदकः**– आवेदन गर्ने, **विद्वान्**– धेरै पढेको, **विदुषी**– धेरै पढेकी, **मन्त्रवित्**– मन्त्रज्ञ, **विन्दुः**– थोपा, **विदुरः**– ज्ञानी, **चतुर्वेदी**– १.चारै वेदको ज्ञाता, २.थरविशेष **वेदः**–ज्ञान, **वेदितुम्**– जान्न, **वेदना**– पीडा, **वेदितव्यः**– जान्नुपर्ने। **विद्या**– [*वेत्ति अनया*] ज्ञानको साधन इत्यादि।

विद (धा.) [*सत्तायाम्, अक.अनिट् आत्म.*] रहनु। लट्– **विद्यते–** रहन्छ। लिट्– **विविदे–** रहेछ (अन.)। लुट्– **वेत्ता** रहने छ (अन.)। लृट्– **वेत्स्यते–** रहने छ। लोट्– **विद्यताम्–** रहोस्। लङ्– **अविद्यत–** रह्यो (अन.)। विधिलिङ्– **विद्येत–** रहला, रहोस्। आशीर्लिङ्– **वित्सीष्ट–** रहोस्। लुङ्– **अवित्त–** रह्यो। लृङ्– **अवित्स्यत–** रहने थियो इत्यादि।

विद (धा.) [*चेतनाख्याननिवासेषु, चुरा. सक.सेट् आत्म.*] सचेत हुनु, सम्झनु, भन्नु, बस्नु। लट्– **वेदयते–** सचेत हुन्छ, सम्झन्छ, भन्छ, बस्छ। **निर्वेदयते**– सम्झाएर भन्छ। **प्रतिवेदयते–** जानकारी दिन्छ, अर्पण गर्छ इत्यादि।

विद् (पुं.) [*वेत्तीति, विद ज्ञाने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] पण्डित/विद्वान्/विज्ञ।

विदग्धः (पुं.वि.) [*विदह्यते स्म, विपूर्वकाद् दह दहने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पोलिएको/डढेको २.पचाइएको/ पकाइएको/पक्व।

विदग्धः (पुं.) सहरिया मानिस २.पढेलेखेको व्यक्ति/पण्डित ३.निपुण सिपालु व्यक्ति। **विदग्धाया विदग्धेन सङ्गमो गुणवान् भवेत्।**

विदग्धता (स्त्री.) [*विदग्धस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] १.चातुर्य/पाण्डित्य २.सहरियापन ३.निपुणता।

विदग्धा (स्त्री.) परकीया नायिकाको एक भेद। परपुरुषका प्रति प्रेमभाव देखाउने नायिका। यसका **वचनविदग्धा** र **क्रियाविदग्धा** गरी दुई प्रकार छन्। वाक्चातुर्यबाट प्रेमभाव व्यक्त गर्नेलाई वचनविदग्धा र क्रियाकलापको चातुर्यबाट प्रेमभाव व्यक्त गर्नेलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाविदग्धा भनिन्छ। **वाक्कौशलयुक्तत्वं विदग्धात्वम्** (सा.द.टी.)।

विदरः (पुं.) [*विदरणम्, विपूर्वकाद् दॄ विदारणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] फाटो/ध्वान्द्रो/दरार।

विदर्भः (पुं.) [*विशेषेण दर्भा यत्र, बहु.स.*] भारतको पश्चिमी भागमा पर्ने एक प्राचीन राज्य।

विदर्भजा (स्त्री.) [*विदर्भे जाता, डः, टाप्*] १.अगस्त्यकी पत्नी/लोपामुद्रा/कौशीतकी २.रोहिणी ३.नलकी पत्नी दमयन्ती।

विदलः १.(पुं.वि.) [*विगतानि दलानि पत्राणि यस्य सः, बहु.स.*] पात नभएको २.(पुं.) [*विघट्टितानि दलानि यस्य सः, बहु.स*] रातो सुन ३.पिठो।

विदलनम् (नपुं.) [*विपूर्वकाद् दल दलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.बेसरी कुल्चने, माड्ने वा मल्ने काम २.चिर्ने वा फोर्ने काम।

विदलम् (नपुं.) १.[*विघट्टितं दलं यस्य तत्, बहु.स.*] केरौ,रहर आदिको दाल २.[*विशिष्यानि दलानि दले वा यत्र*]बाँस आदिको टुङ्ग्रो ३.सुन आदिको अवयव।

विदा (स्त्री.) [*विद ज्ञाने इति धातोः षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इति अङ् टाप् ४.१.४*] १.ज्ञान २.[*विद्यते ज्ञायतेऽनया, करणेऽङ् टाप्*] बुद्धि। **विदा ज्ञाने च निर्दिष्य मनीषायाञ्च योषिति** (मेदिनी.)।

विदारकः (पुं.वि.) १.[*विदारयतीति, विपूर्वकाद् दॄ विदारणे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] चिर्ने/फार्ने/चिरा पार्ने २.(पुं.) [*विदार्यते, विपूर्वकाद् दॄ दारणे इति धातोः, णिचि ३.१.२६ बाहुलकात्कर्मणि ण्वुल्*] पानीका निमित्त जमिन खनेर बनाइएको खाल्डो/कुवा। **कूपकास्तु विदारकाः** (अभि.चि.)।

विदारणः (पुं.) १.[*विदार्यन्ते शत्रवोऽस्मिन्,अधिकरणे ल्युट् अनः*] युद्ध २.[*विदीर्यतेऽसौ*] कर्णिकार वृक्ष ३.नदीको बिचमा रहेको चट्टान वा वृक्ष ४.(पुं.वि.) [*विदारयति, विपूर्वकात् दॄधातोर्णिचि ल्युट् अनः*] १.चिथोर्ने/मार्ने २.सताउने। **तस्यात्मजो महावीर्यो बभूवारिविदारणः** (मार्कण्डेयपु.)।

विदारणम् (नपुं.) [*विपूर्वकाद् दॄ विदारणे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.चिरा पार्नु/फार्नु/चिर्नु २.दार्नु, मार्नु ३.सताउनु।

विदारिगन्धा (स्त्री.) [*विदार्या गन्धः, विदारिगन्धः ङ्यापोः ६.३.६३ इति ह्रस्वः, सोऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] शालपर्णी।

विदारी (स्त्री.) [*विदारयतीति, विपूर्वकाद् दॄ विदारणे इति धातोः, ण्यन्ताद्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.बिराली लहरो २.रोगविशेष ३.शालपर्णी। **विदारी शालपर्ण्यां च रोगभेदेक्षुगन्धयोः** (मेदिनी.)।

विदाही (पुं.वि.) [*विदहति, विपूर्वकाद् दहधातोर्णिनिः*] दाहजनक। **कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदाहिनः। आहारा राजसस्येष्टा दुःखशोकभयप्रदाः॥** (गीता १७.९)

विदिक् (स्त्री.) [*दिग्भ्यां विनिर्गता,प्रादिस.*] दुई दिशाको बिचको भाग/विदिशा/ उपदिशा। यी चार छन्— आग्नेय (पूर्व र दक्षिणको माझको कोण) नैऋत्य (दक्षिण र पश्चिमको माझको कोण) वायव्य (पश्चिम र उत्तरको कोण) ईशान (उत्तर र पूर्वका माझको कोण) **दिशोर्मध्ये विदिक् स्त्रियाम्** (अमर.)।

विदितः (पुं.वि.) [*विद्यते स्म, विद ज्ञाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] थाहा पाइएको/ज्ञात/अवगत।

विदिशा (स्त्री.) [*दिग्भ्यां विगता, प्रादिस.*] १.दुई दिशा बिचको कोण। हे. **विदिक्**। २.मध्यभारतको एक प्राचीन नगर।

विदीर्णः (पुं.वि.) [*विदीर्यते स्म, विपूर्वकाद् दॄ विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः, ईत्वम्, रपरत्वम्, णत्वम्*] चिरिएको/चिरा परेको।

विदुः (पुं.) [*वेत्ति संज्ञामत्र घातेन, विद ज्ञाने इति धातोः, बाहुलकात्कुः*] १.हात्तीको निधार २.घोडाका कानको तल्लो भाग।

विदुरः (पुं.वि.) [*वेत्ति तच्छीलः, विदिभिदिच्छिदेः कुरच् ३.२.१६२ इति कुरच्*] १.चलाक/चतुर/निपुण/पण्डित/विद्वान् २.धूर्त/षड्यन्त्रकारी ३.धैर्य भएको/धीर ४.(पुं.) महाभारतप्रसिद्ध एक ज्ञानी पुरुष/धृतराष्ट्रका एक जना भाइ ५.वेतको वृक्ष।

विदुलः (पुं.) [*वेत्ति, विद्यते वा, बाहुलकादुलच् गुणाभावश्च*] १.वेत २.धृतराष्ट्रका भाइ। **विदुलस्तु पुमानम्बुवेतसे वेतसेऽपि च** (मेदिनी.)।

विदुषी (स्त्री.) [*विद्या अस्ति अस्याः, विदेः शतुर्वसुः ७.१.३६ इति वसुः, सम्प्रसारणम्, ङीप्*] धेरै पढे–लेखेकी स्त्री।

विदूरः (पुं.वि.) [*विशिष्टं दूरमस्य*] ज्यादै टाढाको।

विदूरगः (पुं.वि.) [*विदूरे गच्छति, डः*] ज्यादै टाढा जाने।

विदूषकः (पुं.) [*विदूषयति आत्मानम्, विपूर्वकाद् दूष वैकृत्ये इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.नाटकमा बेढङ्गको वेश, चेष्टा, वार्तालाप आदिबाट अरूलाई हँसाउन आउने पात्र/नायकको ठट्यौलो मित्र। २.(पुं.वि.) दूषित तुल्याउने। **कलौ मनुजापसदा... ब्रह्मब्राह्मणयज्ञ पुरुषलोकविदूषकाः प्रायेण भविष्यन्ति** (भाग.५.६.१०)।

विदूषणम् (नपुं.) [*विदूष्यते, विपूर्वकाद् दुष वैकृत्ये इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्, दोषो णौ ६.४.९० इति उपधाया ऊत्वम्*] दोष लगाउने काम/दोषारोपण।

विदूषितः (पुं.वि.) [*विदूष्यते स्म, विपूर्वकाद् दुष वैकृत्ये इति धातोः, णिचि उपधाया ऊत्वे निष्ठा ३.२.१०२ इति क्तः*] दोष लगाइएको/अभियुक्त/अपमानित/तिरस्कृत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदेशः (पुं.) [*विशेषेण भिन्नो देशः,विप्रकृष्ये देशो वा, प्रादिस.*] १.आफ्नो देशदेखि भिन्न देश/अर्काको देश/परराष्ट्र २.टाढाको देश । **को विदेशः सविद्यानां कः परः प्रियवादिनाम्** (सुभा.) **~संस्था** (स्त्री.) [*विदेशस्य संस्था, ष.त.*] विदेशी सरकारको वा त्यस्तै सरकारका एजेन्सी वा कुनै अन्तर्राष्ट्रिय सङ्गठन अथवा संस्था। **~मुद्रा** (स्त्री.) [*विदेशे प्रचलिता मुद्रा*] आफ्नो देशभन्दा इतर देशमा प्रचलित मुद्राहरू।

विदेशी (पुं.वि.) [*विदेशोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] विदेशमा तयार भएको/अर्को देशमा बनेको/अर्काको देशको। **~कार्यम्** (नपुं.) [*विदेशिनां कार्यम्, ष.त.*] विदेशी राष्ट्रसम्बन्धी कामकारवाही/विदेशी राष्ट्रसँग हुने कूटनीतिक कामकाज। **~मुद्रा** (स्त्री.) [*विदेशिनां मुद्रा, ष.त.*] विदेशीले प्रयोगमा ल्याएको मुद्रा।

विदेहः (पुं.वि.) [*विगतो देहः, देहसम्बन्धो यस्य सः, बहु.स.*] १.देह वा शरीर नभएको २.(पुं.) निमि राजा। **असमाप्ते ततो यज्ञे वसिष्ठश्चागमद् दिवः । तं दृष्ट्वा कुपितः प्राह प्रत्याख्यातोऽस्मि पार्थिव । यस्मात्तस्माच्छपेयं त्वां विदेहस्त्वं भविष्यसि** (अ.पु.)।

विदेहा (स्त्री.) [*विदेहः स्वामित्वेनास्त्यस्याः,अर्शाद्यच्, ततष्टाप्*] मिथिला। **विदेहा मिथिला समे** (अभि.चि.)।

विद्धः (पुं.वि.) [*विध्यते स्म, व्यध व्यथने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,संप्रसारणम्*] १.छेडिएको/प्वाल पारिएको। **विद्धे छिद्रित-वेधितौ** (अभि.चि.) २.घायल/आहत ३.टाँसिएको/ जडिएको।

विद्धकर्णी (स्त्री.) [*विद्धौ कर्णौ यया*] गुधेरगानो।

विद्धशालभञ्जिका (स्त्री.) राजशेखरद्वारा निर्मित एक नाटिका। यसमा चार अङ्क छन्। यसको रचना मालविकाग्निमित्र, रत्नावली र स्वप्नवासवदत्त नाटकको आधारमा भएको छ। विद्याधर मल्ल सित भएको मृगाङ्कावली तथा कुवलयमाला नामक दुई राजकुमारीको प्रेमकथामा यो नाटक आधारित छ।

विद्यमानः (पुं.वि.) [*विद्यते इति, विद ज्ञाने इति धातोः, लटः शतृशानचा ३.२.१२४ इति शानच्*] वर्तमान। **वासायां विद्यमानायामाशाया. जीवितस्य च** (वैद्यक)।

विद्या (स्त्री.) [*विदन्त्यनया, इति विद ज्ञाने इति धातोः, संज्ञायां समजनिषदनिपतमनविदलुञ्शीङ्भृञिणः ३.३.९९ इति क्यप्, ततष्टाप् ४.१.४*] १.शिक्षाद्वारा हासिल गरिने ज्ञान/अध्ययनबाट प्राप्त हुने ज्ञान। **गतेऽपि वयसि ग्राह्या विद्या सर्वात्मना बुधैः। यद्यपि स्यान्न फलदा सुलभा साऽन्यजन्मनि** ॥ (सुभा.) २.कुनै विषयमा विवेचना गरिएको शास्त्र। उपनिषद्मा परा र अपरा गरी दुईथरी विद्या मानिएको छ, । यिनमा पराविद्यालाई अध्यात्म विद्या र अपराविद्यालाई अध्यात्म विद्यादेखि भिन्न विद्या भनिएको छ। यस विद्याभित्र शिक्षा व्याकरण छन्द ज्योतिष आदि पर्दछन्। ३.कामन्दकनीतिमा आन्वीक्षिकी (विद्यासम्बन्धी कुरा भएको तर्कशास्त्र— **आन्वीक्षिक्यां तु विद्यायाम्**। त्रयी (ऋग्— यजुः साम यी तिन वेद) वार्ता (कृषि— व्यापार— पशुपालन) दण्डनीति (नीतिशास्त्र) यी चारलाई विद्या भनिएको छ— **आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्च शाश्वती। विद्या ह्येताश्चतस्रस्तु लोकसंस्थिति हेतवः** ॥ ४.स्मृतिहरूमा चार वेद, छ वेदाङ्ग, मीमांसा, न्याय, पुराण र धर्मशास्त्र गरी चौध विद्या मानिएका छन्— **अङ्गानि वेदाश्चत्वारो मीमांसान्यायविस्तरः। पुराणं धर्मशास्त्रं च विद्या ह्येताश्चतुर्दश** ॥ (मनु.) **पुराणन्यायमीसांसाधर्मशास्त्राङ्गमिश्रिताः वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश** ॥ (या.व.स्मृ.) ५.विष्णु पुराणमा उपर्युक्त चौध विद्या र आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद तथा अर्थशास्त्र गरी अठार विद्याको उल्लेख छ। **आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः। अर्थशास्त्रं चतुर्थं तु विद्येत्यष्टादशैव तु** ॥ (विष्णुपु.)। **~निधिः** (पुं.) [*विद्याया निधिः,ष.त.*] विद्याको खानी। **~स्नातकः** (पुं.) [*विद्यायाः स्नातकः,ष.त.*] विश्वविद्यालय बाट उक्त उपाधि प्राप्त व्यक्ति/उच्च विद्या हासिल गरेका विद्वान्।

विद्याचुञ्चुः (पुं.) [*विद्यया विख्यातः, तेन वित्तश्चुञ्चुप्चणपौ ५.२.२६ इति चुञ्चुप्*] विद्याले प्रसिद्ध।

विद्यादेवी (स्त्री.) [*विद्याया देवी, ष.त.*] १.विद्याकी अधिष्ठात्री देवी/ सरस्वती २.जैनका सोह्र देवीमध्ये एक।

विद्याधनम् (नपुं.) [*विद्यया अर्जितं धनम्, म.प.स.*] विद्याबाट आर्जन गरेको धन २.[*विद्या एव धनम्*] विद्यारूपी धन। **विद्याधनं सर्वधनप्रधानम्** (प.त.)।

विद्याधरः (पुं.) [*विद्याया गुटिकाञ्जनादिविषयिण्या धरो धारकः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.देवयोनि-विशेष २.काव्यशास्त्रका आचार्य। यिनले एकावली नामक काव्यशास्त्रीय ग्रन्थ लेखेका छन्। यसमा काव्यका १० अङ्गको वर्णन छ। यिनको समय चौधौं शताब्दी हो। एकावलीमा कारिका, वृत्ति र उदाहरण छन्। यसमा काव्यको स्वरूप, वृत्ति, ध्वनि, गुणीभूत व्यङ्ग्य, गुण, रीति, दोष, शब्दालङ्कार, अर्थालङ्कारको चर्चा छ। ३.जगती अर्थात् द्वादशाक्षरी छन्दभित्र पर्ने प्रत्येक पाउमा चार मगणको प्रयोग भएको छन्द। **सर्वे मा यस्मिन् सोऽयं विद्याधरः स्यात्** (छन्दो.)।

विद्यानाथः (पुं.) काव्यशास्त्रका आचार्य। यिनले प्रतापरुद्रयशोभूषण अथवा प्रतापरुद्रीय नामक काव्यशास्त्रसम्बन्धी ग्रन्थको रचना गरेका छन्। यिनको समय चौधौं शताब्दी हो। प्रतापरुद्रीय नौ प्रकरणमा विभक्त छ। यसमा नायकनायिकाका भेद, काव्य, नाटक, रस, दोष, गुण, शब्दालङ्कार, अर्थालङ्कार, मिश्रालङ्कार आदिको विवेचना भएको छ।

विद्यानुयायी (पुं.वि.) [*विद्यामनुयातीति, या प्रापणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] विद्याको प्रेमी वा विद्यामा संलग्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यापरिषद् [*विद्यासम्बद्धा परिषद्, म.प.स.*] एकेडेमी काउन्सिल। विश्वविद्यालयको अध्यनसंस्थान अन्तर्गत रहने गरी शैक्षिक प्रयोजनका निभित्त गठित समिति।

विद्यापीठम् (नपुं.) [*विद्यायाः पीठम्, ष.त.*] शिक्षा दिइने प्रधान विद्यालय/महाविद्यालय/विद्यामन्दिर।

विद्याभ्यासः (पुं.) [*विद्याया अभ्यासः, ष.त.*] विद्याको बारम्बार गरिने अध्ययन।

विद्यारम्भः (पुं.) [*विद्याया आरम्भः, ष.त.*] १.बाल बालिकालाई पढाउन आरम्भ गर्ने काम २.सोह्र संस्कारमध्ये एक संस्कार।

विद्यालयः (पुं.) [*विद्याया आलयः, ष.त.*] पढाउने ठाउँ/पाठशाला।

विद्यार्थी (पुं.) [*विद्याया अर्थी, ष.त.*] विद्याको अध्ययन गर्ने/छात्रछात्रा। **भीतेभ्यश्चाभयं देयं व्याधितेभ्यस्तथौषधम्। देया विद्यार्थिने विद्या देयमन्नं क्षुधातुरम्॥** (स्क.पु.काशीखण्ड) **~सङ्घटनम्** (नपुं.) [*विद्यार्थिनां सङ्घटनम्, ष.त.*] विद्यार्थीहरूको संघ वा संस्था।

विद्यावान् (पुं.वि.) [*विद्या अस्त्यस्य, मतुब्, मस्य वः*] विद्वान्/पढेलेखेको। **विद्यावतां भागवते परीक्षा** ।

विद्याविरुद्धता (पुं.) [*विद्यायाः विरुद्धता, ष.त.*] विद्यासम्बन्धी दृष्टिकोणमा विरोध खाने गरी वर्णन गर्दा पर्न जाने एक अर्थदोष।

विद्याव्यसनः (पुं.वि.) [*विद्या एव व्यसनं यस्य सः, बहु.स.*] सधैं विद्याको साधनमा संलग्न।

विद्यास्थानम् (नपुं.) [*विद्यायाः स्थानम् ष.त.*] विद्याका आधार। विद्याका आधार १४ छन्। (हे. **काव्यमीमांसा**)

विद्युत् (स्त्री.) [*विशेषण द्योतते प्रकाशते तच्छीला इति, द्युत दीप्तौ इति धातोः, भ्राजभासधुर्विद्युतोर्जि ७.४.३ इति क्विप्*] १.बादल लागेको वेलामा आकाशमा चम्कने बिजुली २.प्रकाश, ताप, जल आदिबाट पैदा भएको एक शक्ति। **तडित्सौदामनी विद्युच्चञ्चला चपला अपि** (अमर.) ३.चट्याङ्। **~घातः** (पुं.) [*विद्युतः विद्युता वा घातः, ष.त./तृ.त.*] १.विद्युतबाट हुने मृत्यु २.विद्युत् शक्तिबाट हुने आघात। **~माला** (स्त्री.) [*विद्युतो माला, ष.त.*] बिजुलीको प्रकाश वा झिल्काको माला। **~लता** (स्त्री.) [*विद्युत् लता इव, उपमि.त.*] बिजुली चम्कँदा देखिने नागबेली रेखा।

विद्युत् (पुं.वि.) १.[*विशिष्य द्युत् कान्तिर्यस्य सः, बहु.स.*] चम्किलो/तेजिलो २.[*विगता द्युत् यस्य सः*] तेज नभएको (मेदिनी.)।

विद्युत्करणम् (नपुं.) [*अविद्युद् विद्युद् यथा सम्पद्यते तथाकरणम्, च्विः*] बिजुली जडान गर्ने कार्य।

विद्युन्माला (स्त्री.) प्रत्येक पाउमा क्रमैले दुई मगण र दुई गुरु वर्णको प्रयोग भएको छन्द। **मो मो गो गो विद्युन्माला** (छन्दो.)।

विद्युल्लेखा (स्त्री.) १.प्रत्येक पाउमा क्रमैले दुई मगणको प्रयोग भएको छन्द। **विद्युल्लेखा मो मः।** (छन्दो.) २.बिजुलीको रेखा।

विद्योपार्जनम् (नपुं.) [*विद्याया उपार्जनम्, ष.त.*] विद्या हासिल गर्ने काम/शिक्षा प्राप्त गर्नु।

विद्रधिः (पुं.) [*वेदनम्, छिद्रम् बहुलमन्यत्रापि संज्ञाछन्दसोः इति रक्, यद्वा—विद्राति, द्रा स्वप्ने पलायने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, विद्रं धीयतेऽस्याम्, डुधाञ् धारणपोषणयोः इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः, यद्वा— विद्रस्य धानम्, इक्कृष्यादिभ्यः (वा.) ३.३.१०८इति इक्*] १.क्यान्सर २.गाँठो ३.भित्र फाट्ने रोग।

विद्रम् (नपुं.) छिद्र (शब्दरत्नावली)।

विद्रवः (पुं.) [*विद्रवणम्, विपूर्वकाद् द्रु गतौ इति धातोः, ऋदोरप् ३.३.५७ इति अप्*] १.भाग्ने काम/पलायन। **ततः सैन्यैस्तव सैन्यस्य विद्रवः सुमहानभूत्।** (म.भा.७.१०६.३८) २.पग्लनु/गल्नु ३.चुहुनु। ३.विनाश ४.बुद्धि। **विद्रवो विद्रुवो धियि** (मेदिनी.) ५.निन्दा (शब्दरत्नावली)।

विद्रावः (पुं.) [*पक्षे घञ्*] १.पलायन २.पग्लनु ३.निन्दा।

विद्रावणम् (नपुं.) [*विद्राव्यते इति, विपूर्वकाद् द्रु गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.भगाउनु/पलायन गराउनु २.हराउनु/पराजित गर्नु ३.गलाउनु/पगाल्नु।

विद्रावितः (पुं.वि.) [*विद्राव्यते स्म,विपूर्वकाद् द्रुधातोर्णिचि निष्ठायां क्तः*]भगाइएको (भाग.) २.पगालिएको।

विद्रुतः (पुं.वि.) [*विद्रवति स्म, विपूर्वकाद् द्रु गतौ इति धातोः गत्यर्था कर्मक ३.४.७२ इति क्तः*] १.गलेको/पग्लेको २.भागेको। **अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्। रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः॥** (मनु.७.३.)

विद्रुमः (पुं.) [*विशिष्टो द्रुमः, प्रादिस. यद्वा विशिष्टे द्रौ भवः, द्युद्रुभ्यां मः ५.२.१०८ इति मः*] १.मुगा/प्रवाल २.पालुवा/कोपिला। **विद्रुमो रत्नवृक्षेऽपि प्रवालेऽपि पुमानयम्** (मेदिनी.)।

विद्रुमलता (स्त्री.) [*विद्रुमस्येव लता यस्याः बहु.स.*] मालकागुनु।

विद्रोहः (पुं.) [*विशिष्टो द्रोहः, प्रादिस.*] १.राज्य वा सरकारलाई विफल गराउन अथवा त्यसको सञ्चालनमा बाधा पार्न गरिएको उपद्रव/आन्दोलन २.झगडा/ठुलो विरोध।

विद्रोहात्मकः (पुं.वि.) [*विद्रोह एव आत्मा यस्य सः, बहु.स.*] विद्रोह वा आतङ्क फैलाउन सक्ने।

विद्रोही (पुं.वि.) [*विद्रोहोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] विद्रोह गर्ने/विप्लवी/वागी/विद्रोह गर्ने।

विदल् (धा.) [*लाभे, सक.अनिट्, उभय.*] प्राप्त गर्नु। लट्— **विन्दति-ते—** प्राप्त गर्छ। लिट्— **विवेद-विविदे—** प्राप्त गरेछ (अन.)। लुट्— **वेत्ता—** प्राप्त गर्ने छ (अन.)। लृट्— **वेत्स्यति-ते—** प्राप्त गर्ने छ। लोट्— **विन्दतु-ताम्—** प्राप्त गरोस्। लङ्— **अविन्दत्-त—** प्राप्त गऱ्यो (अन.)। विधिलिङ्— **विन्देत्-त—**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by ...

प्राप्त गर्ला, प्राप्त गरोस्। आशीर्लिङ्– **विद्यात्-वित्सीष्ट–** प्राप्त गरोस्। लुङ्– **अविदत्-अवित्त–** प्राप्त गऱ्यो। लृङ्– **अवेदिष्यत्-त–** प्राप्त गर्ने थियो इत्यादि।

विद्वच्छिरोमणिः (पुं.) [*विदुषां शिरोमणिरिव, ष.त.*] विद्वान् व्यक्तिलाई दिइने एक उपाधि।

विद्वज्जनः (पुं.) [*विद्वान् चासौ जनश्च, कर्म.स.*] विद्वान् व्यक्ति।

विद्वत्कल्पः (पुं.वि.) [*अल्पो विद्वान्, ईषदसमाप्तौ कल्पब्देश्यदेशीयरः ५.३.६७ इति कल्पप्*] थोरबहुत पढेको/कम अध्ययन गरेको।

विद्वत्ता (स्त्री.) [*विदुषो भावः, तस्य भावस्वतलौ ५.१.११९, इति तल्, टप्*] विद्वान् हुनाको भाव/पाण्डित्य।

विद्वत्परिषद् (स्त्री.) [*विदुषां परिषद्, ष.त.*] विद्वान्हरूको समिति।

विद्वद्देशीयः (पुं.वि.) [*अल्पो विद्वान्, ईषदसमाप्तौ कल्पब्देश्यदेशीयरः ५.३.६७ इति देशीयर्*] थोरबहुत पढेको/कम अध्ययन गरेको।

विद्वद्देश्यः (पुं.वि.) [*अल्पो विद्वान्, ईषदसमाप्तौ कल्पब्देश्यदेशीयरः ५.३.६७ इति देश्यः*] थोरबहुत पढेको/कम अध्ययन गरेको।

विद्वान् (पुं.वि.) [*वेत्तीति, विद ज्ञाने इति धातोः, लटः स्थाने शतृ ३.२.१२४ विदे शतुर्वसुः ७.१.३६ इति वसुप्रत्ययः*] १.शिक्षित/धेरै विद्या हासिल गरेको २.अध्यात्म विद्याको ज्ञान प्राप्त गरेको। **विद्वाञ् ज्ञानिनि धीरे च विद्वानध्यात्मवेदके।** (धरणि.) **विद्वानात्मविदि प्राज्ञे पण्डिते चाभिधेयवत्** (विश्व.)।

विद्वेषः (पुं.) [*विद्वेषणम्, विपूर्वकाद् द्विष अप्रीतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] शत्रुता/वैरभाव/विरोध।

विद्वेषकः (पुं.वि.) [*विद्वेष्टीति विपूर्वकाद् द्विष अप्रीतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] विद्वेष गर्ने/वैमनस्य गर्ने/विद्वेषी।

विद्वेषणम् (नपुं.) [*विपूर्वकाद् द्विष अप्रीतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] दुई थरीका बिचमा वैरभाव ल्याउने काम/शत्रुता/वैरता।

विद्वेषी (पुं.वि.) [*विशेषेण द्वेष्टि, णिनिः, विद्वेषोऽस्यास्ति वा इनिः*] शत्रु/विरोधी। **अपरे स्वल्पविज्ञाना धर्मविद्वेषिणो नराः। ब्राह्मणान् वेदविदुषो नेच्छन्ति परिसर्पितुम्॥** (म.भा.१३.१४५.५८)

विध (धा.) [*विधाने,अनेकार्थकतया छिद्रकरणेऽप्ययम्, सक.सेट् पर.*] नियमित बनाउनु, छिद्र पार्नु। लट्– **विधति–** नियमित बनाउँछ, छिद्र पार्छ इत्यादि। **विधति वेधा जगत्** (दुर्गादास) **विधितछिद्रितौ विद्धे** (अमर.)।

विधर्मः (पुं.) [*विपरीतो धर्मः, प्रादिस.*] आफुले मानेको धर्मदेखि भिन्न धर्म/परधर्म।

विधवनम् [*विपूर्वकाद् धूञ् कम्पने इति धातोर्भावे ल्युट् अनः*] कम्पन।

विधवा (स्त्री.) [*विगतो धवो यस्याः सा, बहु.स.*] पति मरेकी स्त्री।

विधा (स्त्री.) १.[*विधीयतेऽनया, डुधाञ् धारणपोषणयोः इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] ज्याला, तलब, पारिश्रमिक आदि २.[*विधानम्, विपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, पूर्ववत् ३.३.१०६ अङ्, टाप् ४.१.४*] १.विधि २.प्रकार ३.गणान्न (मेदिनी.) ४.कर्म ३.[*विधीयतेऽनया, डुधाञ् धारणपोषणयोः, इति धातोः, पूर्ववत् ३.३.१०६ अङ्, टाप् ४.१.४*] वाङ्मयको कुनै एक भेद। जस्तै– कविता विधा।

विधाता (पुं.) [*विदधाति, विपूर्वकाद् डु धाञ् धारणपोषणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.व्यवस्था गर्ने प्रबन्धक २.सृष्टिकर्ता/ब्रह्मा/निर्माता ३.विष्णु ४.महेश्वर ५.कामदेव ६.(पुं.वि.) विहित कर्मको अनुष्ठान गर्ने।

विधानज्ञः (पुं.वि.) [*विधानं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपुर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.शास्त्रज्ञ २.ऐन-कानुनका ज्ञाता/संविधानको विशेषज्ञ ३.काम, काज गर्न सिपालु।

विधानतः (अव्य.) [*तसिल्*] १.शास्त्रअनुसार २.कानुनअनुसार।

विधानपरिषद् (स्त्री.) [*विधानस्य परिषद्, ष.त.*] विधान बनाउने परिषद्/नियम, कानुन, विधान आदि बनाउनका लागि सर्वसाधारण वयस्कहरूबाट चुनिएका व्यक्तिहरूको सभा/विधानसभा।

विधानम् (नपुं.) [*विपूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, भावे करणे वा ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.विधि। **यदा तु यानमातिष्ठेद् परराष्ट्रं प्रति प्रभुः। तदानेन विधानेन यायादरिपुरं शनैः॥** (मनु.७.१८१) २.हात्तीको गाँसविशेष ३.करण ४.नाटकको एक अङ्ग। **सुखदुःखकृतो योऽर्थस्तद् विधानमिति स्मृतम्।** (सा.द. ६ परि.) ५.वेदादि शास्त्र। **त्वमेको ह्यस्य सर्वस्य विधानस्य स्वयंभुवः। अचिन्त्यस्याप्रमेयस्य कार्यतत्त्वार्थवित्प्रभो** (मनु १.२) ६. राज्यको विधानसभाद्वारा स्वीकृत कुनै नियम/ व्यवस्था वा विधि वा नियमहरूको समुदाय/ऐन ७.कुनै कामकाजको व्यवस्था वा प्रबन्धपद्धति।

विधानवादः (पुं.) [*विधानस्य वादः, ष.त.*] संविधानवाद।

विधानशास्त्रम् (नपुं.) [*विधानस्य शास्त्रम्, ष.त.*] न्यायशास्त्र।

विधानसंसद् (स्त्री.) [*विधानस्य संसद्, ष.त.*] विधेयक पास गर्नका निम्ति जनताबाट चुनिएर गठन भएको सभा/प्रतिनिधि सभा।

विधानसभा (स्त्री.) [*विधानस्य सभा, ष.त.*] राज्यका लागि विधान बनाउने आयव्यय स्वीकार गर्ने र शासन कार्यको नियन्त्रण गर्ने जनप्रतिनिधिहरूको सभा।

विधायकः (पुं.वि.) [*विदधाति, विपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] १.विधान बनाउने/कानुन बनाउने २.व्यवस्थापक/प्रबन्धक ३.रचयिता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधायनम् (नपुं.) [*विपूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः युक्*] विधान बनाउने काम/प्रतिनिधि– सभा आदिद्वारा हुने विधेयकसम्बन्धी कार्य।

विधायिका (स्त्री.) [*विदधाति, विपूर्वकाद् धाधातोःण्वुल्, अकः, युक्, टाप्, इत्वम्*] १.निर्वाचित जनप्रतिनिधिहरूको सभा, व्यवस्थापिका २.रचना गर्ने महिला। **~कार्यम्** (नपुं.) [*विधायिकायाः कार्यम्, ष.त.*] राष्ट्रसञ्चालनका लागि आवश्यक विधान बनाउने, संशोधन गर्ने, सरकारले प्रस्तुत गरेको वार्षिक बजेट पास गर्नेजस्ता काम।

विधिः (पुं.) [*विधत्ते इति, उपसर्गे घोः किः ३.३.९२ इति किः, यद्वा बाहुलकात् ३.३.११३ कर्तरि किः, यद्वा विध विधाने इति धातोः, इगुपधात्कित् (उ.) इति इन्, कित्वान्न गुणः*] १.काम गर्ने परिपाटी/रीति/पद्धति/व्यवस्था २.काम गर्ने नियम ३.धर्मशास्त्र वा प्रमाणिक ग्रन्थहरूमा उल्लिखित नियम/शास्त्रीय विधान ४.[*विदधाति विश्वम्*] सृष्टिकर्ता ५.भाग्य/प्रारब्ध ६.एक गौण अर्थालङ्कार। प्रसिद्ध भएको वस्तुलाई चमत्कारपूर्ण ढङ्गबाट फेरि वर्णन गर्नु विधि अलङ्कार हो। **सिद्धस्यैव विधानं यत्तमाहुर्विध्यलंकृतम्** (कुव. ९९)। **~ग्राह्यमुद्रा** (स्त्री.) [*विधिवत् ग्राह्या चासौ मुद्रा, कर्म.स.*] कानुनअनुसार ऋण चुक्ता गर्नका लागि लिइएको मुद्रा। **~निषेधः** (पुं.) [*विधेर्निषेधः, ष.त.*] कुनै काम गर्न कानुन वा धर्मशास्त्रद्वारा गरिएको निषेध। **~पालकः** (पुं.वि.) [*विधेः पालकः, ष.त.*] राज्यको कानुनको पालन गर्दै जीवनपालन गर्ने नागरिक। **~भङ्गः** (पुं.) [*विधेर्भङ्गः, ष.त.*] कानुनको उपेक्षा/विधिविरोधी काम/कार्यद्वारा विधिको उल्लङ्घन। **~मान्यः** (पुं.वि.) [*विधेर्मान्यः, ष.त.*] विधि वा कानुनले मान्यता दिएको/कानुनले मानेको/कानुनमा बाधा नपर्ने। **~विडम्बना** (स्त्री.) [*विधेर्विडम्बना, ष.त.*] भाग्यको छल वा धोका। **~विडम्बितः** (पुं.वि.) [*विधिना विडम्बितः, तृ.त.*] भाग्यले ठगिएको वा भुक्याइएको। **~विधानम्** (नपुं.) [*विधेर्विधानम्, ष.त.*] १.ऐन–कानुनको व्यवस्था २.भाग्यको लेखाजोखा। **~विपर्ययः** (पुं.) [*विधेर्विपर्ययः, ष.त.*] १.कानुनको विपरीत वा उल्टो कार्य २.भाग्यको विपरीत गति/प्रारब्धको प्रतिकूलता/दुर्भाग्य। **~विहितः** (पुं.वि.) [*विधिना विहितः, तृ.त.*] १.कानुन वा नियमअनुसारको/विधिविधानअनुसार गरिएको/विधिपूर्वक गरिएको २.भाग्यानुसार भएको।

विधिज्ञः (पुं.वि.) [*विधिं जानाति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] विधान जान्ने/विधि वा नियमका ज्ञाता।

विधित्सा (स्त्री.) [*विधातुमिच्छा, विपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, सनि अ प्रत्ययात् ३.३.१०२ इत्यः, टाप् ४.१.४*] गर्ने इच्छा।

विधिदर्शिनः (पुं.बहु.) [*विधिं द्रष्टुं शीलं येषां ते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, न्यूनाधिक विचारका ऋत्विग्विशेष*] यज्ञको विधि पूरा गर्न जान्ने।

विधिभङ्गः (पु.) [*विधेर्भङ्गः, ष.त.*] कानुनको उल्लङ्घन/नियमविपरीतता।

विधिवत् (अव्य.) [*विधिमर्हति, तदर्हम् ५.१.११७ इति वतिः*] विधि-अनुसार/नियमअनुसार/विधिपूर्वक/कानुनअनुसार। **तमर्चयित्वा विधिवद् विधिज्ञः** (रघु.)।

विधिवशात् (अव्य.) [*विधेर्वशात्, ष.त.*] संयोगवश/अचानक/भाग्यवशात्।

विधिविहितः (पुं.वि.) [*विधिना विहितः, तृ.त.*] १.विधिपूर्वक भएको २.कानुनसम्मत गरिएको।

विधुः (पुं.) [*विरहिणं दिवसं वा विध्यतीति, व्यध ताडने इति धातोः, पृभिदिव्यधिगृधिधृषिभ्यः (उ.) इति कुः, ग्रहिज्येति संप्रसारणम्, यद्वा विध्यत्यसुरान्, यद्वा विशेषेण धयन्त्येनं सुराः, धेट् पाने इति धातोः, बाहुलकात्कुः*] १.चन्द्रमा २.कपूर ३.विष्णु ४.राक्षस। **विधुः शशाङ्के कर्पूरे हृषीकेशे च राक्षसे** (मेदिनी.)। **~लेखा** (स्त्री.) [*विधो लेखा, ष.त.*] चन्द्रमा वरिपरि लाग्ने घेरा। **~वदनः** (पुं.वि.) [*विधुरिव वदनं यस्य सः, बहु.स.*] चन्द्रमाको जस्तो अनुहार भएको। **~वदनी** (स्त्री.) [*विधुरिव वदनं यस्याः सा, बहु.स.*] अतिशय राम्री स्त्री/चन्द्रमुखी।

विधुतः (पुं.वि.) [*विपूर्वकाद् धुञ् कम्पने इति धातो क्तः*] हल्लेको।

विधुननम् (नपुं.) [*विपूर्वकात् धुञ् कम्पने इति धातोः णिचि ल्युट् च इति ल्युट्, अनः,णिलोपः धुञ्प्रिञो (वा.) इति नुडागमः*] हल्लाउने काम।

विधुन्तुदः (पुं.) [*विधुं तुदति, तुद व्यथने इति धातोः, विध्वरुषोस्तुदः ३.२.३५ इति खश्, अरुर्द्विषदजन्तस्य मुम् ६.३.६७ इति मुम्*] १.राहु २.पृथ्वीको छाया वा चन्द्र र पृथ्वीको पात।

विधुरः (पुं.) [*व्यथते बिभेति यस्मात् सः, व्यथ भय सञ्चलनयोः इति धातोः व्यथेः संप्रसारणं किच्च इति सूत्रेण उरच्, सम्प्रसारणञ्च, थकारस्य धकारश्च*] १.चोर २.राक्षस। **विधुरश्चोररक्षसोः**। (मेदिनी.) ३.(पुं.वि.) [*विध्यते पीड्यते इति, व्यधेः संप्रसारणम्, कुरच् च*] पत्नी मरेको व्यक्ति।

विधुरदर्शनम् (नपुं.) [*विधुरस्य दर्शनम्, ष.त.*] डरलाग्दो वा आपत्तिजनक कुरो देखिनु/भयानक दृश्य/अशान्ति।

विधुरम् (नपुं.) [*विगता धूः कार्यभारः, ऋक्पूर् ५.४.७४ इत्यः*] परिवार तथा प्रेमीजनबाट छुट्टिने काम।

विधुरविवाहः (पुं.) [*विधुरस्य विवाहः, ष.त.*] पत्नी मरेपछि पतिबाट फेरि गरिने विवाह/अर्को बिहे।

विधुरा (स्त्री.) [*विगता धूः अग्रो श्रेष्ठो वा यस्या ऋक्पूरब्धूः ५.४.७४ इत्यः, टाप् ४.१.४*] पति नभएकी आइमाई/विधवा महिला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधुवनम् (नपुं.) [*धुञ् कम्पने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् गाङ्कुटादिभ्यः १.२.१ इति ङित्त्वाद् गुणाभावः*] हल्लाउने काम।

विधूतः (पुं.) [*विधूयते स्म, विपूर्वकाद् धूञ् विधूनने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हल्लाइएको/डोलाइएको/कम्पित।

विधूननम् (नपुं.) [*विपूर्वकाद् धूञ् कम्पने इति धातोः, धूञ्प्रीञो (वा.) ७.३.३७ इति नुक्, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] हल्लाउने काम।

विधृतः (पुं.वि.) [*विपूर्वकाद् धृञ् धारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.समातिएको २.धारण गरिएको।

विधेयः (पुं.वि.) [*विधातुं योग्यः, विपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः ७.३.८४*] १.गर्न योग्य। **कुत्र विधेयो यत्नो विद्याभ्यासे सदौषधौ दाने।** (सुभा.) २.विधिजन्य बोधविषय ३.[*विधिमर्हति,अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] नियम मान्नै पर्ने, गर्नै पर्ने।

विधेयकः (पुं.) [*विधेय एव, स्वार्थे कन्*] विधायिका सभामा पेस गरिने विधान वा ऐनको मस्यौदा।

विध्यः (पुं.) [*विध्यते स्म, व्यध ताडने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.छेडिएको २.घाउ लगाइएको ३.फ्याँकिएको ४.बाँधिएको। **विद्धं स्याद्वेधितं क्षिप्ते सदृशे बाधिते त्रिषु।** (विश्व.मेदिनी.)

विध्यङ्कमाला (स्त्री.) प्रत्येक पाउमा तीन तगण र दुई गुरुवर्ण प्रयोग भएको छन्द। **विध्यङ्कमाला भवेत्तौ तगौ गः** (छन्दो.)।

विध्यनुकूलम् (नपुं.) [*विधेरनुकूलम्, ष.त.*] १.कानुन वा विधिका दृष्टिमा कुनै त्रुटि नभएको २.कानुन वा विधिको राम्रो सित पालन वा अनुसरण गरिएको।

विध्वंसः (पुं.) [*विध्वंसनम्, विपूर्वकद् ध्वंसु धातोः भावे ३.३.१८ इति घञ्*] विनाश/उपद्रव/उत्पात।

विध्वंसकः (पुं.वि.) [*विध्वंसयति, विपूर्वकाद् ध्वंसु अव स्रंसने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] नाश गर्ने/नाश पार्ने/विध्वंस गर्ने/विध्वंसी/विध्वंसकारी।

विध्वंसनम् (नपुं.) [*विपूर्वकाद् ध्वंसु अवस्रंसने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] विनाश/सत्यानाश/उपद्रव/उत्पात।

विध्वस्तः (पुं.वि.) [*विपूर्वकाद् ध्वंसु अवस्रंसने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अनुनासिक लोपः*] विध्वंस भएको/ विनष्ट/ सर्वनाश भएको।

विनतः (पुं.वि.) [*विनम्यते स्म, विपूर्वकाद् णम प्रह्वत्वे शब्दे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः अनुनासिकलोपः*] नुहेको/ झुकेको/विनम्र/विनयी।

विनता (स्त्री.) [*विशेषेण नता, प्रादिस.*] १.कश्यप ऋषिकी पत्नी २.नम्र स्त्री ३.नुहेकी।

विनतिः (स्त्री.) [*विनमनम्, विपूर्वकाद् णम प्रह्वत्वे शब्दे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.विनय/नम्रता २.फिराद/उजुर ३.नम्रतापूर्वकको प्रार्थना/निवेदन/बिन्ती।

विनतोदरः (पुं.वि.) [*विनतमुदरं यस्य सः, बहु.स.*] कुप्रे/कुप्रो परेको।

विनयः (पुं.) [*विशिष्ये नयः, कर्म.स.*] १.नम्रता/शिष्टता/विनयन २.[*विशिष्टो नयो यस्य सः, बहु.स.*] विनयी। **~पिटकम्** (नपुं.) [*विनयस्य पिटकम्, ष.त.*] भिक्षुहरूको अनुशासन–सम्बन्धी नियम लेखिएको बौद्ध ग्रन्थ/त्रिपिटकमध्ये एक पिटक। **~शीलः** (पुं.वि.) [*विनय एव शीलं यस्य सः, बहु.स.*] नम्र स्वभावको/विनयी/विनयवान्/सुशील।

विनयग्राही (पुं.) [*प्रवृत्तौ निवृत्तौ वा विनयं ग्रहीतुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अह्राएको मान्ने।

विनश्वरः (पुं.वि.) [*विपूर्वकाद् णश अदर्शने इति धातोः, इण्णाशि–जिसर्तिभ्यः क्वरप् ३.२.१६३ इति क्वरप्*] नाश हुने/ नाशवान्।

विनष्टः (पुं.वि.) [*विनश्यति स्म, विपूर्वकाद् णश अदर्शने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] विनाश भएको/विध्वस्त/ सर्वनाश भएको/विकृत।

विना (अव्य.) [*विनञ्भ्यां नानञौ न सह ५.२.२७ इति नाप्रत्ययः*] अभाव, रहित आदि अर्थ बुझाउने शब्द।

विनायकः (पुं.) [*विगतो नायको यस्य सः, बहु.स., विशिष्टो नायकः, प्रादिस., यद्वा विनयत्यनुशास्ति, णीञ् प्रापणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिराया–देशश्च*] १.नेता २.नायक ३.गणेश/गणपति/गणनायक। काठमाडौं उपत्यकाभित्रका प्रसिद्ध चार विनायक— सूर्यविनायक, अशोकविनायक, चन्द्रविनायक र जलविनायक ४.बृहस्पति ५.सर्पविशेष ६.बुद्ध।

विनाशः (पुं.) [*विशिष्ये नाशः प्रादिस., यद्वा विनशनम्, विपूर्वकाद् णश अदर्शने इति धातोः, भावे ३.३.१८ इति घञ्*] ठुलो बरबादी/ सत्यनाश/बिगार/भताभुङ्ग हुनु।

विनाशकः (पुं.वि.) [*विनाशयतीति, विपूर्वकाद् णश अदर्शने इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१.इत्यकः*] नाश गर्ने/नष्ट पार्ने/विध्वंसक/बिगार्ने/ विनाशक।

विनाशोन्मुखः (पुं.वि.) [*विनाशे उन्मुखः*] नाश हुन लागेको/बिग्रन लागेको/नष्ट हुँदै गएको।

विनाशोन्मुखम् (नपुं.) [*विनशनं विनाशः, भावे ३.३१८ इति घञ्, उद्गतं मुखमारम्भोऽस्य, उन्मुखः, विनाशे उन्मुखम्*] १.पाकेर गल्न ठिक परेको २.अवनतितिर लागेको।

विनासा (स्त्री.) [*विगता नासा नासिका यस्याः सा, बहु.स.*] नकटी/नाक काटिएकी। **घोणा नासा च नासिका** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनिःसरणम् (नपुं.) [*वि—निस्पूर्वकात् सृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बाहिर जाने काम/निस्कने काम।

विनिःसृतः (पुं.वि.) [*विनिस्सरति स्म, वि—निस्पूर्वकात् सृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] बाहिर गएको/ निस्केको।

विनिगमकः (पुं.वि.) [*विनिगमयति, वि—निपूर्वकाद् गम्लृ गतौ इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, ततः स्वार्थे कन्*] दुई पक्षमध्ये एकलाई सिद्ध गर्ने।

विनिगमना (पुं.) [*विनिगमनम्, वि—निपूर्वकाद् गम्लृ गतौ इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.११७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] तर्क वा शास्त्रार्थमा दुई पक्षमा एक पक्षलाई युक्तिपूर्वक सिद्ध गर्ने काम।

विनिद्रः (पुं.वि.) [*विगता निद्रा यस्मात् सः, बहु.स.*] १.ननिदाएको/ जाग्रत २.फुलेको।

विनिपातः (पुं.) [*विशिष्टो निपातः, प्रादिस.*] १.खस्ने काम/ गिराइ/पतन २.विनाश/ध्वंस/सङ्कट/आपत्ति।

विनिपातकः (पुं.वि.) [*विनिपातयति, वि—निपूर्वकात् पत्लृ गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] नाश गर्ने/विध्वंसकारी।

विनिपातनम् (नपुं.) [*वि—निपूर्वकात् पत्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] गर्भ तुहाउने काम।

विनिमयः (पुं.) [*विनिमयनम्, वि—निपूर्वकात् मिञ् धातोः, एरच् ३.३.५६ इत्यच्, गुणायादेशौ*] एक चिज दिएर अर्को चिज लिने काम/साटफेर/मुद्राको सटही/अदलीबदली **~अधिकोषः** (पुं.) [*विनिमयस्य अधिकोषः, ष.त.*] एक देशको मुद्राको सट्टामा अर्को देशको मुद्रा दिने वा बाहिर पठाउने आदि काम गर्न बनेको बैंक। **~नियन्त्रणम्** (नपुं.) [*विनिमयस्य नियन्त्रणम्, ष.त.*] मुद्राको खरीद बिक्रीमा हुने नियन्त्रण। **~मूल्यम्** (नपुं.) सटही दर वा मूल्य।

विनिमयीकरणम् (नपुं.) [*अविनिमयो विनिमयो यथा सम्पद्यते तथा करणम्, च्विः, ईत्वम्*] सटही गर्ने काम।

विनियन्त्रणम् (नपुं.) [*नियन्त्रणाद् विगतम्, प्रादि स.*] कन्ट्रोल व्यवस्था खारेज गर्ने काम/नियन्त्रण वा बन्धन हटाइदिने काम।

विनियमः (पुं.) [*विशिष्टो नियमः, प्रादिस.*] कुनै संस्था आदिको कार्य सञ्चालनका नमित्त मूल कानुन र नियमको अधीनमा रही बनाइएको नियम/उपनियम।

विनियमनम् (नपुं.) [*वि—निपूर्वकात् यम धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.नियम बनाएर नियन्त्रण गर्ने काम २.धेरै बढ्न नदिने काम।

विनियतः (पुं.वि.) [*विशिष्टः नियतः, प्रादिस.*] नियन्त्रणमा राखिएको/नियन्त्रित।

विनियुक्तिः (स्त्री.) [*विनियोजनम्, वि—निपूर्वकात् युजिर् योगे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] विनियोजन गर्ने काम।

विनियोगः (पुं.) [*विनियोजनम्, वि—निपूर्वकात् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै काममा धन लगाउनु २.उपयोग ३.प्रेषण/पठाउने काम ४.वैदिक कृत्यमा मन्त्र प्रयोग गर्नुभन्दा पहिले गरिने कार्य। **~विधेयकः** (पुं.) [*विनियोगसम्बद्धो विधेयकः, म.प.स.*] राजस्वको कति-कति अंश कुन-कुन विभागमा खर्च गरिन्छ भनी लेखिएको विधेयक।

विनियोजकः (पुं.वि.) [*विनियोजयति, वि—निपूर्वकात् युजिर योगे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.काममा लगाउने/उपयोग गर्ने २.कुनै काममा धन वा सम्पत्तिको विनियोजन गर्ने।

विनियोजनम् (नपुं.) [*वि—निपूर्वकात् युजिर योगे इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.काममा लगाउनु/उपयोग गर्नु २.कुनै काममा धनसम्पत्ति आदिलाई खर्चका लागि विनियोजन गर्नु। **~विधेयकः** (पुं.) [*विनियोजनस्य विधेयकः, ष.त.*] सरकारी अङ्गहरूले वर्षभरिमा अथवा अरू कुनै निश्चित अवधिभित्र यस-यस काममा यति-यति रकमसम्म खर्च गर्न सकिन्छ भनी अधिकार प्रदान गर्ने विधेयक।

विनियोजितः (पुं.वि.) [*विशेषेण नियोजितः, प्रादिस.*] १.काममा लगाइएको २.खर्चका लागि छुट्ट्याइएको।

विनियोज्यः (पुं.वि.) [*विनियोक्तुमर्हः, वि—निपूर्वकात् युजिर् योगे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.काममा लगाउन योग्य/उपयोग गर्न योग्य २.कुनै सरकारी निकाय वा संस्थाको वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि रकम छुट्ट्याउन योग्य।

विनिर्गतः (पुं.वि.) [*विनिर्गच्छति स्म, वि—निपूर्वकाद् गम्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.बाहिर गएको/ निस्केको २.बन्धनबाट छुटेको/मुक्त।

विनिर्गमनम् (नपुं.) [*वि—निर्पूर्वकाद् गम्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनकौ ७.१.१ इत्यनः*] बाहिर जानु/निस्कनु।

विनिर्णयः (पुं.) [*विशिष्टो निर्णयः, प्रादिस.*] पूर्णरूपले वा राम्ररी गरिएको निर्णय।

विनिर्णीतः (पुं.वि.) [*विशेषेण निर्णीतः, प्रादिस.*] राम्ररी निर्णय गरिएको/पूर्णरूपले निश्चित।

विनिर्देशः (पुं.) [*विनिर्देशनम्, वि—निर् पूर्वकाद् दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] निश्चितरूपले कुनै कुरा आदेश वा निर्देशन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization...

विनिर्धूतः (पु.वि.) [*विशेषेण निर्धूतः*] दुरवस्थामा पुगेको ।

विनिर्भयः (पुं.वि.) [*विशेषेण निर्गतं भयं यस्मात् सः, बहु.स.*] १.पटक्कै नडराउने २.(पुं.) साध्यगणविशेष ।

विनिर्मुक्तः (पुं.वि.) [*विशेषेण निर्मुक्तः, प्रादिस.*] बन्धनमुक्त गरिएको/ छोडिएको/निस्केको/फुकेको ।

विनिर्मोकः (पुं.) १.व्यतिरेक २.(पुं.वि.) काँकुलीरहित ।

विनिवृत्तः (पुं.वि.) [*विशेषेण निवृत्तः, प्रादिस.*] १.फर्केको/फिर्ता आएको वा हटाइएको २.समाप्त ३.निष्पन्न ।

विनिवेशः (पुं.) [*विनिवेशनम्, विनिपूर्वकाद् विश प्रवेशे इति धातोः, भावे ३.३.३१८ इति घञ्*] पस्ने काम/प्रवेश ।

विनिश्चयः (पुं.) [*विनिश्चयनम्, वि–निस्पूर्वकाद् चिञ् चयने इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इति अप्.*] १.कुनै सभा आदिमा विशेषरूपले केही निर्णय गर्ने काम । **समौ निर्णयनिश्चयौ** (अमर.) । २.कुनै प्रश्नको शङ्का–समाधान ३.अठोट ।

विनिहतः (पुं.वि.) [*वि–निपूर्वकाद् हन् धातोः क्तः*] विनष्ट ।

विनीतः (पुं.वि.) [*विनीयते स्म, विपूर्वकाद् णीञ् प्रापणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.विनम्र/विनयी/शिष्ट । **विनीतस्तु सुतो जातः कथं न पुरुषोत्तमः** । (सुभा.) २.संयमी/जितेन्द्रिय ३.(पुं.) व्यापारी ४.(पुं.) घोडाविशेष । **विनीतस्तु निभृते निर्जितेन्द्रिये । वाणिजे साधुवाह्यश्चे विनयग्राहिते हिते** (हैम.) ।

विनोक्तिः (स्त्री.) [*विनाशब्देन उक्तिः, म.प.स.*] सादृश्यगर्भ गम्योपम्याश्रय वर्गको अर्थालङ्कार । जहाँ एक विना अर्को शोभा हुँदैन भन्ने विषयको वर्णन गरिएको हुन्छ, त्यहाँ यो अलङ्कार पर्छ । **यद्विनान्येन नासाध्वन्यदसाधु वा** (सा.द. १०.५६) ।

विनोदः (पुं.) [*विनोदनम्, विपूर्वकाद् णुद प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मनलाई आनन्द दिने काम वा कुरो/मनोरञ्जन ।

काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम् ।
व्यसनेन च मूर्खाणां निद्रया कलहेन वा ॥ (हितो.)

२.ख्यालठट्टा ३.खेल/क्रीडा ४.आलिङ्गनविशेष । नायकले नायिकाको दायाँ गोडा वा बायाँ गोडालाई आफ्नो मध्यभागमा र आफ्नो दायाँ गोडा वा बायाँ गोडालाई नायिकाको मध्यभागमा राखेर छातीमा छाती तथा ओठमा ओठ जोडेर गरिने आलिङ्गन ५.राजदरबारविशेष ।

विन्दवः (पुं.) [*विन्दति, बिदि अवयवे इति धातोः, बाहुलकादुः*] १.पानीका थोप्ला २.दुई आँखीभौंका बिचको भाग ३.नाटकमा पाइने कथाको दोस्रो अवस्थालाई जोड्ने तत्त्व ४.थोपो आकारको चिह्न ५.बुँदा ।

विन्दुरेखा (स्त्री.) [*विन्दुमयी रेखा, विन्दुना कृता रेखा वा, म.प.स*] थोप्लै थोप्लाले बनेको लाइन ।

विन्ध्यः (पुं.) [*विरुद्धं ध्यायति, ध्यै चिन्तायाम् इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, पृषोदरादित्वात् ६.३.१०९ साधुः, यद्वा वि इध्यते, ञि इन्धी दीप्तौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.भारतमा पर्ने एक प्रसिद्ध पर्वत/विन्ध्याचल २.व्याधा । **विन्ध्या स्त्रियां लवल्यां स्यात्पुंसि व्याधाद्रिभेदयोः** (मेदिनी.) ।

विन्ध्यवासिनी (स्त्री.) [*विन्ध्ये वसति, तच्छीला, णिनिः*] यशोदाको गर्भबाट पैदा भएर विन्ध्याचलमा गई बसेकी देवी । **नन्दगोपगृहे जाता यशोदा गर्भसम्भवा । ततस्तौ नाशयिक्ष्यामि विन्ध्याचलनिवासिनी ॥**

(विन्ध्यवासिनी)

(मा.पु.देवी.मा. ११.४२) विन्ध्याचलमा विन्ध्यवासिनीका तीन मन्दिर छन् – विन्ध्यवासिनी (कौशिकी) महाकाली (चामुण्डा) र अष्टभुजा (महासरस्वती) विन्ध्यवासिनीको पश्चिम प्राङ्गणमा द्वादशभुजा भगवती, अर्को मण्डपमा खर्पेश्वर महादेव र दक्षिणतर्फ महाकालीको मूर्ति छ । उत्तरतर्फ धर्मध्वजा नामकी देवी छन् । देवीभागवतअनुसार १०८ शक्तिपीठमा विन्ध्यवासिनी पनि पर्दछ । अलिपर विन्ध्येश्वर महादेव र हनुमान्का मन्दिर छन् । विन्ध्याचलको उत्तर गङ्गाको तटमा विन्ध्येश्वर शिवलिङ्ग छ । विन्ध्यवासिनीबाट केहीपर विन्ध्याचलको शिखर आउँछ, त्यहाँबाट ओर्लिएर तल झरेपछि दुई माइल पर कालीखोह भन्ने ठाउँमा महाकाली भगवतीको मन्दिर छ । देवीको शरीर सानो तर मुख ठुलो छ । यहाँ भैरवस्थान पनि छ । यहाँबाट उकालो लागेर १२५ सिँढी चढेपछि गेरु रङ्गको तलाउ आउँछ । यहाँ श्रीकृष्णको मन्दिर पनि छ । यहाँबाट१०० सिढी माथि सीताकुण्ड छ । त्यसको एकातिर झरना छ भने अर्कातिर अष्टभुजा भगवतीको मन्दिर छ । यसको नजिकै एउटा गुफामा कालीदेवीको मन्दिर छ । त्यस ठाउँबाट अघि बढ्दै जाँदा बाटामा भैरवकुण्ड, भैरव मन्दिर, हनुमान् मन्दिर, रामेश्वर मन्दिर, रामगया आदि मन्दिर तथा तीर्थस्थल भेटिन्छन् । यसका आसपासमा रहने अन्य तीर्थ– सप्तसागर (यहाँ सातओटा साना–साना सरोवर छन्) महावीर (हनुमान्) को मन्दिर आदि ।

विन्ध्याचलः (पुं.) [*विन्ध्यनामा अचलः म.प.स.*] विन्ध्यपर्वत । यस पर्वतदेखि हिमालयसम्मको भूभागलाई आर्यावर्त भन्छि । (मनु.)

विन्नः (पुं.वि.) [*विद्यते स्म, विद विचारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नुदविद ८.२.५५ इति वा नत्वम्*] १.विचार गरिएको २.प्राप्त । **विन्नं विचारिते लब्धे** (विश्व.) **वित्तं क्लीबं घने, वाच्यलिङ्गं ख्याते विचारिते** (मेदिनी.) ।

विन्यस्तः (पुं.वि.) [*विन्यस्यते स्म, वि–निपूर्वकात् असू क्षेपणे धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] राखिएको/जडिएको/जडान गरिएको ।

विन्यासः (पुं.) [*विन्यसनम्, वि–निपूर्वकात् असु क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] राख्ने काम/स्थापना/जड्ने काम/ठिक ठाउँ वा क्रम मिलाएर राख्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपक्त्रिमः (पुं.वि.) [*विपाकेन निर्वृत्तः, विपूर्वकात् डुपचस् पाके इति धातोः, डिवतः क्त्रिः ३.३.८८ इति क्त्रिप्रत्ययः, क्त्रेर्मम् नित्यम्, इति मम्*] खुबसित परिपक्व भएको/पाकेको।

विपक्वम् (नपुं.) [*विपच्यते स्म, विपूर्वकात् पच पाके इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, पचो वः ८.२.५२ इति वः*] १.राम्ररी पाकेको/परिपक्व २.समय पुगेको ३.छिप्पिएको।

विपक्षः (पुं.वि.) [*विरुद्धः पक्षो यस्य सः, बहु.स.*] १.शत्रु/प्रतिपक्ष २.[*विपरीतः पक्षः, प्रादिस.*] प्रतिकूल वा विपरीत पक्ष। ३.न्यायशास्त्रमा साध्य नरहने स्थल ४.[*विविधाः पक्षा यस्य सः, बहु.स.*] विशेष किसिमका पखेटा भएको।

विपञ्चिका (स्त्री.) [*विपञ्चयति विस्तारयति शब्दम्, विपूर्वकात् पचि विस्तारे इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, ततः स्वार्थे कन्, अकारस्येत्वम्*] १.वीणा २.खेल/क्रीडा।

विपञ्ची (स्त्री.) [*विपञ्चयति विस्तारयति शब्दम्, पचि विस्तारे इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.वीणा २.क्रीडा। **विपञ्ची केलिवीणयोः** (मेदिनी.)।

विपणः (पुं.) [*विपणनम्, विपूर्वकात् पण व्यवहारे इति धातोः, भावे ३.३.१८ इति घञ्, संज्ञापूर्वकत्वान्न वृद्धिः खनो घ च ३.३.१२५इति घो वा*] बिक्री।

विपणम् (नपुं.) [*विपूर्वकात् पण व्यवहारे इति धातोः, घञर्थे कः*] खुद्रा व्यापार/चानचुने व्यापार।

विपणिः (पुं.) [*विपणन्तेऽत्र, विपूर्वकात् पण व्यवहारे इति धातोः, इक् कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इक्*] १.हाट–बजार लाग्ने ठाउँ २.पसल ३.बेच्नराखिएका सामान।

विपणी (स्त्री.) [*विपणन्तेऽत्र, विपूर्वकात् पण व्यवहारे इति धातोः, इक् कृष्यादिभ्यः (वा.) ३.३.१०८ इति इक्, कृदिकारादक्तिनः (ग.) ४.१.४५ इति ङीष्*] १.हाट/बजार २.बेच्ने वस्तु ३.पसल **वणिक्पथे च विपणी** (अमर.)।

विपत् (स्त्री.) [*विपदनम्, विपद्यतेऽनया वा सम्पदादिभ्यः क्तिनपीष्यते (वा.) ३.३.१०८ इति क्विप्*] आपत्।

विपत्कालः (पुं.) [*विपदः कालः, ष.त.*] विपद् परेको समय/सङ्कटकाल/दुर्भाग्यले घेरेको समय।

विपत्पातः (पुं.) [*वियदः पातः, ष.त.*] आइपरेको विपत्ति।

न ज्ञातुं नाप्यनुज्ञातुं नेक्षितुं नाप्युपेक्षितुम्।
स्वजनः स्वजने जातं विपत्पातं समीहते॥ (सुभा.)

विपत्तिः (स्त्री.) [*विपदनम्, विपद्यतेऽनया वा संपदादिभ्यः क्तिनपीष्यते (वा.) ३.३.१०८ इति क्तिन्*] सङ्कट/आपत्ति/विपत्ति/आपद्/विपद/ठुलो हानि हुने घटना।

विपत्तौ किं विषादेन सम्पत्तौ हर्षणेन किम्।
भवितव्यं भवत्येव कर्मणामीदृशी गतिः॥ (सुभा.)

विपत्रम् (नपुं.) [*विशिष्टं पत्रम्, प्रादिस.*] हुन्डी/यसमा अमुक तिथिसम्म भुक्तानी दिइन्छ भनी लेखिएको हुन्छ/किनिएको वा कहीबाट मगाएको मालको मूल्य चुक्ता गर्न जारी गरेको लिखित पत्र/विनिमय पत्र।

विपत्नीकः (पुं.) [*विगता पत्नी यस्य सः, बहु.स.*] पत्नी मरेको पुरुष।

विपथः (पुं.) [*विकृतश्चासौ पन्थाश्च, कर्म.स.*] १.खराब बाटो/कुबाटो/कुमार्ग २.[*विपरितश्चासौ पन्थाः, कर्म.स.*] उल्टो बाटो।
~गामी (पुं.वि.) [*विपथे गन्तुं शीलमस्य, गम्+णिनिः*] कुबाटोमा लागेको/कुमार्गी।

विपथः (पुं.) [*विरुद्धः पन्थाः, कर्म.स.*] खराब बाटो/कुबाटो।

विपद् (स्त्री.) विपूर्वकात् पदधातोः क्विप्। विपत्ति। **परिच्छेदो हि पाण्डित्यं यदापन्ना विपत्तयः। अपरिच्छेदकर्तॄणां विपदः स्युः पदे पदे॥** (प.त.)

विपदाक्रान्तः (पुं.वि.) [*विपदा आक्रान्तः, तृ.त.*] विपत्तिमा परेको/सङ्कटग्रस्त।

विपन्नः (पुं.वि.) [*विपद्यते स्म, विपूर्वकात् पद गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] सङ्कटग्रस्त/आपत्तिमा परेको।

विपन्नकः (पुं.वि.) [*विपन्न एव, स्वार्थे कन्*] अभागी/दुर्भाग्यले घेरिएको।

विपन्मुक्तः (पुं.वि.) [*विपदो मुक्तः, प.त.*] विपत्तिदेखि मुक्त भएको।

विपरिधानम् (नपुं.) [*वि–परिपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.समपरिधान/समान पहिरन २.सेना/पुलिस आदि कर्मचारीका लागि निर्धारित विशेष प्रकरको एउटै पहिरन।

विपरीतः (पुं.वि.) [*वि–परिपूर्वकात् इण् गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] उल्टो/बिब्ल्याँटो २.प्रतिकूल/आफ्नो अनुकूल नभएको ३.सोह्रवटा रतिक्रीडाबन्धमध्येको दसौँ क्रीडाबन्ध। एउटा गोडो तिघ्रामा र अर्को गोडो कम्मरमा राखेर स्त्रीजातिसँग गरिने रतिक्रीडा।

पादमेकमूरौ कृत्वा द्वितीयं कटिसंस्थितम्।
नारीषु रमते कामी विपरीतस्तु बन्धकः॥ (रतिमञ्जरी)

विपरीतता (स्त्री.) [*विपरीतस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] पहिले बताएका कुराको उल्टो/विपर्यय।

विपरीतार्थकः (पुं.) [*विपरीतोर्थोऽस्य, बहु.स.*] उल्टो अर्थ दिने।
~शब्दः (पुं.) [*विपरीतोऽर्थो यस्य सः, बहु.स., स चासौश्चशब्दः, कर्म.स.*] उल्टो अर्थ बुझाउने शब्द।

विपर्ययः (पुं.) [*विपर्ययनम्, वि–परिपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.व्यतिक्रम/सिलसिला टुट्नु/क्रमभङ्ग हुनु/उल्टो २.साङ्ख्यशास्त्रमा प्रतिपादित ५ विपर्यय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपर्यस्तः (पुं.) [*विपर्ययस्यते स्म, वि–परिपूर्वकात् असू क्षेपणे इति धातोः क्तः*] १.हेरफेर भएको/परिवर्तित २.उल्ट्यो/विपरीत।

विपर्यासः (पुं.) [*विपर्यसनम्, वि–परिपूर्वकात् असू क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.हेरफेर/अदलीबदली २.प्रतिकूलता/विरुद्धता ३.भाषामा प्रयोग भएका शब्दहरूमा वर्णहरूको उल्ट्येपाल्ट्ये हुने क्रिया। जस्तै नेपालीमा– पतरी > टपरी, पिशाच > पिचास। संस्कृतमा– हिसि > सिंहः।

विपलः (पुं.) [*विभागः पलस्य, प्रादिस.*] एक पलको साठीयौँ भाग/समयको अति सूक्ष्म परिमाण।

विपलायनम् (नपुं.) [*विशिष्टं पलायनम्, प्रादिस.*] विभिन्न दिशातिर भागेर जाने काम/लिग छोड्नु।

विपश्चित् (पुं.) [*विप्रकृष्टं निश्चिनोति, चेतति, चिन्तयति वा, वि–प्रपूर्वकात् चिञ् चयने इति धातोः, चिती संज्ञाने इति धातोर्वा, क्विप् च ३.२.७६ इति क्विप्, पृषोदरादित्वात् ६.३.१०९, रलोपः*] सूक्ष्मदर्शी/विद्वान्।

विपशीबुद्धः (पुं.) [*विपशी इति, बुद्धः, कर्म.स.*] जनश्रुतिअनुसार सत्ययुगमा नेपालमा पदार्पण गर्ने वा आउने एक बुद्ध। **विपशी शिखी विश्वभूः** (अभि.चि.)।

विपाकः (पुं.) [*विपचनम्, विपूर्वकात् पच पाके इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै कामको दुष्परिणम/कर्मफल २.पच्ने काम/हजम हुनु।

विपाद् (स्त्री.) [*विशेषण पाटयति, विपूर्वकात् पट गतौ इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] विपाशा नामक नदी।

विपाटकः (पुं.वि.) [*विशेषेण पाटयति, विपूर्वकात् पट गतौ इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.उखेल्ने २.उक्काउने ३.अपहरण गर्ने।

विपाटनम् (नपुं.) [*विपूर्वकात् पट गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.उखेल्ने काम २.उक्काउने काम ३.अपहरण गर्ने काम।

विपाटितः (पुं.वि.) [*विपाट्यते स्म, विपूर्वकात् पट गतौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.चिरिएको/फारेको/फाटेको २.उखेलिएको ३.अपहरण गरिएको।

विपादिका (स्त्री.) [*विपद्यतेऽनया, विपूर्वकात् पद गतौ इति धातोः, रोगाख्यायां ण्वुल् बहुलम् ३.२.१०८ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] कुर्कुच्चा चिरिने रोग।

विपाशा (स्त्री.) [*पाशं विमोचयति, सत्यापपाश ३.१.२५ इत्यादिना पाशान्मोचने इति णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् टाप् ४.१.४*] १.व्यासा नदी २.पाशबाट मुक्त

विपिनतिलकम् (नपुं.) प्रत्येक पाउमा क्रमैले नगण, सगण, नगण, रगण, रगण प्रयोग भएको छन्द। **विपिनतिलकं नसनरेफयुग्मैर्भवेत्** (छन्दो.)।

विपिनम् (नपुं.) [*वेपते कम्पते यत्र तत्, टुवेपृ कम्पने इति धातोः, वेपितृह्योर्ह्रस्वश्च (उ) .२२० इति इनच्, ह्रस्वश्च, यद्वा विशेषेण पियन्त्यत्र, पि गतौ इति धातोः, बाहुलकान्नक्*] वन/जंगल/घारी/झाडी/बगैँचा/उपवन।

विपुलः (पुं.वि.) [*विपूर्वकात् पुल विस्तारे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] ज्यादै ठुलो/धेरै/ प्रचुर/अधिक/विशाल २.सुमेरु पर्वतको पश्चिममा रहेको एक पहाड **विपुलः पृथुलेऽगाधे मेरुपश्चिमभूधरे** (विश्व.)।

विपुला (स्त्री.) [*विपुलशब्दात्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.पृथ्वी २.विशालता ३.अधिकता/प्राचुर्य ४.आर्या छन्दको एक भेद।

विपुलार्या (स्त्री.) [*विपुला इति आर्या, कर्म.स.*] आर्या छन्दको एक भेद।

विपुलोरस्कः (पुं.वि.) [*विपुलम् उरो यस्य सः, बहु.स., उरःप्रभृतिभ्यः कप् ५.४.१५० इति कप्*] ठुलो वा फराकिलो छाती भएको।

विप्रः (पुं.) [*वपति धर्ममिति, डुवप् बीजसन्ताने इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ.) १९६ इति रक्, इत्वञ्च, यद्वा विप्राति, विपूर्वकात् प्रा पूर्तौ इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः*] १.ब्राह्मण २.मेधावी पुरुष ३.स्तोता।

विप्रकर्षः (पुं.) [*विप्रकर्षणम्, वि–प्रपूर्वकात् कृष विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] टाढा।

विप्रकर्षणम् (नपुं.) [*वि–प्रपूर्वकात् कृष विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] यताउति छरिनु/चारैतिर फिँजिनु।

विप्रकारः (पुं.) [*विप्रकरणम्, वि–प्रपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] अपकार।

विप्रकीर्णः (पुं.वि.) [*विप्रकीर्यते स्म, वि–प्रपूर्वकाद् कॄ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] छरिएको/चारैतिर फिँजिएको।

विप्रकृतः (पुं.वि.) [*विप्रक्रियते स्म, वि–प्रपूर्वकाद् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.तिरस्कृत/अपमानित/अपकार गरिएको/अनिष्ट गरिएको २.शठ। **निकृतं विप्रलब्धे स्याच्छठे विप्रकृते त्रिषु** (विश्व.)।

विप्रकृष्टः (पुं.वि.) [*विप्रकृष्यते स्म, वि–प्रपूर्वकात् कृष विलेखने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.घिसारेर हटाइएको/पर पुऱ्याइएको/फैलाइएको/फिँजाइएको २.[*विप्रकृष्टमस्यास्तीति, अर्शाद्यच्*] टाढारहेको।

विप्रकृष्टम् (नपुं.) [*वि–प्रपूर्वकात् कृष विलेखने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] टाढा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विप्रतिकारः (पुं.) [*विप्रतिकरणम्, वि—प्रतिपूर्वकाद् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.प्रतिशोध/प्रतिहिंसा २.प्रतिक्रिया ३.विरोध ४.खण्डन।

विप्रतिपत्तिः (स्त्री.) [*विपरीता प्रतिपत्तिः, प्रादिस.*] विरोध/मतभेद।

विप्रतिपन्नः (पुं.वि.) [*विप्रतिपद्यते स्म, वि—प्रतिपूर्वकात् पद गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] विवादग्रस्त/परस्परमा विरोध भएको/विफल/व्याकुल।

विप्रतिषेधः (पुं.) [*वि–प्रतिपूर्वकात् षिधधातोः भावे इति घञ्*] परस्पर विरोध। **विप्रतिषेधे परं कार्यम्** (पाणिनि)।

विप्रतीसारः (पुं.) [*विप्रतिसरणम्, वि—प्रतिपूर्वकात् सृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञि— ६.३.१२२ इति वा दीर्घः*] १.पश्चात्ताप २.खराब कृत्यबाट पैदा हुने भावना ३.क्रोध। **विप्रतीसार उद्दिष्टः कौकृत्येऽनुशये रुषि।** (मेदिनी.)। **विप्रतिसारस्त्वनुशये रुषि, कौकृत्ये** (हैम.)।

विप्रदमानः (पुं.वि.) [*विप्रदते इति, विरुद्धोक्तिरूपे व्यक्तवाचां समुच्चारणे विभाषा विप्रलापे १.३.५० इति आत्मनेपदम्, ततः लटः शानच् ३.२.१२४*] परस्पर विवाद गरिरहेको।

विप्रयुक्तः (पुं.वि.) [*विप्रयुज्यते स्म, वि—प्रपूर्वकाद् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] विछोड भएको/वियुक्त/अलग गरिएको/छुट्ट्याइएको।

विप्रयोगः (पुं.) [*विप्रयोजनम्, वि—प्रपूर्वकाद् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पति-पत्नी, नायक-नायिका आदिको बिच विछोड/वियोग २.मतभेद।

विप्रलब्धः (पुं.) [*विप्रलभ्यते स्म, वि—प्रपूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] ठगिएको।

विप्रलब्धा (स्त्री.) [*विप्रलभ्यते स्म, वि—प्रपूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] सङ्केत स्थानमा प्रियका साथ भेट नहुँदा दुःखित भएकी नायिका/प्रेमीद्वारा ठगिएकी नायिका/वञ्चिता।

विप्रलम्भः (पुं.) [*विप्रलम्भनम्, वि—प्रपूर्वकाद् डुलभस् प्राप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्, नुम् च*] १.छल/धोखा २.विछोड/प्रेमी-प्रेमिकाको वियोग। **~शृङ्गारः** (पुं.) [*विप्रलम्भप्रधानः शृङ्गारः, म.प.स.*] नायक-नायिकाको विरहको वर्णन भएको शृङ्गार रसको एक भेद। यो चार किसिमको हुन्छ— १.पूर्वराग (श्रवण वा दर्शनबाट परस्पर प्रेम भएको अवस्था, सङ्गमभन्दा पहिलो अवस्था भएको शृङ्गार) २.मान (प्रेमको अवस्थामा पनि विनाकारण कोप र सौताने ईर्ष्याबाट उत्पन्न क्रोधले भएको अभिमानको अवस्था भएको शृङ्गार) ३.प्रवास (कार्यविशेष, शाप आदि कारणबाट नायक र नायिका भिन्न स्थलमा रहेको अवस्था भएको शृङ्गार) ४.करुण (नायक र नायिका लोकान्तरमा गइसके पनि फेरि समागमको आशा रहिरहँदा हुने शृङ्गार)।

विप्रलापः (पुं.) [*विरुद्धः, प्रलापः, प्रादिस.*] १.विरोध गरेर बोल्नु २.अनर्थक बोली। **विप्रलापो विरुद्धोक्तावनर्थकवचस्यपि** (हैम.)।

विप्रश्निका (स्त्री.) [*विविधः प्रश्नोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४ इत्वम्*] १.जोखना हेर्ने स्त्री २.ज्योतिषशास्त्रकी विदुषी।

विप्रियम् (नपुं.) [*विरुद्धं प्रियम्, प्रादिस.*] १.अपराध २.(पुं.वि.) अप्रिय।

विप्रुषः (स्त्री.) [*प्रुषु दाहे इति धातोः, संपदादिभ्यश्च (वा.) ३.३.१०८ भावे क्विप्, विगता रुद्धा वा प्रुद् दाहोऽस्मात्*] पानीका छिट्रा।

विप्रेषणम् (नपुं.) [*विशेषेण प्रेषणम्, प्रादिस.*] कुनै टाढा रहेको व्यक्तिकहाँ रुपियाँ, पैसा र अरू कुनै वस्तु पठाउने काम/टाढा पठाइने वस्तु।

विप्रेक्षणम् (नपुं.) [*विशेषेण प्रेक्षणम्, प्रादिस.*] चारैतिर हेर्ने काम।

विप्लवः (पुं.) [*विप्लवनम्, विपूर्वकाद् प्लु गतौ इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] १.विरोध/बाजाबाज २.ठुलो आन्दोलन/दङ्गा/अशान्ति/उपद्रव/उत्पात/विद्रोह ३.लुटपिट/चोरी/डकैती ४.प्रलय।

विप्लवकः (पुं.वि.) [*विप्लवते, विपूर्वकाद् प्लु गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] विप्लव गर्ने/विप्लवी/विप्लावक।

विप्लावः (पुं.) [*विप्लवनम्, विपूर्वकाद् प्लु गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पानीमा डुब्ने काम २.घोडाको तीव्र गति ३.विद्रोह/विप्लव।

विप्लावितः (पुं.वि.) [*विप्लाव्यते स्म, विपूवृकाद् प्लु गतौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.पानीले छोपेको/डुबेको २.आपत्ति वा भयमा पारिएको ३.ध्वसिंत/नाश गरिएको।

विप्लुतः (पुं.वि.) [*विप्लूयते स्म, विपूर्वकात् प्लु गतौ इति धातोः क्तः*] १.छरिएको २.आकुल व्याकुल भएको ३.आत्तिएको ४.पानीले छोपेको/डुबेको ५.नष्टभ्रष्ट।

विफलः (पुं.वि.) [*विगतं फलं यस्य सः, बहु.स.*] निष्फल।

विफलीकृतः (पुं.वि.) [*अविफलं विफलं यथा सम्पद्यते तथा कृतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] निष्फल पारिएको।

विबद्धः (पुं.वि.) [*विबध्यते स्म, विपूर्वकाद् बध बन्धने इति धातोः, क्तः, नलोपः*] १.बेसरी कसेर बाँधिएको २.कब्जियत भएको।

विबुद्धः (पुं.वि.) [*विशेषेण बुद्धः, सुप्सुपेति समासः*] १.ज्ञानप्राप्त गरेको/प्रबुद्ध २.ब्युँझेको/जाग्रत ३.चतुर ४.दक्ष।

विबुधः (पुं.) [*विबुध्यन्ते इति, विपूर्वकात् बुध अवगमे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.देवता २.विद्वान्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विबुधाः (पुं.बहु.) [*विशेषेण बुध्यन्ते इति, बुध अवगमने इति धातोः, इगुपधज्ञाप्रीकिरः, कः ३.१.१३५ इति कः*] १.देवता २.विद्वान्। **विबुधो ज्ञे सुरे** (विश्व.), **त्रिदशा विबुधाः सुराः** (अमर.)।

विबोधः (पुं.) [*विबोधनम्, विपूर्वकाद् बुध अवगमने इति धातोः, णिचि भावे ३.३.१८ इति घञ्*] तेत्तिस व्यभिचारिभावमध्ये एक व्यभिचारिभाव। चेतनाको उदय हुनु र निद्रा नलाग्नु।

विबोधनम् (नपुं.) [*विपूर्वकाद् बुध अवगमने इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बिउँझाउनु/जागा गराउनु।

विबोधितः (पुं.वि.) [*विबोध्यते स्म, विपूर्वकाद् बुध अवगमने इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] बिउँझिएको/जागा भएको २.बोध भएको/ज्ञान भएको।

विभङ्गः (पुं.) [*विशिष्टो भङ्गः, प्रादिस.*] १.उर्लेर आएको तरङ्ग/छाल २.भाँचिनु/टुट्नु।

विभक्तः (पुं.वि.) [*विभज्यते स्म, विपूर्वकाद् भज सेवायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] भाग लगाइएको/बाँडिएको/विभाजित/छुट्ट्याइएको।

विभक्तिः (स्त्री.) [*विभजनम्, विपूर्वकाद् भज धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.छुट्ट्याउने वा भाग लगाउने क्रिया २.अंश–बण्डा गर्नु ३.[*विभज्यतेऽनया, पूर्ववत् क्तिन् ३.३.९४*] व्याकरणमा शब्दको भिन्दाभिन्दै रूप र अर्थ प्रकट गर्ने चिह्न वा प्रत्यय। विभक्ति दुई थरी छन्– सुब् विभक्ति र तिङ् विभक्ति। सुब् विभक्ति सात थरी छन्– **प्रथमा–** सु, औ, जस्, **द्वितीया–** अम्, औट्, शस्, **तृतीया–** टा, भ्याम्, भिस्, **चतुर्थी–** ङे, भ्याम्, भ्यस्, **पञ्चमी–** ङसि, भ्याम्, भ्यस्, **षष्ठी–** ङस्, ओस्, आम्, **सप्तमी–** ङि, ओस्, सुप्। तिङ् विभक्ति दुई किसिमको हुन्छ– परस्मैपद र आत्मनेपद। परस्मैपद– **प्रथमपुरुष–** तिप्, तस्, झि, **मध्यमपुरुष–** सिप्, थस्, थ, **उत्तमपुरुष–** मिप्, वस्, मस्। आत्मनेपद–**प्रथमपुरुष–** त, आताम्, झ, **मध्यमपुरुष–** थास्, आथाम्, ध्वम्, **उत्तमपुरुष –** इट्, वहि, महिङ्।

विभग्नः (पुं.वि.) [*विभज्यते स्म, विपूर्वकाद् भञ्ज धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] टुटेफाटेको/भाँचिएको/नाश भएको/ध्वस्त।

विभवः (पुं.) [*वि विशेषो भवति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा विशिष्टो भवत्यनेन, विपूर्वकात् भू सत्तायाम् इति धातोः, ऋदोरप् ३.३.९७ इति अप्*] १.धन/सम्पत्ति। **इच्छानुरूपं विभवो कदा कस्य भविष्यति**। (सुभा.) २.ऐश्वर्य ३.महिमा ४.वडप्पन ५.मुक्ति ६.पराक्रम/शक्ति ७.प्रभव आदि साठ्ठी संवत्सरमध्येको दोस्रो संवत्सर ८.अवतार। विभव अवतारको सङ्ख्या ३९ मानिएको छ। मुक्ति प्राप्तिका निमित्त मुख्य विभव अवतारको भक्तिका निमित्त गौण अवतारको उपासना गरिन्छ। **~शाली** (पुं.वि.) [*विभवेन शालते, शाल्+णिनिः*] १.ऐश्वर्यवान् २.सम्पत्तिशाली/धनवान्।

विभववान् (पुं.वि.) [*विभवोऽस्यास्तीति, अत इतिठनौ ५.२.११५ इति इनिः*] सम्पत्तिशाली/ऐश्वर्यसम्पन्न।

विभा (स्त्री.) [*विभातीति, विपूवर्काद् भा दीप्तौ इति धातोः, क्विप् ३.२.७६ इति क्विप्*] किरण/तेज/प्रभा/क्रान्ति/सौन्दर्य। **~करः** (पुं.) [*विभां करोति, कृ+टच्*] १.सूर्य २.अग्नि।

विभाकरः (पुं.वि.) [*विभां करोति, दिवाविभा ३.२.२१ इति टः*] सूर्य।

विभागः (पुं.) [*विभजनम्, विपूर्वकाद् भज धातोः, भावे ३.३.१८ इति घञ्*] १.बाँड्ने काम २.अंश/भाग ३.अध्याय ४.व्यवस्था मिलाउन सजिलो होस् भनेर छुट्ट्याइएको कामको फाँट वा कार्यक्षेत्र। **~अध्यक्षः** (पुं.) [*विभागस्य अध्यक्षः, ष.त.*] कुनै विभागको अध्यक्ष वा प्रधान अधिकारी/हाकिम/विभागीय प्रमुख।

विभागीयः (पुं.वि.) [*विभागे भवः, विभागस्यायम् वाविभाग+छः (ईयः)*] विभाग सम्बन्धी/विभागसित सम्बन्ध भएको वा विभागको। **~कार्यम्** (नपुं.) [*विभागीयञ्च तत्कार्यञ्च, कर्म.स.*] सरकारको कुनै मन्त्रालयको विभागद्वारा गरिने कामकुरा/सरकारी विभागले गर्ने कामकुरा।

विभागीयादेशः (पुं.) [*विभागीयश्चासौ आदेशश्च, कर्म.स.*] मन्त्रालयभन्दा मुनिको विभागले दिएको आदेश।

विभाजकः (पुं.वि.) [*विभाजयति, विपूर्वकाद् भज धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल् युवोरनाकौ ७.१.१ इत्यकः*] १.बाँड्ने/विभाजन गर्ने/टुक्रा पार्ने/टुक्र्याउने २.(पुं.) भाग लगाउने मानिस/बाँडने मान्छे।

विभाजनम् (नपुं.) [*विपूर्वकाद् भज धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, वृद्धिः*] बाँड्ने काम/भाग लाउने काम। **~घटिका** (स्त्री.) [*विभाजनस्य घटिका, ष.त.*] संसद आदिमा कुनै प्रस्तावका विषयको विवाद सकिएपछि सभाको मत वा विचार जान्न सदस्यहरूलाई आ–आफ्नो स्थान ग्रहण गराई पृथक् पृथक् समूहमा विभक्त हुनका लागि तयार रहन दिइने घण्टी।

विभाज्यः (पुं.वि.) [*विभाजयितुं योग्यः, विपूर्वकाद् भज धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] बाँड्न योग्य/भाग लगाउन लायक।

विभातम् (नपुं.) [*विपूर्वकाद् भा दीप्तौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] बिहानी पखको समय/प्रभात।

विभावः (पुं.) [*विभाव्यतेऽनेन, विपूर्वकाद् भू धातोर्णिचि, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] जसबाट स्थायिभावको उत्पत्ति हुन्छ र बढ्छ, त्यो कारण। स्थायीभावको आश्रय। विभाव दुई किसिमको हुन्छ– आलम्बनविभाव र उद्दीपनविभाव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसबाट स्थायीभाव उत्पन्न हुन्छ, त्यो आलम्बनविभाव हो। जस्तै– शृङ्गाररसमा नायकनायिका। करुणरसमा मरेको आत्मीय व्यक्ति वा हराएको इष्टवस्तु। जसबाट स्थायिभाव बढ्छ, त्यो उद्दीपनविभाव हुन्छ। जस्तै– शृङ्गाररसमा एकान्तस्थल, रातको चाँदनी आदि।

विभावना (स्त्री.) [*विभावनम्, विपूर्वकाद् भू सत्तायाम् इति धातोः, णिचि ण्यासश्रन्थो युध् ३.३.११७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.कल्पना २.विवेक/विचार/ चिन्तन ३.कारण नभइकन पनि कार्यको उत्पत्ति भएको वर्णन गरिएको एक अर्थालङ्कार।

विभावरी (स्त्री.) [*विभाति नक्षत्रादिभिः, विपूर्वकाद् भाव दीप्तौ इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.४७ इति क्वनिप्, वनो र च ४.१.७ इति ङीब्रौ*] १.रात्रि २.कुट्टिनी ३.पालले बनाएको घर ४.विवाद ५.वृक्षविशेष ६.मन्दार विद्याधरकी कन्या। **मन्दरारविद्याधरजा सखी मम विभावरी।** (मार्कण्डेय-पुराण) ७.सुमेरुदेखि उत्तरपट्टि रहेको एक प्राचीन सहर ८.बेसार ९.वेश्या। **विभावरी निशारात्र्योः कुट्टन्यां चक्रयोषिति। विवादे वस्त्रकुट्यां च** (विश्व.)।

विभावसुः (पुं.) [*विभायुक्ता वशवोऽस्य, विभा प्रभा एव वसु :समृद्धिर्यस्य वा*] १.सूर्य २.अग्नि ३.चन्द्रमा ४.हारविशेष ५.आँक ६.आठ वसुमध्येका एक वसुका छोरा। **वसवोऽष्टौ वसोः पुत्रास्तेषां नामानि मे शृणु। द्रोणः प्राणो ध्रुवोऽर्कोऽग्निर्दोषो वास्तुर्विभावसुः।** (भाग.) ७.मुरासुरको छोरो ८.दनुको एक छोरो। **त्रिमूर्द्धा शम्बरोऽरिष्टे हयग्रीवो विभावसुः** (भाग.)।

विभावितः (पुं.वि.) [*विभाव्यते स्म, विपूर्वकाद् भू सत्तायाम् इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] प्रकट गरिएको/व्यक्त/ जानेको थाहा पाएको/विचार गरिएको।

विभासः (पुं.) [*विशिष्टो भासः, प्रादिस.*] १.चमक/द्युति/कान्ति/प्रभा २.बिहानीपख गाइने एक प्रार्थना गीत।

विभिन्नः (पुं.वि.) [*विभिद्यते स्म, विपूर्वकाद् भिदिर भेदने इति धातोः, निष्ठा ३.२.१०२ क्तः, दकारतकारयोर्नः*] अनेक प्रकारको/किसिम किसिमको/विविध प्रकारको/बिलकुल अलग/छुट्टयाइएको वा फारेको।

विभीतकः (त्रि.) स्त्रियां विभीतिका, नपुं. विभीतकम्) [*विगतं भीतं रोगभयमस्मात्*] बर्रो। यसको बोट१०० फिटसम्म पनि अग्लो हुन्छ। यसका हाँगा लामा हुन्छन्। यसको पाकेको फल विरेचक हुन्छ। विशेष गरी यसको उपयोग त्रिफलाचूर्णको निर्माणमा हुन्छ। **विभीतक स्त्रिलिङ्गः स्यादक्षः कर्षफलस्तु सः** (भा.प्र.नि.)।



(विभीतकः)

विभीषकः (पुं.वि.) [*विशेषेण भीषयते इति, विपूर्वकाद् ञिभी भये इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, सुक् च*] डर देखाउने /तर्साउने।

विभीषणः (पुं.) [*विशेषेण भीषयते शत्रून्, विपूर्वकाद् ञिभी भये इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः सुक्, षत्वम्*] १.रावणको कान्छो भाइ २.अति भयङ्कर।

विभीषिका (स्त्री.) [*विपूर्वकाद् ञिभी भये इति धातोः, णिचि सुकि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] डर देखाउने काम/डर देखाउने वस्तु/तर्साउने साधन।

विभुः (पुं.वि.) [*विभवतीति, विप्रसंभ्यो ड्वसंज्ञायाम् ३.२.१८० इति डुः*] १.अति ठुलो/महान् २.शक्तिशाली/पराक्रमी ३.जितेन्द्रिय ४.सर्वव्यापक। ५.छन्दविशेष।

विभुता (स्त्री.) [*विभोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्वामित्व/मालिक हुनाको भाव/प्रभुता/प्रभुत्व।

विभूतिः (स्त्री.) [*भवनं भूतिः, विपूर्वकाद् भू सत्तायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.अलौकिक शक्ति २.अभ्युदय/ ऐश्वर्य ३.पराक्रमी पुरुष ४.यज्ञकुण्डको खरानी/विभूत ५.शृङ्गार ६.हात्ती। **भूतिर्भस्मनि संपत्तौ हस्तिशृङ्गारयोः स्त्रियाम्** (विश्व.)।

~भूषणः (पुं.) [*विभूतिर्भूषणं यस्य सः, बहु.स.*] १.शरीरमा खरानी लेपन गर्ने व्यक्ति २.शिव।

विभूषणम् (नपुं.) [*विभूष्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.तक्मा/विशेष प्रकारको आभूषण २.शृङ्गार/अलङ्कार/गहना ३.सजाउने काम।

विभूषा (स्त्री.) [*विभूष्यतेऽनया, विपूर्वकाद् भूष अलङ्कारे इति धातोः, णिचि गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.गहना/आभूषण २.सजाउने काम/सजावट ३.शोभा/सौन्दर्य।

विभूषितः (पुं.वि.) [*भूष्यते स्म, भूष अलङ्कारे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, विशेषेण भूषितः, सुप्सुपेति समासः*] १.शृङ्गार गरिएको २.अलङ्कृत/शोभित ३.सजाइएको।

विभेदः (पुं.) [*विभेदनम्, विपूर्वकाद् भिदिर् विदारणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] फरक/अन्तर/धेरै किसिम/अनेक प्रकार २.फुट/मतभेद।

विभेदकः (पुं.वि.) [*विशेषेण भिनत्ति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] छुट्टयाउने/पृथक् गर्ने/पार्थक्य ल्याउने।

विभेदीकरणम् (नपुं.) [*अविभेदो विभेदो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.एक-अर्कामा भिन्नता ल्याउने काम/ विभेद वा पार्थक्य ल्याउने क्रिया २.वर्गीकरण।

विभ्रक्षुः (पुं.वि.) [*विभ्रक्षति इति, सनन्ताद् भ्रस्ज पाके इति धातोः, सनाशंसभिक्ष (उ.) ३.२.१६८ इति उः, इडभावपक्षे स्कोः*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयोगाद्योरन्ते च ८.२.२९ इति सलोपः, व्रश्चभ्रस्ज ८.२.३६ इति षत्वम्, षढो कः सि ८.२.४१ इति कः, क्षत्वम्] पकाउन वा भुट्न खोज्ने।

विभ्रमः (पुं.) [*विभ्रमणम्, भ्रमु अनवस्थाने इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेश ७.३.३४ इति न वृद्धिः*] १.विलास २.भ्रान्ति ३.सन्देह ४.भ्रमण गर्नु ५.हडबड गरेर स्त्री जातिले अव्यवस्थित तरिकाले शृङ्गार गर्दा हुने एक हाव। **चित्तवृत्त्यनवस्थानं शृङ्गारादिभवो मतः। अथ विभ्रमः। शोभायां संशये हावे।** (हैम.) **विभ्रमो भ्रान्तिहावयोः** (विश्व.)।

विभ्राट् (त्रि.) [*विभ्राजते तच्छीलः, विपूर्वकाद् भ्राज दीप्तौ इति धातोः, भ्राजभास ३.२.१७७ इति क्विप्*] शृङ्गारजन्य शोभा।

विभ्रान्तः (पुं.वि.) [*विशेषेण भ्रान्तः, सुप्सुपेति समासः*] १.भ्रममा परेको/भ्रान्तिमा परेको/चक्कर खाएको/घुमेको २.उद्विग्न/ व्याकुल।

विमतिः (स्त्री.) [*विरुद्धा मतिः, प्रादिस.*] १.विरुद्ध मत/विपरीत मत २.(पुं.वि.) [*विरुद्धा मतिर्यस्य सः, बहु.स.*] विरुद्ध मत भएको।

विमत्सरः (पुं.वि.) [*विगतं मत्सरं यस्मात् सः, बहु.स.*] द्वेष नभएको/ईर्ष्यारहित।

विमनस्कः (पुं.वि.) [*विगतं मनो यस्य सः, बहु.स.*] दिक्दार/उदास/खिन्न/व्याकुल/अन्यमनस्क।

विमनाः (पुं.) [*विगतं विविधं वा मनो यस्य सः, बहु.स.*] दिग्दार।

विमन्युः (पुं.वि.) [*विगतो मन्युर्यस्य सः, बहु.स.*] १.क्रोधरहित २.शोकरहित।

विमर्दनम् (नपुं.) [*विपूर्वकाद् मृद क्षोदे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रगेड्नु/घोट्नु २.शरीरमा तेल लगाएर माड्नु।

विमर्दितः (पुं.वि.) [*विमर्द्यते स्म, विपूर्वकाद् मृद क्षोदे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] रगेडिएको/घोटिएको/पिसिएको/पिँधिएको।

विमर्शः (पुं.) [*विमर्शनम्, विपूर्वकाद् मृश धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै कुराको विवेचना वा विचार/कुनै तथ्य कुराको खोजी/वास्तविक तत्त्वको अनुसन्धान २.विमर्ष।

विमर्शसन्धिः (पुं.) [*विमर्श इति सन्धिः, कर्म.स.*] नाटक अथवा काव्यको तेस्रो सन्धि। प्राप्त्याशा र पताकाको सन्धिस्थल।

विमलः (पुं.वि.) [*विगतं मलं यस्मात् सः, बहु.स.*] मलरहित/निर्मल/सफा/पवित्र/निष्कलङ्क।

विमलात्मकः (पुं.वि.) [*विमल आत्मा स्वभावो यस्य सः*] निर्मल/सफा।

विमाता (स्त्री.) [*विशिष्य माता, प्रादिस.*] सौतेनी आमा/सानीमा।

विमातृजः (पुं.) [*विमातुर्जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] सौतेनी आमाको छोरो।

विमानः (पुं./नपुं.) [*विगतं मानमुपमा यस्य सः, यद्वा विशिष्टं मानयन्त्यनेन, पुंसि संज्ञायां घः, प्रायेण ३.३.११८ इति करणे घः*] १.हवाइजहाज/वायुयान २.घोडा ३.साततले घर ४.(पु.वि.) [*विगतो मानोऽभिमानो यस्मात् सः*] अभिमानरहित। **विमानो व्योमयाने च सप्तभूमिगृहेऽपि च। घोटके यानमात्रे च पुंनपुंसकयोर्मतः।** (विश्व.) **~स्थलम्** (नपुं.) [*विमानस्य स्थलम्, ष.त., वा विमानाय स्थलम्, च.त.*] हवाइजहाज उड्न र बस्न बनाइएका ठाउँ/एयरपोर्ट। **~स्थानम्** (पुं.) [*विमानस्य स्थानम्, ष.त.*] हवाइजहाज उड्ने, राख्ने र उत्रने ठाउँ।

विमार्जनम् (नपुं.) [*विपूर्वकाद् मृजु शुद्धौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.धुने काम/सफा गर्ने काम २.पवित्र गर्नु/शुद्ध पार्नु।

विमुक्तः (पुं.वि.) [*विमुच्यते स्म, विपूर्वकाद् मृच्लृ मोचने इति धातोः, क्तः*] १.छोडिएको २.मुक्त भएको।

विमुक्तिः (स्त्री.) [*विशिष्य मुक्तिः*] मोक्ष।

यमश्च नियमः पार्थ आसनं प्राणसंयमः॥
प्रत्याहारस्तथा ध्यानं धारणार्जुन सप्तमः।
समाधिरिति चाष्टाङ्गो योग उक्तो विमुक्तये॥
(ग.पु.आचारखण्ड. २०३८.१)

विमुखः (पुं.वि.) [*विपरीतं मुखं यस्य सः, बहु.स.*] १.मुख पछिल्तिर फर्केको/पराङ्मुख २.उदासीन/विरक्त ३.प्रतिकूल।

विमुग्धः (पुं.वि.) [*विमुह्यति स्म, विपूर्वकाद् मुह वैचित्ये इति धातोः, गत्यर्थाकर्मक इति क्तः*] १.मोहित/अत्यन्त मुग्ध २.भ्रममा परेको ३.आत्तिएको।

विमुद्रीकरणम् (नपुं.) [*अविमुद्रं विमुद्रं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] सिक्का, नोट आदि मुद्राको चलन बन्द गर्ने काम।

विमूढः (पुं.वि.) [*विमुह्यति स्म, विपूर्वकाद् मुह वैचित्ये इति धातोः, गत्यर्थाकर्मक इति क्तः हस्य ढत्वम्, ढलोपः, दीर्घः*] १.जड बुद्धि भएको /मूर्ख २.मोहमा परेको/अत्यन्त मोहित।

विमूर्तः (पुं.वि.) [*विगता मूर्तिर्यस्मात् सः, बहु.स.*] आकृति वा रूप नभएको।

विमोचनम् (नपुं.) [*विपूर्वकाद् मुच्लृ मोचने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.मूल्य लिएर फर्काउनु २.बन्धनादिबाट छुट्याउनु/कैदबाट छुट्नु वा छुट्याउनु ३.बन्द अवस्थामा रहेको कुनै पुस्तक, पत्रिका आदि वस्तुलाई समारोह गरेर जनसमुदायका माझमा खोलेर देखाइदिनु/लोकार्पण गर्नु।

विमोचितः (पुं.वि.) [*विमोच्यते स्म, विपूर्वकाद् मुच्लृ मोचने इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.बन्धनबाट छुटाइएको वा निकालिएको २.लोकार्पण गरिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विमोहः (पुं.) [*विमोहनम्, विपूर्वकाद् मुह वैचित्ये इति धातोः णिचि भावे ३.३.१८ इति घञ्*] १.अज्ञान/भ्रम/भ्रान्ति २.प्रेमले लट्ठिनु ।

विमोहितः (पुं.वि.) [*विमोह्यते स्म, विपूर्वकाद् मुह वैचित्ये इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] लहसिएको/मुग्ध/मोहनी लगाइएको/भ्रममा पारिएको ।

विम्बः (पुं.) [हे. *विम्बम्*] १.छेपारो २.चन्द्र ३.सूर्यमण्डल ४.गोलकाँक्री ।

विम्बम् (नपुं.) [*वेति शोभते इति वी धातोः, उल्वादयश्च (उ) इति वन्, नुमागमः, ह्रस्वश्च निपातः*] १.फोको /पानीको फिँजभित्र हावा घुसेर उठ्ने डल्लो २.प्रतिबिम्ब ३.प्रतिमा/प्रतिमूर्ति ४.सूर्य, चन्द्रमा आदि ग्रहको वृत्ताकार मण्डल ५.गोलकाँक्री/एक प्रकारको फल ।

विम्बा (स्त्री.) [*विम्बं फलमस्त्यस्याम्, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, टाप् ४.१.४*] गोल काँक्री ।

विम्बी (स्त्री.) [*विम्बं फलमस्त्यस्याम्, अर्श अदिभ्योऽच् ५.२.१२७ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] गोल काँक्री ।

विम्बौष्ठः (पुं.वि.) [*विम्बे इव ओष्ठौ यस्य सः, बहु.स.*] विम्बफल वा गोलकाँक्रीजस्तै रातो ओठ हुने व्यक्ति ।

वियत् (नपुं.) [*वि विश्वत एति व्याप्नोति, विपूर्वकात् इण् गतौ इति धातोः, लटः शतृ ३.२.१२४, वियच्छति न विरमति वा, विपूर्वकाद् यम उपरमे इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.७५ इति क्विप्, क्वौ च गमादीनाम् (वा.) ६.४.४० इति मलोपः, तुक् ६.१.७१*] १.आकाश २.वायुमण्डल ।

वियद्गङ्गा (स्त्री.) [*वियति वियतो वा गङ्गा, स.त./ष.त.*] आकाशगङ्गा ।

वियमः (पुं.) [*वियमनम्, विपूर्वकाद् यम उपरमे इति धातोः, यमः समुपनिविषु च ३.३.६३ इति अप्*] १.संयम २.दुःख ।

वियातः (पुं.) [*विरुद्धं यातं चेष्टितं यस्य, विरुद्धमयासीद्वा, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] ढिठो स्वभावको /निर्लज्ज ।

वियामः (पुं.) [*वियमनम्, यमः समुपनिविषु च ३.३.६३ इति अबभावे घञ्*] संयम ।

वियुक्तः (पुं.वि.) [*वियुज्यते स्म, विपूर्वकाद् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] छुट्ट्याइएको/अलग भएको/विछोड भएको/वियोग भएको ।

वियोगः (पुं.) [*वियोजनम्, विपूर्वकाद् युजिर् योणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छुट्टिनु/पृथक् हुनु २.प्रिय व्यक्तिसित छुट्टिनु/विछोड/विरह ।

वियोगान्तः (पुं.वि.) [*वियोगोऽन्ते यस्य सः, बहु.स.*] अन्त्यमा गएर वियोगमा पर्यवसित हुने ।

वियोगी (पुं.वि.) [*वियोगोऽस्यास्तीति, अत इनि ठनौ ५.२.११५ इति इनिः*] प्रेमिकासित बिछोड भएको/विरही ।

वियोजनम् (नपुं.) [*विपूर्वकाद् युजिर योगे इति धातोः, णिचि ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] छुट्ट्याउने काम/अलग पार्ने काम ।

वियोजितः (पुं.वि.) [*वियोज्यते स्म, विपूर्वकाद् युजिर् योगे इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.पृथक् गरिएको/ छुट्ट्याइएको २.घटाइएको ।

विरक्तः (पुं.वि.) [*विरज्यते स्म, विपूर्वकाद् रञ्ज रागे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सांसारिक सुखभोगदेखि अलग भएको/वैरागी २.उदासीन/अनासक्त ।

विरङ्गः (पुं.वि.) [*विविधा रङ्गा यस्य सः, बहु.स.*] अनेक रङ्गको/ रङ्गीचङ्गी ।

विरचनम् (नपुं.) [*विपूर्वकाद् रच प्रतियत्ने इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.विशेषरूपले सजाउने काम/विशिष्ट सजावट २.निर्माण/रचना ।

विरचितः (पुं.वि.) [*विरच्यते स्म, विपूर्वकाद् रच प्रतियत्ने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] राम्ररी बनाइएको/सुन्दर ढङ्गले निर्मित २.लेखिएको/लिखित ।

विरजस्तमाः (पुं.वि.) [*रजस्तमोभ्यां विगताः, निरादयः (वा.) २.२.१८ इति समासः, विगते रजस्तमसी येभ्यः इति वा*] सात्त्विक गुणमात्र भएको व्यक्ति ।

विरतः (पुं.वि.) [*विरम्यते स्म, विपूर्वकाद् रमु क्रीडायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] गर्नु पर्ने काम गर्न छोडेको ।

विरतिः (स्त्री.) [*विरमणम्, विपूर्वकाद् रमु क्रीडायाम् इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] कुनै कामबाट हट्ने क्रिया/ विराम ।

विरलः (पुं.वि.) [*विराति, विपूर्वकाद् रा धातोः, बाहुलकात् कलन्*] १.घना नभएको/पातलो/बिचबिचमा खाली भएर छुट्टिएको २.थोरै/कम ३.दुर्लभ/बिरलाकोटी ।

विरागः (पुं.) [*विपूर्वकाद् रञ्ज रागे इति धातोः, भावे ३.३.१८ इति घञ्*] राग वा इच्छा नहुनु/वैराग्य/विरक्ति ।

विराजन् (पुं.वि.) [*विराजते इति, विपूर्वकाद् राजृ दीप्तौ इति धातोः, लटः शत्रादेशः ३.२.१२४*] सुशोभित हुँदै गरेको ।

विराजमानः (पुं.वि.) [*विराजते इति, विपूर्वकाद् राजृ दीप्तौ इति धातोः, लटः शानच् ३.२.१२४*] आनन्दका साथ बसेको/ विराजित/शोभायमान ।

विराद् (पुं.) [*विशेषेण राजते इति, विपूर्वकाद् राजृ दीप्तौ इति धातोः, सत्सूद्विष ३.२.६१ इति क्विप्*] १.अतिशय ठुलो/महान् २.विश्वरूप ब्रह्म ३.क्षत्री ।

विराटः (पुं.) [*विशेषो राटो यत्र, बहु.स.*] मत्स्यदेशका एक प्राचीन राजा/अज्ञातवासका समयमा पाण्डवहरू यिनैको नोकर भएर बसेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विराटनगरम् (नपुं.) [*विराटस्य नगरम्, ष.त.*] नेपालको पूर्वी तराई क्षेत्रमा रहेको मोरङ जिल्लाको सदरमुकाम।

विराधः (पुं.) दण्डकारण्यमा लक्ष्मणले मारेको एक राक्षस।

विरामः (पुं.) [*विरमणम्, विपूर्वकाद् रमु क्रीडायाम् इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रोकिनु/विश्राम/सुस्ताउने काम २.अन्त्य/समाप्ति/अवसान ३.वाक्यको अन्त्यमा दिइने चिह्न (।)। **~सन्धिः** (पुं.) [*विरामस्य सन्धिः, ष.त.*] कुनै विशेष स्थितिमा दुवै पक्षको स्वीकृतिबाट केही समयका लागि कार्य स्थगित गरिने सन्धि।

विरावः (पुं.) [*विरवणम्, विपूर्वकाद् रु शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] शब्द/ध्वनि/हल्ला।

विरिञ्चिः (पुं.) [*विरचयतीति, रच प्रतियत्ने इति धातोः, णिचि, अच इः (उः) इति इः, पृषोदरादित्वात् ६.३.१०९ अकारस्येत्वं नुमागमश्च, क्वचिदित्वाभावे 'विरञ्चिः' अपि, चिरं विरञ्चिनं चिरं विरञ्चिः, इत्यादौ प्रयोग-दर्शनात्, पचाद्यचि ३.१.१३४ विरिञ्चः अपि*] ब्रह्मा। **विरिञ्चो द्रुहिणः शिञ्जो विरिञ्चिर्द्रुघणो मतः** (शब्दार्णव)।

विरुजः (पुं.वि.) [*विगता रुग्यस्य सः, बहु.स.*] रोग नभएको/नीरोगी।

विरुतम् (नपुं.) [*विशिष्टं रुतम्, प्रादिस.*] १.गुञ्जायमान २.अस्पष्ट शब्द भएको ३.कोलाहल/चित्कार/चिच्याएको शब्द।

विरुदावली (पुं./स्त्री.) [*विरुदानामावली, ष.त.*] गद्य-पद्ययुक्त राज-स्तुति/गुण, उदारता, पराक्रम आदिको विस्तृत वर्णन/सविस्तार प्रशंसा।

विरुद्धः (पुं.वि.) [*विपूर्वकाद् रुधिर् आवरणे इति धातोः, निष्ठा ३.२.१०२ इत क्तः*] १.मत, सिद्धान्त, गुण आदिको उल्टो/विपरीत/प्रतिकूल/विरोधी/मेल नभएको २.अवरुद्ध। **~पक्षः** (पुं.) [*विरुद्धश्चासौ पक्षश्च, कर्म.स.*] झगडियाको अर्को पक्ष/प्रतिवादी। **~समालोचना** (स्त्री.) [*विरुद्धा चासौ समालोचना च, कर्म.स.*] गुणलाई पनि दोष बनाएर गरिने मात्सर्ययुक्त समालोचना।

विरुद्धमतिक्रमः (पुं.) (हे. **शब्ददोष**)।

विरुद्धाचरणम् (नपुं.) [*विरुद्धञ्च तदाचरणञ्च, कर्म.स.*] नियमदेखि विरुद्ध आचरण/विपरीत आचरण।

विरूपः (पुं.वि.) [*विकृतं रूपं यस्य सः, बहु.स.*] नराम्रो रूपको/कुरूप/भद्दा/शोभारहित/श्रीहीन।

विरूपाक्षः (पुं.वि.) [*विरूपे अक्षिणी यस्य सः, बहु.स.*] १.ज्यादै नराम्रा आँखा हुने २.(पुं.) [*विविधानि रविचन्द्राग्निरूपाण्यक्षीणि यस्य सः, बहु.स., बहुव्रीहौ सक्थ्यक्ष्णोः स्वाङ्गात्षच् ५.४.११३ विरूपेष्वपि अक्षि कृपादृष्टिर्यस्येति वा, बहु.स., विविधरूपाणि विविधरूपेषु वा अक्षाणीन्द्रियाणि यस्य सः, बहु.स.*] शिव।

विरेचकः (पुं.वि.) [*विरेचयतीति, विपूर्वकाद् रिचिर् विरेचने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.दिसा गराउने/कसर, मैला आदि निकाल्ने/झाडा लगाउने २.वियोगान्त नाटकमा त्रास र करुणा उत्पादन गरेर मानसिक विरेचन गराउने तत्त्व।

विरेचनम् (नपुं.) [*विपूर्वकात् रिचिर् विरेचने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.दिसा लगाउनु २.वियोगान्त नाटकमा त्रास, करुणाको उत्पत्ति गराएर मानसिक कसरहरूको निवारण गर्ने कार्य।

विरेचनसिद्धान्तः (पुं.) [*विरेचनस्य सिद्धान्तः, ष.त.*] १.आयुर्वेदको पेट सफा गर्नका लागि गर्नुपर्ने कार्यको विवरण भएको सिद्धान्त २.ज्वरो आएको बेलामा दिशा लगाउने आयुर्वेदको सिद्धान्त। **मलादेर्निस्सारणे ज्वरमध्ये विरेचनम्** (वैद्यक) ३.वियोगान्त नाटकमा त्रास र करुणाको उद्रेकद्वारा दर्शकका मनमा रहेका खराबीहरूलाई निवारण गर्नका लागि प्रतिपादन गरिएको सिद्धान्त (अरस्तुकाव्यशास्त्र, संस्कृत अनुवाद)।

विरोचनः (पुं.) [*विशेषेण रोचते, विपूर्वकाद् रुचिर् दीप्तौ इति धातोः, अनुदात्तेतश्च ३.२.१४९ इति युच्*] १.सूर्य २.चन्द्रमा ३.अग्नि ४.अग्निपुराणमा प्रसिद्ध दैत्यराज/वलिका बाबु/प्रह्लादका छोरा। **विरोचनः प्रह्लादस्य तनयेऽर्केऽग्निचन्द्रयोः** (विश्व.)।

विरोद्धा (पुं.वि.) [*विरुणद्धि, विपूर्वकाद् रुधिर् आवरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] विरोध गर्ने/विरोधी।

विरोधः (पुं.) [*विरोधनम्, विपूर्वकाद् रुधिर् आवरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कसैले भने— गरेका काम कुराको खण्डन वा उल्टो क्रिया/कुनै काम रोक्नका लागि गरिने प्रयत्न २.मतभेद ३.वैरभाव ४.बाधा/अड्काउ/नियन्त्रण। **~पत्रम्** (नपुं.) [*विरोधस्य पत्रम्, ष.त.*] विचार नमिलेको जनाउने पत्र/विरोध दर्शाइएको लेख।

विरोधकः (पुं.वि.) [*विरुणाद्धि, विपूर्वकाद् रुधिर् आवरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] विरोध गर्ने व्यक्ति।

विरोधनम् (नपुं.) [*विपूर्वकाद् रुधिर् आवरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] विरोध गर्नु।

विरोधाभासः (पुं.) [*विरोध इव आभासते इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् यद्वा अभासनम् आभासः, भावे ३.३.१८ इति घञ्, विरोधस्य आभासः, ष.त.*] १.दुई वा धेरै वस्तुहरूका बिच देखिने विरोधको आभास/विपरीतताको आभास २.[*विरोधस्य आभासो यत्र वा, बहु.स.*] आपाततः हेर्दा विरोध जस्तो देखिने तर गहिरिएर त्यसको अर्थ गर्दा विरोधको परिहार हुन जाने एक अर्थालङ्कार। **अविरोधेऽपि विरुद्धत्वेन यद्वचः** (का.प्र. १०/११०)।

विरोधी (पुं.वि.) [*विरोधोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.विरोध गर्ने/वाधा पार्ने/वाधक २.उल्टो/विपरीत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरोधोक्तिः (स्त्री.) [*विरोधमयी उक्तिः, म.प.स.*] विरोध गरेर बोल्नु।

विल (धा.) [*संवलने, सक.सेट् पर.*] लुगा लगाउनु, प्वाल पार्नु। लट्– **विलति–** लुगा लगाउँछ, प्वाल पार्छ इत्यादि।

विल (धा.) [*भेदने, सक.सेट् उभय.*] प्वाल पार्नु, चिर्नु। लट्– **वेलयति-ते–** प्वाल पार्छ, चिर्छ इत्यादि।

विल (धा.) [*क्षेपे, सक.सेट् उभय.*] उडाउनु, फ्याँक्नु। लट्– **वेलयति-ते–** उडाउँछ, फ्याँक्छ। इत्यादि।

विलक्षः (पुं.वि.) [*विशेषेण लक्षयति, लक्ष आलोचने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] आश्चर्य मान्ने।

विलक्षणः (पुं.वि.) [*विशिष्टं लक्षणं यस्य सः, बहु.स.*] १.अद्भुत/अनौठो/असाधारण/अलौकिक २.[*विगतं लक्षणं यस्य सः, बहु.स.*] कुनै किसिमको लक्षण नभएको।

विलक्षितः (पुं.वि.) [*विलक्ष्यते स्म, विपूर्वकाद् लक्ष आलोचने इति धातोः क्तः*] १.अचम्ममा परेको/आश्चर्य चकित २.हडबडाएको/आत्तिएको ३.नियालेर हेरिएको।

विलक्ष्यः (पुं.वि.) [*विगतं लक्ष्यं यस्मात् सः, बहु.स.*] उद्देश्य नभएको/उद्देश्यहीन।

विलग्नः (पुं.वि.) [*विशेषेण लग्नः, प्रादिस.*] गाँसिएको/संलग्न/टाँसिएको/फुन्डिएको/लट्किएको। **विलग्नं न स्त्रियां मध्ये त्रिषु स्याल्लग्नमात्रके** (मेदिनी.)।

विलग्नम् (नपुं.) [*विशेषेण लग्नम्, पुंसि विलग्नः*] १.कटि/मध्य। **मध्योऽवलग्नं विलग्नं मध्यमोऽथ कटः कटी** (हेम.) २.जन्मलग्न। **गोचरे वा विलग्ने वा ये ग्रहा रिष्टसूचकाः। पूजयेत् तान् प्रयत्नेन पूजिताः स्युः शुभावहाः।** ३.मेषादि लग्न। **शुभराशिविलग्ने च शुभं शान्तिकपौष्टिकम्** (दीपिका)।

विलङ्घनम् (नपुं.) [*विपूर्वकाद् लघि गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, इदित्वान्नुम्*] १.नाघ्नु/ फड्कनु २.आज्ञा अनुशासन आदि पालन नगर्नु।

विलज्जः (पुं.वि.) [*विगता लज्जा यस्य सः, बहु.स.*] लाज नभएको।

विलज्जितः (पुं.वि.) [*विलज्जते स्म, विपूर्वकाद् लस्ज धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः, विशेषेण लज्जितः*] लाजले भुतुक्क भएको/अति लज्जित।

विलपनम् (नपुं.) [*विलप्यते, विपूर्वकाद् लप भाषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] विलाप गर्नु/बिलौना गर्नु।

विलपमानः (पुं.वि.) [*विलपति, विपूर्वकाद् लप भाषणे इति धातोः, लटः, स्थाने चानश्*] बिलौना वा बिलाप गर्न लागेको।

विलम् (नपुं.) [*विलति भिनत्ति, विल भेदने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा घञर्थे कः (वा.) ३.३.५८ यद्वा, खनो घ च ३.३.१२५ इति घे संज्ञापूर्वकत्वाद् गुणाभावः*] १.छिद्र २.गुफा ३.उच्चैःश्रवा घोडा। **विलं छिद्रे गुहायां च पुमानुच्चैःश्रवो हये** (मेदिनी.)।

विलम्बः (पुं.) [*विलम्बनम्, विपूर्वकाद् लबि गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] तोकिएको समयको अवधि नाघ्ने काम/ढिलाइ/सुस्ती। **~कारिप्रस्तावः** (पुं.) [*विलम्बकारी चासौ प्रस्तावश्च, कर्म.स.*] कुनै विषयको कारवाही समाप्त हुन ढिलो होस् भन्ने उद्देश्यले प्रतिनिधि सभामा राखिने प्रस्ताव। **~शुल्कम्** (नपुं.) [*विलम्बस्य शुल्कम्, ष.त.*] नियमानुसार तिर्नुपर्ने रकम समयभित्र नतिर्दा लाग्ने जरिवाना।

विलम्बनम् (नपुं.) [*विपूर्वकात् लबिधातोर्भावे ल्युट् अनः*] ढिलो/अशीघ्र/विलम्ब। **आगच्छ त्वरितं कृष्ण न ते कार्यं विलम्बनम्** (ह.वं.भ. ४१.२२)।

विलम्बितम् (नपुं.) [*विलम्बन्ते करचरणादयोऽत्र, विपूर्वकाद् लबि अवस्रंसने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.ढिलो गरेर हुने नाच, गीत, वाजा आदि २.ढिलोपना।

विलम्बितफलैः कालैः स निनाय मनोरथैः। (रघु.१.३३)

३.(स्त्री.) शिक्षणको वृत्तिविशेष।

द्रुतामध्ययने वृत्तिं प्रयोगार्थे तु मध्यमाम्।
शिष्याणामुपरोधार्थे विलम्बितां समाचरेत्॥ (शिक्षा)

विलम्बी (पुं.वि.) [*विलम्बोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.ढिलो गर्ने/विलम्ब गर्ने/जुस्सो २.तलसम्म लट्कने। **दूरविलम्बिनो घनाः।** (नीतिश.) ३.संवत्सरविशेष।

विलम्भः (पुं.) [*विपूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] धेरै दिनु/अतिशय दान गर्नु (अमर.)।

विलयः (पुं.) [*विलयनम्,विपूर्वकाद् ली धातोः, एरच् ३.३.५६ इत्यच्*] १.प्रलय २.विनाश ३.एकलाई अर्कामा मिलाउने काम।

विलयनम् (नपुं.) [*विपूर्वकाद् ली धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणायादेशौ*] १.पगलने काम/गल्ने काम २.कुनै वस्तु संस्था आदिलाई अर्को वस्तु संस्था आदिमा मिलाउने क्रिया।

विलयीकरणम् (नपुं.) [*अविलयो विलयो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] कुनै वस्तु संस्था आदिलाई अर्को वस्तु वा संस्था आदिमा मिलाउने क्रिया/ विलीनीकरण।

विलशयः (पुं.) [*विले शेते इति अच्*] सर्प।

विलसनम् (नपुं.) [*विपूर्वकाद् लस श्लेषणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] शोभा/चमक/कान्ति/मनोरञ्जन।

विलापः (पुं.) [*विलपनम्, विपूर्वकात् लप भाषणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] आलाप विलाप गर्नु। **विलापो दुःखजं वचः** (उज्ज्वलनीलमणि)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलालः (पुं.) [*डलयोरैक्ये विडालः*] १.यन्त्रविशेष २.बिरालो ।

विलासः (पुं.) [*विलसनम्, विपूर्वकात् लस श्लेषणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मोजमज्जा/ऐस–आराम/शरीर वा मनलाई आनन्द दिने काम २.क्रीडा/ खेल/लीला ३.पुरुषका प्रति अनुराग प्रकट गर्ने स्त्रीको चेष्टा/प्रियप्राप्तिको वासनाबाट उत्पन्न भएको मनोविकृति ।

विलासोऽङ्गे विशेषो यः प्रियाप्तवासनादिषु ।
विलासो हावभेदे स्याल्लीलायामपि पुंस्ययम् ॥ (मेदिनी.)

~करः (पुं.) [*विलासस्य करः, ष.त.*] मनोरञ्जन कर ॥

~कुञ्जः (पुं.) [*विलासाय कुञ्जः, च.त.*] आनन्द वा मोजमज्जा गर्ने लतागृह वा उपवन ।

विलासिका (स्त्री.) उपरूपकको एक भेद । यसमा एक अङ्क हुन्छ । पाँच नायक हुन्छन् । मुख, प्रतिमुख र उपसंहति नामक तीन सन्धि हुन्छन् । प्रधान रस शृङ्गार हुन्छ । बिट, विदूषक, पीठमर्दहरू पनि हुन्छन् । वेष भूषा राम्रो हुन्छ । श्लोक थोरै हुन्छन् । बाह्र लास्याङ्ग पनि हुन्छन् । (सा.द.प. ६)

विलासिनी (स्त्री.) १.[*विलसति तच्छीलः, सम्पृचानुरुधा–३.२.१४२ इति घिनुण, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.विलास गर्ने स्त्री । २.वेश्या ।

विलासी (पुं.) १.[*विलसति तच्छीलः, सम्पृचानुरुधा–३.२.१४२ इति घिनुण्*] विलास गर्ने २.[*विलसनं विलासः, सोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.भोगी २.अग्नि ३.चन्द्र ४.कामदेव ५.शिव ६.[*विले आस्ते इति*] सर्प ७.(पुं.वि.) विलास गर्ने ।

विलिप्तः (पुं.वि.) [*विलिप्यते स्म, विपूर्वकाद् लिप उपदेहे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.लिपिएको/पोतिएको २.अत्यन्त आसक्त ।

विलीनः (पुं.वि.) [*विलीयते स्म, विपूर्वकाद् लीङ् श्लेषणे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, स्वादय ओदितः (ग.सू.) ८.२.४५ इति नत्वम्*] १.कुनै वस्तु, संस्था आदि अर्को, वस्तु, संस्था आदिमा लीन भएको/लय भएको २.विशेष किसिमले लीन भएको ३.(पुं.) पग्लिएको घिउ,नरिवलको तेल आदि ।

विलीयमानः (पुं.वि.) [*विलीयते इति, विपूर्वकाद् लीङ् श्लेषणे इति धातोः, लटः शानच् ३.२.१२४ यक्*] कुनै वस्तु लुप्त हुनलागेको/लीन हुनलागेको/विलय हुनलागेको ।

विलुञ्चनम् (नपुं.) [*विपूर्वकाद् लुञ्च धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.लुछ्ने काम २.भुत्ल्याउने काम ३.उखेल्ने काम ।

विलुण्ठितः (पुं.वि.) [*विपूर्वकाद् लुठि धातोः, क्तः*] लुटपुट गरेको/गुडेको/लडीबुडी खेलेको ।

विलुप्तः (पुं.वि.) [*विपूर्वकाद् लुप् धातोः, क्तः*] लोप भएको/बेपत्ता भएको ।

विलुम्पकः (पुं.वि.) [*विपूर्वकाद् लुपि धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] चोर/तस्कर/डाका ।

विलुलितः (पुं.वि.) [*विपूर्वकाद् लुल धातोः क्तः*] १.हल्लिएको/कम्पित ।

विलूनः (पुं.वि.) [*विपूर्वकाद् लू धातोः, क्तः, तस्य नत्वम्*] काटेर छुट्याएको/टुक्र्याइएको ।

विलेखः (पुं.) [*विलेखनम्, विपूर्वकाद् लिख लेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] कुनै सम्झौता संविदा आदिको विवरण दिएर विधिवत् हस्ताक्षर गरी तयार गरिएको अभिलेख ।

विलेखनम् (नपुं.) [*विपूर्वकाद् लिख लेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.खुर्कने क्रिया/ताछ्ने क्रिया २.जोत्ने काम/खनजोत गर्नु ।

विलेपः (पुं.) [*विलेपनम्, भावे घञ्*] लेपन क्रिया २.[*विलिप्यतेऽनेन, करणे घञ्*] विलेपनद्रव्य/अङ्गराग द्रव्य ।

विलेपनम् (नपुं.) १.[*विपूर्वकाद् लिप उपदेहे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] शरीरमा मलहम, तेल, औषधि आदि लगाउने काम २.[*विलिप्यतेऽङ्गान्यनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१*] शरीरमा लगाइने सुगन्धी द्रव्य/अङ्गराग ।

विलेपिका (स्त्री.) [*विलिप्यतेऽसौ, कर्मणि घञ्, ङीप् च, ततः कः, ह्रस्वः, टाप् च*] हलुवा ।

विलेपी (स्त्री.) [*विलिम्पति, विपूर्वकाद् लिप उपदेहे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] लिपपोत गर्ने महिला ।

विलेशयः (पुं.वि.) [*विले शेते इति, शीङ् स्वप्ने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, सप्तम्या अलुक्*] प्वाल वा दुलो भित्र बस्ने जनावर । जस्तै– सर्प; मूसो आदि ।

विलोकनम् (नपुं.) [*विपूर्वकाद् लोकृ दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हेर्ने काम २.जाँच्नु/परीक्षण ।

विलोकितः (पुं.वि.) [*विलोक्यते स्म, विपूर्वकाद् लोकृ दर्शने इति धातोः, निष्ठायां क्तः*] हेरिएको ।

विलोचनम् (नपुं.) १.[*विलोच्यतेऽनेन, विपूर्वकाद् लोचृ दर्शने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आँखा/नेत्र २.[*भावे ल्युट्*] हेर्ने काम ३.[*विकृतं विरुद्धं वा लोचनम्*] नराम्रो सित हेर्ने काम, टेढो नजर ।

यदि ते समरेच्छास्ति कुरूपा भव भामिनि ।
लम्बोष्ठी कुरूपा क्रूरा ध्वाङ्क्षवर्णा विलोचना ॥ (दे.भा.)

विलोडनम् (नपुं.) [*विपूर्वकाद् लोड् धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.हल्लाउनु/चलाउनु/आलोडन २.मथ्नु/घोल्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलोपनम् (नपुं.) [*विपूर्वकाद् लुप अदर्शने इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै वस्तु लिएर भाग्नु/लुटेर लैजानु २.नाश गर्नु/भताभुङ्ग पार्नु ३.कुनै वाक्य, रचना आदिबाट केही अंश निकालिदिने काम।

विलोपीकरणम् (नपुं.) [*अविलोपो विलोपो यथा सम्पद्यते तथाकरणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.लेख, वस्तु इत्यादिलाई विलुप्त पार्नु २.रद्द गर्नु/प्रभाव हीन तुल्याउनु।

विलोमः (पुं.) [*विगतं लोम यत्र, अच्*] १.सर्प २.वरुण ३.[*विशिष्टं लोम यस्य*] कुक्कुर।

विलोमः (पुं.वि.) उल्टो/विपरीत/बेमेलको २.विरुद्ध।

विलोमकः (पुं.वि.) [*विलोम एव, स्वार्थे कन्*] विलोम/विपरीत।

विलोलः (पुं.वि.) [*विशेषेण लोलः, सुप्सुपेति समासः*] अस्थिर/चञ्चल/हल्लिएको।

विल्वः (पुं.) [*विल संवरणे इति धातोः, विल भेदने इति धातोर्वा उल्वादयश्च (उ.) इति वन्, किच्च*] बेल।

विवक्षा (स्त्री.) [*वक्तुमिच्छा, वच परिभाषणे इति धातोः, सनि अ प्रत्ययात् ३.३.१०२ इत्यः,टाप् ४.१.४*] बोल्ने अभिलाषा/भन्ने इच्छा/भन्न खोजेको अभिप्राय।

विवक्षितः (पुं.वि.) [*वक्तुमिष्टः, सन्नन्तात् वच परिभाषणे इति धातोः, क्तः*] भन्न खाजेको।

विवक्षितान्यपरवाच्यध्वनिः (पुं.) व्यङ्ग्यार्थप्रति समर्पित भएर रहने वाच्यार्थ भएको ध्वनिको एक भेद।

विवक्षा तत्परत्वेन नाङ्गित्वेन कथञ्चन (ध्वन्यालोक)।

विवक्षुः (पुं.वि.) [*विवक्षतीति, वच परिभाषणे इति धातोः, सनि सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] भन्ने इच्छा भएको।

विवञ्चिषुः (पुं.व.) [*वञ्चितुमिच्छुः, वञ्चु गतौ इति धातोः, वञ्च प्रलोभने, इति धातोर्वा सनि सनाशंसभिक्ष उः ३.२.१६८ इति उः*] ठग्न चाहने/ठग।

विवत्सा (स्त्री.) [*विगतो वत्सो यस्याः, सा, बहु.स.*] बाच्छो मरेको गाई।

विवदमानः (पुं.वि.) [*विवदत इति भासनोपसंभाषाज्ञान यत्नविमत्यु-पमनत्रणेषु वदः १.३.४७ इति आत्मनेपदम्, ततः, लटः शानच् ३.२.१२४*] विवाद गरिरहेको।

विवधः (पुं.) [*विवधो हननं गमनं वा यत्र सः*] १.बाटो २.भार ३.काष्ठविशेष/काँधले बोकिने काठ।

विवरम् (नपुं.) [*विवृणोति, वृञ् वरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा विव्रियते, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्, विगतो वरोऽस्माद्वा, वीनां पक्षिणां वरं वा*] १.छिद्र २.दोष। **विवरं दूषणे गर्ते** (मेदिनी.)।

विवरणम् (नपुं.) [*विपूर्वकाद् वृञ् वरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै वस्तु, काम वा घटनाको विस्तृत गर्णन/बयान/वृत्तान्त २.व्याख्या/टीका।

विवरणपत्रम् (नपुं.) [*विवरणसम्बद्धं पत्रम्, म.प.स*] कुनै काम वा घटनाको विस्तृत विवरण लेखिएको पत्र।

विवर्जनम् (नपुं.) [*विपूर्वकाद् वर्ज धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] छोड्ने काम/त्याग।

विवर्णः (पुं.वि.) [*विगतो वर्णो यस्य यस्माद्वा सः, बहु.स.*] १.फुङ्ग उडेको/फिका/तेज नभएको/कान्तिहीन २.(पुं.) ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चार वर्णदेखि भिन्न जाति। **भैक्षचर्या विवर्णेषु जघन्या वृत्तिरिष्यते** (मार्कण्डेयपु.)।

विवर्णनम् (नपुं.) [*विपूर्वकाद् वर्ण धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] वस्तुगतरूपले गरिएको बयान/विशेष बयान।

विवर्तनम् (नपुं.) [*विपूर्वकाद् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति लयुट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.घुम्नु/चक्कर खानु २.टहलिनु ३.फर्कनु/प्रत्यावर्तन।

विवर्धनम् (नपुं.) [*विपूर्वकाद् वृधु वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.बढ्ने काम/वृद्धि २.अभ्युदय/उन्नति।

विवशः (पुं.) [*विरुद्धं वष्टिः, वश कान्तौ इति धातोः, नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.इच्छा नलागी काम गर्न बाध्य भएको/आफ्नो वशमा नरहेको/पराधीन २.बेहोस ३.लाचार। **विवशस्त्रिष्ववश्यात्मारिष्टदुष्टधियोरपि** (मेदिनी.)।

विवशता (स्त्री.) [*विवशस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.बाध्यता/इच्छा नभइकन काम गर्नुपर्ने स्थिति २.लाचारीपन ३.पराधीनता।

विवस्त्रः (पुं.वि.) [*विगतं वस्त्रं यस्मात् सः, बहु.स.*] वस्त्र नलाएको/नाङ्गो/निर्वस्त्र।

विवस्वती (स्त्री.) [*विविधं वस्ते आच्छादयति इति, वस आच्छादने इति धातोः, क्विप् च ३.२.१७६ इति क्विप्, विवशोऽस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.इति मतुप्, मस्य वः, उगितश्च ६.३.४५ इति ङीप्*] सूर्यको सहर। **विवस्वान्विबुधे सूर्ये तन्नगर्यां विवस्वती** (विश्व.)।

विवस्वान् (पुं.) [*विविधं वस्ते आच्छादयति इति, वस आच्छादने इति धातोः, क्विप् च ३.२.१७६ इति क्विप् विवोऽस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.इति मतुप्, मस्य वः*] १.सूर्य २.विद्वान्।

विवाकः (पुं.) [*विशिष्टो वाको वचनं यस्य सः, बहु.स.*] न्यायाधीश।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवादः (पुं.) [*विपरीतो वादः, विरुद्धो वादो वा, प्रादिस.*] १.कुनै विषय वा कुरालाई लिएर गरेको छलफल/बहस/बादविवाद २.कलह/झगडा/वाक्युद्ध।

विवादो धनसम्बन्धो याचनं स्त्रीषु सङ्गतिः।
आदानमग्रतः स्थानं मैत्रीभङ्गस्य हेतवः॥ (सुभा.)

~ग्रस्तः (पुं.) [*विवादेन ग्रस्तः, तृ.त.*] विवाद उठेको/छलफल वा बहस गर्नुपर्ने/विवाद वा झगडा भएको/ विवादयुक्त/ विवादास्पद। **~स्थगनम्** (पुं.) [*विवादस्य स्थगनम्, ष.त.*] १.परस्परको भनाभन, झगडा आदि थामिनु २.कुनै सभा, संस्था आदिका समस्याहरूमा चलेको विवाद रोकिनु।

विवादास्पदः (पुं.वि.) [*विवादस्य आस्पदं यत्र सः, बहु.स.*] विवादमा परेको।

विवादी (पुं.वि.) [*विवादोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] विवाद वा झगडा गर्ने/झगडिया।

विवासनम् (नपुं.) १.[*विपूर्वकाद् वस निवासे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.देश निकाला गर्ने काम/निर्वासन २.[*विपूर्वकाद् वस आच्छादने इति धातोः, पूर्ववत् ल्युट् ३.३.११५ अनः ७.१.१*] नाङ्गै पार्ने काम।

विवाहः (पुं.) [*विशिष्टं वहनम्, विपूर्वकाद् वह प्रापणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] सनातन धर्मअनुसारको १६ संस्कारमध्ये चौधौँ संस्कार। आ–आफ्नो धर्म वा समाजमा बाधा नपर्ने गरी एक जनाकी छोरी अर्काको छोरालाई दिएर वा आ–आफ्नो इच्छाले पतिपत्नीको रूपमा सम्बन्ध जोड्ने धार्मिक वा सामाजिक काम। धर्मशास्त्रअनुसार विवाहका आठ भेद छन्– ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच।

ब्राह्मो दैव आर्षः प्रजापत्य आसुरो गन्धर्वो राक्षसः पैशाच इत्यष्टौ विवाहाः (ध.सि.)।

विवाहयात्रा (स्त्री.) [*विवाहाय यात्रा, च.त.*] वरियाँत।

विवाहितः (पुं.वि.) [*विवाहो जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] बिहे गरेको/विवाह भएको।

विविक्तः (पुं.) [*विचिञ्चन्ति जना अत्र, विचिर् पृथग्भावे इति धातोः, ध्रौव्यार्थकाद् गत्यर्थकाद्वा उक्त धातोः, क्तोऽधिकरणे च ३.४.७६ इति क्तः*] १.एकान्त २.परिवारले नरुचाएको ३.अभागी।

विविधः (पुं.वि.) [*विभिन्ना विचित्रा वा विधा यस्य सः*] अनेक किसिमको/विभिन्न प्रकारको/अनेक थरीको/विविधताले युक्त।

विविधता (स्त्री.) [*विविधस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अनेक थरी हुनु/अनेकता।

विवृतः (पुं.वि.) [*विपूर्वकाद् वृञ् वरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रकट गरिएको/प्रदर्शित/स्पष्ट गरिएको/व्याख्या गरिएको/टीका गरिएको २.(पुं.) उच्चारण हुँदा मुखावयवहरू खुला रहने वर्ण।

विवृत्तिः (स्त्री.) [*विपूर्वकाद् वृञ् वरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] ग्रन्थको टीका।

विवृतोक्तिः (पुं.) [*विवृता चासौ उक्तिश्च, कर्म.स.*] १.एक अर्थालङ्कार। लुकेर रहेको वस्तुलाई कविले स्पष्ट ढङ्गले वर्णन गर्दा पर्न जाने अर्थालङ्कार २.विश्लेषणपूर्वक गरिएको भाषण वा अभिव्यक्ति।

विवेकः (पुं.) [*विवेचनम्, विपूर्वकाद् विचिर् पृथग्भावे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.असल र खराब वा सत्य र असत्य, न्याय र अन्याय आदि छुट्ट्याउने ज्ञान २.आत्मज्ञानसम्बन्धी विचार ३.पानी लैजाने डुँड।

विवेकः स्याज्जलद्रोण्यां पृथग्भावविचारयोः (मेदिनी.)।

विवेकः सह संपत्या विनयो विद्यया सह।
प्रभुत्वं प्रश्रयोपेतं चिह्नमेतन्महात्मनाम्॥ (सुभा.)

विवेकवान् (पुं.) [*विवेकोऽस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] असल र खराब छुट्ट्याउने ज्ञान भएको/विवेकज्ञ/विवेकशील।

विवेकी (पुं.वि.) [*विवेकोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] असल र खराबको विचार राख्ने/बुद्धिमान्/समझदार/ न्यायशील/न्यायी/विवेकपूर्ण।

विवेकाधीनः (पुं.वि.) [*विवेकस्य अधीनः, ष.त.*] विवेक वा बुद्धिको अधीनमा रहेको/विवेकमा निर्भर भएको।

विवेचना (स्त्री.) [*विवेचनम्, विपूर्वकाद् विचिर् पृथग्भावे इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.असल र खराब वा सत्य र असत्य छुट्ट्याउने काम २.तर्कपूर्ण व्याख्या।

विव्वोकः (पुं.) [*विवानम्, विपूर्वकाद् वा गतौ इति धातोः, मृगय्वादयश्च (उ.) इति कुः, उच्यते समवैत्यत्र, उच समवाये इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, यद्वा कः (वा.) ३.३.५८, ओक उचः के ७.३.६४ इति निपातितः, विवोरोकः स्थानम्*] स्त्रीजातिहरूमा पैदा भएको एक किसिमको मनोविकृति।

विश (धा.) [*प्रवेशने, सक.सेट् पर.*] प्रवेश गर्नु। लट्– **विशति**– प्रवेश गर्छ। लिट्– **विवेश**– प्रवेश गरेछ (अन.)। लुट्– **वेष्टा**– प्रवेश गर्ने छ (अन.)। लृट्– **वेक्ष्यति**– प्रवेश गर्ने छ। लोट्– **विशतु**– प्रवेश गरोस्। लङ्– **अविशत्**– प्रवेश गर्‍यो (अन.)। विधिलिङ्– **विशेत्**– प्रवेश गर्ला, प्रवेश गरोस्। आशीर्लिङ्– **विश्यात्**– प्रवेश गरोस्। लुङ्– **अविक्षत्**– प्रवेश गर्‍यो। लृङ्– **अवेक्ष्यत्**– प्रवेश गर्ने थियो इत्यादि।

विशङ्कटम् (नपुं.) [*विस्तृतार्थवृत्तेर्विशब्दात् वेः शालच्शङ्कटचौ ५.२.२८ इति शङ्कटच्*] फैलावट।

विशङ्कुनारयणः (पुं.) [*विशङ्कुरिति नारायणः, कर्म.स.*] काठमाडौं उपत्यकाभित्र रहेका चार नारायणमध्ये एक नारायण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशदः (पुं.) [*विशीयते, विपूर्वकाद् शद्लृ शातने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सेतो २.उज्यालो। **प्रसादसुमुखे तस्मिन् चन्द्रे च विशदप्रभे।** (रघु.) ३.स्पष्ट। **विशदोच्छ्वासितेन मेदिनी कथयामास कृतार्थतामिव।** (रघु.) ४.छिरबिरे ५.विस्तृत। **विशदः पाण्डुरे व्यक्ते** (हैम.)।

विशरः (पुं.) [*विशरणमिति, विपूर्वकाद शॄ हिंसायामिति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*]१.लडाइँमा मारिने काम २.हत्या।

विशरणम् (नपुं.) [*विपूर्वकाद् शॄ हिंसायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः, रपरत्वम्*] हत्या/वध।

विशयः (पुं.) [*विपूर्वकात् शीधातोरच्*] १.सन्देह।

विषयो विशयश्चैव पूर्वपक्षस्तथोत्तरम्।
निर्णयश्चेति पञ्चाङ्गं शास्त्रेऽधिकरणं स्मृतम्॥

(तिथ्यादितत्त्व) २.[*विशेतेऽत्र*] आश्रय।

विशयी (पुं.वि.) [*विशयोऽस्त्यस्य, इनिः*] सन्देहशील।

विशल्यः (पुं.वि.) [*विगतं शल्यं यस्मात् सः, बहु.स.*] १.काँडो नभएको २.निष्कण्टक ३.कष्ट वा चिन्ता नभएको।

विशल्या (स्त्री.) [*विगतं शल्यमनया*] १.गुर्जो २.दन्ती ३.अलौ ४.ज्वानु ५.नदीविशेष। **किंपुना च विशल्या च तथा वैतरणी नदी** (म.भा.२.९.३०)।

विशसनः (पुं.) [*विशसति हिनस्ति,विपूर्वकात् शस हिंसायाम्, इति धातोः, ल्युः, अनः*] आठ प्रकारका तरबारमध्ये एक।

असिर्विशसनः खड्गस्तीक्ष्णधारो दुरासदः।
श्रीगर्भो विजयश्चैव धर्मपालस्तथैव च॥

(म.भा.१२.१६६.८४)

विशसनम् (नपुं.) [*विपूर्वकाद् शस हिंसायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.हत्या/वध २.बरबादी ३.विनाश गर्नु ४.[*विशस्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, अनः ७.१.१*] नरकविशेष। **प्राणरोधो विशसनं लालाभक्षः।** (भाग.) ५.विनाशकारी वस्तु।

विशसितः (पुं.वि.) [*विपूर्वकात् शस्धातोः क्तः*] मारिएको।

विशस्तः (पुं.वि.) [*विपूर्वकात् शसधातोः क्तः, निष्ठायामविनयेऽनिट्*] अविनयी/विनय नभएको।

विशस्ता (पुं.वि.) [*विपूर्वकात् शसधातोःतृच्*] १.हत्यारा/मासुका लागि मार हान्ने २.बलि दिने।

आहर्ता चानुमन्ता च विशस्ता क्रयविक्रयी।
संस्कर्ता चोपभोक्ता च खादका सर्व एव ते॥

(म.भा.१२.११५.४९)

३.चाण्डाल।

विशस्त्रः (पुं.वि.) [*विरहितं शस्त्रं यस्य, विगतं शस्त्रं वा यस्माद्*] निश्शस्त्र/हातहतियाररहित।

विशाखः (पुं.) [*विशाखति, विपूर्वकाद् शाखृ व्याप्तौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.कार्तिकेय २.धनुष चलाउदा एउटा पाइलो अगाडि र एउटा पाइलो पछाडि टेक्ने (विश्व.) ३.[*विशाखायां जातः, अण्, तस्य लुक्*] विशाखा नक्षत्रमा पैदा भएको व्यक्ति।

विशाखः (पुं.वि.) १.विशाखा नक्षत्रमा पैदा भएको २.मागने।

विशाखदत्तः (पुं.) संस्कृत नाटककार एवं कवि। यिनको **मुद्राराक्षस** नामक नाटक उपलब्ध छ। यिनले **देवचन्द्रगुप्तम्, शृङ्गारप्रकाश** जस्ता अरू पनि ग्रन्थ लेखेका थिए भन्ने कुराको सङ्केत पाइन्छ तर ती ग्रन्थहरू हाल उपलब्ध छैनन्। यिनको मुद्राराक्षस एक राजनीतिक नाटक हो। राजनीतिक दाउपेचलाई कथावस्तु बनाएर रचिएको यस नाटकमा वीररसको प्राधान्य छ। ओजो गुणप्रधान अभिव्यक्तिले गर्दा यो नाटक अत्यन्त प्रभावशाली देखिन्छ। यसमा वैदर्भी रीतिको प्रयोग छ।

विशाखम् (नपुं.) [*वितस्त्यन्तरेण स्थिते पादद्वये विशाखः*] धनुर्धारीको आसनविशेष।

वैष्णवं समपादं च वैशाखं मण्डलं तथा।
प्रत्यालीढमथालीढं स्थानान्येतानि षड् नृणाम्॥ (रभस.)

विशाखा (स्त्री.) [*विशिष्यः शाखास्तारका यस्याः सा*] सोह्रौं नक्षत्र। यसको आकार तोरणको जस्तो छ। यो क्रान्तिवृत्तमा मेषको ० डिग्रीबाट २११.८ कला (ध्रुवांश) टाढा छ। यसका पाँच ओटा तारा छन्। यसको मुख्य तारा (योगतारा) उत्तरपट्टि छ। (सिद्धान्त दर्पण) यो पृथ्वीबाट करिब ७२ प्रकाश वर्ष टाढा छ। यसलाई २१ जुन रातको ९ बजे याम्योत्तर वृत्तमा देख्न सकिन्छ। (ब्रह्माण्ड औ ज्योतिष)



(विशाखा)

विशातनः (पुं.वि.) [*विपूर्वकात् शतधातोर्ल्युः, अनः*] १.मोक्षदाता २.मुक्त गराउने। **भगवन् देवदेवेश सनातन विशातन।** (म.भा. ७.८१.१८) **यत्त्वं पृच्छसि मर्त्यानां मृत्युपाशविशातनीम्** (भाग.२.१४)।

विशायः (पुं.) [*विशयनम्, व्युपयोः शेतेः पर्याये ३.३.३९ इति घञ्*] पहरा दिँदा पालैसित सुत्ने क्रिया। **उपशायो विशायश्च पर्यायशयनार्थकौ** (अमर.)।

विशारणम् (नपुं.) [*विपूर्वकाद् शॄ हिंसायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] हटाउने वा मार्ने काम। **व्यापादन.....क्रायविशारणानि** (अभि.चि.)।

विशारदः (पुं.वि.) [*विशिष्टा शारदा सरस्वती यस्य सः, बहु.स.*] १.विद्वान्/पण्डित/दक्ष/कुशल/जान्ने/सिपालु। **दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम्।** (मनुः) २.प्रसिद्ध/श्रेष्ठ ३.(पुं.) [*विशिष्टः शारदः, प्रादिस*] बकुलको रुख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशालः (पुं.वि.) [*विशति प्रविशति व्याप्नोति सर्वत्रेति, विश प्रवेशने इति धातोः, तमिविशिबिडिमृणिकुलिकपिपलिपञ्चिभ्यः कालन् (उ.१२३) इति सूत्रेण कालन्*] १.ज्यादै ठुलो/बडेमाको/विस्तृत/भव्य/सानदार २.मृगविशेष ३.पक्षीविशेष ४.राजाविशेष ५.विकट ६.[*विगतः शालस्तम्भो यस्य*] थाम नभएको। **गृहैर्विशालैरपि भूरिशालैः** (शि.व.)।

विशालता (स्त्री.) [*विशालस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] ज्यादै ठुलो हुनु/विस्तृत हुनु/प्रशस्त चौडाइ।

विशालत्वक् (पुं.) [*विशाला त्वग् यस्य सः, बहु.स.*] छतिवन। **सप्तपर्णो विशालत्वक् शारदो विषमच्छदः** (भा.प्र.)।

विशालम् (नपुं.) [*विस्तृतार्थवृत्तेर्विशब्दात् वेः शालच्शङ्कटचौ ५.२.२८ इति शालच्*] फैलावट।

विशाला (स्त्री.) [*विशलति, विपूर्वकाद् शल चलने इति धातोः, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः, टाप् ४.१.४ यद्वा, विशति, अत्र, विश प्रवेशने इति धातोः, नमिविशिविडि (उ.) इति कालन्*] १.इन्द्रवारुणी २.तीर्थविशेष ३.उज्जैननगरी ४.दक्षकन्या। **विशाला त्विन्द्रवारुण्यामुज्जयिन्यां तु योषिति। नृपवृक्षभिदोः पुंसि पृथुलेऽप्यभिधेयवत्॥** (मेदिनी.) ५.एक नदी।

विशालाक्षः (पुं.) [*विशालानि अक्षीणि यस्य सः,बहु.स.*] १.शिव। **बहुरूपो विशालाक्षः शिवः स्थाणुरुमापतिः।** (म.भा. १२.५९.८०) २.[*विशाले अक्षिणी यस्य सः*] गरुड ३.विष्णु ४.धृतराष्ट्रका एक छोरा।

विशालाक्षी (स्त्री.) [*विशाले अक्षिणी यस्याः सा, बहु.स.*] १.पार्वती/दुर्गादेवी २.ठुला आँखा भएकी महिला ३.नागदन्ती/भुरुण्डी/एक प्रकारको कपडा भुन्ड्याउने साधन।

विशिखः (पुं.) १.[*विशिष्य शिखा यस्य सः, बहु.स.*] बाण/शर/ २.तोमर/भाला जस्तो एक किसिमको हतियार ३.(पुं.वि.) [*विगता शिखा यस्मात् सः, बहु.स.*] शिखाहीन/टुप्पी नभएको।

विशिखा (स्त्री.) [*विशेते, शीङः किद्ध्रस्वश्च (उ.) इति खः, टाप् ४.१.४*] १.गाउँको माझको बाटो/मूलबाटो २.खन्ती। **विशिखा खनित्रिकायां रथ्यायां विशिखः शरे** (हैम.)।

विशिष्टः (पुं.वि.) [*विपूर्वकाद् शिष् धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] प्रसिद्ध/विख्यात/असाधारण/सर्वश्रेष्ठ । **समैश्च समतां याति विशिष्टैश्च विशिष्टताम्** (हितोपदेश)।

विशिष्टता (स्त्री.) [*विशिष्टस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] प्रसिद्धि/सर्वश्रेष्ठता/सर्वोत्तमता/वैशिष्ट्य।

विशिष्टाद्वैतवादी (पुं.वि.) [*विशिष्टम्, अद्वैतं वदति, णिनिः*] प्रकृति र पुरुष भिन्न भएपनि दुई फग्ल्याटा मिलेर चनाको दाना बनेझैँ ती दुवै मिलेर बनेको संयुक्त रूप नै ब्रह्म हो भनेर मान्ने सिद्धान्तका अनुयायी। **पुरुषातिरिक्ता प्रकृतिः। किन्तूभयमिश्रितं ब्रह्म, चणकादिवत्॥**

विशीर्णः (पुं.वि.) [*विशीर्यते स्म, विपूर्वकाद् शॄ हिंसायाम् इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.टुटे–फुटेको/जीर्ण–शीर्ण/थोत्रो २.खसेको/झरेको ३.सुकेको/ओइलाएको/चाउरी परेको।

विशीर्णा विदला ह्रस्वा वक्राः स्थूणा द्विधा कृताः
क्रिमिदष्टाश्च दीर्घाश्च समिधो नैव कारयेत् (तन्त्रसार)

४.छरिएर फैलिएको।

रेवां द्रक्ष्यस्युपलविषमे विन्ध्यपादे विशीर्णां
भक्तिच्छेदैरिव विरचितैर्भूतिमङ्गे गजस्य (मे.दू.१.१९)।

विशीर्णता (स्त्री.) [*विशीर्णस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.थोत्रो हुनु/टुट्नु—फुट्नु २.ओइलाउनु/सुक्नु/चाउरी पर्नु ३.खस्नु/झर्नु ४.अतिशय फैलावट।

विशुद्धः (पुं.वि.) [*विशेषेण शुद्धः, प्रादिस.*] १.सफा गरिएको/शुद्ध/पवित्र २.पापरहित/निष्पाप ३.राग नभएको ४.निष्कलङ्क। **~चक्रम्** (न.) कुण्डलिनीयोगअनुसार षट्चक्रमध्ये कण्ठ–स्थानमा रहने ध्वाँसे रङ्गको खुब चम्किलो सोह्र पङ्खुडी भएको कमलरूपको चक्र। यसको पङ्खुडीमा अदेखि अः सम्मका सोह्र स्वर वर्ण रहेका हुन्छन्। आकाश नामको महान् अद्भुत यस चक्रमा जीवले हंसरूप ईश्वरको दर्शन गरेर परमेश्वरझैँ विशुद्ध रूप पाउने हुँदा यसलाई विशुद्धचक्र भनिएको हो।

तदूर्ध्वं तु विशुद्धाख्यं दलं षोडशपङ्कजम्।
स्वरैः षोडशभिर्युक्तं धूम्रवर्णं महाप्रभम्॥
विशुद्धं तनुते यस्माज्जीवस्य हंसलोकनात्।
विशुद्धपद्ममाख्यातमाकाशाख्यं महाद्भुतम्॥
(दे.भा.दे.गी.)।

विशुद्धता (स्त्री.) [*विशुद्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.सफा हुनु/पवित्र हुनु २.पापरहित हुनु/विशुद्धि।

विशुद्धिः (स्त्री.) [*विपूर्वकाद् शुध धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.सफा हुनु/पवित्रता /विशुद्धता २.पापरहित हुनु।

विशुष्कः (पुं.वि.) [*विपूर्वकात् शुष शोषे इति धातोः, क्तः, तस्य कः*] सुकेको/चाउरिएको।

विशृङ्खलः (पुं.वि.) [*विगता शृङ्खला यस्मात् सः, बहु.स.*] १.शृङ्खला नभएको/सिलसिला नभएको/क्रमबद्ध नभएको २.कसैको अधीनमा नरहेको/अबद्ध ३.दुराचारी।

विशृङ्खलता (स्त्री.) [*विशृङ्खलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.शृङ्खला नहुनु/सिलसिला नमिल्नु/क्रमबद्ध नहुनु २.कसैको अधीनमा नरहनु।

विशेषः (पुं.) [*विपूर्वकाद् शिष्लृ विशेषणे धातोः, भावे ३.३.१८ इति घञ्*] १.गुण, धर्म, परिमाण आदिमा साधारणभन्दा बढ्ता/अरूमा नभएको कुनै नयाँ वा खास गुण भएको/ असाधारण/ विशिष्ट। **शशाम वृष्ट्यापि विना दवाग्निरासीद् विशेषा फलपुष्प वृद्धिः** (रघु.) २.नैयायिकहरूले मानेका सात पदार्थमध्ये एक पदार्थ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रव्यं गुणास्तथा कर्म सामान्यं सविशेषकम् । समवायस्तथाभावः पदार्थाः सप्त कीर्तिताः ॥ (भाषापरिच्छेद) ३.विरोधमूलक अर्थालङ्कार। यो लोकप्रसिद्ध आधार नभईकन कुनै वस्तुको स्थितिको वर्णन, एक वस्तुको अनेक वस्तुमा एकै अवस्थामा रहेको विषयको वर्णन र कर्ताले एउटा काम गर्दागर्दै अनेक किसिमका काम गरेको वर्णन गर्दा पर्न जाने अलङ्कार।

विशेषकः (पुं.) [*विशिनष्टि, विपूर्वकाद् शिष्लृ विशेषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अरू वस्तुहरूदेखि भिन्नता देखाउने चिह्न २.निधारमा लगाइएको तिलक ३.तिल्केको वृक्ष।

विशेषकम् (नपुं.) [*विशिनष्टि, शिष्लृ विरोषणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.निधारमा लगाइने टीका/तिलक २.विशिष्ट वस्तु। **विशेषकोऽस्त्री तिलके विशेषयितरि त्रिषु** (मेदिनी.) ३.तीन श्लोकसम्म अन्वय हुने पद्य। **द्वाभ्यान्तु युग्मकं प्रोक्तं त्रिभिः श्लोकैर्विशेषकम्** (काव्यदीपिका)।

विशेषज्ञः (पुं.वि.) [*विशेषं जानाति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कुनै विषयको विशेष ज्ञान भएको/कुनै कामको विशेष ज्ञाता।

विशेषज्ञता (स्त्री.) [*विशेषज्ञस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] विशेषज्ञमा रहने गुण।

विशेषणवक्रता (स्त्री.) [*विशेषणगता वक्रता, म.प.स.*] चमत्कार–जनक ढङ्गबाट विशेषणको प्रयोग गर्दा पर्न जाने पदपूर्वार्द्ध वक्रताको दोस्रो भेद।

विशेषणम् (नपुं.) १.[*विशिष्यतेऽनेन, विपूर्वकाद् शिष्लृ विशेषणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] २.विशेषित गराउने पद ३.विशेष्यका गुणादि धर्म। विशेषण र भेदकमा के अन्तर छ भने विशेषणले दृष्ट वस्तुको मात्र भेदन गर्छ भने भेदकले अदृष्ट वस्तुको मात्र भेदन गर्दछ। (दुर्गादास)

विशेषतः (अव्य.) [*विशेषरूपेण, अद्यादिभ्य उपसङ्ख्यानम् (वा) इति तसिः*] विशेष गरी/खास गरेर।

विशेषता (स्त्री.) [*विशेषस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] असाधारणता/विशिष्टता/अरूमा नभएको नयाँ वा खास गुण/वैशिष्ट्य।

विशेषविधिः (पुं.) [*विशेषश्चासौ विधिश्च, कर्म.स.*] अल्पविषयक विधि। धेरै विषय समेटिएको विधिलाई सामान्य विधि भनिन्छ भने थोरै विषय समेटिएको विधिलाई विशेषविधि भनिन्छ। सामान्य विधिभन्दा विशेषविधि बलवान् हुन्छ।

बहवो विषया यस्य स सामान्यविधिर्भवेत्।
अल्पः स्याद् विषयो यस्य स विशेषविधिर्मतः (दुर्गादास)।
सामान्यविशेषयोर्विशेषविधिर्बलवान् (स्मृति)।

विशेषव्याप्तिः (स्त्री.) [*विशेषा असामान्या चासौ व्याप्तिश्च, कर्म.स.*] व्याप्तिको एक प्रकार।

विशेषाधिकारः (पुं.) [*विशेषश्चासौ अकिारश्च, कर्म.स.*] कुनै विशेष परिस्थितिमा प्रयोग गरिने विशिष्ट अधिकार/कुनै व्यक्ति, संस्था सङ्गठन आदिमा रहेको सामान्यभन्दा बढी अधिकार।

विशेषाधिनियमः (पुं.) [*विशेषश्चासौ अधिनियमश्च, कर्म.स.*] कुनै विशेष काम सञ्चालन गर्न बनेको विशेष नियम।

विशेषितः (पुं.वि.) [*विपूर्वकात् शिष्धातोः णिचि क्तः*] विशेषता बताइएको।

वीक्षितः (पुं.वि.) [*वीक्ष्यते स्म, विपूर्वकात् ईक्ष दर्शने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] हेरिएको/ठम्याइएको ।

वीक्ष्यः (पुं.वि.) [*वीक्षितुमर्हः, अर्हे कृत्यतृचश्च इति यत्*] १.दर्शनीय/हेर्नलायक २.(पुं.) नर्तक ३.घोडा (मेदिनी.) ।

वीचिः (स्त्री.) [*वयति तन्तून् सन्तनोतीति, वेञ् तन्तुसन्ताने इति धातोः, वेञो डिच्च (उ.) इति ईचिः*] १.तरङ्ग २.सानो तरङ्ग/लहर ३.अवकाश ४.सुख । **वीचिः स्वल्पतरङ्गे स्यादवकाशे सुखे द्वयोः** । (मेदिनी.) । ५.थोरै (हेमचन्द्र) ६.किरण (जटाधर) ।

वीजम् (नपुं.) [*वी गत्यादिषु, धातोः, क्विप् च ३.२.७६ इति क्विप्, अन्येभ्योऽपि दृश्यते (वा) इति डः, डित्वाट्टिलोपः*] १.बिउ/बियाँ २.वीर्य ३.नाटकका पाँच अर्थप्रकृतिमध्ये पहिलो अर्थप्रकृति ४.ज्योतिषमा ग्रहहरूलाई स्पष्ट गर्न गरिने संस्कारविशेष ५.सृष्टिको अव्यक्त स्वरूप ६.गणितको अव्यक्त रूप । **~गणितम्** (नपुं.) [*वीजभूतं गणितम्*] गणितका विभिन्न प्रकारहरूमध्येको एक प्रकार/अव्यक्त गणित ।

वीज्यः (पुं.) [*वीज्यते, अचो यत् ३.१.९७ इति यत्, यद्वा— वीजमस्यास्ति, अन्यत्रापि दृश्यते (वा. ५.२.१२०) इति यप्, यद्वा*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीजे भवः, साधु वा तत्र साधुः इति यत्] कुलीन घरमा जन्म लिएको।

वीटिका (स्त्री.) [*विपूर्वकात् इट धातोः, सर्वधातुभ्य इन् (उ) इति इन्, ततः, स्वार्थे कन्, टप् ४.१.४]* पानको सानो बिँडा।

वीणा (स्त्री.) १.लहरोविशेष २.[*वेति जायते स्वरोऽस्याम्, वी गत्यादिषु इति धातोः, रास्नासास्नास्थूणावीणाः ३०२ इति नप्रत्ययो णत्वं गुणाभावश्च निपातितः, टप्*] नाचगानमा प्रयोग हुने एक किसिमको बाजा। यसको नालमा तल ठुलो काठको खोक्रो डल्लो (तुम्बा) र माथि सानो काठको खोक्रो डल्लो (तुम्बा) तथा नालमा तार कस्ने मुर्रा रहन्छ। नालमाथिको टुप्पा पछिल्तिर फर्केको हुन्छ। वीणाको दण्ड– **प्रवालः** (पुं./नपुं.), सातातार लगाइने वीणा– **परिवादिनी** (स्त्री.), वीणा बजाउने– **वीणावादकः** (पुं.), तीन तार लगाइने वीणा– **त्रितन्त्री** (स्त्री.), बायाँ हातले वीणा बजाइने क्रिया– **तलः** (पुं.)/**तलम्** (नपुं.), वीणाको नालको घुम्रेको ठाउँ– **कुकुभः** (पुं.), वीणाको झङ्कार–**उपक्वणम्/उपक्वाणम्** (नपुं), खराब वीणा– **अपवीणा** (पुं.), सरस्वतीको वीणा– **कच्छपी** (स्त्री.), तुम्बुरुको वीणा– **कलावती** (स्त्री.), नारदको वीणा– **महती** (स्त्री.), विश्वावसुको वीणा– **बृहती** (स्त्री.), शिवको वीणा– **अनालम्बी** (स्त्री.), वीणा छ वटा मुर्रा लगाएको– **षट्कर्णम्** (नपुं.), वीणाको तान बाँध्ने डोरी– **उपनाहः/दोरकः** (पुं.)। **विश्वावसोस्तु बृहती तुम्बुरोस्तु कलावती। महती नारदस्य स्यात् सरस्वत्यास्तु कच्छपी॥** **~दण्डः** (पुं.) वीणाको नाल। **~पाणिः** (स्त्री.) सरस्वती। **~प्रसेवकः** (पुं.) वीणाको खोल। **~मुद्रा** (स्त्री.) वीणा बजाउन लागेको झैँ गरी हात बनाएर शिरलाई चलाउँदा बन्ने एक मुद्रा। **वीणावादनबद्धस्तौ कृत्वा संचारयेच्छिरः। वीणामुद्रेयमाख्याता सरस्वत्याः प्रियङ्करी।** (मु.प्र.)। **~वती** (स्त्री.) १.सरस्वती २.अप्सराविशेष। **~वादकः** (पुं.) वीणा बजाउने। **~वादनम्** (नपुं.) वीणा बजाउनु।

वीणावादः (पुं.) [*वीणां वादयति, कर्मण्यण् ३.२.१ इत्यण्]* वीणा बजाउन जान्ने व्यक्ति।

वीतः (पुं.वि.) [*विशेषेण एति स्म, विपूर्वकात् इण् धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः]* १.शान्त (हेम.) २.गएको/बितेको/हटेको।

वीतनः (पुं.) गर्द्धनको दुई छेउ। **कृकमध्यौ तु वीतनौ** (अभि.चि.)

वीतम् (नपुं.) [*वेति स्म युद्धादिकर्मणः, वी गत्यादौ इति धातोः, अजति स्म, अज गतौ इति धातोर्वा गत्यार्थाकर्मक ३.४.७२ इति क्तः]* १.काम नदिने हात्ती र घोडा। **वीतं फल्गु हयद्विपम्।** (अभि.चि.) २.बदमास घोडा वा हात्तीलाई अङ्कुसे वा दुवै गोडाको औँलाले हिर्काउने काम। **यातमङ्कुशवारणम्। निषादिनां पादकर्म यतं वीतन्तु तदद्वयम्** (अभि.चि.)।

वीतरागः (पुं.वि.) [*वीतो रागो यस्मात् सः, बहु.स.]* सांसारिक वस्तुमा आसक्ति नभएको/वासना वा इच्छारहित।

वीतिः (पुं.) [*वेतीति, वी गत्यादिषु इति धातोः, क्तिच्क्तौ च सञ्ज्ञायाम् ३.३.१७४ इति क्तिच्]* घोडा। **वीतिर्नाश्वे स्त्रियां पाने** (मेदिनी.)। **वीतिरश्वेऽशने गतौ। प्रजने धावने दीप्तौ** (हैम.)।

वीतिः (स्त्री.) [*वयनम्, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्]* १.गमन २.उत्पादन ३.दीप्ति ४.भोजन ५.स्थिति।

वीतिहोत्रः (पुं.) [*वी गतिप्रजननकान्त्यसनखादनेषु इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, वीतिर्भक्ष्यं पुरोडाशादिहूर्यतेऽस्मिन् सः, हु दानादनयोः इति धातोः, हुयामा (उ.) इति त्रन्, वीतिरश्वो होत्रं हवनं यत्र सः,बहु.स.]* १.अग्नि २.आँकको वृक्ष। **वीतिहोत्रो ऽनलेऽर्के च** (मेदिनी.) ३.राजाविशेष ४.[*वीतिः प्राप्तो होत्री येन]* यज्ञमा पुगेको व्यक्ति।

वीथिः (स्त्री.) [*वीथ्यतेऽनया, वीथ धातोः, इगुपधात् किच्च (उ.) इति इन्, बाहुलकात् दीर्घः]* १.पङ्क्ति/लहर २.सानो बाटो/गोरेटो ३.घरको एक अङ्ग ४.पसल।

पङ्क्तिवर्त्मगृहाङ्गेषु वीथिर्वीथी च वीथिका (रत्न.)।

वीथिका (स्त्री.) [*वीथिरेव वीथिका, स्वार्थे कन्, टप् ४.१.४]* १.गोरेटो २.चित्र बनाउने कागतको पत्र वा भित्तो ३.पङ्क्ति।

अस्ति दक्षिणदिक्प्रान्ते प्रावृषां जन्मभूरिव।
पिहितार्का घनश्यामा तमालवनवीथिका॥ (क.स.)

वीथी (स्त्री.) [*वीथ्यतेऽनया, वीथ धातोः, इगुपधात् किच्च (उ) इति इन्, बाहुलकात् दीर्घः, ङीप्]* १.पङ्क्ति २.गल्ली ३.रूपकको एक भेद। यसमा उत्तम, मध्यम र अधम तीनै किसिमका पात्रहरू रहन्छन्। यो एक अङ्कमा निबद्ध हुन्छ। यसमा कुनै पनि रस मुख्य हुन सक्छ। मुख र निर्वहण सन्धिको प्रयोग हुन्छ। अर्थप्रकृतिहरू सबै किसिमका रहन सक्छन्।

वीनाहः (पुं.) [*विनह्यतेऽनेन, णह, बन्धने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः]* इनारमाथिको पर्खाल वा मुखबन्ध।

वीप्सा (स्त्री.) [*विपूर्वकात् आप्लृ गतौ इति धातोः, सनि अभ्यासादिकार्ये, अ प्रत्ययात् इत्यः, टप् ४.१.४]* १.व्यापकता/व्याप्ति २.शब्दको द्विरुक्ति ३.आदर, आश्चर्य आदि प्रकट गर्नका लागि एउटै शब्द बारम्बार भन्दा पर्ने एक शब्दालङ्कार। **~युक्तः** (पुं.वि.) [*वीप्सया युक्तः, तृ.त.]* बारम्बार आवृत्ति भएको/द्विरुक्त।

वीर (धा.) [*विक्रान्तौ, सक.सेट्, आत्म.]* पराक्रमी हुनु। लट्– **वीरयते**– पराक्रमी हुन्छ। लिट्– **वीरयाञ्चक्रे**– पराक्रमी भएछ इत्यादि।

वीरः (पुं.वि.) [*वीरयतीति, वीर विक्रान्तौ इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा*– विशेषेण ईर्ते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईरयति वा, ईर गतौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा अजति गच्छति शत्रून् वा प्रक्षिपति सः, अज गतिक्षेपणयोः, इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदि-सृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिद-भिदिमन्दिचन्दिदहिदसि दाम्भिवसिवाशि शीङ्हसिसिधशुभिभ्यो रक् (उ.१७८), इति रक्, अजेर्वी] १.पुरुषार्थी/बहादुर २.लडाकु/खुब लड्न सक्ने ३.साहसको काम गर्न सक्ने ४.प्रेरयिता।

वीरः (पुं.) [*अजति, अजधातोः प्राग्वद् रक्*] १.यज्ञको अग्नि २.छोरो/पुत्र। **वत्से वीरसूः भूयाः**। (उ.रा.च.) ३.पति/लोग्ने। **न चालपेज्जनद्विष्यं वीरहीनां तथा स्त्रियम्**। (मा.पु.३५.३१) ४.दनायुराक्षसको एक पुत्र ५.विष्णु। **वीरोऽनन्तो धनञ्जयः**। (सहस्रनाम) ६.वर्तमान अवसर्पिणीका चौबिसौं तीर्थङ्कर/महावीर/जिनेन्द्र भगवान्। **वीरश्चरमतीर्थकृत्** (अभि.चि.) ७.नटुवा (हेमचन्द्र) ८.तान्त्रिक भावविशेष। **भावस्तु त्रिवधः प्रोक्तो दिव्यवीरपशुक्रमात्**। (रुद्रयामल ६ पटल) ९.करवीर (राजनिघण्ट) १०.खरीको वृक्ष ११.वीररस, यसको स्थायिभाव उत्साह हो। यसका देवता इन्द्र हुन्। यो सुनौलो वर्णको हुन्छ। शत्रु यसको आलम्बनविभाव हो। शत्रुका चेष्टा यसका उद्दीपन विभाव मानिन्छन्। सहायको खोजी आदि यसका अनुभाव हुन्। धैर्य, गर्व, स्मृति, रोमाञ्च आदि यसका व्यभिचारिभाव हुन्। यो रस चार किसिमको हुन्छ। धर्मवीर, दानवीर, युद्धवीर र दयावीर–

उत्तमप्रकृतिर्वीर उत्साहस्थायिभावकः।
महेन्द्रदैवतौ हेमवर्णोऽयं समुदाहृतः॥
आलम्बनविभावास्तु विजेतव्यादयो मताः।
विजेतव्यादिचेष्टाद्यास्तस्योद्दीपनरूपिणः॥
अनुभावास्तु तत्र स्युः सहायान्वेषणादयः।
सञ्चारिणस्तु धृति-मति-गर्व-स्मृति-तर्क-रोमाञ्चाः॥

~गतिः (स्त्री.) [*वीरस्य गतिः, ष.त.*] युद्धक्षेत्रमा वीरतापूर्वक युद्ध गर्दागर्दै मर्दा प्राप्त हुने गति। **~गाथा** (स्त्री.) [*वीराणां गाथा, ष.त.*] वीरका पराक्रमको वर्णन भएको काव्य/वीर वा वीरताको वर्णन। **~प्रसूः** (स्त्री.) [*वीराणां प्रसूः, ष.त.*] वीर छोरा जन्माउने स्त्री/वीर माता। **~भद्रः** (पुं.) [*वीरेषु भद्रः, स.त.*] १.शिवका जराबाट उत्पन्न भएका एक शिव गण २.अश्वमेध यज्ञका लागि योग्य घोडा/प्रसिद्ध योद्धा। **~रसः** (पुं.) [*वीर इति रसः, कर्म.स.*] साहित्यमा प्रसिद्ध नौ रसमध्ये एक रस। उत्साह स्थायिभाव भएको रस। **~व्रतम्** (नपुं.) [*वीराणां व्रतम्, ष.त.*] वीरहरूले गर्ने दृढ प्रतिज्ञा। **~सेनः** (पुं.) [*विशिष्य रसा यत्र, बहु. स., तेषु इनः मुख्यः, स.त.*] १.लसुन २.[*वीरा सेना यस्य सः,बहु.स.*] वीर सेना भएको राजा वा शासक।

वीरणम् (नपुं.) [*विपक्षिणमीरयति, ईर धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, यद्वा युच् (उ.) युवोरनाकौ ७.१.१ इत्यनः*] उशीर।

वीरतरः (पुं.) [*अतिशयितं वीरम्, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति तरप्*] १.उशीर २.मुर्दा ३.वीर पुरुष। **स्याद्वीरणे वीरतरं वीरश्रेष्ठे शवे च ना** (मेदिनी.)।

वीरतरुः (पुं.) [*वीरश्चासौ तरुश्च, कर्म.स., दृढकाष्ठत्वात्*] खरी।

वीरता (स्त्री.) [*वीरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.*] वीरको भाव/उत्साह/पुरुषार्थ/पराक्रम/बहादुरी।

वीरत्वम् (नपुं.) [*वीरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] वीरको भाव/उत्साह/पुरुषार्थ।

वीरपत्नी (स्त्री.) [*वीरः पतिरस्याः, नित्यं सपत्न्यादिषु ४.१.३५ इति नकारादेशः, ऋन्नेभ्यो ङीप् ४.१.३ इति ङीप्, वीरस्य पत्नी वा*] वीरकी पत्नी।

वीरपानम् (नपुं.) [*वीराणां पानम्, ष.त., वा भावकारणयोः, ८.४.१० इति पक्षे न णत्वम्*] युद्धको अन्त्यमा गरिने पिउने काम।

वीरभार्या (स्त्री.) [*वीरस्य भार्या, ष.त.*] वीरकी पत्नी।

वीरम् (नपुं.) [*हे. वीरः*] १.मानिसको कुल २.मरीच ३.चौलानी वा भातको माँड ४.उशिरको जरो

वीरमाता (स्त्री.) [*वीरस्य माता, ष.त.*] वीरकी आमा।

वीरवृक्षः (पुं.) [*वीर इव वृक्षः, त.स., दुःस्पर्शत्वात्*] १.भलायो २.अर्जुन वृक्ष।

वीरवृक्षस्तु भल्लातकार्जुनद्रुमयोः पुमान् (मेदिनी.)।

वीरसूः (स्त्री.) [*वीरं सूते, षूङ् प्राणिगर्भविमोजने इति धातोः, सत्सूद्विष ३.२.६१ इति क्विप्*] वीरकी आमा।

वीरहा (पुं.) [*वीरोऽग्निः, तं हन्ति, क्विप् च ३.२.७६ इति क्विप्*] १.अग्निहोत्र त्याग गर्ने काम २.[*वीरानपि हन्ति*] विष्णु।

वीराङ्गना (स्त्री.) [*वीराणामङ्गना, ष.त.*] वीर स्त्री/वीर पुरुषकी पत्नी।

वीराशंसनम् (नपुं.) [*वीरा आशंस्यन्तेऽत्र, आङः शसि इच्छायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] लडाइँको डरलाग्दो मैदान।

वीरासनम् (नपुं.) [*वीरस्य आसनमिव आसनम्, त.स.*] वीरको आसनझैं बस्ने आसन/देब्रे गोडा पैताला र दाहिने गोडाका घुँडाले टेकेर बस्ने एक आसन।

वीरुद/त् (स्त्री.) [विविधं रोहति, *विपूर्वकाद् रुधिर् आवरणे इति धातोः, अन्येभ्योऽप दृश्यते ३.२.१७८ इति क्विप्, अन्येषामपि दृश्यते ६.३.१६ इति दीर्घः, जस्त्वम् पक्षे चर्त्वम्*] १.बोट/विरुवा २.आँकुरा लागेर झाँगिने लहरा।

वीर्यम् (नपुं.) [*वीरे साधु, तत्र साधुः ४.४.९८ इति यत्, यद्वा वीर्यतेऽनेन इति, अचो यत् ३.१.९७ इति यत्*] १.बल/शक्ति/पराक्रम/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहस/तेज २.पुंस्त्व/कान्ति बढाउने र सन्तान उत्पत्ति गराउने शरीरस्थ एक धातु/शुक्र। **~वान्** (पुं.वि.) [*वीर्यमस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.४.९४ इति मतुप्, मस्य वः*] बलवान्/शक्तिशाली/ पराक्रमी/वीर्य वा शक्ति भएको/वीर्यशाली। **~हीनः** (पुं.वि.) [*वीर्येण हीनः,तृ.त.*] शक्तिहीन/नामर्द/ नपुंसक/ डरपोक/लाछी।

वीहारः (पुं.) [*विहरन्ति जना अत्र, अधिकरणे घञ्, उपसर्गस्य दीर्घः*] बौद्ध वा जैनको मठ।

वुक्क (धा.) [*भषणे, अक.सेट्.पर.*] भुक्नु, लट्— **बुक्कति—** भुक्तछ। लिट्— **बुबुक्क—** भुकेछ (अन.) इत्यादि।

वुद्‌वुदः (पुं.) पानीको फोका।

वुद्‌वुदा इव तोयेषु मशका इव जन्तुषु।
जायन्ते मरणायैव कथाश्रवणवर्जिताः॥ (भाग.मा. ५.६३)

वुस (धा.) [*उत्सर्गे, दिवा. सक.सेट्. पर.*] त्याग गर्नु। लट्— **वुस्यति—** त्याग गर्छ इत्यादि।

वुस्त (धा.) [*आदरानादरयोः , चुरा. सक.सेट्. उभय.*] आदर गर्नु, अनादर गर्नु। लट्— **वुस्तयति-ते—** आदर गर्छ, अनादर गर्छ इत्यादि।

वृंहणम् (नपुं.) [*वृहि वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.गर्जन २.वृद्धि।

वृंहितम् (नपुं.) [*वृहि वृद्धौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] हात्तीको गर्जन। **वृंहितं कारिगर्जितम्** (अमर.)।

वृक (धा.) [*आदाने, भ्वा.सक.सेट्. आत्म.*] लिनु। लट्— **वृकते—** लिन्छ इत्यादि।

वृकः (पुं.) [*वृणोतीति, वृञ् वरणे इति धातोः, सुवृभूशुषिमुषिभ्यः कक् (उ.) इति कक्, यद्वा वर्कते, वृक आदाने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*]

(वृकः)

१.ब्वाँसो २.स्याल ३.चोर ४.दुम्सी ५.काग ६.लाटेकोसेरो।

वृकधूपः (पुं.) [*धूप्यतेऽनेन, धूप सन्तापे इति धातोः, भावे ३.३.१८ इति घञ्, वृकनामा धूपः, शाकपार्थिवादीनाम् (वा.) २.१.७८ समासः*] सल्लाको खोटो।

वृकः स्यात् कृत्रिमेऽनेकधूपेऽपि सरलद्रवे (रभस)।

वृक्का (स्त्री.) [*वृक्कशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.मृगौला २.हृदय।

वृक्णः (पुं.वि.) [*वृश्च्यते स्म, इति ओ व्रश्चू छेदने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, ओदितश्च ८.२.४५ इति नत्वम्, चोः कुः ८.२.३० इति कुत्वम्, ग्रहिज्या ६.१.१६ इति संप्रसारणम्, अट् कुप्वाङ् इति णत्वम्*] काटिएको।

वृक्ष (धा.) [*वरणे, तुदा.सक.सेट्. आत्म.*] मन पराउनु, ढाक्नु। लट्— **वृक्षते—** मन पराउँछ, ढाक्छ इत्यादि।

वृक्षः (पुं.) [*वृश्च्यते छिद्यतेऽसौ, ओव्रश्चू छेदने इति धातोः, स्नुव्रश्चिकृत्यृषिभ्यः कित् (उ.) ३५३ इति सः, कित्वम्, यद्वा वृक्ष वरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] रुख/बोट।

वृक्षभेदी (स्त्री.) [*वृक्षं भेत्तुं शीलमस्य, भिदिर् विदारणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] बोसिला।

वृक्षरुहा (स्त्री.) [*वृक्षं रोहति, मूलविभुजादित्वात् ३.२.५ कः, वृक्षे रोहति, इति वा, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] ऐंफेरु।

वृक्षवाटिका (स्त्री.) [*वट्यते, वट वेष्टने इति धातोः, संज्ञायाम् ३.३.१०९ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, प्रत्ययस्थात् ७.३.४४ इतीत्वम्, वृक्षाणां वाटिका, ष.त.*] घर अगाडिको बगैँचा।

वृक्षादनः (पुं.) [*वृक्षमत्ति, अद भक्षणे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.१३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रुख चिर्ने आरो २.बोसिला।

वृक्षादनी (स्त्री.) [*वृक्षमत्ति, अद भक्षणे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.१३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] बोसिला।
वृक्षादनी तु वन्दायां विदारीकन्दकेऽपि च (विश्व.मेदिनी.)।

वृक्षाम्लः (पुं.) [*वृक्षेषु अम्लः, स.त.*] भकिअमिलो।

वृक्षाम्लम् (नपुं.) [*वृक्षस्याम्लम्, ष.त.*] १.चुक अमिलो २.तित्री।

वृङ् (धा.) [*सम्भक्तौ, क्र्या.सक.सेट्. आत्म.*] सेवा गर्नु। लट्— **वृणीते—** सेवा गर्छ। लिट्— **वव्रे—** सेवा गरेछ इत्यादि।

वृजि (धा.) [*वर्जने,अदा.सक.सेट्. आत्म.*] त्याग गर्नु। लट्— **वृङ्क्ते—** त्याग गर्छ, अनिदित्पक्षे **वृक्ते** इत्यादि।

वृजिनः (पुं./नपुं.) [*वृक्ते वर्जयतीति, वृजी वर्जने इति धातोः, वृजेः किच्च (उ.) २१४ इति इनच्*] १.पाप २.अपराध ३.दुःख/कष्ट ४.रौँ/कपाल/केश ५.आकाश ६.खेती गर्ने चारैतिरबाट घेरिएको जग्गा ७.कुटिल।

वृजिनम् (नपुं.) [*वृज्यते, वृजी वर्जने इति धातोः, वृजेः किच्च (उ.) २१४ इति इनच्*] १.टेढो,कुटिल २.पाप।
वृजिनं कल्मषे क्लीबं केशे ना कुटिले त्रिषु (मेदिनी.)।

वृजी (धा.) [*वर्जने, रुधा. सक.सेट्. पर.*] त्याग गर्नु। लट्— **वृणक्ति—** त्याग गर्छ इत्यादि।

वृजी (धा.) [*त्यागे, चुरा.सक.सेट्. उभय.*] त्याग गर्नु। लट्— **वर्जयति, वर्जयते—** त्याग गर्छ इत्यादि।

वृञ् (धा.) [*आवरणे, चुरा.सक.सेट्. उभय.*] ढाक्नु, हटाउनु। **यवेभ्यो गां वारयति**। लट्— **वारयति-ते—** ढाक्छ, हटाउँछ। **अपवारयति**—हटाउँछ। **आवारयति—** घेर्छ। **विवारयति—** समाप्त गर्छ, हटाउँछ, स्पष्ट गर्छ। **संवारयति**— लुकाउँछ इत्यादि।

वृञ् (धा.) [*वरणे, स्वा.सक.सेट्. उभय.*] मन पराउनु, नियमित गर्नु। लट्— **वृणोति—** मन पराउँछ, नियमित गर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृण (धा.) [*प्रीणने, तुदा.सक.सेट्, पर.*] सन्तोष गर्नु, आनन्द लिनु। लट्– **वृणति–** सन्तोष गर्छ, आनन्द लिन्छ इत्यादि।

वृत (धा.) [*दीप्तौ, चुरा. पर. अक. सेट्*] चम्कनु। लट्– **वर्तयति–** चम्कन्छ इत्यादि।

वृतः (पुं.) [*व्रियते स्म, वृञ् वरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] वरण गरिएको। **तथा वृत्रवधे प्राप्ते सहायार्थं वृतो मया। आवृतश्च** (ह.वं.)।

वृतिः (स्त्री.) [*वरणम्, वृञ् वरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.वरदान २.वरण।

वृतु (धा.) [*वरणे, दिवा.सक.सेट्, आत्म.*] मन पराउनु, सेवा गर्नु, नोकरी गर्नु। लट्– **वृत्यते–** मन पराउँछ, सेवा गर्छ, नोकरी गर्छ इत्यादि।

वृतु (धा.) [*वर्तने, भ्वा.अक.सेट्, आत्म.*] रहनु। लट्– **वर्तते–** रहन्छ। **अतिवर्तते–** जित्छ,अतिक्रमण गर्छ, नाघ्छ।**अनुवर्तते**- अनुसरण गर्छ। **आवर्तते**-चक्राकार वनाएर घुम्छ। परिक्रमा गर्छ , बारम्बार आवृत्ति गर्छ। **अपवर्तते–** फर्कन्छ। **निवर्तते–** फर्कन्छ। **निर्वर्तते–** पूर्ण गर्छ। **परिवर्तते**- बदल्छ, परिवर्तन गर्छ। **प्रवर्तते–** लाग्छ, प्रवृत्त हुन्छ। **प्रतिवर्तते–** जान्छ। **विवर्तते**– पर्कन्छ, चक्राकार भएर घुम्छ। **विनिवर्तते**– पछिल्तिर फर्कन्छ। **विपरिवर्तते**- मनमा भ्रम पैदा हुन्छ। **समधिवर्तते–** दौडेर जान्छ। लिट्– **ववृते–** रहेछ (अन.)। लुट्– **वर्तिता–** रहने छ (अन.)। लृट्– **वर्त्स्यति-वर्तिष्यते–** रहने छ। लोट्– **वर्तताम्–** रहोस्। लङ्– **अवर्तत–** रह्यो (अन.)। विधिलिङ्– **वर्तेत–** रहला, रहोस्। आशीर्लिङ्– **वर्तिषीष्ट–** रहोस्। लुङ्– **अवृतत्–अवर्तिष्ट–** रह्यो। लृङ्– **अवर्त्स्यत्–अवर्तिष्यत–** रहने थियो। णिचि– **वर्तयति**– रहन लगाउँछ। सनि– **विवृत्सति–** रहन चाहन्छ। यङि– **वरीवृत्यते**– बारम्बार रहन्छ। यङ्लुकि- **वर्वृतीति, वरिवृतीति, वरीवृतीति**– बारम्बार अतिशय रहन्छ। कृदन्ते– **वर्तितव्यम्, वर्तनीयम्, वर्त्यम्**– रहनु पर्ने,रहिने। **वर्तमानः**– भइरहहेको। **वर्तितुम्**– रहन। **वर्तित्वा, वृत्वा–** रहेर। **वृत्तः, वर्तितः**– रहेको। **वर्तिष्यमाणः–** रहने। **वर्तिष्णुः–** रहने। **वनवर्ती–** वनमारहने। **वार्तः, वार्ता–** सन्देश, कुराकानी। **आर्यावर्तः** [*आर्या वर्तन्तेऽत्र*] हिमालयर विन्ध्याचलका बिचको भूभाग। **समावर्तनीयः** [*समावर्त्यतेऽस्मात्*] गुरु। **व्यावर्ती**- [*कर्मव्यतिहारे- परस्परकरणे णच् स्त्रियाम्, तदन्तात् णचः स्त्रियामञ्, इत्यञ्, ततः टिड्ढाणञ् इति ङीप्*] काम आदिको साटासाट गर्ने। **वर्तिका–** बट्टाई, बत्ती। **वर्तिः–** बत्ती। **वर्तनिः–** बाटो। **वर्त्म–** बाटो। **वृत्रः–** असुर, वायु इत्यादि।

वृतु (धा.) [*भाषा (सा) याम्, सक.सेट्, उभय.*] रहनु। लट्– **वर्तयति-ते–** इत्यादि।

वृत्तः (पुं.) [*वृत्तं तदाकारोऽस्य, अर्शाद्यच्*] कछुवा।

वृत्तः (पुं.वि.) [*वर्तते स्म, वृतु वर्तने इति धातोः, गत्यथाकर्मक इति क्तः*] १.भएको, २.बितेको ३.बलियो ४.बाटुलो। **वर्तुलं निस्तलं वृत्तम्** (अमर.) ५.मरेको ६.कडा ७.छानिएको,स्वयंवरमा स्वीकार गरिएको। **~पत्रम्** (नपुं.) [*वृत्तञ्च तत् पत्रञ्च, कर्म.स.*] प्रतिनिधि सभा आदिका प्रतिदिनका निश्चयको संक्षिप्त अभिलेख वा बेहोरा लेखिने बही वा खाता।

वृत्तगन्धि (नपुं.) [*वृत्तस्य गन्धो यत्र तत्, बहु.स.*] वृत्तको आभास आउने गद्यको दोस्रो भेद/लयात्मक गद्य।

वृत्तम् (नपुं.) [*वर्तते स्म, वृतु वर्तने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.गोलाकार क्षेत्रको परिधि/बाटुलो घेरो/वृत्ताकार २.चरित्र ३.पद्य । **चरित्रे वर्तुले छन्दः स्वतीताधीतयोर्वृत्ते।** (हैम.)।

वृत्ता (स्त्री.) प्रत्येक पाउमा क्रमशः नगण, नगण, सगण तथा दुई गुरु वर्ण प्रयोग भएको छन्द। **ननसगगुरुरचिता वृत्ता** (छन्दो.)।

वृत्ताकारः (पुं.वि.) [*वृत्तस्य इव आकारो यस्य सः, बहु.स.*] बाटुलो आकार भएको।

वृत्तान्तः (पुं.) [*वृत्तोऽनुवर्तनीयो गवेषणीयोऽन्तः समाप्तिर्यस्य सः, बहु.स.*] १.खोज्नुपर्ने विषय २.कुराकानी/हालखवर। **वृत्तान्तस्तु प्रकरणे कार्त्स्न्ये वार्ताप्रकारयोः।** (हैम.) ३.[*वृत्तोऽन्तो यस्य सः,बहु.स.*] पूर्णता ४.(पुं.वि.) समाप्त भएको।

वृत्तिः (स्त्री.) [*वर्ततेऽनया, वृतु वर्तने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.सत्ता २.स्वभाव ३.दशा, अवस्था ४.व्यवहार आचरण ५.जीविका ६.पारिश्रमिक ७.घुमफिर ८.चक्रको परिधि ९.कुनै सूत्रको विशेष अर्थ १०.व्याकरणशास्त्रमा भित्र लुकेको नयाँ अर्थलाई व्यक्त गर्ने शब्दरचना। **पदार्थाभिधानं वृत्तिः**। यो वृत्ति पाँच किसिमको हुन्छ– कृत्, तद्धित, समास, एकशेष र सनाद्यन्त धातुरूप। साहित्य र व्याकरणमा शब्दको व्यापार अथवा शक्तिलाई वृत्ति भनिन्छ। यो तीन किसिमको हुन्छ– अभिधा, लक्षणा र व्यञ्जना। यी तीन वृत्तिद्वारा शब्दले तीन प्रकारका अर्थ बुझाउँछन्। अभिधावृत्ति शब्दको सामान्य वृत्ति हो, लक्षणा र व्यञ्जना विशेष वृत्ति हुन्। **अभिधावृत्तिले** साङ्केतिक अर्थात् वाच्य (अभिधेय) अर्थ बुझाउँछ। यस अर्थलाई मुख्य अर्थ पनि भनिन्छ। **लक्षणावृत्तिले** लक्ष्य अर्थ बुझाउँछ। लक्ष्य अर्थ बुझाउने शब्दमा यस वृत्तिको उपयोग हुन्छ। **व्यञ्जनावृत्तिले** व्यङ्ग्य अर्थ बुझाउँछ। व्यङ्ग्य अर्थ बुझाउने शब्दमा यसको उपयोग हुन्छ। व्यङ्ग्य अर्थलाई ध्वन्यमान अर्थ वा ध्वनि पनि भन्दछन्।

वाच्योऽर्थोऽभिधया बोध्यो लक्ष्यो लक्षणया मतः।
व्यङ्ग्यो व्यञ्जनया ताः स्युस्तिस्रः शब्दस्य शक्तयः॥

(सा.द.) गङ्गाका तीन धारा जस्तै अभिधा, लक्षणा र व्यञ्जना वृत्तिले सहित भएकी वाणीरूपी गङ्गा कहीं गम्भीर, कहीं कुटिल र कतै सरल भएर बगेको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृत्तिभेदैस्त्रिभिर्युक्ता स्रोतोभिरिव जाह्नवी।
भारती भाति गम्भीरा कुटिला सरला क्वचित्॥ (चन्द्रा.)

अर्को दृष्टिकोणले वृत्ति चार किसिमका छन्– कौशिकी, सात्वती, आरभटी र भारती। यी चार वृत्तिले विलासविन्यासक्रम नृत्य, गीत, वाद्य, वेष आदिको परिपाटी बताउँछन्। यी वृत्तिहरू प्रायः नाटकमा प्रयुक्त हुन्छन्। **कौशिकी वृत्तिमा** सुकुमार वेषको विशेषता रहेको हुन्छ। यहाँ स्त्रीहरू धेरै रहन्छन् र नाचगान बढी हुन्छ। यथेच्छ उपभोगलाई परिलक्षित गर्ने उपचारहरू हुन्छन्।

या श्लक्ष्णनेपथ्यविशेषचित्रा
स्त्रीसङ्कुला पुष्कलनृत्यगीता।
कामोपभोगप्रभवोपचारा
सा कौशिकी चारुविलासयुक्ता॥ (सा.द. ६)

सात्त्वती वृत्तिमा बल, शूरता, त्याग, दया, सरलता आदि उदात्त गुणको बाहुल्य हुन्छ। शृङ्गार थोरै हुन्छ। यसमा आमोद, प्रमोद र आश्चर्यको मात्रा बढी हुन्छ, शोक हुँदैन।

सात्वती बहुला सत्त्वशौर्यत्यागदयार्जवैः।
सहर्षा क्षुद्रशृङ्गारा विशोका साद्भुता तथा॥ (सा.द. ६)

आरभटी वृत्तिमा कपट, इन्द्रजाल, लडाइँ आदिको प्राधान्य हुन्छ। क्रोधी र पागल आदिका चेष्टाहरू बढी देखिन्छन्। हत्या हिंसा, मारपिट, बाँध-छाँद आदिको काम हुन्छ। यो वृत्ति उद्धत अर्थात् विकट, डरलाग्दा घटनाहरू देखाउनका लागि प्रयोग गरिन्छ।

मायेन्द्रजालसङ्ग्रामक्रोधोद्भ्रान्तादिचेष्टितैः।
संयुक्ता वधबन्धाद्यैरुद्धतारभटी मता॥ (स.द. ६)

भारती वृत्तिमा संस्कृतभाषाको प्राचुर्य हुन्छ र स्त्रीहरू हुँदै हुँदैनन्, भए पनि अल्पसङ्ख्यामा हुन्छन्। पुरुषहरूको वाणीको व्यापार प्रधान रहन्छ।

भारती संस्कृत-प्रायो वाग्व्यापारो नराश्रयः। (सा.द. ६)

शृङ्गार रसको वर्णनमा कौशिकी वृत्ति, वीररसको वर्णनमा सात्वती वृत्ति, रौद्र र बीभत्सरसको वर्णनमा आरभटी वृत्तिको प्रयोग हुन्छ। इतिवृत्त, पात्र आदिको औचित्य हेरी सबै रसमा भारती वृत्तिको प्रयोग गर्न सकिन्छ।

शृङ्गारे कौशिकी वीरे सात्वत्यारभटी पुनः।
रसे रौद्रे च बीभत्से वृत्तिः सर्वत्र भारती॥
चतस्रो वृत्तयस्त्वेताः सर्वनाट्यस्य मातृकाः।
स्युर्नायकादिव्यापारविशेषा नाटकादिषु॥ (सा.द.)

मधुरा वृत्ति भन्नाले मधुरा, प्रौढा, परुषा, ललिता र भद्रा यी पाँच वृत्तिको नाम आउँछ। यी वृत्तिहरू वर्णविन्यासक्रममा आधारित छन्। मधुरा वृत्तिमा अनुनासिक वर्ण (ङ, ञ, ण, न, म) ले सहित भएका चार अक्षर (क, ख, ग, घ आदि) को प्रयोग हुन्छ। लकार– लकारकै साथ जुटेका, रेफ– णकार र ह्रस्व अक्षरहरूसँग मिलेका वर्णहरूको यसमा प्रयोग हुन्छ। **प्रौढा वृत्तिमा** ट, ठ, ड, ढ वर्णको प्रयोग हुन्छ। णकार र रेफसँग जोडिएका वर्णहरू आउँछन्। **परुषा वृत्तिमा** सकारमाथि सबै ककार आदि वर्ण जुटेका पदावलीको प्रयोग हुन्छ। यसमा र वर्णसित अरू वर्ण जुटेका हुन्छन्। **ललिता वृत्तिमा** लकार– लकारैसँग जुटेका वर्णहरू प्रयुक्त हुन्छन्। नजुटेका घकार, मकार, धकार, रेफ, सकार आदिको पनि यसमा प्रयोग हुन्छ। **भद्रा वृत्तिमा** मधुरा, प्रौढा, परुषा र ललितावृत्तिहरूमा प्रयोग नभएका अक्षरहरूको प्रयोग हुन्छ। ११.योगशास्त्रमा हुने चित्तको क्रिया। यसको सङ्ख्या अनेक छ। तीमध्ये क्लिष्ट र अक्लिष्टको भेदले योगशास्त्रका वृत्तिहरू मुख्य पाँच किसिमका हुन्छन्– प्रमाणवृत्ति, विपर्ययवृत्ति, विकल्पवृत्ति, निद्रावृत्ति र स्मृतिवृत्ति। **वृत्तयःपञ्चतय्यः क्लिष्याक्लिष्याः** (पा.यो.सू.१/५) वेदान्त शास्त्रमा तीन किसिमका वृत्ति छन्– जाग्रत्, स्वप्न र सुषुप्ति। मीमांसकहरूले तात्पर्या वृत्ति पनि मानेका छन्। १२.व्यक्तिले पाउने सरकारी ढुकुटीमा जम्मा गरिएको धनको ब्याज। **~करः** (पुं.) [*वृत्तेः करः, ष.त.*] वृत्ति वा जागिर वा पेसामा लाग्ने कर। **~दाता** (पुं.वि.) [*वृत्तेर्दाता, ष.त.*] जीविकाका लागि वृत्ति दिने/पालन गर्ने।

वृत्तिवैचित्र्यवक्रता (स्त्री.) [*वृत्तिवैचित्र्यरूपा वक्रता, म.प.स.*] पदपूर्वार्द्धवक्रताको चौथो भेद।

वृत्रः (पुं.) [*वर्तते सदैवाऽसौ, वृतु वर्तने, इति धातोः, स्फायितञ्चि-वञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनी-पदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदाम्भिवसि-वाशिशीङ्हसिसिधशुभिभ्यो रक् (उ. १७८) इति रक्,*] १.मेघ २.इन्द्रको शत्रु/वृत्रासुर।

वृत्त्यनुप्रासः (पुं.) [*वृत्तिगतोऽनुप्रासः*] अनुप्रासको एक भेद। अनेक वर्णको अनेकपटक आवृत्ति हुँदा पर्न जाने एक शब्दालङ्कार। विभिन्न रसहरूको वर्णन अभिव्यञ्जनका लागि आवश्यक तदनुकूल भिन्न भिन्न वर्णरचनालाई वृत्ति भनिन्छ। वृत्तिको अनुकूल वर्णको प्रकृष्ट योजना अथवा आवृत्तिलाई वृत्त्यनुप्रास भनिन्छ। वाणीका कोमल कठोर र मृदु तीन किसिमका गुण हुन्छन्। ती गुणका आधारमा वृत्ति तीन किसिमका छन्– उपनागरिका, परुषा र कोमला। वामनले यिनैलाई वैदर्भी, गौडी र पाञ्चाली भनेका छन्। अरू आचार्यले पनि वृत्ति तीन किसिमका हुन्छन् भनेका छन्– उपनागरिका, परुषा र कोमला। **'ट'** वर्गको प्रयोग नभएका माधुर्यगुणव्यञ्जक, अनुनासिक र अनुस्वारले युक्त वर्णयोजनालाई उपनागरिका वृत्ति भनिन्छ। विशेष गरी यसको उपयोग शृङ्गार, हास्य र करुणरसमा हुन्छ। ओजोगुणव्यञ्जक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वित्ववर्णबहुल, संयुक्तवर्णप्रधान रचनालाई परुषावृत्ति भनिन्छ। यसमा टवर्गीय वर्णको प्राचुर्य रहन्छ। यसको प्रयोग वीर, रौद्र र भयानक रसमा हुन्छ। जहाँ माधुर्य र ओजो गुणव्यञ्जक वर्णदेखि भिन्न प्रसादगुणयुक्त वर्णरचनाको प्रयोग भएको हुन्छ, त्यो कोमलावृत्ति हुन्छ। यसको प्रयोग शान्त, शृङ्गार अद्भुतरसमा प्रभावकारी मानिन्छ।

अनुप्रासः शब्दसाम्यं वैषम्येऽपि स्वरस्य यत् (सा.द.)।

वृथा (अ.) [*व्रियते, वृङ् सम्भक्तौ इति धातोः, वृञ् वरणे इति धातोर्वा थाक्*] १.निष्प्रयोजन/मतलब नभएको/बिनासित्ति/ २.झुटो/असत्य/व्यर्थ। **वृथा वन्ध्ये निष्कारणे** (मेदिनी.)।

वृद्धः (पुं.) [*वर्धते स्म, वृधु वृद्धौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.उमेर ढल्केको/धेरै उमेरको/बुढो २.प्राज्ञ। **वृद्धः प्राज्ञे च स्थविरे वृद्धं शैलेयरूढयोः।** (हैम) **~प्रपितामही** (स्त्री.) [*प्रपितामह्या अपि वृद्धा, वृद्ध–प्रपितामह+ङीष्*] बज्यैकी बज्यै/आफूभन्दा चार पुस्तामाथिकी बज्यै। **~प्रमातामहः** (पुं.) [*प्रमातामहाद् वृद्धः*] आमापट्टिबाट चार पुस्ताका बाजे। **~प्रमातामही** (स्त्री.) [*प्रमातामह्या अपि वृद्धा*] आमा पट्टिबाट चार पुस्ताकी बज्यै।

वृद्धता (स्त्री.) [*वृद्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् ४.१.४*] उमेर ढल्कनु/धेरै उमेर हुनु/बुढ्याइँ/ बुढोपन।

वृद्धत्वम् (नपुं.) [*वृद्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] उमेर ढलकनु/धेरै उमेर हुनु/बुढ्याइँ/बुढोपन।

वृद्धदारकः (पुं.) [*वृद्धो दारकोऽस्मात्, वृद्धत्वं दारयति वा, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] त्रिधारा।

वृद्धनाभिः (पुं.) [*वृद्धा उन्नता नाभिर्यस्य सः, बहु.स.*] नाइटो ठुलो हुने व्यक्ति।

वृद्धम् (नपुं.) [*वर्धते स्म, वृध वद्धौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.शिलाकुङ्कुम २.(त्रि.) जीर्ण ३.(त्रि.) बढेको। **वृद्धौ जीर्णे प्रवृद्धे त्रे त्रिषु क्लीबं तु शैलजे** (मेदिनी.)।

वृद्धमतम् (नपुं.) [*वृद्धानां मतम्, ष.त.*] बुढाबूढीको विचार/जेठाको राय।

वृद्धश्रवाः (पुं.) [*वृद्धेभ्यः शृणोति, श्रु श्रवणे इति धातोः, असुन् (उ.) वृद्धे श्रवसी यस्य सः, बहु.स., इति वा वृद्धेषु पण्डितेषु श्रवो यशो यस्य सः, बहु.स., इति वा*] इन्द्र।

वृद्धसङ्घः (पुं.) [*वृद्धानां सङ्घः, ष.त.*] बुढाहरूको समूह।

वृद्धा (स्त्री.) [*वर्धते स्म, वृधु वृद्धौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] बुढी स्त्री।

वृद्धाङ्गुलिः (पुं.) [*वृद्धश्चासौ अङ्गुलिश्च, कर्म.स.*] बुढी औंलो/ औंठो।

वृद्धाङ्गुष्ठः (पुं.) [*वृद्धश्चासौ अङ्गुष्ठश्च, कर्म.स.*] हात वा गोडाको बुढी औंलो/औंठो।

वृद्धावस्था (स्त्री.) [*वृद्धा चासौ अवस्था च, कर्म.स.*] बुढ्याइँ/बुढो भएको अवस्था।

वृद्धाश्रमः (पुं.) [*वृद्धानाम् आश्रमः, ष.त.*] खानपिन, बसोवास, औषधोपचार आदिको सुविधासमेत उपलब्ध हुने गरी असहाय वृद्ध,वृद्धालाई राख्नका निमित्त व्यवस्था भएको आश्रम।

वृद्धिः (स्त्री.) [*वर्द्धनम्, वृधु वृद्धौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बढ्ने काम/बढ्ती/अभ्युदय/उन्नति २.[*वर्धतेऽनया, वृधु वृद्धौ इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] अष्टवर्ग औषधि ३.समृद्धि ४.पातेझुलो ५.व्याकरणमा चर्चित एक सन्धि। **~श्राद्धम्** (नपुं.) [*वृद्धये श्राद्धम्, च.त.*] विवाह, ब्रतवन्ध आदि माङ्गलिक कर्मका पूर्वाङ्गमा गरिने श्राद्ध/नान्दीमुख श्राद्ध/आभ्युदयिक श्राद्ध।

वृद्धिजीविका (स्त्री.) [*वृद्ध्या जीविका, तृ.त.*] ब्याजबाट गरिने जीविका।

वृद्धोक्षः (पुं.) [*वृद्धश्चासावुक्षा च, कर्म.स.*] बुढो गोरु।

वृद्ध्याजीवः (पुं.) [*वृद्धिराजीवो जीविका यस्य सः, बहु.स.*] ऋण लगानी गर्ने व्यक्ति।

वृद्ध्याजीवी (पुं.वि.) [*वृद्ध्या आजीवी, तृ.त.*] जिन्सी वा नगदी सापटी दिएर त्यसबाट प्राप्त भएको ब्याजबाट जीविका गर्ने व्यक्ति।

वृधसानः (पुं.) [*वृध्धातोः सानच्प्रत्ययः*] मानिस।

वृधु (धा.) [*वृद्धौ, भ्वा. अक.सेट् आत्म.*] बढ्नु। लट्– **वर्धते**– बढ्छ। **संवर्धते**– राम्रोसित बढ्छ, हुर्कन्छ। **विवर्धते**– राम्रोसित फैलन्छ, **प्रवर्धते**– बढ्छ। लिट्– **ववृधे**– बढेछ (अन.)। लुट्– **वर्धिता**– बढ्ने छ (अन.)। लृट्– **वर्धिष्यते**– बढ्ने छ। लोट्– **वर्धताम्**– बढोस्। लङ्– **अवर्धत**– बढ्यो (अन.)। विधिलिङ्– **वर्धेत**– बढ्ला, बढोस्। आशीर्लिङ्– **वर्धिषीष्ट**– बढोस्। लुङ्– **अवर्धिष्ट**– बढ्यो। लृङ्– **अवर्धिष्यत**– बढ्ने थियो इत्यादि। कृदन्ते-**वर्धकः, वर्धिता, वर्धित्री**-बढाउने। **वर्धितः**– बढाइएको। **वर्धमानः**– बढिरहेको। **वर्धनम्**– बढ्ने काम **वर्धित्वा**– बढेर। **वर्धयित्वा**– बढाएर। **वर्धितव्यम्, वर्धनीयम्**– बढ्नु पर्ने। **वर्धनः**– बढ्ने, **वर्धिष्णुः**– बढालु। **वृद्धः**– बढेको, बुढो, जेठो, ज्ञानी। **वर्षिष्ठः**– अतिशय जेठो। **वर्षीयान्**– दुईमा जेठो वा वृद्ध। **वृद्धिः**– ब्याज, बढ्ती, समृद्धि। **वार्धुषिकः**– लगानी गर्ने व्यक्ति, सेयरधनी **वर्धमानः**–बढिरहेको।

वृधु (धा.) [*भाषा (सा) याम्, सक.सेट् उभय.*] बढ्नु। लट्– **वर्धयति-ते**– बढ्छ इत्यादि।

वृन्तम् (नपुं.) [*वृणोति, वृञ् वरणे इति धातोः, बाहुलकात् अञ्जिघृसि (उ) इति क्तः, नुम् च*] १.फलको भेट्नु २.स्तनको अग्रभाग ३.गग्रेटो, घडाराख्ने त्रिपाई, घडौची। **वृन्तं प्रसवबन्धे च घटीधाराकुचाग्रयोः** (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृन्तच्युतः (पुं.वि.) [*वृन्ताच्च्युतः, प.त.*] डाँठ वा भेट्नाबाट चुँडिएको वा छुट्टिएको।

वृन्ताकः (पुं.) [*वृन्तमकति, कर्मण्यण् ३.२.१ इत्यण्*] भान्टा।

वृन्दम् (नपुं.) [*वृणोतीति, वृणु भक्षणे धातोः, अब्दादयश्च (उ.) इति नुम् गुणाभावश्च, ददन्*] १.सय करोडको सङ्ख्या २.समूह/राशि। वृन्दका अनेक भेद छन्— एक जातीय प्राणी अथवा अप्राणीको समूहलाई **वर्गः** (मनुष्यवर्गः, वनौषधिवर्गः, शैलवर्ग आदि) एकजातीय वा भिन्न जातीय प्राणीमात्रको समूहलाई **सङ्घः, सार्थः** (पक्षिसङ्घ, विद्यार्थीसङ्घ, वणिक्सार्थ आदि) एक जातीय केवल प्राणीहरूको समूहलाई **कुलम्** (ऋषिकुलम्, गुरुकुलम्, गोकुलम् आदि) एक जातिका पशुपक्षीहरूको समूहलाई **यूथम्** (मृगयूथम्, गजयूथम्, वर्हियूथम् आदि) केवल पशुको समूहलाई **समजः** (गोसमजः,अश्वसमजः, सिंहसमजः आदि) पशुभिन्न जातिको समूहलाई **समाजः** (ब्राह्मणसमाजः, क्षत्रियसमाजः आदि) एक जातिको समूहलाई **निकायः** (ब्राह्मणनिकायः, गोनिकायः आदि) धान, चामल आदिको समूहलाई **पुञ्जः, राशिः, उत्करः, कूटः** (धान्यराशि, तृणराशिः आदि) भन्दछन्। जातिबोधक शब्दमा तस्य समूह ४.२.३७ ले अण् प्रत्यय गरेर पनि समूहार्थ बुझाइन्छ। (कापोतम्— परेवाको समूह, मायूरम्— मयूरको समूह, तैत्तिरम्— तित्राको समूह आदि)।

वृन्दा (स्त्री.) [*वृन्दशब्दात् अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] तुलसी/वृन्दावनी।

वृन्दारकः (पुं.) [*वृन्दम् गुणवृन्दमस्त्यस्य, शृङ्गवृन्दाभ्यामारकन् (वा.) ५.२.१०२ इति आरकन्*] १.देवता २.कुनै वस्तुको मुख्य अंश।

वृन्दारकः (पुं.वि.) १.उत्कृष्ट २.राम्रो ३.मुख्य ४.अतिशय धेरै ५.प्रतिष्ठित ६.माननीय।

वृन्दारण्यम् (नपुं.) [*वृन्दाया तुलस्या अरण्यं यत्र तत्, बहु.स.*] १.मथुराका नजिक रहेको एक वन २.[*वृन्दाया अरण्यम्, कर्म.स.*] तुलसीको वन हे. **वृन्दावनम्**।

वृन्दारिका (स्त्री.) [*वृन्दम् गुणवृन्दमस्त्यस्याः, शृङ्गवृन्दाभ्यामारकन् (वा.) ५.२.१०२ इति आरकन्, टाप् ४.१.४ इत्वम्*] हाँसको जस्तो गति भएकी गुणसम्पन्न स्त्री।

योषिद् वृन्दारिका तस्य दयिता हंसगामिनी (भट्टि.५.१८)।

वृन्दावनम् (नपुं.) [*वृन्दाया वनम्, ष.त.*] सत्ययुगमा वृन्दाले विष्णुलाई पतिको रूपमा पाउन लामो समयसम्म तपस्या गरेको वन श्रीकृष्णले गाई चराएको र गोप, गोपिनीसित विहार गरेको थलो पवित्र धार्मिकस्थल तुलसीको वन। यो मथुराबाट ६ माइल उत्तरमा पर्दछ। वृन्दावन मन्दिरै मन्दिरको एक सहर हो। यहाँका प्रत्येक गल्लीमा मन्दिरै मन्दिर छन्। वृन्दावन परिक्रमा ४ माइलको छ। धेरै मानिस प्रत्येक दिन वृन्दावनको परिक्रमा गर्दछन्। यहाँका दर्शनीय स्थलहरू— यमुनाको तटमा कालीयह्रद र कालीय नागको दमन गर्ने भगवान् कृष्णको मूर्ति, युगलकिशोरको मन्दिर, मनमोहनको मन्दिर, अद्वैतवट, अष्टसखीको मन्दिर, बाँके विहारीको मन्दिर, राधावल्लभको मन्दिर, रङ्गमहल, शृङ्गारवट, राधारमणको मन्दिर, गोपीनाथको मन्दिर, गोकुलानन्दको मन्दिर, गोपेश्वरनाथ महादेवको मन्दिर, जगन्नाथ मन्दिर, गीता मन्दिर, गोवर्द्धन पर्वत आदि।

वृश (धा.) [*आवरणे, सक.सेट् पर.*] ढाक्नु। लट्— **वृश्यति—** ढाक्छ इत्यादि।

वृश्चिकः (पुं.) [*वृश्चति छिनत्तीति, ओव्रश्चू छेदने इति धातोः, वृश्चिकृष्योः किकन् (उ.) २०७ इति किकन्, ग्रहिज्या ५.१.१६ इति सम्प्रसारणम्*] १.विच्छी २.खजुरो ३.कन्सुत्लो ४.बाह्र राशिमध्येको आठौँ राशि ५.रेसमी किरो ६.औषधिविशेष।

वृश्चिकस्तु द्रुणे राशौ शूककीटौषधीभिदोः (मेदिनी.)।

वृश्चिकराशिः (पुं.) [*वश्चिक इति राशिः, कर्म.स.*] बिछो राशि/बाह्र राशिमध्येको आठौँ राशि। यसमा विशाखाको चतुर्थ पाउ, तथा अनुराधा र ज्येष्ठा नक्षत्रका सबै पाउ पर्दछन्। तुलाराशिको दक्षिणपूर्वमा यो राशि रहेको छ। यस राशिको सबैभन्दा चम्किलो नक्षत्र ज्येष्ठा हो। यसको व्यास सूर्यको व्यासको ४५० गुना ठुलो छ। यो पृथ्वीबाट २५० प्रकाशवर्ष टाढा छ। वृश्चिक राशिको सीमा २१० अंशदेखि २४० अंशसम्म छ। यस राशिलाई २१ जुलाई रातको ९ बजे याम्योत्तर रेखामा राम्रोसित देख्न सकिन्छ। यसको अर्को नाम परिजात पनि हो।

वृष (धा.) [*शान्तिबन्धने, अक.सेट् आत्म.*] गर्भवती हुनु, पराक्रमी हुनु, सन्तान पैदा गर्न समर्थ हुनु। लट्— **वर्षयते—** गर्भवती हुन्छे, पराक्रमी हुन्छ, सन्तान पैदा गर्न समर्थ हुन्छ इत्यादि।

वृषः (पुं.) [*वर्षति सिञ्चति रेतः, वृषु सेचने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.साँढे/बैल २.धर्म ३.बाह्र राशिमध्येको दोस्रो राशि ४.असुरो ५.समासको अन्त्यमा आउँदा सर्वश्रेष्ठ। जस्तै— **मुनिवृषः**। ६.व्यायामशील व्यक्ति। ७.कामुक। रतिग्रन्थमा वर्णित चार प्रकारका पुरुषमध्ये एक ८.शत्रु । **वृषः स्याद्वासके धर्मे सौरभेये च शुक्रले।** (विश्व) ९.मुसो १०.शिववाहन नन्दी ११.कर्ण १२.विष्णु १३.एक प्रकारको औषधि।

वृषकर्मा (पुं.) [*वृषस्य इव कर्म यस्य सः, बहु.स.*] गोरुजस्तो जोतिएर काम गर्ने।

वृषणः (पुं.) [*वर्षति वंशबीजम्, वृषु सेचने इति धातोः, बाहुलकात् क्युः, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा बहुलमन्यत्रापि (उ.) इति युच्, अनः ७.१.१ संज्ञपूर्वकत्वाद् गुणाभावः*] अण्डकोष।

वृषदंशकः (पुं.) [*वृषान् मूषकान् दशति, दंश दशने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, स्वार्थे कन् ५.३.७५*] बिरालो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषध्वजः (पुं.) [*वृषो वृषभो धर्मो वा ध्वजश्चिह्नं वाहनं वा यस्य सः, बहु.स.*] १.शिव २.गणेश ३.सद्गुणी/ पुण्यात्मा।

वृषभः (पुं.) [*वर्षति, वृषु सेचने इति धातोः, ऋषिवृषिभ्यां किन् (उ.) ४१० इति अभच्प्रत्ययः*] १.गोरु २.श्रेष्ठ। **वृषभः श्रेष्ठवृषयोः**। (विश्व.) ३.बाह्र राशि मध्येको एक राशि ४.कानको छिद्र ५.वैदर्भी रीतिको एक भेद ६.आदि जिन ७.ऋषभ नामक औषधि विशेष ८.चारथरी पुरुषमध्ये एक।

(वृषभः)

शशके पद्मिनी तुष्य चित्रिणी रमते मृगम्।

वृषभे शङ्खिनी तुष्य हस्तिनी रमते हयम्॥ (र.म.)

~ध्वजः (पुं.) [*वृषभो ध्वजः (वाहनम्) यस्य सः, बहु.स.*] शिव/महादेव।

वृषराशिः (पुं.) [*वृष इति राशिः, कर्म.स.*] बाह्र राशिमध्येको दोस्रो राशि। यसमा कृत्तिकाका द्वितीय, तृतीय र चतुर्थ पाउ, रोहिणी नक्षत्र, मृगशिराका प्रथम र द्वितीय पाउ पर्दछन्। यसको आकार गोरुको जस्तो भएकाले यसलाई वृषराशि भनिएको हो। यसको सबैभन्दा चम्किलो नक्षत्र रोहिणी हो। यसको सीमा ३० अंशदेखि ६० अंशसम्म छ। यस राशिलाई राति ९ बजे, जनवरी १५ मा याम्योत्तर रेखामा राम्रोसित देख्न सकिन्छ।

(वृषराशिः)

वृषलः (पुं.) [*वर्षति परस्त्रीषु रेतः सिञ्चतीति, वृष सेचने इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११, इति सूत्रेण कलः*] १.शूद्र २.अधार्मिक व्यक्ति/पतित व्यक्ति ३.घोडा ४.साँढे। **वृषलस्तुरगे शूद्रे** (हेमचन्द्र)।

वृषली (स्त्री.) [*वृषलस्य स्त्री, वृष सेचने इति धातोः, वृषादिभ्यश्चित् (उ.) १११, इति सूत्रेण इति कल्, ङीप्*] १.शूद्र जातिकी स्त्री २.बाँझी स्त्री ३.परपुरुषगामिनी ३.बाबुका घरमा रजोवती भएकी नारी वा कन्या।

पितुः गृहे च या कन्या रजः स्पृशत्यसंस्कृता।

भ्रूणहत्या पितुस्तस्याः सा कन्या वृषली स्मृता॥ (का.ख.)

वृषस्यन्ती (स्त्री.) [*आत्मनो वृषमिच्छतीति, सुप आत्मनः क्यच् ३.१.१८ इति क्यच्, ततः, लटः शतृ ३.२.१२४ उगितश्च ४.१.६ इति ङीप्, आच्छीनद्योर्नुम् ७.१.८० इति नुम्, अश्ववृषयोर्मैथुनेच्छायाम् (वा.) ७.१.५१ इति असुक् आगमः*] १.साढे खोजेकी २.पतिको चाहना राख्ने। **लक्ष्मणं सा वृषस्यन्ती महोक्षं गौरिवागमत्** (भट्टि. ४.३०)।

वृषा (पुं.) [*वर्षतीति, वृषु सेचने इति धतोः, कनिन् युवृषितक्षिराजिधन्विद्युप्रतिदिवः (उ.) १६२ इति कनिन्*] १.इन्द्र २.कर्णको नामान्तर ३.कुनै वर्गको प्रमुख। (महावीरच. १.७.४) ४.पीडा, शोक ५.अग्नि ६.गोरु ७.घोडा।

वृषाकपायी (स्त्री.) [*वृषाकपेः स्त्री, ङीष्, ऐ आदेशः*] १.लक्ष्मी २.गौरी ३.इन्द्राणी ४.अग्निकी पत्नी स्वाहा ५.सूर्यकी पत्नी उषा।

वृषाकपिः (पुं.) [*वृषं धर्मं न कम्पयति, कपि किञ्चिच्चलने इति धातोः अंहिकम्प्योर्नलोपश्च (उ.) इति इः, नलोपश्च, अन्येषामपि दृश्यते ६.३.१३९ इति दीर्घः*] १.विष्णु २.शिव ३.अग्नि। **वृषाकपिः पुमान् कृष्णे शङ्करे जातवेदसि।** (मेदिनी.) ४.इन्द्र (वृषाकपायीशब्दस्य शच्यर्थदर्शनात्) ५.सूर्य। **त्वं हंसः सविता भानुरंशुमाली वृषाकपिः** (म.भा.३.३.६१)।

वृषाङ्कः (पुं.) [*वृषो वृषभोऽङ्को वाहनं यस्य सः, बहु.स.*] १.शिव २.[*वृषो धर्मः, अङ्कश्चिह्नमस्य*] साधु ३.भलायो ४.[*वृषस्य अङ्कश्चिह्नमेवास्य*] नपुंसक/हिजडा।

वृषान्तकः (पुं.) [*वृषस्य तन्नामकासुरस्य अन्तकः, ष.त.*] विष्णु।

वृषी (स्त्री.) [*ब्रुवन्तः सीदन्त्यस्याम्, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, पृषोदरादित्वात् ६.३.१०९ साधुः, यद्वा वर्षति सुखम्, वृषु सेचने इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] व्रत गर्ने, ऋषिमुनिले बस्ने आसन। यो काश कुशले बनेको हुन्छ। **यतीनामासने वृषी** (मेदिनी.)।

वृषु (धा.) [*सेचनहिंसासङ्क्लेशनेषु, सक.सेट्.पर.*] भिजाउनु, बर्सनु, मार्नु, कष्ट दिनु। लट्– **वर्षति–** भिजाउँछ, बर्सन्छ, मार्छ, कष्ट दिन्छ। लिट्– **ववर्ष–** भिजाएछ, बर्सेछ, मारेछ, कष्ट दिएछ (अन.)। लुट्– **वर्षिता–** भिजाउने छ बर्सने छ, मार्ने छ, कष्ट दिने छ (अन.) इत्यादि।

वृषोत्सर्गः (पुं.) [*वृषस्य उत्सर्गः, ष.त.*] मानिस मरेका एघारौँ दिनमा मृतकको मुक्तिका लागि चारवटा साँढे डामेर छोड्ने एक धार्मिक कृत्य।

एकादशाहे प्रेतस्य यस्य चोत्सृज्यते वृषः।

प्रेतलोकं परित्यज्य स्वर्गलोकं स गच्छति॥

वृषोत्सर्जनवेलायां वृषाभावो कथञ्चन

मृत्तिकाभिस्तु दर्भैर्वा वृषं कृत्वा विमोचयेत् (ग.पु.)।

वृषोपगा (स्त्री.) [*उपस्रियते वृषेण, सृ गतौ इति धातोः, उपसर्या काल्या प्रजने ३.१.१०४ इति साधुः*] बारम्बार साँढे खोजे तापनि गर्भ नरहेकी गाई।

वृष्टः (पुं.वि.) [*वर्ष्यते स्म, वृषु सेचने इति धातोः क्तः*] वर्षाका रूपमा झरेको/बर्सेको।

वृष्टिः (स्त्री.) [*वर्षणम्, वृषु सेचने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] झरी/पानी/वर्षा/बादलबाट पानीका थोपाहरू झर्ने काम। **~मानम्** (नपुं.) [*वृष्टिं मापयति, मा+ल्युः (अनः)*] परेको पानी नाप्ने यन्त्र/वृष्टिमापक।

वृष्णिः (पुं.वि.) [*वर्षतीति, वृषु सेचने इति धातोः, सृवृषिभ्यां कित् (उ.) ४९८ इति निः, किच्च*] १.पाखण्डी २.क्रोधी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृष्णिः (पुं.) [*वर्षतीति, वृषु सेचने इति धातोः, सृवृषिभ्यां कित् (उ.) ४९८ इति निः,किच्च*] १.यादव २.भेडो ३.किरण ४. महाभारतका प्रसिद्ध एक राजा ५.मेष राशि ६.कृष्ण ।

वृष्यः (पुं.वि.) [*वृषाय हितः, वृषशब्दात् तस्मै हितम् ५.१.५ इति यत्*] पुंस्त्व बढाउने/वीर्यवर्द्धक ।

वृह (धा.) [*वृद्धौ, अक.सेट्, पर.*] बढ्नु । लट्– **वर्हति–** बढ्छ इत्यादि ।

वृहत् (पुं.वि.) [*वृह वृद्धौ इति धातोः,अतिः*] अति ठुलो/बडेमाको/ महान् ।

वृहतिः (स्त्री.) [*वृहतीति, वृह वृद्धौ इति धातोः, वर्तमाने पृषद्वृहत् (उ.) इति निपातः, उगितश्च ४.१.६ इति शतृवत्त्वान् ङीप्*] बिंही । **क्षुद्रायां क्षुद्रवार्ताक्यां बृहती छन्दसि क्वचित्** (शाश्वत.) ।

वृहि (धा.) [*वृद्धौ शब्दे च, अक.सेट् पर.*] बढ्नु, शब्द गर्नु । लट्– **वृंहति–** बढ्छ, शब्द गर्छ इत्यादि ।

वृहू (धा.) [*उद्यमने, सक.वेट् पर.*] उद्योग गर्नु । लट्– **वृहति–** उद्योग गर्छ इत्यादि ।

वृ (धा.) [*वरणे, सक.सेट् पर.*] वरण गर्नु, मन पराउनु, आश्रय दिनु । लट्– **वृणाति–** वरण गर्छ इत्यादि ।

वृञ् (धा.) [*वरणे, सक.सेट् उभय.*] मन पराउनु, स्वीकार गर्नु । लट्– **वृणाति–वृणीते–** मन पराउँछ, स्वीकार गर्छ इत्यादि ।

वेगः (पुं.) [*विज धातोः, भावे ३.३.१८ इति घञ्*] शीघ्र गति/छिटो चालले बग्ने क्रिया/प्रवाह ।

वेगवान् (पुं.वि.) [*वेगोऽस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] छिटो चालले हिंड्ने/शीघ्रगामी/तीव्र ।

वेगवती (स्त्री.) १.एक अर्धसम वृत्त । दोधक छन्दमा प्रथम र तृतीय पाउका प्रथम अक्षर हटाउँदा यो छन्द बन्दछ । **विषमे प्रथमाक्षरहीनं दोधकमेव हि वेगवती स्यात्** । (छन्दो.) २.पहाडिया ठुलो नदी ।

वेगी (पुं.) [*अतिशयितो वेगोऽस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] छिटो काम गर्ने व्यक्ति ।

वेङ्कटनाथः (पुं.) विशिष्टाद्वैतवाद नामक वैष्णवदर्शनका आचार्य । यिनको समय ई.सं. १२६९-१३६९ हो । यिनलाई कवि तार्किकसिंह र सर्वतन्त्रस्वतन्त्र दुईवटा उपाधि दिइएको थियो । यिनले आफ्नो सम्प्रदायसँग सम्बद्ध ग्रन्थबाहेक काव्यका ग्रन्थहरू पनि लेखेका छन् । **सङ्कल्पसूर्योदय, हंसदूत, रमाभ्युदय, यादवाभ्युदय, पादुकासहस्रम्** आदि यिनका काव्यग्रन्थ हुन् । यिनका दार्शनिक ग्रन्थहरूमा तत्त्वटीका (श्रीभाष्यको विशद व्याख्या) **न्यायपरिशुद्धि, न्यायसिद्धाञ्जन** (यी दुवै ग्रन्थमा विशुद्धाद्वैतवादको प्रमाणमीमांसाको वर्णन छ) **अधिकरण–सारावली** (यसमा ब्रह्मसूत्रका अधिकरणको श्लोकबद्ध व्याख्या छ ।) **तत्त्वमुक्ताकलाप, गीतार्थतात्पर्यचन्द्रिका** (यो रामानुजाचार्य-द्वारारचित गीताभाष्यको टीका हो ।) **ईशावास्यभाष्य, द्रविडोपनिषदतात्पर्यरत्नावली, शतदूषणी, सेश्वरमीमांसा, पाञ्चरात्ररक्षा, सच्चरित्ररक्षा, निक्षेपरक्षा, न्यासविंशति** प्रसिद्ध छन् । यिनको प्रतिपादन शैली प्रभावकारी देखिन्छ ।

वेङ्कयध्वरिः (पुं.) यिनको समय सत्रौं शताब्दी हो । यिनको प्रथम कृति **विश्वगुणादर्शचम्पू** हो । यसमा २५४ खण्ड र ५९७ श्लोक छन् । यसमा कविले विश्वदर्शनका निमित्त लालायित कृशानु र विश्वावसुको वर्णन छ । यो कृति संवादात्मक शैलीमा रचिएको छ । पाँच भागमा विभक्त उनको दास्रो कृति **वरदाभ्युदय**मा लक्ष्मी र नारायणको विवाह वर्णित छ भने तेस्रो कृति उत्तरराम-चरितचम्पूमा रामायणको उत्तरकाण्डमा वर्णित कथाको वर्णन छ । उनका कृतिमा उक्तिगत विचित्रता र शब्दालङ्कारको छटा दर्शनीय छन् । कविले लक्ष्मीसहस्रको पनि रचना गरेका थिए ।

वेञ् (पुं.) [*तन्तुसन्ताने, सक.अनिट् उभय.*] बुन्नु, लट्– **वयति-ते–** बुन्छ । लिट्– **उवाय–ववौ–ऊये–ववे–** बुनेछ । **वाता-** बुन्ने छ (अन.) । लृट्– **वात्सयति–ते–** बुन्ने छ । लोट्– **वयतु-ताम्–** बुनोस् । लङ्– **अवयत्–त–** बुन्यो (अन.) । विधिलिङ्– **वयेत्–त–** बुन्ला, बुनोस् । आशीर्लिङ्– **ऊयात्-वासीष्ट–त–** बनोस् । लुङ्– **अवासीत्–अवास्त–** बुन्यो । लृङ्– **अवास्यत्–त–** बुन्ने थियो इत्यादि ।

वेणः (पुं.) [*वेणति वाद्यभाण्डान् वादयति,वेणृधातोः पचाद्यच्*] १.गायक जातिको पुरुष २.स्वायम्भुव मनुको वंशमा पैदा भएका एक नास्तिक राजा । राजा भएपछि यिनले सबै यज्ञ,पूजा आदि धर्मकर्म बन्द गर्ने घोषणा गरे । ऋषिहरूबाट भएको विरोधलाई यिनले सुनेनन् । यिनको हत्या भयो ।

वेणिः (स्त्री.) [*वी गतौ इति धातोः, वीयते छिप्यते सः, वीज्याज्वरिभ्यो निः (उ.४९७) इति निः, णत्वम्, गुणः, ङीषि वेणी इत्यपि*] १.केशको चुल्ठो । **वनान्निवृत्तेन रघूत्तमेन मुक्ता स्वयं वेणिरिवावभासे** । (रघु.१४.१२) २.दुई वा सोभन्दा बढी नदीको संगम ३.धारा–प्रवाह । **जलवेणिरम्यां रेवां यदि प्रेक्षितुमस्ति कामः** (रघु. ६.४३) ४.वनतोरिया ५.नदीविशेष ।

वेणिसंहारनाटकम् (नपुं.) [*वेण्या संहारो वर्णितं यत्र, बहु.स., तच्च तन्नाटकम्*] भट्टनारायणद्वारा रचित प्रसिद्ध नाटक । बदला नलिएसम्म आफ्नो चुल्ठो नबाँध्ने द्रौपदीको कथालाई लिएर रचिएको यस नाटकमा ६ अङ्क छन् । कथावस्तुको योजना, पात्र एवं चरित्र–चित्रण तथा रसविधानको दृष्टिकोणबाट यो नाटक अत्यन्त सुन्दर छ । यसमा वीररसको प्राधान्य छ । शृङ्गार, रौद्र आदि रस अङ्गरसको रूपमा रहेका छन् । नाटकका सबैजसो लक्षणहरू यस नाटकमा मिल्दाजुल्दा छन् ।

वेणी (स्त्री.) [*वी गतौ इति धातोः, वीज्याज्वरिभ्यो निः (४९७) इति निः, ङीष्*] १.चुल्ठो बाटेको कपाल २.पानीको बगाई/जलप्रवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.नदीहरूको सङ्गम/दोभान ४.[*वेणीव*] सानो वनतोरियाँ। **देवताडेऽपि वेणी स्यात्प्रवेण्यामपि योषिति** (रभस)।

वेणीबन्धः (पुं.) [*वेण्याः बन्धः, ष.त.*] बाटेको कपाल/चुल्ठो।

वेणुः (पुं.) [*वेणु निशामनवादित्रादानगमनज्ञानचिन्तासु इति धातोः, बाहुलकादुः, यद्वा अज गतौ इति धातोः, अजिवृरीभ्यो निच्च (उ. ३२५) इति णुः, अजेर्वी– २.४.५६, गुणः*] १.बाँस। **मलयेऽपि स्थितो वेणुर्वेणुरेव न चन्दनम्।** (सुभा.) २.बाँसुरी,मुरली ३.नदविशेष। **त्वक्सारेऽपि च पुंसि स्यात्** (मेदिनी.)।

वेणुकम् (नपुं.) १.[*वेणुना निर्वृत्तम्, निर्वृत्तेऽक्षद्यूतादिभ्यः ४.४.१९ इति ठक्, इसुसुक्तान्तात् कः ७.३.५१ इति क संज्ञापूर्वकत्वान्न वृद्धिः*] बाँसको लट्ठी २.[*ह्रस्वो वेणुः, संज्ञायां कन्*] बाँसको छडी।

वेणृ (धा.) [*गतिज्ञानचिन्तानिशामनवादित्रग्रहणेषु, सक. सेट् उभय.*] जानु, सम्झनु, जान्नु, विचार गर्नु, तारतम्य मिलाउनु, बाजा बजाउनु। लट्– **वेणति-ते–** जान्छ, सम्झन्छ, जान्दछ, विचार गर्छ, तारतम्य मिलाउँछ, बाजा बजाउँछ इत्यादि।

वेतः (नपुं.) [*अजति गच्छति, अज गतौ इति धातोः, असुन्, तुक् च वीभावः*] १.लट्ठी २.बाँस जस्तो एक किसिमको लहरा। यसैको चोयाबाट मेच, उलिन्काठ, सन्दूक आदि बनाइन्छ।

वेतनम् (नपुं.) [*वेति प्राप्नोति खादति वा तत्, वीयते जीविकां याप्यतेऽनेन, वी गत्यादौ इति धातोः, वीपतिभ्यां तनन् (उ.) ४३८ इति तनन्*] १.तलब/पारिश्रमिक २.जीविकाको साधन।

वेतसः (पुं.) [*वयति तन्तून् सन्तनोतीति, वेञ् तन्तुसन्ताने इति धातोः, वेञस्तुट् च (उ.) ४०५ इति असच्प्रत्ययः, बाहुलकादात्वं न, तुट् च, यद्वा वा विकल्पस्येतं ज्ञानं स्यति, षोऽन्तकर्मणि इति धातोः,आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] वेतको लहरो वा वृक्ष।

वेतस्वान् (पुं.) [*वेतसाः सन्त्यत्र, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] वेत ज्यादा हुने स्थान।

वेतालः (पुं.) १.द्वारपाल २ एक प्रकारको भूतयोनि ३.मल्लको एक प्रकार ४.शिवको एक अवतार।

वेतालपञ्चविंशतिः (स्त्री.) [*वेतालानां पञ्चविंशतिः, ष.त.*] पच्चिस कथाहरूको सङ्ग्रह भएको ग्रन्थ। यसका रचयिता शिवदास हुन्। यिनको समय पन्ध्रौं शताब्दी हो। यसमा **बृहत् कथा- मञ्जरी**का पद्यहरू पनि सङ्कलित छन्।

वेत्ता (पुं.) [*वेत्तीति, विद ज्ञाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] ज्ञाता/जान्ने/जानिफकार।

वेत्रम् (नपुं.) [*वी गत्यादौ इति धातोः, गृधृवीपचिवचियमिसदिक्षि- दिभ्यस्त्रः (उ.) ६१६ इति त्रः*] बेत। **~दण्डः (पुं.)** [*वेत्रस्य दण्डः, ष.त.*] बेतको लट्ठी/द्वारपालले लिने लट्ठी। **~यष्टिः** (स्त्री.) [*वेत्रस्य यष्टिः, ष.त.*] बेतको लट्ठी/द्वारपालले लिने लट्ठी।

वेत्रवती (स्त्री.) [*वेत्राणि सन्त्यस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः, ङीप्*] वेत्रावती नदी।

वेथृ (धा.) [*याचने, द्विक.सेट् आत्म.*] माग्नु। लट्– **वेथते–** माग्छ। लिट्– **विविथे–** मागेछ इत्यादि।

वेदः (पुं.) १.वेद विश्वको सबैभन्दा पुरानो ग्रन्थ हो। सनातन धर्म, साहित्य, सभ्यता, दर्शन सबैको आधारशिला वेद नै हो। ज्ञानार्थक विद्धातुबाट निष्पन्न भएकाले वेदको अर्थ ज्ञान भन्ने हुन्छ। तर यहाँ ज्ञान भन्नाले सामान्य ज्ञान नएर ईश्वरीय ज्ञान भन्ने बुझ्नु पर्छ। वेद तपःपूत महर्षिहरूद्वारा दृष्ट ज्ञान हो। त्यसै ज्ञानलाई ऋषिहरूले मन्त्रद्वारा व्यक्त गरेका हुन्। त्यसैले ऋषिहरूलाई मन्त्रद्रष्टा भनिन्छ। सनातनपरम्पराअनुसार वेद कुनै व्यक्तिविशेषको रचना नभएर अपौरुषेय कृति हो। तपस्या र ज्ञानको चरम उत्कर्षमा पुगेका महर्षिहरूका हृदयमा जुन आध्यात्मिक ज्ञान प्रतिभासित भयो,त्यही नै वेद हो। विभिन्न स्मृति र पुराणहरूमा वेदको निकै प्रशंसा गरिएको छ। मनुले वेदलाई पितृ, देवता र मनुष्यको सनातन र निरन्तर विद्यमान चक्षुको रूपमा लिएका छन् भने सायणले प्रत्यक्ष र अनुमानद्वारा जान्न नसकिने उपाय वेदबाट पत्ता लगाउन सकिन्छ भनेका छन्। ब्राह्मण ग्रन्थहरूले पनि वेदको ज्यादै प्रशंसा गरेका छन्। धन तथा भूमिदान गर्नाले मानिसले जुन लोक प्राप्त गर्दछ, वेदाध्ययनबाट उसले त्यसभन्दा पनि राम्रो अक्षय लोक पाउँछ। (शतपथब्रा.११.५.६१) वेदलाई मुख्य दुई भागमा बाँड्न सकिन्छ– मन्त्र र ब्राह्मण। **मन्त्रब्राह्मणयोर्वेदा नामधेयम्।** (आपस्तम्भ, यज्ञपरिभाषा ३१) जसको मनन गरिन्छ तिनलाई मन्त्र भनिन्छ। ब्राह्मण तीन भागमा विभक्त छ– ब्राह्मण उपनिषद् र आरण्यक। ब्राह्मण शब्द ग्रन्थको द्योतक पनि हो। ब्रह्मन् शब्दका अनेक अर्थमध्ये एउटा अर्थ यज्ञ हो। जसले यज्ञका विधिविधान र स्वरूप बताउँछन् ती ब्राह्मण ग्रन्थ हुन्। ब्रह्मको बारेमा चिन्तन गर्ने भाग उपनिषद् हुन्। उपनिषद्लाई वेदान्त पनि भनिन्छ। यज्ञको आध्यात्मिक स्वरूपका बारेमा विचार गर्ने जङ्गलमा पढिएका ब्रह्मणभाग आरण्यक हुन्। यिनमा ब्राह्मण भाग गृहस्थीका लागि, आरण्यक भाग वानप्रस्थीका लागि र उपनिषद् संन्यासीका लागि उपयोगी मानिन्छन्। स्वरूपका हिसाबले वेद तीन प्रकारको हुन्छ– ऋक्, यजुर साम। जसमा अर्थअनुसार पादव्यवस्था हुन्छ, त्यसलाई ऋक् भनिन्छ। **तेषामृग् यत्रार्थवशेन पादव्यवस्था** (जैमिनिसूत्र २.१.३६) गीतिस्वरूप भएका यिनै मन्त्रलाई साम भनिन्छ। **गीतिषु समाख्या** (जैमिनिसूत्र २.१.३६) ऋचा र सामदेखि अतिरिक्त मन्त्रलाई यजु भनिन्छ। **शेषे यजुश्शब्दः** (जैमिनिसूत्र २.१.३७) यसरी तीन प्रकारका मन्त्र भएको हुँदा वेदलाई त्रयी भनिएको हो। संहिताका दृष्टिबाट वेद चार किसिमका हुन्छन्– ऋक्संहिता, यजुःसंहिता, सामसंहिता र अथर्वसंहिता। सुरुमा वेद एउटै थियो। पछि वेदव्यासले चार भाग लगाई ऋग्वेद, यजुर्वेद, सामवेद र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेद नाम राखेका हुन्। त्यसैले कृष्णद्वैपायनको नाम वेदव्यास रहन गएको हो। तन्त्रअनुसार वेद यामलबाट नै उत्पन्न भएका हुन्। ब्रह्मयामलबाट सामवेद, रुद्रयामलबाट ऋग्वेद, विष्णुयामलबाट यजुर्वेद र शक्तियामलबाट अथर्ववेद निस्केका हुन् भन्ने तन्त्रग्रन्थमा उल्लेख छ।

ब्रह्मयामलसम्भूतः सामवेदो मतः शिवे।
रुद्रयामलसञ्जात ऋग्वेदः परमो महान्॥
विष्णुयामलसम्भूतो यजुर्वेदः कुलेश्वरि।
शक्तियामलसम्भूतस्त्वथर्वा परमो महान्॥ (पु.च.)

हरिवंशअनुसार ब्रह्माको आँखाबाट ऋग्वेद र यजुर्वेद, जिब्राको टुप्पाबाट सामवेद, निधारको प्रान्तबाट अथर्ववेद प्रकट भएका हुन्। ती वेदहरू प्रकट हुनासाथ आ–आफ्नो क्षेत्रको यथार्थसँग वेदन (उपलब्धि) गर्ने हुनाले यसको नाम वेद भएको हो।

नेत्राभ्यां जनयद्देवो ऋग्वेदं यजुषा सह।
सामवेदं च जिह्वाग्रादथर्वाणं च मूर्धतः॥
जातमात्रास्तु ते वेदाः क्षेत्रं विन्दन्ति तत्त्वतः।
तेन वेदत्वमापन्ना यस्माद् विन्दन्ति तत्पदम्॥
(ह.वं.भविष्यपर्व १७ अ. ४८)

२.वास्तविक ज्ञान। **~चतुष्टयम्** (नपुं.) [*वेदानां चतुष्टयम्, ष.त.*] ऋक्, यजु, साम र अथर्व यी चार वेद। हे. ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद।

वेदना (स्त्री.) [*वेदनम्, विद्लृ लाभे इति धातोः, घट्टिवन्दिविदिभ्यश्चेति वक्तव्यम् (वा.) इति युच्, युवोरनाकौ ७.१.१ इति अनः, ततष्टाप् ४.१.४*] चित्तमा भएको पीडा/दुःख/कष्ट।

वेदनाज्ञः (पुं.वि.) [*वेदनां जनाति, इति उपपदसमासः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोप ६.४.६४ इति आलोपः*] पीडा बुझ्ने/अर्काको पीडा थाहा पाउने।

वेदभाष्यकाराः (पुं.बहु.) [*वेदानां भाष्यम्, ष.त. वेदभाष्यं कुर्वन्ति, कर्मण्यण् ३.२.१ इत्यण्*] वेदको व्याख्या गर्ने विद्वान्हरू **१.स्कन्धस्वामी**– यिनको समय सातौँ शताब्दी। यिनले ऋग्वेद तथा निरुक्तको व्याख्या गरेका छन्। २.**नारायण**– ऋग्भाष्यका रचयिता। यिनको समय सातौँ शताब्दी ३.**उद्गीथ** ४.**माधवभट्ट**– माधव नामका ऋग्वेदका चार भाष्यकार छन्। तीमध्ये एक सायणाचार्य हुन्। अर्का वेङ्कटमाधव हुन्। अर्का माधवको प्रथम अष्टकको टीका प्रकाशित भएको छ। यी माधव मद्रासका हुन्। यो टीका सूत्रबद्ध छ तर मन्त्रको अर्थज्ञानका निमित्त अत्यन्त उपयोगी छ। वेङ्कटमाधवले सम्पूर्ण **ऋग्संहिताको भाष्य** लेखेका छन् र भाष्यको अन्त्यमा आफ्नो परिचय पनि दिएका छन्। **५.धानुष्कयज्वा**– यिनको समय तेह्रौँ शताब्दी हो। यिनले ऋग्वेद, सामवेद र यजुर्वेद तीनै वेदमा भाष्य लेखेका छन्। **६.आनन्दतीर्थ**– यिनी द्वैतवादी आचार्य मध्व हुन्। यिनले ऋग्वेदका कतिपय मन्त्रहरूको व्याख्या गरेका छन्। **७.आत्मानन्द**– यिनले ऋग्वेदभित्र पर्ने अस्यवामीय सूक्तको भाष्य लेखेका छन्। सामवेदका भाष्यकारहरूमा माधव, भरतस्वामी, गुणविष्णु आदिको नाम उल्लेखनीय छ। शुक्लयजुर्वेदका भाष्यकारहरूमा उब्वट– (एघारौँ शताब्दी), महीधर– (सत्रौँ शताब्दी), अनन्ताचार्य, आनन्दबोध आदि छन्। यस्तै वेदको बारेमा व्याख्या गर्ने, अनुसन्धान गर्नेहरूमा जर्मनका विद्वान्हरूको नाम पनि उल्लेखनीय छ। सर्वप्रथम मैक्समूलरले वैदिक ग्रन्थहरूको वैज्ञानिक संस्करण प्रकाशन गरेका छन्। सम्पादनको दृष्टिकोणले यी ग्रन्थहरू अत्यन्त उच्चकोटिका मानिन्छन्।

वेदव्यासः (पुं.) [*वेदान् व्यस्यति शाखाभेदेन विभजति, विपूर्वकात् असु क्षेपणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] पुराण महाभारत र ब्रह्मसूत्रका प्रणेता एक ऋषि/कृष्णद्वैपायन।

वेदज्ञः (पुं.वि.) [*वेदं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] वेदशास्त्र जान्ने/वेदवेत्ता।

वेदाङ्गज्योतिषम् (नपुं.) [*वेदाङ्गभूतं ज्योतिषम्, म.प.स.*] यो ज्योतिषशास्त्रको सबैभन्दा पुरानो ग्रन्थ हो। यसमा ४४ श्लोक छन्। यसका दुई पाठ उपलब्ध छन्– ऋग्वेदज्योतिष र यजुर्वेदज्योतिष। ऋग्वेदज्योतिषमा ३६ श्लोक छन् भने यजुर्वेदज्योतिषमा ४४ श्लोक छन्। कतिपय श्लोकहरू दुवैमा एउटै छन्। वेदाङ्गज्योतिषमा पञ्चाङ्ग बनाउने प्रारम्भिक नियमहरूको वर्णन छ। यसमा महिनाको क्रम चन्द्रमास अनुसार छ। महिनालाई ३० भागमा बाँडेर प्रत्येक भागलाई तिथि भनिएको छ। यसका रचनाकार लगध हुन् भन्ने समालोचकहरूको धारणा छ।

वेदाङ्गम् (नपुं.) [*वेदानामङ्गम्, ष.त.*] वेदका अङ्गहरू। वेदको वास्तविक ज्ञानका निमित्त आवश्यक पर्ने रचना वा शास्त्रलाई वेदाङ्ग भनिएको छ। वेदका ६ अङ्ग छन्– शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष। **शिक्षा**– स्वर र वर्णहरूको उच्चारणसम्बन्धी नियम भएको अङ्ग शिक्षा हो। यसमा उदात्त, अनुदात्त, स्वरित तीनै किसिमका उच्चारणविधिहरूको वर्णन छ। शिक्षाग्रन्थ धेरै छन्। यिनमा ध्वनिहरूको वैज्ञानिक अध्ययन भएको छ। **कल्प**– वेदको उद्देश्य हो वैदिक कर्मकाण्ड र यज्ञको विधान गर्नु। वैदिक कर्मकाण्डका विधिलाई सूत्रबद्ध गर्नका निमित्त कल्पसूत्रको रचना भएको छ। कल्पमा यज्ञमा हुने विभिन्न विधिको प्रयोगसम्बन्धी व्यवस्था छ। प्रत्येक वेदका आआफ्ना कल्प छन्। तिनलाई चार भागमा बाँडिएको छ– (क) **श्रौतसूत्र**– यसमा वेदमा प्रतिपादन गरिएका दर्शपूर्णमास आदि विभिन्न किसिमका यज्ञहरूको प्रतिपादन गरिएको छ। प्रत्येक वेदका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलग अलग श्रौतसूत्र छन्। (ख) **गृह्यसूत्र**— यसमा यज्ञ, विवाह, उपनयन आदि संस्कारको वर्णन छ। प्रत्येक वेदका आआफ्ना गृह्यसूत्र छन्। (ग) **धर्मसूत्र**— धर्मसूत्रमा चतुर्वर्ण र चार आश्रमका कर्तव्यहरूको विवेचना छ— (घ) **शुल्वसूत्र**— यिनमा वेदिका निर्माण गर्ने पद्धतिको चर्चा छ। **व्याकरण**— व्याकरणमा पदहरूको निर्वचन गरिएको छ। पदहरूको स्वरूप र अर्थ निर्धारण व्याकरणमा नै हुन्छ। व्याकरण विना वैदिक शब्दहरूको अर्थबोध हुन नसक्ने हुँदा व्याकरणलाई वेदको मुख मानिएको छ। **निरुक्त**— वैदिक शब्दको व्युत्पत्ति बोधका निमित्त निरुक्त आवश्यक पर्छ। यसमा सबै वैदिक शब्दहरूको व्युत्पत्ति दिइएको छ। **छन्द**— वैदिक संहिताका धेरैजसो संहिताहरू छन्दोबद्ध छन्। वैदिक मन्त्रहरूको ज्ञानका निमित्त यी छन्दहरूको अध्ययन अत्यावश्यक छ। वैदिक छन्दहरू हुन्— **गायत्री**— (८+८+८ अक्षर), **उष्णिक्**— (८+८+१२ अक्षर), **अनुष्टुभ्**— (८+८+८+८ अक्षर), **बृहती**— (८+८+१२+८ अक्षर), **पङ्क्ति**— (८ अक्षरका ५ पाउ) **त्रिष्टुप्**— (११ अक्षरका ४ पाउ), **जगती**— (१२ अक्षरका चार पाउ)। **ज्योतिष**— वैदिक यज्ञ सम्पादन गर्न शुभ मुहूर्तको ज्ञान आवश्यक हुन्छ। ज्योतिषको अध्ययन विना यज्ञका निमित्त उपयुक्त समयको ज्ञान नहुने हुँदा ज्योतिषलाई वेदको नेत्रस्थानीय अङ्ग मानिएको छ।

वेदान्तः (पुं.) [*वेदस्य अन्तः, ष.त.*] प्रसिद्ध एक दार्शनिक सिद्धान्त। वेदलाई तीन भागमा विभाजन गरिएको— ब्राह्मण, आरण्यक र उपनिषद्। सुरुमा वेदान्त भन्नाले उपनिषद्लाई मात्र जनाउँथ्यो। किन भने उपनिषद् नै वेदको अन्तिम भाग हो। पछि गएर उपनिषद्मा छरिएका अध्यात्म-विषयक चिन्तनलाई वेदव्यासले सूत्रबद्ध गरे। त्यसलाई ब्रह्मसूत्र भनियो। ब्रह्मसूत्रका चार अध्याय छन् र ५५० सूत्रहरू छन्। यिनैको व्याख्या वेदान्त दर्शनमा भएको छ। वेदान्त सूत्रका प्रमुख भाष्यकारहरू—

१. **शङ्कर**— (७८८—८८० ई.) **शारीरकभाष्यम्** केवलाद्वैत अथवा निर्विशेषाद्वैतवाद।
२. **भाष्कर**— (१००० ई.) **भाष्करभाष्य** भेदाभेदवाद।
३. **रामानुज**— (११४० ई.) **श्रीभाष्य** विशिष्टद्वैतवाद।
४. **मध्व**— (१२३८ ई.) **पूर्णप्रज्ञभाष्य** द्वैतवाद।
५. **निम्बार्क**— (१२५० ई.) **वेदान्तपारिजात** द्वैताद्वैतवाद।
६. **श्रीकण्ठ**— (१२७० ई.) **शैवभाष्य** शैवविशिष्टद्वैत।
७. **श्रीपति**— (१४०० ई.) **श्रीकरभाष्य** वीरशैव विशिष्टाद्वैत।
८. **वल्लभ**— (१४७९ ई.) **अनुभाष्य** शुद्धाद्वैतवाद।
९. **विज्ञानभिक्षु**— (१६०० ई.) **विज्ञानामृतम्**, अविभागाद्वैतवाद।
१०. **बलदेव**— (१७२५ ई.) **गोविन्दभाष्यम्**, अचिन्त्य-भेदाभेदवाद।

शङ्कराचार्यभन्दा अघिका धेरै अद्वैत वेदान्ती आचार्यहरू थिए। तिनीहरूमा गौणपादको स्थान महत्त्वपूर्ण छ। उनले माण्डूक्योपनिषद्को **कारिका** लेखेका छन्। वेदान्तमा ब्रह्मलाई परमसत्ता, मूलसत्ता र सृष्टिकर्ता मानिएको छ। वेदान्तानुसार ब्रह्म र ईश्वर अपृथक् तत्त्व हुन्। यसमा श्रुतिको आधारमा ईश्वरको अस्तित्त्व सिद्ध गरिएको छ। अर्थात् ईश्वरको अस्तित्त्वमा वोदान्तले वेदलाई नै प्रमाण मानेको छ। शङ्करवेदान्तमा ब्रह्मलाई सत्य र संसारलाई मिथ्या मानिएको छ। जसरी स्वप्निल अवस्थामा देखिएका सबै घटनाहरू असत्य भएर पनि सत्यजस्ता प्रतीत हुन्छन्, त्यसरी नै हामीले जागृत अवस्थामा देखेका यी सबै वस्तुहरू असत्य हुन्। माया ईश्वरको शक्ति हो। जसरी पोल्ने शक्ति आगामा अभिन्न भएर रहेको हुन्छ, त्यसरी नै माया पनि ब्रह्मसित अभिन्न भएर रहेको हुन्छ। मायाको सहायता लिएर ब्रह्मले संसारको सृष्टि गर्छ। संसारमा केवल ब्रह्ममात्रै सत्य छ, अरू सबै माया, भ्रम अथवा अविद्या छन्। शङ्कराचार्यले ब्रह्मलाई दुई दृष्टिकोणबाट हेरेका छन्— **व्यावहारिक** र **पारमार्थिक**। व्यावहारिक दृष्टिकोणबाट जगत् सत्य छ, ब्रह्म त्यसको मूल कारण हो। ब्रह्म नै सृष्टिकर्ता, पालक, संहारक, सर्वज्ञ र सर्वशक्तिमान् मानिएको छ। यस अवस्थामा ब्रह्म सगुण र साकार हुन्छ। त्यसको उपासना गरिन्छ। पारमार्थिक दृष्टिकोणबाट ब्रह्ममा जगत् र जीवको आरोप गरिँदैन। त्यो विजातीय, सजातीयभन्दा पनि पर छ। त्यस्तो ब्रह्मलाई निर्गुण मानिन्छ। त्यो सत्य, अनन्त र ज्ञान स्वरूप छ। त्यसले मायाशक्तिद्वारा संसारको सृष्टि गर्छ। सगुण र निर्गुण ब्रह्ममा कुनै भेद छैन। व्यावहारिक उपासनाका निमित्त सगुण ब्रह्मको अस्तित्त्व स्वीकार गरिएको छ। शङ्कराचार्यको मतलाई अद्वैतवाद भनिन्छ। उनको सिद्धान्तअनुसार एकमात्र ब्रह्मको अस्तित्त्व छ। जीव र ईश्वरको भेद मायाको कारणले भएको हो। यसअनुसार जीव र ब्रह्म एकै हुन्। दुवैमा कुनै अन्तर छैन। वेदान्तले कण कणमा ब्रह्मतत्त्व रहेको कुरा स्वीकार गरेको छ। विश्वका सम्पूर्ण प्राणीमा ब्रह्मको अस्तित्व छ भन्ने यसको धारणा छ। यसमा ठुलो साहित्य लेखिएको छ। शङ्कराचार्यका **ब्रह्मसूत्र, उपनिषद्** र **गीताका भाष्य**, मण्डन मिश्रको **ब्रह्मसिद्धि**, सुरेश्वराचार्यका उपनिषद्का **भाष्यवार्तिक**, **बृहदारयकोपनिषद्भाष्य**, सर्वज्ञात्ममुनिको **संक्षेपशारीरिक**, श्रीहर्षका **खण्डनखण्डखाद्य**, चित्सुखाचार्यको **तत्त्वदीपिका**, मधुसूदन सरस्वतीको **अद्वैतसिद्धि** आदि वेदान्तमा रचिएका प्रौढ ग्रन्थहरू हुन्। हे. **षड्दर्शनम्**।

वेदान्ती (पुं.व.) [*वेदान्तो ज्ञेयत्वेनास्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] वेदान्त वा शास्त्र जान्ने मानिस/वेदान्त शास्त्रका ज्ञाता/ब्रह्मवादी।

वेदारम्भः (पुं.) [*वेदस्य आरम्भः, ष.त., वेदस्य आरम्भः यस्मिन् सः, वा, बहु.स.*] व्रतबन्ध गरिएको बालकले वेद अध्ययन गर्ने अधिकार पाओस् भनी गरिने १६ संस्कारमध्येको एक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान प्राप्ति गराउनु नै यस संस्कारको उद्देश्य हो। 'वेदव्रत' नामको संस्कारमा महानामी व्रत, महाव्रत र उपनिषद व्रत एवं उपाकर्म चार व्रत पर्दछन्। यीमध्ये उपाकर्म श्रावणमा (जनै पूर्णिमा) मा पर्दछ। बाँकी तीनमध्ये 'महानामी' प्रतिवर्षान्तमा र दोस्रो तथा तेस्रो वर्षमा क्रमैले 'वैदिकमहाव्रत' र 'उपनिषद्व्रत' गरिन्छ। यी व्रत पूर्ण गरेमा वेदाध्यायी स्नातक मानिन्छ। यो संस्कार ब्रह्मचर्याश्रमको हो।

वेदिः (स्त्री.) [*विद्यते शोधनेन ज्ञायते, विचार्यते, प्राप्यते वा, तृ पिषिरुहिवृति (उ.) इतीन्, यद्वा वेदयति, वेद्यते वा, विद निवासादौ इति धातोः, अच इः (उ.) इति इः*] यज्ञ गर्न बनाएको भूमि। **वेदिः स्यात्पण्डिते पुमान्। स्त्रियामङ्गुलिमुद्रायां स्यात् परिष्कृतभूतले** (मेदिनी.)।

वेदिका (स्त्री.) [*विद्यते शोधनेन ज्ञायते, विचार्यते, प्राप्यते वा, तृ पिषिरुहिवृति– (उ.) इतीन्, यद्वा वेदयति, वेद्यते वा, विद निवासादौ इति धातोः, अच इः (उ.) इति इः, स्वार्थे कन् ५.३.७५ इति कन्, टाप् ४.१.४*] सानो वेदी/धार्मिक कृत्यका लागि अग्लो पारी बनाइएको सानो चौको।

वेदी (स्त्री.) [*विद्यते या सा, विद सत्तायाम् इति धातोः, हृपिषिरुहि वृत्तिविदिछिदिकीर्तिभ्यश्च (उ.) इति इन्, ङीप्*] १.धार्मिक कृत्यका लागि अग्लो पारी बनाइएको भूमि/चौको/चौतारो २.(पुं.वि.) ज्ञाता।

वेदोक्तः (पुं.वि.) [*वेदेषु उक्तः, स.त.*] वेदमा बताइएको वा भनिएको/वेद–विहित।

वेदोक्तिः (स्त्री.) [*वेदानामुक्तिः, ष.त.*] १.वेदवाक्य/वेदको वचन/ ऋचा २.अकाट्य कुरो।

वेधः (पुं.) [*वेधनम्, विध विधाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छेड्नु/प्वाल पार्नु २.दूरवीक्षण यन्त्रद्वारा टाढाका ग्रहनक्षत्रहरू हेर्नु ३.तारो आदिमा निशाना हान्नु।

वेधकः (पुं.वि.) [*विध्यतीति, विध विधाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.छेड्ने/प्वाल पार्ने २.कपुर ३.चन्दन ४.धनियाँ ५.धानको बाला।

वेधनम् (नपुं.) [*विध विधाने इति धातोः ल्युट् च ३.३११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.छेड्ने काम/प्वाल पार्ने काम २.तारो हान्ने काम ३.दूरवीक्षण यन्त्रद्वारा टाढाका ग्रहनक्षत्रहरू हेर्ने काम।

वेधनिका (स्त्री.) [*विध्यतेऽनया, विध विधाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ स्वार्थे कन् ५.३.७५ टाप् ४.१.४ इत्वम्*] मोती।

वेधनीयः (पुं.वि.) [*वेधितुं योग्यः, विध विधाने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.छेड्न लायक/प्वाल पार्न लायक २.तारो हान्न लायक ३.दूरवीक्षण यन्त्रद्वारा टाढाका ग्रहनक्षत्रहरू हेर्न लायक।

वेधमुख्यकः (पुं.) [*वेधे मुख्यः, स्वार्थे कन् ५.३.७५*] सेतो हलेदो।

वेधशाला (स्त्री.) [*वेधाय ग्रहनक्षत्राणां विलोकनाय शाला, च.त.*] विभिन्न यन्त्रहरूद्वारा ग्रह, नक्षत्रहरू हेर्ने ठाउँ।

वेधाः (पुं.) [*विपूर्वकात् डुधाञ् धारणपोषणयोः, इति धातोः, विधाञो वेध च (उ.६७४) इति असुन्, वेधादेशश्च*] १.ब्रह्मा २.विष्णु ३.विद्वान्। **वेधाः पुंसि हृषीकेशे बुधे च परमेष्ठिनि** (मेदिनी.)।

वेधितः (पुं.) [*वेध्यते स्म, विध विधाने इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] छेडिएको।

वेध्यः (पुं.वि.) [*विधितुं योग्यः, विध विधाने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.छेड्न लायक/प्वाल पार्न लायक २.तारो हान्न लायक ३.दूरवीक्षण यन्त्रद्वारा टाढाका ग्रहनक्षत्रहरू हेर्न लायक।

वेनः (पुं.) [*अजति गच्छति प्राप्नोति वासः, अज गतौ इति धातोः, धापृवस्यज्यतिभ्यो नः (उ.) २९३ इति नः, अजेर्वी, गुणः*] १.महाभारतका प्रसिद्ध राजा।

वेपथुः (पुं.) [*वेपनम्, टु वेपृ कम्पने इति धातोः, ट्वितोऽथुच् ३.३.८९ इति अथुच्*] कम्पन/काँप्नु।

वेपथुर्मलिनं वक्त्रं दीना वाग् गद्गदस्वरः।
मरणे यानि चिह्नानि तानि चिह्नानि याचके॥ (सुभा.)

वेपमानः (पुं.वि.) [*वेपते इति, लटि लटः शतृशानचवप्रथमा-समानाधिकरणे ३.२.१२४ इति शानच्, आने मुक् ७.२.८२ इति मुक्*] काँपिरहेको/रोमाञ्चित भइरहेको।

वेमा (पुं.) [*वयत्यनेन, वेञ् तन्तुसन्ताने इति धातोः, वेञः सर्वत्र (उ.) ५९९ इति मनिन्*] १.जुलाहा/लुगा बुन्ने मानिस २.कपडा बन्दा गज पट्टि ठोक्ने चेप्टो काठ।

वेल (धा.) [*कालोपदेशे, सक.सेट्, उभय.*] कालको गणना गर्नु, उपदेश दिनु। लट्– **वेलयति–ते** कालको गणना गर्छ, उपदेश दिन्छ इत्यादि।

वेला (स्त्री.) [*वृलृ चलने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.समय/बखत/काल/मौका २.समुद्रको किनार/तट ३.लहर/पानीको तरङ्ग/भाटा/समुद्रमा उठेर विस्तारै घट्दै जाने तरङ्ग ४.पानी राख्ने लोहोटा वा अङ्खोरा ५.चारवटा तार लागेको, गजोले रेटेर बजाइने एक प्रकारको युरोपीय बाजा।

वेलान्तरम् (नपुं.) [*वेलयोः सूर्योदययोरन्तरम्, ष.त.*] यसलाई कालसमीकरण, उदयान्तर पनि भनिन्छ। नक्षत्र गतिअनुसार भ्रमण गर्ने कल्पित सूर्यको उदयकाल र स्पष्ट सूर्यको उदयकालको अन्तर।

वेलृ (धा.) [*चलने, अक.सेट्, पर.*] जानु। लट्– **वेलति–** जान्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेल्ल (धा.) [*चलने, अक.सेट्, पर.*] जानु। लट्– **वेल्लति–** जान्छ इत्यादि ।

वेल्लजम् (नपुं.) [*वेल्लनम्, वेल्ल चलने इति धातोः, भावे ३.३.१८ इति घञ्, वेल्लः जायते, जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः*] मरीच।

वेल्लम् (नपुं.) [*वेल्लतीति, वेल्ल चलने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.वायुविडङ्ग २.कीटनाशक औषधि ३.चामल। **अथ वेल्लं कृमिघ्नतण्डुलाः** (रभस.)।

वेल्लितः (पुं.वि.) १.[*वेल्ल्यते स्म, वेल्ल चलने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अलि अलि हल्लिएको २.(नपुं.) [*वेल्लति स्म, वेल्ल चलने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] टेढो/बाङ्गो। **वेल्लितं गमने क्लीबं कुटिले विधुते त्रिषु** (मेदिनी.)।

वेवीङ् (धा.) [*गतिव्याप्तिप्रजनकान्त्यसनस्वादनेषु, सक/अक.सेट्, आत्म.*] जानु, ढाक्नु, गर्भवती हुनु, इच्छा गर्नु, खानु, स्वाद लिनु। लट्– **वेवीते–** जान्छ, ढाक्छ, गर्भवती हुन्छे, इच्छा गर्छ, खान्छ, स्वाद लिन्छ इत्यादि ।

वेशः (पुं.) [*विशन्त्यत्र विश प्रवेशने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.वेश्यालय २.[*विशन्त्यनेन, पूर्ववत् घञ्*] पोसाक/लाउने लुगा/पहिरन । **~धारी** (पुं.वि.) [*वेशं धरतीति, धृ धरणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] आफूलाई नचिनाउन वा अर्काको अनुकरण गर्न पोसाक वा रूप बदल्ने/नक्कली वेश धारण गर्ने। **~भूषा** (स्त्री.) [*वेशाय भूषा, च.त.*] वस्त्र/गहना आदि ।

वेशन्तः (पुं.) [*विशन्ति भेकादयोऽत्र, विश प्रवेशने इति धातोः, जॄविशिभ्यां झच् (उ.) ४१३ इति झच्, झोऽन्तादेशः*] थोरै पानी भएको सानो पोखरी।

वेश्म (नपुं.) [*विशन्त्यत्र, विश प्रवेशने इति धातोः, मनिन् (उ.)*] घर।

वेश्मभूः (स्त्री.) [*वेश्मनो भूः, ष.त.*] १.घरभित्रको भुइँ २.घडेरी।

वेश्या (स्त्री.) [*कर्मवेशाद्यत् ५.१.१०० इति यत्, वेशे वेश्यावाटे भवा वा, दिगादिभ्यो यत् ४.३.५४ इति यत्*] नाचगान गर्ने र पैसा लिएर मैथुन गराउने स्त्री/रन्डी/पातर्नी। **~गमनम्** (नपुं.) [*वेश्याया गमनम्, ष.त.*] रन्डीबाजी। **~वृत्तिः** (स्त्री.) [*वेश्याया वृत्तिः, ष.त.*] स्त्री जातिले आफ्नो रूप वा अङ्गप्रत्यङ्गको कुनै अरू पुरुषद्वारा उपभोग गराई जीवन निर्वाह गर्ने काम।

वेश्यालयः (पुं.) [*वेश्याया आलयः, ष.त.*] रन्डीकोठी/रन्डीखाना।

वेष्ट (धा.) [*वेष्टने, सक.सेट् आत्म.*] बेर्नु। लट्– **वेष्टते–** बेर्छ। लिट्– **विवेष्टे–** बेरेछ (अन.)। लुट्– **वेष्टिता–** बेर्नेछ इत्यादि।

वेष्टनम् (नपुं.) [*वेष्ट वेष्टने इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.लपेट्नु/बेर्नु २.[*वेष्ट्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः ७.१.१*] पगरी/फेटा ३.कमरबन्दी/पेटी।

वेष्टनी (स्त्री.) [*वेष्ट्यतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः ङीप्*] १.चारैतिर घेरा लगाउने जिनिस २.बार/कुनै ठाउँमा पस्न नदिन लगाइएको घेरा भित्ता/गाह्रो/पर्खाल।

वेष्टितः (पुं.वि.) [*वेष्ट्यते स्म, वेष्ट वेष्टने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बेह्रिएको/छेकिएको/घेरिएको। **वेष्टितं रुद्धे लासके करणान्तरे** (मेदिनी.)।

वेसनम् (नपुं.) भुस निकालिएको चनाको दाललाई जाँतो वा मिलमा पिँधिएको पिठो।

दालयश्चणकानान्तु निस्तुषा यन्त्रपेषिताः।
तच्चूर्णं वेसनं प्रोक्तं पाकशास्त्रविशारदैः॥ (भा.प्र.नि.)

वेसवारः (पुं.) [*वेसनम्, विस प्रेरणे इति धातोः, भावे ३.३.१८ इति घञ्, वेसं प्रेरणं वारयति, वृणोति वा, वृञ् वरणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.बेसार २.बेसार, हिंग, अदुवा, मरीच, जीरा, हलेदो, धनियाँ यी ६ चिज क्रमैले पहिला–पहिलाको दोब्बर मिसाएर बनाएको मसला।

चित्रकं पिप्पलीमूलं पिप्पलीचव्यनागरम्।
धान्याकं रजनीश्वेततण्डुलाश्च समांशकाः।
वेसवार इति ख्यातः शाकादिषु नियोजयेत्।
(आधेय-संहिता)

वेहद् (स्त्री.) [*विहन्ति गर्भम्, संश्चत्तृपद्वेहत् (उ.२०४२) इति साधुः*] बारम्बार साँढे खोजे तापनि गर्भ नरहेकी गाई।

वेह (धा.) [*प्रयत्ने, अक.सेट् आत्म.*] प्रयत्न गर्नु। लट्– **वेहते–** प्रयत्न गर्छ। लिट्– **विवेहे–** प्रयत्न गरेछ इत्यादि।

वै (अ.) [*वाति, वा गतिगन्धनयोः इति धातोः, डैः*] १.निश्चय २.श्लोकको पाउ पूर्तिका निमित्त प्रयोग हुने पद।

वैकक्षकम् (नपुं.) [*विशिष्टः कक्षोऽस्माद्विकक्षमुरः, तत्र भवम्, तत्र भवः ४.३.५३ इत्यण्, स्वार्थे कन् ५.३.७५*] ठाडो पारेर लगाइने माला।

वैकल्पिकः (पुं.वि.) [*विकल्पादागतः,विकल्प+ठञ्*] विकल्प सम्बन्धी/यो नभएमा त्यसको सट्टामा यो/ऐच्छिक/रोजी। **~सदस्यः** (पुं.) [*वैकल्पिकश्चासौ सदस्यश्च, कर्म.स.*] दुईमा एक/एक जनाको सदस्यता स्वीकार नभएमा बन्ने सदस्य।

वैकुण्ठः (पुं.) [*विकुण्ठाया अपत्यम्, शिवादिभ्यश्च ४.१.११२ अण् विगता कुण्ठा नाशोऽस्य, विकुण्ठं ज्ञानं स्थानं वास्ति स्वरूपत्वेनाश्रयत्वेन वास्य, ज्योत्स्नादिभ्य उपसङ्ख्यानम् (वा.) ५.२.१०३ इति अण्, यद्वा विकुण्ठानां जीवानामयं नियन्ता ज्ञानदो वा, तस्येदम् ४.३.१२० इति, शेषे ४.२.९२ इति वाण्, विगता कुण्ठा यस्मात्, प्रज्ञाद्यण् ५.४.३८ वा*] १.विष्णु २.इन्द्र। **वैकुण्ठो वासवे विष्णौ** (विश्व.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैकुण्ठम् (नपुं.) [*विगता कुण्ठा यत्र तत्, बहु.स. विकुण्ठमेव प्रज्ञादित्वादण्*] स्वर्गलोक/विष्णुलोक। **~चतुर्दशी** (पुं.) [*वैकुण्ठ इति चतुर्दशी, कर्म.स.*] कार्तिक शुक्ल चतुर्दशी।

वैक्लव्यम् (नपुं.) [*विक्लवस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] व्याकुलता/घबडाहट/हडबडी।

वैखानसः (पुं.) वानप्रस्थाश्रममा रहेका व्यक्ति/वानप्रस्थी।

वैगुण्यम् (नपुं.) [*विगतो विरुद्धो वा गुणोऽस्य, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.गुण नहुनाको भाव २.अवगुण।

वैचक्षण्यम् (नपुं.) [*विचक्षणस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] चातुर्य/चतुर हुनाकोभाव/चतुरता।

वैचित्र्यम् (नपुं.) [*विचित्रस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] विचित्रता/विचित्र हुनाको भाव २.सौन्दर्य/सुन्दरता/काव्य वा कलागत विच्छित्ति।

वैजननः (पुं.) [*विजायतेऽस्मिन्, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, विजनन एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, यद्वा विजननस्य गर्भमोचनस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] सुत्केरी हुने महिना।

वैजयन्तः (पुं.) [*वैजयन्त्यः पताकाः सन्त्यस्य सः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.इन्द्रको झन्डा २.दरबार।

वैजयन्तो महेन्द्रस्य ध्वजप्रसादयोः पुमान्।
वैजयन्ती पताकायां जयन्ती पादपे स्त्रियाम्॥ (विश्व.)

वैजयन्तिकः (पुं.) [*वैजयन्त्यस्यास्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति ठन्, ठस्येकः, यद्वा वैजयन्त्या चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] झन्डा हातमा लिने व्यक्ति।

वैजयन्तिका (स्त्री.) [*विजयन्तस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, स्वार्थे कन् ५.३.७५ टाप् ४.१.४, इत्वम्, यद्वा वैजयन्ती पताकेव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] वज्रदन्ती।

वैजयन्ती (स्त्री.) [*विशेषेण जयति, शत्रूनिति, जि अभिभवे इति धातोः, तृभूवहि (उ.) इति झच्, विजयन्तस्येयम्, तस्येदम् ४.३.१२० इत्यण्, ङीप्*] १.झन्डा/पताका २.पाँच किसिमका फूलहरू मिलाएर गाँसिएको माला/तुलसी, कुन्द, मन्दार, पारिजात र कमल मिलाएर गाँसेको घुँडासम्म लत्रने माला ३.वृक्षविशेष। **वैजयन्ती पताकायां जयन्तीपादपे स्त्रियाम्** (मेदिनी.)।

वैज्ञानिकः (पुं.वि.) [*विज्ञानं बुद्धिः, विज्ञानं यज्ञं तनुते (श्रुतिः), विज्ञाने नियुक्तः, तत्र नियुक्तः ४.४.६९ इति ठक्, यद्वा विज्ञानेन जयति, तेन दीव्यति ४.४.२ इति ठक्*] १.विज्ञानसँग सम्बद्ध विषयको गहिरो अध्ययन गर्ने २.सिपालु।

वैणवः (पुं.वि.) [*वेणोरयम् विकारो वा, बिल्वादिभ्योऽण् ४.३.१३६ इत्यण्*] १.बाँसको/बाँससम्बन्धी/वंशी २.बाँसुरी ३.बाँसको फल।

वैणविकः (पुं.) [*वेर्णोर्विकारः, ओरञ् ४.३.१३९ इति अञ्, वैणवं शिल्पमस्य, ठक् ४.४.५५ ठस्येकः*] बाँसुरी बजाउन जान्ने व्यक्ति।

वैणिकः (पुं.) [*वीणावादनं शील्पमस्यास्तीति, ठन्, ठस्येकः*] वीणा बजाउन जान्ने व्यक्ति।

वैतंसिकः (पुं.) [*वितंसेन मृगपक्ष्यादिबन्धनोपायेन चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] मासु बेच्ने व्यक्ति।

वैतनिकः (पुं.वि.) [*वेतनेन जीवति, वेतनादिभ्यो जीवति ४.४.१२ इति ठक्, ठस्येकः, वृद्धिः*] तलब लिएर जीविका चलाउने व्यक्ति।

वैतरणी (स्त्री.) [*विगतस्तरणिर्यत्र तत्र भवा, तत्र भवः ४.३.५३ इत्यण्, विगता तरणिर्नौर्यत्र वा, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, वितरणेन दानेन लङ्घ्यत इति वा, शेषे ४.२.९२ इत्यण्*] १.यमलोकमा बग्ने नदी २.आकाशगङ्गासित मिसिएजस्तो देखिने दक्षिणतिरको नदी आकारको तारासमूह।

नारका जन्तवः प्रेता नदी वैतरणी स्मृता (त्रिकाण्ड.)।

३.कलिङ्ग देशमा बग्ने एक नदी।

वैतानागिनसङ्ग्रहसंस्कारः (पुं.) द्विजजातिका १६ संस्कारहरूमध्ये सोह्रौँ संस्कार। जसरी विवाहाग्नि परिग्रहमा आवसथ्याग्नि ग्रहण गरिन्छ, त्यसरी नै हविर्यज्ञ एवं सोमयज्ञ संस्थाका सबै श्रौतकर्मानुष्ठानादि कर्ममा वैतानाग्नि, श्रौताग्नि, त्रेताग्निको ग्रहण हुन्छ। जसरी वेदाध्ययन अत्यावश्यक कर्म मानिन्छ, त्यसरी नै त्रेताग्निसङ्ग्रह संस्कार पनि अत्यावश्यक कर्म मानिन्छ। त्रेताग्नि स्थापित शालामा ८४००० मन्त्रहरूको अनुष्ठान गर्ने विधान छ। उक्त संस्कारलाई अन्तिम संस्कार मानिन्छ। यस सम्बन्धमा ब्राह्मण ग्रन्थहरू– ऋक्परिशिष्ट, अथर्वणपरिशिष्ट, श्रौतसूत्र, गृह्यसूत्र, मीमांसा आदिमा विस्तृत विवेचना भएको छ।

वैतालिकः (पुं.वि.) [*विविधस्तालः, मङ्गलगीत्यादिशब्दस्तेन चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः, यद्वा स प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्येकः*] १.प्रातः कालमा स्तोत्र पाठ गरेर वा गाना गाएर राजालाई ब्युँझाउने व्यक्ति/बन्दी २.बेताल साधन गर्ने मानिस/बेतालको भक्त।

वैताली (स्त्री.) मात्रिक वृत्तविशेष। यसमा चार चरण हुन्छन्। पहिलो र तेस्रो चरणमा १४/१४ मात्रा हुन्छन् भने दोस्रो र चौथो चरणमा १६/१६ मात्रा हुन्छन्। पहिलो र तेस्रो चरणमा ६ मात्रापछि एउटा रगण– (ऽ।ऽ) आउँछ र लघु गुरु– (।ऽ) आउँछन्। दोस्रो र चौथो चरणमा ८ मात्रापछि रगण, लघु र गुरु वर्ण– (ऽ।ऽ, ।ऽ) आउँछन्। यसका ६ भेद छन्– उदीच्य वृत्ति, प्राच्य वृत्ति, प्रवृत्तक, आपातलिका, अपरान्तिका र चारुहासिनी। उदीच्यवृत्तिमा विषम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउमा पहिलो मात्रापछि एउटा गुरुवर्णको प्रयोग हुन्छ। प्राच्यवृत्तिमा सम पाउमा तेस्रो मात्रापछि एउटा गुरुवर्णको प्रयोग हुन्छ। प्रवृत्तकमा उदीच्यवृत्ति र प्राच्यवृत्ति दुवैका विशेषताहरू रहन्छन्। आपातलिकामा विषम चरणमा ६ र सम चरणमा ८ मात्रापछि एउटा भगण– (ऽ।।) र दुई गुरुवर्ण– (ऽऽ) रहन्छन्। अपरान्तिकामा समचरणमा चौथो र पाँचौं मात्रा मिलेर एउटा दीर्घाक्षर बन्छ। चारुहासिनीमा दोस्रो र तेस्रो मात्रा मिलेर एउटा दीर्घाक्षर बन्छ।

वैतालीयम् (नपुं.) एक मात्रिक छन्द। यसको प्रथम र तृतीय पाउमा ६, ६ मात्रा, द्वितीय र चतुर्थ पादमा आठ आठमात्रा अनि रगण, तथा एक एक लघु र एक एक गुरु वर्ण प्रयोग भएको हुन्छ।

वैदग्ध्यम् (नपुं.) [*विदग्धस्य भावः, गुणवचनब्राह्मणादिभ्यः ५.१.१२४ इति ष्यञ्*] १.विदग्धता/दक्षता/पाण्डित्य २.सौन्दर्य।

वैदर्भी (स्त्री.) १.[*विदर्भाणामपत्यं स्त्री, जनपदशब्दात्क्षत्रियादञ् ४.१.१६८ इति अञ्, आदिवृद्धिः, ङीप्*] दमयन्ती/विदर्भराज भीमकी कन्या/रुक्मिणी। **धन्यासि वैदर्भि गुणैरुदारैर्यया समाकृष्यत नैषधोऽपि।** (नैष.) २.[*विदर्भे भवा, तत्र भवः ४.३.५३ इत्यण्, ङीप्*] साहित्यमा माधुर्यव्यञ्जक वर्णहरूको प्रयोग गरिने एक रीति। यसमा असमस्त वा अल्प समस्त पदको प्रयोग हुन्छ।

माधुर्यव्यञ्जकैर्वर्णै रचना ललितात्मिका।
अवृत्तिरल्पवृत्तिर्वा वैदर्भीरीतिरिष्यते॥ (सा.द.)

वैदिकः (पुं.वि.) [*वेदात् आगतः, वेदेषु भवो वा*] वेदसम्बन्धी/वेदोक्त/वेदमा बताइएको।

वैदिकदेवताः (स्त्री.) [*वैदिकाश्च ता देवताश्च, कर्म.स.*] वेदमा वर्णित देवताहरू। यिनलाई तीन भागमा छुट्ट्याइएको छ– **द्युस्थानीय, अन्तरिक्षस्थानीय** र **पृथ्वीस्थानीय।** द्युस्थानीय देवतामा वरुण, पूषन्, सूर्य, विष्णु, अश्विन् र उषा छन्। अन्तरिक्षस्थानीय देवतामा इन्द्र, रुद्र र मरुत्को उल्लेख छ। पृथ्वीस्थानीय देवताहरू हुन्– अग्नि, बृहस्पति र सोम।

वैदिकसाहित्यम् (नपुं.) [*वैदिकञ्च तत् साहित्यञ्च, कर्म.स.*] वैदिक भाषामा लेखिएका रचनाहरू। यस अन्तर्गत ऋग्वेद, सामवेद, यजुर्वेद, अथर्ववेद, आरण्यक, ब्राह्मणग्रन्थ, उपनिषद् र वेदाङ्ग आउँछन्। वेद चार भागमा विभक्त छ– संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्। संहितामा स्तुतिपरक मन्त्रहरूको सङ्ग्रह छ। संहिताका चार खण्ड छन्– ऋग्, साम, यजु र अथर्व। पछि गएर कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डको आधारमा ब्राह्मण, आरण्यक र उपनिषद् ग्रन्थको निर्माण भएको छ। ब्राह्मणग्रन्थमा मन्त्रहरूको व्याख्या छ। याज्ञिक अनुष्ठान र विधिविधानको त्यसमा वर्णन गरिएको छ। जङ्गलमा बस्ने मानिसहरूलाई भगवत् उपासनामा लीन लगाउन आरण्यक ग्रन्थहरूको निर्माण भएको छ। उपनिषद् वेदको अन्तिम भाग हो। यो ज्ञानकाण्डसँग सम्बद्ध छ। यसमा वैदिक मन्त्रहरूको दार्शनिक व्याख्या छ।

वैदूर्यः (पुं.) [*विदूरात् तदाख्यदेशात् प्रभवति, विदूराञ्ञ्यः ४.३.८४ इति ञ्यः, आदिवृद्धिः, अलोपः*] मणिविशेष।

वैदेशिकः (पुं.वि.) [*विदेशादागतः, विदेशे भवो वा, विदेश+ठक्*] विदेशको/विदेशसम्बन्धी/विदेशी/विरानो मुलुकको। **~नीतिः** (स्त्री.) [*वैदेशिकी चासौ नीतिश्च, कर्म.स.*] परराष्ट्रनीति/विदेशसितको कूटनीति।

वैदेहः (पुं.) [*विशेषेण देह उपचयो यस्य, स्वार्थे अण्*] विदेह देशका राजा।

वैदेहकः (पुं.) १.[*विदेहेषु भवः, धूमादित्वात् ४.२.१२७ वुञ्, विदेग्धि वा, दिह उपचये इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ ७.१.१ इत्यकः*] व्यापारी २.[*विदेहेषु भवः, तत्र भवः ४.३.५३ इति अण्, विदेहस्यापत्यम्, जनपद ४.१.१६८ इत्यञ्, स्वार्थे कन् ५.३.७५*] ब्राह्मण कन्यामा वैश्यबाट उत्पन्न भएको सन्तान। **वैदेहको वाणिजके शूद्राद्वैश्यासुतेऽपि च** (विश्व.)।

वैदेही (स्त्री.) [*विदेहेषु मिथिलादेशेषु भवा, तत्र भवः ४.३.५३ इत्यण्, ङीप्*] १.विदेह नगरीमा पैदा भएकी/जानकी/सीता/मैथिली २.पिप्ला ३.बनियाकी पत्नी। **वैदेही रोचनासीतावणिक्स्त्रीपिप्पलीषु च** (मेदिनी.)।

वैद्यः (पुं.) [*विद्यामधीते, तदधीते तद्वेद ४.२.५९ इत्यण्*] औषधि गर्ने चिकित्सक।

वैद्यकम् (नपुं.) [*वैद्यं चिकित्सकमधिकृत्य कृतो ग्रन्थः,कन्*] आयुर्वेद ग्रन्थ। **~राजः** (पुं.) [*वैद्यानां राजा, ष.त.*] १.श्रेष्ठ वैद्य २.धन्वन्तरि। **~शास्त्रम्** (नपुं.) [*वैद्यस्य शास्त्रम्, ष.त.*] आयुर्वेद/चिकित्साशास्त्र।

वैद्यनाथः (पुं.) बाह्र ज्योतिर्लिङ्गमध्येको नवौं लिङ्ग। भारतको सन्थाल प्रगन्नाको जसिडिह स्टेसनबाट गएको शाखालाइनमा तीन माइल पर चिताभूमि छ। यसै स्थलमा यो शिवलिङ्गरहेको छ। **परल्यां वैद्यनाथञ्च** भन्ने वचनको हवाला दिएर कसैले हैदरावाद राज्यमा पर्ने परलीको शिवलिङ्गलाई वैद्यनाथ ज्योतिर्लिङ्ग मानेका छन्। तर शिव पुराणअनुसार चिताभूमिको शिवलिङ्ग नै वैद्यनाथ ज्योतिर्लिङ्ग हो, परलीको होइन। यहाँको जलवायु अति सुन्दर छ। मन्दिर नजिकै चारैतिर घाट भएको एक सरोवर छ। यात्रीलाई बस्न सरोवरको तटमा धर्मशाला छ। यात्रीहरू विभिन्न आकाङ्क्षा लिएर दर्शन गर्न यहाँ जाने गर्दछन्। टाढा टाढाबाट काँधमा पानीको घडा बोकेर ल्याई यस शिवलिङ्गमा जल चढाउँछन्। (तीर्थाङ्क, गीताप्रेस) यस शिवलिङ्गको दर्शन तथा पूजनबाट रोग निको हुनाका साथै सबै मनोरथ सिद्ध हुन्छन् भन्ने आम जनधारणा एवं विश्वास छ। पौराणिक मान्यताअनुसार यस ज्योतिर्लिङ्गको दर्शन र पूजनबाट यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकमा वैभवसम्पन्न, निरोगी र दीर्घायु जीवन पाइन्छ। निधन पछि शिवसायुज्य प्राप्ति हुन्छ।

वैद्यमाता (स्त्री.) [*वैद्यस्य मातेव, उप.त.स.*] असुरो।

वैद्युतः (पुं.वि.) [*विद्युतोऽयम्, तस्येदम् ४.३.१२० इत्यण्*] बिजुलीको/बिजुलीसम्बन्धी।

वैधः (पुं.वि.) [*विधित आगतः, ततः आगतः ४.३.७४ इत्यण्*] १.विधिपूर्वक आएको २.[*विधिमर्हति, तदर्हति ५.१.६३ इत्यण्*] ऐनकानुनमा मिल्ने/विधिपूर्वक भएको/कानुनसम्मत।

वैधता (स्त्री.) [*वैधस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९इति तल्, टाप् ४.१.४*] विधिपूर्वक हुनु।

वैधर्म्यम् (नपुं.) [*विधर्मस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४इति ष्यञ्*] धर्म वा गुणदेखि भिन्न हुनु /असमानता

वैधवेयः (पुं.वि.) [*विधवाया अपत्यं पुमान्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्,ढस्य एयः*] विधवा स्त्रीले पुनर्विवाह गरी पाएको सन्तान

वैधव्यम् (नपुं.) [*विधवाया भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] विधवा हुनु/विधवता।

वैधात्रः (पुं.) [*विधातुरपत्यम्, तस्यापत्यम् ४.१.९२इत्यण्*] सनत्कुमार ऋषि।

वैधानिकः (पुं.वि.) [*विधानात् आगतः, ततः आगतः ४.३.७४ विधाने वा भवः, विधान्+ठक्*] विधानअनुसारको/विधानसम्बन्धी/विधानको अनुकूल।

वैधानिकता (स्त्री.) [*वैधानिकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] विधानअनुसार हुनु/विधानको अनुकूलता।

वैधिकः (पुं.वि.) [*विधेरागतः, विधौ भवो वा, विधि+ठक्*] विधिपूर्वकको/कानुन बमोजिमको/विधिविहित/वैध।

वैधीकरणम् (नपुं.) [*अवैधं वैधं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] कानुनअनुरूप वा मिल्दोजुल्दो बनाउने काम/कामलाई वैधरूप दिने काम/वैधानिक गराउने काम/वैध गराउने काम।

वैधृतपातः (पुं.) [*मंगलं विशेषेण ध्रियते अवरोध्यते इति विधृतः, विधृत एव वैधृतः, स चासौ पातश्च, कर्म.स.*] एक किसिमको नराम्रो योग।

वैधेयः (पुं.वि.) १.[*विधीयतेऽसौ, विपूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति इति ईत्वम्, गुणः*] विधिसम्बन्धी/नियमअनुकूल २.[*विधेयं विधानम्, तस्यामधिकारी, अविद्यावद्विषयत्वाच्छास्त्राणाम्, तस्येदम् ४.३.१२० इत्यण्*] मूर्ख।

वैनतेयः (पुं.) [*विनताया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, आयनेयीनीयियः, फढखछघां प्रत्ययादीनाम् ७.१.२ इति ढस्य एयः*] १.गरुड २.अरुण/सूर्यको सारथि। **वैनतेयस्तु गरुडे स्यात्प्रभाकरसारथौ** (विश्व.)।

वैनयिकः (पुं.) [*विनय एव, विनयादिभ्यष्ठक् ५.४.३४ इति ठक्, ठस्य इकः, वृद्धिः*] नम्रता, विनय।

वैनीतकम् (नपुं.) [*विनीयते स्म, विपूर्वकात् नीधातोः क्तः, संज्ञायां कन् ५.३.७५ इति कन्, विनीतक एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] पालकी,डोली आदि परम्परागत वाहन।

वैपरीत्यम् (नपुं.) [*विपरीतस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] प्रतिकूलता/असङ्गति।

वैपुल्यम् (नपुं.) [*विपुलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] अधिकता/विपुलता।

वैफल्यम् (नपुं.) [*विफलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] असफलता/विफलता।

वैभवम् (नपुं.) [*विभोर्भावः, इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] १.धनसम्पत्ति/ऐश्वर्य २.शक्ति ३.वडप्पन ४.महत्त्व।

वैभवशाली (पुं.वि.) [*वैभवेन शालते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] धनसम्पत्तिले सम्पन्न/ऐश्वर्यसम्पन्न।

वैभाषिकः (पुं.वि.) [*विभाषामधीते वेत्ति वा, विभाषा + ठक् (इकः)*] १.विकल्पसम्बन्धी/वैकल्पिक २.बुद्धको एक सम्प्रदाय।

वैमत्यम् (नपुं.) [*विमतेर्भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] मत वा राय नमिल्नु/मतभेद/फूट।

वैमनस्यम् (नपुं.) [*विमनसो भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] शत्रुता/दुस्मनी/अन्यमनस्कता।

वैमात्रेयः (पुं.वि.) [*विरुद्धा माता, प्रादयो गता (वा.) २.१.१८ इति समासः, विमातुरपत्यं पुमान्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः*] सौतेनी छोरो।

वैमात्रेयी (स्त्री.) [*विरुद्धा माता, प्रादयो गता (वा.) २.१.१८ इति समासः, विमातुरपत्यं पुमान्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः, ङीप्*] सौतेनी आमाकी छोरी।

वैमानिकः (पुं.वि.) [*विमानेन चरति, चरति ४.४.८ इति ठक्, ठस्य इकः*] १.विमान चढ्ने २.विमान चालक/पाइलट। **वैमानिकाः पुण्यकृतस्त्यजन्तु** (रघु.)।

वैमुख्यम् (नपुं.) [*विमुखस्य भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] पराङ्मुखता।

वैयक्तिकः (पुं.वि.) [*व्यक्तिः प्रयोजनमस्य, प्रयोजनम् (५.१.१०९) इति ठक्, ठस्येकः*] कुनै एक व्यक्तिको सम्बन्ध भएको/व्यक्तिगत/निजी। **~सम्बन्धः** (पुं.) [*वैयक्तिकश्चासौ सम्बन्धश्च, कर्म.स.*] व्यक्तिगत नाता।

वैयाकरणः (पुं.वि.) १.[*व्याकरणमधीते वेत्ति वा तदधीते तद्वेद ४.२.५९ इति अण्, न य्वाभ्यां पदान्ताभ्यां पूर्वन्तु ताभ्यामैच् ७.३.३ इति ऐच्, णत्वम्*] व्यकरणका ज्ञाता वा पाठक। २.[*व्याकरणस्य*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्यानम्, अणृगयनादिभ्यः ४.३.७३.इति अण्, वृद्धिनिषेधः, ऐजागमः, अलोपः] व्याकरणको व्याख्या गर्ने ग्रन्थ। ३.[*व्याकरणे भवः*] व्याकरणमा भएको।

वैयाघ्रपादः (पुं.) संस्कृतका प्राचीन वैयाकरण। यिनको समय वि.पू.३१०० मानिन्छ। काशिकामा यिनलाई व्याकरणका प्रवक्ता भनिएको छ।

वैयासकिः (पुं.) [*व्यासस्यापत्यं पुमान्, व्यासगरुडनिषादचाण्डाल–विम्बानां चेति वक्तव्यम् (वा) इति इञ्, अकक्च, न य्वाभ्यां पदान्ताभ्यां पूर्वन्तु ताभ्यामैच् ७.३.३ इति वृद्धिनिषेधः, ऐजागमश्च*] व्यासका छोरा/शुकदेव।

वैरकारः (पुं.वि.) [*वैरं करोतीति, डुकृञ् करणे, इति धातोः, न शब्दश्लोककलह ३.२.२३ इति टस्य निषेधात् कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] वैरी/शत्रु।

वैरनिर्यातनम् (नपुं.) [*यत निराकारादौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, वैरस्य निर्यातनम्, ष.त.*] शत्रुलाई हटाउने काम।

वैरम् (नपुं.) [*वीरस्य कर्म, वैरमैथुनिकयोः ४.३.१२५ इति निर्देशात्, हायनान्तयुवादिभ्योऽण् ५.२.२९इत्यण्*]शत्रुता/दुस्मनी/वैरभाव।

वैरशुद्धिः (स्त्री.) [*वैरस्य शुद्धिः, ष.त.*] शत्रुताको साधना बदला।

वैरागी (पुं.वि.) [*विराग एव वैरागः, सोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.विषय–वासना र सांसारिक प्रपञ्चदेखि अलग रहेको व्यक्ति २.वैष्णव सम्प्रदायको साधु।

वैराग्यः (पुं.नपुं.) [*विरागस्य भावः,कर्म वा,गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] भोग लिप्साको निवृत्ति। वैराग्य दुई किसिमको हुन्छ– अपरवैराग्य र परवैराग्य। अपरवैराग्य वैराग्यको प्रारम्भिक अवस्था हो। यसका चार सिँढी छन्– यतमान संज्ञा, व्यतिरेक संज्ञा, एकेन्द्रिय संज्ञा र वशीकार संज्ञा। चित्तवृत्तिलाई रोकेर इन्द्रियलाई चञ्चल हुन नदिने चेष्टा वैराग्यको प्रारम्भिक रूप हो। यस चरणमा इन्द्रियलाई विषयमा लिप्त हुन नदिने अथवा त्यसबाट रोक्ने प्रयास भएको हुन्छ। यसैलाई यतमान संज्ञा भन्छन्। परिणामस्वरूप चित्त कुनै कुनै विषयबाट हटेर जान्छ भने कुनै कुनै विषयमा आसक्त नै रहन्छ। यो वैराग्यको दोस्रो सिँढी हो। यसलाई व्यतिरेक संज्ञा भनिन्छ। जुन अवस्थामा सबै इन्द्रियहरू बाह्य विषयबाट पूरा निवृत्त हुन्छन्, केवल मनमात्र विषयप्रति आसक्त हुन्छ त्यो अवस्थालाई एकेन्द्रिय संज्ञा भनिन्छ। अपरवैराग्यको अन्तिम अवस्थालाई वशीकार भनिन्छ। यसबेला मन पनि विषयबाट निवृत्त हुन्छ। विषय दुई किसिमका हुन्छन्– दृष्ट र आनुश्रविक। प्रत्यक्ष अनुभव हुने स्त्री, पुत्र, अन्न, पान, ऐश्वर्य आदि दृष्ट विषय हुन् भने खालि शास्त्रको भरमा आसक्ति हुने स्वर्ग आदि अनुश्रविक विषय हुन्। यी दुवै विषय सुखबाट जो विरक्त हुन्छ, त्यसलाई सम्प्रज्ञात समाधि लाग्दछ। समस्त विषय र गुण प्रति विरक्त भएपछि उसलाई पूर्ण वैराग्य प्राप्त हुन्छ। त्यो परवैराग्यभन्दा माथिल्लो किसिमको हुन्छ। अनि दुःखबाट उसको निवृत्ति हुन्छ। सबै वृत्तिहरू रोकिन्छन् र विलीन हुन्छन्।

वैरायमाणः (पुं.वि.) [*वैरं करोतीति, शब्दवैरकलहाभ्रमेघेभ्यः करणे ३.१.१७ इति क्यङ्, वैरायते इति लटः, शनच् ३.२.१२४*] दुस्मनी गरिरहेको।

वैरी (पुं.वि.) [*वैरमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] शत्रुता वा दुस्मनी गर्ने व्यक्ति। **वैरिणा सह सन्धाय विश्वस्तो यदि तिष्ठति। स वृक्षाग्रे प्रसुप्तो हि पतितः प्रतिबुध्यते॥** (ग.पु. आचारकाण्ड ११४.४८)

वैरूप्यम् (नपुं.) [*विरूपस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] कुरूपता/विरूपता।

वैरोचनः (पुं.) [*विरोचनस्यापत्यं पुमान्, तस्यापत्यम् ४.१.९२ इत्यण्*] १.राजा वलि २.एक ध्यानी वुद्ध ३.पञ्च बुद्धमध्ये एक ४.सूर्यको छोरा ५.अग्निको छोरा।

वैवधिकः (पुं.) [*विविधं वीवधं वा वहति, विभाषा विविधवीवधात् ४.४.१७ इति ठन्, पक्षे ठक्, ठस्येकः*] १.हालखबर ओसार–पसार गर्ने व्यक्ति २.हुलाकी।

वैवश्वतः (पुं.) [*विवस्वतोऽपत्यम्, तस्यापत्यम् ४.१.९२ इत्यण्*] १.यमराज २.शनि ३.सातौँ मनु।

वैवाहिकः (पुं.वि.) [*विवाहः प्रयोजनमस्य, प्रयोजनम् (५.१.११९) इति ठक्, ठस्येकः*] विवाहसम्बन्धी/विवाहको बारे। **~अधिकारः** (पुं.) [*वैवाहिकश्चासौ अधिकारश्च, कर्म.स.*] विहेबाट पाएको अधिकार/विहा गरेपछि पाउने अधिकार।

वैशाखः (पुं.) १.[*वैशाखी (विशाखायुक्ता) पूर्णिमा अस्मिन् सः, साऽस्मिन् पौणमासीति ४.२.६१इति अण्, वृद्धिः*] वैशाख महिना २.[*विशाखा प्रयोजनमस्य, विशाखाषाढादण् मन्थदण्डयोः ५.१.११० इत्यण्*] मदानी। **वैशाखो मासभेदेऽपि मन्थाने च प्रकीर्तितः** (मेदिनी.)।

वैशाखी (स्त्री.) [*विशाखया युक्ता पौणमासी, नक्षत्रेण युक्तः कालः ४.२.३ इत्यण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*]वैशाखपूर्णिमा। **विशाखातारकोपेता वैशाखी पूर्णिमा मता** (शब्दरत्नावली)।

वैशिष्ट्यम् (नपुं.) [*विशिष्टस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.विशेषता/विशिष्टता २.अन्तर/फरक/भिन्नता ३.श्रेष्ठता/विलक्षणता।

वैशेषिकः (पुं.) [*विशेषं पदार्थमधिकृत्य कृतो ग्रन्थः वैशेषिकः, वैशेषिकमधीते वेत्ति वा, विशेष+ठक्*] विशेष नामक पदार्थलाई आधार मानेर बनाइएको ग्रन्थका अध्येता।

वैशेषिकदर्शनम् (नपुं.) [*वैशेषिकञ्च तद् दर्शनञ्च, कर्म.स.*] कणादद्वारा प्रतिपादित एक दर्शन। विशेष नामक पदार्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्तृत विवेचना भएको हुनाले यस दर्शनलाई वैशेषिकदर्शन भनिएको हो। कणादको नाम उलूक पनि थियो। त्यसैले यस दर्शनलाई औलूक्यदर्शन पनि भनिन्छ। वैशेषिकसूत्र यस दर्शनको मूलग्रन्थ हो। यसमा १० अध्याय र ३७० सूत्र छन्। प्रत्येक अध्याय दुई/दुई आह्निकमा विभक्त छ। यसमा थुप्रै भाष्य लेखिएका छन्। तीमध्ये रावणभाष्य, प्रशस्तपादभाष्य आदि मुख्य छन्। यसमा द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव यी सात पदार्थको विवेचना छ। वैशेषिक दर्शनलाई परमाणुवादी दर्शन पनि भनिन्छ। पृथ्वी, जल, तेज, वायु मुख्य परमाणु हुन्। प्रत्येक प्रकारका परमाणुको सङ्ख्या अनन्त छ। तिनीहरूको आफ्नो विशेष तत्त्व पनि छ। विभिन्न परमाणुहरूको संयोगबाट जगत्को उत्पत्ति हुन्छ भन्ने यस दर्शनको सिद्धान्त छ।

वैश्यः (पुं.) [*विशति उपभुङ्क्ते, विश प्रवेशे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, चातुवर्ण्यादीनामुपसङ्ख्यानम् (वा.) ५.१.१२४ इति ष्यञ्*] १.आर्यहरूमा वर्ण व्यवस्थाअनुसारको तेस्रो वर्ण २.कृषि, व्यापार आदि पेशा गर्ने एक द्विजाति।

वैश्या (स्त्री.) [*वैश्यत्वजातिविशिष्य स्त्री, टाप्*] वैश्यजातिकी स्त्री।

वैश्रवणः (पुं.) [*विश्रवसोऽपत्यं पुमान्, शिवादिषु ४.१.११२ विश्रवसो विश्रवणादेशो निपातितो अण् च*] १.कुबेर २.रावण।

वैश्वजनीनः (पुं.) [*विश्वजने साधुः, प्रतिजनादिभ्यः खञ् ४.४.९९ इति खञ्, खस्य ईनः, आदिवृद्धिः, अलोपः*] संसारलाई कल्याण गर्ने।

वैश्वदेवः (पुं.) [*विश्वेभ्यो देवेभ्यो देयो वलिः, सास्य देवता ४.२.२४ इत्यण्*] १.भोजन गर्नुभन्दा पहिले सम्पूर्ण देवतालाई गरिने हवन २.[*विश्देव एव, स्वार्थेऽण्*] गणदेवताविशेष।

वैश्वदेवः (पु.वि.) [*विश्वदेवस्यायम्, अण्*] विश्वदेवसम्बन्धी।

वैश्वदेवी (स्त्री.) १.प्रत्येक पाउमा क्रमशः दुई मगण र दुई यगणको प्रयोग भएको छन्द। यसमा पञ्चम, त्यस पछि सप्तम अक्षरमा विश्राम हुन्छ। **बाणाश्वैश्छिन्ना वैश्वदेवी ममौ यौ** (छन्दो.) २.देवीविशेष।

वैश्वानरः (पुं.) [*विश्वे नरा अस्य, नरे संज्ञायाम् ६.३.१२९ इति विश्वशब्दस्य दीर्घः, विश्वानरस्यापत्यम्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्*] १.अग्नि।

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम्॥ (भ.गी१४.१५)

२.परमात्मा ३.विश्वानर ऋषिका सन्तान ४.तीनको अङ्क।

वैश्वामित्रः (पुं.) [*विश्वामित्रस्यापत्यं पुमान्, ऋष्यन्धक वृष्णिकुरुभ्यश्च ४.१.११४ इति अण, वृद्धिः, अकारलोपः*] विश्वामित्रको छोरा वा सन्तान।

वैश्वी (स्त्री.) उत्तराषाढा नक्षत्र (हेम .)।

वैषम्यम् (नपुं.) [*विषमस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.विषमता/असमानता। **वैषम्यं हि परभूमेरासीदिति च नः श्रुतम्** २.तारतम्य। **महच्च फलवैषम्यं दृश्यते कर्मसन्धिषु**। (म.भा. ३.२०८.२१) ३.दुःख/प्रतिकूल परिस्थिति। **वैषम्यं परमं प्राप्तो दुःखितो गतचेतनः**। (म.भा. ३.६१.२०)।

वैषयिकः (पुं.वि.) [*विषयादागतः, विषयस्यायम् विषये वा भवः, विषय+ठक्*] विषय वा सांसारिक धनसम्पत्ति सम्बन्धी विषयी। **यश्चास्मिन् सुखाभावोऽप्ययुक्तस्तस्य वैषयिकसुखपरत्वान् विरोधः** (सा.द.)।

वैष्णवः (पुं.) [*विष्णुर्देवताऽस्य, सास्य देवता ४.२.२४ इत्यण्*] १.विष्णुलाई मात्र मान्ने एक सम्प्रदाय २.विष्णुका भक्त ३.(पुं.वि.) [*विष्णोरयम्, तस्येदमित्यण्*] विष्णुसम्बन्धी।

वैष्णवः (पुं.) विष्णुलाई इष्टदेव मानेर उपासना गर्ने मत वा त्यस मतका अनुयायी भक्त। यिनका मुख्य दश भेद छन्– वैखानस, राधावल्लभ, गोकुलेश, वृन्दावनी, पाञ्चरात्र, वीरवैष्णव, रामानन्दी, हरिव्यासी, निम्बार्क र भागवतसंयोगी वैष्णव। उपर्युक्त भेदबाहेक गोलोकभन्दा पनि माथिका कृष्णलाई इष्टदेव मान्ने वैष्णवलाई प्रणामी भक्त भन्छन्। प्रणामी भक्तको आद्य आचार्यको नाम देवचन्द्र कायस्थ हो। यिनको जन्मकाल १६३८ मानिन्छ। यिनका पिताको नाम मातुमेहता र माताको नाम कुवर बाई हो। यिनको ग्रन्थको नाम **श्रीभत्तारतमसागर** (स्वसंवेद) हो। संयोगी वैष्णव– सत्ताइस सय कलियुग बितेपछि बलिराजाले पठाएको मय दानव शाक्यसिंह गुरुको नामबाट प्रसिद्ध भयो र सबै तीर्थमा मायामय यन्त्र स्थापना गऱ्यो। त्यो यन्त्र मुन्तिर जो जान्थ्यो, त्यो बौद्ध बन्थ्यो। यसरी जताततै बौद्धभएपछि बौद्धहरूलाई चार वेदको प्रभावले अग्निवंशी राजाहरूले धपाएपछि फेरि मय दानवले म्लेच्छजातिलाई ज्योतिर्गणितसहित २१ अध्यायको रेखागणितको शिक्षा दियो। त्यस शिक्षाको प्रभावले म्लेच्छहरूले सात पुरीमा यन्त्र लगाए, यन्त्रद्वारा सबै म्लेच्छ भए। म्लेच्छलाई दबाउन चैतन्य महाप्रभुका शिष्यहरू अनेक पुरीमा गए। त्यस्तै आफ्ना शिष्यहरूका साथ रमानन्द अयोध्यामा आएर म्लेच्छ यन्त्रलाई उल्ट्याएर सबै म्लेच्छलाई संयोगी वैष्णव बनाए। रमानन्दले बनाएका संयोगी वैष्णवले निधारमा सेतो अथवा रातो त्रिशूलको आकारको टीका लगाउँछन्। कण्ठमा तुलसीको माला लगाउने र राम नाम जप गर्ने गर्छन्। म्लेच्छबाहेकका आर्य मुख्य वैष्णवका रूपमा अयोध्यामा बसे।

निम्बादित्यले काञ्चीपुरीमा गुरुमन्त्रलाई बिलोम गरी जप्दा त्यहाँका म्लेच्छ संयोगी वैष्णव भए। यी निधारमा बाँसको पातझैँ ठाडो टीका र घाँटीमा माला लगाउने तथा गोपी बल्लभको मन्त्र जप्ने भए।

विष्णुस्वामीले हरिद्वारमा म्लेच्छको यन्त्र उल्टो पारेर सबैलाई वैष्णव बनाए, यी निधारमा दुई रेखाको ठाडो टीका र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको बिचमा बिन्दु, कण्ठमा तुलसीको माला लगाउने र माधवको मन्त्र जप्ने भए।

माध्वाचार्यले मथुराको म्लेच्छ यन्त्रलाई घोप्ट्याएर त्यहाँका सबैलाई वैष्णव बनाए। यी निधारमा आधा, नाकमा करवीरको पात भैँ टीका र कण्ठमा तुलसीको माला लगाउने तथा राधाकृष्णको मन्त्र जप्ने भए।

रमानुजको आज्ञाले एक शङ्कराचार्य काशीमा गएर म्लेच्छ यन्त्रलाई उल्टो पारे र त्यहाँका सबैलाई शैव बनाए। यी निधारमा त्रिपुण्ड्र, कण्ठमा रुद्राक्षमाला लगाउने र मुखले गोविन्द मन्त्र जप्ने भए।

रमानुज तोताद्रिमा गएर सबैलाई वैष्णव बनाए, निधारमा दुई ऊर्ध्व रेखाको बिचमा पहेँलो मसिनो रेखा र घाँटीमा तुलसीको माला लगाउने भए।

वराहमिहिरले उज्जयिनीमा गएर म्लेच्छ यन्त्रलाई निर्मूल पारेर सबैलाई शैव बनाए, यिनीहरू निधारमा चिताभस्म र कण्ठमा रुद्राक्षमाला लगाउने तथा शिव नाम जप्ने भए।

वाणीभूषणकान्यकुब्ज— यिनले कान्यकुब्जमा गएर सबैलाई अर्द्धचन्द्राकार टीका र रक्तचन्दनको माला लगाउने तथा देवीको नाम जप्ने तुल्याए।

धन्वन्तरिले प्रयागमा गएर म्लेच्छयन्त्रलाई उल्ट्याए। उनको नजिक आउनेहरू तिनका अनुयायी भए। यिनीहरूले निधारमा आधा टीका रातो बिन्दु र घाँटीमा रक्त चन्दनको माला लगाए।

भट्टोजिश्रेष्ठ उत्पलारण्य गए, सबैलाई शैव बनाए। यिनीहरू निधारमा रातो त्रिपुण्ड्र र घाँटीमा रुद्राक्षमाला लगाएर विश्वनाथको जप गर्ने भए।

रोपणले इष्टिका एटामा गएर म्लेच्छयन्त्रलाई निष्फल पारे र सबैलाई ब्रह्ममार्ग देखाए।

विष्णुभक्त जयदेव— द्वारका गएर म्लेच्छयन्त्रलाई निष्फल पारे। यिनका अनुयायीको निधारमा एक रातो रेखा र गलामा कमल गट्टाको माला रहन्छ तथा यिनीहरू गोविन्दको नाम जप गर्ने गर्छन्। यसप्रकार वैष्णव, शैव र शाक्त अनेक सङ्ख्यामा विभक्त भए, शाक्त निर्गुण थिए र वैष्णव सगुण। जुन निर्गुण र सगुण थिए तिनीहरू शैव भए।

शान्तिपुरमा— **नित्यानन्द,** नदीया पत्तन (नदिया) मा— **हरि,** मागध (मगहरदेश) मा— **कबीर,** कलिञ्जरमा— **रैदास,** नैमिषारण्यमा— **सधन (सदन)** समाधिस्थ भए। आज पनि यहाँ वैष्णवको ठुलो समुदाय छ। (भ.पु.प्रति.पर्व च.ख. २१ अ.)

वैष्णवदेवी (स्त्री.) [*वैष्णवी चासौ देवी च, कर्म.स.*] भारतको हिमाञ्चल क्षेत्रमा अवस्थित प्रसिद्ध एक देवी।



(वैष्णवदेवी)

वैसारिणः (पुं.) [*विविधं सरति, सृ गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ग्रह्यादित्वाण्णिनिः, विसारी, विसारिणो मत्स्ये ५.४.१६ इति स्वार्थेऽण, वृद्धिः*] माछो।

वौषट् (अं.) [*उह्यतेऽनेन, वह प्रापणे इति धातोः, डौषट् प्रत्ययः*] १.देवतामा कुनै वस्तु चढाउँदा वा अङ्गन्यासमा प्रयोग हुने एक बीज मन्त्र। यसले अनिष्टलाई हटाउँछ। २.सम्मोहन/उद्दीपन/पुष्टीकरण र मृत्युञ्जयको कामनाले गरिने कर्ममा मन्त्रको अन्त्यमा वौषट् लगाउनुपर्छ।

वौषडपि च दैवोक्तमन्त्रशब्देन वारणम् (नि.वै.शा)।
वौषट् सम्मोहनोद्दीपनपुष्टिमृत्युञ्जयेषु च।

व्यंशकः (पुं.) [*विगता अंशवो यस्य सः, बहु.स. छेदादिना विभागानर्हत्वात्*] पर्वत (त्रिकाण्डशेष)।

व्यंसकः (पुं.) [*विपूर्वकात् अंशधातोर्ण्वुल्, अकः*] धूर्त।

धूर्तो व्यंसक उक्तो मायावी मायिको मायी (हला.)।

व्यंसितः (पुं.वि.) [*विपूर्वकाद् अंशधातोः क्तः*] ठगिएको (त्रिका.शे.)।

व्यक्तः (पुं.वि.) [*व्यज्यते स्म, विपूर्वकात् अञ्जू व्यक्त्यादौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.प्रकट/स्पष्ट/खुलस्त/प्रकाशित २.व्यञ्जनावृत्तिबोध्य।

विभावेनानुभावेन व्यक्तः सञ्चारिणा तथा।
रसतामेतिरत्यादिः स्थायिभावः सचेतसाम्॥ (सा.द.३.१)

व्यक्तः (पुं.) [*व्यनक्ति स्म, जगत्, वा, विपूर्वकात् अञ्जुधातोः, कर्तरि क्तः*] १.विष्णु। **व्यक्तो वायुरधोक्षजः** (सहस्रनाम) २.[*व्यनक्ति स्म ज्ञानम्*] प्राज्ञ। **व्यक्तः प्राज्ञेऽपि** (अमर.)।

व्यक्तरूपः (पुं.) [*व्यक्तं रूपं यस्य सः, बहु.स.*] विष्णु (सहस्रनाम)।

व्यक्तिः (पुं.) [*व्यज्यतेऽनया, अञ्जू व्यक्त्यादौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, यद्वा क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] १.एकल वस्तु/जन/पदार्थ/विशेष। **जातिः सामान्यं व्यक्तिस्तु विशेषो पृथगात्मता** (अभि.चि.) २.स्पष्टता। **तं सन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः** (रघु.१.१०) ३.व्यञ्जनावृत्ति ४.भूतमात्र/चराचर जगत्। **अव्यक्ताद् व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे।** (गीता ८.१८) **~गतः** (पुं.वि.) [*व्यक्तिं गतः, द्वि.त.स.*] कुनै एक व्यक्तिसित सम्बन्ध भएको/आफ्नो /निजी/वैयक्तिक। **~गताधिकारः** (पुं.) [*व्यक्तिगतश्चासौ अधिकारश्च, कर्म.स.*] व्यक्तिले संविधानद्वारा पाएको अधिकार। **~गतस्वतन्त्रता** (स्त्री.) [*व्यक्तिगता चासौ स्वतन्त्रता च, कर्म.स.*] व्यक्ति–व्यक्तिले पाउनु पर्ने स्वतन्त्रताको अधिकार/कानुनप्रदत्त व्यक्तिगत स्वतन्त्रताको अधिकार। **~गतसम्पत्तिः** (स्त्री.) [*व्यक्तिगता चासौ सम्पत्तिश्च, कर्म.स.*] एक व्यक्ति वा परिवारका नाममा रहेको सम्पत्ति।

व्यक्तित्वम् (नपुं.) [*व्यक्तेर्भावः कर्म वा, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] व्यक्तिविशेषमा हुने विशेषता/व्यक्तिको गुण वा भाव/निजी गुण वा विशेषता।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्तिविवेकः (पुं.) [*व्यक्तेः व्यञ्जनायाः विवेकः विचारो यत्र सः, बहु.स.*] महिमभट्टद्वारा रचित एक काव्य-शास्त्रसम्बन्धी ग्रन्थ। यो कृति आनन्दवर्धनको ध्वन्यालोकमा प्रतिपादित ध्वनि-सिद्धान्तको खण्डनका निमित्त लेखिएको हो। यसमा महिमभट्टले ध्वनिका दोषहरू देखाएर अनुमितिबाट नै ध्वनि सिद्ध हुन्छ भन्ने तथ्य प्रतिपादन गरेका छन्। यिनले अनुमितिका तीन भेद– वस्तु, अलङ्कार र रस मानेर यिनै तीनभित्र ध्वनि, रस तथा अलङ्कारलाई अन्तर्भाव गरेका छन्। यो संस्कृत काव्यशास्त्रको अत्यन्त प्रौढ ग्रन्थ हो।

व्यग्रः (पुं.वि.) [*विगतमग्रं यस्य सः, बहु.स.*] १.आत्तिएको/हडबडाएको/आकुल।

वैवाहिकैः कौतुकसंविधानैः गृहे गृहे व्यग्रपुरन्ध्रिवर्गम्। (कु.सं.) २.काममा अतिशय लागेको।

क्षुब्धा धनार्जने व्यग्राः सदा चञ्चलमानसाः (निर्वाणतन्त्र)। ३.(पुं.) विष्णु। **प्रग्रहो निग्रहो व्यग्रः** (सहस्रनाम)।

व्यग्रता (स्त्री.) [*व्यग्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्,टाप् ४.१.४*] १.आत्तिएको भाव/हडबडाएको भाव/ आकुलता २.काममा व्यस्त हुनु/संलग्नता।

व्यङ्गः (पुं.) [*विकृतमङ्गं यस्य सः, बहु. स.*] १.भ्यागुतो/व्याँङ २.[*विकृतानि अङ्गानि यस्मात्*] मुखमा आउने एकरोग ३.[*विगतमङ्गं यस्य सः, बहु.स.*] अपाङ्ग।

व्यङ्ग्यः (पुं.) [*व्यज्यते इति, विपूर्वकात् अञ्जू व्यक्त्यादौ इति धातोः,यत्*] १.प्रतीयमान अर्थ/व्यञ्जनावृत्तिबोध्य अर्थ।

वाच्योऽर्थोऽभिधया बोध्यो लक्ष्यो लक्षणया मतः।
व्यङ्ग्यो व्यञ्जनया ताः स्युस्तिस्रः शब्दस्य शक्तयः॥

(सा.द.द्वि.प.) २.कसैमाथि गरिएको उपहास/घोचपेच।

व्यङ्ग्यचित्रम् (नपुं.) [*व्यङ्ग्यञ्च तच्चित्रञ्च, कर्म.स.*] कुनै व्यक्ति वा घटनालाई लक्ष्य गरी व्यङ्ग्यपूर्वक उपहास गरी लेखिएको चित्र/कार्टुन।

व्यङ्ग्योक्तिः (स्त्री.) [*व्यङ्ग्या चासौ उक्तिश्च, कर्म.स.*] घोचपेच/छेडछाड वा घुमाएर भनिएको कुरा।

व्यच (धा.) [*व्याजीकरणे, सक.सेट् पर.*] ठग्नु, फसाउनु। लट्– **विचति**– ठग्छ, फसाउँछ। लिट्– **विव्याच**– ठगेछ, फसाएछ (अन.)। लुट्– **व्यचिता**– ठग्ने छ, फसाउने छ (अन.)। लृट्– **व्यचिष्यति**– ठग्ने छ, फसाउने छ। लोट्– **विचतु**– ठगोस्, फसाओस्। लङ्– **अविचत्**– ठग्यो, फसायो (अन.)। विधिलिङ्– **विचेत्**– ठग्ला, फसाउला, ठगोस्, फसाओस्। आशीर्लिङ्– **विच्यात्**–ठगोस्, फसाओस्। लुङ्– **अव्याचीत्**– ठग्यो, फसायो। लृङ्– **अव्यचिष्यत्**– ठग्ने थियो, फसाउने थियो इत्यादि।

व्यजनम् (पुं.) [*व्यजन्त्यनेन, विपूर्वकात् अज गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] पङ्खा।

स चन्दनाम्बुव्यजनोद्भवानिलैः
सहारयष्टिस्तनमण्डलार्पणैः।
सवल्लकीकाकलिगीतनिःश्वनैः
प्रबुध्यते गुप्त इवाद्य मन्मथः॥ (ऋतुसं.१.८)

व्यञ्जकः (पुं.) [*व्यनक्ति, अञ्जू व्यक्त्यादौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.अभिनय। **व्यञ्जकाभिनयौ समौ** (अमर.) हे. **अभिनयः** २.व्यञ्जना वृत्तिद्वारा अर्थबोध गराउने शब्द।

अभिधादित्रयोपाधिवैशिष्ट्यात् त्रिविधो मतः।
शब्दोऽपि वाचकस्तद्वल्लक्षको व्यञ्जकस्तथा॥ (सा.द.)

व्यञ्जकः (पुं.वि.) [*व्यनक्ति, अञ्जू व्यक्त्यादौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.प्रकाशक २.प्रतीयमान अर्थ व्यक्त गर्ने।

व्यञ्जनम् (नपुं.) [*व्यज्यते भ्रक्ष्यते अन्नादि संयोज्यतेऽनेन,विपूर्वकात् अञ्जू गत्यादौ इति धातोः, करणाधिकरणयोश्च इति करणे ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.भोजनका सहयोगी सामग्री– तरकारी, साग आदि। **व्यञ्जनं शाकमित्यख्यं हृद्यं वृष्यञ्च पुष्टिदम्** (वल्लभ) २.[*व्यज्यते उच्चार्यते स्वरेण, कर्मणि ल्युट् अनः*] स्वरको सहायता लिएर उच्चारण हुन सक्ने वर्ण/क्देखि ह्सम्मका वर्ण/हल्वर्ण। **अस्त्री हल्समाख्येषु वर्णेषु व्यञ्जनं मतम्** (वाङ्म.) ३.[*ल्युट् च इति भावे ल्युट्,अनः*] व्यक्त गर्नु/प्रकट गर्नु ४.प्रतीयमान अर्थ बुझाउनु ५.[*व्यज्यते पुंस्त्वमनेन, ल्युट् अनः*] जुँघा।

कुत एष परित्यक्तुं सुतं शक्ष्याम्यहं स्वयम्।
बालमप्राप्तवयसमजातव्यञ्जनाकृतिम्॥ (म.भा.)

६.[*व्यज्यते प्रकाश्यते स्त्रीपुंसोरन्तरमनेन, ल्युट्, अनः*] स्त्रीपुरुषको गोप्य अवयव ७.[*व्यज्यते प्रकाश्यते जगदनेन, ल्युट्अनः*] दिन ८.[*व्यज्यते प्रतीयतेऽर्थोऽनेन*] व्यञ्जना वृत्ति। **वृत्तिभेदे व्यञ्जना स्त्री क्लीबे चापि प्रयुज्यते** (वाङ्म.)।

व्यञ्जना (स्त्री.) [*व्यज्यतेऽनया, विपूर्वकात् अञ्जू गत्यादौ इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः,टाप् ४.१.४*] व्यङ्ग्य अर्थ बुझाउने शब्दको शक्ति/व्यङ्ग्य अर्थ र व्यञ्जकशब्दको सम्बन्ध/शब्दको तेस्रो शक्ति। साहित्यमा व्यञ्जनाका दुई भेद छन्– **शाब्दी व्यञ्जना** र **आर्थी व्यञ्जना**। शाब्दी व्यञ्जना दुई किसिमको हुन्छ– १.**अभिधामूला व्यञ्जना**– नानार्थक शब्द प्रयोग भएको ठाउँमा प्रकरण, साहचर्य आदिबाट अभिधेय अर्थ नियन्त्रित भइसकेपछि अर्को अर्थ बुझाउन आउने शब्दको शक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकार्थस्य शब्दस्य वाचकत्वे नियन्त्रिते।
संयोगाद्यैरवाच्यार्थधीकृद् व्यापृतिरञ्जनम्॥ (का.प्र.)

२.**लक्षणामूला व्यञ्जना**— लक्षणको प्रयोजन रूप अर्थ बुझाउने शब्दशक्ति।

लक्षणोपास्यते यस्य कृते तत्तु प्रयोजनम्।
यया प्रत्याय्यते सा स्याद् व्यञ्जना लक्षणाश्रया॥ (सा.द.)

यसका दुई भेद छन्— **गूढव्यङ्ग्या**— सर्वसाधारणले बुझ्न नसक्ने व्यङ्ग्य अर्थ बुझाउने शब्द शक्ति र **अगूढव्यङ्ग्या**— सबैले बुझ्न सक्ने व्यङ्ग्य अर्थ बुझाउने शब्दशक्ति।

व्यञ्जनाशक्तिः (पुं.) [*व्यञ्जना इति शक्तिः, कर्म.स.*] व्यङ्ग्य अर्थ बुझाउन सक्ने शब्दको व्यापार वा शक्ति। हे. व्यञ्जना।

व्यडम्बकः (पुं.) [*व्यडं मलमम्बयति, अबि स्रंसने इति धातोः, णिचि- ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अँडिर।

व्यतिकरः (पुं.) [*वि- अतिपूर्वकात् कृधातोः ऋदोरप् ३.३.५७ इति अप्*] १.यौनसम्बन्ध।

काङ्क्षन्त्योऽपि व्यतिकरसुखं कातराः स्वाङ्गदाने (अभि.शा.) २.अवस्था ३.आपत्ति।

अस्मिन् व्यतिकरे वृत्ते शत्रुतामेव ते गतः (क.स.)। ४.विनाश।

प्रजोपद्रवमालक्ष्य लोकव्यतिकरञ्च तम्।
मतञ्च वासुदेवस्य संजहारार्जुनो द्वयम्॥ (भाग.१.७.३२)

५.मिश्रण।

अन्योन्यव्यतिकरचारुभिर्विचित्रै-
रत्रस्यन्नवमणिजन्मभिर्मयूखैः (शिशु.४.५२)।

व्यतिक्रमः (पुं.) [*व्यतिक्रमणम्, वि—अतिपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, भावे ३.३.१८ इति घञ्, न वृद्धिः*] क्रम भङ्ग हुनु/ सिलसिला छोड्नु/नियम/विधि नाघ्नु/उल्लङ्घन/क्रम टुट्ने काम।

सर्वत्र प्राङ्मुखो दाता ग्रहीता च उदङ्मुखः।
एष एव विधिर्दाने विवाहे च व्यतिक्रमः॥ (उद्वाहतत्त्व)

व्यतिक्रान्तः (पुं.वि.) [*व्यतिक्राम्यते स्म, वि—अतिपूर्वकात् क्रमु पादविक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] क्रम भङ्ग भएको/नियम, रीति आदि नाघिएको।

व्यतिक्षेपः (पुं.) १.[*व्यतिक्षिप्यन्ते शस्त्राणि अत्र, अधिकरणे घञ्*] युद्ध २.[*व्यतिक्षेपणम्, भावे घञ्*] १.घुयेँत्रो हान्ने काम २.टाढाकाट गरिने क्षेप्यास्त्रको प्रहार।

व्यतिक्षेपस्तु युद्धेऽतिक्षेपणेऽपि पुमान् मतः (वाङ्म.)।

व्यतिपातः (पुं.) [*विशेषण अत्यन्तं शुभफलं पातयति नाशयति वि— अतिपूर्वकात् पत्लृ पतने इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पक्षे दीर्घः व्यतीपातः*] १.सूर्य र चन्द्रमाको क्रान्तिसाम्य हुँदा पर्न जाने योग। विष्कम्भ आदि २७ योगमध्ये सत्रौँ योग। यस योगमा धर्मकर्म गर्न वर्जित छ।

वैधृतिव्यतिपातौ च समस्तौ परिवर्जयेत्। (ज्यो.त.) २.ठुलो उत्पात/प्राकृतिक विप्लव ३.अपमान ४.यज्ञविशेष। **व्यतिपातो महोत्पाते यागभेदापमानयोः** (मेदिनी.)।

व्यतिरिक्तः (पुं.वि.) [*व्यतिरिच्यते स्म, वि—अतिपूर्वकात् रिच धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.धेरै/अतिशय २.पृथक्/भिन्न।

व्यतिरेकः (पुं.) [*व्यतिरेचनम्, वि—अतिपूर्वकात् रिच धातोः, भावे ३.३.१८ इति घञ्*] १.भेद/अन्तर/भिन्नता। **तदभावे तदभावो व्यतिरेकः**। (दर्शन) २.अभाव, विना। **न पतिव्यतिरेकेण सुस्त्रीणामपरा गतिः**। (कथास.) ३.[*विशेषेणोपमानस्योपमेयस्य वा अतिरेको यत्र सः*] सादृश्यगर्भ गम्यौपम्याश्रय वर्गको भेदप्रधान एक अर्थालङ्कार। उपमानभन्दा उपमेयको उत्कर्ष बताउँदा व्यतिरेक अलङ्कार हुन्छ। **उपमानाद्यदन्यस्य व्यतिरेकः स एव सः** (का.प्र.१०/१०५) ४.[*व्यतिरिच्यतेऽनेन, करणे घञ्*] भेदक तत्त्व ५.अधिक।

व्यतिषक्तः (पुं.वि.) [*व्यतिषज्यते स्म, वि—अतिपूर्वकात् सञ्ज सङ्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.परस्परमा मिलेको/संयुक्त २.विवाहसम्बन्धले बाँधिएको ३.ओतप्रोत।

व्यतिषङ्गः (पुं.) [*व्यतिषञ्जनम्,व्यतिपूर्वकात् सञ्ज सङ्गे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.परस्परमा मिलन/परस्परको राम्रो सम्बन्ध। **सेनानां व्यतिषङ्गेण जयः साधारणोऽभवत्** (म.भा. ५.१२.१३) २.विनिमय। **अन्योन्यवित्तव्यतिषङ्गवृद्धवैरानुबन्धो विहरन्मिथश्च** (भाग.५.१३.१२)।

व्यतिहारः (पुं.) [*व्यतिहरणम्, वि—अतिपूर्वकाद् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.वस्तुहरूको साटफेर/साटासाट गर्नु/आदानप्रदान/विनिमय २.परस्पर एक जातीय काम गर्नु। जस्तै—केशाकेशि,दण्डादण्डि।

परिदानं विनिमयो नैमेयः परिवर्तनम्।
व्यतिहारः परावर्तो वैमेयो विमयोऽपि च॥ (अभि.चि.)

व्यतीतः (पुं.वि.) [*वि—अतिपूर्वकात् इण् गतौ इति धातोः, गत्यर्थकर्मक— ३.४.७२ इति क्तः*] बितेको/गुज्रेको/विगत।

अर्द्धरात्रे व्यतीते तु सङ्क्रान्तिर्यदहर्भवेत्।
पूर्वे व्रतादिकं कुर्युः परेद्युः स्नानदानयोः॥ (ति.त.)

व्यतीपातः (पुं.) [*व्यतीपातनम्, वि—अतिपूर्वकात् पत्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्, उपसर्गस्य घञि ६.३.१२२ इति दीर्घः*] हे. **व्यतिपातः** ।

व्यत्ययः (स्त्री.) [*व्यत्ययनम्, वि—अतिपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] उल्टो। विपरीत।

परावरेषां स्थानानां कालेन व्यत्ययो महान् (भाग.७.१०.४४)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

व्यत्यासः (पुं.) [*व्यत्यसनम्, वि,अतिपूर्वकात् असु क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.उल्टो २.साटासाट।

मात्रासि वञ्चिता भद्रे चरुव्यत्यासहेतुना।
भविष्यति हि पुत्रस्ते क्रूरकर्मातिदारुणः॥ (ह.वं.२७.२९)

व्यथ (धा.) [*दुःखे, चाले, भये च, भ्वा.आत्म.अक.सेट्*] दुःखको अनुभव गर्नु वा पाउनु,कम्पन हुनु, डराउनु। लट्– **व्यथते–** दुःख पाउँछ, काँप्छ,डराउँछ इत्यादि। **तवाभिधानाद् व्यथते नताननः** (भारवि)।

व्यथकः (पुं.वि.) [व्यथयति पीडयति, व्यथधातोर्णिचि ण्वुल्, अकः, णिलोपः] १.पीडा दिने/मर्माहत तुल्याउने।

परीणामसुखे गरीयसि
व्यथकेऽस्मिन् वचसि क्षतौजसाम्।
अतिवीर्यवतीव भेषजे
बहुरल्पीयसि दृश्यते गुणः॥ (किरा.२.४)

व्यथा (स्त्री.) [*व्यथ भयसञ्चलनयोः इति धातोः, घटादयः षितः इति षित्त्वातिदेशात् षिद् भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ् टाप् ४.१.४*] १.दुःख/पीडा।

स्नेहं दयां तथा सौख्यं यदि वा जानकीमपि।
आराधनाय लोकस्य मुञ्चतो नास्ति मे व्यथा॥ (उ.रा.च.)

२.प्रसूतिको लागि हुने पीडा।

व्यथितः (पुं.वि.) [*व्यथते स्म, कतरि क्तः*] १.पीडित २.दुःखित।

व्यध (धा.) [*ताडने, दिवा.सक.अनिट् पर.*] हिर्काउनु, दुःख दिनु, छेड्नु। लट्– **विध्यति–** हिर्काउँछ, दुःख दिन्छ, छेड्छ। लिट्– **विव्याध–** हिर्काएछ, दुःख दिएछ, छेडेछ (अन.) इत्यादि। **विध्यति शत्रुं शूरः** (दुर्गादास)।

व्यधः (पुं.) [*व्यधनम्, इति व्यध ताडने इति धातोः, व्यधजपोरनुपसर्गे ३.३.६१ इति अप्*] प्रहार/छेदन। **व्यधो व्यधे** (अमर.)।

व्यध्वः (पुं.) [*विरुद्धोऽध्वा, प्रादयो गताद्यर्थे (वा.) २.२.१८ इति समासः, उपसर्गादध्वनः ५.४.८५ इत्यच्*] खराब बाटो/कुबाटो।

व्यपगतः (पुं.वि.) [*व्यपगच्छति स्म, वि–अपपूर्वकात् गम्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.गएको/प्रस्थान गरेको २.छुटेको/छुट भएको।

व्यपदेशः (पुं.) [*वि अपपूर्वकाद् दिशधातोर्घञ्*] १.छल/कपट/छद्म।

कापि कुन्तलसंव्यानसंयमव्यपदेशतः।
बाहुमूलं स्तनौ नाभिपङ्कजं दर्शयेत् स्फुटम्॥ (सा.द.)

२.नाम ३.वाक्यविशेष। **व्याजेनात्माभिलाषोक्तिर्व्यपदेश इतीर्यते** (उज्ज्वलनीलमणि)।

व्यपाकृतिः (स्त्री.) [*वि,अपपूर्वकात् कृधातोः क्तिन्*] १.अस्वीकार २.लुकाउने काम।

व्यपेतः (पुं.वि.) [*व्यपैति स्म, वि–अपपूर्वकात् इण् गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.अलग भएको/पृथक् भएको २.समाप्त भएको।

व्यभिचारः (पुं.) [*व्यभिचरणम्, वि–अभिपूर्वकात् चर गतिभक्षणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.भ्रष्टाचार/अनुचित वा खराब मार्गमा लाग्नु/खराब आचरण/दुश्चरित्रता २.अनुचित यौन सम्बन्ध/रण्डीबाजी। **व्यभिचारात्तु भर्तुः स्त्री लोके प्राप्नोति निन्द्यताम्।** (मनु.) ३.न्यायशास्त्रमा प्रसिद्ध पाँच हेत्वाभासमध्ये एक।

व्यभिचारिभावः (पुं.) [*व्यभिचारी चासौ भावश्च, कर्म.स.*] साहित्यमा रसको उपयोग भएर हिंड्ने वा समय समयमा मुख्य भावको रूप लिने भाव, जसले विशेष रूपसँग शरीरमा चारैतिर रत्यादिलाई फैलाउँछ, त्यो व्यभिचारिभाव हो। यो भाव सञ्चरण गर्ने हुँदा यसलाई सञ्चारिभाव पनि भनिन्छ। व्यभिचारिभावका तेत्तिस भेद छन्– निर्वेद (ज्ञान तथा आपद आदिबाट हुने वैराग्य), ग्लानि (श्रम आदिबाट हुने शरीरको शिथिलता), शङ्का (अर्काको क्रूरता आदिबाट हुने अनिष्टको तर्कना), असूया (अर्काको उन्नति नसहने भाव, ईर्ष्या), स्मृति (पहिलेको कुराको सम्झना), मति (कर्तव्यको निर्धारण), मद (नसाबाट हुने मोह र आनन्द), श्रम (रति, हिंडाइ आदिबाट हुने थकावट), आलस्य (श्रमबाट हुने अल्छीपना), दैन्य (दारिद्र्य आदिबाट हुने मालिन्य), चिन्ता (आफूले चाहेको कुरा नपाउँदा हुने खिन्नता), मोह (भय, दुःख आदिबाट हुने विचेत), धृति (ज्ञान आदिबाट हुने इच्छापूर्ति), व्रीडा (दुराचारबाट हुने अदृष्टता), अवहित्था (भयले हुने आकारको विकृतिलाई दबाउनु), चपलता (राग, द्वेष आदिबाट हुने अस्थिरता), हर्ष (आफूले चाहेको वस्तु उपलब्ध हुँदा हुने प्रसन्नता), आवेग (उत्पात आदिबाट हुने हडबडी), जडता (इष्ट अनिष्टबाट पक्क पर्ने स्थिति), गर्व (सम्पत्ति आदिबाट हुने अभिमान, सेखी), विषाद (उपाय नपाएर लत्रङ्ग हुने अवस्था), उत्सुकता (प्रिय कुरा पाउने उत्कण्ठा, औत्सुक्य), निद्रा (श्रम आदिबाट हुने निद्राको अवस्था), अपस्मार (आवेश आदिले मन हराउनु), स्वप्न (निद्रामा सपना देख्ने काम), विबोध (ब्युँझाउनका लागि ब्युँझनु), अमर्ष (निन्दा गरेको सुन्नु आदिबाट चढ्ने आवेश), उग्रता (शौर्यबाट हुने प्रचण्डपना), व्याधि (धातुहरूको विकारले हुने ज्वरो आदि), उन्माद (शोक आदिबाट हुने मोह), मरण (हतियारबाट जीवको त्याग), त्रास (बिजुली, उल्का आदिबाट हुने झस्का) र वितर्क (सन्देहबाट भएको विचार)।

व्यभिचारी (पुं.वि.) [*व्यभिचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.भ्रष्टाचारी/चरित्रहीन/दुश्चरित्र २.अनुचित यौन–सम्बन्ध गर्ने/परस्त्रीगामी ३.[*विशेषेण विभावानुभावापेक्षया अतिरेकात् आभिमुख्येन रसपुष्टिं प्रति आनुकूल्येन चरति*] विभाव तथा अनुभावदेखि अतिरिक्त रसलाई पुष्टि गर्न आउने भाव। **विभावानुभावापेक्षया विशेषेण रसपुष्टिजनकभावत्वं व्यभिचारित्वम्** (सा.द.टी.) हे. **व्यभिचारिभावः** ३.दुष्ट हेतु भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यय (धा.) [*वित्तसमुत्सर्गे,भ्वा. सक.सेट् उभय.*] खर्च गर्नु। लट्– **व्ययति-ते–** खर्च गर्छ। लिट्– **व्ययाञ्चकार-चक्रे–** खर्च गरेछ इत्यादि।

व्यय (धा.) [*प्रेरणे चुरा.,सक.सेट् पर.*] जानु, खर्च गर्नु। लट्– **व्याययति–** प्रेरणा दिन्छ इत्यादि।

व्ययः (पुं.) [*व्ययनम्, व्यय वित्तसमुत्सर्गे इति धातोः, भावे ३.३.१८ इति घञ्, यद्वा विपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.खर्च २.घट्ने काम ३.नाश/क्षय। **~भारः** (पुं.) [*व्ययस्य भारः, ष.त.*] परिआउने खर्चको बोझ। **~शीलः** (पुं.वि.) [*व्यये शीलं यस्य सः, बहु.स.*] खर्चालु/अपव्ययी।

व्ययः (पुं.वि.) [*व्ययति गच्छति, अच्*] नश्वर/नाशवान्। (मनु.१.१९)

व्ययनम् (नपुं.) [*व्ययधातोर्भावे ल्युट्*] खर्च गर्नु।

व्ययम् (नपुं.) [*व्यय गतौ इति धातोः अच्*] लग्नबाट बाह्रौं स्थान।

व्ययितः (पुं.वि.) [*व्ययः सञ्जतोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] खर्च भएको/घटेको/नाश भएको।

व्ययी (पुं.वि.) [*व्ययोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] धेरै खर्च गर्ने/

द्रविणं परिमितमधिकव्ययिनमाकुलीकुरुते।
क्षीणाचलमिव पीनस्तनजघनायाः कुलीनायाः॥ (उद्भट)

व्यर्णः (पुं.) [*विशेषेण अर्दितः, विपूर्वात् अर्द हिंसायाम् इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, अर्देः सन्निविभ्यः ७.२.२४ इति इडागमनिषेधः रदाभ्यां निष्ठातो नः पूर्वपदस्य च दः ८.२.४२ इति नत्वम्, ततो णत्वम्*] पीडित/विशेष वेदनायुक्त।

व्यर्थः (पुं.वि.) [*विगतोऽर्थः प्रयोजनं वाऽस्य*] निरर्थक/विनासिन्ति/निष्फल। **व्यर्थोऽयं श्रमः।**

व्यलीकः (पुं.) [*विशेषेण अलति, विपूर्वकाद् अलधातोः अलीकादयश्च (उ.) इति कीकन् प्रत्ययान्तो निपातः*] १.कामक्रीडामा सिपालु २.विदूषक ३.पीठमर्द ४.नपुंसक ५.विट।

व्यलीकम् (नपुं.) [*विशेषेण अलति, विपूर्वकाद् अलधातोः अलीकादयश्च (उ.) इति कीकन् प्रत्ययान्तो निपातः*] १.अपराध (माघ ९.८५) २.वञ्चना/प्रतारणा ३.अप्रिय (म.भा.३.६.९) ४.अकार्य (किरात.३.१९) ५.दुःख (कु.सं.३.२५) ६.(वि.) दुःखयुक्त। **यद्युत्तमश्लोक भवान् ममेरितं वचो व्यलीकं सुरवर्य मन्यते** (भाग.८.२२.२)।

व्यवकलनम् (नपुं.) [*वि–अवपूर्वकात् कल सङ्ख्याने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.विच्छेद २.गणितमा घटाउने क्रिया।

व्यवकलितः (पुं.वि.) [*व्यवकल्यते स्म, क्तः*] १.विच्छेद गरिएको २.गणितमा कुनै अङ्कबाट घटाइएको।

व्यवच्छिन्नः (पुं.वि.) [*व्यवच्छिद्यते स्म, वि–अवपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातो, निष्ठा ३.२.१०२ इति क्तः, दकारतकारयो र्नत्वम्*] अलग पारिएको/छुट्ट्याइएको/भाग लगाइएको/विभाजित।

व्यवच्छेदः (पुं.) [*व्यवच्छेदनम्, वि–अवपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.अलग पार्नु/छुट्ट्याउनु/भाग लाउनु/विभाजन २.बाण छोड्ने काम ३.मुक्ति/निवृत्ति। **जीवस्य न व्यवच्छेदः स्याच्चेत्तत्प्रतिक्रिया।** (भाग.४.२९.३२) ४.कुनै ग्रन्थको अध्याय वा पर्व।

व्यवच्छेदकः (पुं.वि.) [*व्यवच्छिनत्ति, वि–अवपूर्वकात् छिदिर् द्वैधीकरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.छुट्याउने/अलग पार्ने २.बाण छोड्ने ३.मुक्ति वा निवृत्ति गराउने।

व्यवधा (स्त्री.) [*वि अवपूर्वकाद् धाधातोः आतश्चोपसर्गे इत्यङ्, टाप्*] व्यवधान/ढाक्नु। **अन्तर्धा व्यवधा पुंसि त्वन्तर्धिः** (अमर.)।

व्यवधानम् (नपुं.) [*वि–अवपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१.इत्यनः*] १.आवरण/पर्दा/छेकवार,आच्छादन। **दृष्टिं विमानव्यवहारमरक्तां पुनः सहस्रार्चिषि सन्निधत्ते।** (र.वं.१३.१४) २.बाधा/अड्काउ/अड्चन ३.भेद/दुई वस्तुलाई छुट्ट्याउने वा फरक पार्ने काम। **परात्मनोर्यद् व्यवधानकं पुरस्तात् स्वप्ने यथा पुरुषस्तद्विनाशे।** (भाग.४.२२.२७) ४.समाप्ति। **यावदन्यं न विन्देत व्यवधानेन कर्मणाम्।** (भाग.४.२९.७७) ५.विच्छेद। **वपुरन्वलिप्तपरिरम्भसुखव्यवधानभीरुकतया न वधूः** (शिशु.४९.५१)।

व्यवधायकः (पुं.वि.) [*व्यवदधाति, ण्वुल्, अकः, युक्*] व्यवधान गर्ने।

व्यवधिः (पुं.) [*वि–अवपूर्वकाद् धाधातोः उपसर्गे घोः किः ३.३.९२ इति किः*] व्यवधान/आच्छादन। **व्यवधावपि वा विधोः कलां मृडचूडानिलयां न वेद कः** (नैषध.)।

व्यवसायः (पुं.) [*वि–अवपूर्वकात् षोऽन्तः करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रोजगार/जीवन निर्वाह गर्न वा चलाउन गरिएको कार्य वा धन्दा/पेसा/इलम/व्यापार। **करोति नाम नीतिज्ञो व्यवसायमितस्ततः।** (हितो.) २.महादेव (म.भा.१३.१७.५०) ३.विष्णु (म.भा.१३.१४९.५५) ४.अनुष्ठान ५.निश्चय। **व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन।** (भ.गी.२) **~प्रशिक्षणम्** (नपुं.) [*व्यवसायस्य प्रशिक्षणम्, ष.त.*] कुनै व्यवसाय वा पेसामा योग्यता प्राप्त गर्नका लागि दिइने प्रशिक्षण। **~सङ्घः** (पुं.) [*व्यवसायस्य सङ्घः, ष.त.*] कुनै व्यवसाय, कारखाना आदिमा काम गर्ने श्रमिक तथा अरू कर्मचारीहरूको सङ्गठन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding...

व्यवसायी (पुं.वि.) [*व्यवसायोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.उद्योगी/व्यापारी। **कोऽतिभारः समर्थानां किं दूरं व्यवसायिनाम्। को विदेशः सविद्यानां कः परः प्रियवादिनाम्॥** (चाणक्यनी.) २.अनुष्ठाता। **अज्ञेभ्यो ग्रन्थिनः श्रेष्ठा ग्रन्थिभ्यो धारिणो वराः। धारिभ्यो ज्ञानिनः श्रेष्ठाः ज्ञानिभ्यो व्यवसायिनः** (मनु. १२ अ.)।

व्यवस्था (स्त्री.) [*व्यवस्थापनम्, वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्, टाप् ४.१.४*] बन्दोबस्त/प्रबन्ध/इन्तिजाम/रीतिस्थिति/शास्त्र तथा राजकीय एवं सामाजिक नियमद्वारा निरूपण गरिएको विधि।

व्यवस्थाता (पुं.वि.) [*व्यवतिष्ठते, वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] प्रबन्धक/व्यवस्था गर्ने/व्यवस्थापक।

व्यवस्थानः (पुं.) [*व्यवतिष्ठति, वि—अवपूर्वकात् स्थाधातोर्ल्युः, अनः*] विष्णु। **व्यवसायो व्यवस्थानः संस्थानः स्थानदो ध्रुवः॥** (म.भा.)

व्यवस्थानम् (नपुं.) [*वि—अवपूर्वकात् स्थाधातोर्भावे ल्युट् अनः*] व्यवस्था। **चातुर्वर्ण्यव्यवस्थानं यस्मिन् देशे न विद्यते। तं म्लेच्छदेशं जानीयादार्यावर्तमतःपरम्॥** (भरत)

व्यवस्थापकः (पुं.वि.) [*व्यवस्थापयति, वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुकि ण्वुल्तृचौ ३.१.३३) इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.काम-कुराको व्यवस्था मिलाउने/बन्दोवस्त गर्ने व्यक्ति/चाँजो-पाँजो मिलाउने मानिस २.ऐन बनाउने वा ऐन बनाउन सल्लाह दिने व्यक्ति

व्यवस्थापनम् (नपुं.) [*वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुकि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.व्यवस्था गर्नु/तर्जुमा मिलाउनु/क्रमैसँग यथास्थानमा राख्नु २.नियम कानुन आदि बनाउनु/समय समयमा विधानको निर्देशन गर्नु/काममा बाधा नपरी सबै सरकारी कामको व्यवस्था मिलाउनु।

व्यवस्थापनीयः (पुं.वि.) [*व्यवस्थापयितुं योग्यः, वि-अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुकि तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] व्यवस्था गर्न लायक / व्यवस्थित तुल्याउनु पर्ने।

व्यवस्थापिका (स्त्री.) [*व्यवस्थापयति, वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुकि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४इत्वम्*] १.कुनै कुराको व्यवस्था मिलाउने स्त्री २.राज्यका तीन अङ्गमध्ये एक अङ्ग/विधान सभा/देशको लागि आवश्यक कानुन बनाउने, वार्षिक बजेट पास गर्ने र सरकारको सामान्य कार्यनीति बनाउने निकाय। **~सभा** (स्त्री.) [*व्यवस्थापिका चासौ सभा च, कर्म.स.*] ऐन-कानुनहरू अनि सरकारको सामान्य कार्यनीति बनाउने जनताका प्रतिनिधिहरूको सभा/संसद्।

व्यवस्थापितः (पुं.वि.) [*व्यवस्थाप्यते स्म, वि—अपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि पुकि निष्ठा ३.२.१०२ इति क्तः*] व्यवस्था गरिएको/व्यवस्थित/यथाक्रममा राखिएको/व्यवस्थामा रहेको/रीति-स्थितिमा रहेको/नियम कानुन आदिले स्थिर गरिएको।

व्यवस्थाप्यः (पुं.वि.) [*व्यवस्थापयितुं योग्यः, वि—अवपूर्वकात्, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, अचो यत् ३.१.९७ इति यत्*] व्यवस्था गर्न लायक।

व्यवस्थितः (पुं.वि.) [*व्यवतिष्ठति स्म, वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः*] १.व्यवस्थामा रहेको/सिलसिलामा रहेको/सजाइएको २.निर्णय गरिएको ३.नियम कानुनले स्थिर गरेको ४.निश्चित।

व्यवस्थितिः (स्त्री.) [*व्यवस्थानम्, वि—अवपूर्वकात् ष्ठा गतिनिवृत्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, गातिस्थाघुपाभूभ्यः २.४.७७ इति इत्वम्*] व्यवस्था। **वर्णव्यवस्थितिरिहैव कुमारिकाख्ये** (सि.शि.)।

व्यवहर्ता (पु.वि.) [*व्यवहरति, ण्वुल्तृचौ इति तृच्*] १.व्यवहार गर्ने २.(पुं.) प्राड्विवाकको पद ३.कायस्थको उपाधि।

व्यवहारः (पुं.) [*व्यवहरणम्, वि—अवपूर्वकात् हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्, वि नानार्थेऽवसन्देहे हरणं हार उच्यते*] १.चालचलन, कर्मक्रिया।

न कश्चित् कस्यचिन्मित्रं न कश्चित् कस्यचिद् रिपुः।
व्यवहारेण जायन्ते मित्राणि रिपवस्तथा॥ (हितो.)

२.लेनदेन ३.छलफलबाट विभिन्न विषयको सन्देह निवारण गर्ने काम ४.नियम ५.वृक्ष ६.झगडा। **नानासन्देहहरणाद् व्यवहार इति स्मृतः** (कात्यायन)। **व्यवहारः स्थितौ पणे, द्रुभेदे।** (हैम.) **~न्यायालयः** (पुं.) [*व्यवहारस्य न्यायालयः, ष.त.*] नागरिकका अधिकारसम्बन्धी विवादमा विचार गर्ने न्यायालय वा अदालत। **~वादः** (पुं.) [*व्यवहारस्य वादः, ष.त.*] नागरिकको अधिकारसित सम्बन्ध राख्ने विवादको मामिला। **~विधिः** (पुं.) [*व्यवहारस्य विधिः, ष.त.*] १.कुनै कामका लागि बनेको सङ्गठन र त्यसको सञ्चालनका लागि लेखिएका नियमहरूको सङ्ग्रह/धर्मशास्त्र २.व्यवहार गर्ने ढङ्ग ३.धर्मशास्त्र। **~संहिता** (स्त्री.) [*व्यवहारस्य संहिता, ष.त.*] ऐन—कानुनको सारांश वा सङ्क्षिप्त विवरण वा सङ्ग्रह।

व्यवहारज्ञः (पुं.वि.) [*व्यवहारं जानाति, व्यवहारपूर्वकात् ज्ञाधातोः कः, आलोपः*] १.व्यवहारज्ञाता २.सोह्र वर्षपछिको युवक।

बाल आषोडशाद् वर्षात् पौगण्डोऽपि निगद्यते।
परतो व्यवहारज्ञः स्वतन्त्रः पितरादृते॥ (नारद)

व्यवहारदर्शनम् (नपुं.) [*व्यवहारस्य दर्शनम्, ष.त.*] मुद्दा छिन्दा अपनाउनु पर्ने विधि तथा तत्सम्बन्धी नियम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहारपदम् (नपुं.) [*व्यवहारस्य पदम्, ष.त.*] नालिस/उजुरी।

व्यवहारपादः (पुं.) [*व्यवहारस्य पादः, ष.त.*] प्राचीनकालको मुद्दा छिन्ने विधि। यसका चार चरण हुन्छन्– १.पूर्वपक्ष २.उत्तरपक्ष ३.क्रियापाद ४.निर्णयपाद।

पूर्वपक्षः स्मृतः पादो द्विपादश्चोत्तरः स्मृतः।
क्रियापादस्तथा चान्यश्चतुर्थो निर्णयस्मृतः॥
(व्यवहारतत्त्व)

व्यवहारिकः (पुं.वि.) १.[*व्यवहारः प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्येकः*] व्यवहारसँग सम्बद्ध २.[*व्यवहारमर्हति, ठक्,इकः*] व्यवहारयोग्य।

व्यवहार्यः (पुं.वि.) [*व्यवहर्तुं योग्यः, वि–अवपूर्वकात् हृञ् हरणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] व्यवहार गर्न लायक/काममा लगाउन योग्य।

व्यवहितः (पुं.वि.) [*व्यवधीयते स्म, वि–अवपूर्वकात् डुधाञ् धारणपोषणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति धातोर्हि आदेशः*] १.छेकिएको/पर्दा लगाइएको २.अलग गरिएको/छुट्याइएको।

व्यवहृतः (पुं.वि.) [*व्यवह्रियते स्म, वि–अवपूर्वकाद् हृञ् हरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] व्यवहारमा प्रयोग गरिएको/काममा उपयोग गरिएको।

व्यवहृतिः (स्त्री.) [*व्यवहरणम्, वि–अवपूर्वकाद् हृञ् हरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] व्यवहार।

व्यवायः (पुं.) [*व्यवायनम्, वि–अवपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्, यद्वा वि–अवपूर्वकात् अय गतौ इति धातोः,भावे ३.३.१८ इति घञ्*] १.मैथुन।

व्यायामञ्च व्यवायञ्च स्नानं चक्रमणं तथा।
ज्वरमुक्तो न सेवेत यावन्न बलवान् भवेत्॥ (वैद्यक)

२.बाधा/अड्चन।

विघ्नोऽन्तरायः प्रत्यूहो व्यवायश्च प्रकीर्तितः। (हला.४०१) ३.व्यवधान। **अट्कुप्वाङ्नुम्व्यवायेऽपि** (पणिनि) ४.शुद्धि ५.परिणाम।

पश्यन्ति युक्ता मनसा मनीषिणो
गुणव्यवाये ऽप्यगुणं विपश्चितः (भाग.८.६.११)।

व्यवायी (पुं.वि.) [*व्यवैतुं शीलमस्य, णिनिः*] १.कामुक २.[*व्यवायोऽस्यास्तीति, इनिः*] व्यवधान कर्ता।

व्यसनम् (नपुं.) [*विपूर्वकात् असु क्षेपणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.खराब वा अमङ्गलकारी कुरो/कुनै खराब कुराको लत/अम्मल/विषयमा आसक्ति।

काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम्।
व्यसनेन च मूर्खाणां निद्रया कलहेन वा॥ (हितो.)

२.विपत्ति। **नैवात्मनो विनाशं गणयति पिशुनो परव्यसनहृष्टः। प्राप्य सहस्रविनाशं समरे कबन्ध इव** (सुभा.)।

व्यसनार्तः (पुं.) [*व्यसनेनार्तः, तृ.त.*] १.कुलतमा लागेको २.दैव लागेर वा मानिसले गर्दा पीडित भएको। **व्यसनार्तस्तूपरक्तः** (अभि.चि.)।

व्यसनी (पुं.वि.) [*व्यसनमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.अम्मली/जुवा,परस्त्रीगमन आदि कार्यमा लागेको। **पञ्चभद्रस्तु विप्लुतः। व्यसनी** (अभि.चि.) २.कुनै काममा निरन्तर लागिपरेको। जस्तै– विद्याव्यसनी।

व्यस्तः (पुं.वि.) [*विपूर्वकात् असू व्याप्तौ संघाते च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.कुनै काममा एकाग्र भई लागेको/ फुर्सद नभएको/व्यग्र/व्याकुल ३.ढाकेको। **व्यस्तं तु व्याकुले व्याप्ते।** (विश्व.) ४.प्रत्येक/अलग अलग ५.विपरीत।

प्रतिपदाप्यमावास्यातिथ्योर्युग्मं महाफलम्।
एतद्व्यस्तं महाघोरं हन्ति पुण्यं पुराकृतम्॥ (ति.त.)

व्यस्तता (स्त्री.) [*व्यस्तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.कुनै काममा एकाग्र भई लागिरहनु २.व्यापकता ३.पृथक्ता ४.विपरीतता।

व्यस्तपदम् (नपुं.) [*व्यस्तञ्च तत्पदञ्च, कर्म.स.*] समास नभएको पद।

व्याकरणम् (नपुं.) [*व्याक्रियन्ते, व्युत्पाद्यन्ते शब्दाः, अनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] भाषाभित्र रहेका व्यवस्थाहरूको व्याख्या गर्ने शास्त्र। भाषाका शब्द, तिनका रूप, वाक्य आदिलाई शुद्धसँग प्रयोग गर्न सिकाउने नियमहरूको निरूपण भएको शास्त्र। भाषाका सिद्ध शब्दहरूको व्युत्पादन गर्ने शास्त्र। व्याकरणको अध्ययन विना वेदको ज्ञान हुन नसक्ने भएकाले यसलाई वेदको मुख मानिएको छ। संस्कृत भाषामा कुमारव्याकरण (गरुड पुराण) कार्तिकेय व्याकरण (अग्निपुराण) महेश्वरव्याकरण, पाणिनिविरचित पाणिनीय व्याकरण, शर्ववर्माले रचना गरेको कलापव्याकरण, वोपदेवले बनाएको ऋमदीश्वरको संक्षिप्त सारव्याकरण, पद्मनाभको सुपद्मव्याकरण,मुग्धबोधव्याकरण, गोस्वामीले रचना गरेको हरिनामामृतव्याकरण, भट्टोदीक्षितको सिद्धान्तकौमुदी, अनुभूतस्वरूपाचार्यद्वारा विरचित सारस्वत व्याकरण आदि मुख्य छन्। संस्कृतेतर भाषामा रचिएका संस्कृत व्याकरणको सङ्ख्या अझ धेरै छ। ती मध्ये अधिकांश व्याकरण पाणिनीय व्याकरणबाटै प्रभावित छन्। **~कारः** (पुं.) [*व्याकरणं करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] व्याकरणका रचयिता/व्याकरण जान्ने वा व्याकरणवेत्ता/वैयाकरण/व्याकरणविद्। **~विषयः** (पुं.) [*व्याकरणस्य विषयः, ष.त.*] व्याकरणसम्बन्धी विषय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

~शास्त्रम् (नपुं.) [*व्याकरणस्य शास्त्रम्*] भाषाका विविध अवयवको सैद्धान्तिक तथा प्रायोगिक विषय सिकाउने शास्त्र।

यद्यपि बहु नाधीषे तथापि पठ पुत्र व्याकरणम्।
स्वजनः श्वजनो मा भूत् सकलं शकलं सकृच्छकृत्॥

(सुभा.) यसलाई शब्दशास्त्र पनि भनिएको छ। शब्दशास्त्रको अध्ययनविना अन्यशास्त्रको गहन अध्ययन सम्भव छैन भनेर शास्त्रकारहरूले स्पष्ट उल्लेख गरेका छन्।

शब्दशास्त्रमनधीत्य यः पुमान् वक्तुमिच्छति यः सभान्तरे।
बन्धुमिच्छति वने मदोत्कटं हस्तिनं कमलनालतन्तुना॥
(सुभा.)

व्याकीर्णः (पुं.वि.) [*व्याकीर्यते स्म, वि–आङ्पूर्वकात् कृ विक्षेपे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] छरिएको/विकीर्ण/अस्तव्यस्त तुल्याएको।

व्याकुञ्चितः (पुं.वि.) [विशेषेण आ समन्तात्कुञ्चितः] बाङ्गो/वक्र।

व्याकुलः (पुं.वि.) [*व्याकोलति, कुल संस्त्याने बन्धुषु च इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] आत्तिएको।

व्याकुलता (स्त्री.) [*व्याकुलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] आत्तिएको भाव/हडबडाउनु/विकलता/विह्वलता।

व्याकुलितः (पुं.वि.) [*व्याकुलः सञ्जातोऽस्य, इतच्*] आत्तिएको।

व्याकूतिः (स्त्री.) [*विशिष्या आकूतिः*] मुखबाट भाव व्यक्त गर्ने भङ्गी हाउभाउ। **आकूतिः स्यादभिप्रायो व्याकूतिर्भङ्गिरुच्यते** (हला.)।

व्याकृतः (पुं.वि.) [*व्याक्रियते स्म, वि–आङ्पूर्वकात् डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.पृथक् गरिएको २.व्याख्या गरिएको ३.कुरूप तुल्याइएको।

व्याकृतिः (स्त्री.) [*व्याकरणम्, वि–आङ्पूर्वकात् डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.पृथक् गर्नु २.व्याख्या गर्नु ३.कुरूप तुल्याउनु।

व्याकोशः (पुं.वि.) [*व्यावृत्तः कोशः संकोचोऽस्मात्, प्रादिभ्यो धातुजस्य (वा.)२.२.२४ इति समासः। मूर्धन्यान्तोऽप्ययम्, व्याकुश्यति प्रस्फुटतीति वा, वि–आपूर्वकात् कुश धातोः अच्*] राम्ररी फुलेको/विकसित/ बढेको/वृद्धि भएको।

व्याख्या (स्त्री.) १.[*व्याख्यानम्, वि–आङ्पूर्वकात् ख्या प्रकथने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] कुनै जटिल कुरा स्पष्टसँग बुझाउन गरिएको टीका/खुलस्त वर्णन वा बयान/व्याख्यान/विवरण २.[*व्याख्यायतेऽनया*] ग्रन्थ।

शुभ्रां स्वच्छविलेपमाल्यवसनां शीतांशुखण्डोज्ज्वलां,
व्याख्यामक्षगुणं सुधाढ्यकलशं विद्यां च हस्ताम्बुजैः।
बिभ्राणां कमलासनां कुचलतां वाग्देवतां सस्मितां
वन्दे वाग्विभवप्रदां त्रिनयनां सौभाग्यसम्पत्करीम्॥

(भाग.७.१३.८) **~गम्यः** (पुं.वि.) [*व्याख्यया गम्यते*] व्याख्याबाटमात्र बुझ्न सकिने।

व्याख्याकारः (पुं.वि.) [*व्याख्यां करोति, कर्मण्यण् इत्यण्*] व्याख्या गर्ने, व्याख्याता।

व्याख्याक्रमः (पुं.) [*व्याख्यायाः क्रमः, ष.त.*] कुनै ग्रन्थ वा विषयको व्याख्या गर्ने क्रम।

व्याख्यातः (पुं.वि.) [*वि–आङ्पूर्वकात् ख्याधातोः क्तः*] व्याख्या गरिएको।

व्याख्यानम् (नपुं.) [*वि–आङ्पूर्वकात् ख्या प्रकथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.भाषण/ वक्तृता २.टीका। **~मञ्चम्** (नपुं.) [*व्याख्यानस्य मञ्चम्, ष.त.*] उभिएर कुनै वक्ताले भाषण वा वक्तृता दिने अग्लो ठाउँ/व्याख्यानपीठ।

व्याख्येयः (पुं.वि.) [*व्याख्यातुं योग्यः, वि–आङ्पूर्वकात् ख्या प्रकथने इति धातोः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्वम्, गुणः*] व्याख्या गर्न लायक।

व्याघट्टनम् (नपुं.) [*वि–आङ्पूर्वकात् घट्ट सञ्चलने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मथ्नु/घोल्नु/रगेड्नु।

व्याघट्टितः (पुं.वि.) [*व्याघट्यते स्म, वि–आङ्पूर्वकात् घट्ट सञ्चलने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] मथिएको/घोलिएको/घोटिएको/रगडिएको।

व्याघातः (पुं.) [*वि–आङ्पूर्वकात् हन हिंसागत्योः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ठुलो चोट/अघात/विघ्न–बाधा/भाँजो हाल्ने काम २.[*व्याहन्यतेऽनेन, करणे घञ्*] विष्कम्भ आदि २७ योगमध्ये तेह्रौँ योग। **व्याघातकर्ता च सतां नितान्तं व्यघातजन्मा मनुजः कठोरः** (कोष्ठीप्रदीप) ३.विरोधमूलक एक अर्थालङ्कार। **व्याघातः स तु केनापि वस्तु येन यथाकृतम्। तेनैव चेदुपायेन कुरुतेऽन्यस्तदन्यथा॥** (साद.१० परिच्छेद)

व्याघ्रः (पुं.) [*व्याजिघ्रतीति, वि–आङ्पूर्वकात् घ्रा गन्धोपादाने इति धातोः, ब्याङि घ्रातेश्च जातौ (उ.) इति कः, यद्वा आतश्चोपसर्गे ३.१.१३६ इति कः, पाघ्रा ३.१.१३७ इति शो न, जिघ्रतेः संज्ञायां प्रतिषेधो वक्तव्यः (वा.) ३.१.१३७ इति निषेधात्*] १.बाघ २.रातो अँडिर ३.समस्तपदको उत्तरपदमा प्रयोग हुँदा श्रेष्ठ, जस्तै– **पुरुषव्याघ्रः**– श्रेष्ठ पुरुष।

व्याघ्रः स्यात्पुंसि शार्दूले रक्तैरण्डकरञ्जयोः।
श्रेष्ठे नरादुत्तरस्थः कण्टकार्यान्तु योषिति॥ (मेदिनी.)

~चर्म (नपुं.) [*व्याघ्रस्य चर्म, ष.त.*] बाघको छाला।

व्याघ्रनखम् (नपुं.) १.[*व्याघ्रस्य नखानां समाहारः*] बाघका नङहरूको समूह २.[*व्याघ्रस्य नखमिव, क्षुभ्नादिः ८.४.३९*] समुद्रकर्कटी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याघ्रपात् (पुं.) [*व्याघ्रस्य पादा इव पादा मूलान्यस्य, पादस्य लोपः ५.३.१३८ इत्यकारलोपः*] काँगियो वृक्ष।

व्याघ्रपुच्छः (पुं.) [*व्याघ्रस्य पुच्छमिव पुच्छं यस्य सः, बहु.स.*] अँडिर।

व्याघ्राटः (पुं.) [*व्याघ्रमटति, अट गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, यद्वा व्याघ्र इवाटति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] भरद्वाजपक्षी।

व्याघ्री (स्त्री.) १.[*व्याजिघ्रति, उपमितं व्याघ्रादिभिः २.१.५६ इति लिङ्गात् आतश्चोपसर्गे ३.१.१३६ इति कः, न तु पाघ्रा-इति शः, षिद्गौरादिभ्यश्च ४.१.४ इति ङीष्*] बिंही २.[*व्याघ्रस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] पोथी बाघ/बघिनी।

व्याजः (पुं.) [*व्यजन्ति क्षिपन्त्यनेन, विपूर्वकाद् अज गतिक्षेपणयोः इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, वीभावाभावः*] १.छल/कप्ट्याइँ २.छद्म/वहाना। **व्याजः शाठ्येऽपदेशे च** (विश्व.)।

व्याजनिन्दा (स्त्री.) [*व्याजेन निन्दा, तृ.त.*] निन्दाबाट बुझिने प्रशंसा

व्याजस्तुतिः (पुं.) १.[*व्याजेन स्तुतिः, तृ.त*] साधारण दृष्टिले हेर्दा निन्दा गरेको देखिने गरी गरिएको स्तुति २.निन्दाद्वारा स्तुति र स्तुतिद्वारा निन्दा व्यक्त हुने एक अर्थालङ्कार।

निन्दया स्तुतेर्गम्यत्वे व्याजेन स्तुतिः, स्तुत्या निन्दाया गम्यत्वे व्याजरूपा स्तुतिः (सा.द. १० परिच्छेद)।

व्याजोक्तिः (स्त्री.) [*व्याजेन उक्तिः, तृ.त.*] १.छलपूर्ण कुरा २.गूढार्थप्रतीतिमूलक एक अलङ्कार। कुनै यथार्थ वस्तुलाई कुनै बहाना गरेर लुकाइन्छ, स्पष्ट रूपमा भनिँदैन, अर्थात् जुन कारणबाट कुनै काम भएको छ, त्यस कामको यथार्थ कारण लुकाएर अन्य कुनै कल्पित कारण देखाइन्छ भने त्यो व्याजोक्ति अलङ्कार हुन्छ।

व्यात्तः (पुं.वि.) [*वि–आपूर्वकाद् दाधातोः क्तः*] फैलिएको।

व्याडः (पुं.) [*व्याडति, पशूनां मारणाय प्रयतते, विपूर्वकाद् अड उद्यमे इति धातोः पचाद्यच्*] १.सर्प २.बाघ ३.दुष्ट। **व्याडो व्याघ्रे खले सर्पे** (रभस.)।

व्याडायुधम् (नपुं.) [*व्याडस्य व्याघ्रस्यायुधमिव*] समुद्र कर्कटी।

व्याडिः (पुं.) एक कोषकार मुनि। यिनी विन्ध्याचलनिवासी तथा नन्दिनीका पुत्र थिए। **अथ व्याडिर्विन्ध्यवासी नन्दिनीतनयश्च** (अभि.चि.)।

व्याधः (पुं.) [*विध्यति, मारयति मृगादीन्, व्यध ताडने इति धातोः, श्याद्व्यधा ३.१.१४१ इति णः*] १.सिकार गरेर जीविका गर्ने मानिस/सिकारी। **व्याधो मृगवधाजीवो मृगयुर्लुब्धकोऽपि सः।** (अमर.) २.दुष्ट। **ना व्याधो मृगयुदुष्टयोः** (मेदिनी.)।

व्याधिः (पुं.) [*विविधा आधयोऽस्माद् व्याधानं वा, वि–आङ्पूर्वकात् डुधाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, विगत आधिरनेन, इति वा*] १.रोग/व्यथा/बिसन्चो/अस्वस्थता/पीडा/वेदना । व्याधि दुई प्रकारको हुन्छ– शारीरिक र मानसिक।

द्विविधो जायते व्याधिः शारीरो मानसस्तथा।
परस्परं तयोर्जन्म निर्द्वंद्वं नोपलभ्यते॥ (म.भा.१२.१६.८)

अमरकोशकारले मानस व्याधिलाई आधि भनेका छन्– **पुंस्याधिर्मानसी व्यथा**। २.तेत्तिस सञ्चारिभावमध्ये एक भाव।

व्याधिघातः (पुं.) [*व्याधीन् हन्ति, हन हिंसागत्योः इति धातोः, कर्मण्यण् इत्यण्, हनस्तोऽचिण्णलोः ७.३.३२ इति तकारादेशः, कुत्वम्*] राजवृक्ष। **आरेवतव्याधिघातकृतमालसुवर्णकाः** (अमर.)।

व्याधितः (पुं.) [*व्याधिः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] रोगी। **व्याधितस्यौषधं मित्रम्** (हितो.)

व्याधूतः (पुं.वि.) [*वि–आङ्पूर्वकाद् धूञ् कम्पने इति धातोः क्तः*] हल्लेको/कम्पित।

व्यानः (पुं.) [*व्यानिति, सर्वशरीरं व्याप्नोति, पचाद्यच्*] पाँच वायुमध्ये एक वायु/शरीरभर व्याप्त रहने वायु/देहमा व्यापक रूपले बग्ने वायु। **व्यानः सर्वशरीरगः** (अमर.)।

व्यापकः (पुं.वि.) [*व्याप्नोतीति, विपूर्वकात् आप्लृ प्राप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अत्यन्त ठुलो/विस्तृत/चारैतिर फैलिएको/सर्वत्र फिँजिएको।

तिर्यगूर्ध्वमधस्ताच्च महिमा व्यापको हरेः (कु.सं. ६.७१)।

व्यापकन्यासः (पुं.) [*व्यापकश्चासौ न्यासश्च, कर्म.स.*] शिरदेखि पाउ र पाउदेखि शिरसम्म गरिने मूल मन्त्रको न्यास।

व्यापद् (स्त्री.) [*वि–आपूर्वकात् पद्धातोः क्विप्*] १.मृत्यु/निधन २.आपत्ति।

पश्य श्वश्रूकृता व्यापदिहापि फलिता मम (क.स.)।

व्यापनम् (नपुं.) [*विपूर्वकात् आप्लृ प्राप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] सर्वत्र फैलनु/व्याप्त हुनु/ढाक्नु/आच्छादन/व्याप्ति।

व्यापनीयः (पुं.वि.) [*व्याप्तुं योग्यः, विपूर्वकात् आप्लृ प्राप्तौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] ढाक्न लायक।

व्यापन्नः (पुं.वि.) [*वि आपूर्वकात् पदधातोः णिचि क्तः*] मरेको।

नामालेख्ययशःशेषौ व्यापन्नोपगतौ मृतः (अभि.चि.)।

व्यापादः (पुं.) [*व्यापादनम्, वि–आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि ३.१.२६ भावे ३.३.१८ इति घञ्*] १.कसैसित द्रोह गर्ने चिन्तन। **व्यापादो द्रोहचिन्तनम्।** (अमर.) २.हत्या।

व्यापादनम् (नपुं.) [*वि–आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.हिंसा गर्नु/मार्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

अतीते च दिने बालामात्मव्यापादनोद्यताम्।
सुरभिः प्राह नार्य त्वां प्राप्स्यते दानवाधमः॥ (मा.पु.२१.३२) २.अर्काको कुभलो चिताउनु/परानिष्टचिन्तन।

व्यापादनीयः (पुं.वि.) [*व्यापादयितुं योग्यः, वि-आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] मार्न लायक/मारिने।

व्यापाद्यः (पुं.वि.) [*व्यापादयितुं योग्यः, वि—आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि, अचो यत् ३.१.९७ इति यत्*] मार्न लायक/ मारिने।

व्यापादितः (पुं.वि.) [*व्यापाद्यते स्म, वि—आङ्पूर्वकात् पद गतौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] मारिएको/नाश गरिएको/हिंसा गरिएको।

व्यापारः (पुं.) [*वि आपूर्वकात् पृधातोर्घञ्*] १.काम २.धातुको अर्थ ३.सहायता।

आर्याऽप्यरुन्धती तत्र व्यपारं कर्तुमिच्छति।
प्रायेणैवंविधे कार्ये पुरन्ध्रीणां प्रगल्भता॥ (मल्लिनाथ)

व्यापारी (पुं.) [*व्यापारोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] व्यापार गर्ने व्यक्ति। **लाक्षालोहादिव्यापारी रसादिविक्रयश्च यः। स याति नागवेष्टञ्च नागैर्वेष्टित एव च॥** (ब्र.वै.पु.)

व्यापी (पुं.) [*व्याप्नोति सर्वम् णिनिः*] १.विष्णु २.(पुं.वि.)व्यापक।

व्यापृतः (पुं.वि.) [*वि आपूर्वकात् पृधातोः क्तः*] व्यपार गर्ने ३.(पुं.वि.) काममा संलग्न/काममा डुबेको।

व्यापृतः (पुं.) [*पूर्ववत्*] कर्मसचिव/सहसचिव। **नियोगी कर्मसचिव आयुक्तो व्यापृतश्च सः** (अभि.चि.३.३८३)।

व्याप्तः (पुं.वि.) [*व्याप्यते स्म, विपूर्वकाद् आप्लृ व्याप्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] धेरै फैलिएको/फिँजिएको/ घेरिएको/ ढाकिएको/भरिएको/परिपूर्ण। **दिवापृथिव्योरिदमन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वाः** (भ.गी.११.२०)।

व्याप्तिः (स्त्री.) [*व्यापनम्, विपूर्वकाद् आप्लृ व्याप्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.ढाक्ने काम २.न्यायशास्त्रमा अनुमानको साधन। **यत्र यत्र धूमस्तत्र तत्र वह्निरिति साहचर्यनियमो व्याप्तिः।** (तर्कसङ्ग्रह) **~ज्ञानम्** [*व्याप्तेर्ज्ञानम्, ष.त.*] न्यायशास्त्रअनुसार हेतु र साध्यको सह अस्तित्वको बोध/जहाँ जहाँ धुवाँ छ त्यहाँ त्यहाँ आगो छ भन्ने ज्ञान।

व्याप्यः (पुं.वि.) [*व्याप्यते, विपूर्वकाद् आप्लृ व्याप्तौ इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, यद्वा उप्यते इति, डुवप् बीजसन्ताने इति धातोः, पूर्ववत् ण्यत् ३.१.१२४*] ढाकिने।

व्याप्यम् (नपुं.) १.न्यायशास्त्रमा प्रसिद्ध अनुमानको साधन २.कूट औषधि।

व्यामः (पुं.) [*विशेषेण अम्यनेऽनेन, अम गतौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, कर्तरि कृत् ३.४.६७ इत्यस्य प्रवृत्त्या करणे कस्यासम्भवात्*] दुई हात तेर्स्याउँदा हुने लम्बाई।

व्यामिश्रः (पुं.वि.) [*वि, आङ् पूर्वकान्मिश्रधातोर्घञ्*] मिसिएको/ धेरैथरी मिलेको।

व्यामिश्रेणैव वाक्येन बुद्धिं मोहयसीव मे।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम्॥ (भ.गी.)

व्यामोहः (पुं.) [*व्यामोहनम्, वि—आङ्पूर्वकात् मुह वैचित्ये इति धातोः, भावे ३.३.१८ इति घञ्*] अज्ञान/मोह/व्याकुलता।

व्यायतः (पुं.वि.) [*विशेषेण आयतः*] १.ज्यादै फैलिएको।

अपचितमपि गात्रं व्यायतत्त्वादलक्ष्यं
गिरिचर इव नागः प्राणसारं बिभर्ति (अभि.शा.२)। २.अतिशय ३.बलियो (मेदिनी.)।

व्यायामः (पुं.) [*वि—आङ्पूर्वकात् यम उपरमे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कसरत/शारीरिक श्रम।

व्यायामं कुर्वतो नित्यं विरुद्धमपि भोजनम्।
विदग्धमविदग्धं वा निर्दोषं परिपच्यते॥ (राजवल्लभ)

२.कुस्ती, मल्लक्रीडा। ३.पुरुषार्थ ४.विषम, दुर्गमा हिड्ने काम ५.दुई हात फैलाउँदा हुने नापो। **व्यामव्यायामन्यग्रोधास्तिर्यग्बाहूप्रसारितौ।** (अभि.चि.) **~भूमिः** (स्त्री.) [*व्यायामाय भूमिः, च.त.*] व्यायामस्थली/कसरत गर्ने ठाउँ।

व्यायामशीलः (पुं.वि.) [*व्यायामे शीलमस्य, बहु.स.*] व्यायाम गर्ने।

व्यायामिकः (पुं.वि.) १.[*व्यायामः प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठक्*] कसरतसँग सम्बद्ध २.[*व्यायामोऽस्यास्तीति, अत इनिठनौ इति ठन्, इकः*] व्यायाम गर्ने।

व्यायोगः (पुं.) रूपकको एक भेद। यसमा कथानक प्रसिद्ध हुन्छ। एक दिनको घटनालाई लिएर रचिएको यस विधामा प्रसिद्ध राजर्षि अथवा दिव्य धीरोदात्त नायक हुन्छ। पुरुष पात्र धेरै र स्त्री पात्र थोरै हुन्छन्। यो एक अङ्कको हुन्छ। यसमा कैशिकी वृत्ति हुँदैन। मुख, प्रतिमुख र उपसंहृति तीन सन्धि रहन्छन्। हास्य, शृङ्गार र शान्तबाहेक अरू रसको प्रधान्य हुन्छ। स्त्रीबाहेक अरू कारणबाट यसमा युद्ध भएको हुन्छ। यसका उदाहरणहरू **सौगन्धिकाहरण, पर्शुरामविजय, धनञ्जय-विजय, वीरविक्रम** आदि प्रसिद्ध छन्। भासको मध्यमव्यायोग यसको उत्कृष्ट उदाहरण हो। (सा.द. प.६)

व्यालः (पुं.) [*व्याडति, वि—आ—पूर्वकात् अड उद्यमे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः .१.१३४ इत्यच्,विशेषेण आ समन्तादलति वा*] १.सर्प २.दुष्ट हात्ती ३.मूर्ख, शठ, धूर्त ४.हिंस्रक जनावर ५.सिंह ६.बाघ। **व्याडो हिंस्रपशौ सर्पे** (मेदिनी.)। **डलयोरेकत्वस्मरणात् व्यालोऽपि, व्यालो दुष्टगजे सर्पे खले श्वापदसिंहयोः** (विश्व.) ७.प्रत्येक पाउमा क्रमशः दुई नगण र दश रगणको प्रयोग भएको दण्डक छन्दको भेद।

व्यालकः (पुं.) [*व्याल एव, स्वार्थे कन्*] १.दुष्ट हात्ती/अङ्कुसेले पनि तह लगाउन नसकिने हात्ती २.हिंस्रक जन्तु ३.डाइनोसर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जायते व्यालकश्चापि मासं तस्मात्तु मानुषः (म.भा.१३.१११.८५)।

व्यालग्राही (पुं.) [*व्यालं गृह्णाति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः, अणि व्यालग्राहः*] भिक्षाका लागि सर्प समातेर खेलाउने व्यक्ति/मदारी। **व्यालग्राह्यहितुण्डिकः** (अमर.)।

व्यालतमः (पुं.वि.) [*अतिशयेन व्यालः, अतिशायने तमबिष्ठनौ, इति तमप्*] अत्यन्त हिंस्रक/हत्यारा।

व्यालोलः (पुं.वि.) [*व्यालोलति, वि—आङ्पूर्वकात् लुल लौल्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] हल्लेको/अस्थिर/चञ्चल।

व्यावर्तः (पुं.) [*वि—आङ्पूर्वकात् वृतु वर्तने इति धातोः, भावे घञ्*] १.नाइटाको घेरा २.भुँवरी ३.भ्रमण,चक्कर।

व्यावर्तकः (पुं.वि.) [*व्यावर्तते इति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] १.हटाउने २.छुट्याउने ३.घेर्ने।

व्यावर्तनम् (नपुं.) [*वि—आङ्पूर्वकात् वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.घुम्नु/चक्कर खानु २.चारैतिरबाट घेर्नु ३.फर्कनु।

व्यावर्तितः (पुं.वि.) [*व्यावर्त्यते स्म, वि—आपूर्वकात् वृतु वर्तने इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.घुमेको/चक्कर खाएको २.चारैतिरबाट घेरिएको ३.फर्किएको।

व्यावसायिकः (पुं.वि.) [*व्यवसायः प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठक्, ठस्येकः*] व्यापारी/व्यवसाय-सम्बन्धी/व्यवसायमा लागेको।

व्यावहारिकः (पुं.वि.) [*व्यवहारेण चरति, चरति ४.४.८ इति ठक्, स्वागतादीनाञ्च ७.३.७ इति ऐज् निषेधः, वृद्धिः, अलोपः*] व्यवहारमा चलेको अथवा चल्न सक्ने/प्रचलित।

व्यावहारिकता (स्त्री.) [*व्यावहारिकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] व्यवहारसँग मिल्दोजुल्दो हुनु/व्यवहारमा मिल्नु।

व्यावृत्तिः (स्त्री.) [*वि—आङ्पूर्वकाद् वृत्धातोः क्तिन्*] १.खण्डन २.आवृत्ति।

व्यासः (पुं.) [*व्यसनम्, विपूर्वकात् असू व्याप्तो संघाते च इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.फैलावट/विस्तार २.विस्तृत व्याख्या/प्रपञ्च ।

विस्तीर्यैतन्महज्ज्ञानमृषिः संक्षिप्य चाब्रवीत्।
इष्टं हि विदुषां लोके समासव्यासधारणम्॥

(म.भा.१.१.५१) ३.वृत्तको एक छेउबाट अर्को छेउसम्म पुगेको रेखा ४.[*व्यस्यति वेदान्, विपूर्वकात् अस व्याप्तो संघाते च इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, विनापि प्रत्ययं पूर्वोत्तरपदयोर्वा लोपो वाच्यः (वा) ५.३.८३ इति वेदशब्दस्य लोपः*] पराशर ऋषि र सत्यवतीबाट जन्मिएका, वेदलाई चार विभाग गर्ने, विष्णुका २४ अवतारमध्ये (यो अट्ठाइसौँ द्वापरको) सत्रौँ अवतार। यिनले पुराण, उपपुराण, महाभारत आदि ग्रन्थको रचना गरे। यिनलाई वेदव्यास, वादरायणि, कृष्णद्वैपायन आदि भन्दछन्।

ततः सप्तदशे जातः सत्यवत्यां पराशरात्।
चक्रे वेदतरोः शाखां दृष्ट्वा पुंसोऽल्पमेधसः॥ (भाग.)

देवी भागवतअनुसार व्यासहरूका नाम— प्रथम द्वापरमा ब्रह्माले व्यास बनेर वेदको विभाग गरे। दोस्रो द्वापरमा **प्रजापति**, तेस्रो द्वापरमा **उशना**, चौथो द्वापरमा— **बृहस्पति**, पाँचौँ द्वापरमा— **सविता**, छैटौँ द्वापरमा— **मृत्युदेव**, सातौ. द्वापरमा— **मघवा**, आठौँ द्वापरमा— **वसिष्ठ**, नवौ द्वापरमा— **सारस्वत**, दशौँ द्वापरमा— **त्रिधामा**, एघारौँ द्वापरमा— **त्रिवृष**, बाह्रौ द्वापरमा— **भारद्वाज**, तेह्रौँ द्वापरमा— **अन्तरिक्ष**, चौधौँ द्वापरमा— **धर्म**, पन्ध्रौ द्वापरमा— **त्रय्यारूण**, सोह्रौँ द्वापरमा— **धनञ्जय**, सत्रौँ द्वापरमा— **मेधातिथि**, अठारौँ द्वापरमा— **व्रती**, उन्नाइसौँ द्वापरमा— **अत्रि**, बिसौँ द्वापरमा— **गौतम**, एक्काइसौँ द्वापरमा— **हर्यात्मा उत्तम**, बाइसौँ द्वापरमा— **बाजश्रवा**, तेइसौँ द्वापरमा— **आमुष्यायण सोम**, चौबिसौँ द्वापरमा— **तृणविन्दु**, पच्चिसौँ द्वापरमा— **भार्गव**, छब्बिसौँ द्वापरमा— **शक्ति**, सत्ताइसौँ द्वापरमा— **जातुकर्ण्य** र अट्ठाइसौँ द्वापरमा— **कृष्णद्वैपायन**को अवतार भयो। अब आउने उनन्तिसौँ व्यासको नाम **द्रौणि** हुनेछ (दे.भा) ५.पुराण, उपनिषद् आदि पाठ गर्ने र कथा भन्ने ब्राह्मण।

व्यासक्तः (पुं.वि.) [*व्यासज्यते स्म, वि—आपूर्वकात् सञ्जधातोः क्तः*] कुनै कुरामा पूर्ण लागेको/डुबेको।

व्यासङ्गः (पुं.वि.) [*विशेषेण आसङ्गः, वि—आङ्पूर्वकात् सञ्जधातोर्घञ्*] कुनैकाममा लागेको।

व्यासमाता (स्त्री.) [*व्यासस्य माता, ष.त.*] व्यासकी आमा/सत्यवती

व्यासस्मृतिः (स्त्री.) [*व्यासेन प्रणीता स्मृतिः, म.प.स.*] व्यासद्वारा रचित प्राचीन एक धर्मशास्त्र। यसमा २५० श्लोक छन्। चार अध्यायमा यो विभक्त छ।

व्यासार्द्धः (पुं.) [*व्यासस्य अर्द्धः*] व्यासको आधा।

व्याहतः (पुं.वि.) [*व्याहन्यते स्म, वि—आपूर्वकाद् हन हिंसागत्यो इति धातोः,निष्ठा ३.२.१०२ इति क्तः*] १.बाधा गरिएको/रोकिएको/ निष्फल भएको २.कसैको उत्कर्ष देखाएर अपकर्ष देखाइएको वा अपकर्ष देखाएर उत्कर्ष देखाइएको दोषले युक्त ३.व्याकुल ४.हडबडाएको।

व्याहतत्वम् (नपुं.) साहित्य शास्त्रमा वर्णित अर्थदोषमध्ये एक। साहित्यकारले आफ्नो साहित्य वा रचनामा पहिले कसैको अपकर्ष देखाएर पछि उत्कर्ष देखाएमा वा पहिले कसैको उत्कर्ष देखाएर पछि अपकर्ष देखाएमा यो दोष पर्दछ। **कस्यचित् प्रागुत्कर्ष-मपकर्षं वा अभिधाय पश्चात्तदन्यप्रतिपादनं व्याहतत्वम्** (सा.द.७.परिच्छेद)।

व्याहारः (पुं.) [*व्याहरणम्, व्याङ्पूर्वकाद् हृञ् हरणे इति धातोः, भावे.३.१८ इति घञ्*] बोली/भनाइ/भाषण/वाक्य। **व्याहार उक्तिर्लपितं भाषणं वचनं वचः** (अमर.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याहृतः (पु.वि.) [*व्याह्रियते स्म, क्तः*] भनिएको।

व्याहृतिः (स्त्री.) [*व्याहरणम्, व्याङ्पूर्वकाद् हृञ् हरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बयान २.भनाइ/कथन। **न हीश्वरव्याहृतयः कदाचित् पुष्यन्ति लोके विपरीतमर्थम्।** (कुमा. २.९३) ३.वेद वा ॐकारबाट उत्पन्न हुँदा महान् र सर्वत्र व्याप्त हुँदा व्याहृति वा महाव्याहृति नामक वैदिक मन्त्र। व्याहृति वा महाव्याहृति मन्त्र भन्नाले **भूर् भुवः स्वः** तथा **भूर् भुवः स्वः महः जनः तपः सत्यम्** लाई लिइन्छ तर गौतमले भने पाँच अक्षरलाई महाव्याहृति मानेका छन्। **पञ्च वा गौतमाभिप्रायेण** (या.स्मृ १.१५ मि.टी) । सात पदका व्याहृतिलाई सप्तव्याहृति भनिन्छ,। यसको प्रयोग वैदिक प्राणायाममा हुन्छ। तीन पदको व्याहृति वा महाव्याहृति **भूर्भुवः स्वः** को प्रयोग देवपूजा, गायत्री–मन्त्रजप आदिमा हुन्छ। मन्त्रको उल्लेख भएको ठाउँमा मन्त्र र मन्त्रको उल्लेख नभएको ठाउँमा व्याहृतिको प्रयोग गर्नुपर्छ। व्याहृतिको अगाडि प्रणव लगाउनु पर्छ। व्याहृति ब्रह्माको मुखबाट उत्पन्न भएको हो।

ओङ्कारमादितः कृत्वा व्याहृतिस्तदनन्तरम्।
ततोऽधीयीत सावित्रीमेकाग्रश्रद्धयान्वितः॥
पुरा कल्पे समुत्पन्ना भूर्भुवःस्वः सनातनाः।
महाव्याहृतयस्तिस्रः सर्वाशुभनिवर्हणाः॥

(कू.पु. १३ अध्याय)

तीन व्याहृतिका अर्थ– स.दी. प्रथम भागमा र सात व्याहृतिको अर्थ– पुरश्चर्यार्णवमा छ।

यत्र मन्त्रा न विद्यन्ते व्याहृतीस्तत्र योजयेत्।
मन्त्राणामेव चोद्देशे मन्त्रैः कर्म समाचरेत्॥
भूरादयो व्याहृतयो वेदेभ्यो निःसृताः पुरा।
महत्त्वं व्याहृतित्वं च प्राप्तास्तेनैव कर्मणा॥
ओङ्कारजननात्तासां महत्त्वं प्रतिपाद्यते।
व्यापनाद् व्याहृतित्वं च तेन त्रैविध्यतां ययुः॥ (सं.दी.)।

व्युत्क्रमः (पुं.) [*व्युत्क्रमणम्, वि–उत्पूर्वकात् क्रमु पाद विक्षेपे इति धातोः, भावे ३.३.१८ घञ्*] क्रमभङ्ग/सन्मार्ग छोड्नु/ विपरीतता/व्यतिक्रम।

व्युत्थानम् (नपुं.) [*वि–उत्पूर्वकात् ष्ठा गतिनिवृत्तौ ७.१.१ इत्यनः*] १.सरकारका विरोधमा लड्नु वा विरुद्धमा आन्दोलन गर्नु. २.समाधि छाडेर चित्तवृत्तिलाई मुक्तबन्धन गराउनु।

व्युत्पत्तिः (स्त्री.) [*व्युत्पाद्यते विविच्यते, काव्यादि सृज्यते वाऽनया, वि–उत्पूर्वकात् पत्लृ गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति करणे क्तिन्*] १.विभिन्न शास्त्रको अध्ययनबाट पैदा भएको काव्यशक्ति। प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये दोस्रो दर्जाको काव्यनिर्माण शक्ति २.विषय वस्तुको विश्लेषण गर्न सक्ने क्षमता ३.[*व्युत्पादनम्, भावे क्तिन्*] समस्त पदको विग्रह, कृदन्त तथा तद्धितान्त शब्दका प्रकृति–प्रत्ययको विभाजन, आदि ४.बहुज्ञता। **बहुज्ञता व्युत्पत्तिः** (काव्यमीमांसा)।

व्युत्पन्नः (पु.वि.) [*वि–उत् पूर्वकात् पद्धातोः क्तः*] १.व्युत्पत्ति भएको २.प्रकृति,प्रत्यय,विग्रह आदि गरेर व्युत्पत्ति देखाउन सकिने। **शब्दो द्विविधः– व्युत्पन्नोऽव्युत्पन्नश्च।** ३.वेद, उपनिषद्, दर्शनशास्त्र, स्मृति,रामायण, महाभारत काव्यशास्त्र, साहित्य, कला आधुनिक विज्ञान, समाजशास्त्र आदिको अध्ययनबाट प्राप्त ज्ञान तथा सिपद्वारा सुसंस्कृत। **अथ संस्कृतः। व्युत्पन्नप्रहतक्षुण्णाः।** (९अमर.३.१.११०) ४.विलक्षण प्रतिभा भएको।

व्युत्पादकः (पुं.) [*व्युत्पादयति, ण्वुल्तृचौ इति ण्वुल्, अकः*] १.शब्द,पद, वाक्य आदिको विश्लेषण गर्ने २.धेरै विषयको ज्ञानराखी तिनको विश्लेषण गर्ने।

व्युत्पादनम् (नपुं.) [*वि–उत्पूर्वकात् पद गतौ इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.शब्द, पद, वाक्य आदिको व्युत्पत्ति गर्ने काम/विग्रह, प्रकृतिप्रत्यय आदि प्रदर्शन गरी विश्लेषण गर्ने काम। २.धेरै कुराको जानकारी राखी तिनको व्याख्या वा विश्लेषण गर्नु।

व्युष (धा.) [*विभागे दाहे च, दिवा. सक.सेट्. पर.*] अलग गर्नु, जलाउनु। लट्– **व्युष्यति–** अलग गर्छ, जलाउँछ इत्यादि।

व्युष्टः (पुं.वि.) १.[*विपूर्वकाद् वसधातोः क्तः*] बसिएको। **सा व्युष्य रजनीं तत्र पितुर्वेश्म विभाविनी** (म.भा.३.६९.२८)। २.[*व्युष विभागे दाहे चेति धातोः क्तः*] १.बाडिएको २.डढेको

व्युष्टिः (स्त्री.) [*विपूर्वकाद् वसधातोः क्तिन्*] १.कार्यको फल २.समृद्धि/ऐश्वर्य ३.स्तुति ४.प्रकाश/ उज्यालो। ५.[*व्युषधातोः क्तः*] १.विभाजन २.दाहकता।

व्यूढः (पुं.) [*विशेषेण ऊह्यते स्म, विपूर्वकाद् वहधातोः क्तः*] १.युद्धका लागि व्यूहरचना गरिएको। **दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा।** (भ.गी.१.२) २.विशाल ३.खाँदिएको ४.विवाह गरिएको ५.बोकिएको।

व्यूढकण्टकः (पुं.वि.) [*व्यूढो धृतः कण्टको येन सः बहु.स.*] लडाइँका निमित्त तयार भएको व्यक्ति।

व्यूढिः (स्त्री.) [*विशेषेण ऊह्यते स्म, विपूर्वकाद् वहधातोः क्तिन्*] १.विशालता २.खाँदने काम ३.बेक्ने काम ४.विवाह।

व्यूढोरस्कः (पुं.वि.) [*व्यूढम् (विशालम्) उरो यस्य सः, बहु.स., उरःप्रभृतिभ्यः कप् ५.४.१५० इति कप्*] फराकिलो छात्ती भएको।

व्यूतः (पुं.वि.) [*विशेषेण ऊतः*]राम्रोसित बनेको ।

व्यूतिः (स्त्री.) [*ऊतियूतीति निपातनात् साधुः, विशिष्य ऊतिः*] लुगा बन्ने काम। **वाणिर्व्यूतिः स्त्रियौ** (अमर.)।

व्यूहः (पुं.) [*व्यूह्यते, ऊह वितर्के इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मोर्चा कस्ने काम २.विशेष किसिमको तर्क ३.समूह। **व्यूहः स्याद्बलविन्यासे निर्माणे वृन्दतर्कयोः।** (मेदिनी.) ४.सैन्य ५.देह ६.परिणाम ७.लिङ्ग ८.क्षुब्धता/चञ्चलता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यूहनम् (नपुं.) [*विपूर्वकात् ऊहधातोर्ल्युट्, अनः*] १.दण्ड, चक्र, सूची आदिको आकारमा सैन्यलाई सज्जित तुल्याउनु २.घाँसहरू बटुल्नु ३.संसारलाई नै क्षुब्ध पार्नु ४.अकाट्य तर्क गर्नु।

व्यूहनिर्माणम् (नपुं.) [*व्यूहस्य निर्माणम्, ष.त.*] सैनिक शक्तिलाई मिलाएर राख्ने काम,व्यूहरचना।

व्यूहपार्ष्णिः (पुं.) [*व्यूहस्य पार्ष्णिः पृष्ठभागः, ष.त.*] मोर्चाको पछि लाग्ने सेनासमूह।

व्यूहभङ्गः (पुं.) [*व्यूहस्य भङ्गः, ष.त.*] युद्धमा सैन्यरचनालाई तोड्ने काम, सैनिकसमूहलाई तितर वितर पार्ने काम।

व्यूहरचना (स्त्री.) [*व्यूहस्य रचना, ष.त.*] युद्धमा सेनालाई मिलाएर राख्ने काम। फौजी सङ्घटनको संरचना।

व्यूहवादः (पुं.) तन्त्रकालीन वैष्णव धर्मको एक महत्त्वपूर्ण सिद्धान्त।

व्येञ् (धा.) [*संवरणे, भ्वा सक.अनिट् उभय.*] ढाक्नु, सिउनु। लट्– **व्ययति-ते–** ढाक्छ, सिउँछ इत्यादि।

व्योकारः (पुं.) [*'व्यो' इत्यव्ययं लोहबीजवाची– इति श्रीभोजः, व्यो करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] फलामको काम गर्ने व्यक्ति। **व्योकारो लोहकारकः** (अमर.)।

व्योम (नपुं.) [*व्येञ् संवरणे इति धातोः, नामन्-सीमन्-व्योमन्-रोमन्-लोमन्-पाप्मन्-ध्यामन्– (उ.) ६०० इति मन्प्रत्ययान्तो निपातः*] १.आकाश २.खाली स्थान ३.जल ४.बादल ५.शून्य अङ्क जनाउने शब्द।

व्योमकेशः (पुं.) [*व्योम्नि केशा यस्य सः,बहु.स.*] शिवजी।

स्याद् व्योमकेशः शिपिविष्टभैरवौ
दिक्कृत्तिवासा भवनीललोहितौ (अभि.चि.२.११२)।

व्योमकेशी (पुं.) [*व्योम्नि केशाः सन्त्यस्य, अत इनिठनौ इति इनिः*] महादेव।

व्योमचरः (पुं.) [*व्योम्नि चरति, चरेष्टः इति टः*] १.देवता २.राक्षस ३.पक्षी ४.विमान।

व्योमचारी (पुं.) [*व्योम्नि चरति, णिनिः*] १.देवता २.पक्षी ३.विमान ४.(पुं.वि.) आकाशमा उड्ने।

व्योममण्डलम् (नपुं.) [*व्योम्नः मण्डलम्, ष.त.*] आकाश।

व्योमयानम् (नपुं.) [*व्योम्नि यान्त्यनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, यद्वा व्योम्नि याति, कृत्यल्युटो बहुलम् ३.३.११४ इति कर्तरि ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] विमान।

व्योमस्पृक् (पुं.वि.) [*व्योम स्पृशतीति, स्पृशोऽनुदके क्विन् ३.२.५८ इति क्विन्, सर्वापहारिलोपः, कुत्वम्*] ज्यादै अग्लो/आकाश छुने उचाइ भएको।

व्योमोदकम् (नपुं.) [*व्योम्न उदकम्, ष.त.*] दिव्य जल।

व्योषम् (नपुं.) [*विशेषेण ओषति, विपूर्वकात् उष दाहे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सुठो, मरीच र पिपलाको समूह। **त्रिकटु व्यूषणं व्योषम्** (अमर.)।

व्रज (धा.) [*गतौ, भ्वा. सक.सेट्, पर.*] जानु। लट्– **व्रजति–** जान्छ। लिट्– **वव्राज–** गएछ इत्यादि।

व्रज (धा.) [*मार्गसंस्कारगत्योः, चुरा., सक. सेट्, उभय.*] संस्कार गर्नु, सिद्ध गर्नु, हिंड्नु। लट्– **व्राजयति-ते–** संस्कार गर्छ, सिद्ध गर्छ, हिंड्छ इत्यादि।

व्रजः (पुं.) [*व्रजनम्, व्रज गतौ इति धातोः, घञर्थे कः*] १.जाने काम/गमन २.सडक/मार्ग ३.मथुरा र वृन्दावनका नजिकको एक क्षेत्र/शूरसेन प्रदेश ४.[*व्रज गतौ इति धातोः गोचरसहचर ३.३.११९ इति घप्रत्ययेन साधुः*] समूह ५.गोठ (शि.व. २.६४)।

व्रजभाषा (स्त्री.) [*व्रजे प्रचलिता भाषा, म.प.स.*] मथुराको आसपासका प्रदेशमा बोलिने एक भाषा।

व्रजमण्डलम् (नपुं.) [*व्रजस्य मण्डलम्, ष.त.*] व्रजको भूभाग।

व्रजमोहनः (पुं.) [*व्रजान् व्रजवासिनो मोहयति,मुहधातोर्णिचि ल्युः*] श्रीकृष्ण।

व्रजवल्लभः (पुं.) [*व्रजानां व्रजवासिनां वल्लभः, ष.त.*] श्रीकृष्ण।

व्रजाङ्गना (स्त्री.) [*व्रजस्य अङ्गना, ष.त.*] गोपिनी।

व्रजाङ्गनानामपि मानशालिनां
जहार मानं स हरिः पुनातु नः (छन्दो.)।

व्रजेशः (पुं.) [*व्रजस्य ईशः, ष.त.*] कृष्ण।

व्रज्या (स्त्री.) [*व्रजनम्, व्रज गतौ इति धातोः, व्रजयजोर्भावे क्यप् ३.३.९८ इति क्यप्, टाप्*] १.घुमफिर/हिंडाइ/गमन। **व्रजाट्या पर्यटनम्** (अमर.) २.सेना लिएर युद्धका लागि प्रस्थान। **यात्रा व्रज्याभिनिर्याणं प्रस्थानं गमनं गमः** (अमर.) ३.सजातीयको एकत्र सन्निवेश।

कोषः श्लोकसमूहस्तु स्यादन्योन्यानपेक्षकः।
व्रज्याक्रमेणरचितः स एवातिमनोहरः॥ (सा.द.)

व्रण (धा.) [*शब्दार्थे, भ्वा. अक.सेट् पर.*] शब्द गर्नु। लट्– **व्रणति–** शब्द गर्छ इत्यादि।

व्रण (धा.) [*गात्रविचूर्णने, चुरा. सक.सेट्, उभ.*] शरीरलाई चूर्ण पार्नु। लट्– **व्रणयति–** शरीर चूर्ण पार्छ इत्यादि।

व्रणः (पुं./नपुं.) [**व्रणयति** *व्रण गात्रविचूर्णने इति धातोः, अच् ३.१.१३४*] घाउ।

व्रणकारी (पुं.वि.) [*व्रणं करोति तच्छीलः, णिनिः*] घाउ पार्ने।

व्रणितः (पुं.वि.) [*व्रणः सञ्जातोऽस्य, तारकादितयया इतच्*] घायल

व्रततिः (स्त्री.) [*प्रतनोति, तनु विस्तारे इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्, पृषोदरादित्वात् ६.३.१०९ पस्य वः, पक्षे ङीष्, व्रतती*] १.लहरा २.फैलावट। **व्रततिस्तु प्रतानिन्यां विस्तारेऽपि** (हैम.)।

व्रतम् (नपुं.) [*व्रियते, वृञ् वरणे इति धातोः, पृषिरञ्जिभ्यां कित् (उ.) इत्यतच् बाहुलकाद् वृञ्वृङ्भ्यामपि, कित्त्वान्न गुणः, यद्वा– व्रजन्त्यनेन स्वर्गम्, गोचरसञ्चर ३.३.११९ इति घः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.उपवास बसेर धार्मिक कृत्य सम्पादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु/अनुष्ठान/पुण्यका लागि उपवास बस्ने काम २.प्रतिज्ञा। **~चर्या** (स्त्री.) [*व्रतस्य चर्या, ष.त.*] व्रत बस्ने वा व्रत लिने काम। **~पारायणम्** (नपुं.) [*व्रतस्य पारायणम्, ष.त.*] व्रतसमाप्ति पछि गरिने विधान,व्रतको अन्त्यमा गरिने भोजन। **~बन्धम्** (नपुं.) [*व्रते बन्धो यस्मिन् कर्मणि तत्*] द्विजातिका सोह्र संस्कारमध्ये एक संस्कार/उपनयन संस्कार। **~भिक्षा** (स्त्री.) [*व्रते उपनयनकाले या भिक्षा, सा*] व्रतबन्धको समयमा मागिने भिक्षा।

व्रतादानम् (नपुं.) [*व्रतस्य आदानम्, ष.त.*] १.व्रत लिने काम २.संन्यास। **परिव्रज्या व्रतादानम्** (हला.)।

व्रतानुष्ठानम् (नपुं.) [*व्रतस्य अनुष्ठानम्, ष.त.*] व्रत बस्ने काम।

व्रती (पुं.वि.) [*व्रतं भोजनादिनियमोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः, यद्वा— व्रतयति, व्रताद्भोजनतन्निवृत्त्योः (वा.) ३.१.२१ इति णिच्, व्रते ३.२.८० इति णिनिः*] १.यज्ञ गर्ने/व्रत गर्ने व्यक्ति **तिथ्यन्ते चोत्सवान्ते वा व्रती कुर्वीत पारणम्** (ति.त.)। २.(पुं.) ब्रह्मचारी ३.यजमान ४.मुनि ५.भिक्षु।

व्रश्चनः (पुं.) [*वृश्च्यतेऽनेन, ओव्रश्चू छेदने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सुनचाँदी काट्ने छिनो।

व्रश्चनम् (नपुं.) १.[*वृश्च्यतेऽनेन इति ओव्रश्चू छेदने इति धातोः, करणधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः*] काट्ने हतियार २.[*व्रश्चधातोर्भावे ल्युट् अनः*] काट्ने काम।

व्रातः (पुं.) [*व्रत्यते नियम्यते, मुण्डमिश्र ३.१.२१ इति ण्यन्ताद् व्रत इत्यस्माद् अकर्तरि च कारके संज्ञयाम् ३.३.१९ इति घञ्, व्रातच्फञोः ५.३.११३ इति लिङ्गाद् वृद्धिः*] १.समूह **स्तोमौघनिकरव्रातवारसङ्घातसञ्चयाः** (अमर.)।

व्रातम् (नपुं.) (नपुं.) शारीरिक परिश्रम गर्नुपर्ने काम,जीवननिर्वाहका लागि गरिने काम।

व्रातिनः (पुं.वि.) [*व्रातेन शरीरायासेन जीवति, न तु बुद्धिवैभवेन इति, व्रातेन जीवति ५.२.२१ इति खञ्, खस्य ईनः, वृद्धिः*] १.कुनै निश्चित वृत्ति नभएको, परिश्रमबाट जीविका चलाउने कामलाई व्रात भनिन्छ, त्यस्तो व्रात कर्मद्वारा जीविका चलाउने।

व्रात्यः (पुं.) [*शरीरायासजीवी व्याधादिर्व्रातः, स इव, शाखादिभ्यो यत् ५.३.१०३ इति यत् यद्वा— व्रातमर्हति, दण्डादिभ्यो यः ५.१.६६ इति यः*] १.समयमा यज्ञोपवीत संस्कार नभएको द्विज। गर्भदेखि सोह्र वर्षभित्र ब्राह्मणको, बाइस वर्षभित्र क्षत्रियको र चौबिस वर्षभित्र वैश्यको यज्ञोपवीत संस्कार भएन भने त्यो व्रात्य हुन्छ। **व्रात्यः संस्कारवर्जितः।** (अभि.चि.) २.नीच पुरुष ३.शूद्रबाट क्षेत्रिनीमा उत्पन्न भएको व्यक्ति। ४.जे पायो **त्यही बोल्ने/** बातैपिच्छे अपशब्दको प्रयोग गर्ने/रुखो बोली बोल्ने व्यक्ति। ५.नियमअनुसार गायत्री नजप्ने/सन्ध्यातर्पण नगर्ने।

व्रात्यस्तोमः (पुं.) विशेषयज्ञ। धर्मशास्त्रले तोकेको समयभित्र उपनयन संस्कार नहुने ब्राह्मण, क्षत्रिय र वैश्यले प्रायश्चित्तका लागि गर्नु पर्ने यज्ञ। **अत ऊर्ध्वं पतन्त्येते सर्वधर्मबहिष्कृताः। सावित्रीपतिता व्रात्याः व्रात्यस्तोमादृते ऋतोः ॥** (ग.पु. आचारकाण्ड ९४)

व्री (धा.) [*वरणे, क्र्या., सक.अनिट् पर.*] वरण गर्नु, खोजेर निकाल्नु, मन पराउनु, ढाक्नु। लट्— **व्रीणाति—** वरण गर्छ, खोजेर निकाल्छ, मन पराउँछ, ढाक्छ इत्यादि।

व्रीङ् (धा.) [*वृणोत्यर्थे, दिवा. सक., अनिट् आत्म.*] मन पराउनु, खोजेर निकाल्नु। लट्— **व्रीयते—** मन पराउँछ, खोजेर निकाल्छ इत्यादि।

व्रीड (धा.) [*दिवा. पर. सक. क्षेपे, अक.लज्जे, सेट्*] फ्याँक्नु, लजाउनु। लट्— **व्रीड्यति**- फ्याँक्छ, लजाउँछ,।

व्रीड (धा.) [*लज्जायाम्, चुरा.सक.सेट् पर.*] प्रेरणा दिनु, लजाउनु। लट्— **व्रीडयति—** लजाउँछ। लिट्— **विव्रीड—** लजाएछ। लुट्— **व्रीडिता—** लजाउने छ। (अन.) लृट्— **व्रीडिष्यति**— लजाउने छ। लोट्—**व्रीडयतु-तात्**— लजाओस्। लङ् — **अव्रीडयत्—** लजायो। विधिलिङ्— **व्रीडयेत्—** लजाउला, लजाओस्। आशीर्लिङ् — **व्रीड्यात्**—लजाओस्। लुङ्—**अव्रीडीत्—** लजायो। लृङ्— **अव्रीडिष्यत्**— लजाउने थियो। भावे— **व्रीड्यते**— लजाइन्छ। कृदन्ते— **व्रीडः, व्रीडा—** लज्जा इत्यादि।

व्रीडः (पुं.) [*व्रीडनम्, व्रीड लज्जायाम्, इति धातोः भावे ३.३.१८ इति घञ्*] लज्जा। **व्रीडो व्रीडा व्रीडनञ्च लज्जापर्याय ईरिताः** (शब्दर.)।

व्रीडा (स्त्री.) [*व्रीड लज्जायाम् इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप्*] १.लाज/लज्जा २.तेत्तिस व्यभिचारिभावमध्ये एक भाव। आफुले गरेको नराम्रो आचरणबाट गरिने मुख लुकाउने, मुन्टो निहुराउने, अर्कातिर फर्कनेजस्ता काम। **धार्ष्ट्यभावो व्रीडा वदनानमनादिकृद् दुराचाराद्** (सा.द.)।

व्रीहिः (पुं.) [*व्रीणातीति, व्री वरणे इति धातोः, व्रीहिशाल्योर्ढक् ५.२.२ इति ज्ञापनाद् हिक् यद्वा वर्हति वृद्धिं गच्छति, वृह वृद्धौ इति धातोः इगुपधात् कित् (उ.) ५६९ इति इन्, पृषोदरादितया साधुः*] १.धान २.शालिधान।

व्रुड (धा.) [*संवरणे, तुदा.सक.अकश्च, सेट् पर.*] डुब्नु, ढाक्नु, हराउनु। लट्— **व्रुडति—** ढाक्छ, डुब्छ, हराउँछ इत्यादि।

ब्रुडितः (पुं.वि.) [*व्रुड्यते स्म, व्रुड संवरणे इति धातोः, गत्यर्थाकर्मक क्तः*] १.डुबेको/निमग्न २.बाटो बिराएको/जङ्गलमा हराएको। ३.ढाकिएको।

व्रूस (धा.) [*वधे, चुरा. पक्षे भ्वा. सक.सेट्*] लट्— **व्रूसयति, व्रूसति**— मार्छ इत्यादि।

व्ली (धा.) [*वरणे, क्र्या. सक.अनिट् पर.*] मन पराउनु, खोजेर निकाल्नु, ढाक्नु। लट्— **व्लीनाति—** मन पराउँछ, खोजेर निकाल्छ, ढाक्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श

श- १.देवनागरी वर्णमालाको तिसौँ अक्षर, यसको उच्चारण स्थान तालु हो। यसलाई तालव्य **श** भनिन्छ। यसको उच्चारणमा एक प्रकारको रगडाइ हुने हुँदा यसलाई ऊष्म व्यञ्जन पनि भनिन्छ। यो वर्ण आभ्यन्तर प्रयत्नको हिसाबले ईषत्स्पृष्ट र बाह्य प्रयत्नको हिसाबले श्वास, विवार, अघोष र महाप्राण व्यञ्जन हो। **खरो विवाराः श्वासा अघोषाश्च। वर्गाणां द्वितीयचतुर्थौ शलश्च महाप्राणाः** (सि.कौ.) भाषाविज्ञानअनुसार खण्डीय वर्ण २.अनुबन्धविशेष, जस्तै— तुदादिमा शप्रत्ययको श।

शः (पुं.) [*श्यति तनूकरोति दुःखम्, शो तनूकरणे इति धातोः अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] १.मङ्गल २.महादेव ३.[*श्यति तनूकरोति काष्ठादिकम्, प्राग्वद्*] शस्त्र ४.ग्रन्थको प्ररम्भमा प्रयोग हुँदा सुखवाचक शब्द। **शः सुखं सस्तु खेदम्** (वृ.र. टीका)।

शंयुः (पुं.वि.) [*शमस्त्यस्य, शमिति सुखम्, कंशंभ्यां वभयुस्तितुतयसः ५.२.१३८ इति युस्*] १.सानन्द, सुखी २.समृद्ध ३.(पुं.) बृहस्पतिपुत्र/अग्निविशेष। **सोऽग्निर्बृहस्पतेः पुत्रः शंयुर्नाम महाव्रतः** (म.भा. ३.२१८.२)।

शंवः (पुं.वि.) [*शमस्त्यस्य कंशंभ्यां वभयुस्तितुतयसः ५.२.१३८ इति वः*] १.सुखी/शुभयुक्त २.(पुं.) इन्द्रको वज्र ३.मुसलको अगाडि राखिएको फलामको चाँदे।

शंवरम् (नपुं.) [*शं कल्याणं वृणोति, शम्पूर्वकाद् वृञ् वरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] जल/पानी। **यमुनाशंवरमम्बरं व्यतानीत्** (सा.द.७ प.)।

शंसनम् (नपुं.) [*शंसु स्तुतौ हिंसायां कथने च, इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.प्रशंसा गर्ने काम २.कथन। **सशंस वाचा पुनरुक्त एव। न मे ह्रिया शंसति किञ्चिदीप्सितम्** इति च। (रघु.) ३.वर्णन ४.पाठ गर्ने काम ५.हिंसा गर्नु।

शंसा (स्त्री.) [*शंसनम्, शंसु स्तुतौ इति धातोः गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप्*] १.प्रशंसा/स्तुति २.इच्छा ३.वाक्य ४.पुनरावृत्ति ५.वर्णन।

शंसापत्रम् (नपुं.) [*शंसायाः प्रशंसायाः पत्रम्, ष.त.*] प्रशंसापत्र।

शंसितः (पुं.वि.) १.[*शंस्यते स्म, शंसु स्तुतौ हिंसाया कथने च इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] प्रशंसा गरिएको २.भनिएको ३.स्तुति गरिएको ३.वर्णन गरिएको ४.अभिलषित ५.निश्चित ६.झुटो दोष लगाइएको ७.हिंसा गरिएको।

शंसु (धा.) [*स्तुतौ, हिंसायां कथने च सक.सेट् पर.*] स्तुति गर्नु, हिंसा गर्नु, गर्नु, भन्नु। लट्— **शंसति—** स्तुति गर्छ, हिंसा गर्छ, भन्छ। **अभिशंसति-** झुटो आरोप लगाउँछ। **आशंसति—** चाहन्छ, बोल्छ। **प्रशंसति—** प्रशंसा गर्छ। लिट्— **शशंस—** स्तुति गरेछ, हिंसा गरेछ, भनेछ। (अन.), **शंसिता-** स्तुति गर्ने छ, हिंसा गर्ने छ, भन्ने छ। (अन.) लृट्- **शंसिष्यति**-स्तुति गर्ने छ, हिंसा गर्ने छ, भन्ने छ। लोट्- **शंसतु-** स्तुति गरोस्, हिंसा गरोस्, भनोस्। लङ्— **अशंसत्—** स्तुति गऱ्यो, हिंसा गऱ्यो, भन्यो। विधिलिङ्— **शंसेत्—** स्तुति गरोस्, हिंसा गरोस्, भनोस्, स्तुति गर्ला, हिंसा गर्ला, भन्ला। आशीर्लिङ्— **शस्यात्—** स्तुति गरोस्, हिंसा गरोस्, भनोस्। लुङ्— **अशंसीत्—** स्तुति गऱ्यो, हिंसा गऱ्यो, भन्यो। लृङ्— **अशंसिष्यत्—** स्तुति गर्ने थियो, हिंसा गर्ने थियो, भन्ने थियो। कर्मणि— **शंस्यते—** स्तुति गरिन्छ, हिंसा गरिन्छ, भनिन्छ। णिचि— **शंसयति-ते—** स्तुति गराउँछ, हिंसा गराउँछ, भनाउँछ। सनि— **शिशंसिषति—** स्तुति गर्न चाहन्छ, हिंसा गर्न चाहन्छ, भन्न चाहन्छ। यङि— **शाशस्यते—** बारम्बार वा अतिशय स्तुति गर्छ, हिंसा गर्छ, भन्छ। यङ्लुकि— **शाशंसीति, शाशंस्ति—** बारम्बार वा अतिशय स्तुति वा हिंसा गर्छ, भन्छ। कृदन्ते- **शंसकः, शंसिका, शंसिता-त्री—** स्तुति गर्ने, हिंसा गर्ने, भन्ने। **शंसितव्यम्, शंसनीयम्, शंस्यम्** [*पक्षे शशिदुहिगुहिभ्यो वा ३.१.१०९ इति क्यप्, उपधायाः नस्य लोपः*] **शस्यः—** स्तुति गर्नुपर्ने, हिंसा गर्नुपर्ने, भन्नुपर्ने। **शंसित्वा, प्रशंस्य—** स्तुति गरेर, हिंसा गरेर, भनेर। **शस्तः-** प्रशंसा गरिएको, हिंसा गरिएको, भनिएको। **नृशंसः—** क्रूर, हत्यारा (अत्र हिंसैव धात्वर्थः) **नराशंसः**- अग्नि, देशविशेष। **प्रशंसा, प्रशस्तिः—** स्तुति इत्यादि।

शंस्ता (पुं.) [*शंसति प्रशंसति, शंसु स्तुतौ, हिंसायां कथने च इति धातोः, तृन्तृचौ शंसिक्षदादिभ्यः सञ्ज्ञायाञ्चानिटौ (उ) .२.९४ इति तृन्, इडभावश्च*] १.स्तुति गर्ने २.हिंसा गर्ने ३.भन्ने ४.होता।

शंस्थः (पुं.) [*शमिति सुखवाचकमव्ययपदम्, शं सुखे तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, स्थः क च ३.२.७० इति कः*] सुखी।

शंस्यः (पुं.) [*शंसितुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, पक्षे शंसिदुहिगुहिभ्यो वा (वा.) ३.१.११९ इति क्यप्, अनिदिताम् ६.४.२४ इति उपधालोपः, शस्यः*] १.तारिफ गर्न लायक/प्रशसंनीय २.हिंस्य ३.कथ्य।

शक (धा.) [*मर्षणे, दिवा. सक.सेट् उभय.*] सक्नु। लट्— **शक्यति—शक्यते—** सक्छ। लिट्— **शशाक-शेके—** सकेछ (अन.), लुट्— **शक्ता—** सक्ने छ। लृट्— **शक्ष्यति-ते—** सक्ने छ। लोट्— **शक्यतु, शक्यताम्—** सकोस्। लङ्— **अशक्यत, अशक्यत—** सक्यो (अन.) विधिलिङ्— **शक्येत, शक्येत—** सक्ला, सकोस्। आशीर्लिङ्— **शक्यात, शक्षीष्ट—** सकोस्। लुङ्— **अशाक्षीत, अशक्त—** सक्यो। लृङ्— **अशक्यत, अशक्ष्यत—** सक्ने थियो। कर्मणि— **शक्यते—** सकिन्छ। णिचि— **शाकयति-ते—**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकाउँछ। सनि— **शिशकिषति-शिशक्षति-ते**— सक्न चाहन्छ। यङि— **शाशक्यते**— बारम्बार सक्छ। यङ्लुकि— **शाशकीति-शाशक्ति**— बारम्बार सक्छ। कृदन्ते— **शक्ता-त्री**— सक्ने। **शकितव्यम् शकनीयम् शक्यम्**— सक्नुपर्ने। **शक्तः**— समर्थ। **शक्तिः**— सामर्थ्य। **शक्त्वा**— शकेर। **शक्तुम्**— सक्न। **शक्वरी**— छन्दविशेष। **शकलम्**— खण्ड। **शक्रः**— इन्द्र,। **शकुनः, शकुन्तः, शकुन्तिः, शकुनिः**— चरो। **शकृत्**— दिसा/गोबर। **शकटः**— गाडा इत्यादि।

शकः (पुं.) [*शक्नोति वशीकर्तुं शत्रून् शक्लृ शक्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.एक प्राचीन जाति २.ततार देश ३.शालिवाहनले चलाएको संवत्सर। यो विक्रम संवत्सरभन्दा १३५ वर्षपछि सुरु भएको हो। ४.शालिवाहन ५.[*द्व्यञ्मगधकलिङ्गसूरमसादण् ४.१.१७० इत्यण्, कम्बोजादिभ्य इति वक्तव्यम् (वा.) ४.१.१७५ इति लुक्*] भारतको उत्तर पश्चिममा पर्ने एक देश वा त्यस देशका बासिन्दा (यस अर्थमा **शकाः** यस्तो बहुवचनको प्रयोग हुन्छ) विक्रमादित्य मरेको १०० वर्षपछि सिन्धुनद तरेर शकहरू भारतमा आए र राज्य गरे, यिनलाई शालिवाहनले जितेर वशमा राखे। (म.भा. आ.प.) **शकाः यवनकाम्बोजास्तास्ताः क्षत्रियजातयः। वृषलत्वं परिगता ब्राह्मणानामदर्शनात्** (म.भा.अनु.प.)।

शकटः (पुं.) [*वोढुं शक्नोतीति, शकि गतौ इति धातोः, शकादिभ्योऽटन् (उ.) ५३० इति अटन्*] १.ऋषिविशेष २.कृष्णले मारेको एक राक्षस।

शकटम् (पुं. नपुं.) [*शक्नोति भारं वोढुम्, जीवयितुं वा, शक्लृ शक्तौ इति धातोः, शकादिभ्योऽटन् (उ.) ५३० इत्यटन्*] १.गाडा २.रेलगाडी। **शकटः शाकिनी गावो यानमास्कन्दनं स्वनम्। अनूपः पर्वतो राजा दुर्भिक्षे नव वृत्तयः।** (भरत.) ३.रोहिणी नक्षत्र। **रोहिणीशकटमध्यसंस्थिते चन्द्रमस्यशरणीकृता जनाः। क्वापि यान्ति शिशुयाचिताशनाः सूर्यतप्तपिठराम्बुपायिनः।** (बृहत्संहिता २४.३०) १.तिनिसको रुख २.व्यूहविशेष। **दण्डमार्गेण तन्मार्गं यायात्तु शकटेन वा** (मनु. ७.१८७)।

शकटिका (स्त्री.) [*स्वल्पः शकटः, अल्पे ५.३.८५ इति स्वल्पार्थे कन्, टाप् ४.१.४ इत्वम्*] सानो गाडा।

शकलः (पुं.नपुं.) [*शक्नोतीति शक्लृ शक्तौ इति धातोः, शकि-शम्योर्नित् (उ.) ११७ इति सूत्रेण कलः*] १.खण्ड। **अथान्धकारं गिरिगह्वराणां दंष्ट्रामयूखैः शकलानि कुर्वन्** (रघु.) २.माछाको छाला ३.बोक्रा ४.रङ्गाउने द्रव्य ५.छाला। **शकलं त्वचि खण्डे च रागवस्तुनि वल्कले।** (विश्वः) ६.(नपुं.) शिरको हाड। **शिरसोऽस्थि करोटी स्यात् कपाटं शकलञ्च तत्** (हला.)।

शकली (पुं.) [*शकलं शल्कमस्यास्तीति, अत इनिठनौ ५.२:११५ इति इनिः*] माछो । **वैसारिणो विसारः पृथुरोमा जलचरो झषो मत्स्यः। तिमिरनिमिषश्च मीनः शकली शल्की च विज्ञेयः॥** (हला.)

शकारः (पुं.) [*श इति निर्देशे वर्णात्कारः (वा.) इति कारप्रत्ययः*] १.श यस्तो अक्षर २.शक वंशको व्यक्ति ३.रखौटी स्त्री वा अविवाहिता पत्नीतिरको राजाको सालो वा जेठान ४.मूर्ख, नीच, चञ्चल, अभिमानी र कठोर दिलको नाटकीय पात्र।

शकारिः (पुं.) [*शकानामरिः, ष.त.*] विक्रमादित्य।

शकि (धा.) [*शङ्कायाम्, भ्वा.सक.सेट् आत्म.*] शङ्का गर्नु। लट्— **शङ्कते**— शङ्का गर्छ। लिट्— **शशङ्के**— शङ्का गरेछ (अन.)। लुट्— **शङ्किता**— शङ्का गर्ने छ (अन.)। लृट्— **शङ्किष्यते**— शङ्का गर्ने छ। लोट्— **शङ्कताम्**— शङ्का गरोस्। लङ्— **अशङ्कत**— शङ्का गऱ्यो (अन.)। विधिलिङ्— **शङ्केत**— शङ्का गर्ला, शङ्का गरोस्। आशीर्लिङ्— **शङ्किषीष्ट**— शङ्का गरोस्। लुङ्—**अशङ्किष्ट**—शङ्का गऱ्यो। लृङ्— **अशङ्किष्यत**— शङ्का गर्ने थियो। कर्मणि— **शङ्क्यते**— शङ्का गरिन्छ। णिचि— **शङ्कयति-ते**— शङ्का गर्न लगाउँछ। सनि— **शिशङ्किषते**—शङ्का गर्न चाहन्छ। कृदन्ते— **शङ्कितव्यम्/शङ्कनीयम्/शङ्क्यम्**—शङ्का गर्नुपर्ने। **शङ्कितुम्**— शङ्का गर्न। **शङ्कित्वा/ आशङ्क्य**— शङ्का गरेर। **शङ्कमानः**— शङ्का गरिरहेको। **शङ्कुः**—किलो। **शङ्कुला**— अस्त्रविशेष/ हतियारविशेष इत्यादि।

शकुनः (पुं.) [*शक्नोति उन्नेतुमात्मानमिति, शक्लृ शक्तौ इति धातोः, शकेरुनोन्तोन्त्युनयः (उ.) ३३६ इत्युनः*] १.पक्षी/चरो २.चिल ३.गिद्ध। **शकुनस्तु पुमान् पक्षिमात्रपक्षिविशेषयोः। शुभशंसि-निमित्ते च शकुनं स्यान्नपुंसकम्॥** (मेदिनी.) ४.मङ्गल कार्यमा गाइने गीतविशेष ५.ब्राह्मणको एक प्रकार।

शकुनज्ञः (पुं.वि.) [*शकुनं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] शुभ वा अशुभ लक्षणको ज्ञाता/शकुन विचार गर्ने।

शकुनम् (नपुं.) [*शक्नोति शुभाशुभं विज्ञातुमनेन, शक्लृ शक्तौ इति धातोः, शकेरुनोन्तोन्त्युनयः (उ) .३३६ इत्युनः*] १.विशेष कार्यको आरम्भमा शुभ वा अशुभ सूचित गर्ने लक्षण २.शुभ मुहूर्त/साइत ३.विवाह आदिमा स्त्री पुरुषहरूलाई दिइने माङ्गलिक भागविशेष/सगुन।

शकुनिः (पुं.) [*शक्नोति उन्नेतुमात्मानमिति, शक्लृ शक्तौ इति धातोः, शकेरुनोन्तोन्त्युनयः (उ.) ३३६ इत्युनिः*] १.गिद्ध २.चिल ३.पक्षी ४.महाभारतका प्रसिद्ध एक पुरुष पात्र/सौवल/दुर्योधनका मामा। यी दुर्योधनका मन्त्री थिए। यिनैले जुवामा हराएर पाण्डवलाई वन पठाएका थिए। महाभारतको युद्धमा सहदेवले यिनलाई मारे। ५.ज्योतिषमा प्रसिद्ध बब आदि एघार करणमध्ये आठौं करण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परजनधनहर्ता वञ्चकः क्रूरचेष्टः
करधृतकरवालो व्याहतस्वामिपक्षः।
अतिशयपरदारासक्तचित्तो सरोषो
भवति शकुनिजन्मा मानवः शीघ्रकर्मा॥ (कोष्ठीप्रदीपः)
६.दुःसहको पुत्र (मा.पु.) ७.विकुक्षिको पुत्र (अ.पु.)।

शकुनिवादः (पुं.) [*शकुनेर्दुर्योधनश्यालकस्य वादः, ष.त.*] १.जालझेलको सिद्धान्त २.[*शकुनेः पक्षिविशेषस्य ताम्रचूडस्य वदः,ष.त.*] कुखाको डाको/बिहान भाले बास्ने काम ३.[*शकुनीनां पक्षिणां वादः,ष.त.*] पक्षीको आवाज।

शकुन्तः (पुं.) [*शक्नोति उन्नेतुमात्मानमिति, शक्लृ शक्तौ इति धातोः, शकेरुनोन्तोन्त्युनयः (उ.) ३३६ इत्युन्तः*] १.पक्षी (म.भा. १.७२.११) २.एक जातको चरो/ठेउवा। **शकुन्तो भास उच्यते।** (हला.) ३.किरोविशेष। **शकुन्तः कीटभेदे स्याद्भासपक्षिविहङ्गयोः।** (मेदिनी.)।

शकुन्तला (स्त्री.) [*शकुन्तैः लायते, ला आदाने इति धातोः, घञर्थे कविधानम् (वा.) इति कः, आतो लोपः ६.४.६४*] चराहरूले रक्षा गरिएकी कन्या/विश्वामित्र र मेनकाबाट जन्मेकी कन्या/राजा दुष्यन्तकी रानी।

शकुन्तिः (पुं.) [*शक्नोत्युन्नेतुमात्मानम्, शक्लृ शक्तौ इति धातोः, शकेरुनोन्तोन्त्युनयः (उ.) ३३६ उन्तिः*] १.पक्षी २.भास पक्षी।

शकुलः (पुं.) [*शक्नोति तरितुं वेगेन, मद्गुरादयश्च (उ.) ४३ इति बाहुलकाद्, उरच्, रस्य लत्वनिपातः*] सौरा भनिने ठुलो खालको माछो। **नातिगाधे जलाधारे सुहृदः शकुलास्त्रयः। प्रभूतमत्स्ये कौन्तेय बभूवुः सहचारिणः॥** (म.भा.१२.१३७.३)

शकुलाक्षका (स्त्री.) [*शकुलस्य मत्स्यस्येवाक्षि यस्याः सा, बहु.स., अक्ष्णोऽदर्शनात् ५.४.७६ इत्यच्, स्वार्थे कन्*] सेतो दुबो।

शकुलादनी (स्त्री.) [*शकुलैर्मत्स्यभेदैरद्यते, अद भक्षणे इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५) इति ङीप्, यद्वा युच् (उ.) षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.पिर्रे लहरो २.हलहले ३.गडेउला ४.कुद्की। **शकुलादनी स्त्रियां कृष्णभेदे कटुकशाकयोः** (मेदिनी.)।

शकुलार्भकः (पुं.) [*शकुलोऽत्र मत्स्यमात्रम्, तस्यार्भकः, ष.त.*] गडकनामक माछो।

शकुली (पुं.) [*शकुलमस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.माछो २.बोक्रा। **शकलं वल्कलेऽर्थे च इति तालव्यादावजयः** (अमर., रा.टी.)।

शकृत् (अव्य.) [*शक्नोति, शक्यते वा, निःसर्तुं निःसारयितुं वा, शक्लृ शक्तौ इति धातोः शकेर्ऋतिन् (उ.५०७) इति ऋतिन्*] विष्ठा/मल। **स दृष्ट्वा तप्तहृदयः शकृन्मूत्रं विमुञ्चति** (भाग. ३.३.१९)।

शकृत्करिः (पुं.) [*शकृत् करोति, व्रीहिवत्सयोरिति वक्तव्यम् (वा.) इत्यनुसारेण स्तम्बशकृतोरिन् ३.२.२४ इति इन्*] गाईको बाच्छो।

शक्तः (पुं.वि.) [*शक्यते स्म, शक्लृ शक्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.समर्थ २.योग्य/लायक ३.धनी ४.व्यञ्जक।

शक्तिः (स्त्री.) [*शक्यते जेतुमनया, शक्लृ शक्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्राचीन एक अस्त्रविशेष। यो दुई हात लामो, सिंहको जस्तो मुख, जिब्रो र तिखा नङ्ग्रा भएको, हातले समात्ने मुठ भएको, घण्टाको जस्तो आवाज आउने र रगतले मुछिएको हुन्छ। युद्धमा दुवै हातले उठाई घुमाएर हानिने यो अस्त्र ट्याढासम्म पुगेर शत्रुलाई मार्ने खालको हुन्छ। २.विशेष किसिमको सामर्थ्य। यो तीन किसिमको हुन्छ– प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्ति ३.पराक्रम ४.दुर्गा/महामाया। यिनको रूप र सामर्थ्य अनन्त छ। ५.विद्युत् वा यन्त्रद्वारा सञ्चार गरिएको बल ६.शब्दमा रहेको अर्थ बुझाउन सक्ने क्षमता वा शब्द र अर्थका बिचको सम्बन्ध ७.कार्त्तिकेयको अस्त्र ८.कुनै पनि पीठकी देवी ९.योनि १०.प्रकृति ११.(पुं.) [*शक्यति, शक्यते वा, क्तिच् क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] ऋषिविशेष।
~सम्पन्नः (पुं.वि.) [*शक्त्या सम्पन्नः, तृ.त.*] शक्तिद्वारा सम्पन्न।

शक्तिग्रहः (पुं.) [*शक्तिं गृह्णाति,अच्प्रकरणे शक्तिलाङ्गुलाङ्कुश-यष्टितोमरघटघटीधनुःषु ग्रहेरुपसङ्ख्यानम् (वा.३.२.९) इत्यच्*] १.शब्दशक्तिको ज्ञान। यस शब्दबाट यस अर्थको बोध हुन्छ (तार्किकको मतमा ईश्वरेच्छा, मीमांसकको मतमा व्यवहार, वैयाकरणको मतमा सङ्केतग्रह, कतिपय भाषाविद्हरूको विचारमा यादृच्छिकता आदि) भन्ने कुराको ज्ञान।
शक्तिग्रहं व्याकरणोपमानकोषाप्तवाक्याद् व्यवहारतश्च।
वाक्यस्य शेषाद् विवृतेर्वदन्ति सान्निध्यतः सिद्धपदस्य वृद्धाः॥
(प्राञ्च) २.शिव ३.कार्तिक स्वामी।

शक्तिग्राहकः (पुं.) [*शक्तिं ग्राहयति, गृह्णाति च,ण्वुल्तृचौ इति ण्वुल्, अकः*] १.अर्थबोधका लागि अपेक्षित साधनहरू– व्याकरण, उपमान, कोष, आप्तवाक्य, व्यवहार आदि। २.शक्तिनामक अस्त्र लिने वा लिन लगाउने व्यक्ति।

शक्तित्रयम् (नपुं.) [*शक्तीनां त्रयम्, ष.त.*] १.राजैतिक शक्ति- प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्ति २.शब्दशक्ति– अभिधा, लक्षणा, व्यञ्जना ३.दैवी शक्ति– महाकाली, महालक्ष्मी, महासरस्वती।

शक्तिधरः (पुं.) [*शक्तेर्धरः,ष.त.*] १.कार्तिकेय। **षाण्मातुरः शक्ति धरः कुमारः क्रौञ्चदारणः** (अमर.) २.(पुं.वि.) शक्ति लिने।

शक्तिपाणिः (पुं.) [*शक्तिरस्त्रविशेषः, पाणौ हस्ते यस्य सः, बहु.स.*] कार्तिक स्वामी। **गौरीपुत्रः षण्मुखः शक्तिपाणिः क्रौञ्चारातिः कार्तिकेयो विशाखः** (हला.)।

शक्तिभृत् (पुं.) [*शक्तिं बिभर्ति, क्विप्, तुक्*] १.कार्तिकेय। **विशाखः शक्तिभृत्** (अभि.चि.) २.(पुं.वि.) शक्तिनामक अस्त्रधारी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिमान् (पुं.वि.) [*शक्तिः सामर्थ्यमस्त्रविशेषो वा अस्यास्तीति, मध्वादिभ्यश्च ४.२.८६ इति मतुप्*] १.समर्थ/प्रशस्त ताकत भएको/शक्तिशाली २.(पुं.) कार्तिक स्वामी।

शक्तिहेतिकः (पुं.) [*शक्तिर्हेतिर्यस्य सः, बहु.स.*] १.शक्तिनामक अस्त्र धारण गर्ने व्यक्ति २.कार्तिक स्वामी।

शक्तुः (पुं.) [*शक्यते भोक्तुं सम्यक्, बाहुलकात् तुन्, प्रायेणास्य बहुवचने प्रयोगः*] सातु। मकै चना, जौ आदिलाई भुटेर पिसिएको पिठो। **धान्यानि भ्राष्टभृष्यनि यन्त्रपिष्यनि शक्तवः** (भा.प्र.)।

शक्यः (पुं.वि.) [*शक्तुं योग्यः, शक्लृ शक्तौ इति धातोः, शकिसहोश्च ३.१.९९ इति यत्*] हुनसक्ने/साध्य/सम्भव। **शक्योऽस्य मन्युर्भवता विनेतुं गाः कोटिशः स्पर्शयता घटोध्नीः** (रघु.) **शक्या हि केन निश्चेतुं दुर्ज्ञेया नियतेर्गतिः** (सुभा.)।

शक्रः (पुं.) [*शक्नोति, शत्रून् दमयितुम्, शक्लृ शक्तौ इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्विति वृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसि दम्भिवसिवाशिशीङ्हसिसिधिशुभिभ्यो रक् (उ.) १७८ इति रक्*] १.इन्द्र २.वृक्षविशेष/ठुलो कुरो ३.अर्जुनवृक्ष ४.शिव/महादेव ५.काउली ६.लायेकोसेरो ७.ज्येष्ठा नक्षत्र ८.(पु.वि.) समर्थ। **शक्रः पुमान् देवराजे कुटजार्जुनभूरुहौ** (मेदिनी.)।

शक्रजः (पुं.) [*शक्राज्जातः, जनधातोर्डः*] १.काग २.जयन्त ३.वाली

शक्रजित् (पुं.) [*शक्रम्, इन्द्रं जितवान्, सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, तुक्*] इन्द्रजित्/रावणको जेठो छोरो। **रावणिः शक्रजिन्मेघनादो मन्दोदरीसुतः** (अभि.चि.)।

शक्रधनुः (नपुं.) [*शक्रस्य धनुः, ष.त.*] इन्द्रेणी। **यथाकाशे शक्रधनुः प्रकाशते। न चैकवर्णं न च वेद्मि किन्तु तत्** (म.भा. ५.२६.११)।

शक्रध्वजः (पुं.) [*शक्रस्य ध्वजः,ष.त.*] इन्द्रको पताका।

शक्रपादपः (पुं.) [*शक्रस्य पादपः,ष.त.*] देवदारु वृक्ष।

शक्रपुष्पिका (स्त्री.) [*शक्रोऽर्जुनतरुः पुष्पमस्याः, शक्रशब्दः पुष्पे लाक्षणिकः, पाककर्ण ४.१.६४ इति ङीष्, कन्, टाप् ४.१.४, इत्वम्, ह्रस्वश्च*] इन्द्रपुष्पी।

शक्रवाहनः (पुं.) [*शक्रं वाहयति, णिचि, ल्युः, अनः*] मेघ।

शक्रशिरः(नपुं.) [*शक्रस्य इन्द्रस्य शिर इव शिरो यस्य तत्, बहु.स.*] धमिराको गोलो। **वम्रीकूटं ... नाकुः शक्रशिरश्च सः** (अभि.चि.)।

शक्रसारथिः (पुं.) [*शक्रस्य इन्द्रस्य सारथिः, ष.त.*] इन्द्रको रथ हाँक्ने व्यक्ति/मातलि।

शक्रसुतः (पुं.) [*शक्रस्य सुतः, ष.त.*] १.वालीनामक वानर (अभि. चि.) २.जयन्त ३.अर्जुन।

शक्राख्यः (पुं.) [*शक्रस्य आख्या यस्य सः, बहु.स.*] १.लायेकोसेरो २.इन्द्रलाई बुझाउने पद।

शक्राणी (स्त्री.) [*शक्रमणति आनयति जीवयतीति वा, कर्मण्यण् ३.२.१ इत्यण्, टिड्ढाणञ्द्वयसज्– ४.१.१५ इति ङीप्*] इन्द्रकी पत्नी। **बृहस्पतिरथोवाच शक्राणीं भयमोहिताम्** (म.भा. ५.११.२२)।

शक्लः (पुं.) [*शक्नोति तोषयितुं जनान्, शक्लृ शक्तौ इति धातोः, मूशक्यबिभ्यः क्लः (उ.) ५४८ इति क्लः*] मिठो बोल्ने।

शक्लृ (धा.) [*शक्तौ, अक.अनिट्, पर.*] सक्नु। लट्– **शक्नोति**– सक्छ। लिट्– **शशाक**– सकेछ (अन.)। लुट्– **शक्ता**– सक्ने छ (अन.)। लृट्– **शक्ष्यति**–सक्ने छ। लोट्– **शक्नोतु**– सकोस्। लङ्– **अशक्नोत्**– सक्यो (अन.)। विधिलिङ्– **शक्नुयात्**– सक्ला, सकोस्। आशीर्लिङ्– **शक्यात्**– सकोस्। लुङ्– **अशकत्**–सक्यो। लृङ्– **अशक्ष्यत्**– सक्ने थियो। भावे– **शक्यते**– सकिन्छ। णिचि– **शाकयति-ते**– सक्न लगाउँछ। सनि– **शिशक्षति**– सक्न चाहन्छ। कृदन्ते– **शक्नुवन्/ती**– सकिरहेको/की। **शक्तः/ शक्तवान्**– सकेको। **शक्तव्यम्/ शकनीयम्/ शक्यम्**– सक्नुपर्ने। **शक्त्वा/ प्रशक्य**– सकेर। **शक्तिः**– देवी, अस्त्रविशेष,क्षमता । **शाकः**– साग। **शकटम्**– गाडा। **शकृत्**–दिसा। **शक्रः**– इन्द्र। **शकलम्**– खण्ड/टुक्रो। **शकुनिः**– पक्षी इत्यादि।

शक्वरी (स्त्री.) [*शक्नोति कार्यं कर्तुम्, स्नामदिपद्यर्तिपृशकिभ्यो वनिप् (उ.) इति वनिप्, वनो र च ४.१.७ ङीब्रौ*] १.औँलो २.ढोई ३.छन्दोविशेष। यसभित्रका ६ओटा छन्द ४.[*शक्नोति क्षीरप्रदानेन प्रीणयितुम्*] गाई ५.मेखला ६.नदीविशेष।

शङ्कनीयः (पुं.वि.) [*शङ्कितुं योग्यः, शकि शङ्कायाम् इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] शङ्का वा सन्देह गर्नु पर्ने/शङ्काजनक/सन्देहास्पद।

शङ्करः (पुं.) [*शं कल्याणं करोतीति, शमि धातोः संज्ञायाम् ३.२.१४ इति अच्*] १.शिव/महादेव २.शङ्कराचार्य ३ एक प्रकारको कपुर ४.रातको समयमा गाइने रागविशेष ५.एक प्रकारको मात्रिक छन्द। यसका प्रत्येक चरणमा छब्बिस मात्रा हुन्छन्। ६.(पु.वि.) कल्याणकारक। **हिरण्यगर्भ भद्रन्ते लोकानां शङ्करो भव** (म.भा.२२८.६)।

शङ्कराचार्यः (पुं.) [*शङ्कर इति आचार्यः, कर्म.स.*] अद्वैतवादी सिद्धान्तका प्रवर्तक। यिनको समय सातौँ शताब्दी हो। आठ वर्षको अवस्थामा नै यिनले चारै वेदको अध्ययन गरेका थिए। १६ वर्षको उमेरमा यिनले भाष्य लेखे। **अष्टवर्षे चतुर्वेदी द्वादशे सर्वशास्त्रवित्। षोडशे कृतवान् भाष्यं द्वात्रिंशे मुनिरभ्यगात्॥** यिनका दुई सयभन्दा पनि बढी ग्रन्थ छन्। यिनलाई तीन भागमा बाँड्न सकिन्छ– भाष्य, स्तोत्र र प्रकरणग्रन्थ। ब्रह्मसूत्रको भाष्यलाई शारीरिक


(*शङ्कराचार्यः*)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाष्य र **गीताभाष्य**लाई शाङ्करभाष्य भनिन्छ। यिनले १२ उपनिषद्‌मा भाष्य लेखेका छन्– ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, छान्दोग्य, बृहदारण्यक, श्वेताश्वरत र नृसिंहतापनीय। यिनका अन्य ग्रन्थहरूमा **माण्डूक्यकारिकाभाष्य, विष्णुसहस्रनामभाष्य, सनत्सुजातीयभाष्य, हस्तामलकभाष्य, त्रिंशतीभाष्य, गायत्रीभाष्य, साङ्ख्यकारिकाको जयमङ्गलाटीका** महत्त्वपूर्ण छन्। स्तोत्रग्रन्थहरूमा **गणेशस्तोत्र, शिवस्तोत्र, शिवापराधक्षमापनस्तोत्र, सुवर्णमालास्तुति, मानसिक पूजा, शिवनामावल्यष्टक, शिवपञ्चाक्षर, दक्षिणामूर्तिस्तोत्र** आदि प्रसिद्ध छन्। प्रकरणग्रन्थहरूमा **अद्वैतपञ्चरत्न, अद्वैतानुभूति, कौपीनपञ्चक** आदि प्रख्यात ग्रन्थ हुन्। यिनका पिताको नाम– शिवगुरु, माताको नाम– सुभद्रा र गुरुको नाम गोविन्द भगवत्पाद हो। यिनी वैशाख शुक्ल पञ्चमीका दिन दक्षिण भारतको केरलाप्रदेशअन्तर्गत पूर्णा नदीको तटवर्ती कलादिनामक गाउँमा जन्मिएका हुन्। यिनलाई आदि शङ्कराचार्य भनिन्छ। यिनी ई. सन् ८२० मा केदारनाथमा ब्रह्मलीन भएका थिए। शङ्कराचार्यका प्रसिद्ध चार पीठ छन्- पूर्वमा जगन्नाथ, दक्षिणमा शारदामठ, शृङ्गेरीमठ, पश्चिममा ज्योतिर्मठ र उत्तरमा बदरिकाश्रम।

शङ्का (स्त्री.) [*शकि शङ्कायामिति धातोः, गुरोश्च हलः ३.३.१०२ इत्यः, टाप् ४.१.४*] १.कुनै अनिष्ट आइपर्ला कि भन्ने डर वा आशङ्का २.सन्देह/संशय ३.साहित्यमा तेत्तिस व्यभिचारि भावमध्येको एक भाव/अर्काको क्रूरता, आफ्नो दोष आदिबाट उत्पन्न हुने अनर्थको आशङ्का।

परक्रौर्यात्मदोषाद्यैःशङ्कानर्थस्य तर्कणम्।
वैवर्ण्यकम्पवैस्वर्यपार्श्वालोकास्यशोषकृत्॥
(सा.द.३.१६७)

शङ्कितः (वि.) [*शङ्का जाताऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.शङ्का गरिएको/शङ्कास्पद/शङ्कायुक्त।

शङ्कुः (पुं.) [*शङ्कते अस्माद्, यं दृष्ट्वा शङ्कते सन्दिग्धो भवति वा, शकि शङ्कायामिति धातोः, खरुशङ्कुपीयुनीलङ्गुलिगु इति सूत्रेण शङ्कु इति निपातः*] १.किलो/खाँबो २.तिखारिएको वस्तु/शस्त्र ३.घडीका केन्द्रमा रहने किलो ४.ज्योतिषमा पलभा, चर आदि निकाल्न प्रयोग गरिने बाह्र अङ्गुल बराबरको किलो ५.डँडाल्नु र पेट खैरो भई बाँकी शरीर सेतो हुने एक जातको मृग ६.हातले फ्याँक्ने भाला ७.पातालमा गुप्त धनको रक्षा गर्ने बाउन्ने प्राणी ८.विष ९.वृक्षविशेष १०.पाप ११.ठुटे १२.जलजन्तुविशेष/भ्यागुतो १३.नसाको समूह १४.बाणको अघिल्लो घुम्रिएको भाग १५.शिव १६.दशलाख करोड १७.जनमेजयका एक छोरा १८.उग्रसेनका एक छोरा।

शङ्कुला (स्त्री.) [*शकि शङ्कायामिति धातोः, बाहुलकादुलच्, टाप् ४.१.४*] सुपारी काट्ने एक किसिमको हतियार/सरौतो।

शङ्खः (पुं.) [*शं खनति जनयति, खनु अवदारणे इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, शङ्कम् अस्य– इति वा, शाम्यत्यलक्ष्मीं वा, शमु उपशमे इति धातोः, शमेः खः (उ.) १०२ इति खः*] १.सङ्ख्याविशेष/एक लाख करोड। **एकं दश शतं चैव सहस्त्रमयुतं तथा। लक्षञ्च नियुतञ्चैव कोटिरर्बुदमेव च। वृन्दं खर्वो निखर्वश्च शङ्खपद्मौ च सागरः। अन्त्यं मध्यं परार्द्धञ्च दशवृद्ध्या यथाक्रमम्॥** (ब्रह्माण्डपुराण) जस्तै–

१	एकम्
१०	दश
१००	शतम्
१०००	सहस्रम्
१००००	अयुतम्
१०००००	लक्षम्
१००००००	नियुतम्
१०००००००	कोटिः
१००००००००	अर्वुदम्
१०००००००००	वृन्दम्
१००००००००००	खर्वः
१०००००००००००	निखर्वः
१००००००००००००	शङ्खः
१०००००००००००००	पद्मम्
१००००००००००००००	सागरः
१०००००००००००००००	अन्त्यम्
१००००००००००००००००	मध्यम्
१०००००००००००००००००	परार्द्धम्

२.कन्चटको हाड ३.हात्तीको गण्डस्थल ४.गोडाको चिह्न ५.वरुणको सभाको एक दैत्य ६.नखी नामको वस्तु ७.कुबेरको एक निधि ८.विश्वेदेवाको अंश, विराट् राजाको जेठो छोरो ९.दुई नगण र चौध रगण भएको दण्डकवृत्त। १०.वायु चल्दाको आवाज ११.खानी १२.अष्टनागमध्ये एक नाग।

अनन्तो वासुकिः पद्मो महापद्मश्च तक्षकः।
कुलीरः कर्कटः शङ्खो ह्यष्टौ नागाः प्रकीर्तिताः॥

(मनसापूजापद्धति) (पुं.) १३.नगरा १४.विष्णुद्वारा मारिएको एक दैत्य १५.धर्मशास्त्रका प्रयोजक एक स्मृतिकार ऋषि।

मन्वत्रिविष्णुहारीतयाज्ञवल्क्योशनोऽङ्गिराः।
यमापस्तम्बसंवर्ताः कात्यायनबृहस्पती॥
पराशरव्यासशङ्खलिखिता दक्षगोतमौ।
शतातपो वशिष्ठश्च धर्मशास्त्रप्रयोजकाः॥ (या.व.)

१६.कपाल/टाउको १७.हलेदो १८.एक प्रसिद्ध समुद्री किरो वा त्यसको हाड। यसलाई हिन्दुहरूले देवपूजा वा कुनै उत्सवमा मुखले फुकेर बजाउँछन्। यसका अनेक जाति वा भेद छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधारणतया चुच्चो मुख हुनेलाई भाले शङ्ख र थेप्चो मुख हुनेलाई पोथी शङ्ख भन्दछन्। उत्तानो पारी आफुतिर मुख फर्काउँदा दाहिनेतिर चर परेकोलाई दाहिने शङ्ख भनिन्छ। कृष्ण वा विष्णुको शङ्ख– **पाञ्चजन्यः** (पुं.), अर्जुनको शङ्ख– **देवदत्तः** (पुं.), भीमसेनको शङ्ख– **पौण्ड्रः** (पुं.), नकुलको शङ्ख– **सुघोषः** (पुं.), सहदेवको शङ्ख– **मणिपुष्पकः** (पुं.), युधिष्ठिरको शङ्ख– **अनन्तविजयः** (पुं.), सात्यकिको शङ्ख– **नन्दिवर्धनः** (पुं.), शङ्खको गहना बनाउने वा बजाउने– **शाङ्खिकः** (पुं.), शङ्खको चुरा– **शङ्खकम्** (नपुं.)/**शङ्खकः** (पुं.), शङ्ख दाहिने– **दार्दुरम्** (नपुं.) **दार्दुरः** (पुं.), शङ्ख सानो– **शङ्खकः** (पुं.), शङ्ख बजाउने– **शाङ्खिकः** (पुं.), शङ्खसम्बन्धी– **शाङ्ख/शाङ्खिक** (वि.), शङ्खको आवाज– **शाङ्खः** (पुं.), शङ्खबाट बनेको वा शङ्खसम्बन्धी– **शाङ्ख्यः** (पुं.वि.), शङ्ख बेच्ने जाति– **शङ्खारिः** (पुं.)। **शङ्खः कम्बौ न योषित् ना भालास्थिनिधिभिन्नखः** (मेदिनी.) **~चूडः** (पुं.) १.जङ्गलमा हुने एक प्रसिद्ध सर्प २.कंसले कृष्णलाई मार्न पठाएको एक दैत्य ३.कुबेरको दूत वा साथी ४.एक यक्ष ५.तीर्थविशेष ६.द्वारिकाको एक गृहस्थ ब्राह्मण। **~जम्** (नपुं.) शङ्खबाट निस्केको मोती। **~तीर्थः** (पुं.) सरस्वतीका तटको एक तीर्थ। **~द्रावः/द्रावकः** (पुं.) १.शङ्ख गलाउने तेजाव २.दही ३.शङ्खत्राको अमिलो। **~धरः** (पुं.) १.विष्णु वा कृष्ण २.नेपालसंवत्सर चलाउने एक राजा। **~ध्मा** (पुं.) शङ्ख बजाउने। **~ध्वनिः** (पुं.) शङ्खको आवाज। **~ नारी** (स्त्री.) प्रत्येक चरणमा दुई यगण हुने एक वर्णवृत्त। **~वाणिः** [*शङ्खस्येव वाणी यस्य सः, बहु. स.*] (पुं.) विष्णु। **~पालः** (पुं.) १.सकरसाला २.सर्पविशेष ३.एक नाग ४.कर्दमको एक छोरा। **~पाषाणः** (पुं.) सङ्खिया विष। **~पुष्पिका/पुष्पी** (स्त्री.) [*शङ्ख इव पुष्पं यस्याः, सा, बहु.स.*] अपराजिता फूल। यसको करिब दुई-तीन अङ्गुल लामो, एक डेढ अङ्गुल चाक्लो, किनारा काटिएको, सुल्येतिर हरियो, उल्येतिर सेतो खालको मसिनो भुस हुने पात हुन्छ। वर्षा ऋतुमा पातको जोर्नी जोर्नीमा भुप्पा लागेर सेतो फूल फुल्छ।। डेढ दुई हात अग्लो बोट हुन्छ। **~भृत्** (पुं.) विष्णु। **~मालिनी** (स्त्री.) शङ्खपुष्पी। **~मुक्ता** (स्त्री.) शङ्खबाट निस्केको मोती। **~मुखः** (पुं.) घडियाल गोही। **~मुद्रा** (स्त्री.) बायाँ औंठोलाई दाहिने कान्छी, साहिंली माझी र चोरी औंलाहरूले समातेर बायाँलाई चोरी र दाहिने औंठोमा जोडेर अरू औंलाहरू क्रमैले राख्दा हुन जाने हस्तक्रियाको मुद्रा।

वामाङ्गुष्ठन्तु संगृह्य दक्षिणेन तु मुष्टिकाम्।
कृत्वोत्तानां ततो मुष्टिमङ्गुष्ठन्तु प्रसारयेत्॥
वामाङ्गुल्यस्तथाश्लिष्यः संयुक्ताः स्युः प्रसारिताः।
दक्षिणाङ्गुष्ठसंस्पृष्य मुद्रैषा शङ्खमुद्रिका॥ (मु.प्र.)

शङ्खिनी (स्त्री.) [*शङ्खाः सन्त्यस्याः, शङ्खाकारपुष्पत्वात्, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.बिहीं जत्रो ऐरेलु २.काम शास्त्रअनुसार चार किसिमका महिलाहरूमध्ये एक किसिमकी महिला। यिनीहरूका हातगोडा लामा हुन्छन्, पाखुरा र पिडौँला नरम हुन्छन्। पिडौँलामा रौँ हुँदैनन्। यिनीहरू अतिशय चलाख, दुष्ट स्वभावका र पतिलाई धोका दिने खालका हुन्छन्। ३.कुण्डलिनी योगअनुसार गुदद्वारनिरको नसो ४.मुखको नसो ५.देवीविशेष ६.अप्सराविशेष ७.सिपी ८.बौद्धहरूकी एक देवी ९.तीर्थस्थान विशेष १०.एक दक्षकन्या ११.शङ्ख हातमा लिएकी स्त्री १२.सिन्काउली। **शङ्खिनी श्वेतचुक्रायां चोरपुष्प्यां वधूभिदि** (मेदिनी.)।

शच (धा.) [*व्यक्तायां वाचि, भ्वा. अक.सेट् आत्म.*] स्पष्ट बोल्नु। लट्– **शचते**– स्पष्ट बोल्छ इत्यादि।

शची (स्त्री.) [*शचते, शच व्यक्तायां वाचि इति धातोः, सर्वधातुभ्य इन् (उ.) ५६७ इति इन्, कृदिकारादक्तिनः (ग.सू.) ४.१.४५ इति ङीष्*] १.इन्द्रकी पत्नी २.कुरिलो ३.विष्टिकरण। **शचीन्द्राण्यां शतावर्यां तथा स्त्री करणान्तरे** (विश्व.)।

शचीपतिः (पुं.) [*शच्याः पतिः, ष.त.*] इन्द्र।

शट (धा.) [*रुजाविशरणगत्यवसादनेषु, भ्वा सक.सेट् पर.*] रोगी हुनु, प्वाल पार्नु, थाक्नु, उदास हुनु। लट्– **शटति**– रोगी हुन्छ, प्वाल पार्छ, थाक्छ, उदास हुन्छ इत्यादि।

शटा (स्त्री.) [*शटति रुजति, शट रुजाविशरणगत्यवसादनेषु इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.सिंहको जटा २.केसर ३.घोडाको याल ४.लामो कपाल/जगल्य ५.रुखको जरा।

शटी (स्त्री.) [*शटति, शट रुजादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद् गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] कपुर हलेदो।

शठ (धा.) [*कैतवे भ्वा.हिंसासङ्क्लेशनयोः, सक.सेट् पर.*] ठग्नु, हिंसा गर्नु, दुःख दिनु। लट्– **शठति**– ठग्छ, हिंसा गर्छ, दुःख दिन्छ इत्यादि।

शठ (धा.) [*असंस्कारगत्योः चुरा., सक.सेट् उभय.*] असंस्कृत तुल्याउनु, हिंड्नु। लट्– **शाठयति-ते**– असंस्कृत तुल्याउँछ, हिंड्छ इत्यादि।

शठ (धा.) [*सम्यगवभाषणे, चुरा सक.सेट् उभय.*] गाली गर्नु। लट्– **शठयति-ते**– गाली गर्छ इत्यादि।

शठ (धा.) [*श्लाघायाम्, चुरा.सक.सेट् आत्म.*] प्रशंसा गर्नु। लट्– **शाठयते**– प्रशंसा गर्छ इत्यादि।

शठः (पुं.) [*शठति, शठ कैतवे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.दूषित चित्त भएको/कपटी/धूर्त/छली। **शठं प्रति शठं ब्रूयात्**। (सुभा.) २.स्वाँठ ३.धतुरो। **शठो मध्यस्थपुरुषे धूर्ते धत्तूरकेऽपि च** (हेमचन्द्र)।

शठता (पुं.) [*शठस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] शठता/शठत्व/शाठ्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शठनायकः (पुं.) [*शठश्चासौ नायकश्च, कर्म.स.*] खल नायक। युवतिसँग कपटपूर्ण व्यवहार गर्न सिपालु। **कामिनीविषयक कपटपटुः**। (भानुदत्त) **गूढापराधकृत्** (रसार्णव)।

शडि (धा.) [*रुजायां सङ्घाते च, भ्वा. अक.सेट्, आत्म.*] रोगी हुनु, बिरामी हुनु। लट्– **शण्डते–** रोगी हुन्छ, बिरामी हुन्छ इत्यादि।

शण (धा.) [*गतौ भ्वा. दाने च, सक.सेट् पर.*] जानु, दान दिनु। लट्– **शणति–** जान्छ, दान दिन्छ इत्यादि।

शणः (पुं.) [*शणः पर्णान्यस्याः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] सन वा पाटको बोट।

शणपर्णी (स्त्री.) [*शणः पर्णान्यस्याः, शणशब्दः शणपर्णसदृशे लाक्षणिकः, पाककर्ण ४.१.६४ इति ङीष्*] अपराजिता।

शणपुष्पिका (स्त्री.) [*शणः पुष्पं यस्याः, शणशब्दस्तत्पुष्पसदृशे लाक्षणिकः, पाककर्ण ४.१.६४ इति ङीष्, स्वार्थे कन् ५.३.७५*] शणपुष्पी।

शणसूत्रम् (नपुं.) [*शणति इति, शण गतौ इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, शणस्य सूत्रम्, ष.त.*] सनपाटको डोरी।

शण्डः (पुं.) [*शण्डतीति, शडि रुजायाम् इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.साँढे २.नपुंसक।

शण्डिलः (पुं.) [*शण्डति रोगयुक्तो भवतीति, शणि रुजायामिति धातोः, सलिकल्यनिमहिभडिभण्डिशण्डिपिण्डितुण्डिकुकिभूभ्य इलच् इति इलच्*] मुनिविशेष।

शण्ढः (पुं.) [*शमति शान्तो भवतीति, शम उपशमे, इति धातोः, शमेर्ढः (उ.) ९६ इति ढः*] १.नपुंसक २.साँढे। **शण्ढः स्यात्पुंसि गोपतौ। शण्ढः क्लीबः** (विश्व.) ३.अन्तःपुरका स्त्रीहरूको रेखदेख गर्नका लागि राखिएको व्यक्ति। **क्लीबं शण्ढश्च कञ्चुकी** (रभस.)। **शण्ढः स्यात्पुंसि गोपतौ। अकुष्याण्डे वर्षवरे तृतीयप्रकृतावपि** (मेदिनी.)।

शतकम् (नपुं.) १.[*शतं परिमाणमस्य, सङ्ख्यायाः संज्ञासङ्घ-सूत्राध्ययनेषु ५.१.५७ इति कन्*] एकै किसिमका सय व्यक्ति, वस्तु वा श्लोकहरूको समुदाय २.[*शतमिव, प्रागिवात्कः ५.३.७० इति कः*] सय बराबर ३.शताब्दी।

शतकृत्वः (अव्य.) [*शतं वारम्, सङ्ख्यायाः क्रियाऽभ्यावृत्तिगणने कृत्वसुच् ५.४.१७ इति कृत्वसुच्*] सयपटक।

शतकोटी (स्त्री.) [*शतं कोटयो धारा यस्य सः,बहु.स.*] १.वज्र २.[*शतगुणिता कोटी, म.प.स.*] सय करोड।

शतक्रतुः (पुं.) [*शतं क्रतवोऽस्य*] इन्द्र।

शतग्रन्थिः (पुं.वि.) १.[*शतं ग्रन्थयो यस्य सः, बहु.स.*] सय ठाउँमा गाँठो पारेको २.[*शतानां ग्रन्थीनां समाहारः, द्विगु.स.*] सयौं गाँठा।

शतघ्नी (स्त्री.) [*शतान् हन्ति*] १.पोथी बिच्छी २.प्लेग रोग ३.घाँसविशेष ४.उँटकटेरीको बोट ५.तोप/एकै पटकमा सय वा सयभन्दा धेरैलाई मार्ने, अथवा सय गज वा सय कोश टाढा गोला हान्ने प्राचीनकालको हतियार, बारुदको साथमा तामाको गोला हालेर हान्ने अस्त्र। (गर्गसंहिता अन्तर्गत अश्वमेध खण्ड, ३३ अध्याय ४९ देखि ५९ श्लोक) ६.चार हात लामो काँडो निकालिएको फलामको गदा। **शतघ्नी च चतुर्हस्ता लोहकण्टकिनी गदा** (वैजयन्ती)।

शततमः (पुं.वि.) [*शतस्य पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् नित्यं शतादिमासार्धमाससंवत्सराच्च ५.२.५७ इति डटस्तमट्*] सएयौं।

शततारका (स्त्री.) १.[*शतं तारकाः यस्यां सा, बहु.स.*] शतभिषा नक्षत्र २.(बहु.) [*शतसङ्ख्यकास्तारकाः, म.प.स.*] सय तारा। हे. **शतभिषा**।

शतदलम् (नपुं.) [*शतं दलानि यस्य तत्, बहु.स.*] १.सय पत्र हुने तिनिस २.कमल/पद्म।

शतद्रुः (स्त्री.) १.[*शतधा द्रवति, द्रु गतौ इति धातोः, हरिमितयोर्द्रुवः (उ.) ३४, शते च (उ.) ३५ इत्युर्डित्*] शतजला नदी।

शतधा १.(अव्य.) [*शतेन प्रकारैः, सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धाप्रत्ययः*] सय किसिमले २.(स्त्री.) १.[*शतं ग्रन्थीन् धत्ते, धारयति, डुधाञ् धारणपोषणयोः, इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] दुबो।

शतधारम् (वि.) [*शतं धारा यस्य तत्, बहु.स.*] १.धेरै धार वा कोण भएको २.(पुं.) वज्र। **पविरशनिः शतधारं वज्रं कुलिशञ्च भवति दम्भोलिः**। (हला.)

शतधृतिः (पुं.) [*शतं धृतिर्यस्यासौ, बहु.स.*] ब्रह्मा।

शतपत्रकः (पुं.) [*शतं पत्राणि यस्य सः, बहु.स.*] काठमा प्वाल पार्ने चरो।

शतपत्रभेदन्यायः (पुं.) [*शतपत्रभेदस्य न्यायः, ष.त.*] सय पात एकै साथ खप्टेर छेड्दा सबै एकैपटक छेडिएजस्तो लाग्छ तर छेडिँदाको बखत कालान्तरको सूक्ष्मताले गर्दा त्यो छेदन कर्मको क्रमिकताको बोध हुँदैन। भिन्न समयमा भए पनि एकै समयमा भएजस्तो लाग्छ, ज्ञान हुँदैन। यसै गरी जहाँ धेरै काम फरक फरक बेलामा भए पनि एकै वेलामा भएको भान पर्छ, त्यहाँ यो न्यायको प्रयोग हुन्छ।

शतपत्रः (पुं.) [*शतं पत्राणि यस्य सः,बहु.स*] १.सारस पक्षी २.मयूर ३.काठमा प्वाल पार्ने चरो। **शतपत्रः शिखण्डिनि। दार्वाघाटे सारसे च कमले तु नपुंसकम्** (मेदिनी.)।

शतपत्रम् (नपुं.) [*शतं पत्राणि यस्य सः,बहु.स.*] कमल।

शतपत्री (स्त्री.) [*शतं पत्राणि यस्याः सा, बहु.स.*] एक किसिमको पहेँलो थुँगे फूल/सयपत्री।

शतपथब्राह्मणम् (नपुं.) यो यजुर्वेदको ब्राह्मण ग्रन्थ हो। १०० अध्याय भएको हुँदा यसलाई शतपथब्राह्मण भनिएको हो। शुक्ल यजुर्वेदका माध्यन्दिनीय तथा काण्व दुवै थरी संहितासँग यसको सम्बन्ध छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतपथब्राह्मणमा ३३ देवताको उल्लेख छ। यो ब्राह्मणग्रन्थ विभिन्न यज्ञसँग सम्बद्ध छ। ब्राह्मणहरूमा सबैभन्दा ठुलो ग्रन्थ यही नै हो। यसमा १२ हजार ऋचा छन्, ८ हजार यजु छन् र ४ हजार साम छन्। विभिन्न उपाख्यानहरूको पनि यसमा सङ्ग्रह भएको छ।

शतपदम् (नपुं.) [*शतं पदानि यस्य तत्, बहु.स.*] १.कनसुत्लो २.कमिला।

शतपदचक्रम् (नपुं.) [*शतपदमिति चक्रम्, कर्म.स.*] ज्योतिषमा सय कोठा भएको एक प्रकारको चक्र।

शतपदी (स्त्री.) [*शतं पादा यस्याः, कुम्भपदीषु च ५.४.१३९ इति साधुः*] १.खजुरो २.कनसुत्लो ३.कुरिलो।

शतपर्वा (पुं.) [*शतं पर्वाण्यस्य*] बाँस।

शतपर्विका (स्त्री.) [*शतं पर्वाण्यस्याः, व्रीह्यादिभ्यश्च ५.२.११६ ठन्, ठस्येकः, यप् ४.१.४, इत्वम्, डाबन्तात्स्वार्थे कन् ५.३.७५ वा*] १.दुबो २.बोझो। **शतपर्विका तु दूर्वायां वचायामपि योषिति** (मेदिनी.)।

शतपुष्पा (स्त्री.) [*शतं पुष्पाणि यस्याः सा, बहु.स., सत्प्राक्काण्ड-प्रान्तशतैकेभ्यः पुष्पात् (ग.सू.) ४.१.४ इति टाप्*] सुप/सोप। विभिन्न औषधिमा यसको उपयोग हुन्छ। यो अनेक किसिमको हुन्छ। भारतीय सुपभन्दा नेपालमा उत्पादित सुप बढी गुणकारी मानिन्छ।

शतप्रासः (पुं.) [*शतं प्रासाः, कुन्ता इव पत्राण्यस्य। शतं पुष्पाणि प्रास्यति वा, असु क्षेपणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] करवीर।

शतभिषा (स्त्री.) [*शतं भिषज इव तारका यत्र सा, पृषोदरादित्वात् साधुः*] चौबिसौँ नक्षत्र। यो मेष बिन्दुबाट क्रान्तिवृत्तमा ३१७/४५ कलाको दूरीमा छ। यसभित्र सयवटा तारा छन्। दूरवीक्षण यन्त्रको सहयोग लिएर मात्र यी ताराहरूलाई स्पष्टसँग हेर्न सकिन्छ। यसको आकार तोरणको जस्तो छ।


(शतभिषा)

यसको योगतारा आग्नेय कोणमा छ (सि.द.) यसको शर दक्षिण ० अंश २० कला छ। यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार. गा गि गु गे बाट प्रारम्भ हुन्छ। पृथ्वीबाट यो नक्षत्र करिब २४ प्रकाश वर्ष टाढा छ। यो नक्षत्र १४ अक्टोवर रातको ९ बजे याम्योत्तर रेखामा देखिन्छ। (ज्योतिष औ बह्माण्ड)

शतम् (नपुं.) [*पङ्क्तिविंशतित्रिंशच्चत्वारिंशत्– ५.१.५९ इति निपातनात्साधुः*] सयको सङ्ख्या।

शतमखः (पुं.) [*शतं मखाः यस्य सः, बहु.स.*] इन्द्र। **शतमुख-मुपतस्थे प्राञ्जलिः पुष्पधन्वा** (कु.सं. २.६४)।

शतमन्युः (पुं.) [*शतं मन्यवो यागा यस्य सः,बहु.स., शतदैत्येषु मन्युः क्रोधो यस्य सः,बहु.स. इति वा*] १.इन्द्र २.(पुं.वि.) रिसाहा।

शतमूली (स्त्री.) [*शतं मूलानि यस्याः सा, बहु.स.*] कुरिलो।

शतयष्टिकः (पुं.) [*शतं यष्टयो हारभेदा यस्य सः,बहु.स.*] सय लच्छी भएको हार।

शतयोजनम् (नपुं.) [*शतयोजनं प्रमाणमस्य, प्रमाणे द्वयसज्दघ्नञ्मात्रचः ५.२.३७ इति मात्रच्प्रत्ययः, प्रमाणे लो द्विगोर्नित्यम् (वा.) ६.२.१२ इति मात्रचो लुक्*] सय योजन।

शतरञ्जः (पुं.) [*शतं स्थलं रज्यते इति, शतपूर्वकात् रञ्ज रागे इति धातोः,नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सतरन्जा/सतरन्जी।

शतवार्षिकः (पुं.वि.) [*शतवर्षं भूतः, कालाट्ठञ् ४.३.११ इति ठञ्, वर्षस्याभविष्यति ७.३.१६ इति उत्तरपदवृद्धिः*] सय वर्षको/सय वर्षमा भएको।

शतवार्षिकोत्सवः (पुं.) [*शतवार्षिकश्चासौ उत्सवश्च, कर्म.स.*] सय वर्ष पुगेको उपलक्ष्यमा मनाइने उत्सव वा समारोह।

शतवीर्या (स्त्री.) [*शतं वीर्याणि यस्याः सा, बहु.स.*] सेतो दुबो।

शतशः (अव्य.) [*शतम् शतम्, सङ्ख्यैकवचनाच्च वीप्सायाम् ५.४.४३ इति शस्*] सयकडौँ/सयौँ।

शतसाहस्रम् (नपुं.) [*शतस्य सहस्रम्, शतसहस्रम्, तत्परिमाणमस्य, शतमानविंशतिकसहस्रवसनादण् ५.१.२७ इति अण्, सङ्ख्याया संवत्सरसङ्ख्यस्य च ७.३.१५ इति उत्तरपदवृद्धिः*] एक लाख/सय हजार।

शतह्रदा (स्त्री.) [*शतं ह्रादा अव्यक्ताः शब्दा यस्याः सा, बहु.स., पृषोदरादित्वात् ६.३.१०९ ह्रस्वः, शतं ह्रदा अर्चींषि, अगाधजलाशया वा, सन्त्यस्या इति वा अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.वज्र २.बिजुली/विद्युत्। **शतह्रदा स्त्रियां बज्रे सौदामिन्यां च कीर्तिता** (विश्व.)।

शतांशः (पुं.) [*शतस्य अंशः, कर्म.स.*] सय भागको एक भाग।

शताङ्गः (पुं.) [*शतमङ्गान्यवयवा यस्य सः,बहु.स.*] १.रथ २.दानवविशेष। **करालो ज्वालजिह्वश्च शताङ्गः शतलोचनः।** (ह.वं. २३२.६) ३.(पुं.वि.) सय अवयव भएको। **शताङ्गानि तु तूर्याणि वादकाः समवादयन्** (म.भा. १३.१४९.७९)।

शतानन्दः (पुं.) [*शतमानन्दाः यस्य सः, बहु.स.*] १.ब्रह्मा।

शतानन्दध्वस्तिप्रभृतित्रुटिपर्यन्तसमय-
प्रमाणं भूधिष्ण्यग्रहनिवहसंस्थानकथनम्।
ग्रहेन्द्राणां चाराः सकलगणितं यत्र गदितं
स सिद्धान्तः प्रोक्तो विपुलगणितस्कन्धकुशलैः॥ (सि.शे.)

२.जनक राजाका पुरोहित ३.कृष्ण ४.गौतम मुनि। **शतानन्दस्तु गौतमः।** (अभि.चि.) ५.गौतम मुनिका छोरा ६.विष्णु ७.भास्वतीनामक करणग्रन्थका रचयिता।

शताब्दी (स्त्री.) [*शतानामब्दानां समाहारः, द्विगु.स.*] सय वर्षको समय/सय सालको अवधि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतायुः (पुं.) १.[*शतमायुर्यस्य सः, बहु.स.*] सय वर्ष आयु भएको/ सय वर्ष बाँच्ने २.[*शतञ्च तद् आयुश्च, कर्म.स.*] सय वर्षको आयु।

शतावधानः (पुं.वि.) [*शतमवधानं यस्य सः, बहु.स.*] सय अथवा धेरै काम कुरो एकैसाथ सावधानीपूर्वक गर्न सक्ने व्यक्ति/ शतावधानी।

शतावरी (स्त्री.) [*शतेनावृणोति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.शतावरी/ कुरिलो २.इन्द्राणी। **शतावरी तु शच्यां स्यादिन्दीवर्यामपि स्त्रियाम्** (मेदिनी.)।

शती (पु.वि.) [*शतमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] सयको मालिक/सय रुपियाँ आर्जन गर्ने।

इच्छति शती सहस्रं सहस्रः कोटिमीहते कर्तुम्।
कोटियुतोऽपि नृपत्वं नृपोऽपि चक्रवर्तित्वम्॥
चक्रधरोऽपि सुरत्वं सुरोऽपि सुरराज्यमीहते कर्तुम्।
सुरराजोऽप्यूर्ध्वगतिं तथापि न निवर्तते तृष्णा॥ (सुभा.)

शत्रुः (पुं.) [*शातयति, शद्लृ शातने इति धातोः, ण्यन्ताद्, रुशातिभ्यां क्रुन् (उ.) ५५३ इति क्रुन्, बहुलमन्यत्रापि (उ.) ७२ इति णिलुक्*] शत्रु/वैरी वा विरोध गर्ने व्यक्ति।

शत्रुवाक्यामृतं श्रुत्वा तेन सौहार्दमार्जवम्।
नहि धीरेण कर्तव्यमात्मनः शुभमिच्छता॥ (सुभा.)

शत्रुघ्नः (पुं.) [*शत्रून् हन्तीति, अमनुष्यकर्तृके च ३.२.५३.इति टक्, उपधालोपः, कुत्वम्*] १.शत्रुलाई मार्ने/वैरीनाशक २.दशरथको कान्छो छोरो।

शत्रुञ्जयः (पुं.वि.) [*शत्रुं जयतीति, शत्रुपूर्वकात् जि जये इति धातोः, संज्ञायां भृतृवृजिधारिसहितपिदमः ३.२.४६ इति खच्, मुम्, असंज्ञायान्तु न खच्*] १.हात्ती २.विमल पर्वत। **शत्रुञ्जयो विमलाद्रिः** (अभि.चि.)।

शत्रुता (स्त्री.) [*शत्रोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] वैरभाव/दुस्मनी।

शत्रुत्वम् (नपुं.) [*शत्रोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] वैरभाव/दुस्मनी।

शत्रुहस्तः (पुं.) [*शत्रोः हस्ते यः सः, बहु.स.*] शत्रुको अधीनमा रहेको।

शद्लृ (धा.) [*शातने, अक.अनिट्, पर.पाघ्राध्मेति शीयादेशः*] जीर्ण हुनु, ओइलाउनु। लट्— **शीयते—** जीर्ण हुन्छ, ओइलाउँछ (शदेः शितः, इत्यात्मनेपदम्)। लिट्— **शशाद—** जीर्ण भएछ, ओइलाएछ (अन.) इत्यादि।

शनकैः (अव्य.) [*शनैरेव, अव्ययसर्वनाम्नामकच् प्राक्टेः ५.३.७१ इति अकच्*] विस्तारै।

शनिः (पुं.) [*शणति मन्दं गच्छति, सर्वधातुभ्य इन् (उ.) इति इन्, पृषोदरादित्वात् ६.३.१०९ णस्य नः*] १.सौरमण्डलमा पर्ने एक ग्रह २.सप्ताहको अन्तिम दिन/शनिवार। **~दृष्टिः** (स्त्री.) [*शनेर्दृष्टिः, ष.त.*] १.शनिश्वरको दृष्टि २.[*शनेर्दृष्टिरिव दृष्टिः, त.स.*] कुदृष्टि/अशुभ र अमङ्गलकारी नजर ३.(पुं.वि.) [*शनेर्दृष्टिरिव दृष्टिर्यस्य सः, बहु.स.*] शनैश्वरको जस्तो अमङ्गलकारक दृष्टि भएको।

शनिवारः (पुं.) [*शनेर्वारः, ष.त.*] सप्ताहको अन्तिम दिन/शनैश्वर वार/शनिवार।

शनैः (अ.) [*शणति, शण दाने इति धातोः, शानयति वा, शान तेजने इति धातोर्वा, ऐस्प्रत्ययः, पृषोदरादित्वात् ६.३.१०९ णस्य नः, ह्रस्वो वा*] बिस्तारै।

शनैर्विद्या शनैरर्थाः शनैः पर्वतमारुहेत्।
शनैः कर्मञ्च धर्मञ्च पञ्चैतानि शनैः शनैः॥
(ग.पु.आचारकाण्ड)

शनैःशनैः (अव्य.) [*वीप्सायां द्वित्वम्*] विस्तारै-विस्तारै/मन्द गतिले/अलि अलि गरेर/क्रमशः।

शनैः शनैश्च भोक्तव्यं स्वयं वित्तमुपार्जितम्।
रसायनमिव प्राज्ञैर्हेलया न कदाचन॥ (सुभा.)

शनैश्वरः (पुं.) [*शनैश्चरति दीर्घवृत्तत्वात्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.बिस्तारै वा मन्द गतिले हिंड्ने २.(पुं.) सौर जगत्को वा नवग्रह-मध्येको एक ग्रह। यो सूर्यदेखि १,४१,८८,४७,४८० किलोमिटर टाढा छ। पृथ्वीका जस्तै यसका दुवै ध्रुव चेप्टिएका छन्। यसको विषुवद्रेखीय व्यास १,२०,००० किलोमिटर छ भने ध्रुवीय व्यास १,०७,२०० किलोमिटर छ। यसले सूर्यलाई परिक्रमा गर्न हाम्रो वर्ष गणना अनुसार २९.५ दिन लाग्छ। यसको सतहको तापक्रम —१५३° से. छ। यसका उज्याला रिङहरू छन्। पौराणिक कथाअनुसार यिनका पिताको नाम सूर्य र माताको नाम संज्ञा हो। **संज्ञेयमिति मन्वानो द्वितीयायां दिवस्पतिः। जनयामास तनयं नामतो यः शनैश्वरः॥** (स्क.पु.)

(शनैश्चरः)

शनैश्चरका प्रमुख **उपग्रहहरू**

नामानि	उपग्रहव्यासः (कि.मि.)	ग्रहाद् दूरत्वम् (कि.मि.)	ग्रहपरिक्रमावधिः		
			दिनानि	घण्टा	मिनट
मीमसः	६४० १,	८४,०००	२२	३७	
एलसेलाइसः	८००	२,३६,८००	८	५३	
टेविसः	१२८०	२,९२,८००	२	२१	१८
डायनेः	१६००	३,७४,४००	२	१७	४
रीः	१७६०	५,२३,२०	४	१२	२५
टाइटनः	४१६०	१,२१,४४००	१५	१२	४१
डाइपेरियनः	४८०	१४,७२,०००	२१	६	३८
जेपेटसः	२४००	३५,३६,०००	२९	७	५६
फोवेः	३२०	१.२८,५४,४००	५५०		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनमा फोवे सबैभन्दा सानो छ। यो अन्य उपग्रहको विपरीत दिशा (घडीको दिशा) मा घुम्दछ।

शन्तनुः (पुं.) चन्द्रवंशी राजा प्रतीपले सुनन्दाको गर्भबाट जन्माएका तीन छोरामध्ये एक। यिनका दाजुको नाम **देवापि,** भाइको नाम **बाह्लिक,** रानीको नाम **गङ्गा** र **सत्यवती** थियो। गङ्गाका छोरा **भीष्म** र सत्यवतीका छोरा **चित्राङ्ग** तथा **विचित्रवीर्य** हुन्।

शन्तातिः (पुं.वि.) [*शम् करोति, शिवशमरिष्टस्य करे ४.४.१४३ इति तातिः*] कल्याणकारी।

शप (धा.) [*आक्रोशे, भ्वा. सक.अनिट् उभय.*] श्राप दिनु, किरिया खानु, प्रतिज्ञा गर्नु, गाली गर्नु। लट्– **शपति-ते–** श्राप दिन्छ, किरिया खान्छ, प्रतिज्ञा गर्छ, गाली गर्छ। लिट्– **शशाप-शेपे–** श्राप दिएछ, किरिया खाएछ, प्रतिज्ञा गरेछ, गाली गरेछ (अन.)। लुट्– **शप्ता–** श्राप दिने छ, किरिया खाने छ, प्रतिज्ञा गर्ने छ, गाली गर्ने छ। लृट्– **शप्स्यति-ते–** श्राप दिने छ, किरिया खाने छ, प्रतिज्ञा गर्ने छ, गाली गर्ने छ। लोट्– **शपतु, शप्यतु शपताम्–** श्राप देओस्, किरिया खाओस्, प्रतिज्ञा गरोस्, गाली गरोस्। लङ्– **अशप्यत्-त–** श्राप दियो, किरिया खायो, प्रतिज्ञा गऱ्यो, गाली गऱ्यो। विधिलिङ्– **शप्येत्-त–** श्राप देओस्, किरिया खाओस्, प्रतिज्ञा गरोस्, गाली गरोस्, श्राप देला, किरिया खाला, प्रतिज्ञा गर्ला, गाली गर्ला। आशीर्लिङ्– **शप्यात्, शप्सीष्ट–** श्राप देओस्, किरिया खाओस्, प्रतिज्ञा गरोस्, गाली गरोस्। लुङ्– **अशाप्सीत्, अशप्त–** श्राप दियो, किरिया खायो, प्रतिज्ञा गऱ्यो, गाली गऱ्यो। लृङ्– **अशप्स्यत्-त–** श्राप दिने थियो, किरिया खाने थियो, प्रतिज्ञा गर्ने थियो, गाली गर्ने थियो। कर्मणि– **शप्यते–** श्राप दिइन्छ, किरिया खाइन्छ, प्रतिज्ञा गरिन्छ, गाली गरिन्छ। णिचि– **शापयति-ते–** श्राप दिलाउँछ, किरिया खान लगाउँछ, प्रतिज्ञा गराउँछ, गाली गराउँछ। सनि– **शिशप्सति-ते–** श्राप दिन चाहन्छ, किरिया खान चाहन्छ, प्रतिज्ञा गर्न चाहन्छ, गाली गर्न चाहन्छ। यङि– **शाशप्यते–** बारम्बार वा ज्यादै श्राप दिन्छ वा किरिया खान्छ वा प्रतिज्ञा गर्छ वा गाली गर्छ। यङ्लुकि– **शाशपीति, शाशप्ति–** बारम्बार वा ज्यादै श्राप दिन्छ वा किरिया खान्छ वा प्रतिज्ञा गर्छ वा गाली गर्छ। कृदन्ते– **शप्तव्यम्, शपनीयम्, शप्यम्–** श्राप दिनु पर्ने, किरिया खानु पर्ने, प्रतिज्ञा गर्नु पर्ने, गाली गर्नु पर्ने। **शप्तः–** श्राप दिएको, किरिया खाएको, प्रतिज्ञा गरेको, गाली गरिएको। **शापः, शपनम्–** श्राप दिने काम, किरिया खाने काम, प्रतिज्ञा गर्ने काम, गाली गर्ने काम। **शप्त्वा, संशप्य–** श्राप दिएर, किरिया खाएर, प्रतिज्ञा गरेर, गाली गरेर। **शापकः, शापिका, शप्ता-त्री–** श्राप दिने, किरिया खाने, प्रतिज्ञा गर्ने, गाली गर्ने। **शपथः–** प्रतिज्ञा, श्राप, किरिया, गाली। **शब्दः–** आवाज, ध्वनि इत्यादि।

शप (धा.) [*आक्रोशे, दिवा. सक. अनि. उभ.*] शपथ खानु श्राप दिनु। लट्– **शप्यति-ते–** शपथ खान्छ, श्राप दिन्छ इत्यादि।

शपथः (पुं.) [*शप्यते इति, शप आक्रोशे, इति धातोः, शीङ्शपिरुगमिवञ्चिजीविप्राणिभ्योऽथः (४००) इति अथप्रत्ययः*] १.किरिया/कसम। **शपथैः सन्धितस्यापि न विश्वासं व्रजेद् रिपोः।** (सुभा.) २.कबोल/प्रतिज्ञा/प्रण ३.आक्रोश व्यक्त गर्नु ४.श्राप दिनु। **शपथः कार आक्रोशे शपने च सुतादिभिः** (हैम.)। **~ग्रहणम्** (नपुं.) [*शपथस्य ग्रहणम्, ष.त.*] कुनै उच्च पद वा जिम्मेवारी आदि ग्रहण गर्दा निष्ठा र योग्यता आदिको किरिया खाने काम/धर्म भाक्ने काम। **~पत्रम्** (नपुं.) [*शपथस्य पत्रम्, ष.त.*] कुनै न्यायालय वा अदालतमा शपथ गरेको कुरा लेखिएको पत्र/कबुलियतनामा।

शपनम् (नपुं.) [*शप आक्रोशे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.श्राप दिनु २.किरिया खानु।

शप्तः (पुं.वि.) [*शप्यते स्म, शप आक्रोशे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १ सरापिएको/गाली गरिएको २.प्रतिज्ञा गरिएको।

शफम् (नपुं.) [*शं फणति, फण गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.खुर २.वृक्षको जरो। **शफं मूले तरूणां स्याद् गवादीनां खुरेऽपि च** (मेदिनी.)।

शफरी (स्त्री.) [*शफं राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, जातेः ४.१.६३ इति ङीष्, पुंसि शफरः*] पोठी माछा।

शफली (स्त्री.) [*शफं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, जातेः– ४.१.६३ इति ङीष्, पुंसि शफलः*] पोठी माछा।

शबरः (पुं.) [*शवति, शव गतौ इति धातोः, बाहुलकादरः, शवं राति वा, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४, पृषोदरादितया वस्य बः*] १.शिव २.मीमांसाशास्त्रका एक भाष्यकार ३.मृगविशेष ४.भारतको पहाडी प्रदेशमा बस्ने एक अनार्य जाति। यिनीहरूले मयूरको प्वाँखलाई असल गहना सम्झन्छन्। बाणपुरबाट कटकसम्म खुरदा नामको ठाउँमा र गोदावरी नदीको दुवैतिरको वनमा शौर नामका अनार्य जाति छन्। भनिन्छ– यिनी उनै प्राचीन शबर जाति हुन्। कर्निहाम र टालमीले शवर जातिलाई प्राचीन अनार्य शबर जाति भन्ने निधो गरेका छन्। कर्निहामको भनाइ छ– यो जातिको कुनै तोकिएको बस्ने ठाउँ छैन, यिनीहरू वनमा घुम्ने गर्दछन्। **शबरो म्लेच्छभेदे च पानीये शङ्करेऽपि च** (विश्व.) ५.पानी।

शबरालयः (पुं.) [*शबराणामालयः, ष.त.*] किरात, कुसुन्डा आदिको बस्ती।

शबलः (पुं.) [*शपति आक्रोशति वर्णान् सः, शप आक्रोशे इति धातोः, शपेर्बश्च (उ.) ११० इति कलः, पस्य बकारश्च*] १.छिर्केमिर्के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.तल्लो किसिमको जातिविशेष ३.(पुं.वि.) अनेक रङ्गको/ रङ्गविरङ्गी ४.अनेक भागमा बाँडिएको।

शबली (स्त्री.) [*ङीष् ४.१.४०*] टाटेपाटे गाई।

शब्द (धा.) [*उपसर्गादाविष्कारे च, चुरा.सक.सेट्, उभय.*] शब्द गर्नु, भाषण गर्नु, स्पष्ट बोल्नु। लट्— **शब्दयति-ते—** शब्द गर्छ, भाषण गर्छ, स्पष्ट बोल्छ इत्यादि।

शब्दः (पुं.) [*शप्यते आहूयतेऽनेन सः, शप आक्रोशे इति धातोः, शाशपिभ्यां ददनौ (उ.) ५४६) इति दः, पस्य बः*] १.ध्वनि/आवाज २.बोली ३.प्रमाणविशेष ४.अक्षरहरूबाट बनेको सार्थक ध्वनिसमूह ५.कीर्ति ६.कानको गुण। **शास्त्रे व्याकरणादौ यो वाचकः साधुः स शब्दः, स एव निरुपपदेन शब्दशब्देन व्यवह्रियते** (अमर., रामाश्रमीटिका)। **विभक्त्युत्पत्तये योग्यः, शास्त्रीयः शब्द इष्यते। शुद्धयौगिकतन्मिश्रैः, प्रभेदैः स पुनस्त्रिधा।** (चं.लो.)। सुबन्त (प्रथमा आदि वभक्ति) तिङन्त (प्रथम पुरुष) आदि रूप बन्न योग्यता भएको वर्णसमूहलाई शब्द भनिन्छ। शब्दका पाँच भेद छन्— द्रव्यवाचक शब्द, गुणवचक शब्द, क्रियावाचक शब्द, जातिवाचक शब्द र संज्ञावाचक शब्द। **द्रव्यं गुणं क्रिया जातिमाहुः शब्दाश्चतुर्विधाः। यदृच्छया प्रयुक्तः स्यात् संज्ञाशब्दस्तु पञ्चमः॥** शब्दका तीन भेद छन्— रूढ शब्द, यौगिक शब्द र योगरूढ शब्द। रूढ शब्दका तीन भेद छन्— अव्यक्तयोग, निर्योग र योगाभास। **अव्यक्तयोगनिर्योगयोगाभासैस्त्रिधादिमः।** यौगिकशब्दका तीन भेद छन्— शुद्ध यौगिक, यौगिकमूल यौगिक र संभिन्न यौगिक। **शुद्धतन्मूलसंभिन्नप्रभेदैर्यौगिकस्त्रिधा।** योगरूढ शब्दका तीन भेद छन्— सामान्यार्थे विशेषार्थबोधक, विशेषार्थे सामान्यार्थबोधक र सामान्यविशेषोभयविधार्थबोधक। **तन्मिश्रोऽन्योन्य-सामान्यविशेषपरिवर्तनात्।** (च.लो.प्र.म.)। **~कोषः** (पुं.) [*शब्दानां कोषः, ष.त.*] अभिधान/कुनै भाषाका शब्दहरूको अकारादि क्रमले सङ्ग्रह गरी तिनीहरूको व्याकरणात्मक कोटि, अर्थ, पर्याय आदि लेखिएको ग्रन्थ। **~चातुर्यम्** (नपुं.) [*शब्दस्य शब्दप्रयोगस्य चातुर्यम्, ष.त.*] शब्दको प्रयोग गर्ने कला/ चमत्कारपूर्ण ढङ्गले शब्दहरू बोल्ने वा लेख्ने निपुणता। **~चित्रम्** (नपुं.) [*शब्दस्य चित्रम्, ष.त.*] यमक, अनुप्रास आदि शब्दालङ्कार/अक्षरहरूको रखाइबाट कुनै वस्तुको चित्र तयार हुने गरी रचिएको साहित्यको एक रचना जस्तै— **खड्गबन्धः, मुरजबन्धः, पद्मबन्धः** आदि। **~जालम्** (नपुं.) [*शब्दानां जालम्*] शब्दाडम्बर/साधराण कुरो व्यक्त गर्नलाई कठिन शब्द र लामा लामा वाक्यहरूको प्रयोग। **~तत्त्वम्** (नपुं.) [*शब्द एव तत्त्वम्*] भाषाशास्त्र। **~ब्रह्म** (नपुं.) [*शब्द एव ब्रह्म*] १.वेद २.शब्द रूपमा नै विद्यमान ब्रह्म। **~भेदः** (पुं.) [*शब्दानां भेदः, ष.त.*] शब्दको विभाजन / शब्दलाई व्याकरणमा आठ भागमा छुट्याइएको छ, जस्तै— नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक/प्राचीन वैयाकरणहरूले शब्दलाई **नामाख्यातोपसर्गनिपाताश्च** भनेर नाम, आख्यात, उपसर्ग र निपात गरी चार भागमा छुट्याएका छन्। **~भेदी** (पुं.वि.) [*शब्देन शब्दश्रवणेन भिनत्तीति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] केवल सुनेका शब्दका भरमा आँखाले नदेखीकन हतियारहरूद्वारा लक्ष्यभेद गर्ने कला वा उपाय। **~विन्यासः** (पुं.) [*शब्दानां विन्यासः, ष.त.*] विषय अनुसार शब्दचयन र तिनको रचनामा प्रयोग/शब्दको सन्निवेश। **~शक्तिः** (स्त्री.) [*शब्दस्य शक्तिः, ष.त.*] शब्दको विशेष अर्थ बुझाउने शक्ति— अभिधा, लक्षणा र व्यञ्जना। **~श्लेषः** (पुं.) [*शब्दे निष्ठः श्लेषः, म.प.स.*] दुई अथवा धेरै अर्थ बुझाउन प्रयोग गरिने शब्द वा एक अलङ्कार/श्लेषालङ्कारको एक भेद। यो दुई किसिमको हुन्छ— सभङ्ग र अभङ्ग। **श्लिष्टैः पदैरनेकार्थाऽभिधाने श्लेष इष्यते** (सा.द.)।

शब्दकारः (पुं.वि.) [*शब्दम् करोति, कर्मण्यण् ३.२.१ इति अण्, वृद्धिः*] आवाज गर्ने।

शब्दग्रहः (पुं.) [*शब्दो गृह्यतेऽनेन, ग्रहवृद्द ३.३.५८ इत्यप्, संज्ञायां हलश्च ३.३.१२१ इति घञ्, विधीयते घापवादत्वात्, योगार्थमात्रे तु स न*] कान।

शब्दग्रामः (पुं.) [*शब्दानां समूहः गुणदिभ्यो ग्रामज् वक्तव्यः (वा) ४.२.२७ इति ग्रामच्*] शब्दसमूह। **ग्रामो विषयशब्दास्त्र-भूतेन्द्रियगुणाद् व्रजे** (अभि.चि.)।

शब्दनः (पुं.) [*शब्दयति, शब्द शब्दक्रियायाम् इति धातोः, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] शब्द गर्ने/कोलाहल गर्ने। **रवणशब्दनस्तुल्यौ** (अभि.चि.)।

शब्दशास्त्रम् (नपुं.) [*शब्दस्य शास्त्रम्, ष.त.*] व्याकरण शास्त्र। **शब्दशास्त्रमनधीत्य यः पुमान् वक्तुमिच्छति वचः सभान्तरे। बद्धुमिच्छति वने मदोत्कटं हस्तिनं कमलनालतन्तुना॥** (सुभा.) **अनन्तपारं किल शब्दशास्त्रं स्वल्पं तथायुर्बहवश्च विघ्नाः। सारं ततो ग्राह्यमपास्य फल्गु हंसो यथा क्षीरमि-वाम्बुमध्यात्॥** (हितो.)

शब्दातीतः (पुं.वि.) [*शब्दमतीतः, द्वि.त.*] शब्दहरूद्वारा वर्णन गर्न नसकिने/वर्णनातीत।

शब्दानुशासनम् (नपुं.) [*शब्दा अनुशिष्यन्तेऽनेन, करणाधिक-रणयोश्च ३.३.११७ इति ल्युट्, अनः*] व्याकरण। **अथ शब्दानुशासनम्** (महाभाष्य)।

शब्दान्वयः (पुं.) [*शब्दानामन्वयः, ष.त.*] शब्दका लिङ्ग, वचन, काल आदिमा भेद छुट्ट्याउने र अरू शब्दसित त्यसको सम्बन्ध देखाउने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दायमानः (पुं.) [*शब्दायते इति, शब्दवैरकलहाभ्रकण्वमेघेभ्यः करणे ३.१.१७ इति क्यङ्, ततः लटि तस्य स्थाने शानच् ३.२.१२४*] शब्द गरिरहेको/कराइरहेको।

शब्दार्थः (पुं.) [*शब्दानामर्थः, ष.त.*] शब्दको सामान्य अर्थ।

शब्दालङ्कारः (पुं.) [*शब्दगतोऽलङ्कारः, म.प.स.*] रचनामा प्रयुक्त शब्दहरूबाट नै चमत्कार वा माधुर्य उत्पन्न हुने अलङ्कारको प्रकार जस्तै– अनुप्रास, यमक आदि। **शब्दपरिवृत्यसहत्वे सति अलङ्कारवत्त्वं शब्दालङ्कारत्वम्** (सा.द.टी.)।

शब्दावली (स्त्री.) [*शब्दानामावली, ष.त.*] शब्दहरूको सूची।

शम् (अव्य.) [*शमयति आधिव्याधीन्, शमु उपशमे इति धातोः अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्*] १.सुख/आनन्द/हर्ष। **प्रमोदप्रमदौ हर्षः प्रीतिरुत्कर्ष उद्धवः। संमदो मुत्तथानन्दः शर्म जोषञ्च शं शुखम्॥** (हला.) **न च हर्म्ये वने शं मे दीर्घिकायां न पर्वते।** (देवीभा. ३.१८.७) २.कल्याण/शुभ ३.[*शमयति अज्ञानम्*] शास्त्र ४.[*शमयति शत्रून्*] शस्त्र।

शम (धा.) [*आलोचने सक.सेट् आत्म.*] राम्रोसित विवेचना गर्नु, स्पष्ट देखाउनु प्रसिद्ध तुल्याउनु। लट्– **शामयते–** राम्रोसित विवेचना गर्छ, स्पष्ट देखाउँछ, प्रसिद्ध तुल्याउँछ इत्यादि।

शमः (पुं.) [*शमनम्, शम आलोचने इति धातोः, भावे ३.३.१८ इति घञ्, नोदात्तोपदेश ७.४.३३ इति वृद्ध्यभावः, यद्वा शाम्यति कण्डूर्मलो वाऽनेन, शमु उपशमे इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.शान्ति/मानसिक आनन्द २.अन्तःकरणको संयम। **बुद्धिज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः।** (भग.गी.१०.४) ३.मोक्ष/मुक्ति ४.अन्त/समाप्ति ५.बाहिरी इन्द्रियहरूको संयम वा नियन्त्रण। **सत्यं शौचं दया मौनं बुद्धिर्हीः श्रीर्यशः क्षमा। शमो दमो भगश्चेति यत्सङ्गाद् याति संक्षयम्।** (भाग.३.३२.३३) ६.हात। **पाणिः शमः शयो हस्तः** (अमरमाला)। ७.शान्तरसको स्थायिभाव। **शान्तः शमस्थायिभाव उत्तमप्रकृतिर्मतः।** (सा.द.) ८.निवृत्ति। **अभवन्निर्मलं व्योम देवीकृत्यैः सह क्रमात्। साकं भूपालशोकेन दुर्भिक्षञ्च शमं ययौ॥** (रा.त.२.५६) ९.सबै कर्मबाट हुने निवृत्ति। **योगारूढस्य तस्यैव शमः कारणमुच्यते** (भगवद्गीता)।

शमथः (पुं.) [*शम सान्त्वने, इति धातोः, शीङ्शपिरुगमिवञ्चिजी-विप्राणिभ्योऽथः (उ.) ४०० इति अथप्रत्ययः*] शान्ति।

शमनः (पुं.) [*शमयति पापिनां कर्म आलोचयति, शम आलोचने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१२४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] १.यमराज २.श्राद्धका देवता। **शमनं शान्तिवधयोः शमनः श्राद्धदैवते** (विश्व.) ३.मृगविशेष। **~भवनम्** (नपुं.) [*शमनस्य भवनम्, ष.त.*] १.मृत्युको घर २.यमलोक

शमनम् (नपुं.) [*शमु उपशमे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.यज्ञमा हुने पशुवध २.बाधा, उपद्रव, विकार आदिको दमन गर्ने काम ३.समाप्ति ४.शान्ति। **शमनस्तु यमे प्रोक्तः शमनं शान्तिहिंसयोः** (हैम.)। ५.यज्ञका निमित्त पशु मार्ने काम ६.प्रतिसंहार। **प्रसीद स्वेच्छया रूपं स्वतेजः शमनं कुरु** (मा.पु.७८.१३) ७.[*शम्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः*] निवारक। **दुर्वृत्तवृत्तशमनं तव देवि शीलम्** (सप्तशती)।

शमनस्वसा (स्त्री.) [*शमनस्य स्वसा, ष.त.*] १.यमुना नदी २.यमराजकी बहिनी।

शमलः (पुं./नपुं.) [*शाम्यतीति, शम उपमशमे इति धातोः, शकि-शम्योर्नित् (उ.) ११७ इति सूत्रेण कलप्रत्ययः*] १.अशुद्ध २.(नपुं.) १.विष्ठा २.पाप। **ऊचे ययात्मशमलं गुणसङ्गपङ्कम्** (भाग. २.७.३)।

शमिः (स्त्री.) [*शाम्यति दुर्बलतारोगमनेन, शमुधातोः सर्वधातुभ्य इन् इति इन्*] सिँबी।

शमितः (पुं.वि.) [*शम्यते स्म, इति णिजन्तात् शमु उपशमे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, वा दान्तशान्त इत्यस्य वैकल्पिकतया पक्षे इडागमः*] १.शान्त/शमन भएको २.निभाइएको।

शमी (स्त्री.) [*शाम्यति रोगान् पापं वा, शमु उपशमे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्यसणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरा-दिभ्यश्च ४.१.४ इति ङीष्*] १.एक जातको वृक्ष २.सिमी, केराउ, बोडी आदिको कोशा। **शमीमिवाभ्यन्तर लीनपावकाम्।** (रघु.) **शमी सक्तुफलायां च शिम्बिकायां च वल्गुलौ** (मेदिनी.) ३.कृच्छ चान्द्रायण आदि कर्म। **ईजे यज्ञेभिः शशमे शमीभिः** (ऋग्वेद ६.२.२)।

शमी (पुं.वि.) [*शमोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] शान्त।

शमीकरणम् (नपुं.) [*अशमः शमो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.४० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.दुई पक्षका बिच चल्ने झगडा वा विवादलाई शान्त पार्ने वा हटाउने वा खारेज गर्ने काम २.शान्ति स्थापना गर्नु।

शमीधान्यम् (नपुं.) [*शमीप्रभवं धान्यम्, म.प.स.*] कोशाभित्र दाना हुने माष, मुगी चना आदि। **माषो मुद्गो राजमाषः कुलत्थश्चणक स्तिलः, काकाण्डश्चीवर इति शमीधान्यगणः स्मृतः** (रत्नकोष)।

शमीरः (पुं.) [*ह्रस्वा शमी, कुटीशमीशुण्डाभ्यो रः ५.३.८८ इति रः*] सानो शमीको रुख।

शमु (धा.) [*उपशमे, अक.सेट् .पर.*] शान्त हुनु, शान्त गर्नु। लट्– **शाम्यति–** शान्त हुन्छ, शान्त गर्छ। **उपशाम्यति–** शमन गर्छ, **निशाम्यति–** सुन्छ, रोक्छ, **प्रशाम्यति–** शान्त हुन्छ। लिट्– **शशाम–** शान्त भएछ, शान्त गरेछ। लुट्- **शमिता–** शान्त हुने छ, शान्त गर्ने छ। (अन.) लृट्– **शमिष्यति–** शान्त हुने छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्त गर्ने छ। लोट्- **शाम्यतु-** शान्त होओस्, शान्त गरोस्। लङ्- **अशाम्यत्-** शान्त गर्‍यो, शान्त भयो। विधिलिङ्- **शाम्येत्-**शान्त गर्ला, शान्त होला। शान्त गरोस् शान्त हओस्। आशीर्लिङ्- **शम्यात्-** शान्त हओस्, शान्त गरोस्। लुङ्- **अशमत्-** शान्त गर्‍यो, शान्त भयो। लृङ्- **अशमिष्यत्-** शान्त गर्ने थियो, शान्त हुने थियो। भावे- **शम्यते-** शान्त गरिन्छ। शान्त होइन्छ। णिचि- **शमयति ते-** **शामयति ते-** शान्त गराउँछ, शानत कुन लगाउँछ। सनि- **शिशमिषति-** शान्त हुन चाहन्छ, शान्त गर्न चाहन्छ। यङि- **शंशम्यते-** ज्यादै वा बारम्बार शान्त हुन्छ।यङ्लुकि-**शंशमीति, शंशन्ति-** ज्यदै वा बारम्बार शान्त हुन्छ वा गर्छ। कृदन्ते- **शामकः,शामिका, शमिता, शमित्री-** शान्त गर्ने, शान्त हुने। **निशामयिता निशमयिता-** सुन्ने। **शिशमिषकः-** शान्त हुन वा गर्न खोज्ने। **शिशमिषा-** शान्त गर्ने वा हुने इच्छा। **शमनीयम् शमितव्यम्-** शान्त पार्नु पर्ने। **शमनः-** यमराज। **शमः-** शान्ति। **शमी**-वृक्षविशेष। **शान्तः**- शान्ति पाएको। **शमितः-** शान्त पारिएको। **शान्तिः-** शान्त अवस्था। **शान्त्वा- शमित्वा**-शान्त पारेर। **निशम्य-** सुनेर। **निशाम्य-** सुनाएर। **शण्डः-** नपुंसक। **शमलः-** खराब लत वा आचरण। **शम्बलः-** सामल। **शङ्खः-** एक सामुद्रिक किरो, नागविशेष। आदि।

शमो (धा.) [*दर्शने,सक.सेट्.पर.*] देख्नु। लट्- **शमति-** देख्छ इत्यादि।

शम्पा (स्त्री.) [*भयङ्करत्वात् शम् सुखं पिबति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, टाप् ४.१.४*] बिजुली/विद्युत्।

शम्ब (धा.) [*सम्बन्धने, सक.सेट्, उभय.*] बटुल्नु। लट्- **शम्बयति-ते-** बटुल्छ इत्यादि।

शम्बः (पुं.) [*शाम्यतीति, शम उपशमे इति धातोः, शमेर्बन् (उ.) ५४३ इति बन्, यद्वा, शाम्यत्यरीन्, अन्तर्भावितण्यर्थाच्छमेर्वन् (उ.), यद्वा शं शुभमस्यास्त्यभेद्यत्वात् इति, कंशभ्याम् ५.२.१३८ इति वः, पक्षद्वयेऽपि दन्त्योष्ठ्यः, सम्बयतेः इति विग्रहे तु. (सम्बः) दन्त्यादिरपि*] १.मुसलको टुप्पामा रहेको फलामको भाग २.सूर्य ३.वज्र ४.(पुं.वि.) कल्याणकारी। **शम्बः स्यान्मुसलाग्रस्थलोहमण्डलके पवौ। शुभान्विते त्रिषु** (विश्व.)।

शम्बरः (पुं.) [*शं वृणोति, वृञ् वरणे इति धातोः, शमि धातोः संज्ञायाम् ३.२.१४ इत्यच्, पृषोदरादितया वस्य बः*] १.मृगविशेष २.दानवविशेष/ प्रद्युम्नले मारेको एक राक्षस ३.आखुपर्णीनामक वृक्षविशेष ४.लोधको रुख ५.अर्जुन वृक्ष ६.जीनविशेष ७.शैवविशेष ८.पर्वतविशेष। **शम्बरो दानवान्तरे। मत्स्यैणगिरिभेदेषु शम्बरी पुनरौषधौ** (हैम.)। **शम्बरं सलिले, पुंसि मृगदैत्यविशेषयोः** (विश्व.)।

(शम्बरः)

शम्बरम् (नपुं.) [*शं वृणोति, वृञ् वरणे इति धातोः, शमि धातोः संज्ञायाम् ३.२.१४ इत्यच्, पृषोदरादितया वस्य बः*] १.पानी/जल २.मेघ ३.युद्ध/लडाइँ।

शम्बरी (स्त्री.) [*शं वृणोति, वृञ्, वरणे इति धातोः, शमिधातोः सञ्ज्ञायाम् ३.२.१४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] मुस्लिण्डी। **शम्बरी चाखुपर्ण्यां स्यात्** (मेदिनी.)।

शम्बलः (पुं./नपुं.) [*शम्ब सम्बन्धने इति धातोः वृषादिभ्यश्चित् १.१०८ इति कलच्*] १.बाटामा खाइने कुरा/सामल। **पाथेयं शम्बलं स्मृतम्।** (हला.) २.मृगविशेष ३.मत्सरी। **सम्बलशम्बलौ। मृगे मार्गव्ययद्रव्ये मत्सरे चास्त्रियामुभौ॥** (उ.को.)

शम्बली (स्त्री.) [*शम्बयति पुरुषैः सम्बन्धं योजयति, शम्ब सम्बन्धने इति धातोः वृषादिभ्यश्चित् १.१०८ इति कलच्, ङीप्*] कुटुनी/स्त्रीहरूलाई फकाई अर्कासित लाइदिने स्त्री।

शम्बाकृतम् (नपुं.) [*शमस्यास्ति, कंशंभ्यां बभयुस्तितुतयशः ५.२.१३८ इति बः, शम्बशब्द प्रतिलोमार्थः शम्बं कृतम्, कृञो द्वितीयतृतीयशम्बबीजात्कृषौ ५.४.५८ इति डाच्*] उल्याएर जोतेको जमिन। दोस्रो वा तेस्रो पटक जोतेको जमिन।

शम्बूकः (पुं.) [*शमयतीति, शम उपशमे इति धातोः, उलूकादयश्च (उ.) ४८९ इति निपातितः*] १.घुँगीकिरो २.शङ्ख ३.जलको सिपी ४.रामायणप्रसिद्ध एक शूद्र तपस्वी ५.हात्तीको शिरभित्रको भाग।

शम्भः (पुं.वि.) [*शमस्त्यस्य, शम उपशमे इति धातोः, भप्रत्ययः*] कल्याणकारी।

शम्भली (स्त्री.) [*शं सुखं भलते, भल परिभाषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] कुटुनी। स्त्रीहरूलाई फकाई अर्कासित लाइदिने स्त्री।

शम्भुः (पुं.) [*शं कल्याणं भावयतीति डुप्रहरणे मितद्रवादीनामुपसङ्ख्यानम् (वा.) ३.२.१८० इति डुः, टिलोपः*] १.शिव/महादेव २.सिद्ध पुरुष ३.ब्रह्मा ४.जैन। **शम्भुर्ब्रह्मार्हतौ शिवे** (विश्व.)।

शम्या (स्त्री.) [*शम्यतेऽनया, शम उपशमे इति धातोः, अघ्न्यादियश्च (उ.) ५६१ इति यत्*] जुवा।

शयः (पुं.) [*शेतेऽस्मिन् सर्वम्, पुंसि संज्ञायां घः प्रायेण ३.३.१२१ इति घः*] शय्या २.[*शेते इति*] सर्प ३.[*शेतेऽत्र, सर्वस्य वस्तुनः कराधीनत्वात्*] हात। **शयः शय्याहिपाणिषु** (मेदिनी.)।

शयथः (पुं.) [*शेते इति शीङ् स्वप्ने इति धातोः, शीङ्शपिरुगमिवञ्चिजीविप्राणिभ्योऽथः (उ.) ४०० इति अथप्रत्ययः*] अजिङ्गर।

शयनगृहम् (नपुं.) [*शयनाय गृहम्, च.त.*] सुत्ने कोठा वा घर।

शयनम् (नपुं.) १.[*शीङ् स्वप्ने इति धातोः, ल्युट् च ३.३.११५ इती ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] पल्ट्नु/निदाउनु/सुत्नु। **शयनं**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पित्तनाशाय वातनाशाय मर्दनम्। वमनं कफनाशाय ज्वरनाशाय लङ्घनम्॥ (वैद्यकम्) २.[*शेरतेऽत्र, करणाधिकरणयोश्च ३.३.११७ इति अधिकरणे ल्युट्*] १.बिछ्यौना/शय्या २.निद्रा ३.रतिक्रीडा। **शयनं सुरते निद्राशय्ययोश्च नपुंसकम्** (मेदिनी.)। **~शाला** (स्त्री.) [*शयनाय शाला, च.त.*] सुत्ने घर वा कोठा।

शयनीयम् (नपुं.) [*शेरतेऽस्मिन्, कृत्यल्युटो बहुलम् ३.३.११३ इत्याधिकरणे अनीयर्*] बिछ्यौना। **धृतिरस्तमिता रतिश्च्युता विरतं गेयमृतुर्निरुत्सवः। गतमाभरणप्रयोजनं परिशून्यं शयनीयमद्य मे॥** (रघु.)

शयानः (पुं.) [*शेते इति, शीङ् स्वप्ने इति धातोः, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] सुतिरहेको।

शयालुः (पुं.वि.) [*शेते तच्छीलः, शीङ् स्वप्ने इति धातोः, आलुचि शीङो ग्रहणं कर्तव्यम् (वा.) ३.२.१५८ इति आलुच्*] १.ज्यादै सुत्ने/सुताहा २.कुक्कुर ३.अजिङ्गर। **शयालुः स्यादजगरे निद्राशीले च कुक्कुरे** (विश्वमेदिन्यौ)।

शयितः (पुं.वि.) [*शेते स्म, शीङ् स्वप्ने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, निष्ठा शीङ्स्विदिमिदिक्ष्विदिधृषः १.२.१९ इति न कित्त्वम्, स्त्रियां टापि शयिता*] सुतेको/निदाएको। **शयिता सविधेऽप्यनीश्वरा सफलीकर्तुमहो मनोरथान्। दयिता दयिताननाम्बुजं दरमीलन्नयना निरीक्षते॥** (र.ग. प्रथमानन)

शयितम् (नपुं.) १.[*शेतेऽस्मिन्निति, क्तोऽधिकरणे च ध्रौव्यगतिप्रत्यवसानार्थेभ्यः ३.४.७६ इति ध्रौव्यार्थकात् अधिकरणे क्तः*] ओछ्यान/सुत्ने स्थान २.[*शय्यते इति नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] शयन।

शयिता (पुं.वि.) [*शेते इति, शीङ् स्वप्ने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] सुत्ने व्यक्ति।

शयुः (पुं.) [*शेते असौ इति, शीङ् स्वप्ने इति धातोः, भृमृशीतृचरित्सरितनिधनिमिमस्जिभ्य उः (उ.) ७ इति उः, गुणः, अयादेशः*] अजिङ्गर।

शय्या (स्त्री.) [*शय्यतेऽत्र, शीङ् स्वप्ने इति धातोः, संज्ञायां समजनिषदनिपतमनविदषुञ् शीङ्भृञिणः ३.३.९९ इति क्यप्, अयङ् यि क्ङिति ७.४.२२ इत्ययङ्, टाप् ४.१.४*] १.सुत्ने ठाउँ/ओछ्यान/बिछ्यौना/खाट/पलङ २.गुम्फन ३.स्त्री।

शय्यादानम् (नपुं.) [*शय्यायाः, दानम्, ष.त.*] विछ्यौना, भाँडावर्तन, खाद्यसामग्री आदिको दान।

शरः (पुं.) [*शृणातीति, अनेन वा, शॄ हिंसायाम् इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्*] १.बाण/काँड/तीर २.दहीको छाली ३.पाँच अङ्कलाई बुझाउने शब्द ४.तृणविशेष ५.क्रान्तिवृत्तबाट ग्रहसम्मको दूरी ६.(नपुं.) पानी। **शरस्तु तेजने बाणे दध्यग्रे ना, शरं जले** (विश्व.)।

शरच्चन्द्रः (पुं.) [*शरदि चन्द्रः, स.त.*] शरद् ऋतुको चन्द्रमा।

शरच्चन्द्रिका (स्त्री.) [*शरदि चन्द्रिका, स.त.*] शरद् ऋतुका चन्द्रमाको किरण/शरद् ऋतुमा लाग्ने जून/शरज्ज्योत्स्ना।

शरजन्मा (पुं.) [*शरे शरवणे जन्म यस्य सः, बहु.स.*] कार्तिकेय।

शरटः (पुं.) [*शृणाति, शॄ हिंसायाम् इति धातोः, अटन्*] छेपारो।

शरणम् (नपुं.) [*शीर्यते इति, शृणाति दुःखमनेन, शॄञ् हिंसायाम् इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.घर। **ततोऽम्बिकायां प्रथमं नियुक्तः सत्यवागृषिः। दीप्यमानेषु दीपेषु शरणं प्रविवेश ह॥** (म.भा.१.१०६.४) २.रक्षक। **त्यज संसारमसारं भज शरणं पार्वतीरमणम्** (वै.श.) ३.[*ल्युट् च ३.३.११५ इति ल्युट् अनः ७.१.१*] आफ्नो बचाउ वा भलोका लागि कसैको आश्रय लिने काम ४.वध/हत्या।

शरणस्थानम् (नपुं.) [*शरणस्य स्थानम्, ष.त.*] शरण लिंदा कुनै व्यक्ति सजाय पाउने, समातिने आदिबाट स्वतः आफूलाई बचाउन सक्ने स्थान।

शरणागतः (पुं.वि.) [*शरणमागतः, द्वि.त.*] शरणमा आएको/आश्रयका लागि आएको/शरणापन्न।

शरणार्थी (पुं.वि.) [*शरणमर्थयते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] शरण चाहने वा आश्रयको इच्छा गर्ने व्यक्ति।

शरण्यः (पुं.) १.[*शृणाति हिनस्तीति, शॄ हिंसायाम् इति धातोः, शॄरम्योश्च (उ.) ३८८ इति अन्यः*] अज्ञान २.(वि.) [*शरणे साधुः, तत्र साधुः ४.४.९८ इति यत्, अलोपः*] शरण दिन समर्थ/ रक्षा गर्न सक्ने।

शरत् (स्त्री.) [*शृणाति हिनस्ति वियोगिनाम् चित्तमिति, शॄ हिंसायाम् इति धातोः, शॄदृभसोऽदिः (उ.१३५) इति आदिप्रत्ययः*] १.आश्विन र कार्तिक महीनामा पर्ने एक ऋतु/छ ऋतुमध्ये एक/शरत्काल। **शरच्छशाङ्कगौरेण वाताविद्धेन भामिनि। काशपुष्पलवेनेदं साश्रुपातं मुखं मम॥** (स्वप्नवासवदत्त) २.वर्ष। **पृथिवीं शासतस्तस्य पाकशासनतेजसः। किञ्चिदूनमनूनर्द्धेः शरदामयुतं ययौ॥** (रघु. १०.१)

शरदा (स्त्री.) [*शीर्यन्तेऽस्यां पाकेनौषधयः, शॄ हिंसायाम् इति धातोः, शॄदृभसोऽदिः (उ.) १३० इति अदिः, आप्*] १.शरद ऋतु २.वर्ष ३.सारङ्गीजस्तै डोरी लगाएर बजाइने बाजा। **शरत् स्त्री वत्सरेऽप्यृतौ। शरद्भवेच्छरदया प्रावृट् प्रावृषया सह** (विश्व.)।

शरदिन्दुः (पुं.) [*शरदि इन्दुः, स.त.*] शरत् ऋतुको चन्द्रमा।

शरभः (पुं.) [*शॄ हिंसायाम्, इति धातोः, कृशृशलिकलिगर्दिभ्योऽभच् (उ.) ४०९ इति अभच्प्रत्ययः*] १.रामसेनाको एक यूथपति बानर २.सलह किरा ३.विष्णु ४.हात्तीको छावा ५.ऊँट ६.गाइने किरा ७.चराविशेष ८.मृगविशेष ९.प्रत्येक चरणमा चार नगण तथा एक सगणको प्रयोग हुने वृत्त १०.बिस गुरु र आठ लघुमात्राहरू हुने दोहाको एक भेद ११.सिंह १२.तक्षक वंशको एक नाग १३.ऐरावत वंशको एक नाग १४.एक दानव १५.प्राचीन एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषि १६. शकुनिका भाइ १७.चेदिराज धृष्टकेतुका भाइ १८.सिंह आदि समस्त जन्तुको मनमा डर उत्पन्न गराउने र मारेर रगत पिउने आठ गोडा, माथि आँखा भएको शरभनामको प्राचीन एक जङ्गली जनावर १९.आठ खुट्टा भएको पशु/अष्टपद २०.विष्णुको रिस शान्त पार्न सदाशिवले लिएको एक रूप। चन्द्रसूर्य अग्नि रूप तीन नजर, काली र दुर्गारूपी दुई पखेटा, बिजुली झैँ चम्कने जिब्रो, वज्र जस्ता नङ्ग्रा, वडवाग्निको जस्तो पेट, रोग मृत्यु र शत्रुलाई मार्ने आँधिको जस्तो वेग, हृदयमा भैरव भएको, वैरीको थुप्रालाई नाश गर्ने, तल्लो आधा शरीर जनावरको, माथिल्लो आधा शरीर चराको जस्तो ठुँड र पखेटा भएको, चारपाउ र चारबाहुले प्रलयकालीन अग्निजस्तो, कालो मेघ झैँ गर्जने, देख्नासाथ शत्रुको सारा बल पराक्रम गल्न जाने, जटाको सौन्दर्यले डरलाग्दा, पखेटाले पहाड उडाउने, अष्टपाद शरभमूर्ति। वराहको तेजलाई शान्त पार्न शिवले लिएको अवतार। **कदाचित्कालवेगेन सर्वप्राणिविहिंसकः। बलवान् क्षतजाहारो नाना सत्त्वभयङ्करः॥ अष्टपादूर्ध्वनयनः शरभो वनगोचरः। तं सिंहं हन्तुमागच्छन्मुने तस्य निवेशनम्।** (म.भा.सा.प.) **चन्द्रार्काग्निस्त्रिनयनं काली दुर्गाद्विपक्षकम्। विद्युज्जिह्वं वज्रनखं वडवाग्न्युदरं तथा॥ व्याधिमृत्युरिपुघ्नं च चण्डवातातिवेगिनम्। हृद्भैरवस्वरूपं च वैरिवृन्दनिषूदनम्॥ मृगस्त्वर्धशरीरेण पक्षाभ्यां चञ्चुना द्विजः। अधोवक्त्रश्चतुष्पादस्तूर्ध्ववक्त्रश्चतुर्भुजः॥ कालान्तदहनप्रख्यो नीलजीमूतनिःस्वनः। अरिर्यद्दर्शनादेव विनष्टबलविक्रमः॥ शठाच्छरोग्ररूपाय पक्षविक्षिपतभूभृते। अष्टपादाय रुद्राय नमः शरभमूर्तये॥** (पु.च.द्वितीय भाग) **ततः शरभरूपी स तत्क्षणाद् गिरिशोऽभवत्** (का.पु.)।

शरमयम् (नपुं.) १.[*शराणामवयवो विकारो वा, नित्यं वृद्धशरादिभ्यः ४.३.१४४ इति मयट्*] वाणको अवयव वा विकार। २.[*शराः प्रचुराः यस्मिन् तत्, तत्प्रकृतवचने मयट् ५.४.२१ इति मयट्*] प्रशस्त वाण भएको।

शरव्यम् (नपुं.) [*शरवे हिंस्राय वाणशिक्षायै वा साधुः, उगवादिभ्यो यत् ५.१.२ यद्वा, शरान् व्ययति, व्येञ् संवरणे इति धातोः, संप्रसारणिभ्यो डः (वा.) ३.२.३ इति डः, यद्वा आतोऽनुपसर्गे कः ३.२.३ इति कः, संप्रसारणम् ६.१.१५*] निशाना।

शराटिः (पुं.) [*शरवत् आ समन्तात्, अटति, सर्वधातुभ्य इन् (उ.४.११९) इतीन्*] पक्षीविशेष।

शराडिः (पुं.) [*शरवत् आ समन्तात्, अडति, अड उद्यमने इति धातोः, सर्वधातुभ्य इन् (उ.) ४.११९ इतीन्*] पक्षीविशेष।

शराभ्यासः (पुं.) [*शरस्य शरमोक्षणस्याभ्यासः, ष.त.*] बाण चलाउने अभ्यास।

शरारिः (पुं.) [*शरं नीरमृच्छति, शरं हिंसां वा ऋच्छति, ऋ गतौ इति धातोः, अच इः (उ.) इति इः*] पक्षीविशेष।

शरारुः (पुं.) [*शृणातीति, शॄ हिंसायाम् इति धातोः, आरुः ३.४.१७३*] हिंसा गर्ने।

शरावः (पुं./नपुं.) [*शरणम्, शॄ हिंसायाम् इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्, शृणाति वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, शरं शराद्वाऽवति, कर्मण्यण् ३.२.१ इत्यण्*] कतारो।

शरावती (स्त्री.) [*शराः सन्त्यस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, शरादीनां च ६.३.१२० इति दीर्घः*] शरावती नदी।

शरासनम् (नपुं.) [*शरा अस्यन्तेऽनेन, असु क्षेपणे इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] धनुषबाण।

शरीरम् (नपुं.) [*शीर्यते हिंस्यतेऽसौ रोगादिना, शॄ हिंसायाम् इति धातोः, कॄशॄपॄकटिपटिशौटिभ्य ईरन् (उ.४७८) इति ईरन्*] १.प्राणीहरूका सबै अङ्ग जुटेर बनेको एक रूप २.कुनै वस्तुको सम्पूर्ण विचार वा ढाँचा, जसमा त्यसका सबै अङ्ग जुटेका हुन्छन्। शरीर तीन किसिमका हुन्छन्– सूक्ष्मशरीर कारणशरीर र स्थूलशरीर। यी शरीरमध्ये स्वप्नावस्थामा सूक्ष्मशरीरले, सुषुप्ति अवस्था (गहिरो निद्रा परेको बेला जुन बखत केही पनि थाहा हुन्न) मा कारण शरीरले र जाग्रत् अवस्थामा स्थूल शरीरले काम गरेको हुन्छ। **~त्यागः** (पुं.) [*शरीरस्य त्यागः, ष.त.*] मृत्यु/मरण। **~धारी** (वि.) [*शरीरं धरति, तच्छीलः, णिनिः*] शरीर लिएको। **~धृक्** (वि.) [*शरीरं धारयति, धृञ् धारणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] शरीरधारी। **~पतनम्** (नपुं) [*शरीरस्य पतनम्, ष.त.*] १.मृत्यु/मरण २.विस्तारै-विस्तारै शरीर सुकेर जानु। **~पाकः** (पुं.) [*शरीरस्य पाकः, ष.त.*] बुढो हुँदै जानु। **~पातः** (पुं.) [*शरीरस्य पातः, ष.त.*] मृत्यु/मरण। **~प्रभवः** (वि.) [*शरीरात् प्रभवः, प.त.*] शरीरबाट उत्पन्न। **~भाक्** (वि.) [*शरीरं भजते, भजो ण्विः ३.२.६२ इति ण्विः*] शरीर धारण गर्ने। **~भृत्** (पुं.) [*शरीरं बिभर्ति, भृञ् भरणे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] १.विष्णु २.जीवात्मा ३.शरीर धारण गर्ने पुरुष। **~यात्रा** (स्त्री.) [*शरीरस्य यात्रा, ष.त.*] आजीविका/बाँच्ने उपाय/शरीरवृत्ति। **~रक्षकः** (वि.) [*शरीरस्य रक्षकः, ष.त.*] शरीरको रक्षा गर्ने। **~वान्** (पुं.) [*शरीरमस्यास्तीति, तदस्यात्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुब्, मस्य वः*] शरीरधारी। **~विज्ञानम्** (न.) [*शरीरस्य विज्ञानम्, ष.त.*] शरीरका अङ्गको बनावट र तिनका कामहरूको वयान गर्ने शास्त्र। **~विमोक्षणम्** (नपुं.) [*शरीरस्य विमोक्षणम्, ष.त.*] १.मोक्ष २.देहत्याग। **~वृत्तिः** (स्त्री.) [*शरीरस्य वृत्तिः, ष.त.*] शरीरको पालन पोषणसम्बन्धी काम/आजीविका। **~वैकल्यम्** (नपु) [*शरीरस्य वैकल्यम्, ष.त.*] रोग/बिमारी। **~शास्त्रम्** (नपुं) [*शरीरस्य शास्त्रम्, ष.त.*] शरीरविज्ञान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

~शुश्रूषा (स्त्री.) [*शरीरस्य शुश्रूषा, ष.त.*] शरीरको सेवा। **~शोधनम्** (न.) [*शरीरस्य शोधनम्, ष.त.*] दूषित पदार्थ वा रोग आदि हटाएर शरीरलाई शुद्ध पार्नु। **~शोषणम्** (न.) [*शरीरस्य शोषणम्, ष.त.*] १.शरीर सुक्नु वा दुब्लाउनु २.शरीर सुकाउनु वा दुब्लो बनाउनु। **चिन्तासमं नास्ति शरीरशोषणम्** (सुभा.)**~संस्कारः** (पुं.) [*शरीरस्य संस्कारः, ष.त.*] १.गर्भाधानदेखि अन्त्येष्टिसम्मका शास्त्रविहित संस्कारहरू २.नुहाउनु/सफा भएर बस्नु। **~सादः** (पुं.) [*शरीरस्य सादः, ष.त.*] १.शरीरको दुब्लोपन २.औसन/गर्भ रहेपछि गर्भिणीमा हुने वान्ता एवं मुर्छा आदिले शरीर दुब्लाउनु। **शरीरसादादसमग्रभूषणा मुखेन साऽलक्ष्यत लोध्रपाण्डुना** (रघु.)।

शरीराङ्गानि (नपुं.) [*शरीरस्याङ्गानि, ष.त.*] शरीरका प्रमुख अङ्ग **अंसः,स्कन्धः** (पुं.) काध। **अङ्गुली** (स्त्री.) औँला। **अङ्गुष्ठः** (पुं.)बुढी औँलो। **अङ्घ्रिः**(पुं.)/**चरणः,णम्** (पुं.नपुं.) गोडा। **अधरोष्ठः**(पुं.) तल्लो ओठ। **अनामिका** (स्त्री.) साहिली औँलो **अपानः** (पुं.) अधोवायु। **अवहस्तः** (पुं.) हत्केलाको पछाडिको भाग। **अश्रु** (नपुं.) आँसु। **आमाशयः** (पुं.) खाएको अन्न गएर पच्ने पेटभित्रको ठाउँ/पाकस्थली। **उद्गारः** (पुं.) डकार। **उपस्थः** (पुं.) **उपस्थम्** (नपुं.) जननेन्द्रिय। **ऊरुः** (पुं.स्त्री.) तिघ्रो। **ओष्ठः** (पुं.) ओठ। **ऊर्ध्वौष्ठः** (पुं.) माथिल्लो ओठ। **कक्षः** (पुं.) काखी। **कङ्कालः** (पुं.) मासु नएको शरीरको हाड। **कटिः** (स्त्री.) कम्मर। **कनिष्ठिका** (स्त्री.) कान्छी औँलो। **कन्धरा** (स्त्री.) गर्धन। **कपालः** (पुं.) खप्पर। **कपोलः/गल्लः** (पुं.) गाला। **कपोली** (स्त्री.) घुँडाको अघिल्लो भाग। **कफोणिः** (पुं.) कुहिनो। **करङ्कः** (पुं.) करङ। **करभः** (पुं.) नाडीदेखि लिएर कान्छी औँलाको टुप्पासम्मको भाग। **करोटी** (स्त्री.) टाउकाको हाड। **कर्णः/श्रवणः** (पुं.)/**श्रवणम्** (नपुं.) कान। **कर्णमलम्** (नपुं.) कानेगुजी। **कशेरुका** (स्त्री.) डडाल्नाको हाड। **काकलः** (पुं.) किलकिले। **काकुदम्** (नपुं.) तालु। **कुलुकम्** (नपुं) जिभ्राको मल। **कूपकः** (पुं.) फिलाको खोपिल्टो। **कूर्चकः** (पुं.) आँखीभौँको माझ। **कृकः** (पुं.) गर्धनको बिचको भाग। **कृकाटिका** (स्त्री.) खोप्रे बुढी। **केशः** (पुं.) केश,कपाल। **केशिका** (स्त्री.) रगतलाई सङ्कलन गरेर शिरामा ल्याउने र धमनीबाट आएको रगत कोषसम्म पुऱ्याउने नशा। **क्रोडम्** (नपुं.) काख। **क्लोम** (नपुं.) दायाँ फोक्सो। **गर्भाशयः** (पुं.) पाठेघर। **गुदा** (स्त्री.) गुदद्वार। **गुलः** (पुं.) गुला। (अभि.चि.३.२७५) **गुल्फः** (पुं.) गोलीगाँठो। **ग्रीवा** (स्त्री.) घाँटी। **चिबुकम्** (नपुं.) चिउँडो। **चपेटः** (पुं) लबटा। **चर्म** (नपुं.) छाला। **चुचूकम्** (नपुं.) स्तनको मुन्टो। **छिक्का** (स्त्री.) हाछ्यूँ। **जघनम्** (नपुं.) तिघ्राको अघिल्लो भाग। **जङ्घा** (स्त्री.) जाँघ। **जठरम्** (नपुं.) पेट। **जत्रु** (नपुं.) काँध र छातीलाई जोड्ने हाड। **जानु** (नपुं.) घुँडा। **जिह्वा** (स्त्री.) जिब्रो। **जृम्भा** (स्त्री.) हाई। **तारा /कनीनिका** (स्त्री.) आँखाको नानी। **त्रिकम्** (नपुं.) कमरको तल्लो भाग/फिलो, जाँघ र पिठ्यौँको जोड्नीस्थल। **तिलकः**(पुं.)/ **तिलकम्** (नपुं.) कोठी। **दन्तः** (पुं.) दाँत। **दाढा दाढिका** (स्त्री.) दाह्री। **धमनी** (स्त्री.) प्रशोधित रगत लिएर मुटुबाट शरीरका विभिन्न भागमा पुग्ने नशा। **दूषिका** (स्त्री.) कचेरा। **नखः** (पुं.) नङ। **नलकम्** (नपुं.) सानो हड्डी। **नाभिः** (पुं.) नाइटो। **नितम्बः** (पुं.) स्त्रीजातिको कम्मर पछाडिको भाग। **पक्ष्म** (नपुं.) परेला। **पर्व** (नपुं.) आँख्ला। **पादतलम्** (नपुं.) पैतालो। **पर्शुका** (स्त्री.) कोखाको हाड। **पार्श्वः** (पुं.) **पार्श्वम्** (नपुं.) कोखो। **पार्ष्णिः** (पुं.) कर्कुच्चा। **पिञ्जूषः** (पुं.) कानेगुजी। **पिण्डिका** (स्त्री.) पिडौला। **पिप्पिका** (स्त्री.) दातको मैला। **पुरीषम्** (नपुं.) दिसा, मल,विष्ठा। **पुष्पिका** (स्त्री.)लिङ्ग वा योनिको फोहोर। **पृष्ठम्** (नपुं.) पिठ्यूँ। **प्रकोष्ठः** (पुं.) कुहिना र हातका पञ्जाको मध्य भाग। **प्रदेशिनी/तर्जनी** (स्त्री.) चोरीऔँलो। **प्रगण्डः** (पुं.)पाखुरा। **प्रतिजङ्घा** (स्त्री.) पिडौलाको अग्रभाग। **प्रपदम्** (नपुं.) गोडाको अग्रभाग। **प्रसृतिः** (स्त्री.) पसर। **प्राणाः** (पुं.बहु.) शरीर लाई जीवित राख्ने वायु। **प्रादेशः** (पुं.) कुरेत। **प्लीहा** (स्त्री.) फियो **फुस्फुसः** (पुं.) बायाँ फोक्सो। **भगः** (पुं.) **भगम्** (नपुं.) योनि। **भगाङ्कुरः** (पुं.) योनिको टुसो। **भ्रूः** (स्त्री.) आँखीभौँ। **मन्दिरः** (पुं.) घुँडाको पछिल्तिरको भाग/घुँडीखोप्रो। **मध्यमा** (स्त्री.) माझी औँलो। **मांसः** (पुं.) **मांसम्** (नपुं.) मासु। **मुष्कः** (पुं)/ **मुष्कम्** (नपुं.) अण्डकोष। **मुष्टिः** (स्त्री.) मुठी। **मूत्रम्** (नपुं) पिसाव। **मूत्राशयः** (पुं.) पिसाब थैली। **मेढ्रम्** (नपुं.)/**लिङ्गम्** (नपुं.) पुरुषको मूत्रेन्द्रिय। **मेदः** (नपुं.) बोसो। **यकृत्** (नपुं.) कलेजो। **रक्तम्** (नपुं.) रगत। **रक्तचापः** (पु) रगतको प्रेसर। **रीढकः/ मेरुदण्डः** (पुं.) मेरुदण्ड। **रोम** (नपुं.) रौँ। **ललाटम्** (नपुं.) निधार। **लोचनम्/नयनम्/नेत्रम्** (नपुं.) आँखा। **लाला** (स्त्री.) ऱ्याल/राल। **वक्षः** (नपुं.) छाती। **वङ्क्षणः**(पुं.) तिघ्राको सन्धिस्थल। **वदनम् /मुखम्** (नपुं.) मुख। **वस्तिः** (पुं./स्त्री.) तल्लो पेट/नाइटामुनिको भाग। **वितस्तिः** (स्त्री.) वित्ता। **वुक्का** (नान्तः, पुं.) **वुक्का** (स्त्री.) **वुक्कम्** (नपुं.) मुटु। यो छातीभित्र दुई फोक्साको बिचमा केही बायातिर रहेको हुन्छ। यसका चार खण्ड हुन्छन्। यसलाई झिल्लीभित्र रहेको बाक्लो पारदर्शी पदार्थले सुरक्षित राखेको हुन्छ। **वृक्का** (स्त्री.) **वृक्कम्** (नपुं.) मृगौला। **वेणी** (स्त्री.) चुल्ठो। **व्यानः** (पुं.) शरीरको सवै भागमा रक्तसञ्चार गराउने वायु। **व्यामः** (पुं.) बाँहा। **शिखा** (स्त्री.) टुप्पी। **शिरा** (स्त्री.) शरीरबाट रक्त सङ्कलन गरेर मुटुसम्म पुऱ्याउने नशा। **श्मश्रु** (नपुं.) दाह्री, जुघा। **ष्ठीवः** (पुं.) थुक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिङ्घाणः (पुं.) सिँगान। **सृक्किणी** (स्त्री.) ओठको प्रान्तभाग। **स्नसा** (स्त्री.) अङ्गप्रत्यङ्गको जोर्नी। **स्फिक्** (स्त्री.) फिला। **स्तनः** (पुं.) स्त्रीजातिको छातीमा रहेका दुध बस्ने मासुका गाँठा। आकारसादृश्यले गर्दा पुरुष जातिका त्यस्ता गाँठालाई पनि स्तन नै भनिन्छ। **स्वरयन्त्रम्** (नपुं.) रुद्रघण्टी। **हनुः** (पुं) ठोँड। **हस्तः/भुजः/करः** (पुं.) हात। **हृदयम्/चेतः** (नपुं.) चित्त इत्यादि।

शरीरायासः (पुं.) [*शरीरस्य आयासः, ष.त.*] थकाइ। **शरीरायासजनकं कर्म व्यायामसंज्ञितम्॥** (वैद्यक)

शरीरास्थि (नपुं.) [*शरीरस्य अस्थि, ष.त.*] शरीरको हाड।

शरीरी (पुं.वि.) [*शरीरमस्यास्ति, अत इनिठनौ ५.२.११५ इति इनिः, यस्येति च, इति आलोपः*] १.शरीर धारण गर्ने/शरीर भएको/जिउँदो/जीवित २.जीव।

शरुः (पुं.) [*शृणाति हिनस्ति येन, शॄ हिंसायाम् इति धातोः शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च (उ.) इति उः, गुणः, रपरत्वम्*] १.हतियार २.रिस।

शर्करा (स्त्री.) [*शृणातीति, शॄ हिंसायाम् इति धातोः, श्रः करन् (उ.) ४५१ इति करन्, टाप् ४.१.४*] १.चिनी/सख्खर २.कङ्कड/रोडा/ढुङ्गा/ईँटाका टुक्राहरू ३.चिनी रोग/मधुमेह। **~मिश्रितः** (पुं.वि.) [*शर्करया मिश्रितः, तृ.त.*] चिनी मिसाएको।

शर्करावती (स्त्री.) [*शर्करा सन्ति अस्याम्, अन्यतरस्याम् ५.२.९६ ग्रहणान्मतुप् ५.२.९४ च*] गेगर बढी भएको नदी।

शर्करी (स्त्री.) चौध अक्षर भएको छन्दको प्रकार। जस्तै– असम्बाधा, वसन्ततिलका, अपराजिता आदि।

शर्करिलः (पुं.) [*शर्करा (अश्मप्राया मृत्) अस्त्यत्र, देशे लुबिलचौ च ५.२.१०५ इति इलच्*] १.गेगर ज्यादा भएको ठाउँ २.मधुमेह रोगले युक्त।

शर्द (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **शर्दति–** जान्छ इत्यादि।

शर्म (नपुं.) [*शृणात्यशुभम्, शॄ हिंसायाम् इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) इति मनिन्*] १.सुख २.आनन्द ३.कल्याण।

शर्मदः (पुं.) [*शर्म ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कल्याणकारी/कल्याणदायी।

शर्मा (पुं.) [*शृणात्यशुभम्, शॄ हिंसायामिति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन्*] ब्रह्मणहरूको नाउँको पछाडि लगाइने एक उपाधि।

ततश्च नाम कुर्वीत पितैव दशमेऽहनि।
देवपूर्वं नराख्यं हि शर्मवार्मादिसंयुतम्॥
शर्मेति ब्राह्मणस्योक्तं वर्मेति क्षत्रसंश्रयम्।
गुप्तदासात्मकं नाम प्रशस्तं वैश्यशूद्रयोः॥ (विष्णुपुरा.)

शर्मिष्ठा (स्त्री.) दानवराज वृषपर्वाकी छोरी र राजा ययातिकी रानी।

शर्व (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **शर्वति–** हिंसा गर्छ इत्यादि।

शर्वः (पुं.) [*शृणाति दुःखमिति, शॄ हिंसायाम् इति धातोः, कृगृशृदृभ्यो वः (उ.) १६१ इति वः*] १.शिवजी २.विष्णु।

शर्वरी (स्त्री.) [*शृणाति हिनस्ति प्रकाशमिति, शॄ हिंसायाम् इति धातोः, कृगृशृवृञ्चतिभ्यः ष्वरच् (उ.) २८६ इति ष्वरच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, प्रज्ञाद्यणि शार्वर्यपि*] १.रात्रि/रात २.साठी संवत्सरमध्ये एक संवत्सर ३.स्त्रीजातिविशेष। **शर्वरी यामिनीस्त्रियोः। शर्वरी शार्वरी शर्या** (शब्दार्णव)।

शर्वला (स्त्री.) [*शर्वतीति, शर्व गतौ इति धातोः, वृषादित्वात् (उ.) १०६ इति कलच्*] अस्त्रविशेष।

शर्वाणी (स्त्री.) [*शर्वस्य स्त्री, ष.त., इन्द्रवरुण ४.१.४९ इति ङीषानुकौ*] पार्वती/गौरी।

शल (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **शलति–** जान्छ इत्यादि।

शल (धा.) [*चलनसंवरणयोः, सक.सेट् आत्म.*] चल्नु ढाक्नु। लट्– **शलते–** चल्छ, ढाक्छ इत्यादि।

शलभः (पुं.) [*शलते गच्छतीति, शल गतौ इति धातोः, कृशॄशलिकलिगर्दिभ्योऽभच् (उ.) ४०९ इति अभच्-प्रत्ययः*] १.गाइने-किराजस्तो एक जातको किरो/फट्याङ्ग्रो २.सलह ३.पुतली।

शलम् (नपुं.) [*शलति, शल गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] दुम्सीको काँढा।

शललम् (नपुं.) [*शलति, वृषादित्वात् (उ.) १०६ इति कलच्*] दुम्सीको काँढा।

शलली (स्त्री.) [*शलति, वृषादित्वात् (उ.) १०६ कलच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, जातेरस्त्री ४.१.६४ इति वा ङीष्*] दुम्सीको काँढा। **शलली शललं शलम्** (अमर.)।

शलाका (स्त्री.) [*शल गतौ इति धातोः, बलाकादयश्च (उ.) ४६२ आकप्रत्ययान्तो निपातः, टाप् ४.१.४*] १.धातु, काठ आदिको छेस्को, सिन्को २.बाण ३.दुम्सी ४.चुनावमा गुप्तरूपले खसालिने मतपत्र वा त्यस्तै अन्य साधन।

शलाटुः (पुं.) [*शलति, फल चलनसंवरणयोः इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, अटति, अट गतौ इति धातोः, मृगय्वादित्वात् (उ.) ३७ इति कुः, शलश्चासावटुश्च, कर्म.स.*] १.काँचो फल। **शटीशटिर्ति शलाटुः** (ऊष्मभेद)।

शल्कः (पुं./नपुं.) [*शल्यति गच्छति, शल्यते वा, शल गतौ इति धातोः, इण्भीकापाशल्यतिमर्चिभ्यः कन् (उ.) इति कन्*] १.रुखको बोक्रो/वल्कल २.माछाको कत्ला।

शल्कलः (पुं.) [*शल्+कलन्, कस्य नेत्वम्*] १.रुखको बोक्रो/वल्कल २.माछाको कत्ला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शल्भ (धा.) [*कत्थने, सक.सेट्, आत्म.*] प्रशंसा गर्नु, आत्मस्तुति गर्नु, शेखी भार्नु। लट्– **शल्भते–** प्रशंसा गर्छ, आत्मस्तुति गर्छ, शेखी भार्छ इत्यादि।

शल्यः (पुं.) [*शलतीति, शल गतौ इति धातोः, अध्न्यादिवात् (उ.) इति यक्*] १.मैनकाँडो २.महाभारतको एक पात्र ३.कुकुरविशेषज्ञ ४.दुम्सी ५.बाण/तीर/भाला ६.सुइरो/भिर ७.चिरफार गर्ने हतियार। **क्ष्वेडाशंकुशरे शल्यं ना श्वाविन्मदनद्रुमे** (रभस)। **~क्रिया** (स्त्री.) [*शल्यस्य तत्सम्बद्धस्य क्रिया, ष.त.*] चिरफार/ अपरेसन **~चिकित्सकः** (पुं.) [*शल्येन चिकित्सकः, तृ.त.*] चिरफारको काम गर्ने चिकित्सक/शल्य कर्म गर्ने व्यक्ति/शस्त्र–चिकित्सक। **~चिकित्सा** (स्त्री.) [*शल्येन चिकित्सा, तृ.त.*] घाउखटिरा वा विकृत अङ्गलाई चिरफार गरेर ठिक पार्ने क्रिया/शल्यकर्म/शस्त्रचिकित्सा/शल्योपचार/शल्यक्रिया। **~विज्ञानम्** (नपुं.) [*शल्यस्य विज्ञानम्, ष.त.*] शल्यशास्त्र/ शल्यविद्या/चिरफार उपचार गर्ने विद्या।

शल्यकः (पुं.) [*शल्य इव कायति, कैशब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.१ इति कः, आतो लोपः ६.४.६४*] १.दुम्सी २.भाला/ सुइरो।

शल्यम् (नपुं.) [*शलति गच्छतीति, शल गतौ इति धातोः, सानसिवर्ण–सिपर्णसितण्डुलाङ्कुशचषालेल्वलपल्वलधिष्ण्यशल्याः (उ.) ५५७ इति यत्*] १.किलो २.शस्त्रविशेष ३.चिरफार ४.बाँणको टुप्पो। **शल्यं तु न स्त्रियां शङ्कौ क्लीबं क्ष्वेडेषु तोमरे। मदनद्रुश्वाविधोर्ना** (मेदिनी.)।

शल्योद्योगः (पुं.) [*शल्यानामुद्योगः, ष.त.*] शल्यचिकित्सामा प्रयोग हुने औजारको उत्पादक उद्योग।

शल्योपचारी (पुं.) [*शल्येन उपचारः, सोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] चिरफारद्वारा उपचार गर्ने व्यक्ति।

शल्लकी (पुं.) [*शल्लकमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] दुम्सी।

(शल्लकी)

शव (धा.) [*गतौ, सक.सेट्, पर.*] जानु। लट्– **शवति–** जान्छ इत्यादि।

शवः (पुं.) [*शवति दर्शनेन चित्तं विकरोति, शव गतौ विकारे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] मृत शरीर/लास/मुर्दा। **~कर्म** (नपुं.) [*शवस्य कर्म, ष.त.*] मुर्दा पोल्ने, गाड्ने आदि काम। **~परीक्षा** (स्त्री.) [*शवस्य परीक्षा, ष.त.*] मृत्युको कारण पत्ता लगाउनका लागि लास जाँच्ने काम। **~यात्रा** (स्त्री.) [*शवस्य यात्रा, ष.त.*] जलाउने, गाड्ने आदि अन्तिम संस्कारका लागि मुर्दा मसानमा लग्ने काम/मलाम। **~यानम्** (नपुं.) [*शवस्य यानम्, ष.त.*] मुर्दा लैजाने खाट/ टाँड/शववाहन। **~वाहनम्** (नपुं.) [*शवस्य वाहनम्, ष.त.*] मुर्दा लैजाने गाडी।

शवम् (पुं./नपुं.) [*शवति, गच्छति, शव गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पानी। **शवः स्यात्कुणपे पुमान्। नपुंसकं तु पानीये** (मेदिनी.)।

शवरस्वामी (पुं.) मीमांसा दर्शनका प्रसिद्ध भाष्यकर्ता आचार्य। यिनको रचना **मीमांसाभाष्य** हो। यिनको समय ई.पू. प्रथम शताब्दी मानिन्छ। यिनको भाष्यलाई **शावरभाष्य** भनिन्छ। अत्यन्त सरल शैलीमा विषय प्रस्तुत गर्नु यस भाष्यको विशेष उपलब्धि हो।

शवाच्छादनम् (नपुं.) [*शवस्य आच्छादनम्, ष.त.*] कात्रो।

शश (धा.) [*प्लुतगतौ, अक.सेट्, पर.*] उफ्रनु। लट्– **शशति–** उफ्रन्छ। इत्यादि।

शशः (पुं.) [*शशति, शश प्लुतगतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] खरायो।

(शशः)

शशकः (पुं.) [*शश एव, स्वार्थे कन्*] खरायो।

शशकमण्डलम् (नपुं.) [*शशकानां मण्डलमिव*] एक तारामण्डल। यो मृगमण्डलको दक्षिणतिर छ। यसमा धमिला ६ ओटा तारा छन्। यिनलाई सफा आकाश भएको रातमामात्र देख्न सकिन्छ।

शशधरः (पुं.) [*शशस्य धरः, ष.त.*] चन्द्रमा/ शशाङ्क।

शशलोम (नपुं.) [*शशस्य लोम, ष.त.*] खरायोको रौँ।

शशशृङ्गम् (नपुं.) [*शशस्य शृङ्गम्, ष.त.*] पत्यार नपर्दो कुरो/ खरायोको जस्तो सिङ हुने असम्भव कुरो/हुन नसक्ने कुरा।

शशादनः (पुं.) [*शशमत्ति, अद भक्षणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा युच् (उ.)*] बाज। **श्येने पत्रिशशादनौ** (अमरमाला)।

शशिकला (स्त्री.) [*शशिनः कला, ष.त.*] १.चन्द्रको कला। **सिद्धिः साध्ये सतामस्तु प्रसादात्तस्य धूर्जटेः। जाह्नवीफेनलेखेव यन्मूर्ध्नि शशिनः कला॥** (हितो.) २.तीनवटा नगण तथा एक सगण भएको छन्द। यो अतिशर्करीभित्र पर्दछ। **गुरुनिधनमनुलघुरिह शशिकला** (छन्दो.)।

शशिधरः (पुं.) [*शशिनो धरः, ष.त.*] शिव।

शशिमुखः (पुं.वि.) [*शशीव मुखं यस्य सः, बहु.स.*] चन्द्रमाजस्तो सुन्दर मुख भएको अति सुन्दर।

शशिमुखी (स्त्री.) [*शशीव मुखं यस्याः सा, बहु.स.*] अति सुन्दरी स्त्री/चन्द्रमाको जस्तो सुन्दर मुख भएकी स्त्री।

शशिवदना (पुं.) [*शशीव वदनं यस्याः सा, बहु.स.*] १.शशिमुखी/ सुन्दरी स्त्री २.प्रत्येक चरणमा नगण र यगण हुने एक छन्द। **शशिवदनान्यौ** (छन्दो.)।

शशिशेखरः (पुं.) [*शशी शेखरे यस्य सः, बहु.स.*] शशिभूषण/ शिव/महादेव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शशोर्णम् (नपुं.) [*शशस्य ऊर्णम्, ष.त.*] खरायाको रौँ।

शश्वत् (अ.) [*शशति, शश प्लुतगतौ इति धातोः, बाहुलकाद्वतिः*] फेरि फेरि/पुनःपुनः/बारबार/निरन्तर।

शष (धा.) [*हिंसायाम्, सक.अनिट्, पर.*] हिंसा गर्नु। लट्– **शषति–** हिंसा गर्छ इत्यादि।

शसु (धा.) [*हिंसायाम्, सक.सेट्, पर.*] हिंसा गर्नु। लट्– **शशति–** हिंसा गर्छ इत्यादि।

शष्कुली (स्त्री.) [*शस्यते इति, शशु हिंसायामिति धातोः, कुलच्, कस्य नेत्वम्, ङीप्*] १.कानको प्वाल २.खास्तापुरी।

शष्पम् (नपुं.) [*शस्यते हन्यते छिद्यते यत्तत्, शसु हिंसायाम् इति धातोः, खष्पशिल्पशष्पवाष्परूपपर्पतल्पाः (उ.३१५) इति पः*] भर्खर उम्रिएको घाँस। **शष्पं बालतृणे स्मृतम्। पुंसि स्यात् प्रतिमाहानौ** (मेदिनी.)।

शस्तम् (नपुं.) [*शस्यते स्म, शंसु स्तुतौ इति धातोः, निष्ठा क्तः*] १.कल्याण २.(वि.) प्रशंसा गरिएको। **शस्तं क्षेमे प्रशस्ते च** (हैम.)।

शस्तिः (स्त्री.) [*शंशु स्तुतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] तारिफ/प्रशंसा/स्तुति/स्तोत्र।

शस्त्रकम् (नपुं.) [*शस्यतेऽनेन, शसु हिंसायाम् इति धातोः, दाम्नीश स ३.१.१८२ इति ष्ट्रन्, स्वार्थे कन्, ज्ञापि. ५.४.५*] हतियार।

शस्त्रगृहम् (नपुं.) [*शस्त्राणां गृहम्, ष.त.*] हातहतियारहरू राख्ने ठाउँ वा घर/सिलखाना/शास्त्रागार/शस्त्रशाला।

शस्त्रजीवी (पुं.वि.) [*शस्त्रेण जीवति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] शस्त्र चलाएर जीविका गर्ने/शस्त्रद्वारा जीविका गर्ने व्यक्ति।

शस्त्रधारी (पुं.वि.) [*शस्त्रं धारयति, तच्छीलः, धृञ् धरणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] हतियार लिएको वा धारण गर्ने/सैनिक/योद्धा/लडाकु।

शस्त्रन्यासः (पुं.वि.) [*शस्त्राणां न्यासः, ष.त.*] शस्त्रहरूलाई राख्ने काम।

शस्त्रभृत् (पुं.वि.) [*शस्त्रं बिभर्तीति, शस्त्रपूर्वकात् डुभृञ् धारण–पोषणयोः, इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] शस्त्र धारण गर्ने।

शस्त्रम् (नपुं.) [*शसु हिंसायाम् इति धातोः, सर्वधातुभ्यः ष्ट्रन् (उ.) ६०८ इति ष्ट्रन्, यद्वा शस्यते हन्यतेऽनेन, शसु हिंसायाम्, इति धातोः, दाम्नीशसयुयुजस्तुतुदसिसिचमिहपतदशनहः करणे ३.२.१८२ इति ष्ट्रन्*] १.हतियार/हातमा लिएर काटमार गर्ने साधन २.औजार/चिरफार गर्ने उपकरण।

शस्त्रविद्या (स्त्री.) [*शस्त्रस्य विद्या, ष.त.*] हातहतियार चलाउने विद्या/धनुर्वेद/शस्त्रको निर्माण तथा प्रयोगसम्बन्धी जानकारी दिने शास्त्र।

शस्त्रमार्जः (पुं.) [*शस्त्रं मार्ष्टि, मृजू शुद्धौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] हतियार साँध लगाउने तथा सफा गर्ने व्यक्ति।

शस्त्राजीवः (पुं.) [*शस्त्रमाजीवति उपजीवति, जीव प्राणधारणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] शस्त्रद्वारा जीविका चलाउने व्यक्ति।

शस्त्रास्त्रम् (नपुं.) [*शस्त्रञ्च अस्त्रञ्च अनयोः समाहारः, द्वन्द्वस.*] हातमा लिएर तथा फ्याँकेर प्रहार गर्ने हतियार/शस्त्र र अस्त्र।

शस्त्री (पुं.वि.) १.[*शस्त्रमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] शस्त्र धारण गरेको/हतियार भिरेको/सैनिक/योद्धा २.(स्त्री.) [*शस्यतेऽनया, शसु हिंसायाम् इति धातोः, दाम्नीशस ३.२.१८२ इति ष्ट्रन्, ङीष् ४.१.४१*] छुरी। **शस्त्रमायुधे। लोहे, शस्त्री छुरिकायाम्** (हैम.)।

शस्यभोजी (पुं.वि.) [*शस्यं भुङ्क्ते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अन्नपातको भोजन गर्ने।

शस्यम् (नपुं.) [*शस्यते इति, शसु हिंसायामिति धातोः, यत्*] १.अन्न/अनाज/धान्य बाली/फसल २.नयाँ उम्रेको घाँस।

शस्यमञ्जरी (स्त्री.) [*शस्यस्य मञ्जरी, ष.त.*] धानको बाला।

शस्यशाली (पुं.वि.) [*शस्येन शालते, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] यथेष्ट वा प्रचुर मात्रामा अन्नपात हुने।

शस्यश्यामलः (पुं.वि.) [*शस्यैः, श्यामलः, तृ.त.*] शस्यशालिनी/धानले गर्दा श्याम वर्ण भएको।

शस्यागारः (पुं.) [*शस्यानामागारः, ष.त.*] अनाजहरू राख्ने ठाउँ वा घर/धान गोदाम/ढिकुटी।

शाकः (पुं.) [*श्यतीति, बाहुलकात् शो तनूकरणे इति धातोः, इण्भीकापाशल्यतिमर्चिभ्यः कन् (उ.) इति कन्*] १.तरकारी बनाएर खाने पात, फूल, फल, डाँठ, कन्द आदि साग २.शक संवत् ३.द्वीपविशेष। **शाको द्वीपान्तरेऽपि च। शक्तौ द्रुमविशेषे च पुमान् हरितकेऽस्त्रियाम्** (विश्व.) ३.वृक्षविशेष। **~द्वीपः** (पुं.) [*शाकप्रधानो द्वीपः, म.प.स.*] पुराणमा प्रसिद्ध पृथ्वीका सात द्वीपमध्ये एक द्वीप।

शाकटः (पुं.) [*शकटेनोह्यते,शकटादण् ४.४.८० इत्यण्*] १.मानिसले बोक्न नसकिने गाडीमा लाद्नुपर्ने भारी २.लप्सीको बोट।

शाकटायनः (पुं.) [*शकटस्यापत्यं पुमान्, शकटशब्दात् नडादिभ्यः फक् ४.१.९९ इति फक्, आयनादेशश्च*] संस्कृतका पाणिनि पूर्ववर्ती प्राचीन वैयाकरण। यिनको समय वि.पू. ३००० मानिन्छ। विभिन्न ग्रन्थमा यिनका रचना र मतहरूको उल्लेख छ तर यिनको कुनै कृति हालसम्म उपलब्ध छैन। यिनी आठ शाब्दिकमध्ये एक मानिन्छन्। **इन्द्रश्चन्द्रकाशकृत्स्नापिशलीशकटायनाः। पाणिन्यमरजैनेन्द्रा जयन्त्यष्यदिशाब्दिकाः॥** (कविकल्पद्रुम)

शाकटिकः (पुं.) [*शकटेन गच्छति,*] गाढा चढेर हिँड्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाकम् (नपुं.) [*शक्यते भोक्तुम्, शक्लृ शक्तौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] सागपात। **शाकं पुष्पं फलं नालं कन्दं संस्वेदजं तथा। शाकं षड्विधमुद्दिष्टं गुरु विद्याद् यथोत्तरम्॥** (भा.प्र.नि.)

शाकमयम् (नपुं.) [*शाकस्य विकारोऽवयवो वा नित्यं वृद्धशरादिभ्यः ४.३.१४४ इति मयट्*] १.सागको खानु नहुने भाग/सागको अवयव २.[*प्रशस्तः शाकोऽस्त्यस्य, तत्प्रकृतवचने मयट् इति मयट्*] सागैसागले भरिएको/प्रशस्त साग भएको।

शाकम्भरी (स्त्री.) [*शाकेन बिभर्ति पालयति, खश्, मुम्, ङीष्*] १.देवी। **शाकम्भरीति विख्यातं तदा यास्याम्यहं भुवि।** (सप्तशती) २.नगरविशेष।

शाकराजः (पुं.) [*शाकानां राजा, टच्,निर्दोषत्वात्*] बेथुको साग।

शाकलः (पुं.) [*शकलेन प्रोक्तमधीयते शाकलास्तेषां सङ्घो घोषो वा यत्र, शाकलाद्वा ४.३.१२८ इति अण्*] द्वीपविशेष।

शाकल्यः (पुं.) पाणिनि पूर्ववर्ती वैयाकरण। यिनको समय ३१०० वि.पू. हो। यिनको पनि खास कृति उपलब्ध छैन।

शाकशाकिनम् (नपुं.) [*शाकानां भवनं क्षेत्रम्*] साग हुने क्षेत्र। **क्षेत्रन्तु शाकस्य शाकशाकटं शाकशाकिनम्** (अभि.चि.४.३१)।

शाकाहारी (पुं.वि.) [*शाकाहारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] सागपात, फलफूल, अन्न आदि मात्र खाने/माछामासु नखाने।

शाकिनी (स्त्री.) [*शाकोऽस्यास्तीति, इनिः, ङीप्*] १.साग भएको भूमि २.दुर्गाकी अनुचरी एक देवी। **डाकिनी योगिनी चैव खेचरी शाकिनी तथा। दिक्षु पूज्या इमा देव्यः सुसिद्धाः फलदायिकाः॥** (कात्यायनीकल्प)

शाकुनः (पुं.) १.[*शकुनमधिकृत्य कृतो ग्रन्थः, अण्*] पशुपक्षीको स्वर सुनेर शुभाशुभ फल बताउन सिकाउने शास्त्र २.(पुं.वि.) [*शकुनस्यायम्, अण्*] पक्षीसम्बन्धी। **द्वौ मासौ मत्स्यमांसेन त्रीन् मासान् हरिणेन तु। औरभ्रेणाथ चतुरः शाकुनेन तु पञ्च वै॥** (प.त.)

शाकुनवित् (पुं.वि.) [*शाकुनं वेत्तीति, विद ज्ञाने इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्*] शुभ वा अशुभ लक्षण जान्ने मानिस।

शाकुनविद्या (स्त्री.) [*शाकुनी चासौ विद्या च, कर्म. स.*] शुभ वा अशुभ लक्षण सिकाउने विद्या।

शाकुनिकः १.(पुं.वि.) [*शकुनान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति ४.४.३५ इति ठक्, वृद्धिः, अन्त्यलोपः*] चराहरू मार्ने वा पक्रने पेसा भएको व्यक्ति २.ग्रहगतिको शुभाशुभ फल बताउने मानिस।

शाकुनेयः (पुं.) [*शकुनेरपत्यं पुमान्, शुभ्रादिभ्यश्च ४.१.१२३ इति ढक्, ढस्य एयः*] १.शकुनिका सन्तान २.वृकासुर।

शाकुन्तलः (पुं.) [*शकुन्तलाया अपत्यं पुमान्, तस्यापत्यम् ४.१.९२ इत्यण्*] शकुन्तलाका पुत्र/राजा भरत।

शाकुन्तलम् (नपुं.) १.[*शकुन्तलामधिकृत्य कृतं नाटकम्, अधिकृत्य कृते ग्रन्थे ४.३.८७ इत्यण्*] दुष्यन्त र शकुन्तलाको कथा वर्णन गरिएको कालिदासद्वारा विरचित एक प्रसिद्ध संस्कृत नाटक/अभिज्ञानशाकुन्तल। **काव्येषु नाटकं रम्यं तत्रापि च शकुन्तला। तत्रापि च चतुर्थोऽङ्कस्तत्र श्लोकचतुष्टयम्॥**

शाकुन्तलेयः (पुं.) [*शकुन्तलाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् इति ढक्, एयः*] १.शकुन्तलाका सन्तान २.राजा भरत ३.(पुं.वि.) शकुन्तलासम्बन्धी।

शाकुन्तिकः (पुं.वि.) [*शकुन्तान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति ४.४.३५ इति ठक्, वृद्धिः, अन्त्यलोपः*] चराचुरूङ्गी मार्ने वा पक्रने पेसा भएको व्यक्ति/चराको सिकारी।

शाकुलिकः (पुं.) [*शकुलान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति, ४.४.३५ इति ठक्, ठस्य इकः, अलोपः*] माछा मार्ने मलाहा।

शाक्तः (पुं.वि.) [*शक्तिर्देवताऽस्य, सास्य देवता ४.२.२४ इत्यण्*] शक्तिको उपासना गर्ने व्यक्ति/काली, दुर्गा आदि देवीहरूका उपासक।

शाक्तीकः (पुं.वि.) [*शक्तिः प्रहरणमस्य, शक्तियष्ट्योरीकक् ४.४.५९ इति ईकक्, वृद्धिः, इलोपः*] १.शक्ति नामक अस्त्र चलाउने २.(पुं.) कार्तिक स्वामी।

शाक्यः (पुं.) [*शकोऽभिधानमस्य, शुण्डिकादिभ्यो ञ्यः ४.२.९२ इति ञ्यः*] १.गौतम बुद्ध जन्मेको एक प्राचीन कुल वा वंश २.नेवार जातिको एक थर। **~भिक्षुः** (पुं.) [*शाक्यश्चासौ भिक्षुश्च, कर्म.स.*] १.बौद्ध सन्यासी २.बौद्ध धर्मावलम्बी एक जात। **~मुनिः** (पुं.) [*शाक्यश्चासौ मुनिश्च, कर्म.स.*] बुद्ध।

शाक्यसिंहः (पुं.) [*शकोऽभिजनोऽस्य सः, शुण्डिकादिभ्यो ञ्यः ४३.९२, यद्वा शाके भवाः, शाक्याः, दिगादित्वाद्यत् ४.३.५४ तद्वंशावतीर्णो मुनिः, शाक्य सिंह इव, उपमितं व्याघ्रा २.१.४१ इति समासः*] गौतमबुद्ध। **शाकवृक्षप्रतिच्छन्नं वासं यस्माच्च चक्रिरे। तस्मादिक्ष्वाकुवंश्यास्ते शाक्या इति भुवि स्मृताः** (आगम)।

शाखा (स्त्री.) [*शाखति, शाखृ व्याप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.वृक्षको प्रकाण्डबाट निस्केका साना-साना अङ्ग/हाँगो २.वेदको एक भाग ३.हात ४.अर्को पक्ष ५.नजिक ६.केन्द्रको अधीनमा रहेका अरू कार्यालय ७.ऋषिका वंशका शाखाहरू। **शाखा द्रुमांशे वेदांशे भुजे पक्षान्तरेऽन्तिके** (हैमः)। **~प्रशाखम्** (नपुं.) [*शाखा च प्रशाखा च, द्व.स.*] १.वृक्षका हाँगाबिँगाहरू २.केन्द्रका अधीनमा राखेर खोलिएका विभिन्न संस्थानका कार्यालय।**~मृगः** (पुं.) [*शाखास्थो मृगः, पशुः, म.प.स.*] बाँदर/ वानर। **~रण्डः** (पुं.) आफ्नो धर्म वा वेदको शाखा छोडेर अर्काको धर्म वा शाखामा लाग्ने। **स्वशाखां यः परित्यज्य अन्यत्र कुरुते श्रमम्। शाखारण्डः स विज्ञेयो वर्जयेत्तं क्रियासु च॥** (स्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाखानगरम् (नपुं.) *(शाखेव नगरम्]* उपनगर। **अन्यत्तु यन्मूलनगरात्पुरम्। तच्छाखानगरम्** (अमर.)।

शाखायनम् (नपुं.) यो ऋग्वेदसँग सम्बद्ध ब्राह्मण ग्रन्थ हो। यसलाई कौशितकी पनि भनिन्छ। यसमा ३० अध्याय छन्। प्रत्येक अध्यायमा ५ देखि लिएर १७ सम्म खण्डहरू छन्। कुल खण्डको सङ्ख्या २२६ छ।

शाखाशिफा (स्त्री.) [*शाखायाः शिफा, ष.त.]* वर, पिप्पल आदि वृक्षका हाँगामा जमिनदेखि नै आएका जरा।

शाखी (पुं.) [*शाखाऽस्यास्ति, व्रीह्यादित्वात् ५.२.११६ इनिः, यद्वा– अवश्यं शाखति, शाखृ व्याप्तौ इति धातोः, आवश्यके णिनिः ३.३.१७० इति णिनि]* १.वृक्ष २.वेदको एक शाखाको अध्ययन गर्ने ३.तुरुष्कजाति। **शाखी स्यात्पादपे वेदे तुरुष्काख्यजने पुमान्** (मेदिनी.)।

शाखृ (धा.) [*व्याप्तौ, सक.सेट्, पर.]* शाखा फैलाउनु, हाँगा पलाउनु। लट्– **शाखति–** शाखा फैलाउँछ, हाँगा पलाउँछ इत्यादि।

शाखोच्चारणम् (नपुं.) [*शाखाया उच्चारणम्, ष.त.]* विवाहको पाणिग्रहणका समयमा दुलाहा र दुलहीका पुरोहितहरूले आफ्ना आफ्ना यजमानका वंशको गोत्र, प्रवर, नाम आदि उच्चारण गर्ने क्रिया।

शाखोटः (पुं.) [*शाखृ व्याप्तौ इति धातोः, ओटन्]* सोहोडा/एक थरीको क्षार पदार्थ।

शाङ्करः (पुं.) [*शङ्करस्य अयम्, अण्]* १.शिवको वाहन २.साँढे **उक्षाऽनड्वान् ककुद्मान् गौर्वलीवर्दश्च शाङ्करः**। (अभि.चि.) ३.(पुं.वि.) शिवसम्बन्धी। जस्तै– **शाङ्करा गणाः**।

शाङ्करम् (नपुं.) १.छन्दविशेष (मेदिनी.) २.[*शङ्करो देवता अस्य,साऽस्य देवता इत्यण्]* आर्द्रा नक्षत्र। **मृगे तु मूषकाद् भयं व्यसुत्वमेव शाङ्करे** (बृहत्संहिता)।

शाङ्खिकः (पुं.) *शङ्खकरणं शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्, ठस्येकः]* १.शङ्ख वा त्यसका सामान बनाउने व्यक्ति २.शङ्ख वादक।

शाटः (पुं.) [*शाट्यते प्रशस्यते, शाट श्लाघायाम् इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.११९ इति घञ्*] वस्त्रविशेष। **दूरतः शोभते मूर्खो लम्बशाटपटावृतः। तावच्च शोभते मूर्खो यावत् किञ्चिन्न भाषते॥** (चाणक्यशतक)

शाटकः (पुं.) [*शाट एव, स्वार्थे कन्]* वस्त्रविशेष।

शाटकम् (नपुं.) [*शाट एव, स्वार्थे कन्]* १.वस्त्रविशेष २.नाटकको एक भेद।

शाटिका (स्त्री.) [*शाटी एव, स्वार्थे कन्, टाप्]* सारी (अभि.चि.)।

शाटी (नपुं.) [*शाट्यते प्रशस्यते, शाट श्लाघायाम् इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.११९ इति घञ्, ङीष्]* सारी/फरिया/शाटिका/महिलाहरूले लगाउने अधोवस्त्र।

शाठ्यम् (नपुं.) [*शठ कैतवे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्,शठस्य कर्म,गुणवचन ब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ ष्यञ्,यद्वा शठनम्, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्]* कपट जाल,झेल आदि षड्यन्त्र। **शठे शाठ्यं समाचरेत्** (नीति.)।

शाडृ (धा.) [*श्लाघायाम्, अक.सेट्, आत्म.]* प्रशंसा गर्नु, स्तुति गर्नु। लट्– **शाडते–** प्रशंसा गर्छ, स्तुति गर्छ इत्यादि। **शाडते गुणिनं गुणी** (दुर्गादास)।

शाणः (पुं.) [*शण्यते ज्ञायते गुणदिरत्र, शणधातोः,अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, श्यति, अथवा, शो तनूकरणे इति धातोः, बाहुलकाण्णः]* १.साँध लगाउने ढुङ्गा। **शाणस्तु निकषः कषः** (अमर.) २.चार महिनाविशेष। **शाणो मासचतुष्टये। लौहादीनां च निकषे शाणी प्रावरणान्तरे** (मेदिनी.)।

शाणाजीवः (पुं.) [*शाणेन आजीवति,पचाद्यच्]* हतियारमा साँध लगाएर जीविका चलाउने व्यक्ति।

शाणिः (पुं.) सनपाटले बनेको वस्त्र।

शाणितः (पुंवि.) [*शाणः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् इति इतच्]* तिखारिएको, साँध लगाइएको।

शाणी (स्त्री.) [*शणस्य विकारः, अण्, ङीप्]* १.सनपाटका धागाले बनेको लुगा। **वस्त्राणां प्रवरा शाणी धान्यानां कोरदूषकः**। (म.भा.३.१९४.१९) २.जालीदार कपडा। **शाणी गोणी छिद्रवस्त्रे** (अभि.चि.३.३४३) ३.सान/इसारा।

शाण्डिल्यः (पुं.) [*शडि रुजायाम् इति धातोः, सलि (उ) १.५४ इति इलच्, शाण्डिल्यगोत्रापत्यम्, गर्गादिभ्यो यञ् ४.१.१०५ इति यञ्, शण्डयति रुजं करोति, वा, इलचि (उ.५४) स्वार्थे ष्यञ् (वा.) ५.१.१२४]* १.भक्तिसूत्रका रचयिता एक मुनि।१०० सूत्र भएको यस ग्रन्थका भाष्यकार स्वप्नेश्वर सूरि हुन्। २.युधिष्ठिरको सभामा बस्ने एक गोत्र प्रवर्तक ऋषि ३.शाण्डिल्य कुलमा उत्पन्न पुरुष ४.शाण्डिल्य ब्राह्मणहरूका तीन प्रधान गोत्रमध्ये एक ५.अग्नि ६.बेलको वृक्ष ७.विशेष किसिमको आगो। **शाण्डिल्यः पावकान्तरे। बिल्वे मुनौ च** (हैम.)।

शातः (पुं.वि.) [*शो तनूकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः शाच्छोः– ७.४.४१ इति वेत्वम्]* १.साँध लगाइएको/धार लगाइएको २.दुर्बल/कमजोर। **~कुम्भम्** (नपुं.) [*शतकुम्भे पर्वते भवः, तत्र भवः ४.३.५३ इत्यण्]* सुन/ सुवर्ण। **~वाहनः** (पुं.) शकसंवत् चलाउने एक शकवंशी राजा/शालिवाहन।

शातनम् (नपुं.) १.कृशता/दुब्लोपना २.विनाश हुने काम। **वसन्ते सर्वशस्यानां जायते पत्रशातनम्**। ३.(पुं.) छेदक। **स पूर्वतः पर्वतपक्षशातनं ददर्श देवं नरदेवसम्भवः** (रघु. ३.४२)।

शातपत्रम् (नपुं.) [*शतं पत्राणि यस्य तत् शतपत्रम्, शतपत्रमेव, स्वार्थे अण्]* कमल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शातपत्रकः (पुं.) [*शातपत्रं कमलमिव, इवार्थे कन्*] चन्द्रमाको प्रकाश। **चन्द्रिका कौमुदी ज्योत्स्ना प्रकाशो द्योत आतपः। अकल्का चन्द्रिकायाञ्च प्रकाशे शातपत्रकः॥** (शब्दचन्द्रिका)

शातम् (नपुं.) [*श्यति दुःखम्, शो तनूकरणे इति धातोः, बाहुलकात् ३.८५ (उ.) इति तन्*] १.सुख। **शर्मशातसुखानि च**। (अमर.) २.[*भावे क्तः*] विनाश। **पाणिप्राप्तं पाणिदाहं नखशातं करोति च** (सुश्रुत)।

शात्रवः (पुं.) [*शत्रुरेव, प्रज्ञादिभ्यश्च ५.४.३८ इति स्वार्थेऽण्*] शत्रु

शात्रवम् (नपुं.) १.[*शत्रोर्भावः कर्म वा*] शत्रुता वा शत्रुको काम २.[*शत्रूणां समूहः*] शत्रुको समूह ३.(वि.) [*शत्रूणामिदम्*] शत्रुसम्बन्धी। **ताम्बुलीनां दलैस्तत्र रचिताः पानभूमयः। नारिकेलासवं योधा शात्रवञ्च पपुर्यशः॥** (र.वं.४.४२)

शादः (पुं.) [*शीयन्तेऽस्मिन्ननेन वा, शद्लृ शातने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, यद्वा— शीयते नश्यति, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४०, यद्वा— श्यति, शो तनूकरणे इति धातोः, शाशपिभ्यां ददनौ (उ.) ४.९७ इति दः*] १.हिलो २.घाँस। **शादः कर्दमशष्पयोः** (हैम.) ३.दुब्लाउनु।

शाद्वलः (पुं.) [*शीयते, शद्लृ शातने इति धातोः, ज्वलादित्वात् ३.१.१४० णः, शादाः सन्त्यस्मिन् देशे, नडशादाड्डवलच्, ४.२.८८ इति ड्वलच्, टिलोपः*] १.नयाँ घाँस उम्रेको जमिन/चउर/गाईभैसी चराउने ठाउँ २.मरुभूमिका बिचमा कतै कतै पानी निस्की वनस्पति उम्रेको ठाउँ। **शाद्वलः शादहरिते** (अमर.)।

शान (धा.) [*तेजने, सक.सेट्. उभय. मान्बधदान्शान्भ्यः, इति नित्यं सन्, अभ्यासस्य दीर्घश्च*] तिखो पार्नु, सान लगाउनु। लट्— **शीशांसति–ते—** तिखो पार्छ आदि। **शीशांसति खड्गं कर्मकारः** (दुर्गादास)।

शान्तः (पुं.वि.) [*शम्यते स्म इति णिजन्तात् शमु उपशमे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, वा दान्तशान्त इति वैकल्पिक इडभावः, णिलुक् च निपात्यते*] १.कुनै किसिमको रिस, राग, द्वेष, चिन्ता, क्षोभ, दुःख आदि मनोविकार नभएको/धीर। **नवे वयसि यः शान्तः स शान्त इति मे मतिः। धातुषु क्षीयमाणेषु शमः कस्य न जायते॥** (ग.पु.आचारकाण्ड११४.७३) २.साहित्यमा प्रसिद्ध शम वा निर्वेद स्थायिभाव भएको एक रस ३.मुक्ति अवस्था। **शान्तोऽतिमुक्तरसयोः पुंसि त्रिषु शमान्विते। अव्ययं धारणे शान्तम्** (मेदिनी.)।

शान्तपनम् (नपुं.) [*सम्यक् तपनमत्र, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्, यद्वा— संतपति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, तस्येदं कर्म, तस्येदम् ४.३.१२० इत्यण्*] शरीर शुद्धिका निमित्त गहुँत,गोबर,गोदुग्ध,गोदधि, गोघृत र कुश यी ६ वस्तुमध्ये एक–एक वस्तु प्रतिदिन खाएर सातौँ दिनमा निराहार बस्नुपर्ने शान्तपनकृच्छ आदि गरिएका विभिन्न प्रकारका व्रत। **गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम्। एकरात्रोपवासश्च कृच्छ्रं सांतपनं स्मृतम्** (मनु.)।

शान्तम् (अव्य.) हटाउने वा निषेध गर्ने काम। (मेदिनी.) जस्तै— **शान्तम्, शान्तम्**।

शान्तरसः (पुं.) काव्यमा प्रयोग हुने नौरसमध्ये एक। यसको शम अथवा निर्वेद स्थायिभाव हुन्छ। यसको प्रकृति उत्तम किसिमको मानिन्छ। नारायण यसका देवता हुन्। संसारको अनित्यता, वस्तुको निस्सारता, परमात्माको स्वरूप आदि यसका आलम्बन विभाव हुन्। तीर्थस्थल, पवित्र आश्रमहरू, तपोवन, महापुरुषको सङ्गत आदि यसका उद्दीपन विभाव हुन्। रोमाञ्च आदि यसका अनुभाव हुन्। वैराग्य, हर्ष, प्राणीमाथि दया आदि यसका व्यभिचारिभाव मानिछन्। यसको वर्ण कुन्दको फूलजस्तै सेतो मानिएको छ। **शान्तः शमस्थायिभाव उत्तमप्रकृतिर्मतः। कुन्देन्दुसुन्दरच्छायः श्रीनारायणदैवतः॥ अनित्यत्वादिना ऽशेषवस्तुनिःसारता तु या। परमात्मस्वपं वा तस्यालम्बनमिष्यते॥ पुण्याश्रम हरिक्षेत्रतीर्थरम्यवनादयः। महापुरुषसङ्गाद्यास्तस्योद्दीपन रूपिणः॥ रोमाञ्चाद्याश्चानुभावास्तथा स्युर्व्यभिचारिणः। निर्वेदहर्षस्मरणमतिभूतदयादयः॥** (सा.द.)

शान्तनवः (पुं.) [*शन्तनोरपत्यं पुमान्, अण्*] भीष्मपितामह। **आयु–र्द्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राघवे ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने। शौर्यं शान्तनवे बलं हलधरे सत्यञ्च कुन्तीसुते विज्ञानं विदुरे प्रभवतु भवतां कीर्तिश्च नारायणे॥** (सुभा.)

शान्ता (स्त्री.) १.ऋष्यशृङ्गकी पत्नी/ दशरथ राजाकी छोरी। राजा दशरथ र राजा लोमपादको ठुलो मैत्री थियो, दुईमध्ये जसको सन्तान अगाडि भयो एकले अर्कालाई दिने शर्त हुँदा दशरथले शान्ता लोमपादलाई दिएका थिए, लोमपादले विभाण्डक ऋषिका पुत्र ऋष्यशृङ्गसँग शान्ताको विवाह गरिदिए। २.दुबो ३.शमी ४.अमला ५.कबाव चिनी ६.सङ्गीतको श्रुतिविशेष।

शान्तिः (स्त्री.) [*शमनम्, शमु उपशमे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, अनुनासिकस्य क्विब्झलोः क्ङिति ६.४.११५ इति उपधादीर्घः*] १.युद्ध आदि नभएको अवस्था/कुनै किसिमको उद्वेग वा खलबली नभएको अवस्था २.आराम/नीरोगिता। **शान्तिरामाशयोत्थानां व्याधीनां लङ्घनक्रियाः। ज्वरस्यैकस्य चाप्येका शान्तिर्लङ्घनमुच्यते॥** (वैद्यक) ३.शरीरका काम,क्रोध आदिको दमन भएको अवस्था ४.विषयबाट इन्द्रियलाई हटाउँदा हुनजाने स्थिति ५.थोरै वा धेरै उपलब्धि हुँदा हुने मानसिक तुष्टि **यत्किञ्चिद् वस्तु सम्प्राप्य स्वल्पं वा यदि वा बहु। या तुष्टिर्जायते चित्ते सा शान्तिः कथ्यते बुधैः॥** (पद्मपु.क्रियायोगसार, १५) ६.दुर्गा देवी। **उत्पत्तिस्थितिनाशेषु रजादित्रिगुणा मता। सर्वज्ञा सर्ववेतृत्वाच्छान्तित्वाच्छान्तिरुच्यते॥** ७.ग्रह, भूत,पिशाच, दैव, दुःस्वप्न, प्राकृतिक प्रकोप आदिबाट हुने अनिष्ट हट्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिकर्मणि सर्वत्र तथा दुःस्वप्नदर्शने। ग्रहपीडासु चोग्रासु माहात्म्यं शृणुयान्मम ॥ (सप्तशती) ८.एक गोपिनी ९.गाथाविशेष। **~काम** (पुं.वि.) [*शान्तिं कामयते,पचाद्यच्*] शान्तिको कामना गर्ने। **~दायकः** (पुं.वि.) [*शान्तेर्दायकः, ष.त.*] आनन्द वा सुख वा शान्ति दिने/शान्तिप्रद। **~प्रियः** (पुं.वि.) [*शान्तेः प्रियः, ष.त.*] शान्ति चाहने/शान्तिको इच्छुक। **~भङ्गः** (पुं.) [*शान्तेर्भङ्गः, ष.त.*] साधारण जनतामा भएको शान्ति र स्वस्थतामा बाधा, विद्रोह,उपद्रव/ शान्तिमा विध्न-बाधा। **~मयः** (पुं.वि.) [*प्रचुरा शान्तिर्यस्य सः, शान्ति+मयट्*] सर्वत्र शान्ति भएको/शान्तियुक्त/विध्नबाधा उपद्रवले रहित/ शान्तिपूर्ण। **~वादः** (पुं.) [*शान्तेर्वादः, ष.त.*] जनसाधारणमा सर्वत्र शान्ति स्थापना हुनुपर्दछ र संसारमा युद्ध, कलह आदिको अन्त हुनुपर्दछ भन्ने सिद्धान्त। **~सन्धिः** (पुं.) [*शान्त्यै सन्धिः, च.त.*] शान्ति र मित्रता कायम गर्न युद्ध गर्ने राष्ट्रहरूले आपसमा गर्ने सन्धि। **~स्वस्ति** (अव्य.) [*शान्तिश्चासौ स्वस्ति च, कर्म.स.*] अनिष्ट वा ग्रहगोचरका दोष हटाउनका लागि गरिने पूजा, जप, पाठ आदि। **~सुरक्षा** (स्त्री.) [*शान्तिश्चासौ सुरक्षा च, कर्म. स.*] देशका भित्री भागमा लुटपिट, डकैत, झगडा, आन्दोलन हुन नदिने र त्यसको आतङ्कबाट जनताको जिउधनको रक्षा गर्ने, गराउने काम।

शान्तियुद्धम् (नपुं.) [*शान्तिकारकं युद्धम्, म.प.स.*] शान्तिका लागि गरिने युद्ध।

शापः (पुं.) [*शपनम् इति, आक्रोशार्थकात् शप धातोः, भावे ३.३.१८ इति घञ्*] १.सराप। **शापाक्रोशौ दुरेषणा** (अमर.) २.उपद्रव। **उवास रजनीं तत्र ताडकाया वने सुखम्। मुक्तशापं वनं तच्च तस्मिन्नेव तदाहनि ॥** (रामा.१.२६.३५) ३.पानी। **प्रतीपं शापं नद्यो वहन्ति** (ऋग्वेद १०.२८.४०)।

शापोद्धारः (पुं.) [*शापस्य उद्धारः, ष.त.*] १.सरापको प्रभावबाट छुट्कारा २.कुनै स्तोत्र वा मन्त्रबाट सिद्धि नहोस् भनी कुनै ऋषि आदिले दिएको सरापको छुटकाराको लागि गरिने कुनै मन्त्र जप वा स्तोत्र पाठ।

शाफरिकः (पुं.) [*शफरान् हन्ति,पक्षिमत्स्यमृगान् हन्ति ४.४.३५ इति ठक्, ठस्येकः, वृद्धिः*] मछुवा/माछा मार्ने व्यक्ति।

शाबरभाष्यम् (नपुं.) शबरले बनाएको मीमांसा सूत्रको प्रसिद्ध भाष्य।

शाब्दः (पुं.वि.) [*शब्दस्येदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.शब्द-सम्बन्धी २.शब्दबाट उत्पन्न ३.शब्दमा निर्भर।

शाब्दबोधः (पुं.) [*शाब्दश्चासौ बोधश्च, कर्म.स.*] शब्दार्थको राम्रोसित गरिने जानकारी। वाक्यार्थबोधका निमित्त व्याकरण, न्याय, मीमांसा आदि शास्त्रहरूमा यस शब्दको प्रयोग भएको छ। शाब्दबोध मुख्य दुई किसिमका हुन्छन्— १.व्याकरणहरूले मानेको व्यापार अर्थ मुख्य भएको शाब्दबोध २.नैयायिकहरूले मानेको कर्ताको अर्थ मुख्य भएको शाब्दबोध। नैयायिकहरू पदार्थज्ञानजन्य ज्ञानलाई शाब्दबोध भन्दछन्। शाब्दबोधका लागि पदज्ञान करण हो भने पदार्थको ज्ञान त्यसको कारण हो। शब्दशक्तिज्ञान सहकारी हुन्। **पदज्ञानन्तु करणं द्वारं तत्र पदार्थधीः। शाब्दबोधः फलं तत्र शक्तिधीः सहकारिणी ॥** (भाषपरिच्छेद)

शाब्दिकः (पुं.) [*शब्दं करोति, शब्दविषये प्रकृतिप्रत्ययविभागपूर्वक-ज्ञानं करोति, शब्ददर्दुरं करोति ४.४.३४ इति ठक्, ठस्येकः, वृद्धिः*] वैयाकरण।

शाब्दी व्यञ्जना (स्त्री.) शब्दमा रहेको प्रतीयमान अर्थ बुझाउने शक्ति।

शामनः (पुं.) [*शमन एव, स्वार्थेऽण्*] यमराज।

शामनम् (नपुं.) [*शमनमेव, स्वार्थेऽण्*] १.मारण २.शान्त पार्नु।

शामनी (स्त्री.) [*शमनस्येयम्, अण्, ङीप्*] दक्षिण दिशा।

शाम्बः (पुं.) कृष्ण र जाम्बवतीको छोरो।

शाम्बरी (स्त्री.) [*शम्बराख्यदैत्यस्येदम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.माया २.जादुगर्नी/इन्द्रजाल गर्ने स्त्री।

शाम्भवः (पुं.) [*शम्भुशब्दाद् विविधेष्वर्थेषु अण्*] १.कपुर २.गोकुलधूप ३.शिवमल्ली ४.विषभेद ५.शिवपुत्र ६.शिवपूजक ७.शिवसम्बन्धी। **तत्र च प्रविशन्त्यग्रे बहवः शाम्भवा गणाः** (कथास. १२.१६७)।

शाम्भवी (स्त्री.) [*शम्भोरियम्, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीप्, शंभोरियं वा*] १.पार्वती/दुर्गा २.हरियो दुबो **~मुद्रा** (स्त्री.) दुवै आँखाको बिचमा एकनास हेरेर आत्मारामको चिन्तन गर्दा हुने योग साधनको मुद्रा। **नेत्रान्तरं समालोक्य आत्मारामं निरीक्षयेत्। सा भवेत् शाम्भवी मुद्रा सर्वतन्त्रेषु गोपिता ॥** (मु.प्र.)

शायकः (पुं.) [*शाययति शत्रून्,शीङ्धातोर्णिचि ण्वुल्*] १.वाण। **हृदयमर्मणि मन्मथशायकैः क्षततमा बहु भाषितुमक्षमा।** (नैष. ४.१०१) २.तरबार (स्वामी, अमरटीका)।

शार (धा.) [*दौर्बल्ये, चुरा. पर.अक. सेट्*] दुब्लाउनु, कमजोर हुनु। लट्— **शारयति—** दुब्लाउँछ इत्यादि।

शारङ्गः (पुं.) १.[*शीर्यते आतपैः,शृधातोः तरत्यादिभ्यश्च (उ.) इति अङ्गच्*] १.चातक/काकाकुल २.मृग ३.हात्ती ४.भमरो ५.मयूर ६.छिरबिरे रङको जनावर।

शारङ्गी (स्त्री.) बजाउने यन्त्रविशेष।

शारदः (पुं.वि.) १.[*शरदि भवः, सन्धिवेलादृतुनक्षत्रेभ्योऽण् ४.३.१६ इति अण्, वृद्धिः*] शरत्कालमा उत्पन्न भएको/शरदसम्बन्धी/ शारदीय।

शारदः (पुं.) १.नववर्ष ३.(पुं.) [*शरदि पुष्प्यति, कालात्साधुपु ष्प्यत ४.३.४३ इत्यण्*] १.छतिवन २.वकुल ३.हरियो मुगी ४.पहेंलो मुगी ५.[*शरदि भवः*] वर्ष ६.रोग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शारदम् (नपुं.) [*शरदि भवम्,अण्*] शरद् ऋतुमा पाक्ने धान । **शारदोऽब्दे, स्त्रियां तोयपिप्पलीसप्तपर्णयोः । सस्ये क्लीबं, शरज्जातनूतनाप्रतिभे त्रिषु** (मेदिनी.) ।

शारदा (स्त्री.) [*शारं ददातीति, दा दाने इति धातोः, आतोऽनुपसर्गे कः इति कः,आतो लोपः, टाप्*] १.विद्याकी देवी/सरस्वती २.दुर्गा **माया नारायणेशानी शारदेत्यम्बिकेति च।** (भाग. १०.२.१२) ३.एक प्राचीन लिपि ४.वीणाविशेष ।

शारदातनयः (पुं.) नाट्यशास्त्रका एक आचार्य। यिनको समय तेह्रौं शताब्दी हो। यिनले भावप्रकाश नामक ग्रन्थ लेखेका छन्। यसमा १० अधिकार छन्। यसमा क्रमशः भाव, रस, रसभेद, नायकनायिका, नायिकाभेद, शब्दार्थसम्बन्ध, नाट्येतिहास, दशरूपक, नृत्यभेद र नाट्यप्रयोगको व्याख्या छ।

शारदिकः (पुं.) [*शरदि भवः, विभाषा रोगातपयोः४.३.१३ इति ठञ्, ठस्येकः*] १.शरत् कालमा लाग्ने रोग २.शरद् ऋतुको घाम ।

शारदिकम् (नपुं.) [*शरदि भवम्,श्राद्धे शरदः इति ठञ्*] शरत् ऋतुमा गरिने श्राद्ध ।

शारदी (स्त्री.) [*शरदि भवा, सन्धिबेला ४.३.१६ इत्यण्, ङीप्*] १.छतिउन २.हलहले । **अथ शारदी, सप्तपर्णाम्बुपिप्पल्योः** (हैम.) ३.कोजागरपूर्णिमा ४.(स्त्री.वि.) शरत्कालको । **शारदी चण्डिकापूजा त्रिविधा परिगीयते । सात्विकी राजसी चैव तामसी चेति तां शृणु ॥** (स्क.पु.) ५.संवत्सरसम्बन्धी ।

शारदीयः (पुं.वि.) [*शरदि भवः, शरद्+छः (ईयः)*] शरदकालको/ शरद् ऋतुसम्बन्धी । **शारदीया महापूजा चतुःकर्ममयी शुभाः । तां तिथित्रयमासाद्य कुर्याद् भक्त्या विधानतः ॥** (ति.त.)

शारिः (पुं.) [*शृधातोः इञ्*] पासाको उपकरण/गोटी ।

शारिः (स्त्री.) [*शारीन् हन्ति, शृ हिंसायाम् इति धातोः, श्रः शकुनौ (उ. ५७७) इति इञ्, वृद्धिः*] १.मैना २.कपट (धरणी) ।

शारिका (स्त्री.) [*शृणाति हिनस्तीति, शृ हिंसायाम् इति धातोः, श्रः शकुनौ उ.५७७ इति इञ्, वृद्धिः, ततः, कन्, टाप् ४.१.४ इत्वम्*] १.मैना २.पासाको उपकरण/ गोटी ।

(शारिका)

शारिफलम् (नपुं.) [*शारीणां फलम्, ष.त.*] पासा खेल्ने उपकरण/थर्की ।

शारिवा (स्त्री.) [*शरणम्, शृ हिंसायाम् इति धातोः, कृगृशृपृकुटि (उ.) इतीण्, शारिरस्त्यस्याः, अन्येभ्योऽपि दृश्यते (वा.) ५.१.१०९ इति वः टाप्*] खनायो । **गोपी श्यामा शारिवा स्यादनन्तोत्सवसारिवा** (अमर.) ।

शारीरः (पुं.वि.) [*शरीरे भवः, अण्*] शरीरमा भएको, शरीरसम्बन्धी ।

शारीरकम् (नपुं.) [*शरीरमेव शारीरम्, तन्निवासी शारीरकः, कुत्सिते इति कन्, जीवः, तमधिकृत्य कृतं शास्त्रम्*] आत्म तत्त्वको विचार गर्ने व्यासप्रणीत उत्तरमीमांसा शास्त्र (कुलचन्द्र) ।

शारीरशास्त्रम् (नपुं.) [*शारीरञ्च तच्छास्त्रञ्च, कर्म.स.*] शरीरमा रहने जीवको उत्पत्ति, वृद्धि आदिको विवेचना गरिएको शास्त्र/शरीरका रचना, तत्त्व, त्यसका बाह्य र आभ्यन्तरिक क्रिया आदिको विवेचना गरिएको शास्त्र/शारीरविज्ञान ।

शारीरिकम् (नपुं.) [*शरीरे भवम्,शरीरादागतम् इत्यादि*] शरीर सम्बन्धी/कायिक/शरीरबाट उत्पन्न । **~क्षतिः** (स्त्री.) [*शारीरिकी चासौ क्षतिश्च, कर्म.स.*] भाँचिने, काटिने आदिबाट भएको नाश/शरीरको अङ्गभङ्ग । **~दण्डः** (पुं.) [*शारीरिकश्चासौ दण्डश्च, कर्म.स.*] शरीरले नै गरेर भुक्तान गर्नुपर्ने दण्ड/पैसा वा कुनै कुराबाट पूर्ति नहुने दण्ड/शरीरले नै भोग्नुपर्ने सजाय ।

शारुकः (पुं.) [*शृणाति, शृधातोः लषपतपद इति उकञ्*] हिंस्रक ।

शार्करः (पुं.) [*सिकताशर्कराभ्यां च ५.२.१०४ इत्यण्*] १.सामान्य गेगर भएको देश २.दुधको फिँज । **शार्करः स्याद् दुग्धफेने शर्करान्वितदेशयोः** (मेदिनी.) ।

शार्ङ्गः (पुं.वि.) [*शृणातीति शृ हिंसायाम् इति धातोः, गण शकुनौ (उ.) इति गन्, वृद्धिः*] १.सिङसम्बन्धी २.(नपुं.) सिङले बनेको धनु ३.विष्णुको धनु । **~धरः** (पुं.) [*शार्ङ्गस्य धरः, ष.त.*] १.विष्णु २.अदुवा ३.वैद्यक ग्रन्थका रचयिता एक प्रसिद्ध वैद्य । **~धारी** (पुं.) [*शार्ङ्गं धारयतीति, धृ+णिनिः*] विष्णु । **~पाणिः** (पुं.) [*शार्ङ्गं पाणौ यस्य सः, बहु.स.*] विष्णु ।

शार्ङ्गधन्वा (पुं.) [*शार्ङ्गम् धनुर्यस्य सः, धनुषश्च ५.४.१३२ इति अनङ्*] विष्णु ।

शार्ङ्गधरसंहिता (स्त्री.) [*शार्ङ्गधरप्रणीता संहिता, म.प.स.*] आयुर्वेदशास्त्रको प्रसिद्ध ग्रन्थ । यसका रचयिता शार्ङ्गधर हुन्। यिनको समय बाह्रौं शताब्दी हो। शार्ङ्गधरसंहिता तीन खण्डमा विभक्त छ। पहिलो खण्डमा नाडीपरीक्षा, दीपन, पाचन आदिको वर्णन छ। दोस्रो खण्डलाई मध्यम खण्ड भनिन्छ। यसमा श्वास, क्वाथ, चूर्ण, गुग्गुल, अवलेह, धातुको शोधन, मारण आदिको चर्चा छ। यसमा औषधि निर्माणविधिको पनि बयान गरिएको छ। तेस्रो खण्डमा स्वेदविधि, वमनविधि, विरेचनविधि आदिको वर्णन छ।

शार्ङ्गम् (नपुं.) [*शृङ्गस्य विकारः शार्ङ्गं धनुः, अनुदात्तादेश्च ४.३.१४० इत्यञ्*] १.सिङले बनाइएको सामान २.अदुवा ।

शार्ङ्गी (पुं.वि.) [*शृङ्गस्य विकारः शार्ङ्गं धनुः, अनुदात्तादेश्च ४.३.१४० इत्यञ्, शार्ङ्गमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.सिङले बनाएको धनु धारण गर्ने व्यक्ति २.विष्णु ।

शार्दूलः (पुं.) [*शृणाति हिनस्तीति, शृ हिंसायाम् इति धातोः, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊरच्*] १.सिंह २.बाघ ३.चितुवा ४.राक्षस ५.सर्वश्रेष्ठ, सर्वोत्तम आदि उत्कृष्ट अर्थ जनाउँदा अरू शब्दको पछाडि प्रयोग हुने शब्द । जस्तै– नरशार्दूल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शार्दूलम् (नपुं.) प्रत्येक पाउमा अठार अक्षर हुने धृति छन्दको भेद। यस छन्दको प्रत्येक चरणमा क्रमैले मगण, सगण, जगण, सगण, रगण, तथा मगण आउँछन्। यसमा बाह्रौं, त्यसपछि छैटौं अक्षरमा विश्राम हुन्छ। **शार्दूलं वद मासषट्कयतिर्मः सो जसौ रो मश्चेत्** (छन्दो.)।

शार्दूलललितम् (नपुं.) अठार अक्षरको एक वार्णिक छन्द। यस छन्दको प्रत्येक चरणमा क्रमैले मगण, सगण, जगण, सगण, तगण र सगणको प्रयोग हुन्छ। यसमा बाह्रौं, त्यसपछि छैटौं अक्षरमा विश्राम हुन्छ। **मः सो जः सतसा दिनेशऋतुभिः शार्दूल ललितम्** (छन्दो.)।

शार्दूलविक्रीडितम् (नपुं.) उन्नाइस अक्षरको एक वार्णिक छन्द, यस छन्दको प्रत्येक चरणमा क्रमैले मगण, सगण, जगण, सगण, दुई तगण हुन्छन् र अन्त्यमा गुरु वर्ण आउँछ। यसमा बाह्रौं, त्यसपछि सातौं अक्षरमा विश्राम हुन्छ। **सूर्याश्वैर्मसजस्तताः सगुरवः शार्दूलविक्रीडितम्** (छन्दो.)।

शार्वरः (पुं.वि.) [*शर्वर्या अयम्,अण्*] १.रात्रीसम्बन्धी २.घातक।

शार्वरम् (नपुं.) गाढा अन्धकार।

शालः (पुं.) [*शाड्यते, शाडृ श्लाघायाम् इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, डलयोरैक्यम्, शालो झषे, श्रवर एव दाशः इत्यूष्मभेदात्तालव्यादिः (शालः), कैवर्त इव बद्धराजीवोत्पलासालो वसन्तकालः इति वासवदत्ताश्लेषाद्दन्त्यादिश्च (सालः), कैवर्तपक्षे– सालो मत्स्यभेदः, वसन्तपक्षे– सालं पुष्पम्*] १.एक किसिमको माछो २.फूल ३.सालको रुख ४.ओढ्ने वस्त्र/ दोसल्ला ५.परखाल। **शालो साले मत्स्यभेदे शालौक स्तत्प्रदेशयोः** (हैम.)। **सालं पुष्पे क्लीबं वृक्षे तु पुमान्, पुंसि भूरुहमात्रेऽपि सालो वरणसर्जयोः** (रभस.)।**~धूपः** (पुं.) [*शालस्य धूपः,ष.त.*] शाल वृक्षबाट निस्कने खोटो। यो खोटो बाल्दा बास्ना आउँछ र धूपको काममा प्रयोग हुन्छ।

शालः (पुं.) [*शल्यते प्रशस्यते, शलधातोर्घञ्*] १.माछोविशेष २.सालको वृक्ष ३.पर्खाल। **प्राकारो वरणः शालः** (अमर.)।

शालग्रामः (पुं.) गण्डकी नदीमा पाइने प्रायः चक्रात्मक पाञ्चायतन देवतात्मक शिला। **शालग्रामं पूजयित्वा गृहस्थो मोक्षमाप्नुयात्। न स्त्रिया कदा कार्यं शालग्रामस्य पूजनम्।** (पद्मपु. पातालखण्ड, दशौं अध्याय) नेपालको मुक्तिनाथको ४८ कोश वरिपरि फैलेर रहेको ठाउँ। जहाँ सालको रुखमुनि तपस्या गरेर बस्ने शालङ्कायन नामका ऋषिले भगवान्‌को दर्शन पाउँदा त्यस ठाउँको नाम 'शालग्राम क्षेत्र' भन्ने रह्यो। त्यस शालग्राम क्षेत्रमा पाइने ढुङ्गामा वज्रकीट नामको किराले पारिएको प्वाललाई चक्र भनिन्छ। चक्रअनुसार देवताहरूका भेदहरू हुन्छन्। शालग्राम क्षेत्रबाट सात गण्डकी नदीहरू निस्केका छन्। (शालग्रामका भेदहरू पुराणहरू वा शालग्रामरहस्यमा हेर्नुपर्छ)। **आरभ्य मुक्तिक्षेत्रं तत् क्षेत्रं द्वादशयोजनम्। शालग्रामस्वरूपेण मया तत्र स्थितं स्वयम्॥ एवमुक्तः स तु मया शालङ्कायनको मुनिः। शालवृक्षं समाश्रित्य...॥ शालग्रामे महाक्षेत्रे ...। शालग्रामशिला नित्यं पूजनीया सदा द्विजैः॥** (शालग्रामरहस्य)

शालपर्णी (पुं.) [*शालः पर्णमस्याः, शालशब्दस्य शालपर्णसदृशे लक्षणा, दन्त्यादिरपि*] साकिनु।

शालभञ्जिका (स्त्री.) [*शालेन भज्यते निर्मीयते इति, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) ३.३२ इति क्वुन्, अकः, टाप्, इत्वम्*] काठ, माटो, वस्त्र आदिले बनाएको पुतली।

शालभञ्जी (स्त्री.) काठ, माटो, लुगा आदिले बनाएको पुतली।

शालवेष्टः (पुं.) [*शालस्य वेष्टो निर्यासः, ष.त.*] सालको खोटो।

शाला (स्त्री.) [*शयन्ति सूक्ष्माणि कार्याणि कुर्वन्त्यत्र सा, शो धातोः बाहुलकात्, तमिविशिविडिमृणिकुलिकपिपलिपञ्चिभ्यः कालन्, इति कालन्, यद्वा शलन्त्यधः, शल गतौ इति धातोः, हलश्च ३.३.१२१ इति घञ्, टाप् ४.१.४ यद्वा शल चलने इति धातोः, ज्वलितिकसन्तेभ्यो णः ३.१.१४० इति णः*] १.घर/गृह २.घरभित्रका कोठाचोटा (मेदिनी.) ३.वृक्षका हाँगा ४.माछोविशेष। **शाला तरुस्कन्धशाखा शाला भवनमिष्यते** (शाश्वत.)।

शालाकी (पुं.) [*इनन्तोऽयम्*] १.अस्त्रवैद्य २.हजाम।

शालाक्यः (पुं.) गर्दनमाथि टाउकाको मात्र चिकित्सा गर्ने विषयमा विवेचना गरिएको आयुर्वेदीय शल्यचिकित्सा शास्त्रको एक विभाग।

शालावृकः (पुं.) [*शालायां गृहे शाखायां वा वृक इव*] १.स्याल २.वानर ३.कुक्कुर (अमर.) ४.मृग (शब्दरत्नावली) ५.बिरालो (राजनिघण्ट)।

शालिः (पुं.) [*शल्यते प्राप्यतेऽसौ, जनिघसिभ्यामिण् (उ.) इति बाहुलकात् इण्, यद्वा शाल्यते, शल चलने इति धातोः, ण्यन्ताद् अच इः (उ.) इति इः*] १.जाडो महिनामा पाक्ने एक जातको धान/मार्सी धान २.धान ३.गनाउने जातको बिरालो। **~बाहनः** (पुं.) शकसंवत् चलाउने एक प्रसिद्ध शकवंशी राजा। **~होत्रः** (पुं.) १.घोडा २.अश्वशास्त्र बनाउने एक मुनि। **~होत्री** (पुं.) [*शालिहोत्रमस्यास्तीति, शालिहोत्र+इनिः*] घोडा वा अन्य पशुहरूको चिकित्सक/पशु चिकित्सक।

शालिनी (स्त्री.) [*शालते शोभते इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.गृहिणी/गृह स्वामिनी २.एक वार्णिक छन्द, यसमा प्रत्येक पाउमा मगण, दुई तगण र दुई गुरुवर्ण आउँछन्, चार अक्षर र त्यसपछि सातौं अक्षरमा विश्राम हुन्छ। **मात्तौ गौ चेच्छालिनी वेदलोकैः।** (छन्दो.)।

शाली (पुं.वि.) [*शालते तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.संस्कृत तत्सम शब्दको पछिल्तिर लाग्दा युक्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पन्न आदि अर्थ बुझाउने शब्द, जस्तै शक्तिशाली, भाग्यशाली इत्यादि २.प्रशंसनीय। ३.[*शाला अस्ति अस्य, इनिः*] घर-मालिक।

शालीनः (पुं.वि.) [*शालाप्रवेशमर्हति शालीनकौपीने अधृष्टाऽकार्ययोः ५.२.२० इति खञ् प्रत्ययान्तो निपातः*] १.नम्र/विनीत २.लज्जालु/ लज्जावान्, अन्य व्यक्तिसित घुलमिल हुन वा बोल्न धक मान्ने। **दयालुः शालिनीमाह शुक्लाभिव्याहृतं स्मरन्।** (भाग.३.२४.१) ३.असल आचार-विचारको ४.धनी/ सम्पत्तिवान्।

शालीनता (स्त्री.) [*शालीनस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] १.सौम्यता/सुशीलता २.अधृष्टता।

शालीयः (पुं.) [*शालायां भवः, वृद्धिर्यस्याचामादिस्तद्वृद्धम् १.१.७३ इति वृद्धसंज्ञा, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः, आलोपः*] घरमा भएको।

शालूकः (पुं.) [*शल्यते, शलति वा, शल चलनसंवरणयोः इति धातोः, शलिमण्डिभ्यामूकण् (उ.) इति ऊकण्, वृद्धिः ७.२.११६ च*] १.कमल, कुमुद आदिको जरो २.भ्यागुतो।

शालूकम् (नपुं.) [*शल्यते, शलति वा, शल चलनसंवरणयोः इति धातोः, शलिमण्डिभ्यामूकण् (उ.) इति ऊकण्, वृद्धिः ७.२.११६ च*] १.कमल, कुमुद आदिको जरो २.जाइफल।

शालूरः (पुं.) [*शलते प्लवेन गच्छति, खर्जिपिञ्जादिभ्य ऊरोलचौ (उ.) ५३९ इति ऊरच्*] भ्यागुतो।

शालेयः (पुं.) १.मसलाविशेष २.वनसुप। **शालेयः स्यान्मिसौ पुमान्** (मेदिनी.)।

शालेयम् (नपुं.) [*शालीनां भवनं क्षेत्रम्, व्रीहिशाल्योर्ढक् ५.२.२ इति ढक्, ठस्य एयः*] मार्सी धान उब्जा हुने खेत।

शाल्मलः(पुं.) [*शाल्मलयः प्राधान्येन सन्ति अत्र,अर्शाद्यच्*] पुराणमा वर्णित सात द्वीपमध्ये एक। **शाल्मलो द्विगुणो द्वीपः क्रौञ्चद्वीपस्य विस्तरात्** (म.भा.३.६४.३)।

शाल्मलिः (पुं.) [*शालयतीति, शल सञ्चलने इति धातोः, णिचि क्विप् च ३.२.१७८ इति क्विप्, मलते, मल धारणे इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्, शाल् चासौ मलिश्च, कर्म.स., पक्षे स्त्रियां ङीप्*] १.सिमल २.नरकविशेष।

शाल्मलिवेष्टः (पुं.) [*शाल्मलेः वेष्टः, ष.त.*] सिमलको खोटो।

शावः (पुं.) [*शव्यते, शव गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] बच्चा। **शिलाविभङ्गैर्मृगराजशावस्तुङ्गं नभोत्सङ्गमिवारुरोह** (र.वं. ६.३)।

शावः (पुं.वि.) [*शवस्यायम्, अण्*] शवसम्बन्धी।

शावकः (पुं.) [*शव्यते, शव गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, स्वार्थे कन् ५.३.७५*] बच्चा/ बचेरा।

शाबरः (पुं.) [*शवराणामयम्, तस्येदम् ४.३.१२० इत्यण्*] १.अपराध २.लोधको वृक्ष ३.पाप। **शाबरी शूकशिम्ब्यां स्यात् पुंसि पापापराधयोः, लोध्रे च** (मेदिनी.)।

शावरः (पुं.वि.) [*शवराणामयम्, तस्येदम् ४.३.१२० इत्यण्*] शवरजातिसम्बन्धी।

शाश्वतः (पुं.) [*शश्वद् भवः, तत्र भवः ४.३.५३ इत्यण्, अनित्योऽव्ययानां टिलोपः, बहिषष्टिलोपवचनात् (वा.) इति ४.१.८५ ज्ञापकात्*] साधैँ स्थायी रहने/नित्य/शाश्वतिक। **अजो नित्यः शाश्वतोऽयं पुराणः** (भ.गी.)।

शाश्वतिकः (पुं.) [*शश्वद् भवः, अध्यात्मादिभ्यश्च (वा.) ४.३.६० इति ठञ्, ठस्येकः*] साधैँ रहिरहने।

शाश्वती (स्त्री.) [*शश्वद् भवः, तत्र भवः ४.३.५३ इत्यण्, अनित्योऽव्ययानां टिलोपः, बहिषष्टिलोपवचनात् (वा.) ४.१.८५ ज्ञापकात्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] पृथ्वी।

शाष्कुलिकम् (पुं.) [*शष्कुलीनां समूहः, अचित्तहस्तिधेनोष्ठक् ४.२.४७ इति ठक्, ठस्य कः*] जिलेवीको समूह।

शासकः (पुं.वि.) [*शास्ति इति, शासु अनुशिष्टौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] राज्यमा शासन गर्ने सर्वोच्च व्यक्ति/शासनकर्ता।

शासनः (पुं.) [*शास्ति, शासु अनुशिष्टौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] देश, प्रान्त, नगर आदिको नियन्त्रण वा सञ्चालन गर्ने सरकार वा अधिकारी। **~अधिकारः** (पुं.) [*शासनस्य अधिकारः, ष.त.*] राज चलाउने वा शासन गर्ने अधिकार। **~अधिकारी** (पुं.वि.) [*शासनस्य अधिकारी, ष.त.*] शासन गर्ने अधिकार पाएको व्यक्ति। **~तन्त्रम्** (नपुं.) [*शासनस्य तन्त्रम्, ष.त.*] शासन वा राज्य चलाउने पद्धति/ राजकाज गर्ने तरिका/शासनपद्धति वा प्रणाली। **~पत्रम्** (नपुं.) [*शासनस्य पत्रम्, ष.त.*] राजा वा सरकारको हुकुम वा आज्ञा लेखिएको पत्र/कुनै अधिकारीद्वारा फैसला लेखिएको कागत आदि/राजाको आज्ञा लेखिएको ताम्रपत्र, शिलापत्र आदि। **~प्रणाली** (स्त्री.) [*शासनस्य प्रणाली, ष.त.*] शासन गर्ने तरिका/शासन चलाउने पद्धति/शासनपद्धति/ शासनतन्त्र/ शासनव्यवस्था। **~यन्त्रम्** (नपुं.) [*शासनस्य यन्त्रम्, ष.त.*] शासनसम्बन्धी यन्त्र वा व्यवस्था।

शासनम् (नपुं.) [*शासु अनुसिष्टौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आज्ञा/आदेश/राज्यादेश २.देश, प्रान्त, नगर आदिको नियन्त्रण वा सञ्चालन।

शासनहरः (पुं.) [*हरति, नयति, पचाद्यच्, शासनस्य आज्ञाया हरः, ष.त.*] राजदूत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासनिकः (पुं.वि.) [*शासने भवः, शासनादागतो वा, शासन+ठक्*] शासनसम्बन्धी/शासकीय।

शासनीयः (पुं.वि.) [*शासयितुं योग्यः, शासु अनुसिष्टौ इति धातोः णिचि तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.शासन वा नियन्त्रण गर्न योग्य/शास्य २.सजाय गर्न योग्य/दण्डनीय।

शासितः (पुं.वि.) [*शास्यते स्म, शासु अनुशिष्टौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.शासन गरिएको/राज्य चलाइएको/शासन वा नियन्त्रणमा राखिएको २.सजाय दिइएको/दण्डित।

शाशिता (पुं.) [*शासधातोस्तृच्*] १.बुद्ध २.नेता ३.व्याख्याता। **स राजा पुरुषो दण्डः स नेता शाशिता च सः** (मनु. ७.१०)।

शासु (धा.) [*अनुशिष्टौ, द्विक.सेट्पर.*] शासन गर्नु, आज्ञा दिनु, बुझाउनु। लट्– **शास्ति–** शासन गर्छ, आज्ञा दिन्छ, बुझाउँछ इत्यादि।

शास्ता (पुं.) [*शास्ति, शासु अनुशिष्टौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, यद्वा तृन्तृचौ शंसिक्षदादिभ्यः संज्ञायां चानिटौ (उ.) इति तृन्, तृज्वा, पितृवच्छास्तृशब्दः नप्त्रादिग्रहणस्य ६.४.११ नियमार्थत्वात्*] १.बुद्ध २.पिता ३.नेता ४.(त्रि.) शासक। **शास्ता समन्तभद्रे ना शासके पुनरन्यवत्।** (विश्व.) ५.निर्देशक। **राजर्षीणां जनयिता शास्ता चोत्पथगामिनाम्** (भाग.१.१२.२६)।

शास्तिः (स्त्री.) [*शासधातोर्बाहुलकात् तिः*] शासन।

शास्त्रम् (नपुं.) [*शिष्यतेऽनेन, शासु अनुशिष्टौ इति धातोः, दाम्नीशसयुयुज ३.२.१८२ इति ष्ट्रन्*] ज्ञान–विज्ञान आदि विषयमा क्रमबद्ध ढङ्गले विश्लेषण गरी लेखिएको ग्रन्थ/विद्या। यी अठार प्रकारका छन्– शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, मीमांसा, न्याय, धर्मशास्त्र, पुराण, आयुर्वेद, धनुर्वेद, गान्धर्व-वेद र अर्थशास्त्र। **~कृत्** (पुं.) [*शास्त्रं करोति, क्विप्, तुक्*] १.ऋषि २.शास्त्रका रचयिता। **विधित्समानोऽनुससार शास्त्रकृत्।** (भाग.१.१०.२२) **~ज्ञः** (पुं.वि.) [*शास्त्रं जानातीति, ज्ञा अवबोधने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] शास्त्र जान्ने व्यक्ति/शास्त्रको जानिफकार/शास्त्रविद्/ शास्त्रज्ञाता/शास्त्री। **~निन्दा** (स्त्री.) [*शास्त्रस्य निन्दा, ष.त.*] शास्त्रलाई अपमान वा निरादर गर्ने काम। **~निषिद्धः** (पुं.वि.) [*शास्त्रे निषिद्धः, स.त.; स.त. शास्त्रेण वा निषिद्धः, तृ.त.*] शास्त्रमा वा शास्त्रले निषेध गरेको। **~पारदर्शी** (पुं.वि.) [*शास्त्रस्य पारम्, ष.त., शास्त्रपारं पश्यतीति, दृश्+णिनिः*] शास्त्रको वेत्ता। **~विधानम्** (नपुं.) [*शास्त्रस्य विधानम्, ष.त.*] आचार वा व्यवहारसम्बन्धी शास्त्रोक्त नियम/शास्त्रहरूको निर्देशन। **~विहितः** (पुं.वि.) [*शास्त्रेण विहितः, तृ.त.*] शास्त्रमा बताइएअनुसारको/ शास्त्रसम्मत/शास्त्रसङ्गत/शास्त्रानुमोदित/ शास्त्रानुयायी। **~सिद्धः** (पुं.वि.) [*शास्त्रेण सिद्धः, तृ.त*] शास्त्रबाट सिद्ध भएको/शास्त्रद्वारा प्रामाणित/शास्त्रविहित।

शास्त्रवित् (पुं.वि.) [*शास्त्रं वेत्ति, विद ज्ञाने इति धातोः, सत्सू ३.२.६१ इति क्विप्*] शास्त्र जान्ने।

शास्त्रार्थः (पुं.) [*शास्त्रस्य अर्थः, ष.त*] १.शास्त्रको अर्थ/शास्त्रीय तात्पर्य २.[*शास्त्रस्य अर्थो विषयो यत्र*] शास्त्रसम्बन्धी वादविवाद वा छलफल। यसमा तर्क, प्रमाण आदि दिएर प्रतिपक्षीको भनाइ, उसका तर्क तथा प्रमाण आदिको खण्डन गरी आफ्नो मतको स्थापना गरिन्छ। संस्कृतका अधिकांश शास्त्रीय ग्रन्थ सूत्रशैली र शास्त्रार्थ शैलीमा रचिएका छन्।

शास्त्री (पुं.) [*शास्त्रमस्यास्तीति,अत इनिठनौ इति इनिः,शास्त्रं वेत्ति, णिनिप्रत्ययो वा*] १.शास्त्र जानेको व्यक्ति २.स्नातक परीक्षाको तहगत उपाधि।

शास्त्रीयः (पुं.वि.) [*शास्त्रे भवः, शास्त्रादागतो वा, शास्त्रशब्दाद् वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] शास्त्रसम्बन्धी/ शास्त्रसम्मत/शास्त्रविहित/शास्त्र वा विद्यासित सम्बन्ध भएको।

शास्त्रोक्तः (पुं.वि.) [*शास्त्रे उक्तः, स.त.*] शास्त्रमा बताइएको/ शास्त्रमा भने बमोजिम/शास्त्रविहित।

शास्यः (पुं.वि.) [*शासयितुं योग्यः ण्यत्*] १.शिक्षणीय २.दण्डनीय

शिंशपा (स्त्री.) [*शीघ्रं शीर्षं वा पाति, शिपूर्वकात् पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ पृषोदरादित्वात् साधुः, यद्वा– शिम् इत्यव्यक्तं शब्दं शब्देन वा शपति, शप आक्रोशे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.अशोक वृक्ष २.सिसौको वृक्ष। यस काठबाट बनेका भाँडा बलिया हुन्छन्।

शिक् (स्त्री.) खाने कुरा भुन्ड्याएर राख्ने डोरीले बनाएको भाँडो।

शिक्यम् (नपुं.) [*औणादिकयत्प्रत्ययेन, कुडादेशेन च साधुः*] खाने कुरा भुन्ड्याएर राख्ने डोरीले बनाएको भाँडो।

शिक्या (स्त्री.) [*शिक्यशब्दात् टाप्*] खाने कुरा भुन्ड्याएर राख्ने डोरीले बनाएको भाँडो।

शिक्यितः(पुं.वि.) [*शिक्ये धृतम्*] शिखामा भुन्ड्याएको।

शिक्थम् (नपुं.) मह निचोरेर बाँकी रहेको छोक्रा/ मइन।

शिक्ष (धा.) [*विद्योपादने, भ्वा.सक.सेट् आत्म.*] विद्या प्राप्त गर्नु, अध्ययन गर्नु, अभ्यास गर्नु। लट्– **शिक्षते–** विद्या प्राप्त गर्छ, अध्ययन गर्छ, अभ्यास गर्छ। **प्रशिक्षते–** तालिम लिन्छ। लिट्– **शिशिक्षे–** विद्या प्राप्त गरेछ, अध्ययन गरेछ, अभ्यास गरेछ (अन.)। लुट्– **शिक्षिता–** विद्या प्राप्त गर्ने छ, अध्ययन गर्ने छ, अभ्यास गर्ने छ (अन.)। लृट्– **शिक्षिष्यते–** विद्या प्राप्त गर्ने छ, अध्ययन गर्ने छ, अभ्यास गर्ने छ। लोट्– **शिक्षताम्–** विद्या प्राप्त गरोस्, अध्ययन गरोस्, अभ्यास गरोस्। लङ्– **अशिक्षत–** विद्या प्राप्त गऱ्यो, अध्ययन गऱ्यो, अभ्यास गऱ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अन.)। विधिलिङ्– **शिक्षेत–** विद्या प्राप्त गर्ला, अध्ययन गर्ला, अभ्यास गर्ला, विद्या प्राप्त गरोस्, अध्ययन गरोस्, अभ्यास गरोस्। आशीर्लिङ्– **शिक्षिषीष्ट–** विद्या प्राप्त गरास्, अध्ययन गरोस्, अभ्यास गरोस्। लुङ्– **अशिक्षिष्यत–** विद्या प्राप्त गर्ने थियो, अध्ययन गर्ने थियो, अभ्यास गर्ने थियो। कर्मणि– **शिक्ष्यते–** सिकिन्छ। णिचि– **शिक्षयति-** सिकाउँछ। सनि– **शिशिक्षिषति–** सिक्न चाहन्छ। यङि– **शेशिक्ष्यते–** बारम्बार वा ज्यादै सिक्छ। यङ्लुकि– **शेशीक्षीति, शेशिष्टि–** अतिशय वा बारम्बार सिक्छ। कृदन्ते-**शिक्षकः, शिक्षिका, शिक्षिता-त्री, शिक्षयिता-त्री–** सिक्ने, सिकाउने। **शिक्षितव्यम्, शिक्षणीयम्, शिक्ष्यम्–** सिक्नु पर्ने। **शिक्षयितव्यम्–** सिकाउनु पर्ने। **शिक्षमाणः–** सिक्दै गरेको। **शिक्षितुम्–** सिक्न। **शिक्षयितुम्–** सिकाउन। **शिक्षा–** सिक्ने काम वा कुरा। **शिक्षित्वा, प्रशिक्ष्य–** सिकेर। **शिक्षयित्वा–** सिकाएर इत्यादि।

शिक्षकः (पुं.) १.[*शिक्षामधीते वेद वा, क्रमादिभ्यो वुन् ४.२.६१ इति वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, अकादेशः*] शिक्षाशास्त्र वा शिक्षाको ज्ञाता वा अध्येता २.[*शिक्षयतीति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः ७.१.१*] सिकाउने गुरु। स्त्रियां– **शिक्षका, शिक्षिका**।

शिक्षणम् (नपुं.) १.[*शिक्ष विद्योपादाने इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] शिक्षा दिने काम/अध्यापन २.[*शिक्ष, विद्योपादाने इति धातोः, पूर्ववत् ल्युट् ३.३.११५ अनः ७.१.१*] सिक्ने काम।

शिक्षणपक्षः (पुं.) [*शिक्षणस्य पक्षः, ष.त.*] सिक्ने पक्ष।

शिक्षणमूल्याङ्कनम् (नपुं.) [*शिक्षणस्य मूल्याङ्कनम्, ष.त.*] विद्यार्थीले पढेको कुरा राम्रोसित जाने वा जानेनन् भनी गरिने परीक्षण।

शिक्षणविज्ञानम् (नपुं.) [*शिक्षणस्य विज्ञानम्, ष.त.*] विद्यार्थीहरूलाई शिक्षा दिने तरिकाको विवेचना गरिएको शास्त्र।

शिक्षणशैली (पुं.) [*शिक्षणस्य शैली, ष.त.*] विद्यार्थीहरूलाई शिक्षा दिने तरिका।

शिक्षणसामग्री (स्त्री.) [*शिक्षणस्य सामाग्री*] विद्यार्थीहरूलाई शिक्षा दिंदा आवश्यक पर्ने सहयोगी सामग्री।

शिक्षणीयः (पुं.वि.) [*शिक्षयितुं योग्यः, शिक्ष विद्योपादाने इति धातोः, णिचि तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] शिक्षा दिन योग्य/पढाउन योग्य/सिकाउन लायक।

शिक्षमाणः (पुं.वि.) [*शिक्ष्यते इति, शिक्ष विद्योपादाने इति धातोः, लटि, लटःस्थाने लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्, आने मुक् ७.२.८२ इति मुक्*] सिक्दै गरेको/ सिकिरहेको।

शिक्षयिता (पुं.वि.) [*शिक्षयति, शिक्ष विद्योपादाने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] शिक्षक/शिक्षा दिने व्यक्ति। **शिक्षयित्री** (स्त्री.)।

शिक्षा (पुं.) [*शिक्षणम् शिक्ष्यते स्थानादिकमनया वा, शिक्ष विद्योपादाने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यप्रत्ययः, टाप् ४.१.४*] १.उपदेश २.पढाउने वा सिकाउने काम ३.वेदको अङ्ग। **शिक्षा कल्पो व्याकरणं निरुक्तं ज्योतिषां गतिः। छन्दोविचितिरित्येतैः षडङ्गो वेद उच्यते॥** (प्रातिशा.) ४.वर्णोच्चारण आदिको शिक्षा दिने प्राचीन शास्त्र। वेदाङ्गमा पहिलो स्थान शिक्षाको छ। स्वर, व्यञ्जन र तिनको उच्चारणसम्बन्धी शिक्षा दिने विद्या शिक्षा हो। **स्वरवर्णाद्युच्चारणप्रकारो यत्र शिक्ष्यते उपदिश्यते सा शिक्षा।** –(ऋग्वेदभाष्य भूमिका पृ ४९) स्वर तीन किसिमका हुन्छन्– उदात्त, अनुदात्त र स्वरित। वैदिक मन्त्रहरूको उच्चारणका लागि तीनै किसिमका स्वरहरूको राम्रोसित ज्ञान र अभ्यास हुनु आवश्यक हुन्छ। उच्चस्वरलाई उदात्त, निम्न स्वरलाई अनुदात्त, उदात्त र अनुदात्तको बिचको स्वरलाई स्वरित भनिन्छ। स्वरको भेदले गर्दा वेदको अर्थमा अन्तर आउँछ। शिक्षाका ६ अङ्ग छन्– वर्ण, स्वर, मात्रा, बल, साम र सन्तान। **वर्ण–** अक्षरहरूलाई वर्ण भनिन्छ। पाणिनिको शिक्षानुसार संस्कृत वर्णको सङ्ख्या ६४ छ। **स्वर–** उदात्त, अनुदात्त र स्वरित गरी स्वर तीन किसिमका हुन्छन्। **मात्रा–** स्वरको उच्चारण गर्दा लाग्ने समयलाई मात्रा भनिन्छ। मात्रा तीन किसिमका हुन्छन्– ह्रस्व, दीर्घ र प्लुत। एक मात्रा उच्चारण गर्न लाग्ने स्वरलाई ह्रस्व, दुई मात्रा उच्चारण गर्न लाग्ने स्वरलाई दीर्घ र तीन मात्रा वा सोभन्दा बढी मात्रा उच्चारण गर्न लाग्ने स्वरलाई प्लुत भनिन्छ। **बल–** स्थान र प्रयत्नलाई बल भनिन्छ। स्वर अथवा व्यञ्जन उच्चारण गर्दा भित्रबाट आएको स्वासको प्रवाहले जुन ठाउँमा ठक्कर दिन्छ, त्यसलाई स्थान भनिन्छ, त्यो नै त्यो वर्णको स्थान हुन्छ। स्थान आठ छन्– कण्ठ, तालु, दन्त्य, मूर्धा, वर्त्स्य, नासिका, ओष्ठ र जिह्वामूल। अक्षरहरूको उच्चारणका लागि गरिएको प्रयासलाई प्रयत्न भनिन्छ। प्रयत्न दुई किसिमका हुन्छन्– आभ्यन्तर प्रयत्न र बाह्य प्रयत्न। आभ्यन्तर प्रयत्न पाँच किसिमका हुन्छन्– स्पृष्ट, ईषत्स्पृष्ट, विवृत्त ईषद् विवृत्त र संवृत्त। बाह्यप्रयत्न ११ किसिमका हुनछन्– विवार, संवार, श्वास, नाद, घोष, अघोष, अल्पप्राण, महाप्राण, उदात्त, अनुदात्त र स्वरित। **साम–** अक्षरहरूको उच्चारणमा उत्पन्न हुने दोषलाई साम भनिन्छ। पाणिनिको भनाइअनुसार पाठकका ६ गुण हुनु अनिवार्य छ– माधुर्य, अक्षरव्यक्ति– (अक्षरहरू स्पष्ट रूपबाट छुट्टाछुट्टै उच्चारण गर्नु), पदच्छेदः (पद स्पष्ट रूपमा छुट्टिने गरी बोल्नु) सुस्वर– (मिठो स्वरले पढ्नु), धैर्य– (धैर्यका साथ पढ्नु) र लयसमर्थ– (सुन्दर लय हालेर उच्चारण गर्नु।

माधुर्यमक्षरव्यक्तिः पदच्छेदस्तु सुस्वरः।
धैर्यं लयसमर्थञ्च षडेते पाठका गुणाः॥ (प.सि.३३)

पाणिनिले पाठकहरूका दोषहरू पनि दिएका छन्। ती ६ छन्– गीति– (गाएर पढ्ने), शीघ्री– (छिटोछिटो पढ्ने), शिरः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कम्पी– (शिर हल्लाएर पढ्ने), लिखितपाठक– (लेखेर पढ्ने), अनर्थज्ञ– (अर्थ नसम्झिकन पढ्ने) र अल्पकण्ठ– (मनमनै पढ्ने)।

गीती शीघ्री शिरःकम्पी तथा लिखितपाठकः।
अनर्थज्ञोऽल्पकण्ठञ्च षडेते पाठकाऽधमाः॥

(पा.शि.३२) **सन्तान–** संहितालाई सन्तान भनिन्छ। पदहरूको अतिशय सन्निधि संहिता हो। प्रत्येक वेदमा वर्णोच्चारण एक किसिमको नभएर फरकफरक हुन्छ। यिनै विषयको वर्णन शिक्षा ग्रन्थमा विस्तारपूर्वक गरिएको हुन्छ। प्रत्येक वेदका आआफ्ना शिक्षा ग्रन्थ छन्। तिनमा यस्ता कुराको विवरण दिइएको हुन्छ । **~दीक्षा** (स्त्री.) [*शिक्षा चासौ दीक्षा च, कर्म.स.*] १.उपदेश/अर्ती २.एक प्रकारको मन्त्र। **~परिषद्** (स्त्री.) [*शिक्षायाः परिषद्, ष.त.*] विश्वविद्यालय वा शिक्षण-संस्थाका पाठ्यक्रम, शिक्षा व्यवस्था आदिको निर्णय गर्न बनेको शिक्षा विशेषज्ञहरूको परिषद्। **~प्रदः** (पुं.वि.) [*शिक्षां प्रददाति, दा+कः*] शिक्षा दिने/अर्ती दिने। **~प्रसारयोजना** (स्त्री.) [*शिक्षाया प्रसारः, ष.त., तस्य योजना, ष.त.*] देशका कुना काप्चामा पनि शिक्षा प्रसार गर्ने गराउने योजना/शिक्षा फैलाउने कामकुरा। **~मन्त्रालयः** (पुं.) [*शिक्षाया मन्त्रालयः, ष.त.*] राष्ट्रको शिक्षा, संस्कृति आदिको काम गर्ने सर्वोच्च निकाय/शिक्षामन्त्रीको मातहतको मन्त्रालय। **~मन्त्री** (पुं.) [*शिक्षायाः मन्त्री, ष.त.*] सरकारको शिक्षासम्बन्धी नीति निर्धारण गर्ने र त्यसको सर्वोच्च व्यवस्था गर्ने मन्त्रिमण्डलको सदस्य। **~विद्** (पुं.वि.) [*शिक्षां वेत्तीति, शिक्षा– विद्+क्विप्*] शिक्षाशास्त्री/शिक्षा सम्बन्धी ज्ञाता। **~विधानम्** (नपुं.) [*शिक्षाया विधानम्, ष.त.*] शिक्षासम्बन्धी नियम, विनिमय। **~विभागः** (पुं.) [*शिक्षाया विभागः, ष.त.*] देश वा राज्यको शिक्षासम्बन्धी व्यवस्था गर्ने विभाग/शिक्षाको प्रबन्ध गर्ने सरकारी विभाग। **~शास्त्रम्** (नपुं.) [*शिक्षायाः शास्त्रम्, ष.त.*] शिक्षासम्बन्धी विवेचना गरिएको शास्त्र। **~सामग्री** (स्त्री.) [*शिक्षायाः सामग्री, ष.त.*] शिक्षाका लागि चाहिने किताब, कलम आदि।

शिक्षाग्रन्थः (पुं.) [*शिक्षाविषयको ग्रन्थः, म.प.स.*] वर्णोच्चारण सम्बन्धी सिकाउने ग्रन्थ। शिक्षाग्रन्थ लगभग २२ वटा छन्। तिनको संक्षिप्त विवरण– **पाणिनीयशिक्षा**– यसमा ६० श्लोक छन्। उच्चारण विधिसँग सम्बद्ध विषयको यसमा वर्णन छ। यसका रचयिता दाक्षिपुत्र पाणिनि हुन्। शिवराज आचर्यको विस्तृत भूमिकासहित यसको टीका प्रकाशित छ। **याज्ञवल्क्यशिक्षा**– यसमा २३२ श्लोक छन्। यसको सम्बन्ध यजुर्वेदीय वाजसेनीय संहितासँग छ। यस ग्रन्थमा वैदिक स्वरहरूको उदाहरणसहित विवेचना गरिएको छ। लोप, आगम, विकार र प्रकृतिभावनामक चार सन्धिको पनि त्यसमा वर्णन छ। वर्णको भेद, स्वरूप, पारस्परिक साम्यवैषम्यको पनि त्यसमा विवेचना भएको छ। **वाशिष्ठीशिक्षा**– यसको सम्बन्ध वाजसनेयीसंहितासँग छ। **कात्यायनी शिक्षा**– यसमा १३ श्लोकमात्र छन्। **पाराशरी शिक्षा**– यसमा १६० श्लोक छन्। स्वर, वर्ण, सन्धि आदिको यसमा विवेचना छ। **माण्डव्यशिक्षा–** यो यजुर्वेदको शिक्षाग्रन्थ हो। यसमा ओष्ठ्यवर्णहरूको मात्र सङ्ग्रह छ। **अमोघानन्दिनी शिक्षा–** यसमा १३० श्लोक छन्। स्वर र वर्णहरूको विवेचना छ। **माध्यन्दिनी शिक्षा–** यसका दुई रूप छन्– गद्यात्मक र पद्यात्मक। यसमा द्वित्वप्रक्रियाको विशेष विवेचना छ। **वर्णरत्नप्रदीपिका**– यसमा २२७ श्लोक छन्। यसका लेखक भारद्वाजकुलमा उत्पन्न भएका अमरेश मानिन्छन्। वर्ण र स्वरको यसमा विस्तृत विवेचना छ। **केशवीशिक्षा–** यसका रचयिता केशव दैवज्ञ हुन्। यसका दुई भाग छन्– प्रथम र द्वितीय। प्रथममा माध्यन्दिनी शाखासम्बन्धी परिभाषाहरू छन् भने दोस्रोमा २१ पद्यमा स्वरको विवेचना भएको छ। **मल्लशर्मशिक्षा–** यसमा ६५ पद्य छन्। यसका रचयिता मल्ल शर्मा हुन्। **स्वराङ्कुशशिक्षा–** यसमा २५ पद्य छन्। स्वरको विस्तृत विवेचना भएको छ। यसका रचयिता जयन्त स्वामी हुन्। **षोडशश्लोकी शिक्षा**– यसमा १६ पद्य छन्। वर्ण तथा स्वरको विस्तृत विवेचना छ। यसका लेखक रामकृष्ण हुन्। **अवसाननिर्णयशिक्षा–** यसमा स्वरभक्तिको उदाहरणसहित विवेचना भएको छ। यसका रचयिता अनन्तदेव हुन्। **स्वरभक्तिलक्षणशिक्षा–** यसमा स्वरभक्तिको सोदाहरण विवेचना छ। यसका रचयिता महर्षि कात्यायन हुन्। **प्रातिशाख्यप्रदीपशिक्षा**– यसमा स्वंर, वर्ण आदिको विवेचना छ। विवेचनाको सन्दर्भमा प्राचीन शिक्षाग्रन्थका मतहरूको पनि उल्लेख गरिएको छ। यसका लेखक बालकृष्ण हुन्। **नारदीयशिक्षा**– यो सामवेदसँग सम्बन्धित शिक्षा हो। यसमा शोभाकर भट्टले टीका लेखेका छन्। शिवराज आचार्यको विस्तृत भूमिकासहित यसको टीका प्रकाशित भएको छ। **गौतमीशिक्षा**– यो सामवेदको संक्षिप्त शिक्षा हो। **लोमशी शिक्षा–** यो पनि सामवेदसँग सम्बन्धित शिक्षा हो। **माण्डूकीशिक्षा**– यसमा १७९ श्लोक छन्। यो अथर्ववेदसँग सम्बद्ध छ। यस अतिरिक्त **क्रमसन्धानशिक्षा, गलदृकशिक्षा, मनःस्वारशिक्षा, याज्ञवल्क्यशिक्षा** आदि अन्य शिक्षाविषयक ग्रन्थहरू पनि प्रकाशित छन्। यस्तै अरू पनि पचासौं हस्तलिखित शिक्षा ग्रन्थहरू उपलब्ध छन्। यिनमा धेरै शिक्षाग्रन्थको सङ्ग्रह १९९३ ई. मा संस्कृत सिरीज वाराणसीबाट प्रकाशित भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षार्थी (पुं.वि.) [*शिक्षामर्थयते, णिनिः*] शिक्षा हासिल गर्न लागेको व्यक्ति/विद्याभिलाषी/विद्यार्थी।

शिक्षालयः (पुं.) [*शिक्षाया आलयः, ष.त.*] पाठशाला/ विद्यालय र सोसरहका व्यावसायिक वा बहुमुखी शिक्षण संस्था र प्रौढ शिक्षा दिने स्थल।

शिक्षितः (पुं.वि.) [*अशिक्षिष्ट, शिक्ष विद्योपादाने इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः, यद्वा शिक्षा जातास्य, तदस्य सञ्जातं तारकादिभ्यो इतच् ५.२.३६ इति इतच्*] शिक्षा हासिल गरेको/शिक्षा पाएको/पढेलेखेको।

शिखण्डः (पुं.) [*शिखाममति, अम गतौ इति धातोः, ञमन्ताड्डः (उ.) इति डः, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्*] १.मयूरको पुच्छर २.टुप्पी/शिखा। **शिखण्डो बर्हचूडयोः** (हैम.)।

शिखण्डकः (पुं.) [*शिखाया अण्ड इव, इवे प्रतिकृतौ (५.३.९६) इति स्वार्थे (ज्ञापि.५.४.५) वा कन्, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ इति पररूपम्*] जुल्फी पारेको कपाल। **शिखण्डौ तु शिखाबर्हौ।** (रभस.) **शकन्ध्वादित्वं केचिन्नेच्छन्ति, शिखण्डक शिखण्डकौ** (वाचस्पति)।

शिखण्डिकः (पुं.) [*शिखण्डीव कायति शब्दायते, कः, यद्वा शिखण्डोऽस्यास्तीति, ठन्, इकः*] कुखुरो। **कृकवाकुस्ताम्रचूडो विवृताक्षः शिखण्डिकः** (अभि.चि. ४.३.९१)।

शिखण्डिका (स्त्री.) शिखा/टुप्पी। **शिखा शिखण्डिका समाः** (हेमचन्द्र)।

शिखण्डितम् (नपुं.) प्रत्येक पाउमा क्रमैले जगण, सगण, तगण तथा एक गुरुवर्णको प्रयोग भएको छन्द। **शिखण्डितमिदं ज्सौ तौ गुरुश्चेत्** (छन्दो.)।

शिखण्डिनी (स्त्री.) [*शिखण्डोऽस्त्यस्याः, इनिः, ङीप्*] १.जुही २.रातीगेडी ३.पोथी मयूर ४.द्रौपदी।

शिखण्डी (पुं.वि.) [*शिखण्डोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.मयूर/मुजुर २.कुखुरो ३.बाण ४.महाभारतमा राजा द्रुपदका छोरा। यक्षको अनुरोधमा यिनले स्त्रीत्वलाई छाडेर पुंस्त्व पाएका थिए। ५.शिव। **जटी चर्मी शिखण्डी च सर्वाङ्गः सर्वभावनः।** (म.भा.१३.१७.३१) ६.विष्णु (सहस्रनाम)।

शिखरः (पुं.नपुं.) [*शिखाऽस्यास्ति, शिखाया ह्रस्वश्च (वा.५.२.) इति रः, यद्वा शिखां राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ ङ्यापोः ६.३.६३ इति ह्रस्वः*] १.पहाड/पर्वतको सबभन्दा माथिल्लो भाग/चुचुरो २.चुली ३.गजुर ४.वृक्षको टुप्पो ५.पाकेको दारिम वा अनारभित्रको दाना। **शिखरं पुलकाग्रयोः। पक्वदाडिमबीजाभमाणिक्यशकलेऽपि च। गिरिवृक्षाग्रकक्षासु** (हैम.)।

शिखरनारायणः (पुं.) [*शिखरस्थो नारायणः, म.प.स.*] काठमाडौंदेखि दक्षिण फर्पिङमा रहेका नारायणको मूर्ति/काठमाडौं उपत्यकाका प्रसिद्ध चार नारायणमध्ये एक नारायण।

शिखरम् (नपुं.) [*शिखा अस्यास्तीति, अश्मादितया रः, ह्रस्वः*] १.पर्वतको चुचुरो २.चरम उत्कर्ष।

शिखरिणी (स्त्री.) [*शिखराणि सन्त्यस्याः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.श्रेष्ठ स्त्री/उत्तम स्त्री २.वक्षस्थलदेखि नाभिसम्म भएका रौँका पङ्क्ति ३.प्रत्येक चरणमा सत्र अक्षर हुने एक वर्ण वृत्त। यसका प्रत्येक पाउमा क्रमशः, यगण, मगण, नगण, सगण, भगण तथा लघु र गुरु वर्ण आउँछन्। छैटौं त्यसपछि एघारौं अक्षरमा विश्राम हुन्छ। **रसै रुद्रैश्छिन्ना यमनसभला गः शिखरिणी।** (छन्दो.) ४.सिकर्नी/सुठो, मरीच, दालचिनी, अलैंची, चिनी आदिले साँधेको दही (कुलचन्द्र) ५.पहाडमा बग्ने नदी।

शिखरी (पुं.) [*शिखराणि सन्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.पर्वत/पहाड २.रुख ३.अपामार्ग/दतिवन झार। **शिखरी स्यादपामार्गे शैलपादपयोः पुमान्** (मेदिनी.)।

शिखा (स्त्री.) [*शीङ् स्वप्ने इति धातोः, शीङो ह्रस्वश्च (उ.) ७१२ इति खः, ह्रस्वश्च, टाप्*] १.शिरको माझमा रहेको कपाल/टुप्पी/चूडा/चुल्ठो २.आगाको ज्वाला/लप्को ३.मयूरको शिर/ कल्की ४.हलाको टुप्पो ५.पाउको अग्रभाग ६.किरण ७.कामजन्य जरो। **शिखा शाखाबर्हिचूडालाङ्गलिक्यग्रमात्रके। चूडामात्रे शिफायां च ज्वालायां प्रपदेऽपि च** (मेदिनी.) **~सूत्रम्** (नपुं.) [*शिखा च सूत्रञ्च तयोः समाहारः, द्व.स.*] संस्कारद्वारा राखिएको द्विजातिको टुप्पी र जनै नेपालीमा टुप्पीको र जनैको शिषा पार्ने भन्ने जुन अर्थ प्रचलित छ, त्यो लाक्षणिक हो।

शिखाकन्दम् (नपुं.) [*शिखायुक्तं कन्दं यस्य तत्, बहु.स.*] गाजर।

शिखावरः (पुं.) [*शिखा विद्यतेऽस्य, दन्तशिखात् संज्ञायाम् ५.२.११६ इति वलच्, लस्य रत्वम्*] कटहर।

शिखावलः (पुं.) [*शिखा नाम कश्चिन्मनुष्यः, तेन निर्वृत्तम्, दन्तशिखात् संज्ञायाम् ५.२.११६ इति वलच्*] १.भारतको शोण नदको तीरमा रहेको एक सहर २.मयूर ३.(पुं.वि.) [*शिखा अस्यास्तीति*] शिखा भएको।

शिखावान् (पुं.) [*शिखाः सन्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.अग्नि २.गोरु ३.केतुग्रह ४.बाण ५.वृक्षविशेष ६.मयूर ७.कुखुरो।

शिखालम्बी (स्त्री.) [*शिखातो लम्बते इति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] पगरी गुथेझैँ शिरमा गुथ्ने माला।

शिखि (धा.) [*गतौ, भ्वा. पर. सक.सेट्.*] हिंड्नु। लट्— **शिङ्खति—** हिंड्छ इत्यादि।

शिखिग्रीवम् (नपुं.) [*शिखिनो ग्रीवा, शिखिग्रीवाऽस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, तद्वद्वर्णत्वात्*] नेत्रको औषधि-विशेष।

शिखिध्वजः (पुं.) १.[*शिखिनः ध्वज इव*] धुवाँ २.[*शिखी मयूरो ध्वजो वाहनं यस्य सः, बहु.स.*] कार्तिकेय।

शिखिपिच्छम् (नपुं.) [*शिखिनः पिच्छम्, ष.त.*] मयूरको पुच्छर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखिबुद्धः (पुं.) काठमाडौँ उपत्यकाको फुलचोकी पर्वतमा तपस्या गर्ने पौराणिक कालका एक बुद्ध।

शिखिवाहनः (पुं.) [*शिखी मयूरो वाहनं यस्य सः, बहु.स.*] कार्तिकेय।

शिखी (पुं.) [*शिखा अस्यास्तीति ब्रीह्यादिभ्यश्च ५.२.११६ इतीनिः*] १.मयूर २.कुखुरा ३.सारसविशेष ४.साँढे ५.घोडा, ६.आगो, ७.चितुको बोट, ८.तीनको सङ्ख्या ९.बलेको बत्ती १०.लामपुच्छ्रे तारा ११.पित्त १२.मेथी १३.काँड १४.कुरिलो १५.ब्राह्मण १६.रुख १७.पर्वत १८.जटा पालेको साधु १९.इन्द्र २०.बकुल्ला चरा २१.नागविशेष २२.अपामार्ग २३.विषविशेष २४.टुप्पीधारी। **शिखी वह्नौ वलीवर्दे शरे केतुग्रहे द्रुमे। मयूरे कुक्कुटे पुंसि शिखावल्यन्यलिङ्गकः॥** (मेदिनी.)। २५.सातथरी शैवमध्ये एक, जसले शिखा सूत्र कायम राखेर द्विजत्वमै बसेर योगाभ्यासद्वारा समाधि गर्छन्, शरीरमा खरानी घस्छन्, रुद्राक्ष धारण गर्छन् र ब्रह्मचर्यमा बसेर सभाव पाशवकल्पबाट उपासना गर्छन्। **शिखी पाशुपतो देवि शिखामूलधरः शुभः। समाधितत्परो देवि समाधौ शिवपीठधृक्॥ रुद्राक्षं च तथा भस्म लिङ्गं शैवाभिधं शिवे। प्रसन्नात्मा शान्तचित्तो ब्रह्मचारी प्रकीर्तितः॥**

शिग्रुः (पुं.) [*शिनोति, शिञ्, निशाने इति धातोः, जत्र्वादयश्च (उ.) इति निपातितः*] १.साग २.सहेजन। **शिग्रुर्ना शाकमात्रे च शोभाञ्जनमहीरुहे** (मेदिनी.)।

शिग्रुजम् (नपुं.) [*शिग्रोर्जायते स्म, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] सेतो मरिच।

शिघि (धा.) [*आघ्राणे, सक.सेट् पर.*] सुँघ्नु। लट्– **शिङ्घति–** सुँघ्छ इत्यादि।

शिङ्घाणः (पुं./नपुं.) [*शिङ्घ्यते, शिघि आघ्राणे इति धातोः, आणको लूधूशिङ्घिधाञ्भ्यः (उ.) इति आणक, पृषोदरादित्वात् ६.३.१०९ इति साधुः, यद्वा सिंहमाणयति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.फलामको धाउ/किट २.सिँगान ३.काँचको भाँडो। **शिङ्घाणं काचपात्रे च लोहनासिकयोर्मले** (मेदिनी.)।

शिङ्घाणकः (पुं.) [*सिघी आघ्राणे इति धातोः, आनकःशीङ्भियः (उ.) ३६९ इति आनकः*] १.सिँगान २.कफ/श्लेष्मा।

शिजि (धा.) [*अव्यक्ते शब्दे, अक.सेट् आत्म.*] अस्पष्ट शब्द / गहनाको आवाज। लट्– **शिङ्क्ते–** अस्पष्ट शब्द गर्छ इत्यादि।

शिञ् (धा.) [*निशाने, सक.अनिट् उभय.*] तिखो पार्नु। लट्– **शिनोति–** तिखो पार्छ इत्यादि।

शिञ्जा (स्त्री.) [*शिञ्जनम्, शिजि अव्यक्ते शब्दे इति धातोः, गुरोश्च हलः ३.३.१०२ इति अप्रत्ययः, ततष्टाप् ४.१.४*] १.अस्पष्ट शब्द/अव्यक्त शब्द २.ताँदो।

शिञ्जितम् (नपुं.) [*शिजि अव्यक्ते शब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] पाउजु, झुम्का आदि गहनाबाट पैदा हुने ध्वनि।

शिञ्जिनी (स्त्री.) [*शिङ्क्ते इति, शिजि अव्यक्ते शब्दे इति धातोः, आवश्यके णिनिः ३.३.१७०, इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.धनुषको ताँदो। **मौर्वी ज्या शिञ्जिनी गुणः।** (अमर.) २.ज्योतिषशास्त्रमा प्रयोग हुने रेखा ३.पाउजु।

शिट (धा.) [*अनादरे, सक.सेट् पर.*] अनादर गर्नु। लट्– **शेटति–** अनादर गर्छ इत्यादि।

शितः (पुं.वि.) [*शो तनूकरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः,शाच्छोरन्यतरस्याम् ७.४.४१ इति इकारादेशः*] १.धारिलो २.तीक्ष्ण ३.दुर्बल ४.विश्वामित्र गोत्रका एक ऋषि।

शितशूकः (पुं.) [*शितं तीक्ष्णं शूकं यस्य सः,बहु.स.*] १.जौ २.सुइरो।

शितास्त्रम् (नपुं.) [*शितञ्च तदस्त्रञ्च, कर्म.स.*] तिखो अस्त्र/तीक्ष्णास्त्र।

शितिः (पुं.वि.) [*शेतति वर्णयुक्तो भवतीति, ऋमितमिशतिस्तम्भामत इच्च (उ.) ५७१ इति इच्*] १.सेतो २.कालो वा नीलो ।

शितिः (पुं.नपुं.) भूर्जपत्रको वृक्ष।

शितिकण्ठः (पुं.) [*शितिः कालः कण्ठो यस्य सः, बहु.स.*] १.महादेव २.पानीको नजिकमा बस्ने ठुलो कालो काग ३.मयूर।

शितिपक्षः (पुं.) [*शिती पक्षौ यस्य सः, बहु.स.*] हंस (शब्दरत्नावली)।

शितिसारकः (पुं.) [*शितिः कालः सारो मज्जा यस्य सः, बहु.स.*] पानी जामुनो, तिँदू। **तिन्दुकः स्फूर्जकः कालकन्धश्च शितिसारके।**

शिथिलः (पुं.वि.) [*श्रथति विमुञ्चति पुरुषार्थमिति, श्रथ विमोचने इति धातोः, अजिरशिशिरशिथिलस्थिरस्फिरस्थविरखदिराः (उ.) इति किरच्, धातोरुपधाया इत्वं प्रत्ययरेफस्य लत्वञ्च*] १.नकसिएको/खुकुलो २.कमजोर/परिश्रमले हलचल गर्न नसकेको/सुस्त/शिथिलता युक्त/शिथिलीभूत।

शिथिलता (स्त्री.) [*शिथिलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.शैथिल्य २.खुकुलो हुनु ३.कमजोरी

शिथिलम् (नपुं.) [*हे. शिथिलः*] १.शैथिल्य २.खुकुलो बन्धन ३.संयोगविशेष।

शिथिलीकरणम् (नपुं.) [*अशिथिलः शिथिलो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] शिथिल पार्ने काम।

शिपिविष्टः (पुं.) [*शिपिषु रश्मिषु पशुषु वा विष्टः, प्रविष्टः ष.त.*] १.शिव २.छालाको रोग ३.तालुखुइले। **शिपिविष्टस्तु खलतौ दुश्चर्मणि महेश्वरे** (अमर.) ५.विष्णु। **पुरोडाशं निरवपन् शिपिविष्टाय विष्णवे।** (भाग.) ४.(पुं.वि.) पशुयोनिमा प्रवेश गरेको।

शिप्रा (स्त्री.) १.नदीविशेष २.चिउडो।

शिफः (पुं.) [*हे.शिफा*] जरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिफा (स्त्री.) [*शेते, शीङ् स्वप्ने इति धातोः, बाहुलकात् फक् ह्रस्वश्च,टाप्*] १.जरा २.नदीविशेष ३.मासी ४.आमा। **शिफा जटयां सरिति मांसिकायां च मातरि** (विश्व.)।

शिफाकन्दः (पुं.) [*शिफा मूलतरुप्ररोहः तत्सहितः कन्दो मूलम्, म.प.स.*] कमलको जरो/कमलगट्टा।

शिबिका (स्त्री.) [*शिवैव, संज्ञायां कन् ५.३.७५, यद्वा शिवं करोति, तत्करोति तदाचष्टे (वा.) ३.१.२६ इति ण्यन्ताद्, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्, पृषोदरादितया बः*] पालकी।

शिबिरम् (नपुं.) [*शवन्त्यत्र, शव गतौ इति धातोः, बाहुलकात् किरच्, धातोरित्वञ्च, पृषोदरादितया बः*] १.सेना बस्ने ठाउँ/व्यारेक/किल्ला/दुर्ग/शिबिर २.कुनै कार्य गर्नका निमित्त थोरै समयको लागि तयार गरिएको बस्ने ठाउँ।

शिम्बा (स्त्री.) [*शिनोति, शिञ् निशाने इति धातोः, उल्वादयश्च (उ.) इति साधुः, टाप् ४.१.४*] सिमी/कोसा हुने एक किसिमको गेडागुडी।

शिरः (नपुं.) [*श्रिञ् सेवायाम् इति धातोः श्रयतेः स्वाङ्गे शिरः किच्च (उ.) ६४३ इति असुन्, धातोः शिर आदेशश्च*] १.टाउको/माथ। **शिरः सुधौतं चरणौ सुमार्जितौ वराङ्गनासेवनमल्पभोजनम्। अनग्नशायित्वमपर्वमैथुनं चिरप्रनष्टां श्रियमानयन्ति षट्॥** (ग.पु.आचारकाण्ड ११४.३७) २.शिखर/चुचुरो/कुनै वस्तुको माथिल्लो भाग/टुप्पो ३.नायक ४.मुख्य ५.सेनाको प्रमुख। **शिरः प्रधाने सेनाग्रे शिखरे मस्तकेऽपि च** (मेदिनी.)। **~शूलम्** (नपुं.) [*शिरसः शूलम्, ष.त.*] टाउको वा कपालमा हुने शूल/कपाल दुख्ने रोग/शिरपीडा। **~च्छेदनम्** (नपुं.) [*शिरसः छेदनम्, ष.त.*] टाउको काट्नु वा छिनाउनु। **~स्त्राणम्** (नपुं.) [*शिरस्त्रायतेऽनेन, त्रैङ् पालने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] लडाइँमा जाँदा लगाउने फलामे टोपी।

शिरस्त्रम् (नपुं.) [*शिरस्त्रायतेऽनेन, त्रैङ् पालने इति धातोः, आत्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.युद्धमा लगाउने टोप २.टोपी।

शिरस्यः (पुं.) [*शिरसि भवः, शरीरावयवाद्यत् ५.१.६ इति यत्*] केश/टाउका रौँ/कपाल।

शिरा (स्त्री.) [*शिनोति, शिङ् निशाने इति धातोः, बहुलमन्यत्रापि (उ.) इति रक्, टाप् ४.१.४*] १.पृथ्वीको भित्रैभित्र बग्ने पानीको सतह २.शरीरको सन्धि बाँध्ने र वातादि दोष तथा रसादि धातु बगाउने नीला रङका साना ठुला नसाहरू। स्थूल र सूक्ष्मका भेदले शिरा दुईथरी हुन्छन्। यिनको मूलस्थान नाइटो हो। शिरा नाइटोबाटै तलमाथि र अलग–बगल फैलिएका हुन्छन्। मूल शिरा ४० छन्, जसमध्ये १० वातवाहिनी, १० पित्त वाहिनी, १० बफवाहिनी १० रक्तवाहिनी। यी चारैवटा प्रत्येकका १७५ हाँगा फैलिँदा जम्मा शिरा ७००० हुन जान्छन्। **सन्धिबन्धनकारिण्यो दोषधातुवहाः शिराः** (शा.सं.)।

शिरीषः (पुं.) [*शृणाति हिनस्ति वियोगिनां मनांसि येन सः, शॄ हिंसायाम् इति धातोः, शॄपॄभ्यां किच्च (उ.) ४७५ इति ईषन्*] सेतो वा प्याजी नरम फूल फुल्ने अनि नरम मसिना पात हुने एक जातको वृक्ष। आयुर्वेदमा यसलाई श्वेत कुष्ठ र चर्मरोग नाशक बताइएको छ। **शिरीषपुष्पादपि सौकुमार्यौ बाहू तदीयाविति मे वितर्कः** (कालिदास)।

शिरोगृहम् (नपुं.) [*गृहस्य शिरः, ष.त.*] घरको सबभन्दा माथिल्लो बुर्जा/घरका माथिल्लो तलामा चारैतिर खुला गरी बनाइएको कोठा/चन्द्रशाला। **चन्द्रशाला शिरोगृहम्** (अभि.चि.४.६१)।

शिरोधरा (स्त्री.) [*शिरसो धरा, ष.त., नपुंसके शिरोधरम्*] घाँटी। **कन्धरा धमनिर्ग्रीवा शिरोधिश्च शिरोधरा** (अभि.चि.३.२५०)।

शिरोधार्यः (पुं.वि.) [*शिरसा धार्यः, तृ.त.*] शिरमा धारण गर्न लायक/टाउकामा राख्न वा धारण गर्न योग्य/आदरपूर्वक ग्रहण गर्न योग्य।

शिरोधिः (पुं.) [*शिरो धीयतेऽस्याम्, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] घाँटी।

शिरोबिन्दुः (पुं.) [*शिरसि बिन्दुः, स.त.*] अनुस्वार, यस्तो (ं) चिह्न।

शिरोभूषणम् (नपुं.) [*शिरसो भूषणम्, ष.त.*] १.शिरमा लगाइने गहना/मुकुट २.श्रेष्ठ व्यक्ति।

शिरोमणिः (पुं.वि.) [*शिरसः मणिरिव, त.स.*] १.शिरोरत्न/शिरमा धारण गरिने रत्न/चूडामणि २.सर्व श्रेष्ठ पुरुष ३.कुनै विषयका सर्वोत्कृष्ट व्यक्तिलाई दिने एक पदवी। जस्तै— कविशिरोमणि लेखनाथ।

शिरोरत्नम् (नपुं.) [*शिरसो रत्नम्, ष.त.*] शिरको मणि।

शिरोरुट् (पुं.) [*शिरसि रोहति, क्विप्*] केश/कपाल।

शिरोरुहः (पुं.) [*शिरसि रोहति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] केश/कपाल।

शिरोरोगः (पुं.) [*शिरसो रोगः*] टाउको दुख्ने रोग। **शिरोरोगास्तु जायन्ते वातपित्तकफैस्त्रिभिः** (भा.प्र. शिरोऽधिकार)।

शिरोऽर्तिः (पुं.) [*शिरसः अर्तिः, ष.त.*] शिरको पीडा/टाउकाको दुखाइ। **जागरेणातिपातेन शिरोऽर्तिं व्यपदिश्य च। प्रातः स तस्थौ वस्त्रेण वेष्टयित्वाङ्कितं शिरः॥** (क.स.सा.)

शिरोवर्ती (पुं.वि.) [*शिरसि वर्तते इति, वृतु वर्तने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.शिरमा रहने २.सर्वोत्तम/सर्वश्रेष्ठ।

शिरोवेष्टनम् (नपुं.) [*शिरो वेष्टयति, ल्युः, अनः*] पगरी।

शिरोऽस्थि (नपुं.) [*शिरसोऽस्थि, ष.त.*] टाउकाको हाड।

शिल (धा.) [*उञ्छे, सक.सेट्, पर.*] एक–एक गरेर छान्नु, शिला खोज्नु। लट्— **शिलति—** एक–एक गरेर छान्छ, शिला खोज्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलः (पुं.) [*शिल उञ्छे इति धातोः कः*] १.शिला खोज्ने काम २.जीवन चलाउने उपायविशेष।

शिलवृत्तिः (स्त्री.) [*शिलस्य वृत्तिः, ष.त.*] खेतमा बाली काटिसकेपछि खेत वा बारीमा खसेका अन्न खोजेर खाने वृत्ति/उञ्छवृत्ति।

शिला (स्त्री.) [*शिलति, शिल उञ्छे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप् ४.१.४*] १.ढुङ्गो/पत्थर २.सङ्घारको ठेलो ३.कपुर। **शिल उञ्छे स्त्रियां ग्रावद्वाराधःस्थितदारुणोः** (रभस.)। **तलदारु शिला योषित्नासा दारूर्ध्वमस्य यत्** (बोपालितः)। **~जतु** (नपुं.) [*शिलाया जतुः, ष.त.*] शिलाजित/सूर्यको तापले तातेर पग्लिई विशेष किसिमको शिला वा ढुङ्गाबाट निस्कने प्रसिद्ध कालो तरल पदार्थ। आयुर्वेदमा यसलाई पौष्टिक तत्त्व मानिएको छ। **निदाघे घर्मसन्तप्ता धातुसारधरा धराः। निर्यासवत् प्रमुञ्चन्ति तच्छिलाजतु कीर्तितम्॥** (भा.प्र.) **~न्यासः** (पुं.) [*शिलाया न्यासः, ष.त.*] मन्दिर, भवन आदि निर्माण गर्दा जगमा विधिपूर्वक सर्वप्रथम ढुङ्गो वा इँट स्थापना गर्ने काम। **~पत्रम्** (नपुं.) [*शिलायाः पत्रम्, ष.त.*] शिलालेख/शिलालिपि। **~वृष्टिः** (स्त्री.) [*शिलायाः वृष्टिः, ष.त.*] शिला वर्षण/हिउँ पर्नु/असिना पर्नु। **~हारी** (पुं.वि.) [*शिलमाहरति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] खेतबारीमा छरिएका अन्नहरू खोजेर जीवन निर्वाह गर्ने व्यक्ति/उञ्छवृत्ति गर्ने व्यक्ति/शिलावृत्ति।

शिलातलम् (नपुं.) [*शिलायास्तलम्,ष.त.*] १.ढुङ्गो/फलेक आकारको ढुङ्गो २.मास्तिर फर्किएको ढुङ्गाको सम्म परेको भाग।

शिलापट्टः(पुं.) [*शिलायाः पट्टः, ष.त.*] सिलौटो।

शिलापुत्रः (पुं.) [*शिलायाःपुत्र इव, त.स.*] १.लोहोरो २.खल।

शिलिः (पुं.) भूर्जपत्रविशेष।

शिली (स्त्री.) [*शिलति, शिल उञ्छे इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, जातेरस्त्री ४.१.६३ इति ङीष्*] १.गड्यौली **शिली गण्डुपदी भेकी** (अमर.) २.ढुङ्गा ३.मनःशीला ४.ठेलो।

शिलीन्ध्रः (पुं.) [*शिलीं धरति, धृञ् धरणे इति धातोः, इगुपधज्ञाप्रीकिरःकः ३.१.१३५ इति कः, पृषोदरादित्वात् मुम्*] १.च्याउ २.केराको फूल/बुङ्गो ३.असिना ४.वृक्षविशेष ५.मत्स्यविशेष।

शिलीन्ध्री (स्त्री.) १.गडेउली २.माटो ३.चरीविशेष।

शिलीभूतः (पुं.वि.) [*अशिला शिला यथा संपद्यते तथाभूतः, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विप्रत्ययः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] १.ढुङ्गामा परिणत भएको/अश्मीभूत २.(पुं.) जमिनमा दबेर ढुङ्गा जस्तो बनेको प्राचीनकालको जीव।

शिलीमुखः (पुं.) [*शिली (शल्यम्) इव मुखं यस्य सः, बहु.स.*] १.बाण २.भमरो/बारुलो ३.मौरी। **अलिबाणौ शिलिमुखौ** (अमर.)।

शिलेयः (पुं.वि.) [*शिलायां भवः, शिलाया ढः ५.३.१०२ इति ढः, ढस्य एयः*] १.ढुङ्गामा पैदा भएको २.[*शिलाया अयम्*] ढुङ्गासम्बन्धी ३.[*शिला इव*] ढुङ्गा जस्तै– **शिलेयं दधि** (काशिका)।

शिलोच्चयः (पुं.) [*उत्पूर्वकात् चिञ् चयने इति धातोः, एरच् ३.३.५६ इत्यच्, शिलाया उच्चयो यत्र सः, बहु.स.*] १.पहाड २.[*शिलाया उच्चयः, ष.त.*] ढुङ्गाको उचाइ। **न पादपोन्मूलनशक्तिरंहः शिलोच्चये मूर्च्छति मारुतस्य** (र.वं. ३.३७)।

शिलोञ्छः (पुं) [*शिलाया उञ्छः, ष.त.*] शिला खोज्ने काम।

शिलौकाः (पुं.) [*शिला ओको वासस्थानं यस्य सः, बहु. स.*] गरुड।

शिल्पः (पुं./नपुं.) [*शीलति समादधाति, शील समाधौ, इति धातोः, खष्पशिल्पशष्पवाष्परूपपर्पतल्पाः (उ.)३१५ इति पः*] सिप/कलादि कर्म/कालिगडी। वात्स्यायनले भनेका नृत्य, गाना, बजाना आलिङ्गन, चुम्बन आदि ६४ आन्तरिक तथा बाह्य कला छन्। यी र यस्तै अन्य सम्पूर्ण कारिगरी शिल्पभित्र पर्दछन्। **ते तन्निरूप्य जगदुर्नेदृशो देव शक्यते। अपरो कर्तुमेतद्धि दिव्यं शिल्पं न मानुषम्॥** (क.स.सा.)

शिल्पकला (स्त्री.) [*शिल्पस्य कला, ष.त.*] १.हस्तकला/ कारिगरी /शिल्पकौशल २.काव्य वा साहित्यको सृजना गर्ने कला।

शिल्पकारः (पुं.वि.) [*शिल्पम् करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] काम गर्ने/शिल्पी/कारिगर/शिल्पकला जान्ने व्यक्ति/ शिल्पकारी।

शिल्पकारिता (स्त्री.) [*शिल्पकारिणो भावः कर्म वा, तल्, टाप्*]।

शिल्पकारी (पुं.वि.) [*शिल्पं करोति तच्छीलः, णिनिः*] शिल्पकार्य गर्ने व्यक्ति। **विश्वकर्मा च शूद्रायां वीर्याधानं चकार सः। ततो बभूवुः पुत्राश्च नवैते शिल्पकारिणः** (ब्रह्मवै. ब्रह्मखण्ड१० अ.)।

शिल्पकौशलम् (नपुं.) [*शिल्पस्य कौशलम्, ष.त.*] शिल्पकला।

शिल्पगृहम् (नपुं.) [*शिल्पस्य गृहम्, ष.त.*] शिल्पशाला/शिल्पसम्बन्धी काम गर्ने ठाउँ वा घर/शिल्प सिकाउने विद्यालय।

शिल्पप्रदर्शनी (स्त्री.) [*शिल्पस्य प्रदर्शनी, ष.त.*] हस्तकला वा शिल्पकला देखाउने काम।

शिल्पम् (नपुं.) [*शील्यते, शिल समाधौ इति धातोः, शल्यते, शल गतौ इति धातोर्वा, खष्पशिल्प (उ.) ३.२८ इति साधुः*] १.हातले वस्तुहरू बनाउने कला वा सिप/हस्तकला/कारिगरी/हस्तकौशल २.काव्य वा साहित्यको रचना गर्ने शैली। **शिल्पं स्रुवे क्रियादिके** (विश्व.) ३.सुरो।

शिल्पयन्त्रम् (नपुं.) [*शिल्पसम्बद्धं यनत्रम्, म.प.स.*] शिल्पसम्बन्धी कलकाँटा।

शिल्पयान्त्रिकः (पुं.वि.) [*शिल्पस्य यान्त्रिकः, ष.त.*] शिल्पसम्बन्धी इन्जिनियर।

शिल्पशाला (स्त्री.) [*शिल्पस्य शाला, ष.त.*] कारखाना/शिल्पकारले काम गर्ने घर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिल्पशास्त्रम् (नपुं.) [*शिल्पस्य शास्त्रम्, ष.त.*] शिल्प-सम्बन्धी निर्माण वा कारीगरीको विवेचना भएको शास्त्र।

शिल्पी (पुं.वि.) [*शिल्पमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.शिल्पकार/कारिगर/शिल्पकलामा निपुण भएको। २.(पुं.) विश्वकर्मा ३.(स्त्री.) औषधिविशेष। **शिल्पी तु वाच्यवत्कारौ स्त्रियां कोलदलौषधौ** (मेदिनी.)।

शिवः (पुं.) १.[*शिवमस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा शिवयतीति, तत्कारोति (वा.) ३.१.२ इति ण्यन्तात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सत्ताइस योगमध्येको एक योग २.गोकुलधूप ३.वेद ४.पुण्डरीकनामक वृक्ष

(शिवः)

५.बालक ६.किलो ७.[*शेतेऽस्मिन् सर्वम्, शीङ् स्वप्ने इति धातोः, सर्वनीघृष्वरिष्वलष्वशिवपद्वप्रह्वेष्वा अस्वतन्त्रे (उ.) १५९ इति क्वन्, ह्रस्वश्च, यद्वा शिवयतीति, तत्कारोति (वा.) ३.१.२ इति ण्यन्तात् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सृष्टिको संहार गर्ने देवता/हिन्दुहरूका तीन प्रधान देवतामध्ये एक/महादेव। **शिवो मोक्षे महादेवे कीलकग्रहयोगयोः। बालके गुग्गुलौ वेदे पुण्डरीकद्रुमेऽपि च। सुखे क्षेमे जले क्लीबम्** (विश्व.)। **~निर्माल्यम्** (नपुं.) १.गङ्गाजल २.शिवमा चढाएको जल, फूल नैवेद्य आदि वस्तु, तर सुन, चाँदी, तामो, रत्न, गाई, कपडा र जमिन भने शिव निर्माल्य गनिदैनन्। **अन्यदन्नादि पानीयं ताम्बूलं गन्धपुष्पकम्। दद्याच्चण्डाय निर्माल्यं शिवभुक्तं तु सर्वशः॥** **~नेत्रम्** (नपुं.) [*शिवस्य नेत्रम्, ष.त.*] शिवजीको तेस्रो नेत्र। **~भक्तः** (पुं.) [*शिवस्य भक्तः, ष.त.*] १.शिवजीको भक्त २.एक किसिमको उपनाम/नेपालमा विक्रमाब्द १८९२ वैशाख १ गतेदेखि सबै दासदासीहरूलाई कानुनी रूपमा अमलेख गरिएको थियो; यसमा पशुपतिनाथको सञ्चित धनको उपयोग गरिएकाले दासत्वमुक्त व्यक्तिहरूलाई यो उपनाम दिइएको हो। **~रात्रिः** (स्त्री.) [*शिवस्य रात्रिः, ष.त.*] शिवचतुर्दशी/ फागुन कृष्ण चतुर्दशीको उत्सव। **~लिङ्गम्** (नपुं.) [*शिवस्य लिङ्गमिव, ष.त.*] लिङ्गका आकारको शिवजीको मूर्ति। **~लोकः** (पुं.) [*शिवस्य लोकः,ष.त.*] शिवजीको वासस्थान/ कैलास। **~वाहनः** (पुं.) [*शिवस्य वाहनः,ष.त.*] साँढे।

शिवकः (पुं.) [*श्यति गात्रकण्डूम्, शेतेऽत्र वा, सर्वनीघृष्व (उ.) १५९ इति साधुः, स्वार्थे कन् (ज्ञापि ५.४.५)*] किलो।

शिवतातिः (पुं.वि.) [*शिवं कल्याणं करोति, शिवशमरिष्टस्य करे ४.४.१४३ इति तातिः*] कल्याणकारी।

शिवपुराणम् (नपुं.) [*शिवेन प्रोक्तं पुराणम् प.स.*] अठार पुराण-मध्येको एक पुराण। यसमा भगवान् शिवका चरित्रको वर्णन छ। कसैले शिवपुराणलाई वायुपुराणदेखि अभिन्न मानेका छन्। यसमा १२ संहिता छन्। ती संहिताहरू हुन्– विश्वेश्वरसंहिता, रौद्रसंहिता, विनायकसंहिता, औमसंहिता, मातृसंहिता, रुद्रैकादश संहिता, कैलाससंहिता, शतरुद्रसंहिता, कोटिरुद्रसंहिता, सहस्रकोटिसंहिता, वायुप्रोक्तसंहिता, धर्म र योगसंहिता भनिन्छ– शिवपुराणको श्लोकसङ्ख्या एक लाख थियो। वेदव्यासले त्यसलाई संक्षेप गरेर ७ संहितामा २४ हजार श्लोक भएको शिवपुराण बनाएको हुन्।

शिवम् (नपुं.) [*शेतेऽनेन, शिवम्, शीङ् स्वप्ने इति धातोः, सर्वनीघृष्व (उ.) १५९ इति वन्, ह्रस्वश्च निपातितः*] १.कल्याण २.मोक्ष ३.पानी।

शिवतातिः (स्त्री.) कल्याणकारिणी।

शिवदूतिका (स्त्री.) मातृकाविशेष।

शिवदूती (स्त्री.) [*शिवेन दूतयति सन्देशं प्रापयति, णिचि पचाद्यच्, शिवो दूतो यस्याः वा, गौरादेराकृतिगणतया ङीष्*] १.दुर्गा। **दूतं प्रस्थापयामास शिवं शुम्भाय साम्बिका। तेन सा शिवदूतीति देवैः सर्वैः प्रगीयते॥** (कालिकापु. रक्तबीजवधाध्याय) २.योगिनीविशेष। **ब्रह्माणी प्रथमा प्रोक्ता ततो माहेश्वरी परा। कौमारी वैष्णवी चैव वाराही पञ्चमी तथा। नारसिंही तथैवैन्द्री शिवदूती तथाष्टमी। एताः पूज्या महभागा योगिनी कामदायिनी** (कालिकापु.उत्तरतन्त्र) ३.सप्तकौशिकीमध्ये एक।

शिवपुरी (स्त्री.) [*शिवस्य पुरी, ष.त.*] १.काशी २.काठमाडौँको उत्तरतिर पर्ने एक पर्वत ३.कैलास।

शिवमल्ली (स्त्री.) [*शिवप्रिया मल्ली, म.प.स.*] गम्पाति।

शिवरात्री (स्त्री.) [*शिवप्रिया रात्री, म.प.स.*] फाल्गुन मासको कृष्णचतुर्दशी। यस दिन शिव मन्दिरहरूमा धुमधामसित शिवको पूजा हुन्छ, ठुला मेला लाग्छन्, दर्शनार्थीको घुइँचो लाग्छ। उपासकहरू उपवास बसेर बत्ती बाली रातमा जाग्राम बस्छन्। यस दिन पशुपतिको मन्दिर काठमाडौँमा पशुपतिको दर्शन गर्न टाढा टाढाबाट भक्तजन आउँछन्। मानिसको घुइचोले गर्दा बाटो पाइसक्नु हुँदैन। **माघमासस्य शेषे वा प्रथमे फाल्गुनस्य च। कृष्णा चतुर्दशी सा तु शिवरात्री प्रकीर्तिता** (स्क.पु. नागरखण्ड)।

शिवलिङ्गः (पुं./नपुं.) [*लिङ्ग्यते ज्ञायतेऽनेन इति लिङ्गम्, शिवस्य लिङ्गम्, ष.त.*] लिङ्ग आकारका शिव। युगानुसार बनोट स्रोतका आधारमा शिवलिङ्ग चार किसिमका हुन्छन्– सत्ययुगमा– रत्नका, त्रेता युगमा– सुनका, द्वापरयुगमा– पाराका, कलियुगमा– पार्थिव अर्थात् ढुङ्गो माटो आदिका। **कृते रत्नमयं लिङ्गं त्रेतायां हेमसम्भवम्। द्वापरे पारदं श्रेष्ठं पार्थिवन्तु कलौ युगे॥** (शिवमहापु. प्रथमविद्येश्वरसंहिता, अ.१९) प्रसिद्ध **शिवलिङ्गहरू–** पशुपतिनाथ (काठमाडौँ, नेपाल) सुन्दरेश्वर (मदुरा) कुम्भेश्वर (कुम्भकोणम्) बृहदीश्वर (तञ्जौर) पक्षीतीर्थ (चेंगलपट) महाबलेश्वर (पुना) अमरनाथ (काश्मीर) वैद्यनाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(काँगडा) तारकेश्वर (पश्चिम बङ्गाल) भुवनेश्वर (उत्कल) कण्डारिया शिव (खजुराहो) एकलिङ्ग (उदयपुर) गौरीशङ्कर (जबलपुर) हरीश्वर (मानसरोवरको नजिकै) व्यासेश्वर (काशी) हाटकेश्वर (वडनगरु) मुक्तपरमेश्वर (अरुणाचल) प्रतिज्ञेश्वर (क्रौञ्चपर्वत) कपालेश्वर (क्रौञ्चपर्वत) कुमारेश्वर (क्रौञ्चपर्वत) सर्वेश्वर (चित्तौड) स्तम्भेश्वर (चित्तौड) अजय, अमरेश्वर (महेन्द्रपर्वत)। **नेपालका केही शिवलिङ्ग**– शिव मन्दिर (ताप्लेजुङ) वाणेश्वर (सङ्खुवासभा) शिव मन्दिर (धनकुटा) नागेश्वर (धनकुटा) त्रैलोक्येश्वर (धनकुटा) गोकुण्डेश्वर (धनकुट्टा) बालेश्वर (सोलु) पिण्डेश्वर (धरान) नर्मदेश्वर (मोरङ) कैलाश मन्दिर (दिङ्ला) हलेशी/हरीशवर/हलेश्वर महादेव (खोटाङ) लिङ्गगुफा (खोटाङ) गुप्तेश्वर (भोजपुर) नर्मदेश्वर (कुवापानी, ओखलढुङ्गा) शम्भुनाथ मन्दिर (सप्तरी) पञ्चेश्वर (सप्तरी) सारेश्वरनाथ (सिरहा) देउलिङ्गेश्वर (चरिकोट) पशुपति मन्दिर (दोलखा) वैतेश्वरमहादेव (दोलखा) चरङ्गेमहादेव (दोलखा) भीमेश्वरमहादेव (दोलखा) केवलेश्वरमहादेव (महादेवस्थान, रामेछाप) नर्वदेश्वर (सुनकोशी र तामाकोशीको सङ्गमस्थल, रामेछाप) नीलकण्ठेश्वर (कठजोर, रामेछाप), ढुङ्गेश्वर (मन्थली डाँडा) कुशेश्वर (दुम्जा, सिन्धुली) प्रतापेश्वर (झाँगाझोली) वल्मीकेश्वर (झाँगाझोली, सिन्धुली) कुपेश्वर (हनुमानगढस्थान, जनकपुर) उदयेश्वर (धनौली, धनुषा) कपिलेश्वर (धनुषा) प्राणेश्वर (इटहवा, धनुषा) टुटेश्वर (महोत्तरी) जलेश्वर (महोत्तरी) शिव मन्दिर (चन्द्रनगर, सर्लाही) जलेश्वर (पत्थरकोट, सर्लाही) कपिलेश्वर (सिन्धुपाल्चोक), गोखुरेश्वर (काभ्रेपलान्चोक), इन्द्रेश्वर (पनौती, काभ्रे), पशुपतिनाथ (नाला, काभ्रे), धनेश्वर (काभ्रे), काश्यपेश्वर (काभ्रे), चण्डेश्वर (वनेपा, काभ्रे), विकटेश्वर (साँगा), गुप्तेश्वर (पलान्चोक), भालेश्वर (काभ्रे), आशापुरेश्वर (काभ्रे), स्फटिकेश्वर (सिन्धुपाल्चोक), सिद्धेश्वर (सिन्धुपाल्चोक), मङ्गलेश्वर (मङ्गलटार, काभ्रे), कार्पेश्वर (काभ्रे), दुप्चेश्वर (कविलास, नुवाकोट), धर्ममुक्तेश्वर (नुवाकोट), रामेश्वर (गुण्डु भक्तपुर), ज्योतिर्लिङ्गेश्वर (भक्तपुर) अनन्तलिङ्गेश्वर (भक्तपुर), सोमलिङ्गेश्वर (भक्तपुर), रत्नचूडेश्वर (नगरकोट, भक्तपुर), तिलेश्वर (ललितपुर), गुप्तेश्वर (ललितपुर), चम्पकेश्वर (ललितपुर), रामेश्वर (लेले, ललितपुर), कालेश्वर (ललितपुर), नटरम्भेश्वर (मकबानपुर), उद्दालकेश्वर (फर्पिङ), गोपालेश्वर (दक्षिणकाली जाने बाटो), चम्पकेश्वर (चित्लाङ, मकबानपुर), उन्मत्तेश्वर (चित्लाङ, मकवानपुर), नन्दिकेश्वर (मकबानपुर) गोखुरेश्वर (मकबानपुर), पाण्डुकेश्वर (मकबानपुर), कूटेश्वर (मकवानपुर), असितेश्वर (मकवानपुर), भैरवेश्वर (मकवानपुर), ब्रह्मेश्वर (मकबानपुर), स्कन्देश्वर (मकवानपुर), त्रिखण्डीमहादेव (मकबानपुर), शतरुद्रेश्वर (वाग्द्वार, शिवपुरी) काकेश्वर (काकेश्वरी, काठमाडौँ), मणिचूडेश्वर (मणिचूड पर्वत, काठमाडौँ), योगेश्वर (वज्रयोगिनी नजिकै), नारायणेश्वर (साँखु), ज्योतिर्लिङ्गेश्वर (कामधेनुपर्वत, साँखु), वागीश्वर महादेव (वागीश्वरी, भक्तपुर), कीलेश्वर (चाँगु), विश्वरूपेश्वर (भक्तपुर), सोमेश्वर (भक्तपुर), शृङ्गेश्वर (ललितपुर), कुपितेश्वर (ललितपुर), सर्वेश्वर (ललितपुर), कुम्भेश्वर (ललितपुर), गोलोकेश्वर (नैकाप), चन्दनमण्टेश्वर (कीर्तिपुर र थानकोटको बिचमा), यक्षेश्वर (इचङ्गु र हलचोकको बिचमा), चण्डकेश्वर (टोखाको जङ्गलमा), गोकर्णेश्वर (गोकर्ण काठमाडौँ), कोटेश्वर (कोटेश्वर, काठमाडौँ), वाणेश्वर (वानेश्वर, काठमाडौँ), बानेश्वर (ज्ञानेश्वर, काठमाडौँ), पर्वतेश्वर (पशुपतिक्षेत्र गौरीघाट र कैलाशको मध्यभागमा), जलेश्वर (गुह्यकालीको ईशानकोण, वाग्मतीको किनारमा), किरातेश्वर (पशुपतिक्षेत्र, काठमाडौँ), चतुष्षष्टिलिङ्ग (पशुपतिक्षेत्र), भष्मेश्वर (आर्यघाट, काठमाडौँ), रुद्रगारेश्वर (पशुपतिक्षेत्र, काठमाडौँ), भुवनेश्वर (पशुपतिक्षेत्र, देउपाटन), तारकेश्वर (नयाँसडकबाट त्रिशूली जाने बाटो), बोडेश्वर गुफा (झोरमहाकाल), त्रिपुरेश्वर (वाग्मततीको किनार, त्रिपुरेश्वर, काठमाडौँ), आदीश्वर महादेव (सीतापाइला, काठमाडौँ), रणमुक्तेश्वर (कठमाडौँ), काकेश्वर (सुन्दरीजलबाट केही पूर्वमा अवस्थित कागेश्वरी), कुलेश्वर आदि। गुप्तेश्वर (गुफा तारखुरे, धादिङ), कर्णेश्वर (सुनौलाबजार, धादिङ), शिव मन्दिर (पुरेनवा, रौतहट), विश्वेश्वर महादेव (चन्द्रनिगाहपुर, रौतहट), शिव मन्दिर (शिवनगर, रौतहट), बानेश्वर (गौर, रौतहट) सिद्धेश्वर (कलैया, बारा), महादेव मन्दिर (कलैया, बारा), पारसनाथ (मधुवन, पर्सा), शिवलिङ्ग (गर्दी गा.वि.स. चितवन), सोमेश्वर (सोमेश्वर पहाड, चितवन), हरिहर मन्दिर (भरतपुर, चितवन), रामेश्वर (पोखरीथोक, गोर्खा), भीमेश्वर (नामजुङ, गोर्खा), वक्रेश्वर (बक्राङ, गोर्खा), वेनी शिवालय (बजुवा, गोर्खा), राधावल्लभेश्वर (पोखरीथोक, गोर्खा), ईशानेश्वर (लमजुङ), चन्द्रेश्वर (दुराडाडा, लमजुङ), केदारनाथ मन्दिर (देवघाट, तनहूँ), शिव मन्दिर (गणेशपुर, स्याङ्जा), गुप्तेश्वर (गुप्तेश्वर गुफा, पर्वत) शिवालय (कुष्मा, पर्वत) धनेश्वर (माझगाउँ, पर्वत), शिव मन्दिर (खनियाघाट, पर्वत), गलेश्वरमहादेव (म्याग्दी) बेनीशिवालय (म्याग्दीवेनी, म्याग्दी), बालमुक्तेश्वर (बेनी, म्याग्दी), जङ्गेश्वर महादेव (बाग्लुङ), सिद्धेश्वर (हरिचौर, वाग्लुङ), जैमिनेश्वर (कुस्मिसेरा, बाग्लुङ), त्रिपुरेश्वर (रामकोट, बाग्लुङ), शिवालय मन्दिर (कोठेखोला, बाग्लुङ), शिव मन्दिर (तम्घास, गुल्मी), शिवालय (रुद्रवेणी, गुल्मी), खड्गमुक्तेश्वर (रानीघाट, पाल्पा), मणिमुकुन्देश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(प्रवास, तानसेन, पाल्पा), शिवालय (तानसेन, पाल्पा), सातंतले गुफा (खिदिम, अर्घाखाँची), पर्रोहा परमेश्वर (पर्रोहा, रूपन्देही), शङ्कर मन्दिर (विसुनपुरा, रूपन्देही), शिव मन्दिर (छिपागढ, रूपन्देही), शिवगढी मन्दिर (कपिलवस्तु), तौलेश्वर/ताम्रेश्वर (तौलिहवा), त्रैलोक्येश्वरनाथ (शिवगढी, कपिलवस्तु), शिव मन्दिर (शोभा, रुकुम), शिव मन्दिर (चौरजहारी, रुकुम), शिव मन्दिर, खार्पुनाथ (हुम्ला), छायानाथ (मुगु), चन्दननाथ (जुम्ला), शिवपार्वती मन्दिर (सिन्जा, जुम्ला), शिवलिङ्ग (तिलानदी, जुम्ला), गर्गेश्वर, कुलेश्वर, महेश्वर (जुम्ला), पञ्चदेवल (जुम्ला), शेरेश्वर महादेव (रुकुम), पञ्चदेवल (कालिकोट), शिवालय (खलङ्गा, जाजर्कोट), पञ्च तीर्थस्थलहरू– शिरस्थान, नाभिस्थान, पादुकास्थान, कोटिला, धूलेश्वर (दैलेख), सिद्धेश्वर (दैलेख), नर्वदेश्वर (स्वर्गद्वारी, पिउठान), शिवालय (विजयनगर, पिउठान), रामेश्वर (खलङ्गा, पिउठान), शिवालय (लोहामबजार, सल्यान), द्रोणेश्वर (तुइदाङ, राप्ती), त्रिलोकेश्वर (बेल्फुण्डी, दाङ), सूदयरामेश्वर (बिजौरी, दाङ), खड्गेश्वर महादेव (बाँके) ,महाकालेश्वर (बर्दिया), शिव मन्दिर (सेती र बाहुली गढको दोभान, बझाङ) ,शिव मन्दिर (सेतीनदीको किनार, बझाङ), शिवलिङ्ग (ठुम्राकोट, बझाङ), शिव मन्दिर (कैलाशमाडौं, बाजुरा), बैजनाथशिवालय (अछाम), शिव मन्दिर (सिलगढी, डोटी), दिलीपेश्वर (दिपायल, डोटी), चण्डेश्वर (सरस्वतीनगर, डोटी), शिवालय, जलेश्वर, शिव मन्दिर (सुर्खेत), कैलासेश्वर (टीकापुर, कैलाली), बाणेश्वर (जोशीपुर, कैलाली), बेडाबाबा मन्दिर (उर्मारामपुर, कैलाली), गोकुलेश्वर (दार्चुला), मल्लिकार्जुन (दार्चुला), शिव मन्दिर (देउलघाट, बैतडी), महारुद्रदेता, सिद्धेश्वर (बैतडी), देवलहाट मन्दिर (बैतडी), भागेश्वर (डँडेलधुरा), असिग्राम महादेव, घण्टेश्वर, सहस्रलिङ्ग (डँडेलधुरा), शिव मन्दिर (कञ्चनपुर, सिद्धवावाको नजिक) आदि।

शिवलोकः (पुं.) [*शिवस्य लोकः, ष.त.*] १.कैलास २.शिवभक्त ३.शिवजीको लोक। **विल्वपत्रैरखण्डैश्च यो लिङ्गं पूजयेत् सकृत्। सर्वपापैर्विनिमुक्तः शिवलोके महीयते॥** (भविष्यपु.)

शिवसायुज्यम् (नपुं.) [*शिवस्य सायुज्यम्, ष.त.*] मोक्षविशेष। **शिवरात्रेस्तथा तस्य लिङ्गस्यापि प्रपूजया। अक्षयान् लभते लोकान् शिवलोकमवाप्नुयात्॥** (ति.त.)

शिवस्वामी (पुं.) **कफ्फणाभ्युदय** नामक महाकाव्यका रचयिता। अवन्तिवर्माका सभापण्डित। यिनको समय नवौं शताब्दी हो। यिनको महाकाव्य १९सर्गमा लेखिएको छ। यिनले यसमा संस्कृत र प्राकृत (मिश्रित) भाषाको प्रयोग गरेका छन्। यिनको शैली अनुप्रासमय छ।

शिवा (स्त्री.) [*शिवमस्त्यस्याः,अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा शिवं करोति, तत्करोति तदाचष्टे (वा.) ३.१.२६ इति णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.पार्वती। **शिवा भवानी रुद्राणी** (अमर.) २.शमी। **शमी सक्तुफला शिवा** (अमर.)। ३.हर्रो। **हरितकी हैमवती चेतकी श्रेयसी शिवा**। (अमर.) ४.पानी अमला। **झयमलाऽज्झय ताली शिवा तामलकीति च**। (अमर.) ५.[*शिवः शिवो वा देवता अस्त्यस्याः, अर्शाद्यच्*] पोथी स्याल ४.कल्याणकारिणी ५.दुबो ६.गोरोचना ७.बुद्धको शक्तिविशेष ८.मुक्ति। **शिवा मुक्तिः समाख्याता योगिनां मोक्षगामिनी** (देवीपुराण)।

शिवाक्षम् (नपुं.) [*शिवस्य अक्षि कारणत्वेनास्त्यस्य अर्शाद्यच्*] रुद्राक्ष।

शिवारातिः (पुं.) [*शिवायाः शृगालस्य आरातिः, ष.त.*] कुक्कुर।

शिवारुतम् (नपुं.) [*शिवाया रुतम्, ष.त.*] स्यालको कराइ।

शिवालयः (पुं.) [*शिवस्य शिवाया वा आलयः, ष.त.*] पार्वती वा शिवजीको मन्दिर।

शिवालयम् (नपुं.) [*शिव आलीयते अत्र*] श्मशान।

शिविः (पुं.) १.पुराणप्रसिद्ध एक दानशील राजा २.शिकारी जन्तु।

शिविका (स्त्री.) [*शिवं सुखं करोति, शिवशब्दात् तत्करोति तदाचष्टे (वा.) णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४, इत्वम्*] डोली/पाल्की। **शिविका याप्ययानं स्यात्** (हला.१५०)।

शिविरः (पुं./नपुं.) [*शेरते अस्मिन् सैन्यबलानि, शीङ् स्वप्ने इति धातोः, बाहुलकात् किरच्, वुक्, ह्रस्वश्च*] १.अस्थायी बस्ने ठाउँ। **निवेशः शिविरं स्मृतम्** २.(नपुं.) युद्धका लागि निर्मित सैन्यको आवास। **शिविरस्तु निवेशेऽथ क्लीबन्तु युद्धवेश्मनि** (उ.को.)।

शिशिरः (पुं./नपुं.) [*शशति दिनाल्पत्वाच्छीघ्रं गच्छति तत्, शश प्लुतगतौ इति धातोः, अजिरशिशिरशिथिलस्थिर-स्फिरस्थविरखदिराः (उ.) ५३ इति सूत्रेण किरच्, उपधाया इत्वञ्च*] १.माघ र फाल्गुन महिनामा आउने ऋतु। **शिशिरं शीतलं वृष्णं शीतं वातप्रकोपणम्** (राजवल्लभ) **शिशिरः शीतलोऽतीव रूक्षो वातप्रवर्द्धनः**। (भा.प्र.) २.चिसो ३.जडवस्तु **शिशिरः स्याद्दतोर्भेदे तुषारे शीतलेऽन्यवत्** (मेदिनी.)।

शिशिरः (पुं.) [*हे. शिशिरः*] १.विष्णु (वि.स.ना.) २.हिउँ/तुसारो। **तुषारस्तुहिनं हिमम्** (अमर.)।

शिशिरः (पुं.वि.) [*शिशिरस्तुषारः शैत्यं वा अस्ति अत्र, अर्शाद्यच्*] चिसो/जाडो/ठन्डा। **शीतं गुणे तद्वदर्थाः सुषीमः शिशिरो जडः। तुषारः शीतलः शीतो हिमः सप्तान्यलिङ्गकाः** (अमर.)।

शिशुः (पुं.) [*श्यति तनूकरोति पित्रोः शरीरमिति, शो तनूकरणे इति धातोः, शः कित्सन्वच्च (उ.) २० इति सूत्रेण उः, आदेच उपदेशे शिति इति सूत्रेण आत्वम्, द्वित्वम्, सन्यतः ७.४.७९ इत्यभ्या-सस्येत्वम्, आतो लोप इटि च ६.४.६४ इत्याकारलोपः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालक/केटाकेटी। **~कल्याणकेन्द्रम्** (नपुं.) [*शिशोः कल्याणम्, ष.त., तस्य केन्द्रम्, ष.त.*] केटाकेटीहरूको स्वास्थ्य, शिक्षा, उन्नति आदिको लागि गठन भएको संस्था। **~प्रकृतिः** (स्त्री.) [*शिशोः प्रकृतिः, ष.त.*] १.केटाकेटीको स्वभाव २.[*शिशोः प्रकृतिरिव प्रकृतिर्यस्य सः, बहु.स.*] केटाकेटीको जस्तो स्वभाव भएको। **~मारः** (पुं.) [*शिशुं मारयति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.एक जीवजन्तु/सोंस २.पुछारमा ध्रुवतारा रहेको एकनक्षत्र-मण्डल। **~मारचक्रम्** (नपुं.) [*शिशुमाराणां चक्रम्, ष.त.*] पुराणमा वर्णन गरिएको चक्राकार ताराको समूह। **~हत्या** (स्त्री.) [*शिशोर्हत्या, ष.त.*] केटाकेटीलाई मार्ने काम।

शिशुकः (पुं.) [*शिशुःशिशुमारः तस्य प्रकृतिरिव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] १.माछोविशेष/डल्फिनजस्तो समुद्री जन्तु/सोंस/गोहीजस्तो एक जलजन्तु २.[*शिशुरेव, संज्ञायां कन् ५.३.८७ इति कन्*] १.बालक २.सर्पको बच्चा। **शिशुकः शिशुमारे स्याद्बालकोलूपिनोरपि** (मेदिनी.)।

शिशुता (स्त्री.) [*शिशोर्भावः, तस्य भावस्त्वलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] बालकपन।

शिशुत्वम् (नपुं.) [*शिशोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ आ च त्वात् ५.१.१३२० इति वा त्वः*] बाल्यावस्था।

शिशुपालः (पुं.) [*शिशुं पालयति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.बालकको स्याहार सुसार गरी पालना गर्ने व्यक्ति २.महाभारतका एक प्रसिद्ध राजा/दमघोषपुत्र/चेदिनरेश।

शिशुपालवधम् (नपुं.) [*शिशुपालस्य वधो वर्णितो यत्र तत्, बहु.स.*] महाकावि माघद्वारा रचित महाकाव्य। यसमा कविले युधिष्ठिरको राजसूययज्ञको अवसर पारेर श्रीकृणले शिशुपाललाई मारेको कथालाई काव्यात्मक ढङ्गबाट प्रस्तुत गरेका छन्। यसमा २० सर्ग छन्। वीररसको प्राधान्य छ। अरू रसहरू अङ्ग रूपमा रहेका छन्। यसका नायक श्रीकृष्ण हुन्। यसमा कविले आफ्नो प्रौढपाण्डित्य प्रदर्शन गरेका छन्। विभिन्न शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोगमा कविको कलम निर्बाध गतिले चलेको देखिन्छ। पदलालित्य, अर्थगौरव र उपमाको विधान यी तीनै क्षेत्रको प्रयोगमा छचल्किएको माघको अद्भुत प्रतिभा यस महाकाव्यमा छ।

शिश्नः (पुं./नपुं.) [*शशतीति, शश प्लुतगतौ इति धातोः, शिनोति, शिञ् निशाने इति धातोर्वा, बाहुलकान्नक्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] लिङ्ग/पुरुष जातिको मूत्रेन्द्रिय। **शिश्नः शेफोऽथ मेढ्रश्च तुल्ये मेहनशेफसी** (हला. ५१४)।

शिश्विदानः (पुं.) [*शश्विन्दे, श्विदि श्वैत्ये इति धातोः, लिटः कानच् ३.२.१०६ अनित्यत्वान्न नुम्,अभ्यासकार्यम्, यद्वा श्विता वर्णे इति धातोः, श्वेतितुमिच्छति, इत्यर्थे श्वितेर्दश्च (उ.) इत्यानच्, दत्वम्, सनो लुक्*] १.पुण्य गर्ने २.कसैको मतमा पाप वा नराम्रो काम गर्ने। **शिश्विदानः शुक्लकर्मा कृष्णकर्मेति कस्यचित्** (जयधर.)।

शिष (धा.) [*वधे, भ्वा. पर.सक. सेट्*] मार्नु,हिंसा गर्नु। लट्- **शेषति-** मार्छ, हिंसा गर्छ इत्यादि।

शिष (धा.) [*सर्वोपयोगे, सक.सेट्, चुरा. उभय.*] बचाउनु, पूरा खर्च नगर्नु। लट्- **शेषयति-ते-** बचाउँछ, पूरा खर्च गर्दैन इत्यादि।

शिष्टः (पुं.वि.) [*शिष्यते स्म, शासु अनुशिष्टौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सुशील/राम्रो बानी बेहोराको/असल आचरण भएको/विनयशील २.अनुशासनमा रहेको ३.शेष रहेको। **~प्रयोगः** (पुं.) [*शिष्टानां प्रयोगः, ष.त.*] भद्र वा भलाद्मी व्यक्तिले गर्ने व्यवहार वा भाषा। **~मण्डलम्** (नपुं.) [*शिष्टानां मण्डलम्, ष.त.*] १.कुनै सभा, सन्धिवार्ता आदिमा भाग लिनका लागि पठाइएका अधिकृत प्रतिनिधिहरूको दल २.भद्रभलाद्मी-हरूको समूह। **~सभम्** (नपुं.) [*शिष्टानां सभा, ष.त.*] शिष्ट व्यक्तिहरूको सभा। **~समाजः** (पुं.) [*शिष्टानां समाजः, ष.त.*] शिष्ट मानिसहरूको समाज।

शिष्टाचारः (पुं.) [*शिष्टानामाचारः, ष.त.*] १.सभ्य व्यवहार/सदाचार/ विनम्रता २.आतिथ्य/सत्कार ३.साँचो बोल्नु, दान गर्नु, दया गर्नु, लोभ नगर्नु, पढ्नु, यज्ञ गर्नु, पूजा गर्नु, इन्द्रियलाई वशमा राख्नु शिष्टाचारका आठ लक्षण छन्। **सत्यं दानं दयाऽलोभो विद्येज्या पूजनं दमः। अष्टौ तानि पवित्राणि शिष्टाचारस्य लक्षणम्॥** (ग.पु.आचारकाण्ड २१३.४)। **~महापालः** (पुं.) [*शिष्टानामाचारः तस्य महापालः, ष.त.*] विदेश वा मित्रराष्ट्रहरूबाट आउने कूटनीतिक प्रतिनिधिहरू वा अरू नियन्त्रित व्यक्तिहरूको शिष्टाचारपूर्वक स्वागत गर्न नियुक्त विशिष्ट व्यक्ति/कूटनैतिक शिष्टाचार विभागका प्रधान।

शिष्टाचारी (पुं.वि.) [*शिष्टानामाचारः, शिष्टाचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] शिष्टआचरण गर्ने वा सभ्य व्यवहार गर्ने सदाचारी/विनयशील।

शिष्टिः (स्त्री.) [*क्तिन्नाबादिभ्यः ३.३.९४ इति क्तिन्*] शासन।

शिष्यः (पुं.) [*शिष्यते उपदिश्यतेऽसौ, शासु अनुशिष्टौ इति धातोः, एतिस्तुशास्वृदृजुषः क्यप् ३.१.१०९ इति क्यप्, शास इदङ्हलोः ६.४.३४ इति इत्वम्, शासिवसिघसीनाञ्च ८.३.६० इति षत्वम्*] १.चेलो २.छात्र ३.उपदेश्य। शिष्य तीन किसिमका हुन्छन्- बुद्धिमान्, आहार्यबुद्धि र दुर्बुद्धि। बुद्धिमान् शिष्यहरू अध्ययनमा आफैँ प्रवृत्त हुन्छन्। उनीहरूलाई अरूको शिक्षा वा प्रेरणा चाँहिदैन। आहार्यबद्धि भएका शिष्यहरू स्वतः प्रेरित हुँदैनन्। उनीहरूलाई अध्ययनमा प्रवृत्त हुन गुरुको निर्देशन वा उपदेश अपेक्षित हुन्छ। बुद्धिमान् शिष्यले एक पटक सुत्रासाथ विषय बुझिहाल्छ भने आहार्यबुद्धिले पटकपटक नभनी विषय बुझ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्दैन। बुद्धिमान्‌को बोधशक्ति तीव्र हुन्छ भने आहार्यबुद्धिको मन्द हुन्छ। बुद्धिमान्‌ले आफूले अध्ययन गरेको विषय पचाएर नयाँ ढङ्गले प्रस्तुत गर्छ भने आहार्यबुद्धिले त्यही विषय घोकेको शैलीमा प्रस्तुत गर्छ। बुद्धिमान्‌को शैली नैसर्गिक हुन्छ भने आहार्यबुद्धिको शैली कृत्रिम हुन्छ। दुर्बुद्धिको त विषयवस्तुमा कत्ति प्रवेश हुँदैन र अभ्यास पनि गर्दैन। (काव्यमीमांसा)

शिष्यता (स्त्री.) [*शिष्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल, टाप् ४.१.४*] शिष्यमा हुने भाव/शिष्य हुनु/चेलो बन्ने काम।

शिष्लृ () [*विशेषणे, रुधा.सक.अनिट्, पर.*] भिन्नता देखाउनु, गुण दोष देखाउनु, विशेषता बताउनु। लट्– **शिनष्टि**– भिन्नता देखाउँछ, गुण दोष देखाउँछ, विशेषता बताउँछ इत्यादि।

शीक (धा.) [*आमर्षणे, सक.सेट्, उभय.*] छुनु, शान्त हुनु, सहनु। लट्– **शीकयति-ते**– छुन्छ, शान्त हुन्छ, सहन्छ इत्यादि।

शीक (धा.) [*भाषायाम्, सक.सेट्, उभय.*] शान्त हुनु। लट्– **शीकयति-ते**– शान्त हुन्छ इत्यादि।

शीकरः (पुं./नपुं.) [*शीकृ सेचने इति धातोः, ऋच्छेररन् (उ.) इति बाहुलकादरन्, सीकरः इत्यपि*] पानीको छिट्टा/बाच्छिटा।

शीकरम् (नपुं.) [हे. **शीकरः**] सल्लाको खोटो (मेदिनी.)।

शीकृ (धा.) [*सेचने, सक.सेट्, आत्म.*] भिजाउनु। लट्– **शीकते**– भिजाउँछ इत्यादि।

शीघ्रकारकः (पुं.) [*शीघ्रं करोतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] शीघ्रकारी/चाँडो वा छिटेछिटो काम गर्ने वा गराउने/तुरुन्त काम गर्ने वा गराउने।

शीघ्रकोपी (पुं.वि.) [*शीघ्रं कुप्यति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] चाँडो रिसाउने स्वभावको।

शीघ्रगः (पुं.वि.) [शीघ्रं गच्छति, गम्‌धातोर्डः] छिटो हिंड्ने।

शीघ्रगामी (पुं.वि.) [*शीघ्रं गच्छतीति,णिनिः.*] छिटोछिटो हिंड्ने/द्रुतगामी।

शीघ्रता (स्त्री.) [*शीघ्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल, टाप् ४.१.४*] चाँडो हुनु/शीघ्रत्व/छिटोपन।

शीघ्रम् (त्रि.) [*शिङ्घति व्याप्नोति, शिघि आघ्राणे इति धातोः शीघ्रादयश्च (उ.) इति रगन्तो निपातितः*] १.चाँडो २.छिटो।

शीङ् (धा.) [*स्वप्ने, अक.सेट्, आत्म.*] सुत्नु। लट्– **शेते**– सुत्छ। **अतिशेते**– बढी हुन्छ। **अधिशेते**- बस्छ। **संविशेते**– शङ्का गर्छ। लिट्– **शिश्ये**– सुतेछ। लुट्– **शयिता**– सुत्ने छ। लृट्– **शयिष्यते**– सुत्ने छ। लोट्– **शेताम्**– सुतोस्। लङ्– **अशेत**– सुत्यो। विधिलिङ्– **शयीत**– सुत्ला। आशीर्लिङ्– **शयिषीष्ट**– सुतोस्। लुङ्– **अशयिष्ट**– सुत्यो। लृङ्– **अशयिष्यत**– सुत्ने थियो। भावे– **शय्यते**– सुतिन्छ। णिचि- **शाययति**-सुताउँछ। सनि– **शिशयिषते**– सुत्न चाहन्छ। यङि– **शाशय्यते**– अतिशय वा बारम्बार सुत्छ। यङ्लुकि– **शेशयीति, शेशीति**– अतिशय वा बारम्बार सुत्छ। कृदन्ते– **शायकः, शायिका, शयित-त्री**– सुत्ने। **शयितव्यम्, शयनीयम् शेयम्**– सुत्नुपर्ने। **शयानः**– सुतिरहेको। **शयाना**– सुतिरहेकी। **शयनम्**– सुत्ने काम २.ओछ्यान। **शयित्वा, उपशय्य**– सुतेर। **शयुः**– अजिङ्गर। **शाययित्वा**– सुताएर। **शयितुम्**– सुत्न, **शाययितुम्**– सुताउन। **शीधुः**– मदिरा। **शीलम्**– स्वभाव। **शैवालः**– पानीमा हुने झार। **शेवः**– सर्प। **शिखा**– टुप्पी, जुरो। **निशीथः**– आधा रात इत्यादि।

शीतः (पुं.वि.) [*शीतमस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.चिसो/ठन्डा/शीतल। **शीतस्तत्र सुखी वायुः सुगन्धो जीवनः शुचिः। सर्वरत्नविचित्रा च भूमिः पुष्पविभूषिता॥** (म.भा. ३.१६८.५०) २.अल्छी।

शीतः (पुं.) १.वेत। **शीतवानीरवञ्जुलाः** (अमर.) २.[*गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, द्रवमूर्ति ६.१.२४ इति संप्रसारणम्, हलः ६.४.२ इति दीर्घः*] बोहरी ३.हेमन्त ऋतु।

शीतकः (पुं.वि.) १.[*शीतं करोति, शीतोष्णाभ्यां कारिणी ५.२.७२ इति कः*] ढिलो काम गर्ने/जुम्सो। **उष्णो ग्रीष्मे पुमान् दक्षाशीतयो रन्यलिङ्गकः** (मेदिनी.) २.[*शीत एव, स्वार्थे कन्*] शीतकाल ३.वृश्चिक ४.देशविशेष।

शीतकटिबन्धः (पुं.) [*शीतः कटिबन्धो यस्य सः, बहु.स.*] भूमध्य रेखादेखि ६६.५ अंश उत्तर र ६६.५ अंशदेखि ध्रुवप्रदेशसम्म पर्ने अत्यन्त ठन्डा हुने पृथ्वीका दुई भाग।

शीतकरः (पुं.) १.[*शीताः शीतलाः कराः किरणा यस्य सः, बहु.स.*] चन्द्रमा २.(पु.वि.) [*शीतः करो यस्य सः, बहु.स.*] चिसो हात भएको ३.[*शीतस्य करः, ष.त.*] चिसो पार्ने।

शीतकालः (पुं.) [*शीतश्चासौ कालश्च, कर्म.स., शीतस्य कालो वा,ष.त.*] १.ठन्डायाम/ चिसो हुने समय २.हेमन्त ऋतु। **कूपोदकं वटच्छाया नारीणाञ्च पयोधरः। शीतकाले भवेदुष्णमुष्णकाले च शीतलम्॥** (सुभा.)

शीतकिरणः (पुं.) [*शीताः किरणाः यस्य सः*] चन्द्रमा।

शीतगुः (पुं.) [*शीता गावः किरणाः सन्त्यस्य*] चन्द्रमा।

शीतभीरुः (स्त्री.) [*शीताद्भीरुः*] वेली। **मल्लिका शतभीरुश्च गवाक्षी भद्रमल्लिका** (वाचस्पति)।

शीतभोजी (पुं.वि.) [*शीतं भोक्तुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] चिसो खाने/ठन्डा खाने।

शीतम् (नपुं.) [*गुणे स्पर्शविशेषे शीतम्, श्यैङ् गतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, द्रवमूर्तिस्पर्शयोः श्यः ६.१.४५ इति संप्रसारणम्, श्योऽस्पर्शे ८.२.४७ इति पर्युदासान्न निष्ठानत्वम्*] १.चिसो पदार्थ। **शीतं हिमगुणे क्लीबम्** (विश्व.) २.पानी (शब्दमाला) ३.छाला (राजनिघण्ट)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीतलः (पुं.वि.) [*शीतं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] चिसो।

शीतलता (स्त्री.) [*शितलस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्, त्वप्रत्यये शीतत्वम्*] चिसोपना।

शीतला (स्त्री.) [*स्त्रियां टाप्*] १.बिफरको अधिष्ठात्री देवी २.कुटुम्बिनी ३.बालुवा।

शीतशिवः (पुं.) [*शीतमस्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, शिवमस्यास्ति, अच् ५.२.१२७, शीतश्चासौ शिवश्च, कर्म.स.*] १.वनसुप २.शिलाकुङ्कुम।

शीतशिवम् (नपुं.) [*शीते शीतकाले शिवं कल्याणकरम्*] सिधे नुन।

शीता (स्त्री.) [*शेते स्म, शीङ् स्वप्ने इति धातोः, गत्यर्थाकर्मक ३.४.७ इति क्तः, टाप् ४.१.४*] १.आकाशगङ्गा २.हलाको सियो ३.रामकी पत्नी। **शीता नभःसरिति लाङ्गलपद्धतौ च शी(सी) ता दशाननरिपोः सहधर्मिणी च** (धरणि.)।

शीतांशुः (पुं.) [*शीता अंशवो यस्य सः*] १.चन्द्रमा २.कपुर।

शीतालुः (पुं.वि.) [*शीतां न सहते, शीतोष्णतृप्रेभ्यस्तन्न सहते ५.२.१२२ इति आलुच्*] जाडो खप्न नसक्ने।

शीत्कारः [*शीत्करणम्*] १.रतिकालमा उत्तम नारीले निकाल्ने ध्वनि **शीत्कारो सुरते वरयोषिताम्**। (जटाधर) २.शीत् यो आवाज।

शीधुः (पुं.) [*शेरतेऽनेन, शीङ् स्वप्ने इति धातोः, शीङो धुक्लक्वलञ्वालनः (उ.) ४६८ इति धुक्प्रत्ययः*] मदिरा/ऊखु,साग आदिबाट बनाएको रक्सी। **पुंनपुंसकयोर्दारु जीवातुस्थाणुशीधवः** (त्रिकाण्ड.)।

शीनः (पुं.वि.) [*श्यैङ्धातोः क्तः, द्रवमूर्तिस्पर्शयोः श्यः ६.१.२४ इति संप्रसारणम्,श्योऽस्पर्शे, इति नः*] जमेको (दही, घिउ आदि)

शीनः (पुं.) १.मूर्ख २.अजिङ्गर।

शीभृ (धा.) [*कत्थने, सक.सेट्, आत्म.*] शेखी झार्नु, आत्मप्रशंसा गर्नु। लट्– **शीभते–** शेखी झार्छ, आत्मप्रशंसा गर्छ इत्यादि।

शीयमानः (पुं.वि.) [*शीयन्त इति, शद्लृ शातने इति धातोः, शदे शितः १.३.६० इति आत्मनेपदम्, लटःशानच् ३.२.१२४, पाघ्राध्मा. ७.३.७८ इति शीयादेशः, मुम्*] नाश भइरहेको/ हराइरहेको।

शीरः(पुं.) [*शेतेऽसौ, शीङ् स्वप्ने इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधशुभिभ्यो रक् (१७८) इति रक्*] ठुलो सर्प/अजिङ्गर

शीर्णः (पुं.वि.) [*शृधातोः क्तः, तस्य नः*] १.फैलिएको। **शीर्णप्रासादोपरि जिगीषुरिव कलरवः क्वणति**। (आर्यास.) २.थोत्रो ३.दुब्लो।

शीर्षकम् (नपुं.) [*शीर्षस्य प्रतिकृतिः, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, शीर्षे कं सुखमस्माद्वा*] १.युद्धमा लगाउने टोपी, टोप २.लेख, रचना आदिलाई दिइने नाम ३.शिरको हाड (राजनिघण्ट)।

शीर्षघाती (पुं.) [*शीर्षं हन्तीति, कुमारशीर्षयोर्णिनिः ३.२.५१ इति णिनिः*] शीर छेदन गर्ने। **शीर्षघातिनमायान्तमरीणां त्वां विलोकयन्** (भट्टि ६.११३)।

शीर्षच्छेद्यः (पुं.) [*शीर्षस्य छेदः, शीर्षच्छेदः, शीर्षच्छेदमर्हति, शीर्षच्छेदाद्यच्च ५.१.६५ इति यत्*] शिर काट्न लायक/टाउको गिड्नुपर्ने।

शीर्षण्यः (पुं./नपुं.) [*शिरसे हितम्, शरीरावयवाद्यत् ५.१.६ इति यत्, ये च तद्धिते ६.१.६४ इति शीर्षन्नादेशः, ये चाभावः ६.४.१६८ इति टिलोपो न*] १.शीरलाई लाभदायक/टोपी २.युद्धमा लगाउने टेप ३.लामो केश/जगल्टा। **शीर्षण्यं शीर्षरक्षणे। शीर्षण्यो विशदे कचे** (हैम.)।

शीर्षम् (नपुं.) [*शिरोवाची शिरोऽदन्तो, रजोवाची रजस्तथा, कुमारशीर्षयोः ३.२.५१ इति ज्ञापकाच्छिरःशब्दस्य शीर्षदिशः*] १.शिर २.सबभन्दा अघिल्लो।

शील (धा.) [*उपधारणे,सक.सेट्, उभ.प्रायेणायं परिपूर्वकः*] परिशीलन गर्नु। लट्– **परिशीलयति–ते–** परिशीलन गर्छ/खोजी गर्छ।

शील (धा.) [*समाधौ, सक.सेट्, पर.*] मन लगाएर खोजी गर्नु, मनन गर्नु, पूजा गर्नु, अभ्यास गर्नु। लट्– **शीलति–** मन लगाएर खेजी गर्छ, मनन गर्छ, पूजा गर्छ। **अनुशीलति–** अनुशीलन गर्छ इत्यादि।

शीलनम् (नपुं.) [*शीलधातोर्भावे ल्युट्, अनः*] १.मन लगाएर खोजी गर्नु २.मनन गर्नु, ३.पूजा गर्नु, ४.अभ्यास गर्नु।

शीलम् (नपुं.) [*शेते येन तत्, शीङ् स्वप्ने इति धातोः, शीङो धुक्लक्वलञ्वालनः (उ) इति लक्प्रत्ययः, यद्वा शील समाधाने इति धातोः, ण्यन्तात् ३.१.२६, भावे ३.३.१८ इति घञ्*] १.स्वभाव २.सच्चरित्र ३.शुद्ध आचारण। **शीलं स्वभावे सद्वृत्ते** (विश्व.)। **चरित्रमात्रेऽपि शीलम्, निष्ठा च शीलं चारित्रं चरित्रं चरितं तथा** (रत्न.)। **विदेशेषु धनं विद्या व्यसनेषु धनं मतिः। परलोके धनं धर्मः शीलं सर्वत्र वै धनम्॥** (सुभा.) ४.राग, द्वेष आदिको त्याग ५.देवता, पितृ आदिमा भक्ति, अरूलाई पीडा नदिनु, सौम्यता, अनसूयता, मृदुता,अपारुष्य मित्रता, प्रियवादिता, कृतज्ञता, शरण्यता, कारुणिकता, प्रशान्ति, ब्रह्मण्यता यी सबै शीलभित्र पर्दछन्। (हारीत)

शीलवान् (पुं.वि.) [*शीलमस्यास्तीति, मतुब्, मस्य वः*] १.असल स्वभावको २.सच्चरित्र।

शीला (स्त्री.) [*शीलमस्ति अस्याः, अर्शाद्यच्, टाप्*] कौण्डिन्य मुनिकी पत्नी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीलितः (पुं.वि.) [*शीलधातोः क्तः*] १.मन लगाएर खोजिएको २.मनन गरिएको ३.पूजा गरिएको ४.अभ्यास गरिएको।

शीवा (पुं.) [*शेते इति, शीङ्धातोः उणादौ क्वनिप्*] अजिङ्गर।

शीशकः (पुं.) [*शीश एव, स्वार्थे कन्*] काँच/ऐना।

शुक् (पुं.) [*सम्पदादित्वात् (वा.) ३.३.१०८ क्विप्*] १.शोक। २.सूर्यको तेज।

शुक (धा.) [*सर्पे, भ्वा.पर. सक.सेट्*] घस्रेर हिँड्नु। लट्– **शोकति**– घस्रेर हिँड्छ इत्यादि।

शुकः (पुं.) [*शोकति, शुक गतौ इति धातोः, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा शोभते, शवति वा, शुभ दीप्तौ इति धातोः, शु गतौ इति धातोर्वा, शुकवल्कोल्काः (उ.) ३२९ इति साधुः*] १.सुगा २.शुकदेव स्वामी ३.वस्त्र/कपडा ४.रावणको मन्त्री ५.शिरीषको वृक्ष। **शुको व्याससुते कीरे रावणस्य तु मन्त्रिणि। शिरीषपादपे पुंसि ग्रन्थिपर्णे नपुंसकम्** (मेदिनी.)। **~देवः** (पुं.) [*शुक इव देवः, ष.त.*] कृष्ण द्वैपायनका पुत्र/एक प्रसिद्ध पुराणवाचक ऋषि। **~नासः** (पुं.) [*शुकस्य नासा इव नासा यस्य सः, बहु.स.*] सुगाको जस्तो तिखो नाक भएको।

(शुकः)

शुककीटः (पुं.) [*शुकयुक्तः कीटः, शाकपार्थिवादिः (वा.) २.१.७८*] रेसमकिरो।

शुकनासः (पुं.) [*शुकनासा इव पुष्पमस्यास्ति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.टटेलो २.महाकवि बाणभट्टद्वारा लिखित **कादम्बरी** महाकाव्यको एक पात्र।

शुकम् (नपुं.) [*शोचतीति, शुच शोके इति धातोः, शु गतौ इति धातोर्वा, शुकवल्कोल्काः उ.३२९ इति निपातः*] भेडे कुरो।

शुकसप्ततिः (स्त्री.) संस्कृत साहित्यको लोकप्रचलित कथाकाव्य। यसमा विभिन्न कथाहरूको सङ्कलन गरिएको छ। यसका रचयिता चिन्तामणि भट्ट हुन्। यिनको समय दसौँ शताब्दी हो।

शुक्तः (पुं.वि.) १.[*शुच्यते स्म, शुचिर पूतीभावे धातोः, गत्यर्थाकर्मक इति क्तः*] सफा/चहकिलो/स्वच्छ। २.[*शुच क्लेदे इति धातोःक्तः*] अमिल्याइएको ३.जोडिएको ४.निष्ठुर ५.निर्जन।

शुक्तम् (नपुं.) [*शुच क्लेदे इति धातोः क्तः*] १.मासु २.अमिल्याएको तामा,पिना, मूला, साग, गालेको अचार आदि। **शुक्तं यन्मधुरं कालवशादम्लतां गतम्**। (प्रायश्चित्तविवेक) **यानि स्वभावतो मधुरादिरसानि कालवशेन उदकवासादिना अम्लानि तानि शुक्तानि** (कुलुकभट्ट) ३.जाँड बनाउने रीतिले कुहाएको वस्तु।

शुक्ता (स्त्री.) [*शुक्तमम्लमस्यास्तीति, पचाद्यच्, टाप्*] चरिअमिलो।

शुक्तिः (स्त्री.) [*शोचतीति, शुच शोके इति धातोः, क्तिच् क्तौ च संज्ञायाम् ३.३.७४ इति क्तिच्*] १.सिपी/घुँगी २.घोडाको गर्दन वा छातीमा परेको राँको भुँवरी ३.कालो हलेदो ४.खप्परको एक भाग ५.शङ्ख। **शुक्तिः शङ्खनखे शङ्खे कपालखण्डदृग्रुजोः। नख्यश्चावर्तयोर्मुक्तास्फोटदुर्नामयोरपि** (हैम.)। **~मणिः** (पुं.) [*शुक्तिर्मणिरिव, त.स.*] मोती।

शुक्रः (पुं.) [*शोचयति, शुच शोके इति धातोः, ऋज्रेन्द्राग्रवज्र विप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्ल गौरवभैरामालाः (उ.१९६) इति रक्, कुत्वम्, यद्वा शुक्रं रेतोऽस्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.ज्येष्ठ महिना २.अग्नि ३.ग्रहविशेष। यो ग्रह सूर्यबाट करीब १०,७२, ०८,९०० किलोमिटर टाढा छ। यसको औसत व्यास १२१०२ किलोमिटर छ। यस ग्रहको वायुमण्डल अक्सिजन, कार्बनडाइ अक्साइड र पानीको वाफ मिलेर बनेको छ। यसलाई आफ्नो अक्षको परिक्रमा गर्न २४३ दिन लाग्छ। यसले २२४ दिन १६ घण्टा ४८ मिनेटमा एक पटक सूर्यको परिक्रमा गर्दछ। यसको सतहको औसत तापक्रम ४०० डिग्री सेन्टिग्रेड छ। २३ घण्टा १७ मिनेटमा यसले आफ्नो अक्षको भ्रमण गर्दछ। पृथ्वीबाट यसको निकटतम दूरी ३ करोड ८५ लाख छ भने अधिकतम दूरी २७ करोड किलोमिटर छ। यसको उपग्रह छैन। ४.दैत्यहरूका गुरु शुक्राचार्य। **शुक्रः स्याद्भार्गवे ज्येष्ठमासे वैश्वानरे पुमान्। रेतोऽक्षिरुग्भिदोः क्लीबम्** (विश्व.) **~भुक्** (पुं.) [*शुक्रं भुङ्क्ते, भुजधातोः क्विप्*] मयूर **~मेहः** (पुं.) [*शुक्रस्य मेहः, ष.त.*] मूत्रेन्द्रियबाट शुक्र बगिरहने एक रोग। **~वारः** (पुं.) [*शुक्रस्य वारः, ष.त.*] बिहीवार र शनिवारको बिचमा पर्ने वार/शुक्रवार।

(शुक्र)

शुक्रम् (नपुं.) [*शोचत्यनेन, शुच शोके इति धातोः, शोचयति वा, ऋज्रेन्द्र– (उ.) १९६ इति साधुः*] १.आँखाको रोग २.वीर्य/धातु। **शुक्रः स्याद् भार्गवे ज्येष्ठमासे वैश्वानरे पुमान्। रेतोऽक्षिरुग्भिदोः क्लीबम्** (विश्व.)।

शुक्रशिष्याः (पुं. बहु.) [*शुक्रस्य शिष्याः,ष.त.*] १.शुक्रका शिष्यहरू २.दैत्य। कश्यपकी पत्नी दितिबाट पैदा भएका सन्तान। **शुक्रशिष्या दितिसुताः** (अमर.)।

शुक्राचार्यः (पुं.) [*शुक्रश्चासौ आचार्यश्च, कर्म.स.*] १.भृगु ऋषिका छोरा/दैत्यहरूका गुरु २.शुक्रस्मृतिका रचयिता, प्राचीन राजशास्त्रका प्रणेता। यिनको ग्रन्थ शुक्रनीति हो। यी अर्थशास्त्रका पनि उत्कृष्ट विद्वान् थिए। यिनले आफ्नो स्मृतिग्रन्थमा राज्यसञ्चालनका निमित्त आवश्यक पर्ने सबै जसो विषयहरूको वर्णन गरेका छन्।

शुक्रियः (पुं.) [*शुक्रो देवता अस्य, शुक्राद् घन् ४.२.२६ इति घन्, घस्य इयः*] शुक्र अधिष्ठात्री देवता भएका हवि आदि २.(पुं.वि.) शुक्रसम्बन्धी।

शुक्लः (पुं.वि.) [*शोकति मनोऽस्मिन्, शुक गतौ इति धातोः, ऋज्रेन्द्राग्रवज्रविप्रकुब्रचुब्रक्षुरखुरभद्रोग्रभेरभेलशुक्रशुक्लगौरवभैरामालाः (उ.) १९६ इति रक्, पक्षे रस्य लः*] १.सेतो/ श्वेत/शुद्ध/पवित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.उमेरले सेतो भएको ३.(पुं.) चन्द्रमाको कला बढ्ने पक्ष ४.सत्ताइस योगमध्ये एक योग। **शुक्लो योगान्तरे सिते। नपुंसकं तु रजते** (मेदिनी.)।

शुक्लः (पुं.) [*शुक्लमस्यास्तीति, अर्शाद्यच्*] सेतो वर्ण भएको।

शुक्लकः (पुं.) [*शुक्ल एव, स्वार्थे कन्*] शुक्लपक्ष। **पक्षत्याद्यास्तु तिथयः क्रमात् पञ्चदश स्मृताः। दर्शान्ताः कृष्णपक्षे ताः पूर्णिमान्ताश्च शुक्लके॥** (तिथ्यादित.)

शुक्लकर्मा (नपुं.) [*शुक्लं कर्म यस्य सः, बहु.स.*] राम्रो वा असल काम गर्ने।

शुक्लपक्षः (पुं.) [*शुक्लश्चासौ पक्षश्च, कर्म.स.*] चन्द्रमाको कला प्रतिदिन बढ्दै जाने पक्ष/शुदि/औँसीका भोलिपल्टको प्रतिपदादेखि पूर्णिमासम्मका पन्ध्र दिन। **सितस्त्वापूर्यमाणः स्यात् शुक्लश्च विशदः शुचिः। शुक्लपक्षः कृष्णपक्षो बहुलो वदि च स्मृतः॥** (राजनिघण्ट)

शुक्लम् (नपुं.) [*हे. शुक्लः*] १.चाँदी २.नौनी ३.आँखाको रोगविशेष ४.अमिलो भएको तमा, साग आदि र वासी खाने कुरा। **शुक्लं काञ्चिकादिपर्युषितद्रव्यं वर्जयेत्** (दिग्दर्शनी, जीवगोस्वामी)।

शुक्ला (स्त्री.) [*शुक्लमस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच् टाप् ४.१.४*] १.सरस्वती २.शुभ्र वस्त्र लाएकी स्त्री ३.सखर ४.बिराले लहरो ५.सिहुडी ६.पोथी डुम काग।

शुक्लापाङ्गः (पुं) [*शुक्लौ अपाङ्गौ यस्य सः, बहु.स.*) मयूर। **शुक्लापाङ्गैः सजलनयनैः स्वागतीकृत्य केकाः प्रत्युद्यातः कथमपि भवान् गन्तुमाशु व्यवस्येत्** (मे.दू.)।

शुक्लाभिसारिका (स्त्री.) [*शुक्ले अभिसारिका, स.त.*] सेतो वस्त्र धारण गरी शुक्लपक्षमा नायकसँग भेट्न सङ्केतस्थलमा जाने नायिका।

शुक्लिमा (नपुं.) [*शुक्लस्य भावः, वर्णदृढादिभ्यो ष्यञ् च ५.१.१२३ इति इमनिच्*] १.स्वच्छता २.सेतोपना ३.निरपराधिता।

शुच (धा.) [*शोके, सक.सेट् पर.*] चिन्ता गर्नु, शोक गर्नु। लट्– **शोचति–** चिन्ता गर्छ, शोक गर्छ। **अनुशोचति** –पश्चात्ताप गर्छ। लिट्– **शुशोच–** चिन्ता गरेछ, शोक गरेछ (अन.)। लुट्– **शोचिता–** चिन्ता गर्ने छ, शोक गर्ने छ (अन.)। लृट्– **शोचिष्यति–** चिन्ता गर्ने छ, शोक गर्ने छ। लोट्– **शोचतु–** चिन्ता गरोस्, शोक गरोस्। लङ्– **अशोचत्–** चिन्ता गऱ्यो, शोक गऱ्यो (अन.)। विधिलिङ्– **शोचेत्–** चिन्ता गर्ला, शोक गर्ला, शोचोस्, चिन्ता गरोस्, शोक गरोस्। आशीर्लिङ्– **शुच्यात्–** चिन्ता गरोस्, शोक गरोस्। लुङ्– **अशोचीत्–** चिन्ता गऱ्यो, शोक गऱ्यो। लृङ्– **अशोचिष्यत्–** चिन्ता गर्ने थियो, शोक गर्ने थियो। भावे– **शुच्यते–** चिन्ता गरिन्छ, शोक गरिन्छ। णिचि– **शोचयति-ते–** चिन्ता गर्न लगाउँछ, शोक गर्न लगाउँछ। सनि– **शुशुचिषति–** चिन्ता गर्न चाहन्छ, शोक गर्न चाहन्छ। कृदन्ते– **शोचितव्यम्/शोचनीयम्/शोच्यम्–** चिन्ता गर्नुपर्ने, शोक गर्नुपर्ने। **शोचितुम्–** चिन्ता गर्न, सोच्न। **शुचित्वा/शोचित्वा/ संशोच्य–** चिन्ता गरेर, शोक गरेर। **शोकः शुक्–** चिन्ता, सुर्ता। **शुक्रः**-शुक्राचार्य, बुधपछि आउने ग्रह, नीतिशास्त्रका रचयिता, दैत्यका गुरु, वीर्य। **शुचिः–** पवित्र, आषाढ महिना इत्यादि।

शुचा (स्त्री.) शोक।

शुचिः (स्त्री.) [*शुचिर पूतीभावे इति धातोः इन्*] १.चोखो/शुद्ध/पवित्र। **शुचिर्भूमिगतं तोयं शुचिर्नारी पतिव्रता।** (सुभा.) **क्रीडावसाने ते सर्वे शुचिवस्त्रा स्वलङ्कृताः** (म.भा.१.१२८,४९) २.सफा /सेतो। ३.निरपराधी। **अहो धिक् धृतराष्ट्रस्य बुद्धिर्नास्ति समस्तनी। यः शुचीन् पाण्डुदायादीन् दाहयामास शत्रुवत्॥** (म.भा.१.१४९.१४) ४.अन्तःकरण शुद्ध भएको। **वृद्धांश्च नित्यं सेवेत विप्रान् वेदविदो शुचीन्। वृद्धसेवी हि सततं रक्षोभिरपि पूज्यते॥** (मनु.७.२८) ५.प्रयोग नभएको (वस्त्र, जनै आदि)।

शुचिः (पुं.) १.[*शुच्यतीति, शोचन्ति विरहिणोऽस्मिन् वा, शुच शोके इति धातोः, इगुपधात्कित् (उ.) ५६९ इति इन्, कित्, कित्वान्न गुणः*]असार महिना २.[*शुचि पवित्रं करोति शुचयति, तत्करोति (वा.)३.१.२६ इति ण्यन्ताद् अच इः (उ.) ५६९ इति इः*] ग्रीष्म ऋतु ३.अग्नि ४.शृङ्गाररस ५.पवित्र मन्त्र ६.ज्येष्ठमहिना ७.सूर्य ८.चन्द्रमा ९.कार्तिकेय १०.अन्धकपुत्र ११.कश्यप पत्नी ताम्राका एक छोरा। **शुचिर्ग्रीष्माग्निभृङ्गारेष्वाषाढे शुचिमन्त्रिणि। ज्येष्ठे च पुंसि धवले शुद्धेऽनुपहते त्रिषु** (विश्व.)।

शुचिः (पुं.वि.) [*अहरहः क्लिश्यमानं जनं दृष्ट्वा शोचति, इगुपधात् कित् इति इन्, तस्य कित्वान्न गुणः*] १.विद्वान् २.दक्ष।

शुचिकर्म (नपुं.) [*शुचेः कर्म, ष.त.*] पवित्र पार्ने काम/शुद्ध पार्ने काम।

शुचिता (स्त्री.) [*शुचेर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल, टाप् ४.१.४*] पवित्रता/शुद्धता/स्वच्छता शुचि हुनाको भाव।

शुचिर् (धा.) [*पूतीभावे, अक.सेट् उभय.*] पवित्र हुनु। लट्– **शुच्यते/ति–** पवित्र हुन्छ। लिट्– **शुशुचे–** पवित्र भएछ इत्यादि। कृदन्ते– **शुचित्वा/शोचित्वा–** पवित्र भएर। **शुक्तम्/शुक्तिः/शुक्तिका–** सिपी इत्यादि।

शुच्य (धा.) [*अभिषवे, अक.सेट् पर.*] स्नान गर्नु, सार निकाल्नु। लट्– **शुच्यति–** स्नान गर्छ, सार निकाल्छ इत्यादि।

शुठ (धा.) [*गतिघाते, भ्वा.सक.सेट् पर.*] रोक्नु, विघ्न पर्नु। लट्– **शोठति–** रोकिन्छ, विघ्न पर्छ। **शोठति पयः सेतुना** (दुर्गादास)

शुठ (धा.) [*आलस्ये, चुरा. अक.सेट् उभय.*] अल्छी गर्नु। लट्– **शोठयति-ते–** अल्छी गर्छ इत्यादि।

शुठि (धा.) [*शोषणे, सक.सेट् पर.*] सुक्नु। लट्– **शुण्ठति–** सुक्छ इत्यादि। **शुण्ठति पत्रमातपात्** (दुर्गादास)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुठि (धा.) [*शोषणे, सक.सेट् उभय.*] सुक्नु, शोषण गर्नु। लट्– **शोठयति–ते–** सुक्छ, शोषण गर्छ इत्यादि।

शुण्ठी (स्त्री.) [*शुण्ठति, कफम्, शुठि प्रतिघाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] सुठो/सुकिसकेको अदुवा।

(शुण्ठी)

शुण्डः (पुं.) [*शुन गतौ इति धातोः, अमन्ताड्डः (उ.) ११२ इति डः*] १.सुंड २.कछुवाको थुतुनो।

शुण्डा (स्त्री.) [*शुन गतौ इति धाोः, अमन्ताड्डः (उ.) ११२ इति डः टप् ४.१.४*] १.सुंड २.रक्सी पिउने घर ३.वेश्या ४.कमलिनी।

शुण्डापानम् (नपुं.) [*शुन्यते, शुन गतौ इति धातोः, अमन्ताड्डः (उ.११२) इति डः, टप् ४.१.४, पीयतेऽत्र, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, शुण्डायाः पानम्, अत्र*] १.जाँड–रक्सी खाने ठाउँ/भट्टी। **शुण्डा पानगृहे मता** २.[*शुण्डायाः पानम्, ष.त.*] रक्सी पिउने काम।

शुण्डारः (पुं.) [*ह्रस्वा शुण्डा, कुटीशमीशुण्डाभ्यो रः ५.३.८८ इति रः*] सानो सुंड।

शुण्डिका (स्त्री.) [*अल्पः शुण्डः, अल्पे ५.३.८५ इति कन्, टप् ४.१.४, इत्वम्*] १.भट्टीवाल/शुण्डी २.बच्चा हात्तीको सुंड।

शुतुद्रिः (स्त्री.) [*शु पूजितं तुदति, तुद व्यथने इति धातोः, इगुपधात्कित् (उ.) इतीन्, बाहुलकाद्रुक्*] शतजला नदी। **इमं मे गङ्गे यमुने सरस्वति शुतुद्रिः** (श्रुति.)।

शुद्धः (पुं.वि.) [*शुध्यते स्म, शुध शौचे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १..चोखो/पवित्र २.स्वच्छ/निर्मल ३.निर्दोष ४.सेतो ५.मिलावट नभएको ६.आफ्नोपनमा सँधै अटल रहने, आफ्नै धर्म, आचरण र स्वभावमा रहने। **शुद्धः स एव कुलजश्च स एव धीरः श्लाघ्यो विपत्स्वपि न मुञ्चति यः स्वभावम्। तप्तं यथा दिनकरस्य मरीचिजालैर्देहं त्यजेदपि हिमं न तु शितलत्वम्॥** (सुभा.) **~मूल्यम्** (नपुं.) [*शुद्धञ्च तन्मूल्यञ्च, कर्म.स.*] वस्तुअनुसार राखिएको ठिक मोल। **~लाभः** (पुं.) [*शुद्धश्चासौ लाभश्च कर्म.स.*] चोखो नाफा/खुद मुनाफा। **~बुद्धः** (पुं.वि.) [*शुद्धश्चासौ बुद्धश्च, कर्म.स.*] अत्यन्त सोझो प्रकृति वा स्वभाव भएको व्यक्ति। **~शान्तिः** (स्त्री.) [*शुद्धार्थं शान्तिः, च.त.*] शुद्ध्याइँ/जुठो चोख्याउने काम/मृतकको अशौचबाट शुद्ध हुनका लागि बाह्र वा तेह्र दिनका दिन गरिने कर्म।

शुद्धता (स्त्री.) [*शुद्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् ४.१.४*] १.चोखो हुनु २.सफा हुनु ३.गल्ती नहुनु।

शुद्धदन् (पुं.) [*शुद्धा दन्ता यस्य सः, बहु.स., अग्रान्तशुद्धशुभ्रवृषवराहेभ्यश्च ५.४.१४५ इति दन्तस्य विभाषया दत्रादेशः*] सेता दाँत भएको।

शुद्धमतिः (पुं.वि.) [*शुद्धा मतिर्यस्य सः, बहु.स.*] सिधासाधा/राम्रो बुद्धि नभएको। **उपकारिणि विश्रब्धे शुद्धमतौ चरति यः पापम्। तं जनमसत्यसन्धं भगवति वसुधे कथं वहसि** (हितो.)।

शुद्धविराट् (पुं.) यस छन्दको प्रत्येक चरणमा क्रमैले मगण, सगण, जगण हुन्छन् र अन्त्यमा गुरु वर्ण आउँछ,। **म्सौ ज्गौ शुद्धविराडिदं मतम्** (छन्दो.)।

शुद्धान्तः (पुं.) [*शुद्धा उपधाशुद्धा रक्षका अन्ते समीपे यस्य सः, बहु.स.*] राजाका स्त्रीहरू बस्ने महल।

शुद्धापह्नुतिः (स्त्री.) यथार्थ कुराको निषेध गरेर अयथार्थ कुराको आरोप वा स्थापना गर्दा पर्न जाने अलङ्कार। **शुद्धापह्नुतिरन्यस्यारोपार्थो धर्मनिह्नवः। नायं सुधांशु किं तर्हि व्योमगङ्गा सरोरुहम्॥** (चन्द्रालोक)

शुद्धायः (पुं.) [*शुद्धश्चासौ आयश्च, कर्म.स.*] खर्च कटाई सालबसाली रूपमा हुने चोखो आम्दानी।

शुद्धाशुद्धि (नपुं.) [*शुद्धञ्च अशुद्धिश्च, समाहारद्व.स.*] १.जुठो चोखो/पवित्र अपवित्र २.भाषामा हुने शुद्धि र अशुद्धि।

शुद्धिः (स्त्री.) [*शोधनम्, शुध शौचे इति धातोः, स्त्रियां क्तिन् ३.२.९४ इति क्तिन्*] १.शुद्ध गर्ने काम/चोखो पार्ने काम २.पवित्रता/शुद्धता ३.प्रायश्चित/जाति वा धर्मबाट च्युत भएका मानिसलाई फेरि जाति वा धर्ममा मिलाउनका लागि गरिने संस्कार ४.दुर्गा। **स्मरणात् चिन्तनाद् वापि शोध्यते स हि पातकात्। तेन शुद्धिः समाख्याता देवी रुद्रतनौ स्थिता॥** (देवीपु.) ५.बन्धुवर्गमा बालक जन्मदा वा मानिस मर्दा पर्न जाने आशौचको शुद्धता। (हे.आशौच) यस्तै शुद्धिका अन्य प्रकार पनि छन्– भूतशुद्धिः, जलशुद्धिः आदि। **~पत्रम्** (नपुं.) [*शुद्धेः पत्रम्, ष.त.*] १.पुस्तक–पुस्तिकाभित्र अशुद्ध रूपमा छापिएका शब्दलाई सच्याएर सङ्केत गरी छापिएको पत्र २.धर्म वा जातिबाट पतित भएका व्यक्तिले आफ्नो धर्म वा जातिमा फेरि आउनका लागि शुद्धि वा प्रायश्चित्त गरेको प्रमाणस्वरूप धर्माधिकारीले दिने प्रमाणपत्र।

शुद्धीकरणम् (नपुं.) [*अशुद्धं शुद्धं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.२४ इति ईत्वम्*] अशुद्धलाई शुद्ध तुल्याउने काम।

शुद्धोदनः (पुं.) कपिलवस्तुका राजा र गौतम बुद्धका पिता। **~सुतः** (पुं.) [*शुद्धोदनस्य सुतः,ष.त.*] नेपालको कपिलवस्तुमा जन्मिएका गौतम बुद्ध। **मायाशुद्धोदनसुतो देवदत्ताग्रजश्च यः** (अभि.चि.)।

शुध (धा.) [*शौचे, अक.अनिट् पर.*] शुद्ध हुनु। लट्– **शुध्यति–** शुद्ध हुन्छ इत्यादि।

शुन (धा.) [*इतस्ततो गतौ, तुदा.पर. सक. सेट्*] यताउति डुल्नु। लट्– **शुनति–** यताउति हिँड्छ वा डुल्छ इत्यादि।

शुनः (पुं.) [*शुनति सदा इतस्ततो गच्छति, शुनधातोः कः*] कुक्कुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुनःशेपः (पुं.) एक ऋषि/शुनशेफ।

शुनकः (पुं.) [*शुनति इतस्ततो गच्छतीति, शुन गतौ इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) २०० इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.कुक्कुर २.भृगुवंशीय एक ऋषि।

शुनाशीरः (पुं.) [*शुनाशिरौ वायुसूर्यौ अस्य स्तः, अर्शाद्यच्*] इन्द्र ।

शुनिः (पुं.) [*शुनति इतस्ततो गच्छति, इगुपधात् कित् (उ.) इति इन्, कित्वञ्च, तेन गुणाभावः*] कुक्कुर। **शुनिः श्वानो गृहमृगः कुर्कुरो रात्रिजागरः** (अभि.चि.)।

शुनिमण्डलम् (नपुं.) मिथुन राशिको दक्षिणतिर रहेको एक तारामण्डल। यसको सवैभन्दा चम्किलो तारा प्रभास हो। यो सूर्यभन्दा ७ गुना ठुलो छ। यो पृथ्वीबाट ११ प्रकाश वर्ष टाढा छ ।

शुनी (स्त्री.) [*शुनति गच्छतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, षिद्गौरादिभ्यश्च ४.१.४१ ङीष्*] कुकुर्नी।

शुन्ध (धा.) [*शुद्धौ, अक.सेट्, पर.*] शुद्ध हुनु,शुद्ध पार्नु। लट्– **शुन्धति–** शुद्ध हुन्छ, शुद्ध पार्छ इत्यादि। **शुन्धति जलेन लोकः** (दुर्गादास)।

शुन्ध (धा.) [*शौचकर्मणि, अक.सेट्, उभय.*] शुद्ध हुनु। लट्– **शुन्धयति-ते–** शुद्ध हुन्छ इत्यादि।

शुभ (धा.) [*भाषणे, सक.सेट्, पर.*] बोल्नु। लट्– **शोभति–** बोल्छ इत्यादि।

शुभ (धा.) [*दीप्तौ, भ्वा.अक.सेट, आत्म.*] प्रकाशित हुनु, चम्कनु, शोभा पाउनु। लट्– **शोभते–** प्रकाशित हुन्छ,चम्कन्छ, शोभा पाउँछ। लिट्– **शुशुभे–** प्रकाशित भएछ, चम्केछ (अन.) इत्यादि। **तावच्च शोभते मूर्खो यावत् किञ्चिन्न भाषते** (हितो.)।

शुभ (धा.) [*शोभार्थे, सक.सेट्, पर.*] शोभा पाउनु। लट्– **शोभति–** शोभा पाउँछ इत्यादि।

शुभः (पुं.वि.) [*शुभमस्यास्तीति, अर्शाद्यच्*] कल्याणकारी।

शुभः (पुं.) १.[*शोभते शुभधातोः कः*] विष्कुम्भ आदि २७ योगमध्ये तेइसौं योग। **शुभप्रसूतः शुभकृन्नराणां शुभोदयेप्ये विदुषां समाजे करोति धीमान् शुभकर्म नित्यं शोभाधिकः शोभनवेशधारी** (कोष्ठीप्रदीप)।

शुभम् (नपुं.) [*शोभते,शुभ दीप्तौ इति कः*] १.कल्याण, मङ्गल। **शुभस्य शीघ्रम्** (सुभा.) **शुभकृन्नावसीदति** (सुभा.) २.चिट्ठीपत्र ग्रन्थ आदिको सबभन्दा पछि लेखिने मङ्गलवाचक शब्द। **~करः** (पुं.) [*शुभस्य करः, ष.त.*] शुभ वा भलो गर्ने/कल्याण कारी/मङ्गलप्रद/शुभङ्कर/शुभकारी। **~कर्म** (नपुं.) [*शुभञ्च तद् कर्म च, कर्म.स.*] शुभकार्य/भलो हुने काम/असल काम/पुण्यकार्य/शुभ कृत्य। **~कामना** (पुं.) [*शुभस्य कामना, ष.त.*] १.भलो चिताउनु २.कुनै विशेष अवसरमा वा पर्वमा साथी वा इष्टमित्रहरूलाई भलो चिताई पठाइने सन्देश/शुभाकाङ्क्षा। **~ग्रहः** (पुं.) [*शुभश्चासौ ग्रहश्च ,कर्म.स.*] मङ्गलकारी ग्रह/सौम्य ग्रह/बृहस्पति, शुक्र, पापग्रह साथमा नरहेको बुध, आठभन्दा बढी कला भएको चन्द्रमा। **~चिन्तकः** (पुं.) [*शुभस्य चिन्तकः, ष.त.*] भलो चिताउने/ हितैषी/ हितचिन्तक/ शुभचिन्तक। **~दर्शनम्** (नपुं.) [*शुभस्य दर्शनम् ष.त.*] १.माङ्गलिक वस्तुको दर्शन २.[*शुभञ्च तद् दर्शनञ्च, कर्म.स.*] शुभदृष्टि/असल दृष्टि। **~प्रदः** (पुं.वि.) [*शुभं प्रददाति, दा+कः*] शुभ वा भलो गर्ने/कल्याणकारी। **~लक्षणम्** (नपुं.) [*शुभञ्च तद् लक्षणञ्च, कर्म.स.*] असल लक्षण/भलो हुने लक्षण/भलो गर्ने वा कल्याणकारी लक्षण। **~लग्नः** (पुं.) [*शुभश्चासौ लग्नश्च कर्म.स.*] कल्याणकारी वा शुभ मुहूर्त। **~शकुनम्** (नपुं.) [*शुभञ्च तद् शकुनञ्च कर्म.स.*] असल कुरो सूचित गर्ने वस्तु/सगुन/शुभ लक्षण।

शुभंयुः (पुं.) [*शुभमस्त्यस्य, अहं शुभयोर्युस् ५.२.१४० इति युस्*] कल्याणले युक्त।

शुभङ्करः (पुं.वि.) [*शुभं करोति, शुभपूर्वकाद् डुकृञ् करणे इति धातोः, खच्, मुम्*] मङ्गलकारी/भलो गर्ने।

शुभङ्करी (स्त्री.) [*शुभं करोति, शुभपूर्वकाद् डुकृञ् करणे इति धातोः, खच् मुम्, ङीप्*] १.शुभङ्करले बनाएको हिसाब गर्ने सजिलो पद्धति २.कल्याणकारिणी।

शुभदः (पुं.वि.) [*शुभं ददाति, कः, आलोपः*] कल्याणकारी।

शुभाकाङ्क्षा (स्त्री.) [*शुभस्य आकाङ्क्षा, ष.त.*] कुनै व्यक्ति वा कामप्रति गरिने शुभ कामना/हितचिन्तन

शुभान्वितः (पुं.) [*शुभेनान्वितः, कर्तृकरणे कृता बहुलम् २.१.३१ इति समासः*] कल्याण चिताउने।

शुभागमनम् (नपुं.) [*शुभञ्च तदागमनञ्च, कर्म.स.*] मङ्गलमय आगमन/कल्याणकारी आगमन।

शुभाशीर्वादः (पुं.) [*शुभश्चासौ आशीर्वादश्च, कर्म.स.*] भलो चिताएर दिइने आशीर्वाद/मङ्गलकारी आशिष/शुभ-आशिष/शुभाशिष।

शुभाशुभम् (नपुं.) [*शुभानामशुभानाञ्च समाहारः, द्वन्द्वस.*] हित अहित/राम्रो नराम्रो।

शुभेच्छुकः (पुं.वि.) [*शुभस्य इच्छुकः, ष.त.*] हित चित्तक/हितैषी/शुभचिन्तक/शुभेच्छु।

शुभ्रः (पुं.वि.) [*शोभते दीप्यते इति, शुभ दीप्तौ इति धातोः, स्फायितञ्चिवञ्चि (उ. १७८) इति रक्*] १.सेतो/सफेद/श्वेत २.(पुं.) उज्यालो/चम्किलो ३.(पुं.) अभ्रख। **शुभ्रं दीप्येऽभ्रके सिते** (हैम.)।

शुभ्ररश्मिः (पुं.) [*शुभ्रा रश्मयो यस्य सः, बहु.स.*] शुभ्रांशु/चन्द्रमा।

शुभ्रता (स्त्री.) [*शुभ्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९इति तल्, टाप् ४.१.४*] सेतोपना/सफा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ्रदन्ती (स्त्री.) १.[*शुभ्रौ दन्तौ यस्याःसा, बहु.स., नासिकोदरौष्ठ ४.१.५५ इति ङीष्*] पुष्पदन्तनामक दिग्गजकी पत्नी २.[*शुभ्रा दन्ता यस्याः, सा, बहु.स., ङीष् ४.१.५५*] राम्रो दाँत भएकी आइमाई। **शुभ्रदन्ती सुदन्त्यां स्यात्पुष्पदन्तेभयोषिति** (विश्व.)।

शुभ्रांशुः (पुं.) [*शुभ्रा अंशवो यस्य सः, बहु.स.*] १.चन्द्रमा २.सेतो किरण भएको वस्तु ३.एकको अङ्क।

शुम्भ (धा.) [*भाषणे, शोभार्थे च, सक.सेट्, पुर.*] भाषण गर्नु, शोभा पाउनु। लट्– **शुभति–** भाषण गर्छ, शोभा पाउँछ इत्यादि।

शुम्भः (पुं.) [*शुम्भति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पुराण– प्रसिद्ध दुर्गाले मारेको एक दानव। यो प्रह्लादको नाति र गवेष्ठीको छोरो थियो। यसलाई अम्बिकाले मारेकी थिइन्। **~मर्दिनी** (स्त्री.) [*शुम्भं मृद्नाति,णिनिः*] अम्बिका।

शुल्क (धा.) [*अतिस्पर्शने, सक.सेट्, उभय.*] तिरो लगाउनु। लट्– **शुल्कयति–ते–** तिरो लगाउँछ इत्यादि।

शुल्कः (पुं./नपुं.) [*शुल्क्यते, अतिसृज्यते, शुल्क अतिस्पर्शने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति कर्मणि घञ्*] १.भाडा २.महसुल ३.कर ४.फिस ५.ज्याला ६.रकम ७.दस्तुर ८.बाटोघाटो आदिको कर ९.राज्य वा सरकारले उठाउने कर १०.वरपक्षबाट दुलहीका बाबुले लिइने रकम। **शुल्कं घट्टादिदेये स्याद्वरादर्थग्रहेऽस्त्रियाम्।** (मेदिनी.) **न कन्यायाः पिता विद्वान् गृह्णीयात् शुल्कमण्वपि। गृह्णन् शुल्कं हि लोभेन स्यान्नरोऽपत्यविक्रयी ॥** (म.भा.१.९१.४) **~ग्राही** (पुं.वि.) [*शुल्कं गृह्णाति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] शुल्क उठाउने वा लिने।

शुल्कार्हः (पुं.) [*शुल्काय अर्हः, च.त.*] शुल्क वा कर उठाउन लायक।

शुल्ब (धा.) [*माने, सर्गे च, चुरा. सक.सेट्, उभय.*] नाप्नु, गन्नु, तौलनु, सृष्टि गर्नु। लट्– **शुल्वयति–ते–** नाप्छ, गन्छ, तौलन्छ,सृष्टि गर्छ। **शुल्वयति वेधाः पृथ्वीं परिमाति सृजति वा** (दर्गादास)।

शुल्वम् (नपुं.) [*शलति, शल गतौ इति धातोः, उल्वादयश्च (उ.) इति साधुः, यद्वा– शुल्वयति, शुल्व माने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा शुल्व्यते, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, यद्वा एरच् ३.३.५६ इत्यच्*] १.तामो २.यज्ञकर्म ३.आचार ४.पानीको निकटस्थल। **शुल्वं ताम्रे यज्ञकर्मण्याचारे जलसन्निधौ।** (हैम.) ५.गन्धक।

शुश्रुवान् (पुं.वि.) [*श्रुधातोः क्वसुप्रत्ययेन निष्पन्नः*] सुनेका। **स शुश्रुवान् तदवचनं मुमोह राजा सहिष्णुः सुतविप्रयोगम्** (भट्टि.)।

शुश्रूषणम् (नपुं.) [*श्रुधातोः सनि ल्युट्, अनः*] १.सेवा गर्नु २.सुन्न खोज्नु। **शुश्रूषणोपासनञ्च सेवोपास्तिरुपासना** (शब्दरत्नावली)।

शुश्रूषा (स्त्री.) [*श्रोतुमिच्छा, श्रुधातोः सनि अः प्रत्ययात् इति अः, टाप्*] १.उपासना/सेवा। **धर्मार्थौ यत्र न स्यातां शुश्रूषा वापि तद्विधा। तत्र विद्या न वक्तव्या शुभं बीजमिवोषरे ॥** (मनु.२.११२) २.कथन ३.सुन्ने इच्छा। **शुश्रूषा श्रवणञ्चैव ग्रहणं धारणं तथा। ऊहापोहार्थविज्ञानं तत्त्वज्ञानञ्च धीगुणाः ॥** (कामन्दकीय ४.२२)

शुष (धा.) [*शोषणे, अक.अनिट्, पर.*] लट्– **शुष्यति–** सुक्छ। लिट्– **शुशोष–** सुकेछ इत्यादि।

शुषः (पुं.) [*शुषधातोः कः*] १.शोषण २.खाल्टो।

शुषिः (पुं.) [*शुष्यत्यत्र, शुष शोषणे इति धातोः, इगुपधात्कित् (उ.) इति इक्*] १.छिद्र २.शोषण। **शुषिः शोषे विलेऽस्त्री स्यात्** (मेदिनी.)।

शुषिरम् (नपुं.) [*शुष्यन्ति पदार्था येन तत्, शुष शोषणे इति धातोः, इषिमदिमुदिखिदिच्छिदिभिदिमन्दिचन्दितिमिमिहिमुहिमुचिरुचिरुधिबन्धिशुषिभ्यः किरच् (उ.) इति किरच्, यद्वा सुष्ठु स्यति, षोऽन्तकर्मणि इति धातोः, बाहुलकात् किः, शुषिः छिद्रम्, शुषिरस्यास्ति ऊषशुषि ५.२.१०७ इति रः*] १.प्वाल परेको/दुलो २.आकाश ३.बाँसुरी, मुरली आदिको बाजा। **शुषिरं विवरं बिलम्** (अमर.)।

शुषिरा (नपुं.) [*शुषिरस्त्यस्याः, ऊषशुषि ५.२.१०७ इति रः, शुषिरमस्त्यस्यां वा, अर्शआदिभ्योऽच् ५.२.१२७*] मालकागुनु।

शुष्कः (पुं.वि.) [*शुष्यतीति, शुष शोषणे इति धातोः, सुवृभूशुषिमुषिभ्यः कक् (उ.) ३२८ इति कक्*] सुख्खा/सुकेको/नीरस/रुखो। **साधुरेवर्थिभिर्याच्यः क्षीणवित्तोऽपि सर्वदा। शुष्कोऽपि हि नदीमार्गः खन्यते सलिलार्थिभिः ॥** (वैद्यक) **~हृदयः** (पुं.वि.) [*शुष्कं हृदयं यस्य सः, बहु.स.*] प्रेम, उदारता, दया आदि कोमल गुण नभएको।

शुष्कता (स्त्री.) [*शुष्कस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] रुखो हुनु/सुख्खा हुनु/नीरसता/सुक्नु।

शुष्कमांसम् (पुं.) [*शुष्कञ्च तन्मांसञ्च, कर्म.स.*] सुकुटी।

शुष्कार्द्रकम् (नपुं.) [*शुष्कञ्च तद् आर्द्रकञ्च,कर्म.स.*]सुठो।

शुष्म (नपुं.) [*शुष्यति, निस्सारं करोतीति, शोषयति इति, शुष शोषणे इति धातोः, अविसिविसिशुषिभ्यः कित् (उ.१४९ इति मन्, किच्च*] तेज [*शुष्यत्यनेनारिः, शुष शोषणे इति धातोः, पूर्ववत् मन्*] पराक्रम। **शुष्मं तेजसि, सूर्ये ना** (मेदिनी.)।

शुष्मा (पुं.) [*शुष्यत्यनेनेति शुष्मा, शुष शोषणे इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन्, संज्ञापूर्वकत्वान्न गुणः, यद्वा शुष्यति, जलम्, अन्तर्भावितण्यर्थात् शुष शोषणे इति धातोः, अविसिविसिशुषिभ्यः कित् (उ.) इति मनिप्रत्यये शुष्मः, अदन्तोऽपि*] १.अग्नि २.पराक्रम ३.शौर्य ४.तेज/दीप्ति ५.सूर्य।

शूकः (पुं.नपुं.) [*श्यति, शो तनूकरणे इति धातोः, उलूकादयश्च इति साधुः (उ.)*] १.गहुँ, जौ आदिका बालाको भुस/टुँडो २.कुनै वस्तुको चुच्चो परेको भाग ३.कोषावस्था/किराहरूले विकासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुरुमा लिने अवस्था। **शूकोऽनुक्रोशशुङ्गयोः।** (विश्व.) **~कीटः** (पुं.) [*शूकाकाररोमयुक्तः, कीटः, म.प.स.*] भुसिल्किरो।

शूकधान्यम् (नपुं.) [*शूकयुक्तं धान्यम्*] कोसा नहुने, दाना फल्ने टुडायुक्त जौ–गहुँ आदि।

शूकरः (पुं.) [*शू इत्यव्यक्तशब्दं करोति, डुकृञ् करणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच् यद्वा शूकं तद्वत्लोम राति, रा दाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] सुँगुर/बनेल/वराह।



(शूकरः)

शूकशिम्बिः(पुं.) [*शूकयुक्ता शिम्बिः*] काउछो। **शश्वच्छशाङ्कशिशिराणि च शूकशिम्बिः।**(उष्मविवेकः) **शूकशिम्बिस्तु मर्कटी, शूकशिम्बा च** (वाचस्पति.)।

शूद्रः (पुं.) [*शोचतीति, शुच शोके इति धातोः, शुचेर्दश्च (उ. १८६) इति रक्, दकारश्च*] वर्ण व्यवस्थाअनुसारको एक वर्ण/चतुर्थ वर्ण।

शूद्रकः (पुं.) संस्कृत नाटककारहरूमा ख्यातिप्राप्त नाटककार। यिनले मृच्छकटिक नामक नाटक लेखेका छन्। यसको कथानक काल्पनिक छ। यो परम्पराभन्दा भिन्न शैलीमा रचिएको छ। यसमा नाटककारले तात्कालिक सामाजिक अवस्था प्रति निकै व्यङ्ग्य गरेका छन्। यिनको समय छैठौँ शताब्दीको आसपास मानिन्छ।

शूद्रा (स्त्री.) [*शूद्रस्यापत्यम् स्त्री, शूद्रा चामहत्पूर्वा जातिः (वा.) ४.१.४ इति टाप्*] शूद्रकै वर्णमा पैदा भएकी स्त्री/शूद्रकी छोरी।

शूद्राक्षत्रियसुतः (पुं.) [*शूद्रा च क्षत्रियश्च, तयोः सुतः*] शूद्र कन्यामा क्षत्रियबाट उत्पन्न भएको छोरो।

शूद्राविद्सुतः (पुं.) [*शूद्रा च विट् च, तयोः, सुतः*] वैश्य पुत्रबाट शूद्रामा उत्पन्न भएको छोरो।

शूद्री (स्त्री.) [*शूद्रस्य स्त्री, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] कुनै पनि वर्णमा उत्पन्न भएकी शूद्रकी पत्नी।

शून्यम् (नपुं.) [*शूनायै प्राणिवधाय हितं रहस्यस्थानत्वात्, शूने हितम् वा शुनःसम्प्रसारणं दीर्घत्वञ्च*] १.रित्तो/खाली/रिक्त/सुनसान २.रहित ३.निराकार ४.आकाश ५.गणितमा प्रयोग हुने शून्य अंक ६.बिन्दु ७.निर्जनस्थल। **शून्यं बिन्दौ च निर्जने। शून्या तु नलिका।** (हैमः) **~ता** (स्त्री.) [*शून्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] शून्य हुनु/रित्तो हुनु/खाली हुनु/सुनसान हुनु। **~त्वम्** (नपुं.) [*शून्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] शून्य हुनु/रित्तो हुनु/खाली हुनु/सुनसान हुनु। **~दृष्टिः** (स्त्री.) [*शून्या चासौ दृष्टिश्च, कर्म.स.*] १.लक्ष्यहीन दृष्टि/उदासीन दृष्टि/भावहीन दृष्टि २.(पुं.वि.) [*शून्या दृष्टिर्यस्य सः, बहु.स.*] कुनै चिन्तन नभएको/दृष्टि नभएको। **~पथः** (पुं.) [*शून्यश्चासौ पन्थाश्च, कर्म.स.*] १.आकाश २.स्वर्ग ३.निर्जन मार्ग/सुनसान बाटो। **~गर्भः** (पुं.वि.) [*शून्यो गर्भो यस्य सः, बहु.स.*] १.रित्तो/खाली २.हातमा केही नरहेको। **~मध्यः** (पुं.) [*शून्यं मध्ये यस्य सः, बहु.स.*] भित्र केही नभएको/खोक्रो/खाली। **~वादः** (पुं.) [*शून्यस्य वादः, ष.त.*] १.ईश्वर, आत्मा आदिको सत्ता नमान्ने एक दार्शनिक सिद्धान्त २.बौद्ध दर्शन ३.नास्तिकवाद। **~वादी** (पुं.) [*शून्यं वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] भगवान् छैन भनेर विश्वास गर्ने/नास्तिक। **~हस्तः** (पुं.वि.) [*शून्यो हस्तो यस्य सः, बहु.स.*] रित्तो हात भएको/केही नभएको। **~हृदयः** (पुं.वि.) [*शून्यं हृदयं यस्य सः, बहु.स.*] मनमा कुनै प्रकारको चेतना नभएको।

शून्यालयः (पुं.) [*शून्यश्चासौ आलयश्च, कर्म.स.*] रित्तो घर।

शूपकारः (पुं.) [*शोभना आपोऽस्मिन्, ऋक्पूर ५.४.७४ इत्यः, कुसुयुभ्यश्च इत्यपोऽत ऊत्, सवति रसान्, षु प्रसवादौ इति धातोः, सुशृभ्यां निच्च (उ.) इति पो दीर्घश्च, सूपं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] भान्छे।

शूय (धा.) [*प्रसवे, भ्वा. सक.सेट् पर.*] उत्पन्न गर्नु पैदा गर्नु। लट्– **शूयति–** उत्पन्न गर्छ, पैदा गर्छ इत्यादि।

शूर (धा.) [*विक्रान्तौ, सक.सेट् आत्म.*] पराक्रमी हुनु। लट्– **शूरयते–** पराक्रमी हुन्छ इत्यादि।

शूरः (पुं.) [*शवति इति, शु गतौ इति धातोः, शुसिचिमीनां दीर्घश्च (उ.) १९३ इति क्रन्, दीर्घश्च, यद्वा शूरयते, शूर विक्रान्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सूर्य २.वीर/साहसिलो। **शूरस्य मरणं तृणम्** (सुभा.) ३.सैनिक ४.सिंह। **शूरश्चारुभटे सूर्ये** (विश्व.)। **~विद्या** (स्त्री.) [*शूरस्य विद्या, ष.त.*] युद्ध वा लडाइँ गर्ने विद्या। **~वीरः** (पुं.) [*शूरश्चासौ वीरश्च, कर्म.स.*] साहसी योद्धा/धैर्यशाली/वीर योद्धा/पराक्रमी/आँटिलो। **~सेनः** (पुं.) [*शूराः सेना यस्य सः, बहु.स.*] १.कृष्णका बाजे २.बज्रभूमि ३.वीर सेना भएको राजा। **~ता** (स्त्री.) [*शूरस्य भावः, शूर+तल, टाप्*] सुऱ्याइँ/साहसीपन/वीरता। **~त्वम्** (नपुं.) [*शूरस्य भावः, शूर+त्वः*] सुऱ्याइँ/साहसीपन/वीरता।

शूरंमन्यः (पुं.वि.) [*आत्मानं शूरं मन्यत इति, आत्मने खश्च ३.२.८३ इति खशप्रत्ययः, खित्वात् अरुद्विषदजन्तस्य मुम्, इति मुमागमः*] आफूलाई शूर/वीर ठान्ने।

शूरणः (पुं.) [*शूर्यते इति, शूरी हिंसायाम् इति धातोः, बहुलमन्यत्रापि (उ.) इति युच्, यद्वा कृत्यल्युटो बहुलम् ३.१.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] ओल/पिँडालुको जस्तो कन्द भएको वनस्पतिविशेष। **कन्दोऽस्त्री शूरणे सस्यमूले जलधरे पुमान्** (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शूरमानी (पुं.) [*आत्मानं शूरं मन्यते इति, आत्मने खश्च ३.२.८३ इति खश्, णिनिः, मुमागमः*] आफूलाई वीर ठान्ने।

शूरसेनः (पुं.) [*शूराः सेना यस्य सः, बहु.स.*] १.देशविशेष २.राजाविशेष।

शूरी (धा.) [*हिंसास्तम्भनयोः सक.सेट् आत्म.*] मार्नु, दुःख दिनु, निश्चल हुनु। लट्— **शूर्यते—** मार्छ, दुःख दिन्छ, निश्चल हुन्छ इत्यादि।

शूर्प (धा.) [*माने, सक.सेट् उभय.*] नाप्नु, तौलनु। लट्— **शूर्पयति-ते—** नाप्छ, तौलन्छ इत्यादि। **धान्यं शूर्पयति गृही** (दुर्गादास)।

शूर्पः (पुं.नपुं.) [*शूर्पयते, शूर्प्यतेऽननेन वा, शूर्प माने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पुंसि संज्ञायां ३.३.११८ इति घो वा, यद्वा शृणाति हिनस्तीति, शॄ हिंसायाम् इति धातोः, सुशृभ्यां निच्च (उ.) ३१३ इति पः, बाहुलकात् ऊत्वम्*] नाङ्लो। **विमुच्य शूर्पवत् दोषान् गुणान् गृह्णन्ति साधवः** (सुभा.)।

शूर्पणखा (स्त्री.) [*शूर्पाणि इव नखा यस्याः सा, बहु.स., नखमुखात्संज्ञायाम् ४.१.५८ इति ङीषो निषेधः, पूर्वपदात्संज्ञायाम् ८.४.३ इति णत्वम्*] रामायणअनुसार लक्ष्मणद्वारा नाक, कान काटिएकी रावणकी बहिनी राक्षसी।यसका पिता विश्रवा र आमा कैकसी थिए। महाभारतअनुसार आमाको नाम राका र लोग्नेको नाम विद्युज्जिह्व थियो। **ततः शूर्पणखा नाम संज्ञे विकृताननना। विभीषणश्च धर्मात्मा कैकस्याः पश्चिमः सुतः।** (वा.रा.उ.का.)। **राकायां मिथुनं जज्ञे खरः शूर्पणखा तथा** (म.भा.व.प.)।

शूर्म्मः (पुं.) फलामको प्रतिमा।

शूल (धा.) [*रुजायां सङ्घोषे विक्रये च, अक.सेट् पर.*] पेट दुख्नु, आउँ पर्नु, विक्री गर्नु। लट्— **शूलति—** पेट दुख्छ, आउँ पर्छ, विक्री गर्छ इत्यादि।

शूलः (पुं.नपुं.) [*शूलति लोकान्, शूल रुजायां सङ्घोषे च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.फलाम वा कुनै पनि धातुको भिर २.भिर जस्तै प्राचीन एक हतियार ३.त्रिशूल ४.टाउको हात गोडा आदि कुनै पनि अङ्गमा हुने ज्यादा दुखाइ ५.वायुप्रकोपले हुने पेटको ज्यादा दुखाइ ६.अपराधीलाई प्राचीनकालमा प्राणदण्ड दिन गुदद्वारबाट हालिने फलामे भिर जस्तो छड वा किलो ७.बातरोग ८.मृत्यु ९.भन्डा १०.फलित ज्योतिषका सत्ताइस योगहरूमध्ये एक ११.(पु.वि.) विक्रेता। **अट्टशूला जनपदा शिवशूला चतुष्पथाः। कामिन्यः केशशूलिन्यो भविष्यन्ति कलौ युगे॥** (म.भा.आदिपर्व)

शूलकः (पुं.) [*शूल एव,दुर्वृत्तत्वात्, कन्*] बदमास घोडा। **विनीतस्तु साधुवाहो दुर्विनीतस्तु शूलकः।** (अभि.चि.) **शूलको दुर्विनीतो ऽश्वः** (हला.४४०)।

शूलधरः (पुं.) [*शूलस्य धरः, ष.त.*] शिव।

शूलधरा (स्त्री.) [*शूलस्य धरा, ष.त.,शूलधारिणीत्यपि*] दुर्गा।

शूलनाशनम् (नपुं.) [*शूलं नाशयति,ल्युः, अनः*] १.शूल हटाउने औषधि २.साँचर नुन। **दुर्गन्धं शूलनाशनम्** (अभि.चि.४.९)।

शूलपाणिः (पुं.) [*शूलं पाणौ यस्य सः, बहु.स.*] शिव/महादेव।

शूलाकृतम् (नपुं.) [*शूलेन कृतम्, शूलात्पाके ५.४.६५ इति डाच्*] सुकुटी मासु।

शूलिकः (पुं.) १.खरायो। **शशस्तु मृदुलोमकः। शूलिको लोमकर्णः** (अभि.चि.४.३६२) २.(पुं.वि.) [*शूलमस्यास्तीति, ठन्, इकः*] शूलधारी।

शूलिनी (स्त्री.) [*शूलमस्ति अस्याः, अत इनिठनौ इति इनिः,ऋन्नेभ्यो ङीप्, इति ङीप्*] दुर्गा। **खड्गिनी शूलिनी घोरा** (देवीमाहात्म्य)

शूली (पुं.) [*शूलमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.शिवजी २.साँढे ३.तृणविशेष ४.खरायो।

शूली (पुं.वि.) १.शूलधारी २.शूल रोग भएको। **वर्जयेद् द्विदलं शूली कुष्ठी मांसं क्षयी स्त्रियम्** (भा.प्र.)।

शूल्यम् (नपुं.) [*शूले संस्कृतम्, शूलोखाद्यत् ४.२.१७ इति यत्, अलोपः*] शूलीमा रोपेर सेकाएको मासु।

शृगालः (पुं.) [*असृजं लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६, पृषोदरादितया साधुः, यद्वा सृजति मायाम्, सृज विसर्गे इति धातोः, बाहुककात् कालन्, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्*] १.स्याल २.ठग ३.दैत्य। **शृगालो वञ्चके दैत्ये शृगालं डमरे विदुः** (विश्व.)।

(*शृगालः*)

शृङ्खलकः (पुं.) [*शृङ्खलमस्य, बन्धनं करभे ५.२.७९ इति कन्*] ठिंगुरामा हालेको ऊँट।

शृङ्खलम् (नपुं.) [*शृङ्गैः खलति, खल सञ्चये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१२४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] १.पुरुषजातिले कटिमा लगाउने कन्दनी २.हत्कडी ३.हात्ती बाँध्ने फलामको सिक्री ४.सामान्य सिक्री। **शृङ्खला पुंस्कटीकाञ्च्यां लोहरज्जौ च बन्धने।** (हैम.) **शृङ्खला पुंस्कटीवस्त्रबन्धेऽपि** (मेदिनी.)।

शृङ्खला (स्त्री.) [*शृङ्गात् प्राधान्यात् खल्यतेऽनया, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, टाप् ४.१.४, पृषो.*] १.साङ्लो/जन्जिर २.क्रमपूर्वक हुने घटनाक्रम आदि/सिलसिला। **~बद्धः** (पुं.वि.) [*शृङ्खलया बद्धः, तृ.त.*] १.सिलसिला वा क्रममा मिलेको/सिलसिलेवार २.सिक्रीले बाँधिएको।

शृङ्खलितः (पुं.वि.) [*शृङ्खला सञ्जाता अस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] १.क्रम मिलेको/सिलसिला मिलेको २.सिक्रीले बाँधिएको।

शृङ्गः (पुं.) [*शृङ्गमस्यास्ति, अर्शाद्यच्*] १.ऋषिविशेष २.वृक्षविशेष ३.सिङ भएको जनावर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शृङ्गम् (नपुं.) [*शृणाति हिनस्ति येन तत्, शॄ हिंसायाम् इति धातोः शृणातेर्ह्रस्वश्च (उ.) १३१ इति गन्, कित्, नुट् ह्रस्वश्च*] १.सिङ २.पहाडको चुचुरो/पर्वतको शिखर ३.एक प्रकारको माछो ४.औषधि ५.एक किसिमको सुन ६.घरको माथिल्लो भाग ७.नरसिङ्गा ८.चिह्न ९.खेलौना १०.उत्कर्ष। ११.प्रभुत्व १२.स्तन १३.बाजाविशेष १४.कामवासनाको उद्रेक ।

शृङ्गवेरम् (नपुं.) [*शृङ्गमिव वेरं शरीरमस्य*] १.अदुवा। **पिप्पली मरीचशृङ्गवेराणि त्रिकटुत्वम्**। (सुश्रुत) २.प्राचीन एक सहर।

शृङ्गाटः (पुं.) [*शृङ्गवत् कण्टकमटति, कर्मण्यण्*] १.पानीमा पाइने काँडा भएको लहरो २.कामरूप देशमा भएको एक पर्वत।

शृङ्गाटम् (नपुं.) [*शृङ्गं प्रधान्यमटति, अट गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] १.तीन बाटो मिलेको ठाउँ। **श्लेषस्त्रिमार्ग्याः शृङ्गाटम्** (अभि.चि.) २.चौबाटो (मेदिनी.)।

शृङ्गाटकम् (नपुं.) [*शृङ्गं प्रधान्यमटति, अट गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, संज्ञायां कन् ३.३.७५*] १.तीन बाटो मिलेको स्थल २.पानीमा हुने काँडा भएको फल। **शृङ्गाटकं भवेद्वारिकण्टके च चतुष्पथे**। (मेदिनी.) ३.सिंघडा/समोसा।

शृङ्गारः (पुं.) [*शॄणाति हिनस्तीति, शॄ हिंसायाम्, इति धातोः, शृङ्गारभृङ्गारौ (उ.) इति आरन्, नुम्, गुक्, ह्रस्वश्च, शृङ्गं मन्मथोद्रेकं ऋच्छति प्राप्नोतीति वा, यद्वा शृङ्गं प्रधान्यमियर्ति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.नायक-नायिका आदि आलम्बनविभाव, एकान्तस्थल आदि उद्दीपन विभाव, रोमाञ्च–हर्ष आदि अनुभाव र तर्क–वितर्क–चिन्ता आदि व्यभिचारिभावबाट व्यक्त भएको रति २.सिँगार पटार ३.हात्तीको सिंगार ४.रतिक्रीडा। **शृङ्गारो गजमण्डने, सुरते रसभेदे च** (हैम.)।

शृङ्गारप्रकाशः (पुं.) काव्यशास्त्रको प्रसिद्ध ग्रन्थ। यसका रचयिता भोज हुन्। यसमा ३६ प्रकाश छन्। काव्यशास्त्र र नाट्यशास्त्र दुवैको यसमा विवेचना छ। काव्य, तीनका प्रकार, शब्दशक्ति, गुण–दोष, शब्दालङ्कार, अर्थालङ्कार, रस, नाटक, महाकाव्य आदि काव्यशास्त्रसँग सम्बद्ध सबैजसो विषयको विचना यस ग्रन्थमा भएको छ।

शृङ्गारम् (नपुं.) [*शृङ्गं कामोद्रेकं ऋच्छत्यनेन, कर्मण्यण् ३.२.१ इत्यण्*] सिंगार/सजावट/सिंगार्ने साधन/स्त्रीहरूका सोह्र प्रकारका सिंगार जस्तै–बुकुवा लाउनु, दाँत माझ्नु, मिसो लाउनु, नुहाउनु, राम्रो वस्त्र लाउनु, कपाल कोर्नु, गाजल लगाउनु, सिउँदोमा सिँदुर लाउनु, टीको लाउनु, गाला-चिउँडो आदिमा कोठी बनाउनु, हातगोडाका नङमा पालिस लगाउनु, शरीरमा सुगन्धी पदार्थ छर्कनु, लिपिस्टिक लाउनु, पान खानु र फूलमाला लाउनु।

शृङ्गाररसः (पुं.) [*शृङ्गार इति रसः, कर्म.स.*] साहित्यका नौरसमध्ये सबैभन्दा प्रधान र प्रसिद्ध रस। जसमा नायक नायिकाको मिलन वा भेट हुँदा हुने सुख तथा वियोग हुँदा हुन जाने दुःखको अभिव्यक्ति हुन्छ। **शृङ्गं हि मन्मथोद्भेदस्तदागमनहेतुकः। उत्तमप्रकृतिप्रायो रस शृङ्गार इष्यते॥ परोढां वर्जयित्वात्र वेश्याञ्चाननुरागिणीम्। आलम्बनं नायिकाः स्युर्दक्षिणादाश्च नायकाः॥ चन्द्रचन्दनरोलम्बरुताद्युद्दीपनं मतम्। भ्रूविक्षेप-कटाक्षादिरनुभावः प्रकीर्तितः॥ त्यक्त्वौग्र्यमरणालस्यजुगुप्सा व्यभिचारिणः। स्थायिभावो रतिः श्यामवर्णोऽयं विष्णुदैवतः॥** यो दुई प्रकारको हुन्छ। संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार, यसमा रति स्थायिभाव हुन्छ। नायक वा नायिका आलम्बन विभाव हुन्छन्। चन्द्रमा, बगैँचा एकान्तस्थल आदि उद्दीपन विभाव हुन्छन्, कटाक्ष मुस्कान आदि यसका अनुभाव हुन्। आलस्य उन्माद, हर्ष आदि व्यभिचारिभावको रूपमा आउँछन्। यी सबै जुटेपछि शृङ्गार रस अभिव्यक्त हुन्छ। कामचेष्यको उद्रेक अर्थात् जगाउने काम शृङ्गारको यौगिक अर्थ हो। यो श्याम वर्णको मानिन्छ। यसका देवता विष्णु हुन्। परोढा तथा प्रेमशून्य वेश्या बाहेक अरू सबैखाले नायिका र धीरोदत्तादिनायक यसका आलम्बन विभाव मानिन्छन्। शृङ्गाररस पूर्वराग, मान, परदेश र करुण विप्रलम्भका भेदले चार किसिमको हुन्छ। **स च पूर्वराग-मान-प्रवास-करुणात्मकश्चतुर्धा स्यात्** (सा.द.) नीली, कुसुम्भ, मञ्जिष्ठाको भेदले पूर्व राग तीन किसिमको हुन्छ। यस पूर्वरागमा अभिलाषा, चिन्ता, स्मृति, गुणकथन, उद्वेग, संप्रलाप, उन्माद, व्याधि, जडता, स्मृति यी दश दशाहरू हुन्छन्। प्रणय र ईर्ष्या गरी मानका पनि दुई भेद छन्। भावी, भवन्, भूत यी तीन प्रवासका भेद हुन्। प्रवासमा अङ्गको नराम्रोपन, ताप, पाण्डुता कृशता, अरुचि, अकृति, अनालम्बन, उन्माद, मूर्छना र मृति दश काम दशा हुन्छन्। करुण विप्रलम्भ शृङ्गार एकै किसिमको छ। विप्रलम्भ र वियोग शब्द समानार्थक शब्द हुन्। परस्पर अत्यन्त अनुरक्त कामिनी र कामुकको आपसी दर्शन स्पर्शन आदि चेष्टाहरूको वर्णनबाट सम्भोग शृङ्गाररस व्यक्त हुन्छ। (रसतरङ्गिणी)

शृङ्गारकम् (नपुं.) १.[*शृङ्गारमेव, स्वार्थे कन्*] सिँदुर २.(त्रि.) [*शृङ्गमस्यास्तीति,शृङ्गवृन्दाभ्यामारकन् (वा.) ५.२.१२२ इति आरकन्*] सिङ भएको।

शृङ्गिः (स्त्री.) १.[*पक्षे ङीष्, शृङ्गी*] सिङ्गी माछो। **मद्गुरस्य प्रिया शृङ्गी शृङ्गिरित्यपि कुत्रचित्**। (शब्दरत्नावली) २.[*शृङ्गति कर्णादीन् औणादिक इप्रत्ययः,पक्षे ईप्*] सुनको गहना।

शृणिः (स्त्री.) [*शृणति मर्मस्थानम्, शृधातोः क्तिन्, कॄगॄज्याग्ला हास्वादेर्निः, इति क्तेर्निः,निपातनाद् ह्रस्वः*] अङ्कुसे। **शृणि रङ्कुशवाची च काशश्च तृणवाचकः**। (शब्दरत्नावली)

शृङ्गिका (स्त्री.) [*शृङ्गम्, शृङ्गाकारोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः, टाप् ४.१.४*] १.नरसिङ्गा २.गोरखमतानुयायी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधुले गुरुलाई ढोग्दा बजाउने विशेष किसिमको बाजा ३.रातमा फेरी (फेरा,घर घुम्ने काम) लाउने जोगीले बजाउने जरायोको सिङबाट बनको बाजा।

शृङ्गिणः (पुं.) [*शृङ्गमस्ति अस्य, ज्योत्स्नातमिस्रा. ५.२.११४ इति इनच्प्रत्ययान्तो निपातः*] १.भेडो २.(पुं.वि.) सिङ भएको।

शृङ्गिणी (स्त्री.) [*शृङ्गमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] गाई।

शृङ्गी (पुं.) [*शृङ्गमस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.नन्दी २.गाई, भैसी, भोडो आदि सिङ हुने पशु ३.सिङले बनेको वा सिङको बाजा ४.एक ऋषि/दशरथका ज्वाइँ/शान्ताका पति ५.(स्त्री.) [*शृणाति, शॄ हिंसायाम् इति धातोः, शृणातेर्ह्रस्वश्च (उ.१२६) इति गन् ह्रस्वत्वं कित्त्वं नुडागमश्च, पुंयोगात् ४.१.४८ इति जातेः ४.१.६३ इति ङीष्*] एक प्रकारको पोथी माछो ६.औषधिविशेष। **भार्या भेकस्य वार्षाभ्वी, शृङ्गी स्यान्मद्गुरस्य तु। शिली गण्डूपदस्यापि, दुलिः स्यात्कमठस्य तु** (अमरमाला) ७.(पुं.वि.) सुङ भएको ।

शृङ्गीकनकम् (नपुं.) [*शृङ्गीं कनति, कनी दीप्तौ इति धातोः, क्वुन् (उ.), युवोरनाकौ ७.१.१ इत्यकः*] गहना बनाएको सुन।

शृतः (पुं.वि.) [*श्रायते स्म, श्रा पाके इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, शृतं पाके ६.१.२७ इति साधुः*] १.राम्रोसित पकाएको २.क्वाथ। **द्रव्यादापोत्थितात्तोये वह्निना परितापितात्। निशृतो यो रसः पूतः स शृतः समुदाहृतः॥** (वैद्यक) ३.(नपुं.) दुध, घिउ र हविष्यको पाक। **पाके क्षीराज्यहविषां शृतम्** (अभि.चि.)।

शृधु (धा.) [*शब्दकुत्सायाम्, भ्वा.अक.सेट्, आत्म.*] पाध्नु। लट्– **शर्धते–** पाध्छ इत्यादि।

शृधु (धा.) [*क्लेदने, भ्वा. अक.सेट्, उभय.*] दुःख दिनु, भिजाउनु। लट्– **शर्धति–** दुःख दिन्छ, भिजाउँछ इत्यादि।

शृधु (धा.) [*प्रहसने चुरा., सक.सेट्, उभय.*] हँस्सीमा उडाउनु।लट्– **शर्धयति-त**–हँस्सीमा उडाउँछ इत्यादि। **शर्धयति कुत्सितशब्दैर्बालः** (रमानाथ)।

शेखरः (पुं.) [*शिङ्खति, शिखि गतौ इति धातोः, बाहुलकादरः, आगमशास्त्रस्यानित्यत्वान्न नुम्*] १.शिरमा धारण गर्ने माला, टोपी, मुकुट, किरीट आदि २.चुचुरो/शिखर ३.टाउको/शिर ४.गीतको ध्रुवक। यसका बाह्र पाउ हुन्छन्। **द्वादशाक्षरपादः स्यात् स चाल्पशुभकृत् प्रभोः। हंसके च रसे वीरे गीयते शेखरो ध्रुवः॥** (सङ्गतदामोदर)

शेफः (नपुं.) [*शेते रेतः, पातानन्तरम्, वृशीङ्भ्यां फुट् च (उ.) इत्यसुन्, पुट् च इति पाठः, शेपः, बाहुलकात् प-फ–प्रत्ययाभ्यामदन्तावप्येतौ (शेफ-शेपौ), अत एव शेपपुच्छ– ६.३.२१ इति वार्तिकं सङ्गच्छते*] लिङ्ग/पुरुषजातिको मूत्रेन्द्रिय।

शेफालिका (स्त्री.) [*शेरते इति शेफाः, अलयो यत्र, कप्, टाप् इत्वम्*] १.एउटै भेट्नामा रहेका जस्ता पाँच पाँचवटा पात हुने माथिल्लो भागमा सेतो अनि तल्लो भागमा नीलो वर्ण हुने एक जातको सुगन्धित फूल २.पारिजात।

शेमुषी (स्त्री.) [*शेते इति, शिङ् स्वप्ने इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, मोहः, तं मुष्णातीति शेमुषी, मुष स्तेये इति धातोः, मूलविभुजादिभ्यश्च (वा.) ३.२.५ इति कः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] बुद्धि। **स्विन्नस्य हि विपर्येति तत्त्वज्ञस्यापि शेमुषी** (राजतरङ्गिणी)।

शेलुः (पुं.) [*शिलति, शिल उञ्छे इति धातोः, बाहुलकादुः*] बोहरी।

शेलृ (धा.) [*गतौ, भ्वा.सक.सेट्, पर.*] जानु। लट्– **शेलति–** जान्छ इत्यादि।

शेवधिः (पुं.) [*शेतेऽनेन शेवं सुखम्, इण्शीभ्यां वन् (उ.) १५२ इति वन्, शेवं धीयतेऽस्मिन्, डुधाञ् धारणपोषणयोः, इति धातोः, कर्मण्यधिकरणे च ३.३.९३ इति किः*] खानी।

शेवालम् (नपुं.) [*जले शेते तिष्ठति, शीङो धुक्लुक्वलञ्वालनः (उ.) इति आलन्*] पानीमा लाग्ने हरियो भ्याउ। **शेवलश्चैव शेवालः शैवलौ जलनीलिका** (वाचस्पति)।

शेवृ (धा.) [*सेवने, अक.सेट्, आत्म.*] सेवा गर्नु। लट्– **शेवते–** सेवा गर्छ इत्यादि।

शेषः (पुं.) [*शेषति सङ्कर्षतीति, शिष हिंसायामिति धातोः पचाद्यच्*] १.बलराम। **निशम्य ताः शेषगवीरभिधातुमधोक्षजः। शिष्याय बृहतां पत्युः प्रस्तावनादिशत् दृशा॥** (शिशु. २.२.६८) २.[*हिंसार्थकात् शिषधातोर्भावे घञ्*] वध/हत्या ३.[*शेषति हिनस्ति, लोकान्*] अनन्त/सर्पराज ४.हात्ती ५.नागविशेष ६.भगवान्को दोस्रो मूर्ति। प्रथम मूर्ति ज्ञानरूप वासुदेव हो भने दोस्रो मूर्ति कालरूप शेष हो। प्रलयकालमा सबैलाई संहार गर्ने काम शेष मूर्तिबाटै हुन्छ। यो भगवान्को वैष्णवी तनु हो। **द्वितीया कालसंज्ञान्या तामसी शेषसंज्ञिता। निहन्ति सकलांश्चान्ते वैष्णवी परमा तनुः॥** (कूर्मपु. ४१ अध्याय) ७.[*शिष्यते इति*] बाँकी।

शेषः (पुं./नपुं.) [*शिष्यते इति,शिष्लृ विशेषणे इति धातोः, घञ्*] बाँकी रहेको भाग/अवशिष्ट भाग। **ऋणशेषञ्चाग्निशेषं शत्रुशेषन्तथैव च। पुनः पुनः प्रवर्द्धन्ते तस्माच्छेषं न कारयेत्॥** (सुभा.)। **अपनीतशिरस्त्राणाः शेषास्तं शरणं ययुः।** (र.वं ४.६४) **~धरः** (पुं.) [*शेषस्य धरः,ष.त.*] शिव/महादेव। **~नागः** (पुं.) [*शेषनामा नागः, म.प.स.*] विष्णुको शय्या भएका सहस्र फणायुक्त नागराज/अनन्त। **~मुहूर्तम्** (नपुं.) [*शेषञ्च तन्मुहूर्तञ्च, कर्म.स.*] मुहूर्तको बाँकी रहेको समय। **~शयनः** (पुं.) [*शेषः शयनं यस्य सः, बहु.स.*] विष्णु/शेषशायी।

शेषरात्रिः (स्त्री.) [*शेषा अवशिष्य चासौ रात्रिश्च, कर्म.स.*] बाँकी रात (शब्दरत्नावली)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शेषशायी (पुं.) [*शेषे शयितुं शीलमस्य, शीङ् स्वप्ने इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] विष्णु/नारायण।

शेषांशः (पुं.) १.[*शेषश्चासौ अंशश्च, कर्म.स.*] बचेखुचेको भाग/ बाँकी रहेको अंश २.[*शेषस्य अंशः,ष.त.*] शेषको अवतार। लक्ष्मण, बलराम,पतञ्जलि आदि।

शेषावस्था (स्त्री.) [*शेषा चासौ अवस्था च, कर्म.स.*] बुढ्याइँ/वृद्धता/ बुढो अवस्था।

शेषोक्तम् (नपुं.) १.[*शेषेण उक्तम्, तृ.त.*] व्याकरणको महाभाष्य २.[*शेषञ्च तदुक्तञ्च, कर्म.स.*] अवशिष्ट कुरा/भन्ने कुरा पहिले भनिसकेपछि बाँकी रहेको कुरा।

शै (धा.) [*पाके, सक.अनिट्, पर.*] पकाउनु। लट्– **शायति–** पकाउँछ इत्यादि।

शैक्षः (पुं.) १.[*शिक्षामधीते, तदधीते तद्वेद ४.२.५९ इत्यण्, शिक्षाया इमे, तत्र भवा वा, यद्वा– शिक्षां लभते, शेषे ४.२.९२ इत्यण्*] भर्खर वेद पढ्न थालेको वटुक २.(पुं.वि.) [*शिक्षा शीलमस्य, छत्रादिभ्यो णः इति णः*] शिक्षा ग्रन्थको अध्ययनमा लगनशील।

शैक्षिकः (पुं.वि.) १.[*शिक्षाया अयम्, शिक्षात आगतो वा, शिक्षा+ठक् (इकः)*] शिक्षासम्बन्धी २.[*शिक्षामधीते वेत्ति वा*] शिक्षशास्त्रको अध्येता वा ज्ञाता **~योग्यता** (स्त्री.) [*शैक्षिकी चासौ योग्यता च, कर्म.स.*] शिक्षाका आधारमा प्राप्त भएको ज्ञान वा बुद्धि। **~सत्रम्** (नपुं.) [*शैक्षिकञ्च तत्सत्रञ्च, कर्म.स.*] शैक्षिक कार्यक्रम प्रारम्भ हुने र समाप्त हुने समयावधि।

शैखरिकः (पुं.) [*शिखरे प्रायेण भवति, अध्यात्मादिभ्यश्च (वा.) ४.३.६० इति ठञ्, ठस्येकः*] अपामार्ग।

शैत्यम् (नपुं.) [*शीतस्य भावः, वर्णदृढादिभ्य ष्यञ्च ५.१.१२३ इति दृढादौ पाठात् ष्यञ्*] चिसोपन/जाडो।

शैथिल्यम् (नपुं.) [*शिथिलस्य भावः गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.शिथिलता/ढिलाइ/सुस्ती २.बन्धनको खुकुलोपना ३.निर्बलता/कमजोरी। **भवन्तु केशाः पलिताः वलयः सन्तु मे शुभे। शैथिल्यमेतु मे कायः कृतकृत्यो ऽस्मि मानिनि ॥** (मा.पु.)

शैनेयः (पुं.) [*शिनेर्गोत्रापत्यम्, इतश्चानिञः ४.१.१२२ इति ढक्, ढस्य एयः*] सात्यकि/श्रीकृष्णको सारथि।

शैलः (पुं.वि.) [*प्रचुरा शिलाः सन्त्यत्र, ज्योत्स्नादित्वात् (वा.) ५.२.१०३ अण्*] पर्वत/पहाड। **शैलो भूभुति शैलं तु शैलेयतार्क्ष्य शैलके** (हैम.)। **~कन्या** (स्त्री.) [*शैलस्य कन्या, ष.त.*] पार्वती/दुर्गा/गिरिजा/गिरिकन्या/शैलतनया/शैलपुत्री/शैलजा/ शैलकुमारी/गौरी। **~कूटः** (पुं./नपु) पहाडको चुचुरो।

शैलकुञ्जः (पुं.) [*शैलस्य कुञ्जः, ष.त.*] पहाडको झाडी।

शैलजः (पुं.वि.) [*शैले जातः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः*] पहाडमा जन्मेको वा बढेको वा उम्रेको/पहाडी/पर्वतीय।

शैलजम् (नपुं.) [*प्राग्वद्*] सुगन्धिद्रव्यविशेष।

शैलजा (स्त्री.) [*शैले पर्वते जायते, सप्तम्यां जनेर्डः इति डः, टिलोपः*] १.गजपिप्पली २.[*शैलात् हिमालयाज्जाता*] दुर्गा/ पार्वती।

शैलधन्वा (पुं.) [*शैलवद् दृढं धनुरस्य, धनुषो धन्वनादेशः*] शिव।

शैलधरः (पुं.) [*शैलस्य गोवर्द्धनपर्वतस्य धरः, ष.त.*] श्रीकृष्ण।

शैलम् (नपुं.) [*शिलाया भवम्, अण्*] शिलाजित।

शैलराजः [*शैलानां राजा, ष.त.,राजाहःसखिभ्यष्टच् ५.४.९१ इति टच्*] हिमालय।

शैलसुता (स्त्री.) [*शैलस्य हिमालयस्य सुता, ष.त.*] पार्वती।

शैलाटः (पुं.) [*शैले अटति, अच्*] १.सिंह २.किरात।

शैलाधिपः (पुं.वि.) [*शैलानामधिपः, ष.त.*] शैलाधिराज/हिमालय।

शैलाली (पुं.) [*शिलालिना प्रोक्तं नटसूत्रमधीयते, पाराशर्य शिलालिभ्याम् ४.३.११० इति णिनिः,वृद्धिः*] नटुवा/नाच्ने तथा अभिनय गर्ने व्यक्ति, नटसूत्रका ज्ञाता वा अध्येता।

शैली (स्त्री.) [*शीलमेव इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इति अण, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.काम गर्ने तरिका/ प्रणाली/ पद्धति/ परिपाटी/ ढङ्ग/ ढाँचा/ रीति/ प्रथा २.साहित्यमा भाव अभिव्यक्त गर्ने वा वाक्य रचना गर्ने तरिका ३.सङ्केत।

शैलूषः (पुं.) [*शिलूषस्यापत्यम्, ऋष्यन्धकवृष्णिकुरुभ्यश्च ४.१.११४ इत्यण्*] १.शिलूष ऋषिका सन्तान २.नाच्ने तथा अभिनय गर्ने व्यक्ति/नटुवा/नट ३.चलाख मानिस ४.धूर्त व्यक्ति ५.बेल।

शैलेन्द्रः (पुं.) [*शैलानामिन्द्रः, ष.त.*] हिमालय।

शैलेयम् (नपुं.) [*शिलायां भवम्, नद्यादिभ्यो ढक् ४.२.९७ इति ढक्, ढस्य एयः, वृद्धिः*] १.पहाडसम्बन्धी/ पर्वतीय २.शिलासम्बन्धी/ शिला जस्तो/शैलेयक ३.सिधे नून ४.शिलाजित ५.पत्थर ६.भ्रमर

(शैलेयम्)

७.सिंह ८.शिलाबाट पैदा हुने एक वनस्पति। **शैलेयम्, शिलापुष्पम्, वृद्धम्, कालानुसार्यकम्** यसका संस्कृत नाम हुन्। यो हिमालय र नीलगिरि पर्वतमा उपलब्ध हुन्छ। यसले आफ्नो खाना ढुङ्गा र प्रकाशबाट बनाउँछ। यो धेरै प्रकारको हुन्छ। कफ, पित्त, वमन, टाउको दुख्ने रोग, आदिमा यसको उपयोग हुन्छ। ९.(त्रि.) पत्थर। **शिलाजतुस्तु शैलेयम्** (यादव)। **शैलेयं तालपर्ण्यां च सैन्धवे। शैलजे ना तु मधुपे शिलातुल्येऽन्यलिङ्गकम्** (मेदिनी.)।

शैवः (पुं.) १.[*शिवस्यापत्यम्, शिवादिभ्योऽण् ४.१.११२ इत्यण्*] शिवका सन्तान २.[*शिवस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] शिवसम्बन्धी ३.[*शिवीनां निवासः, तस्य निवासः ४.२.६९ इत्यण्*] शिविको वासस्थान ४.[*शिवो देवता अस्य, सास्य देवता ४.३.२४ इत्यण्*] शिवलाई नै सबैभन्दा प्रधान देवता मान्ने/शिवका उपासक। **अष्टयङ्गयोगसंयुक्तो यजेद् देवीं विधानतः। यावद्ध्यान समाधिस्थस्तावत् शैवः प्रचक्ष्यते ॥** (तन्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शैवतन्त्रम् (नपुं.) [*शैवञ्च तत् तन्त्रञ्च, कर्म.स.*] शिवको उपासनासँग सम्बद्ध एक तन्त्र। यसका चार भाग छन्– पाशुपतमत, शैवसिद्धान्तमत, वीरशैवमत र प्रत्यभिज्ञामत। **पाशुपतमत**का संस्थापक लकुलीश अथवा नकुलीश मानिन्छन्। नकुलीशलाई शिवको प्रथम अवतार मानिन्छ। पाशुपतसाहित्य अत्यन्त थोरै छ। सर्वदर्शनसङ्ग्रहमा माधवाचार्यले नकुलीश पाशुपतको दार्शनिक सिद्धान्तको विवरण दिएका छन्। राजशेखर सूरिको षड्दर्शनसमुच्चयमा पनि यस सम्प्रदायको चर्चा छ। **शैवसिद्धान्तमत**– यस सिद्धान्तमा चौरासी शैवसन्तको विवेचना छ। अप्पार, सन्त ज्ञानसम्बन्ध, सुन्दरमूर्ति, मणिक्वाचक यी चारलाई शैवमार्गका संस्थापक मानिन्छ। यिनको समय सातौँ अथवा आठौँ शताब्दी हो। शैवागमको सङ्ख्या २०८ मानिन्छ। भनिन्छ,– भगवान् शिवले पाँच मुखबाट २८ तन्त्रको आविर्भाव गरेका थिए। **वीरशैवमत**– यसका अनुयायीलाई लिङ्गायत अथवा जङ्गम भनिन्छ। यिनीहरू वर्णव्यवस्था मान्दैनन्। शङ्करको लिङ्गायत मूर्ति धारण गर्दछन्। यस मतका प्रचारक कर्णाटक राज्यमा बढी छन्। यसका आद्यप्रवर्तकलाई वशव भनिन्छ। **प्रत्यभिज्ञामत**– यो मत काश्मीरमा बढी प्रचलित छ। पशु, पति र पाश तीन तत्त्वको प्राधान्य भएको हुनाले यस दर्शनलाई त्रिकदर्शन पनि भनिन्छ। अभिनवगुप्तले तन्त्रालोकमा यस दर्शनको आध्यात्मिक पक्षको विवेचना गरेका छन्। यसका मूल आचार्य वसुगुप्त आठौँ शताब्दीमा आविर्भाव भएका थिए।

शैवम्(नपुं.) १.[*शिवमधिकृत्य कृतो ग्रन्थः,अण्*] शिवपुराण। **अष्ट्यदशपुराणानि पुराणज्ञाः प्रचक्षते। ब्राह्मं पाद्मं वैष्णवञ्च शैवं भागवतं तथा।** (विष्णुपु.) २.(त्रि.) [*शिवस्येदम्, अण्*] शिवसम्बन्धी।

शैवलः (पुं.) [*जले शेते तिष्ठति, शीङ् स्वप्ने इति धातोः, शीङो धुक्लक्वलञ्वालनः (उ.) ४८६ इति वलञ्प्रत्ययः*] पानीमा भएको झार/झ्याउ।

शैवलिनी (स्त्री.) [*शैवलानि सन्त्यस्याम्, अत इनिठनौ ५.२.११५ इतीनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] नदी।

शैवालम् (नपुं.) [*शीङ् स्वप्ने इति धातोः, शीङो धुक्लक् वलञ्वालनः (उ.४८६) इति वालन्प्रत्ययः*] पानीमा भएको झार।

शैवी (स्त्री.) [*शिवस्य इयम्, तस्येदम् ४.३.१२० इति अण्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] १.शिवको/शिवसम्बन्धी २.पार्वती।

शैव्या (स्त्री.) [*शिवेर्गोत्रापत्यम्, शिवि+ञ्यः, टाप्*] पुराणप्रसिद्ध राजा हरिश्चन्द्रकी पत्नी।

शैशवम् (नपुं.) [*शिशोर्भावः, इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] शिशुसम्बन्धी/बाल्यावस्था/शिशुको अवस्था/शैशवास्था/शैशवकाल। **~कालिकः** (पुं.वि.) [*शैशवकाले भवः, शैशवकाल + ठञ् (इकः)*] बाल्यकालमा भएको।

शैशिरः (पुं.वि.) [*शिशिरे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] शिशिरसम्बन्धी/शिशिर ऋतुको।

शो (धा.) [*तनूकरणे, सक.अनिट्, पर.*] तिखार्नु, ताछ्नु। लट्– **श्यति**– तिखार्छ, ताछ्छ इत्यादि।

शोकः (पुं.) [*शुच शोके इति धातो, भावे ३.३.१८ इति घञ्*] कुनै विषयको विनाश वा प्रिय व्यक्तिको वियोग, मृत्यु आदिबाट पैदा हुने भाव। **~विकलः** (पुं.वि.) [*शोकेन विकलः*] शोकाकुल/शोकविह्वल। **~सन्तप्तः** (पुं.वि.) [*शोकेन सन्तप्तः, तृ.त.*] शोकले व्याकुल। **~सन्देशः**(पुं.) [*शोकस्य सन्देशः, ष.त.*] शोकको खबर, समवेदनाको सन्देश। **~समाचारः** (पुं.) [*शोकस्य समाचारः, ष.त.*] शोक पर्ने खबर।

शोककाव्यम् (नपुं.) [*शोकप्रधानं काव्यम्, म.प.स.*] शोकगीत/प्रिय व्यक्तिका निधनबाट उत्पन्न भएको वेदना व्यक्त हुने काव्य।

शोकच्छित् (पुं.वि.) [*शोकं छिनत्तीति, छिदिर द्वैधीकरणे, इति धातोः, सत्सूद्विषद्रुहयुजविदभिदच्छिदजिनिराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्, सर्वापहारिलोपः*] शोकलाई नाश गर्ने।

शोकाकुलः (पुं.वि.) [*शोकेन आकुलः, तृ.त.*] शोकातुर/शोकार्त शोकले व्याकुल वा विह्वल भएको।

शोकातुरः (पुं.वि.) [*शोकेन आतुरः, तृ.त.*] शोकातुर/शोकार्त/शोकले व्याकुल वा विह्वल भएको।

शोकार्तः (पुं.वि.) [*शोकेन आर्तः, तृ.त.*] शोकार्त/शोकले व्याकुल वा विह्वल भएको।

शोचनः (पुं.वि.) [*शोचति, जुचङ्क्रम्यदन्द्रम्यसृगृधिशुच ३.२.१५० इति तच्छीलादौ युच्*] १.चिन्ता गर्ने २.शोक गर्ने।

शोचनम् (नपुं.) [*शुच शोके इति धातोः ल्युट् च इति भावे ल्युट् अनः*] १.चिन्ता २.शोक। **शोकः शुक् शोचनं खेदः** (अभि.चि.)।

शोचनीयः (पुं.वि.) [*शोचयितुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.चिन्ता गर्नुपर्ने /सोच्नुपर्ने। **ये बालभावान्न पठन्ति विद्यां कामातुरा यौवननष्टवित्ताः। ते शोचनीया इह जीवलोके मनुष्यरूपेण मृगाश्चरन्ति ॥** (ग.पु.आचारकाण्ड १०९.४८) २.मरणासन्न अवस्थामा पुगेको।

शोचिः (नपुं.) [*शूच्यति पूतिर्भवत्यनेन, शुचिर् पूतीभावे इति धातोः, अर्चिशुचिहुसृपिछादिछर्दिभ्य इसिः (उ.२७३) इति इसिः*] कान्ति/दीप्ति। **रोचिः शोचिरुभे क्लीबे** (अमर.)।

शोचिष्केशः (पुं.) [*शोचींषि ज्वालाः केशा इवास्य, नित्यं समासेऽनुत्तरपदस्थस्य ८.३.४५ इति षत्वम्*] अग्नि।

शोच्यः (पुं.वि.) [*शोचयितुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] चिन्तनीय/विचारणीय।

शोणः (पुं.) [*शोणयति, शोणृ वर्णे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.रगत/रक्त/रुधिर २.रातो वर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.रातो घोडा ४.शोणनद ५.अग्नि ६.मङ्गलग्रह ७.श्वेतभद्रा नदी ८.समुद्रविशेष ९.रातो उखु १०.(पुं.वि.) रातो कमलको जस्तो कान्ति भएको। **शोणः कृशानौ श्योनाके लोहिताश्वे नदे पुमान्। त्रिषु कोकनदच्छाये** (मेदिनी.)।

शोणकः (पुं.) [*शोणतीति, शोणृ वर्णे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, स्वार्थे कन्*] १.टटेलो २.आगो ३.रातो घोडा ४.नदविशेष ५.चखेवाको छाया।

शोणम् (नपुं.) [*शोणति, शोणृ वर्णे इति धातोः पचाद्यच्*] सिन्दुर।

शोणरत्नम् (नपुं.) [*शोणञ्च तद्रत्नञ्च, कर्म.स.*] माणिक।

शोणितम् (नपुं.) [*शोणति स्म, शोणृ वर्णगत्योः इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.रगत २.(पुं.वि.) रातो।

शोणृ (धा.) [*वर्णगत्योः, भ्वा. अक.सेट् पर.*] रातो हुनु, जानु। लट्– **शोणति**– रातो हुन्छ, जान्छ।

शोथः (पुं.) [*श्यति तनूकरोतीति, शु गतौ इति धातोः, उषिकुषिगर्तिभ्यः स्थन् (उ.) १६९ इति बाहुलकात्, स्थन्*] बात, पित्त आदिको प्रकोपले शरीरको कुनै अवयव सुनिने रोग/सुनिने काम/सुनिएको वा फुलेको ठाउँ वा अङ्ग।

शोथघ्नी (स्त्री.) [*शोथं हन्ति, अमनुष्य ३.२.५३ इति टक्, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] पुनर्नवा।

शोधः (पुं.) [*शोधनम्, शुध शौचे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.तिर्नु/फर्स्याउनु २.बदला/प्रतिशोध/साटो फेर्ने काम ३.शुद्ध गर्ने वा चोख्याउने काम/शुद्धि/सफाइ ४.प्रायश्चित्त ५.धार्मिक कर्य गर्नु हुने वा नहुने महिना, पक्ष, तिथि, वार आदिका बारेमा विचार। **न मासवारकालादिशोधस्तु सूर्यपर्वणि॥** (मलमासतत्त्व) ६.धातुको शोधन गर्ने काम ७.घाउ सफा गर्ने काम ८.लेखिएको पत्र सही हो वा होइन भनी जाँच्ने काम ९.रचनामा भएको अशुद्धिलाई हटाएर शुद्ध गर्ने काम १०.अनुसन्धान ११.अनुसन्धान भएको प्रबन्ध / रचना। **~कार्यम्** (नपुं.) [*शोधस्य कार्यम्, ष.त.*] अनुसन्धानसम्बन्धी काम। **~ग्रन्थः** (पुं.) [*शोधस्य ग्रन्थः, ष.त.*] विद्यावारिधि आदि प्रयोजनका निमित्त अनुसन्धान गरी तयार पारिएको ग्रन्थ। **~पत्रम्** (नपुं.) [*शोधस्य पत्रम्, ष.त.*] अनुसन्धान गरी तयार गरिएको सानो पुस्तिका। **~विधिः** (पुं.) [*शोधस्य विधिः, ष.त.*] अनुसन्धान पद्धति/अनुसन्धान गर्ने तरिका।

शोधकः (पुं.वि.) [*शोधयति, अनुसन्धानं पवित्रं वा करोति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.शोध वा शुद्ध गर्ने वा चोख्याउने २.खोजी गर्ने ३.परिष्कार गर्ने। ४.रचनागत अशुद्धि संशोधन गर्ने ५.धातु शोधन गर्ने ६.घाउ सफा गर्ने।

शोधनः (पुं.) [*शोधयति, शुधधातोः णिचि ल्युः, अनः*] कागती।

शोधनः (पुं.वि.) [*प्राग्वद्*] शुद्ध गर्ने।

शोधनम् (नपुं.) [*शुध शोचे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.शुद्ध गर्ने काम/चोख्याउने काम २.भूल वा गल्ती सच्याउनु/सुधार्नु ३.ऋण तिर्नु ४.आयुर्वेदअनुसार धातुहरू शुद्ध पारेर औषधि बनाउनु ५.प्रायश्चित्त गर्नु /पाप अपराधबाट शुद्ध हुनु ६.फलाम आदि वस्तुहरूलाई शोधन गर्नु ७.धार्मिक कार्य गर्नु हुने वा नहुने महिना, पक्ष, तिथि, वार आदिका बारेमा विचार गर्नु (मलमासतत्त्व) ८.घाउ सफा गर्नु ९.लेखिएको पत्र सही हो वा होइन भनी जाँचेर प्रमाणित गर्नु १०.रचनामा अशुद्धि भए तिनलाई हटाएर शुद्ध गर्नु/संशोधन गर्नु ११.अनुसन्धान गर्नु।

शोधनी (स्त्री.) [*शोध्यतेऽनया, शुध शौचे इति धातोः, ण्यन्तात्, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, यद्वा कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्तरि ल्युट्*] कुचो। **अथ शोधनी। सम्मार्जनी बहुकरी वर्धनी च समूहनी** (अभि.चि.)।

शोधनीयः (पुं.वि.) [*शोधयितुं योग्यः शुध शौचे इति धातोः, णिचि, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.शोध गर्न लायक २.शुद्ध पार्न लायक ३.चोख्याउन लायक ४.परिष्कार गर्न लायक।

शोधितः (पुं.वि.) [*शोध्यते स्म, शुध शौचे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.शोध गरिएको २.शुद्ध पारिएको/मल निकालिएको ३.चोख्याइएको ४.परिष्कार गरिएको।

शोध्यः (पुं.वि.) [*शोधयितुमर्हः, शुध शौचे इति धातोः, णिचि, अर्हे कृत्यतृचश्च इति यत्*] १.शोध गर्नु पर्ने २.शुद्ध पार्नु पर्ने ३.चोख्याउनु पर्ने ४.परिष्कार गर्नु पर्ने। **~पत्रम्** (नपुं.) [*शोध्यञ्च तत्पत्रञ्च, कर्म.स.*] छपाइ गर्नुभन्दा पहिलेका अशुद्धिहरू हटाउनका लागि तयार गरिएको कुनै छाप्ने लेख वा किताबको नमुना/प्रुफ।

शोफः (पुं.) [*शवति, शव गतौ इति धातोः, बाहुलकात् फः, च्छ्वोः ६.३.१९ इत्यूठ्, आद्गुणः ६.१.८७ इति गुणः, संज्ञापूर्वकत्वात्, एत्येधत्यूठ्सु ६.१.८९ इति न वृद्धिः*] १.औषधि विशेष २.सुन्निनु। **शोफ औषधिभेदे स्यादुत्कृते त्वग्विवर्धने** (हैम.)। **शोफस्तु श्वयथुः शोथः** (अमर.)।

शोभनः (पुं.) विष्कम्भ आदि सत्ताइस योगभित्र पर्ने पाचौं योग।

शोभनः (पुं.वि.) [*शोभते, शुभ दीप्तौ इति धातोः, अनुदात्तेतश्च ३.२.१४९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] सुन्दर/मनोहर। **शोभनो योगभेदे ना सुन्दरे वाच्यलिङ्गकः** (मेदिनी.)।

शोभनम् (नपुं.) [*शोभते, शुभ दीप्तौ इति धातोः, अनुदात्तेतश्च ३.२.१४९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] सुन्दरता/शोभा।

शोभनीयः (पुं.वि.) [*शोभयितुं योग्यः, तव्यत्तव्यानीयरः (३.१.९६) इत्यनीयर्*] शोभायमान/सुन्दर/रम्य/सुहाउँदो/खुलेको/मनोहर।

शोभा (स्त्री.) [*शोभते, शोभयति, शुभ शोभायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.कान्ति/दीप्ति/प्रभा/सुन्दरता/सौन्दर्य/सजावट/शृङ्गार २.इच्छा। **शोभा कान्तीच्छयोर्मता** (विश्व.) ३.बिस अक्षरको पाउ हुने एक छन्द। यस छन्दको प्रत्येक चरणमा क्रमैले यगण, मगण, दुई नगण, एक गुरु वर्ण, दुई रगण हुन्छन् र अन्त्यमा गुरु वर्ण आउँछ। यसमा बाहौँ त्यस पछि सात अनि सात अक्षरमा विश्राम हुन्छ। **रसाश्वाश्वैः शोभा नयुगगजठरा मेघविस्फूर्जिता चेत्।** (छन्दो.) ४.गोपिनीविशेष। **दृष्टस्त्वं शोभया गोप्या। युक्तश्चन्दनकानने**। ५.गोरोचना। ६.बेसार/हल्दी/हरिद्रा।

शोभाञ्जनः (पुं.) [*शोभामनक्ति, अञ्जू व्यक्तिम्रक्षणकान्ति-गतिषु इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, यद्वा बहुलमन्यत्रापि (उ.) इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] सहेजन।

शोभान्वितः (पुं.वि.) [*शोभया अन्वितः, तृ.त.*] शोभा भएको/शोभायुक्त/शोभित/शोभामय/सज्जित/सुहाएको/ खुलेको।

शोषः (पुं.) १.[*शोषयति, शुष शोषणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] क्षयरोग २.[*शोषणम्, भावे ३.३.१८ इति घञ्*] शोषण ३.सुक्ने काम/सुकाइ/पानी वा रस तान्ने काम/चुस्ने काम। **शोषः शोषणयक्ष्मणोः** (हैम.)।

शोषकः (पुं.वि.) [*शोषयति, शुष शोषणे इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.जल, रस आदि सुकाउने २.अर्काको सम्पत्ति श्रम आदि लिने/चुसाहा।

शोषणः (पुं.) [*शुष्यतेऽनेन, करणे ल्युट् अनः*] कामदेवको एक बाण। **उनमदनस्तापनश्च शोषणः स्तम्भनस्तथा। संमोहनश्च कामस्य पञ्च बाणाः प्रकीर्तिताः॥** (अमर.)

शोषणम् (नपुं.) [*शुष शोषणे इति धातोः, ल्युट् च ३.३.११५) इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.थोरै ज्याला वा पारिश्रमिकमा धेरै काम गराउनु/थोरै तलब, ज्याला आदिमा धेरै काम गराई बढी फाइदा लिने प्रवृत्ति २.पानी, रस, तरल पदार्थ आदि सोस्नु/ सुकाउनु/शुष्क पार्नु। **शोषणेन शरीरस्य तपसाध्ययनेन च। पापकृन्मुच्यते पापाद् दानेन च दमेन च॥** (प्रायश्चित्ततत्त्व) ३.[*शुष्यते कफादिकमनेन, करणे ल्युट्*] सुठो (राजनिघण्ट)।

शोषणी (स्त्री.) [*शुष्यतेऽनया, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] शोषण गरेर सुकाउने एक प्रकारको बाक्लो कागज।

शोषितः (पुं.वि.) [*शुष्यते स्म, शुष शोषणे इति धातोः णिचि क्तः*] १.शोषण गरिएको २.सुकाइएको। **आतापिर्भक्षितो येन वातापिश्च महासुरः। समुद्रः शोषितो येन स मेऽगस्त्यः प्रसीदतु॥** (म.त.)

शौकम् (नपुं.) [*शुकानां समूहः, तस्य समूहः ४.२.३७ इत्यण्*] सुगाको बथान। **शुकादीनां गणे शौकम्** (अभ.चि. ६.५१)।

शौकरः (पुं.वि.) [*शूकरस्यायम्, अण्*] वराहको/वराहसम्बन्धी। **द्वितीयन्तु भवायास्य रसातलगतां महीम्। उद्धरिष्यन्नुपादत्त यज्ञेशः शौकरं वपुः** (भाग. १.३.७)।

शौक्ल्यम् (नपुं.) [*शुक्लस्य भावः, वर्णदृढादिभ्यः- ५.१.१२३ इति ष्यञ्*] शुक्लता/सेतोपना। **पलितं जरसा शौक्ल्यम्** (अमर.)।

शौचम् (नपुं.) [*शुचेर्भावः, इगुपधाच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] १.शुद्धता/पवित्रता/शुद्ध हुने काम २.मृत-सूतक, जनन-सूतक आदिबाट शुद्ध हुने काम ३.दिसा, पिसाब आदि त्याग गर्ने काम। शौच असङ्ख्य छन्– सत्यशौच, मनःशौच, जननशौच, मृतकशौच, सर्वभूतदयाशौच, जलशौच,इन्द्रियनिग्रह, अर्थशौच आदि। शौचलाई मुख्यतः दुई भागमा बाँड्न सकिन्छ– बाहिरी र भित्री। माटो, सावन पानी आदिबाट हुने शौच बाहिरी हो भने भावशुद्धि भित्री शौच हो। **यावता शुद्धिं मन्येत तावत् शौचं समाचरेत्। प्रमाणं शौचसङ्ख्याया न शिष्टैरुपदिश्यते। शौचन्तु द्विविधं प्रोक्तं बाह्यमाभ्यन्तरं तथा। मृज्जलाभ्यां स्मृतं बाह्यं भावशुद्धिरथान्तरम्** (गरुडपु. २१५ अध्याय)।

शौचकर्म (नपुं.) [*शौचस्य कर्म, ष.त.*] लोक व्यवहार वा शास्त्रअनुसार शुद्ध हुने काम/प्रायश्चित्त गर्ने काम।

शौचकार्यम् (नपुं.) [*शौचस्य कार्यम्, ष.त.*] लोक व्यवहार वा शास्त्रअनुसार शुद्ध हुने काम/प्रायश्चित गर्ने काम।

शौचक्रिया (स्त्री.) [*शौचस्य क्रिया, ष.त.*] लोक व्यवहार वा शास्त्रअनुसार शुद्ध हुने काम/प्रायश्चित गर्ने काम।

शौचगृहम् (नपुं.) [*शौचाय गृहम्, च.त.*] दिसा, पिसाब गर्ने ठाउँ/पाइखाना।

शौचागारम् (नपुं.) [*शौचाय आगारम्, च.त.*] दिसा, पिसाब गर्ने ठाउँ/पाइखाना।

शौचाचारः(पुं.) [*शौच आचारः*] प्रतिदिन गर्नुपर्ने शुद्धिकर्म। **शौचाचारविहीनस्य समस्ता निष्फलाः क्रियाः** (आह्निक.)।

शौचालयः (पुं.) [*शौचाय आलयः, च.त.*] दिसा, पिसाब गर्ने ठाउँ/पाइखाना।

शौचिकः (पुं.) [*शौचं गृहादेः शुचिता कार्यत्वेनास्ति यस्य सः*] वर्णसङ्करविशेष। यिनीहरूको काम प्रायः घर लिपपोत गर्ने, बाटो, बगैचा सफा गर्ने आदि हुन्छ। शौण्डिक जातिबाट मलाहजातिकी कन्यामा पैदा भएको सन्तान। **कैवर्तस्य च कन्यायां शौण्डिकादेव शौचिकः** (पाराशरस्मृति)।

शौचेयः (पुं.) [*शौचेन व्यवहरति, ढक्, ढस्य एयः*] धोवी।

शौटीरः (पुं.) [*शौटति, शौटृ धातोः कृशृपृकटिपटिशौटिभ्य ईरन् (उ.) इति ईरन्*] १.अहङ्कारी २.त्यागी ३.वीर।

शौटृ (धा.) [*गर्वे, अक.सेट् पर.*] घमण्ड गर्नु, वीरता देखाउनु, त्याग गर्नु। लट्– **शौटति–** घमण्ड गर्छ, वीरता देखाउँछ, त्याग गर्छ इत्यादि। **शौटति वीरः** (दुर्गादास)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शौड्ट (धा.) [*गर्वे, भ्वा. पर.अक.सेट्*] घमन्ड गर्नु, वीरता देखाउनु,

शौण्डः (पुं.) [*शुण्डायां पानागारे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] १.जँड्याहा/मत्त २.समस्तपदको उत्तरपदका रूपमा प्रयोग हुँदा प्रख्यात। जस्तै– **दानशौण्डः** (दानमा प्रख्यात) **शौण्डो मत्ते च विख्याते पिपल्यां च भवेत् स्त्रियाम्** (विश्व.)।

शौण्डता (स्त्री.) [*शौण्डस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] मद्यसेवनबाट हुने मादकता।

शौण्डिकः (पुं.) [*शुण्डा सुरा पण्यमस्य, तदस्य पण्यम् ४.४.५१ इति ठक्*] १.एक वर्णशङ्कर जाति/मलाहाबाट तेलीकी कन्यामा पैदा भएको सन्तानका जाति। **ततो गान्धिककन्यायां कैवर्तादेव शौण्डिकः**। (पराशरस्मृति) २.जाँड रक्सीको काम गर्ने व्यक्ति। ३.[*शुण्डिकाद् आगतः, शुण्डिकादिभ्योऽण् ४.३.७६ इत्यण्, आदिवृद्धिः, अलोपः*] रक्सीबाट प्राप्त भएको धन।

शौण्डी (स्त्री.) [*शुण्डायां मद्यपानगृहे भवा*] पिप्ला। **शौण्डो मत्ते च विख्याते पिपल्यां तु भवेत्स्त्रियाम्** (मेदिनी.)।

शौद्धोदनिः (पुं.) [*शुद्ध ओदनोऽस्येति, शकन्ध्वादिः (वा.) ६.१.९४ पररूपम्, शुद्धोदनस्यापत्यम्, अत इञ् ४.१.९५ इति इञ्*] शुद्धोदनका छोरा गौतमबुद्ध।

शौनकः (पुं.) [*शुनकस्यापत्यं पुमान्, अनृष्यानन्तर्ये विदादिभ्योऽञ् ३.१.१०४ इति अञ्, वृद्धिः*] एक पौराणिक मुनि। **सपिण्डीकरणादूर्ध्वं न दद्यात् प्रतिमासिकम्। एकोदिष्टविधानेन दद्यादित्याह शौनकः॥** (तिथ्यादितत्त्व)

शौनकोपनिषद् (स्त्री.) [*शौनकेन प्रोक्ता उपनिषद्, कर्म.स.*] शौनक ऋषिद्वारा प्रतिपादित ज्ञानसँग सम्बद्ध उपनिषद्। यसमा ॐ को उपासनाको महत्त्व प्रतिपादन गरिएको छ। राक्षसहरूमाथि देवताको विजय र इन्द्रको महत्त्व यसमा वर्णित छ।

शौनिकः (पुं.) [*शुना मांसविक्रयस्थानं प्रयोजनमस्य, ठक्, ठस्येकः*] मासु बेच्ने मानिस।

शौरसेनी (स्त्री.) [*शूरसेने भवा, तत्र भवः ४.३.५३ इत्यण्, ङीप्*] सात प्रकारका प्राकृतभाषामध्ये एक प्राकृत/प्राचीनकालमा भारतको शूरसेन प्रदेशमा बोलिने एक प्राकृत भाषा। यसको प्रकृति संस्कृत हो।

शौरिः (पुं.) [*शूरस्यापत्यम् तद्वंशजत्वात्, वृष्णित्वेपि बाह्वादिभ्यश्च ४.१.९६ इति इञ्, सौरिः, इत्यपि*] १.विष्णु (आनन्दलहरी २) २.वसुदेव (भाग. ३.१.२६) ३.बलराम (म.भा.५.७.२५) ४.शूर राजाका सन्तान ५.श्रीकृष्ण (भाग.१.१०.३३)।

शौर्यम् (नपुं.) [*शूरस्य भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.शूरता/पराक्रम/बहादुरी २.गुणविशेष। **शौर्यमारभटीशक्त्योः** (विश्व.)।

शौल्किकः (पुं.वि.) [*शुल्के राजादिदेये करे, तदादाने अधिकृतः, तत्र नियुक्तः ४.४.६९ इति ठक्, ठस्येकः*] शुल्कसम्बन्धी/शुल्क वा कर असूल गर्ने अधिकारी।

शौल्विकः (पुं.) [*शुल्वघट्टनं शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्, ठस्येकः*] ताँवाको भाँडा बनाउने व्यक्ति /ताम्रकार।

शौष्कलः (पुं.) १.[*शुष्कलीं शुष्कमांसं मांसमात्रं वा, अत्ति, शेषे ४.२.९२ इत्यण्*] माछा मासु खाने। **शुष्कलः शुष्कमांसस्य फणिके पिशिताशिनि** (हैम.)। २.[*शुष्कलीं शुष्कमांसं पण्यमस्य, तदस्य पण्यम् इत्यण्*] सुकुटी मासु बेच्ने व्यक्ति।

श्च्युतिर् (धा.) [*क्षरणे, भ्वा.सक.सेट् पर.*] भिजाउनु, चुहुनु। लट्– **श्च्योतति–** भिजाउँछ, चुहुन्छ इत्यादि।

श्च्योतः (पुं.) [*श्च्योतनम्, श्च्युतिर् क्षरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] चुहुनु।

श्मन् (नपुं.) १.मुख २.शरीर ३.लाश।

श्मशानः (पुं./नपुं.) [*शवाः शेरतेऽत्र वा, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति शवस्य श्मादेशः, शयनस्य शानादेशः, श्मनां शवानां शानं शयनं यत्र*] मुर्दा गाड्ने, राख्ने वा पोल्ने ठाउँ/मसान। **~यात्री** (पुं.वि.) [*श्मशानस्य यात्री, ष.त.*] मसानघाटमा मुर्दा लैजाने मानिस/ मलामी। **~वासी** (पुं.) [*श्मशाने वसति तच्छीलः, णिनिः*] १.शिव २.(पुं.वि.) श्मशानमा बस्ने। **~वासिनी** (स्त्री.) [*श्मशाने वसति तच्छीला, णिनिः, ङीप्*] देवी। **~ वेश्मा** (पुं.) [*श्मशानं वेश्म यस्य सः, बहु.स.*] महादेव।

श्मश्रु (नपुं.) [*श्मन्शब्दो मुखवाची, तं श्रयते इति, श्रिञ् सेवायाम् इति धातोः, श्मनि श्रयतेर्डुन् (उ.) ७१६ इति डुन्*] जुँगा/दाह्री।

श्मश्रुमुखी (स्त्री.) [*श्मश्रु मुखेऽस्याः, ङीष्*] जुँगाका रेखा बसेकी नारी।

श्मश्रुलः (पुं.) [*श्मश्रु विद्यतेऽस्य, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्*] दाह्री–जुँगा भएको।

श्मील (धा.) [*निमेषणे, अक.सेट् पर.*] आँखा चिम्लनु। लट्– **श्मीलति–** आँखा चिम्लन्छ इत्यादि ।

श्यामः (पुं.वि.) [*श्यायते मनोऽस्मात् इति वा, श्यैङ् गतौ, इति धातोः, इषियुधीन्धिदसिश्याधूसूभ्यो मक् (उ.१५०) इति मक्*] १.कालो रङ्को २.गाडा हरियो।

श्यामः (पुं.) १.कृष्ण २.कालो वर्ण ३.मेघ ४.कोइली ५.प्रयागमा भएको वटवृक्ष। **श्यामोऽम्बुदे शितौ। हरिते प्रयागवटे कोकिले वृद्धदारुके। श्यामं सैन्धवे मरिचे श्यामा सोमलतानिशोः** (हैमः)। **~कर्णः** (पुं.वि.) [*श्यामौ कर्णौ यस्य सः, बहु.स.*] सर्वाङ्ग सेतो भई केवल दुइटा कानमात्र कालो भएको घोडा, यस्तो घोडा सुलक्षण र अश्वमेध यज्ञका लागि उपयुक्त मानिएको छ। **~सुन्दरः** (पुं.वि.) [*श्यामश्चासौ सुन्दरश्च, कर्म.स.*] श्रीकृष्ण।

श्यामकः (पुं.) [*श्यामं तद् वर्णमकति, अण्, शकन्ध्वादितया पररूपम्*] शूरको एक पुत्र, वसुदेवको भाइ (भाग.८.२४.२९)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्यामकण्ठः (पुं.) [*श्यमः कण्ठो यस्य सः, बहु.स.*] १.मयूर। **सर्पाशनो मयूरः शिखावलः श्यामकण्ठश्च**। (हला.) २.शिव ३.पक्षिविशेष।

श्यामम् (नपुं.) [*प्राग्वद्*] १.मरीच २.सामुद्रिक नुन।

श्यामलः (पुं.) [*श्यामः श्यामत्वमस्यास्तीति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्*] १.कालो वर्ण २.पीपल। **श्यामलः पिप्पले श्यामे** (हैम.)।

श्यामा (स्त्री.) [*श्यामो वर्णोऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, टप् ४.१.४*] १.राधादेवी २.सोहवर्षकी तरुनी ३.काली गाई ४.जमुना नदी ५.रात्री/रात ६.आइमाई ७.पोथी परेवा/ परेवी, ८.कालो निसोथ, ९.प्रियङ्गु/दँयालो १०.बाकुची ११.नीरको बोट १२.गुग्गुलु १३.सोमलता १४.ऐंफेरु १५.भद्रमोचा १६.गुर्जो १७.कस्तूरी १८.पाषाणविशेष १९.पिप्ला २०.हलेदो २१.हरियो दुबो २२.तुलसी २३.कमलगट्टा २४.बाटुलपाते २५.सिसौ २६.सामा (धान), २७.कालो पुनर्नवा २८.गोरोचन २९.लता कस्तुरी ३०.मेषशृङ्गी ३१.हर्रो ३२.कालिकादेवी ३३.कालो छाया ३४.कृष्णपक्षको रात ३५.काली आइमाई ३६.सन्तान नभएकी आइमाई ३७.पोथी कोइली ३८.पघालेको सुन जस्ती आइमाई। **तप्तकाञ्चनवर्णाभा सा स्त्री श्यामेति कीर्त्यते** (म.भा.आ.प. ११५/२४)। **शीतकाले भवेदुष्णा ग्रीष्मे च सुखशीतला। तप्तकाञ्चनवर्णाभा सा स्त्री श्यामेति कीर्त्यते** (जै.भा.१२.९२), भरतमते तु –**शीते सुखोष्णसर्वाङ्गी ग्रीष्मे या सुखशीतला। तप्तकाञ्चनवर्णाभा सा स्त्री श्यामेति कथ्यते॥** (नाट्यशा.) ३९.एक जङ्गली चरा। यसका भालेको नीलो टलक भएको कालो रङ्गको शरीर हुन्छ, पुच्छरतिर सेतो टाटे हुन्छ, कैलो आँखा हुन्छ, कालो ठुँड, पहेँलो खुट्टा र लामो पुच्छर हुन्छ। पोथी कैलो रङको हुन्छ, शरीरको अरु सबै भाग भालेको जस्तै हुन्छ। यो सारौ चराभन्दा अलिकति सानो हुन्छ।

श्यामाकः -पुं.) [*श्यायते इति, श्यैङ् गतौ इति धातोः, पिनाकादयश्च (उ.) ४.१५ इति साधुः, यद्वा– श्यामं वर्णमकति, अक गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] सामान्य घास।

श्यामाङ्गः (पुं.) [*श्यामानि अङ्गानि यस्य सः, बहु.स.*] १.बुधग्रह २.(पुं.वि.) कालो अङ्ग भएको।

श्यालः (पुं.) [*श्यायते, श्यैङ् गतौ इति धातोः, बाहुलकात्कालन्*] सालो। **स्यालसालसमसूरसूरयः** (सभेदात्)।

श्यालकः (पुं.) [*श्याल एव, स्वार्थे कन्*] सालो/स्वास्नीको भाइ। **तरुणी प्रभुता गेहे श्यालको बुद्धिदायकः। पण्डितास्तु कलत्रेण रमन्ते महिषा इव॥** (भागव.)

श्यालिका (स्त्री.) [*श्यैङ् गतौ इति धातोः, कालन्, संज्ञायां कन्, टप् ४.१.४ इत्वम्*] साली/पत्नीकी बहिनी।

श्यावः (पुं.) [*श्यायते, श्यैङ् गतौ इति धातोः, बाहुलकात्, कृसृगृदृभ्यो वः (उ.) १५५ इति वः, आत्वम्*] कालो रङ मिसिएको पहेँलो वर्ण।

श्येतः (पुं.) [*श्यायते, श्यैङ् गतौ इति धातोः, हश्याभ्यामितन् (उ.) इति इतन्*] १.सेतो वर्ण २.सेतो वर्ण भएको।

श्येनः (पुं.) [*श्यायति गच्छतीति, श्यैङ् गतौ इति धातोः, श्यास्त्याहृञ्विभ्य इनच् (उ.) २१३ इति इनच्*] १.बाज २.पाण्डुर वर्ण। **श्येनः पक्षिणि पाण्डुरे** (मेदिनी.)।

(श्येनः)

श्येनी (स्त्री.) १.प्रत्येक पाउमा क्रमशः रगण, जगण, रगण तथा एक लघु र एक गुरु वर्णको प्रयोग भएको वृत्त। **श्येन्युदीरिता रजौ रलौ गुरुः**। (छन्दो.) २.पोथी बाज।

श्यैङ् (धा.) [*गतौ, भ्वा.सक.अनिट् आत्म.*] जानु। लट्– **श्यायते–** जान्छ इत्यादि।

श्योनाकः (पुं.) [*श्यायते, श्यैङ् गतौ इति धातोः, पिनाकादौ (उ.) निपातितः, श्योनाकः, तालव्यादिरपि*] टटेलो।

श्रकि (धा.) [*गतौ, भ्वा.सक.सेट् आत्म.*] जानु। लट्– **श्रङ्कते–** जान्छ इत्यादि।

श्रगि (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु। लट्– **श्रङ्गति–** जान्छ इत्यादि।

श्रण (धा.) [*दाने, चुरा.सक.सेट् उभय.*] दान दिनु। लट्– **श्राणयति–ते–** दान दिन्छ इत्यादि।

श्रथ (धा.) [*शैथिल्ये, भ्वा. अक. सक.सेट् पर.*] खुकुलो पार्नु। लट्– **श्रथति–** खुकुलो पार्छ इत्यादि। **वस्त्रं श्रथति लोकः** । (दुर्गादास)

श्रथ (धा.) [*प्रयत्ने, चुरा. सक.सेट् उभय.*] प्रयत्न गर्नु। लट्– **श्राथयति–ते–**प्रयत्न गर्छ इत्यादि। **श्राथयति पठितुं शिष्यः**।

श्रथ (धा.) [*दौर्बल्ये, चुरा. सक.सेट् उभय.*] दुर्बल हुनु, पीडा दिनु। **श्राथयति–ते–** दुर्बल हुन्छ, पीडा दिन्छ इत्यादि।

श्रथि (धा.) [*शैथिल्ये, भ्वा. अक.सेट् आत्म.*] शिथिल तुल्याउनु। लट्– **श्रन्थते–** शिथिल तुल्याउँछ इत्यादि।

श्रथनम् (नपुं.) [*श्रथधातोर्भावे ल्युट् अनः*] १ वध २.यत्न ३.त्याग ४.शिथिलीकरण ५.बन्धन ६.बारम्बार खुसी हुनु।

श्रद्धानः (पुं.वि.) [*श्रद्पूर्वकाद् दधातेर्लटि शानच्*] श्रद्धायुक्त।

श्रद्धा (स्त्री.) [*श्रद्पूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टप् ४.१.४, श्रदन्तरोरुपसर्गवद्वृत्तिः*] १.अभिलाषा। **चिच्छेद जीवते श्रद्धां धर्मे यशसि चात्मनः**। (रामा.२.३८.२) २.गर्भकालमा हुने कुनै वस्तु हेर्ने वा खाने लालसा। **दोहदं दौर्हृदं श्रद्धा लालसा** (अभि.चि.) ३.आदर/विशिष्ट व्यक्तिहरूका प्रति हुने हार्दिक सद्भावना ४.शास्त्रले भनेका कुरामा दृढ विश्वास। **प्रत्ययो धर्मकार्येषु**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यया श्रद्धेत्युदाहृता। नास्ति ह्यश्रद्दधानस्य धर्मकार्ये प्रयोजनम् (स्मृति) ५.चित्तको प्रसन्नता (वेदव्यास) यो तीन प्रकारको हुन्छ– सात्विक, राजस र तामस। सत्त्वगुणप्रधान श्रद्धा भएका मानिसले देवताको आराधना गर्दछन्, रजोगुणी श्रद्धावान् व्यक्तिहरू यक्ष तथा राक्षसको पूजा गर्दछन् र तमोगुणी श्रद्धा भएकाहरू भूत प्रेतको अर्चना गर्दछन्। (भ.गी., अध्याय १७)। **~भाजनम्** (नपुं.) [*श्रद्धाया भाजनम्, ष.त.*] श्रद्धा गर्न लायक/श्रद्धास्पद। **~शीलः** (पुं.वि.) [*श्रद्धया शीलते इति, शील+अच्*] मनमा श्रद्धा भएको/श्रद्धावान/देवता वा धार्मिक कृत्यमा आस्था भएको। **~युक्तः** (पुं.वि.) [*श्रद्धया युक्तः, तृ.त.*] मनमा श्रद्धा भएको/श्रद्धावान/देवता वा धार्मिक कृत्यमा आस्था भएको।

श्रद्धाञ्जली (स्त्री.) [*श्रद्धया युक्ता अञ्जली, म.प.स.*] १.मृतक व्यक्तिहरूका निमित्त श्रद्धा र आदरपूर्वक प्रस्तुत गरिने भावात्मक अभिव्यक्ति २.देवता वा पूज्य व्यक्तिलाई श्रद्धापूर्वक चढाउनका लागि फल, फूल, माला, अक्षता, जल आदिको समूह राखिएको अँजुली।

श्रद्धालुः (पुं.वि.) [*श्रद्धत्ते तच्छीलः, श्रत्पूर्वकात् डुधाञ् धारण-पोषणयोः इति धातोः, स्पृहिग्रहिपतिदयिनिद्रातन्द्राश्रद्धाभ्य आलुच् ३.२.१५८ इति आलुच्*] श्रद्धा गर्ने।

श्रद्धालुः (स्त्री.) [*श्रद्धा विशेषविषये रुचिरस्ति अस्याः, पूर्ववत्*] गर्भको समयमा कुनै विशेष वस्तु खान वा हेर्न इच्छा गर्ने स्त्री। **श्रद्धालु दोहदान्विता** (अभि.चि.३.२०३)।

श्रद्धान्वितः (पुं.वि.) [*श्रद्धया अन्वितः, तृ.त.*] मनमा श्रद्धा भएको/श्रद्धावान/भक्तालु/देवता वा धार्मिक कृत्यमा आस्था भएको।

श्रद्धावान् (पुं.वि.) [*श्रद्धा अस्यास्तीति,मतुब्, मस्य वः*]श्रद्धालु। **श्रद्धावान् लभते ज्ञानम्** (भ.गी., अध्याय ४)।

श्रद्धास्पदम् (नपुं.) [*श्रद्धाया आस्पदम्, ष.त.*] श्रद्धाभाजन/श्रद्धा गर्न लायक/श्रद्धेय।

श्रद्धेयः (पुं.वि.) [*श्रद्धायै अर्हः, तदर्हति ५.१.६३ इति यत्*] श्रद्धा गर्न लायक/आदरणीय/श्रद्धास्पद।

श्रन्थः (धा.) [*सन्दर्भे, सक.सेट् पर.*] लट्– **श्रथ्नाति–** रचना बनाउँछ, क्रमैले राख्छ इत्यादि।

श्रन्थ (धा.) [*विमोचनप्रतिहर्षयोः, सक.सेट् पर.*] त्याग गर्नु, आनन्द लिनु। लट्– **श्रथ्नाति–** त्याग गर्छ, आनन्द लिन्छ इत्यादि।

श्रन्थ (धा.) [*सन्दर्भे, सक.सेट् उभय.*] रचना गर्नु, क्रमैले राख्नु। लट्– **श्रन्थयति-ते–** रचना गर्छ, क्रमैले राख्छ इत्यादि।

श्रन्थनम् (नपुं.) [*श्रन्थधातोर्भावे ल्युट्*] माला गुथ्ने काम। **सन्दर्भो रसना गुम्फः श्रन्थनं ग्रन्थनं समाः** (अभि.चि.३.३३७)।

श्रमः (पुं.) [*श्रमु तपसि खेदे च इति धातोः, भावे ३.३.१८ इति घञ्, न वृद्धिः*] मेहनत/परिश्रम/प्रयास/थकाइ लाग्ने गरी गरिएको कुनै काम। **~कणः** (पुं.) [*श्रमस्य कण इव कणः, त.स.*] श्रमजल/परिश्रम गर्दा शरीरबाट निस्कने कण वा जल/पसिना। **~कार्यालयः** (पुं.) [*श्रमकार्यस्य आलयः, ष.त.*] श्रमिकहरूको सङ्ख्या, स्थिति आदि सम्बन्धी जानकारी प्राप्त गराउने कार्यालय। **~जीवी** (पुं.वि.) [*श्रमेण जीवति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मजदुर/ श्रमिक/श्रमी/ ज्यामी/शारीरिक वा बौद्धिक परिश्रम गरेर जीविका गर्ने/कुनै प्रकारको मजदुरी गरेर जीवन निर्वाह गर्ने। **~दानम्** (नपुं.) [*श्रमस्य दानम्, ष.त.*] जनताले सहयोगको भावनाले स्वेच्छाले बाटो-घाटो, मन्दिर, विद्यालय,महाविद्यालय, नहर, बाँध आदि बनाउन सहयोग गर्नु। जनसाधारणको उपयोगका लागि चाहिने वस्तुहरूको निर्माणका काममा ज्याला नलिई वा कम मजदुरी लिई गरिने काम। **~विभागः** (पुं.) [*श्रमस्य विभागः, ष.त.*] श्रमिकहरूको व्यवस्था र हितसम्बन्धी काम गर्ने विभाग। **~विवादः** (पुं.) [*श्रमे विवादः, स.त.*] श्रमिकहरूको तलब, लाभांश वा बोनस तथा अरू प्रश्नका सम्बन्धमा उठेको विवाद वा झगडा। **~शीलः** (पुं.वि.) [*श्रमे शीलः, स.त.*] परिश्रमी/ मिहनती। **~सङ्घः** (पुं.) [*श्रमस्य सङ्घः, ष.त.*] कारखाना आदिमा काम गर्ने श्रमिकहरूको स्थिति अनुसार तिनीहरूका हितरक्षामा बढी ध्यान दिने सङ्घ।

श्रमणकः (पुं.) [*श्राम्यति, श्रमु तपसि खेदे च इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.श्रमिक २.बौद्ध सन्यासी/बौद्ध भिक्षु/श्रवण।

श्रमिकः (पुं.वि.) [*श्रम अस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] मिहेनतको काम गर्ने व्यक्ति/खेताला/मजदुर। **~कल्याणकार्यम्** (नपुं.) [*श्रमिकाणां कल्याणम्, ष.त., तस्य कार्यम्, ष.त.*] श्रमिकहरूको भलाइको लागि गरिने कार्य। जस्तै स्वास्थ्यरक्षा, सफाइ र हावादार घरको व्यवस्था आदि। **~कल्याणकेन्द्रम्** (नपुं.) [*श्रमिकाणां कल्याणम्, ष.त., तस्य केन्द्रम्, ष.त.*] श्रमिकहरूका भलाइका लागि विभिन्न कार्यहरू गरिने केन्द्र वा ठाउँ। **~क्षतिपूर्त्यधिनियमः** (पुं.) [*श्रमिकाणां क्षतिः, ष.त., तस्य पूर्तिः, ष.त., तस्य अधिनियमः, ष.त.*] खेताला क्षतिपूर्ति अधिनियम/श्रमिक तथा कामदारहरूलाई काम गर्दाको समयमा लाग्ने घाउ, चोट वा अरू प्रकारले हुने हानि नोक्सानीको बदलामा मालिक वा व्यवसायिक संस्थाहरूबाट हर्जाना दिलाउनका लागि बनाएको अधिनियम।

श्रमु (धा.) [*तपसि खेदे च, सक.सेट् पर.*] तपस्या गर्नु, थाक्नु, दुःखित हुनु। लट्– **श्राम्यति–** तपस्या गर्छ, थाक्छ, दुःखित हुन्छ इत्यादि।

श्रम्भु (धा.) [*प्रमादे, अक.सेट् आत्म.*] गल्ती गर्नु। लट्– **श्रम्भते–** गल्ती गर्छ इत्यादि।

श्रयः (पुं.) [*श्रयणम्, एरच् ३.३.५६ इत्यच्*] आश्रय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रयणम् (नपुं.) [*श्रीञ् सेवायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.सेवा गर्नु २.आश्रय लिनु ।

श्रवः (नपुं.) [*श्रूयतेऽनेन, श्रु श्रवणे इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्*] कान।

श्रवः (पुं.) [*श्रूयतेऽनेन, ऋदोरप् ३.३.५७ इत्यप्*] १.कान २.अन्न (निघण्टु) ३.[*श्रूयते इति कर्मणि अप्*] शब्द ४.यश ५.[*भावेऽप्*] सुन्ने काम।

श्रवणः (पुं.) [*श्रुधातोः बहुलमन्यत्रापि (उ.) इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, गुणः, णत्वम्*] १.बाइसौं नक्षत्र। यसको ध्रुवांश मेष विन्दुबाट २७३ कला टाढा छ। यसमा तीनवटा तारा छन्। यसको आकार तीरको जस्तो छ। यसको योगतारा बिचमा छ। यसको शर (क्रान्तिवृत्तबाट हुने दूरी) दक्षिण ० अंश २० कला छ। (सिद्धान्त दर्पण) यस नक्षत्रको सीमा २९३ अंश २० कला हो। यो नक्षत्र २८१ अंश ५२ कलामा रहेको हुँदा यसले आफ्नो सीमाको अतिक्रमण गरेको छैन। यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार खि खु खे खो बाट प्रारम्भ हुन्छ। यो पृथ्वीबाट करिब १५७ प्रकाश वर्ष टाढा छ। (आकाश दर्शन) यो प्रथम श्रेणीको तारा हो। यो तारा सूर्यभन्दा १० गुना तेजिलो छ। **श्रवणः पुनः। हरिदेवः** (अभि.चि.) २.(पुं.वि.) [*शृणोति, नन्द्यादितया ल्युः, अनः*] धेरै सुनेको ३.(पुं.) पिप्पलको रुख।

श्रवणम् (नपुं.) १.[*श्रु श्रवणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः, णत्वम्*] सुन्नु। **शुश्रूषा श्रवणञ्चैव ग्रहणं धारणं तथा। ऊहोऽपोहोऽर्थविज्ञानं तत्त्वज्ञानञ्च धीगुणाः।** (कामन्दकीय ४.२२) २.[*श्रूयतेऽनेन, श्रु श्रवणे इति धातोः, करणाधिकरयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः, णत्वम्*] सुन्ने इन्द्रिय/कान/कर्ण। **श्रवणं श्रुतौ च कर्णे नक्षत्रे न नपुंसकम्** (मेदिनी.)।**~गोचरः** (पुं.वि.) [*श्रवणे गोचरः,स.त.*] कानमा सुन्न पुगेको/सुनिएको। **~परुषः** (पुं.वि.) [*श्रवणे परुषः, स.त.*] सुन्दा नराम्रो लाग्ने/ कर्णकटु/श्रुतिकटु। **~मधुरः** (पुं.वि.) [*श्रवणे मधुरः, स.त.*] सुन्दा मिठो लाग्ने। **~विवरम्** (नपुं.) [*श्रवणयोर्विवरम्, ष.त.*] कानको प्वाल।

श्रवणा (स्त्री.) सत्ताइस नक्षत्रमध्ये एक नक्षत्र/श्रवण नक्षत्र।

श्रवणीयः (पुं.वि.) [*श्रोतुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] सुन्न योग्य/श्रव्य।

श्रवद्गर्भा (स्त्री.) [*स्रवन् गर्भो यस्याः सा, बहु.स.*] व्याउन लागेको गाई।

श्रविष्ठः (पुं.) [*श्रविष्ठासु जातः, सन्धिवेलाद्यृतुनक्षत्रेभ्योऽण् ४.३.१६ इति अण्, श्रविष्ठाफाल्गुन्यनुराधा. ४.३.३४ इति अणो लुक्*] श्रविष्ठा नक्षत्रमा पैदा भएको।

श्रविष्ठा (स्त्री.) [*श्रवणम् श्रु श्रवणे इति धातोः, ऋदोरप् ३.३.५७ इति अप्, अतिशयेन श्रवोऽस्यास्तीति अतिशायने तमविष्ठनौ ५.२.९४ इति इष्ठन्, टाप् ४.१.४*] धनिष्ठा नक्षत्र।

श्रव्यः (पुं.वि.) [*श्रोतुमर्हः,श्रुधातोर्यप्रत्ययः, वान्तादेशः*] सुन्न लायक ।

श्रव्यकाव्यम् (नपुं.) [*श्रव्यञ्च तत् काव्यञ्च, कर्म.स.*] सुनेर मात्र आनन्द लिइने काव्य/सुनेर वा पढेर आनन्द लिइने काव्य, जस्तै– कथा, उपन्यास, कविता, महाकाव्य, निबन्ध आदि। **श्रव्यं श्रोतव्यमात्रं स्यात्** (सा.द.परिच्छेद ६)।

श्रा (धा.) [*पाके, अदा.सक.अनिट्, पर.*] पकाउनु। लट्– **श्राति–** पकाउँछ इत्यादि।

श्रा (धा.) [*पाके*] पकाउनु। लट्– **श्रपयति–** पकाउँछ, अरू अर्थमा **श्रापयति–** पसिना निकाल्छ इत्यादि।

श्राणः (पुं.वि.) [*श्राधातोः क्तः,तस्य नः, णत्वम्*] पाकेको (मेदिनी.)।

श्राणम् (नपुं.) घिउ, पानी, दुध हालेर पकाएको खाने कुरा (जटाधर)।

श्राणा (स्त्री.) [*श्रायते स्म, श्रा पाके इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, संयोगादेरातः ८.२.४३ इति निष्ठा-नत्वम्*] हलुवा।

श्राद्धः (पुं./नपुं.) [*श्रद्धा हेतुत्वेनास्त्यस्य, प्रज्ञाश्रद्धा ५.२.१०१ इति णः*] धर्मशास्त्रअनुसार पितृहरूको उद्देश्यले श्रद्धापूर्वक गरिने पिण्डदान, ब्राह्मण भोजन आदि/पितृयज्ञ/श्राद्धकर्म वा क्रिया। **श्रद्धया दीयते यस्मात् श्राद्धं तेन निगद्यते** (श्राद्धतत्त्व)।

श्राद्धकर्म (नपुं.) [*श्राद्धञ्च तत्, कर्म च,कर्म.स.*] धर्मशास्त्रअनुसार पितृहरूलाई उद्देश्य राखेर श्रद्धापूर्वक गरिने पिण्डदान, ब्राह्मण भोजन आदि/पितृयज्ञ। मुख्यतया श्राद्ध पाँच प्रकारका हुन्छन्– नित्य, नैमित्तिक, काम्य, वृद्धि र पार्वण। **नित्यं नैमित्तिकं काम्यं वृद्धिश्राद्धं तथैव च। पार्वणञ्चेति मनुना श्राद्धं पञ्चविधं स्मृतम्॥** विश्वामित्रको भनाइअनुसार श्राद्ध बाह्र प्रकारका हुन्छन्– नित्य, नैमित्तिक, काम्य, वृद्धि, सपिण्डन, पार्वण, गोष्ठी, शुद्धि, कर्माङ्ग, दैविक, यात्रा (तीर्थ) र पुष्टि। **नित्यं नैमित्तिकं काम्यं वृद्धिश्राद्धं सपिण्डनम्। पार्वणञ्चेति विज्ञेयं गोष्ठ्यां शुद्ध्यर्थमष्टमम्। कर्माङ्गं नवमं प्रोक्तं दैविकं दशमं स्मृतम्। यात्रार्थैकादशं प्रोक्तं पुष्ट्यर्थं द्वादशं स्मृतम्॥**

श्राद्धदेवः (पुं.) [*श्राद्धस्य देवः, ष.त., अंशभावत्वात्, पितृपतित्वाद्वा*] १.यमराज। यिनी सूर्यकी पत्नी संज्ञाबाट जन्मेका थिए। **श्राद्धदेवेन कथितं विश्वामित्रस्य चेष्टितम्।** (मा.पु. १५६) २.मनुविशेष ३.श्राद्धका देवता।

श्राद्धकर्ता (पुं.) [*श्राद्धं करोति, तृच्*] श्राद्ध गर्ने व्यक्ति।

श्राद्धी (पुं.) [*श्राद्धमनेन भुक्तम्, श्राद्धमनेन भुक्तमिनिठनौ ५.२.८५ इति इनिः,ठनि श्राद्धिकः*] श्राद्धभोजी।

श्रान्तः (पुं.वि.) [*श्रम तपःखेदयोः इति धातोः क्तः, दीर्घः*] १.थकित २.जितेन्द्रिय ३.शान्त।

श्रान्तिजनकः (पुं.वि.) [*श्रान्तेर्जनकः, स.त.*] थकाइ लाग्दो।

श्रापः (पुं.) [*श्रपणम्, श्रप शापे इति धातोः, भावे ३.३.१८ इति घञ्*] सराप/शाप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रायः (पुं.) [*श्रयणम्, श्रिञ् सेवायाम् इति धातोः, श्रिणीभुवोऽनुपसर्गे* ३.३.२४ इति घञ्] सेवा गर्नु।

श्रावकः (पुं.) [*शृणोति, श्रुधातोः ण्वुल्, अकः*] १.शाक्य मुनिका एक शिष्य २.[*शुभाशुभसन्देशं श्रावयति, श्रुधातोःणिचि ण्वुल्, अकः क्तः*] काग ३.टाढाको ध्वनि ४.सुनाउने व्यक्ति।

श्रावणः (पुं.) [*श्रवणेन युक्ता पौर्णमासी श्रवणा, लुबविशेषे* ४.२.४ *इति प्राप्तो लुब् यद्यपि पौर्णमास्यां नेष्यते, इत्युत्सर्गः, विभाषा फाल्गुनी* ४.२.२३ *इति लिङ्गात्, तथापि श्रवणशब्दादिष्यत एव, तत्रैव* ४.२.२३ *सूत्रे 'श्रवणा' इति निर्देशात्, 'अबाधकान्यपि निपातनानि इति 'श्रावणी' इत्यपि, ततः सास्मिन्* ४.२.२१ *इत्यणि श्रावणः*] १.श्रावण महिना २.[*श्रवणेन आचरति न तु कार्येण*] पाखण्ड। **श्रावणे मासि पाषण्डे।** (हैम.) ३.[*श्रवणेन गृह्यते, शेषे इत्यण्*] शब्द।

श्रावणिकः (पुं.) [*श्रवणनक्षत्रेण युक्ता पौर्णमासी अस्ति अस्मिन् सः, विभाषा फागुनीश्रवणाकार्तिकीचैत्रीभ्यः* ४.२.२३ *इति ठक्, ठस्य इकः*] श्रावण महिना। **श्रावणे तु स्यान्नभाः श्रावणिकश्च सः** (अमर.)।

श्रावणी (स्त्री.) [*श्रवणेन नक्षत्रेण युक्ता पौणमासी, नक्षत्रेण युक्तः कालः* ४.२.३ *इत्यण् ,वृद्धिः,ङीप्*] श्रावणको पूर्णिमा।

श्रावितः (पुं.वि.) [*श्राव्यते स्म, श्रु श्रवणे इति धातोः, णिचि, निष्ठा* ३.२.१०२ *इति क्तः*] सुनाइएको/भनिएको/कथित।

श्राव्यः (पुं.वि.) [*श्रावयितुमर्हः, श्रु श्रवणे इति धातोः, णिचि, अर्हे कृत्यतृचश्च* ३.३.१६९ *इति यत्*] सुनाउन योग्य/श्रवण गर्न लायक/सूचना दिन योग्य।

श्राविष्ठीयः (पुं.वि.) [*श्रविष्ठासु जातः, श्रविष्ठाफल्गुन्यनुराधा-* ४.२.३४ *इति छण्, छस्य ईयः*] धनिष्ठा नक्षत्रमा पैदा भएको।

श्रिञ् (धा.) [*सेवायाम्, सक.सेट् उभय.*] सेवा गर्नु। लट्– **श्रयति–** सेवा गर्छ। **अपाश्रयति–** छोड्छ। **आश्रयति–** आश्रय लिन्छ। **व्यपाश्रयति–** विश्वास गर्छ, भरोसा गर्छ। साष्ट्यङ्ग नमस्कार गर्छ इत्यादि।

श्रितः (पुं.वि.) [*श्रिञ् सेवायाम् इति धातोः निष्ठायां क्तः,श्र्युकः किति* ७.२.११ *इति इण्निषेधः*] १.सेवा गरिएको २.आश्रित ३.पकाइएको। **लक्ष्मणः पुरुषव्याघ्रमथ राघवमब्रवीत्। अयं सर्वसमस्ताङ्गः श्रितः कृष्णमृगो मया॥** (रामा.२.५६.२८)

श्रिषु (धा.) [*दाहे, सक.सेट् पर.*] जल्नु, जलाउनु। लट्– **श्रेषति–** जल्छ, जलाउँछ इत्यादि।

श्रीः (स्त्री.) [*श्रयति भगवन्तं नित्यम्,श्रीयते वा सा, क्विब् वचिप्रच्छ्यायतस्तु-कटप्रु-जु-श्रीणां दीर्घोऽसंप्रसारणञ्च (वा.)* ३.२.१७८ *इति क्विप्, दीर्घः, असम्प्रसारणञ्च*] १.लक्ष्मी २.सरस्वती ३.धन/सम्पत्ति ४.विभूति/एश्वर्य ५.शोभा ६.सौन्दर्य/कान्ति ७.चिठी-पत्र आदिका सुरुमा वा शिरमा लेखिने मङ्गलसूचक शब्द ८.सल्लाको वृक्ष ९.देवता, गुरु, गुरुस्थानीय व्यक्ति, क्षेत्रपाल, क्षेत्रका अधिदेवता, अधिकार प्राप्त व्यक्तित्व आदि नामको अगाडि प्रयोग हुने सम्मानजनक शब्द। **देवं गुरुं गुरुस्थानं क्षेत्रं क्षेत्राधिदेवताम्। सिंहं सिंहाधिकारांश्च श्रीपूर्वं समुदीरयेत्॥** (प्रयोगसार,राघवभट्ट) श्रीशब्दको प्रगोग जीवित व्यक्तिको नामको अगाडि लाग्छ, मृतकका नामको अगाडि लाग्दैन। **जीवतां श्रीशब्दादित्वं नाम्नः,न तु मृतानां तथेति शिष्यचारः** (संस्कारतत्त्व) १०.ल्वाङ ११.वेशरचना १२.त्रिवर्ग/धर्म, अर्थ, काम, १३.वेशरचनाका उपकरण १४.बुद्धि १५.सिद्धि १६.वृद्धि १७.अधिकार १८.कमल १९.वेल २०.औषधिवशेष २१.एक एकाक्षरी छन्द।। यो उक्था छन्दको भेद हो। यसका चारै पाउमा एक एक गुरुवर्णको प्रयोग हुन्छ। **ऽश्रीः** (छन्दो.) २२.रागविशेष। हनुमान्को मतमा ६ रागभित्रको पाचौं राग। यसको गानसमय हेमन्त ऋतुका दिनको दोस्रो प्रहर हो। **श्रीर्वेशरचना शोभा भारतौ सरलद्रुमे। लक्ष्म्यां त्रिवर्गसंपत्तौ वेशोपकरणे मतौ** (विश्व.) **~कान्तः** (पुं.) [*श्रियाः कान्तः, ष.त.*] भगवान् विष्णु। **~गणेशः** (पुं.) [*श्रिया सहितो गणेशो यत्र*] आरम्भ/शुरु/प्रारम्भ। **~फलम्** (नपुं.) [*श्रीयुक्तं फलमस्य, बहु.स.*] १.नरिवल २.बेल।

श्रीकण्ठः (पुं.) [*श्रीः शोभा कण्ठे यस्य सः, बहु.स.*] १.शिवजी २.कुरुजाङ्गलदेश। **श्रीकण्ठः कुरुजाङ्गले। शङ्करे च।** (विश्व.) ३.पक्षिविशेष। **~पदलाञ्छनः** (पुं.) [*श्रीकण्ठ इति पदं लाञ्छनं यस्य सः, बहु.स.*] भवभूति। **अस्ति खलु तत्र भवान् काश्यपः श्रकिण्ठपदलाञ्छनो भवभूतिर्नाम।** (प्रस्तावना, उ.रा.च.) हे. **भवभूतिः।** **~सखः** (पुं.) [*श्रीकण्ठस्य शिवस्य सखा, टच्,ष.त.*] कुबेर। **श्रीदः श्रीकण्ठसखो मनुष्यधर्मा धनाध्यक्षः** (हला.७८)।

श्रीकरः (पुं.) [*श्रियः करः, ष.त.*] १.विष्णु २.एक ग्रन्थकार ३.(पुं.वि.) शोभा वा सम्पत्ति दिने।

श्रीकान्तः (पुं.) [*श्रियः लक्ष्म्याः कान्तः, ष.त.*] विष्णु।

श्रीकारी (पुं.) [*श्रियं करोति तच्छीलः, कृधातोः सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] मृगविशेष।

श्रीकृष्णः (पुं.) [*श्रिया युतः कृष्णः, म.प.स.*] हे. कृष्ण।

श्रीखण्डः (पुं.) [*श्रियः शोभायाः खण्ड इव यत्र*] सेतो चन्दन। काँचो रुखलाई काट्यो भने त्यसलाई वेट्ट भनिन्छ। आफैं सुकेको रुखलाई काटेको चन्दनलाई सुकण्डी भनिन्छ। मलयपर्वतबाट आएको श्रीखण्ड सर्वोत्तम चन्दन मानिन्छ। अन्य गुण सबै चन्दनमा समान भएपनि यसमा वासना बढी हुन्छ।

चन्दनानि तु सर्वाणि सदृशानि रसादिभिः।
गन्धेन तु विशेषोऽस्ति पूर्वः श्रेष्ठतमो गुणैः॥ (भा.प्र.नि.)

पूजा, आसव, अरिष्ट, अवलेह आदिमा यसको प्रयोग हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीग्रहः (पुं.) [*श्रियो ग्रहो यत्र, बहु.स.*] पक्षीको पानी खाने स्थल।

श्रीघनः (पुं.) [*श्रिया घनः पूर्णः, तृ.त., क्षुभ्नादित्वात् ८.४.३९ न णत्वम्*] बुद्ध। **मुनीन्द्रः श्रीघनः शास्ता** (अमर.)।

श्रीञ् (धा.) [*पाके, सक.अनिट् उभय.*] पकाउनु। लट्– **श्रीणाति– श्रीणीते–** पाक्छ इत्यादि।

श्रीदः (पुं.) [*श्रियं दयते, ददाति वा, आतोऽनुपसर्गे कः, ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] कुबेर।

श्रीधरः (पुं.) [*धरतीति, पचाद्यच्, श्रियाः धरः, ष.त.*] १.विष्णु २.शालग्रामविशेष। **श्रीधरं देवि विज्ञेयं श्रीप्रदं गृहिणां सदा।**

श्रीनन्दनः (पुं.) [*श्रियाः नन्दनः, ष.त.*] कामदेव।

श्रीनिकेतनः (पुं.) [*श्रियं निकेतयति,वासयति, ल्युः, अनः*] विष्णु।

श्रीपञ्चमी (स्त्री.) [*श्रियः सरस्वत्याः पञ्चमी, ष.त.*] माघशुक्ल पञ्चमी। सरस्वतीको पूजा गर्ने दिन यस दिन शैक्षिक संस्थाहरूले विद्याकी अधिष्ठात्री देवी सरस्वतीको मूति बनाई सजाएर राखी नाचगान गर्दै पूजा गरेर भव्यताका साथ मनाउँछन्। भोलिपल्ट गाडीमा राखी नाचगान जयजयकार गर्दै मूर्तिलाई नदीमा लगेर सेलाउँछन्। शिशुहरूले अक्षरारम्भ गर्ने दिन, वसन्तपञ्चमी। कपिय स्थानहरूमा यस दिन वसन्तश्रवण गरिन्छ।

श्रीपतिः (पुं.) [*श्रियः पतिः, ष.त.*] १.विष्णु २.राजा ३.सम्पत्तिको मालिक। **श्रीपतिर्विष्णुभूपयोः** (विश्व.) ४.ज्योतिशास्त्रका एक प्रकाण्ड विद्वान्। यिनी गणित र फलित दुवै किसिमको ज्योतिषमा सिद्धहस्त थिए। यिनको समय एघारौँ शताब्दी मानिन्छ। यिनले पाटीगणित, बीजगणित, सिद्धान्तशेखर, श्रीपतिपद्धति, रत्नावली, रत्नसार, रत्नमाला आदि थुप्रै ग्रन्थ लेखेका छन्। यिनको शैली अत्यन्त सरल, सुबोध र लालित्यपूर्ण छ।

श्रीपथः (पुं.) [*श्रियः पन्थाः, ष.त., ऋक्पूरब्धू– ५.४.७४ इति अप्रत्ययः*] राजमार्ग। **घण्टपथः संस्मरणं श्रीपथो राजवर्त्म च** (अभि.चि. ३.५३)।

श्रीपर्णम् (नपुं.) [*श्रीः पर्णेषु यस्य तत्*] १.कमल २.गिनेरी। **श्रीपर्णमग्निमन्थेऽब्जे श्रीपर्णी शाल्मलौ हठे** (हैम.)।

श्रीपर्णिका (स्त्री.) [*श्रीः पर्णेषु यस्याः, पाककर्णपर्ण ४.१.६४ इति ङीप्, स्वार्थे कन् ५.३.७५, टाप् ४.१.४, इत्वम्*] १.काफल २.अग्निमन्थ ३.कमल। **श्रीपर्णी काश्मरीकुम्भ्योः क्लीबे पद्माग्निमन्थयोः** (मेदिनी.)।

श्रीपर्णी (स्त्री.) [*श्रीयुक्तानि पर्णानि यस्याः सा, बहु.स.*] १.खमारी सिमल (मेदिनी.)।

श्रीपुष्पः (पुं.) [*श्रिया युक्तं पुष्पमस्य, बहु.स.*] ल्वाङ।

श्रीफलः (पुं.) [*श्रीपदं श्रीप्रियं वा फलमस्य, शाकपार्थिवादिः (वा.) २.१.६९*] बेल। **श्रीफलं पुंसि मालूरे धात्रीनीलिकयोः स्त्रियाम्** (मेदिनी.)।

श्रीफला (स्त्री.) [*श्रीपदं श्रीप्रियं वा फलमस्याः, शाकपार्थिवादिः (वा.) २.१.६९, टाप् ४.१.४*] अमला।

श्रीफली (स्त्री.) [*श्रीमत् फलमस्याः*] नीर।

श्रीमती (स्त्री.) [*श्रीरस्त्यस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, उगितश्च ४.१.६ इति ङीप्*] १.श्रीमान्‌को स्त्रीलिङ्गी रूप/पत्नी २.स्त्रीहरूका नामको अघिल्तिर प्रयोग गरिने सम्मानसूचक शब्द। **योषिन्नाम्नो पूर्वमेतच्छब्दो योज्य इति शिष्यचारः** (श.क.द्रु.)।

श्रीमद्भागवतम् (नपुं.) [*भगवता प्रोक्तम्, तेन प्रोक्तम् ४.३.१०१ इत्यण्, श्रीमच्च तद् भागवतञ्च, कर्म.स.*] क्रमअनुसार पाचौं पुराण। यसलाई कसैले महापुराण र कसैले उपपुराणको रूपमा लिएका छन्। यसमा भक्तिको प्रधान्य छ। जीवन, जगत् र ईश्वरका सम्बन्धमा विस्तृत विवेचना भएको छ। यसमा अधिष्ठानता, साक्षिता र निरपेक्षता जस्ता गुणयुक्त ब्रह्मविषयक चिन्तन छ। श्रीमद्भागवतमा १२ स्कन्ध, ३३५ अध्याय र लगभग १८ हजार श्लोक छन्। विद्याको दृष्टिबाट कृष्णलीलाप्रधान श्रीमद् भागवत उच्चकोटिको छ। भनिन्छ– **विद्यावतां भागवते परीक्षा।**

श्रीमान् (पुं.) [*श्रीरस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् (५.२.९४) इति मतुप्*] १.विष्णु २.शिव ३.कुबेर ४.पुरुष जातिका नामको अघिल्तिर प्रयोग गरिने सम्मानसूचक शब्द ५.आफूभन्दा माथिल्लो दर्जा वा बढी उमेरका भद्र व्यक्तिलाई सम्बोधन गर्दा प्रयोग गरिने मान्यताबोधक शब्द ६.अदालतमा वकिलहरू, तथा त्यहाँका कर्मचारीले न्यायाधीशलाई सम्बोधन गर्दा प्रयोग गरिने मान्यताबोधक शब्द ७.सम्पत्तिशाली/धनवान् ८.शोभाले युक्त/सौन्दर्यपूर्ण ९.तिल्के रुख। १०.पिप्पलको रुख। **श्रीमांस्तिलकवृक्षे ना मनोज्ञे धनिके त्रिषु** (मेदिनी.)।

श्रीमुखः (पुं.) कालचक्रको सातौं वत्सर।

श्रीमूर्तिः (स्त्री.) [*श्रीयुता मूर्तिः, म.प.स.*] विष्णुको प्रतिमा।

श्रीयुतः (पुं.वि.) [*श्रिया युता, तृ.त.*] १.धनवान् २.बुद्धिमान् ३.शोभावान् ४.प्रतिष्ठाप्राप्त शोभाले युक्त ५.श्रीशब्द जोडिएको।

श्रीरागः (पुं.) छरागमध्ये तेस्रो राग।

श्रीराघवाचार्यः (पुं.) संस्कृत चम्पूकाव्यकारमध्ये प्रसिद्ध एक चम्पूकाव्यका निर्माता। यिनले लेखेको चम्पूग्रन्थ **वैकण्ठविजय चम्पू** हो। यिनी सत्रौँ शताब्दीका हुन्। यिनको काव्यशैली अत्यन्त सुन्दर छ।

श्रीरामः (पुं.) [*श्रिया युतो रामः, म.प.स.*] रामचन्द्र (शब्द-रत्नावली)।

श्रीरामनवमी (स्त्री.) [*श्रिया युता रामनवमी, म.प.स.*] चैत्र शुक्ल नवमी। रामचन्द्रको जन्मदिन। यस दिन राम मन्दिरमा खास गरी जनकपुर र अयोध्याका राम मन्दिरका परिसरमा ठुला मेला लाग्दछन्। व्रतालु तथा दर्शनार्थीको ठुलो घुँइचो लाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीलः (पुं.वि.) [*श्रीरस्यास्ति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्, श्रियं लाति वा, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, कपिलिकादित्वात् (वा.) ८.२.१८ लत्वे 'श्लीलः' इत्यपि*] धन र गृहशोभा प्रशस्त भएको।

श्रीवत्सः (पुं.) [*वदति महत्त्वमिति, वृ–तृ–वचि–हनि–कषिभ्यः सः (उ.) इति सः, श्रिया युक्तो वत्सः म.प.स.*] १.विष्णुपुराण अनुसार भृगुका पादप्रहारले विष्णुका छातीमा अङ्कित भएको चिह्न २.पुरुषका छातीमा हुने दायाँबाट घुमेको रौँको चक्राकार चिह्न ३.प्राचीनकालमा काठमाडौँ उपत्यकाका राज्यहरूमा चलेको एक छाप ४.योगविशेष ५.[*श्रिया युतं वत्सं वक्षस्थलं यस्य सः, बहु.स.*] विष्णु। **श्रीवत्सो देवकीसूनुर्गोपेन्द्रो विष्टरश्रवाः** (अभि.चि. २.१६२)।

श्रीवत्सभृत् (पुं.) [*श्रीवत्सं बिभर्ति, क्विप्, तुक्*] विष्णु। **यदुनाथो गदाशार्ङ्गचक्रश्रीवत्सशङ्खभृत्** (अभि.चि. २.१२३)।

श्रीवत्सलाञ्छनः (पुं.) [*वदति महत्वम् वृ–तृ–वचि–वसि–हनि–कमि–कषिभ्यः सः (उ.) ३.६२ सः, श्रीयुक्तो वत्सः श्रीवत्सो श्वेतरोमावर्तविशेषो लाञ्छनं यस्य सः, बहु.स.*] विष्णु। **विश्वम्भरः कैटभजिद् विधुः श्रीवत्सलाञ्छनः** (अमर.)

श्रीवत्साङ्कः (पुं.) [*श्रीवत्सः अङ्कश्चिह्नविशेषो यस्य सः, बहु.स.*] विष्णु। **श्रीवत्साङ्कः श्रीपतिः पीतवासाः** (हला.२१)।

श्रीवासः (पुं.) १.[*श्रियं सरलवृक्षं वासयति, श्रीपूर्वकाद् वसधातोर्णिचि अच्*] सल्लाको खोटो २.[*श्रीः लक्ष्मीः, तस्या वासो यत्र,बहु.स.*] १.कमल २.विष्णु। **श्रीवासो वृकधूपे स्यात् पङ्कजे मधुसूदने** (मेदिनी.) ३.शिव (शब्दरत्नावली)।

श्रीविद्या (स्त्री.) [*श्रिया श्री सहिता विद्या म.प.स.*] दश महाविद्यान्तर्गत त्रिपुरा सुन्दरी।

श्रीवृक्षः (पुं.) [*श्रिया युतो वृक्षः,म.प.स.*] १.बेलको रुख २.पिप्पल

श्रीवेष्टः (पुं.) [*श्रिया वेष्ट्यो निर्यासः, ष.त.*] सल्लाको खोटो।

श्रीशङ्खुकः (पुं.) काव्यशास्त्रका आचार्य। यिनलाई नाट्यशास्त्रका व्याख्याताका रूपमा लिइन्छ। यिनले भरत रससूत्रको व्याख्या गर्दा रसलाई अनुमानगम्य सिद्ध गरेर अनुमिति सिद्धान्तको स्थापना गरेका छन्। यिनको दृष्टिकोणमा रस अनुमान गरिने विषय हो। –हे. **रसनिष्पत्तिः**।

श्रीशः (पुं.) [*श्रिया ईशः,ष.त.*] विष्णु। **श्रीशस्त्वावतु मापीह** (सि.कौ.)।

श्रीसंज्ञम् (नपुं.) [*श्रियः संज्ञा यस्य तत्, बहु.स.*] ल्वाङ।

श्रीसम्पत्तिः (स्त्री.) [*श्रीश्च सम्पत्तिश्च, द्व.स., वा एकवद्*] कसैको अधिकारमा रहेको सम्पत्ति/सर्वस्व/जेथा/धनदौलत।

श्रीहर्षः (पुं.) **नैषधचरितमहाकाव्य**का रचयिता। यिनको समय बाह्रौँ शताब्दी हो। यिनले **स्थैर्यविचारप्रकरण**, **विजयप्रशस्ति**, **खण्डनखण्डखाद्य**, **गौडोर्वीशकुलप्रशस्ति**, **अर्णववर्णन**, **छिन्दप्रशस्ति**, **नवसाहसांकचरितचम्पू** र **नैषधीयचरित** लेखेका छन्। स्थैर्यप्रकरणमा १२३ श्लोक छन् भन्ने कुराको उल्लेख छ। तर, यो रचना उपलब्ध छैन। विजयप्रशस्तिमा जयचन्द्रका बाबु विजयचन्द्रको प्रशंसा गरिएको छ। यो ग्रन्थ पनि हालसम्म प्राप्त हुन सकेको छैन। खण्डनखण्डखाद्य वेदान्तको ग्रन्थ हो। यो नव्यन्यायको शैलीमा रचिएको छ। यसमा न्यायका सिद्धान्तको खण्डन गरेर वेदान्तका सिद्धान्तको समर्थन गरिएको छ। यो प्रौढ दार्शनिक ग्रन्थ हो। गौडोर्वीशकुलप्रशस्तिमा गौड राजाको प्रशंसा गरिएको छ। यो ग्रन्थ पनि उपलब्ध छैन। अर्णववर्णन–समुद्रको वर्णनसँग सम्बद्ध ग्रन्थ हो। यो पनि प्राप्त छैन। छिन्दप्रशस्तिमा छिन्दनामक राजाको प्रशंसा गरिएको छ। यो पनि अनुपलब्ध नै छ। शिवशक्तिसिद्धि शिव र शक्तिको साधनासँग सम्बद्ध छ। नवसाहसांकचरितचम्पू नवसाहस नामक राजाको चरित्रसँग सम्बद्ध छ। नैषधीयचरितमा नलदमयन्तीको कथालाई काव्यात्मक रूप दिइएको छ। यसमा २२ सर्ग छन्। यो कृति संस्कृत साहित्यको प्रसिद्ध र प्रौढ महाकाव्य हो।

श्रीहस्तिनी (स्त्री.) [*श्रिया हस्तः, श्रीहस्तो विद्यतेऽस्याः, अत इनिठनौ ५.२.११५ इतीनिः, यद्वा हस्तं गृह्णाति, हस्तयति, अवश्यं श्रियं हस्तयति, आवश्यका ३.३.१७० इति णिनिः, इति वा*] १.हात्तीका कानजस्ता पात हुने भूरुणी साग २.वृक्षविशेष।

श्रु (धा.) [*श्रवणे, भ्वा. सक.अनिट्, पर.*] सुन्नु। लट्– **शृणोति**– सुन्छ। **प्रतिसंशृणुते**- कबोल गर्छ, **विशृणोति**- प्रख्यात हुन्छ। लिट्– **सुश्राव**– सुनेछ (अन.)। लुट्– **श्रोता**– सुन्ने छ (अन.)। लृट्– **श्रोष्यति**– सुन्ने छ। लोट्– **शृणोतु**– सुनोस्। लङ्– **अशृणोत्**– सुन्यो (अन.)। विधिलिङ्– **शृणुयात्**– सुन्ला, सुनोस्। आशीर्लिङ्– **श्रूयात्**– सुनोस्। लुङ्– **अश्रौषीत्**– सुन्यो। लृङ्– **अश्रोष्यत्**– सुन्ने थियो। कर्मणि– **श्रूयते**– सुनिन्छ। णिचि– **श्रावयति-ते**– सुनाउँछ। सनि– **शुश्रूषते**– सुन्न चाहन्छ। कृदन्ते– **श्रवणीयम्-श्रोतव्यम्**– सुन्नु पर्ने। **श्रवणम्-श्रवः**– सुनाइ। **श्रावकः/श्रावी**– सुनाउने। **श्रोता**– सुन्ने, **श्रोत्रम्**– कान। **श्रुतः**– सुनिएको। **श्रुतिः**– सुनाइ, वेद। **श्रोतुम्**– सुन्न। **श्रुत्वा/उपश्रुत्य**– सुनेर। **शृण्वन्**– सुन्दै गरेको। **श्रूयमाणः**– सुनिरहिएको इत्यादि।

श्रुतः (पुं.वि.) [*श्रूयते स्म, श्रु श्रवणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सुनिएको/कर्णगोचर भएको/परम्परादेखि सुन्दै आएको २.प्रसिद्ध/विख्यात।

श्रुतकीर्तिः (स्त्री.) [*श्रुता कीर्तिर्यस्याः सा, बहु.स.*] जनकका भाइ कुशध्वजकी छोरी।

श्रुतकीर्तिः (पुं.) [*श्रुता कीर्तिर्यस्य सः, बहु.स.*] १.देवर्षि नारद २.अर्जुनबाट द्रौपदीमा जन्मिएको एक सन्तान ३.कीर्तिशाली व्यक्तित्व।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतबोधः (पुं.) १.[*श्रुतेन श्रवणेनैव छन्दसां बोधो यस्मात् सः*] कालिदासले बनाएको छन्दसम्वन्धी ग्रन्थ २.[*श्रुत एव बोधः*] सुन्नासाथ बुझिनु।

श्रुतम् (नपुं.) [*श्रूयते स्म यत्, श्रुधातोर्भावे क्तः*] शास्त्र।

श्रुतिः (स्त्री.) [*श्रवणमिति स्त्रियां क्तिन् ३.३.९४ इति भावे क्तिन्*] १.सुन्ने काम/श्रवण २.[*श्रूयतेऽनया श्रुञ् श्रुतौ इति धातोः, श्रुयजीषिस्तुभ्यः करणे (वा.) ३.३.९४ इति क्तिन्*] सुन्ने इन्द्रिय/कान। **करौ हरेर्मन्दिरमार्जनादिषु श्रुतिं चकाराच्युत सत्कथोदये ।** (भाग.९.४.१८) ३.सृष्टिको आरम्भदेखि चलिआएको पवित्र ज्ञान/वेद। **श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रन्तु वै स्मृतिः ।** (मनु.२.१०) ४.किंवदन्ती/जनश्रुति ५.दुई मूल स्वरका बिचको उपस्वर ६.आम्नाय ७.वार्ता। **श्रुतिः श्रोत्रे च तत्कर्मण्याम्नाय वार्तयोः स्त्रियाम् ।** (मेदिनी.) **~कटुः** (पुं.) [*श्रुतौ कटुर्यत्र सः, बहु.स.*] १.सुन्दा कानमा कटुता पैदा गर्ने ध्वनि/कर्णकटु २.साहित्यमा प्रसिद्ध दुश्रव नामक दोष। **~गम्यः** (पुं.वि.) [*श्रुत्या गम्यः, तृ.त.*] सुन्न सकिने/कानद्वारा ग्रहण गर्न सकिने/कर्णगोचर। **~धरः** (पुं.वि.) [*श्रुत्या श्रवणमात्रेण धरति,अच्*] सुन्नासाथ विषय धारण गरिहाल्ने, अभ्यास गर्नु नपर्ने। **~मधुरः** (पुं.वि.) [*श्रुत्या मधुरः,तृ.त.*] सुन्दा आनन्द लाग्ने/कर्णमधुर। **~लिपिः** (स्त्री.) [*श्रुतेः लिपिः, ष.त.*] श्रुतिलेखन। **~लेखनम्** (नपुं.) [*श्रुत्या लेखनम्, तृ.त.*] सुनेर लेख्ने काम। **~ वर्जितः** (पुं.वि.) [*श्रुत्या वर्जितः, ष.त.*] १.कान नभएको/बहिरो २.वेद नपढेको। **~वेधः** (पुं.) [*श्रुतेर्वेधो यत्र सः, बहु.स.*] कान छेड्ने संस्कार/कर्णवेध।

श्रुती (पुं.वि.) [*श्रवणम्, श्रुतम्, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, श्रुतमनेन, क्तस्येन्विषयस्य कर्मण्युपसङ्ख्यानम् (वा.) ५.२.८८ इति इनिः*] श्रोता। **कृती श्रुती वृद्धमतेषु** (भट्टि.)।

श्रुत्यनुप्रासः (पुं.) [*श्रुतिसम्बद्धोऽनुप्रासः, म.प.स.*] एउटै उच्चारण अवयवबाट उच्चारण हुने स्वर वा व्यञ्जनहरू बारम्बार आवृत्ति हुँदा पर्ने एक शब्दालङ्कार/अनुप्रास अलङ्कारको एक भेद।

श्रुवः (पुं.) १ यज्ञ (जटाधर) २.(नपुं.) सुरो।

श्रेणिः (पुं.स्त्री.) [*श्रयति सेवतेऽसौ, श्रिञ् सेवायाम् इति धातोः, वहिश्रिश्रुयुद्रुग्लाहात्वरिभ्यो नित् (उ.) ५०० इति निः, नित्वञ्च*] १.ताँती/पङ्क्ति २.कालिगढको समूह। **श्रेणिः स्त्रीपुंसयोः पङ्क्तौ समानशिल्पिसंहतौ** (मेदिनी.) ३.तह।

श्रेणी (पुं.) [*श्रयति सेवतेऽसौ, श्रिञ् सेवायाम् इति धातोः, वहिश्रिश्रुयुद्रुग्लाहात्वरिभ्यो नित् (उ. ५००) इति निः, नित्वञ्च, ङीप्*] १.कक्षा २.ताँती/लहर/क्रम/सिलसिला ३.दल/वर्ग ४.कालिगढको समूह। **~बद्धः** (पुं.वि.) [*श्रेण्यां बद्धः, स.त.*] श्रेणीमा मिलेको/पङ्क्तिबद्ध/सिलसिला मिलेको/क्रमबद्ध।

श्रेयः (नपुं.) [*अतिशयेन प्रशस्यम्, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इतीयसुन्, प्रशस्यस्य श्रः ५.३.६० इति श्रः*] १.धर्म २.मुक्ति ३.कल्याण।

श्रेयसी (स्त्री.) [*अतिप्रशस्ता, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, प्रशस्यस्य श्रः ५.३.६० इति श्रः, उगितश्च ४.१.६ इति ङीप्*] १.हर्रो २.गजपिप्पली ३.गुधेरगानो ४.तितेपाती। **श्रेयसी करिपिप्पल्यामभयापाठयोरपि** (मेदिनी.)।

श्रेयान् (पुं.वि.) [*अतिशयेन प्रशस्यः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, प्रशस्यस्य श्रः ५.३.६० इति श्रादेशश्च*] १.अरूको अपेक्षा असल/अति बेस २.यश ३.सफल ४.शुभ/श्रेष्ठ/उत्तम ५.मङ्गल ६.सुख ७.अनुकूल/हितकर/मङ्गलकारक। **श्रेयसि केन तृप्यते** (सुभा.)।

श्रेयस्करः (पुं.वि.) [*श्रेयः करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] श्रेय वा हित गर्ने/मङ्गलकारी/ कल्याणकारी।

श्रेष्ठः (पुं.वि.) [*अतिशयेन प्रशस्यः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्प्रत्ययः, प्रशस्यस्य श्रः ५.३.६० इति श्रादेशश्च*] १.बेस/उत्तम/उत्कृष्ट २.मुख्य/प्रधान ३.ज्येष्ठ ३.वृद्ध।

श्रेष्ठः (पुं.) १.कुबेर। **श्रेष्ठो वरे कुबेरे च** (मेदिनी.) २.विष्णु (वि.स.ना.) ३.महादेव (म.भा. १३.१७ .४०) ४.राजा ५.ब्राह्मण ६.नेवार जातिको एक थर।

श्रेष्ठता (स्त्री.) [*श्रेष्ठस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् ४.१.४*] उत्कृष्ट हुनु/प्रधानता/मुख्यता।

श्रेष्ठी (पुं.) [*श्रेष्ठं धनादिकमस्त्यस्य, अत इनिठनौ इति इनिः*] सेठ/महाजन।

श्रै (धा.) [*पाके, भ्वा. सक.अनिट् पर.*] पकाउनु। लट्– **श्रायति–** पकाउँछ इत्यादि।

श्रै (धा.) [*खेदे,भ्वा.पर.अक.अनिट्*] खिन्न हुनु। लट्– **श्रायति-** गलित हुन्छ,थाक्छ। **लोको रौद्रात् श्रायति** (दुर्गादास)।

श्रोणः (पुं.) [*श्रोणति, श्रोणृ सङ्घाते इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पङ्गु/लङ्गडो।

श्रोणा (स्त्री.) [*श्रोणृ सङ्घाते इति अच्, टप्*] श्रवण नक्षत्र।

श्रोणिः (स्त्री.) [*श्रोणतीति, श्रोणृ सङ्घाते इति धातोः, वहिश्रिश्रु युद्रुग्लाहात्वरिभ्यो नित् (उ.) ५०० इतीनिः, नित्वञ्च*] १.कटिप्रदेश २.नितम्ब।

श्रोणिफलकम् (नपुं.) [*श्रोणेः फलकमिव, चर्माकारत्वात्*] कटि।

श्रोणी (स्त्री.) [*श्रोणतीति, श्रोणृ सङ्घाते इति धातोः, वहिश्रिश्रुयुद्रुग्ला हात्वरिभ्यो नित् (उ.) ५०० इतीनिः, नित्वञ्च, ङीप्*] कमर/कटि/नितम्ब/फिलो/श्रोणि।

श्रोणीसूत्रम् (नपुं.) [*श्रोण्यां बद्धं सूत्रम्, म.प.स.*] कन्धनी।

श्रोणृ (धा.) [*सङ्घाते, अक.सेट् पर.*] बटुल्नु। लट्– **श्रोणति–** बटुल्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोतः (नपुं.) [*श्रुधातोः असुन्, तुट् च*] १.नदीको वेग २.कान।

श्रोतव्यः (पुं.वि.) [*श्रोतुं योग्यः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] सुन्न योग्य/श्रवणीय।

श्रोता (पुं.) [*शृणोतीति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] सुन्ने/श्रवण गर्ने।

श्रोतृवर्गः (पुं.) [*श्रोतॄणां वर्गः, ष.त.*] व्याख्यान, कथा, उपदेश आदि सुन्ने व्यक्तिहरूको समूह/श्रोतागण/श्रोतृवर्ग/एक ठाउँमा जम्मा भएर कुनै नेता, उपदेशक, व्याख्याता आदिका भाषण, उपदेश, प्रवचन सुन्ने सबै मानिसहरू।

श्रोत्रम् (नपुं.) [*श्रूयतेऽनेन, श्रु श्रवणे इति धातोः, हुयामाश्रुभिभ्यस्त्रन् (उ) ६१७ इति त्रन्*] १.कान/कर्ण २.वेद।

श्रोत्रियः (पुं.) [*छन्दोऽधीते, श्रोत्रियंश्छन्दोऽधीते ५.२.८४ इति वा श्रोत्रियन्निपात्यते*] वेद पढेको व्यक्ति/वैदिक।

जन्मना ब्राह्मणो ज्ञेयः संस्कारैर्द्विज उच्यते।
विद्याभ्यासाद् भवेद् विप्रः श्रोत्रियस्त्रिभिरेव च॥
(प.पु. उत्तरखण्ड ११६ अध्याय)

श्रोत्रियता (स्त्री.) [*श्रोत्रियस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्, त्वप्रत्यये श्रोत्रियत्वम्*] श्रोत्रियका काम, धर्म वा विशेषता

श्रौतः (पुं.वि.) [*श्रुतौ भवः,अण्*] श्रुतिले विधान गरेको।

श्रौतम् (नपुं.) [*श्रुतौ भवम्,अण्*] गार्हपत्य,आहवनीय र दाक्षिणग्नि।

श्रौत्रम् (नपुं.) १.[*श्रोत्रमेव, प्रज्ञादितया अण्*] कान २.[*श्रोत्रियस्य भावः, कर्म वा, हायनान्तदिवादिभ्योऽण् ५.१.१३० इत्यण्,श्रोत्रियस्य यलोपश्च वाच्यः, इति यलोपः*] श्रोत्रियता ३.[*श्रोत्रस्य कर्म वा अण्*] कानको कर्म ४.[*श्रोत्राणां समूहः, भिक्षदिभ्योऽण् ५.१.१३० इत्यण्*] कानको सनूह।

श्रौषट् (अ.) [*श्रूयते, अनेन वा, श्रु श्रवणे इति धातोः, बाहुलकाड्डौषट्*] देवतालाई चरु आदि हवि चढाउँदा प्रयोग गरिने मन्त्र। (भरत) २.देवताहरूलाई गरिने हविर्दान (अमर.)।

श्लकि (धा.) [*गतौ, सक.सेट् आत्म.*] जानु। लट्– **श्लङ्कते–** जान्छ इत्यादि।

श्लक्ष्णः (पुं.वि.) [*श्लिष्यते, श्लिष्यति वा, श्लिष आलिङ्गने इति धातोः, श्लषेरच्चोपधायाः (उ.) ३०६ इति क्स्नः, अत्वञ्च*] १.साहै सानो/अति सूक्ष्म २.मनोहर। **वाक् चैव मधुरा श्लक्ष्णा प्रयोज्या धर्ममिच्छता** (मनु.२.१५९)।

श्लगि (धा.) [*गतौ, सक.सेट् पर.*] जानु। लट्– **श्लङ्गति–** जान्छ इत्यादि।

श्लथ (धा.) [*शैथिल्ये,चुरा.पर. अक.सेट्*] शिथिल हुनु। लट्– **श्लथयति**– शिथिल हुन्छ इत्यादि।

श्लथः (पुं.वि.) [*श्लथयतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.खुकुलो/नकसिएको/फुकेको २.कमजोर/दुर्बल ३.थाकेको। **शिथिलः प्रश्लथः श्लथः** (जटाधर)।

श्लाखृ (धा.) [*व्याप्तौ, भ्वा.सक.सेट्, पर.*] ढाक्नु। लट्– **श्लाखति–** ढाक्छ इत्यादि।

श्लाघनीयः (पुं.वि.) [*श्लाघयितुं योग्यः, श्लाघृ कत्थने इति धातोः, णिचि, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] प्रशंसनीय/तारिफ गर्न योग्य।

श्लाघा (स्त्री.) [*श्लाघनम्, श्लाघृ कत्थने इति धातोः, गुरोश्च हलः३.३.१०३ इत्यः, टाप् ४.१.४*] प्रशंसा/तारिफ।

श्लाघृ (धा.) [*कत्थने, सक.सेट्, आत्म.*] प्रशंसा गर्नु। लट्– **श्लाघते–** प्रशंसा गर्छ इत्यादि।

श्लाघ्यः (पुं.वि.) [*श्लाघयितुमर्हः, श्लाघृ कत्थने इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्*] प्रशंसा गर्नु पर्ने/तारिफ गर्न लायक/प्रशंसनीय।

श्लाघितः (पुं.) [*श्लाघ्यते स्म, श्लाघृधातोः निष्ठायां क्तः*] प्रशंसा गरिएको।

श्लिकु (नपुं.) [*श्लिष्यन्ते ग्रहादयोऽनेन, श्लिषेः कश्च इति सूत्रेण कुः, कश्चान्तादेशः*] ज्योतिषशास्त्र (उ.को.)।

श्लिकुः (पुं.) [*श्लिष्यति पदार्थैः सह सम्बध्यते सः, श्लिषः आलिङ्गने इति धातोः, श्लिषेः कश्च इति सूत्रेण कुः, कश्चान्तादेशः*] १.उदाउन लागेको तारो २.नोकर। **भृत्य उद्यते ज्योतिषि श्लिकुः** (उ.को.)।

श्लिष (धा.) [*आलिङ्गने, दिवा.सक.अनिट् पर.*] आलिङ्गन गर्नु। लट्– **श्लिष्यति–** आलिङ्गन गर्छ इत्यादि।

श्लिषा (स्त्री.) आलिङ्गन (त्रिकाण्डशेष)।

श्लिषु (धा.) [*दाहे, भ्वा. सक.सेट् पर.*] जलाउनु। लट्– **श्लेषति–** जलाउँछ इत्यादि।

श्लिष्टः (पुं.वि.) [*श्लिष्यते स्म, श्लिष आलिङ्गने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.अङ्कमाल गरिएको/आलिङ्गन गरिएको २.मिलेको/संयुक्त ३.श्लेष अलङ्कार परेको/एकभन्दा बढी अर्थ भएको/नानार्थक। **श्लिष्टमिष्टमविस्पष्टमेकरूपान्वितं वचः** (स.क.)।

श्लीपदम् (नपुं.) [*श्रीयुक्तं वृद्धिमत् पदमत्र, पृषोदरादितया साधुः*] हात्ती पाइले जस्ता हात, गोडा आदिमा कुनै अङ्ग आंशिक वा पूर्ण रूपमा मोटो हुने रोग। **श्लीपदं पादवल्मीकम्** (अभि.चि.)

पुराणोदकभूयिष्ठाः सर्वर्तुषु च शीतलाः।
ये देशास्तेषु जायन्ते श्लीपदानि विशेषतः॥ (भा.प्र.)

श्लीलः (पुं.वि.) [*श्रीरस्त्यस्य, श्रृ+लच् पृषो. रस्य लः*] १.शिष्ट/सभ्य २.सम्पत्ति भएको/लक्ष्मीवान्। **लक्ष्मीवान् लक्ष्मणःश्रीलः** (अभि.चि.)।

श्लेषः (पुं.) [*श्लेषणम्, श्लिष आलिङ्गने इति धातोः, श्याद्व्यधा ३.१.१४१ इति णः, गुणः*] १.आलिङ्गन, २.अनेक अर्थ बुझाउनु ३.जोड्नु ४.[*श्लिष्यन्ते अर्था अत्र*] एउटा शब्दको प्रयोगबाट दुई वा सोभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढी अर्थ लाग्दा पर्न जाने अलङ्कार। यो दुई किसिमको हुन्छ। शब्दश्लेष र अर्थश्लेष। शब्दश्लेष दुई किसिमको हुन्छ। सभङ्ग शब्दश्लेष र अभङ्ग शब्दश्लेष (सा.द.प.१०) **शिलष्टैः पदैरनेकार्थाभिधाने श्लेष इष्यते** (सा.द.)।

श्लेषकाव्यम् (नपुं.) [*श्लेषप्रधानं काव्यम्, म.प.स.*] श्लेष अलङ्कारप्रधान काव्य। श्लेष अलङ्कारको प्राधान्य भएका कतिपय काव्य र कवि– **राघवपाण्डवीयम्**–धनञ्जय (बाह्रौं शताब्दी) **राघवनैषधीयम्**– हरदत्तसूरि (अठारौं शताब्दी), **पार्वतीरुक्मिणीयम्**– विद्यामाधव (बाह्रौं शताब्दी), **यादवराघवीयम्**– वेङ्कटाध्वरी (सत्रौं शताब्दी), **राघवपाण्डवयादवीयम्**– चिदम्बर कवि (सत्रौं शताब्दी), **रामकृष्णविलोमकाव्यम्**– दैवज्ञसूर्य (सोह्रौं शताब्दी), **रामचरितम्**– सन्ध्याकरनन्दी (सोह्रौं शताब्दी) आदि।

श्लेषोक्तिः (स्त्री.) [*श्लेषयुक्ता उक्तिः, म.प.स.*] श्लेषयुक्त कथन/शिलष्टोक्ति।

श्लेष्मणः (पुं.) [*श्लेष्मा अस्त्यस्य, लोमादिपामादिपिच्छादिभ्य शनेलचः ५.२.१०० इति नः*] धेरै कफ हुने व्यक्ति।

श्लेष्मलः (पुं.) [*श्लेष्माऽस्यास्ति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्*] बढी कफ हुने व्यक्ति।

श्लेष्मा (पुं.) [*शिलष्यतीति, शिलष आलिङ्गने इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) इति मनिन्*] कफ। **अहो प्रकृतिसादृश्यं श्लेष्मणो दुर्जनस्य च। मधुरैः कोपमायाति कटुकेनैव शाम्यति** ॥ (सुभा.)

श्लेष्मान्तकः (पुं.) [*श्लेष्माणमतति, अत सातत्यगमने इति धातोः, क्वुन् शिल्पिसंज्ञयोरपूर्वस्यापि (उ.) इति क्वुन्, युवोरनाकौ ७.१.१ इत्यकः, पृषोदरादित्वान्नुम्*] बोहरी।

श्लेष्मान्तकम् (नपुं.) [*श्लेष्मान्त एव, स्वार्थे कन्*] १.पशुपति वरिपरिको जङ्गल २.लप्सीको रुख।

श्लोकः (पुं.) [*श्लोक्यते इति श्लोकृ सङ्घाते इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.पद्यमा लेखिएको रचना/पद्य/सिलोक २.अनुष्टुभ् छन्द ३.कीर्ति/यश/प्रशंसा/गुणगान। **~बद्धः** (पुं.वि.) [*श्लोके बद्धः, स.त.*] श्लोक वा पद्यमा लेखिएको/छन्दोवद्ध।

श्लोकृ (धा.) [*सङ्घाते, अक.सक.सेट् आत्म.*] श्लोक बनाउनु, रचना गर्नु। लट्– **श्लोकते**– श्लोक बनाउँछ, रचना गर्छ। लिट्– **शुश्लोके**– श्लोक बनाएछ, रचना गरेछ (अन.) इत्यादि।

श्लोणृ (धा.) [*सङ्घाते, अक.सेट्, पर.*] जम्मा गर्नु। लट्– **श्लोणति**– जम्मा गर्छ इत्यादि।

श्वः (अव्य.) [*आगामि अहः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] भोलि/आगामी दिन। **~वृत्तिः** (स्त्री.) [*शुनो वृत्तिरिव वृत्तिः*] १.कुकुरको जस्तो वृत्ति २.[*शुनो वृत्तिरिव वृत्तिर्यस्य सः, बहु.स.*] कुकुरको जस्तो वृत्ति भएको/पराधीन वृत्ति भएको।

श्वच (धा.) [*गतौ, भ्वा. सक.सेट् आत्म.*] जानु। लट्– **श्वचते**– जान्छ इत्यादि।

श्वचि (धा.) [*गतौ, भ्वा.सक.सेट् आत्म.*] जानु। लट्– **श्वञ्चते**– जान्छ इत्यादि।

श्वठ (धा.) [*असंस्कारगत्योः, चुरा. सक.सेट् उभय.*] संस्कार नगर्नु, जानु। लट्– **श्वाठयति-ते**– संस्कार गर्दैन, जान्छ इत्यादि।

श्वठ (धा.) [*सम्यगवभाषणे, सक.सेट्, उभय.*] दुर्वचन बोल्नु, गाली गर्नु। लट्– **श्वठयति-ते**– दुर्वचन बोल्छ, गाली गर्छ इत्यादि।

श्वदंष्ट्रा (पुं.) [*शुनो दंष्ट्रेव, संज्ञापूर्वकत्वान्न दीर्घः, शूनो द्रंष्ट्र, ष.त.*] १.गोखुर २.कुकुरको दाँत।

श्वपचः (पुं.) [*श्वानं पचतीति, नन्दिग्रहिपचादिभ्यो ल्यसणिन्यचः ३.१.१३४ इत्यच्*] १.चाण्डाल २.फाँसी दिने व्यक्ति।

श्वपाकः (पुं.) [*श्वानं पचति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, न्यङ्क्वादित्वात् (ग.) ७.३.५३ कुत्वम्*] चाण्डाल।

श्वभ्र (धा.) [*गत्याम्, सक.सेट्, उभय.*] जानु। लट्– **श्वभ्रयति-ते**– जान्छ इत्यादि।

श्वभ्रम् (नपुं.) [*श्वभ्रयति, श्वभ्र गतौ इति धातोः, ण्यन्ताद्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] छिद्र।

श्वयथुः (पुं.) [*श्वयति अनेन, टुओश्वि गतिवृद्ध्योः इति धातोः, ट्वितोऽथुनच् ३.३.८९ इत्यथुच्*] सुन्निनु।

श्वर्त -धा.) [*गत्याम्, सक.सेट्, उभय.*] जानु। लट्– **श्वर्तयति-ते**– जान्छ इत्यादि।

श्वल -धा.) [*आशुगमने, अक.सेट् पर.*] दौडनु। लट्– **श्वलति**– दौडन्छ इत्यादि।

श्वल्क (धा.) [*परिभाषणे, सक.सेट्, उभय.*] बोल्नु। लट्– **श्वल्कयति-ते**– बोल्छ इत्यादि।

श्वल्ल (धा.) [*आशुगमने, अक.सेट् पर.*] दौडनु। लट्– **श्वल्लति**– दौडन्छ इत्यादि।

श्वशुरः (पुं.) [*शु शीघ्रमश्नुते आप्नोति, यं सः, शु इति कृताकारलोपः, आशुशब्दः, तस्मिन्नुपपदे अशू व्याप्तौ सङ्घाते च इति धातोः, शावशेराप्तौ (उ.) ४४ इति सूत्रेण उरन्*] ससुरा/पति र पत्नीका बाबु। **पतिपन्त्योः प्रसूः श्वश्रूः। श्वशुरस्तु पिता तयोः** (अमर.)।

श्वशुरमन्दिरम् (नपुं.) [*श्वशुरस्य मन्दिरम्, ष.त.*] श्वशुरालय/ससुराली।

असारे खलु संसारे सारः श्वसुरमन्दिरम्।
हिमालये हरः शेते हरिः शेते महोदधौ ॥ (उद्‌भट)

श्वशुरौ (पुं.) [*श्वश्रूश्च श्वशुरश्च द्व.स., श्वशुरः श्वश्र्वा १.२.७१ इत्येकशेषः*] सासू-ससुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्वशुर्यः (पुं.) [*श्वशुरस्यापत्यम्, राजश्वशुराद्यत् ४.१.१३७ इति यत्*] १.सालो २.देवर ।

श्वश्रूः (पुं.) [*श्वशुरस्य स्त्री, श्वशुरस्योकाराकारलोपश्च (वा.) इत्यूङ् उकारलोपश्च, पुंयोगलक्षणङीषोऽपवादः*] पति वा पत्नीको आमा/सासू। **श्वश्रूः शिशुश्वशुरः** (शभेदात्)।

श्वःश्रेयसम् (नपुं.) [*श्व आगामि श्रेयोऽत्र, श्वःश्रेयसम्, श्वसोऽवसीयः श्रेयसः ५.४.८० इत्यच् समासान्तः*] १.कल्याण २.परमात्मा।

श्वःश्रेयसं तु कल्याणे परमात्मनि शर्मणि (मेदिनी.)।

श्वस (धा.) [*प्राणने, अक.सेट्, पर.*] सास फेर्नु, बाँच्नु। लट्– **श्वसिति**– सास फेर्छ। **आश्वसिति**– आश्वासन दिन्छ,समाधान गर्छ। **उच्छ्वसिति**– विकसित हुन्छ, प्रफुल्लित हुन्छ, सास फेर्छ **निःश्वसिति**– सास फेर्छ, हावा भर्छ। **विश्वसिति**– विश्वास गर्छ। लिट्- **शश्वास**- सास फेरेछ,बाँचेछ। लुट्– **श्वसिता**– सास फेर्ने छ, बाँच्ने छ (अन.)। लृट्– **श्वसिष्यति**– सास फेर्ने छ,बाँच्ने छ। **श्वसितु-तात्**– सास फेरोस्, बाँचोस्। लङ्– **अश्वसत्, अश्वसीत्**– सास फेऱ्यो,बाँच्यो। विधिलिङ्– **श्वस्यात्**– सास फेर्ला, सास फेरोस्, बाँच्ला, बाँचोस्। आ.लिङ्– **श्वस्यात्**– सास फेरोस्, बाँचोस्। लुङ्– **अश्वासीत्**– सास फेऱ्यो, बाँच्यो। लृङ्– **अस्वसिष्यत्**– सास फेर्ने थियो, बाँच्ने थियो। भावे– **श्वस्यते**– सास फेरिन्छ, काँचिन्छ। णिचि– **श्वासयति**– सास फेराउँछ, बचाउँछ। सनि– **शिस्वसिषति**– सास फेर्न चाहन्छ, बाँच्न चाहन्छ। यङि– **शाश्वस्यते**– अतिशय वा बारम्बार सास फेर्छ वा बाँच्छ। यङ्लुकि– **शास्वसीति, शास्वस्ति**– अतिशय वा बारम्बार सास फेर्छ वा बाँच्छ। कृदन्ते– **श्वसनम्**– सास पेर्ने काम, बाँच्ने काम। **श्वसितव्यम्, श्वसनीयम्**– सास फेर्नु पर्ने, बाँच्नु पर्ने। **श्वसनः**– वायु/हावा। **श्वासः**– सास। **श्वसिता-श्वासी**– सास फेर्ने, बाँच्ने। **निःश्वासः, प्रश्वासः**– लामो सास। **विश्वासः**– पत्यार। **श्वसितुम्**– सास फेर्न, बाँच्न। **प्रश्वस्य**– सास फेरेर, बाँचेर। **श्वसितुम्**– सास फेर्न, बाँच्न। **श्वसन्**– सास फेरिरहेको, बाँचिरहेको। **श्वसितः**– सास फेरेको, बाँचेको इत्यादि।

श्वसनः (पुं.) [*श्वसित्यनेन, श्वस प्राणने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्*] १.वायु २.वृक्षविशेष। **श्वसनं श्वसिते पुंसि मारुते मदनद्रुमे** (विश्व.)।

श्वसनम् (नपुं.) [*श्वस प्राणने इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सास फेर्ने क्रिया/सास लिनु वा छोड्नु।

श्वसितः (पुं.वि.) [*श्वस्यते स्म, श्वस प्राणने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सास फेरिएको/सास लिएको वा छोडिएको।

श्वा (पुं.) [*श्वयति गच्छति वर्द्धतेऽसौ, टुओश्वि गतिवृद्ध्योः, इति धातोः, श्वन्नुक्षन्पूषन्प्लीहन्क्लेदन्स्नेहन्मूर्धन्मज्जन्नर्यमन्विश्वप्सन्परिज्जनमातरिश्वन्मघवन्निति (उ.१६५) इति कनिन्*] कुकुर/श्वान।

कुक्कुरस्तु शुनिः श्वानः कपिलो मण्डलः शुनः (वाचस्पति)।

श्वा भवत्यपकाराय लिहन्नपि दशन्नपि (वैद्यकम्)।

श्वागणिकः (पुं.वि.) [*श्वगणेन चरति, चरति ४.४.८ इति ठक्, ठस्येकः*] कुकुर बेचेर वा कुकुरलाई तालिम दिएर जीविका गर्ने व्यक्ति।

श्वादन्तः(पुं.) [*शूनो दन्तः, ष.त., शूनो दन्तदंष्ट्राकर्णकुन्दवराहपुच्छपदेषु दीर्घो वाच्यः (वा.) ६.३.१३७ दीर्घः*] कुकुरको दाँत।

श्वानः(पुं.) कुक्कुरको एक जाति।

श्वानमण्डलम् (नपुं.) [*श्वानानां मण्डलमिव*] मृगमण्डलको दक्षिणतर्फ रहेको एक तारामण्डल। यसको प्रमुख तारा लुब्धक हो। यो सूर्यभन्दा ३० गुना बढी तेजिलो छ। यो पृथ्वीबाट ८६ प्रकाशवर्ष टाढा छ। यसलाई मृगश्वानमण्डल वा महाश्वान मण्डल पनि भन्दछन्।

श्वापदः (पुं.) [*शूनः पदमिव पदमस्य,*] बाघ।

श्वावित् (पुं.) [*श्वानं विध्यति, व्यध ताडने इति धातोः, क्विप् च ३.२.१७८ इति क्विप्, नहिवृति ६.३.११६ इति दीर्घः*] दुम्सी।

श्वाविधः (पुं.) [*श्वानं विध्यतीति, व्यध ताडने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, सम्प्रसारणम्, दीर्घः*] दुम्सी।

श्वासः (पुं.) [*श्वसनम्, श्याद्व्यधा ३.१.१४१ इति णः*] नाकबाट भित्र तानिने र छोडिने हावा/प्राण।

श्वासप्रश्वासम् (नपुं.) [*श्वासश्च प्रश्वासश्च, समा.द्व.*] नाकबाट भित्र तानिने र छोडिने हावा।

श्वासोच्छ्वासम् (नपुं.) [*श्वासश्च उच्छ्वासश्च, समा.द्व.*] लामो र चाँडो-चाँडो सास फेर्ने काम।

श्विता (धा.) [*वर्णे, अक.सेट् आत्म.*] सफा हुनु। लट्– **श्वेतते**– सफा हुन्छ इत्यादि।

श्वित्रम् (नपुं.) [*श्वेतते वर्णविशिष्ये भवतीति, श्विता वर्णे, इति धातोः, स्फायितञ्चिवञ्चिशकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसिधिशुभिभ्यो रक् (उ.) १७८ इति रक्*] श्वेतकुष्ठ/पाण्डु रोग/एक किसिमको कुष्ठ रोग/श्वित्री।

श्विदि (धा.) [*श्वैत्ये, अक.सेट् आत्म.*] सफा हुनु। लट्– **श्विन्दते**– सफा हुन्छ इत्यादि।

श्वेतः (पुं.) [*ञिश्विता वर्णे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.द्वीपको एक भेद २.एक पहाड। **श्वेतो द्वीपाद्रिभेदयोः। श्वेता वराटिकाकाष्ठपाटलाशङ्खिनीषु च क्लीबं रूप्येऽन्यवच्छुक्ले ॥** (मेदिनी.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्वेतः (पुं.वि.) [*श्वेतं श्वेतगुणोऽस्यास्तीति, अर्शाद्यच्*] सेतो वर्णको। **~कुञ्जरः** (पुं.) [*श्वेतश्चासौ कुञ्जरश्च, कर्म.स.*] १.इन्द्रको हात्ती/ऐरावत २.सेतो हात्ती। **~द्युतिः** (पुं.) [*श्वेता द्युतिर्यस्य सः, बहु.स.*] चन्द्रमा/श्वेतांशु। **~पत्रम्** (नपुं.) [*श्वेतञ्च तद् पत्रञ्च, कर्म.स.*] कुनै सन्धिसम्बन्धी वा अरू कुनै मुख्य विषयमा भएका छलफलको सरकारी निर्णय लेखिएको सेतो कागज/कुनै विषयमा भएको सन्धि, चर्चा आदिको निर्णयसम्बन्धी सरकारद्वारा लिखित विवरण वा वक्तव्य। **~प्रदरः** (पुं.) [*श्वेतश्चासौ प्रदरश्च कर्म.स.*] स्त्रीहरूको जननेन्द्रियबाट पानी बग्ने एक रोग।

श्वेतगरुत् (पुं.) [*श्वेता गरुतः पक्षा यस्य सः, बहु.स.*] हाँस।

श्वेतधामा (पुं.) [*श्वेतं धाम किरणो यस्य सः, बहु.सः*] १.चन्द्रमा २.कपुर ३.समुद्रको फिँज (मेदिनी.)।

श्वेतम् (नपुं.) [*श्वेतते, श्विता वर्णे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.चाँदी २.सेतो वर्ण।

श्वेतमरिचम् (नपुं.) [*श्वेतं मरिचमिव*] सेतो मरिच।

श्वेतरक्तः (पुं.) [*श्वेतश्चासौ रक्तश्च, कर्म.स.*] सेतो मिसिएको रातो।

श्वेतवासाः (पुं.) [*श्वेतः वासो यस्य सः,बहु.स.*] १.सेतो लुगा लगाउने जैन सन्यासी २.(पुं.वि.) सेतो लुगा लगाउने।

श्वेतवाहनः (पुं.) [*श्वेतः वाहनो यस्य सः,बहु.स.*] १.इन्द्र २.अर्जुन ३.गोही ४.विदूरथका नाति, राजवाहनका छोरा।

श्वेतसुरसा (स्त्री.) [*शोभनो रसोऽस्याः, सुरसा, श्वेता चासौ सुरसा च, कर्म.स.*] सेतो नेवारी फूल।

श्वेताङ्कः (पुं.) [*श्वेतश्चासौ अङ्कश्च, कर्म.स.*] कागत भित्रको सेतो अक्षर वा चिह्न वा अक्षरावली। कागजनिर्माणका क्रममा नै यस्ता अक्षर छापिएका हुन्छन्।

श्वेताम्बरः (पुं.) [*श्वेतमम्बरं यस्य सः, बहु.स.*] जैनधर्मको सेतो वस्त्र लाउने एक सम्प्रदाय/सेतो वस्त्र लाउने संन्यासी।

श्वेताश्वतरोपनिषद् (स्त्री.) यो उपनिषद् शैवधर्मसँग सम्बद्ध छ। यसमा रुद्रलाई प्रमुख मानिएको छ। रुद्र परमात्मादेखि अभिन्न छन् भन्ने विषय यसमा प्रतिपादित छ। यसमा ६ अध्याय छन्।

श्वेतोदरः (पुं.) [*श्वेतमुदरं यस्य सः, बहु.स.*] कुबेर।

श्वैत्यम् (नपुं.) [*श्वेतस्य भावः, ष्यञ्*] सेतो वर्ण।

श्वोवसीयसम् (नपुं.) [*प्रशस्तवाचकात् वसुशब्दात् ईयसुन्, श्वशब्दश्च उत्तरपदार्थप्रशंसामाशीर्विषयतामाह। मयूरव्यंसकादितया समासः। श्वसो वसीयःश्रेयसः ५.४.८ इत्यच्*] कल्याण। **श्वश्रेयसं शुभशिवे कल्याणं श्वोवसीयसं श्रेयः** (अभि.चि.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ष

ष- १.देवानागरी वर्णमालाको एकतिसौँ अक्षर। यसको उच्चारणस्थान मूर्द्धा हो। त्यसैले यसलाई मूर्द्धन्य 'ष' भनिन्छ। यो आभ्यन्तर प्रयत्नमा ईषद्विवृत प्रयत्न हो भने बाह्य प्रयत्नमा विवार, श्वास, अघोष र महाप्राण प्रयत्न हो। भाषाविज्ञानअनुसार खण्डीय वर्ण २.लेख्य रूपमा सो व्यञ्जन वर्णको प्रतिनिधित्व गर्ने लेख्य चिह्न ।

षः (पुं.) १.नाश २.अवसान ३.मुक्ति ४.केश ५.गर्भविमोचन ६.मानव ३.धातुको अनुबन्धविशेष ।

षः (पु.वि.) १.बाकी/शेष २.सर्वोत्तम ३.विज्ञ ।

षकारः (पुं.) [*वर्णात्कारः इति कारप्रत्ययः*] ष यो वर्ण ।

षगे (धा.) [*संवरणे,भ्वा.सक.सेट् पर.*] ढाक्नु। लट्– **सगति–** ढाक्छ। लिट्– **ससाग**– ढाकेछ इत्यादि।

षच (धा.) [*सेचने सेवने च, भ्वा. सक.सेट् आत्म.*] भिजाउनु,गिलो पार्नु, सेवा गर्नु, सेवा गरेर सन्तुष्ट तुल्याउनु। लट्– **सचते–** भिजाउँछ, गिलो पार्छ, सेवा गर्छ, सेवा गरेर सन्तुष्ट पार्छ इत्यादि।

षच (धा.) [*समवाये, सक.अनिट् उभय.*] राम्रोसित सम्झनु, सम्पर्क राख्नु। लट्– **सचति-ते–** राम्रोसित सम्झन्छ, सम्पर्क राख्छ, संसर्गी बन्दछ इत्यादि।

षञ्ज (धा.) [*गतौ, भ्वा. सक.सेट् उभय.*] जानु, तयार हुनु। लट्– **सञ्जति-ते–** जान्छ, तयार हुन्छ। लिट्– **ससञ्ज-ञ्जे–** गएछ, तयार भएछ। लुट्– **सञ्जिता**– जाने छ, तयार हुने छ (अन.) इत्यादि।

षञ्ज (धा.) [*सङ्गे; सक.अनिट् पर., दंशसञ्जस्वञ्जां शपि इति नलोपः*] आलिङ्गन गर्नु, टाँसिनु। लट्– **सजति–** अलिङ्गन गर्छ, टाँसिन्छ इत्यादि। **अवसजति**– लट्कन्छ। **आसजति–** आसक्त हुनु। **व्यासजति**– झगडा गर्छ। **अनुसजति**– पछि लाग्छ आदि।

षट (धा.) [*अवयवे, भ्वा. अक.सेट् पर.*] भाग लाग्नु। लट्– **सटति–** भाग लाग्छ, हिस्सा लाग्छ इत्यादि।

षट् (अव्य.) [*षष् शब्दात् जसि षड्भ्यो लुक् ७.१.२२ इति जसो लुक्, ष्टुत्वम्*] छको सङ्ख्या वा अङ्क।

आलस्यान्मूर्खसंयोगाद् भयाद् रोगनिपीडनात्।

अत्याशक्त्याच्च मानाच्च षड्भिर्विद्या विनश्यति॥

(मा.शि.) ६ सङ्ख्यालाई बुझाउने शास्त्रमा प्रचलित कतिपय शब्द– तर्कः, वज्रकोणः, अङ्गम्, दर्शनम्, गुणः, रसः, ऋतुः, रूपम्, स्कन्दमुखानि (कविकल्पलता)।

षट्कम् (नपुं.) [*षट् परिमाणमस्य, सङ्ख्याया संज्ञासङ्घसूत्राध्ययनेषु ५.१.५७ इति कन्*] छको समुदाय। **सूच्यग्रे कूपषट्कं तदुपरि नगरी तत्र गङ्गाप्रवाहः** (समस्यासमज्या)।

षट्कर्णः (पुं.वि.) [*षट् कर्णौ यस्मिन् सः, बहु.स.*] छ वटा कानले सुनेको/भन्ने र सुन्नेदेखि बाहेक तेस्रो मानिसले पनि सुनेको कुरो।

षट्कर्णो भिद्यते मन्त्रो चतुष्कर्णो स्थिरो भवेत्।

द्विकर्णस्य तु मन्त्रस्य ब्रह्माप्यन्तं न गच्छति॥ (शा.प.)

षट्कर्म (नपुं.) [*षण्णां कर्मणां समूहः, द्वि.स.*] ब्राह्मणको जीविकाका छ वटा कर्म– उञ्छ (काटेको खेतमा छरिएको अन्न बटुल्नु), प्रतिग्रह (दान लिनु), भिक्षा (भिक्षा माग्नु), वाणिज्य (व्यापार गर्नु), पशुपालन र कृषि।

उञ्छं प्रतिग्रहो भिक्षा वाणिज्यं पशुपालनम्।

कृषिकर्म तथा चेति षट्कर्माण्यग्रजन्मनः॥ (श.कौ.)

पढाउनु, पढ्नु यज्ञ गर्नु, यज्ञ गराउनु, दान गर्नु र दान लिनु पनि ब्राह्मणका कर्म हुन्

अध्यापनमध्ययनं यजनं याजनं तथा।

दानं प्रतिग्रहश्चेति षट्कर्माणि द्विजस्य हि॥

तन्त्र शास्त्रअनुसार शान्ति, वशीकरण, स्तम्भन, विद्वेष, उच्चाटन र मारण द्विजातिका कर्म हुन्। हठयोग अनुसार धौति, वस्ती, नेति, नौलिकी, त्राटक र कपालभाति द्विजातिका कर्म मानिन्छन्–

धौतिर्वस्तिस्तथा नेतिर्नौलिकी त्राटकं तथा।

कपालभातिश्चैतानि षट् कर्माणि समाचरेत्॥ (घे.सं.)।

स्मृतिअनुसार स्नान, सन्ध्या, जप, होम, स्वाध्याय, देवताको पूजा, वैश्वेदेव तथा अतिथिसत्कार यी ६ द्विजातिले गर्नु पर्ने कर्म हुन्–

स्नानं सन्ध्या जपो होमः स्वाध्यायो देवतार्चनम्।

वैश्वदेवातिथेयश्च षट् कर्माणि द्विजन्मनाम्॥ (पराशर)

षट्कर्मा (पुं.वि.) [*षट् कर्माणि यस्य सः, बहु.स.*] यज्ञ गर्नु/गराउनु, अध्ययन गर्नु/गराउनु, दान लिनु/दिनु यी षट्कर्म गर्ने ब्राह्मण।

इज्याध्ययनदानानि याजनाध्यापने तथा।

प्रतिग्रहश्च तैर्युक्तः षट्कर्मा विप्र उच्यते॥ (भरत)

षट्कोणः (पुं.वि.) [*षट् कोणा यस्मिन् सः, बहु.स.*] छ कुने क्षेत्र/छ वटा कुना परेको कुनै क्षेत्र। **~नमस्कारः** (पुं.) [*षट्कोणश्चासौ नमस्कारश्च, कर्म.स.*] शिव वा दुर्गालाई प्रसन्न पार्न छ दिशाबाट गरिने नमस्कार। उत्तर फर्केर पूजा गर्दा दक्षिणबाट– वायव्य, वायव्यबाट– ईशान, ईशानबाट दक्षिण, दक्षिणबाट– आग्नेय, आग्नेयबाट– नैर्ऋत्य, नैर्ऋत्यबाट उत्तर फर्केर नमस्कार गर्दा षट्कोण नमस्कार हुन जान्छ।

दक्षिणाद्वायवीं गत्वा वायव्याच्छम्भवीं ततः।

ततोऽपि दक्षिणां गत्वा तान्त्यक्त्वाग्नौ प्रविश्य च॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्नितो राक्षसीं गत्वा तत्पश्चादुत्तरादिशम्।
उत्तराञ्च तथाग्नेयीं भ्रमणं द्वित्रिकोणवत्।
षट्कोणोऽयं नमस्कारः प्रीतिदः शिवदुर्गयोः॥ (का.पु.)

षट्कोणम् (नपुं.) १.[*षट्संख्यकं कोणम्, म.प.स.*] जन्मकुण्डलीमा लग्नबाट छैटौं स्थान, रिपुस्थान २.[*षट् कोणा यस्य तत्, बहु.स.*] वज्र ३.यन्त्रविशेष। जस्तै गणेशतन्त्र।

बीजं षट्कोणमध्ये स्फुरदनलपुरे तारगं दिक्षु लक्ष्मीः।
माया कन्दर्पभूमिस्तदनुरसपुटेष्वालिखेद् बीजषट्कम्॥
(त.सा.)

षट्चक्रम् (नपुं.) [*षण्णां चक्राणां समाहारः, द्विगु.*] १.शरीरमा रहेका विभिन्न दलात्मक कमलको आकारका आधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञानामक छ चक्रको समूह २.छ चक्रको समुदाय।

षट्चत्वारिंशः (पुं.वि.) [*षट्चत्वारिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, टिलोपः*] छयालिसौँ।

षट्चत्वारिंशत् (स्त्री.) [*षट् च चत्वारिंशच्च द्व.स., षडधिका चत्वारिंशत् वा, त.स.*] छयालिस।

षट्चरणः (पुं.) [*षट् चरणा यस्य सः, बहु.स.*] १.भ्रमरो। (हला.२५५) २.जुका ३.(पुं.वि.) छ खुट्टा भएको।

षट्ट (धा.) [*हिंसायाम्, चुरा.सक.सेट् उभय.*] हिंसा गर्नु, दुःख दिनु। लट्– **सट्टयति–ते–** हिंसा गर्छ, दुःख दिन्छ इत्यादि।

षट्त्रिंशः (पुं.) [*षट्त्रिंशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, टिलोपः*] छत्तिसौँ।

षट्त्रिंशत् (स्त्री.) [*षट् च त्रिंशच्च, द्व.स., षडधिका त्रिंशद् वा, त.स.*] छत्तिस।

षट्पञ्चाशः (पुं.वि.) [*षट्पञ्चाशतः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् टिलोपः*] छपन्नौँ।

षट्पञ्चाशत् (स्त्री.) [*षट् च पञ्चाशच्च द्व.स., षडधिका पञ्चाशत् वा, म.प.स.*] छपन्न।

षट्पदः (पुं.वि.) [*षट् पदानि यस्य सः, बहु.स.*] १.छवटा खुट्टा भएको/छखुट्टे

षट्पदः (पुं.) [*षट् पदानि यस्य सः, बहु.स.*] भ्रमर/भमरो।

षट्पदः पुष्पमध्यस्थो यथा सारं समुद्धरेत्।
तथा सर्वेषु शास्त्रेषु सारं गृह्णन्ति पण्डिताः॥ (सुभा.)

षट्पदी (स्त्री.) [*षट् पादा यस्यां सा, बहु.स.*] १.छ वटा चरण हुने छन्द २.भ्रमरी ३.जुका।

षट्प्रज्ञः (पुं.) [*षट्सु विषयेषु प्रज्ञा यस्य सः, ष.त.*] धर्म,अर्थ,काम, मोक्ष, लोकप्रकृति र ब्रह्मप्रकृतिको ज्ञाता २.[*षट्सु रसेषु प्रज्ञा यस्य सः, बहु.स.*] कामुक।

षट्शास्त्रम् (नपुं.) [*षण्णां शास्त्राणां समाहारः*] शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष शास्त्र।

षट्शास्त्रिकः (पुं.वि.) [*षट्शास्त्रमस्यास्तीति, अत इनिठनौ इति इनिः*] वेदका शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषशास्त्रका विद्वान्। छवटै शास्त्रमा निपुण।

षट्शास्त्री (पुं.वि.) [*षट्शास्त्रमस्यास्तीति, अत इनिठनौ इति इनिः*] वेदका ६ अङ्गकै विशेषज्ञ। छवटै शास्त्रमा निपुण।

षट्षष्टिः (स्त्री.) [*षट् च षष्टिश्च, द्व.स., षडधिका षष्टिः, वा, त.स.*] छैसाठ्ठी।

षट्सप्ततिः (स्त्री.) [*षट् च सप्ततिश्च द्व.स., षडधिका सप्ततिः वा, त.स.*] छयहत्तर।

षडङ्गम् (नपुं.) [*षण्णामङ्गानां समाहारः, द्वि.स.*] १.शरीरका छ अङ्ग जस्तै– दुई पाउ, दुई हात, शिर, धड २.वेदका छ वटा अङ्ग जस्तै– शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष ३.गाईबाट प्राप्त हुने छ पदार्थ। जस्तै–गोमूत्र, गोबर, दुध, घिउ, दही र गोरोचन।

षडभिज्ञः (पुं.) [*षट् अभिज्ञा– दिव्यचक्षुःश्रोत्रम्, परचित्तज्ञानम्, पूर्वनिवासानुस्मृतिः, आत्मज्ञानम्, वियद्गमनम्, कायव्यूहसिद्धिश्चेति यस्य सः, बहु.स., यद्वा षट्सु दानशीलक्षान्तिवीर्यध्यानप्रज्ञासु अभिज्ञा आद्यं ज्ञानमस्येति वा*] १.बुद्ध २.आत्मज्ञानी ३.जितेन्द्रिय।

षडशीतिः (स्त्री.) १.[*षट् च अशीतिश्च द्व.स., षडधिका अशीतिः वा, त.स.*] छयासी २.धनु,कन्या, मिथुन र मीनराशिसँग सम्बन्धित सूर्यसङ्क्रान्ति।

धनुर्मिथुनकन्यासु मीने च षडशीतयः।
वृषवृश्चिककुम्भेषु सिंहे विष्णुपदी मता॥
मृगकर्कटसङ्क्रान्ती द्वे तूदग्दक्षिणायने (ति.त.)।

षडष्टकम् (नपुं.) [*षट् च अष्टौ च यत्र तत्*] वर वधूको परस्पर आ आफ्नो राशिबाट गणना गर्दा ६ र ८पर्न जाने योग।

षडाननः (पुं.) [*षट् आननानि मुखानि यस्य सः, बहु.स.*] कार्तिकेय

षडास्यः (पुं.) [*षड् आस्यानि यस्य सः, बहु. स.*] कार्तिकेय।

षड्ऋतु (नपुं.) [*षण्णामृतूनां समाहारः, द्वि.स.*] छ वटा ऋतुको समूह, जस्तै– वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर।

षड्गवम् (न.पुं.) १.[*षड्गावो यत्र तत्*] छवटा गाईको बथान २.[*प्रकृत्यर्थस्य षट्त्वे षड्गवच्*] प्रत्ययविशेष। जस्तै– **अश्वषड्गवम्** – छओटा घोडा।

षड्गुणम् (नपुं.) [*षण्णां गुणानां समाहारः, द्वि.स.*] अरू राष्ट्रहरूसित व्यवहार गर्ने राज्यका छ उपायहरूको समूह, जस्तै– सन्धि, विग्रह, यान अथवा आक्रमण, आसन अथवा विश्राम, द्वैधीभाव र संश्रय।

षड्ग्रन्थः (पुं.) [*षड् ग्रन्थयो यस्य, अच् प्रत्यन्ववपूर्वात् ५.४.७५ इत्यत्र अच् इति योगविभागादच्, षड् ग्रन्था यस्य वा, बहु.स.*] १.पाङ्ग्राको एक भेद २.बोझो ३.छवटा ग्रन्थ।

षड्ग्रन्था (स्त्री.) [*षड् ग्रन्था ग्रन्थयो यस्याः सा, बहु.स.*] १.बोझो २.पिप्लाको जरो ३.(वि.)छवटा ग्रन्थि भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षड्ग्रन्थिका (स्त्री.) [*षड् षडधिका ग्रन्थयो यस्याः सा, बहु.स.*] कपुर हलेदो।

षड्जः (पुं.) [*षडभ्यो जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] गाउने कलाकार तथा वीणाबाट निस्किएको स्वर, यो स्वर मयूरको आवाजसँग मिल्दोजुल्दो हुन्छ। यस रागमा नाक, घाँटी, छाती, तालु, जिब्रो र दाँतको स्पर्श हुन्छ।

नासां कण्ठमुरस्तालु जिह्वां दन्तांश्च संस्पृशन्।
षड्भ्यः सञ्जायते यस्मात्तस्मात्षड्ज इति स्मृतः॥
(अमर.)

षड्दर्शनम् (नपुं.) [*षण्णां दर्शनानां समाहारः, द्वि.स.*] प्राचीन प्रसिद्ध ६ दर्शन— न्याय, वैशेषिक, साङ्ख्य, योग, पूर्वमीमांसा र उत्तरमीमांसा। यी सबै वैदिक दर्शन हुन्। यिनलाई वेद मान्ने हुँदा आस्तिक दर्शन भनिएको छ। यिनको विरोधमा छवटा नास्तिक दर्शन जन्मिएका छन्— चार्वाक, जैन, वैभाषिक, सौत्रान्तिक, योगाचार र शून्यवाद। अन्तिम चार दर्शन स्वतन्त्र दर्शन नभएर बौद्धदर्शनकै सम्प्रदाय हुन्। त्यसैले नास्तिक दर्शन ६ नभएर ३ छन्।

षड्दोषाः (पुं.बहु.) [*षड् च ते दोषाश्च, कर्म.स.*] उन्नतिमा बाधा पुऱ्याउने मानिसभित्रका ६ दोषहरू— निद्रा, तन्द्रा, भय, क्रोध, आलस्य, जुम्सोपना।

षड् दोषाः पुरुषेणेह हातव्या भूतिमिच्छता।
निद्रा तन्द्रा भयं क्रोधमालस्यं दीर्घसूत्रता॥ (हितो.)

षड्भुजा (स्त्री.) [*षड् भुजा यस्याः सा, बहु.स.*] छवटा हात भएकी देवी।

षड्यन्त्रम् (नपुं.) [*षण्णां यन्त्राणां समाहारः, द्विगु.*] १.व्यवहारमा शत्रुलाई वा दण्डनीय व्यक्तिलाई सताउन प्रयोग गरिने ६ यन्त्र— १.जालझेल २.कपट ३.चुक्ली ४.धोका ५.आक्रमण ६.हत्या २.षड्गुण। मुख्य यी ६ छन्— १.**सन्धि**— आफ्नो सर नपरे सम्म शत्रुसित मेल गर्नु २.**विग्रह**— सर पर्नासाथ शत्रुसित कुचोद्य गर्नु ३.**यान**— शत्रुमाथि हमला गर्नु ४.**आसन**— बुद्धि पुऱ्याई शत्रुसित बचेर लड्नु ५.**द्वैधभाव**— भित्र दागा धरेर गुप्त उद्योग गर्दै बनावटी मेल राख्नु ६.**आश्रय**—शत्रुभन्दा बलियो राज्यशक्तिका शरणमा परी आफ्नो बचावट गर्नु।

षड्यन्त्रकारी (पुं.) [*षड्यन्त्रं कर्तुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] षड्यन्त्र गर्ने।

षड्रसम् (नपुं.) [*षण्णां रसानां समाहारः, द्विगु.*] छ प्रकारका रस वा स्वादको समूह, जस्तै— गुलियो, अमिलो, नुनिलो, तितो, पिरो र टर्रो।

षड्रागम् (नपुं.) [*षण्णां रागाणां समाहारः, द्विगु.*] सङ्गीतशास्त्र अनुसार छ प्रकारका रागको समूह, जस्तै— भैरव, मेघ, श्री, हिण्डोल, मालकोश र दीपक।

षड्रिपु (नपुं.) [*षण्णां रिपूणां समाहारः, द्विगु.स.*] मानिसका मनमा हुने छ प्रकारका शत्रु वा विकारको समूह। जस्तै— काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य।

षड्वर्गः (पुं.) [*षण्णां कामक्रोधलोभमोहमात्सर्याणाम् यद्वा निन्द्रातन्द्राभयक्रोधालस्यदीर्घसूत्राणां दोषाणां वर्गः, ष.त.*] १.काम, क्रोध, लोभ, मद र मात्सर्य नामक छ वटा उन्नतिका बाधक शत्रुहरू २.निद्रा, तन्द्रा, भय, क्रोध, आलस्य, दीर्घसूत्रता को समूह ३.क्षेत्र, होरा, द्रेष्काण, नवांशक, द्वादशांशक, त्रिंशांशक नामक ज्योतिशास्त्रमा प्रसिद्ध वर्ग।

षड्विंशः (पुं.) [*षड्विंशत्याः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्, तिविंशतेर्डिति इति तिलोपः*] छब्बिसौं।

षड्विंशतिः (स्त्री.) [*षट् च विंशतिश्च, द्व.स., षडधिका विंशतिर्वा, म.प.स.*] छब्बिस।

षड्विकारम् (पुं.बहु.) [*षण्णां विकाराणां समूहः, द्वि.स.*] मानिसको शरीरमा पाइने जन्म,वृद्धि, बाल्य, यौवन, वार्द्धक्य र मरण।

षड्विधः (पुं.वि.) [*षड् विधा यस्य सः, बहु.स.*] छप्रकारको/छ भेद भएको।

षण (धा.) [*सम्भक्तौ, भ्वा.सक.सेट्, पर.*] सेवा गर्नु, आपत्तिमा पर्नु। लट्— **सनति**— सेवा गर्छ, आपत्तिमा पर्छ इत्यादि।

षणु (धा.) [*दाने, सक.सेट्, उभय.*] दान दिनु। लट्— **सनोति-ते**— दान दिन्छ इत्यादि।

षण्डः (पुं.) [*सनोति,षणु दाने इति धातोः ञमन्ताड्डः (उ.) ११९ इति डः*] १.नपुंसक/हिजडा २.(पुं.नपुं.) समूह।

नता निश्चलमूर्द्धानो बभूवुस्ते महोरगाः।
सायाह्ने कदलीषण्डे कम्पितास्तस्य वायुना॥
(ह.वं. ३३.३२)

३.चिह्न।

यानि रूपाणि जगृहे पापो धनजिहीर्षया।
तानि पापस्य षण्डानि लिङ्गं षण्डमिहोच्यते॥
(भाग.४.१९.२३)

४.साँढे/बैल। **~तिलः** (पुं.) [*षण्डो निष्फलश्चासौ तिलश्च, कर्म.स.*) १.नफलेको तिल २.जङ्गली तिल।

षण्डम् (नपुं.) [*सनोति, षणु दाने इति धातोः, ञमन्ताड्डः (उ. ११९) बाहुलकात्सत्वाभावः, यद्वा शडि रुजायां सङ्घाते च इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कमलको समूह। **षण्डं पद्मादिसङ्घाते न स्त्री स्यात् गोपतौ पुमान्** (मेदिनी.) २.जङ्गल। **षण्डं गहनं काननं वनम्** (अभि.चि.)।

षण्डा (स्त्री.) [*अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] नपुंसक महिला।

षण्ढः (पुं.) [*समतीति, षम अवैकल्ये इति धातोः, जनिदाच्युसृवृम-दिषमिनमिभृञ्भ्य इत्वनूत्वनूत्लणक्निनूशक्स्यढयटचः (उ.) ५५४ इति ढनिपातः, यद्वा शाम्यति शिश्नाभावाद्, शमेर्ढः इति ढप्रत्ययः*] नपुंसक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षण्ढतिलः (पुं.) [*षण्ढश्चासौ तिलश्च, कर्म.स.*] जर्तिल ।

षण्णवतिः (स्त्री.) [*षट् च नवतिश्च, द्व.स., षडधिका नवतिः, म.प.स.*] छयान्नब्बे ।

षण्मासिकः (पुं.वि.) [*षड्मासं भूतः, अवयसि ठँश्च ५.१.८४ इति ठन्, ठस्य इकः*] छ महिनाको ।

षण्मास्यः (पुं.वि.) [*षड्मासं भूतः, द्विगोः ४.१.२१ इति यप्*] छ महिनाको ।

षण्मुखः (पुं.) [*षड् मुखानि यस्य सः, बहु.स.*] १.कार्त्तिकेय । **त्वं क्रीडसे षण्मुख कुक्कुटेन यथेष्टनानाविधकामरूपी** (म.भा. ३.२३१.१६) २.(पुं.वि.) छमुख भएको ।

षद्लृ (धा.) [*विशरणगत्यवसादनेषु, भ्वा.सक.अनिट् पर.*] जानु, चल्नु,शक्तिहीन हुनु, सुक्नु, ओइलाउनु, दुःख पाउनु, नाश गर्नु । लट्– **सीदति–** जान्छ, शक्तिहीन हुन्छ, ओइलाउँछ, दुःख पाउँछ, नाश गर्छ । **अवसीदति–** थकित हुन्छ, दुखी हुन्छ । **समासीदति**– प्राप्त गर्छ । **उत्सीदति**– माथि उठ्छ । **उपसीदति**– नजिकै जान्छ । **प्रसीदति**– प्रसन्न हुन्छ । **विसीदति**–थकित हुन्छ, दुखी हुन्छ । **संसीदति**– इच्छा गरेको वस्तु पाउँछ । लिट्– **ससाद–** गएछ, सुकेछ, ओइलाएछ, दुःख पाएछ, नाश गरेछ । (अन.) इत्यादि ।

षद्लृ (धा.) [*विशरणगत्यवसादनेषु, तुदा.अक.सेट् पर.*] लट्– **सीदति–** हे. **षद्लृ** (भ्वादि) ।

षध (धा.) [*हिंसायाम् स्वा.अक.सेट् पर.*] मार्नु, हिंसा गर्नु । लट्– **सध्नोति** –मार्छ, हिंसा गर्छ इत्यादि ।

षप (धा.) [*समवाये, भ्वा.सक.सेट् पर.*] पूर्ण ज्ञान हुनु, संलग्न हुनु, मिलाप हुनु । लट्– **सपति–** पूर्ण ज्ञान हुन्छ, संलग्न हुन्छ मिलाप हुन्छ इत्यादि ।

षम (धा.) [*अवैकल्ये, भ्वा. अक.सेट् पर.*] सधैं एक नास रहनु, न हडबडाउनु । लट्– **समति–** सधैं एक नास रहन्छ, हडबडाउँदैन इत्यादि ।

षम्ब (धा.) [*सम्बन्धने, चुरा. सक.सेट् उभ.*] मिलाप गर्नु, संयोजन गर्नु, जोडनु । लट्– **सम्बयति-ते–** संयोग हुन्छ, जोड्छ इत्यादि ।

षर्ज (धा.) [*अर्जने, भ्वा. सक.सेट् पर.*] कमाउनु, प्राप्त गर्नु । **सर्जति–** कमाउँछ, प्राप्त गर्छ इत्यादि ।

षर्ब (धा.) [*गतौ, भ्वा. सक.सेट् पर.*] जानु । लट्– **सर्बति–** जान्छ इत्यादि ।

षर्व (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् पर.*] हिंसा गर्नु । लट्– **सर्वति–** हत्या गर्छ, पीडा दिन्छ इत्यादि ।

षष्टिः (स्त्री.) [*षड्गुणिता दशतिः, निपातनात् साधुः*] साठीको सङ्ख्या ।

षष्टिकाः (स्त्री.ब.) [*षष्टिरात्रेण पच्यन्ते, षष्टिका षष्टिरात्रेण पच्यन्ते ५.१.९० इति कन्, रात्रभागस्य लोपः*] साठी रातमा पाक्ने धान ।

षष्टिक्यम् (नपुं.) [*षष्टिकस्य भवनं क्षेत्रम्, यवयवकषष्टिकाद्यत् ५.२.३ इति यत्*] सठिया धान फल्ने खेत ।

षष्टितमः (पुं.वि.) [*षष्टेः पूरणः, तमट्*] साठियौं ।

षष्टिहायनः (पुं.) [*षष्टिर्हायना अस्य*] साट्ठी वर्षको ।

षष्ठः (पुं.वि.) [*षण्णां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् थुक्*] छैटौं (६) सङ्ख्याको ।

षष्ठांशः (पुं.) [*षष्ठश्चासौ अंशश्च, कर्म.स.*] छ भागको एक भाग/छैटौं भाग ।

षष्ठिका (स्त्री.) [*बालकस्य षष्ठो दिवसोऽस्त्यस्याः, अत इनिठनौ इति ठन्, ठस्येकः,टाप्*] बालक जन्मेको ६ दिनमा पूजा गरिने एक देवी/षष्ठीदेवी ।

षष्ठी (स्त्री.) [*षण्णां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट् थुक्, ङीप्*] १.चन्द्रमाको छैटौ कलाको ह्रास र वृद्धिबाट पैदा हुने तिथिविशेष २.बालक जन्मेका ६ दिनमा गरिने एक संस्कार ३.बालक जन्मिएको ६ दिनमा पूजा गरिने देवी ४.कात्यायनी **अमोघा विन्ध्यनिलया षष्ठी कान्तारवासिनी** । (अभि.चि.टी.) ५.व्याकरणअनुसार सम्बन्ध बुझाउने विभक्ति ।

षस (धा.) [*स्वप्ने, अदा. अक.सेट्.पर.*] सुत्नु । लट्– **सस्ति–** सुत्छ इत्यादि ।

षह (धा.) [*मर्षणे,भ्वा. सक.सेट् आत्म.*] क्षमा गर्नु, सहनु । लट्– **सहते–** क्षमा गर्छ, सहन्छ । लिट्– **सेहे–** क्षमा गरेछ,सहेछ । लुट् – **सहिता, सोढा–** क्षमा गर्ने छ, सहने छ । (अन.) लृट्– **सहिष्यते–** क्षमा गर्ने छ, सहने छ । लोट्– **सहताम्–** क्षमा गरोस्, सहोस् । लङ्– **असहत** – क्षमा गर्‍यो, सह्यो । विधिलिङ्– **सहेत–** क्षमा गरोस्, क्षमा गर्ला । सहोस्, सहला । आशीर्लिङ्– **सहिषीष्ट–** क्षमा गरोस्, सहोस् । लुङ्– **असहिष्ट–** क्षमा गर्‍यो, सह्यो । लृङ्– **असहिष्यत–** क्षमा गर्ने थियो, सहने थियो । कर्मणि– **सह्यते** – क्षमा गरिन्छ, सहिन्छ । णिचि – **साहयति, ते–** क्षमा गराउँछ, सहन लगाउँछ । सनि– **सिसहिषते–** क्षमा गर्न चाहन्छ, सहन खोज्छ । यङि– **सासह्यते–** अतिशय वा बारम्बार क्षमा गर्छ वा सहन्छ । यङ्लुकि– **सासहीति, सासोढि–** अतिशय वा बारम्बार क्षमा गर्छ वा सहन्छ । कृदन्ते– **साहकः, साहिका, सोढा, सोढ्री, सहिता, सहित्री–** क्षमा गर्ने, सहन गर्ने । **सहितव्यः, सोढव्यः सहनीयः, सह्यः–** क्षमा गरिने, सहिने । **सहनः–** क्षमा गर्ने, सहने । **सहमानः–** क्षमा गरिरहेको, सहिरहेको, । **सहिष्णुः–** क्षमाशील, सहनशील । **षट्**–सङ्ख्याविशेष । **सहितुम्, सोढुम्–** सहन, क्षमा गर्न । **सहित्वा, सोढ्वा, विसह्य–** क्षमा गरेर, सहेर । **साहसानः–** क्षमाशील, सहनशील । **पृतनाषाद्, तुराषाद** इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षह (धा.) [*मर्षणे, चुरा. सक.सेट् उभ.*] सहनु। लट्– **साहयति-ते–** सहन्छ इत्यादि।

षह (धा.) [*चक्यर्थे, दिवा. अक.सेट् पर.*] तृप्त हुनु, सहन गर्नु, प्रतिरोध गर्नु। लट्– **सह्यति–** तृप्त हुन्छ, सहन गर्छ, प्रतिरोध गर्छ इत्यादि।

षाड्गुण्यम् (नपुं.) [*षण्णां गुणानां समाहारः, षड्गुणम् षड्गुणमेव,, चतुर्वर्णादीनामुपसङ्ख्यानम् इति ष्यञ्*] राजनीतिका सन्धि, विग्रह, यान आदि छथरी गुणको समूह।

षाण्मातुरः (पुं.) [*षण्णां मातॄणामपत्यं पुमान्, मातुरुत्सङ्ख्या-संमद्रपूर्वायाः ४.१.११५ इति अण्, उदादेशः, रपरत्वम् च*] १.छवटी आमाद्वारा पालित सन्तान २.कार्तिक स्वामी।

षाण्मासिकः (पुं.वि.) [*षष्ठे मासे भवः, षण्मास+ठञ्*] १.छ महिनाको २.(नपुं.) मरेको छैटौं महिनामा गर्नुपर्ने श्राद्ध।

षाण्मासीनः (पुं.वि.) [*षड्मासं भूतः, मासाद् वयसि यत्खौ ५.१.८१ इति खः, खस्य ईनः*] छ महिनाको।

षाण्मास्यः (पुं.वि.) [*षड् मासं भूतः, षड्मासाण्ण्यच्च ५.१.८३ इति ण्यत्*] छ महिनाको।

षान्त्व (धा.) [*सामप्रयोगे, सक.सेट् उभय.*] सान्त्वना दिनु, समाधान गर्नु। लट्– **सान्त्वयति-ते–** सान्त्वना दिन्छ इत्यादि।

षिङ्गः (नपुं.) [*सेटत्यनाद्रियते सः, बाहुलकात् छापूखडिभ्यः कित् (उ.) इति गन्, कित्वञ्च*] १.कामुक २.असङ्गत प्रेमी, विलासी, विट। **षिङ्गैरगद्यत ससंभ्रमयेव काचित्** (शि.व.५.३४)।

षिच (धा.) [*क्षरणे, तुदा.सक.अनिट् उभय.*] सिँचाइ गर्नु। लट्– **सिञ्चति–** सिँचाइ गर्छ इत्यादि।

षिञ् (धा.) [*बन्धने, स्वा. सक.अनिट् उभय.*] बाँध्नु। लट्– **सिनोति–** बाँध्छ इत्यादि।

षिञ् (धा.) [*बन्धने, क्र्या.सक.अनिट् उभय.*] बाँध्नु। लट्– **सिनाति, सिनीते–** बाँध्छ इत्यादि

षिट (धा.) [*अनादरे, भ्वा.सक.सेट् पर.*] अपमान गर्नु। लट्– **सेटति–** अपमान गर्छ इत्यादि।

षिध (धा.) [*गत्याम्, भ्वा.सक.सेट् पर.*] जानु। लट्– **सेधति–** जान्छ। **निषेधति–** निषेध गर्छ, रोक्छ। **प्रतिषेधति–** निषेध गर्छ, रोक्छ इत्यादि। कर्मणि– **सिध्यते–** गइन्छ इत्यादि।

षिधू (धा.) [*शास्त्रे माङ्गल्ये च, भ्वा. सक.सेट् पर.*] आज्ञा गर्नु, शासन गर्नु। लट्– **सेधति–** आज्ञा गर्छ, शासन गर्छ इत्यादि।

षिधु (धा.) [*संरसिद्धौ दिवा. अक.अनिट् पर.*] सिद्ध हुनु, जित्नु। लट्– **सिध्यति–** सिद्ध हुन्छ, जित्छ इत्यादि। भावे– **सिध्यते–** सिद्ध होइन्छ इत्यादि।

षिम्बा (स्त्री.) [*समति, षम वैक्लव्ये इति धातोः, उल्बादयश्च (उ.) इति साधुः*] १.केराऊ–बोडी आदिको कोसो २.सिमी।

षिल (धा.) [*उञ्छे, तुदा.सक.सेट् पर.*] बटुल्नु, शिला खोज्नु। लट्– **शिलति–** बटुल्छ, शिला खोज्छ इत्यादि।

षिवु (धा.) [*तन्तुसन्ताने, दिवा.सक.सेट् पर.*] सिउनु। लट्– **सीव्यति–** सिउँछ इत्यादि।

षु (धा.) [*प्रसवैश्वर्ययोः, भ्वा.सक./अक.अनिट् पर.*] उत्पन्न हुनु, पराक्रमी हुनु। लट्– **सवति–** उत्पन्न हुन्छ, पराक्रमी हुनछ इत्यादि।

षु (धा.) [*प्रसवैश्वर्ययोः, अदा.सक.अक.अनिट् पर.*] उत्पन्न गर्नु, अद्भुत पराक्रम देखाउनु। लट्– **सौति–** उत्पन्न गर्छ, अद्भुत पराक्रम देखाउँछ इत्यादि।

षुट्ट (धा.) [*अनादरे, चुरा.सक.सेट् उभय.*] अनादर गर्नु। लट्– **सुट्टयति-ते–** अनादर गर्छ इत्यादि।

षुह (धा.) [*चक्यर्थे, दिवा.अक.सेट् पर.*] तृप्त हुनु, सहन गर्नु, प्रतिरोध गर्नु। लट्– **सुह्यति–** तृप्त हुन्छ, प्रतिरोध गर्छ, सहन गर्छ इत्यादि।

षू (धां.) [*प्रेरणे, तुदा. सक.सेट् पर.*] प्रेरणा दिनु। लट्– **सुवति–** प्रेरणा दिन्छ इत्यादि।

षूञ् (धा.) [*अभिषवे, स्वा. स्नाने अक./अन्यत्र सक.अनिट् उभय.*] स्नान गर्नु,यन्त्रादिद्वारा अर्क निकाल्नु, मथन गर्नु। लट्–**सुनोति–** स्नान गर्छ,यन्त्रादिद्वारा अर्क निकाल्छ, मथन गर्छ इत्यादि।

षूञ् (धा.) [*प्राणिगर्भविमोचने, अदा.सक.वेट् आत्म.*] उत्पन्न गर्नु, जन्माउनु। लट्– **सूते–** उत्पन्न गर्छ, जन्माउँछ इत्यादि।

षूञ् (धा.) [*प्राणिप्रसवे, दिवा.सक.वेट् आत्म.*] गर्भधारण गर्नु उत्पन्न गर्नु। लट्– **सूयते–** गर्भधारण गर्छ, उत्पन्न गर्छ इत्यादि।

षूद (धा.) [*क्षरणे, भ्वा.सक.सेट् आत्म.*] चुहुनु। लट्– **सूदते–** चुहुन्छ इत्यादि।

षूद (धा.) [*क्षरणे, हिंसायाञ्च, चुरा.सक.सेट् उभय.*] चुहुनु, हिंसा गर्नु। लट्– **सूदयति-ते–** चुहुन्छ, हिंसा गर्छ इत्यादि।

षृभु (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् पर.*] हिंसा गर्नु। लट्– **सर्भति–** हिंसा गर्छ इत्यादि।

षृम्भु (धा.) [*हिंसायाम्, भ्वा.सक.सेट् पर.*] हिंसा गर्नु। लट्– **सृम्भति–** हिंसा गर्छ इत्यादि।

षेवृ (धा.) [*सेवने, भ्वा.अक.सेट् आत्म.*] सेवा गर्नु। लट्– **सेवते–** सेवा गर्छ। लिट्– **सिषेवे–** सेवा गरेछ (अन.)। लृट्– **सेविष्यते–** सेवा गर्नेछ। लोट्– **सेवाताम्–** सेवा गरोस्। लङ्– **असेवत–** सेवा गऱ्यो (अन.)। विधिलिङ्– **सेवेत–** सेवा गर्ला, सेवा गरोस्। आशीर्लिङ्– **सेविषीष्ट–** सेवा गरोस्। लुङ्– **असेविष्ट–** सेवा गऱ्यो। लृङ्– **असेविष्यत–** सेवा गर्ने थियो। कृदन्ते– **सेवकः, सेविका, सेविता-त्री–** सेवा गर्ने। **सेवमानः–** सेवा गरिरहेको। **सेवा, सेवनम्–** सेवा गर्ने काम। **सेवितव्यः,**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवनीयः, सेव्यः— सेवा गर्न लायक, सेवा गरिने। **सेविष्णुः**— सेवा गर्न सिपालु, **सेवितुम्**— सेवा गर्न। **सेवयितुम्**— सेवा गराउन। **सेवित्वा, संसेव्य**— सेवा गरेर। **सेवयित्वा**— सेवा गराएर इत्यादि।

सै (धा.) [*क्षये, भ्वा.अक.अनिट् पर.*] नष्ट हुनु। लट्— **सायति**— नष्ट हुन्छ इत्यादि।

षो (धा.) [*अन्तकर्मणि, दिवा.सक.सेट् पर.*] विध्वंस गर्नु, नष्ट गर्नु, मग्न हुनु। लट्— **स्यति**— विध्वंस गर्छ, नष्ट गर्छ, मग्न हुन्छ इत्यादि।

षोडन् १.(पुं.वि.) [*षड् दन्ता अस्य, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति उत्वम्, दतृ–दश–धासु उत्तरपदादेः ष्टुत्वञ्च*] छवटा दाँत भएको २.(पुं.) छदाँते गोरु। **षोडन् षड्दशनः स्मृतः** (हला. २६७)।

षोडश (अव्य.) [*षडधिका दश, त.स.षट् च दश च, द्व.स. पृषोदरादित्वात् साधुः*] सोह्र। यस सङ्ख्यालाई बुझाउने अन्य शब्द– **इन्दुकलाः, मातृकाः**। (कविकल्पलता) **~कर्म** (नपुं.) [*षोडशानां कर्मणां समूह, द्वि.स.*] गर्भाधानदेखि लिएर मृत्युसम्म गरिने द्विजातिका सोह्र संस्कार/षोडश संस्कार। **~कला** (स्त्री.) [*षोडश च ताः कलाः, कर्म.स.*] चन्द्रमाको सोह्र कला— अमृता, मानदा, पूषा, तुष्टि, पुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति ज्योत्स्ना, श्री, प्रीति, अङ्गदा, पूर्णा र पूर्णामृता।

अमृता मानदा पूषा तुष्टिः पुष्टी रतिर्धृतिः।
शशिनी चन्द्रिका कान्तिर्ज्योत्स्ना श्रीः प्रीतिरङ्गदा॥
पूर्णा पूर्णामृता चेति विधोः षोडश वै कलाः॥

~गणः (पुं.) पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत र मन समेत सोह्रको समूह। **~दानम्** (नपुं.) [*षोडशानां दानानां समाहारः, द्वि.स.*] सोह्रथरी दानहरू— जमिन, आसन, जल, वस्त्र, गाई, सुन, चाँदी, बत्ती, अन्न, पान, छाता, सुगन्धित वस्तु, फूलमाला, फल, विछौना र खडाउ। (खराउ)। **~धा** (अव्य.) [*षोडशभिः प्रकारैः, सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा*] सोह्र किसिमको वा सोह्र किसिमले। **~भुजा** (स्त्री.) [*षोडशो भुजा यस्याः सा, बहु.स.*] भद्रकाली। **~मातृकाः** (स्त्री.) [*षोडशश्च ता मातृकाः, कर्म.स.*] सोह्र वटी मातृकादेवी— गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, माता, लोकमाता, शान्ति, पुष्टि, धृति र स्वस्ति। धृति र स्वस्तिको ठाउँमा तुष्टि र आत्मनः कुलदेवता यो पाठान्तर पनि छ। **~श्राद्धम्** (नपुं.) [*षोडशानां श्राद्धानां समाहारः, द्व.स.*] सोह्र श्राद्ध। यसका मुख्य दुई भेद छन्— १.मरेको बाह्रौं दिन, पैंतालिसौं दिन, छ महिना, महिना–महिनामा (मासिक) र वर्ष दिन पुगेको दिनमा समेत गरिने जम्मा सोह्र वटा श्राद्ध।

द्वादशाहे त्रिपक्षे च षण्मासे मासि चाब्दिके।
श्राद्धानि षोडशैतानि संस्मृतानि मनीषिभिः॥ (या.व.श्रा.प्र.मि.टी.) २.आश्विन कृष्णपक्ष— महालयको सोह्र दिनसम्म गरिने श्राद्ध। कन्या राशिमा सूर्य गएको समयमा कृष्ण पक्षका जति दिन छन् ती सबै यज्ञ समान छन् भनी भगवान् नारायणले भन्नु भएको छ। यसमा हेमाद्रिले सोह्र श्राद्धका तीन प्रकार बताएका छन्— १.तिथि (पन्ध्र दिनभित्र कुनै तिथि) बढेमा सोह्र दिन २.भदौंको पूर्णिमादेखि औंसीसम्म सोह्र दिन ३.आश्विन–कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्म सोह्र दिन। उपर्युक्त तीन मतमध्ये तिथि बढेर सोह्र दिन भएमा सोह्रै दिन गर्नु पर्छ। तिथि घटबढ नहुँदा पन्ध्र दिन गर्नुपर्छ। तिथि टुट्न जाँदा चौध दिन श्राद्ध गरे हुन्छ। यसमा नसक्नेले पञ्चमी वा षष्ठीबाट, अष्टमीबाट, दशमीबाट वा एकादशीदेखि औंसीसम्म गरे पनि हुन्छ। त्यसमा प्रतिपदादेखि औंसीसम्म दिनहुँ गर्दा चतुर्दशीको दिन पनि गर्नै पर्छ। तर पञ्चमी आदिबाट औसीसम्म गरिने उक्त पाँच पक्षमा भने चतुर्दशीलाई छाडेर अरू दिनमा गर्नुपर्छ। यी पाँच पक्ष पञ्चमीदेखि औंसीसम्ममा पनि गर्न नसके सोह्र दिनभित्र कुनै पनि एक दिनमा **सकृन्महालय** (एक दिन मात्र भए पनि) गर्नै पर्छ।

मध्ये वा यदि वाप्यन्ते यत्र कन्यां व्रजेद्रविः।
स पक्षः सकलः श्रेष्ठः श्राद्धं षोडशकं प्रति॥ (नि.सि.)
कन्यागते सवितरि यान्यहानि तु षोडश।
ऋतुभिस्तानि तुल्यानि देवो नारयणोऽब्रवीत्॥
अत्र हेमाद्रिः षोडशत्वं त्रेधा व्याचख्यौ।

१.तिथिवृद्ध्या पक्षस्य षोडशदिनात्मकत्वे श्राद्धवृद्ध्यर्थमेकः पक्षः २.भाद्रपदपूर्णिमया सहेति द्वितीयः ३.आश्विनशुक्ल प्रतिपदया सहेति तृतीयः। (नि.सि.) **तत्र शक्तेन भाद्रपदापरपक्षे प्रतिपदामारभ्य दर्शान्ततिथिवृद्धौ षोडशमहालयाः कर्तव्याः। वृद्धिक्षयाभावे पञ्चदशैव महालयाः। तिथिक्षये चतुर्दशैव, अशक्तेन तु पञ्चम्यादिषु षष्ठ्यादिष्वष्टम्यादिषु दशम्यादिष्वेकादश्यादिषु वा दर्शान्ततिथिषु कार्याः। तत्राप्यशक्ते नानिषिद्धे कस्मिंश्चिदेकस्मिन् दिवसे सकृन्महालयः कर्तव्यः। प्रतिपदादिदर्शान्तपक्षे चतुर्दशी न वर्ज्या। पञ्चम्यादि दर्शान्तादिपञ्चपक्षेषु चतुर्दशीं वर्जयित्वान्यतिथिषु महालयः। सकृन्महालयेऽपि चतुर्दशी वर्जनीया।** (ध.सि.)। **~शृङ्गारम्** (नपुं.) [*षोडशानां शृङ्गाराणां समूहः, द्वि.स.*] शरीरलाई सजाउने स्त्रीहरूका सोह्र प्रकारका शृङ्गारको समूह, जस्तै— बुकुवा लगाउनु, स्नान गर्नु, वस्त्र लगाउनु, मेहन्दी लगाउनु, कपाल कोर्नु, गाजल लगाउनु, सिउँदोमा सिन्दुर लगाउनु, माहुर लाउनु, निधारमा टीको लाउनु, चिउँडामा कोठी बनाउनु, तिउरी लाउनु, अत्तर आदि सुगन्धी पदार्थ घस्नु, गहना लाउनु, पान खानु र ओठमा लाली लाउनु।

षोडशः (त्रि.बहु) [*षोडशानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट्*] सोह्रवटा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडशसंस्कारम् (नपुं.) [*षोडशानां संस्काराणां समूहः, द्वि.स.*] मानिसको जन्मदेखि मृत्युसम्म गरिने सोह्र संस्कारको समूह। गर्भाधान, पुंसवन, सीमन्त, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, चूडाकर्म, उपनयन, वेदाध्ययन, केशान्त, समावर्तन, विवाह, अन्त्येष्टि।

षोडशमातृकाः (स्त्री. बहु.) [*षोडश च ता मातृकाश्च, कर्म.स.*] शुभकर्म थाल्नु अगाडि पुजिने सोह्रओटी देवी। गौरी, पद्मा, शची, मेधा,सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, लोकमाता, शान्ति, पुष्टि, धृति, तुष्टि, आफ्ना कुलदेवता।

षोडशांशुः (पुं.) [*षोडश अंशवो यस्य सः, बहु.स.*] शुक्र।

षोडशाङ्घ्रिः (पुं.) [*षोडश अङ्घ्रयो यस्य सः, बहु.स.*] १.गँगटो २.(पुं.वि.) सोह्र चरण भएको।

षोडशारम् (नपुं.) [*षोडश अराणीव दलानि यस्य तत्, बहु.स.*] १.सोह्र पत्र भएको कमल।

आधारे लिङ्गनाभौ हृदयसरसिजे तालुमूले ललाटे
द्वे पत्रे षोडशारे द्विदशदशदले द्वादशार्द्धे चतुष्के।
वासान्ते वादिलान्ते डफकफसहिते कण्ठमध्ये स्वराणां
हक्षौ कोदण्डमध्ये सकलदलगतं वर्णरूपं नमामि॥

(तन्त्र) २.जलाशय बनाएर सार्वजनिक गर्दा वेदीमा बनाइने चक्र।

षोडशार्चिः (पुं.) [*षोडश अर्चींषि यस्य सः, बहु.स.*] शुक्रग्रह।

षोडशावर्तः (पुं.) [*षोडश आवर्ता यस्य सः, बहु.स.*] शङ्ख।

षोडशी (पुं.) १.यज्ञपात्रविशेष २.बाह्र महाविद्याअन्तर्गत पर्ने एक महाविद्या ३.श्राद्धविशेष।

षोडशोपचारः (पुं.) [*षोडशानामुपचाराणां समूहः, द्वि.स.*] भगवान्को पूजाका निमित्त प्रयोग हुने सोह्र किसिमका उपचारहरू– आसन, स्वागत, अर्घ्य, आचमन, मधुपर्क, स्नान, वस्त्राभरण, यज्ञोपवीत, चन्दन, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, परिक्रमा र वन्दना।

षोढा (अव्य.) [*षड्भिः प्रकारैः, सङ्ख्याया विधार्थे धा ५.३.४२ इति धा, षष उत्वम्, गुणः, धस्य ष्टुत्वम्*] छ किसिमले।

ष्टक (धा.) [*प्रतिघाते, भ्वा.सक.सेट् पर.*] रोक्नु। लट्– **स्तकति–** रोक्छ इत्यादि।

ष्टगे (धा.) [*संवरणे, भ्वा.सक.सेट् पर.*] ढाक्नु। लट्– **स्तगति–** ढाक्छ इत्यादि।

ष्टन (धा.) [*शब्दे, अक.सेट् पर.*] शब्द गर्नु। लट्– **स्तनति–** शब्द गर्छ इत्यादि।

ष्टम (धा.) [*अवैकल्ये, भ्वा. अक.सेट् पर.*] नहडबडाउनु। लट्– **स्तमति–** हडबडाउँदैन इत्यादि।

ष्टभि (धा.) [*प्रतिबन्धे, भ्वा.अक.सेट् आत्म.*] रोक्नु। लट्– **स्तम्भते–** रोक्छ इत्यादि।

ष्टिघ (धा.) [*आस्कन्दने, स्वा. सक.सेट् आत्म.*] हल्ला गर्नु, हत्या गर्नु। लट्– **स्तिघ्नुते–** हल्ला गर्छ, हत्या गर्छ इत्यादि।

ष्टिपृ (धा.) [*क्षरणार्थे, भ्वा. अक.सेट् आत्म.*] चुहुनु। लट्– **स्तेपते–** चुहुन्छ इत्यादि।

ष्टिम (धा.) [*आर्द्रीभावे, अक.सेट् पर.*] भिज्नु। लट्– **स्तिम्यति–** भिज्छ इत्यादि।

ष्टीम (धा.) [*आर्द्रीभावे, दिवा.अक.सेट् पर.*] भिज्नु। लट्– **स्तीम्यति–** भिज्छ इत्यादि।

ष्टुच (धा.) [*प्रसादे, भ्वा.अक.सेट् आत्म.*] सन्तुष्ट हुनु। लट्– **स्तोचते–** सन्तुष्ट हुन्छ इत्यादि।

ष्टुञ् (धा.) [*स्तुतौ अदा. सक.अनिट् उभ.*] स्तुति गर्नु, प्रशंसा गर्नु, लट्– **स्तौति, स्तवीति–** स्तुति गर्छ, प्रशंसा गर्छ। लिट्– **तुष्टव–** स्तुति गरेछ, प्रशंसा गरेछ। लुट्– **स्तोता–** स्तुति गर्ने छ प्रशंसा गर्ने छ। (अन.) लृट्– **स्तोष्यति–** स्तुति गर्ने छ, प्रशंसा गर्ने छ। लोट्– **स्तौतु, स्तुवीतु–** स्तुति गरोस्, प्रशंसा गरोस्। लङ्– **अस्तौत्, अस्तवीत्–** स्तुति गऱ्यो, प्रशंसा गऱ्यो। विधिलिङ्– **स्तुयात्–** स्तुति गरोस्, स्तुति गर्ला, प्रशंसा गरोस्, प्रशंसा गर्ला। आशीर्लिङ्– **स्तूयात्–** स्तुति गरोस्,प्रशंसा गरोस्। लुङ्–**अस्तावीत्–** स्तुति गऱ्यो, प्रशंसा गऱ्यो। लृङ्– **अस्तोष्यत्–** स्तुति गर्ने थियो, प्रशंसा गर्ने थियो। आत्मनेपदे– **स्तुते, तुष्टवे, स्तोता, स्तोष्यते, स्तुताम् स्तुवीताम्, अस्तुत, अस्तुवीत, स्तुवीत, स्तोषीष्ट, अस्तोष्ट, अस्तोष्यत**। कर्मणि– **स्तूयते–** स्तुति गरिन्छ, प्रशंसा गरिन्छ। णिचि– **स्तावयति-ते–** स्तुति गराउँछ, प्रशंसा गराउँछ। सनि– **तुष्टूषति–** स्तुति गर्न चाहन्छ, प्रशंसा गर्न चाहन्छ। यङि– **तोष्टूयते–** अतिशय बारम्बार स्तुति वा प्रशंसा गर्छ। यङ्लुकि– **तोष्टवीति तोष्टोति–** अशिय वा बारम्बार स्तुति वा प्रशंसा गर्दछ। कृदन्ते– **स्तोतव्यः, स्तवनीयः, स्तुत्यः–** स्तुति वा प्रशंसालायक। **स्तुतः–** स्तुति वा प्रशंसा गरिएको। **स्तुतवान्–** स्तुति वा प्रशंसा गरेको। **स्तुवन्–** स्तुति गरिरहेको। **स्तोतुम्–**स्तुति गर्न। **स्तवः, स्तवनम्–** स्तुति, प्रशंसा, **स्तुत्वा, प्रस्तुत्य–** स्तुति वा प्रशंसा गरेर। **स्तोता–** स्तुति गर्ने। **स्तोत्रम्–** स्तुतिवचन। इत्यादि।

ष्टुप (धा.) [*समुच्चये, चुरा.सक.सेट् उभय.*] जम्मा गर्नु। लट्– **स्तुपयति-ते–** जम्मा गर्छ इत्यादि।

ष्टुभु (धा.) [*स्तम्भे, वा.अक.सेट् आत्म.*] अवरोध गर्नु, मूर्ख हुनु। लट्– **स्तोभते–** अवरोध गर्छ, मूर्ख हुन्छ इत्यादि।

ष्टेपृ (धा.) [*क्षरणार्थे, भ्वा.अक.सेट् आत्म.*] चुहुनु। लट्– **स्तेपते–** चुहुन्छ इत्यादि।

ष्टै (धा.) [*वेष्टने शोभायाञ्च, भ्वा.सक.अनिट् पर.*] घेर्नु, सुहाउनु। लट्– **स्तायति–** घेर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ष्ट्यै (धा.) [*शब्दसङ्घातयोः, भ्वा. अक.अनिट् पर.*] शब्द गर्नु, भिड हुनु। लट्– **स्त्यायति–** शब्द गर्छ, भिड हुन्छ इत्यादि।

ष्ट्रक्ष (तृक्ष) (धा.) [*गतौ, भ्वा.सक.सेट् पर.*] जानु। लट्– **तृक्षति–** जान्छ इत्यादि।

ष्ठल (धा.) [*स्थाने, भ्वा.अक.सेट् पर.*] स्थिर हुनु। लट्– **स्थलति–** स्थिर हुन्छ इत्यादि।

ष्ठा (धा.) [*गतिनिवृत्तौ, अक.अनिट् पर.*] स्थिर हुनु, रहनु। लट्– **तिष्ठति–** स्थिर हुन्छ, रहन्छ। **अधितिष्ठति–** पदासीन हुन्छ, माथि बस्छ। **अनुतिष्ठति–** शास्त्रको पछि लाग्छ, लट्कन्छ, यँसिइरहन्छ। **अवतिष्ठति–** सेवा गर्छ, स्थिर हुन्छ। **आतिष्ठति–** ढाकेर बस्छ। **उत्तिष्ठति–** उठ्छ, खडा हुन्छ। **उपतिष्ठति–** उपस्थित हुन्छ। **नितिष्ठति–** राख्छ, स्थापित गर्छ। **पर्यवतिष्ठति–** अचल हुन्छ। **प्रतिष्ठते–** अगाडि जान्छ, प्रस्थान गर्छ। **प्रतितिष्ठति–** देउताको अगाडि हात जोडेर खडा हुन्छ। **व्यवतिष्ठति–** आज्ञा मान्छ। **समातिष्ठति–** आफ्नो आचरणमा रहन्छ। **संप्रतिष्ठति–** परदेश जान्छ। लिट्– **तस्थौ–** स्थिर भएछ, रहेछ (अन.)। लुट्– **स्थाता–** स्थिर हुने छ, रहने छ (अन.)। लृट्– **स्थास्यति–** स्थिर हुने छ, रहने छ। लोट्– **तिष्ठतु–** स्थिर होस्, रहोस्। लङ्– **अतिष्ठत्–** स्थिर भयो, रह्यो (अन.)। विधिलिङ्– **तिष्ठेत्–** स्थिर होला, रहला, स्थिर हओस्, रहोस्। आशीर्लिङ्– **स्थेयात्–** स्थिर हओस्, रहोस्। लुङ्– **अध्यष्ठात्–** स्थिर भयो, रह्यो। लृङ्– **अस्थास्यत्–** स्थिर हुने थियो, रहने थियो। भावे– **स्थीयते–** स्थिर होइनेछ, रहिनेछ। णिचि– **स्थापयति-ते–**स्थिर गराउँछ, रहन लगाउँछ। सनि– **तिष्ठासति–** उभिन चाहन्छ। कृदन्ते– **स्थातव्यम्, स्थानीयम्, स्थेयम्–** रहनुपर्ने। **स्थित्वा–** रहेर। **स्थातुम्–** रहन इत्यादि।

ष्ठिवु (धा.) [*निरसने, भ्वा.सक.सेट् पर.*] थुक्नु। लट्– **ष्ठीवति–** थुक्छ इत्यादि। **निष्ठीवति**- हे. **निष्ठीव्यति** ।

ष्ठिवु (धा.) [*निरसने, दिवा.अक.सेट् पर.*] १.थुक्नु २.कुल्ला गर्नु ३.मुखबाट राल चुहुनु। लट्– **ष्ठीव्यति–** थुक्छ, कुल्ला गर्छ, मुखबाट राल चुहुन्छ। **निष्ठीव्यति** -प्रक्षेपण गर्छ, हटाउँछ, धकेल्छ (रघु. २.७५, भट्टि. १४.१००) मुखबाट खकार बाहिर निकाल्छ। (मनु.४.१३२) इत्यादि।

ष्ठीवनम् (नपुं.) [*ष्ठीव श्लेष्मादेर्मुखेन वमने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.थुक/राल २.थुक्ने काम।

नाप्सु मूत्रं पुरीषं वा ष्ठीवनं वा समुत्सृजेत्।
अमेध्यालिप्तमन्यद्वा लोहितं वा विषाणि वा॥ (मनु.)

ष्ठ्यूतः (पुं.वि.) [*ष्ठीव्यते स्म, ष्ठिवु निरसने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, सम्प्रसारणम्, यण्*] १.थुकिएको/खकारिएको २.उगेलिएको।

ष्णसु (धा.) [*निरसने, दिवा. सक.सेट् पर.*] हटाउनु। लट्– **स्नस्यति–** हटाउँछ इत्यादि।

ष्णा (धा.) [*शौचे, अदा.अक.अनिट् पर.*] नुहाउनु। लट्– **स्नाति–** नुहाउँछ। लिट्– **सस्नौ–** नुहाएछ (अन.) लुट्– **स्नाता–** नुहाउने छ। (अन.) लृट्– **स्नास्यति–** नुहाउने छ। लोट्– **स्नातु–** नुहाओस्। लङ्– **अस्नात्–** नुहायो। विधिलिङ्– **स्नायात्–** नुहाउला आशीर्लिङ्– **स्नेयात्–** नुहाओस्। लुङ्– **अस्नासीत्–** नुहायो। लृङ्– **अस्नास्यत्–** नुहाउने थियो। भावे– **स्नायते–** नुहाइन्छ। णिचि– **स्नापयति, स्नपयति–** नुहाउन लगाउँछ। सनि– **सिष्णासति–** नुहाउन चाहन्छ। यङि– **सास्नायते–** अतिशय वा बारम्बार नुहाउँछ। कृदन्ते– **स्नातव्यम्, स्नानीयम्–** नुहाउनु पर्ने, नुहाउने चूर्ण, सावन आदि। **स्नायकः, स्नायिका, स्नाता, स्नात्री–** नुहाउने। **स्नापकः, स्नपकः, स्नापिका–** नुहाइदिने। **स्नातुम्–** नुहाउन। **स्नात्वा, उपस्नाय–** नुहाएर। **स्नातः–** स्नान गरेको **स्नानम्–** नुहाउने काम। **स्नान्–** नुहाइरहेको। **निष्णातः–** कुशल। **नदीष्णः–** १.नदीमा स्नान गर्न सिपालु २.सिपालु। **सुस्नातः–** राम्रोसित स्नान गरेको। **प्रस्नः–** पर्वतमा भएको जलाशय, पोखरी। **स्नायुः–** नशा इत्यादि।

ष्णिह (धा.) [*स्नेहने, चुरा.अक.सेट् उभय.*] माया गर्नु। लट्– **स्नेहयति-ते–** माया गर्छ इत्यादि।

ष्णिह (धा.) [*प्रीतौ, दिवा. अक.वेट् पर.*] माया गर्नु। लट्– **स्निह्यति–** माया गर्छ। लिट्– **सिष्णेह–** माया गरेछ (अन.)। लुट्– **स्नेहिता, स्नेग्धा–** माया गर्ने छ। लृट् **-स्नेहिष्यति, स्नेक्ष्यति–** माया गर्ने छ। लोट्– **स्निह्यतु–** माया गरोस्। लङ्– **अस्निह्यत्–** माया गर्‍यो। विधिलिङ्– **स्निह्येत्–** माया गर्ला, माया गरोस्। आशीर्लिङ्– **स्निह्यात्–**माया मारोस्। लुङ्– **अस्निहत्–** माया गर्‍यो। लृङ्– **अस्नेहिष्यत्, अस्नेक्ष्यत्–**माया गर्ने थियो। भावे– **स्निह्यते–** माया गरिन्छ। णिचि– **स्नेहयति-ते–** माया गराउँछ। सनि– **सिस्नेहिषति, सिस्निहिषति, सिस्निक्षति–** माया गर्न चाहन्छ। यङि– **सेष्णिह्यते–** अतिशय वा बारम्बार माया गर्छ। यङ्लुकि– **सेष्णेग्धि, सेष्णेहीति, सेष्णेग्धि–** अतिशय वा बारम्बार माया गर्छ। कृदन्ते– **स्नेहनीयम्, स्नेहितव्यम्, स्नेग्धव्यम्, स्नेह्यम्–** माया गरिने वा गर्नुपर्ने। **स्नेहकः, स्नेहिका, स्नेहिता, स्नेढा–** माया गर्ने। **स्नेहनम्–** माया गर्ने काम। **स्नेहः–** माया, तेल। **स्निग्ध्वा, स्निहित्वा, स्नेहित्वा, संस्निह्य–** माया गरेर। **स्निग्धः, स्नीढः–** माया गरेको इत्यादि।

ष्णु (धा.) [*प्रस्रवणे, अदा.अक.सेट् पर.*] चुहुनु, झर्नु। लट्– **स्नौति–** चुहुन्छ, झर्छ इत्यादि।

ष्णुसु (धा.) [*अदने, दिवा.सक.सेट् पर.*] खानु। लट्– **स्नुस्यति–** खान्छ इत्यादि।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ष्णुह (धा.) [*उद्‌गिरणे, दिवा. सक. वेट्‌ पर.*] उगल्नु। लट्– **स्नुह्यति–** उगल्छ इत्यादि।

ष्णै (धा.) [*वेष्टने शोभायाञ्च, भ्वा.सक.अनिट्‌ पर.*] बेर्नु। लट्– **स्नायति–** बेर्छ, शोभा पाउँछ।

ष्मिङ् (धा.) [*ईषद्धसने, भ्वा.अक.अनिट्‌, आत्म.*] मुस्कुराउनु लट्– **स्मयते**–मुस्कुराउँछ। लिट्– **सिस्मये–** मुस्कुराएछ (अन.)। लुट्– **स्मेता–** मुस्कुराउने छ। लृट्– **स्मेष्यते–** मुस्कुराउने छ। लोट्– **स्मयताम्–** मुस्कुराओस्। लङ्– **अस्मयत**–मुस्कुरायो। (अन.) विधिलिङ्– **स्मयेत–** मुस्कुराउला, मुस्कुराओस्। आशीर्लिङ्–**स्मेषीष्ट–** मुस्कुराओस्। लुङ्– **अस्मेष्ट–** मुस्कुरायो। लृङ्– **अस्मेष्यत–** मुस्कुराउने थियो। भावे– **स्मीयते–** मुस्कुराइन्छ। णिचि– **स्मापयते–** मुस्कुराउन लगाउँछ। **रामं विस्मापयेत कः** (भट्टि) सनि– **विसिस्मयिषते–** मुस्कुराउन चाहन्छ। कृदन्ते– **स्मयः, स्मयनम्, स्मितिः–** मुस्कुराउने काम। **स्मेतव्यम्, स्मयनीयम्, स्मेयम्–** मुस्कुराइने। **स्मेरः–** हँसिलो। **स्मितम्–** मुस्कान, मन्द हाँसो इत्यादि।

ष्वञ्ज (धा.) [*परिष्वङ्गे, भ्वा. सक.अनिट्‌ आत्म.*] आलिङ्गन गर्नु। लट्– **स्वजते–** आलिङ्गन गर्छ,। लिट्–**सस्वजे–** आलिङ्गन गरेछ इत्यादि। प्रायेणायं परिपूर्वकः प्रयुज्यते।

ष्वद (धा.) [*आस्वादने, भ्वा.सक.सेट्‌ आत्म.*] स्वाद लिनु, चाख्नु, रुचिकर हुनु। लट्– **स्वदते–** स्वाद लिन्छ। लिट्– **सस्वदे–** स्वाद लिएछ। लुट्– **स्वदिता–** स्वाद लिने छ। लृट्– **स्वदिष्यते** स्वाद लिने छ। लोट्– **स्वदताम्**–स्वाद लेओस्। लङ्– **अस्वदत–** स्वाद लियो। विधिलिङ्– **स्वदेत–** स्वाद लेला, स्वाद लेओस्। आशीर्लिङ्– **स्वदिषीष्ट–** स्वाद लेओस्। लुङ्– **अस्वदिष्ट–** स्वाद लियो। लृङ्– **अस्वदिष्यत–** स्वाद लिने थियो। कर्मणि–**स्वद्यते–** स्वाद लिइन्छ। णिचि–**स्वादयति ते–** स्वाद लिन लगाउँछ। सनि– **सिष्वदिषते–** स्वाद लिन चाहन्छ। यङि– **साष्वद्यते–** ज्यादै वा बारम्बार स्वाद लिन्छ। यङ्लुकि– **सास्वदीति, सास्वत्ति–** ज्यादै वा बारम्बार स्वाद लिन्छ। कृदन्ते– **स्वदितव्यम्, स्वदनीयम्, स्वाद्यम्–** स्वाद लिनु पर्ने वा लिइने। **स्वदितः–** स्वाद लिएको। **स्वदितुम्–** स्वाद लिन। **स्वदनम्–** स्वाद लिने काम। **स्वादः–** काव्य, नाटक आदिबाट पाइने एक किसिमको आनन्दात्मक अनुभव, जिब्राले वस्तु ग्रहण गर्दा हुने एक प्रकारको अनुभूति। **स्वदित्वा, आस्वाद्य–** स्वाद लिएर इत्यादि। **अपां हि तृप्ताय न वारिधारा स्वादुः सुगन्धिः स्वदते तुषारा** (नैष.)।

ष्वद (धा.) [*आस्वादने, चुरा.सक. सेट्‌ उभ.*] स्वाद लिनु, चाख्नु। लट्– **स्वादयति-ते–** स्वाद लिन्छ, चाख्छ। लिट्– **स्वादयाञ्चकार-चक्रे–** स्वाद लिएछ। लुट्– **स्वादयिता–** स्वाद लिने छ (अन.) लिट्– **स्वादयिष्यति-ते–** स्वाद लिने छ, चाख्ने छ। लोट्– **स्वादयतु-ताम्–** स्वाद लेओस्। लङ्– **अस्वादयत्-त–** स्वाद लियो (अन.) विधिलिङ्– **स्वादयेत्-त–** स्वाद लेला, स्वाद लेओस्, आशीर्लिङ्– **स्वद्यात्, स्वादयिषीष्ट** –स्वाद लेओस्। **अस्विष्वदत्-त–** स्वाद लियो। लृङ्– **अस्वादयिष्यत्-त–** स्वाद लिने थियो। कर्मणि– **स्वाद्यते–** स्वाद लिइन्छ। कृदन्ते– **स्वादकः, स्वादिका, स्वादयिता-त्री–** स्वाद लिने। **स्वादितः–** स्वाद लिइएको। **स्वादयित्वा, आस्वाद्य–** स्वाद लिएर। **स्वादनीयम्, स्वादयितव्यम्, स्वाद्यम्–** स्वाद लिइने वा लिनु पर्ने इत्यादि। **स्वादयति क्षीरं लोकः** (दुर्गादास)।

ष्वष्क (धा.) [*गतौ, भ्वा.सक.सेट्‌ आत्म.*] जानु,हल्लनु। लट्– **स्वष्कते–** जान्छ,हल्लन्छ इत्यादि।

ष्वर्त (धा.) [*गतौ, तङ्के च, चुरा.पर.सक.तङ्के अक.*] जानु, दुःखले बाँच्नु। लट्– **स्वर्तयति–** जान्छ, दुःखले जीवन बिताउँछ इत्यादि।

ष्विदा (धा.) [*गात्रप्रक्षरणे, दवा.अक.अनिट्‌ पर.*] पसिना आउनु। लट्– **स्विद्यति–** पसिना आउँछ। लिट्– **सिष्वेद–** पसिना आएछ (अन.), लुट्– **स्वेत्ता–** पसिना आउने छ (अन.) लृट्– **स्वेत्स्यति–** पसिना आउने छ। लोट्–**स्विद्यतु–** पसिना आओस्। लङ्– **अस्विद्यत्–** पसिना आयो। विधिलिङ्– **स्विद्येत्**–पसिना आओस, पसिना आउला। आशीर्लिङ्– **स्विद्यात्**– पसिना आओस्। लुङ्– **अस्विदत्–** पसिना आयो। लृङ्– **अस्वेत्स्यत्**–पसिना आउने थियो। भावे– **स्वेत्स्यते**। णिचि– **स्वेदयति-ते–** पसिना आउन लगााउने थियो। सनि– **सिष्वित्सति–** पसिना निकाल्न चाहन्छ। यङि– **सेस्विद्यते–** बारम्बार वा ज्यादै पसिना निकाल्छ। कृदन्ते– **स्वेत्तव्यम्, स्वेदनीयम्, स्वेद्यम्–** पसिना निकाल्नुपर्ने। **स्विन्नम्, स्विदितम्–** पसिना आएको। **स्वित्त्वा, प्रस्विद्य–** पसिना निकालेर। **स्वेदनम्–** पसिना निकाल्ने काम। **स्वेदः–** पसिना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स

स- १.देवानागरी वर्णमालाको बत्तिसौँ अक्षर। यसको उच्चारण गर्दा जिभ्राले दाँतलाई छुन्छ। अर्थात् भित्रबाट आएको श्वासको प्रवाह दाँतमा आएर ठोक्किदा यो ध्वनि उच्चरित हुन्छ। त्यसैले यसलाई दन्त्य स भनिन्छ। **स्युर्मूर्द्धन्या ऋटुरसा दन्त्या लृतुलसा मताः** (शिक्षा) यसको आभ्यन्तर प्रयत्नमा ईषद्विवृत प्रयत्न र बाह्य प्रयत्नमा विवार, श्वास, अघोष तथा महाप्राण प्रयत्न हुन्छ। भाषाविज्ञानअनुसार खण्डीय वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

सः (पुं.) [*स्यति विनाशयति मोहजालम्, अन्येभ्योऽपि दृश्यते (वा.) इति डः*] १.विष्णु २.ईश्वर ३.शक्तिबीज ४.(स्यति नाशयति घातयति विषैः, पूर्ववत्) सर्प ५.[*स्यति मग्नो भवति, पूर्ववत्*] पक्षी ६.[*तच्छब्दस्य प्रथमैकवचने रूपम्*] त्यो/पूर्वपरामर्शी शब्द ७.समासको पूर्वपदमा आउने सहार्थक तथा समानार्थक शब्द। जस्तै– सहार्थमा-मात्रा सहितः- **समातृकः**। समानार्थमा– समानं रूपं यस्य सः– **सरूपः**।

संज्ञः (पुं.वि.) [*सम्यक्प्रकारेण जानाति, संपूर्वकात् ज्ञा अवबोधने इति धातोः आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः*] १.राम्रो जान्ने/सिपालु २.घुँडा जोडिने।

संज्ञुः संहतजानुश्च मवेत् संज्ञोऽपि तत्र हि (साहसाङ्क)।

संज्ञपनम् (नपुं.) [*संपूर्वकाद् ज्ञा अवबोधने इति धातोर्णिचि पुकि ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.जानकारी दिने काम/विज्ञापन २.मार्ने काम (अमर.)।

संज्ञप्तिः (स्त्री.) [*संपूर्वकाद् ज्ञा अवबोधने इति धातोर्णिचि पुकि स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.जानकारी दिने काम/विज्ञापन २.मार्ने काम (हेमचन्द्र)।

संज्ञा (स्त्री.) [*संज्ञानम्, सम्पूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ् टाप् ४.१.४*] १.होस/चैतन्य २.बुद्धि ३.ज्ञान ४.इशारा ५.नाम ६.व्याकरणमा प्रयोग हुने विभिन्न संज्ञा। जस्तै– लोप, हल् आदि ७.[*संजानाति, संपूर्वकात् ज्ञा अवबोधने इति धातोः आतश्चोपसर्गे ३.१.१३६ इति कः, आलोपः टाप्*] विश्वकर्माकी छोरी, सूर्यकी पत्नी। यिनैबाट यमराज र यमुनाको जन्म भएको हो। ८.गायत्री। **~पुत्री** (स्त्री.) [*संज्ञायाः पुत्री, ष.त.*] यमुना नदी। **~वान्** (पुं.वि.) [*संज्ञा चेतना आख्या वा अस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.होस पाएको २.नाम रहेको। **~सुतः** (पुं.) [*संज्ञयाः सुतः, ष.त.*] १.यमराज २.शनैश्चर। **~हीनः** (पुं.वि.) [*संज्ञया हीनः, तृ.त.*] १.बेहोस/अचेत/होस नभएको २.नाम नभएको।

संज्ञानम् (नपुं.) [*संपूर्वकात् ज्ञा अवबोधने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.बुद्धि/ज्ञान २.सङ्केत/इशारा।

संज्ञापनम् (नपुं.) [*संपूर्वकात्, ज्ञा अवबोधने इति धातोः, णिचि, पुकि, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.सूचना दिनु २.सिकाउनु।

संज्ञुः (पुं.) [*संहते जानुनी यस्य सः, प्रसंभ्यां जानुनो ज्ञुः ५.४.१२९ इति ज्ञुः*] घुँडा जोडिने व्यक्ति। **संज्ञुः संहतजानुकः** (अमर.)।

संडीनम् (नपुं.) [*संगतं डयनम्, डीङ् विहायसा गतौ इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः, स्वादय ओदितः (ग.सू.) इति ८.२.४५ नत्वम्*] तेर्सो उड्नु।

संयत् (स्त्री.) [*संयमम्यतेऽत्र, सम्पूर्वकात्, यती प्रयत्ने इति धातोः, संयमनम्, यम उपरमे इति धातोर्वा, संपदादिभ्यश्च (वा.) इति क्विप्, गमादीनामिति वक्तव्यम् (वा) ६.४.४० इति मलोपः, ह्रस्वस्य पिति कृति तुक् इति तुक्*] युद्ध/लडाइँ। **उत्थापितः संयति रेणुरश्वैः सान्द्रीकृतः स्यन्दनवंशचक्रैः**। (रघु.७.३९) **समुदायः स्त्रियः संयद् समित्याजिसमिद्युधः** (अमर.२.८.११६)।

संयतः (पुं.वि.) [*संयम्यते स्म, सम्पूर्वकाद् यम उपरमे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.बाँधिएको/बद्ध। **मायामिव परिभ्रष्टां हरिणीमिव संयताम्** (रामा.१.१० २५) २.नियन्त्रित ३.रोकिएको ४.इन्द्रिय निग्रह गरेको।

यो यः कश्चित् तीर्थयात्रान्तु गच्छेत्
सुसंयतः स च पूर्वं गृहे स्वे।
कृतोपवासः शुचिरप्रमत्तः
सम्पूजयेद् भक्तिनम्रो गणेशम्॥ (प्रा.त.)

५.(पुं.) तपस्वी ६.मुनि ७.यति ८.व्रती।

संयन्ता (पुं.वि.) [*सम्पूर्वकाद् यम्धातोस्तृन्*] नियन्ता/नियन्त्रक। **तं विसंज्ञमपोवाह संयन्ता रथवाजिनाम्** (म.भा.४.६२.४८)।

संयमः (पुं.) [*संयमनम्, सम्पूर्वकात् यम ज्ञानादिषु परिवेषणे च इति धातोः, यमसमुपनिविषु च ३.३.६३ इत्यप्*] १.रोक्ने काम/निग्रह नियन्त्रण/सङ्कोच।

मयि दृष्टे सदा यस्मात् कुरुषे नेत्रसंयमम्।
तस्माद् जनिष्यते मूढे प्रजासंयमनं यमम्॥ (मा.पु.७७.४)

२.बाँध्ने काम।

कापि कुन्तलसंव्यानसंयमव्यपदेशतः।
बाहुमूलं स्तनौ नाभिपङ्कजं दर्शयेद् स्फुटम्॥
(सा.द. ३.१५५.)

३.मनका वासनालाई खराब मार्गमा जानबाट रोक्ने काम/मर्यादामा रहने काम/इन्द्रियनिग्रह ४.व्रतको लागि उपवास बस्नुभन्दा अगाडि गर्नुपर्ने आचरण वा नियम ५.पतञ्जलिद्वारा प्रतिपादित योगसूत्रमा धारणा, ध्यान र समाधिलाई संयम भनिएको छ। यम, नियम, आसन, प्राणायाम र प्रत्याहार योगका बहिरङ्ग साधन हुन् भने संयम अन्तरङ्ग साधन हो। **वियामो वियमो यामो यमः संयामसंयमौ** (अमर.३.२.१८)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयमकः (पुं.वि.) [*संयच्छति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] १.नियन्ता २.संयमी।

संयमनम् (नपुं.) [*संपूर्वकात् यम ज्ञानादिषु परिवेषणे च इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् अनः*] १.बन्धन २.व्रत ३.शासन ४.दमन ५.चौशाला। (भरत) [*संयम्यन्तेऽत्र पापिनः*] यमगृह।

एतत्संयमनं पुण्यमतीवाद्भुतदर्शनम् (म.भा. ३.१६३.९)।

संयमनी (स्त्री.) [*संयम्यन्ते बध्यन्तेऽस्यां पापिनः, अधिकरणे ल्युट् अनः, टित्वान् ङीप्*] यमपुरी।

ततः संयमनीं नाम यमस्य दयितां पुरीम्।

गत्वा जनार्दनः शङ्खं प्रदध्मौ स हलायुधः॥ (भाग.)

संयमितः (पुं.वि.) [*संयम्यते स्म, सम्पूर्वकात्, यम उपरमे इति धातोः, णिचि,निष्ठा ३.२.१०२ इति क्तः*] संयममा रहेको/मनका वासनालाई खराब मार्गमा जानबाट रोकेको/मर्यादामा रहेको।

संयमी (पुं.वि.) [*संयमोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.संयममा रहने/इन्द्रियलाई मर्यादामा राख्ने/आत्मनिग्रही/नियन्त्रण गर्ने/पथपरहेज गर्ने २.(पुं.) मुनि।

संयात्रा (स्त्री.) [*सम्यग् यात्रा*] द्वीपान्तरगमन/अर्को द्वीपमा जाने काम

संयानम् (नपुं.) [*सम्यक् प्रकारेण यानम् गमनम्*] १.राम्रोसित हिँड्ने काम।**पश्य मे हंससंयाने शिक्षां केशवनन्दन**। (म.भा. ३.१९.५) २.प्रेतत्व निवृत्ति गराउने काम।

अलं शोकेन भद्रन्ते राजपुत्र महायशः।

प्राप्तकालं नरपते कुरु संयानमुत्तमम्॥ (रामा.१.७६.२)

संयामः (पुं.) [*संयमनम्, सम्पूर्वकात्, यम उपरमे इति धातोः, अबभावे ३.३.६३ भावे ३.३.१८ इति घञ्*] १.संयम/धैर्यधारण २.नियम ३.योगसँग सम्बद्ध धारणा, ध्यान र समाधि।

संयावः (पुं.) [*सम्पूर्वकाद् यु धातोः समियुदुद्रुवः ३.३.२३ इति घञ्*] १.गहुँको पिठोलाई घिउमा भुटेर सखर, ल्वाङ, सुकुमेल, मरीच, नरिवल, कपुर आदि हालेर दुधमा पकाएको मनभोग २.ठोकुवा नामक रोटी। विशेष गरी तराईप्रदेशमा छठपर्वमा यस खालको रोटी बनाएर सूर्यलाई चढाइन्छ र प्रसाद ग्रहण तथा वितरण गरिन्छ।

संयुक् (पुं.वि.) [*सम्पूर्वकाद् युजधातोः सत्सूद्विषद्रुहयुज-विदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३.२.६१ इति क्विप्*] १.गुण भएको/गुनिलो। **संबन्धी गुणवान् संयुक्** (हारावली) २.संयुक्त।

संयुक्तः (पुं.वि.) [*संयुज्यते स्म, सम्पूर्वकाद्, युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] जोडिएको//एक रूप भएको/मिश्रित। **~कुटुम्बः** (पुं.) [*संयुक्तश्चासौ कुटुम्बश्च,कर्म.स.*] भाइ, छोरा, भतिजा आदि एउटै घरमा मिलेर बस्ने परिवार/संयुक्त परिवार। **~निर्वाचकवर्गः** (पुं.) [*निर्वाचकानां वर्गः, ष.त., संयुक्तश्चासौ निर्वाचनवर्गः, कर्म.स.*] सबै जाति, सम्प्रदाय तथा वर्गका मानिसहरू मिलेर बनेको निर्वाचन गराउने समूह। **~राष्ट्रसङ्घः** (पुं.) [*संयुक्तानि च तानि राष्ट्राणि च, कर्म.स., तेषां सङ्घः, ष.त.*] द्वितीय विश्वयुद्धपछि मुख्यतः विश्वशान्ति, जनकल्याण आदिको उद्देश्य पूरा गर्न गठित संसारका राष्ट्रहरूको समिति। **~रूपम्** (नपुं.) [*संयुक्तञ्च तद् रूपञ्च, कर्म.स.*] दुई वा धेरै थरी मिलेर भएको एउटै रूप/सम्मिलित रूप। **~लेखा** (स्त्री.) [*संयुक्ताश्चासौ लेखा च, कर्म.स.*] एकभन्दा बढी व्यक्तिको नाममा संयुक्त रूपले चल्ने हिसाबकिताब/दुई वा बढी व्यक्तिको नामको खाता। **~वाक्यम्** (नपुं.) [*संयुक्तञ्च तद् वाक्यञ्च,कर्म.स.*] दुई अथवा दुई भन्दा बढी स्वतन्त्र सरल वाक्यहरू मिलेर बनेको यौगिक वाक्य। **~विज्ञप्तिः** (स्त्री.) [*संयुक्ता चासौ विज्ञप्तिश्च, कर्म.स.*] दुई वा सोभन्दा बढी देशका प्रतिनिधि वा व्यक्तिहरूले छलफल गरी निर्णय गरेको कुनै पनि विषयको प्रकाशित सूचना। **~समितिः** (स्त्री.) [*संयुक्ता चासौ समितिश्च कर्म.स.*] दुई वा दुइभन्दा बढी संस्थाहरू मिली बनेको समिति/दुई किसिमका वा दुई विषयका संस्थानहरू मिलेर एक रूप भई बनेको समिति। **~सर्वकारः** (पुं.) [*संयुक्तश्चासौ सर्वकारश्च, र्म.स.*] सङ्कटको स्थिति वा विशेष आवश्यकता परेको बेलामा दुई वा सोभन्दा बढी दलका सदस्यहरू मिलेर बनेको सरकार।

संयुक्ताक्षरम् (नपुं.) [*संयुक्तञ्च तदक्षरञ्च, कर्म.स*] जोडिएको अक्षर।

संयुगः (पुं.) [*संयोजनमिति, युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्, रथयुग—४.४.७६ इति निर्देशाद् गुणाभावः*] १.युद्ध। **अनयस्यानुपायस्य संयुगे परमक्षयः** (म.भा.२.१७.५) २.संयोग।

संयुतः (पुं.वि.) [*सम्पूर्वकाद् युधातोः क्तः*] संयुक्त/विद्ध। **चतुर्थी संयुता कार्या पञ्चमी परया न तु** (ति.त.)।

संयोगः (पुं.) [*सम्पूर्वकाद्, युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मेल/मिलाप २.सम्बन्धमात्र ३.एकमत हुनु ४.स्त्री र पुरुषको सहवास ५.दुई वा धेरै व्यञ्जनहरूको जुटान ६.दुई वा धेरै कुरा अचानक एक साथ हुनु ७.वैशेषिक दर्शनका चौबिस गुणमध्ये एक। **अप्राप्तायास्तु या प्राप्तिः सैव संयोग ईरितः।** (भा.प.) ८.दुई राज्यका बिचमा समान उद्देश्य सिद्धिको लागि हुने सन्धि ९.दुई ग्रह वा नक्षत्रको युति १०.शिव ११.सूर्योदयभन्दा अघिको दशमी तिथिको भाग। **उदयात् प्राग् दशम्यास्तु शेषः संयोग उच्यते** (ति.त.) १२.सम्बन्धमात्र। **सिध्मश्लेष्मार्शसंयोगात् सिध्मलो श्लेष्मलोऽर्शसः** (हला.)। **~पृथक्त्वम्** (न.) [*संयोगस्य पृथक्त्वम्, ष.त.*] १.फलसम्बन्धको भेदले संयोगबाट हुने भिन्नता २.मीमांसाशास्त्रको एक न्याय। **~मन्त्रः** (पुं.) [*संयोगस्य मन्त्रः, ष.त.*] विवाहको बेला पढिने मन्त्र। **~विरुद्धम्** (नपुं.) [*संयोगेन विरुद्धम्, तृ.त.*] १.खाँदा रोग लाग्ने खाद्यवस्तु २.दुई वा धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थ एक ठाउँमा मिसिँदा पैदा हुने खराबी। संयोगविरुद्ध आहारहरू आयुर्वेदमा बताइएका छन्– जस्तै सर्स्यूँको तेलमा भुटेको परेवाको मासु, दश दिनसम्म काँसको भाँडामा राखेको घिउ, बराबर समभाग मिलाइएको घिउ र मह विष बराबर हुन्छ। त्यस्तै महसँग वर्षेको पानी खाँदा विष बराबर हुन्छ–

कपोतः सार्षपे भृष्टे घृतं कांस्ये दशाहगम्।
विषं घृतसमं क्षौद्रं मधुना गगनाम्बु च॥ (श.क.द्रु.)

संयोगी (पुं.वि.) [*संयोगोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] १.विवाह गरेको २.आफ्नी प्यारीसँग बसेको ३.संयोग भएको/जोडिएको। **अयं वृक्षः कपिसंयोगी न मूले** (जगदीश)।

संयोजकः (पुं.वि.) [*संयोजयति, संपूर्वकाद् युजिर् योगे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.दुई वा धेरै वस्तुहरूलाई एकसाथमा जोर्ने/मिलाउने २.कुनै सभा, समिति आदिको प्रबन्ध गर्ने/आयोजक ३.शब्द वा वाक्यहरूलाई जोर्ने जस्तै– च, अपि, तदनु, यथा, तथा, वा आदि।

संयोजनम् (नपुं.) [*संपूर्वकाद् युजिर् योगे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.जोड्ने वा मिलाउने काम २.प्रबन्ध/आयोजन ३.मैथुन।

संयोजनीयः (पुं.वि.) [*संयोजयितुं योग्यः, सम्पूर्वकाद् युजिर् योगे इति धातोः तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.जोड्न लायक/मिलाउन लायक २.प्रबन्ध गर्न लायक।

संयोजितः (पुं.वि.) [*संयोज्यते स्म, सम्पूर्वकाद् युजिर् योगे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.जोडिएको/मिलाइएको। **संयाजित उपाहितः** (अमर.३.१.९२) २.प्रबन्ध गरिएको ३.आयोजित।

संयोज्यः (पुं.वि.) [*अवश्यं संयोजयितुं योग्यः, सम्पूर्वकाद् युजिर् योगे इति धातोः, णिचि, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, ण्य आवश्यके ७.३.६५ इति कुत्वाभावः*] १.जोड्न लायक/मिलाउन लायक २.प्रबन्ध गर्न लायक।

संरक्षकः (पुं.वि.) [*संरक्षयति, सम्पूर्वकात् रक्ष पालने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] रक्षा गर्ने/बचाउ गर्ने/रेखदेख गर्ने/पालनपोषण गर्ने/आश्रय दिने/संरक्षी।

संरक्षणम् (नपुं.) [*सम्पूर्वकात् रक्ष पालने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] बचाउ गर्नु/हुर्काउनु /रक्षा गर्नु/पालनपोषण गर्नु।

संरक्षणीयः (पुं.वि.) [*संरक्षितुं योग्यः, सम्पूर्वकात् रक्ष पालने इति धातोः तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] रक्षा गर्न लायक/बचाउन लायक/हुर्काउन लायक/पालनपोषण गर्न लायक।

संरक्षितः (पुं.वि.) [*संरक्ष्यते स्म, संपूर्वकात् रक्ष पालने इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] रक्षा गरिएको/बचाउ गरिएको/हुर्काइएको/पालनपोषण गरिएको।

संरक्षिती (पुं.वि.) [*संरक्षितमनेन, इष्ट्यादिभ्यश्च ५.२.८८ इति इनिः*] संरक्षक।

संरक्ष्यः (पुं.वि.) [*संरक्षितुं योग्यः, सम्पूर्वकात् रक्ष पालने इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इनि नियमात् ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] रक्षा गर्नै पर्ने/बचाउनै पर्ने/हुर्काउनै पर्ने/पालनपोषण गर्नै पर्ने।

संरम्भः (पुं.) १.अहङ्कार, आवेश। **न संरम्भेण सिध्यन्ति सर्वार्थाः सान्त्वया यथा।** (भाग. ८.६.२४) २.रिस। **ताडयित्वा तृणेनापि संरम्भान्मतिपूर्वकम्। एकविंशतिमाजातीः पापयोनिषु जायते॥** (मनु.) ३.वेग। **संयम्य मन्युसंरम्भं मानयन्तो मुनेर्वचः। उपगीयमानानुचरैर्ययुः सर्वे त्रिविष्टपम्॥** (भाग. ८.६.२४) ४.उत्साह। **कार्यारम्भेषु संरम्भः स्थेय उत्साह इष्यते** (सा.द.३)।

संरम्भी (पुं.वि.) [*संरम्भोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] हडबडे।

संरावः (पुं.) [*संरवणम्, समुपसर्गपूर्वकात्, रु शब्दे इति धातोः, उपसर्गे रुवः ३.३.२२ इति घञ्, वृद्धिः*] आवाज/शब्द। **आरावरावसंरावविरावा अथ मर्मरः** (अमर.(१.६.२३)।

संरूढः (पुं.वि.) [*सम्यक्तया रूढः*] १.राम्रोसित चढेको २.मनमा लागेको। **यन्नो मनसि संरूढं करिष्यामस्तथा तत्** (म.भा. १२.२२८.२)।

संरोधः (पुं.) [*समुपसर्गपूर्वकात्, रुधधातोः, भावे ३.३.१८ इति घञ्*] १.रोकावट/बाटो छेक्ने काम २.विघ्न/बाधा।

संरोहः (पुं.) [*समुपसर्गपूर्वकात्, रुह बीजप्रादुर्भावे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.घाउमा पाप्रा जम्नु २.बोट बिरुवामा टुसो लाग्नु ३.माथितिर चढ्नु ४.प्रकट हुनु।

संलक्षणम् (नपुं.) [*सम्पूर्वकात्, लक्ष लक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*] १.चिनो लाउनु २.चिन्नु ३.अन्दाज लगाउनु।

संलक्षितः (पुं.वि.) [*संलक्ष्यते स्म, सम्पूर्वकात्, लक्ष लक्षणे धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.चिनो लगाइएको २.चिनिएको ३.लक्षण देखेर ठहराइएको।

संलक्ष्यः (पुं.वि.) [*सम्पूर्वकात्, लक्ष धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.लक्षणद्वारा चिन्न सकिने २.स्पष्ट देखिने।

संलक्ष्यक्रमध्वनिः (पुं.) [*संलक्ष्यः, क्रमो यत्र, बहु.स., स चासौ ध्वनिश्च, कर्म.स.*] वाच्यार्थ र व्यङ्ग्यार्थको क्रम स्पष्ट देखिने ध्वनि। वाच्यार्थ र व्यङ्ग्यार्थको पूर्वापर क्रम यसमा स्पष्ट देखिन्छ। यसलाई अनुरणन ध्वनि पनि भनिन्छ। संलक्ष्यक्रमध्वनि तीन किसिमको हुन्छ– शब्दशक्त्युद्भव, अर्थशक्त्युद्भव र उभयशक्त्युद्भव। शब्दशक्त्युद्भव ध्वनि वस्तुबाट अलङ्कार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुबाट वस्तु, अलङ्कारबाट वस्तु र अलङ्कारबाट अलङ्कार व्यक्त हुने हुँदा चार किसिमको हुन्छ। अर्थशक्त्युद्भव ध्वनि स्वतःसम्भवी, कविप्रौढोक्तिसिद्ध र कविनिबद्ध वक्तृप्रौढोक्ति सिद्धका भेदले तीन किसिमको हुन्छ। तिनमा पनि प्रत्येकका वस्तुबाट अलङ्कार, अलङ्कारबाट वस्तु, वस्तुबाट वस्तु, अलङ्कारबाट अलङ्कार व्यक्त हुने हुँदा तिनका भेदले अर्थशक्त्युद्भव ध्वनि ३६ किसिमको हुन्छ। उभयशक्त्युद्भव ध्वनि एकै किसिमको छ। यसरी संलक्ष्यक्रमध्वनिका ४१ भेद हुन्छन्।

संलक्ष्यक्रमव्यङ्ग्यः (पुं.) [*संलक्ष्यः क्रमो यस्य सः, संलक्ष्यक्रमो व्यङ्ग्यो यत्र स ध्वनिः, बहु.स.*] साहित्यमा विवक्षितवाच्यध्वनि अन्तर्गत वाच्यार्थबाट व्यङ्ग्यार्थ बुझिने व्यङ्ग्य। वाच्यार्थ बोध भएपछि व्यञ्जनाको सहायताले अर्को अर्थ बुझिन आउने हुँदा अर्थात् व्याच्यार्थ र व्यङ्ग्यार्थको क्रम स्पष्ट झल्कने हुँदा यसलाई संलक्ष्यक्रमव्यङ्ग्य भनिएको हो।

संलग्नः (पुं.वि.) [*सम्पूर्वकात्, लगे सङ्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः*] टाँसिएको/जोडिएको जोल्ठिएको/सम्बद्ध/ लीन भएको/कुनै कुरामा लागेको।

संलापः (पुं.) [*संलपनम्, भावे ३.३.१८ इति घञ्*] १.परस्पर सौहार्दका साथ बोल्नु/वार्तालाप २.गुप्त कुराकानी।

संलापो भाषणं मिथः (अमर.१.६.१६) **उक्तिप्रत्युक्तिमद्वाक्यं संलाप इति कीर्त्यते** (उज्ज्वल)।

संलापकः (पुं.वि.) [*संलपतीति सम्पूर्वकात् लप व्यक्तायां वाचि इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.गुप्त कुराकानी गर्ने वा गराउने २.परस्पर कुराकानी गर्ने।

संलापकम् (नपुं.) [*संलपन्ति अभिनेतारो यत्र तत्*] चार अङ्कको एक उपरूपक। यसमा भारती र कैशिकी वृत्तिको प्रयोग हुन्छ। यसको नायक पाखण्डी हुन्छ। उपद्रो, सङ्ग्राम आदिको वर्णन गरिएको हुन्छ यसमा। अरू कुरामा नाटकसँग यो मिल्दोजुल्दो देखिन्छ। यसको उदाहरण **मायाकापालिक** हो।

संलापितः (पुं.वि.) [*संलाप्यते स्म, सम्पूर्वकात् लप व्यक्तायां वाचि इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] १.गुप्त कुराकानी गरेको २.वार्तालाप गराएको।

संलापी (पुं.वि.) [*संलपति तच्छीलः, संपूर्वकात्, लप धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, प्रसिद्ध श्चोपसर्गेऽपि णिणिनः, अनुयायी, अनुजीवी इत्यादि*] १.गुप्त कुराकानी गर्ने वा गराउने २.वार्ता गर्ने गराउने।

संवत् (अव्य.) [*संवयते, वय गतौ इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, यलोपः ६.१.६६ तुक् ६.१.७५, यद्वा संवदति, विच् क्विप्, ३.२.७५*] साल/वर्ष/संवत्सर। **संवद्वर्षे** (अमर.३.४.१६) संसारमा ५८ संवत् चलेका छन्। **भारत वर्षमा चलेका संवत्हरूको सङ्ख्या ३६ छ। ती मध्ये केही प्रमुख संवत्– विक्रमसंवत्–** यसको प्रयोग नेपाल, उत्तरी भारत,राजस्थान र गुज्रातमा हुन्छ। **शकसंवत्–** शक राजालाई पराजित गरेर प्रजालाई ऋणमुक्त गरी चलाएको यो संवत् विक्रमसंवत् भन्दा १३५ वर्ष पछि प्रारम्भ भएको हो। **बुद्धसंवत्–** ईस्वीसंवत् ५४३ वर्ष पूर्व वैशाख पूर्णिमाबाट प्रारम्भ भएको संवत्। **कलिसंवत्–** वराहमिहिरको गणनाअनुसार यसको प्रारम्भ ईस्वीपूर्व ३१०२मा भएको हो। कलियुगको मान ४,३२,००० वर्ष छ। अहिलेसम्म ५१२३ वर्ष वितिसकेको छ। **सृष्टिसंवत्–** यो संवत् श्वेतवराहकल्पको सृष्टिको प्रथमदिन, चैत्र शुक्ल प्रतिपदादेखि प्रारम्भ भएको मानिन्छ। **ईस्वी सन्–** इसामसिहको अनुमानित जन्मलाई आधार मानेर यो संवत् चलेको हो। प्रारम्भमा चन्द्रमाको गतिका आधारमा यसको वर्षमान ३५४ दिन थियो। जुलियस सिजरले यस संवत्लाई सौर संवत्अनुसार बदले। सन्१८५२ मा पोप ग्रेगरीले अझ परिष्कार गरी यसलाई पूर्णरूपले सौर वर्ष बनाए। यसको प्रारम्भ जनवरी १ बाट हुन्छ भने यो ३१ दिसम्बरमा समाप्त हुन्छ। हाल यसको २०२१ वर्ष चल्दै छ। **हिजरीसंवत्–** यो मुसलमानको संवत् हो। यसको उत्पत्ति अरबबाट भएको हो। इस्लाम धर्मका प्रवर्तक हर्जत मुहम्मद जब मक्काबाट मदिना पुगे, त्यसै दिन अर्थात् विक्रम संवत् ६७९ श्रावणशुक्ल द्वितीया, ईस्वी संवत् ५२२ पन्द्र जुलाईका दिन अदिखलिफा उमरले हिजरी संवत् चलाउने घोषणा गरेका हुन्। यस संवत्अनुसार महिना ३० वा २९ दिनको हुन्छ। यसको वर्षमा ३५४ दिन हुन्छन्। यो सौरवर्षभन्दा ११ दिन छोटो छ। त्यसैले चाडपर्व प्रतिवर्ष ११ दिनको हिसावले अघि सर्दै जान्छन्। **फारसी संवत्–** यो संवत् ईस्वी सन् ६३२ मा प्रारम्भ भएको हो। यसमा ३० दिनको महिना र ३६० दिनको वर्ष हुन्छ। वर्षान्तमा ५ दिन जोडेर ३६५ दिन पुऱ्याइन्छ र बाकी ६ घण्टालाई भने १२० वर्षमा एक अधिकमास थपेर पूरा गरिन्छ। **इथियोपियन् संवत्–** यो संवत् अफ्रिकाको उत्तरी क्षेत्र सुडान र लालसागरको इथियोपिया देशमा प्रचलित छ। यसको राष्ट्रिय पञ्चाङ्ग पनि छ। यसमा १३ महिना हुन्छन्। १२ महिना ३०,३० दिनका हुन्छन् भने तेह्रौं महिना पाँच वा छ दिनको हुन्छ। यसलाई पूरक मास भनिन्छ। तर कर्मचारीलाई पूरकमासको तलब दिइँदैन। दिनको प्रारम्भ बिहानको ६ बजेबाट हुन्छ तर घडीमा १२ ए.एम् बजेको जनाइन्छ र क्रमशः १,२,३ बज्दै जान्छ। त्यस्तै साँझमा पनि ६ वजे १२ पी.एम् बजेको जनाइन्छ र क्रमशः १,२,३ बज्दै जान्छ। ग्रीनवीचको समयभन्दा यहाँको समय ३ घण्टा अगाडि छ। **नेपालमा चलेका प्रमुख संवत्–** नेपालमा लिच्छविकालमा सुरुका अभिलेखमा देखिएको संवत् शकसंवत् हो। अंशुवर्माको पालादेखिका अभिलेखमा देखिएको संवत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानदेव संवत् हो। यो संवत् वि.सं. ६३३ देखि चल्यो। ३०४ वर्ष मानदेव संवत् चलेपछि यहाँ वि.सं. ९३६ देखि नेपालसंवत् चल्यो। विक्रमको बाह्रौं शताब्दीदेखि नेपालमा विक्रमसंवत् नै चलेको देखिन्छ। कालक्रमका दृष्टिले विक्रमसंवत् चौथो भएतापनि त्यसले नेपालमा आफ्नो विशिष्ट स्थान बनायो र व्यपकता लियो। अहिले पनि नेपालमा प्रमुख संवत्‌को रूपमा विक्रम संवत् नै प्रचलित छ।

संवत्सरः (पुं.) [*सम्यग्वसन्त्यत्र दिनपक्षमासादयः सः, सम् पूर्वकात् वस निवासे इति धातोः, सम्पूर्वाच्चित् (उ.) ३५९ इति सरप्रत्ययः, सस्यार्धधातुके ७.४.४ इति तः*] १.वर्ष/साल। **संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री शरत्समाः** (अमर.१.४.२०) २.संवत्सर भन्नाले अयन आदि अवयवयुक्त काललाई जनाउँछ। यसमा बाह्र महिना हुन्छन्। यी पाँच प्रकारका हुन्छन् – **सौरसंवत्सर–** मेष राशिदेखि मीन राशिसम्म बाह्र राशिमा हुने सूर्यको भोगकाल। यो सामान्यतया ३६५ दिनको हुन्छ। **सावनसंवत्सर–** एक सूर्योदयदेखि अर्को सूर्योदयसम्मको समय १ दिन हुन्छ। त्यस्ता ३० सावन दिनको १ महिना हुन्छ र बाह्र सावन महिनाको १ संवत्सर हुन्छ। **चान्द्रसंवत्सर–** चैत्र शुक्लपक्षको प्रतिपदा तिथिदेखि अमावास्या सम्मका दिनलाई चान्द्रमास र त्यस्ता १२ चान्द्रमासको समयलाई चान्द्र वर्ष भनिन्छ। यो ३५४ दिनको वर्ष हुन्छ। **जैववर्ष–** जीव अर्थात् बृहस्पति मेष आदि कुनै राशिमा जव प्रवेश गर्छ अनि जैवसंवत्सर प्रारम्भ हुन्छ। यो ३६१ दिनको हुन्छ। **नाक्षत्रसंवत्सर–** चन्द्रमाको अश्विन्यादि रेवत्यन्त २७ नक्षत्रको भोगकाललाई नाक्षत्र मास र यस्ता नक्षत्रमासको १२ महिनालाई नाक्षत्र संवत्सर भन्दछन्। यिनका अतिरिक्त अरू पनि संवत्सर छन्– ब्राह्म, पैत्र, दैव र मानव।

सम्यग्वसन्ति यत्रर्तुमासपक्षदिनादयः।
प्राज्ञैः कालविशेषोऽसौ संवत्सर इतीरितः॥ (सि.द.)
संवत्सरो नामायनाद्यवयवयुक्तोऽवयवी कालविशेषः (कालमाधव)।

साठी संवत्सरहरू– प्रभव, विभव शुक्ल, प्रमोद, प्रजापति, अङ्गिरा, श्रीमुख, भाव, युवा, धाता, ईश्वर, बहुधान्य, प्रमाथी, विक्रम, वृष, चित्रभानु, सुभानु, तारण, पार्थिव, व्यय, सर्वजित्, सर्वधारी, विरोधी, विकृति, खर, नन्दन, विजय, जय, मन्मथ, दुर्मुख, हेमलम्बी, विलम्बी, विकारी, शार्वरी, प्लव, शुभकृत्, शोभन, क्रोधी, विश्वावसु, पराभव, प्लवङ्ग, कीलक, सौम्य, साधारण, विरोधकृत्, परिधावी, प्रमादी, आनन्द, राक्षस, अनल, पिङ्गल, कालयुक्त, सिद्धार्थी, रौद्र, दुर्मति, दुन्दुभि, रुधिरोद्गारी, रक्ताक्षी क्रोधन, क्षय। तिथि, चाडपर्व आदिको गणना चान्द्रसंवत्सरअनुसार हुन्छ भने वर्ष, ऋतु, युग अयन आदिको गणना सौरसंवत्सरअनुसार हुन्छ। व्रत उपवास, आशौच आदिको विचार सावन संवत्सरअनुसार हुन्छ। घडी, पला आदिको विचार नक्षत्रसंवत्सरअनुसार हुन्छ। यिनको मिश्रित रूपलाई भास्कराचार्यले मानवसंवत्सर भनेका छन्। **ज्ञेयं विमिश्रन्तु मनुष्यमानं मानैश्चतुभिर्व्यवहारवृत्तेः।** (सि.शि.१.३०)

वर्षानयर्तुयुगपूर्वकमत्र,सौरान्
मासास्तथा च तिथयस्तुहिनांशुमानात्।
यत्कृच्छ्रसूतकचिकित्सितवासराद्य-
न्तत्सावनाच्च घटिकादिकमार्क्षमानात्॥ (सि.शि.)

संवदनम् (नपुं.) [*सम्पूर्वकाद् वदधातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट् अनः*] १.आलोचना २.वशमा राख्ने काम।

एतज्जानाम्यहं कर्तुं भर्तुः संवदनं महत्।
असत्स्त्रीणां समाचारं नाहं कुर्यान्न कामये॥ (म.भा.)

३.कुराकानी गर्नु।

संवननम् (नपुं.) [*वशीकरणार्थकात्, सम्पूर्वकात्, वनु याचने इति धातोः, ल्युट् च ३.३.११५इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.मन्त्र, मणि आदिबाट वशमा ल्याउने काम। वशीकरण।

हृदयानुप्रवेशो हि प्रभोः संवननं महत् (क.स.)।

२.रामको आश्रम।

नहीदृशं हि संवननं त्रिषु लोकेषु विद्यते।
दया मैत्री च भूतेषु दानञ्च मधुरा च वाक्॥ (सुभा.)

संवरणम् (नपुं.) [*सम्पूर्वकात् वृञ् वरणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.रोज्नु/मन पराउनु २.विवाहका लागि वर रोज्नु/वरण गर्नु ३.ढाक्नु/छोप्नु।

संवरणीयः (पुं.वि.) [*संवरितुं योग्यः, सम्पूर्वकात्, वृञ् वरणे इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.रोज्न लायक २.विवाह गर्न योग्य ३.ढाक्न लायक।

संवर्तः (पुं.) [*संवर्तते जगदत्र, सम्पूर्वकाद्, वृतु वर्तने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] १.प्रलय २.रुद्राक्षको वृक्ष। **संवर्तः प्रलयेऽक्षद्रौ** (हैम.) ३.प्रलय। **दहन्निव दिशो दिग्भिः संवर्ताग्निरिवोत्थितः।** (भाग.८.१५.२६) ४.एक धर्मशास्त्रका प्रवर्तक ऋषि। **ऋत्विक् तस्य तु संवर्तो बभूवाङ्गिरसः सुतः।**
भ्राता बृहस्पतेर्विप्र महात्मा तपसां निधिः॥ (मा.पु.१३०.११)

५.धेरै पानी भएको मेघ।

आवर्तो निर्जलो मेघः संवर्तश्च बहूदकः।
पुष्करो दुष्करजलो द्रोणः सस्यप्रपूरकः॥ (ज्यो.त.)

संवर्तकः (पुं.) [*संवर्तयति, सम्पूर्वकाद् वृतु वर्तने इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, अकः*] १.बलराम २.बलरामको हलो ३.वडवानल।

संवर्तस्मृतिः (स्त्री.) [*संवर्तरचिता स्मृतिः, म.प.स.*] संवर्त ऋषिले बनाएको स्मृति ग्रन्थ। यसमा दुई सय तिस श्लोक छन्। यिनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौखिकभन्दा लिखित प्रमाणमा जोड दिएका छन्। मिताक्षरा र स्मृतिसारमा बृहत्संवर्त र स्वल्पसंवर्तको उल्लेख छ।

संवर्तिका (स्त्री.) [*संवर्तते, वृतु वर्तते इति धातोः, हृषिरुहिवृति विदिच्छदिकीर्तिभ्यश्च (उ.) इतीन्, ततः स्वार्थे कन् ५.३.७५, टाप् ४.१.४, इत्वम्*] कमलको नयाँ पात। **संवर्तिका नवदलम्** (अमर.१.१०.४३)।

संवर्द्धकः (पुं.वि.) [*संवर्धयति, सम्पूर्वकाद्, वृधु वृद्धौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.बढाउने/वृद्धि गर्ने २.पालनपोषण गर्ने।

संवर्द्धनम् (नपुं.) [*सम्पूर्वकाद्, वृधु वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.राम्ररी वृद्धि हुनु/बढ्नु २.पालनपोषण गर्नु/बढाउनु ३.मसाज गर्नु।

संवर्द्धितः (पुं.वि.) [*संवर्ध्यते स्म, सम्पूर्वकाद्, वृधु वृद्धौ इति धातोः, णिचि,निष्ठा ३.२.१०२ इति क्तः*] १.बढाइएको २.पालनपोषण गरिएको।

संवर्द्धितोऽपि भुजगः पयसा न वश्य
स्तत्पालकानपि निहन्ति बलेन सिंहः।
दुष्टः परैरुपकृतस्तदनिष्टकारी
विश्वासलेश इह नैव बुधैर्विधेयः ॥ (सुभा.)

संवर्द्धनीयः (पुं.वि.) [*संवर्धयितुं योग्यः, सम्पूर्वकाद्, वृधु वृद्धौ इति धातो, णिचि, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.बढाउन लायक २.पालन-पोषण गर्न लायक।

संवलितः (पुं.वि.) [*सम्पूर्वकाद्, वल संवरणे सञ्चरणे च इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.मिलेको/जोडिएको/संयुक्त/ मिसिएको/मिश्रित २.बेरिएको।

संवसथः (पुं.वि.) [*संवसन्त्यत्र, सम्पूर्वकाद् वस निवासे, इति धातोः, उपसर्गे वसेः (उ.) ४०३ इति अथप्रत्ययः*]गाउँ। **समौ संवसथग्रामौ** (अमर.२.२.१९)।

संवहनम् (पुं.) [*सम्पूर्वकाद्, वह प्रापणे इति धातोः, ल्युट् च इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः,निपातनाद् दीर्घे संवाहनमित्यपि*] अङ्गको मर्दन/मसाज गर्नु। **संवर्द्धनं संवहनम्** (अमर.३.२.२२)

संवादः (पुं.) [*संवदनम्, सम्पूर्वकाद् वद व्यक्तायां वाचि इति धातोः भावे ३.३.१८ इति घञ्*] १.कुराकानी/वार्तालाप/कथोपकथन/ वादविवाद २.बहस/तर्क। ३.तुल्यता/समानता। **~दाता** (पुं.वि.) [*संवादस्य दाता, ष. त.*] संवाद वा समाचार दिने वा पठाउने व्यक्ति। **~विलोपनम्** (नपुं.) [*संवादस्य विलोपनम्, ष.त.*] समाचारपत्रहरूमा केही विशेष प्रकारका समाचारको जाँचबुझ गरेर छाडिदिनु/बिल्कुलै प्रकाशित नगर्नु।

संवादी (पुं.वि.) [*संवदति तच्छीलः, सम्पूर्वकाद्, वद व्यक्तायां वाचि इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.कथोपकथन वा कुराकानी गर्ने २.सङ्गीतमा स्वरको श्रुतिमाधुर्य बढाउने ३.तुल्य (साहित्यमा)।

संवारः (पुं.) [*संवरणम्, सम्पूर्वकाद्, वृञ् वरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ढाक्नु/छोप्नु २.रक्षा ३.सुव्यवस्था ४.ह्रास/न्यूनता ५.[*संवरणम् वर्णोच्चारणसमये कण्ठनालिकायाः सङ्कोचः*] बाह्यप्रयत्नको एक भेद।

संवारणम् (नपुं.) [*संवार्यते, सम्पूर्वकाद्, वृञ् वरणे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रोक्ने काम/छेक्ने काम २.ढाक्ने काम ३.रक्षा गर्ने काम ४.सुव्यवस्थापन।

संवासः (पुं.) [*संवसनम्, सम्पूर्वकाद् वस निवासे इति धातोः भावे ३.३.१८ इति घञ्*] १.सहवास २.[*सम्यक् उष्यतेऽत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*) राम्रो वासस्थान ३.[*संवसन्ति जना अत्र, पूर्ववत्*] सभाभवन ४.खेलकूदमैदान।

संवाहकः (पुं.वि.) [*संवाहयति, सम्पूर्वकाद् वह प्रापणे इति धातोः णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः*] १.लैजाने २.शरीरमा मालिस लगाउने ३.(पुं.) वायु।

संवाहनम् (नपुं.) [*सम्पूर्वकाद्, वह प्रापणे इति धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः,निपातनाद् दीर्घः*] १.अङ्गको मर्दन गर्ने क्रिया/मालिस २.भारी ओसारपसार गर्ने काम ३.धुलो पात पतिङ्गर आदि उडाउनु।

संवित् (स्त्री.) [*संवेदनम्, संविद्यतेऽनया वा, सम्पूर्वकाद्, विद ज्ञाने इति धातोः, विद चेतनादौ इति धातोर्वा सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्*] १.बुद्धि २.भाषण ३.चेतना/ज्ञान/बोध ४.सङ्ग्राम ५.नाम ६.सङ्केत ७.आचार ८.स्वीकृति ९.प्रतिज्ञा। १०.कामको नियम वा व्यवस्थापन ११.तोषण १२.समाधि।

संवित् सम्भाषणे ज्ञाने संग्रामे नाम्नि तोषणे।
क्रियाकारे प्रतिज्ञायां सङ्केताचारयोरपि (हैम.)।
वागीशा यस्य वदने लक्ष्मीर्यस्य च वक्षसि।
यस्यास्ति हृदये संवित् तं नृसिंहमहं भजे ॥

संवित्तिः (स्त्री.) [*सम्पूर्वकाद्, विद ज्ञाने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बोध/ज्ञान/शक्ति। **छायां विनिर्धूय तमोमयीं तां तत्त्वस्य संवित्तिरिवाप विद्याम्** (किरा.) २.अनुभव। **श्वस्त्वया सुखसंवित्तिः स्मरणीयाधुनातनी** (किरा.)।

संविदा (स्त्री.) [*सम्पूर्वकाद्, विद ज्ञाने इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] कुनै निश्चित शर्तमा दुई वा दुईभन्दा बढी पक्षका बिचमा हुने सम्झौता आदिका शर्तहरू लेखिएको पत्र।

संविदितः (पुं.वि.) [*सम्यक्तया विदितः*] पूरा जानकारी प्राप्त।

संविधा (स्त्री.) [*संम्पूर्वकाद्, विध विधाने इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] व्यवस्था/ आयोजन/ प्रबन्ध।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संविधानम् (नपुं.) [*संविधीयतेऽनेन, सं–विपूर्वकाद्, डुधाञ् धारणपोषणयोः इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] राज्य, राष्ट्र, कुनै विशेष संस्था आदिको सङ्गठन, सञ्चालन र व्यवस्था गर्ने नियमहरू लेखिएको मूल ऐन वा विधान। **~परिषद्** (स्त्री.) [*संविधानस्य परिषद्, ष. त.*] राष्ट्रको संविधान बनाउनका लागि गठन गरिएको परिषद्/संविधान बनाउने सभा। **~सभा** (स्त्री.) [*संविधानस्य सभा, ष.त.*] देशको संविधान तयार गर्ने सभा।

संविधिः (पुं.) [*संविधीयतेऽनेन, सं–विपूर्वकात्, डुधाञ् धारण पोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आतो लोपः ६.४.६४*] स्थायी विधि वा कानुनका रूपमा प्रतिनिधि सभाबाट स्वीकृत भएको लिखित विधान।

संविभक्तः (पुं.वि.) [सम्यक्तया विभक्तः] राम्रोसित बाँडिएको।

संविभाजनम् (नपुं.) [*संविभाजयते, सं–विपूर्वकाद्, भज धातोः, णिचि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै वस्तुलाई अलग-अलग अंश वा टुक्रा गर्ने काम।

संवीक्षणम् (नपुं.) [*सम्यक् वीक्षणम्, सं–विपूर्वकाद्, ईक्ष दर्शने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] राम्रोसित हेरेर वस्तुहरूको खोजी गर्ने क्रिया/अन्वेषण। **संवीक्षणं विचयनं मार्गणं मृगणा मृगः** (अमर.३.६.३०)।

संवीतः (पुं.वि.) [*संवीयते स्म, सम्पूर्वकाद्, व्येञ् संवरणे इति धातोः, निष्ठा इति क्तः*] १.स्थगित २.अवरुद्ध ३.चारैतिरबाट घेरिएको

तिरस्कृत्योच्चरेत् काष्ठलोष्टपत्रतृणादिना।
नियम्य प्रयतो वाचं संवीताङ्गोऽवगुण्ठितः॥ (मनु.)

संवृतः (पुं.) [*संव्रियते स्म, सम्पूर्वकाद्, वृञ् वरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.ढाकिएको/छोपिएको/लुकेको २.बचाउ गरिएको/रक्षित ३.आभ्यन्तर प्रयत्नको एक भेद।

संवृतिः (स्त्री.) [*संवरणम्, सम्पूर्वकाद्, वृञ् वरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] महायानवादी र माध्यमिकले मानेको एक सत्य। बुद्धले दुई सत्य मानेका थिए – संवृत्ति र परमार्थ। शून्यतालाई परमार्थ सत्य भनिन्छ भने संवृत्ति भनेको व्यावहारिक सत्य हो। सबै प्रतीत्यसम्पन्न पदार्थहरू संवृत्तिभित्र नै आउँछन्। प्रत्यक्ष हुने संवृत्तिसत्यलाई लोकसंवृत्ति पनि भनिन्छ। यदाकदा अविद्यालाई पनि संवृति भनिन्छ।

संवृत्तिवक्रता (स्त्री.) [*संवृत्तिगता वक्रता, म.प.स.*] पदपूर्वार्द्ध वक्रताको तेस्रो भेद। कुनै वस्तुलाई अलौकिक वा अतिशय सिद्ध गर्न त्यस वस्तुलाई बुझाउने (वाचक) पदको प्रयोग नगरी सर्वनामको प्रयोग गरेर वैचित्र्य सृजना गरिने वक्रोक्तिको एक प्रकार।

संवृद्धिः (स्त्री.) [*संवर्धनम्, सम्पूर्वकाद्, वृधु वृद्धौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] बढिबढाउ/राम्रो वृद्धि/समृद्धि।

संवेगः (पुं.) [*संवेजनं सञ्चलनम्, ओविजी भयचलनयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.हर्ष आदिबाट हुने शीघ्रता।

अथ सभ्याः सभामध्ये समुच्छ्रितकरास्तदा
ऊचुरुद्विग्नमनसः संवेगाद् सर्व एव हि॥ (म.भा.२.७२)

२.अहङ्कार ३.आवेश/उत्तेजना।

संवेदः (पुं.) [*सम्पूर्वकाद्, विद ज्ञाने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.जान्नु २.अनुभव/प्रतीति/बोध। **संवेदो वेदना न ना** (अमर.३.२.६)।

संवेदनम् (नपुं.) [*सम्पूर्वकाद् विद ज्ञाने इति धातोः भावे ल्युट्, अनः*] १.जान्नु २.अर्काको दुःखमा आफूले पनि दुःखको अनुभव गर्नु ३.सहानुभूति राख्नु।

संवेदना (स्त्री.) [*संवेदनम्, सम्पूर्वकाद्, विद ज्ञाने इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] अर्काको दुःखमा आफूले पनि दुःखको अनुभव गर्नु/समवेदना/संवेदन/सहानुभूति।

संवेद्यः (पुं.वि.) [*सम्यग् वेत्तुं योग्यः*] १.राम्रोसित जान्नुपर्ने २.बुझाउनु पर्ने ३.संवेदनशील।

संवेशः (पुं.) [*संवेशनम्, सम्पूर्वकाद्, विश प्रवेशने इति धातोः, भावे इति घञ्*] १.रतिक्रीडा/मैथुन २.निद्रा। **स्यान्निद्रा शयनं स्वप्नः संवेश इत्यपि** (अमर.१.७.३६) ३.[*संविशन्ति अत्र, अधिकरणे घञ्*] उपभोगस्थल।

संवैधानिकः (पुं.वि.) [*संविधानादागतः,संविधाने भवो वा, संविधान+ठक्, इकः*] संविधानसम्बन्धी/संविधानको अनुकूल। **~नियमः** (पुं.) [*संवैधानिकश्चासौ नियमश्च, कर्म.स.*] संविधानलाई लागु गर्न बनाइने कानुन।

संवैधानिकोपायः (पुं.) [*संवैधानिकश्चासौ उपायश्च, कर्म.स.*] संविधानले तोकेको उपाय/संविधानसम्बन्धी विषय वा कार्यबाही।

संव्यानम् (नपुं.) [*संवीयतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.ढाक्ने काम २.कमरभन्दा माथि प्रयोग गरिने पछ्यौरा,च्यादर आदि वस्त्र। **संव्यानं छादनेंऽशुके** (विश्व.) **विपानसंव्यानमिवानिलोद्धतम्** (किरा.)।

संशप्तकाः (पुं.बहु.) [*संशपनम्, शप आक्रोशे इति धातोः, नपुंसके भावे क्तः इति क्तः, संशप्तं शपथं कुर्वन्ति, तत्करोति तदाचष्टे (वा.) ३.१.२६ इति णिच्, ण्वुल्तृचौ इति ण्वुल्, युवोरनाकौ इत्यकः, यद्वा क्वुन् (उ.)*] १.प्रतिज्ञापूर्वक लडाइँबाट नफर्कने योद्धा। **संशप्तकास्तु समयात् संग्रामादनिवर्तिनः** (अमर.२.८.९८) २.महाभारतमा वर्णित नारायणी सेना (म.भा. द्रो.प. १७ अ.)।

संशयः (पुं.) [*सम्पूर्वकात्, शीङ् स्वप्ने इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.शङ्का/सन्देह/दोधार। **विचिकित्सा तु संशयः सन्देहद्वापरौ च** (अमर.१.५.४)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संशयात्मकः (पुं.वि.) [*संशय आत्मा यस्य सः, बहु.स.*] संशय भएको/शङ्का लागेको/सन्दिग्ध।

संशयात्मा (पुं.वि.) [*संशय आत्मा यस्य सः*] शङ्का गर्ने/शङ्कालु/संशयी/विश्वास नगर्ने/अविश्वासी।

संशयानः (पुं.) [*संशेते इति, सम्पूर्वकात् शीङ् स्वप्ने इति धातोः लटि शानच्*] शङ्कालु। **संशयानो विनश्यति** (नीति.)।

संशयापन्नः (पुं.) [*संशयमापन्नः द्वि.त.*] सन्देह मान्ने/शङ्का गर्ने।

संशयालुः (पुं.वि.) [*संशेते तच्छीलः, स्पृहिगृहि. इत्यत्र आलुचि शीङो ग्रहणं कर्तव्यम् (वा.) ३.२.१५८ इति आलुच्*] सधैं शङ्का गर्ने।

संशयिकः (पुं.वि.) [*संशयोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] प्रत्येक कुरामा शङ्का गर्ने/शङ्कालु/संशयी।

संशयिता (पु.वि.) [*संशेते तच्छीलः, तृन् ३.२.१३५ इति तृन्*] संशयालु।

संशितः (पुं.वि.) [*सम्पूर्वकात् शिञ् निशाने, शो तनूकरणे इति धातोर्वा निष्ठा ३.२.१०२ इति क्तः*] १.राम्रोसित सम्पादन गरिएको २.सुनिश्चित। **संशितश्च सुनिश्चितः** (अमर.) ३.अति तिखो।

संशुद्धः (पुं.वि.) [*सम्पूर्वकात्, शुध शौचे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.राम्ररी संशोधन गरिएको २.विशुद्ध पारिएको/शुद्ध गरिएको ३.प्रायश्चित्त गरिएको।

संशूनः (पुं.वि.) [*टुओश्वि गतिवृद्ध्योः इति धातोः, गत्यर्थाकर्मक— ३.४.७२ इति क्तः, ओदितश्च ८.२.४५ इति निष्ठानत्वम्, यजादित्वात्संप्रसारणम्, संप्रसारणाच्च ६.१.१०८ इति पूर्वरूपम्, हलः ६.४.२ इति दीर्घः, श्वीदितो निष्ठायाम् ७.२.१४ इति इडभावः*] स्थूल/मोटो मोटाएको।

संशोधनम् (नपुं.) [*सम्पूर्वकात्, शुध शौचे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.शुद्ध वा शुद्धि पार्ने काम/चोख्याउने काम २.भूल, दोष आदि सुधार्नु/सच्याउनु ३.संस्कार गर्नु ४.प्रायश्चित्त गर्नु।

संशोधितः (पुं.वि.) [*संशोध्यते स्म, सम्पूर्वकात्, शुध शौचे इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] शुद्धि वा सुधार गरिएको।

संश्यानः (पुं.वि.) [*सम्पूर्वकात् श्यैधातोः क्तः, तस्य नत्वम्*] चिसाले खुम्चिएको।

संश्रयः (पुं.) [*सम्पूर्वकात् श्रिधातोरच्*] १.आश्रय २.आश्रयस्थान।

संश्रवः (पुं.) [*सम्पूर्वात्, श्रु श्रवणे इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] अङ्गीकार/स्वीकार। **संविदागूःप्रतिज्ञाननियमाश्रवसंश्रवाः** (अमर.१.५.५) २.राम्रोसित सुन्ने काम।

संश्रितः (पुं.वि.) [*सम्पूर्वकात् श्रिधातोः क्तः*] आश्रित।

संश्रुतः (पुं.वि.) [*सश्रूयते स्म, सम्पूर्वकात्, श्रु श्रवणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.स्वीकार गरिएको (अमर.३.१.१०८) २.राम्रो सित सुनिएको।

संश्लिष्टः (पुं.वि.) [*संश्लिष्यते स्म, सम्पूर्वकात्, श्लिष संश्लेषणे इति धातोः, क्तः*] राम्ररी जोडिएको/राम्रोसित टाँसिएको/अङ्कमाल गरेको/आलिङ्गित।

संश्लेषः (पुं.) [*संश्लेषणम्, सम्पूर्वकात्, श्लिष आलिङ्गने इति धातोः, भावे इति घञ्*] १.आलिङ्गन गर्नु/लपेटिनु २.मेल/मिलन। **संश्लेष उपगूहनम्** (अमर.३.२.३०)।

संश्लेषणम् (नपुं.) [*सम्पूर्वकात्, श्लिष आलिङ्गने इति धातोः, ल्युट् च इति ल्युट् युवोरनाकौ इत्यनः*] १.राम्ररी जोड्नु वा टाँस्नु/मिलाउनु २.आलिङ्गन गर्नु।

संसक्तः (पुं.वि.) [*संसज्यते स्म, सम्पूर्वकात्, षञ्ज सङ्गे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नलोपः*] १.अनुरक्त/आसक्त २.राम्ररी जोडिएको/मिलेको ३.सम्बद्ध/संलग्न भएको।

संसक्तिः (स्त्री.) [*संसज्जनम्, सम्पूर्वकात्, षञ्ज सङ्गे इति धातोः, स्त्रियां क्तिन् ३.१.९४ इति क्तिन्*] १.आसक्ति २.राम्रोसित जोडिने काम ३.संलग्नता।

संसद् (स्त्री.) [*संसीदन्त्यस्यामिति, सम्पूर्वकात्, सद्लृ गतौ इति धातोः,सम्पदादेराकृतिगणतया (प्रक्रियाकौमुदीस्थगणपाठानुसारेण) सम्पदादिभ्यः क्विप् (वा.) ३.३.१९४ इति क्विप्*] १.सभा। **समज्या परिषद् गोष्ठी सभासमितिसंसदः** (अमर. २.७.१५) २.देशको शासनतन्त्रको व्यवथापन गर्न कुनै स्वतन्त्र देश अथवा राज्यका जनताद्वारा चुनिएका प्रतिनिधिहरूको सर्वोच्च केन्द्रीय सभा/पार्लियामेन्ट। **~भङ्गः** (पुं.) [*संसदो भङ्गः, ष.त.*] संसदको विघटन।

संसरणम् (नपुं.) [*सम्पूर्वकात्, सृ गतौ इति धातोः, ल्युट् च ३.३.१५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.हिंड्ने क्रिया/गमन २.प्राणीहरूको उत्पत्ति (जन्म र पुनर्जन्म) ३.[*संभूय सरन्ति अत्र वा, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् अनः ७.१.१ णत्वम्, यद्वा बहुलमन्यत्रापि (उ) २.७९ इति युच्, अनः*] १.राजमार्ग २.[*संसरन्ति जना अत्र*] संसार/जगत् ३.सेनाको अबाध गति। **प्राण्युत्पादे संसरणमसम्बाधचमूगतौ। घण्टापथे** (अमर. ३.३.५५)।

संसर्गः (पुं.) [*संसर्जनम्, सम्पूर्वकात्, सृज विसर्गे इति धातोः भावे ३.३.१८ इति घञ्*] १.साथमा रहेर भएको सम्बन्ध/सहवासको सम्पर्क।

स्वभावं नैव मुञ्चन्ति सन्तः संसर्गतोऽसताम्।
न मुञ्चन्ति रुतं मञ्जु काकसम्पर्कतः पिकाः॥ (सुभा.)

यो समवाय आदि ६ प्रकारको हुन्छ। २.मैथुन। **~दोषः** (पुं.) [*संसर्गेण, संसर्गस्य वा दोषः, तृ.त.वा.ष.त.*] खराब मानिसका सङ्गतबाट हुने खराब परिणाम।

संसर्गजः (पुं.वि.) [*संसर्गाज्जातः, पञ्चम्यामजातौ ३.२.९८ इति डः*] सहवास वा सम्बन्धबाट उत्पन्न भएको। **संसर्गजा दोषगुणा भवन्ति** (सुभा.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसर्गी (पुं.वि.) [*संपृच इति घिनुण्*] १.संसर्ग गर्ने २.सम्पर्क गर्ने ३.सहवास गर्ने। **तत्संसर्गी तु पञ्चमः** (स्मृति)।

संसर्पी (पुं.वि.) [*संसर्पते इति तच्छीलः, णिनिः*] निरन्तर गमनशील।

संसारः (पुं.) [*संसरन्त्यत्र, सम्पूर्वकात्, सृ गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.जगत्/भुवन/विश्व २.सांसारिक जीवन ३.मिथ्याज्ञानजन्य वासना (नैयायिक)। **~यात्रा** (स्त्री.) [*संसारस्य यात्रा,ष.त.*] जीवनयापन/ जीवनयात्रा/ निर्वाह।

संसारी (पुं.वि.) [*संसारोऽस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] संसारसम्बन्धी/लौकिक/बारबार जन्म लिने/संसारमा आवागमन गर्ने/ सांसारिक प्रपञ्चमा रहेका/दुनियाँदारी।

मानुष्यं वरवंशजन्म विभवो दीर्घायुरारोग्यकं
सन्मित्रं सुसुतः सती प्रियतमा भक्तिश्च नारायणे।
विद्वत्त्वं सुजनत्वमिन्द्रियजयः सत्पात्रदाने रति-
स्ते पुण्येन विना त्रयोदश गुणाः संसारिणां दुर्लभाः॥
(सुभा.)

संसिद्धिः (स्त्री.) [*संसेधनम्, सम्पूर्वकात्, षिधु संराद्धौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.स्वभाव। **संसिद्धिप्रकृती त्विमे । स्वरूपञ्च स्वभावश्च निसर्गश्च** (अमर.१.७.३८) २.सिद्धि। **कार्यं संसिद्धिमाप्नोति यथा बुद्ध्या प्रसाधितम्** (सुभा.) ३.देवीविशेष (दे.भा.)।

संसृतिः (स्त्री.) [*संसरणम्, सम्पूर्वकात्, सृ गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.बारम्बार जन्ममरण हुने काम/ आवागमन २ [*संसरन्त्यत्र प्राणिनः, संज्ञायां क्तिच्*] संसार।

संसृष्टिः (स्त्री.) [*सम्पूर्वकात्, सृज विसर्गे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.साथमा नै भएको उत्पत्ति वा जन्म २.संयोग/मेल ३.निर्माण/रचना ४.सहवास ५.एउटै वाक्यमा दुई वा सोभन्दा बढी अलङ्कारहरू तिलतण्डुलन्यायले भिन्नभिन्न देखिने गरी आउँदा पर्ने एक काव्यालङ्कार/परस्पर निरपेक्ष रूपले रहेका अलङ्कारहरूको संयोग हुँदा पर्ने अलङ्कार।

मिथोऽनपेक्षयैतेषां स्थितिः संसृष्टिरुच्यते (सा.द.)।

संस्करणम् (नपुं.) [*सम्पूर्वकात्, डुकृञ् करणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, सुट्*] १.पुस्तक, पुस्तिकाको पटक–पटकको मुद्रण/आवृत्ति २.शुद्ध गर्नु/परिष्कृत गर्नु/संस्कार गर्ने काम।

संस्कारः (पुं.) [*संस्करणम्, सम्पूर्वकात्, डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्, सुट्*] १.दोष दुर्गुण आदि पन्छाउनु वा सुधार्नु/परिष्कार गर्नु। **स्वभावसुन्दरं वस्तु न संस्कारमपेक्षते।** (सुभा.) २.शुद्धि/चोखो पार्ने काम ३.सजावट ४.मुख वा शरीरको सफाइ ५.मनोवृत्ति वा स्वभाव सुधार्नु ६.योगशास्त्रअनुसार पूर्वजन्मको असल वा खराब कर्मको यस जन्ममा हुन आएको वासना वा प्रभाव। अर्थात् प्राणीले पूर्वजन्ममा वा यस जन्ममा जति कर्म गरेको हुन्छ ती सबै उसका अन्तः करणमा संस्कार रूपले जम्मा भएका हुन्छन्। यिनका दुई भेद छन्– वासनारूप (जुन सम्झनाको कारण हुन्छ) र धर्माधर्मरूप (जुन जाति, भोग, आयुको कारण हुन्छ)। उक्त दुवै संस्कार जन्म-जन्मान्तरदेखि जम्मा भएर आएका हुन्छन्, त्यस्ता संस्कारमा संयम (धारणा, ध्यान, समाधि) लगाउँदै प्रत्यक्ष गराउँदा योगीलाई पूर्वजन्मको ज्ञान हुन्छ। (संस्कार सा.पा.यो.सू. ३.१६) ७.शिक्षा/उपदेश ८.आफ्नो शरीरदेखि अलग भएर रहेको वा गरिएको कर्मबाट उत्पन्न उत्कर्षविशेष। (आत्मशरीरान्यतरनिष्ठविहितक्रिया-जन्योऽतिशय विशेषः संस्कारो नाम)। यसका दुई भेद छन्– व्रतबन्ध, वेदाध्यन आदि कर्मान्तरबाट उत्पन्न भएको (उपनयन वेदाध्यनादिजन्यः) र बीजगर्भको पाप हटाउने गर्भाधान, जातकर्म आदिबाट उत्पन्न। (दुरितापनाशको बीजगर्भसमुद्भवैनोनिवर्हणो जातकर्मादिजन्यः)। यसका पनि दुई भेद छन्– (क) **ब्राह्म**– गर्भाधान आदि स्मार्तसंस्कार। (गर्भाधानादिः स्मार्तो ब्राह्मः), (ख) **दैव**–सोमयाग, अग्निष्टोम आदि सौम्यसंस्कार। (पाकयज्ञा हविर्यज्ञाः सौम्याश्च दैवाः (सं.दी. द्वि.भा.)। (क) ब्राह्म संस्कारका १०, १६, २५, ४० र ४८ भेद छन्। जस्तै– **दशसंस्कार–** गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध र व्रतबन्ध। **पुरुषसंस्कारकर्मत्वं तु गर्भाधानादीनां व्रतबन्धान्तानां दशानामेव।** **सोह संस्कार**– यसका तीन मत छन्– १.गर्भाधान आदि उपर्युक्त दश र वेदाध्ययन, केशान्त, समावर्तन, विवाह, विवाहाग्निपरिग्रह र त्रेताग्निसङ्ग्रह।

गर्भाधानं प्रसवनं सीमन्तो जातकर्म च।
नामक्रिया निष्क्रमोऽन्नप्राशनं वपनक्रिया।
कर्णवेधो व्रतादेशो वेदारम्भक्रियाविधिः॥
केशान्तस्नानमुद्वाहो विवाहाग्निपरिग्रहौ।
त्रेताग्निसङ्ग्रहश्चेति संस्काराः षोडश स्मृताः॥ (सं.दी. २.)

२.गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, चूडा, व्रतबन्ध, ऋक्, यजु, साम, अथर्व (वेदाध्ययन) केशान्त, संमावर्तन र विवाह। यसमा कर्णवेधसंस्कार आवश्यक भए पनि सोह संस्कारमध्ये परेको छैन। **गर्भाधानमतश्च पुंसवनकं सीमन्तजाताभिधे, नामाख्यं सह निष्क्रमेण च तथाऽन्नप्राशनं कर्म च। चूडाख्यं व्रतबन्धकोऽप्यथ चतुर्वेदव्रतानां पुरः, केशान्तः सविसर्गकः परिणयः स्यात् षोडशी कर्मणाम्॥** (संस्कारभास्कर) ३.गर्भाधान, पुंसवन, सीमन्त, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, चूडा, व्रतबन्ध, ऋक्, यजुः, साम, अथर्व (वेदाध्ययन) समावर्तन, विवाह र बलिकर्म।

आधानपुंससीमन्त जातनामान्नचौलकाः।
मौञ्जीव्रतानि गोदानसमावर्त विवाहकाः॥
अन्त्यं चैतानि कर्माणि प्रोच्यन्ते षोडशैव तु॥
(सं.दी.द्वि.भा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पच्चिस संस्कार— उक्त सोह्र संस्कार, आग्रहायण अष्टका, श्रावणीकर्म, आश्वयुजीकर्म, प्रत्यवरोहण, दर्शश्राद्ध, वेदारम्भ, वेदोत्सर्जन र पञ्चमहायज्ञ। (विशेष जानकारीका लागि हेर्नू— संस्कार दीपक द्वितीय भाग)। **चालिस संस्कार—** १.गर्भाधान २.पुंसवन ३.सीमन्त ४.जातकर्म ५.नामकर्म, ६.निष्क्रमण ७.अन्नप्राशन ८.चूडा ९.व्रतबन्ध १०.वेदाध्ययन (ऋक्, यजु, साम र अथर्वको अध्ययन) ११.समावर्तन १२.विवाह, १३.देवयज्ञ १४.पितृयज्ञ १५.मनुष्ययज्ञ १६.भूतयज्ञ १७.ब्रह्मयज्ञ १८.अष्टकाश्राद्ध १९.दर्शश्राद्ध २०.एकपार्वणक श्राद्ध २१.द्विपार्वणक श्राद्ध २२.त्रिपार्वणक श्राद्ध २३.श्रावणीश्राद्ध २४.आग्रहायणी श्राद्ध २५.चैत्रीश्राद्ध २६.आश्वयुजीश्राद्ध २७.अग्न्याधेय २८.अग्निहोत्र २९.दर्शपौर्णमास ३०.चातुर्मास्य ३१.आग्रहायणेष्टि ३२.सौत्रामणि, ३३.अग्निष्टेम ३४.अन्त्याग्निष्टेम, ३५.उक्थ्य ३६.षोडशी ३७.वाजपेय ३८.अतिरात्र ३९.आप्तोर्याम। (संस्कार दीपक द्वितीय भाग)। **अठचालिस संस्कार—** उक्त चालिस संस्कार र दया, क्षमा, अनसूया, अनायास, माङ्गल्य, अकार्पण्य, अस्पृहा र शौच (संस्कारदीपक प्रथम भाग)।

संस्कारकः (पुं.वि.) [*संस्करोति, सम्पूर्वकात्, डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, सुट्*] संस्कार गर्ने व्यक्ति।

संस्कारहीनः (पुं.) [*संस्कारैर्गर्भाधानादिभिरुपनयनादिभिर्वा हीनः, तृ.त.*] उपनयन आदि संस्कार नभएको। **व्रात्यः संसकारहीनः स्यात्** (अमर.२.७.५३)।

संस्कृतः (पुं.वि.) [*संस्क्रियते स्म, सम्पूर्वकाद्, डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, सुट्*] १.संस्कार गरिएको २.परिष्कृत/परिमार्जित ३.शुद्ध गरिएको/ सुद्ध्याइएको।

संस्कृतकथा (स्त्री.) [*संस्कृतभाषायां निबद्धा कथा, म.प.स.*) संस्कृत भाषामा रचिएका आख्यान साहित्य। वैदिक तथा पौराणिक वाङ्मयमा कथाको प्रशस्त प्रयोग भएको छ। यसका अनेक रूप छन्— उपदेशात्मक, मनोरञ्जनात्मक आदि। उपदेशात्मक कथामा पशुपक्षीलाई पात्र बनाएर रचिएका कथा धेरै छन्। मनोरञ्जन गराउन राचिएका कथाहरूमा मानवीय पात्रको बढी प्रयोग भएको छ। संस्कृतका केही कथाकार र तिनका कृति— **गुणाढ्य** (प्रथम शताब्दीको आसपास)— बृहत्कथा। **आर्यसूरि** (छैठौं शताब्दी) जातकमाला। **बुद्धस्वामी** (अष्टमशताब्दी) वृहत्कथाश्लोकसङ्ग्रहः (यसको एक भाग नेपालमा छ। अरुभाग उपलब्ध छैनन्) **क्षेमेन्द्र** (एघारौं शताब्दी) बृहत्कथामञ्जरी। यसमा७५००० श्लेक छन्। **सोमदेव** (एघारौं शताब्दी) कथासरित्सागर, **शिवदास** (बाह्रौं शताब्दी) बेतालपञ्चविंशतिका, शुकसप्तति (अज्ञात रचनाकाल) यो दुई भागमा विभक्त छ। एक भागका रचयिता **शिवस्वामी** हुन् भने अर्को भागका रचयिता कुनै **श्वेताम्बर जैन** हुन्। दिव्यावदानम् (लेखक र समय अज्ञात)। **सिद्धर्षि** (दसौं शताब्दी) उपमितिभव प्रपञ्चकथा। **हेमचन्द्र** (एघारौं शताब्दी) परिशिष्टपर्व। **विष्णुशर्मा** (छैटौं शताब्दी) पञ्चतन्त्रम्। यसका अनेक शाखा छन्— १.नेपालीयपञ्चतन्त्रम् २.दक्षिणापथीयं पञ्चतन्त्रम् ३.बृहत्कथान्तर्गतं पञ्चतन्त्रम् ४.हितोपदेश ५.तन्त्राख्यायिका ६.सरलग्रन्थ, ७.पञ्चाख्यानकम् आदि। **मेरुतुङ्गाचार्य** (चौधौं शताब्दी) प्रबन्धचिन्तामणि, **हैमविजय गणि** (सत्रौं शताब्दी) कथारत्नाकर। **राजशेखर** (सोह्रौं शताब्दी) प्रबन्धकोश। **बल्लालसेन** (सोह्रौं शताब्दी) भोजप्रबन्ध। **आनन्द**— माधव-नलकथा आदि। प्रौढ गद्यको प्रयोग गरी रचिएका केही साहित्यिक कथा र आख्यायिकाहरू— **सुबन्धु** (सातौं शताब्दी) वासवदत्ता। **दण्डी** (सातौं शताब्दी) दशकुमारचरितम्, अवन्तीसुन्दरीकथा। **बाणभट्ट** (सातौं शताब्दी) कादम्बरी, हर्षचरितम्। **धनपाल** (दसौं शताब्दी) तिलकमञ्जरी। **वादिभसिंह** (एघारौं शताब्दी) गद्यचिन्तामणि। **सोढल्ल** (एघारौं शताब्दी) उदयसुन्दरीकथा। **अगस्त** (चौधौं शताब्दी) कृष्णचरितम्। **वामनभट्ट** (सोह्रौं शताब्दी) वेमभूपालचरितम्। **हृषीकेश भट्टाचार्य** (उन्नाइसौं शताब्दी) प्रबन्धमञ्जरी। **अम्बिकादत्तव्यास** (उन्नाइसौं शताब्दी) शिवराजविजय आदि। बिसौं शताब्दीमा लेखिएका केही आधुनिक उपन्यास— **श्रीनरसिंह आचार्य—** सौदामनी **श्रीशैल—** मेनका। **मेघव्रताचार्य—** कुमुदिनीचन्द्र। **श्रीनिवास शास्त्री—** चन्द्रमहीपति। **रामनारायण शास्त्री—** कौमुदीकथाकल्लोलिनी। **विष्णुराज आत्रेय** (एक्काइसौं शताब्दी) किमुपहरामि, व्यथाविधा, सरला इत्यादि।

संस्कृतखण्डकाव्यानि (नपुं.) [*सस्कृते निबद्धानि खण्डकाव्यानि, म.प.स.*] संस्कृतभाषामा लेखिएका खण्डकाव्य। संस्कृत खण्डकाव्यको बीज वेद (उषासूक्त आदि) उपनिषद् रामायण, महाभारत, पुराण, बौद्धग्रन्थ आदि वाङ्मयमा भेटिन्छ। तिनमा निबद्ध कतिपय अंशहरू खण्डकाव्य जस्तै छन्। ईस्वीको प्रथम शताब्दीतिर आएर स्वतन्त्र प्रबन्धात्मक खण्डकाव्य सृजना भयो त्यस पछि जीवन वा जगत्को कुनै एक पक्षसित सम्बद्ध कथानकलाई लिएर धेरै खण्डकाव्य रचना भए। शृङ्गार, वीर, करुण र भक्ति रसमध्ये कुनै एकलाई प्रधान रस र अन्य रसलाई अङ्गरस बनाएर संस्कृत भाषमा प्रशस्त खण्डकाव्य लेखिएका छन्। तिनको कलात्मक पक्ष पनि उत्तिकै महनीय छ। हाल उपलब्ध कतिपय प्रतिनिधि खण्डकाव्यहरूका स्रष्य एवं तिनका कृति—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्डकाव्यकार	समय ईस्वी सन्	खण्डकाव्य
कलिदास	ई.पूर्व प्रथम-शताब्दी	ऋतुसंहार मेघदूत
घटखर्पर	ई.पूर्व प्रथम शताब्दी	यमककाव्य
अमरुक	आठौं शताब्दी	अमरुकशतक
जैनकवि	नवम शताब्दी	पार्श्वाभ्युदय
विह्लण	एघारौं शताब्दी	चौरपञ्चाशिका
गोवर्द्धनाचार्य	बाह्रौं शताब्दी	आर्याशप्तशती
जयदेव	बाह्रौं शताब्दी	गीतगोविन्द
धोइकवि	बाह्रौं शताब्दी	पवनदूत
विनयप्रभ	त्रयोदश शताब्दी	चन्द्रदूत
अवधूतरामयोगी	तेह्रौं शताब्दी	सिद्धदूत
वेदान्तदेशिक	तेह्रौं शताब्दी	हंससन्देश
उद्दण्ड	चौधौं शताब्दी	कोकिलसन्देश
वामनभट्टवाण	पन्ध्रौं शताब्दी	हंससन्देश
विष्णुदास	पन्ध्रौं शताब्दी	मनोदूत
विक्रमकवि	पन्ध्रौं शताब्दी	नेमिदूत
सुन्दरगणि	पन्ध्रौं शताब्दी	शीलदूत
रूपगोस्वामी	पन्ध्रौं शताब्दी	हंसदूत उद्धवसन्देश
माधवकवीन्द्र-भट्टाचार्य	सोह्रौं शताब्दी	उद्धवदूत
विष्णुराता	सोह्रौं शताब्दी	कोकसन्देश
पण्डितराज जगन्नाथ	सत्रौं शताब्दी	भामिनीविलास
रुद्रन्याय वाचस्पति	सत्रौं शताब्दी	पीकदूत
वादिराज	सत्रौं शताब्दी	पवनदूत
श्रीकृष्णसार्वभौम	सत्रौं शताब्दी	पादाङ्कदूत
लम्बोदरवैद्य	सत्रौं शताब्दी	गोपीदूत
त्रिलोचन	सत्रौं शताब्दी	तुलसीदूत
वाचस्पति		भ्रमरसन्देश
रुद्रवाचस्पति		भ्रमरदूत
वेङ्कयचार्य		कोकिलसन्देश
वासुदेव	सत्रौं शताब्दी	भृङ्गसन्देश
रामशास्त्री	सत्रौं शताब्दी	मेघप्रतिसन्देश
नित्यानन्द	बिसौं शताब्दी	हनुमद्दूत
विमलकीर्ति		चन्द्रदूत
दधिराम मरासिनी	बिसौं शताब्दी	श्रीरामचरितामृत
टीकाराम पन्थी	एकाइसौ शताब्दी	मङ्गलग्रह, आदि
भरतराज मन्थलीय	एकाइसौ शताब्दी	शैलबाला मोतीवृत्त आदि

जयदेवको गीतगोविन्दको आधारमा रचिएका अन्य खण्डकाव्यमा अभिनवगीतगोविन्द, गीतराधव आदि छन्। यिनीहरू खण्डकाव्यमात्र नभएर गीतिकाव्य पनि हुन्। यी मध्ये कतिपय खण्डकाव्य मन्दाक्रान्ता छन्दमा रचिएका छन् केही अन्यान्य छन्दमा पनि सृजना भएका छन्। जस्तै चन्द्रदूत मालिनी छन्दमा छ भने मनोदूत वसन्ततिलकामा छ। यी मध्ये कुनैमा प्रेमी र प्रेमिकाको संयोग तथा विरहजन्य प्रणयभाव चरमोत्कर्षमा पुगेर व्यक्त भएको छ भने कतिपय खण्डकाव्यमा भक्तिका लहरीहरू उत्तरलित भएर अनुप्रासमय पत्थरमा ठक्कर खाँदै हाम फाल्न पुगेका छन्। यस अतिरिक्त कालिदासको नाममा जोडिएका शृङ्गारतिलक (३२पद्य), पुष्पवाणविलास (३६पद्य) र रासककाव्य (२० पद्य), दामोदर गुप्त (आठौं शताब्दी)को कुट्टनीमत आदि सानातिना काव्य पनि प्रशस्त छन्। तिनमा पनि भावगाम्भीर्य,विविध रसको परिपाक, अलङ्कार तथा वक्रोक्तिजन्य चमत्कार प्रशस्त छ।

संस्कृतचम्पूकाव्यानि (नपुं.) [*संस्कृते निबद्धानि चम्पूकाव्यानि, म.प.स.*] सस्कृतभाषामा रचिएका चम्पूकाव्य। (हे. चम्पूकाव्य) संस्कृत भाषामा चम्पूकाव्यको निकै सृजना भएको छ। संस्कृत भाषामा रचिएका चम्पूकव्यलाई ११ भागमा वर्गीकरण गरिएको छ– १.रामयणको कथानकलाई उपजीव्य वनाएर रचिएका चम्पू। यस्ता चम्पूहरू ३६ भन्दा माथि छन्। जस्तै–रामायणचम्पू रावणचम्पू, अमोघराघव आदि। २.महाभारतको कथामा आधारित चम्पू। यिनीहरूको सङ्ख्या तिसभन्दा बढी छ। जस्तै– भारतचम्पू, पाञ्चालीस्वयंवर आदि। ३.भागवतबाट कथानक लिएर रचिएका चम्पूकाव्य। यस्ता काव्य ५० भन्दा बढी छन्। जस्तै– भागवतचम्पू, रुक्मिणीपरिणयचम्पू आदि। ४.शिवपुराणमा आधारित चम्पू ५.अन्यपुराणमा आधारित चम्पू, ६.जैनकथामा आधारित चम्पू ७.व्यक्तिगतचरित्रमा आधारित चम्पू ८.यात्राप्रबन्धात्मक चम्पू ९.स्थानीय देवता र महोत्सवसम्बद्ध चम्पू १०.काल्पनिक कथामा आधारित चम्पू ११.दार्शनिक चम्पू। तीमध्ये केही प्रसिद्ध चम्पूकाव्यकार र तिनका रचना–

चम्पूकार	शतक	चम्पूकाव्य
त्रिविक्रमभट्ट	दसौं शतक	नलचम्पू मदालसाचम्पू
सोमप्रभसूरि	दसौं शतक	यशस्तिलकचम्पू
हरिश्चन्द्र	दसौं शतक	जीवन्धरचम्पू
भोजराज	एघारौं शतक	रामायणचम्पू
अभिनव कालिदास	एघारौं शतक	भागवतचम्पू
सोल्लढ	एघारौं शतक	उदयसुन्दरीकथाचम्पू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमेश्वरदत्त	बाह्रौं शतक	कीर्तिकौमुदी
वासुदेवरथ	पन्ध्रौं शतक	गङ्गावंशानुकीर्तन
रामभद्र	भागवतचम्पू	
राजनाथ	भागवतचम्पू	
कवि कर्णपूर	सोह्रौं शतक	आनन्दवृन्दावनचम्पू
केशवभट्ट	सोह्रौं शतक	नृसिंहचम्पू
दैवज्ञसूर्य	नृसिंहचम्पू	
सङ्कर्षण	नृसिंहचम्पू	
चिदम्बर	सोह्रौं शतक	भागवतचम्पू
शेषश्रीकृष्ण	सोह्रौं शतक	परिजातहरणचम्पू
अनन्तदेवभट्ट	सोह्रौं शतक	भारतचम्पू
तिरुमलाम्बा	सोह्रौं शतक	वरदराजाम्बिका परिणयचम्पू
नारायण कवि	सोह्रौं शतक्	स्वहासुधाकरचम्पू
रघुनाथदास	सोह्रौं शतक	मुक्ताचरित
वेङ्कयध्वरी	सोह्रौं शतक	विश्वगुणादर्शचम्पू
		वरदाभ्युदयचम्पू
		उत्तरचम्पू
		श्रीनिवासचम्पू
जीवगोस्वामी	सत्रौं शतक	गोपालचम्पू
राजचूडामणि	सत्रौं शतक	भारतचम्पू
चिदम्बरः	सत्रौं शतक	भागवतचम्पू
मित्रमिश्रः	सत्रौं शतक	आनन्दकन्दचम्पू
समरसङ्गवः	सत्रौं शतक	तीर्थयात्राप्रबन्धचम्पू
बाणेश्वरः	अठारौं शतक	चित्रचम्पू
कृष्णकविः	अठारौं शतक	मन्दारमरन्दचम्पू

सोह्रौं शताब्दीलाई चम्पूकाव्यको स्वर्णयुग मानिन्छ। यस कालमा २०० भन्दा बढी चम्पूकाव्यको सृजना भएको छ।

संस्कृतदेवकाव्यानि (नपुं.) [*संस्कृते निबद्धानि देवकाव्यानि, म.प.स.*] मुख्यतया देवताको कीर्ति गाउन रचिएका काव्य। यस्ता काव्यका कतिपय रचयिता र तिनका कृति– **उत्प्रेक्षावल्लभ गोकुलनाथ** (चौथो शताब्दी) भिक्षाटनकाव्यम्। **नीलकण्ठदीक्षित** (सातौं शताब्दी) शिवलीलार्णव। **जयद्रथ** (तेह्रौं शताब्दी) हरचरितचिन्तामणि। **लोलिम्बराज** (एघारौं शताब्दी) हरिविलासकाव्यम्। **वेदान्तदेशिक** (तेह्रौं शताब्दी) यादवाभ्युदयम्। **राजचूडामणि** (सत्रौं शताब्दी) **कृष्णदास कविराज** (अज्ञात) गोविन्दलीलामृतम्। **अमरचन्द्रसूरि** (तेह्रौं शताब्दी) बालभारतम्।**देवप्रभसूरि** (तेह्रौं शताब्दी)पाण्डव चरितम्। **कृष्णानन्द** (तेह्रौं शताब्दी) सहृदयानन्दम्। **वामनभट्टबाण** (पन्ध्रौ शताब्दी) नलाभ्युदयम्। **साकलमल्ल** (चौधौं शताब्दी) उदारराघवम्। **वस्तुपाल** (तेह्रौं शताब्दी) नरनारायणानन्दम्। **सोमेश्वर** (तेह्रौं शताब्दी) सुरथोत्सवम्। **गोविन्दमखो** (पन्ध्रौं शताब्दी) हरिवंशसारचरितम्। **वेङ्कटेश्वर** (अज्ञात) रामचन्द्रोदयम्। **मल्लिनाथ** (सन्दिग्ध) रघुवीरचरितम् इत्यादि।

संस्कृतनाटकानि (नपुं.) [*संस्कृते निबद्धानि नाटकानि, म.प.स.*] संस्कृत भाषामा रचिएका दृश्यकाव्य। यी दुईथरी हुन्छन्– रूपक र उपरूपक। रूपक दश र उपरूपक अठार किसिमका हुन्छन्। (हे. रूपक र उपरूपक) सामान्य भाषामा सबैलाई नाटक भन्ने चलन छ। संस्कृतभाषामा दृश्यकाव्य निर्माणको लामो र समृद्ध परम्परा छ। यसमा प्रशस्त कृतिहरू रचिएका छन्। ती मध्ये केही प्रसिद्ध नाटककार र तिनका कृति– **भास** (इ.पू. चतुर्थ शताब्दी) दूतवाक्य, कर्णभार, दूतघटोत्कच, ऊरुभङ्ग, मध्यमव्यायोग, पञ्चरात्र, अभिषेक, बालचरित, अविमारक, प्रतिमा, प्रतिज्ञायौगन्धरायण, स्वप्नवासवदत्त, दरिद्रचारुदत्त। **कलिदास–** (ई.पू.प्रथमशताब्दी) मालविकाग्निमित्र, विक्रमोर्वशीय, अभिज्ञानशाकुन्तल। **शूद्रक** (प्रथमशताब्दी) मृच्छकटिक। **अश्वघोष** (प्रथमशताब्दी) शारिपुत्रप्रकरण, नागानन्द, रत्नावली। **हर्षवर्द्धन** (सातौ शताब्दी) रत्नावली, प्रियदर्शिका, नागानन्द। **भट्टनारायण** (सातौ शताब्दीको उत्त रार्द्ध) वेणीसंहार, **विशाखदत्त** (नवौं शताब्दी) मुद्राराक्षस। **भवभूति** (सातौं शताब्दी) मालतीमाधव, महावीरचरित, उत्तररामचरित। **मुरारि** (आठौ शताब्दी) अनर्घराघव। **शक्तिभद्र** (दशौं शताब्दी) आश्चर्यचूडामणि। **दामोदरमिश्र** (नवौं शताब्दी) हनुमन्नाटक। **राजशेखर** (नवौं शताब्दी) विद्धशालभञ्जिका, बालरामायण, बालभारत, कर्पूरमञ्जरी। **दिङ्नाग** (दशौं शताब्दी) कुन्दमाला। **कृष्णमिश्र** (एघारौं शताब्दी) प्रबोधचन्द्रोदय। **अनङ्गहर्ष** (आठौ शताब्दी) तापसवत्सराज। **वररुचि**-उभयाभिशारिका। **शूद्रक** पद्मप्राभृतकम्। **कुलशेखर** (दसौं शताब्दी) तपतीसंवरणम् सुभद्राधनञ्जय। **रामचन्द्र** (बाह्रौं शताब्दी) नलविलास, सत्यकरिश्चन्द्र, निर्भयभीमव्यायोग, कौमुदीमित्रानन्द, रोहिणीमृगाङ्क आदि। **रामभद्र** प्रबुद्धरौहिणेय। **यशश्चन्द्र**-मुद्रितकुमुदचन्द्र। **जयसिंहसूरि** (१२२५) हम्मीरमदमर्दन। **रविवर्मा** (तेह्रौं शताब्दी) प्रद्युम्नाभ्युदय। **वामनभट्टबाण** (१४२०)पार्वतीपरिणय, शृङ्गारभूषण। **रामभद्र दीक्षित** (सोह्रौं शताब्दी) शृङ्गरतिलक। **वरदाचार्य–** वसन्ततिलक। **शङ्करकवि**– शारदातिलक। **नल्लाकवि** (सत्रौं शताब्दी) शृङ्गारसर्वस्व। **युवराज**– रससदनभाण। **वत्सराज**– किरातार्जुनीय व्यायोग, समुद्रमथन। **वेङ्कटवर्य**– कृष्णविजय। **रामकवि**– मन्मथोन्मथन। **भास्करकवि**– उन्मत्तराघव। **महेन्द्रविक्तमवर्मा**– मत्तविलास। **जगदीश्वर**– हास्यार्णव। **ज्योतिरीश्वरकविशेखर**– धूर्तसमागम। **गोपीनाथ चक्रवर्ती**–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौतुकसर्वस्व। **सामराज दीक्षित**– धूर्तनर्तक। **प्रह्लादनदेव**– पार्थपराक्रम। **विश्वनाथ**– सौगन्धिकाहरण। **महादेव**– अद्‌भुतदर्पण। **क्षेमीश्वर**– नैषधानन्दन, चण्डकौशिक। **उद्दण्डकाविं**– मल्लिकामारुत। **यशपाल**– मोहपराजय। **वेङ्कटनाथ**– सङ्कल्पसूर्योदय। **कर्णपूर**– चैतन्यचन्द्रोदय। **जयदेव** (१२००) प्रसन्नराघव। **कविराज शङ्खधर**– लटकमेलक। **महेन्द्र वर्मा**– मत्तविलास। **शक्तिवल्लभ** (१७८१–१८६३ वै.) हास्य कदम्ब, जयरत्नाकरनाटक। **छविलालसूरि** (१८९६–१९६३) कुशलवोदय, सुन्दरचरित। **चूडानाथभट्टराय** (१९७८–२०५२) परिणामनाटक। **तोयनाथपाण्डेय** (१९७८–२०५० वि.सं.) मातृहत्याधार आदि।

संस्कृतपत्रिका (स्त्री.) [*संस्कृतभाषायां निबद्धा पत्रिका, म.प.स.*] संस्कृत भाषामा कहिलेबाट पत्रिका प्रकाशित हुनथालेको हो, अनुसन्धानकै विषय भएकाले त्यसको ऐतिहासिक क्रम यहाँ दिन सकिएन। भारत र नेपालमा निकै अघिदेखि यस्ता पत्रिका निक्लेका थिए। कतिपय पत्रिका बिचमैं बन्द भए भने कतिपय पत्रिका नयाँ नाम तथा रूप लिएर अगाडि बढेका छन्। हाल चलेका संस्कृतपत्रिकाहरू– **नवप्रभातम्**– दैनिक, शारदानगर, कानपुर, उ.प्र.२०८०२५। **गाण्डीवम्**– साप्तहिक, सम्पूर्णानन्द संस्कृत विश्वविद्याललय, वाराणसी। **युगगतिः**– बक्कीपुर, गोरखपुर, उ.प्र. २७३००१। **संस्कृतसाकेतम्**– पाक्षिक, अयोध्या। **हितसाधिका**– पाक्षिक, प्रेमनगर, यमुनानगर, हरियाणा, १३५००१। **सूर्योदयः**– मासिक, भारतधर्ममहामण्डल, जगतगञ्ज, लघुरावीर, वाराणसी। **भारती**– मासिक, भातीभवन, विजयखन्नानगर, जयपुर, राजस्थान। संस्कृतामृतम्– मासिक, बाजार गुलियान, दिल्ली। **पारिजातम्** – मासिक, प्रेमनगर, कानपुर। **दिव्यज्योतिः**– मासिक, आनन्दलज, सिमला, हिमाञ्चल प्रदेश। **भारतोदयः**– मासिक, ज्वालापुर, हरिद्वार। **सर्वगन्धा**– मासिक, माइजी मन्दिर, असरफावाद, लखनऊ। **दिशाभारती**– पाक्षिक, कमालपुर, बुराडी, दिल्ली। **संस्कृतप्रचारकम्**– मासिक, हिमालचल विश्वविद्यालय, समरहिल, सिमला। **सन्देशः**– द्वैमासिक, बलागञ्ज, कानपुर। **श्रीपण्डितम्**– त्रैमासिक, भदौनी, वाराणसी। **ब्रजगन्धा**– त्रैमासिक, कृष्णपुरी, मथुरा। **अजस्रा**– त्रैमासिक, महात्मा गान्धीमार्ग, हजरतगञ्ज, लखनऊ। **विश्वसंस्कृतम्**– त्रैमासिक, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, साधु आश्रम, होशियारपुर, पन्जाव। **संस्कृतसम्मेलनम्**– त्रैमासिक, संस्कृत महाविद्यालय, पटना, विहार। **विश्वभाषा** –त्रैमासिक, विश्वसंस्कृतप्रतिष्ठान, वाराणसी। **अर्वाचीनसंस्कृतम्**– त्रैमासिक, देववाणीपरिषद्, नयाँ दिल्ली। **सङ्गमनी**– त्रैमासिक, संस्कृतसाहित्यपरिषद्, दारागञ्ज, प्रयाग। **स्वरमङ्गला**– त्रैमासिक, राजस्थान संस्कृत एकेडेमी, विश्वेश्वरभवन, गणवौरी बजार, जयपुर, राजस्थान। **भास्वती**– षाण्मासिक, संस्कृतविभाग, काशीविद्यापीठ, वाराणसी। **संस्कृतप्रतिभा**– वार्षिक, रवीन्द्रभवनमार्ग, नयाँ दिल्ली। **शोधप्रभा**– वार्षिक, लाल बहादुर शास्त्री राष्ट्रिय संस्कृत विद्यापीठ, नयाँ दिल्ली। **संस्कृतसञ्जीवनम्**– मनोरमाभवन, राजेन्द्र नगर, पटना, विहार। **परिशीलनम्**– उत्तरप्रदेश संसकृत एकेडेमी, संस्कृतभवन, नयाँ हैदरावाद, लखनऊ। **सुरभारती**– सुरभारतीसेवा संस्थान, मैनपुरी उत्तरप्रदेश। **अमृतवाणी**– अग्रबाल विद्यापीठ, हल्दीपदा, बालेश्वर। **आरण्यकम्**– संस्कृत प्रचार परिषद, मारुतिमन्दिर, प्रकाशपुरी, विहार। **अभिव्यक्तिः**– भारतसंस्कृतपरिषद्,रामकृष्णपुर, नयाँ दिल्ली। **रावणेश्वर काननम्**– चिताभूमि,विहार। **प्रभातम्**– राजाजीपुर, लखनऊ। **अभिसंस्कृतम्** –विष्णुपुरी, कानपुर। **गोरखपुरचर्चा**– वक्सीपुर, गोरखपुर। **विमर्शः**– लखनऊ विश्वविद्यालय, लखनऊ। **संस्कृतविमर्शः**– राष्ट्रिय संस्कृत संस्थान नयाँ दिल्ली। **आर्षज्योतिः**– मासिक, श्रीमद् दयानन्द वेदविद्यालय, गौतम नगर नयाँ दिल्ली। **रसिकप्रिया**– राधापेठ, हाइरोड, चेन्नई इत्यादि। **सुरभिः**– संस्कृतविभागः,त्रि.वि.नेपाल २०२६ (हाल बन्द) **हैमवती** (संस्कृत अध्ययन संस्थान, बेल्भुण्डी, दाङ, नेपाल (हाल बन्द)।

संस्कृतभाषा (स्त्री.) [*संस्कृतमिति भाषा, कर्म.स.*] भारोपेली परिवारको भारतइरानेली शाखाभित्र पर्ने एक प्राचीन समृद्ध भाषा। यो दुई किसिमको छ– वैदिक र लौकिक। वैदिकमा– ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद् आदिको भाषा आउँछ भने लौकिकमा रामायण र त्यसपछि रचिएका विभिन्न कृतिहरूको भाषा पर्दछ। लौकिक संस्कृतमा रामायण, महाभारत, पुराण, उपपुराण, तन्त्र, वाङ्मयका विभिन्न विधाहरू, वेदाङ्गहरू, धर्मशास्त्र, महाकाव्य, खण्डकाव्य, नाटक, कथा, काव्यशास्त्र, दर्शन, व्याकरण, कोश आयुर्वेद आदि विषयसँग सम्बद्ध प्रशस्त ग्रन्थहरूको रचना भएको छ। यसमा विशाल साहित्य उपलब्ध छ।

संस्कृतम् (नपुं.) [*संस्क्रियते स्म, सम्पूर्वकाद् डुकृञ् करणे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.आर्यहरूले प्रयोग गरेको एक प्राचीन भाषा/वेद–उपनिषद्, रामायण, महाभारत आदि ग्रन्थहरूमा प्रयोग भएको भाषा २.संस्कार वा परिष्कार गरिएको।

दुर्लभं संस्कृतं वाक्यं दुर्लभः क्षेमकृत् सुतः।
दुर्लभा सदृशी भार्या दुर्लभः स्वजनप्रियः॥ (सुभा.)

संस्कृतमहाकाव्यम् (नपुं.) [*संस्कृते निबद्धं महाकाव्यम्, म.प.स.*] संस्कृत महाकाव्यको लामो परम्परा छ। आदिकवि वाल्मीकिद्वारा रचित रामायण र वेदव्यासद्वारा रचित महाभारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकाव्यका प्रमुख उपजीव्य ग्रन्थ हुन्। संस्कृत साहित्यमा त्यसपछि थुप्रै महाकाव्यहरूको सिर्जना भएको छ। तीमध्ये प्रसिद्ध महाकाव्यकार तथा तिनका महाकाव्यहरूको विवरण– **कालिदास**–रघुवंश (१९ सर्ग, सूर्यवंशी राजाहरूको चरित्र चित्रण भएको महाकाव्य) कुमारसम्भव (१७ सर्ग, शिवपार्वतीको विवाह, कार्तिकेयको जन्म र तारकासुरवधको वर्णन भएको महाकाव्य)। **अश्वघोष**– बुद्धचरित (हालप्राप्त मूल १४ सर्ग, चिनियाँ अनुवाद २८ सर्ग) सौन्दरनन्द (१८ सर्ग, गौतम बुद्धका सौताने भाइ सुन्दरनन्द र उनकी पत्नी सुन्दरीको चरित्र चित्रण भएको महाकाव्य)। **बुद्धघोष**– पद्यचूडामणि (१० सर्ग)। भीमरावणार्जुनीयम् (२७सर्ग, रावण र सहस्रार्जुनको युद्धको वर्णन भएको महाकाव्य) **भर्तृमेण्ठ**– हयग्रीववध (अनुपलब्ध) **भारवि**– कितारार्जुनीयम् (१८ सर्ग, अर्जुनले तपस्याद्वारा शिवजीलाई प्रसन्न तुल्याएर पाशुपतास्त्र प्राप्त गरेको विषयको वर्णन भएको महाकाव्य) **भट्टि**– भट्टिकाव्यम् (२२ सर्ग, व्याकरणशास्त्र सिकाउने उद्देश्यले रचिएको रामायणको कथानकमा आधारित रावणवध महाकाव्य) **कुमारदास**– जानकीहरणमहाकाव्यम् (२० सर्ग, रामजन्मदेखि रामको राज्याभिषेकसम्मको कथामा आधारित महाकाव्य)। **माघ**– शिशुपालवधम् (२० सर्ग, कृष्णद्वारा गरिएको शिशुपालको वधसँग सम्बन्धित कथानक भएको महाकाव्य)। **रत्नाकर**– हरविजयमहाकाव्यम् (५० सर्ग)। **शिवस्वामी**– कफ्फणाभ्युदय (२० सर्ग, बौद्ध साहित्यमा प्रसिद्ध दक्षिणदेशका राजा कफ्फणको कथालाई आधार बनाएर रचिएको महाकाव्य)। **अभिनन्द**– रामचरितम् (३६ सर्ग, रामायणको किष्किन्धा काण्डदेखि युद्ध काण्डसम्मको कथामा आधारित महाकाव्य)। **शंकुक**– भुवनाभ्युदय। **क्षेमेन्द्र**– दशावतारचरितम्, रामायणमञ्जरी, महाभारतमञ्जरी । **मङ्खक**– श्रीकण्ठचरितम्। **हरिश्चन्द्र**–धर्मशर्माभ्युदय, **हेमचन्द्र**– त्रिषष्टिशलाका पुरुषचरितम्, **माधवभट्ट**– राघव पाण्डवीयम्। **चण्डकवि**– पृथ्वीराजविजय, **वाग्भट**– नेमिनिर्माण **श्रीहर्ष**– नैषधीयचरितम् आदि। (यीमध्ये धेरैको विवरण सम्बद्ध शब्दका साथ दिइएको छ) तेह्रौँ शताब्दीमा रचिएका केही महाकाव्य– **कृष्णानन्द**– सहदयानन्द, **जयरथ**–हरचरितचिन्तामणि, **अभयदेव**– जयन्तविजय, **अमरसिंह**– सुकृतकीर्तनम्, **श्रीबालचन्द्र सूरि**– वसन्तविलास, **सोमेश्वर**– सुरथोत्सव, **अमरचन्द्र**– बालभारतम्, **चन्द्रप्रभसूरि**– पाण्डवचरितम्, **वीरनन्दी**– चन्द्रप्रभचरित आदि। चौधौँ शताब्दीमा रचिएका केही महाकाव्य– **वासुदेव कवि**– **नयनचन्द्र**– हम्मीरकहाकाव्यम् (१७ सर्ग) **वासुदेव कवि**– युधिष्ठिरविजय, नलोदय। **गङ्गादेवी**– मथुराविजय, **अगस्त्य**– बालभारतम् (२०सर्ग) **मल्लाचार्य**– उदारराघव। **वेदान्तदेशिक**– यादवाभ्युदय (२४सर्ग) आदि। पन्द्रौँ शताब्दीमा रचिएका केही महाकाव्य– **वामन भट्ट**– रघुनाथचरित (३० सर्ग), नलाभ्युदय (८सर्ग) **जोनराज**– जैनराजतरङ्गिणी। **श्रीवर**– जैनराजतरङ्गिणी। **प्राज्यभट्ट**– राजा बलिपताका आदि। सोह्रौँ शताब्दीमा रचिएका केही महाकाव्य– **राजनाथ तृतीय**– अच्युतरामाभ्युदय (२० सर्ग) **उत्प्रेक्षावल्लभ**– भिक्षाटन् (३९ सर्ग, अपूर्ण) **चन्द्रशेखर**– सुजैनचरित (२०सर्ग) **रुद्र कवि**– राष्ट्रौढवंश (२० सर्ग) सत्रौँ शताब्दीमा रचिएका केही महाकाव्य– **यज्ञनारायण दीक्षित**– रघुनाथभूपविजय (१६ सर्ग), **राजचूडामणि दीक्षित**– **रुक्मिणीकल्याण** (१० सर्ग) **रामभद्राम्बा**– रघुनाथाभ्युदय (१२ सर्ग, आफ्ना पतिको वीरताको प्रशंसामा रचिएको महाकाव्य) **मधुरवाणी कवयित्री**–रामायणमहाकाव्य (२४ सर्ग) **नीलकण्ठ दीक्षित**– (अप्पयदीक्षितका सुपुत्र) शिवलीलावर्णन (२२ सर्ग) **मेघविजयगणि**– सप्तसन्धान (९ सर्ग, वृषभनाथ, शान्तिनाथ, पार्श्वनाथ, नेमिनाथ, महावीर स्वामी, कृष्ण र वलदेवलाई एक साथ बुझाउने श्लेष काव्य), **देवविमलगणि**– हीरसौभाग्यम् (१७ सर्ग), **चक्रकवि**– जानकी परिणय (८ सर्ग), **अद्वैतकवि**– रामलीलामृत, **मोहन स्वामी**– रामचरितम्, **श्रीनिवास**–भूवराहविजय (८ सर्ग) **वरदेशिक**– लक्ष्मी नारायण चरितम्, रघुवरविजय। **भगवन्त**– मुकुन्दविलास (१० सर्ग) आदि। अट्ठारौँ शताब्दीमा रचिएका केही महाकाव्य– महाकवि **घनश्याम**–रामपाणिपाद, भगवत्पादचरित, वेङ्कटेशचरित आदि १०० भन्दा बढी ग्रन्थको रचना। महाकवि **रामपाणिपाद**–विष्णुविलास (८ सर्ग, विष्णुका नौ अवतारको वर्णन भएको महाकाव्य) **राम वर्मा**– महाराजचरित (१२ सर्ग, रामायणमा आधारित महाकाव्य) आदि। उन्नाईसौँ शताब्दीमा रचिएका केही महाकाव्य– **केरल वर्मा**– विशाखराजमहाकाव्यम्। **परमेश्वर शिवद्विज**– श्रीरामवर्ममहाराजचरित। **लक्ष्मण सूरि**–कृष्णलीलामृतम्। **विधुशेखर भट्टाचार्य**– उमापरिचय, हरिश्चन्द्रचरित। **नारायण शास्त्री**– सौन्दरविजय (२४ सर्ग) आदि। विसौँ शताब्दीमा रचिएका केही महाकाव्य– महाकवि **शङ्करलाल**– बालचरित। **हेमचन्द्र राय**– सत्यभामापरिग्रह, हैहयविजय, पाण्डवविजय, परशुरामचरित आदि। नेपालमा रचित कतिपय महाका व्यहरूका बारेमा हे. **संस्कृतसाहित्यम्** ।

संस्कृतशब्दकोशः (पुं.) [*संस्कृते निबद्धः शब्दकोशः, म.प.स.*] संस्कृतमा शब्दकोश लेखनको परम्परा अत्यन्त प्राचीन छ। **भागुरिकोश** जस्ता धेरै कोशहरू लुप्त भएका छन्। प्राप्त कोशहरूमा **निघण्टु** सर्वप्राचीन मानिन्छ। यसमा वैदिक शब्दहरूको सङ्ग्रह र व्युत्पत्ति दिइएको छ। वैदिक कोशहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिकशब्दार्थ-पारिजात, वैदिकपदानुक्रमकोश, ब्राह्मणोद्धार कोश, उपनिषदोद्धारकोश, वेदार्थशब्दकोश वैदिककोश, ऐतरेयब्रह्मण आरण्यककोश, उपनिषद्वाक्यमहाकोश, धर्मकोश आदि प्रसिद्ध छन्। लौकिक कोशहरूमा– **अमरकोश** अत्यन्त प्रसिद्ध छ। यो तीन काण्डमा विभक्त छ। पहिलो काण्ड१० वर्ग, दोस्रो काण्ड१० वर्ग र तेस्रो काण्डमा ५ वर्ग छन्। अमरकोशपछि अनेकार्थ-समुच्चयकोश निर्माण भएको छ। यसमा ८ सय अनुष्टुप् छन्द छन्। सातौँ शताब्दीमा पुरुषोत्तमले **त्रिकाण्डकोश** र **हारावलीकोश**को रचना गरेका छन्। **वररुचिकोश** पाण्डुलिपिको रूपमा मद्रासमा उपलब्ध छ। दसौँ शताब्दीमा हलायुधले **हलायुधकोश** लेखेका छन्। यसमा ९ सय श्लोक छन्। अमरकोशबाट यो कोश प्रभावित छ। यादवप्रकाशले एघारौँ शताब्दीमा **वैजयन्तीकोश** लेखेका छन्। यो ठुलो हुनाका साथै प्रमाणिक पनि मानिन्छ। हेमचन्द्रको **अभिधान-चिन्तामणि** पनि प्रसिद्ध कोशग्रन्थ हो। यो ६ काण्डमा विभक्त छ। यसलाई पर्यायवाचीकोश भनिन्छ। महेश्वरले बाह्रौँ शताब्दीतिर **विश्वप्रकाश र शब्दभेदप्रकाश** नामक दुई वटा कोश लेखेका छन्। बाह्रौँ शताब्दीमा मङ्खकले अमरकोशको आधारमा **अनेकार्थनामक कोश** रचना गरेका छन्। यसमा काश्मीरी कवि/लेखकहरूले प्रयोग गरेका शब्दहरूको विशेषरूपले सङ्कलन गरिएको छ। यसलाई **मङ्खककोश** पनि भन्दछन्। बाह्रौँ र तेह्रौँ शताब्दीको मध्यतिर अजय पालले १ हजार ७ श्लोकको **नानार्थसङ्ग्रह** नामक कोशग्रन्थको रचना गरेका छन्। यसै समयमा धनञ्जयको **नाममाला** लघुकोशग्रन्थ देखापरेको छ। केशवस्वामीले **नानार्थार्णवसंक्षेप** र **शब्दकल्पद्रुम** रचेका छन्। यसको निर्माणकाल तेह्रौँ शताब्दी मानिन्छ। चौधौँ शताब्दीका मेदिनीकरको **नानार्थशब्दकोश** अत्यन्त महत्त्वपूर्ण छ। मेदिनीकोशको नामले प्रसिद्ध भएको यस कोशमा अमरकोशको गहिरो प्रभाव परेको छ। संस्कृतका अरू लौकिक कोशहरूमा जिनप्रभसूरिको **अपवर्गनाममाला**, कल्याणमल्लको **शब्दरत्नप्रदीप**, पद्मरागदत्तको **भूरिक प्रयोग**, रामेश्वर शर्माको **शब्दमाला**, दण्डाधिनाथको **नानार्थरत्नमाला**, जटाधरको **नानार्थमञ्जरी**, रूपचन्द्रको **रूपमञ्जरी**, हर्षकीर्तिधरको **शारदीयनाममाला**, वामनभट्टबाणको **शब्दरत्नाकर**, अप्पय **दीक्षितको नामसङ्ग्रहमाला**, मधुरेशको **शब्दरत्नावली**, विश्वनाथको **कोशकल्पतरु, नानार्थपदपीठिका, शब्दलिङ्गार्थ-चन्द्रिका**, क्षेमेन्द्रको **लोकप्रकाश**, महीपको **अनेकार्थमाला**, हरिचरणसेनको **पर्यायमुक्तावली**, वेणीप्रसादको **पञ्चतत्त्वप्रकाश, अनेकार्थतिलक**, राघव खण्डेकरको **कोशावतंस**, महाक्षपणकको **अनेकार्थध्वनिमञ्जरी**, हर्षको **लिङ्गानुशासन**, अनिरुद्धको **शब्दभेदप्रकाश**, शिवदत्त वैद्यको **शिवकोश, गणितार्थनाममाला, लक्षणकोश**, भुवनेशको **लौकिकन्यायमुक्तावली, लौकिक न्यायकोश, लौकिक न्यायसङ्ग्रह** प्रसिद्ध छन्। आधुनिक कोशहरूमा **शब्दकल्पद्रुम** र **वाचस्पत्य** उत्कृष्ट कोश मानिन्छन्। राजा स्यार राधाकान्तदेवद्वारा रचित शब्दकल्पद्रुमको रचना १८२८–१८५८ ईस्वीमा भएको हो। यसमा पाणिनिको व्याकरणअनुसार प्रत्येक शब्दको व्युत्पत्ति दिइएको छ र प्रयोगका उदाहरणहरू पनि दिइएका छन्। वाचस्पत्यम् शब्दकल्पद्रुमभन्दा बढी पृष्ठसङ्ख्या भएको कोश हो। यसका रचयिता तारानाथ भट्टाचार्य हुन्। यिनको समय १८७३ इस्वी मानिन्छ। यी दुवै कोशमा शब्दकोश र विश्वकोशको मिश्रित रूप छ। यिनमा साहित्य, व्याकरण, ज्योतिष, तन्त्र, दर्शन, सङ्गीत, काव्यशास्त्र, इतिहास, चिकित्साशास्त्र आदिका पारिभाषिक शब्दहरूको पनि समावेश गरिएको छ। पाश्चात्य विद्वान्हरूमा मोनियर विलियमको **संस्कृत इङ्गलिस डिक्सनरी,** वेनफेको **संस्कृत इङ्गलिस डिक्नरी** तथा विल्सन तथा मेक्डोनलका कोशहरू प्रसिद्ध छन्। यस कालमा रचिएका कोशहरूमध्ये **संस्कृत-जर्मन कोश** सात खण्डमा विभक्त छ। यो महत्त्वपूर्ण कोश मानिन्छ। रामावतार शर्माद्वारा रचित **वाङ्मयार्णव,** संस्कृतकोश निर्माणको परम्परामा महत्त्वपूर्ण उपलब्धि हो। अकारादि क्रमले लेखिएको यो कोश पद्यबद्ध छ। नेपालमा पनि संस्कृत कोश निर्माणको क्रममा महेन्द्र संस्कृत विश्वविद्यालय– (हाल नेपाल संस्कृत विश्वविद्यालय) बाट कुलचन्द्रको **लघुनामकोश** र फणीन्द्र पाण्डेयको **बृहद् संस्कृत नेपाली शब्दकोश** प्रकाशित भएका छन्। शिवराज आचार्यको **वेदभाषानिघण्टु** (कौण्डिन्यायनकोष) नेपालमा हालसंम भएका संस्कृत कोशनिर्माणसम्बन्धी कार्यमा महत्त्वपूर्ण छ। यो संस्कृत जगत्को एउटा महत्त्वपूर्ण उपलब्धि हो। यसै सन्दर्भमा साझाप्रकाशनद्वारा प्रकाशित नीलमणि ढुङ्गानाको प्रस्तुत **व्युत्पत्तिमूलक संस्कृत नेपाली शब्दकोश**को प्रसङ्ग पनि जोडिन आउँछ। परम्परागत कोशरचनाको शैलीभन्दा केही भिन्न शैलीमा रचिएको यस कोशमा ससूत्र शब्दगत व्युत्पत्ति प्रदर्शनका साथै संस्कृतवाङ्मयमा आबद्ध विविध विषयको विवरणात्मक सूचना प्रदर्शन समेत गरिएको छ। विशेष जानकारीका लागि हे. भूमिका।

संस्कृतशास्त्रकाव्यानि (नपुं.) [*संस्कृते निबद्धानि शास्त्रकाव्यानि, म.प.स.*] शस्त्रीय विषय सिकाउने उद्देश्यले रचिएका काव्य। व्याकरणका नियम तथा अन्य शास्त्रीय विषय सिकाउने उद्देश्यले रचना गर्ने कतिपय कवि र तिनका काव्य– भट्टि (सातौँ शताब्दी) **भट्टिकाव्यम्**। हलायुध (दसौँ शताब्दी) **कविरहस्यम्**। भट्ट भीम (एघारौँ शताब्दी) **रावणार्जुनीयम्**। वासुदेव (अज्ञात) **वासुदेवविजयम्**। हेमचन्द्र **कुमारपालचरितम्**। चिरञ्जीवि भट्टाचार्य (उन्नाइसौँ शताब्दी) **विद्वन्मोदतरङ्गिणीकाव्यम्**। गङ्गाधरशास्त्री (बिसौँ शताब्दी) **अलिविलासिसंलापकाव्यम्** इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतशोधग्रन्थाः (पुं.वि.) संस्कृतभाषामा रचिएका शोधग्रन्थ। संस्कृतभाषामा अनुसन्धान गर्नेकाम प्राचीन कालदेखि चल्दै आएको हो। नेपाल, भारत र विदेशमा गरी अनुसन्धानपूर्ण शोधग्रन्थ प्रशस्त तयार भएका छन्। तीमध्ये अधिकांश अप्रकाशित अवस्थामा नै छन्। संस्कृतमा उपाधिका लागि शोध गर्ने कामको थालनी नेपालमा पछिमात्र भएको हो। त्रि.वि. अन्तर्गत संस्कृत अध्ययन संस्थानले यसको श्रीगणेश गरेको थियो। यसले उपाधि प्राप्तिका लागि शोध गर्न केही विद्वान्लाई सम्पूर्णानन्द विश्वविद्यालयमा पठायो भने कसैलाई आफैँले पनि शोध गराएको छ। कतिपय विद्यार्थीहरूले आफैँ पनि व्यक्तिगतरूपमा विश्वविद्यालयमा नाम दर्ता गराएर अनुसन्धान गरेका छन्। हाल नेपाल संस्कृत विश्वविद्यालय र भारतका विभिन्न विश्वविद्यालयमा संस्कृत भाषाको माध्यमबाट शोधकार्य सञ्चालित छन्। प्रतिवर्ष विविध विषयमा अनेकौँ ग्रन्थ तयार भएका छन्, हुँदै छन् र हुनेछन्। ती सबै ग्रन्थ संस्कृत वाङ्मयका अमूल्य निधि हुन्। हे. गवेषणासूचि (सम्पूर्णानन्द सं.वि.वि.) अनुसन्धानप्रकाश (ने.सं.वि.)।

संस्कृतसाहित्यम् (नपुं.) [*संस्कृतस्य साहित्यम्, ष.त., यद्वा संस्कृते निबद्धं साहित्यम्, म.प.स.*] संस्कृत भाषामा लेखिएको साहित्य। यसमा जीवनसँग सक्बद्ध सबै विषय समाहित छन्। संस्कृत साहित्यमा धर्मशास्त्र, नीति, दर्शन, चिकित्सा, ज्योतिष, गणित, सामुद्रिकशास्त्र, कर्मकाण्ड, आयुर्वेद, कामशास्त्र, काव्यशास्त्र, व्याकरण, सङ्गीत, नाट्यशास्त्र, काव्य, नाटक, कथा, महाकाव्य, खण्डकाव्य आदि अनेक क्षेत्रमा प्रशस्त रचना उपलब्ध छन्। यो दुइ किसिमको छ– वैदिक र लौकिक। वैदिक साहित्य अत्यन्त समृद्ध छ। (हे. **वैदिक साहित्य**) उत्तरवर्ती संस्कृत साहित्यलाई लौकिक संस्कृतसाहित्य भनिन्छ। विषय, भाषा, भाव, छन्दरचना र अभिव्यक्ति प्रणालीका दृष्टिबाट लौकिक संस्कृतसाहित्य वैदिक संस्कृत साहित्यभन्दा धेरै भिन्न छ। वाल्मीकिप्रणीत रामायण लौकिक संस्कृतसाहित्यको सबैमन्दा पुरानो कृति हो। यसपछि महाभारतको रचना भयो। यिनै दुई ग्रन्थबाट सर्वप्रथम मानवीय चरित्रको चित्रण गर्ने परम्पराको सूत्रपात भएको हो। यी दुई काव्यमात्र नभएर आर्यसंस्कृति, समाज, धर्म, दर्शन, अर्थशास्त्र आदि विद्याका सर्वाङ्गीण आधार ग्रन्थ हुन्, परवर्ती साहित्यका उपजीव्य रचना हुन्। यसपछि लौकिक संस्कृतमा १८ पुराण १८ उपपुराण, १८ औपपुराण, व्याकरण, आस्तिक तथा नास्तिक दर्शन, ज्यौतिष, स्मृति, धर्मशास्त्र, आयुर्वेद, सङ्गीत श्रव्यकाव्य, दृश्यकाव्य, काव्यशास्त्र आदि प्रत्येक विषय र क्षेत्रमा हजारौँ ग्रन्थको रचना भएको छ। यी ग्रन्थ विश्वकै अमूल्य निधि हुन्। नेपालमा पनि संस्कृत भाषामा निकै ग्रन्थ रचिएका छन्। तीमध्ये केही प्रकाशित छन् भने केही राष्ट्रिय अभिलेखालय र व्यक्तिगत घर तथा कतिपय पुस्तकालयमा पाण्डुलिपिकै रूपमा रहेका छन्। कतिपय ग्रन्थकार तथा तिनका कृतिहरू– (यसमा कतिपय कृतिका शीर्षक लामा र एकभन्दा बढी विभक्त्यन्त पदहरूबाट बनेकाले तिनीहरूको नेपालीकरण राम्रो नदेखिने भएको हुँदा पूरै विवरण संस्कृत भाषामा प्रस्तुत गरिएको छ।)

– **याज्ञवल्क्यः** (त्रेतायुगः) १.याज्ञवल्क्यस्मृतिः २.याज्ञवल्क्यशिक्षा।
– **अज्ञातः** (५२०) मानदेवप्रथमस्य शिलालेखः।
– **अनुपरमः** (५९६ पूर्वः,) द्वैपायनस्तोत्रम्।
– **सुमतितन्त्रकारः** (६३३–९३७)– सुमतितन्त्रम्।
– **राजा जयदेवः** (७७०–७९०)– शिलालेख।
– **बुद्धकीर्तिः** (७९०)– शिलालेख।
– **स्थवीरज्ञानश्रीमित्रः** १.वृत्तमालास्तुतिः २.बुद्धस्तुतिः।
– **राघवदेवः** (११२६)– धर्मपुत्रिका
– **गोविन्दशीलः** (रुद्रदेवकालिकः) १.योगसारसमुच्चयः २.पिङ्गलमतम् ३.शिवधर्मशास्त्रम्।
– **नान्यदेवः** (११५४) १.सरस्वतीहृदयालङ्कारः (भरतनाट्यशास्त्र भाष्यम्) २.ग्रन्थमहार्णवः।
– **भिक्षुपूजितः** (१२२२-१२३३) धर्मसमुच्चयः।
– **चण्डेश्वरः** (१३७१) १.कृत्यरत्नाकरः २.गृहस्थरत्नाकरः ३.चण्डेश्वरीप्रश्नविद्या ४.दानरत्नाकरः ५.दानवाक्यावली ६.पूजारत्नाकरः ७.राजनीतिरत्नाकरः ८.विवादरत्नाकरः ८.व्यवहाररत्नाकरः ९.शिववाक्यावली १०.सूर्यसिद्धान्तभाष्यम्।
– **ज्योतिरीश्वरः** (सिम्रौनगढंनृपतेः हरिसिंहदेवस्य सभापण्डितः) धूर्तसमागमः।
– **गोह्रणः** (१३९३) स्वर्णपत्रलेखः।
– **विद्याकरः पण्डितः** (१३९४) स्वर्णपत्रलेखः।
– **जयतः** (१३९४) महीरावणवधनाटकम्।
– **शिवदेवः** (१४१३) स्वर्णपत्रलेखः।
– **बालसरस्वती सुमतिः** (१४१४) प्रशस्तिः।
– **धर्मगुप्तः** (१४२७) १.रामाङ्कनाटिका २.धूपघटिका।
– **धर्मराजज्योतिषः** (१४२७) अभिलेखः।
– **मणिकः** (१४३४) १.भैरवानन्दनाटकम् २.राघवानन्दनाटकम्।
– **विद्यानन्दनाथः** (१४३७–१४५२ स्थितिमल्लकालः) ज्ञानदीपविमर्शिनी।
– **यक्षमल्लः** (१४८५–१५३ शा.का.) स्रग्धरास्तोत्रम् (स्तवकाव्यम्)।
– **गयपतिः** (१४८५–१५३९ यक्षमल्लशा.का.) महाभारतनाटकम्।
– **शुभराजशूद्रः** (१५३८) १.पाण्डवविजयनाटकम् २.रूपमञ्जरी–परिणयनाटकम्।
– **बलभद्रः ज्योतिर्विद्** (१५२९) १.बालबोधिनीटीका (भास्वती) २.कीर्तिपताका।
– **गौरीश्वरः** (१५८५ शाके) १.ग्रहदर्पण २.ग्रहदीपिका ३.लघुदर्पणः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

— **मुरारिमिश्रः** (१६००) शुभाशुभकर्मनिर्णयः ।

— **महेशठक्कुरः** (१६१३) नैके ग्रन्थाः रचिताः किल ।

— **द्रव्यशाहः** (१६१६) १.चमत्कारमञ्जरी २.चमत्कारयोगरहस्यम् ।

— **रामोपाध्यायः** (१६२८—१६८७) १.अग्निस्थापना २.अन्त्यपद्धतिः ३.ग्रहशान्तिः ४.चूडोपनयनपद्धतिः ५.विवाहपद्धतिः ६.श्राद्ध पद्धतिः ।

— **चित्रविलासः** (१६६६—१६९३) राजवंशावली ।

— **जगज्ज्योतिर्मल्लः** (१६७४—१६८९) १.अश्ववैद्यकटीका २.प्रभात कृत्यविधानपद्धतिः ३.मृदङ्गोत्पत्तिः ४.श्लोकसारसङ्ग्रहः ५.सङ्गीतचिन्तामणिः ६.सङ्गीतसर्वस्वम् ७.स्तोत्र सङ्ग्रहः ।

— **वंशमणिः** (१६७४-१६८९) १.कृष्णचरित्रकाव्यम् २.गीतदिगम्बरः ३.चतुङ्गतरङ्गिणी ४.सङ्गीतभास्करः ५.हरिकेलिमहाकाव्यम् ।

— **लक्ष्मीनरसिंहः** (१६७५—१७३१) पुष्पचिन्तामणिः ।

— **काशीनाथः** (१६७५) यदुवंशमहाकाव्यम् ।

— **रामभद्रशर्मा** (१६७५—१७३१) १.कीर्तिपताका २.गोपीचन्द्रनाटकम् ३.ललितकुवलयाश्वमदालसानाटकम् ४.हरिश्चन्द्रविजयना टकम् ।

— **प्रतापमल्लः** (१६९८—१७३१, शासनकालः) १.अभिलेखाः २.नारायणस्तोत्रम् ३.नृत्येश्वरदशकम् ४.भुजङ्गदशकम् ५.महेशाष्टकम् ६.वज्रयोगिन्याः कामदस्तोत्रम् ६.वृष्टिचिन्तामणिः ७.शिवरूपभीमसेनस्तोत्रम् ।

— **हरिवंशशर्मा** (१७१७—१७४१) १.नीतिभुजङ्गप्रयातम् २.प्रश्नोत्तरः ३.शिलालेखपद्यानि ४.सूर्यशतकस्य टीका ।

— **जितामित्रमल्लः** (१७२९) १.गोपीचन्द्रनाटकम् २.जैमिनिभारत-नाटकम् ३.मदालसाहरणम् ।

— **मान्धातृसिंहः** (१७३४) १.कर्मविपाकपञ्जिका २.गीतकेशवम् ।

— **वीरेश्वरअर्यालः** (१७३७) प्रशस्तिः ।

— **नवमीसिंहः भण्डेलः** (१७४४—१७५७) १.कुलमुक्तिकल्लोलिनी २.चण्डीभक्तिविनोदिन ३.तन्त्रचिन्तामणिः ४.पुष्परत्नाकरः ।

— **भूपतीन्द्रः मल्लः** (१७५३—१७७९ शा.का.) १.देवप्रतिष्ठापूजाविधिः २.नित्यपूजाविधिः ३.महाभारतनाटकम् ४.माधवानलनाटकम् ५.रुक्मिणीपरिणयनाटकम् ६.विद्याविलापनाटकम् आदि ।

— **लक्ष्मणकविः** (१७६५) १.कवितानिकषोपलः २.दानरत्नाकरः ३.व्रतरत्नमालाव्याख्या ।

— **जगज्जयः मल्लः** (१७७९—१७९२) अभिनवप्रबोधचन्द्रोदयम् ।

— **रणजिन्मल्लः** (१७७९—१८२६) १.अन्धकासुरवधोपाख्यानम् २.इन्द्रविजयनाटकम् ३.उषाहरणनाटकम् ४.कृष्णचरितनाटकम् ५.कोलासुरवधोपाख्यानम् ६.गणितमञ्जरी ७.माधवानल कामकन्दला ८.मदनचरितनाटकम् ९.रामचरितम् १०.रामायण-नाटकम् ११.सङ्गीतचूडामणिः ।

— **नीलकण्ठः** (रणजिन्मल्लकालिकः) १.ग्रहणाधिकारः २.जैमिनि सूत्रटीका ३.धूपघटिका ।

— **गणेशः** (१७७९—१८२६) रामचरितम् ।

— **प्रेमनिधिपन्तः** (१७८३) १.कार्तवीर्यसपर्या २.घृतदानपद्धतिः ३.नित्यप्रयोगरत्नाकरः ४.पृथ्वीप्रेमोदयः ५.प्रयोगरत्नम् ६.प्रायश्चित्तप्रदीपः ७.भक्तितरङ्गिणी ८.मल्लादर्शः (शिव ताण्डवटीका) ९.शब्दार्थचिन्तामणिः ।

— **गोपालः** (१७८३) करिकौतुकम् ।

— **जयमङ्गलसूरिः** (पृथ्वीना.कालः) वृत्तकल्पलतिका ।

— **त्रिविक्रमसेनः** (१७९८—१८२६) ब्रह्मविद्याभरणजपविधिः ।

— **गङ्गाविष्णुद्विजः** (१८०९) आचारदीपकः ।

— **कुलनिधिशर्मा** (मुकुन्दसेनकालः) १.अमरकोषटीका २.कर्मकाण्ड-निबन्धनम् ३.नित्यकर्म प्रकाशिका ४.भागवत व्याख्या ५.सूत्रार्थदर्पणः (अष्टाध्यायी व्याख्या) ।

— **टीकारामः** महाराजकुतूहलम् ।

— **राजीवलोचनःपौडेलः** (पृथ्वीना.कालः) आशीर्वादावली ।

— **पृथ्वीनारायणशाहः** (१७७९—१८३१) व्रतरत्नमाला, दीव्य-प्रभाटीकोपेता ।

— **ललितावल्लभः** (१७८१) १.भक्तविजयः २.पृथ्वीन्द्रवर्णोदयम् ।

— **शक्तिवल्लभः अर्यालः** १.जयरत्नाकरनाटकम् २.हास्यकदम्ब नाटकम् ३.ललितमाधवनाटकम् ४.सुधातरङ्गिणी ५.इन्द्रध्वजोत्सवः ६.पुरश्चरणचातुरी ७.दानप्रकाशः ८.यथार्थतत्त्वबोधः ।

— **राधावल्लभः अर्यालः** (१७८५—१८६९) १.उद्धवदूतम् २.राज राजेश्वरीकवचम् ३.संस्कृतमञ्जरी ।

— **चक्रपाणिः अर्यालः** (१७९०—१८४१) १.दशश्लोकी २.पवनतत्त्वम् ३.उत्तानगणितम् ४.ग्रहणतत्त्वम् ५.जातकेन्दु प्रक्रिया ६.अशेषतन्त्रम् ७.गुणवाक्यबो ८.चिकित्सा ।

— **प्रतापसिंहः** (१८०१) पुरश्चर्यार्णवः ।

— **शशिधरः** (१८०४—१९०६) १.तत्त्वगीता २.अजपागीता ।

— **रामभद्रः उपाध्यायः** (१८१०—१८६५ प्रशस्तिरत्नम् ।

— **गोकुलानन्दः शर्मा** (१८१०—१८९) रणबहादुरशाहाशीर्वादावली (स्तुतिकाव्यम्) ।

— **उदयानन्दः अर्यालः** (१८१३—१८९४) दुःस्वप्नहरस्तोत्रम् ।

— **लक्ष्मीपतिः पाँडे** (१८१५—१८८८) १.रत्नदीपः २.टीकाग्रन्थाश्च ३.अन्त्यविधिश्लोकसङ्ग्रहः ४.उमाचण्डिकापूजाविधिः ५.दुर्गार्चनकल्पतरुः ६.लग्ननिर्णयः ७.ग्रहानयनसारणी ।

— **दैवज्ञकेशरी अर्यालः** (१८२५—१८९) १.कुलचन्द्रिका २.ग्रहणमाला

— **देवकीनन्दनः अर्यालः** (१८२५) तर्कसङ्ग्रहस्य पद्यात्मकं रूपान्तरणम् वाणीविलासः पाँडे (१८२७—१८८) १.वाणीविलाससिद्धान्तः २.दुर्गाकृत्यकौमुदी ३.पुरश्चरणप्रयोग ४.रत्नदीपिका ५.वेदान्त सारसङ्ग्रहः ६.प्रशस्तिरत्नावली ७.नवरत्नयुगलस्तोत्रम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

— **गौरीदत्तशर्मा** (१८३०–१८९५)— राजेन्द्रशाहवर्णनम्।
— **रङ्गनाथः पौड्यालः** (१८३०–१९०४) १.राजविधानसारः २.कर्पूरस्तवः।
— **पृथ्वीपालसेनः** प्रसादकौमुदी।
— **अग्निधरः देवकोटः** (१८३५–१८८०) गोर्खाविजयतिलकम्।
— **भवदत्तः** (१८५९) सेनवंशवर्णनम्।
— **इन्द्रसेनः** (१८६९) सारसङ्ग्रहः।
— **मकरन्दः पण्डितः** ज्ञानदर्पणः।
— **अमृतानन्दः बाँडाः** १.बुद्धचरितस्य नष्टांशाः (१४,१५,१६,१७ सर्गाः) २.कल्याणपञ्चविंशतिः ३.धर्मकोशसङ्ग्रहः ४.छन्दोऽमृतलता।
— **सुन्दरानन्दः बाँडाः** (१८४०–१९०१) १.त्रिरत्नसौन्दर्यगाथा २.बहादुरशाहवर्णनम् ३.पृथ्वीनारायणदिग्विजयः।
— **गीर्वाणयुद्धविक्रमः** (१८५४–१८७३) सत्कर्मरत्नावली।
— **वाणीनिधिः** (१८७७) १.अलङ्घ्यशासनम् २.गोरक्षाधीशचम्पूः।
— **धरणीधरः पन्तः** (१८८८) १.ईशतत्त्वम् २.रामरक्षाविवेकः ३.कालनिर्णयव्याख्या ४.चातुर्वर्ण्यविवेचनम् ५.चातुर्वर्ण्यव्यवस्था ६.सापिण्ड्यतत्त्वम् ७.रामतपनीयोपनिषद्व्याख्या आदि।
— **शिवशर्मा सूरिः** (१८९०) १.रामचिन्तालहरी २.रामायणार्थप्रकाशः ३.कृष्णमहिमा ४.गोविन्दगुणानन्दः ५.वासुदेवरसानन्दः।
— **राजेन्द्रविक्रमः शाहः** (१८७०–१९३८) १.राजकल्पद्रुमः २.श्रीस्तोत्रम्।
— **सुकृतिदत्तः पन्तः** (१८८०–१९३०) १.कार्तवीर्योदयमहाकाव्यम् २.वृद्ध्याद्यष्टकविवृत्तिः ३.परिभाषेन्दुशेखरक्रोडपत्रम् ४.शब्देन्दुशेखरटीका ५.शक्तिवादक्रोडपत्रम् ६.रत्नावली ७.व्युत्पत्तिवादटिप्पणी ८.शब्दशक्तिप्रकाशिकाटीका ९.गङ्गाप्रसादः १०.छन्दःप्रबन्धः आदि।
— **नीलदेवः पन्तः** १.न्यायकुसुमाञ्जलीटीका २.लक्ष्यनिर्देशिका (अष्टाध्यायीटीका)।
— **वाचस्पतिःपन्तः** १.निबन्धकारः,२.प्रथमं नेपालदेशीयपञ्चाङ्गप्रकाशकः, व्यवस्थापकश्च।
— **पतञ्जलिः** साङ्गसप्ताहमण्डपपूजाविधिः।
— **तारानिधिः** (मणिरामः) **पाण्डेयः** १.पतिव्रताधर्मः २.छन्दःप्रकरणम् ३.शिवार्चनचन्द्रिका ४.औषधकल्पः।
— **रामचन्द्रः जोशी** (१८८५–१९६९) १.पशुपतिस्तोत्रम् २.गुह्यकाली-स्तुतिः ३.स्वस्थानिकाकथाप्रकाशिका।
सङ्गीतशास्त्रम् (नपुं.) [*सङ्गीतस्य शास्त्रम्, ष.त.*] सङ्गीतको अत्यन्त प्राचीन र प्रसिद्ध शास्त्र। यसको प्रारम्भ वैदिककालदेखि नै भएको हो। चार वेदका चार उपवेद छन्– आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र स्थापत्यवेद। गान्धर्ववेद सङ्गीतशास्त्रसँग सम्बन्धित छ। सङ्गीतसँग सम्बद्ध सम्प्रदायहरू हाल तीन मात्र उपलब्ध छन्– कौथुम, रामायणीय र जैमिनीय। वैदिक युगमा तीन किसिमका स्वरहरूको प्राधान्य थियो– उदात्त, अनुदात्त र स्वरित। पछि गएर सात स्वरको विकास भयो– उदात्त स्वरबाट निषाद र गान्धार पैदा भए, अनुदात्त स्वरबाट ऋषभ र धैवतको उत्पत्ति भयो र स्वरितबाट षड्ज, मध्यम एवं पञ्चम स्वर पैदा भएका हुन्। पुराण, रामायण र महाभारतमा सङ्गीतको बारेमा प्रशस्त चर्चा छ। यस विषयमा पछिआएर महत्त्वपूर्ण ग्रन्थहरू रचिएका छन्। तीमध्ये स्वरसुधानिधि, सङ्गीतरत्नाकर, अनुसङ्गीतरत्नाकर, षड्रागचन्द्रोदय, रागमाला, रागमञ्जरी, रागकल्पद्रुम, सङ्गीतसारामृत, लक्ष्यसङ्गीत आदि सङ्गीतसँग सम्बद्ध प्रसिद्ध ग्रन्थ हुन्।

सङ्गीतशिरोमणिः (पुं.) [*सङ्गीते शिरोमणिरिव, .त.स.*] सङ्गीतका विशेष ज्ञातालाई दिइने एक राष्ट्रिय उपाधि।

सङ्गीर्णः (पुं.वि.) [*संगीर्यते स्म, सम्पूर्वकाद्, गृ निगरणे इति धातोः, निष्ठा ३.२.१०२ ति क्तः*] १.स्वीकार गरिएको २.निलिएको।

सङ्गूढः (पुं.वि.) [*संगुह्यते स्म, सम्पूर्वकाद्, गुहू संवरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, ढत्वादिः*] १.सङ्ग्रह गरिएको २.गणितमा योग गरिएको (हे. **सङ्कलितः**)।

सङ्गृहीतः (पुं.वि.) [*सम्पूर्वकात्, गृह उपादाने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] एकत्र गरिएको/सङ्ग्रह गरिएको/सङ्कलित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्ग्रहः (पुं.) [*सङ्ग्रहणम्, सम्पूर्वकाद् ग्रह उपादाने इति धातोः, ग्रहवृद्दनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.संकलन गर्नु २.स्वीकार गर्नु, लिनु । **नूनं मत्तः परं वंश्याः पिण्डविच्छेददर्शिनः । न प्रकामभुजः श्राद्धे स्वधासङ्ग्रहतत्पराः ॥** (रघु.१.६६) ३.संक्षेप । **समासः स्यात् समाहारः संक्षेपः सङ्ग्रहस्तथा** (हला.७.६६) ४.[*संक्षेपेण गृह्यन्ते विप्रकीर्णा अर्था अनेन*] १.विस्तारपूर्वक व्याख्या गरिएका विषयलाई संक्षेपमा सङ्कलन गरिएको ग्रन्थविशेष २.लाख सङ्ख्या भएको व्याकरणको ग्रन्थ ३.विभिन्न कथा, कविता वा अन्य कुनै विधाका रचना सङ्कलन भएको ग्रन्थ ।

विस्तरेणोपदिष्यनामर्थानां सूत्रभाष्ययोः ।
निबन्धो यः समासेन सङ्ग्रहं तं विदुर्बुधाः ॥

५.[*संगृह्यतेऽन्नादिकमनेन*] मुट्ठी ६.[*संगृह्यन्ते जनाः कार्याय अत्र*] ठुलो उद्योग ।

सङ्ग्रहणम् (नपुं.) [*सम्पूर्वकात्, ग्रह उपादाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.समात्नु २.ग्रहण गर्नु ३.सङ्ग्रह गर्नु ४.संक्षेप गर्नु ।

सङ्ग्रहणी (स्त्री.) [*सङ्गृह्यतेऽनया, सम्पूर्वकात्, ग्रह उपादाने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, ङीप्*] खाएको पदार्थ जस्ताको त्यस्तै दिसा हुने एक रोग/एक प्रकारको अतिसार ।

सङ्ग्रहणीयः (पुं.वि.) [*सङ्ग्रहीतुं योग्यः, सम्पूर्वकात्, ग्रह उपादाने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] १.जम्मा गर्न लायक/सङ्ग्रह गर्न योग्य २.स्वीकार्य ३.संक्षेप योग्य ।

सङ्ग्रहालयः (पुं.) [*सङ्ग्रहाणामालयः, ष.त.*] अनेकौं विषयका विभिन्न प्रकारका नवीन–प्राचीन सबै खाले वस्तुहरू जम्मा गरी राखेको ठाउँ/सङ्ग्रहशाला ।

सङ्ग्रही (पुं.वि.) [*सङ्ग्रहोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] सङ्ग्रह गर्ने ।

यशो धर्मो नयो दाक्ष्यं मधुरं सत्यभाषणम् ।
इत्यादिगुणरत्नानां सङ्ग्रही नावसीदति ॥ (सुभा.)

सङ्ग्रहीता (पुं.वि.) [*सङ्गृह्णाति, सम्पूर्वकात्, ग्रह उपादाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] जम्मा गर्ने/एकत्र पार्ने/सङ्ग्रही/सङ्ग्राहक ।

सङ्ग्राम (धा.) [*युद्धे, अक.सेट्, आत्म.*] युद्ध गर्नु । लट्– **संग्रामयते–** युद्ध गर्छ इत्यादि ।

सङ्ग्रामः (पुं.) [*संग्रामणमिति, संग्राम युद्धे इति धातोः, ण्यन्तात्, एरच् ३.३.५ इत्यच्*] युद्ध/लडाइँ/घमासान ।

सङ्ग्रामे सुभटेन्द्राणां कवीनां कविमण्डले ।
दीप्तिर्वा दीप्तिहानिर्वा मुहूर्तादेव जायते ॥ (सुभा.)

सङ्ग्राहः (पुं.) [*सङ्ग्रहणम्, संपूर्वकाद् ग्रह उपादाने इति धातोः, समि मुष्टौ ३.३.३६ इति घञ्, वृद्धिः*] १.मुट्ठीले बलियोसित समात्ने काम । **मुष्टिबन्धस्तु संग्राहः** (३.२.१४) २.ढाल समाउने ठाउँ ३.विभिन्न सामानहरू बटुल्नु ।

सङ्ग्राहकः (पुं.वि.) [*सम्पूर्वकात्, ग्रह उपादाने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सङ्ग्रह गर्ने/जम्मा गर्ने ।

सङ्ग्राह्यः (पुं.वि.) [*संग्राहयितुं योग्यः, सम्पूर्वकात् ग्रह उपादाने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] जम्मा गर्न लायक/सङ्ग्रह गर्न योग्य ।

सङ्घः (पुं.) [*संहननम्, समुपपदात् हन् धातोः, भावेऽप्, टिलोपश्च निपात्यते, यद्वा संहन्यते, सम्पूर्वकात्, हन हिंसागत्योः इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, सङ्घोद्धौ गणप्रशंसयोः ३.३.८६ इति साधुः*] १.समूह/जमात/मण्डली/एउटै उद्देश्य वा विचार भएका धेरै व्यक्ति वा संस्थानहरूको सङ्घटित समूह/कुनै विशेष उद्देश्य पूर्ति गर्न बनेको सङ्घ, संस्था वा संगठन/संविधानले दिएको स्वायत्त शासन प्राप्त गरेको राष्ट्रका अनेक राज्यको सङ्गठन २.बौद्ध भिक्षुहरूको संस्था । **सङ्घसार्थौ तु जन्तुभिः** (अमर.२.५.४०) **~बद्धः** (पुं.वि.) [*सङ्घेन बद्धः, तृ.त.*] सङ्घटित ।

सङ्घटनम् (नपुं.) [*सम्पूर्वकात् घट धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मेल/मिलाप/भेट हुने काम/संयोग/यत्रतत्र भएका मानिसहरू जम्मा भई कुनै कार्य सम्पन्न गर्नका लागि एकत्र हुने काम/कुनै कार्य वा उद्देश्य पूर्तिका लागि बनेको सङ्घ, संस्था, सङ्गठन २.कुनै ग्रन्थ वा रचनाभित्र रहेका विषयलाई शृङ्खला मिलाएर आबद्ध गर्ने काम ३.बेसरी घोटिनु वा रगेडिनु/जुध्नु/ठक्कर खानु ४.दुई पहलमानहरूको द्वन्द्व ।

सङ्घटना (स्त्री.) [*सङ्घटनम्, सम्पूर्वकात् घट चेष्टयाम् इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.काव्यको शैली/रीति । २.प्रबन्धको संरचना ।

सङ्घर्षः (पुं.) [*सङ्घर्षणम्, सम्पूर्वकात्, घृषु घर्षणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.रगेडिने वा घोटिने काम २.भिडन्त ३.दुई वा बढी व्यक्ति, दल वा शक्तिका बिचमा हुने स्पर्धा/घम्साघम्सी । **~समितिः** (स्त्री.) [*सङ्घर्षाय समितिः, च.त.*] आन्दोलन समिति/स्वाधीनता वा प्राप्य अधिकार, माग आदि पूरा गर्नका लागि चलाइने आन्दोलन वा सङ्घर्ष सञ्चालन गर्ने समिति ।

सङ्घातः (पुं.) [*संहन्यते, सम्पूर्वकात् हन हिंसागत्योः इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, हनस्तोऽचिण्णलोः ७.३.३२ इति तकारः, हो हन्तेः ७.३.५४ इति घत्वम्*] १.समूह २.ताडना ३.नरकविशेष । **सङ्घातः पुंसि घाते च संहतौ नरकान्तरे ।** (मेदिनी. ६६.१६७) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्घाती (पुं.वि.) [*सम्यक् हन्ति तच्छीलः, सम्पूर्वकात् हन हिंसागत्यो इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, हनस्तोऽचिण्णलोः ७.३.३२ इति तकारः, हो हन्तेः ७.३.५४ इति घत्वम्*] वध, हत्या आदि गर्ने व्यक्ति।

सङ्घृष्टः (पुं.वि.) [*संघृष्यते स्म, सम्पूर्वकात्, घृषु घर्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] रगेडिएको/घोटिएको।

सचित्रः (पुं.वि.) [*चित्रैः सहितः, बहु.स.*] चित्रले सजिसजाउ भएको।

सचिवः (पुं.) [*सच समवाये इति धातोः, सर्वधातुभ्य इन् (उ.) इति इन्, सचिं वातीति, वा गतिगन्धनयोः इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] १.मन्त्री (बुद्धिसचिव) २.अमात्य/सेक्रेटरी (कार्यसचिव)।

सचिवालयः (पुं.) [*सचिवस्य आलयः, ष.त.*] कुनै राज्य, प्रान्तीय सरकार वा कुनै ठुलो संस्थाका सचिवहरूको कार्यालय।

सचेतकः (पुं.) [*सचेता एव, स्वार्थे कः, पृषोदरादित्वात् सलोपः*] १.संसद्‌मा पार्टीले छानेको व्यक्ति/सचेतक/संसदमा प्रस्तुत हुने भएको कुनै विषयका सम्बन्धमा संस्था वा सङ्गटनका नीतिको सूचना दिने अधिकारी २.सचेत गराउने व्यक्ति/सावधान गर्ने व्यक्ति।

सचेतनः (पुं.वि.) [*चेतनया सहितः, बहु.स.*] होस भएको/जागरूक/समझदार/चेतनायुक्त।

सचेताः (पुं.वि.) [*चेतसा सहितः, बहु.स.*] चेत वा चैतन्यले युक्त/होस भएको/सावधान/होसियार/सतर्क/जागरूक/सजग।

सचेष्टः (पुं.) [*चेष्टया सहितः, बहु.स.*] चेष्टा भएको/चेष्टा गर्ने/प्रयत्नशील/चेष्टाशील।

सच्चरित्रः (पुं.वि.) [*सच्चरित्रं यस्य सः, बहु.स.*] असल चरित्र भएको/सदाचारी/चरित्रवान्।

सच्चरित्रता (स्त्री.) [*सच्चरित्रस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सदाचारी हुनु/असल चरित्र हुनु।

सच्चिदानन्दः (पुं.) *सच्च चिच्च आनन्दश्च यः सः*] सत्, चित् र आनन्दको स्वरूप/परब्रह्म परमेश्वर/परमात्मा।

सजम्बालः (पुं.वि.) [*जम्बालेन सहितः, बहु.स.*] १.हिलो भएको २.झ्याउ वा पानीझार भएको। **जम्बालः शैवले पङ्के** (मेदिनी.)।

सजातिः (पुं.वि.) [*समाना जातिर्यस्य सः, बहु.स., समानस्य ६.३.८४ इति सः*] समान जातिको।

सजातीयः (पुं.वि.) [*समाना जातिर्यस्य सः, सजातिः, सजातौ भवः, छः, छस्य ईयः*] समान जातिको/एउटै जातिको। **~विवाहः** (पुं.) [*सजातीयश्चासौ विवाहश्च, कर्म.स.*] आफ्नै जातिमा हुने वा भएको विवाह।

सजीवः (पुं.वि.) [*जीवेन सहितः, बहु.स.*] १.प्राण भएको/जिउँदो/जीवित २.तेज वा ओज भएको/ओजस्वी।

सज्जः (पुं.वि.) [*सज्जतीति, षस्ज गतौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.लडाइँका निमित्त तयार भएको २.तयार। **अथ सज्जः स्यात्संनद्धे संभृते त्रिषु** (मेदिनी.)।

सज्जनः (पुं.) [*संश्चासौ जनश्च, कर्म.स.*] असल वा शिष्ट व्यवहार गर्ने/सुजन/भलाद्मी/असलकुलमा पैदा भएको। (अमर.२.७.३)

प्रकृतिप्रत्ययोपेतः सद्वृत्तः साधुसम्मतः।

अर्थार्पणसमर्थश्च सुश्लोक इव सज्जनः॥ (सुभा.)

सज्जनम् (नपुं.) [*सज्जन्ते (न्त्य) नेन, षस्ज गतौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, यद्वा सत् शोभनं जन्यतेऽनेन, जनी प्रादुर्भावे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, जनिवध्योश्च ७.३.३५ इति न वृद्धिः*] सेनाको रक्षाका निमित्त बनाइएको स्थल। **सज्जनं तूपरक्षणम्** (अमर.२.६.३३)।

सज्जना (स्त्री.) [*षस्ज गतौ इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.हात्तीलाई सजाउनु २.कल्पना। **सज्जनापि च कल्पना** (हैम. ३.४६०)।

सज्जितः (पुं.वि.) [*षस्ज गतौ इति धातोः क्तः*] १.कवच लगाएर युद्धका लागि तयार भएको २.भूषित ३.तयार भएको।

सञ्चयः (पुं.) [*सञ्चीयते इति, सम्पूर्वकात् चिञ् चयते इति धातोः, एरच् ३.३.५६ इत्यच्*] १.विस्तारै विस्तारै एकत्र पार्नु/क्रमशः जम्मा गर्नु २.थुप्रो/राशि/समूह । **~कोषः** (पुं.) [*सञ्चयस्य कोषः, ष.त.*] कर्मचारीहरूको पछि एकै मुष्ट पाउने गरी हरेक महिनाका तलबको केही प्रतिशतको हिसाबले कट्टा गरी जम्मा गरिएका रकमको ढुकुटी/कर्मचारी सञ्चय कोष।

सञ्चयनम् (नपुं.) [*सम्पूर्वकात् चिञ् चयने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सञ्चय गर्ने काम/बटुल्ने काम।

सञ्चयिता (पुं.वि.) [*सञ्चिनोति, सम्पूर्वकात् चिञ् चयने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.सञ्चय वा सङ्ग्रह गर्ने २.गद्य वा पद्यको सङ्ग्रह गर्ने।

सञ्चयी (पुं.वि.) [*सञ्चयोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] सञ्चय गर्ने/एकत्र पार्ने। सङ्ग्रही। **सञ्चयी नावसीदति** (हितोप.)।

सञ्चयशीलः (पुं.वि.) [*सञ्चये शीलः, स.त.*] सञ्चय गर्ने/एकत्र पार्ने।

सञ्चरः (पुं.) [*सञ्चरन्त्यस्मिन्निति गोचरसञ्चरवहव्रजव्यजापणनिगमाश्च, इति घप्रत्यायान्तो निपातः*] हिँडडुल गर्ने थलो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्चरणम् (नपुं.) [*सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] हिँड्नु/टहल्नु/घुमफिर गर्नु/आवत-जावत गर्नु।

सञ्चरमाणः (पुं.वि.) [*सञ्चरते, सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, लटि लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्*] हिडिरहेको/टहलिरहेको/घुमफिर गरिरहेको।

सञ्चरितः (पुं.वि.) [*सञ्चर्यते स्म, सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] आवत्-जावत गरेको/सरेको/सञ्चार भएको/फैलिएको।

सञ्चारः (पुं.) [*सञ्चरणम्, सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.हिँड्ने काम/गमन २.[*सञ्चरन्त्यत्र, अधिकरणे घञ्*] बाटो/मार्ग/यातायात/आवत्-जावत ३.[*सञ्चारणम्, सम्पूर्वकात् चरधातोर्णिचि भावे घञ्*] माल-सामान, चिठीपत्र, मानिस आदि एक ठाउँबाट अर्को ठाउँमा लैजाने काम। **~मन्त्रालयः** (पुं.) [*सञ्चारस्य मन्त्रालयः, ष.त.*] राज्यका डाक, तारसम्बन्धी कामकुराको नीति निर्धारण गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने सर्वोच्च कार्यालय वा अड्डा। **~मन्त्री** (पुं.) [*सञ्चारस्य मन्त्री, ष.त.*] सञ्चारक्षेत्रको मन्त्री। **~विभागः** (पुं.) [*सञ्चारस्य विभागः, ष.त.*] यातायात, मालसामान, समाचार आदिको ओसारपसार गर्ने साधनको व्यवस्था मिलाउने सरकारी विभाग। **~साधनम्** (नपुं.) [*सञ्चारस्य साधनम्, ष.त.*] दुई वा दुईभन्दा बढी ठाउँ र व्यक्तिका बिच सम्बन्ध स्थापना गर्ने साधन जस्तै— डाक, तार, रेडियो अदि।

सञ्चारकः (पुं.वि.) [*सञ्चारयति, सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.सन्देश, वस्तु आदि लैजाने/खबर, सूचना आदि फैलाउने २.गति प्रदान गर्ने/गतिशील पार्ने।

सञ्चारिका (स्त्री.) [*सञ्चारयति, सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, टाप् ४.१.४ इत्वम्*] १.कुटुनी/दूती। **संचारिका तु युगले कुट्टनीघ्राणयोरपि।** (विश्व.) २.नाक।

सञ्चारिभावः (पुं.) [*सञ्चरतीति, सञ्चारी, स चासौ भावश्च, कर्म.स.*] १.व्यभिचारिभाव। मानव मनमा पैदा हुने एक किसिमका अस्थायी भावहरू/एकभन्दा बढी रसमा प्रयोग हुने साझा भावहरू।

सञ्चारी (पुं.वि.) [*सञ्चरति तच्छीलः, सम्पूर्वकात् चर गतिभक्षणयोः इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] गतिशील/चलायमान/सरुवा।

सञ्चालकः (पुं.वि.) [*सञ्चालयति, सम्पूर्वकात् चल गतौ इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] कुनै कामलाई समुचित रूपले चलाउने वा गतिशील पार्ने व्यक्ति।

सञ्चालनम् (नपुं.) [*सम्पूर्वकात् चल गतौ इति धातोः, णिचि ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*]चलाउनु/गतिशील पार्नु/कुनै काम निरन्तर चलाउने प्रबन्ध गर्नु।

सञ्चालितः (पुं.वि.) [*सञ्चालयते स्म, सम्पूर्वकात् चल गतौ इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] सञ्चालन गरिएको/गतिशील पारिएको।

सञ्चितकोषः (पुं.) [*सञ्चितश्चासौ कोषश्च, कर्म.स.*] आमदानी बाँधिने कोष।

सञ्जयः (पुं.) [*सम्पूर्वकात् जि जये इति धातोः, एरच् ३.३.५६ इत्यच्*] धृतराष्ट्रलाई महाभारतयुद्धको विवरण सुनाउने एक पात्र।

सञ्जवनम् (नपुं.) [*सञ्जवन्त्यत्र, जु गतौ इति सौत्रो धातुः, तस्मात् करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.चौशाला २.चारैतर्फबाट घरले घेरिएको स्थान/चोक।

सञ्जातः (पुं.वि.) [*सञ्जायते स्म, सम्पूर्वकात् जनी प्रादुर्भावे इति धातोः, गत्यर्थकर्मक ३.४.७२ इति क्तः, श्वीदितो निष्ठायाम् ४.२.१४ इति इण्निषेधः, जनसनखनां सञ्झलोः ६.४.४२ इति नकारस्याकारः, दीर्घः*] जन्मेको/उत्पन्न/प्रकट भएको/व्यक्त।

सञ्जीवनम् (नपुं.) [*सम्पूर्वकात् जीव प्राणने इति धातो, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यन*] १.पुनर्जीवन दिनु वा पाउनु २.नरकविशेष (मनु.४.८९)।

संञ्जीवनीविद्या (स्त्री.) [*सञ्जीवनी चासौ विद्या च, कर्म.स.*] मरेका प्राणीलाई जीवित पार्ने एक विद्या, पुराणअनुसार यस विद्याका ज्ञाता शुक्राचार्य थिए।

सञ्जुघुक्षुः (पुं.वि.) [*संगोहितुमिच्छति, संजुघुक्षुति, संजुघुक्षतीति सनाशंसभिक्ष उः ३.२.१६८ इति उः, सनि ग्रहगुहोश्च ७.२.१२ इति इण्निषेधः*] लुकाउन चाहने।

सञ्ज्ञपनम् (नपुं.) [*सम्पूर्वकात् ज्ञाधातोर्णिचि ल्युट्, ह्रस्वः*] १.हिंसा गर्नु/मार्नु। **निर्वासनं संज्ञपनम्** (अमर.२.८.११३) २.जानकारी दिनु।

सञ्ज्ञा (ना.) [*सम्पूर्वकात् ज्ञाधातोरङ्*] १.चेतना (होश, ज्ञान) २.नाम २.हात, भौं आदिबाट इसारा/सङ्केत ३.सूर्यपत्नी ४.गायत्री। **संज्ञा स्याच्चेतना नामहस्ताद्यैश्चार्थसूचना** (अमर.३.३.३३)।

सञ्ज्ञुः (पुं.) [*संहते जानुनी यस्य सः, बहु.स.*] घुंडा जोडिएको। **संज्ञुः संहतजानुकः** (अमर. २.६.४७)।

सञ्ज्वरः (पुं.) [*सम्पूर्वकात् ज्वर रोगे इति धातोः, णिचि नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] तातो/ ऊष्णता।

सटाः (स्त्री.) [*सटति, षट अवयवे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप्*] जटा/परस्पर जोडिएका केशसमूह/लट्टा। **व्रतिनस्तु जटा सटा** (अमर.२.६.९७)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सट्टकम् (नपुं.) [*रुढशब्दोऽयम्*] उपरूपकका १८ भेदमध्येको एक भेद। यसमा धेरैजसो विशेषताहरू नाटिकामा जस्तै हुन्छन्। अधिकांश पाठहरू प्राकृत भाषामा रचिएका हुन्छन्। यसमा प्रवेशक र विष्कम्भकको प्रयोग हुँदैन। अद्‌भुत रस व्यक्त भएको हुन्छ। अङ्कको सट्टा यसमा यवनिका (जबनिका) शब्दको प्रयोग हुन्छ। राजशेखरकृत कर्पूरमञ्जरी यसको उदाहरण हो।

सत् (त्रि.) [*अस्तीति, अस भुवि इति धातोः, लटि लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शतृ, श्नसोरल्लोपः ६.४.१११ इति अलोपः*] १.विद्यमान/वर्तमान २.सत्य/वास्तविक/ ३.(पुं.) साधु ४.प्रशंसनीय ५.पूजनीय ६.धीर ७.मान्य। सत्ये साधौ वर्तमाने प्रशस्तेऽभ्यर्हिते च सत् (अमर.३.३.८३) ८.असल भाव। **सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते** (भ.गी.व्याख्या) ९.(नपुं.) ब्रह्म।

सततम् (नपुं.) [*संतन्यते स्म, तनु विस्तारे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, अनुदात्तोपदेश ६.४.३७ इति नलोपः, समो वा हिततततयोः (वा. ६.१.१४४) इति वा समो मलोपः, पक्षे सन्ततम्*] निरन्तर/लगातार/अटुट रूपले/सधैँ/हमेसा।

कोलाहले काककुलस्य जाते
विराजते कोकिलकूजितं किम्।
परस्परं संवदतां खलानां
मौनं विधेयं सततं सुधीभिः॥ (सुभा.)

सती (स्त्री.) [*अस्ति एकस्मिन् पत्यौ, अस भुवि इति धातोः, लटि लटःशतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शतृ, श्नसोरल्लोपः ६.४.१११ इति अलोपः, उगितश्च ४.१.६ इति ङीप्*] १.आफ्नो पतिमा मात्र आसक्ति राख्ने स्त्री/पतिव्रता/साध्वी/ **सुचरित्रा तु सती साध्वी पतिव्रता।** (अमर.२.६.६) २.पतिसितै जलेर मर्ने स्त्री (तर हाल यो परम्परा छैन) २.दक्षप्रजापतिकी जेठी छोरी/शिवकी प्रथम पत्नी। ३.प्रत्येक पाउमा क्रमैले नगण र एक गुरुवर्ण भएको छन्द। **नगि सती।** (छन्दो.) ४.सावित्री।

सतीत्वम् (नपुं.) [*सत्या भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] सती हुनाको भाव/पातिव्रत्य।

सतीनकः (पुं.) [*सति जीवे इनः प्रभुः, संज्ञायाम् २.१.४४ इति समासः, हलदन्तात् ६.३.९ इत्यलुक्, सतीनं वायुं करोति, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] केराउ। **कलायस्तु सतीनकः** (अमर.२.९.१६)।

सतीर्थ्यः (पुं.) [*समाने तीर्थे वसति, समानतीर्थे वासी ४.४.१०७ इति यत्, तीर्थे ये ६.३.८७ इति समानस्य सः*] सहपाठी/सहाध्यायी/एउटै कक्षामा पढ्ने छात्र। पहिले एउटै गुरुले सबै विषय पढाउँथे। त्यस्ता समान तहमा पढ्ने छात्रलाई सतीर्थ्य भनिन्थ्यो। **सतीर्थ्यास्त्वेकगुरवः** (अमर.२.७.१२) तर अहिले जति गुरु भए पनि एउटै कक्षामा पढ्ने छात्र सतीर्थ्य (सहपाठी) मानिन्छन्।

सत्कर्ता (पुं.वि.) [*सत् करोति, डुकृञ् करणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] असल काम गर्ने/सत्कर्म गर्ने /सत्कार वा आदर गर्ने।

सत्कर्म (नपुं.) [*सच्च तत्कर्म, कर्म.स.*] असल काम/सत्कार्य/पुण्य वा धर्मकर्म/धर्मकार्य।

सत्कविः (पुं.) [*सन् चासौ कविश्च, कर्म.स.*] राम्रो कविता रच्ने व्यक्ति।

मन्दं निक्षिपते पदानि परितः शब्दं समुद्‌वीक्षते
नानार्थाहरणञ्च काङ्क्षति मुदालङ्कारमाकर्षति।
आदत्ते सकलं सुवर्णनिचयं धत्ते रसान्तर्गतं
दोषान्वेषणतत्परो विजयते चोरोपमः सत्कविः॥ (सुभा.)

सत्कारः (पुं.) [*सत्करणम्, सत्पूर्वकात् डुकृञ् करणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] आफूकहाँ आउने मानिसलाई गरिने आदरभाव/सेवा/सम्मान।

व्योम्नि स वासं कुरुते चित्रं निर्माति सुन्दरं पवने।
रचयति रेखाः सलिले चरति खले यस्तु सत्कारम्॥ (सुभा.)

सत्कीर्तिः (स्त्री.) [*सती चासौ कीर्तिश्च, कर्म.स.*] १.असल कामबाट प्राप्त कीर्ति/सुयश/असल कीर्ति/सुनाम २.(पुं.वि.) [*सती कीर्तिर्यस्य सः, बहु.स.*] राम्रो कीर्ति भएको/यशस्वी।

सत्कृतिः (स्त्री.) [*सती चासौ कृतिश्च, कर्म.स.*] १.पुण्य वा धर्मकर्म/ २.असल काम ३.राम्रो रचना वा ग्रन्थ ४.आदर/सत्कार।

सत्तमः (पुं.वि.) [*अतिशयेन सन्, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति तमप्*] १.श्रेष्ठ २.पूज्य ३.प्रशंसनीय। **सत्तमः स्यात्पूज्यतमे साधीयस्युत्तमे त्रिषु** (मेदिनी.) ४.अतिशय सुशोभित। **श्रेयान् श्रेष्ठः पुष्कलः स्यात् सत्तमश्चातिशोभने** (अमर.३.१.५८)।

सत्क्रिया (स्त्री.) [*सती चासौ क्रिया च, कर्म.स.*] सत्कार।

कामं प्रियानपि प्राणान् विमुञ्चन्ति मनस्विनः।
इच्छन्ति न त्वमित्रेभ्यो महतीमपि सत्क्रियाम्॥ (सुभा.)

सत्ता (स्त्री.) [*सतो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.शक्ति/सामर्थ्य २.स्वामित्व/वास्तविक अधिकार/प्रभुसत्ता ३.उत्तमता/श्रेष्ठता ४.मूर्तरूपमा विद्यमानता/अस्तित्व/स्वत्व। **~धारी** (पुं.वि.) [*सत्तां धारयति तच्छीलः, धृञ् धरणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.शासनसत्ता भएका अधिकारी २.कुनै विषयको मुख्य अधिकार प्राप्त।

सत्तान्तरितः (पुं.वि.) [*सत्ता अन्तरिता यत्र, बहु.स.*] शासन वा सत्ता अर्कालाई सुम्पिदिएको प्रदेश।

सत्त्रम् (नपुं.) [*षद्लृ विशरणगत्यादौ इति धातोः, गुधृवीपचिवचियमिसदिक्षदिभ्यस्त्रः (उ.६१६) इति त्रः*] १.यज्ञ २.यज्ञविशेष ३.घर ४.वन ५.दान ६.आच्छादन ७.धन ८.दक्षिणा सहितको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्नदान ९.कुनै कामको चरण। जस्तै– एक दिवसीय गोष्ठीको प्रथम सत्र।

सत्री (पुं.) [*सत्त्रमस्यास्तीति, अत इनिठनौ इति इनिः, ठनि सत्रिक इत्यपि*] १.यज्ञकर्ता २.अन्नादि दान गर्ने घरमालिक/गृहस्थ। **सत्री गृहपतिः समौ** (अमर.२.८.१५)।

सत्त्वम् (नपुं.) [*सतो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः, यद्वा सीदन्त्यस्मिन् गुणादयः, सदेस्त्वन् (उ.) इति त्वन्*] १.द्रव्य २.सत्त्व/उत्तम गुण ३.अस्तित्ववान् वस्तु ४.व्यवसाय ५.स्वभाव ६.बल ७.प्राण ८.अर्थ ९.(पुं.) [*सत्त्वमस्यास्तीति,अर्शाद्यच्*] प्राणी, जन्तु।

सत्त्वं द्रव्ये गुणे वित्ते व्यवसायस्वभावयोः।
पिशाचादावात्मभावे बले प्राणेषु जन्तुषु॥ (हैम.)

~गुणः (पुं.) [*सत्त्वप्रधानो गुणः, म.प.स.*] प्रकृतिका तीनगुण–मध्ये एक गुण/असल काममा प्रवृत्त गराउने गुण।

सत्पथः (पुं.) [*संश्चासौ पन्थाश्च, सन्महत् २.१.६१ इति तत्पुरुषसमासः, ऋक्पूरब्धूपथामानक्षे ५.४.७४ इत्यः*]१.राम्रो बाटो २.सदाचार सन्मार्ग ३.हिमालयमा सिढी देखिने पाण्डव स्वर्गारोहण भएको क्षेत्र। बदरीकाश्रमबाट सामलतुमल लिएर हिडेका यात्रीहरू सतपथको दर्शन गरेर करिब आठ दिनमा फर्कन्छन्। बाटो अतिशय विकट छ। हे. **बदरीकाश्रम**।

सत्पात्रम् (नपुं.) [*सच्च तत् पात्रञ्च, कर्म.स.*] १.योग्य व्यक्ति/श्रेष्ठ पुरुष/सज्जन २.सुपात्र/दान आदि दिन योग्य व्यक्ति।

सत्पुरुषः (पुं.) [*सञ्चासौ पुरुषश्च, कर्म.स.*] १.सज्जन/भलाद्मी २.धार्मिक व्यक्ति।

सत्यकः (पुं.) [*सत्ये सत्ययुगे कायते प्रकाशते इति, कः, आलोपः*] ब्रह्मा। **सत्यको हंसवाहनः** (अमर.१.१.१७)।

सत्यङ्कारः (पुं.) [*सत्यपूर्वकात् डुकृञ् करणे इति धातोः, भावे इति घञ्, कारे सत्यागदस्य ६.३.७० इति मुम्*] १.कुनै ठेक्का स्वीकार गर्ने काम २.बैना ३.पेस्की। **क्लीबे सत्यापनं सत्यङ्कारः सत्याकृतिः स्त्रियाम्** (अमर.२.९.८२)।

सत्यम् (नपुं.) [*सति साधुः, तत्र साधुः४.४.९८ इति यत्*] १.साँचो/सच्चा/यथार्थ/तथ्य/वास्तविक। २.सत्ययुग ३.शपथ/कसम। **~ता–** (स्त्री.) [*सत्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] सत्य वा साँचो हुनाको भाव/साँचोपन/वास्तविकता/यथार्थता। **~नारायणः** (पुं.) [*सत्यश्चासौ नारायणश्च, कर्म.स.*] भगवान् विष्णु। **~नाशः** (पुं.) [*सत्यस्य नाशः, ष.त.*] भङ्ग/सत्य वा प्रतिज्ञा भङ्ग हुनु २.नराम्रोसित काम विग्रनु ३.सबै नष्ट हुनु। **~निष्ठः** (पुं.वि.) [*सत्ये निष्ठा यस्य सः, बहु.स.*] सत्यको पालन गर्ने/सत्यवान्/सत्यपरायण। **~प्रियः** (पुं.वि.) [*सत्यं प्रियं यस्य सः, बहु.स.*] सत्यानुसारी/सत्यताको प्रेमी। **~भङ्गः** (पुं.) [*सत्यस्य भङ्गः, ष.त.*] साँचो कुरालाई मिथ्या तुल्याउनु। **~युगम्** [*सत्यञ्च तद् युगञ्च, कर्म.स.*] पुराणमा वर्णित चार युगमध्ये प्रथम युग/सबैभन्दा उत्तम युग। **~लोकः** (पुं.) [*सत्यश्चासौ लोकश्च, कर्म.स.*] पुराणअनुसार माथिका सात लोकमध्ये सबभन्दा माथिल्लो लोक/ब्रह्मलोक। **~वक्ता** (पुं.वि.) [*सत्यस्य वक्ता, ष.त.*] सधैं साँचो बोल्ने/सत्यवादी/सत्यव्रती। **~बद्धः** (पुं.वि.) [*सत्येन सत्ये वा बद्धः, तृ.त.वा स.त.*] सत्यता वा प्रतिज्ञामा बाँधिएको। **~वान्** (पुं.) [*सत्यमस्यास्तीति, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] १.सत्यमा दृढ रहने/सत्यपरायण/सत्यनिष्ठ २.पुराणमा वर्णित एक प्रसिद्ध राजकुमार/सावित्रीका पति। **~ भाषितम्** (नपुं.) [*सत्यञ्च तद् भाषितञ्च, कर्म.स.*] साँचो बोली **~सत्यवती** (स्त्री.) १.साँचो बोल्ने स्त्री २.वेदव्यासकी आमा। **~व्रतः** (पुं.वि.) [*सत्यं व्रतं यस्य सः, बहु.स.*] सधैं साँचो बोल्ने/सदाचारमा रहने व्रत लिएको व्यक्ति/सत्यको पालन गर्ने/सत्यव्रती। **~सन्धः** (पुं.वि.) [*सत्ये सन्धा यस्य सः, बहु.स.*] भनेको कुरा पूरा गर्ने/सत्य प्रतिज्ञ।

सत्यवचः (पुं.वि.) [*सत्यं वचो यस्य सः, बहु.स.*] १.सत्यवादी २.(पुं.) ऋषि। **ऋषयः सत्यवचसः** (अमर.२.७.४३) ३.(नपुं.) [*सत्यञ्च तद् वचश्च, कर्म.स.*] साँचो बोली।

सत्यवतीसुतः (पुं.) [*सत्यवत्याः सुतः, ष.त.*] वेदव्यास। **व्यासो द्वैपायनः पाराशर्यः सत्यवतीसुतः** (अमर.परि.२३)।

सत्यवद्यः (पुं.) [*सत्यं वदतीति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति कर्तरि यत्*] साँचो बोल्ने/सत्यवादी।

सत्यवादी (पुं.) [*सत्यं वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, वृद्धिः*] साँचो बोल्ने।

सत्या (स्त्री.) [*अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] १.दुर्गा २.सीता।

सत्याकृतिः (स्त्री.) [*स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, सत्यादशपथे ५.४.६६ इति डाच्*] १.बैना २.साँचो हो भनेर प्रमाणित गर्नु।

सत्याग्रहः (पुं.) [*सत्ये आग्रहो यस्मिन् सः, बहु.स.*] सत्य वा न्यायसङ्गत पक्षको वा न्यायानुकूल पक्षको स्थापनाका लागि शान्तिपूर्वक हठ गर्ने काम/सत्य कुराको आग्रह।

सत्यानृतम् (नपुं.) [*सत्यसहितमनृतम्, म.प.स.*] व्यापार/वाणिज्य। **सत्यानृतं वणिग्भावः** (अमर.२.९.३)।

सत्यापनम् (नपुं.) [*सत्याप्यते इति, सत्यशब्दात्, णिचि अर्थवेद सत्यानामापुग् वक्तव्यः (वा.) इति आपुगागमः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.साचो कुरा बताउनु २.प्रमाण दिएर सत्य कुराको स्थापना गर्नु ३.वैना ४.पेस्की।

सत्र (धा.) [*सन्तानक्रियायाम्, अक.सेट्, आत्म.*] फैलाउनु विस्तार गर्नु, सम्बन्ध राख्नु, संसर्ग गर्नु। लट्– **सत्रयते–** फैलाउँछ, विस्तार गर्छ, सम्बन्ध राख्छ, संसर्ग गर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्रम् (नपुं.) [*सत्रधातो भावे घञ्*] १.विस्तार २.सम्बन्ध ३.संसर्ग।

सत्रा (अव्य.) [*सह त्रायते, क्विप् च ३.२.७६ इति क्विप्*] सँग। साथ। **सार्धन्तु साकं सत्रा समं सह** (अमर.३.४.४)।

सत्वरम् (नपुं.) [*सह त्वरया वर्तते इति*] छिटो/चाँडो। (अमर.१.१.६४)

सत्सङ्गः (पुं.) [*सद्भिः सङ्गः, तृ.त.*] सज्जनका साथको सङ्गत।

यदि सत्सङ्गनिरतो भविष्यसि भविष्यसि।
अथ दुर्जनसंसर्गे पतिष्यसि पतिष्यसि॥ (सुभा.)

सदः (स्त्री.नपुं.) [*सीदन्त्यस्याम्,षद्लृ विशरणादौ इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.६३८) इति असुन्*] सभा/ गोष्ठी/परिषद्।

विद्यया विमलयाऽप्यलङ्कृतो
दुर्जनो सदसि माऽस्तु कश्चन।
साक्षरा हि विपरीततां गताः
केवलं जगति तेऽपि राक्षसाः॥ (सुभा.)

सदनम् (नपुं.) [*सीदन्त्यत्र प्राणिनः षद्लृ विशरणादौ इति धातोः, बहुलमन्यत्रापि (उ.) ७९ इति अधिकरणे युच्, अनः ७.१.१*] १.घर २.मन्दिर ३.पानी। **सदनं मन्दिरे तोये** (मेदिनी.) ४.[*सीदन्ति सदस्याः देशव्यवस्थासम्बद्धं विधानं निर्मातुं पारयितुं सम्पादयितुञ्च तदादिकं निर्धारितकार्यजातञ्चात्र*] निर्वाचित सदस्यहरूको सभा बस्ने स्थल। **स्वार्थण्यन्ताद्युचि सादनमपि। सदनं सादनम्** (द्विरूपकोश)।

सदस्यः (पुं.) [*सदसि साधुर्वसति वा, तत्र साधुः ४.४.९८ इति यत्*] १.सभा वा समितिको लागि छानिएको व्यक्ति २.यज्ञको न्यूनाधिक विधि हेर्ने ऋत्विक्। **सदस्या विधिदर्शिनः** (अमर.२.१.१६) **~ता** (स्त्री.) [*सदस्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सदस्य हुनु वा सदस्यले गर्ने काम।

सदा (अव्य.) [*सर्वस्मिन् काले, सर्वैकान्यकिंयत्तदः काले दा ५.३.१५ इति दाप्रत्ययः, सर्वस्य सोऽन्यतरस्यां दि ५.३.६ इति सर्वशब्दस्य विभाषया सादेशः*] सधैं/सर्वदा/हमेसा/दिनहुँ/हरहमेसा।

सदागतिः (पुं.) [*सदा गतिर्यस्य सः, बहु.स.*] १.वायु २.स्वर्ग ३.मोक्ष ४.ईश्वर। **सदागतिर्नाकवातनिर्वाणेषु सदीश्वरे।** (विश्व.) ५.ग्रह, नक्षत्र।

सदाचरणम् (नपुं.) [*सच्च तदाचरणञ्च, कर्म.स.*] १.असल व्यवहार/सदाचार २.शिष्ट व्यवहार ३.देश वा ठाउँअनुसार, परम्परादेखि चलेर आएको वर्णअनुसारको आचार।

यस्मिन् देशे य आचारः पारम्पर्यक्रमागतः।
वर्णानां चैव सर्वेषां स सदाचार उच्यते॥ (सं.दी. १.७)
साधवः क्षीणदोषाश्च सच्छब्दः साधुवाचकः।
तेषामाचरणं यत्तु स सदाचार उच्यते॥
(का.पु.अ. ८८/२–३)

सदाचारी (पुं.) [*सदाचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] नैतिक दृष्टिले असल आचार गर्ने मानिस।

सदातनः (पुं.वि.) [*सदा भवः, सायं चिरम् ४.३.२३ इति ट्युः, तुट् च, युवोरनाकौ ७.१.१ इत्यनः*] १.सधैं रहिरहने/शाश्वत/नित्य। **शाश्वतस्तु ध्रुवो नित्यसदातनसनातनाः** (अमर.३.१.७२)।

सदानन्दः (पुं.) [*सदा आनन्दो यस्य सः, बहु.स.*] १.ब्रह्म २.(पुं.वि.) सधैं आनन्दमा मग्न।

सदानीरा (स्त्री.) [*सदा नीरं यस्याः सा, बहु.स.*] १.कहिल्यै नसुक्ने नदी २.गौरीको विवाहमा कन्यादानको जलबाट पैदा भएकी करतोया नामकी नदी। **प्रथमं कर्कटे देवि त्र्यहं गङ्ग रजस्वला। सर्वा रक्तवहा नद्यः करतेयाम्बुवाहिनी** (स्मृति)।

सदृक् (पुं.वि.) [*समान इव दृश्यतेऽसौ, समानान्ययोश्चेति वक्तव्यम् (वा) इत्युक्त्या, त्यदादिषु ३.२.६० इति क्विन्, सर्वापहारिलोपः, दृग्दृशवतुषु ६.३.८९ इति समानस्य सः, कुत्वम्*] तुल्य/उस्तै।

सदृक्षः (पुं.वि.) [*समान इव दृश्यतेऽसौ, त्यदादिषु ३.२.६० इति क्सः, दृग्दृशवतुषु ६.३.८९ दृक्षे च (वा.) इति सभावः*] तुल्य। **वाच्यलिङ्गाः समस्तुल्यः सदृक्षः सदृशः सदृक्** (अमर.२.१०.३६)।

सदृशः (पुं.वि.) [*समान इव दृश्यतेऽसौ, त्यदादिषु ३.२.६० इति कञ्, दृग्दृशवतुषु ६.३.८९, दृक्षे च (वा.) ६.३.८९ इति सभावः*] समान/तुल्य।

आकारसदृशप्रज्ञः प्रज्ञया सदृशागमः।
आगमैः सदृशारम्भ आरम्भसदृशोदयः॥ (रघु.)

सदेशः (पुं.) [*समानो देशोऽस्य*] नजिक (अमर.३.२.६७)।

सद्गतिः (स्त्री.) [*सती चासौ गतिश्च, कर्म.स.*] १.मोक्ष/मुक्ति/मृत्यु २.असल अवस्था/उत्तम गति।

सद्म (नपुं.) [*सीदन्त्यत्र, षद्लृ विशरणादौ इति धातोः, अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति मनिन् यद्वा सर्वधातुभ्यो मनिन् (उ.४.१४५) इति मनिन्*] १.घर २.मन्दिर ३.पानी। **सद्म स्यान्मन्दिरे नीरे।** (मेदिनी.) ४.[*साद्यन्ते अवसाद्यन्ते प्राणिनो यत्र*] युद्ध।

सद्यः (अव्य.) [*समानेऽहनि, सद्यः परुत् ५.३.२२ इत्यत्र समानस्य, सभावो द्यश्चाहनि (वा) इति द्यस्प्रत्ययः, समानस्य सभावश्च निपातः*] १.तुरुन्त २.उसै दिन।

शुष्कं मांसं स्त्रियो वृद्धा सतां निन्दाऽसतां रतिः।
प्रभाते मैथुनं निद्रा सद्यः प्राणहराणि षट्॥ (सुभा.)
सद्यो मांसं नवान्नञ्च बाला स्त्री क्षीरभोजनम्।
घृतमुष्णोदकञ्चैव सद्यः प्राणकराणि षट्॥ (सुभा.)

सद्यस्कः (पुं.वि.) [*सद्यः कायति, सद्यस्पूर्वकात् कैधातोः कः*] नयाँ **नवनीतं पुनः सद्यस्कं लघु सकुमारं मधुरम्** (सुश्रुत)।

सद्विद्या (स्त्री.) [*सती चासौ विद्या, च, कर्म.स.*] असल विद्या/इहलोक तथा परलोक दुवै लोकका लागि उपयोगी हुने विद्या।

नाल्पा भवति सद्विद्या दीयमानापि वर्द्धते।
कूपस्थमिव पानीयं भवत्येव बहूदकम्॥
(ग.पु. आचारकाण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्वृत्तः (पुं.वि.) [*सद् वृत्तं यस्य सः, बहु.स.*] असल चरित्र भएको।

सद्वृत्तम् (नपुं.) [*सच्च तद् वृत्तञ्च, सन्महत् २.१.६१ इति समासः*] असल चरित्र।

सधर्मिणी (स्त्री.) [*समानो धर्मोऽस्त्यस्याः सा, अत इनिठनौ (५.२.११५ इति इनिः, ङीप्, समानस्य ६.३.८४ इति सः*] पत्नी/सँगै धर्म गर्ने अधिकार प्राप्त स्त्री।

सधवा (स्त्री.) [*धवेन पतिना सहिता, सहस्य सः*] पति भएकी स्त्री।

सध्र्यङ् (पुं.) [सह अञ्चति, ऋत्विग्दधृक् ३.२.५९ इति क्विन्, *सहस्य सध्रिः ६.३.९५ सध्र्यादेशः*] १.सँगै हिँड्ने, सँगै रहने २.सँगै पूजा गर्ने। यः। **यः सहाञ्चति सध्र्यङ् सः** (अमर.३.१.३४)।

सन् (पुं.वि.)*अस्तीति, अस भुवि इति धातोः, लटि लटः शतृशा- नचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शतृ, श्नसोरल्लोपः ६.४.१११ इति अलोपः*] १.विद्वान्। **विद्वान् विपश्चिद् दोषज्ञः सन् सुधीः कोविदो बुधः**। (अमर.२.७.५) २.वर्तमान ३.अस्तित्ववान्।

सनकः (पुं.) १.ब्रह्माका सनकादि चार मानसपुत्रहरूमध्ये एक २.सनकादि सात दिव्य पुरुषहरूमध्ये एक।

सनकादयः (पुं.) [*सनकः आदौ येषान्ते, बहु.स.*] १.विष्णुका २४ अवतारमध्ये ब्रह्माका मानसपुत्रको रूपमा पैदा भएका सनक, सनन्दन, सनातन, सनत्कुमार ऋषि २.सन, सनक, सनातन, सनन्दन, सनत्कुमार, सनातप यी छ ब्रह्माका मानसपुत्र ३.सनक, सनातन, सनन्दन, कपिल, आसुरि, बोढु, पञ्चशिख यी सात आत्मज्ञानी दिव्यगुरु।

सनकं च सनन्दं च सनातनमथात्मभूः।
सनत्कुमारं च मुनीन् निष्क्रियानूर्ध्वरेतसः॥
(भाग. ३.१२.२४)

सनत् (अव्य.) १.सधैँ/हमेसा २.ब्रह्मा।

सनत्कुमारः (पुं.) [*सनत् नित्यः कुमारः, सनात्कुमारः अपि, यद्वा हंसगो गृहिणः सनत्, इति ब्रह्मपर्याये रभसः, तस्य कुमारोऽपत्यम्*] १.ब्रह्माका सधैँ कुमार अवस्थामा रहने सनकादि चार मानसपुत्रहरूमध्ये एक, २.जैनीहरूको तेस्रो स्वर्ग ३.जैनहरूमध्ये एक।

सनत्सुजातः (पुं.) ब्रह्माका एक मानसपुत्र ऋषि।

सनन्दनः (पुं.) १.ब्रह्माका सनकादि चार मानसपुत्रहरूमध्ये एक २.सनकादि सात दिव्यपुरुषहरूमध्ये एक।

सना (अव्य) [*सनति, षण सम्भक्तौ इति धातोः, आप्रत्ययः*] हमेसा/नित्य। **सना नित्ये** (अमर.३.४.१७)।

सनातनः (पुं.) [*सना भवः, सायं चिरम् ४.३.३३ इति ट्युः, तुद च, युवोरनाकौ ७.१.१ इत्यनः*] १.शिव २.विष्णु ३.ब्रह्माका सनकादि चार मानसपुत्रहरूमध्ये एक ४.सनकादि सात दिव्य पुरुषहरूमध्ये एक ५.(पुं.वि.) अत्यन्त पुरानो कालदेखि चलिआएको/शास्वत।

सनातनधर्मः (पुं.) [*सनातनश्चासौ धर्मश्च, कर्म.स.*] प्राचीन कालदेखि चलिआएको, श्रुति, स्मृति तन्त्र, आगम, निगम, पुराण आदिद्वारा प्रतिपादित धर्म।

सनाभिः (पुं.) [*समानो नाभिर्मूलपुरुषोऽस्य, ज्योतिर्जनपद ६.३.८५ इति समानस्य सः*] १.एउटै मूलपुरुष भएका सातपुस्ताभित्रका दाजुभाइ/सपिण्ड २.[*समानो नाभिर्यस्य सः*] १.तुल्य २.स्नेही।

सनिः (स्त्री.) [*षणु दाने इति धातोः इन् (उ.)*] १.गुरु,पिता, माता आदि पूज्य जनको सेवा गर्नु २.पूज्य जनलाई प्रार्थनाद्वारा काममा प्रवृत्त गराउनु। **सनिस्त्वध्येषणा** (अमर.२.७.३२)।

सनीडः (पुं.वि.) १.[*समानो नीडः वासस्थानमस्य*] नजिकको २.[*सह नीडेन*] गुँडसहितको।

सन्तः (पुं.) [*असधातोः झसप्रत्ययः (उणादिः),झस्य अन्तादेशः, अल्लोपः,सत् शब्दस्य प्रथमाबहुवचनान्तरूपं वा*] सज्जन।

सन्ततम् (अव्य.) [*सम्पूर्वकात् तन्धातोः क्तः,पक्षे मलोपाभावः*] निरन्तर/सधैँ।

उपाधिभिः सन्ततसङ्गतोऽपि
नहि स्वभावं विजहाति भावः।
आजन्म उन्मज्जति दुग्धसिन्धौ
तथापि काकः किल कृष्ण एव॥ (सुभा.)

सन्ततिः (स्त्री.) [*सन्तन्यते, तनु विस्तारे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.सन्तान २.पङ्क्ति ३.पुत्रपौत्रादिको परम्परा ४.गोत्र। **सन्ततिः स्यात्पङ्क्तौ गोत्रे पारम्पर्ये च पुत्रपौत्राणाम्।** (मेदिनी.) ५.**विस्तार। व्यदधाद् यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम्** (भाग.१.४.१९)।

सन्तप्तः (पुं.वि.) [*सन्तपति स्म, सम्पूर्वकात् तप सन्तापे इति धातोः गत्यर्थाकर्मक इति क्तः*] १.तातेको २.चिन्ता ग्रस्त।

सन्तमसम् (नपुं.) [*सन्ततं तमः, प्रादिस., अवसमन्धेभ्यस्तमसः समन्तात्तमः ५.४.७९ इति समासान्तोऽच्*] १.सबैतिर फैलिएको अन्धकार २.महामोह। **तमः। विष्वक्सन्तमसम्** (अमर.१.८.३)।

सन्तर्पणः (पुं.वि.) [*सन्तर्पयति प्रीणयतीति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इति अनः, णत्वम्*] सन्तुष्ट तुल्याउने/तृप्त पार्ने।

सन्तानः (पुं.) [*सन्तन्यते, सम्पूर्वकात् तनु विस्तारे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, कर्तृकरणाधिकरणेष्वपि विग्रहः, सम्भवति, आद्ये तनोतेः (वा.) ३.१.१४० इति णः, अन्यत्र हलश्च ३.३.१२१ इति घञ्*] १.वंश २.सन्तति ३.गोत्र ४.पारिजात। **संतानः संततौ गोत्रे स्यादपत्ये सुरद्रुमे।** (विश्व.) ५.विस्तार (म.भा.१०३.१०) ६.अस्त्रविशेष (म.भा.५.९६.४०)।

सन्तापः (पुं.) [*संतापयति, तप संतापे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.आगाको तातो २.मानसिक पीडा। हे. **सञ्ज्वरः**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तापकः (पुं.वि.) [*सन्तापयति तापयति, पीडयति , ण्वुल्तृचौ इति ण्वुल्, अकः*] १.तताउने २.पीडा दिने।

यानि मिथ्याभिभूतानां पतन्त्यश्रूणि रोदताम्।
तानि सन्तापकान् घ्नन्ति सपुत्रपशुबान्धवान्॥ (सुभा.)

३.(पुं.) अग्नि ४.सूर्य ५.शोषक।

सन्तापितः (पुं.वि.) [*सन्ताप्यते स्म, सम्पूर्वकात् तप दाहे इति धातोः, णिचि निष्ठा ३.२.१०२ इति क्तः*] १.तताइएको २.चिन्ताग्रस्त तुल्याइएको ३.पगालिएको (सुन, चाँदी आदि)।

सन्तोषः (पुं.) [*सम्पूर्वकात् तुष तुष्टौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] प्रसन्नता/तुष्टि।

अविश्वासं वहेद् भारं शीतोष्णञ्च न विन्दति।
सन्तोषश्च तथा नित्यं पञ्च शिक्षेत गर्दभात्॥ (सुभा.)

सन्तोषी (पुं.वि.) [*सन्तोषोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] सन्तोष मान्ने/सन्तुष्ट रहने।

सन्त्रस्तः (पुं.वि.) [*सन्त्रस्यति स्म, सम्पूर्वकात् त्रसी उद्वेगे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] डराएको/त्रस्त/घबडाएको/ व्याकुल/आत्तिएको।

सन्त्रासकः (पुं.वि.) [*सन्त्रासयति, सम्पूर्वकात् त्रसी उद्वेगे इति धातोः, णिचि ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] आतङ्कवादी।

सन्दर्भः (पुं.) [*सम्पूर्वकात् दृभ धातोः, भावे ३.३.१८ इति घञ्*] १.रचना, लेख, निबन्ध आदि साहित्यिक विषयको प्रसङ्ग २.कुनै गूढ कुरालाई स्पष्ट गर्ने ग्रन्थ, लेख आदि।

सन्दर्शनम् (नपुं.) [*सम्पूर्वकाद् दृशिर् प्रेक्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] राम्ररी हेर्ने काम/अवलोकन/एकपटक हेर्नु/नियाल्नु।

सन्दानम् (नपुं.) [*संदीयतेऽनेन, सम्पूर्वकाद् दाण धातोः, करणे ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, सम्पूर्वो दाण् बन्धने वर्तते*] १.दुहुने समयमा पशुलाई बाँध्ने डोरी/पगहा। **न पुंसि दाम सन्दानम्** (अमर.२.९.७३) २.[*सम्पूर्वकाद् दाण धातोः, भावे ल्युट् च ३.३.११५ इति ल्युट्*] पशुलाई पगाहा वा खुट्टी लगाउनु।

सन्दानितः (पुं.वि.) [*संदान्यते स्म, सम्पूर्वकाद् दान खण्डने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बाँधिएको। (अमर.३.१.९५)

सन्दावः (पुं.) [*सम्पूर्वकाद् दु गतौ इति धातोः, समि युद्रुदुवः ३.३.२३ इति घञ्*] लडाइँबाट भाग्ने काम।

सन्दिग्धः (पुं.वि.) [*सन्दिह्यते स्म, सम्पूर्वकाद् दिह उपचये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सन्देह भएको/शङ्का लागेको/ठेगान नभएको/अनिश्चित।

सन्दिग्धता (स्त्री.) [*सन्दिग्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.सन्देह हुनु/शङ्का लाग्नु/ठेगान नहुनु/अनिश्चितता २.साहित्यशास्त्रमा प्रसिद्ध एक दोष। यो दुई किसिमको हुन्छ– शब्ददोष र अर्थदोष। **आशीः परंपरां पन्धां कर्णे कृत्वा कृपां कुरा।** यसमा प्रसङ्ग नभएको हुँदा **वन्द्याम्** पद वन्द्या शब्दको द्वितीयाको एकवचनको रूप हो अथवा वन्दी शब्दको सप्तमीको एकवचनको रूप हो भन्ने छुट्ट्याउन कठिन भएकाले शब्दगत सन्दिग्धता दोष परेको छ। त्यस्तै **अचला अवला वा स्युः सेव्या ब्रूत मनीषिणः,** मा प्रसङ्ग नभएकाले वक्ता शान्त वा शृङ्गारी के हो ? छुट्ट्याउन विलम्ब भएको हुँदा रसप्रतीतिमा बाधा परेकाले सन्दिग्धता नामक अर्थदोष परेको छ। यो दोष व्याजस्तुतिमा गुण हुने हुँदा अनित्य दोष हो।

सन्दिग्धत्वम् (नपुं.) [*सन्दिग्धस्य भावः, तस्य भास्वत्वतलौ ५.१.११९ इति त्वः*] १.सन्देह हुनु/शङ्का लाग्नु/ठेगान नहुनु/अनिश्चितता २.साहित्यको एक दोष (हे. **सन्दिग्धता**)।

सन्दितः (पुं.वि.) [*सन्दीयते स्म, सम्पूर्वकाद् दो अवखण्डने इति धातोः क्तः, द्यतिस्यति ७.४.४० इति इत्वम्*] १.उनिएको/गुँथिएको (माला आदि) **ग्रन्थिते सन्दितं दृब्धम्** (अमर.३.१.८६) २.बाँधिएको (अमर.३.१.९४)।

सन्दीपनम् (नपुं.) [*सम्पूर्वकाद् दीपी दीप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.उद्दीपन २.प्रदीपन वा बाल्ने काम ३.उत्तेजित तुल्याउनु।

सन्दीप्तः (पुं.वि.) [*सन्दीप्यते स्म, सम्पूर्वकाद् दीपी दीप्तौ इति धातोः क्तः*] १.उद्दीप्त २.प्रज्वलित ३.उत्तेजित।

सन्देशः (पुं.) [*सम्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.समाचार/खबर/संवाद/एक जनाले अर्कालाई भनेर पठाएको खबर २.एक किसिमको मिठाइ।

सन्देशवाक् (स्त्री.) [*सन्दिश्यते, सम्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्, सन्देशोऽर्थः, तस्य वाक्, ष.त.*] सन्देशवचन। **सन्देशवाक् वाचिकं स्यात्** (अमर.१.६.१७)।

सन्देशहरः (पुं.) [*संदेशं वाचिकं हरति, हरतेरनुद्यमनेऽच् इत्यच्*] समाचार लैजाने दूत। **स्यात्सन्देशकरो दूतः** (अमर.२.८.१६)।

सन्देशहारकः (पुं.) [*सन्देशं वाचिकम्, हरति नयतीति हृञ् हरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः, वृद्धिः*] जति सन्देश पठाएको छ, त्यति मात्र सन्देश लिएर जाने दूत। **यावद्भाषितसन्देशहरः सन्देशहारकः** (सा.द. ३.६०)।

सन्देहः (पुं.) [*सम्पूर्वकाद् दिह उपचये इति धातोः, भावे ३.३.१८ इति घञ्*] एउटै विषयमा हुने अनेक कोटिको ज्ञान/शङ्का/ संशय/विचिकित्सा/द्वापर (अमर.१.५.३)।

सन्देहात्मकः (पुं.वि.) [*सन्देह एव आत्मा यस्य सः, बहु.स.*] सन्देह भएको/सन्देहास्पद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्देहालङ्कारः (पुं.) [*सन्देह इति अलङ्कारः, कर्म.स.*] उपमेयमाथि उपमानको संशय भएको वर्णन गर्दा पर्न जाने अलङ्कार। तर यो संशय स्वाभाविक नभएर कविको प्रतिभाबाट सृजना भएको हुनुपर्दछ नत्र संशय मात्र हुन्छ, अलङ्कार हुँदैन। सन्देह अलङ्कार तीन किसिमको हुन्छ। शुद्ध, निश्चयगर्भ र निश्चयान्त। जहाँ सन्देह सन्देहकै रूपमा रहन्छ, त्यो शुद्ध सन्देह हुन्छ। के यी नायिका तारुण्यरूपी वृक्षकी लहरा हुन् ? अथवा लावण्यरूपी समुद्रकी लहर हुन्। यहाँ नायिका उपमेयमाथि वृक्षको लहरो अथवा समुद्रको लहरको सन्देह भएको वर्णन गरिएको हुँदा सन्देह अलङ्कार परेको छ। यो सन्देह सन्दहकै रूपमा रहेको हुँदा यसलाई शुद्ध मानिन्छ। जहाँ सुरुमा र अन्तमा सन्देह रहन्छ बिचमा निश्चय हुन्छ भने त्यस्तो सन्देहालङ्कारलाई निश्चयगर्भ भनिन्छ। के यी मार्तण्ड हुन् ,होइनन्, तिनका त सातवटा घोडा हुन्छन्। उसो भए के आगो हो त होइन आगो त ठाडो मात्रै बल्छ। यो त चारै दिशामा बलिरहेको छ इत्यादि यहाँ सुरुमा सन्देह र अन्त्यमा पनि सन्देह छ। बिचमा निश्चय भएकाले यसलाई निश्चयगर्भ भनिन्छ। जहाँ सुरुमा सन्देह छ र अन्त्यमा निश्चय हुन्छ त्यो निश्चयान्त मानिन्छ। के यो कमल हो अथवा कुनै तरुणीको मुख हो भन्ने विषयमा एकछिन विचार गरेपछि उसका लीलाबाट तरुणीकै मुख रहेछ भन्ने पत्ता लाग्यो। यसमा सुरुमा सन्देह र अन्त्यमा निश्चय भएको हुँदा निश्चयान्त सन्देहालङ्कार परेको छ। (सा.द. १० प.)

सन्दोहः (पुं.) [*संदुह्यते, सम्पूर्वकाद् दुह प्रपूरणे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.समुदाय/समूह/ थुप्रो/राशि २.[*सन्दोहनम्, भावे ३.३.१८ इति घञ्*] दुध दुहुने काम।

सन्द्रावः (पुं.) [*सन्द्रवणम्,समुपसर्गकाद्, द्रु गतौ इति धातोः, समि युद्धदुवः इति घञ्, वृद्धिः*] युद्धबाट भाग्नु (अमर.२.८.१११)।

सन्धा (स्त्री.) [*सम्पूर्वकाद् धाधातोः,अङ्, टाप्*] १.प्रतिज्ञा २.स्वीकार ३.मर्यादा। **सन्धा प्रतिज्ञा मर्यादा** (अमर.३.३.१०२) ४.स्थिति। **सन्धा स्थितिप्रतिज्ञयोः** (हैम.२.२५६) ५.निशाना।

सन्धानम् (नपुं.) [*सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् यद्वा ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.निशाना बनाउनु २.खोज्नु वा पत्ता लाउनु ३.रक्सी बनाउनु ४.स्याहामा लेनदेनको हिसाब ठिक गर्नु ५.दुई वस्तुको मेल गराउनु ६.कुनै उद्देश्यले कसैसँग भेट गर्नु, ७.कुनै वस्तुलाई सडाएर खमिरा बनाउनु/खमिरा ८.धनुमा काँड चढाउनु ९.सौराष्ट्रका काठियावागको एक नाम १०.औषधोपचारद्वारा छाला चाउरी पार्ने क्रिया ११.ढलान/ढाल्ने काम। **संधानं स्यादभिषवे तथा संघट्टनेऽपि च।** (विश्व.) १२.रचना गर्नु। **पदद्वयस्य सन्धानं कर्तुमप्रतिभाः खलाः। तथापि परकाव्येषु दुष्करेष्वप्यसंभ्रमाः॥** (सुभा.)

सन्धिः (पुं.) [*सन्धीयतेऽनेन, सम्पूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः ६.४.६४*] १.मिल्नु/मेल। **सन्धिः श्लेषे** (अमर.३.३.११) २.दुई टुक्रा वा वस्तु मिल्ने ठाउँ/जोड ३.दुई थरी मानिसको शर्त बमोजिम मेलमिलाप हुनु ४.राष्ट्र, राष्ट्रका बिचमा हुने मेल । कमजोर राष्ट्रले बलियो राष्ट्रसित आफू बलियो नभएसम्म सन्धि, सम्झौता गरेर भएपनि राष्ट्र जोगाउनु पर्छ। **बलवद्विगृहीतेन सन्धिं कुर्यात् शिवाय च** । (अग्निपु. अध्याय ४०) यो सोह्र प्रकारको हुन्छ। (विशेष जानका रीका लागि हे. अग्निपुराण ४० अध्याय) तिनमा सन्धिमा राखिने विषय मुख्य चारथरी हुन्छन्– १.परस्पर सम्मान र सहयोग २.मित्रता ३.व्यापारी तथा आवगमनको सम्बन्ध ४.उपहार तथा अनुदान। **सन्धास्यते न त्वं सन्ध्यास्यसे राजन्।** (म.भा.उ.पु.१२८/२३) ५.संस्कृत व्याकरणअनुसार दुई अक्षरको मिलन। यो पाँच प्रकारको हुन्छ– अच्सन्धि, हल्सन्धि, विसर्गसन्धि, स्वादिसन्धि, विसर्गसन्धि र प्रकृतिभाव। अर्को दृष्टिबाट सन्धि दुई प्रकारको हुन्छ– नित्य र अनित्य। समास, धातु, उपसर्ग, सूत्रमा समास नित्य हुन्छ भने अन्यत्र इच्छाधीन हुन्छ। ६.वस्तुबिचको खाली ठाउँ ७.एक तिथिपछि अर्को तिथि लाग्ने घडी पला आदि ८.चोरीको विचारले भित्तामा पारिएको भ्वाङ/सेँध ९.एक अवस्थाको समाप्ति र अर्को अवस्थाको उठानको समय वा स्थिति १०.[*एकेन प्रयोजनेन अन्वितानां कथांशानाम्, अवान्तरैकप्रयोजनसम्बन्धः सन्धिः*] नाटकमा पाँच अर्थप्रकृति र पाँच कार्यावस्थाको सम्मिश्रण। नाटकमा बीज, बिन्दु, पताका, प्रकरी र कार्य पाँच अर्थप्रकृति हुन्छन्। आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम पाँच कार्यावस्था हुन्छन्। यिनीहरूको संयोग अर्थात् बीजको आरम्भसँग संयोग हुँदा मुखसन्धि, बिन्दुको यत्नसँग संयोग हुँदा प्रतिमुखसन्धि, पताकाको प्राप्त्याशासँग संयोग हुँदा गर्भसन्धि, प्रकरीको नियताप्तिसँग संयोग हुँदा विमर्शसन्धि, कार्यको फलागमसँग संयोग हुँदा उपसंहृतिसन्धिको प्रादुर्भाव हुन्छ।

अर्थप्रकृतयः पञ्च पञ्चवस्थासमन्विताः।
यथासङ्ख्येन जायन्ते मुखाद्याः पञ्चसन्धयः॥ (द.रू१.२२)

सन्धिका अङ्गलाई सन्ध्यङ्ग भनिन्छ। तिनीहरूको सङ्ख्या ६४ छ अर्थात् मुखसन्धिका १२ अङ्ग– उपक्षेप, परिकर, परिन्यास, विलोमन, युक्ति, प्राप्ति, समाधान, विधान, परिभावना, उद्भेद, कारण र भेद। प्रतिमुखसन्धिका १३ अङ्ग हुन्छन्– विलास, परिसर्प, विद्युत, तपन, नर्म, नर्मद्युति, प्रगमन, विरोध, पर्युपासन, पुष्प, वज्र, उपन्यास र वर्णसंहार। गर्भसन्धिका पनि १३ अङ्ग हुन्छन्– अभूताहरण, मार्ग, रूप, उदाहरण, क्रम, सङ्ग्रह, अनुमान, प्रार्थना, क्षिति, त्रोटक, अधिबल, उद्वेग र विद्रव। विमर्शसन्धिका १३ अङ्ग हुन्छन्– अपवाद, सम्फेट, व्यवसाय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रव, द्युति, शक्ति, प्रसङ्ग, खेद, प्रतिषेध, विरोधन, प्ररोचना, आदान र छादन। निर्वहणसन्धिका १४ अङ्ग छन्– सन्धि, विबोध, ग्रथन, निर्णय, परिभाषण, कृति, प्रसार, आनन्द, समय, उपगूहन, भाषण, पूर्ववाक्य, काव्यसंहार र प्रशस्ति। (हे. **साहित्यदर्पण षष्ठ परिच्छेद**) ११.दिन रात वा रातदिनको छुट्टिने र जुट्ने बेला/सन्ध्याकाल, यो सूर्यको आधा भाग मात्र अस्ताउँदा वा उदाउँदा हुने गर्छ १२.पूर्णिमा वा अमावास्या र प्रतिपदाको अन्तर। **स पर्वसन्धिः प्रतिपत्पञ्चदश्योर्यदन्तरम्** (अमर.१.४.७) १३.कफ भैँ रसिलो पदार्थ भरिएका हात गोडा आदि अङ्गका हाडका जोड्नी। यी दुई थरी हुन्छन्– चल र अचल। च्युँडो, कमर, गर्धन र हात गोडाका जोड्नी चल हुन् भने अरू अचल छन्। **सन्धयश्चाङ्गसन्धानादेहे प्रोक्ताः कफान्विताः** (शा.ध.सं.)। **~पत्रम्** (नपुं.) [*सन्धेः पत्रम्, ष.त.*] कुनै पनि काम–कुराको वा दुई भिन्न सरकारका बिचको सन्धिको कागजपत्र/सन्धिको कुरा लेखिएको कागजपत्र। **~भङ्गः** (पुं.) [*सन्धेर्भङ्गः, ष.त.*] १.आपसमा गरेको सन्धि खारेज हुनु/पहिले भएको सन्धिलाई मान्यता नदिनु २.सन्धि भएका शब्दहरूलाई छुट्ट्याउने काम। **~विच्छेदः** (पुं.) [*सन्धेर्विच्छेदः, ष.त.*] १.आपसमा गरेको सन्धि वा सम्झौता तोड्ने काम/मैत्री भङ्ग गर्ने काम २.सन्धि भएका अक्षर वा वर्णहरूलाई छुट्ट्याउने काम।

सन्धिकष्टता (स्त्री.) [*सन्धौ कष्टता, स.त.*] सन्धि गर्दा हुन जाने कष्टता दोष। **उर्व्यसावत्र तर्वाली मर्वन्ते चार्ववस्थितिः**। यसमा उर्वी असौ, तरु आली, मरु अन्ते, चारु अवस्थितिका बिच सन्धि हुँदा कष्टत्व दोष आइपरेको छ।

सन्धिनी (स्त्री.) [*संधानम्, डुधाञ् धारणपोषणयोः इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, संधाऽस्त्यस्याः, व्रीह्यादित्वात् ५.२.११६ इनिः, अवश्यं संधत्ते वा, आवश्यका ३.३.१७० इति णिनिः*] साँढे लागेकी गाई। **संधिनी वृषभाक्रान्ता** (मेदिनी.)।

सन्धिपञ्चकम् (नपुं.) [*सन्धीनां पञ्चकम्, ष.त.*] मुख, प्रतिमुख, गर्भ, विमर्श र उपसंहृति नामक पाँच सन्धिको समुदाय।

सन्धिभेत्ता (पुं.वि.) [*सन्धेः भेत्ता ष.त.*] आफैँले गरेको सम्झौता आफैँ तोड्ने। यस्ता व्यक्ति सिधै नरक जान्छन्। (म.भा.)

सन्धिविश्लेषः (पुं.) [*सन्धौ विश्लेषः, स.त.*] बारम्बार सन्धि नगर्दा हुन जाने दोष। **दलिते उत्पले एते अक्षिणी अमलाङ्गि ते**। यहाँ व्याकरणका दृष्टिले अशुद्ध नभएपनि बारम्बार सन्धिको विश्लेष भएकोले यस्तो प्रयोगबाट श्रोता वा पाठकको हृदयमा वैरस्य पैदा भई रसानुभूतिमा बाधा पर्ने भएको हुँदा दोष परेको छ।

सन्ध्यश्लीलत्वम् (नपुं.) [*सन्धौ अश्लीलत्वम्, स.त.*] सन्धि गर्दा पर्न जाने अश्लील दोष। **चलण्डामरचेष्टितः**। यहाँ चलन् र डामर पदका बिचमा सन्धि गर्दा लण्डा (दिशाको लिङ) भन्ने अश्लील अर्थ बोध भएकाले यो दोष परेको छ।

सन्ध्या (स्त्री.) [*सन्दधाति यस्यां वेलायां सा, अग्न्यादयश्च, इति यगन्तो निपातः, टाप् ४.१.४ यद्वा सम्यग् ध्यायन्ति परं ब्रह्म यस्या सा आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] १.रात र बिहान, बिहान र दिन वा दिन र रातका बिचको समय/साँझ/सायङ्काल २.दुई वस्तुको मेल/योग ३.दुई युग, कल्प वा मनुको बिचको समय/सन्धिकाल। **~कर्म** (नपुं.) साँझको समयमा प्रतिदिन द्विजातिले गर्नु पर्ने गायत्री जप कर्म। यसका अङ्गका रूपमा प्राणयाम, न्यास, ध्यान आदि पर्दछन्। सन्ध्याकर्मलाई सन्ध्या गर्ने पनि भनिन्छ। यो नित्य कर्म हो। नियमित सन्ध्या नगरे प्रत्यवाय लाग्छ। सबै कर्महरूमा यो कर्म प्रधान छ। **सन्ध्याकर्मका पाँच प्रकार–** बिहानको सन्ध्याकर्म, मध्य दिनको सन्ध्याकर्म, साँझको सन्ध्याकर्म, रातको सन्ध्याकर्म र गौणकाल सन्ध्याकर्म। आत्मज्ञानीले पनि त्रिकाल सन्ध्या गर्नै पर्छ। तर तीर्थयात्राको समयमा भने तीनै कालको सन्ध्या एकै समयमा गरे पनि हुन्छ। **तीर्थं गच्छँश्चरेत्सन्ध्यास्तिस्र एकत्र मानवः** (श्राद्धमञ्जरी)। विहानको सन्ध्याकर्मका प्रकार– **उत्तम–** आकाशमा तारा देखिँदै गरिने, **मध्यम–** आकाशमा तारा नदेखिए तापनि सूर्योदय अगाडि गरिने र **अधम–** सूर्योदय भएपछि गरिने।

उत्तमा तारकोपेता मध्यमा लुप्ततारका।
अधमा सूर्यसहिता प्रातःसन्ध्या त्रिधा मता॥ (मनुः)

मध्याह्न सन्ध्याकर्म मध्याह्न काल भएपछि गर्नु पर्छ अथवा मध्याह्न कालमा गरिने सन्ध्याकर्म प्रातःकालमा गरे पनि हुन्छ। **अध्यर्धयामादासायं सन्ध्या माध्याह्निकीष्यते**। (कातीय–नित्यकर्मपद्धति) **उषःकाले द्वयं कुर्यात्प्रातर्मध्याह्निकं सदा।** (मत्स्यपु.)। सायंसन्ध्याकर्मका पनि तीन प्रकारका छन्– **उत्तम**– सूर्य आधा अस्ताएको आधा रहेको बेलामा गरिने, **मध्यम**– सूर्यास्त हुने बित्तिकै गरिने र **अधम**–झलमल्ल जताततै तारा देखिएपछि गरिने। **उत्तमा सूर्यसहिता मध्यमा लुप्तभास्करा। अधमा तारकोपेता सायं सन्ध्या त्रिधा मता॥** (मनु.) रात्रीको सन्ध्याकर्म रातको पहिलो प्रहर बितेपछि तेस्रो प्रहरसम्म जप गर्नु पर्छ, रात्रिशेषमा अर्थात् चौथो प्रहरमा जप गर्नु हुँदैन।

गते तु प्रथमे यामे तृतीयप्रहरावधि।
तावज्जपं प्रकर्तव्यं रात्रिशेषे जपेन्नहि॥

गौणकालसन्ध्याकर्म– प्रातःकालमा सूर्योदयपछि र सायङ्कालमा सूर्यास्तपछिको चार घडी (एक घण्टा ३६ मिनेट) सम्मको समयमा गरिने सन्ध्याकर्मलाई गौणकाल सन्ध्याकर्म भनिएको छ।

चतस्रो घटिकाः सायं गौणकालोऽस्ति मध्यमः।
प्रातःकालेऽप्येवमेव सन्ध्याकालो मुनीरितः॥

आपत्कालदेखि बाहेक अन्य अवस्थामा प्रातः सन्ध्या तारा देखिँदैमा गर्नुपर्छ र साँझको सन्ध्या सूर्यास्त नहुँदैमा गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वां सन्ध्यां सनक्षत्रां पश्चिमां सदिवाकराम्।
उपासीत यथान्यायं नैनां जह्यादनापदि॥ (मा.पु. ३४/१८)

~कालः (पुं.) [*सन्ध्यायाः कालः, ष.त.*] साँझ सूर्य अस्त हुने बेला। तर सूर्य र नक्षत्र नदेखिने दिन रातको सन्धि हुने (रातको दिन लाग्ने र दिनको रात सुरु हुने) काल।

अहोरात्रस्य यः सन्धिः सूर्यनक्षत्रवर्जितः।
सा तु सन्ध्या समाख्याता मुनिभिस्तत्त्वदर्शिभिः॥ (दक्ष)

ब्रह्मा, विष्णु, शिव र अरू देवताहरू जुट्ने काललाई सन्ध्या भनिन्छ। **त्रयाणां चैव देवानां ब्रह्मादीनां समागमः। सन्धिः सर्वसुराणां च तेन सन्ध्या प्रकीर्तिता॥** (स्मृ.त.)। साँझमा आधा सूर्य अस्ताएर तारा देखिने बेलासम्म र बिहानमा आधा सूर्य उदाएको बेलालाई सन्ध्या भनिन्छ । बिहानको सूर्योदयभन्दा ४८ मिनेट अघिको काललाई सन्ध्या भनिन्छ। तर सूर्य किरण देखा परेमा त सन्ध्याकाल बितेको हुन्छ भन्ने मुनिहरूको वचन छ।

रात्र्यन्तकाले नाड्यौ द्वे सन्ध्यादिकाल उच्यते।
दर्शनाद्रविरेखायास्तदन्तो मुनिभिः स्मृतः॥

साँझमा सूर्यास्त भन्दा तीन घडी (७२ मिनेट) अगाडिको बेलालाई सन्ध्याकाल भनिन्छ। **सायं सन्ध्या त्रिघटिका अस्तादुपरि भास्वतः** (स्मृ.त.)।

सन्ध्योपासना (स्त्री.) [*सन्ध्यायामुपासना, स.त.*] सन्ध्याका समयमा गरिने उपासना/गुरुबाट प्राप्त भएका मन्त्रको प्रात, मध्याह्न, वेलुकीपख गरिने जप। हे. **सन्ध्याकर्म** ।

सन्नः (पुं.वि.) [*सद्धातोः क्तः*] १.शान्त २.अवसन्न । **सन्नं शान्तञ्च सूरिभिः** (हला.७६५)।

सन्नकद्रुः (पुं.) [*सन्नो लीनः कद्रुवर्णोऽस्य*] चिरौंजी।

सन्नतः (पुं.वि.) [*सम्यक् नतः, प्रादिस.*] १.पूरा नुगेको २.नम्र ।

सन्नद्धः (पुं.वि.) [*सम्पूर्वत् णह बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, यद्वा संनह्यति, अकर्मकत्वात् गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.तयार/कटिबद्ध २.कसेर बाँधेको ३.कवच लगाएर युद्धका लागि तयार भएको ४.युक्त/जोरिएको ५.मार्न लायक।

सन्नयः (पुं.) १.[*सञ्चासौनयश्च,कर्म.स.*]असल नीति २.[*सन्नयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इत्यच्*] सामर्थ्य ३.योग्यता ४.शक्ति ५.सेनाको पछि लाग्ने सेना ६.समूह। **सन्नयस्तु समवायानुसैन्ययोः। सामर्थ्ये योग्यताशक्त्योः** (हैम. ३.५४३)।

सन्ना (पुं.) वरियाँत/जन्ती (हला.)।

सन्नाय्यम् (नपुं.) [*सन्नीयते, णीञ् प्रापणे इति धातोः, पाय्यसान्नाय्य ३.१.१२९ इति साधुः*] होम गरिने वस्तु।

सन्नाहः (पुं.) [*संनह्यतेऽसौ, सम्पूर्वकाद् णह बन्धने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] १.कवच २.उद्योग।

सन्नाह्यः (पुं.) [*सनह्यतेऽसौ, सम्पूर्वकाद् णह बन्धने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] लडाइँका लागि उपयुक्त हात्ती। **सन्नाह्यः समरोचितः** (अमर.परि.२५)।

सन्निकटः (पुं.वि.) [*सत्—निपूर्वकात् कट धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ज्यादै नजिकको/अति समीपको।

सन्निकर्षः (पुं.) [*सन्निकर्षणम्, सम्—निपूर्वकात् कृष विलेखने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.सामीप्य/निकटता/सन्निकटता

सन्निकर्षोऽत्र मर्त्यानामनादरणकारणम्।
गाङ्गं हित्वा यथाऽन्याम्भस्तत्रत्यो याति शुद्धये॥ (सुभा.)

२.विषय र इन्द्रियको सम्बन्ध।

सन्निकर्षणम् (नपुं.) [*सन्निकृष्यते, सम्—निपूर्वकात् कृष विलेखने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, णत्वम्*]गणितमा मोटेमाटी ठिक/लगभग/प्रायः सामीप्य।

सन्निकृष्टः (पुं.वि.) [*सन्निकृष्यते स्म, सम्—निपूर्वकात् कृष विलेखने इति धातोः क्तः*] समीपमा रहेको। **समीपे निकटासन्नसन्निकृष्ट सनीडवत्** (अमर.३.१.६६)।

सन्निधानम् (नपुं.) [*सम्—निपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सन्निधि/नजिक हुनाको भाव/सामीप्य।

सन्निधिः (पुं.) [*संनिधानम्, सम्—निपूर्वकाद् डुधाञ् धारणपोषणयोः, इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः ६.४.६४*] १.अत्यन्त नजिक २.प्रत्यक्ष। **सन्निधिरन्तिके प्रत्यक्षे च** (हैम.)।

सन्निपातः (पुं.) [*सन्निपतनम्,वातपित्तश्लेष्मसमाहारः,सम्—निपूर्वकात् पत्लृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.साथ-साथ खस्नु २.ठक्कर ३.समूह/राशि ४.टाइफाइड ज्वरो विशेष/वात पित्त र कफको दोषबाट विकार पैदा भएर आउने ज्वरो।

सन्निबद्धः (पुं.वि.) [*सम्यक् निबद्धः, प्रादिस.*] १.बलियोसित बाँधिएको वा कसिएको २.राम्ररी मिलाइएको ३.सम्बन्ध कायम भएको।

सन्निभः (पुं.वि.) [*सम्,निपूर्वकात्, भाधातोः कः, आलोपः*] तुल्य ।

सन्निविष्टः (पुं.वि.) [*सम्यक् निविष्टः,प्रादिस.*] १.साथमा रहेको/नजिकमा बसेको २.मिलेको/एकत्रित ३.पसेको/प्रविष्ट।

सन्निवेशः (पुं.) [*सम्—निपूर्वकात् विश प्रवेशने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.भित्र पस्ने काम/प्रवेश २.यथा स्थानमा राख्नु/सन्निवेशन ३.[*सन्निविशन्तेऽत्र, विश प्रवेशने इति धातोः, हलश्च ३.३.१२१ इति घञ्*] पटाङ्गिनी (अभि.चि.) ४.वासयोग्य सुन्दर थलो। **सन्निवेशो निकर्षणः** (अमर.२.२.१९)।

सन्नियुक्तः (पुं.वि.) [*सम्—निपूर्वकात् युजिर् योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.खटाइएको २.नियुक्ति गरिएको।

सन्नियोगः (पुं.) [*सम्—निपूर्वकात् युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] नोकरीमा पक्का गर्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्निहितः (पुं.वि.) [*सम्—निपूर्वकाद् डुधाञ् धारणपोषणयोः इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति हिः*] १.नजिकमा रहेको/नजिकको/समीपस्थ २.गाभिएको/मिलेको।

सन्न्यस्तः (पुं.वि.) [*सन्न्यस्यते स्म, सम्—निपूर्वकात् असु क्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.छोडिएको/त्यागिएको २.विरक्त ३.सन्न्यास धर्म ग्रहण गरिएको।

सन्न्यासः (पुं.) [*सन्न्यसनम्, सम्—निपूर्वकात् असु क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.छोड्ने वा त्यागने काम/परित्याग/सांसारिक प्रपञ्चदेखि विरक्त भएर रहने एक धर्म/योगीको धर्म/हिन्दूहरूका चार आश्रममध्ये एक आश्रम/चतुर्थाश्रम २.राम्रोसित राख्ने काम। **~आश्रमः** (पुं.) ब्रह्मचर्य, गार्हस्थ र वानप्रस्थपछि मोक्षको इच्छाले ज्ञानी वा वैरागी पुरुषले वा मर्न लागेको विरामी र दुःखले आत्तिएका व्यक्तिले लिने चौथो आश्रम

प्रव्रजेद् ब्रह्मचर्याद् वा प्रव्रजेद्वा गृहादपि।
वनाद्वा प्रव्रजेद्विद्वानातुरो वाथ दुःखितः॥

याज्ञवल्क्य ऋषिको मतमा संन्यासाश्रम ब्राह्मणले मात्र लिन सक्छ– अरू तीन (क्षत्रिय, वैश्य र शूद्र) वर्णले लिन सक्तैनन्.

चत्वारो ब्राह्मणस्योक्ता आश्रमाः श्रुतिचोदिताः।
क्षत्रियस्य त्रयः प्रोक्ता द्वावेको वैश्यशूद्रयोः॥ (या.व.)

मर्ने अवस्थाको बिरामीले लिने संन्यासधर्मलाई आतुरसंन्यास भनिन्छ। **~ग्रहणम्** (नपुं.) सन्न्यास धर्म लिनु/संन्यासी बन्नु। **~धर्मः** (पुं.) ब्रह्मचारी, गृहस्थी वा वानप्रस्थीमा जब पूर्ण वैराग्य प्राप्त हुन्छ, तब मन, वचन वा शरीरद्वारा हुने सम्पूर्ण क्रियामा कर्तापनको अभिमान र धनमाल परिवार आदि सांसारिक कुराको ममता त्याग्ने वृत्ति वा धर्म आउँछ त्यसलाई संन्यासधर्म भनिन्छ। श्रीमद्भगवद्गीतामा काम्यकर्म छाड्नुलाई संन्यास भनिएको छ– **काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः।**

सन्न्यासी (पुं.वि.) [*सन्न्यासोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.सन्न्यास धर्म लिएको २ (पुं.) [*सन्यस्यतीति, तच्छीलः, सम्—निपूर्वकात्, असु क्षेपणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] जोगी/संन्यासी/सांसारिक प्रपञ्चदेखि विरक्त भएको व्यक्ति।

सन्मानः (पुं.) [*सन् चासौ मानश्च, कर्म.स.*] सम्मान/आदर/सत्कार।

सन्मार्गः (पुं.) [*सञ्चासौ मार्गश्च, कर्म.स.*] १.असल बाटो/सुमार्ग २.उचित सल्लाह।

सपक्षः (पुं.वि.) १.[*समानः पक्षो यस्य सः, समानस्य छन्दस्यमूर्धप्रभृत्युदर्केषु इत्यत्र योगविभागाद् समानस्य लोकेऽपि सादेशः*] समान पक्ष भएको २.[*पक्षेण सहितः*] पक्ष रहेको।

सपत्नः (पुं.) [*सह पतति एकार्थे, सहपूर्वकात् पत्लृ पतने इति धातोः, नः, सहस्य सः*] शत्रु। **रिपौ वैरिसपत्नारिद्विषद्द्वेषणदुर्हृदः** (अमर.२.८.१०)।

सपत्नी (स्त्री.) [*समानः पतिर्यस्याः, ङीप् न च*] सौता/अर्की स्वास्नी।

सपत्नीकः (पुं.) [*पत्न्याः सहितः, बहु.स.*] पत्नीसहित/स्त्रीसमेत।

सपत्राकरणम् (नपुं.) [*सपत्रशब्दात् कृञो योगे सपत्रनिष्पत्रादतिव्यथने ५.४.६१ इति डाच्*] शत्रुलाई अत्यन्त पीडा दिने काम। **सपत्राकरणं प्रोक्तं यत्परस्यातिपीडनम्** (हला.७६५)।

सपदि (अव्य.) [*सम्पद्यते, सम्पूर्वकात् पद गतौ इति धातोः, सर्वधातुभ्य इन् (उ)४.११९) इति इन्, पृषोदरादित्वात् ६.३.१०९ समोऽन्त्यलोपः*] १.चाँडै/शीघ्र। **द्राङ् मङ्क्षु सपदि द्रुते।** (अमर. ३.४.२) २.तत्काल/तुरुन्तै। **सद्यः सपदि तत्क्षणे** (अमर.३.४.९)।

सपर्या (स्त्री.) [*अतिथीनामदृष्टपूर्वाणां गृहमागतानाम्, सपर्यणम्, सपर पूजायाम्, कण्ड्वादिभ्यो यक् ३.१.२७ इति इति यक्, अ प्रत्ययात् ३.३.१०३ इत्यप्रत्ययः, टप्, सपर्या पूजा*] १.पञ्च महायज्ञमध्ये एक/अतिथिको सेवा (अमर.२.७.१४) २.पूजा। **पूजा नमस्याऽपचितिः सपर्याचार्हणा वलिः** (अमर.२.७.२४)

सपिण्डः (पुं.) [*समानः पिण्डो देहो मूलपुरुषो निर्वाप्यो वाऽस्य, वान्यस्मिन्सपिण्डे ४.१.१६५ इत्यादिनिर्देशात् समानस्य सः, यद्वा—सह पिण्डेन वर्तते*] १.मातापिताको शुक्र र वीर्यबाट रगत, मासु, हाड, नसा आदि शरीरका अवयव बन्न गएको पिण्ड (शरीर) सँग सम्बन्ध रहेको २.मूल पुरुषदेखि सातौँ पुस्तासम्मका सन्तान। **कूटस्थमारभ्य सप्तमपुरुषपर्यन्ताः सपिण्डाः** (ध.सि.) **सपिण्डाः सप्तमपुरुषावधयः** (आशौचनिर्णय, वाचस्पति)। लेपभागी तीन पुस्ता, पिण्डभागी तीन पुस्ता र आफू समेत सात पुस्तालाई सपिण्ड नै भनिन्छ। **लेपभागी**– बूढा जिजुबाजे, बूढा जिजुबाजेका पिता, बूढा जिजुबाजेको पितामह। **पिण्डभागी**– बुबा, हजुरबुबा, जिजुबुबा। **पिण्ड दिने**– स्वयं आफू समेत सात। **लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिनः। पिण्डदः सप्तमस्तेषां सापिण्ड्यं साप्तपौरुषम्॥** (नि.सिं.) ३.विवाह नगरिएकी छोरीको पिता, पितामह र प्रपितामह समेत तीन पुस्तासम्म सपिण्ड रहन्छ। तर विवाह गरिएकी छोरीको पतितर्फ नै सपिण्ड सर्ने हुँदा माइतीतिर सपिण्डता रहदैन। **अप्रत्तानां तथा स्त्रीणां सापिण्ड्यं साप्तपौरुषम्। प्रत्तानां भर्तृसापिण्ड्यं प्राह देवः पितामहः॥** (स्मृ.त. ३९७)

सपिण्डता (स्त्री.) [*सपिण्डस्य भावः, तस्य भावस्त्वतलौ इति तल्,टप् त्वप्रत्यये सपिण्डत्वम्*] सापिण्ड्य। एकै गोत्रका मानिसमा सात पुस्तासम्म सापिण्ड्य रहन्छ। **सपिण्डता तु पुरुषे सप्तमे विनिवर्तते** (मनु.५.६०)।

सपिण्डीकरणम् (नपुं.) [*असपिण्डं सपिण्डं यथा सम्पद्यते तथाकरणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ इति ईत्वम्*] मरेकाको बाह्रौँ दिनमा मृतकलाई पितृहरूका साथ पिण्डद्वारा मेल गराउन पिण्ड पिण्ड जुट्याइने श्राद्ध। यसमा मृतकलाई दिइएको पिण्डलाई सुनको तारले काटेर तीन टुक्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारी मृतकदेखि माथिका तीन पुस्तालाई दिइएको पिण्डमा मिलाइन्छ। **मृतस्य द्वादशाहादिकाले पिण्डार्थं संयोजनादिरूपं सपिण्डीकरणम्** (ध.सिं.)।

सपीतिः (स्त्री.) [*पानम्, पा पाने इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, घुमास्था ५.४.६६ इतीत्वम्, समाना पीतिः, समानस्य छन्दसि ६.३.८४ इति सभावः, सहपीतिर्वा, सहस्य सः, संज्ञायाम् ६.३.७८ इति सः*] धेरै जना बसेर सँगै पिउने काम। **सपीतिस्तु तुल्यपानम्** (अमर.२.९५५)।

सप्त (त्रि.) [*सपति समवैतीति, षप समवाये इति धातोः, सप्यशूभ्यां तुट् च (उ.१६३) इति कनिन्, तुट् च*] छ र एकको योग भएको सङ्ख्या/सात।

सम्पत् सरस्वती सत्यं सन्तानं सदनुग्रहः।
सत्ता सुकृतसम्भारः सकाराः सप्तदुर्लभाः॥ (सुभा.)

~कुलपर्वताः (पुं.बहु.) [*सप्त च ते कुलपर्वताः, कर्म.स.*] पवित्र मानिएका सात पर्वतहरू जस्तै— महेन्द्र, मलय, सह्य, शुक्तिमान्, ऋक्ष, विन्ध्य र पारियात्र। **~कौशिकी** (स्त्री.) [*सप्तानां कौशिकीनां समाहारः, द्विगु.स.*] नेपालका पूर्वी क्षेत्रमा बग्ने प्रसिद्ध सात नदीहरूको समुदाय। हे. कौशिकी। **~क्षेत्राणि** (नपुं.बहु.) भारतमा पर्ने सात पुण्यक्षेत्र वा तीर्थहरू— कुरुक्षेत्र (पन्जाबमा), रेणुकाक्षेत्र (मथुरा नजिकै), भृगुक्षेत्र (मरुचमा), पुरुषोत्तमक्षेत्र (जगन्नाथ पुरीमा) र सूकरक्षेत्र (मथुरामा)। **~गङ्गा** (स्त्री.) सात (गङ्गा) नदी— भागीरथी, वृद्धगङ्गा, कालिन्दी, सरस्वती, कावेरी, नर्मदा र वेणी। **~गण्डकी** (स्त्री.) [*सप्तानां गण्डकीनां समाहारः, द्विगु.स., ङीप्*] मध्यपश्चिम नेपालमा बग्ने सात नदीहरूको समुदाय। **~गोत्राणि—** (नपुं.बहु.) सात जना मुख्य नातेदारहरू— पिता, माता, पत्नी, दिदी/बहिनी, छोरी, फुपू, सानी आमा, ठुली आमा।

पिता माता च भार्या च भगिनी दुहिता तथा।
पितृमातृस्वसा चैव सप्त गोत्राणि वै विदुः॥ (नि.सिं.)

~द्वीपाः (पुं.बहु.) पुराणअनुसार पृथ्वीका सात द्वीपहरू— जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक र पुष्कर। **~धातवः** (पुं.बहु.) १.खानिबाट निस्कने सातथरी धातुहरू— सुन, चाँदी, तामो, पित्तल, फलाम, राङ् र सिसा २.शरीरमा हुने सातथरी धातुहरू— रगत, पित्त, मासु, बोसो, मज्जा, वीर्य र हाड **~धान्यानि** (न.बहु) सातथरी अन्नहरू— १.जौ, गहुँ, धान, तिल, कागुनु , सामा र चना, २.धान, जौ, गहुँ, मुङ, मास, प्रियङ्गु (दयाँलो) र चना यी सात थरी धान्यहरू।

व्रीहयो, यवगोधूमा मुद्गा माषाः प्रियङ्गवः।
चणकाः सप्तमा ज्ञेयाः सप्तधान्यमुदाहृतम्॥
(ग.पु. ८.४८)

~नद्यः (स्त्री.बहु.) [*सप्तसङ्ख्यका नद्यः,म.प.स.*] हिन्दूहरूका पवित्र मानिएका सात नदीहरू— गङ्गा, यमुना, गोदावरी, सरस्वती, नर्मदा, सिन्धु र कावेरी। **~पदार्थाः** (पुं.बहु.) द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव यी सात कुराहरू। **~पदी** (स्त्री.) [*सप्त पदानि यस्यां सा, बहु.स.*] १.विवाहमा वरवधूले गर्ने सप्त कुलपर्वतको पूजा/दुलाहा, दुलहीले बिहेमा प्रतिज्ञा गर्ने एक रीति २.सातवटा चरण हुने। **~पर्णः** (पुं.) [*सप्त पर्णानि यस्य सः,बहु.स.*] छतिवन/ओखती लाग्ने, दुध निस्कने एक जातको वनस्पति। **~पातालाः** (पुं.) अतल, वितल, सुतल, रसातल, तलातल, महातल, पाताल यी सात मर्त्यलोक मुनिका लोकहरू। **~पुण्यनद्यः** (स्त्री.बहु.) सातवटा पुण्य दिने नदीहरू— गङ्गा, यमुना, गोदावरी, सरस्वती, कावेरी, नर्मदा र सिन्धु। **~पुर्यः** (स्त्री.बहु.) मोक्ष दिने भनिएका सात पवित्र नगर वा तीर्थहरू— अयोध्या, मथुरा, काञ्ची, हरिद्वार, काशी, उज्जयिनी र द्वारका। **~प्रकृतयः** (स्त्री.बहु.) राज्यका सात अङ्गहरू— राजा, मन्त्री, सामन्ती, राष्ट्र, कोष, गढ र सेना। **~भुवनम्** (नपुं.) [*सप्तानां भुवनानां समाहारः*] सात ऊर्ध्वलोकहरूको समूह। **~मातृकाः** (स्त्री.बहु.) १.जलमातृका देवी २.जीवमातृका देवी ३.ब्राह्मी आदि सप्तमातृकादेवी— ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी र चामुण्डा। **~मृत्तिकाः** (स्त्री.बहु.) पूजाको काममा आउने सात ठाउँको माटो— हात्तीसार, तबेला, रथखाना, देवल (कमिला वा धमिराको माटोको थुप्रो), दोभान (दुई नदी मिसिएको ठाउँ), रह (पानी भएको ठूलो र गहिरो ठाउँ) र गोठ। **~व्याहृतयः** (स्त्री.बहु.) भूः, भुवः, स्वः, महः, जनः, तपः, सत्यम्, यी सात व्याहृतिहरू। **~सरस्वत्यः** (स्त्री.बहु.) सात सरस्वती नदीहरू— सुप्रभा (पुष्करमा), काञ्चनाक्षी (नैमिषारण्यमा), विशाला (गयाजीमा), मनोरमा (उत्तर कोसलमा),ओघवती (कुरुक्षेत्रमा), सुरेणु (हरिद्वारमा) र विमलोदका (हिमालयमा)। **~सागरदानम्** (नपुं.) एक दान विशेष। यसमा सात भाँडोमा सात थरी वस्तु राखेर दान गरिन्छ— नून, दूध, घिउ, गुड, दही, चिनी र तीर्थको जल। (हेमाद्रि दानखण्ड)। **~स्वराः** (पुं.बहु.) सङ्गीतमा बताइएका 'सा–रे–ग–म–प–ध–नि' सात स्वरहरू। यी स्वरहरूका मूल सात शब्दहरू—षड्जबाट— सा, ऋषभबाट— रे, गान्धारबाट— ग, मध्यमबाट— म, पञ्चमबाट— प, धैवतबाट— ध, निषादबाट— नि यी हुन्। (हे. **स्वर**)।

निषादर्षभगान्धारषड्जमध्यमधैवताः।
पञ्चमश्चेत्यमी सप्त तन्त्रीकण्ठोत्थिताः स्वराः॥
गजाश्वरथवल्मीकसङ्गमाध्रदगोकुलात्।
मृदमानीय कुम्भेषु प्रक्षिपेच्चत्वरात्तथा॥

~रथी (पुं.) [*सप्त रथा यस्य सः*] महाभारतको महारथी। **~सिन्धवः** (पुं.) [*सप्तसङ्ख्यकाः सिन्धवः, म.प.स.*] पन्जाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रमा बग्ने प्रसिद्ध सात नदीहरू जस्तै– झेलम, व्यास, रावी, चिनाव, सतलज, दृषद्वती र सरस्वती।

सप्तकम् (नपुं.) [*सप्त परिमाणमस्य*] १.एकै किसिमका सात वस्तुहरूको समुदाय २.सङ्गीतमा सात स्वरको समुदाय। जस्तै– षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद।

सप्तकी (स्त्री.) [*सप्तभिः, स्वरैरिव कायति, कै शब्दे इति धातोः, आत्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा षम समवाये इति धातोः, बाहुलकात्तन् स्वार्थे कन् ज्ञापि.५.४.५*] स्त्रीजातिको कटिमा लगाउने कन्दनीविशेष। **स्त्रीकट्यां मेखला काञ्ची सप्तकी रशना तथा** (२.६.१०८)।

सप्तक्षेत्राणि (नपुं.बहु.) [*सप्तसङ्ख्यकानि क्षेत्राणि, म.प.स.*] सातक्षेत्रहरू–कुरुक्षेत्र, हरिहरक्षेत्र, प्रभासक्षेत्र, रेणुकाक्षेत्र, भृगुक्षेत्र, पुरुषोत्तमक्षेत्र, सूकरक्षेत्र।

सप्तगङ्गाः (स्त्री.बहु.) [*सप्तसङ्ख्यकाः गङ्गाः, म.प.स.*] सात गङ्गा– भागीरथी, वृद्धगङ्गा, कालिन्दी, सरस्वती, कावेरी, नर्वदा, वेणी।

सप्तचत्वारिंशत् (स्त्री.) [*सप्त च चत्वारिंशच्च, स.द्व., यद्वा सप्ताधिका चत्वारिंशत्, त.स.*] सच्चालिस।

सप्ततन्तुः (पुं.) [*सप्तभिर्भूरादिभिर्महाव्याहतिभिः अग्निजिह्वाभिर्वा तन्यते, यद्वा– तानि सप्त तन्यन्तेऽत्र सितनिगमि– (उ.) इति तुन्, यद्वा सप्त तन्तवः, संस्था यस्य सः, बहु.स.*] यज्ञ। **यज्ञः सवोऽध्वरो यागः सप्ततन्तुर्मखः क्रतुः** (अमर.२.७.१३)।

सप्तत्रिंशः (पुं.वि.) [*सप्तत्रिंशतः पूरणः, तस्य पूरणे डट् इति डट्*] सैतिसौं।

सप्तत्रिंशत् (स्त्री.) [*सप्त च त्रिंशच्च, स.द्व., यद्वा सप्ताधिका त्रिंशत्, त.स.*] सैंतिस।

सप्तदश (नपुं.) [*सप्त च दश च, स.द्व., यद्वा सप्ताधिका दश, त.स.*] सत्र।

सप्तनवतिः (स्त्री.) [*सप्त च नवतिश्च, स.द्व., यद्वा सप्ताधिका नवतिः, त.स.*] सन्तानब्बे।

सप्तपञ्चाशत् (स्त्री.) [*सप्त च पञ्चाशच्च, स.द्व., यद्वा सप्ताधिका पञ्चाशत्, त.स.*] सन्ताउन्न।

सप्तपर्णः (पुं.) [*काण्डे काण्डे सप्त पर्णानि यस्य सः, बहु.स.*] छतिवन।

सप्तमः (पुं.वि.) [*सप्तानां पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् तस्य मुट्*] सातौं।

सप्तमी (स्त्री.) [*सप्तानां पूरणी, तस्य पूरणे डट् ५.२.४८ इति डट् तस्य मुट्, ङीप्च*] १.चान्द्रमासका दुवै पक्षको सातौं तिथि २.अधिकरण कारक जनाउने विभक्ति।



(सप्तर्षयः)

सप्तर्षयः (पुं.बहु.) [*सप्त च ते ऋषयः, दिक्सङ्ख्ये संज्ञायाम् २.१.५० इति समासः*] १.ध्रुवको वरिपरि घुम्ने (आकाशमा देखिने) सात ताराहरू, पूर्वतिर मुख फर्काएको गाढा जस्तो सातवटा ताराको समूह।

पूर्वाग्रं शकट्याकारमुदक्स्थमुडुसप्तकम्।
सुरर्षिमण्डलं प्रोक्तं व्यक्तं विश्वनमस्कृतम्॥ (सि.द.)

ग्रन्थअनुसार यिनका नाम फरक-फरक छन्। जैमिनीय ब्राह्मणअनुसार अगस्त्य, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वसिष्ठ, विश्वामित्र। बृहदारण्यक उपनिषद्अनुसार– गौतम, भारद्वाज, विश्वामित्र, जमदग्नि, वसिष्ठ, कश्यप, अत्रि। बृहत्संहिताअनुसार मरीचि, वसिष्ठ, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु। गोपथ ब्राह्मणअनुसार वसिष्ठ,विश्वामित्र, जमदग्नि, भारद्वाज, अगस्त्य, भृगु, कश्यप। महाभारतअनुसार मरीचि, अत्रि, वसिष्ठ, पुलह, पुलस्त्य, क्रतु, कश्यप। ज्योतिष शास्त्रको ग्रन्थ सिद्धान्तदर्पणअनुसार सबैभन्दा माथिको तारा मरीचि हो। यो पृथ्वीकाट १०१ प्रकाशवर्ष टाढा छ। माथिबाट तल आउने क्रममा दोस्रो स्थान वसिष्ठ (अरुन्धतीसमेत) को छ। यो तारा पृथ्वीबाट ७८ प्रकाशवर्ष टाढा छ। त्यही क्रममा आउने तेस्रो तारा अङ्गिरा हो। यो पृथ्वीबाट ८१ प्रकाशवर्ष टाढा छ। चौथो तारा अत्रि हो। यो पृथ्वीबाट ५८ प्रकाश वर्ष टाडा छ। पाचौं तारा पुलस्त्य हो। यो पृथ्वीबाट ८४ प्रकाशवर्ष टाढा छ। त्यस पछि पुलह छ। यसको दूरी पृथ्वीबाट ७९ प्रकाशवर्ष छ। त्यसभन्दा पछि क्रतु छ। यो पृथ्वीबाट ९० प्रकाशवर्ष टाडा छ। यिनमा सबैभन्दा चम्किलो तारा क्रतु नै हो। अन्तिम दुई ताराबाट तानिएको धर्कोमा ध्रुवतारा छ। ध्रुवलाई हेरेर रातमा दिशा पत्ता लाउन सकिन्छ।

तत्पूर्वोन्नतरेखाग्रे मरीचिः पश्चिमे ततः।
वसिष्ठोऽरुन्धतीयुक्तस्तत्पश्चादङ्गिराः स्थितः
तत्पश्चाच्चतुरश्रस्य शम्भुदिश्यत्रिरस्य च॥
पुलस्त्यो दक्षिणे तस्य पश्चिमे पुलहः स्थितः।
क्रतुस्तदुत्तरस्थानस्तत्रोक्तौ पुलहः क्रतुः।
ध्रुवसूत्रेण यल्लग्नौ तद्रक्षस्था महर्षयः॥ (सि.द.)

२.देवर्षिहरूको भावको अध्ययन र चिन्तन गर्नेलाई ऋषि भनिन्छ। त्यस्ता ऋषिहरूमा दीर्घायु, मन्त्रद्रष्टा, ऐश्वर्यशाली, दिव्यदृष्टि भएका, गुण विद्या र आयुमा सबैभन्दा माथिका, धर्मलाई प्रत्यक्ष देख्ने र गोत्र चलाउने यी सात गुणसम्पन्न ऋषिहरूलाई सप्तर्षि भनिन्छ। सृष्टिको क्रममा एक कल्पमा १४ मनु हुन्छन्। प्रत्येक मनुहरूका पालामा सप्तर्षिहरू पनि फरक फरक हुन्छन्।

एतान्भावानधीयाना ये चैते ऋषयो मताः।
सप्तैते सप्तभिश्चैव गुणैः सप्तर्षयः स्मृताः॥
दीर्घायुषो मन्त्रकृत ईश्वरा दिव्यचक्षुषः।
वृद्धाः प्रत्यक्षधर्माणो गोत्रप्रवर्तकाश्च ये॥ (वा.पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वायंभुवमनुको पालाका सप्तर्षिहरू– मरीचि, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु र वसिष्ठ।

स्वारोचिषमनुको पालाका सप्तर्षि– ऊर्ज, स्तम्भ, प्राण, दत्तौली, ऋषभ, निश्चर र अबंवीर।

उत्तममनुको पालाका सप्तर्षि– रज, मात्र, ऊर्ध्वबाहु, सबल अनघ, सुतपा र शुक्ल।

तामसमनुको पालाका सप्तर्षि– ज्योतिर्धामा, पृथु, काव्य, चैत्र, अग्नि, बलक र पीवर।

रैवतमनुको पालाका सप्तर्षि– हिरण्यलोमा, वेदप्री, ऊर्ध्वबाहु, वेदबाहु, सुधामा, पर्जन्य र वसिष्ठ।

चाक्षुषमनुकोपालाका सप्तर्षि– सुमेधा, वीरजा, हविष्मान्, उन्नत, मधु, अतिनामा र सहिष्णु।

वैवस्वतमनुको पालाका सप्तर्षि– कश्यप, अत्रि, वसिष्ठ, गौतम, भरद्वाज, विश्वामित्र र जमदग्नि।

सावर्णिमनुको पालाका सप्तर्षि– अश्वत्थामा, कृपाचार्य, राम, व्यास, कौशिक, गालव र रुर।

दक्षपुत्रसावर्णिमनुको पालाका सप्तर्षि– मेधातिथि, वसु, द्युतिमान्, सबल, हव्यवाहन, सत्य र ज्योतिष्मान्।

ब्रह्मपुत्रसावर्णिमनुका सप्तर्षि– अपोमूर्त्ति, हविष्मान्, सुकृति, सत्य, नाभाग, अप्रतिम र वाशिष्ठ।

धर्मपुत्रसावर्णिमनुको पालाका सप्तर्षि– हविष्मान्, वरिष्ठ, ऋष्टि, आरुणि, निश्चर, अनघ र विष्टि अग्नितेजा।

रुद्रसावर्णिमनुको पालाका सप्तर्षि– द्युति, तपस्वी, सुतपा, तपोमूर्ति, तपोनिधि, तपोरति र तपोधृति।

रौच्यमनुको पालाका सप्तर्षि– धृतिमान्, अव्यय, तत्त्वदर्शी, निरुत्सक, निमेहि, सुतपा र निष्प्रकम्प।

भौत्यमनुको पालाका सप्तर्षि– आग्नीध्र, अग्निबाहु, सूची, मुक्त, माधव, शुक्र र अजित। (मा.पु.)। हरिवंशमा यी सप्तर्षिहरू फरक फरक छन्। (हरिवंश ७.अ.)

सप्तबदर्यः (स्त्री.बहु.) [*सप्तसङ्ख्यका बदर्यः, म.प.स.*] सात बदरी– आदिबदरी, ध्यानबदरी, वृद्धिवदरी भविष्यबदरी, योगबदरी, नृसिंहबदरी, प्रधानबदरी।

सप्तला (स्त्री.) [*सप्त पर्णानि मनोबुद्धीन्द्रियाणि वा लाति, ला आदाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.सुकुन्दराज २.वासन्ती फूल ३.छालाको डोरी ४.हात्तीकाने। **अथ सप्तला, नवमालाचर्मकषागुञ्जासु पाटलौ स्त्रियाम्** (मेदिनी.)।

सप्तविंशः (पुं.) [*सप्तविंशत्याः पूरणः, तस्य पूरणे डट् ५.२.४८ इति डट् तिविंशतेर्डिति ६.४.१४२ इति तिलोपः*] सत्ताइसौं।

सप्तविंशतिः (स्त्री.) [*सप्त च विशतिश्च, द्व.स., यद्वा सप्ताधिका विंशतिः म.प.स.*] सत्ताइस।

सप्तशती (स्त्री.) [*सप्तानां शतानां समाहारः, द्विगु.स.*] सात सय श्लोकहरूको समुदाय/सात सय पद्यहरूको समूह/चण्डी।

सप्तषष्टिः (स्त्री.) [*सप्त च षष्टिश्च, स.द्व., यद्वा, सप्ताधिका षष्टिः, म.प.स.*] सतसाठी।

सप्तसप्ततिः (स्त्री.) [*सप्त च सप्ततिश्च, स.द्व., यद्वा सप्ताधिका सप्ततिः, म.प.स.*] सतहत्तर।

सप्तसरस्वत्यः (पु.बहु.) [*सप्तसङ्ख्यकाः सरस्वत्यः, म.प.स.*] सात सरस्वती– सुप्रभा, काञ्चनाक्षी, विशाला, मनोरमा, ओघवती, सुरेणु, विमलोदका।

सप्तार्चिः (पुं.) [*सप्तार्चींषि यस्य सः, बहु.स.*] १.अग्नि।

काली कराली च मनोजवा च
सुलोहिता चैव सुधूम्रवर्णी।
स्फुलिङ्गिनी विश्वदसाश्च सप्त। बह्नेर्जिह्वाः॥ (अग्निस्था.)

२.(पुं.वि.) क्रूर आँखा भएको। **सप्तार्चिः पावके पुंसि क्रूरचक्षुषि च त्रिषु।** (विश्व.)

सप्ताशीतिः (स्त्री.) [*सप्त च अशीतिश्च, स.द्व., यद्वा सप्ताधिका अशीतिः, म.प.स.*] सतासी।

सप्ताश्वः (पुं.) [*सप्त अश्वा यस्य सः, बहु.स.*] सूर्य।

सप्ताहम् (नपुं.) [*सप्तानामह्नां समाहारः, द्विगु.स.*] १.हप्ता/सात दिनको अवधि २.[*सप्त अहानि दिनानि यस्मिन् यज्ञे तत्, बहु.स.*] सात दिनमा सम्पन्न हुने यज्ञ, सप्ताह। **सप्ताहयज्ञेन कलौ पुनन्ति ते** (भाग.मा.)।

सप्तिः (स्त्री.) [*सपति सेनायां समवैति, षप समवाये इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] घोडा। **वाजिवाहार्वगन्धर्वहयसैन्धवसप्तयः** (अमर.२.८.४४)।

सफलः (पुं.वि.) [*सह फलेन, सहस्य सः*] गरेको प्रयत्न सफल भएको/फत्ते/कृतकार्य।

वचस्तत्रैव वक्तव्यं यत्रोक्तं सफलं भवेत्।
स्थायीभवति चात्यन्तं रङ्गः शुक्लपटे यथा॥ (सुभा.)

सफलता (स्त्री.) [*सफलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] गरेको प्रयत्न सफल हुनु/साफल्य।

सफलीकरणम् (नपुं.) [*असफलो सफलो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] सफल तुल्याउनु।

सफलीभवननम् (न.पुं.) [*असफलं सफलो यथा सम्पद्यते तथा भवनम्, च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] सफल हुनु।

सफलीभूतः (पुं.वि.) [*असफलं सफलं यथा सम्पद्यते तथा भूतः, कृभ्वस्तियोगे संपद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] गरेको काम सफल भइसकेको/कार्य सिद्ध भइसकेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबलः (पुं.वि.) [*सह बलेन सैन्येन वा सहस्य सः*] १.बलियो २.सेनाले युक्त।

सब्रह्मचारिणः (पुं.ब.) [*ब्रह्म वेदस्तदध्ययनव्रतमप्युपचाराद् ब्रह्म, एकस्मिन् ब्रह्मणि व्रताचरणं यस्य सः, समानं ब्रह्म चरति, व्रते ३.२.८० इति णिनिः, चरणे ब्रह्मचारिणि ६.३.८६ इति समानस्य सः*] समान वेद, आचार र व्रत भएका ब्रह्मचारी।

सभङ्गश्लेषः (पुं.) [*भङ्गेन सहितः, सभङ्गः, स चासौ श्लेषश्च, कर्म.स.*] पद तोडेर दुई वा सोभन्दा बढी अर्थ निकाल्दा पर्न जाने एक शब्दालङ्कार।

सभर्तृका (स्त्री.) [*सह भर्त्राऽस्ति, नद्यृतश्च ५.४.१५३ इति कप्, टाप्*] पति जीवित भएकी स्त्री/सधवा।

सभा (स्त्री.) [*सह भान्त्यस्याम्, भा दीप्तौ इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०६ इत्यङ्; समाना भान्त्यस्याम् इति वा, समानस्य ६.३.८४ इति योगविभागात् सभ २.४.२३ इति निर्देशाद्वा समानस्य सः*] १.भेला/भाषण, प्रवचन, विचार, छलफल आदि गर्नका लागि एकत्रित भएका मानिसहरूको समुदाय। **सभासमितिसंसदः** (अमर.२.७.१५) २.सभाघर। **वासः कुटी द्वयोः शाला सभा** (अमर.२.२.६) ३.जूवाघर। **सभा सामाजिके गोष्ठ्यां द्युतमन्दिरयोरपि**। (मेदिनी.) **~कक्षः** (पुं.) [*सभायाः कक्षः, ष.त.*] ठुलो आँगन/भित्री कोठा/ठुलो ढोकाको नजिकको कोठो। **~गृहम्** (नपुं.) [*सभायाःगृहम्, ष.त. सभायै वा गृहम्, च.त.*] सभा हुने ठाउँ वा घर/सभाभवन/ सभामण्डप। **~त्यागः** (पुं.) [*सभायास्त्यागः, ष.त.*] अध्यक्षले गरेको कुनै कारवाही वा कुनै किसिमको प्रस्तावलाई विरोध देखाउँदा र सभाको कुनै स्थितिलाई लिएर भएको विरोधमा एक या अधिक सदस्यहरूले सभा त्याग गरेर बाहिर जाने काम। **~पतिः** (पुं.) [*सभायाः पतिः, ष.त.*] कुनै सभा, संस्था वा समिति आदिको मुख्य अधिकारी/अध्यक्ष। **~भङ्गः** (पुं.) [*सभाया भङ्गः, ष.त.*] सभा तोडिनु/सभाको अन्त हुनु। **~मुखः** (पुं.) [*सभायाम् मुखमिव*] संसद् सदनका सभापति। **~सचिवः** (पुं.) [*सभायाः सचिवः, ष.त.*] विधानसभा वा लोकसभाका सचिव।

सभाग्रणीः (पुं.) [*सभाया अग्रणीः, ष.त.*] सभानेता/सभाको सञ्चालन गर्नका लागि रोजिएको विशिष्ट व्यक्ति/सभापति।

सभाजनम् (नपुं.) [*सभाज प्रीतिदर्शनयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.स्वागत गर्नु/सम्मान गर्नु/अतिथिलाई कुशल प्रश्न गर्नु २.मित्रता ३.(त्रि.) [*सभाजयति,ल्युः,अनः*] प्रीतिदायक। **प्रभूतनागाश्वरथं सभाजनं समृद्धियुक्तं बहुपानभोजनम्। मनोहरं काञ्चनचित्रभूषणं गृहं महत् शोभयतामियं मम॥** (म.भा.४.१३.१०)

सभासदः (पुं.बहु.) [*सभायां सीदन्ति, सत्सूद्विष ३.२.६१ इति क्विप्*] सभामा बस्ने मानिसहरू/सभाका सदस्य। **सभासदः सभास्ताराः सभ्याः सामाजिकाश्च ते** (अमर.२.७.१६)।

सभास्ताराः (पुं.बहु.) [*सभां स्तृणन्ति, स्तृञ् आच्छादने इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] सभामा बस्ने मानिसहरू।

सभिकः (पुं.) [*सभा द्यूतम्, आश्रयत्वेनास्यास्ति, व्रीह्यादिभ्यश्च ५.२.११६ इति ठन्, ठस्येकः, सभीकमित्यपि पाठः*] जुवा खेलाउने व्यक्ति। **सभिका द्यूतकारकाः** (अमर.२.१०.४४)।

सभ्यः (पुं.वि.) [*सभायां साधुः सभाया यः ४.४.१०५ इति यः, आलोपः*] १.सभाका सदस्य। हे. **सभासदः।** २.शिष्ट/भलादमी/सज्जन। **महाकुलकुलीनार्यसभ्यसज्जनसाधवः** (अमर.२.७.६)।

सभ्यता (स्त्री.) [*सभ्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.शिष्टता/भद्रता/सौजन्य २.कुनै समयको कलाकौशल, रीतिरिवाज, भाषा, संस्कृति, आचार, विचार आदि। जस्तै— सिन्धुघाँटीको सभ्यता, लिच्छविकालिक सभ्यता, मल्लकालको सभ्यता आदि।

सम् (अव्य.) शब्दको अगिल्तिर लागेको सामीप्य, समानता, शोभा, सित, समेत, बुझाउने उपसर्ग, जस्तै— सम्मान, संविधान।

समः (पुं.वि.) [*समति, षम वैक्लव्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.समान/सदृश।

विद्याभ्यासो विवाहश्च समयोरेव शोभते।
विवादश्च विचारश्च समयोरेव शोभते॥ (सुभा.)

आदिदेखि अन्त्यसम्म एकनास भएको २.सम्म परेको/समथर ३.सम्पूर्ण। **अथ समं सर्वम्**। (अमर.३.१.६४) ४.सङ्गीतमा ताल र लयको अडान हुने ठाउँ। ५.अलङ्कारविशेष **~कक्षः** (पुं.वि.) [*समा कक्षा यस्य सः, बहु.स.*] समान दर्जाको/बराबरीको /समान श्रेणीको। **~कालः** (पुं.) [*समश्चासौ कालश्च,कर्म.स.*] समान समय/एकै समय। **~कालिकः** (पुं.वि.) [*समकालोऽस्यास्तीति, अत इनिठनौ इति ठन्,ठस्येकः*] एकै समयको/उही बखतको/ समसामयिक। **~केन्द्रः** (पुं.वि.) [*समः केन्द्रो यस्य सः, बहु.स.*] १.एउटै केन्द्र भएको २.बराबर केन्द्र भएको। **~कोणः** (पुं.वि.) [*समश्चासौ कोणश्च, कर्म.स.*] १.रेखागणितमा नब्बे अंश भएको कोण २.[*समः कोणो यस्य सः, बहु.स.*] समान कोण भएको त्रिभुज। **~चर्तुभुजः** (पुं.वि.) [*समाः चत्वारो भुजा यस्य सः, बहु.स.*] रेखागणितमा चारै भुजा समान भएको क्षेत्र। **~जातीयः** (पुं.वि.) [*समा जातिर्यस्य सः, बहु.स.*] १.समान जाति वा प्रकारको/एकै प्रकारको २.एकै विचारधारा भएको। **~चरः** (पुं.वि.) [*समे चरतीति, चरेष्टः ३.२.१६ इति टः*] सबैसित समान व्यवहार गर्ने। **~तलम्** (नपुं.) [*समं तलं यस्य तत्, बहु.स.*] सतह सम्म भएको/सम्म परेको/एकनासको सतह भएको/ समथर। **~तुल्यः** (पुं.वि.) [*समेन तुल्यः, तृ.त.*] समान/बराबरीको। **~दर्शी** (पुं.वि.) [*समस्मिन् सर्वत्र ब्रह्मभावेनाऽभिन्नतया पश्यति दृश्+णिनिः*]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैलाई समान दृष्टि वा विचारले हेर्ने/ सबैलाई समान सम्झने/पक्षपात नगर्ने। **~दृष्टिः** (स्त्री.) [*समा चासौ दृष्टिश्च कर्म.स.*] १.समान खालको हेराइ २.(पु.वि.) [*समा दृष्टिर्यस्य सः, बहु.स.*] समान दृष्टि राख्ने। **~मूल्यम्** (नपुं.) [*समञ्च तद् मूल्यञ्च, कर्म.स.*] १.बराबरी मोल/उत्ति मोल २.(पुं.) [*समं मूल्यं यस्य सः, बहु.स.*] बराबर मोल भएको/उत्ति मोल पर्ने।

समकः (पुं.वि.) [*सम एव, स्वार्थे कन्*] बराबर/तुल्य।

प्रयत्ने समके केचिदेव स्युः फलभागिनः।
क्षीरोदमन्थनाद् देवैरमृतं प्रापि नासुरैः॥ (सुभा.)

समक्षम् (अव्य.) [*अक्ष्णोर्योग्यम्, अव्य.स., प्रतिपरसमनुभ्योऽक्ष्णः (ग.) इति टच्,*] अगाडि/सम्मुख।

समग्रः (पुं.वि.) [*समं सकलं यथा स्यातथा गृह्यते, ग्रह उपादाने इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१०१ इति डः, संगतमग्रमस्य वा*] सबै/समस्त/पूरा/पूर्ण। **समग्रं सकलं पूर्णम्** (अमर.३.१.६५)।

समङ्गा (स्त्री.) [*समन्ततोऽङ्गति, अगि गतौ इति धातोः, नन्दिग्रहि-पचादिभ्यो ल्युणिन्यचः३.१.१३४ इत्यच्, टाप्*] मजिठो/लज्जावती।

समजः (पुं.) [*संवीयतेऽत्र, इति सम्पूर्वकात् अज गतिक्षेपणयोः इति धातोः, समुदोरजः पशुषु ३.३.६९ इति अप् प्रत्ययः*] १.पशुको समूह/पशुको वृन्द/पशुको बथान २.(नपुं.) वन। **समजः पशुवृन्दे ना विपिने तु नपुंसकम्** (मेदिनी.)।

समञ्जसः (पुं.वि.) [*सम्यगञ्जोऽत्र, अच् प्रत्यन्वव ५.४.७५ इत्यत्र 'अच्' इति योगविभागादच्, यद्वा— संमतमञ्जसा तत्त्वमत्र, ह्रस्वो नपुंसके १.२.४७ इति ह्रस्वः*] १.उपयुक्त/ठिक/समीचीन/उचित न्यायसङ्गत २.अनुभवी/अभ्यस्त (अमर.२.८.२३)।

सभा वा न प्रवेष्टव्या वक्तव्यं वा समञ्जसम्।
अब्रुवन् विब्रुवन् वापि नरो भवति किल्विषी॥ (सुभा.)

समज्ञा (स्त्री.) [*समैः सर्वैर्ज्ञायते, ज्ञा अवबोधने इति धातोः, घञर्थे कः (वा.) ३.३.५८ इति कः, टाप्*] कीर्ति। **यशः कीर्तिः समज्ञा च** (अमर.१.६.११)।

समज्या (स्त्री.) [*समजन्त्यस्याम्, अज गतौ इति धातोः, संज्ञायां समज ३.३.९९ इति क्यप्, क्यपि च (वा.) २.४.५६ इति वीभावो न*] सभा। **समज्या परिषद् गोष्ठी सभासमितिसंसदः** (अमर.२.७.१५)।

समता (स्त्री.) [*समस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] समानता/बराबरी/सम हुनाको भाव/समत्व।

समधिकः (पुं.) [*सम्यगधिकः*] बढी/अर्थेलो/फाल्तु (अमर.३.१.७५)।

समनुज्ञा (स्त्री.) [*समनुज्ञानम्, सम्—अनुपूर्वकात् ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.१.१३६ इति कः, टाप् ४.१.४*] अनुमति।

समन्ततः (अव्य.) [*समन्तात्, आद्यादिभ्य (वा. ५.४.४४ तसिः*] चारैतर्फ। **समन्ततस्तु परितःसर्वतो विश्गित्यपि** (अमर.३.४.१३)।

समन्तदुग्धा (स्त्री.) [*समन्ताद् दुग्धं यस्याः सा, बहु.स.*] सिउँडी।

समन्तभद्रः (पुं.) [*समन्तं भद्रं यस्य सः, बहु.स.*] बुद्ध।

समन्तात् (अव्य.) चारैतिर/वरिपरि।

समन्वयः (पुं.) [*सम्—अनुपूर्वकात् इण् गतौ इति धातोः, एरच् ३.३.५६ इत्यच्*] कार्य वा कारणको सङ्गति/नियमित क्रम।

समन्वितः (पुं.वि.) [*समन्व्यते स्म, सम्—अनुपूर्वकात् इण् गतौ इति धातोः, क्तः*] १.समन्वय भएको/मिलेको २.टाँसिएको/गाभिएको ३.भरिएको।

समन्वितलयः (पुं.) [*सम्यगन्वितो लयो नृत्यगीतवाद्यानां साम्यं यत्र सः*] नृत्य, गीत, बाजाको समन्वित लय।

समन्वेषणम् (नपुं.) [*सम्—अनुपूर्वकात् इषु इच्छायाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कुनै प्रदेश वा क्षेत्र भित्र गएर चारैतिरको स्थिति आदि पत्ता लगाउने काम/अन्वेषण गर्ने काम/अनुसन्धान गर्ने काम।

समपदम् (नपुं.) [*तत्र ऊर्ध्वस्थस्य वामपादप्रसारे दक्षिणपदसंकोचे आद्यम्, विपर्ययेऽन्त्यम्, आदिना समपदविशाखादीनां ग्रहणम्*] १.धनुर्धारीको आसनविशेष २.चारै पाउमा बराबर अक्षर भएको छन्द ३.वृत्तको दोस्रो र चौथो पाउ।

समः (पुं.वि.) [*समति, षम वैक्लव्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ३.१.१३४ इत्यच्*] १.बराबर/तुल्य २.सज्जन ३.सबै।

सर्वार्थे सर्वनाम, समाः संवत्सरे स्त्रियाम्,
सर्वसाधुसमानेषु समं स्यादभिधेयवत् (विश्व.)।

समम् (नपुं.) [*समति, षम वैक्लव्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] सँग/का साथ।

दुर्जनेन समं सख्यं प्रीतिञ्चापि न कारयेत् (सभा.)।

समयः (पुं.) [*सम्यग् एति, इण् गतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.काल २.सिद्धान्त ३.आचार ४.सङ्केत ५.शपथ ६.भाषा ७.सम्पत्ति ८.बुद्धि ९.नियम १०.अवसर ११.कामको प्रकार १२.निर्देशन। (अमर.३.३.१४९)

समयः शपथे भाषासम्पदोः कालसंविदोः
सिद्धान्ताचारसङ्केतनियमावसरेषु च।
क्रियाकारे निदेशे च॥ (विश्व.)

~दानम् (नपुं.) [*समयस्य दानम्, ष.त.*] कसैसित भेट गर्न र कहीं जान इत्यादिका लागि कुनै समय पहिलेदेखि नै निर्धारित वा निश्चित गर्ने काम/समय दिनु। **~निष्ठः** (पुं.वि.) [*समये निष्ठा यस्य सः, बहु.स.*] समयको पालन गर्ने/समयलाई नफाल्ने/ठिक ठिक समयमा काम गर्ने। **~सूची** (स्त्री.) [*समयस्य सूची, ष.त.*] १.रेल, मोटर, बस, हवाईजहाज आदि पुग्ने वा छुट्ने निश्चित समयको तालिका २.परीक्षा आदि प्रारम्भ हुनका लागि निर्धारित गरिएको समयको तालिका ३.कुनै समारोहमा गरिने कामको समयको तालिका/समयविभाजन पत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयच्युतिः (स्त्री.) [*समयस्य च्युतिः, ष.त.*] समय खेर फाल्नु।

को लाभो गुणिसङ्गमः किमसुखं प्राज्ञेतरैः सङ्गतिः
का हानिः समयच्युतिर्निपुणता का धर्मतत्त्वे रतिः (सुभा.)।

समयमातृका (स्त्री.) क्षेमेन्द्रद्वारा रचित एक ग्रन्थ। यो व्यङ्ग्यप्रधान ग्रन्थ हो। यसमा वेश्याहरूको चरित्रको चित्रण गरिएको छ। वेश्याहरूले सम्पत्ति भएको पुरुषलाई कसरी मायाजालमा फसाउँछन् र त्यसबाट कसरी बच्ने भन्ने विषयमा विस्तृत चर्चा गरिएको छ। यसमा आठ समय अथवा परिच्छेद छन्।

समया (अव्य.) [*समयनम्, सम्पूर्वकात् इण् गतौ इति धातोः, आः समिण्निकषिभ्याम् (उ.) ६२४ इति आः*] १.निकट। **समया ग्रामं नदी**। २.माझ। **नदी ग्रामं समया** (ग्राममध्ये) **आस्ते** । **समयान्तिकमध्ययोः** (अमर. ३.३.२५२)।

समयावधिः (पुं.) [*समयस्य अवधिः, ष.त.*] समयको सीमा/कुनै कामका लागि तोकिएको समय।

समयावसानम् (नपुं.) [*समस्य अवसानम्, ष.त.*] समयको आखिरी/सभा, महासभाको अधिवेशन समाप्तिको समय।

समरः (पुं./नपुं.) [*समरणम्, ऋ गतौ इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, यद्वा ऋदोरप् ३.३.५७ इत्यप्*] लडाइँ/युद्ध। **अस्त्रियां समरानीकरणाः कलहविग्रहौ** (अमर.२.८.१०४)।

समरशय्या (स्त्री.) [*समरस्य शय्या, ष.त.*] युद्ध-भूमिमा भएको मृत्यु/लडाइँमा वीरहरू घायल भएर लडेको स्थल।

समराङ्गणम् (नपुं.) [*समरस्य अङ्गणम्, ष.त.*] युद्ध क्षेत्र/लडाइँको मैदान।

समरूपप्रस्तावः (पुं.) [*समं रूपं यस्य सः, बहु.स.; समरूपश्चासौ प्रस्तावश्च, कर्म.स.*] कुनै अर्को प्रस्तावसित बिल्कुल मिल्दो प्रस्ताव/पहिलो प्रस्तावसित मिल्ने पछिल्लो प्रस्ताव।

समरोचितः (पुं.वि.) [*समराय उचितः, च.त.*] युद्धका लागि उपयुक्त

समर्चना (स्त्री.) [*सम्पूर्वकात् अर्च पूजायाम् इति धातोः, णिचि ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.राम्ररी गरिएको पूजा २.आदर-सत्कार/मानभाउ।

समर्थः (पुं.) [*सम्पूर्वकात् अर्थ याच्ञादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.योग्य/ लायक। कुनै काम गर्न सक्ने। **दुर्योधनः समर्थोऽपि दुर्मन्त्री प्रलयङ्गतः।** (सुभा.) २.बलवान् ३.सम्बद्ध अर्थ ४.हित। **समर्थस्त्रिषु शक्तिस्थे सम्बद्धार्थे हितेऽपि च** (अमर.३.३.८७)।

समर्थकः (पुं.वि.) [*समर्थयति, सम्पूर्वकात् अर्थ याच्ञादौ इति धातोः, ण्वुल्तृचौ ३.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] अनुमोदन गर्ने/समर्थन गर्ने।

समर्थनम् (नपुं.) [*सम्पूर्वकात् अर्थ उपयाच्ञाम् इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कसैको राय, विचार, प्रस्ताव आदिलाई उचित अनुचितको विचार गरेर समर्थन गर्ने काम/अनुमोदन। **सम्प्रधारणा तु समर्थनम्** (अमर.२.८.२५)।

समर्थनीयः (पुं.वि.) [*समर्थयितुं योग्यः, सम्पूर्वकात् अर्थ याच्ञादौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] समर्थन गर्न लायक।

समर्थितः (पुं.वि.) [*समर्थ्यते स्म, सम्पूर्वकात् अर्थ याच्ञादौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] समर्थन गरिएको/अनुमोदित।

समर्धकः (पुं.) [*समृघ्नोति, सम्पूर्वकाद् ऋधु वृद्धौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] वर दिने। **वरदस्तु समर्धकः** (अमर.३.१.७)।

समर्धनम् (नपुं.) [*सम्पूर्वकाद् ऋधु वृद्धौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] बढ्ने काम।

समर्पकः (पुं.वि.) [*समर्पयति, सम्पूर्वकाद् ऋ गतौ इति धातोः, णिचि, पुकि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] समर्पण गर्ने/आदरपूर्वक दिने।

समर्पणम् (नपुं.) [*सम्पूर्वकात्, ऋ गतौ इति धातोः, णिचि, पुकि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] आदरपूर्वक कसैलाई कुनै वस्तु दिने काम/चढाउने काम/अर्पण गर्ने काम/सुम्पने काम।

समर्पणीयः (पुं.वि.) [*समर्पयितुं योग्यः, सम्पूर्वकाद्, ऋ गतौ इति धातोः, णिचि, पुकि, तव्यत्तव्यानीयरः ३.१.९६ इत्यनीयर्*] समर्पण गर्न लायक।

समर्पितः (पुं.वि.) [*समर्प्यते स्म, सम्पूर्वकाद्, ऋ गतौ इति धातोः, णिचि, पुकि, निष्ठा ३.२.१०२ इति क्तः*] समर्पण गरिएको/आदरपूर्वक दिइएको/सुम्पिएको।

समर्यादः (पुं.) [*समाना मर्यादाऽस्य*] १.नजिकको २.बराबर मर्यादा भएको। **सदेशाभ्याससविधसमर्यादसवेशवत्** (अमर.३.१.६७)।

समवकारः (पुं.) रूपकको एक भेद। यसमा इतिहास, पुराण आदिमा प्रसिद्ध कथावस्तु लिएको हुन्छ। विमर्शबाहेक अरू चारै सन्धिको प्रयोग हुन्छ। कैशिकीलाई छोडेर अरू नाट्यवृत्तिहरू यसमा आउँछन्। नायकको सङ्ख्या १२ हुन्छ। यसमा धर्मशृङ्गार, अर्थशृङ्गार र कामशृङ्गार गरी तीन किसिमका शृङ्गारहरूको प्रयोग भएको हुन्छ।

समवयस्कः (पुं.वि.) [*समं वयो यस्य सः, बहु.स.*] समान उमेरको/दौंतरी/एउटै समयको।

समवर्ती (पुं.) [*समं वर्तितुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.यमराज २.(पुं.वि.)सबैमा समान व्यवहार गर्ने। **समवर्ती परेतराट्** (अमर.१.१.५८)।

समवाप्तिः (स्त्री.) [*सम् अवपूर्वकात् आप्धातोर्भावे क्तिन्*] प्राप्ति।

आपद्घनध्वान्तसहस्रभानवः
समस्तसम्पत्समवाप्तिहेतवः (शि.पु.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समवायः (पुं.) [*समवाय्यते, सम्–अवपूर्वकात् अय गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, समवयन्त्य नेनास्मिन् वा*] १.समूह/समुदाय।

बह्वूनामल्पसाराणां समवायो हि दारुणः।
तृणैरावेष्टिता रज्जुस्तया नागोऽपि बध्यते॥ (ग.पु.)

२.अभेद्य सम्बन्ध/नित्य सम्बन्ध।

घटादीनां कपालादौ जातेश्च गुणकर्मणोः।
तेषु जातेश्च सम्बन्धः समवायः प्रकीर्तितः॥ (भा.प.)

समवायी (पुं.वि.) [*समवायोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] समवायसम्बन्धले रहेको।

समवितरणम् (नपुं.) [*समञ्च तद् वितरणञ्च, कर्म.स.*] खाद्यान्न वा वस्त्रादिको कमी भएका नागरिकहरूलाई प्रतिदिन वा प्रतिमासका लागि निर्धारित वस्तु समान मात्रामा वितरण गर्ने काम वा व्यवस्था।

समवृत्तम् (नपुं.) [*समञ्च तद् वृत्तञ्च, कर्म.स.*] चारै चरणमा बराबर वर्ण हुने छन्द/चारै चरण एकनास हुने वृत्त वा छन्द।

समवेतः (पुं.वि.) [*समवैति स्म, सम्–अवपूर्वकात्, इण् गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः*] १.जोडिएको/मिलेको/संयुक्त/एकत्रित २.सधैँ सम्बन्ध भएको।

समशीतोष्णः (पुं.वि.) [*शीतञ्च उष्णञ्च, शीतोष्णौ, समौ शीतोष्णौ यत्र सः, बहु.स.*] चिसो र तातो बराबर हुने प्रदेश। **~कटिबन्धः** (पुं.) उष्ण र शीत समान हुने पृथ्वीको भूमध्यरेखाबाट साढे तेइस र साढे छैसट्ठी अंशका बिचमा पर्ने उत्तरी र दक्षिणी भाग।

समष्टिः (स्त्री.) [*सम्पूर्वकाद्, असु क्षेपणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] भएभरका सबै वस्तुको समुदाय/सबै चिज एकै ठाउँ गरिएको अवस्था/व्यष्टिको समूह। **~वादः** (पुं.) [*समष्टेर्वादः, ष.त.*] राज्यका समस्त निवासीको शासन र उत्पादित वस्तुमा समान र सामूहिक अधिकार हुन्छ भन्ने राजनीतिको एक सिद्धान्त।

समष्ठिला (स्त्री.) [*समे तिष्ठति, मिथिलादयश्च (उ.) ५७ इति साधुः, यद्वा–सम्यग् ष्ठिला बीजं यस्याः*] सुठुनी। **गण्डीरो ना समष्ठिला** (अमरमाला)।

समसनम् (नपुं.) [*सम्पूर्वकाद्, असु क्षेपणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] संक्षिप्त तुल्याउने क्रिया/समास। **तत्र समसनं समासः** (सि.कौ.)।

समसामयिकः (पुं.वि.) [*समये भवः, कालाट्ठञ् इति ठञ्, ठस्येकः, समश्चासौ सामयिकश्च*] एकै समयको/समकालिक/एकै समयमा भएको।

समस्तः (पुं.वि.) [*समस्यते स्म, सम्पूर्वकाद्, असु क्षेपणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सम्पूर्ण/सबै/सारा २.समास भएको। **~वस्तुविषयरूपकम्** (नपुं.) [*समस्तवस्तुविषयञ्च तद् रूपकञ्च, कर्म.स.*] रूपकको एक भेद।

समस्थानम् (नपुं.) [*समगतं स्थानम्, म.प.स.*] याम्योत्तर वृत्त र क्षितिज वृत्तको संयोगस्थल।

समस्या (स्त्री.) [*समसनमिति, सम्पूर्वकाद्, असु क्षेपणे इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, संज्ञापूर्वकत्वाद्वृध्यभावः, यद्वा–समं कृत्स्नम्, तद्विषयिणीच्छा समस्या, तत्प्रयोज्य त्वाच्छब्दोऽपि सा, समशब्दात्क्यचि ३.१.८, सर्वप्रातिपदिकेभ्यः (वा. ७.१.५१ इति सुगागमे अ प्रत्ययात्' ३.३.१०२ इत्यः, टाप् ४.१.४*] समाधान गर्न कठिन पर्ने विषय/जटिल प्रश्न/मुस्किल अवस्था/टुङ्गो लाउनु पर्ने कठिन विषय/पूरा गर्नु पर्ने अर्थ। **समस्या तु समासार्था** (अमर.१.६.७) **~मूलकः** (पुं.वि.) [*समस्या मूले यस्य सः, बहु.स.*] समस्या वा कठिनाइ परेको।

समस्यापूर्तिः (स्त्री.) [*समस्यायाः पूर्तिः, ष.त.*] १.समस्या हल वा पूरा गर्ने काम/गाँठो फुकाउने काम २.कुनै समस्यामूलक अभिव्यक्तिलाई आधार बनाएर पद्यको रचना गर्ने काम। यसका सात भेद छन्– प्रश्न, प्रहेलिका, गुप्तपद, च्युतपद, दत्तपद, च्युतदत्तपद र समस्या।

संश्लिष्टं पद्यमेकं यन्नानाश्लोकांशनिर्मितम्।
सा समस्या परस्याऽऽत्मपरयोः कृतिसङ्करात्॥ (अ.पु.)

समांसमिना (स्त्री.) [*समायां समायां विजायते, समां समां विजायते ५.२.१२ इति खः, खस्य ईनः, उत्तरदले याब्विभक्त्योर्लोपः पूर्वदले यलोप एव*] वर्षैपिच्छे ब्याउने गाई। **समांसमीना या सैव प्रतिवर्षं प्रसूयते** (अमर.२.९.७२)।

समा (स्त्री.) [*षम वैक्लव्ये इति धातोः, समन्ति विक्लवं कुर्वन्ति सर्वम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४ बहुवचननिर्देशात्प्रायेणायं बहुवचनान्त इति ध्वन्यते, क्वचिद्वचनान्तरमपि, समां समां विजायते ५.२.१२ इति सूत्रात्, समायां समायाम् इति तत्र भाष्याच्च, संमान्ति सह वर्तन्ते ऋतवोऽस्यामिति, वा, मा माने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, समां समाम् ५.२.१२ इति निर्देशान्मलोपः*] १.संवत्सर/साल। **समाः संवत्सरे स्त्रियाम्** (मेदिनी.)।

समाकर्षी (पुं.) [*समाकर्षत्यवश्यं मनः, आवश्यका ३.३.१७१ इति णिनिः, यद्वा समाकर्षणशीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] टाढासम्म फैलिएर आकर्षण पैदा गर्ने गन्ध। **समाकर्षी तु निर्हारी** (१.५.११)।

समाकुलः (पुं.) [*समाकुलयति, सम्–आपूर्वकात्, कुल संस्त्याने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.अत्यन्त आत्तिएको/व्याकुल २.धुँइचो भएको।

समाख्या (स्त्री.) १.[*समाख्यायतेऽनया, सम्, आपूर्वकात् ख्याधातोः अङ्, टाप्*] कीर्ति। **कीर्तिः श्लोको यशोऽभिख्यासमाख्यास्तुल्य लक्षणाः।** (हला.१५३) २.[*समाख्यानम्, भावेऽङ्*] व्याख्या।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाख्यानम् (नपुं.) [*सम्–आपूर्वकात्, ख्या प्रकथने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.विवरण/वर्णन/बयान/व्याख्या २.[*समाख्यायतेऽनेन,करणे ल्युट् अनः*] कीर्ति।

समागतः (पुं.वि.) [*समागच्छति, स्म, सम्–आपूर्वकाद्, गम्लृ गतौ इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] आइपुगेको।

समागमः (पुं.) [*समागमनम्, [सम्, आपूर्वकात्, गम्लृ गतौ इति धातोः,ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] १.भेटघाट/ मुलाकात/भेला/सङ्गम २.सम्भोग/मैथुन।

समाघातः (पुं.) [*समाहननमिति, भावे ३.३.१८ इति घञ्*] १.प्रहार २.वध ३.[*समाहन्यन्ते सैनिका अत्र, अधिकरणे घञ्*] युद्ध। **समाघातो वधे युद्धे** (मेदिनी.)।

समाचारः (पुं.) [*समाचारणम्, सम्–आङ्पूर्वकाद्, चर गतिभक्षणयोः इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.असल आचरण २.खबर/समाचार/संवाद। **~पत्रम्** (नपुं.) [*समाचारस्य पत्रम्,ष.त.*] नियमित समयमा प्रकाशित अखबार। **~सम्पादकः** (पुं.वि.) [*समाचाराणां सम्पादकः, ष.त.*] जम्मा भएका समाचार ठिक-बेठिक छानबीन गरी त्यसको सम्पादन गर्ने व्यक्ति। **~सूचना** (स्त्री.) [*समाचारस्य सूचना, ष.त.*] पत्र पत्रिकामा प्रकाशित समाचारहरूको सूचना।

समाज (धा.) [*प्रीतिदर्शनयोः सक.सेट् उभय.*] प्रेम गर्नु, सेवा गर्नु, हेर्नु। लट्– **समाजयति-ते–** प्रेम गर्छ, सेवा गर्छ, हेर्छ। लिट्– **समाजयाञ्चकार-चक्रे–** प्रेम गरेछ, सेवा गरेछ, हेरेछ (अन.) इत्यादि।

समाजः (पुं.) [*संवीयतेऽत्र, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, विभावो नः*] पशुदेखि भिन्न जातिको समूह। **पशूनां समजोऽन्येषां समाजः** (अमर.२.५.४२) जस्तै– मानवसमाज, ब्राह्मणसमाज, क्षत्रियसमाज आदि। **~कल्याणम्** (नपुं.) [*समाजस्य कल्याणम्, ष.त.*] समाजको भलाइ। **~च्युतिः** (स्त्री.) [*समाजात् च्युतिः,प.त.*] समाजदेखि हटक हुने काम। **~वादः** (पुं.) [*समाजस्य वादः, ष.त.*] व्यक्तिगत स्वतन्त्रताभन्दा समाजको सामूहिक हितलाई वढी महत्त्व दिनुपर्छ भन्ने सिद्धान्त/समाजतन्त्र। **~विरोधी** (पुं.वि.) [*समाजस्य विरोधी, ष.त.*] समाजमा विरोध भएका/समाजमा नमिल्ने। **~विज्ञानम्** (नपुं.) [*समाजस्य विज्ञानम्, ष.त.*] मानिसलाई सामाजिक प्राणी मानेर समाज र संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र/समाजशास्त्र/ समाजविद्या। **~संस्कारः** (पुं.) [*समाजस्य संस्कारः, ष.त.*] समाजको सुधार/समाजको संस्कार।

समाज्ञा (स्त्री.) [*सम् आङ्पूर्वाकात्, ज्ञा अवबोधने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप्*] १.सरकारको विशेष आज्ञा/राजाको आज्ञा २.कीर्ति/ख्याति।

समादरः (पुं.) [*समादरणम्, सम्पूर्वकात्, दृ धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्*] विशेष आदर/प्रतिष्ठा/सम्मान।

समादिष्टः (पुं.वि.) [*समादिश्यते स्म, सम्–आङ्पूर्वकाद् दिश अतिसर्जने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] कडा आदेश दिइएको/निश्चित आदेश भएको।

समादृतः (पुं.वि.) [*समाद्रियते स्म, सम्–आङ्पूर्वकाद्, दृ विदारणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] विशेष आदर गरिएको/सम्मानित/सत्कार गरिएको।

समादेशः (पुं.) [*समादेशनम्, सम्–आङ्पूर्वकाद्, दिश अतिसर्जने इति धातोः, भावे ३.३.१८ इति घञ्*] विशेष आदेश।

समाधानम् (नपुं.) [*समाधीयते इति, सम्–आङ्पूर्वकात् डुधाञ् धारणपोषणयोः इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] मतभेद वा शङ्का मेटाउने काम/सन्देह निवारण/कुनै जटिल प्रश्न वा समस्या हल गर्ने काम/ **अवधानं समाधानं प्रणिधानन्तथैव च** (४४अमर.१.५.२)।

समाधिः (पुं.) [*सम् आङ्पूर्वाद्, डुधाञ् धारणपोषणयोः, इति धातोः, उपसर्गे घोः किः ३.३.९२ इति किः, आलोपः ६.४.६४, यद्वा समाधीयतेऽस्मिन् मनो जनैः, पूर्ववत् किः*] १.निद्रा २.चुपचाप (बस्नु) ३.झगडा समाधान गर्नु ४.समर्थन ५.आफूलाई ब्रह्म वा अन्य कुनै देवताको स्वरूप सम्झनु। अर्थात् ध्यानयोग, अष्टाङ्ग योग, कुण्डलिनीयोग आदिबाट चित्त विकार हटाएर ध्यान गर्दागर्दै खालि ध्येयाकारमा मात्र चित्त अटल पारी आफ्नो रूपको (शरीरको) सम्झना हट्न गई खालि जीवात्मा र परमात्माको नित्य समत्व बोधको भावना। हमेसा मायाबाट मुक्त र एक रूप रहने सच्चिदानन्द स्वरूप परब्रह्म 'म' नै हुँ र ब्रह्म नै 'म' हुँ, दोस्रो कोही होइन, शोक गर्ने होइन, मेरो शरीरसँग कुनै सम्बन्ध छैन, शरीरबाट म अलग छु भन्ने र मनको चञ्चलता हटाएर मनलाई एकाग्र रूपमा राख्ने अवस्था।

समत्वभावना नित्यं जीवात्मपरमात्मनोः।
समाधिमाहुर्मुनयः प्रोक्तमष्टाङ्गलक्षणम्॥ (दे.गीता ५.२५)
अहं ब्रह्म न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक्।
सच्चिदानन्दरूपोऽहं नित्यमुक्तः स्वभाववान्॥
घटाद्भिन्नं मनः कृत्वा ऐक्यं कृत्वा परात्मनि।
समाधिं तद्विजानीयान्मुक्तसंज्ञो दशादिभिः। (घे.सं.)
तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः।
(पा.यो. सू. ३.३)

समाधिका भेद– घेरण्ड संहितामा समाधिका ६ भेद छन्– ध्यानयोगसमाधि, नादयोगसमाधि, रसानन्दसमाधि, लयसिद्ध-समाधि, भक्तियोगसमाधि र राजयोगसमाधि। पातञ्जलयोग सूत्रमा सम्प्रज्ञातसमाधिसम्बन्धी चार भेदहरू– सवितर्कसमाधि, सविचारसमाधि, सानन्दसमाधि र सस्मिता समाधि। त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असम्प्रज्ञातसमाधि, निर्बीजसमाधि, निर्वितर्कसमाधि, निर्विकल्प–समाधि, धर्ममेधसमाधि आदि समाधिका अरू पनि भेद छन्, विशेष ज्ञानका लागि योगसम्बन्धी ग्रन्थ नै मुख्य आधार हुन्। **स्युः समर्थननीवाकनियमाश्च समाधयः** (अमर.३.३.९८) ६.काव्यका बिस गुणमध्ये एक ७.एक अर्थालङ्कार, यसमा कुनै आकस्मिक कारणबाट कुनै कामको सजिलोसँग हुने कुराको वर्णन हुन्छ/समाधि। **अलङ्कारः समाधिः सुकरं कार्यं कारणान्तरयोगतः** (मम्मट) ८.सरीसृप आदि प्राणीहरूको ज्ञान र चेतना छुटेर चल्न बोल्न नसक्ने एक अवस्था। ९.मृतकको शरीर वा हाड गाढिने ठाउँ वा चिहान।

समाधिस्थः (पुं.वि.) [*समाधौ तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः*] ध्यानमा खुबै मग्न भएको/समाधि लगाएको/समाधिमा रहेको/समाधिमग्न।

समाधेयः (पुं.वि.) १.[*समाधातुमर्हः, सम्–आङ्पूर्वकात्, डुधाञ् धारणपोषणयोः इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति यत्, ईत्वम्, गुणः*] समाधान गर्नु पर्ने २.[*समाधातुं योग्यः, अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५इति ईत्वम्, गुणः*] समाधान गर्न सकिने।

समानः (पुं.वि.) [*समानितीति, सम्यक्प्रकारेण प्राणितीति, यद्वा समानं मानमस्य, समानस्यच्छन्दसि ६.३.८४ इति सः*] १.बराबर/तुल्य/उस्तै/आकार, गुण, श्रेणी, मूल्य, महत्त्व आदिका दृष्टिले बराबर भएको २.एउटै। **नोपगच्छेत् प्रमत्तोपि स्त्रियमार्तवदर्शने। समानशयने चैव न शयित तया सह**॥ (मनु.४.४०) ३.पण्डित। **समानाः सत्समैके स्युः** (अमर.३.३.१२७) ४.(पुं.) नाभिमण्डलमा रहने वायु। **समानो नाभिमारुते** (विश्व.) **~अवसरः** (पुं.) [*समानश्चासौ अवसरश्च, ष.त.*] सबैलाई बराबरको दाँजोमा राखी अवसर दिने काम/सबैले कानुनका आधारमा बराबर पाउने मौका/समानताको व्यवहार/**~ता** (स्त्री.) [*समानस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] बराबर वा समान हुनाको भाव/तुल्यता/समानत्व। **~पदम्** (नपुं.) [*समानञ्च तत्पदञ्च, कर्म.स.*] १.बराबरीको पद २.सरकारी अड्डा खानाका, विभिन्न विभागका र विभिन्न मन्त्रालयका समान स्तरका पद।

समानाधिकरणः (पुं.) [*समानमधिकरणं यस्य सः, बहु.स.*] १.वाक्यमा कुनै पदको अर्थ स्पष्ट गर्नका लागि दिइने अर्को समानार्थक शब्द २.(पुं.वि.) बराबर आधार भएको।

समानाधिकारः (पुं.) [*समानश्चासौ अधिकारश्च, कर्म.स.*] सबैले बराबरी पाउने हक।

समानार्थकः (पुं.वि.) [*समानोऽर्थो यस्य सः, बहु.स. कप्*] एउटै अर्थ भएको/समान अर्थ बुझाउने।

समानिका (स्त्री.) प्रत्येक पाउमा क्रमैले रगण, जगण र गुरु तथा लघु वर्णको प्रयोग भएको छन्द। **ग्लौ रजौ समानिका तु** (छन्दो.)।

समानोदर्यः (पुं.) [*समाने उदरे शयितः, समानोदरे शयित ओ चोदात्तः ४.४.१०८ इति यत्*] सहोदर भाइ/एकै पेटको दाजु वा भाइ। **समानोदर्यसोदर्यसगर्भ्यसहजाः समाः** (अमर.२.६.३४)।

समापकः (पुं.वि.) [*समापयति, सम्पूर्वकाद्, आप्लृ व्याप्तौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] पूरा गर्ने/समाप्त गर्ने। **~क्रिया** (स्त्री.) [*समापिका चासौ क्रिया च, कर्म.स.*] वाक्यपूर्तिका लागि आउने क्रियापद/वाक्यको अर्थ पूरा गर्ने क्रियापद।

समापतनम् (नपुं.) [*सम्–आङ्पूर्वकात्, पत्लृ गतौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.रेखागणितमा एकसाथ मिल्नु वा संयोग हुनु २.आइपर्नु।

समापनम् (नपुं.) [*समाप्यते, सम्पूर्वकात् आप्लृ व्याप्तौ इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.केही अरू कुनै प्रश्नको विचार या विवाद समाप्त गर्ने काम २.पूरा गर्ने काम/समाप्त पार्ने काम। **~प्रस्तावः** (पुं.) [*समापनस्य प्रस्तावः, ष.त.*] कुनै विवाद टुङ्ग्याउने प्रस्ताव।

समापन्नः (पुं.वि.) [*समापद्यते स्म, सम्–आङ्पूर्वकात्, पत्लृ गतौ इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति क्तः, तदयोर्नः*] अचानक आइलागेको। **प्रायः समापन्न विपत्तिकाले धियोऽपि पुंसां मलिना भवन्ति**।

समापितः (पुं.वि.) [*समाप्यते स्म, सम्पूर्वकाद्, आप्लृ व्याप्तौ इति धातोः, णिचि, निष्ठा ३.२.१०२ इति क्तः*] पूरा गरिएको/सिद्ध्याइएको/समाप्ति भएको।

समाप्तपुनरात्तता (स्त्री.) [*समाप्तः पुनरात्तश्च, तस्य भावस्तत्ता, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] एक पटक प्रयोग गरिसकेको पदलाई फेरि पनि प्रयोग गर्दा पर्न जाने दोष।

समाप्तिः (स्त्री.) [*समापनम्, सम्पूर्वकाद्, आप्लृ व्याप्तौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.भइरहेको कुनै काम सिद्ध हुनु/सिद्धिनु २.पूर्णता ३.अन्त/अवसान।

समाप्यः (पुं.वि.) [*समापयितुं योग्यः, सम्पूर्वकात्, आप्लृ व्याप्तौ इति धातोः, पोरदुपधात् ३.१.९८ इति यत्*] पूरा गर्न योग्य/समाप्त गर्न लायक। **स्थाप्यं समाप्यं शनिभौमवारे** (ज्योति.सं.)।

समायुक्तः (पुं.वि.) [*सम्–आङ्पूर्वकाद्, युजिर योगे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.जोडिएको/मिलेको/तयार गरिएको।

समायोजनम् (नपुं.) [*सम्–आङ्पूर्वकाद्, युजिर योगे इति धातोः, ल्युट च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.आवश्यक वस्तुको जगेडा गर्ने काम २.जे जति आवश्यक छ त्यसलाई जुटाउनु र जसलाई आवश्यक पर्‍यो त्यसले पाउन सक्ने व्यवस्था ३.कुनै सभा आदिको आयोजना गर्ने काम।

समारोहः (पुं.) [*समारोहणम्, सम्–आङ्पूर्वकाद्, रुह प्रादुर्भावे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.ठुलो सजधजका साथ हुने उत्सव वा काम २.माथि उक्लनु/चढ्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालङ्कारः (पुं.) [*सम इति अलङ्कारः, कर्म.स.*] एक अर्थालङ्कार।

समालम्भः (पुं.) [*समालम्भनम्, सम्—आङ्पूर्वकात्, लभ धातोः, भावे ३.३.१८ इति घञ्, नुम्*] चन्दन, कुङ्कुम आदि शरीरमा लेपन गर्ने क्रिया। **समालम्भो विलेपनम्** (अमर. ३.२.२७)।

समालोचकः (पुं.) [*समालम्भनम्, सम्—आङ्पूर्वकाद्, लोच्लृ दर्शने इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] समीक्षक/समालोचना गर्ने व्यक्ति/कुनै पदार्थका गुण र दोषको निष्पक्ष र ठिक ठिक विवेचना गर्ने व्यक्ति/ भावक।

समालोचना (स्त्री.) [समालोचनम्, *सम्—आङ्पूर्वकाद्, लोच्लृ दर्शने इति धातोः णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.नियाल्नु २.राम्ररी गडेर हेर्नु ३.कुनै पदार्थका गुण र दोषहरूको निष्पक्ष र ठिक ठिक विवेचना गर्नु/ग्रन्थ, व्यक्ति, लेख आदिका गुण र दोषहरूको गम्भीर, निष्पक्ष र यथार्थ विचार गर्नु ४.[*समालोच्यतेऽनया*] गुण र दोषहरूको निष्पक्ष विवेचना गरी लेखिएको लेख वा ग्रन्थ।

समालोच्यः (पुं.वि.) [*समालोचयितुं योग्यः, सम् आङ्-पूर्वकाद्, लोचृ दर्शने इति धातोः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] गुण र दोषको विवेचना गर्न योग्य/समालोचना गर्न लायक।

समावर्तनम् (नपुं.) [*सम्—आङ्पूर्वकाद्, वृतु वर्तने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.फर्केर आउनु/प्रत्यागमन २.गुरुकुलमा वेदादि शास्त्रको अध्ययन पूरा गरी गुरुको आज्ञा लिएर गृहस्थाश्रममा फर्कने काम ३.द्विजातिका षोडश संस्कारमध्ये एक संस्कार ४.दीक्षान्त— समारोह/ विश्वविद्यालयको उच्च परीक्षामा समुत्तीर्ण भएका स्नातकलाई उपाधि वितरण गर्ने काम।

समाविष्टः (पुं.वि.) [*समाविशति स्म, सम्—आङ्पूर्वकाद्, विश प्रवेशे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] राम्ररी पसेको/प्रवेश गरेको/समावेश भएको/अन्तर्भाव भएको।

समावृतः (पुं.वि.) [*समावर्त्यते स्म, सम्—आङ्पूर्वकाद्, वृञ् वरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] घेरिएको/ढाकिएको।

समावृत्तः (पुं.) [*समावर्तते स्म, सम्—आङ्पूर्वकाद्, वृतु वर्तने इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] गुरुकुलमा वेदाध्ययन सकेपछि गुरुको आज्ञाअनुसार गृहस्थ आश्रममा प्रवृत्त हुन समावर्तन कर्म गरेको ब्रह्मचारी। **गुरोस्तु यः। लब्धानुज्ञः समावृत्तः** (अमर.२.७.१०)।

समावेदनम् (नपुं.) [*सम्—आङ्पूर्वकाद्, विद ज्ञाने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] विशेष प्रकारको निवेदन/बिन्तीपत्र।

समावेशः (पुं.) [*सम्—आङ्पूर्वकाद्, विश प्रवेशने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.पस्ने काम/प्रवेश २.एक पदार्थलाई अर्को पदार्थमा राख्ने काम/मिलाउने काम।

समासः (पुं.) [*समसनम्, सम्पूर्वकाद्, असु क्षेपणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.मेल/योग २.समर्थन/अनुमोदन ३.संक्षेप/ छोटकरी ४.दुई वा दुईभन्दा बढी पदहरू एक-अर्कासँग गाँसिई अर्को शब्द बन्ने प्रक्रिया। समास पाँच किसिमका हुन्छन्— केवलसमास, अव्ययीभावसमास, तत्पुरुषसमास, बहुब्रीहिसमास र द्वन्द्वसमास। तत्पुरुषसमासको भेदलाई कर्मधारयसमास भनिन्छ र कर्मधारयसमासको भेदलाई द्विगुसमास भनिन्छ।

समासाद्यः (पुं.वि.) [*समासादयितुं योग्यः, सम्—आङ्पूर्वकाद् षद्लृ विशरणादौ इति धातोः, ऋहलोर्ण्यत् ण्यत् ३.१.१२४ इति ण्यत्*] १.प्राप्त गर्न सकिने २.जान्न सकिने। **प्राप्यं गम्यं समासाद्यम्** (अमर.३.६.९२)।

समासार्था (स्त्री.) [*समासः कविशक्तिपरीक्षणाय अपूर्णतयैव पठ्यमानः अर्थो यस्याः सा, बहु.स.*] समस्या। हे. **समस्या**।

समासीनः (पुं.वि.) [*समास्ते इति, सम्पूर्वकाद्, आस उपवेशने इति धातोः, लटि, लटः शतृशानचावप्रथमासमानाधिकरणे ३.२.१२४ इति शानच्, ईत्वम्*] राम्ररी बसेको/साथमा रहेको/सँगसँगै बसेको।

समासोक्तिः (स्त्री.) १.[*समासेन संक्षेपेण अर्थद्वयस्य उक्तिः कथनम्*] सङ्क्षेपले भन्ने क्रिया २.(पुं.) [*समासेन संक्षेपेण अर्थद्वयस्य उक्तिः कथनं यत्र सः, बहु.स.*] प्रस्तुत विषयको वर्णनबाट अप्रस्तुत विषय झल्कने एक सादृश्यमूलक अर्थालङ्कार।

समासोक्तिः परिस्फूर्तिः प्रस्तुतेऽप्रस्तुतस्य यत् (सा.द.)।

समाहारः (पुं.) [*समाहरणम्, सम्—आङ्पूर्वकाद्, हृञ् हरणे इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.धेरै वस्तुहरूलाई एक ठाउँमा जम्मा गर्ने काम २.राशि। **समाहारः समुच्चयः** (अमर.३.२.१६) ३.स्वरविशेष। **समाहारः स्वरितः** (पा.सू.)।

समाहितः (पुं.वि.) [*समाधीयते स्म, सम्—आङ्पूर्वकात्, डु धाञ् धारणपोषणयोः इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, दधातेर्हिः ७.४.४२ इति हिः*] १.एकै ठाउँमा जम्मा गरिएको/एकत्रित २.निधो गरिएको/तय गरिएको ३.स्वीकार गरिएको। (अमर. ३.१.१०९) ४.अन्तर्भाव गरिएको ५.समाधि लागेको।

समाहितः समाधिस्थे संश्रुते (हैम.)।

समाहितधिया शश्वदवस्थेयं मनीषिणा।

नहि चित्तं स्थिरं नृणां कामवेगश्च दुस्त्यजः (सुभा.)।

समाहृतः (पुं.वि.) [*समाह्रियते स्म, सम्—आङ्पूर्वकाद्, हृञ् हरणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सङ्ग्रह गरिएको/संक्षिप्त गरिएको।

समाहृतिः (स्त्री.) [*समाहरणम्, सम्—आङ्पूर्वकाद्, हृञ् हरणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] सङ्ग्रह। **समाहृतिस्तु सङ्ग्रहः** (अमर.१.६.६)।

समाह्वयः (पुं.) [*सम्यगाहूयन्तेऽत्र, सम्—आङ्पूर्वकात्, ह्वेञ् आह्वाने शब्दे च इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहुलकान्नात्वम्] १.भेडा, बाखा आदि लडाएर बाजी थाप्ने काम। **प्राणिद्यूतं समाह्वयः** (अमर.२.१०.४६) २.[*सम्यगाहूयतेऽनेन*] नाम/संज्ञा। **संज्ञायाञ्च समाह्वयः** (हला.८२९) ३.जूवा ४.युद्ध ५.[*समाह्वानम्, भावे घञ्*] आह्वान/बोलाउने काम।

सर्वादृतः (पुं.वि.) [*सर्वैरादृतः, तृ.त.*] सबैद्वारा आदर गरिएको/लोकप्रिय/धेरैले रुचाएको।

सर्वाधिकारः (पुं.) [*सर्वश्चासौ अधिकारश्च, कर्म.स.*] पूरा हक वा अधिकार/सम्पूर्ण अधिकार/कुनै ग्रन्थ, लेख आदिका लेखक वा प्रकाशक आदिलाई प्राप्त हुने सबै अधिकार/प्रतिलिपि अधिकार। **~सुरक्षितम्** (नपुं.) [*सर्वश्चासौ अधिकारश्च, कर्म.स., सर्वाधिकारस्य सुरक्षितम्, ष.त.*] सबै अधिकार आफ्नो अधीनमा वा कानुनका आधारमा सुरक्षा गरिएको। कुनै लेख, कलाकृति आदिका लेखक वा निर्माणकर्ताले सो वस्तुमाथिको अधिकार सुरक्षित गरिएको।

सर्वाधिनायकः (पुं.वि.) [*सर्वेषामधिनायकः, ष.त.*] प्रधान सेनापति।

सर्वानुभूतिः (पुं.) [*सर्वा अनुभूतयोऽस्याम्, सर्वैरनुभूयते, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.निशोथ २.सबै किसिमको अनुभव।

सर्वान्नभोजी (पुं.) [*सर्वान्नानि भोक्तुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सबैको अन्न खाने।

सर्वान्नीनः (पुं.) [*सर्वेषामन्नानि सर्वान्नानि भक्षयति, अनुपदसर्वान्न ५.२.९ इति खः*] सबैको अन्न खाने। **सर्वान्नीनस्तु सर्वान्नभोजी** (अमर.३.१.२२)।

सर्वोच्चः (पुं.वि.) [*सर्वेषु उच्चः, स.त.*] सबैभन्दा उच्च/सबभन्दा उत्तम वा श्रेष्ठ/सर्वोपरि। **~न्यायाधीशः** (पुं.) [*सर्वोच्चश्चासौ न्यायाधीशश्च, सर्वोच्चस्य वा न्यायाधीशः*] सर्वोच्च अदालतका प्रधान न्यायाधीश। **~शक्तिः** (स्त्री.) [*सर्वोच्चा चासौ शक्तिश्च, कर्म.स.*] १.सबैभन्दा ठुलो शक्ति/जोभन्दा माथि अर्को कोही नभएका व्यक्तिको शक्ति २.देशका जनतामा निहित हुने शक्ति। **~सत्ता** (स्त्री.) [*सर्वोच्चा चासौ सत्ता च, कर्म.स.*] सबभन्दा माथिल्लो तहबाट दिइने वा दिइएको आदेश/सर्वोच्च कमान।

सर्वाभिसारः (पुं.) [*सर्वेषामभिसरणम्, सृ गतौ इति धातोः, भावे ३.३.१८ इति घञ्*] चतुरङ्गिनी सेनाको तयारी।

सर्वोत्कृष्टः (पुं.वि.) [*सर्वेषु सर्वेषां वा उत्कृष्टः, ष.त./स.त.*] सबभन्दा उत्तम वा असल/सबभन्दा श्रेष्ठ/सर्वोत्तम।

सर्वार्थसिद्धिः (स्त्री.) ज्योतिषमा वर्णित योगविशेष।

सर्वोपरि (अव्य.) [*सर्वेषामुपरि, ष.त.*] सबैभन्दा माथि/सबैभन्दा बढ्ता।

सर्वौषधिः (पुं.) [*सर्वा औषधयो यत्र सः, बहु.स.*] दश थरी औषधि-हरूको मिश्रण भएको औषधि। जस्तै श्रीखण्ड, शिलाजित, रक्तचन्दन, जटामसी, कूट, हलेदो, बोझो, नरिवल, मोथे र कपूर।

सर्षपः (पुं.) [*सरति गच्छति सः, सृ गतौ इति धातोः, सर्तेरपः षुक् च (उ.) ४२८ इति अपः, षुक् च*] सर्सिउँ/एक प्रकारको तेल निस्कने रायो वा तोरीजस्तो फल। **सर्षपः स्यात् सरिषपःकुटस्नेहश्च तन्तुभः** (त्रिकाण्डशेष)।

सलिलम् (नपुं.) [*सलति गच्छति प्रवहतीति, सल गतौ इति धातोः सलिकल्यनिमहिभडिभण्डिशण्डिपिण्डतुण्डि-कुकिभूभ्य इलच् (उ.) ५४ इति इलच्*] पानी। **सलिलं कमलं जलम्** (१.१०.३)।

सल्लकी (स्त्री.) [*सत्कृत्य लक्यते खाद्यते राजभिरिति, सत्+लक्+क्वुन्, गौरादित्वाद् ङीष्*] दुम्सी।

सल्लकी (स्त्री.) [*सलतीति, षल गतौ इति धातोः, क्वुन् (उ.), पृषोदरादित्वात् ६.३.१०९ लत्वम्, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्, यद्वा सत्कृत्य लक्यते, लक आस्वादने इति धातोः, क्वुन् (उ.)*] दुम्सी।

सवः (पुं.) [*सूयते सोमोऽत्र, षुञ् अभिषवे इति धातोः, ॠदोरप् ३.३.५७ इत्यप्, यद्वा– सूयतेऽत्र अनेन, षू प्रेरणे इति धातोः, पूर्ववद् अप् ३.३.५७ यद्वा भावे ३.३.१८ इति घञ्*] यज्ञ। **सवो यज्ञे च संधाने** (मेदिनी.)।

सवनः (पुं.) [*सवति उत्पादयति सुनोति निस्सारयति रसान् वा सः, षुञ् अभिषवे इति धातोः, सुयुरुवेञो युच् (उ.) २४२ इति युच्, युवोरनाकौ इत्यनः, गुणः अवादेशश्च*] चन्द्रमा।

सवनम् (नपुं.) [*षुञ् अभिषवे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] १.रस निकाल्न सोमलता कुट्ने काम २.यज्ञ ३.स्नान। **सवनं त्वध्वरे स्नाने सोमनिर्दलनेऽपि च** (मेदिनी.)।

सवयाः (पुं.) [*समानं वयो यस्यः, बहु.स., ज्योतिर्जनपद ६.३.८५ इति समानस्य सः*] समान उमेरको मित्र। **वयस्यः स्निग्धः सवयाः** (अमर.२.८.१२)।

सवर्णः (पुं.वि.) [*समानो वर्णो यस्य सः, बहु.स. ज्योतिर्जनपद इति सादेशः*] समान वर्णको/एउटै रङ्गको/समान/सदृश/चार वर्णभित्र पनि आफ्नै वर्णमा पर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सविकल्पः (पुं.वि.) [*विकल्पेन सहितः, बहु.स.*] विकल्प वा सन्देह भएको/सन्दिग्ध।

सविता (पुं.) [*सूते लोकादीनिति, षू प्रेरणे इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.ईश्वर २.सूर्य। **तपनः सविता रविः** (१८ अमर.१.३.३०) ३.सृष्टिकर्ता ४.पैदा गर्ने व्यक्ति ५.बाबु।

सवित्री (स्त्री.) [*सूते इति, षुङ् प्राणिगर्भविमोचने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, सूयतियू ऋूदितो (वा.) ७.२.४४ इति इडागमः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] आमा।

सविधः (त्रि.) [*समाना विधाऽस्य, यद्वा— सह विधया*] नजिक। **सदेशाभ्याशसविधसमर्यादसवेशवत्** (अमर.३.१.६७)।

सविनयः (पुं.वि.) [*विनयेन सहितः, बहु.स.*] विनय भएको/विनययुक्त/ शिष्टतापूर्ण/नम्रतापूर्ण।

सविस्तारः (पुं.वि.) [*विस्तारेण सहितः, बहु.स.*] विस्तारपूर्वक/विस्तृत।

सवेशः (पुं.) [*समानो वेशोऽस्य*] नजिक। हे. **सविधः** ।

सव्यः (पुं./नपुं.) [*सुनोत्यभिषवतीति, षुञ् अभिषवे इति धातोः, माछाससिभ्यो यः (उ.) ५५९ इति यः, यद्वा सूयते, पू प्रेरणे इति धातोः,अचो यत् ३.१.९७ इति यत्*] १.बायाँ/वाम/देब्रे २.दाहिने/दायाँ ३.उल्टो/प्रतिकूल/विरुद्ध। **सव्यं वामे च दक्षिणे** (अजय.) **सव्यं तु दक्षिणे। वामे च प्रतिकूले च** (विश्व. हैम.)।

सव्यसाची (पुं.) दायाँ-बायाँ दुवै हातले हतियार चलाउन सक्ने व्यक्ति/अर्जुन।

सशक्तः (पुं.वि.) [*शक्तेन (शक्त्या) सहितः, बहु.स.*] बलवान्/शक्तिशाली/शक्ति भएको।

सशङ्कः (पुं.वि.) [*शङ्कया सहितः, बहु.स.*] १.शङ्कायुक्त/सन्देहास्पद २.शङ्कालु।

सशस्त्रः (पुं.वि.) [*शस्त्रेण सहितः, बहु.स.*] शस्त्रसहित/हातहतियारले युक्त। **~बलम्** (नपुं.) [*शस्त्रेण सहितम्, सशस्त्रम्, बहु.स.; तच्च तद् बलम्, कर्म.स.*] सैनिक बल/सशस्त्र सेनाको बल।

ससम्भ्रमः (पुं.वि.) [*सम्भ्रमेण सहितः, बहु.स.*] भय अनि नम्रताले मिश्रित आदर—सत्कार गर्ने/श्रद्धापूर्ण सत्कार गर्ने।

सस्यम् (नपुं.) [*सस्यते यत्तत्, षस स्वप्ने इति धातोः, माछाससिभ्यो यः (उ.) ५५९ इति यः*] १.धान २.वृक्ष लहरा आदिको फल। **वृक्षादीनां फलं सस्यम्** (अमर.२.४.१५)।

सस्यसंवरः (पुं.) [*सस्यैः संव्रियते, वृञ् वरणे इति धातोः, ग्रहवृदृ ३.३.५८ इत्यप्*] सखुवा/साल (अमर.२.४.४४)।

सह (अव्य.) [*सहते इति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] साथ/सित/सँग/सहित/समेत/साथसाथै।

न स्थातव्यं न गन्तव्यं क्षणमप्यधमैः सह।
पयोऽपि शौण्डकीहस्ते मदिरां मन्यते जनः॥ (सुभा.)

सहः (पुं.) [*सह्यतेऽनेन, षह अभिभवे इति धातोः, असुन् (उ.)*] १.पराक्रम २.ज्योतिष। **सहो बले ज्योतिषि च सहा हेमन्तमार्गयोः** (हैम.)।

सहकर्मी (पुं.वि.) [*सहकर्म अस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] साथमा रहेको एकै किसिमको काम गर्ने व्यक्ति/साथी/सहकारी/सँगी।

सहकारः (पुं.) १.[*सह युगपत् कारयति विक्षेपयति सौगन्ध्यमिति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] मिठो वास्ना आउने आँप। **सहकारोऽतिसौरभः** (अमर.२.४.३३) २.[*सह सार्धमेव कारः करणम्*] साथमा मिलेर काम गर्नु/सहयोग/सहायता। **~समितिः** (पुं.) [*सहकाराणां समितिः, ष.त.*] उपभोक्ता वा व्यवसायीहरू मिलेर खडा गरेको सस्तो र सजिलैसित मालसामान उपलब्ध गराउनलाई माल बनाउने वा बिक्री गर्ने संस्था/सहकारीहरूको समिति/सहकारी संस्था।

सहकारिता (स्त्री.) [*सहकारिणो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] परस्परमा मिलेर काम गर्नु, गराउनु।

सहकारी (पुं.वि.) [*सहकारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] साथमा काम गर्ने वा सघाउने साथी/सहयोगी/सहायक।

सहगमनम् (नपुं.) [*गम्लृ गतौ इति धातोः, ल्युट्* च ३.३.११५ इति *ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.साथमा जानु/सँगसँगै जानु २.पतिको लाससित जल्नु/सहमरण।

सहगानम् (नपुं.) [*सह गीयते इति, गै, ल्युट्* च ३.३.११५ इति *ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] धेरै जनाले मिलेर एउटै गीत एकसाथ गाउनु/सँगसँगै गाउनु।

सहगामिनी (स्त्री.) [*सह गच्छति तच्छीला, गम्लृ गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.सती जाने स्त्री २.सँगसँगै उत्तिकै क्रियाशील भएर काम गर्ने स्त्री।

सहगामी (पुं.) [*सह गच्छति तच्छीलः, गम्लृ गतौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सँगसँगै उत्तिकै क्रियाशील भएर कार्य गर्ने पुरुष।

सहचरः (पुं.वि.) [*सह चरतीति भिक्षासेनाऽऽदायेषु* च *३.२.१७ इत्यत्र* च *विधानात् टप्रत्ययः*] १.साथी/सँगी २.सेवक/नोकर ३.पहेलो कठसरैया। **भवेत्सहचरो भिंट्यां द्वयोरनुचरे त्रिषु** (मेदिनी.)।

सहचरी (स्त्री.) [*सह चरतीति, भिक्षसेनाऽऽदायेषु* च *३.२.१७ इति टः, टित्वात् टिड्ढाणञ् इति ङीप्*] १.संगिनी/पत्नी २.राजदूत वा कुनै विशिष्ट राजपुरुषका कर्मचारी ३.पहेँलो कठसरैया।

सहजः (पुं.वि.) [*सह तुल्य उदरे जातः, जनी प्रादुर्भावे इति धातोः, अन्येष्वपि दृश्यते ३.३.१०१ इति डः, डित्वाट्टिलोपः*] १.सरल/सुगम/सजिलो २.स्वाभाविक/प्राकृतिक/नैसर्गिक ३.[सह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुल्ये गर्भे जातः] एकै आमाका गर्भबाट जन्मेका दाजुभाइ ४.[*सह एकस्मिन् काले जातः*] एकैसाथ उत्पन्न/ जुम्ल्याहा।

सहजज्ञानम् (नपुं.) [*सहजञ्च तद् ज्ञानञ्च, कर्म.स.*] स्वाभाविक ज्ञान, नैसर्गिक ज्ञान।

सहजता (स्त्री.) [*सहजस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्वाभाविकता/प्राकृतिकता/नैसर्गिकता।

सहजातः (पुं.वि.) [*सह जातः*] एकै समयमा दुई जना जन्मेको/ जुम्ल्याहा/आमाको गर्भबाट एकै समयमा जन्मेका।

सहदेवः (पुं.) [*सह दीव्यतीति, सहपूर्वकत् दिवु क्रीडादौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] पाँच पाण्डवमध्ये कान्छा भाइ।

सहधर्मिणी (स्त्री.) [*सह धर्मोऽस्त्यस्याः, पत्या सह कर्मस्वधिकारात्, धर्मशीलवर्णान्ताच्च ५.२.१३२ इतीनिः, वोपसर्जनस्य ६.३.८२ इति सहस्य वा सः*] पत्नी/भार्या। **पत्नी पाणिगृहीती च द्वितीया सहधर्मिणी** (अमर.२.६.५)।

सहधर्मी (पुं.वि.) [*सह धर्मोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.एउटै धर्म मान्ने/समान धर्मी/समान गुण, धर्म वा स्वभावको २.लोग्ने/पति।

सहनः (पुं.) [*सहनशीलः, षह मर्षणे इति धातोः, अनुदात्तेतश्च ३.२.१४९ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] सहनशील।

सहनम् (नपुं.) [*षह मर्षणे इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] सहने क्रिया वा भाव/सहिष्णुता।

सहनशीलः (पुं.वि.) [*सहने शीलं यस्य सः, बहु.स.*] सहने स्वभावका/ सहिष्णु/क्षमाशील।

सहनशीलता (स्त्री.) [*सहनशीलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सहने स्वभावको हुनु/ क्षमाशीलता।

सहपाठी (पुं.वि.) [*सह पठति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] एउटै पाठ पढ्ने/पाठे भाइ/सहाध्यायी। (स्त्री.) सहपाठिनी।

सहप्रतिवादी (पुं.वि.) [*सह प्रतिवदति तच्छीलः, सुप्यजातौ णिनि स्ताच्छील्ये ३.२.७८ इति णिनिः*] कुनै मामिलामा मुख्य प्रतिवादीका साथ गौण वा मामुली रूपले मानिएको अर्को प्रतिवादी।

सहभागी (पुं.वि.) [*सहभागोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] समान भावले कुनै काममा कसैसित मिल्ने वा सरिक हुने/दुःखसुख वा लाभ–हानिमा कसैसित समान भाग लिने।

सहभागिता (स्त्री.) [*सहभागिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सहभागी बन्नु/समान भावले काममा संलग्न बन्नु।

सहभावी (पुं.वि.) [*सह भवति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] साथसाथ हुने/साथमा रहने/सँगसँगै जाने।

सहभोजनम् (नपुं.) [*सहभोजनम्, सुप् सुपा २.१.४ इति समासः*] धेरै जना मिलेर एकैसाथ खाने काम।

आलापाद् गात्रसंस्पर्शाद् संसर्गात् सहभोजनात्।
आसनाच्छयनाद् यानाद् रोगः सङ्क्रमते नृणाम्॥ (ग.पु.)

सहमतम् (नपुं.) [*सह मतम्, सुप् सुपा २.१.४ इति समासः*] अरूसित मिलेको राय/ऐकमत्य/मन्जुरी।

सहमतिः (स्त्री.) [*सह मतिः, सुप् सुपा २.१.४ इति समासः*] १.एउटै विचार हुनु/कुरा र विचार मिल्नु २.सभामा प्रस्तुत भएको प्रस्तावमा विरोध नगर्नु।

सहयुध्वा (पुं.वि.) [*सह योधितवान्, सहे च इति युधेः क्वनिप्*] सँगै युद्ध गर्ने।

सहयोगः (पुं.) [*सह योगः, युजिर् योगे इति धातोः, भावे ३.३.१८ इति घञ्*] साथमा मिलेर काम गर्नु/परस्परमा मद्दत गरेर काम गर्नु।

सहयोगी (पुं.वि.) [*सहयोगोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] सहयोग गर्ने।

सहयोजनम् (नपुं.) [*सह योजनम्, सुप् सुपा २.१.४ इति समासः*] समन्वयन/समन्वय/मिलेर काम गर्नु।

सहयोद्धा (पुं.) [*सह युध्यतीति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, गुणः*] १.सँगै युद्ध गर्ने/युद्धमा साथ दिने २.सक्रिय भएर सहकार्य गर्ने।

सहवासः (पुं.) [*सह एकत्र वासः, सुप् सुपा २.१.४ इति समासः*] १.सँगै साथमा रहने र उठबस गर्ने काम २.मैथुन।

सहवासिकः (पुं.वि.) [*सहवासोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति ठन् ठस्येकः*] १.साथमा रहने व्यक्ति/सहवास गर्ने मानिस/सहवासी २.छिमेकी ३.पति।

सहसचिवः (पुं.) [*सह सचिवः, सुप् सुपा २.१.४ इति समासः*] सचिवको साथमा रहेर काम गर्ने वा काममा सहायता गर्ने।

सहसा (अव्य.) [*सहते, षह मर्षणे इति धातोः, असा प्रत्ययः*] १.अचानक/अकस्मात्/अपर्झट/एकाएक/एक्कासी/हठात्। **अतर्किते तु सहसा** (अमर.३.४.७) २.तत्काल। **सद्योऽर्थेऽपि** (नानार्थरत्नमाला)।

सहस्तः (पुं.) [*हस्तैः कृतशस्त्राभ्यासैरिति लक्षणया, सह वर्तमानः*] हतियार चलाउन सिपालु।

सहस्यः (पुं.) [*सहसि बले साधुः, तत्र साधुः ४.४.९८ इति यत्*] पुस महिना। **पौषे तैषसहस्यौ द्वौ** (अमर.१.४.१५)।

सहस्रदंष्ट्रः (पुं.) [*सहस्रं दंष्ट्र्‌ यस्य सः, बहु.स.*] धेरै दाँत भएको माछो/पोठी माछो। **सहस्रदंष्ट्रः पाठीनः** (अमर.१.१०.१८)।

सहस्रदलम् (नपुं.) [*सहस्राणि दलानि यस्य तत्, बहु.स.*] हजार दल वा पत्र भएको कमल/सहस्रसार हठयोगअनुसार मानिसका मस्तिष्कमा कल्पना गरिएको एक कमल।

सहस्रदृक् (पुं.) [*सहस्रं दृशो यस्य सः, बहु.स.*] इन्द्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहस्रधा (अव्य.) [*सहस्रेण प्रकारेण, सङ्ख्याया विधार्थे धाः इति धाः*] हजार वा हजारौँ भागमा/हजारौँ किसिमले/हजार प्रकारले।

सहस्रधारा (स्त्री.) [*सहस्रसङ्ख्यका धाराः सन्ति यत्र सा, बहु.स.*] महादेवलाई स्नान गराउनका लागि पानी चुहाउने हजार वा धेरै छिद्र भएको पात्र।

सहस्रपत्रम् (नपुं.) [*सहस्रं पत्राण्यस्य*] कमल। **सहस्रपत्रं कमलं शातपत्रं कुशेशयम्** (अमर.१.१०.४०)।

सहस्रपादः (पुं.) [*सहस्रं पादा यस्य सः, बहु.स.*] १.सूर्य २.विष्णु ३.अरिमुठे किरो।

सहस्रम् (नपुं.) [*समानं हसति, हस्+रः*] १.दश सयको सङ्ख्या/१०००/हजारको अङ्क २.असंख्य/अगणनीय।

सहस्रलोचनः (पुं.वि.) [*सहस्रं लोचनानि यस्य सः, बहु.स.*] १.हजारौँ आँखा भएको २.(पुं.) इन्द्र/सहस्राक्ष।

सहस्रवीर्या (स्त्री.) [*सहस्रं वीर्याणि यस्याः सा, बहु.स.*] दुबो।

सहस्रवेधि (नपुं.) [*सहस्रं वेधितुं शीलमस्य, विध विधाने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] हिङ।

सहस्रवेधी (पुं.) [*सहस्रं शतं वा वेधितुं शीलमस्य, विध विधाने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] अम्लवेत।

सहस्रशीर्षः (पुं.वि.) [*सहस्रं शीर्षाणि यस्य सः, बहु.स.*] हजार शिर भएको।

सहस्रांशः (पुं.) [*सहस्रस्य अंशः, ष.त.*] हजारौँ भागको एक भाग/हजारौँ अंश।

सहस्रांशुः (पुं.) [*सहस्रमंशवो यस्य सः, बहु.स.*] सूर्य। **भानुर्हंसः सहस्रांशुस्तपनः सविता रविः** (३८ अमर.१.३.३०)।

सहस्राक्षः (पुं.वि.) [*सहस्रम् अक्षीणि यस्य सः, बहुव्रीहौ सक्थ्यक्ष्णोः स्वाङ्गात् षच् ५.४.७३ इति षच्प्रत्ययः*] १.एक हजार आँखा भएको २.(पुं.) इन्द्र।

सहस्रारः (पुं.) १.जैनहरूको बाह्रौँ स्वर्ग २.हठयोगअनुसार मस्तिष्कको माथि रहेको एक चक्र, जुन सुषुम्णा नाडीको तलमाथि शङ्खिनी नाडीमा सेतो रङका तल फर्केका सय-सय पत्रका दसवटा कमल छन्, जसका पत्र एक हजार छन्, जसमा 'अ' देखि 'ह' सम्म र फेरि 'ल' अक्षरसमेत जोड्दा पचास सेता वर्णका अक्षरहरू रहन्छन्, यिनका बिचमा 'हंसः' बीज, चन्द्रमण्डल र महावायु छन्। यिनमाथि ब्रह्मरन्ध्र छ। तल्लो भागमा महाशङ्खिनी नाडी छ। चन्द्रमण्डलमा बिजुली झैँ चम्किलो त्रिकोण (अ, क, थ, रेखा जस्तो) छ। त्यस त्रिकोणमा कमलतन्तुभन्दा पनि मसिनो तलतिर मुख फर्किएको चन्द्रमाको षोडश कला छ। त्यसको बिचमा मसिनोभन्दा पनि मसिनो रातो रङको निर्माणकला छ। यो निर्माणकला आगो जस्तो छ, यसलाई 'बोधनिक' भनिन्छ, यो अव्यक्तनाद हो। निर्माणकलाको बिचमा परबिन्दु छ, जुन 'शिवशक्तिमय' छ, जसको प्रकाश हंस (जीव) मा पर्छ। बिन्दुको बिचमा रहेको जुन शून्य छ त्यो 'ब्रह्मस्थान' हो।

सहस्रार्जुनः (पुं.) कृतवीर्यका छोरा/सहस्रबाहु/ कार्तवीर्य।

सहस्री (पुं.) [*सहस्रं योद्धारः सन्त्यस्य, इनिः*] हजार योद्धाको नाइके सुबेदार आदि।

सहा (स्त्री.) [*सहते, षह मर्षणे इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) इति असुन्*] १.मंसिर महिना २.हेमन्त ऋतु ३.बल ४.ज्योति ५.पृथ्वी ६.घ्यूकुमारी ७.कमलिनी ८.वनमुगी। **सहा हेमन्तमार्गयोः** (विश्व.)।

सहाध्यायी (पुं.वि.) [*सह अध्याय अध्ययनमस्यास्तीति, सहाध्याय + इनिः*] सहपाठी/एउटै पाठ पढ्ने।

सहानुभूतिः (स्त्री.) [*सह अनुभूतिः,सुप् सुपा २.१.४ इति समासः*] अर्काको दुःख देखेर दुःखित हुनु/समवेदना अनुभव गर्नु।

सहायः (पुं.वि.) [*सह अयन्ते इति, सहोपपदात् अय गतौ इति धातोः, नन्दिगहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, दीर्घः*] १.नोकर (अमर.२.८.७१) २.सहयोगी।

उद्यमं साहसं धैर्यं बुद्धिः शक्तिः पराक्रमः।
षडेते यत्र वर्तन्ते तत्र देवः सहायकृत्॥ (सुभा.)

३.नाटकको एकथरी पात्र।

सहायकः (पुं.वि.) [*सह एति, इण् गतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] मद्दत गर्ने वा सहायता गर्ने व्यक्ति/आश्रय दिने मानिस। **~नदी** (स्त्री.) [*सहायिका चासौ नदी, कर्म.स.*] खोला/नदी/अर्कोमा मिसिने नदी/उपनदी। **~मन्त्री** (पुं.) [*सहायकश्चासौ मन्त्री च,कर्म.स.*] १.राज्यमन्त्रीभन्दा तल्लो दर्जाको मन्त्री २.कुनै संस्थाका उपमन्त्री।

सहायकानुदानम् (नपुं.) [*सहायकञ्च तदनुदानञ्च, कर्म.स.*] सार्वजनिक संस्थालाई सहायताका रूपमा अथवा अरू कुनै विशेष प्रयोजनका लागि दिइने सरकारी आर्थिक सहायता/कुनै संस्था वा उद्योगले सरकारबाट पाउने मासिक, वार्षिक वा एकमुष्ट रकम।

सहायकाजीविका (स्त्री.) [*सहायिका चासौ आजीविका च,कर्म.स.*] मुख्य पेसा वा कामबाट हुने आमदानीले व्यवहार चल्न नसक्दा आंशिकरूपमा गरिने कुनै अर्को काम/धन्दा वा व्यवसाय।

सहायता (स्त्री.) १.[*सहायस्य भावः, कर्म वा, तल्, टाप्*] सहायहरूले गर्ने क्रिया, सहयोगिता २.[*सहायानां समूहः, गजसहायाभ्याम् (वा.) ४.२.४३ इति तल्, टाप् ४.१.४*] सहायको समूह। **सहायानां सहायता** (अमर.३.२.४०)।

सहिष्णुः (पुं.वि.) [*सोढुं शीलः, सह मर्षणे इति धातोः, अलङ्कृञ् निराकृञ् ३.२.१३६ इति इष्णुच्*] सहनशील/सहन सक्ने।

सहिष्णुता (स्त्री.) [*सहिष्णोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सहनशीलता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहृदयः (पुं.वि.) [*समानं हृदयं यस्य सः, बहु.स.*] १.अर्काका दुःखमा दुःखित हुने/दयालु/दयावान्/समवेदना र सहानुभूतियुक्त २.भावुक।

वर्णनीयाः सहृदयाः सुहृदश्च समाश्रिताः।
अलसा दुर्धियश्चैव परिहेयाः सुदूरतः॥ (सुभा.)

सहोक्तिः (स्त्री.) सादृश्यमूलक गम्योपम्याश्रय वर्गको भेदप्रधान एक अर्थालङ्कार।

सहोदरः (पुं.वि.) [*सह उदरं यस्य सः, बहु.स., पक्षे सत्वाभावः*] एकै आमाबाट जन्मिएका सन्तान। **भ्राता तु स्यात्सहोदरः, समानोदर्यसौदर्यसगर्म्यसहजा अपि। सोदरश्च** (नाममाला)।

सहोरः (पुं.) [*सहते इति, सह मर्षणे इति धातोः, किशोरादयश्च (उ.) इति सूत्रेण ओरन्*] साधु।

सह्यः (पुं.वि.) [*सोढुं शक्यः, षह मर्षणे इति धातोः, शकिसहोश्च इति यत्*] सहन सकिने/खप्न सकिने/सहन योग्य/सहनीय।

सांयात्रिकः (पुं.) [*समुदितानां द्वीपान्तरगमनं वा संयात्रा, सा प्रयोजन मस्य, तदस्य प्रयोजनम् ५.१.१०९ इति ठञ्, ठस्येकः*] डुङ्गा वा जहाजको व्यापारी। **सांयात्रिकः पोतवणिक्** (अमर.१.१०.१२)।

सांयुगीनः (पुं.वि.) [*संयुगे साधुः, प्रतिजनदिभ्यः खञ्, ४.४.९९ इति खञ्, खस्य ईनः, आदिवृद्धिः*] युद्धमा कुशल। **सायुगिनो रणे साधुः** (अमर. २.८.७७)।

सांवत्सरः (पुं.) [*संवत्सरं वेत्तीति, तदधीते तद्वेद इत्यण्*] ज्योतिषी। **सांवत्सरो ज्यौतिषिको दैवज्ञगणकावपि** (अमर.२.८.१४)।

सांवत्सरिकः (पुं.वि.) [*संवत्सरे भवः, कालाट्ठञ् इति ठञ्, ठस्य इकः*] १.संवत्सरमा भएको २.(नपुं.) [*संवत्सरे भवम् संवत्सरात् फलपर्वणोः इति अण् आदिवृद्धिः*] संवत्सरमा भएको पर्व वा फल।

सांशयिकः (पुं.वि.) [*संशयः, सन्देहः, संशयमापन्नः ५.१.७३ इति ठञ्, ठस्य इकः, आदिवृद्धिः*] संशयमा परेको/सन्दिग्ध/ संशयात्मा।

सांसदः (पुं.) [*संसदि भवः, संसद आगतो वा, तत्र भवः, ततः आगतः वा इति अण्*] संसदको/संसदसम्बन्धी र सांसदीय।

सांसर्गिकः (पुं.वि.) [*संसर्गाद् जातः, तत्र जातः इति ठक्*] संसर्गसम्बन्धी/संसर्गबाट भएको।

सांसारिकः (पुं.वि.) [*संसारे भवः, संसार ठक्*] संसार-सम्बन्धी/संसारको।

सांस्कृतिकः (पुं.वि.) [*संस्कृतेरयम्, संस्कृति+ठक्*] संस्कृति-सम्बन्धी। **~समानता** (स्त्री.) [*सास्कृतिकी चासौ समानता च, कर्म.स.*] संस्कृतिका रूपमा वा समान रूप देखिनु/संस्कृति वा सभ्यतामा एकरूपता देखिनु, जस्तै– भारत र नेपाल, भारत र जाबा, सुमात्रा आदि।

साकम् (अ.) (*सह अकनम्, अम् प्रत्ययः, सहस्य ६.३.७८ इति सादेशः, आभीक्ष्ण्ये णमुल् ३.४.२२ वा णमुल्*] सँग।

साकाङ्क्षता (पुं.) [*आकाङ्क्षया सहितः, तस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टप् ४.१.४*] आकाङ्क्षाको भावले सहित।

साक्तुकम् (नपुं.) [*सक्तूनां समूहः, अचित्तहस्तिधेनोष्ठक् ४.२.४७ इति ठक्, ठस्य कः*] सातुको समूह।

साक्षरः (पुं.वि.) [*अक्षरेण सहितः, बहु.स.*] अक्षर चिनेको/थोरै पढेलेखेको/केही शिक्षित।

साक्षरा विपरीताश्चेद् राक्षसा एव केवलम्।
सरसो विपरीतश्चेत् सरसत्वं न मुञ्चति॥ (सुभा.)

साक्षरता (स्त्री.) [*साक्षरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] अक्षर चिन्नु/थोरै पढ्ने लेख्ने काम/केही शिक्षा प्राप्त गर्नु।

साक्षरत्वम् (नपुं.) [*साक्षरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] थोरै पढ्ने लेख्ने काम/केही शिक्षा प्राप्त गर्नु।

साक्षरतान्दोलनम् (नपुं.) [*साक्षरताया आन्दोलनम्, ष.त.*] निरक्षरीहरूलाई साक्षर, अपढहरूलाई पठित बनाउन चलाइएको अभियान।

साक्षात् (अव्य.) [*सह अक्षति, अक्ष धातोः,आतिः सादेशः*] १.प्रत्यक्ष **साक्षात् पश्यति परमात्मानं योगी**। २.तुल्य। **इयं साक्षात् लक्ष्मीः** (लक्ष्मीतुल्या) **साक्षात् प्रत्यक्षतुल्ययोः** (अमर.३.३.२४३)।

साक्षात्कारः (पुं.) [*साक्षात्करणम्, कृ+घञ्*] १.भेटघाट/मुलाकात २.प्रत्यक्ष दर्शन।

साक्षात्कृत्य (अव्य.) [*असाक्षात् साक्षात् यथा संपद्यते तथा कृत्वा, इति विभाषा कृञ इति अनुवर्तमानेः, साक्षात् प्रभृतीनि च इति सूत्रेण च्यर्थ इति वाच्यम्, इति च्यर्थे गतित्वात् समासे क्त्वो ल्यप्*] साक्षात्कार गरेर/प्रत्यक्ष देखेर।

साक्षी (पुं.वि.) [*साक्षाद् द्रष्य, साक्षाद् द्रष्टरि संज्ञायाम् ५.२.९१ इति इनिः*] गवाही/गवाह/कुनै घटना आफ्नै आँखाले देख्ने मानिस/साक्षी। **~करणम्** (नपुं.) [*असाक्षी साक्षी यथा सम्पद्यते तथा करणम्, च्विः, दीर्घः*] कुनै कुराको साक्षीका रूपमा हस्ताक्षर गर्नु/कुनै लेख वा प्रमाणपत्र आदिका प्रतिलिपिमा हस्ताक्षर स्वीकार गर्नु।

साक्षीकृतः (पुं.वि.) [*असाक्षं साक्षं यथा सम्पद्यते तथा कृतः, कृभ्वस्तियोगे स्म्पद्य कर्तरि च्विः इति च्विः, अस्य च्वौ इति ईत्वम्*] साक्षीको रूपमा हस्ताक्षर गराइएको।

साक्षीभवनम् (नपुं.) असाक्षी साक्षी यथा संपद्यते तथा भवनम्, च्विः,लोपःसाक्षी बस्ने काम। **दारुणः कूटमाश्रित्य शिखी साक्षीभवन्नपि। नावहत् किं तदुद्वाहे कूटसाक्षीक्रियामिमाम्।**

साक्ष्यम् (नपुं.) [*साक्षिणो भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च इति ष्यञ्*] साक्षी/गवाही।

साक्ष्यविधिः (पुं.) [*साक्ष्यस्य विधिः, ष.त.*] साक्षीसम्बन्धी विधि वा कानुन।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सागरः (पुं.) [*सगरस्य राज्ञोऽयम्, तस्येदम् ४.३.१२० इत्यण्, न गरो येनामृतेन मणिना वा सह तेन वा, यद्वा सगरेण निर्वृत्तः, तेन निर्वृत्तम् इत्यण्*] १.तलाउ २.दशनामी संन्यासीहरूमध्ये एक ३.मसान/श्मशान ४.मृगविशेष ५.ठुलो ताल वा जलाशय ६.समुद्र। आधुनिक भूगोलअनुसार सागर (समुद्र) का अनेक नाम र भाग छन्— केरलसागर, भूमध्यसागर, क्यारिवियन सागर, दक्षिण चीन सागर, मैक्सिको खाडी, ओखोटस्क सागर, पूर्वी चीन सागर, हडसनको खाडी, जापान सागर, उत्तर सागर, कैस्पियन सागर, लाल सागर, काला सागर, बाल्टिक सागर, बङ्गोपसागर, टासमन सागर, आयरिस सागर, अरब सागर इत्यादि। पुराणअनुसार कपिलमुनिको वरदानबाट सगरराजाको छोरा भएको नाताले समुद्रको नाम सागर रहेको हो। ७.चार वा सातको सङ्ख्या।

साङ्केतिकः (पुं.वि.) [*सङ्केताद् भवः, सङ्केत+ठक्*] सङ्केतका रूपमा बताइएको/इसारा गरिएको। **~भाषा** (स्त्री.) [*साङ्केतिकी चासौ भाषा, कर्म.स.*] प्रचलित भाषादेखि भिन्न पारी सर्वसाधारणले नबुझ्ने गरी बनाइएको भाषा।

साङ्ख्यम् (पुं./नपुं.) छ दर्शनशास्त्रमध्ये कपिल मुनिद्वारा प्रतिपादित प्रसिद्ध दर्शनशास्त्र। यसमा सृष्टिको उत्पत्तिका क्रममा प्रकृतिलाई नै जगत्को मूल मानिएको छ र सत्त्व, रज, तम यी तीन गुणहरूद्वारा सृष्टि र सृष्टिसम्बन्धी सम्पूर्ण पदार्थको विकास हुन्छ भनिएको छ। आत्मा नै पुरुष वा ईश्वर रूप हुनेहुँदा आत्मा अकर्ता, साक्षी र प्रकृतिदेखि भिन्न मानिन्छ। साङ्ख्यदर्शन द्वैतमतको प्रतिपादक छ। साङ्ख्यमा सबैभन्दा पहिले प्रकृति पुरुषलाई नै आदि मूलतत्त्व मानिन्छ। त्यसअनुसार प्रकृति पुरुषको आपसी संयोगबाट नै जगत् उत्पन्न हुन्छ। तर प्रकृति जड र एक छ, पुरुष चेतन र अनेक छ। अतः यो कार्यकारणमा अव्यक्त रूपबाट रहेको हुन्छ। कारण सामग्रीद्वारा कार्य अव्यक्त रूपबाट व्यक्त रूपमा प्रकट हुन्छ। प्रकृति, सत्त्व, रज र तमको साम्यावस्था हो। उक्त सत्त्व, रज, तममा जव वैषम्य आउँछ, अनि सृष्टिको उदय हुन जान्छ। प्रकृति पुरुषको आपसी योगबाट महत्तत्त्व, त्यसबाट अहङ्कारको उत्पत्ति हुन्छ, सत्त्वप्रधान अहङ्कारबाट एघार इन्द्रियहरू, तामस अहङ्कारबाट पञ्चतन्मात्राहरू तथा तिनबाट स्थूल महाभूतहरूको आविर्भाव हुन्छ। प्राचीन साङ्ख्यदर्शनलाई ईश्वरवादी र नवीनलाई निरीश्वरवादी भनिन्छ।

साङ्ख्यदर्शनम् (नपुं.) [*साङ्ख्यसम्बद्धं दर्शनम्, म.प.स.*] प्राचीन दर्शनहरूमध्ये एक दर्शन। यसमा कपिल मुनिले साङ्ख्यसूत्र भन्ने विस्तृत ग्रन्थ रचना गरेका छन्। साङ्ख्यसूत्र ६ अध्यायमा विभक्त छ। सूत्रसङ्ख्या ५३७ छन्। कपिलका दुई शिष्य— आसुरि र पञ्चशिखले पनि साङ्ख्यदर्शनको बारेमा पुस्तकहरू लेखेका थिए। तर ती पुस्तकहरू हाल उपलब्ध छैनन्। ईश्वरकृष्णको साङ्ख्यकारिका अत्यन्त प्रमाणिक र लोकप्रिय ग्रन्थ मानिन्छ। साङ्ख्यकारिका भाष्य र साङ्ख्यतत्त्वकौमुदी साङ्ख्यकारिकाका व्याख्या ग्रन्थ हुन्। साङ्ख्यशास्त्रमा लेखिएका अरू ग्रन्थहरूमा विज्ञानभिक्षुको साङ्ख्यप्रवचन भाष्य, साङ्ख्यसार महत्त्वपूर्ण मानिन्छ। यिनको समय पन्ध्रौँ शताब्दीको उत्तरार्द्ध हो। साङ्ख्य द्वैतवादी दर्शन हो। सङ्ख्यालाई नै मूल सिद्धान्त बनाएको हुनाले यसलाई साङ्ख्य भनिएको छ। यी तत्त्वको ज्ञानबाट मानिस दुःखबाट निवृत्त एवं मुक्त हुन्छ भनिन्छ। २५ तत्त्वलाई चार भागमा विभाजन गरिएको छ— १.प्रकृति— यो तत्त्व सबैको कारण हो २.विकृति— केही तत्त्वहरू कसैबाट उत्पन्न हुन्छन् तर तिनीहरूबाट कसैको उत्पत्ति हुँदैन ३.केही तत्त्व कार्य–कारण दुवै हुन्छन् अर्थात् कसैबाट उत्पन्न हुन्छन् र कसैका उत्पादक पनि बन्दछन्। यिनलाई प्रकृति–विकृति पनि भनिन्छ ४.कार्य र कारण दुवै किसिमको सम्बन्ध नभएका तत्त्वहरूलाई नप्रकृति–नविकृति भनिन्छ। प्रकृतिलाई प्रधान अव्यक्त र प्रकृति पनि भनिन्छ। यो एउटै छ। विकृतिको सङ्ख्या १६ छ— पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, मन र पञ्चमहाभूत— (पृथ्वी, जल, तेज, वायु र आकाश)। प्रकृति–विकृतिको सङ्ख्या ७ छ— महत्तत्त्व, अहङ्कारतत्त्व, पञ्चतन्मात्रा— (शब्द, स्पर्श, रूप, स र गन्धतन्मात्रा)। नप्रकृति–नविकृति पुरुषमात्र छ। यसरी साङ्ख्यमा २५ तत्त्वको निरूपण भएको छ।

मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयःसप्त।
षोडशकस्तु विकारो न प्रकृतिर्न विकृतिः पुरुषः॥

साङ्ख्यको सिद्धान्त सत्कार्यवाद हो। कार्य र करण एक–अर्काभित्र निहित रहेका हुन्छन्। कारणबाट कार्यको उत्पत्ति हुन्छ भन्ने कुरा यसमा विवेचना गरिएको छ। साङ्ख्यवादमा असत्कार्यवादको खण्डन र सत्कार्यवादको स्थापना गरिएको छ। असत्बाट कार्यको उत्पत्ति हुँदैन। कार्यको उत्पत्तिका निमित्त उपादान कारण चाहिन्छ र त्यो कारण सम्बद्ध हुन्छ। सबै कार्यहरू सबै कारणबाट उत्पन्न हुँदैनन्। जुन कारण जुन कार्यलाई उत्पन्न गर्न समर्थ हुन्छ त्यसबाट त्यसै कार्यको मात्र उत्पत्ति हुन्छ। कार्य कारणात्मक हुन्छ अर्थात् त्यो कारणसँग अभिन्न रहन्छ।

असदकरणादुपादानग्रहणात् सर्वसम्भवाभावात्।
शक्तस्य शक्यकरणात् कारणभावाच्च सत् कार्यम्॥

—(साङ्ख्यकारिका, भारतीय दर्शन— पं. बलदेव उपाध्याय)

साङ्गः (पुं.वि.) [*अङ्गैः सहितः, बहु.स.*] सबै अङ्गले युक्त/सबै अङ्गप्रत्यङ्गले युक्त/अङ्गले सहित/साङ्गोपाङ्ग।

साङ्गत्यम् (नपुं.) [*सङ्गतेर्भावः*] सङ्गत।

पण्डितैः सह साङ्गत्यं पण्डितैः सह सङ्कथाम्।
पण्डितैः सह मित्रत्वं कुर्वाणो नावसीदति॥

(ग.पु. आचारकाण्ड १०८.१२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साङ्गरूपकम् (नपुं.) [*साङ्गञ्च तद् रूपकञ्च कर्म.स.*] रूपक अलङ्कारको एक भेद। यसमा उपमान र उपमेयबिचमा मात्र अभेद आरोप नभएर तिनका अङ्गहरूको बिचमा पनि आरोप हुन्छ।

साङ्गोपाङ्गम् (नपुं.) [*अङ्गानामुपाङ्गानाञ्च समाहारः, अङ्गोपाङ्गम्, द्व.स.; तेन सहितम्, बहु.स.*] १.अङ्ग र उपाङ्गहरूले सहित/अङ्गप्रत्यङ्गयुक्त २.पूर्ण/पूरा।

साङ्घातिकः (पुं.वि.) [*सङ्घाताद् भवः, सङ्घात्+ठक् (ईकः)*] मर्ममा लाग्ने गरी चोट पुऱ्याउने/प्रहार गर्ने/आघात गर्ने/डरलाग्दो।

साचि (अव्य.) [*सचनम्, षच समवाये इति धातोः, इञजादिभ्यः (वा.) इति इञ्*] तेर्सो। **तिर्यगर्थे साचि तिरोऽपि** (अमर.३.४.६)।

सातत्यम् (नपुं.) [*सततस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च इति ष्यञ्*] निरन्तर हुनाको भाव/लगातार हुनु/अविच्छिन्नता।

सातम् (नपुं.) [*श्यति दुःखम्, शो तनूकरणे इति धातोः, बाहुलकात् तन् (उ.) भावे वा*] १.सुख २.आनन्द ३.कल्याण।

सातला (स्त्री.) [*सातं सुखं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः*] हात्तीकाने।

सातिः (स्त्री.) [*षोऽन्तः कर्मणि इति धातोः क्तिन्, ऊतियूति इति साधुः*] समाप्ति २.दान। **सातिर्दानावसानयोः** (अमर.३.३.६७)

सातिसारः (पुं.) [*सहातिसारेण वर्तते*] अतिसार रोगले ग्रस्त। **सातिसारोऽतिसारकी** (अमर.२.६.५९)।

सात्वतीवृत्तिः (स्त्री.) [*सात्वती इति वृत्तिः*]— (हे. **नाट्यवृत्ति**)।

सात्त्विकः (पुं.वि.) १.[*सत्वात् सत्वगुणप्रधानात् विष्णोर्भवतीति, ठञ्, ठस्येकः*] ब्रह्मा २.[*सत्त्वेन निर्वृत्तः, निर्वृत्तेऽक्षद्यूतादिभ्यः ४.४.१९ इति ठक्, ठस्येकः, आदिवृद्धिः*] सत्त्व गुणबाट पैदा भएका स्तम्भ, स्वेद आदि गुणहरू— **स्तम्भः स्वेदोऽथ रोमाञ्चः स्वरभङ्गोऽथ वेपथुः। वैवर्ण्यमश्रुप्रलय इत्यष्टौ सात्त्विका गुणाः** (सा.द.३.१३५) सत्त्वगुणले सम्पन्न/सत्त्व गुणसम्बन्धी ३.यथार्थ/सत्य/ प्राकृतिक।

सात्त्विकगुणः (पुं.) [*सात्त्विकश्चासौ, गुणश्च, कर्म.स.*] नायकमा हुने गुणहरू— शोभा, विलास, माधुर्य, गाम्भीर्य, स्थैर्य, ललित र औदार्य।

सादिः (पुं.) [*षद्लृ विशरणादौ इति धातोः, वसिवपियजिराजिव्रजिसदिहनिवाशिवादिवारिभ्य इञ् (उ.) ५७४ इति इञ्*] सारथी।

सादिनः (पुं.बहु.) [*सीदन्त्यवश्यम्, षद्लृ विशरणादौ इति धातोः, आवश्यका— ३.३.१७० इति णिनिः*] घोडा, हात्ती र रथ हाँक्ने व्यक्ति २.घोडा,हात्ती र रथमा सवार योद्धा । **सादी तुरङ्ग- मातङ्गरथारोहेषु दृश्यते।** (मेदिनी.)। अमरकोशकारले भने अश्वारोहीलाई मात्र **सादिनः** भनेका छन्— **अश्वारोहास्तु सादिनः**।

सादृश्यम् (नपुं.) [*सदृशस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च इति ष्यञ्*] उपमान र उपमेयको बिचमा हुने समानता। यो दुई किसिमको हुन्छ— आकारप्रकारको साम्य र गुणक्रियाको साम्य।

साध (धा.) [*संसिद्धौ, अक.अनिट् पर.*] सिद्ध गर्नु। लट्— **साध्नोति**— सिद्ध गर्छ इत्यादि।

साधनम् (नपुं.) [*साध्यतेऽनेन, साध धातोः, ल्युट् च इति भावे, करणाधिकरणयोश्च ३.३.११७ इति करणे च ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.कुनै वस्तु तयार पार्ने वा कुनै काम गर्ने समान/उपकरण/औजार/सामग्री २.[*ल्युट् च इति भावे ल्युट्*] पारो आदिको शोधन ३.मरेकाको दाहादि संस्कार गर्नु ४.धन दिलाउनु ५.धन पैदा गर्नु ६.उपाय ७.पछि लाग्नु। **मारणे मृतसंस्कारे गतौ द्रव्योपपादने। निर्वर्तनोपकरणानुव्रज्यासु च साधनम्।** (अमर.३.३.११९) ८.सैन्य ९.सिद्धौषधि १०.लिङ्ग (मेदिनी. ९४.५३-५४)।

साधना (स्त्री.) [*साध्यतेऽनया, साध संसिद्धौ इति धातोः, ण्यासश्रन्थो युच् इति युच्, युवोरनाकौ ७.१.१ टाप् ४.१.४*] १.कुनै काम सम्पन्न गर्ने क्रिया २.सिद्धि ३.उपासना/आराधना ४.[*साधनम्, भावे युच्*] अभ्यास ५.भूतप्रेतलाई मन्त्रद्वारा वशमा पार्नु ६.वज्रयानमा चित्तवृत्ति तथा मानसिक विकासअनुसार साधकले गर्ने एक किसिमको विधान।

साधनीयः (पुं.वि.) [*साधयितुं योग्यः, साध संसिद्धौ इति धातोः, तव्यत्तव्यानीयरः ३.१.१२४ इत्नीयर्*] साधना गर्न योग्य।

साधारणः (पुं.वि.) [*सह आधारणेन वर्तते, वोपसर्जनस्य ६.३.८२ इति सभावः, साधानायाः संसिद्धेरणो वाचक इव*] १.कुनै किसिमको विशेषता नभएको/सामान्य/मामूली/सजिलो २.सार्वजनिक ३.तुल्य ४.जाति। **~निर्वाचनम्** (नपुं.) [*साधारणञ्च तन्निर्वाचनञ्च, कर्म.स.*] आम चुनाव/प्रजातान्त्रिक प्रणाली अपनाएको जुनसुकै राष्ट्रमा पनि साधारण मतदाताहरूद्वारा हुने मतदान।

साधारणधर्मः (पुं.) [*साधारणश्चासौ धर्मश्च, कर्म.स.*] उपमान र उपमेयको बिचमा रहने साझा विशेषता।

साधारणम् (नपुं.) [*सह आधारणेन, आग्नीध्रसाधारणादञ् (वा.) इति स्वार्थेऽञ्*] सामान्य। **साधारणन्तु सामान्यम्** (अमर.३.१.८२)।

साधारणाधिवेशनम् (नपुं.) [*साधारणञ्च तदधिवेशनञ्च, कर्म.स.*] सार्वजनिक सभा/सामान्य किसिमको अधिवेशन।

साधारणीकरणम् (नपुं.) [*असाधारणः साधारणो यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ इति ईत्वम्*] १.असाधारण कुरालाई साधारण तुल्याउनु २.भट्टनायकद्वारा रसानुभूतिको सन्दर्भमा प्रतिपादित एक सिद्धान्त। नाटकको दर्शन अथवा काव्यको अध्ययनबाट रसानुभूति कसरी हुन्छ भन्ने विषयमा विद्वान्हरूका बिच मतभेद भयो। कसैले रस उत्पन्न हुन्छ भने, कसैले रस अनुमानद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्न सकिन्छ भन्ने तर्क पेस गरे। तर भट्टनायकले त्यस सम्बन्धमा नयाँ दृष्टिकोण प्रस्तुत गरे। रस निष्पत्तिका सम्बन्धमा मुख्य दुई वटा प्रश्नहरू थिए— १.अप्रत्यक्ष विभाव आदिबाट रसको प्रकाशन (निष्पत्ति) कसरी हुन्छ ? २.राम, सीताजस्ता पूज्य आलम्बनप्रति हाम्रो भावना पवित्र हुने हुनाले यिनका रतिभावनाले कसरी हाम्रा मानसमा रतिभाव जगाएर रसरूप प्राप्त गर्छ ? यी दुई प्रश्नको एउटै उत्तर हो— साधारणीकरण। यसैले साधारणीकरण रसवादको मेरुदण्ड हो। साधारणीकरणको शाब्दिक अर्थ हो— विशिष्टलाई सामान्य बनाउनु। जुन भाव कुनै व्यक्तिविशेषसित सम्बन्धित हुन्छ, त्यसलाई सार्वजनिक बनाउनु नै साधारणीकरण हो। जुन भावको साधारणीकरण हुन्छ, त्यसले देश, काल र व्यक्तिसितको आफ्नो सीमित र विशिष्ट सम्बन्धलाई त्यागी सार्वभौम, सार्वकालिक (शाश्वत) र सार्वजनीन रूप ग्रहण गर्दछ। त्यसकारण त्यसको व्यक्तिधर्मिता नष्ट हुन्छ र त्यो भावकको साझा सम्पत्ति बन्न पुग्दछ। त्यसो हुनाले साधारणीकृत भाव पूज्य व्यक्तिसित सम्बन्धित भए पनि भावकका निम्ति आफ्नै भाव हुन जान्छ र उसलाई त्यो आफ्नै अन्तःकरणमा व्यक्त भए जस्तो लाग्छ। उनले साधारणीकरणलाई अर्थ्याउँदै के भनेका छन् भने साधारणीकरण भनेको सीता आदि विशेषको कामिनी आदि सामान्यमा रूपान्तरण हो। **साधारणीकरणञ्चैतदेव यत्— सीतादिविशेषाणां कामिनीत्वादिसामान्येनोपस्थितिः।** साधारणीकरण कसको हुन्छ भन्ने कुरामा पनि मतभेद छ। भट्टनायकले विभाव आदिको साधारणीकरण हुन्छ भनेका छन्। अभिनव गुप्तले भट्टनायकद्वारा सूत्ररूपमा प्रस्तुत गरेको साधारणीकरण प्रक्रियालाई विस्तृत रूपमा व्याख्या गरेका छन्। उनको भनाइअनुसार अभिधाद्वारा काव्य र नाटकमा प्रस्तुत भावको अर्थबोध भएपछि व्यञ्जनावृत्तिद्वारा विभावन व्यापार हुन्छ र विभावको साधारणीकरण हुन्छ। यस अवस्थामा सीताराम आदि पात्रहरूले वैयक्तिक विशेषता त्यागी सामान्य स्त्रीपुरुषको रूप लिन्छन्। त्यसपछि रसानुभूति हुन्छ। विश्वनाथले पनि साधरणीकरणको सम्बन्धमा साहित्यदर्पणमा केही कुरा उठाएका छन्— उनको दृष्टिकोणअनुसार काव्यमा विभाव आदिको साधारणीकरण हुन्छ। यसको फलस्वरूप रामायणसँग सम्बद्ध काव्य वा नाटकमा रामले गरेको समुद्रलङ्घन, रावणवध आदि कार्य भावक आफैंले गरेको ठान्दछ। यसरी साधारणी-करण भएपछि राममा रहेको उत्साहरूपी स्थायिभाव उसले आफैंमा अनुभव गर्न थाल्दछ—

व्यापारोऽस्ति विभावादेर्नाम्ना साधारणीकृतिः।
तत्प्रभावेण यस्यासन् पाथोधिप्लवनादयः॥
प्रमाता तदभेदेन स्वात्मानं प्रतिपद्यते।
उत्साहादिसमुद्बोधः साधारण्याभिमानतः॥
नृणामपि समुद्रादिलङ्घनादौ न दुष्यति।
साधारण्येन रत्यादिरपि तद्वत् प्रतीयते॥
परस्य न परस्येति ममेति न ममेति च।
तदास्वादे विभावादेः परिच्छेदो न विद्यते॥ (साद.प.३)

साधिका (स्त्री.वि.) [*साध्नोति, साध संसिद्धौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल, युवोरनाकौ इत्यकः, टाप् ४.१.४ इत्वम्*] सिद्ध गर्ने । **अल्पानामपि जन्तूनां महती कार्यसाधिका** (प.त.)।

साधिकारः (पुं.वि.) [*अधिकारेण सहितः, बहु.स.*] पूरा अधिकार भएको/अधिकारपूर्वक कुनै कामकुरा आदि गर्न सक्ने शक्ति वा खुबी भएको।

साधितः (पुं.) [*साध्यते स्म, साध संसिद्धौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.दिलाइएको। **दापितः साधितः समौ** (अमर.३.१.४०) २.सिद्ध गरिएको।

साधिष्ठः (पुं.) [*अतिशयेन साधुः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, अन्तिकबाढयोर्नेदसाधौ ५.३.६३ इति साधादेशः*] ज्यादै असल ।

साधीयान् (पुं.वि.) [*अतिशयितः साधुर्बाढो वा, ईयसुन्, अन्तिकबाढयोः इति साधादेशः*] १.धेरै राम्रो २.ज्यादै असल। **साधीयानति बाढे स्यादतिसाधौ च वाच्यवत्** (विश्व.१७९.६०)।

साधुः (पुं.वि.) [*साध्नोति परकार्यं धर्म्यं कर्म वा, साध संसिद्धौ इति धातोः कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.१) इत्युण्*] १.सज्जन/ भलादमी २.सांसारिक प्रपञ्च वा बन्धनबाट अलग रहेर पारमार्थिक जीवन बिताउने व्यक्ति/जोगी/संन्यासी।

साधुकारी (पुं.वि.) [*साधुकारिणि च इति अताच्छील्येऽपि णिनिः*] असल काम गर्ने/राम्रो गर्ने। **साधुकारी प्रशस्यते** (सुभा.)।

साधुता (स्त्री.) [*साधोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सज्जनपन/भलादमीपन।

साधुत्वम् (नपुं.) [*साधोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] सज्जनपना/भलादमीपन/साधुता।

साधुम्मन्यः (पुं.वि.) [*आत्मानं साधुं मन्यते, इति आत्ममाने खश्च इति खश, मुम, दिवादित्वात् श्यन्*] आफूलाई साधु ठान्ने।

साधुवादः (पुं.) [*साधुरिति वादः,कर्म.स.*] कसैले असल काम गर्दा'साधु साधु' भनेर प्रशंसा गर्ने काम/धन्यवाद/स्याबासी।

सत्साधुवादे मूर्खस्य मात्सर्यगलरोगिणः।
जिह्वा कङ्कमुखेनापि कृष्य नैव प्रवर्तते॥ (सुभा.)

साधुवाहिनः (पुं.बहु.) [*साधुवहनशीलाः, वह प्रापणे इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] राम्रोसँग चल्ने तालिम प्राप्त घोडा। **विनीताः साधुवाहिनः** (अमर.२.८.४४)।

साध्यः (पुं.) [*साधयितुं योग्यः, साध संसिद्धौ इति धातोः, णिचि अचो यत् इति यत्*] १.सिद्ध गर्नु पर्ने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्मयो सर्वथा हेयः प्रत्यूहः सर्वकर्मणि।
तस्माद् विस्मयमुत्सृज्य साध्यसिद्धिर्विधीयताम्॥ (सुभा.)

२.रेखा गणितमा प्रमाणित गरिने विषय ३.देवता ४.गणदेवता नामका देवताहरू। यिनको सङ्ख्या बाह्र छ– मन, अनुमन्ता, प्राण, नर, यान, चिन्ति, हय, नय, हंस, नारायण, प्रभव र विभु। **मनोऽनुमन्ता प्राणाश्च नरो यानश्च वीर्यवान्। चित्तिर्हयो नयश्चैव हंसो नारायणस्तथा॥ प्रभवोऽथ विभुश्चैव साध्या द्वादश जज्ञिरे॥** (वा.पु. ६६.१५.१६) **मतान्तरमा–** मन, मन्ता, प्राण, नर, अपान, वीर्यवान्, विनिर्भय, नय, हंस, नारयण, वृष र प्रमुञ्च ५.ज्योतिषमा विष्कम्भ आदि सत्ताइस योगहरूमध्ये एकाइसौँ शुभयोग ६.तन्त्रशास्त्रमा जान्नुपर्ने चार प्रकारका मन्त्रहरूमध्ये एक ७.(पुं.वि.) सिद्ध गर्न सकिने।

साध्यवसानलक्षणा (स्त्री.) [*अध्यवसानेन सहिता, साध्यवसाना, सा चासौ लक्षणा च, कर्म.स.*] लक्षणाको एक भेद। यसमा आरोप्यबाट आरोप्यमाण अर्थात् उपमेयको निगिरण भएको हुन्छ। यो दुई किसिमको हुन्छ– गौणी र शुद्धा। –हे. **लक्षणा**।

साध्याः (पुं.बहु.) [*साध संसिद्धौ इति धातोः, ऋहलोर्ण्यत् (३.१.१२४) इति भावे ण्यत्, साऽस्त्येषाम्, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.गणदेवता २.योगविशेष ३.(पुं.वि.) सिद्ध गरिने वस्तु। **साध्यो योगान्तरे सुरे। गणदेवविशेषे च साधनीये च वाच्यवत्** (विश्व.)।

साध्वसम् (नपुं.) [*साधु कर्मस्यति समापयतीति, बाहुलकात् अशच्, धातोर्धुक्च*] १.हडबड २.भय। **साध्वसदूषितहृदयो वाक्पटुरपि कातरो भवति** (सुभा.)।

साध्वी (स्त्री.) [*साध्नोति परकार्यं परलोकं वा, साध संसिद्धौ इति धातोः, कृवापा– (उ.१) इत्युण्, वोतो गुण ४.१.४४ इति वा ङीष्*] १.अर्काको काम सिद्ध गर्ने स्त्री २.पतिव्रता स्त्री। **सुचरित्रा तु सती साध्वी पतिव्रता** (अमर.२.६.६)।

सानुः (पुं.नपुं.) [*सनति सम्भजति, सनोति ददाति वा, षणु दाने इति धातोः, दृसनिजनिचरिचटिभ्यो ञुण् (उ.) इति ञुण्, वृद्धिः*] पर्वतको शिखर/थुम्को।

सानुनयम् (नपुं.) [*अनुनयेन सहितं यथा स्यात् तथा, क्रि.वि.*] नम्रतासित/धैर्यपूर्वक।

सान्त्वनम् (नपुं.) [*सान्त्वनम्, सान्त्व सामप्रयोगे इति धातोः, भावे ल्युट्, अनः*] १.राजनीतिका चार उपायमध्ये एक उपाय साम २.आपत् विपत् परेका व्यक्तिहरूमाथि साहानुभूति प्रदर्शन।

सान्त्वना (स्त्री.) [*सान्त्वनम्, सान्त्व सामप्रयोगे इति धातोः, णिचि ण्यासश्रन्थो युच् इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] दुःखमा परेको मानिसलाई शान्ति वा धैर्य दिने काम/सम्झनउने बुझाउने काम/आश्वासन/ढाडस।

सान्त्वम् (नपुं.) [*षान्त्व सामप्रयोगे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.साह्रै मिठो बोली २.सान्त्वना। **सान्त्वं सामनि दाक्षिण्ये** (हैम.)। **अत्यर्थमधुरं सान्त्वम्** (अमर.)।

सान्दृष्टिकम् (नपुं.) [*संदृष्टौ प्रत्यक्षे भवम्। अध्यात्मादिभ्यश्च (वा.) ४.३.६० इति ठञ्, ठस्य इकः*] व्यापार आदिबाट तुरुन्त प्राप्त हुने फल। **सान्दृष्टिकं फलं सद्यः** (अमर.२.८.२९)।

सान्द्रपदम् (नपुं.) प्रत्येक पाउमा क्रमैले भगण तगण नगण तथा एक गुरु र एक लघुवर्णको प्रयोग भएको छन्द। **सान्द्रपदं स्याद् भतनलगैश्च** (छन्दो.)।

सान्द्रम् (नपुं.) [*सह अन्द्रयते, अदि बन्धने इति धातोः, बाहुलकाद्रक्*] १.घनीभूत/खाँदिएको २.बाक्लो।

सान्द्रस्निग्धः (पुं.) [*सान्द्रो घनश्चासौ स्निग्धाश्चिक्कणश्च*] अतिशय चिल्लो। **सान्द्रस्निग्धस्तु मेदुरः** (अमर.३.१.३०)।

सान्ध्यः (पुं.वि.) [*सन्ध्यायां भवः, सन्ध्याया इदम्, सन्धिबेला द्यृतुनक्षेत्रेभ्योऽण् ४.३.१६ इत्यण्*] सन्ध्यामा हुने वा गर्नु पर्ने/ सन्ध्यासम्बन्धी। **विधाय सान्ध्यञ्च विधिं दिलीपः** (रघु.)।

सान्नाय्यः (पुं.) [*सन्नीयते, पाय्यसान्नाय्य ३.१.१३९ इति साधुः*] हवनीय पदार्थ (अमर.२.७.२७)।

सान्निध्यम् (नपुं.) [*सन्निधेर्भावः, कर्म.वा., गुणवचनब्राह्मणादिभ्यः कर्मणि च इति ष्यञ्*] नजिक हुनु/निकटता/ सामीप्य।

सान्निवेशिकः (पुं.वि.) [*सन्निवेशं समवैति, समवायान् समवैति ४.४.४३ इति ठक्, ठस्येकः*] समूहमा प्रवेश पाएको।

सापत्नः (पुं.) [*सपत्न्या अपत्यम्, शिवादिभ्योऽण् ४.१.११२ इति अण्, वृद्धिः, इकारलोपः*] सौताको छोरो।

सापह्नवातिशयोक्तिः (स्त्री.) [*सापह्नवा चासौ अतिशयोक्तिश्च, कर्म.स.*] अतिशयोक्ति अलङ्कारको आठौँ भेद।

सापेक्षः (पुं.वि.) [*अपेक्षया सहितः,बहु.स.*] कसैसित अपेक्षा रहेको/अपेक्षित/अर्काको आशा गर्ने।

साप्तपदीनम् (नपुं.) [*सप्तभिः पदैः सुबन्ततिङन्तैः चरणन्यासैर्वा अवाप्यते, साप्तपदीनं सख्यम् ५.२.२२ इति खः, खस्य ईनः*] १.मित्रता।

युक्तसत्कारविशेषमात्मना न मां परं संप्रतिपत्तुमर्हसि।
यतः सतां सन्नतगात्रि सङ्गतं मनीषिभिः साप्तपदीनमुच्यते॥ (कु.मा.)

२.सात पद वा पाउसम्बन्धी।

साभारः (पु.वि.) [*आभारेण सहितः,बहु.स.*] आभार वा कृतज्ञता सहित/कृतज्ञतापूर्वक।

साम (धा.) [*सान्त्वप्रयोगे, सक.सेट् उभय.*] सान्त्वना दिनु, समाधान गर्नु शान्त गर्नु। लट्– **सामयति–ते–** सान्त्वना दिन्छ, समाधान गर्छ, शान्त गर्छ इत्यादि।

साम *(नपुं.) षोऽन्तकर्मणि इति धातोः, सातिभ्यां मनिन्मनिणौ (उ.)* ६०२ *मनिन्*] १.चार वेदमध्ये एक/वेदको गाइने मन्त्र २.उपाय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साम क्लीबमुपायस्य भेदे वेदान्तरेऽपि च (विश्व.) ३.[*सामनम्, साम सान्त्वप्रयोगे इति धातोः, बाहुलकात् कनिन् यद्वा— स्यति रोषमनेन, षोऽन्तकर्मणि इति धातोः, बाहुलकात् कनिन् यद्वा— स्यति रोषमनेन, षोऽन्तकर्मणि इति धातोः, पर्ववत् मनिन्, प्रियवचनादिना क्रोधोपशमनं साम*] मिठो बोलेर शत्रुलाई आफ्नो वशमा ल्याउनु। **साम सान्त्वम्** (अमर.२.८.२१)।

सामगानम् (नपुं.) [*सामस्य गानम्, ष.त.*] स्तोत्र पाठको गेयरूप।

सामञ्जस्यम् (नपुं.) [*समञ्जस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.रूप, गुण, रस, धर्म आदिको एकरूप हुनु/मिल्नु/अभिन्नता/समानता/तुल्यता २.औचित्य ३.अनुकूलता ४.संवैधानिक धारामा एकता स्थापना गर्ने काम ५.संगति ६.सभामा प्रस्तुत प्रस्तावमा विरोध र बेमेल नहुने काम।

सामन्तः (पुं.) [*संश्लिष्टोऽन्त एकदेशो यस्य सः, समन्तः, समन्तस्य ईश्वरः, तस्येश्वरः ५.४४२ इत्यण्*] कुनै राजालाई कर बुझाउने सानो राजा/रजौटा/सामन्ती। **~तन्त्रम्** (नपुं.) [*सामन्तस्य तन्त्रम्, ष.त.*] कुनै राज्यअन्तर्गत रहेका सामन्त, जमीनदार, विर्तावाल आदिलाई मोही, खेती आदिमाथि पूरा अधिकार दिने एक पद्धति वा सिद्धान्त/राज्यको भूमि ठुलठुला सामन्त, सरदार, भारदार वा जमिनदार र धनीहरूको जिम्मामा रहेर तिनीहरूले राजालाई आर्थिक वा सैनिक सहायता दिने प्रथा/सामन्तशाही। **~वादी** (पुं.वि.) [*सामन्तवादोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] सामन्ततन्त्रमा विश्वास राख्ने/सामन्तवादका अनुयायी। **~प्रथा** (स्त्री.) [*सामन्तस्य प्रथा, ष.त.*] १.सानातिना राजा-रजौटा भएको प्रथा २.आफू ठुलो भएर अरूलाई किञ्चित् नगन्ने र नमान्ने प्रथा।

सामन्यः (पुं.वि.) [*सामसु साधुः, तत्र साधुः ४.४.९८ इति यत्, प्रकृतिभावः*] सामवेदको ज्ञाता।

सामयिकः (पुं.) १.[*समय एव, विनयादिभ्यष्ठक् ५.४.३४ इति ठक्, ठस्य इकः, वृद्धिः*] समय। २.(पुं.वि.) [*समये भवः*] समय-अनुसारको। **~करः** (पुं.) [*सामयिकश्चासौ करश्च कर्म.स.*] १.कुनै कामविशेषले कुनै समयमा लगाएको कर २.समयका आधारमा लगाइने कर। **~पत्रम्** (नपुं.) [*सामयिकञ्च तत्पत्रम्, कर्म.स.*] हप्ता, महिना आदिमा नियमित रूपले निस्कने पत्रिका। **~वार्ता** (स्त्री.) [*सामयिकी चासौ वार्ता च, कर्म.स.*] प्रसारित गरिने सामयिक घटना वा कुनै सामयिक प्रश्न, विषय आदिको चर्चा।

सामरिकः (पुं.वि.) [*समरस्य अयम्, समर+ठक्*] युद्ध विषयको/युद्धसम्बन्धी। **~व्यवस्था** (स्त्री.) [*सामरिकी चासौ व्यवस्था च, कर्म.स.*] सैनिकहरूका हात-हतियार, खर-खजाना राख्ने, त्यस्ता हात हतियार खर-खजानाको लगत राख्ने, सामरिक महत्त्व भएको ठाउँको नक्सा, मोडेल, स्केच, सैनिक कोड र सैनिकहरूको खटन तथा तैनाथ आदिको बन्दोबस्त गर्ने काम।

सामर्थ्यम् (नपुं.) [*समर्थस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] समर्थ हुनु/शक्ति/बल/क्षमता/योग्यता।

सामवायिकः (पुं.वि.) [*समवायान् समवैति, समवायान् समवैति ४.४.४३ इति ठक्, ठस्य इकः, वृद्धिः, अलोपः*] सभामा सम्मिलित भएर काम गर्ने।

सामविदः (पुं.बहु.) [*साम विदन्तीति, सत्सूद्विष— ३.२.६१ इति क्विप्*] सामवेदको काम गर्ने ऋत्विक्।

सामवेदः (पुं.) [*सा (ऋचा) च, अमः (स्वरः) च, द्व.स., तया सह सम्बद्धः, अमो नाम स्वरः यत्र वर्तते वा तत् साम*] चार वेदमध्येको तेस्रो वेद। बृहदारण्यक उपनिषद्अनुसार **सा**को अर्थ ऋचा हो र **अम**को अर्थ स्वर हो। त्यसैले **साम**को अर्थ ऋक्का साथै सम्बद्ध स्वरप्रधान गायन हो। सामवेद दुई भागमा विभक्त छ— आर्चिक र गान। आर्चिक भनेको ऋचाको समूह हो। यो दुई भागमा विभक्त छ— पूर्वार्चिक र उत्तरार्चिक। दुवैको मन्त्रसङ्ख्या १८१० छ। यसमा २६१ मन्त्रहरूको पुनरावृत्ति भएको छ। यसलाई झिक्ने हो भने कुल मन्त्रको सङ्ख्या १५४९ हुन्छ। यसमा ७५ वटा नयाँ मन्त्र छन्। अरू सबै ऋग्वेदबाट लिइएका छन्। सामवेदको विभाजन प्रपाठकमा पनि भएको छ। पूर्वार्चिकमा ६ प्रपाठक छन्। प्रत्येक खण्ड दशतिमा विभक्त छ। प्रत्येक दशतिको विभाजन मन्त्रमा भएको छ अर्थात् प्रत्येक दशतिमा १०-१० मन्त्र छन्। कुनै कुनै दशतिमा ८ अथवा ९ मन्त्र पनि देखिन्छन्। पूर्वार्चिकमा ५८५ मन्त्रहरू छन्। उत्तरार्चिकमा ९ प्रपाठक छन्। तीमध्ये सुरुका पाँच प्रपाठक दुई खण्डमा विभक्त छन् भने चार प्रपाठक तीन खण्डमा विभक्त छन्। नौ प्रपाठकमा २२ अर्ध, ११९ खण्ड र ४०० सूक्त छन्। मन्त्रहरूको सङ्ख्या १८१० छ। यसका कौथुमीय, राणायनीय र जैमिनीय शाखामात्र उपलब्ध छन्। यो हजार शाखाको थियो भन्ने महाभाष्यकार पतञ्जलिको भनाइ छ। —(सहस्रवर्त्मा सामवेदः)। कौथुम शाखा अत्यन्त लोकप्रिय छ। सामगानलाई चार भागमा बाँडिएको छ— ग्रामगेयगान, आरण्यकगान, अहर्गान र ऊर्ध्वगान। छान्दोग्योप-निषद्अनुसार सामगान सात अङ्गमा विभक्त छ— हिंकार, आदि, उपद्रव, प्रस्ताव, उद्गीथ, प्रतिहार र निधन। यसबाहेक अरू पाँच विकारको पनि त्यहाँ उल्लेख गरिएको छ— विकार, विश्लेषण, विकर्षण, अभ्यास, विराम र स्नीय। सामवेदमा गानाका लयहरूलाई कुष्ठ, प्रथमा, द्वितीया, चतुर्थी, मन्द्र र अतिस्वार्थ भनिएको छ। सामवेदको उपवेद— **गान्धर्ववेद**, गोत्र— **भारद्वाज**, ऋषि— **गौतम**, देवता— **अग्नि**, छन्द— **जगती**।

सामाजिकः (पुं.वि.) [*समाजं समवयन्ति, समवायान्समवैति ४.४.४३ इति ठक्, ठस्येकः*] समाजसित सम्बन्ध भएको/समाजको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~कुरीतिः (स्त्री.) [*सामाजिकी चासौ कुरीतिश्च, कर्म.स.*] समाजलाई अवनति पार्ने खराब चालचलन। **~चलनम्** (नपुं.) [*सामाजिकञ्च तच्छलनम्, कर्म.स.*] समाजले चलाएको रीति-रिवाज/समाजमा चलेको चलन। **~व्यवस्था** (स्त्री.) [*सामाजिकी चासौ व्यवस्था, च कर्म.स.*] समाज निर्माण आदिको ढङ्ग/समाजका व्यवहार सञ्चालनको ढाँचा वा चालचलन। **~सेवा** (स्त्री.) [*सामाजिकी चासौ सेवा, कर्म.स.*] समाजका भलाइका लागि गरेको सेवा वा काम।

सामाजिकता (स्त्री.) [*सामाजिकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] समाजमा सम्बन्ध हुनु/सामाजिक हुनु।

सामाजिकाः (पुं.बहु.) [*समाजं समवयन्ति, समवायान्समवैति ४.४.३४ इति ठक्, समाजं रक्षन्ति वा, रक्षति ४.४.३३ इति ठक्*] १.समाजमा बस्ने मानिसहरू २.सभासद ३.दृश्यकाव्यका दर्शक वा श्रव्यकाव्यका पाठक।

सामान्यकोषः (पुं.) [*सामान्यश्चासौ कोषश्च, कर्म.स.*] कुनै खास कामका लागि स्थापित गरेको नभई सर्वसाधारणको प्रयोजनका लागि खर्च गर्न पाउने कोष।

सामान्यतः (अव्य.) [*सामान्यादिति, सामान्य+तसिल्*] सामान्य तवरले/साधारण रीतिले/साधारणतया।

सामान्यम् (पुं.) [*सह मानेन, समानस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, चातुर्वर्ण्यादित्वात् (वा.) ५.१.१२४ वा स्वार्थे ष्यञ्*] १.कुनै किसिमको विशेषता नहुनु/मामुलीपन/साधारण/सबैमा समानरूपले रहनु/सबैसित सम्बन्ध हुनु/सार्वजनिकता २.(नपुं.) जाति।

सामान्यबहुमतम् (नपुं.) [*सामान्यञ्च तद् बहुमतञ्च, कर्म. स.*] चुनावमा विपक्षी भन्दा अलिकति मात्र बढी भएको मत।

सामान्यबुद्धिः (स्त्री.) [*सामान्या चासौ बुद्धिश्च, कर्म.स.*] शिक्षा-दीक्षाविनानै सबैमा समानरूपले हुने बुद्धि।

सामान्ययोग्यता (स्त्री.) [*सामान्या चासौ योग्यता च, कर्म.स.*] कुनै कामका लागि चाहिने मात्र योग्यता/स्वरूप योग्यता।

सामान्यविधिः (पुं.) [*सामान्यश्चासौ विधिश्च, कर्म.स.*] कुनै शङ्का-उपशङ्का, जालझेल नभएको नियम, विधि वा आदेश।

सामान्यालङ्कारः (पुं.) [*सामान्य इति अलङ्कारः, कर्म.स.*] सामान्य नामक एक अर्थालङ्कार।

सामासिकः (पुं.वि.) [*समासे भवः, समासादागतो वा*] समाससम्बन्धी/समासको।

सामिधेनी (स्त्री.) [*समिधामाधानी, समिधामाधाने षेण्यम् (वा.) ४.३.१२० इति षेण्यम्, षिद्गौरादिभ्यश्च (४.१.४१) इति ङीष्, हलः ६.४.४९ इति यलोपः*] अग्नि बाल्दा उच्चारण गरिने मन्त्र।

सामीप्यम् (नपुं.) [*समीपस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] निकटता/नजिकको स्थिति।

सामुदायिकः (पुं.वि.) [*समुदायं समवैति, समवायान् समवैति ४.४.४३ इति ठक्, ठस्येकः भवः*] सामूहिक। **~योजना** (स्त्री.) [*सामुदायिकी चासौ योजना च, कर्म.स.*] जनसमुदायका फाइदाको दृष्टिकोणले चालु गरिने औद्योगिक वा सामाजिक योजना।

सामुद्रम् (नपुं.) [*समुद्रे भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] १.समुद्रमा पाइने नुन २.शरीरको लक्षण। **सामुद्रं लवणान्तरे, लक्षणे च शरीरस्य** (हैम.)।

सामुद्रिकः (पुं.वि.) [*समुद्रे भवः, समुद्र+ठक्*] १.समुद्रसम्बन्धी/समुद्रमा हुने/समुद्रमा पैदा हुने २.हातको रेखा वा शरीरका चिह्नसम्बन्धी/हातका रेखा, शरीरका कोठी आदि चिह्नहरू हेरेर मनुष्यका जीवनको घटना र शुभाशुभ फल बताउने विद्या।

सामूहिकः (पुं.वि.) १.[*समूहं समवैति, समवायान् समवैति ४.४.४३ इति समवायान् इति बहुवचननिर्देशात् ठक्, ठस्य इकः, वृद्धिः, आलोपः*] समूहमा सम्मिलित २.[*समूहे भवः, जात आदि*] समूहमा भएको/समूहसम्बन्धी। **~सुरक्षा** (स्त्री.) [*सामूहिकी चासौ सुरक्षा च,कर्म.स.*] कुनै व्यक्ति विशेषलाई नतोकी समूहको भलाइका लागि गरिने या गरिएको सुरक्षा।

सामूहिकारोपः (पुं.) [*सामूहिकश्चासौ आरोपश्च, कर्म.स.*] समूहलाई नै लगाइएको आरोप वा दोष।

सामूहिकोत्तरदायित्वम् (नपुं.) [*सामूहिकञ्च तदुत्तरदायित्वञ्च, कर्म.स.*] कुनै मण्डलका सदस्यहरू वा कुनै संस्थाका सदस्यहरूले सामूहिकरूपले वहन गरिएको वा गरिने जवाफ-देहीपना।

साम्परयिकः (नपुं.) [*विनयादित्वात् ५.४.३४ इति ठक्, ठस्येकः*] युद्ध/लडाइँ।

साम्परायिकम् (नपुं.) [*संपरायनम्, अय गतौ इति धातोः, इ गतौ इति धातोर्वा, भावे ३.३.१८ इति घञ्, स्वार्थे कन् (ज्ञापि. ५.४.५ टाप् ४.१.४, इत्वम्*] युद्ध/लडाइँ।

साम्प्रतम् (नपुं.) [*सम् च प्रति च तयोः समाहारः, ततः अण्, यद्वा संप्रतनम्, तनु विस्तारे इति धातोः, डम्, पृषोदरादित्वात् ६.३.१०९ समो दीर्घः*] १.अहिले/तत्कालै/तुरुन्तै/यस समयमा २.समुचित।

साम्प्रतिकः (पुं.वि.) [*सम्प्रति भवः, सम्प्रति+ठञ्*] यसै बखतको/वर्तमान समयको/अहिलेको/तत्कालको।

साम्प्रदायिकः (पुं.वि.) [*सम्प्रदायात् आगतः, सम्प्रदायभवो वा, सम्प्रदाय+ठक्*] कुनै सम्प्रदाय वा मतसँग सम्बन्ध भएको। **~ता** (स्त्री.) [*साम्प्रदायिकस्य भावः, साम्प्रदायिक+तल्, टाप्*] साम्प्रदायिक हुनाको भाव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साम्मातुरः (पुं.) [*समीचीना माता, संमाता, संमातुरपत्यं पुमान् मातुत्सङ्ख्या संमद्रपूर्वायाः ४.१.११५ इति अण्, ऋकारस्य उदादेशः, रपरत्वञ्च, वृद्धिः*] असल आमाको छोरो।

साम्यम् (नपुं.) [*समस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सम हुनाको भाव/समानता/एकरूपता/ सामञ्जस्य।

साम्यवादः (पुं.) [*साम्यमिति, वादः, कर्म.स., साम्यस्य वा वादः, ष.त.*] देशको उत्पादन वा अर्थलाई सबै जनतामा समान रूपले वितरण गरी आर्थिक असमानता हटाई, वर्गहीन समाजको स्थापना गर्ने एक राजनीतिक सिद्धान्त।

साम्यवादी (पुं.वि.) [*साम्यवादोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] साम्यवादमा विश्वास गर्ने/साम्यवादका अनुयायी।

साम्राज्यम् (नपुं.) [*सम्राजो भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४*] १.धेरै राज्यहरू सम्मिलित भएको ठुलो राज्य २.सम्राट्ले शासन गरेको राज्य ३.सार्वभौम सत्ता/प्रभुसत्ता।

साम्राज्यवादः (पुं.) [*साम्राज्यस्य वादः सिद्धान्तः, ष.त.*] साना-साना राज्यहरूलाई शक्तिद्वारा अधीनमा पारेर राज्यको विस्तार गर्ने सिद्धान्त/साम्राज्य खडा गर्ने सिद्धान्त।

सायंप्रातिकः (पुं.वि.) [*सायं प्रातर्भवः, कालाट्ठञ् इति ठञ्, ठस्य इकः, वृद्धिः*] साझ विहानमा भएको।

सायकः (पुं.) [*षोऽन्तकर्मणि इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः,*] १.बाण/शर २.तरबार। **शरे खड्गे च सायकः** (अमर.३.३.२)।

सायङ्कालः (पुं.) [*सायञ्चासौ कालश्च, कर्म.स.*] साँझको बखत/सन्ध्याकाल/बेलुकीपख।

सायङ्कालिकः (पुं.वि.) [*सायङ्काले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] साँझको बखत/सन्ध्याकालमा हुने।

सायङ्कृत्यम् (नपुं.) [*सायं कृत्यम्*] साँझका समयमा गरिने जप, पूजापाठ आदि।

सायणः (पुं.) प्रसिद्ध वैदिक भाष्यकार। यिनको समय चौधौँ शताब्दी हो। यिनले वेद र ब्राह्मणग्रन्थहरूमा भाष्य लेखेका छन्। यिनले लेखेका भाष्यहरू हुन्— **संहिता**— तैत्तरीयसंहिता— (कृष्णयजुर्वेद), ऋग्वेदसंहिता, काण्वसंहिता— (सामवेद), अथर्ववेदसंहिता। **ब्राह्मणग्रन्थ**— तैत्तरीयब्राह्मण, तैत्तरीय आरण्यक, ऐतरेयब्राह्मण, ऐतरेय आरण्यक, ताण्ड्यब्राह्मण— (पञ्चविंशब्राह्मण), सामविधानब्राह्मण, आर्षेयब्राह्मण, देवताध्याय, उपनिषद्ब्राह्मण, संहितोपनिषद्ब्राह्मण, वंशब्राह्मण र शतपथब्राह्मण। यिनको भाष्य वेदार्थको अनुशीलनका निमित्त अत्यन्त उपयोगी छ। पहिले लेखिएका सबै वेदभाष्यको अध्ययन गरेर परम्परागत शैलीमा यिनले भाष्यहरू लेखेका छन्। वेदहरूको अर्थ गर्दा यिनले वेदाङ्गहरूको पनि सहायता लिएको देखिन्छ। ठाउँ ठाउँमा पुराण, इतिहास, स्मृति र महाभारतको पनि उनले उद्धरण दिएका छन्। —(पं. बलदेव उपाध्याय)।

सायनः (पुं.वि.) [*अयनेन सहितः, बहु.स.*] सूर्य भूमध्यरेखामा हुँदा दिन र रात बराबर हुने समय।

सायन्तनः (पुं.वि.) [*सायं भवः, सायंचिरम् ४.३.२३ इति सायम्, इति अव्ययात्, ट्युः तुट् च, युवोरनाकौ, इति अनः*] सन्ध्याकालमा भएको।

सायन्तनी (स्त्री.) [*साये सन्ध्यायां भवा, सायंचिरम् ४.३.२३ इति ट्युः, तस्य अनः, टित्वान् ङीप्*] साँझमा भएको।

सायम् (अ.) [*सानम्, षोऽन्तकर्मणि इति धातोः, आत्वम्, णम्, युगागमः ७.३.३३*] १.साँझ २.शाखा। **सायं काण्डे दिनान्ते च** (विश्व.)।

सायासः (पुं.वि.) [*आयसेन सहितः, बहु.स.*] परिश्रमयुक्त।

सायाह्नः (पुं.) [*सायमहः, अह्नोऽह्न एतेभ्यः ५.४.८८ इति अह्नादेशः*] साँझको समय।

सायुज्यम् (नपुं.) [*सह युनक्ति, युजिर् योगे इति धातोः, क्विप् च ३.२.७६ इति क्विप्, सादेशः सयुङ्, तस्य भावः, गुणवचन-ब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.भेद नरहने गरी दुई वा धेरै वस्तु मिल्ने काम/एकत्व/एकरूपता २.लीन हुनु/जीवात्मा परमात्मा लिन हुने एक अवस्था/मुक्ति ३.पाँच किसिमका मुक्ति मध्ये एक किसिमको मुक्ति।

सायुधः (पुं.वि.) [*आयुधेन सहितः, बहु.स.*] आयुध वा हतियारले युक्त/ सशस्त्र।

सार (धा.) [*दौर्बल्ये, अक.सेट् उभय.*] दुर्बल हुनु। लट्— **सारयति-ते**— दुर्बल हुन्छ इत्यादि।

सारः (पुं.) [*सरति कालान्तरम्, सृ गतौ इति धातोः, सृ स्थिरे ३.३.१७ इति घञ्*] १.मूलतत्त्व। **षट्पदः पुष्पमध्यस्थो यथा सारं समुद्धरेत्। तथा सर्वेषु शास्त्रेषु सारं गृह्णन्ति पण्डिताः॥** (सुभा.) २.बल ३.स्थिर अंश ४.न्यायमार्ग ५.धन ६.श्रेष्ठ ७.पानी ८.रुखको चुरो ९.गुदी/कुनै वस्तुको भित्री भाग १०.झोल/रस। **सारो बले मज्जनि च स्थिरांशे, न्याय्ये च नीरे च धने च सारम्। वरेऽन्यवत् सारमुदाहरन्ति** (विश्व.)। **~गर्भितः** (पुं.वि.) [*सारगर्भः सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् इति इतच्*] भित्र सार भएको/तत्त्वयुक्त। **~ग्राही** (पुं.वि.) [*सारं गृह्णाति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] वस्तु वा विषयका सार वा तत्त्वमात्र ग्रहण गर्ने।

सारङ्गः (पुं.) [*सरति गच्छतीति, सृ गतौ इति धातोः, सृवृत्रोर्वृद्धिश्च (उ.) १२७ इति अङ्गच्, वृद्धिश्च*] १.ठुलो कान, छोटे पुच्छर र खैरो वर्ण हुने एक जातको मृग २.कोइली ३.भँवरो ४.मौरी ५.शङ्ख ६.घोडा ७.सिंह ८.विभिन्न रङ्ग ९.काकाकुल १०.हात्ती। **सारङ्गः**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुंसि हरिणे चातके च मतङ्गजे। शबले त्रिषु (मेदिनी.)।११.प्रत्येक पाउमा क्रमैले तगण तगण तगण तथा तगण (४ तगण) को प्रयोग भएको छन्द। **सारङ्गसंज्ञं समस्तैस्तकारैस्तु** (छन्दो.)।

सारङ्गिकः (पुं.वि.) [*सारङ्गान् हन्ति, पक्षिमत्स्यमृगान् हन्ति इति ठक्, ठस्य इकः*] १.मृग मार्ने २.पक्षी मार्ने। **सारङ्गः पशुपक्षिणोः** (अमर.)।

सारङ्गी (पुं.) [*सारङ्गोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] रेटेर बजाइने एक प्रकारको बाजा।

सारणी (स्त्री.) [*सृ गतौ इति धातोः, णिचि, अनिः, ततो वा ङीप्*] १.सानो नदी/खोल्सा/कुलो २.तालिका।

सारथिः (पुं.) [*सारयति नियमेन चालयतीति, सृ गतौ इति धातोः, सर्तेर्णिच्च (उ.) ५३८) इति घथिन् णिच्च*] रथ वा बग्गी हाँक्ने व्यक्ति/सूत/कोचवान।

सारथित्वम् (नपुं.) [*सारथेर्भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] सारथि हुने काम।

सारमेयः (पुं.) [*सरमायाः कश्यपपत्न्याः अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] कुकुर। (स्त्री.) सारमेयी। **ब्राह्मणा गणका वेश्याः सारमेयाश्च कुक्कुटाः। दृष्टेष्वन्येषु कुप्यन्ति न जाने तस्य कारणम्॥** (सुभा.)

सारल्यम् (नपुं.) [*सरलस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.सीधापन/सरलता २.सुगमता ३.सुबोधता।

सारसः (पुं.) [*सरसि भवः, तत्र भवः ४.३.५३ इत्यण्*] जलाशयमा रहने एक जातको बकुल्ला आकारको पक्षी/सारस चरो। **सारसः पक्षिभेदेन्द्वोः क्लीबं तु सरसीरुहे** (मेदिनी.)।

(सारसः)

सारसनम् (नपुं.) [*सारं सनोती, षणु दाने इति धातोः, कर्मणः शेषतवविवक्षायामच् ३.१.१३४ इति ष्यञ्, यद्वा— सारं बलमस्यते दीप्यतेऽनेन, अस गतिदीप्त्यादानेषु इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, शकन्ध्वादिः (वा.) ६.१.९४*] १.कवचलाई बाँध्ने कम्मर पेटी २.कन्दनी। **सारसनमप्युरस्त्रे तनुत्रिणां मेखलायां च** (मेदिनी.)।

सारसम् (नपुं.) [*सरसि भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] कमल।

सारांशः (पुं.) [*सारयुक्तोंऽशः, म.प.स.*] सारभाग/निचोड/निष्कर्ष/कुनै लेख वा ग्रन्थको सङ्क्षिप्त रूप।

सारालङ्कारः (पुं.) [*सार इति अलङ्कारः, कर्म.स.*] सारनामक एक अर्थालङ्कार।

सारिका (स्त्री.) [*सरति गच्छति,ण्वुल्,अकः,टाप्, इत्वम्,शारिका इति पाठे शृणाति दुःखं विरहिणीनाम्,पूर्ववत्*] १.सारौ २.मैना।

सारूप्यम् (नपुं.) [*सरूपस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.११९ इति ष्यञ्*] भक्तले आफ्ना उपास्य देवताको रूप ग्रहण गर्ने काम/समान रूप हुनाको भाव/एक प्रकारको मुक्ति।

सार्थः (पुं.) [*सरति गच्छतीति, सृ गतौ इति धातोः, सर्तेर्णित् (उ.) १७० इति स्थन्, णित् वृद्धिश्च*] १.बनियाको समूह २.समूह। **सार्थो वणिक्समूहे स्यादपि सङ्घातमात्रके** (मेदिनी.)।

सार्थकः (पुं.वि.) [*अर्थेन सहितः, बहु.स., सादेशः, कप्*] १.अर्थभएको/मतलब भएको २.सफल/सिद्ध ३.लाभदायक।

सार्थवाहः (पुं.) [*सार्थं समूहं वहतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.व्यापारी २.शूद्रबाट वैश्यकन्यामा पैदा भएको सन्तान। **वैदेहको वाणिजके शूद्राद्वैश्यासुतेऽपि च** (विश्व.)।

सार्द्धम् (अव्य.) [*ऋद्ध्यति, ऋधु वृद्धौ इति धातोः, बाहुलकात्कम्, द्वित्वम्,सह ऋद्धं वर्धनम्, सहस्य सः ६.३.१८ इति सः*] सँग।

यथा वृष्टिः समुद्रेषु भुक्तस्योपरि भोजनम्।
एवं प्रीतिः खलैः सार्द्धमुत्पन्नेऽर्थेऽवसीदति॥ (सुभा.)

सार्द्रम् (नपुं.) [*सहार्द्रेन,सादेशः*] भिजेको।

सार्धम् (अव्य.) [*ऋध्यति, ऋधु वृद्धौ इति धातोः, बाहुलकात्कम्, सह ऋद्धं वर्धनम्, सहस्य सः ६.३.१८ इति सः*] सँगै/साथै।

सार्पिष्कम् (नपुं.) [*सर्पिषा संस्कृतम्*] घिउमा बनाएको। **संस्कृतं सर्पिषा दध्ना सार्पिकं दाधिकं क्रमात्** (२९ अमर.परि.)।

सार्वकालिकः (पुं.वि.) [*सर्वकाले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्, ठस्येकः*] सबै समयमा हुने/सबै समयको/सबै समयलाई हुने किसिमको/सधैँको।

सार्वजनिकः (पुं.वि.) [*सर्वजनेभ्यो हितः, सर्वजनाट्ठञ्, खश्च (वा.) ६.४.१६९ इति ठञ् ठस्य इकः, वृद्धिः, आलोपः*] सबै जनाको/सबै जनताको/सबैसित सम्बन्ध भएको/समानरूपले सबैलाई एकनाससित काम लाग्ने। **~लेखासमितिः** (पुं.) [*सार्वजनिकी चासौ लेखासमितिः, कर्म.स.*] विनियोजन लेखा अथवा सभामा पेस गरिएको अरू कुनै हिसाबको जाँच गरी सभाको समक्ष रिपोर्ट पेश गर्ने सार्वजनिक समिति। **~व्यवस्था** (स्त्री.) [*सार्वजनिकी चासौ व्यवस्था, कर्म.स.*] सबैको हित हुने व्यवस्था। **~संस्था** (स्त्री.) [*सार्वजनिकी चासौ संस्था च, कर्म.स.*] कुनै भेदभाव नगरी सबैले सम्मिलित हुन पाउने संस्था। **~सभा** (स्त्री.) [*सार्वजनिकी चासौ सभा च, कर्म.स.*] जनसाधारण जम्मा गरी गरिएको सभा। **~सुरक्षा** (स्त्री.) [*सार्वजनिकी चासौ सुरक्षा च, कर्म.स.*] राज्यको सुरक्षा/शान्ति र सुव्यवस्था।

सार्वजनीनः (पुं.वि.) [*सर्वजने साधुः, प्रतिजनादिभ्यः खञ् इति खञ्, खस्य ईनः, आदिवृद्धिः*] सबै जनताका लागि उपयोगी।

सार्वदेशिकः (पुं.वि.) [*सर्वदेशे भवः, सर्वदेश+ठक्*] सबै देशमा भएको/सबैदेशमा पाइने/सर्वदेशीय।

सार्वभौमः (पुं.) १.[*सर्वभूमेरीश्वरः, सर्वभूमिशब्दात् सर्वभूमि पार्थिवादणञौ ५.१.४१ इति अण्*] चक्रवर्ती राजा/सम्राट्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.[*सर्वस्यां भूमौ विदितः, तत्र विदितः ५.१.४३ इत्यण्, अनुशतिकादिः ७.३.२०*] उत्तर दिशाको दिग्गज। **सार्वभौमस्तु दिग्गजे चक्रवर्तिनि** (विश्व.)। **~सत्ता** (स्त्री.) [*सार्वभौमस्य सत्ता, ष.त.*] सम्पूर्ण प्रभुसत्ता/सम्पन्न सामर्थ्य/राज्यको भित्री र बाहिरी विषयको वैधानिक सामर्थ्य।

सार्वभौमिकः (पुं.वि.) [*सर्वभूमौ भवः, सर्वभूमि+ठक्, उभयपदवृद्धिः*] सम्पूर्ण क्षेत्र वा भूमिसित सम्बन्ध भएको/सम्पूर्ण पृथ्वीमा फैलिएको।

सार्वलौकिकः (पुं.वि.) [*सर्वस्मिन् लोके विदितः, सर्वलोकाट्ठञ् इति ठञ्, ठस्य इकः, अनुशातिकादीनाञ्च, इति उभयपदवृद्धिः*] सबै लोकमा ख्यातिप्राप्त/सर्वत्र प्रसिद्ध।

सालः (पुं.) [*सल्यते, षल गतौ इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, सारो दार्ढ्यमतिशयितमस्य, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्*] १.सालवृक्ष/सखुवा २.पर्खाल। **पुंसि भूरुहमात्रेऽपि सालो वरणसर्जयोः** (रभस.)।

सावधानः (पुं.वि.) [*अवधानेन सहितः, बहु.स., तेन सहेति तुल्ययोगे २.२.२८ इति सहस्य सः*] होसियार/ध्यान दिने।

निर्वाणदीपे किमु तैलदानं चौरे गते वा किमु सावधानम्।
वयोगते किं वनिता विलासः पयोगते किं खलु सेतुबन्धः॥
(सुभा.)

सावनः (पुं.) [*सवनस्यायम्, अण्*] १.यज्ञकर्मको अन्त्य २.यजमान ३.वरुण (मेदिनी.) ४.अहोरात्रमा पूरा हुने दिनविशेष। **अहोरात्रेण चैकेन सावनो दिवसः स्मृतः** (मलमासतत्त्व) ५.तिस अहोरात्रको मैनाविशेष। **त्रिंशता सौरदिवसैः सावनः परिकीर्तितः** (शाब्दरत्नावली) ६.लगभग तीनसय छैसाठ्ठी अहोरात्रमा पूरा हुने वर्ष। **सौरसंवत्सरे दिनषट्काधिकः सावनसंवत्सरः** (मलमासतत्त्व) यज्ञ, आशौच, पुंसवन, नामकरण, सीमन्तोन्नयन, अन्नप्राशन आदिमा यसको उपयोग हुन्छ। **आब्दिके पितृकृत्ये च मासश्चन्द्रमासः स्मृतः। विवाहादौ स्मृतः सौरो यज्ञादौ सावनः स्मृतः** (पितामह)।

सावरः (पुं./नपुं) [*सवराणामयम्,अण्*] १.लोध २.अपराध (विश्व.) ३.पाप ४.मृगविशेषको मासु। **सावरं पललं स्निग्धम्** (भा.प्र.)

सावर्णः (पुं.) [*सवर्णायाश्छायाया अपत्यम्, अण्*] अष्टम मनु/सूर्यपुत्र

सावर्णिः (पुं.) [*सवर्णाया अपत्यं पुमान्, अत इञ् इति इञ्*] १.सूर्यको छोरा, आठौँ मनु। **सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः।** (सप्तशती) २.गोत्रविशेष।

सावर्णिमनुः (पुं.) स्वारोचिष मनुको पालामा चैत्रवंशका सुरथ नामका एक राजा थिए। यिनको कोलाविध्वंसक नामका राजाहरूसँग लडाइँ पर्दा सुरथ राजा हारेर वनमा शिकार खेल्ने निहुँ गरी सुमेधा ऋषिको आश्रममा गई बसेका थिए। लडाइँ हारेकोले दुःखी भएका सुरथको त्यही आश्रममा समाधिनामको एक वैश्यसँग भेट भयो र वैश्य पनि दुःखित आफू पनि दुःखित हुँदा दुवै जनाले सुमेधा ऋषिसँग दुःखको कुरा जान्न प्रश्न गरे। सुमेधाले भने– ठुलो ज्ञानीलाई पनि महामाया भगवतीले जबरजस्ती मोहमा पार्नु हुन्छ, जसले गर्दा उनीहरू दुःखित वा हर्षित बन्ने र ममतामा फस्ने गर्छन्। राजाले सोधे– महामाया को हुन् ? किन प्रकट भएकी हुन्? ऋषिले भने– आदिशक्ति परमेश्वरी नै महामाया हुन्, उनैबाट जगत्को सृष्टि, पालन र संहार हुन्छ। उनको आराधनाले यस लोक र परलोकमा समेत आ–आफ्नो इच्छाअनुसारको सुख वा मोक्ष प्राप्त हुन्छ। तिमीहरू पनि आ–आफ्नो इच्छाले महामायाको आराधना गर भनेर विधि बताएपछि तीन वर्षसम्म ठुलो आराधना गरे। देवी प्रकट भएर सुरथराजालाई उनको इच्छाअनुसार शत्रुले लुटेको राज्य फिर्ता पाउने र अर्को जन्ममा सावर्णिमनु हुने तथा इच्छाअनुसार मोक्ष पाउने वर प्रदान गरिन्। तिनै सुरथ राजा महामायाको वरदानअनुसार सूर्यकी पत्नी छाया (जसको सवर्णा नाम पनि थियो) सवर्णाबाट जन्मिएकोले सावर्णि र सूर्यका छोरा हुनाले सूर्यसावर्णि नामले प्रसिद्ध भए।

सावर्ण्यम् (न.) [*सवर्णस्य भावः, कर्म वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.११९ इति ष्यञ्*] १.सावर्णिमनुको मन्वन्तर २.एकै रङ, जाति वा जातको समानपना।

सावित्रः (पुं.) [*सविता देवता अस्य, सास्य देवता इत्यण्*] १.ब्राह्मण २.शङ्कर ३.वसु ४.[*सविता एव, स्वार्थे अण्*] सूर्य ५.[*सवितुरपत्यं पुमान्*] कर्ण ६.गर्भ ७.[*सावित्रमस्ति अत्र अर्शाद्यच्*] उपनयन संस्कार ९.अस्त्रविशेष १०.समेरुको एक चुचुरो ११.गायत्री मन्त्र। १२.(पुं.वि.)सूर्यवंशसम्बन्धी।

यत्सावित्रैर्दीपितंभूमिपालै –
र्लोकश्रेष्ठैः साधु शुद्धं चरित्रम्।
मत्सम्बन्धात् कश्मला किंवदन्ती
स्याच्चेदस्मिन् हन्त धिङ् मामधन्यम्॥ (उ.रा.च.)

सावित्रम् (नपुं.) [*सविता देवता अस्य, सास्य देवता इत्यण्*] १.यज्ञोपीत २.[*सवितुरयम्*] सूर्यसम्बन्धी।

सावित्री (स्त्री.) १.मध्याह्नकालमा उपासना गरिने गायत्री मन्त्रकी देवी २.सरस्वती देवी ३.उपनयन संस्कार ४.गायत्री मन्त्र ५.ब्राह्मणी/बाहुनी ६.पार्वती ७.कश्यपकी एक पत्नी ८.ब्रह्माकी पत्नी ९.धर्मकी पत्नी १०.अष्टावक्रकी छोरी ११.यमुना नदी १२.सरस्वती नदी १३.प्लक्षद्वीपको एक नदी, १४.सधवा आइमाई, १५.अमला/अमलकी १६.सत्यवान्की पत्नी, यिनका पिता मद्रदेशका राजा र अश्वपति नामका थिए। यिनलाई सावित्रीदेवीबाट वरदान मिलेको हो। **~पतितः/परिभ्रष्टः** (पुं.) ठिक समयमा व्रतबन्ध नगरिंदा पतित भएको द्विजाति (ब्राह्मण, क्षत्रिय वा वैश्य)। **~व्रतम्** (न.) पतिको दीर्घायुको कामनाले ज्येष्ठकृष्ण चतुर्दशीका दिन गरिने व्रत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्येष्ठकृष्णचतुर्दश्यां सावित्रीमर्चयन्ति याः।
वटमूले सोपवासा न ता वैधव्यमाप्नुयुः॥ (राजमार्तण्ड)

~सूत्रम् (नपुं.) [*सावित्रीदीक्षाकालिकं सूत्रम्, म.प.स.*] यज्ञोपवीत।

साष्ट्यङ्गः (पुं.वि.) [*अष्टभिरङ्गैः सहितः*] आठै अङ्गले युक्त। **~साष्ट्यङ्गप्रणामः** (पुं.) [*अष्टभिरङ्गैः सहितः प्रणामः*] छाती, शिर, आँखा, मन, वचन, दुई गोडा, दुई हात र दुई घुँडा यी आठ अङ्गले लम्पसार परेर गरिने ढोग। **उरसा शिरसा दृष्ट्या मनसा वचसा तथा। पद्भ्यां कराभ्यां जानुभ्यामष्ट्यङ्गा नतिरुच्यते॥** (आ.रा.म.का.)

सास्नाः (पुं.) [*षस स्वप्ने इति धातोः, रास्नासास्नास्थूणा–वीणाः (उ.) ३०२ इति नः, टाप् ४.१.४*] गाई–गोरुको माल।

साम्रम् (नपुं.) [*अस्रैः सहितं यथा स्यात्तथा*] आँसुसहित/आँसुले भरिपूर्ण।

साहचर्यम् (नपुं.) [*सहचरस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.११९ इति ष्यञ्, वृद्धिः*] सहचरता।

साहसम् (नपुं.) [*सहसा बलेन निर्वृत्तम्, तेन निर्वृत्तम् ४.२.६८ इत्यण्*] १.दण्ड,जरिवाना वा कैद २.जवर्जस्ती गरेको काम

सहसा क्रियते कर्म यत्किञ्चिद् बलदर्पितः।
तत्साहसमिति प्रोक्तं सहो बलमिहोच्यते॥ (या.व.)

साहसिकः (पुं.वि.) १.[*सहसा वर्तते इति, सहसा इति अव्ययात् ओजः सहोऽम्भसा वर्तते ४.४.२७ इति ठक्, आदिवृद्धिः आलोपः*] चोर २.[*सहसि बले भवम्, साहसम्, तदस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] साहसिलो/साहस भएको।

साहस्राः (पुं.बहु.) [*सहस्रं बलानि सन्ति येषाम्, तपः सहस्राभ्यां विनीनी ५.२.१०२, अण् च ५.२.१०३ इत्यण्*] एक हजार योद्धा भएको सेना।

साहाय्यम् (नपुं.) [*सहायस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.११९ इति ष्यञ्*] मद्दत/सहायता/मैत्री/मित्रता/सहायक।

साहित्यकारः (पुं.) [*साहित्यं करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] साहित्यिक ग्रन्थहरू लेख्ने व्यक्ति/लेखक/कवि।

साहित्यदर्पणः (पुं.) [*साहित्यस्य दर्पणः, ष.त.*] विश्वनाथद्वारा रचित काव्यका सबै अङ्गको विवेचना भएको प्रौढ ग्रन्थ। यसमा दश परिच्छेद छन्। काव्यको स्वरूप, भेद, वाक्य, पद, शब्दशक्ति, रस, नायक, नायिका, ध्वनि, गुणीभूतव्यङ्ग्य, नाटक, श्रव्यकाव्य, दोष, गुण, रीति र शब्दालङ्कार तथा अर्थालङ्कारको यसमा विस्तृत विवेचना भएको छ। साहित्यदर्पणका विभिन्न टीका प्रकाशित भएका छन्। तिनमा हरिदास सिद्धान्त वागीश भट्टाचार्यको कुसुमप्रतिमा टीका सरल, प्रामाणिक तथा ग्रन्थका मर्मबोधका लागि निकै उपयोगी छ।

साहित्यम् (नपुं.) [*सहितयोः शब्दार्थयोर्भावः, गुणवचनब्राह्मणादिभ्य कर्मणि च ५.१.१२४ इति ष्यञ्*] शब्द र अर्थको सहभाव। यसको क्षेत्र अत्यन्त व्यापक छ। साहित्यलाई वाङ्मयको अर्थमा पनि प्रयोग गरिएको छ। संस्कृत वाङ्मयमा साहित्यको परिभाषा गर्ने प्रथम व्यक्ति कुन्तक हुन्– **साहित्यमनयोः शोभाशालितां प्रति काप्यसौ। अन्यूनानतिरिक्तत्वमनोहारिण्यवस्थितिः॥** (कुन्तक) राजशेखरले साहित्यलाई पन्ध्रौँ विद्याको रूपमा लिएका छन्। पाश्चात्य काव्यशास्त्रमा साहित्यलाई दुई भागमा बाँडिएको छ– सामान्य साहित्य र विशेष साहित्य। सामान्य साहित्यभित्र सम्पूर्ण वाङ्मय आउँछ भने विशेष साहित्यभित्र काव्यकलारू पर्दछन्। साहित्यका प्रमुख अर्थ– १.एक साथ रहनु २.कुनै पनि भाषामा निबद्ध शास्त्रीय ग्रन्थ ३.श्रव्य तथा दृश्यकाव्य ४.शब्द र अर्थको प्रतिस्पर्धात्मक सौन्दर्यले परिपूर्ण रचनाविशेष।

साहित्यकारः (पुं.) [*साहित्यं करोति, कर्मण्यण् इत्यण्, वृद्धिः*] १.काव्य,नाटक आदि साहित्यका रचयिता २.वेद,उपनिषद्, धर्मशास्त्र, पुराण, दर्शन, विज्ञान आदि विविध विषयसँग सम्बद्ध वाङ्मयका स्रष्टा।

साहित्यरथी (पुं.) [*साहित्यस्य रथीव, .त.स.*] साहित्यका ठुला विद्वान्।

साहित्यशास्त्रम् (नपुं.) [*साहित्यस्य शास्त्रम्, ष.त.*] साहित्यसम्बन्धी विद्या वा शास्त्र।

साहित्यिकः (पुं.वि.) [*साहित्यमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] साहित्यसम्बन्धी/ साहित्यकार/साहित्यका लेखक। **~सम्पत्तिः** (स्त्री.) [*साहित्यिकी चासौ सम्पत्तिश्च, कर्म.स.*] राष्ट्रको उन्नतरूपमा मानिएको साहित्यिक पूँजी/कवि, लेखक आदिले आजीवन त्याग र तपस्या गरी कमाएको साहित्यरूपी धन।

साहित्यिकोपनाम (नपुं.) [*साहित्यिकञ्च तद् उपनाम च, कर्म.स.*] लेखक वा कविद्वारा साहित्यिक रचनाहरूमा आफ्नो असल नामको सट्टा वा प्रयोग गर्ने अर्को नाम।

(सिंहः)

सिंहः (पुं.) [*हिनस्तीति, हिसी हिंसायाम् इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति वर्णविपर्ययः, यद्वा षिच क्षरणे इति धातोः, सिचेः संज्ञायां हनुमौ कश्च (उ.७५१) इति क प्रत्ययः, हकरादेशः नुम् च*] १.एक हिंस्रक जङ्गली पशु/केशरी। यो विरालो जातिमा पर्ने सबैभन्दा बलियो,फुर्तिलो मांसभक्षी जनाबर हो। यसको भालेजातिमा याल (जगर) हुन्छ। छाती चौडा र कमर भिनो हुन्छ। गठिलो शरीर हुनु, टुप्पामा भुप्पा भएको लामो पुच्छर हुनु, शरीरमा बदामे रङका रौँ हुनु यसका अन्य चिह्न हुन्। २.ज्योतिषमा बाह्र राशिमध्येको पाँचौँ राशि/सिंह राशि। यसमा मुख्य छ तारा छन्। दक्षिणतर्फको तारा चम्किलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। यसलाई मघा भन्दछन्। यो सूर्यभन्दा १३० गुणा तेजस्वी र पृथ्वीबाट ६७ प्रकाशवर्ष टाढा छ। यो प्रथम श्रेणीको तारा हो। यसको पूर्वतिर तीन तारा त्रिभुजाकारमा अवस्थित छन्। यिनलाई पूर्वफाल्गुनी भन्दछन्। उत्तरतिर दुई तारा छन्। यिनलाई उत्तरफाल्गुनी भन्दछन्। मघा नक्षत्र र पूर्वफाल्गुनी का सबै पाउ तथा उत्तरफाल्गुनीको प्रथम पाउ सिंहराशिमा पर्दछन्। ३.शब्दको पछाडि आउँदा श्रेष्ठताबोधक शब्द। जस्तै पुरुषसिंहः— श्रेष्ठ पुरुष। ४.वर्तमान अवसर्पिणीको चौबिसौँ अर्हत्को चिह्न ५.रागविशेष ६.गहनाविशेष। **~कर्णी** (स्त्री) [*सिंहस्य कर्ण इव*] बाण हान्दा हुने दायाँ हातको मुद्राविशेष। **~ कर्मा (पुं.)** [*सिंहस्य कर्म इव कर्म यस्य*] पराक्रमी। **~द्वारम्** (नपुं.) [*सिंहचिह्नितं द्वारम्, म.प.स.*] दरबार आदिको प्रधानद्वार/मूल ढोका। **~नादः** (पुं.) [*सिंहस्य नादः, ष.त.*] १.सिंहको गर्जन २.[*सिंहस्य नाद इव नादः, म.प.स.*] युद्धमा शत्रुलाई दिइने हाँक/ललकार ३.[*सिंहस्य नाद इव नादो यस्य सः, बहु.स.*] हाँक दिने वा ठुलो गर्जन गर्ने। **~पुरुषः** (पुं.) [*सिंह इव पुरुषः, उपमा.त.*] सिंहजस्तै शक्ति भएको व्यक्ति/शक्तिशाली। प्रासादः (पुं.) [सिंहचिह्नाङ्कितः प्रासादः, म.प.स.] सिंहदरबार। **~विक्रमः** (पुं.) [*सिंह इव विक्रमो यस्य सः, बहु.स.*] सिंहको जस्तो वीरता भएको। **~शावकः** (पुं.) [*सिंहस्य शावकः, ष.त.*] सिंहको बच्चा।

सिंहनर्दी (पुं.) [*सिंह इव नर्दति इति, कर्तर्युपमाने ३.२.७९ इति णिनिः*] सिंहजस्तै गर्जने।

सिंहनादः (पुं.) [*सिंहवन्नदनमिति, णद अव्यक्ते शब्दे इति धातोः, भावे ३.३.१८ इति घञ्*] ठुलो गर्जन।

सिंहपुच्छी (स्त्री.) [*सिंहपुच्छमस्याः, सिंहपुच्छाकारपुष्पत्वात्, उपमानात् पक्षाच्च पुच्छाच्च (वा.) ४.१.५ इति ङीष्*] चाल्ने सिस्नु।

सिंहलः (पुं.) [*सिंहोऽस्त्यत्र, सिंह+लच्*] १.भारतको दक्षिणमा रहेको एक द्वीप/लङ्का। **सिंहलेभ्यः प्रत्यागच्छता सिंहलेश्वरदुहितुः फलकासादनम्** (रत्ना. १) २.टिन ३.पित्तल ४.रुखका बेत्रा।

सिंहविक्रान्तः (पुं.) प्रत्येक पाउमा क्रमैले नौ यगण भएको दण्डक छन्दको भेद। **यकारैः कवीच्छानुरोधाद विशुद्धो ऽपरो दण्डकः सिंहविक्रान्तनामा** (छन्दो.)।

सिंहसंहननः (पुं.वि.) [*सिंहं श्रेष्ठं संहननमस्य, यद्वा संहनने सिंहः,राज दन्तादिः २.२.३१*] १.शरीर र रूप राम्रो भएको २.[*संहन्त्यसौ, बाहुलकात् कर्तरि ल्युः, अनः, सिंहस्य हननः, ष.त.*] सिंहको हत्या गर्ने।

सिंहावलोकनम् (नपुं.) [*सिंहस्य अवलोकनमिवालोकनम्, म.प.स.*] १.पहिले गरेको काममा दृष्टि लाउनु २.सिंहले झैँ पछिल्तिर फर्केर हेर्नु।

सिंहासनम् (नपुं.) [*सिंहस्येव आसनम्, उप.त.स., सिंहचिह्नितं वा आसनम्, म.प.स., यद्वा सिंहाकारमासनम्, म.प.स.*] १.देवता, राजा आदिको विशेष आसन २.सिंहको मूर्ति भएको विशिष्ट आसन।

सिंहास्यः (पुं.) [*सिंह आस्यमस्य, सिंहास्यसदृशपुष्पत्वात्*] असुरो।

सिंही (स्त्री.) [*हिनस्तीति, हिसि हिंसायाम् इति धातोः, नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादित्वात् ६.३.१०९ इति वर्णविपर्ययः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.बिंही २.असुरो ३.राहुकी आमा। **सिंहस्तु राशिभेदे मृगाधिपे, श्रेष्ठे स्यादुत्तरस्थश्च सिंही स्वर्भानुमातरि। वासाबृहत्योः क्षुद्रायाम्** (हैम.)।

सिंहोन्नता (स्त्री.) वसन्ततिलका छन्द।

उक्ता वसन्ततिलका तभजा जगौ गः
सिंहोन्नतेयमुदिता मुनिकाश्यपेन।
उद्धर्षिणीति कथिता मुनिसैतवेन
रामेण सेयमुदिता मधुमाधवीति ॥ (वृत्तर.) क्वचित् सिंहोद्धतेत्यपि।

सिकता (स्त्री.) [*सिक सेचने इति धातोः, बाहुलकात् अतच्, यप् ४.१.४*] बालुवा।

सिकतामयम् (नपुं.) [*सिकतानां विकारः, मण्ड्वैतयोः— ४.३.१४३ इति मयट्*] बालुवा नै बालुवा भएको भूभाग।

सिकतावती (स्त्री.) [*प्रशस्ता सिकताः सन्ति अस्याम्, तदस्यास्त्यस्मिन्निति मतुप् ५.१.९४ इति मतुप्, मस्य वः, उगितश्च ४.१.६ इति ङीप्*] बालुवा धेरै भएको नदी।

सिक्थः (पुं./नपुं.) [*सिञ्चति, प्रसादयति, पातृतुदिवचिरिचिसिचिभ्यस्थक् (उ.), इति थक्*] १.महको कूट २.माड।

सिक्थकम् (नपुं.) [*सिञ्चति, सिच्यते वा, षिच क्षरणे इति धातोः, पातृतुदिवचिरिचिसिचिभ्यस्थक् (उ.), स्वार्थे कन् (ज्ञापि. ५.४.५*] मैन।

सिङ्गः (पुं.) [*सिटतीति, सिट अनादरे इति धातोः, बाहुलकात् गन्, षत्वभावश्च*] १.नपुंसक।

सिङ्घाणम् (नपुं.) सिँगान।

सिञ्चनम् (पुं.) [*सिञ्च्यते, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] पानी छर्कने काम/सेचन/खेतबारीमा पानी लाउने काम/सिचाइ।

सिञ्चितः (पुं.वि.) [*सिञ्चते स्म, षिच सेचने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, नुम्*] सेचन गरिएको/पानी पटाइएको।

सितः (पुं.वि.) [*सिनोति बध्नातीति, षिञ् बन्धने इति धातोः, अञ्जिघृसिभ्यः क्तः (उ.) ३७६) इति क्तः*] १.सेतो २.बाँधिएको ३.(पुं.) शुक्र ग्रह।

सितच्छत्रा (स्त्री.) [*सितं बद्धं शुभं वा छत्रमस्याः*] सूप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सितम् (नपुं.) [*सीयते स्म, षिञ् बनधने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बाँधिएको।

सिता (स्त्री.) [*सिनोति, षिञ् बन्धने इति धातोः, अञ्जिभृसिभ्यः क्तः (उ.) इति क्तः, टाप् ४.१.४ शुक्लवर्णत्वाद्वा सिता*] चिनी। **सितमवसिते च बद्धे धवले त्रिषु, शर्करायां स्त्री** (मेदिनी.)।

सिताभ्रः (पुं.) [*सितं श्वैत्यं चन्द्रं वा अभ्रति, अभ्र गतौ इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्, यद्वा सितं शौक्ल्यमभ्रयति स्वसंबद्धम्, इति, शुक्लत्वात् सिताभ्रमिव वा*] कपुर। (अमर.२.६.१३०)।

सिताम्भोजनम् (नपुं.) [*सितं शुक्लं च तदम्भोजं च*] सेतो कमल। **पुण्डरीकं सिताम्भोजम्** (अमर.१.१०.४१)।

सितोपला (स्त्री.) [*सीता चासौ उपला च, कर्म.स.*] मिस्री। **सितोपला सरा लघ्वी वातपित्तहरी हिमा** (भा.प्र.नि.)।

सिद्धः (पुं.बहु.) [*असेधीदिति सिद्धः, षिधु हिंसासंराद्ध्योः इति धातोः, गत्यर्थाकर्मक– ३.४.७२ इति कर्तरि क्तः, यद्वा सिद्धि-रस्यास्तीति, अर्श आदिभ्योऽच् ५.२.१२ इत्यच्*] १.देवयोनि-विशेष (अमर.१.१.११) २.व्यास आदि सिद्ध पुरुष। **सिद्धो व्यासादिके देवयोनौ निष्पन्नमुक्तयोः। नित्ये प्रसिद्धे।** (मेदिनी.) ३.(पुं.वि.) निष्पन्न ४.मुक्त ५.प्रसिद्ध ६.नित्य।

सिद्धक्षेत्रम् (नपुं.) [*सिद्धानां क्षेत्रम्, सिद्धस्य सिद्धेर्वा क्षेत्रम्, ष.त.*] सिद्ध पुरुषको ठाउँ वा सिद्धि प्राप्त हुने ठाउँ/योग वा मन्त्र झट्टै सिद्ध हुने ठाउँ। पुराणमा ५१ सिद्धक्षेत्रको गणना छ – १.कुरुक्षेत्र २.बदरिकाश्रमक्षेत्र ३.नारायणक्षेत्र ४.गयाक्षेत्र ५.पुरुषोत्तमक्षेत्र (जगन्नाथपुरी) ६.वाराणसीक्षेत्र ७.वाराहक्षेत्र (अयोध्यानजिक) ८.पुष्करक्षेत्र ९.नैमिषारण्यक्षेत्र १०.प्रभासक्षेत्र ११.प्रयागक्षेत्र १२.शूकरक्षेत्र/सोरों १३.पुलहाश्रम (गण्डकी क्षेत्र) १४.कुब्जाम्रकक्षेत्र (ऋषिकेश) १५.द्वारकाक्षेत्र १६.मथुराक्षेत्र १७.केदारक्षेत्र १८.पम्पाक्षेत्र १९.बिन्दुसर (सिद्धपुर) क्षेत्र २०.गङ्गासागरसङ्गमक्षेत्र, २१.तेजोवनक्षेत्र २२.विशाखासूर्यक्षेत्र (विशाखापत्तनम्) २३.उज्जयिनीक्षेत्र २४.दण्डक (नासिक) क्षेत्र २५.मानसरोवरक्षेत्र २६.नन्दाक्षेत्र (नन्दादेवी पर्वत) २७.सीताश्रम (बिठुर) २८.कोकामुखक्षेत्र २९.मन्दारक्षेत्र (भागलपुर) ३०.महेन्द्रक्षेत्र (मण्डासा) ३१.ऋषभक्षेत्र ३२.शालग्रामक्षेत्र (दामोदर कुण्ड) ३३.गोनिष्क्रमणक्षेत्र ३४. सह्यक्षेत्र (सह्याद्रि) ३५.पाण्ड्यक्षेत्र ३६.चित्रकूटक्षेत्र ३७.गन्धमादनक्षेत्र (रामेश्वर) ३८.हरिद्वारक्षेत्र ३९.वृन्दावनक्षेत्र ४०.हस्तिनापुरक्षेत्र ४१.लोहाकुल (लोहार्गल) क्षेत्र ४२.देवशालक्षेत्र ४३.कुमारिकाक्षेत्र (कुमार स्वामी) ४४.देवदारुवनक्षेत्र (आसाम) ४५.लिङ्गस्फोटक्षेत्र ४६.अयोध्याक्षेत्र ४७.कुण्डिनक्षेत्र ४८.माहिष्मती क्षेत्र (कल्याण पु.क. अङ्क. पृ.१२६)। **~गुटिका** (स्त्री.) [*सिद्धा चासौ गुटिका, कर्म.स.*] अदृश्य हुनका लागि मुखमा हालिने मन्त्रसिद्ध एक कल्पित गोली। **~पुरुषः** (पुं.) [*सिद्धश्चासौ पुरुषः, कर्म.स.*] कठिन साधनाद्वारा धार्मिक, आत्मिक वा दैविक ज्ञान प्राप्त गर्ने व्यक्ति। **~विद्याः** (स्त्री.बहु.) तन्त्रअनुसार देवीको एक वर्ग, यिनका भेद अनन्त छन्, तीमध्ये मुख्य दशका नामहरू– कुब्जिका, चण्डिका, बाला, सिद्धिलक्ष्मी, सरस्वती, अन्नपूर्णा, गायत्री, पार्वती, अपराजिता र विन्ध्यवासिनी।

कुब्जिका चण्डिका बाला सिद्धलक्ष्मीः सरस्वती।
अन्नपूर्णा च गायत्री पार्वती चापराजिता।
विन्ध्याधिवासिनी ह्येताः सिद्धविद्याः प्रकीर्तिताः॥ (पु.च. १.२०) **~हस्तः** (पुं.वि.) [*सिद्धो हस्तो यस्य सः, बहु.स.*] कुनै काममा राम्ररी हात बसिसकेको/ दक्ष/कार्यकुशल।

सिद्धता (स्त्री.) [*सिद्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.सिद्धि २.सिद्धको भाव वा कर्म।

सिद्धयोगः (पुं.) आयुर्वेदको प्रसिद्ध ग्रन्थ। यसका रचयिता वृन्द हुन्। यिनको समय नवौं शताब्दी हो। चरक, सुश्रुत र वाग्भटको आधारमा यो ग्रन्थको रचना भएको छ। रोगहरूको क्रम माधवनिदानअनुसार राखिएको छ। अनुभवसिद्ध रोग र तिनको उपचारविधिलाई पनि यसमा समावेश गरिएको छ।

सिद्धान्तः (पुं.) [*सिद्धो निश्चितोऽन्तो यस्माद् यस्मिन् वा सः, बहु.स.*] १.विचार र तर्कद्वारा निश्चित गरिएको मत/सत्यरूपमा ग्रहण गरिएको मूल विचार/सार कुरो। २.प्रतिपादित गरिएको विषय वा वाद।

सिद्धान्ती (पुं.वि.) [*सिद्धान्तोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.आफ्नो सिद्धान्तमा स्थिर रहने व्यक्ति २.शास्त्रीय सिद्धान्तहरू मान्ने।

सिद्धान्नम् (नपुं.) [*सिद्धञ्च तदन्नम्, कर्म.स.*] १.पाकेको अन्न २.सिधा **~दानम्** (नपुं.) [*सिद्धान्नस्य दानम्, ष.त.*] सिधादान।

सिद्धार्थः (पुं.वि.) [*सिद्धोऽर्थो येन सः, यस्माद् वा, बहु.स.*] १.सिद्धि प्राप्त गर्ने २.(पुं.) गौतम बुद्ध ३.(पुं.) सेतो सर्स्यूं। **सिद्धार्थस्तु पुमान् शाक्यसिंहे च सितसर्षपे।** (विश्व.)।

सिद्धाश्रमः (पुं.) [*सिद्धानाम् आश्रमः, ष.त.*] १.हिमालयको उत्तरवर्ती सिद्धहरू बस्ने एक आश्रम २.साधनाद्वारा मात्र पुग्न सकिने एक स्थल।

सिद्धासनम् (न.) [*सिद्धञ्च तद् आसनञ्च, कर्म.स.*] १.सिद्धपीठ २.हठयोगअनुसार एक कुर्कुच्चाले लिङ्ग र गुरद्वारका बिचमा तथा अर्को गोडाको गोलीगाँठाले अण्डकोशको मुनि थिचेर चिउँडो हृदय (छाती) मा राखी सम्पूर्ण इन्द्रियहरू रोकेर अर्थात् एकटकसँग आँखाले आँखी भौंका बिचमा हेरिरहँदा हुने आसन। यसको साधनाले मोक्ष र सबै प्रकारका सुख प्राप्त हुन्छन्। यो चौरासी आसनहरूमध्ये एक हो।

योनिस्थानकमङ्घ्रिमूलघटितं संपीड्य गुल्फेतरम्।
मेढ्रे संप्रणिधाय तं तु चिबुकं कृत्वा हृदि स्थायिनम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थाणुः संयमितेन्द्रियोऽचलदृशा पश्यन्भ्रुवोरन्तरं मोक्षं चैव विधीयते फलकरं सिद्धासनं प्रोच्यते॥ (घे.सं.)

सिद्धिः (स्त्री.) [*षिध गतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.कुनै काम पूरा हुनु वा सफल हुनु।

सुमन्त्रिते सुविक्रान्ते सुकृतौ सुविचारिते।
प्रारब्धे कृतबुद्धीनां सिद्धिरव्यभिचारिणी॥ (सुभा.)

२.कुनै कुरा प्रमाणित हुनु ३.निश्चय/निधो ४.कुनै चिज पाक्नु ५.राजा जनककी बुहारी ६.छन्दको एक भेद, जसमा ३० गुरु, ९२ लघु गरी जम्मा १२२ वर्ण वा १५२ मात्राहरू हुन्छन्। ७.पाते भुरो/ऋद्धि नामको बुटी, ८.मेष शृङ्गी ९.गणेशकी एक पत्नी, १०.दक्षकी छोरी धर्मकी पत्नी ११.सिद्धिदात्री दुर्गा १२.सङ्गीतको एक श्रुति १३.बुद्धि १४.नाटकका छत्तिस लक्षणहरूमध्ये एक। यसमा चिताएको कुरा सिद्ध गर्न अनेक वस्तुहरूको कथन हुन्छ १५.कुनै कुराको प्रभाव/असर १६.भाङ (गाँजा) १७.मोक्ष/मुक्ति १८.भाग्यको उदय, १९.निशाना लगाउनु, २०.सफलता। २१.प्रतिष्ठा २२.प्रमाण २३.कानुन २४.फैसला २५.ऋण चुकाइ २६.कुनै प्रश्न सुल्झाउनु २७.तत्परता २८.ज्यादै सफापन २९.चटकीमा प्राप्त हुने अलौकिक शक्ति ३०.जादूको जुत्ता ३१.शरीर, इन्द्रिय र चित्तमा परिवर्तन हुनाले पहिलेको अपेक्षा विलक्षण (अलौकिक) शक्तिहरूको प्रादुर्भाव हुनु। यसका विभिन्न भेद छन्– १.ग्रहितृविषयसम्बन्धी समाधिमा लागेका साधकहरूले पहिले प्राप्त गर्ने ६ थरी सिद्धिहरू– **प्रातिभसिद्धि–** भूत, भविष्य र वर्तमान तथा छोपिएका सूक्ष्म, दूरदेशमा रहेका कुरा प्रत्यक्ष जान्ने सिद्धि। **श्रवणसिद्धि–** दिव्यशब्द सुनिने सिद्धि। **वेदनासिद्धि–** दिव्यस्पर्शको अनुभव हुने सिद्धि। **आदर्शसिद्धि–** दिव्यरूपको दर्शन हुने सिद्धि। **आस्वादसिद्धि–** दिव्यरूपको स्वाद हुने सिद्धि। **वार्तासिद्धि–** दिव्यगन्धको अनुभव हुने सिद्धि। २.पञ्चमहाभूत साधकले विजय प्राप्त गरेपछि प्राप्त हुने आठ थरी सिद्धिहरू– **अणिमा, लघिमा, महिमा, गरिमा, प्राप्ति प्राकाम्य, वशित्व, ईशित्व**। ३.जन्म, औषधि, मन्त्र, तप र समाधिबाट प्राप्त हुने पाँचथरी सिद्धिहरू– **जन्मसिद्धि–** प्रारब्धअनुसार शरीर इन्द्रिय र चित्तमा अपूर्व शक्तिको प्रादुर्भावबाट हुने, जस्तै– कपिल, शुकदेव, वेदव्यास द्वारा प्राप्त सिद्धि। **ओषधिसिद्धि–** मानिस, पशु, पन्छी, वृक्ष आदिमा औषधिका प्रभावले पुष्टता, सरसता आदि प्राप्त हुँदा मानिने सिद्धि। **मन्त्रसिद्धि–** मन्त्रको पुरश्चरण आदि अनुष्ठानबाट प्राप्त हुने दैवी सिद्धि। **तपःसिद्धि–** तपस्याको प्रभावबाट प्राप्त हुने अलौकिक शक्तिसम्बन्धी सिद्धि। **समाधिसिद्धि–** धारणा, ध्यान, समाधिको अभ्यासद्वारा शरीर, इन्द्रिय र चित्तमा हुने अपूर्व सिद्धि। **~दाता** (पुं.वि.) [*सिद्धेर्दाता, ष.त.*] १.कार्यसफल गरिदिने २.(पुं.) गणेश।

सिद्धिकामः (पुं.वि.) [*सिद्धिः कामो यस्य सः, बहु.स.*] आफ्नो अभिलषित कार्य सिद्ध गर्न चाहने। **सद्भिः सङ्गं प्रकुर्वीत सिद्धिकामः सदा नरः। नासद्भिरिहलोकाय परलोकाय वा हितम्॥** (ग.पु.आचारकाण्ड १०८.२)

सिध्मलः (पुं.) [*सिध्यमस्यास्ति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्*] १.दुबी रोगले ग्रस्त व्यक्ति २.(पुं.वि.) विलासी। **सिध्मला मत्स्यविकृतौ वाच्यवत्तु किलासिनि** (मेदिनी.)।

सिध्यः (पुं.) [*सिध्यन्त्यस्मिन् कार्याणि, षिध संसिद्धौ इति धातोः, पुष्यसिध्यौ नक्षत्रे ३.१.११६ इति क्यप्*] १.पुष्य नक्षत्र २.तयार भएको।

सिध्रः (पुं.) [*सेधति गच्छति सिध्यति वा सः, स्फायितञ्चिवञ्चि-शकिक्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदि-मुदिखिदिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवासिवाशिशीङ्-हसिसिधशुभिभ्यो रक् (उ.१७८) इति रक्*] १.साधु २.वृक्षविशेष।

सिध्रकः (पुं.) [*कुत्सितः सिध्रः, अल्पे ५.३.८५ इति कन्*] पोथ्रो/बुटेन।

सिनीवाली (स्त्री.) [*चतुर्दशीयोगाद् दृष्टचन्द्रा सती सा अमा सिनीवाली, एन विष्णुना सह वर्तते सा लक्ष्मीः, तद्योगात्, सिनी चन्द्रकला, ब्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः, सिनीं वलति, धारयति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.चतुर्दशीको योगले गर्दा चन्द्रमा देखिने औँसी २.दुर्गा। **सिनीवाली तु दृष्टेन्दुकलामादुर्गयोः स्त्रियाम्** (विश्व.)।

सिन्दुकः (पुं.) [*स्यन्दते, स्यन्दू प्रस्रवणे इति धातोः, स्यन्देः संप्रसारणं धश्च (उ.) इत्युः, बाहुलकादत्र धो न, संज्ञायां कन्*] सिवाली।

सिन्दुरम् (नपुं./पुं.) [*स्यन्दते प्रस्रवति इति, स्यन्दू प्रस्रवणे इति धातोः, स्यन्देः संप्रसारणं च (उ.) इति ऊरन् संप्रसारणञ्च, ह्रस्वश्च*] १.सिन्दुर २.(पुं.) सिन्दुरे रुख।

सिन्दुवारः (पुं.) [*सिन्धु वृणोति, वारयति वा, वृञ् वरणे इति धातोः, वृञ् आवरणे इति धातोर्वा, कर्मण्यण् ३.२.१ इत्यण्*] सिवाली।

सिन्दूरम् (नपुं.) [*स्यन्दते, स्यन्दू प्रस्रवणे इति धातोः, स्यन्देः संप्रसारणं च (उ.) इत्यूरन्*] फुस्रो सिन्दूर। **सिन्दूरस्तरुभेदे स्यात् सिन्दूरं रक्तचूर्णके। सिन्दूरो रोचनारक्तचेलिकाषातकीषु च** (मेदिनी.)।

सिन्धुः (पुं.) [*स्यन्दन्ते प्रस्रवन्त्युदकान्यस्मिन्निति, स्यन्दू प्रस्रवणे इति धातोः, स्यन्देः संप्रसारणं धश्च (उ.) इत्युः, संप्रसारणं धकारश्च*] १.समुद्र/सागर २.सिन्धुप्रान्तको बासिन्दा ३.चारको सङ्ख्या ४.सातको सङ्ख्या ५.हात्तीको मद ६.हात्तीको सूँडबाट निस्केको पानी ७.ओठको नरमपन ८.खुब सफा स्वाग ९.सेतो फुल्ने सिमाली १०.सम्पूर्ण जातिको एक राग ११.एक प्रसिद्ध नद। यो हिमालयको पश्चिमी भागबाट निस्केर दुई हजार किलोमिटर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लम्बाइ र छ किलोमिटर चौडाइ भई बग्दै अरब सागरमा मिसिएको छ। सिन्धु नामका २ नद छन्— ठुलो सिन्धु र कालो सिन्धु। ऐतिहासिक दृष्टिकोणअनुसार ठुलो सिन्धु नामबाट भारतको हिन्दूस्तान नाम रहेको हो। यसलाई पश्चिमका मानिसले हिंद वा इन्डस भन्छन्। कालो सिन्धुलाई कालो नदी वा निर्विन्ध्या भनिन्छ। यो शक्तिमान् पर्वतबाट निस्केर विन्ध्याचलको किनारबाट बग्दै यमुनाजीमा मिसिन्छ।

सिन्धुजम् (नपुं.) [*सिन्धुषु जातम्, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] सिधे नुन।

सिमः (पुं.) [*सिनोति बध्नातीति, षिञ् बन्धने इति धातोः, अविसिवि-सिशुबिभ्यः कित् (उ.) इति मन् किच्च*] सबैलाई बुझाउने सार्वनामिक शब्द।

सिम्बा (पुं.) [*शिनोति, शिञ्, निशाने इति धातोः, उल्वादयश्च (उ.) इति साधुः, टाप् ४.१.४*] सिमी/कोसा हुने एक किसिमको गेडागुडी।

सिरा (स्त्री.) [*सिनोति बध्नाति, षिञ् बन्धने इति धातोः, मांसरुधि-रादिकमिति षिञ् बन्धने इति धातोः, स्फायितञ्चिवञ्चिशकि-क्षिपिक्षुदिसृपितृपिदृपिवन्द्युन्दिश्वितिवृत्याजिनीपदिमदिमुदिखि-दिछिदिभिदिमन्दिचन्दिदहिदसिदम्भिवसिवाशिशीङ्हसिसि-धशुभिभ्यो रक् (उ.) १७८ इति बाहुलकाद् रक्, टाप् ४.१.४*] १.पृथ्वीको भित्रैभित्र बगने पानीको सतह २.शरीरको सन्धि बाँध्ने र वातादि दोष तथा रसादि धातु बगाउने नीला रङका साना ठुला नसाहरू। **सिरा**— स्थूल र सूक्ष्मका भेदले दुईथरी हुन्छन्। यिनको मूलस्थान नाइटो हो। नाइटोबाटै शिरा तलमाथि र अगल—बगल फैलिएका हुन्छन्। मूल सिरा ४० छन्। तीमध्ये दश वातवाहिनी, दश पित्तवाहिनी, दश कफवाहिनी र दश रक्तवाहिनी। यी चारैवटा शिरामा प्रत्येकका १७५ हाँगा फैलिंदा जम्मा सिरा ७००० हुन्छन्। **सन्धिबन्धनकारिण्यो दोषधातुवहाः सिराः** (शा.सं.)।

सिहुण्डः (पुं.) [*सी इति हुण्डते, हुडी वरणे इति धातोः, नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.सिउँडी २.गडुची/औषधिविशेष।

सिह्लकः (पुं.) [*स्निह्यति, स्निह प्रीतौ इति धातोः, पृषोदरादित्वात् ६.३.१०९ साधुः*] सुगन्धित धूप।

सीतः (पुं.) [*स्यति स्म, सीयते स्म वा, षोऽन्तकर्मणि इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, द्यतिस्यति ७.४.४० इतीत्वम्*] १.समाप्त भएको २.सेतो रङ्ग ३.बाँधिएको ४.(पुं.) शुक्र। **सितस्त्ववं सिते बद्धे वर्णे, सिता तु शर्करा** (हैम.)।

सीतशूकः (पुं.) [*सीतं शूकं यस्य सः, बहु.स.*] जौ।

सीता (स्त्री.) [*स्यति कर्मसमाप्तिं करोतीति, बाहुलकात् दुतनिभ्यां दीर्घश्च (उ.) इति क्तः, दीर्घश्च, टाप् (४.१.४) यद्वा सीयते इति, षिञ् बन्धने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, पृषोदरादित्वाद् ६.३.१०९ दीर्घः, टाप् ४.१.४*] १.जोत्दा जमिनमा परेको हलेको डोब वा रेखा/सियो २.मिथिलाका राजा जनकको छोरी/रामकी पत्नी। **~पतिः** (पुं.) [*सीतायाः पतिः, ष.त.*] रामचन्द्र।

सीत्यम् (नपुं.) [*सीतया संमितम्, नौवयोधर्म ४.४.९१ इति यत्*] हलाले जोतेको जमिन।

सीम (नपुं.) [*सीयते, षिञ् बन्धने इति धातोः, नामन्सीमन् (उ.) इत्यादिना निपातितः, मनः ४.१.११ इति न ङीप्*] साँध।

सीमन्तः (पुं.) [*सीम्नोऽन्तः, शकन्ध्वादिषु पररूपम् वाच्यम् (वा.) इति पररूपम्*] स्वास्नी मानिसको सिउँदो।

सीमन्तिनी (स्त्री.) [*सीम्नोऽन्तः, ष.त., सीमन्तोऽस्या अस्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] १.पति जीवित भएकी स्त्री/सिउँदामा सिन्दूर लगाएकी स्त्री २.नारी। **नारी सीमन्तिनी वधूः** (अमर.२.६.२)।

सीमा (स्त्री.) [*षिञ् बन्धने इति धातोः, नामन्—सीमन्—व्योरन्—रोमन्—लोमन्—पाप्मन्—ध्यामन् (उ.६००) इति मन्प्रत्ययान्तो निपातः, डाबुभाभ्याम् ४.१.१३ इति पक्षे डाप्*] १.कुनै ठाउँ, जिल्ला वा देशका चारैतिरको विस्तारमो अन्तिम रेखा/साँध/सिमाना/हद २.अण्डकोष। **सीमा घाटस्थितिक्षेत्रेष्वण्डकोषेऽपि च स्त्रियाम्।** (मेदिनी.) **~करः** (पुं.) [*सीमायां करः, ष.त.*] एक देशबाट वा प्रान्तबाट सम्पूर्ण सरसामानहरू आयात—निर्यात अर्थात् निकासी—पैठारी गर्दा तिर्नुपर्ने मालको महसूल **~चिह्नम्** (नपुं.) [*सीमायाश्चिह्नम्, ष.त.*] कुनै दुई देशका बिचको सीमाना छुट्ट्याउने चिनो, बार, पर्खाल, दशगजा आदि। **~विवादः** (पुं.) [*सीमायां विवादः, स.त.*] अठार विवादमध्ये एक किसिमको विवाद/सीमासम्बन्धी विवाद/सीमासम्बन्धी झगडा। **~शुल्कम्** (नपुं.) [*सीमायाः शुल्कम्, ष.त.*] आफ्नो देशबाट बाहिर जान र विदेशबाट आफूकहाँ आउने मालसामानमा देशको सीमामा रहेको भन्सार अड्डाले सो मालको मोलअनुसार लगाएर असूल गरिने शुल्क वा कर।

सीमाङ्कनम् (नपुं.) [*सीमाया अङ्कनम्, ष.त.*] खेत, भूक्षेत्र आदिको सिमाना निश्चित वा निर्धारित गर्ने काम/सीमा छुट्ट्याई चिनो लगाउने काम।

सीमान्तः (पुं.) [*सीमाया अन्तः, ष.त.*] सीमाको स्थान/हद।

सीमान्तोपयोगिता (स्त्री.) [*सीमान्ता चासौ उपयोगिता च, कर्म.स.*] अर्थशाँस्त्रमा प्रयोग भएको यो पारिभाषिक शब्द हो। त्यहाँ मानिसको आकाङ्क्षाको हद भन्ने अर्थमा यसको प्रयोग भएको छ।

सीमिकः (पुं.) [*स्यमु शब्दे इति धातोः, स्यमेः संप्रसारणञ्च (उ.२१०) इति किकन्, सम्प्रसारणम्, दीर्घश्च*] वृक्षविशेष।

सीमितः (पुं.) [*सीमा सञ्जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] सीमाभित्र बाँधिएको/हद तोकिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

~कोषः (पुं.) [*सीमितश्चासौ कोषश्च, कर्म.स.*] निर्दिष्ट उद्देश्यका लागि मात्र अथवा विशेष परिस्थितिमा मात्र उपयोग गर्न पाइने कोष।

सीरः (पुं./नपुं.) [*सिनोति बध्नातीति, षिञ् बन्धने इति धातोः, शुसिचिमीनां दीर्घश्च (उ.()१९३ इति क्रन्, दीर्घश्च*] १.हलो २.सूर्य। **हलतिग्मकरौ सीरौ** (रभस.)।

सीरपाणिः (पुं.) [*सीरः पाणौ यस्य सः, बहु.स.*] बलराम।

सीवनम् (नपुं.) [*षिवु तन्तुसन्ताने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, पृषोदरादित्वात् ६.३.१०९ वा दीर्घः*] सिउनु।

सीसकम् (नपुं.) [*सिनोति, षिञ् बन्धने इति धातोः, क्विप् च ३.२.७८ इति क्विप्, अनित्यत्वान्न तुक्, ईपूर्वकात् षोऽन्तःकर्मणि इति धातोः कः, सी च ईसञ्च, ततः स्वार्थे कन्*] सीसा।

सु (अ.) [*सवति, षु गतौ इति धातोः, डुः (वा. ३.२.१८०)*] १.असल/राम्रो २.बारम्बार ३.अनुमति ४.समृद्धि। **सु पूजायां भृशार्थेऽनुमतिकृच्छ्रसमृद्धिषु** (मेदिनी.)।

सुकन्दकः (पुं.) [*शोभनमतीव वा कन्दयति, भक्षकजातिभ्रंशकत्वात्, कदि रोदने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, स्वार्थे कन् ५.३.७५यद्वा ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] प्याज।

सुकरः (पुं.) [*सवनम्, षूङ् प्राणिगर्भविमोचने इति धातोः, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, सुवं प्रसवं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] १.सुँगुर २.(पुं.वि.) राम्रोसित गर्न सकिने।

सुकरा (स्त्री.) [*सु सुखं करोति, डुकृञ् करणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.१ यद्वा सु क्रियते वा, ईषद्दुःसुषु कृच्छाकृच्छ्रर्थेषु खल् ३.३.१२६ इति खल्*] साधु गाई।

सुकर्म (नपुं.) [*सु शोभनं कर्म, प्रादिस.*] असल काम/सुकृति/उत्तम कार्य।

सुकलः (पुं.) [*सुकल्यते, कल शब्दसङ्ख्यानयोः इति धातोः, ईषद्दुःसुषु कृच्छाकृच्छ्रर्थेषु खल् ३.३.१२६ इति खल्, शोभना कला यस्य, इति वा*] दाता पनि भोक्ता पनि।

सुकविः (पुं.) [*सु शोभनः पदविन्यासादिकुशलः कविः*] सुन्दर पदरचना, अर्थगाम्भीर्य आदि काव्योचित विशेषतायुक्त रचना गर्न सक्ने कवि। **सुकवेः शब्दसौभाग्यं सुकविर्वेत्ति नेतरः** (सुभा.)।

सुकुमारः (पुं.वि.) [*सुष्ठु कुमार्यते, कुमार क्रीडायाम् इति धातोः, पुंसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः, यद्वा एरच् ३.३.५६ इत्यच, यद्वा सुकाम्यते, कमेः किदुच्चोपधायाः (उ) १३८ इत्यारन् अत उत्वं च*] कोमल। **मृदुलो मृदुसोमालसुकुमारा अकर्कशः** (अभि.चि.)।

सुकृत् (पुं.) [*सु शोभनं कृतवान् इति, सुकर्मपापमन्त्रपुण्येषु कृञः ३.२.८९इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] असल काम गर्ने/पुण्यात्मा।

सुकृतम् (नपुं.) [*सु शोभनं कृतम्, प्रादिस.*] १.धार्मिक आचार व्यवहार/पुण्यकर्म।

राः पुण्यञ्च कलत्राणि पुत्रोत्पत्तिर्निधिस्तथा।
सुकृतादेव लभ्यन्ते नैव पार्थ पराक्रमात्॥ (सुभा.)

२.राम्रोसित गरिएको। **सुकृतं तु शुभे पुण्ये क्लीबं सुविहिते त्रिषु** (मेदिनी.)।

सुकृतिः (स्त्री.) [*शोभना कृतिः, प्रादिस.*] १.असल काम, पुण्य वा धार्मिक काम। २.(पुं.वि.) [*सु शोभना कृतिर्यस्य सः, बहु.स.*] असल काम गर्ने। **प्रयोजनमनुद्दिश्य कृतं श्रेयः परेण यत्। विस्मरेत् तन्न सुकृतिः कृतघ्नो विस्मरन् भवेत्॥** (सुभा.)

सुकृती (पुं.वि.) [*सुकृतमस्यास्तीति, अत इनिठनौ ५.२.११५ इति इनिः,यद्वा शोभनं कृतमनेन, इष्यादिभ्यश्च ५.२.८८ इति इनिः*] १.असल काम गर्ने। **अङ्गीकृतं सुकृतिनः परिपालयन्ति।** (सुभा.) २.धन्य/पुण्यात्मा। **सुकृती पुण्यवान् धन्यः** (अमर. ३.१.३)।

सुख (धा.) [*तत्क्रियायाम्, सक.सेट्, उभय.*] सुख दिनु, आनन्द लिनु। लट्– **सुखयति-ते–** सुख दिन्छ, आनन्द लिन्छ इत्यादि।

सुखजातः (पुं.) [*जातं सुखं यस्य सः, बहु.स., जाति कालसुखादिभ्यः परा निष्ठा वाच्या (वा.) इति सुखशब्दस्य पूर्वनिपातः, प्रायिकञ्चेदम् इति कथनात् जातसुखोऽपि*] सुखी/आनन्दित।

सुखम् (नपुं.) *सुख तत्क्रियायाम् इति धातोः, णिचि, एरच् ३.३.५६ इत्यच्*] १.आनन्द/सन्तोष/ आराम/चैन/सुविस्ता २.कल्याण ३.[*सुखमस्त्यस्मिन्, अर्शाद्यच्*] स्वर्ग। **सुखं शर्मणि नाके च सुखा पुर्यां प्रचेतसः** (विश्व.)।

सुखदः (पुं.वि.) [*सुखं ददाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] सुख दिने/सुखदायक/आनन्ददायक/सुखप्रद/आनन्ददायी/ सुखदायी/सुखदाता।

सुखवर्चकः (पुं.) [*सुखं वर्चयति, वर्च दीप्तौ इति धातोः, क्वुन् (उ.) युवोरनाकौ ७.१.१ इत्यकः*] सज्जिखार।

सुखसन्दोह्या (स्त्री.) [*सुखेन संदुह्यते, ऋहलोर्ण्यत् ३.१.२४ इति ण्यत्*] सजिलैसित दुहुन सकिने गाई।

सुखाकरणम् (नपुं.) [*असुखं सुखमनुकूलं यथा सम्पद्यते तथा करणम्, सुखप्रियादानुलोम्ये ५.४.६३ इति डाच्*] अनुकूल आचरणद्वारा आनन्द दिने काम।

सुखान्तम् (नपुं.) [*सुखमन्ते यस्य तत्, कर्म.स.*] अन्तमा सुखमय परिणाम निस्कने/परिणाममा सुख भएको/समाप्तिमा संयोग भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखी (पुं.वि.) [*सुखमस्यास्तीति, सुखदिभ्यश्च ५.२.१३१ इति इनिः*] सुखले सम्पन्न।

सुखैश्वर्यम् (नपुं.) [*सुखस्य ऐश्वर्यस्य च समाहारः, द्वन्द्वस.*] आनन्द र धनसम्पत्ति।

सुख्यातिः (स्त्री.) [*शोभना ख्यातिः, प्रादिस.*] असल यश वा कीर्ति/प्रशंसा।

सुगतः (पुं.वि.) [*शोभनं गतं गमनं यस्य सः, बहु.स.*] १.सलल्ल हिँडाइको ढङ्ग वा चाल भएको २.सद्‌गतिप्राप्त ३.असल चाल चलनको ४.[*शोभनं गतं ज्ञानमस्य, प्रादि.स.*] गौतम बुद्ध।

सुगतिः (स्त्री.) [*शोभना गतिः, प्रादिस.*] मरेपछि हुने असल गति/सद्‌गति/मोक्ष।

सुगन्धः (पुं.) [*शोभनो गन्धः, प्रादिस.*] मिठो बास्ना/मिठो गन्ध/सुवास।

सुगन्धा (स्त्री.) [*शोभनो गन्धः सुगन्धः, कुगति २.२.१८ इति समासः, सुगन्धोऽस्त्यस्याः, अर्शआदिभ्योऽच् ५.२.१२७ इत्यच्*] प्याक्से।

सुगन्धिः (पुं.) [*सुष्ठु गन्धोऽस्य, गन्धस्येत् ५.४.१३५ इति समासान्त इकारः*] १.आनन्द दिने गन्ध २.दुध। **सुगन्धिः स्यादिष्टगन्धे त्रिषु क्षीरे नपुंसकम्** (मेदिनी.)।

दुर्जनं सुजनीकर्तुं यत्नादपि न शक्यते।
संस्कारेणापि लशुनं कः सुगन्धीकरिष्यति॥ (सुभा.)

सुगन्धितः (पुं.वि.) [*सुगन्धोऽस्य सञ्जातः, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] बास्नाका लागि बनाइएको/मिठो बास्ना भएको/सुगन्धी।

सुगमः (पुं.) [*सु गम्+अप्*] १.सजिलैसित गर्न सकिने/सजिलो/सहज २.सजिलैसित पुग्न सकिने ३.सजिलैसित बुझ्न सकिने।

सुगमता (स्त्री.) [*सुगमस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] १.सजिलैसित बुझ्ने काम २.सजिलैसित जान सकिनु।

सुग्रीवः (पुं.) [*सु शोभना ग्रीवा कण्ठो यस्य सः, बहु.स.*] १.विष्णु वा कृष्णका चार घोडाहरूमध्ये एक २.सप्तशतीअनुसार शुम्भको एक दूत ३.इन्द्र ४.शङ्कर ५.राजहाँस ६.शिव ७.जैनीहरूको वर्तमान अवसर्पिणीको नवौँ अर्हत्‌का पिता ८.एक वानर। यी सूर्यका पुत्र, रुमाका पति र रामका मित्र थिए।

भानुरप्यागतस्तत्र तदानीमेव भामिनीम्।
दृष्ट्वा कामवशो भूत्वा ग्रीवादेशेऽसृजन्महत्॥
बीजं तस्यास्ततः सद्यो महाकायोऽभवद्धरिः।
तस्य दत्त्वा हनूमन्तं सहायार्थं गतो रविः॥ (अ.रा.उ.का.)

सुघटितः (पुं.वि.) [*सुष्ठु घटितः, सुपूर्वकाद् घट चेष्टायाम् इति धातोः, क्तः*] राम्ररी गठन गरिएको/राम्ररी बनेको।

सुचरितम् (नपुं.) [*सु शोभनं चरितम्, प्रादिस.*] असल चरित्र।

यः प्रीणयेत् सुचरितैः पितरं स पुत्रो
यद् भर्तुरेव हितमिच्छति तत्कलत्रम्।
तन्मित्रमापदि सुखे च समक्रियं य
देतत्त्रयं जगति पुण्यकृतो लभन्ते॥ (सुभा.)

सुचरित्रः (पुं.वि.) [*सु शोभनं चरित्रं यस्य सः, बहु.स.*] राम्रो चरित्र भएको/सच्चरित्र/सदाचारी।

सुचरित्रम् (नपुं.) [*शोभनं चरित्रम्, प्रादिस.*] असल चरित्र/सच्चरित्र/सदाचार।

सुचरित्रा (स्त्री.) [*शोभनं चरित्रं यस्याः सा, बहु.स.*] १.असल चरित्र भएकी स्त्री २.पतिव्रता। **एकपत्नी सुचरित्रा साध्वी सती** (अभि.चि.३.९२)।

सुचारुः (पुं.) [*अतिशयेन चारुः, प्रादिस.*] १.खुब राम्रो/अति सुन्दर २.राम्रोसित चलेको निरन्तर चलेको।

सुचिरम् (नपुं.) [*अतिशयेन चिरम्, प्रादिस.*] १.चिरस्थायी २.धेरै लामो समयसम्म/दीर्घकाल।

सुचेलकः (पुं.) [*शोभनं चेलमेव, स्वार्थे कन् (ज्ञापि. ५.४.५), स्वार्थिकाः, प्रकृतितो लिङ्गवचनान्यतिवर्तन्तेऽपि*] असल खालको लुगा।

सुजनः (पुं.) [*सु शोभनो जनः, प्रादिस.*] असल मानिस/सज्जन।

अलकाश्च खलाश्चैव मूर्द्धभिः सुजनैर्धृताः।
उपर्युपरि संस्कारेऽप्याविष्कुर्वन्ति वक्रताम्॥ (सुभा.)

सुजीवितम् (नपुं.) [*सु शोभनं जीवितम्, प्रादिस.*] राम्रो जीवन/सफल जीवन।

सुतः (पुं.) [*सूयते स्म, षु प्रसवे इति धातोः, क्तः*] छोरो।

शीलं संभजते पुत्रो मातुस्तातस्य वै सुता।
यथाशीला भवेन्माता तथाशीलो भवेत्सुतः॥ (अ.पु.)

सुतपुत्री (स्त्री.) [*सुतस्य दुहिता, सुतोग्रराज (वा.) ६.३.६१ इति पुत्रडादेशः, टित्वान् ङीप्, यद्वा शार्ङ्गरवादितया ङीन्, सुतस्य सुताया वा पुत्री, ष.त.*] नातिनी/छोरा वा छोरीको छोरो।

सुतराम् (नपुं.) [*सु+अतिशयार्थे आम् तरप्*] राम्रोसँग/ठिक तरिकाले/अब अरू भन्नु नपर्ला भनी बुझाउने एक शब्द।

सुतश्रेणी (स्त्री.) [*सुतानां श्रेणी यस्याः सा, बहु.स.*] मुस्लिण्डी।

सुता (स्त्री.) [*सूयते स्म, षु प्रसवे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, टाप् ४.१.४*] छोरी।

सुतात्मजः (पुं.) [*सुतस्य सुतायाश्चात्मजः, ष.त.*] नाति।

सुतात्मजा (स्त्री.) [*सुतस्य सुतायाश्चात्मजा, ष.त.*] नातिनी।

सुतीक्ष्णः (पुं.वि.) [*अतिशयेन तीक्ष्णः, प्रादिस.*] साह्रै तिखो।

सुत्थानः (पुं.) [*सुष्ठु उत्थानं उद्योगोऽस्य सः, बहु.स.*] जाँगरिलो।

सुत्या (स्त्री.) [*सवनम्, षूञ् अभिषवे इति धातोः, संज्ञायां समज ३.३.९९ इति क्यप्, तुक्*] सोमलताबाट रस निकाल्नुपर्दा गर्ने कर्म।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुत्रामा (पुं.) [*सुष्ठु त्रायते, त्रैङ् पालने इति धातोः, आतो मनिन् ३.२.७४ इति मनिन्, सु उद् इत्युपसर्गद्वयप्रयोगे तु 'सूत्रामा' दीर्घादिरपि*] इन्द्र। **सुत्रामा गोत्रभिद् वज्री** (अमर. १.१.४२)।

सुत्वा (पुं.) [*सुतवान्, षूञ् अभिषवे इति धातोः, सुयजोर्ड्वनिप् ३.२.१०३ इति ड्वनिप्, तुक् ६.१.७१*] यज्ञ सिद्ध्याएर अवभृथ स्नान गर्ने व्यक्ति।

सुदर्शनः (पुं.वि.) [*शोभनं दर्शनं यस्य सः, बहु.स.*] १.देख्दा राम्रो लाग्ने/मनोहर २.राम्रो दृष्टि भएको।

सुदर्शनः (पुं.) [*शोभनं दर्शनमस्य, सुखेन दृश्यत इति वा, भाषायां शसियुधिदृशिमुषिभ्यो युच् (वा.) ३.३.१३० इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.विष्णुको सुदर्शन चक्र। **चक्रं सुदर्शनः**। (अभि.चि.) २.जामुनु ३.शिव ४.अग्निका एक पुत्र ५.माछो ६.जैनहरूको वर्तमान अवसर्पिणीका अठारौं अर्हतका पिता (अभि.चि.१.३८) ७.सुमेरु पर्वत ८.सङ्गीतको रचनाविशेष ९.सन्यासीहरूको ६ आँख्ला भएको एक लठ्ठी १०.दर्शनपिप्पलको बोट। **~पाणिः** [*सुदर्शनः पाणौ यस्य सः, बहु.स.*] विष्णु।

सुदर्शनम् (नपुं.) [*सु शोभनञ्च दर्शनञ्च, कर्म.स.*] राम्रो दृष्टि।

सुदर्शना (स्त्री.) [*सु शोभनं दर्शनं यस्याः सा,बहु.स.*] १.सुन्दरी २.आज्ञा ३.दर्शनपिप्पलको बोट ४.इन्द्रको सहर/अमरावती ५.औषधिविशेष।

सुदामा (पुं.) [*सृष्ठु ददातीति, सुपूर्वकाद् दा धातोः, आतो मनिन्– ३.२.७४ इति मनिन्*] १.श्रीकृष्णका सहपाठी र मित्र २.ऐरावत हात्ती ३.समुद्र ४.वादल ५.गन्धर्वविशेष।

सुदायः (पुं.) [*सुदीयते इति, डुदाञ् दाने इति धातोः, अकर्तरि च कारके संज्ञयाम् ३.३.१९ इति घञ्, युगागमः ७.३.३३*] १.दाइजो **यौतकं युतके देयं सुदायो हरणञ्च तत्** (अभि.चि.) २.असल समयमा दिइने दान।

सुदारु (नपुं.) [*सु शोभनं दारु*] १.सल्लो २.देवदारु ३.(पुं.) [*सु शोभनानि दारूणि यत्र सः, बहु.स.*] विन्ध्याचलको एक भाग। **सुदारुः परियात्रकः** (अभि.चि.४.९७)।

सुदिनम् (नपुं.) [*सु शोभनं दिनम्*] १.सुखको दिन, उन्नति भएको दिन २.बादल नलागेको दिन ३.विवाह, व्रतबन्ध, सप्ताहको थालनी, हरकीर्तन आदि धार्मिक कृत्यका लागि उपयुक्त दिन। **तदेव लग्नं सुदिनं तदेव यत्राच्युतोदारकथाप्रसङ्गः** (भाग.)।

सुदुर्बुद्धिः (पुं.वि.) [*दुष्य बुद्धिर्यस्य सः, बहु.स., अत्यन्तं दुर्बुद्धिः, कुगतिप्रादयः, इति समासः*] अत्यन्त बुद्धि नभएको।

सुदुर्लभः (पुं.वि.) [*अत्यन्तं दुर्लभः प्रादिस.*] अत्यन्त दुर्लभ/पाउन ज्यादै कठिन।

क्षमी दाता गुणग्राही विद्वान् पुण्येन लभ्यते।
अनुकूलः शुचिर्दक्षः कविर्विद्वान् सुदुर्लभः॥ (सुभा.)

सुदूरम् (नपुं.) [*अतिशयेन दूरम् प्रादि.स.*] टाढा/धेरै पर।

सुदृष्टिः (स्त्री.) [*शोभना दृष्टिः, प्रादिस.*] असल नियतको हेराइ/कल्याणकारी दृष्टि/कृपादृष्टि।

सुदृश्यम् (नपुं.) [*शोभनं दृश्यम्, प्रादिस.*] आँखालाई आनन्द दिलाउने वा मनोरम दृश्य।

सुधर्मा (स्त्री.) [*सु–शोभनो धर्मोऽस्याम्, धर्मादनिच् केवलात् ५.४.१२४ इत्यनिच्, डाबुभाभ्याम् ४.१.१३ इति पक्षे डाप्, अनो बहुव्रीहेः ४.१.१२ इति ङीप् ४.१.१५ न*] देवताको सभा। **स्यात्सुधर्मा देवसभा** (अमर.१.१.४८)।

सुधांशुः (पुं.) [*सुधायुक्ता अंशवो यस्य सः, बहु.स.*] १.चन्द्रमा २.एकको अङ्क।

सुधा (स्त्री.) [*सुखेन धीयते, धेट् पाने इति धातोः, आतश्चोपसर्गे ३.३.१०६ इति अङ्*] १.अमृत २.चुना ३.गङ्गाजल। (विश्व.) प्रत्येक पाउमा क्रमैले यगण, मगण, नगण, सगण, तगण तथा सगणको प्रयोग भएको छन्द। यसमा प्रत्येक ६ अक्षरमा विश्राम हुन्छ। (वृ.र.)

सुधाकरः (पुं.) [*सुधाया आकरः, ष.त.*] चन्द्रमा/सुधानिधि/ सुधादीधिति।

सुधाभुजः (पुं.बहु.) [*सुधां भुञ्जन्ति, क्विप्*] देवता। (अभि.चि. २.२)

सुधाहृत् (पुं.) [*सुधां हरति, तच्छीलः, क्विप्, तुक्*] गरुड (अभि.चि.)

सुधीः (पुं.) [*सु सुष्ठु ध्यायति, ध्यै चिन्तायाम् इति धातोः, ध्यायतेः, सम्प्रसारणं च (वा.) ३.२.१८० इति क्विप् सम्प्रसारणं च*] १.राम्रो बुद्धि भएको २.विद्वान्।

न यत्नकोटिशतकैरपि दुष्टः सुधीर्भवेत्।
किं मर्दितोऽपि कस्तूर्या लशुनो याति सौरभम्॥ (सुभा.)

सुनयना (स्त्री.) [*सु शाभने नयने यस्याः सा, बहु.स.*] १.जनककी पत्नी २.नारी।

सुनासीरः (पुं.) [*णासृ शब्दे इति धातोः,बाहुलकादीरन् (उ.) सुष्ठु नासीरं सेनामुखम्, सु शोभना नासीरा अग्रेसरा वा यस्य सः*] इन्द्र। **सुनासीरः पुरुहूतः पुरन्दरः** (अमर.१.१.४१)।

सुनिश्चितः (पुं.वि.) [*सु सम्यक्तया निश्चितः*] निश्चय भएको। पक्का भएको।

विभूतिस्तव विश्वेषां सेव्येति गिरिसम्भवे।
भवतीव भवत्येव भवतीति सुनिश्चितम्॥ (सुभा.)

सुनिषण्णकम् (नपुं.) [*सुष्ठु निषण्णमस्मात्*] सेतो पुनर्नवा।

सुनीतिः (स्त्री.) १.[*सु शोभना नीतिः*] असल नीति २.ध्रुवकी आमा

सुन्दरः (पुं.वि.) [*सु द्रियते, दृङ् आदरे इति धातोः, ग्रहवृदृनिश्चिगमश्च ३.३.५८ इत्यप्, पृषोदरादित्वात् ६.३.१०९ साधुः, यद्वा सु उन्दति चित्तं द्रवीकरोति, उन्दी क्लेदने इति धातोः, बाहुलकादरः, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्*] राम्रो।

सुन्दरी (स्त्री.) [*अतीवोनत्ति, उन्दी क्लेदने इति धातोः, सुपूर्वः, बाहुलकादरः, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्,*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्] १.राम्री स्त्री २.वृक्षविशेष। **सुन्दरी तरुभिन्नारीभिदोः स्त्री रुचिरेऽन्यवत्** (मेदिनी.) ३.विषम छन्दको एक भेद। जुन श्लोकको प्रथम र तृतीय पाउमा सगण, सगण, जगण र गुरुवर्ण– (।।ऽ, ।।ऽ, ।ऽ।, ऽ) आउँछन्, दोस्रो र चौथो पाउमा सगण, भगण, रगण र दुई गुरुवर्ण– (।।ऽ, ऽ।।, ऽऽ।, ऽऽ) आउँछन् भने त्यो सुन्दरी छन्द हुन्छ। **अयुजोर्यदि सौ जगौ युजोः। सभराल्गौ यदि सुनदरी तदा॥** (छन्दो.)

सुपन्थाः (पुं.) [*स्वती पूजायाम्, कुगति २.२.१८ इति समासः, न पूजनात् ५.४.६९*] असल बाटो।

सुपर्णः (पुं.) [*कनकमयत्वात्कनकवर्णत्वाद्वा शोभनौ पर्णौ यस्य सः, बहु.स.*] १.गरुड २.असल किसिमको पात भएको।

सुपर्णः स्वर्णचूडे च गरुडे कृतमालके।
सुपर्णा कमलिन्यां च वैनतेयस्य मातरि॥ (विश्व.)

सुपर्णा (स्त्री.) १.[*सु शोभनानि पर्णानि यस्याः सा, बहु.स.*] कमलिनी २.[*सु शोभनौ पर्णौ पक्षौ यस्याः सा, बहु.स.*] गरुडकी आमा।

सुपर्वाणः (पुं.बहु.) [*सुष्ठु पर्व अमावस्यादिचरितम्, अङ्गुल्यादिग्रन्थिः, उत्सवो वा येषान्ते सुपर्वाणः, बहु.स.*] १.देवता २.औँलाका ग्रन्थिहरू ३.वंश। **सुपर्वा ना शरे वंशे पर्वधूमसुरेषु च** (विश्व.)।

सुपार्श्वकः (पुं.) [*शोभनं पार्श्वमस्य*] पहेँलो फूल फुल्ने पीपल।

सुपुत्रः (पुं.) [*शोभनः पुत्रः, प्रादिस.*] असल छोरो ।

प्रदोषे दीपकश्चन्द्रः प्रभाते दीपको रविः।
त्रैलोक्ये दीपको धर्मः सुपुत्रः कुलदीपकः॥ (सुभा.)

सुपुत्री (स्त्री.) [*शोभना पुत्री, प्रादिस.*] असल छोरी।

सुपुरुषः (पुं.) [*शोभनः पुरुषः, प्रादिस.*] सज्जन।

सुपूरः (पुं.वि.) [*सम्यक्तया पूरयितुं शक्यः*] सजिलै भर्न सकिने।

सुपूरा स्यात्कुनदिका सुपूरो मूषिकाञ्जलिः।
सुसन्तुष्टः कापुरुषः स्वल्पकेनापि तुष्यति॥ (सुभा.)

सुप्रतीकः (पुं.) [*सुष्ठु प्रैतीति, अलीकादयश्च (उ.) इति कीकन्, यद्वा शोभनाः प्रतीका अवयवा यस्य सः, बहु.स.*] १.अगिन २.दिग्गज ३.(त्रि.) राम्रो अवयव भएको। **सुप्रतीको दिगीशेभे, शोभनावयवे त्रिषु** (विश्व.)।

सुप्रतिष्ठः (पुं.) [*सु–शोभना प्रतिष्ठा यस्य सः, बहु.स.*] सुप्रसिद्ध/सुविख्यात/इज्जतदार/राम्रो प्रतिष्ठा भएको/राम्रोसँग स्थापित।

सुप्रतिष्ठा (पुं.वि.) [*सुष्ठु प्रतिष्ठा, प्रादिस.*] १.सुख्याति/सुयश/राम्रो इज्जत २.मन्दिर, प्रतिमा आदिको स्थापना ३.पाँच अक्षरको पाउ हुने छन्द। जस्तै– पङ्क्ति, प्रिया आदि।

सुप्रयोगविशिखः (पुं.) [*शोभनः, प्रयोगोऽस्य, सुप्रयोगो विशिखोऽस्य*] बाण चलाउन सिपालु।

सुप्रलापः (पुं.) [*सुष्ठु प्रकृष्टं लपनम् भावे ३.३.१८ इति घञ्*] असल बोली।

सुप्रसिद्धः (पुं.वि.) [*अतिशयेन प्रसिद्धः, प्रादिस.*] १.सुविख्यात/खुब प्रतिष्ठा भएको २.प्रबल– गोरखा–दक्षिण–बाहु पहिला दर्जाको गोरखा दक्षिण नामको राष्ट्रिय तक्मा।

सुबन्धुः (पुं.) संस्कृत गद्यकाव्यका प्रौढ लेखक। वासवदत्ता नामक ग्रन्थका रचयिता। यिनको जीवनवृत्त र समयको बारेमा खास केही भन्न सक्ने स्थिति छैन। उनको वासवदत्तामात्र उपलब्ध छ। यो ग्रन्थ प्रत्येक अक्षरमा श्लेष भएको रचना हो।

सुबुद्धिः (स्त्री.) [*शोभना बुद्धिः, प्रादिस.*] असल बुद्धि/सद्बुद्धि/समझदारी।

सुबोधः (पुं.वि.) [*सुखेन बोधो यस्य सः, बहु.स.*] सजिलैसित बुझ्न सकिने/सुगम।

सुभगः (पुं.वि.) [*सुष्ठु भगो माहात्म्यादिर्यस्य सः, बहु.स.*] भाग्यवान् भग्यशाली।

सुभगासुतः (पुं.) [*सुभगायाः सुतः, ष.त.*] भाग्यवती स्त्रीको पुत्र।

सुभद्रा (स्त्री.) [*सुष्ठु भद्रं कल्याणं यस्याः, सा, बहु.स.*] कृष्णकी बहिनी/अर्जुनकी पत्नी।

सुभाषितम् (नपुं.) [*अतिशयेन प्रियं भाषितम्,प्रादिस.*] सुन्दर तरिकाले भनिएको/सूक्ति।

सुभाषितज्ञेन जनेन साकं
सम्भाषणं सुप्रभुसेवनञ्च।
आलिङ्गनं तुङ्गपयोधराणां
प्रत्यक्षसौख्यं त्रयमेव लोके॥ (सुभा.)

सुभ्रूः (स्त्री.) [*शोभने भ्रुवौ यस्याः,बहु.स.*] राम्रो आँखीभौँ भएकी स्त्री।

सुमङ्गलः (पुं.वि.) [*अतिशयेन मङ्गलं यस्य सः,बहु.स.*] अति लाभदायक/मङ्गलकारी/शुभ वा शुभलक्षण भएको।

सुमनः (नपुं.) [*सुष्ठु मन्यते इति, मन ज्ञाने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.फूल/पुष्प २.गहुँ। **गोधूमसुमनौ समौ** (रभस.)।

सुमनसः (पुं.ब.) १.[*सुष्ठु मनो येषान्ते, बहु.स.*] देवता २.(स्त्री.) [*सुष्ठु मन्यते आभिः, मन ज्ञाने इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) इत्यसुन्*] फूल ३.मालती ४.लहरा। **सुमनाः पुष्पमालत्योः स्त्रियां, ना धीरदेवयोः।** (विश्व.)। **सुपर्वाणः सुमनसः** (अमर.)। **भूम्नि स्त्रियां सुमनसः** (रत्नकोष)। **पुष्पं सुमनाः कुसुमम्** (नाममाला)।

सुमनाः (पुं.) १.[*शोभनं मनो यस्य सः, बहु.स.*] ज्ञानी/विद्वान्/पण्डित २.(त्रि.) उदार हृदय भएको ३.(स्त्री.) [*सुष्ठु मन्यते, मन ज्ञाने इति धातोः, सर्वधातुभ्योऽसुन् (उ.) ४.१८९ इत्यसुन्, यद्वा– शोभनं मनोऽस्याम्*] चमेली।

सुमनोरजः (पुं.) [*सुमनसां रजः, ष.त.*] फूलको धुलो।

सुमन्त्रः (पुं.) [*सुष्ठु मन्त्रं मन्त्रणा यस्मात् सः,बहु.स.*] राजा दशरथका मन्त्री तथा सारथि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुमन्त्रणा (स्त्री.) [*सुष्ठु मन्त्रणा, प्रादिस.*] राम्रो सरसल्लाह।

सुमन्त्रितः (पुं.वि.) [*सुमन्त्र्यते स्म, निष्ठा ३.२.१०२ इति क्तः*] राम्रोसित सरसल्लाह भएको। **सुमन्त्रिते सुविक्रान्ते सुकृतौ सुविचारिते। प्रारम्भे कृतबुद्धीनां सिद्धिरव्यभिचारिणी॥** (सुभा.)

सुमार्गः (पुं.) [*सुष्ठु मार्गः, प्रादिस.*] राम्रो बाटो।

सुमित्रा (स्त्री.) [*शोभनानि मित्राणि यस्याः सा, बहु.स.*] लक्ष्मणकी माता/राजा दशरथकी पत्नी।

सुमीमांसा (स्त्री.) [*शोभना मीमांसा, प्रादिस.*] १.असल निर्णय वा फैसला २.सम्झौता/सुमीमांसित।

सुमुखी (स्त्री.) [*सु शोभनं मुखं यस्याः सा, बहु.स.*] १.राम्रो मुख भएकी। २.प्रत्येक पाउमा क्रमैले नगण, जगण, जगण तथा एक लघु र एक गुरु वर्णको प्रयोग भएको छन्द। **नजजलगैर्गदिता सुमुखी** (छन्दो.)।

सुमेरुः (पुं.) [*सु शोभनो मेरुः, प्रादिस.*] १.पर्वतका राजा मानिएको सुनको पर्वत २.उत्तरीय ध्रुव ३.जपमालाको माथि राखिने ठुलो दाना/सुमेर्नो ४.हुक्का अड्याउने ठाडो नली ५.मन्दिरको गजुर।

सुयशः (पुं.) [*शोभनं यशः, प्रादिस.*] उत्तम यश/सुकीर्ति।

दाने शौर्ये कवित्वे वा पाण्डित्ये साधुतार्जने।
सुयशः प्रथितं येषां जन्मवन्तस्त एव के॥ (सुभा.)

सुयोगः (पुं.) [*शोभनो योगः, प्रादिस.*] १.उत्तमयोग वा मुहूर्त २.सुअवसर/ठिक मौका।

सुयोग्यः (पुं.वि.) [*अतिशयेन योग्यः, प्रादिस.*] अति योग्य/अत्यन्त लायक।

सुरः (पुं.) [*सुनोति सवति उत्पादयति ऐश्वर्यवान् वा भवति, षुञ् अभिषवे, इति धातोः, सुसूधागृधिभ्यः क्रन् (उ.१९२) इति क्रन्*] १.देवता २.विद्वान् ३.सूर्य।

सुरक्षणम् (नपुं.) [*सुरक्ष्यते, सुपूर्वकाद् रक्ष पालने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] कर्जा लिँदा कानुन बमोजिम धितो राख्न सकिने सम्पत्ति वा तत्सम्बन्धी कागजपत्र।

सुरक्षा (स्त्री.) [*सुरक्षणम्, सुपूर्वकाद् रक्ष पालने इति धातोः, षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इत्यङ्, टाप् ४.१.४*] राम्रो बचाउ/समुचित रक्षा। **~परिषद्** (स्त्री.) [*सुरक्षायाः परिषद्, ष.त.*] संयुक्त राष्ट्रसङ्घको कार्यपालिका परिषद्; यसमा अमेरिका, रुस, ब्रिटेन, चीन र फ्रान्स यी देशका पाँच स्थायी सदस्य र अरू १५ राष्ट्रका अस्थायी सदस्य रहन्छन्; यसमा खासगरी विश्वशान्तिसँग सम्बद्ध समस्याहरूको विचार हुन्छ।

सुरक्षितः (पुं.वि.) [*सुरक्ष्यते स्म, सुपूर्वकाद् रक्ष पालने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] राम्रोसित रक्षा गरिएको। **अरक्षितं तिष्ठति दैवरक्षितं सुरक्षितं दैवहतं विनश्यति** (नीति.)।

सुरगिरिः (पुं.) [*सुराणां गिरिः, ष.त.*] हिमगिरि/पर्वतको राजा मानिएको सुनको पर्वत।

सुरगुरुः (पुं.) [*सुरणां गुरुः, ष.त.*] देवताका गुरु बृहस्पति।

सुरज्येष्ठः (पुं.) [*सुरेषु ज्येष्ठः, स.त.*] ब्रह्मा।

सुरतः (पुं.) [*शोभन उः शंभुः सूः, स्वि रतः, रतं वा यस्य सः, बहु.स.*] दया गर्ने।

सुरतम् (नपुं.) [*सुष्ठु रतम् रमणं, प्रदिस.*] काम-क्रीडा/स्त्री-समागम/मैथुन।

सुरतरुः (पुं.) [*सुराणां तरुः, ष.त.*] कल्पवृक्ष/देवदार।

सुरतिः (स्त्री.) [*सुष्ठु रतिः, प्रादिस.*] काम-क्रीडा/स्त्री-समागम/मैथुन।

सुरदीर्घिका (स्त्री.) [*सुराणां दीर्घिकेव, ष.त.*] आकाशगङ्गा।

सुरद्विषः (पुं.ब) [*सुरान् द्विषन्तीति, द्विष अप्रीतौ इति धातोः, सत्सूद्विष. ३.२.६१ इति क्विप्*] राक्षस/देवताका शत्रुहरू/दानवहरू।

सुरधनुः (नपुं.) [*सुराणां धनुः, ष.त.*] इन्द्रेणी/यन्द्रधनुष।

सुरधाम (नपुं.) [*सुराणां धाम, ष.त.*] स्वर्ग/सुरलोक।

सुरनिम्नगा (स्त्री.) [*सुराणां निम्नगा, क्षुभ्नादिः ८.४.३९*] गङ्गा।

सुरपतिः (पुं.) [*सुराणां पतिः, ष.त.*] इन्द्र/सुरपाल/सुरपालक।

सुरपुरम् (नपुं.) [*सुराणां पुरम्, ष.त.*] इन्द्रको राजधानी।

सुरभिः (स्त्री.) [*सुष्ठु रभन्तेऽत्र सुरभिः, सर्वधातुभ्य इन् (उ.) इति इन्*] १.सुगन्ध/बासना २.पृथ्वी/धरती ३.कामधेनु ४.वसन्त ऋतु ५.चाँपको फूल ६.जाइफल ७.गाई ८.गोहोरो। **सुरभिर्हेम्नि चम्पके, जातीफले मातृभेदे रम्ये चैत्रवसन्तयोः। सुगन्धौ गवि शल्लक्याम्** (हैम.)।

सुरभितः (पुं.वि.) [*सुपूर्वकाद्,रभधातोः, निष्ठा ३.२.१०२ इति क्तः*] बास्नादार/सुगन्धित तुल्याइएको।

सुरभी (स्त्री.) [*सुष्ठु रभते, सर्वधातुभ्य इन् (उ.) इति इन्, आगमा नित्यत्वान्न नुम् ७.१.६३, ङीष्*] १.साज २.कामधेनु ३.मुद्राविशेष।

सुरम्यः (पुं.पिव.) [*अतिशयेन रम्यः, प्रादिस.*] अति राम्रो/अति रमणीय/परम सुन्दर।

सुरर्षिः (पुं.) [*सुराणां ऋषिः, ष.त.*] नारदमुनि।

सुरलोकः (पुं.) [*सुराणां लोकः, ष.त.*] स्वर्गलोक।

सुरवर्त्म (नपुं.) [*सुराणां वर्त्म, ष.त.*] १.आकाश २.देवताको बाटो।

सुरसा (स्त्री.) [*सुष्ठु रसो यस्याः, सा, बहु.स.*] १.रामायणमा वर्णन गरिएकी एक राक्षसी/सर्पकी आमा २.फ्याक्से। **पर्णासे तु नपुंसकम्, स्त्री रास्नानामात्रोश्च** (मेदिनी.) ३.प्रत्येक पाउमा क्रमैले मगण रगण भगण नगण यगण नगण तथा एक लघु वर्णको के प्रयोग भएको छन्द। यसमा सात, सात र पाँच अक्षरमा विश्राम हुन्छ। **म्रौ भ्नौ यो नो गुरुश्चेत्स्वरमुनिकरणैराह सुरसाम्** (छन्दो.)।

सुरा (स्त्री.) [*सुनोति सवति उत्पादयति ऐश्वर्यवान् वा भवति, षुञ् अभिषवे इति धातोः, सुसूधागृधिभ्यः क्रन् (उ.) १९२ इति क्रन्, टाप् ४.१.४*] रक्सी, मदिरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुरा (स्त्री.) [*सुष्ठु राति याम्, रा दाने इति धातोः, सु अतीव रायन्त्यनया वा, रै शब्दे इति धातोर्वा, आतश्चोपसर्गे ३.३.१०६ इत्यङ्, टाप् ४.१.४*] १.जाँड–रक्सी २.मद्यपान गर्ने भाँडो।

सुराः (पुं.बहु.) [*षुर प्रसवैश्वर्ययोः इति धातोः, इगुपधज्ञा–प्रीकिरः कः ३.१.१३५ इति कः, यद्वा समुद्रोत्था सुरास्त्येषाम्, अर्श आदिभ्योऽच् ५.२.१२७ इत्यच्, यद्वा शोभनं राजते, राजृ दीप्तौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] देवता। **सुरा चषकमद्ययोः। पुंलिङ्गस्त्रिदिवेशे स्यात्** (विश्व.), **त्रिदशा विबुधाः सुरा** (अमर.)।

सुराचार्यः (पुं.) [*सुराणामाचार्यः, ष.त.*] १.देवताका गुरु २.सौर–मण्डलभित्र पर्ने एक ग्रह/बृहस्पति।

सुरापः (पुं.) [*सुरां बिबतीति, पा पाने इति धातोः, गापोष्टक् ३.२.८ इति टक्, टिलोपः*] जँड्याहा/मदिरा पिउने।

स्त्रीबालस्वामिमित्रघ्नो गोघ्नो विश्वासघातकः।
सुरापो ब्रह्महा चोरो यान्त्येते सर्वनारकान्॥ (सुभा.)

सुरापीतः (पुं.वि.) [*पीता सुरा येन सः, बहु.स., वाहिताग्न्यादिषु २.२.३७ इति निष्ठाया विकल्पेन परनिपातः*] रक्सी पिएको।

सुरामण्डः (पुं.) [*सुराया मण्डः, ष.त.*] मदिराको माड।

सुरालयः (पुं.) [*सुराणामालयः, ष.त.*] सुमेरु पर्वत।

सुराष्ट्रजम् (नपुं.) [*सुराष्ट्रे जातम्, जनी प्रादुर्भावे इति धातोः, सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] रहर।

सुलभः (पुं.वि.) [*सुखेन लब्धुं शक्यः, सुपूर्वकाद् डुलभष् प्राप्तौ इति धातोः, पोरदुपधात् ३.३.९८ इत्यप्*] सजिलैसित उपलब्ध हुने

सुलभं वस्तु सर्वस्य न यात्यादरणीयताम्।
स्वदारपरिहारेण परदारार्थिनो जनाः॥ (सुभा.)

~मुद्रा (स्त्री.) [*सुलभा चासौ मुद्रा च, कर्म.स.*] सजिलै प्राप्त गर्न सकिने मुद्रा। **~मुद्राक्षेत्रम्** (नपुं.) [*सुलभा मुद्रा यत्र, बहु.स., तथावधञ्च तत्क्षेत्रम्, कर्म.स.*] सुलभ मुद्रा भएको देशको क्षेत्र।

सुललितः (पुं.वि.) [*अतिशयेन ललितः, प्रादिस.*] १.धेरै सुन्दर २.कोमल/सुकुमार ३.कानलाई प्रिय लाग्ने/श्रुतिमधुर।

सुवचनम् (नपुं.) [*सुष्ठु वचनम्, प्रादि.स.*] मिठो वा असल बोली।

सुवदना [*सु शोभनं वदनं यस्याः सा, बहु.स.*] १.राम्रो मुख भएकी २.प्रत्येक पाउमा क्रमैले मगण नगण भगण रगण यगण भगण तथा एक लघु र एक गुरु वर्णको प्रयोग भएको छन्द। यसमा सात, सात र छ अक्षरमा यति हुन्छ। **ज्ञेया सप्ताश्वषड्भिर्मनभरययुता भ्लो गः सुवदना** (छन्दो.)।

सुवर्णः (पुं.) [*शोभनो वर्णः, स्तुतिः, वा यस्य, रुद्रस्तु सुवर्ण स्वर्णविस्तयोः इति क्लीबमाह*] १.सोह्र माषा तौल बराबरको नापो २.सुन। **सुवर्णो ना स्वर्णकर्षे सुवर्णा च मखान्तरे। स्त्री कृष्णागुरुणि क्लीबे काञ्चने हरिचन्दने** (विश्व.मेदिनी.)।

सुवर्णकः (पुं.) [*शोभनो वर्णोऽस्य सः, बहु.स.*] १.राजवृक्ष २.गरुड ३.सुनको गजुर।

सुवर्णम् (नपुं.) [*शोभनो वर्णोऽस्य, सुष्ठु वर्ण्यते वा, वर्ण वर्णने इति धातोः, ण्यन्ताद्, एरच् ३.३.५६ इत्यच्*] १.सुन/स्वर्ण/असर्फी २.श्रीखण्ड ३.(वि.) राम्रो/चम्किलो ४.[*सु शोभना वर्णा यत्र तत्, बहु.स.*] राम्रो वर्णले अङ्कित।

सुवर्णस्य सुवर्णस्य सुवर्णस्य च जानकि।
प्रेषिता तव रामेण सुवर्णस्य च मुद्रिका॥ (कूटपद्यम्)

सुवर्णमानम् (नपुं.) [*सुवर्णस्य मानम्, ष.त.*] बैङ्कको नोट वा कागजी मुद्राको सुनमा दर कायम गर्न सकिने मान।

सुवल्लिः (पुं.) [*शोभना वल्लिर्यस्याः सा, बहु.स.*] बकुची।

सुवहा (स्त्री.) [*सुष्ठु वहतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणन्यचः ३.१.१३४ इत्यच्, टाप् ४.१.४*] १.फ्याक्से २.वीणा ३.रातो पात हुने लज्जावती ४.त्रिफला ५.साज ६.गाईतिहारे ७.नेवारी फूल ८.(वि.) आनन्दसित बोक्न सक्ने। **सुवहा सल्लक्येलापर्णी गोधापदीषु वीणायाम्। रास्नाशेफालिकयोः स्त्री सुखवाह्योऽन्य लिङ्गः स्यात्** (मेदिनी.)।

सुवासः (पुं.) [*सुष्ठु वासः,प्रादिस.*] १.सुगन्ध/मिठो बास्ना २.राम्रो वा असल घर।

सुवासितः (पुं.वि.) [*अतिशयेन वासितः, प्रादिस.*] मिठो बास्ना आएको/बास्नादार।

सुवासिनी (स्त्री.) [*सु अतीव वसति पितृगृहे तच्छीला, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.उमेर पुगेर पनि विवाह नगरी बाबुको घरमा बसेकी स्त्री २.वासना आउने स्त्री।

सुविख्यातः (पुं.वि.) [*अतिशयेन विख्यातः, प्रादिस.*] नामी/प्रसिद्ध।

सुविचारः (पुं.) [*सुष्ठु विचारः, प्रादिस.*] असल विचार/सद्विचार।

सुविज्ञः (पुं.वि.) [*अतिशयेन विज्ञः,प्रादिस.*] धेरै विद्वान्/ठुलो विद्वान्।

सुव्यवस्था (स्त्री.) [*सुष्ठु व्यवस्था, प्रादिस.*] सुप्रबन्ध/राम्रो व्यवस्था/सुयोजना।

सुव्यवस्थितः (पुं.वि.) [*अतिशयेन व्यवस्थितः,प्रादिस.*] राम्रो व्यवस्था भएको/सुप्रबन्ध/असल बन्दोबस्त भएको।

सुशासनम् (नपुं.) [*सुष्ठु शासनम्, प्रादिस.*] १.श्रेष्ठ राज्यव्यवस्था/असल शासन २.असल शिक्षा।

सुशासितः (पुं.वि.) [*सुष्ठु शासितः, प्रादिस.*] १.श्रेष्ठ राज्यव्यवस्था/असल शासन २.राम्रोसित शिक्षा पाएको ३.अनुशासित।

सुजीर्णमन्नं सुविचक्षणः सुतः
सुशासिता स्त्री नृपतिः सुसेवितः।
सुचिन्त्य चोक्तं सुविचार्य यत् कृतं
सुदीर्घकालेऽपि न याति विक्रियाम्॥ (हितो.)

सुशिक्षा (स्त्री.) [*सुष्ठु शिक्षा, प्रादिस.*] असल वा उत्तम शिक्षा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुशिक्षितः (पुं.वि.) [*अतिशयेन शिक्षितः, प्रादिस.*] असल शिक्षा पाएको वा दिएको।

सुशिरम् (नपुं.) [*शुषिश्छिद्रमस्यास्ति*] बाँसुरी।

सुशीलः (पुं.वि.) [*सुष्ठु शीलं यस्य सः, बहु.स.*] १.असल शील स्वभावको/उत्तम आचारण भएको/सच्चरित्र २.विनीत/विनम्र। (स्त्री.) सुशीला।

सुशीलता (स्त्री.) [*सुशीलस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] असल शील स्वभाव हुनु/विनम्रता/उत्तम आचरण।

सुशोभनम् (नपुं.) [*अतिशयेन शोभनम्, प्रादिस.*] सुन्दर शोभा/सौन्दर्य।

सुशोभितः (पुं.वि.) [*अतिशयेन शोभितः,प्रादिस.*] अत्यन्त शोभायमान/परम सुन्दर/बेसरी सजाइएको/सजिसजाउ।

सुश्रुतः (पुं.वि.) [*सस्यग् श्रुतः, प्रादिस.*] राम्ररी सुनिएको/स्पष्टसित सुनिएको।

सुश्रुतसंहिता (स्त्री.) [*सुश्रुतस्य संहिता, ष.त.*] आयुर्वेद शास्त्रको प्रसिद्ध ग्रन्थ। यसका उपदेशक काशीराज धन्वन्तरि हुन्। यिनले सुश्रुतलाई सम्बोधन गरेर यस ग्रन्थको रचना गरेका छन्। यसमा पाँच स्थान छन्– सूत्रस्थान, निदानस्थान, शरीरस्थान, चिकित्सास्थान र कल्पस्थान एवं उत्तरतन्त्र। सुश्रुत संहिताका प्रतिसंस्कर्ता नागार्जुन मानिन्छन्। यिनको समय दोस्रो शताब्दी हो॥ सूत्रस्थानमा ४६ अध्याय, निदानस्थानमा १६ अध्याय, शारीर स्थानमा १० अध्याय, चिकित्सास्थानमा १० अध्याय, कल्पस्थानमा ८ अध्याय र उत्तरतन्त्रमा ६६ अध्याय गरी सुश्रुतमा १२० अध्याय छन्। शल्यतन्त्रको क्रियात्मक ज्ञान दिनु यस ग्रन्थको मुख्य उद्देश्य हो। यसमा शवच्छेदविधिको राम्रो विवेचना छ। अस्पताल, यन्त्रशस्त्र र तिनका प्रकारको पनि यसमा विवेचना गरिएको छ।

सुषमः (पुं.वि.) [*सु शोभनं समं सर्वमस्य, सुविनिर्दुर्भ्यः ८.३.८८ इति षत्वम्*] राम्रो। **सुषमाऽत्यन्तशोभायां स्त्री चारौ च समे त्रिषु** (मेदिनी.)।

सुषमा (स्त्री.) [*शोभनं समं सर्वमनया, सुविनिर्दुर्भ्यः सुपिसूतिसमाः ८.३.८८ इति षत्वम्*] १.शोभा २.कालको एक भेद। **सुषमं रुचिरे समे। सुषमा तु स्यात्परमशोभायां कालभिद्यपि** (विश्व.)।

सुषवी (स्त्री.) [*सु सुवति, षू प्रेरणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, उपसर्गात्सुनोति ८.३.६५ इति षः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] १.कालो जीरा २.करेलो। **सुषवी कृष्णजीरके कारवेल्ले च जीरे च** (हैम.)।

सुषिरः (पुं.वि.) [*शुष शोषणे इति धातोः, किरच् (उ.), पृषोदरादित्वात् शस्य सः*] प्वाल भएको/छिद्रयुक्त।

सुषिरा (स्त्री.) मालकागुनु। **सुषिरा विद्रुमलता** (अमर.)।

सुषीमः (पुं.वि.) [*सुष्ठु सीमा मर्यादा यस्य, सुषीमादिषु च (८.३.९८) इति षत्वम्*] १.चिसो २.राम्रो ३.(पुं.) सर्पविशेष। **सुषीमः शीतले चारौ त्रिषु, ना पन्नगान्तरे** (विश्व.)।

सुषुप्तः (पुं.वि.) [*अतिशयेन सुप्तः, प्रादिस., षत्वम्*] गाढा निद्रामा परेको/मस्तसित निदाएको।

सुषुप्तिः (स्त्री.) [*अतिशयेन सुप्तिः, प्रादिस., षत्वम्*] १.गाढा निद्रा/घोर निद्रा २.ब्रह्मको प्राप्ति हुँदा पनि जीवलाई ब्रह्मप्राप्तिको ज्ञान नहुने योगको एक अवस्था।

सुषुम्णा (स्त्री.) [*सुषु इत्यव्यक्तं शब्दं म्नायति, यत्र, म्ना गतौ इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४, टाप् ४.१.४*] आयुर्वेदअनुसार अरू नाडीहरूले बेरिएको नाडी/नाभिका माझमा रहेको प्रधान नाडी।

सुषेणः (पुं.) [*शोभना सेना यस्य सः, बहु.स., एति संज्ञायामगात् ८.३.९९इति षत्वम्, रषाभ्याम् ८.४.१ इति णत्वम्*] १.विष्णु २.सुग्रिव ३.वैद्य ४.सेनापति ५.पनेरु। **सुषेणः करमर्दे स्याद्विष्णु–सुग्रीववैद्ययोः** (मेदिनी.)।

सुषेणिका (स्त्री.) [*सुष्ठु सेनया याति, सेनाशब्दात् सत्यापपाश ३.१.२५ इति णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, एति संज्ञायामगात् ८.३.९९ इति षत्वम्, स्वार्थे कन् ५.३.७५*] कालो निशोथ।

सुष्ठुः (पुं./नपुं.) [*सुखेन तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, अपदुःसुषु स्थः (२५) इति सूत्रेण कुः*] १.सुखसित बसेको २.ज्यादै राम्रो/अति सुन्दर।

सुष्ठु (अव्य.) १.राम्रो २.ज्यादै धेरै। **बलवत् सुष्ठु किमुत स्वत्यतीव च निर्भरे** (अमर.)।

सुष्ठुता (स्त्री.) [*सुष्ठु भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] ज्यादै राम्रो हुनु/अति सुन्दर हुनु/अति सुन्दरता।

सुसंस्कृतः (पुं.वि.) [*सुष्ठु संस्क्रियते स्म, निष्ठा ३.२.१०२ इति क्तः, संपरिभ्याम् ६.१.१३७ इति सुट्*] १.मसला हालेर राम्रोसित पकाएको २.राम्रोसित संस्कार गरिएको।

सुसंस्कृतम् (नपुं.) [*सुष्ठु संस्क्रियते स्म, निष्ठा ३.२.१०२ इति क्तः, संपरिभ्याम् ६.१.१३७ इति सुट्*] १.मसला हालेर राम्रोसित पकाएको वस्तु। २.(वि.) राम्रोसत संस्कार गरिएको। **प्रणीतमुपसम्पन्नं प्रयस्तं स्यात् सुसंस्कृतम्** (अमर.)।

सुसङ्गः (पुं.) [*सु शोभनःसङ्गः, प्रादिस.*] असलको सङ्गत।

यती व्रती चापि पतिव्रताश्च
वीराश्च शूराश्च दयापराश्च।
त्यागी च भोगी च बहुश्रुताश्च
सुसङ्गमात्रेण दहन्ति पापम्॥ (सुभा.)

सुसङ्गतः (पुं.वि.) [*अतिशयेन सङ्गतः, प्रादिस.*] १.सङ्गति मिलेको/पूर्वापरसम्बन्ध मिलेको २.राम्रो सङ्गत मिलेको/सत्सङ्ग भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुसङ्गतिः (स्त्री.) [*अतिशयेन सङ्गतिः,प्रादिस.*] १.राम्रो सङ्गत/असल सङ्गत/सज्जनहरूसँगको सङ्गत २.पूर्वापर क्रम मिलाउने क्रिया।

सुसङ्घटितः (पुं.वि.) [*अतिशयेन सङ्घटितः, प्रादिस.*] राम्रोसँग संगठन गरिएको वा संगठन भएको।

सुसज्जितः (पुं.वि.) [*अतिशयेन सज्जितः,प्रादिस.*] राम्ररी सजाइएको/सजिसजाउ पारिएको/शोभायमान।

सुसमयः (पुं.) [*सुष्ठु समयः, प्रादिस.*] असल समय/शुभ मुहूर्त।

सुसमाचारः (पुं.) [*सुष्ठु समाचारः, प्रादिस.*] असल समाचार/भलो हुने वा भएको कुराको समाचार/लिखित सुसमाचार।

सुसम्पन्नः (पुं.वि.) [*अतिशयेन सम्पन्नः,प्रादिस.*] सबै चाहिने कुराहरू भएको/सबै कुराहरूले परिपूर्ण भएको वा पुगेको/पुगिसरी आएको/धनी।

सुसम्पन्नता (स्त्री.) [*सुसम्पन्नस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सबै चाहिने कुराहरू हुनु/सबै कुराहरूले परिपूर्ण हुनु।

सुस्थिरः (पुं.वि.) [*सुष्ठु स्थिरः, प्रादिस.*] राम्ररी स्थिर रहेको वा बसेको/सुदृढ।

सुस्पष्टम् (नपुं.) [*अतिशयेन स्पष्टम्, प्रादिस.*] ज्यादै प्रत्यक्ष/राम्ररी प्रकट गरिएको।

सुस्मूर्षमाणः (पुं.) [*स्मर्तुं इच्छति, सन्नन्ताद् स्मृधातोः, ज्ञाश्रुस्मृदृशां सनः १.३.५७ इति आत्मनेपदम्, तस्य लटःशानच् ३.२.१२४ इति शानच्प्रत्ययः, मुमागमः, दीर्घः*] सम्झन चाहने।

सुस्वादु (नपुं.) [*अतिशयेन स्वादु, प्रादिस.*] मिठो स्वाद भएको/स्वादिलो/स्वादिष्ट।

सुहृद् (पुं.) [*शोभनं हृदयं यस्य सः, बहु.स., सुहृद्दुर्हृदौ ५.४.१५० इति साधुः*] १.मित्र २.सफा हृदय भएको व्यक्ति।

शुचित्वं त्यागिता शोर्यं सामान्यं सुखदुःखयोः।
दाक्षिण्यञ्चानुरक्तिश्च सत्यता च सुहृद्गुणाः॥ (सुभा.)

सुहृदयः (पुं.) [*सुष्ठु हृदयं यस्य सः, बहु.स.*] शुद्ध मन हुने।

सूकरः (पुं.) [*सवनम्, पूञ् प्राणिगर्भविमोचने इति धातोः सम्पदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, सुवं प्रसवं करोति, कृञो हेतुस्ताच्छील्यानुलोम्येषु ३.२.२० इति टः*] सुँगुर।

दुर्जनो दोषमादत्ते दुर्गन्धमिव सूकरः।
सज्जनश्च क्षीरग्राही हंसः क्षीरमिवाम्भसः॥ (सुभा.)

सूक्तम् (नपुं.) [*सुष्ठु उक्तम्, प्रादिस.*] १.राम्रो तवरले भनिएको/सुन्दर रीतिले कथित २.शिक्षा दिने सूक्ति नीतिकार वा कवि वा विद्वान्बाट व्यक्त भएका प्रेरणादायक चुटकिला।

सूक्तिः (स्त्री.) [*सुष्ठु उक्तिः, प्रादिस.*] सुन्दर पद वा वाक्य/राम्रो कथन/सुन्दर उक्ति/चमत्कारपूर्ण अभिव्यक्ति। संस्कृत भाषामा खण्डकाव्य, महाकाव्य, कथा, चम्पू आदि विभिन्न प्रबन्धभित्र प्रयुक्त सूक्तिहरू व्यापक र अगणित छन्। तिनको सङ्कलन गरेर तयार परिएका सङ्ग्रहहरूको सङ्ख्या पनि निकै छ। तीमध्ये प्रसिद्ध सङ्ग्रहकर्ता र तिनका सङ्ग्रह– अज्ञात सङ्ग्रहकार (एघारौँ शताब्दी) सुभाषितरत्नकोष। वल्लभदेव (पन्ध्रौँ शताब्दीभन्दा पूर्व) सुभाषितावली। श्रीधरदास (तेह्रौँ शताब्दी) सदुक्तिकर्णामृतम्। जह्लण (तेह्रौँ शताब्दी) सूक्तिमुक्तावली। शार्ङ्गधर (चौधौँ शताब्दी) शार्ङ्गधरपद्धति। सुभाषितरत्नभाण्डागारम्। डा. भास्कर गोविन्द घाणेकर (सङ्कलक तथा व्याख्याता) वैद्यकीयसुभाषितसाहित्यम् आदि।

सूक्ष्मः (पुं./नपुं.) [*सूच्यते, सूच पैशुन्ये इति धातोः, सूचेः स्मन् (उ.) ६२६ इति स्मन्*] १.साह्रै मसिनो २.अति सानो।

समीक्ष्य सूक्ष्माण्यपि दूषणानि
स्वस्मादपाकर्तुमनाः सदैव।
आधातुमात्मन्यमलान् गुणांश्च
समीहमानो स हि देवदेव॥ (सुभा.)

३.अणु वा परामणु जस्तो। **~कोणः** (पुं.) [*सूक्ष्मश्चासौ कोणः, कर्म.स.*] एक समकोणभन्दा सानो कोण। **~ग्राही** (पुं.वि.) [*सूक्ष्मं गृह्णाति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] सूक्ष्म कुरालाई ग्रहण गर्न सक्ने। **~दर्शकयन्त्रम्** (नपुं.) [*सूक्ष्मदर्शकञ्च तद् यन्त्रम्, कर्म.स.*] अति सानो वस्तुलाई ठूलो पारेर देखाउने यन्त्र। **~दर्शिता** (स्त्री.) [*सूक्ष्मदर्शिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] सूक्ष्म कुरा देख्न वा बुझ्ने शक्ति। **~दृष्टिः** (स्त्री.) [*सूक्ष्मा चासौ दृष्टिः, कर्म.स.*] अति सानो कुरा पनि देख्ने वा तिनमा विचार पुऱ्याउने काम। **~परीक्षणम्** (नपुं.) [*सूक्ष्मञ्च तत्परीक्षणम्, कर्म.स.*] राम्रो प्रकारले जाँच गर्ने काम।

सूक्ष्मशरीरम् (नपुं.) [*सूक्ष्मरूपं शरीरम्, म.प.स.*] लिङ्ग शरीर। बृहदारण्यकोपनिषद्अनुसार आत्मा, मन, प्राण, श्रोत्र, पृथ्वी, जल, वायु, आकाश, तेज, काम, आकाम, क्रोध, अक्रोध, धर्म, अधर्म आदिलाई साथमा लिने स्थूल शरीरलाई त्याग गर्ने एक शरीर। सूक्ष्मशरीरका १७ अवयव हुन्छन्– दश इन्द्रिय, पाँच प्राण, मन तथा बुद्धि।

सूक्ष्मालङ्कारः (पुं.) [*सूक्ष्ममिति, अलङ्कारः, म.प.स.*] अर्थालङ्कारको एक भेद।

सूच (धा.) [*पैशून्ये, सक.सेट्, उभय.*] सूचना गर्नु, अर्कालाई होच्याउनु। लट्– **सूचयति-ते–** सूचना गर्छ, अर्कालाई होच्याउँछ इत्यादि।

सूचः (पुं.) [*सीव्यति येन सः, षिवु तलुसन्ताने इति धातोः, सिवेष्टेरू च (उ.) ५४२ इति चट् टेः ऊ आदेशश्च*] कुशको टुप्पो।

सूचकः (पुं.) [*सूचयतीति, सूच पैशुन्ये इति धातोः, णिचि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] १.भेद खोल्ने व्यक्ति/गुप्तचर २.कुकुर ३.बिरालो ४.काग ५.सिउने साधन/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सियो। **सूचकः शुनि दुर्जने, कथके सीवनद्रव्ये माजरि वायसेऽपि च** (हैम.)।

विवृण्वती पुरस्तैक्ष्ण्यं पृष्टतः कुर्वती गुणम्।
कर्णान् विध्यति लोकस्य सूचीवत् सूचकस्य वाक्॥
(सुभा.)

सूचकः (पुं.वि.) [*सूचयति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सूचना गर्ने/जानकारी गराउने।

सूचना (स्त्री.) १.[*सूचनम्, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, अनः, टाप्*] जानकारी दिने काम २.[*सूच्यतेऽनया*] कुनै विषयको जानकारी दिनका लागि त्यसको विवरण खुलाई सूचनापाटी वा भित्तामा टाँसिएको पत्र वा पत्रिका, रेडियो, टेलिभिजन आदि सञ्चारका माध्यमबाट प्रसारित गरिएको जानकारीपत्र।

सूचना (स्त्री.) [*सूच पैशुन्ये इति धातोः, णिचि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] जनाउ/विज्ञप्ति/सङ्केत/कसैलाई बोध गराउनका लागि भनिने कुरा। **~पत्रम्** (नपुं.) [*सूचनायाः सूचनायै वा पत्रम्*] कुनै सूचना छापिएको वा लेखिएको पत्र। **~मन्त्री** (पुं.) [*सूचनाया मन्त्री, ष.त.*] सरकारी कार्यको सूचना सर्वसाधारण जनतामा प्रसारित गर्ने एवं जनताको माग, सिकायत, कष्ट आदिको विवरण सरकारसमक्ष प्रस्तुत गर्ने र विभागको नियन्त्रण तथा सञ्चालन गर्ने मन्त्री।

सूचनाधिकारी (पुं.वि.) [*सूचनाया अधिकारी, ष.त.*] कार्यमा प्रगतिसम्बन्धी प्रमाणिक जानकारी मानिसहरूमा प्रसारित गर्ने राष्ट्र वा कुनै संस्थाको अधिकारी।

सूचनालयः (पुं.) [*सूचनाया आलयः, ष.त.*] आवश्यक समाचार वा जानकारी प्रसारित गर्ने र त्यस विषयका लेख, पुस्तक-पुस्तिका, पत्रपत्रिका आदि वितरण गर्ने सरकारी कार्यालय।

सूचितः (पुं.वि.) [*सूच्यते स्म, सूच पैशुन्ये इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] सूचना दिइएको/जनाउ दिइएको/ज्ञापित/भनिएको/कथित।

सूची (स्त्री.) [*षिवु तन्तुसन्ताने इति धातोः, सिवेष्टेरू च (उ.) ५४२ इति चट्, टेरू आदेशश्च टित्त्वान्ङीप्*] १.लुगाफाटा सिउने सियो/सूचि/सुइरो/सुई २.कुनै तीखो वस्तुको टुप्पो वा चुच्चो ३.कुनै ग्रन्थमा भएका विषयहरू सूचित गरिएको तालिका/सूचिपत्र। **~कारः** (पुं.) [*सूचीं करोतीति, कर्मण्यण् ३.२.१ इत्यण्*] लुगा सिउने पेशा भएको व्यक्ति। **~पत्रम्** (नपुं.) [*सूचेः पत्रम्, ष.त.*] धेरै वस्तुहरूको नामावली, विवरण, मूल्य आदि लेखिएको पुस्तिका/तालिका/सूची/कुनै ग्रन्थमा भएका विषयहरू सूचित गरिएको तालिका **~सूत्रम्** (नपुं.) [*सूच्याः सूत्रम्, ष.त.*] सियामा उनेको धागो। **सूचीसूत्रं पिप्पलकम्** (अभि. चि.)।

सूचीभेद्यम् (नपुं.) [*सूच्या भेद्यमिव*] १.गाढा। **सूचीभेद्यैस्तमोभिः** २.[*सूच्या भेद्यम्, ष.त.*] सियोले फोर्नुपर्ने।

सूचीमुखम् (नपुं.) [*सूच्या मुखमिव मुखं यस्य सः, बहु.*] हीरा। **सूचीमुखन्तु हीरकः** (अभि.)।

सूच्यग्रः (पुं.वि.) [*सूचेरग्रः, ष.त.*] सियाको टुप्पो। **सूच्यग्रे कूपषड्क तदुपरि नगरी तत्र गङ्गप्रवाहः** (सुभा.)।

सूच्यास्यः (पुं.) [*सूचीव आस्यं यस्य सः*] .मुसो। **उन्दुरुर्वृष आखुश्च सूच्यास्यो वृषलोचने** (अभि.चि.)।

सूतः (पुं.) [*सुवति गमयति स्माश्वान्, षू–प्रसवे प्रेरणे ऐश्वर्ये वा इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.रथ आदि वाहनको सारथी २.काठको काम गर्ने/सिकर्मी ३.क्षत्रियबाट ब्राह्मणीमा पैदा भएको व्यक्ति ४.पारो ५.एक पौराणिक विद्वान् ऋषि ६.(पुं.वि.) उत्पन्न भएको। **सूतस्तु सारथौ तक्ष्णि क्षत्त्रियादब्राह्मणीसुते। वन्दिपारदयोः। पुंसि, प्रसूते प्रेरिते त्रिषु** (मेदिनी.)।

सूतकम् (नपुं.) [*सूधातोर्भावे क्तः,ततः स्वार्थे कन्, सूतकं जन्म, (मेदिनी.) सूतकं कारणत्वेनास्त्यस्य, अर्शाद्यच्*] १.जननाशौच **मृतेन सूतकं गच्छेन्नेतरत् सूतकेन तु।** (वृद्धमनु) २.ग्रहणको समय ३.ग्रहको उदय पछि वा अस्ताउनु अघिका केही समय।

सूततनयः .पुं.) [*सूतस्य तनयः, ष.त.*] १.कर्ण। **राधासुतार्कतनयः** (अभि.चि.) २.सारथिको पुत्र।

सूतपुत्रः (पुं.) [*सूतस्य पुत्रः, ष.त.*] १.कर्ण २.सारथिपुत्र।

सूतिः (स्त्री.) १.[*सवनम्, भावे क्तिन्*] जन्माउनु २.[*सूयते अनया, करणे क्तिन्*] सुत्केरी ३.[*सूयते असौ*] सन्तान ४.[*सूयते सोमोऽस्याम्*] सोमरसले अभिषिक्त भूमि।

सूतिका (स्त्री.) १.[*सूता एव, सूतकादीनां वा (वा.) ७.३.४४इति कन्, टाप् ४.१.४ इत्वम्*] भर्खर बालक जन्माएकी स्त्री/सुत्केरी २.सुत्केरी गराउने स्त्री।

उपाध्यायश्च वैद्यश्च ऋतुकाले वरस्त्रियः।
सूतिका दूतिका नौका कार्यान्ते ते च शष्पवत्॥ (सुभा.)

सूतिकागृहम् (नपुं.) [*सूतैव सूतिका, सूतकादीनां वा (वा. ७.३.४४) सूतिकाया गृहम्, ष.त.*] सुत्केरी बस्ने घर वा कोठा/सूतिकागार।

सूतिकावासः (पुं.) [*सूतिकाया आवासः, ष.त.*] सुत्केरी बस्ने घर।

सूतिमासः (पुं.) [*सूतेः प्रसवस्य मासः*] सुत्केरी हुने महिना। **सूतिमासो वै जननो नवमो दशमोऽपि वा** (जटाधर)।

सूत्कारः (पुं.) [*सुत् इति शब्दस्य कारः करणम्*] जाडो आदिबाट हुने सित्कार/ सित् यस्तो आवाज।

सूत्र (धा.) [*वेष्टने, सक.सेट्, उभय.*] डोरीले बाँध्नु, डोरी बाट्नु। लट्– **सूत्रयति–ते–** डोरीले बाँध्छ, डोरी बाट्छ इत्यादि।

सूत्रकारः (पुं.वि.) [*सूत्रं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] १.अर्थगर्भित संक्षिप्त वाक्य वा सूत्रको रचना गर्ने आचार्य/ सूत्रका रचयिता २.डोरो काल्ने व्यक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रकृमिः (पुं.) [*सूत्रमिव कृमिः, ष.त.*] धागोजस्तो जुका।

सूत्रधारः (पुं.) [*सूत्र्यते, सूत्र वेष्टने इति धातोः, णिचि, एरच् ३.३.५६ इत्यच्, सूत्रं नाट्यसाधनं धारयति, कर्मण्यण् ३.२.१ इत्यण्*] नाट्यशालामा नाटकका कथावस्तुको सूत्रपात गर्ने पात्र।

सूत्रम् (नपुं.) [*षिवु तन्तुसन्ताने इति धातोः, सिविमुच्योष्टेरू च (उ.) ६१२ इति ष्ट्रन्, ऊश्च, यद्वा सूत्र्यते, सूत्र वेष्टने इति धातोः, णिचि, एरच् ३.३.५६ इत्यच्*] १.धागो/सूत/डोरी/तन्तु २.जनै/यज्ञोपवीत ३.कन्धनी/कटिसूत्र ३.मूल ४.बीज ५.कुनै काम वा योजना सफल पार्नाका लागि आदान–प्रदान गरिने कुरो ६.गहिरो अर्थ लुकेको छोटो वाक्य/सङ्क्षेप। **सूत्रं तु सूचनाकारिग्रन्थे तन्तुव्यवस्थयोः** (हैम.)। सूत्रको लक्षण– **अल्पाक्षरमसन्दिग्धं सारवद् विश्वतोमुखम्। अक्षोभमनवद्यञ्च सूत्रं सूत्रकृतो विदुः॥** (दुर्गादास)

सूत्याशौचम् (नपुं.) [*सूत्या आशौचम्, ष.त.*] सुत्केरो परेको आशौच

सूत्रसञ्चालकः (पुं.वि.) [*सूत्रस्य सञ्चालकः, ष.त.*] गुप्त रूपले घटना र राज्यको सूत्र सञ्चालन गर्ने राजनीतिक व्यक्ति।

सूत्रामा (पुं.) [*सुपूर्वकात् त्रैङ् पालने इति धातोः, सर्वधातुभ्यो मनिन् (उ.) ५९४ इति मनिन्, पक्षे उपसर्गस्य दीर्घः*] इन्द्र। **सूत्रामा गोत्रभिद् वज्री** (अमर.१.१.४५)।

सूदः (पुं.) [*सूदयति क्षरयति रसान् इति षूद क्षरणे हिंसायाञ्च इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः*] १.भान्छे २.व्यञ्जन। **सूदस्तु कथितः सूपकारे च व्यञ्जनान्तरे** (विश्व.)।

सूदनः (पुं.) [*सूदयति, षूद हिंसायामिति, धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] मार्ने/वधकर्ता।

सूदनम् (नपुं.) [*सूद्यते इति, षूद हिंसायामिति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाको ७.१.१ इत्यनः*] मार्ने काम/वध।

सूदशाला (स्त्री.) [*सुदाय शाला, भान्सा*] वधशाला। **सूदशाला रसवती पाकस्थानं महानसम्** (अभि.चि.)।

सूनुः (पुं.) [*सूयते उत्पद्यतेऽसौ, षूङ् प्राणिप्रसवे इति धातोः, सुवः कित् (उ.) ३३२ इति नुः*] १.छोरो।

सूनुः सच्चरितः सती प्रियतमा स्वामी प्रसादोन्मुखः
स्निग्धं मित्रमवञ्चकः परिजनो निष्क्लेशलेशं मनः।
आकारो रुचिरः स्थिरश्च विभवो विद्यावदातं मुखं
तुष्टे विष्टपकष्टहारिणि हरौ सम्प्राप्यते देहिना॥ (सुभा.)

२.पछि जन्मिएको ३.सूर्य। **सूनुः पुत्रेऽनुजे रवौ** (मेदिनी.)।

सूनृतम् (नपुं.) [*सुष्ठु नृत्यन्त्यनेन, घञर्थे कः (वा.) ३.३.५८), यद्वा– हलश्च ३.३.१२१ इति घञ्, संज्ञापूर्वकत्वाद्गुणाभावः, अन्येषामपि ६.३.१३७ इति दीर्घः*] १.प्यारो र साँचो बोली २.मङ्गलवचन। **सूनृतं मङ्गलेऽपि स्यात्प्रियसत्ये वचस्यपि** (मेदिनी.)।

सूपः (पुं.) [*सुनोति सूयते पच्यते वा सः, षुञ् अभिषवे इति धातोः, सुशृभ्यां निच्च (उ.) ३१३ इति पः*] तरकारी।

सूपकारः (पुं.) [*सूपं करोति, डुकृञ् करणे इति धातोः, कर्मण्यण् ३.२.१ इत्यण्*] भान्छे।

सूरः (पुं.) [*सूयते वा सुवति प्राणिनः समर्थयतीति, सुवति प्रेरयति कर्मणि लोकमिति वा, षूञ् प्राणिगर्भविमोचने इति धातोः, षू प्रेरणे इति धातोर्वा, सुसूधागृधिभ्यः क्रन् (उ.) १९२ इति क्रन्*] १.सूर्य २.विद्वान् ३.देवता।

सूरतम् (नपुं.) [*सुष्ठु रतम्, प्रादि.स.*] मैथुन।

सूरसूतः (पुं.) [*सुरस्य सूतः, ष.त.*] सूर्यको सारथि/अरुण।

सूरिः (पुं.) [*सूते सद्वाक्यानि इति, सुङः क्रिः (उ.) ५१३ इति क्रिः*] १.विद्वान्। **धीमान् सूरिः कृती कृष्टिर्लब्धवर्णो विचक्षणः** (अमर.)।

सूरी (पुं.) [*सूरः सूर्योऽस्त्युपास्यतयाऽस्य, अत इनिठनौ ५.२.११५ इतीनिः*] सूर्यका उपासक ३.दूरदृष्टि भएको।

सूरी (स्त्री.) १.रायोसस्यौँ २.विदुषी ३.[*सूर्यस्यापत्यं स्त्री, ङीष, यलोपः*] कुन्ती।

सूर्क्ष (धा.) [*आदरे, सक.सेट्, पर.*] आदर गर्नु, सम्मान गर्नु। लट्– **सूर्क्षति–** आदर गर्छ, सम्मान गर्छ इत्यादि।

सूर्क्ष्य (धा.) [*ईर्ष्यायाम्, अक.सेट्, पर.*] ईर्ष्या गर्नु। लट्– **सूर्क्ष्यति–** ईर्ष्या गर्छ इत्यादि।

सूर्मी (स्त्री.) [*शोभना ऊर्मिः, बहुव्रीहिर्वा, सर्वतोऽक्तिन्नर्थात् (ग.) ४.१.४५ इति षिद्गौरादिभ्यश्च ४.१.४१ इति वा ङीष्*] फलामको प्रतिमा।

(सूर्यः)

सूर्यः (पुं.) [*सुवति प्रेरयति कर्मणि लोकान्, षू प्रेरणे इति धातोः, राजसूयसूर्यमृषोद्य रुच्यकुप्यकृष्टपच्याव्यथ्याः, इति क्यप्, रुट् च, यद्वा, सरति आकाशे इति, सृ धातोः क्यप्, निपातनात् दीर्घश्च*] १.बालिको छोरो २.आँकको रुख ३.बाह्रको सङ्ख्या ४.पाञ्चायन देवतामध्ये एक ५.हाम्रो सौरमण्डलको सबैभन्दा ठुलो ज्योतिर्मय पिण्ड। यसको व्यास पृथ्वीकोभन्दा १०९ गुणा छ। यसको आकार पृथ्वीको आकारभन्दा १३ लाख गुणा छ। यसको गुरुत्वाकर्षण पृथ्वीको भन्दा २८ गुणा छ। ठुलो भएकाले यसको वजन पनि बढी छ। तौलका दृष्टिकोणले पृथ्वीभन्दा यो ३ लाख ३४ हजार गुणा गह्रौँ छ। यो ग्यास अवस्थामा भएको हुदा यसको अपेक्षित घनत्व १.५ मात्र छ। यसको तापक्रम बाहिरी सतहमा ६०००° से. र यसको केन्द्रमा १५००००००° से. भएको अनुमान गरिन्छ। । सूर्यको व्यास १.४×१०^{६} कि.मि. छ। सूर्य पृथ्वीबाट भन्डै १५ करोड किलोमिटर (९करोड ३० लाख माइल) टाढा छ। अर्थात् पृथ्वीबाट यसको निकटतम दूरी १४ करोड ७५ लाख किलोमिटर र अधिकतम दूरी १५ करोड २५ लाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किलोमिटर छ। सूर्यबाट पृथ्वीमा प्रकाश आइपुग्न ८ मिनेट ५ सेकेण्ड जति लाग्छ। सूर्यमा कुनै विस्फोट भयो भने त्यसको आवाज पृथ्वीमा आइपुग्न १४ वर्ष लाग्छ। यदि १०० किलोमिटर प्रतिघण्टा चल्ने गाडीमा चढेर यात्रा गर्ने हो भने मानवलाई सूर्यमा पुग्न १७० वर्ष लाग्छ तर पनि पृथ्वीबाट सबैभन्दा नजिकको तारा सूर्य नै हो। अन्य तारा यसभन्दा पनि टाढा छन्। सूर्यको निर्माण हाइड्रोजन, हिलियम, अक्सिजन, नाइट्रोजन, फलाम, कार्बन, म्याग्नेसियम, आल्मुनियम आदि तत्त्वहरू मिलेर भएको अनुमान गरिएको छ। यसमा अन्य तत्त्वभन्दा हाइड्रोजनको मात्रा बढी छ। सूर्यको धेरै तापक्रम हुनाले हाइड्रोजन एटमहरूका न्युक्लिआई निरन्तर रूपमा हिलियमको न्युक्लिआईमा बदलिइरहेका छन्। त्यसैले असंख्य ताप, प्रकाश र अन्य किसिमका शक्ति त्यहाँबाट निस्किरहेका छन्। सूर्यतर्फ हेर्दा यो शान्त र चहकिलो देखिन्छ तर यसको सतह शान्त र स्थिर नभई ज्यादै आँधिलो छ। यसमा ग्याँसका मुस्लाहरू उठिरहेका छन्। कहिले कहिले त चार लाख किलोमिटरसम्म पनि यिनीहरू उठ्छन्। सूर्यबाट निस्केको प्रचण्ड शक्तिको थोरै भाग मात्र पृथ्वीमा पर्छ। यो सबै शक्तिलाई २२० करोडमा भाग लगाउँदा एक भाग मात्र पृथ्वीमा आइपुग्छ। हामीले सूर्यबाट थोरै मात्र शक्ति पाएका छौँ तर पनि यो काफी छ। वैज्ञानिकहरूले सूर्यबाट प्रति सेकेण्ड ३७×१०२३ किलोवाट शक्ति निस्कन्छ भनेका छन्। केवल तीन मिनेट निस्केको शक्ति पृथ्वीमा प्रयोग गर्न सके पृथ्वीका सबै यान्त्रिक काम एक वर्षसम्म चलाउन सकिने हुन्छ । ९ ग्रह, ३१ उपग्रह, ६००० अवान्तर ग्रह,९०० धूमकेतु र असंख्य उल्कापिण्ड सूर्यको गुरुत्वाकर्षणमा आबद्ध भएर निश्चित मार्ग र निश्चित अवधिमा यसको वरिपरि घुमिरहेका छन्। सूर्यवाचक शब्दको पछाडि पुत्रवाचक शब्द जोड्यो भने यमराज, कर्ण, सुग्रीव, शनिग्रहका वाचक शब्द बन्दछन्। जस्तै– **रविनन्दनः, सूर्यपुत्रः, सूर्यसुतः** आदि। सूर्यवाचक शब्दको पछाडि पुत्रीवाचक शब्द जोड्यो भने यमुनावाचक शब्द बनदछ। जस्तै– **रविसुता, सूर्यतनया** आदि ।

सूर्यकरः (पुं.) [*सूर्यस्य, करः, ष.त.*] सूर्यको किरण/सूर्यका खतरनाक वैजनी रङका किरणहरू ओजनक्षेत्रको माथिल्लो तहमा आएर बिलाउँछन्।

सूर्यकान्तमणिः (पुं.) [*सूर्यस्य कान्तः, ष.त., सूर्यकान्तश्चासौ मणिः, कर्म.स.*] १.स्फटिक/बिल्लौर २.सानो वस्तुलाई ठुलो देखाउने सिसा वा ऐना, यसमा सूर्यको टक पर्दा आगो बल्छ।

सूर्यकान्तिः (स्त्री.) १.[*सूर्यस्य कान्तिः, ष.त.*] सूर्यको किरण २.[*सूर्यस्य कान्तिरिव कान्तिर्यस्य सः, बहु.स.*] सूर्यकान्तमणि ३.तिलको फूल ४.फूलविशेष।

सूर्यकालः (पुं.) [*सूर्यस्य कालः, ष.त.*] दिनको समय।

सूर्यकुण्डः (पुं.) [*सूर्याकारः कुण्डः, म.प.स.*] गोसाइँ कुण्ड क्षेत्रको सबैभन्दा उचाइमा रहेको प्राकृतिक सरोवर।

सूर्यग्रहणम् (नपुं.) [*सूर्यस्य ग्रहणम्, ष.त.*] सूर्यमा चन्द्रमाको छाया पर्दा देखिने कालो टाटो। ज्योतिष शास्त्रअनुसार कुनै औँसीको दिन पृथ्वी र सूर्यको बिच चन्द्रमा पर्नजाँदा चन्द्रमाले ढाकिएर सूर्य विम्ब नदेखिने हुन्छ। चन्द्रबिम्बले सूर्यको सम्पूर्ण भाग छेक्दा **खग्रास** सूर्य ग्रहण र केही भाग मात्र छेक्दा **खण्डग्रास** सूर्यग्रहण हुन्छ। बिचको भाग छेकेर वरिपरिको भाग देखिँदा **वलयग्रहण** हुन्छ।

(सूर्यग्रहणम्)

सूर्यतनया (स्त्री.) [*सूर्यस्य तनया, ष.त.*] सूर्यसुता/यमुना नदी।

सूर्यमुखी (पुं.) [*सूर्यमभि मुखं यस्य सः, बहु.स.*] १.घामको किरण पाउँदा सूर्यतिर फर्केर फुल्ने एक जातको फूल २.आगो पार्ने एक किसिमको मणि/सूर्यकान्तमणि।

सूर्यवंशः (पुं.) [*सूर्यस्य वंशः, ष.त.*] सूर्यको वंश/क्षत्रियको एक वंश।

सूर्यवंशी (पुं.वि.) [*सूर्यस्य वंशः, ष.त., सूर्यवंशोऽस्यास्तीति, अत इतिठनौ ५.२.११५ इतीनिः*] सूर्यवंशमा उत्पन्न भएको।

सूर्यविनायकः (पुं.) [*सूर्याकारो विनायकः,म.प.स.*] नेपालको भक्तपुर जिल्लामा रहेको एक प्रसिद्ध गणेश/चार विनायकमध्ये एक।

सूर्या (स्त्री.) [*सरति, सृ गतौ इति धातोः, सुवति प्रेरयति कर्मणि लोकान् इति वा, षू प्रेरणे इति धातोः, राजसूयसूर्य ३.१.११४ इति निपातितः, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] सूर्यकी पत्नी।

सूर्यावर्तः (पुं.) [*सूर्यस्थ आवर्तः,म.प.स.*] सूर्यमा देखापर्ने ज्वालाका भुमरी।

सूर्यास्तः (पुं.) [*सूर्यस्य अस्तः, ष.त.*] घाम डुब्नु/सूर्य अस्ताउनु।

सूर्येन्दुसङ्गमः (पुं.) [*सूर्यश्च इन्दुश्च, सूर्येन्दू, तौ सङ्गच्छतोऽस्मिन्, पुंसि संज्ञायां घः, प्रायेण ३.३.११८ इति घः*] औँसी/सूर्य र चन्द्रमाको सङ्गम भएको तिथि।

सूर्योदयः (पुं.) [*सूर्यस्योदयः, ष.त.*] सूर्यको उदय।

सूर्योपासकः (पुं.वि.) [*सूर्यस्योपासकः, ष.त.*] सूर्यको आराधना वा भक्ति गर्ने।

सूर्योपासना (स्त्री.) [*सूर्यस्योपासना, ष.त.*] सूर्यको आराधना वा भक्ति।

सृ (धा.) [*गतौ, सक.अनिट् पर.*] जानु। लट्– **ससर्ति–** जान्छ इत्यादि।

सृ (धा.) [*गतौ, सक.अनिट् पर.*] जानु, घस्रनु। लट्– **सरति–** जान्छ, घस्रन्छ। लिट्– **ससार–** गएछ, घस्रेछ (अन.)। लुट्– **सर्ता–** जाने छ, घस्रने छ (अन.)। लृट– **सरिष्यति–** जाने छ, घस्रने छ (अन.)। लृट्– **सरिष्यति–** जाने छ, घस्रने छ। लोट्– **सरतु–** जाओस्, घस्रोस्। लङ्– **असरत्–** गयो, घस्रयो (अन.)। विधिलिङ्– **सरेत्–** जाला, घस्रला, जओस्, घस्रोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्लिङ्– **स्रियात्–** जाओस्, घस्रोस्। लुङ्– **असार्षीत्–** गयो, घस्रयो। लृङ्– **असरिष्यत्–** जाने थियो, घस्रने थियो।

सृक्कणी (स्त्री.) [*सृजति लालादिकमिति, सृज विसर्गे इति धातोः, बाहुलकात् कनिन्, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] ओठको प्रान्त भाग। **प्रान्तावोष्ठस्य सृक्कणी** (अमर.)।

सृगः (पुं.) [*सरति इति, सृ गतौ इति धातोः, बाहुलकाद् गक्, यद्वा सरतीति, सृ गतौ इति धातोः, बाहुलकाद्रक्*] १.गोला बर्साउने यन्त्र २.गुलेली ३.तोप।

सृगालः (पुं.) [*सृजति मायाम्, सृज विसर्गे इति धातोः, असृग् आलाति, लेढि इति आतोऽनुपसर्गे कः ३.२.३ इति कः, पृषोदरादित्वा दकारलोपः, यद्वा बाहुलकात् कालन्, न्यङ्क्वादित्वात् ७.३.५३ इति कुत्वम्*] स्याल।

सृज (धा.) [*विसर्गे, सक.अनिट्, आत्म.*] त्याग गर्नु, सृजना गर्नु। लट्– **सृज्यते–** त्याग गर्छ, सृजना गर्छ। लिट्– **ससृजे–** त्याग गरेछ, सृजना गरेछ (अन.) इत्यादि।

सृज (धा.) [*विसर्गे, सक.अनिट्, पर.*] रचना गर्नु। लट्– **सृजति–** रचना गर्छ। लिट्– **ससर्ज–** रचना गरेछ, बनाएछ (अन.)। लुट्– **स्रष्टा–** रचना गर्ने छ, बनाउने छ। लृट्– **स्रक्ष्यति–** रचना गर्ने छ, बनाउने छ इत्यादि।

सृजनात्मकः (पुं.वि.) [*सृजनमात्मा यस्य सः, बहु.स.*] नयाँ–नयाँ वस्तु बनाउन सक्ने/नयाँ कल्पना गर्न सक्ने।

सृणिः (स्त्री.) [*सरति गच्छतीति, सृ गतौ इति धातोः, सृवृषिभ्यां कित् (उ.) ४९८ इति निः, किच्च*] अङ्कुसे/चावुक।

सृणिका (स्त्री.) [*सरतीति, सृ गतौ इति धातोः, सृवृषिभ्यां इति कित् (उ.) सूत्रेण निः, संज्ञायां कन् ५.३.७५ इति कन्, ततष्टाप् ४.१.४ इकनि सृणीका*] राल/थुक।

सृतिः (स्त्री.) [*सरन्ति गच्छन्ति अनया, सृ गतौ इति धातोः, क्तिच्क्तौ च संज्ञायाम् ३.३.१७४ इति क्तिच्*] बाटो/मार्ग। **अयनं वर्त्म मार्गाध्वपन्थानः पदवी सृतिः** (अमर.)।

सृप्लृ (धा.) [*गतौ, सक.अनिट्.पर.*] हिँड्नु। लट्– **सर्पति–** हिँड्छ। **अपसर्पति–** पर सर्छ, हट्छ। **उपसर्पति** –नजिक आउँछ। लिट्– **ससर्प–** हिँडेछ (अन.)। लुट्– **सर्प्ता–** हिँड्ने छ (अन.)। लृट्– **सर्प्स्यति–** हिँड्ने छ। लोट्– **सर्पतु–** हिँडोस्। लङ्– **असर्पत्–** हिँड्यो (अन.)। विधिलिङ्–**सर्पेत्–** हिँड्ला, हिँडोस्। आशीर्लिङ्– **सृप्यात्–** हिँडोस्। लुङ्– **असृपत्–** हिँड्यो। लृङ्– **असर्प्स्यत्–** हिँड्ने थियो इत्यादि।

सृष्टिः (स्त्री.) [*सृज्यत इति, सृज विसर्गे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति कर्मणि क्तिन्*] सृजना/सम्पूर्ण चराचर जगत्/ उत्पादन।

सेकपात्रम् (नपुं.) [*सेकस्य पात्रम्, ष.त.*] डुङ्गाको पानी फाल्ने छालाको थैलो।

सेकृ (धा.) [*गतौ, सक.सेट्, आत्म.*] जानु। लट्– **सेकते–** जान्छ इत्यादि।

सेचनम् (नपुं.) १.[*सिच्यतेऽनेन, षिच सेचने इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] पानी फ्याक्ने छालको थैलो २.कुलो ३.[*ल्युट् च ३.३.११५ इति ल्युट्, अनः ७.१.१*] छर्कने काम/अभिषेक ४.सिँचाइ/ जमीनमा पानी लाउने काम। **सेचनं क्षरणे सेके नौकायाः सेकभाजने** (विश्व.)।

सेतुः (पुं.) [*सिनोति सीयते वा, षिञ् बन्धनेइति धातोः, षि-तनि-गमि-मसि-सच्यवि-धाञ्-क्रु-शिभ्यस्तुन् (उ.) ६९ इति तुन्*] १.नदी आदि तर्न बनाएको पुल २.नदीको भेल छेक्ने बाँध ३.पृथ्वीको सीमा ४.अड्चन/बाधा ५.खेतको आली ६.सिप्लिकान ७.साँगुरो बाटो ८.तोकिएको वा देखाइएको नियम वा विधि ९.तन्त्रशास्त्र-अनुसार– १.जुन साधनाले विद्याको सिद्धिरूपी समुद्रको पार (पुलद्वारा विद्या प्राप्ति गराएर) पुऱ्याउँछ, त्यस (मन्त्र चैतन्य गराउने मन्त्रको अङ्गभूत) सेतुलाई विद्यामार्ग भनिन्छ (अर्थात् मन्त्र जप्नु अघिपछि जप्नुपर्ने मन्त्रको अङ्ग भएको बीजमन्त्र), २.ब्राह्मण र क्षत्रियको सेतु– ॐ, वैश्यको **फट्** र शूद्रको **ह्रीं** हो, अरूको (शूद्रादिको) सेतु **औं** मानिएको छ।

चतुर्दशः स्वरो योऽसौ शेष औकारसंज्ञकः।
स नादबिन्दुसंयुक्तः शूद्राणां सेतुरुच्यते॥

(सौभाग्यभास्करटीका,भास्करराय)।

३.मन्त्रहरूको सेतु प्रणव **'ॐ' कार** हो। मन्त्र जप्नु अघि र पछि **ॐकार**को उच्चारण नगरे जपफल नाश हुन्छ। यसमा– सुन्दरीको सेतु– **ह्रीं सौं ह्रीं,** भैरवीको **ह्रीं**, ताराको– **ॐ, ह्रीं,** श्यामा (काली) को– **ऐं हूं ऐं,** भुवनेश्वरीको– **ॐ, ह्रीं, ह्रीं ॐ ॐ,** अन्नदाको– **ह्रीं स्वाहा,** अरू देवी देवताहरूको– **ॐ,** सबै शूद्र जातिको– **औं**। कवच (स्तोत्र) को जुन जुन देवीहरूको सेतु छ, त्यसलाई तीन गुना गरी (तीन पटक) भन्दा कवचको सेतु हुन्छ। सेतुलाई साक्षाद् ब्रह्मस्वरूपिणी सम्झनु पर्छ। अघिपछि सेतु जपेर मन्त्र जप्नु पर्छ। त्यसबाट विशेष गरेर मन्त्रविद्या सिद्ध हुन्छ, नत्र विफल हुन्छ। अगल बगलमा सेतु जपेर जप शुरु गर्नुपर्छ। जसरी विना बाँधको पानी झट्टै बग्छ, त्यसरी नै विनासेतुको मन्त्र जपले उपासकको मन्त्रफल नाश हुन्छ।

विद्यासिद्ध्यर्णवे देवि येन पारं प्रगच्छति।
तेन सेतुर्महेशानि विद्यामार्गः प्रकीर्तितः॥ (पु.च.)
विप्राणां प्रणवः सेतुः क्षत्रियाणां तथैव च।
वैश्यानान्तु फडर्णः स्यान्माया शूद्रस्य कथ्यते॥

(रुद्रयामल)

मन्त्राणां प्रणवः सेतुः द्विजानां परिकीर्तितः।
चतुर्दशस्वरोऽन्येषां चन्द्रानुस्वारसंयुतः॥ (मेरुतन्त्र)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्राणां प्रणवः सेतुः तत्सेतुः प्रणवः स्मृतः।
स्रवत्यनोङ्कृतं पूर्वं परस्ताच्छ विदीर्यते॥ (कालिकापु.)
सेतुं विद्यान्महेशानि साक्षाद् ब्रह्मस्वरूपिणीम्।
आदावन्ते च देवेशि सेतुं जप्त्वा जपेन्मनुम्॥
ततः सिद्धो भवेद्देवि मन्त्रविद्याविशेषतः।
अन्यथा विफलं देवि निश्चयं वचनं मम॥
पार्श्वयोः सेतुमादाय जपकर्म समाचरेत्।
निःसेतुञ्च यथा तोयं क्षणान्निम्नं प्रसर्पति॥
निःसेतुश्च तथा मन्त्रः क्षणात् क्षरति यज्वनाम्॥
(रुद्रयामल)

सेतुकः (पुं.) [*अल्पः सेतुः अल्पार्थे कन्*] सानोतिनो पुल/साँघु/बाँध।

सेतुबन्धः (पुं.) [*सेतोर्बन्धः, ष.त.*] १.लङ्का जान रामचन्द्रले समुद्रमा बनाएको पुल २.पुल बनाउने काम।

निर्वाणदीपे किमु तैलदानं
चौरे गते वा किमु सावधानम्।
वयोगते किं वनिताविलासः
पयोगते किं खलु सेतुबन्धः॥ (सुभा.)

सेना (स्त्री.) [*इनेन स्वामिना सह वर्त्तते इति, सिनोति बध्नाति शत्रूनिति वा, कृवृजृसिद्रूपन्यनिस्वपिन्यो नित् (उ.) इति नः, टाप् ४.१.४*] १.कार्तिकेयकी पत्नी देवसेना २.इन्द्रायणी/ शक्ति देवी ३.वर्तमान अवसर्पिणीको तेस्रा अर्हत् सम्भवकी आमा ४.वेश्याको नाम पछाडि लाइने एक उपाधि। जस्तै– वसन्तसेना ५.भाला वा वर्छा नामक हतियार ६.सैनिक/युद्धको तालिम पाएको अस्त्र शस्त्र लिएको सिपाहीको एक दल। गर्ग संहिता (७.३४) अनुसार ३०० हात्ती, ११०० रथी, १०००० घोडचढी र एक लाख पैदल सिपाहीको जत्था वा समूह । **~मुखम्** (नपुं.) [*तिस्रः पत्तयः सेनामुखम्*] तीन हात्ती, तीन रथ, नौ घोडा र पन्ध्र पैदल भएको सेना/तीन पत्ति बराबरको सङ्ख्यामा रहेको सेना। **~रक्षाः** (पुं.बहु.) [*सेनां रक्षन्ति, कर्मण्यण् ३.२.१ इत्यण्*] सेनालाई रक्षा गर्ने प्रहरी।**~वासः** (पुं.) [*सेनानां वासः, ष.त.*] सेना बस्ने ठाउँ/सैनिक निवास/छाउनी/सेना-शिविर।**~पतिः** (पुं.) [*सेनानां पतिः, ष.त.*] १.सेनाको नेता/सेनानी २.कार्तिक स्वामी।

सेनाध्यक्षः (पुं.वि.) [*सेनाया अध्यक्षः, ष.त.*] सेनापति/सेनानायक/ सेनानी/सेनाका सबभन्दा ठुला प्रधान अधिकारी/कम्यान्डर इन चीफ।

सेनाङ्गम् (नपुं.) [*सेनाया अङ्गम्, ष.त.*] हात्ती,घोडा,रथ र पैदल गरी सेनाका चार अङ्ग। **हस्त्यश्वरथपादातं सेनाङ्गं स्याच्चतुष्टयम्** (अमर.२.८.३३)।

सेनाचरः (पुं.) [*सेनायां चरति, भिक्षासेनादायेषु च ३.२.१७ इति टः*] सेनाका साथ लाग्ने/सेनाका अनुयायी।

सेनानीः (पुं.) [*सेनां नयतीति, णीञ् प्रापणे इति धातोः, सत्सूद्विस. ३.२.६१ इति क्विप्*] १.सेनाको नायक/सेनाको मुख्य/सेनापति २.कार्तिकेय। **सेनानीः स्यात् पुमान् कार्तिकेये सेनापतौ पुमान्** (मेदिनी.)।

सेनारक्षः [*सैनां रक्षति, अण्*] सेनाको रक्षार्थ खटिएका सैनिक विशेष

सेवकः (पुं.वि.) [*सेवते इति, षेवृ सेवने इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] सेवा गर्ने/नोकर। **सेवकस्तु प्रसेवे ना वाच्यलिङ्गोऽनुजीविनि** (मेदिनी.)।

सेवनम् (नपुं.) [*षिवु तन्तुसन्ताने इति धातोः, ल्युट् च ३.३.११५ इति ल्युट्*] सिउनु।

सेवन्ती (स्त्री.) सेतो फूल फुल्ने गुलाफको लहरो।

सेवा (स्त्री.) [*वनमिति, षेवृ सेवने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, टाप् ४.१.४*] १.अरूलाई आनन्द वा सुख दिने काम/ टहल/परिचर्या २.उपासना/आराधना ३.सरकारी अड्डाखाना वा कुनै सार्वजनिक संस्थामा तलब लिएर गरिने काम/ नोकरी/ जागिर।**~कालिकः** (पुं.वि.) [*सेवाकाले भवः, कालाट्ठञ् ४.३.११ इति ठञ्*] सेवामा रहेको अवस्थाको। **~प्रवेशः** (पुं.) [*सेवायां प्रवेशः, स.त.*] सेवामा नियुक्त/सेवामा लाग्नु। **~प्रवेशप्रशिक्षणम्** (नपुं.) [*सेवाप्रवेशाय प्रशिक्षणम्, च.त.*] कुनै पनि कर्मचारीलाई नियुक्ति दिनु अगाडि वा नियुक्ति गरी परीक्षणकाल अवधिभित्र दिइने प्रशिक्षण। **~वृत्तिः** (स्त्री.) [*सेवाया वृत्तिः, ष.त.*] नोकरी/सेवाबाट पाइने जीविका। **~युक्तः** (पुं.वि.) [*सेवायां युक्तः, स.त.*] कुनै काम गर्न वा कुनै सेवा गर्नका लागि मानिसहरूलाई आफ्ना कारखाना आदिमा नियुक्त गर्ने व्यक्ति।

सेविका (स्त्री.) [*सेवते इति, षेवृ सेवने इति धातोः, गुरोश्च हलः ३.३.१०३ इत्यः, ततः स्वार्थे कन्, टाप् ४.१.४, इत्वम्*] दासी/ नोकर्नी/परिचारिका।

सेवितः (पुं.वि.) [*सेव्यते स्म, षेवृ सेवने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.सेवा गरिएको/टहल गरिएको।

शिरसि निहितोऽपि नित्यं यत्नादपि सेवितो बहुस्नेहैः।
तरुणीकच इव नीचः कौटिल्यं नैव विजहाति॥ (सुभा.)

२.आराधना गरिएको/उपासना गरिएको ३.सेवन गरिएको/उपभोग गरिएको।

सेवितव्यः (पुं.वि.) [*सेवितुं योग्यः, षेवृ सेवने इति धातोः, तव्यत्तव्यानीयरः ३.१.९६ इति तव्यत्*] सेव्य/सेवा गर्न योग्य/प्रयोग गर्न योग्य/ व्यवहार्य/सेवनीय।

सेवितव्यो महावृक्षः फलच्छायासमन्वितः।
यदि दैवात् फलं नास्ति छाया केन निवार्यते॥ (सुभा.)

सेवोपहारः (पुं.) [*सेवाया उपहारः, ष.त.*] कुनै सरकारी कर्मचारीलाई अवकाशको समयमा दीर्घ सेवा गरेवापत दिइने उपहार/दीर्घसेवा उपहार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेव्यः (पुं.वि.) [*सेवितुमर्हः, षेवृ सेवने इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति ण्यत्*] सेवनीय, सेवार्ह।

सेव्यम् (नपुं.) [*सेवितुमर्हम्, षेवृ सेवने इति धातोः, अर्हे कृत्यतृचश्च ३.३.१६९ इति ण्यत्*] उशीरको जरो। **सेव्यं क्लीबमुशीरे स्यात्सेवार्हे पुनरन्यवत्** (मेदिनी.)।

सैकतम् (नपुं.) [*सिकताः सन्त्यस्मिन्, सिकताशर्कराभ्यां च ५.२.१०४ इति मत्वर्थेऽण्*] बालुवा धेरै भएको प्रदेश।

सैतवाहिनी (स्त्री.) [*सितानि वाहनानि यस्यार्जुनस्य, तस्येयम् ४.२.१२० इत्यण्, यद्वा– सितस्यार्जुनस्येयम्, सैती चासौ वाहिनी नदी च*] बाहुदा नदी।

सैद्धान्तिकः (पुं.वि.) [*सिद्धान्तादागतः, सिद्धान्ते भवो वा, सिद्धान्त+ठक्*] सिद्धान्तका आधारमा रहेको/सिद्धान्तसम्बन्धी।

सैनापत्यम् (नपुं.) [*सेनापतेर्भावः, कर्म.वा, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सेनापतिको काम वा पद।

सैनिकः (पुं.) [*समवायान् समवैति, समवायवाचकात् सेनाशब्दात् समवायान् समवैति ४.४.४३ इति ठक्, ठस्य इकः, आदिवृद्धिः, आलोपः ६.४.६४*] १.सेनाको सदस्य/सैन्य/सेना २.(पुं.वि.) [*सेनाया अयम्,*] सेनासम्बन्धी।**~द्रव्यकोषः** (पुं.) [*सैनिकश्चासौ द्रव्यकोषश्च, कर्म.स.*] जङ्गी वा फौजी पल्टनिया कर्मचारीहरूको तलबबाट कट्टागरी पछि पाउने गरी राखिएको धन।**~न्यायालयः** (पुं.) [*सैनिकश्चासौ न्यायालयश्च, कर्म.स.*] युद्ध वा सेनासम्बन्धी मुद्दामामिलाको विचार गर्ने इजलास। **~विद्रोहः** (पुं.) [*सैनिकश्चासौ विद्रोहः, कर्म.स.*] उच्चाधिकारी–हरूका विरुद्ध सेनाद्वारा गरिएको विद्रोह/ सैनिक क्रान्ति/ सैन्यद्रोह। **~सङ्घटनम्** (नपुं.) [*सैनिकानां सङ्घटनम्, ष.त.*] सेनाको व्यवस्था/सेनालाई नयाँ ढङ्गबाट गरिने गठन वा व्यवस्था। **~सचिवः** (पुं.) [*सैनिकानां सचिवः, ष.त.*] सैनिकसम्बन्धी काम गर्ने राजकीय सचिव/मिलिटरी सेक्रेटरी। **~सहचारी** (पुं.वि.) [*सैनिकानां सहचारी, ष.त.*] सैनिकका साथ सहकार्य गर्ने मानिस। **~स्थितिः** (स्त्री.) [*सैनिकानां स्थितिः, ष.त.*] सैनिक शक्ति, तालीम, मुभमेन्ट आदिको अवस्था।

सैनिकाः (पुं.बहु.) [*सेनानां समूहः, रक्षति ४.४.३३ इति ठक्*] सेनाको समूह। **सैनिकः सैन्यरक्षे च स्यात्सेनासमवेतके** (मेदिनी.)।

सैनिकीकरणम् (नपुं.) [*असैनिकं सैनिकं यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] सैनिक शक्तिले सम्पन्न बन्नु/सेनाले युक्त गर्नु/नागरिकहरूलाई सैनिक सामग्रीले सुसज्जित तुल्याउने काम।

सैन्धवः (पुं./नपुं.) [*सिन्धुषु भवः, कच्छादिभ्यश्च ४.२.१३३ इत्यञ्,*] १.सिधे नुन २.घोडा।

सैन्धवः (पुं.वि.) [*तत्र भवः ४.३.५३ इत्यण्*] ३.समुद्रमा उत्पन्न भएको ४.सिन्धुदेशमा पैदा भएको।

सैन्यः (पुं.) [*समवायान् समवैति, समवायवाचकात् सेनाशब्दात् सेनाया वा ४.४.४५ इति ण्यः, आदिवृद्धिः, आलोपः ६.४.६४*] सेनाको समूह/सिपाही।

सैन्यपृष्ठः (पुं.) [*सैन्यस्य पृष्ठे धनुः शतद्वयान्तरे स्थितं सैन्यम्*] सेनाको पछि लाग्ने।

सैन्यम् (नपुं.) [*सेनैव चतुर्वर्णादीनामुपङ्ख्यानम् (वा.) ५.१.१२४ इति ष्यञ्*] सेना।

सैन्यवियोजनम् (नपुं.) [*सैन्यानां वियोजनम्, ष.त.*] सेनाहरूलाई विघटन गर्ने काम।

सैन्यसज्जा (स्त्री.) [*सैन्यानां सज्जा, ष.त.*] सेनालाई शस्त्रास्त्रले सुसज्जित पार्ने काम/युद्धका लागि सेना तयार गर्ने काम।

सैन्यावासः (पुं.) [*सैन्यानामावासः, ष.त.*] सिपाहीहरू बस्न र तिनीहरूलाई तालिम दिनका लागि बनेको क्याम्प।

सैरन्ध्री (स्त्री.) [*सीरं धरतीति, धृञ् धारणे इति धातोः, मूलविभुजादिभ्यः (वा.) ३.२.५ इति कः, बाहुलकान्मुक्, सीरन्ध्रस्येयम्, तस्येदम् ४.३.१२१ इत्यण्, शिल्पकरणात् कर्षकस्त्रीव, यद्वा–स्वैरं स्वाच्छन्द्यं धरति, प्राग्वत् कः, पृषोदरादित्वात् ६.३.१०९ साधुः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] अर्काको घरमा बसेर झाडु लगाउने, माला उन्ने आदि काम गर्ने स्वतन्त्र स्त्रीजाति।

सैरन्ध्री परवेश्मस्थशिल्पकृत्स्ववशस्त्रियाम् (रभस.)।
चतुःषष्टिकलाभिज्ञा शीलरूपादिसेविनी।
प्रसाधनोपचारज्ञा सैरन्ध्री परिकीर्तिता (कात्यायन)।

सैरिकः (पुं.) [*सीरेण खनतीति, तेन दीव्यति खनति जयति जितम् ४.४.२ इति ठक्, ठस्येकः, यद्वा सीरेण वहतीति, हलसीराट्ठक् ४.४.८१ इति ठक्, ठस्येकः*] १.हलो जोत्ने गोरु २.हलाको अवयव।

सैरिभः (पुं.) [*सीरोऽस्त्येषाम्, अत इनिठनौ ५.२.११५ इतीनिः, सीरिणां कर्षकाणामिभ इव, शकन्ध्वादित्वात् (वा.) ६.१.९४ पररूपम्, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.राँगो २.अर्ना।

सैरीयकः (पुं.) [*सीरे भवः, तत्र भवः ४.३.५३ इत्यण्, तत्र भवः, वृद्धाच्छः ४.२.११४ इति छः, संज्ञायां कन् ५.३.७५*] सामान्य कपुरनली।

सैंहिकेयः (पुं.) [*सिंहिकाया अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] १.राहु २.पृथ्वीको छाया।

सोढः (पुं.वि.) [*सह्यते स्म, षह मर्षणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, सहिवहोरोदवर्णस्य ६.३.११२ इति उत्वम्*] सहिएको।

सोड्ढलः (पुं.) एक गुज्राती कवि, यिनले उदयसुन्दरीकथा रचेका छन्। यिनको समय एघारौं शताब्दी हो।

सोत्प्रासः (पुं.) [*उत्प्रासनम्, असु क्षेपणे इति धातोः, अस गतिदी–प्त्यादानेषु इति धातोर्वा, भावे ३.३.१८ इति घञ्, उत्प्रासेनाधिक्येन क्षेपणेन वा सहितः सोत्प्रासः*] अभिप्रायसहितको हाँसो/सार्थक हाँसो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोदरः (पुं.) [*सह उदरं यस्य सः, वोपसर्जनस्य ६.३.८२ इति सादेशः*] एउटै आमाबाट जन्मेका दाजुभाइ।

सोदर्यः (पुं.) [*सोदरे शयितः, वोपसर्जनस्य ६.३.८२ इति सादेशः, सोदराद्यः ४.४.१०९ इति यः, अलोपः*] सहोदर भाइ।

सोपप्लवः (पुं.) [*सहोपप्लवेन, वोपसर्जनस्य ६.३.८२ इति सभावः*] १.राहु तथा केतुले ग्रास गरेको अवस्थाका सूर्य र चन्द्र २.उत्पात ३.विप्लव। **उपप्लवः सैंहिकेये विप्लवोत्पातयोरपि** (विश्व.)।

सोपानम् (पुं.) [*सह विद्यमान उप उपरि आनो गमनमनेन*] सिंढी **रामाभिषेके मदविह्वलाया हस्ताच्च्युतो हेमघटस्तरुण्याः। सोपानमासाद्य करोति शब्दं ठठं ठठं ठं ठठठं ठठं ठः॥** (सुभा.)

सोमः (पुं.) [*अमृतं सूते, सवत्यै श्वर्यहेतुर्भवतीति, षुञ् अभिषवे इति धातोः, अर्तिस्तुसुसृधृभिक्षुभायावापदि-यक्षिनीभ्यो मन् (उ.) १४५ इति सूत्रेण, मन्*] १.सोमलता २.सोमलताको रस ३.चन्द्रमा ४.अमृत ५.कपूर ६.हावा/बतास ७.सात वटा दिव्य-पितृहरूमध्ये एक ८.आठ वसुदेवतामध्ये एक ९.पानी १०.बाँदर ११.किन्नर (देवगण) १२.शिव १३.कुबेर १४.मन, १५.किरण/मयूख, १६.एक वैदिक देवता १७.यमराज १८.सोमयज्ञ १९.स्वर्ग २०.पर्वतविशेष २१.एकलाई बताउने शब्द २२.कुनै समासान्त शब्दको अन्त्यमा लाग्दा यसको अर्थ मुख्य प्रधान वा सर्वोत्तम भन्ने हुन्छ, जस्तै– नृसोमः, देवसोमः इत्यादि। **~करः** (पुं.) [*सोमस्य करः, ष.त.*] चन्द्र-किरण। **~तीर्थः** (पुं.) [*सोम इति तीर्थः, कर्म.स.*] भारतको कठियावाड क्षेत्रमा रहेको एक प्राचीन तीर्थ-स्थान। **~पानम्** (नपुं.) [*सोमस्य सोमलतायाः पानम्, ष.त.*] सोमलताको रस विधिपूर्वक पान गर्ने काम। **~लता** (स्त्री.) [*सोम इति लता*] पहेँलो मादक रस निस्कने एक जातको लता; वैदिक कालमा यस लताको रस देवतालाई चढाउने, अग्निमा आहुति दिने र विधिपूर्वक पिउने गर्दथे/सोमवल्ली/सोमवल्लरी। **~वंशः** (पुं.) [*सोमस्य वंशः, ष.त.*] चन्द्रवंश/एकथरी क्षत्रियहरूको वंश। **~वारः** (पुं.) [*सोमस्य वारः, ष.त.*] आदित्यवार र मङ्गलवारका बिचमा पर्ने वार/ चन्द्रवार।

सोमदेवः (पुं.) राजशास्त्रका रचयिता एवं प्रसिद्ध कवि। यिनका नीतिवाक्यामृत र यशस्तिलकचम्पू हाल उपलब्ध ग्रन्थ हुन्। युक्तिचिन्तामणि, त्रिवर्गमहेन्द्रमालतीसङ्कल्प, षण्णवतीप्रकरण पनि यिनले लेखेका थिए। तर यी ग्रन्थहरू हाल उपलब्ध छैनन्। यिनको समय १०१६ वि.सं. को आसपास मानिन्छ। नीतिवाक्यमृत ३२ समुद्देश्यमा विभक्त छ। यसमा १५२५ सूत्र छन्।

सोमनाथः (पुं.) [*सोमस्य नाथः, उमया सहितः सोमः स चासौ नाथः, इति वा*] यो भारतको गुजरात राज्य अन्तर्गत जुनागढ जिल्लाको पश्चिमी सीमा, कठियावादमा पर्दछ। यसको प्राचीन नाम सौराष्ट्र हो। समुद्री किनार नजिकै रहेको यो मन्दिर प्रभास क्षेत्रबाट पनि नजिकै छ। शिखरशैलीमा रचिएको यो मन्दिर अहमदावादबाट ४६५ किलोमिटर पर छ। यस मन्दिरको पूजाआजा, उत्सव आदिको सञ्चालन ट्रस्टबाट हुन्छ। यहाँ गीतामन्दिर, लक्ष्मीमन्दिर, परशुराम मन्दिर आदि अरू पनि मन्दिर छन्। गीता मन्दिरका १८ ओटा स्तम्भमा श्रमिद्भगवद्गीताबाट उद्धृत श्रीकृष्णका सन्देशहरू सजाइएका छन्। यहाँ एक संस्कृत विश्वविद्यालय पनि छ। सोमनाथको मन्दिरबाट ४ किलोमिटर पर शशिभूषण महदेवको मन्दिर छ। यस क्षेत्रमा गणेश, भीमेश्वर आदिका अरू पनि मन्दिर छन्। बाह्र ज्योतिर्लिङ्गमध्ये आदिलिङ्ग सोमनाथ रहेको यो क्षेत्र धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अत्यन्त पुण्यदायी छ र दर्शनीय पनि छ।

(सोमनाथः)

सोमपः (पुं.) [*सोमं पिबति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] सोमयाग गरेर सोमरस पान गर्ने व्यक्ति।

सोमपीती (पुं.) [*सोमस्य पीतम्, सोमपीतमस्यास्ति, अत इनिठनौ ५.२.११५ इतीनिः*] सोमयाग गर्ने व्यक्ति।

सोमरसः (पुं.) [*सोमस्य लताविशेस्य रसः, ष.त.*] सोम यज्ञमा पान गरिने सोमलताको रस।

सोमराजी (पुं.) [*सोम इव सोमेन वा राजति, राजृ दीप्तौ इति धातोः,– उपमाने ३.२.७९ इति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति वा णिनिः*] १.बकुची २.प्रत्येक पाउमा दुइ यगण भएको छन्द। **द्विया सोमराजी** (छन्दो.)।

सोमलता (स्त्री.) [*सोमसदृशी लता, म.प.स.*] एक लहरो। यसका अन्य नाम– सोमवल्ली, सोमक्षीरी, द्विजप्रिया हुन्। यो त्रिदोषनाशक एक रसायन हो। यो हिमालय, विन्ध्याचल, काश्मीर आदि क्षेत्रमा पाइन्छ। यसको वर्णन ऋग्वेद तथा पौराणिक साहित्यमा प्रशस्त छ। यो २४ प्रकारको हुन्छ। यसका पात प्रतिदिन बढेर पूर्णिमाका दिन १५ पुग्दछन् भने अमावास्याका दिन सबै पात क्रमशः घटेर झरिसकेका हुन्छन्।यसको दुध आउँछ र फेदमा गानो आउँछ। यसको सेवनबाट बल, वाक्शक्ति, स्फूर्ति, सौमनस्य र अमरत्व प्राप्त हुन्छ। यसलाई औषधिको राजा मानिन्छ।

सोमवल्कः (पुं.) [*सोम इव वल्को यस्य सः, बहु.स.*] १.सेतो खयर २.काफल। **सोमवल्कस्तु धवलखदिरे कट्फलेऽपि च** (मेदिनी.)।

सोमवल्लरी (स्त्री.) [*सोमस्य वल्लरी*] १.घोडताप्रे २.सोमलता।

सोमवल्लिका (स्त्री.) [*सोमस्य वल्लिः, ष.त., स्वार्थे कन् ५.३.७५*] बकुची।

सोमवल्ली (स्त्री.) [*सोमस्य वल्ली, ष.त.*] १.गुर्जो २.सोमलता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमसूत् (पुं.वि.) [*सोमं सूतवान्, सोमे सुञः ३.२.७६ इति क्विप्, तुक्*] सोम यज्ञ गर्ने/सोमयाजी।

सोमोद्भवा (स्त्री.) [*सोमात्सोमवंशजात् पुरूरवस उद्भवति, तेनावतारितत्वात्, यद्वा—सोमोऽमृतमुद्भवत्यस्याः, स्वर्गप्रदत्वात्, ॠदोरप् ३.३.५७ इत्यप्, सोमाद्रुद्राद्भवति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] नर्मदा नदी।

सोऽहम् (वेदान्त वाक्य) **सः** (त्यो ईश्वर) **अहम्** (म नै हूँ) भन्ने जब मानिसमा ईश्वर र आफूमा एकै रूप वा अवस्थाको बोध हुन्छ, त्यस बखत **सोऽहं** भनी जीवात्माले आफूलाई ईश्वरको ज्योति सम्झेर ज्योतिर्ध्यान प्राप्त गरेको ज्ञानको अवस्था, अर्थात् ब्रह्म म नै हुँ, अर्को छैन भन्ने सम्झनुलाई वेदान्तमा **सोऽहं** भनिन्छ। **सोऽहं ज्ञानाल्लभ्यं ज्योतिर्ध्यानं सुनिर्मलम्** (नारायणीतन्त्र)।

सौकुमार्यम् (नपुं.) [*सुकुमारस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*]. सुकुमार हुनाको भाव/सुकुमारता।

सौख्यम् (नपुं.) [*सुखस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] सुख/कल्याण/मङ्गल। **व्यसनानन्तरं सौख्यं स्वल्पमप्यधिकं भवेत्। कषायरसमासाद्य स्वाद्वतीवाम्बु मोदते॥** (सुभा.)

सौगतः (पुं.) १.[*सु शोभनं गतं ज्ञानं यस्य सः, बहु.स., सुगत एव, स्वार्थेऽण्*] बुद्ध २.[*सुगतस्य अयम्*] बौद्ध।

सौगन्धिकः (पुं./नपुं.) [*शोभनो गन्धोऽस्य, विनयादिभ्यष्ठक् ५.४.३४ स्वार्थे ठक्, ठस्येकः, यद्वा शोभनोगन्धः प्रयोजनमस्य, प्रयोजनम् ५.१.१०९ इति ठक्*] १.गन्धक २.साँझमा फुल्ने सेतो कमल ३.पद्मराग मणि ४.रोहित घाँस।

सौचिकः (पुं.) [*सूचि शिल्पमस्य, शिल्पम् ४.४.५५ इति ठक्, ठस्येकः*] सूचीकार।

सौजन्यम् (नपुं.) [*सुजनस्य भावः, कर्म वा, ष्यञ्*] १.असल मानिसको काम वा भाव।

विद्वत्ताञ्चैव शौर्यञ्च सौजन्यञ्च कुलीनताम्।
खलीकरोति याच्ञैका दुःशीलेवाङ्गनाकुलम्॥ (सुभा.)

सौदामनी (स्त्री.) [*श्वेतद्विपः सुदामा (त्रिकाण्डकोषः), ऐरावतपर्यायौ, तेनैकदिक् ४.३.११२ इत्यण्, अन् ६.४.१६७ इति प्रकृतिभावा ट्टिलोपाल्लोपौ न भवतः*] १.बिजुली २.अप्सरा।।

सौधः (पुं.) [*सुधा लेपोऽस्यास्ति, ज्योत्स्नादित्वात् (वा.) ५.२.१०३ अण्*] चुनले पोतेको दरबार।

सौन्दारानन्दः (पुं.) अश्वघोषद्वारा रचित एक महाकाव्य। यसमा १८ सर्ग छन्। यसको हस्तलिखित प्रति नेपाल राष्ट्रिय पुस्तकालयमा सुरक्षित छ। हरप्रसाद शास्त्रीले यिनीहरूको समेत सहयोग लिएर सम्पादन गरेका थिए। यसमा बुद्धका चरित्रको वर्णन छ। यसमा अश्वघोषले बुद्धका सौताने भाइ नन्द र उनकी पत्नी सुन्दरीको कथालाई काव्यात्मक ढङ्गबाट वर्णन गरेका छन्। यसै क्रममा उनले बौद्धधर्मका विभिन्न उपदेश र दर्शनलाई पनि प्रसङ्गवश कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन्।

सौन्दर्यम् (नपुं.) [*सुन्दरस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्, वृद्धिः*] सुन्दरता।

सौभागिनेयः (पुं.वि.) [*सुभगाया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः, कल्याणदीनामिनङ् ४.१.१२६ इति इनङादेशः, हृद्भग– ७.३.१९ इत्युभयपदवृद्धिः*] १.भाग्यमानी २.भाग्यवती स्त्रीको पुत्र।

सौभाग्यम् (नपुं.) [*सुभगस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.असल भाग्य/उत्तम प्रारब्ध। **सौभाग्यं विरलस्यैव समसर्वगुणेष्वपि।** (सुभा.) २.कल्याण/मङ्गल। ३.सौन्दर्य,रमणीयता।

नाम्भ्रिपयोधर इवातितरां प्रकाशो
नो गुर्जरीस्तन इवातितरां निगूढः।
अर्थो गिरामपिहितः पिहितश्च किञ्चित्
सौभाग्यमेति मरहट्टवधूकुचाभः (का.मी.)।

सौभाग्यवती (स्त्री.) [*सौभाग्यमस्ति अस्याः, तदस्यास्त्यस्मिन्निति मतुप् ५.१.९४ इति मतुप्, मस्य वाः, उगितश्च ४.१.६ इति ङीप्*] १.असल भाग्य भएकी २.सधवा।

सौभाग्यशालिनी (स्त्री.) [*सौभाग्येन शालते या, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इती णिनिः, ॠन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] सौभाग्यलक्ष्मी/भाग्यको सञ्चालन गर्ने देवी।

सौभाग्यसूत्रम् (नपुं.) [*सौभाग्यस्य सूत्रम्, ष.त.*] सधवा स्त्रीले लाउने पोतेधागो आदि मङ्गलसूत्र।

सौभाञ्जनः (पुं.) [*सुष्ठु भा तामनक्ति, कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट्*] सहेजन।

सौभ्रात्रम् (नपुं.) [*सुभ्रातुर्भावः, इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] दाजुभाइमा हुने मेलमिलाप/भ्रातृप्रेम।

सौमित्रम् (नपुं.) [*सुमित्रस्य भावः, इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] मैत्री/मित्रता/दोस्ती।

सौमित्रिः (पुं.) [*सुमित्राया अपत्यं पुमान्, बाह्वादिभ्यश्च ४.१.९६ इति इञ्, वृद्धिः, आकारलोपः*] सुमित्राको छोरो/लक्ष्मण। **सौमित्रिर्लक्ष्मणः** (अभि.चि.३.३६८)।

सौमित्रेयः (पुं.) [*सुमित्राया अपत्यं पुमान्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्*] रामका भाइ लक्ष्मण।

सौम्यः (पुं.) १.[*सोमस्य चन्द्रस्य अपत्यम् पुमान्, सोम+ष्यञ्*] बुध २.[*सोम इव सोम्यः ततः प्रज्ञाद्यण् ५.४.३८ इत्यण्*] ब्राह्मण ३.(पुं.वि.) [*सोमो देवताऽस्य, सोमाट्ट्यण् ४.२.३० इति ट्यण्, वृद्धिः अलोपः*] सोम नाम देवता ४.उत्तर दिशा ५.[*सोम इव*] सुशील/शान्त/विनययुक्त/शिष्ट प्रकृतिको/कोमल/सौम्यता। **सौम्यः सोमात्मजेऽनुग्रे मनोज्ञे सोमदैवते** (विश्व.)। **~दर्शनम्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नपुं.) [*सौम्यञ्च तद्दर्शनञ्च, कर्म.स.*] हेर्दा सौम्य देखिने/प्रियदर्शन।

सौम्याः (स्त्री.बहु.) [*सोम इव सोम्यः, शाखादिभ्यो यः ५.३.१०३ इति यः, ततः प्रज्ञाद्यण् ५.४.३८ इत्यण्, अजाद्यतष्टाप् ४.१.४ इति टाप्*] मृगशीरा नक्षत्रको शिरमा रहेका पाँचवटा तारा। **सौम्याः पुनर्मृगशिरः शिरःस्थाः पञ्च तारकाः** (विश्व.)।

सौरः (पुं.वि.) १.[*सूरस्यायम्, तस्येदम् ४.३.१२० इत्यण्*] सूर्यसम्बन्धी/सूर्यबाट पैदा भएको/सूर्यको प्रभावबाट हुने २.(पुं.) [*सूरस्यापत्यं पुमान्*] शनिश्चर।

सौरकलङ्कः (पुं.) [*सौरश्चासौ कलङ्कच,कर्म स.*]सूर्यलाई कालो लगाएको ऐनाले हेर्दा देखिने कालो टाटोलाई सौरकलङ्क भनिन्छ। यो दिनहुँ एक ठाउँबाट अर्को ठाउँमा सरेको देखिन्छ। यसरी सौरकलङ्क सर्ने क्रियाबाट सूर्य पनि आफ्नो कक्षमा घुम्ने कुरा थाहा हुन्छ। ती सौरकलङ्कहरू धेरै जसो ५ डिग्री अक्षंशबाट ४० डिग्री अक्षांशको बिचमा पर्छन्, तर सूर्यको ध्रुवीय क्षेत्रहरूमा भएका सौर-कलङ्कहरू कहिल्यै देखिएका छैनन्। सौरकलङ्कमा दुई भाग हुन्छन्, तिनमा बढी कालो भागलाई सघन भाग र त्यस वरिपरिको फिका कालो भागलाई अघन भाग भनिन्छ। यसको व्यास पनि सघनभाग भन्दा ठुलो हुन्छ। सौरकलङ्कको व्यास एक हजार किलोमिटरदेखि दुई हजार किलोमिटरसम्म पुग्न जान्छ। यसको तापक्रम सूर्यको उज्यालो भागभन्दा कम हुन्छ। यसको साधराण तापक्रम ४२० डिग्री सेन्टिग्रेड छ,। यो अरू सतहको भन्दा २५०० डिग्री सेन्टिग्रेड कम छ। सौरकलङ्क यसको छिमेकी स्थानभन्दा चिसो भएकाले नै कालो देखिएको हो भन्न धेरैको भनाइ छ। तर यों सूर्यको वायुमण्डलमा बनेको भुमरी हो। यो मुभरीको चुम्बकीय गुण पनि हुन्छ। अतः एक कलङ्क निस्केपछि त्यसका साथसाथ विपरीत चुम्बकीय ध्रुव भएको अर्को सौरकलङ्क निस्कन थाल्छ। पहिले निस्केको कलङ्कलाई अगुवा कलङ्क र पछि निस्केको कलङ्कलाई पछौटे कलङ्क भनिन्छ। सूर्यको एक गोलार्द्धमा सबै अगुवा कलङ्कहरूको चुम्बकीय गुण एउटै हुन्छ। तर अर्को गोलार्द्धमा अगुवा कलङ्कहरूका अरू विशेषता एकै भए पनि चुम्बकीय गुण पहिलो गोलार्द्धको विपरीत हुन्छ। जस्तै उत्तरी गोलार्द्धका अगुवा सौरकलङ्कहरूका चुम्बकीय गुण (+) उत्तरी भए सूर्यका उत्तरी गोलार्द्धका अगुवा सौर कलङ्कहरूको चुम्बकीय गुण (–) दक्षिणी हुन्छ। सूर्यमा सौरकलङ्क हेरिरहँदा दिन प्रतिदिन यसको सङ्ख्या बढ्दै गई अधिकतम पुगेको र त्यसपछि घट्दै गई न्यूनतम भएको देखा पर्छ। यसको सङ्ख्या अधिकतम पुगेको वर्षलाई सक्रिय वर्ष (Active Year) भनिन्छ र न्यूनतम पुगेको वर्षलाई प्रशान्त वर्ष (Passive Year) भनिन्छ। यसको अवलोकनअनुसार करिब ११ वर्षमा एक पटक सत्रिय वर्ष आउँछ भन्ने प्रमाणित भएको छ। यसपछि कलङ्कको सङ्ख्या घट्दै जान्छ। प्रशान्त वर्षपछि सौरकलङ्क फेरि उत्पत्ति हुँदा अगुवा कलङ्कहरूको चुम्बकीय गुण पहिलेको विपरीत भई आउँछ। सौरकलङ्कले पृथ्वीलाई निकै असर पार्छ। दिग्दर्शनयन्त्र, आकाशवाणी, टेलिफोन आदिको काममा पनि गडबढ पर्न जान्छ। सौरकलङ्कको सक्रिय वर्षमा चुम्बकीय कणहरू भित्र पस्न नसक्नाले वायुमण्डलको माथिल्लो सतहमा नै चलिरहन्छन्। यसले गर्दा वायुमण्डल उज्यालो बन्छ। यस किसिमबाट भएको उज्यालोलाई ध्रुवीय प्रकाश Aurora भनिन्छ। यो ध्रुवीयक्षेत्रबाट मात्र देखिन्छ। **~जगत्** (नपुं.) [*सौरञ्च तज्जगत्, कर्म.स.*] सूर्य र सूर्यको परिक्रमा गर्ने ग्रहहरूको समुदाय/सौरमण्डल। **~दिवसः** (पुं.) [*सौरश्चासौ दिवसः, कर्म.स.*] एक सूर्योदयदेखि अर्को सूयोृदय सम्मको समय/सौरवासर/सौर दिन। **~वर्षः** (पुं.) [*सौरश्चासौ वर्षश्च, कर्म.स.*] मेष सङ्क्रान्तिदेखि अर्को मेष-सङ्क्रान्तिसम्मको समय/सौरसंवत्सर। **~शस्त्रम्** (नपुं.) [*सुरस्येदं सौरम्, तस्येदम् ४.३.१२० इत्यण्, सौरञ्च तद् शस्त्रम्, कर्म.स.*] प्राचीनकालका एक दिव्य अस्त्र।

सौरभम् (नपुं.) [*सुरभेर्भावः, इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] १.सुगन्ध/बास्ना। **संस्थितस्य गुणोत्कर्षः प्रायः प्रस्फुरति स्फुटम्। दग्धस्यागरुखण्डस्य स्फारीभवति सौरभम्॥** (सुभा.) २.बास्ना आउने वस्तु ३.(पुं.) आँप।

सौरभकम् (नपुं.) एक विषम छन्द। यसमा तीन पाउ उद्गता छन्दमा जस्तै र चौथो पाउमा क्रमैले रगण, नगण, भगण तथा एक गुरु वर्णको प्रयोग भएको हुन्छ। **त्रयमुद्गतासदृशमेव, पदमिह तृतीयमन्यथा। जायते रनभगैर्ग्रथितं सौरभकमेतदीदृशम्॥** (छन्दो.)

सौरभेयः (पुं.) [*सुरभ्या अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] गोरु।

सौरभेयी (स्त्री.) [*सुरभ्या अपत्यम्, स्त्रीभ्यो ढक् ४.१.१२० इति ढक्, ढस्य एयः*] १.गाई २.कामधेनु।

(सौरभेयी)

सौरमण्डलम् (न.) सूर्य र बुध, शुक्र, पृथ्वी, मङ्गल, बृहस्पति, शनि, अरुण, वरुण र यम नामक ग्रहहरू र तिनका उपग्रहहरू, उल्का, शिशुग्रह, लाम्पुच्छ्रेतारा आदिको समूह। यसमा बुध, शुक्र आदि ग्रह तथा अन्य पिण्डहरू आआफ्नो कक्षबाट सूर्यलाई परिक्रमा गरिरहेका हुन्छन्।

(सौरमण्डलम्)

सौरमानम् (न.) [*सौरानुसारं मानम्, म.प.स.*] सौरमासभित्रका दिनको परिमाण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सौरमासः (पुं.) [*सौरस्य मासः, ष.त.*] १.ज्योतिःशास्त्रअनुसार सङ्क्रान्तिदेखि महिनाको आखिरी दिनसम्मका कालको घडीपला २.घटबढ्ले कुनै २९, कुनै ३०, कुनै ३१ र कुनै ३२ दिनसम्म हुन जाने महिना।

सौरवत्सरः (पुं.) [*सौरश्चासौ वत्सरश्च, कर्म.स.*] वैशाख एक गतेदेखि सुरु भएर चैत मसान्तसम्म रहने। मेष, वृष, मिथुन आदि सौरमाससम्बन्धी बाह्र महिना वा राशिहरू भएको ३६५ दिनको वर्ष/सौरवर्ष/सौर संवत्सर।

सौरसिद्धान्तः (पुं.) [*सौरश्चासौ सिद्धान्तश्च, कर्म.स.*] ज्योतिषको एक सिद्धान्त। यसमा सौर जगत्का गतिविधिको विवरण रहेको हुन्छ।

सौराष्ट्रः (पुं.) [*सुराष्ट्रे भवः, तत्र भवः ४.३.५३ इत्यण्*] आधुनिक काठियाबाद प्रायद्वीपको प्राचीन आनर्त वा सौराष्ट्र नाम हो। प्राचीन द्वारकापुरी आधुनिक द्वारकापुरीबाट ९५ माइल टाढा मधुपुरको दक्षिण पूर्वतिर थियो। यसको नजिक रैवतक पर्वत, जुन यस बेला जूनागढमा पर्दछ। आज यो गिरिनारको नामबाट प्रसिद्ध छ। द्वारका पछि यसको दोस्रो राजधानीको नाम बल्लवी थियो। यसको भग्नावशेष भावनगरदेखि दश माइल टाढा उत्तर पश्चिममा छ। समुद्र नजिकको प्रभास नामको प्रसिद्ध ताल यहीं थियो। यसको आधुनिक नाम **सुरत** प्रान्त हो। (ह.वं.वि.प. ३७/३१—३२)

सौराष्ट्रिकः (पुं.) [*सौराष्टे देशभेदे भवः, अध्यात्मादिभ्यः (वा.) ४.३.६० इति ठञ्, ठस्येकः*] सुराष्ट्रदेशमा पैदा भएको विष।

सौरिः (पुं.) [*सुरस्य सूर्यस्यापत्यम्, अत इञ् ४.१.९५ इति इञ्*] शनि ग्रह। **समौ सौरिशनैश्चरौ** (अमर.)।

सौविस्तिकः (पुं.) [*स्वस्ति, तत्करणे साधुः, ठञ्*] पुरोहित।

सैरिकः (पुं.) [*सीरं वहति, हलसीराक् ४.४.८१ इति ठक्, ठस्य इकः आदिवृद्धिः, अलोपः*] हलो जोत्ने गोरु ।

सौर्यः (पुं.वि.) १.[*सूर्यस्य अयम्, तस्येदम् ४.३.१२० इत्यण्*] सूर्यसम्बन्धी २.(पुं.) [*सूर्यस्य अपत्यम्, सूर्य, तस्यापत्यम् ४.१.९२ इत्यण्*] शनैश्वर/शनि।

सौवर्चलः (पुं./नपुं.) [*सुष्ठु वर्च्यते दीप्यते, वर्च दीप्तौ इति धातोः, वृषादित्वात् (उ.) १०६ कलच्, प्रज्ञादिभ्यश्च ५.४.३८ इत्यण्*] १.सौंचर नुन २.खार।

सौवर्णः (पुं.वि.) [*सुवर्णस्य विकारः, जातरूपेभ्यः परिमाणे ४.३.१५३ इति अण्, वृद्धिः, अलोपः*] सुनबाट बनेको/सुनको।

सौविदः (पुं.) [*सुविदन्ति, इगुपधज्ञाप्रीकिरः कः ३.१.१३५ इति कः, टाप् ४.१.४, सुविदा एव, प्रज्ञादिभ्यश्च ५.४.३८ इति स्वार्थेऽण्, यद्वा—सुवेदनम्, संपदादिभ्यश्च (वा.) ३.३.१०८ इति क्विप्, सुविद् सुज्ञानमस्त्येषाम्, ज्योत्स्नादित्वात् (वा.) ५.२.१०३ अण्, यद्वा— सुविदश्चतुराः स्त्रियस्तासामिमे रक्षकाः, तस्येदम् ४.३.१२० इत्यण्*] अन्तःपुरको चोपदार।

सौविदल्लः (पुं.) [*सुष्ठु विदन्तं विद्वांसमपि लान्ति वशवर्तिनं कुर्वन्ति, सुविदल्लाः=स्त्रियः, तासामिमे रक्षकाः, तस्येदम् ४.३.१२० इत्यण्*] अन्तःपुरको चोपदार।

सौवीरम् (नपुं.) [*सुवीरेषु भवम्, तत्र भवः ४.३.५३ इत्यण्*] १.पानीमा अनेक औषधि हालेर कुहाएको औषधि २.गाजल ३.बयरको फल।

सौवीराः (पुं.बहु.) [*सु अतिशयिता वीरा सन्ति यत्र ते,सुवीराः, सुवीरा एव, अण्, वृद्धिः*] देशविशेष।

सौष्ठवम् (नपुं.) [*सुष्ठु भावः, इगन्ताच्च लघुपूर्वात् ५.१.१३१ इत्यण्*] उत्तमता/श्रेष्ठता/सुन्दरता/सौन्दर्य।

सौहार्दः (पुं.) [*सुहृदोऽपत्यम्, तस्यापत्यम् ४.१.९२ इति अण्, वृद्धिः*] मितको छोरो।

सौहार्दम् (नपुं.) [*सुहृदो भावः*] मित्रता/दोस्ती, सद्भाव,सहृदयता।

सौहित्यम् (नपुं.) [*सुहितस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] असल भाव।

सौहृदम् (नपुं.) [*सुहृदो भावः*] मित्रता।

दर्शितानि कलत्राणि गृहे भुक्तमशङ्कितम्।
कथितानि रहस्यानि सौहृदं किमतः परम्॥ (सुभा.)

सौहार्दम् (नपुं.) [*सुहृदो भावः*] मित्रता/हार्दिकता।

अन्यथैव हि सौहार्दं भवेत्स्वच्छान्तरात्मनः।
प्रवर्ततेऽन्यथा वाणी शाठ्योपहतचेतसः॥ (सुभा.)
अरिणा सह संवासाद् विषेण सह भोजनाद्।
पाप्मना सह सौहार्दान्मरणं प्रतिपद्यते॥ (सुभा.)

स्कन्दः (पुं.) [*स्कन्दते उत्प्लुत्य गच्छति, स्कन्दति शोषयति दैत्यान् वा, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा स्कन्दिर् गतिशोषणयोः इति धातोः, स्कन्देश्च स्वाङ्गे (उ.) ६५६ इति असुन्*] १.कार्तिक स्वामी २.महादेव ३.राजा ४.पारो ५.नदीतट ६.शरीर ७.पण्डित ८.बालकको ग्रहविशेष। **स्कन्दो विशाखो मेषाख्यः श्वग्रहः पितृसंज्ञितः। .....स्कन्दार्तस्तेन वैकल्यं मरणं वा भवेद् ध्रुवम्** (वाग्भट)।

स्कन्दपुराणम् (नपुं.) [*स्कन्देन प्रोक्तं पुराणम्, म.प.स.*] पुराणको क्रमअनुसार यो तेह्रौं पुराण हो। यसमा ८१ हजार श्लोक छन्। शिवपुत्र कार्तिक स्वामीको नाममा यो पुराणको नामकरण गरिएको छ। यसमा कार्तिक स्वामीले शैवतत्त्वको विवेचना गरेका छन्। यो पुराण ६ संहिता र ७ खण्डमा वभक्त छ। यसका दुई संस्करण उपलब्ध छन्— **खण्डात्मक** र **संहितात्मक**। खण्डात्मक विभाजनमा ७ खण्ड छन्— माहेश्वरखण्ड, वैष्णवखण्ड, ब्रह्मखण्ड, काशीखण्ड, रेवाखण्ड, तापीखण्ड र प्रभासखण्ड। संहिताअनुसार यसलाई ६ संहितामा विभाजन गरिएको छ— सनत्कुमारसंहिता— (श्लो.सं. ३६०००), सूतसंहिता— (श्लो.सं. ६०००), शङ्करसंहिता— (श्लो. सं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३००००), वैष्णवसंहिता—(श्लो.सं. ५०००), ब्राह्मसंहिता—(श्लो. सं. ३०००), सौरसंहिता— (श्लो.सं. १०००)— (जम्मा श्लो.सं. ८१०००)। माहेश्वरखण्डमा केदार र कुमारी नामका दुई खण्ड छन्। यसमा शिव—पार्वतीका विभिन्न लीलाको वर्णन छ। वैष्णवखण्डमा जगन्नाथको मन्दिर, पूजाविधान, माहात्म्य र तद्विषयक उपाख्यानहरूको निरूपण गरिएको छ। शिवलिङ्गको आविर्भाव र माहात्म्यको पनि त्यसमा विस्तृत चर्चा छ। ब्रह्मखण्डका— ब्रह्मारण्य र ब्रह्मोत्तर नामक दुई खण्ड छन्। ब्रह्मारण्यमा धर्मारण्यको महत्त्व दर्शाइएको छ भने ब्रह्मोत्तरमा उज्जैनका महाकालको प्रतिष्ठा र पूजाविधिको वर्णन छ। काशीखण्डमा काशीका सम्पूर्ण देवता र शिवलिङ्गको महत्त्व वर्णन गरिएको छ। रेवाखण्डमा नर्मदा नदीको उत्पत्तिको कथा दिएर त्यसका तटमा भएका सम्पूर्ण तीर्थको वर्णन गरिएको छ। अवन्ती खण्डमा उज्जैनका शिवलिङ्गहरूको माहात्म्य, तिनीहरूको उत्पत्ति र महाकालेश्वरको विस्तृत वर्णन भएको छ। ताप्तीखण्डमा ताप्ती नदीका तटवर्ती सबै तीर्थहरूको वर्णन छ। यो खण्ड तीन परिच्छेदमा विभक्त छ— विश्वकर्मा उपाख्यान, विश्वकर्मा वंशाख्यान र हाटकेश्वरमाहात्म्य। प्रभासखण्डमा— प्रभास क्षेत्रको विस्तृत विवेचना छ। यसमा पुराण विषयक अरू सबै विषयको विस्तृत विवेचना गरेको देखिन्छ।

स्कन्दिर् (धा.) [*गतिशोषणयोः, सक.अनिट्, पर.*] जानु शेषण गर्नु। लट्—**स्कन्दति—** जान्छ, शोषण गर्छ इत्यादि।

स्कन्धः (पुं.) [*स्कन्द्यते इति, स्कन्दिर् गतिशोषणयोः इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, पृषोदरादित्वाद् दस्य धः, यद्वा स्कन्देश्च स्वाङ्गे (उ.) इति बाहुलकाद् घः, धश्चान्तादेशः*] १.काँध/कुम २.वृक्षका हाँगा फोटेको ठाउँ/काप/हाँगो/शाखा ३.ग्रन्थको विभाग ४.समूह ५.छन्दको एक भेद ६.वैभाषिकहरूले गरेका धर्मको वर्गीकरणमध्ये एक। स्कन्ध भनेको विभिन्न धर्मको एक समूह हो। स्कन्ध पाँच हुन्छन्— रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान। स्कन्ध वस्तु, इन्द्रिय र विज्ञान यी तीनैको संयोगबाट उत्पन्न हुन्छ। यिनीहरू क्षणिक र परिवर्तनशील हुन्छन्। वैभाषिकहरू यी स्कन्धदेखि अतिरिक्त आत्मा अथवा पुद्गलको अस्तित्व पनि मान्दछन्। यिनीहरूको मतमा स्कन्ध नै व्यक्तिको जीवन र त्यसको व्यक्तित्व हो। यी स्कन्धहरू क्षणिक, अनित्य र जड हुन्छन्। विज्ञान पनि चेतन होइन। रूप सबै प्रकारका बाह्य विषय हुन्। सबै किसिमका कायिक, वाचिक विज्ञप्तिहरू रूप हुन्। दुःखादिको अनुभव नै वेदना हो। सुख-दुःख र अदुःखासुख तिन किसिमको अनुभव नै वेदना हो। नीलत्व, पीलत्व, दीर्घत्व आदि विभिन्न किसिमको स्वभावको ग्रहण नै संज्ञा हो। सबै विषयको ज्ञान रप्रत्येक विषयको उपलब्धि नै विज्ञान हो। विज्ञानकाय नै विज्ञानस्कन्ध हो। विज्ञानस्कन्धहरू— **चक्षुःविज्ञान, श्रोत्रविज्ञान, घ्राणविज्ञान, रसनाविज्ञान, स्पर्शविज्ञान** र **मनोविज्ञान**। यी चारभन्दा छुट्टै जुन संस्कार छ त्यो **संस्कारस्कन्ध** हो।

स्कन्धदेशः (पुं.) [*स्कन्ध एव देशः*] काँध ।

स्कन्धशाखा (स्त्री.) [*स्कन्धस्य शाखा, ष.त.*] मूल हाँगा।

यथा हि स्कन्धशाखानां तरोर्मूलावसेचनम्।
एवमाराधनं विष्णोः सर्वेषामात्मनश्च हि॥ (भाग.८.५.४९)

स्कन्नम् (नपुं.) [*स्कद्यते स्म, स्कन्दिर् गत्यादौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] खसेको।

स्कभि (धा.) [*प्रतिबन्धे, सक.सेट् आत्म.*] रोक्नु, प्रतिबन्ध लगाउनु। लट्— **स्कम्भते—** रोक्छ, प्रतिबन्ध लगाउँछ इत्यादि।

स्कुञ् (धा.) [*आप्रवणे, सक.अनिट् उभय.*] कद्नु, माथि उठ्नु ढाक्नु। लट्— **स्कुनोति—** कुद्छ, माथि उठ्छ, ढाक्छ इत्यादि।

स्कुदि (धां.) [*आप्रवणे, अक./सक.सेट्, आत्म.*] चल्नु, कुद्नु, उफ्रनु। लट्— **स्कुदते—** चल्छ, कुद्छ, उफ्रन्छ इत्यादि।

स्खद (धां.) [*स्खदने, सक.सेट्, आत्म.*] जित्नु, दुःख दिनु, स्थिर राख्नु। लट्— **स्खदते—** जित्छ, दुःख दिन्छ, स्थिर राख्छ इत्यादि।

स्खदिर् (धा.) [*विद्रावणे, सक.सेट् आत्म.*] दौड्नु। लट्— **स्खदते—** दौडनछ इत्यादि।

स्खल (धा.) [*सञ्चलने, अक.सेट् पर.*] जानु, खस्नु, ठक्कर लाग्नु। लट्— **स्खलति—** जान्छ, खस्छ, ठक्कर लाग्छ इत्यादि।

स्खलनम् (नपुं.) [*स्खल् सञ्चलने इति धातोः, ल्युट्* च ३.३.११५ *इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.खस्ने काम/झर्ने काम/चिप्लने काम २.आफ्नो मार्गबाट विचलित हुनु।

स्खलितः (पुं.) [*स्खलति स्म, स्खल् सञ्चलने इति धातोः, गत्यर्थाकर्मकः ३.४.७२ इति क्तः*] १.खसेको/झरेको २.आफ्नो मार्ग वा आचारबाट विचलित भएको/चुकेको/भुलेको।

स्खलितम् (नपुं.) [*स्खलनमिति, स्खल संचलने इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] युद्धको नियमलाई चोरेर छल गर्ने काम। **स्खलितं छलिते भ्रेषे** (हैम.)।

स्तन (धा.) [*देवशब्दे, अक.सेट्, उभय.*] मेघ गर्जनु। लट्— **स्तनयति-ते—** मेघ गर्जन्छ इत्यादि।

स्तनः (पुं.) १.[*स्तनति कथयति यौवनोदयम्, स्तन्यते शब्द्यते वा कामुकैः, ष्टन शब्दे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, यद्वा पुंसि संज्ञायां घः प्रायेण ३.१.११८ इति घः*] दुधको गाँठो/दुधको मासपिण्ड।

स्तनौ मांसग्रन्थी कनककलशावित्युपमितौ
मुखं श्लेष्मागारं तदपि च शशाङ्केन तुलितम्।
स्रवन्मूत्रक्लिन्नं करिवरकरस्पर्द्धि जघनं
परं निन्द्यं रूपं कविजनविशेषैर्गुरुकृतम्॥ (सुभा.)

२.[*स्तननम्*] शब्द/आबाज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तनद्वयम् (नपुं.) [*स्तनयोः द्वयम्*] दुई स्तन।

स्तनधारी (पुं.वि.) [*स्तनौ धारयति तच्छीलः, णिनिः*] मानिसलगायत स्तनधारण गर्ने जन्तु।

स्तनन्धयः (पुं.) [*स्तनं धयतीति, धेट् पाने इति धातोः, नासिकास्तनयोर्ध्माधेटोः ३.२.२९ इति खश्, अरुद्विषदिति मुम्*] ज्यादै सानो बालक/दुधे बालक।

स्तनन्धयी (स्त्री.) [*स्तनं धयतीति, धेट् पाने इति धातोः, नासिकास्तनयोर्ध्माधेटोः ३.२.२९ इति खश्, धेटष्टित्वात् ४.१.१५ ङीप्*] दुध नछुटेकी सानी बालिका।

स्तनपः (पुं.) [*स्तनौ पिबति, पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] दुध पिउने बालक।

स्तनपा (स्त्री.) [*स्तनौ पिबति, पा पाने इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४ टाप् ४.१.४*] दुध नछुटेकी सानी बालिका।

स्तनपानम् (नपुं.) [*स्तनस्य पानम्, ष.त.*] स्तनबाट दुध चुस्ने काम।

स्तनपायी (पुं.वि.) [*स्तनं पिबतीति, तच्छीलः, पा पाने इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] स्तनबाट दुध चुस्ने प्राणी/दुध पिएर हुर्कने/स्तनपान गर्ने/स्तनप।

स्तनभवः (पुं.) [*स्तनाभ्यां भव उत्पत्तिर्यस्य सः, बहु.स.*] १.रतिबन्धविशेष।

स्वजङ्घाद्वयमध्ये तु कृत्वा योषित्पदद्वयम्।
स्तनौ धृत्वा रमेत् कामी बन्धः स्तनभवः स्मृतः॥
(स्मरदी.)

२.(पुं.वि.) स्तनबाट पैदा भएको।

स्तनम् (नपुं.) [*स्तन्यते शब्द्यते कामुकैः, स्तनयति कथयति वक्षः शोभामिति, वा, स्तन शब्दे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्*] स्त्रीजातिको दुध रहने अवयव/दुध/कुच/कल्चौंडो।

स्तनयित्नुः (पुं.) [*स्तनयति शब्दयति, स्तन देवशब्दे इति धातोः, स्तनिहृषिपुषिगदिमदिभ्यो णेरित्नुच् (उ.) ३१६ इत्नुच्,अयमत्न ६.४.५५ इत्ययादेशः*] १.मेघ।

प्राप्य वित्तं खलास्तूर्णं निवृत्तिं यान्ति नान्यथा।
तोयमासाद्य गर्जन्ति न रिक्ताः स्तनयित्नवः॥ (सुभा.)

२.मेघध्वनि ३.मोथे ४.बजुली ५.व्याधि ६.मृत्यु।

स्तनयित्नुः पुमान् मेघे तथा मेघस्य गर्जिते।
व्याधौ मृतौ विद्युति च मुस्तके मेघवाचिवत्॥ (वाङ्म.)

स्तनमुखः (पुं.) [*स्तनयोर्मुखम्, ष.त.,अभिधानात् पुंस्त्वम्*] स्तनको मुन्टो। **चुचूकन्तु स्तनाद् वृन्तशिखामुखाः।** (अभि.चि.)

स्तनयुगलम् (नपुं.) [*स्तनयोः युगलम्*] स्तनको जोडी।

स्तनवृन्तः (पुं.) [*स्तनस्य वृन्तः, ष.त.*] स्तनको मुन्टो।

स्तनशिखा (स्त्री.) [*स्तनस्य शिखा, ष.त.*] स्तनको अग्रभाग।

स्तनाग्रम् (नपुं.) [*स्तनस्य अग्रम्, ष.त.*] दुधको मुन्टो।

स्तनान्तरम् (नपुं.) [*स्तनयोरन्तरम्, ष.त.*] दुई स्तनको मध्य भाग/हृदय। **स्तनान्तरं हृद् हृदयम्।** (अभि.चि.३.२६७)

स्तनाभोगः (पुं.) [*स्तनयोः आभोगः, ष.त.*] १.स्तनको विस्तार २.स्तनको परिपूर्णता।

स्तनितः (पु.वि.) [*स्तन्यते स्म, ष्टन शब्दे इति धातोः, षस्य सत्वे, ष्टुत्वनिवृत्तौ, निष्ठा ३.२.१०२ इति क्तः*] शब्द गरेको।

स्तनितम् (पुं.) [*स्तन देवशब्दे इति धातोः, नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.मेघको आवाज/मेघ गर्जन २.दुःखको शब्द ३.थपडी बजाएको आबाज ४.धनुष्टङ्कार।

स्तनितं गर्जिते दुःखशब्दे चापकरध्वनौ। (वाङ्म.)

स्तन्यः (पुं.वि.) [*स्तने भवः*] स्तनसम्बन्धी।

स्तन्यम् (नपुं.) १.[*स्तने भवम्, शरीरावयवाच्च इति यत्*] दुध। **स्तन्यं पुंसवनं पयः।** (अभि.चि.) २.[*स्तनाय हितम्, शरीरावयवाद्यत्*] स्तनका लागि हितकारक औषधि।

स्तबकः (पुं.) [*तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, स्थः स्तोऽम्बजबकौ (उ.) ५४५ इति अम्बच्, यद्वा स्तूयते, ष्टुञ् स्तुतौ इति धातोः, कृञादिभ्यः– (उ.) इति वुन्*] फूलको गुच्छा।

स्तब्धः (पुं.वि.) [*स्तभ्नाति स्म, गत्यर्थाकर्मकः ३.४.७२ इति क्तः*] १.निश्चेष्ट/जड/स्थिर २.मन्द/सुस्त ३.रोकिएको/अवरूद्ध।

लब्धस्तब्धोऽनृजुर्मूर्खः प्रभुरेकान्तदारुणः।
बहूनेष खलः साधून् मारयित्वा मरिष्यति॥ (सुभा.)

स्तब्धता (स्त्री.) [*स्तब्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] निश्चेष्ट हुनु/जड हुनु/स्थिर हुनु २.मन्द हुनु/सुस्त हुनु ३.रोकिनु/अवरुद्ध हुनु।

स्तब्धत्वम् (नपुं.) [*स्तब्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.निश्चेष्ट हुनु/जड हुनु/स्थिर हुनु २.मन्द हुनु/सुस्त हुनु ३.रोकिनु/अवरुद्ध हुनु।

स्तब्धरोमा (पुं.) [*स्तब्धानि रोमाणि यस्य सः, बहु.स.*] १.सुँगुर २.बँदेल।

स्तम्बः (पुं.) [*तिष्ठतीति, ष्ठा गति निवृत्तौ इति धातोः, स्थः स्तोऽम्बजबकौ (उ.) इति अम्बच्*] १.घाँस आदिको भ्याङ २.हाँगा नहुने र नभाङ्गिने वृक्ष। **स्तम्बो गुल्मे तृणादीनामकाण्ड द्रुमगुच्छयोः।** (विश्व.)

स्तम्बकरिः (पुं.) [*स्तम्बं करोति, स्तम्बशकृतोरिन् ३.२.२४ इति इन्*] .गाँजिएर फल्ने अन्न, जस्तै– धान।

स्तम्बघनः (पुं.) [*स्तम्बः (तृणकाष्ठादिः) हन्यते येन सः, स्तम्बे क च (उ.) इति कः,घनादेशः*] काठ, घाँस आदि फाँड्ने हतियार जस्तै– हँसिया खुर्पा आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तम्बघ्नः (पुं.) [*स्तम्बः (तृणकाष्ठादिः) हन्यते येन सः, स्तम्बे क च (उ.) इति कः, गमहनजनखनघसां लोपः, क्ङित्यनङि, इति उपधालोपः*] काठ घाँस आदि फाँड्ने हँसिया खुर्पा आदि।

स्तम्बेरमः (पुं.) [*स्तम्बे रमते, स्तम्बकर्णयो रमिजपोः ३.२.१३ इत्यच्, हलदन्तात् ६.३.९ इत्यलुक्*] हात्ती।

स्तम्भः (पुं.) [*स्तभ्नोति, स्तम्भु रोधने इति धातोः, मूलवभुजादित्वात् (वा.) ३.२.५ कः*] १.खम्बा/थाम २.कुनै सङ्गठन वा कार्यको प्रधान व्यक्ति ३.समाचार पत्रमा पृष्ठको ठाडो भाग वा कुनै विशेष विषयका लागि तोकिएको ठाउँ ४.तेत्तिस व्यभिचारिभावमध्ये एक भाव ५.शरीर अकडिनु ६.नम्र नहुनु **~लेखकः** (पुं.वि.) [*स्तम्भस्य लेखकः, ष.त.*] समाचार पत्रको खास क्षेत्रमा प्रकाशित हुने विषयका लेखक।

स्तम्भनः (पुं.) [*स्तम्भयति, स्तम्भु रोधने इति धातोर्णिचि ल्युः अनः*] कामदेवको एक वाण।

उन्मादनः शोषणश्च तापनः स्तम्भनस्तथा
सम्मोहनश्च पञ्चैते विख्याताः कामसायकाः ॥ (जयधर)

स्तम्भनी (स्त्री.) [*स्तम्भ्यते ऽनया, करणे ल्युट् अनः*] हलचल गर्न नदिएर आवश्यक समयसम्म जड बनाई राख्ने विद्याविशेष।

स्तम्भनम् (नपुं.) [*स्तम्भ रोधने इति धातोः भावे ल्युट्, अनः*] शरीरलाई जडजस्तै तुल्याउने काम।

स्तम्भितः (पुं. वि.) [*स्तम्भः सञ्जातोऽस्य, इतच्*] जड भएको।

स्तरः (पुं.) [*स्तृणोत्याच्छादयतीति, स्तृञ् आच्छादने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.एकमाथि अर्को रहेको पत्र २.आस्तरण/भुल ३.तह/श्रेणी/दर्जा ४.कुनै वस्तुको माथिल्लो भाग/सतह ५.विछ्यौना/शय्या।

स्तरणम् (नपुं.) [*स्तृञ् आच्छादने इति धातोः, ल्युट् च ३.३.११५) इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.विछ्याउने काम/ओछ्याउने काम २.लिउन लाउने काम ३.ढाक्ने काम।

स्तरिमा (पुं.) [*स्तीर्यते आच्छाद्यते, स्तृधातोः हृभृधृसृस्तृशृभ्य इमनिच् उ.४.१४९ इति इमनिच्*] ओछ्यान।

स्तरिः (पुं.) [*स्तृणोत्याच्छादयतीति, स्तृञ् आच्छादने इति धातोः, इः*] धुँवा। **स्तरिर्धूमे पुमान्** (वाङ्म.)

स्तरीः (स्त्री.) [*स्तृणोत्याच्छादयतीति, स्तृञ् आच्छादने यति धातोः, अवितृस्तृतन्त्रिभ्य ईः (उ.)४४६ इति ईः,*] १.घाँस २.महिला ३.बाँझी स्त्री। **स्त्री तु तृणे स्यात् स्तरिवत् स्तरीः। वन्ध्यायाञ्च स्तरीस्तद्वत् स्त्रीमात्रेऽपि प्रकीर्तिता** (वाङ्म.)।

स्तवः (पुं.) [*स्तवनम्, भावे अप्*] १.स्तुति/प्रशंसा २.[*स्तूयतेऽनेनेति, ष्टुञ् स्तुतौ इति धातोः, ऋदोरप् ३.३.५७ इत्यप्*] देवता अदिका गुणगान, स्वरूपको वर्णन/स्तोत्र।

स्तवकः (पुं.) [*तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, अवकप्रत्ययः, धातोश्च स्तादेशः*] १.स्तुति/प्रशंसा २.फूलको गुच्छो वा भुप्पो ३.समूह/समुदाय ४.अध्याय/परिच्छेद ५.(पुं.वि.) [*स्तौतीति, युच्, अकः, गुणावादेशौ*] स्तुतिकर्ता।

स्तावकः (पुं.वि.) [*स्तौतीति, स्तुधातोः ण्वुल्, अकः, वृद्धिः*]स्तुति कर्ता।

स्तावकन्ताानभिप्रेत्य पृथुर्वैन्यः प्रतापवान्।
मेघनिर्ह्रादया वाचा प्रहसन्निदमब्रवीत् ॥ (भागः४.१५.२१)

स्तिमितः (पुं.वि.) [*स्तिम्यति, स्म, ष्टीम आर्द्रीभावे इति धातोः, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.भिजेको/आद्र २.स्थित/ दृढ/ निश्चेष्ट। **स्तिमितस्तरले क्लिन्ने।** (रुद्र.) **स्तिमितौ क्लिन्ननिश्चलौ** (हैम.)।

स्तीर्णः (पुं.वि.) [*स्तीर्यते स्म, स्तृञ् आच्छादने इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः, ऋत इद्धातोः इति इत्वम्, रपरत्वम्, हलि चेति दीर्घः, णत्वम्*] १.फैलिएको/छरिएको २.(पुं.) शिवको एक गण।

स्तुतः (पुं.वि.) [*स्तूयते स्म, ष्टुभ स्तुतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] स्तुति गरिएको/प्रशंसा गरिएको।

स्तुतिः (स्त्री.) [*स्तवनम्, ष्टुञ् स्तुतौ इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.प्रशंसा/तारिफ/स्तवन २.[*स्तूयते या, कर्मणि क्तिन्*] दुर्गा। **स्तुतिः सिद्धिरिति ख्याता श्रिया संश्रयणाच्च सा।** (देवीपुराण) [*स्तूयतेऽनया, श्रुयजिस्तुभ्यः करणे (वा) ३.३.९४ इति क्तिन्*] स्तोत्र/कुनै देवता वा पूज्य व्यक्तिको गुणगान गरिएको रचना।

स्तुतिगीतम् (नपुं.) [*स्तुतिप्रधानं गीतम्, म.प.स.*] स्तोत्रका लोकगीतात्मक रूप। वैदिक साहित्य स्तुतिपरक छ। प्रत्येक प्रधान देवताका स्तुतिहरू त्यसमा छन्। आराध्य देवको प्रशंसा गरिएको रचनाविशेष नै स्तोत्र हो। यसमा प्रायः आफ्नो दयनीयता, हीनता व्यक्त गरिएको हुन्छ र ईश्वरसित अनुकम्पाका निमित्त प्रार्थना गरिएको हुन्छ। संस्कृतमा स्तुतिगीतसँग सम्द्ध विशाल साहित्य छ।

स्तुतिपाठकाः (पुं.बहु.) [*स्तुतेः पाठकाः, ष.त.*] राजाको स्तुति गर्ने व्यक्ति। **वन्दिनस्त्वमलप्रज्ञाः प्रस्तावसदृशोक्तयः** (अमर.)।

स्तुत्यः (पुं.वि.) [*स्तोतुं योग्यः, एतिस्तुशास्वृदृजुषः क्यप् ३.१.१०९ इति क्यप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्*] प्रशंसनीय/प्रशंसा गर्न लायक वा योग्य।

स्तुप (धा.) [*उच्छ्राये, उच्छ्रायो राशीकरणम्, चुरा. पर.सक.सेट्*] थुप्रो लगाउनु। लट्— **स्तूपयति—** थुप्रो लगाउँछ। **स्तूपयति धान्यं कृषकः** (दुर्गादास) इत्यादि।

स्तूपः (पुं.) [*स्तौति स्तूयते वाऽसौ, ष्टुञ् स्तुतौ इति धातोः, स्तुवो दीर्घश्च (उ.) ३१२ इति पः, दीर्घश्च*] १.डुङ्गो, माटो आदिको थुप्रो वा ढिस्को २.बुद्ध वा बौद्ध महात्माहरूको अस्थि केश, दन्त आदि भित्रपट्टि राखेर विशेष प्रकारले बनाइएको ढिकुरो ३.यज्ञको वेदी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तूयमानः (पुं.वि.) [*स्तूयते इति लक्षणहेत्वोः क्रियायाः ३.२.१२६ इति लट्, शानच्*] स्तुति गरिइरहेको/प्रशंसित हुँदै गरेको।

स्तृञ् (धा.) [*आच्छादने, क्र्या. सक.सेट् उभय.*] ढाक्नु। लट्– **स्तृणाति-णीते–** ढाक्छ इत्यादि।

स्तृञ् (धा.) [*आच्छादने, स्वा. सक.अनिट् उभय.*] ढाक्नु, फैलाउनु, विछ्याउनु। लट्– **स्तृणोति–** ढाक्छ, फैलाउँछ, विछ्याउँछ (अन.) इत्यादि।

स्तृहू (धा.) [*हिंसायाम्, सक.सेट् पर.*] हिंसा गर्नु, दुःख दिनु। लट्– **स्तृहति–** हिंसा गर्छ, दुःख दिन्छ इत्यादि।

स्तेन (धा.) [*चौर्ये, चुरा. सक.सेट् उभय.*] चोर्नु। लट्– **स्तेनयति–** चोर्छ इत्यादि।

स्तेनः (पुं.) [*स्तेनयति, स्तेन चौर्ये इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१३४ इत्यच्*] चोर।

स्तेनम् (नपुं.) [*स्तेनधातोः भावे अच्*] चोरी।

स्तेमः (पुं.) [*स्तेमनम्, ष्टिम आर्द्रीभावे इति धातोः, भावे ३.३.१८ इति घञ्*] भिज्ने काम।

स्तेयम् (नपुं.) [*स्तेनस्य भावः, कर्म वा, स्तेनाद्यन्नलोपश्च ५.१.१२५ इति यत्, नलोपश्च*] चोरी। **स्तेयं स्तैन्यं च चौर्यं स्याच्चौरिका चोरिके स्त्रियाम्।** (वाचस्पति)।

प्राणातिपातस्तेयञ्च परदाराभिमर्शनम्।
त्रीणि पापानि कायेन नित्यशः परिवर्जयेत्॥ (सुभा.)

स्तेयी (पुं.) [*स्तेयमस्यास्तीति, अत इनिठनौ इति इनिः*] १.चोर २.सुनार,सुनका गहना बनाउने बाँडा ३.मुसो। **स्तेयी चौरे पुमान् द्वे तु स्वर्णकारेऽपि मूषिके** (वाङ्म.)।

स्तैनम् (नपुं.) [*स्तेनस्य भावः कर्म वा,अण्*] चोरको भाव वा कर्म।

स्तैन्यः (पुं.) [*स्तेन एव, स्वार्थे ष्यञ्*] चोर।

स्तैन्यम् (नपुं.) [*स्तेनस्य भावः, कर्म वा, स्नेनाद्यन्नलोपश्च ५.१.१२५ इत्यत्र, स्तेनात् इति योगविभागात् ष्यञ्*] चोरी।

स्तोकः (पुं.वि.) १.[*स्तुच्यते, ष्टुच प्रसादे इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्, न्यङ्क्वादित्वात् ७.३.५३ कुत्वम्, यद्वा स्तूयते, बाहुलकात् स्तुञः कः*] सानो/थोरै।

यः स्तोकेनापि सन्तोषं कुरुते मन्दधीर्जनः।
तस्य भाग्यविहीनस्य दत्ता श्रीरपि मार्ज्यते॥ (सुभा.)

स्तोकः (पुं.) १.काकाकुल २.विन्दु थोपा।

एवं गृहेष्वभिरतो विषयान् विविधैर्मुखैः।
सेवमानो न चातुष्यदाज्यस्तोकैरिवानलः॥ (भाग.९.६.४९)

स्तोककः (पुं.) [*स्तोकं कं जलमस्य, स्तोकं कायति वा, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः*] काकाकुल पक्षी।

स्तोता (पुं.वि.) [*स्तौति, ष्टुञ् स्तुतौ इति धातोः, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] स्तुति गर्ने/प्रार्थना गर्ने/उपासना गर्ने/उपासक।

स्तोत्रकाव्यम् (नपुं.) [*स्तोत्रप्रधानं काव्यम्, म.प.स.*] संस्कृतमा स्तोत्रकाव्यको विशाल साहित्य छ। यसमा धार्मिक भावनाको प्राधान्य देखिन्छ। विभिन्न देवी-देवतासँग सम्बद्ध स्तोत्रहरू लेखिएका छन्। ती स्तोत्रहरूमा उक्तिवैचित्र्य र सुन्दर शब्दविन्यास भएको छ। वेदमा नमस्ते रुद्रमन्य आदि प्रशस्त स्तोत्रहरू छन्। रामायण, महाभारत र पुराणमा पनि स्तोत्रको प्रशस्त प्रयोग भएको छ। स्तोत्रको स्वतन्त्र रचना गर्ने कामको प्रारम्भ भने पुष्पदन्तबाट भएको देखिन्छ। उनले लेखेको शिवमहिम्नः स्तोत्रम् हालसम्मको अध्ययनबाट प्रमाणित प्रथम स्तोत्र हो। त्यसपछि रचिएका स्तोत्रहरूमा मयूरको सूर्यशतकम्, बाणभट्टको चण्डीशतकम् निकै प्रसिद्ध छन्। स्तोत्ररचनामा आदि शङ्कराचार्यको ठुलो योगदान छ। उनका स्तोत्ररचनाहरू– १.**गणेशस्तोत्र**– गणेशपञ्चरत्नम्, गणेशभुजङ्गप्रयातम्, गणेशाष्टकम्, वरदगणेश। २.**शिवस्तोत्र**– शिवभुजङ्ग, शिवानन्दलहरी, शिवपादादिकेशान्तस्तोत्रम्, शिवकेशादि पादान्तस्तोत्रम्, वेदसारशिवस्तोत्रम्, शिवापराधक्षमापनस्तोत्रम्, सुवर्णमालास्तुति, दक्षिणामूर्तिवर्णमाला, दक्षिणामूर्त्यष्टकम्, शिवपञ्चाक्षरम्, मृत्युञ्जयमानसिकपूजा, शिवनामावल्यष्टकम्, शिवपञ्चाक्षरम्, उमामहेश्वरस्तोत्रम्, दक्षिणामूर्तिस्तोत्रम्, कालभैरवाष्टकम्, द्वादशलिङ्गस्तोत्रम्, दशश्लोकी स्तुति ३.**विष्णुस्तोत्र**– कामभुजङ्गप्रयातम्, विष्णुभुजङ्गप्रयातम्, विष्णुपादादिकेशान्तम्, पाण्डुरङ्गाष्टकम्, अच्युताष्टकम्, कृष्णाष्टकम्, हरमीडेस्तोत्रम्, गोविन्दाष्टकम्, भगवन्मानसपूजा, जगन्नाथाष्टकम्। ४.**युगलदेवतास्तोत्र**– अर्धनारीश्वरस्तोत्रम्, उमामहेश्वरस्तोत्रम्, लक्ष्मीनृसिंहपञ्चरत्नम्, लक्ष्मीनृसिंह करुणरसस्तोत्रम् ५.**नदीतीर्थविषयक स्तोत्र**– नर्मदाष्टकम्, यमुनाष्टकम्, गङ्गाष्टकम्, मणिकर्णिकाष्टकम्, काशीपञ्चकम् ६.**साधारण स्तोत्र**– हनुमत्पञ्चरत्नम्, सुब्रह्मण्यभुजङ्गम्, प्रातःस्मरणस्तोत्रम्, गुर्वष्टकम्, सौन्दर्यलहरी आदि। कुलशेखरका– कुन्दमाला। मुकुन्दमाला। यामुनाचार्यको– आलम्वन्दारस्तोत्रम्। लीलांशुकको– कृष्णकर्णामृतम्। वेङ्कटाध्वरीको– लक्ष्मीसहस्रम्। सोमेश्वरको–रामशतकम्। मधुसूदन सरस्वतीको– आनन्दमन्दाकिनी। माधवभट्टको– दानलीला। अप्पयदीक्षितको– वरदराजस्तव। पण्डितराज जगन्नाथका– करुणालहरी, यमुनालहरी, गङ्गालहरी, अमृतलहरी, लक्ष्मीलहरी, सुधालहरी आदि। उत्पलदेवको– शिवस्तोत्रावली। जगद्धरभट्टको– स्तुतिकुसुमाञ्जली। नारायण पण्डिताचार्यको– शिवस्तुति। गोकुलनाथको– शिवशतकम् आदि। **जैनस्तोत्रहरू**– मानतुङ्गको– भक्तामर। सिद्धसेन दिवाकरको– कल्याणमन्दिर,समन्तभद्र,जिनप्रभासूरि आदिको– चतुर्विंशिका। वादिराजको– एकीभावस्तोत्रम् आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बौद्धस्तोत्रहरू– नागार्जुनको– चतुस्तव, वज्रदत्तको– लोकेश्वरशतकम्। सर्वज्ञमित्रको– तारास्तोत्रम्। रामचन्द्र-कविभारतीको– भक्तिशतकम्। हेमचन्द्रको– अन्ययोगव्य-वच्छेदिका आदि।

स्तोत्रम् (नपुं.) [*स्तूयतेऽनेन, दाम्नी ३.२.१८२ इति ष्ट्रन्*] कुनै आराध्यदेवको छन्दोबद्ध गुणकीर्तन। स्तोत्र चार किसिमका हुन्छन्– द्रव्यस्तोत्र, कर्मस्तोत्र, विधिस्तोत्र र अविजनस्तोत्र। हे. स्तोत्रकाव्यम्।

स्तोभः (पुं.) [*स्तुभधातोःघञ्*] सामको अवयवविशेष। यो तेह्रथरी हुन्छ। **स तु गीतालापपूरणाक्षरः, स च त्रयोदशविधः** (शब्दकल्प.)।

स्तोम (धा.) [*श्लाघायाम्, सक.सेट्, उभ.*] प्रशंसा गर्नु, खुसामद गर्नु। लट्– **स्तोमयति–** प्रशंसा गर्छ, खुसामद गर्छ इत्यादि।

स्तोमः (पुं.) [*स्तौति येन सः, ष्टुञ् स्तुतौ इति धातोः, अर्तिस्तुसुहुसृ-धृभिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ. १४५ इति सूत्रेण, मन्*] १.गुणगान/स्तुति/स्तव। **स्तोमस्तोत्रेऽध्वरे वृन्दे** (अमर.३.३.४१) २.यज्ञ ३.गुच्छो/झुप्पो ४.समूह।

ऋषीणामुग्रतपसां यमुनातीरवासिनाम्।
लवणत्रासितः स्तोमस्त्रातारं त्वामुपस्थितः॥ (उ.रा.च.)

स्त्यानम् (नपुं.) [*स्त्यैधातोः क्तः*] १.प्रतिध्वनि। **दधति कुहरभाजामत्र भल्लूकयूनामनुरसितगुरूणि स्त्यानमम्बुकृतानि**। (उ.रा.च. २) २.आलस्य ३.चिल्लोपन ४.घनत्व।

स्त्येनः (पुं.) [*स्त्यायति शब्दयति सङ्घातयतीति, स्त्यै शब्दसङ्घातयोः इति धातोः, श्यास्त्याहृञविभ्य इनच् (उ.) २१३ इति इनच्*] १.चोर २.अमृत।

स्त्येनस्तु चौरेऽप्यमृते पुंलिङ्गे परिकीर्तितः (वाङ्म.)।

स्त्यै (धा.) [*शब्दसङ्घातयोः, अक.अनिट्, पर.*] शब्द गर्नु, भिड हुनु, फैलनु। लट्– **स्त्यायति–** शब्द गर्छ, भिड हुन्छ, फैलन्छ इत्यादि।

स्त्री (स्त्री.) [*स्त्यायति गर्भोऽस्याम्, स्त्यै शब्दसङ्घातयोः इति धातोः, स्त्यायतेर्ड्रट् (उ.) ६१५ इति ड्रट् टिलोपः, लोपो व्योर्वलि ६.१.६६ इति यलोपः, ङीप्*] १.आइमाई/नारी/पत्नी/महिला २.दुई गुरु वर्ण भएको छन्द। **गौ स्त्री** (छन्दो.)। **~धर्मः** (पुं.) [*स्त्रिया धर्मः, ष.त.*] १.नारीले गर्नुपर्ने कर्तव्य २.नछुने हुनु/पर सर्नु/स्त्री जातीको मासिक धर्म/रजस्वला हुनु। **~प्रसङ्गः** (पुं.) [*स्त्रियाः प्रसङ्गः, ष.त.*] मैथुन/स्त्रीसमागम/स्त्रीसम्भोग। ।**~रत्नम्** (नपुं.) [स्त्री रत्नमिव, त.स.] सुशिक्षित महिला। **~लम्पटः** (पुं.) [*स्त्रियां लम्पटः, स.त.*] स्त्रीमा ज्यादा आसक्त भएको/कामुक/ जोइटिङ्ग्रे।**~लिङ्गम्** (नपुं.) [*स्त्रिया लिङ्गम्, ष.त.*] १.व्याकरणअनुसार स्त्रीबोधक लिङ्ग २.स्त्रीत्वको चिह्न। **~शिक्षा** (स्त्री.) महिलालाई शिक्षा दिने काम/नारीशिक्षा। स्त्रीवाचक शब्दको अगाडि वार जोडियो भने वेश्याबोधक शब्द बन्दछ। जस्तै– **वारस्त्री, वाराङ्गना, वारनारी** आदि।

स्त्रीगुरुः (पुं.) [*स्त्री चासौ गुरुश्च*] मन्त्र सुनाउने महिला।

स्त्रीजनः (पुं.) [*स्त्री चासौ जनः, कर्म.स.*] आइमाई/स्त्रीजाति।

स्त्रीत्वम् (नपुं.) [*स्त्रिया भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.स्त्री हुनाको भाव/नारीत्व/पत्नीत्व २.स्त्रीको कर्म।

स्त्रीधनम् (नपुं.) [*स्त्रिया धनम्, ष.त.*] बाबु आमा आदिले दिएको दाइजो, विद्या, शिल्प आदिको उपयोग गरेर आर्जन गरेको चल वा अचल सम्पत्ति।

स्त्रीधर्मिणी (स्त्री.) [*स्त्रीधर्मो रजोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनिः*] रजस्वला भएकी स्त्री।

स्त्रीसभम् (नपुं.) [*स्त्रीणां सभा*] महिलाहरूको सभा।

स्त्रैणः (पुं.वि.) [*स्त्रियमर्हति, स्त्रीभ्यो हितो वा, स्त्रीपुंसाभ्यां नञ्स्नञौ भवनात् ४.१.८७ इति नञ्, वृद्धिः, षत्वम्*] १.स्त्री जातिका लागि उपयुक्त/तरुणीका लागि उपयोगी २.आइमाईको सन्तान। ३.[*स्त्रीणां समूहः*] स्त्री जातिको समूह। ४.[*स्त्रिया निर्वृत्तम्*] स्त्रीजातिले बनाएको वा सम्पन्न गरेको। ५.[*स्त्रियाः, निवासः*] स्त्री जातिको बस्ने ठाउँ। ६.[*स्त्रियां जातः*] स्त्रीजातिमा पैदा भएको। ७.[*स्त्रियां भवः*] स्त्रीजातिमा भएको। ८.[*स्त्रिया अयम्*] स्त्रीजातिसम्बन्धी।

स्त्यागारम् (नपुं.) [*स्त्रीणामगारम्, ष.त.*] स्त्रीजातिहरू बस्ने खोपी।

स्थः (पुं.वि.) [*तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुपि स्थः ३.२.४ इति कः*] अरूशब्दको पछाडि लागेर रहेको अर्थ बुझाउने शब्द। जस्तै– **कण्ठस्थः, समीपस्थः, पार्श्वस्थः, शीर्षस्थः** आदि

स्थग (धा.) [*संवृत्तौ, भ्वा.पर. सक.सेट्*] ढाक्नु, हटाउनु, रोक्नु। लट्– **स्थगति–** ढाक्छ, हटाउँछ, रोक्छ।

स्थगः (पुं.) [*स्थगति आत्मानमाच्छादयति, पचाद्यच्*] ठग/धूर्त।

धूर्ते स्थगश्च निर्लज्जःपटुः पाटविकोऽपि च (त्रिकाण्ड.)।

स्थगनम् (नपुं.) [*स्थग धातोः, ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] समिति, सभा आदिको कारबाही स्थगित गर्ने काम/कुनै कार्यविशेष वा समायाननुकूलताले गर्दा सभाको कार्य पद्धतिलाई केही समयसम्म रोक्ने अथवा पर सार्ने काम।

स्थगितः (पुं.वि.) [*स्थग्यते स्म, स्थग धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] १.रोकिएको/थामिएको/पर सारिएको २.छोपिएको/ ढाकिएको।

स्थगी (स्त्री.) [*स्थग्यतेऽनया, घञर्थे कः, गौरादित्वान् ङीष्*] पानबट्टा/ताम्बुलकरङ्क।

स्थण्डिलः (पुं./नपुं.) [*स्थलन्त्यस्मिन्, ष्ठल स्थाने इति धातोः, मिथिलादयश्च (उ.) इति साधुः*] १.यज्ञका लागि चारपाटे पारी तयार गरिएको चौको/ होमका लागि परिष्कृत भूमिमा बनाइएको चौकी।

नित्यं नैमित्तिकं काम्यं स्थण्डिले वा समाचरेत्।
हस्तमात्रन्तु तत् कुर्यात् चतुरस्रं समन्ततः॥ (ति.त.)

२.ओछ्यान आकारको चौकुना परेको केही अग्लो भूमि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थण्डिलशायी (पुं.) [*स्थण्डिले शेते, व्रते ३.२.८० इति इनिः*] चारकुना परेको केही अग्लो भूमि (चत्वर) मा सुतेर व्रत गर्ने।

स्थपतिः (पुं.) [*तिष्ठन्ति अत्र, स्थः, गृहादिस्तस्य पतिस्तन्निर्मातृतया रक्षकतया वा, ष.त.*] १.कारिगर/वास्तुशास्त्री।

वास्तुविद्याविधानज्ञो लघुहस्तो जितश्रमः।
दीर्घदर्शी च शूरश्च स्थपतिः परिकीर्तितः॥ (म.पु.)

२.सारथि ३.अन्तःपुरको नोकर ४.राजा ५.बृहस्पति/बृहस्पतिसँग सम्बद्ध यज्ञ गर्ने व्यक्ति। **स्थपतिर्ना जीवेष्टियाजके शिल्पिभेदे ना सत्तमे त्रिषु** (मेदिनी.)।

स्थलम् (नपुं.) [*स्थलमिति, ष्ठल स्थाने इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] ठाउँ/स्थान/ जमिन/ भुइँ/भूमि/धरती। **~कमलम्** (नपुं.) [*स्थले जातम् कमलम्, म.प.स.*] स्थलकमल/स्थलपद्म। **~चरः** (पुं.वि.) [*स्थले चरतीति, चर+टः*] जमिन वा भूमिमा हिँड्ने प्राणी। **~चारी** (पुं.वि.) [*स्थले चरितुं शीलमस्य, णिनिः*] जमिन वा भूमिमा हिँड्ने प्राणी **~जः** (पुं.वि.) [*स्थले जातः, उपप.त., जन्+डः*] जमिनबाट उत्पन्न हुने। **~युद्धम्** (नपुं.) [*स्थले युद्धम्, स.त.*] भूमि वा मैदानमा हुने लडाइँ। **~सेना** (स्त्री.) [*स्थलस्य सेना, ष.त.*] जमिनमा युद्ध गर्ने सेना/पैदल सेना वा फौज।

स्थली (स्त्री.) [*स्थली अकृत्रिमा, जानपद ४.१.४२ इति ङीष्, कृत्रिमा स्थली, स्थलं तूभयसाधारणम्*] ठाउँ ,जलशून्य अकृत्रिम भूमि।

स्थलीयः (पुं.वि.) [*स्थले भवः, स्थल+छः*] स्थलमा भएको/ठाउँमा भएको।

स्थविरः (पुं.वि.) [*गमनेऽसमर्थत्वात् तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, अजिरशिशिरशिथिलस्थिरस्फिरस्थविरखदिराः (उ.) इति किरच्, बुक्, ह्रस्वश्च*] बुढो/वृद्ध । **वृद्धः प्रवयाः स्थविरो जरन्** (अभि.चि.३.३) **~ता** (स्त्री.) [*स्थविरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] बुढो हुनु/वृद्ध हुनु/बुढ्याइँ।

स्थविरः (पुं.) [*स्थाधातोः किरच्, स्थवादेशः*] १.ब्रह्मा। **स्थविरः शतानन्दपितामहौ कः**। (अभि.चि.) २.वृद्ध भिक्षु।

स्थविरता (पुं.वि.) [*स्थविरस्य भाव कर्म वा*] वृद्धता/बुढ्यौली।

स्थविष्ठः (पुं.) [*अतिशयेन स्थूलः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, स्थूलदूर ६.४.५६ इति स्थवादेशो निपातितः*] अत्यन्त ठुलो।

स्थवीयान् (पुं.) [*अनयोरयं स्थूलः, द्विवचनविभज्योपपदे तरबीय सुनौ इति ईयसुन्, स्थूलदूर ६.४.५६ इति स्थवादेशो निपातितः*] दुईमा ठुलो।

स्थाणुः (पुं.वि.) [*तिष्ठतीति, ष्ठा गतिनिवृतौ इति धातोः, स्थो णुः (उ.) ३२४ इति णुः*] स्थिर।

अव्ययञ्च व्ययञ्चैव यदिदं स्थाणुजङ्गमम्।
तत् ससर्ज तदा ब्रह्मा भयवानिदमादिशत्॥
(वि.पु.१.५.५८)

स्थाणुः (पुं.) [*तिष्ठतीति, ष्ठा गतिनिवृतौ इति धातोः, स्थो णुः (उ.) ३२४ इति णुः*] १.खम्बा/स्तम्भ २.ठुटो/हाँगा, हाँगाविंगा नभएको वृक्ष ३.शिव/महादेव ४.ध्रुव।

स्थाण्डिलः (पुं.) [*स्थण्डिलाच्छयितरि व्रते ४.२.१५ इत्यण्*] भूमिमा बनेको चौकीमा सुतेर व्रत गर्ने संन्यासी २.धार्मिक भिक्षु।

स्थातव्यः (पुं.वि.) [*स्थातुं योग्यः, स्थाधातोः तव्यत् प्रत्ययः*] बस्न लायक।

बालाहं नवयौवना निशि कथं स्थातव्यमेतद्गृहे
सायं सम्प्रति वर्तते पथिक हे स्थानान्तरं गम्यताम्॥
(शृ.ति.)

स्थानकम् (नपुं.) [*स्थानमिव, इवार्थे कन्, स्थाने कं जलं यत्र इति वा*] १.आलबाल २.नगर ३.फिँज ४.[*स्थानमेव, स्वार्थे कन्*] ठाउँ ५.सस्वर वेदपाठको तरिका।

स्थानम् (नपुं.) [*स्थीयतेऽत्र, ष्ठा गतिनिवृत्तौ इति धातोः, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः, उपचयापचयाभावः स्थानम्*] १.ठाउँ।

यस्मिन् देशेऽथवा स्थाने भोगान् भुक्त्वा स्ववीर्यतः।
तस्मिन् विभवहीनो यो स वसेत् पुरुषाधमः॥ (सुभा.)

२.कुनै शब्द उच्चारण हुने कण्ठताल्वादि अवयव ३.नीतिशास्त्रोक्त उन्नति र अवनति नभएको मध्य अवस्था। **क्षयः स्थानं च वृद्धिश्च त्रिवर्गो नीतिवेदिनाम्** (अमर.) ४.ओहदा/पद। **अमात्यस्थाने नियोजितः। स्थानं प्रधानं न बलं प्रधानम्** (प.त.) ५.अध्याय/ परिच्छेद ६.मरेपछि मानिसको असल वा खराब कर्मबाट प्राप्त हुने लोक।

प्राजापत्यं ब्राह्मणानां स्मृतं स्थानं क्रियावताम्।
क्षत्रियाणां तथा चैन्द्रं संग्रामेष्वनुवर्तिनाम्॥
....वेदस्य निन्दकानान्तु यज्ञविध्वंसकारिणाम्।
तामिस्रमन्धतामिस्रं महारौरवरौरवम्॥ (अ.पु.)

७.निकट ८.फुर्सदको समय ९.धनु वा ताँदोका बिचको भाग १०.[*भावे ल्युट् अनः*] रहनु। **~च्युतः** (पुं.वि.) [*स्थानाच्च्युतः, प.त.*] आफ्नो स्थान वा पदबाट च्युत भएको/स्थानभ्रष्ट/आफ्नो दर्जा वा पदबाट झरेको। **~ माहात्म्यम्** (नपुं.) [*स्थानस्य माहात्म्यम्*] ठाउँ वा पदको महत्त्व। **~योगः** (पुं.) [*स्थाने योगः, स.त.*] वस्तुलाई उपयुक्त स्थानमा राख्ने काम। **~स्थः** (पुं.वि.) [*स्थाने तिष्ठति, सुपि स्थः, इति कः, आलोपः*] उपयुक्त स्थान वा पदमा रहेको।

स्थानभ्रष्टः (पुं.) [*स्थानाद् भ्रष्टः,प.त.*] पदच्युत।

स्थानस्थितानि पूज्यन्ते पूज्यन्ते च पदस्थिताः।
स्थानभ्रष्य न पूज्यन्ते केशा दन्ता नखा नराः॥
(ग.पु. ११५.७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानान्तरम् (नपुं.) १.[*अन्यत् स्थानम्, स्थानान्तरम्*] अर्को ठाउँ २.[*स्थानयोरन्तरम्, ष.त.*] दुई स्थानका बिच हुने भिन्नता वा दूरी।

स्थानान्तरितः (पुं.वि.) [*स्थानेऽन्तरितः, स.त.*] एक ठाउँबाट अर्को ठाउँमा सारिएको/बदली गरिएको।

स्थानापन्नः (पुं.वि.) [*स्थानमापन्नः, द्वि.त.*] कुनै खाली पदमा अस्थायी रूपले नियुक्त भएको/कायम-मुकायम/अस्थायी रूपमा कुनै सरकारी कामका लागि नियुक्त गरिएको/कुनै पदाधिकारी हाजिर नभएसम्म निजको अधिकार र कर्तव्य सह्याल्ने।

स्थानिकः (पुं.) [*स्थानमस्यास्तीति, अत इनिठनौ इति ठन्, ठस्येकः*] स्थानको अध्यक्ष।

स्थानी (पुं.वि.) [*स्थानमस्यास्तीति, इनिः*] स्थानविशिष्ट।

स्थानीयः (पुं.वि.) [*स्थाने भवः, वृद्धाच्छः ४.२.११४ इति छः, छस्य ईयः*] स्थानसम्बन्धी/स्थानमा हुने वा निस्कने/स्थानी। **~शासनम्** (नपुं.) [*स्थानीयञ्च तद् शासनम्, कर्म.स.*] सीमित क्षेत्रमा शासन गर्ने मण्डल/स्थानीय स्वशासन/कुनै सीमित क्षेत्रमा गरिने वा गरिएको शासन। **~स्वशासनम्** (नपुं.) [*स्थानीयञ्च तद् स्वशासनम्, कर्म.स.*] देश वा राज्यको सहर, जिल्ला, गाउँ आदिलाई प्राप्त भएको आफ्नो इलाकाभित्रको निर्माण र विकाससम्बन्धी व्यवस्था गर्ने अधिकार/स्थानीय स्वायत्तशासन।

स्थानीयता (स्त्री.) [*स्थानीयस्य भावः, तस्य भावस्त्वतलौ इति तल्, टाप्*] स्थानमा पाइने विशेषता।

स्थानीयम् (नपुं.) [*स्थानाय हितम्, तस्मै हितम् ५.१.५ इति छः, छस्य ईयः*] सहर।

स्थानीयाधिकारः (पुं.) [*स्थानीयश्चासौ अधिकारश्च, कर्म.स.*] कुनै स्थानको कुनै अधिकारीले प्रयोग गर्न पाएको अधिकार/कुनै स्थानीय संस्थाले कानुनबाट पाएको विभिन्न विषयको अधिकार।

स्थाने (अव्य.) [*स्थानस्य करणम्, स्थानशब्दात् तत्करोति (वा.) ३.१.२६ इति णिच्, ततः एप्रत्ययः*] समुचित।

स्थाने तु कारणार्थे स्याद्युक्तसादृश्ययोरपि (मेदिनी.)।

स्थापकः (पुं.वि.) [*स्थापयतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ७.१.१ इत्यकः*] १.स्थापना वा खडा गर्ने/सभा, संस्था आदि खडा गर्ने/संस्थापक २.मूर्ति, गृह आदि स्थापना गर्ने ३.नाटकमा मङ्गलाचरण आदि गरेर मञ्चबाट सूत्रधार फर्किएपछि काव्यार्थको स्थापना अथवा सूचनाका लागि प्रवेश गर्ने नट अथवा नायक।

पूर्वरङ्गं विधायैव सूत्रधारो निवर्तते।
प्रविश्य स्थापकस्तद्वत् काव्यमास्थापयेत्ततः॥
(सा.द. ६ परिच्छेद)

स्थापत्यः (पुं.) [*स्थपतिरेव, चतुर्वर्णादीनामुपसङ्ख्यानम् ५.१.१२४ इति वार्तिकेन स्वार्थे ष्यञ्, वृद्धिः*] १.जीवेष्टिनामक यज्ञ कर्ता २.इञ्जिनियर/कालिगढ/शिल्पी ३.अन्तःपुरको रक्षक। **स्थपतिः कञ्चुकिन्यपि। जीवेष्टियाजके शिल्पिभेदे ना, सत्तमे त्रिषु।** (मेदिनी.)। **~कला** (स्त्री.) [*स्थापत्यस्य कला, ष.त.*] भवन-निर्माण कला, वास्तुकला। **~विद्या** (स्त्री.) [*स्थापत्यसम्बद्धा विद्या, म.प.स.*] वास्तुशास्त्र।

स्थापत्यम् (नपुं.) [*तिष्ठन्त्येषु पुरुषाः, घञर्थे कः (वा.) ३.३.५८ स्थानां गृहाणां पतयः, तन्निर्मातृत्वात्, स्थपतीनां भावः कर्म वा ष्यञ्*] मन्दिर, भवन आदिको नक्सा वा रूपरेखा तयार गर्ने वा बनाउने कला वा काम।

स्थापनम् (नपुं.) [*ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.दृढतापूर्वक बसाउनु/स्थिर गर्नु/स्थायी रूपमा राख्नु २.रोप्नु ३.सङ्घ, संस्था आदि खडा गर्नु ४.हेतु, दृष्यन्त आदिबाट कुनै प्रतिज्ञा वा विचार वा मान्यता सिद्ध गर्नु ५.पुंसवन (मेदिनी.) ६.समाधि (विश्व)।

स्थापना (स्त्री.) [*स्थापनम्, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, ण्यासश्रन्थो युच् ३.३.१०७ इति युच्, युवोरनाकौ ७.१.१ इत्यनः, टाप् ४.१.४*] १.दृढतापूर्वक बसाउनु/स्थिर गर्नु/स्थायी रूपमा राख्नु २.सङ्घ, संस्था आदि खडा गर्नु ३.कुनै प्रतिज्ञालाई हेतु, दृष्टान्त, उपनय तथा निगमद्वारा सिद्ध गर्नु। जस्तै— ध्वनि-सिद्धान्तको स्थापना ४.काव्य वा नाटकमा कथावस्तुको बीजारोपण।

स्थापनी (स्त्री.) [*स्थापयतीति, कृत्य ल्युटो बहुलम् ३.३.११३ इति ल्युट्, अनः, ङीप्*] गुधेरगानो। **स्थापनं रोपणे, पुंसि वने, पाठौषधौ स्त्रियाम्।** (मेदिनी.)

स्थापनीयः (पुं.वि.) [*स्थापयितुं योग्यः, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, तव्यत्तव्यानीयरः ३.१.१२४ इत्यनीयर्*] स्थापना गर्न लायक।

स्थाप्यः (पुं.वि.) [*स्थापयितुं योग्यः, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, अचो यत् ३.१.९७ इति यत्*] स्थापना गर्न लायक।

स्थापितः (पुं.वि.) [*स्थाप्यते स्म, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, निष्ठा ३.२.१०२ इति क्तः*] १.स्थापना गरिएको २.नयाँ मान्यता वा सिद्धान्त प्रतिपादन गरिएको ३.रोपिएको/जरो गाडिएको।

स्थापयिता (पुं.वि.) [*स्थापयतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, णिचि, पुकि, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.स्थापना वा खडा गर्ने/सभा, संस्था आदि खडा गर्ने/संस्थापक २.मूर्ति, गृह आदि स्थापना गर्ने।

स्थाम (नपुं.) [*तिष्ठत्यनेन, सर्वधातुभ्यो मनिन् (उ.) इति मनिन्*] पराक्रम/सामर्थ्य/ओज/तेज/पराक्रम।

प्राणः स्थाम बलं द्युम्नमोजः शुष्म तरः सहः।
प्रतापः पौरुषं तेजो विक्रमः स्यात् पराक्रमः॥ (हला.७२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थायित्वम् (नपुं.) [*स्थायिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.स्थायी हुनाको भाव/टिकाउपन २.दृढता; स्थिरता/ स्थायिता।

स्थायिपदम् (नपुं.) [*स्थायि च तद्, पदम्, कर्म.स.*] म्याद नतोकिएको तथा निश्चित तलबको दरबन्दी भएको पद।

स्थायिभावः (पुं.) [*स्थायी चासौ भावः, ष.त.*] नाटक अथवा काव्यको प्रारम्भदेखि अन्त्यसम्म रहिरहने प्रधान भाव। रसअनुसार स्थायिभाव नौ किसिमका हुन्छन्। शृङ्गारमा रति, भयानकमा भय, वीरमा उत्साह, रौद्रमा क्रोध, करुणमा शोक, बीभत्समा घृणा, अद्भुतमा विस्मय, हास्यमा हाँसो र शान्तमा निर्वेद अथवा शम। त्यस्तै भक्ति रसको स्थायिभाव ईश्वरविषयक अनुराग, वत्सल रसको स्थायिभाव वात्सल्य र मधुररसको स्थायिभाव माधुर्य हुन्। रस र भावको गहिरो सम्बन्ध छ ।

सञ्चारिणः प्रधानानि देवादिविषया रतिः।
उद्बुद्धमात्रः स्थायी च भाव इत्यभिधीयते॥
न भावहीनोऽस्ति रसो न भावो रसवर्जितः।
परस्परकृता सिद्धिरनयो रसभावयोः॥

स्थायिविनियोजनम् (नपुं.) [*स्थायि च तद् विनियोजनञ्च, कर्म.स.*] देशको विधान वा प्रचलित ऐन कानुनअनुसार कुनै बजेट खर्चको शीर्षकमा स्थायी रूपले गरिएको विनियोजन; यस्ता विनियोजन प्रत्येक साल स्वतः पारित हुन्छन् र विधानसभाको यिनमाथि कुनै नियन्त्रण रहँदैन।

स्थायिसमितिः (स्त्री.) [*स्थायिनी चासौ समितिश्च कर्म.स.*] स्थायीरूपले रहेर कुनै विशेष काम गर्नलाई गठन गरेको समिति।

स्थायिसेना (स्त्री.) [*स्थायिनी च सेना, कर्म.स.*] परेका बेलामा तुरुन्त लडाइँमा जानका लागि तयार रहेको सशस्त्र सेना।

स्थायी (पुं.वि.) [*तिष्ठति, तच्छीलः, ष्ठा गतिनिवृत्तौ इति धातोः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] चिरस्थायी/धेरै दिनसम्म टिक्ने/ दिगो/टिकुवा। **~करणम्** (नपुं.) [*अस्थायी स्थायी यथा सम्पद्यते तथा करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, दीर्घः*] म्यादीमा काम गरिरहेका कर्मचारीलाई स्थायी रूपमा नियुक्त गर्नु।

स्थायुकः (पुं.वि.) [*स्थातुं शीलमस्य, ष्ठा गतिनिवृत्तौ इति धातोः, लषपतपदस्थाभूवृवहनकमगमशृभ्यउकञ् ३.२.१५४ इति उकञ्, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] स्थिर/सधैं रहने।

स्थायुकः (पुं.) [*स्थातुं शीलमस्य, लषपतपदस्था ३.२.१५४ इत्युकञ्, आतो युक् चिण्कृतोः ७.३.३३ इति युक्*] जमिन्दार।

स्थालम् (नपुं.) [*तिष्ठन्त्यस्मिन् तत्, ष्ठा गति निवृत्तौ इति धातोः, स्थाचतिमृजेरालज्वालजालीयचः (उ.) १२१ इति सूत्रेण आलच्*] १.सुवर्ण, चाँदी, काँस आदि धतुले बनेको थाल/भात खाने भाँडो २.[*स्थलति अन्नादिकमत्र*] दाँतको फेदमा रहेको हड्डी। **स्थालानि दन्तमूलप्रदेशस्थानि अस्थीनि** (मिताक्षरा)।

स्थालिपुलाकः (पुं.) [*स्थालिस्थः पुलाकः भक्तगुलिका यत्र*] न्यायविशेष। ठूला भाँडामा पकाएको भातको एक सिता मिचेर सबै पाके-नपाकेको अनुमान गरेझैं एउटा कुराको प्रमाणाबट त्यस्तै अरू कुराहरू पनि निश्चय गर्ने सिद्धान्त। **स्थालिस्था तण्डुला एते सर्वे विक्लित्तिभागिनः। समकालाग्निसंयोगभागित्वात् प्रतिपन्नवत्॥** (मलमासतत्त्व)

स्थाली (स्त्री.) [*स्थलति, तिष्ठत्यन्नाद्यत्र आधारे घञ्, ततो ङीप्, यद्वा तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, स्थाचतिमृजेरालज्वालजालीयचः (उ.) १२१ इति सूत्रेण आलच्, गौरादिभ्यश्च इति ङीप्*] १.स्थाली २.कसौंडी ३.गुलाफ। **स्थालं भोजनभेदेऽपि स्थाली स्यात्पाटलोखयोः** (मेदिनी.)।

स्थावरः (पुं.वि.) [*स्थातुं शीलः, ष्ठा गतिनिवृत्तौ इति धातोः, स्थेशभासपिशकसो वरच् ३.२.१७५ इति वरच्*] सधैँ रहिरहने/ स्थायी/हिँडडुल नगर्ने/नचल्ने/अचल/स्थिर/गतिहीन। **~सम्पत्तिः** (स्त्री.) [*स्थावरा चासौ सम्पत्तिः, कर्म.स.*] अचल सम्पत्ति।

स्थावरः (पुं.) [*स्थातुं शीलः, ष्ठा गतिनिवृत्तौ इति धातोः, स्थेशभास-पिशकसो वरच् ३.२.१७५ इति वरच्*] १.पर्वत। (त्रिकाण्डशेष) २.चलेतर पदार्थ।

स्थाविरम् (नपुं.) [*स्थविरस्य भावः, कर्म वा, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इत्यण्*]सत्तरी वर्षभन्दा माथिको अवस्था।

आषोडशाद् भवेद् बालस्तरुणस्तत उच्यते।
वृद्धः स्यात् सप्ततेरूर्ध्वं वर्षीयान् नवतेः परम्॥ (स्मृति)

स्थासकः (पुं.) [*तिष्ठति, ष्ठा गतिनिवृत्तौ इति धातोः, बाहुलकात्सः, स्वार्थे कन् (ज्ञापि.) ५.४.५*] १.चन्दन घस्ने काम २.पानीका बुँदा। **स्थासकः पुंसि चार्चिक्ये जलादेरपि बुद्बुदे** (मेदिनी.)।

स्थास्नुः (पुं.वि.) [*स्थानशीलः, ष्ठा गतिनिवृत्तौ इति धातोः, ग्लाजिस्थश्च ग्स्नुः ३.२.१३९ इति ग्स्नुः*] १.स्थिर २.शाश्वत **अभिमानधनस्य गत्वरैरसुभिः स्थास्नु यशश्चिचीषतः। अचिरांशुविलासचञ्चला ननु लक्ष्मीफलमानुषङ्गिकम्** (किरा. २.१९) ३.स्थावर (श्रीधर, भाग.२.६.४०)।

स्थितः (पुं.वि.) [*तिष्ठति स्म, गत्यर्थाकर्मक ३.४.७२ इति क्तः*] १.रहेको/बसेको/टिकेको २.आफ्नो प्रतिज्ञामा रहेको ३.कुनै नियम, आदेश, निष्ठा आदिमा रहेको वा संलग्न।

स्थितप्रज्ञः (पुं.वि.) [*स्थिता प्रज्ञा यस्य सः, बहु.स.*] १.बुद्धि स्थिर भएको २.मनमा रहेका समस्त कामनालाई त्यागेर आत्मामा नै रम्ने, रमाउने व्यक्ति।

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान्।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञः स उच्यते॥ (भ.गी २.५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितम् (नपुं.) १.[*स्थीयतेऽस्मिन् इति, क्तोऽधिकरणे च ३.४.७६ इति क्तः*] बस्ने आसन। २.[*स्थीयते स्म, ष्ठा गतिनिवृत्तौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] रहको/बसेको। ३.[*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] १.बसाइ/रहने काम २.कुलमर्यादा

साध्वीनान्तु स्थितानान्तु शैल्ये सत्ये श्रुते स्थिते।
स्त्रीणां पवित्रं परमं पतिरेको विशिष्यते॥ (रामा.२.३९.२४)

स्थितिः (स्त्री.) [*स्थानम्, ष्ठा गति निवृत्तौ इति धातोः, स्था गापापचौ भवे ३.३.९५ इति क्तिन्*] १.मर्यादा। **संस्था तु मर्यादा धारणा स्थितिः** (अमर.) २.अवस्थान /रहने काम। **आस्था त्वासना स्थितिः** (अमर.) ३.सीमा (मेदिनी.) ४.नियम। **श्येनः कपोता-नत्तीति स्थितिरेषा सनातनी** (म.भा.३.१३०.२०)।**~बोधः** (पुं.) [*स्थितेर्बोधः, ष.त.*] घटना वा यथार्थ कुराको जानकारी **~विवरणम्** (नपुं.) [*स्थतेर्विवरणम्, ष.त.*] कुनै घटना, सङ्गठन आदिको अवस्थाको विवरण।

स्थितिज्ञः (पुं.वि.) [*स्थितिं जानातीति, इगुपधज्ञाप्रीकिरः कः ३.३.१३५ इति कः*] वस्तुस्थितिको ज्ञाता।

स्थिरः (पुं.वि.) [*तिष्ठतीति, स्था+किरच्*] एउटै स्थितिमा रहेको/एउटै अवस्थामा दृढ रहेको/अचल/निश्चल।

अभ्रच्छाया खलप्रीतिः परदारेषु सङ्गतिः।
पञ्चैते अस्थिरा भावा यौवनानि धनानि च॥
अस्थिरं जीवितं लोके अस्थिरं धनयौवनम्।
अस्थिरं पुत्रदाराद्यं धर्मः कीर्तिः यशः स्थिरम्॥
(ग.पु. ११५.२५,२६)

~चित्तः (पुं.वि.) १.[*स्थिरञ्चित्तं यस्य सः, बहु.स.*] आपनो विचारमा दृढ रहेको/मनमा उद्वेग, हडवडी आदि नभएको/स्थिरधी २.(पुं.वि.) [*स्थिरञ्च तत् चित्तञ्च, कर्म.स.*] न हडबडाउने चित्त **~ प्रेम** (नपुं.) [*स्थिरञ्च तत्प्रेम,कर्म.स.*] अचल प्रेम।**~मुद्रा** (स्त्री.) [*स्थिरा चासौ मुद्रा, कर्म.स.*] अन्तर्राष्ट्रिय बजारमा ऋय शक्तिमा स्थिरता भएको कुनै मुलुकको मुद्रा, जस्तै— पौन्ड, डलर आदि। **~दृष्टिः** (स्त्री.) १.[*स्थिरा चासौ दृष्टिः*] एकै ठाउँ वा लक्ष्यमा अटल रहने दृष्टि २.(पुं.वि.) [*स्थिरा दृष्टिर्यस्य सःबहु.स.*] अटल दृष्टि भएको। **~ बुद्धिः** (स्त्री.) १.[*स्थिरा चासौ बुद्धिश्च, कर्म.स.*] कुनै अवस्थामा पनि विचलित नहुने बुद्धि, प्रौढ बुद्धि २.(पु.वि.) [*स्थिरा बुद्धिर्यस्य सः, बहु.स.*] स्थिर बुद्धि भएको।

स्थिरः (पुं.) [*स्थाधातोः अजिरशिशिर (उ. इति किरच्*] १.देवता २.पर्वत ३.कार्तिकेय ४.वृक्ष (शब्दरत्नावली) ५.शनि ६.मोक्ष (मेदिनी.) ७.खयर ८.वृष,सिंह,वृश्चिक, कुम्भराशि।

स्थिरतरः (पुं.) [*अनयोरतिशयेन स्थिरः, तरप् ५.३.५७*] दुईमा स्थिर।

स्थिरतमः (पुं.वि.) [*अतिशयेन स्थिरः,अतिशायने तमबिष्ठनौ इति तमप्*] अतिशय स्थिर।

स्थिरता (स्त्री.) [*स्थिरस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्थिर हुनाको भाव वा मति/काम।

स्थिरप्रज्ञः (पुं.वि.) [*स्थिरा प्रज्ञा यस्य सः, बहु.स.*] स्थिर बुद्धि भएको।

स्थिरम् (नपुं.) [*गमनागमननिवृत्या तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, अजिरशिशिरशिथिलस्थिरस्फि-रस्थविरखदिराः (उ.) इति सूत्रेण किरच्, आलोपः*] निश्चल।

स्थिरायुः (स्त्री./पुं.) [*स्थिरमायुर्यस्याः, षष्टिवर्षसहस्राणि वने जीवति शाल्मलिः (वचनात्)*] सिमल।

स्थिरीकरणम् (नपुं.) [*अस्थिरं स्थिरं यथा सम्पद्यते तथा करणम्, च्विः, लोपः, अत ईत्वम्*] स्थिर तुल्यायनु।

स्थिरीकृतः (पुं.वि.) [*अस्थिरं स्थिरं यथा सम्पद्यते तथा कृतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] स्थिर गरिएको।

स्थुड (धा.) [*संवरणे, सक.सेट्, पर.*] ढाक्नु, बेर्नु। लट्— **स्थुडति—** ढाक्छ, बेर्छ इत्यादि।

स्वरागमः (पुं.) [*स्वरस्य आगमः, ष.त.*] १.कुनै शब्दमा स्वर वर्ण थपिनु २.[*स्वरस्य आगमो यत्र सः, बहु.स.*] सुबन्त वा तिङन्त पदको सुरु (अडागम–अभवत् आदि , आडागम–आतीत् आदि) पदको मध्य (इडागम–भविष्यति) पदको अन्त्य (इन् प्रत्यय छत्री, विद्यार्थी आदि) मा स्वर वर्ण थपिई शब्दको रूप वा ध्वनि परिवर्तन हुने प्रक्रिया।

स्वराघातः (पुं) [*स्वराणां स्वरेषु वा आघातः*] उच्चारण गर्दा स्वरमा पर्ने आघात।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वराज्यम् (नपुं.) [*स्वस्य राज्यम्, ष.त.*] विदेशी शक्तिका दबाबमा नपरी आफ्नै देशमा शिक्षित तथा जनप्रिय व्यक्तिद्वारा चलाइएको शासनप्रणाली/स्वाधीन राज्य।

स्वरितः (पुं.वि.) [*स्वरो जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् इति इतच्*] १.स्वरयुक्त शब्द निस्केको/ध्वनित २.(पुं.) उदात्त र अनुदात्तका बिचको स्वर/मध्यम स्वर।

स्वरुः (पुं.) [*स्वरतेः शब्दं तापञ्च जनयतीति, स्वृ शब्दोपतापयोः इति धातोः, शृस्वृस्निहित्रप्यसिवसिहनिक्लिदिबन्धिमनिभ्यश्च (उ.) १० इति उः, गुणः, रपरत्वम्*] १.बज्र २.स्तम्भ ३.बाण ४.बाटो। **स्वरुः पुमान् यूपखण्डे भिदुरेऽप्यध्वरे शरे** (विश्व.)।

स्वरूपम् (नपुं.) [*स्वं रूपम्*] १.स्वभाव २.आफ्नो रूप।

स एव धन्यो विपदि स्वरूपं यो न मुञ्चति।
त्यजत्यर्ककरैस्तप्तं हिमं देहं न शीतताम्॥ (सुभा.)

स्वरूपवान् (पुं.वि.) [*स्वरूपमस्यास्ति, तदस्यास्त्यस्मिन्निति मतुप् इति मतुप्, मस्य वः*] अतिशय राम्रो/अति सुन्दर/रूप भएको/मूर्तिमान्।

स्वरोदयः (पुं.) [*स्वरस्य उदयो यत्र सः, बहु.स.*] स्वर र श्वासद्वारा सबै किसिमका शुभ र अशुभ लक्षण वा फल थाहा पाउने विद्या वा ग्रन्थ।

स्वर्गः (पुं.) [*स्वरिति गीयते, आतश्चोपसर्गे इति कः, आतो लोपः ६.४.६४*] १.देवलोक/अमवरावती/इन्द्रपुरी २.अति सुखदायक ठाउँ/रमणीय स्थान। **~कामः** (पुं.) [*स्वर्गस्य कामः अभिलाषा यस्य सः, बहु..स.*] स्वर्गको चाहना राख्ने। **~गमनम्** (नपुं.) [*स्वर्गे गमनम्, स.त.*] स्वर्गमा जाने/मृत्यु। **~गामी** (पुंवि.) [*स्वर्गं गन्तुं शीलमस्य*] स्वर्ग जाने । **~वासः** (पुं.) [*स्वर्गे वासः, स.त.*] स्वर्गमा जानु/स्वर्गमा वास गर्नु/स्वर्गप्राप्ति/मर्नु। **~वासी** (पुं.वि.) [*स्वर्गे वसतीति, उपप.त., सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] स्वर्गमा बसेको/मरेको/मृत। **~स्थः** (पुं.वि.) [*स्वर्गे तिष्ठतीति, सुपि स्थः इति कः, आलोपः*] स्वर्गमा रहेको/ स्वर्गवासी/स्वर्गीय।

स्वर्गङ्गा (स्त्री.) [*स्वः स्वर्गस्य गङ्गा इव*] आकाशगङ्गा/नदी आकार भएर बनेको नक्षत्रहरूको समूह/स्वर्ग-गङ्गा।

स्वर्गारोहणम् (नपुं.) [*स्वर्गस्य आरोहणम्, ष.त.*] स्वर्ग जानु/मर्नु।

स्वर्गिणः (पुं.बहु.) [*स्वर्गोऽस्ति भोग्यत्वेन येषान्ते, अत इनिठनौ ५.२.११५ इति इनिः*] १.देवता २.(पुं.वि.) स्वर्ग गएका।

स्वर्गीयः (पुं.वि.) [*स्वर्गे भवः, गहादिभ्यश्च इति छः, छस्य इयः*] १.स्वर्गमा भएको २.मरेको।

स्वर्ग्यः (पुं.वि.) [*स्वर्गः प्रयोजनमस्य,स्वर्गादिभ्यो यद्वक्तव्यः इति यत्*] स्वर्ग गएका,मरेका।

स्वर्जिकाक्षारः (पुं.) [*स्वर्जिकारसजः क्षारः, शाकपार्थिवादिः (वा.) २.१.७८*] सज्जिखार।

स्वर्णकारः (पुं.) [*स्वर्णं करोति, कर्मण्यण् ३.२.१ इत्यण्*] सुनार।

स्वर्णकृत् (पुं.) [*स्वर्णं करोति, क्विप्, तुक्*] सुन बनाउने बाँडा।

स्वर्णक्षीरी (स्त्री.) [*स्वर्णमिव क्षीरमस्याः, षिद्गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] काँडे थाकल (अमर.२.४.१३८)।

स्वर्णदी (स्त्री.) [*स्वः स्वर्गस्य नदी। गिरिनद्यादीनामुपसङ्ख्यानम् (वा.) ८.४.३ इति वा णत्वम्, पक्षे स्वर्नदी*] आकाशगङ्गा । **स्वर्णदी सुरदीर्घिका** (अमर.१.१.४९)।

स्वर्णम् (नपुं.) *[सुष्ठु ऋणोति, ऋणु गतौ इति धातोः,नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.२.१३४ इत्यच्, यद्वा– अर्णनम्, भावे ३.३.१८ इति घञ्, शोभनोऽर्णो गतिरनेन, यद्वा सुष्ठु अर्णो वर्णो यस्य तत्, बहु.स.*] सुन । **~जयन्ती** (स्त्री.) [*स्वर्णा चासौ जयन्ती, कर्म.स.*] कुनै विशिष्ट व्यक्ति वा संस्थाको जनम भएको वा आरम्भ भएको पचास वर्ष पुगेपछि हुने उत्सव वा जयन्ती। **~दिवसः** (पुं.) [*स्वर्णश्चासौ दिवसश्च, कर्म.स.*] असल वा सुखको दिन/शुभ दिन/महत्त्वपूर्ण दिन। **~पुरी** (स्त्री.) [*स्वर्णस्य पुरी ष.त.*] लङ्का। **~मण्डितः** (पुं.वि.) [*स्वर्णेन मण्डितः, तृ.त.*] सुनै सुनले खचिएको वा बनाइएको/सुनको जलप चढाइएको। **~मुद्रा** (स्त्री.) [*स्वर्णस्य मुद्रा, ष.त.*] सुनको सिक्का, असर्फी, गिनी आदि। **~यातः** (पुं.वि.) [*स्वः स्वर्गं यातः*] मरेको। **~युगः** (पुं.) [*स्वर्णश्चासौ युगः, कर्म.स.*] १.सबै किसिमका सुख, समृद्धि र प्रसिद्धिले युक्त युग/आनन्दमय युग २.सुखको समय। **~स्तम्भः** (पुं.) [*स्वर्णस्य स्तम्भः, ष.त.*] सुनको थाम।

स्वर्णाचलः (पुं.) [*स्वर्णस्य अचलः, ष.त.*] सुमेरु पर्वत।

स्वर्णाभः (पुं.वि.) [*स्वर्णस्य आभा इव आभा यस्य सः, बहु.स.*] सुनको जस्तो रङ्ग वा चमक भएको/सुनौलो।

स्वर्णारिः (पुं.) [*स्वर्णस्य अरिः, ष.त.*] गन्धक।

स्वर्द (धा.) [*आस्वादने, सक.सेट्, आत्म.*] स्वाद लिनु, चाख्नु। लट्– **स्वर्दते**– स्वाद लिन्छ, चाख्छ इत्यादि।

स्वर्भानुः (पुं.) [*स्वराकाशे विपरीतलक्षणया भाति, दाभाभ्यां नुः (उ.) ३.३२ इति नुः,*] १.राहु /नैऋत्य दिशाको स्वामी (३७ अमर.१.३.३) २.पृथ्वीको छाया।

तुल्येऽपराधे स्वर्भानुर्भानुमन्तं चिरेण यत्।
हिमांशुमाशु ग्रसते तन्म्रदिम्नः स्फुटं फलम्॥ (शि.व.)

२.सत्यभामाबाट जन्मिएका कृष्णका दश छोरामध्ये एक।

स्वर्लोकः (पुं.) [*स्वरेव लोकः*] स्वर्ग लोक।

भूर्लोकः कथितः पद्भ्यां भूवर्लोकश्च नाभितः।
स्वर्लोकः कथितो मूर्द्धा इति वा लोककल्पना॥
(भाग.२.५.४२)

स्वर्वापी (स्त्री.) [*स्वः स्वर्गस्य वापीव, त.स.*] स्वर्गङ्गा।

स्वर्वधूः (स्त्री.) [*स्वः स्वर्गस्य वधूः, ष.त.*] १.अप्सरा २.स्वर्गीय महिला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्वेश्याः (स्त्री.बहु.) [*स्वः स्वर्गस्य वेश्याः*] स्वर्गका अप्सराहरू।

स्वर्वैद्यौ (पुं.) [*स्वः स्वर्गस्य वैद्यौ, ष.त.*] अश्विनीकुमार।

स्वलङ्कृतः (पुं.वि.) [*सु सम्यक्तया अलङ्कृतः*] राम्रो सिँगारिएको

स्वल्पः (पुं.वि.) [*अतिशयेन अल्पः प्रादिस.*] १.अलिकति/थोरै।

न स्वल्पस्य कृते भूरि नाशयेन्मतिमान्नरः।
एतदेव हि पाण्डित्यं न स्वल्पाद् भूरिनाशनम्॥ (सुभा.)

२.सानो,कमजोर,दीन, दुःखी।

उपकर्तुं यथा स्वल्पः समर्थो न तथा महान्।
प्रायः कूपस्तृषां हन्ति सततं न तु वारिधिः। (सुभा.)

स्वल्पदृक् (पुं.वि.) [*स्वल्पा दृग् यस्य सः, बहु.स.*] १.सानो आँखा भएको २.अदूरदर्शी [*स्वल्पा चासौ दृक् च, कर्म.स.*] १.सानो आँखो २.सानो दृष्टि।

स्वल्पाहारः (पुं.) १.[*स्वल्पश्चासौ आहारश्च, कर्म.स.*] थोरै खाना २.(पुं.वि.) [*स्वल्प आहारो यस्य सः, बहु.स.*] थोरै खाने।

स्वल्पाहारी (पुं.वि.) [*स्वल्प आहारोऽस्यास्तीति, इनिः*] आवश्यकता भन्दा कम खाना खाने।

ब्रह्मचारी गृहत्यागी श्वाननिद्रा तथैव च।
स्वल्पाहार्यल्पसन्तुष्ये विद्यार्थिपञ्चलक्षणम्॥ (सुभा.)

स्ववासिनी (स्त्री.) [*स्वेषु पित्रादिगृहेषु वसितुं शीलमस्याः, णिनिः, नान्तत्वान् ङीप्*] उमेर चढेर पनि बाबु आमाकै घरमा बसेकी महिला। **स्ववासिन्यां चिरण्टी स्याद् द्वितीयवयसि स्त्रियाम्** (रुद्र.)।

स्वविवेकः (पुं.) [*स्वस्य विवेकः, ष.त.*] १.आफ्नो बुद्धि वा विचारले देखेको कुरो २.कुनै विषयमा उचित र अनुचित निर्णय गर्ने आफ्नो शक्ति।

स्ववीर्यम् (नपुं.) [*स्वस्य वीर्यम्, ष.त*] आफ्नो पराक्रम। **स्ववीर्य गुप्ता हि मनोः प्रसूतिः** (रघु.)।

स्वशब्दवाच्यः (पुं.) [*स्वशब्देन वाच्यः, तृ.त.*] आफ्नै शब्दले भन्दा पर्ने दोष। जस्तै– शृङ्गारलाई शृङ्गार शब्दले बुझाउँदा त्यो दोष हुन्छ।

स्वशासनम् (नपुं.) [*स्वस्य शासनम्, ष.त.*] आफ्ना सबै कामहरूको व्यवस्था आफैले गर्नुपर्ने पूर्ण अधिकार।

स्वशासितः (पुं.वि.) [*स्वेन शासितः, तृ.त.*] आफूले नै शासन गरेको

स्वसञ्चालितः [*स्वयमेव सञ्चालितः*] १.आफै चलेको २.[*स्वेन सञ्चालितः, तृ.त.*] आफूबाट सञ्चालित।

स्वसा (स्त्री.) [*सुत्रि उपपदे, असु क्षेपणे इति धातोः, सुञ्यसेर्ऋन् (उ.) २६१ इति ऋन्, यणादेशः*] बहिनी। **भगिनी स्वसा** (अमर.३.६.२९)।

स्वसुखम् (नपुं.) [*स्वस्य सुखम्, ष.त.*] आफ्नो सुख।

स्वस्ति (अव्य.) [*सुपूर्वकाद् अस दीप्तौ इति धातोः, सावसेः (उ.) ६३० इति तिः*] १.कल्याण/मङ्गल २.आशीर्वाद दिने शब्द ३.दान स्वीकार गर्ने मन्त्र ४.ब्राह्मणले क्षेत्रीयलाई दिने आशीर्वाद। जस्तै– **स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु** (सुभा.)।

स्वस्तिकः (पुं.) [*स्वस्ति क्षेमं कायति कथयतीति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे ३.२.३ इति कः, आलोपः ६.४.६४*] स्तुतिपाठक/चारण।

स्वस्तिकम् (नपुं./पुं.) [*स्वस्ति क्षेमं कायति कथयतीति, कै शब्दे इति धातोः, आतोऽनुपसर्गे ३.२.३ इति कः, आलोपः ६.४.६४*] १.मङ्गलसूचक प्राचीन चिह्न २.मङ्गल द्रव्य ३.दरबार। **स्वस्तिको मङ्गलद्रव्ये चतुष्कगृहभेदयोः** (मेदिनी.) ४.शतावरी साग ५.जैनहरूको चौबिस चिह्नमध्येको एक।

वृषो गजोऽश्वः प्लवगः क्रौञ्चोऽब्जं स्वस्तिकः शशिः।
मकरः श्रीवत्सः खड्गी महिषः शूकरस्तथा॥
श्येनो वज्रं मृगश्छागो नद्यावर्तो घटोऽपि वा।
कूर्मो नीलोत्पलं शङ्खः फणी सिंहोऽर्हतां ध्वजाः॥

(हेम.) ६.सर्पको फणामा रहेको नीलो रेखा।

शिरोभिः पृथुकैर्नागा व्यक्तस्वस्तिकलक्षणैः।
वमन्तः पावकं घोरं ददंशुर्दशनैः शिलाः॥ (रामा.१.१.९५)

७.मङ्गल द्रव्य ८.योगको अङ्गभूत एक आसन।

स्वस्तिकारः (पुं.) [*स्वस्तिं करोति, कर्मण्यण्*] मङ्गलपाठक।

स्वस्तिमुखः (पुं.) [*स्वस्ति मुखे प्रथमे वदने वा यस्य सः, बहु.स.*] १.लेख। अघि अघि लेख, चिट्ठी आदि लेख्दा प्रारम्भमा स्वस्ति लेख्ने चलन थियो। २.ब्राह्मण ३.स्तुतिपाठक।

स्वस्तिवाचनम् (नपुं.) [*स्वस्ति कल्याणस्य ब्राह्मणद्वारा वाचनम्, ष.त.*] मङ्गलका लागि ब्राह्मणद्वारा **स्वस्ति न इन्द्रो** इत्यादि मन्त्र पाठ गराउने काम/स्वस्तिपाठ।

स्वस्थः (पुं.वि.) [*स्वे प्रकृतौ तिष्ठतीति, ष्ठा गतिनिवृत्तौ इति धातोः, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] कुनै किसिमको रोग नलागेको/तन्दुरुस्त।

यावत् स्वस्थमिदं देहं यावन्मृत्युश्च दूरतः।
तावदात्महितं कुर्यात् प्राणान्ते किं करिष्यसि॥ (सुभा.)

स्वस्रीयः (पुं.) [*स्वसुरपत्यं पुमान्, स्वसुश्छण् ४.१.१४३ इति छण्, छस्य ईयः,यण्*] भानिज।

स्वस्रीया (पुं.) [*स्वसुरपत्यं स्त्री, स्वसुश्छण् ४.१.१४३ इति छण्, छस्य ईयः,यण्, टाप्*] भान्जी ।

स्वस्रेयः (पुं.) [*स्वसुरपत्यं पुमान्, स्त्रीभ्यो ढक् इति ढक्, ढस्य एयः*] भानिज।

स्वहस्ताङ्कितः (पुं.वि.) [*स्वहस्तेन अङ्कितः, तृ.त.*] आफ्नो हातले लेखेको वा छाप लाएको/आफ्नो हातको छापले चिनो लाएको।

स्वाङ्गम् (नपुं.) [*स्वस्य अङ्गम्, ष.त.*] आफ्नो अङ्ग।

स्वाक्षरम् (नपुं.) [*स्वस्य अक्षरम्, ष.त.*] आफ्नै हातले लेखेको अक्षर/हस्ताक्षर/दस्तखत/सही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाक्षरितः (पुं.वि.) [*स्वेन अक्षरितः, तृ.त.*] हस्ताक्षर गरिएको/सही वा दस्तखत गरिएको।

स्वागतम् (नपुं.) [*सुखेन आगतम्, सु–आङ्पूर्वकात् गम्लृ गतौ इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः*] अतिथि वा मान्यजन आउँदा गरिने शिष्टाचार/अभिनन्दन वा मानमर्यादा।

स्वागतन्ते सुरर्षेऽद्य दिष्ट्या नो दर्शनं गतः।

तव चङ्क्रमणं ब्रह्मन्नभयाय यथा रवेः॥ (भाग.४.३१.५), **~समितिः** (स्त्री.) [*स्वागताय समिति, च.त.*] प्रतिनिधिहरू वा दर्शकहरूलाई आफ्ना आफ्ना आसनमा राख्न लगाउने, खुवाउने, पियाउने आदिको प्रबन्ध गर्ने समिति/स्वागतसमिति।

स्वागता (स्त्री.) समपाद वार्णिक वृत्तको एक भेद। जुन श्लोकको प्रत्येक पाउमा रगण, नगण, भगण र दुई गुरुवर्ण– (ऽ।ऽ, ।।।, ऽ।।, ऽऽ) आउँछन् भने त्यो स्वागता छन्द हुन्छ।

स्वागतेति रनभाद् गुरुयुग्मम् (छन्दो.)।

स्वाच्छन्द्यम् (नपुं.) [स्वच्छन्दस्य भावः] *गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] स्वच्छन्दता/स्वतन्त्रता।

ज्ञातिभ्यो द्रविणं दत्वा कन्यायै चैव शक्तितः।

कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते॥ (मनु.)

स्वातन्त्र्यम् (नपुं.) [*स्वतन्त्रस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] अर्काको अधीनमा नरही सबै काम आफैँ गर्न पाउने हक/स्वतन्त्रता/स्वाधीनता।

स्वातिः (पुं.) [*शोभनम् अतति, अत सातत्यगमने इति धातोः अज्यतिभ्याञ्च (उ.) इति इण्*] १.पन्ध्रौँ नक्षत्र। यसको ध्रुवांश क्रान्तिवृत्तमा मेषको विन्दुबाट हुने दूरी १९३ कला छ। यसको एउटै तारा छ। आकार मुगाको जस्तो छ। यसको छुट्टै योग तारा छैन। (सिद्धान्त दर्पण)। यसको सीमा २०० अंश ० कला निर्धारित छ भने यो नक्षत्र १८४ अंश २२ कलामा अवस्थित छ। ९ जून राति ९ बजे यसलाई याम्योत्तरवृत्तमा सजिलैसित देख्न सकिन्छ। यो प्रथमश्रेणीको तारा हो। सूर्यभन्दा यसको तेजिलोपना ८३ गुना बढी छ। क्रान्तिवृत्तबाट यसको दूरी ३३ अंश ० कला उत्तर छ। (चित्र साभार इन्टरनेट) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पाद व्यवस्थाअनुसार रु, रे, रो, ताबाट प्रारम्भ हुन्छ। यो तुला राशिमा पर्छ।यसका देवता पवन अर्थात् वायु हुन् (मु.चि.)। यसको दूरी यहाँबाट करिब ३८ प्रकाश वर्ष छ। (ब्र.ज्यौ.र.) २.(स्त्री.) सूर्यकी एक पत्नी ३.(पुं.वि.) [*स्वात्यां जातः, सन्धिबेलाद्यृतु क्षत्रेभ्योऽण्, इति अण्, श्रविष्ठाफल्गुन्यनुराधास्वातितिष्य. इति अणो लुक्*] स्वाति नक्षत्रमा पैदा भएको।



(स्वातिः)

स्वाद (धा.) [*आस्वादने, सक.सेट् आत्म.*] स्वाद लिनु। लट्– **स्वादते–** स्वाद लिन्छ। लिट्– **सस्वादे–** स्वाद लिएछ इत्यादि।

स्वादः (पुं.) [*स्वादनम्, स्वाद आस्वादने इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.कुनै वस्तु खाँदा वा पिउँदा जिभ्रामा हुने अनुभव/मिठो, नमिठो, तितो, पिरो आदिको अनुभव २.प्रेम गर्ने काम ३.काव्य पढ्दा वा नाटक, फुटबल आदि हेर्दा आउने आनन्द। **कविः करोति काव्यानि स्वादं जानन्ति पण्डिताः। सुन्दर्या अपि लावण्यं पतिर्जानाति नो पिता॥** (सुभा.)

स्वादनम् (नपुं.) [*स्वादधातोर्भावे ल्युट्*] स्वाद लिने काम।

स्वादितः (पुं.वि.) [*स्वादः सञ्जातोऽस्य, तारकादित्वाद् इतच्*] १.स्वादिलो भएको २.[*स्वाद्यते स्म, स्वाद आस्वादने इति धातोः कर्मणि क्तः*] स्वाद लिइएको।

स्वादिमा (पुं.) [*स्वादोर्भावः, पृथ्वादिभ्य इमनिज् वा ५.१.१२२ इति इमनिच्*] स्वाद/स्वादिलोपना।

स्वादिष्ठः (पुं.वि.) [*अयमेषामतिशयेन स्वादुः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्*] ज्यादै स्वादिलो।

स्वादीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन स्वादुः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, स्त्रियां स्वादीयसी*] दुईमध्ये बढी स्वादिलो।

कान् पृच्छामः सुराः स्वर्गे निवसामो वयं भुवि।

किं वा काव्यरसः स्वादुः किंवा स्वादीयसी सुधा॥ (सुभा.)

स्वादुः (पुं.वि.) [*स्वद्यते भोक्तुमभीप्स्यते तत् कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् उ १.१ इत्युण्, वृद्धिः*] १.स्वादिलो/मिठो २.मन परेको/अभीष्ट। **इष्टमधुरौ स्वादू** (अमर.३.३.९४)

स्वादुः (स्त्री.) [*प्राग्वत्, पक्षे वोतो गुणवचनात् इति ङीष्*] दाख।

स्वादुः (पुं.) [*स्वद आस्वादने इति धातोः उण्*] १.मिठो रस २.सक्खर ३.औषधिविशेष।

स्वादुकण्टकः (पुं.) [*कष्टकोऽस्यास्ति, अर्शाद्यच्, स्वादुश्चासौ कण्टकश्च*] १.काँगियो वृक्ष। **अथ स्यात् स्वादुकण्टकः। विकङ्कतः स्रुवावृक्षो ग्रन्थिलो व्याघ्रपादपि॥** (अमर.२.४.३७) २.गाईखुरे। **श्वदंष्ट्रा स्वादुकण्टक** (अमर.२.४.९८)।

स्वादुमूलम् (नपुं.) [*स्वादुः मूलं यस्य तत्, कर्म.स.*] गाजर (राजनिघण्ट)।

स्वादुरसा (स्त्री.) [*स्वादुः रसो यस्याः सा बहु.स.*] १.आँपको फल २.मदिरा। **कादम्बरी स्वादुरसा च शुण्डा**। (हला.) ३.कुरिलो ४.दाख।

स्वाद्वी (स्त्री.) [*स्वद्यते इति, स्वद आस्वादने इति धातोः, कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उ.) १.१ इत्युण्, वृद्धिः, वोतो गुणवचनाद् ४.१.४४ इति ङीष्*] १.दाख २.स्वादिलो वस्तु।

स्वाधिकारः (पुं.) [*स्वस्य अधिकारः, ष.त.*] आफ्नो अधिकार।

स्वाधिष्ठानम् (नपुं.) [*स्वं लिङ्गमधिष्ठानमस्य*] योगमा वर्णित ६ चक्रमध्ये दोस्रो चक्र। यसमा ६ पत्र भएको कमलमा रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिजुली वा आगोजस्तै तेजिला व, भ, म, य, र, लवर्णले युक्त ब्रह्मको ध्यान गरिन्छ।

षड्दले वैद्युतनिभे स्वाधिष्ठानेऽनलत्विषि।
वभमैर्यरलैर्युक्ते वर्णैः षड्भिश्च सुव्रत॥ (तन्त्रसार)

स्वाधीनः (पुं.वि.) [*स्वस्य अधीनः, ष.त.*] १.आफ्नो अधीनमा रहेको।

स्वाधीना दयिता सुतावधि सुतोऽसौ षोडशाब्दावधि
स्यात् कन्या करपीडनावधि सुतस्त्रीतद्वशत्वावधि।
जामाता बहुलार्पितावधि सखा साधुप्रलापावधि
शिष्यो गुह्यनिरूपणावधि परे चैते धनत्वावधि॥ (सुभा.)

२.स्वच्छन्द/स्वतन्त्र/पराधीन नभएको। **~ता** (स्त्री.) [*स्वाधीनस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्वतन्त्रता/स्वच्छन्दता।

आरोग्यं विद्वत्ता सज्जनमैत्री महाकुले जन्म।
स्वाधीनता च पुंसां महदैश्वर्यं विनाप्यर्थैः॥ (सुभा.)

स्वाधीननायिका (स्त्री.) [*स्वाधीना चासौ नायिका च,कर्म.स.*] पतिलाई आफ्ना अधीनमा राख्ने नायिका/स्वाधीनभर्तृका।

स्वाधीनभर्तृका (पुं.) [*स्वाधीनो भर्ता यस्याः सा, बहु.स.*] नायकलाई आफ्नो अधीनमा राख्ने नायिका।

कान्तो रतिगुणाकृष्टो न जहाति यदन्तिकम्।
विचित्रविभ्रमासक्ता सा स्याद् स्वाधीनभर्तृका॥
(सा.द.२.११३)

स्वाध्यायः (पुं.) [*सु अतीव आवृत्त्या अध्ययनम्, इङश्च ३.३.२१ इति घञ्, स्वार्थमध्ययनं वा*] १.नियमपूर्वक गरिने वेद, शास्त्र आदिको अध्ययन/कुनै विषयको नियमपूर्वकको अध्ययन २.जप।

सर्वान् परित्यजेदर्थान् स्वाध्यायस्य विरोधिनः। (सुभा.)
स्वाध्यायो जप इत्युक्तो वेदाध्ययनकर्मणि।
(शब्दरत्नावली)

स्वाध्यायवान् (पुं.वि.) [*स्वाध्यायोऽस्यास्तीति, मतुप्, मस्य वः*] १.वेदपाठक २.वेद,वेदाङ्ग आदिको नियमपूर्वक अध्येता ३.जपकर्ता।

स्वाध्यायी (पुं.) [*स्वाध्यायोऽस्यास्तीति, अत इनिठनौ इति इनिः*] १.स्वध्यायवान्/नियम पूर्वक वेद, वेदाङ्गको पाठ गर्ने व्यक्ति २.जप गर्ने व्यक्ति ३.सहरको बनियाँ (त्रिकाण्डशेष)।

स्वानः (पुं.) [*स्वननम्, स्वन शब्दे इति धातोः, स्वनहसोर्वा, ३.३.६२ इति विकल्पाद् घञ्*] शब्द/आवाज।

स्वान्तम् (नपुं.) [*स्वन धातोः, क्षुब्धस्वान्तध्वान्तलग्नम्लिष्ट-विरिब्धफाण्टबाढानि मन्थमनस्तमसक्ताऽविस्पष्टस्वराना-यासभृशेषु ७.२.१८ इति मनस्यर्थे स्वान्तपदनिपातः*] १.मन/हृदय/चित्त २.[*स्वस्य अन्तः, ष.त.*] शरीरको भित्री भाग ३.गुफा।

स्वान्तं चेतसि गह्वरे (मेदिनी.)।

स्वापः (पुं.) [*स्वपनम्, ञिष्वप् शये इति धातोः, भावे ३.३.१८ इति घञ्*] १.निद्रा/सपना/स्वप्न २.अज्ञान ३.छोएको थाहा नपाउनु ४.[*सुप्यते अत्र, अधिकरणे घञ्*] जुम्सोपना, ढिलासुस्ती

स्वापः शयननिद्रयोः। स्पर्शाज्ञतायामज्ञाने (मेदिनी.१०२.१२)।

स्वापतेयम् (नपुं.) [*स्वपतौ धनस्वामिनि साधुः, पथ्यतिथिवसति स्वपतेर्ढञ् ४.४.१०४ इति ढञ्, ढस्य एयः*] धन।

द्रव्यं वित्तं स्वापतेयं रिक्थमृक्थं धनं वसु (अमर.२.९.९०)।
स्वापतेयकृते मर्त्याः किं किं नाम न कुर्वते (प.त.२.१५६)।

स्वापनम् (नपुं.) १.[*स्वाप्यतेऽनेन, णिचि, करणाधिकरणयोश्च च ३.३.११७ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] शत्रुहरूलाई निद्रा लगाउने एक प्राचीन अस्त्र/मोहनास्त्र/निद्रा लगाउने औषधि २.[*ल्युट् च ३.३.११५ इति ल्युट्, अनः*] सुताउने काम।

स्वाभाविकः (पुं.वि.) [*स्वभावे भवः, ठक्*] १.स्वभावबाट उत्पन्न/स्वभावसम्बन्धी/स्वतः सिद्ध/प्राकृतिक/नैसर्गिक।

स्वभाविकं तु यन्मित्रं भाग्येनैवोपजायते।
तदकृत्रिम सौहार्दमापत्स्वपि न मुञ्चति॥ (सुभा.)

२.(पुं.) [*स्वभावेन जातः*] सबै वस्तु प्रकृतिको नियमअनुसार बन्दछन् भन्ने बौद्धको सिद्धान्त। **~ता** (स्त्री.) [*स्वाभाविकस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्वभावतः हुने काम/ नैसर्गिकता/प्राकृतिकता।

स्वाभिमानः (पुं.) [*स्वस्य अभिमानः, ष.त.*] आफ्नो प्रतिष्ठा वा गौरवको घमण्ड/आत्माभिमान।

स्वाभिमानी (पुं.वि.) [*स्वाभिमानोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः*] आफ्नो प्रतिष्ठा वा गौरवको अभिमान गर्ने।

स्वामिकार्तिकेयः (पुं.) [*स्वामी चासौ कार्तिकेयश्च, कर्म.स.*] शिवका एक पुत्र/कुमार/कार्तिकेय।

स्वामिकार्यम् (नपुं.) [*स्वामिनः कार्यम्, ष.त.*] स्वामीको काम/हाकिमको काम।

स्वामित्वम् (नपुं.) [*स्वामिनो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति त्वः*] १.स्वामी हुनाको भाव/प्रभुत्व/अधिकार/हक/स्वामिता २.कुनै ग्रन्थका लेखक वा वस्तुका आविष्कारक वा भूमिको मालिकलाई तिनको रचना, आविष्कार वा स्वामित्वबाट हुने लाभको रूपमा पाउने पूर्ण आयको निश्चित अंश/लाभांश।

स्वामी (पुं.वि.) [*स्वमस्यास्तीति, स्वामिन्नैश्वर्ये ५.२.१२६ इति आमिन्प्रत्ययः*] १.मालिक/प्रभु।

कृतार्थः स्वामिनं द्वेष्टि कृतदारस्तु मातरम्।
जातापत्या पतिं द्वेष्टि गतरोगश्चिकित्सकम्॥ (सुभा.)

२.विशाखा नक्षत्र। **स्वामी प्रभुविशाखयोः** (विश्व.)। ३.राजा ४.शिव ५.विष्णु ६.गुरु ७.पति ८.गरुड ९.परमहंस/संन्यासी १०.वात्स्यायन मुनि ११.अतीत कल्पका एक जैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वायत्तः (पुं.वि.) [*स्वस्मिन् स्वस्य वा आयत्तः स.त./ष.त.*] आफ्नो आधकार आफैँमा रहेको। **~शासनम्** (नपुं.) [*स्वायत्तञ्च तद् शासनञ्च, कर्म.स.*] आफ्नो देशको शासन गर्ने अधिकार आफैँलाई हुनु/स्थानीय शासन/आफ्नो शासन आफैँ गर्ने अधिकार।

स्वायत्तता (स्त्री.) [*स्वायत्तस्य भावः, तस्य भावस्त्वतलौ इति टप्*] स्वाधीनता।

स्वायत्तम् (नपुं.) १.[*स्वस्य आयत्तम्, ष.त.*] स्वाधीनता/आफ्नो अधीनमा रहनु/आफ्नै अधिकारमा हुनु।

स्वायम्भुवः (पुं.) [*स्वयम्भुवोऽपत्यम्*] प्रथम मनु।

स्वारस्यम् (नपुं.) [*स्वरसस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.उत्तम स्वाद/मधुर रस २.कुनै कुराबाट प्राप्त हुने सुख ३.लालित्य ४.योग्यता।

स्वाराट् (पुं.) [*स्वः स्वर्गे राजते, स्वेषु देवेषु, स्वेन धनेन वा, आ राजते वा, सत्सू ३.२.६१ इति क्विप्, रो रि ८.३.१४ इति लोपे, ढ्रलोपे पूर्वस्य दीर्घोऽणः ६.३.१११ इति दीर्घः, जान्तः*] इन्द्र। **स्वाराण्मुचिसूदनः** (अमर.१.१.४३)।

स्वारोचिषः (पुं.) [*स्वरोचिषोऽपत्यं पुमान्*] दोस्रा मनु।

स्वार्जनम् (नपुं.) [*स्वस्य आर्जनम्, ष.त.*] आफ्नै कमाइ।

स्वार्जितः (पुंवि.) [*स्वेन अर्जितः, तृ.त.*] आफैँले आर्जन गरेको।

स्वार्थः (पुं.) [*स्वस्य अर्थः, ष.त.*] आफ्नो मतलब/आफ्नो उद्देश्य/आफ्नो लाभ/निजी भलाइ। **~त्यागः** (पुं.) [*स्वार्थस्य त्यागः, ष.त.*] कुनै असल वा सार्वजनिक हितका लागि आफ्नो हित वा लाभ छोड्ने काम/स्वार्थ छोड्ने काम। **~त्यागी** (पुं.वि.) [*स्वार्थं त्यजतीति, तच्छीलः, सुप्यजातौ णिनिस्ता च्छील्ये ३.२.७८ इति णिनिः*] स्वार्थत्याग गर्ने/कुनै असल वा सार्वजनिक हितका लागि आफ्ना हित वा लाभ छोड्ने काम/स्वार्थ छोड्ने। **~परायणः** (पुं.वि.) [*स्वार्थे परायणः, स.त.*] स्वार्थ वा आफ्नो हितको मात्र ख्याल गर्ने/स्वार्थी/मतलबी। **~परायणता** (स्त्री.) [*स्वार्थपरायणस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्वार्थमा लाग्ने काम। **~ रतः** (पुं.वि.) [*स्वार्थे रतः स.त.*] स्वार्थ पूर्तिको कार्यमा लागेको **~साधना** (स्त्री.) [*स्वार्थस्य साधना, ष.त.*] **~सिद्धिः** (स्त्री.) [*स्वार्थस्य सिद्धिः, ष.त.*] आफ्नो स्वार्थ वा मतलब हासिल गर्ने काम।

स्वार्थान्धः (पुं.वि.) [*स्वार्थेन अन्धः, तृ.त.*] स्वार्थसाधनको लागि अर्काको हित–अहितको विचार नगर्ने/स्वार्थको भावनाले गर्दा विवेक तथा वृद्धि नष्ट भएको। **~ता** (स्त्री.) [*स्वार्थान्धस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप् ४.१.४*] स्वार्थले विवेक नष्ट हुनु/स्वार्थान्धत्व।

स्वावलम्बनम् (नपुं.) [*स्वस्मिन्, अवलम्बनम्*] आत्मनिर्भरता।

स्वावलम्बी (नपुं.) [*स्वस्मिन् अवलम्बितुं शीलमस्य, णिनिः*] आत्मनिर्भर।

स्वास्थ्यम् (नपुं.) [*स्वस्थस्य भावः, गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५.१.१२४ इति ष्यञ्*] १.नीरोग वा स्वस्थ भएको अवस्था/आरोग्य/आराम २.सन्तोष। **चेतः स्वास्थ्यमुपैहि कः खलु युवा धन्योऽधरं धास्यति** (सा.द.) **~करः** (पुं.वि.) [*स्वास्थ्यस्य करः, ष.त.*] स्वास्थ्यलाई हित गर्ने/आरोग्यवर्द्धक /आरोग्यजनक/स्वास्थ्यप्रद। **~केन्द्रम्** (नपुं.) [*स्वास्थ्यप्रदं केन्द्रम्, म.प.स.*] रोगको उपचार गर्ने स्थान, अस्पताल, स्वास्थ्यकेन्द्र **~परीक्षा** (स्त्री.) [*स्वास्थ्यस्य परीक्षा, ष.त.*] स्वास्थ्यको जाँच। **~मन्त्रालयः** (पुं.) [*स्वास्थ्यस्य मन्त्रालयः, ष.त.*] राष्ट्रका जनताको स्वास्थ्यसम्बन्धी कुराका नीति निर्धार, योजना र कार्यान्वयन गर्ने राष्ट्रको सर्वोच्च अड्डा वा कार्यालय। **~विज्ञानम्** (नपुं.) [*स्वास्थ्यस्य विज्ञानम्, ष.त.*] स्वास्थ्य रक्षाका नियम, सिद्धान्त, उपाय आदिको विवेचना गरिएको शास्त्र। **~शिक्षा** (स्त्री.) [*स्वास्थ्यस्य शिक्षा, ष.त.*] स्वस्थ रहन गर्नुपर्ने आचरणको शिक्षा। **~सेविका** (स्त्री) [*स्वास्थ्यस्य सेविका, ष.त.*] स्वास्थ्यको हेरचाह गर्ने महिला/नर्स।

स्वाहा (अव्य.) [*सुष्ठु आहूयन्ते देवा अनेन*] देवतालाई हवि दिने वचन।

स्वाहा (स्त्री.) [*सुष्ठु आहूयन्ते देवा अनया, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, यद्वा स्वादतेऽनेन, स्वाद आस्वादने इति धातोः, आ प्रत्ययः, पृषोदरादित्वात् ६.३.१०९ दस्य हः, टाप् ४.१.१*] १.अग्निकी पत्नी र दक्षकी छोरी, २.बृहस्पतिकी छोरी, यिनी ज्यादै रिसाही र सम्पूर्ण भूतहरूमा बसोबास गर्छिन्, यिनको छोरो काम नामको अग्नि हो, ३.आभ्युदयिक श्राद्धमा पितृलाई तृप्त पार्न र दैविक (देवतासम्बन्धी) कर्म अर्थात् देवताको पूजा गर्दा वा देवताको उद्देश्यले अग्निमा होम गर्दा प्रयोग गरिने वैदिक, तान्त्रिक वा पौराणिक मन्त्रको पुच्छबीज। यो बीज– वशीकरण, आकर्षण, सन्तापकरण र त्याग वा तृप्तीकरणसम्बन्धी होम गर्दा प्रयोग गरिएको हुन्छ। तर एउटै मन्त्रमा दुई वटा 'स्वाहा' लगाउनु हुँदैन।

दैवे श्राद्धे भवेत्स्वाहा पैत्र्ये श्राद्धे स्वधोच्यते इति।
वश्याकर्षणसन्तापे होमे स्वाहां प्रयोजयेत्।
स्वाहान्तेऽपि तथा मन्त्रे न दद्याद्वह्निवल्लभाम्॥ (तन्त्र)

स्वाहा देवहविर्दाने (अमर.) **~कारः** (पुं.) स्वाहा शब्दको उच्चारण। **~कृत्** (पुं.)यज्ञ गर्ने। **~वल्लभः** (पुं.)अग्नि/आगो। **~भुक्** (पुं.) देवता।

स्वित् (अव्य.) [*सुष्ठु एति, अयति वा, इण् गतौ, इ गतौ इति धातोर्वा क्विप् च ३.२.७६ इति क्विप्*] प्रश्न, सन्देह, आश्चर्य, र कहिलेकाहीं वा, एवम्, अथवा, के भन्ने अर्थ बुझाउँदा र पाउपूर्तिका लागि प्रयोग गरिने अव्यय। **स्वित् प्रश्ने च वितर्के च तथैव पादपूरणे** (मेदिनी.)। **किं ब्राह्मणा वै श्रेयांसो दितिजाः स्विद् विरोचन।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(म.भा.५.३५.८) **अद्रेः शृङ्गं हरति पवनः किं स्विदित्युन्मुखीभिः** (मे.दू.)।

स्विन्नः (पुं.वि.) [*स्विद्यते स्म, ष्विदा गात्रक्षरणे इति धातोः गत्यर्थाकर्मक इति क्तः,तदयोर्नः*] १.पसिनै पसिना भएको/पसिनाले भिजेको, २.उसिनिएको/बाफिएको ३.[*ष्विद धातोः कर्मणि क्तः, आदितश्च इति इण्निषेधः*] १.चिल्ल्याइएको २.त्यागिएको।

स्विष्टकृत् (पुं.) १.प्रत्येक गृह्यकर्ममा उत्तराभिमुख धारा बनाएर घिउ हालिने कर्म। यो धारा बगाउँदा इच्छा गरेको कुरा सिद्ध हुन्छ। त्यस्तो बेलाको अग्निलाई बृहस्पतिको छैटौँ छोरो भनिन्छ, २.विश्वपति नामका अग्नि ३.(स्त्री.) हिरण्यकशिपुकी एक छोरी रोहिणी। यिनैको प्रभावले हविष्यको राम्रोसँग आहुतिक्रिया सम्पन्न हुन्छ, त्यसैले यिनको नाम 'स्विष्टकृत्' रहेको हो, ४.स्विष्टकृत् देवताको होम। घिउ बाहेकका होमका वस्तुहरू भएमा स्विष्टकृत् होम महाव्याहृति आदि होमभन्दा पहिले नै गर्नुपर्छ।

उदग्द्वारं हविर्यस्य गृहे नित्यं प्रदीयते।
ततः स्विष्टं भवेदाज्यं स्विष्टकृत् परमः स्मृतः॥
सोऽग्निर्विश्वपतिर्नाम द्वितीयो वै मनोः सुतः।
ततः स्विष्टं भवेदाज्यं स्विष्टकृत्परमस्तु सः॥
कन्या सा रोहिणी नाम हिरण्यकशिपोः सुता।
कर्मणासौ बभौ भार्या सवह्निः सप्रजापतिः॥
(म.भा.व.प.२२१.१७.१८)

स्विष्टकृच्छब्देन स्विष्टकृद्दैवत्यो होम उच्यते।
यत्राज्यातिरिक्तं हविरस्ति तत्र महाव्याहृतिहोमात्पूर्वमनुष्ठेयः॥
(सं.दी.प्र.भा.)

स्वीकरणम् (नपुं.) [*अस्वः स्वो यथा सम्पद्यते तथा करणम्*] स्वीकार गर्नु।

स्वीकरणीयः (पुं.वि.) [*अस्वः स्वो यथा सम्पद्यते तथा करणीयः*] स्वीकार गर्नु पर्ने।

स्वीकर्तव्यः (पुं.वि.) [*अस्वः स्वो यथा सम्पद्यते तथा कर्तुमर्हः, तव्यत्*] स्वीकार गर्नै पर्ने।

स्वीकारः (पुं.) [*अस्वः स्वो यथा सम्पद्यते तथा कारः करणम्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] मन्जुरी/ग्रहण गर्ने काम/मात्रे काम/स्वीकरण/ठिक हो भनी आफ्नो तर्फबाट स्वीकृति दिने काम।

स्वीकारात्मकः (पुं.वि.) [*स्वीकार आत्मा यस्य सः, बहु.स.*] स्वीकृति वा मन्जुरी अपनाउने अथवा जनाउने।

स्वीकार्यः (पुं.वि.) [*स्वीकर्तुं योग्यः, ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] स्वीकार गर्न योग्य।

स्वीकृतः (पुं.वि.) [*डुकृञ् करणे इति धातोः, निष्ठा ३.२.१०२ इति क्तः, अस्वं स्वं कृतः, कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] मन्जुर गरिएको/स्वीकार गरिएको।

स्वीकृतिः (स्त्री.) [*डुकृञ् करणे इति धातोः, स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन् कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ५.४.५० इति च्विः, अस्य च्वौ ७.४.३२ इति ईत्वम्*] स्वीकार गर्ने क्रिया/मन्जुरी अपनाउने काम/सकार्ने काम। **~पत्रम्** (नपुं.) [*स्वीकृतेः पत्रम्, ष.त.*] स्वीकार गरेको जनाउने पत्र।

स्वीयः (पुं.वि.) [*स्वस्य अयम्, स्वस्य च इति छः, छस्य ईयः, पक्षे कुगभावः*] आफ्नो/निजी/स्वकीय।

स्वीया (पुं.) [*स्वस्य इयम्, स्वस्य च इति छः, छस्य ईयः, टाप् ४.१.१*] १.आफ्नी/विवाहित स्त्री २.एक किसिमकी नायिका/ सरल प्रकृतिकी, विनययुक्त, गार्हस्थ्य चलाउने, पतिव्रता नायिका। हे. नायिकाभेदः।

स्वॄ (धा.) [*शब्दोपतापयोः, भ्वा. अक.वेट्, पर.*] शब्द गर्नु, रोगी हुनु, सताउनु। लट्– **स्वरति–** शब्द गर्छ, रोगी हुन्छ, सताउँछ इत्यादि।

स्वेच्छया (पुं.) [*स्वस्य इच्छा, ष.त., तया*] आफ्नै इच्छाले/राजीखुसीले।

स्वेच्छा (स्त्री.) [*स्वस्य इच्छा, ष.त.*] आफ्नो इच्छा/निजी अभिलाषा। **~कृतः** (पुं.वि.) [*स्वेच्छया कृतः, तृ.त.*] बाहिरका दबाबमा नपरिकन स्वेच्छापूर्वक गरेको/आफ्नै खुसीले गरेको।

स्वेच्छाचारः (पुं.) [*स्वेच्छया कृतः आचारः, म.प.स.*] मन लागेको आचरण/मनमानी व्यवहार।

स्वेच्छाचारी (पुं.वि.) [*स्वेच्छाचारोऽस्यास्तीति, अत इनिठनौ ५.२.११५ इतीनिः, स्वेच्छया आचरति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] मन लागेको आचरण गर्ने/आफूखुसी व्यवहार गर्ने/मनपरी गर्ने।

नराणां नापितो धूर्तः पक्षिणाञ्चैव वायसः।
चतुष्पदां शृगालस्तु स्वेच्छाचारी तपस्विनाम्॥ (सुभा.)

स्वेच्छानुवर्ती (पुं.वि.) [*स्वेच्छया अनुवर्तते इति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] इच्छाअनुसार काम गर्ने।

स्वेदः (पुं.) [*स्विद्यतेऽनेनाङ्गम्, ञिष्विदा स्नेहनमोहनयोः इति धातोः हलश्च इति घञ्*] १.पसिना २.बाफ ३.एक सात्त्विक अनुभाव ४.[*स्वेदनम्,भावे घञ्*] बफ्याएर पकाउने काम। **स्वेदो घर्मे स्वेदने च** (हैम.)।

गतेर्भङ्गः स्वरो हीनो गात्रे स्वेदो महद् भयम्।
मरणे यानि चिह्नानि तानि चिह्नानि याचके॥ (सुभा.)

स्वेदकणः (पुं.) [*स्वेदस्य कणः, ष.त.*] पसिनाको कण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वेदजः (पुं.) [*स्वेदजनकत्वादूष्मा स्वेदः, स्वेदाज्जाताः,पञ्चम्यामजातौ ३.२.९८ इति डः, डित्वाट्टिलोपः*] जमिन आदिको गर्मी वा पसिनाबाट पैदा हुने कमिला, उडुस, जुम्रा आदि। **स्वेदजाः कृमिदंशाद्याः** (अमर.३.१.५१)।

स्वेदनम् (नपुं.) [*स्विद्यतेऽनेन, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः*] १ पसिना निकाल्ने यन्त्र।

साम्बुस्थालीमुखे बद्धे वस्त्रे स्वेद्यं निधाय च।
पिधाय पच्यते यत्र तद् यन्त्रं स्वेदनं स्मृतम्॥ (भा.प्र.)

२.बफ्याउने भाँडो ३.रोगविशेष ४.[*ल्युट् च ३.३.११५ इति भावे ल्युट् अनः*] पसिना निकाल्ने काम।

दुर्जनो नार्जवं याति सेव्यमानोऽपि नित्यशः।
स्वेदनाभ्यञ्जनोपायैः श्वपुच्छमिव नामितम्॥ (सुभा.)

स्वेदनिका (स्त्री.) [*स्वेदनमस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्य इकः, टाप्*] १.कराही २.हाँडी/भुट्ने भाँडो ३.तावा। **कन्दुः स्वेदनिका स्मृता** (हला.) ४.[*स्वेदनी एव, स्वार्थे कन् टाप्*] मदिरा बनाउने घर।

स्वेदनी (स्त्री.) [*स्विद्यतेऽनया, ष्विदा गात्रक्षरणे इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टित्वान् ङीप्*] १.कराही २.[*स्विद्यतेऽत्र, अधिकरणे ल्युट् अनः, ङीप्*] मदिरा बनाउने घर/भट्टी। **ना कन्दूर्वा स्वेदनी स्त्रियाम्** (अमर.२.९.३०) १.मन्द २.स्वतन्त्र। **अव्याहतैः स्वैरगतैः स तस्याः सम्राड् समा राधनतत्परोऽभूत्॥** (रघु.) **मन्दस्वच्छन्दयोः स्वैरः** (हला.)।

स्वैरता (स्त्री.) [*स्वैरस्य भावः, तल, टाप्*] स्वच्छन्दता।

स्वैरम् (नपुं.) [*स्वैरं यथा स्यात्तथा*] विस्तारै/मन्दसित २ स्वतन्त्रताका साथ।

स्वैराचारी (पुं.वि.) [*स्वैरमाचरति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] १.नियम, कानुन, नैतिकता आदिको मर्यादा नगर्ने २.मनपरी आचरण गर्ने ३.व्यभिचारी/स्वैरी।

स्वैरिणी (स्त्री.) [*स्वेन ईरयितुं शीलमस्य, सुप्यजातौ इति णिनिः, वृद्धिः, नान्तत्वान् ङीप्*] स्वच्छन्द महिला/व्यभिचारिणी।

स्वैरिता (स्त्री.) [*स्वैरिणो भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इतितल,टाप्*] स्वतन्त्रता। **यदृच्छा स्वैरिता** (अमर.३.२.२)।

स्वैरिणी (स्त्री.) [*स्वया, इच्छया स्वेन स्वातन्त्र्येण, वा ईरितुं शीलमस्याः णिनिः,स्वादीरेरिणोः (वा.) ६.१.८९ इति वृद्धिः, ऋन्नेभ्यो ङीप्*] स्वेच्छाचारी स्त्री/ चार पुरुषसँग सम्म सम्भोग गर्ने स्त्री। **अतः परं स्वैरिणी स्याद् बन्धकी पञ्चमे भवेत्।** (म.भा.१.१२.७४)।

स्वैरिता (स्त्री.) [*स्वेनेरितुं शीलमस्य, सुप्यजातौ णिनिस्ताच्छीलये ३.२.७८ इति णिनिः, स्वादीरेरिणोः (वा.) ६.१.८९ इति वृद्धिः*] स्वच्छन्दाता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह

ह– १.देवनागरी वर्णमालाको अन्तिम वर्ण/व्यञ्जनको तेत्तिसौं वर्ण। कण्ठस्थानीय वर्ण। आभ्यन्तर प्रयत्नमा यसको ईषद्विवृत प्रयत्न हो भने बाह्य प्रयत्नमा संवार नाद घोष महाप्राण प्रयत्न हो।भाषा विज्ञानअनुसार खण्डीय वर्ण २.लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न।

ह (अव्य.) [*हन्तीति, हन हिंसागत्योः, इति धातोः अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] १.पाउपूर्तिका लागि प्रयोग हुने शब्द। **पम्पातीरे हनुमता सङ्गतो वानरेण ह॥** (रामा.१.१.५८) २.सम्बोधनबोधक पद ३.घृणा, उपहास,निन्दा आदि जनाउँदा प्रयोग गरिने पद। ४.विनिग्रह। **हः स्यात् सम्बोधने पादपूरणे च विनिग्रहे। नियोगे च क्षिपायां स्यात् कुत्सायामपि दृश्यते** (मेदिनी. ३३.८५)।

हः (पुं.) १.शिव २.जल ३.शून्य ४.मङ्गल ५.आकाश ६.रातो वर्ण ७.स्वर्ग ८.पापहरण ९.चन्द्र १०.सकोप निवारण ११. धारण।

हः शिवे सलिले शून्ये धारणे मङ्गलेऽपि च।
गगने नकुलीशे च रक्ते नाके च वर्ण्यते॥ (मेदिनी.३३.१)

हंसः (पुं.) [*हन्ति विनाशयति अन्धकारम्, हन हिंसागत्योः, इति धातोः वृतॄवदिहनिकनि कशिभ्यः सः (उ.) ३४९ इति सः, पृषोदरादि तया नुम्, हस्धातोरचि वर्णागमाद् वा साधुः,* **भवेद् वर्णागमाद् हंसः** *(सि.कौ.)*] १.सूर्य २.[*हन्ति सुन्दरं गच्छति, पूर्ववत्*] हाँस ३.[*हन्ति नाशयति मोहजालम्*] परब्रह्म/परमात्मा ४.[*हन्ति गच्छति,हन्यतेऽसौ इति वा*] जीवात्मा ५.[*हन्ति गच्छति*] शरीरमा रहेको वायुविशेष ६.[*हन्ति नाशयति दुरितम्*] शिव ७.[*तद्वत्*] विष्णु/चौबिस अवतारमध्ये एक अवतार। यिनले सनकादिलाई हाँसको रूप लिएर उत्तर दिएका थिए। ८.[*हन्ति पीडयति कामिनः*] कामदेव ९.[*हन्ति निरन्तरं गच्छति*] साधु १०.[*हन्ति नाशयति अज्ञानम्*] गुरु ११.[*हन्ति गच्छति*] घोडाविशेष १२.[*हन्ति औन्नत्यं गच्छति*] सुमेरुको उत्तरवर्ती एक पर्वत १३.[*हन्ति उन्नतिमार्गं गच्छति*] श्रेष्ठ १४.[*हन्ति नाशयति पापम्*] अजपा मन्त्र।



(हंसः)

हंकारेण बहिर्याति सकारेण विशेत्पुनः।
हंसेति सततं मन्त्रं जीवो जपति सर्वदा (तन्त्रा.)

१५.हवर्ण १६.लोभ नगर्ने राजा। १७.जरासन्धको एक सेनापति १८.एक प्रकारको सन्न्यासी।

हंसो विहगभेदे स्यादर्के विष्णौ हयान्तरे।
योगिमन्त्रादिभेदेषु परमात्मन्यमत्सरे।
निर्लोभनृपतौ हंस शारीरमरुदन्तरे॥ (मेदिनी.)

~गतिः (पुं.वि.) [*हंसस्य गतिरिव गतिर्यस्य सः, बहु.स.*] १.हाँसको जस्तो गति भएको २.(स्त्री.) [*हंसस्य गतिः, ष.त.*] हाँसको हिँडाइ। **~नादः** [*हंसस्य नादः, ष.त.*] हाँसको आवाज। **~पथः** १.[*हंसपथ इव, इवे प्रतिकृतौ इति कन्, देवपथादिभ्यश्च ५.३.१०० इति कनो लुप्*] हाँसको मार्गजस्तो मार्ग २.[*हंसस्य पन्थाः, टच्*] हाँसको बाटो। **~यानः** [*हंसो यानं वाहनं यस्य सः, बहु.स.*] ब्रह्मा। **~राजः** [*हंसानां राजा, ष.त., राजाहः सखिभ्यष्टच् इति टच्*] हाँसको राजा। **~रुतम्** (नपुं.) [*हंसानां रुतम्, ष.त.*] हाँसको आवाज। **~वंशः** [*हंसस्य वंशः, ष.त.*] सूर्यको वंश। **~वाहनः** (पुं.) [*हंसो वाहनं यस्य सः, बहु.स.*] ब्रह्मा। **~वाहिनी** (स्त्री.) [*हंसं वाहयति, णिनिः, ङीप्*] सरस्वती।

प्रथमं भारती नाम द्वितीयं हंसवाहिनी (सर.स्तो.)।

हंसकः (पुं.) [*हंस इव कायति शब्दायते कै शब्दे इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ यद्वा हंस इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्*] १.पाउजु २.[*हंस एव, स्वार्थे कन्*] राजहाँस ३.तालविशेष।

लघुर्गुरुर्लघुर्यत्र स तालो हंसकः स्मृतः (स.दा.)।

हंसकान्ता (स्त्री.) [*हंसस्य कान्ता, ष.त.*] पोथी हाँस।

हंसकीलकः (पुं.) [*हंस इव कीलति, कील बन्धने इति धातोः ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इति अकः*] रतिक्रीडाको एक प्रकार। युवतीका दुई गोडा आफ्नो तिघ्रामाथि राखेर पुरुषले कटि हल्लाउँदै गरिने रतिक्रीडा।

नारी पादद्वयं कृत्वा कान्तस्योरुयुगोपरि।
कटिमान्दोलयेद् यत्नाद् बन्धोऽयं हंसकीलकः॥
(स्म.दी.)

हंसकूटः (पुं.) [*हंस इव कूटो यस्य सः, बहु.स*] १.महभारतमा वर्णित एक पर्वत। पाण्डु आफ्ना पत्नीका साथ यसै पर्वतमा विश्राम गरेर शतशृङ्ग पर्वतमा गएका थिए। श्रीकृष्णले द्वारकामा यसै खालको पर्वत बनाएका थिए। यो पर्वत साठ्ठी ताडका रुखबराबर उचाइ र आधा योजन चौडाइ भएको थियो। **इन्द्रद्युम्नः सरः प्राप्य हंसकूटमतीत्य च। शतशृङ्गे महाराज तापसः समतप्यत॥** (म.भा.१.११९.४९)
२.साँढेको जुरो।

हंसगामिनी (स्त्री.) [*हंस इव गच्छति, कर्तर्युपमाने ३.२.७९ इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] हाँसको जस्तो हिँडाइ भएकी स्त्री २.[*हंसेन गच्छति तच्छीला, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः, ङीप्*] १.ब्रह्माणी, २.सरस्वती।

हंसचूडः (पुं.) [*हंसस्य चूडा इव चूडा यस्य सः, वर्तुलाकारत्वात्, बहु. स.*] कुबेरको एक अनुचर/एक राक्षस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हंसतुलम् (नपुं.) [*हंसस्य तुलम्, ष.त.*] हाँसको भुत्ला।

हंसनादिनी (स्त्री.) १.हात्तीको जस्तो हिँडाइ, कोइलीको जस्तो बोली र नितम्ब ठुलो भएकी स्त्री।

गजेन्द्रगमना तन्वी कोकिलालापसंयुता।
नितम्बे गुर्व्विणी या स्यात् सा स्मृता हंसनादिनी॥

२.(स्त्री.वि.) [*हंसस्य नाद इव नादोऽस्याः सा*] हाँसको जस्तो आवाज निकाल्ने।

हंसपदी (स्त्री.) [*हंसस्येव पादाःमूलानि यस्याः सा, ङीप्, पदादेशः*] १.हंसराज नामक वनस्पतिविशेष। यसका अन्य नाम– हंसपादी, त्रिपादिका, कीटमाता हुन्। यसको प्रयोग ज्वरो, रक्तविकार, विषजन्य विकृति, अतिसार आदिमा हुन्छ। २.[*हंसस्येव पादौ चरणौ यस्याः सा, ङीप्, पदादेशः*] हाँसको पाउजस्ता गोडा भएकी स्त्री। ३.[*हंसस्य पादा इव निर्मिताः पादाः यस्याः सा, ङीप्, पदादेशः*] बत्ती बाल्ने भाँडो।

हंसबीजम् (नपुं.) [*हंसस्य बीजमत्र*] हाँसको अण्डा।

हसबीजं परं बल्यं वृंहणं वातनाशनम्।
पाके लघुतरं प्रोक्तं सर्वामयविनाशनम्॥ (रा.नि.)

हंसमण्डलम् (नपुं.) [*हंसानां मण्डलमिव मण्डलं यस्य सः*] उडेको हाँसको जस्तो देखिने आकाशमा रहेको एक तारामण्डल। यसमा धेरै तारा छन्। उत्तरतर्फको तारा हाँसको पुच्छर जस्तो देखिन्छ। यो सूर्यभन्दा ४,८०० गुना तेजिलो र चम्किलो छ। पृथ्वीबाट यो तारामण्डल ४०० प्रकाशवर्ष टाढा छ।

हंसमाला (स्त्री.) [*हंसस्य माला, ष.त.*] पङ्क्तिबद्ध हाँसको बथान।

हंसयुवा (पुं.) [*हंसश्चासौ युवा च कर्म.स.*] हाँसको बच्चा।

हंसरथः (पुं.) [*हंसः रथो वाहनं यस्य सः, बहु.स.*] ब्रह्मा।

हंसराजः (पुं.) [*हंसानां राजा, ष.त.*] राजहाँस, सबैभन्दा असल मानिने हाँस।

हंसरुतम् (नपुं.) [*हंसस्य रुतम्, ष.त.*], १.हाँसको आबाज २.प्रत्येक पाउमा मगण, नगण र दुइ गुरुवर्णको प्रयोग भएको छन्द।

म्नौ गौ हंसरुतमेतत् (छन्दो.)।

हंसवंशः (पुं.) [*हंसस्य वंशः ष.त.*] सूर्यवंश।

हंसवाहनः (पुं.) [*हंसो वाहनं यस्य सः, बहु.स.*] ब्रह्मा।

हंसवाहिनी (स्त्री.) [*हंसेन वहति, तच्छीला, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः, ऋन्नेभ्यो ङीप् इति ङीप्*] सरस्वती।

हंससन्देशः (पुं.) [*हंसकृतः सन्देशो वर्णितो यत्र सः (ग्रन्थः) बहु.स.*] तेह्रौं शताब्दीका पूर्णसारस्वतले यसको रचना गरेका हुन्। यस काव्यमा काञ्चीपुरीकी कुनै स्त्रीले हाँसलाई दूत भएर वृन्दावनसम्म पुगी कृष्णलाई भेटेर आफ्नो सन्देश दिन अह्राएको कथा कलात्मक रूपमा वर्णित छ। १०२ मन्दाक्रान्ता छन्दमा रचिएको यस काव्यमा कालिदासीय मेघदूतको पूर्ण प्रभाव परेको छ–

काचित् कान्ता विरहशिखिना कामिनी कामतप्ता
निध्यायन्ती कमपि दयितं निर्दयं दूरसंस्थम्।
भूयो भूयो रणरणकलः पुष्पवाटीं भ्रमन्ती
लीलावापीकमलपथिकं राजहंसं ददर्श॥ (हंसदू.१)

हंसारूढः (पुं.) [*हंसमारूढः, द्वि.त.*] ब्रह्मा।

हंसालिः (स्त्री.) १.[*हंसानामालीव, कन्, तस्य लोपः*] सैंतिस मात्रा हुने एक मात्रिक छन्द। यसमा बिस अक्षरमा यति र अन्त्यमा यगण हुन्छ। २.[*हंसस्य आलिः, ष.त.*] हाँसको ताँती।

हंसावरः (पुं.) [*हंसेषु अवरः, स.त.*] एक पानीहाँस। यसका पहेँला लामा खुट्टा हुन्छन्, लामो पहेँलो ठुँड हुन्छ, सेता पखेटा हुन्छन्।

हंसिका (स्त्री.) [*हंसस्य स्त्री, हसिमशिभ्यां सिकन् (उ.) ६०३ इति सिकन्, टाप्*] १.पोथी हाँस। **हंसिका हंसयोषिति।** (उ.को.) २.राजा भगीरथकी छोरी। ३.[*हंसीव, इवे प्रतिकृतौ इति सादृश्ये कन्, टाप्*] सानो खालको गाई।

हंसी (स्त्री.) १.[*हंसस्य भार्या, पुंयोगादाख्यायाम् ४.१.४८ इति ङीष्*] पोथी हाँस २.बाइस अक्षरको पाउ भएको छन्दविशेष। यसको प्रत्येक पाउमा क्रमैले दुइ मगण, दुइ गुरुवर्ण, चार नगण तथा दुइ गुरुवर्णको प्रयोग भएको हुन्छ। यसमा आठ, त्यस पछि तीन र त्यस पछि दुई अक्षरमा यति हुन्छ। यो आकृतिको भेद हो। **मौ गौ नाश्चत्वारो गो गो वसुभुवनयतिरिति भवति हंसी।** ३.मनोरमा छन्दको एक भेद। यसको प्रत्येक पाउमा क्रमैले मगण, भगण, नगण तथा एक गुरुवर्णको प्रयोग भएको हुन्छ। **ज्ञेया हंसी मभनगयुता।** (छन्दो.) यो पङ्क्ति छन्दभित्र पर्छ। ४.[*हंसीव मुद्रा, तदाकारा वा*] कान्छी औँला छोडेर बँकी चार औँलाले होम गरिने मुद्रा।

हंसी मुक्तकनिष्ठा स्यात् शूकरी करसङ्कुची।
शान्तिपौष्टिककार्येषु मृगी हंसी निगद्यते॥ (मु.प्र.)

५.(पुं.वि.) [*हंसाः सन्त्यस्य, व्रीह्यादिभ्यश्च ५.२.११६ इति इनिः*] हाँस भएको/हाँस पाल्ने।

हंहो (अव्य.) [*हमित्यव्यक्तं शब्दं जहाति, ओहाक् त्यागे इति धातोः डोप्रत्ययः*] १.सम्बोधन, आमन्त्रण, आह्वान, दर्प, दम्भ र प्रश्न जनाउन प्रयोग हुने पद। **हं हो पद्मसरः कुतः कतिपयै र्हंसैर्विना श्रीस्तव।** (सुभा.) २.छन्द पूर्तिका लागि प्रयोग गरिने शब्द।

हकारः (पु.) [*ह इति वर्णनिर्देशे कारप्रत्ययः*] हवर्ण।

हञ्जे (अव्य.) [*हमित्यव्यक्तं जप्यतेऽत्र, जप व्यक्तायां वाचि मानसे च इति धातोः डेप्रत्ययः*] नाटकमा नटीलाई चेटीले सम्बोधन गर्दा प्रयोग गरिने शब्द।

हट (धा.) [*दीप्तौ, भ्वा.पर.सक.सेट्*] चम्कनु। लट्–**हटति**– चम्कन्छ।

हट्टः (पुं.) [*हटन्त्यत्र, हट दीप्तौ इति धातोः बाहुलचात् तः, ष्टुत्वम्*] हाट/बजार। **प्रतिहट्टपथे घरट्टजात्** (नैष.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हट्टविलासिनी (स्त्री.) [*हट्टं विलासयति, णिनिः, ङीप्*] १.बेसार २.गन्धद्रव्यविशेष/अञ्जनकेशी ३.[*हट्टे विलसति तच्छीला, ताच्छील्ये णिनिः*] वेश्या। **हनुर्हट्टविलासिनी** (अमर.२.४.१३०)।

हठ (धा.) [*कीलबन्धे बलात्कारे प्लुतौ च भ्वा.पर. अक. सेट्*] दौठनु, कुद्नु, हठ गर्नु, जवर्जस्ती कुनै काम गर्नु। लट्– **हठति**– दौडन्छ, कुद्छ, हठ गर्छ, जवर्जस्ती कुनै काम गर्छ इत्यादि।

हठः (पुं.) [*हठनम्, पुसि संज्ञायां घः प्रायेण ३.३.११८ इति घः*] १.बलात्कार/जवर्जस्ती २.जिद्दी ३.दृढ प्रतिज्ञा/पक्का अठोट। **प्रसभन्तु बलात्कारो हठः** (अमर.२.८.१०८)।

हठधर्मः (पुं.) [*हठ एव धर्मः, त.स.*] हठवादिता/आफ्नो कुरा ठिक छ भनी देखाउन गरिने जिद्दी वा जबर्जस्तीपना।

हठपर्णी (स्त्री.) [*हठते प्लवते हठ प्लुतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, हठं प्लवमानं पर्णं यस्याः, बहु.स., ङीप्*] १ सेबाली २.घडा आकारको लौका।

हठयोगः (पुं.) [*हठात्कारेण योगः, म.प.स.*]। परमात्मालाई प्राप्त गर्न अभ्यास गरिने एक प्रकारको योग/षट्कर्म (धौति, वस्ति, नेति, नौलिकी, त्राटक र कपालभाति), आसन, मुद्रा, प्रत्याहार, प्राणायाम, धारणा, ध्यान र समाधिबाट मन अधीनमा राखी त्यसको शक्तिलाई अन्तर्मुख गर्दै साधना गरिएको परमात्मा साक्षात्कार गर्ने योग।

षट्कर्मासनमुद्राः प्रत्यहारश्च प्राणसंयमाः।
धारणाध्यानसमाधयः सप्तैवाङ्गानि स्युर्हठस्य योगस्य॥

हठात् (अव्य.) जवर्जस्ती।

अजानतो हठात् कुर्वन् प्राज्ञमानी विनश्यति (सुभा.)।

हठालुः (पुं.) [*हठः प्लवमानः, आलुरिव*] तुम्बी।

हड्डम् (नपुं.) [*हठ कीलबन्धे इति धातोःडः, पृषोदरादितया डस्य नेत्त्वम्*] हाड।

हण्डा (स्त्री.) [*हन हिंसागत्योः इति धातोः डाप्रत्ययः, डस्य नेत्त्वम्*] १.हाँडी २.नाटकमा नीच पात्रलाई उच्च पात्रले सम्बोधन गर्दा प्रयोग गरिने पद।

हण्डिका (स्त्री.) [*अल्पा हण्डा, अल्पे ५.३.८५ इति कन्, टाप्, इत्वम्*] सानो हन्डो।

हण्डे (अव्य.) [*हन हिंसागत्योः इति धातोः डेप्रत्ययः, डस्य नेत्त्वम्*] नाटकमा उच्च पात्रले नीच पात्रलाई वा नीच पात्रले समान तहका पात्रलाई सम्बोधन गर्दा प्रयोग गर्ने पद।

हण्डे हञ्जे हलाह्वाने नीचां चेटीं सखीं प्रति (अमर.१.७.१५)।

हतः (पुं.वि.) [*हन्यते स्म, हन हिंसागत्योः, इति धातोः निष्ठा इति क्तः*] १.नाश गरिएको २.मारिएको ३.आशारहित ४.गुणन गरिएको ५.ठक्कर दिइएको।

हतं ज्ञानं क्रियाहीनं हताश्चाज्ञानिनो नराः।
हतञ्चानायकं सैन्यमभर्तारो हताः स्त्रियः॥ (सुभा.)

५.काम पूरा गर्न नसक्दा मनोबल गिरेको। **मनोहतः प्रतिहतः प्रतिबद्धो हतश्च सः** (अमर.३.१.४१)।

हतकः (पुं.वि.) [*हत इव नष्टप्रायत्वात् इवे प्रतिकृतौ इति कन्*] १.नष्टप्रायः/खतम भइसकेको २.नीच/दुष्ट।

देव अजातशत्रोः अद्यापि दुर्योधनहतकः (सा.द. ६.३९६)।

हतप्रभः (पुं.वि.) [*हता प्रभा यस्य सः, बहु.स.*] निस्तेज।

हतम् (नपुं.) १.(नपुं.) [*नपुंसके भावे क्तः, ३.३.११४ इति भावे क्तः*] २.हत्या ३.गुणन।

हतमूर्खः (पुं.) [*मूर्खो हत इव*] अतिमूर्ख।

हतवृत्तता (स्त्री.) [*हतं वृत्तं यत्र, तस्य भावस्तत्ता, तस्य भावस्त्वतलौ ६.१.११९ इति तल्, टाप्*] छन्द नमिल्दा पर्ने एक साहित्यिक दोष। यो तीन प्रकारको हुन्छ (क) छन्दको लक्षणअनुसार लेखिएतापनि उच्चारण श्रव्य न हुनु (ख) रसानुकूल वर्णको प्रयोग नहुनु (ग) पादान्तमा हुने लघु र गुरुको वैकल्पिक व्यवस्था द्वितीय र तृतीय पाउमा सबै छन्दमा लागु हुन्छ तर वसन्ततिलका आदि कतिपय छन्दमा प्रथम र तृतीय पाउमा मात्र लागु हुने हुँदा त्यसको व्यत्यय हुने गरी प्रयोग हुनु। **यत्पादान्ते लघोरपि गुरुभाव उक्तस्तत्सर्वत्र द्वितीयचतुर्थपादविषयम्, प्रथमतृतीयपादविषयन्तु वसन्ततिलकादेरेव।** (सा.द.७.४) यो सँधै दोषको रूपमा रहने हुँदा नित्य दोष हो।

हतस्वरः (पुं.वि.) [*हतः स्वरो यस्य सः, बहु.स.*] १.सही उच्चारण नभएको (वेदपाठ) २.बोली न आउने/घाँटी खस्केको।

हताशः (पुं.वि.) [*हता आशा यस्य सः, बहु.स.*] १.आशाशून्य/निराश २.निर्दयी ३.दुर्जन।

हताशो निर्दये चाशारहिते पिशुनेऽपि च (मेदिनी.३३.३०)।

हतिः (स्त्री.) [*हन हिंसागत्योः इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] १.हत्या २.हानि/विनाश। **कार्यस्यारम्भमाणानां दुःखहत्यै सुखाय च** (भाग.) ३.अपकर्ष। **मुख्यार्थहतिर्दोषः** (का.प्र.) ४.ताडना ५.गुणन।

हत्या (स्त्री.) [*हन हिंसागत्योः इति धातोः हनस्त च ३.१.१०८ इति क्यप्, तकारश्चान्तादेशः*] मार्ने काम/वध/प्राणवियोगानुकूल व्यापार। **ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः। महान्ति पातकान्याहुस्तत्संसर्गी तु पञ्चमः** (स्मृति)।

हद (धा.) [*विष्ठेत्सर्गे भ्वा.आ.अक.सेट्*] दिसा गर्नु/खाएर बनेको शारीरिक मल त्याग गर्नु। लट्– **हदते**– दिसा गर्छ इत्यादि।

हन (धा.) [*हिंसागत्योः अदा. पर. सक.अनिट्*] मार्नु, हिर्काउनु, जानु, गुणन गर्नु। लट्– **हन्ति**– मार्छ, हिर्काउँछ, जान्छ, गुणन गर्छ। **अभिहन्ति**– मुखले बजाउँछ। **निहन्ति, परिहन्ति**– मूलैसित नष्ट गर्छ। **प्रहन्ति**– प्रहार गर्छ। **प्रतिहन्ति**– विरोधी मतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्डन गर्छ। **व्याहन्ति–** प्रतिबन्ध लगाउँछ, रोक्छ। **संहन्ति–** हिंसा गर्छ, जम्मा गर्छ। **आहते** (आङो यमहन १.३.२८ इति आत्मनेपदम्) ठोक्छ, मार्छ। लिट्– **जघान–** मारेछ, गएछ, गुणन गरेछ। लुट्– **हन्ता–** मार्ने छ, जाने छ, गुणन गर्ने छ। (अन.) लृट्– **हनिष्यति–** मार्ने छ, जाने छ, गुणन गर्ने छ। लोट्– **हन्तु–** मारोस्, जाओस्, गुणन गरोस्। लङ्– **अहनत्–** मार्‍यो, गयो, गुणन गर्‍यो। (अन.) विधिलिङ्– **हन्यात्–** मार्ला, जाला, गुणन गर्ला। मारोस्, जाओस्, गुणन गरोस्। आशीर्लिङ्– **वध्यात्–** मारोस्, जाओस्, गुणन गरोस्। लुङ्– **अवधीत् –** मार्‍यो, गयो, गुणन गर्‍यो। लृङ्– **अहनिष्यत्–**मार्ने थियो, जाने थियो, गुणन गर्ने थियो। कर्मणि– **हन्यते–** मारिन्छ, गइन्छ, गुणन गरिन्छ। णिचि– **घातयति-ते–** मार्न लगाउँछ, हिंडाउँछ। सनि– **जिघांसति–** मार्न चाहन्छ, जान चाहन्छ, गुणन गर्न चाहन्छ। यङि– **जघ्नीयते–** बारम्बार वा ज्यादै मार्छ, ज्यादै वा बारम्बार हिड्छ, बारम्बार जान्छ, बारम्बार गुणन गर्छ। यङ्लुकि– **जङ्घनीति, जङ्घन्ति –** ज्यादै वा बारम्बार मार्छ, ज्यादै वा बारम्बार जान्छ, ज्यादै वा बारम्बार गुणन गर्छ। कृदन्ते– **हन्तव्यः, हननीयः, घात्यः–** मार्नु पर्ने, जानु पर्ने, गुणन गर्नु पर्ने। **घातकः, घातिका, घतयिता, घातयित्री–** मार्ने, जाने, गुणन गर्ने। **जिघांसकः–** मार्न चाहने, जान चाहने, गुणन गर्न चाहने। **वधः–** हत्या। **घातः– हत्या, हतिः–** नाश, हानि, गमन, गुणन। **हननम्–** मार्ने काम, जाने काम, गुणन गर्ने काम। **हन्तुम् –** मार्न, गुणन गर्न। **हत्वा, प्रहत्य–** मारेर, गुणेर। **हत्या**–घात, गुणन। **जघनम्–** जाँघ। **हनुः–** चिउँडो। **हिमम्–** हिउँ, तुषारो। **हेमन्तः–** मार्ग र पौष महिनाको ऋतु। **हंसः–** परमात्मा, हाँस, सूर्य, योगी, मन्त्रविशेष, शिव, विष्णु, गुरु, कामदेव, वायु, घोडाविशेष (हे.–हंसः) इत्यादि।

हननम् (नपुं.) [*हन हिंसागत्योः इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] १.मार्ने काम/हत्या २.गुणन।

स्यात् प्राणविच्छेदफलव्यापारो हननं स्मृतम् (स्मृति)।

हनीलः (पुं.) [*हन्ति नाशयति प्राणिनः, हन हिंसागत्योः इति धातोः सर्वधातुभ्य इन् (उ.) ४.११९ इति इन्, नस्येत्संज्ञा, ङीप्, हन्या लीयते लीङ् संश्लेषणे इति धातोः अन्येष्वपि दृश्यते ३.२.१०१ इति डः, डित्वाट्टिलोपः*] केतकीको रुख।

हनुः (पुं./स्त्री) हन्ति, ताडयति घातयति वा हन हिंसागत्योः इति धातोः शॄस्वृस्निहित्रप्यसि वसि हनि क्लिदिबन्धिमनिभ्यश्च (उ.) १० इति उः] १.चिउँडाको टुप्पो। **अधस्तात् चिबुकं गण्डौ कपोलौ तत्परो हनुः** (अमर. २.६.९०) २.[*हन्ति नाशयति रोगान्*] बेसार ३.[*हन्ति नाशयति प्राणिनः*] रोग ४.[*पूर्ववत्*] अस्त्रविशेष ५.[*पूर्ववत्*] मृत्यु ६.कालो हलेदो।

हनुर्हट्टविलासिन्यां मृत्यावस्त्रे गदे स्त्रियाम्।
द्वयोः कपोलावयवे (मेदिनी. नान्त, २५)।

हनुमन्नाटकम् (नपुं.) [*हनुमद्विषयकं नाटकम्, म.प.स.*] हनुमान्को चरित्रमा आधारित महानाटक। यसका दुई संस्करण छन्– प्राचीन र नवीन। प्राचीन संस्करणमा १४ अङ्क छन्। यसका रचयिता दामोदर मिश्र (नवौं शताब्दी) हुन्। नवीन संस्करणमा ९ अङ्क छन्। यसका प्रणेता मधुसूदन दास हुन्। यसमा पात्रको आधिक्य छ। सूत्रधार, विष्कम्भक र विदूषकको प्रयोग छैन। यसमा नाट्यकलाभन्दा काव्यकलाको प्राधान्य छ।

हनुमान् (पुं.) [*हनुरस्यास्तीति तदस्यास्त्य स्मिन्निति मतुप् ५.२.९४ इति निन्दार्थे मतुप्, शरादीनाञ्च ६.३.१२० इति दीर्घपक्षे हनूमान्, शरादिगणपाठाभाव पक्षे हनुमान्*] एक रामभक्त वानर, पुञ्जिक स्थला नामकी अप्सराको श्रापबाट कुञ्जर वानरकी छोरी भएर जन्मिएकी अञ्जना केशरी वानरकी धर्म पत्नी थिइन्। वायुदेवताको सम्पर्कबाट यिनले हनुमान्लाई जन्माएकी हुन्। यिनको जन्मको समयका बारेमा मतभेद छ। कतिपय आचार्यले यिनको जन्म आश्विन कृष्ण अमावास्या, मङ्गलवारको मध्यरातमा भएको हो भनेका छन्।

(हनुमान्)

आश्विनस्यासिते पक्षे भूतायाञ्च महानिशि।
भौमवारेऽञ्जना देवी हनूमन्तमजीजनत्॥

उत्सवसिन्धुमा यिनको जन्म कार्तिक कृष्ण चतुर्दशी मानिएको छ। दक्षिणतिर चैत्रशुक्ल पूर्णिमालाई हनुमान्को जन्मदिन मानेर हनुमज्जयन्ती मनाउने गर्दछन्। रामायणअनुसार यिनको जन्म अमावास्यकै दिन भएको हो। शिवपुराणमा हनुमान्लई शिवको अंशावतार मानिएको छ। सीताहरण पछि राम र लक्ष्मण सीताको खोजी गर्दै शबरीको आश्रम भएर किष्किन्धा पुगेका थिए। सर्वप्रथम यसै स्थलमा राम र लक्ष्मणको हनुमान्सित भेट भएको थियो। हनुमान्ले नै यी दुई भाइलाई लगेर सुग्रीवसित परिचय गराई रामसित मित लगाइदिए। सींताको खोजी गर्न सर्वप्रथम समुद्र पार गरेर लङ्का जाने हनुमान् नै हुन्। लङ्का जान लाग्दा समुद्रको किनारमा जटायुको भाइ सम्पातिसित यिनको भेट भएको थियो। बाटमा सुरसा तथा राक्षसहरूको आक्रमणसँग मुकाविला गर्दै हनुमान् लङ्का पुगेका थिए। रावणको बगैंचा ध्वस्त पार्ने क्रममा यिनले रावणको कान्छो छोरो अक्षयकुमारसहित कैयौ राक्षस मारे। अन्तमा राक्षसले पुच्छरमा लगाइदिएको आगोबाट लङ्का सहर ध्वस्त पारी सीतालाई रामनामाङ्कित औंठी दिएर आश्वस्त तुल्याई राम र लक्ष्मण बसेको ठाउँमा आए। आउँदा यिनले सीताले दिएको चिनो चूडामणि साथमा ल्याएका थिए। लङ्कामा भएको राम र रावणको युद्धको समयमा इन्द्रजित्को अस्त्रप्रहारबाट लक्ष्मण मूर्च्छा परेपछि उनलाई बचाउन सञ्जीवनी बुटी ल्याउने काम हनुमान्ले नै गरेका थिए। सीता र लक्ष्मणलाई साथमा लिएर राम अयोध्या फर्कन लागेको सन्देश भरतलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिने हनुमान् नै हुन्। यिनी अष्टचिरञ्जीवी मध्ये एक मानिन्छन्। जन्मनासाथ भोकाएर फल भन्ने ठानी सूर्यलाई झम्टन खोज्दा इन्द्रको वज्रप्रहारबाट यिनको चिउँडो क्षतविक्षत भयो। त्यसैले यिनको नाम हनुमान् रहन गएको हो।

मत्करोत्सृष्टवज्रेण यस्मादस्य हनुर्हतः।
तदेव कपिशार्दूलो हनुमांस्तु भविष्यति॥ (स्क.पु.)

आफ्नो छोरामाथि भएको प्रहार खप्न नसकी पवनदेवले हड्ताल गर्दा सबै देवता आएर माफी मागे र हनुमान्लाई चिरञ्जीवी बन्ने वरदान दिएका थिए। (रामा.)

हनुलः (पुं.वि.) [*हनुरस्यास्तीति, सिध्मादिभ्यश्च ५.२.९७ इति लच्*] ठुँडो वा हनु भएको।

हन्त (अव्य.) [*हन्तीति, बाहुलकात्तः*] हर्ष, अनुकम्पा, विषाद, पीडा, हडबडी, वाक्यारम्भ, खेद आदि जनाउँदा प्रयोग हुने शब्द।

हन्त हर्षेऽनुकम्पायां वाक्यारम्भविषादयोः (अमर.)।
हन्त वाक्यारम्भ-खेदविषादहर्षसम्भ्रमे (मेदिनी.)।

जस्तै– हर्ष-**हन्त जीवामो वयम्** (खुसी छ, हामी बाँचेका छौं)। अनुकम्पा– **हन्त दीनो रक्षणीयः** (कठै, दुःखीको रक्षा गर्नुपर्छ। वाक्यारम्भ– **हन्त ते कथयिष्यामि**। (तिमीलाई भन्छु) विषाद– **हन्त मे गतं वयः** (दुःख लाग्छ, मेरो पनि उमेर गयो) आदि।

हन्तकारः (पुं.) [*हन्त हर्षस्य कारः करणं, हन्तेत्यस्य कारः उच्चारणं वा*] १.अतिथिलाई दिइने अन्न २.हन्तशब्दको प्रयोग।

हन्ता (पुं.वि.) [*हन्तीति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, तृन् ३.२.१३५ इति तृन् वा, यद्वा बहुलमन्यत्रापि (उ.) २.९५ इति तृन्, स्त्रियां ङीष्, हन्त्री*] हत्यारा/घातक।

हन्नः (पु.वि.) [*हन्यते स्म, हद पुरीषोत्सर्गे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, रदाभ्यां निष्ठातो नः पूर्वपदस्य च ८.२.४२ इति तदयोर्नः*] दिसा गरेको/मल त्यागेको। **गूनं हन्ने** (अमर. ३.१.९६)

हपुषा (स्त्री.) [*हपुषा, हवुषा, विस्रा*] एकप्रकारको हाउवेरनामक जडिबुटी। यो मत्स्याकार तथा आम (काँचो) गन्धयुक्त हुन्छ। यसको अर्को प्रकारलाई अश्वत्थफला भनिन्छ। यसको गन्ध माछाको जस्तो हुन्छ। फल पिप्पलका दाना जस्ता तर केही ठुला हुन्छन्। हपुषा हिमालयको पश्चिमोत्तर भाग कुमाउदेखि पश्चिमतिर १२००० देखि १४००० को उचाइ सम्ममा उपलब्ध हुन्छ। दुवैको गुण एकै हुन्छ तर आकार र गन्ध फरक हुन्छ। यसले संक्रामक रोगलाई फैलन दिँदैन। क्षयरोग भएको बिरामीका लागि भोक लगाउन र वजन बढाउन सहयोग पुर्याउँछ। जोर्नी दुखेको वा सुन्निएको स्थलमा यसको चूर्ण लेप बनाएर लगाउनाले धेरै फाइदा हुन्छ।

हम् (अव्य.) रिस तथा अनुनय प्रकट गर्दा प्रयोग हुने शब्द।

हम्मा (स्त्री.) गाई कराएको वा रामेको आवाज।

हम्म [*गतौ भ्वा.प.सक.सेट्*] जानु। लट्– **हम्मति–** जान्छ इत्यादि।

हम्मीरमहाकाव्यम् (नपुं.) अलाउद्दीन र प्रसिद्ध राणा हम्मीरको युद्ध (१३५७ वि.सं.) सँग सम्बन्धित घटनालाई लिएर नयनचन्द्र सूरिद्वारा रचिएको १४ सर्ग तथा १५७२ श्लोक भएको महाकाव्य। वीररस प्रधान यस महाकाव्यमा कालिदासका कविताको प्रशस्त प्रभाव छ–

क्वैतस्य राज्ञः सुमहच्चरित्रं
क्वैषा पुनर्मे धीषणानुरूपा।
ततोऽतिमोहाद् भुजयैकयैव
मुग्धस्तितीर्षामि महासमुद्रम्॥ (ह.म.का. १.११)

हय [*गतौ सक.क्लान्तौ अक.भ्वा.प.सेट्*] हिँड्नु। **हयति**– हिँड्छ इत्यादि।

हयः (पुं.) [*हयति गच्छति, हय गतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] घोडा। यी अनेक किसिमका हुन्छन्– **वनायुजाः पारसीका काम्बोजा वाह्लिका हयाः** (अमर. २.८.४५)।

हयगन्धः (पुं.) [*हयस्येव गन्धोऽस्य*] १.अश्वगन्धा २.(स्त्री.) ज्वानो।

हयग्रीवः (पुं.वि.) [*हयस्येव दीर्घा ग्रीवाऽस्य*] १.विष्णुको एक अवतार २.दैत्यविशेष ३.(पुं.वि.) [*हयस्य ग्रीवा इव ग्रीवा अस्य, म.प.स.*] घोडाको जस्तो घाँटी भएको। **हयग्रीववधोपेतं तद्वै भागवतं विदुः** (पुराण)।

हयग्रीवहा (पुं.) [*हयग्रीवाख्यं दैत्यं हतवान्, हन हिंसागत्योः इति धातोः क्विप् च ३.२.७६ इति क्विप्*] विष्णु।

हयप्रियः (पुं.) [*हयस्य प्रियः, ष.त.*] १.जौ २.(स्त्री.) अश्वगन्धा ३.(त्रि.) घोडाको प्रिय वस्तु।

हयज्ञानम् (नपुं.) [*हयस्य ज्ञानं वर्णितं यत्र तत्, बहु.स.*] अश्वसञ्चालनविद्या। यसमा घोडाको गतिमा तीव्रता ल्याउने विधिका साथै तिनका गुण र दोषको पनि निरूपण गरिएको छ।

हयपुच्छी (स्त्री.) [*हयपुच्छमिव पर्णान्यस्याः, गौरादितया ङीष्*] वनेलु माष।

हयमारः (पुं.) [*हयं मारयति निषेवणात् मृङ् प्राणत्यागे इति धातोः णिचि कर्मण्यण् ३.२.१ इत्यण्*] करवीर।

हयमेधः (पुं.) [*हयस्य मेधो यत्र सः, बहु.स.*]अश्वमेध यज्ञ।

हयशिरः (नपुं.) [*हयस्य शिर इव शिरो यस्य तत्*] एक दिव्यास्त्र।

हयशिराः (पुं.) [*हयस्य शिर इव शिरो यस्य सः, बहु.स.*] भगवान् विष्णुको हयग्रीव अवतार।

हया (स्त्री.) [*हयः हयगन्धोऽस्त्यस्याः, अर्श आदिभ्योऽच् ५.२.१२७ इति अच्, टाप्*] अश्वगन्धा।

हयोत्तमः (पुं.) [*हयेषु उत्तमः*] अश्वरत्न।

हरः (पुं.) १.[*हरति पापं भक्तानाम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.३४ इत्यच्, गुणः*] रुद्र/महादेव २.[*हरति प्राणान्, गृहादिकं रत्नादिकं वा, पूर्ववत्*] अग्नि चोर/डाका आदि ३.[*हरति नयति*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारम्, पूर्ववत्] गधा ४.[*हरति विभाजयति, पूर्ववत्*] भाजक/भाग लगाउने अङ्क। **अन्योन्यहाराभिहतौ हरांशौ** (लीला.) ५.सङ्गीतशास्त्रमा टगणको पहिलो भेद ६.[*हृञ् हरणे इति धातोः ऋदोरप् ३.३.५७ इति भावे अप्*] १.हरण २.विभाजन।

हरगौरी (स्त्री.) [*हरदेहार्द्धहरा गौरी, म.प.स.*] अर्द्धनारीश्वररूप शिव र पार्वतीको मूर्त्ति।

हरचरितचिन्तामणिः (पुं.) भगवान् शङ्करका लीला र चरित्रको वर्णन भएको यस महाकाव्यका रचयिता काश्मीरका निवासी जयद्रथ (तेह्रौं शताब्दी) हुन्। यो महाकाव्य अनुष्टुप् छन्दमा रचिएको छ। यिनको समय तेह्रौं शताब्दी हो।

हरणम् (नपु.) [*हृञ् हरणे इति धातोः ल्युट् च ३.३.११५ इति भावे ल्युट्*] १.स्थानान्तण २.विभाजन ३.[*कर्मणि ल्युट्*] दाइजो।

हरतेजः (नपुं.) [*हरस्य तेजः ष. त*] १.पारदमणि २.शिववीर्य

हरद्वारम् (नपुं.) [*हरः (केदारः/शिवः) तत्प्राप्तेः साधनत्वेन द्वारम्*] प्रसिद्ध तीर्थस्थल। हे. हरिद्वारम्।

हरिः (पुं.) १.[*हरति नाशयति भक्तानां क्लेशादीन् हृञ् हरणे इति धातोः हृपिषिरुहिवृतिविदिछिदिकीर्तिभ्यश्च (उ.) ४.१२० इन्। हरते दृतिनाथयोः पशौ ३.२.२५ इति योगविभागाद् वा इन्*] विष्णु २.[*हरति पशूनां प्राणान्*] सिंह ३.[*पूर्ववत्*] सर्प ४.[*हरति फलादिकम्*] वानर ५.[*हरति कीटप्राणान्*] भ्यागुतो [*हरति सन्तापम्*] चन्द्र ६.[*हरति शीतं पापं वा*] सूर्य ७.[*हरति रजः*] वायु ८.[*हरति बहति नयति वा भारम्*] घोडा ९.[*हरति प्राणिनः*] यमराज [*हरति पापमुपासकानाम्*] शिव १०.[*हरति मायाजालं जननमरणदिकष्टं वा*] ब्रह्म ११.[*हरति अन्धकारसमूहम्*] किरण १२.[*हरति मनः, रमणीयतया*] नववर्षमध्ये एक १३.[*पूर्ववत्, नृत्येन, सौन्दर्येण च*] मयूर १४.[*हरति श्रोत्रं मधुरशब्देन*] कोइली १५.[*हरति मनो गत्या*] हाँस १६. [*हरति मनः, वर्णेन, मधुरशब्देन च*] सुगा १७.[*विनापि प्रत्ययेन पूर्वोत्तरपदयोर्विभाषा लोपो वक्तव्यः (वा.) ५.३.८३ इति भर्तृशब्दस्य लोपः*] भर्त्तृहरिनामक वाक्यपदीय ग्रन्थका रचयिता १८.[*हरति जलवर्षणेन सन्तापं लोकस्य*] इन्द्र १९.[*हरति मनः*] पिङ्गल वर्ण २०.[*पूर्ववत्*] हरियो वर्ण २१.(पुं.वि.) [*हरति मनः*] हरियो वा पहेँलो वर्णको। **हरिं विदित्वा हरिभिश्च वाजिभिः** (रघु.) २२.प्रत्येक पाउमा नगण, नगण, मगण, रगण, सगण, तथा एक लघु र एक गुरुवर्णका प्रयोग भएका समपाद छन्द। यसको छैठौं त्यस पछि चौथो र त्यस पछि सातौं अक्षरमा विश्राम हुन्छ। **रसयुगहययुङ् नौ म्रौ सो लगौ हि यदा हरिः** (वृत्तर.)।

हरिकेशः (पुं.) [*हरिः पिङ्गलः केशोऽस्य*] १.शिव २.शिवभक्त यक्षविशेष ३.वसुदेवको भतिजो।

हरिचन्दनः (पुं./नपुं.) १.[*हरेरिन्द्रस्य प्रियं चन्दनम् म.प.स.*] देवतरु–विशेष/पाँच सुरतरुमध्ये एक। **पञ्चैते देवतरवो मन्दार–पारिजातकः। सन्तानः कल्पवृक्षश्च पुंसि वा हरिचन्दनम्** (अमर.१.१.५०) २.[*हरेर्विष्णोः प्रियं चन्दनम्, म.प.स.*] ३.चन्दन ४.कुङ्कुम ५.गोशीर्षनामक मलयाचलमा हुने चन्दन।

हरिणः (पुं.) १.[*हरति मनः, श्यास्त्याहृञ्विभ्य इनच् (उ.) २.४६ इति इनच्*] रातोमृग। हरिणस्ताम्रमृगः (या.व. मि.टी.) २.पाँचथरी मृगवर्गका पशुहरू– नीलगाई, गैंडा, साँबर, चित्तल, मृग। (श.कौ. ९) ३.[*हरति पापम् (उ.) २.४६ इति इनच्*] शिव ४.[*पूर्ववत्*] विष्णु ५.[*हरति मनःस्वगत्या*] हाँस ६.सेतो वर्ण, पाण्डुर वर्ण ७.सेतो वर्ण वा पाण्डुर वर्ण भएको।

वसन्त्यरण्येषु चरन्ति दूर्वाः
पिबन्ति तोयान्यपरिग्रहाणि।
तथापि वध्या हरिणा नराणां
को लोकमाराधयितुं समर्थः॥ (सुभा.)

हरिणप्लुतम् (नपुं.) १.[*हरिणस्य प्लुतम्*] मृगको उफ्राइ २.[*हरिणस्य प्लुतमिव प्लुतम्, म.प.स.*] मृगको जस्तो उफ्रने काम ३.प्रत्येक पाउमा मगण, सगण, जगण जगण, भगण तथा रगणको प्रयोग हुने छन्दविशेष। यसको आठौं त्यस पछि पाचौं अक्षरमा विश्राम हुन्छ।

मात्सो जौ भरसंयुतौ करिबाणकैर्हरिणप्लुतम् (छन्दो.)।

हरिणप्लुता (स्त्री.) द्रुतविलम्बित छन्दको प्रथम तथा तृतीय पाउमा प्रथम अक्षर हटाउँदा बन्ने अर्धसम वृत्त।

अयुजि प्रथमेन विवर्जितं द्रुतविलम्बितकं हरिणप्लुता।

हरिणहृदयः (पुं.) [*हरिणस्येव भीतं हृदयमस्य, बहु.स.*] डरपोक।

हरिणाक्षी (स्त्री.) [*हरिणस्येवाक्षि यस्याः सा, बहु.स. षच्, ङीष्*] १.हट्टविलासिनीनामक गन्धद्रव्य २.(वि.) हरिणको जस्तो आँखा भएकी।

हरिणाङ्कः (पुं.) [*हरिणः शशनामको मृगोऽङ्कश्चिह्नम्, अङ्के क्रोडे यस्य सः,बहु.स.*] चन्द्रमा।

हरिणी (स्त्री.) [*हरितवर्णा स्त्री, ङीप् तस्य नः*] १.स्वर्णप्रतिमा २.स्वर्णयूथी ३.मजिठो ४.सत्र अक्षरको छन्दविशेष। यसको प्रत्येक पाउमा क्रमैले नगाण, सगण, मगण, रगण, सगण तथा लघु र गुरु वर्णको प्रयोग गरिएको हुन्छ। यसमा छैटौं, त्यस पछि चारौं, अनि सातौं अक्षरमा विश्राम हुन्छ। **नसमरसला गः षड्वेदैर्हयैर्हरिणी मता।** (छन्दो.) ५.[*हरिणस्य स्त्री.ङीप्*] मृगी।

हरित् (पुं.) [*हरति, ह्रियते वा, हसृरुहियुषिभ्य इति १.९७ इति इतिप्रत्ययः*] १.नीलो र पहेँलो मिसिएको रङ्ग /हरियो वर्ण २.सूर्यको अश्व ३.[*हरिद्वर्णत्वात्*] मुगी ४.[*हरति प्राणान्*] सिंह ५.[*हरति नाशयति तिमिरम्*] सूर्य ६.[*हरति भक्तानां पापम्*] विष्णु ७.(स्त्री.) [*हरन्ति नयन्ति अनया, पूर्ववत्*] दिशा। **आशाश्च हरितश्च ताः** (अमर.१.३.१) ८.(पुं./नपुं.) तृणविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरितः (पुं.) [*हरति, ह्रियते वा, हृञ् हरणे इति धातोः हृश्याभ्यामितन् (उ.) ३.९३ इति इतन्*] १.सिंह २.तृण विशेष ३.हरियो वर्ण ४.कश्यपका एक छोरा ५.यदुपुत्र ६.मान्धाताका नाति, युवनाश्वका पुत्र ७.(त्रि.) हरियो वर्ण भएको।

हरितकणः (पुं.) [*हरितश्चासौ कणश्च, कर्म.स.*] सूर्यका प्रकाशलाई सोस्न मद्दत पुऱ्याउने बोटविरुवाको हरियो रङ।

हरितकम् (नपुं.) [*हरितेन वर्णेन कायति प्रकाशते, कै शब्दे इति धातोः, आत्वे, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] साग।

हरितकी (स्त्री.) [*हरितकी, अभया, पथ्या, रोहिणी कायस्था, पूतना, अमृता, हैमवती, चेतकी श्रेयसी, शिवा, वयस्था, विजया, जीवन्ती*] हर्रो। यो सात प्रकारको हुन्छ– **विजया**– विन्ध्याचलमा हुने हर्रो। लौकाजस्तो गोलो आकार हुने यो हर्रो सबै रोगका लागि उपयोगी हुन्छ। **चेतकी**– हिमालयभन्दा तलतिरका पहाडमा हुने हर्रो। यसका तीन रेखा हुन्छन्। त्रिफलानिर्माणमा यसको बढी प्रयोग हुन्छ। **पूतना**– सिन्धुदेशमा पाइने यो हर्रो लेपका लागि उपयोगी मानिन्छ। **रोहिणी**– यो सबै ठाउँमा पाइन्छ। घाउमा मासु पलाउने औषधिको निर्माणमा यसको बढी उपयोग हुन्छ। **अमृता**– चम्पारण्यमा बढी पाइने हर्रो। गुदीको मात्रा अधिक हुने यो हर्रो शोधनकर्ममा बढी प्रयोग हुन्छ। **अभया**– चम्पादेशमा बढी पाइने हर्रो। यसका पाँच रेखा हुन्छन्। यो आँखाका रोगका लागि उत्तम मानिन्छ। **जीवन्ती**– यस जातिको हर्रो सोरठ देशमा पाइन्छ। यसको रङ पहेँलो हुन्छ। धेरैथरी रोगको औषधिनिर्माणमा यसको उपयोग हुन्छ। प्रयोगअनुसार यसबाट हुने फाइदा पनि फरक फरक हुन्छन्। हर्रो चबाएर खायोभने भोक जाग्छ, अरुचि हट्छ। धुलो पारेर खायो भने पेट खलास हुन्छ। उमालेर त्यसको रस खायो भने दिशा रोकिन्छ। नुनका साथ खायो भने वात, कफ र पित्त जन्य दोष नाश हुन्छ। भोजन पछि खायो भने अन्न, पान आदिबाट हुने दोष नाश हुन्छ। सिधो नुन मिसाएर खायो भने कफ जन्य रोग, सक्खर हालेर प्रयोग गऱ्यो भने पित्तजन्य रोग र घिउमा फुराएर सेवन गऱ्यो भने वाथ रोग शमन हुन्छ। बाटो हिँडेर थाकेको, कमजोर, रोगी, दुब्लो, पखाला लागेको, उपवास बसेको, बढी पित्त भएको, गर्भवती र रगत गएको मानिसले हर्रो सेवन गर्नु हुँदैन।

(हरितकी)

अध्वातिखिन्नो बलवर्जितश्च
रूक्षः कृशो लङ्घनकर्षितश्च।
पित्ताधिको गर्भवती च नारी
विमुक्तरक्तस्त्वभयां न खादेत्॥ (भा.प्र.नि.)

हरिता (स्त्री.) [*हरति, ह्रियते वा मनोऽनेन, हृञ् हरणे इति धातोः हृश्याभ्यामितन् (उ.) ३.९३ इति इतन्, टाप्*] १.दुबो। **हरिता स्त्री च दूर्वायाम्।** (विश्व.) २.श्रावण कृष्ण अमावास्या।

हरितालम् (नपुं.) [*हरिवर्णस्य पीतवर्णस्य तालः प्रतिष्ठा यत्र सः, बहु.स.*] पहेँलो वर्णको एक उपधातु। **स हरितालसमान नवांशुकाम्** (शि.व.) २.(पुं.) पहेँलो वर्णको पक्षीविशेष।

हरितालिका (स्त्री.) [*हरेस्तालो हस्ततालो यस्यां सा, कप्, टाप्, अत इत्वम्, यद्वा हरिता आलिभिः (पार्वती) यस्यां (तिथौ) सा, बहु.स.*] भाद्रशुक्ल तृतीया/तिज। यो महिलाहरूको विशेष चाड हो। यस दिन अविवाहित कन्या प्रायः असल वर प्राप्तिको कामना गरेर शिव मन्दिरमा गएर वा घरमा नै शिव पार्वतीको आराधना गर्दछन् भने विवाहित नारीहरू पतिको आयु, आरोग्य प्राप्तिका साथै आफ्नो अटल सौभाग्य प्राप्तिका लागि शिव पार्वतीको बालुवाको मूर्ति बनाएर वा शिवमन्दिर गएर अर्चना गर्दछन्। यस दिन निराहार वा फलाहार गरी कोही रातमा जाग्राम बस्ने पनि गर्दछन् यस दिन सबै शिवमन्दिरमा प्रायः राता लुगा र गहना लगाएका नेपाली महिलाहरूको ठुलो भिड लाग्छ, नाच,गान चलिरहन्छ। भोलिपल्ट अगस्तिको पूजा गरी सूर्यलाई अर्घ्य दिएर पारायण गरेपछि यो व्रत समाप्त हुन्छ।

हरिताश्म (नपुं.) [*हरितवर्णमश्म, अच् समासान्तः*] १.मणिविशेष २.निलोतुथो।

हरित्पर्णम् (नपुं.) [*हरिद्वर्णं पर्णं यस्य तत्, बहु.स.*] १.मूला २.(वि.) हरियो पात हुने।

हरिदर्भ (पुं.) [*हरिः हरिद्वर्णो दर्भः*] हरियो कुश।

हरिदश्वः (पुं.) [*हरिन्नामकोऽश्वो यस्य सः, बहु.स.*] सूर्य।

हरिदेवः (पुं.) [*हरिर्देवोऽधिष्ठात्री देवता अस्य*] श्रवण नक्षत्र।

हरिद्गर्भः (पुं.) [*हरिद्वर्णो गर्भो यस्य सः, बहु.स.*] हरियो कुश।

हरिद्रा (स्त्री.) [*हरिं पीतवर्णं द्रवति, द्रु गतौ इति धातोः, अन्येभ्योऽपि दृश्यते (वा.) ३.२.१०१ इति डः*] १.हलेदो २.बेसार। यसका अन्य संस्कृत नामहरू– हरिद्रा, काञ्चनी, पीता, वरवर्णिनी, कृमिघ्नी तथ रात्रीवाचक सबै शब्द। यो दाल, तर्कारी आदि बनाउँदा दैनिक व्यवहारमा प्रयोग हुन्छ। यो कफ तथा पित्तनाशक हुन्छ, प्रमेह, शोथ, रक्तविकार, चर्मदोष, घाउ आदिका लागि उपयोगी मानिन्छ। हरिद्रा अनेक किसिमको हुन्छ। तीमध्ये केही– १.**कर्पूरहरिद्रा**– यो आँपको जस्तो गन्ध आउँने खालको हुन्छ। यो दारु हरिद्राको भेद मानिन्छ। तरकारी दाल आदिलाई सुगन्धित तुल्याउन सामान्य हरिद्राको सट्टा कर्पूरहरिद्राको प्रयोग गरिन्छ चोटपटक, लुतो, किरा परेको आदिमा यसको प्रयोग लाभदायक हुन्छ। २.**वनहरिद्रा**– नेपाल, भारत अदि देशका जङ्गलमा यो उपलब्ध हुन्छ। विस्फोटक ज्वरो, सुके लुतो, शोथ, शिरशूल आदिमा यसको उपयोग हुन्छ। ३.**दारुहरिद्रा**– यो१३ किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ। हिमालयका पर्वतीय प्रदेश, आसाम आदि क्षेत्रमा उपलब्ध हुन्छ। यीमध्ये ४ जातको हरिद्रा नीलगिरि पर्वत क्षेत्रमा पाइएको छ। मलेरिया, अपच, गण्डमाला, गर्भिणीले गर्ने उल्टी, आदिमा यसको उपयोग हुन्छ।

हरिद्राभः (पुं.वि.) [*हरिद्रेव आभाति आङ्पूर्वकाद् भा दीप्तौ इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४*] १.पहेलो वर्णको २.(पुं.) पहेँलो साल।

हरिद्रारागः (पुं.वि.) [*हरिद्राया इव रागः रञ्जनमनुरागोऽस्य*] क्षणिक प्रेम/अस्थिर मित्रता।

हरिद्रुः (पुं.) [*हरिः हरिद्वर्णो द्रुः, कर्म.स.*] रुख।

हरिद्वारम् (नपुं.) [*हरेस्तत्प्राप्तेः द्वारं सेवनात्*] भारतको उत्तराञ्चलमा पर्ने एक तीर्थ। यस ठाउँमा गङ्गा पहाडबाट मैदानतिर झरेको छ। त्यसैले यसलाई गङ्गाद्वार पनि भन्दछन्। पाण्डवहरू यतैतिरबाट स्वर्ग गएको हुँदा यसलाई स्वर्गद्वार पनि भनिन्छ। यहाँ गङ्गाको सुन्दर मन्दिर छ। मोक्षदायिनी ७ पुरी मध्ये यो मायापुरी अन्तर्गत पर्दछ। यसै स्थलमा मैत्रेयले विदुरलाई र सप्तर्षिले नारदलाई श्रीमद्भागवत सुनाएका थिए। यसको आसपासमा रहेका अन्य तीर्थहरूमा कुशावर्त, विल्वकेश्वर, नीलपर्वत, कनखल उल्लेखनीय छन्। यहाँ एउटा कुण्ड पनि छ। यसलाई ब्रह्मकुण्ड भन्दछन्। गङ्गाको एउटा भँगालो एकातिरबाट यस कुण्डमा प्रवेश गर्छ भने अर्कातिरबाट बाहिर निस्किएर जान्छ। यहाँका दर्शनीय स्थलहरूमा मनसादेवी, विष्णुचरणपादुका, साक्षीश्वर र गङ्गाधर महादेवका मन्दिर प्रमुख छन्। यहाँको गङ्गाको आरती दर्शनीय हुन्छ। यसको आसपासका अन्य तीर्थहरू– गाईघाट (यहाँ स्नान गर्नाले गोहत्याको पाप छुट्छ) कुशावर्त (पितृलाई पिण्ड दिइने घाट) श्रवणनाथ (पञ्चमुखी महादेवको मन्दिर भएको श्रवणनाथ बाबाको स्थान) रामघाट, विष्णुघाट (विष्णुले तपस्या गरेको स्थल) यहाँ भैरव, आठ हात भएका शिव, तीन टाउका भएकी देवी छन्। मायादेवीको पुरानो मन्दिर छ। नीलधारा (नीलपर्वतको फेदीमा बग्ने गङ्गाको धारा (यहाँ स्नान गर्नाले ठुलो पुण्य हुन्छ भनी स्कन्दपुराणमा लेखिएको छ। कालीमन्दिर (नीलपर्वतको शिखरतिर उक्लदा बाटामा पर्ने कौलसम्प्रदायकी देवीको मन्दिर)चण्डीदेवी (नीलपर्वतको शिखरमा रहेको देवीको मन्दिर) अञ्जनी (हनुमान्‌की आमाको मन्दिर) गौरीशङ्कर (नीलपर्वतबाट ओर्लदा अञ्जनीको मन्दिरबाट केही तल रहेको शिव र पार्वतीको मन्दिर) बिल्वेश्वर, कनखल आदि।

(हरिद्वारम्)

हरिनाम (नपुं.) १.[*हरेर्नाम*] भगवान्‌को नाम २.(पुं.) [*हरेरिव नाम यस्य सः, बहु.स.*] मुगी।

हरिनेत्रम् (नपुं.) [*हरेर्नेत्रमिव*] १.सेतो कमल २.[*हरेर्नेत्रम्, ष.त.*] विष्णुका आँखा ३.(पुं.) [*हरेः सिंहस्येव नेत्रमस्य, दीर्घत्वात्*] लाटोकोसेरो।

हरिन्मणिः (पुं.) [*हरिद्वर्णो मणिः, कर्म.स.*] मरकत मणि।

हरिन्मुद्गः (पुं.) [*हरिद्वर्णो मुद्गः*] हरियो मुगी/पाकेको मुगी।

हरिपर्णम् (नपुं.) [*हरिद्वर्णानि पर्णानि यस्य तत्, बहु.स.*] मूला।

मूलकन्तु हरिपर्णं सेकिमं हस्तिदन्तकम् (अभि.चि.)।

हरिप्रियः (पुं.) [*हरेर्विष्णोः प्रियः ष.त.*] १.शिव २.शङ्ख ३.चन्दन ४.करवीर ५.उशीर ६.बन्धुक पुष्प/दोपहरे फूल। **बन्धुको बन्धुलो बन्धुर्बन्धुली हरिवल्लभः।** (अमर.च.) ७.भृङ्गराज ८.कदम।

कादम्बः सुरभिर्नीपः प्रावृषेण्यो हरिप्रियः (अमर.४)।

हरिप्रिया (स्त्री.) [*हरेर्विष्णोः प्रिया ष.त.*] १.लक्ष्मी २.तुलसी ३.पृथिवी ४.द्वादशी तिथि ५.बाह्रमासे फूल/जपापुष्प ७.(वि.) हरिकी प्रियतमा।

हरिबालुकम् (नपुं.) [*हरेर्विष्णोः प्रियम् बालुकम्, म.प.स.*] मुसावर।

ऐलाबालुकमैलेयं सुगन्धि हरिबालुकम् (अमर.२.४.१२१)।

हरिबीजम् (नपुं.) [*हरेर्वीजमुत्पत्तिकारणत्वेनास्त्यस्य*]। हरिताल।

हरितालं हरेर्वीजं लक्ष्म्या बीजं मनःशिला (वैद्यक)।

हरिबोधनी (स्त्री.) [*हरिर्बुध्यतेऽस्यां सा, बुध अवगमने इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् अनः, टित्वान् ङीप्*] कार्तिक शुक्ल एकादशी तिथि/ठुली एकादशी।

हरिबोधिनी (स्त्री.) [*हरेर्बोधोऽस्यां तिथौ सा, अत इनिठनौ ५.२.११५ इति इनि, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] कार्तिक शुक्ल एकादशी तिथि/ठुली एकादशी/हरिप्रबोधनी।

हरिभक्तः (पुं.) [*हरेः भक्तः ष.त.*] सबैमा समभाव राखेर विष्णुको भक्ति गर्ने व्यक्ति।

सर्वजीवेषु यो विष्णुं भावयेत् समभावतः।
हरौ करोति भक्तिञ्च हरिभक्तः स च स्मृतः॥ (पुराण)

हरिभद्रः (पुं.) जैनदर्शनका एक आचार्य। यिनको समय आठौं शताब्दी हो। यिनले **षड्दर्शनसमुच्चय** र **अनेकान्तजयपताका** नामक दुई कृति रचेका छन्।

हरिभुक् (पुं.) [*हरिं भेकं भुङ्क्ते तच्छीलः, भुज पालनाभ्यवहारयोः, इति धातोः, अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्*] सर्प।

हरिमन्थः (पुं.) [*मथ्यते मन्थः एकदेशः हरिः पीतो मन्थो यस्य सः, बहु.स. यद्वा हरिभिः वानरैः भक्षणाय मथ्यते विलोड्यते, मन्थे विलोडने इति धातोः, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ्,*] १.चना २.[*हरिभिः वानरैः भक्षणाय मथ्यते विलोड्यतेऽत्र, पूर्वसूत्रेण अधिकरणे घञ्*] देशविशेष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिमन्थकः (पुं.) [*हरिः पीतो मन्थ एकखण्डो यस्य सः, कप्*] चना।

चणको हरिमन्थकः (अमर.)।

हरिमन्थजः (पुं.) [*हरिमन्थे देशे जायते जनी प्रादुभावे इति धातोः सप्तम्यां जनेर्डः ३.२.९७ इति डः, डित्वाट्टिलोपः*] १.चना २.कालो मुगी।

हरिवंशः (पुं.) १.[*हरेर्वंशः, ष.त.*] विष्णुको वंश २.[*हरिवंश आख्येयत्वेनास्त्यत्र, अर्श आदिभ्योऽच् ५.२.१२७ इति अच्*] महाभारतअन्तर्गत खिल पाठको रूपमा रहेको ग्रन्थविशेष। यो स्वतन्त्र ग्रन्थ हो वा महाभारतको अङ्ग हो भन्ने विषयमा मतभेद छ। भारतीय विद्वान्ले यसलाई महाभारतकै अङ्ग भनेका छन् भने डा. विण्टरनित्स, फर्वुहर आदि समीक्षकहरू यसलाई स्वतन्त्र पुराण मान्दछन्। परिगणित १८ पुराण वा १८ उपपुराणभित्र भने यो ग्रन्थ पर्दैन। यसमा तीन पर्व छन्— हरिवंशपर्व, विष्णुपर्व र भविष्यपर्व। हरिवंशपर्वमा ५५ अध्याय छन्। प्रथम र द्वितीय पर्वमा विष्णुका चरित्र, कृष्णको अवतार र तिनका लीला तथा वंशविस्तार, सृष्टि, प्रलय, मन्वन्तर, ऋषिहरूको आख्यान, साङ्ख्य, योग आदिको वर्णन छ। भविष्य पर्वमा आगामी युगका विषयको वर्णन छ।यसमा १६३७४ श्लोक छन्।

हरिवर्षम् (नपुं.) [*हरिनामकं वर्षम्, म.प.स.*] जम्बुद्वीपका नव वर्षमध्ये एक।

हरिवल्लभा (स्त्री.) [*हरेर्वल्लभा, ष.त.*] १.जपापुष्प/दोपहरे फूल। २.लक्ष्मी ३.तुलसी ४.द्वादशी तिथि ५.पृथ्वी ६.अधिक मासको कृष्ण एकादशी ७.(वि.) हरिकी प्रियतमा।

हरिवासरः (पुं.) [*हरिप्रियःवासरः,म.प.स.*] १.एकादशी तिथि २.द्वादशीको प्रथम पाउ।

अन्नमाश्रित्य पापानि तिष्ठन्ति हरिवासरे।
द्वादश्याः प्रथमः पादो हरिवासरसंज्ञकः॥ (पुराण)

हरिवाहनः (पुं.) [*हरिं वाहयति स्थानान्तरं नयति वह प्रापणे इति धातोः, णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः, हरेर्वाहनः, ष.त. वा*]। गरुड।

हरिशः (पु. [*हरिर्वानरोऽस्यास्तीति, लोमादिपामादिपिच्छादभ्यः शनेलचः५.२.१०० इति शः*] १.विष्णु २.बाँदर नचाउने व्यक्ति।

हरिशयनम् (नपुं.) १.[*हरेः शयनं निद्रा*] विष्णुको निद्रा २.(पुं.) [*हरेः शयनं यत्र सः,बहु.स. आषाढस्य शुक्लैकादश्यवधिकार्त्तिक शुक्लैकादशीपर्य्यन्तरूपो मासचतुष्टयात्मकः कालः*] आषाढ-शुक्ल एकादशीदेखि कार्तिकशुक्ल एकादशीसम्म चार महिनाको समय।

हरिशयनी (स्त्री.) [*हरिः शेतेऽस्यां तिथौ, करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ्— ४.१.१५ इति ङीप्*] आषाढ शुक्ल एकादशी तिथि। चतुर्मास व्रतको आरम्भ गर्ने दिन। पौराणिक कथनअनुसार भगवान् विष्णु यसै दिनबाट चार महिना शेषको शय्यामा सुत्नु हुन्छ र कार्तिक शुक्ल एकादशीका दिन उठ्नु हुन्छ। त्यसैले यी दुई एकादशीलाई ठुली एकादशी भन्ने चलन छ।

हरिश्चन्द्रः (पुं.) १.[*हरिः चन्द्र इव ऋषौ सुट्। यौगिकार्थे ऋषिभिन्ने तु न सुट्*] हरिश्चन्द्र नामक एक ऋषि २.त्रिशङ्कुका छोरा, प्रसिद्ध एक रजा। पुराणअनुसार यी ज्यादै दानी र सत्यव्रती थिए। यिनकी आमाको नाम सत्यवती थियो। इन्द्रको सभामा यिनी विराजमान हुन्थे। हरिश्चन्द्र समस्त भूपालका सम्राट् थिए। यिनले आफ्नो जैत्र रथमा चढेर पृथ्वीका सातै द्वीपमाथि विजय प्राप्त गरेका थिए। यिनले राजसूय यज्ञ गरे। माग्नेलाई यिनले मागेकोभन्दा पाँचगुना बढी दिएर पठाउँथे। ब्राह्मणहरूलाई प्रशस्त धन दिएर प्रसन्न तुल्याएका थिए। त्यसैले यिनको तेज बढेको थियो। ईर्ष्यावश इन्द्रले परीक्षा लिन विश्वामित्रलई पठाए। दानको भूयसी दक्षिणा दिन नसक्दा सपरिवार चाण्डालको घरमा बेचिनुपऱ्यो। रानीले दासीको काम गरिन्। नानाप्रकारको दुःख भोगेर भएपनि यिनले आफ्नो व्रत पूरा गरिछाडे। परीक्षामा उत्तीर्ण भएपछि यिनलाई स्वर्ग मिल्यो। हरिश्चन्द्र सपरिवार स्वर्ग गए।

हरिसङ्कीर्त्तनम् (नपुं.) [*हरेर्हरिनाम्नः संकीर्त्तनं कथनम्, ष.त.*] श्रीविष्णुका नामको बारम्बार उच्चारण।

सकलं निष्फलं राजन् हरिसङ्कीर्त्तनं विना (पुराण)।

हरिहयः (पुं.) [*हरिवर्णो हयो यस्य सः, बहु.स. हरिं विदित्वा हरिभिश्च वाजिभिरिति रघौ शक्रस्य हरिवर्णतुरगत्वमुक्तम्*] इन्द्र।

हरिहरः (पुं.) [*हरियुक्तो हरः म.प.स.*] हरि र हरको संश्लिष्ट स्वरूप।

हरिहरक्षेत्रम् (नपुं.) [*हरिश्च हरश्च, द्व.स. हरिहरौ, तयोः क्षेत्रम् ष.त., हरिणा स्थापितं हरक्षेत्रं वा, म.प.स.*] गङ्गा र गण्डकी मिसिएको प्रसिद्ध तीर्थस्थल। यो भारतको विहार राज्यमा पर्दछ। पौराणिक कथनअनुसार कर्दम ऋषिका जय र विजय नामका दुई छोरा थिए। राजा मरुत्ले दिएको दक्षिणाको विषयलाई लिएर एक पटक यी दुईमा झगडा भयो। यिनीहरूले आपसमा श्राप दिए। फलस्वरूप विजय ग्राह बनेर गण्डकी नदीमा वस्न थाल्यो भने जय हात्तीको रूप लिएर त्यसै क्षेत्रमा बस्तथ्यो। कर्तिक मासको पूर्णिमाका दिन हात्ती स्नान गर्न गण्डकी नदीमा गयो। त्यहाँ उसलाई ग्राहले समात्यो। दुवैको भीषण युद्ध भयो। अन्त्यमा हार खाएर हत्तीले आफ्नो उद्धारका लागि भगवान् विष्णुसँग प्रार्थना गऱ्यो। त्यसबाट प्रसन्न भएका विष्णुले आएर हात्तीको उद्धार गरे र शिवजीको स्थापना गरे। हरिले स्थापना गरेको हर (शिव) को क्षेत्र भएकाले यसको नाम हरिहरक्षेत्र रहेको हो। यहाँ मन्दिरको तटमा हरिहरात्मक(विष्णु र शिवको) मूर्ति रहेको हरिहरको मन्दिर छ। कर्तिक पूर्णिमादेखि सातदिनसम्म यहाँ ठुलो मेला लाग्दछ।

हरीतकी (स्त्री.) १.[*हरिणा पीतवर्णफलेन इता प्राप्ता, इण् गतौ इति धातोः गत्यर्थाकर्मक ३.४.७२ इति क्तः, संज्ञायां कन्,षिद् गौरादिभ्यश्च ४.१.४१ इति ङीष्*] हर्रो २.[*हरितक्याः फलं*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकारोऽवयवो वा, अनुदात्तादेश्च ४.३.१४० इत्यञ्, हरीतक्यादिभ्यश्च ४.३.१६७ इति तस्य लुप्] १.हर्राको फल २.हर्राको धुलो। **कदाचित् कुपिता माता नोदरस्था हरीतकी** (वैद्यक)।

हरेणुः (स्त्री.) [*हरति रोगान्, कृहभ्यामेणुः (उ.२.१) इति एणुः, स्वार्थे कनि हरेणुका इत्यपि*] १.शीतलचिनी २.कुलकी स्त्री।

हर्ता (पुं.वि.) [*हरति, ण्वुल्तृचौ ३.१.१३३ इति तृच्*] १.हरण गर्ने **न दाता सुखदुःखानां न च हर्ताऽस्ति कश्चन। भुञ्जते स्वकृतान्येव सुखानि च खुःखानि च॥** (ग.पु. आचारकाण्ड २२०) २.(पुं.) [*हरति द्रव्यादिकम्*] चोर ३.[*हरति शैत्यं पापादिकं वा*] सूर्य।

हर्म्यम् (नपुं.) [*हरति मनः, हृञ् हरणे इति धातोः अघ्न्यादयश्च (उ.) ४.११२ इति यत्, मुट् च*] धनीहरू बस्ने घर/महल। **रम्यं हर्म्यतलम्** (प्रबोधचन्द्रोदय)।

हर्य (धा.) [*क्लमे अक. गतौ सक.भ्वा.पर.सेट्*] थाक्नु, हिँड्नु। लट्– **हर्यति–** थाक्छ, हिँड्छ इत्यादि।

हर्य्यक्षः (पुं.) [*हरि पिङ्गलमक्षि यस्य सः, बहु.स.*] १.सिंह २.कुबेर

हर्य्यश्वः (पुं.) [*हरिवर्णोऽश्वोऽस्य, बहु.स.*] इन्द्र।

हर्षः (पुं.) [*हर्षणम्, हृष सुखे इति धातोः भावे ३.३.१८ इति घञ्*] सुख/इष्टप्राप्तिबाट हुने आनन्द।

हर्षचरितम् (नपुं.) [*हर्षस्य चरितं वर्णितं यत्र तत्, बहु.स.*] वाण भट्टद्वारा रचित आख्यायिका। यो आठ उच्छ्वासमा विभक्त छ। यसमा कविले हर्षवर्द्धनको प्ररम्भिक जीवनचरित्रलाई पौराणिक पाराले आलङ्कारिक शैलीमा प्रस्तुत गरेका छन्।

हर्षणः (पुं.) [*हर्षयति अभीष्टदानात्, हृष धातोर्णिच्,ल्युः*]। १.विष्कम्भ आदि योगमध्ये चौधौँ योग २.(वि.) हर्षदायक ३.(नपुं.) [*हृष–ल्युट्*] हर्ष।

हर्षमाणः (पुं.) [*हृष्धातोः ताच्छील्ये चानश्*] १.श्राद्धदेवविशेष २.(पुं.वि.) प्रसन्न चित्त भएको।

हर्षवर्धनः (पुं.) प्रसिद्ध नाटककार, कवि। यिनी सम्राट् हर्षवर्धन हुन्। यिनी कान्यकुब्जका राजा थिए। बाणभट्ट, मयूर आदि कविहरूलाई यिनले आश्रय दिएका थिए। यिनका बाबुको नाम प्रभाकरवर्धन, आमाको नाम यशोमती र दाजुको नाम राज्यवर्धन हो। हर्षवर्धनका मुख्य तीन कृति छन्– प्रियदर्शिका (नाटिका) रत्नावली (नाटिका) र नागानन्द (नाटक)। यिनको समय सातौँ शाताब्दी मानिन्छ।

हर्षितः (त्रि.) [*हर्षो जातोऽस्य, तदस्य सञ्जातं तारकादिभ्य इतच् ५.२.३६ इति इतच्*] आनन्दित/खुसी/प्रसन्न।

हर्षुलः (पुं.) [*हृष्यति, हृष तुष्टौ इति धातोः हृषेरुलच् (उ.) ९७ इति उलच्*] १.मृग २.कामुक। **हर्षुलो मृगकामिनोः** (विश्व.)।

हल (धा.) [*विलेखने, भ्वा.पर.सक.सेट् ज्वलादि.*] जोत्नु। लट्– **हलति–** जोत्छ इत्यादि।

हलधरः (पुं.) १.[*हलं धरति आयुधत्वेन धृञ् धारणे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] बलराम २.[*हलं धरति भूमेः कर्षणाय, पूर्ववदच्*] कृषक। **उन्मूलिता हलधरेण पदावघातैः** (उद्भट)।

हलम् (नपु) [*हलति कर्षति भूमिम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः३.१.१३४इत्यच्*] हलो। **लाङ्गलं हलम्** (अमर.)।

हलमुखी (स्त्री.) १.प्रत्येक पाउमा नौ अक्षर हुने एक छन्द। यसको प्रत्येक पाउमा रगण, नगण तथा सगणको प्रयोग हुन्छ। **रान्नसाविह हलमुखी** (छन्दो.) २.(वि.) [*हलस्य मुखमिव मुखं यस्याः सा, बहु.स.*] चोसो परेको मुख भएकी।

हला (अव्य.) [*हेति लीयते ला आदाने इति आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः, टाप्*] १.नाटकमा सखीलाई बोलाउन प्रयोग गरिने सम्बोधन २.[*हलति, पचाद्यच्, टाप्*] सखी ३.[*हल्यते, घञर्थे कः, टाप्*] पृथिवी ४.पानी।

हलायुधः (पुं.) १.[*हलेन आयुध्यति आङ्पूर्वकाद् युध प्रहारे इति धातोः इगुपधज्ञाप्रीकिरः कः३.१.१३५ इति कः*] बलराम २.प्रसिद्ध कोशकार तथा कवि। यिनको समय दशम शताब्दी हो। यिनका रचनाहरूमा **अभिधानरत्नमाला** र **कविरहस्य** प्रसिद्ध छन्। अभिधानरत्नमालालाई हलायुधकोश पनि भन्दछन्। यसमा स्वर्ग, भूमि, पाताल, सामान्य र अनेकार्थ गरी पांच खण्ड छन् र जम्मा श्लोकसंख्या ९०० छ। यसमा अमरकोशको प्रभाव छ। यिनको अर्को कृति कविरहस्य महाकाव्य हो। कविले यसमा राष्ट्रकूट वंशका राजा कृष्णराज तृतीयको प्रशंसा गरेका छन्। संस्कृत व्याकरण सिकाउने उद्देश्यले रचिएको यस काव्यमा भट्टिकाव्यको पर्याप्त प्रभाव छ।

हलाहलः (पुं.) [*हलेनेव आ समन्तात् सर्वाङ्गेषु हलति विलिखति, आङ्पूर्वकाद् हल विलेखने इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] विषको एक प्रकार।

हलिः (पुं.) [*हलति कर्षति, सर्वधातुभ्य इन् (उ. ४.११९ इति इन्*] १.ठुलो हलो २.हलो जोत्ने मानिस।

हली (पुं.) [*हलमस्त्यस्याधुधत्वेन सुखादिभ्यश्च ५.२.१३१ इति इनिः*] १.बलराम २.किसान

हलीशा (स्त्री.) [*हलस्य ईशा, ष.त., शक.*] हरिस।

हल्यम् (नपुं.) १.[*हलं हलकर्षणमर्हति, तदर्हति ५.१.६३ इति यत्*] खेत २.[*हलस्येदम्*] हलोसम्बन्धी ३.(पुं.) [*हलस्य कर्षः, मतजनहलात्करणजल्पकर्षेषु ४.४.९७ इति यत्*] हलाको जोताइ।

हल्या (स्त्री.) [*हलानां सहूहः, पाशादिभ्यो यः ४.२.४९ इति यः*] हलाको समूह।

हल्ल (पुं.) [*विकासे, भ्वा.पर.अक.सेट्*] विकसित हुनु। लट्– **हल्लति–** विकसित हुन्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हल्लीशः (पुं.) अठार उपरूपकमध्ये एक। यसमा एक अङ्क हुन्छ। सात, आठ वा दश स्त्रीपात्र हुन्छन्। बोलक्कड एक पुरुष पात्र हुन्छ। यसमा कैशिकी वृत्तिको प्रयोग भएको हुन्छ। मुख र निर्वहण सन्धि हुन्छन्। ताल र लयको प्रयोग धेरै हुन्छ। यसको उदाहरण संस्कृतको **केलिरैवतकम्** हो। (सा.द. ६.२९८)

हल्लीषम् (नपुं.) मण्डलाकार भएर स्त्रीजातिले नाच्ने एक नृत्य।

हवः (पुं.) [*ह्वानम्, ह्वेञ् स्पर्धायां शब्दे च इति धातोः भावेऽनुपसर्गस्य ३.३.७५ इत्यप्, सम्प्रसारणञ्च*] १.बोलाउने काम २.आज्ञा ३.[*हूयतेऽत्र, हु दानादनयोः इति धातोरप्*] यज्ञ ४.[*हवनम्*] होम गर्ने काम।

हवनम् (नपुं.) [*हु दानादनयोः इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] देवतालाई लक्ष्य गरेर मन्त्रको उच्चारण गर्दै आगामा चरु, घिउ आदि होम गर्ने काम।

हवनी (स्त्री.) [*हूयतेऽस्यां हु दानादनयोः, इति धातोः करणाधिकरणयोश्च ३.३.११७ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] यज्ञकुण्ड।

हवनीयः (पु.वि.) [*होतुं योग्यः, अनीयर्*] होमद्रव्य।

हवा (अव्य.) [*ह च वा च द्वन्द्वः*] प्रसिद्ध।

हविष्यम् (नपुं.) [*हविषे हितम्, उगवादिभ्यो यत् ५.१.२ इति यत्*] १.घिउ २.हेमन्तमा पैदा भएको अन्नविशेष। **चेरुर्हविष्यं भुञ्जानाः** (भाग.)।

हविष्यान्नम् (नपुं.) [*हविष्यञ्च तदन्नञ्च, कर्म. स.*] व्रत बस्दा खानु हुने पदार्थ— न उसिनेको मार्ग महिनामा भित्र्याएको धानको चामल, मुगी, कालो तिल, जौ, केरौ, कागुनु, नाबो धान, बेथु, हुर्हुरे साग, साठी धानको चामल, नरिचो, केमुकाबाहेक अरु आलु तरुल आदिको कन्द, सिधे र पागा नुन, गाईको दही, घिउ, तर ननिकालेको दुध, रुखकटहर, आँप, हर्रो, पिप्ला, जिरा, सुन्तला, अमिली, केरा, अमला आदि फल, चिनी, मिश्री र तेलमा नपकाएको वस्तु, दयालो, कदम, फणिर, निम, कयथ, दाख, अनार, जौको परिकार र नरिवल (नि.सि.)।

हविः (नपु.) [*हूयते यत्तत्, हु दानादनयोः इति धातोः अर्चिंशुचिहुसृपिछादिछर्दिभ्य इसिः (उ.२.११०) इति इसिः*] १.घिउ २.हवनीय द्रव्य।

हव्यम् (नपुं.) [*हूयन्ते प्रीण्यन्ते देवा येन, हूयते प्रक्षिप्यते वा, हु दानादानयोः, इति धातोः अचो यत् ३.१.९७ इति यत्*] १.हवनीय द्रव्य २.होम।

हव्यपाकः (पुं.) [*हव्याय होमाय पाको यस्य सः, बहु.स.*]। होमका लागि घिउ, तिल, आदि मिसाएर बनाइएको चरु।

हव्यवाहः (पुं.) [*हव्यं वाहयति प्रापयति देवान्, वह प्रापणे इति धातोः कर्मण्यण् ३.२.१ इति अण्*] अग्नि।

हव्यवाहनः (पुं.) [*हव्यं वाहयति देवान्, वह प्रापणे इति धातोः णिच्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति ल्युः, युवोरनाकौ ७.१.१ इत्यनः*] आगो।

हस (धा.) [*हासे भ्वा.पर. अक. सेट् सिचि न वृद्धिः, दोषदर्शनपूर्वकं हासे तु सक.*] हास्नु। लट्— **हसति**— हाँस्छ इत्यादि।

हसः (पुं.) [*हसनम्, हस हासे इति धातोः स्वनहसोर्वा ३.३.६२ इत्यप्*] १.हाँसो २.हास्य रस। **अथो हसः। हासो हास्यञ्च** (अमर.)।

हसनम् (नपुं.) [*हस हसने इति ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] हाँस्ने काम।

हसनी (स्त्री.) [*हस हसने इति धातोः कृत्यल्युटो बहुलम् ३.३.११३ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः, टिड्ढाणञ् ४.१.१५ इति ङीप्*] मक्कल।

हसन्ती (स्त्री.) [*हस हसने इति धातोः झः, झस्यान्तादेशः, ङीप्*] १.मक्कल २.मल्लिकाविशेष ३.शाकिनीविशेष ४.(वि.) [*हस— शतृ ङीप्*] हासिरहेकी।

हसितम् (नपु.) १.[*हस हसने इति धातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] हाँसो। यो ६ किसिमको हुन्छ— स्मितहसित, विहसित, अवहसित, अपहसित र अतिहसित। २.(त्रि.) [*हसति स्म, कर्त्तरि क्तः*] १.हाँसेको २.फुलेको।

हस्तः (पुं.) [*हसतीति, हस हसने इति धातोः हसिमृग्रिण्वाऽमिदमिलूपूधुर्विभ्यस्तन् (उ.) ३७३ इति तन्, न इट्*] १.हात। २.[*हस्त इव, इवे प्रतिकृतौ ५.३.९६ इति कन्, देवपथादिभ्यश्च ५.३.१०० इति कनो लुप्*] चौबिस अङ्गुल बराबरको नापो।

हस्तोऽङ्गुलैः षड्गुणितैश्चतुर्भिः (लीला.) ३.[*पूर्ववत्*] हात्तीको सूँड ४.तेह्रौं नक्षत्र ५.(पुं.वि.) [*हस्तेषु जातः४.३.२५ इति अण्, श्रविष्ठाफल्गुन्यनुराधास्वातितिष्यपुनर्वसुहस्तविशाखा षाढाबहुलाल्लुक् ४.३.३४ इत्यणो लुक्*] हस्ता नक्षत्रमा जन्मिएको।

हस्तरेखा (स्त्री.) [*हस्तस्थिता रेखा, म.प.स.*] मानिसको हत्केलामा रहेका विविध रेखा।

आयुरेखां चकारास्या हस्ते द्राघीयसीं विधिः (सुभा.)।

हस्ता (स्त्री./पुं.) अश्विनी आदिको गणनाक्रममा पर्ने तेह्रौं नक्षत्र। यसको ध्रुवांश (क्रान्तिवृत्तमा मेष विन्दु 0° बाट हुने दूरी) १६५ कला छ। यसको आकार हातजस्तो देखिन्छ। यसको शर ११।० द. छ। यस नक्षत्रका ५ तारा छन्। यसको योगतारा नक्षत्रको ईशानपट्टि छ। (सि.द.) यस नक्षत्रमा जन्मने बालकको नाम नक्षत्रको पादव्यवस्थाअुनसार पु ष ण ठबाट प्रारम्भ हुन्छ। (मु.चि.) यो पृथ्वीबाट करिब १३० प्रकाशवर्ष टाढा छ।

हस्तकला (स्त्री.) [*हस्तेन रचिता कला, म.प.स.*] हातबाट भएका काम वा सृजना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हस्ताक्षरम् (नपुं.) [*हस्तेन लिखितं स्वसंज्ञाबोधकमक्षरम्, म.प.स.*] सिग्नेचर/सही/व्यहोरा ठिक हो वा होइन भनी नाम लेख्ने काम।

हस्तान्तरणम् (नपुं.) एकको अधिकारमा रहेको वस्तु अन्य कसैलाई सुम्पने काम।

हस्तामलकम् (नपुं.) [*हस्तस्थितमामलकम् आमलक्याः फलं तदिव वा*] हातमा रहेको अमलाको दाना जस्तै छर्लङ्ग भएको वस्तु।

हस्तिकम् (नपुं.) [*हस्तिनां समूहः, कन्*] हात्तीको बथान।

हस्तिचर्म (नपुं.) [*हस्तिनः चर्म, ष.त., वेदे तु अनसन्तान्नपुंसकाच्छन्दसि ५.४.१०३ इति टचि हस्तिचर्मम्*] हात्तीको छाला।

हस्तिदघ्नम् (नपुं.) [*हस्ती प्रमाणमस्य, पुरुषहस्तिभ्यामण् च ५.२.३८ इति दघ्नच् एवमेव हस्तिमात्रम्, हस्तिद्वयसम्*] हात्ती बराबरको।

हस्तिदन्तः (पुं.) [*हस्तिनः दन्तः, ष.त.*] हात्तीको दाँत।

हस्तिनापुरम् [*हस्तिना तदाख्यनृपेण चिह्नितं तत्कृतत्वात्पुरम्, अलुक्स.*] प्राचीन भारतको राजधानी। यो सहर दिल्लीको मेरठबाट २२ माइल उत्तरपूर्व गङ्गाको दाहिने किनारमा पर्दथ्यो। युधिष्ठिरको पाँचौ पुस्तामा यसलाई गङ्गाले बगायो। त्यसपछि कौरव र पाण्डुका सन्तान प्रयागको यमुनाको पश्चिमपट्टिको किनारमा अवस्थित कौशाम्बी नगरमा आएर बसे।

हस्तिनी (स्त्री.) १.[*हस्तिनः योषा, ङीप्*] हथिनी २.स्त्रीविशेष। ठुलो ओठ, ठुलो नितम्ब, मोटा औंला, ठुलो स्तन, असल स्वभाव, तथा अतिशय कामवासना भएकी र धेरै खाना खाने स्त्री।

स्थूलाधरा स्थूलनितम्बविम्बा
स्थूलाङ्गुला स्थूलकुचा सुशीला।
कामोत्सुका गाढरतिप्रिया च
नितान्तभोक्त्री खलु हस्तिनी स्यात्॥

हस्तिपः (पुं.) [*हस्तिनं पाति पा रक्षणे इति धातोः आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आतो लोपः ६.४.६४ स्वार्थे कनि हस्तिपक इत्यपि*] माउते।

हस्तिपादः (पुं.वि.) १.[*हस्तिन इव पादौ यस्य सः, पादस्य लोपोऽहस्त्यादिभ्यः ५.४.१३८ इति अलोपाभावः, हस्तिभिन्ने तु व्याघ्रपात्, सिंहपात् इत्यादि*] हात्तीको जस्तो पाइला वा गोडा हुने २.(पुं.) [*हस्तिन इव पादौ यस्मात् सः, बहु.स.*] हात्तीपाइले रोग।

हस्तिवर्चसम् (नपुं.) [*हस्तिनो वर्चः, ब्रह्महस्तिभ्यां वर्चसः ५.४.७८ इति अच्*] हात्तीको तेज।

हस्तिषड्गवम् (नपुं.) [*षड् हस्तिनः, प्रकृत्यर्थस्य षट्त्वे षड्गवच् वा. ५.२.२९ इति षड्गवच्*] ६ वटा हात्ती।



हस्ती (पुं.) [*हस्तः शुण्डादण्डोऽस्त्यस्य, हस्ताज्जातौ ५.२.१३३इति इनिः*] १.हात्ती २.हस्तिनापुरको निर्माण गराउने राजा ३.अज मोदा ४.धृतराष्ट्रका एक छोरा ५.ज्यादै मोटो मानिस।

हस्तिमदः (पुं.) [*हस्तिनो मदः, ष.त.*]। हात्तीको मदजल।

हस्ते (अव्य.) [*हस्तशब्दात् एप्रत्ययः*] हातमा।

हस्त्यध्यक्षः (पुं.) [*हस्तिनामध्यक्षः, ष.त.*] हात्तीको संरक्षण का लागि नियुक्त व्यक्ति।

हस्त्यम् (नपुं.) [*हस्तेन दीयते क्रियते वा, यथाकथा च हस्ताभ्यां णयतौ ५.१.९८ इति यत्*] १.हातले दिइने दान २.हातले गरिने कार्य।

हस्त्यारोहः (पुं.) [*हस्तिनमारोहयति, आङ्पूर्वकाद् रुहधातोः कर्मण्यण् ३.२.१ इत्यण्*] माउते।

हस्त्युरसम् (नपुं.) [*हस्तिनामुरः, अग्राख्यायामुरसः ५.४.९३ इति टच्*] हात्तीमा श्रेष्ठ।

हहा (पुं.) [*हेति शब्दं जहाति, ओ हाक् त्यागे इति धातोः अन्येभ्योऽपि दृश्यन्ते ३.२.७२ इति विच्*] गन्धर्वविशेष।

हा (अव्य.) [*जहाति, ओहाक् त्यागे इति धातोः अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्*] विषाद शोक पीडा र निन्दा व्यक्त गर्दा प्रयोग गरिने शब्द।

हा विषादे च शोके च कुत्सादुःखार्थयोरपि (मेदिनी.)।

हाकिनी (स्त्री.) कुण्डलिनी योगअनुसार आज्ञाचक्रमा रहेकी देवी।

तन्मध्ये हाकिनी सा शशिसमधवला वक्त्रषट्कं दधाना (षट्चक्रनिरूपण)।

हाटकम् १.(नपु.) हटति, हट दीप्तौ इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः] सुन। **स्वर्णं सुवर्णं कनकं हिरण्यं हेम हाटकम्** (अमर.२.९.९४) २.(पुं./नपुं.) [*हाटकस्य विकारोऽवयवो वा, जातरूपेभ्यः परिमाणे ४.३.१५३ इति अण्*] सुनले बनेको पैसा, निष्क आदि।



हाटकेश्वर

हाटकेश्वरः (पुं.) [*हाटकमय ईश्वरः, कर्म. स., यत्र वा, बहु.स.*] शङ्करका मुख्य शिवलिङ्गमा एक। यो शिव लिङ्ग पश्चिमी भारतको अहमदाबादबाट डिल्ली जाने लाइनमा पर्दछ। भनिन्छ– यिनको मूल लिङ्ग पातालमा छ। **पाताले हाटकेश्वरम्।** स्कन्दपुराणमा हाटकेश्वरको वयान छ। हाटकेश्वर रहेको पौराणिक नाम आनर्त हो। अहिले यसलाई वडनगर भन्दछन्। यी नागर ब्राह्मणका कुलदेवता हुन्। जहाँ जहाँ नागरब्राह्मणको वस्ती छ, सबैजसो स्थलमा हाटकेश्वरको मन्दिर बनाइएको हुन्छ। पाण्डव र श्रीकृष्णले यहाँ पुगेर अनेकौं शिवलिङ्ग स्थापना गरेका थिए। यो मन्दिर वडनगर गाउँको पश्चिममा पर्दछ। गाउँको पूर्वपट्टि देवीको मन्दिर छ। यहाँका अन्य तीर्थस्थलहरू– विश्वामित्रसरोवर, सप्तर्षि आश्रम, पुष्करतीर्थ, गौरीकुण्ड, कपिला नदी, नृसिंहमन्दिर, बालाजी-मन्दिर, श्रीराम मन्दिर आदि। यसको आसपासका अन्य तीर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थल–शर्मिष्ठासरोवर, कुम्भेश्वर, महाकालेश्वर, जालेश्वर आदि। **हाटकेश्वरजं क्षेत्रं महापातकनाशनम्** (स्क. पु. नागरखण्ड)।

हानम् (नपुं.) [*ओ हाक् त्यागे इति धातोः नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] परित्याग। **हिमहानकृता न कृता** (भट्टि.)।

हानिः (स्त्री.) [*हानम्, ओहाक् त्यागे इति धातोः बहिश्रिश्रू युद्रुग्लाहात्वरिभ्यो नित् (उ.) ५०० इति नित्*] क्षति/नोक्सानी/अपचय।

हायनः (पुं.नपुं) १.[*अम्बु जहाति, ओहाक् त्यागे इति धातोः हश्च व्रीहिकालयोः ३.१.१४८ इति ण्युट् युवोरनाकौ ७.१.१ इत्यनः, आतो युक् चिण्कृतोः ७.३.३३ इति युगागमः*] धान २.[*भावांन् जिहीते ओहाङ् गतौ इति धातोः पूर्ववत्*] संवत्सर/वर्ष। **हायनोऽस्त्री शरत्समाः** (अमर.)।

हारः (पुं.) १.[*ह्रियते मनोऽनेन, ह्रियते वा, अकर्तरि च कारके संज्ञायाम् ३.३.१९ इति घञ् यद्वा हारयति मनः, स्वर्थाण्ण्यन्ताद् नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] मोतीको माला। **हारो नारोपितः कण्ठे** (सीतावाक्यम्) २.[*हरतीति कर्त्तरि घञ् णो वा*] भाजक। **अन्योन्यहाराभिहतौ हरांशौ** (लीलावती)।

हारकः (पुं.) [*हरति, ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः, वृद्धिः*] १.चोर २.धूर्त ३.भाजक अङ्क ५ हर्ता।

हारा (स्त्री.) [*हृञ् हरणे इति धातोः षिद्भिदादिभ्योऽङ् इति अङ्, ऋदृशोऽङि गुणः, निपातनाद् दीर्घः*] एक प्रकारको अङ्गुर।

हारावली (स्त्री.) [*हार इवावली, उप.त.*] १.मुक्तावली। **शृङ्गार–हारावली** (गङ्गास्तव) २.पुरुषोत्तमरचित कोषविशेष।

हारिणी (स्त्री.) १.सत्रौं अक्षरको छन्दविशेष। यसको प्रत्येक पाउमा मगण, भगण, नगण, मगण, यगण, तथा एक लघु र एक गुरु वर्णको प्रयोग भएको हुन्छ, चौथो, त्यस पछि छैठौं र त्यस पछि सातौं अक्षरमा विश्राम हुन्छ। **वेदर्त्वश्वैर्मभनमयला गश्चेत्तदा हारिणी मता।** (छन्दो.) २.सुन्दरी/राम्री।

हारी (पुं.वि.) १.[*हारोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति इनिः*] हार लगाएको २.[*हरति मनस्तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये इति णिनिः*] मनोहर। **हारीण्यबलानां हारीण्यबलानाम्** (भट्टि.)।

हारीतः (पुं.) [*हारि मनोहरम् इतं गमनमस्य*] १.एक स्मृतिकर्ता/मुनिविशेष २.हलेसो चरा ३.छली/धूर्त।

हार्दम् (नपुं.) [*हृदयस्य कर्म, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इत्यण्, हृदयस्य हृल्लेखयदण्लासेषु ६.३.५० इति हृदयस्य हृदादेशः*] १.स्नेह/प्रेम २.(वि.) [*हृदि भवः, तत्र भवः ४.३.५३ इत्यण्*] हृदयमा रहेको। ३.(वि.) [*हृदि विदितः, तत्र विदित इति च ५.१.४३ इत्यण्*] हृदयमा लागेको।

हार्यः (पुं.) [*ह्रियतेऽसौ, हृञ् हरणे इति धातोः ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्*] १.बर्रो २.(पुं.वि.) हरण गरिने।

हाला (स्त्री.) [*हलति अङ्गम्, ज्वलतिकसन्तेभ्यो णः ३.१.१४० इति णः, यद्वा हल्यतेऽनया हलश्च ३.३.१२१ इति घञ्, टाप्*] १.मदिरा विशेष २.ताडी। **हाला सुरायाम्** (विश्व.)।

हालाहलः (पुं/न.) [*हालेव हलति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] १.स्थावरविषविशेष २.एक प्रकारको किरो।

हालिकः (पुं.वि.) १.[*हलेन खनति, तेन खनति जयति जितम् ४.४.२ इति ठक्, ठस्येकः*] हलाले जोत्ने/हली २.[*हलं प्रहरणमस्य, प्रहरणम् ४.४.५७ इति ठक्, ठस्येकः*] १.हलो लिएर लडाइँ गर्ने २.[*हलस्यायम्, हलसीराट् ठक् ४.३.१२४ इति ठक्, ठस्येकः*] हलाको/हलोसम्बन्धी ३.(पुं.) बलराम।

हावः (पुं.) [*हवनम्, हु दानादानयोः इति धातोः क्वचिदपवाद विषयेऽप्युत्सर्गोऽभिनिविशते इति नियमाद् भावे ३.३.१८ इति अब्विषये घञ्*] १.आह्वान २.स्त्रीजातिको शृङ्गारभावजन्य चेष्टाविशेष/पुरुषलाई मोहित पार्न नायिकाले गर्ने अनेक नखरा ३.साहित्यमा वर्णित अनुभावको एक प्रकार।

हासः (पुं.) [*हस हसने इति धातोः स्वनहसोर्वा ३.३.६२ इति अपोऽभावपक्षे घञ्*] १.हाँसो २.हास्यरस।

हास्तिकम् (नपुं.) [*हस्तिनां समूहः, अचित्तहस्तिधेनोष्ठक् ४.२.४७ इति ठक्, ठस्येकः*] हात्तीको बथान।

हास्तिनम् (नपुं.) [*हस्तिना तन्नामकनृपेण निर्वृत्तं नगरम्, तेन निर्वृत्तम् ४.२.६८ इति अण्, संयोगपरत्वादिनो न टिलोपः*] हस्तिनापुर।

हास्यः (पु.वि.) [*हसितुं योग्यः, हस हसने इति धातोः ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वृद्धिः*] हाँस उठ्दो, हास्यास्पद। **संरुद्धचेष्टस्य मृगेन्द्र कामं हास्यं वचस्तद् यदहं विवक्षुः।** (रघु.)

हास्यम् (नपुं.) [*हस हसने इति धातोः ऋहलोर्ण्यत् ३.१.१२४ इति ण्यत्, वृद्धिः*] हाँसो। हाँसो ६ प्रकारको हुन्छ– **स्मित** (केही आँखा खोलेर अलिअलि ओठ चलाउँदे हासिने हाँसो, मन्दमुस्कान) **हसित** (अलिअलि दाँत देखाएर हासिने हाँसो) **विहसित** (मधुरस्वर निकालेर हासिने हाँसो) **अवहसित** (काँध र शिर हल्लाएर हासिने हाँसो) **अपहसित** (आँखामा आँसु आउने गरी हासिने हाँसो) **अतिहसित** (अङ्ग बेस्सरी हल्लाएर हासिने हाँसो)।

ईषद्विकासिनयनं स्मितं स्यात्स्पन्दिताधरम्।
किञ्चिल्लक्ष्यद्विजन्तत्र हसितं कथितं बुधैः।
मधुरस्वरं विहसितं सास्रं शिरकम्पमवहसितम्।
अपहसितं सास्राक्षं विक्षिप्ताङ्गमतिहसितम्॥

मतान्तरमा हाँसाका भेद–

स्मितम् (नपुं.) मुस्कान, दाँत नदेखाई हाँसेको हाँसो। **हसितम्** (नपुं.) अलिअलि दाँत देखिने गरी भएको हाँसो। **विहसितम्**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नपुं.) अलिअलि आवाज आउने गरी भएको हाँसो। **अट्टहासः** (पुं.) प्रशस्त आवाज आउने गरी भएको हाँसो। **अतिहासः** (पुं.) निरन्तर भएको हाँसो। **अपहासः** (पुं.) विना कामको हाँसो। **उपहासः** (पुं.) अर्कालाई गिज्याएर वा उडाएर वा ठट्टाका साथ गरिने हाँसो। **आच्छुरितकम्, आच्छुरितम्** (नपुं.) कसैलाई ईर्ष्या गरेर गरिएको हाँसो। **हसनम्** (नपुं.) ओठ फुराएर गरेको हाँसो।

......................तत्रादृष्टरदे स्मितम्।
वक्रोष्टिका च हसितं किञ्चिद्दृष्टरदाङ्कुरे।
किञ्चिच्छ्रुते विहसितमट्टहासो महीयसी।
अतिहासस्त्वनुस्यूते ऽपहासोऽकारणात् कृते।
सोत्प्रासे त्वाच्छुरितकं हसनं स्फुरदोष्टके॥ (अभि.चि.)

हास्यरसः (पुं.) [*हास्यप्रधानो रसः, म.प.स.*] हास्य स्थायिभाव भएको रस। विकृत (अस्वाभाविक) आकार, चेष्टा, भेष, भूषा आदि भएको व्यक्ति यसको आलम्बन विभाव हुन्छ। त्यसका चेष्टा उद्दीपनविभाव हुन्छन्। आँखा खुम्च्याउनु, मुख बाउनु आदि अनुभाव र आलस्य, श्रम आदि यसका व्यभिचारिभाव हुन्छन्। यसको वर्ण सेतो मानिएको छ। हास्य रसका देवता प्रमथगण हुन्। (सा.द.३.२१६)

हालाहलम् (नपुं.) हालाहल नामक विष।

हाहा (अव्य.) विस्मय तथा शोकबोधक शब्द।

हा हा देवि स्फुटति हृदयं स्रंसते देहबन्धः
शून्यं मन्ये जगदविरतज्वालमन्तर्ज्वलामि।
सीदन्नन्धे तमसि विधुरो मज्जतीवान्तरात्मा
विश्वङ्मोहः स्थगयति कथं मन्दभाग्यः करोमि॥

हाहाः (पुं.) [*हा इति शोकादिव्यञ्जकशब्दं जहाति, ओहाक् त्यागे इति धातोः अन्येभ्योऽपि दृश्यन्ते इति विच्*] गन्धर्व विशेष।

हाहा हूहूश्चैवमाद्या गन्धर्वास्त्रिदिवौकसाम् (अमर.१.१.५२)।

हाहाकारः (पुं.) [*हाहा इति अव्यक्तशब्दः, तस्य कारः, ष.त.*] १.युद्धको शब्द।

हाहाकारः समभवत् तत्र तत्र सहस्रशः।
अन्योन्यं छिन्दतां शस्त्रैरादित्ये लोहितायति॥ (म.भा.)

२.शोकको ध्वनि।

उद्वहो विकटो वायुः करालो वात्ययान्वितः।
देशवृक्षलतानाञ्च हाहाकाराय कल्पते॥ (ज्यौतिष, वायुफल)

हि [*वर्द्धने गतौ च स्वादि पर.सक.अनिट्*] बढ्नु, हिड्नु। लट्– **हिनोति–** बढ्छ, हिड्छ इत्यादि।

हि (अव्य.) [*हिनोति, हि गतौ इति धातोः अन्येभ्योऽपि दृश्यन्ते ३.२.७५ इति विच्, सञ्ज्ञापूर्वकत्वान्न गुणः यद्वा अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्, तुगभावः*] हेतु, अवधारण, विशेष, प्रश्न, हडबडी, हेतुको उपदेश, शोक, ईर्ष्या जनाउने र श्लोकको पाउ पूर्तिका लागि प्रयोग गरिने शब्द।

हि पादपूरणे हेतौ विशेषेऽप्यवधारणे।
प्रश्ने हेत्वपदेशे च सम्भ्रमासूययोरपि॥ (मेदिनी.)

हिंसकः (पुं.वि.) [*हिनस्ति, हिसि हिंसायाम् इति धातोः निन्दहिंसक्लिशखाद– ३.२.१४६ इति वुञ्, युवोरनाकौ ७.१.१ इत्यकः, इदित्वान्नुम्*] १.हत्यारा २.डरलाग्दो ३.(पुं.) शत्रु ४.अथर्ववेदका ज्ञाता ब्राह्मण।

हिंसा (स्त्री.) [*हिंसनम्, हिसि हिंसायाम् इति धातोः गुरोश्च हलः ३.३.१०३ इति अः, टाप्*] १.हत्या/बध २.अरुलाई पीडा दिने चौर्यादि कर्म।

हिंसाकर्म (नपुं.) [*हिंसाप्रधानं कर्म, म.प.स.*] १.अथर्व वेदमा प्रतिपादित मारण, उच्चाटन आदि २.हत्या गर्ने काम ३.पीडा दिने काम।

हिंस्रः (पुं.वि.) [*हिनस्ति, हिसि हिंसायाम् इति धातोः नमिकम्पिस्म्यजसकमहिंसदीपो रः ३.२.१६७ इति रः, इदित्वान्नुम्*] १.हत्यारा/घातक २.चोर/डाका ३.पीडा दिने व्यक्ति।

हिंस्रकः (पुं.) (पुं.वि.) [*हिनस्ति, हिसि हिंसायाम् इति धातोः नमिकम्पिस्म्यजसकमहिंसदीपो रः ३.२.१६७ इति रः, इदित्वान्नुम्, सञ्ज्ञायां कन्*] १.हत्यारा/घातक २.चोर/डाका ३.पीडा दिने व्यक्ति।

हिक्क (धा.) [*कूजने भ्वादि.उभ.अक.सेट्*] अस्पष्ट आवाज निकाल्नु/चरा कराउनु। **हिक्कति ते** –चरा कराउँछ इत्यादि।

हिक्क (धा.) [*हिंसायां चुरा. आत्म.अक.सेट्*] लट्– **हिक्कयते** – हिसा गर्छ इत्यादि।

हिक्का (स्त्री.) [*हिक्कनम्, हिक्क अव्यक्ते शब्दे इति धातोः गुरोश्च हलः३.३.१०३ इत्यः, टाप्*] बाडुली।

हिङ्गु (नपुं.) [*हिनोति प्रसरति, हि गतौ वृद्धौ च इति धातोः, हन्ति स्वगन्धेनान्यगन्धान् नाशयति, हन हिंसागत्योः इति धातोर्वा खरुशङ्कुपीयुनीलङ्गुलिगु (उ.१.३६) इति बाहुलकात् कुः, हन्तेरुपधाया इत्वम्, गुगागमश्च*] हिङ्। यो अनेक प्रकारको हुन्छ। यसका वृक्षहरू अफगानिस्तान, काबुल, खुरसान, फारस आदि देशहरूमा पाइन्छन्। सबैभन्दा काबुली हिँङ राम्रो हुन्छ। दम, नशा सुन्निने रोग, विषमज्वर, अपस्मार आदि रोगको उपचारमा यसको प्रयोग हुन्छ।

(हिङ्गु)

हिङ्गुनिर्यासः (पुं.) [*हिङ्गुन इव निर्यासोऽस्य*] निमको रुख।

हिङ्गुलः (पुं.) [*हिङ्गु तद्वर्णं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः*] खानीबाट निस्कने एक प्रकारको माटो। यो सेतो, पहेलो र रातो तीन किसिमको हुन्छ। यसबाट पारो निकालिन्छ। रातो हिङ्गुलबाट सिम्रिक निकालिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिज्जः (पुं.) [*हिनोति वर्धते इति हि वृद्धौ इति धातोः क्विप् तथा सन् जायते जनी प्रादुर्भावे इति धातोः डः, कर्म. स.*] पिरिया झार/जमेको पानीमा फैलने झार।

हिज्जलः (पुं.) [*हिनोति, हि गतौ, वृद्धौ च इति धातोः अन्येभ्योऽपि दृशयते ३.२.७८ इति क्विप्, ह्रस्वस्य पिति कृति तुक् ६.१.७१ इति तुक्, हित् हितकारि जलं यस्य सः, बहु.स.*] थलबेत।

हिडि (धा.) [*गतौ भ्रमणे भ्वादि.आत्म.सक.सेट् इदित्*] हिँड्नु। लट्– **हिण्डते**– हिँड्छ इत्यादि।

हिडिम्बः (पुं.) राक्षसविशेष। यसलाई भीमसेनले मारेका थिए। यसकी बहिनीको नाम हिडिम्बा हो।

हिडिम्बजित् (पुं.) [*हिडिम्बं तन्नामकराक्षसं जितवान् जि जये इति धातोः क्विप्*] भीमसेन।

हिडिम्बापतिः (पुं.) [*हिडिम्बायाः पतिः, ष.त.*] भीमसेन।

हिण्डनम् (नपुं.) [*हिडि गतौ इति धातोः ल्युट् च इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] भ्रमण गर्ने वा हिँड्डुल गर्ने काम।

हिण्डीरः (पुं.) [*हिडि गतौ इति धातोः कृशॄपृकटिपटि शौटिभ्य ईरन् उ.४.३० इति ईरन्*] समुद्रको फिँज। **हिण्डीरो डिण्डीरोऽब्धिकफे भवेत्** (उ.को.)।

हितः **१.**(पुं.वि.) [*हियते स्म, डुधाञ् धारणपोषणयोः इति धातोः निष्ठा इति क्तः, दधातेर्हिः इति प्रकृतेर्ह्यादेशः*] पथ्य हुने/मङ्गल हुने। २.(नपुं.) [*नपुंसके भावे क्तः ३.३.११४ इति क्तः*] कल्याण/मङ्गल। **हितं मनोहारि च दुर्लभं वचः** (किराता.)।

हितकारी (पुं.वि.) [*हितं करोति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] शुभकारक/कल्याणकारी।

हिताहितम् (नपुं.) [*हितञ्चाहितञ्च, विप्रतिषिद्धं चानधिकरणवाचि २.४.१३ इति एकवद्भावः*] हित हुने वा नहुने विषय।

हितैषी (पुं.वि.) [*हितमिच्छति, इष इच्छायाम् इति धातोः सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] हित वा कल्याणको कामना गर्ने।

हितोक्तिः (स्त्री.) [*हितस्य उक्तिः, ष.त.*) पथ्यवचन।

हितोपदेशः (पुं.) [*हितस्य इष्टसाधनस्य उपदेशः, ष.त.*] १.हित गर्ने उपदेश। **हितोपदेशो मूर्खस्य कोपायैव न शान्तये।** (क.स.) २.[*हितः कल्याणकर उपदेशो यत्र सः, बहु.स.*] पञ्चतन्त्र आदि ग्रन्थबाट सार निकालेर रचिएको एक कथाकाव्य। यसका रचयिता नारायण पण्डित हुन्। यी बङ्गालनरेश धवलचन्द्रका सभा कवि थिए। यिनको समय चौधौं शताब्दीको आसपास हो। हितोपदेश ४ भागमा विभक्त छ– मित्रलाभ, सुहृद्भेद, विग्रह र सन्धि। यसमा लेखकले पशुलाई पात्र बनाएर कथाको माध्यमबाट नीतिशास्त्र, राजनीति तथा अन्य सामाजिक नियमको शिक्षा दिएका छन्। यस पुस्तकको मूलकथा गद्यमा लेखिएको छ भने त्यसलाई पल्लवन तथा आकर्षक तुल्याउन ठाउँ ठाउँमा प्रचुरमात्रामा नीतिपद्यको प्रयोग भएको छ। हितोपदेशको भाषाशैली प्रवहणशील र सरल छ। संस्कृत भाषामा प्रवेश गर्न चाहने बालक (अबोध) का लागि यो उपयोगी सामग्री छ। लेखककै भाषामा–

श्रुतो हितोपदेशोऽयं पाटवं संस्कृतोक्तिषु।
वाचां सर्वत्र वैचित्र्यं नीतिविद्यां ददाति च॥ (हितो.)

हिन्तालः (पुं.) [*हीनश्चासौ तालश्च,कर्म.स. पृषो.साधुः*] सानो तालको वृक्ष।

हिन्दुः (पुं.) [*हीनान् अनाचारान् दुष्टचरित्रान् दूषयति, दुष वैकृत्ये इति धातोः डुः, पृषोदरादितया साधुः*] वैदिक धर्म मान्ने सम्प्रदायका जातजाति। **हीनञ्च दूषयत्येव हिन्दुरित्युच्यते बुधैः।** (मेरुतन्त्र, ३३ प्रकाश) भाषावैज्ञानिकहरूले सिन्धुबाट हिन्दु भएको हो भनेका छन्। फारसी भाषामा हिन्दुभन्नाले इस्लाम धर्म नमान्नेलाई जनाउँछ। तर संस्कृतमा आचार छोड्ने वा धर्म परिपालन नगर्नेसँग द्रोह गर्नेलाई हिन्दु भनिन्छ। **हीनं द्वेषयति हिन्दुः** (शब्दकल्पद्रुम) हिन्दुका सम्बन्धमा संस्कृत भाषामा उल्लेख भएका कतिपय परिभाषाहरू–

१.हिनोति धर्मविज्ञानं नयत्यात्मानमुन्नतिम्।
दुनोति दुष्टवृत्तस्थान् स वै हिन्दुरिति स्मृतम्॥

धर्म विज्ञानमा अघि सर्ने, आत्माको उन्नयनमा लाग्ने र दुष्टको दमन गर्नेलाई हिन्दु भनिन्छ। (शा.पू.सं.)

२.कलिना बलिनाच्छन्ने धर्मे कवलिते कलौ।
यवनैरवनी क्रान्ता हिन्दवो विन्ध्यमाविशन्॥

बलवान् कलिले सनातनधर्मलाई नाश गरेपछि पृथ्वीमा मुसलमानको साम्राज्य फैलियो। हिन्दुहरू विन्ध्यपर्वततिर लागे। (का.पुरा.)।

हिन्दुधर्मप्रणेतारो जायन्ते चक्रवर्तिनः।
हीनञ्च दूषयत्येव हिन्दुरित्युच्यते प्रिये॥

चक्रवर्ती राजाहरूले झैँ हिन्दुहरूले हीन (नास्तिक) हरूलाई सखाप पारेर धर्मलाई काम राख्ने भएकाले हिन्दु भनिएको हो। (मेरुतन्त्र)

हिन्दुर्हिन्दूश्च पुंसि द्वौ दुष्टयनाञ्च विघर्षणे।

दुष्टको दमन गर्ने अर्थमा प्रयुक्त हिन्दुशब्द दीर्घ ऊकारान्त पनि छ। दुवै पुलिङ्गमा प्रयोग हुन्छन् (अद्भुतकोश)।

हिन्दुर्हि नारायणादिदेवताभक्तः। नारायण आदि देवताका भक्त हिन्दु हुन् (हेमन्तकविकोश)।

हिनस्ति तपसा पापान् दैहिकान् दुष्टमानुषान्।
हेतिभिः शत्रुवर्गस्य स हिन्दुरभिधीयते॥

तपस्याद्वारा शरीरका पाप, शस्त्रद्वारा दुष्ट र शत्रुलाई नाश गर्नेलाई हिन्दु भनिन्छ। (पारिजातहरण)

हिन्दुर्दुष्टे न भवति नानार्यो न विदूषकः।
सद्धर्मपालको विद्वान् श्रौतधर्मपरायणः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दु दुष्ट, अनार्य र विषयलोलुप हुँदैन। सद्धर्मको पालना गर्ने, वैदिक धर्ममा लागेको र विद्वान् हुन्छ। (रामकोश)

गोषु भक्तिर्भवेद्यस्य सदाचरणतत्परः।
स वै हिन्दुरिति प्रोक्तः श्रुतिस्मृतिपथे रतः॥

गाईमा भक्ति गर्ने, सदाचारमा तत्पर र श्रुति, स्मृतिअनुसार चल्नेलाई हिन्दु भनिन्छ।

वेदे वैदिकविश्वासो गोभक्तो मूर्तिपूजकः।
पूर्वजन्मपुनर्जन्मप्रत्ययो हिन्दुरुच्यते॥

वेद र वैदिक धर्ममा विश्वास गर्ने, गाईको भक्त, सगुण ईश्वरको पूजा गर्ने तथा पूर्वजन्म र पुनर्जन्ममा विश्वास गर्नेलाई हिन्दु भनिन्छ।

हिन्दुत्वम् (नपुं.) [*हिन्दोर्भावः कर्म वा, त्वः*] हिन्दुको भाव वा कर्म।

हिन्दोलः (पुं.) १.छ रागभित्रको एक राग २.प्रत्येक वर्ष श्रावण महिनाको शुक्ल पक्षमा हुने भगवान्को भुलन यात्रा ३.झोलुङ्गो।

हिन्दोलकः (पुं.) [*हिन्दोल एव, स्वार्थे कन्*] डोला।

हिमः (पुं.) [*हन्त्युष्णं दुर्गन्धिं वा, हन्तेर्हिं च इति मन्, हि च। हिमम् शैत्यम्, तदस्यास्तीति, अर्शआदिभ्योऽच् इत्यच्*] १.मार्ग र पौष महिना २.कपूर ३.चन्दन ४.चन्द्रमा

हिमम् (नपुं.) [*हन्त्युष्णं दुर्गन्धिं वा, हन्तेर्हिं च इति मन्, हि च*] १.हिउँ २.तुसारो ३.ठन्डी।

हिमकरः (पुं.) [*हिमः करः किरणो यस्य, हिमं करोति निषेवणात्, डुकृञ् करणे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, हिमकिरणादयोऽप्यत्र*] १.चन्द्रमा २.कपूर।

हिमकूटः (पुं.) १.[*हिमस्य कूटो यत्र सः,बहु.स.*] शिशिर ऋतु २.[*हिमस्य कूटः, ष.त.*] हिमालयको चुचुरो।

हिमगिरिः (पुं.) [*हिममयो गिरिः हिमप्रधानो वा गिरिः, म.प.स.*] हिमालय पर्वत।

हिमदुर्दिनम् (नपुं.) [*हिमहेतुकं दुर्दिनम्, म.प.स.*] हिमपातले गर्दा कष्टकर भएको दिन।

हिमनदी (स्त्री.) [*हिमप्रधाना नदी, म.प.स.*] हिमालयमा बग्ने हिउँको नदी। तापक्रम कम भएको हुँदा पग्लन नसकेर माथिल्लो हिउँले तल्लो हिउँलाई घचेट्दा हिउँ विस्तारै बगेर निस्कने नदी।

हिमपातः (पुं.) [*हिमस्य पातः, ष.त.*] हिउँ पर्ने काम।

हिमप्रस्थः (पुं.) १.[*हिमस्य प्रस्थः सानुः, ष.त.*) हिमशिखर २.[*हिमस्य प्रस्थाः सानवो यत्र सः, बहु.स.*] हिमालय।

हिमरेखा (स्त्री.) [*हिमस्य रेखा, ष.त.*] पाँच हजार माथिका अग्ला पहाडमाथि हरहमेसा जमिरहने र नपग्लने हिउँको रेखा।

हिमवत्खण्डः (पुं.) १.[*हिमवतः खण्डः, ष.त.*] हिमालयको एक भाग २.[*हिमवतः खण्डा वर्णिता यत्र सः (ग्रन्थः) बहु.स.*] हिमालयका पाँच खण्डका पवित्र तीर्थ, तपस्याको स्थल, देवालय, कुण्ड, नदीहरूको सङ्गम र तिनमा स्नान तथा श्राद्धको महत्त्व आदिको बयान भएको स्कन्द उपपुराणको एक अंश। अर्थात् स्कन्द उपपुराण अन्तर्गत पर्ने हिमवत्खण्डका पाँच खण्ड छन्–नेपालखण्ड, कूमार्ञ्चलखण्ड, केदारखण्ड, जालन्धरखण्ड र काश्मीरखण्ड। नेपालको राष्ट्रिय अभिलेखालयमा नेवारी र देवनागरी लिपिमा उतारिएका २४ वटा पाण्डुलिपिहरू रहेका छन्। तीमध्ये धेरै त अपूर्ण र अशुद्ध पनि छन्। पाठभेद पनि धेरै छ। ग्रन्थ उतारको क्रममा लिपिकारले गरेका त्रुटिहरू पनि प्रशस्त छन्। योगी नरहरिनाथले विभिन्न विद्वान्हरूलाई नेपालीमा अनुवाद गर्न लगाई सामान्य सम्पादन गरी प्रकाशित गर्नु भएको हिमवत्खण्ड नेपालखण्ड हो। यसमा करिव १२ हजार श्लोक छन्। भाषा त्यति परिमार्जित छैन। प्रायः अनुष्टुभ छन्दको प्रयोग भएको छ। केही अध्यायको मूल छ तर अनुवाद छैन। अनुवादको नेपालीभाषा पनि मिलेको र स्वाभाविक छैन। पाण्डुलिपिमा रहेका गुह्यकालीको सहस्रनाम जस्ता कतिपय महत्त्वपूर्ण अंश प्रकाशित हिमवत्खण्डमा समावेश भएको देखिँदैन। हिमवत्खण्डका अरू खण्डको पनि उल्लेख यत्रतत्र पाइन्छ।

खण्डाः पञ्च हिमालयस्य गदिता नेपालकूर्माचलौ।
केदारोऽथ जलन्धरोऽतिरुचिरो काश्मीरसंज्ञोऽन्तिमः॥

(शोधप्रबन्ध, पोखेल, बाबुराम)

हिमवत्सुतः (पुं.) [*हिमवतः सुतः, ष.त.*] मैनाक।

हिमवत्सुता (स्त्री.) [*हिमवतः सुता, ष.त.*] १.गङ्गा २.हिमालयबाट निक्लिएका नदी। **ततः पपात गगनाद् गङ्गा सा हिमवत्सुता।** (म.भा.३.१०९.८) ३.पार्वती।

हिमवान् (पुं.) १.[*हिमानि प्राचुर्येण सन्ति अस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, मस्य वः*] हिमालय पर्वत २.(पुं.वि.) हिउँ भएको।

हिमवालुका (स्त्री.) [*हिममयी वालुकेव*] कपुर।

हिमसंहतिः (स्त्री.) [*हिमानां संहतिः, ष.त.*] १.हिउँको रास/बरफ।

हिमहासकः (पुं.) [*हिमं हसति शीतवीर्य्यत्वात् ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] हिन्ताल

हिमांशुः (पुं.) [*हिमाः शीतला अंशवः किरणा यस्य सः, बहु.स.*] १.चन्द्र २.कपुर।

हिमागमः (पुं.) [*हिमस्यागमो यत्र, बहु.स.*] हेमन्त।

हिमाङ्कः (पुं.) पानी जमेर हिउँ बन्ने तापमान।

हिमाद्रिः (पुं.) [*हिमप्रधानोऽद्रिः, म.प.स.*] हिमालय।

हिमानी (स्त्री.) [*हिमानां संहतिः, हिमारण्ययोर्महत्वे (वा.) ४.१.४९ इति ङीप् आनुक् च*] हिउँको रास। **हिमानी हिमसंहतिः** (अमर.)

हिमारातिः (पुं.) [*हिमस्य आरातिः, ष.त.*] १.सूर्य २.आँक ३.आगो ४.चित्रक वृक्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालयः (पुं.) [*हिमानामालयः इव शुक्लत्वात्*] हिमप्रधान पर्वत/हिमाद्रि । यो पर्वत संसारका सबै पहाडमध्येमा अग्लो छ। यसका विभिन्न हिमाच्छादित चुचुराहरू छन्। जस्तै– कञ्चनजङ्घा, धवलागिरि आदि।

हिमिका (स्त्री.) तुसारो।

हिमेलुः (पुं.) [*हिमं न सहते, तन्न सहते ५.२.११२ इति चेलुप्रत्ययः*] हिउँ नसहने।

हिरण्मयः (पुं.वि.) [*हिरण्यात्मकम्.मयट्, स्त्रियां ङीप्*] १.सुनौलो २.प्रशस्त सुन भएको ३.[*हिरण्यस्य विकारः, दण्डिनायन– ६.४.१७४ इति निपातनात् साधुः*] सुनले बनेको। **हिरण्मयी शाललतेव** (भट्टि.) ४.(नपुं.) नववर्षमध्ये एक ५.आदित्य मण्डलमा रहेका परब्रह्म।

हिरण्यकः (पुं.) [*हिरण्यं कामयते, धनहिरण्यात्कामे ५.२.६५ इति कन्*] संपत्ति वा सुनको इच्छा राख्ने।

हिरण्यम् (नपुं.) [*हर्यते दीप्यते गच्छति वा इति, हर्यते कन्यन् हिर च (उ.) ७३२ इति कन्यन्, हिरादेशश्च*] १.सुन २.वीर्य ३.गोटी ४.चाँदी ५.धन।

हिरण्यकशिपुः (पुं.) दैत्यविशेष। कश्यप र दितिको छोरो। पूर्वजन्ममा यो विष्णुको जयनामक द्वारपाल थियो। सनकादि ऋषिका श्रापले गर्दा यो दैत्य भएर जन्मियो। विष्णुले वराह अवतार लिएर दाजु हिरण्याक्षलाई मारेको हुँदा यो विष्णुको विरोध गर्थ्यो। तर यसको छोरो प्रह्लाद भने विष्णुको अनन्य भक्त थियो। ब्रह्माबाट उनले गरेको सृष्टिद्वारा आफ्नो मृत्यु नहुने वर पाएकाले हिरण्यकशिपु नर्भय भएर हिँड्दथ्यो। सम्पूर्ण प्राणीहरू यसबाट पीडित थिए। विष्णुले नृसिंहावतार लिएर यसलाई नङ्ग्राले चिरी मार्नुभयो। पुनर्जन्ममा रावण भएर जन्मियो र यसले सीतालाई हरण गऱ्यो। विष्णुले राम अवतार लिई यसलाई मार्नुभयो। त्यसपछि शिशुपाल भएर यो जन्मियो। यसलाई भगवान् कृष्णले मार्नु भयो।

हिरण्यगर्भः (पुं.) १.[*हिरण्यं स्वर्णमयमण्डं गर्भः उत्पत्तिस्थानमस्य*] ब्रह्मा। **तदण्डमभवद्धैमं सहस्रांशुसमप्रभम्। तस्मिन् जज्ञे स्वयं ब्रह्मा सर्वलोकपितामहः॥** (मनु.) २.तुलाआदि षोडश महादान मध्ये एक ३.[*हिरण्यं गर्भेऽभ्यन्तरे यस्य सः, बहु.स.*] शालग्राम विशेष।

हिरण्यवाहः (पुं.) [*हिरण्यं वाहयति प्रापयति*] १.महादेव २.शोण नद।

हिरण्यरेताः (पुं.) [*हिरण्यं रेतो यस्य सः, बहु.स.स्वर्णस्य वह्निरेतोभवत्वं भारतादावुक्तम्*] १.अग्नि २.सूर्य। **हिरण्यरेताः पुंसि स्याद दिवाकरहविर्भुजोः** (मेदिनी.८८.७५)।

हिरण्याक्षः (पुं.) १.कश्यपपुत्र एक दैत्य। पूर्वजन्ममा यो विजय–नामक विष्णुको द्वारपाल थियो। सनकादि ऋषिका श्रापले गर्दा यो दैत्य भएर जन्मियो। यसको विवाह वृषपर्वाकी छोरीसित भएको हो। विष्णुले वराह अवतार लिएर यसलाई मारी पृथ्वीको उद्धार गर्नुभयो। अर्को जन्ममा यो कुम्भकर्ण भएर जन्मिएको थियो। राम र रावणको युद्धमा यसको मृत्यु भयो। २.वसुदेवको भतिजो।

हिरण्याश्वः (पुं.) [*हिरण्यनिर्मितोऽश्वः, म.प.स.*] तुलादि षोडश महादानका लागि कल्पित सुनको घोडा।

हिरण्याश्वरथः (पुं.) [*हिरण्येन निर्मितःअश्वस्तद्युक्तरथश्च*] तुला आदि षोडश महादान मध्ये दानका निमित्त स्वर्णादिद्वारा कल्पित सुवर्णमय अश्वयुक्त रथ र त्यसको दान।

हिरुक् (अव्य.) [*हिनोति, गत्यर्थकाद् हिधातोः रुकक्*] १.सामीप्य निकटता। **समया निकषा हिरुक्** (अमर.३.४.७) २.मध्ये ३.विना **हिरुक् मध्ये विनार्थे च** (रुद्र.)।

हिल (धा.) [*भावकरणे तुदा.पर.अक.सेट्, भावः अभिप्रायसूचनम्*] अर्काको अनादर गर्नु, नखरा देखाउनु, लीला गर्नु, क्रीडा गर्नु। लट्– **हेलति**– अर्काको अनादर गर्छ, नखरा देखाउँछ, लीला गर्छ, क्रीडा गर्छ इत्यादि।

हिलिः (पुं.) १.अभिप्रायको सूचना २.युद्ध। **हेलिः सूर्ये रणे हिलिः** (७९अमर.३.३.२०५)।

हिल्लोल (धा.) [*दोलने चुरा.उभ.सक.सेट्*] हल्लाउनु। लट्– **हिल्लोलयति–ते**– हल्लाउँछ, इत्यादि।

हिल्लोलः (पुं.) १.[*हिल्लोलयति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] तरङ्ग २.[*हिल्लोलनम्, भावे ३.३.१८ इति घञ्*] हल्लाउने काम।

हिव (धा.) [*प्रीणने स्वादि.पर.सक.सेट्, इदित्*] खुसी तुल्याउनु। लट्– **हिन्वति**– खुसी तुल्याउँछ इत्यादि।

हिबुकम् (नपुं.) [*हिव प्रीणने इति धातोः उकक् नि.*] ज्योतिषमा लग्नबाट चौथो स्थान।

हिसि [*बधे चुरा.उभ.पक्षे रुधा.पर.सक.सेट् इदित्*] हिंसा गर्नु (मार्नु, दुःख दिनु)। लट्– **हिनस्ति, हिंसयति–ते**– हिंसा गर्छ। लिट्– **जिहिंस**– हिंसा गरेछ। लुट्– **हिंसिता**– हिंसा गर्ने छ। (अन.) लृट्– **हिंसिष्यति**– हिंसा गर्ने छ। लोट्– **हिनस्तु**– हिंसा गरोस्। लङ् –**अहिनत्–द्**– हिंसा गऱ्यो। (अन.) विधिलिङ्– **हिंस्यात्**– हिंसा गर्ला, हिंसा गरोस्। आशीर्लिङ्– **हिंस्यात्**– हिंसा गरोस्। लुङ्– **अहिंसीत्**– हिंसा गऱ्यो। लृङ्– **अहिंसिष्यत्**– हिंसा गर्ने थियो। कर्मणि– **हिंस्यते**– हिंसा गरिन्छ। णिचि– **हिंसयति**– हिंसा गराउँछ। सनि– **जिहिंसिषति**– हिंसा गर्न चाहन्छ। यङि– **जेहिंस्यते**– ज्यादै वा बारम्बार हिंसा गर्छ। यङ्लुकि– **जेहिंसीति जेहिंस्ति**– ज्यादै वा बारम्बार हिंसा गर्छ। कृदन्ते– **हिंसितव्यम् हिंसनीयम्, हिंस्यम्**– हिंसा गर्नुपर्ने। **हिंसितः**– हिंसा गरिएको। **हिंसनम्**–हिंसा गर्ने काम। **हिंसन् हिंसती**– हिंसा गरिरहेको/की। **हिंसितुम्**– हिंसा गर्न। **हिंसित्वा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रहिंस्य— हिंसा गरेर। **हिंसकः हिंस्रः हिंस्रकः**— हिंसा गरेर, **हिंसा**— हत्या, दुःख। **सिंहः**— जनावरविशेष/पशुको राजा।

ही (अव्य.) [*हननम्, हन हिंसागत्योः इति धातोः बाहुकाद् डी वीप्सायामतिशयबोधने द्वित्वम्*] हेतु, विस्मय, दुःख, विषाद र शोक व्यक्त गर्दा प्रयोग हुने शब्द।

ही दुःखे हेतावाख्यातो विषादे विष्मयेऽपि च (मेदिनी.)।

हीनः (पुं.वि.) [*हीयते स्म, ओहाक् त्यागे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, तस्य नः, घुमास्थागापाजहातिसां हलि ६.४.६६ इति ईत्वम्*] १.कम २.निन्दनीय/अधम ३.त्याग गरेको/रहित ४.प्रतिवादीविशेष। **अन्यवादी क्रियाद्वेषी नोपस्थायी निरुत्तरः। आहूतप्रप लायी च हीनः पञ्चविधः स्मृतः॥** (व्यवहारतत्त्व)

हीनयानम् (नपुं.) निरीश्वरवादी एक बौद्धसम्प्रदाय। (हे.बौद्धदर्शन)

हीनवादी (पुं.) [*पूर्ववादं हीनं वदति तच्छीलः, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः*] पुरानो वादलई छोडेर अर्को वाद अँगाल्ने एक प्रकारको वादी।

पूर्ववादं परित्यज्य योऽन्यमालम्बते पुनः।
वादसंक्रमणाज्ज्ञेयो हीनवादी स वै नरः॥ (स्मृति)

हीनाङ्गः (पुं.) [*हीनमङ्गं यस्य सः, बहु.स.*] १.अपाङ्ग/ विकलाङ्ग २.स्वभावतः कम अङ्ग भएको व्यक्ति।

हीनाङ्गानतिरिक्ताङ्गान् विद्याहीनान् वयोऽधिकान्।
रूपद्रव्यविहीनांश्च जातिहीनांश्च नाक्षिपेत्॥
(मनु.४.१४१)

हीन्तालः (पुं.) [*हीनश्चासौ तालश्च, कर्म.स. पृषो.साधुः*] सानो ताडको रुख।

हीरः (पुं.) [*हरति मार्दवम्, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादितया अकारस्य ईकारः*] १.शिव २.सर्प ३.सिंह ४.रत्नविशेष।

हीरो वज्रे हरे सर्पे हीरा पिपीलिकाश्रियोः।
तदण्डमभवद्धैमं सहस्रांशुसमप्रभम्॥

हीरकः (पुं.) [*हीर एव, स्वार्थे कन्*] रत्नविशेष।

हीरकजयन्ती (स्त्री.) कुनै संस्था, शासनव्यवस्था आदि साठ्ठी वर्ष पुगेको उपलक्ष्यमा मनाइने उत्सव।

हीरम् (नपुं.) [*हरति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, पृषोदरादितया अकारस्य ईकारः, स्वार्थे कन् हीरकमित्यपि*]। १.वज्र २.हीरा।

हीरा (स्त्री.) १.रत्नविशेष २.कमिला।

हीराङ्गः (पुं.) [*हीरमिव दृढमङ्गमस्य*] इन्द्रको वज्र।

हु [*दानादनयोः, जुहो.पर.सक.अनिट्*] दिनु, यज्ञ गर्नु, होम गर्नु, खानु, तृप्त पार्नु। लट्— **जुहोति**— दिन्छ, यज्ञ गर्छ, होम गर्छ, खान्छ, तृप्त पार्छ।लिट्— **जुहवाञ्चकार, जुहाव**— दिएछ, यज्ञ गरेछ, होम गरेछ, खाएछ, तृप्त पारेछ। (अन.) लुट्— **होता**— दिने छ, यज्ञ गर्ने छ, होम गर्ने छ, खाने छ, तृप्त पार्ने छ। (अन.) लृट्— **होष्यति**— दिने छ, यज्ञ गर्ने छ, होम गर्ने छ, खाने छ, तृप्त पार्ने छ। लोट्— **जुहोतु**— देओस्, यज्ञ गरोस्, होम गरोस्, खाओस्, तृप्त पारोस् लङ्— **अजुहोत्**— दियो, यज्ञ गऱ्यो, होम गऱ्यो, खायो, तृप्त पाऱ्यो (अन.) विधिलिङ्— **जुहुयात्**— देला, यज्ञ गर्ला होम गर्ला, खाला, तृप्त पार्ला। देओस्, यज्ञ गरोस्, होम गरोस्, खाओस्, तृप्त पारोस्। आशीर्लिङ्— **हूयात्**— देओस्, होम गरोस्, खाओस्, तृप्त पारोस्। लुङ्— **अहौषीत्**— दियो, यज्ञ गऱ्यो, होम गऱ्यो, खायो, तृप्त पाऱ्यो। लृङ्— **अहोष्यत्**— दिने थियो, यज्ञ गर्ने थियो, होम गर्ने थियो, खाने थियो, तृप्त पार्ने थियो। कर्मणि— **हूयते**-दिइन्छ, होम गरिन्छ, खाइन्छ, तृप्त पारिन्छ। णिचि— **हावयति**—दिलाउँछ, खुवाउँछ, यज्ञ गराउँछ, होम गराउँछ, तृप्त गराउँछ। सनि— **जुहूषति**— दिन चाहन्छ, खान चाहन्छ, यज्ञ गर्न चाहन्छ, होम गर्न चाहन्छ, तृप्त गर्न चाहन्छ। यङि— **जोहूयते**। यङ्लुकि—**जोहोति, जोहवीति** कृदन्ते— **होतव्यम्, हवनीयम् हव्यम्**— हवन गरिने, तृप्त पारिने, खाइने, यज्ञ गरिने। **हुतः**— हवन गरिएको, खाइएको, यज्ञ गरिएको, तृप्त पारिएको। **हवनम्**— होम गर्ने काम, खाने काम, यज्ञ गर्ने काम, तृप्त पार्ने काम। **होतुम्**— हवन गर्न, खान, यत्त गर्न, तृप्त पार्न। **हुत्वा, आहुत्य**— हवन गरेर, खाएर, यज्ञ गरेर, तृप्त पारेर। **होता, होत्री**— हवन गर्ने। **हविष्यम्**— व्रत आदिमा खाइने पवित्र वस्तु। **जुहूः**— सुरो। **होमः**— हवन गर्ने काम। **होत्रम्, हविः**— देवतालाई मन्त्रपूर्वक समर्पित दही, दुध, घिउ, चरु आदि।

हुङ्कारः (पुं.) [*हुमित्यस्य कारः*] हुम् यस्तो निषेध सूचक शब्द।

मौनव्रतं महाकष्टं हुङ्कारेणापि नश्यति (पुराण)।

हुड (धा.) [*राशीकरणे सक. सङ्घाते च अक. तुदा. कुय. पर. सेट्*] बटुल्नु, स्वीकार गर्नु। लट्— **हुडति**— बटुल्छ, स्वीकार गर्छ।

हुडि (धा.) [*राशीकरणे भ्वा. आत्म.सक.सेट् इदित्*] बटुल्नु। लट्— **हुण्डते**— बटुल्छ इत्यादि।

हुड (धा.) [*गतौ भ्वादि. आत्म.सक.सेट् चङि न ह्रस्वः*] हिँड्नु, चल्नु। लट्— **होडति**- हिँड्छ, चल्छ इत्यादि।

हुतः (पुवि.) [*हूयते स्म, हु दानादनयोः इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] देवतालाई लक्ष्य गरेर आगामा हालिएको घिउ, चरु आदि।

हुतभुक् (पुं.) [*हुतं मन्त्रेण प्रक्षिप्तं घृतादिकं भुङ्क्ते भुज पालनाभ्यवहारयोः इति धातोः अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्*] १.अग्नि २.चित्रकवृक्ष ३.महादेव ४.विष्णु।

हुतभुक्प्रिया (स्त्री.) [*हुतभुजः प्रिया, ष.त.*] स्वाहा।

हुतवहः (पुं.) [*हुतं घृतादिकं वहति प्रापयति देवान् वह प्रापणे इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] आगो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुताशः (पुं.) [*हुतमश्नाति अश भोजने इति धातोः कर्मण्यण् ३.२.१ इति अण्*] अग्नि।

हुताशनः (पुं.) [*हुतमशनमस्य*] १.अग्नि २.कर्म विशेषका लागि विधान गरिएको आगो।

हुतिः (स्त्री.) [*हवनम्, हु दानादनयोः इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] होम।

हुम् (अव्य.) [*हु दानादौ इति धातोर्बाहुलकान्मः*] स्मरण [*हुं स्मृतो मया*] प्रश्न [*हुं देवदत्तोऽयम्*] वितर्क [*हुं पयः, हुं मृगतृष्णा*] भय [*हुं राक्षसोऽयम्*] र अनिच्छा [*हुं हुं मुञ्च माम्*] अर्थ जनाउँदा प्रयोग हुने शब्द।

हुर्च्छ् (धा.) [*कौटिल्ये भ्वा.पर.सक.सेट्*] लट्– **हूर्च्छति**– वक्र हुन्छ, टेढो हुन्छ इत्यादि।

हुल (धा.) [*गतौ भ्वा.पर.सक.सेट् ज्वला.*] जानु। लट्– **होलति**– जान्छ इत्यादि।

हुहूः (पुं.) [*ह्वयति, ह्वेञ् स्पर्धायां शब्दे च इति धातोः अन्येभ्योऽपि दृश्यते ३.२.१७८ इति क्विप्, सम्प्रसारणम्*] गन्धर्वविशेष॥

हुङ्कारः (पुं.) [*हूम् इति कारः*] अपमान सूचक शब्द।

हुङ्कारेणैव तं भस्म सा चकाराम्बिका ततः (चण्डी)।

हूड [*गतौ भ्वादि.आत्म.सक.सेट् चङि न ह्रस्वः*] जानु। **हूडते**– जान्छ इत्यादि।

हूणः (पुं.) जातिविशेष। **चिबुकांश्च पुलिन्दांश्च चीनान् हूणान् सकेरलान्। ससर्ज फेनतः सा गौर्म्लेच्छान् बहुविधानपि॥** (म.भा. आ.प. १४)

हूतः (पुं.वि.) [*ह्वे स्पर्धायां शब्दे च इति धातोः निष्ठा ३.२.१०२ इति क्तः, संम्प्रसारणम्*] बोलाइएको।

हूतिः (स्त्री.) [*ह्वे स्पर्धायां शब्दे चेति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्, सम्प्रसारणम्*] १.आह्वान/बोलाउने काम। **हूतिराकारणाह्वानम्** (अमर.१.६.८) २.लड्न वा खेल्न हांक दिने क्रिया।

हूर्च्छनम् (न.) [*हुर्च्छ कौटिल्ये इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] कौटिल्य/वक्रता/टेढो हुने काम।

हृच्छयः (पुं.) [*हृदि शेते,अधिकरणे शेते ३.२.१५ इति अच्, विभाषया पक्षे विभक्तेर्लुगभावः*] १.आत्मा २ कामदेव। **आत्मा कामश्च हृच्छयौ** (६७ अमर.३.३.६०)।

हृञ् (धा.) [*हरणे भ्वादि. उभ.द्विक.अनिट्*] हरण गर्नु। लट्–**हरति-ते**–हरण गर्छ। **अनुहरति**– अनुसरण गर्छ, नक्कल गर्छ। **अपहरति**–जवर्जस्ती लैजान्छ/अपहरण गर्छ। **अभिहरति** –हल्ला गर्छ। **अभ्याहरति**– तर्कवितर्क गर्छ, वादविवाद गर्छ, शुद्धाशुद्धिको विचार गर्छ। **अभ्युद्धरति**– उद्धार गर्छ, अर्पण गर्छ। **अभिव्याहरति**– उच्चारण गर्छ। **अवहरति**– पुनः सम्पादन गर्छ, फेरि प्राप्त गर्छ, शासन गर्छ, दण्ड गर्छ। **आहरति**– भोजन गर्छ, ल्याउँछ। **उद्धरति**– उद्धार गर्छ, माथि लैजान्छ। **उदाहरति**– उदाहरण दिन्छ। **उपहरति**– उपहार दिन्छ, नजिक लैजान्छ। **उपसंहरति– उपसंहार** गर्छ, समेट्छ, टुङ्ग्याउँछ। **निहरति**– जम्छ, **निर्हरति**– अपमान गर्छ। **निराहरति**– उपवास बस्छ, भोको बस्छ। **परिहरति**– छोड्छ। **प्रहरति**– प्रहार गर्छ। **प्रतिहरति**– हेरचाह गर्छ। **प्रत्याहरति**– इन्द्रियजाई वशमा राखेर ध्यान गर्छ। **प्रतिसंहरति**– छोड्छ। **विहरति**– विहार गर्छ, क्रीडा गर्छ। **व्याहरति**– भन्छ, बोल्छ। **व्यवहरति**– व्यवहार गर्छ। **संहरति**– संहार गर्छ। **समाहरति**– जम्मा गर्छ। **समभिव्याहरति**– योजना बनाउँछ, युक्ति निकाल्छ, संयोजन गर्छ। **समुदाहरति**– राम्रोसित भन्छ। **समुपहरति**– जम्मा गर्छ, दिन्छ। **संप्रहरति**– लडाइँ गर्छ, शुद्ध गर्छ। लिट्– **जहार, जह्रे** – हरण गरेछ (अन.) लुट्– **हर्ता**– हरण गर्ने छ। (अन.) लृट्– **हरिष्यति-ते**– हरण गर्ने छ। लोट्– **हरतु, हरताम्**– हरण गरोस्। लङ्– **अहरत्, अहरत**–हरण गऱ्यो (अन.) विधिलिङ्– **हरेत्, हरेत**– हरण गर्ला, हरण गरोस्। आशीर्लिङ्– **ह्रियात्, हृषीष्ट**– हरण गरोस्। लुङ्– **अहार्षीत्, अहृत**– हरण गऱ्यो। लृङ्– **अहरिष्यत्, अहरिष्यत**– हरण गर्ने थियो। कर्मणि– **ह्रियते**– हरण गरिन्छ। णिचि– **हारयति-ते**– हरण गराउँछ। सनि– **जिहीर्षति-ते**– हरण गर्न चाहन्छ। यङि– **जेह्रीयते**– बारम्बार हरण गर्छ। कृदन्ते– **हरणीयम्, हर्तव्यम्, हार्यम्**– हरण गर्नु पर्ने। **हारकः, हारिका, हर्ता, हर्त्री**– हरण गर्ने। **हर्तुम्**– हरण गर्न। **हृत्वा**– हरण गरेर। **अपहृत्य**– अपहरण गरेर, **संहृत्य**– संहार गरेर। **हृतिः, हरणम्**– हरण गर्ने काम। **हृतः**– हरण गरिएको। **हृतवान्**– हरण गरेको। **ह्रियमाणः**– हरण हुँदै गरेको। **हरिष्यमाणः**– हरण गरिने। **हरन्, हरमाणः**– हरण गरिरहेको। **हरः**– शिव, **हरिः**– विष्णु। **हरितः**– हरियो। **हृदयम्**– चित्त, मुटु। **हृत्**– हृदय। **हरिमा**– हरियाली। **हरितः**– हरियो इत्यादि।

हृच्छयः (पुं.) [*हृदि शेते, अधिकरणे शेते इत्यच्, हृदयस्य हृदादेशः*] १.आत्मा २.कामदेव।

हृणी [*रोषणे, कण्ड्वा.आत्म.अक.सेट्*] रिसाउनु, लाज मान्नु। लट्– **हृणीयते**– रिसाउँछ, लजाउँछ आदि।

हृतः (पुं.वि. [*ह्रियते स्म, हृञ् हरणे इति धातोः निष्ठा ३.२.१०२ इति क्तः*] १.हरण गरिएको/चोरिएको। **हृते काष्ठे च हारीतः कपोतो वा प्रजायते**। (ग.पु.आचारकाण्ड २२६.२७) २.अन्यत्र लगिएको।

हृतप्रत्यर्पणम् (नपुं.) [*पूर्वं हृतं पश्चात् प्रत्यर्पणम्*] जफत गरेको फिर्ता दिने काम।

हृत् (पुं.वि.) [*ह्रियते विषयैः, क्विप् च ३.२.७८ इति क्विप् तुक् च*] सुन्दर/मनलाई हरण गर्ने।

हृद् (नपुं.) [*पृषो. तस्य दः, हृदयस्य हृदादेशो वा*] १.हृदय/मन २.मुटु। **हृत् क्लीबं बुक्कचित्तयोः** (मेदिनी. ७५.१७)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयम् (नपुं.) १.[*ह्रियते विषयैः, हृञ् हरणे इति धातोः वृहोः षुग्दुकौ च (उ.) ५५० इति कयन्, दुक् च*] मन, छाती २.[*हृत् एति इण् गतौ इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्*] परब्रह्म। **हृद्यं तस्माद्धृदयम्** [*श्रुति*]।

हृदयग्रन्थिः (पुं.) [*हृदयस्य ग्रन्थिः, ष.त.*] १.अविद्याको सम्बन्ध/ २.संसाररूपी बन्धन। **भिद्यते हृदयग्रन्थिः**। (भाग.)

हृदयङ्गमम् (नपुं.) [*हृदयं गच्छति, गमेश्च ३.२.४७ इति खच्, मुम् च*] १.युक्तियुक्त वाक्य २.(पुं.वि.) मनोहर। **हृदयङ्गममूर्त्तिस्त्वम्** (भट्टि.)।

हृदयदर्पणः (पुं.) यो भट्टनायकद्वारा रचित काव्यशास्त्रीय ग्रन्थ हो। ध्वनिको खण्डनका लागि रचिएको यो ग्रन्थ एघारौं शताब्दी-देखि नै अनुपलब्ध छ। हृदयदर्पण नहेरीकन मैले ध्वनिको खण्डन गरें, यदि मलाई हृदयदर्पण हेर्ने अवसर मिलको भए यो ग्रन्थ अझ पूर्ण हुने थियो भनेर महिमभट्टले उल्लेख गरेका छन्।

हृदयस्थानम् (नपुं.) [*हृदयस्य मनसः स्थानं हृदयरूपं वा स्थानम्*] वक्षःस्थल/छाती।

हृदयालुः (पुं.) [*हृदयमस्यास्तीति हृदयाच्चालुरन्यतरस्याम् (वा.) ५.२.१२१ इति आलुः*] असल हृदय भएको। **हृदयालुः सुहृदयः** (अमर.३.१.१)।

हृदयिकः (पु.वि.) [*हृदयं प्रशस्तं मनोऽस्त्यस्य, अत इनिठनौ ५.२.११५ इति ठन्, ठस्येकः*] उदार चित्त भएको।

हृदयी (पुं.वि.) [*प्रशस्तं हृदयमस्यास्तीति, हृदयाच्चालुरन्यतरस्याम् (वा.) ५.२.१२१ इति इनिः*] उदार/सहृदयी/अर्काको दुःख देख्न नसक्ने।

हृदयेशः (पुं.) [*हृदयस्य ईशः, ष.त.*] पति/प्रियतम।

हृदयेशयः (पुं.वि.) [*हृदये शेते, अधिकरणे शेते ३.२.१५ इति अच्, शयवासवासिष्वकालात्, इति सप्तम्या अलुक्*] १.कामदेव २.आत्मा।

हृदिका (स्त्री.) कृपाचार्यकी आमा।

हृदिस्पृक् (पुं.वि.) [*हृदि हृदये स्पृश्यतेऽसौ कर्मणि क्विन्, हृद्द्युदभ्यां ङे (वा.) ६.३.९इति अलुक्,पद्दनोमास् ६.१.६३ इति हृदयस्य हृदादेशः*] १.सुन्दर २.[*हृदयं स्पृशति, स्पृशोऽनुदके क्विन् ३.२.५८ इति क्विन्*] १.मर्म छुने २.दुःखदायी।

हृद्यः (पुं.वि.) १.[*हृदयस्य प्रियः, हृदयस्य प्रियः ४.४.९५ इति यत्, हृदयस्य- ६.३.५० इति हृदादेशः*] मनोहर/सुन्दर/मन परेको/ रमणीय। **अभीष्टेऽभीप्सितं हृद्यं दयितं वल्लभं प्रियम्** (अमर. ३.१.५३) २.[*हृदि भवः, शरीरावयवाच्च ४.३.५५ इति यत्, हृदादेशः*] हृदयमा भएको।

हृद्यम् (नपुं.) १.[*बध्यतेऽनेन, करणे ल्युट् अनः, हृदयस्य बन्धनम्, बन्धने चर्षौ ४.४.९६ इति यत्, हृदादेशः*] हृदयलाई सत्कर्ममा बाँध्ने मन्त्र २.[*हृदि भवः,शरीरावयवाच्च ४.३.५५ इति यत्, हृदादेशः*] स्पष्ट वचन। **श्राव्यं हृद्यं मनोहारि विष्पष्टं प्रकटोदितम्** (४९ अमर.१.६.२०)।

हृद्यता (स्त्री.) [*हृद्यस्य भावः, तस्य भावस्त्वतलौ ५.१.११९ इति तल्, टाप्*] १.हर्दिकता/सौहार्द ४.रमणीयता।

हृद्रोगः (पुं.) [*हृदयस्य रोगः, ष.त., वा शोकष्यञ्रोगेषु ६.३.५१ इति हृदादेशः, पक्षे हृदयरोगः*] १.हृदयको रोगविशेष/छातीमा लाग्ने क्षयरोग २.कामवासना।

हृल्लासः (पुं.) [*हृदयस्य लासो यत्र, बहु.स.,हृदयस्य हृल्लेख- ६.३.५० इति हृदादेशः*] बाडुली।

हृल्लेखः (पुं.वि.) [*हृदयं लिखतीति, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः इति अच्, हृदयस्य हृल्लेख– ६.३.५० इति हृदादेशः*] १.हृदय-विदारक २.मर्मस्पर्शी।

हृष (धा.) [*चित्तोत्साहे भ्वा. पर.अक.सेट्*] **हर्षति**– खुसी हुन्छ इत्यादि।

हृष (धा.) [*चित्तोत्साहे, भ्वा. पर. अक. सेट्*] खुसी हुनु लट्– **हर्षति**– खुसी हुन्छ इत्यादि।

हृष (धा.) [*हर्षे चित्तोत्साहे, दिवा.पर.अक.सेट्*] खुसी हुनु। लट्– **हृष्यति**– खुसी हुन्छ। लिट्– **जहर्ष**– खुसी भएछ। लुट्– **हर्षिता**– खुसी हुने छ। लृट्– **हर्षिष्यति**–खुसी हुने छ। लोट्– **हृष्यतु**–खुसी हओस्। लङ्–**अहृष्यत्**–खरसी भयो। विधिलिङ्– **हृष्येत्**– खुसी होला, खुसी होओस्। आशीर्लिङ्– **हृष्यात्**– खुसी होओस्। लुङ्– **अहृषत्**– खुसी भयो। लृङ्– **अहर्षिष्यत्**–खुसी हुने थियो भावे–**हृष्यते**– खुसी होइन्छ। णिचि–**हर्षयति**–खुसी तुल्याउँछ। सनि– **जिहर्षिषति**–खुसी हुन चाहन्छ। यङि– **जरीहृष्यते**– बारम्बार वा ज्यादै खुसी हुन्छ। यङ्लुकि– **जरीहृषीति, जर्हृषीति, जर्हर्ष्टि**– बारम्बार वा ज्यादै खुसी हुन्छ। कृदन्ते– **हर्षितव्यम्, हर्षणीयम्, हृष्यम्**-खुसी हुनुपर्ने। **हर्षः**– खुसी। **हृष्टः, हृष्टवान्**– खुसी भएको। **हर्षित्वा, प्रहृर्ष्य**– खुसी भएर। **हर्षितुम्**– खुसी हुन इत्यादि।

हृषीकम् (नपुं.) [*हृष्यन्ति तुष्यन्ति अनेन, अनिहृषिभ्यां किच्च (उ.) इति करणे ईकन्, किच्च*] नाक, कान आदि विषय ग्रहण गर्ने इन्द्रिय। **हृषीकं विषयीन्द्रियम्** (अमर.१.६.८)।

हृषीकेशः (पुं.) १.[*हृषीकाणामिन्द्रियाणामीशः, ष.त.*] विष्णु २.[*हृषीकाणामिन्द्रियाणामीशो यत्र सः, बहु.स.*] प्रसिद्ध तीर्थस्थल। यो बद्री–केदार जाँदा बायमा पर्छ। यहाँ हृषीकेश, राम, लक्ष्मण आदिका मन्दिर तथा धर्मशालाहरू छन्। भरतको विशाल मन्दिर छ। पहाडबाट मैदानमा गङ्गा ओर्लिएको स्थल भएकाले यो स्थल निकै रमणीय देखिन्छ। यहाँको त्रिवेणीमा नुहाउन पर्वपर्वमा मानिसको घुइँचो लाग्दछ। यस स्थलमा अघि धेरै ऋषिहरूले तपस्या गरेका थिए। यहाँ देवलले शिव र विष्णुको भेद गरी तपस्या गर्दा सफल हुन नसकेको र पछि अभेद भावनाले तपस्या गरेको हुँदा सफल भएको कथा पुराणमा वर्णित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मामेवावेहि विष्णुं त्वं मा पश्यत्वन्तरं मम।
आवामेकेन भावेन पश्यन्त्वं सिद्धिमाप्स्यसि॥
(वराहपु. १४६.५६)
गङ्गापारि स्वर्गाश्रम छ। यहाँ धेरै मठमन्दिर तथा साधुहरूको निवास छ। यहाँको परमार्थनिकेतनमा सँधै कीर्तन तथा प्रवचन चलिरहेको हुन्छ। ३.नेपालको गुल्मी जिल्लाको काली गण्डकी रिडीमा अवस्थित हृषीकेश भगवान्को मूर्ति तथा मन्दिर।

हृषु (धा.) [*अलीके, भ्वा.पर.सक.सेट् क्त्वा वेट्*] झुटो बोल्नु। लट्– **हर्षति**– झुटो बोल्छ, इत्यादि।

हृष्टः (पुं.वि.) [*हृष्यति स्म, हृष तुष्टौ इति धातोः गत्यर्थाकर्मक- ३.४.७२ इति क्तः*] १.अतिशय प्रसन्न २.रोमाञ्चित ३.आश्चर्य-चकित (मेदिनी.३५.३१)

हृष्टमानसः (पु.वि.) [*हृष्टं प्रीतं मानसं यस्य सः, बहु.स.*] प्रसन्न चित्त भएको/खुसी/हृष्ट मन भएको। **हर्षमाणो विकुर्वाणः प्रमना हृष्टमानसः** (अमर.३.१.७)।

हृष्टरोमा (पु.) [*हृष्टमिव जाताङ्कुरं रोम यस्य सः, बहु.स.*] रामाञ्चित/पुलकित।

हृष्टिः (स्त्री.) [*हर्षणम्, हृष तुष्टौ इति धातोः स्त्रियां क्तिन् ३.३.९४ इति क्तिन्*] आनन्द/हर्ष।

हे (अव्य.) [*हिनोति, हि गतौ इति धातो, अन्येभ्योऽपि दृश्यन्ते ३.३.७५ इति विच्, गुणः*] १ सम्बोधन बोधक पद २.असूया आदि व्यक्त गर्दा प्रयोग गरिने शब्द। **हे सम्बोधन आह्वानेऽप्यसूयादौ च दृश्यते** (मेदिनी.)।

हेठ (धा.) [*विघाते, भ्वा.पर.सक.सेट्*] रोक्नु, निष्ठुर हुनु, क्रूर हुनु। लट्– **हेठति**– रोक्छ, निष्ठुर हुन्छ, क्रूर बन्छ इत्यादि।

हेठ (धा.) [*भूतोत्पत्तौ च अक पवित्रीकरणे सक. तुदा.पर. सेट्*] ढिलो जन्मनु वा उम्रनु, पवित्र तुल्याउनु लट्– **हेठति**– ढिलो जन्मन्छ वा उम्रन्छ, पवित्र हुन्छ इत्यादि।

हेठ (धा.) [*बाधने भ्वादि.आत्म.सक.सेट् चङि न ह्रस्वः*] बाधा पुऱ्याउनु। लट्– **हेठते**– बाधा पुऱ्याउँछ इत्यादि।

हेड (धा.) [*अनादरे, भ्वा.आत्म.सक.सेट्*] लट्– **हेडते**– अनादर गर्छ इत्यादि।

हेड (धा.) [*वेष्टने भ्वा.पर.सक.घटा.*] बेर्नु। लट्– **हेडति**– बेर्छ इत्यादि।

हेतिः (स्त्री.) [*हन्यतेऽनया, हन हिंसागत्योः इति धातोः, हिनोति, हि गत्यादौ इति धातोर्वा ऊतियूतिजूति सातिहेतिकीर्तयश्च ३.३.९७ इति क्तिन्नन्तो निपातः*] १.अस्त्र/हतियार २.अग्निको ज्वाला ३.सूर्यको किरण। **रवेरर्चिश्च शस्त्रञ्च वह्निज्वाला च हेतयः** (अमर.३.३.७१) ४.प्रकाश ५.साधन ६.[*भावे क्तिन्*] १.गति २.हत्या।

हेतुः (पुं.) [*हिनोति व्याप्नोति कार्यम्, हि गतौ इति धातोः कमिमनिजनिगाभायाहिभ्यश्च (उ.)१.७२ इति तुन्*] १.कारण **हेतुर्ना कारणं बीजम्** (अमर.१.४.२८) २.अनुमितिको साधन।

हेतुता (स्त्री.) [*हेतोर्भावः, तस्य भावस्त्वतलौ ५.१.११८ इति तल्, टाप्*] १.कारणता २.सङ्गतिविशेष।

हेतुमान् (त्रि.पुं.वि.) [*हेतुरस्त्यस्य, तदस्यास्त्यस्मिन्निति मतुप् ५.२.९४ इति मतुप्, स्त्रियां ङीप्*] १.हेतु भएको २.(नपुं.) कार्य।

हेत्वाभासः (पुं.) [*हेतुरिव आभासते, आङ्पूर्वकाद् भास दीप्तौ इति धातोः, नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, हेतोः आभासः, ष.त.*] हेतुदोष। यो दोष पाँच प्रकारको हुन्छ– व्यभिचार, विरुद्धता, असिद्धि, सत्प्रतिपक्षता र बाध।

हेम (नपुं.) [*हिनोति, हीयते वा, हि गत्यादौ इति धातोः सर्वधातुभ्यो मनिन् (उ.) १.१४५ इति मनिन्*] सुवर्ण/सुन।
हेम्नः संलक्ष्यते ह्यग्नौ विशुद्धिः श्यामिकापि वा (रघु.)।

हेमकन्दलः (पुं.) [*हेमवर्णं कन्दं लाति, आतोऽनुपसर्गे कः ३.२.३ इति कः, आलोपः ६.४.६४*] प्रवाल।

हेमकान्तिः (स्त्री.) [*हेम्नः कान्तिरिव कान्तिरस्याः, म.प.स.*] १.हलेदो २.बेसार ३.[*हेम्नः कान्तिः, ष. त.*] सुनको चमक ४.(पु.वि.) [*हेम्नः कान्तिरिव कान्तिरस्य*] सुनको जस्तो चमक भएको।

हेमकारः (पुं.) [*हेम तन्मयं भूषणं करोति डुकृञ् करणे इति धातोः कर्मण्यण् ३.२.१ इत्यण्, वृद्धिः*] १.सुन बनाउने बाँडा २.सुनार जाति।

हेमकिञ्जल्कम् (नपुं.) [*हेमेव पीतं किञ्जल्कं यस्य तत्*] नागकेशर।

हेमकूटः (पुं.) [*हेममयः कूटो यस्य सः, बहु. स.*] १.हिमालय र मेरुपर्वतको बिचमा अवस्थित एक पर्वत। यो भारतवर्ष र किंपुरुष वर्षको सीमा पनि हो। **अन्ये च हेमकूटादयो नगाः** (अमर. २.३.३) २.नर्वदा नदीको तटवर्ती एक पर्वत। युधिष्ठिर तीर्थयात्रामा गएका वखत उनले त्यहाँ सस्वर वेदको ध्वनि घन्केको सुने तर कसैलाई पनि देखेनन्।

हेमकेतकी (स्त्री.) [*हेमवर्णा केतकी, म.प.स.*] स्वर्णकेतकी/पहेँलो क्याचुके।

हेमक्षीरी (स्त्री.) [*हेम इव पीतं क्षीरं यस्याः सा, बहु.स.*] स्वर्णक्षीरी।

हेमगन्धिनी (स्त्री.) [*हेम्नः नागकेशरस्येव गन्धोऽस्त्यस्याः, अत इनिठनौ ५.२.११५ इति इनि, ङीप्*] रेणुका नामक गन्धद्रव्य।

हेमगिरिः (पुं.) [*हेममयो गिरिः,म.प.स.*] सिन्धु नद र समुद्रको सङ्गम स्थलमा रहेको सय चुचुरा भएको विशाल पर्वत। यहाँ सीताको खोजी गर्न सुग्रीवले सुषेण आदि वानरलाई पठाएका थिए।

हेमचन्द्रः (पुं.) व्याकरण तथा काव्यशास्त्रका एक विद्वान् तथा ग्रन्थका प्रणेता। वि.सं. ११४५ मा जन्मिएर १२२९ मा दिवङ्गत हेमचन्द्रको वास्तविक नाम चङ्गदेव हो। यिनका बाबुको नाम चाचिग र माताको नाम पाहिनी थियो। जैनधर्ममा दीक्षित भएपछि यिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम हेमचन्द्र रह्यो। यिनका ग्रन्थहरू– १.**शब्दानुशासनम्**– व्यकरणको ग्रन्थ २.**काव्यानुशासनम्**– काव्यशास्त्रको ग्रन्थ। यो आठ अध्यायमा विभक्त छ। यसको प्रथम अध्यायमा काव्यप्रयोजन, काव्यहेतु, प्रतिभाका सहायक, काव्यलक्षण र शब्दशक्तिको विवेचना छ। दोस्रो अध्यायमा सभेद रसको निरूपण, तेस्रो अध्यायमा काव्यदोष, चौथो अध्यायमा माधुर्य, ओज र प्रसाद गुणको निरूपण, पाचौ अध्यायमा ६ शब्दालङ्कार, छैटौँ अध्यायमा २९ अर्थालङ्कार, सातौँ अध्यायमा नायक नायिकाको भेद, र आठौँ अध्यायमा प्रेक्ष्य तथा श्रव्य काव्यको भेद वर्णित छ। ३.**छन्दोऽनुशासनम्**– छन्दसम्बन्धी ग्रन्थ। ४.**अभिधानचिन्तामणिः**–कोशग्रन्थ, ५.**देशीनाममाला**, ६.**त्रिषष्टिशलाकापुरुषचरितम्** ७.**योगशास्त्रम्** ८.**द्रव्यानुश्रय काव्यम्**। यिनको जन्म गुजरातको अहमदावादको धुन्धुक गाउँमा भएको थियो।

हेमदुग्धकः (पुं.) [*हेमवर्णं दुग्धं निर्यासोऽस्त्यस्य कप्*] डुम्री।

हेमदुग्धी (पुं.) [*हेमवर्णं दुग्धं निर्यासोऽस्त्यस्य, इनिः*] डुम्री।

हेमन्तः (पुं.) १.[*हन्ति नाशयति पल्लवादिकं तुषारपातैः, हन हिंसागत्योः, इति धातोः हन्तेर्मुट् हिं च (उ.) ३.१२९ इति झच्, झस्यान्तादेशः, मुट्, धातोर्ह्यादेशश्च गुणः*] वसन्त आदि गरिएका ६ ऋतुमध्ये पाँचौ ऋतु/मार्ग र पौष महिना २.एक ऋषि।

हेमपुष्पकः (पुं.) [*हेमवर्णं पुष्पमस्य, स्वार्थे कन्*] १.अशोक २.चाँपको रुख। **चम्पको हेमपुष्पकः** (अमर.२.४.६३)।

हेमपुष्पिका (स्त्री.) [*हेमवर्णं पुष्पमस्त्यस्याः, हेमपुष्पी, ततः स्वार्थे कन्, टप्, इत्वम्*] पहेलो फूल फुल्ने जुही। **सा पीता हेमपुष्पिका** (अमर.२.४.७१)।

हेमपुष्पी (स्त्री.) [*हेमवर्णं पुष्पमस्याः, पाककर्ण ४.१.५४ इति ङीष् कनि हेमपुष्पिका*] १.पहेलो जुही। २.मजिठो ३.इन्द्रवारुणी ४.मुषली ५.कण्टकारी।

हेमफला (स्त्री.) [*हेमवर्णं फलमस्याः, बहु.स.*] सुनकेरा।

हेममाला (स्त्री.) यमराजकी पत्नी।

हेममाली (पुं.) [*हेमेव किरणानां मालास्त्यस्य, व्रीह्यादिभ्यश्च ५.२.११६ इनिः।*] १.सूर्य २.खरराक्षसको सेनापति।

हेमलता (स्त्री.) [*हेमवर्णा लता, म.प.स.*] १.पहेँलो लहरो २.पहेँलो जिरी साग।

हेमशिखा (स्त्री.) [*हेमवर्णा शिखा यस्याः*] सियाल काने।

हेमसारम् (न.) [*हेम सारयति निर्मलीकरोति सृ गतौ इति धातोः कर्मण्यण् ३.२.१ इति अण्*] नीलोतुथो।

हेमाङ्गः (पुं.) [*हेमेव पीतमङ्गं यस्य सः, बहु.स.*] १.गरुड २.सिंह ३.सुमेरु ४.ब्रह्म ५.चाँपको रुख ६.विष्णु।

हेमाङ्गः (पुं.वि.) [*हेमेव पीतमङ्गं यस्य सः, बहु.स.*] सुनको जस्तो पहेँलो अङ्ग भएको।

हेमाद्रिः (पुं.) [*हेममयोऽद्रिः म.प.स.*] १.सुमेरु पर्वत। **मेरुः सुमेरुर्हेमाद्री रत्नसानुः सुरालयः** (अमर.१.१.४९) २.एक क्षत्रिय राज। यिनी स्मृतिका सङ्ग्रह कर्ता मानिन्छन्। यिनले पाँच खण्ड भएको **चतुर्वर्गन्तिामणि** नामक ग्रन्थ रचना गरेका छन्। यिनले बनाएको संकल्प निकै प्रसिद्ध छ।

अथामुना धर्मकथादरिद्रं त्रैलोक्यमालोक्य कलेर्बलेन।
तस्योपकारे दधतानुचिन्तां चिन्तामणिः प्रादुरकारि चारुः॥
(चतु.चि.दानखण्ड)

हेयः (पुं.वि.) [*हातुं योग्यः, ओहाक् त्यागे इति धातोः,अचो यत् ३.१.९७ इति यत्, ईद्यति ६.४.६५ इति ईत्, गुणः*] त्याज्य।

हितः परोऽपि स्वीकार्यो हेयः स्वोऽप्यहितः पुनः (क.स.)।

हेरम्बः (पुं.) १.[*हे शिवे रम्बति रवि शब्दे इति धातोः नन्दिग्रहि पचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच् अलुक् समा.*] गणेश २.[*हे उषसि रम्बते इति, पूर्ववत्*] राँगो ३.[*हे रणे रम्बते गर्जति शब्दायते वा, पूर्ववत्*] शूर/वीर।

हेरम्बः शौर्यगर्विते। महिषे विघ्नराजे च (विश्व.)।

हेलनम् (नपुं.) [*हिल भावकरणे इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट्, युवोरनाकौ ७.१.१ इत्यनः*] अनादर/हेला।

हेला (स्त्री.) [*हेड-अनादरे भावे अः डस्य लः, यद्वा हिल भावकरणे इति धातोः षिद्भिदादिभ्योऽङ् ३.३.१०४ इति भिदादिपाठादङ्, गुणो बाहुलकात्*] १.अनादर २.प्रौढ स्त्रीजातिको सुरतसम्बन्धी अतिशय अभिलाषा।

प्रौढेच्छा याति रूढानां नारीणां सुरतोत्सवे।
शृङ्गारशास्त्रतत्त्वज्ञैः हेला सा परिकीर्त्तिता॥ (भोज)

हेलिः (पुं.) [*हिल धातोः सर्वधातुभ्य इन् (उ.) इति इन्। णिनि हेली इत्यपि*] १.सूर्य। **हेलिः सूर्ये रणे हिलिः** (७९अमर.२०५) २.आँक ३.(पुं.वि.) [*हेलति विरुद्धं बहु भाषते*] विरोधी वचन बोल्ने।

हेष (धा.) [*अश्वशब्दे भ्वा.आत्म.सक.सेद् चङि न ह्रस्वः*] हिनहिनाउनु। लट्– **हेषते**– हिनहिनाउँछ इत्यादि।

हेषा (स्त्री.) [*हेषनम्, गुरोश्च हलः३.३.१०३ इति अः, टप्*] घोडाको शब्द/हिनहिनावट। हे. **हेषा**।

हेहै (अव्य.) [*हे च है च द्व.*] सम्बोधन जनउँदा प्रयोग हुने शब्द।

है (अव्य.) [*हन्ति गच्छति, डैप्रत्ययः*] सम्बोधन र आह्वान जनाउने शब्द।

हैतुकः (पुं.वि.) [*हेतौ प्रसृतः*] हेतु दिएर बोल्ने।

त्रैविद्यो हैतुकस्तर्की निरुक्तो धर्मपाठकः (स्मृति.)।

हैमः (पुं.वि.) १.[*हिमे भवः, तत्र भवः ४.२.५३ गति अण्*] हिउँमा पैदा भएको २.[*हिमाद् आगतः, तत आगतः ४.३.७४ इत्यण्,*] हिउँबाट आएको ३.[*हिमस्यायम्, तस्येदम् ४.३.१२० इति अण्, पूर्ववत्*] हिउँसम्बन्धी ४.[*हेम्नो विकारः, अण् टिलोपः*] सुनले वनेको वस्तु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हैमनः (पुं.) [*हेमन्त एव, हेमन्ते भवो वा, सर्वत्राण् च तलोपश्च ४.३.२२ इति अण्, तलोपश्च*] १.हेमन्त काल २.(पुं.वि.) हेमन्त कालमा भएको। **नागरिकः सखि किं मिलितो नहि नहि हैमनः पवनः** (सुभा.)।

हैमन्तः (पुं.वि.) [*हेमन्ते भवः, हेमन्ते जातः, हेमन्तादागतः, हेमन्तस्येदम् इत्यादिष्वर्थेषु, सर्वत्राण् च तलोपश्च ४.३.२२ इत्यत्र चात् सन्धिवेलाद्यृतुनक्षत्रेभ्योऽण् ४.३.१६ इत्यण्, वृद्धिः*] १.हेमन्तमा भएको २.हेमन्तमा जन्मिएको ३.हेमन्तबाट आएको ४.हेमन्तसम्बन्धी आदि। ५.[*हेमन्ते उप्तः, उप्ते च ४.३.४४ इत्यण्, वृद्धिः*] हेमन्तका रोपिएको वा लगाइएको।

हैमन्तिकः (पुं.वि.) [*हेमन्ते भवः, हेमन्तादागतः,हेमन्ते जातः, इत्यादिष्वर्थेषु, हेमन्ताच्च ४.३.२१ इति ठञ्, ठस्येकः, वृद्धिः*] १.हेमन्तमा भएको २.हेमन्तमा जन्मिएको ३.हेमन्तबाट आएको ४.हेमन्तसम्बन्धी आदि। ५.[*यो हेमन्ते पठ्यते, तमधीते वेद वा, वसन्तादिभ्यष्ठक् ४.२.६३ इति ठक्, ठस्येकः, वृद्धिः*] हेमन्तमा पढिने वेदको भाग पढ्ने ६.(नपुं.) [*हेमन्ते दीयते क्रियते वा, तत्र च दीयते कार्यं भववत् ५.१.९६ इति ठञ्, ठस्येकः, वृद्धिः*] १.हेमन्तमा दिइने दान २.हेमन्तमा गरिने कार्य।

हैमवतः (पुं.वि.) १.[*हिमवतोऽयम्,तस्येदम् ४.३.१२० इत्यण्*] हिमालयसम्बन्धी २.(पुं.) [*हिमवति भवः, वेशन्तहिमवद्भ्यामण् ४.४.११२ इत्यण्*] हिमालयको जल।

हैमवतम् (नपुं.) [*हिमवत इदम्, हिमवतोऽदूरभवं वा, अण्, आदि वृद्धिः*] भारतवर्ष (त्रिकाण्डशेष)।

हैमवती (स्त्री.) १.[*हिमवतोऽपत्यं स्त्री, तस्यापत्यम् ४.१.९२ इति अण्,ङीप् ४.१.१५*] पार्वती। **उमा कात्ययनी गौरी काली हैमवतीश्वरी** (अमर.१.१.३६) २.[*हिमवत आगता, ततः आगतः इति अण्*] १.हिमालयबाट बगेका कौशिकी, गण्डकी आदि नदी २.गङ्गा। **ऋषिकुल्या हैमवती स्वर्वापी हरशेखरा** (अभि.चि.) ३.[*हिमवति भवा तत्र भवः ४.३.५३ इति अण् ङीप्, ४.१.१५*] १.हर्रो। **हरीतकी हैमवती चेतकी श्रेयसी शिवा**। (अमर.४) २.सेतो बोझो। **शुक्ला हैमवती** (अमर.२.४.१०३) ३.काँढे थाकल। **पटुपर्णी हैमवती स्वर्णक्षीरी हिमावती** (अमर.) ४.आलस। **उमा क्षुमा हैमवती नीलपुष्पी सुवर्चला** (अमर.४) ५.(वि.) [*हिमवत इयम्,तस्येदम् ४.३.१२० इत्यण्,ङीप् ४.१.१५*] हिमालय सम्बन्धी।

हैमा (मी) (स्त्री.) [*हैमं तद्वर्णोऽस्त्यस्य, अण् वा ङीप्*] पहेलो जुही

हैमी (स्त्री.) १.[*हैमं तद्वर्णोऽस्त्यस्य, अण् वा ङीप्*] पहेलो जुही २.[*हिमे जाता, हिमे भवा,हिमाद् आगताः इत्यादिष्वर्थेषु*] १.पार्वती २.हिमालयबाट आएकी नदी ३.हिमनदी।

हैयङ्गवीनम् (न.) [*ह्योगोदोहोद्भवस्य विकारः, हैयङ्गवीनं संज्ञायाम् ५.२.२३ इति खञ्, हियङ्ग्वादेशश्च*] अघिल्ला दिनका दहीको दुधबाट बनाइएको नौनी। **हैयङ्गवीनं क्षीराणि दधि वा किमजीजनन्। गोधनं सर्वमेवेदं नीरोगं प्रतिपद्यते**॥ (ह.वं. भविष्यपर्व, ५८.१०)

हैहयः (पुं.) [*हेहयानां (देशविशेषस्य) राजा, अण्*] कार्त्तवीर्य।

हैरिकः (पुं.) [*हिनोति, रक्, हेरम् आसुरी माया, तज्जानाति, ठक्*] चोर।

हो (अव्य.) [*ह्वयतेऽनेन, निपातनात्साधुः*] सम्बोधन,आह्वानबोधक पद। **हे है सम्बोधने हूतौ हो हौ शब्दौ तथैतयोः** (मेदिनी.)।

होड (धा.) [*गतौ अनादरे च भ्वादि. आत्म.सक.सेट् चङि न ह्रस्वः*] हिँड्नु, अनादर गर्नु। लट्– **होडते**– हिँड्छ, अनादर गर्छ इत्यादि।

होता (पुं.वि.) [*जुहोति, हु दानादानयोः इति धातोः ण्वुल्तृचौ ३.१.१३३ इति तृच्, बहुलमन्यत्रापि (उ.) इति वा तृच्*] १.ऋग्वेदका ज्ञाता/यज्ञमा ऋग्वेदको काम गर्ने ऋत्विक्। **अध्वर्युद्गातृहोतारो यजुः सामर्ग्विदः क्रमात्**। (अमर.२.७.१७) २.होमकर्ता।

होत्रम् (नपुं.) [*हूयते इति, हुयामाश्रुमसिभ्यस्त्रन् (उ.) ६०७ इति त्रन्*] १.होम २.चरु, घिउ आदि हवि।

होत्री (पुं.) [*होत्रमस्यास्तीति, इनिः*] हवनकर्ता।

होत्री (स्त्री.) [*हुधातोस्तृचि ङीप्*] यजमानको रूप लिने शिवको शक्तिविशेष। **या सृष्टिः स्रष्टुराद्या वहति विधिहुतं या हविर्या च होत्री** (अभि.शा.)।

होत्रीयम् (नपुं.) [*होत्राय हितं होतुरिदं वा*] होतृसम्बन्धी।

होमः (पुं.) [*अर्तिस्तुसुहुसृघृक्षिक्षुभायावापदियक्षिनीभ्यो मन् (उ.) इति मन्*] १.देवतालाई उद्देश्य गरेर आगामा घिउ चरु, समिधा आदि हाली गरिने हवन २.सधैँ गृहस्थहरूले गर्नुपर्ने पाँच यज्ञ मध्ये एक। **अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्। होमो दैवो वलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्**॥ (मनु.) ३.श्राद्धीय विप्रको हातमा श्राद्धीय अग्रभागको मन्त्रोच्चरणपूर्वक गरिने दान।

होमकुण्डः (पुं./नपुं.) [*होमार्थं कुण्डः, म.प.स.*] होमका लागि कुण्ड।

होमधान्यम् (नपुं.) [*होमोपयुक्तं धान्यम्, म.प.स.*] १.तिल २.जौ।

होमधूमः (पुं.) [*होमजः धूमः, म.प.स.*] आगामा होम गरेको धुवाँ।

होमभस्म (नपुं.) [*होमजं भस्म*] होम गरेको खरानी/बिगुत।

होमी (पुं.) १.[*होमोऽस्यास्तीति, इनिः*] होमकर्ता।

तिलोद्वर्ती तिलस्नायी तिलहोमी तिलप्रदः।
तिलभुक् तिलवापी च षड्तिली नावसीदति॥ (ति.त)

२.[*जुहोति, हु दानादनयोः इति धातोः उल्मुकदर्वी होमिनः (उ.) इति मिनिः*] यजमान।

होम्यम् (नपुं.) [*होमाय हितं यत्*] होमका लागि उपउक्त सामान।

होरा (स्त्री.) [*होलति, संवृणोति राश्यर्धम्, हुल संवरणे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्, टाप्, रलयोरैक्यम्*] १.ज्योतिषमा प्रतिपादित लग्न २.राशिको आधा भाग ३.होराज्ञापकशास्त्र ४.रेखा ५.रेखागणित।

होरा तु लग्ने राश्यर्द्धे रेखाशास्त्रभिदोरपि (मेदिनी.)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होलका (स्त्री.) [*हु-विच् लकति लक्-अच्, कर्म.स.*] आधा पाकेको धान/घास मिसिएर एकनासले नपाकेको धान।

होलिका (स्त्री.) [*होली एव, संज्ञायां कन्, टाप्, ह्रस्वः*] १.एक राक्षसी/प्रह्लादकी बहिनी। २.फागु पूर्णिमाका दिन होलिका नामकी रक्षसीको स्वरूप मानेर गरिने चीरदाह।

निशामुखे तु पूज्येत होलिका सर्वतोमुखैः (दुर्वासा)।

हौ (अव्य.) [*निपातनात्साधुः*] सम्बोधन तथा आह्वान गर्दा प्रयोग गरिने शब्द।

ओ औ शब्दौ तु हो हौवद्धूतौ सम्बोधनेऽपि च (रूपमा.)।

हौड (धा.) [*अनादरे गतौ च भ्वादि.सक.सेट् चङि न ह्रस्वः*] अनादर गर्नु, हिंड्नु। लट्– **हौडते–** अनादर गर्छ, हिंड्छ इत्यादि।

हौत्रम् (नपुं.) [*होतुः कर्म, हायनान्तयुवादिभ्योऽण् ५.१.१३० इति अण्*] होताको काम।

ह्नु (धा.) [*चौर्य्ये अदा.आत्म.सक.अनिट्*] चोर्नु। लट्– **ह्नुते–** चोर्छ इत्यादि।

ह्मल (धा.) [*चलने भ्वादि.पर.सक.सेट् घटा.*] चल्नु। लट्– **ह्मलति–** चल्छ इत्यादि।

ह्यः (अव्य.) [*यातमहः,पृषोदरादीनि यथोपदिष्टम् ६.३.१०९ इति साधुः*] गएको दिन/हिजो। **ह्यः स्यादतीतेऽह्नि** (रूपमाला)।

ह्यस्तनः (पुं.वि. [*ह्यो भवः, ऐषमो ह्यः श्वसोऽन्यतरस्याम् ४.२.१०५ इति त्यप्, पक्षे ट्युल्, तुट् च*] गतदिनमा भएको। **ह्यस्तनेन च कोपेन शक्तिं वै प्राहिणोन्मयि** (म.भा.५.१८६.४) **~दिनम्** [*ह्यस्तनञ्च तद् दिनम्, कर्म.स.*] अघिल्लो दिन।

ह्यस्त्यः (पुं.वि.) [*ह्यो भवः, ऐषमो ह्यः श्वसोऽन्यतरस्याम् ४.२.१०५ इति त्यप्*] अघिल्लो दिन।

ह्गे (धा.) [*संवरणे भ्वादि.पर.सक.सेट् घटा. सिचि न वृद्धिः*] ढाक्नु। लट्– **ह्गति–** ढाक्छ इत्यादि।

ह्रदः (पुं.) [*ह्रादते वातसञ्चालनसमये शब्दं करोति, ह्राद शब्दे इति धातोः नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इति अच्, पृषोदरादितया ह्रस्वः*] दह /गहिरो जलाशय। **तत्रागाधजलो ह्रदः** (अमर. १.१०.१५)।

ह्रदिनी (स्त्री.) [*ह्रदाः सन्त्यस्याम्, अत इनिठनौ ५.२.११५ इति इनिः, ऋन्नेभ्यो ङीप् इति ङीप्*] नदी। **तच्चुद्धयेतिविषवीर्यविलोल जिह्वमुच्चाटयिष्यदुरगं विहरन् ह्रदिन्याम्** (भाग.२.७.२८)।

ह्रप (धा.) [*भाषणे चुरा.उभ.सक.सेट्*] बोल्नु, भाषण गर्नु। लट्– **ह्रापयति–ते–** बोल्छ, भाषण गर्छ इत्यादि।

ह्रस (धा.) [*रवे, भ्वादि.पर.सक.सेट्*] शब्द गर्नु। लट्– **ह्रसति–** शब्द गर्छ इत्यादि।

ह्रसिमा (पुं.) [*ह्रस्वस्य भावः, पृथ्वादिभ्य इमनिज्वा इति इमनिच्, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणदिपरं पूर्वस्य च गुणः ६.४.१५६ इति परवर्तिनो वकारस्य लोपः*] ज्यादै सानो अवस्था/अतिशय लघुता।

ह्रसिष्ठः (त्रि.) [*अतिशयेन ह्रस्वः, अतिशायने तमबिष्ठनौ ५.३.५५ इति इष्ठन्, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणादपरं पूर्वस्य च गुणः ६.४.१५६ इति परवर्तिनो यणः (वकारस्य) लोपः*] ज्यादै सानो वा छोटो।

ह्रसीयान् (पुं.वि.) [*अयमनयोरतिशयेन ह्रस्वः, द्विवचनविभज्योपपदे तरबीयसुनौ ५.३.५७ इति ईयसुन्, स्थूलदूरयुवह्रस्वक्षिप्रक्षुद्राणां यणदिपरं पूर्वस्य च गुणः ६.४.१५६ इति परवर्तिनो यणस्य (वकारस्य) लोपः*] अतिशय छोटो।

ह्रस्वः (पुं.) [*ह्रसति, ह्रस शब्दे इति धातोः सर्वनिघृष्वरिष्वलष्वसि वपद्वप्रह्वेष्वाः (उ.) इति बाहुलकाद् वन्*] १.सानो परिमाण २.लघु वर्ण/एकमात्रिक वर्ण/संस्कृतका अ, इ, उ, ऋ वर्ण।

एकमात्रो भवेद्ध्रस्वो द्विमात्रो दीर्घ उच्यते।
त्रिमात्रन्तु प्लुतो ज्ञेयो व्यञ्जनञ्चार्द्धमात्रकम्॥ (दुर्गादास)

३.(पुं.वि.) बाउन्ने।

ह्रस्वकुशः (पुं.) [*ह्रस्वश्चासौ कुशश्च, कर्म.स.*] १.सेतो कुश २.सानो कुश।

ह्रस्वगर्भः (पुं.) [*ह्रस्वो गर्भो यस्य सः, बहु.स.*] कुश।

ह्रस्वगवेधुका (स्त्री.) [*ह्रस्वा चासौ गवेधुका च, कर्म.स.*] नागवला

ह्रस्वफला (स्त्री.) [*ह्रस्वं फलमस्याः, बहु.स.*] भुइंजामुनु।

ह्रस्वमूलम् (नपुं.) [*ह्रस्वं मूलमस्य, बहु.स.*] रातो उखु।

ह्रस्वाग्निः (पुं.) [*ह्रस्वः अग्निरस्मात्.*] आँपको रुख।

ह्रस्वाङ्गः (पुं.) १.[*ह्रस्वमङ्गमस्मात्*] ठुलो तिते पिंडालु २.(पुं.वि.) [*ह्रस्वमङ्गं यस्य स, बहु.स.*] पुड्को/बाउन्ने ३.(नपुं.) [*ह्रस्वञ्च तदङ्गञ्च, कर्म.स.*] सानो अङ्ग।

ह्राद (धा.) [*स्वने भ्वादि आत्म. अक.सेट्*] शब्द गर्नु। लट्– **ह्रादते–** शब्द गर्छ इत्यादि।

ह्रादः (पुं.) १.[*ह्रादनम्, ह्राद स्वने इति धातोः भावे ३.३.१८ इति घञ्*] शब्द। **ह्रादेन गजघण्टानां शङ्खानां निनदेन च।** (म.भा. ७.८०.२९) २.[*ह्रादते इति नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३.१.१३४ इत्यच्*] हिरण्यकशिपुको एक पुत्र ३.बलराम परम धाम हुन लागेका बखत स्वागतका लागि उपस्थित एक नाग ४.(पुं.वि.) शब्द गर्ने ५.[*ह्रादनम्, भावे ३.३.१८ इति घञ्*] १.ध्वनि २.मेघको गर्जन ३.शब्दस्फोट।

ह्रादी (पुं.वि.) [*ह्रादोऽस्यास्तीति, इनिः*] शब्द गर्ने/कराउने। **रथाः पञ्चशताश्चान्ये ह्रादिनश्च सुवर्मिणः** (म.भा.८.५१,)। (स्त्री.) [*ह्रादते,शब्दं करोति, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.५.७८ इति णिनिः, ऋन्नेभ्यो ङीप् इति ङीप्*] १.बिजुली २.वज्र **ह्रादिनीवज्रतडितौ** (अमर.३.३.११२) ३.नदी ४.शक्तिविशेष ५.(स्त्री.वि.) शब्दयुक्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह्रासः (पुं.) [*ह्रसनम्, ह्रस शब्दे इति धातोः भावे ३.३.१८ इति घञ्*] क्षय, खिइने वा घट्ने काम।

ह्रासवृद्धी च सततं दिनरात्र्योर्यथाक्रमम्।
सन्ध्या मुहूर्तमाख्याता ह्रासे वृद्धौ समा स्मृता॥ (ति.त.)

ह्रिणी (धा.) [*लज्जायां कण्ड्वा. आत्म. अक. सेट्*] लजाउनु। लट्– **ह्रिणीयते**– लजाउँछ इत्यादि।

ह्रिणीया (स्त्री.) [*ह्रिणी लज्जायाम् इति धातोः कण्ड्वादिभ्यो यक् ३.१.२७ इति यक्, अप्रत्ययात् ३.३.१०२ इति अः, टाप्*] लाज।

ह्रितिः (स्त्री.) [*पृषोदरादितया साधुः*] हरण।

ह्री (धा.) [*लज्जायां जुहो.पर.अक.अनिट्*] लाज मान्नु। लट्– **जिह्रेति**– लजाउँछ। लिट्– **जिह्रयाञ्चकार, जिह्राय**– लाज मानेछ। लुट्– **ह्रेता**– लाज मान्ने छ। लृट्– **ह्रेष्यति**– लाज मान्ने छ। लोट्– **जिह्रेतु**– लाज मानोस्। लङ्– **अजिह्रेत्**– लाज मान्यो। लिङ्– **जिह्रीयात्**– लाज मान्ला, लाज मानोस्। लिङ्– **ह्रीयात्**– लाज मानोस्। लुङ् – **अह्रैषीत्**– लाज मान्यो। लृङ्– **अह्रेष्यत्**– लाज मान्ने थियो। भावे–**ह्रीयते**– लाज मानिन्छ। णिचि– **ह्रेपयति**– लज्जित पार्छ। सनि– **जिह्रेषति**– लाज मान्न चाहन्छ। यङि– **जेह्रीयते**– ज्यादै वा बारम्बार लजाउँछ। यङ्लुकि–**जेह्रयीति, जिह्रेति**– ज्यादै वा बारम्बार लाज मान्छ। कृदन्ते– **ह्रेतव्यम्, ह्रयनीयम्, ह्रेयम्**– लाज मान्नु पर्ने। **ह्रेतुम्**–लजाउन। **ह्रीत्वा, विह्रीय**– लजाएर। **ह्रीः**– लज्जा। **ह्रीतवान्, ह्रीणवान्, ह्रीतः, ह्रीणः**– लजाएको। **ह्रेपकः, ह्रेपिका**– लज्जित पार्न लगाउने। **ह्रीकः**– लजाएको। **ह्रयणम्**– लजाउने काम। **ह्रीतिः**– लज्जा इत्यादि।

ह्रीं (अव्य.) १.पराभूति २.माया ३.लज्जा ४.एक तान्त्रिक प्रणव/मायाबीज/परा नाम भएका देवीको बीज।

ह्रीः (स्त्री.) [*ह्री लज्जायाम् इति धातोः सम्पदादिभ्यः क्विप् (वा.) इति क्विप्*] १.लज्जा। **मन्दाक्षं ह्रीस्त्रपा व्रीडा लज्जा** (अमर.१.७.२३) २.दक्षप्रजापतिकी छोरी ३.दया ४.नम्रता ५.जैनमतमा महासरोवरकी एक अधिष्ठात्री देवी।

ह्रीका (स्त्री.) [*ह्रीधातोः ह्रियो रश्च लो वा (उ.) इति कन्, टाप्*] लज्जा।

ह्रीकुः (पुं.वि.) [*ह्रीधातोः ह्रियःकुक् रश्च लो वा (उ.) इति कुक्*] लज्जित १.(पुं.) २.लाहा ३.शरीर (उ.को.)।

ह्रीच्छ (धा.) [*लज्जायां भ्वादि.पर.अक.सेट्*] लजाउनु। लट्– **ह्रीच्छति**– लजाउँछ इत्यादि।

ह्रीजितः (पुं.वि.) [*ह्रिया जितः, तृ.त.*] लज्जालु।

ह्रीणः (पुं.वि.) [*जिह्रेति स्म, ह्री लज्जायाम् इति धातोः गत्यर्थाकर्मक इति क्तः, नुदविदोन्दत्राघ्राह्रीभ्योऽन्यतरस्याम् ८.२.५६ इति तस्य नः, पक्षे ह्रीतः*] लजाएको। **ह्रीणह्रीतौ तु लज्जिते** (अमर. ३.१.९१)।

ह्रीवेरम् (नपुं.) [*ह्रिये लज्जायै वेरमङ्गमस्य क्षुद्रत्वात् पृषोदरादितया वा रस्य लः, पक्षे स्वार्थे कनि ह्रीवेरकम्*] वनस्पतिविशेष/सुगन्ध बाल। **बालं ह्रीवेरबर्हिष्ठोदीच्यं केशाम्बुनाम च** (अमर.२.४.१२२)।

ह्रुड (धा.) [*गतौ भ्वादि.आत्म.सक.सेट् चङि न ह्रस्वः*] हिँड्नु, चल्नु। लट्– **ह्रोडते**– हिँड्छ, चल्छ आदि।

ह्रूड (धा.) [*गतौ भ्वादि. आत्म.सक.सेट् चङि न ह्रस्वः*] हिँड्नु, चल्नु। लोट्– **ह्रूडति**– हिँड्छ, चल्छ आदि।

ह्रेप (धा.) [*गतौ भ्वादि. आत्म.सक.सेट् चङि न ह्रस्वः*] लट्– **ह्रेपते**– हिँड्छ इत्यादि।

ह्रेषृ (धा.) [*सर्पणे भ्वादि. आत्म.सक.सेट् चङि न ह्रस्वः*] घस्रिएर हिँड्नु। लट्– **ह्रेषते**– घस्रिएर हिँड्छ इत्यादि।

ह्रेषा (स्त्री.) [*ह्रेषणम्, ह्रेषृ अव्यक्ते शब्दे इति धातोः गुरोश्च हलः ३.३.१०३ इति अः, टाप्*] घोडाको हिनहिनावट। **अश्वानां ह्रेषा ह्रेषा च निश्वनः** (अमर.२.८.४७)।

ह्रेषृ (धा.) [*सर्पणे भ्वा.आत्म.सक.सेट् चङि न ह्रस्वः*] घस्रिएर हिँड्नु। लट्– **ह्रेषते**– घस्रिएर हिँड्छ इत्यादि।

ह्रेषृ (धा.) [*अव्यक्ते शब्दे, अक. सेट्, आत्म.*] हिनहिनाउनु। लट्– **ह्रेषते**– हिनहिनाउँछ, अस्पष्ट शब्द गर्छ।

ह्वगे [*संवरणे भ्वादि.पर.सक.सेट् सिचि न वृद्धिः*] ढाक्नु। लट्– **ह्वगति**– ढाक्छ इत्यादि।

ह्रस (भ्वा.) [*रवे,भ्वा.पर.अक.सेट्*] शब्द गर्नु। लट्– **ह्रसति**– शब्द गर्छ इत्यादि।

ह्रादः (पुं.) [*ह्रादनम्, भावे ३.३.१८ इति घञ्*] १.आह्लाद/आनन्द/सन्तोष। २.हिरण्यकशिपुको एक पुत्र। **अनुह्रादश्च ह्रादश्च प्रह्रादश्चैव वीर्यवान्** (वि.पु.१.१५.१४२)।

ह्रादकः (पुं.वि.) १.[*ह्रादते इति ण्वुल्तृचौ ३.१.१३३ इति ण्वुल्, युवोरनाकौ ७.१.१ इत्यकः*] प्रसन्न वा खुसी रहने। २.[*ह्रादे वर्तते, कुशलो वा, आकर्षादिभ्यः कन् ५.२.६४ इति कन्*] १.सँधै प्रसन्न रहने २.तुरुन्त खुसी हुने ३.कराउन वा शब्द गर्न सिपालु ३.[*ह्रादयति, णिचि पूर्ववत्*] प्रसन्न तुल्याउने।

ह्रादिनी (स्त्री.) १.[*ह्रादते शब्दायते, ह्राद अव्यक्ते शब्दे, सुखे च, इति धातोः, आवश्यकाधमर्ण्ययोर्णिनिः ३.३.१७० इति णिनिः, ऋन्नेभ्यो ङीप् ४.१.५ इति ङीप्*] बिजुली। **ह्रादिन्य इव मेघेभ्यः शल्यस्य न्यपतन् शराः**। (म.भा. ९.११.२६) २.वज्र ३.नदी ४.ईश्वरको शक्ति/राधा। **ह्रादिन्या संविदाश्लिष्टः सच्चिदानन्द ईश्वरः**। (भाग.श्रीधरः) ५.(स्त्री.वि.) [*ह्रादयति आनन्दयति तच्छीला, सुप्यजातौ णिनिस्ताच्छील्ये ३.२.७८ इति णिनिः,ङीप्*] सुखदायिनी।

ह्रादी (धा.) [*सुखे च, चाद् अव्यक्ते शब्दे, भ्वा. अक. सेट्, आत्म.*] सुख वा आनन्द प्राप्त गर्नु, अस्पष्ट शब्द गर्नु। लट्– **ह्रादते**– सुख वा आनन्द पाउँछ, अस्पष्ट शब्द गर्छ इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह्वल (धा.) [*चलने भ्वादि.पर.अक.सेट् घटा.*] चल्नु। लट्– **ह्वलति**–चल्छ इत्यादि।

ह्वानम् (नपुं.) [*ह्वेञ् आह्वाने इति धातोः ल्युट् च ३.३.११५ इति ल्युट् युवोरनाकौ ७.१.१ इत्यनः*] आह्वान/बोलावट।

ह्वृ (धा.) [*कौटिल्ये, भ्वादि.पर.सक.अनिट्*] वक्र हुनु/कुटिल हुनु। लट्– **ह्वरति–** बाङ्गो हुन्छ, कुटिल हुन्छ इत्यादि।

ह्वृ (धा.) [*संवरणे भ्वादि.पर.सक.अनिट्*] बेर्नु, ढाक्नु। लट्– **ह्वरति–** बेर्छ, ढाक्छ इत्यादि।

ह्वेञ् (धा.) [*स्पर्द्धायाम् अक.शब्दे आह्वानार्थे सक.भ्वादि. उभ. अनिट्*] प्रतिस्पर्धा गर्नु, बोलाउनु। लट्– **ह्वयति-ते–** प्रतिस्पर्धा गर्छ, बोलाउँछ। **आह्वयति-ते–** बोलाउँछ। लिट्– **जुहाव, जुहुवे–** प्रतिस्पर्धा गरेछ, बोलाएछ। (अन.) लुट्– **ह्वाता–** प्रतिस्पर्धा गर्ने छ, बोलाउने छ। (अन.) लृट्– **ह्वास्यति-ते–** प्रतिस्पर्धा गर्ने छ, बोलाउने छ। लोट्– **ह्वयतु-तात्–** प्रतिस्पर्धा गरोस्, बोलाओस्। लङ्– **अह्वयत्-त–** प्रतिस्पर्धा गऱ्यो, बोलाायो। विधिलिङ्– **ह्वयेत्-त–** प्रतिस्पर्धा गर्ला, बोलाउला, प्रतिस्पर्धा गरोस्, बोलाओस्। आशीर्लिङ्– **हूयात्-ह्वासीष्ट–** प्रतिस्पर्धा गरोस्, बोलाओस्। लुङ्– **अह्वत्-अह्वत–** प्रतिस्पर्धा गऱ्यो, बोलायो। लृङ्– **अह्वास्यत्-अह्वास्यत–** प्रतिस्पर्धा गर्ने थियो, बोलाउने थियो। कर्मणि भावे च– **हूयते–** प्रतिस्पर्धा गरिन्छ, बोलाइन्छ। णिचि– **ह्वाययति–** प्रतिस्पर्धा गराउँछ, बोलाउन लगाउँछ। सनि– **जुहूषति–** प्रतिस्पर्धा गर्न चाहन्छ, बोलाउन चाहन्छ। यङि– **जोहूयते–** बारम्बार प्रतिस्पर्धा गर्छ, बारम्बार बोलाउँछ। कृदन्ते– **ह्वातव्यः, ह्वानीयः, ह्वेयः–** प्रतिस्पर्धा गर्नुपर्ने, बोलाउनु पर्ने। **हूतः–** प्रतिस्पर्धा गरिएको, बोलाइएको। **हूतिः–** प्रतिस्पर्धा, बोलाउने काम। **हूत्वा, आहूय–** प्रतिस्पर्धा गरेर, बोलाएर। **आहूयमानः–** प्रतिस्पर्धा हुँदै गरेको। **आहूतिः– आहूतवान्, आहूतः– आह्वाय–** तुरुन्तै, छिटो। **आहवः–** युद्ध, बोलाउने काम। **हवः**–आज्ञा, बोलावट, यज्ञ। **आह्वयः, आह्वा–** नाम। **संहूतिः–** धेरै जनाले एकैपटक बोलाउने काम इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जेठ महिनाको तारामण्डल

(हे. पृ. ५९१)



साभार– सूर्यसिद्धान्त, विज्ञानभाष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

भाद्र महिनाको तारामण्डल

(हे. पृ. ५९२)



साभार— सूर्यसिद्धान्त, विज्ञानभाष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्ग महिनाको तारामण्डल

(हे. पृ. ५९२)



साभार– सूर्यसिद्धान्त, विज्ञानभाष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फाल्गुन महिनाको तारामण्डल

(हे. पृ. ५९३)



साभार— सूर्यसिद्धान्त, विज्ञानभाष्य

Acc. 32280
32240

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशकार परिचय

नाम : प्रा. नीलमणि ढुङ्गाना
जन्म : मङ्सिर ९, २००३ (भलुवाजोर, रामेछाप)
शिक्षा : साहित्याचार्य, स्नातकोत्तर (नेपाली)

कार्यानुभव

प्राध्यापन : ने. सं. वि., वाल्मीकि विद्यापीठ, काठमाडौं
क्याम्पस प्रमुख : वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं
कार्यकारी निर्देशक : अनुसन्धान केन्द्र, ने. सं. वि., वसन्तपुर, काठमाडौं
कुलसचिव : नेपाल संस्कृत विश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालय), वेलझुन्डी, दाङ

प्रकाशित कृति

१. संस्कृतशिक्षणाभ्यासः (प्रथमभागः)
२. संस्कृतशिक्षणाभ्यासः (द्वितीयभागः)
३. संस्कृतशिक्षणाभ्यासः (तृतीयभागः)
४. संस्कृतरचनाप्रकाशः (प्रथमभागः सहलेखन)
५. संस्कृतरचनाप्रकाशः (द्वितीयभागः)
६. संस्कृतरचनाप्रकाशः (तृतीयभागः)
७. संस्कृतरचनाभ्यासः

टीकाप्रणयन

८. सुन्दरचरितनाटकस्य यशोदा टीका
९. राजविधानसारस्य संस्कृत-नेपाली टीका

सम्पादन

हैमप्रभा, मर्यादा आदि पत्रिका तथा कोशग्रन्थ, अनुसन्धान परियोजनाहरू

विविध

विभिन्न पत्रपत्रिकामा अनुसन्धानात्मक साहित्यिक रचना एवं निबन्ध प्रकाशन
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्कृत गोष्ठीहरूमा कार्यपत्र प्रस्तुति तथा सहभागिता

साझाप्रकाशन

9 789937 323994

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५४२१११८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu